CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवत

नेपाली भाषा टीका

मूल्य– ७००/- भा.रु.

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ



श्रीमद्भागवत नेपाली भाषाटीका

मूल्य–
७००/-
भा.रु.



Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवत भाषाटीका

(नयाँ दृष्टान्त, टिप्पणी, उदाहरण, कथान्तर, सत्संगवार्ता, सदुपदेश र श्लोक इत्यादिले परिपूर्ण नयाँ संस्करण)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक—

जय नेपाल प्रकाशन

कचौड़ीगली, वाराणसी

प्राप्तिस्थान—

बम्बई पुस्तक भण्डार

कचौड़ीगली, वाराणसी

पुस्तकको सर्वाधिकार प्रकाशकाधीन सुरक्षित छ ।

मूल्य : ८००–भा० रू०

मुद्रक—

संसार प्रेस, काशीपुरा–वाराणसी–१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

हे अचिन्त्याव्यक्त ईश !

टीकाकार

तिमी अनुमानभन्दा पनि धेरै पर छौ । तिमी यस्ता छौ भनी कल्पना गर्न पनि कठिन पर्दछ । फेरि जसको केवल भृकुटिविलासले नै सृष्टि-स्थिति र प्रलय हुन्छ, त्यस्ता तिमीलाई म के बिन्ति गरौं ? तिमी रायोको दानालाई ठूलो पर्वत र विशाल पर्वतलाई रायोको दाना झैं पार्ने तिम्रो लीला अबाध गतिले चलिरहन्छ । तिमी यो अनेकानेक ब्रह्माण्डका परमाणुहरूमा कुन परमाणुद्वारा कुन वेला के काम लिनेछौ, त्यो तिमी बाहेक अरु कसैले जान्न खोजे पनि जान्न सक्तैन । 'विद्यावतां भागवते परीक्षा' यस कथानुसार ठूला-ठूला विद्वान्, पण्डित पनि जुन भागवतको विषयमा लेख्न थक अथवा गाहारो मान्दछन्, आज म मूर्ख व्यक्ति पनि त्यसैको नेपाली भाषाटीका लेख्न अघिसरें । यो पनि तिम्रो असीम प्रेरणा र दयाले नै सम्भव भयो भन्ने विश्वास छ । अस्तु, हे जगन्नियन्ता ! तिम्रो जे इच्छा छ वा तिमीलाई जे मनपर्छ त्यही गर । म त केवल तिम्रो यौटा यन्त्रचालित सानो खेलौना मात्र हुँ । तिमीले जसरी नचाउने मन गर्दछौ, नाच्नै पर्नेछ । तिम्रो प्रेरणामा आफ्नू बल पनि पुग्न सक्तैन । यति त आफ्ना इष्टदेव लीला विहारीसित विनय गरें, अब अलिकति आफ्ना सुविज्ञ पाठकसित प्रार्थना गर्दछु ।

श्रीमद्भागवतको यो कार्य कसरी सम्पन्न भयो— यो उनै ईश्वर जानुन्, तर यसको विषयमा केही लेख्नु मात्र धृष्टता लाग्यो, तापनि केही त लेख्नै पऱ्यो । या कुनै सुयोग्य विद्वान्सित प्रार्थना गरेर पूर्ण पारौंला भन्ने आशा गर्दागर्दै त्यो पनि सम्भव हुनसकेन, त्यो मेरो दुर्बलता नै भन्नु पर्दछ । फेरि आजसम्म नेपाली भाषाटीका भएको भागवत् नछापिएको हुनाले र संस्कृतमा राम्रो गति नपुग्नेलाई पनि अर्थ बुझ्न सजिलो हुने गरी तयार पारिएको यो श्रीमद्भागवत महापुराणको अनेक भाषा र संस्कृतमा पनि थरि-थरिका टीका छापिएका छन् र छापिँदै पनि छन् तापनि धर्ममा आस्था राख्ने सज्जन वृन्दले एक पल्ट मनन गर्न लायक छ र यस ग्रन्थको उपयोगिता एक पल्ट नहेरी जान्न गाहारो पर्दछ । यस महापुराणमा के छ भन्ने बुझाउन खोज्नु केवल सूर्यलाई बत्ती देखाउन खोजे जस्तै हो । चीर-हरण र रासलीलाका विषयमा अनेक थरिका कुतर्क गर्ने सज्जनले आफ्नू तर्कको उत्तर खोज्न वा जान्न खोजे अवश्य जान्न सक्नु हुनेछ र शंका निवारण पनि हुनेछ । त्रुटि हुनु स्वाभाविक छ । अतः

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसमा पनि अनेक त्रुटिहरू होलान्, सकेसम्म त्रुटि हुन नपाओस् भन्ने विचार गरेको भए पनि त्रुटि अवश्य हुन्छ। अतः सुविज्ञ पाठकले ती त्रुटिको क्षमासाथै सूचना दिनु भएमा कृतज्ञता मान्नको साथै अर्को संस्करणमा त्यसको पूर्ण विचार राखिने छ। यसको त्रुटि जाँचेर सहयोग दिने सज्जन, विद्वान पण्डितहरूको हामी आभारी रहने छौं।

काशीधाम
(कार्तिक पूर्णिमा)
संवत् २०४९

वशंवद—**गौरीशंकर 'वसिष्ठ'**

सज्जनवृन्द ! यस पुस्तकका प्रकाशक श्रीसोमनाथ खन्नाले अनेक पुस्तक र प्रसिद्ध विद्वान्हरूसित सम्पर्क गरी सकेसम्म ग्रन्थलाई शुद्ध र राम्रो तुल्याउनु भएको छ। अतः यो ग्रन्थ कस्तो भयो वा छापियो—यसको निर्णय सुविज्ञ पाठक वर्ग नै गर्नु हुनेछ भन्ने आशा छ। मुख्य कुरा—नेपाली भाषा टीका भएको श्रीमद्भागवत आजसम्म नछापिएको र अनेक सुविज्ञ पण्डितहरूले आग्रह गरेका हुनाले उहाँहरूको आकांक्षा पूर्ण गर्ने प्रयत्न गरिएको छ।

सहयोगाकांक्षी—

सोमनाथ खन्ना

श्रीमद्भागवतसप्ताहपारायणविधिः।

आद्ये हिरण्याक्षवधं द्वितीये भरतावधि ॥ तृतीये त्वब्धिमथनं चतुर्थे कृष्णजन्म च ॥१॥ पञ्चमे रुक्मिणीग्राहं षष्ठे चोद्धववादकम् ॥ सप्तमेऽह्नि समाप्तिः स्यात्सप्ताहं मुनिरब्रवीत् ॥२॥ प्रकारान्तरेण कौशिकीसंहितायाम्—मनुकर्दमसंवादपर्यन्त प्रथमेऽहनि ॥ ५० ॥ अध्यायाः ॥ ऋषभध्यानपर्यन्त द्वितीये दिवसे वदेत् ॥ ४९ ॥ अध्यायायाः ॥ तृतीये दिवसे कुर्यात्सप्तम स्कन्धपूरणम् ॥ ५४ अध्यायः ॥ कृष्णाविर्भावपर्यन्तं चतुर्थेऽहनि वाचयेत् ॥५१॥ अध्यायाः ॥२॥ रुक्मिण्युद्वाहपर्यन्तं पञ्चमेऽह्नि वदेत्सुधीः ॥ ५१ ॥ अध्यायाः ॥ श्रीहंसाख्यानपर्यन्तं षष्ठेऽह्नि वाचयेद्ध्रुवम् । ५० अध्यायायाः ॥ सप्तमे दिवसे कुर्याच्छ्रीभागवतपूरणम् ॥ ३१ अध्यायः ॥३॥

वक्ताले पहिलो दिन हिरण्याक्ष वधको कथा (आदिबाट तृतीय स्कन्धको ॥१९॥ अध्याय सम्म) दोस्रो दिन जड़भरतको कथा (तृतीयस्कन्धको बीसौं अध्यायदेखि पञ्चमस्कन्धको पन्ध्रौं अध्यायसम्म), तेस्रो दिन समुद्रमन्थनको कथा (पञ्चमस्कन्धको सोह्रौं अध्यायबाट अष्टमस्कन्धको नवौं अध्यायसम्म), चौथो दिन श्रीकृष्ण जन्मको कथा (दशमस्कन्ध पूर्वार्ध को घेस्रो अध्यायसम्म), पाँचौ दिन रुक्मिणीहरणको कथा (दशमस्कन्धको चौथो अध्यायबाट त्रिपन्न अध्याय सम्म), छैठौं दिन उद्धव-गोपी संवादको कथा (दशमस्कन्धको चौवन्न अध्यायदेखि एकादशस्कन्धको सातौं अध्यायसम्म), सातौं दिन ग्रन्थ समाप्ति एकादशस्कन्धको आठौं अध्यायदेखि द्वादशस्कन्धको तेह्रौं अध्यायसम्म) को कथा पारायण गर्नु।

अब कौशिकी संहिताको भनाइअनुसार सप्ताह पारायणको अर्को प्रकार कहिन्छ—पहिलोदिन मनुकर्दम सवादको कथासम्म (पचास अध्याय), दोस्रो दिन ऋषभदेवको कथासम्म (उनन्चास अध्याय), तेस्रोदिन सप्तमस्कन्धको समाप्ति (चवन्न अध्याय), चौथोदिन श्रीकृष्ण जन्म (एकाउन्न अध्याय), पाँचौं दिन रुक्मिणी-हरणको कथा (एकाउन्न अध्याय), छैठौं दिन हंसाख्यानको कथा (पचास अध्याय) सातौं दिन श्रीमद्भागवतको अन्त्यसम्मको कथा (एकतीस अध्यास) भन्नु पर्दछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवतस्थविषयानुक्रमणिका

अध्याय — विषय — पत्र

माहात्म्य

१—सूत्र-शौनक-सम्वाद भक्ति-ज्ञान-वैराग्यको दुर्दशाको वर्णन तथा नारदको हरूसित मिलना — १
२—सनकादि नारदको वार्तालाप — ५
३—भक्तिकोको कष्ट निवृत्त हुनु — ८
४—आत्माराम ब्राह्मण तथा धुन्धुकारीको कथा — ११
५—धुन्धुकारीको उत्पात, उसका मरेर प्रेत हुनु गोकर्णको सप्ताह-पारायण — १७
६—सप्ताह-श्रवणको विधि — २०

प्रथम स्कन्ध

१—श्रीसूतजीसित शौनकादि ऋषियोंहरूको प्रश्न — १
२—भगवान, भगवत्कथा र भगवद्भक्तिको माहात्म्य — ३
३—भगवान्को अवतार उनको गुणगण — ५
४—महर्षि व्यासको असन्तोष — ६
५—नारदजी तथा व्यासजीको संवाद नारदजीको पूर्वजन्म वृत्तान्त — ८
६—नारदजीको पूर्वजन्मको चरित्र — १०
७—अश्वत्थामा द्वारा द्रौपदीका पाँच पुत्रको वध — ११
८—गर्भमै भगवान् द्वारा परीक्षित्को रक्षा वृत्तान्त — १४
९—भीष्मपितामहको उपदेश र श्रीकृष्णको स्तुति गरेर उनको देहत्याग — १६
१०—श्रीकृष्णभगवान्को द्वारकागमन — १८
११—द्वारकामा भगवानको स्वागत — २०
१२—महाराज परीक्षित्को जन्म — २२
१३—विदुरजी तीर्थयात्राबाट आउनु र उनकै उपदेश-द्वारा धृतराष्ट्र तथा गान्धारीको वन-गमन — २३
१४—महाराज युधिष्ठिरले भगवान् परमधाम जानु-भएको समाचार सुन्नु — २६
१५—कृष्णविरहले व्यथित पाण्डवले परीक्षित्लाई राज्य दिएर स्वर्ग जानु र कलिको आगमन — २८
१६—परीक्षित्को दिग्विजयको प्रसङ्गमा धर्म र पृथिवीको संवाद सुन्नु — ३१
१७—राजा परीक्षित्ले कलियुगलाई पक्रनु — ३३
१८—महाराज परीक्षित्लाई शृङ्गी ऋषिको शाप — ३५
१९—राजा परीक्षित् गङ्गातटमा जानु र श्रीशुकदेवजीका आगमन — ३८

द्वितीय स्कन्ध

१—भगवान्को ध्यानविधि र उनको विराट् स्वरूप — २
२—सद्योमुक्ति र क्रममुक्तिको विवेचन — ३
३—भिन्न-भिन्न कामनाले भिन्न-भिन्न देवताहरूको उपासना र भगवद्भक्तिको प्रधानता — ६
४—राजा परीक्षित्को सृष्टिसम्बन्धी प्रश्न — ७
५—सृष्टिको क्रम — ९
६—भगवानको विराट् स्वरूप — ११
७—नारायणका लीलावतारहरूको वर्णन — १३
८—राजा परीक्षित्को श्रीमद्भागवतसम्बन्धी प्रश्न — १६
९—श्रीमद्भागवतको आरम्भ — १८
१०—श्रीमद्भागवतका दश लक्षण — २०

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भा.

॥३॥

अध्याय	विषय	पत्र

तृतीय स्कन्ध

१—उद्धवजीसित ज्ञानी विदुरको भेट २
२—उद्धवद्वारा भगवान्‌को बाललीको वर्णन ४
३—नारायणको अन्य चरित्र ६
४—उद्धव विदुरको संवाद समाप्ति, विदुरजी र महर्षि मैत्रेयको संवाद ७
५—मैत्रेयजीद्वारा सृष्टिक्रम वर्णन ९
६—भगवान्‌का विराट् शरीरको उत्पत्ति १२
७—विदुरको अन्यान्य प्रश्नहरू १४
८—ब्रह्माजीको उत्पत्तिको वृत्तान्त १६
९—ब्रह्माजीको भगवानको स्तुति द्वारा १८
१०—सृष्टिको दस भेद २०
११—मन्वन्तरादि कालका परिमाण २२
१२—सृष्टिको विस्तारक्रम २४
१३—वाराह भगवान्‌का अवतार कथा २६
१४—दितिको गर्भधारणको वृत्तान्त २९
१५—जय-विजयलाई सनकादि मुनिको शाप ३१
१६—जय-विजयको वैकुण्ठधामबाट पतन ३४
१७—हिरण्याक्ष तथा हिरण्यकशिपुको जन्म उनको विजययात्रा ३६
१८—हिरण्याक्ष र वाराहभगवानको युद्ध ३८
१९—वाराह भगवान्‌को हातबाट हिरण्याक्ष वध ३९
२०—सृष्टिको विस्तारक्रम ४१
२१—कर्दमजीको तपस्या र उनलाई भगवान्‌को वर प्राप्त हुनु ४३
२२—देवहूति तथा कर्दम प्रजापतिको विवाह ४५
२३—कर्दम देवहूतिको विहार ४७
२४—कपिलदेवजीको जन्म और कर्दम ऋषिको वनवास ४९
२५—कपिलदेवजीकी माता देवहूतिकोलाई भक्ति-योगको लक्षण बताउनु ५१
२६—सांख्यरीतिबाट तत्त्वहरूको उत्पत्ति ५३
२७—प्रकृति पुरुषको ज्ञान द्वारा मोक्षप्राप्तिको रीति ५६
२८—अष्टांगयोग द्वारा उपाधिबाट मुक्त स्वरूप ५७
२९—भक्तियोग कालका शक्ति ५९
३०—पापीहरूको अधोगतिको वर्णन ६१
३१—राजसी गतिको वर्णन ६३
३२—सात्त्विक गति पुनरागमनको वर्णन ६५
३३—कपिलमुनिको उपदेशले देवहूतिलाई ज्ञानलाभ तथा जीवन्मुक्तित्वको प्राप्ति ६७

चतुर्थ स्कन्ध

१—स्वायम्भुव मनुका दुई कन्याहरूको वंशविस्तार १
२—शिव र दक्षको वैरत्वको विवरण ३
३—पिताको यज्ञोत्सवमा जाने सतीको आग्रह ५
४—दक्ष प्रजापतिको यज्ञमा सतीको अग्निप्रवेश ६
५—वीरभद्र द्वारा दक्षको यज्ञ विध्वंस दक्षवध ८
६—सबै देवताहरू कैलाशमा एकत्रित भएर भगवान् शङ्करको स्तुति गर्नु १०
७—दक्षको यज्ञ पूर्ण हुनु १२
८—बालक ध्रुवको वनगमन १६
९—ध्रुवको भगवान्‌बाट वर पाएर घर फर्कनु १९
१०—ध्रुवको भाई उत्तमको वध र ध्रुवको यक्षसित घमासान युद्ध २३
११—महाराज स्वायम्भुव मनुले ध्रुवजीलाई युद्धबाट विमुख तुल्याउनु २४
१२—ध्रुवलाई कुवेरको वरदान र उनलाई ध्रुवलोक प्राप्त हुनु २७
१३—ध्रुववंशको विस्तार तथा राजा अङ्गको चरित्र २८
१४—राजा वेनको वृत्तान्त ३०
१५—महाराज पृथुको जन्म र उनको राज्याभिषेक ३२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय	विषय	पत्र
१६–बन्दीजन द्वारा महाराज पृथुको स्तुति		३४
१७–राजा पृथु पृथिवीमाथि कुपित हुनु पृथिवी द्वारा उनको स्तुति		३५
१८–महाराज पृथु द्वारा पृथिवीको दोहन		३७
१९–यज्ञको घोड़ा चोर्नाले राजा पृथु इन्द्रलाई मार्नको निम्ति कटिबद्ध हुनु ब्रह्माजील समझाएपछि यज्ञबाट निवृत्त हुनु		३८
२०–महाराज पृथुलाई विष्णु भगवानको प्रत्यक्ष दर्शन प्राप्त हुनु		४०
२१–महाराज पृथुले अफ्ना प्रजालाई उपदेश दिनु		४२
२२–महाराज पृथुलाई सनकादिको उपदेश		४४
२३–महाराज पृथुको तपस्या उनका परलोकगमन		४७
२४–रुद्रगीत		४९
२५–पुरञ्जनोपाख्यान		५३
२६–राजा पुरञ्जन मृगयाको निम्ति वनमाजानु उसकी स्त्री कुपित होना		५६
२७–राजा पुरञ्जनको पुरीमा चण्डवेगको चढ़ाई कालकन्याको चरित्र		५७
२८–राजा पुरञ्जनलाई स्त्रीयोनिको प्राप्ति तथा अज्ञात-को उपदेशले मोक्षकी प्राप्ति		५९
२९–पुरञ्जनोपाख्यानको रहस्योद्घाटन		६१
३०–प्रचेताहरूलाई विष्णुभगवान्‌को वरदान		६५
३१–प्रचेताहरूलाई नारदजीको ज्ञानोपदेश र उनलाई परमपदको प्राप्ति		६८
पञ्चम स्कन्ध		
१—राजा प्रियव्रतको चरित्र		२
२—राजा आग्नीध्र र पूर्वचित्तिको समागम		५
३—आग्नीध्रपुत्र राजा नाभिको चरित्र		६
४—महाराज ऋषभदेवजीको शासनकाल		८
५—ऋषभदेवको आफ्ना पुत्रहरूलाई उपदेशदिनु तथा अवधूतवृत्तिग्रहण		९
६—ऋषभदेवजीको शरीरत्यागको वृत्तान्त		११
७—महारज भरतको चरित्र		१२
८—महाराज भरतले मृग मोहवश मृगयोनिमा जन्म लिनु		१३
९—जन्मान्तरमा भरतजीको ब्राह्मणकुलमा जन्म		५
१०–महाराज जडभरत र रहूगणको साक्षात्कार		१७
११–राजा रहूगणलाई भरतजीद्वारा ज्ञानोपदेश		१९
१२–राजा रहूगणको प्रश्न तथा जडभरतको समाधान		२०
१३–संसाररूपी वनको वर्णन रहूगणका शङ्काहरूको समाधान		२१
१४–भवाटवीको सरल व्याख्या		२३
१५–महाराज भरतको वंश विस्तार		२६
१६–भुवनकोशको विस्तार वर्णन		२७
१७–गङ्गाजीको उत्पत्तिको विवरण शङ्करजी द्वारा संकर्षणदेवको स्तुति		२९
१८–विभिन्न वर्ष (देश) को विस्तार		३०
१९–किम्पुरुष देश तथा भारतवर्षको वर्णन		३३
२०–छः अन्य द्वीप र लोकालोक पर्वतको वर्णन		३५
२१–सूर्यको रथ र उसको गति		३८
२२–भिन्न-भिन्न ग्रहरूको स्थिति तथा उनको गतिको वर्णन		३९
२३–शिशुमारचक्र		४०
२४–अतलादि तलका सात लोकको स्थिति		४१
२५–संकर्षणदेवको महिमा उनको स्तुति		४४
२६–मनुष्यहरूका कर्मानुसार जाति-नजाति गति		४५
षष्ठ स्कन्ध		
१—अजामिलोपाख्यान		२
२—विष्णुदूत द्वारा भागवत धर्मको निरूप अजामिलको परलोकयात्रा		४
३—यम तथा यमदूतहरूको संवाद		७
४—हंसगुह्यस्तोत्र		८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय	विषय	पत्र
५—नारदजीको उपदेशानुसार हर्यश्व र शबलाश्व नामका दक्षपुत्र विरक्त हुनु तथा नारदजीलाई दक्षको शाप मिलनु		११
६—प्रजापति दक्षकी साठी कन्याहरू र उनको वंशविस्तार		१३
७—बृहस्पतिजीको अपमान गर्नाले देवताहरू ऐश्वर्यभ्रष्ट हुनु तथा विश्वरूपलाई आफ्नो पुरोहितपद दिनु		१५
८—नारायणकवच		१६
९—वृत्रासुरको जन्म		१८
१०—देवताहरू दधीचि ऋषिकहाँ गएर उनको हड्डी मागेर ल्याउनु र त्यसको वज्र बनाएर वृत्रासुरसित युद्ध गर्नु		२२
११—वृत्रासुरको वीरजनोचित वचन		२३
१२—इन्द्र द्वारा वृत्रासुरको वध		२५
१३—इन्द्रमाथि ब्रह्महत्याको आक्रमण		२७
१४—वृत्रासुरको पूर्वजन्मको चरित्र		२८
१५—राजा चित्रकेतुलाई अङ्गिरा तथा देवर्षि नारदको उपदेश		३१
१६—देवर्षि नारदको उपदेशले राजा चित्रकेतुलाई श्रीसंकर्षणदेवको दर्शन हुनु		३२

अध्याय	विषय	पत्र
१७—विद्याधर चित्रकेतुलाई भवानीको शाप		३५
१८—अदिति र दितिको सन्तान तथा मरुद्गणको उत्पत्तिको वृत्तान्त		३७
१९—पुंसवनव्रतको विधि-विधान		४०

सप्तम स्कन्ध

अध्याय	विषय	पत्र
१—नारद-युधिष्ठिर-संवाद		२
२—पुत्रशोकले कातर दिति तथा अन्य कुटुम्बिहरूलाई हिरण्यकशिपुद्वारा समझानु-बुझाउनु		४
३—हिरण्यकशिपुको तपस्या तथा वर पाउनु		६
४—दैत्यपति हिरण्यकशिपुको उत्पात र प्रह्लादजीको अनुपम गुण		८
५—दैत्यपति हिरण्यकशिपु द्वारा प्रह्लादजीको वधको उपक्रम		१०
६—असुरबालहरूलाई प्रह्लादजीको ज्ञानोपदेश		१२
७—प्रह्लादजीलाई माताको गर्भमै नारदजी द्वारा उपदेश पाएको वर्णन		१४
८—भक्तप्रतिपालक नृसिंहभगवान्‌को प्रादुर्भाव, हिरण्यकशिपुको वध एवं ब्रह्मादि देवताहरू द्वारा नृसिंह भगवानको स्तुति		१६
९—प्रह्लाद द्वारा नृसिंहभगवान्‌को स्तुति		१९
१०—भगवान नृसिंहको अन्तर्धान हुनु प्रह्लाद-जीलाई राज्याभिषेक तथा त्रिपुरदहनको वृत्तान्त		२३
११—ब्राह्मणादि चारै वर्ण तथा स्त्रीहरूका धर्मको निराकरण		२६
१२—ब्रह्मचर्य तथा वानप्रस्थ आश्रम नियम		२७
१३—यति धर्मको निरूपण अवधूत-प्रह्लाद-संवाद		२९
१४—गृहस्थ र सदाचारको निरूपण		३१
१५—गृहस्थको निम्ति मोक्षधर्मको वर्णन		३२

अष्टम स्कन्ध

अध्याय	विषय	पत्र
१—पूर्ववर्ती चार मन्वन्तरहरूको वृत्तान्त		२
२—ग्राह द्वारा गजराज समातिनु		३
३—गजद्वारा भगवान्‌को स्तुति गर्नु संकटबाट मुक्त हुनु		४
४—गज ग्राहके पूर्वजन्मको वृत्तात उनको उद्धार		७
५—दैत्यद्वारा पराजित देवताहरू ब्रह्माजीकहाँ जानु ब्रह्माजीको देवताहरू कष्ट निवारण गर्न भगवान्‌सित बिनती गनु		८
६—श्रीविष्णुभगवानको आज्ञानुसार देवताहरू असुरहरूसित मिलेर समुद्र-मन्थनको आयोजन		१०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्याय	विषय	पत्र
७–श्रीशिवजीले विषपान गर्नु		११
८–समुद्रबाट विविध रत्नहरू सहित अमृत निस्कनु		१४
९–मोहिनीरूपधारी भगवान्‌द्वारा अमृत बाँड्नू		१६
१०–देवासुरसंग्राम		१७
११–देवासुरसंग्रामको अन्त		१९
१२–भगवान्‌को मोहिनीरूप देखेर श्रीशिवजी मोहित हुनु		२१
१३–भविष्यका सात मन्वन्तरहरूको वृत्तान्त		२३
१४–उपर्युक्त मनु आदिका पृथक्-पृथक् कर्महरूको निर्देश		२४
१५–दैत्यराज बलि द्वारा स्वर्गविजय		२५
१६–महर्षि कश्यपको अदितिलाई पयोव्रतको उपदेश दिनु		२६
१७–अदितिको पयोव्रतले प्रसन्न भएर भगवान् प्रकट हुनु र अदितिलाई वर दिनु		२९
१८–वामन भगवान्‌को जन्म उनको राजा बलिको यज्ञशालामा जानु		३०
१९–वामन भगवानले राजा बलिसित तीन पाउ पृथिवी माँगनु		३१
२०–राजा बलिले तीन पाउ पृथिवी दिनु वामन भगवान्‌ले विश्वरूप धारण गर्नु		३३
२१–तीन पाउ पृथ्वीदान पूर्ण नहुनाले वामन भगवान् द्वारा बलि बाँधिनु		३५
२२–वामन भगवान बलिमाथि प्रसन्न भएर उनलाई सुतललोक पठाउनु		३६
२३–राजा बलिले सुतललोक प्रस्थान गर्नु वामन भगवानले उपेन्द्रपद पाउनुले		३८
२४–भगवान्‌का मत्स्यावतारको कथा		३९

नवम स्कन्ध

अध्याय	विषय	पत्र
१—वैवस्वत मनुका पुत्र महाराज सुद्युम्नको वृत्तान्त		२
२—मनुपुत्र पृषध्र, कवि, करूष, नरिष्यन्त तथा दिष्टका वंशको वृत्तान्त		३
३—महर्षि च्यवन तथा देवी सुकन्याको वृत्तान्त र बलरामको रेवतीसित विवाह		५
४—महाराज नाभाग र अम्बरीषको चरित्र		७
५—महर्षि दुर्वासाको दुःख निवृत्त हुनु		१०
६—महाराज इक्ष्वाकुको वंश एवं मान्धाता तथा सौभरि ऋषिको वृत्तान्त		११
७—महाराज त्रिशंकु हरिश्चन्द्रको वृत्तान्त		१३
८—राजा सगरको चरित्र		१५
९—गङ्गाजीको अवतरण र राजा सौदासको वृत्तान्त		१६
१०–श्रीरामचन्द्रजीको चरित्र		१९
११–श्रीरामचन्द्रको अन्य चरित्र		२१
१२–इक्ष्वाकुवंशका शेष राजाहरूको वर्णन		२३
१३–निमिवंशको वृत्तान्त		२४
१४–चन्द्रवंशी राजाहरूको वृत्तान्त, बुधको जन्म तथा राजा पुरूरवाको चरित्र		२५
१५–ऋचीक, जमदग्नि एवं परशुरामजीको चरित्र		२७
१६–महर्षि जमदग्निको वध, परशुराम द्वारा क्षत्रिय-हरूको संहार विश्वामित्रका संततिको वृत्तान्त		२९
१७–क्षत्रवृद्ध, रजि,रम्भ तथा अनेनाको वंश-विस्तार		३१
१८–महाराज ययातिको चरित्र		३२
१९–ययातिको स्वगृहत्याग		३४
२०–पुरुवंश, राजा दुष्यन्त एवं भरतको वृत्तान्त		३५
२१–भरतवंशको विस्तार राजा रन्तिदेवको चरित्र		३७
२२–पाञ्चाल, कौरव तथा मगधवंशीय राजाहरूको वृत्तान्त		३८
२३–अनु, द्रुह्यु, तुर्वसु, यदुका वंशहरूको वृत्तान्त		४०
२४–विदर्भवंशको वर्णन		४२

दशम स्कन्ध (पूर्वार्ध)

अध्याय	विषय	पत्र
१—पृथिवीलाई विष्णुको आश्वासन, वसुदेव-देवकीको विवाह तथा कंसद्वारा देवकीका छ पुत्रको वध		१
२—भगवान्‌को देवकीको गर्भमा प्रवेश		५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भा.

||५||

अध्याय	विषय	पत्र
३	—श्रीकृष्णचन्द्रको जन्म	७
४	—योगमायको भविष्यवाणी, कंसको पश्चात्तार	९
५	—गोकुलमा भगवान् कृष्णको जन्ममहोत्सव	११
६	—पूतना-वध	१२
७	—शकट-भंजन, तृणावर्तवध	१४
८	—नन्दनन्दनको नामकरणसंस्कार बाललीला	१६
९	—श्रीकृष्णको उलूखबन्धन	१९
१०	—यमलार्जुनोद्धारको कथा	२०
११	—ब्रजका गोपहरूको गोकुलबाट वृन्दावन जानु तथा वत्सासुर र बकासुरको वध	२२
१२	—अघासुर-वध	२५
१३	—ब्रह्माजीको मोह र त्यस मोहको नाश	२७
१४	—ब्रह्माद्वारा श्रीकृष्णको स्तुति तथा कृष्णद्वारा बाछा ग्वालबालहरू भेटिनु	३०
१५	—भगवान द्वारा गोचारण, धेनुक-वध गोपहरूको कालिय नागको विषबाट मुक्ति	३४
१६	—कालिया नागको दमन	३६
१७	—कालिय नागको कालियदहमा आउने कथा भगवान्द्वारा ब्रजवासिहरूलाई दावानलबाट बचाउनु	३९
१८	-प्रलम्बासुर वध	४०
१९	—भगवान्द्वारा गाईर गोपहरूलाई दावानलबाट रक्षा गर्नु	४२
२०	—वर्षा शरद्ऋतुको वर्णन	४३
२१	—वेणुगीत	४५
२२	—चीरहरण-लीला	४६
२३	—विप्रपत्निहरूमा भगवान्को कृपा	४८
२४	-भगवान् कृष्ण द्वारा इन्द्रको यज्ञ भङ्ग-हुनु	५१
२५	—भगवान्ले गोवर्धन उचाल्नु	५२
२६	—श्रीकृष्णको प्रभावका विषयमा गोपहरूको परस्पर कुराकानी	५४
२७	-भगवान् कृष्णचन्द्रले गोविन्दपद पाउनु	५५
२८	-भगवान् कृष्णद्वारा नन्दजीलाई वरुण कहाँबाट छुटाएर ल्याउनु	५६
२९	—रासलीला	५७
३०	-गोपिनीहरूद्वारा श्रीकृष्णभगवान्को खोजी	६०
३१	-गोपीगीत	६२
३२	-भगवान्को कृष्ण प्रकट भएर गोपिनीहरूलाई सान्त्वना दिनु	६३
३३	-महारासको आरम्भ	६४
३४	-सुदर्शनको उद्धार र शंखचूड वध	६६
३५	-युगलगीत	६८
३६	-अरिष्ट दैत्य वध र कंसले अक्रूरलाई व्रज पठाउनु	६९
३७	-केशी तथा व्योमासुर वध नारद द्वारा भगवान्को स्तुति	७१
३८	-अक्रूरको ब्रजका लागि प्रस्थान	७२
३९	,कृष्ण-बलरामको मथुरा प्रस्थान	७५
४०	·अक्रूर द्वरा गरिएको भगवत् स्तुति	७७
४१	-श्रीकृष्णको मथुराप्रवेश	७९
४२	-कुब्जामाथि भगवान् कृष्णको कृपा, धनुर्भङ्ग मल्लसालाको सजावट	८१
४३	-कुवलयापीड वध श्रीकृष्ण-बलरामको मल्लशालामा प्रवेश	८२
४४	-चाणूर-मुष्टिक र कंसवध	८४
४५	-श्रीकृष्ण बलरामको यज्ञोपवीतसंस्कार तथा विद्याध्ययन	८६
४६	-उद्धवको ब्रजयात्रा	८८
४७	-उद्धव गोपिनीहरूको वार्तालाप तथा भ्रमरगीत	९०
४८	-भगवान्को कुब्जा र अक्रूरका जानु तथा अक्रूरलाई हस्तिनापुर जाने आज्ञा दिनु	९४
४९	-अक्रूर हस्तिापुर जानु	९६

वि

||५|

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशम स्कन्ध (उत्तरार्द्ध)

अध्याय	विषय	पत्र
५०	—जरासन्धसित श्रीकृष्णको युद्ध, द्वारका दुर्गको रचना	९९
५१	—मुचुकुन्दका कथा	१०१
५२	—भगवान्‌को द्वारकागमन, बलरामजीको विवाह तथा श्रीकृष्णचन्द्रले रुक्मिणीको विवाहको समचार पाउनु	१०४
५३	-रुक्मिणीहरण	१०६
५४	-शिशुपाल पक्षका राजाहरूको पराभव, रुक्मिको हार, कृष्ण-रुक्मिणी-विवाह	१०९
५५	-प्रद्युम्नको जन्म शम्बरासुर वध	१११
५६	-स्यमन्तकोपाख्यान तथा जाम्बवती र सत्यभामासित भगवान्‌को विवाह	११३
५७	-स्यमन्तकहरण, शतधान्वा वध श्रीकृष्णद्वारा अक्रूरलाई द्वारका डाक्नु	११५
५८	-भगवान् कृष्णको अन्य विवाह	११७
५९	-भगवान् कृष्णद्वारा भौमासुरलाई मारेर सोह हजार एक सय कन्याहरूसित विवाह	११९
६०	-कृष्ण-रुक्मिणी-संवाद	१२२
६१	-भगवाका सन्तततिको वर्णन अनिरुद्धका विवाहमा रुक्मी वधको कथा	१२५
६२	-ऊषा-अनिरुद्धको समागम	१२७
६३	-श्रीकृष्ण बाणासुरको संग्राम	१२८
६४	-राजा नृगको वृत्तान्त	१३१
६५	-बलभद्रजीको व्रजमा आगमन	१३२
६६	-पौण्ड्रक वधको कथा	१३४
६७	-द्विविद वध	१३६
६८	-जाम्बवतीतनय साम्बको विवाह	१३७
६९	-देवर्षि नारदले भगवान्‌को दिनचर्या अवलोकन	१३९
७०	-भगवान् श्रीकृष्णको नित्य-चर्या तथा उनका समीप जरासन्धका कैदी नरेशहरूको दूत आउनु	१४१
७१	-श्रीकृष्णचन्द्रको इन्द्रप्रस्थगमन	१४४
७२	-युधिष्ठिरको राजसूय यज्ञको आयोजन जरासन्ध वध	१४६
७३	-बन्दीगृहबाट मुक्त राजाहरूको बिदाई भगवान्‌को इन्द्रप्रस्थ प्रस्थान	१४८
७४	-धर्मराज युधिष्ठिरद्वारा राजसूय यज्ञमा भगवान् कृष्णको अग्रपूजा र शिशुपालवध	१४९
७५	-राजसूय यज्ञमा अवभृथस्नानको महोत्सवमा दुर्योधनको अपमान	१५१
७६	-शाल्व तथा यादवहरूको युद्ध	१५४
७७	-शाल्वका वधको कथा	१५५
७८	दन्तवक्त्र तथा विदूरथ वध, तीर्थयात्राको प्रसंगमा बलरामजीद्वारा सूतको सिर काटिनु	१५७
७९	-बल्वलवध, बलरामजीको तीर्थयात्रा	१५९
८०	-श्रीकृष्णद्वारा विप्र सुदामाको स्वागत-सत्कार	१६०
८१	-सुदामाजीको समृद्धिवृद्धि	१६२
८२	-व्रज गोपहरूसित भगवानको भेट	१६४
८३	-श्रीकृष्णका भार्याहरुद्वारा द्रौपदीकालाई आफाफ्नू विवाहको वृत्तान्त सुनाउनु	१६६
८४	-वसुदेवजीको यज्ञ-महोत्सव	१६९
८५	-वसुदेवजीको सर्वत्र भगवद्दृष्टि हुनु र भगवान्‌द्वारा आफ्नी आमालाई उनका मृत पुत्रहरू ल्याइदिनु	१७२
८६	-अर्जुन द्वारा सुभद्राहरण तथा भगवान् कृष्णका मिथिलापुरी गएर राजा जनक मा श्रुतदेवसित भेटनू	१७५
८७	- वेदहरु द्वारा भगवान्‌को स्तुति	१७९
८८	-शम्भु-मोचनका कथा	१८२
८९	-महर्षि भृगुको ब्रह्मा-विष्णु शिवको परीक्षा लिनु तथा भगवान्‌का महाकालपुरबाट ब्राह्मणका द्वारा मरेको बालक ल्याइदिनु	१८४
९०	-कृष्णभगवान्‌का लीलाहरुको संक्षिप्त वर्णन	१८७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकादश स्कन्ध

अध्याय विषय	पत्र
१–यदुकुललाई ऋषिहरूको शाप	२
२—श्रीवसुदेवलाई देवर्षि नारदजीको उपदेश	३
३—मायाको स्वरूप, मायाबाट पार पाउने उपाय तथा कर्मको निराकरण	६
४—भगवान्का विविध अवतारहरूको वर्णन	८
५—भगवान्को भक्तिबाट हीन पुरुषहरूको गति पूजाविधिको वर्णन	१०
६—श्रीकृष्ण तथा उद्धवको संवाद आरम्भ	१२
७—अवधूतोपाख्यानको आरम्भ	१४
८—अवधूतोपाख्यानको मध्यभाग	१७
९—अवधूतोपाख्यानको अन्तिम भाग	१९
१०—संसारको मिथ्यात्व प्रतिपादन	२१
११–बद्ध, मुक्त तथा भक्तजनहरूको लक्षण	२२
१२–सत्सङ्गको महत्त्व, कर्मानुष्ठान तथा कर्म-त्यागको विधि	२५
१३–सतोगुणको वृद्धिले विद्योदयको क्रम	२६
१४–भक्तिको महिमा तथा ध्यानयोगको वर्णन	२८
१५–सबै सिद्धिहरूको विवेचन	३०
१६–समस्त विभूतिहरूको विवेचन	३२
१७–वर्णाश्रम-धर्मको वर्णन	३३
१८–वानप्रस्थी तथा संन्यासीका विहित धर्म	३६
१९–भक्तिको साधन उसको निरूपण	३८
२०–ज्ञान, कर्म, भक्तियोगको निरूपण	४०
२१–द्रव्य तथा देश-कालका गुण-दोषको विवेचना	४२
२२-तत्त्वहरूको संख्या र पुरुष प्रकृतिको विवेचन	४४
२३ एक त्यागी ब्राह्मणको इतिहास	४७
२४-सांख्य योगको निरूपण	५०
२५-तीन गुण र उनका वृत्तियहरू	५१
२६–ऐलगीत र उसको विवेचन	५३
२७ कर्मयोगको विवेचन	५४
२८·परमार्थको विवेचन	५६
२९·भागवत धर्मको निरूपण उद्धवजीको वदरिकाश्रम प्रस्थान	५९
३०·यदुवंशको संहार	६१
३१ भगवान् कृष्णको स्वधाम प्रस्थान	६३

द्वादश स्कन्ध

अध्याय विषय	पत्र
१—कलियुगका भावी राजवंशको विस्तार	१
२—कलि-धर्म	२
३—राजमदका दोष, चार युगको धर्म तथा कलिकालमा हरिनामकीर्तन, माहात्म्यको वर्णन	४
४—चार प्रकारका प्रलयको वर्णन	६
५-परमार्थको निराकरण	८
६–महाराज परीक्षित्को देहत्याग, जनमेजयको सर्पयज्ञ एवं वेदका शाखाहरूको वर्णन	९
७—अथर्ववेदका विविध शाखा तथा पुराणको लक्षण	१२
८—महामुनि मार्कण्डेयजीको तपस्या, वर प्राप्त हुनु	१३
९—मार्कण्डेयले भगवान्को माया देखनु	१६
१०-मार्कण्डेयजीलाई भगवान् शङ्करको वरदान	१७
११-भगवान्के अङ्ग-उपाङ्ग, आयुध तथा प्रत्येक मासमा रहने सूर्यका गण	१९
१२·श्रीमद्भागवतोक्त विषयको संक्षिप्त अनुक्रमणिका	२२
१३-श्रीमद्भागवतादि भिन्न-भिन्न पुराण श्लोक-संख्या तथा श्रीमद्भागवतको महिमा	२५

॥ इति श्रीमद्भागवतस्थ-विषयानुक्रमणिका ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी'भाषाटीकासहिते

श्रीमद्भागवतमाहात्म्यं प्रारभ्यते

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरि : ॐ ।। श्रीकृष्णचन्द्र सचित् आनन्दका स्वरूप छन् । जुन यस ब्रह्माण्डको उत्पत्ति पालन र संहारका कारण छन् । जुन आफ्नो आराधना गर्नेहरूको निम्ति दैहिक, दैविक र भौतिक तीनै थरिका तापहरू हटाइदिन्छन्, हामी तिनको स्मरण गर्दछौं ।।१।। शुकजीको वन्दना—जसको व्रतबन्ध पनि हुनपाएको थिएन, उसै वखत समस्त सांसारिक कर्महरू त्यागेर घरबाट निस्किए। अनि पुत्र-वियोगले व्याकुल व्यासदेवले 'पुत्र ! पुत्र !!' यस्तो भन्दै डाके र वर-परका वृक्षहरूले बर्ता प्रेमले व्यासजीको कथनको प्रतिध्वनिरूपमा उत्तर दिए, समस्त प्राणिहरूका आत्मास्वरूप शुकदेवलाई म नमस्कार गर्दछु ।। २ ।। एक समयको कुरा हो—नैमिषारण्य क्षेत्रमा बुद्धिमान् सूतजीलाई प्रणाम गरेर कथारूपी अमृतको स्वाद लिनमा बाठा शौनकले भने–।।३।। अज्ञान अन्धकारलाई नष्ट पार्नमा कोटियौं सूर्यजस्ता प्रभावशाली हे सूत ! मलाई तपाईं कुनै यस्तो कथा सुनाउनोस् जसले मेरा श्रवणपुट आनन्दित होउन् ।। ४ ।। जसले भक्ति-ज्ञान र वैराग्यपूर्ण विचार बढोस् र विष्णुभक्तहरूको मोह-पाश नाशियोस् ।।५।। हे प्रभो ! यो घोर कलियुगमा जीव मनुष्यबाट राक्षस भएर अनेक थरिका दुःख भोग्दछन् ।

श्रीहरिः ।। ॐ नमो भगवते वासुदेवाय ।। सच्चिदानन्दरूपाय विश्वोत्पत्त्यादिहेतवे ।। तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ।। १ ।। यं प्रव्रजन्तमनुपेतमपेतकृत्यं द्वैपायनो विरहकातर आजुहाव ।। पुत्रेति तन्मयतया तरवोऽभिनेदुस्तं सर्वभूतहृदयं मुनिमानतोऽस्मि ।। २ ।। नैमिषे सूतमासीनमभिवाद्य महामतिम् ।। कथामृतरसास्वादकुशलः शौनकोऽब्रवीत् ।। ३ ।। शौनक उवाच ।। अज्ञानध्वान्तविध्वंसकोटिसूर्यसमप्रभ ।। सूताख्याहि कथासारं मम कर्णरसायनम् ।। ४ ।। भक्तिज्ञानविरागाप्तो विवेको वर्धते महान् ।। मायामोहनिरासश्च वैष्णवैः क्रियते कथम् ।। ५ ।। इह घोरे कलौ प्रायो जीवश्चासुरतां गतः ।। क्लेशाक्रान्तस्य तस्यैव शोधने किं परायणम् ।। ६ ।। श्रेयसां यद्भवेच्छ्रेयः पावनानां च पावनम् ।। कृष्णप्राप्तिकरं शश्वत्साधनं तद्वदाधुना ।।७।। चिन्तामणिर्लोकसुखं सुरद्रुः स्वर्गसंपदम् ।। प्रयच्छति गुरुः प्रीतो वैकुण्ठं योगिदुर्लभम् ।।८।। प्रीतिः शौनक चित्ते ते ह्यतो वच्मि विचार्य च ।। सर्वसिद्धान्तनिष्पन्नं संसारभयनाशनम् ।। ९ ।। भक्त्योघवर्द्धनं यच्च कृष्णसन्तोषहेतुकम् ।। तदहं तेऽभिधास्यामि सावधानतया शृणु ।। १० ।। कालव्यालमुखग्राससत्रासनिर्णाशहेतवे ।। श्रीमद्भागवतं शास्त्रं कलौ कीरेण भाषितम् ।। ११ ।। एतस्मादपरं किञ्चिन्मनः शुद्ध्यै न विद्यते ।।

यस्तो स्थितिमा तिनको कष्ट निवारणको के उपाय छ ? ।।६।। हजूर मलाई कुनै यस्तो उपाय भन्नुहवस्, जुन सबैभन्दा राम्रो तथा पवित्र होस् र त्यो शीघ्र भगवान् कृष्णचन्द्रलाई प्राप्त गर्नसकोस्, किनकि चिन्तामणि इच्छित अभिलाषा पूर्ण गर्दछ र कल्पवृक्ष स्वर्गको सम्पत्ति हो तर *गुरु प्रसन्न भएर योगीहरूलाई पनि दुर्लभ वैकुण्ठधाम प्राप्त गराइदिन्छन् ।। ७ ।। ८ ।। सूतजीभन्दछन्—हे शौनक ! तिम्रो चित्तमा प्रेम छ, अतः म तिमीलाई सबै सिद्धान्तको सार सांसारिक भयनाशक, भक्तिवर्धक र भगवान्को प्रिय उपाय भन्दछु सुन–।।९-१०।। कलिमा

---

* दृष्टान्त—(सच्चा गुरु) शिवली भक्त एक दिन डुल्दै आफ्ना गुरुको सत्संगमा गएका बखत त्यहाँका अन्य सत्संगीहरूले तिनको अनुपम भक्तिको प्रशंसा गरे । त्यो कुरा सुनेर गुरुले भने—'तिमीहरू चिसिरहेका छौ यो भन्दा बर्ता कुकर्मी र भगवद्द्रोही संसारमा अरु कोही छैनन् । यसलाई मेरो सत्संगबाट अहिल्यै धपाऊ !' चेलाहरूले गुरुको आज्ञा पालन गरे । शिवलो त्यहाँबाट हिंडिसकेपछि गुरुले भने—'तिमीहरू यो सज्जन भक्तको प्रशंसा गरेर यसको सर्वनाश गर्न खोजिरहेका छौ । तिमीहरूको प्रशंसा उसको निम्ति तरवार थियो' जसले तिमीहरूले प्रहार गरिदिएका थियौ । यदि अलिकति पनि त्यसको असर हुन पाएको भए त्यो अहङ्कारी र पतित बन्ने थियो । उसको रक्षाको निम्ति मैले निन्दा गरें र अनादरले ढालको काम गरिदियो, जसले त्यसको हत्या हुन पाएन ।' सच्चा गुरु यस्तै हुन्छन् र ती आफ्ना शिष्यको सदैव कल्याण गर्न खोज्दछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डरलाग्दो सर्पका मुखबाट झिक्न शुकदेवले श्रीमद्भागवत नामको यौटा स्वतन्त्र शास्त्रको प्रवचन गरे ।। ११ ।। मन पवित्र पार्नको लागि योभन्दा ठूलो अर्को कुनै उपाय छैन । जुन प्राणीको जन्म-जन्मान्तरका पुण्य उदय हुन्छन्, तिनलाई श्रीमद्भागवत सुन्ने इच्छा हुन्छ ॥ १२ ॥ जब राजा परीक्षितलाई यो पवित्र कथा सुनाउनको निम्ति श्रीशुकदेव सभाभूमिमा गएर बसेपछि देवताहरू अमृतको कलश लिएर आइपुगे।।१३।। आफ्नो इच्छा पूर्तिमा बाठा देवताहरूले शुकदेवलाई प्रणाम गरेर भने—हे भगवन् ! तपाईं यो अमृतले भरिएको कलश लिनुहवस् र साटोमा हामीलाई भागवतको कथारूपी अमृत पिलाउनुस् ।। १४ ।। राजा परीक्षितलाई अमृत-पान गराएर अमर तुल्याउनोस् र हामी भागवतरूपी सुधा पिउँछौं ।।१५।। यो सुनेर महर्षि शुकदेवले विचार गरे—'कहाँ भगवान्को दिव्यकथा र कहाँ यो तुच्छ अमृत ! कहाँ काँचका टुक्रा र कहाँ मणि !' यो सोचेर ती देवताहरूतर्फ हेरी हाँस्न लागे ।।१६।। अन्त्यमा उनले देवताहरूलाई अनधिकारी ठानेर यो कथामृत दिएनन् । यसैले भनिन्छ कि श्रीमद्भागवतको पवित्र कथा देवताहरूलाई पनि दुर्लभ छ ।। १७ ।। श्रीशुकदेवको मुखबाट

जन्मान्तरे भवेत्पुण्यं तदा भागवतं लभेत् ।।१२।। परीक्षिते कथां वक्तुं सभायां संस्थिते शुके ।। सुधाकुम्भं गृहीत्वैव देवास्तत्र समागमन् ।।१३।। शुकं नत्वाऽवदन्सर्वे स्वकार्यकुशलाः सुराः ।। कथासुधां प्रयच्छस्व गृहीत्वैव सुधामिमाम् ।। १४ ।। एवं विनिमये जाते सुधा राज्ञा प्रपीयताम् ।। प्रपास्यामो वयं सर्वे श्रीमद्भागवतामृतम् ।।१५।। क्व सुधा क्व कथा लोके क्व काचः क्व मणिर्महान् ।। ब्रह्मरातो विचार्यैवं तदा देवाञ्जहास ह ।। १६ ।। अभक्तांस्तांश्च विज्ञाय न ददौ स कथामृतम् ।। श्रीमद्भागवती वार्ता सुराणामपि दुर्लभा ।। १७ ।। राज्ञो मोक्षं तथा वीक्ष्य पुरा धाताऽपि विस्मितः ।। सत्यलोके तुलां बद्ध्वाऽतोलयत्साधनान्यजः ।।१८।। लघून्यन्यानि जातानि गौरवेण इदं महत् ।। तदा ऋषिगणाः सर्वे विस्मयं परमं ययुः ।।१९।। मेनिरे भगवद्रूपं शास्त्रं भागवतं कलौ ।। पठनाच्छ्रवणात्सद्यो वैकुण्ठफलदायकम् ।। २० ।। सप्ताहेन श्रुतं चैतत्सर्वथा मुक्तिदायकम् ।। सनकाद्यैः पुरा प्रोक्तं नारदाय दयापरैः ।।२१।। यद्यपि ब्रह्मसम्बन्धाच्छ्रुतमेतत्सुरर्षिणा ।। सप्ताहश्रवणविधिः कुमारैस्तस्य भाषितः ।।२२।। शौनक उवाच ।। लोकविग्रहमुक्तस्य नारदस्यास्थिरस्य च ।। विधिश्रवे कुतः प्रीतिः संयोगः कुत्र तैः सह ।। २३ ।। सूत उवाच ।। अत्र ते कीर्तयिष्यामि भक्तियुक्तं कथानकम् ।।

भागवतको कथा सुनेर तथा त्यसैद्वारा महाराज परीक्षितलाई मुक्त भएका देखेर ब्रह्माजीलाई पनि ठूलो आश्चर्य भयो । सत्यलोकमा गएर उनले विज्ञानको तुलामा अन्यान्य साधनहरूलाई एकातिर राखेर अर्कोतिर केवल श्रीमद्भागवतको कथा राखिदिए । त्यस तुलाको निर्णयानुसार त्यस कथाभन्दा अन्य साधन हलुँगो हुन गए र यसको गौरव सबैभन्दा ठूलो भयो । त्यो देखेर सबै ऋषिहरूलाई ठूलो विस्मय भएको थियो । त्यै वेलादेखि मुनिहरूले श्रीमद्भागवत-शास्त्रलाई भगवान्को साक्षात् स्वरूप माने । यसको श्रवण, अध्ययन वैकुण्ठ प्राप्तिको आनन्द दिन्छ । परापूर्वमा दयालु सनकादि मुनिहरूले नारदलाई यसको महिमा वर्णन गर्दै भनेका थिए—'श्रीमद्भागवतको सप्ताह सुन्नाले नै प्राणी मुक्त हुन्छन् ।' यद्यपि ब्रह्माजीको मुखबाट नारद मुनिले यसको माहात्म्य सुनेका थिए, तर सप्ताह-श्रवणविधि उनले सनकादि मुनिहरूबाट नै सुने । शौनकले सूतजीलाई सोधे—'हे भगवन् ! सांसारिक झगडाहरूबाट अलग्ग र एक घडीभन्दा बढ्ता कतै पनि नअडिने नारद मुनिलाई सप्ताह सुन्ने विधि जान्ने मौका कसरी प्राप्त भयो र सनकादिहरूसित ती कहाँ भेटिए ?' ।।१८-२३।। सूतजी भन्दछन्—हे प्रिय शौनक !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रसंगमा म तिमीलाई यौटा कथा सुनाउँछु, जुन श्रीशुकदेवजीले मलाई आफ्नो शिष्य भनेर सुनाउनु भएको थियो ।।२४।। कुनै समय सनक, सनन्दन, सनातन र सनत्कुमार यी चारै ऋषिहरू विशाला नगरीमा सत्संग गर्न जम्मा भए । त्यसै बेला तिनीहरूले देवर्षि नारदलाई पनि त्यहीं उपस्थित देखे ।।२५।। नारदलाई विचित्र स्थितिमा देखेर सनकादिहरूले भने—हे ब्रह्मन् ! हजुरको मुख किन सुकेको छ ? हजुर किन चिन्ताग्रस्त देखिनु हुन्छ ? हजुर यस्तो वेगले कहाँ गइरहनु भएको छ र कहाँबाट पाल्नु हुँदैछ ? ।।२६।। यस बखत हजुरको चित्त व्यग्र देखिइरहेको छ कि हजुरको सर्वस्व लुटिएको होस् । हजुर जस्ता त्यागीले यसरी व्याकुल हुनु अनुचित लागिरहेको छ । हजुर आफ्नो व्याकुलताको कारण भन्नुहवस् ।। २७ ।। नारदजीले भने—म पृथ्वीको सर्वोत्तम लोक ठानेर यहाँ आएँ र यहाँका पुष्कर, प्रयाग, काशी, गोदावरी, हरिक्षेत्र, कुरुक्षेत्र, श्रीरंग, सेतुबन्ध आदि तीर्थ डुलें ।।२८।।२९।। तर मैले यहाँ

शुकेन मम यत्प्रोक्तं रहः शिष्यं विचार्य च ।।२४।। एकदा तु विशालायां चत्वार ऋषयोऽमलाः ।। सत्सङ्गार्थं समायाता ददृशुस्तत्र नारदम् ।।२५।। कुमारा ऊचुः ।। कथं ब्रह्मन्दीनमुखः कुतश्चिन्तातुरो भवान् ।। त्वरितं गम्यते कुत्र कुतश्चागमनं तव ।।२६।। इदानीं शून्यचित्तोऽसि गतवित्तो यथा जनः ।। तवेदं मुक्तसङ्गस्य नोचितं वद कारणम् ।। २७ ।। नारद उवाच ।। अहं तु पृथिवीं यातो ज्ञात्वा सर्वोत्तमामिति ।। पुष्करं च प्रयागं च काशीं गोदावरीं तथा ।।२८।। हरिक्षेत्रं कुरुक्षेत्रं श्रीरङ्गं सेतुबन्धनम् ।। एवमादिषु तीर्थेषु भ्रममाण इतस्ततः ।।२९।। नापश्यं कुत्रचिच्छर्म मनःसन्तोषकारकम् ।। कलिनाऽधर्ममित्रेण धरेयं बाधिताऽधुना ।।३०।। सत्यं नास्ति तपः शौचं दया दानं न विद्यते ।। उदरम्भरिणो जीवा वराकाः कूटभाषिणः ।।३१।। मंदाः सुमंदमतयो मंदभाग्या ह्युपद्रुताः ।। पाखण्डनिरताः सन्तो विरक्ताः सपरिग्रहाः ।।३२।। तरुणीप्रभुता गेहे श्यालको बुद्धिदायकः ।। कन्याविक्रयिणो लोभाद्दम्पतीनां च कल्कनम् ।।३३।। आश्रमा यवनै रुद्धास्तीर्थानि सरितस्तथा ।। देवतायतनान्यत्र दुष्टैर्नष्टानि भूरिशः ।।३४।। न योगी नैव

कहीं पनि त्यो आनन्द पाइन, जसले हृदयमा शान्ति प्राप्त हुन्छ । अधर्मको मित्र कलिले समस्त पृथ्वीमंडल आफ्नो वशमा पारिसकेको छ र त्यो सबैलाई धेरै कष्ट दिइरहेको छ । यस बखत यहाँ न सत्य छ न तप, न शौच, न दया नै देखिन्छ । सबै प्राणी पेट भर्नका लागि मिथ्या बोल्दछन् । ती *अल्छी, मूर्ख, अभागी र दुःखी छन् । पाखण्डीहरू आफूलाई सज्जन भन्दछन् र सज्जन लोभी भइहेका छन् ।। ३०–३२ ।। गृहस्थीहरूको घरमा नारीनै स्वामिनी छन् । घरका स्वामीको साला नै मन्त्री बनेको छ । लोभले गर्दा मानिस आफ्नी छोरी बेच्दछन् । स्त्री-पुरुषमा सधैं झगडा भइरहन्छ ।। ३३ ।। राम्रा-राम्रा आश्रमहरूमा यवनहरूको अधिकार छ । तीर्थ, नदी र देवमन्दिरहरू दुष्टहरूले नष्ट पारिसके । यस बखत यहाँ न

दृष्टान्त—(ठूलो अल्छी) दुइ जना अल्छी यौटा जामुनको रूखमनि सुतिरहेका थिए । त्यहीं यौटा घोडसवार जान लाग्यो । त्यसलाई देखेर यौटाले भन्यो—'ए सवार ! यहाँ आऊ ।' सवार नजीकै आएपछि त्यसले भन्यो—'ए भाइ ! त्यो जामुन अलि पर छ, त्यो टिपेर मेरो मुखमा हालिदेउ ।' सवारले अल्छीलाई दुइ-तीन कोर्रा हिर्काएर भन्यो—''तैंले मलाइ यति पर डाकेर दुःख दिइस, तर आफूले जामुनो टिपेर खान सकिनस् ।' त्यतिमै अर्को अल्छीले भन्यो—'दाइ ! यसलाई कोर्रा ठोक्यौ, राम्रो भयो । मेरो मुखमा कुकुरले मुतिरहेको थियो; तर यसले धपाइदिएन ।' त्यति सुनी सवारले त्यसलाई पनि चार-पाँच कोर्रा हिर्काएर भन्यो—'यो भन्दा पनि ठूलो अल्छी तँ रहिछस् ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै सिद्ध छन्, न कोही योगी र न कुनै ज्ञानी नै देखिन्छन् । कुनै क्रियावान् पुरुषको दर्शन पाउनु पनि दुर्लभ छ । कालरूपी दावानिले सबै राम्रा साधनहरूलाई भस्म पारिदिएका छन् ।
भा. मा. यहाँका प्रजानन अन्न बेच्तछन्, ब्राह्मण वेद बेच्दछन् र नारीहरू रूप बिक्री गर्दछन् । कलिकालमा अनाचारीहरूको वृद्धि भइरहेको छ । यस प्रकार कलिकाअनेक दोषहरू हेर्दै र यता-उता भा. टी
भ्रमण गर्दै म यमुना नदीको तटवर्ती वृन्दावन पुगें, जहाँ भगवान्ले मनोहर लीला गरेका थिए ॥ ३४-३७ ॥ हे मुनिहो ! मैले त्यहाँ यौटा अनौठो कुरा देखें । यौटी युवती नारी अलपत्र
। ३ ॥ परेर बसेकी थिई ॥३८॥ त्यसको नगीचै दुइ जना बूढा मूर्छित भएर लामू-लामू सास फेर्दै लडिरहेका थिए त्यो एक्ली तरुणी ती वृद्धको सेवा गर्दै तिनलाई धैर्य दिन्थी र दुःखी भएर अ० १
तिनको सामुन्ने रुन्थी र कल्पन्थी । छिन-छिनमा त्यो आफ्नो रक्षा गर्ने कुनै सहायकको अपेक्षा गरिरहेको थिई । त्यस स्त्रीका वरिपरि बसेका अनेक स्त्रीहरू पंखा हम्कन्दै त्यसलाई

सिद्धो वा न ज्ञानी सत्क्रियो नरः ॥ कलिदावानलेनाद्य साधनं भस्मतां गतम् ॥३५॥ अट्टशूला जनपदाः शिवशूला द्विजातयः ॥ कामिन्यः केश-
शूलिन्यः सम्भवन्ति कलाविह ॥३६॥ एवं पश्यन् कलेर्दोषान् पर्यटन्नवनीमहम् ॥ यामुनं तटमापन्नो यत्र लीला हरेरभूत् ॥ ३७ ॥ तत्राश्चर्यं मया दृष्टं
श्रूयतां तन्मुनीश्वराः ॥ एका तु तरुणी तत्र निषण्णा खिन्नमानसा ॥३८॥ वृद्धौ द्वौ पतितौ पार्श्वे निःश्वसन्तावचेतनौ ॥ शुश्रूषन्ती प्रबोधन्ती रुदती
च तयोः पुरः ॥ ३९ ॥ दशदिक्षु निरीक्षन्ती रक्षितारं निजं वपुः ॥ वीज्यमाना शतस्त्रीभिर्बोध्यमाना मुहुर्मुहुः ॥४०॥ दृष्ट्वा दूरादुगतः सोऽहं कौतुकेन
तदंतिकम् ॥ दृष्ट्वा मां चोत्थिता बाला विह्वला चाब्रवीद्वचः ॥४१॥ बालोवाच ॥ भो भोः साधो क्षणं तिष्ठ मच्चिंतामपि नाशय ॥ दर्शनं तव लोकस्य
सर्वथाऽघहरं परम् ॥४२॥ बहुधा तव वाक्येन दुःखशान्तिर्भविष्यति ॥ यदा भाग्यं भवेद्भूरि भवतो दर्शनं तदा ॥ ४३ ॥ नारद उवाच ॥ काऽसि
त्वं काविमौ चेमा नार्यः काः पद्मलोचनाः ॥ वद देवि सविस्तारं स्वस्य दुःखस्य कारणम् ॥४४॥ बालोवाच ॥ अहं भक्तिरिति ख्याता इमौ मे तनयौ
मतौ ॥ ज्ञानवैराग्यनामानौ कालयोगेन जर्जरौ ॥४५॥ गङ्गाद्याः सरितश्चेमा मत्सेवार्थं समागताः ॥ तथापि न च मे श्रेयः सेवितायाः सुरैरपि ॥४६॥
इदानीं शृणु मद्वार्तां सचित्तस्त्वं तपोधन ॥ वार्ता मे विततास्यस्ति तां श्रुत्वा सुखमावह ॥४७॥ उत्पन्ना द्रविडे साऽहं वृद्धिं कर्णाटके गता ॥ क्वचित्क-
चिन्महाराष्ट्रे गुर्जरे जीर्णतां गता ॥४८॥ तत्र घोरकलेर्योगात्पाखंडैः खंडिताङ्गका ॥ दुर्बलाऽहं चिरं जाता पुत्राभ्यां सह मंदताम् ॥४९॥ वृन्दावनं

सम्झाइ बुझाइरहेका थिए । परैबाट यस्तो स्थिति देखेर कुतूहल भई म त्यहाँ पुगें । त्यो तरुणी मलाई देखेर उठी र विह्वल भई भन्नलागी—हे साधो ! एकैछिन अडिएर मेरो चिन्ता
निवारण गरिदिनोस् । हजुरजस्ताको दर्शन सबै पाप नष्ट पार्दछ । हजुरको कुराले मेरो कष्ट निवारण हुनेछ । जब कसैको सुकृति उदय हुन्छ तब हजुरको दर्शन मिल्दछ ॥३९-४३॥
नारदले सोधे—तिमी को हौ ? यी कमलनयनी नारीहरू को हुन् ? हे देवि ! तिमी आफ्नो दुःखको कारण भन ॥४४॥ स्त्रीले भनिन्—'म भक्ति हुँ र यी दुवै मेरा पुत्र ज्ञान र वैराग्य ॥ ३
हुन्, यी बूढा भइसकेका छन् ॥४५॥ यी गङ्गा आदि नदीहरू मेरो सेवाको निम्ति आएका छन् । यी देवीहरूको सेवाले पनि मेरो कल्याण होला भन्ने देखिदिन ॥४६॥ हे मुने ! हजुर
आफूलाई शान्त पारेर मेरो वृत्तान्त सुन्नोस् । मेरो राम-कथा निकै लामो छ, त्यसलाई सुनेर हजुर सुखी हुनुहोस् ॥४७॥ म भक्ति हुँ, द्रविड देशमा उत्पन्न भएँ, कर्णाटकमा ठूली र महा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्र तथा गुजरातमा बुढी भएँ ॥४८॥ घोर कलिकालले गर्दा पाखण्डीहरूले मेरो टुक्रा-टुक्रा पारिदिए । त्यसैले म र मेरा छोरा निकै समयदेखि दुर्बल हुँदै गइरहेथ्यौं ॥४९॥ किन वृन्दावनमा आउनाले म रूपवती तरुणी स्त्री भएकी हुँ । अब सबै प्रकारले मेरो रूप राम्रो छ ॥५०॥ तापनि मेरा छोरा ज्ञान-वैराग्य थकाईले यहाँ पल्टिरहेका छन् । म यहाँबाट कुनै अर्को देशमा जान खोजिरहेकी छु ॥५१॥ मेरा पुत्रहरू वृद्ध भइसकेका छन्, यो असाधारण कष्टले मलाई व्याकुल तुल्याएको छ । यहाँ आएर म युवती किन भएँ र छोराहरू किन वृद्ध भए बुझ्न सकिरहेकी छैन ॥५२॥ जब हामी तीनै जना संगै आयौं तब यस्तो विषमता किन उपस्थित भयो ? यदि आमा बूढी र सन्तान तरुना हुनु त ठीक हो, तर आमा जवान र छोरा बुढा हुनुलाई के भन्ने ॥५३॥ म यस विषयमा बराबर यही विचार गर्दै रहन्छु—यस्तो किन भयो ? हे योगनिधे ! यसको जुन कारण हो, हजुर आज्ञा हवस् ॥५४॥ नारदले भने म ज्ञानदृष्टिले हेर्दछु कि किन यस्तो भयो ? हे निष्पापे ! विषाद नगर । नारायणले कल्याण गर्नुहुन्छ ॥५५॥ सूतजी भन्नुहुन्छ—त्यस घटनाको कारण जानेर नारदले भक्तिलाई भने—

पुनः प्राप्य नवीनेव सुरूपिणी ॥ जाताऽहं युवती सम्यक्प्रेष्ठरूपा तु साम्प्रतम् ॥ ५० ॥ इमौ तु शयितावत्र सुतौ मे क्लिश्यतः श्रमात् ॥ इदं स्थानं परित्यज्य विदेशं गम्यते मया ॥५१॥ जरठत्वं समायातौ तेन दुःखेन दुःखिता ॥ साऽहं तु तरुणी कस्मात्सुतौ वृद्धाविमौ कुतः ॥५२॥ त्रयाणां सहचारित्वाद्वैपरीत्यं कुतः स्थितम् ॥ घटते जरठा माता तरुणौ तनयाविति ॥५३॥ अतः शोचामि चात्मानं विस्मयाविष्टमानसा ॥ वद योगनिधे धीमन् कारणं चात्र किं भवेत् ॥५४॥ नारद उवाच ॥ ज्ञानेनात्मनि पश्यामि सर्वमेतत्तवानघे ॥ न विषादस्त्वया कार्यो हरिः शं ते करिष्यति ॥५५॥ सूत उवाच ॥ क्षणमात्रेण तज्ज्ञात्वा वाक्यमूचे मुनीश्वरः ॥५६॥ नारद उवाच ॥ शृणुष्वावहिता बाले युगोऽयं दारुणः कलिः ॥ तेन लुप्तसदाचारो योगमार्गस्तपांसि च ॥ जना अघासुरायन्ते शाठ्यदुष्कर्मकारिणः ॥५७॥ इह सन्तो विषीदन्ति प्रहृष्यन्ति ह्यसाधवः ॥ धत्ते धैर्यं तु यो धीमान् स धीरः पण्डितोऽथवा ॥५८॥ अस्पृश्याऽनवलोक्येयं शेषभारकरी धरा ॥ वर्षे वर्षे क्रमाज्जाता मङ्गलं नापि दृश्यते ॥ ५९ ॥ न त्वामपि सुतैः साकं कोऽपि पश्यति साम्प्रतम् ॥ उपेक्षिताऽनुरागान्धैर्जर्जरत्वेन संस्थिता ॥ ६० ॥ वृन्दावनस्य संयोगात्पुनस्त्वं तरुणी नवा ॥ धन्यं वृन्दावनं तेन भक्तिर्नृत्यति यत्र च ॥६१॥ अत्रेमौ ग्राहकाभावान्न जरामपि मुञ्चतः ॥ किञ्चिदात्मसुखेनेह प्रसुप्तिर्मन्यतेऽनयोः ॥ ६२ ॥ भक्तिरुवाच ॥ कथं परीक्षिता राज्ञा स्थापितो ह्यशुचिः कलिः ॥

हे बाले ! तिमी सावधान भएर सुन, यो दारुण कलियुग हो ॥५६॥ यस निमित्त संसारबाट सदाचार लुप्त भएको छ ! सबै व्यक्तिले योगमार्ग र तपस्या त्यागिदिएका छन् । मानिसहरू अनेक दुष्कर्मले अघासुर बनिसकेका छन् ॥५७॥ कलिको राज्यमा सज्जन दुःख भोग्दछन् र दुष्ट मोज गर्दछन् । यस्तो समयमा पनि जो धैर्य धारण गर्दछ, त्यसैलाई धैर्यशाली वा पण्डित भन्न सकिन्छ ॥५८॥ यो अस्पृश्य र अनवलोकनीय पृथ्वी वर्षै-वर्ष शेष भगवान्को भारी बन्दै गइरहीछ, कसै गरेर पनि कल्याण हुने देखिन्दैन ॥५९॥ यस बखत कोही तिमी र तिम्रा छोराहरूतिर हेर्दा पनि हेर्दैनन् । वासनामा अन्धा संसारीहरूले तिमीलाई त्यागिदिएका थिए, त्यसैले तिमी (बूढी) भएकी थियौ ॥६०॥ तर यस वृन्दावनमा आएर तिमी तरुणी भयौ ! यो वृन्दावन धन्य छ, जहाँ भक्ति दिन-रात नाचिरहन्छिन् ॥ ६१ ॥ यहाँ यी (ज्ञान-वैराग्य) का कुनै ग्राहक छैनन् । यसैले यी दुवै आफ्नो वृद्धत्व छाड्न सक्दैनन् । अँ, यहाँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनको आत्मालाई केही सुख अवश्य प्राप्त भएको छ, यसैले यी सुतेका छन् ॥६२॥ भक्तिले भने–यदि यस्तो थियो भने महाराज परीक्षितले यस दुष्ट कलिलाई यहाँ बस्न किन दिए ? यो आएपछि सबैको पराक्रम कता गयो ? ती नारायण पनि अधर्म बढेको किन हेरिरहेका छन् ? तपाई मेरो यो सन्देह हटाइदिनुस् । हजुरको कुराले मलाई ठूलो आनन्द प्राप्त भइरहेको छ ॥ ६३-६४ ॥ नारदजीले भने—हे बाले ! तिमीले मसित सोधिहालेपछि प्रेमपूर्वक सुन । हे भद्रे ! म तिमीलाई सबै रहस्य बताइदिन्छु, यसले तिम्रो सारा संशय नष्ट हुनेछ ॥६५॥ जुन दिन भगवान् यो भूमण्डल त्यागेर आफ्नो गोलोकमा पाल्नुभयो, त्यसै दिन सबै साधनमा बाधा पुऱ्याउने कलि यहाँ आइपुग्यो ॥६६॥ दिग्विजयको प्रसंगमा महाराज परीक्षितले यसलाई समाएका थिए, तर त्यस बेला यो दीन बनेर उनको शरणागत भयो । महाराजले विचार गरे कि जब यो मेरो समक्ष दीन बनिहाल्यो, यसलाई किन मारौं ॥६७॥ फेरि जुन

प्रवृत्ते तु कलौ सर्वसारः कुत्र गतो महान् ॥६३॥ करुणापरेण हरिणाऽप्यधर्मः कथमीक्ष्यते ॥ इमं मे संशयं छिन्धि त्वद्वाचा सुखिताऽस्म्यहम् ॥६४॥ नारद उवाच ॥ यदि पृष्टस्त्वया बाले प्रेमतः श्रवणं कुरु ॥ सर्वं वक्ष्यामि ते भद्रे कश्मलं ते गमिष्यति ॥ ६५ ॥ यदा मुकुन्दो भगवान् क्ष्मां त्यक्त्वा स्वपदंगतः ॥ तद्दिनात्कलिरायातः सर्वसाधनबाधकः ॥६६॥ दृष्टो दिग्विजयो राज्ञा दीनवच्छरणं गतः ॥ न मया मारणीयोऽयं सारङ्ग इव सारमुक् ॥६७॥ यत्फलं नास्ति तपसा न योगेन समाधिना ॥ तत्फलं लभ्यते सम्यक्कलौ केशवकीर्तनात् ॥६८॥ एकाकारं कलिं दृष्ट्वा सारवत्सारनीरसम् ॥ विष्णुरातः स्थापितवान्कलिजानां सुखाय च ॥६९॥ कुकर्माचरणात्सारः सर्वतो निर्गतोऽधुना ॥ पदार्थाः संस्थिता भूमौ बीजहीनास्तुषा यथा ॥७०॥ विप्रैर्भागवती वार्ता गेहे गेहे जने ॥ कारिता कणलोभेन कथासारस्ततो गतः ॥ ७१ ॥ अत्युग्रभूरिकर्माणो नास्तिका रौरवा जनाः ॥ तेऽपि तिष्ठंति तीर्थेषु तीर्थसारस्ततो गतः ॥७२॥ कामक्रोधमहालोभतृष्णाव्याकुलचेतसः ॥ तेऽपि तिष्ठन्ति तपसि तपःसारस्ततो गतः ॥७३॥ मनसश्चाजया-

तपस्या, योग र समाधिले पनि सुलभ हुन्न त्यो कलियुगमा केवल भगवान्को गुण-गानले प्राप्त हुन्छ ॥६८॥ यस युगमा यदि ज्ञान-वैराग्यका साधन गर्न नसके पनि केवल भक्तिको साधनाले प्राणी मुक्त हुन्छन् । यी लाभहरू देखेर नै राजा परीक्षितले कलिको स्थापना गरिदिएका थिए ॥६९॥ तर प्राणिहरूको कुकर्मले यस बखत मानिसको सबै पराक्रम भागिसकेको छ । संसारका सबै पदार्थ उस्तै निस्सार भएका छन् जस्तै भूस रोपेर अन्न फल्दैन ॥ ७० ॥ ब्राह्मण पेटभरि अन्नको लोभले घरघरै गएर भगवान्को कथा भन्नलागे, यसले *कथाको महत्व सकियो ॥७१॥ ठूला-ठूला पापी, नास्तिक र नारकी जन तीर्थ पुरोहित बने, त्यसैले तीर्थको महिमा रहेन ॥ ७२ ॥ काम, क्रोध, लोभ र तृष्णाले व्याकुल पाखण्डी पनि तपस्वी भए, त्यसैले तपस्याको महत्व नष्ट भयो ॥७३॥ मन जित्न नसकेर दम्भ र पाखण्डको आश्रय लिने र राम्ररि नगर्नाले ध्यान तथा योगको बल क्षीण भयो ॥७४॥ आज पण्डित नाम

* दृष्टान्त—(कथा) यौटा साहुजी नित्य कथा सुन्न जाने गर्दथे । एक दिन ती कुनै काममा अल्झिए, त्यसै कारण उनले आफ्नो छोरोलाई डाकेर भने—बाबू ! आज अमुक स्थानमा गएर कथा सुनेर आउनु । छोरो कथा सुन्न गएको त कथामा सुन्यो गाई माता समान हुन्, यसनिम्ति गाईमाथि सदैव दयाभाव राख्नु । यदि त्यो कयै खान-पिउन लागेकी छ भने त्यसलाई नछेक ।' भोलिपल्ट साहूको छोरो पसलमा बसेको थियो, त्यसै बखतमा यौटी गाई आइपुगी र बोराको चामल खानलागी । बालकले कथामा भनेको सम्झ्यो—अतः त्यसले गाई धपाएन । त्यसै कारण केही चामल भूमिमा छरियो र केही गाईले खायी । पछि बाबू आई पुत्रलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुने जीव राँगो झैं स्त्रीहरूसित विहार गर्दछन् । ती छोरा जन्माउन जति निपुण छन्, त्यति मुक्ति-साधनमा छैनन् ॥ ७५ ॥ सम्प्रदायको अनुकूल आचरण गर्ने वैष्णवत्व कहीं देखिन्न, यसैले सबै वस्तुको सार नष्ट भएको छ ॥७६॥ जब यो युगधर्म नै छ, तब कसलाई दोष दिने ? यसैले भगवान् समस्त अनर्थ देखेर पनि मौन हुनुहुन्छ । सूतजी भन्दछन्—हे शौनक ! नारदका कुरा सुनेर भक्तिलाई ठूलो विस्मय भयो र उनले जे भनिन् त्यो सुन ॥७७-७८॥ भनिन्—तपाईं धन्य हुनुहुन्छ र मेरै भाग्यले यहाँ आउनुभयो, किनकि सत्पुरुषको दर्शन सबै सिद्धिहरू प्रदान गर्दछ ॥७९॥ फेरि जसले संसारको माया जितिसकेका छन्, जसले शरीरमा प्रभुता प्राप्त गरिसकेका छन् जसको वचन मानेर बालक ध्रुव ध्रुवपदमा प्राप्त भए, सबै प्रकारका गुणहरूले परिपूर्ण ती नारद मुनिलाई म प्रणाम गर्दछु ॥ ८० ॥ इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवत माहात्म्ये भक्ति-नारद-समागमो नाम प्रथमोऽध्यायः ॥ १ ॥

लोभाद्दम्भात्पाखण्डसंश्रयात् ॥ शास्त्रानभ्यसनाच्चैव ध्यानयोगफलं गतम् ॥ ७४ ॥ पण्डितास्तु कलत्रेण रमन्ते महिषा इव ॥ पुत्रस्योत्पादने दक्षा अदक्षा मुक्तिसाधने ॥ ७५ ॥ न हि वैष्णवता कुत्र सम्प्रदायपुरःसरा ॥ एवं प्रलयतां प्राप्तो वस्तुसारः स्थले स्थले ॥ ७६ ॥ अयं तु युगधर्मो हि वर्तते कस्य दूषणम् ॥ अतस्तु पुण्डरीकाक्षः सहते निकटे स्थितः ॥ ७७ ॥ सूत उवाच ॥ इति तद्वचनं श्रुत्वा विस्मयं परमं गता ॥ भक्तिरूचे वचो भूयः श्रूयतां तच्च शौनक ॥ ७८ ॥ भक्तिरुवाच ॥ सुरर्षे त्वं हि धन्योऽसि मद्भाग्येन समागतः ॥ साधूनां दर्शनं लोके सर्वसिद्धिकरं परम् ॥ ७९ ॥ जयति जगति माया यस्य कायाधवस्ते वचनरचनमेकं केवलं चाकलय्य ॥ ध्रुवपदमभियातो यत्कृपातो ध्रुवोऽयं सकलकुशलपात्रं ब्रह्मपुत्रं नताऽस्मि ॥ ८० ॥ इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये भक्तिनारदसमागमो नाम प्रथमोऽध्यायः ॥ १ ॥

नारद उवाच ॥ वृथा खेदयसे बाले अहो चिन्तातुरा कथम् ॥ श्रीकृष्णचरणाम्भोजं स्मर दुःखं गमिष्यति ॥१॥ द्रौपदी च परित्राता येन कौरवकश्मलात् पालिता गोपसुन्दर्यः स कृष्णः क्वापि नोगतः॥२॥ त्वं तु भक्तिः प्रिया तस्य सततं प्राणतोऽधिका। त्वयाहूतस्तु भगवान् याति नीचगृहेष्वपि ॥३॥ सत्यादित्रियुगे बोधवैराग्यौ मुक्तिसाधकौ॥कलौ तु केवला भक्तिर्ब्रह्मसायुज्यकारिणी ॥४॥ इति निश्चित्य चिद्रूपः सद्रूपां त्वां ससर्जह ॥परमानंदचिन्मूर्तिः सुन्दरीं

नारदजी भन्दछन्—हे बाले ! व्यर्थ दुःखी नहोऊ । तिमी यति बर्ता चिन्तित किन छौ ? श्रीकृष्णका चरणको स्मरण गर सबै कष्ट टर्नेछ ॥१॥ जसले कौरवबाट द्रौपदीलाई बचाएथे, जसले गोप-सुन्दरीहरूको रक्षा गरेका थिए, ती भगवान् कतै गए र ? तिमी त उनकी प्राणप्रिया भक्ति हौ । तिमीले डाकेपछि ती नीचहरूको घरमा पनि जान्छन् ॥२॥३॥ सत्ययुग, द्वापर र त्रेतामा ज्ञान र वैराग्य मुक्तिका साधन मानिन्थे, तर कलियुगमा भक्ति नै प्राणीलाई ब्रह्मसित मिलाउँछ ॥४॥ यसैले त चिद्रूपधारी र परमानन्दस्वरूप भगवान्ले तिमी जस्ती

झपार्न थाले—'ए मूर्ख ! यो चामल किन छरिएको छ ?' उसले उत्तर दियो—'हजुरले नै त हिजो मलाई कथा सुन्न पठाउनु भएको थियो । त्यहाँ मैले सुनेको थिएँ—यदि गाईले केही खायो भने नधपाउनू ।' पिताले भन्यो—'हे मूढ ! यदि मैले यस्तै कथा सुनेको भए घर सुरक्षित रहने थियो ? सुन—जब कथा सुन्न जानू तब बोटा रुमालको छेउ बिछाउनु र हिड्ने बेलाला त्यो त्यहीं झड्कारेर भन्नू—'लौ पण्डितजी, आफ्नो कथा लेऊ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपवती सुन्दरी र कृष्ण-प्रेयसीको सृष्टि गरे ॥५॥ एकपल्ट तिमीले भगवान्‌सित सोध्यौ—म के गरूँ? प्रभुले भने—मेरा भक्तहरूको रक्षा गर ॥६॥ तिमीले त्यो कुरा मान्यौ, त्यसले प्रसन्न हुनुभयो। अनि उनले मुक्तिलाई तिम्री दासी एवं ज्ञान-वैराग्यलाई छोरो तुल्याएर साथमा दिए ॥७॥ तिमी सत्यस्वरूपले वैकुण्ठमा भक्तहरूको रक्षा गर्दछ्यौ र भूलोकका भक्तहरूको रक्षार्थ तिमीले छायारूप धारण गर्‍यौ ॥८॥ मुक्ति! ज्ञान र वैराग्यसंग तिमी भूमण्डलमा थियौ तत्र सत्ययुगदेखि द्वापरसम्म सुखपूर्वक रह्यौ। कलिमा पाखण्डरोगले पीडित मुक्ति यहाँ-वैकुण्ठ फर्क्यौं ॥९॥१०॥ अझ पनि ऊ तिमीले सम्झनासाथ यहाँ आउँछिन। यी ज्ञान-वैराग्यलाई तिमीले आफ्ना छोरा तुल्याएर अहिले पनि आफैंसित राखेकी छौ ॥११॥ कलियुगमा सबै ज्ञान र वैराग्यको उपेक्षा गर्दछन्। त्यसैले यी विचरा यस प्रकार शिथिल र बूढा भइरहेछन्। तापनि तिमी चिन्ता नगर, म कुनै उपाय विचार गर्दछु ॥१२॥ हे वरानने! कलि-

कृष्णवल्लभाम्॥५॥ बद्ध्वाञ्जलिं त्वया पृष्टं किं करोमीति चैकदा ॥ त्वांतदाज्ञापयत्कृष्णो मद्भक्तान्पोषयेति च॥६॥अङ्गीकृतं त्वया तद्वै प्रसन्नोभूद्धरिस्तदा ॥ मुक्तिं दासीं ददौ तुभ्यं ज्ञानवैराग्यकाविमौ ॥ ७ ॥ पोषणं स्वेन रूपेण वैकुंठे त्वं करोषि च ॥ भूमौ भक्तविपोषाय छायारूपं त्वया कृतम् ॥ ८ ॥ मुक्तिं ज्ञानं विरक्तिं च सह कृत्वा गता भुवि ॥ कृतादिद्वापरस्यान्तं महानन्देन संस्थिता ॥९॥ कलौ मुक्तिः क्षयं प्राप्ता पाखण्डामयपीडिता ॥ त्वदाज्ञया गता शीघ्रं वैकुण्ठं पुनरेव सा ॥ १० ॥ स्मृता त्वयाऽपि चात्रैव मुक्तिरायाति याति च ॥ पुत्रीकृत्य त्वयेमौ च पार्श्वे स्वस्यैव रक्षितौ ॥ ११ ॥ उपेक्षातः कलौ मन्दौ वृद्धौ जातौ सुतौ तव ॥ तथापि चिन्तां मुञ्च त्वमुपायं चिन्तयाम्यहम् ॥ १२ ॥ कलिना सदृशः कोऽपि युगो नास्ति वरानने ॥ तस्मिंस्त्वां स्थापयिष्यामि गेहे गेहे जने जने ॥ १३ ॥ अन्यधर्मांस्तिरस्कृत्य पुरस्कृत्य महोत्सवान् ॥ तदा नाहं हरेर्दासो लोके त्वां न प्रवर्तये ॥१४॥ त्वदन्विताश्च ये जीवा भविष्यन्ति कलाविह ॥ पापिनोऽपि गमिष्यन्ति निर्भयं कृष्णमन्दिरम् ॥१५॥ येषां चित्ते वसेद्भक्तिः सर्वदा प्रेमरूपिणी ॥ न ते पश्यन्ति कीनाशं स्वप्नेऽप्यमलमूर्तयः ॥ १६ ॥ न प्रेतो न पिशाचो वा राक्षसो वाऽसुरोऽपि वा ॥ भक्तियुक्तमनस्कानां स्पर्शने न प्रभुर्भवेत् ॥ १७ ॥ न तपोभिर्न वेदैश्च न ज्ञानेनापि कर्मणा ॥ हरिर्हि साध्यते भक्त्या प्रमाणं तत्र गोपिकाः ॥१८॥ नृणां जन्मसहस्रेण भक्तौ प्रीतिर्हि जायते ॥ कलौ भक्तिः कलौ भक्तिर्भक्त्या कृष्णः पुरः स्थितः ॥१९॥ भक्तिद्रोहकरा ये च ते सीदन्ति जगत्त्रये ॥ दुर्वासा दुःखमापन्नः पुरा भक्तिविनिन्दकः ॥२०॥

युग समान अरु कुनै युग छैन। म यसै कलियुगमा तिमीलाई घर-घर र प्राणी-प्राणीका हृदयमा स्थापित गर्दछु ॥१३॥ अरु सबै कर्महरूको त्याग गरी म उत्साहपूर्वक तिम्रो प्रचार गर्नछु। म संसारमा फेरि एकपल्ट तिमीलाई विख्यात पार्न नसके म भगवान्‌को भक्त नै होइन ॥१४॥ यस युगमा जो भक्तिमान् हुनन् ती पापी भए पनि वैकुण्ठवास गर्नन् ॥ १५ ॥ जसको हृदयमा सदैव भक्ति विद्यमान रहन्छ, ती पवित्र प्राणी सपनामा पनि यमराजको मुख हेर्दैनन् ॥१६॥ जसको चित्तमा भक्ति रहन्छिन्, ती प्राणीहरूलाई प्रेत, पिशाच, भूत राक्षस देवता कसैले पनि दुःख दिन सक्तैनन् ॥१७॥ तपस्या, वेद, ज्ञान र कर्मकाण्ड—यिनको कसैसित पनि भगवान् प्रसन्न हुँदैनन् उनी एकमात्र भक्तिले प्रसन्न हुन्छन। यस विषयमा प्रमाण व्रजका गोपिनीहरू छन् ॥१८॥ अनेक जन्मको पुण्योदय भएपछि हृदयमा भक्तिको उदय हुन्छ र कलियुगमा भक्तिले भगवान् साम्हुन्ने प्रकट हुन्छन् ॥१९॥ जो मानिस भक्तिसित द्रोह

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछन् ती स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा दुःखी रहन्छन् । भक्तिका निन्दक दुर्वासाले कस्तो कष्ट भोग्नु परेको थियो ? ॥२०॥ व्रत, तीर्थ, योग, यज्ञ र कथाहरू भन्नु र सुन्नु यी सबै भक्तिको अघिल्तिर तुच्छछन् । केवल भक्ति मुक्ति-साधनाको निम्ति यथेच्छ छ ॥२१॥ सूतजी भन्दछन्–यसरी नारदको मुखबाट आफ्नो महिमा सुनेर भक्तिका अङ्गप्रत्यङ्ग हर्षित भए । तिनले नारदलाई भनिन्—अहो मुने ! तिमी धन्य छौ । मप्रति तिम्रो अटल श्रद्धा छ । म कहिल्यै पनि तिमीलाई छाड्दिन सदा तिम्रो हृदयमा म रहनेछु ॥२२-२३॥ हे मुने ! तिमीले कृपा गरेर एकछिनमै मेरो कष्ट निवारण गरिदियौ, तर मेरा छोरा अझ अचेत लडिरहेछन् । अब इनलाई पनि कुनै प्रकारले सचेत पार ॥२४॥ भक्तिका कुरा सुनेर नारदको हृदय करुणाले द्रवित भएर आयो र ती आफ्मा हातले ज्ञान-वैराग्यको शरीर थिच्तै तिनलाई सचेत पार्ने चेष्टा गर्नलागे ॥२५॥ ती दुवैको कानैनेर मुख लगेर चर्को स्वरले भन्नलागे–हे ज्ञान ! हे वैराग्य ! होशमा आऊ ॥२६॥ त्यसपछि वेद-वेदान्तका पवित्र मन्त्रहरू उच्चारण गर्दै गीता पाठ गरेर उनले ती दुवैलाई सचेत तुल्याउने चेष्टा गरे अनि कुनै प्रकारले चलमलाउनलागे

अलं व्रतैरलं तीर्थैरलं योगैरलं मखैः ॥ अलं ज्ञानकथालापैर्भक्तिरेकैव मुक्तिदा ॥२१॥ सूत उवाच ॥ इति नारदनिर्णीतं स्वमाहात्म्यं निशम्य सा ॥ सर्वाङ्गपुष्टिसंयुक्ता नारदं वाक्यमब्रवीत् ॥२२॥ श्रीभक्तिरुवाच ॥ अहो नारद धन्योऽसि प्रीतिस्ते मयि निश्चला ॥ न कदाचिद्विमुञ्चामि चित्ते स्थास्यामि सर्वदा ॥ २३ ॥ कृपालुना त्वया साधो मद्बाधा ध्वंसिता क्षणात् ॥ पुत्रयोश्चेतना नास्ति ततो बोधय बोधय ॥२४॥ सूत उवाच ॥ तस्या वचः समाकर्ण्य कारुण्यं नारदो गतः ॥ तयोर्बोधनमारेभे कराग्रेण विमर्दयन् ॥२५॥ मुखं संयोज्य कर्णांते शब्दमुच्चैःसमुच्चरन् ॥ ज्ञान प्रबुद्ध्यतां शीघ्रं रे वैराग्य प्रबुद्ध्यताम् ॥२६॥ वेदवेदीतवोषैश्च गीतापाठैर्मुहुर्मुहुः ॥ बोद्ध्यमानौ तदा तेन कथं चिच्चोत्थितौ बलात् ॥२७॥ नेत्रैरवलोकंतौ जृम्भंतौ सालसा· वुभौ ॥ बकवत्पलितौ प्रायःशुष्ककाष्ठसमाङ्गकौ ॥२८॥ क्षुत्क्षामौ तौ निरीक्ष्यैव पुनः स्वापपरायणौ ॥ ऋषिश्चिन्तापरो जातः किं विधेयं मयेति च ॥२९॥ अहो निद्रा कथं याति वृद्धत्वं च महत्तमम् ॥ चिंतयन्निति गोविंदं स्मारयामास भार्गव ॥३०॥ व्योमवाणी तदैवाभून्मा ऋषे खिद्यतामिति ॥ उद्यमः सफल· स्ते तु भविष्यति न संशयः ॥३१॥ एतदर्थं तु सत्कर्म सुरर्षे त्वं समाचर ॥ तत्ते कर्माभिधास्यंति साधवः साधुभूषणाः ॥३२॥ सत्कर्मणि कृते तस्मिन्सनिद्रा वृद्धताऽनयोः ॥ गमिष्यति क्षणाद्भक्तिः सर्वत्र प्रसरिष्यति ॥३३॥ इत्याकाशवचः स्पष्टं तत्सर्वैरपि विश्रुतम् ॥ नारदो विस्मयं लेभे नेदं ज्ञातमिति ब्रुवन्

॥२७॥ त्यति गर्दा पनि तिनका नेत्र खुलेनन्, सुती-सुती 'हाई-हाई' गर्नलागे किनकि तिनीमाथि आलस्यको प्रभाव थियो । बकुल्लाको प्वाँखजस्तै सेतो तिनको कपाल थियो र अङ्गप्रत्यङ्ग सुखेर काठजस्तै भएका थिए ॥२८॥ भोकले शक्तिहीन त भएकै थिए, त्यति गरेपछि तिनले अलिकति आँखा उघारे तापनि फेरि निदाए । नारदजी विचार गर्नलागे—अब म के गरौं ? ॥२९॥ कसरी इनको निद्रा हराउला । इनको वृद्धत्व पनि साधारण छैन । हे शौनक ! अनि नारदले तिनलाई भगवान् स्मरण गराउने चेष्टा गरे ॥३०॥ त्यसै बखत आकाशवाणी भयो—हे नारद ! तिमी खेद नगर तिम्रो प्रयत्न सफल हुनेछ ॥३१॥ इनको कल्याणार्थ तिमी राम्रा-राम्रा काम गर । ती राम्रा कर्महरू तिमीलाई सज्जनले भन्नेछन् ॥३२॥ तिम्रा सत्कर्मले यी दुवै जनाको निद्रा र वृद्धत्व दुवै हट्नेछ र भक्तिको सबैतिर प्रसार हुनेछ ॥ ३३ ॥ त्यो आकाशवाणी सबैले सुने । नारदलाई यो विचारेर विस्मय भयो कि मैले सत्कर्महरू गर्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुराहरू किन सोचीन ॥३४॥ ती फेरि विचार गर्न थाले—आकाशवाणीले पनि स्पष्ट कुरा भनेन, अनि त्यो कुन सत्कर्म हो, जुन गरेर नियनको काम पूर्ण हुन सक्तछ ॥ ३५ ॥ ती सन्त मलाई कहाँ भेटिएलान् र त्यो साधन तिनले मलाई कसरी भन्लान् ? अब म के गरूँ र आकाशाणीको कथन सत्य होस् ॥३६॥ सूतजी भन्दछन्—अनि नारद तिनलाई त्यहीं अड्याई आफू हिंडे र प्रत्येक तीर्थहरूमा भ्रमण गर्दै एकेक ऋषि-मुनिसित तिनको कल्याण हुने प्रश्न गर्नलागे ॥३७॥ मुनिका कुरा त सबैजना ध्यानपूर्वक सुन्दथे, तर कुनै निश्चयात्मक उत्तर दिन सक्तैनथे । कसैले ज्ञान-बैराग्यको कल्याणको प्रयत्न असाध्य छ भने र कसैले दुःसाध्य भने ॥३८॥ कति त यो वृत्तान्त सुनेर मौन नै रहे र कति त सुन्नासाथ एकातिर हिंडे । यस घटनाले तीनै लोकमा हाहाकार मच्चियो ॥३९॥ सबै जना परस्पर कुरा गर्दागर्दै भन्दथे—जब वेद-वेदान्तहरूको उद्घोष र गीता-पाठ गर्नाले पनि ज्ञान-वैराग्य उठेनन् भने अब कुनै

॥३४॥ नारद उवाच ॥ अनयाऽऽकाशवाण्याऽपि गोप्यत्वेन निरूपितम् ॥ किं वा तत्साधनं कार्यं येन कार्यं भवेत्तयोः ॥३५॥ क्व भविष्यंति संतस्ते कथं दास्यंति साधनम् ॥ मयाऽत्र किं प्रकर्तव्यं यदुक्तं व्योमभाषया ॥३६॥ सूत उवाच ॥ तत्र तावपि संस्थाप्य निर्गतो नारदो मुनिः ॥ तीर्थं तीर्थं विनिष्क्रम्य पृच्छन्मार्गे मुनीश्वरान् ॥३७॥ वृत्तान्तः श्रूयते सर्वैः किंचिन्निश्चित्य नोच्यते ॥ असाध्यं केचन प्रोचुर्दुर्ज्ञेयमिति चापरे ॥३८॥ मूकीभूतास्तथाऽन्ये तु कियंतस्तु पलायिताः ॥ हाहाकारो महानासीत्त्रैलोक्ये विस्मयावहः ॥३९॥ वेदवेदांतघोषैस्तु गीतापाठैर्विबोधितम् ॥ भक्तिज्ञान-विरागाणां नोदतिष्ठत्त्रिकं यदा ॥४०॥ उपायो नापरोऽस्तीति कर्णे कर्णेऽजपञ्जनाः ॥ योगिना नारदेनापि स्वयं न ज्ञायते तु यत ॥ ४१ ॥ तत्कथं शक्यते वक्तुमितरैरिह मानुषैः ॥ एवं ऋषिगणैः पृष्टैर्निर्णीयोक्तं दुरासदम् ॥ ४२ ॥ ततश्चिन्तातुरः सोऽथ बदरीवनमागतः ॥ तपश्चरामि चात्रेति तदर्थं कृतनिश्चयः ॥ ४३ ॥ तावद्ददर्श पुरतः सनकादीन्मुनीश्वरान् ॥ कोटिसूर्यसमाभासानुवाच मुनिसत्तमः ॥ ४४ ॥ नारद उवाच ॥

चात्रेति तदर्थं कृतनिश्चयः ॥४३॥ तावद्ददर्श पुरतः सनकादीन्मुनीश्वरान् ॥ कोटिसूर्यसमाभासानुवाच मुनिसत्तमः ॥ ४४ ॥ नारद उवाच ॥

इदानीं भूरिभाग्येन भवद्भिः सङ्गमः स्थितः ॥ कुमारा वदतां शीघ्रं कृपां कृत्वा ममोपरि ॥ ४५ ॥ भवन्तो योगिनः सर्वे बुद्धिमन्तो बहुश्रुताः ॥ पञ्च-हायनसंयुक्ताः पूर्वेषामपि पूर्वजाः ॥४६॥ सदा वैकुण्ठनिलया हरिकीर्तनतत्पराः ॥ लीलामृतरसोन्मत्ताः कथामात्रैकजीविनः ॥ ४७ ॥ हरिः शर-णमेवं हि नित्यं येषां मुखे वचः ॥ अतः कालसमादिष्टा जरा युष्मान्न बाधते ॥ ४८ ॥ येषां भ्रूभङ्गमात्रेण द्वारपालौ हरेः पुरा ॥ भूमौ निपतितौ सद्यो

अर्को उपाय हुनै सक्तैन । जब ब्रह्मर्षि नारदले कुनै पक्का निधो गर्न सकेनन् भने अरु कसैले के गर्न सक्तछ ॥४०-४१॥ नारदले जुन जुन ऋषिहरूसित यस विषयमा सल्लाह गरे ती कति चूप लागिरहे अथवा तिनीहरूले आफ्नो असमर्थता प्रकट गरिदिए ॥४२॥ अनि चिन्ताले व्याकुल नारद बदरीनाराणतिर गए र उनले निश्चय गरे—म ती तीनैको कल्याणार्थ तपस्या गर्नेछु ॥४३॥ त्यसै बेला नारदले कोटियौं सूर्यका समान तेजस्वी सनकादि मुनिहरूलाई आफ्नो अघिल्तिर उपस्थित देखेर भने—॥४४ ॥ हे कुमारगण ! ठूलो भाग्यले हजुर भेटिनुभयो अब ममाथि कृपा गरेर कुनै उपाय बताउनोस् ॥४५॥ हजुरहरू बुद्धिमान्, योगी र बहुश्रुत हुनुहुन्छ । हजुरहरू सधैं पाँच वर्षका नै रहनु हुन्छ र पूर्वजका पनि पूर्वज हुनुहुन्छ ॥४६॥ हजुरहरू सदैव वैकुण्ठमै रहेर भगवान्को गुण गाउनु हुन्छ, भगवान्का लीलामृत पान गरेर उन्मत्त जस्ता र भगवान्का कथा भन्नु-सुन्नु नै हजुरहरूको जीवनचर्या छ ॥४७॥ हजुरका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सधैँ 'हरिःशरणम्' निस्किरहन्छ । यसैले कालकी आज्ञाकारिणी 'वृद्धावस्था' पनि हजुरहरूलाई कष्ट दिनसक्तिन ॥४८॥ हजुरहरूको भ्रू-भंग मात्रले भगवान्का द्वारपाल जय-विजय वैकुण्ठबाट र फेरि हजुरहरूको कृपा हुनासाथ ती फेरि आफ्नो पदमा पुगेका थिए ॥४९॥ अहो ! आज ठूलै भाग्य हुनाले हजुरहरूको दर्शन भयो । म दीनमाथि दया गर्नुहवस् किनकि दीनजनमा स्वभावैं छ ॥५०॥ त्यस वखत आकाशवाणीले मसित जे भन्यो, त्यो कुन सत्कर्म हो ? यो विस्तारले आज्ञाहवस् ॥ ५१ ॥ भक्ति, ज्ञान-वैराग्यलाई म कसरी सुखी पार्न सकूला र कसरी संसारका सबै वर्णहरूमा तिनको संचार होला ॥५२॥ यति सुनेर सनकादि कुमाले भने—हे देवर्षे ! तिमी प्रसन्न होऊ । यस विषयमा त एउटा सुख-साध्य उपाय । पहिले देखिनै निश्चित भइसकेको छ ॥५३॥ हे नारद ! तिमी धन्य छौ, यसैले त विरागीहरूका शिरोमणि मानिन्छौ । तिमी सदैव भगवद्भक्तहरूका अग्रणी र योगीहरूमा सूर्य जस्तै छौ ॥ ५४ ॥

यत्कृपातः पदं गतौ ॥ ४९ ॥ अहो भाग्यस्य योगेन दर्शनं भवतामिह ॥ अनुग्रहस्तु कर्तव्यो मयि दीने दयापरैः ॥ ५० ॥ अशरीरगिरोक्तं यत्तत्किं साधनमुच्यताम् ॥ अनुष्ठेयं कथं तावत्प्रब्रुवन्तु सविस्तरम् ॥५१॥ भक्तिज्ञानविरागाणां सुखमुत्पद्यते कथम् ॥ स्थापनं सर्ववर्णेषु प्रेमपूर्वं प्रयत्नतः ॥ ५२ ॥ कुमारा ऊचुः ॥ मा चिन्तां कुरु देवर्षे हर्षं चित्ते समावह ॥ उपायः सुखसाध्योऽत्र वर्तते पूर्व एव हि ॥५३॥ अहो नारद धन्योऽसि विरक्तानां शिरोमणिः ॥ सदा श्रीकृष्णदासानामग्रणीर्योगभास्करः ॥ ५४ ॥ त्वयि चित्रं न मन्तव्यं भक्त्यर्थमनुवर्तिनि ॥ घटते कृष्णदासस्य भक्तेः स्थापनता सदा ॥ ५५ ॥ ऋषिभिर्बहवो लोके पन्थानः प्रकटीकृताः ॥ श्रमसाध्याश्च ते सर्वे प्रायः स्वर्गफलप्रदाः ॥ ५६ ॥ वैकुण्ठसाधकः पन्थाः स तु गोप्यो हि वर्तते ॥ तस्योपदेष्टा पुरुषः प्रायो भाग्येन लभ्यते ॥ ५७ ॥ सत्कर्म तव निर्दिष्टं व्योमवाचा तु यत्पुरा ॥ तदुच्यते शृणुष्वाद्य स्थिरचित्तः प्रसन्नधीः ॥ ५८ ॥ द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ॥ स्वाध्यायज्ञानयज्ञाश्च ते तु कर्मविसूचकाः ॥५९॥ सत्कर्मसूचको नूनं ज्ञानयज्ञः स्मृतो बुधैः ॥ श्रीमद्भागवतालापः स तु गीतः शुकादिभिः ॥ ६० ॥ भक्तिज्ञानविरागाणां तद्घोषेण बलं महत् ॥ व्रजिष्यति द्वयोः कष्टं सुखं भक्तेर्भविष्यति ॥६१॥ प्रलयं हि गमिष्यन्ति श्रीद्भागवतध्वनेः ॥ कलेर्दोषा इमे सर्वे सिंहशब्दाद्वृका इव ॥६२॥ ज्ञानवैराग्यसंयुक्ता भक्तिः प्रेमरसा·

भक्तिको यसरी अनुसरण गर्नु तिम्रो निम्ति विस्मयको कुरा छन । भक्तको त यो कर्तव्य नै हो कि ती प्रत्येक प्राणीको हृदयमा भक्तिको स्थापना गर्दैरहोस् ॥५५॥ प्राचीन महर्षिहरूले अनेक बाटो देखाएका छन् तर ती बाटो परिश्रमसाध्य र स्वर्गसुख दिने मात्र हुन्छन् ॥५६॥ वैकुण्ठको साधक मार्ग त गुप्त नै छ, त्यसको उपदेश गर्न पुरुष ठूलो भाग्यले पाइन्छन् ॥५७॥ आकाशवाणीले जुन सत्कर्मको निर्देश गरेको छ, अब म त्यो भन्दछु । तिमी चित्तस्थिर गरेर, बुद्धिलाई स्वच्छ पार, अनि सुन ॥५८॥ द्रव्ययज्ञ, योगयज्ञ, स्वाध्याय यज्ञ, ज्ञान यज्ञ र तपोयज्ञ आदि कर्मकाण्डका सूचक अनेक यज्ञ छन् ॥५९॥ तर यी सबैमा सत्कर्मको सूचक केवल ज्ञानयज्ञ नै छ । त्यस ज्ञानयज्ञमा शुकादि मुनिहरूले श्रीमद्भागवत को कथा भनेका छन् ॥६०॥ त्यस कथाको घोषले भक्ति, ज्ञान र वैराग्यलाई ठूलो बल मिल्नेछ र तिनको कष्ट हराउने छ ॥६१॥ श्रीमद्भागवतको ध्वनिले कलिकादोष उसैगरी भाग्दछन्, जसरी सिंहको गर्जन

उदाहरण—श्रीमद्भागवत पठन–पाठन कुनै यौटा ब्राह्मणले काशीमा वेद-वेदांग आदि पढेर अनेक धर्म-ग्रन्थ र श्रीमद्भागवत कण्ठस्थ पारे । 'विद्यावतां भागवते परीक्षा' भागवत कुनै सामान्य र नक्कली ग्रन्थ होइन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनेर मृगहरू भाग्दछन् ॥६२॥ भागवत श्रवण गर्नाले ज्ञान-वैराग्य सित प्रेम-रसको धारा बगाउँदै भक्ति संसारका प्रत्येक घर र एक-एक प्राणीका हृदयमा कल्लोल गर्दै खेल्ने छन् ॥६३॥ नारदले भने-जब वेद-वेदाङ्गका घोष र गीता सुन्नाले पनि ती तीनै जना उठेनन् ॥६४॥ तब श्रीमद्भागवतको कथा सुन्नाले ती कसरी सचेत हुनन्? किनकि त्यस कथाका श्लोक-श्लोक र पद-पदमा वेदको अर्थ पसेको छ ॥६५॥ तपाईंहरू कृपा गरेर मेरो संशयको पनि निवारण गरिदिनुहवस्। किनकि तपाईंहरूको दर्शन कदापि व्यर्थ जाँदैन, तपाईं शरणागत-वत्सल हुनुहुन्छ ॥६६॥ सनकादि मुनिले भने—वेद र उपनिषदहरूको सारअंशले नै भागवत-कथाको उत्पत्ति भएको हो, त्यसैले त्यो वेद र उपनिषदहरूको फल जस्तै देदीप्यमान भइरहन्छ ॥६७॥ जस्तै ऊखुमा फेददेखि टुप्पासम्म रस रहन्छ, तर त्यो त्यहाँ रहेर उति मीठो हुँदैन, जति त्यहाँबाट अलग्ग भएर मीठो लाग्दछ ॥६८॥ जस्तै दूधमा

वहा ॥ प्रतिगेहे प्रतिजने ततः क्रीडां करिष्यति ॥६३॥ नारद उवाच ॥ वेदवेदान्तघोषैश्च गीतापाठैः प्रबोधितम् ॥ भक्तिज्ञानविरागाणां नोदतिष्ठत्त्रिकं यदा ॥६४॥श्रीमद्भागवतालापात्तत्कथं बोधमेष्यति॥ तत्कथासु तु वेदार्थः श्लोकेश्लोके पदे पदे ॥६५॥ छिन्दंतु संशयं ह्येनं भवन्तोऽमोघदर्शनाः॥विलंबो नात्र कर्तव्यःशरणागतवत्सलाः ॥६६॥ कुमारा ऊचुः॥ वेदोपनिषदां साराज्जाता भागवती कथा ॥ अत्युत्तमा ततो भाति पृथग्भूता फलाकृतिः ॥६७॥ आमू-लाग्रं रसस्तिष्ठन्नास्ते न स्वाद्यते यथा ॥ स भूयः सम्पृथग्भूतः फले विश्वमनोहरः ॥६८॥ यथा दुग्धे स्थितं सर्पिर्न स्वदायोपकल्पते ॥ पृथग्भूतं हि तद्द्रव्यं देवानां रसवर्धनम् ॥६९॥ इक्षूणामपि मध्यान्तं शर्करा व्याप्य तिष्ठति ॥ पृथग्भूता च सामिष्टा तथा भागवती कथा॥७०॥इदं भागवतं नाम पुराणं ब्रह्मस-म्मितम्॥ भक्तिज्ञानविरागाणां स्थापनाय प्रकाशितम् ॥७१॥ वेदान्तवेदसुस्नाते गीताया अपि कर्तरि ॥ परितापवति व्यासे मुह्यत्यज्ञानसागरे ॥७२॥ तदा

रहेको घिउको स्वाद अज्ञात रहन्छ, तर दूधबाट अलग्ग भएर त्यो मानिसको के कुरा देवताहरूको समेत रसवर्धक बन्दछ ॥६९॥ जस्तै ऊखुभित्र चीनी रहन्छ, तर त्यसबाट अलग्ग भएर नै त्यो आफ्नो स्वाद प्रकट गर्दछ। यही कुरा भागवतको विषयमा पनि बुझ। पहिले वेद र उपनिषदहरूमा श्रीमद्भागवत मिसिएको थियो। तर त्यसको सुस्वाद उसै वेला प्रकट भयो, जब ऋषिहरूले त्यसबाट झिकेर अलग्ग पारे ॥७०॥ श्रीमद्भागवत नामको पुराण वेद-सम्मत छ। भक्ति र ज्ञान-वैराग्यको स्थापना गर्नका लागी नै यसको प्रकाशन गरिएको हो ॥७१॥ वेद-वेदान्तका ज्ञाता एवं गीताका रचयिता महामुनि वेदव्यास जब अज्ञानरूपी सागरमा डुब्न लागेका थिए ॥७२॥ तब उनले त चार श्लोकहरूमा श्रीमद्भागवत

यो भक्ति, ज्ञान र वैराग्यले परिपूर्ण महान् ग्रन्थ हो। ती ब्राह्मण राम्ररी भागवत पढेर यौटा राजा कहाँ गए र भने—महाराज! हजुरको इच्छा भए म भागवतको सप्ताह भनूँ र सुन्नुहवस्। ती राजा जनक जस्तै ज्ञानी थिए। उनले भने—'भागवतको अझ अध्ययन गरेर आउनोस्।' ब्राह्मणलाई रिस उठ्यो र भुनभुनाउँदै हिंडे—'अब मैले के पढ्न शेष रह्यो? मैले सम्पूर्ण भागवत कण्ठस्थ गरिसकेको छु। भागवतको कुनै पनि श्लोकको अर्थ लाउनु मेरो निम्ति खेलवाड जस्तै छ। राजा कति मूर्ख रहेछ।' त्यसपछि ब्राह्मणले फेरि भागवतको अवलोकन गरे र राजाकहाँ पुगे। राजाले फेरि पहिले जस्तै उत्तर दिए। अब ब्राह्मण राजाप्रति बर्ता क्रोधित भए र एकान्तमा बसेर फेरि भागवत पढ्दै मनन गर्न लागे। अनि एक स्थानमा आयो—'लगाउनको निम्ति के बाटोमा फालिएको फाटेको लुगा पाइन्न र के खानका लागि वृक्षले फल दिंदैनन्? अनि किन विद्वान् जन मदान्ध राजाको चाकरी गर्दछन्?' यो श्लोक पढ्दा-पढ्दै ब्राह्मणका आँखाबाट आँसु बग्न लाग्यो। यसपछि ती भागवत पढ्नमा नै तल्लीन भए। केही दिनपछि राजाले विचार गरे—'त्यो ब्राह्मण फर्केर फेरि मकहाँ किन आएन? राजा ब्राह्मणको घर पुगे। त्यहाँ ब्राह्मणलाई रुँदै भागवत पढ्दै गरेको देखे। अनि राजा दगुर्दै गएर तिनका चरणमा घोप्टिए र भने—'ब्रह्मन्! अब तिमीले पूर्ण रीतिले भागवत पढिसक्यौ। आजदेखि तिमी मेरा गुरु भयौ। हिंड, यो राज्य छाडेर हामी दुवै एकान्तमा ईश्वरको भजन गरौं।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनाएका थिए, त्यो सुनेपछि व्यासजीको सारा अज्ञान नष्ट भएको थियो ॥७३॥ आफैले बताएको बाटोमा पनि तिमीलाई किन संशय भइरहेको छ–यो कुरा मैले बुझ्न सकिन-मसित नजाने जस्तै भएर सोद्धछौ । त्यति सुनेर नारदजी भन्दछन्–जसको दर्शन संसाररूपिणी ज्वाला दग्ध प्राणीहरूका सबै अशुभहरू नष्ट पारेर कल्याण गर्दछ, ती शेष-भगवान्‌को मुखबाट यो कथा प्रकट भएको हो। यस्ती दिव्य कथारूपिणी अमृत पान गरेर संसारमा त्यसको प्रचार गर्ने वेदव्यासको म शरणमा छु । अनेक जन्मका पुण्यले सज्जनहरूको संगति मिल्दछ । अनि अज्ञान जनित मोह र मदरूपी अन्धकार नष्ट भएर ज्ञानरूपी सूर्यको उदय हुन्छ ॥७४-७६॥ इति श्री पद्म पुराणे श्रो भागवतमाहात्म्ये भाषाटीकायां कुमार-नारद संवादो नाम द्वितीयोऽध्यायः ॥२॥

नारद्मुनि भन्दछन्—हे कुमारगण ! म पूर्ण प्रयत्न गरेर भक्ति, ज्ञान तथा वैराग्यको स्थापना गर्नका लागि श्री शुकमुनिले भनेको शास्त्रको कथारूपी उज्ज्वल ज्ञानयज्ञ गर्नेछु ।

त्वया पुरा प्रोक्तं चतुःश्लोकसमन्वितम् ॥ तदीयश्रवणात्सद्यो निर्बाधो बादरायणः ॥७३॥ तत्र ते विस्मयः केन यतः प्रश्नकरो भवान् ॥ श्रीमद्भागवत-श्रावे शोकदुःखविनाशनम् ॥७४॥ नारद उवाच ॥ यद्दर्शनं च विनिहन्त्यशुभानि सद्यः श्रेयस्तनोति भवदुःखदवार्दितानाम् ॥ निःशेषशेषमुखगीत-कथैकपानः प्रेमप्रकाशकृतये शरणं गतोऽस्मि ॥७५॥ भाग्योदयेन बहुजन्मसमर्जितेन सत्सङ्गमेन लभते पुरुषो यदा वै ॥ अज्ञानहेतुकृतमोहमहांध-कारनाशं विधाय हि तदोदयते विवेकः ॥७६॥ इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये कुमारनारदसंवादो नाम द्वितीयोऽध्यायः ॥ २ ॥

नारद उवाच ॥ ज्ञानयज्ञं करिष्यामि शुकशास्त्रकथोज्ज्वलम् ॥ भक्तिज्ञानविरागाणां स्थापनार्थं प्रयत्नतः ॥१॥ कुत्र कार्यो मया यज्ञः स्थलं तद्वा-च्यतामिह ॥ महिमा शुकशास्त्रस्य वक्तव्यो वेदपारगैः ॥२॥ कियद्भिर्दिवसैः श्राव्या श्रीमद्भागवती कथा ॥ को विधिस्तत्र कर्तव्यो ममेदं ब्रुवतामितः ॥३॥ कुमारा ऊचुः ॥ शृणु नारद वक्ष्यामो विनम्राय विवेकिने ॥ गङ्गाद्वारसमीपे तु तटमानन्दनामकम् ॥४॥ नानाऋषिगणैर्जुष्टं देवसिद्धनिषेवितम् ॥ नानातरुलताकीर्णं नवकोमलबालुकम् ॥५॥ रम्यमेकान्तदेशस्थं हैमपद्मसुसौरभम् ॥ यत्समीपस्थजीवानां वैरं चेतसि न स्थितम् ॥ ६ ॥ ज्ञानयज्ञस्त्वया तत्र कर्तव्यः सुप्रयत्नतः ॥ अपूर्वरसरूपा च कथा तत्र भविष्यति ॥७॥ पुरःस्थं निर्बलं चैव जराजीर्णकलेवरम् ॥ तद्द्वयं च पुरस्कृत्य भक्तिस्तत्रागमिष्यति ॥ ८ ॥ यत्र भागवती वार्ता तत्र भक्त्यादिकं व्रजेत् ॥ कथाशब्दं समाकर्ण्य तत्त्रिकं तरुणायते ॥ ९ ॥ सूत उवाच ॥ एवमुक्त्वा कुमारास्ते

अब हजुर मलाई यो आज्ञा हवस कि म त्यो यज्ञ कहाँ गरौं, हजुर वेदमा पारंगत महर्षि मलाई शुकशास्त्रको महिमा सुनाउन सक्नुहवस् । श्रीमद्भागवतको कथा कति दिनमा सुन्नु पर्दछ र त्यो सुन्ने के-के विधि-विधान छ । यो सबै कृपा गरेर हजुर मलाई आज्ञा हवस् ॥१-३॥ सनकादि मुनि भन्दछन्–हे नारद ! तिमी जस्ता विनयी र ज्ञानी मुनिलाई म श्रीमद्भागवत सम्बन्धी सबै कुरा भन्दछु–तिमी केवल सावधान मनले सुन–गङ्गाद्वार (हरिद्वार) को नगीचै यौटा 'आनन्दतट' छ । त्यहाँ अनेक ऋषि-मुनि, देवता र सिद्धहरू बस्तछन् । त्यहाँ विविध प्रकारका वृक्षहरूको निकुञ्ज जस्तै बनेको छ र नयाँ एवं नरम बालुवा प्रशस्त रहिरहन्छ । त्यो प्रदेश निकै रमणीक र एकान्त पर्दछ । त्यहीं नगीचै फक्रेका कमल-पुष्पको सुगन्ध फैलिई रहन्छ । त्यस स्थानको वर-पर निवास गर्ने जीव-जन्तुको हृदयमा वैरभाव रहन्न ॥४-६॥ तिमी प्रेमपूर्वक त्यहीं स्थानमा आफ्नो ज्ञानयज्ञ गर । त्यहीं रसपूर्ण श्रीमद्भागवतको कथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होओस् ।।७।। वृद्धावस्थाले गर्दा जीर्ण-शीर्ण शरीर हुने ज्ञान-वैराग्यलाई अघि लगाएर भक्ति स्वयं त्यहाँ उपस्थित हुन आउने छन् ।।८।। जिनकि नारायणको कथा जहाँ हुन्छ, त्यहाँ भक्ति स्वयं पुग्दछिन् । त्यो कथा सुन्नासाथ ती तीनै जना तरुण हुनेछन् ।।९।। सूतजी भन्दछन्—हे शौनक ! यसरी सबै विधि-विधान बताई ती चारै कुमार श्रीमद्भागवतको कथारूपी अमृत पान गर्न नारदसित गङ्गातट तर्फ हिंडे ।।१०।। जुन वेला ती सबै गंगा तटमा पुगे त्यस वेला भूलोक, देवलोक तथा ब्रह्मलोकसम्ममा कोलाहल मच्चियो ।।११।। श्रीमद्भागवतरूपी अमृत पान गर्न लोभिएका सबै देवता, मनुष्य र ब्रह्मलोकनिवासी सबै दगुरे । विशेष रूपमा ती व्यक्ति त झन बर्ता उत्सुक भए, जुन परम वैष्णव थिए ।।१२।। भृगु, वसिष्ठ, च्यवन, देवरात, गौतम, मेधातिथि, परशुराम, विश्वामित्र, शाकल, मार्कण्डेय, अत्रिपुत्र दुर्वासा, पिप्पलाद ।।१३।। योगश्वर व्यास, पराशर, छाया-शुक जाजालि र जन्हु आदि सबै मुनिहरू पुत्र तथा पत्नीहरू सहित ठूलो प्रेमले आकर्षित भएर आए ।।१४।। यी बाहेक समस्त वेद, वेदान्त, वेदहरूका ऋचा, मन्त्र, तन्त्र सत्र पुराण र षट्शास्त्र मूर्तिमान् भइ-भइकन त्यहाँ आए ।।१५।।

नारदेन समं ततः ।। गङ्गातटं समाजग्मुः कथापानाय सत्वराः ।।१०।। यदा यातास्तटं ते तु तदा कोलाहलोऽप्यभूत् ।। भूर्लोके देवलोके च ब्रह्मलोके तथैव च ।।११।। श्रीभागवतपीयूषपानाय रसलम्पटाः ।। धावन्तोऽप्याययुः सर्वे प्रथमं ये च वैष्णवाः ।।१२।। भृगुर्वसिष्ठश्च्यवनश्च गौतमो मेधातिथि- र्देवलदेवरातौ ।। रामस्तथा गाधिसुतश्च शाकलो मृकण्डुपुत्रात्रिजपिप्पलादाः ।। १३ ।। योगेश्वरौ व्यासपराशरौ च छायाशुको जाजलिजह्नुमुख्याः ।। सर्वेऽप्यत्री मुनिगणाः सहपुत्रशिष्याः स्वस्त्रीभिराययुरतिप्रणयेन युक्ताः ।।१४।। वेदान्तानि च वेदाश्च मन्त्रास्तन्त्राः समूर्तयः ।। दशसप्तपुराणानि षट् शास्त्राणि तथाऽऽययुः ।।१५।। गङ्गाद्याः सरितस्तत्र पुष्करादिसरांसि च ।। क्षेत्राणि च दिशः सर्वा दंडकादि वनानि च ।।१६।। नगादयो ययुस्तत्र देव- गंधर्वदानवाः ।। गुरुत्वात्तत्र नायातान्भृगुः सम्बोध्य चानयत् ।।१७।। दीक्षिता नारदेनाथ दत्तमासनमुत्तमम् ।। कुमारा वन्दिताः सर्वैर्निषेदुः कृष्ण- तत्पराः ।। १८ ।। वैष्णवाश्च विरक्ताश्च न्यासिनो ब्रह्मचारिणः ।। मुखभागे स्थितास्ते च तदग्रे नारदः स्थितः ।।१९।। एकभागे ऋषिगणास्तदन्यत्र दिवौकसः ।। वेदोपनिषदोऽन्यत्र तीर्थान्यत्र स्त्रियोऽन्यतः ।।२०।। जयशब्दो नमः शब्दः शङ्खशब्दस्तथैव च।। चूर्णलाजप्रसूनानां निक्षेपः सुमहानभूत ।।२१।। विमानानि समारुह्य कियन्तो देवनायकाः ।। कल्पवृक्षप्रसूनैस्तान् सर्वांस्तत्र समाकिरन् ।।२२।। सूत उवाच ।। एवं तेष्वेकचित्तेषु श्रीमद्भा-

गङ्गा नदीहरू, पुष्कर आदि सरोवर, समस्त पुण्यक्षेत्र, दशै दिशाहरू र दण्डक आदि वन ।।१६।। पर्वत तथा सबै देवता एवं दानव त्यहाँ उपस्थित भए । जो व्यक्ति म ठूलो हुँ भन्ने विचार गरेर त्यहाँ आएनन्, तिनलाई पनि भृगुमुनि गएर सम्झाइ-बुझाइ ल्याए ।।१७।। त्यहाँ उपस्थित भएका सबै व्यक्ति त्यो यज्ञका यजमान नारदजीले दिएको उत्तम आसनमा गएर बसे । नारदले ती सनकादि कुमारहरूको वन्दना गरे अनि ती सबै कृष्णमा चित्त लगाएर बसे ।।१८।। वैष्णव, विरक्त, संन्यासी र ब्रह्मचारीहरू अगाडि बसे, सबैभन्दा अगाडि स्वयं नारदजी विराजमान भए ।।१९।। एकातिर ऋषिहरू, अर्कोतिर देवता, एकातिर वेद र उपनिषद् तथा अर्कोतिर तीर्थ, एकातिर समस्त स्त्रीहरू बसे ।।२०।। चारैतिरबाट जय-शब्द, नमः शब्द तथा शङ्खनादको घनघोर ध्वनि उच्चरित हुन लाग्यो र अबीर लावा तथा पुष्पवानी परे झैं छर्न लागे ।।२१।। अनेक ठूला-ठूला देवताहरू विमानहरूमा बसेर आकाश-मण्डलबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कल्पवृक्षका फूलहरू वर्षा गर्नथाले ॥२२॥ सूतजी भन्दछन्–हे शौनक ! यसरी जब सबै श्रोता सावधान भइसके, तब सनकादि कुमारहरूले नारदजीलाई स्पष्टरूपले श्रीमद्भागवतको माहात्म्य सुनाउन आरम्भ गरे ॥२३॥ कुमार भन्दछन्–हे नारद ! अब म तिमीलाई श्रीमद्भागवत नामक शुक शास्त्रको महिमा सुनाउँछु । त्यसलाई सुन्नासाथ मुक्ति हत्केलामा आएर उपस्थित हुन्छिन् ॥२४॥ यसैले म बारम्बार भन्दछु–यो कथा सदा सुन्दै र सुनाउँदै रहनु । यसको श्रवण मात्रले पनि भगवान् हृदयमा विराजमान हुन्छन् ॥२५॥ यस श्रीमद्भागवतमा सबै अठार हजार श्लोक र बाह्र स्कन्ध छन् । यसमा राजा परीक्षित र शुकदेवको संवाद छ । अब तिमी यो भागवत सुन ॥२६॥ मनुष्य अज्ञानवश तबसम्म यस संसार चक्रमा घुमिरहन्छ, जबसम्म श्रीमद्भागवत सुन्दैनौ ॥२७॥ भ्रममा पार्ने अनेक शास्त्रहरू र पुराणहरू सुन्नाले के लाभ ? मुक्ति-दान गर्ने सामर्थ्य हुनाले नै एक्लै श्रीमद्भागवत-शास्त्र नै सर्वोपरि भएर गर्जन गरिरहेछ ॥२८॥

गवतस्य च ॥ माहात्म्यमूचिरे स्पष्टं नारदाय महात्मने ॥२३॥ कुमारा ऊचुः ॥ अथ ते संप्रवक्ष्यामि महिमा शुकशास्त्रजः ॥ यस्य श्रवणमात्रेण मुक्तिः करतले स्थिता ॥ २४ ॥ सदा सेव्या सदा सेव्या श्रीमद्भागवती कथा ॥ यस्याः श्रवणमात्रेण हरिश्चित्तं समाश्रयेत् ॥ २५ ॥ ग्रन्थोऽष्टादशसाहस्रो द्वादशस्कन्धसम्मितः ॥ परीक्षिच्छुकसंवादः शृणु भागवतं च तत् ॥ २६ ॥ तावत्संसारचक्रेऽस्मिन् भ्रमतेऽज्ञानतः पुमान् ॥ यावत्कर्णगता नास्ति शुकशास्त्रकथा क्षणम् ॥ २७ ॥ किं श्रुतैर्बहुभिः शास्त्रैः पुराणैश्च भ्रमावहैः ॥ एकं भागवतं शास्त्रं मुक्तिदानेन गर्जति ॥२८॥ कथा भागवत–स्यापि नित्यं भवति यद्गृहे ॥ तद्गृहं तीर्थरूपं हि वसतां पापनाशनम् ॥ २९ ॥ अश्वमेधसहस्राणि वाजपेयशतानि च ॥ शुकशास्त्रकथायाश्च कलां नार्हन्ति षोडशीम् ॥ ३० ॥ तावत्पापानि देहेऽस्मिन्निवसन्ति तपोधनाः ॥ यावन्न श्रूयते सम्यक् श्रीमद्भागवतं नरैः ॥ ३१ ॥ न गङ्गा न गया काशी पुष्करं न प्रयागकम् ॥ शुकशास्त्रकथायाश्च फलेन समतां नयेत् ॥ ३२ ॥ श्लोकार्द्धं श्लोकपादं वा नित्यं भागवतोद्भवम् ॥ पठस्व स्वमुखेनैव यदीच्छसि परां गतिम् ॥ ३३ ॥ वेदादिर्वेदमाता च पौरुषं सूक्तमेव च ॥ त्रयी भागवतं चैव द्वादशाक्षर एव च ॥ ३४ ॥ द्वादशात्मा प्रयागश्च कालः संवत्सरात्मकः ॥ ब्राह्मणश्चाग्निहोत्रं च सुरभिर्द्वादशी तथा ॥ ३५ ॥ तुलसी च वसन्तश्च पुरुषोत्तम एव च ॥ एतेषां तत्त्वतः प्राज्ञैर्न पृथग्भाव इष्यते ॥ ३६ ॥ यश्च भागवतं शास्त्रं वाचयेदर्थतोऽनिशम् ॥ जन्मकोटिकृतं पापं नश्यते नात्र संशयः ॥ ३७ ॥ श्लोकार्धं श्लोकपादं वा

जुन घरमा दिनहुँ श्रीमद्भागवतको कथा भइरहन्छ, त्यो घर तीर्थ जस्तै पवित्र मानिन्छ र जो त्यस घरमा बस्तछन् तिनका पाप नष्ट हुन्छन् ॥२९॥ हजारौं अश्वमेध र सयकडौं वाजपेय यज्ञ श्री मद्भागवतका महत्वको सोह्रौं कलालाई पनि प्राप्त गर्न सक्तैनन् ॥३०॥ हे तपस्वीगण हो ! त्यस बेलासम्म मात्र मनुष्यका शरीरमा पाप टिक्तछन्, जबसम्म श्रीमद्भागवत सुन्दैनो ॥३१॥ गङ्गा, गया, काशी, पुष्कर तथा प्रयाग यात्राको पुण्य पनि श्रीमद्भागवत श्रवणको पुण्यमा दाँजिन सक्तैन ॥३२॥ यसनिम्ति यदि तपाईंहरू सबभन्दा उत्तम गति प्राप्त गर्न खोज्नु हुन्छ भने श्रीमद्भागवतको आधा वा चौथाई श्लोक भए पनि नित्य आफ्नै मुखले पढ्ने गर्नु ॥३३॥ यो भागवत वेदको आदि, वेदकी माता, पुरुषसूक्त, ऋक्, यजुः र सामवेद तथा 'ॐ नमो भगवते वासुदेवाय' महामन्त्र हो ॥३४॥ यही द्वादशात्मक सूर्य, प्रयाग, संवत्सरात्मक काल, ब्राह्मण, अग्निहोत्र,कामधेनु र द्वादशी तिथि हो ॥३५॥ यही तुलसी,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसन्त ऋतु र पुरुषोत्तम महीना हो । तत्वज्ञानी विद्वान्मा र भागवतमा कुनै फरक मान्दैनन् ॥३६॥ जो मानिस दिनहुँ अर्थसहित भागवत पढ्दछन् तिनका करोडौं जन्मका पाप नष्ट हुन्छन् ॥ ३७ ॥ जो प्राणी नित्य यसको आधा वा चौथाई श्लोक पनि पढ्दछन् तिनलाई राजसूय र अश्वमेध यज्ञको फल प्राप्त हुन्छ ॥३८॥ दिनहुँ भागवतको कथा भन्नू, भगवान्को स्मरण, तुलसीको आराधना र गाईको सेवा यी सबैको पुण्य समान छ ॥ ३९ ॥ अन्त्य समयसम्म जो मानिस श्रीमद्भागवतको कथा सुन्दैरहन्छ, त्यसलाई स्वयं नारायण ठूलो प्रेमले वैकुण्ठ-धाम प्रदान गर्दछन् ॥ ४० ॥ जुन मनुष्य सुवर्णको सिंहासनमा श्रीमद्भागवतको ग्रन्थ राखेर कुनै वैष्णव भक्तलाई दान दिन्छ, त्यो साक्षात् कृष्ण भगवान्को सायुज्य-मुक्ति पाउँछ । जुन मूर्खले जीवनमा एकपल्ट पनि श्रीमद्भागवतरूपी अमृत पान गरेको छैन त्यसले चाण्डाल र गधाकै समान आफ्नो अपूर्व जीवन गुमायो र त्यो आफ्नी आमालाई कष्ट दिनको लागि नै संसारमा उत्पन्न भयो ॥४१-४२॥ स्वर्गका ब्रह्मादि देवता भन्दछन्—जुन पापीले कहिल्यै श्रीशुकदेवले भनेको श्रीमद्भागवको

पठेद्भागवतं च यः ॥ नित्यं पुण्यमवाप्नोति राजसूयाश्वमेधयोः ॥३८॥ उक्तं भागवतं नित्यं कृतं च हरिचिन्तनम् ॥ तुलसीपोषणं चैव धेनूनां सेवनं समम् ॥ ३६ ॥ अन्तकाले तु येनैव श्रूयते शुकशास्त्रवाक् ॥ प्रीत्या तस्यैव वैकुण्ठं गोविन्दोऽपि प्रयच्छति ॥ ४० ॥ हेमसिंहयुतं चैतद्वैष्णवाय ददाति च ॥ कृष्णेन सह सायुज्यं स पुमाँल्लभते ध्रुवम् ॥ ४१ ॥ आजन्ममात्रमपि येन शठेन किञ्चिच्चित्तं विधाय शुकशास्त्रकथा न पीता ॥ चाण्डालवच्च खरवद्बत तेन नीतं मिथ्या स्वजन्म जननीजनिदुःखभाजा ॥४२॥ जीवच्छवो निगदितः स तु पापकर्मा येन श्रुतं शुककथावचनं न किञ्चित् ॥ धिक् तं नरं पशुसमं भुवि भाररूपमेवं वदन्ति दिवि देवसमाजमुख्याः ॥ ४३ ॥ दुर्लभैव कथा लोके श्रीमद्भागवतोद्भवा ॥ कोटिजन्मसमुत्थेन पुण्येनैव तु लभ्यते ॥ ४४ ॥ तेन योगनिधे धीमन् श्रोतव्या सा प्रयत्नतः ॥ दिनानां नियमो नास्ति सर्वदा श्रवणं मतम् ॥ ४५ ॥ सत्येन ब्रह्मचर्येण सर्वदा श्रवणं मतम् ॥ अशक्यत्वात्कलौ बोध्यो विशेषोऽत्र शुकाज्ञया ॥ ४६ ॥ मनोवृत्तिजयश्चैव नियमाचरणं तथा ॥ दीक्षां कर्तुं च शक्यत्वात्सप्ताहश्रवणं मतम् ॥ ४७ ॥ श्रद्धातः श्रवणे नित्यं माघे तावद्धि यत्फलम् ॥ तत्फलं शुकदेवेन सप्ताहश्रवणे कृतम् ॥ ४८ ॥ मनसश्चाजयाद्रोगात्पुंसां

कथा सुनेन त्यो जीवित भए पनि मृतककै समान छ । त्यस्ता पुरुषलाई अनेक धिक्कार छ त्यो पृथ्वीको भारी बनेर आफ्नो जीवन व्यतीत गर्दछ ॥४३॥ त्यसो त श्रीमद्भागवतको कथा दुर्लभ नै छ । जब करोडौं जन्मका उपार्जित पुण्य एकत्र हुन्छन्, तब त्यो कथा सुन्ने मौका पाइन्छ ॥४४॥ अतः हे योगनिधे ! हे धीमन् ! प्रयत्न गरेर पनि यो कथा सुन्नुपर्दछ । यसको श्रवणमा दिनहरूको कुनै नियम छैन । मनु य जतिले पनि त्यो कथा सुन्न सक्तछ ॥४५॥ सत्य र ब्रह्मचर्यव्रत पालनगरेर नै त्यो कथा सुन्नुपर्दछ। सत्य र ब्रह्मचर्य व्रत पालन गर्न आफूमा क्षमताको अभाव छ भने शुकदेवले त्यसको विशेष व्यवस्था भन्नुभएको छ । केवल सात दिनको निम्ति मनका वृत्तिहरू रोक्नु, यसका सबै नियमहरूको पालन गरी दीक्षा ग्रहण गर्नु आवश्यक छ, त्यसैले सप्ताह-श्रवणको विधान कहिएको छ । पूरा माघ महीना भरि श्रीमद्भागवत सुन्नाले जुन फल पाइन्छ, त्यही फल सप्ताह सुन्नाले पनि मिल्दछ यस्तो शुकदेवले भन्नुभएको छ ॥४६-४७॥ चंचल मनलाई जित्नु असम्भव ठानेर प्राणीहरूको अनेक थरिका रोगले आक्रान्त हुने तथा नित्य आयु क्षीण भइरहने कारणले एवं कलिका अगणित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोषहरू देखेर नै सप्ताह सुन्नु भनेका छन् ॥४९॥ जुन फल तपस्या, योग तथा सामाधिले पनि पाउन सकिन्न, त्यो फल केवल सप्ताह सुन्नाले नै अनायास प्राप्त हुन्छ ॥५०॥ सप्ताह-यज्ञले बलियो बनेर सिंह झैं गर्जन थाल्दछ, सप्ताह व्रतले गर्जन्छ र सप्ताह समस्त तीर्थहरूमा गर्जन्छ ॥५१॥ सप्ताह योगले गर्जन्छ, यो ज्ञान र ध्यानले पनि गर्जन्छ । अब म कतिसम्म भनौं, संसारका सबै सुकर्महरू भन्दा श्रेष्ठ भएर सप्ताह गर्जिरहन्छ ॥५२॥ यति कथा सुनेर शौनकले सूतजीलाई भने–हे महाबाहो ! हजुरले यो अद्भुत कथा सुनाउनु भयो । यो सप्ताह ज्ञान-ध्यानादि धर्महरूलाई पनि हुत्याएर सर्वोपरि भएर बसेको छ ? उसो भए कल्याणहरूको भण्डार र योगीहरूको पनि बाटो देखाउने यो भागवत हामीलाई अवश्य सुनाउनोस् ॥५३॥ सूतजी भन्दछन्—हे शौनक ! जब श्री कृष्ण यो पृथ्वीलाई त्यागेर आफ्नू गोलोक जानलाग्नु भयो तब एघारौं स्कन्धमा प्रतिपादित ज्ञान सुनेर उद्धवले श्रीकृष्णसित भने ॥५४॥

चैवायुषः क्षयात् ॥ कलेर्दोषबहुत्वाच्च सप्ताहश्रवणं मतम् ॥ ४९॥ यत्फलं नास्ति तपसा न योगेन समाधिना ॥ अनायासेन तत्सर्वं सप्ताहश्रवणे लभेत् ॥ ५० ॥ यज्ञाद्गर्जति सप्ताहः सप्ताहो गर्जति व्रतात् ॥ तपसो गर्जति प्रोच्चैस्तीर्थान्नित्यं हि गर्जति ॥ ५१ ॥ योगाद्गर्जति सप्ताहो ध्यानाज्ज्ञानाच्च गर्जति ॥ किं ब्रूमो गर्जनं तस्य रे रे गर्जति गर्जति ॥ ५२ ॥ शौनक उवाच ॥ साश्चर्यमेतत्कथितं कथानकं ज्ञानादिधर्मान्वि-गणय्य सांप्रतम् ॥ निःश्रेयसे भागवतं पुराणं जातं कुतो योग विदादिसूचकम् ॥ ५३ ॥ सूत उवाच ॥ यदा कृष्णो धरां त्यक्त्वा स्वपदं गन्तु-मुद्यतः ॥ एकादशं परिश्रुत्वाऽप्युद्धवो वाक्यमब्रवीत् ॥ ५४ ॥ उद्धव उवाच ॥ त्वं तु यास्यसि गोविन्द भक्तकार्यं विधाय च ॥ मच्चित्ते महती चिन्ता तां श्रुत्वा सुखमावह ॥ ५५ ॥ आगतोऽयं कलिर्घोरो भविष्यन्ति पुनः खलाः ॥ तत्सङ्गेनैव सन्तोऽपि गमिष्यन्त्युग्रतां यदा ॥ ५६ ॥ तदा भारवती भूमिर्गोरूपेयं कमाश्रयेत् ॥ अन्यो न दृश्यते त्राता त्वत्तः कमललोचन ॥ ५७ ॥ अतः सत्सु दयां कृत्वा भक्तवत्सल मा व्रज ॥ भक्तार्थं सगुणो जातो निराकारोऽपि चिन्मयः ॥ ५८ ॥ त्वद्वियोगेन ते भक्ताः कथं स्थास्यन्ति भूतले ॥ निर्गुणोपासने कष्टमतः किञ्चिद्विचारय ॥ ५९ ॥ इत्युद्धववचः

हे गोविन्द ! हजुर त भक्तहरूको इच्छा पूर्ण गरेर गोलोक जानु हुँदैछ, तर मेरो मनमा यौटा चिन्ता पसिरहेछ, त्यो सुनेर हजुर प्रसन्न हुनुहोस ॥ ५५ ॥ त्यो शङ्का यो हो कि अब कलियुग आउने छ, त्यसमा दुष्टहरू बढ्ने छन् । तिनको संगतले* जब सज्जन पनि दुर्जन हुनेछन् ॥ ५६ ॥ तब असह्य भारले थिचिएर गोरूपा पृथ्वी कसको शरणमा जानेछन् हे कमल-लोचन ! हजुरबाहेक यिनको रक्षा गर्ने अरु कोही पनि देखिन्न ॥ ५७ ॥ अतः सज्जनहरूमा दया गरेर हजुर नजानोस् । हे भक्तवत्सल ! हजुर चिन्मय र निराकार भएर पनि साकार बनेर पाल्नुभएको छ ॥ ५८ ॥ हजुरको वियोग जनित कष्ट सहन गर्दै हजुरका भक्त यस संसारमा कसरी रहलान् ? ती विचरा हजुरको यो सगुण स्वरूपलाई

* उदाहरण (दुष्टको संगति कष्टकारक हुन्छ)—उज्जयिनी नगरीको नगीचै यौटा पाकरीको वृक्ष थियो । त्यहाँ यौटा हंस र कौवा बस्तथे । एकपल्ट गर्मीको यामना थाकेको बटुवा आफ्नो धनुष सिहानमा राखेर त्यही वृक्षमनि निदायो । एकै छिनपछि त्यसको शरीरबाट घाम हट्दै गयो । त्यो निदाएको पथिकलाई घामले पोलेको देखेर हंसलाई दया लाग्यो । त्यसले आफ्ना दुवै पखेरा फैलाएर पथिकलाई छाया गरिदियो । मसक्क निदाएपछि त्यसको मुख खुल्यो । त्यसै बेला दुष्ट काकले पथिकको मुखमा विष्ट्याइदियो र त्यहाँबाट उड्यो । अनि त्यो पथिक झसंग भएर उठ्यो र मास्तिर हेरेको त हंसलाई पखेटा फिजाएर बसेको देख्यो । अनि उसले ठान्यो—यो यसैको बदमाशी हो । तुरुन्त धनुषमा बाण राखेर हान्यो, त्यो बाण लागेर हंस तत्काल पंचत्वमा प्राप्त भयो । यसैले नीतिमा भनेको छ—'न स्थातव्यं न गन्तव्यं दुर्जने न समं क्वचित् ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यागेर निर्गुण स्वरूपको आराधना गर्न कष्ट अनुभव गर्नछन्, हजुर यस कुरामा विचार गर्नोस् ॥५९॥ उद्धवका कुरा सुनेर प्रभास क्षेत्रमा बसेका भगवान विचार्न लागे आफ्ना भक्तहरूको सहायतार्थ म के गरूँ ? ॥६०॥ यति विचारेर प्रभुले आफ्नो समस्त तेज श्रीमद्भागवतमा स्थापित गरिदिए र प्रच्छन्नरूपमा श्रीमद्भागवतरूपी महासमुद्रमा प्रविष्ट भए ॥६१॥ यसैले भागवत साक्षात् भगवानको प्रत्यक्ष विद्यमान वाङ्मयी मूर्ति मानिन्छ। यसको सेवा, श्रवण, यसको पाठ र यसको वर्णन दर्शन सबै पापहरू नष्ट गरिदिन्छ ॥६२॥ अतः कलियुगमा योग-यज्ञादि र अन्यान्य साधनहरूलाई अलग गरेर सप्ताह-श्रवणलाई नै प्रधानता दिइएको छ र यस युगमा यही सर्वश्रेष्ठ धर्म मानिएको छ ॥६३॥ दुःख दरिद्रता, दुर्भाग्य तथा पापहरू पखाल्न र काम-क्रोधलाई जित्न कलियुगमा यौटा यही धर्म कहिएको छ ॥६४॥ भगवानको वैष्णवी मायालाई त देवताहरू पनि त्याग्न सक्तैनन्, भने संसारका पामर व्यक्तिहरू

श्रुत्वा प्रभासेऽचिन्तयद्धरिः ॥ भक्तावलम्बनार्थाय किं विधेयं मयेति च ॥६०॥ स्वकीयं यद्भवेत्तेजस्तच्च भागवतेऽदधात् ॥ तिरोधाय प्रविष्टोऽयं श्रीमद्भागवतार्णवम् ॥ ६१ ॥ तेनेयं वाङ्मयी मूर्तिः प्रत्यक्षा वर्तते हरेः ॥ सेवनाच्छ्रवणात्पाठाद्दर्शनात्पापनाशिनी ॥ ६२ ॥ सप्ताहश्रवणं तेन सर्वेभ्योऽप्यधिकं कृतम् ॥ साधनानि तिरस्कृत्य कलौ धर्मोऽयमीरितः ॥ ६३ ॥ दुःखदारिद्र्यदौर्भाग्यपापप्रक्षालनाय च ॥ कामक्रोधजयार्थं हि कलौ धर्मोऽयमीरितः ॥ ६४ ॥ अन्यथा वैष्णवी माया देवैरपि सुदुस्त्यजा ॥ कथं त्याज्या भवेत्पुम्भिः सप्ताहोऽतः प्रकीर्तितः ॥ ६५ ॥ सूत उवाच ॥ एवं नगाहश्रवणोरुधर्मे प्रकाश्यमाने ऋषिभिः सभायाम् ॥ आश्चर्यमेकं समभूत्तदानीं तदुच्यते संशृणु शौनक त्वम् ॥ ६६ ॥ भक्तिः सुतौ तौ तरुणौ गृहीत्वा प्रेमैकरूपा सहसाविरासीत् ॥ श्रीकृष्ण गोविन्द हरे मुरारे नाथेति नामानि मुहुर्वदन्ती ॥ ६७ ॥ तां चागतां भागवतार्थभूषां सुचारुवेषां ददृशुः

यसबाट मुक्ति पाउन सक्तछन् ? यही विचार गरेर सप्ताह श्रवणको विधान कहिएको छ ॥६५॥ सूतजी भन्दछन्—यसरी ऋषिहरूको त्यो ठूलो सभामा जब शुकदेवजीले भनेको सप्ताह-श्रवणरूपी धर्मको प्रतिपादन गरियो, त्यसै बखत यौटा छक्क पर्ने घटना घट्यो, त्यो तिमी ध्यान दिएर सुन, म भन्दछु ॥६६॥ सप्ताह-यज्ञ समाप्त हुनासाथ त्यो प्रेमरूपिणी भक्ति तरुणावस्था प्राप्त आफ्ना दुवै छोरा ज्ञान र वैराग्यलाई लिएर श्रीकृष्ण, गोविन्द, हरे, मुरारे, हे नाथ आदि नामहरूको बारम्बार उच्चारण गर्दै त्यहीं आइपुगिन्।

---

* उदाहरण—(माया निकै तरिनसक्नु छ) एक दिन नारदले विष्णु भगवान्‌लाई भने—'हजुर आफ्नी मायालाई ठूली भनेर वर्णन गर्दै तरिनसक्नु पनि भन्नुहुन्छ। तर म यस्तो ठान्दछु कि माया विषयी मनुष्यहरूलाई नै अल्झाउन सक्छे र तिनैको निम्ति दुस्तर पनि होली। तर म जस्ताको निम्ति त हजुरकी माया तुच्छ नै छ। म हजुरकी मायालाई तृण झैं ठान्दछु, किनकि म पूर्ण सन्यासी र नैष्ठिक हूँ। यस निम्ति अब कहिल्यै मेरो अगाडि आफ्नी मायाको गुणगान नगर्नु होला।' भगवान् त्यस बखत केही बोलेनन। केही समयपछि नारदलाई संगै लिएर डुल्न निस्के। बाटोमा भगवान्‌ले भने—'मलाई तिर्खा लाग्यो, कतैबाट पानी ल्याऊ।' नारद पानी ल्याऊन भनेर हिंडे, सामुन्ने सानो नदी देखियो। नदी किनारमा यौटी षोडशी सुन्दरी बसेकी थिई। त्यसको रूप देख्नासाथ नारदले भगवान् र भगवान्‌लाई पानी लिएर जानुपर्ने कुरा बिर्सिए र त्यही नारीको दासता स्वीकार गरेर मुनिले त्योसित विवाह गरे। विवाह भएपछि दुइ-तीन सन्तान पनि भए। दुर्भाग्यले त्यस देशमा अकाल पर्‍यो, अतः ती आफ्ना परिवार सहित परदेश गए। बाटोमा यौटा पुल (साँगू) तर्न लाग्दा पुल भाँचियो र नारद बाहेक तिनको सबै परिवार नदीमा डुबेर मरे। स्त्री र पुत्रादिको वियोगमा दुःखी भएर नारद रुन लागे। त्यसै वेला भगवान् डुल्दै त्यहीं आउनुभयो र नारदको हात समातेर भन्नुभयो—'मुने, मैले पानी खाइसकें। हिंड अब घर जाऊँ।' नारद निकै आत्तिए र भने—'हे नाथ! सत्य हो, हजुरकी माया बड़ी दुस्तर रहिछन्।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।६७।। राम्रो रूप धारण गरी भागवतका अर्थहरूको भूषणस्वरूपा भक्तिलाई त्यहाँका सदस्यहरूले देखे । तिनलाई देखेर सबै छक्क परे—यी कसरी हामीहरूको माझमा आइपुगिन् ? ।।६८।। सनकादि मुनिहरूले भने—'श्रीमद्भागवतको कथा सुन्नाले नै यी तीनैजनालाई चेत आयो ।' सनकादि कुमारहरूको उक्ति सुनेर आफ्ना छोराहरू समेत आएकी भक्तिले नम्र भएर भनिन्— ।।६९।। यद्यपि यो कलिकालले मलाई नष्ट गरिसकेको थियो, तापनि हजुरको कथा-रसले हामीलाई परिपुष्ट पारिदियो । अब तपाईहरू यो भन्नु हवस् कि म कहाँ बसौं ? यो कुरा सुनेर सनकादिले भने ।।७०।। भगवान्‌को प्रत्यक्ष मूर्ति र एकमात्र प्रभु-प्रेम धारण गरेर भव-रोग हरण गर्ने हे भक्ति ! तिमी धैर्य धारण गर्नं भगवद्भक्तहरूको हृदयमा सदानिवास गर ।।७१।। यस्तो गर्नाले कलिका दोषले तिमीलाई दुःख दिन सक्तैनन् । सनकादिको आज्ञा पाउनासाथ भगवत्-प्रिया भक्ति भक्तहरूको पवित्र हृदयमा गएर बसिन् ।।७२।। समस्त संसारका

सदस्याः ।। कथं प्रविष्टा कथमागतेयं मध्ये मुनीनामिति तर्कयन्तः ।।६८।। ऊचुः कुमारा वचनं तदानीं कथार्थतो निष्पतिताऽधुनेयम् ।। एवं गिरः सा ससुता निशम्य सनत्कुमारं निजगाद नम्रा ।। ६९ ।। भक्तिरुवाच ।। भवद्भिरद्यैव कृताऽस्मि पुष्टा कलिप्रणष्टाऽपि कथारसेन ।। क्वाहं तु तिष्ठाम्यधुना ब्रुवन्तु ब्राह्मया इदं तां गिरमूचिरे ते ।। ७० ।। भक्तेषु गोविन्दस्वरूपकर्त्री प्रेमैकधर्त्री भवरोगहन्त्री ।। सा त्वं च तिष्ठस्व सुधैर्यसंश्रया निरन्तरं वैष्णवमानसानि ।। ७१ ।। ततोऽपि दोषाः कलिजा इमे त्वां द्रष्टुं न शक्ताः प्रभवोऽपि लोके ।। एवं तदाज्ञावसरेऽपि भक्तिस्तदा निषण्णा हरिदासचित्ते ।।७२।। सकलभुवनमध्ये निर्धनास्तेऽपि धन्या निवसति हृदि येषां श्रीहरेर्भक्तिरेषा ।। हरिरपि निजलोकं सर्वथातो विहाय प्रविशति हृदि तेषां भक्तिसूत्रोपनद्धः ।। ७३ ।। ब्रूमोऽद्य ते किमधिकं महिमानमेवं ब्रह्मात्मकस्य भुवि भागवताभिधस्य ।। यत्संश्रयान्निगदिते लभते सुवक्ता श्रोताऽपि कृष्णसमतामलमन्यधर्मैः ।। ७४ ।। इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये भक्तिकष्टनिवर्तनं नाम तृतीयोऽध्यायः ।। ३ ।।

सूत उवाच ।। अथ वैष्णवचित्तेषु दृष्ट्वा भक्तिमलौकिकीम् ।। निजलोकं परित्यज्य भगवान् भक्तवत्सलः ।। १ ।। वनमाली घनश्यामः पीतवासा मनोहरः ।। काञ्चीकलापरुचिरोल्लसन्मुकुटकुण्डलः ।।२।। त्रिभङ्गललितश्चारुकौस्तुभेन विराजितः ।। कोटिमन्मथलावण्यो हरिचंदनचर्चितः ।।३।। परमा-

ती निर्धन पनि धन्य हुन्, जसको हृदयमा नारायणको भक्ति विराजमान रहन्छ, किनकि भगवान् पनि आफ्ना भक्तरूको प्रेमरूपी धागोमा बाँधिन्छन् र गोलोक त्यागेर तिनको हृदयमा आएर बस्तछन् ।।७३।। यस परब्रह्मस्वरूप श्रीमद्भागवतको महिमा म कहाँसम्म भनौं ! यस दिव्यकथा भन्ने वक्ता र श्रोता दुवैथरि श्रीकृष्णचन्द्रकै समान दिव्यरूप हुन्छन् । यसको सामुन्ने अन्य सबै धर्म तुच्छ छन् ।।७४।। श्रीपद्मपुराण उत्तरखण्डको श्रीमद्भागवत माहात्म्यको भाषा-टीका तृतीयोऽध्यायः ।।३।।

सूतजी भन्दछन्—आफ्ना भक्तहरूको हृदयमा अलौकिक भक्ति देखेर आफ्नो लोक त्यागी ती वनमाली, घनश्याम, पीताम्बरधारी भगवान् मनोहर वेषमा सुसज्जित भई कम्मरमा क्षुद्र-

---

उदाहरण—(कलियुगको बल पुग्दैन) महात्मा कबीर आफ्ना चेलाहरूसित भन्ने गर्दथे—'दिनहुँ बिहानै कलियुग आएर मसित प्रश्नगर्दछ—'आज तँ के खान्छस् ?' म उत्तर दिन्छु—'मुर्दा खान्छु ।' ऊ फेरि सोद्धछ के लगाउँछस् ?' म उत्तर दिन्छु—'मुर्दाको लुगा ।' ऊ फेरि सोद्धछ—'कहाँ बस्छस ?' म भन्दछु—'श्मशानमा !' मेरा यस्ता उत्तरहरू सुनेर कलियुग मलाई अभागी भनेर फर्कन्छ, किनकि म ती सबै वस्तुसित अनिच्छा प्रकट गर्दछु, जसमा त्यो प्राणिहरूलाई अल्झाएर मनुष्यबाट राक्षस तुल्याउँछ। यसैले ममाथि त्यसको प्रभाव पर्दैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घण्टिका बाँधेर, राम्रो मुकुट र कुण्डल धारण गरी, मनोहर कौस्तुभले सुशोभित भई, करोडौं कामदेवहरूको शोभालाई परास्त गर्दै, सम्पूर्ण शरीरमा श्रीखण्ड-चन्दन लगाई, परमानन्द चिन्मूर्ति, मुरलीधर श्रीकृष्ण पनि भक्तहरूको निर्मल हृदयहरूमा आएर विराजमान भए ।।१-४।। वैकुण्ठ धाममा निवास गर्ने उद्धव आदि भक्तपनि प्रच्छन्न रूपमा भागवतको दिव्य कथा सुन्नको निम्ति त्यहाँ उपस्थित भए ।।५।। त्यस बेला बारम्बार चारैतिरबाट भक्तिरसलाई पुष्ट पार्ने गम्भीर ध्वनि सुनिइ रहेथ्यो । आकाशबाट कुङ्कुम र फूलहरूको वर्षा भइरहेको थियो । शङ्ख र भेरीको शब्द सुनिइ रहेथ्यो ।।६।। त्यस सभामा बसेका सबै जनाले आफ्नो देह र गेहको सुद्धि बिर्सिसकेका थिए । त्यस्तो तन्मयावस्था देखेर नारदजी भन्नलागे–।।७।। हे मुनिवर हो ! आज मैले यो सप्ताह महायज्ञको महिमा देखें । जो मूढ तथा शठ प्राणी थिए, तीर अरु कहाँसम्म भनौं–यहाँका पशु-पक्षी पनि मलाई परम पवित्र देखिमलागेका छन् ।।८।।

नंदचिन्मूर्तिर्मधुरो मुरलीधरः ।। आविवेश स्वभक्तानां हृदयान्यमलानि च ।। ४ ।। वैकुण्ठवासिनो ये च वैष्णवा उद्धवादयः ।। तत्कथाश्रवणार्थं ते गूढ-रूपेण संस्थिताः ।। ५ ।। तदा जयजयारावो रसपुष्टिरलौकिकी ।। चूर्णप्रसूनवृष्टिश्च मुहुः शङ्खरवोऽप्यभूत् ।। ६ ।। तत्सभासंस्थितानां च देहगेहात्म-विस्मृतिः ।। दृष्ट्वा च तन्मयावस्थां नारदो वाक्यमब्रवीत् ।। ७ ।। अलौकिकोऽयं महिमा मुनिश्वराः सप्ताहजन्योऽद्य विलोकितो मया ।। मूढाः शठा ये पशुपक्षिणोऽत्र सर्वेऽपि निष्पापतमा भवन्ति ।।८।। अतो नृलोके ननु नास्ति किञ्चिच्चित्तस्य शोधाय कलौ पवित्रम् ।। अघौघविध्वंसकरं तथैव कथासमानं भुवि नास्ति चान्यत् ।।९।। के के विशुद्ध्यन्ति वदन्तु मह्यं सप्ताहयज्ञेन कथामयेन ।। कृपालुभिर्लोकहितं विचार्य प्रकाशितः कोऽपि नवीनमार्गः ।।१०।। कुमारा ऊचुः ।। ये मानवाः पापकृतस्तु सर्वदा सदा दुराचाररता विमार्गगाः ।। क्रोधाग्निदग्धाः कुटिलाश्च कामिनः सप्ताहयज्ञेन कलौ पुनन्ति ते।।११।। सत्येन हीनाः पितृमातृदूषकास्तृष्णाकुलाश्चाश्रमधर्मवर्जिताः ।। ये दाम्भिका मत्सरिणोऽपि हिंसकाः सप्ताहयज्ञेन कलौ पुनन्ति ते ।।१२।। पञ्चाग्रता-पच्छलछद्मकारिणः क्रूराः पिशाचा इव निर्दयाश्च ये ।। ब्रह्मस्वपुष्टा व्यभिचारकारिणः सप्ताहयज्ञेन कलौ पुनन्ति ते ।। १३ ।। कायेन वाचा मनसापि

अतः मनः शुद्धिका लागि कलियुगमा यो भन्दा पवित्र अरु कुनै पनि कार्य छैन । पापहरुलाई नष्ट पार्नका निम्ति यो कथा समान अन्य कुनै कथा छैन ।।९।। अब यहाँहरू कृपा गरेर मलाई यो भन्नुहवस् कि यस कथामय सप्ताह-यज्ञमा कुन-कुन प्राणी शुद्ध हुन्छन् ? यहाँहरू कृपालु हुनुहुन्छ, अतएव लोकोपकारको भावना हृदयमा राखेर तपाई महात्माहरुले अरु कुनै नयाँ बाटो पनि निर्धारित गर्नुभएको छ ? ।।१०।। सनकादि मुनिहरु ले भने—पापी दुराचारी, कुमार्गगामी* ठूलोरिसाहा, कुटिल र कामी मनुष्य पनि सप्ताह यज्ञले पवित्र हुन्छन् ।।११।। मिथ्या भाषी, पितामातालाई दुःख दिने, लोभी, धर्मबाट विमुख, पाखण्डी, र हिंसक जीव पनि यस यज्ञले पवित्र हुन्छन् ।।१२।। जुन कपटी-संसारलाई देखाउनको पंचाग्नि ताप्छन्,

* उदाहरण (ठूलो रिसाहा) कुनै रिसाहा मालिक कहाँ यौटा नोकर थियो । मालिकको व्यर्थ रिस जब सहन सकेन, तब एक दिन उसले आफ्नो मालिकलाई भन्यो—'मालिक ! मेरो हिसाब गरिदिनुहोस् ।' मालिकले सोध्यो—'होइन' तिमी मेरो नोकरी किन छाडिरहेका छौ ?' नोकरले उत्तर दियो—'सत्य कुरो यो हो मालिक ! हजुरको रिस अब म सहन सक्तिन ।' मालिकले भन्यो–'यो त साधारण कुरा हो । मेरो रिस त एक छिनमै हराएर जान्छ ।' नोकरले भन्यो–'त्यो त सत्य हो, तर त्यो जति छिटो हराउँछ, उत्तीनै छिटो फेरि आइपुग्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिशाच झैं निर्दयी प्राणी, ब्राह्मणहरूको धन खाइदिने* लोभी, पापी र व्यभिचारी पनि यस सप्ताह-यज्ञले पवित्र हुन्छन् ।।१३।। जुन मूर्ख शरीर, मन र वचन द्वारा दिनहुँ पाप मात्र गरिरहन्छन्, यस्ता अर्काको धनले निर्वाह गर्न र मनमा अनेक थरिका दूषित भावनाहरू धारण गर्ने अधम व्यक्ति पनि यस सप्ताह-यज्ञले पवित्र हुन्छन् ।। १४ ।। यस विषयमा म तिमीलाई यौटा प्राचीन इतिहास सुनाउँछु, जुन सुन्नाले नै प्राणिहरूका पाप नष्ट हुन्छन ।।१५।। तुङ्गभद्रा नदीको तटमा यौटा उत्तम नगर थियो, त्यहाँ बस्ने सबै प्राणी वर्णाश्रम धर्मको पालन गर्ने र सदाचारी थिए ।।१६।। वेदहरूका ज्ञाता, श्रौत-स्मार्त कर्ममा निपुण, अर्को सूर्यजस्तै तेजस्वी आत्मदेव नामका यौटा ब्राह्मण पनि त्यसै नगरमा निवास गर्दथे ।।१७।। ती बिचरा भिक्षावृत्तिले जीविका चलाउँथे । तिनकी पत्नीको नाम धुन्धुली थियो । ती राम्रो कुलमा उत्पन्न, निकै राम्री तर बर्ता हठी एवं सबै प्रकारले आफ्नो

पातकं नित्यं प्रकुर्वन्ति शठा हठेन ये ।। परस्वपुष्टा मलिना दुराशयाः सप्ताहयज्ञेन कलौ पुनंति ते ।।१४।। अत्र ते कीर्तयिष्यामि इतिहासं पुरातनम् ।। यस्य श्रवणमात्रेण पापहानिः प्रजायते ।। १५ ।। तुंगभद्रातटे पूर्वमभूत्पत्तनमुत्तमम् ।। यत्र वर्णाः स्वधर्मेण सत्यसत्कर्मतत्पराः ।। १६ ।। आत्मदेवः पुरे तस्मिन्सर्ववेदविशारदः ।। श्रौतस्मार्तेषु निष्णातो द्वितीय इव भास्करः ।। १७ ।। भिक्षुको वित्तवाँल्लोके तत्प्रिया धुंधुली स्मृता ।। स्ववाक्यस्थापिका नित्यं सुन्दरी सुकुलोद्भवा ।। १८ ।। लोकवार्तारता क्रूरा प्रायशो बहुजल्पिका ।। शूरा च गृहकृत्येषु कृपणा कलहप्रिया ।। १९ ।। एवं निवसतोः प्रेम्णा दंपत्यो रममाणयोः ।। अर्थाः कामास्तयो राजन्न सुखाय गृहादिकम् ।। २० ।। पश्चाद्धर्माः समारब्धास्ताभ्यां संतानहेतवे ।। गोभूहिरण्यवासांसि दीनेभ्यो यच्छतः सदा ।। २१ ।। धनार्धं धर्ममार्गेण ताभ्यां नीतं तथापि च ।। न पुत्रो नापि वा पुत्री ततश्चिन्तातुरो भृशम् ।। २२ ।। एकदा स द्विजो दुःखाद् गृहं त्यक्त्वा वनं गतः ।। मध्याह्ने तृषितो जातस्तडागं समुपेयिवान् ।। २३ ।। पीत्वा जलं निषण्णस्तु प्रजादुःखेन कर्शितः ।।

कुरा राख्न खोज्ने थिइन् ।।१८।। ती सदैव व्यर्थका संसारी विवादमा लागिरहने कर्कशा नारी थिइन् । तिनलाई बर्ता कुरा गर्नुपर्दथ्यो र घर-गृहस्थीको संचालन पनि राम्ररी गर्दथिन् । तापनि लडाई-झगडा तिनलाई बर्ता मनपर्दथ्यो ।।१९।। धेरै कालसम्म ती दुवै प्रेमपूर्वक जीवन-यापन गर्दै रहे । तिनीसित जति धन थियो र तिनका जति कामनाहरू थिए, ती उनलाई सुख नदिएर दुःख नै दिइरहेका थिए ती सन्तान-हीन थिए ।।२०।। केही दिनपछि तिनले धर्म-कर्म गर्न आरम्भ गरे । अन्न पृथ्वी, गाई र सुन र वस्त्र दरिद्रलाई दिन थाले ।।२१।। यसरी तिनले घरको आधा जति सम्पत्ति बाँडिसके । तैपनि धेरै दिनसम्म तिनको न कुनै छोरो भयो, न कुनै छोरी नै जन्मिई । त्यसले तिनलाई बर्ता चिन्ता हुन लाग्यो ।।२२।। अन्त्यमा

---

* उदाहरण—(लोभले सर्वनाश) यौटा सेठसित प्रशस्त धन थियो, तर त्यसको लोभको कुनै सीमा थिएन । 'म समान धनी संसारमा अरु कोही नहोऊन्' भन्ने उसको सदैव इच्छा रहन्थ्यो । एक दिन यौटा योगी सेठको घर आइपुगे । तिनलाई चाकरी गरेर सेठले प्रसन्न तुल्यायो, अनि योगीले कुनै वरदान माग्न भने । सेठले भन्यो—'मैले जे छोए पनि सुन होओस ।' योगीले भने—'जाऊ, त्यस्तै हुनेछ ।' भोलिपल्ट सेठले दतिवन छोयो, त्यो सुनको भयो । तर सेठले त्यो दतिवन लाउन सकेन । नदीमा स्नान गर्न गयो र जल छुनासाथ सुन भयो । त्यसैले ननुहाएर बस्नु पर्‍यो । घर आएर खान बसेको त छुनासाथ भोजन सामग्री सबै सुन भयो । अतः भोकै बस्नु पर्‍यो । बालकलाई लिएर खेलाउन लागेको त त्यो पनि सुनको भयो । अब ती कराई-कराई रुन थाले । त्यसै बखत उनै योगी आइपुगेर सोधे—'तिमी किन रोइरहेछौ ?' सेठले उत्तर दियो—'मलाई यो वरदान चाहिएन । कृपया मेरो उद्धार गर्नुहवस् ।' अनि योगीले त्यो वरदान फिर्ता लिए, अनि बल्ल सेठको संकट निवारण भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती आत्मदेव दुःखी भएर वनमा गए। मध्याह्नको वेला भइसकेको हुनाले तिर्खा लागेर पानी पिउन ती यौटा सरोवरमा पुगे ॥ २३ ॥ पानी पिएर ती सन्तानको अभाव-जनित कष्टको विचार गर्दै यौटा ठूलो ढुङ्गामा बसे। एकैछिनपछि यौटा संन्यासी डुल्दै त्यहीं आइपुगे ॥२४॥ संन्यासी जब पानी पिएर यौटा स्थानमा बसे तब ब्राह्मण आत्मदेव बिस्तारै उठेर तिनका नगीचै गए र तिनका चरण-स्पर्श गरेर रुँदै सामुन्ने बसे ॥२५॥ * दयालु संन्यासीले सोधे–हे प्रियदेव! तिमी किन रोइरहेका छौ? तिमीलाई कुन चिन्ताले दुःख दिइरहेको छ? तिमी तत्काल आफ्नो कष्टको कारण मलाई सुनाऊ ॥२६॥ आत्मदेवले भने—के भनौं भगवन्। यो आफ्नो पूर्वजन्मका पापहरूको फल हो। मेरा पितृहरू तातो सास फेरेर तातो आँसुको जल पिउँदछन् ॥२७॥ देवता र ब्राह्मण मैले दिएका दानहरू प्रेमपूर्वक ग्रहण गर्दैनन्। हे महाराज! म सन्तानको अभावजनित दुःखको विचार गरेर संसारबाट उदासीन भएको छु र प्राण त्यागनको निम्ति यहाँ आएको हुँ ॥२८॥ किनकि सन्तानहीन भएर बाँच्नु व्यर्थ छ। सन्तानहीन मनुष्यलाई र सन्तानहीन कुललाई पनि अनेकौं धिक्कार छ ॥ २९ ॥

मुहूर्तादपि तत्रैव संन्यासी कश्चिदागतः ॥ २४ ॥ दृष्ट्वा पीतजलं तं तु विप्रो यातस्तदंतिकम् ॥ नत्वा च पादयोस्तस्य निःश्वसन्संस्थितः पुरः ॥२५॥ यतिरुवाच ॥ कथं रोदिषि विप्र त्वं का ते चिन्ता बलीयसी ॥ वद त्वं सत्वरं मह्यं स्वस्य दुःखस्य कारणम् ॥२६॥ ब्राह्मण उवाच ॥ किं ब्रवीमि ऋषे दुःखं पूर्वपापेन संचितम् ॥ मदीयाः पूर्वजास्तोयं कवोष्णमुपभुंजते ॥ २७ ॥ मद्दत्तं नैव गृह्णन्ति प्रीत्या देवा द्विजातयः ॥ प्रजादुःखेन शून्योऽहं प्राणाँस्त्यक्तुमिहागतः ॥ २८ ॥ धिग्जीवितं प्रजाहीनं धिग्गृहं च प्रजां विना ॥ धिग्जनं चानपत्यस्य धिक्कुलं संततिं विना ॥ २९ ॥ पाल्यते या मया धेनुः सा वंध्या सर्वथा भवेत् ॥ यो मया रोपितो वृक्षः सोऽपि वंध्यत्वमाश्रयेत् ॥३०॥ यत्फलं मद्गृहायातं तच्च शीघ्रं विनश्यति ॥ निर्भाग्यस्यानपत्यस्य किमतो जीवितेन मे ॥३१॥ इत्युक्त्वा स रुरोदोच्चैस्तत्पार्श्वे दुःखपीडितः ॥ तदा तस्य यतेश्चित्ते करुणाऽभूद्गरीयसी ॥३२॥ तद्भालाक्षरमालां च वाचयामास योगवान् ॥ सर्वं ज्ञात्वा यतिः पश्चाद्विप्रमूचे सविस्तरम् ॥ ३३ ॥ यतिरुवाच ॥ मुंचाज्ञानं प्रजारूपं बलिष्ठा कर्मणो गतिः ॥

मेरा त यो स्थिति छ कि यदि मैले गाई पाले पनि त्यो मेरो घरमा आएर बाँझी हुन्छे। म आफ्नो हातले जुन वृक्षारोपण गर्दछु त्यसमा फल-फूल लाग्दैन ॥३०॥ म जुन फल आफ्नो घर ल्याउँदछु, त्यो चाँडै नै कुहुन्छ। यसरी म अभागी र सन्तानहीनले बाँच्नु व्यर्थ छ ॥३१॥ यति भनेर ती ब्राह्मण दुःखले बेसरी कराई रुन लागे। ती आत्मदेव ब्राह्मणको त्यस्तो करुणाजनक अवस्था देखेर संन्यासीलाई निकै दया लागेर आयो ॥३२॥ तिनले आफ्नो योग दृष्टिले ब्राह्मणको भाग्य-लेख पढेर सबै वृत्तान्त जानेर विस्तारले भन्न लागे।

---

* उदाहरण (दयालु हृदय —यौटा पण्डित राजाको छोरालाई पढाउन गइरहेका थिए। बाटोमा चोर भेटिए। चोरले भने—'तिमीसित जे छ, सबै झिक। पण्डितजीले ठाने—यी गरीबहरू रहेछन्—यसै निम्ति आफ्नो ओढ्ने र भोटो फुकालेर दिए। त्यो लिएर चोर हिंडेपछि पण्डितलाई दया लागेर—यी विचरा साह्रै गरीब रहेछन्, नभए यो मध्य रातमा किन माग्न निस्कन्थे। अतः तिनले चोरहरूलाई डाकेर खल्तीबाट चार रुपियाँ झिकेर दिंदै भने—'भोलि तिमी फेरि आए, म तिमीलाई राजाकहाँ लगेर धेरै रुपियाँ दिन लगाउने छु।' राजाको नाम सुनेर चोरहरूले भने—'हे भाइ! राजासित यो कुरा नभन्नु होला। नभए राजाले हामीलाई अवश्य मार्नेछन्, हामी चोर हौं।' यति भनेर तिनले पण्डितजीको लुगा र पैसा फर्काइदिए र हिंडे। पण्डितजीले तिनीहरूसित भोलिपल्ट आउनको निम्ति फेरि आग्रह गरेर तब चोरले भने—'अब हामी चोर्ने काम गर्दैनौं, परिश्रमको कमाई खानेछौं।' दयालु हृदयले गर्न नसक्ने केही छैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधुले भने–हे ब्राह्मण देवता ! तिमी यो अज्ञान त्याग । कर्मको गति सार्है बलवती हुन्छ । आफ्नो चित्तमा विवेकलाई ठाउँ दिएर तिमी संसारको वासना त्याग ॥३३–३४॥ सुन विप्रदेव ! अहिले मैले तिम्रो भाग्यरेखा देखिसकें । सात जन्मसम्म तिमीले छोरोको मुख देख्न पाउन्नौ ॥३५॥ अतः सन्तानको निम्ति दुःख गर्न आवश्यकता नै के छ ? सन्तानले गर्दा महाराज सगरले कति कष्ट भोगेका थिए । अवएव अब तिमी कुटुम्बको आशा छाडेर त्याग-वृत्ति धारण गर । *त्यागमा सबै प्रकारले सुख नै सुख छ ॥३६॥ अनि ब्राह्मणले फेरि भने—मलाई विवेकको आवश्यकता छैन । तपाई जे जति गरेर भए पनि मलाई यौटा छोरो दिनु हवस् । नभए शोकले बौलाहा भएर म हजुरको सामुन्ने नै आफ्नू प्राण त्यागिदिन्छु ॥३७॥ पुत्रादिको सुखले हीन यो संन्यास (त्याग) को बाटो पनि रसिलो रहन्न र पुत्र-पौत्रादिले परिपूर्ण गृहस्थी सबै प्रकारले सरस हुन्छ ॥३८॥ ब्राह्मणको त्यस्तो आग्रह देखेर संन्यासीले

विवेकं तु समासाद्य त्यज संसारवासनाम् ॥ ३४ ॥ शृणु विप्र मया तेऽद्य प्रारब्धं तु विलोकितम् ॥ सप्त जन्मावधि तव पुत्रो नैव च नैव च ॥ ३५ ॥ सन्ततेः सगरो दुःखमवापाग्र्यं पुरा तथा ॥ रे मुञ्चाद्य कुटुम्बाशां संन्यासे सर्वथा सुखम् ॥ ३६ ॥ ब्राह्मण उवाच ॥ विवेकेन भवेत्किं मे पुत्रं देहि बला-दपि ॥ नोचेत्यजाम्यहं प्राणांस्त्वदग्रे शोकमूर्छितः ॥ ३७ ॥ पुत्रादिसुखहीनोऽयं संन्यासः शुष्क एव हि ॥ गृहस्थः सरसो लोके पुत्रपौत्रसमन्वितः ॥ ३८ ॥ इति विप्राग्रहं दृष्ट्वा ह्यब्रवीत्स तपोधनः ॥ चित्रकेतुर्गतः कष्टं विधिलेखविमार्जनात् ॥३९॥ न यास्यसि सुखं पुत्राद्यथा दैवहतोद्यमः ॥ अतो हठेन युक्तोऽसि ह्यर्थिनः किं वदाम्यहम् ॥ ४० ॥ तस्याग्रहं समालोक्य फलमेकं स दत्तवान् ॥ इदं भक्षय पत्न्या त्वं ततः पुत्रो भविष्यति ॥ ४१ ॥

भने–विधिको विधान मेट्नाले चित्रकेतुले धेरै कष्ट सहनु परेथ्यो ॥ ३९ ॥ विधातानै उल्टो छ भने तिमी छोरो पाएर पनि सुखी हुन सक्नेछैनौ । तर यस बखत तिमी स्वार्थले हठ गरिरहेका छौ भने म के भन्न सक्तछु ॥ ४० ॥ ब्राह्मणको अतिशय आग्रह देखेर संन्यासी महापुरुषले तिनलाई यौटा फल दिँदै भने–यो लागेर आफ्नी पत्नी

उदाहरण (त्याग-महिमा) यूनान देशमा मलिक दीनार नामक यौटा ठूलो त्यागी र भगवद्भक्त भएका थिए । मलिक दीनार निकै वर्षदेखि सुकेको रोटी मात्र खान्थे । साँझमा रोटी किनेर ल्याउँथे र त्यही खाएर पानी पिउँथे । यसले तिनको स्वास्थ्य ठीक रहन्थ्यो । दैवसंयोग एकपल्ट बिरामी परे । बिमारीको अवस्थामा तिनलाई मिठाई खान मन लाग्यो । निकै रोक्ता पनि मन मानेन र ती पसलबाट मिठाई किनेर ल्याए । दिनहुँ सुखा-रोटी किन्ने दीनार आज यो मिठाई के गर्छ भन्ने जान्नको लागि पसलेले एउटा मानिस पछि लगाइदियो । अलि पर गएपछि मलिक दीनारले मिठाईतिर हेरेर मनमनै भन्यो—'हे मन ! तेरो निम्ति यति भोग नै प्रशस्त छ, अरु बर्ता चाहिन्न ।' तत्काल मिठाई यौटा गरीबलाई दिएर तिनले फेरि भने—'ए मेरो दुर्बल मन ! नियममा बाँधेर म तँलाई कष्ट अवश्य दिइरहेछु, तर शत्रुताले होइन—मित्रभावले धैर्य राख, एक दिन तिम्रो यो दुःखको अन्त्य अवश्य आउने छ र तिमीलाई यस्तो सुख प्राप्त हुनेछ—जसको कहिल्यै अन्त्य हुनेछैन ।' एकै छिनपछि फेरि भने—'कोही भन्दछन् लगातार चालीस दिनसम्म पौष्टिक आहार पाएन भने बुद्धि भ्रष्ट हुन्छ । तर मैले बीस वर्षसम्म त्यस्तो कुनै वस्तु खाइन, तैपनि मेरो बुद्धि सप्रन्दै गएको अनुभव गर्दैछु ।' मलिक दीनार चालीस वर्षसम्म बसरामा बसे, तर एकपल्ट पनि तिनले खजूर खाएनन् । खजूरको मौसम आएपछि ती अरुसित भन्दथे—'हेर खजूर नखानाले मेरो शरीरलाई कुनै हानि भएको छैन र बराबर खजूर खाइरहनाले तिम्रो शरीरमा कुनै लाभ भएको देखिन्न ।' चालीस वर्षपछि एक दिन तिनलाई खजूर खाने प्रबल इच्छा भयो तब तिनले भने—'ए लोभी मन ! यो कुरा निश्चय जान––म तेरो वासना कहिल्यै पूर्ण गर्ने छैन ।'

+ उदाहरण (महात्माको महिमा)––कुनै समय नारदजी डुल्दै मृत्युलोकमा आए । त्यहाँ यौटा गृहस्थले अनेक यत्न गरेको थियो, तर छोरो हुनसकेको थिएन । त्यसले नारदजीसित बिन्ती गर्दै भन्यो—'भगवन् ! मलाई छोरो हुने आशिर्वाद दिनुहवस ।' नारदजीले भने––'राम्रो कुरा हो, तिम्रो छोरो हुन्छ, तर म विष्णु भगवान्‌सित सोधेर उत्तर दिनेछु ।' विष्णु भगवान्‌कहाँ गएर नारदजीले भने—'म त्यो गरीबलाई ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र तिमीले खानू । यसले तिमीलाई यौटा छोरो हुनेछ ।। ४१ ।। अँ, आफ्नी पत्नीलाई बुझाउनू—एक वर्षसम्म सत्य बोल्नू, पवित्र रहनू, दरिद्रहरूमा दया र केही दान पनि गर्दै रहनू, एक छाक मात्र खाएर बसे तिनलाई यौटा पुत्ररत्न प्राप्त हुनेछ ।। ४२ ।। यति भनेर ती योगी एकातिर हिंडे र आत्मदेव ब्राह्मण घरतिर फर्के। त्यो फल उनले पत्नीलाई दिएर आफू कतैतिर गए ।। ४३ ।। तिनकी *कुटिल पत्नी त्यो फल लिएर आफ्नी यौटी छिमेकीसँग रुँदै भन्न लागिन्—'बैन्ही ! मलाई ठूलो चिन्ता लागिरहेछ ।

सत्यं शौचं दया दानमेकभक्तं तु भोजनम् ।। वर्षावधि स्त्रिया कार्यं तेन पुत्रोऽतिनिर्मलः ।।४२।। एवमुक्त्वा ययौ योगी विप्रस्तु गृहमागतः ।। पत्न्याः पाणौ फलं दत्वा स्वयं यातस्तु कुत्रचित् ।। ४३ ।। तरुणी कुटिला तस्य सख्यग्रे च रुरोद ह ।। अहो चिन्ता ममोत्पन्ना फलं चाहं न भक्षये ।। ४४ ।। फलभक्षेण गर्भः स्याद्गर्भेणोदरवृद्धिता ।। स्वल्पभक्षं ततोऽशक्तिर्गृहकार्यं कथं भवेत् ।।४५।। दैवाद्धाटी व्रजेद्ग्रामे पलायेद्गर्भिणी कथम् ।। शुकवन्नि-

म त यो फल खान्न ।। ४४ ।। यो फल खानाले गर्भ रहन्छ । गर्भ रहेपछि जठराग्नि मन्द हुनेछ, त्यसले गर्दा खान सक्ने छैन । खान नसकेपछि शरीर दुर्बल हुनेछ । अनि म घरको काम कसरी गर्नेछु ? ।। ४५ ।। संयोगले यदि गाउँमा आगो लाग्यो भने त्यो गर्भको भारीले थिचिएकी म भागेर कसरी आफ्नो प्राणरक्षा गर्नेछु ? गर्भ पनि सुगा जस्तै मेरो पेटमा

वचन दिएर आएको छु । यसनिम्ति त्यसको छोरो हुनैपर्छ ।' भगवान्ले भन्नुभयो—'त्यसलाई त सात जन्मसम्म पनि पुत्र हुँदैन भन्ने लेखिएको छ, भने त्यसलाई यसै जन्ममा छोरो कसरी दिन सकिन्छ ?' नारदले गएर त्यो गृहस्थलाई भगवान्को कुरा सुनाए । त्यो सुनेर निराश भयो । त्यही बखत त्यस ग्राममा यौटा ठूला ज्ञानी, राग-द्वेषहीन र वनवासी महात्मा आइपुगे । महात्माले धेरै दिनदेखि केही खाएका थिएनन् । अतः ती गाउँमा डुल्दै भनिरहेका थिए—'जो मनुष्य मलाई जति रोटी खवाउँछ, त्यसलाई त्यति नै छोरा हुनेछन् ।' त्यो गृहस्थले महात्मालाई तीन रोटी दियो र महात्मा आशिर्वाद दिएर बाटोलागे । केही दिनपछि नारदजी फेरि त्यो गृहस्थको घर पुगे—त्यहाँ उसका तीन छोराहरू खेलिरहेका देखे । गृहस्थले भन्यो—'तिमी कती मिथ्यावादी रहेछौ ! हेर, यौटा महात्माको कृपाले मेरा तीन भाइ छोरा खेलिरहेका छन् ।' त्यो सुनेर नारदजीलाई निकै रिसउठ्यो र त्यही आवेशमा भगवान विष्णुकहाँ त्यसको कारण सोध्न पुगे । नारदलाई देखेर विष्णुले स्वाङ पार्दै भन्नुभयो—'हरे, म पेटको दर्दले मर्नआँटें । कुनै औषधि देओ ।' नारदले भने—'तपाईं औषधिको नाउँ भन्नुहवस म तुरुन्त ल्याउँछु ।' विष्णुले भन्नुभयो—'यदि कुनै भक्तको कलेजा काटेर ल्याउन सक्छौ भने त्यसैको रगत मलेर म यो कष्टबाट मुक्त हुन्छु ।' अब नारद भक्तको कलेजा खोज्न हिंडे । ब्रह्मा, इन्द्र आदि देवताहरूमा कसैले पनि आफ्नो कलेजा दिएनन् । उल्टै भने—'तिमी नै आफ्नो कलेजा काटेर किन दिंदैनौ ? भक्त भएर पनि अर्कासित किन माग्दै हिंडिरहेका छौ ?' अन्त्यमा तिनलाई हुनै महात्मा भेटिए । नारदले तिनलाई भगवान विष्णुको कष्ट सुनाएपछि ती तयार भए, अनि नारदकै साथ लागेर विष्णु भगवानकहाँ पुगेर भने —'हे प्रभो ! यदि मेरो कलेजा हजुरको काम लाग्दछ भने यसलाई तुरुन्त काटेर लिनुहोस् ।' त्यो तत्परता देखेर भगवान विष्णुले नारदलाई भन्नुभयो—'देख्यौ नारदजी ! यस्ता महापुरुष नै अपुत्रीलाई छोरो दिन सक्छन् । तिमी जस्ता व्यक्ति सक्तैनन् किनकि आफ्नो कलेजा आफूसित छँदाछँदै पनि तिमी मेरो निम्ति अर्काको कलेजा माग्न गएका थियौ ।' यति सुनेर नारदलाई लाज लाग्यो । यस्तो हुन्छ महापुरुषको महिमा ।

* उदाहरण (पतिलाई कुट्ने कुटिल पत्नी)—संसारमा अनेक विदुषीपत्नीहरूलाई दुष्ट पति र अनेक विद्वान पुरुषहरूलाई कर्कशा पत्नीहरू प्राप्त हुन्छन् । तैपनि विचारशील स्त्री पुरुष आफ्नो बुद्धिले आफ्नो घर स्वर्ग तुल्याउँछन् । महान भक्त तुकारामलाई पनि कर्कशा पत्नी मिलेकी थिइन् । तुकारामको काम प्रभु-सेवा र न्यायपूर्ण जीवन बिताउनु थियो र तिनकी कर्कशा स्त्रीलाई यो कुरा मनपर्दैनथ्यो, किनकि ती स्वार्थी र झगडाटे थिइन् । स्त्रीसँगै तुकाराम ऊखूको भारी लिएर घर गइरहेका थिए । बाटोमा केही गरीब मानिस र तिनका छोरा छोरी उभिएका देखिए । तिनकोप्रति तुकारामलाई निकै दया लाग्यो र ऊखू बाँड्न थाले । बाँड्दा बाँड्दै यौटा ऊखू मात्र रह्यो । त्यो लगेर उनले आफ्नी पत्नीलाई दिए । पत्नीले बाटोमा ऊखू बाँडेको कुरा थाहा पाइसकेकी थिइन् । अतः ती रिसले आगो भएकी थिइन् । त्यो ऊखूको लाँक्रा हातमा आउनासाथ तुकारामको पिठिउँमा हिर्काइन्, त्यसले ऊखूको दुइ टुक्रा भयो । तुकारामले हाँस्तै भने—स्याबास, तिमी कति बाठी छौ—तिम्रो मप्रति कति बर्ता प्रेम छ, यो जाबो ऊखू पनि तिमीले एक्लै चुस्न मनपराइनौ । यसै कारण दुइ टुक्रा पारिदियौ ।' यो कुरा सुनेर तिनलाई लाज लाग्यो र पतिको खुट्टा समातेर क्षमा माग्न लागिन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसिरहने छ, त्यो कसरी बाहिर निस्कला, म भन्न सक्तिन ॥४६॥ पेटबाट निस्कँदा तेर्सो पर्‍यो भने त म अवश्य मर्नेछु । यस्तो पनि सुनेकी छु—बालक जन्मने बेलामा स्त्रीलाई असाध्य दुःख हुन्छ । अतः म जस्ती सुकुमारी स्त्री त्यस्तो कष्ट कसरी सहन सक्नेछु ॥४७॥ म सुतकेरी भएर थन्किएपछि मेरी नन्दले मेरो सर्वस्व लिई पचाउने छन् । फेरि ती संन्यासीले भनेको नियम पनि त ठूलै कष्टले पालन हुनेछ ॥४८॥ फेरि कुनै प्रकारले छोरो भयो भने पनि त्यसको लालन-पालन गर्नु पनि त असाधारण क्लेशको काम छ । मेरो त यस्तो विश्वास छ कि बिधवा स्त्री नै सबै प्रकारले सुखी रहन्छन् ॥४९॥ यस्तै अनेक थरिका तर्क-वितर्क गरी-गरीकन तिनले त्यो फल खाइनन् र पतिले सोधेपछि भनिन्—'अँ, मैले फल खाएँ ॥५०॥ केही दिनपछि तिनकी बहिनी दिदीलाई भेट्न आइन् । बहिनीलाई तिनले आफ्नो चिन्ताको सबै कुरा सुनाइसकी भनिन्—॥५१॥ 'बैन्ही ! म यो कष्टले साह्रै दुःखी भएकी छु—अहिले त तेरो भिजानूलाई भनिदिएकी छू—मैले फल खाएँ र गर्भ धारण भइसकेको छ । तर जब समय पूर्ण हुनेछ, तब के उत्तर दिने ? यही कष्टले म प्रतिदिन दुब्ली हुँदै गइरहेकी छु । अब

वसेद्गर्भस्तं कुक्षेः कथमुत्सृजेत् ॥ ४६ ॥ तिर्यक्चेदागतो गर्भस्तदा मे मरणं भवेत् ॥ प्रसूतौ दारुणं दुःखं सुकुमारी कथं सहे ॥ ४७ ॥ मंदायां मयि सर्वस्वं ननान्दा संहरेत्तदा ॥ सत्यशौचादिनियमो दुराराध्यः स दृश्यते ॥ ४८ ॥ लालने पालने दुःखं प्रसूतायाश्च वर्तते ॥ वंध्या वा विधवा नारी सुखिनी चेति मे मतिः ॥ ४९ ॥ एवं कुतर्कयोगेन तत्फलं नैव भक्षितम् ॥ पत्या पृष्टं फलं भुक्तं भुक्तं चेति तयेरितम् ॥५०॥ एकदा भगिनी तस्याः स्तद्गृहं स्वेच्छयाऽऽगता ॥ तदग्रे कथितं सर्वं चिंतेयं महती हि मे ॥ ५१ ॥ दुर्बला तेन दुःखेन ह्यनुजे करवाणि किम् ॥ साऽब्रवीन्मम गर्भोऽस्ति तं दास्यामि प्रसूतितः ॥ ५२ ॥ तावत्कालं सगर्भेव गुप्ता तिष्ठ गृहे सुखम् ॥ वित्तं त्वं मत्पतेर्यच्छ स ते दास्यति बालकम् ॥५३॥ षाण्मासिको मृतो बाल इति लोको वदिष्यति ॥ तं बालं पोषयिष्यामि नित्यमागत्य ते गृहे ॥ ५४ ॥ फलमर्पय धेन्वै त्वं परीक्षार्थं तु सांप्रतम् ॥ तत्तदाचरितं सर्वं तथैव स्त्रीस्वभावतः ॥ ५५ ॥ अथ कालेन सा नारी प्रसूता बालकं तदा ॥ आनीय जनको बालं रहस्ये धुंधुल्यै ददौ ॥५६॥ तया च कथितं भर्त्रे प्रसूतः सुखमर्भकः ॥ लोकस्य सुखमुत्पन्नमात्मदेवप्रजोदयात् ॥५७॥ ददौ दानं द्विजातिभ्यो जातकर्म विधाय च ॥ गीतवादित्रघोषोऽभूत्तद्द्वारे

तिमी नै भन—म के गरूँ ? बहिनीले भनिन्—'तिमी नआत्तिय, म पनि गर्भवती भएकी छु । मेरो जुन छोरो हुनेछ, त्यो म तिमीलाई दिनेछु ॥५२॥ त्यतिञ्जेलसम्म तिमी गर्भवती बनेर आनन्दले आफ्नो घरमा बसिरहू । यसको निम्ति बरू केही धन मेरो पतिलाई दिनू । ती तिमीलाई आफ्नो छोरो दिनेछन् ॥५३॥ ती अरुलाई यो भन्ने छन् कि छ महीनाको गर्भ तुह्यो । जुन बच्चा म तिमीलाई दिनेछु, दिनहुँ तिम्रो घर आएर त्यसको लालन-पालन पनि गरिदिनेछु ॥५४॥ अब तिमी त्यो फल गाईलाई खवाइदेऊ, हेरौं त्यो गर्भिणी हुन्छे कि हुन्न । धुन्धुलीले त्यो फल गाईलाई खान दिइन् । त्यसपछि ती बहिनीले जे-जसो भन्दथिन्, ती उसै माफिक गर्दथिन् ॥५५॥ वेला पुगेपछि धुन्धुलीकी बहिनीलाई छोरो भयो पतिले चुपचाप त्यो बालक धुन्धुलीलाई दिएर गयो ॥५६॥ एकैछिन पछि धुन्धुलीले पतिलाई डाकेर भनिन्—आनन्द र सुखपूर्वक मलाई पुत्र उत्पन्न भयो । जुन व्यक्तिले पनि आत्मदेवको घर पुत्रोत्पत्तिको कुरा सुन्यो, त्यो गद्गद भयो ॥ ५७ ॥ आत्मदेवले ठूलो उत्साहपूर्वक बालकको जात-कर्म संस्कार गरे र ब्राह्मणहरूलाई प्रशस्त धन दान दिए । तिनको घर-अगाडि थरि-थरिका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाजा बज्न लागे र वर-परका छिमेकीहरू आएर मङ्गल-गान गर्नलागे ॥ ५८ ॥ *एकैछिनपछि धुन्धुलीले आफ्नो पतिसित भनिन्—मेरो स्तनमा दूध आएन। अर्काको दूधले कसरी बालकको रक्षा होला ? ॥५९॥ नभए यौटा यत्न गर, मेरी बहिनीको भर्खरै छोरो भएर मऱ्यो। तिमी गएर त्यसलाई डाकेर ल्याऊ। त्यसले हाम्रो बालकलाई राम्ररी पालन गर्न सक्तछे ॥६०॥ छोरोको रक्षार्थ तिनले त्यस्तै गरे। धुन्धुलीले आफ्नो छोरोको नाउँ 'धुन्धुकारी' राखिन् ॥६१॥ त्यसको तीन महीनापछि गाईले पनि छोरो पाइन्। त्यो बालक सर्वाङ्ग राम्रो, दिव्य, निर्मल र सुवर्ण जस्तै तेजस्वी थियो ॥६२॥ त्यस बालकलाई देखेर आत्मदेव निकै प्रसन्न भए र आफ्नै हातले त्यसको संस्कार गरे। नगर निवासीहरूले गाईको गर्भ-बाट मनुष्य-बालक जन्मेको समचार सुनेर त्यसलाई हेर्न दगुरे ॥६३॥ तिनीहरू बालकलाई देखेर भन्दथे---यस बखत आत्मदेवको भाग्योदय भएको छ। हेर, गाईको गर्भबाट कति राम्रो

मंगलं बहु ॥ ५८ ॥ भर्तुरग्रेऽब्रवीद्वाक्यं स्तन्यं नास्ति कुचे मम॥ अन्यस्तन्येन निर्दुग्धा कथं पुष्णामि बालकम्॥ ५६ ॥ मत्स्वसायाः प्रसूताया मृतो बालः प्रवर्तते ॥ तामाकार्य गृहे रक्ष सा तेऽर्भं पोषयिष्यति ॥६०॥ पतिना तत्कृतं सर्वं पुत्ररक्षणहेतवे ॥ पुत्रस्य धुंधुकारीति नाम मात्रा प्रतिष्ठितम् ॥ ६१ ॥ त्रिमासे निर्गते चाथ सा धेनुः सुषुवेऽर्भकम् ॥ सर्वाङ्गसुन्दरं दिव्यं निर्मलं कनकप्रभम् ॥६२॥ दृष्ट्वा प्रसन्नो विप्रस्तु संस्कारान्स्वयमादधे ॥ मत्वाश्चर्यं जनाः सर्वे दिदृक्षार्थं समागताः ॥६३॥ भाग्योदयोऽधुना जात आत्मदेवस्य पश्यत ॥ धेन्वा बालः प्रसूतस्तु देवरूपीति कौतुकम् ॥६४॥ न ज्ञातं तद्रहस्यं तु केनापि विधियोगतः ॥ गोकर्णं तं सुतं दृष्ट्वा गोकर्णं नाम चाकरोत्॥ ६५ ॥ कियत्कालेन तौ जातौ तरुणौ तनयावुभौ ॥ गोकर्णः पंडितो ज्ञानीं धुंधुकारी महाखलः ॥६६॥ स्नानशौचक्रियाहीनो दुर्भक्षी क्रोधवर्धितः ॥ दुष्परिग्रहहर्ता च शवहस्तेन भोजनम् ॥६७॥ चौरः सर्वजनद्वेषी

बालक भेट्टाए। ईश्वरको लीला हेर—यो बालक साक्षात् देवता झैं राम्रो छ ॥६४॥ संयोगले कसैलाई पनि गाईको गर्भबाट छोरो भएको रहस्य थाहा भएन। त्यस बालकको सबै अंग मानिसको जस्तै थियो, तर कान गाईकै जस्तो थियो। गाईको जस्तै कान देखेर आत्मदेवले त्यसको नाउँ 'गोकर्ण' राखे ॥६५॥ केही समयपछि धुन्धुकारी र गोकर्ण दुवै तन्नेरी भए। तिनमा गोकर्ण ठूलो पण्डित र ज्ञानी थिए, तर धुन्धुकारी§ सार्है दुष्ट निस्क्यो ॥६६॥ त्यो न कहिले स्नान गर्दथ्यो, न छात-छूतको विचार राख्दथ्यो। जे जहाँ पायो खाइदिन्थ्यो। त्यसको रिसको त ठेगानै थिएन। त्यो निषिद्ध दान थाप्दथ्यो र मृतकको हातमा दिएको पिण्ड पनि खाइदिन्थ्यो ॥ ६७ ॥ त्यो चोर र सबै व्यक्तिसित द्रोह गर्दथ्यो

---

* उदाहरण (अवस्थानुसार व्यवस्था)—एक दिन यौटा न्याउरीमुसोले यौटा चमेरो समात्यो। चमेरोले मलाई छाडिदेउ भनी प्रार्थना गऱ्यो। न्याउरीले भन्यो—'पक्षीहरूसित मेरो शत्रुता छ। म क्यै गरे पनि तँलाई छाड्दीन।' चमेरोलो भन्यो—'तिमी बिर्सिरहेका छौ, म पक्षी होइन। म त मुसाको जातिको जीव हुँ।' त्यति सुनेपछि न्याउरीले छाडिदियो। फेरि अर्को दिन कुनै बिरालाले त्यसलाई च्याँक्यो। तब चमेरोले बिरालोसित 'मलाई छाडिदेऊ' भन्यो। बिरालोले भन्यो—'म पक्षीहरूको मामु मनपराउँछु। यसै कारण तँलाई छाड्दिन।' चमेरोले फेरि भन्यो—'पक्षी होइन, म त मुसाको जातको जीव हुँ।' त्यो सुने र बिरालोले भन्यो—'त्यो त झन् असल, मुसाको मासु त मलाई झन स्वादिष्ट लाग्दछ।' चमेरोले फेरि भन्यो—'होइन, म मुसो पनि होइन, म त चमेरो हुँ। त्यति सुनेपछि बिरालोले त्यसलाई छाडिदियो। यदि देश-काल परिस्थिति अनुसार व्यवस्था गर्न सके ठूला-ठूला विपत्तीहरूबाट पनि मुक्ति मिल्न सक्तछ।

§ उदाहरण (दुष्ट छोराले बाबुलाई माऱ्यो)—यौटा सेठको चार छोरा थिए। तिनमा तीन भाइ पिताका आज्ञाकारी र चौथो चाहिं उद्धत स्वभावको थियो। त्यो उद्धत छोरो बिझ्ने कुरा बोल्दथ्यो र गाली गर्नको साथै कहिलेकाहिं हात पनि चलाइदिन्थ्यो। सेठ त्यो छोरोसित सधैं रुष्ट रहन्थ्यो। पुत्रको त्यस व्यवहारले अप्रसन्न सेठको विचार थियो—त्यसलाई मेरो सम्पत्तिबाट केही पनि प्राप्त नहोस्। तर सेठ छोरोको सामुन्ने अंश नदिने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अर्काको घर पोल्दै हिंड्दथ्यो। त्यो खेल्न भनेर छिमेकीका बालकहरूलाई डाकेर लैजान्थ्यो र कुआँमा घुचेटिदिन्थ्यो। हिंसा गर्नुनै त्यसको नित्य-नियम थियो। जुन बेला पनि हतियार लिएर यता-उता डुलिरहन्थ्यो। निर्धन र अन्धालाई त्यो विशेष कष्ट दिने गर्दथ्यो। हातमा पाश र दुइ-चार चाण्डाल तथा कुकुरहरूमित हिंडेको प्रायः मानिसहरू त्यसलाई देख्दथे ॥६८॥६९॥ अन्त्यमा त्यो यौटी वेश्याको चक्रमा अल्झियो र घरमा भएको सर्वस्व लगेर उसैलाई दियो। एक दिन त्यसले माता-पितालाई कुट-पीट गरेर घरमा भएका लुगा-भाँडा पनि त्यही वेश्यालाई

परवेश्मप्रदीपकः ॥ लालनायार्भकान्धृत्वा सद्यः कूपे न्यपातयत् ॥६८॥ हिंसकः शस्त्रधारी च दीनान्धानां प्रपीडकः ॥ चांडालाभिरतो नित्यं पाशहस्तः श्वसंगतः ॥६९॥ तेन वेश्याकुसंगेन पैत्र्यं वित्तं तु नाशितम् ॥ एकदा पितरौ ताड्य पात्राणि स्वयमाहरत् ॥ ७० ॥ तत्पिता कृपणः प्रोच्चैर्धनहीनो रुरोद ह ॥ वन्ध्यत्वं तु समीचीनं कुपुत्रो दुःखदायकः ॥ ७१ ॥ क्व तिष्ठामि क्व गच्छामि को मे दुःखं व्यपोहयेत् ॥ प्राणाँस्त्यजामि दुःखेन हा कष्टं मम संस्थितम् ॥ ७२ ॥ तदानीं तु समागत्य गोकर्णो ज्ञानसंयुतः ॥ बोधयामास जनकं वैराग्यं परिदर्शयन् ॥ ७३ ॥ असारः खलु संसारो दुःखरूपी

सुम्पिदियो ॥७०॥ धन-हीन भएर आत्मदेव दुःखी भई रुनलागे र बल्ल उनलाई थाहा भयो—कुपुत्र हुनु भन्दा बरू अपुत्र नै रहनु उत्तम थियो ॥७१॥ अब म कहाँ जाऊँ, के गरूँ ? कसले मेरो यो महान् कष्ट निवारण गरिदेला ? यही दुःखले म आफ्नो प्राण त्यागिदिन्छु। ममाथि सान्है ठूलो विपत्ति आइलाग्यो ॥७२॥ *त्यसै बखत ज्ञानी गोकर्ण आएर आफ्ना

कुरा गर्दथ्यो, तब त्यो आफ्नो पितालाई हिर्काउँथ्यो। यसै कारण मर्ने बेलामा पिताले आफ्नो शेषपछिको कागतमा लेखायो—'तीन भाइ छोरा मेरो धनमा अंश पाउन्—चौथोले नपाओस्।' बाबु मरेपछि छोराहरूले त्यो कागत पढेर थाहा पाए। त्यो नालायक छोरो सान्है दुःखी भयो। आपसमा निर्णय हुन नसकेर मुद्दा राजाकहाँ पुग्यो। राजा पनि अपठेरोमा परे। त्यस बखत कवि कालिदास कतै गएका थिए। यस विवादको निर्णय गर्न राजा भोजले आदरपूर्वक कवि कालिदासलाई डाकेर निर्णय सुनाउने आज्ञा दिए। कालिदासले यौटा कोठामा त्यस सेठको तस्वीर राखे र पालैसित सेठका छोराहरूलाई डाकेर भने— जो यो चित्रलिखित पिताको पेटमा छूराले हिर्काउँछ, उसैलाई अंश दिइन्छ।' सेठका तीनभाइ बुद्धिमान छोराहरूले भने—'म आफ्ना पिताको चित्रमा छूरा हान्न सक्तिन। अंश नभए पनि दुःख मान्दिन।' तर चौथो छोरो—जुन वर्णसंकर थियो—त्यसले तत्काल छूरा उठायो र प्रहार गर्न तयार भयो। यसै आधारमा कालिदासले निर्णय दिए—'यो पुत्र वर्णसंकर हो यसले अंश पाउन्न।' सबै कालिदासको युक्तिको प्रशंसा गर्नलागे र राजाज्ञाको सामुन्ने त्यो दुष्ट पुत्रको पनि बल लागेन।

* उदाहरण (पितालाई अन्धो पुत्रको उपदेश —देवशर्मा नामका यौटा ब्राह्मण थिए। तिनकी स्त्रीको नाम सुधर्मा थियो। सन्तान नहुनाले पति पत्नी दुबै दुःखी थिए। अब दुबैले तपस्या गर्ने अठोट गरे र तत्काल कठोर तपस्या गर्नलागे। पछि शिवलाई प्रसन्न पारेर तिनले यौटा छोरो मागे। वरदान अनुसार तिनलाई यौटा छोरो भयो, तर त्यो अन्धो थियो। जब आमा-बाबुको उमेर साठी वर्षको भयो, तब छोरो बान्ह वर्षको भयो। अब छोरोको व्रतबन्ध गरेर तिनले पढ्नको निम्ति आश्रममा पठाए। छोरो पढेर चार वर्षपछि घर आयो। एक दिन त्यो अन्धो छोरो पिताको नगीचै बसेको थियो। छोरोले बाबुसित सोध्यो—'बाबा! कुन पापले मनुष्य अन्धो हुन्छ ?' पिताले उत्तर दियो—'जुन मनुष्यले पूर्वजन्ममा रत्नको चोरी गर्दछ, त्यो अर्को जन्ममा अन्धो हुन्छ।' छोरोले भन्यो—'तपाईको कुरा सत्य हुन सक्दछ, तर मेरो त यस्तो विश्वास छ—पिताको गुण पुत्रमा आउँछ। अतः म ठानिरहेको छु कि तपाई अन्धो हुनुहुन्छ। त्यसैले म पनि अन्धो भएको हुँ। पिताले भन्यो 'म त आँखा देख्दछु।' छोरोले भन्यो—'तपाईले मुक्तिदाता शिवको आराधना गरेर पनि मोक्ष नमागेर छोरो माग्नुभयो र आफ्नो सारा तपस्या गुमाउनु भयो। यस्तो गरेर के तपाई अन्धो हुनु भएन ? हे पिता! तपाईले ब्रह्मास्त्र समान अमोघ अस्त्र धारण गरेर जाबो मृग मार्नुभयो। यसनिम्ति तपाई अन्धोकै श्रेणीमा गनिनु हुन्छ।' अन्धो छोरोको यस्ता कुरा सुनेर माता-पिता झूठो माया-मोह त्यागेर विष्णु भगवान्का भक्त बने।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुःखी पितालाई सान्त्वना दिंदै वैराग्यको बाटो देखाए ॥ ७३ ॥ गोकर्णले भने—'हे पिता ! यो निःसार संसार, दुःखको मूर्तिमान स्वरूप र अज्ञानमा पार्ने छ । कुन कसको छोरो छ, कुन कसको धन छ र को कसको स्नेह गर्दछ ? संसारको यो महती अग्निशालामा सबै स्वतः डढिरहन्छन् ॥ ७४ ॥ यहाँ न इन्द्रलाई सुख मिल्दछ, न कुनै चक्रवर्ती राजालाई । वास्तवमा यदि *सुख-सन्तोष कसैलाई प्राप्त हुन्छ भने ती हुन् विरक्त, एकान्तसेवी साधु ॥ ७५ ॥ अब तिमी पुत्र-स्नेहको अज्ञान त्याग । यदि यस अज्ञानको चक्रमा परिरह्यौ भने त तिमी अन्त्यमा नरकगामी पनि हुन सक्तछौ । एक दिन यो देह अवश्य नाश हुन्छ, यस कारण तिमी यो झ्याउलो त्यागेर वनमा जाऊ ॥ ७६ ॥ गोकर्णका कुरा सुनेर आत्मदेव त्यसको निम्ति तयार

विमोहकः ॥ सुतः कस्य धनं कस्य स्नेहवान्ज्वलतेऽनिशम् ॥ ७४ ॥ न चेन्द्रस्य सुखं किंचिन्न सुखं चक्रवर्तिनः ॥ सुखमस्ति विरक्तस्य मुनेरेकांतजीविनः ॥ ७५ ॥ मुंचाज्ञानं प्रजारूपं मोहतो नरके गतिः ॥ निपतिष्यति देहोऽयं सर्वं त्यक्त्वा वनं व्रज ॥ ७६ ॥ तद्वाक्यं तु समाकर्ण्य गंतुकामः पिताऽब्रवीत् ॥ किं कर्तव्यं वने तात तत्त्वं वद सविस्तरम् ॥ ७७ ॥ अन्धकूपे स्नेहपाशे बद्धः पंगुरहं शठः ॥ कर्मणा पतितो नूनं मामुद्धर दयानिधे ॥ ७८ ॥ गोकर्ण उवाच ॥ देहेऽस्थिमांसरुधिरेऽभिमतिं त्यज त्वं जायासुतादिषु सदा ममतां विमुंच ॥ पश्यानिशं जगदिदं क्षणभंगनिष्ठं वैराग्यरागरसिको भव भक्तिनिष्ठः ॥ ७९ ॥ धर्मं भजस्व सततं त्यज लोकधर्मान्सेवस्व साधुपुरुषाञ्जहि कामतृष्णाम् ॥ अन्यस्य दोषगुणचिंतनमाशु मुक्त्वा

भए र भने–'बाबू ! वनमा गएर मैले के गर्नुपर्दछ, त्यो विस्तारले बुझाइदेऊ ॥७७॥ हे दयानिधे ! म अज्ञानरूपी अन्धो कूपमा परेको छु । स्नेहरूपी डोरीले मेरा हात-खुट्टा बाँधिएका छन् । यसै निम्ति म आफूलाई केही गर्न पनि असमर्थ र पंगु ठानिरहेको छु । यो सबै मेरो कर्मका फल हुन् भन्ने पनि बुझिरहेको छु । अब तिमी जसरी हुन्छ उसै गरी मेरो उद्धार गर ॥७८॥ गोकर्णले भने–'हे पिता ! तपाईं अस्थि, मज्जा मांस र रक्तले व्याप्त यो शरीरको अभिमान छाडेर स्त्री-पुत्रको माया त्यागिदिनु हवस् । यस संसारलाई क्षणभङ्गुर ठान्नु हवस् र भगवद्-भक्तिमा निष्ठा राखेर वैराग्यभाव धारण गर्नुहवस् ॥७९॥ सदैव सत्य र धर्मको पालन गर्नुहवस् । संसारिक धर्म र रूढीहरूलाई हुत्याउनोस् सज्जनको आदर र कामनाजनित भोगहरूबाट

---

* उदाहरण (सुख सन्तोष)—एक दिन यौटा साधुसित शाह इब्राहीमले सोध्यो—'साधुका लक्षण के हुन् ?' साधुले उत्तर दिए—'यदि पाए खाओस् कुनै कारणले नपाए पनि सन्तोष गरोस् ।' शाह इब्राहीमले फेरि सोधे-- यो लक्षण त कुकुरको हो ।' त्यागीले उत्तर दिए--'उसो भए तपाईं नै भन्नोस् ।' इब्राहीमले भन्यो—'सच्चा त्यागी त्यो हो जो पाएको पनि ईश्वरको बाटोमा लुटाइदेओस् ।' नपाए पनि ईश्वरलाई धन्यवाद देओस् ।' तात्पर्य हो—ईश्वरले जे जति खस्रो-मसीनो दिन्छ, त्यै खाओस् र प्रभु जुन स्थितिमा राख्दछ, त्यसैमा प्रभुको कृतज्ञ बनेर प्रसन्न रहोस् । आफ्नो चित्तवृत्ति नबदलोस् र मायाको विशेष भोग र सुखको इच्छा नगरोस् ।

इच्छा, चिन्ता त्यागी, गर प्रभुको भक्ति र ध्यान । त्यागी साधु बन्दछौ, पाई उत्तम ज्ञान ॥

* उदाहरण (विशेष-भोग कष्ट दिन्छन्)—दुइ जना मित्र कहीं गइरहेका थिए । तिनमा यौटा अन्धो थियो र अर्को आँखा देख्ने । ती दुवै अलि पर पुग्नासाथ ठूलो आँधी आयो, त्यसले देख्न गाह्रो भयो । आँखामा धूलो भरियो, त्यसले आँखा नउघ्रने भयो । आँखा देख्ने चाहिं हैरान भयो । जब हुरी थामियो तब दुवैले आँखा र शरीरमा परेको धूलो पानीले सफा पारे । अब आँखा हुने त देख्न थाल्यो, तर अन्धोले हुरी समाप्त भएपछि पनि देखेन । यस दृष्टान्तले यो बुझ्नु पर्दछ भक्त र अभक्त दुवै संसार-पथमा गइरहेका छन् । यसमा विषय-भोगरूपी आँधी आउँछ । त्यसले दुवैमाथि समान प्रहार गर्दछ । विचारवान् भक्त पुरुषलाई हुरी शान्त भएपछि देखिन्छ तर अभक्तलाई विषय-भोग शान्त भएपछि पनि आत्मज्ञान हुँदैन । अतः अज्ञानी व्यक्ति विषय-भोग द्वारा नै आत्तिई रहन्छ ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख फर्काउनुहोस् र अर्काको गुण-दोषको विवेचना गर्नतिर नलाग्नोस् । प्राणिमात्रको सेवा गर्न पवित्र व्रत धारण गरेर भगवत्कथारूपी अमृतमय रसपान गर्नोस् ॥८०॥ यसरी आफ्नो छोराको राम्रो उपदेश सुनेर आत्मदेवलाई ज्ञान प्राप्तभयो । तिनको बुद्धि स्थिर भयो र साठी वर्षको उमेरमा घर-बार त्यागी वनमा गए । त्यहाँ ती प्रतिदिन भगवान्‌को आराधना गर्दै श्रीमद्भागवत दशमस्कन्धको पाठ गर्न गर्दथे । अन्त्य समयमा आत्मदेव भगवान्‌को दिव्य-लोक वैकुण्ठधाम गए ॥८१॥ इति श्री पद्मपुराणको उत्तर खण्डमा श्रीमद्भागवत माहात्म्यको चौथो । अध्याय समाप्त भयो ॥४॥

सूतजी भन्नुहुन्छ—हे शौनक ! घरबाट पिता हिंडेपछि एक दिन धुन्धुकारीले आमालाई बेसरी कुट्यो र भन्यो–खोइ, घरको सबै सम्पत्ति कहाँ छ, भन ? यदि भन्दीनौ भने म लात्तले हानेर तिम्रो प्राण लिनेछु ॥१॥ घरको सम्पत्ति त्यो दुष्टले पहिल्यै उडाइसकेको थियो, अब के शेष थियो र आमाले दिने ! तर ती धन छैन भन्न पनि असमर्थ थिइन् । किनकि धन छैन भने पनि त्यो पापिष्ठलाई पत्यार पर्ने थिएन । अतः त्यो यसै गरी रात-दिन कष्ट दिइरहन्थ्यो । एक रात त्यसकी माता धुन्धुली उठेर कुवामा हाम्फाली मरिन् । यसरी मरेर ती सधैंको

सेवाकथारसमहो नितरां पिब त्वम् ॥८०॥ एवं सुतोक्तिवशतोऽपि गृहं विहाय यातो वनं स्थिरमतिर्गतषष्टिवर्षः ॥ युक्तो हरेरनुदिनं परिचर्ययाऽतः श्रीकृष्णमाप नियतं दशमस्य पाठात् ॥ ८१ ॥ इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये विप्रमोक्षो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

सूत उवाच ॥ वितयु परते तेन जननी ताडिता भृशम् ॥ क्व वित्तं तिष्ठते ब्रूहि हनिष्ये लत्तया न चेत् ॥ १ ॥ इति तद्वाक्यसंत्रासाज्जनन्या पुत्रदुःखतः ॥ कूपे पातः कृतो रात्रौ तेन मा निधनं गता ॥ २ ॥ गोकर्णस्तीर्थयात्रार्थं निर्गतो योगसंस्थितः ॥ न दुःखं न सुखं तस्य न वैरी नापि बांधवः ॥ ३ ॥ धुन्धुकारी गृहेऽतिष्ठत्पञ्चपण्यवधूवृतः ॥ अत्युग्रकर्मकर्ता च तत्पोषणविमूढधीः ॥४॥ एकदा कुलटास्तास्तु भूषणान्यभिलिप्सवः ॥ तदर्थं

निम्ति पुत्रको यातनाबाट मुक्त भइन् ॥२॥ त्यसै बखत योगी गोकर्ण तीर्थयात्रा गर्न घरबाट हिंडिदिए । तिनलाई न कुनै दुःख थियो, न कुनै सुख । तिनको न कोही शत्रु थियो न मित्र ॥३॥ यता धुन्धुकारी पाँचोटी वेश्याहरूलाई घरमा ल्याएर बस्न लाग्यो । ठूला-ठूला पाप गर्नु नै उसको व्यवसाय थियो । वेश्यालाई खान-लाउन दिनेमा नै उसको बुद्धि बिग्रन्थ्यो । ॥४॥ एक दिन बजारिया वेश्याहरूले *केही गर-गहनाको आग्रह गरे । अनि त्यो कामान्ध मृत्युको पनि डर नमानी रातमा चोरी गर्नको निम्ति घरबाट निस्कयो ॥५॥ जहाँ, जे र जसरी

उदाहरण (स्त्रियाचरित्र)— कानपुरमा यौटा वैश्य बस्तथ्यो, त्यसकी स्त्रीको नाम रत्नप्रभा थियो । युवती रत्नप्रभा आचारहीन थिई, सेठ अलि वृद्ध थियो । अतः त्यो दिनहुँ घरको नोकरसित आनन्द भोग्दथी । एक दिन सेठले रत्नप्रभालाई घरको सेवकलाई म्वाईं खान दिएकी देख्यो । अब रत्नप्रभा कुरा बिग्रन लाग्यो भन्ने देखेर तत्काल त्यो सेवकलाई अलि पर हटाई सेठसंग टाँसिदै भन्नलागि--'हे स्वामी ! यो नोकर निकै बदमाश भएको छ । किन भने दिनका दिन गोदामबाट कपूर चोरेर खान्छ । शंका त मलाई पहिलेदेखि नै थियो, त्यसैले आज मैले यसको मुख सुँघेर निश्चय गरें ।' यति सुनेर नोकर नक्कली रिस देखाउँदै भन्न लाग्यो—सेठजी ! जसको घरमा यस प्रकारले मुख सुँघ्ने स्त्री छन्, त्यहाँ नोकर कसरी टिक्न सक्छ ? यस निम्ति हजुर आजै मेरो हिसाब चुक्ता गरिदिनोस् । मलाई यस्तो नोकरी चाहिएन ।' यति भनेर त्यो झर्को-फर्को गर्दै त्यहाँबाट हिंडिदियो । अब सेठजी मुट्ठी मुसार्दै उठेर धेरै खुशामद गरेर नोकरलाई फर्काएर ल्याए । यसैले नीतिशास्त्रमा भनेको छ--'उशना वेद यच्छास्त्रं यच्च शास्त्रं बृहस्पतिः । चाणक्यस्य च यच्छास्त्रं स्त्रीबुद्धौ सुप्रतिष्ठितम् ।' । अर्थात् जुन नीति शुक्राचार्य, देवगुरु बृहस्पति र नीतिनिपुण चाणक्य जान्दथे, त्यही नीति स्त्रीको बुद्धिमा सदैव स्वाभाविक रीतिले विद्यमान रहन्छ । स्त्रीको चरित्र मानिसको त के कुरा देवताले पनि जान्न सक्तैनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन पायो, सबै ल्याएर त्यसले ती कुलटा नारीहरूलाई सुम्पियो, तिनमा अनेक थरिका रत्न-आभूषणहरू थिए ॥६॥ ती वेश्याहरूले धेरै धन-चोरेर ल्याएको देखेर एक रात जम्मा भई विचार गर्नलागे–यो दुष्ट दिनहुँ चोर्दछ। कुनै दिन राजाद्वारा अवश्य समातिन्छ ॥७॥ अनि राजाले यसको समस्त धन-सम्पत्ति खोसेर ज्यान लिन पनि बेर छैन। यदि यो धन लिन हामी नै यसलाई मारौं भने त्यसमा के बाधा पर्ला त ॥ ८ ॥ यसलाई समाप्त पारेर जो भएको सबै धन लिई कतै अन्तै भागेर जाऔं। ती वेश्याहरूले यस्तो निश्चय

निर्गतो गेहात्कामांधो मृत्युमस्मरन् ॥५॥ यतस्ततश्च संहृत्य वित्तं वेश्म पुनर्गतः ॥ ताभ्योऽयच्छत्सुवस्त्राणि भूषणानि कियंति च ॥६॥ बहुवित्तचयं दृष्ट्वा रात्रौ नार्योऽविचारयन् ॥ चौर्यं करोत्यसौ नित्यमतो राजा गृहीष्यति ॥ ७ ॥ वित्तं हृत्वा पुनश्चैनं मारयिष्यति निश्चितम् ॥ अतोऽर्थगुप्तये गूढमस्माभिः किं न हन्यते ॥ ८ ॥ निहत्यैनं गृहीत्वाऽर्थं यास्यामो यत्रकुत्रचित् ॥ इति ता निश्चयं कृत्वा सुप्तं तं बद्ध्य रश्मिभिः ॥९॥ पाशं कंठे निधायास्य तन्मृत्युमुपचक्रमुः ॥ त्वरितं न ममारासौ चिंतायुक्तास्तदाऽभवन् ॥ १० ॥ तप्तांगारसमूहांश्च तन्मुखे हि विचिक्षिपुः ॥ अग्निज्वालातिदुःखेन व्याकुलो निधनं गतः ॥ ११ ॥ तं देहं मुमुचुर्गर्ते प्रायः साहसिकाः स्त्रियः ॥ न ज्ञातं तद्रहस्यं तु केनापीदं तथैव च ॥ १२ ॥ लोकैः पृष्टा

गरेर त्यसलाई पहिले बलियो डोरीले टन्काए अनि घाँटीमा डोरी कसेर प्राण लिने प्रयत्न गर्नलागे ॥ ९ ॥ तर त्यो किन हो कुन्नि, छिटै मर्न सकेन, अतः ती वेश्याहरू आत्तिए ॥ १० ॥ तत्काल अरु कुनै उपाय नदेखेर ती आगोको बल्दो अगुल्टो लिएर धुन्धुकारीको मुखमा बारम्बार कोच्नलागे। त्यो आगोको ज्वालाले जब धुन्धुकारीलाई धेरै वर्ता कष्ट भयो, तब चिच्याउने प्रयत्न गर्‍यो तर मुख थुनिदिनाले व्याकुल भएर त्यसले प्राण त्यागिदियो* ॥ ११ ॥ त्यसपछि ती वेश्याहरूले त्यसको मृतदेह यौटा खाडलमा हाली

जस्तो गर्छौं कर्म आएर याहाँ, भोग्नै पर्ने भोग त्यसको छ वाहाँ। मिथ्या हुन् यी देखिने वस्तु जाहाँ, भन्छन् जान्ने त्याग दुष्कर्म याहाँ ॥

* उदाहरण––यौटी गृहस्थकी पत्नीलाई केही वर्षसम्म सन्तान भएनन्। अतः त्यो मूर्ख र धूर्त मानिसहरूकहाँ गएर यन्त्र-मन्त्र-तन्त्र गराउन थाली। एकदिन यौटा पाखण्डीले त्यो मूर्ख स्त्रीसित भयो––मंगलवार राती यदि तँ त्यस व्यक्तिको घरमा आगो लगा, तब गुरुको कथनानुसार तँलाई अवश्य छोरो हुनेछ।' त्यो मूर्ख स्त्रीले त्यसै गरी। त्यस भयंकर आगोमा धेरै धन र गाई-भैंसी, बाछा-बाछी आदि सबै मिलाएर आठ जीव रुदै-कराउँदै डढेर मरे। केही दिनपछि त्यस स्त्रीले छोरो पाई र समय बितेपछि त्यो आठ छोराकी आमा बनी। त्यसको बूढो ससुरो बुहारीको आगो लगाउने कुकृत्य राम्ररी जान्दथ्यो। एकदिन त्यसले विचार गर्‍यो–'मलाई भगवान्को दरबारमा पनि अन्याय हुन्छ जस्तो लागिरहेछ।' जति-जति छोराहरू ठूला हुँदै गए, त्यो स्त्रीले पालैसित सबैको विवाह गर्दै गई। तर जुन छोरोको भयो, त्यो मर्दथ्यो। यसरी त्यसका सबै छोरा मरे। अनि त्यो अलाप-विलप गरेर रुन थाली। अनि बूढो ससुरोले भन्यो––'भगवान् कहाँ अन्याय हुँदैन, त्यहाँ न्याय नै हुन्छ, त्यो कुरा सुनेर बुहारीलाई आलो घाउमा नून छरिदिए झैं भयो। उसले बाड्दै ससुरालाई भनी––आठ-आठ भाइ बाघ जस्ता मेरा छोराहरू मर्नाले तिमीलाई खुशी भइरहेको छ ? वर-परका छिमेकीहरू पनि आएर बूढोलाई भन्नू नभन्नू भने। बूढोले भन्यो–– मलाई मेरा परिवार प्रिय छन्। तर यो अभागिनीले कुनै मूर्खको कुरा मानेर यौटा गृहस्थको घरमा आगो लगाइदिएकी थिई। त्यसमा आठ निर्दोष पशुहरू कराई-कराई मरेका थिए। तिनै आठ पशु यो मूर्खाका छोरा भएर जन्मे र अब तिनै यसलाई सन्तापको आगोमा जलिरहन भनी छाडेर गए। ती वृद्धको यो कुरा ग्रामवासीलाई उचित लाग्यो र त्यस मूर्खाले पनि राम्ररी बुझी––यो मेरो कुकर्मको साटो फेरिएको हो। त्यसपछि उसले आफ्ना ससुरालाई ज्ञानी ठानेर सेवा-चाकरी गर्न लागी। केही समय बितेपछि फेरि त्यसको यौटा छोरो भयो, अनि त्यो खुशी भई।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसमाथि माटो हालेर छोपिदिए। त्यस गुप्त रहस्यलाई कसैले पनि जान्न सकेन ॥१२॥ वर-परका छिमेकीहरूले जब धुन्धुकारीलाई नदेखेर सोधे तब ती कुलटाहरूले भनिदिए—मेरा प्राणपति परदेश गएका छन्। धनको बर्ता खाँचो परेर नै उनी परदेश गएका हुन्। ती यसै वर्ष कुनै महिनामा घर फर्कन्छन्। त्यस्ता कुलटा स्त्रीका कुरामा जान्ने व्यक्तिले कदापि विश्वास गर्न हुँदैन। जो मूर्ख त्यस्ताका कुरामा विश्वास गर्दछन्, तिनले अनेक कष्ट भोग्नु पर्दछ ॥१३॥१४॥ किनकि स्त्रीहरूको कुरा अमृत झैं मीठा हुन्छन्। त्यसले कामीहरूको हृदयमा काउकुती उत्पन्न गरिदिन्छ। तर नारीहरूको हृदय चाहिं लाग्ने कर्दको धार जस्तै तीक्ष्ण हुन्छ–जसले मौका पाउनासाथ प्रहार गरिदिन्छ ॥१५॥ अन्त्यमा ती कुलटाहरू धुन्धुकारीको सबै धन लिएर अन्य प्रेमीहरूकहाँ गए। यता धुन्धुकारी आफूले गरेका कुकर्महरूले गर्दा डरलाग्दो प्रेत भयो ॥१६॥ अब त्यो हुरीको रूप धारण गरेर दसै दिशाहरूमा यता-उता चक्र झैं घुम्न लाग्यो। त्यसलाई चीसो, घाम, भोक-प्यास आदिको भयंकर यन्त्रणा सहनुपर्दथ्यो ॥१७॥ त्यसलाई कहीं पनि कुनै आश्रय स्थल मिल्दैनथ्यो। त्यो बारम्बार 'हा दैव !' भनि-

वदंति स्म दूरं यातः प्रियो हि नः ॥ आगमिष्यति वर्षेऽस्मिन्वित्तलोभविकर्षितः ॥ १३ ॥ स्त्रीणां नैव तु विश्वासोऽनृतानां कारयेद्बुधः ॥ विश्वासे यः स्थितो मूढः स दुःखैः परिभूयते ॥ १४ ॥ सुधामयं वचो यासां कामिनां रसवर्द्धनम् ॥ हृदयं क्षुरधाराभं प्रियः को नाम योषिताम् ॥ १५ ॥ संहृत्य वित्तं तास्तस्य कुलटा बहुभर्तृकाः ॥ धुन्धुकारी बभूवाथ महान्प्रेतः कुकर्मतः ॥ १६ ॥ वात्यारूपधरो नित्यं धावन्दशदिशोऽन्तरम् ॥ शीतातपपरिक्लिष्टो निराहारः पिपासितः ॥ १७ ॥ न लेभे शरणं कुत्र हा दैवेति मुहुर्वदन् ॥ कियत्कालेन गोकर्णो मृतं लोकादबुध्यत ॥ १८ ॥ अनाथं तं विदित्वैव गयाश्राद्धमचीकरत् ॥ यस्मिंस्तीर्थे तु संयाति तत्र श्राद्धं प्रवर्तयन् ॥ १९ ॥ एवं भ्रमन्स गोकर्णः स्वपुरं समुपेयिवान् ॥ रात्रौ गृहाङ्गणे स्वप्तुमागतोऽलक्षितः परैः ॥ २० ॥ तत्र सुप्तं स विज्ञाय धुन्धुकारी स्वबांधवम् ॥ निशीथे दर्शयामास महारौद्रतरं वपुः ॥२१॥ सकृन्मेषः सकृद्धस्ती सकृच्च महिषोऽभवत् ॥ सकृदिंद्रः सकृच्चाग्निः पुनश्च पुरुषोऽभवत् ॥२२॥ वैपरीत्यमिदं दृष्ट्वा गोकर्णो धैर्यसंयुतः ॥ अयं दुर्गतिकः कोऽपि निश्चित्याथ तमब्रवीत् ॥ २३ ॥ गोकर्ण उवाच ॥ कस्त्वमुग्रतरो रात्रौ कुतो यातो दशामिमाम् ॥ किं वा प्रेतः पिशाचो वा राक्षसोऽसीति शंस नः ॥ २४ ॥ सूत उवाच ॥ एवं पृष्टस्तदा तेन रुरोदोच्चैः पुनः पुनः ॥ अशक्तो वचनोच्चारे संज्ञामात्रं चकार ह ॥ २५ ॥ ततोऽञ्जलौ जलं

रहन्थ्यो। केही दिनपछि गोकर्णले धुन्धुकारी मरेको समचार सुने ॥१८॥ त्यसलाई अनाथ ठानेर गोकर्णले गया गएर त्यसको मुक्तिको निम्ति श्राद्ध गरिदिए। त्यसै बखतदेखि ती जुन-जुन तीर्थमा जान्थे, त्यसको मुक्तिका लागि श्राद्ध-तर्पण आपि गर्दै रहन्थे ॥१९॥ निकै दिनपछि डुल्दा-डुल्दा एक दिन आफ्नो नगरमा आइपुगे। ती आएको कसैले पनि थाहा पाउन सकेनन्। ती सरासर गएर आफ्नो घरको आँगनमा सुते ॥२०॥ आफ्नो भाइ गोकर्णलाई सुतेको देखेर प्रेतरूपी धुन्धुकारी आधारातमा त्यहाँ आयो र आफ्नो डरलाग्दो रूप देखाएर तिनलाई डराउन लाग्यो ॥२१॥ त्यो छिनमा भेडा, तुरुन्त हात्ती, तत्काल राँगो, फेरि इन्द्र, अग्नि र एकैछिनमा साधारण मनुष्य भई देखापर्दथ्यो ॥२२॥ त्यस्तो विचित्र प्रकारको परिस्थिति देखेर ज्ञानी गोकर्णले विचार गरे–यो अवश्य कुनै दुर्दशामा परेको जीव हो। उनले सोधे–॥२३॥ यसरी अतिशय भयंकर रूप धारण गर्न तिमी को हौ ? यो अन्धकारपूर्ण रातको बीचमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन तिम्रो यस्तो दशा छ ? तिमी कुनै प्रेत हौ अथवा राक्षस, पिशाच हौ ? तिमी जो भए पनि मलाई सफा र सत्य बताऊ ॥२४॥ सूतजी भन्दछन्–भाइको यस्तो प्रश्न सुनेर त्यो प्रेत कराई-कराई रुनलाग्यो । त्यो केही भन्न खोज्दथ्यो तर वाणी अवरुद्ध थियो । अतः संकेतद्वार जनि भन्नसक्तथ्यो भन्यो ॥२५॥ अनि गोकर्णले अंजलिमा जल लिएर त्यसमाथि छर्किदिए । त्यतिले नै त्यसका अनेक पाप नष्ट भए र त्यो बोल्न लाग्यो ॥२६॥ प्रेतले भन्यो—म धुन्धुकारी नामको तिम्रो दाजू हुँ । मैले आफ्नै कुकर्मद्वारा आफ्नो ब्राह्मणत्व बिगारें ॥२७॥ अज्ञानमा परेर मैले कति कुकर्म गरेको थिएँ, त्यो गनेर पनि सम्भव छैन । मैले अगणित जीवहरूको हिंसा गएको थिएँ । अन्त्यमा कुलटानारीहरुले दारुण कष्ट दिएर मलाई मारे॥२८॥ त्यसै कारण म यस दुर्दशामा प्राप्त भएर प्रेत-योनि भोगिरहेको छु । कुनै बखत भाग्य बलियो भएको वेला अलिकति हावा खान पाउँदछु ॥२९॥ हे कृपाका सिन्धु ! हे मेरा उपकारी बन्धु ! तिमी मलाई शीघ्र यस विपत्तिबाट मुक्ति दिलाऊ । प्रेतका कुरा सुनेर महर्षि गोकर्णले भने-।३०॥ मैले तिम्रो उद्धारका लागि विधिपूर्वक गया-श्राद्ध गरिदिएँ, किन तिमी मुक्त भएनौ?

कृत्वा गोकर्णस्तमुदीरयत् ॥ तत्सेकहतपापोऽसौ प्रवक्तुमुपचक्रमे ॥ २६ ॥ प्रेत उवाच ॥ अहं भ्राता त्वदीयोऽस्मि धुन्धुकारीति नामतः ॥ स्वकीयेनैव दोषेण ब्रह्मत्वं नाशितं मया ॥२७॥ कर्मणो नास्ति संख्या मे महाऽज्ञाने विवर्तिनः ॥ लोकानां हिंसकः सोऽहं स्त्रीभिर्दुःखेन मारितः ॥२८॥ अतः प्रेतत्वमापन्नो दुर्दशां च वहाम्यहम् ॥ वाताहारेण जीवामि दैवाधीनफलोदयात् ॥२६॥ अहो बंधो कृपासिंधो भ्रातर्मामाशु मोचय ॥ गोकर्णो वचनं श्रुत्वा तस्मै वाक्यमथाब्रवीत् ॥ ३० ॥ गोकर्ण उवाच ॥ त्वदर्थं तु गयापिण्डो मया दत्तो विधानतः ॥ तत्कथं नैव मुक्तोऽसि ममाश्चर्यमिदं महत् ॥ ३१ ॥ गयाश्राद्धान्न मुक्तिश्चेदुपायो नापरस्त्विह ॥ किं विधेयं मया प्रेत तत्त्वं वद सविस्तरम् ॥ ३२ ॥ प्रेत उवाच ॥ गयाश्राद्धशतेनापि मुक्तिर्मे न भविष्यति ॥ उपायमपरं किञ्चित्तद्विचारय सांप्रतम् ॥ ३३ ॥ इति तद्वाक्यमाकर्ण्य गोकर्णो विस्मयं गतः ॥ शतश्राद्धैर्न मुक्तिश्चेदसाध्यं मोचनं तव ॥ ३४ ॥ इदानीं तु निजं स्थानमातिष्ठ प्रेत निर्भयः ॥ त्वन्मुक्तिसाधकं किंञ्चिदाचरिष्ये विचार्य च ॥ ३५ ॥ धुन्धुकारी निजस्थानं तेनादिष्टस्ततो गतः ॥ गोकर्णश्चिंतयामास तां रात्रिं न तदध्यगात् ॥ ३६ ॥ प्रातस्तमागतं दृष्ट्वा लोकाः प्रीत्या समागताः ॥ तत्सर्वं कथितं तेन तज्जातं च यथा निशि ॥ ३७ ॥ विद्वांसो योगनिष्ठाश्च ज्ञानिनो ब्रह्मवादिनः ॥ तन्मुक्तिं नैव पश्यन्ति पश्यंतः शास्त्रसंचयान् ॥ ३८ ॥ ततः सर्वैः

यो ठूलो आश्चर्यको कुरा छ ॥३१॥ गया श्राद्धले पनि तिम्रो मुक्ति भएन भने, अब अरु कुनै उपाय छैन । अतः हे प्रेत ! तिमी नै मन मके गरूँ ? तिमी आफ्नो यस योनिबाट मुक्तिको उपाय विस्तारपूर्वक आफैं भन ॥३२॥ प्रेतले उत्तर दियो—सयौं गया-श्राद्ध गरे पनि मेरो मुक्ति हुन सक्तैन । यो बाहेक तपाई अरु कुनै उपाय विचार गर्नुहवस् ॥३३॥ धुन्धुकारीको त्यस्ता कुरा सुनेर गोकर्ण ठूलो विस्मयमा परे र उनले भने–जब सयौं गया-श्राद्धले पनि तिमी मुक्त हुन सक्तैनौ भने तिम्रो मुक्ति मलाई असम्भव लाग्यो ॥३४॥ अहिले त तिमी निर्भय भएर आफ्नो स्थानमा गएर बस । तिम्रो मुक्तिका लागि म कुनै अर्कै उपाय विचार गर्नेछु ॥३५॥ यति सुनेर धुन्धुकारी त्यहाँबाट आफ्नो स्थानमा गयो र गोकर्ण रातभरि त्यसको निस्तार हुने उपाय विचार गर्दै रहे ॥३६॥ प्रातःकाल सबैलाई गोकर्ण आएको थाहा भयो, अनि अनेक छिमेकीहरू आइपुगे । राती घटेको सारा घटना गोकर्णले सबैलाई सुनाए

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥३७॥ तर ठूला-ठूला विद्वान् ज्ञानी, योगी र ब्रह्मज्ञानी पनि शास्त्रहरूको मन्थन गरेर त्यसको मुक्तिको कुनै उपाय भन्न समर्थ भएनन् ॥३८॥ अनि सबैले सल्लाह दिए–अब तपाई श्रीसूर्यनारायणसित यस विषयमा सोध-पूछ गर्नुहवस्। सम्भव छ सूर्यनारायणले कुनै यत्न बताउनुहोस्! त्यसै बखत गोकर्णले आफ्नो योगलद्वारा सूर्यको रथ रोकिदिए र उनको स्तुति गर्दै भने—॥३९॥ हे जगत्का साक्षी सूर्यदेव! म हजुरलाई प्रणाम गर्दछु। हजुर कृपा गरेर मेरो दाजू धुन्धुकारीको प्रेतयोनिबाट उद्धार हुने उपाय आज्ञा हवस्। यति सुनेर स्पष्ट बुझिने वाणीमा सूर्यले आज्ञा भयो-॥४०॥ श्रीमद्भागवतले त्यसको मुक्ति हुनसक्तछ–तिमी सप्ताह भन, सूर्यनारायणको वचन सुनेर सबै मानिसले श्रीमद्भागवतलाई साक्षात् धर्मको रूप ठाने॥४१॥ तिनले गोकर्णसित भने—तिमी प्रयत्न गरेर यही काम गर। अरु धर्माचरणको अपेक्षामा यो उपाय सजिलो पनि छ। गोकर्ण यस कार्यलाई गन पक्का अठोट गरेर सप्ताह भन्न उद्यत भए ॥४२॥ तिनको सप्ताह पारायण सुन्नका जागि त्यस प्रदेशका र वर-पर गाउँका पनि एकत्र भए। तिनमा पंगु, मूर्ख र विद्वान् सबै प्रकारका व्यक्ति थिए। ती सबै आफाफ्ना पाप नष्ट

सूर्यवाक्यं तन्मुक्तौ स्थापितं परम् ॥ गोकर्णः स्तंभनं चक्रे सूर्यवेगस्य वै तदा ॥ ३९ ॥ तुभ्यं नमो जगत्साक्षिन् ब्रूहि मे मुक्तिहेतुकम् ॥ तच्छ्रुत्वा दूरतः सूर्यः स्फुटमित्यभ्यभाषत ॥ ४० ॥ श्रीमद्भागवतान्मुक्तिः सप्ताहवाचनं कुरु ॥ इति सूर्यवचः सर्वैर्धर्मरूपं तु विश्रुतम् ॥ ४१ ॥ सर्वेऽब्रुवन्प्रयत्नेन कर्तव्यं सुकरं त्विदम् ॥ गोकर्णो निश्चयं कृत्वा वाचनार्थं प्रवर्तितः ॥ ४२ ॥ तत्र संश्रवणार्थाय देशग्रामाज्जना ययुः ॥ पङ्ग्वंधवृद्धमन्दाश्च तेऽपि पापक्षयाय वै ॥ ४३ ॥ समाजस्तु महाञ्जातो देवविस्मयकारकः ॥ यदैवासनमास्थाय गोकर्णोऽकथयत्कथाम् ॥ ४४ ॥ स प्रेतोऽपि तदायातः स्थानं पश्यन्नितस्ततः ॥ सप्तग्रन्थियुतं तत्रापश्यत्कीचकमुच्छ्रितम् ॥ ४५ ॥ तन्मूलच्छिद्रमाविश्य श्रवणार्थं स्थितो ह्यसौ ॥ वातरूपो स्थितिं कर्तुमशक्तो वंशमाविशत् ॥ ४६ ॥ वैष्णवं ब्राह्मणं मुख्यं श्रोतारं परिकल्प्य सः ॥ प्रथमस्कन्धतः स्पष्टमाख्यानं धेनुजोऽकरोत् ॥ ४७ ॥ दिनान्ते रक्षिता गाथा तदा चित्रं बभूव ह ॥ वंशैकग्रन्थिभेदोऽभूत्सशब्दं पश्यतां सताम् ॥ ४८ ॥ द्वितीयेऽह्नि तथा सायं द्वितीयग्रन्थिभेदनम् ॥ तृतीयेऽह्नि तथा सायं तृतीयग्रन्थिभेदनम् ॥ ४९ ॥ एवं सप्तदिनेनैव सप्तग्रन्थिविभेदनम् ॥ कृत्वाऽपि द्वादशस्कन्धं श्रवणात्प्रेततां जहौ ॥ ५० ॥ दिव्य·

पार्नको लागि त्यस ज्ञान यज्ञमा उपस्थित भएका थिए ॥४३॥ त्यस बखत यति ठूलो हुल एकत्र भएको थियो–जसलाई देखेर देवताहरूलाई पनि विस्मय भयो। जब गोकर्ण आसनमा बसेर कथा भन्न लागे तब त्यो प्रेत पनि यता-उता बस्ने स्थान खोज्दै त्यहाँ आयो। त्यसले त्यहाँ सात गाँठा भएको बाँस गाडिएको देख्यो ॥४४॥४५॥ त्यही बाँसको तल्लो गाँठमा पसेर त्यो पनि कथा सुन्न बस्यो, किनकि त्यो सशरीर नभएर वायुरूप थियो। अतएव त्यो बाँसभित्र पसिगएको थियो ॥४६॥ गोकर्ण यौटा वैष्णव ब्राह्मणलाई मुख्य श्रोता बनाएर प्रथम स्कन्धबाट भागवतको सप्ताह भन्नलागे ॥४७॥ सायंकालमा जब गोकर्णले प्रथम दिनको कथा समाप्त पारे तब एक विचित्र घटना घट्यो। त्यहाँ उपस्थित जनसमुदायले देख्दा-देख्दै त्यस बाँसको यौटा गाँठा पड्क्यो ॥४८॥ त्यसै गरो अर्को दिनको सायंकालमा दोस्रो र तेस्रो दिनको साँझ तेस्रो गाँठा पड्कियो ॥४९॥ त्यसैक्रमले सातौं दिन साँझ अन्तिम गाँठो पनि पड्कियो र बाहौं स्कन्ध श्रीमद्भागवतको कथा सुनेर त्यस प्रेतले आफ्नू प्रेत योनि त्यागिदियो ॥५०॥ अब त्यो दिव्यरूप धारण गरी, तुलसीको माला र पहेंला वस्त्र लगाई, श्याम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूप धारण गरेर, मुकुट र कुण्डलले सुशोभित भई गोकर्णको सामुन्ने आयो ॥५१॥ त्यसले दाजूलाई दण्डवत् प्रणाम गरेर भन्यो—'तिमीले कृपा गरेर म यो पापी प्रेत-देहबाट आज मुक्त भएँ ॥५२॥ यो भागवतको कथा धन्य छ, जसले प्रेतको पीडा पनि नष्ट भएर जान्छ। यो सप्ताह पनि धन्य छ जुन सुन्नाले प्राणीलाई कृष्ण-लोक प्राप्त हुन्छ ॥५३॥ जुन बखत प्रापी सप्ताह सुन्न बस्तछ त्यस बखत संसारका सबै पाप यस निम्ति थर-थर काम्न थाल्छन्—कि यो कथा अहिल्यै हामीहरूको नाश गरिदिन्छ ॥५४॥ यसलाई सुन्नेहरूको आर्द्र, शुष्क, लघु, स्थूल एवं मन, बचन तथा कर्मले गरेका सबै प्रकारका पाप उसै गरी नष्ट हुन्छन् जसरी आगोले काठलाई जलाएर भस्मपारिदिन्छ ॥५५॥ यस भारत वर्षलाई देवसभामा ठूला-ठूला विद्वान्हरूले भनिसकेका छन्—जो श्रीमद्भागवतको कथा सुन्दैनन् तिनको जन्म व्यर्थ छ ॥५६॥ जसले अज्ञानवश श्रीमद्भागवतको कथा सुनेन भने यो परिपुष्ट, बलवान् तथा विनाशशील शरीरको रक्षा गरिरहनु व्यर्थ छ ॥५७॥ यस देहमा हाडहरूको खाँबो र नसाले बन्धन छन्। यसमाथि मासु र रगत लेपिएको छ। त्यसमाथि छालाले ढाकिएको

रूपधरो जातस्तुलसीदाममंडितः ॥ पीतवासा घनश्यामो मुकुटी कुंडलान्वितः ॥ ५१ ॥ ननाम भ्रातरं सद्यो गोकर्णमिति चाब्रवीत् ॥ त्वयाऽहं मोचितो बंधो कृपया प्रेतकश्मलात् ॥५२॥ धन्या भागवती वार्ता प्रेतपीडाविनाशिनी ॥ सप्ताहोऽपि तथा धन्यः कृष्णलोकफलप्रदः ॥५३॥ कंपन्ते सर्वपापानि सप्ताहश्रवणे स्थिते ॥ अस्माकं प्रलयं सद्यः कथा चेयं करिष्यति ॥ ५४ ॥ आर्द्रं शुष्कं लघु स्थूलं वाङ्मनःकर्मभिः कृतम् ॥ श्रवणे विदहेत्पापं पावकः समिधो यथा ॥ ५५ ॥ अस्मिन्वै भारते वर्षे सूरिभिर्देवसंसदि ॥ अकथाश्राविणां पुंसां निष्फलं जन्म कीर्तितम् ॥ ५६ ॥ किं मोहतो रक्षितेन सुपुष्टेन बलीयसा ॥ अध्रुवेण शरीरेण शुकशास्त्रकथां विना ॥ ५७ ॥ अस्थिस्तम्भं स्नायुबद्धं मांसशोणितलेपितम् ॥ चर्मावनद्धं दुर्गन्धपात्रं मूत्रपुरीषयोः ॥ ५८ ॥ जराशोकविपाकार्तं रोगमंदिरमातुरम् ॥ दुष्पूरं दुर्धरं दुष्टं सदोषं क्षणभंगुरम् ॥ ५९ ॥ कृमिविड्भस्मसंज्ञातं शरीरमिति वर्णितम् ॥ अस्थिरेण स्थिरं कर्म कुतोऽयं साधयेन्न हि ॥ ६० ॥ यत्प्रातः संस्कृतं चान्नं सायं तच्च विनश्यति ॥ तदीयरससंपुष्टे काये का नाम नित्यता ॥६१॥ सप्ताहश्रवणाल्लोके प्राप्यते निकटे हरिः ॥ अतो दोषनिवृत्त्यर्थमेतदेव हि साधनम् ॥६२॥ बुद्बुदा इव तोयेषु मशका इव जंतुषु ॥ जायन्ते मरणायैव कथाश्रवणवर्जिताः ॥६३॥ जडस्य शुष्कवंशस्य यत्र ग्रंथिविभेदनम् ॥ चित्रं किमु तदा चित्तग्रन्थिभेदः कथाश्रवात् ॥६४॥ भिद्यते

छ र यो मल-मूत्रको दुर्गन्ध-युक्त पात्र हो ॥५८॥ यो शरीर वृद्धावस्था र शोकले सदैव दुःखी रहन्छ। रोगहरूको त मन्दिर नै छ। यसमा सधै अत्यास भरिइरहन्छ। यो कहिल्यै पूर्ण हुन सक्तैन। यसको ठूलो कष्टले सुरक्षा गरिन्छ। यो सदैव दूषित नै रहन्छ। यो दोषहरूले पूर्ण रहन्छ र क्षणमा नै नष्ट भएर जान्छ ॥५९॥ अन्त्यमा यो कीराफट्याङ्ग्राका पेटको अहारा बन्दछ अथवा डढेर खरानी हुन्छ। यो हो यस शरीरको स्थिति, दशा। यस अवस्थामा यस अनित्य शरीरले नित्य मुक्तिको निम्ति कर्म किन नगर्न ॥६०॥ प्रातः जुन अन्न खाइन्छ, त्यो साँझमा नष्ट भइसक्दछ। अनि त्यही अन्नको रसले पुष्ट हुने यस अनित्य शरीरको स्थिरता कसरी हुन सक्दछ ? ॥६१॥ सप्ताह श्रवण गर्नाले यस लोकमा नै भगवान् श्रीमाको नमीचै आउनु हुन्छ। अतः दोषहरूको निवृत्तिका लागि यही सर्वोत्तम साधन छ ॥६२॥ जस्तै पापहरूका बुदबुदा र फोका। जन्तुमा लामखुट्टे आदि मर्नको निम्ति नै उत्पन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका हुन् । त्यसैगरी भगवान्‌को कथा नसुन्ने जति केवल मर्नको निम्ति जन्म लिन्छन् ॥६३॥ जब यौटा जड़ र सुकेको बाँसको गाँठो पड्कन सक्तछ, तब सुन्नाले चित्तमा परेको संशयको गाँठोहरू पड्केर भाँचिनु के असम्भव छ ? ॥६४॥ सप्ताह सुन्नाले हृदयमा परेका गाँठाहरू आफैं खुल्दछन्, सबै प्रकारका शंका निवृत्त हुन्छन् र मनुष्यका सबै (असत्) कर्मद्वारा गरिएका पापहरू नष्ट भएर जान्छन् ॥६५॥ संसाररूपी हिलो पखाल्न बाठो यस कथारूपी तीर्थमा चित्त जसै वर्लन्छ, तसै मुक्ति प्राप्त भयो भन्ने जान्नू । यो पण्डितहरूको कथन हो ॥६६॥ त्यो यसरी भन्दै थियो कि एउटा दिव्य विमान त्यहाँ आएर उपस्थित भयो । त्यसमा वैकुण्ठधामका निवासी भक्तगण विराजमान थिए र त्यस विमानमा एक विशेष प्रकारको दीप्तिमण्डल उद्दीप्त भइरहेको थियो ॥६७॥ त्यहाँ उपस्थित सबैले हेर्दाहेर्दै धुन्धुकारी त्यस विमानमा गएर बस्यो । त्यसपछि गोकर्णले ती विमान वाहक भक्तहरूलाई भने—॥६८॥ हे भगवान्‌का भक्त हो ! यस स्थानमा पवित्र हृदयमा मेरा धेरै श्रोताहरू छन् । अनि के कारणले यस्तो भेद-भाव गरिएको हो अर्थात् यी सबैलाई त्यागेर तपाईंहरू केवल धुन्धुकारीलाई

हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ॥ क्षीयन्ते चास्य कर्माणि सप्ताहश्रवणे कृते ॥ ६५ ॥ संसारकर्दमालेपप्रक्षालनपटीयसि ॥ कथातीर्थे स्थिते चित्ते मुक्तिरेव बुधैः स्मृता ॥ ६६ ॥ एवं ब्रुवति वै तस्मिन्विमानमगमत्तदा ॥ वैकुण्ठवासिभिर्युक्तं प्रस्फुरद्दीप्तिमंडलम् ॥ ६७ ॥ सर्वेषां पश्यतां भेजे विमानं धुन्धुलीसुतः ॥ विमाने वैष्णवान्वीक्ष्य गोकर्णो वाक्यमब्रवीत् ॥ ६८ ॥ गोकर्ण उवाच ॥ अत्रैव बहवः संति श्रोतारो मम निर्मलाः ॥ फलभेदः कुतो जातः प्रब्रुवन्तु हरिप्रियाः ॥ ६९ ॥ श्रवणं समभावेन सर्वेषामिह दृश्यते ॥ फलभेदः कुतो जातः प्रब्रुवन्तु हरिप्रियाः ॥ ७० ॥ हरिदासा ऊचुः ॥ श्रवणस्य विभेदेन फलभेदोऽपि संस्थितः ॥ श्रवणं तु कृतं सर्वैर्न तथा मननं कृतम् ॥ ७१ ॥ फलभेदस्ततो जातो भजनादपि मानद ॥ सप्तरात्रमुपोष्यैव प्रेतेन श्रवणं कृतम् ॥ ७२ ॥ मननादि तथा तेन स्थिरचित्ते कृतं भृशम् ॥ अदृढं च हतं ज्ञानं प्रमादेन हतं श्रुतम् ॥ ७३ ॥ संदिग्धो हि हतो मन्त्रो व्यग्रचित्तो हतो जपः ॥ अवैष्णवो हतो देशो हतं श्राद्धमपात्रकम् ॥७४॥ हतमश्रोत्रिये दानमनाचारहतं कुलम् ॥ विश्वासो गुरुवाक्येषु स्वस्मिन्दीनत्वभावना ॥ ७५ ॥ मनोदोषजयश्चैव कथायां निश्चला मतिः ॥ एवमादि कृतं चेत्स्यात्तदा वै श्रवणे फलम् ॥ ७६ ॥ पुनः श्रवांते सर्वेषां

नै किन विमानमा बसालेर लैजान खोज्नुहुन्छ ? कृपा गरेर तापाईंहरू मलाई यसको कारण भन्नुहवस् ॥६९॥ यहाँ बसेका सबैले समान भावले कथा सुने, तर फल-भेद किन गरिंदै छ ? तपाईंहरू मलाई यसको पनि कारण भन्नुहवस् ॥७०॥ ती भगवद्भक्तहरूले उत्तर दिए—कथा सबै श्रोताले सुने भन्ने कुरामा शंका छैन, तर यी धुन्धुकारीको समान मनन कसैले गरेनन् ॥७१॥ यसैले यो फल-भेद गरिएको हो । हे मानद ! अर्को कुरा यसले भजन पनि असाधारण गरेको छ । सात दिनसम्म निराहार बसेर यस प्रेमले कथा सुन्यो ॥७२॥ चित्तस्थिर पारेर यसले त्यो सुनेको कथाको मनन पनि गरेको छ, शास्त्रको यस्तो कथन छ कि दृढ़ नपारेको ज्ञान, प्रमादले सुनेको कथा ॥७३॥ सन्दिग्ध मन्त्र, व्यग्र चित्तले गरिएको जप तथा वैष्णव-विहीन देशमा अपात्र द्वारा गरिएको श्राद्ध व्यर्थ हुन्छ । वेदाभ्यासले हीन विप्रलाई दिएको दान र अनाचारले युक्त वंश नष्ट भएर जान्छ । गुरुको वचनमा विश्वास, आफ्नो मनमा दीनताको भावना, मानसिक दोषहरूमा विजय र कथा सुनिरहेको वेलामा मनलाई एकाग्र राख्नु आदि नियम यदि ठीक छन् भने कथा सुन्नाले लाभ हुन्छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि चित्त चंचल छ भने कथा सुन्नाले केही लाभ हुँदैन* ॥ ७४–७६ ॥ स्थिर मनले कथा सुन्यो भने अवश्य वैकुण्ठलोक प्राप्त गर्दछ । हे गोकर्ण ! तिमीलाई भगवान्ले अवश्य गोलोक प्रदान गर्नुहुनेछ ॥७७॥ यति भनेर ती सबै पार्षद वैकुण्ठधाम गए । श्रावण महीनामा गोकर्णले फेरि उसै गरी श्रीमद्भागवतको सप्ताह-पारायण गरे ॥७८॥ अनि सात दिनसम्म फेरि श्रोताहरूले सुने । हे नारद ! कथा समाप्त भएपछि के भयो, त्यो पनि सुन ॥७९॥ अनेक विमान र आफ्ना भक्तहरूका साथ भगवान् स्वयं त्यहाँ प्रकट हुनुभयो । उनी प्रकट हुनासाथ चारैतिरबाट जय-शब्द र नमः शब्द उच्चरित हुनलाग्यो ॥८०॥ भगवान्ले स्वयं हर्ष भएर आफ्नो पाञ्चजन्य शङ्ख बजाउनु भयो र गोकर्णलाई अंकमाल गरेर आफू समान तुल्याउनु भयो ॥८१॥ त्यहाँ उपस्थित सबै श्रोताहरूलाई भगवान्ले एकक्षणमै श्याम-स्वरूप, पीत कौशेय-वसन र किरीट-कुण्डलधारी तुल्याई आफू समान नै पार्नुभयो ॥८२॥ त्यस

वैकुण्ठे वसतिध्रुवम् ॥ गोकर्ण तव गोविन्दो गोलोकं दास्यति स्वयम् ॥ ७७ ॥ एवमुक्त्वा ययुः सर्वे वैकुंठं हरिकीर्तनाः ॥ श्रावणे मासि गोकर्णः कथामूचे तथा पुनः ॥ ७८ ॥ सप्तरात्रवतीं भूयः श्रवणं तैः कृतं पुनः ॥ कथासमाप्तौ यज्जातं श्रूयतां तच्च नारद ॥ ७९ ॥ विमानैः सह भक्तैश्च हरिराविर्बभूव ह ॥ जयशब्दो नमःशब्दस्तत्रासन्बहवस्तदा ॥८०॥ पाञ्चजन्यध्वनिं चक्रे हर्षात्तत्र स्वयं हरिः ॥ गोकर्णं तु समालिंग्याकरोत्स्वसदृशं हरिः ॥८१॥ श्रोतृनन्यान्घनश्यामान्पीतकौशेयवाससः ॥ किरीटिनः कुंडलिनस्तथा चक्रे हरिः ॥ क्षणात् ॥८२॥ तद्ग्रामे ये स्थिता जीवा आश्वचांडालाजातयः ॥ विमाने स्थापितास्तेऽपि गोकर्णकृपया तदा ॥ प्रेषिता हरिलोके ते यत्र गच्छन्ति योगिनः ॥ ८३ ॥ गोकर्णेन स गोपालो गोलोकं गोपवल्लभम् ॥ कथाश्रवणतः प्रीतो निर्ययौ भक्तवत्सलः ॥८४॥ अयोध्यावासिनः पूर्वं यथा रामेण संगताः ॥ तथा कृष्णेन ते नीता गोलोकं योगिदुर्लभम् ॥८५॥ यत्र सूर्यस्य सोमस्य सिद्धानां न गतिः कदा ॥ तं लोकं हि गतास्ते तु श्रीमद्भागवतश्रवात् ॥ ८६ ॥ ब्रूमोऽत्र ते किं फलवृन्दमुज्ज्वलं सप्ताहयज्ञेन कथासु संचितम् ॥ कर्णेन गोकर्णकथाक्षरो यैः पीतश्च ते गर्भगता न भूयः ॥८७॥ वातांबुपर्णाशनदेहशोषणैस्तपोभिरुग्रैश्चिर-

गाउँमा जो कुकुर तथा चाण्डाल आदि नीच प्रकृतिका जीव थिए, तिनलाई पनि भगवान्ले गोकर्णको द्वारा विमानमा बसाल्नु भयो र प्रभुले आफ्नो त्यस दिव्यलोकमा पठाउनु भयो, जहाँ योगीजन जान्छन्, कथा सुन्नाले प्रसन्न गोपाल स्वयं नै गोकर्णलाई आफ्नो साथमा लिएर गोपहरूको प्रिय गोलोक गए ॥८३॥ जसरी त्रेतामा सबै अयोध्यावासी श्रीरामचन्द्रसित साकेतलोक गएका थिए, त्यसै गरी त्यस समय पनि त्यस गाउँका सबै व्यक्ति श्रीकृष्ण भगवान्सित योगीहरूको निम्ति पनि दुर्लभ गोलोकमा गए ॥८४॥८५॥ जुन लोकसम्म सूर्य–चन्द्रमा र सिद्ध-ज्ञानीजनको पनि गति पुग्दैन । भगवान्को कथा सुन्नाले ती सबै उसै दिव्यलोकमा प्राप्त भए ॥ ८६ ॥ यस सप्ताह यज्ञको दिव्य कथा सुन्नाले प्राप्त हुने फलहरूको म कहाँसम्म वर्णन गरूँ ! जसले आफ्नै कानले गोकर्णको कथा सुने, ती सबै व्यक्ति फेरि फर्केर गर्भमा आएनन् अर्थात् मुक्त भएर गए ॥८७॥ केवल

---

* उदाहरण—यौटा थियो घुन र त्यसकी स्त्री घुनिनी । दुबैमा अनन्य स्नेह थियो । एक दिन पत्नी आफ्नो पतिलाई कथा सुनाउन लागी । लोग्ने 'हाँ, हुं' गरेर सही नथापी आफ्नो काममै व्यस्त थियो । एक छिन पछि पत्नीले झर्किएर भनी—'म कति प्रेमले कथा भनिरहेकी छु, तिमिचाहिं सुनिरहेका छैनौ ।' पतिले भन्यो—'तिमी भन्दै गर । म काम पनि गर्दै रहन्छु र कथा पनि सुन्दछु ।' अनि पत्नीले भनी—'दुइटा मुठो के सुन्छौ तिमी ! मन-चित्त तिमीसित यौटै छ । त्यसले काम गर वा मेरो कथा सुन । दुवै संगसंगै हुन सक्तैन ।' यही कुरा यहाँ पनि छ, कि त भगवान्को कथा सुन वा विषयहरूको चिन्तन गर । दुवै कसरी हुन सक्तछ !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पातमात्र खाएर देह सुकाउँदै कठोर तपस्या गरेर पुण्य संचय गर्ने तपस्वीहरू र योगीहरूलाई पनि जुन गति प्राप्त हुन्न, त्यो शुभगति केवल श्रीमद्भागवतको कथा सुन्नाले प्राप्त हुन्छ ॥८८॥ चित्रकूटमा शण्डिल्य मुनीश्वर पनि ब्रह्मानन्दमा लीन भएर सदैव यस पवित्र इतिहासलाई पढिरहन्थे ॥८९॥ यो कथा अत्यन्त पवित्र छ। एकपल्ट पनि यसको श्रवण गर्नाले प्राणी आफ्ना पाप-समूहलाई भस्म पारिदिन्छ। यसको पाठ श्राद्धमा गरेदेखि पितृहरू तृप्त हुन्छन् र नित्य राम्रोसित पाठ गर्नसके सायुज्य मुक्ति मिल्दछ ॥९०॥

इति श्रीपद्मपुराणको उत्तराखण्डको श्रीमद्भागवत माहात्म्य भाषाटीकामा गोकर्णको उपाख्यान वर्णननामक पाँचौं अध्याय ॥ ५ ॥

सनकादि कुमार भन्दछन्—हे नारद! अब म तिमीलाई सप्ताह श्रवण-विधि भन्दछू। यदि केही व्यक्ति श्रोताका सहायक हुन् र धन पनि छ भने साह्रै राम्रो छ ॥१॥ श्रोताले ज्योतिषी डाकेर यत्नपूर्वक उनीसित सप्ताहको निम्ति मुहूर्त सोध्नू। विवाहमा जति धन खर्च हुन्छ, त्यतिको प्रबन्ध गर्नू ॥२॥ भाद्रपद, आश्विन, कार्तिक मार्गशीर्ष आषाढ़ र श्रावण यी ६ महीना

कालसंचितैः ॥ योगैश्च संयाति न तां गतिं वै सप्ताहगाथाश्रवणेन यांति ते ॥ ८८ ॥ इतिहासमिमं पुण्यं शाण्डिल्योऽपि मुनीश्वरः ॥ पठते चित्र-कूटस्थो ब्रह्मानंदपरिप्लुतः ॥ ८९ ॥ आख्यानमेतत्परमं पवित्रं श्रुतं सकृद्वै विदहेदघौघम् ॥ श्राद्धे प्रयुक्तं पितृतृप्तिमावहेन्नित्यं सुपाठादपुनर्भवं च ॥ ९० ॥ इति श्रीपद्मपुराणे उत्तरखंडे भागवतमाहात्म्ये गोकर्णवर्णनं नाम पंचमोऽध्यायः ॥ ५ ॥

कुमारा ऊचुः ॥ अथ ते संप्रवक्ष्यामः सप्ताहश्रवणे विधिम् ॥ सहायैर्वसुभिश्चैव प्रायः साध्यो विधिः स्मृतः ॥१॥ दैवज्ञं तु समाहूय मुहूर्तं पृच्छ्य यत्नतः ॥ विवाहे यादृशं वित्तं तादृशं परिकल्पयेत् ॥२॥ नभस्य आश्विनोर्जौ च मार्गशीर्षः शुचिर्नभः ॥ एते मासाः कथारम्भे श्रोतृणां मोक्षसूचकाः ॥३॥ मासानां विप्र हेयानि तानि त्याज्यानि सर्वथा ॥ सहायाश्चेतरे तत्र कर्तव्याः सोद्यमाश्च ये ॥ ४ ॥ देशे देशे तथा चेयं वार्ता प्रेष्या प्रयत्नतः ॥ भविष्यति कथा चात्र आगंतव्यं कुटुम्बिभिः ॥ ५ ॥ दूरे हरिकथाः केचिद्दूरे चाच्युतकीर्तनाः ॥ स्त्रियः शूद्रादयो ये च तेषां बोधो यतो भवेत् ॥६॥ देशे देशे विरक्ता ये वैष्णवाः कीर्तनोत्सुकाः ॥ तेष्वेव पत्रं प्रेष्यं च तल्लेखनमितीरितम् ॥७॥ सतां समाजो भविता सप्तरात्रं सुदुर्लभः ॥ अपूर्वरसरूपैव कथा चात्र भविष्यति ॥८॥ श्रीभागवतपीयूषपानाय रसलंपटाः ॥ भवंतश्च तथा शीघ्रमायान्तु प्रेमतत्पराः ॥९॥ नावकाशः कदाचिच्चेद्दिनमात्रं तथापि तु ॥ सर्व-थाऽऽगमनं कार्यं क्षणोऽत्रैव सुदुर्लभः ॥ १० ॥ एवमाकारणं तेषां कर्तव्यं विनयेन च ॥ आगंतुकानां सर्वेषां वासस्थानानि कल्पयेत् ॥११॥ तीर्थे

कथा सुन्नेहरूलाई मोक्ष दिने सूचना दिन्छन्। भद्रा, व्यतीपात, दग्ध आदि योग यदि आइपर्दछ भने तिनलाई त्याग्नुपर्छ। यस कामको निम्ति सबै प्रकारले उत्तम दिन छान्नुपर्दछ। सप्ताह यज्ञको सूचना सर्वत्र पठाएर भन्न लाउनुपर्छ—अमुक स्थानमा श्रीमद्भागवतको कथा हुनेछ। तपाईं आफ्ना कुटुम्बसमेत आउनु होला। जो मानिस भगवान्‌को कथा र नारायणका गुणगानबाट टाढ़ा वस्तछन्, त्यस्ता सबै व्यक्तिलाई र शूद्रादिलाई पनि सुनाउनू, जसले तिनलाई पनि ज्ञान प्राप्तहोस्। देश-विदेशमा जो विरक्त र वैष्णव भगवत्कीर्तनका प्रेमी हुन् तिनलाई यस्तो चिठी पठाउनू—॥३–७॥ अमुक स्थानमा सज्जनहरूको दुर्लभ समूह एकत्र हुनेछ र अपूर्व रसमयी भगवत्कथा हुन्छ ॥८॥ श्रीमद्भागवतरूपी अमृतपानका लोभी सज्जन पनि शीघ्र त्यहाँ पाल्नु होला

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥९॥ यदि तपाईंलाई सातै दिनसम्म सुन्ने अवकाश छैनभने केवल एकै दिनको निम्ति पनि पाल्नुहवस्, तर आउनुहवस् अवश्य, किनकि यस्तो मौका कष्टले नै प्राप्त हुन्छ ॥१०॥ यसरी विनयपूर्वक ती सज्जनहरूलाई निम्ता दिनू । आफूकहाँ आएका पाहुनाहरूलाई बस्ने स्थान ठिक पारिदिनू ॥११॥ कुनै तीर्थस्थान होस् अथवा घर होस् जहाँ प्रशस्त स्थान पाइयोस्, त्यही विस्तृत स्थानलाई कथाको निम्ति निश्चय गर्नू ॥१२॥ त्यस ठाउँलाई पवित्र पारी, कूचो आदिले बढारेर सफा पारी, गोबर वा माटोले लिप्न लगाई गेरू-चून आदिले अलंकृत पार्नू । घरका अन्य सामान कथास्थलबाट हटाएर घरकै यौटा कुनामा राखिदिनू ॥१३॥ पाँच दिन अगावै कथास्थानको निम्ति आसन, बछ्यान ठिक्क पार्नू । जहाँ कथा हुने हो, त्यहाँ यौटा अग्लो मण्डप तयार पार्न लगाउनू र त्यसलाई केराको थाम आदिले-अलंकृत पार्नू ॥१४॥ त्यसलाई फल-फूल र पातले सजाई चारैतिरबाट तम्बू-कनातले बार्नू ॥१५॥ वेदीको माथिल्लो भागमा सातओटा विस्तृत मंच बनाएर तिनमा ब्राह्मणहरूलाई र साधुहरूलाई सादर बसाल्नू ॥१६॥ पहिले आउने साधु ब्राह्मणहरूका लागि आसनको प्रबन्ध गरेर कथावाचक वक्ताको

वापि वने वापि गृहे वा श्रवणं मतम् ॥ विशाला वसुधा यत्र कर्तव्यं तत्कथास्थलम् ॥ १२ ॥ शोधनं मार्जनं भूमेर्लेपनं धातुमंडलम् ॥ गृहोपस्कर-मुद्धृत्य गृहकोणे निवेशयेत् ॥१३॥ अर्वाक्पंचाहतो यत्नादास्तीर्णानि प्रमेलयेत् ॥ कर्तव्यो मंडपः प्रोच्चैः कदलीषंडमंडितः ॥ १४ ॥ फलपुष्पदलै-र्विष्वग्वितानेन विराजितः ॥ चतुर्दिक्षु ध्वजारोपो बहुसंपद्विराजितः ॥ १५ ॥ ऊर्ध्वं सप्तैव लोकाश्च कल्पनीयाः सविस्तरम् ॥ तेषु विप्रा विरक्ताश्च स्थापनीयाः प्रबोध्य च ॥ १६ ॥ पूर्वं तेषामासनानि कर्तव्यानि यथोत्तरम् ॥ वक्तुश्चापि तदा दिव्यमासनं परिकल्पयेत् ॥ १७ ॥ उदङ्मुखो भवेद्वक्ता श्रोता वै प्राङ्मुखस्तदा ॥ प्राङ्मुखश्चेद्भवेद्वक्ता श्रोता चोदङ्मुखस्तदा ॥ १८ ॥ अथवा पूर्वदिग्ज्ञेया पूज्यपूजकमध्यतः ॥ श्रोतृणामागमे प्रोक्ता देश-कालादिकोविदैः ॥ १९ ॥ विरक्तो वैष्णवो विप्रो वेदशास्त्रविशुद्धिकृत् । दृष्टांतकुशलो धीरो वक्ता कार्योऽतिनिस्पृहः ॥ २० ॥ अनेकधर्मविभ्रांताः स्त्रैणाः पाखंडवादिनः ॥ शुकशास्त्रकथोच्चारे त्याज्यास्ते यदि पंडिताः ॥ २१ ॥ वक्तुः पार्श्वे सहायार्थमन्यः स्थाप्यस्तथाविधः ॥ पण्डितः संशयच्छेत्ता लोकबोधनतत्परः ॥ २२ ॥ वक्त्रा क्षौरं प्रकर्तव्यं दिनादर्वाग्व्रताप्तये ॥ अरुणोदयेऽसौ निर्वर्त्य शौचं स्नानं समाचरेत् ॥ २३ ॥ नित्यं संक्षेपतः कृत्वा संध्याद्यं स्वं प्रयत्नतः ॥ कथाविघ्नविघाताय गणनाथं प्रपूजयेत् ॥ २४ ॥ पितॄन्संतर्प्य शुद्ध्यर्थं प्रायश्चित्तं समाचरेत् ॥ मंडपं च प्रकर्तव्यं तत्र स्थाप्यो

निम्ति दिव्य आसनको निर्माण गरोस् ॥१७॥ वक्ता उत्तर-मुख र श्रोता पूर्वमुख गरेर बसुन् अथवा वक्ता पूर्वमुख र श्रोता उत्तर-मुख बसुन् ॥१८॥ यी दुवै पूज्य-पूजकको माझमा पूर्व दिशा मान्नु पनि कालका अभिज्ञ पण्डितहरूले शास्त्रमा बताएका छन् ॥१९॥ वक्ता यस्तो हुनुपर्दछ—जो त्यागी, वैष्णव, ब्राह्मण, वेदशास्त्रको ज्ञाता, दृष्टान्त दिनमा बाठो, धैर्यशाली र निस्पृह होस् ॥२०॥ जो अनेक धर्महरूमा भ्रान्तबुद्धि भएका हुन्, जो परस्त्रीगामी र पाखण्डी हुन्, यदि ती विद्वान् भए पनि शुक-शास्त्रको कथा भन्ने अधिकारी हुन सक्तैनन् ॥२१॥ वक्ताकै नगीच सहायकको निम्ति वक्ताजस्तै यौटा विद्वान् अर्का बसाल्नु, जो संशय-निवारण गर्न योग्य हुन् र सबैलाई राम्ररी बुझाउन सकून् ॥ २२ ॥ वक्ता कथा प्रारम्भ गर्ने दिन भन्दा एक दिन अगाडि नै कपाल खौराउन् र प्रतिदिन अरुणोदय भन्दा पहिले नै शौचादिबाट निवृत्त भएर स्नान गरुन् ॥२३॥ प्रतिदिन संक्षिप्त संध्या र नित्यकर्म गरिसकेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथाका विघ्नबाधाहरू हटाउनका लागि गणेशजीको पूजा गरुन् ॥२४॥ प्रतिदिन पितृहरूको तर्पण गौर शुद्धिका लागि प्रायश्चित्त गरोस् ; कथा-स्थानमा नै यौटा मण्डप बनाउन्, त्यसको माझमा भगवान् श्रीकृष्णको मूर्ति थाप्नू ॥२५॥ वैदिक र पौराणिक मन्त्रहरूले भगवानको पूजा र प्रदक्षिणा, एवं स्तुति गरोस् ॥२६॥ अनि प्रार्थना गरुन्—हे करुणानिधे ! यस संसार-सागरमा डुबेको म दुःखीको हजुर उद्धार गर्नुहवस् । कर्मरूपी ग्राहले मेरो सारा शरीर आबद्ध गरेको छ, मलाई यस संसाररूपी सागरबाट निकाल्नोस् ॥२७॥ त्यसपछि प्रयत्न-पूर्वक श्रीमद्भागवतको पनि पूजा गरोस् र विधिविधानले धूप-दीप प्रदान गरोस् ॥२८॥ अनि सामुन्ने श्रीफल राखेर नमस्कार गरी प्रसन्न चित्तले स्तुति गरोस् ॥२९॥ यो श्रीमद्भागवत प्रत्यक्ष श्रीकृष्ण नै हो । हे नाथ ! मैले भवसागरबाट मुक्ति पाउनका लागि नै हजुरको शरण परेको हुँ ॥३०॥ हे केशव ! मेरो यो मनोरथ हजुर निर्विघ्नभावले सर्वथा सफल पार्नुहोला, किनकि म हजुरको दास हुँ ॥३१॥ यसरी दीनतापूर्ण विनय गरी वक्तालाई वस्त्र र आभूषणादिले अलंकृत गरेर पूजन र स्तुति गर्दै भनोस्— ॥३२॥ हे शुकरूप ! ज्ञानदाता ! तथा

हरिस्तथा ॥ २५ ॥ कृष्णमुद्दिश्य मंत्रेण चरेत्पूजाविधिं क्रमात् ॥ प्रदक्षिणनमस्कारान्पूजांते स्तुतिमाचरेत् ॥ २६ ॥ संसारसागरे मग्नं दीनं मां करुणानिधे ॥ कर्ममोहगृहीतांगं मामुद्धर भवार्णवात् ॥ २७ ॥ श्रीमद्भागवतस्यापि ततः पूजा प्रयत्नतः ॥ कर्तव्या विधिना प्रीत्या धूपदीपसमन्विता ॥२८॥ ततस्तु श्रीफलं धृत्वा नमस्कारं समाचरेत् ॥ स्तुतिः प्रसन्नचित्तेन कर्तव्या केवलं तदा ॥२९॥ श्रीमद्भागवताख्योऽयं प्रत्यक्षः कृष्ण एव हि ॥ स्वीकृतोऽसि मया नाथ मुक्त्यर्थं भवसागरे ॥३०॥ मनोरथो मदीयोऽयं सफलः सर्वथा त्वया ॥ निर्विघ्नेनैव कर्तव्यो दासोऽहं तव केशव ॥३१॥ एवं दीनवचः प्रोक्त्वा वक्तारं चाथ पूजयेत् ॥ संभूष्य वस्त्रभूषाभिः पूजांते तं च संस्तवेत् ॥३२॥ शुकरूप प्रबोधज्ञ सर्वशास्त्रविशारद ॥ एतत्कथाप्रकाशेन मदज्ञानं विनाशय ॥ ३३ ॥ तदग्रे नियमः पश्चात्कर्तव्यः श्रेयसे मुदा ॥ सप्तरात्रं यथाशक्त्या धारणीयः स एव हि ॥ ३४ ॥ वरणं पंचविप्राणां कथाभंगनिवृत्तये ॥ कर्तव्यस्तैर्हरिजपो द्वादशाक्षरविद्यया ॥ ३५ ॥ ब्राह्मणान्वैष्णवाँश्चान्याँस्तथा कीर्तनकारिणः ॥ नत्वा संपूज्य दत्ताशः स्वयमासनमाविशेत् ॥ ३६ ॥ लोकवित्तधनागारपुत्रचिन्तां व्युदस्य च ॥ कथाचित्तः शुद्धमतिः स लभेत्फलमुत्तमम् ॥ ३७ ॥ आसूर्योदममारभ्य सार्धत्रिप्रहरांतकम् ॥ वाचनीया कथा सम्यग्धीरकंठं सुधीमता ॥ ३८ ॥ कथाविरामः कर्तव्यो मध्याह्ने घटिकाद्वयम् ॥ तत्कथामनुकार्यं वै कीर्तनं वैष्णवैस्तदा

सबै शास्त्रमा विशारद ! यो कथा भनेर हजुर मेरो अज्ञान नाश गर्नुहवस् ॥३३॥ यसपछि आफ्नो कल्याणार्थ वक्ताको सामुन्ने सप्ताहयज्ञको व्रत लेओस् र सात दिनसम्म यथाशक्ति त्यस व्रतको पालन गरोस् ॥३४॥ कथामा कुनै प्रकारको विघ्न-बाधा आउन नपाओस्, यसको निम्ति ब्राह्मण-वरण गरोस् । ती ब्राह्मण 'ॐ नमो भागवते वासुदेवाय' यस द्वादशाक्षर मन्त्रको जप गरुन् ॥३५॥ ब्राह्मण, वैष्णवहरू तथा भगन्नाम-कीर्तन गर्नेहरूलाई नमस्कार र पूजन गरोस् अनि उनले आज्ञा दिएपछि आसनमा बसोस् ॥३६॥ जो मनुष्य कथा सुन्दा स्त्री, पुत्र, धन र गृहस्थी सम्बन्धी कुनै पनि कुरातिर चित्त, नदिई केवल कथामा मात्र मन लगाई शुद्ध मनले कथा सुन्दछ, त्यसलाई उत्तम फल मिल्दछ ॥३७॥ सूर्योदयदेखी साढे तीन प्रहरसम्म बुद्धिमान वक्ता मन्द स्वरले राम्रोसित कथा भनुन् ॥३८॥ मध्याह्नमा केवल दुइ घडी विश्राम गरोस् र वक्ताले जुन कथा भने—कीर्तन गर्ने वैष्णवजन त्यसैको अनुसरण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै कीतन गरुन् ॥३९॥ श्रोताले मल-मूत्रमा काबू राखन अल्प आहार गरोस् । दिन-रातमा केवल एक छाक खानु ॥४०॥ यदि सामर्थ्य छ भने सात दिनसम्म फलहारवा उपवास गरेर अथवा दूध-दही-घिउ मात्र खाएर आनन्दपूर्वक कथा सुनोस् ॥४१॥ यस्तो हुन सक्तैन भने फलाहार गरेर अथवा एक छाकहविष्य खाएर कथा सुन्नू । तात्पर्य जे गर्दा कुनै प्रकारको कष्ट हुँदैन, त्यही नियम बनाउनू ॥ ४२ ॥ उत्तम त यो नै हुन्छ कि भोजन गरेर कथा सुनोस् । यदि उपवासले कथामा विघ्न पर्ने सम्भावना छ भने उपवास गर्नु ठीक छैन ॥ ४३ ॥ हे नारद ! अब तिमी कथा सुन्नेहरूको नियम सुन—जसले वैष्णव दीक्षा लिएको छैन, त्यस्ता व्यक्तिलाई कथा सुन्ने अधिकार छैन ॥ ४४ ॥ श्रोता सप्ताह-यज्ञको वेलामा ब्रह्मचर्यले रहोस्, खाटमा नसुतोस्, पत्तलमा भोजन गरेर प्रतिदिन जब कथा समाप्त हुन्छ, अनिमात्र भोजन गरोस् ॥ ४५ ॥ कथा-व्रतीले दाल, मधु, तेल तथा कुनै गरिष्ठ अन्न

॥ ३९ ॥ मलमूत्रजयार्थं हि लघ्वाहारः सुखावहः ॥ हविष्यान्नेन कर्तव्यो ह्येकवारं कथार्थिना ॥ ४० ॥ उपोष्य सप्तरात्रं वै शक्तिश्चेच्छृणुयात्तदा ॥ घृतपानं पयःपानं कृत्वा वै शृणुयात्सुखम् ॥ ४१ ॥ फलाहारेण वा श्राव्यमेकभक्तेन वा पुनः ॥ सुखसाध्यं भवेद्यत्तु कर्तव्यं श्रवणाय तत् ॥ ४२ ॥ भोजनं तु वरं मन्ये कथाश्रवणकारकम् ॥ नोपवासो वरः प्रोक्तः कथाविघ्नकरो यदि ॥ ४३ ॥ सप्ताहव्रतिनां पुंसां नियमाञ्छृणु नारद ॥ विष्णुदीक्षाविहीनानां नाधिकारः कथाश्रवे ॥ ४४ ॥ ब्रह्मचर्यमधःसुप्तिः पत्रावल्यां च भोजनम् ॥ कथासमाप्तौ भुक्तिं च कुर्यान्नित्यं कथाव्रती ॥ ४५ ॥ द्विदलं मधु तैलं च गरिष्ठान्नं तथैव च ॥ भावदुष्टं पर्युषितं जह्यान्नित्यं कथाव्रती ॥ ४६ ॥ कामं क्रोधं मदं मानं मत्सरं लोभमेव च ॥ दंभं मोहं तथा द्वेषं दूरयेच्च कथाव्रती ॥ ४७ ॥ वेदवैष्णवविप्राणां गुरुगोव्रतिनां तथा ॥ स्त्रीराजमहतां निंदां वर्जयेद्यः कथाव्रती ॥ ४८ ॥ पलांडुं गृञ्जनं क्षौद्रं मसूरान्नं च नालिकाम् ॥ हरेरनर्पितं चान्यन्निषिद्धं वर्जयेद्व्रती ॥ ४९ ॥ रजस्वलाऽन्त्यजम्लेच्छपतितव्रात्यकैस्तथा ॥ द्विजद्विड्वेदबाह्यैश्च न वदेद्यः कथाव्रती ॥ ५० ॥ सत्यं शौचं दयां मौनमार्जवं विनयं तथा ॥ उदारमानसं तद्वदेवं कुर्यात्कथाव्रती ॥ ५१ ॥ दरिद्रश्च क्षयी रोगी निर्भाग्यः पापकर्मवान् ॥ अनपत्यो मोक्षकामः शृणुयाच्च कथामिमाम् ॥ ५२ ॥ अपुष्पा काकवन्ध्या च वन्ध्या या च मृतार्भका ॥ स्रवद्गर्भा च या नारी तया श्राव्या प्रयत्नतः ॥ ५३ ॥ एतेषु विधिना श्रावे तदक्षय्यतरं भवेत् ॥ अत्युत्तमा कथा दिव्या कोटियज्ञफलप्रदा ॥ ५४ ॥ एवं कृत्वा व्रतविधिमु-

नखानू र यस्तो वस्तु पनि खान हुँदैन जो भावदूषित र जूठो होस् । कथाको व्रतीले काम, क्रोध, मद, मान, मत्सर, लोभ, दम्भ, मोह तथा द्वेषबाट आफूलाई परै राखोस् ॥४६॥४७। कथामा व्रतीले वेद, वैष्णव, गुरु, स्त्री, राजा, गो-सेवक र महात्माहरूको निन्दा नगर्नू ॥४८॥ लसुन, प्याज, गाजर, शलगम, मसुरो आदि निषिद्ध अन्न तथा यस्तो कुनै वस्तु—जुन भगवानूलाई अर्पण गरिएको छैन, नखानू, ॥४९॥ रजस्वला नारी, म्लेच्छ, पतित, अधन, ब्राह्मण-द्रोही र वेद विहित नियमहरू नमान्ने यस्तासित नबोल्नू ॥५०॥ व्रती—सत्य, शुचिता, दया, मौन, कोमलता आदि असल गुणहरूको पालन गरी आफ्नो हृदयलाई उदार तुल्याई राखोस् ॥५१॥ कामी, रोगी, दरिद्र, अभागी, पापी, अपूतो र मोक्षको अभिलाषा राख्ने प्राणी यो कथा अवश्य सुनुन् ॥ ५२ ॥ अपुष्पा र मासिक स्राव नहुने स्त्री, वन्ध्या, काकवन्ध्या (योटै सन्तान हुने), जसका बालक जन्मदै मर्दै गर्छन् (मृतवत्सा)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा जसको भइरहन्छ गर्भपात (स्रवद्गर्भा) यस्ता स्त्री यस कथालाई अवश्य सुनुन् ॥५३॥ ती यस कथालाई सुन्दछन् भने तिनलाई अवश्य फल प्राप्त हुन्छ, किनभने यो कथा अत्यन्त उत्तम, दिव्य र कोटियौं यज्ञको फल दिने मानिएको छ ॥ ५४ ॥ उच्चकोटिको फलाभिलाषी-यस कथाको त्यसै गरी उद्यापन गरोस् जसरी श्रीकृष्ण जन्माष्टमी व्रतको उद्यापन गरिन्छ ॥५५॥ दरिद्र र भगवद्भक्तका लागि उद्यापन गर्न आवश्यकता छैन, किनभने भगवान्का भक्त त कथा सुन्ताले नै पवित्र होइजान्छन् र तिनलाई अरु कुनै प्रकारका फलको अभिलाषा रहन्न ॥ ५६ ॥ यसरी जब त्यो सप्ताह-यज्ञ समाप्त हुन्छ, तब सबै श्रोता भक्तिपूर्वक श्रीमद्भागवतको पुस्तक तथा वक्ता दुवैको पूजा गरुन् ॥ ५७ ॥ पूजा सकेपछि वक्ताले सबै श्रोतालाई प्रसाद र तुलसीको माला प्रदान गरुन् । त्यसपछि कीर्तन गर्नेहरू सबै मृदङ्ग आदि बजाउँदै कीर्तन गरुन् ॥ ५८ ॥ सबै जना एक स्वरले जय-शब्द तथा नमः-शवद उच्चारण गरुन् र शङ्ख बजाउन् । त्यहाँ आएका ब्राह्मणहरू र याचकहरूलाई यजमान धन र वस्त्र बाँडुन् । श्रोता यदि विरक्त छ भने

द्यापनमथाचरेत् ॥ जन्माष्टमीव्रतमिव कर्तव्यं फलकांक्षिभिः ॥५५॥ अकिंचनेषु भक्तेषु प्रायो नोद्यापनग्रहः ॥ श्रवणेनैव पूतास्ते निष्कामा वैष्णवा यतः ॥ ५६ ॥ एवं नगाहयज्ञेऽस्मिन् समाप्ते श्रोतृभिस्तदा ॥ पुस्तकस्य च वक्तुश्च पूजा कार्याऽयिभक्तितः ॥५७॥ प्रसादतुलसीमाला श्रोतृभ्यश्चाथ दीयताम् ॥ मृदंगतालललितं कर्तव्यं कीर्तनं ततः ॥५८॥ जयशब्दं नमःशब्दं शङ्खशब्दं च कारयेत् ॥ विप्रेभ्यो याचकेभ्यश्च वित्तमन्नं च दीयताम् ॥५९॥ विरक्तश्चेद्भवेच्छ्रोता गीता वाच्याऽपरेऽहनि ॥ गृहस्थश्चेत्तदा होमः कर्तव्यः कर्मशान्तये ॥६०॥ प्रतिश्लोकं तु जुहुयाद्विधिना दशमस्य च ॥ पायसं मधु सर्पिश्च तिलान्नादिकसंयुतम् ॥ ६१ ॥ अथवा हवनं कुर्याद्गायत्र्या सुसमाहितः ॥ तन्मयत्वात्पुराणस्य परमस्य च तत्त्वतः ॥ ६२ ॥ होमाशक्तौ बुधो होम्यं दद्यात्तत्फलसिद्धये ॥ नानाच्छिद्रनिरोधार्थं न्यूनताधिकताऽनयोः ॥ ६३ ॥ दोषयोः प्रशमार्थं च पठेन्नामसहस्रकम् ॥ तेन स्यात्सफलं सर्वं नास्त्यस्मादधिकं यतः ॥ ६४ ॥ द्वादश ब्राह्मणान्पश्चाद्भोजयेन्मधुपायसैः ॥ दद्यात्सुवर्णं धेनुं च व्रतपूर्णत्वहेतवे ॥ ६५ ॥ शक्तौ पलत्रयमितं स्वर्णसिंहं विधाय च ॥ तत्रास्य पुस्तकं स्थाप्यं लिखितं ललिताक्षरम् ॥ ६६ ॥ संपूज्यावाहनाद्यैस्तदुपचारैः सदक्षिणम् ॥ वस्त्रभूषण-

कथा सकिएको भोलिपल्ट गीता पाठ गरुन्, गृहस्थ भए कर्मको शान्तिका लागि हवन गरुन् ॥५९॥६०॥ दशमस्कन्धको प्रत्येक श्लोकको उच्चारण गर्दै विधिवत् हवन गरुन् । मह, पायस, घिउ र तिल-जौ आदि अन्न हवन-सामग्रीमा हुनैपर्दछ ॥ ६१ ॥ यदि दशमस्कन्धका श्लोकले गर्न असमर्थ छ भने मनलाई राम्ररी सावधान पारेर गायत्री मन्त्रले नै हवन गरोस् किन भने भागवत गायत्री-मन्त्रमय छ ॥६२॥ श्रोता यदि हवन गर्न समर्थ छैन भने हवन सामग्री कुनै ब्राह्मणलाई दान गरेर देओस् । यस यज्ञमा अज्ञानरूपले गरिएका त्रुटिहरूलाई निवारण गर्न र न्यूनातिरिक्त पूर्ति एवं दोषहरू शान्त पार्नका लागि विष्णुसहस्रनामको पाठ गरोस् । यसकै यज्ञसम्बन्धी सबै कार्य सफल हुन्छन् किनकि विष्णुसहस्रनाम भन्दा उत्तम कुनै वस्तु छैन ॥६३॥६४॥ यति गरिसके पछि बाह्र जना ब्राह्मणहरूलाई मह र पायस खुवाउनु र व्रत-पूर्तिको निम्ति सुन र गाई दान दिनू ॥६५॥ यदि शक्ति छ भने तीन पल सुनको सिंहासन बनाउन लगाई त्यसमा राम्रा अक्षरमा लेखिएको वा छापिएको भागवतको पुस्तक राखोस् ॥६६॥ आवाहन आदिको विधान गरेर अनेक उपचारले पूजन गरोस् । अनि संयत-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तले आचार्यलाई वस्त्र, आभूषण र चन्दन आदिले पूजा गरी तिनलाई त्यो पुस्तक र सुनको सिंहासन दान गरेर देओस्। यस्तो गर्ने प्राणी संसारका सबै बन्धनबाट मुक्त हुन्छ। यस्तो गरेर सुन्नाले नै श्रीमद्भागवत फलदायक हुन्छ र श्रोतालाई धर्म, अर्थ, काम र मोक्ष यो चारै पदार्थ प्राप्त हुन्छन्। यसमा कुनै प्रकारको पनि शंका छैन ॥ ६७–६९ ॥ सनकादि कुमारहरूले भने—यसरी मैले तिमीलाई श्रीमद्भागवतको श्रवणविधि सुनाएँ। एक्लो भागवत द्वारा नै भुक्ति र मुक्ति दुवै प्राप्त हुन्छन् ॥ ७० ॥ सूतजी भन्दछन्—ती महात्माहरूले यस प्रकार महात्म्यको वर्णन गरेपछि श्रीमद्भागवतको त्यो कथा भन्न प्रारम्भ गरे, जुन सप्ताह सुन्नेहरूको सबै पाप हरण गर्ने, पवित्र तथा भुक्ति-मुक्ति प्रदान गर्नेवाला छ। त्यसपछि ती सबै व्यक्तिले पुरुषोत्तम श्रीकृष्ण भगवान्‌को स्तुति गरे ॥ ७१ ॥ ७२ ॥ कथा समाप्त भएपछि, भक्ति, ज्ञान तथा वैराग्य वृद्धावस्था त्यागेर युवा भए। ती शरीरले पनि हृष्ट-पुष्ट भएका थिए, त्यसैले ती तीनै जना सबैलाई राम्रा लाग्नथाले ॥ ७३ ॥ नारदजी पनि आफ्नो मनोरथ सिद्ध भएको देखेर प्रसन्न भए। तिनका अङ्ग-प्रत्यङ्ग

गंधाद्यैः पूजिताय यतात्मने ॥ ६७ ॥ आचार्याय सुधीर्दत्त्वा मुक्तः स्याद्भवबन्धनैः ॥ एवं कृते विधाने च सर्वपापनिवारणे ॥ ६८ ॥ फलदं स्यात्पुराणं तु श्रीमद्भागवतं शुभम् ॥ धर्मकामार्थमोक्षाणां साधनं स्यान्न संशयः ॥ ६९ ॥ कुमारा ऊचुः ॥ इति ते कथितं सर्वं किं भूयः श्रोतुमिच्छसि ॥ श्रीमद्भागवतेनैव भुक्तिमुक्ति करे स्थिते ॥७०॥ सूत उवाच ॥ इत्युक्त्वा ते महात्मानः प्रोचुर्भागवतीं कथाम् ॥ सर्वपापहरां पुण्यां भुक्तिमुक्तिप्रदायिनीम् ॥ ७१ ॥ शृण्वतां सर्वभूतानां सप्ताहं नियतात्मनाम् ॥ यथाविधि ततो देवं तुष्टुवुः पुरुषोत्तमम् ॥ ७२ ॥ तदंते ज्ञानवैराग्यभक्तीनां पुष्टता परा ॥ तारुण्यं परमं चाभूत्सर्वभूतमनोहरम् ॥७३॥ नारदश्च कृतार्थोऽभूत्सिद्धे स्वीये मनोरथे ॥ पुलकीकृतसर्वाङ्गः परमानंदसम्भृतः ॥७४॥ एवं कथां समाकर्ण्य नारदो भगवत्प्रियः ॥ प्रेमगद्गदया वाचा तानुवाच कृताञ्जलिः ॥ ७५ ॥ नारद उवाच ॥ धन्योऽस्म्यनुगृहीतोस्मि भवद्भिः करुणापरैः ॥ अद्य मे भगवाँल्लब्धः सर्वपापहरो हरिः ॥ ७६ ॥ श्रवणं सर्वधर्मेभ्यो वरं मन्ये तपोधनाः ॥ वैकुंठस्थो यतः कृष्णः श्रवणाद्यस्य लभ्यते ॥ ७७ ॥ सूत उवाच ॥ एवं ब्रुवति वै तत्र नारदे वैष्णवोत्तमे ॥ परिभ्रमन्समायातः शुको योगेश्वरस्तदा ॥७८॥ तत्राययौ षोडशवार्षिकस्तदा व्यासात्मजो ज्ञानमहाब्धिचंद्रमाः ॥ कथावसाने निजलाभपूर्णः प्रेम्णा पठन् भागवतं शनैः शनैः ॥७९॥ दृष्ट्वा सदस्याः परमोरुतेजसं सद्यः समुत्थाय ददुर्महासनम् ॥ प्रीत्या

पुलकित भए र तिनलाई अपार आनन्द प्राप्त भयो। भगवान्‌का अद्वितीय भक्त नारद त्यो कथा सुनेर परम आनन्दित भए र प्रेमले गद्गद् वाणीमा हात जोरेर यसरी स्तुति गर्नथाले-'म धन्य हुँ! दयालु महानुभावहरूले मप्रति ठूलो कृपा गर्नुभयो। आज सबै पाप हरण गर्ने साक्षात् विष्णु भगवान् नै मलाई प्राप्त हुनुभयो ॥७४–७६॥ तपोधन हो! म त कथा-श्रवणलाई सबै धर्महरूभन्दा ठूलो मान्न लागिसकें, किन भने कथा-श्रवणले वैकुण्ठ निवासी श्रीकृष्ण भगवान् प्राप्त हुनुहुन्छ ॥७७॥ सूतजीले भने—वैष्णव-श्रेष्ठ नारद जब यसरी स्तुति गर्दै थिए त्यसै बखत योगेश्वर शुकदेव यता-उता डुल्दै त्यहीं आइपुगे॥७८॥ शुक-मुनि सोह्रवर्षको अवस्थाका बालक ज्ञानरूपीमहासमुद्रका चन्द्रमाझैं थिए। ती कथा-समाप्तिलाई आफ्नो ठूलो लाभ ठानेर मन्दस्वरले बिस्तार-बिस्तार भागवत पाठ गरिरहेका थिए ॥ ७९ ॥ ती परम तेजस्वी मुनिलाई देख्नासाथ सबै सदस्य जुरुक्क उठेर तिनले मुनिलाई ठूलो उच्च

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आसन प्रदान गरे । नारदजीले आनन्दपूर्वक उनको पूजा गरे । आसनमा बसेपछि शुकदेवले भन्नुभयो—हे सज्जन हो ! यहाँहरू मेरो पवित्र वाणी सुन्नुहवस् । हे रसिक साधुजन हो ! वेदरूपी कल्पवृक्षबाट चुहेको, शुकको मुखबाट निस्केको, अमृत-रसले मुछिएको र रसको भण्डारस्वरूप यो श्रीमद्भागवतरूपी फलको रस यहाँहरू बारम्बार पान गर्नुहोस् ॥८०॥ राग-द्वेष-विहीन सज्जनहरूको निम्ति भागवत प्रपञ्च-शून्य उत्तम धर्म छ । यसका सबै कुरा कल्याणकारिणी तथा दैहिक, दैविक र भौतिक यी तीनै थरिका तापको उन्मूलन गर्ने छ । महामुनि व्यासले बनाएको श्रीमद्भागवत सुन्ने इच्छा भएका सज्जनहरूको हृदयमा भगवान् आएर बस्नुहुन्छ । संसारमा यो बाहेक के अरु कुनै यस्तो बाटो छ—जसद्वारा स्वयं भगवान् यति शीघ्र प्राप्त हुन सकून् ॥ ८२ ॥ यो श्रीमद्भागवत पुराणहरूको शिरोमणि र वैष्णवहरूको सर्वोत्तम धन हो । यसमा परमहंस-तत्त्वको प्रतिपादन गर्ने उज्ज्वल ज्ञानको वर्णन छ । यसमा भक्ति, ज्ञान, वैराग्यका साथै निष्काम कर्मको आविष्कार गरिएको छ । यसलाई प्रेमले सुन्ने, पढ्ने र विचार गर्नाले मनुष्य सहजै भवसागरबाट पारी तर्दछ ॥ ८३ ॥ स्वर्गलोक,

सुरर्षिस्तमपूजयत्सुखं स्थितोऽवदत्संभृणुतामलां गिरम् ॥ ८० ॥ श्रीशुक उवाच ॥ निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम् ॥ पिबत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः ॥ ८१ ॥ धर्मः प्रोज्झितकैतवोऽत्र परमो निर्मत्सराणां सतां वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम् ॥ श्रीमद्भागवते महामुनिकृते किं वा परैरीश्वरः सद्यो हृद्यवरुद्ध्यतेऽत्र कृतिभिः शुश्रूषुभिस्तत्क्षणात् ॥८२॥ श्रीमद्भागवतं पुराणतिलकं यद्वैष्णवानां धनं यस्मिन् पारमहंस्यमेवममलं ज्ञानं परं गीयते ॥ यत्र ज्ञानविरागभक्तिसहितं नैष्कर्म्यमाविष्कृतं तच्छृण्वन्प्रपठन्विचारणपरो भक्त्या विमुच्येन्नरः ॥ ८३ ॥ स्वर्गे सत्ये च कैलासे वैकुंठे नास्त्ययं रसः ॥ अतः पिबन्तु सद्भाग्या मा मा मुञ्चत कर्हिचित् ॥ ८४ ॥ सूत उवाच ॥ एवं ब्रुवाणे सति बादरायणौ मध्ये सभायां हरिराविरासीत् ॥ प्रह्लादबल्युद्धवफाल्गुनादिभिर्वृतः सुरर्षिस्तमपूजयच्च तान् ॥ ८५ ॥ दृष्ट्वा प्रसन्नं महदासने हरिं ते चक्रिरे कीर्तनमग्रतस्तदा ॥ भवो भवान्या कमलासनस्तु तत्रागमत्कीर्तनदर्शनाय ॥८६॥ प्रह्लादस्तालधारी तरलगतितया चोद्धवः कांस्यधारी वीणाधारी सुरर्षिः स्वरकुशलतया रागकर्ताऽर्जुनोऽभूत् ॥ इन्द्रोऽवादीन्मृदङ्गं जयजयसुकराः कीर्तने ते कुमारा यत्राग्रे भाववक्ता सरसरचनया व्यासपुत्रो बभूव ॥ ८७ ॥ ननर्त मध्ये त्रिकमेव तत्र भक्त्यादिकानां नटवत्सुतेजसाम् ॥ अलौकिकं कीर्तनमेतदीक्ष्य हरिः प्रसन्नोऽपि वचोऽब्रवीत्तत्

सत्यलोक, कैलास तथा वैकुण्ठ, कहीं पनि यो रस पाइन्न । यसैनिम्ति हे भाग्यवान् हो ! तिमीहरू मन लगाएर यो रस-पान गर । त्यसलाई कहिल्यै नत्याग ॥८४॥ सूतजी भन्दछन्—शुकमुनि सभामायस्तो भनिरहेकै थिए, त्यसै बखत प्रह्लाद, बलि, उद्धव र अर्जुनादि भक्तहरू लिएर भगवान् श्रीकृष्ण प्रकट हुनुभयो । अनि नारदले प्रभुको राम्ररी पूजा गरे ॥८५॥ अनि प्रसन्न भएर भगवान् यौटा उत्तम आसनमा आसीन हुनुभयो र जति भक्तहरू त्यहाँ एकत्र भएका थिए, ती सबै उनको सामुन्ने कीर्तन गर्नलागे । त्यो कीर्तन हेर्नका लागि पार्वतीका साथै शंकरजी र ब्रह्माजी पनि पाल्नुभयो ॥८६॥ प्रह्लादले करताल हातमा लिए, उद्धवले झाँझ र नारदले बीणा लिए र ज्ञान-विद्यामा निपुण अर्जुन गाउनलागे । देवराज इन्द्र मृदङ्ग बजाउन र सनकादि चारै भाइ भगवान्को जय जयकार गर्नलागे । सबैकाअगाडि व्यास-पुत्र शुकमुनि आफ्नो सरस रचनाद्वारा भाव बताउन लागे ॥८७॥ त्यस महामारोहमा भक्ति,ज्ञान र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैराग्य यी तीनैथरि भावोन्मत्त भएर नाचिरहेथे । त्यो अलौकिक कीर्तन देखेर भगवान् प्रसन्न भई भन्दछन्—।।८८।। हे भक्त हो ! यहाँहरूले मलाई आफ्नो प्रेमरूपी बन्धनमा बाँधिलिनु भयो । यस बखत यहाँको कथा कीर्तनले म धेरै प्रसन्न भएँ । भगवान्को यस्तो वाणी सुनेर ती सबै भक्त गद्‌गद् भए र प्रेम-विह्वल भई भगवान्‌सित भन्न लागे—।।८९।। हे हाम्रा हृदय-सम्राट् ! हामी हजुरसित यही वर माग्दछौं—भक्तजन जुनसुकै स्थानमा पनि शुकमुनिको यस उत्तम आख्यानभन्दै-सुन्दै रहन्छन् हजुर त्यहाँ अवश्य उपस्थित रहनेगर्नोस । हजुर हाम्रो यो मनोरथ पूर्ण गरिदिनोस् । भगवान् 'तथास्तु' भनेर अन्तर्धान हुनुभयो ।।९०।। त्यसपछि नारदले त्यहाँ आएका शुकादि तपस्वीहरूको चरण-स्पर्श गरे र सबै जना प्रसन्न भए तथा आफ्नो अज्ञान गुमाई यस कथारूपी अमृतलाई बारम्बार पिउँदै आश्रममा फर्किए ।।९१।। त्यस बखत शुकमुनिले आफूले भनेको शास्त्रद्वारा भक्ति, ज्ञान तथा वैराग्य तीनै थरिको रक्षा गरेका थिए, यसैले भागवतको आराधना गर्ने वैष्णव भक्तहरूको हृदयमा भगवान् शीघ्र आएर बस्नुहुन्छ ।। ९२ ।। दरिद्रता र विविध दुःखरूपी ज्वरले

।। ८८ ।। मत्तो वरं भाववृताद्‌वृणुध्वं प्रीतः कथाकीर्तनतोस्मि सांप्रतम् ।। श्रुत्वेति तद्वाक्यमतिप्रसन्नः प्रेमार्द्रचित्ता हरिमूचिरे ते ।। ८९ ।। नगाहगाथासु च सर्वभक्तैरेभिस्त्वया भाव्यमिति प्रयत्नात् ।। मनोरथोऽयं परिपूरणीयस्तथेति चोक्त्वांतरधीयताच्युतः ।। ९० ।। ततोऽनमत्तच्चरणेषु नारदस्तथा शुकादीनपि तापसाँश्च ।। अथ प्रहृष्टाः परिनष्टमोहाः सर्वे ययुः पीतकथामृतास्ते ।। ९१ ।। भक्तिः सुताभ्यां सह रक्षिता सा शास्त्रे स्वकीयेऽपि तदा शुकेन ।। अतो हरिर्भागवतस्य सेवनाच्चित्ते समायाति हि वैष्णवानाम् ।। ९२ ।। दारिद्र्यदुःखज्वरदाहितानां मायापिशाचीपरिमर्दितानाम् ।। संसारसिंधौ परिपातितानां क्षेमाय वै भागवतं प्रगर्जति ।। ९३ ।। शौनक उवाच ।। शुकेनोक्तं कदा राज्ञे गोकर्णेन कदा पुनः ।। सुरर्षये कदा ब्राह्मैश्छिंधि मे संशयं त्विमम् ।। ९४ ।। सूत उवाच ।। आकृष्णनिर्गमात्त्रिंशद्वर्षाधिकगते कलौ ।। नवमीतो नभस्ये च कथारम्भं शुकोऽकरोत् ।। ९५ ।। परीक्षिच्छ्रवणांते च कलौ वर्षशतद्वये ।। शुद्धे शुचौ नवम्यां च धेनुजोऽकथयत्कथाम् ।। ९६ ।। तस्मादपि कलौ प्राप्ते त्रिंशद्वर्षगते सति ।। ऊचुरूर्जे सिते पक्षे नवम्यां ब्रह्मणः सुताः ।। ९७ ।। इत्येतत्ते समाख्यातं यत्पृष्टोऽहं त्वयाऽनघ ।। कलौ भागवती वार्ता भवरोगविनाशिनी ।। ९८ ।। कृष्णप्रियं सकलकल्मषनाशनं च मुक्त्येकहेतुमिह भक्तिविलासकारि ।। संतः कथानकमिदं पिबतादरेण लोके हि तीर्थपरिशी-

पीडित, मायारूपिणी पिशाचिनी द्वारा दलित-मलित र बारम्बार संसाररूपी समुद्रमा गाडिने मानिसहरूको कल्याणार्थ श्रीमद्भागवत सिंह झैं गर्जिरहन्छ ।।९३।। शौनकले सूतजीलाई सोधे—हे महाराज ! यो कथा शुकदेवले राजा परीक्षितलाई, गोकर्णले धुन्धुकारीको निम्ति तथा सनकादि कुमारहरूले नारदजीसित कहिले भने ? कृपया हजुर मेरो यो प्रश्नको समाधान गरिदिनोस् ।।९४।। सूतजी भन्दछन्—हे शौनक ! भगवान् जब पृथ्वी त्यागेर गोलोक पाल्नुभयो र कलि आएर तीस वर्षसम्म राज्य भोगिसक्यो, अनि शुकदेवले भाद्रपदको नवमी तिथिमा यो कथा महाराज परीक्षितलाई सुनाउन आरम्भ गरेका थिए ।।९५।। कथा सुनेर परीक्षित परमधाम गएको दुइ सय वर्षपछि गोकर्णले आश्विन शुक्ल नवमीमा यो कथा भने ।।९६।। त्यसको तीस वर्षपछि कार्तिक शुक्ल नवमीमा सनकादि मुनिले नारलाई यो कथा सुनाए ।।९७।। हे अनघ ! हजुरले मसित जुन जुन प्रश्न सोध्नुभयो,त्यसको उत्तर मैले सुनाएँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कलियुगमा श्रीमद्भागवतको कथा संसाररूपी रोग नष्ट गरिदिने यौटा संजीवनी हो॥९८॥ हे सज्जन हो ! तीर्थहरूमा व्यर्थ डुलिरहनाले के लाभ ? तपाईहरू श्रीकृष्णलाई प्रिय, सबै पाप हरण गर्न, मुक्तिको निम्ति कारण र भक्तिको विलासभूमिस्वरूप भागवतको कथा-रसलाई सादर पान गर्नुहवस्, किनकि सांसारिक स्वार्थको घेरामा बाँधिई रहनाले कुनै पनि लाभ छैन ॥९९॥ साक्षात् यमराज हातमा पाश लिएर उभिएका दूतलाई हेर्दै तिनका कानमा भन्दछन्—हेर, भागवतको कथा सुनेर मस्त रहने भक्तहरूको नजीच कहिल्यै नजानु, किनकि म यस संसारका अन्य-अन्य जीवहरूमाथि मात्र शासन गर्न सक्तछु—भगवान्का भक्तहरूमाथि होइन ॥१००॥ हे विषयरूपी विष पान गरेर व्याकुल चित्त भएका व्यक्ति हो ! आत्म-कल्याणको निम्ति तिमी वर्ता होइन, केवल आधा क्षण शुकमुनिले दिएको यस अनुपम सुधा नित्य पान गर्न गर । हे बन्धो ! किन असत् मार्गमा गइरहेका छौ ? यस भागवतले उद्धार हुने साक्षीस्वरूप त

त्वन्सेवया किम् ॥ ९९ ॥ स्वपुरुषमपि वीक्ष्य पाशहस्तं वदति यमः किल तस्य कर्णमूले ॥ परिहर भगवत्कथासु मत्तान्प्रभुरहमन्यनृणां न वैष्णवानाम् ॥ १०० ॥ असारे संसारे विषयविषसंगाकुलधियः क्षणार्धं क्षेमार्थं पिबत शुकगाथातुलसुधाम् ॥ किमर्थं व्यर्थं भो व्रजत कुपथे कुत्सितपथे परीक्षित्साक्षी यच्छ्रवणगतमुक्त्युक्तिकथने ॥ १०१ ॥ रसप्रवाहसंस्थेन श्रीशुकेनेरिता कथा ॥ कंठे संबध्यते येन स वैकुंठप्रभुर्भवेत् ॥ १०२ ॥ इति च परमगुह्यं सर्वसिद्धांतसिद्धं सपदि निगदितं ते शास्त्रपुंजं विलोक्य ॥ जगति शुककथातो निर्मलं नास्ति किञ्चित् पिब परसुखहेतोर्द्वादशस्कंधसारम् ॥ १०३ ॥ एतां यो नियततया शृणोति यश्चैनां कथयति शुद्ध वैष्णवाग्रे ॥ तौ सम्यग्विधिकरणात्फलं लभेते याथार्थ्यान्न हि भुवने किमप्यसाध्यम् ॥ १०४ ॥ इति श्रीपद्मपुराणे उत्तरखण्डे श्रीमद्भागवतमाहात्म्ये श्रवणविधिकथनं नाम षष्ठोऽध्यायः ॥ ६ ॥

स्वयं महाराज परीक्षित छन्, जसले केवल सात दिन मात्र सुनेर मुक्ति पाएका थिए ॥१०१॥ रसको धारामा विराजमान श्रीशुकमुनिले भनेको यस कथालाई जुन मनुष्य कण्ठस्थ पार्दछ, त्यो वैकुण्ठ लोकको अधिकारी बन्दछ ॥१०२॥ यसनिम्ति परम गुप्त, सबै सिद्धान्तहरूले सिद्ध एवं शास्त्र हरूको सारस्वरूप भनिएको द्वादशस्कन्धात्मक कथा-रसको पान गर, किनकि शुकभगवान्को कथा समान निर्मल वस्तु संसारमा कुनै पनि छैन ॥१०३॥ जो प्राणी नियमले यो कथा सुन्दछ वा वैष्णवहरूको सामुन्ने भन्दछ—त्यो वक्ता र श्रोता दुवैथरि यो उत्तम विधानको पालन गर्नाले उत्तम फल प्राप्त गर्दछ । तिनको निम्ति फेरि असार संसारमा कुनै पनि कार्य असाध्य रहन सक्तैन ॥१०४॥

इति श्रीपद्मपुराणको उत्तरखण्डमा श्रीमद्भागवत माहात्म्य नेपाली भाषा-टीकामा श्रवणविधि कथन नामक छैठौं अध्याय सकियो ॥६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवतमाहात्म्यं समाप्तम् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते प्रथमः स्कन्धः प्रारभ्यते ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगणेशाय नमः ॥ ॐ नमो भगवते वासुदेवाय ॥ अगजाननपद्मार्कं गजाननमहर्निशम् ॥ अनेकदं तं भक्तानामेकदन्तमुपास्महे ॥१॥ या कुन्देन्दुतुषारहार धवला या शुभ्रवस्त्रावृता या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥ या ब्रह्माच्युतशंकरप्रभृतिभिर्देवैः सदा वन्दिता सा मां पातुसरस्वतीभगवती निःशेषजाड्या पहा॥२॥ अज्ञानतिमीरान्धस्य ज्ञानाञ्जनः शलाकया चक्षुरुन्मिलितं येन तस्मै श्रीगुरवे नमः ॥३॥ ॐ नमः श्रीपरहंसास्वादितचरणकमलचिन्मकरन्दाय भक्तजनमानसनिवासाय नमः पुराणपुरुषोत्तमाय नमो हरिहरहिरण्यगर्भभ्यो नमो व्यास-वाल्मीकिशुकपराशरेभ्यः ॥ नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ॥ देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥४॥ वागीशा यस्य वदने लक्ष्मीर्यस्य च वक्षसि ॥ यस्यास्ते हृदये संवित्तं नृसिंहमह भजे ॥ ५ ॥

हे कृष्ण ! छौ पतितका तिमि एक नाथ । पर्दोछु पाउ तलमा निहुराइ माथ ॥ १ ॥ जानेर दास निजपाउ दिनोस् बढाई । पक्रेर तर्छु भव-सिन्धु प्रभो ! रमाई ॥२॥
जस्तो भए पनि म हूँ प्रभु-दास खास । तार्नू हुनेछ प्रभुले भनि राख्छु आश ॥ ३ ॥ छाडी मलाई कसरी अब बस्नु होला । पक्री उतारि लिनुहोस् अब भो अबेला ॥४॥
होलान् कती अरु मझैं प्रभुका अनेक । आफ्नू म ठान्छु मनले प्रभु मात्र एक ॥ ५ ॥ पारी गए कति अघी जपि नाम नाथ । यौटा म छू अब तुल्याउनुहोस् सनाथ ॥६॥

श्रीगणेशाय नमः ॥ जन्माद्यस्य यतोऽन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट् तेने ब्रह्म हृदा य आदिकवये मुह्यंति यत्सूरयः ॥ तेजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गोऽमृषा धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि ॥ १ ॥ धर्मः प्रोज्झितकैतवोऽत्र परमो निर्मत्सराणां सतां

(महामुनि वेदव्यासले अनेक पुराण र शास्त्रहरूको रचना गरे तापनि चित शान्त हुन सकेन । एक दिन ती खिन्न मनले सरस्वती नदीको तटमा बसेका थिए । त्यसै बखत नारदजी आइपुगे । मुनिले तिनको व्याकुलताको कारण बुझेर *श्रीमद्भागवतको रचना गर्नें उपदेश दिए) श्रीमद्भागवत लेख्न थाल्ने वेलामा आइपर्ने विघ्न-बाधा हरूको निवारण गर्नका लागि भगवान्‌को स्मरण गर्दै व्यासजी मङ्गलाचरण गर्दछन्—जुन भगवान्‌द्वारा यस संसारको सृष्टि-स्थिति संहार हुन्छ, जो आकाशादि कार्यहरू तथा मालाभित्र रहेको डोरी झैं आकाश-कुसुममा पनि रहन्छन्, जो माटो र सुन आदिमा कारणरूप र घत-कुण्डलादिमा कार्यरूपले रहन्छन्, जो सर्वज्ञ र ज्ञानस्वरूप छन्, जसमा ठूला-ठूला ज्ञानी पनि अल-मलिन्छन्, त्यो वेद जसले आफ्नो इच्छामात्रले ब्रह्मालाई दिएका थिए, जसरी मृग सूर्यलाई जल ठान्दछ र भ्रमवश अनेक प्राणी जललाई काँच आदि ठानेर त्यसलाई सत्य मान्दछन्, त्यसै गरी अनेक प्राणीहरू देह, इन्द्रिय र देवतारूप तथा सत्व, रज एवं तमोगुणको योगले बनेको यस सृष्टिलाई अज्ञानवश सत्य मानेर यसैमा लिप्त हुन्छन्,

* श्री मद्भागवतका अनेक टीकाहरू लेखिएका छन् । तिनमा श्रीधर स्वामीको 'श्रीधरी' टीका सर्वोत्तम छ । श्रीधर स्वामीले भागवतको टीका गरेपछि त्यो देखेर धेरैले अनेक भाष्य लेखे । कसैले भागवतलाई कर्म प्रधान भने, कसैले भक्ति प्रधान, कसैले केवल ज्ञानको खानी भने, तर श्रीधर स्वामीले कर्म, उपासना र ज्ञान यी तीन विभाग पारेर जुन ठाउँमा जुन विषय थियो, त्यसको सरहस्य वर्णन गरे । जब सबै टीकाहरू लेखिइसके तब ती काशीका पण्डितहरूको सामुन्ने आए । काशीका पण्डित आफाफना मित्रका टीकाको गुणगान गर्नलागे किन्तु यो निधो हुन सकेन कि कसको टीका उत्तम छ? ईश्वरमा विश्वास हुने श्रीधर स्वामीले भने—'सबै टीकाहरूजगन्नाथको मन्दिरमा राखियुन् । भगवान् जुन टीकालाई स्वीकार गर्दछन् त्यही उत्तम मानिनेछ ।' यो कुरा सबैले स्वीकार गरे । त्यसै अनुसार सबै टीकाहरू मन्दिरमा राखेर ढोका बन्द गरिदिए । प्रातः मन्दिर खुलेपछि सबैले देखे—अन्य सबै टीकाहरू कुनामा पर्याँकिएका छन, केवल श्रीधर स्वामीको टीका भगवान्‌को नगीचै छ । त्यसै वेलादेखि 'श्रीधरी टीका' सर्वश्रेष्ठ मानिन लाग्यो । श्रीमद्भागवतको यो 'वासिष्ठी' टीका पनि श्रीधरीकै आधारमा लेखिएको छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस अज्ञानान्धकारलाई जो आफ्नो तेजले नष्ट गरिदिन्छन्, ती नारायणलाई शिष्यहरू सहित हामी प्रणाम गर्दछौं ॥१॥ यो श्रीमद्भागवतमा द्वेष-शून्य सन्तहरूले जान्ने योग्य र आडम्बर हीन एवं निष्कामरूपले ईश्वरको आराधनास्वरूप धर्मको निरूपण गरिएको छ। यस धर्मले सर्वथा सबैको कल्याण हुनेछ। दैहिक, दैविक र भौतिक—यी तीनै थरिका ताप समूल नष्ट हुनेछन् र परमानन्द प्राप्त हुनेछ। महामुनि शुकदेवले भनेका छन्–श्रीमद्भागवत रहेसम्म आत्मोद्धारको लागि अरु शास्त्र खोज्ने आवश्यकता छैन। अन्य शास्त्रहरूद्वारा यदि ईश्वर प्राप्त हुन्छन् तापनि धेरै विलम्ब लाग्दछ, तर यस शास्त्रलाई जो पुण्यात्मा सज्जन प्रेमपूर्वक सुन्ने इच्छा गर्दछन् भने तत्काल भगवान् तिनको हृदयमा विराजमान हुन्छन् ॥ २ ॥ हे भक्तिमान् रसिक हो ! वेदरूपी कल्पवृक्षबाट चुहेको, शुकमुनिको मुखबाट निस्केको एवं अमृत-रसले मुछिएको यो भागवतरूपी रस तिमी तबसम्म पिउँदै रहू जबसम्म मुक्ति प्राप्त हुँदैन ॥३॥ कुनै वेला सनकादि ऋषिहरूले * नैमिषारण्य क्षेत्रमा हजार वर्षमा समाप्त हुने महायज्ञ प्रारम्भ गरे ॥ ४ ॥ एक दिन ती मुनि प्रातःकालीन अग्निहोत्र समाप्त पारेर

वेद्यं वास्तवमत्र वस्तु शिवदं तापत्रयोन्मूलनम् ॥ श्रीद्भागवते महामुनिकृते किं वा परैरीश्वरः सद्यो हृद्यवरुद्ध्यतेऽत्र कृतिभिः शुश्रूषुभिस्तत्क्षणात् ॥ २ ॥ निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम् ॥ पिबत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः ॥ ३ ॥ नैमिषेऽनिमिषक्षेत्रे ऋषयः शौनकादयः ॥ सत्रं स्वर्गाय लोकाय सहस्रसममासत ॥ ४ ॥ त एकदा तु मुनयः प्रातर्हुतहुताग्नयः ॥ सत्कृतं सूतमासीनं पप्रच्छुरिदमादरात् ॥ ५ ॥ ऋषयः ऊचुः ॥ त्वया खलु पुराणानि सेतिहासानि चानघ ॥ आख्यातान्यप्यधीतानि धर्मशास्त्राणि यान्युत ॥ ६ ॥ यानि वेदविदां श्रेष्ठो भगवान्बादरायणः ॥ अन्ये च मुनयः सूत परावरविदो विदुः ॥ ७ ॥ वेत्थ त्वं सौम्य तत्सर्वं तत्त्वतस्तदनुग्रहात् ॥ ब्रूयुः स्निग्धस्य शिष्यस्य गुरवो गुह्यमप्युत ॥ ८ ॥ तत्र तत्रांजसाऽऽयुष्मन्भवता यद्विनिश्चितम् ॥ पुंसामेकांततः श्रेयस्तन्नः शंसितुमर्हसि ॥ ६ ॥ प्रायेणाल्पायुषः सभ्य कलावस्मिन्युगे जनाः ॥ मंदाः सुमंदमतयो मंदभाग्या ह्युपद्रुताः ॥ १० ॥ भूरीणि भूरिकर्माणि श्रोत-

बसिरहेका सूतको नजीकै गए र आदरपूर्वक सोध्नलागे—॥५॥ पहिलो प्रश्न—हे पुण्यात्मन् ! हजुरले समस्त इतिहास, पुराण र शास्त्रहरू पढ्नु भयो र अरुलाई सुनाउनु पनि भयो ॥ ६ ॥ ती इतिहास, पुराण र शास्त्रहरूलाई जान्नेहरूमा श्रेष्ठ ज्ञाता वेदव्यास तथा कतिपय सर्वज्ञ ऋषि नै थिए ॥ ७ ॥ भगवान् वेदव्यासको कृपाले हजुर ती इतिहासहरू सबै राम्ररी जान्नुहुन्छ। प्रेमी शिष्यबाट गुरुजन गुप्त कुरा पनि लुकाउँदैनन् ॥ ८ ॥ अतएव हे आयुष्मन् ! हजुरले ती शास्त्रहरूबाट मनुष्यहरूको कल्याणार्थ जुन कुरा सुन्नु र बुझ्नु भएको छ, त्यो हामीहरूलाई सुनाउनोस् ॥९॥ किनकि कलिकालमा मानिस धेरै अल्छी, अल्पायु, मन्दबुद्धि र अनेक थरिका रोग-शोकले पीडित रहन्छन् ॥१०॥ तिनको उद्धारको निम्ति धेरै शास्त्र

* एक दिन शौनकादि ऋषिहरूले ब्रह्माजीसंग सोधे—'हे ब्रह्मन् ! हामीलाई तपस्या गर्नयोग्य कुनै स्थान आज्ञा हवस्।' त्यति सुनेर ब्रह्माजीले यौटा चक्र उचालेर फ्याँक्नुभयो र ऋषिहरूसित भन्नुभयो - यो चक्र जहाँ अडिन्छ, तिमीहरू त्यही स्थानलाई तपस्या योग्य ठान (ब्रह्माजीलाई प्रणाम गरेर ती ऋषिहरू चक्रको पछि-पछि हिंडे र जहाँ त्यो अडियो, त्यहीं तप गर्नलागे। यसैले त्यस स्थानको 'चक्रतीर्थ वा नैमिषारण्य नाम रखो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस नैमिषारण्य क्षेत्रमा सहस्रवर्षीय यज्ञ आरम्भ गरेको छ । यसै निम्ति भगवान्‌को कथा सुन्ने हामीलाई धेरै बर्ता अवकाश छ ॥ २१ ॥ जसरी समुद्र नाघ्नको लागि बाठा नाविकहरूको आवश्यकता पर्दछ, त्यसै गरी कालरूपी समुद्र तर्न पनि हामीलाई हजुर जस्ता योग्य विद्वान् र तत्वदर्शी नाविकको आवश्यकता थियो । सौभाग्यले हजुर भेटिनु भयो ॥२२॥ छैठौं प्रश्न—हे सूत ! जब कि धर्मरक्षक, ब्राह्मण-भक्त, धर्मात्मा एवं योगेश्वर श्रीकृष्णचन्द्र आफ्नो बास्तविक रूपमा प्राप्त भएर धरातलबाट जानुभयो तब विचरा धर्म कसको शरणमा छ ? ॥२३॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे भाषा-टीकायां प्रथमोऽध्यायः ॥१॥ अब दोस्रो अध्यायमा सूतजीले शौनकादि मुनिहरूको प्रश्न सुनेर उसलाई भगवान्‌को महत्व बताएका छन् । व्यासजी भन्नुहुन्छ—ती ब्राह्मणहरूको प्रश्न सुनेर रोमहर्षणका छोरा (उग्रश्रवा) नामका सूत निकै प्रसन्न भए । तिनले प्रश्नहरूको सहनी गरे अनि उत्तर दिन आरम्भ गरे ॥ १ ॥ सूतजी आफ्ना गुरुदेव शुकमुनिको वन्दना गर्दछन्—'उपनयन संस्कार हुनुभन्दा पहिले नै संसारलाई असार मानेर र संन्यास-व्रत लिई वनमा जाँदाजाँदै जुन शुकमुनिलाई

दुस्तरं निस्तितीर्षताम् ॥ कलिं सत्त्वहरं पुंसां कर्णधार इवार्णवम् ॥ २२ ॥ ब्रूहि योगेश्वरे कृष्णे ब्रह्मण्ये धर्मवर्मणि ॥ स्वां काष्ठामधुनोपेते धर्मः कं शरणं गतः ॥२३॥ इति श्रीमद्भागवते पारमहंस्यां संहितायां प्रथमस्कन्धे नैमिषोपाख्याने प्रथमोऽध्यायः ॥ १ ॥ व्यास उवाच ॥ इति संप्रश्नसंहृष्टो विप्राणां रोमहर्षणिः ॥ प्रतिपूज्य वचस्तेषां प्रवक्तुमुपचक्रमे ॥१॥ सूत उवाच ॥ यं प्रव्रजंतमनुपेतमपेतकृत्यं द्वैपायनो विरहकातर आजुहाव ॥ पुत्रेति तन्मयतया तरवोऽभिनेदुस्तं सर्वभूतहृदयं मुनिमानवोऽस्मि ॥ २ ॥ यः स्वानुभावमखिलश्रुतिसारमेकमध्यात्मदीपमतितीर्षयतां तमोऽन्धम् ॥ संसारिणी करुणयाऽऽह पुराणगुह्यं तं व्याससूनुमुपयामि गुरुं मुनीनाम् ॥३॥ नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ॥ देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥४॥ मुनयःसाधु पृष्टोऽहं भवद्भिर्लोकमंगलम् ॥ यत्कृतः कृष्णसंप्रश्नो येनात्मा सुप्रसीदति ॥५॥ स वै पुंसां परो धर्मो यतो भक्तिरधोक्षजे ॥ अहैतुक्यप्रतिहता ययाऽऽत्मा संप्रसीदति ॥६॥ वासुदेवे भगवति भक्तियोगः प्रयोजितः ॥ जनयत्याशु वैराग्यं ज्ञानं यत्तदहैतुकम् ॥७॥ धर्मः स्वनुष्ठितः पुंसां विष्वक्सेनकथासु यः ॥ नोत्पादयेद्यदि रतिं श्रम एव हि केवलम् ॥८॥ धर्मस्य ह्यापवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते ॥ नार्थस्य धर्मैकांतस्य कामो लाभाय हि स्मृतः

पुत्र वियोग जनित क्लेश सहन असमर्थ व्यासले पुत्र ! पुत्र !! पुत्र !!! भनेर पुकार्दा शुकलाई आफ्नै आत्मा ठान्ने वृक्षहरूले प्रतिध्वनिस्वरूप उत्तर दिए । योगबलले सबै प्राणिहरूको हृदयमा प्रवेश गर्ने ती गुरुवर शुकमुनिलाई प्रणाम गर्दछु ॥२॥ जसले दुस्तर संसाररूपी सागरलाई तर्ने इच्छा राख्नेहरूको निम्ति आत्मस्वरूप वेदहरूको सार एवं गोपनीय श्रीमद्भागवत नामको पुराण सुनाए, मुनिहरूका गुरु ती व्यासपुत्र शुकदेवको म शरणमा छु ॥३॥ नारायण (कृष्ण), मनुष्य-श्रेष्ठ नर (अर्जुन) र देवी सरस्वतीलाई प्रणाम गरेपछि नै ग्रन्थको कथा भन्नुपर्दछ ॥४॥ हे ऋषि हो ! तपाईंहरूले उत्तम प्रश्न गर्नुभयो । यसको उत्तरले सारा संसारको कल्याण हुनेछ, किनकि तपाईंहरूले चित्तलाई प्रसन्नता प्रदान गर्ने श्रीकृष्ण विषयक प्रश्न गरेका छौं ॥५॥ मनुष्यहरूको निम्ति सर्वश्रेष्ठ धर्म त्यही हो, जसले भगवानमा अहैतुकी भक्ति जागृत होस् र आत्मा मित्रैबाट प्रसन्न होओस् ॥ ६ ॥ भगवान् श्रीकृष्ण चन्द्रको भक्ति गर्नासाथ वैराग्य र स्वयसका साथै फलको इच्छारहित ज्ञान उत्पन्न भएर आउँछ ॥ ७ ॥ जुन धर्मको राम्रोसित पालन गरेर पनि भगवान् श्रीकृष्णचन्द्रको पवित्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो सबैले सुन्नयोग्य छ, तर हजुर हामीलाई ती शास्त्रहरूको त्यो सारांश सुनाउनोस्—जुन हजुरको आफ्नो बुद्धिको होस् र जसलाई सुनेर हामी श्रद्धालुहरूको आत्मा प्रसन्न हुनसकोस्। हजुरको कल्याण होस्। हे सूत! हजुरलाई त्यो सबै गुप्त कुरा पनि ज्ञात छ—जगत्पति भगवान्ले कुन काम गर्नका लागि वसुदेव र देवकीको घरमा जन्म लिएका थिए। दोस्रो प्रश्न—हे अङ्ग! सुन्नाका लागि उत्सुक हामी श्रोताहरूलाई हजुर श्रीहरिको पवित्र चरित्र सुनाउनुहवस् किनकि ती महाप्रभुको अवतार प्राणिहरूको कल्याण र समृद्धिका लागि नै भएको थियो ॥११-१३॥ विवशभावले पनि मनुष्य जसको नाम लिएर घोर संसार-सागर पारी तरेर जान्छ, जसको नामले पनि भयलाई पनि भय लाग्दछ ॥१४॥ जुन भगवान्को चरण-शरण लिनाले शान्त चित्त मुनिजन आफ्नो दर्शन मात्रले प्राणिहरूलाई पवित्र पारिदिन्छन्। त्यो त पवित्र गङ्गाजीले पनि पार्दछिन्, तर जब तिनको जल स्पर्श हुन्छ, तर ऋषिहरूको त दर्शनले नै पूर्ण हुन्छ ॥ १५ ॥ पवित्र आत्मा हुने योगी पनि जुन भगवान्का उत्तम कार्यहरूको सम्झनी गर्दछन्, आत्म-शुद्धिको अभिलाषा भएका यस्ता कुन प्राणी होलान् जो भगवान्को कलिमय

न्यानि विभागशः ॥ अतः साधोऽत्र यत्सारं समुद्धृत्य मनीषया ॥ ब्रूहि नः श्रद्दधानानां येनात्मा संप्रसीदति ॥ ११ ॥ सूत जानासि भद्रं ते
भगवान्सात्वतां पतिः ॥ देवक्यां वसुदेवस्य जातो यस्य चिकीर्षया ॥ १२ ॥ तन्नः शुश्रूषमाणानामर्हस्यङ्गानुवर्णितुम् ॥ यस्यावतारो भूतानां
क्षेमाय च भवाय च ॥ १३ ॥ आपन्नः संसृतिं घोरां यन्नाम विवशो गृणन् ततः सद्यो विमुच्येत यद्बिभेति स्वयं भयम् ॥ १४ ॥
यत्पादसंश्रयाः सूत मुनयः प्रशमायनाः ॥ सद्यः पुनन्त्युपस्पृष्टाः स्वर्धुन्यापोऽनुसेवया ॥ १५ ॥ को वा भगवतस्तस्य पुण्यश्लोकेड्यकर्मणः ॥
शुद्धिकामो न शृणुयाद्यशः कलिमलापहम् ॥ १६ ॥ तस्य कर्माण्युदाराणि परिगीतानि सूरिभिः ॥ ब्रूहि नः श्रद्दधानानां लीलया दधतः
कलाः ॥ १७ ॥ अथाख्याहि हरेर्धीमन्नवतारकथाः शुभाः ॥ लीला विदधतः स्वैरमीश्वरस्यात्ममायया ॥ १८ ॥ वयं तु न वितृप्याम उत्तम-
श्लोकविक्रमे ॥ यच्छृण्वतां रसज्ञानां स्वादु स्वादु पदे पदे ॥ १९ ॥ कृतवान्किल वीर्याणि सह रामेण केशवः ॥ अतिमर्त्यानि भगवान्गूढः
कपटमानुषः ॥ २० ॥ कलिमागतमाज्ञाय क्षेत्रेऽस्मिन्वैष्णवे वयम् ॥ आसीना दीर्घसत्रेण कथायां सक्षणा हरेः ॥२१॥ त्वं नः संदर्शितो धात्रा

नाशक यश नसुन्ला—सबैले सुन्नेछन् र प्रेमपूर्वक सुन्दछन् ॥ १६॥ तेस्रो प्रश्न—अतएव जुन कौतूहलवश आफ्नो कलाहरूले ब्रह्मा, विष्णु र महेश आदिको रूप धारण गर्दछन् र नारदादि ठूला-ठूला योगीहरूले जसको विश्वसृष्टि आदि गाथा गाएका छन् ती नारायण' उदार कर्महरूले हजुर हामी श्रद्धालुहरूलाई अवश्य सुनाउनोस् ॥१७॥ चौथो प्रश्न—हे बुद्धिमान सूत! जुन परमेश्वर जगत्को पालन गर्नका लागि आफ्नी मायाले मत्स्य-कूर्म आदि रूप धारण गर्दछन्, तिनको अवतार सम्बन्धी कथाहरू हामीलाई अवश्य सुनाउनोस् ॥१८॥ जगदीश्वरको महिमायी कथा बारम्बार सुनेर पनि हामी तृप्त भइरहेका छैनौं किनकि प्रभुको चरित्र रसिक श्रोताहरूलाई उत्तरोत्तर झन-झन बर्ता आनन्दायक लाग्दै जान्छ ।१९। पाँचौं प्रश्न माया-मनुष्यरूप धारण गर्ने ती जनार्दनले बलराम संगै धरातलमा आएर मानव शक्तिभन्दा ठूलो गोवर्धन धारण आदि जुन ठूला-ठूला कार्यहरू गरे, त्यो सबै हजुर हामीलाई सुनाउनोस् ॥२०॥ यदि हजुर भन्नुहुन्छ कि हजुर जस्ता कर्मयोगी मुनिहरूलाई लामो कथा सुनाउने अवकाश कसरी मिल्दछ—त्यसविषयमा सुन्नुहोस्—दुष्ट कलिको आगमन सुनेर नै हामीले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथाहरूमा श्रद्धा उत्पन्न भएन भने त्यो धर्मको पालन गर्नु व्यर्थ छ । किनकि त्यसको निम्ति गरिएको परिश्रम पूर्णरूपेण रहने छ ॥८॥ जुन धर्म मोक्षसाधनको निम्ति गरिन्छ, त्यसले धर्मको प्राप्ति हुन सक्तैन, यदि प्राप्त भयो भने त्यसबाट धर्मको फल प्राप्त हुन सक्तैन । त्यसैगरी धर्मको फल काम होइन । कामको फल इन्द्रियको प्रसन्नता होइन, बरू कामको वास्तविक फल जीवन हो । सबै सार यही निस्कियो कि जतिले जीवन चल्न सक्तछ, त्यति नै (विषय वासनास्वरूप) कामको उपभोग गर्नुपर्दछ—बर्ता होइन । जीवनको फल तत्वज्ञानको जिज्ञासा हुने हो---स्वर्गादिको प्राप्तिका लागि धर्म गर्नु होइन ॥९॥१०॥ तत्वज्ञानी जन यसैलाई तत्व भन्दछन् । त्यसै गरी उपनिषद्हरूको अर्थ विचार गर्ने ज्ञानी ब्रह्म, वैष्णव, परमातमा र भक्त भगवान् कहिन्छन् ॥११॥ त्यसमाथि श्रद्धा राख्ने ऋषि वेदान्त आदि सुन्नाले प्राप्त ज्ञान-वैराग्ययुक्त भक्ति द्वारा त्यस तत्वलाई आफूमा नै देखिलिन्छन्—तिनले यता-उता भौंतारिनु पर्दैन ॥१२॥ अतः हे ब्राह्मण श्रेष्ठ ! वर्णाश्रम विभागको नियम अनुसार राम्ररि आचरित धर्मको फल एकमात्र भगवान्लाई सन्तुष्ट पार्नु हो ॥१३॥ यसैले आत्म-कल्याण खोज्ने प्राणीको यो कर्तव्य हुन्छ—कि त्यो आफ्नो मनलाई एकाग्र पारेर भक्तहरूको पालन-पोषण गर्ने भगवान्को यश नित्य सुनोस्, उनको गुण-गान

॥ ६ ॥ कामस्य नेन्द्रियप्रीतिर्लाभो जीवेत यावता ॥ जीवस्य तत्त्वजिज्ञासा नार्थो यश्चेह कर्मभिः ॥ १० ॥ वदंति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ॥ ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥ ११ ॥ तच्छ्रद्दधाना मुनयो ज्ञानवैराग्ययुक्तया ॥ पश्यंत्यात्मनि चात्मानं भक्त्या श्रुतगृहीतया ॥ १२ ॥ अतः पुंभिर्द्विजश्रेष्ठा वर्णाश्रमविभागशः ॥ स्वनुष्ठितस्य धर्मस्य संसिद्धिर्हरितोषणम् ॥१३॥ तस्मादेकेन मनसा भगवान्सात्वतां पतिः ॥ श्रोतव्यः कीर्ति-तव्यश्च ध्येयः पूज्यश्च नित्यदा ॥१४॥ यदनुध्यासिना युक्तः कर्मग्रंथिनिबन्धनम् ॥ छिन्दन्ति कोविदास्तस्य को न कुर्यात्कथारतिम् ॥१५॥ शुश्रूषोः श्रद्दधानस्य वासुदेवकथारुचिः ॥ स्यान्महत्सेवया विप्राः पुण्यतीर्थनिषेवणात् ॥१६॥ शृण्वतां स्वकथां कृष्णः पुण्यश्रवणकीर्तनः ॥ हृद्यन्तःस्थो ह्यभद्राणि विधुनोति सुहृत्सताम् ॥ १७ ॥ नष्टप्रायेष्वभद्रेषु नित्यं भागवतसेवया ॥ भगवत्युत्तमश्लोके भक्तिर्भवति नैष्ठिकी ॥ १८ ॥ तदा रजस्तमोभावाः काम-लोभादयश्च ये ॥ चेत एतैरनाविद्धं स्थितं सत्त्वे प्रसीदति ॥१६॥ एवं प्रसन्नमनसो भगवद्भक्तियोगतः ॥ भगवत्तत्त्वविज्ञानं च मुक्तसङ्गस्य जायते ॥२०॥

गरोस्, उनको स्वरूपको ध्यान धरोस् र उनैको उपासना गरोस् ॥ १४ ॥ जब विद्वान् र ज्ञानी भक्त भगवान्को ध्यानरूपी खड्गले अहङ्कारका ग्रन्थिस्वरूप वर्णलाई काटेर फाल्दछन् अनि ती भगवान्को कथामा विश्वास कसले गर्दैन—सबैले गर्दछन् ॥१५॥ हे विप्र हो ! पवित्र तीर्थहरू र सन्तजनको सेवा गर्नाले श्रद्धावान् श्रोताको हृदयमा भगवान्को कथा सुन्ने रुचि उत्पन्न हुन्छ ॥१६॥ पवित्र श्रवण, कीर्तन र सज्जनहरूका मित्र भगवान् पनि आफ्नो कथा सुन्ने भक्तजनको हृदयमा विराजमान भएर तिनको सबै विषय-वासनाहरू नष्ट गरिदिन्छन् ॥१७॥ जब तिनमा वासनाहरू नष्ट भइसक्छन् तब नित्य भगवद्भक्तहरूको सेवा गर्नाले पवित्र चरित्र भगवान्मा कहिल्यै नष्ट नहुने भक्ति उत्पन्न हुन्छ ॥१८॥ उस समय त्यस प्राणीको हृदयमा बसेको रजोगुण, तमोगुण तथा काम क्रोध आदि शत्रु थिचिन्छन् र ती दुष्टहरूबाट मुक्त भएको मन सत्वगुणमा स्थित भएर सुखी हुँदै जान्छ ॥ १९ ॥ यस प्रकार भक्तियोग द्वारा जसको मन प्रसन्न भएर आउँछ, त्यही मुक्त-सङ्ग भक्तलाई भगवान्को तत्वज्ञान प्राप्त हुन सक्तछ ॥ २० ॥ यसरी स्वयं आफूमै अव्यक्त ईश्वरको साक्षात्कार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भइसकेपछि चित् र जडात्मक हृदय-ग्रन्थि खुल्दछन् त्यसका असंभव-सम्भव र *मोह नष्ट भएर जान्छन् र संचित, प्रारब्ध तथा क्रियमाण कर्म पनि स्वतः क्षीण भएर जान्छन् ।।२१।। अतएव विद्वान् जन चित्तलाई प्रसन्न पान विष्णुको भक्ति प्रेमपूर्वक स्वीकार्छन् ।।२२।। सत्व, रज र तम यी तीन प्रकृतिका गुणहुन् । यी गुणहरुले युक्त भएर यौटै परमात्मा यस संसारको पालन, सृष्टि र संहार कार्यमा विष्णु, ब्रह्मा तथा रुद्र यी तीन नाम धारण गर्दछन् । तर सत्वगुणी विष्णुद्वारा नै मनुष्यहरूको कल्याण हुन्छ ।।२३।। जस्तै पृथ्वीबाट उत्पन्न काठद्वारा धूम र त्यस धूमद्वारा कर्मसाधक अग्नि उत्पन्न हुन्छन्, त्यसै गरी तमोगुण र रजोगुण र रजोगुण द्वारा सत्वगुण प्रकट हुन्छ र त्यहाँ ब्रह्मको प्रकाश

भिद्यते हृदयग्रंथिश्छिद्यन्ते सर्वसंशयाः ।। क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे ।। २१ ।। अतो वै कवयो नित्यं भक्तिं परमया मुदा ।। वासुदेवे भगवति कुर्वन्त्यात्मप्रसादिनीम् ।। २२ ।। सत्त्वं रजस्तम इति प्रकृतेर्गुणास्तैर्युक्तः परः पुरुष एक इहास्य धत्ते ।। स्थित्योदये हरिविरिञ्चिहरेतिसंज्ञः श्रेयांसि तत्र खलु सत्त्वतनोर्नृणां स्युः ।। २३ ।। पार्थिवाद्दारुणो धूमस्तस्मादग्निस्त्रयीमयः ।। तमसस्तु रजस्तस्मात्सत्त्वं सद्ब्रह्मदर्शनम् ।। २४ ।। भेजिरे मुनयोऽथाग्रे भगवन्तमधोक्षजम् ।। सत्त्वं विशुद्धं क्षेमाय कल्पन्ते येऽनु तानिह ।। २५ ।। मुमुक्षवो घोररूपान् हित्वा भूतपतीनथ ।। नारायणकलाः शान्ता भजन्ति ह्यनसूयवः ।। २६ ।। रजस्तमःप्रकृतयः समशीला भजन्ति वै ।। पितृभूतप्रजेशादीञ्छ्रियैश्वर्यप्रजेप्सवः ।। २७ ।। वासुदेवपरा वेदा वासुदेवपरा मखाः ।। वासुदेवपरा योगा ।। वासुदेवपराः क्रियाः ।। २८ ।। वासुदेवपरं ज्ञानं वासुदेवपरं तपः ।। वासुदेवपरो धर्मो वासुदेवपरा गतिः ।। २९ ।। स एवेदं ससर्जाग्रे भगवानात्ममायया ।। सदसद्रूपया चासौ गुणमय्याऽगुणो विभुः ।। ३० ।। तया विलसितेष्वेषु

हो ।।२४।। यसैले मुनिहरूले पहिले शुद्ध र सत्वगुण संयुक्त विष्णुको नै सेवा गरेका छन् । अब पनि जो विष्णुभगवान्का भक्तजनको अनुगामी हुन्छन्, ती सधैं आनन्दित रहन्छन् ।।२५।। मुक्तिका इच्छुक व्यक्ति अरु देवताहरूको निन्दा नगरेर रुद्र आदि डरलाग्दा देवताहरुलाई छाडेर शान्त-स्वरूप विष्णुको नै भजन गर्दछन् ।।२६।। लक्ष्मी (ऐश्वर्य) तथा सन्तान-का इच्छुक र रुद्रादिक देवताहरूको समान स्वभाव भएका रजोगुणी र तमोगुणी मनुष्य पितृ, भूत तथा शिवादिक देवताहरूको आराधना गर्दछन् ।।२७। वेद विष्णुको आराधनाकै समर्थक छन् । यज्ञहरूबाट विष्णुकै आराधना हुन्छ । योग तथा कर्मकाण्ड पनि विष्णुकै आराधना गर्ने अर्ति दिन्छन् ।।२८।। शास्त्र, तप, धर्मशास्त्र र गति (स्वर्गादि प्राप्तिको क्षीण हुने फल

* उदाहरण (मोह-महिमा)—यौटा बनियाँ बूढो भएपछि त्यसका छोराहरूले कूट-पीट गरेर घरबाट निकालिदिए । बूढो लामो सास फेर्दै, छोराहरूलाई गाली गर्दै ढोका बाहिर बसेर रोइरहेको थियो । त्यसै बेला यौटा सन्त त्यसैबाट आए । तिनले बूढोसित सोधे—'तिम्रो हाल चाल के छ ? किन रोएका र कसलाई गाली गर्दैछौ ?' बूढाले अथदेखि इतिसम्म बेली विस्तार लाएर भन्यो— मैले जीवनभरि धन कमाएँ । अब कमाउने शक्ति छैन । यसै निम्ति छोराहरू मेरो अपमान गर्दछन् । यो घर मैले ठूलो परिश्रमले बनाउन लगाएको हुँ । छोराहरूको विवाह मैले नै गरिदिएको हुँ । तिनका छोराहरूलाई पनि मैले नै लालन-पालन र शिक्षा-दीक्षाको प्रबन्ध-गरिदिएर मानिस तुल्याएँ । यो सबै मेरो नै प्रताप हो । मैले केही नगरेको भए यी सबै आज सेठ बनेर बस्ने थिएनन् । तर छोरा हरूले मेरो यो उपकार बिर्सिदिए । यसैले म कष्टको महासागरमा डुबिरहेको छु ।' महात्माले भने—'सेठजी ! यदि यस्तो हो भने मसित हिंड । अब यो संसारको मोह छाड र शेष जीवन ईश्वर-भजनमा बिताऊ ।' बूढाले भने—'तिमीलाई वकील कसले बनायो ? के तिम मेरी छोराहरूसित मलाई छुट्याउन खोज्दैछौ । मेरो अपमान गरुन् वा चुटुन्, जे भए पनि मेरै छोरा हुन् । जसका कोही हुन्नन्, तिनलाई कसले कुट्छ ?' महात्माले मनमनै भने—'मोह-महिमा धन्य हो !'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि विष्णुको आराधनाको नै द्योतक हुन् ॥२९॥ उनै विष्णु भगवान्‌ले प्राचीन कालमा कार्यकारणरूपिणी आफ्नी गुणमयी मायाद्वारा यस संसारको रचना गरे, तर विष्णु भगवान् स्वयं निर्गुण छन् ॥३०॥ आफ्नी चैतन्य शक्तिले बुद्धिमा प्राप्त विष्णु भगवान् मायाबाट उत्पन्न गुणहरूको भित्र प्रवेश गरेर सगुणसदृश ज्ञात हुन्छन् ॥३१॥ जस्तै यौटै आगो अनेक काठहरूमा रहनाले अनेक थरिको देखिन्छ, त्यस्तै ईश्वर विभिन्न प्राणीहरूमा रहनाले अनेक प्रकारका जानिन्छन् ॥ ३२ ॥ ती भगवान् विष्णु आफैले रचेका प्राणीहरूमा प्रवेश गरेर भूत-सूक्ष्म इन्द्रिय र मन आदि गुणमय भावहरूद्वारा उनको गुण अर्थात् शब्द, रस, रूप तथा गन्ध आदि उपभोग गर्दछन् ॥३३॥ लीलावतारहरूमा अनुरक्त लोककर्ता विष्णु नै आफ्नो सत्वगुणले लोकहरूको रक्षा गर्दछन् र बेला-बेलामा देवता, पशु-पक्षी र मनुष्य आदिको रूपमा अवतार धारण गर्दछन् ॥३४॥ इति श्रीमद्भागवते महापुराणे प्रथम स्कन्धे पं० गौरीशंकर वसिष्ठकृत वासिष्ठी भाषा-टीकायां द्वितीयोऽध्यायः ॥२॥ अब तेस्रो अध्यायमा भगवान्‌का अवतारहरू र गुण आदिको वर्णन गरिन्छ । सूतजी भन्दछन्—विष्णु भगवान्‌ले लोकहरूको रचना

गुणेषु गुणवानिव ॥ अन्तःप्रविष्ट आभाति विज्ञानेन विजृम्भितः ॥ ३१ ॥ यथा ह्यवहितो वह्निर्दारुष्वेकः स्वयोनिषु ॥ नानेव भाति विश्वात्मा भूतेषु च तथा पुमान् ॥ ३२ ॥ असौ गुणमयैर्भावैर्भूतसूक्ष्मेन्द्रियात्मभिः ॥ स्वनिर्मितेषु निर्विष्टो भुंक्ते भूतेषु तद्गुणान् ॥३३॥ भावयत्येष सत्त्वेन लोकान् वै लोकभावनः ॥ लीलावतारानुरतो देवतिर्यङ्नरादिषु ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे द्वितीयोऽध्यायः ॥ २ ॥ सूत उवाच ॥ जगृहे पौरुषं रूपं भगवान्महदादिभिः ॥ संभूतं षोडशकलमादौ लोकसिसृक्षया ॥१॥ यस्याम्भसि शयानस्य योगनिद्रां वितन्वतः ॥ नाभिह्रदाम्बुजादासीद्ब्रह्मा विश्वसृजां पतिः ॥ २ ॥ यस्यावयवसंस्थानैः कल्पितो लोकविस्तरः ॥ तद्वै भगवतो रूपं विशुद्धं सत्त्वमूर्जितम् ॥३॥ पश्यंत्यदो रूपमदभ्रचक्षुषा सहस्रपादोरुभुजाननाद्भुतम् ॥ सहस्रमूर्द्धश्रवणाक्षिनासिकं सहस्रमौल्यम्बरकुंडलोल्लसत् ॥ ४ ॥ एतन्नानावताराणां निधानं बीजमव्ययम् ॥ यस्यांशांशेन सृज्यन्ते देवतिर्यङ्नरादयः ॥ ५ ॥ स एव प्रथमो देवः कौमारं सर्गमास्थितः ॥ चचार दुश्चरं ब्रह्मा ब्रह्मचर्यमखण्डितम् ॥ ६ ॥ द्वितीयं तु भवायास्य रसातलगतां महीम् ॥ उद्धरिष्यन्नुपादत्त यज्ञेशः सौकरं वपुः ॥ ७ ॥ तृतीयमृषिसर्गं वै देवर्षित्वमुपेत्य सः ॥ तन्त्रं सात्वतमा-

गर्न इच्छाले पहिले महत्तत्व र अहङ्कारादिबाट उत्पन्न सोह कलाका पुरुषरूप धारणगरे ॥१॥ योगनिद्राको विस्तार गरेर जलमा शयन गर्न विष्णुको नाभिबाट निस्केको कमलद्वारा प्रजापति ब्रह्मा उत्पन्न भए ॥२॥ तिनै विष्णुको अङ्गहरूबाट तिनले संसारको विस्तार कल्पना गरे । तिनै भगवान्‌का सत्वगुणमय शुद्धस्वरूप हो ॥३॥ हजारौं चरण, तिघ्रा, हात, मुखहरूले अद्भुत, हजारौं मस्तक, श्रवण, नयन तथा नासिकाले युक्त तथा हजारौं मुकुट, वस्त्र र कुण्डलहरूले शोभित त्यस रूपलाई योगीजन आफ्ना ज्ञानदृष्टिले देख्तछन् ॥४॥ तिनै विविध अवतारहरूका प्रवेशस्थान र विकार रहित बीज हो । कुनैको अंश ब्रह्मा र अंशांश मरीचि आदि द्वारा देवता, पशु-पक्षी र मनुष्य आदिको सृष्टि हुन्छ ॥५॥ तिनै 'विष्णु' देवताले पहिले सनत्कुमार अवतारमा ब्राह्मण भएर अत्यन्त कठिन एवं अखण्ड ब्रह्मचर्य-व्रत धारण गरेका थिए ॥६॥ यज्ञेश विष्णुले नै संसारको सृष्टिका निम्ति रसातलमा गइसकेकी पृथ्वीलाई फर्काएर ल्याउन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनै भगवान्‌ले तेस्रो नारद अवतार धारण गरेर पञ्चरात्र-शास्त्र भनेका थिए, जसले प्राणिहरू कर्मबन्धनहरूबाट मुक्त भएका थिए ॥८॥ चौथो अवतारमा ती ईश्वरले धर्मको 'मुक्ति' नामकी स्त्रीबाट नर-नारायण ऋषि भएर बुद्धिलाई शान्त पार्न कठोर तप गरे ॥९॥ तिनले नै पाँचौं अवतारमा कपिलमुनि भएर आसुरी नामका ब्राह्मण द्वारा कालले नष्ट तत्व समूहको निर्णय गर्न सक्ने सांख्य-शास्त्र भने ॥१०॥ छैठौं अवतारमा अत्रिका छोरा दत्तात्रय भएर उनले आफ्नी आमा अनसूया र अलर्क, प्रह्लाद तथा यदु आदिलाई आत्मज्ञानको उपदेश दिए ॥११॥ सातौं अवतारमा ती रुचिकी पत्नी याकूतिद्वारा यज्ञावतार रूपमा उत्पन्न भए। उनले नै याम आदि देवताहरू समेत स्वायंभुव मन्वन्तरको पालन गरे ॥१२॥ आठौं अवतारमा ती विद्वान्‌हरूलाई सबै आश्रमहरूमा श्रेष्ठ परमहंस-मार्ग दर्शाउनकोलागि नाभिकी पत्नी मेरुदेवीद्वारा ऋषभदेव नामले उत्पन्न भए ॥१३॥ हे विप्र हो! ऋषिहरूले प्रार्थना गरेर भगवान्‌को नवौं पृथु अवतार भयो। ती पृथुले यस पृथ्वीबाट ओषधि र अन्नादि दुहे। त्यसैले पृथु अवतार उत्तम मानिन्छ ॥१४॥ चाक्षुष मन्वन्तरको समयमा उनले प्रलय-समुद्रमा मत्स्यावतार

चष्टे नैष्कर्म्यं कर्मणां यतः ॥ ८ ॥ तुर्ये धर्मकलासर्गे नरनारायणावृषी ॥ भूत्वाऽऽत्मोपशमोपेतमकरोद्दुश्चरं तपः ॥ ९ ॥ पञ्चमः कपिलो नाम सिद्धेशः कालविप्लुतम् ॥ प्रोवाचासुरये सांख्यं तत्त्वग्रामविनिर्णयम् ॥ १० ॥ षष्ठे अत्रेरपत्यत्वं वृतः प्राप्तोऽनसूयया ॥ आन्वीक्षिकीमलर्काय प्रह्लादादिभ्य ऊचिवान् ॥ ११ ॥ ततः सप्तम आकूत्यां रुचेर्यज्ञोऽभ्यजायत ॥ स यामाद्यैः सुरगणैरपात्स्वायंभुवान्तरम् ॥ १२ ॥ अष्टमे मेरुदेव्यां तु नाभेर्जात उरुक्रमः ॥ दर्शयन्वर्त्म धीराणां सर्वाश्रमनमस्कृतम् ॥ १३ ॥ ऋषिभिर्याचितो भेजे नवमं पार्थिवं वपुः ॥ दुग्धे नानौषधीर्विप्रास्तेनायं स उशत्तमः ॥ १४ ॥ रूपं स जगृहे मात्स्यं चाक्षुषोदधिसंप्लवे ॥ नाव्यारोप्य महीमय्यामपाद्वैवस्वतं मनुम् ॥ १५ ॥ सुरासुराणामुदधिं मथ्नतां मन्दराचलम् ॥ दध्रे कमठरूपेण पृष्ठ एकादशे विभुः ॥ १६ ॥ धान्वन्तरं द्वादशमं त्रयोदशममेव च ॥ अपाययत्सुरानन्यान्मोहिन्या मोहयन्स्त्रिया ॥ १७ ॥ चतुर्दशं नारसिंहं बिभ्रद्दैत्येन्द्रमूर्जितम् ॥ ददार करजैर्वक्षस्येरकां कटकृद्यथा ॥ १८ ॥ पञ्चदशं वामनकं कृत्वाऽगादध्वरं बलेः ॥ पदत्रयं याचमानः प्रत्यादित्सुस्त्रिविष्टपम् ॥ १९ ॥ अवतारे षोडशमे पश्यन्ब्रह्मद्रुहो नृपान् ॥ त्रिःसप्तकृत्वः कुपितो निःक्षत्रामकरोन्महीम् ॥२०॥ ततः सप्तदशे जातः सत्यवत्यां पराशरात् ॥ चक्रे वेदतरोः शाखा दृष्ट्वा पुंसोऽल्पमेधसः ॥ २१ ॥ नरदेवत्वमापन्नः सुरकार्यचिकीर्षया ॥ समुद्रनिग्रहा-

धारण गरे, जसमा पृथ्वीरूपिणी डुङ्गामा सबै वस्तुहरू राखेर उनले वैवस्वत मनुको रक्षा गरे ॥ १५ ॥ जब देवता र दानव समुद्र मन्थन गर्नलागे, तब विष्णुभगवान्‌ले एघारौं कच्छप रूप लिई आफ्नो पीठमा मन्दराचल पर्वत धारण गरे ॥१६॥ उनको बाहौं अवतार धन्वन्तरीको रूपमा भयो। तेहौं अवतारमा उनले मोहनीरूप द्वारा दैत्यगणलाई मोहित पारेर देवताहरूलाई अमृत पान गराए ॥ १७ ॥ चौधौं नृसिंहरूप धारण गरेर भगवान्‌ले नङ द्वारा दैत्यहरूको राजा हिरण्यकशिपुको पेट त्यसै गरी फोरे जसरी चटाई बनाउने व्यक्ति 'एरका' घाँस चिर्दछ ॥ ८॥ पन्ध्रौं वामन अवतार धारण गरेर बलिको यज्ञमा गएर स्वर्गको अधिकार खोस्ने इच्छा गरी उनले बलिसित तीन पाउ भूमि मागे ॥१९॥ सोहौं परशुराम अवतारमा ब्राह्मणहरूको वैरत्व गर्ने राजाहरूलाई देखेर उनले रिसाई पृथ्वीलाई एक्काइस पल्ट क्षत्रियविहीन पारे ॥२०॥ सत्रौं अवतारमा ती सत्यवतीको उदरबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पराशर कहाँ व्यासरूपमा अवतीर्ण भएर मनुष्यहरूको अल्प-बुद्धि देखेर उनले बट-वृक्षको शाखा स्वरूप पुराणहरूको रचना गरे ॥२१॥ त्यसपछि देवकार्य साधन गर्न उनको अठारौं रामको अवतार भयो । ती श्रीरामले सेतुबन्ध आदि अनेक अद्भुत काम गरे ॥२२॥ उन्नीसौं र बीसौं अवतारमा यदुवंशीहरूमा जन्म लिएर उनले बलभद्र र श्रीकृष्ण रूपले पृथ्वीको भार उतारे ॥२३॥ कलियुग प्रबल भएपछि दैत्यहरूलाई मोहमा पार्ननिम्ति ती जिनराजका छोरा भएर बुद्ध रूपले कीकट देशमा उत्पन्न हुनेछन् ॥२४॥ कलिको अन्त्यमा राजाहरू चोर झैं दुराचारी भएपछि ती विष्णुयश नामका ब्राह्मणको घरमा कल्कि रूपमा उत्पन्न हुनेछन् ॥२५॥ हे विप्र हो ! जस्तै कहिले पनि नसुक्ने जलाशयबाट हजारौं स-साना नालाहरू निस्किरहन्छन्, त्यस्तै सत्वगुण-स्वरूपका विष्णुबाट असंख्य अवतार हुँदै रहन्छन् ॥२६॥ ऋषि, मनु, देवता र प्रजापति सहित पराक्रमी मनु-पुत्र यी सब विष्णुकै अंश हुन् ॥२७॥ यी सबै अवतार परमेश्वरका अंश र कला हुन्, किन्तु श्रीकृष्ण त साक्षात् नारायण नै हुन् । प्रत्येक युगमा ती दैत्यहरूबाट आत्तिएको संसारलाई सुखी पार्दछन् ॥२८॥ जो मनुष्य पवित्र मनले

दीनि चक्रे वीर्याण्यतः परम् ॥ २२ ॥ एकोनविंशे विंशतिमे वृष्णिषु प्राप्य जन्मनी ॥ रामकृष्णाविति भुवो भगवानहरद्भरम् ॥२३॥ ततः कलौ संप्रवृत्ते संमोहाय सुरद्विषाम् ॥ बुद्धो नाम्ना जिनसुतः कीकटेषु भविष्यति ॥२४॥ अथासौ युगसंध्यायां दस्युप्रायेषु राजसु ॥ जनिता विष्णुयशसो नाम्ना कल्किर्जगत्पतिः ॥२५॥ अवतारा ह्यसंख्येया हरेः सत्त्वनिधेर्द्विजाः ॥ यथाऽविदासिनः कुल्याः सरसः स्युः सहस्रशः ॥२६॥ ऋषयो मनवो देवा मनुपुत्रा महौजसः ॥ कलाः सर्वे हरेरेव सप्रजापतयस्तथा ॥ २७ ॥ एते चांशकलाः पुंसः कृष्णस्तु भगवान्स्वयम् ॥ इन्द्रारिव्याकुलं लोकं मृडयन्ति युगे युगे ॥२८॥ जन्म गुह्यं भगवतो य एतत्प्रयतो नरः ॥ सायं प्रातर्गृणन्भक्त्या दुःखग्रामाद्विमुच्यते ॥ २९ ॥ एतद्रूपं भगवतो ह्यरूपस्य चिदात्मनः ॥ मायागुणैर्विरचितं महदादिभिरात्मनि ॥३०॥ यथा नभसि मेघौघो रेणुर्वा पार्थिवोऽनिले ॥ एवं द्रष्टरि दृश्यत्वमारोपितमबुद्धिभिः ॥३१॥ अतः परं यदव्यक्तमव्यूढगुणव्यूहितम् ॥ अदृष्टाश्रुतवस्तुत्वात्स जीवो यत्पुनर्भवः ॥३२॥ यत्रेमे सदसद्रूपे प्रतिषिद्धे स्वसंविदा ॥ अविद्ययाऽऽत्मनि कृते इति तद्ब्रह्मदर्शनम् ॥३३॥ यद्येषोपरता देवी माया वैशारदी मतिः ॥ सम्पन्न एवेति विदुर्महिम्नि स्वे महीयते ॥ ३४ ॥ एवं जन्मानि कर्माणि ह्यक-

भगवान्को यस जन्म-चरित्रलाई प्रातः र सायंकालमा नित्य पाठ गर्छ, त्यो सबै कष्टबाट मुक्त हुनेछ ॥२९॥ चैतन्यात्मक तथा अरूप (निर्गुण) भगवान्को यो रूप महदहङ्कारादि मायाका गुणहरूबाट आत्माको स्थानमा रचिन्छ ॥३०॥ जस्तै आकाशमा मेघ समूह र हावामा पृथ्वीको धूलो निर्बुद्धि प्राणीहरूलाई आकाश र पवनरूप ज्ञान हुन्छ, त्यसै गरी निर्बुद्धि-हरूको आत्मामा शरीर भासमान हुन्छ ॥३१॥ यस स्थूल शरीर बाहेक सूक्ष्म शरीर छ, त्यो प्रकट छैन किनकि त्यो हात-पाउ आदिले रहित रहन्छ ॥३२॥ माया द्वारा आत्मामा कल्पित स्थूल-सूक्ष्म दुवै स्वरूप जब श्रवण, मननादि उपायहरू द्वारा ज्ञानले प्रतिसिद्ध हुन्छ तब जीव नै ज्ञानस्वरूप ब्रह्म भइजान्छ ॥३३॥ जब ईश्वरको माया शान्त भएर जान्छ अर्थात् ज्ञान भइजान्छ, तब जीव ब्रह्मस्वरूप परमानन्द स्वरूप आफ्नो महिमामा नै पूजित हुन्छ—यस्तो तत्वज्ञानीहरूको कथन छ ॥ ३४ ॥ यस प्रकार ती अन्तर्यामी एवं अकर्ताको वेदहरूमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

गुप्त कर्म तथा ती जन्मरहित प्रभुको जन्यका विद्वान्‌जन वर्णन गर्दछन् ॥३५॥ ती सफल लीलाधारी ईश्वर यस संसारको रचना, पालन र संहार गर्दछ, तापनि यसमा आसक्त हुँदैन । प्राणीहरूमा लुकेको, स्वाधीन र षट् गुणहरूको स्वामी त्यो ईश्वर परैबाट इन्द्रियहरूको विषय भोग्दै रहन्छ कुनै पनि आत्मज्ञानहीन प्राणी संसारका विधाता तथा मन, रूप र वचनले नामहरूको पिस्तार गर्न ईश्वरका लीला तर्क आदिको निपुणताले जान्न सक्तैन, जस्तै-कुनै नाटकीका लीला मनुष्य बुझ्न सक्तैनन् । फेरि त्यही मनुष्य ती चक्रपाणि परमात्माको स्वरूप जान्न सक्तछ, जो निरन्तर सोझो स्वभावले तिनका चरण-कमलको गन्ध सुँघिरहन्छ ॥३६-३८॥ तपाईहरू धन्यहुनुहुन्छ, किन भने सबै लोकहरूका स्वामी विष्णुमा सबै प्रकारले आफ्नो चित्त लगासनु भएको छ । यस्तो गर्ने प्राणीको भयंकर जन्म-मरण हुँदैन ॥२९॥ जसमा विष्णुको चरित्र वर्णित छ, त्यस्तो वेद समान मान्य भागवत पुराण भगवान् वेदव्यासले बनाउनु भएको हो ॥४०॥ धनदायक र कल्याणकारक यो पुराण आत्म ज्ञानीहरूमा श्रेष्ठ आफ्ना छोरा शुकदेवलाई वेदव्यासले संसारको कल्याणार्थ पढाए ॥४१॥ ती शुकदेवले सबै वेद र

तुंरजनस्य च ॥ वर्णयन्ति स्म कवयो वेदगुह्यानि हृत्पतेः ॥३५॥ स वा इदं विश्वममोघलीलः सृजत्यवत्यत्ति न सज्जतेऽस्मिन् ॥ भूतेषु चान्तर्हित आत्मतन्त्रः षाड्वर्गिकं जिघ्रति षड्गुणेशः ॥३६॥ न चास्य कश्चिन्निपुणेन धातुरवैति जन्तुः कुमनीष ऊतीः ॥ नामानि रूपाणि मनोवचोभिः संतन्वतो नटचर्यामिवाज्ञः ॥ ३७ ॥ स वेद धातुः पदवीं परस्य दुरन्तवीर्यस्य रथाङ्गपाणेः ॥ योऽमायया संततयाऽनुवृत्त्या भजेत तत्पादसरोजगन्धम् ॥ ३८ ॥ अथेह धन्या भगवन्त इत्थं यद्वासुदेवेऽखिललोकनाथे ॥ कुर्वन्ति सर्वात्मकमात्मभावं न यत्र भूयः परिवर्त उग्रः ॥ ३९ ॥ इदं भागवतं नाम पुराणं ब्रह्मसंमितम् ॥ उत्तमश्लोकचरितं चकार भगवानृषिः ॥ ४० ॥ निःश्रेयसाय लोकस्य धन्यं स्वस्त्ययनं महत् ॥ तदिदं ग्राहयामास सुतमात्मवतां वरम् ॥ ४१ ॥ सर्ववेदेतिहासानां सारं सारं समुद्धृतम् ॥ स तु संश्रावयामास महाराजं परीक्षितम् ॥ ४२ ॥ प्रायोपविष्टं गङ्गायां परीतं परमर्षिभिः ॥ कृष्णे स्वधामोपगते धर्मज्ञानादिभिः सह ॥४३॥ कलौ नष्टदृशामेष पुराणार्कोऽधुनोदितः ॥ तत्र कीर्तयतो विप्रा विप्रर्षेर्भूरितेजसः ॥४४॥ अहं चाध्यगमं तत्र निविष्टस्तदनुग्रहात् ॥ सोऽहं वः श्रावयिष्यामि यथाऽधीतं यथामति ॥४५॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे तृतीयोऽध्यायः ॥३॥ व्यास उवाच ॥ इति ब्रुवाणं संस्तूय मुनीनां दीर्घसत्रिणाम् ॥ वृद्धः कुलपतिः सूतं बह्वृचः शौनकोऽब्रवीत् ॥१॥

इतिहासहरूबाट झिकेको यस सारांशलाई अन्न-जल छाडेर गङ्गाको किनारमा बसेका र महर्षिहरूले घेरिएका राजा परीक्षितलाई सुनाएका थिए । धर्म तथा ज्ञानादि समेत श्रीकृष्ण आफ्नो धाम (वैकुण्ठ) पाल्नु भएपछि कलिका नयन हीन जनहरूका लागी यो भागवत पुराणरूपी सूर्य उदाएको छ । हे विप्र हो ! जब तेजस्वी शुकदेवजी भागवत भनिरहेका थिए ॥४२-४४॥ तब म म पनि त्यहीं थिएँ र उनको अनुग्रहले त्यहाँ बसेर मैले जति सुनें, त्यही आफ्नो बुद्धि अनुसार तपाईंहरूलाई सुनाउँछु ॥४५॥ इति श्रीमद्भागवते महापुराणे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां तृतीयोऽध्यायः ॥ अब चौथो अध्यायमा भागवत रचनाको कारण बताइन्छ—व्यासजी भन्नुहुन्छ, धेरै दिनसम्म यज्ञ गर्ने मुनिहरूका माझ कथा भने सूतजीको प्रशंसा गर्दै वृद्ध तथा मुनिहरूमा प्रधान ऋग्वेदी शौनक भन्दछन् ॥१॥ शौनकले भने—हे वक्ताहरूमा श्रेष्ठ एवं महाभाग सूत ! शुकदेवजी गुन पवित्र कथा भन्नुभयो तपाई

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईं त्यही भन्नुहवस् ॥२॥ कुन युगमा कुन स्थानमा र किन त्यो कथा प्रकट भयो ? कसद्वारा प्रेरित भएर व्यासजीले श्रीमद्भागवत-संहिता बनाए ? व्यासजीका छोरा शुकदेव ठूला
योगी र समदर्शी थिए, त्यसैले तिनमा भेदभाव थिएन । ती एकमात्र विष्णुमानै आफ्नो बुद्धि लगाइराख्दथे र मायाको निद्राबाट जागा रहेर महान् ज्ञानी भएर पनि मूढ समान ज्ञात
हुन्थे ॥३-४॥ एक पल्ट भागेर जाँदा नाङ्गा शुकदेवलाई देखेर जलक्रीडा गर्न लागेका देवीहरूले लुगा लगाएनन् र तिनकै पछि-पछि जान लागेका लुगा लगाएका व्यासजीलाई देखेर
लाज मान्दै तिनले आफ्नाफ्ना लुगा लगाए । त्यो देखेर जब व्यासजीले तिनीहरूसित कारण सोधे, तब देवीहरूले भने—तिम्रो मनमा स्त्री-पुरुषको भेदभाव छ र तिम्रा छोरा पवित्र दृष्टि
शुकदेवको मनमा स्त्री-पुरुषको भेद छैन ॥५॥ त्यस्ता उन्मत्त, बौलाहा जस्ता र मूर्ख जस्ता कुरुजाङ्गल आदि देशहरूमा डुल्दै हिंड्ने शुकदेवलाई हस्तिनापुर-निवासीहरूले कसरी चिन्ह
सके ? ॥६॥ हे तात ! पाण्डव वंशमा उत्पन्न राजर्षि परीक्षितसित शुकदेवको कसरी वार्तालाप भयो, जसले यो भगवत्कथा प्रवृत्त भयो ? ॥ ७ ॥ किन भने गृहस्थीहरूको घरमा तिनका

उवाच ॥ सूत सूत महाभाग वद नो वदतां वर ॥ कथां भागवतीं पुण्यां यदाह भगवाञ्छुकः ॥२॥ कस्मिन् युगे प्रवृत्तेयं स्थाने वा केन हेतुना ॥
कुतः संचोदितः कृष्णः कृतवान्संहितां मुनिः ॥ ३ ॥ तस्य पुत्रो महायोगी समदृङ्निर्विकल्पकः ॥ एकान्तमतिरुन्निद्रो गूढो मूढ इवेयते ॥ ४ ॥
दृष्ट्वाऽनुयान्तमृषिमात्मजमप्यनग्नं देव्यो ह्रिया परिदधुर्न सुतस्य चित्रम् ॥ तद्वीक्ष्य पृच्छति मुनौ जगदुस्तवास्ति स्त्रीपुंभिदा न तु सुतस्य विविक्तदृष्टेः
॥ ५ ॥ कथमालक्षितः पौरैः संप्राप्तः कुरुजाङ्गलान् ॥ उन्मत्तमूकजडवद्विचरन्गजसाह्वये ॥ ६ ॥ कथं वा पाण्डवेयस्य राजर्षेर्मुनिना सह ॥ संवादः
समभूत्तात यत्रैषा सात्वती श्रुतिः ॥ ७ ॥ स गोदोहनमात्रं हि गृहेषु गृहमेधिनाम् ॥ अवेक्षते महाभागस्तीर्थीकुर्वंस्तदाश्रमम् ॥ ८ ॥ अभिमन्यु-
सुतं सूत प्राहुर्भागवतोत्तमम् ॥ तस्य जन्म महाश्चर्यं कर्माणि च गृणीहि नः ॥ ९ ॥ स सम्राट् कस्य वा हेतोः पाण्डूनां मानवर्द्धनः ॥ प्रायोपविष्टो
गङ्गायामनादृत्याधिराट् श्रियम् ॥१०॥ नमन्ति यत्पादनिकेतमात्मनः शिवाय ह्यानीय धनानि शत्रवः ॥ कथं स वीरः श्रियमङ्ग दुस्त्यजां युवै-
षतोत्स्रष्टुमहो सहासुभिः ॥ ११ ॥ शिवाय लोकस्य भवाय भूतये य उत्तमश्लोकपरायणा जनाः ॥ जीवन्ति नात्मार्थमसौ पराश्रयं मुमोच निर्विद्य
कुतः कलेवरम् ॥ १२ ॥ तत्सर्वं नः समाचक्ष्व पृष्टो यदिह किंचन ॥ मन्ये त्वां विषये वाचां स्नातमन्यत्र छान्दसात् ॥ १३ ॥ सूत उवाच ॥ द्वापरे

आश्रमहरू पवित्र पार्दै महामुनि शुकदेव गाई दुहुने समय जति मात्र अडिन्थे ॥ ८ ॥ हे महाभाग सूत ! अभिमन्यु-पुत्र परीक्षितलाई मुनिहरूले उत्तम विष्णुभक्त भनेका छन् । अतः
तिनको आश्चर्यपूर्ण जन्म-कर्म भन्नुहवस् ॥ पाण्डुवंशका गौरव बढाउने चक्रवर्ती परीक्षित किन राज्यलक्ष्मी त्यागेर अन्न जल छाडी गङ्गाको तटमा मर्न भनेर बसेका थिए ? ॥९॥१०॥
हे सूतजी ! आफ्नो कल्याणको निम्ति वैरी पनि धन दिएर जुन परीक्षितले पाउ राख्ने चौकीलाई प्रणाम गर्न गर्दथे, ती युवा वीर राजाले निकै कष्टपूर्वक त्याग गर्न योग्य प्राणसहित
११ लक्ष्मीलाई छाड्ने इच्छा किन गरे ? ॥११॥ विष्णुभक्त संसारको कल्याण र सबैको भलो गर्न चाँहन्छन्—आफ्नो निम्ति चाँहदैनन् । अनि राजा परीक्षितले संसारबाट नाता तोडेर अर्का-
को उपकार गर्ने व्यक्तिले शरीर किन छाडे ? ॥१२॥ मैले जे जति हजुरसित सोधे, त्यो आज्ञा हवस् । म हजुरलाई वैदिक विषय छाडेर अन्य वाणीको विषयमा साह्रै बाठो मान्दछु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥१३॥ सूतजी भन्दछन्—तेस्रो चतुर्युगीको द्वापरयुगमा वसुकी तनया सत्यवतीबाट पराशर मुनिको वीर्यद्वारा विष्णुको अंशले योगी व्यासदेव उत्पन्न भएका थिए। एक दिन सरस्वती नदीमा स्नान गरेर पवित्र व्यासजी सूर्योदयको वेला एक्लै एकान्तमा वसे ॥ १४-१५॥ भूत र भविष्यका ज्ञाता व्यासदेवले गुप्त वेग हुने कालद्वारा गरिएको युगधर्ममा परिवर्तन देखे र पृथ्वीमा युग-युगमा कालद्वारा गरिएको प्राणिहरूको शक्ति-न्यूनता र श्रद्धा तथा धैर्यरहित, दुर्बुद्धि, अल्पायु र अभागी मनुष्यहरूलाई दिव्य दृष्टिले देखेर वेदव्यासले सबै वर्ण तथा आश्रमहरूको हित हुने विचार गरे ॥१६-१८॥ तदनुसार ब्रह्मा, होता, अध्वर्यु र आग्नीध्र यी चारैले गर्ने योग्य वैदिक कर्म तथा प्रजाहरूलाई पवित्र पान यज्ञ निरन्तर हुँदै रहनको निम्ति उनले यौटा वेदको चार भाग गरिदिए ॥१९॥ तिनको नाम हो—ऋग्वेद, यजुर्वद, सामवेद र अथर्ववेद। यिनै तिनका चारै विभाग थिए। इतिहास र पुराण पाँचौं वेद कहिन्छ

समनुप्राप्ते तृतीये युगपर्यये ॥ जातः पराशराद्योगी वासव्यां कलया हरेः ॥ १४ ॥ स कदाचित्सरस्वत्या उपस्पृश्य जलं शुचि ॥ विविक्तदेश आसीन उदिते रविमंडले ॥१५॥ परावरज्ञः स ऋषिः कालेनाव्यक्तरंहसा ॥ युगधर्मव्यतिकरं प्राप्तं भुवि युगे युगे ॥१६॥ भौतिकानां च भावानां शक्तिह्रासं च तत्कृतम् ॥ अश्रद्दधानान्निःसत्त्वान्दुर्मेधान्ह्रसितायुषः ॥ १७ ॥ दुर्भगांश्च जनान्वीक्ष्य मुनिर्दिव्येन चक्षुषा ॥ सर्ववर्णाश्रमाणां यद्दध्यौ हितममोघदृक् ॥ १८॥ चतुर्होत्रं कर्म शुद्धं प्रजानां वीक्ष्य वैदिकम् ॥ व्यदधाद्यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम् ॥ १९ ॥ ऋग्यजुःसामाथर्वाख्या वेदाश्चत्वार उद्धृताः ॥ इतिहासपुराणं च पञ्चमो वेद उच्यते ॥ २० ॥ तत्रर्ग्वेदधरः पैलः सामगो जैमिनिः कविः ॥ वैशम्पायन एवैको निष्णातो यजुषामुत ॥ २१ ॥ अथर्वाङ्गिरसामासीत्सुमन्तुर्दारुणो मुनिः ॥ इतिहासपुराणानां पिता मे रोमहर्षणः ॥ २२ ॥ त एत ऋषयो वेदं स्वं स्वं व्यस्यन्ननेकधा ॥ शिष्यैः प्रशिष्यैः तच्छिष्यैर्वेदास्ते शाखिनोऽभवन् ॥ २३ ॥ त एव वेदा दुर्मेधैर्धार्यन्ते पुरुषैर्यथा ॥ एवं चकार भगवान्व्यासः कृपणवत्सल. ॥२४॥ स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचरा ॥ कर्मश्रेयसि मूढानां श्रेय एवं भवेदिह ॥ २५ ॥ इति भारतमाख्यानं कृपया मुनिना कृतम् ॥ वेदार्थं च समुद्धृत्य भारते प्रोक्तवान्मुनिः ॥२६॥ एवं प्रवृत्तस्य सदा भूतानां श्रेयसि द्विजाः ॥ सर्वात्मकेनापि यदा नातुष्यद्धृदयं ततः ॥२७॥ नातिप्रसीदद्धृदयः सरस्वत्यास्तटे शुचौ ॥ वितर्कयन्विविक्तस्थ इदं प्रोवाच धर्मवित् ॥ २८ ॥ धृतव्रतेन हि मया

॥२०॥ महर्षि पैल ऋग्वेदी, जैमिनी सामवेदी र वैशम्पायन यजुर्वेदमा निपुण भए ॥२१॥ अथर्ववेदका ज्ञाता सुमन्तु मुनि भए। इतिहास-पुराणका ज्ञाता मेरो पिता रोमहर्षण थिए ॥२२॥ ती ऋषिहरूले पनि आफ्आफ्नो वेदको अनेक विभाग पारे। केही समयपछि ती वेद शिष्य प्रशिष्यहरूद्वारा अनेक शाखाहरूमा विभक्त भए ॥२३॥ अनि जसरी वेदहरूलाई स्वल्पबुद्धि मनुष्य पनि पढ्न सकून् यस्तो सरल ग्रन्थ व्यासजीले बनाए ॥२४॥ स्त्री, शूद्र र द्विजहरू अर्थात् ब्राह्मण, क्षत्रिय तथा वैश्यहरूमा अधम मनुष्यहरूलाई वेद सुन्ने अधिकार छैन। तिनको स्वार्थ साधन तथा ज्ञानरहित जनहरूको कल्याण गर्नका लागि व्यासदेवले दया गरेर महाभारत इतिहास रचे, जसमा सबै वेदहरूको तात्पर्य ती महामुनिले भनिदिए ॥२५-२६॥ हे द्विज ! यो सबै गरेर पनि प्राणिहरूको हितमा सबै प्रकारले तत्पर रहने व्यासजीको हृदय सन्तुष्ट हुन सकेन। एक दिन सरस्वती नदीको पवित्र तटमा बसेर धर्मज्ञ व्यासदेव

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनमनै भन्नलागे–॥२७॥२८॥ मैले वेद, गुरुजन र अग्निको निष्कपट बुद्धिले राम्ररी सेवा गरेको छु र तिनको आज्ञा मानेको छु ॥२९॥ महाभारतको निहुँले मैले वेदहरूको अर्थ पनि बताएँ, जसमा स्त्रीहरू र शूद्रादिलाई पनि धर्म आदिको निदन छ ॥३०॥ तथापि ब्रह्मवर्चस्वले अत्यन्त उत्तम मेरो दैहिकआत्मा असन्तुष्टजस्तो किन छ ? ॥३१॥ विष्णु-भक्तहरूको धर्म मैले अलि बर्ता रूपमा निरूपित गरिन । यद्यपि वैष्णव-धर्म परमहंसलाई प्रिय छ र परमहंस विष्णुलाई प्रिय छन् ॥३२॥ त्यसरी आफूलाई हीन मानेर खिन्न मनले व्यासजीको आश्रममा अकस्मात् नारद मुनि आए,जसको वर्णन मैले पहिल्यै गरिसकेको छु ॥३३॥ देववन्द्य नारदलाई उपस्थित देखेर व्यासजी जुरुक्क उठेर तिनको विधिपूर्वक पूजन गरे ॥३४॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर वसिष्ठकृत नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥४॥ अब पाँचौं अध्यायमा व्यास-नारद संवाद वर्णन गरिन्छ । सूतजी भन्दछन्-अनि नगीचै बसेका

छन्दांसि गुरवोऽग्नयः ॥ मानिता निर्व्यलीकेन गृहीतं चानुशासनम् ॥ २९ ॥ भारतव्यपदेशेन ह्याम्नायार्थश्च दर्शितः ॥ दृश्यते तत्र धर्मादि स्त्री-
शूद्रादिभिरप्युत ॥ ३० ॥ तथापि बत मे दैह्यो ह्यात्मा चैवात्मना विभुः ॥ असंपन्न इवाभाति ब्रह्मवर्चस्यसत्तमः ॥ ३१ ॥ किं वा भागवता धर्मा
न प्रायेण निरूपिताः ॥ प्रियाः परमहंसानां त एव ह्यच्युतप्रियाः ॥ ३२ ॥ तस्यैवं खिलमात्मानं मन्यमानस्य खिद्यतः ॥ कृष्णस्य नारदोऽभ्यागा-
दाश्रमं प्रागुदाहृतम् ॥३३॥ तमभिज्ञाय सहसा प्रत्युत्थायासनान्मुनिः ॥ पूजयामास विधिवन्नारदं सुरपूजितम् ॥३४॥ इति श्रीमद्भागवते महापुराणे
प्रथमस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥ सूत उवाच ॥ अथ तं सुखमासीन उपासीनं बृहच्छ्रवाः ॥ देवर्षिः प्राह विप्रर्षिं वीणापाणिः स्मयन्निव ॥ १ ॥
नारद उवाच ॥ पाराशर्य महाभाग भवतः कच्चिदात्मना ॥ परितुष्यति शारीर आत्मा मानस एव वा ॥ २ ॥ जिज्ञासितं सुसंपन्नमपि ते महद-
द्भुतम् ॥ कृतवान्भारतं यस्त्वं सर्वार्थपरिबृंहितम् ॥ ३ ॥ जिज्ञासितमधीतं च यत्तद्ब्रह्म सनातनम् ॥ अथापि शोचस्यात्मानमकृतार्थ इव प्रभो ॥ ४ ॥
व्यास उवाच ॥ अस्त्येव मे सर्वमिदं त्वयोक्तं तथापि नात्मा परितुष्यते मे ॥ तन्मूलमव्यक्तमगाधबोधे पृच्छामहे त्वाऽऽत्मभवात्मभूतम् ॥ ५ ॥ स वै
भवान्वेद समस्तगुह्यमुपासितो यत्पुरुषः पुराणः ॥ परावरेशो मनसैव विश्वं सृजत्यवत्यत्ति गुणैरसङ्गः ॥ ६ ॥ त्वं पर्यटन्नर्क इव त्रिलोकीमन्तश्चरो

ब्रह्मर्षि व्याससित हातमा वीणा लिएका यशस्वी देवर्षि नारद मुसु-मुसु हाँस्तै भन्नलागे ॥१॥ नारदजी भन्दछन्—हे पराशरात्मज ! तपाईंको शारीरिक चित्त र आत्मा राम्ररी प्रसन्न त छ ? ॥२॥ तपाईंले जान्न पर्ने जति सबै कुरा जानिसक्नु भएको छ, किनकि तपाईंले धर्मादि सबै पुरुषार्थहरूले परिपूर्ण महाभारतको रचना गर्नुभयो ॥३॥ तपाईंले सनातन परब्रह्मको विचार गर्नुभयो र त्यसलाई प्राप्त गर्नुभयो तापनि हे प्रभो ! तपाई आफूलाई असफल किन ठान्नुहुन्छ ॥४॥व्यासल भने-हजुरले आज्ञा भएको सबै सत्य हो, तापनि मेरो चित्त प्रसन्न छैन । त्यसको कारण ब्रह्माबाट उत्पन्न गम्भीर, ज्ञानवान् तथा अव्यक्त स्वरूप हजुरसित म सोद्धछु ॥५॥ किनकि हजुर गुप्त कुरा पनि जान्नुहुन्छ । हजुरले पुराण-पुरुषको उपासना गर्नुभएको छ, जुन कार्य कारणले स्वामी छन् र मनले नै गुणद्वारा संसारको रचना, पालन र संहार गर्दछन्-तैपनि आसक्त हुँदैनन् ॥६॥ हजुर तीनै लोकमा सूर्य झैं घुम्दै सबै कुरा देखिसक्नु भएको छ र प्राणवायु जस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै कुरा जान्नुहुन्छ । यस कारण परब्रह्मको ध्यानमा तत्पर रहने तथा वेद ब्रह्मकोस्वाध्याय गर्नाले विशुद्ध बुद्धि हजुर ममा जति न्यूनता छ, त्यो भन्नुहवस् ॥७॥ नारदजीले भने–हजुरले महाभारत आदि ग्रन्थमा सबै भन्नुभयो, तर भगवान्को निर्मल यश-गान गर्नुभएन, जुन धर्मादिको ज्ञानबाट प्रसन्न हुँदैनन्, म त्यो ज्ञानलाई तुच्छ मान्दछु ॥ ८ ॥ हे मुनिवर्य ! जसरी धर्मादि सम्बन्धी कुराहरू तपाईंले विस्तारपूर्वक भन्नुभएको छ, त्यसरी विष्णुको महिमा गाउनु भएन । जुन विचित्र पद भएको वचन संसारलाई पवित्र पार्ने विष्णुको यश गाउन्नन् त्यसलाई विद्वानहरू कामतीर्थ भन्दछन्, किनकि ब्रह्मस्थानमा पुगेका हंसरूपी योगी त्योमित प्रेम गर्दैनन् । त्यही वचन मनुष्यहरूका पाप पखाल्दछ, जसमा अशुद्धिहरू भए पनि प्रत्येक श्लोकमा विष्णुको यशयुक्त नाम हुन् र जसलाई सज्जन सुनुन्-भनुन् र ज्ञान गरून्* ॥९॥ विष्णु-भक्तिबाट रहित ब्रह्मसम्बन्धी ज्ञान पनि शोभित हुँदैन फेरि ईश्वरलाई असमर्पित

८॥ वायुरिवात्मसाक्षी ॥ परावरे ब्रह्मणि धर्मतो व्रतैः स्नातस्य मे न्यूनमलं विचक्ष्व ॥ ७ ॥ नारद उवाच ॥ भवताऽनुदितप्रायं यशो भगवतोऽमलम् ॥ तेनैवासौ न तुष्येत मन्ये तद्दर्शनं खिलम् ॥ ८ ॥ यथा धर्मादयश्चार्था मुनिवर्यानुकीर्तिताः ॥ न तथा वासुदेवस्य महिमा ह्यनुवर्णितः ॥ ९ ॥ न यद्वचश्चित्रपदं हरेर्यशो जगत्पवित्रं प्रगृणीत कर्हिचित् ॥ तद्वायसं तीर्थमुशन्ति मानसं न यत्र हंसा निरमन्त्युशिक्क्षयाः ॥ १० ॥ तद्वाग्विसर्गो जनताऽघविप्लवो यस्मिन्प्रतिश्लोकमबद्धवत्यपि ॥ नामान्यनन्तस्य यशोऽङ्कितानि यच्छृण्वन्ति गायन्ति गृणन्ति साधवः ॥११॥ नैष्कर्म्यमप्यच्युतभाववर्जितं न शोभते ज्ञानमलं निरञ्जनम् ॥ कुतः पुनः शश्वदभद्रमीश्वरे न चार्पितं कर्म यदप्यकारणम् ॥१२॥ अथो महाभाग भवानमोघदृक्शुचिश्रवाः सत्यरतो धृतव्रतः ॥ उरुक्रमस्याखिलबन्धमुक्तये समाधिनाऽनुस्मर तद्विचेष्टितम् ॥१३॥ ततोऽन्यथा किंचन यद्विवक्षया पृथग्दृशस्तत्कृतरूपनामभिः ॥ न कुत्रचित्क्वापि च दुःस्थिता मतिर्लभेत वाताहतनौरिवास्पदम् ॥ १४ ॥ जुगुप्सितं धर्मकृतेऽनुशासतः स्वभावरक्तस्य महान्व्यतिक्रमः ॥ यद्वाक्यतो धर्म इतीतरः स्थितो न मन्यते तस्य निवारणं जनः ॥ १५ ॥ विचक्षणोऽस्यार्हति वेदितुं विभोरनन्तपारस्य निवृत्तितः सुखम् ॥ प्रवर्तमानस्य

सकाम कर्मको के भन्नु ॥१०॥ अतः हे महाभाग ! यथार्थ बुद्धि, पवित्र यश, सत्यपरायण र विविध व्रतहरू धारण गर्ने हजुर समस्त बन्धनहरूबाट मुक्तिको लागि समाधिद्वारा विष्णुको चरित्र स्मरण गरेर भन्नुहवस् ॥१३॥ यो बाहेक प्राणी जे जति भन्ने इच्छा गर्दछ त्यो देखि कल्पित नाम-रूपद्वारा भेदयुक्त दृष्टि भएका मनुष्यको बुद्धि वायुले प्रताडित डुङ्गा झैं कहीं पनि अडिन सक्तैन ॥१ ॥ स्वभावैले प्रवृत्ति मार्गमा निरत पुरुषहरू धर्मको निम्ति निन्दित प्रवृत्ति मार्गको शिक्षा दिनु ठूलो व्यतिक्रमको काम हो । जुन वाक्यले साधारण अल्प बुद्धि मनुष्य निवृत्तिमार्गको उपदेश ग्रहण गरुन्, त्यही मुख्य धर्म हो । प्रवृत्तिमार्ग मुख्य हो, यो म मान्दिन ॥१५॥ बाठा पुरुषहरूको कर्तव्य हो–ती सबै काम छाडेर अनन्त प्रभाव भएका ॥८॥

---

* उदाहरण—यौटा नपढेका महात्मा थिए । कसैद्वारा तिनले विष्णु स्तुतिका केही श्लोक पाए र प्रेमपूर्वक गान गर्दै आफ्ना भगवान्लाई रिझाउने गर्दथे । तिनको आश्रममा एक दिन विद्वान सन्त आए । तिनले उनको अशुद्ध श्लोक सुनेर रोके । नपढेका सन्तले केही ध्यान दिएनन् तर भगवान्लाई त्यो कुरा मनपरेन र स्वप्नमा विद्वान् सन्तलाई झपार्दै भन्नुभयो—अब कहिल्यै यस्तो नगर्नु । म भावको भोको छु—शुद्ध श्लोकको होइन ! * भाव-कुभाव अनख आलस हूँ, नाम जपत मंगल दिसि दस हूँ ।'—तुलसीदास ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णु भगवान्‌को आनन्दमय स्वरूपलाई जान्नें । अतएव हजुर सगुण विष्णु भगवान्‌को चरित्र भन्नुहवस् ॥१६॥ आफ्नो धर्म छाडेर भक्तिपूर्वक विष्णुको चरणकमलको भजन गर्दै अपक्व-बुद्धि प्राणि भक्तिबाट कुनै प्रकार छुट्टिए पनि, जुन जातिमा जन्मे पनि, त्यसको अवश्य कल्याण हुन्छ । भक्ति गर्ने मनुष्यलाई आफ्नै धर्मबाट पनि केही फल प्राप्त हुन्न ॥ १७ ॥ विद्वान पुरुषले त्यस परमानन्दको निम्ति प्रयत्न गर्नुपर्दछ—जुन भ्रमवश यता-उता डुलिरहने प्राणिहरूलाई प्राप्त हुँदैन किनकि विषय-सुख त अति वेगवान् कालद्वारा सुख-दुःख जस्तै सर्वत्र यत्न नगरे पनि प्राप्त भइरहन्छ ॥१८॥ विष्णुसेवी प्राणी प्रवृत्ति मार्गमा स्थित पुरुष झैं कहिल्यै जन्म-मरणादि बन्धनमा प्राप्त हुँदैन । विष्णुका चरणको प्राप्ति हुने उपाय गर्दै त्यो फेरि उसलाई छोड्न चाहन्न, किनकि त्यो विष्णु-चरणको प्राप्तिकै अनुपम रसमा रमाइरहन्छ ॥ १९ ॥ यो समस्त संसार विष्णुमै छ, तथापि विष्णु संसारबाट पृथक् छन् । उनै द्वारा

गुणैरनात्मनस्ततो भवान्दर्शय चेष्टितं विभोः ॥१६॥ त्यक्त्वा स्वधर्मं चरणांबुजं हरेर्भजन्नपक्वोऽथ पतेत्ततो यदि ॥ यत्र क्व वा भद्रमभूदमुष्य किं को वाऽर्थ आप्तोऽभजतां स्वधर्मतः ॥१७॥ तस्यैव हेतोः प्रयतेत कोविदो न लभ्यते यद्भ्रमतामुपर्यधः ॥ तल्लभ्यते दुःखवदन्यतः सुखं कालेन सर्वत्र गभीररंहसा ॥१८॥ न वै जनो जातुकथंचनाव्रजेन्मुकुन्दसेव्यन्यवदङ्ग संसृतिम् ॥ स्मरन्मुकुन्दाङ्घ्र्युपगूहनं पुनर्विहातुमिच्छेन्नरसग्रहो यतः ॥ १९ ॥ इदं हि विश्वं भगवानिवेतरो यतो जगत्स्थाननिरोधसंभवाः ॥ तद्धि स्वयं वेद भवाँस्तथापि वै प्रादेशमात्रं भवतः प्रदर्शितम् ॥२०॥ त्वमात्मनाऽऽत्मानमवेह्यमोघदृक्परस्य पुंसः परमात्मनः कलाम् ॥ अजं प्रजीतं जगतः शिवाय तन्महानुभावाभ्युदयोऽधिगण्यताम् ॥२१॥ अहं हि पुंसस्तपसः श्रुतस्य वा स्विष्टस्य सूक्तस्य च बुद्धिदत्तयोः ॥ अविच्युतोऽर्थः कविभिर्निरूपितो यदुत्तमश्लोकगुणानुवर्णनम् ॥ २२ ॥ अहं पुरातीतभवेऽभवं दास्यास्तु कस्याश्चन वेदवादिनाम् ॥ निरूपितो बालक एव योगिनां शुश्रूषणे प्रावृषि निर्विविक्षताम् ॥२३॥ ते मय्यपेताखिलचापलेऽर्भके दान्तेऽधृतक्रीडनकेऽनुवर्तिनि ॥ चक्रुः कृपां यद्यपि तुल्यदर्शनाः शुश्रूषमाणे मुनयोऽल्पभाषिणि ॥२४॥ उच्छिष्टलेपाननुमोदितो द्विजैः सकृत्स्म भुञ्जे तदपास्तकिल्बिषः ॥ एवं प्रवृत्तस्य विशुद्धचेतसस्तद्धर्म एवात्मरुचिः प्रजायते ॥ २५ ॥ तत्रान्वहं कृष्णकथाः प्रगायतामनुग्रहेणाशृणवं मनोहराः ॥ ताः श्रद्धया मेऽनुपदं विश्रृण्वतः प्रियश्रवस्याङ्ग ममाभवद्रुचिः ॥२६॥ तस्मिंस्तदा लब्धरुचेर्महामुने प्रियश्रवस्यस्खलिता मतिर्मम ॥ यथा ममैतत्सदसत्स्व-

यस संसारको पालन, संहार र उत्पत्ति हुन्छ, यो कुरा तपाईं पनि जान्नुहुन्छ । अतः मैले तपाईंलाई संकेत मात्र गरिदिएको हुँ ॥२०॥ हे व्यासजी ! तपाईं आफूलाई संसारको हितका लागि स्वयं उत्पन्न र जन्मरहित परमात्माको अंश जान्नोस् र विष्णुको चरित्र वर्णन गर्नोस् ॥२१॥ विद्वानहरूले मनुष्यको तपस्या, शास्त्र, उत्तम वचन र दानको यही सार्थकता कहिएको छ जसमा विष्णुको चरित्र वर्णन होस् ॥२२॥ म पूर्वजन्ममा केही वेदवादी मुनिहरूकी दासीको छोरो थिएँ र वर्षातमा एकै स्थानमा निवास गर्न योगीहरूको सेवा गर्नका लागि सानैमा म नियुक्त भएको थिएँ । त्यस बखत पनि म इन्द्रियहरू वशमा पारी खेल-कूद त्यागी निश्चलभावले ती महात्माहरूको आज्ञामा रहन्थें र थोरै बोल्दथें । त्यसले ममाथि ती समदर्शी महापुरुषहरूले ठूलो दया गरे ॥ २३ ॥ २४ ॥ मैले तिनको आज्ञाले एकपल्ट तिनको जूठो खाएको थिएँ, त्यसले मेरो पाप नष्ट भएर चित्त शुद्ध भयो र ईश्वर भजनमा मेरो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुचि बलियो भयो ।।२५।। ती महापुरुष दिनहुँ मनोहर विष्णुगुण गाउँथे । तिनको दयाले मैले पनि त्यो सुनें । त्यो श्रद्धापूर्वक सुन्दा सुन्दा विष्णु भगवानमा मेरो प्रीति बढ्दै गयो ।।२६।। त्यसै गरी विष्णुमा जब मेरो प्रेम भयो, तब मेरो बुद्धि उनमा दृढ भयो र तत्काल म स्थूल-सूक्ष्म शरीर र आफ्नो अज्ञानले परमात्मस्वरूपलाई आफूमा कल्पित मान्न लागें ।।२७।। यसरी शरद् र वर्षाऋतु भरि ती महात्मा मुनिहरूले विष्णुको निर्मल यश-गान गरे । त्यो सुन्दा मेरो मनमा रजोगुण नष्ट पार्ने भक्ति उत्पन्न भयो ।।२८।। अनि पापरहित, विनीत प्रेमी, श्रद्धावान् र जितेन्द्रिय म अनुचर बालकलाई त्यो गुप्त ज्ञान * जुन साक्षात् श्रीकृष्णले भनेका थिए ती दयालु मुनिहरूले जाने वेलामा मसित भने ।।२९-३०।। त्यसैले मैले ती भगवान् वासुदेवको त्यो महिमा जानें, जुन जानेपछि मनुष्य उनको समीप पुग्दछ ।।३१।। हे ब्रह्मन् ! तीनै तापहरूको औषधिस्वरूप त्यो कर्म कहिएको छ, जुन सबैका स्वामी परब्रह्मलाई

मायया पश्ये मयि ब्रह्मणि कल्पितं परे ।।२७।। इत्थं शरत्प्रावृषिकावृतू हरेर्विशृण्वतो मेऽनुसवं यशोऽमलम् ।। संकीर्त्यमानं मुनिभिर्महात्मभिर्भक्तिः प्रवृत्ताऽऽत्मरजस्तमोपहा ।। २८ ।। तस्यैवं मेऽनुरक्तस्य प्रश्रितस्य हतैनसः श्रद्दधानस्य बालस्य दान्तस्यानुचरस्य च ।। २९ ।। ज्ञानं गुह्यतमं यत्तत्साक्षाद्भगवतोदितम् ।। अन्ववोचन्गमिष्यन्तः कृपया दीनवत्सलाः ।। ३० ।। तेनैवाहं भगवतो वासुदेवस्य वेधसः ।। मायानुभावमविदं येन गच्छन्ति तत्पदम् ।।३१।। एतत्संसूचितं ब्रह्मन् तापत्रयचिकित्सितम् ।। यदीश्वरे भगवति कर्म ब्रह्मणि भावितम् ।। ३२ ।। आमयो यश्च भूतानां जायते येन सुव्रत ।। तदेव ह्यामयं द्रव्यं न पुनाति चिकित्सितम् ।।३३।। एवं नृणां क्रियायोगाः सर्वे संसृतिहेतवः ।। त एवात्मविनाशाय कल्पन्ते कल्पिताः परे ।।३४।। यदत्र क्रियते कर्म भगवत्परितोषणम् ।। ज्ञानं यत्तदधीनं हि भक्तियोगसमन्वितम् ।। ३५ ।। कुर्वाणा यत्र कर्माणि भगवच्छिक्षयाऽसकृत् ।। गृणन्ति गुणनामानि कृष्णस्यानुस्मरन्ति च ।। ३६ ।। ॐ नमो भगवते तुभ्यं वासुदेवाय धीमहि ।। प्रद्युम्नायानिरुद्धाय नमः संकर्षणाय च ।। ३७ ।। इति मूर्त्यभिधानेन मन्त्रमूर्तिममूर्तिकम् ।। यजते यज्ञपुरुषं स सम्यग्दर्शनः पुमान् ।।३८।। इमं स्वनिगमं ब्रह्मन्न वेत्य मदनु-

अर्पण गर्न सकियोस् ।।३२।। हे सुव्रत ! जुन पदार्थबाट रोग उत्पन्न हुन्छ, त्यही पदार्थले रोग निको हुन सक्तैन, तर अन्य पदार्थहरूमा अनुपान रूपमा मिलेर त्यही पदार्थ रोग निवारण गर्न सक्तछ ।।३३।। यसै गरी मनुष्यहरूका जो कर्म जन्म-मरणको कारण बन्दछ, ती नै परब्रह्ममा अर्पण गर्नाले जन्म मरणबाट निवृत्ति गर्न समर्थ हुन सक्तछन् ।।३४।। यदि विष्णुलाई प्रसन्न पार्न कुनै कर्म गरिन्छ भने भक्ति समेत ज्ञान स्वयं उत्पन्न हुन्छ ।।३५।। भगवान्को शिक्षाले नै मनुष्यहरू कर्म गर्दछन् ।। ती फेरि फेरि श्रीकृष्णका गुण र नामहरूको स्मरण गर्दै रहन्छन्—।।३६।। हे भगवन् वासुदेव ! हजुरलाई प्रणाम छ । प्रद्युम्न, अनिरुद्ध र संकर्षणलाई पनि नमस्कार ।। ३७ ।। जो मनुष्य यी मूर्तिहरूको नामले मन्त्रमूर्ति र रूपरहित यज्ञ-पुरुषको पूजा गर्दछ, त्यो उत्तम ज्ञानी बन्दछ ।। हे भगवन् ! हे ब्रह्मन् ! हजुरलाई आफ्नो विषयका सबै प्रकारले ज्ञाता तथा ज्ञानोपदेश दाता

* उदाहरण—यत्करोषि यदश्नासि यज्जुहोसि ददासि यत् । यत्तपस्यसि कौन्तेय तत् कुरुष्व मदर्पणम् ।। अर्थ–तिमी जे गर्दछौ, जे खान्छौ, जो हवन गर्दछौ, जे जति दान छिन्छौ, ती सबै मलाई अर्पण गर श्रीमद्भगवद् गीतामा श्रीकृष्णको कौन्तेयलाई उपदेश हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानेर साक्षात् भगवान्‌ले ईश्वर सम्बन्धी ज्ञान र आफूप्रति प्रेम मलाई दिनुभएको छ ॥ ३९ ॥ हे बहुश्रुत ! तिमि पनि विष्णु भगवान्‌को त्यो चरित्र भन, जसमा विद्वान्‌हरूको जिज्ञासा समाप्त हुन्छन् र दुःखहरूले मान्है क्लेशित चित्त हुने मनुष्यहरूका दुःखको शान्ति हुन्छ ॥४०॥ इति श्रीमद्भागवतेमहापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां पञ्चमोऽध्यायः ॥५॥ यस अध्यायमा देवर्षि नारद आफ्नो पूर्वजन्मको वृत्तान्त भन्दछन् । सूतजीले भने—हे ब्रह्मन् ! नारदजीको जन्म र कर्म सुनेर सत्यवतीका छोरा भगवान् वेदव्यासजीले नारदजीसित फेरि सोधे ॥१॥ व्यासजी भन्दछन्—तिमीलाई ज्ञानको उपदेश दिने योगी गएपछि, त्यो बाल्यावस्थामा तिमीले के गर्‍यौ ? ॥२॥ हे स्वायम्भुव ! तिमीले कुन जीविका द्वारा आफ्नो युवावस्था बितायौ र वेला पुगेपछि कसरी शरीर छाड्यौ ? ॥३॥ हे सुरसत्तम ! काल सबैलाई बिर्साउन सक्तछ भने त्यसले तिम्रो पहिले कल्पको स्मरण किन

ष्ठितिम् ॥ अदान्मे ज्ञानमैश्वर्यं स्वस्मिन्भावं च केशवः ॥ ३९ ॥ त्वमप्यदभ्रश्रुत विश्रुतं विभोः समाप्यते येन विदां बुभुत्सितम् ॥ आख्याहि दुःखैर्मुहुरर्दितात्मनां संक्लेशनिर्वाणमुशन्ति यान् यथा ॥४०॥ इति श्रीमद्भागवते महापुराणे व्यासनारदसंवादे पञ्चमोऽध्यायः ॥ ५ ॥ सूत उवाच ॥ एवं निशम्य भगवान्देवर्षेर्जन्म कर्म च ॥ भूयः पप्रच्छ तं ब्रह्मन् व्यासः सत्यवतीसुतः ॥ १ ॥ व्यास उवाच ॥ भिक्षुभिर्विप्रवसिते विज्ञानादेष्टृभिस्तव ॥ वर्तमानो वयस्याद्ये ततः किमकरोद्भवान् ॥२॥ स्वायंभुव कया वृत्त्या वर्तितं ते परं वयः ॥ कथं चेदमुदस्राक्षीः काले प्राप्ते कलेवरम् ॥३॥ प्राक्कल्पविषयामेतां स्मृतिं ते सुरसत्तम ॥ न ह्येष व्यवधात्काल एष सर्वनिराकृतिः ॥ ४ ॥ नारद उवाच ॥ भिक्षुभिर्विप्रवसिते विज्ञानादेष्टृभिर्मम ॥ वर्तमानो वयस्याद्ये तत एतदकारषम् ॥५॥ एकात्मजा मे जननी योषिन्मूढा च किंकरी ॥ मय्यात्मजेऽनन्यगतौ चक्रे स्नेहानुबन्धनम् ॥ ६ ॥ साऽस्वतन्त्रा न कल्पाऽऽसीद्योगक्षेमं ममेच्छती ॥ ईशस्य हि वशे लोको योषा दारुमयी यथा ॥७॥ अहं च तद्ब्रह्मकुले ऊषिवाँस्तदवेक्षया ॥ दिग्देशकालाव्युत्पन्नो बालकः पञ्चहायनः ॥ ८ ॥ एकदा निर्गतां गेहाद्दुहन्तीं निशि गां पथि ॥ सर्पोऽदशत्पदा स्पृष्टः कृपणां कालचोदितः ॥ ९ ॥ तदा तदहमीशस्य भक्तानां शमभीप्सतः ॥ अनुग्रहं मन्यमानः प्रातिष्ठं दिशमुत्तराम् ॥१०॥ स्फीताञ्जनपदाँस्तत्र पुरग्रामव्रजाकरान् ॥ खेटखर्वटवाटीश्च वनान्युपवनानि च ॥११॥

बिर्साएन ? ॥४॥ नारदजीले भने–मलाई ज्ञानोपदेश दिने भिक्षुकहरू गएपछि त्यो बाल्यकालमा मैले के गरें, सबै सुन्नुहवस् ॥५॥ आफ्नी आमाको म नै यौटा छोरो थिएँ । त्यसै कारण स्त्री तथा मूर्ख दासीरूपा मेरी आमाले अनन्यगति मेरो ठूलो स्नेह गरिन् ॥६॥ ती मेरो कल्याण कामना गर्दथिन्, तर स्वयं परवश थिइन्, त्यसैले केही गर्न समर्थ थिइनन्, किनकि कठपुतली जस्तै समस्त संसार ईश्वरको वशमा छ ॥७॥ दिशा, देश र काललाई नजान्ने पाँच वर्षको बालक म आफ्नी आमाको संरक्षणमा त्यो ब्राह्मणवंशमा जीवनको दिन बिताउँदै रहें ॥८॥ एक दिन राति गाई दुहुन भनी निस्केकी मेरी आमालाई खुट्टाले थिचिएर कालप्रेरित सर्पले टोकिदियो र ती मरिन् ॥९॥ आमाको मृत्युलाई ईश्वरको दया मान्दै म उत्तर दिशातिर हिंडे ॥१०॥ त्यहाँ ठूला-ठूला समृद्ध देश, राजधानी, ग्राम, गोकुल, रत्नादिहरू उत्पन्न हुने राम्रा नगर, किसानहरूको गाउँ, पर्वतहरूका छेउ-छाउका ग्राम, बगैंचा, जंगल

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र उद्यानहरू नाघेर हात्तीहरूले जहाँका वृक्षादिका हाँगाहरू भाँचिदिएका थिए, त्यस्तो सुन-चाँदी आदि धातुहरूका खानबाट :विचित्र पर्वत, उत्तम जलभएका तड़ाग र देव-सेवित स-साना जलाशयहरू, विचित्र शब्द बोल्ने पक्षीहरूको ध्वनि तथा गुञ्जन गर्ने भ्रमराको शोभाले युक्त नकुल, बाँस, कुश, *कीचक कहिने बाँसहरूको दुर्गम तथा साँप, उल्लू, स्यालिनी-हरूका स्थान हुनाले डरलाग्दा ती जंगल मैले एक्लै पुगेर देखें ॥११-१४॥ मेरा इन्द्रियहरू र मेरो शरीर थाकेको थियो। भोक-प्यासले दुःख दिइरहेथ्यो, अतः मैले नदीको कुण्डमा स्नान गरेर पानी पिएँ र थकाई मेटें ॥१५॥ अनि त्यो मानवहीन जंगलमा यौटा पीपल-वृक्ष मनी बसेर आफ्नो हृदयमा स्थित परमात्माको जस्तो स्वरूप सुनेथें, आफ्नो बुद्धिले उस्तै

चित्रधातुविचित्राद्रीनिभभग्नभुजद्रुमान् ॥ जलाशयाञ्छिवजलान्नलिनीः सुरसेविताः ॥ १२ ॥ चित्रस्वनैः पत्ररथैर्विभ्रमद्भ्रमरश्रियः ॥ नलवेणुशर-स्तम्बकुशकीचकगह्वरम् ॥ १३ ॥ एक एवातियातोऽहमद्राक्षं विपिनं महत् ॥ घोरं प्रतिभयाकारं व्यालोलूकशिवाऽजिरम् ॥ १४ ॥ परिश्रान्तेन्द्रियात्माऽहं तृट्परीतो बुभुक्षितः ॥ स्नात्वा पीत्वा ह्रदे नद्या उपस्पृष्टो गतश्रमः ॥ १५ ॥ तस्मिन्निर्मनुजेऽरण्ये पिप्पलोपस्थ आस्थितः ॥ आत्मनाऽऽत्मानमात्मस्थं यथाश्रुतमचिन्तयम् ॥ १६ ॥ ध्यायतश्चरणाम्भोजं भावनिर्जितचेतसा ॥ औत्कण्ठ्याश्रुकलाक्षस्य हृद्यासीन्मे शनैर्हरिः ॥ १७ ॥ प्रेमातिभरनिर्भिन्नपुलकाङ्गोऽतिनिर्वृतः ॥ आनन्दसंप्लवे लीनो नापश्यमुभयं मुने ॥ १८ ॥ रूपं भगवतो यत्तन्मनःकान्तं शुचापहम् ॥ अपश्यं सहसोत्तस्थे वैक्लव्याद्दुर्मना इव ॥ १९ ॥ दिदृक्षुस्तदहं भूयः प्रणिधाय मनो हृदि ॥ वीक्षमाणोऽपि नापश्यमवितृप्तं इवातुरः ॥ २० ॥ एवं यतन्तं

ध्यान गर्न थालें ॥१६॥ भक्तिको भावावेशमा चित्तबाट भगवान्‌का चरणकमलको ध्यान गर्दा गर्दै ϕउत्कण्टाको आँसुले भरिएका नेत्र भएको मेरो हृदयमा बिस्तार-बिस्तार भगवान् आएर राजभयो ॥१७॥ अनि हे मुने ! बर्ता प्रेमले मेरो देहमा रोमाञ्च भयो र म परमानन्दमा प्राप्त भएँ। त्यस आनन्दको प्रवाहमा लीनहुँदा आफ्नो र बिरानो भन्ने ज्ञान पनि हराएर गयो ॥१८॥ विष्णुभगवान्‌को जुन रूप शोक हरण गर्ने, मनलाई प्रिय थियो, त्यसलाई अकस्मात् हराएको देखेर म विकल र अप्रसन्न जस्तै भएँ, मेरो चित्तवृत्तिबाट ध्यान हराएर गयो॥१९॥ त्यसलाई फेरि देख्ने इच्छाले आफ्नो मन एकाग्र पारेर देखेर पनि देख्न सकिन र अतृप्त एवं आतुर झैं हुनगएँ ॥ २० ॥ यसरी त्यो निर्जन वनमा अथक प्रयत्न गर्दा गर्दै

---

* कीचका वेणवस्ते स्युर्ये स्वनन्त्य निलोद्धताः ।'—जुन बाँसहरूमा प्वाल हुन्छन् र वायु भरिएपछि बज्न थाल्दछन्, तिनलाई 'कीचक' भन्दछन् ।

ϕ उदाहरण-प्रभुको प्रेममा प्रेमी उत्ताउलो बन्दछ—कुनै स्त्रीको यौटा पुरुषसित प्रेम भयो। प्रियतम बाहेक त्यसलाई संसारका कुनै वस्तु पनि मनपर्दैनथे। एक दिन त्यसको प्रियतमसित वियोग भयो। अतः त्यसले खान-पान त्यागिदिई। त्यस्तो गर्नाले त्यसको कोमल देह सुक्न लाग्यो। केही दिनपछि त्यसले आफ्नो प्रियतम आउने समचार पाई। अनि त्यो प्रेममा बौलाही जस्ती भएर प्रियतमलाई भेट्न हिंडी। बाटोमा अकबर बादशाह जाजिम बछाएर नमाज पढिरहेको थियो। हर्षमा विह्वल भएकी त्यो स्त्रीले जाजिममा टेकेर गई। नमाज पढ्दा पढ्दै बादशाहले देख्यो र त्यसको रिसको ठेगान रहेन। तर नमाजको वेलामा रिस गर्नु अनुचित ठानेर केही बोलेन। त्यो स्त्री आफ्नो प्रियतमलाई भेटेर फर्केपछि बादशाहले भन्यो-'ए पापिनी ! तैंले यो नमाज पढ्ने जाजिम पनि देखिनस् !' त्यो प्रेममा गाडिइसकेकी स्त्रीले भनी—'म त यौटा साधारण पुरुषको प्रेममा अन्धो भएर जाजिम देख्न सकिन, तर तिमीले खास खुदा र ईश्वरको बन्दगी ध्यानमा पनि मलाई देख्यौ।' बादशाहले लज्जित भएर त्यस स्त्रीको प्रेमको प्रशंसा गर्‍यो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मसित-जसलाई वाणीले भन्न सकिन्न, त्यस्ता ईश्वरले मेरो शंका निवारण गर्दै मधुर र गम्भीर वचन भने–॥२१॥ तिनले भने–यस जन्ममा तिमी मलाई देख्न योग्य छैनौ। किन भने जसका काम, क्रोध आदि मल नष्ट भएका हुँदैनन्, त्यस्ता कुयोगीहरूलाई म निकै कष्टले देखिन्छु ॥२२॥ हेअनघ! एकपल्ट जुन रूप तिमीलाई देखाइएको छ, त्यो यस निम्ति कि तिम्रो ममा प्रेम थियो। मसित प्रेम गर्ने मनुष्य विस्तार-विस्तार सबै कामना छाडिदिन्छ ॥२३॥ धेरै दिनसम्म महात्माहरूको सेवा गर्नाले ममा तिम्रो दृढ बुद्धि उत्पन्न भएको छ। अतएव यो निन्दित लोक त्यागेर तिमी मेरा पार्षद हुनेछौ ॥२ ॥ ममा लागेको बुद्धि कहिल्यै पनि नष्ट हुँदैन। अर्को कल्पमा पनि मेरो दयाले तिमीलाई यस जन्मको स्मरण बनिरहने छ ॥२५॥ यति भनेर आकाशमा जसको मूर्ति थियो, ती प्रसिद्ध र अद्भुत ईश्वर चुप लागे र मैले ती ठूलाहरू भन्दा पनि ठूला भगवान्‌लाई शिर निहुराई प्रणाम गरें ॥२६॥ लाज त्यागेर अनन्त-भगवान्‌का गुप्त नामहरू जप गर्दै तथा तिनका कल्याणकारी चरित्रहरू स्मरण गर्दै मैले समस्त पृथ्वीको परिक्रमा गरें र प्रसन्न मन चित्त भई कालको प्रतीक्षा गर्दै मद तथा मत्सरबाट

विजने मामाहागोचरो गिराम् ॥ गम्भीरश्लक्ष्णया वाचा शुचः प्रशमयन्निव ॥ २१ ॥ हन्तास्मिञ्जन्मनि भवान्न मां द्रष्टुमिहार्हति ॥ अविपक्वकषायाणां दुर्दर्शोऽहं कुयोगिनाम् ॥ २२ ॥ सकृद्यद्दर्शितं रूपमेतत्कामाय तेऽनघ ॥ मत्कामः शनकैः साधुः सर्वान्मुञ्चति हृच्छयान् ॥ २३ ॥ यत्सेवया दीर्घया ते जाता मयि दृढा मतिः ॥ हित्वाऽवद्यमिमं लोकं गन्ता मज्जनतामसि ॥ २४ ॥ मतिर्मयि निबद्धेयं न विपद्येत कर्हिचित् ॥ प्रजासर्गनिरोधेऽपि स्मृतिश्च मदनुग्रहात् ॥ २५ ॥ एतावदुक्त्वोपरराम तन्महद्भूतं नभोलिङ्गमलिङ्गमीश्वरम् ॥ अहं च तस्मै महतां महीयसे शीर्ष्णाऽवनामं विदधेऽनुकम्पितः ॥ २६ ॥ नामान्यनन्तस्य हतत्रपः पठन्गुह्यानि भद्राणि कृतानि च स्मरन् ॥ गां पर्यटंस्तुष्टमना गतस्पृहः कालं प्रतीक्षन्विमदो विमत्सरः ॥ २७ ॥ एवं कृष्णमतेर्ब्रह्मन्नसक्तस्यामलात्मनः ॥ कालः प्रादुरभूत्काले तडित्सौदामनी यथा ॥२८॥ प्रयुज्यमाने मयि तां शुद्धां भागवतीं तनुम् ॥ आरब्धकर्मनिर्वाणो न्यपतत्पाञ्चभौतिकः ॥ २९ ॥ कल्पान्त इदमादाय शयानेऽम्भस्युदन्वतः ॥ शिशयिषोरनुप्राणं विविशेऽन्तरहं विभोः ॥३०॥ सहस्रयुगपर्यन्ते उत्थायेदं सिसृक्षतः ॥ मरीचिमिश्रा ऋषयः प्राणेभ्योऽहं च जज्ञिरे ॥ ३१ ॥ अन्तर्बहिश्च लोकांस्त्रीन्पर्येम्यस्कन्दितव्रतः ॥ अनुग्रहान्महाविष्णोरविघातगतिः क्वचित् ॥ ३२ ॥ देवदत्तामिमां वीणां स्वरब्रह्मविभूषिताम् ॥ मूर्च्छयित्वा हरिकथां गायमानश्चराम्यहम् ॥ ३३ ॥

रहित भएँ ॥२७॥ हे ब्रह्मन्! यस प्रकार श्रीकृष्णमा निमग्न बुद्धि, उनैमा आसक्त तथा निर्मल चित्त भएको मेरो अघिल्तिर सहसा बिजुलीको तेज झैं मृत्यु आई उपस्थित भयो ॥२८॥ त्यसपछि विष्णु भगवान्‌ले जब मलाई शुद्ध सत्वमय पार्षद शरीर दिए अनि प्रारब्ध कर्मको समाप्ति सूचक मेरो पंचभूतात्मक अर्थात् पृथ्वी, जल, तेज, वायु र आकाश निर्मित शरीर नष्ट भयो ॥२९॥ कल्पान्तमा तीनै लोकका संहारक र एकार्णव जलमा शयन गर्ने इच्छा भएका विष्णुको श्वाससित म उनको भित्र पसें ॥३०॥ एकहजार युगपछि संसार रचनाका इच्छुक ब्रह्माका प्राणद्वारा मरीचि आदि ऋषि र म उत्पन्न भएँ ॥३१॥ ती महाविष्णुको दयाले सर्वत्र गमन गर्ने म अखण्डित ब्रह्मचारी छु र तीनै लोकको भित्र तथा बाहिर जहाँ इच्छा हुन्छ, त्यहीं डुलिरहन्छु ॥३२॥ षड्ज आदि स्वर-स्वरूप र ब्रह्मस्वरद्वारा सुशोभित उनै ईश्वरले दिएको वीणा बजाउँदै तथा विष्णुका लीलाहरूको गान गर्दै म डुल्दै रहन्छु ॥३३॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती चरित्रहरूको गान गर्दा मेरो चित्तमा उत्तम यश र पवित्र चरण भएका भगवान् शीघ्र नै प्रकट भएर आउँथे ॥३४॥ विषय-भोगको इच्छाले चंचल चित्त भएका पुरुषहरूको निम्ति वारम्बार विष्णु-चरित्रको वर्णन संसाररूपी समुद्रमा जहाजको समान उद्धारक मानिएको छ ॥३५॥जसरी काम र लोभले भ्रष्ट भएकोमन विष्णुको आराधनाले शान्त भएर जान्छ, त्यस्तै यम-नियम आदि योग साधनाहरूले शान्त हुन सक्तैन ॥३६॥ हे अनघ ! मेरो जन्म-कर्मको रहस्य र हजुरको चित्तप्रसन्न पार्ने उपाय जुन हजुरले मसित सोध्नुभएको थियो,त्यो सबै मैले विस्तार गरें ॥३७॥ सूतजी भन्छन्—यस प्रकार वसुकी छोरी सत्यवतीका पुत्र व्यासजीसित सम्भाषण गरे र उनीसित आज्ञा मागी आफ्नो वीणा बजाउँदै नारद मुनि त्यहाँबाट हिंडे ॥३८॥ ती देवर्षि नारद धन्य हुन् जो वीणामा विष्णुको यश गान गर्दै र स्वयं सदैव प्रसन्न रहेर दुःखी संसारलाई आनन्दित पार्दै रहन्छन् ॥३९॥ इति श्रीमद्भागते महापुराणे प्रथमस्कन्धे पं०

प्रगायतः स्ववीर्याणि तीर्थपादः प्रियश्रवाः ॥ आहूत इव मे शीघ्रं दर्शनं याति चेतसि ॥ ३४ ॥ एतद्ध्यातुरचित्तानां मात्रास्पर्शेच्छया मुहुः ॥ भवसिन्धुप्लवो दृष्टो हरिचर्यानुवर्णनम् ॥ ३५ ॥ यमादिभिर्योगपथैः कामलोभहतो मुहुः ॥ मुकुन्दसेवया यद्वत्तथात्माऽद्धा न शाम्यति ॥ ३६ ॥ सर्वं तदिदमाख्यातं यत्पृष्टोऽहं त्वयाऽनघ ॥ जन्मकर्मरहस्यं मे भवतश्चात्मतोषणम् ॥ ३७ ॥ सूत उवाच ॥ एवं संभाष्य भगवान्नारदो वासवी-सुतम् ॥ आमन्त्र्य वीणां रणयन् ययौ यादृच्छिको मुनिः ॥३८॥ अहो देवर्षिर्धन्योऽयं यत्कीर्तिं शार्ङ्गधन्वनः ॥ गायन्माद्यन्निदं तन्त्र्या रमयत्या-तुरं जगत् ॥३९॥ इति श्रीमद्भागवते प्रथमस्कन्धे व्यासनारदसंवादे षष्ठोऽध्यायः ॥६॥ शौनक उवाच ॥ निर्गते नारदे सूत भगवान्बादरायणः ॥ श्रुतवाँस्तदभिप्रेतमितः किमकरोद्विभुः ॥ १ ॥ सूत उवाच ॥ ब्रह्मनद्यां सरस्वत्यामाश्रमे पश्चिमे तटे ॥ शम्याप्रास इति प्रोक्त ऋषीणां सत्रवर्धनः ॥ २ ॥ तस्मिन्स्व आश्रमे व्यासो बदरीषण्डमण्डिते ॥ आसीनोऽप उपस्पृश्य प्रणिदध्यौ मनः स्वयम् ॥ ३ ॥ भक्तियोगेन मनसि सम्यक् प्रणिहि-तेऽमले ॥ अपश्यत्पुरुषं पूर्वं मायां च तदपाश्रयाम् ॥४॥ यया संमोहितो जीव आत्मानं त्रिगुणात्मकम् ॥ परोऽपि मनुतेऽनर्थं तत्कृतं चाभिपद्यते ॥५॥ अनर्थोपशमं साक्षाद्भक्तियोगमधोक्षजे ॥ लोकस्याजानतो विद्वाँश्चक्रेसात्वतसंहिताम् ॥६॥ यस्यां वै श्रूयमाणायां कृष्णे परमपूरुषे ॥ भक्तिरुत्पद्यते पुंसः

गौरीशंकर वसिष्ठकृत नेपाली भाषा-टीकायां व्यास-नारद संवादे षष्ठोऽध्यायः ॥६॥ यस अध्यायमा अश्वत्थामाद्वारा द्रौपदीका छोराहरूको मृत्युको वृत्तान्त वर्णन गरिन्छ । शौनकजी भन्छन्—हे सूत ! नारदजी गएपछि उनको आशय सुनेर भगवान् वेदव्यासले के गरे ? ॥१॥ सूतजी भन्छन्—ब्रह्मनदी सरस्वतीको पश्चिमतटमा शम्याप्रास नामले प्रसिद्ध ऋषिहरूको ब्रह्म-ज्ञान बढाउने यौटा आश्रम छ ॥२॥ बदरी अर्थात् बयरका वृक्ष-समूहले सुशोभित त्यस आश्रममा व्यासजी बसेर जलले आचमन गरी उनले भगवान्को ध्यान गरे ॥३॥ भक्तियोगद्वारा निर्मल चित्त निश्चल भएपछि उनले प्रधान पुरुष ईश्वर र उनकी आश्रिता मायालाई देखे ॥४॥ जुन मायाद्वारा मोहित र तीनै गुणहरूबाट भिन्न रहने जीव पनि आफुलाई त्रिगुणात्मक मान्दथे र त्यसबाट प्राप्त अनर्थ कर्ताभाव आदिमा प्राप्त हुन्छ ॥५॥ विष्णुको भक्तियोगबाट अनभिज्ञ संसारीहरूका निम्ति वेदव्यासले त्यस अनर्थलाई शान्त पार्न श्रीमद्भागवत संहिता

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाए ॥६॥ जुन प्रेमपूर्वक सुन्नाले मनुष्यको हृदयमा परमपुरुष श्रीकृष्णको शोक, मोह र जरा नाश गर्ने भक्ति उत्पन्न हुन्छिन् । ती व्यास मुनिले श्रीमद्भागवत संहिता बनाई क्रमबद्ध पारेर निवृत्तिमार्गपरायण आफ्ना छोरा शुकदेवलाई पढाए ॥७-८॥ शौनकजी भन्दछन्——कहीं कसैसित पनि स्नेह नगर्ने निवृत्तिमार्गमा निरत तथा आत्माराम शुकमुनिले केको निम्ति यति ठूलो संहिताको अध्ययन गरे ? ॥९॥ सूतजी भन्दछन्—क्रोध तथा अहङ्कार रहित आत्मज्ञानी मुनिजन विष्णुको फलाशारहित भक्ति गर्दछन्, किनकि विष्णुमा यस्तै गुणहरू छन् ॥१०॥ अतः विष्णुका चरित्रले प्रसन्न बुद्धि र नित्य विष्णुभक्तप्रिय शुकदेवले यो ठूलो संहिता पढे ॥११॥ अब म राजर्षि परीक्षितको जन्म, कर्म, मुक्ति र पाण्डु-पुत्रहरूको महाप्रस्थानको वृत्तान्त भन्दछु, किनकि यसै प्रकार विस्तार विस्तार श्रीकृष्णका कथाको क्रम आउने छ ॥१२॥ जब महाभारतको युद्धमा कौरव र पाण्डववंशज वीरगति (मृत्यु) मा प्राप्त भए र भीमसेनले आफ्नो गदाद्वारा धृतराष्ट्रको छोरो दुर्योधनको तिघ्रा भाँचिदिए ॥१३॥ तब अश्वत्थामाले द्रौपदीका सुतेका छोराहरूको सिर यो विचार गरेर काटे कि यसले

शोकमोहज्वरापहा ॥ ७ ॥ स संहितां भागवतीं कृत्वाऽनुक्रम्य चात्मजम् ॥ शुकमध्यापयामास निवृत्तिनिरतं मुनिः ॥ ८ ॥ शौनक उवाच ॥ स वै निवृत्तिनिरतः सर्वत्रोपेक्षको मुनिः ॥ कस्य वा बृहतीमेतामात्मारामः समभ्यसत् ॥ ९ ॥ सूत उवाच ॥ आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरु- क्रमे ॥ कुर्वन्त्यहैतुकीं भक्तिमित्थंभूतगुणो हरिः ॥ १० ॥ हरेर्गुणाक्षिप्तमतिर्भगवान्बादरायणिः ॥ अध्यगान्महदाख्यानं नित्यं विष्णुजनप्रियः ॥ ११ ॥ परीक्षितोऽथ राजर्षेर्जन्मकर्मविलायनम् ॥ संस्थां च पाण्डुपुत्राणां वक्ष्ये कृष्णकथोदयम् ॥ १२ ॥ यदा मृधे कौरवसृञ्जयानां वीरेष्वथो वीरगतिं गतेषु ॥ वृकोदराविद्धगदाभिमर्शभग्नोरुदण्डो धृतराष्ट्रपुत्रे ॥ १३ ॥ भर्तुः प्रियं द्रौणिरिति स्म पश्यन्कृष्णासुतानां स्वपतां शिरांसि ॥ उपाहरद्विप्रियमेव तस्य तज्जुगुप्सितं कर्म विगर्हयन्ति ॥ १४ ॥ माता शिशूनां निधनं सुतानां निशम्य घोरं परितप्यमाना ॥ तदाऽरुदद्बाष्पकलाकु- लाक्षी तां सान्त्वयन्नाह किरीटमाली ॥ १५ ॥ तदा शुचस्ते प्रमृजामि भद्रे यद्ब्रह्मबन्धोः शिर आततायिनः ॥ गाण्डीवमुक्तैर्विशिखैरुपाहरे त्वाक्रम्य यत्स्नास्यसि दग्धपुत्रा ॥ १६ ॥ इति प्रियां वल्गुविचित्रजल्पैः स सान्त्वयित्वाऽच्युतमित्रसूतः ॥ अन्वाद्रवद्दंशित उग्रधन्वा कपिध्वजो गुरुपुत्रं रथेन ॥ १७ ॥ तमापतन्तं स विलक्ष्य दूरात्कुमारहोद्विग्नमना रथेन ॥ पराद्रवत्प्राणपरीप्सुरुर्व्यां यावद्गमं रुद्रभयाद्यथाऽर्कः ॥ १८ ॥ यदाऽशरण-

दुर्योधन प्रसन्न हुनेछन्, तर दुर्योधनलाई यो मनपरेन किनकि यस्ता निन्दित कामको विद्वानहरू निन्दा नै गर्दछन् ॥१४॥ आफ्ना छोराहरूको मृत्यु सुनेर तिनकी आमा द्रौपदी सान्है विकल भइन् र आँसुका धारा बगाई रुन लागिन् तब तिनलाई बुझाउँदै अर्जुनले भने—॥१५॥ हे भद्रे ! त्यो आततायी तथा अधम ब्राह्मण अश्वत्थामाको अस्त्र म आफ्नो गाण्डीव धनुष द्वारा प्रहार गरेका बाणहरूले काटेर तिम्रो सामुन्ने ल्याउने छु त्यसैमाथि बसेर तिमी स्नान गरौली । यसरी म तिम्रो शोक निवारण गर्नेछु ॥१६॥ यस्ता राम्रा र विचित्र वचनहरू द्वारा आफ्नी प्यारी द्रौपदीलाई बुझाएर—जसका श्रीकृष्ण सखा र सारथी थिए—ती उग्र धनुर्धारी धनञ्जय कवच पहिरेर रथमा चढी गुरु-पुत्र अश्वत्थामालाई लखेट्दै दगुरे ॥ १७ ॥ विजयलाई आफूतिर आउन लागेका देखेर बालघाती अश्वत्थामा कम्पित-हृदय भई प्राण-रक्षाको इच्छाले रथमा चढेर जहाँसम्म भाग्न सके त्यहाँसम्म त्यसै गरी भागे,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसरी शिवको डरले सूर्य भागेका थिए* ॥ १८ ॥ जब द्रोणाचार्यका छोरा अश्वत्थामाका घोडा थाके र तिनले कोही आफ्ना रक्षक देखेनन् तब तिनले ब्रह्मास्त्रलाई नै आफ्नो रक्षक माने ॥१९॥ तुरुन्त आचमन तथा ध्यान गरेर तिनले ब्रह्मास्त्र राखे । यद्यपि तिनलाई फर्काउने ज्ञान थिएन तापनि प्राणसंकट प्राप्त हुनाले तिनले ब्रह्मास्त्र प्रहार गरिदिए ॥२०॥ त्यसले सबै दिशाहरूमा प्रचण्ड तेज व्याप्त भयो । आफ्नो प्राण आपत्तिमा परेको देखेर अर्जुनले श्रीकृष्णसित भने—॥२१॥ अर्जुन भन्दछन्—हे भक्तजनलाई अभयदान दिने महाभाग कृष्ण ! जन्म-मरणको सन्तापमा जल्ने मनुष्यहरूको क्लेशनाशक एकमात्र तिमीनै छौ ॥२२॥ प्रकृतिदेखि पर साक्षात् ईश्वर र आदिपुरुष पनि तिमी नै हौ । आफ्नी चैतन्य शक्तिद्वारा मायालाई अलग्ग पारेर केवल परमात्मस्वरूपमा स्थित रहन्छौ ॥२३॥ उही तिमी मायाले मोहित भएका जीवलाई आफ्नो पराक्रमले धर्मादि हरूको फलस्वरूप कल्याण गर्दछौ ॥२४॥ तिम्रो अवतार

मात्मानमैक्षत श्रान्तवाजिनम् ॥ अस्त्रं ब्रह्मशिरो मेने आत्मत्राणं द्विजात्मजः ॥ १९ ॥ अथोपस्पृश्य सलिलं संदधे तत्समाहितः ॥ अजानन्नुपसंहारं प्राणकृच्छ्र उपस्थिते ॥ २० ॥ ततः प्रादुष्कृतं तेजः प्रचण्डं सर्वतो दिशम् ॥ प्राणापदमभिप्रेक्ष्य विष्णुं जिष्णुरुवाच ह ॥ २१ ॥ अर्जुन उवाच ॥ कृष्ण कृष्ण महाभाग भक्तानामभयङ्कर ॥ त्वमेको दह्यमानानामपवर्गोऽसि संसृतेः ॥ २१ ॥ त्वमाद्यः पुरुषः साक्षादीश्वरः प्रकृतेः परः ॥ मायां व्युदस्य चिच्छक्त्या कैवल्ये स्थित आत्मनि ॥ २३ ॥ स एव जीवलोकस्य मायामोहितचेतसः ॥ विधत्से स्वेन वीर्येण श्रेयो धर्मादिलक्षणम् ॥ २४ ॥ तथाऽयं चावतारस्ते भुवो भारजिहीर्षया ॥ स्वानां चानन्यभावानामनुध्यानाय चासकृत् ॥ २५ ॥ किमिदं स्वित्कुतो वेति देवदेव न वेद्म्यहम् ॥ सर्वतोमुखमायाति तेजः परमदारुणम् ॥ २६ ॥ श्रीभगवानुवाच ॥ वेत्थेदं द्रोणपुत्रस्य ब्राह्ममस्त्रं प्रदर्शितम् ॥ नैवासौ वेद संहारं प्राणबाध उपस्थिते ॥ २७ ॥ न ह्यस्यान्यतमं किंचिदस्त्रं प्रत्यवकर्शनम् ॥ जह्यस्त्रतेज उन्नद्धमस्त्रज्ञो ह्यस्त्रतेजसा ॥ २८ ॥ सूत उवाच ॥ श्रुत्वा भगवता प्रोक्तं फाल्गुनः परवीरहा ॥ स्पृष्ट्वाऽपस्तं परिक्रम्य ब्राह्मं ब्राह्माय संदधे ॥ २९ ॥ संहत्यान्योन्यमुभयोस्तेजसी शरसंवृते ॥ आवृत्य रोदसी खं च ववृधातेऽर्कवह्निवत् ॥ ३० ॥ दृष्ट्वाऽस्त्रतेजस्तु तयोस्त्रींल्लोकान्प्रदहन्महत् ॥ दह्यमानाः प्रजाः सर्वाः सांवर्तकममंसत ॥ ३१ ॥

पृथ्वीको भार हर्नको इच्छाले भएको छ र आफ्ना भक्तजन तथा कुटुम्बहरूको बारम्बार गरिने योग्य छ ॥२५॥ हे देवदेव ! सबैतिरबाट प्रकाशित यो उग्रतेज के हो र कहाँबाट आइरहेको छ ? यो म जान्दिन ॥२६॥ यति सुनेर भगवान् भन्नुहुन्छ—प्राणसंकटको वेलामा यो अश्वत्थामाले प्रहार गरेको ब्रह्मास्त्र हो । अश्वत्थामा यस अस्त्रलाई फर्काउन जान्दैन ॥२७॥ यस अस्त्रलाई शान्त पार्ने कुनै अस्त्र छैन । यस कारण यसको तेज अस्त्र विद्यामा निपुण तिमी आफ्नो ब्रह्मास्त्रको तेजले नष्ट पार । २८॥ सूतजी भन्दछन्—भगवान्को वचन सुनेर शत्रु वीरहरूलाई नष्ट पार्ने धनञ्जयले आचमन गरेर श्रीकृष्णको प्रदक्षिणा गरे अनि त्यो ब्रह्मास्त्रको नाशार्थ आफ्नो ब्रह्मास्त्रलाई धनुषमा सन्धान गरे ॥२९। बाणहरूले घेरिएका दुबै ब्रह्मास्त्रका तेज

---

*उदाहरण—शिवजीले विद्युन्माली नामक आफ्नो भक्तलाई यौटा सुनको विमान दिएका थिए ! त्यसले त्यो विमानमा चढेर विमानको तेजले रात्रिको लोप गरिदियो । अनि सूर्यले आफ्नो तेजले त्यसको विमान गिराइदिए । यो कुरा सुनेर जब शिवजी रिसाए, तब सूर्य डराई भागे र रुद्रको कठोर दृष्टिले जल्दै काशीमा गए र गिरे । तिनै सूर्य 'लोलार्क' नामले प्रसिद्ध भए ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परस्पर ठक्कर खाएर पृथ्वीलाई ढाकी सूर्य तथा अग्नि झैं बढनलागे ।।३०।। तीनै लोकलाई पोल्न लागेको अर्जुन र अश्वत्थामाको ब्रह्मास्त्रको तेज देखेर त्यसले डढन लागेका सबै व्यक्ति-ले त्यसलाई प्रलयाग्नि ठाने ।।३१।। संसारलाई नष्ट पार्ने त्यो उपद्रवलाई देखेर श्रीकृष्णको सम्मतिले धनञ्जयले दुवै अस्त्रलाई साम्य पारे ।।३२।। अनि क्रूर अश्वत्थामाको नगीचै गएर रिसले राता नेत्र भएका अर्जुनले तिनलाई पशुझैं डोरीले बाँधे ।।३३।। शत्रुलाई डोरीले टन्काएर लैजाने इच्छुक अर्जुनसित श्रीकृष्णले रिसाएर भन्नुभयो––।। ३४ ।। हे पार्थ ! यस अधम ब्राह्मणलाई मारिदेउ, यसको रक्षा नगर, किनकि यसले रात्रिमा सुतेका निरपराध बालकहरूलाई मार्‍यो ।।३५।। मद्यादिले मत्त, असावधान, ग्रहादिको आवेशले उन्मत्त, सुतेका, बालक, स्त्री, उद्यम रहित, शरणागत, जसको रथ भाँचिएको होस् यस्ता र भयभीत शत्रुलाई धर्मज्ञ पुरुष मार्दैनन् ।।३६।। जो निर्दयी तथा दुष्ट मनुष्य अर्काको प्राण लिएर आफ्नो प्राणरक्षा

प्रजोपप्लवमालक्ष्य लोकव्यतिकरं च तम् ।। मतं च वासुदेवस्य संजहारार्जुनो द्वयम् ।। ३२ ।। तत आसाद्य तरसा दारुणं गौतमी-सुतम् ।। बबन्धामर्षताम्राक्षः पशुं रशनया यथा ।।३३।। शिबिराय निनीषन्तं दाम्ना बद्ध्वा रिपुं बलात् ।। प्राहार्जुनं प्रकुपितो भगवानम्बु-जेक्षणः ।।३४।। मैनं पार्थार्हसि त्रातुं ब्रह्मबन्धुमिमं जहि ।। योऽसावनागसः सुप्तानवधीन्निशि बालकान् ।। ३५ ।। मत्तं प्रमत्तमुन्मत्तं सुप्तं बालं स्त्रियं जडम् ।। प्रपन्नं विरथं भीतं न रिपुं हन्ति धर्मवित् ।।३६।। स्वप्राणान् यः परप्राणैः प्रपुष्णात्यघृणः खलः ।। तद्वधस्तस्य हि श्रेयो यद्दोषा-द्यात्यधः पुमान् ।।३७।। प्रतिश्रुतं च भवता पाञ्चाल्यै शृण्वतो मम ।। आहरिष्ये शिरस्तस्य यस्ते मानिनि पुत्रहा ।। ३८ ।। तदसौ वध्यतां पाप आततात्यात्मबन्धुहा ।। भर्तुश्चविप्रियं वीर कृतवान् कुलपांसनः ।।३९।। एवं परीक्षितो धर्मं पार्थः कृष्णेन चोदितः ।। नैच्छद्धन्तुं गुरुसुतं यद्यप्या-त्महनं महान् ।।४०।। अथोपेत्य स्वशिबिरं गोविन्दप्रियसारथिः ।। न्यवेदयत्तं प्रियायै शोचन्त्या आत्मजान् हतान् ।। ४१ ।। तथाऽऽहृतं पशुवत्पाश-

गर्दछ, त्यसलाई मार्नु त्यस पुरुषको कल्याण गर्नु हो किनकि त्यस दोषले त्यो पुरुष नरकगामी हुन्छ ।।३७।। मेरो साम्मुन्ने तिमीले द्रौपदीसित प्रतिज्ञा गरेका थियौ–हे मानिनी ! जसले तिम्रा छोराहरूलाई मार्‍यो, म त्यसको शिर काटेर ल्याउँला ।।३८।। यो तिम्रा बालकहरूको घातक, आततायी र पापी हो। अतः यसलाई मार्नैपर्दछ। हे वीर ! नीच अश्वत्थामाले आफ्नो स्वामी दुर्योधनको पनि भलो गरेन ।।३९।। सूतजी भन्दछन्—श्रीकृष्णले यसरी भनेर अर्जुनको धर्म-परीक्षा लिएर मार्न भने, यद्यपि अश्वत्थामाले छोराहरू मारेका थिए, तापनि अर्जुनले गुरु-पुत्रलाई मार्न मन गरेनन् ।।४०।। त्यसपछि जसका श्रीकृष्ण प्रिय सारथी थिए, त्यस्ता अर्जुनले आफ्नो स्थानमा गएर मरेका छोराहरूको निम्ति विलाप गर्दै आफ्नी प्यारी द्रौपदीको साम्मुन्ने अश्वत्थामालाई उभ्याए ।। ४१ ।। आफ्नो कुकर्मले तल मुख पारेका, पशु समान डोरीले टन्काइएका र अपकारी अश्वत्थामालाई *दयादृष्टिले हेरेर राम्रो

* उदाहरण (दया)—यौटा महात्मा नदीमा स्नान गर्दै थिए। यौटा बिच्छीलाई पानीमा बगिरहेको देखी रक्षाका लागि हातमा उचाले। बिच्छीले तिनको हातमा पच्चीसौं पल्ट डंक मार्‍यो, तर आफ्नो सहज स्वभाव त्यसलाई लगेर छेउमा राखिदिए। फेरि पानीको वेगले त्यो बग्नलाग्यो। तिनले फेरि त्यसलाई बचाए र डंकको कष्ट खप्े। जब तेस्रो पल्ट बिच्छी बग्यो र फेरि तिनले दयाभाव देखाउन लाग्दा यौटा मानिसले भन्यो—'यस्ता ले दुःखदायी नीचमा दया दया गर्नु उचित होइन।' सन्तले उत्तर दिए–- 'यसमा अनुचित पो के छ ! म आफ्नो स्वभावानुसार व्यवहार गर्दैछु र त्यो आफ्नो स्वभावानुसार गरिरहेको छ। धन्य हुन् ती व्यक्ति जो दयालु छन् किनकि ती नै परमपिताका दयाको श्रेष्ठ अधिकारी हुन्न्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वभाव भएकी द्रौपदीले प्रणाम गरिन् ॥४२॥ अश्वत्थामालाई बाँधेर ल्याउनु असह्य मान्दै ती द्रौपदीले भनिन्—यसलाई छाडिदेओ किन भने ब्राह्मण सबै प्रकारले गुरु हुन्छन् ॥४३॥ गुप्त-मन्त्र समेत धनुर्वेद र शस्त्रास्त्र प्रहार गर्न र त्यसलाई फर्काउने समस्त अस्त्रसमुदाय हजुरले जुन द्रोणाचार्यको कृपाले सिक्नु भयो ॥४४॥ उनै द्रोणाचार्य पुत्ररूपमा हाम्रो सामुन्ने उभिएका छन् र तिनको शरीरको आधाभाग उनकी पत्नी अझै जीवित छन्, किनकि वीर छोरो भएकी कृपी पतीसित सती भएकी छैनन् ॥४५॥ अतः हे महाभाग, हे धर्मज्ञ ! गुरुको वंशलाई हजुर द्वारा दुःख हुन हुँदैन । यी त सदैव पूजा र प्रणाम गर्न योग्य छन् ॥४६॥ जसरी छोराहरू मर्नाले दुखी भएर म आँसूले मुख धोएर रोइरहेकी छु, त्यसै गरी यिनकी आमा पतिव्रता गौतमी (कृपी) नरोउन् ॥४७॥ जो अज्ञानी राजाहरू ब्राह्मण-वंशलाई मार्दछन् भने ती शोकाकुल विप्र-वंश परिवार सहित राजाहरूका वंशलाई भस्म पारिदिन्छन् ॥४८॥ हे

बद्धमवाङ्मुखं कर्मजुगुप्सितेन ॥ निरीक्ष्य कृष्णाऽपकृतं गुरोः सुतं वामस्वभावा कृपया ननाम च ॥४२॥ उवाच चासहन्त्यस्य बन्धनानयनं सती ॥ मुच्यतां मुच्यतामेष ब्राह्मणो नितरां गुरुः ॥ ४३ ॥ सरहस्यो धनुर्वेदः सविसर्गोपसंयमः ॥ अस्त्रग्रामश्च भवता शिक्षितो यदनुग्रहात् ॥ ४४ ॥ स एव भगवान् द्रोणः प्रजारूपेण वर्तते ॥ तस्यात्मनोऽर्धं पत्न्यास्ते नान्वगाद्वीरसूः कृपी ॥४५॥ तद्धर्मज्ञ महाभाग भवद्भिर्गौरवं कुलम् ॥ वृजिनं नार्हति प्राप्तुं पूज्यं वन्द्यमभीक्ष्णशः ॥४६॥ मा रोदीदस्य जननी गौतमी पतिदेवता ॥ यथाऽहं मृतवत्साऽऽर्ता रोदिम्यश्रुमुखी मुहुः ॥ ४७ ॥ स कोपितं ब्रह्मकुलं राजन्यैरकृतात्मभिः ॥ तत्कुलं प्रदहत्याशु सानुबन्धं शुचार्पितम् ॥ ४८ ॥ सूत उवाच ॥ धर्म्यं न्याय्यं सकरुणं निर्व्यलीकं समं महत् ॥ राजा धर्मसुतो राज्ञ्याः प्रत्यनन्दद्वचो द्विजाः ॥ ४९ ॥ नकुलः सहदेवश्च युयुधानो धनंजयः ॥ भगवान् देवकीपुत्रो ये चान्ये याश्च योषितः ॥५०॥ तत्राहामर्षितो भीमस्तस्य श्रेयान् वधः स्मृतः ॥ न भर्तुर्नात्मनश्चार्थे योऽहन् सुप्ताञ्छिशून् वृथा ॥ ५१ ॥ निशम्य भीमगदितं द्रौपद्याश्च चतुर्भुजः ॥ आलोक्य वदनं सख्युरिदमाह हसन्निव ॥५२॥ श्रीभगवानुवाच ॥ ब्रह्मबन्धुर्न हन्तव्य आततायी वधार्हणः ॥ मयैवोभयमाम्नातं परिपाह्यनुशासनम् ॥ ५३ ॥ कुरु प्रतिश्रुतं सत्यं यत्तत्सान्त्वयता प्रियाम् ॥ प्रियं च भीमसेनस्य पाञ्चाल्या मह्यमेव च ॥ ५४ ॥ सूत उवाच ॥ अर्जुनः सहसाऽऽज्ञाय हरेर्हार्दमथासिना ॥ मणिं जहार मूर्धन्यं द्विजस्य सहमूर्धजम् ॥ ५५ ॥ विमुच्य रशनाबद्धं बालहत्याहतप्रभम् ॥ तेजसा मणिना हीनं

द्विज हो धर्मयुक्त, नीतिसम्मत, दयायुक्त, सत्यकी प्रतिमूर्ति रानी द्रौपदीका वचन सुनेर धर्मपुत्र युधिष्ठिरले प्रशंसा गरे ॥४९॥ नकुल सहदेव, युयुधान, अर्जुन, देवकीनन्दन श्रीकृष्ण र अरु जो पुरुष एवं स्त्रीहरू त्यहाँ थिए तिनीहरूले पनि द्रौपदीका वचनको सहनि गरे ॥५०॥ केवल क्रुद्ध भीमसेनले अवश्य भने—यो अश्वत्थामालाई मारिदिनु नै उचित छ, किन भने यसले न आफ्नो न आफ्नो स्वामी दुर्योधनको भलो गर्नका लागि सुतेका छोराहरूको व्यर्थ प्राण लियो ॥५१॥ द्रौपदी र भीमसेनको कुरा सुनेर चतुर्भुज श्रीकृष्ण प्यारा सखा विजयको मुखतिर हेरेर बोले ॥५२॥ श्रीभगवान्‌ले भने—जे भए पनि ब्राह्मण मार्न योग्य हुँदैन र आततायी वधको योग्य हुन्छ, यो दुवै कुरा मैले नै भनेको छु । तिमी यी दुबैको पालन गर ॥५३॥ द्रौपदीलाई बुझाउँदै जुन प्रतिज्ञा गरेका छौ, त्यो पूर्ण पार्दै, द्रौपदी र मलाई जुन प्रिय होस्, त्यही गर । सूतजी भन्दछन्—पार्थले श्रीकृष्णका मनको भाव बुझी अश्वत्थामाका शिरको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मणि कपाल समेत झिकेर लिए ।।५४।।५५।। अनि तेज एवं मणिरहित, बालकहरूको हत्याले कान्तिहीन र डोरीमा बाँधिएको अश्वत्थामालाई छाडेर आफ्नो स्थानबाट धपाइदिए ।।५६।। कपाल खौरिदिनु, धन लिनु र स्थानबाट धपाइदिनु नै नीच ब्राह्मणहरूको वध हो। अन्य कुनै प्रकारले शारीरिक दण्डको विधान ब्राह्मणको निम्ति छैन ।।५७।। त्यसपछि द्रौपदी तथा पुत्र-शोकले दुःखित सबै पाण्डवहरूले मरेका आफ्ना बालकहरूको दाह-संस्कार आदि कर्म गरे ।।५८।। इति श्रीमद्भागवते महापुराणे नेपाली भाषाटीकायां सप्तमोऽध्यायः ।।७।। भगवान् द्वारा गर्भस्थित शिशुको ब्रह्मास्त्रबाट रक्षा गर्नु ।। सूतजी भन्दछन्—त्यसपछि मरेका र जलको इच्छुक आफ्ना वंशहरूलाई गङ्गामा जलदान दिनको निम्ति श्रीकृष्ण तथा सबै पाण्डवहरू स्त्रीहरूलाई अघि लगाएर हिंडे ।।१।। उहाँ तिनले जलदान दिएर विलाप गर्दै विष्णुका चरणकमलको धूलोले पवित्र गङ्गामा स्नान गरे ।।२।। त्यहाँ बसेका भाइहरूसमेत युधिष्ठिर, धृतराष्ट्र, पुत्र-शोकले व्याकुल गान्धारी, कुन्ती र द्रौपदी आदिलाई मुनिहरूले र श्रीकृष्णले, जसको कुनै उपाय छैन, प्राणिहरूमा त्यस कालको गति देखाउँदै सम्झाए-बुझाए ।।३।।४।। ती कपटी

शिविरान्निरयापत् ॥ ५६ ॥ वपनं द्रविणादानं स्थानान्निर्यापणं तथा ॥ एष हि ब्रह्मबन्धूनां वधो नान्योऽस्ति दैहिकः ॥ ५७ ॥ पुत्रशोकातुराः सर्वे पाण्डवाः सह कृष्णया ॥ स्वानां मृतानां यत्कृत्यं चक्रुर्निर्हरणादिकम् ॥ ५८ ॥ इति श्रीमद्भागवते प्रथमस्कन्धे द्रौणिनिग्रहो नाम सप्तमोऽध्यायः ॥ ७ ॥ सूत उवाच ॥ अथ ते संपरेतानां स्वानामुदकमिच्छताम् ॥ दातुं सकृष्णा गङ्गायां पुरस्कृत्य ययुः स्त्रियः ॥ १ ॥ ते निनीयोदकं सर्वे विलप्य च भृशं पुनः ॥ आप्लुता हरिपादाब्जरजःपूतसरिज्जले ॥ २ ॥ तत्रासीनं कुरुपतिं धृतराष्ट्रं सहानुजम् ॥ गान्धारीं पुत्रशोकार्तां पृथां कृष्णां च माधवः ॥ ३ ॥ सान्त्वयामास मुनिभिर्हतबन्धूञ्छुचार्पितान ॥ भूतस्य कालस्य गतिं दर्शयन्नप्रतिक्रियाम् ॥ ४ ॥ साधयित्वाऽजातशत्रोः स्वं राज्यं कितवैर्हृतम् ॥ घातयित्वाऽसतो राज्ञः कचस्पर्शक्षतायुषः ॥ ५ ॥ याजयित्वाऽश्वमेधैस्तं त्रिभिरुत्तमकल्पकैः ॥ तद्यशः पावनं दिक्षु शतमन्योरिवातनोत् ॥ ६ ॥ आमन्त्र्य पाण्डुपुत्रांश्च शैनेयोद्धवसंयुतः ॥ द्वैपायनादिभिर्विप्रैः पूजितैः प्रतिपूजितः ॥ ७ ॥ गन्तुं कृतमतिर्ब्रह्मन् द्वारकां रथमास्थितः ॥ उपलेभेऽभिधावन्तीमुत्तरां भयविह्वलाम् ॥८॥ पाहि पाहि महायोगिन् देवदेव जगत्पते ॥ नान्यं त्वदभयं पश्ये यत्र मृत्युः परस्परम् ॥९॥ अभिद्रवति मामीश शरस्तप्तायसो विभो ॥ कामं दहतु मां नाथ मा मे गर्भो निपात्यताम् ॥१०॥ सूत उवाच ॥ उपधार्य वचस्तस्या भगवान्भक्तवत्स-

दुर्योधनादिबाट खोसिएको राज्य युधिष्ठिरलाई दिन लगाई र द्रौपदीको कपाल समाउनाले आयु नष्ट भएका दुष्ट राजाहरूको संहार गराई, युधिष्ठिरद्वारा उत्तम सामग्रीले तीन अश्वमेध यज्ञ सम्पन्न गराई श्रीकृष्णले इन्द्रसमान पाण्डवहरूको पवित्र यश दशै दिशामा फिंजाए ।।५।।६।।अनि पूज्य व्यास आदि ब्राह्मण हरू द्वारा सम्मानित भई सात्यकी र उद्धवसमेत श्रीकृष्ण पाण्ड-पुत्र युधिष्ठिर आदिसित विदा भई द्वारका जाने इच्छाले रथमा बस्नु भयो। त्यसै बखत उनले सामुन्नेबाट दगुर्दै आइरहेकी र डरले विकल परीक्षितकी आमा उत्तरालाई देखे ।।७।।८।। उत्तराले श्रीकृष्णको प्रार्थना गर्दै भनिन्—हे देवदेव ! हे जगत्पते ! हे महायोगिन् ! मेरो रक्षा गर्नुहवस्। हजुरबाहेक अरु कसैलाई म आफ्नो भय हटाउन सक्ने देखिरहेकी छैन। यहाँ त सबै यौटा अर्काको प्राणघाती भइरहेका छन्। हे ईश, हे प्रभो ! लौ, हेर्नुहवस्। तातो फलामे बाण मतिर आइरहेको छ। यो बाणले मलाई डढाओस् तर मेरो गर्भको नाश नगरोस् ।।९।।१०।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूतजी भन्दछन्–द्रौपदीको वचन सुन्नासाथ भगवान् श्रीकृष्णले स्पष्ट बुझ्नुभयो–पाण्डव-वंशको समूल नाश गर्नका लागि अश्वत्थामाले यो अस्त्र प्रहार गरेको हो ॥११॥ हे मुनिश्रेष्ठ ! त्यसै बखत पाँचै पाण्डव सामुन्ने आइरहेको पाँच बाणहरू देखेर आफ्नाफ्ना अस्त्र सम्हाले ॥१२॥ अनि श्रीकृष्णले आफ्ना आश्रित पाण्डवहरूको दुःख देखेर सुदर्शनचक्रले ती भक्तहरूको रक्षा गरे ॥१३॥ सबै प्राणिहरूका अन्तर्यामी र योगेश्वर श्रीकृष्णले पाण्डवहरूको सन्तानको रक्षा गर्नका लागि स्वयं उतराको उदरमा प्रवेश गरेर आफ्नी मायाले गर्भलाई ढाके ॥१४॥ हे भृगूद्वह ! यद्यपि त्यो ब्रह्मशिर अस्त्र अमोघ तथा प्रतिक्रियारहित थियो तथापि वैष्णव तेजोमय सुदर्शनचक्रको सामुन्ने त्यो शान्त भयो ॥१५॥ सबै आश्चर्यमय कर्म गर्ने ईश्वर कृष्णको विषयमा यो आश्चर्यको कुरा नठान्नुहोला किनभने ईश्वर नै आफ्नी मायाद्वारा संसारको सृष्टि, पालन र संहार गर्दछन्॥१६॥ ब्रह्मास्त्रबाट जोगिएका छोराहरू र द्रौपदी सहित कुन्तीले यात्राको निम्ति तयार श्रीकृष्णसित भने–॥१७॥ कुन्ती भन्दछिन्–प्रकृतिदेखि भिन्न हजुर ईश्वर र आदिपुरुषलाई म प्रणाम गर्दछु । जो सबै प्राणिहरूका भित्र र बाहिर स्थित छन् तापनि

लः ॥ अपाण्डवमिदं कर्तुं द्रौणेरस्त्रमबुध्यत ॥११॥ तर्ह्येवाथ मुनिश्रेष्ठ पांडवाः पञ्च सायकान् ॥ आत्मनोऽभिमुखान् दीप्तानालक्ष्यास्त्राण्युपाददुः ॥१२॥ व्यसनं वीक्ष्य तत्तेषामनन्यविषयात्मनाम् ॥ सुदर्शनेन स्वास्त्रेण स्वानां रक्षां व्यधाद्विभुः ॥१३॥ अंतस्थः सर्वभूतानामात्मा योगेश्वरो हरिः ॥ स्वमायया-ऽवृणोद्गर्भं वैराट्याः कुरुतंतवे ॥१४॥ यद्यप्यस्त्रं ब्रह्मशिरस्त्वमोघं चाप्रतिक्रियम् ॥ वैष्णवं तेज आसाद्य समशाम्यद्भृगूद्वह ॥१५॥ मा मंस्थाह्येतदाश्चर्यं सर्वाश्चर्यमयेऽच्युते ॥ य इदं मायया देव्या सृजत्यवति हंत्यजः ॥१६॥ ब्रह्मतेजोविनिर्मुक्तैरात्मजैः सह कृष्णया ॥ प्रयाणाभिमुखं कृष्णमिदमाह पृथा सती ॥१७॥ कुंत्युवाच ॥ नमस्ये पुरुषं त्वाद्यमीश्वरं प्रकृतेः परम् ॥ अलक्ष्यं सर्वभूतानामंतर्बहिरवस्थितम् ॥१८॥ मायाजवनिकाच्छन्नमज्ञाऽधोक्षजमव्ययम् ॥ न लक्ष्यसे मूढदृशा नटो नाट्यधरो यथा ॥१९॥ तथा परमहंसानां मुनीनाममलात्मनाम् ॥ भक्तियोगविधानार्थं कथं पश्येमहि स्त्रियः ॥२०॥ कृष्णाय वासुदेवाय देवकीनन्दनाय च ॥ नन्दगोपकुमाराय गोविन्दाय नमो नमः ॥२१॥ नमः पङ्कजनाभाय नमः पङ्कजमालिने ॥ नमः पङ्कजनेत्राय नमस्ते पङ्कजांघ्रये ॥ २२ ॥ यथा हृषीकेश खलेन देवकी कंसेन रुद्धाऽतिचिरं शुचार्पिता ॥ विमोचिताऽहं च सहात्मजा विभो त्वयैव नाथेन मुहुर्विपद्गणात् ॥ २३ ॥ विषान्महाग्नेः पुरुषाददर्शनादसत्सभाया वनवासकृच्छ्रतः ॥ मृधे मृधेऽनेकमहारथास्त्रतो द्रौण्यस्त्रतश्चास्मि हरेऽभिरक्षिता ॥ २४ ॥

देखिँदैनन् ॥१८॥ मायारूपी आवरणले ढाकिएका हजुरको भक्ति-योगको रहस्य जान्न नसक्ने म प्रणाम गर्दछु । नाट्य गर्ने नटको समान हजुर कुनै पनि देहाभिमानी पुरुषलाई देखिनु हुन्न ॥१९॥ अनि निर्मल चित्त भएका मुनिहरू र परमहंसहरूलाई भक्ति-युक्त पार्नको निम्ति अवतार धारण गर्ने हजुरलाई हामी स्त्रीगण कसरी देख्न सक्छौं ? ॥२०॥ हे देवकीनन्दन ! हजुर श्रीकृष्णलाई मेरो प्रणाम छ ! नन्द-गोपका पुत्र तथा गोविन्दलाई म नमस्कार गर्दछु ॥२१॥ जसको नाभिबाट कमल उत्पन्न भएको थियो, उनै हजुरलाई मेरो प्रणाम छ । कमलको माला धारण गर्न हजुरलाई प्रणाम छ ! कमल जस्ता नयन तथा कमलकै समान चरणभएका हजुरलाई नमस्कारछ ॥२२॥ हे हृषीकेश ! जस्तै कंसद्वारा धेरै दिनसम्म झ्यालखानमा अवरुद्ध देवकीलाई हजुरले मुक्त पार्नुभयो । हे विभो ! त्यसै गरी छोराहरू समेत शोकले विकल मलाई हजुरले नै बारम्बार विपत्तिहरूबाट मुक्त पार्नुभयो ॥२३॥ हे हरे !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषबाट, अग्निबाट, अनेकानेक राक्षसहरूबाट, द्यूतबाट, वनवासको कष्टबाट, प्रत्येक युद्धमा अनेक महारथिहरूको शस्त्रास्त्रबाट र अहिले तत्काल अश्वत्थामाको अस्त्रबाट हजुरले नै हाम्रो रक्षा गर्नुभयो ॥२४॥ हे जगद्गुरो ! हामीउपर यस्ता विपत्तिहरू सधैं परिरहुन् र ती विपत्तिहरूमा हजुरको दर्शन पाउँदैरहौं, जसले कि मोक्ष प्राप्त हुन्छ ॥२५॥ उत्तम कुलमा जन्म, ऐश्वर्य, शास्त्र र लक्ष्मीले जसको गर्व बढिरहेको छ, त्यस्ता पुरुष भक्तहरूलाई दर्शन दिने भएका हजुरको नाम लिने योग्य पनि हुँदैनन्, दर्शन त धेरै पर्को कुरा छ ॥२६॥ भक्त नै हजुरका सर्वस्व छन्, गुणहरूको वृत्तिले रहित, आत्माराम र कैवल्यपति हजुरलाई प्रणाम छ ॥२७॥ हजुरलाई म आदि-अन्त्य रहित, ईश्वर, काल र सर्वत्र समान आचरण गर्ने सर्वज्ञ मान्दछु, जसद्वारा प्राणिहरूमा परस्पर कलह हुन्छ ॥२८॥ हे भगवन् ! मनुष्यहरू झैं आचरण गर्ने भएका हजुरको जे इच्छा हुन्छ, त्यो कसैले पनि जान्दैन । हजुरको न कोही मित्र छ, न कोही शत्रु । तथापि हजुरमा मनुष्यहरूको बुद्धि विषम हुन्छ ॥२९॥ हे विश्वात्मन् ! जन्म नलिने हजुरको पशु, मनुष्य, ऋषिहरू तथा जलजन्तुहरूमा जो जन्म भएको छ र अकर्ता हजुरको

विपदः सन्तु नः शश्वत्तत्र तत्र जगद्गुरो ॥ भवतो दर्शनं यत्स्यादपुनर्भवदर्शनम् ॥ २५ ॥ जन्मैश्वर्यश्रुतिश्रीभिरेधमानमदः पुमान् ॥ नैवार्हत्यभिधातुं वै त्वामकिंचनगोचरम् ॥ २६ ॥ नमोऽकिंचनवित्ताय निवृत्तगुणवृत्तये ॥ आत्मारामाय शांताय कैवल्यपतये नमः ॥ २७ ॥ मन्ये त्वां कालमीशानमनादिनिधनं विभुम् ॥ समं चरन्तं सर्वत्र भूतानां यन्मिथः कलिः ॥२८॥ न वेद कश्चिद्भगवंश्चिकीर्षितं तवेहमानस्य नृणां विडम्बनम् ॥ न यस्य कश्चिद्दयितोऽस्ति कर्हिचिद्द्वेष्यश्च यस्मिन्विषमा मतिर्नृणाम् ॥ २९ ॥ जन्म कर्म च विश्वात्मन्नजस्याकर्तुरात्मनः ॥ तिर्यङ्नृषिषु यादःसु तदत्यन्तविडम्बनम् ॥ ३० ॥ गोप्याऽऽददे त्वयि कृतागसि दाम तावद्या ते तदाऽश्रुकलिलाञ्जनसंभ्रमाक्षम् ॥ वक्त्रं निनीय भयभावनया स्थितस्य सा मां विमोहयति भीरपि यद्बिभेति ॥ ३१ ॥ केचिदाहुरजं जातं पुण्यश्लोकस्य कीर्तये ॥ यदोः प्रियस्यान्ववाये मलयस्येव चंदनम् ॥ ३२ ॥ अपरे वसुदेवस्य देवक्यां याचितोऽभ्यगात् ॥ अजस्त्वमस्य क्षेमाय वधाय च सुरद्विषाम् ॥ ३३ ॥ भारावतरणायान्ये भुवो नाव इवोदधौ ॥ सीदन्त्या भूरिभारेण जातो ह्यात्मभुवाऽर्थितः ॥३४॥ भवेऽस्मिन्क्लिश्यमानानामविद्याकामकर्मभिः ॥ श्रवणस्मरणार्हाणि करिष्यन्निति केचन ॥ ३५ ॥ शृण्वन्ति

जुन कर्म छ, त्यो साह्रै आश्चर्यजनक छ ॥३०॥ हजुरले जब दहीका भाँडा आदि फुठाउने अपराध गर्नुभयो र यशोदाले बाँध्नको निम्ति डोरी समाइन् तथा आँसुले भरिएका अंजन युक्त नयनले शोभित मुख निहुराएर भयको भावनाले उभिंदा हजुरको जुन स्थिति भएको थियो, त्यो मलाई मोहित पार्दछ किनकि जोसित डरले पनि डर मान्दछ, त्यस्ता हजुरलाई डर कसरी भयो ? ॥३१॥ कसै-कसैको भनाइ छ—जन्मरहित पनि हजुरको यदुवंशमा जन्म युधिष्ठिरको यशका निम्ति नै भएको हो । यो मलयपर्वतमा चन्दनको जन्म जस्तै हो ॥३२॥ कति यस्तो भन्दछन्—अजन्मा हजुरको वसुदेवकी पत्नी देवकीको कोखबाट जन्म तिनले प्रार्थना गर्नाले र संसारको कल्याणार्थ तथा दैत्यहरूको संहार गर्न भएको हो ॥३३॥ कोही भन्दछन्—वर्ता भारले पीडित एवं समुद्रमा स्थित डुङ्गा झैं धराको भार हलुको पार्न ब्रह्माले प्रार्थना गर्दा हजुर उत्पन्न हुनुभयो ॥३४॥ कतिपयको यस्तो भनाइ छ कि अज्ञान, काम र कर्मले दुःखीहरूको उद्धार र स्मरण गरिरहने योग्य चरित्र गर्नाको इच्छाले नै संसारमा हजुरको अवतार भइरहन्छ ॥३५॥ जो मनुष्य निरन्तर हजुरको चरित्र सुन्दै,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाउँदै, भन्दै, स्मरण गर्दै र जो अर्काले भनेका चरित्रको अनुमोदन (समर्थन) गर्दछन्, ती पुरुष जन्म-मरणका बाधा शान्त पार्न हजुरका चरणारविन्दलाई शीघ्र देख्दछन् ।।३६।। अनि हे प्रभो ! हजुर हामी प्रेमी र अनुगामी भक्तहरूलाई किन छाड्न खोज्नु हुन्छ । राजाहरूलाई दुःख दिने हामीहरूको हजुरका चरणारविन्दबाहेक अन्य गति छैन ।।३७।। इन्द्रियहरूको स्वामी जीव नरहनाले नाम र रूप केही पनि नरहे जस्तै, जब हजुरको दर्शन हुँदैन तब यदुवंशीहरू समेत पाण्डवहरूलाई प्रसिद्धि र ऐश्वर्यबाट के लाभ होला ।।३८।। हे गदाधर ! वज्र, अंकुशादि चिह्नले युक्त हजुरका चरणले विभूषित पृथ्वी, जस्तै यस बखत शोभित छन् ; त्यस्तै हजुर सवारी भएपछि शोभित हुने छैनन् ।।३९।। यी वन, पर्वत, नदी समुद्र तथा समस्त ऐश्वर्य संयुक्त देश हजुरलाई देखेर नै बढ्दछन् र विविध अन्न तथा लताहरू फलेर पाक्छन् ।।४०।। हे विश्वेश ! हे विश्वात्मन् ! हे विश्वमूर्त ! पाण्डवहरू र यदुवंशीहरूमा आसक्त

गायन्ति गृणन्त्यभीक्ष्णशः स्मरन्ति नन्दन्ति तवेहितं जनाः ।। त एव पश्यन्त्यचिरेण तावकं भवप्रवाहोपरमं पदाम्बुजम् ।। ३६ ।। अप्यद्य नस्त्वं स्वकृतेहित प्रभो जिहाससि स्वित्सुहृदोऽनुजीविनः ।। येषां न चान्यद्भवतः पदाम्बुजात्परायणं राजसु योजितांहसाम् ।। ३७ ।। के वयं नामरूपाभ्यां यदुभिः सह पाण्डवाः ।। भवतोऽदर्शनं यर्हि हृषीकाणामिवेशितुः ।।३८।। नेयं शोभिष्यते तत्र यथेदानीं गदाधर ।। त्वत्पदैरङ्किता भाति स्वलक्षणविलक्षितैः ।। ३९ ।। इमे जनपदाः स्वृद्धाः सुपक्वौषधिवीरुधः ।। वनाद्रिनद्युदन्वन्तो ह्येधन्ते तव वीक्षितैः ।। ४० ।। अथ विश्वेश विश्वात्मन्विश्वमूर्ते स्वकेषु मे ।। स्नेहपाशमिमं छिन्धि दृढं पाण्डुषु वृष्णिषु ।। ४१ ।। त्वयि मेऽनन्यविषया मतिर्मधुपतेऽसकृत् ।। रतिमुद्वहतादद्धा गङ्गेवौघमुदन्वति ।। ४२ ।। श्रीकृष्ण कृष्णसख वृष्ण्यृषभोऽवनिध्रुग्राजन्यवंशदहनानपवर्गवीर्य ।। गोविन्द गोद्विजसुरार्तिहरावतार योगेश्वराखिलगुरो भगवन्नमस्ते ।। ४३ ।। सूत उवाच ।। पृथयेत्थं कलपदैः परिणूताखिलोदयः ।। मन्दं जहास वैकुण्ठो मोहयन्निव मायया ।। ४४ ।। तां बाढमित्युपामन्त्र्य प्रविश्य गजसाह्वयम् ।। स्त्रियश्च स्वपुरं यास्यन्प्रेम्णा राज्ञा निवारितः ।। ४५ ।। व्यासाद्यैरीश्वरेहाज्ञैः कृष्णेनाद्भुतकर्मणा ।। प्रबोधितोऽपीतिहासैर्नाबुध्यत शुचार्पितः ।।४६।। आह राजा धर्मसुतश्चिन्तयन्सुहृदां वधम् ।। प्राकृतेनात्मना विप्राः स्नेहमोहवशं गतः ।।४७।। अहो मे पश्यताज्ञानं हृदि रूढं दुरात्मनः ।। पारक्यस्यैव देवस्य बह्व्यो मेऽक्षौहिणीर्हताः ।। ४८ ।। बालद्विजसुहृन्मित्रपितृभ्रातृगुरुद्रुहः ।। न मे

मेरो बलियो पाश काटिदिनोस् ।।४१।। हे यदुपते ! अन्य विषयहरू छाडेर मेरो बुद्धि हजुरसित त्यस्तै प्रीति गरोस् जस्तै गंगा आफ्नो प्रवाह समुद्रमा पुर्‍याउँदछिन् ।।४२।। हे पार्थका सखा ! वैरीहरूलाई पोल्ने र पूर्ण प्रभाव हे भगवन् ! हे गो, ब्राह्मण र देवताहरूका दुःख हरण गर्न जन्म लिने गोविन्द ! हे योगेश्वर, हे अखिलगुरो ! हजुरलाई प्रणाम छ ।।४३।। सूतजी भन्दछन्—कुन्तीले मधुर वाणीद्वारा जब त्यसरी श्रीकृष्णको प्रशंसा गरिन्, तब आफ्नो मायाले मोहित पार्दै श्रीकृष्ण मुसु-मुसु हाँस्न लागे ।।४४।। त्यसपछि कुन्ती तथा सुभद्रा आदि अन्य स्त्रीहरूको अनुमति लिएर ती हस्तिनापुर गए । त्यहाँबाट आफ्नो नगर द्वारका जान खोज्ने श्रीकृष्णलाई युधिष्ठिरले प्रेमपूर्वक रोके ।।४५।। ईश्वरीय लीला जान्ने भएका व्यास मुनिहरू तथा अद्भुत कर्म गर्ने श्रीकृष्णद्वारा इतिहासहरूका माध्यमबाट बुझाउँदा पनि शोक-सन्तप्त युधिष्ठिरले केही बुझ्न सकेनन् ।।४६।। हे विप्र हो ! अविवेकले भरिएको चित्तबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वशीभूत भएर धर्मराजका छोरा युधिष्ठिरले स्वजन वधको कुरा विचार गर्दै भने–॥४७॥ यो आश्चर्यको कुरा छ,दुष्ट चित्त भएको मेरो हृदयको अज्ञान हेर्नुहवस्-कुकुरहरू वा स्यालहरूको भोजन स्वरूप शरीरको ❋ वासनातृप्त पार्नको निम्ति मैले अनेक अक्षौहिणी सेनाको नाश पारिदिएँ। म बालक, ब्राह्मण, सम्बन्धी, मित्र, काका, भाई र गुरुलाई मार्ने भएको पातकी हुँ। मेरो लाखौं वर्ष पनि नरकबाट उद्धार हुँदैन। राजालाई धर्मयुद्धमा शत्रुहरूलाई मारेको पाप लाग्दैन,यो शिक्षा मलाई बुझाउन को समर्थ छैन, मैले जसका बन्धुहरूलाई मारेको छु, तिनका स्त्रीहरूप्रति द्रोहले जुन पाप भएको छ, त्यो म गृहस्थाश्रमका कर्महरूले हटाउन समर्थ छैन ॥४८-५१॥ जस्तै हीलो हीलैले र मदिरापान जनित दोष मदिराले निवारण गर्न सकिन्न। त्यस्तै यौटा जीवहत्याको पाप अन्यान्य जीवहत्यायुक्त यज्ञहरूले नाशिन सक्तैन ॥५२॥ इति श्रीमद्भागवते प्रथमस्कन्धे पं० गौरीशंकर वसिष्ठकृत नेपाली भाषा-टीकायां युधिष्ठिरानुतापो

स्यान्निरयान्मोक्षो ह्यपि वर्षायुतायुतैः ॥ ४६ ॥ नैनो राज्ञः प्रजाभर्तुर्धर्मयुद्धे वधो द्विषाम् ॥ इति मे न तु बोधाय कल्पते शासनं वचः ॥ ५० ॥ स्त्रीणां मद्धतबन्धूनां द्रोहो योऽसाविहोत्थितः ॥ कर्मभिर्गृहमेधीयैर्नाहं कल्पो व्यपोहितुम् ॥ ५१ ॥ यथा पंकेन पङ्काम्भः सुरया वा सुराकृतम् ॥ भूतहत्यां तथैवैकां न यज्ञैर्माष्टुमर्हति ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे अष्टमोऽध्यायः ॥ ८ ॥ सूत उवाच ॥ इति भीतः प्रजाद्रोहात्सर्वधर्मविवित्सया ॥ ततो विनशनं प्रागाद्यत्र देवव्रतोऽपतत् ॥ १ ॥ तदा ते भ्रातरः सर्वे सदश्वैः स्वर्णभूषितैः ॥ अन्वगच्छन् रथैर्विप्रा व्यासधौम्यादयस्तथा ॥ २ ॥ भगवानपि विप्रर्षे रथेन सधनञ्जयः ॥ स तैर्व्यरोचत नृपः कुबेर इव गुह्यकैः ॥ ३ ॥ दृष्ट्वा निपतितं भूमौ दिवश्च्युत-मिवामरम् ॥ प्रणेमुः पाण्डवा भीष्मं सानुगाः सह चक्रिणा ॥ ४ ॥ तत्र ब्रह्मर्षयः सर्वे देवर्षयश्च सत्तम ॥ राजर्षयश्च तत्रासन्द्रष्टुं भरतपुंगवम् ॥५॥

नाम अष्टमोऽध्यायः ॥८॥ यस अध्यायमा कृष्ण स्तुति र भीष्मपितामहको उपदेश वर्णन गरिन्छ। सूतजी भन्दछन्–त्यसरी प्रजाको द्रोहले डराएका युधिष्ठिर सबै धर्महरू जान्ने इच्छाले कुरुक्षेत्र गए–जहाँ भीष्मपितामह शर-शय्यामा थिए ॥१॥ त्यस बखत तिनका सबै भाई स्वर्णालंकारले सुशोभित तथा उत्तम अश्वले युक्त रथहरूद्वारा उनीसित गए र व्यास तथा धौम्य आदि महर्षि तिनका पछि पछि हिंडे ॥२॥ हे विप्रर्षे ! जब अर्जुन समेत श्रीकृष्ण रथमा बसेर हिंडे तब यस्तो शोभित भए, जस्तै यक्षहरूका साथ कुबेर कतै गइरहेका हुन् ॥३॥ स्वर्गबाट पृथ्वीमा झरेका देवता झैं पृथ्वीमा ढलेका भीष्मपितामहलाई साथमा गएका र श्रीकृष्ण समेत पाण्डवहरूले प्रणाम गरे ॥४॥ हे सत्तम ! त्यसै बखत सबै ब्रह्मर्षि पनि भरतपुङ्गव भीष्मपितामहलाई

❋ उदाहरण—यौटा दुर्बल र भोको मूसा-कुनै गहुँको भण्डारमा पस्यो र बेसरी खाएर खूब मोटो भयो। अब त्यो हर्षले उम्लेर म जस्तो भाग्यमानी कोही छैन भन्ने ठान्न थाल्यो। त्यसै मौकामा भण्डारको सबै अन्न बिक्री भयो र मूसो बाहिर निस्कने चिन्ता गर्नलाग्यो, तर जुन द्वारबाट भित्र गएको थियो त्यो सानो भएको देख्यो। भण्डारको भित्ता दाँतले फोर्न खोजेको त त्यो फलामको रहेछ। त्यसको दाँतका टुप्पा भाँचिए। अब त्यो बिचरा के गरोस् ! बाहिर निस्कन सक्तैन, भोकै भित्र बस्न सक्तैन। त्यसै बखत मूसोको नगीचैबाट जानलागेकी यौटी बिरालीले भनी–ए मूसा ! भण्डारमा पस्ने बेला तँ जति पातलो दुब्लो थिइस त्यति नै दुब्लो भइस भने सहजै बाहिर निस्कन सक्छस्।' मूसो त्यति सुनेर छटपटियो। त्यसै गरी यो जीवात्मा पनि मायारूपी भण्डारमा पसेर अनेक विषयहरू भोगेर जड भइसकेको छ। जब त्यो विषयहरू त्याग्दछ अनि वासना शान्त हुन्छ, अनि मात्र मायारूपी भण्डारबाट बाहिर निस्कन सक्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेर्न र भेट्न त्यहाँ आएका थिए ॥५॥ ती ब्रह्मर्षिहरूका नाम थियो–पर्वत, नारद, धौम्य, व्यास, बृहदश्व, भरद्वाज, शिष्यहरू समेत परशुराम, वसिष्ठ, इन्द्रप्रमद, त्रित, गृत्समद, असित कक्षीवान्, गौतम, अत्रि, विश्वामित्र र सुदर्शन ॥६॥७॥ हे ब्रह्मन् ! शुकदेव आदि अरु पनि निर्मल विचारका मुनिहरू तथा शिष्य सहित कश्यप, बृहस्पति आदि ऋषि आएका थिए ॥८॥ एकै साथमा आएका ती महापुरुषहरूलाई देखेर देश-कालको विभागलाई जान्ने, वसुहरूमा श्रेष्ठ र धर्मज्ञ भीष्मले मनबाट तथा वचनले सबैको सत्कार गरे ॥९॥ मायाद्वारा शरीर धारण गर्ने भएका, हृदयमा स्थित तथा जगदीश्वर-स्वरूप सामुन्ने बसेका श्रीकृष्णको महिमा जान्ने भएका भीष्मले तिनको पूजा गरे ॥१०॥ विनय तथा प्रेमले आएर समीप बसेका पाण्डु-पुत्रहरूलाई भीष्मले प्रेमको आँसुले भरिएको नेत्रले हेरेर भने—॥११॥ हे धर्मपुत्र हो ! यो ठूलो कष्ट र अनीतिको कुरा हो कि विप्र, धर्म र श्रीकृष्णका आश्रित भएर पनि तिमी दुःखी छौ, तिमीलाई क्लेश नहुनु पर्ने हो॥१२॥ अतिरथी पाण्डु मरेपछि स-साना छोरा भएकी कुन्तीले तिमीहरूको निम्ति धेरै कष्ट खपेकी छन् ॥१३॥ तिमीहरूको विरुद्ध जे जति

पर्वतो नारदो धौम्यो भगवान्बादरायणः ॥ बृहदश्वो भरद्वाजः सशिष्यो रेणुकासुतः ॥ ६ ॥ बसिष्ठ इन्द्रप्रमदस्त्रितो गृत्समदोऽसितः ॥ कक्षीबान् गौतमोऽत्रिश्च कौशिकोऽथ सुदर्शनः ॥७॥ अन्ये च मुनयो बहवो ब्रह्मरातादयोऽमलाः ॥ शिष्यैरुपेता आजग्मुः कश्यपाङ्गिरसादयः ॥८॥ तान्समेतान्महाभागानुपलभ्य वसूत्तमः ॥ पूजयामास धर्मज्ञो देशकालविभागवित् ॥९॥ कृष्णं च तत्प्रभावज्ञ आसीनं जगदीश्वरम् ॥ हृदिस्थं पूजयामास माययोपात्तविग्रहम् ॥ १० ॥ पाण्डुपुत्रानुपासीनान्प्रश्रयप्रेमसंगतान् ॥ अभ्याचष्टानुरागास्त्रैरन्धीभूतेन चक्षुषा ॥ ११ ॥ अहो कष्टमहोऽन्याय्यं यद्यूयं धर्मनन्दनाः ॥ जीवितुं नार्हथ क्लिष्टं विप्रधर्माच्युताश्रयाः ॥१२॥ संस्थितेऽतिरथे पांडौ पृथा बालप्रजा वधूः ॥ युष्मत्कृते बहून्क्लेशान्प्राप्ता तोकवती मुहुः ॥१३॥ सर्वं कालकृतं मन्ये भवतां च यदप्रियम् ॥ स कालो यद्वशे लोको वायोरिव घनावलिः ॥१४॥ यत्र धर्मसुतो राजा गदापाणिर्वृकोदरः ॥ कृष्णोऽस्त्री गांडिवं चापं सुहृत्कृष्णस्ततो विपत् ॥१५॥ न ह्यस्य कर्हिचिद्राजन् पुमान्वेद विधित्सितम् ॥ यद्विजिज्ञासया युक्ता मुह्यन्ति कवयोऽपि हि ॥ १६ ॥ तस्मादिदं देवतन्त्रं व्यवस्य भरतर्षभ ॥ तस्यानुविहितोऽनाथा नाथ पाहि प्रजाः प्रभो ॥ १७ ॥ एष वै भगवान्साक्षादाद्यो नारायणः पुमान् ॥ मोहयन्मायया लोकं गूढश्चरति वृष्णिषु ॥१८॥ अस्यानुभावं भगवान्वेद गुह्यतमं शिवः ॥ देवर्षिर्नारदः साक्षाद्भगवान्कपिलो नृप ॥१९॥

भयो, त्यो सबै म कालप्रेरित मान्दछु किनकि इन्द्रादि लोकपालहरूसमेत समस्त संसार त्यसै गरीकालको वशमा छ, जसरी वायुको वशमा मेघ समुदाय रहन्छन् ॥१४॥ जहाँ धर्मपुत्र राजा हुन्, गदा हातमा लिएका भीमसेन हुन्, अस्त्र लिएका अर्जुन र तिनको गाण्डीव धनुष होस् र मित्र श्रीकृष्ण हुन्, त्यहाँ विपति कसरी टिक्न सक्छ ? ॥१५॥ हे राजन् ! कालको इच्छालाई कहिल्यै कुनै मनुष्यले जान्न पाएन। त्यसलाई जान्ने इच्छा भएका विद्वान् पनि मोहित भएका देखिन्छन् ॥१६॥ अतः हे भरतर्षभ ! हे प्रभो ! यो दुःख सुखादि ईश्वरको लीला जानेर प्रभुको अनुगामी भएर तपाई आफ्ना अनाथ प्रजाको रक्षा गर्नुहवस् ॥१७॥ साक्षात् आदिपुरुष नारायण यी श्रीकृष्ण आफ्नी मायाले संसारलाई मोहित पार्दै यदुवंशीहरूमा गुप्तरूपले विचरण गर्नुहुन्छ ॥१८॥ हे नृप। यिनको गुप्त प्रभाव भगवान् शिव, देवर्षि नारद र साक्षात् भगवान् कपिलमुनि नै जान्दछन् ॥१९॥ जुन श्रीकृष्णलाई तिमी आफ्ना प्रिय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मित्र, अत्यन्त उपकारी र माताको छोरा मान्दछौ–जसलाई तिमीले सौहार्दवश दूत, सारथी तथा मन्त्री बनाएका छौ ॥२०॥ सर्वात्मा, समदर्शी, अद्वय, अहङ्कार रहित, राजशून्य ती श्रीकृष्णमा उच्च-नीच कर्मद्वारा गरिएका मतिको विषमता रहन्न ॥२१॥ हे भूप ! आफ्ना भक्तजन माथि यिनको दया त हेर्नुहवस्–प्राण त्याग्ने वेलामा मलाई साक्षात् कृष्णले नै स्वयं आएर दर्शन दिए ॥२२॥ यी श्रीकृष्णमा चित्त लगाएर भक्तिपूर्वक वाणीले इनैको नाम स्मरण गर्दै योगीजन शरीर त्यागेर संसारका बन्धन स्वरूप कर्महरूबाट मुक्त हुन्छन् ॥२३॥ जबसम्म म यो शरीर छाड्दीन तबसम्म प्रसन्न-हास्य, रक्त-नयनले शोभित मुख-कमल हुने, ध्यानगम्य र चतुर्भुज देवदेव श्रीकृष्ण बाटो हेर्न मेरो सामुन्ने उपस्थित रहुन् ॥२४॥ सूतजी भन्दछन्–यस्ता वचन सुनेर युधिष्ठिरले शर-शय्यामा सुतेका भीष्मसित ऋषि-मुनिको सामुन्ने अनेक थरिका धर्महरू सोधे ॥२५॥ अनि भीष्म पितामहले मनुष्यहरूको धर्म, वर्ण र आश्रम हरूका धर्म, वैराग्य र अनुरागमा उपाधिहरूबाट निवृत्ति तथा प्रवृत्ति-मार्गको वर्णन गरे ॥२६॥ उनले भिन्न-भिन्न दान-धर्म र मोक्ष पनि सुनाए।

यं मन्यसे मातुलेयं प्रियं मित्रं सुहृत्तमम् ॥ अकरोः सचिवं दूतं सौहृदादथ सारथिम् ॥२०॥ सर्वात्मनः समदृश अद्वयस्यानहंकृतेः ॥ तत्कृतं मतिवैषम्यं निरवद्यस्य न क्वचित् ॥२१॥ तथाप्येकान्तभक्तेषु पश्य भूपानुकम्पितम् ॥ यन्मेऽसूँस्त्यजतः साक्षात्कृष्णो दर्शनमागतः ॥२२॥ भक्त्याऽऽवेश्य मनो यस्मिन्वाचा यन्नाम कीर्तयन् ॥ त्यजन्कलेवरं योगी मुच्यते कामकर्मभिः ॥ २३ ॥ स देवदेवो भगवान्प्रतीक्षतां कलेवरं यावदिदं हिनोम्यहम् ॥ प्रसन्नहासारुणलोचनोल्लसन्मुखाम्बुजो ध्यानपथश्चतुर्भुजः ॥ २४ ॥ सूत उवाच ॥ युधिष्ठिरस्तदाकर्ण्य शयानं शरपञ्जरे ॥ अपृच्छद्विविधान्धर्मानृषीणामनुशृण्वताम् ॥ २५ ॥ पुरुषस्वभावविहितान् यथावर्णं यथाऽऽश्रमम् ॥ वैराग्यरागोपाधिभ्यामाम्नातोभयलक्षणान् ॥ २६ ॥ दानधर्मान् राजधर्मान्मोक्षधर्मान्विभागशः ॥ स्त्रीधर्मान्भगवद्धर्मान्समासव्यासयोगतः ॥ २७ ॥ धर्मार्थकाममोक्षाँश्च सहोपायान्यथा मुने ॥ नानाख्यानेतिहासेषु वर्णयामास तत्त्ववित् ॥२८॥ धर्मं प्रवदतस्तस्य स कालः प्रत्युपस्थितः ॥ यो योगिनश्छन्दमृत्योर्वाञ्छितस्तूत्तरायणः ॥२९॥ तदोपसंहृत्य गिरः सहस्रणीर्विमुक्तसंगं मन आदिपूरुषे ॥ कृष्णे लसत्पीतपटे चतुर्भुजे पुरःस्थिते मीलितदृग्व्यधारयत् ॥ ३० ॥ विशुद्धया धारणया हताशुभस्तदीक्षयैवाशु गतायुधव्यथः ॥ निवृत्तसर्वेन्द्रियवृत्तिविभ्रमस्तुष्टाव जन्यं विसृजञ्जनार्दनम् ॥ ३१ ॥ भीष्म उवाच ॥ इति मतिरुपकल्पिता वितृष्णा भगवति सात्वत-

नारीहरूको धर्म, वैष्णव-धर्म पनि संक्षेपमा वर्णन गरे ॥२७॥ हे मुने ! तत्त्वज्ञानी भीष्मपितामहले अनेक थरिका इतिहासहरू द्वारा प्रयत्नपूर्वक धर्म, अर्थ, काम तथा मोक्षको वर्णन गरे ॥२८॥ यसरी भीष्मले धर्म-ज्ञान भन्दाभन्दै त्यो उत्तरायणको समय आइपुग्यो, जुन इच्छामृत्यु खोज्ने योगीजन खोज्दछन् ॥२९॥ त्यस वखत मौन भएर दृष्टि एक हरो पारेर भीष्मले आफ्नो सामुन्ने स्थित पीतवस्त्रले सुशोभित, आदिपुरुष तथा चतुर्भुज श्रीकृष्णमा आफ्नो मुक्तसङ्ग मन लगाए ॥३०॥ जसको ध्यान गर्नाले अमङ्गल नष्ट हुन्छ, तिनै श्रीकृष्णतिर हेर्नासाथ भीष्मको शस्त्रजनित पीडा हरायो र सबै इन्द्रियहरूको वृत्तिको भ्रम लुप्त भयो। त्यस समय आफ्नो शरीर छाड्दै भीष्मपितामहले श्रीकृष्णको स्तुति गरे ॥३१॥ उनले भने–परमानन्द प्राप्त, देवताहरूमा श्रेष्ठ तथा सबैभन्दा बर्ता तेजस्वी भगवान् श्रीकृष्णका चरणमा मेरो निष्काम बुद्धि समर्पित छ। जुन श्रीकृष्ण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिले काहीं विहारको निम्ति त्यस मायालाई पनि अँगाल्छन्, जसले संसारको जीवन र मरण हुन्छ ।।३२।। तीनैलोकमा सबैभन्दा राम्रो, तमाल-पत्र समान नीलवर्ण, प्रातःकालीन सूर्यको किरणहरू झैं पीत वस्त्र लगाएका, अलकावलीले ढाकिएको मुखकमल भएको शरीर धारण गर्ने र अर्जुनका मित्र श्रीकृष्णका चरणमा मेरो निष्काम प्रेम होस् ।।३३।। युद्ध को बेला घोड़ाका टापहरूको धूलोले धमिलो वर्ण हुने, यता-उता छरिएका रोमावलिले व्याप्त, पसीनाका थोपाले शोभित मुख तथा मेरा तीखा बाणको चोटले जसको त्वचा काटिएको थियो, यस्ता श्रीकृष्णसित मेरो मन प्रेम गरोस् ।।३४।। मित्र पार्थको वचन सुनेर आफ्नो र शत्रुको सेनाका माझमा रथ उभ्याई स्थित हुने, शत्रुका सेनाहरूको आयु आफ्नो दृष्टिले नै पानगर्ने, विजयका सखा श्रीकृष्णसित मेरो स्नेह हवस् ।।३५।। पर उभिएका सेनाको मुख समान अगाडि उपस्थित म भीष्मादिलाई देखेर दोष-बुद्धिले आफ्ना कुटुम्बहरूलाई मार्नबाट निवृत्त हुने इच्छुक विजयको कुबुद्धिलाई जुन

पुङ्गवे विभूम्नि ।। स्वसुखमुपगते क्वचिद्विहर्तुं प्रकृतिमुपेयुषि यद्भवप्रवाहः ।।३२।। त्रिभुवनकमनं तमालवर्णं रविकरगौरवराम्बरं दधाने ।। वपुरलककुलावृताननाब्जं विजयसखे रतिरस्तु मेऽनवद्या ।।३३।। युधि तुरगरजोविधूम्रविष्वक्कचलुलितश्रमवार्यलंकृतास्ये ।। मम निशितशरैर्विभिद्यमानत्वचि विलसत्कवचेऽस्तु कृष्ण आत्मा ।। ३४ ।। सपदि सखिवचो निशम्य मध्ये निजपरयोर्दलयो रथं निवेश्य ।। स्थितवति परसैनिकायुरक्ष्णा हृतवति पार्थसखे रतिर्ममास्तु ।। ३५ ।। व्यवहितपृतनामुखं निरीक्ष्य स्वजनवधाद्विमुखस्य दोषबुद्ध्या ।। कुमतिमहरदात्मविद्यया यश्चरणरतिः परमस्य तस्य मेऽस्तु ।। ३६ ।। स्वनिगममपहाय मत्प्रतिज्ञामृतमधिकर्तुमवप्लुतो रथस्थः ।। धृतरथचरणोऽभ्ययाच्चलद्गुर्हरिरिव हन्तुमिभं गतोत्तरीयः ।। ३७ ।। शितविशिखहतो विशीर्णदंशः क्षतजपरिप्लुत आततायिनो मे ।। प्रसभमभिससार मद्वधार्थं स भवतु मे भगवान्गतिर्मुकुन्दः ।। ३८ ।। विजयरथकुटुम्ब आत्ततोत्रे धृतहयरश्मिनि तच्छ्रियेक्षणीये ।। भगवति रतिरस्तु मे मुमूर्षोर्यमिह निरीक्ष्य हता गताः स्वरूपम् ।। ३९ ।। ललितगतिविलासवल्गु-

श्रीकृष्णले आत्मज्ञान द्वारा हरिदिएका थिए, ती परमपुरुषका चरणमा मेरो प्रेम होस् ।।३६।। जुन श्रीकृष्ण आफ्नो प्रतिज्ञा त्यागेर मेरो प्रतिज्ञा सत्य पार्नको निम्ति रथबाट जल वर्लिएररथको पांग्रा लिई हात्तीलाई मार्न तयार सिंह जस्तै मेरो सामुन्ने आए, अनि पृथ्वी कम्पित भइन् र संभ्रममा तिनका काँधको पछ्यौरा भूमिमा झर्‍यो । *भीष्मपितामह भन्दछन्—यी सबै हजुरले मेरो प्रतिज्ञा पूर्ण गर्न नै गर्नुभएको थियो ।।३७।। अनि मैले आफ्ना बाणहरूले यिनलाई हिर्काएँ । जब यिनको कवच काटियो, तब शरीरबाट रगत बग्न लाग्यो, तैपनि कृष्ण मलाई मार्नको निम्ति वेगले मेरो सामुन्ने आए । तिनै मुकुन्द मेरा गति होउन् ।।३८।। कुटुम्ब झैं अर्जुनका रथको रक्षा गर्ने, कोर्रा लिएका र घोडाको डोरी समातेका, त्यस वेलाको शोभा हेर्न योग्य यी श्रीकृष्णमा म मर्न खोज्नेको प्रेम होस्, जसलाई देखेर यस युद्धमा मरेका अगणित प्राणी यिनैको रूपमा प्राप्त भइसकेका छन् ।।३९।। उत्तम गति, पवित्र लीला, सुन्दर

* कथान्तर—महाभारतको संग्राममा श्रीकृष्णले यस्तो प्रतिज्ञा गरेका थिए— युद्धमा म अस्त्र उठाउने छैन । उता भीष्मपितामहले एक दिन यस्तो प्रतिज्ञा गरेका थिए—आज श्रीकृष्णलाई अवश्य शस्त्र ग्रहण गराउने छु । यसै निम्ति त्यस दिन भीष्मले यस्तो भयङ्कर बाण वर्षा गरे कि त्यसले विकल भएर श्रीकृष्ण रथको पांग्रा लिई भीष्मलाई मार्न दगुरेका थिए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हास्य तथा प्रेमपूर्वक हेरेर हजुरले आफ्ना जुन गोपीहरूको आदर गर्नुभएको थियो, प्रेमोन्मादले अन्धी भएर पनि श्रीकृष्णको गोवर्धन धारण आदि कर्महरूको लीला गरे ती हजुरकैरूपमा मिले ॥४०॥ धर्मराज युधिष्ठिरको राजसूय यज्ञमा जसले मुनिगण तथा श्रेष्ठ राजाहरूले मर्गएको सभामाहेनँ योग्य पूजा पाएका थिए, तिनै सर्वै लोकका आत्मा श्रीकृष्ण मेरा नेत्रको साम्नुन्ने छन्, मेरो भाग्य धन्य छ ॥४१॥ आफूले रचेका प्रत्येक प्राणिहरूको हृदय र प्रत्येक नयनमा अनेक रूपमा देखिने एक सूर्य समानस्थित यी अजन्मा श्रीकृष्णजीका चरणमा भेद र मोहले रहित भई म प्राप्त भएको छु ॥४२॥ सूतजी भन्दछन्—यसरी परमात्मा श्रीकृष्ण भगवान्मा मन, वचन तथा दृष्टिकावृत्तिहरूबाट प्रविष्ट भएर तथा भित्र श्वास तानेर भीष्मपितामह सधैँको लागि शान्त भए ॥४३॥ भीष्मलाई उपाधि रहित ब्रह्ममा लीन भएका जानेर सबै जना रात्रिको समयमा पक्षिहरू मौन भए झैं मौन भए ॥४४॥ त्यस वखत देवताहरू र मनुष्य हरू द्वारा बजाइएका विभिन्न बाजाहरू बज्नलागे र राजाहरूको माझमा जो साधु थिए, ती उनको प्रशंसा गर्नलागे र आकाशबाट फूलको वर्षा हुन लाग्यो ॥४५॥ त्यस वखत

हासप्रणयनिरीक्षणकल्पितोरुमानाः ॥ कृतमनुकृतवत्य उन्मदान्धाः प्रकृतिमगन्किल यस्य गोपवध्वः ॥ ४० ॥ मुनिगणनृपवर्यसंकुलेऽन्तः सदसि युधिष्ठिरराजसूय एषाम् ॥ अर्हणमुपपेद ईक्षणीयो मम दृशि गोचर एष आविरात्मा ॥ ४१ ॥ तमिममहमजं शरीरभाजां हृदि हृदि धिष्ठितमात्मकल्पितानाम् ॥ प्रतिदृशमिव नैकधाऽर्कमेकं समधिगतोऽस्मि विधूतभेदमोहः ॥ ४२ ॥ सूत उवाच ॥ कृष्ण एवं भगवति मनोवाग्दृष्टिवृत्तिभिः ॥ आत्मन्यात्मानमावेश्य सोऽन्तःश्वास उपारमत् ॥४३॥ संपद्यमानमाज्ञाय भीष्मं ब्रह्मणि निष्कले ॥ सर्वे बभूवुस्ते तूष्णीं वयांसीव दिनात्यये ॥४४॥ तत्र दुन्दुभयो नेदुर्देवमानववादिताः ॥ शशंसुः साधवो राज्ञां खात्पेतुः पुष्पवृष्टयः ॥ ४५ ॥ तस्य निर्हरणादीनि संपरेतस्य भार्गव ॥ युधिष्ठिरः कारयित्वा मुहूर्तं दुःखितोऽभवत् ॥ ४६ ॥ तुष्टुवुर्मुनयो हृष्टाः कृष्णं तद्गुह्यनामभिः ॥ ततस्ते कृष्णहृदयाः स्वाश्रमान् प्रययुः पुनः ॥ ४७ ॥ ततो युधिष्ठिरो गत्वा सहकृष्णो गजाह्वयम् ॥ पितरं सान्त्वयामास गांधारीं च तपस्विनीम् ॥ ४८ ॥ पित्रा चानुमतो राजा वासुदेवानुमोदितः ॥ चकार राज्यं धर्मेण पितृपैतामहं विभुः ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे युधिष्ठिरराज्यप्रलम्भनो नाम नवमोऽध्यायः ॥ ६ ॥ शौनक उवाच ॥ हत्वा स्वरिक्थस्पृध आततायिनो युधिष्ठिरो धर्मभृतां वरिष्ठः ॥ सहानुजैः प्रत्यवरुद्धभोजनः कथं प्रवृत्तः किमकारषीत्ततः ॥ १ ॥

ती दिवंगत भीष्मको दाह आदि संस्कार गराएर युधिष्ठिर केही बेरसम्म दुःखित भए ॥४६॥ मुनिहरू प्रसन्न भएर श्रीकृष्णको स्तुति गर्नलागे। त्यसपछि श्रीकृष्णका चरणमा मनलाई लगाउँदै ती सबै आफ्ना-आफ्ना आश्रममा गए ॥ ७॥ तदनन्तर श्रीकृष्ण र युधिष्ठिरले हस्तिनापुर गएर धृतराष्ट्र तथा तपस्विनी गान्धारीलाई बुझाए ॥४८॥ अनि धृतराष्ट्रको आज्ञा र श्रीकृष्णको कथनानुसार राजा युधिष्ठिर पिता-पितामहरूद्वारा पालित राज्यको धर्मपूर्वक शासन गर्नलागे ॥४९॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ'कृत नेपाली भाषा-टीकायां युधिष्ठिर राज्यप्रलम्भनो नाम नवमोऽध्यायः ॥९॥ यस अध्यायमा श्रीकृष्ण द्वारकापुरी जाने वृत्तान्त। शौनक भन्दछन्—आफ्नो धन खोस्न इच्छुक दुर्योधनादि आततायीहरूलाई मारेर धर्मराज युधिष्ठिर बन्धु-बधको कष्टले दुःखी भएर राज्य भोग गर्दै भाईहरू समेत कसरी बसे र त्यसपछि उनले के गरे? ॥१॥ सूतजी भन्दछन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दावामलले डढेका बाँस झैं कुरुवंशलाई पुनः अंकुरित गराई संसारलाई उत्पन्न गर्ने श्रीकृष्ण युधिष्ठिरलाई राज्य-सिंहासनमा बसालेर प्रसन्न भए ।।२।। भीष्म तथा श्रीकृष्णको कथन सुनेर विज्ञानले नष्ट-भ्रम युधिष्ठिरले आफ्ना भाइहरूद्वारा सेवित तथा श्रीकृष्णका आश्रित भएर इन्द्र समान समुद्रपर्यन्त पृथ्वीको पालन गरे ।।३।। युधिष्ठिरको राज्यमा इच्छानुसार पानी पर्दथ्यो । पृथ्वी सबै मनोरथ पूर्ण पार्दथिन् र ठूला-ठूला थन भएकी गाई आफ्नो बस्ने स्थानलाई दूधले भिजाइराख्दथे । नदी, समुद्र, पर्वत, वनस्पति तथा लताहरू समेत औषधिहरू प्रत्येक ऋतुमा फुल्थे र फल्दथे, प्राणिहरूका दैहिक, दैविक र भौतिक क्लेश, मानसिक पीड़ा एवं शारीरिक रोग शान्त पार्दै रहन्थे ।।४–६।। मित्रहरूको शोक हरण गर्न तथा सुभद्रालाई प्रसन्न पार्नको निम्ति केही महीना हस्तिनापुरमै बसेर श्रीकृष्ण युधिष्ठिरबाट आज्ञा लिई, उनलाई प्रणाम गरेर रथमा चढे । केही व्यक्तिले उनलाई छातीमा टाँसी

सूत उवाच ।। वंशं कुरोर्वंशदवाग्निनिर्हतं संरोहयित्वा भवभावनो हरिः ।। निवेशयित्वा निजराज्य ईश्वरो युधिष्ठिरं प्रीतमना बभूव ह ।। २ ।। निशम्य भीष्मोक्तमथाच्युतोक्तं प्रवृत्तविज्ञानविधूतविभ्रमः ।। शशास गामिन्द्र इवाजिताश्रयः परिध्युपान्तामनुजानुवर्त्तितः ।। ३ ।। कामं ववर्ष पर्जन्यः सर्वकामदुघा मही ।। सिषिचुः स्म व्रजान्गावः पयसोधस्वतीर्मुदा ।। ४ ।। नद्यः समुद्रा गिरयः सवनस्पतिवीरुधः ।। फलन्त्योषधयः सर्वाः काममन्वृतु तस्य वै ।। ५ ।। नाधयो व्याधयः क्लेशा दैवभूतात्महेतवः ।। अजातशत्रावभवन्जन्तूनां राज्ञि कर्हिचित् ।। ६ ।। उषित्वा हास्तिनपुरे मासान्कतिपयान्हरिः ।। सुहृदां च विशोकाय स्वसुश्च प्रियकाम्यया ।। ७ ।। आमन्त्र्य चाभ्यनुज्ञातः परिष्वज्याभिवाद्य तम् ।। आरुरोह रथं कैश्चित्परिष्वक्तोऽभिवादितः ।। ८ ।। सुभद्रा द्रौपदी कुन्ती विराटतनया तथा ।। गांधारी धृतराष्ट्रश्च युयुत्सुर्गौतमो यमौ ।। ९ ।। वृकोदरश्च धौम्यश्च स्त्रियो मत्स्यसुतादयः ।। न सेहिरे विमुह्यन्तो विरहं शार्ङ्गधन्वनः ।। १० ।। सत्सङ्गान्मुक्तदुःसङ्गो हातुं नोत्सहते बुधः ।। कीर्त्यमानं यशो यस्य सकृदाकर्ण्य रोचकम् ।। ११ ।। तस्मिन्न्यस्तधियः पार्थाः सहेरन्विरहं कथम् ।। दर्शनस्पर्शसंलापशयनासनभोजनैः ।। १२ ।। सर्वे तेऽनिमिषैरक्षैस्तमनुद्रुतचेतसः ।। वीक्षन्तः स्नेहसंबद्धा विचेलुस्तत्र तत्र ह ।। १३ ।। न्यरुन्धन्नुद्गलद्बाष्पमौत्कण्ठ्याद्देवकीसुते ।। निर्यात्यगारान्नोऽभद्रमि·

प्रणाम गरे ।।७।।८।। सुभद्रा, द्रौपदी, कुन्ती, राजा विराटकी कन्या उत्तरा, गान्धारी, धृतराष्ट्र, युयुत्सु, गौतम, नकुल र सहदेव ।।९।। भीम, धौम्य र सत्यवती आदि स्त्रीहरू श्रीकृष्णको वियोग सहन नसक्नाले विकल भए ।।१०।। सत्संगले जसको दुष्टसंग छूटेर जान्छ, त्यसता ज्ञानी पुरुष सत्संग छाड्न मन पराउन्नन् । सज्जनहरू द्वारा प्रतिदिन अथवा एकपल्ट मात्र सुने पनि जसको यश रुचिकर हुन्छ ।।११।। तब दर्शन, स्पर्श, वार्तालाप, सुत्ने बस्ने र संगसंगै खान-पान गर्ने ती श्रीकृष्णजीमा संलग्न बुद्धि युधिष्ठिर आदि पाण्डव भगवान्को वियोग कसरी सहन सक्दथे ? ।।१२।। श्रीकृष्णका संगसंगै जसको मन पनि गइरहेको थियो, त्यस्तो स्नेह-पाशमा बाँधिएका व्यक्तिहरू आँखा नझिम्काई विकल नयनले प्रभुलाई हेर्दै अधीर हुन लागे ।।१३।। जब श्रीकृष्ण महलबाट बाहिर निस्के, द्रौपदी आदि स्त्रीहरूले उत्कण्ठाले गर्दा उर्लेर आएको आँसुको वेग यस कारण आँखामै रोके—कि अपशकुन नहुन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाओस् ॥१४॥ प्रस्थानको मौकामा मृदङ्ग, शङ्ख, नगरा, वीणा, पणव, गोमुख, ढोल तथा घण्टा आदि बाजा बज्नलागे ॥१५॥ प्रेम तथा लज्जापूर्वक हाँस्तै चियाउने कुलवती नगरीहरू प्रभुलाई हेर्ने इच्छाले महलहरूको कौसी अटालीमाथि चढेर भगवान् श्रीकृष्णमाथि पुष्पवर्षा गरे ॥१६॥ रत्न दण्ड युक्त तथा मोतिहरूको झालरले सुशोभित श्रीकृष्णको सेतो छत्र उनका प्रिय मित्र पार्थले पक्रे ॥१७॥ उद्धव र सत्यकिले अद्भुत व्यजन ग्रहण गरे । बाटोमा प्रभुमाथि बराबर फूल वर्षिरहेका थिए । त्यस बखत श्रीकृष्ण निकै शोभित भए ॥ १८ ॥ जताततै ब्राह्मणहरूको आशिर्वाद सुनिन्थ्यो, जुन निर्गुण ईश्वरको योग्य नभएर सगुण परमात्माको योग्य थिए ॥१९॥ श्रीकृष्णमा आसक्त चित्त भएका हस्तिनापुरका स्त्रीहरूको आपुसमा मनोहर वार्तालाप भयो ॥२०॥ ती भन्दै थिए–ती गुणहरूको लोभ र प्रपञ्च रहित तथा स्वरूपमा स्थित अद्वितीय पुरुष हुन् । प्रलयको बेलामा जुन ईश्वरमा सबै जीव लीन हुन्छन्, तिनै पुराण-पुरुषोत्तम यी श्रीकृष्णभगवान् हुन् ॥२१॥ नाम-रूपरहित आफ्नो आत्मामा नाम-रूपस्थापित गर्ने इच्छा राख्दै इनै शास्त्रवर्ता ईश्वरले आफ्नो कालशक्ति-प्रेरित सृष्टि गर्ने इच्छा भएकी

ति स्याद्बांधवस्त्रियः ॥ १४ ॥ मृदङ्गशंखभेर्यश्च वीणापणवगोमुखाः ॥ धुन्धुर्यानकघण्टाद्या नेदुर्दुन्दुभयस्तदा ॥ १५ ॥ प्रासादशिखरारूढाः कुरुनार्यो दिदृक्षया ॥ ववृषुः कुसुमैः कृष्णं प्रेमव्रीडास्मितेक्षणाः ॥ १६ ॥ सितातपत्रं जग्राह मुक्तादामविभूषितम् ॥ रत्नदण्डं गुडाकेशः प्रियः प्रियतमस्य ह ॥ १७ ॥ उद्धवः सात्यकिश्चैव व्यजने परमाद्भुते ॥ विकीर्यमाणः कुसुमै रेजे मधुपतिः पथि ॥ १८ ॥ अश्रूयन्ताशिषः सत्याः स्तत्र तत्र द्विजेरिताः ॥ नानुरूपाश्च ताः सर्वा निर्गुणस्य गुणात्मनः ॥१९॥ अन्योन्यमासीत्संजल्प उत्तमश्लोकचेतसाम् ॥ कौरवेन्द्रपुरस्त्रीणां सर्वश्रुतिमनोहरः ॥२०॥ स्त्रियः ऊचुः ॥ स वै किलायं पुरुषः पुरातनो य एक आसीदविशेष आत्मनि ॥ अग्रे गुणेभ्यो जगदात्मनीश्वरे निमीलितात्मन्निशि सुप्तशक्तिषु ॥२१॥ स एव भूयो निजवीर्यचोदितां स्वजीवगाथां प्रकृतिं सिसृक्षतीम् ॥ अनामरूपात्मनि रूपनामनी विधित्समानोऽनुससार शास्त्रकृत् ॥ २२ ॥ स वा अयं यत्पदमत्र सूरयो जितेन्द्रिया निर्जितमातरिश्वनः ॥ पश्यन्ति भक्त्युत्कलितामलात्मना नन्वेषु सत्त्वं परिमार्ष्टुमर्हति ॥ २३ ॥ स वा अयं सख्यनुगीतसत्कथो वेदेषु गुह्येषु च गुह्यवादिभिः ॥ य एक ईशो जगदात्मलीलया सृजत्यवत्यत्ति न तत्र सज्जते ॥ २४ ॥ यदा ह्यधर्मेण तमोधियो नृपा जीवन्ति तत्रैव हि सत्त्वतः किल ॥ धत्ते भगं सत्यमृतं दयां यशो भवाय रूपाणि दधद्युगे युगे ॥ २५ ॥ अहो अलं श्लाघ्यतमं

तथा आफ्ना अंशभूत जीवहरूलाई मोहित पान प्रकृतिलाई अंगीकार गरे ॥२२॥ यस संसारमा प्राणवायु जित्ने जितेन्द्रिय विद्वान् जसका चरणलाई उत्कण्ठावश निर्मल चित्तले हेर्दछन्, उनै यी श्रीकृष्ण हुन् र यिनै बुद्धि शुद्ध पार्न समर्थ छन् ॥२३॥ हे सखी ! वेदहरू र नारद-पंचरात्र आदि ग्रन्थहरूमा ती शास्त्रहरू बनाउने आचार्य जसको सत्य मायाको ज्ञान
९५ गर्दछन् र भन्दछन् कि जो एक ईश्वर आफ्नो लीलाले संसारलाई रच्तछ, पालन तथा संहार गर्दछ—परन्तु आफू त्यसमा आसक्त हुँदैन, उनै यो श्रीकृष्ण भगवान् हुन् ॥२४॥ जब तमोगुणी राजाहरू अधर्मवश केवल आफ्नो प्राण-पोषण गर्दछन्, तब यिनै श्रीकृष्ण प्रजा-पालनको निम्ति प्रत्येक युगमा सत्वगुणमय रूप धारण गरेर सत्य ऐश्वर्य, सत्य प्रतिज्ञा र यशको संसारमा विस्तार गर्दछन् ॥२५॥ अहो ! यदुवंशी ठूलो प्रशंसाको योग्य छन्, जहाँ पुरुषहरूमा श्रेष्ठ यी लक्ष्मीपति विष्णुले जन्म लिएर यस वंशको सत्कार गरे, मधुवन मथुरा पनि अति

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पवित्र छ, जसको यी आफ्नो आवागमनले पूजा गर्दछन् ॥२६॥ ठूलो सौभाग्यको कुरा छ कि स्वर्गको यशलाई तिरस्कृत गर्ने भएको द्वारका पनि पृथ्वीलाई पवित्र पार्दछिन्, किनकि द्वारका निवासी दयाले प्रेरित र मन्द हाँसोयुक्त दृष्टि भएका आफ्ना प्रभु श्रीकृष्णलाई नित्य देख्दछन् ! हे सखि हो ! यिनका स्त्रीहरूले व्रत, स्नान र हवन आदिले अन्य जन्महरूमा ईश्वरको विधिवत् पूजा गरेका हुनन्, त्यसैले त श्रीकृष्णलाई पतिरूपमा पाएर उनका ती अधरामृत पान गर्दछन्–जसको प्राप्तिको इच्छाले व्रजकी नारीहरू उन्मत्त भएका छन्॥२७-२८॥ स्वयंवरमा शिशुपाल आदि बलवान् राजाहरूलाई जितेर पराक्रमरूपी मूल्यले ल्याइएकी रुक्मिणी, जाम्बवती, नाग्नजिती आदि स्त्रीहरू र भौमासुरको वध गरेर जुन हजारौं स्त्रीहरू ल्याइए ॥२९॥ ती स्वतन्त्रतारहित अपवित्र स्त्री जीवनलाई उत्तम तुल्याइरहेका छन् किनकि पारिजातादि ल्याएर तिनको हृदयलाई आनन्द दिंदै कमल-लोचन कृष्ण ती स्त्रीहरूको घरबाट कहिल्यै

यदोः कुलं अहो अलं पुण्यतमं मधोर्वनम् ॥ यदेष पुंसामृषभः श्रियः पतिः स्वजन्मना चंक्रमणेन चाञ्चति ॥ २६ ॥ अहो बत स्वर्यशसस्तिरस्करी कुशस्थली पुण्ययशस्करी भुवः ॥ पश्यन्ति नित्यं यदनुग्रहेषितस्मितावलोकं स्वपतिं स्म यत्प्रजाः ॥ २७ ॥ नूनं व्रतस्नानहुतादिनेश्वरः समर्चितो ह्यस्य गृहीतपाणिभिः ॥ पिबन्ति याः सख्यधरामृतं मुहुर्व्रजस्त्रियः संमुमुहुर्यदाशयाः ॥ २८ ॥ या वीर्यशुल्केन हृताः स्वयंवरे प्रमथ्य चैद्यप्रमुखान्हि शुष्मिणः ॥ प्रद्युम्नसाम्बाम्बसुतादयोऽपरा याश्चाहृता भौमवधे सहस्रशः ॥ २९ ॥ एताः परं स्त्रीत्वमपास्तपेशलं निरस्तशौचं बत साधु कुर्वते ॥ यासां गृहात्पुष्करलोचनः पतिर्न जात्वपत्याहृतिभिर्हृदि स्पृशन् ॥ ३० ॥ एवंविधा गदन्तीनां स गिरः पुरयोषिताम् ॥ निरीक्षणेनाभिनन्दन्सस्मितेन ययौ हरिः ॥ ३१ ॥ अजातशत्रुः पृतनां गोपीथाय मधुद्विषः ॥ परेभ्यः शङ्कितः स्नेहात्प्रायुङ्क्त चतुरङ्गिणीम् ॥ ३२ ॥ अथ दूरागताञ्छौरिः कौरवान्विरहातुरान् ॥ सन्निवर्त्य दृढं स्निग्धान्प्रायात्स्वनगरीं प्रियैः ॥ ३३ ॥ कुरुजाङ्गलपाञ्चालाञ्छूरसेनान्सयामुनान् ॥ ब्रह्मावर्तं कुरुक्षेत्रं मत्स्यान्सारस्वतानथ ॥ ३४ ॥ मरुधन्वमतिक्रम्य सौवीराभीरयोः परान् ॥ आनर्तान्भार्गवोपागाच्छ्रान्तवाहो मनाग्विभुः ॥ ३५ ॥ तत्र तत्र ह तत्रत्यैर्हरिः प्रत्युद्यतार्हणः ॥ सायं भेजे दिशं पश्चाद्गविष्ठो गां गतस्तदा ॥३६॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे दशमोऽध्यायः ॥१०॥

निस्कन्नन् ॥३०॥ यस्ता वचन भन्ने हस्तिनापुरकी स्त्रीहरूको मन्दहास्यपूर्ण दृष्टिबाट प्रशंसा पाउदै श्रीकृष्ण गइरहेका थिए ॥३१॥ शत्रुहरूबाट सशंक युधिष्ठिरले कृष्णको रक्षाका निम्ति हात्ती, घोडा, रथ र पैदलका चतुरंगिणी सेना साथमा दिएका थिए ॥३२॥ त्यसपछि परसम्म आएका तथा वियोगले दुःखी र ठूलो प्रेमी कौरवहरूलाई फर्काएर श्रीकृष्ण उद्धवादिहरूका संगै आफ्नो द्वारकापुरी हिंडे ॥३३॥ कुरु, धङ्गल, पाञ्चाल, शूरसेन, यामुन, ब्रह्मावर्त, कुरुक्षेत्र,मत्स्य र सारस्वत आदि देशहरू उछिन्दै ॥३४॥ हे शौनक ! निर्जल,देश, अल्पोदक देश, सौवीर एवं आभीर देशको पल्लापट्टिका देशहरू नाघेर केही थाकेका घोडाहरू भएका श्रीकृष्णजी नगीचैका देशहरूमा पुगे ॥३५॥ ती देशहरूमा त्यहाँका निवासी मानिसहरूसित दर्शन भेट प्राप्त गरी सायंकालको वेलामा रथबाट भूमिमा बलर बसे । त्यसपछि जलाशयको नगीच गएर श्रीकृष्णले सन्ध्योपासन गरे ॥३६॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पं० गौरीशंकर 'वसिष्ठ'कृत नेपाली भाषा-टीकायां दशमोऽध्यायः ।।१०।। यस अध्यायमा भगवान् द्वारका पुगेर निवास गरेको वृत्तान्त वर्णित छ । सूतजी भन्छन्-द्वारकाको हरियो-भरियो प्रदेशमा गएर त्यहाँका निवासीहरूको शोक हरण गर्दै श्रीकृष्णले शङ्ख बजाउनुभयो ।।१।। दुवै हातको माझमा राखेर बजाइएको सेतोरङ्ग भएको शङ्ख श्रीकृष्णका ओंठको लीलाले रात भएर यस्तो शोभित भयो, जस्तै-रातो कमलहरूको माझमा बेसरी कराउने कुनै हंस बसेको होस् ।।२।। संसारलाई भयदायक त्यो ध्वनि सुनेर आफ्ना स्वामी श्रीकृष्णको दर्शनको इच्छाले सबै प्रजान तत्काल दगुरे ।।३।। जसरी मानिस सूर्यको अगाडि सादर दीपदान गर्दछन्, त्यस्तै प्रजाले आफ्नो लाभले पूर्णकाम, आत्माराम श्रीकृष्णलाई दर्शन-भेट समर्पण गरे ।।४।।

सूत उवाच ।। आनर्तान्स उपव्रज्य स्वृद्धाञ्जनपदान्स्वकान् ।। दध्मौ दरवरं तेषां विषादं शमयन्निव ।। १ ।। स उच्चकाशे धवलोदरो दरोऽप्युरुक्रमस्याधरशोणशोणिमा ।। दाध्मायमानः करकञ्जसंपुटे यथाऽब्जषण्डे कलहंस उत्स्वनः ।। २ ।। तमुपश्रुत्य निनदं जगद्भयभयावहम् ।। प्रत्युद्ययुः प्रजाः सर्वा भर्तृदर्शनलालसाः ।। ३ ।। तत्रोपनीतबलयो रवेर्दीपमिवादृताः ।। आत्मारामं पूर्णकामं निजलाभेन नित्यदा ।। ४ ।। प्रीत्युत्फुल्लमुखाः प्रोचुर्हर्षगद्गदया गिरा ।। पितरं सर्वसुहृदमवितारमिवार्भकाः ।। ५ ।। नताः स्म ते नाथ सदाङ्घ्रिपङ्कजं विरिञ्चिवैरिञ्च्यसुरेन्द्रवन्दितम् ।। परायणं क्षेममिहेच्छतां परं न यत्र कालः प्रभवेत्परः प्रभुः ।। ६ ।। भवाय नस्त्वं भव विश्वभावन त्वमेव माताऽथ सुहृत्पतिः पिता ।। त्वं सद्गुरुर्नः परमं च दैवतं यस्यानुवृत्त्या कृतिनो बभूविम ।। ७ ।। अहो सनाथा भवता स्म यद्वयं त्रैविष्टपानामपि दूरदर्शनम् ।। प्रेमस्मितस्निग्धनिरीक्षणाननं पश्येम रूपं तव सर्वसौभगम् ।। ८ ।। यर्ह्यम्बुजाक्षापससार भो भवान्कुरून्मधून्वाऽथ सुहृद्दिदृक्षया ।। तत्राब्दकोटिप्रतिमः

जस्तै पितासित पुत्र बोल्दछन्, त्यस्तै गरी सबैको मित्र तथा रक्षा गर्ने श्रीकृष्णको प्रति प्रसन्न अनुहार भएका प्रजानन हर्षले गद्गद् भएर भन्नलागे–।।५।।*हे नाथ ! उत्तम गतिको इच्छा गर्ने पुरुषहरूका शरणदाता तथा ब्रह्मा, नारद र इन्द्र जसलाई प्रणाम गर्दछन्, यस्ता हजुरका चरण कमललाई हामी सदैव प्रणाम गर्दछौं, किनकि ब्रह्मादिका प्रभु काल पनि हजुर भगवान्का शरणमा जानेहरूको केही बिगार गर्नसक्तैनन् ।।६।। हे विश्वभावन! हजुर हामीहरूको कल्याण गर्नुहवस् । हजुर हाम्रा माता-पिता, मित्र र पति हुनुहुन्छ । हजुर हामीहरूका उत्तम गुरु र सर्वप्रधान देवता हुनुहुन्छ । हजुरको अनुसरण गरेर हामीहरू आफूलाई कृतार्थ ठानिरहेका छौं ।।७।। देवगणलाई पनि कठिनले दृष्टिगोचर हुने, मन्दहाँसो र अवर्णनीय शोभा-

---

* उदाहरण—पूर्वकालमा यौटा सत्यवादी राजाको नोकर खुशामदी थियो र राजालाई खुशामद मनपर्दैनथ्यो । एक दिन राजाले त्यसलाई बुझाउने निश्चय गरे । त्यसको निम्ति ती समुद्र किनारमा डुल्न गए । समुद्रमा बलको नगीचै राजा मंचमा बसे । अब खुशामदी नोकरले खुशामद आरम्भ गऱ्यो–'हे राजन् ! हजुर यस पृथ्वीका स्वामी हुनुहुन्छ । समुद्र हजुरको आज्ञा मान्दछ ।' त्यसै बखत समुद्रमा ज्वार उठ्न लाग्यो । राजाले भने–'ए समुद्र ! पछि हट !' समुद्र हटेन । राजाले भन्यो— समुद्र ! तँ किन हट्तैनस् ? मान्दैनस् भने तँलाई दण्ड दिइने छ ।' तर ज्वार झन् बढ्दै गयो । अब राजाले त्यो खुशामदीतिर हेरेर भने–'ए खुशामदी ! तेरो झुठो खुशामदले म ठगिन आँटें । यस्तो हुन सक्तैन । पृथ्वी, पानी, समुद्र, सूर्य र चन्द्रमालाई प्रभुले बनाउनु भएको हो । यस निम्ति उनै प्रभुको स्तुति गर–उनैको जय भन । मेरो खुशामदले तँलाई के मिल्दछ ? हेर त, यो साधारण ज्वार पनि रोकिएन । अतएव भगवानलाई नै सम्मान देउ र उनैको सेवा गर ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्त हजुरको मुखकमल देखेर हामी आफूलाई सनाथ ठान्दछौं ॥ ८ ॥ हे कमलनेत्र ! जब कहिल्यै हजुर पाण्डवकहाँ हस्तिनापुर तथा व्रजवासीहरूसित भेटन मथुरा अथवा कुनै मित्रसित भेटन अन्यत्र कहीं पाल्नुहुन्छ, तब हाम्रो एक-एक क्षण करोड़ वर्षको समान लामो भएर ठूलो कष्टले बित्तछ । हे अच्युत ! हजुरको वियोगमा हाम्रो उही दशा हुन्छ जो सूर्यास्त भएपछि अन्धकारले ढाकिएको संसारको हुन्छ । भक्तवत्सल भगवान् आफ्ना प्रजाको त्यस्तो सरल कुरा सुनी आफ्नो दृष्टिले प्रेम प्रकट गर्दै द्वारकापुरीमा प्रविष्ट भए जहाँ मधु, भोज, दाशार्ह, अर्ह र कुकुर वंशका ठूला-ठूला वीर त्यस नगरको रक्षा गर्न नियुक्त थिए । ती सबै श्रीकृष्णकै समान वीर थिए । ती उसै गरी सतर्कता साथ द्वारकाको रक्षा गर्दथे, जसरी नागगण नागलोक (भोगवती पुरी) को रक्षा गर्दछन् ॥९-११॥ जुन नगरीको भित्र-बाहिर सबै ऋतुहरूमा फुल्ने-फल्ने वृक्षहरू, लताकुञ्ज, उद्यान, उपवन, आराम (बगैंचा) को संगसंगै फक्रेका कमल पुष्पहरूले भरिएका ठूला-ठूला सरोवर विद्यमान थिए ॥१२॥ जुन नगरीको मुख्यद्वारहरू, सबै घरका ढोकाहरू र बाटोहरूमा त्यहाँका निवासीहरूले कौतुकवश अनेक थरिका तोरण

क्षणो भवेद्रविं विनाक्ष्णोरिव नस्तवाच्युत ॥९॥ इति चोदीरिता वाचः प्रजानां भक्तवत्सलः ॥ शृण्वानोऽनुग्रहं दृष्ट्या वितन्वन्प्राविशत्पुरीम् ॥१०॥ मधुभोजदशार्हार्हकुकुरान्धकवृष्णिभिः ॥ आत्मतुल्यबलैर्गुप्तां नागैर्भोगवतीमिव ॥ ११ ॥ सर्वर्तुसर्वविभवपुण्यवृक्षलताश्रमैः ॥ उद्यानोपवनारामैर्वृतपद्माकरश्रियम् ॥ १२ ॥ गोपुरद्वारमार्गेषु कृतकौतुकतोरणाम् ॥ चित्रध्वजपताकाग्रैरन्तःप्रतिहतातपाम् ॥ १३ ॥ संमार्जितमहामार्गरथ्यापणकचत्वराम् ॥ सिक्तां गन्धजलैरुप्तां फलपुष्पाक्षतांकुरैः ॥ १४ ॥ द्वारि द्वारि गृहाणां च दध्यक्षतफलेक्षुभिः ॥ अलंकृतां पूर्णकुम्भैर्बलिभिर्धूपदीपकैः ॥१५॥ निशम्य प्रेष्ठमायान्तं वसुदेवो महामनाः ॥ अक्रूरश्चोग्रसेनश्च रामश्चाद्भुतविक्रमः ॥१६॥ प्रद्युम्नश्चारुदेष्णश्च साम्बो जाम्बवतीसुतः ॥ प्रहर्षवेगोच्छ्वसितशयनासनभोजनाः ॥१७॥ वारणेन्द्रं पुरस्कृत्य पाणिभिश्च सुमङ्गलैः ॥ शंखतूर्यनिनादेन ब्रह्मघोषेण चादृताः ॥ प्रत्युज्जग्मू रथैर्हृष्टाः प्रणयागतसाध्वसाः ॥१८॥ वारमुख्यश्च शतशो यानैस्तद्दर्शनोत्सुकाः ॥ लसत्कुण्डलनिर्भातकपोलवदनश्रियः ॥ १९ ॥ नटनर्तकगन्धर्वाः सूतमागधवन्दिनः ॥ गायन्ति

लगाइराखेका थिए । चित्र-विचित्र किसिमका ध्वजा र पताकाहरू फरफराइरहेका थिए । ती यति बर्ता थिए कि बाटोमा घाम लाग्दैनथ्यो, किनकि सारा सड़कमा छाया भएको थियो ॥१३॥ त्यस नगरीका लामा र चाक्ला सड़कहरू स्वच्छ थिए । ती भन्दा केही कम चाक्लो बाटो र बजारका गल्लीहरूमा सुगन्ति जल छर्केर अनेक थरिका फल फूल दूबो र अक्षता आदिले सजाइएको थियो प्रत्येक द्वारका निवासीको ढोकामा भरिएका कलश राखिएका थिए र मङ्गलाचारको निम्ति कहतारामा दही अक्षता, फल (नरिवल) शक्कर तथा धूप दीप आदि सामग्री भरी राखिएका थिए । महाभनास्वी वसुदेव, अद्भुत पराक्रमी बलराम, प्रद्युम्न र जाम्बवतीका छोरा साम्ब आदिले जब सुने—श्रीकृष्ण हस्तिनापुरीबाट पाल्नुभयो— तब बर्ता हर्षले आसन, शयन, भोजन आदि छाडेर सर्वश्रेष्ठ हात्ती र मङ्गलमयी वस्तुहरू हातमा लिई ब्राह्मणहरूलाई अघि लगाई शङ्ख, मृदङ्ग आदि बाजा बजाउँदै र ब्राह्मणहरू द्वारा वेदमन्त्रको पाठ गराउँदै—॥१४-१८॥ बढी प्रेमको आतुरी दर्शाउँदै ती रथहरूमा चढी हिंडेका थिए । हजारौं वेश्याहरू भिन्नै भगवान्को दर्शन गर्ने उत्सुकतावश अनेक थरिका वाहनहरूमा चढेर हिंडे । त्यस बखत कानमा लगाएका कुण्डलहरूले तिनका कपोलको र मुखको शोभा हेरिरहौं जस्तै थियो ॥१९॥ नट (नौ रसहरूको अभिनय गर्नमा) नर्तक (नाच्ने जन)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायक, सूत र पुराणहरूका कथा सुनाउने, मागध र वंशावली वर्णन गर्ने र बन्दीजन र समयानुकूल कुरा गर्ने पवित्र-चरित्र भगवान् कृष्णचन्द्रका अद्भुत चरित्रहरूको गान गर्दै गए जब तिनीहरू प्रभुको समक्ष पुगे तब ती भगवान् श्रीकृष्ण सबै बन्धुहरू र अनुगामी पुरवासीहरूसित विधिवत् प्रेमपूर्वक भेटे र सबैको सम्मान गरे ॥२१॥ न्युरेर प्रणाम, अलिङ्गन, उनका हातले स्पर्श, मन्दहास्ययुक्त अवलोकन आदि भावहरूले त्यहाँ गएका चाण्डालदेखि ब्राह्मण-क्षत्रियसम्म सबैलाई श्रीकृष्णले गद्गद् पारिदिए र जसले जे वरदानको इच्छा गरे त्यो पाए ॥२२॥ त्यसपछि गुरुजन र सपत्नीक वृद्ध ब्राह्मणहरूको आशीर्वादात्मक वाक्य सुन्दै भगवान् कृष्णचन्द्र आफ्ना बान्धवहरूसित द्वारकापुरीमा प्रविष्ट भए ॥२३॥ हे शौनक ! जब भगवान् द्वारकाको विशाल राजमार्गमा जानलागे तब उनलाई हेर्ने अभिलाषा लिएर त्यहाँका स्त्रीहरू आफ्ना-आफ्ना अटालीहरूमा चढे ॥२४॥ यद्यपि ती स्त्रीहरू नित्य भगवान्‌को दर्शन गर्दै रहन्थे, तापनि ती शोभाधामको शोभा बारम्बार हेरेर पनि तिनका आँखा अघाउँदैनथे ॥२५॥ फेरि भगवान् पनि त लरतरा थिएनन्—उनको हृदयमा साक्षात् लक्ष्मीको

चोत्तमश्लोकचरितान्यद्भुतानि च ॥ २० ॥ भगवाँस्तत्र बंधूनां पौराणामनुवर्तिनाम् ॥ यथाविध्युपसंगम्य सर्वेषां मानमादधे ॥ २१ ॥ प्रह्वाभिवादनाश्लेषकरस्पर्शस्मितेक्षणैः ॥ आश्वास्य चाश्वपाकेभ्यो वरैश्चाभिमतैर्विभुः ॥ २२ ॥ स्वयं च गुरुभिर्विप्रैः सदारैः स्थविरैरपि ॥ आशीर्भिर्युज्यमानोऽन्यैर्वन्दिभिश्चाविशत्पुरम् ॥ २३ ॥ राजमार्गं गते कृष्णे द्वारकायाः कुलस्त्रियः ॥ हर्म्याण्यारुरुहुर्विप्र तदीक्षणमहोत्सवाः ॥ २४ ॥ नित्यं निरीक्षमाणानां यदपि द्वारकौकसाम् ॥ न वितृप्यन्ति हि दृशः श्रियो धामाङ्गमच्युतम् ॥२५॥ श्रियो निवासो यस्योरः पानपात्रं मुखं दृशाम् ॥ बाहवो लोकपालानां सारङ्गाणां पदाम्बुजम् ॥ २६ ॥ सितातपत्रव्यजनैरुपस्कृतः प्रसूनवर्षैरभिवर्षितः पथि ॥ पिशङ्गवासा वनमालया बभौ घनो यथार्कोडुपचापवैद्युतैः ॥२७॥ प्रविष्टस्तु गृहं पित्रोः परिष्वक्तः स्वमातृभिः ॥ ववन्दे शिरसा सप्त देवकीप्रमुखा मुदा ॥२८॥ ताः पुत्रमङ्कमारोप्य स्नेहस्नुतपयोधराः ॥ हर्षविह्वलितात्मानः शिषिचुर्नेत्रजैर्जलैः ॥ २९ ॥ अथाविशत्स्वभवनं सर्वकाममनुत्तमम् ॥ प्रासादा यत्र पत्नीनां सहस्राणि च षोडश ॥ ३० ॥ पत्न्यः

निवास थियो। तिनको स्वच्छ मुखमण्डल सबैका आँखालाई सौन्दर्यरूपी अमृत पिलाउने कचौरा थियो। तिनका भुजाहरूमा लोकपालहरूको निवास थियो र उनका चरण-कमल भक्तहरूको विश्रामस्थल थियो ॥२६॥ सेतो छाता र व्यजनले मण्डितहुँदै भगवान् गइरहेका थिए। बाटोमा उनको माथि पुष्प-वृष्टि हुँदैरहन्थ्यो। यदि मेघमाथि सूर्य-बिम्ब होस् र त्यसको दुवैतिर दुइ चन्द्रमा हुन्, उनको चारैतिर नक्षत्र टल्किरहेका हुन्, माझमा यौटा अर्कोबो अभिमुख मिलेका दुइटा धनुष हुन् र त्यसको माझमा बिजुली स्थिर भएर बसेको होस् अनि उनको मुखको निम्ति उपमा उपयुक्त हुनसक्तछ ॥२७॥ त्यसपछि उनी आफ्नो घर पुगे। त्यहाँ आमाहरूले दगुर्दै उनलाई आफ्नो छातीमा टाँसे र भगवान्‌ले देवकी आदि सातै जना आमाहरूलाई ढोगे। आमाहरूले आफ्ना पुत्र कृष्णलाई काखामा बसाले र बर्ता स्नेहले तिनका स्तनबाट दूधको धारा बग्नलाग्यो। हर्षले तिनको आत्मा आकुल झैं भयो र तिनले आनन्द जनित आँसुले कृष्ण भगवान्‌लाई भिजाइदियो। त्यसपछि तो सबै आवश्यक वस्तुहरूले सुसज्जित अन्तःपुरमा सोह्र हजार रानीहरूलाई प्रसन्न पार्नको निम्ति गए ॥२८-३०॥ भगवान्‌का

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुक्मिणी आदि पत्नीहरूले जब भगवान्‌लाई परदेशबाट फर्कनुभएको देखे तब तुरुन्त आँखा तल निहुराई आ-आफ्ना आसनबाट उठेर उभिए त्यसै बखत तिनका *प्रोषित पतिका नायिका-को व्रत पनि समाप्त भयो ॥३१॥ पतिलाई आफूतिर आउनलागेका देखेर ती गम्भीर स्वभावका स्त्रीहरू पहिले आत्माद्वारा पतिसित मिले अनि दृष्टिले र त्यसपछि जब अङ्ग नजीकै आएर श्रीकृष्ण छोराहरूलाई हृदयमा टाँस्नलागे, अनि ती पनि अंकमाल गर्नलागे। यद्यपि तिनले रोक्ने निकै चेष्टा गरे तापनि आँखाबाट आँसुका केही थोपा चुहे। हे शौनक ! त्यति आँसु आउन त आयो, तर त्यसको निम्ति तिनी धेरै लज्जित भए ॥३२॥ यद्यपि भगवान् सदैव एकान्तमा तिनको नजीक नै रहन्थे, तापनि ती स्त्रीहरूका निम्ति पद-पदमा नयाँ नै देखिन्थे। जब कि चञ्चला लक्ष्मी पनि तिनका चरण छाड्दिनथिन्, अनि अर्की कुन स्त्री तिनका चरणलाई त्याग्न सक्तथे ? ॥३३॥ यस प्रकार पृथ्वीका सारभूत, अगणित अक्षौहिणीले युक्त, अमित प्रभावशाली एवं दुष्ट राजाहरूलाई आपुसमै जुधाएर उनले त्यसै गरी वध गराए, जसरी वायु बाँसहरूलाई घोटेर तिनमा आगो उत्पन्न गरेर सम्पूर्ण जंगललाई डढाइ-

पतिं प्रोष्य गृहानुपागतं विलोक्य संजातमनोमहोत्सवाः ॥ उत्तस्थुरारात्सहसाऽऽसनाशयात्साकं व्रतैर्व्रीडितलोचनाननाः ॥ ३१ ॥ तमात्मजैर्दृष्टिभि-रन्तरात्मना दुरन्तभावाः परिरेभिरे पतिम् ॥ निरुद्धमप्यास्रवदम्बु नेत्रयोर्विलज्जतीनां भृगुवर्य वैक्लवात् ॥ ३२ ॥ यद्यप्यसौ पार्श्वगतो रहोगतस्त-थापि तस्यांघ्रियुगं नवं नवम् ॥ पदे पदे का विरमेत तत्पदाच्चलाऽपि यच्छ्रीर्न जहाति कर्हिचित् ॥ ३३ ॥ एवं नृपाणां क्षितिभारजन्मनामक्षौहि-णीभिः परिवृत्ततेजसाम् ॥ विधाय वैरं श्वसनो यथानलं मिथो वधेनोपरतो निरायुधः ॥ ३४ ॥ स एष नरलोकेऽस्मिन्नवतीर्णः स्वमायया ॥ रेमे स्त्रीरत्नकूटस्थो भगवान्प्राकृतो यथा ॥३५॥ उद्दामभावपिशुनामलवल्गुहासव्रीडावलोकनिहतोमदनोऽपि यासाम् ॥ संमुह्य चापमजहात्प्रमदोत्तमास्ता यस्येन्द्रियं विमथितुं कुहकैर्न शेकुः ॥ ३६ ॥ तमयं मन्यते लोको ह्यसङ्गमपि सङ्गिनम् ॥ आत्मौपम्येन मनुजं व्यापृण्वानं यतोऽबुधः ॥ ३७ ॥ एत-दीशनमीशस्य प्रकृतिस्थोऽपि तद्गुणैः ॥ न युज्यते सदात्मस्थैर्यथा बुद्धिस्तदाश्रया ॥३८॥ तं मेनिरेऽबला मूढा स्त्रैणं चानुव्रतं रहः ॥ अप्रमाण-

दिन्छ, तर स्वयं उनले शस्त्रहरूलाई छुनसम्म पनि परेन ॥३४॥ यस्ता नारायण आफ्नी मायाले यस संसारमा अवतार लिएर ती स्त्रीहरूका साथ साधारण मनुष्य झैं विहार गर्नलागे ॥३५॥ जुन स्त्रीहरूको गम्भीर आशयको सूचना दिने मन्दहास्य तथा लाजले भरिएको वक्रदृष्टि द्वारा घाइते कामदेव पनि मोहित भयो र सान्है लाज मानेर उसले आफ्नो धनुष फालिदियो। ती स्त्रीहरू पनि आफ्नो कपटपूर्ण हाउ-भाउले जुन श्री कृष्णचन्द्रका इन्द्रियहरूलाई विचलित पार्न समर्थ भएनन् ॥ ३६ ॥ तिनै असङ्ग श्रीकृष्णचन्द्रलाई यो नीच संसार आफू जस्तै विषयी ठान्दछन्, किन भने त्यो मूर्ख त आफू समान नै उनलाई पनि हीन व्यापारमा लागेको देख्दछन् ॥३७॥ ती ईश्वरको सबैभन्दा ठूलो ईश्वरत्व यही छ कि ती प्रकृतिसितै रहेर पनि त्यसको सुख-दुःख आदि गुणहरूमा अल्झँदैनन्। जस्तै—आनन्द आदि राम्रा गुण आत्मामै रहन्छन् र बुद्धि आत्माको आश्रित

---

* उदाहरण—शास्त्रमा लेखिएको छ—क्रीडा शरीर संस्कारं समाजोत्सवदर्शनम्। हास्यं परगृहे यानं त्यजेप्रोषित भर्तृका। अर्थ—जुन स्त्रीको पति परदेश गएको छ, त्यसले खेल-कूद, शरीरको श्रृङ्गार आदि नगरोस्। कुनै सभा आदिमा नजाओस्, मेला तमाशा हेर्न नजाओस्, व्यर्थ नहाँसोस् र अर्काको घरमा बेकाममा बारम्बार जाने नगरोस्।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेर पनि त्यस आनन्दको नगीच पुग्न पाउन्नन् ॥३८॥ तिनको महिमालाई नजान्ने ती मूढ स्त्रीहरू ती नारायणलाई उस्तै विषयी (स्त्रैण) र आफ्नो वशीभूत ठान्दथे, जस्तै सधैं चञ्चल रहने बुद्धि ईश्वरलाई जान्न सक्तैनन् ॥ ३९॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर वसिष्ठकृत थाषाटीकायां एकादशोऽध्यायः ॥११॥ अब यस अध्यायमा राजा परीक्षितको जन्मको विवरण वर्णन गरिन्छ । यति कथा सुनेर शौनक भन्नलागे—हे सूतजी ! अश्वत्थामाले प्रहार गरेको महातेजस्वी ब्रह्मास्त्रबाट भगवान् कृष्णले उत्तराको नष्टप्राय गर्भ बचाउनु भएको थियो ॥१॥ उसगर्भबाट उत्पन्न महाबुद्धिमान् र महात्मा राजा परीक्षितका कामहरूको वर्णन गर्दै हामीलाई यो भन्नुहवस्—तिनको मृत्यु कसरी भयो ? ती कसरी कसरी स्वर्गवासी भए ? ॥२॥ यदि तपाईं भन्नुहुन्छ भने मयो सुन्ने इच्छा गर्दछु । हे भगवन् ! जुन राजा परीक्षिनलाई स्वयं श्रीशुकदेव जीले ज्ञानोपदेश दिएका थिए तिनको चरित्र सुन्ने मेरो प्रबल इच्छा छ ॥ सूतजी भन्दछन्—श्रीकृष्णचन्द्रका चरण-कमलको आराधना गरेर अरु सबै कुराबाट निस्पृह महाराज युधिष्ठिर पिता झैं प्रजालाई सबै प्रकारले

विदो भर्तुरीश्वरं मतयो यथा ॥ ३९ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे एकादशोऽध्यायः ॥ ११ ॥ शौनक उवाच ॥ अश्वत्थाम्नोपसृष्टेन ब्रह्मशीर्ष्णोरुतेजसा ॥ उत्तराया हतो गर्भ ईशेनाजीवितः पुनः ॥ १ ॥ तस्य जन्म महाबुद्धेः कर्माणि च महात्मनः ॥ निधनं च यथैवासीत्स प्रेत्य गतवान् यथा ॥ २ ॥ तदिदं श्रोतुमिच्छामि गदितुं यदि मन्यसे ॥ ब्रूहि नः श्रद्दधानानां यस्य ज्ञानमदाच्छुकः ॥ ३ ॥ सूत उवाच ॥ अपीपलद्धर्मराजः पितृवद्रञ्जयन्प्रजाः ॥ निस्पृहः सर्वकामेभ्यः कृष्णपादानुसेवया ॥ ४ ॥ संपदः क्रतवो विप्रा महिषी भ्रातरो मही ॥ जम्बूद्वीपाधिपत्यं च यशश्च त्रिदिवं गतम् ॥ ५ ॥ किं ते कामाः सुरस्पार्हा मुकुन्दमनसो द्विजाः ॥ अधिजह्रुर्मुदं राज्ञः क्षुधितस्य यथेतरे ॥६॥ मातुर्गर्भगतो वीरः

प्रसन्न राखेर तिनको पालन गर्दथे ॥३-४॥ यद्यपि उनीसित अतुलित धन- थियो, ठूला-ठूला यज्ञ गरेर स्वर्गलोक प्राप्तिको अधिकार पनि उनलाई मिलिसकेको भयो, तिनकी राजरानी द्रौपदी थिइन्, चार-चार वीर भाई थिए, समस्त जम्बूद्वीपमा प्रभुता थियो र स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा फैलिएको उनको कीर्ति थियो ॥५॥ तर हे शौनक ! एक मात्र नारायणमा मन लगाउँदा ती पाण्डवहरूलाई त्यो सम्पत्तिहरूमा उसै गरी केही आनन्द प्राप्त भइरहेको थिएन, जसरी भरेका मनुष्यको अघिल्तिर माला-चन्दन राखिदिइयोस् र त्यो यसलाई मन

* उदाहरण—यौटी स्त्री निकै पवित्र थिई । कुनै कार्यले त्यो यौटा पर्वतमा । त्यहाँ यौटा दुष्ट सिपाही आइपुग्यो । त्यो स्त्रीलाई देखेर सिपाहीको नीयत बिग्रियो । स्त्रीले त्यो भाव बुझी । त्यसले यसरी बाँच्नुभन्दा मर्नु जाती भन्ने ठानी । अतः आफ्नो इज्जत बचाउन त्यो पर्वतबाट तल हाम्फाली । 'जुन धारण गर्‍यो त्यही धर्म' यस कथनको अनुसार त्यसले जीवनभरि पतिव्रता धर्म पालन गरेकी थिई । त्यसै कारण धर्मले पनि त्यसको रक्षा गर्‍यो । त्यो माथिबाट हाम्फाली तर तल नदीको जलमा परी र त्यसलाई नदीले बगाइदियो । त्यो स्त्री बाँची । केही दिनपछि कुनै काम परेर त्यो फेरि उही पर्वतमा पुगी । त्यहाँ त्यसले सिपाही सम्बन्धी घटना सम्झी । अनि विचार गरी—'त्यस दिन त म हाम्फालेर पनि बाँचेकी थिएँ । आज फेरि हाम्फालेर हेरौं के हुँदोरहेछ । ईश्वरले मेरो रक्षा गर्दछन् वा गर्दैनन् ।' अतः त्यो पर्वतबाट हाम्फाली । यसपल्ट त्यसलाई निकै घाउ लाग्यो र त्यो लँगडी भई । केही दिनपछि त्यसले यौटा महात्मासित सोधी—'त्यस बखत हाम्फालेर म बाँचे दोस्रो पल्ट हाम्फाल्दा किन घाइते भएँ ?' महात्माले उत्तर दिए—'पहिलेपल्ट तिमी धर्मको रक्षाका लागि हाम्फालेकी थियौ, त्यसैले ईश्वरले तिमीलाई बचायो अर्कोपल्ट ईश्वरको परीक्षा लिन हाम्फाल्यौ त्यसैले दुःख पायौ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नपरोस् ॥६॥ हे शौनक ! जब महाराज परीक्षित आफ्नी आमाको उदरमा थिए र कुनै अस्त्रको तेजले पोलिइरहेका थिए, त्यसै बखत उनले यौटा यस्ता पुरुषलाई देखे—॥७॥ जसको दर्शन योग्य आकृति थियो। केवल बूढीऔंला जति त्यसको लमाइ चौडाइ थियो। त्यसको तिग्मा मुकुट टल्किरहेको थियो र त्यसमा पीताम्बर शिभायमान थियो ॥८॥ त्यसका राम्रा राम्रा र लामा-लामा चार बाहु थिए। तताएको सुनको टल्कने कुण्डल कानमा हल्लिइरहेका थिए। राता-राता आँखा थिए। त्यो आफ्नो हातले आगोको मुस्लो झैं कौमोदकी गदा घुमाउँदै तिनको चारैतिर डुलिरहेको थियो ॥९-१०॥ तिनले हेर्दा-हेर्दै ती वीरपुरुषले आफ्नो गदाले ब्रह्मास्त्रसमेत तेजलाई शान्त पारिदिए। गर्भस्थ शिशु राजा परीक्षितले त्यसलाई अझ नगीच देखेर विचार गरे—यो के हो ? ॥११॥ धर्मका रक्षक र सर्वव्यापी नारायणले त्यो घातक अस्त्रको तेज शात पारिदिए र जब दशौं महीनामा परीक्षितको जन्म-समय आयो तब भगवान् गर्भबाट विलीन हुनुमयो ॥१२॥ त्यसपछि जब सबै ग्रह अनुकूल र गुणसूचक थिए र लग्न पनि शुभ थियो, त्यसै बखत पाण्डु-वंशका रक्षक परीक्षित जन्मे ॥१३॥ उस बखत

स तदा भृगुनंदन ॥ ददर्श पुरुषं कश्चिद्दह्यमानोऽस्त्रतेजसा ॥७॥ अंगुष्ठमात्रममलं स्फुरत्पुरटमौलिनम् ॥ अपीच्यदर्शनं श्यामं तडिद्वाससमच्युतम् ॥८॥ श्री मद्दीर्घचतुर्बाहुं तप्तकांचनकुण्डलम् ॥ क्षतजाक्षं गदापाणिमात्मनःसर्वतो दिशम् ॥९॥ परिभ्रमन्तमुल्काभां भ्रामयन्तं गदां मुहुः ॥ कौमोदकीमतिश्रेष्ठां भक्तरक्षणतत्पराम् ॥१०॥ अस्त्रतेजः स्वगदया नीहारमिव गोपतिः ॥ विधमन्तं सन्निकर्षे पर्यैक्षत क इत्यसौ ॥११॥ विधूय तदमेयात्मा भगवान्धर्मगुब्विभुः ॥ मिषतो दशमास्यस्य तत्रैवान्तर्दधे हरिः ॥१२॥ ततः सर्वगुणोदर्के सानुकूलग्रहोदये ॥ जज्ञे वंशधरः पांडोर्भूयः पांडुरिवौजसा ॥१३॥ तस्य प्रीतमना राजा विप्रैर्धौम्यकृपादिभिः ॥ जातकं कारयामास वाचयित्वा च मंगलम् ॥१४॥ हिरण्यं गां महीं ग्रामान्हस्त्यश्वान्नृपतिर्वरान् ॥ प्रादात्स्वन्नं च विप्रेभ्यः प्रजातीर्थे स तीर्थवित् ॥१५॥ तमूचुर्ब्राह्मणास्तुष्टा राजानं प्रश्रयान्वितम् ॥ एष ह्यस्मिन्प्रजातन्तौ कुरूणां पौरवर्षभ ॥१६॥ दैवेनाप्रतिघातेन शुक्ले संस्थामुपेयुषि ॥ रातो वोऽनुग्रहार्थाय विष्णुना प्रभविष्णुना ॥ १७ ॥ तस्मान्नाम्ना विष्णुरात इति लोके बृहच्छ्रवाः ॥ भविष्यति न संदेहो महाभागवतो महान् ॥ १८ ॥ युधिष्ठिर उवाच ॥ अप्येष वंश्यान्राजर्षीन्पुण्यश्लोकान्महात्मनः ॥ अनुवर्तिता स्विद्यशसा साधुवादेन सत्तमाः ॥१९॥ ब्राह्मणा ऊचुः ॥ पार्थ प्रजाऽविता साक्षादिक्ष्वाकुरिव मानवः ॥ ब्रह्मण्यः सत्यसन्धश्च रामो दाशरथिर्यथा ॥ २० ॥ एष दाता शरण्यश्च

परम प्रसन्न धर्मराज युधिष्ठिरले धौम्य र कृपाचार्य आदिलाई डाकेर पुण्याहवाचन र ती बालकको जातकर्म-संस्कार गराए ॥ १४ ॥ ब्राह्मणहरूलाई सुवर्ण, भूमि, ग्राम, हात्ती-घोड़ा र सुस्वादु भोजन दिए ॥१५॥ ती प्रसन्न ब्राह्मणहरूले विनयी राजा युधिष्ठिरसित भने—'हे पुरुवंश शार्दूल ! दैवीकोपले यो विशुद्ध कुलको संहार भइसकेपछि हजुरको पवित्र वंशमा कृपा गरेर यो पवित्र पुत्र दिनु भयो ॥१६-१७॥ त्यसले यसको 'विष्णुरात' नाम राख्नु उचित हुनेछ। यो बालक संसारमा ठूलो यशस्वी र असाधारण भगवद्भक्त हुनेछ ॥१८॥ विप्रहरूका कुरा सुनिसकेर राजा युधिष्ठिरले भने—साँच्चै नै यो बालक संसारमा आफ्नो यशको विस्तार गरेर 'महान्' कहिने छ ? के वास्तवमा यो हाम्रा वंशजहरूको समान नै यशस्वी र महात्मा हुनेछ ? हे सज्जन हो ! के म विश्वास गरौं—यो आफ्नो शुभ्र कीर्तिद्वारा मेरा पूर्वजहरूका बाटोको अनुसरण गर्नेछ ? ॥१९॥ यति सुनेर ब्राह्मणले भने—हे पार्थ ! यो बालक साक्षात्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रजापालक, दशरथ-पुत्र रामचन्द्र जस्तै सत्य-प्रतिज्ञ तथा ब्राह्मण-भक्त हुनेछ ॥२०॥ यो ठूलो दानी र शरणागत-प्रतिपालक हुनेछ र राजा भरतको समान आफ्नो सुकीर्तिको विस्तार गनछ ॥२१॥ यो दुवै अर्जुन (यौटा हजुरका भाई र अर्को सहस्रबाहुको समान धनुर्धारीहरूमा अग्रणी हुनेछ। यो अग्निको समान तेजस्वी, दुर्धर्ष र समुद्रको समान तरिनसक्नु दुस्तर हुनेछ ॥२२॥ यो सिंह झैं बलवान्, हिमालय जस्तै सज्जनहरूको सेव्य, पृथ्वी जस्तै क्षमावान् तथा माता-पिताको समान सहनशील हुनेछ ॥२३॥ यो ब्रह्माजीको समान साम्यवादी, शिवजीको समान दयालु अर्थात् चाँडै प्रसन्न हुने र विष्णुभगवान झैं सबैको आश्रयदाता हुनेछ ॥२४॥ यो भगवान् श्रीकृष्ण जस्तै समस्त राम्रा गुणहरूको केन्द्र, राजा रन्तिदेव जस्तै उदार तथा महाराज ययाति जस्तै धर्मात्मा हुनेछ ॥२५॥ यो धर्ममा बलि र सत्याग्रहमा प्रह्लादको समान नेता (नायक) हुनेछ। गुरुजनहरूको आदर गर्दै यो अनेक अश्वमेध यज्ञ गनछ ॥२६॥ आफ्नो वीर्यबाट यसले राजर्षि जनमेजय आदिलाई उत्पन्न गर्नेछ र कुमार्गमा हिंड्नेलाई कठोर दण्ड दिनेछ। गोरूपधारिणी पृथ्वी तथा वृषभरूपधारी धर्मलाई

यथा ह्यौशीनरः शिबिः ॥ यशो वितनिता स्वानां दौष्यन्तिरिव यज्वनाम् ॥ २१ ॥ धन्विनामग्रणीरेष तुल्यश्चार्जुनयोर्द्वयोः ॥ हुताश इव दुर्धर्षः समुद्र इव दुस्तरः ॥ २२ ॥ मृगेन्द्र इव विक्रान्तो निषेव्यो हिमवानिव ॥ तितिक्षुर्वसुधेवासौ सहिष्णुः पितराविव ॥ २३ ॥ पितामहसमः साम्ये प्रसादे गिरिशोपमः ॥ आश्रयः सर्वभूतानां यथा देवो रमाश्रयः ॥ २४ ॥ सर्वसद्गुणमाहात्म्य एष कृष्णमनुव्रतः ॥ रन्तिदेव इवोदारो ययातिरिव धार्मिकः ॥ २५ ॥ धृत्या बलिसमः कृष्णे प्रह्लाद इव सद्ग्रहः ॥ आहर्तैषोऽश्वमेधानां वृद्धानां पर्युपासकः ॥ २६ ॥ राजर्षीणां जनयिता शास्ता चोत्पथगामिनाम् ॥ निग्रहीता कलेरेष भुवो धर्मस्य कारणात् ॥ २७ ॥ तक्षकादात्मनो मृत्युं द्विजपुत्रोपसर्जितात् ॥ प्रपत्स्यत उपश्रुत्य मुक्तसङ्गः पदं हरेः ॥२८॥ जिज्ञासितात्मयाथात्म्यो मुनेर्व्याससुतादसौ ॥ हित्वेदं नृप गङ्गायां यास्यत्यद्धाऽकुतोभयम् ॥२९॥ इति राज्ञ उपादिश्य विप्रा जातककोविदाः ॥ लब्धोपचितयः सर्वे प्रतिजग्मुः स्वकान्गृहान् ॥ ३० ॥ स एव लोकविख्यातः परीक्षिदिति यत्प्रभुः ॥ पूर्वंदृष्टमनुध्यायन्परीक्षेत नरेष्विह ॥ ३१ ॥ स राजपुत्रो ववृधे आशु शुक्ल इवोडुपः ॥ आपूर्यमाणः पितृभिः काष्ठाभिरिव सोऽन्वहम् ॥ ३२ ॥ यक्ष्यमाणोऽश्वमेधेन ज्ञाति-

पीडा दिने कलिलाई पनि यो आफ्नो मुठीमा पार्नेछ ॥२७॥ अन्त्यमा यौटा द्विज-पुत्रबाट प्रेरित तक्षकनागले टोकेर भगवान्‌कोस्मरण गर्दै वैराग्य धारण गरेर शरीर त्याग्नेछ ॥२८॥ आत्मज्ञानको जिज्ञासा भएपछि व्यास-पुत्र शुकमुनिबाट यसलाई ज्ञान प्राप्त हुनेछ र गङ्गाजीमा यो आफ्नो देह त्यागेर भगवान्‌को निर्भय लोकमा जानेछ ॥२९॥ यसरी जातक शास्त्रका निपुण पण्डितहरूले धर्मराज युधिष्ठिरलाई सबै कुरा सुनाइदिए र उनीद्वारा पूजित भएर ती आफ्ना-आफ्ना आश्रमहरूमा फर्के ॥३०॥ त्यो बालक गर्भमा देखेको पुरुषको ध्यान गर्दै प्रत्येक मनुष्यको परीक्षा गर्दथ्यो-'यो उही त होइन, जसलाई मैले गर्भमा देखेको थिएँ !' अतः परीक्षित नामले प्रख्यात भए ॥३१॥ युधिष्ठिर आदि गुरूजनहरूद्वारा पालित त्यो राजपुत्र यसरी बढ्न लाग्यो-जसरी शुक्लपक्षका चन्द्रमा बढ्दछन् ॥३२॥ त्यसपछि आफ्ना सजातीयहरूको वधजनित पातक नाश गर्नको अभिलाषाले महाराज युधिष्ठिरले यस्तो अश्वमेध यज्ञ गर्न विचार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचार गरे, जसमा प्रजामाथि कर लगाएर एकत्र पारिएको धन खर्च नगर्नपरोस् र यज्ञको निम्ति आवश्यक धन पनि कुनै युक्तिले प्राप्तहोओस् ॥३३॥ उनको अभिप्राय बुझेर श्रीकृष्ण अर्जुन, भीम आदिलाई उत्तर दिशामा त्यस ठाउँमा पठाए, जहाँ मरुत्को यज्ञमा प्राप्त सुनका भाँडाहरू ब्राह्मणहरूले फ्याँकिदिएका थिए, त्यो धन बटुलेर उनीहरूले ल्याएर आफ्ना दाजूलाई सुम्पिदिए ॥३४॥ सजातीयहरूको बधजनित पापले भयभीत महाराज युधिष्ठिरले त्यही धनद्वारा यज्ञका सबै सामग्री एकत्र पारेर तीन अश्वमेध यज्ञ गरेर भगवान्को आराधना गरे ॥३५॥ त्यस अवसरमा धर्मराजले श्रीकृष्णलाई फेरि डाके र ब्राह्मणहरू साथमा लिएर आई उनले नै यज्ञकार्य सम्पन्न गराए । आफ्ना प्रियजनलाई प्रसन्न पार्नका लागि ती अनेक महीनासम्म हस्तिनापुरमै बसे ॥३६॥ त्यसपछि युधिष्ठिर र द्रौपदीसित अनुमति लिएर श्रीकृष्णचन्द्र अर्जुन र यादवहरूका साथै आफ्नो द्वारकापुरी फर्कनुभयो ॥३७॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर'वासिष्ठ'कृत नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥१२॥ तेह्रौं अध्यायमा विदुरको तीर्थयात्रा वर्णन गरिन्छ । सूतजी भन्दछन्–हे शौनक ! तीर्थयात्रामा

द्रोहजिहासया ॥ राजाऽलब्धधनो दध्यावन्यत्र करदण्डयोः ॥ ३३ ॥ तदभिप्रेतमालक्ष्य भ्रातरोऽच्युतचोदिताः ॥ धनं प्रहीणमाजह्रुरुदीच्यां दिशि भूरिशः ॥ ३४ ॥ तेन संभृतसंभारो धर्मपुत्रो युधिष्ठिरः ॥ वाजिमेधैस्त्रिभिर्भीतो यज्ञैः समयजद्धरिम् ॥ ३५ ॥ आहूतो भगवान्राज्ञा याजयित्वा द्विजैर्नृपम् ॥ उवास कतिचिन्मासान्सुहृदां प्रियकाम्यया ॥ ३६ ॥ ततो राज्ञाऽभ्यनुज्ञातः कृष्णया सह बन्धुभिः ॥ ययौ द्वारवतीं ब्रह्मन्सार्जुनो यदुभिर्वृतः ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे परीक्षिज्जन्माद्युत्कर्षो नाम द्वादशोऽध्यायः ॥ १२ ॥ सूत उवाच ॥ विदुरस्तीर्थयात्रायां मैत्रेयादात्मनो गतिम् ॥ ज्ञात्वाऽगाद्धास्तिनपुरं यथावाप्तविवित्सितः ॥ १ ॥ यावतः कृतवान्प्रश्नान्क्षत्ता कौषारवाग्रतः ॥ जातैकभक्तिर्गोविन्दे तेभ्यश्चोपरराम ह ॥ २ ॥ तं बन्धुमागतं दृष्ट्वा धर्मपुत्रः सहानुजः ॥ धृतराष्ट्रो युयुत्सुश्च सूतः शारद्वतः पृथा ॥ ३ ॥ गन्धारी द्रौपदी ब्रह्मन्सुभद्रा चोत्तरा कृपी ॥ अन्याश्च जामयः पाण्डोर्ज्ञातयः ससुताः स्त्रियः ॥४॥ प्रत्युज्जग्मुः प्रहर्षेण प्राणं तन्व इवागतम् ॥ अभिसंगम्य विधिवत्परिष्वङ्गाभिवादनैः ॥५॥ मुमुचुः प्रेमबाष्पौघं विरहौत्कण्ठ्यकातराः ॥ राजा तमर्हयांचक्रे कृतासनपरिग्रहम् ॥ ६ ॥ तं भुक्तवन्तमासीनं विश्रान्तं सुखमासने ॥

जब मैत्रेयको मुखबाट भगवान् परमगतिमा प्राप्त हुनुभयो भन्ने समचार सुने तब ती सबै वृत्तान्त जान्ने इच्छाले विदुर हस्तिनापुर फर्केर आए ॥१॥ विदुरले मैत्रेयसित जति प्रश्न गरेका थिए, त्यतिले नै उनलाई पूर्ण शान्ति प्राप्तभयो र भगवान्का चरणमा भक्ति बढेर आयो, त्यसपछि उनले मैत्रेयसित अरू केही प्रश्न सोधेनन् ॥२॥ जब विदुरजी हस्तिनापुर पुगे तब हे शौनक ! भाइहरू समेत महाराज युधिष्ठिर, धृतराष्ट्र, सूत, युयुत्सु, शारद्वत, पृथा (कुन्ती) ॥३॥ गान्धारी, सुभद्रा, उत्तरा, कृपी तथा आफ्ना परिवारका स्त्रीहरू आफ्ना छोरा-छोरी सहित ॥४॥ बर्ता हर्षले यस प्रकार दगुरे–जस्तै कसैको मृत शरीरमा फेरि प्राण फर्केर आएको होस् । सबै जना तिनका नगीचै गएर अंकमाल गरेर प्रणाम पनि गरे ॥५॥ धेरै दिनसम्म विरह-वेदना सहिसकेपछि उनलाई देखेर कति जना प्रेमका आँसु बगाउन लागे । राजा युधिष्ठिरले उनको विधिवत् पूजा गरे जब ती स्नान र भोजन आदि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्य-कृत्यबाट निवृत्त भएर उत्तम आसनमा बसे, अनि राजा युधिष्ठिर विनयावनत भएर भन्नलागे—त्यहाँ बसेका सबै जना उनका कुरा सुनिरहेका थिए ।।७।। युधिष्ठिरले भने—जसरी पक्षी आफ्ना चल्लालाई प्वाँखमा लुकाएर ठूलो प्रेमले तिनको पालन-पोषण गर्दछन्, उसै गरी आफ्नो पक्षपातले हामीहरूको पालन गर्ने हजुरले हामीलाई बिर्सनु भएको त थिएन ? हजुरले नै हाम्री माता र हामीहरूलाई विष, अग्नि आदि अनेक विपत्तिहरूबाट बचाउनु भएको थियो । हजुर यतिका दिनसम्म पृथ्वीमण्डलमा डुल्दै कसरी आफ्नू काम चलाउनु हुन्थ्यो र पृथ्वी तलका कुन-कुन तीर्थहरूमा हजुरले भ्रमण गर्नुभयो ? ।।८-९।। हजुर जस्ता भगवद्भक्त त स्वयं तीर्थस्थान हुन्छन् । ती आफ्नो मन-मन्दिरमा नारायणलाई बसालेर सबै तीर्थहरूलाई वास्तविक तीर्थ तुल्याउँदै हिंड्दछन् ।।१०।। हाम्रा सुहृद् यादवगण—जुन श्रीकृष्ण भगवानलाई नै आफ्ना देवता मान्दछन्—ती आफ्नो पुरीमा सुखपूर्वक छन् ? हजुरले तिनीहरूलाई

प्रश्रयावनतो राजा प्राह तेषां च शृण्वताम् ।। युधिष्ठिर उवाच ।। अपि स्मरथ नो युष्मत्पक्षच्छायासमेधितान् ।। विपद्गणाद्विषाग्न्यादेर्मोचिता यत्समातृकाः ।।८।। कया वृत्त्या वर्तितं वश्चरद्भिः क्षितिमण्डलम् ।। तीर्थानि क्षेत्रमुख्यानि सेवितानीह भूतले ।। ९ ।। भवद्विधा भागवतास्तीर्थीभूताः स्वयं विभो ।। तीर्थीकुर्वन्ति तीर्थानि स्वांतःस्थेन गदाभृता ।।१०।। अपि नः सुहृदस्तात बान्धवाः कृष्णदेवताः ।। दृष्टाः श्रुता वा यदवः स्वपुर्यां सुखमासते ।। ११ ।। इत्युक्तो धर्मराजेन सर्वं तत्समवर्णयत् ।। यथाऽनुभूतं क्रमशो विना यदुकुलक्षयम् ।। १२ ।। नन्वप्रियं दुर्विषहं नृणां स्वयमुपस्थितम् ।। नावेदयत्सकरुणो दुःखितान्द्रष्टुमक्षमः ।। १३ ।। कंचित्कालमथावात्सीत्सत्कृतो देववत्सुखम् ।। भ्रातुर्ज्येष्ठस्य श्रेयस्कृत्सर्वेषां प्रीतिमावहन् ।।१४।। अबिभ्रदर्यमा दण्डं यथावदघकारिषु ।। यावद्दधार शूद्रत्वं शापाद्वर्षशतं यमः ।। १५ ।। युधिष्ठिरो लब्धराज्यो दृष्ट्वा पौत्रं कुलंधरम् ।।

कहीं देख्नु भएको थियो ? कसैद्वारा केही सुन्नु भयो ? ।।११।। यसरी युधिष्ठिरले सोधेपछि विदुरले त्यस यात्रा-प्रसङ्गमा जो घटनाहरू घटेका थिए, त्यसको सबै वर्णन गरेर सुनाए । केवल यदुवंशीहरूको विनाशको कुरा भनेनन् ।।१२।। किन भने त्यो वृत्तान्त निकै अप्रिय र दुःसह थियो । दयालु विदुर पाण्डवहरूलाई यदुवंशीहरू नष्ट भएको समचार सुनेर विकल भएका हेर्न इच्छा गर्दैनथे ।।१३।। यसरी पूर्णरूपले सत्कार पाउँदै र आफ्ना ज्येष्ठ भ्राता धृतराष्ट्रको कल्याणार्थ तिनलाई ज्ञानोपदेश दिंदै विदुर देवताजस्तै केही दिनसम्म हस्तिनापुरमा नै बसे ।। १४।। यदि यो प्रश्न गरियोस् कि शूद्र भएर विदुरले धृतराष्ट्रलाई ज्ञानोपदेश कसरी दिए—यसको उत्तर यो हो—शूद्रवर्णमा उत्पन्न विदुर साक्षात् यमराज थिए । माण्डव्य ऋषिको श्रापले सय वर्षको निम्ति जब यमराज शूद्र भए तब त्यति दिनसम्म अर्यमाले यमलोकको कार्यभार आफूले लिएका थिए* ।। १५ ।। यता युधिष्ठिर त्यति ठूलो राज्य

---

* उदाहरण—कुनै स्थानमा केही चोरहरू चोरी गरिरहेका थिए । त्यसै बखत राजाका भृत्य (पुलिस) आइपुगे । तिनलाई देखेर चोर भागे र पुलिसहरूले लखेटे । ती दगुर्दै जाँदा जाँदा माण्डव्यऋषिको आश्रमा पुगे । त्यहाँ पुलिसहरूले चोरलाई पक्रन्दा माण्डव्य महर्षिलाई पक्रे र राजाको सामुन्ने लगे । राजाले सबै स्थितिमा विचार गरेर ती सबैलाई सूलीको सजाय दिए । जब राजाले थाहा पाए तब महर्षि माण्डव्यलाई सूलीबाट झिकेर उनीसित आफ्नो भूलको क्षमा मागे । अनि माण्डव्य रिसाएर यमराजकहाँ पुगे र उनीसित सोधे—'महाराज ! तिमीले मलाई किन सूलीमा चढायौ ?' यमराजले भने—'सानै उमेरमा तिमीले यौटा पुतलीलाई कुशको टुप्पामा राखेर मारिदिएका थियौ, यसैले यो दण्ड प्राप्त भएको हो ।' त्यति सुनेर माण्डव्यले भने—मैले त बाल्यकालमा अज्ञानवश त्यो अपराध गरेको थिएँ, जसको निम्ति तिमीले मलाई यति कठोर दण्ड दियौ । अब तिमी जानी-जानी गरेको यस अपराधले शूद्र हुनेछौ ।' यसैले यमराज शूद्र भए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाएर कुलको मर्यादाको रक्षा गर्ने पौत्र (परीक्षित) अरु लोकपालहरू सदृश वीर भ्राताहरूले निपुणतासाथ काम गरेको देखेर निकै प्रसन्न थिए ॥ १६॥ अब तिमीहरू राजकाजमा यति वर्ता तल्लीन भए कि आफ्नो शरीरको पनि सुद्धि रहेन, किनकि पहिले त धन र प्रभुता प्राप्त गर्नु नै कठिन हुन्छ र त्यो यदि कुनै प्रकारले प्राप्त भए पनि त्यसको सुरक्षा गर्नु त्यो भन्दा पनि कठिन हुन जान्छ । यसै कारण पाण्डव आफ्नो राज्य यति वर्ता कष्टले प्राप्त गरेर त्यसको रक्षा गर्नमा व्यस्त भए र उता कराल काल चुपचाप तिनको आयुका दिनहरूमा डाका दिन थाल्यो ॥१७॥ विदुरलाई त्यो कुरा थाहा भइसकेको थियो, किनकि ती तत्त्वज्ञानी थिए र तत्त्वज्ञानी कहिल्यै कसैमा आसक्त भएर असावधान हुँदैनन् । यसैले तिनले एक दिन एकान्तमा धृतराष्ट्रलाई भेटेर भने––हे राजन् ! अब यस मोह-मायाको जंजाललाई त्यागेर यसबाट भाग्नुहवस् किनकि साह्रै ठूलो भय टाउकोमा आउन तयार छ ॥१८॥ हे प्रभो ! जसको प्रतीकार कुनै प्रकार पनि गर्न सकिन्न, उही सर्व-शक्तिसम्पन्न काल हामीहरू माथि प्रहार गर्न आइ रहेको छ ॥ १९ ॥ त्यो प्राणीलाई क्षण मात्रमा त्यसका अतिशय प्रिय प्राणबाट पनि छुट्याइदिन्छ, अनि धन-धामको त कुरै भएन ॥२०॥ तिम्रा पिता, सम्बन्धी, पुत्र आदि सबै हितैषीहरूलाई कालले खाइसक्यो । तिम्रो आयु पनि धेरजसो

भ्रातृभिर्लोकपालाभैर्मुमुदे परया श्रिया ॥ १६ ॥ एवं गृहेषु सक्तानां प्रमत्तानां तदीहया ॥ अत्यक्रामदविज्ञातः कालः परमदुस्तरः ॥ १७ ॥ विदुरस्तदभिप्रेत्य धृतराष्ट्रमभाषत ॥ राजन्निर्गम्यतां शीघ्रं पश्येदं भयमागतम् ॥ १८ ॥ प्रतिक्रिया न यस्येह कुतश्चित्कर्हिचित्प्रभो ॥ स एव भगवान् कालः सर्वेषां नः समागतः ॥१९॥ येन चैवाभिपन्नोऽयं प्राणैः प्रियतमैरपि ॥ जनः सद्यो वियुज्येत किमुतान्यैर्धनादिभिः ॥ २० ॥ पितृभ्रातृसुहृत्पुत्रा हतास्ते विगतं वयः ॥ आत्मा च जरया ग्रस्तः परगेहमुपासते ॥ २१ ॥ अहो महीयसी जन्तोर्जीविताशा यया भवान् ॥ भीमेनावर्जितं पिण्डमादत्ते गृहपालवत् ॥ २२ ॥ अग्निर्निसृष्टो दत्तश्च गरो दाराश्च दूषिताः ॥ हृतं क्षेत्रं धनं येषां तद्दत्तैरसुभिः कियत् ॥ २३ ॥ तस्यापि तव देहोऽयं कृपणस्य जिजीविषोः ॥ परैत्यनिच्छतो जीर्णो जरया वाससी इव ॥२४॥ गतस्वार्थमिमं देहं विरक्तो मुक्तबन्धनः ॥ अविज्ञातगतिर्जह्यात्स वै धीर उदाहृतः ॥ २५ ॥ यः स्वकात्परतो वेह जातनिर्वेद आत्मवान् ॥ हृदि कृत्वा हरिं गेहात्प्रव्रजेत्स

बितिसक्या र तिम्रो आत्मामा वृद्धावस्थाले अधिकार गरिसक्यो । यस दशामा पनि तिमी अझसम्म अर्काको घरमा बसेर खाइरहेका छौ ? ॥२१॥ हरे ! प्राणीलाई आफ्नो जीवनको आशा कति प्रिय हुन्छ, जसको हातमा परेर तिमी यौटा पाले झैं डल्लिई (आफ्नो पुत्रघाती) भीमसेनको अन्न खाइरहेका छौ ॥२२॥ तिमीहरूले जसलाई नष्ट गर्ने विचारले लाक्षागृहमा पठाएर आगोले पोलिदिन खोज्यौ, जसलाई विष दिने आयोजना गर्‍यौ, जसकी पत्नीलाई नाङ्गी पारेर नचाउने र तिघ्रामा बसाल्ने चेष्टा गरियो, जसको धन र भूमि लुटेर लिइयो, तिनैले दिएको अन्न खाएर बाँच्नु पनि के काम ? ॥२३॥ यस प्रकार तिमी यद्यपि आफ्नो प्राण-रक्षाका लागि यो दैन्य (निर्लज्जता) भोगिरहेछौ, तापनि वृद्धावस्था द्वारा जीर्णवस्त्र झैं दिनहुँ तिम्रो शरीर क्षीण हुँदै गइरहेको छ, यसैले अब तिमी सावधान होऊ ॥२४॥ जो मनुष्य यश-धन आदिले हीन शरीरमा मोह राख्तैन र अहं भावलाई त्यागेर मरेपछि जीव कहाँ जान्छ, यस कुरालाई नजानेर प्रसन्न मनले यसलाई त्यागिदिन्छ, त्यही धीर (सावधान) भएको मानिन्छ ॥ २५ ॥ आफैं स्वतः प्राप्त भएको ज्ञानबाट अथवा कुनै विज्ञ व्यक्तिको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेशबाट आफ्नो मनलाई वशमा पारेर हृदयमा नारायणको राम्रो मूर्ति राखेर घर-द्वारको मोह-माया त्यागेर अलग्ग हुन्छन्, तिनै मनुष्यहरूमा श्रेष्ठ मनुष्य भन्ने गनिन्छन् ॥२६॥ म तपाईंलाई मनुष्यहरूमा श्रेष्ठ हुने सल्लाह दिन्न, बरु यो भन्न खोजिरहेको छु—तपाईं चुपचाप यहाँबाट उत्तर दिशातिर हिंडिदिनोस्, किनकि अब आउने समय ठूलो विकराल हुनेछ। त्यसले मनुष्यका धैर्य, दया आदि सद्गुणहरू लुप्त पारिदिनेछ ॥२७॥ अजमीढवंशज र धृतराष्ट्र आफ्नो कांछोभाई विदुरको कुरा सुनेर प्रसंग भए। उनले आफ्ना परिवार प्रतिको मोहरूपी बलियो बन्धन छिनालीदिए र भ्राता विदुरले बताएको बाटोमा हिंड्नका लागि घरबाट बाहिर निस्किए ॥२८॥ पति हिंडेका देखेर सुबलकी छोरी पतिव्रता गान्धारी पनि उनैसित संन्यासीहरूलाई आनन्द दिने हिमालयतिर उसै गरी हिंडे, जसरी कुनै वीर ठूलो प्रसन्नताका साथ संग्राम-भूमितिर जान्छ ॥२९॥ उता प्रातःकालको समयमा धर्मराज युधिष्ठिर उठे। शौचादिबाट निवृत्त भएर उनले सन्ध्या-वन्दन आदि नित्यकर्म गरे। अनि ब्राह्मणहरूलाई नमस्कार गरेर तिल, सुवर्ण र गाईहरू दान दिए। त्यसपछि गुरुजन–

नरोत्तमः ॥ २६ ॥ अथोदीचीं दिशं यातु स्वैरज्ञातगतिर्भवान् ॥ इतोऽर्वाक्प्रायशः कालः पुंसां गुणविकर्षणः ॥ २७ ॥ एवं राजा विदुरेणानुजेन प्रज्ञाचक्षुर्बोधितो ह्याजमीढः ॥ छित्त्वा स्वेषु स्नेहपाशान् द्रढिम्नो निश्चक्राम भ्रातृसंदर्शिताध्वा ॥ २८ ॥ पतिं प्रयान्तं सुबलस्य पुत्री पतिव्रता चानुजगाम साध्वी ॥ हिमालयं न्यस्तदण्डप्रहर्षं मनस्विनामिव सत्संप्रहारः ॥ २९ ॥ अजातशत्रुः कृतमैत्रो हुताग्निर्विप्रान्नत्वा तिलगोभूमिरुक्मैः ॥ गृहं प्रविष्टो गुरुवन्दनाय न चापश्यत्पितरौ सौबलीं च ॥ ३० ॥ तत्र सञ्जयमासीनं पप्रच्छोद्विग्नमानसः ॥ गावल्गणे क्व नस्तातो वृद्धो हीनश्च नेत्रयोः ॥ ३१ ॥ अम्बा च हतपुत्राऽऽर्ता पितृव्यः क्व गतः सुहृत् ॥ (जानासि चेत्कथय नः कृपया वेत्थ वै ऋषे) ॥ ३२ ॥ अपि मय्यकृतप्रज्ञे हतबन्धुः स भार्यया ॥ आशंसमानः शमलं गङ्गायां दुःखितोऽपतत् ॥ ३३ ॥ पितर्युपरते पाण्डौ सर्वान्नः सुहृदः शिशून् ॥ अरक्षतां व्यसनतः पितृव्यौ क्व गतावितः ॥ ३४ ॥ सूत उवाच ॥ कृपया स्नेहवैक्लव्यात्सूतो विरहकर्शितः ॥ आत्मेश्वरमचक्षाणो न प्रत्याहातिपीडितः ॥३५॥ विमृज्याश्रूणि पाणिभ्यां विष्टभ्यात्मानमात्मना ॥ अजातशत्रुं प्रत्यूचे प्रभोः पादावनुस्मरन् ॥ ३६ ॥ सञ्जय उवाच ॥ नाहं वेद व्यवसितं पित्रोर्वः

'धृतराष्ट्र र गान्धारी आदिलाई प्रणाम गर्नको निम्ति उनको महलमा गएका त तिनलाई त्यहाँ देखेनन् ॥३०॥ त्यहीं बसेका संजयसित उनले आत्तिएर सोधे—हे गवल्गणका छोरा संजय ! हाम्रा तात तथा दुवै आँखाका अन्धा धृतराष्ट्र, जसका छोराहरू मारिए, ती माता गान्धारी र हाम्रा काका विदुर कहाँ गए ? ॥ ३१ ॥ छोराहरू मर्नाले दुःखी महाराज म मन्दबुद्धि प्रति कुनै प्रकारको आशंका गरेर (कि मैले जन्मभरि यिनको अहित नै गरेको छु, अतः मसित कुनै दुर्व्यवहार गर्छन्कि) ती गंगामा त डुबेनन् ? ॥३२॥ ॥३३॥ पिता पाण्डु मरेपछि तिनै दुइ जनाले त हामीहरूको रक्षा गरेका थिए। त्यस्ता दयालु ती दुवै सज्जन यहाँबाट कहाँ हिंडिदिए ? ॥३४॥ स्नेहातिरेक र स्वामीको वियोगबाट दुःखी संजय आफ्ना प्रभु (धृतराष्ट्र) को विषयमा कुनै उत्तर नदिएर चुपलागे ॥३५॥ एक छिनपछि संजयले आफ्ना हातले आँखाको आँसु पुछे र आफ्ना स्वामी धृतराष्ट्रका चरणको स्मरण गर्दै ती धर्मराज युधिष्ठिरसित यस प्रकार भन्नलागे—॥३६॥ हे कुल नन्दन ! म हजुरका माता-पिताको सदृश पूज्य धृतराष्ट्र तथा गान्धारीको विषयमा केही पनि जान्दिन कि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनीहरू कहाँ गए, यसको मलाई केही ज्ञान छैन । ती महात्माहरूले त मलाई छुटिलिए—कहाँ पनि भन्दै नभनी मलाई एक्लै छाडी ती दुवै कहाँ गए थाहा छैन । त्यसै बखत श्रीनारदमुनि मीठो वीणा बजाउँदै त्यहाँ आइपुगे । आफ्ना भाइहरूका साथै महाराज युधिष्ठिरले मुनिको स्वागत-सत्कार गरे ॥३७-३८॥ त्यसपछि अत्यन्त व्याकुलतासाथ महाराज युधिष्ठिर नारदजीसित भन्न लागे—हे भगवन् ! मेरा माता-पिता गान्धारी र महाराज धृतराष्ट्र यहाँबाट कहाँ गए थाहा छैन । यस्तो अवस्थामा हजुर नै मेरा प्रथप्रदर्शक हुन सक्नुहुन्छ र हजुर नै बताउन सक्नु हुन्छ कि ती यसबखत कहाँ छन्॥२९-४०॥ त्यति सुनेर नारद भन्दछन्—हेराजन् ! तिमी कसैको विषयमा पनि शोक नगर किनकि समस्त संसारका अधिपति नारायण हुन् ॥४१॥ सबै लोकपाल उनैकोसंकेतले बलिको वहन गरिरहेका छन् । तीनै प्रभु पर-वरका प्राणिहरूलाई जम्मा पारेर मिलाप गराउँछन् र वियोग पनि गराइदिन्छन् ॥४२॥ जस्तै-गोरु आदि ठूला-ठूला पशु नाकको पातलो डोरीमा बाँधिएर आफ्ना स्वामीको इच्छानुसार भारी बोक्तछन्,ठीक त्यसैगरी तिनको वाणी (वेद)का विधिनिषेधरूपी डोरीमा बाँधिएर

कुलनन्दन ॥ गांधार्या वा महाबाहो मुषितोऽस्मि महात्मभिः ॥ ३७ ॥ अथाजगाम भगवान्नारदः सहतुम्बुरुः ॥ प्रत्युत्थायाभिवाद्याह सानुजोऽभ्यर्चयन्निव ॥ ३८ ॥ युधिष्ठिर उवाच ॥ नाहं वेद गतिं पित्रोर्भगवन्क्व गतावितः ॥ अम्बा वा हतपुत्राऽऽर्ता क्व गता च तपस्विनी ॥ ३९ ॥ कर्णधार इवापारे भगवान्पारदर्शनः ॥ (सर्वज्ञः सर्वगो धीमान्नारदोऽज्ञाननाशकः) ॥ ४० ॥ अथाबभाषे भगवान्नारदो मुनिसत्तमः ॥ मा कंचन शुचो राजन् यदीश्वरवशं जगत् ॥ ४१ ॥ लोकाः सपाला यस्येमे वहन्ति बलिमीशितुः ॥ स संयुनक्ति भूतानि स एव वियुनक्ति च ॥ ४२ ॥ यथा गावो नसि प्रोतास्तन्त्यां बद्धाः स्वदामभिः ॥ वाक्तन्त्यां नामभिर्बद्धा वहन्ति बलिमीशितुः ॥ ४३ ॥ यथा क्रीडोपस्कराणां संयोगविगमाविह ॥ इच्छया क्रीडितुः स्यातां तथैवेशेच्छया नृणाम् ॥ ४४ ॥ यन्मन्यसे ध्रुवं लोकमध्रुवं वा न चोभयम् ॥ सर्वथा हि न शोच्यास्ते स्नेहादन्यत्र मोहजात् ॥ ४५ ॥ तस्माज्जह्यङ्ग वैक्लव्यमज्ञानकृतमात्मनः ॥ कथं त्वनाथाः कृपणा वर्तेरन् वनमाश्रिताः ॥ ४६ ॥ कालकर्मगुणाधीनो देहोऽयं पाञ्चभौतिकः ॥ कथमन्यांस्तु गोपायेत्सर्पग्रस्तो यथाऽपरम् ॥ ४७ ॥ अहस्तानि सहस्तानामपदानि चतुष्पदाम् ॥ फल्गूनि तत्र महतां जीवो जीवस्य

यो समस्त संसार उनैको इच्छानुसार चल्दछ॥४३॥ जसरी कुनै चटकीको खेलाउने वस्तुको संयोग वियोग चटकीको इच्छामा निर्भर गर्दछ, त्यसै प्रकार जगत्का जीवहरूको संयोग-वियोग नारायणको इच्छामा नै अवलम्बित रहने गर्दछ ॥४४॥ यदि तिमी संसारका कुनै प्राणीको जीवरूपबाट नित्य वा शरीररूपबाट अनित्य ठान्दछौ भने भ्रममा हौ किनकि न यो नित्य छ, न अनित्य नै छ । नित्यको कहिल्यै नाश हुँदैन र अनित्यको नाश अनिवार्य छ । यस निम्ति तिमी उनीहरूको विषयमा शोक नगर ॥४५॥ हे राजन् ! तिमी यो विचार गरेर कि म नभएपछि ती कसरी बाँच्लान् यस अज्ञानमूलक शोकलाई त्यागिदेऊ ॥४६॥ पृथ्वी, जल, अग्नि, वायु र आकाशको संयोगले बनेको यो शरीर काल, कर्म र गुणको अधीन छ । अनि यसले अन्य प्राणीको रक्षा कसरी गर्न सक्तछ ? जुन मनुष्यलाई अजिङ्गरले निलिरहेको छ, त्यो कुन अर्को प्राणीलाई सहायता कुन प्रकारले गर्न सक्तछ ? ॥४७॥ हात नभएका (गाई, गोरू आदि जीव) हात हुनेहरूको, खुट्टा नहुने र घाँस, अन्न आदि) चौपाया (पशुहरू) को र अरु स-साना जीव (जुन सूक्ष्म-दर्शक यन्त्रद्वारा नै देख्न सकिन्छ)

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती खुट्टा नहुने (तृण आदि) जीवहरूको आधार हुन् । यो सबैको निष्कर्ष यो निस्क्यो–'जीवो जीवस्य भक्षकः' ॥४८॥ हे राजन् ! उपर्युक्त सबै प्रकारका प्राणिहरूले भरिएको संसार स्वयं प्रकाशित हुने भगवानका नै स्वरूप हुन् । यो स्वरूप यौटा भएर पनि मायाले गर्दा अनेक देखिन्छ । अतः तिमी आत्मज्ञानद्वारा आफ्नो अतर्दृष्टिलाई स्वच्छ पारेर ती परमपुरुषलाई हेर ॥४९॥ हे महाराज ! तीनै परमपुरुष र समस्त संसारी प्राणिहरूका जीवनदाता भगवान् कृष्ण पृथ्वीमा देव-द्रोही दैत्यहरूको नाश गर्न अवतरित भएका छन् ॥५०॥ उनले देवताहरूको काम सम्पन्न गरिदिए । केही काम (यदुवंशीहरूको नाश) बाँकी छ, ती त्यही कामको लागि अडिएका छन् । जब सम्म ती यहाँ छन्, तिमी प्रतीक्षा गर॥५१॥अँ, धृतराष्ट्र, विदुर र आफ्नी पतिव्रता पत्नी गान्धारीसंग हिमालयको घाटीमा उपस्थित ऋषिहरूको आश्रमतिर गएकाछन् ॥५२॥ जुनस्थानमा भगवती जाह्नवी (गङ्गाजी) सातधारामा बाँडिएर सप्तर्षिहरूलाई प्रसन्न पर्दै बग्दछिन्, त्यस तीर्थलाई 'सप्तश्रोत' भन्दछन् ॥५३॥ त्यसै सप्तश्रोतमा ती त्रिकाल स्नान तथा विधिवत् अग्निहोत्र गरेर केवल जल पिई सबै वासनाहरूको

जीवनम् ॥ ४८ ॥ तदिदं भगवान्राजन्नेक आत्माऽऽत्मनां स्वदृक् ॥ अन्तरोऽनन्तरो भाति पश्य तं माययोरुधा ॥ ४९ ॥ सोऽयमद्य महाराज भगवान्भूतभावनः ॥ कालरूपोऽवतीर्णोऽस्यामभवाय सुरद्विषाम् ॥५०॥ निष्पादितं देवकृत्यमवशेषं प्रतीक्षते ॥ तावद्यूयमवेक्षध्वं भवेद्यावदिहेश्वरः ॥५१॥ धृतराष्ट्रः सह भ्रात्रा गान्धार्या च स्वभार्यया ॥ दक्षिणेन हिमवत ऋषीणामाश्रमं गतः ॥ ५२ ॥ स्रोतोभिः सप्तभिर्या वै स्वर्धुनी सप्तधा व्यधात् ॥ सप्तानां प्रीतये नाम्ना सप्तस्रोतः प्रचक्षते ॥ ५३ ॥ स्नात्वाऽनुसवनं तस्मिन् हुत्वा चाग्नीन् यथाविधि ॥ अब्भक्ष उपशान्तात्मा स आस्ते विगतैषणः ॥ ५४ ॥ जितासनो जितश्वासः प्रत्याहृतषडिन्द्रियः ॥ हरिभावनया ध्वस्तरजःसत्त्वतमोमलः ॥ ५५ ॥ विज्ञानात्मनि संयोज्य क्षेत्रज्ञे प्रविलाप्य तम् ॥ ब्रह्मण्यात्मानमाधारे घटाम्बरमिवाम्बरे ॥ ५६ ॥ ध्वस्तमायागुणोदर्को निरुद्धकरणाशयः ॥ निवर्तिताखिलाहार आस्ते स्थाणुरिवाचलः ॥ ५७ ॥ तस्यान्तरायो मैवाभूः संन्यस्ताखिलकर्मणः ॥ स वा अद्यतनाद्राजन्परतः पञ्चमेऽहनि ॥ ५८ ॥ कलेवरं हास्यति स्वं यच्च भस्मीभविष्यति ॥ (धृतराष्ट्रस्य मोक्षः स्याज्ज्ञानेन विदुरस्य च) ॥ ५९ ॥ दह्यमानेऽग्निभिर्देहे पत्युः पत्नी सहोटजे ॥ बहिःस्थिता पतिं साध्वी तमग्नि-

शमन गरेर शान्त मनले निवास गर्दछन् ॥५४॥ उनले एकासन-व्रत धारण गरेरश्वासलाई जितिसकेका छन् र आफना इन्द्रियहरूलाईवशमा गरेरभगवानको भजनद्वारा सत्व, रज, तम यी तीनै गुणका विकारहरू नष्ट पारिसकेका छन् ॥५५॥ आत्मज्ञानद्वारा मन र बुद्धि एकत्र पारी आफ्नो बुद्धिलाई उनले ब्रह्ममा उसैगरी मिलाइदिएका छन्, जसरी कुनै योगी घटाकाशलाई महाकाशमा मिलाइदिन्छन्॥५६॥ उनले नेत्र आदि सबै इन्द्रिय तथा मनलाई वशमा पारिसकेका छन् । आहार-विहारबाट उनको इच्छा निवृत्त भइसकेको छ र मायाका गुणहरूबाट मुक्ति पाएर ती स्थाणु (खाँबो) झैं निश्चल भावले बसिरहन्छन् ॥५७॥ हे राजन् ! तिनको यो सराहनीय उद्योगमा तपाई विघ्न नपार्नु होला । ती आजदेखि पाँचौं दिन आफ्नो शरीर त्यागिदिन्छन् । तिनको त्यो कलेवर भस्म हुनेछ र विदुरको उपदेशले मोक्ष मिल्नेछ । यदि तिमी ठान्दछौ कि उनी गएपछि आमा गान्धारीलाई बुझाएर यहाँ ल्याउनेछु, अब त्यो पनि हुन सक्तैन, किनकि जब गार्हपत्य अग्निद्वारा उनको पतिको शरीर तथा कुटी भस्म हुनेछ, तब बाहिरै बसेकी उनकी साध्वी पत्नी गान्धारी त्यही आगोमा पतिसित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सती हुनेछन् ॥५८-५९॥ यदि तपाईं विदुरलाई फर्काउने विचार राख्नुहुन्छ भने त्यो पनि सम्भव छैन, किनकि जब विदुरलाई आफ्ना दाजूको सद्गतिको वृत्तान्त ज्ञात हुनेछ, तब ती हर्ष-शोक युक्त मनले तीर्थाटन गर्न निस्कने छन् ॥६१॥ यति भनेर नारदजी आफ्नो वीणा बजाउँदै आकाश-मार्गबाट स्वर्ग गए र उनकै कथनानुसार धर्मराज युधिष्ठिरले आफ्नो हृदयको शोक फालिदिए ॥६३॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर वशिष्ठ' कृत नेपाली भाषा-टीकायां धृतराष्ट्र मोक्ष वर्णन नाम त्रयोदशोऽध्यायः ॥४३॥ यस अध्यायमा कृष्ण परमधाम गएको कुरा युधिष्ठिरलाई ज्ञात हुनेछ। सूतजी भन्दछन्—केही दिनपछि अर्जुन आफ्ना प्रियबन्धु कृष्णलाई भेट्न र उनको समाचार लिन, भगवान् के गर्दै छन अथवा के गर्न खोज्दैछन् भन्ने जान्नका लागि द्वारकापुरी गए ॥१॥ कृष्ण-सखा अर्जुन गएको निकै महीना बितिसक्यो तैपनि ती फर्कर आएनन् र यता महाराज युधिष्ठिर

पनुवेक्ष्यति ॥ ६० ॥ विदुरस्तु तदाश्चर्यं निशम्य कुरुनन्दन ॥ हर्षशोकयुतस्तस्माद्गन्ता तीर्थनिषेवकः ॥ ६१ ॥ इत्युक्त्वाऽथारुहत्स्वर्गं नारदः सह तुम्बुरुः ॥ युधिष्ठिरो वचस्तस्य हृदि कृत्वाऽजहाच्छुचः ॥ ६२ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे विदुरोक्त्या धृतराष्ट्रमोक्षवर्णनं नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥ सूत उवाच ॥ संप्रस्थिते द्वारकायां जिष्णौ बन्धुदिदृक्षया ॥ ज्ञातुं च पुण्यश्लोकस्य कृष्णस्य च विचेष्टितम् ॥ १ ॥ व्यतीताः कतिचिन्मासास्तदा नायात्ततोऽर्जुनः ॥ ददर्श घोररूपाणि निमित्तानि कुरूद्वहः ॥ २ ॥ कालस्य च गतिं रौद्रां विपर्यस्तर्तुधर्मिणः ॥ पापीयसीं नृणां वार्तां क्रोधलोभानृतात्मनाम् ॥ ३ ॥ जिह्मप्रायं व्यवहृतं शाठ्यमिश्रं च सौहृदम् ॥ पितृमातृसुहृद्भ्रातृदम्पतीनां च कल्कनम् ॥ ४ ॥ निमित्तान्यत्यरिष्टानि काले त्वनुगते नृणाम् ॥ लोभाद्यधर्मप्रकृतिं दृष्ट्वोवाचानुजं नृपः ॥ ५ ॥ युधिष्ठिर उवाच ॥ संप्रेषितो द्वारकायां जिष्णुर्बन्धुदिदृक्षया ॥ ज्ञातुं च पुण्यश्लोकस्य कृष्णस्य च विचेष्टितम् ॥ ६ ॥ गताः सप्ताधुना मासा भीमसेन तवानुजः ॥ नायाति कस्य वा हेतोर्नाहं वेदेद-

विविध प्रकारका डरलाग्दा अपशकुन देख्नथाले ॥२॥ तिनले हेर्दाहेर्दै विचित्र प्रकारले समयको गति बदलियो। सबैको प्रवृत्ति पापतिर ढल्कियो र क्रोध, लोभ तथा असत्य व्यवहार बढ्दै जान लाग्यो ॥३॥ संसारी मानिसका सबै लौकिक र पारलौकि व्यवहार कपटपूर्ण भए र ठग्ने खालको मित्रता हुन लाग्यो। सबै व्यक्ति आफ्ना माता-पिता र दाजू-भाइसित लडाई लागे। पति-पत्नीमा कलह हुन लाग्यो ॥४॥ यस प्रकारका भीषण निमित्त र लोभ आदि अधर्ममा प्रवृत्त हुन लागेका मानिसहरूलाई देखेर युधिष्ठिर आफ्ना भाई भीमसित भन्न लागे—॥५॥ मैले पार्थलाई भगवानकृष्णचन्द्रसित भेट्न र उनको हाल-चाल जान्नो निम्ति द्वारका पठाएको थिएँ ॥६॥ हे भीम ! तिम्रो भाई* गएको सात महीना बित्यो, तापनि

* उदाहरण—(भाईको स्नेह)—यौटा कारीगरलाई आफ्नो व्यापारमा ठूलो घाटा भयो। त्यसका दुइटा स साना बालक र स्त्री थिई। अब के गर्ने होला ? यस्तो विचार गरेर त्यसले पत्नीलाई अनाथालय पठाइदियो र बालकहरूसित दिन बिताउन थाल्यो। केही दिनपछि त्यो आफैं पनि मर्‍यो। अब ती अनाथ बालकले आमानेर जाने विचार गरेर ती गइरहेका थिए, बाटोमा यौटा गोरू गाडा भेटियो। गाडाको स्वामीले यौटा बालकलाई गाडामा बस्न भन्यो। दाजूले भाइलाई गाडामा बसालिदियो र आफू खुट्टाले हिंड्न लाग्यो। त्यो पनि केवल बाह्र वर्षको थियो। पैसा नहुनाले त्यो भोक प्यास सह्दै गाडीसित गइरहेको थियो। 'आमा हामीलाई देखेर प्रसन्न हुनेछन् र हामी आमालाई देख्न पाउने छौं।' यस्तै विचार गरेर त्यो बाटो काटिरहेको थियो। रात्रिको बेलामा यदि गाडा अलि पछाडि पर्दा त्यो दगुर्दै आफ्नो भाइको नगीच पुग्दथ्यो। 'मेरो भाइ भोकै छ' भनेर त्यो शिक्षा माग्दथ्यो र आफूभन्दा सानो भाइलाई खान दिन्थ्यो, तर स्वयं नखाएर भोकै बस्तथ्यो। प्रतिदिन गाडासित भोक हिंड्नु सार्‍है कष्टदायक थियो। गाडाको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती अझसम्म फर्कनन् र कुनै समचार पनि पठाएका छैनन् । म निकै आत्तिएको छु र ती किन आएनन् भनेर विचार गर्न सक्तिरहेको छैन ।। ७ ।। देवर्षि नारदले जसको चर्चा गरेका थिए, कतै त्यही समय त आइपुगेन ! उनले भने झैं भगवान् यस क्रीडाभूमिलाई त्यागेर परमधाम जाने भएका छन् ।।८।। श्रीकृष्ण भगवानको दयाले नै हामीलाई यो विशाल सम्पत्ति, राज्य, गइसकेको प्राण, स्त्री, परिवार र सन्तानको प्राप्ति भएको थियो । उनैको दयाले हामीले शत्रुमा विजय प्राप्त गर्‍यौं र उनैको अनुग्रहले अश्वमेध यज्ञ गराउने उद्योगी मनुष्यहरू पाइएका थिए ।।९।। हे नरश्रेष्ठ ! हेर त, हाम्रो समक्ष आकाश, भूमि तथा समस्त प्राणिहरूमा अनेक थरिका उत्पात दृष्टिगोचर भइरहेका छन् ।। १० ।। मेरो बायाँ नेत्र, बायाँ तिघ्रा र बायाँ पाखुरा फर्फराइरहेका छन् । हृदयमा कम्प उठिरहेको छ । यसले यस्तो ज्ञानभइरहेको छ कि शीघ्र नै अमङ्गल सूचक घटना घटित हुनेछ ।।११।। स्यालिनीहरू मुखबाट आगो उकेल्दै उदाउन लागेका सूर्यतिर मुख फर्काएर रोइरहेका छन् । कुकुरहरू निर्भीक भावले मेरै सम्मुख आएर रुने गरिरहेका छन् ।।१२।। हे भीम ! गाई आदि उत्तम पशुमलाई बायाँ पारेर गइ-

मञ्जसा ।। ७ ।। अपि देवर्षिणाऽऽदिष्टः स कालोऽयमुपस्थितः ।। यदात्मनोऽङ्गमाक्रीडं भगवानुत्सिसृक्षति ।। ८ ।। यस्मान्नः संपदो राज्यं दाराः प्राणाः कुलं प्रजाः ।। आसन्सपत्नविजयो लोकाश्च यदनुग्रहात् ।। ९ ।। पश्योत्पातान्नरव्याघ्र दिव्यान्भौमान्सदैहिकान् ।। दारुणाञ्छंसतोऽदूराद्भयं नो बुद्धिमोहनम् ।।१०।। ऊर्वक्षिबाहवो मह्यं स्फुरन्त्यङ्ग पुनः पुनः ।। वेपथुश्चापि हृदये आराद्दास्यन्ति विप्रियम् ।। ११ ।। शिवैषोद्यन्तमादित्यमभि-रौत्यनलानना ।। मामङ्ग सारमेयोऽयमभिरौति ह्यभीरुवत् ।।१२।। शस्ताः कुर्वन्ति मां सव्यं दक्षिणं पशवोऽपरे ।। वाहांश्च पुरुष व्याघ्रलक्ष्यन्ते रुदतो मम ।। १३ ।। मृत्युदूतः कपोतोऽयमुलूकः कम्पयन् मनः ।। प्रत्युलूकश्च कुह्वानैरनिद्रौ शून्यमिच्छतः ।।१४।। धूम्रा दिशः परिधयः कम्पते भूः सहाद्रिभिः ।। निर्घातश्च महानासीत्साकं च स्तनयित्नुभिः ।। १५ ।। वायुर्वाति खरस्पर्शो रजसा विसृजँस्तमः ।। असृग्वर्षन्ति जलदा बीभत्समिव सर्वतः ।। १६ ।। सूर्यं हतप्रभं पश्य ग्रहमर्दं मिथो दिवि ।। ससंकुलैर्भूतगणैर्ज्वलिते इव रोदसी ।। १७ ।। नद्यो नदाश्च क्षुभिताः सरांसि च मनांसि च ।।

रहेका छन् र सुँगुर, गदहा आदि पशु दाहिने पारेर गइरहेछन् । हे पुरुष-पुङ्गव ! म आफ्ना वाहन (हात्ती, घोडा आदि) लाई पनि रोइरहेका देख्तछु ।।१३।। मृत्युका दूतस्वरूप परेवा, उल्लु र काग आदि यति कराउँछन्—मानौं ती आफ्नो अमंगलमय शब्दहरूले सम्पूर्ण विश्वलाई नष्ट पार्नेछन् ।।१४।। सबै दिशाहरू मैलो देखिन्छन् र तिनका छेउमा अग्निमयी घेरा देखिइरहेछ । ती घेराहरू सबै दिशाहरूलाई समेटिरहे झैं देखिन्छ । वन र पर्वतहरूसमेत पृथ्वी कामिरहेकी छन् । बिना मेघकै डरलाग्दो गर्जन सहित वज्रपात भइरहेको छ ।। १५।। धूलो मिसिएको वायु चलेर अन्धकार पारिरहेछ, मेघ बीभत्स दृश्य उपस्थित गर्दै रगतको वर्षा गर्दछन् ।।१६।। सूर्यको तेज नष्ट झैं भइरहेको छ, ग्रहगण परस्पर लडिरहे झैं छन् र पृथ्वी देखि आकाशसम्म आगोको ज्वाला झैं देखिइरहेछ ।।१७।। सबै नद, नदीहरू तथा तडाग र मनुष्यको मन क्षुब्ध भइरहेछन् । घिउ हाल्दा पनि आगो दन्कँदैन । जान्न सक्तिरहेको छैनकि

दिन थियो, यस निमित्त चर्ता ठण्ड लागिरहेको थियो । कान्छो भाइले भन्यो—आऊ, अब तिमी गाडामा बस । म हिड्छु।' दाजूले भन्यो —'पिताले मलाई तिम्रो स्याहार सम्भार गर्नु भन्नुभएको थियो। यदि म आफ्नो कर्तव्यपूर्ण नगरूँ त आमाको अघिल्तिर र अन्त्यमा ईश्वरको सामुन्ने कसरी मुख देखाउन सकूँला ?' दाजूको प्रेम देखेर गाडा चलाउनेलाई दया लाग्यो र त्यसले दाजूलाई पनि गाडामा बसाल्यो र तो दुवै आफ्नी आमाकहाँ पुगे । आमा आफ्ना छोरालाई देखेर साह्रै प्रसन्न भई र तिनलाई छातीमा टाँसी ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो कराल काल के गर्न खोजिरहेको छ ।। १८।। बाछाले दूध पिउन्नन्, गाईहरू दूध दुहुन दिंदैनन् र आँसु बगाएर रोइरहन्छन् । वृषभ (साँढे) गाईहरूको बथानमा पनि प्रसन्न देखिन्नन् ।।१९।। मन्दिरमा स्थापित देवताका प्रतिमाहरू रोइरहेछन् । तिनको अंगबाट पसीना बग्दछ र ती आफ्नो स्थानबाट यता-उता सरेका देखिन्छन् । शहर, गाउँ र नगरका बगैंचा खानी र मुनिहरूका आश्रयको शोभा नष्ट हुँदै गइरहेको छ र संसारका सबै प्राणी दुःखी देखिइरहेका छन् । विधाता अब हामीलाई कुन दुःख देखाउन खोजिरहेको छ—थाहा छैन ।।२०।। यो उत्पातहरू देखेर म त ठानिरहेको छु कि यी हतभागिनी पृथ्वीमा अब ती सर्वोत्तम पुरुष भगवान् श्रीकृष्णचन्द्रको चरण-कमल रहेन ।।२१।। सूतजी भन्दछन्—हे शौनक ! युधिष्ठिर यस प्रकारको तर्कनाहरू गरिरहेके थिए—त्यसै बखत द्वारकापुरीबाट फर्केका अर्जुन तिनको सामुन्ने उपस्थित भए ।।२२।। ती आउनासाथ ठूलो आतुरता साथ जस्तो पहिले कहिल्यै गरेका थिएनन्—जेठ भ्राताका चरणमा लडे र अनुहार निहुराएर आँसु बगाउन थाले ।।२३।। अर्जुनको दशा देखेर युधिष्ठिर आत्तिए । ती नारदले भनेका कुरा सम्झन्दै विजयसित सोध्न

न ज्वलत्यग्निराज्येन कालोऽयं किं विधास्यति ।। १८ ।। न पिबन्ति स्तनं वत्सा न दुह्यन्ति च मातरः ।। रुदन्त्यश्रुमुखा गावो न हृष्यन्त्यृषभा व्रजे ।।१९।। दैवतानि रुदन्तीव स्विद्यन्ति ह्युच्चलन्ति च ।। इमे जनपदा ग्रामाः पुरोद्यानाकराश्रमाः ।।२०।। भ्रष्टश्रियो निरानन्दाः किमघं दर्शयन्ति नः ।। मन्य एतैर्महोत्पातैर्नूनं भगवतः पदैः ।। अनन्यपुरुषश्रीभिर्हीना भूर्गतसौभगा ।। २१ ।। इति चिन्तयतस्तस्य दृष्टारिष्टेन चेतसा ।। राज्ञः प्रत्यागमद्ब्रह्मन्यदुपुर्याः कपिध्वजः ।।२२।। तं पादयोर्निपतितमयथापूर्वमातुरम् ।। अधोवदनमब्बिन्दून्मुञ्चन्तं नयनाब्जयोः ।। २३ ।। विलोक्योद्विग्नहृदयो विच्छायमनुजं नृपः ।। पृच्छति स्म सुहृन्मध्ये संस्मरन्नारदेरितम् ।।२४।। युधिष्ठिर उवाच ।। कच्चिदानर्तपुर्यां नः स्वजनाः सुखमासते ।। मधुभोजदशार्हार्हसात्वतान्धकवृष्णयः ।। २५ ।। शूरो मातामहः कच्चित्स्वस्त्यास्ते वाऽथ मारिषः ।। मातुलः सानुजः कच्चित्कुशल्यानकदुन्दुभिः ।। २६ ।। सप्त स्वसारस्तत्पत्न्यो मातुलान्यः सहात्मजाः ।। आसते सस्नुषाः क्षेमं देवकीप्रमुखाः स्वयम् ।। २७ ।। कच्चिद्राजाऽऽहुको जीवत्यसत्पुत्रोऽस्य चानुजः ।। हृदीकः ससुतोऽक्रूरो जयन्तगदसारणाः ।।२८।। आसते कुशलं कच्चिद्ये च शत्रुजिदादयः ।। कच्चिदास्ते सुखं रामो भगवान् सात्वतां प्रभुः ।।२९ ।। प्रद्युम्नः सर्ववृष्णीनां सुखमास्ते ।।महारथः ।। गम्भीररयोऽनिरुद्धो वर्धते भगवानुत ।।३०।। सुषेणश्चारुदेष्णश्च साम्बो जाम्बवतीसुतः ।।

लागे । त्यसै बखत तिनका भाइहरू र सुहृद् पनि एकत्र भए ।।२४।। युधिष्ठिरले सोधे—किन भाई ! द्वारकापुरीका निवासी र हाम्रा सम्बन्धी मधु, भोज, दाशार्ह, अर्ह, सात्वत, अन्धक र वृष्णि वंशका सबै यादव राम्ररी बसेका छन् ? मेरा माननीय मातामह शूरसेन र आफ्ना भ्रातासमेत मेरा मामा वसुदेव त सकुशल छन् ? ।।२५-२६।। वसुदेवकी पत्नी देवकी र तिनका दिदी-बहिनीहरू राम्ररी बसेका छन् ? मेरा मामाकी पत्नीहरू त प्रसन्न छन् ? ।।२७।। जसको नालायक छोरो (कंस) थियो, ती उग्रसेन र तिनका भाई देवक, हृदीक र उनका छोरा कृतवर्मा तथा भगवान् कृष्णचन्द्रका भाई जयन्त, गद तथा सारण त सकुशल छन् ? ।।२८।। शत्रुजित आदि यादव त कुशलपूर्वक छन् ? सात्वत वंशीहरूका प्रभु भगवान् बलराम त राम्ररी छन् ।।२९।। समस्त यादवहरूमा महारथी प्रद्युम्न त आनन्दै छन् ? युद्धमा ठूलो वेगले लड्ने अनिरुद्ध त सकुशल छन् ।।३०।। भगवान् कृष्णचन्द्रका छोरा सुषेण, चारुदेष्ण, साम्ब तथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि आफ्ना सन्तानहरू समेत कुशल छन् ? भगवान्‌का अनुचर सुनन्द, श्रुतदेव तथा उद्धव आदि त सकुशल छन् ? ॥३२॥ श्रीकृष्णचन्द्र तथा बलरामका भुजाहरूको आश्रयमा रहेका समस्त द्वारका निवासी त राम्ररी बसेका छन् ? हामीहरूसित अगाध प्रेम बढाउने ती सबै मङ्गल-कामना गर्दै कहिले हामीलाई स्मरण गर्दछन् ॥३३॥ ब्राह्मण-भक्त र भक्तवत्सल श्रीकृष्णचन्द्र आफ्ना सुहृद् जनहरू सहित सुधर्मा नामको सभामा बस्तछन् ? ॥३४॥ बलरामको साथसाथै भगवान् कृष्ण संसारको कल्याणार्थ जगत्‌को प्राप्त अधिकारहरूको उपभोग गर्दै र तिनको समृद्धिका लागि चेष्टा गर्दै अहिले संसारमै छन् ? ॥३५॥ उनका भुजदण्डले नै सुरक्षित भएर त सबै यदुवंशी संसागार-पूज्य बनेर विष्णु भगवान्‌का पार्षदहरू समान परमानन्द प्राप्त गर्दै द्वारकामा निवास गर्दछन् ॥३६॥ जसका चरण कमलका सेवाको बलले स्वर्गका देवताहरूलाई पनि पराजित गरेर सत्यभामादिक सोह हजार स्त्रीहरू भगवान्‌को कृपाले ती (पारिजातादिक) सम्पत्तिहरूको उपभोग गर्दछन्, जो केवल इन्द्राणीलाई मात्र प्राप्त हुनसक्तथ्यो ॥ ३७ ॥ जसका भुजदण्डको महिमाले यादव वीर सबै प्रकारले निर्भय भएर

अन्ये च कार्ष्णिप्रवराः सपुत्रा ऋषभादयः ॥ ३१ ॥ तथैवानुचराः शौरेः श्रुतदेवोद्धवादयः ॥ सुनन्दनन्दशीर्षण्या ये चान्ये सात्वतर्षभाः ॥ ३२ ॥ अपि स्वस्त्यासते सर्वे रामकृष्णभुजाश्रयाः ॥ अपि स्मरन्ति कुशलमस्माकं बद्धसौहृदाः ॥ ३३ ॥ भगवानपि गोविन्दो ब्रह्मण्यो भक्तवत्सलः ॥ कच्चित्पुरे सुधर्मायां सुखमास्ते सुहृद्वृतः ॥ ३४ ॥ मङ्गलाय च लोकानां क्षेमाय च भवाय च ॥ आस्ते यदुकुलाम्भोधावाद्योऽनन्तसखः पुमान् ॥ ३५ ॥ यद्बाहुदण्डगुप्तायां स्वपुर्यां यदवोऽर्चिताः ॥ क्रीडन्ति परमानन्दं महापौरुषिका इव ॥ ३६ ॥ यत्पादशुश्रूषणमुख्यकर्मणा सत्यादयो द्व्यष्टसहस्रयोषितः ॥ निर्जित्य संख्ये त्रिदशाँस्तदाशिषो हरन्ति वज्रायुधवल्लभोचिताः ॥ ३७ ॥ यद्बाहुदण्डाभ्युदयानुजीविनो यदुप्रवीरा ह्यकुतोभया मुहुः ॥ अधिक्रमन्त्यंघ्रिभिराहृतां बलात्सभां सुधर्मां सुरसत्तमोचिताम् ॥ ३८ ॥ कच्चित्तेऽनामयं तात भ्रष्टतेजा विभासि मे ॥ अलब्धमानोऽवज्ञातः किं वा तात चिरोषितः ॥ ३९ ॥ कच्चिन्नाभिहितो भावैः शब्दादिभिरमङ्गलैः ॥ न दत्तमुक्तमर्थिभ्य आशया यत्प्रतिश्रुतम् ॥ ४० ॥ कच्चित्त्वं ब्राह्मणं बालं गां वृद्धं रोगिणं स्त्रियम् ॥ शरणोपसृतं सत्त्वं नात्याक्षीः शरणप्रदः ॥ ४१ ॥ कच्चित्त्वं नागमोऽगम्यां गम्यां वाऽसत्कृतां स्त्रियम् ॥ पराजितो वाऽथ भवान्नोत्तमैर्नासमैः पथि ॥ ४२ ॥ अपिस्वित्पर्यभुङ्क्थास्त्वं संभोज्यान् वृद्धबालकान् ॥ जुगुप्सितं कर्म किञ्चित्कृतवान्न यदक्षमम्

देवताहरूद्वारा सेवित सुधर्मा नामको देवसभालाई खोसेर ल्याएर आज ती त्यसलाई आफ्ना खुट्टाले दलिमलि गर्दैछन्, ती नारायण त राम्ररी छन् ?॥३८॥ तिमी राम्ररी थियौ ! तर तिमी त खिन्न देखिँदै छौ । म त कहीं अपमानित भए झैं देखिरहेको छु । तिमी त्यहाँ यतिका दिनसम्म किन बसिरह्यौ ? कसैले तिमीसित कटु व्यवहार त गरेनन् ? अथवा कुनै कठोर वाक्य भनेर कसैले तिमीलाई दुःखी त तुल्याएनन् ? अथवा कसैलाई आशा दिएर—म फलानो वस्तु दिनेछु,भन्ने प्रतिज्ञा गरेर तिमीले त्यसलाई त्यो वस्तु दिन सकेनौ ? शरणमा आएका ब्राह्मण, गाई, वृद्ध, रोगी वा कुनै स्त्रीलाई त तिमीले त्यागिदिएनौ ? अशरणलाई शरण दिनु त तिम्रो स्वभावनै थियो ॥३९-४१॥ तिमीले कुनै अगम्य स्त्रीसित गमन त गरेनौ अथवा कुनै आदरणीय स्त्रीको अनादर त गरिदिएनौ ? तिमी बाटोमा कुनै समान बल अथवा आफूभन्दा हीन बल हुने शत्रुसित पराजित त भएका होइनौ ? ॥४२॥ तिमी कुनै वृद्ध

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथवा बालकलाई–जसलाई खुवाएर मात्र आफूले खानुपर्ने थियो–त्यागेर पहिले स्वयं त खाएनौ ?* अथवा कुनै निषिद्ध कर्म त गरिसकेका छैनौ ? अथवा नखान हुने खानेकुरा त खाएनौ ? ।।४३।। अथवा हामीहरू आफ्ना परम प्रियतम भगवान् श्रीकृष्णचन्द्रसित सधैंको निम्ति वियुक्त भएका त होइनौं ? यदि यी सबै कुरामा यौटा पनि भएको होइन भने त तिमी यति बर्ता खिन्न देखिने थिएनौ ।।४४।। इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां चतुर्दशोऽध्यायः ।। १४ ।।

(यस अध्यायमा कलियुगको प्रवेश देखेर युधिष्ठिरको स्वर्ग गमन कहिन्छ ।) सूतजी भन्दछन्–हे शौनक ! यसरी अनेक प्रकारले आफ्ना दाजू युधिष्ठिरले सोधेपछि पनि अर्जुनले केही उत्तर दिन सकेनन्, किनकि ती भगवान् कृष्णचन्द्रको वियोगले बर्ता दुःखी थिए ।।१।। शोकले तिनको हृदय र मुख दुवै सुकिरहेका थिए । ती एकमात्र आफ्ना प्रभु श्रीकृष्णचन्द्रको

।। ४३ ।। कच्चित्प्रेष्ठतमेनाथ हृदयेनात्मबन्धुना ।। शून्योऽस्मि रहितो नित्यं मन्यसे तेऽन्यथा न रुक् ।। ४४ ।। इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे युधिष्ठिरवितर्के द्वारकाया अर्जुनस्यागमनवर्णनं नाम चतुर्दशोऽध्यायः ।। १४ ।। सूत उवाच ।। एवं कृष्णसखः कृष्णो भ्रात्रा राज्ञा विकल्पितः ।। नानाशङ्कास्पदं रूपं कृष्णविश्लेषकर्शितः ।। १ ।। शोकेन शुष्यद्वदनहृत्सरोजो हतप्रभः ।। विभुं तमेवानुध्यायन्नाशक्नोत्प्रतिभाषितुम् ।। २ ।। कृच्छ्रेण संस्तभ्य शुचः पाणिनाऽऽमृज्य नेत्रयोः ।। परोक्षेण समुन्नद्धप्रणयौत्कण्ठ्यकातरः ।। ३ ।। सख्यं मैत्रीं सौहृदं च सारथ्यादिषु संस्मरन् ।। नृपमग्रजमित्याह बाष्पगद्गदया गिरा ।। ४ ।। अर्जुन उवाच ।। वञ्चितोऽहं महाराज हरिणा बन्धुरूपिणा ।। येन मेऽपहृतं तेजो देवविस्मापनं महत् ।। ५ ।। यस्य क्षणवियोगेन लोको ह्यप्रियदर्शनः ।। उक्थेन रहितो ह्येष मृतकः प्रोच्यते यथा ।। ६ ।। यत्संश्रयाद्द्रुपदगेहमुपागतानां

मनमनै ध्यान गरिरहेका थिए । चेष्टा गरेर पनि ती केही बोल्नसकेनन् ।।२।। निकैबेरपछि तिनले कसै गरी आफ्नो अश्रुवेग रोके । बगिरहेका आँसुका थोपाहरू हातले पुछे । अनि कृष्णको वियोग जनित उत्कण्ठाले व्याकुल हुँदै भगवान्का हितैषिता, मित्रता, सम्बन्ध, प्रेमवश गरिएको सारथित्व तथा दूतत्व आदि गुणहरूलाई स्मरण गर्दै ती आफ्ना ज्येष्ठ भ्राता युधिष्ठिरसित यस प्रकार भन्न लागे । त्यस बखत पनि उम्लिरहेको आँसुको आवेगले तिनको वाणी गद्गद भइरहेको थियो ।।३-४।। अर्जुनले भने–हे महाराज ! मेरा बन्धु-स्वरूप भगवान् कृष्णचन्द्रले हामीलाई लुटिलिए ; देवताहरूलाई नि विस्मित पार्ने मेरो तेजको तिनले अपहरण गरिलिए ।।५।। एक क्षणको निम्ति पनि जसको वियोग हुँदा मलाई सारा संसार

---

* उदाहरण–(पुण्य कि पेट कुन ठूलो)—हात्तीको मुखबाट केही खस्यो त्यसले हात्तीको अहारा कम भएन, तर त्यही लाखौं कमिलाले लगे आफ्ना परिवारलाई खुवाउन ।' तात्पर्य के भने–अनेक मनुष्यहरूको यस्तो विचार रहन्छ—'आफ्नै काम चल्ने जति त छैन, अरुलाई खाने-पिने तथा बस्ने प्रबन्ध के गर्न सकिन्छ ।' यौटा शहरमा दुई छिमेकी समान धनी थिए । दुवैको एकैनासे सोख पनि थियो र सामान पनि समान नै थियो । एक दिन यौटा महात्मा आएर ती दुवैलाई उपदेश दिंदै उनले भने—तिम्रो माथि ईश्वरको ठूलो कृपा छ । यसैले तिमीले मानव शरीर पायौ, अरु भगवान्ले प्रशस्त सम्पत्ति पनि दिएका छन् । यो पुण्यको फल हो । अतः आफ्नो धनको सदुपयोग गर्नु तिम्रो कर्तव्य हो ।' यस्तो उपदेश सुनेर दुवैमध्ये यौटा त जसरी चल्दथ्यो, उसै गरी चलिरह्यो । दोस्रो चाहिले आफ्ना स्त्री-पुत्रादिलाई डाकेर भन्यो–'तिमीहरू आजदेखि सोख गर्न घटाओ र पूर्व जन्मको पुण्यले बचेको धन परमार्थमा खर्च गर ।' त्यसकी पत्नीले वीस हजारका गहनाबाट दस हजारका गहना पतिलाई दिंदै भनी—'अलिकति गहना थोरै लगाए पनि म कुरूप देखिइन्न । त्यो लगेर जहाँ मनलाग्छ उहीं खर्च गर ।' त्यसका छोरा-छोरीले पनि आफ्नो भोग गर्न कम गरेर बचेको पैसा पितालाई धर्म गर्नको निम्ति दिए । यसरी त्यसले घर-खर्च घटाइदियो । त्यसले गर्दा सबै कुटुम्ब साधारण जीवन-यापन गर्नलागे । अर्को गृहस्थमाथि महात्माको वाणीले प्रभाव पार्न सकेन । यस निम्ति उसका छोरा फुकाहा निस्के । ती दुर्व्यसनी भएर रक्सी खान थाले । पछि घरको सबै सम्पत्ति सिद्धियो र ती भिक्षुक भएर ठाउँ-ठाउँको ठक्कर खान लागे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो शून्य लाग्नथाल्यो—जस्तै प्राण विहीन मृतक देह ॥६॥ जसको बलमा राजा द्रुपदकहाँ मैले स्वयंवरमा पुगेर त्यहाँ आएका कामी राजाहरूको तेज हरिलिएँ र ताँदो खैंचेर माछा खसालिदिएँ र सबैलाई जितेर द्रौपदीलाई प्राप्त गरें ॥७॥ जसको कृपाले देवताहरू सहित इन्द्रलाई पनि मैले जितें र खाण्डव बन अग्निलाई दिएँ। यसको अतिरिक्त मय-दानवद्वारा निर्मित अद्भुत कलापूर्ण राज्यसभा प्राप्त गरें। जसको प्रतापले हजुरको राजसूय यज्ञमा संसारका सबै राजाहरू उपहार लिएर आएका थिए ॥ ८ ॥ जसको प्रतापले दस हजार हात्तीको बल भएको जरासन्धलाई हजुरका भाइ भीमसेनले मारे र त्यसका कारागारमा थुनिएका राजाहरूलाई मुक्त गरें। ती राजाहरू पनि हजुरको राजसूय यज्ञमा उपहार स्वरूप रत्नादि लिएर आएका थिए ॥९॥ त्यस बखत दुष्ट दुःशासन आदि धूर्त राजाहरू हजुरकी पत्नी द्रौपदीलाई भरिभराउ सभामा नाङ्गी पार्नको निम्ति त्यसका ती पवित्र कपाल समातेर तान्दै ल्याएका

स्वयंवरमुखे स्मरदुर्मदानाम् ॥ तेजो हृतं खलु मयाऽभिहतश्च मत्स्यः सज्जीकृतेन धनुषाऽधिगता च कृष्णा ॥ ७ ॥ यत्संनिधावहमु खाण्डवमग्नये-ऽदामिन्द्रं च सामरगणं तरसा विजित्य ॥ लब्धा सभा मयकृताऽद्भुतशिल्पमाया दिग्भ्योऽहरन् नृपतयो बलिमध्वरे ते ॥ ८ ॥ यत्तेजसा नृपशिरोऽङ्घ्रिमहन्मखार्थे आर्योऽनुजस्तव गजायुतसत्त्ववीर्यः ॥ तेनाहृताः प्रथमनाथमखाय भूपा यन्मोचितास्तदनयन्बलिमध्वरे ते ॥ ९ ॥ पत्न्यास्तवाधिमखक्लृप्तमहाभिषेकश्लाघिष्ठचारुकबरं कितवैः सभायाम् ॥ स्पृष्टं विकीर्य पदयोः पतिताश्रुमुख्या यस्तत्स्त्रियोऽकृत हतेशविमुक्तकेशाः ॥ १० ॥ यो नो जुगोप वनमेत्य दुरन्तकृच्छ्राद्दुर्वाससोऽरिविहितादयुताग्रभुग्यः ॥ शाकान्नशिष्टमुपभुज्य यतस्त्रिलोकीं तृप्तामम‌ंस्त सलिले विनिमग्नसंघः

थिए जब राजसूय यज्ञमा अभिषेकको वेला वेद-मन्त्रहरू द्वारा अभिषिक्त गरिएका थिए। ती द्रौपदीले आफ्ना नेत्रबाट आँसु बगाउँदै जुन भगवान्का चरण युगलको बन्दना गरेकी थिइन् उनैको कृपाले मैले ती दुष्टहरूलाई मारेर तिनकी स्त्रीहरूलाई राँडी तुल्याइदिएँ। आज ती आफ्ना केश-पाश फुकाएर वैधव्य भोगिरहेका छन् ॥१०॥ जुन भगवान् कृष्णचन्द्रले शत्रुहरू द्वारा पठाइएका र क्रोधी दस हजार शिष्यहरू लिई भोजन गर्न आएका दुर्वासाको श्रापबाट बचाएका थिए। तिनले त भाँडामा रहेको एक त्यान्द्रो साग खाइदिएका थिए, त्यसैले शिष्यहरू साथमा लिएर नदीमा स्नान गर्न गएका दुर्वासा र तिनका शिष्य आफूलाई मात्र होइन कि सम्पूर्ण विश्वलाई तृप्त ठानेका थिए र तिनको भोक शान्त भएको थियो* ॥११॥

---

* एक दिन महर्षि दुर्वासा दुर्योधनकहाँ गए। उनले तिनको राम्ररी अतिथि सत्कार गरे। त्यसले दुर्वासा मुनि धेरै प्रसन्न भएर उनले दुर्योधनसित भने—'वत्स! तिम्रो सत्कारले म साह्रै प्रसन्न भएँ तिमी वर माग।' दुर्योधनले विचार गरे—'राम्रो मौका छ। यिनकै श्रापले पाण्डहरूको नाश गराइदिउँ।' प्रकटमा भने—'भगवन्! युधिष्ठिर हाम्रो कुलमा सबै भन्दा जेठा छन्। अतः मेरो इच्छा छ कि एक दिन आफ्ना दसै हजार शिष्यहरू लिएर उनको आश्रममा गई अतिथि बन्नु होला—द्रौपदीले भोकै बस्न नपरोस्। यस निम्ति हजुर यस्तो मौकामा पुग्नु हवास, जब सबै पाण्डव र द्रौपदीले पनि भोजन गरिसकेका होऊन्।' पछि एक दिन दुर्वासा दुर्योधनले भने जस्तै मौकामा आफ्ना दस हजार शिष्यहरू लिएर महाराज युधिष्ठिरको आश्रममा पुगे। त्यसताका सबै पाण्डव राज्यच्युत भएर वनमा बस्तथे। महाराज युधिष्ठिरले ठूलो सम्मानका साथ तिनको स्वागत गरे। एक क्षणपछि दुर्वासा शिष्यहरू समेत नदीमा स्नान गर्न गए उता द्रौपदीलाई ठूलो चिन्ता पर्‍यो—अन्न के गर्ने! यद्यपि सूर्य नारायणको कृपाले तिनलाई यौटा सिद्धस्थाली (कसौंडी) प्राप्त भएको थियो। त्यस पात्रको यो विशेषता थियो कि त्यसमा एकपल्ट जुन चीज तयार भयो, त्यति नै वस्तुले जतिसुकै खाने मानिस एकत्र भए पनि—सबैको इच्छा पूर्ण हुन्थ्यो। तर त्यो विशेषता त्यति वेलासम्ममात्र रहन्थ्यो, जबसम्म द्रौपदी स्वय भोजन गरिसक्तिन थिइन्। तिनले खाइसकेपछि त्यस दिन फेरि केही पनि दिन सक्तैनथ्यो वा दिँदैनथ्यो। त्यस बखत पनि द्रौपदीले खाइसकेर पात्र आफ्नो ठेगानामा राखिसकेकी थिइन, अनि दुर्वासा महाराज आइपुगे। त्यस्तो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको प्रताप द्वारा मैले संग्राम-भूमिमा भगवान् शङ्करलाई पनि विस्मयमा पारिदिएँ र प्रसन्न भएका शिवजीले मलाई आफ्नू पाशुपतास्त्र दिनुभएको थियो । त्यो बाहेक अन्यान्य लोकपालहरूले पनि मलाई आफाफ्ना अस्त्र दिएका थिए । यतिसम्म भयो कि म आफ्नो यही नाशवान् शरीरले देवराज इन्द्रको प्रासाद स्वर्गसम्म पनि पुगें र त्यहाँ इन्द्रासनको आधा भाग बस्नको निम्ति प्राप्त भयो ॥१२॥ जब म स्वर्गमा डुलिरहेको थिए, त्यसै बखत गाण्डीवका लक्षणहरूले युक्त मेरा भुजदण्डहरू देखेर दैत्यगणको नाश गर्न तयार इन्द्रादि समस्त देवता भगवान् कृष्णचन्द्रको कृपाले नै मेरो अधीन भएका थिए । हे आजमीढ युधिष्ठिर ! आज उनै भगवानले मलाई झुक्याए, ठगे--ती मलाई छाडेर गए ॥ १३ ॥ जुन भगवान्को एकमात्र

॥ ११ ॥ यत्तेजसाऽथ भगवान् युधि शूलपाणिर्विस्मापितः सगिरिजोऽस्त्रमदान्निजं मे ॥ अन्येऽपि चाहममुनैव कलेवरेण प्राप्तो महेन्द्रभवने महदासनार्धम् ॥१२॥ तत्रैव मे विहरतो भुजदण्डयुग्मं गाण्डीवलक्षणमरातिवधाय देवाः सेन्द्राः श्रिताः यदनुभावितमाजमीढ तेनाहमद्य मुषितः पुरुषेण भूम्ना ॥ १३ ॥ यद्बान्धवः कुरुबलाब्धिमनन्तपारमेको रथेन ततरेऽहमतीर्यतत्त्वम् ॥ प्रत्याहृतं बहुधनं च मया परेषां जेजास्पदं मणिमयं च हृतं शिरोभ्यः ॥१४॥ यो भीष्मकर्णगुरुशल्यचमूष्वदभ्रराजन्यपर्यरथमण्डलमण्डितासु ॥ अग्रेचरो मम धियो रथयूथपानामायुर्मनांसि च दृशा सह ओज आर्च्छत् ॥१५॥ यद्दोःषुमा प्रणिहितं गुरुभीष्मकर्णद्रौणित्रिगर्तशलसैन्धवबाह्लिकाद्यैः ॥ अस्त्राण्यमोघमहिमानि निरूपितानि नोपस्पृशुर्नृहरिदास-

बन्धु म कुरु-कुलका सेनारूपी अपार समुद्रलाई यौटै रथमा बसेर पारितरें शत्रुहरूको धेरै धन पनि खोसें र ठूला-ठूला राजाहरूको मस्तकबाट तिनका मणिमय मुकुट खोसें, आज तिनै नारायणले मलाई धोकादिए ॥१४॥ जसले भीष्म कर्ण, द्रोण तथा शल्य जस्ता अगणित वीरहरूद्वारा मण्डित सेनाको माझमा मेरो रथ पुऱ्याइदिएर आफ्नो दृष्टि मात्रले ती सबै वीरहरू आयुष्य, तिनको मन, तेज हरण गरेर तिनलाई अकिंचन तुल्याइदिएका थिए, आज ती दयालु भगवान्ले मलाई झुक्याए ॥१५॥ गुरु द्रोण, भीष्म पितामह कर्ण, अश्वत्थामा, त्रिगर्त, शल्य, सिन्धु र बाह्लीक आदि देशहरूका वीर राजाहरूले प्रहार गरेका अस्त्र पनि जसको कृपाले—उसैगरी मेरो शरीरलाई छुन सकेनन्—जसरी भगवद्भक्तमाथि दैत्यगणका अस्त्र काम गर्दैनन्

परिस्थितिमा बड़ो दीनतापूर्वक तिनले भगवान् कृष्णचन्द्रको स्मरण गरिन् । त्यस बखत भगवान द्वारकामा रुक्मिणी महारानीलाई सामुन्ने बसालेर तिनको शृङ्गार गरिरहेका थिए । द्रौपदीको करुणापूर्ण पुकार सुन्नासाथ उनले रुक्मिणीलाई [illegible] तल बहालि दिए र जस्तै कसैसित केही भन्दै नभनी युधिष्ठिरको आश्रमतिर दगुरे । त्यहां पुगेर सोझै द्रौपदीको नगीच पुगे । द्रौपदीले सबै कुरा सुनाइन्, अनि भगवानले भन्नुभयो—सखी ! मलाई पनि साह्रै भोक लागिरहेछ । पहिले तिमी मलाई केही खान देऊ ।' द्रौपदी लज्जित भएर भन्न लागिन्--प्रभो ! मैले नखाएसम्म पर्याप्त खानेकुरा थियो तर अब त मैले पनि खाइसकें । अब म गरीबको कुटीमा केही पनि छैन ।' जब भगवान्ले बर्ता आग्रह गर्नुभयो तब ती भित्र गइन् र रित्तो पात्र ल्याएर सामुन्ने राखिदिइन् । संयोगले त्यस पात्रको घांटीमा एक त्यान्द्रो साग लागेको रहेछ । भगवानले त्यो खाइदिनुभयो र भीमलाई डाकेर भन्नुभयो—'तिमी गएर दुर्वासा र तिनका शिष्यहरूलाई भोजन गर्नको निम्ती झट्ट डाकेर ल्याऊ ।' भीम जब तिनलाई डाक्न गए त्यो भन्दा पहिले नै सबैको पेट डम्म भइसकेको थियो । त्यसै कारण फेरि खानाले अजीर्ण हुने भयले ती सबै त्यहाँबाट भागे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती भगवान् हामीलाई त्यागेर गए ॥१६॥ हरे ! म कुमतिले ती नारायणलाई सारथी तुल्याएँ, भक्तजन यस संसारको माया-जालबाट मुक्ति पाउनको निम्ति जसका चरण-कमलको भजन गर्दछन् । एक समय युद्ध-भूमिमा घोडाहरू थाकेका थिए, त्यसै कारण म रथबाट तल झर्लिएँ, तर उनै भगवान्को प्रभावले उभिएका कर्णआदि वीरले मलाई मार्न सकेनन् ॥१०॥ हे नरदेव ! गम्भीर र सुन्दर हास्यका साथै गरिएका भगवान्का ठट्टाका कुराहरू र बेलाबेलामा–'हे पार्थ ! हेपार्थ ! हे मित्र ! हे कुरनन्दन ! हे अर्जुन ! आदि मर्मस्पर्शी सम्बोधनहरूको स्मरण गर्नासाथ हृदयमा कोलाहल मच्चिन थाल्दछ ॥१८। सुत्ता, बस्दा, डुल्दा, भोजन गर्दा र आफ्नै मुखले आफ्नो बढाई गरेको बेला उनलाई आफ्नो समान अथवा अभिन्न मित्र ठानेर प्रायः म ठट्टा गर्दै भन्न लाग्दथें--'हो मित्र, तिमी नै सचा हौ ।' तर ती महाप्रभुले मेरा त्यस्तै-त्यस्ता अपराधहरूलाई त्यसैगरी चुपचाप सहिदिए, जस्तै मित्र मित्रको र पिता पुत्रको अपराध सहन्छन् ॥१९॥ हे नृपेन्द्र ! केवल एक ती दीनानाथ नरहनाले मेरो हृदय शून्य भए झैं अनुभव भइरहेछ । हे अङ्ग ! म भगवान्का पत्नीहरूलाई आफूसित

भिवासुराणि ॥१६॥ सौत्ये वृतः कुमतिनाऽऽत्मद ईश्वरो मे यत्पादपद्मभवाय भजन्ति भव्याः ॥ मां श्रान्तवाहमरयो रथिनो भुविष्ठं न प्राहरन् यदनुभावनिरस्तचित्ताः ॥ १७ ॥ नर्माण्युदाररुचिरस्मितशोभितानि हे पार्थ हेऽर्जुनसखे कुरुनन्दनेति ॥ संजल्पितानि नरदेव हृदिस्पृशानि स्मर्तुर्लुठन्ति हृदयं मम माधवस्य ॥ १८ ॥ शय्यासनाटनविकत्थनभोजनादिष्वैक्याद्वयस्य ऋतवानिति विप्रलब्धः ॥ सख्युः सखेव पितृवत्तनयस्य सर्वं सेहे महान्महितया कुमतेरघं मे ॥ १६ ॥ सोऽहं नृपेन्द्र रहितः पुरुषोत्तमेन सख्या प्रियेण सुहृदा हृदयेन शून्यः ॥ अध्वन्युरुक्रमपरिग्रहमङ्ग रक्षन्गोपैरसद्भिरबलेव विनिर्जितोऽस्मि ॥ २० ॥ तद्वै धनुस्त इषवः स रथो हयास्ते सोऽहं रथी नृपतयो यत आनमन्ति ॥ सर्वं क्षणेन तदभूदसदीशरिक्तं भस्मन्हुतं कुहकराद्धमिवोप्तमूष्याम् ॥ २१ ॥ राजँस्त्वयाऽभिपृष्टानां सुहृदां नः सुहृत्पुरे ॥ विप्रशापविमूढानां निघ्नतां मुष्टिभिर्मिथः ॥ २२ ॥ वारुणीं मदिरां पीत्वा मदोन्मथितचेतसाम् ॥ अजानतामिवान्योन्यं चतुःपञ्चावशेषिताः ॥ २३ ॥ प्रायेणैतद्भगवत ईश्वरस्य विचेष्टितम् ॥ मिथो निघ्नन्ति भूतानि भावयन्ति च यन्मिथः ॥ २४ ॥ जलौकसां जले यद्वन्महान्तोऽदन्त्यणीयसः ॥ दुर्बलान् बलिनो राजन्महान्तो बलिनो मिथः ॥ २५ ॥

लिएर आइरहेका थिएँ । बाटोमा केही ग्वालाहरू आएर मलाई त्यसै गरी पराजित पारिदिए, जसरी कुनै पुरुष स्त्रीलाई पराजित पारिदेओस ।.२०॥ मेरो हातमा उही गाण्डीव थियो, उनै अमोघ बाणहरू थिए, उही रथ थियो, उनै घोडा थिए र म पनि उही रथी थिएँ–जसको सामुन्ने ठूलठूला राजाहरू आफ्नो मस्तक निहुराइदिन्थे, किन्तु एक मात्र ती जगदीश्वर नहुनाले ती सबै त्यसै गरी व्यर्थ भए, जस्तै सस्वर वेदमन्त्रहरूका साथ खरानीमा गरिएको हवन, कुनै ठगको हात परेको धन अथवा बाँझो भूमिमा छरेको बीज व्यर्थ जान्छ ॥२१॥ हे राजन् ! हजुरले द्वारकापुरीका जुन सम्बन्धीहरू वा मित्रहरूको कुशल सोध्नुभयो, ती सबै यौटा ब्राह्मणको श्रापले मतवाला भएका थिए ॥२२॥ ती सबैले गएर मदिरा पान गरे, जब त्यसको नशा चढ्यो तब यौटाले अर्कोलाई नचिन्हेर सबै आपुसमै लडेर समाप्त भए । तिनमा जम्मा चार या पाँच मनुष्य जीवित बाँचेका छन् ।.२३॥ त्यो पनि उनै भगवान्को काम हो भन्ने ठानिरहेको छु, किनकि तिनै परस्पर प्राणिहरूलाई मार्न लाउने र आपुसमै पालन पनि गराइदिन्छन् ॥२४॥ जस्तै—जलका ठूला-ठूला जन्तु स-साना जन्तुलाई खाइदिन्छन्–ठीक त्यसै गरी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारमा पनि बलियोले निर्धोलाई खाइदिन्छ र जो धेरै बलवान् हुन्छन् ती परस्पर लडेर स्वयं समाप्त हुन्छन् ॥२५॥ यसै गरी ती सर्वव्यापी भगवान्‌ले ती बलवान् यदुवंशीहरूलाई अर्का बलवान् यदुवंशीहरूद्वारा नै मार्न लगाएर भूमिको भार घटाए ॥२६॥ देश-कालको निम्ति उचित, अर्थगर्भित र मनका तापहरूलाई निवारण गरिदिने भगवान्‌का वचनहरूको स्मरण गर्नाले बलपूर्वक मेरो मन उनैतिर तानिइरहेको छ ॥२७॥ सूतजी भन्दछन्—हे शौनक ! यस प्रकार भगवान् श्रीकृष्णचन्द्रका चरण-कमलको स्मरण गर्ने तथा अत्यन्त प्रगाढ प्रेम हुनाले अर्जुनको बुद्धि निर्मल र शान्त भएको थियो ॥२८॥ भगवान् श्रीकृष्णका युगल चरणको स्मरण गरेर भक्तिद्वारा उनले आफ्नो सबै मानसिक विकारहरूलाई हटाइदिए तथा उनको बुद्धि ऐना जस्तै स्वच्छ भयो ॥२९॥ एक दिन संग्राम-भूमिमा भगवानले उनलाई जुन गीताको ज्ञानोपदेश दिएका थिए, त्यो समयको लबटा कामहरूको झ्याउलो तथा तामसिक गुणहरूको तीव्रताको कारणले बिर्सिसकेको थिए । उनले त्यसको फेरि मनन गरेर ज्ञान प्राप्त गरे ॥३०॥ त्यस ज्ञानोदयबाट तिनलाई ब्रह्म-साक्षात्कार भयो, जसले तिनको हार्दिक द्वैतभाव नष्ट भयो । ज्ञानमा लीन हुनाले तिनको अविद्या नष्ट भयो र सत्व, रज, तथा तम यी तीन गुणहरूको कार्य पनि नष्ट भयो । जब सबै भ्रमहरूको भण्डार स्वरूप द्वैतभाव पर

एवं बलिष्ठैर्यदुभिर्महद्भिरितरान्विभुः ॥ यदून्यदुभिरन्योन्यं भूभारान्संजहार ह ॥ २६ ॥ देशकालार्थयुक्तानि हृत्तापोपशमानि च ॥ हरन्ति स्मरतश्चित्तं गोविन्दाभिहितानि मे ॥ २७ ॥ एवं चिन्तयतो जिष्णोः कृष्णपादसरोरुहम् ॥ सौहार्देनातिगाढेन शान्ताऽऽसीद्विमला मतिः ॥ २८ ॥ वासुदेवाङ्घ्र्यनुध्यानपरिबृंहितरंहसा ॥ भक्त्या निर्मथिताशेषकषायधिषणोऽर्जुनः ॥ २९ ॥ गीतं भगवता ज्ञानं यत्तत्संग्राममूर्धनि ॥ कालकर्मतमोरुद्धं पुनरभ्यगमद्विभुः ॥ ३० ॥ विशोको ब्रह्मसंपत्त्या संछिन्नद्वैतसंशयः ॥ लीनप्रकृतिनैर्गुण्यादलिङ्गत्वादसंभवः ॥ ३१ ॥ निशाम्य भगवन्मार्गं संस्थां यदुकुलस्य च ॥ स्वःपथाय मतिं चक्रे निभृतात्मा युधिष्ठिरः ॥ ३२ ॥ पृथाऽप्यनुश्रुत्य धनंजयोदितं नाशं यदूनां भगवद्गतिं च ताम् ॥ एकान्तभक्त्या भगवत्यधोक्षजे निवेशितात्मोपरराम संसृतेः ॥ ३३ ॥ ययाऽहरद्भुवो भारं तां तनुं विजहावजः ॥ कण्टकं कण्टकेनेव द्वयं चापीशितुः समम् ॥ ३४ ॥ यथा मत्स्यादिरूपाणि धत्ते जह्याद्यथा नटः ॥ भूभारः क्षपितो येन जहौ तच्च कलेवरम् ॥ ३५ ॥ यदा मुकुन्दो भगवानिमां

हट्यो, तब संशयको उत्पत्ति कसरी हुन सक्तथ्यो ? संशय (भ्रम) को अभावमा शोक पनि नष्ट भयो । तात्पर्य के हो भने जबसम्म मनुष्यमा द्वैतको भ्रम रहन्छ, तबसम्म त्यो 'यो मेरो भाग हो, यो उसको भाग हो' आदि थरि-थरिका उपद्रव रहिरहन्छन् । जब कुनै पुण्य-बलले मनुष्यलाई ज्ञान प्राप्त भएर 'मेरो-तेरो' भन्ने भ्रम नष्ट हुन्छ, तब कुनै प्रकारको शोक-मोह हुन सक्तैन ॥३१॥ उता युधिष्ठिरले जब अर्जुनको मुखबाट भगवान्‌को परमधाम-यात्रा र यदुवंशीहरूको विनाशको समचार सुने, तब आफ्ना मनोवृत्तिहरूलाई एकत्र पारेर उनले स्वर्गलोक जाने दृढ निश्चय गरे ॥ ॥३२॥ कुन्तीले जसै अर्जुनद्वारा भगवान्‌को देह-त्याग र यदुवंशीहरूको संहारको वृत्तान्त सुनिन्, तसै ती भगवान्‌को एकान्त भक्तिमा लीन भइन् र नारायणमा आफ्नो मन लगाएर संसारबाट पृथक् भइन् । (मरिन् अथवा जीवन-मुक्त भइन्) ॥३३॥ भगवान्‌ले जुन यादव शरीरद्वारा पृथ्वीको भार टारेका थिए, उसै गरी जसरी काँढाले नै काँढा निकालिन्छ, त्यस यदुवंशी शरीरलाई पनि त्यागिदिए, किन भने सबै जगत्का प्रभु ती श्रीकृष्णको निम्ति त्यो यादव-शरीर र विष्णु-शरीर दुवै समान थिए ॥३४॥ जसरी भगवान् नट झैं वेला-वेला मत्स्य, कूर्म र वाराह आदिको शरीर धारण गरेर त्यसलाई त्यागिदिने गर्दछन्, त्यसै गरी उनले जुन शरीरद्वारा पृथ्वीको भार टारेका थिए, त्यस

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई पनि त्यागिदिए ॥३५॥ जुन वेला भगवानले यस भूमण्डललाई त्यागे, त्यसै वखत मूढ प्राणीहरूका हृदयमा अधर्मको मूल कलिले घर गऱ्यो ॥३६॥ विज्ञ युधिष्ठिरले जब देखे— नगर राष्ट्र र घर-घरै तथा प्रत्येक प्राणीका हृदयमा लोभ, कपट आदिको रूपमा कलि प्रवृत्त भइरहेको छ, तब ती स्वर्गारोहणको तयारी गर्नलागे। त्यस अनुसार तिनले सर्वगुणसम्पन्न नाति परीक्षितलाई हस्तिनापुरमा समुद्र-मेखलामयी पृथ्वीको राजसिंहासनमा अभिषिक्त गरिदिए ॥३७-३८॥ त्यसपछि महाराज युधिष्ठिरका छोरा वज्रलाई मथुराको राज्यमा अभिषिक्त गरी तिनलाई शूरसेनवंशीहरूको सम्राट् तुल्याइदिए। त्यसपछि ती ईश्वर (सर्वस्व त्याग्न समर्थ युधिष्ठिर) ले प्राजापत्य यज्ञ गरेर अग्निहरू पान गरेर आफ्नो आत्मामा आश्रय दिए ॥३९॥ सबै उत्तमोत्तम वस्त्राभूषण त्यागेर ती माया र अहङ्कारबाट मुक्त भए। यसरी सबै सांसारिक बन्धनहरूबाट आफूलाई मुक्त पारे ॥४०॥ उनले आफ्ना सबै इन्द्रियहरूका व्यापार मनको अधीन पारेर त्यस मनलाई प्राणमा मिलाएर प्राणलाई अपान वायुको जिम्मा लगाए। त्यसपछि त्यो अपान वायुलाई मृत्युको हातमा सुम्पिदिए र मृत्युलाई तिनले आफ्नो

महीं जहौ स्वतन्वा श्रवणीयसत्कथः ॥ तदाहरेवाप्रतिबुद्धचेतसामभद्रहेतुः कलिरन्ववर्तत ॥ ३६ ॥ युधिष्ठिरस्तत्परिसर्पणं बुधः पुरे च राष्ट्रे च गृहे तदात्मनि ॥ विभाव्य लोभानृतजिह्महिंसनाद्यधर्मचक्रं गमनाय पर्यधात् ॥ ३७ ॥ स्वराट् पौत्रं विनयिनमात्मनः सुसमं गुणैः ॥ तोयनीव्याः पतिं भूमेरभ्यषिंचद्गजाह्वये ॥ ३८ ॥ मथुरायां तथा वज्रं शूरसेनपतिं ततः ॥ प्राजापत्यां निरूप्येष्टिमग्नीनपिबदीश्वरः ॥ ३९ ॥ विसृज्य तत्र तत्सर्वं दुकूलवलयादिकम् ॥ निर्ममो निरहंकारः सञ्छिन्नाशेषबन्धनः ॥ ४० ॥ वाचं जुहाव मनसि तत्प्राण इतरे च तम् ॥ मृत्यावपानं सोत्सर्गं तं पंचत्वे ह्यजोहवीत् ॥४१॥ त्रित्वे हुत्वाऽथ पंचत्वं तच्चैकत्वेऽजुहोन्मुनिः ॥ सर्वमात्मन्यजुहवीद्ब्रह्मण्यात्मानमव्यये ॥ ४२ ॥ चीरवासा निराहारो बद्धवाङ्मुक्तमूर्धजः ॥ दर्शयन्नात्मनो रूपं जडोन्मत्तपिशाचवत् ॥ ४३ ॥ अनवेक्षमाणो निगरादशृण्वन्बधिरो यथा ॥ उदीचीं प्रविवेशाशां गतपूर्वां महात्मभिः ॥ हृदि ब्रह्म परं ध्यायन्नावर्तेत यतो गतः ॥ ४४ ॥ सर्वे तमनु निर्जग्मुर्भ्रातरः कृतनिश्चयाः ॥ कलिनाऽधर्ममित्रेण दृष्ट्वा स्पृष्टाः प्रजा भुवि ॥ ४५ ॥ ते साधु कृतसर्वार्था ज्ञात्वाऽऽत्यन्तिकमात्मनः ॥ मनसा धारयामासुर्वैकुण्ठचरणाम्बुजम् ॥ ४६ ॥ तद्ध्यानोद्रिक्तया भक्त्या विशुद्धधिषणाः परे ॥ तस्मिन्नारायणपदे एकान्तमतयो गतिम् ॥ ४७ ॥ अवापुर्दुरवापां ते असद्भिर्विषयात्मभिः ॥ विधूतकल्मषाः स्थानं विरजेना-

१९ शरीरसित मिलाए ॥४१॥ तिनले शरीरलाई सत्त्वादि तीनै गुणहरूमा, ती गुण अविद्यामा र अविद्यालाई जीवमा तथा जीवलाई अविनाशी ब्रह्ममा लीन गरिदिए ॥४२॥ त्यसपछि वल्कल वस्त्र लगाए, भोजन त्यागे, मौन धारण गरे, कपाल फुकाइदिए, मूर्ख, बौलाहा वा पिशाच समान आफ्नो आकृति तुल्याएर महाराज युधिष्ठिर—॥ ४३ ॥ यता-उता नहेरी र कसैसित केही बोल-चाल नगरेर त्यस उत्तर दिशातिर हिंडे जता उनका अन्यान्य विवेकशील पूर्वज गइसकेका थिए। त्यस बखत उनको ध्यान एकमात्र ब्रह्ममा लागेको थियो। त्यहाँबाट ती त्यस दिशातिर हिंडे जहाँ गएपछि मनुष्य फेरि यस संसारमा आउन्न ॥ ४९ ॥ त्यसपछि संसारका सबै प्राणिहरूमा अधर्मको साथी कलियुगको छाया परेको देखेर भीम आदि भाइहरू पनि उनको पछि-पछि हिंडे ॥ ४५ ॥ सबै तरहले पूर्णकाम पाण्डव मनमनै एक मात्र शरणदाता श्रीकृष्णचन्द्रका चरण-कमलको ध्यान

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नलागे ॥ ४६॥ भगवान्‌को ध्यान गर्नाले प्रभुका चरणमा अनुराग बढ्दै गयो, जसले उनका बुद्धि निर्मल पारिदियो र ती भगवान्‌लाई आफ्नो सर्वस्व मान्न लागे ॥४७॥ यस प्रकार सबै विकारबाट रहित भएपछि ती आफ्नो रजोगुण रहित आत्माद्वारा त्यस उत्तम गतिमा प्राप्त भए जुन विषय-वासनामा आसक्त प्राणिहरूका निम्ति दुर्लभ नै छ ॥४८॥ उता विदुर तीर्थाटन गर्दै प्रभासक्षेत्र पुगे र भगवान् कृष्णचन्द्रमा मन लगाउँदै त्यहीं शरीर त्यागेर आफ्ना पितृहरूसित वैकुण्ठ-धाममा प्राप्त भए ॥४९॥ *सती द्रौपदीले जब देखिन्—मेरा स्वामी मतिर कुनै पनि ध्यान नदिएर आफ्नो सद्‌गतिको उपाय गरिरहेका छन्—तब तिनले पनि आफ्नो मन भगवान्‌का चरणमा लगाइन् र उनैको ध्यान गर्दै परमधाम पुगिन् ॥ ५० ॥ पाण्डवहरूको महाप्रयाणको यो कथा मंगलमयी र भक्तगणको प्रियगाथा जो प्राणी श्रद्धापाथ सुन्दछन्, तिनलाई भगवान्‌को भक्तिरूपिणी सिद्धि प्राप्त हुन्छिन् ॥ ५१॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां पञ्चदशोऽध्यायः ॥१५॥ (राजा परीक्षितको भूमि र धर्मसित भेट हुनु ।) सूतजी शौनकादि मुनिहरूसित

त्मनैव हि ॥ ४८ ॥ विदुरोऽपि परित्यज्य प्रभासे देहमात्मवान् ॥ कृष्णावेशेन तच्चित्तः पितृभिः स्वक्षयं ययौ ॥ ४६ ॥ द्रौपदी च तदाऽऽज्ञाय पतीनामनपेक्षताम् ॥ वासुदेवे भगवति ह्येकान्तमतिराप तम् ॥ ५० ॥ यः श्रद्धयैतद्भगवत्प्रियाणां पाण्डोः सुतानामिति संप्रयाणम् ॥ शृणोत्यलं स्वस्त्ययनं पवित्रं लब्ध्वा हरौ भक्तिमुपैति सिद्धिम् ॥५१॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पांडवस्वर्गारोहणं नाम पंचदशोऽध्यायः ॥१५॥ सूत उवाच ॥ ततः परीक्षिद्द्विजवर्यशिक्षया महीं महाभागवतः शशास ह ॥ यथा हि सत्यामभिजातकोविदाः समादिशन्विप्रमहद्‌गुणस्तथा ॥१॥ स उत्तरस्य तनयामुपयेम इरावतीम् ॥ जनमेजयादींश्चतुरस्तस्यामुत्पादयत्सुतान् ॥ २ ॥ आजहाराश्वमेधांस्त्रीन् गङ्गायां भूरिदक्षिणान् ॥ शारद्वतं गुरुं कृत्वा देवा यत्राक्षगोचराः ॥ ३ ॥ निजग्राहौजसा वीरः कलिं दिग्विजये क्वचित् ॥ नृपलिङ्गधरं शूद्रं घ्नन्तं गोमिथुनं पदा ॥ ४ ॥ शौनक उवाच ॥ कस्य हेतोर्निजग्राह कलिं दिग्विजये नृपः ॥ नृदेवचिह्नधृक्शूद्रः कोऽसौ गां यः पदाऽहनत् ॥ ५ ॥ तत्कथ्यतां महाभाग यदि कृष्णकथा-

भन्दछन्—परम भगवद्भक्त महाराज परीक्षित जन्म-कर्म दुवैमा श्रेष्ठ र विद्वान ब्राह्मणहरूका अनुसार पृथ्वीको शासन गर्नलागे ॥ १ ॥ तिनले महाराज उत्तर (मामाकी छोरी) इरावतीसित आफ्नो विवाह गरेर जन्मेजय आदि चार छोराहरू जन्माए ॥ २ ॥ केही समयपछि तिनले कृपाचार्यलाई गुरु मानेर गङ्गातटमा तीन अश्वमेध यज्ञ गरे, त्यसमा देवताहरूले प्रत्यक्ष प्रकट भएर बलि ग्रहण गरे र त्यसमा सम्मिलित ब्राह्मणहरूलाई धेरै-धेरै दक्षिणा दिए ॥ ३ ॥ त्यसपछि ती दिग्विजय गर्न निस्के । एक स्थानमा तिनले राजाको वेशमा यौटा बिकराल रूपधारी शूद्रलाई समाते । त्यो यौटी गाई र गोरूलाई लातिले कुटिरहेको थियो । त्यस विषयमा सूतजीले सोधे—त्यस दिग्विजयको प्रसंगमा राजा परीक्षितले त्यसलाई किन समाते ? राजाको रूप धारण गर्ने त्यो शूद्र को थियो ? त्यो गाईलाई किन लातिले कुटिरहेको थियो ? त्यसको कारण के थियो ? ॥४-५॥ यदि यस

* उदाहरण (सतीधर्म)—रोमको दुराचारी बादशाह क्लोडियसले पिट्‌जनामको यौटा सद्‌गृहस्थलाई प्राणदण्ड दियो र भन्यो—'यो सजाय यसलाई आफ्ना कुटुम्बहरूका माझमा बसेर आफ्नै हातले भोग्नुपर्दछ यदि यसले त्यस्तो गर्दैन भने नराम्रो चालले यसले मर्नुपर्नेछ ।' आफ्नो पति यस निष्ठुर आज्ञाको पालन गर्नमा आने-काने गर्दा र राज्यका अफिसर अनेक यातना दिएर प्राण लिनेछन्, यस डरले त्यसकी स्त्रीले बादशाहको सामुन्ने आफ्नो छातीमा छूरा रोपी र अवरुद्ध कण्ठले भनी—'मेरो प्यारो पति ! मर्नमा कष्ट हुँदैन ।' अनि पतिले पनि राजाको आज्ञा पालन गर्दै आफ्नै हातले प्राण दियो र पति-पत्नी दुवैको संस्कार संगै सम्पन्न भयो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथामा भगवान् अथवा उनका भक्तहरूको कुनै कुरा ज्ञात हुन सक्छ भने सुनाउनोस् । व्यर्थको बकवाद गरेर आयुका पवित्र क्षणलाई व्यतीत गर्नाले के लाभ ! हे अङ्ग ! संसारका अल्पायु तर सत्यका अन्वेषक मनुष्यहरूको कल्याणार्थ मृत्युलाई हामीले पशु-बलि बनाएर यस यज्ञमा डाकिसकेका छौं । यी यमराज जबसम्मयहाँ उपस्थित छन् तबसम्म यस यज्ञभूमिमा कोही पनि मर्दैनन् ॥६-८॥ यसैनिम्ति ठूला-ठूला ऋषिहरूले उनलाई डाकेका छन्—जसले संसारका सबै मनुष्य नारायणका लीलाले भरिएको यो अमृतमय वचन सुन्नसकून ॥९॥ अज्ञानी, अल्पबुद्धि र अल्पायु प्राणिहरूको रात्रिको समय सुत्नमा र दिन व्यर्थका काममा बितेर जान्छन्, यसनिम्ति हजुर भगवान्का गुण-गान गर्नुहवस् ॥१०॥ सूतजी भन्नुहुन्छ—हे शौनक ! परीक्षित जब कुरु-जाङ्गल देशमा थिए उसैवेला तिनले सुने—मेरो राज्यमा कलि पसिसक्यो । यो अप्रिय समचार सुन्नासाथ ती वीर राजाले आफ्नो धनुष-बाण उचाले ॥११॥ ती श्यामवर्ण-का घोडा भएको सुन्दर रथमा बसेर अगणित रथ, घोडा, हात्ती तथा पैदल सेना लिएर दिग्विजय गर्ने विचारले हिंडे ॥१२॥ पूर्व, पश्चिम, दक्षिण तथा उत्तर यी चारै दिशाहरूका

श्रयम् ॥ अथवाऽस्य पदाम्भोजमकरन्दलिहां सताम् ॥ ६ ॥ किमन्यैरसदालापैरायुषो यदसद्व्ययः ॥ क्षुद्रायुषां नृणामङ्ग मर्त्यानामृतमिच्छताम् ॥ ७ ॥ इहोपहूतो भगवान्मृत्युः शामित्रकर्मणि ॥ न कश्चिन्म्रियते तावद्यावदास्त इहान्तकः ॥ ८ ॥ एतदर्थं हि भगवानाहूतः परमर्षिभिः ॥ अहो नृलोके पीयेत हरिलीलामृतं वचः ॥ ९ ॥ मन्दस्य मन्दप्रज्ञस्य वयो मन्दायुषश्च वै ॥ निद्रया ह्रियते नक्तं दिवा च व्यर्थकर्मभिः ॥ १० ॥ सूत उवाच ॥ यदा परीक्षित्कुरुजाङ्गले वसन्कलिं प्रविष्टं निजचक्रवर्तिते ॥ निशम्य वार्तामनतिप्रियां ततः शरासनं संयुगशौण्डिराददे ॥ ११ ॥ स्वलं-कृतं श्यामतुरंगयोजितं रथं मृगेन्द्रध्वजमास्थितः पुरात् ॥ वृतो रथाश्वद्विपपत्तियुक्तया स्वसेनया दिग्विजयाय निर्गतः ॥ १२ ॥ भद्राश्वं केतुमालं च भारतं चोत्तरान्कुरून् ॥ किंपुरुषादीनि वर्षाणि विजित्य जगृहे बलिम् ॥ १३ ॥ तत्र तत्रोपशृण्वानः स्वपूर्वेषां महात्मनाम् ॥ प्रगीयमानं च यशः कृष्णमाहात्म्यसूचकम् ॥ १४ ॥ आत्मानं च परित्रातमश्वत्थाम्नोऽस्त्रतेजसा ॥ स्नेहं च वृष्णिपार्थानां तेषां भक्तिं च केशवे ॥ १५ ॥ तेभ्यः परमसन्तुष्टः प्रीत्युज्जृम्भितलोचनः ॥ महाधनानि वासांसि ददौ हारान्महामनाः ॥ १६ ॥ सारथ्यपारिषदसेवनसख्यदौत्यवीरासनानुगमनस्तवन-प्रणामम् ॥ स्निग्धेषु पाण्डुषु जगत्प्रणतिं च विष्णोर्भक्तिं करोति नृपतिश्चरणारविन्दे ॥ १७ ॥ तस्यैवं वर्तमानस्य पूर्वेषां वृत्तिमन्वहम् ॥ नातिदूरे

समुद्र-तटमा विद्यमान भद्राश्व, केतुमाल, भारत र उत्तर-कुरु नामका देशहरू विजय गरेर त्यहाँका राजाहरूसित कर ग्रहण गरे ॥१३॥ बाटोका सबै देशहरूमा त्यहाँका निवासीको मुखबाट आफ्ना महामहिम पूर्वजहरू तथा भगवान् कृष्णका माहात्म्य सुन्दै जान्थे ॥१४॥ त्यहीं नै उनले यो वृत्तान्त पनि सुने—अश्वत्थामा आफ्नो ब्रह्मास्त्रले मलाई आमाको कुक्षिमै पोलिदिन चाहन्थे, तर भगवान्‌ले रक्षा गर्नुभयो । भगवान्मा तिनका पूर्वज पाण्डवहरू र यदुवंशीहरूको कति स्नेह थियो—यो कुरा पनि त्यहीं थाहा पाए ॥ १५ ॥ यो पवित्र कथा सुनेर उनलाई ठूलो आनन्द प्राप्त भयो र बर्ता प्रेमले नेत्र प्रफुल्लित भए । वार्ता सुनाउनेहरूलाई उनले धेरै धन वस्त्र र उपहार प्रदान गरे ॥ १६ ॥ कसैद्वारा उनले श्रीकृष्ण पाण्डव-हरूका सारथी हुने, परिषद् बन्ने, अनुचर बन्ने, मैत्रीको पालन गर्ने, रातमा वीरासनले पहरा दिने, पछि-पछि हिंड्ने र स्तुति एवं प्रणाम गर्ने वृत्तान्त पनि सुने, जसले भगवान्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णका चरणमा तिनको अटल श्रद्धा भयो ।।१७।। यस प्रकार आफ्ना पूर्वजहरूको पदानुसरण गर्दै केही दिनपछि महाराज परीक्षितको अगाडि यौटा आश्चर्यजनक घटना घट्यो त्यो सुन ।।१८।। यस प्रकार राजाले देखे–केवल यौटै खुट्टाले खोच्याएर हिंड्ने वृषभरूपधारी धर्म तथा रोइरहेकी र जसको बच्चा हराएको होस्, त्यस्ती आमा झैं खिन्न गोरूपधारिणी पृथ्वीको नजीकै गएर सोध्नलागे–।।१९।। हे भद्रे ! तिमी राम्ररी छौ ? तर तिमी खिन्न झैं देखिन्छ्यौ । मुख सुके जस्तो छ । मलाई त यस्तो अनुभव भइरहेको छ कि तिम्रो हृदयमा कुनै असह्य पीडा उठिरहेको छ । हे माता ! के तिम्रो कुनै शुभचिन्तक बन्धु कतै टाढा गएको छ, जसको निम्ति तिमी दुःखी भइरहेकी छौ ? अथवा मेरा तीन खुट्टा भाँचिइसकेका छन्, यसनिम्ति खिन्न छौ ? अथवा शूद्रगण केही समयमा तिमीमाथि शासन गर्नेछन् भन्ने विचार गर्दैछौ ? अथवा देवताहरूको यज्ञ-भाग खोसिरहेको छ, यसैनिम्ति विकल छौ अथवा वेलामा पानी नपर्नाले दुःखिनी प्रजाको क्लेश तिमीलाई व्याकुल पारिरहेको छ ।।२०-२१।। हे पृथ्वी ! वर्तमानसमयमा पुरुष आफ्ना स्त्रीहरुलाई र पिता आफ्ना छोराहरूको रक्षा गर्दैनन्

किलाश्चर्यं यदासीत्तन्निबोध मे ॥ १८ ॥ धर्मः पदैकेन चरन्विच्छायामुपलभ्य गाम् ॥ पृच्छति स्माश्रुवदनां विवत्सामिव मातरम् ॥ १९ ॥ धर्म उवाच ॥ कच्चिद्भद्रेऽनामयमात्मनस्ते विच्छायाऽसि म्लायतेषन्मुखेन ॥ आलक्षये भवतीमन्तराधिं दूरे बन्धुं शोचसि कञ्चनाम्ब ॥ २० ॥ पादैर्न्यूनं शोचसि मैकपादमात्मानं वा वृषलैर्भोक्ष्यमाणम् ॥ अथो सुरादीन्हतयज्ञभागान्प्रजा उतस्विन्मघवत्यवर्षति ॥ २१ ॥ अरक्ष्यमाणाः स्त्रिय उर्वि बालाञ्छोचस्यथो पुरुषादैरिवार्तान् ॥ वाचं देवीं ब्रह्मकुले कुकर्मण्यब्रह्मण्ये राजकुले कुलाग्र्यान् ॥ २२ ॥ किं क्षत्रबन्धून्कलिनोपसृष्टान्राष्ट्राणि वा तैरवरोपितानि ॥ इतस्ततो वाऽशनपानवासःस्नानव्यवायोन्मुखजीवलोकम् ॥ २३ ॥ यद्वाऽम्ब ते भूरि भरावतारकृतावतारस्य हरेर्धरित्रि ॥ अन्तर्हितस्य स्मरसि विसृष्टा कर्माणि निर्वाणविलम्बितानि ॥ २४ ॥ इदं समाचक्ष्व तवाधिमूलं वसुन्धरे येन विकर्शिताऽसि ॥ कालेन वा ते बलिनां बलीयसा सुरार्चितं किं हृतमद्य सौभगम् ॥ २५ ॥ धरण्युवाच ॥ भवान्हि वेद तत्सर्वं यन्मां धर्मानुपृच्छसि ॥ चतुर्भिर्वर्तसे येन पादै-

र ती स्त्री-पुत्रहरूलाई मनुष्यभक्षी दैत्य झैं निर्दयी पुरुष कष्ट दिइरहेका छन् ? के यसैले तिमी व्याकुल छौ ? आज वेदवाक्य दुराचारी ब्राह्मणका अधीन र उत्तम ब्राह्मण राजाको सेवक भएका छन् यसैले तिमीलाई दुःख भइरहेको छ ? ।।२२।। आज कलिको फेला परेका क्षत्रियाधम राजा विमुख भएका प्रजाको धनले आफ्नो वासना पूर्ण गर्दै राज्यको शक्तिलाई नष्ट पारिरहेका छन् । ती अभागा प्रजाको रक्षा गर्न छाडेर तामसी भोजन, रक्सी, राम्रा र उताउला वस्त्र, सुगन्धित जलले स्नान र मैथुनलाई श्रेष्ठ ठान्दछन् । तिनैका कुकर्महरूको त तिमी चिन्ता गरिरहेकी छैनौ ? ।।२३।। अथवा हे माता ! तिम्रो भार हरण गर्न आएका नारायण यहाँबाट गइसके र तिमी उनका सराहनीय कामहरूको, जसको विचार गर्नाले मोक्षको आनन्द प्राप्त हुन्छ–स्मरण गर्दै उनको वियोगमा रोइरहेकी छौ ? हे वसुन्धरे ! तिम्रो हृदयमा जुन वेदना छ र जसले गर्दा तिमी यस प्रकार दुःखी छौ, त्यो सबै कुरा सुनाऊ । हे अम्ब ! सबभन्दा प्रबल कलिले त तिम्रो सौभाग्य खोसेर लिएन ? ।।२४।। पृथ्वी बोलिन्—हे धर्म ! तिमी योसित जे कुरा सोधिरहेका छौ, त्यो सबै तिमीलाई ज्ञात छ भगवान् श्रीकृष्णचन्द्रको ॥६२॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतापले तिम्रा तप, दया, शौच र सत्यरूपी चार पाउ थिए, त्यसले संसारका प्राणीहरूको कल्याण हुन्थ्यो ॥२५-२६॥ जुन नारायणमा सत्य, शौच, दया, क्षमा, सन्तोष, कोमलता, शम (मनको निश्चलता), दम (बाह्य इन्द्रियहरूको स्थिरता), समता, अरूका अपराध सहन सक्नु उदासीनता, शास्त्र विचारणा ॥२७॥ आत्मज्ञान, विरक्ति (तृष्णाको अभाव), ऐश्वर्य (सबैलाई आफ्नो नियन्त्रणमा राख्ने शक्तिले सम्पन्न हुनु) शौर्य (संग्राममा उत्साह राख्नु), तेज (प्रभाव), बल (पराक्रम), स्मृति (कर्तव्याकर्तव्यको निर्णय गर्नु) स्वतन्त्रता, कौशल (प्रत्येक कार्यमा निपुणता), सौन्दर्य, धैर्य, मार्दव (कोमल स्वभाव) ॥२८॥ प्रागल्भ्य (अतिशय ढीठ हुनु), प्रश्रय (विनय), शील (सुस्वभाव), मनले ज्ञानेन्द्रिय र कर्मेन्द्रिय द्वारा हुने कर्महरूको निर्णयमा पटु हुनु, भग (भोगहरूको अधिकारी हुनु), गाम्भीर्य (आकुलताको अभाव), स्थैर्य (अचञ्चलता), आस्तिक्य (श्रद्धा), कीर्ति (यश), मान) पूजयत्व) र यी सबै भएर पनि अहङ्कारको अभाव हुन्—॥२९॥ यी र यी बाहेक पनि जसमा कहिल्यै नष्ट नहुने अगणित गुणगण विद्यमान रहने गर्दथे

लोकसुखावहैः ॥ २६ ॥ सत्यं शौचं दया क्षान्तिस्त्यागः सन्तोष आर्जवम् ॥ शमो दमस्तपः साम्यं तितिक्षोपरतिः श्रुतम् ॥ २७ ॥ ज्ञानं विरक्ति-
रैश्वर्यं शौर्यं तेजो बलं स्मृतिः ॥ स्वातन्त्र्यं कौशलं कान्तिर्धैर्यं मार्दवमेव च ॥ २८ ॥ प्रागल्भ्यं प्रश्रयः शीलं सह ओजो बलं भगः ॥ गाम्भीर्यं
स्थैर्यमास्तिक्यं कीर्तिर्मानोऽनहंकृतिः ॥ २९ ॥ एते चान्ये च भगवन्नित्या यत्र महागुणाः ॥ प्रार्थ्या महत्त्वमिच्छद्भिर्न वियन्ति स्म कर्हिचित
॥ ३० ॥ तेनाहं गुणपात्रेण श्रीनिवासेन साम्प्रतम् ॥ शोचामि रहितं लोकं पाप्मना कलिनेक्षितम् ॥ ३१ ॥ आत्मानं चानुशोचामि भवन्तं चा-
मरोत्तमम् ॥ देवान्पितॄनृषीन्साधून्सर्वान्वर्णांस्तथाऽऽश्रमान् ॥ ३२ ॥ ब्रह्मादयो बहुतिथं यदपाङ्गमोक्षकामास्ततः समचरन्भगवत्प्रपन्नाः ॥ सा श्रीः स्व-
वासमरविन्दवनं विहाय यत्पादसौभगमलं भजतेऽनुरक्ता ॥ ३३ ॥ तस्याहमब्जकुलिशांकुशकेतुकेतैः श्रीमत्पदैर्भगवतः समलंकृताङ्गी ॥ त्रीनत्यरोच
उपलभ्य ततो विभूतिं लोकान्स मा व्यसृजदुत्स्मयतीं तदन्ते ॥ ३४ ॥ यो वै ममातिभरमासुरवंशराज्ञामक्षौहिणीशतमपानुददात्मतन्त्रः ॥ त्वां दुः-
स्थमूनपदमात्मनि पौरुषेण संपादयन्यदुषु रम्यमबिभ्रदङ्गम् ॥ ३५ ॥ का वा सहेत विरहं पुरुषोत्तमस्य प्रेमावलोकरुचिरस्मितवल्गुजल्पैः ॥

॥३०॥ गुणहरूका एकमात्रपात्र र लक्ष्मीका पति नारायणदेखि शून्य, पापमा गाडिएका संसारका प्राणिहरूलाई देखेर म रोइरहेकी हूँ ॥३१॥ एवं आफूलाई, तिमीलाई र देवतागण, पितृहरू ऋषि र साधुहरू, वर्ण र आश्रमहरूमा पापी कलिको छाया पर्नलागेको देखेर म दुःखी भइरहेकी छु ॥३२॥ जसको कृपा-दृष्टि प्राप्त गर्नको निम्ति ब्रह्मादि देवता आफूलाई भगवान्को चरणमा सुम्पेर धेरै समयसम्म कठोर तप गर्न गर्दथे र लक्ष्मी पनि कमल वनको सुन्दर निवासस्थल त्यागेर जसका चरणको सौन्दर्यमा अनुरक्त भई उनको सेवामा निरत रहने गर्दथिन् ॥३३॥ कमल, कुलिश, अंकुश, केतु आदि चिह्न अंकित हुने भगवान्का जुन चरण-कमलबाट मलाई त्रिलोकमा सर्वश्रेष्ठ सम्पत्ति प्राप्त भएको थियो, जसमा मलाई गर्व थियो, आज ती नारायणका चरण अब यहाँ रहेनन् र उनको अभावमा त्यो शोभा पनि रहेन ॥३४॥ जसले असुरवंशी राजाहरूको अनेक अक्षौहिणी सेनाहरू मारेर मेरो शिरको ठूलो भारी बहालीदिएको थियो र तिमीलाई पनि दुई खुट्टाले हीन देखेर तिम्रा चारै खुट्टा सहे पार्दै यदुवंशीहरूमा राम्रो कलेवर धारण गरेका थिए ॥ ३५ ॥ जसले आफ्नो प्रेमपूर्वक दृष्टिपात, मीठो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हास्य र मधुर वार्तालाप द्वारा सत्यभामादिका पनि गर्व खर्व गरिदिएका थिए, जसका चरणको धूलोले सुशोभित भएर म पुलकायमान भएकी थिएँ, ती पुरुषोत्तम नारायणको वियोग कसले सहन सक्तछ ॥३६॥ जब पूर्ववाहिनी सरस्वती नदीको तटमा पृथ्वी र धर्म परस्पर यस्तै कुरा गरिरहेका थिए, त्यसै वेला राजर्षि परीक्षित त्यस स्थानमा पुगे ॥३७॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर'वसिष्ठ'कृतनेपालीभाषा-टीकायां षोडशोऽध्यायः॥१६॥ राजा परीक्षितले कलिलाई बन्दी तुल्याउनु। सूतजी भन्दछन्—हे शौनक! त्यहाँ परीक्षितले देखे—यौटा गोरू र यौटी गाई उभिएका छन् र राजाको वेष धारण गरेको यौटा शूद्र ती दुवैलाई चुटिरहेको छ ॥ ११ ॥ त्यो गोरू मृणाल झैं सेतो वर्णको थियो। त्यसको केवल यौटा खुट्टामात्र शेष थियो (अरु तीन भाँचिइसकेका थिए) त्यसैको वलमा उभिएर कामिरहेको थियो र डरले मल-मूत्र त्याग्दै थियो, धर्मदुघा गाई पनि दीन-हीन भएर उभिएकी थिई, शूद्र त्यसलाई लातिले कुटिरहेको थियो, त्यसको बच्चा पहिले नै हराइसकेको थियो, त्यो धेरै दुब्ली भएकी थिई, त्यसका नेत्रबाट आँसु बगिरहेको थियो। शोकले व्याकुल त्यो

स्थैर्यं समानमहरन्मधुमानिनीनां रोमोत्सवो मम यदङ्घ्रिविटङ्किताया: ॥ ३६ ॥ तयोरेवं कथयतोः पृथिवीधर्मयोस्तदा ॥ परीक्षिन्नाम राजर्षिः प्राप्तः प्राचीं सरस्वतीम् ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पृथ्वीधर्मसंवादो नाम षोडशोऽध्यायः ॥ १६ ॥ सूत उवाच ॥ तत्र गोमिथुनं राजा हन्यमानमनाथवत् ॥ दण्डहस्तं च वृषलं ददृशे नृपलाञ्छनम् ॥ १ ॥ वृषं मृणालधवलं मेहन्तमिव बिभ्यतम् ॥ वेपमानं पदैकेन सीदन्तं शूद्रताडितम् ॥ २ ॥ गां च धर्मदुघां दीनां भृशं शूद्रपदा हताम् ॥ विवत्सामश्रुवदनां क्षामां यवसमिच्छतीम् ॥ ३ ॥ पप्रच्छ रथमारूढः कार्तस्वरपरिच्छदम् ॥ मेघगम्भीरया वाचा समारोपितकार्मुकः ॥ ४ ॥ कस्त्वं मच्छरणे लोके बलाद्धंस्यबलान्बली ॥ नरदेवोऽसि वेषेण नटवत्कर्मणाऽद्विजः ॥ ५ ॥ कस्त्वं कृष्णे गते दूरं सह गाण्डीवधन्वना ॥ शोच्योऽस्यशोच्यान्रहसि प्रहरन्वधमर्हसि ॥ ६ ॥ त्वं वा मृणालधवलः पादैर्न्यूनः पदा चरन् ॥ वृषरूपेण किं कश्चिद्देवो नः परिखेदयन् ॥ ७ ॥ न जातु पौरवेन्द्राणां दोर्दण्डपरिरम्भिते ॥ भूतलेऽनुपतन्त्यस्मिन्विना ते प्राणिनां शुचः ॥ ८ ॥ मा सौरभेयानुशुचो व्येतु ते वृषलाद्भयम् ॥ मा रोदीरम्ब भद्रं ते खलानां मयि शास्तरि ॥ ९ ॥

खान खोज्दै थिई ॥२-३॥ राजर्षि परीक्षितले त्यसलाई देख्नासाथ रथ थामेर धनुष उचालेर त्यो स्वर्णभूषणधारी शूद्रलाई मेघझैं गम्भीर वाणीमा सोधे॥४॥ यौटा नटजस्तै राजाको वेष बनाएर कर्मले चाण्डाल तँ को होस्? जो मेरो राज्यमा आएर यो विचरीलाई व्यर्थ कुट्दैछस्? ॥५॥ गाण्डीव धनुर्धारी धनंजय र भगवान् श्रीकृष्ण गएकाले निरपराध जीवलाई एकान्तमा कष्ट दिने तँ मेरो अपराधी होस, म तलाई मारिदिन्छु। त्यस दुष्टलाई त्यति सोधेर राजा गोरूसित भन्दछन्—मृणाल झैं श्वेतवर्ण र तीन खुट्टा रहित वृषको रूप धारण गरेर केवल यौटा खुट्टाले हिँड्ने तिमी कुनै देवता हौ, जो यसरी दुःख पाइरहेछौ? ॥ ६ ॥ ७ ॥ पुरुवंशीहरूको भुजदण्डले सुरक्षित देशमा तिमी झैं निरीह जीवलाई अतिशय शोकाकुल नभइकन यसरी आँसु झार्दैनन् ॥८॥ हे सौरभ! तँ अब यस शूद्रसित नडरा। हे माता! तिमी पनि नरोऊ। दुष्टहरूलाई दण्ड दिने म परीक्षित छँदाछँदै तिमीले रुनु पर्दैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥९॥ जुन राजाको राज्यमा *अन्याय हुन्छ र सज्जन दुर्जनद्वारा सताइन्छन्, त्यस मतवाला राजाको कीर्ति, आयु र ऐश्वर्य नष्ट भएर जान्छ ॥ १० ॥ दुःखीहरूको दुःख निवारण गर्नु नै राजाको परम धर्म हो । यसनिम्ति प्राणिमात्रलाई कष्ट दिने यस शूद्रलाई म नमारी छाड्दीन ॥११॥ हे चतुष्पद वृषभ ! तिम्रा तीन खुट्टा कसले काटिदियो ? भगवान् कृष्णका भक्त हामी झैं राजाको राज्यमा तिमी जस्तो दुःखी त कोही पनि देखिएन ॥१२॥ हे वृषभ ! तिम्रो कल्याण होस् । अब मलाई भन जसले तिम्रो रूप बिगारेर ती पवित्र विचार भएका पाण्डव-हरूको उज्ज्वल कीर्तिमा टाटो लगायो ॥१३॥ यदि तिमी—यस प्रबल शत्रुको सामुन्ने म यसको निन्दा कसरी गरौं––यस्तो विचार गरिरहेका छौ भने त्यस्तो नगर किन भने निरप-राध जीवहरूलाई कष्ट दिने सबै जीव ममित डराउँछन् र दुष्टहरूको दमन गर्नाले सज्जनहरूको भलो नै हुन्छ ॥ १४ ॥ मेरो राज्यमा यदि कुनै देवता पनि कुनै निरपराध प्राणीलाई

यस्य राष्ट्रे प्रजाः सर्वास्त्रस्यन्ते साध्व्यसाधुभिः ॥ तस्य मत्तस्य नश्यन्ति कीर्तिरायुर्भगो गतिः ॥१०॥ एष राज्ञां परो धर्मो ह्यार्तानामार्तिनिग्रहः ॥ अत एनं वधिष्यामि भूतद्रुहमसत्तमम् ॥ ११ ॥ कोऽवृश्चत्तव पादांस्त्रीन्सौरभेय चतुष्पद ॥ मा भूवंस्त्वादृशा राष्ट्रे राज्ञां कृष्णानुवर्तिनाम् ॥ १२ ॥ आख्याहि वृष भद्रं वः साधूनामकृतागसाम् ॥ आत्मवैरूप्यकर्तारं पार्थानां कीर्तिदूषणम् ॥ १३ ॥ जनेऽनागस्यघं युञ्जन्सर्वतोऽस्य च मद्भयम् ॥ साधूनां भद्रमेव स्यादसाधुदमने कृते ॥ १४ ॥ अनागस्स्विह भूतेषु य आगस्कृन्निरंकुशः ॥ आहर्ताऽस्मि भुजं साक्षादमर्त्यस्यापि साङ्गद ॥ १५ ॥ राज्ञो हि परमो धर्मः स्वधर्मस्थानुपालनम् ॥ शासतोऽन्यान् यथाशास्त्रमनापद्युत्पथानिह ॥ १६ ॥ धर्म उवाच ॥ एतद्वः पाण्डवेयानां युक्तमार्याभयं वचः ॥ येषां गुणगणैः कृष्णो दौत्यादौ भगवान् कृतः ॥१७॥ न वयं क्लेशबीजानि यतः स्युः पुरुषर्षभ ॥ पुरुषं तं विजानीमो वाक्य-

सताइरहेको छ भने त्यसको हात काटिदिनेछु, अनि अरूको विषयमा के कुरा गर्ने ॥१५॥ शास्त्रले बताएको बाटोमा हिंड्ने, प्रजाको पालन गर्ने राजाको सर्वश्रेष्ठ धर्म हुन् र उसको त्यो पुनीत कर्तव्य हुन जान्छ–जो शास्त्र-मार्ग त्यागेर अरूलाई पनि उपक्रम गर्दछन् कष्टदिने, तिनलाई दण्ड दिनु ॥१६॥ वृषभरूपधारी धर्मले राजासित भने–हजुर जस्ता पाण्डववंशी राजा-हरूको यो धर्म हो कि ती दुःखीहरूलाई अभयदान दिएर सान्त्वना दिउन् । हजुरका पूर्वजहरूको इनै सद्गुणमा मुग्ध भएर नै साक्षात् श्रीकृष्ण भगवान्ले उनको सारथी र दूत आदिको काम गरेका थिए । ॥ १७ । हे राजन् ! मलाई यो थाहा छैन––यो कुन पुरुष मलाई सताइरहेको छ र म दुःखी हुनाले हजुर जस्ता सज्जन पनि दुःखी छन् । किनकि मानिसका थरि-

* उदाहरण (अन्यायले सिंहासन हल्लिन्छ)—पूर्वकालमा राजा वसु, पर्वत र नारद यी तीन विद्यार्थी गोटै गुरुकहाँ पढ्दथे । पर्वत मुनि कुलपरम्परागत राजाका पुरोहित थिए । कुनै दिन पर्वत मुनि शिष्यहरूलाई) पढाइरहेका थिए । प्रसंगवश 'अज' शब्द आयो । त्यसको अर्थ पर्वत मुनिले बोको अर्थात् यज्ञमा बलिदिने पशु भने । नारदले भने—'गुरुजीले यस्तो अर्थ गर्नु भएको थिएन । उनले भनेका थिए—'जो जन्म न-ओस् त्यो अज ।' अर्थात् फेरि नउम्रोस् ।' यज्ञाग्निमा होम गरिने 'घाँस' यस्तो अर्थ गर्नुभएको थियो । पर्वत मुनिलाई गुरुका वचनको सम्झना भयो, तर त्यस बखत शिष्यहरूको माझमा सम्मान रक्षाको लागि आफ्नै अर्थ सत्य सिद्ध गर्नपर्छ लागे । अब दुवैले न्यायको निम्ति राजा वसुकहाँ जाने निश्चय गरे । त्यहाँ जानुभन्दा पहिल्यै पर्वतकी आमाले भनिन्—'राजा वसुले यदि सत्य कुरा भनिदिए भने तँ झुठो हुनेछस् ।' पर्वतले भने—'उसो भए तिमी वसुकहाँ जाऊ र भन मेरै अर्थलाई ठीक हो भनुन् ।' पर्वतकी आमा राजाकहाँ पुगिन् । कुरा सुनेर पहिले वसुले अस्वीकार गरिदिए तर पछि गुरुपत्नी र गुरुपुत्रको मान राख्नको लागि झुठो बोल्न स्वीकार गरे । उसै बखत पर्वत र नारद पनि आइपुगे र तिनले राजा वसुलाई सोधे—'अज शब्दको अर्थ गुरुले के भन्नुभएको थियो ?' राजाले पर्वतको पक्ष लिएर 'बोको' भन्ने अर्थ गरे । त्यसै बखत तिनको राजसिंहासन हल्लन लाग्यो, राज वसु भूमिमा पल्टिए । 'अन्यायले राजाको सिंहासन हल्लिन्छ' भनेको सत्य हो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थरिका कुरा सुन्नाले नै हामी भ्रममा पर्यौं ।।१७।। अनेक योगी जनको कथन छ–प्राणी आफ्नो सुख-दुःखको कारण स्वयं हुन्छ । अरु कसैले कसैलाई कष्ट दिँदैन । 'आत्मैव रिपुरात्मनः' कतिपय व्यक्ति भाग्यलाई दोष दिन्छन् । कोही कर्मलाई सुख-दुःखको कारण भन्दछन् र केही व्यक्ति स्वभावलाई नै सुख-दुःखको निमित्त भन्दछन् ।। १९ ।। यसनिम्ति म तर्कद्वारा न त्यसलाई मनोगोचर गर्न सक्तछु, न त्यो वचन-गोचर नै हुन सक्तछ । अतः हजुर स्वयं त्यसलाई खोज्नुहवस्–खोज्नुहवस्–जो हामीलाई दुःख दिन्छ ।। २० ।। सूतजी भन्दछन्––हे शौनक ! यस प्रकार धर्मका कुरा सुनेर राजा परीक्षितले आफ्नो मन एकाग्र पारेर केही वेरसम्म विचार गरे । त्यसपछि प्रसन्न भएर भन्नलागे––।२१।। हे धर्मज्ञ ! तिमी वृषरूप धारण गरेका साक्षात् धर्म नै हौ र जानी जानीकन त्यस अधर्मलाई भन्न चाहन्नौ किनकि अधर्म गर्ने प्राणीको स्थान बताउने पनि अधर्मीको भागीदार हुन्छ ।। २२ ।। अथवा जस्तो तिमी भनिरहेका छौ ईश्वरको मायाको गति अलक्ष्य हुन्छ, त्यसलाई कसैले मन र वचनले पनि बुझ्न सक्तैन । यो निश्चित छ ।। २३ ।। तप, शौच, दया र सत्य यी तिम्रा चार पाऊ थिए ।

भेदविमोहिताः ।। १८ ।। केचिद्विकल्पवसना आहुरात्मानमात्मनः ।। दैवमन्ये परे कर्म स्वभावमपरे प्रभुम् ।। १९ ।। अतर्क्यादनिर्देश्यादिति केष्वपि निश्चयः ।। अत्रानुरूपं राजर्षे विमृश स्वमनीषया ।। २० ।। सूत उवाच ।। एवं धर्मे प्रवदति स सम्राड् द्विजसत्तम ।। समाहितेन मनसा विखेदः पर्यचष्ट तम् ।। २१ ।। राजोवाच ।। धर्मं ब्रवीषि धर्मज्ञ धर्मोऽसि वृषरूपधृक् ।। यदधर्मकृतः स्थानं सूचकस्यापि तद्भवेत् ।। २२ ।। अथवा देवमायाया नूनं गतिरगोचरा ।। चेतसो वचसश्चापि भूतानामिति निश्चयः ।।२३।। तपः शौचं दया सत्यमिति पादाः प्रकीर्तिताः ।। अधर्मांशैस्त्रयो भग्नाः स्मयसङ्गमदैस्तव ।।२४।। इदानीं धर्म पादस्ते सत्यं निर्वर्तते यतः ।। तं जिघृक्षत्यधर्मोऽयमनृतेनैधितः कलिः ।। २५ ।। इयं च भूर्भगवता न्यासितोरुभरा सती ।। श्रीमद्भिस्ततपदन्यासैः सर्वतः कृतकौतुका ।। २६ ।। शोचत्यश्रुकला साध्वी दुर्भगेवोज्झिताऽधुना ।। अब्रह्मण्या नृपव्याजाः शूद्रा भोक्ष्यन्ति मामिति ।।२७।। इति धर्मं महीं चैव सान्त्वयित्वा महारथः ।। निशातमाददे खड्गं कलयेऽधर्महेतवे ।। २८ ।। तं जिघांसुमभिप्रेत्य विहाय नृपलाञ्छनम् ।। तत्पादमूलं शिरसा समगाद्भयविह्वलः ।।२९।। पतितं पादयोर्वीक्ष्य कृपया दीनवत्सलः ।। शरण्यो नावधीच्छ्लोक्य आह चेदं हसन्निव ।।३०।।

त्यसबाट तीनलाई संयम, संग र मद अधर्मका यी तीन अंशले भाँचिदिएको छ ।।२४।। हे धर्म ! अब सत्यरूपी पाऊ तिम्रो रहेको छ । त्यो असत्यको आश्रयबाट हुर्कको यो कलियुग तिम्रो शेष बचेको त्यो खुट्टा पनि भाँचिन खोजिरहेको छ ।।२५।। जसको भार भगवान्ले स्वयं उतारि दिनु भएको थियो जसको काखमा चारैतिर भ्रमण गरेर उनले विविध-प्रकारका कौतुक गरेका थिए, जसले गर्दा यी सबै तरहले मङ्गलमयी भएकी थिइन् ।।२६।। उनै साध्वी पृथ्वी आज त्यक्तपतिका अभागिनी स्त्री झैं आँखाबाट आँसु बगाउँदै यसनिम्ति विलाप गरिरहे छिन् कि भविष्यमा नृपवेषधारी शूद्र राजागण मलाई भोग्नेछन् ।। २७ ।। धर्म र पृथ्वीलाई यसरी आश्वासन दिएर महारथी राजा परीक्षितले त्यस अधर्मको मूल कारण कलिलाई मार्नको निम्ति आफ्नो तीक्ष्ण खड्ग उचाले ।।२८।। अब महाराजले मलाई नमारी छाड्दैनन् भन्ने देखेपछि कलिले राजवेष त्यागिदियो र भयले काम्दै उनका पाउमा शिर राखेर लुटपुटिन लाग्यो ।।२९।। दीनवत्सल राजाले जब देखे––अब यो दीन हीन बन्यो––तब उनलेत्यसलाई मार्ने विचार त्यागिदिए र हाँस्तै भन्नलागे—।।३०।। पार्थका वंशज राजाहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हात जोरिदिने (शरणागतहरू) लाई कुनै पनि भय रहन्न, तर आजदेखि तिमी फेरि कहिल्यै मेरो राज्यमा नदेखिनु, किनकि तिमीलाई अधर्म नै प्रिय छ ॥३१॥ जब तिमी यहाँका राजाहरूको शरीरमा घर गर्दछौ तब लोभ, असत्य, चोरी, दुराचार, स्वधर्म, त्याग, अमङ्गल, कपट, कलह र पाखण्डरूपी विविध प्रकारका अधर्म आइपुग्नन् ॥३२॥ हे अधर्मका सखा ! हाम्रो देशमा मानिस अनेक थरिका यज्ञ गरेर नारायणको पूजा गर्दछन्, सत्य र धर्मलाई आफ्नो श्रेष्ठ नेता मानेर उसकै अनुसरण गर्दछन्, त्यहाँ तिम्रो अस्तित्व कुनै प्रकारले वाञ्छनीय हुन सक्तैन ॥३३॥ जुन देशमा यज्ञमूर्ति नारायणको नित्य पूजा गरिन्छ, त्यहाँ ती नारायण सबैको सबै तरहको इच्छाहरू पूर्ण गरिदिंदै उनको कल्याण गर्दछन् । जहाँका निवासीहरूको हृदयमा बाहिर-भित्र रहने वायुको समान ती भगवान् विराजमान रहन्छन्, त्यहाँ तिमी कसरी बस्न सक्छौ ? ॥३४॥ सूतजी भन्दछन्-हे शौनक ! हातमा तरवार लिएर यमराज समान डरलाग्दा बनेर उभिएका परीक्षितको त्यो आज्ञा सुनेर कलियुग थर-थर काम्न लाग्यो ॥३५॥ कलि बोल्यो—हे चक्रवर्तिन् ! यस्तो स्थितिमा त म जहाँ बस्नेछु, त्यहीं धनुष

राजोवाच ॥ न ते गुडाकेशयशोधराणां बद्धाञ्जलेर्वै भयमस्ति किंचित् ॥ न वर्तितव्यं भवता कथञ्चन क्षेत्रे मदीये त्वमधर्मबन्धुः ॥ ३१ ॥ त्वां वर्तमानं नरदेव देहेष्वनुप्रवृत्तोऽयमधर्मपूगः ॥ लोभोऽनृतं चौर्यमनार्यमंहो ज्येष्ठा च माया कलहश्च दम्भः ॥ ३२ ॥ न वर्तितव्यं तदधर्मबन्धो धर्मेण सत्येन च वर्तितव्ये ॥ ब्रह्मावर्त्ते यत्र यजन्ति यज्ञैर्यज्ञेश्वरं यज्ञवितानविज्ञाः ॥ ३३ ॥ यस्मिन्हरिर्भगवानिज्यमान इज्यामूर्तिर्यजतां शं तनोति ॥ कामानमोघान्स्थिरजंगमानामन्तर्बहिर्वायुरिवैष आत्मा ॥ ३४ ॥ सूत उवाच ॥ परीक्षितैवमादिष्टः स कलिर्जातवेपथुः ॥ तमुद्यतासिमाहेदं दण्डपाणिमिवोद्यतम् ॥ ३५ ॥ यत्र क्वचन वत्स्यामि सार्वभौम तवाज्ञया ॥ लक्षये तत्र तत्रापि त्वामात्तेषुशरासनम् ॥ ३६ ॥ तन्मे धर्मभृतां श्रेष्ठ स्थानं निर्देष्टुमर्हसि ॥ तत्रैव नियतो वत्स्य आतिष्ठंस्तेऽनुशासनम् ॥ ३७ ॥ सूत उवाच ॥ अभ्यर्थितस्तदा तस्मै स्थानानि कलये ददौ ॥ द्यूतं पानं स्त्रियः सूना यत्राधर्मश्चतुर्विधः ॥ ३८ ॥ पुनश्च याचमानाय जातरूपमदात्प्रभुः ॥ ततोऽनृतं मदं कामं रजो वैरं च पञ्चमम् ॥ ३९ ॥ अमूनि पञ्च स्थानानि ह्यधर्मप्रभवः कलिः ॥ औत्तरेयेण दत्तानि न्यवसत्तन्निदेशकृत ॥ ४० ॥ अथैतानि न सेवेत बुभूषुः पुरुषः क्वचित् ॥ विशेषतो धर्मशीलो राजा लोक-

बाण धारण गरेका हजुरलाई उभिएको देख्नेछु, अर्थात् यस्तो कुन देश छ, जहाँ हजुरको राज्य छैन, अनि म कहाँ जाऊँ ? ॥३६॥ हे धर्मात्माहरूमा श्रेष्ठ नरपति ! हजुर मलाई त्यो स्थान बताउनोस्–जहाँ हजुरको अनुशासन मान्दै म नित्यनिवास गर्नसकूँ ॥३७॥ सूतजी भन्दछन्–कलिले प्रार्थना गरपछि राजाले त्यसको निम्ति चार स्थान नियत गरे । जस्तै–जूआ, रक्सी, वेश्यालय र प्राणिहरूको मृत्यु स्थान ॥३८॥ जब उसले अरुठाउँ माग्यो तब राजाले कलिलाई सुनमा पनि स्थान दिए । सुनमा स्थान दिनाले त्यसलाई असत्य, मद, काम, रजोगुण र वैरत्व यी पाँच स्थान स्वयं प्राप्त हुनगए ॥३९॥ अधर्मबाट जायमान कलिले परीक्षितले दिएका इनै पाँच स्थानहरूमा आफ्नो डेरा जमायो र राजा परीक्षितका आज्ञाहरू पालन गर्दै रहन थाल्यो ॥४० । यसै निम्ति जो व्यक्ति आत्मोन्नति गर्नखोज्दछन्,ती अनृत, मद,काम, राग, वैर,मद्यपान, वेश्या, जूआ आदि कामहरूमा कहिल्यै अघि नसर्नु । धर्मात्मा राजा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना प्रजाका पथप्रदर्शक र स्वामी हुन्छन्, यसैनिम्ति कलिको जालमा नअल्झने विशेष सतर्कता राख्नु पर्दछ ॥४१॥ त्यसपछि राजाले पृथ्वी र धर्मलाई शक्ति-साहस दिएर धर्मका तप, शौच र दयारूपी जुन तीन पाऊ नष्ट भइसकेका थिए, तिनलाई फेरि जोरिदिए ॥४२॥ यस बखत बन जान तत्पर आफ्ना पितामह युधिष्ठिरद्वारा अर्पित राजसिंहासनमा बसेर महाराज परीक्षित यस भूमण्डलको शासन गरिरहेका छन् ॥४३। राजर्षि परीक्षित दसै दिशामा आफ्नो कीर्ति प्रसार गर्दै चक्रवर्ती भएर हस्तिनापुरीमा निवास गर्दछन्। कुरुवंशी राजाहरूमा जुन तेज हुनुपर्दथ्यो त्यो उनमा विद्यमान छ ॥४४॥ अभिमन्युका छोरा महाराज परीक्षितको नै यो महिमा छ कि उनको सुखदायक राज्यकालमा तिमीहरू लामो अवधिमा पूर्ण हुने यज्ञको दीक्षा लिएका छौ ॥४५॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपालीभाषा-टीकायां सप्तदशोऽध्यायः ॥१७॥ (शृङ्गी ऋषिद्वारा महाराज परीक्षितलाई श्राप।) सूतजी शौनकसित भन्दछन्—हे शौनक ! आमाको उदरमै अश्वत्थामाको ब्रह्मास्त्रले पिलिसिएर जुन अद्भुत कर्मठ राजा भगवान् कृष्णको कृपाले मरेनन्-॥१॥ र आफ्नो तन

पतिर्गुरुः ॥ ४१ ॥ वृषस्य नष्टाँस्त्रीन्पादाँस्तपः शौचं दयामिति ॥ प्रतिसंदध आश्वास्य महीं च समवर्धयत् ॥ ४२ ॥ स एष एतर्ह्यध्यास्ते आसनं पार्थिवोचितम् ॥ पितामहेनोपन्यस्तं राजाऽरण्यं विविक्षिता ॥ ४३ ॥ आस्तेऽधुना स राजर्षिः कौरवेन्द्रः श्रियोल्लसन् ॥ गजाह्वये महाभागश्चक्रवर्ती बृहच्छ्रवाः ॥ ४४ ॥ इत्थंभूतानुभावोऽयमभिमन्युसुतो नृपः ॥ यस्य पालयतः क्षोणीं वयं सत्राय दीक्षिताः ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे कलिनिग्रहो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥ सूत उवाच ॥ यो वै द्रौण्यस्त्रविप्लुष्टो न मातुरुदरे मृतः ॥ अनुग्रहाद्भगवतः कृष्णस्याद्भुतकर्मणः ॥ १ ॥ ब्रह्मकोपोत्थिताद्यस्तु तक्षकात्प्राणविप्लवात् ॥ न संमुमोहोरुभयाद्भगवत्यर्पिताशयः ॥ २ ॥ उत्सृज्य सर्वतः सङ्गं विज्ञाताजितसंस्थितिः ॥ वैयासकेर्जहौ शिष्यो गङ्गायां स्वं कलेवरम् ॥ ३ ॥ नोत्तमश्लोकवार्तानां जुषतां तत्कथामृतम् ॥ स्यात्संभ्रमोऽन्तकालेऽपि स्मरतां तत्पदाम्बुजम् ॥ ४ ॥ तावत्कलिर्न प्रभवेत्प्रविष्टोऽपीह सर्वतः ॥ यावदीशो महानुर्व्यामाभिमन्यव एकराट् ॥ ५ ॥ यस्मिन्नहनि यर्ह्येव भगवानुत्ससर्ज गाम् ॥ तदैवेहानुवृत्तोऽसावधर्मप्रभवः कलिः ॥ ६ ॥ नानुद्वेष्टि कलिं सम्राट् सारङ्ग इव सारभुक् ॥ कुशलान्याशु सिद्ध्यन्ति नेतराणि कृतानि यत् ॥ ७ ॥ किं नु बालेषु शूरेण कलिना धीरभीरुणा ॥ अप्रमत्तः प्रमत्तेषु यो वृको नृषु वर्तते ॥ ८ ॥ उपवर्णितमेतद्वः पुण्यं पारीक्षितं मया ॥ वासुदे-

मन-धन सर्वस्व भगवान्‌लाई अर्पण गरेर जो तक्षकद्वारा आफ्नो मृत्यु जानेर पनि विचलित भएनन् ॥२॥ बरू ब्राह्मणको श्राप परेपछि उनले संसारबाट नाता तोडेर तथा पूर्णज्ञान प्राप्त गरेर गङ्गाजीमा आफ्नो देह त्यागे ॥३॥ भगवान्‌का पवित्र कथाहरू प्रेमले सुन्ने व्यक्ति अन्त्यमा भगवान्‌कै चरणकमलको नै ध्यान गर्दछन्, त्यसैले उसबेला पनि तिनलाई कुनै प्रकारको अत्याम हुँदैन ॥४। जबसम्म महाराज परीक्षितले राज्य गरे, तबसम्म भगवान् परमधाम सवारी भएपछि नै आएको कलियुग यस संसारमा अधर्मको विस्तार गर्नमा समर्थ भयो ॥ -६॥ ती सम्राट्‌ले पापी कलिलाई यस निम्ति मृत्यु-दण्ड दिएनन्—कि यस युगमा यदि कुनै पवित्र कार्यको संकल्पमात्र गरे पनि त्यो सिद्ध हुन्छ र पाप चाहिं तब सिद्ध हुन्छ जब ती मन, वचन र शरीरले गरियोस्। केवल कल्पनाले मात्र त्यसको फल भोग्नु पर्दैन ॥ ७ ॥ यसै कारण राजा परीक्षितले कलिसित द्वेष-भाव राखेनन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनकि कलियुग अधीर व्यक्तिका निम्ति वीर र धैर्यवान् पुरुषहरूका समक्ष स्वयं भयभीत रहन्थ्यो। त्यो प्रमादी व्यक्तिमा बुद्धिमान बनेर, चितुवा झैं प्रहार गर्दथ्यो ॥८॥ हे शौनक! मैले यहाँहरूको प्रश्नानुसार महाराज परीक्षित र श्रीकृष्णको पवित्र चरित्र वर्णन गरेर सबैलाई सुनाएँ ॥९॥ सबै शास्त्रहरूको सार यही हो—आफ्नो कल्याणको इच्छा गर्ने व्यक्तिहरूको कर्तव्य हो कि ती भगवानका जुन-जुन कथाहरू सुनुन्, तिनको आदर गर्दै त्यसै अनुसार चल्ने चेष्टा गरुन् ॥१०॥ त्यसमा ऋषिले भने—हे सूतजी! तिमी अगणित वर्षसम्म बाँची रहूं किनकि तिमीले हामीहरूलाई भगवान्को जुन कीर्ति सुनायौ, त्यो हामी मर्त्यलोक निवासी मनुष्यहरूको निम्ति अमृत समान छ। (यसले यस जन्म-मरणरूपी संसारका बन्धनहरूबाट मुक्ति पाइन्छ) ॥ ११ ॥ यस अनाश्वासनीय कर्म (यज्ञ) मा लागेका हामी मलीन मन भएका व्यक्तिहरूलाई तपाईं कथारूपी अमृत पान गराउँदै हुनुहुन्छ ॥१२॥ भगवद्भक्तहरूको क्षणमात्रको समाजलाई म स्वर्ग एवं मोक्षको तुलामा तौलन चाहन्न। फेरि संसारका विनाशशील सम्पत्तिहरूको त कुरै रहेन ॥१३॥ कुन यस्तो रसिक पुरुष होला, जो महात्माहरूका

यत्कथोपेतमाख्यानं यदपृच्छत ॥ ९ ॥ या याः कथा भगवतः कथनीयोरुकर्मणः ॥ गुणकर्माश्रयाः पुंभिः संसेव्यास्ता बुभूषुभिः ॥१० ॥ ऋषय ऊचुः ॥ सूत जीव समाः सौम्य शाश्वतीर्विशदं यशः ॥ यस्त्वं शंससि कृष्णस्य मर्त्यानाममृतं हि नः ॥ ११ ॥ कर्मण्यस्मिन्ननाश्वासे धूमधूम्रात्मनां भवान् ॥ आपाययति गोविन्दपादपद्मासवं मधु ॥ १२ ॥ तुलयाम लवेनापि न स्वर्गं नापुनर्भवम् ॥ भगवत्सङ्गिसङ्गस्य मर्त्यानां किमुताशिषः ॥ १३ ॥ को नाम तृप्येद्रसवित्कथायां महत्तमैकान्तरायणस्य ॥ नान्तं गुणनामगुणस्य जग्मुर्योगेश्वरा ये भवपाद्ममुख्याः ॥१४ ॥ तन्नो भवान्वै भगवत्प्रधानो महत्तमैकान्तपरायणस्य ॥ हरेरुदाराचरितं विशुद्धं शुश्रूषतां नो वितनोतु विद्वन् ॥ १५ ॥ स वै महाभागवतः परीक्षिद्येनापवर्गाख्यमदभ्रबुद्धिः ॥ ज्ञानेन वैयासकिशब्दितेन भेजे खगेन्द्रध्वजपादमूलम् ॥ १६ ॥ तन्नः परं पुण्यमसंवृतार्थमाख्यानमत्यद्भुतयौगनिष्ठम् ॥ आख्याह्यनन्ताचरितोपपन्नं पारीक्षितं भागवताभिरामम् ॥ १७ ॥ सूत उवाच ॥ अहो वयं जन्मभृतोऽद्य हास्म वृद्धानुवृत्त्याऽपि विलोमजाताः ॥ दौष्कुल्यमाधिं विधुनोति शीघ्रं महत्तमानामभिधानयोगः ॥ १८ ॥ कुतः पुनर्गृणतो नाम तस्य महत्तमैकान्तपरायणस्य ॥

पनि आराध्यदेव 'नारायण' को ती कथाहरूले तृप्ति हुन सकोस्—जसका गुणहरूको शिव र ब्रह्मा पनि पार पाउन सक्तैनन् ॥ १४॥ हे विद्वन्! भगवद्भक्त! हरूमा श्रेष्ठ अतः तपाईं हामीलाई महात्माहरूले सेव्य नारायणका पवित्र चरित्र सुनाउनोस्, किनकि हामी प्रेमपूर्वक त्यो सुन्न उत्सुक छौं ॥१५॥ ती बुद्धिमान महाराज परीक्षित शुक्र मुनिले दिएको जुन ज्ञानले शरीर त्यागेर अपवर्ग नामक भगवानका कोमल चरण प्राप्त गर्नसके ॥१६॥ त्यही ज्ञान हामीहरूलाई पनि प्रदान गर्नुहवस्, किनकि परीक्षितको निम्ति कहिएको त्यस ज्ञानमा भगवान्का चरित्र पनि सम्मिलित होलान् जुन भगवान्का भक्तहरूलाई विशेष मनपर्दछ ॥ १७ ॥ यति सुनेर सूतजी भन्दछन्—हे शौनक! यहाँहरूका चरणको सेवा गर्नाले म (क्षत्रिय पिताको वीर्यद्वारा ब्राह्मणी माताको गर्भबाट उत्पन्न) विलोमज भएर पनि आफूलाई धन्य ठान्दछु। किनकि तपाईं जस्ता सज्जनसित वार्तालाप गर्नाले नै नीच कुलमा उत्पन्न हुनाले अन्तःकरणमा हुने ग्लानि नष्ट भएर जान्छ ॥ १८ ॥ अनि ती अनन्त भगवान् श्रीकृष्णको नाम, जसमा अनन्त शक्ति छ र महान् गुण छन्।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको चिन्तन गर्न पुरुषहरूसित सत्संग गर्ने अवसर पाइयोस्, अनि हीनकुलमा उत्पन्न भएको दोष नष्ट हुनमा के बाधा पर्न सक्छ ? ॥१९॥ जुन भगवान्‌को सदृश वा तीभन्दा बढी गुणवान् त्रिलोकमा अरु कोही छैंदैछैन, तिनका महिमा को कहाँसम्म गान गर्ला ? यतिले बुझ्नुहोस्––ब्रह्मादि अनेकौं चाहना गर्नेहरूलाई तिरस्कार गरेर लक्ष्मी उनै उदासीन नारायणका चरणरजलाई शिरमा राख्तछिन् ॥२०॥ जसको चरण-नखबाट निस्केको जल शिव र ब्रह्मासमेत समस्त संसारलाई पवित्र पार्दछ, ती भगवान्‌को साम्मुन्ने अरु को श्रेष्ठ हुन सक्तछ ? ॥२१॥ जुन भगवान्‌को भक्ति गरेर धैर्यशाली पनि आफ्नो शरिरसम्मको सुद्धि-बुद्धि बिर्सेर अन्तिम परमहंस पदमा पुग्दछन् । जहाँ अहिंसा र उपशम स्वाभाविक धर्म बनिजान्छन् ॥२२॥ हे सूर्य समान तेजस्वी महर्षि हो ? तपाईंहरूको प्रश्न अनुसार जहाँसम्म मेरो बुद्धिले भेटनेछ म भगवान्‌को पवित्र चरित्र सुनाउँछु । जस्तै विस्तृत आकाशमण्डलमा पक्षीगण आफ्नो सामर्थ्य अनुसार उड्दछन्, अनि सम्पूर्ण आकाशलाई नाप्ने सामर्थ्य राख्दैन त्यसै गरी विद्वान् व्यक्ति पनि आफ्नो पहुँचसम्म मात्र भगवान्‌को गुण गाउँछन् ॥ २३ ॥ अब महाराज

योऽनन्यशक्तिर्भगवाननन्तो महद्गुणत्वाद्यमनन्तमाहुः ॥१९॥ एतावताऽलं ननु सूचितेन गुणैरसाम्यानतिशायनस्य ॥ हित्वेतरान्प्रार्थयतो विभूतिर्यस्याङ्घ्रिरेणु जुषतेऽनभीप्सोः ॥ २० ॥ अथापि यत्पादनखावसृष्टं जगद्विरिञ्चोपहृतार्हणाम्भः ॥ सेशं पुनात्यन्यतमो मुकुन्दात्को नाम लोके भगवत्पदार्थः ॥ २१ ॥ यत्रानुरक्ताः सहसैव धीरा व्यपोह्य देहादिषु सङ्गमूढम् ॥ व्रजन्ति यत्पारमहंस्यमन्त्यं यस्मिन्नहिंसोपशमः स्वधर्मः ॥ २२ ॥ अहं हि पृष्टोऽर्यमणो भवद्भिराचक्ष आत्मावगमोऽत्र यावान् ॥ नभः पतन्त्यात्मसमं पतत्त्रिणस्तथा समं विष्णुगतिं विपश्चितः ॥ २३ ॥ एकदा धनुरुद्यम्य विचरन्मृगयां वने ॥ मृगाननुगतः श्रान्तः क्षुधितस्तृषितो भृशम् ॥२४॥ जलाशयमचक्षाणः प्रविवेश तमाश्रमम् ॥ ददर्श मुनिमासीनं शान्तं मीलितलोचनम् ॥२५॥ प्रतिरुद्धेन्द्रियप्राणमनोबुद्धिमुपारतम् ॥ स्थानत्रयात्परं प्राप्तं ब्रह्मभूतमविक्रियम् ॥ २६ ॥ विप्रकीर्णजटाच्छन्नं रौरवेणाजिनेन च ॥ विशुष्यत्तालुरुदकं तथाभूतमयाचत ॥ २७ ॥ अलब्धतृणभूम्यादिरसंप्राप्तार्घसूनृतः ॥ अवज्ञातमिवात्मानं मन्यमानश्चुकोप ह ॥२८॥ अभूतपूर्वः सहसा क्षुत्तृड्भ्यामर्दितात्मनः ॥ ब्राह्मणं प्रत्यभूद्ब्रह्मन्मत्सरो मन्युरेव च ॥ २९ ॥ स तु ब्रह्मऋषेरंसे गतासुमुरगं रुषा ॥ विनिर्गच्छन्ध-

परीक्षितलाई प्राप्त श्रापको कुरा सुनाउँदै सूतजी भन्दछन्––एक दिन महाराज परीक्षित धनुष-बाण लिएर आखेट (शिकार) खेल्न वनमा गए । यौटा मृगको पछि-पछि ती धेरै पर पुगे त्यसले तिनलाई थकाईको अनुभव र भोक-प्यासले दुःख दियो ॥ २४ ॥ त्यहाँ कुनै जलाशय नदेखेर ती यौटा ऋषिको आश्रममा पसे ! त्यहाँ राजा परीक्षितले देखे––ती ऋषि आँखा चिम्लिएर शान्तभावले बसेका छन् ॥ २५ ॥ ती ऋषि आफ्ना इन्द्रिय, प्राण, मन र बुद्धि वशमा पारेर जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थाबाट अघि तुरीयावस्थामा प्राप्त भई ब्रह्ममा लीन (समाधिस्थ) भएर बसेका छन्––तिनमा कुनै प्रकारको विकार छैन ॥ २६ ॥ तिनको जटा फुस्केर छरिएको छ र ती कालो मृगचर्म धारण गरेका छन् । यस प्रकार ध्यानपरायण मुनिलाई देखेर राजाले तीर्सित पानी खान मागे––तिनाको प्यासले तिनको तालु सुकिरहेको थियो ॥२७॥ केही बेरसम्म उभिइरहँदा पनि जब राजालाई न आसन मिल्यो न अर्घ्यको सत्कार नै प्राप्त भयो, अनि तिनले आफूलाई अपमानित ठाने र तिनलाई रिस उठ्यो ॥ २८ ॥ भोक र प्यासले दुःखी राजा ब्राह्मण (शमीक)

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को उत्कर्ष सहन सकेनन् । यसनिम्ति तिनको हृदयमा ईर्ष्या र क्रोध दुवै उत्पन्न भए ॥ २९ ॥ अब त्यस स्थानमा अडिनु अनुचित ठानेर फरक्क फर्के। फर्कनासाथ तिनको मनमा अकस्मात् के विचार उठ्यो कि तिनले धनुषको टुप्पाले यौटा मरेको सर्प उचालेर महर्षि शमीकको घाँटीमा हालिदिए ॥३०॥ यस विचारले तिनले ऋषिको घाँटीमा हालेका थिए कि हेरौं यी साच्चै नै समाधिमा छन् वा मलाई देखेर मेरो आतिथ्य सत्कार गर्नबाट जोगिनको लागि यो स्वाँग पारेर बसेका हुन् । त्यस्तो गरेर राजा त्यहाँबाट हिंडेर आफ्नो नगरमा फर्केर आइपुगे। केही बेरपछि ती महर्षि शमीकका तेजस्वी छोरा शृङ्गीले—ती आश्रमका बालकहरूसित खेलिरहेका थिए—केही बालक द्वारा आफ्ना पिता अपमानित भएको कुरा सुने । त्यसले क्रोधित भएर भने—प्रजाबाट कर लिएर मोटो बनेका यी राजाहरूको अधर्म त हेर ! मेरो पिताप्रति यी राजाको दुर्व्यवहार उसै प्रकारको छ, जस्तै बलि खाने काग बलि प्रदान गर्नलाई नै विष्ठा वा मूत्रले अपवित्र पारिदेउन् वा स्वामीको अन्नले पालिएको सेवक वा ढोकामा रक्षाका निम्ति नियुक्त कुकुरस्वामीलाई नै हाइँ गरोस् ॥३१-३२॥ स्वामीस्वरूप हामी ब्राह्मणहरूले क्षत्रियहरूलाई कुकुर झैं द्वारपाल तुल्याएर उभ्याएको छ । अनि त्यो पवित्र भाँडामा राखेको पदार्थ त्यो स्वेच्छाले कसरी खान सक्तछ ? त्यसले त त्यो गाँसमै सन्तोष गर्नुपर्दछ, जो

नुःकोट्या निधाय पुरमागतम् ॥ ३० ॥ एष किं निभृताशेषकरणो मीलितेक्षणः ॥ मृषा समाधिराहोस्वित्किं न स्यात्क्षत्रबन्धुभिः ॥ ३१ ॥ तस्य पुत्रोऽतितेजस्वी विहरन्बालकोऽर्भकैः ॥ राज्ञाऽघं प्रापितं तातं श्रुत्वा तत्रेदमब्रवीत् ॥३२॥ अहो अधर्मः पालानां पीव्नां बलिभुजामिव ॥ स्वामिन्यवं यद् दासानां द्वारपानां शुनामिव ॥३३॥ ब्राह्मणैः क्षत्रबन्धुर्हि द्वारपालो निरूपितः ॥ स कथं तद्‌गृहे द्वाःस्थः स भाण्डं भोक्तुमर्हति ॥ ३४ ॥ कृष्णे गते भगवति शास्तर्युत्पथगामिनाम् ॥ तद्भिन्नसेतूनद्याहं शास्मि पश्यत मे बलम् ॥३५॥ इत्युक्त्वा रोषताम्राक्षो वयस्यानृषिबालकान् ॥ कौशिक्याप उपस्पृश्य वाग्वज्रं विससर्ज ह ॥३६॥ इति लङ्घितमर्यादं तक्षकः सप्तमेऽहनि ॥ दङ्क्ष्यतिस्म कुलाङ्गारं चोदितो मे ततद्रुहम् ॥३७॥ ततोऽभ्येत्याश्रमं बालो गले सर्पकलेवरम् ॥पितरं वीक्ष्य दुःखार्तोमुक्तकंठो रुरोद ह ॥३८॥ स वा आङ्गिरसो ब्रह्मञ्छ्रुत्वा सुतविलापनम् ॥ उन्मील्य शनकैर्नेत्रे दृष्ट्वा स्वांसे मृतोरगम् ॥३९॥ विसृज्य पुत्रं पप्रच्छ वत्स कस्माद्धि रोदिषि ॥ केन वा ते प्रतिकृतमित्युक्तः सन्यवेदयत् ॥४०॥ निशम्य शप्तमतदर्हं नरेन्द्रं स ब्राह्मणो

त्यसका अघिल्तिर फ्याँकिदिइन्छ ॥३४॥ उत्पथगामी दुष्टहरूमा शासन गर्ने भगवान श्रीकृष्णचन्द्र परलोक गएपछि यी दुष्टहरूले मर्यादा भंग गर्ने निश्चय गरेका छन् । आज म स्वयं त्यसलाई दण्ड दिन्छु, तिमीहरू मेरो बल हेर ॥३५॥ राता-राता आँखा पारेर आफ्ना समवयस्क ऋषिपुत्रहरूसित त्यति भनेर ती ब्राह्मण-बालकले कौशिकी नदीको जल आचमन गरी आफ्नो वचनरूपी वज्र प्रहार गर्दै ती यस प्रकार भन्न लागे—॥३६॥ यसरी मर्यादाको उल्लङ्घन गर्ने त्यस कुलाङ्गार राजालाई आजको सातौं दिन मद्वारा प्रेरित तक्षक नागले टोक्ने छ, जसले ती मनछन् ॥३६॥ त्यसपछि ती आफ्नो आश्रममा आए र पिताको घाँटीमा मरेको सर्प थेख्दा दुःखी भएर कराइ-कराइ रुन लाग्यो ॥३८॥ अङ्गिराका छोरा महर्षि शमीकले छोरो त्यसरी रोएको सुनेर समाधि भङ्ग भयो । बिस्तार-बिस्तार आँखा उघ्रिए अनि उनले आफ्नो घाँटीमा मरेको सर्प देखे ॥३९॥ त्यसलाई फ्याँकेर महर्षि आफ्नो छोरोसित भन्नलागे—तँ किन रोइरहेको छस् ? किन, कसैले केही अपराध गर्‍यो ? अनि त्यो बालकले सरल स्वभावबाट सबै वृत्तान्त सुनाइदियो ॥ ४० ॥ श्रापको कुरा सुनेर महर्षि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शमीक सान्है दुःखी भए । तिनले आफ्नो छोरोको श्रापको समर्थन गरेनन् र भने—'हे अज्ञानी बालक ! तैले सान्है ठूलो पाप गरिदिइस् । यौटा साधारण अपराधको तैले राजालाई ठूलो दण्ड दिइस् ॥४१॥ ए काँचो बुद्धिको बालक ! विष्णुको समान प्रभावशाली त्यो राजालाई तैंले साधारण मनुष्य ठान्नु हुँदैनथ्यो । फेरि यौटा यस्तो राजालाई मनुष्य ठान्नु त ठूलो भूल हो, जसको प्रभावले राज्यका सारा प्रजा सुख पाइरहेका हुन् ॥४२॥ जब त्यो विष्णुभक्त राजा रहने छैन तब सेना विहीन राजा जस्तै यी प्रजा चारैतिर डाकूहरूद्वारा लुटिने छन् । मानिस यसमाई अनाथ पाएर मनपर्दो ढङ्गले सताउन लाग्नेछन् ॥ ४३ ॥ स्वामी नष्ट भएपछि प्रजामा जब चोरहरूको संख्या बढ्नेछ तब प्रजाको धन, पशु र स्त्रीहरू लुटिन थाल्नेछन् । दुःखी प्रजा आयुसमै लडेर मनछन् र यौटाले अर्कोलाई जाती र नजाती भन्नेछन्, यसको सबै पाप हामीमाथि आइलाग्ने छ ॥ ४४ ॥ राजाको अभावमा शास्त्रोक्त

नात्मजमभ्यनन्दत् ॥ अहो बतांहो महदद्य ते कृतं स्वल्पीयसि द्रोह उरुर्दमो धृतः ॥ ४१ ॥ न वै नृभिर्नरदेवं पराख्यं संमातुमर्हस्यविपक्वबुद्धे ॥ यत्तेजसा दुर्विषहेण गुप्ता विन्दन्ति भद्राण्यकुतोभयाः प्रजाः ॥ ४२ ॥ अलक्ष्यमाणे नरदेवनाम्नि रथाङ्गपाणावयमङ्ग लोकः ॥ तदा हि चौरप्रचुरो विनंक्ष्यत्यरक्ष्यमाणोऽविवरूथवत्क्षणात् ॥ ४३ ॥ तदद्य नः पापमुपैत्यनन्वयं यन्नष्टनाथस्य वसोर्विलुम्पकात् ॥ परस्परं घ्नन्ति शपन्ति वृञ्जते पशून्स्त्रियोऽर्थान्पुरुदस्यवो जनाः ॥ ४४ ॥ तदार्यधर्मश्च विलीयते नृणां वर्णाश्रमाचारयुतस्त्रयीमयः ॥ ततोऽर्थकामाभिनिवेशितात्मनां शुनां कपीनामिव वर्णसंकरः ॥४५॥ धर्मपालो नरपतिः स तु सम्राट् बृहच्छ्रवाः ॥ साक्षान्महाभागवतो राजर्षिर्हयमेधयाट् ॥ क्षुत्तृट्श्रमयुतो दीनो नैवास्मच्छापमर्हति ॥ ४६ ॥ अपापेषु स्वभृत्येषु बालेनापक्वबुद्धिना ॥ पापं कृतं तद्भगवान्सर्वात्मा क्षन्तुमर्हति ॥४७॥ तिरस्कृता विप्रलब्धाः शप्ताः क्षिप्ता हता अपि ॥

वर्णाश्रम व्यवस्था नष्ट हुनेछ र आर्यधर्म लुप्त हुनेछ । मनुष्य कुकुर र बाँदर जस्तै काम-वासनामा आसक्त हुनेछन् र सारा प्रजा वर्णसङ्कर हुनेछन् ॥४५॥ राजा परीक्षित ठूला यशस्वी र धर्मात्मा सम्राट् छन् । ती असाधारण भगवद्भक्त छन् र उनले अश्वमेध यज्ञ पनि गरेका छन् । त्यस बखत ती विचरा भोक-प्यास र थकाईले व्यग्र थिए मैले उनको *आतिथ्य सत्कार गर्न सकिन । ज्ञात भइरहेको छ कि यसै कारण तिनले यस्तो गरे । जे होस्, बाबू ! उनलाई हामीतिरबाट श्राप त कुनै प्रकारले पनि दिन उचित थिएन । त्यसपछि ती महर्षि भगवान्‌सित प्रार्थना गर्दै भन्नलागे—हामी पवित्र आत्मा भएका ऋषिहरूमध्ये यो तुच्छ-बुद्धि बालकले सान्है ठूलो पाप गरिदियो । हे भगवन् ! हजुर यसलाई क्षमा गर्नुहवस् ॥४६-४७।

* उदाहरण (अतिथि-सत्कार —यौटा गाउँमा मारुत भक्त बस्तथे । तिनका कुनै सन्तान थिएनन् । ती ईश्वरको भक्तिमै आफ्ना दिन बिताउँदथे । एक दिन सायंकालमा योटा अज्ञात अतिथिले तिनको घरमा डेरा डेरा गरे । रात्रिमा ती अतिथि सान्है बिरामी परे । मारुत दुइ रातसम्म नसुती उभिएरै ती अतिथिको चाकरी गर्दैरहे । तेस्रो रातमा अतियिको स्थिति केही सप्रेको देखेर मारुत पल्टिए, त्यसै बखत अतिथि कराए—हे ईश्वर ! यस्ता क्रूरको घरमा तिमीले मलाई किन पठायौ ? यहाँ त मेरो कुरा सुन्ने कोही छैन ।' त्यति सुनेर मारुतकी पत्नी भन्दछे—यस्ता कृतघ्नको सेवा हामीले नगर्नु पर्ने थियो । सुन, त्यो के भनिरहेको छ ? यस्ताको चाकरी गर्नाले के लाभ हुनेछ ? तिमीले गरेको उपकारमा यो अपकार भन्दैछ ।' मारुतले भने—'त्यो विचरा बीमारीको कष्टले यस्तो भनिरहेको छ । त्यसमाथि रिस गर्नु व्यर्थ छ, फेरि हामी यसलाई खुसी तुल्याउन सेवा गरिरहेका छैनौं, हामीले त ईश्वरलाई प्रसन्न पार्नु छ र ईश्वर हामीमाथि प्रसन्न छँदैछन्, नभए म पनि बिरामी पर्सक्ने थिएँ । हेर, मेरो शरीर कति राम्रो छ, यो ईश्वरीय कृपा बाहेक अरु के हो ! मारुतले यति भनेपछि तिनकी स्त्रोले बुझिन् । अब ती दुबै सतर्क भए र सेवा गर्नलागे । जब अतिथि निको भएर घर जान लागे तब आशीर्वाद दिंदै गए, त्यसैले मारुतलाइ पुत्र-रत्न प्राप्त भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनकि भगवान्‌का भक्तजन समर्थ भए पनि कसैद्वारा तिरस्कृत भएर, श्राप पाएर, उचालेर फ्याँकिदिने र प्राणै लिने स्थिति आए पनि अपराधीमा प्रहार गर्दैनन् ॥४८॥ छोरोले गरेको अपराधमा ती महर्षि सान्है दुःखी भए । यद्यपि राजाले पनि तिनको ठूलो अपमान गरेका थिए तर त्यसमा तिनले ध्यानै दिएनन् ॥४९॥ किनकि सज्जनहरू अर्काले कुनै झ्याउलोमा पारिदिए पनि त्यसले न दुःखी हुन्छन्, न रिसाउँछन् । तिनको आत्मा सुख-दुःखको झ्याउलोबाट पृथक् रहन्छ ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धेऽष्टादशोऽध्यायः ॥१८॥ (राजापरीक्षित भागवत सुन्न गङ्गातटमा जानु ।) सूतजी भन्दछन्—त्यहाँबाट गएपछि स्वयं राजा परीक्षितलाई आफूले गरेको त्यस निन्दनीय काममा पश्चात्ताप हुन लाग्यो । ती आफूलाई नै धिक्कार दिदैं मनमनै भन्नलागे—मैले ती निरपराध र गूढ तेज भएका महर्षि प्रति यौटा अनार्य र नीच व्यक्ति झैं ठूलो घृणित व्यवहार गरे ॥ १ ॥ मैले जुन यौटा देवता समान पूज्य विप्रको अवहेलना गर्ने महान् पाप गरेको छु यसको मलाई चाँडै नै कुनै दण्ड मिल्नु पर्दछ । यसबाहेक मेरो पापको निष्कृति हुने उपाय छैन । यदि दण्ड पाएँ

नास्य तत्प्रतिकुर्वन्ति तद्भक्ताः प्रभवोऽपि हि ॥४८॥ इति पुत्रकृताघेन सोऽनुतप्तो महामुनिः ॥ स्वयं विप्रकृतो राज्ञा नैवाघं तदचिन्तयत् ॥४९॥ प्रायशः साधवो लोके परैर्द्वन्द्वेषु योजिताः ॥ न व्यथन्ति न हृष्यन्ति यत आत्माऽगुणाश्रयः ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे विप्रशापोपलम्भनं नामाष्टादशोऽध्यायः ॥ १८ ॥ सूत उवाच ॥ महीपतिस्त्वथ तत्कर्म गर्ह्यं विचिन्तयन्नात्मकृतं सुदुर्मनाः ॥ अहो मया नीचमनार्यवत्कृतं निरागसि ब्रह्मणि गूढतेजसि ॥ १ ॥ ध्रुवं ततो मे कृतदेवहेलनाद्दुरत्ययं व्यसनं नातिदीर्घात् ॥ तदस्तु कामं त्वघनिष्कृताया मे यथा न कुर्यां पुनरेवमद्धा ॥ २ ॥ अद्यैव राज्यं बलमृद्धकोशं प्रकोपितब्रह्मकुलानलो मे ॥ दहत्वभद्रस्य पुनर्न मेऽभूत्पापीयसी धीर्द्विजदेवगोभ्यः ॥ ३ ॥ स चिन्तयन्नित्थमथाशृणोद्यथा मुनेः सुतोक्तो निर्ऋतिस्तक्षकाख्यः ॥ स साधु मेने न चिरेण तक्षकानलं प्रसक्तस्य विरक्तिकारणम् ॥४॥ अथो विहायेममुं च लोकं विमर्शितो हेयतया पुरस्तात् ॥ कृष्णांघ्रिसेवामधिमन्यमान उपाविशत्प्रायममर्त्यनद्याम् ॥ ५ ॥ या वै लसच्छ्रीतुलसीविमिश्रकृष्णांघ्रिरेण्वभ्यधिकाम्बुनेत्री ॥ पुनाति लोकानुभयत्र सेशान्कस्तां न सेवेत मरिष्यमाणः ॥६॥ इति व्यवच्छिद्य स पाण्डवेयः प्रायोपवेशं प्रति विष्णुपद्याम् ॥

भने फेरि मद्वारा यस्तो कुनै निकृष्ट काम हुने छैन ॥२॥ यदि आज नै त्यस ब्राह्मणको रिसबाट उठेको अग्निको ज्वालाले मेरो राज्य मेरा सैन्य र ढुकुटी आदि पोलेर खरानी पारिदिए राम्रो हुने थियो । त्यसले म फेरि कहिल्यै यसरी कुनै ब्राह्मण देवता र गाईलाई कष्ट दिने साहस गर्न नसकूँ ॥३॥ महाराज परीक्षित एकान्तमा बसेर यस्तै प्रकारका तर्क गरिरहेकै थिए—त्यसै बखत महर्षि शमीकले पठाएको यौटा शिष्य आयो र उसले राजालाई श्रापसम्बन्धी सबै कुरा सुनायो । त्यसले भन्यो—आजको सातौंदिन तक्षक नागले टोकेर हजुरको मृत्यु हुनेछ । यो संवाद सुनेर राजा परीक्षितले त्यस श्रापलाई पनि बरदान ठाने ॥४॥ अब उनले भगवान्‌का चरणको सेवा नै सबभन्दा उत्तम कार्य माने र नारायणका चरणबाट निस्केको गङ्गाको तटमा गएर बसे र यो संकल्प गरे—अब म मरणकालपर्यन्त यहीं बस्तछू ॥५॥ जो गङ्गा र तुलसी भगवान्‌को चरण-रजबाट निर्मित हुनाले सर्वोत्कृष्ट मानिएको छ र जसको पवित्र धारा सबै लोकपाल र लोकहरूलाई भित्र-बाहिर सबैतिरबाट पवित्र पार्दछ, मर्न तत्पर यस्तो कुन प्राणी होला, जो त्यसको सेवन गर्न नखोज्ला ॥६॥ यस प्रकार गङ्गाको काखमा बसेर अनशन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै संसारका सबै झ्याउलाहरूबाट पृथक् भई मन एकाग्र पारेर ती नारायणका चरण-कमलको ध्यान गर्नलागे ॥७॥ त्यसपछि अनेक प्रभावशाली मुनि शिष्यसमेत तीर्थाटनको प्रसंगबाट त्यहाँ पुगे । यस्ता महामहिमामय मुनिहरूको तीर्थयात्रा सम्बन्धी यौटा निहुँ नैही भन्न सकिन्छ किनकि यस्ता-यस्ता सज्जन तीर्थलाई पनि पवित्र पार्दछन्—स्वयं त सधैं पवित्र रहिरहन्छन् ॥८॥ ती ऋषिहरूमा अत्रि, वसिष्ठ, च्यवन, शरद्वान्, अरिष्टनेमि, भृगु, अङ्गिरा, पराशर विश्वामित्र परशुराम, उतथ्य, इन्द्रप्रमद, इध्मबाहु ॥ ९ ॥ देवल, मेधातिथि आर्ष्टिषेण, भारद्वाज, गौतम, पिप्पलाद, मैत्रेय, और्व, कवच, अगस्त्य र व्यास मुख्य थिए ॥१०॥ ती बाहेक धेरै थरि देवर्षि र अरुण आदि राजर्षि पनि त्यहाँ एकत्र भए ॥ राजाले ती सबैको पूजा गरेर शिर निहुराई प्रणाम गरे ॥ ११ ॥ जब ती सबै आनन्दपूर्वक आफ्ना-आफ्ना आसनमा बसिसकेपछि राजाले एकपल्ट फेरि सबैको सामुन्ने आफ्नो विचार प्रकट गरे ॥ १२ ॥

दध्यौ मुकुन्दाङ्घ्रिमनन्यभावो मुनिव्रतो मुक्तसमस्तसङ्गः ॥ ७ ॥ तत्रोपजग्मुर्भुवनं पुनाना महानुभावा मुनयः सशिष्याः ॥ प्रायेण तीर्थाभिगमापदेशैः स्वयं हि तीर्थानि पुनन्ति सन्तः ॥८॥ अत्रिर्वसिष्ठश्च्यवनः शरद्वानरिष्टनेमिर्भृगुरङ्गिराश्च ॥ पराशरो गाधिसूतोऽथ राम उतथ्य इन्द्रप्रमदेध्मवाहौ ॥९॥ मेधातिथिर्देवल आर्ष्टिषेणो भारद्वाजो गौतमः पिप्पलादः ॥ मैत्रेय और्वः कवषः कुम्भयोनिर्द्वैपायनो भगवान्नारदश्च ॥१०॥ अन्ये च देवर्षिब्रह्मर्षिवर्या राजर्षिवर्या अरुणादयश्च ॥ नानार्षेयप्रवरान्समेतानभ्यर्च्य राजा शिरसा ववन्दे ॥ ११ ॥ सुखोपविष्टेष्वथ तेषु भूयः कृतप्रणामः स्वचिकीर्षितं यत् ॥ विज्ञापयामास विविक्तचेता उपस्थितोऽग्रेऽभिगृहीतपाणिः ॥१२॥ राजोवाच ॥ अहो वयं धन्यतमा नृपाणां महत्तमानुग्रहणीयशीलाः ॥ राज्ञां कुलं ब्राह्मणपादशौचाद्दूराद्विसृष्टं बत गर्ह्यकर्म ॥ १३ ॥ तस्यैव मेऽघस्य परावरेशो व्यासक्तचित्तस्य गृहेष्वभीक्ष्णम् ॥ निर्वेदमूलो द्विजशापरूपो यत्र प्रसक्तो भयमाशु धत्ते ॥१४॥ तं मोपयान्तं प्रतियन्तु विप्रा गङ्गा च देवी धृतचित्तमीशे ॥ द्विजोपसृष्टः कुहकस्तक्षको वा दशत्वलं गायत विष्णुगाथाः ॥ १५ ॥ पुनश्च भूयाद्भगवत्यनन्ते रतिः प्रसङ्गश्च सदाश्रयेषु ॥ महत्सु यां यामुपयामि सृष्टिं मैत्र्यस्तु सर्वत्र नमो द्विजेभ्यः ॥ १६ ॥

राजाले भने—आज म जगतका सबै राजाहरूको अपेक्षा आफूलाई धन्य ठानिरहेको छु । त्यो यसनिम्ति कि हजुर जस्ता महात्माहरूले ममाथि अनुग्रह गरेर मलाई दर्शन दिनुभयो । वास्तवमा तपी राजा पर फ्याँकेका ब्राह्मणहरूको पाद-प्रक्षालित जलको नगीचै पनि बस्ने अधिकारी हुँदैनन्, फेरि मैले त सार्है निन्दित कर्म गरेको छु ॥१३॥ आफ्नो र-द्वार घर स्त्री-पुत्रमा मै मन लगाएको म पापीलाई पापबाट मुक्त पार्नको निम्ति साक्षात् नारायणले नै ब्राह्मणको श्राप बनेर ममाथि कृपा गर्नु भएको छ । यदि यस्तो कुरा नभए म दुनियाँको झ्याउलो कसरी त्याग्न पाउँथें र मेरो आमालाई शान्ति कसरी मिल्दथ्यो ॥१४॥ अतः आफ्नो शरणमा आएको म पापीलाई हजुरहरू तथा गङ्गाजी दयादृष्टिले हेरुन् । यस्तो स्थितिमा ब्राह्मणद्वारा प्रेरित कपटवेषधारी तक्षक आएर मलाई टोकोस् त्यसको म चिन्ता गर्दिन । अब हजुरहरू पवित्र कथा भन्नुहवस ॥ १५ ॥ मलाई यहाँहरू यही आशीर्वाद दिनोस्—जुनसुकै योनिमा जन्म लिन जाऊँ तर भगवान्का चरणमा मेरो अनुराग रहिरहोस् र असल व्यक्तिको मित्रता मिलोस् । तपाई ब्राह्मणहरूलाई म फेरि प्रणाम गर्दछु ॥ १६ ॥ यसरी निश्चय गरेर राजाले राज्यको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भार आफ्नो छोरो जनमेयलाई सुम्पिदिए र स्वयं गङ्गाको दक्षिण तटमा कुशका मूलभागलाई पूर्वतिर फर्काएर स्वयं उत्तरतिर फर्केर आसनमा बसे ॥१७॥ जब परीक्षित त्यसरी अनशन व्रतको पालन गरेर गङ्गाको तटमा आएर बसे तब आकाशमा देवताहरूले भूरि-भूरि प्रशंसा गरेर दुन्दुभी बजाउँदै तीमाथि पुष्प-वृष्टि गरे ॥१८॥ त्यहाँ जति महर्षि एकत्रित थिए, तिनीहरूले पनि साधु-साधु भनेर राजाका विचारको अनुमोदन गरेर प्राणिमात्रमा दया देखाउने ती ऋषिजन उनीसित यस प्रकार भन्नलागे—॥१९॥ हे राजर्षि श्रेष्ठ ! परम कृष्णभक्त हजुर जस्ता राजाले यस्तो गर्नु कुनै नयाँ कुरा होइन । अझै यस्तो समय भएको छैन—जब तपाईंका पूर्वज पाण्डवहरूले पनि भगवान्को प्रीतिका लागि आफ्नो राज्य सिंहासन त्यागिदिएका थिए ॥२०॥ राजासित यति भनेर ती ऋषि परस्पर कुरा गर्दै भन्नलागे—हामी सबैजना आज यहाँ यसैनिम्ति एकत्रित भएका थियौं कि यी धर्मात्मा राजा आफ्नोकलेवर त्यागेर यस्तो लोकमा जान आँटेका छन् जुन रोग र शोक रहित छ । अतः जबसम्म यी आनन्दपूर्वक परमधाममा जाँदैनन् तबसम्म हामीहरू पनि यहीं बसिरहन्छौं ॥२१॥ राजा परीक्षित

इति स्म राजाऽध्यवसाययुक्तः प्राचीनमूलेषु कुशेषु धीरः ॥ उदङ्मुखो दक्षिणकूल आस्ते समुद्रपत्न्याः स्वसुते न्यस्तभारः ॥ १७ ॥ एवं च तस्मिन्नरदेव-देवे प्रायोपविष्टे दिवि देवसङ्घाः ॥ प्रशस्य भूमौ व्यकिरन्प्रसूनैर्मुदा मुहुर्दुन्दुभयश्च नेदुः ॥ १८ ॥ महर्षयो वै समुपागता ये प्रशस्य साध्वित्यनुमो-दमानाः ॥ ऊचुः प्रजानुग्रहशीलसारा यदुत्तमश्लोकगुणाभिरूपम् ॥ १९ ॥ न वा इदं राजर्षिवर्य चित्रं भवत्सु कृष्णं समनुव्रतेषु ॥ येऽध्यासनं राज-किरीटजुष्टं सद्यो जहुर्भगवत्पार्श्वकामाः ॥ २० ॥ सर्वे वयं तावदिहास्महेऽद्य कलेवरं यावदसौ विहाय ॥ लोकं परं विरजस्कं विशोकं यास्यत्ययं भागवतप्रधानः ॥ २१ ॥ आश्रुत्य तदृषिगणवचः परीक्षित्समं मधुच्युद्गुरु चाव्यलीकम् ॥ अभाषतैतानभिनन्द्य युक्तं शुश्रूषमाणश्चरितानि विष्णोः ॥ २२ ॥ समागताः सर्वत एव सर्वे वेदा यथा मूर्तिधरास्त्रिपृष्ठे ॥ नेहाथवाऽमुत्र च कश्चनार्थ ऋते परानुग्रहमात्मशीलम् ॥ २३ ॥ ततश्च वः पृच्छ्यमिमं विपृच्छे विश्रभ्य विप्रा इतिकृत्यतायाम् ॥ सर्वात्मना म्रियमाणैश्च कृत्यं शुद्धं च तत्रामृशताभियुक्ताः ॥ २४ ॥ तत्राभवद्भगवान्व्यासपुत्रो यदृच्छया गामटमानोऽनपेक्षः ॥ अलक्ष्यलिङ्गो निजलाभतुष्टो वृतः स्त्रिबालैरवधूतवेषः ॥२५॥ तं द्व्यष्टवर्षं सुकुमारपादकरोरुबाहंसकपोलगात्रम् ॥

ऋषिहरूका यस्ता मीठा र सत्य कुरा सुनेर प्रसन्न भए र भगवान्का चरित्र सुन्ने इच्छाले तिनले ती ऋषिहरूको अभिनन्दन (रुन्हनी) गर्दै यस प्रकार भन्नलागे—॥२२॥ जसरी सत्यलोकमा चारै वेद मूर्तिमान् रहन्छन् उनैको समान हजुरहरू यहाँ एकत्रित हुनुभएको छ । परोपकार बाहेक हजुरहरूको यसलोक र परलोकमा कहीं पनि र कुनै काम पनि रहन्न ॥२३॥ अतः हजुरहरूसित म यो सोद्धछु—हे विप्र हो ! हजुरहरू एकमत भएर मलाई भन्नुहवस्—जुन प्राणी मर्नको निम्ति तयार भएर बसेको होस्, त्यसले के गर्नुपर्दछ ? यस बिषयमा जुन पवित्र कर्तव्य मानिएको छ, त्यो मलाई आज्ञा हवस् ॥२४॥ यसमा ती ऋषि यज्ञ, योग, तप र दान आदिको चर्चा गर्दै परस्पर शास्त्रार्थ गर्नलागे । शीघ्र कुनै निर्णय नै हुन सकेन । त्यसै वेला आत्मज्ञानले प्रसन्न महर्षि व्यासका छोरा श्री शुकदेव त्यहाँ आइपुगे । तिनको अवधूत जस्तै वेष थियो । (जसलाई बौलाहा वा अकर्मण्य ठानेर जन-साधारण तिरष्कारपूर्वक त्यागिदिन्छन्, उनलाई अवधूत भनिन्छ ।) अनेक बालक र स्त्रीहरू तिनको पछि-पछि दगुरिरहेका थिए । राम्ररी हेर्दा पनि यस कुराको पत्तो लाग्दैनथ्यो कि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीनको कुन वर्ण हो र कुन आश्रम हो ॥२५॥ तिनको सोन्ह वर्षको अवस्था थियो। तिनका हात, खुट्टा, घुँडा, भुजदण्ड, कपोल आदि सबै अंग राम्रा थिए र ठूला-ठूला नेत्र थिए। अग्लो नासिका थियो। तिनको राम्रो मुखमा सुन्दर आँखिभौं थिए। शङ्ख समान मनोहर तिनको घाँटी थियो ॥२६॥ तिनका दुवै जत्रुहरू (खकाले हाड) पुरिएका थिए। चाक्लो र अग्लो छाती थियो। बाटुलिएको नाभि थियो। मासु झुण्डिएको सुन्दर पेट थियो। ती कुनै पनि लुगा लगाउँदैनथे। फुकेका कपाल मुखभरि छरिएका थिए। तिनका लामा-लामा बाहु थिए ।२७॥ शरीर श्याम वर्णको भए तापनि आफ्ना अवयवहरूको शोभा र मन्द-हास्यले ती सबैलाई विशेष गरेर स्त्रीजातिलाई धेरै राम्रा लागिरहेथे। तिननलाई देख्नासाथ उनको महिमा जान्ने महर्षि तुरुन्त आफाफ्ना आसनबाट जुरुक्क उठे ॥२८॥ विष्णुभक्त राजा परीक्षितले उनलाई जसै देखे, तत्काल शिर निहुराए मानस-पूजा गरेर आफूलाई नै उनीप्रति अर्पण गरिदिए। अब तिनका पछि-पछि दगुन स्त्री-बालक र अज्ञ प्राणी फर्किए र शुकमुनि राम्ररी पूजित भएर यौटा उच्चासनमा विराजमान भए ॥२९॥ शुकमुनि

चार्वायताक्षोन्नसतुल्यकर्णसुभ्र्वाननं कम्बुसुजातकण्ठम् ॥२६॥ निगूढजत्रुं पृथुतुङ्गवक्षसमावर्तनाभिं वलिवल्गूदरं च ॥ दिगम्बरं वक्त्रविकीर्णकेशं प्रलम्बबाहुंस्वमरोत्तमाभम् ॥२७॥ श्यामं सदाऽपीच्यवयोऽङ्गलक्ष्म्या स्त्रीणां मनोज्ञं रुचिरस्मितेन ॥ प्रत्युत्थितास्ते मुनयः स्वासनेभ्यस्तल्लक्षणज्ञा अपि गूढवर्चसम् ॥२८॥ स विष्णुरातोऽतिथय आगताय तस्मै सपर्यां शिरसाऽऽजहार ॥ ततो निवृत्ता ह्यबुधाः स्त्रियोऽर्भका महासने सोपविवेश पूजितः ॥२९॥ स संवृतस्तत्र महान्महीयसां ब्रह्मर्षिराजर्षिदेवर्षिसंघैः ॥ व्यरोचतालं भगवान्यथेन्दुर्ग्रहर्क्षतारानिकरैः परीतः ॥३०॥ प्रशान्तमासीनमकुण्ठमेधसं मुनिं नृपो भागवतोऽभ्युपेत्य ॥ प्रणम्य मूर्ध्नाऽवहितः कृताञ्जलिर्नत्वा गिरा सूनृतयाऽन्वपृच्छत् ॥३१॥ अहो अद्य वयं ब्रह्मन्सत्सेव्याः क्षत्रबन्धवः ॥ कृपयाऽतिथिरूपेण भवद्भिस्तीर्थकाः कृताः ॥३२॥ येषां संस्मरणात्पुंसां सद्यः शुद्ध्यन्ति वै गृहाः ॥ किं पुनर्दर्शनस्पर्शपादशौचासनादिभिः ॥३३॥ सान्निध्यात्ते महायोगिन्पातकानि महान्त्यपि ॥ सद्यो नश्यन्ति वै पुंसां विष्णोरिव सुरेतराः ॥३४॥ अपि मे भगवान्प्रीतः कृष्णः पाण्डुसुतप्रियः ॥ पैतृष्वस्रेयप्रीत्यर्थं तद्गोत्रस्यात्तबान्धवः ॥ ३५ ॥ अन्यथा तेऽव्यक्तगतेर्दर्शनं नः कथं नृणाम् ॥ नितरां म्रियमाणानां संसिद्धस्य वनीयसः ॥ ३६ ॥

जब देवर्षि, ब्रह्मर्षि र राजर्षि समुदायको माझमा बसे तब मंगल, शुक्र आदि ग्रहहरूको बीच चन्द्रमा विराजमान भएका हुन् भन्ने झैं ज्ञात भयो ॥३०॥ शुकमुनि जब राम्ररी बसे, तब भगवद्भक्त राजा परीक्षितले फेरि एकपल्ट मस्तक निहुराएर उनलाई प्रणाम गरे र हात जोरेर कोमल एवं मीठो वाणीमा भने–॥ ३१ ॥ हे विप्र ! तपाईं अति थिरूपमा यहाँ सवारी भएर मप्रति जुन कृपा गर्नुभयो, यसले हामी अधम क्षत्रिय पनि आफूलाई धन्य सम्झछौं ॥३२॥ जसको केवल स्मरणले नै घर पवित्र हुन्छन्, ती महात्मा यदि स्वयं आएर दर्शन, चरणस्पर्श, पादप्रक्षालन र आसन प्रदान गर्ने अवसर दिन्छन् भने त सुनमा सुगन्ध भयो ॥३३॥ हजुरकहाँ पुगेपछि ठूला-ठूला पाप पनि तत्काल नष्ट हुन्छन्। जस्तै विष्णुको सामुन्ने पुग्नासाथ दैत्यगण लुप्त भएर जान्छन् ॥३४॥ पाण्डवहरूका प्रिय श्रीकृष्ण आज उनै पाण्डवका वंशज परीक्षित प्रति प्रसन्न भए ॥३५॥ यदि ती प्रसन्न नभएका भए स्वयं पूर्णकाम भएर पनि माग्नेहरूको अभिलाषा पूर्ण पारिदिने हजुर जस्ता अव्यक्त गति पुरुषको दर्शन हामी जस्ता मर्न तयार व्यक्तिलाई कसरी प्राप्त हुन सक्थ्यो ? ॥ ३६ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतएव योगीहरूका परमगुरु हजुरसित म यो खोध्न खोज्दैछु कि मर्नको निम्ति उद्यत मनुष्यको कर्तव्य के हो ? ॥३७॥ त्यसले सुन्नु, जान्नु, जप्नु कुनै काम गर्नु, कसैको स्मरण वा भजन गर्न आदि कर्तव्य होस् र जे गर्नु उचित छ, त्यो हजुर आज्ञा हवस् ॥३८॥ पछि हजुरको दर्शन दुर्लभ हुनेछ किनकि हजुर गृहस्थका घरमा गाई दुहुने समय जति पनि

अतः पृच्छामि संसिद्धिं योगिनां परमं गुरुम् ॥ पुरुषस्येह यत्कार्यं म्रियमाणस्य सर्वथा ॥ ३७ ॥ यच्छ्रोतव्यमथो जप्यं यत्कर्तव्यं नृभिः प्रभो ॥ स्मर्तव्यं भजनीयं वा ब्रूहि यद्वा विपर्ययम् ॥ ३८ ॥ नूनं भगवतो ब्रह्मन्गृहेषु गृहमेधिनाम् ॥ न लक्ष्यते ह्यवस्थानमपि गोदोहनं क्वचित् ॥ ३९ ॥ सूत उवाच ॥ एवमाभाषितः पृष्टः स राज्ञः श्लक्ष्णया गिरा ॥ प्रत्यभाषत धर्मज्ञो भगवान् बादरायणिः ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टादशसाहस्र्यां पारमहंस्यां संहितायां प्रथमस्कन्धे शुकागमनं नाम एकोनविंशोऽध्यायः ॥ १९ ॥

अडिनु हुन्न ॥३९॥ सूतजी भन्दछन्–यसरी निकै कोमल वाणी द्वारा सोधेपछि धर्मज्ञ श्रीशुकमुनि राजा परीक्षितसित भन्नलागे ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे प्रथमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां एकोनविंशोऽध्यायः ॥१९॥ श्री नारायणार्पणमस्तु !

॥ समाप्तोऽयं प्रथमः स्कन्धः ॥

—:०:—

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते प्रथमः स्कन्धः समाप्तः।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते द्वितीयः स्कन्धः प्रारभ्यते।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ नमो भगवते वासुदेवाय । (यस अध्यायमा भगवान्‌को ध्यान विधि र विराट स्वरूप) शुकमुनि राजा परीक्षितसित भन्दछन्–हे राजन् ! तिम्रो प्रश्न साह्रै राम्रो छ । यसले संसारका प्राणिहरूको कल्याण हुनेछ । ठूला-ठूला तत्वज्ञानी पनि यस्ता शङ्का-समाधानलाई उत्तम ठान्दछन् ॥१॥ हे राजेन्द्र ! हुन त मनुष्यले अनेक थरिका कुरा सुन्न र बुझ्न मन गर्दछन् तर जो गृहस्थ मनुष्य* देह पाएर पनि आत्मतत्व जान्दैनन्, तिनको जीवन व्यर्थ हुन्छ ॥२॥ यी राति सुतेर वा स्त्री-प्रसंगमै बिताउँछन् र दिन चाहिं धन एकत्र पार्न वा सन्तानको भरण-पोषणमा गुमाइदिन्छन् ॥३॥ आफ्नो शरीर, आफ्ना छोरा र आफ्नी स्त्री यी आत्मीयका सेनालाई मर्न लागेका देखेर पनि ती उनैमा तल्लीन रहन्छन्—ती सबै देखेर पनि देख्दैनन् अर्थात् तिनको नाश देखेर त्यसैबाट लाभ लिई आफ्नो जीवन सफल कुन उपाय विचार गर्दैनन् ॥४॥ यसै निम्ति हे भारत ! जो व्यक्ति अभय हुने

ॐ नमो भगवते वासुदेवाय ॥ श्रीशुक उवाच ॥ वरीयानेष ते प्रश्नः कृतो लोकहितो नृप ॥ आत्मवित्सम्मतः पुंसां श्रोतव्यादिषु यः परः ॥१॥ श्रोतव्यादीनि राजेन्द्र नृणां सन्ति सहस्रशः ॥ अपश्यतामात्मतत्त्वं गृहेषु गृहमेधिनाम् ॥ २ ॥ निद्रया ह्रियते नक्तं व्यवायेन च वा वयः ॥ दिवा चार्थेहया राजन्कुटुम्बभरणेन वा ॥ ३ ॥ देहापत्यकलत्रादिष्वात्मसैन्येष्वसत्स्वपि ॥ तेषां प्रमत्तो निधनं पश्यन्नपि न पश्यति ॥ ४ ॥ तस्माद्भारत सर्वात्मा भगवान् हरिरीश्वरः ॥ श्रोतव्यः कीर्तितव्यश्च स्मर्तव्यश्चेच्छताऽभयम् ॥५॥ एतावान् सांख्ययोगाभ्यां स्वधर्मपरिनिष्ठया ॥ जन्मलाभः परः पुंसामन्ते नारायणस्मृतिः ॥ ६ ॥ प्रायेण मुनयो राजन्निवृत्ता विधिषेधतः ॥ नैर्गुण्यस्था रमन्ते स्म गुणानुकथने हरेः ॥ ७ ॥ इदं भागवतं नाम

इच्छा राख्दछन् तिनको मुख्य कर्तव्य हो–सबैका आत्मामा विराजमान भगवान्‌का गुण सुनुन्, उनका पवित्र चरित्रहरूको गान गरून् र उनैको ध्यानमा लागिरहुन् ॥५॥ सांख्य र योग यी दुवै शास्त्रको यही निर्णय छ कि मनुष्य जन्मको सफलता यसैमा छ–ती श्रद्धापूर्वक आफ्नो धर्मको रक्षा पालन गरून्, जसले अन्त्य समयमा नारायणको स्मरण हुन सकोस् ॥६॥ धेरै व्रतनिष्ठ मुनि पानि विधि र निषेधको झ्याउलोबाट अलग्ग भएर भगवान्‌को गुण-गानमा नै आनन्द पाउँछन् ॥७॥ यो भागवतपुराण वेद-प्रतिपादित छ । द्वापरयुग लाग्नासाथ मैले

---

* उदाहरण— यौटा दाउरा बेच्नेले जंगलको ठेका लिएको थियो । त्यो प्रतिवर्ष जंगल काटेर गोल अंगार बनाएर बिक्री गर्दथ्यो । अर्को वर्ष बुनै अर्कै जंगलको ठेका लिन्थ्यो । यसरी त्यो आफ्नो गुजारा गर्दथ्यो । एक-पल्ट वैशाख मैन्हाको तीखो घाममा त्यही अङ्गार बनाउने भट्ठीको नगीचैबाट यौटा राजा साहेब गए तिनलाई निकै तिर्खा लागेको थियो । तिनले लकड्हारा पाउरेसित पानी मागे । त्यसले प्रेमपूर्वक चीसो पानी दियो । राजा प्रसन्न भयो र दाउरेको नाम-ग्राम सोधेर आफ्नो देश फर्क्यो । घर गएर राजाले मन्त्रीलाई डाकेर आज्ञा दियो—'अमुक स्थानमा यौटा दाउरे जंगलको ठेका लिएर गोल तयार पार्दछ । त्यो साह्रै दुःखी छ । अतः आफ्नो चन्दनको बगैचा त्यसलाई इनाममा दिइयोस्— त्यसले कोइला बनाउने कामबाट त्यसले मुक्ति पाओस् ।' मन्त्रीले आज्ञा पालन गर्‍यो । त्यसले दाउरे निकै प्रसन्न भयो तर त्यसलाई यो काठ यसै बेचे बर्ता धन पाइन्छ भन्ने कुरा थाहा थिएन । अतः त्यसले पहिले झैं चन्दन काटेर त्यसको पनि गोल बनायो । झण्डै सबै चन्दन पोलिसकेपछि एक दिन राजा डुल्दै त्यहाँ आए । त्यो चरित्र देखेर निकै रिस उठ्यो र भने— ए मूर्ख ! तैंले यो के गरिस ? यो बगैचा मैले तँलाई किन दिएको थिएँ ? चन्दनको एक-एक वृक्ष हजार-हजार रुपियाका थिए । तिनलाई पोलेर तैंले गोल पारिस् ! जा, तँ जंगलको ठेका लिने योग्य नै छस् ।' यति भनेर बगैचा त्योसित खोसि लिए । त्यसै गरी जीवरूपी दाउरेलाई ईश्वररूपी राजाले यद्यपि मनुष्य-देहरूपी चन्दनको बगैचा दिएका थिए, तर त्यो मूर्ख दाउरे जरतै विषयरूपी आगोमा पोली-पोली गोल तुल्याइरहेको छ । यो भन्दा बर्ता दुःखको कुरा अरु के हुन सक्दछ ?

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो आफ्ना पिता श्रीव्यासदेवसित पढें ॥८॥ यद्यपि पहिले निर्गुण ब्रह्मतिर नै म ढल्किएको थिएँ, तर उत्तम गुणहरूले परिपूर्ण भगवान् कृष्णचन्द्रका लीलाहरू सुनेर मेरो मन यतातिर तानियो। मैले आफ्ना पिताको मुखबाट जुन आख्यान सुनेथें ॥९॥ त्यो आज महजुरलाई सुनाउँछु किनकि हजुर पुरुषार्थी हुनुहुन्छ। त्यस आख्यानमा श्रद्धाले जो व्यक्ति ध्यानसहित त्यो सुन्दछन् तिनको हृदयमा भगवान्तिर लैजाने उत्तम बुद्धि जागृत हुन्छ ॥१०॥ संसारको दुःखबाट दुःखी जो छन् र सबै प्रकार निर्भय हुने इच्छा राख्दछन्, तिनको निम्ति यो उत्तम बाटो छ। हे राजन्! विरक्त मुमुक्षु र ज्ञानी जनहरूलाई भगवान्का नाम संकीर्तन गर्नु परम कल्याणदायक उपाय बताइएको छ ॥११॥ 'मेरो आयु व्यर्थ बितिरहेको छ' यस्तो यस्तो विचार गरेर जो एक दिन पनि आत्म-कल्याणको कुनै उपाय गर्दछ भने त्यसको जीवन सफल मानिन्छ ॥१२॥ पूर्वकालमा यौटा राजा* भए। तिनको आयु बितिसकेको

पुराणं ब्रह्मसम्मितम् ॥ अधीतवान्द्वापरादौ पितुर्द्वैपायनादहम् ॥ ८ ॥ परिनिष्ठितोऽपि नैर्गुण्य उत्तमश्लोकलीलया ॥ गृहीतचेता राजर्षे आख्यानं यदधीतवान् ॥ ९ ॥ तदहं तेऽभिधास्यामि महापौरुषिको भवान् ॥ यस्य श्रद्दधतामाशु स्यान्मुकुन्दे मतिः सती ॥ १० ॥ एतन्निर्विद्यमानानामिच्छतामकुतोभयम् ॥ योगिनां नृप निर्णीतं हरेर्नामानुकीर्तनम् ॥ ११ ॥ किं प्रमत्तस्य बहुभिः परोक्षैर्हायनैरिह ॥ वरं मुहूर्तं विदितं घटेत श्रेयसे यतः ॥ १२ ॥ खट्वाङ्गो नाम राजर्षिर्ज्ञात्वेयत्तामिहायुषः ॥ मुहूर्तात्सर्वमुत्सृज्य गतवानभयं हरिम् ॥ १३ ॥ तवाप्येतर्हि कौरव्य सप्ताहं जीवितावधिः ॥ उपकल्पय तत्सर्वं तावद्यत्साम्परायिकम् ॥ १४ ॥ अन्तकाले तु पुरुष आगते गतसाध्वसः ॥ छिन्द्यादसङ्गशस्त्रेण स्पृहां देहेऽनु ये च तम् ॥ १५ ॥ गृहात्प्रव्रजितो धीरः पुण्यतीर्थजलाप्लुतः ॥ शुचौ विविक्त आसीनो विधिवत्कल्पितासने ॥ १६ ॥ अभ्यसेन्मनसा शुद्धं त्रिवृद्ब्रह्माक्षरं परम् ॥ मनो यच्छेज्जितश्वासो ब्रह्मबीजमविस्मरन् ॥ १७ ॥ नियच्छेद्विषयेभ्योऽक्षान्मनसा बुद्धिसारथिः ॥ मनः कर्मभिराक्षिप्तं

थियो। केवल एक मुहूर्त शेष थियो, अनि त्यतिनै समयमा सबै कुरा त्यागेर अभयदाता भगवाको नगीचै पुगेका थिए ॥१३॥ हे राजन्! हजुरका जीवनको त अझ सात दिन शेष छन्। यसनिम्ति अहिल्यैदेखि आफ्नो निस्तारको उपाय गर्नुहवस् ॥१४॥ प्रत्येक बुद्धिमान पुरुषको यो कर्तव्य छ कि जब अन्त्यकाल उपस्थित हुन्छ तब त्यो निर्भय भएर त्यागरूपी शस्त्रले स्त्री पुरुष-धन आदि सबै माया-मोह काटेर फालुन् ॥१५॥ घरबाट बाहिर वर-१र कुनै पवित्र तीर्थमा स्नान गरेर जहाँ हूल-हाल नहोस्, त्यस्तो कुनै एकान्त र पवित्र स्थानमा विधिवत् आसन बिछाएर बसोस् ॥१६॥ त्यहाँ शुद्ध मनले परब्रह्म प्रणव 'ॐकार' को ध्यान गरेर प्राणायामद्वारा मनलाई वशमा पारोस् ॥१७॥ त्यो बुद्धिलाई सारथी तुल्याई मनद्वारा

---

* उदाहरण—राजा खट्वाङ्ग ठूला प्रतापी थिए। सबैमाथि तिनको प्रभाव थियो। कतिसम्म भने देवताहरू पनि तिनको सम्मान गर्दथे र कहिले काहीं राजासित सहायता लिन्थे। एक पल्ट देवता र दैत्यहरूको भयंकर संग्राम मच्चियो तब महाराज खट्वाङ्ग गएर दुष्ट राक्षसहरूसित युद्ध गरे र अन्त्यमा तिनलाई पराजित पारी देवताहरूलाई विजय दिलाए। त्यसले देवताहरू प्रसन्न भएर राजासित भने—'यस विजयको उपलक्ष्यमा तपाईं हामीसित कुनै वर माग्नोस्।' राजाले भने— पहिले तपाईंहरू मलाई यो भन्नोस् कि मेरो आयु कति शेष छ?' देवताहरूले अलि गाह्रो मानेर भने—'आयु त अब तपाईंको केवल दुइ घडी शेष छ।' त्यति सुन्नासाथ राजा खट्वाङ्ग रथमा बसेर तत्काल राज्यमा आएर र सारा राज्य, धन दान दिएर आफूलाई उनले भगवान्को चरणमा अर्पित गरिदिए र मुक्त भएर गए।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना इन्द्रियहरूलाई, विषयतर्फबाट फर्काएर अन्त्यमा मनलाई बुद्धिद्वारा काबूमा पारेर भगवान्मा लगाओस् ॥१८॥ र मनशान्त पारेर नारायणका एकेक अंगहरूको ध्यान गरोस्। यसरी सबै विषयबाट पराङ्मुख मनलाई भगवान्मा लगाएर अरु केही पनि नसोचोस्। जहाँ पुगेर मनलाई परम आनन्दको प्राप्ति हुन्छ, त्यसैलाई नारायणको धाम ठान्नुपर्दछ ॥ १९ ॥ मनुष्यले धैर्य धारण गरेर रजोगुण र तमोगुणका चक्रमा परेको मनलाई यस्तो प्रतीत धारणा द्वारा आफ्नो वशमा ल्याओस्—जसले त्यसका विकारहरूलाई नष्ट पार्न सकोस् ॥ २० ॥ किन भने यस्तो धारणा गर्दा-गर्दा आत्म-कल्याणको इच्छा गर्ने प्राणीलाई भगवान्को भक्तियोग स्वतः प्राप्त हुन्छ ॥२१॥ राजाले भने—हे ब्रह्मन्! अब तपाईं मलाई यो भन्नुहवस कि भगवान्को त्यो धारणा कसरी गरिन्छ र कसरी त्हो मनको मल पखाल्न सक्तछ ॥२२॥ श्रीशुकदेवजी भन्नुहुन्छ—साधक पहिले आसन जितोस् अर्थात् एक स्थानमा धेरै बेरसम्म बस्न सक्ने अभ्यास गरेर यस्तो होओस् कि जतिबेरसम्म बस्नुपरे पनि, मनमा थाक नलागोस्। त्यसपछि श्वास जितोस्, अनि रङ्ग (स्त्री-पुत्र-धनादिको आसक्ति) जितोस्। त्यसपछि.

शुभार्थे धारयेद्धिया ॥ १८ ॥ तत्रैकावयवं ध्यायेदव्युच्छिन्नेन चेतसा ॥ मनो निर्विषयं युङ्क्त्वा ततः किञ्चन न स्मरेत् ॥ पदं तत्परमं विष्णोर्मनो यत्र प्रसीदति ॥ १९ ॥ रजस्तमोभ्यामाक्षिप्तं विमूढं मन आत्मनः ॥ यच्छेद्धारणया धीरो हन्ति या तत्कृतं मलम् ॥ २० ॥ यतः संधार्यमाणायां योगिनो भक्तिलक्षणः ॥ आशु सम्पद्यते योग आश्रयं भद्रमीक्षतः ॥ २१ ॥ राजोवाच ॥ यथा सधार्यते ब्रह्मन्धारणा तत्र सम्मता ॥ यादृशी वा हरेदाशु पुरुषस्य मनोमलम् ॥ २२ ॥ श्रीशुक उवाच ॥ जितासनो जितश्वासो जितसङ्गो जितेन्द्रियः ॥ स्थूले भगवतो रूपे मनः संधारयेद्धिया ॥ २३ ॥ विशेषस्तस्य देहोऽयं स्थविष्ठश्च स्थवीयसाम् ॥ यत्रेदं दृश्यते विश्वं भूतं भव्यं भवच्च सत् ॥ २४ ॥ आण्डकोशे शरीरेऽस्मिन्सप्तावरण-संयुते ॥ वैराजः पुरुषो योऽसौ भगवान् धारणाश्रयः ॥ २५ ॥ पातालमेतस्य हि पादमूलं पठन्ति पार्ष्णिप्रपदे रसातलम् ॥ महातलं विश्वसृजोऽथ गुल्फौ तलातलं वै पुरुषस्य जंघे ॥ २६ ॥ द्वे जानुनी सुतलं विश्वमूर्तेरूरुद्वयं वितलं चातलं च ॥ महीतलं तज्जघनं महीपते नभस्तलं नाभिसरो गृणन्ति ॥ २७ ॥ उरःस्थलं ज्योतिरनीकमस्य ग्रीवा महर्वदनं वै जनोऽस्य ॥ तपो रराटीं विदुरादिपुंसः सत्यं तु शीर्षाणि सहस्रशीर्ष्णः ॥ २८ ॥ इन्द्रादयो बाहव आहुरुस्राः कर्णौ दिशः श्रोत्रममुष्य शब्दः ॥ नासत्यदस्रौ परमस्य नासे घ्राणोऽस्य गन्धो मुखमग्निरिद्धः ॥ २९ ॥ द्यौरक्षिणी

इन्द्रियहरू वशमा पारोस्। तदनन्तर आफ्नो बुद्धिद्वारा मनलाई विराट्स्वरूप नारायणमा लगाओस् ॥२३॥ ती भगवान्को विराट्स्वरूप स्थूलशरीर हो, जसमा भूत, भविष्य, वर्तमान र समस्त विश्व देखिन्छ ॥२४॥ नारायणको यस पृथ्वी, जल, तेज आदि सात आवरणहरू भएको शरीर भित्र जुन विराट् भगवान् छन्, ती नै धारणाका विषय हुन् ॥२५॥ पाताल लोक उनको। पैताला हो। पाउको अघिल्लो र पछिल्लो भाग रसातल हो। दुवै गुल्फ भाग महातल लोक र ती नारायणका दुवै तिघ्रा तलातल लोक हुन् ॥२६॥ तिनका दुबै घुँडा सुतललोक हुन्। तिनका घुँडा मनिको भाग वितललोक, तिनको माथिल्लो भाग अतललोक, जघन भाग महातल र तिनको नाभि रसातललोक हो ॥२७॥ तिनको उरुस्थल स्वर्ग, ग्रीवा महर्लोक, मुख जनलोक, ललाट तपोलोक र शिर सत्यलोक हो ॥२८॥ इन्द्र आदि देवता तिनका बाहु, दिशाहरू कान, शब्द श्रोत्र, दुवै अश्विनीकुमार नासिका, गन्ध नाक र अग्नि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख हो ।।२९।। आकाश उनका नेत्रका परेला, सूर्य नेत्र, रात-दिन निमिष, ब्रह्मपद आँखीभौं, कटाक्ष जल, तालु तथा रस तिनको जिब्रो हो ।।३०।। वेद उनको सिर, यम दाहा, स्त्री-पुत्र आदिको माया-मोह, दाँत, हास्य माया र अनन्त सृष्टि नै तिनको परेला उठ्नू र तल झर्नुहो।।३१।।माथिल्लोओंठ तिनको लज्जा, तल्लो ओंठ लोभ, धर्म स्तन, अधर्म पिठिउँ, शिश्न (गुप्तेन्द्रिय), प्रजापति, मित्रावरुण वृषण, समुद्र पेट, पर्वत तिनका हाडहरू हुन् ।।३२।। नदीहरू ती विराट् भगवान्का नाडी हुन् । वृक्ष-समूह तिनका रौंहरू, वायु श्वास, समय गति र संसार नै उनको कर्म हो ।।३३।। हे कुरुवर्य ! ती विराट् भगवान्का व पाल मेघहरूको समूह, दुवै सन्ध्याहरू वस्त्र, अव्यक्त ब्रह्म तिनको हृदय र चन्द्रमा मन हुन् ।।३४।। महत्तत्व तिनको चित्त, रुद्र अहङ्कार, हात्ती-घोडा तथा ऊँटआदि नङ रङ्गमस्त वन जन्तु उनका श्रोणिदेशहुन् ।।३५।। सबै पक्षीहरू उनको व्लाकानमूना हुन् स्वयंमनु उनको बुद्धि, मनुष्य निवास-भूमि,

चक्षुरभूत्पतङ्गः पक्ष्माणि विष्णोरहनी उभे च ।। तद्भ्रूविजृम्भः परमेष्ठिधिष्ण्यमापोऽस्य तालू रस एव जिह्वा ।। ३० ।। छन्दांस्यनन्तस्य शिरो गृणन्ति दंष्ट्रा यमः स्नेहकला द्विजानि ।। हासो धनोन्मादकरी च माया दुरन्तसर्गो यदपाङ्गमोक्षः ।। ३१ ।। व्रीडोत्तरोष्ठोऽधर एव लोभो धर्मः स्तनोऽधर्मपथोऽस्य पृष्ठः ।। कस्तस्य मेढ्रं वृषणौ च मित्रौ कुक्षिः समुद्रा गिरयोऽस्थिसङ्घाः ।। ३२ ।। नद्योऽस्य नाड्योऽथ तनूरुहाणि महीरुहा विश्वतनोर्नृपेन्द्र ।। अनन्तवीर्य श्वसितं मातरिश्वा गतिर्वयः कर्म गुणप्रवाहः ।। ३३ ।। ईशस्य केशान्विदुरम्बुवाहान्वासस्तु सन्ध्या कुरुवर्य भूम्नः ।। अव्यक्तमाहुर्हृदयं मनश्च स चन्द्रमाः सर्वविकारकोशः ।। ३४ ।। विज्ञानशक्तिं महिमामनन्ति सर्वात्मनोऽन्तःकरणं गिरित्रम् ।। अश्वाश्वतर्युष्ट्रगजा नखानि सर्वे मृगाः पशवः श्रोणिदेशे ।। ३५ ।। वयांसि तद्व्याकरणं विचित्रं मनुर्मनीषा मनुजो निवासः ।। गन्धर्वविद्याधरचारणाप्सरःस्वरस्मृतीरसुरानीकवीर्यः ।। ३६ ।। ब्रह्माऽऽननं क्षत्रभुजो महात्मा विडूरुरङ्घ्रिश्रितकृष्णवर्णः ।। नानाभिधाभीज्यगणोपपन्नो द्रव्यात्मकः कर्मवितानयोगः ।। ३७ ।। इयानसावीश्वरविग्रहस्य यः सन्निवेशः कथितो मया ते ।। संधार्यतेऽस्मिन्वपुषि स्थविष्ठे मनः स्वबुद्ध्या न यतोऽस्ति किञ्चित् ।। ३८ ।। स सर्वधीवृत्त्यनुभूतसर्व आत्मा यथा स्वप्नजनेक्षितैकः ।। तं सत्यमानन्दनिधिं भजेत नान्यत्र सज्जेद्यत आत्मपातः ।। ३९ ।। इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे महापुरुषसंस्थानुवर्णने प्रथमोऽध्यायः ।। १ ।। श्रीशुक उवाच ।। एवं पुरा धारणयाऽऽत्मयोनिर्नष्टां

गन्धर्वतिनका छवै स्वर स्मृतिहरू तथा दैत्यका सेना नै तिनको बल हो ।।३६।। ब्राह्मण मुख, क्षत्रिय भुजा, वैश्य तिघ्रा, शूद्र दुवैखुट्टा र नानाप्रकारका द्रव्यात्मक यज्ञ तिनका कर्म हुन् ।।३७।। यस प्रकार मैले तिमीलाई त्यस दिव्य विराट् पुरुषको शरीर र उसका अवयवहरूको भेद सुनाएँ । जुन प्राणी आफ्नो बुद्धिको बलद्वारा मनलाई नित्य नारायणमा लगाइराख्दछ भने अरु त्यसले गन काम केही शेष रहन्न ।।३८।। मनुष्यको कर्तव्य हो—सत्य र आनन्दका निधानको भजन गरोस् र अरु कतै पनि न अल्मलियोस्, किनकि ती बाहेक अरु कुनै वस्तु वा अन्य देवतामा मन लगाउनाले झ्याउलाहरू वढ्दै जानेछन् र अन्त्यमा आत्माको पतन पनि हुन सक्तछ ।।३९।। इति श्रीमद्भागवते महापुराणे द्वितीयास्कन्धे, पं० गौरीशङ्कर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां प्रथमोऽध्यायः ।।१।। (सद्यः मुक्ति र क्रममुक्ति) श्रीशुकदेव राजा परीक्षितपति भन्नलागे—हे राजन् ! जुन धारणा मैले हजुरलाई सुनाएँ, त्यसै अनुसार ब्रह्माजीले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रलयकालमा आफ्नो स्मरण-शक्तिलाई फेरि प्राप्त गरेर पहिले जस्तै यस संसारको सृष्टि गरेका थिए ॥१॥ हे राजन्! संसारका साधकगण आफ्नो बुद्धिलाई ती परब्रह्ममा नलगाएर नाममात्रको निम्ति धारणा गर्दछन् र वेदमार्ग प्रतिपादित यज्ञ यागादिमा अल्झेर स्वर्गादिलोकहरूको इच्छा गर्न लाग्दछन्। यद्यपि ती त्यसले स्वर्गादिलोक प्राप्त गर्दछन् तर तिनलाई यो अखण्ड मोक्ष-सुख प्राप्त हुँदैन ॥२॥ अतः बुद्धिमान मनुष्यको कर्तव्य हो—ऊ नामरूपात्मक पदार्थहरूमा त्यति नँ लोभ राखोस् जतिले त्यसको (शारीरिक) काम चलिरहोस्, बर्ता *संसारी मोहमा आसक्ति नराखोस्। यही व्यवसायात्मिका बुद्धि कहिन्छ। यदि कुनै प्रकार काम चल्नसक्दछ भने संसारको मायाका निम्ति परिश्रम गर्दा छँदा। व्यर्थ प्रयत्न नगरोस् ॥३॥ पृथ्वी जस्तै शय्या छँदाछँदै अन्य शय्या प्राप्तिको प्रपंच किन गर्न? जब दुइ हातले नै तकियाको काम लिन सकिन्छ भने, अर्को तकियाको के खाँचो? हातको अंजलि विद्यमान छ भने अन्य पात्रको के प्रयोजन? दसै दिशाहरू वस्त्रको काम दिन सक्तछन् भने लुगाहरूको प्रबन्ध केको निम्ति गर्न? ॥४॥ बाटोमा पुरना-फाटा

स्मृतिं प्रत्यवरुध्य तुष्टात् ॥ तथा ससर्जेदममोघदृष्टिर्यथाऽप्ययात्प्राग्व्यवसायबुद्धिः ॥ १ ॥ शब्दस्य हि ब्रह्मण एष पन्था यन्नामभिर्ध्यायति धीर· पार्थैः ॥ परिभ्रमंस्तत्र न विदन्तेऽर्थान्मायामये वासनया शयानः ॥ २ ॥ अतः कविर्नामसु यावदर्थः स्यादप्रमत्तो व्यवसायबुद्धिः ॥ सिद्धोऽन्य· थार्थे न यतेत तत्र परिश्रमं तत्र समीक्षमाणः ॥ ३ ॥ सत्यां क्षितौ किं कशिपोः प्रयासैर्बाहौ स्वसिद्धे ह्युपबर्हणैः किम् ॥ सत्यञ्जलौ किं पुरुधान्नपात्र्या दिग्वल्कलादौ सति किं दुकूलैः ॥ ४ ॥ चीराणि किं पथि न सन्ति दिशन्ति भिक्षां नैवाङ्घ्रिपाः परभृतः सरितोऽप्यशुष्यन् ॥ रुद्धा गुहाः किमजितोऽवति नोपसन्नान्कस्माद्भजन्ति कवयो धनदुर्मदान्धान् ॥ ५ ॥ एवं स्वचित्ते स्वत एव सिद्ध आत्मा प्रियोऽर्थो भगवान· नन्तः ॥ तं निर्वृतोऽनियतार्थो भजेत संसारहेतूपरमश्च यत्र ॥ ६ ॥ कस्तां त्वनादृत्य परानुचिन्तामृते पशूनसतो नाम युंज्यात् ॥ पश्यञ्जनं

फालेका लुगा रहन्नन्? के माग्नेलाई भिक्षा दिने वृक्षादि छैनन्? के जलका नदीहरू सुकिसके? संसारका सबै गुफाहरू छेकिइसके? के भगवान अब आफ्ना शरणागतहरूको रक्षा गर्दैनन्? यसको उत्तर पाइन्छ—यी सबै कुरा हुन्छन्। यदि यी सबै कुरा हुन्छन् भने ठूला-ठूला विद्वानहरू धनको मदमा मतवाला मूर्खहरू झैं अर्काको चाकरी किन गर्दछन्? ॥५॥ यसरी आफ्नो मनलाई बुझाएर त्यसलाई भनिदेओस्—त्यो आफ्नो सबै भन्दा प्रिय वस्तु नारायणलाई नै ठानोस् र सबै लोभहरूको दमन गरेर एकमात्र उनैको भजन गरोस्।

* उदाहरण—(संसारी झ्याउलोमा परमार्थ) भगवान् बुद्ध धेरै दिनसम्म ठूला ठूला तपस्या गर्दथे, तर अन्तरको भेद खुल्न सकेनन्। एक दिन ती यही चिन्तामा थिए—त्यसै बखत सितार बजाइरहेका इन्द्रको दर्शन भयो। त्यस सितारमा केवल तीन तार थिए, तिनमा यौटा धेरै माथि चढेको थियो, यसनिमित्त त्यसको सुर बर्ता कर्कश निस्कन्थ्यो। अर्को तार खुलो थियो, अतः त्यसको स्वरै निस्कन्दैनथ्यो। तर तेस्रो जुन मध्यम र ठीक काइदाले कसिएको थियो, त्यो अत्यन्त मधुर सुर दिइरहेको थियो। यसबाट ती महात्माले शिक्षा लिए—'तार लाई बर्ता कस्नाले काम चल्दैन।' त्यसै वेलादेखि ती मध्यम मार्गमा हिंड्न लागे। जसले तिनलाई आत्मज्ञान प्राप्त भयो। तर पाँच ब्राह्मण जो आदिदेखि नै इनको साथमा थिए, तिनको शरीरबाट इनको महिमा गयो। जो गृहस्थ साधु यस्तो ठान्दछन् कि हामी परमार्थ गर्दैछौं। तिनका अनेक रीतिहरू छन्। कोही केवल व्रत बस्नु नै परमार्थ मान्दछन्। कोही कथा सुन्नु नै त्यसमा केवल शूरवीरहरूको लडाई वा पर्वहरूको महिमा नै किन न लेखिएको होस्! जीवको उद्धार गर्नका लागि पर्याप्त मान्दछन्। कोही कुनै पवित्र नदीमा नुहाउने वा तीर्थ-यात्रालाई नै मुक्तिदायक ठान्दछन्। कोही कुनै वर्णात्मक नामसित हातद्वारा माला घुमाउनुलाई नै आफ्नो कल्याणको निम्ति पर्याप्त ठान्दछन्। परन्तु विचार गरेर हेर्ने हो भने—स्पष्ट बुझिन्छ कि परमार्थबाट कोही-कोही केवल संयमको निम्ति छन् र कोही-कोही रित्तो भ्रममा छन्।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन भने यस संसारका मायाजालको अन्त्य त्यहीं हुन्छ ॥६॥ पशुहरूलाई छाडेर अरु यस्तो कुन मनुष्य होला, जो यति राम्रो र यति पवित्र धारणालाई त्यागेर तुच्छ एवं घृणित विषय-वासनामा मन लगाउला ? अरु जब त्यो देखिरहेको छ कि विषयहरूका भक्त वैतरणी नदीमा जाकिएर आफ्ना कर्महरूको फल भोगिरहेका छन्, अनि त्यो किन विषयको सेवन गर्ला ? ॥७॥ केही साधक आफ्नो धारणा अनुसार आफ्नो शरीररूपी आकाशमा शङ्ख, चक्र, गदा र पद्म धारण गरेका प्रादेशमात्र (एक कुरेतका) भगवानलाई देख्दछन्, जसको प्रसन्न मुख-मण्डल छ, कमलका समान सुन्दर र ठूला-ठूला नेत्र छन्, कदम्बको फूलको केशर जस्तै पहेला वस्त्र छन्, अमूल्य रत्नहरूको जडाऊ सुवर्णमय हार छन् र उनको निधारमा टल्किरहेको उत्तम किरीट छ, फेरि दुवै कानमा कुण्डल छन्, तिनमा अनेक रत्नहरू जडेका छन् ॥८-९॥ ती विकसित कमल-कर्णिकामाथि पाउ राखेका छन् तिनको घाँटीमा कौस्तुभ, श्रीवत्स एवं रत्नमय हार शोभित छ र ताजा फूलहरूले बनाइएको वनमाला सुशोभित छ ॥१०॥ तिनको कम्मरमा कन्धनी, औंलाहरूमा औंठी, पाउमा नूपुर र दुवै हातमा कंकणआदि छन् । चिल्लो

पतितं वैतरण्यां स्वकर्मजान्परितापाञ्जुषाणम् ॥ ७ ॥ केचित्स्वदेहान्तर्हृदयावकाशे प्रादेशमात्रं पुरुषं वसन्तम् ॥ चतुर्भुजं कञ्जरथाङ्गशंखगदाधरं धारणया स्मरन्ति ॥ ८ ॥ प्रसन्नवक्त्रं नलिनायतेक्षणं कदम्बकिञ्जल्कपिशङ्गवाससम् ॥ लसन्महारत्नहिरण्मयाङ्गदं स्फुरन्महारत्नकिरीटकुण्डलम् ॥ ९ ॥ उन्निद्रहृत्पङ्कजकर्णिकालये योगेश्वरास्थापितपादपल्लवम् ॥ श्रीलक्ष्मणं कौस्तुभरत्नकन्धरमम्लानलक्ष्म्या वनमालयाऽञ्चितम् ॥ १० ॥ विभूषितं मेखलयाऽङ्गुलीयकैर्महाधनैर्नूपुरकङ्कणादिभिः ॥ स्निग्धामलाकुञ्चितनीलकुन्तलैर्विरोचमानाननहासपेशलम् ॥ ११ ॥ अदीनलीलाहसितेक्षणोल्लसद्भ्रूभङ्गसंसूचितभूर्यनुग्रहम् ॥ ईक्षेत चिन्तामयमेनमीश्वरं यावन्मनो धारणयाऽवतिष्ठते ॥ १२ ॥ एकैकशोऽङ्गानि धियाऽनुभावयेत् पादादि यावद्धसितं गदाभृतः ॥ जितं जितं स्थानमपोह्य धारयेत् परं परं शुद्धयति धीर्यथा यथा ॥ १३ ॥ यावन्न जायेत परावरेऽस्मिन्विश्वेश्वरे द्रष्टरि भक्तियोगः ॥ तावत्स्थवीयः पुरुषस्य रूपं क्रियावसाने प्रयतः स्मरेत ॥ १४ ॥ स्थिरं सुखं चासनमाश्रितो यतिर्यदा जिहासुरिममङ्ग लोकम् ॥ काले च देशे च मनो न सज्जयेत् प्राणं नियच्छेन्मनसा जितासुः ॥१५॥ मनः स्वबुद्ध्याऽमलया नियम्य क्षेत्रज्ञ एतां निनयेत्तमात्मनि ॥ आत्मा-

र सफा-सुग्घर एवं भ्रमर समान काला केश तिनको मुखको शोभा बढाइरहेका छन् । यी बाहेक तिनको मन्द-मन्द मुस्कान भिन्नै आफ्नो चाला देखाइरहेको छ ॥११॥ तिनको आँखीभौंको संकेत द्वारा ज्ञात हुन्छ कि ती आफ्नो यस भक्तमाथि पूर्ण कृपा गरिरहेका छन् । विचित्र प्रकारको तथा महत्वपूर्ण लीलायुक्त हास्यले हाँस्तै ती रसपूर्ण नेत्रले हेरिरहेछन् । यस प्रकारका परमेश्वरको ध्यान साधक प्राणी तबसम्म गर्दै रहोस्, जबसम्म कि धारणा द्वारा मन आफ्नो वशमा नपारियोस् ॥१२॥ त्यसपछि आफ्नो बुद्धिलाई ती नारायणका एकेक अङ्गको ध्यान गरोस् र जुन-जुन अङ्गहरूको ध्यान गरेर विजयी हुँदै जान्छ, तिनलाई त्यागेर अरु-अरु अवयवलाई ध्यानमा ल्याउँदै र त्याग्दै गरोस् । यो साधना बुद्धि शुद्ध पार्नका लागि हो ॥१३॥ यस प्रकार जब सम्म नारायणको भक्तियोग प्राप्त नहोऊन, तबसम्म आफ्ना नित्य कर्महरूबाट निवृत्त भएर सधैं महाप्रभुको यस स्थूल शरीरको ध्यान गर्दै रहोस् ॥१४॥ त्यो योगी जब शरीर तथा संसारलाई त्याग्न चाहन्छ तब आनन्दपूर्वक यौटा आसनमा बसोस् र मनलाई देश-कालमा नडुलाएर आफ्नो वशमा गरोस् र मनद्वारा प्राणलाई काबूमा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्याओस् ॥१५॥ त्यसपछि आफ्नी निश्चयात्मिका बुद्धिद्वारा मनलाई वशमा पारेर त्यसलाई क्षेत्रज्ञमा मिलाइदेओस् । त्यस क्षेत्रज्ञलाई शुद्धब्रह्ममा मिलाएर अहं ब्रह्मास्मि–'म स्वयं ब्रह्म हुँ' यस ऐक्यको स्थिति प्राप्त गरेर कर्महरूबाट पृथक् होओस॥१६॥ जहाँ देवताहरूका परमप्रभु काल,सत्व,रज, तम तीनैगुण अहङ्कार महतत्व र प्रकृति पनि केही गर्नसक्तिन । आत्माबाट पृथक् कुनै वस्तु छैन, यस्तो विचारेर सबैलाई त्याग्ने इच्छा राख्ने व्यक्ति देहादिको ममता त्यागेर सर्वपूज्य एकमात्र विष्णुभगवान्का चरण नै छिन-छिनमा आफ्नो हृदयमा बसाल्दै तथा अन्य कुनै वस्तुसित पनि स्नेह नगर्दै केवल नारायणका चरणलाई सर्वश्रेष्ठ मान्दछन्॥१७-१८॥ यसरी ब्राह्मीस्थितिमा प्राप्त भएर मुनिको कर्तव्य हो–ती आफ्ना खुट्टाका कुर्कुच्चाले गुदा (मूलाधार) लाई बन्द गरेर प्राणवायुका आधार (चतुर्दल) भन्दा माथि लगेर क्लेशलाई जितेर नाभि आदि स्थानहरूमा विभक्त गरेर–॥१९॥ त्यस वायुलाई नाभि (मणिपूरकचक्र) मा रोकोस् । फेरि त्यसलाई ब्रह्मनाडीद्वारा हृदय (अनाहतचक्र) मा लगोस् । त्यहाँबाट त्यसलाई घाँटीको तल विद्यमान विशुद्धचक्रमा स्थिर पारोस् । त्यसको अनन्तर मनलाई वशमा पारेर आफ्नो बुद्धि द्वारा कुनै यस्तो उपाय गरोस्, जसले त्यो वायु विशुद्ध चक्रबाट कतै जान नसकोस् । अनि त्यसलाई विशुद्ध चक्र भन्दा तल रहने तालु प्रदेशमा लैजाओस् ॥२०॥

नमात्मन्यवरुध्य धीरो लब्धोपशान्तिर्विरमेत कृत्यात् ॥ १६ ॥ न यत्र कालोऽनिमिषां परः प्रभुः कुतो नु देवा जगतां य ईशिरे ॥ न यत्र सत्त्वं न रजस्तमश्च न वै विकारो न महान्प्रधानम् ॥ १७ ॥ परं पदं वैष्णवमामनन्ति यद्यन्नेति नेतीत्यतदुत्सिसृक्षवः ॥ विसृज्य दौरात्म्यमनन्यसौहृदा हृदोपगुह्यार्हपदं पदे पदे ॥ १८ ॥ इत्थं मुनिस्तूपरमेद्व्यवस्थितो विज्ञानदृग्वीर्यसुरन्धिताशयः ॥ स्वपार्ष्णिनाऽऽपीड्य गुदं ततोऽनिलं स्थानेषु षट्सून्नमयेज्जितक्लमः ॥१६॥ नाभ्यां स्थितं हृद्यधिरोप्य तस्मादुदानगत्योरसि तं नयेन्मुनिः ॥ ततोऽनुसंधाय धिया मनस्वी स्वतालुमूलं शनकैर्नयेत ॥ २० ॥ तस्माद्भ्रुवोरन्तरमुन्नयेत निरुद्धसप्तायतनोऽनपेक्षः ॥ स्थित्वा मुहूर्तार्धमकुण्ठदृष्टिर्निर्भिद्य मूर्धन्विसृजेत्परं गतः ॥ २१ ॥ यदि प्रयास्यन्नृप पारमेष्ठ्यं वैहायसानामुत यद्विहारम् ॥ अष्टाधिपत्यं गुणसन्निवाये सहैव गच्छेन्मनसेन्द्रियैश्च ॥ २२ ॥ योगेश्वराणां गतिमाहुरन्तर्बहिस्त्रिलोक्याः पवनान्तरात्मनाम् ॥ न कर्मभिस्तां गतिमाप्नुवन्ति विद्यातपोयोगसमाधिभाजाम् ॥ २३ ॥ वैश्वानरं याति विहायसा गतः सुषुम्नया

तालुप्रदेशबाट त्यस वायुलाई आँखीभौंका माझमा विद्यमान आज्ञाचक्रमा लैजाओस् । त्यस बखत दुवै कान, नेत्र, नासिकाको दुवै छिद्र र मुख सातै बाटोहरू थुनेर आधा मुहूर्त जतिदृष्टि निश्चल परेर र रोकोस् र त्यस वायुलाई ब्रह्मरन्ध्रमा पुर्‍याएर छाडोस, अनि आफ्नो शरीर र इन्द्रियहरूलाई त्यागोस् ॥२१॥साधक यदि ब्रह्मलोक जाने इच्छा राख्छ वा स्वर्गीय देवताहरूका त्यस लोकमा-जानखोज्दछ,जुन देवताहरूको क्रीडास्थल छ । जहाँ अणिमा महिमा आदि अष्टसिद्धि सधैं विद्यमान रहिरहन्छन् र जुन ब्रह्माण्डमा गुणहरूका समुदाय उपस्थित रहन्छ तब साधकको कर्तव्य हो—त्यो देह त्याग्ने बेलामा आफ्नो मन र इन्द्रियहरूलाई नत्यागोस्, बरू शरीर त्यागेर ती लोकहरूको सुख भोग्नको निम्ति तिनलाई आफ्नो साथै लैजाओस् ॥२२॥ किनकि योगीहरूको गति त्रैलोक्यमा बाहिर-भित्र सर्वत्र छ । ती त महर्लोक आदि लोक तथा ब्रह्माण्डको बाहिर पनि जान सक्तछन् । यसको कारण हो—जसको आत्मा लिङ्ग शरीर धरेर वायुमा मिल्दछन् र उपासना, तप, अष्टाङ्ग योग तथा ज्ञानमा रत रहने योगिहरूलाई जुन गति प्राप्त हुन्छ, त्यो कर्ममार्गीहरू र यज्ञादिमा लागेका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यक्तिलाई प्राप्त हुँदैन ॥२३॥ आकाश तथा ज्योतिर्मय ब्रह्मलोकको मार्गबाट सुषुम्ना नाडीद्वारा जाने विशुद्ध प्राणी पहिले अग्नि देवताकहाँ पुग्दछ । त्यसपछि त्यसको माथि विद्यमान भगवान्‌को शिशुमार चक्र (नाभि) मा पुग्दछ ॥२४॥ हे राजन्! सूर्य आदि देवताहरूका आश्रय र समस्त विश्वको त्यस नाभिरूप शिशुमार चक्रलाई नाघेर त्यो आफ्नो एक्लो लिङ्ग शरीरले ठूला-ठूला तत्वज्ञानीहरूको आदरणीय महर्लोकमा पुग्दछ, जहाँ एक-एक कल्पको आयु भोग्ने दीर्घजीवी भृगु आदि निवास गर्दछन् ॥२५॥ प्रलयकालमा जब ती भगवान्‌को मुखको आगोले यो विश्व बलिरहेको देख्दछ, अनि दुई परार्धसम्म स्थिर रहने र सिद्धहरूद्वारा सेवित ब्रह्मलोकमा पुग्दछ ॥२६॥ त्यस लोकमा न शोक रहन्छ, न बुढ्याइँ रहन्छ, न मृत्यु रहन्छ, न कुनै वेदनाले दुःख दिन्छ र न कुनै प्रकारको डर-भय नै रहन्छ, तर त्यहाँ पनि भगवान्‌का ध्यानको महिमालाई नजान्ने प्राणीहरूलाई मानसिक कष्ट त अवश्य हुन्छ । त्यस ब्रह्मलोकमा पुगेका व्यक्तिको तीन गति हुन्छन्—जो आफ्नो पुण्य-बलले त्यहाँ पुगेका हुन्छन्, ती कल्पान्तरमा पुण्यबल-

ब्रह्मपथेन शोचिषा ॥ विधूतकल्कोऽथ हरेरुदस्तात् प्रयाति चक्रं नृप शैशुमारम् ॥ २४ ॥ तद्विश्वनाभिं त्वतिवर्त्य विष्णोरणीयसा विरजेनात्मनैकः ॥ नमस्कृतं ब्रह्मविदामुपैति कल्पायुषो यद्विबुधा रमन्ते ॥ २५ ॥ अथो अनन्तस्य मुखानलेन दन्दह्यमानं स निरीक्ष्य विश्वम् ॥ निर्याति सिद्धेश्वरजुष्टधिष्ण्यं यद्द्वैपरार्ध्यं तदु पारमेष्ठ्यम् ॥२६॥ न यत्र शोको न जरा न मृत्युर्नार्तिर्न चोद्वेग ऋते कुतश्चित् ॥ यच्चित्ततोदः कृपयाऽनिदंविदां दुरन्तदुःखप्रभवानुदर्शनात् ॥ २७ ॥ ततो विशेषं प्रतिपद्य निर्भयस्तेनात्मनाऽऽपोऽनलमूर्तिरत्वरन् ॥ ज्योतिर्मयो वायुमुपेत्य काले वाय्वात्मना खं बृहदात्मलिङ्गम् ॥ २८ ॥ घ्राणेन गन्धं रसनेन वै रसं रूपं तु दृष्ट्या श्वसनं त्वचैव ॥ श्रोत्रेण चोपेत्य नभोगुणत्वं प्राणेन चाकूतिमुपैति योगी ॥ २९ ॥ स भूतसूक्ष्मेन्द्रियसंनिकर्षं मनोमयं देवमयं विकार्यम् ॥ संसाद्य गत्या सह तेन याति विज्ञानतत्त्वं गुणसंन्निरोधम् ॥ ३० ॥ तेनात्मनाऽऽ-

द्वारा न्यूनाधिक भोगका अधिकारी हुन्छन् । जो हिरण्यगर्भ आदिका उपासनाको बलले त्यहाँ पुग्दछन्, ती ब्रह्माको संगसंगै मुक्त हुन्छन् । जो नारायणका उपासक हुन्छन्, ती आफ्नो इच्छाले ब्रह्माण्ड भेदन गरेर वैकुण्ठ धाममा पुग्दछन् ॥२७॥ अब यो बताइन्छ कि त्यो भगवद्भक्त ब्रह्माण्डको भेदन कसरी गर्दछ—पहिले त्यो आफ्नो लिङ्ग-शरीरबाट पृथ्वी आदिमा मिसिएर निर्भय भई पृथ्वीरूपबाट जल-तत्वमा गएर मिल्दछ । फेरि बिस्तार-बिस्तार त्यो ज्योतिर्मय भई वायुमा मिसिएर बेला भएपछि बृहत् आत्मलिंगमा मिलिजान्छ र उसैद्वारा भोग भोग्दछ* ॥२८॥ यस्तो अवस्थामा योगी आफ्नो प्राणद्वारा गन्ध, जिब्रोले रस, आँखाले रूप, त्वचाले पवन, कानद्वारा शब्द र प्राणद्वारा सबै इन्द्रियहरूको कामहरू उपभोग गर्दछ ॥२९॥ यस प्रकार स्थूल तथा सूक्ष्म प्राणिरूको अतिक्रमणको कुरा बताएर सबैको आवरण-स्वरूप अहङ्कारको प्राप्ति र त्यसै द्वारा महदादिको

* उदाहरण—परमात्माको आश्रित प्रकृतिको कुनै एक अंशद्वारा महत्तत्व बन्दछ । त्यसको केही अंशबाट अहङ्कार, अहङ्कारको केही अंशबाट शब्दतन्मात्रा, त्यसको बचै अंशले स्पर्शतन्मात्रा त्यसद्वारा वायु, त्यसको केही अंशबाट रूपतन्मात्रा र त्यसबाट तेज, तेजको केही अंशबाट रस तन्मात्रा र त्यसबाट जल, त्यसको केही अंशबाट गन्ध र गन्ध तन्मात्राबाट पृथ्वीको रचना हुन्छ । पृथ्वीका तन्मात्राहरूको मेलबाट चतुर्दश भुवनात्मक विराट् पुरुषको शरीर बन्दछ । त्यो शरीर पचास करोड योजनसम्म फैलिएको रहन्छ । त्यसको एक अंशलाई नै पृथ्वी भन्दछन् । यसको प्रथम आवरण एक करोड योजनको छ । केही व्यक्ति यसलाई पनि पचास करोड योजन नै मान्दछन् । त्यसपछि जल आदिको परिपक्व अंश त्यसको आवरणलाई दस गुणा बढाइदिन्छन् । ती दस आवरणहरूमा आठौं प्रकृतिको आवरण व्यापक छ । यहाँ इनै आवरणहरूको भेदन गर्ने प्रकार बताइएको छ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्ति-मार्ग वर्णन गर्दै भन्दछन्—त्यो मार्ग अहङ्कार त्यागेर तीन थरिको मानिएको छ—तामस, राजस र सात्त्विक त्यो तामस अहङ्कारबाट जड तथा सूक्ष्माणु उत्पन्न हुन्छन्, राजस अहङ्कारबाट बाहिर मुख भएका दसै इन्द्रिय र सात्त्विक अहङ्कारबाट मन र इन्द्रियहरूका देवता उत्पन्न हुन्छन् । ती मौका पाएर आफाफ्ना अहङ्कारहरूमा लीन भएर जान्छन् । यसमा प्राणिहरूको सूक्ष्म इन्द्रियहरूलाई राजस तथा लयस्थान, जुन मनोमय हुन्छ, त्यो सात्त्विक अहम्मा गएर मिल्दछ । यस प्रकारको गतिबाट त्यो प्राणी अहङ्कारको साथ-साथै विज्ञानतत्त्व अर्थात् महत्तत्त्वमा प्राप्त हुन्छ । त्यसपछि मौका पाएर त्यो उस स्थानमा पुग्दछ, जहाँ सबै गुणहरूको लय हुन्छ ॥३०॥ हे राजन् ! यस्तो अवस्थामा प्राप्त भएर प्राणी आफूमै परमानन्द प्राप्त गर्दछ र जब सबै उपाधिहरू नष्ट भइसक्दछन् तब त्यस परमानन्दस्वरूप परमात्मामा नगीनै पुग्दछ—जहाँबाट फेरि फर्केर आउन पर्दैन ॥ ३१ ॥ हे राजन् ! तिमीले सोधेका हुनाले मैले तिमीलाई समासन मार्गका दुइ बाटोहरू बुझाएँ (यौटा यो हो––जसबाट प्राणी ब्रह्मरन्ध्रबाट प्राणको विसर्जन गरेर मुक्त हुन्छ र अर्को यो हो कि मनुष्य जुनसुकै

त्मानमुपैति शांतमानंदमानंदमयोऽवसाने ॥ एतां गतिं भागवतीं गतो यः स वै पुनर्नेह विषज्जतेऽङ्ग ॥३१॥ एते सृती ते नृप वेदगीते त्वयाऽभिपृष्टे ह सनातने च ॥ ये वै पुरा ब्रह्मण आह पृष्ट आराधितो भगवान्वासुदेवः ॥ ३२ ॥ न ह्यतोऽन्यः शिवः पंथा विशतः संसृताविह ॥ वासुदेवे भगवति भक्तियोगो यतो भवेत् ॥३३॥ भगवान्ब्रह्मा कात्स्न्येंन त्रिरन्वीक्ष्य मनीषया ॥ तदध्यवस्यत्कूटस्थो रतिरात्मन्यतो भवेत् ॥ ३४ ॥ भगवान्सर्वभूतेषु लक्षितः स्वात्मना हरिः ॥ दृश्यैर्बुद्ध्यादिभिर्द्रष्टा लक्षणैरनुमापकैः ॥३५॥ तस्मात्सर्वात्मना राजन्हरिः सर्वत्र सर्वदा ॥ श्रोतव्यः कीर्तितव्यश्च स्मर्तव्यो भगवान्नृणाम् ॥३६॥ पिबंति ये भगवत आत्मनः सतां कथामृतं श्रवणपुटेषु संभृतम् ॥ पुनंति ते विषयविदूषिताशयं व्रजन्तितच्चरणसरोरुहान्तिकम् ॥३७॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कंधे पुरुष संस्थावर्णनं नाम द्वितीयोऽध्यायः ॥२॥ श्रीशुकउवाच ॥ एवमेतन्निगदितंपृष्टवान्यद्भवान्मम ॥ नृणां यन्म्रि·

लोकलाई प्राप्त गर्न चाहोस्, उसै अनुसार प्रयत्न गरोस्) यी दुबै बाटो वेदले बताएका हुन् । कुनै समय ब्रह्मदेवले भगवान्को आराधना गरेका थिए । अनि स्वयं भगवान्ले उनलाई यो मार्ग बताउनु भएको थियो ।।३२।। यद्यपि संसारबाट निस्तार पाउने अनेक उपाय मुनिहरूले बताएका छन् तर यो भन्दा उत्तम मार्ग अरु कुनै छैन, किनकि यस बाटोमा हिंड्नाले भगवान्को भक्तियोग सहजै प्राप्त हुन्छ ॥३३॥ यस्तो म यसनिम्ति भनिरहेको छु कि ब्रह्माले एकाग्रचित्तले तीनपल्ट वेदहरूको पर्यालोचन गरेर यही बाटोलाई प्रशस्त पाएका थिए किनकि यसले परमात्मामा श्रद्धा उत्पन्न हुने गर्दछ ॥३४॥ अतएव हे राजन् ! प्रत्येक मनुष्यको कर्तव्य हो कि सबै तर्फबाट सबै स्थानमा र सबै समय प्राणिहरूको हृदयमा विराजमान रहने तथा बुद्धि आदि अनुमापक लक्षणहरूले युक्त भगवान्को यश सुनोस् उनको गुणगान गरोस् र एकमात्र उनैको ध्यान गरोस् ॥ ३५-३६ ॥ सज्जनहरूको आत्मास्वरूपी अमृत जो आफ्ना श्रवण-पुटद्वारा पिउँदै रहन्छन्, ती आफ्नो विषयरूपी विषबाट दूषित अन्तःकरण र आफूलाई समेत पवित्र पारेर अन्त्यमा भगवान्का चरण प्राप्त गर्दछन्* ॥३७॥ इति

* उदाहरण—(दृढप्रतिज्ञले नै भगवान्लाई देख्न सक्छ)––सन्त तुकाराम सदैव ईश्वर-भजनमा विभोर रहन्थे । यो कुरा निश्चित छ कि परमात्माको प्रत्यक्ष वा परोक्ष अनुभव प्राप्त भइरहेको हुन्छ, त्यही विशेष अन्तर्मुख रहन सक्छ ।] एक दिन ग्रामीणहरूले तिनीसित भने— हामीलाई पनि प्रभुको दर्शन गराइदिए उत्तम हुने थियो ।' तुकारामले भने—'हुन्छ, म भगवान्सित सोधौंला ।' परमात्माको सम्मति लिएर तुकारामले भने—'आज राति तिमीहरूलाई भगवान्को दर्शन मिल्नेछ । यसनिम्ति तन्मय भावले बसिरहनु र जबसम्म म भन्नेछैन, तबसम्म आँखा नउघार्नु र भजन गर्दै रहनु ।' तुकारामको कथन वायु गतिले थाउँभरि फैलियो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे पं० गोरीशंकर 'वशिष्ठ'कृत नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः ॥२॥ (भिन्न-भिन्न कामनाले भिन्न-भिन्न देवताको उपासना र भक्तिको प्रधानता) श्रीशुकदेवजी भन्नुहुन्छ हे राजन् ! मरिन्त मरणोन्मुख प्राणीको कर्तव्य सोधेका थियौं, त्यो मैले सुनाएँ ॥१०॥ अब सकाम मनुष्यहरूको कामना पूर्तिको साधन भन्दछु—जो ब्रह्मवर्चस्वी (वेद-विषयक विद्वान्) हुन खोज्दछन् ती ब्रह्माको पूजा गरुन् । जो आफ्ना इन्द्रियहरूलाई निपुण तुल्याउन खोज्दछन्, ती इन्द्रको पूजा गरुन् र जो मानिस सन्तानको इच्छुक छन् ती दक्षप्रजापतिको, आराधना गरुन् ॥२॥ यसै गरी शोभाका इच्छुक दुर्गाको, तेजको इच्छा राख्ने सूर्यको, धन खोज्नेले अष्टवसुको र बल खोज्नेले शंकरजीको पूजा गरुन् ॥३॥ अन्नादि खोज्नेले अदितिको, स्वर्गका इच्छुकले देवताहरूको, राज्यका इच्छुक विश्वेदेवको र प्रजाको कल्याण तथा स्वतन्त्रताका इच्छुक व्यक्ति साध्यहरूको पूजा गरुन् ॥ ४ ॥ लामो आयुका

यमाणानां मनुष्येषु मनीषिणाम् ॥ १ ॥ ब्रह्मवर्चसकामस्तु यजेत ब्रह्मणस्पतिम् ॥ इन्द्रमिन्द्रियकामस्तु प्रजाकामः प्रजापतीन् ॥२॥ देवीं मायां तु श्रीकामस्तेजस्कामो विभावसुम् ॥ वसुकामो वसून्रुद्रान्वीर्यकामोऽथ वीर्यवान् ॥ ३ ॥ अन्नाद्यकामस्त्वदितिं स्वर्गकामोऽदितेः सुतान् ॥ विश्वान्देवान्राज्यकामः साध्यान्संसाधको विशाम् ॥४॥ आयुष्कामोऽश्विनौ देवौ पुष्टिकाम इलां यजेत् ॥ प्रतिष्ठाकामः पुरुषो रोदसी लोकमातरौ ॥५॥ रूपाभिकामो गन्धर्वान्स्त्रीकामोऽप्सरउर्वशीम् ॥ आधिपत्यकामः सर्वेषां यजेत परमेष्ठिनम् ॥ ६ ॥ यज्ञं यजेद्यशस्कामः कोशकामः प्रचेतसम् ॥ विद्याकामस्तु गिरिशं दाम्पत्यार्थ उमां सतीम् ॥७॥ धर्मार्थ उत्तमश्लोकं तन्तुं तन्वन्पितॄन्यजेत् ॥ रक्षाकामः पुण्यजनानोजस्कामो मरुद्गणान् ॥ ८ ॥ राज्यकामो मनून्देवान्निर्ऋतिं त्वभिचरन् यजेत् ॥ कामकामो यजेत्सोममकामः पुरुषं परम् ॥ ९ ॥ अकामः सर्वकामो वा मोक्षकाम उदारधीः ॥ तीव्रेण भक्तियोगेन यजेत पुरुषं परम् ॥१०॥ एतावानेव यजतामिह निःश्रेयसोदयः ॥ भगवत्यचलो भावो यद्भागवतसंगतः ॥ ११ ॥ ज्ञानं यदा

इच्छुकले अश्विनीकुमारको, पुष्टि खोज्नेले भूमिको र प्रतिष्ठाका इच्छुकले आकाश तथा पृथ्वी दुवैको पूजा गरुन् ॥५॥ रूपका इच्छुकले गन्धर्वहरूको, श्रीखोज्नेले उर्वशी अप्सराको र सर्वमाथि प्रभुताका इच्छुक ब्रह्माजीको आराधना गरुन् ॥६॥ यश खोज्ने यज्ञको, धन खोज्ने वरुणको, विद्यार्थीशिवको र पत्नीको इच्छुक पार्वतीको पूजा गरुन् छोरो चाहने व्यक्ति पितृहरूको, बाधा टार्न इच्छा भएका व्यक्ति मनुहरूको, शत्रु मार्न इच्छुक निर्ऋति (राक्षस) को, भोगका इच्छुक चन्द्रमाको र वैराग्यको इच्छा हुने व्यक्ति परम-पुरुष परमात्माको आराधना गरुन् ॥९॥ वैराग्य अथवा सबै कामनाहरू सँगै पूरा पार्न तथा मोक्षको अभिलाषा भएका व्यक्ति प्रबल भक्तियोग द्वारा पूर्ण-पुरुष भगवानको आराधना गरुन् ॥१०॥

विना परिश्रम परमात्माको दर्शन गर्ने इच्छा नभएको होला ? राति प्रशस्त मानिस आए । ठीक समयमा तुकारामको 'विट्ठल' 'विट्ठल' आरम्भ गर्‍यो । जति-जति समय बित्दै गयो, उति उति मानिस निराश भएर जानलागे । तिनमा कोही भन्दथे—'ईश्वर यसरी बाटोमा फालिएको छैन ।' अर्कोले भन्यो—'जाउँ व्यर्थ निद्रा बिग्रियो ।' यसै गरी आधा रात बितेपछि सभा रित्तियो । केवल दुइ जना मात्र बसिरहे । तिनमा पनि एउटाको घरमा आगो लाग्यो भन्ने समाचार आयो । अतः ती दुवै पनि उठेर गएर अनि भगवान्‌ले आज्ञा भयो—तुकाराम ! आँखा उघार र हेर ।' तुकारामले आँखा उघारेर हेर्दा त्यहाँ यो । मानिस पनि छैनन् । अनि भगवान्‌ले आज्ञा भयो—'तुका ! तिमी खिन्न नहुनु । जो प्रेमी सच्चा छ त्यसैले मलाई देख्न सक्तछ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपर्युक्त अनेक देवताहरूको पूजा गर्ने व्यक्ति हृदयमा भगवद्भक्तहरूको सत्सङ्ग गर्नाले यौटा उत्तम र अटल भाव (अनुराग) उत्पन्न हुन्छ, जुन सबै कल्याणहरूमा श्रेष्ठ र सबै लाभमा उत्तम छ ॥११॥ जब भगवानको पवित्र कथाहरू सुन्नाले हृदयमा यस्तो ज्ञान उत्पन्न हुन्छ, जसले सत, रज, तम यी तीनै गुणहरूबाट उत्पन्न राग-द्वेषादिको समूह नष्ट भएर जान्छ र त्यसको संगसंगै मनलाई प्रसन्न पार्ने विरक्ति उत्पन्न हुन्छ र महात्माहरूद्वारा समर्पित मोक्ष-मार्गको साँचो समान भक्तियोग पनि यसैले उपलब्ध हुन्छ। अनि शान्त चित्त भएका कुन यस्ता मनुष्य होलान्, जो भगवान्‌को कथामा आस्था नगरुन् ॥१२॥ यति सुनेर शौनकले भने—'यसरी शुक मुनिको कुरा सुनेर भरतवंशका शार्दूल महाराज परीक्षितले व्यासका पुत्र शुकदेवसित फेरि के सोधे ? ॥१३॥ हे विद्वान् सूत ! सुनने इच्छुक हामी श्रोताहरूलाई तपाई त्यो गाथा अवश्य सुनाउनोस्। तपाईको सज्जनको संगतमा भगवान् सम्बन्धी कथाबाहेक अरु कुन कुराको चर्चा हुन सक्तछ ? ॥१४॥ पाण्डववंशी, परम वैष्णव र महारथी राजा परीक्षितले बाल्यकालमा संसारका अरु-अरु खेलहरू

प्रतिनिवृत्तगुणोर्मिचक्रमात्मप्रसाद उत यत्र गुणेष्वसङ्गः ॥ कैवल्यसंमतपथस्त्वथ भक्तियोगः को निर्वृतो हरिकथासु रतिं न कुर्यात् ॥ १२ ॥ शौनक उवाच ॥ इत्यभिव्याहृतं राजा निशम्य भरतर्षभः ॥ किमन्यत्पृष्टवान्भूयो वैयासकिमृषिं कविम् ॥ १३ ॥ एतच्छुश्रूषतां विद्वन्सूत नोऽर्हसि भाषितुम् ॥ कथा हरिकथोदर्काः सतां स्युः सदसि ध्रुवम् ॥ १४ ॥ स वै भगवतो राजा पाण्डवेयो महारथः ॥ बालक्रीडनकैः क्रीडन्कृष्णक्रीडां य आददे ॥१५॥ वैयासकिश्च भगवान्वासुदेवपरायणः ॥ उरुगायगुणोदाराः सतां स्युर्हि समागमे ॥ १६ ॥ आयुर्हरति वै पुंसामुद्यन्नस्तं च यन्नसौ ॥ तस्यर्ते तत्क्षणो नीत उत्तमश्लोकवार्तया ॥१७॥ तरवः किं न जीवन्ति भस्त्राः किं न श्वसन्त्युत ॥ न खादन्ति न मेहन्ति किं ग्रामपशवोऽपरे ॥१८॥ श्वविड्वराहोष्ट्रखरैः संस्तुतः पुरुषः पशुः ॥ न यत्कर्णपथोपेतो जातु नाम गदाग्रजः ॥१९॥ बिले बतोरुक्रमविक्रमान् ये न शृण्वतः कर्णपुटे नरस्य ॥ जिह्वाऽसती दार्दुरिकेव सूत न चोपगायत्युरुगायगाथाः ॥२०॥ भारः परं पट्टकिरीटजुष्टमप्युत्तमाङ्गं न नमेन्मुकुन्दम् ॥ शावौ करौ नो कुरुतः सपर्यां हरेर्लसत्काञ्चनकङ्कणौ वा ॥ २१ ॥ बर्हायिते ते नयने नराणां लिंगानि विष्णोर्न निरीक्षतो ये ॥ पादौ नृणां तौ द्रुमजन्मभाजौ क्षेत्राणि नानुव्रजतो

त्यागे केटाकेटीहरूसित खेल्ने उमेरमा कृष्ण-पूजारूपी खेल नै मनपराएका थिए ॥१५॥ अब व्यासका छोरा तथा कृष्ण भगवान्‌का अद्वितीय भक्त शुकमुनि उनलाई भेटिए। जहाँ यस्ता सज्जनहरूको समागम हुन्छ, त्यहाँ भगवद्-गुणहरूको नै कथा हुन्छन् ॥१६॥ प्रातःकालको बेलामा उदय भएर सायंकालमा अस्ताउने सूर्यनारायण दिन-दिन प्राणी-हरूको आयुष्य हरण गर्दछन्। यस्तो स्थितिमा भगवान्‌का गुणहरूको चर्चा बाहेक अरु काममा जुन समय बित्तछ, त्यो व्यर्थ जान्छ ॥१७॥ यदि भनौं कि बाँचिरहनु नै मानव जीवनको फल हो, नत्र के वृक्ष बाँचिरहन्नन् ? कामीको खलांतीले सास फेर्दैन, गाउँका पशुले खाँदैनन् ? ॥१८॥ जसका कानमा कहिल्यै नारायणको पवित्र कथाको ध्वनि गुञ्जाय-मान हुँदैन, त्यसलाई कुकुर, सुँगुर, ऊँट तथा गदहा नै ठान्नुपर्दछ ॥१९॥ जुन कर्णपुट विक्रमशाली नारायणका कथा सुन्दैनन्, तिनलाई कर्णपुट नमानेर भित्ताको प्वाल मान्नुपर्दछ जुन जिब्रो भगवान्‌को यश गान गर्दैन, त्यसलाई भ्यागुतोको जिब्रो झैं ठान्नु ॥२०॥ जुन मस्तक नारायणको अघिल्तिर झुक्दैन त्यो किरीट र मुकुटले सुशोभित भएर पनि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो मस्तकको भारिमात्र मान्नुपर्दछ । जुन हात नारायणको पूजाको निम्ति अघि सर्दैनन् ती सुनका कङ्कणले अलंकृत भएर पनि तिनलाई मृतकको हात ठान्नु उचित छ ॥२१॥ जुन आँखा नारायणका पवित्र प्रतिमाहरूको निरीक्षण गर्दैनन्, ती मयूरका प्वाँखको आँखा ठान्नु र जुन खुट्टा भगवान्का पवित्र तीर्थहरूको यात्रामा अघि सर्दैनन् तिनलाई खुट्टा नठानेर वृक्ष ठान्नु उचित छ ॥२२॥ जुन व्यक्ति कहिल्यै भगवद्भक्तको चरण-रज आफ्नो निधारमा लगाउँदैन, त्यसलाई जिउँदो लाश ठान्नु । जुन मनुष्य सास फेरेर पनि तुलसीको सुगन्ध अनुभव गर्दैन, त्यसलाई सास फेर्ने मुर्दा ठान्नू ॥२३॥ भगवान्को नामोच्चारण गर्दा जुन हृदय द्रवीभूत नहोओस्, आँखामा आँसु नआओस् र सारा शरीर गद्गद् नहोओस्, त्यसलाई जिउँदो शरीर नमानेर काठको पुतली ठान्नुपर्दछ ॥२४॥ हे सूत ! तपाईंले अहिलेसम्म अनेक हाम्रो मनको अनुकूल कुरा भन्नु भयो, तर अब यो भन्नुहवस्—ती अद्वितीय भगवद्भक्त परीक्षितले के सोधे र व्यासदेवका छोरा आत्मविद्या-विशारद शुकदेवले के उत्तर दिए ॥२५॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे पं॰ गौरीशंकर

हरेय ॥ २२ ॥ जीवञ्छवो भागवताङ्घ्रिरेणुं न जातु मर्त्योऽभिलभेत यस्तु ॥ श्रीविष्णुपद्या मनुजस्तुलस्याः श्वसञ्छवो यस्तु न वेद गन्धम् ॥ २३ ॥ तदश्मसारं हृदयं बतेदं यद्गृह्यमाणैर्हरिनामधेयैः ॥ न विक्रियेताथ यदा विकारो नेत्रे जलं गात्ररुहेषु हर्षः ॥ २४ ॥ अथाभिधेह्यङ्ग मनोऽनुकूलं प्रभाषसे भागवतप्रधानः ॥ यदाह वैयासकिरात्मविद्याविशारदो नृपतिं साधु पृष्टः ॥ २५ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे तृतीयोऽध्यायः ॥ ३ ॥ सूत उवाच ॥ वैयासकेरिति वचस्तत्त्वनिश्चयमात्मनः ॥ उपधार्य मतिं कृष्ण औत्तरेयः सतीं व्यधात् ॥ १ ॥ आत्मजाया सुतागारपशुद्रविणबन्धुषु ॥ राज्ये चाविकले नित्यं विरूढां ममतां जहौ ॥ २ ॥ पप्रच्छ चेममेवार्थं यन्मां पृच्छथ सत्तमाः ॥ कृष्णानुभावश्रवणे श्रद्दधानो महामनाः ॥ ३ ॥ संस्थां विज्ञाय संन्यस्य कर्म त्रैवर्गिकं च यत् ॥ वासुदेवे भगवति आत्मभावं दृढं गतः ॥ ४ ॥ राजोवाच ॥ समीचीनं वचो ब्रह्मन्सर्वज्ञस्य तवानघ ॥ तमो विशीर्यते मह्यं हरेः कथयतः कथाम् ॥ ५ ॥ भूय एव विवित्सामि भगवानात्ममायया ॥ यथेदं सृजते विश्वं दुर्विभाव्यमधीश्वरैः ॥ ६ ॥ यथा गोपायति विभुर्यथा संयच्छते पुनः ॥ यां यां शक्तिमुपाश्रित्य पुरुशक्तिः परः पुमान् ॥ आत्मानं क्रीडयन्क्री·

'वसिष्ठ' कृत नेपाली भाषाटीकायां तृतीयोऽध्यायः ॥३॥ (राजा परीक्षितको सृष्टि सम्बन्धी प्रश्न ।) सूतजी भन्नलागे—हे शौनक ! व्यासदेवका पुत्र शुकमुनिको यो तत्वज्ञानात्मक कुरा सुनेर राजा परीक्षीतले भगवान् श्रीकृष्णमा नै आफ्नो बुद्धि लगाए । उनले यो निश्चय गरे—भगवान् नारायणको आराधनाले मेरो निस्तार हुन सक्छ ॥१॥ यो सद्विवेक उत्पन्न भएपछि तिनले आफ्नो शरीर, स्त्री-पुत्र, घर, पशु, धन, भाइ-बन्धु र राज्यमा जुन ममता थियो, त्यसलाई हटाइदिए ॥२॥ हे सज्जन हो ! अहिले यहाँहरूले जुन प्रश्न सोध्नुभयो, यिनै प्रश्न राजा परीक्षितले शुकदेवसित सोधेथे, किनकि ती महामनस्वी राजाको हृदयमा नारायणका गुण सुन्ने श्रद्धा जागिसकेको थियो ॥३॥ परीक्षितले जब आफ्नो मृत्यु नगीच आएको जाने तब तिनले धर्म, अर्थ तथा कामको प्रतिपादन गर्ने कर्महरू त्यागिदिए र आफ्नो बुद्धिलाई सबैतिरबाट संगेटेर नारायणमा लगाइदिए ॥४॥ त्यसपछि ती शुकदेवसित भन्द-छन्—'हे अनघ ! हजुर सर्वज्ञ हुनुहुन्छ, हजुरका वचन राम्रा छन् र जति-जति हजुर भगवान्का दिव्य कथाहरू भन्दै जानुहुन्छ, उति-उति मेरो हृदयको अज्ञानरूपी अन्धकार नष्ट

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदै जान्छ ।। ५ ।। यस निम्ति म हजुरसित फेरि सोधिरहेको छु—ती भगवान् आफ्नी मायाले ठूला-ठूलाले पनि जानि नसक्नु विश्वको रचना कसरी गर्दछन् ? ।।६।। ती अनन्त शक्तिशाली नारायण ख्याल गर्दागर्दै कसरी यस विश्वको पालन न संहार गर्दछन् ? फेरि ती यौटै जगत्बाट अनेक जगत कसरी निर्माण गर्दछन् ? ।। ६ ।। हे ब्रह्मन् ! अद्भुतकर्म गर्ने ती नारायणका कर्तव्यहरू जान्न साह्रै कठिन छ, किनकि ठूला-ठूला तत्त्वज्ञानी पनि त्यसलाई जान्ने उपाय गरेर पनि सफल भएका छैनन् ।। ती एक्लै परमात्मा प्रकृतिका गुणहरूको अनुसरण गर्दै एकैपल्ट वा यथाक्रम अनेक जन्म लिएर धेरै कर्महरू कसरी सम्पन्न गर्दछन् ? ।।९।। हजुर कुनै यस्तो उपदेश दिनुहवस्—जसले मेरो यो शंका निवारण हुन सकोस् । किनकि हजुर वेदहरूका निपुण ज्ञाता र वेदान्तहरूमा पनि हजुरको असाधारण गति ।। १० ।। सूतजी भन्दछन्—यस प्रकार राजा परीक्षितले सोधेपछि शुकदेव मनमनै श्रीकृष्ण भगवान्को स्मरण गरेर उनको गुण-गान गर्न प्रारम्भ गरिदिए ।।११।। शुकदेव भन्दछन्—'यस प्रपञ्चात्मक संसारको उत्पत्ति, पालन र संहार गर्नका लागि सत्त्वादि तीनै गुणहरूबाट

डन्करोति विकरोति च ।।७।। नूनं भगवतो ब्रह्मन्हरेरद्भुतकर्मणः ।। दुर्विभाव्यमिवाभाति कविभिश्चापि चेष्टितम् ।। ८ ।। यथा गुणांस्तु प्रकृतेर्युगपत्क्रमशोऽपि वा ।। बिभर्ति भूरिशस्त्वेकः कुर्वन्कर्माणि जन्मभिः ।। ९ ।। विचिकित्सितमेतन्मे ब्रवीतु भगवान् यथा ।। शब्दे ब्रह्मणि निष्णातः परस्मिंश्च भवान्खलु ।।१०।। सूत उवाच ।। इत्युपामन्त्रितो राज्ञा गुणानुकथने हरेः ।। हृषीकेशमनुस्मृत्य प्रतिवक्तुं प्रचक्रमे ।।११।। श्रीशुक उवाच ।। नमः परस्मै पुरुषाय भूयसे सदुद्भवस्थाननिरोधलीलया ।। गृहीतशक्तित्रितयाय देहिनामन्तर्भवायानुपलक्ष्यवर्त्मने ।। १२ ।। भूयो नमः सद्वृजिनच्छिदेऽसतामसंभवायाखिलसत्त्वमूर्तये ।। पुंसां पुनः पारमहंस्य आश्रमे व्यवस्थितानामनुमृग्यदाशुषे ।। १३ ।। नमो नमस्तेऽस्त्वृषभाय सात्वतां विदूरकाष्ठाय मुहुः कुयोगिनाम् ।। निरस्तसाम्यातिशयेन राधसा स्वधामनि ब्रह्मणि रंस्यते नमः ।। १४ ।। यत्कीर्तनं यत्स्मरणं यदीक्षणं यद्वंदनं यच्छ्रवणं यदर्हणम् ।। लोकस्य सद्यो विधुनोति कल्मषं तस्मै सुभद्रश्रवसे नमो नमः ।। १५ ।। विचक्षणा यच्चरणोपसादनात् संगं व्युदस्योभयतोऽन्तरात्मनः ।। विदन्ति हि ब्रह्मगतिं गतक्लमास्तस्मै सुभद्रश्रवसे नमो नमः ।। १६ ।। तपस्विनो दानपरा यशस्विनो मनस्विनो मन्त्रविदः सुमङ्गलाः ।। क्षेमं न

तीन शक्ति (ब्रह्मा, विष्णु र महेश) रूपग्रहण गर्ने, अन्तर्यामी र अज्ञेय पन्थ भएका ती परमपुरुष परमात्मालाई नमस्कार गर्दछु ।।१२।। जुन नारायण सज्जनहरूका पाप नष्ट पारिदिन्छन्, दुष्टहरूको संहार गर्दछन् र जो जुन रूपमा उनको पूजा गर्दछ, त्यसलाई उही रूपमा सिद्धि प्रदान गर्दछन्, परमहंसाश्रममा स्थित रहने मनुष्य बारंबार तत्त्वको खोजी गर्दछन्, ती भगवान् ती खोजकर्तालाई त्यो तत्त्व स्वयं प्रदान गर्दछन् । यस्ता नारायणलाई म एकपल्ट फेरि नमस्कार गर्दछु ।।१३।। भक्तहरूका प्रतिपालक, भक्तिबाट विमुख व्यक्तिहरूको निम्ति दुर्ज्ञय र सम्पत्तिमा जसको बराबर वा जोभन्दा श्रेष्ठ अरु कोही छैन, यस्ता स्वयं प्रकाशमान र तेजमा रमण गर्ने भगवान्लाई नमस्कार छ ।।१४।। जसका नामको कीर्तन, जसका रूपको स्मरण, जसको वन्दना, जसको यश श्रवण र जसको पूजा तुरुन्त पापहरू नष्ट पारिदिन्छ ती मङ्गलमयी कीर्ति भएका नारायणलाई मेरो पुनः पुनः नमस्कार छ ।। १५ ।। विवेकशील मनुष्य जसका चरणको भजन गरेर आफ्नो अन्तरात्मा द्वारा इहलोक र परलोक दुवै लोकलाई त्यागेर अनायास ब्रह्मगति प्राप्त गरिलिन्छन् ती मङ्गलमय कीर्ति भएका नारायलाई मेरो नमस्कार

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal.

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ ।।१६।। ठूला-ठूला दानी, यशस्वी, मनस्वी र मङ्गलमय मन्त्रहरूका ज्ञाता पनि आफ्नू शुभाशुभ कर्मफल उनलाई अर्पण नगरेर सुखी हुन्नन्, ती मङ्गलमय चरित्र भएका नारायणलाई मेरो नमस्कार छ ।।१७।। किरात भील, हूण खैदेहक पुरुषबाट पुल्कामी स्त्रीमा उत्पन्न), आन्ध्र (ब्राह्मणीमा वैश्यको संसर्गबाट जायमान पुत्र वैदेहक कहिन्छ, त्यस बैदेहकको छोरो आन्ध्र कहिन्छ), पुलिन्द (निष्ध्यबाट किरातीमा उत्पन्न सन्तान) पुल्कस (चाण्डालको छोरो), आभीर (ब्राह्मणद्वारा आम्बष्ठकी कन्याबाट उत्पन्न सन्तान), कंक, यवन तथा खस यी बाहेक अन्य नीच जातिका पुरुष पनि जसको शरणमा गएर पवित्र हुन्छन्, ती सर्वसमर्थ भगवान्लाई बारम्बार प्रणाम छ ।।१८।। आत्मज्ञानीहरूका प्रभु त्रयीमय र ब्रह्मा तथा शिव आदिको निष्कपट भावले आराधना गर्दा पनि जसको रूप जान्न सकिन्न, ती नारायण ममाथि प्रसन्न होउन् ।।१९।। ती लक्ष्मीपति, यज्ञपति, अन्धक-वृष्णि तथा भक्तहरूका स्वामी, प्रजापति, बुद्धिपति, लोकपति, पृथ्वीपति र सबै सज्जनहरूका अधिपति नारायण ममाथि प्रसन्न होउन् ।। २० ।। जसका चरणको ध्यान गरेर ज्ञानीजन आफ्नो बुद्धि शुद्ध पार्दछन् र

विन्दन्ति विना यदर्पणं तस्मै सुभद्रश्रवसे नमो नमः ।।१७।। किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादयः ।। येऽन्ये च पापा यदुपाश्रयाश्रयाः शुद्धयन्ति तस्मै प्रभविष्णवे नमः ।। १८ ।। स एष आत्माऽऽत्मवतामधीश्वरस्त्रयीमयो धर्ममयस्तपोमयः ।। गतव्यलीकैरजशंकरादिभिर्वितर्क्यलिंगो भगवान्प्रसीदताम् ।। १६ ।। श्रियः पतिर्यज्ञपतिः प्रजापतिर्धियां पतिर्लोकपतिर्धरापतिः ।। पतिर्गतिश्चान्धकवृष्णिसात्वतां प्रसीदतां मे भगवान्सतां पतिः ।।२०।। यदंघ्र्यनुध्यानसमाधिधौतया धियाऽनुपश्यन्ति हि तत्त्वमात्मनः ।। वदंति चैतत्कवयो यथारुचं स मे मुकुंदो भगवान्प्रसीदताम् ।। २१ ।। प्रचोदिता येन पुरा सरस्वती वितन्वताऽजस्य सतीं स्मृतिं हृदि ।। स्वलक्षणा प्रादुरभूत्किलास्यतः स मे ऋषीणामृषभः प्रसीदताम् ।।२२।। भूतैर्महद्भिर्य इमाः पुरो विभुर्निर्माय शेते यदमूषु पूरुषः ।। भुङ्क्ते गुणान्षोडश षोडशात्मकः सोऽलंकृषीष्ट भगवान्वचांसि मे ।।२३।। नमस्तस्मै भगवते व्यासायामिततेजसे ।। पपुर्ज्ञानमयं सौम्या यन्मुखाम्बुरुहासवम् ।। २४ ।। एतदेवात्मभू राजन्नारदाय विपृच्छते ।। वेदगर्भोऽभ्य-

त्यो शुद्ध बुद्धिले आत्मतत्त्वलाई प्राप्त गरेर आफ्नो रुचि अनुसार सगुण-निर्गुण आदि भेदद्वारा जसको विविध गुण गाइन्छन्, त्यस्ता गोविन्द भगवान् ममाथि प्रसन्न होउन् ।।२१।। कल्पको आदिमा ब्रह्माको हृदयमा जसले सृष्टि गर्ने पवित्र बुद्धि उत्पन्न गरे र ब्रह्माकै मुखबाट जुन नारायण द्वारा प्रेरित सरस्वती (वेदको रूपमा) प्रकट भइन्, ज्ञान प्रदान गर्नेहरूमा श्रेष्ठ ती भगवान् ममाथि प्रसन्न होउन् ।।२२।। जो ठूला-ठूला प्राणीहरूको शरीर बनाएर सबैको हृदयमा निवास गर्दछन् र जो षोडशात्मा भएर सोह (एघार इन्द्रिय र पाँच तत्त्व) यी गुणहरूका उपभोग गर्दछन्, ती नारायण मेरो वाणीलाई अलंकृत गरिदिउन् अर्थात् म जे भनौं त्यो सरस र भावमय होओस् जसले श्रोतागण प्रेमपूर्वक त्यसलाई सुनुन् ।।२३।। ती अमित तेजस्वी व्यास मुनिलाई पनि नमस्कार छ, जसको मुख-कमलबाट निस्केको यस ज्ञानमय आसवलाई वैशम्पायन आदि सौम्य भक्तहरूले ठूलो प्रेमले पिएका थिए ।। २४ ।। हे राजन् ! तिमीले जुन प्रश्न गर्‍यौ, यही कुरा नारद मुनिले आफ्ना पिता ब्रह्माजीसित सोधेका थिए। चारै वेदहरूलाई हृदयङ्गम गरिसकेका ब्रह्माले यही भागवतको अमृतमय कथा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने र ब्रह्मालाई साक्षात् विष्णुले सुनाउनुभयो ॥२५॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां चतुर्थोऽध्यायः ॥४॥ (सृष्टिको क्रम) पछिल्लो अध्यायमा भनिसकिएको छ कि नारदले ब्रह्माजीसित प्रश्नगरे र चतुराननले उनका प्रश्नहरूको उत्तर दिएका थिए। प्रस्तुत प्रश्न गर्दै नारद आफ्ना पिता ब्रह्मासंग भन्दछन्—हे देवदेव ! हे भूतनाथ र सबैका पूर्वज ! हजुरलाई प्रणाम छ। हजुर मलाई ज्ञानको साधन भन्नुहवस् र त्यो साधन यस्तो हुनुपर्दछ—जसले आत्मतत्व जान्न सकियोस् ॥ १ ॥ प्रत्यक्षमा त यो विश्व नै आत्मज्ञानको साधन हुनसक्तछ। यस निम्ति यसैको विषयमा प्रश्न गर्दै म भन्दछु—त्यो तत्वको जुन रूप हो, जसले त्यसको रचना गरेको होस्, जसमा त्यसको लय भएर जाने हो, त्यो जसको अधीन होस् र त्यो जुन प्रकारको होस्, हजुर मलाई यथार्थरूपमा त्यो तत्त्व भन्नुहवस् ॥२॥ हजुर यो त भन्नै सक्नु हुन्न कि 'म जान्दिन' किनभने हजुर सबै कुरा जान्नु हुन्छ। हजुर नै भूत, भविष्य र वर्तमानका स्वामी हुनुहुन्छ। यो समस्त विश्व हातमा राखेका अमला झैं हजुरलाई स्पष्ट देखिरहेको छ र हजुरले नै आफ्नो विशेष ज्ञानद्वारा यसको निर्णय गर्नुभएको छ ॥३॥ अस्तु, अरु कुरा छाडिदिएर पहिले हजुर यही भन्नुहवस् कि हजुरलाई यो ज्ञान कहाँबाट प्राप्त भयो ? हजुर कसको भरमा अडिनु भएको छ ? कसको अधीन

धात्साक्षाद्यदाह हरिरात्मनः ॥२५॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥ नारद उवाच ॥ देवदेव नमस्तेऽस्तु भूतभावन पूर्वज ॥ तद्विजानीहि यज्ज्ञानमात्मतत्त्वनिदर्शनम् ॥ १ ॥ यद्रूपं यदधिष्ठानं यतः सृष्टमिदं प्रभो ॥ यत्संस्थं यत्परं यच्च तत्तत्त्वं वद तत्त्वतः ॥ २ ॥ सर्वं ह्येतद्भवान्वेद भूतभव्यभवत्प्रभुः ॥ करामलकवद्विश्वं विज्ञानावसितं तव ॥ ३ ॥ यद्विज्ञानो यदाधारो यत्परस्त्वं यदात्मकः ॥ एकः सृजसि भूतानि भूतैरेवात्ममायया ॥ ४ ॥ आत्मन्भावयसे तानि न पराभावयन्स्वयम् ॥ आत्मशक्तिमवष्टभ्य ऊर्णनाभिरिवाक्लमः ॥ ५ ॥ नाहं वेद परं ह्यस्मिन्नावरं न समं विभो ॥ नामरूपगुणैर्भाव्यं सदसत्किञ्चिदन्यतः ॥ ६ ॥ स भवानचरद्घोरं यत्तपः सुसमाहितः ॥ तेन खेदयसे नस्त्वं परां शङ्कां प्रयच्छसि ॥ ७ ॥ एतन्मे पृच्छतः सर्वं सर्वज्ञ सकलेश्वर ॥ विजानीहि तथैवेदमहं बुद्ध्येऽनुशासितः ॥ ८ ॥ ब्रह्मोवाच ॥ सम्यक्कारुणिकस्येदं वत्स

रहनु हुन्छ ? हजुरको स्वरूप कुन हो ? मेरो विचारमा त हजुर नै स्वतन्त्र परमेश्वर हुनुहुन्छ र हजुर एक्लै पनि आफ्नो शक्तिद्वारा यो चराचर जगत्को रचना गर्नुहुन्छ ॥ ॥ हजुर आफ्नै शक्तिले त्यसको पालन पनि गर्नुहुन्छ, तर निरन्तर सृष्टि र पालनको कार्य गर्दैरहने भएर पनि हजुर थाक्नुहुन्न जस्तै—माकुरो आफ्नो शक्तिले सबैकुरागर्दछ— त्यही दशा हजुरको छ ॥५॥ हे विभो ! म त यो विश्वमा हजुरभन्दा उत्तम, मध्यम तथा अधम अरु कसैलाई पनि देख्दिन। यस जगत्मा कैयौं जीव सत्, असत्, स्थूल तथा सूक्ष्म रूपमा देखिइरहेछन्। हजुरबाहेक तिनका रचयिता अरुपनि कोही हुन सक्तछन् भन्नेकुरा मेरो बुद्धिमाआइरहेको छैन॥६॥ यस प्रकारसर्वगुणसम्पन्नभएरपनिहजुरले जुनघोर तपस्यागर्उभयो, यसले मलाई भ्रम भइरहेछ र हृदयमा यो शङ्का उठिरहेको छ कि के हजुरबाहेक अर्को ईश्वर पनि छ—जो हजुरभन्दा पनि ठूलो छ ? ॥७॥ हे सर्वज्ञ ! तथा हे सर्वेश्वर ! मैले हजुरसित जे जति सोधेको छु, त्यसको यस्तो उत्तर दिएर मेरो चित्त बुझाउनु हवस् जसमा म हजुरले बताउनुभएका सबै कुरा बुझ्नसकूँ ॥८॥ *परोपकारी नारदका कुराले प्रसन्न भएका ब्रह्मा भन्नु हुन्छ—हे वत्स ! तिम्रो

* उदाहरण—महाराज भोजको धारा नगरीमा एकपल्ट आगो लाग्यो। त्यसमा धेरै व्यक्ति डढेर मरे बलिरहेको पसलहरूबाट मानिस सहायताको निम्ति कराइ-कराइ डाकिरहेका थिए। यौटा पसलमा दुइटा साह्रै राम्रा र थोरै उमेरका नोकरहरूलाई आगोले छेक्यो। तिनको मालिक भनिरहेको थियो—'जो ती दुबैलाई बचाउँछ, त्यसलाई म दुइ हजार रूपियाँ चकस दिनेछु।' तर आगो यति भयङ्कर थियो कि कसैको पनि साहस

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal.

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्देह र प्रश्न साह्रै राम्रो छ । यस निम्ति पनि यो मान्हें राम्रो कुरा छ कि मलाई नारायणको गुण-गान गर्न उत्तम धर्ममा प्रवृत्त गरिरहेका छौ ॥ ९ ॥ हे नारद ! जस्तो कि तिमी भनिरहेका छौ, त्यो तिम्रो कथन झूठो होइन, मभन्दा पर पनि अर्को कुनै महाशक्ति छ र त्यसैद्वारा मलाई कर्म गर्ने सामर्थ्य प्राप्त हुन्छ, यो तिमीलाई थाहा छैन ।.१०॥ जसले आफ्नो तेज द्वारा यस विश्वलाई प्रकाशित पारेको छ, म त्यसैको प्रकाशद्वारा यसलाई सृष्टिरूपमा अभिव्यक्त गर्दछु । जस्तै—सूर्य,चन्द्र ताराहरू अन्य कसैको तेजले तेजोमय देखिन्छन्—त्यसै प्रकार म पनि छु । यसमा मेरो पुरुषार्थ केही पनि छैन । वेद पनि भन्दछ-न तत्र सूर्यो भाति न तारकं नेमा विद्युतो भान्ति कुतोऽयमाग्निः । तमेव भान्तमनुभाति सर्वं तस्यैव भासा सर्वमिदं विभाति ॥ अर्थात्—न सूर्य टल्कन्छन् न चन्द्रमा र न तारा त्यो बिजुली र आगो पनि टल्कन्नन् । यी सबै उनै तेजोमय नारायणका तेजद्वारा टल्कन्छन् ॥११॥ ती भगवान्‌लाई नमस्कार गरेर म उनै वासुदेवको ध्यान गर्दछु—जसको जितिनसक्नु मायाले गर्दा सबै मलाई जगद्‌गुरु भन्दछन्, तिनलाई पुनः पुनः नमस्कार छ । यो पहिले नै भनिसकिएको छ

ते विचिकित्सितम् ॥ यदहं चोदितः सौम्य भगवद्वीर्यदर्शने ॥ ९ ॥ नानृतं तव तच्चापि तथा मां प्रब्रवीषि भोः ॥ अविज्ञाय परं मत्त एतावत्त्वं यतो हि मे ॥ १० ॥ येन स्वरोचिषा विश्वं रोचितं रोचयाम्यहम् ॥ यथार्कोऽग्निर्यथा सोमो यथर्क्षग्रहतारकाः ॥ ११ ॥ तस्मै नमो भगवते वासुदेवाय धीमहि ॥ यन्मायया दुर्जयया मां ब्रुवन्ति जगद्‌गुरुम् ॥ १२ ॥ विलज्जमानया यस्य स्थातुमीक्षापथेऽमुया ॥ विमोहिता विकत्थन्ते ममाहमिति दुर्धियः ॥ १३ ॥ द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च ॥ वासुदेवात्परो ब्रह्मन्न चान्योऽर्थोऽस्ति तत्त्वतः ॥ १४ ॥ नारायणपरा वेदा देवा नारायणाङ्गजाः ॥ नारायणपरा लोका नारायणपरा मखाः ॥ १५ ॥ नारायणपरो योगो नारायणपरं तपः ॥ नारायणपरं ज्ञानं नारायणपरा गतिः ॥ १६ ॥ तस्यापि द्रष्टुरीशस्य कूटस्थस्याखिलात्मनः ॥ सृज्यं सृजामि सृष्टोऽहमीक्षयैवाभिचोदितः ॥ १७ ॥ सत्त्वं रजस्तम इति निर्गुणस्य

कि जब भगवान्‌को इच्छा हुन्छ तब आफ्नी मायाको वशवर्ती भएर संसारको रचनाभन्दा अगाडि नारायणको नाभि-कमलबाट ब्रह्मा उत्पन्न हुन्छन् र ब्रह्माबाट नै सृष्टि आरम्भ हुन्छ । यसैले ती जगत्‌गुरु कहिन्छन् ॥१२॥ यद्यपि माया स्वयं केही गर्दिनन् तापनि ती नारायणसित लज्जित हुँदै माया हामीहरूलाई मोहित पार्दछिन् । त्यसैले हामी दुर्बुद्धि व्यक्तिहरू स्वयं कर्ता बनेर 'मपाइँ' कहिनखोज्दछौं र भन्दछौं—'यो मेरो हो, 'यो तिम्रो हो । 'मैले यो गरें—त्यो गरें' ॥१३॥ यस प्रकार—'हामी भन्दा पनि ठूलो अर्को कुनै ईश्वर छ' यो कुरा बताएर नारदको 'यदधिष्ठानं' आदि प्रश्नहरूको उत्तर दिंदै भन्दछन्—द्रव्य (उपादानरूप महाभूत), कर्म (जन्मको निमित्त), काल स्वभाव र जीव, यी सबै नारायण नै हुन् । तींदेखि पृथक् अरु कोही पनि छैन ॥१४॥ सबै वेद नारायण स्वरूप छन् । सबै देवता नारायणका अंशबाट उत्पन्न भएका हुन् । स्वर्ग आदि सबै लोक नारायणपरक छन् र यी सबै नारायणलाई प्राप्त गर्ने साधक हुन् ॥१५॥ योग-प्राणायाम आदि चित्त एकाग्र पारेर नारायण प्राप्तिका साधक हुन् । ज्ञान साध्य हुनाले नारायणपरक हो र अन्य मोक्षादि त्यस ज्ञानका फल हुन् ।

भइरहेको थिएन । आफ्नो ज्यान आपत्तिमा पारेर को आगोमा हामफाल्दथ्यो ? तर भाग्य योगले त्यसै बखत यौटा अवधूत सन्त त्यहाँ आइपुगे । त्यो दृश्य देखेर—'ॐ नमो भगवते वासुदेवाय' भन्दै त्यो आगोमा हाम फाले र ती दुवै नोकरलाई सकुशल झिकेर ल्याए । त्यो व्यापारीले तुरुन्त दुइ हजार रूपियाँ उनलाई भेटी स्वरूप दिनखोजे । त्यो देखेर सन्तले भने—'यी रुपियाँ फर्काएर लैजाऊ र ईश्वरलाई धन्यवाद देऊ । आफ्नो परलोक सपार्नका लागि मैले यस संसारका सुखहरूलाई छाँडिदिएको छु भने तिम्रो सम्पत्ति लिएर के गर्ने ?

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसै निम्ति पनि नारायण नै हुन् ॥१६॥ ती सर्वदर्शी निर्विकार सबैका आत्मास्वरूप तथा भजन गर्ने योग्य नारायणको दृष्टि-संकेतले नै यस विश्वको रचना गरेको हुँ, किनकि पहिले स्वयं उनले नै मेरो सृष्टि गरेका हुन् ॥१७॥ यदि यो भन्दछौ कि 'तब ईश्वर र जीवको विभाग कसरी भयो ?' त्यो पनि सुन––निर्गुण भएर पनि सर्वव्यापक ती नारायणमा सत्व, रज र तम यी तीनै गुण छन्। तिनलाई नारायणको माया स्थिति, सृष्टि र संहार कार्य गर्नको निम्ति आफूसित लिने गर्दछन् ॥ १८ ॥ तीनै तीन गुण, पाँच-पाँच महाभूत र इन्द्रिय-देवताहरूको आश्रय बनेर वास्तवमा सर्वदा मुक्त रहने जीवलाई देह तथा इन्द्रिय आदिको अभिमानी तुल्याएर बाँधिलिने गर्दछन् ॥ १९ ॥ हे ब्रह्मन् ! मेरा नारायण इनै तीन गुरुहरूद्वारा सबैलाई झुक्याउने र आफ्नो गतिलाई स्वयं हेर्दै समस्त विश्व र मेरो प्रभुपदमा आसीन छन् ॥२०॥ अब सृष्टि गर्ने किसिम वर्णन गर्दै भन्दछन्–ती मायाका ईश आफ्नो मायाकै बलमा यौटाको अनेक रूप धारण गर्दै काल, कर्म र स्वभावलाई स्वीकार गर्दै र इनैको अनुकूल चल्दछन् ॥२१॥ ती परम पुरुषको अधीनतामा रहने कालसित गुणहरूको भेदभाव उत्पन्न भयो। तिनको स्वभावबाट परिणाम (यौटा रूप त्यागेर रूपान्तर प्राप्त गर्नु) उत्पन्न भयो र जीवको अदृष्ट कर्महरूबाट महत्तत्त्वको उत्पत्ति भयो ॥२२॥ महत्तत्त्वको

गुणात्रयः ॥ स्थितिसर्गनिरोधेषु गृहीता मायया विभोः ॥ १८ ॥ कार्यकारणकर्तृत्वे द्रव्यज्ञानक्रियाश्रयाः ॥ बध्नन्ति नित्यदा मुक्तं मायिनं पुरुषं गुणाः ॥१९॥ स एष भगवाँल्लिङ्गैस्त्रिभिरेभिरधोक्षजः ॥ स्वलक्षितगतिर्ब्रह्मन्सर्वेषां मम चेश्वरः ॥ २० ॥ कालं कर्म स्वभावं च मायेशो मायया स्वया ॥ आत्मनि स्वेच्छया प्राप्तं विबुभूषुरुपाददे ॥ २१ ॥ कालाद्गुणव्यतिकरः परिणामः स्वभावतः ॥ कर्मणो जन्म महतः पुरुषाधिष्ठितादभूत् ॥२२॥ महतस्तु विकुर्वाणाद्रजःसत्त्वोपबृंहितात् ॥ तमःप्रधानस्त्वभवद्द्रव्यज्ञानक्रियात्मकः ॥ २३ ॥ सोऽहंकार इति प्रोक्तो विकुर्वन्समभूत्त्रिधा ॥ वैकारिकस्तैजसश्च तामसश्चेति यद्भिदा ॥ द्रव्यशक्तिः क्रियाशक्तिर्ज्ञानशक्तिरिति प्रभो ॥ २४ ॥ तामसादपि भूतादेर्विकुर्वाणादभून्नभः ॥ तस्य मात्रा गुणः शब्दो लिङ्गं यद्द्रष्टृदृश्ययोः ॥ २५ ॥ नभसोऽथ विकुर्वाणादभूत्स्पर्शगुणोऽनिलः ॥ परान्वयाच्छब्दवांश्च प्राण ओजः सहो बलम् ॥२६॥ वायोरपि विकुर्वाणात्कालकर्मस्वभावतः ॥ उदपद्यत तेजो वै रूपवत्स्पर्शशब्दवत् ॥ २७ ॥ तेजसस्तु विकुर्वाणादासीदम्भो रसात्मकम् ॥

विकारबाट रजोगुण तथा सत्वगुणको वृद्धि हुन्छ र त्यसबाट तमोगुण-प्रधान द्रव्य-ज्ञान-क्रियात्मक जगत्को सृष्टि हुन्छ ॥ २३ ॥ यसैलाई अहङ्कार भन्दछन्। यस अहङ्कारका तीन भेद छन्––वैकारिक, तैजस र राजस। यी तीनै थरिमा तीन प्रकारका शक्तिहरू अन्तर्हित रहन्छन्। जस्तै––द्रव्यशक्ति, क्रियाशक्ति र ज्ञानशक्ति। द्रव्यशक्ति पृथ्वी-जल आदि पंच-महाभूतको सञ्चालन गर्दछन्। क्रियाशक्ति इन्द्रियहरूमा प्रसुप्त रहन्दछन् र ज्ञानशक्ति प्राणिहरूलाई देवताहरूतिर लैजान्छन् ॥२४॥ तिनीहरूबाट तामस अहङ्कारको विकाररूप आकाश-को सृष्टि भयो। आकाशको मात्रा गुण शब्द हो। त्यही शब्द द्रष्टा र दृश्यका लक्षण बताउँछ।–जस्तै—कसैले कसैसित 'हात्ती हात्ती' भन्यो। अब अर्को व्यक्ति जसले कहिल्यै पनि हात्ती देखेको छैन, त्यो त्यसले 'हात्ती-हात्ती' भनेको कुनै अर्थ तबसम्म बुझ्न सक्तैन, जबसम्म कि हात्तीलाई आफ्नो आँखाले देख्दछ,अनि त्यसलाई हात्तीको लक्षण ज्ञात हुनेछ ॥२५॥ अलि पर गएर आकाशको विकारबाट स्पर्श-गुण युक्त वायुको उत्पत्ति भयो। आकाशको संयोगबाट वायुमा शब्द उपज्यो। त्यही प्राण र ओजयुक्त बलरो लक्षणहरूले लक्षित हुनलाग्यो ॥ २६ ॥ फेरि वायुको विकार काल, कर्म तथा स्वभावबाट रूपवान् एवं शब्द र स्पर्श गुणयुक्त तेजको उत्पत्ति भयो ॥ २७ ॥ तेजको विकारबाट रसात्मक जलको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पत्ति भयो । त्यो जल आकाश आदिको संयोगबाट रूप, रस, स्पर्श र शब्द-गुण सम्पन्न भयो ॥२८॥ त्यस जलको विकारबाट गन्धवती पृथ्वी उत्पन्न भइन् । आकाशादिको संसर्गले यसमा रस, स्पर्श र रूप यी तीन गुण आए ॥२९॥ वैकारिक (सात्त्विक अहङ्कार) बाट मन तथा दस वैकारिक देवता उत्पन्न भए । जस्तै—दिशा, वायु, सूर्य, प्रचेता, अश्विनीकुमार (यी पाँचै क्रमशः श्रोत्र, त्वचा, नेत्र, जिह्वा र घ्राणेन्द्रियका स्वामी बने ।) अग्नि, इन्द्र, उपेन्द्र (विष्णु), मित्र र प्रजापति (यी पाँच क्रमशः वाणी, हात, पाउ, गुदा र लिंगका अधिष्ठाता भए ।) ॥३०॥ तेजको विकारबाट दस इन्द्रिय उत्पन्न भए, किनकि ज्ञानशक्ति (बुद्धि) र क्रिया शक्ति (प्राण) यी दुवै तैजस अहङ्कारका नै कार्य हुन् । यही तैजस अहङ्कारबाट ज्ञानरूपाको विशेषरूपा इन्द्रियहरू जायमान भए । ती इन्द्रिय हुन्—कान, त्वचा, चक्षु, जिह्वा, घ्राण, वाक्य, हात, पाउ, गुदा र लिंग ॥ ३१ ॥ जब यी महदादि भाव भिन्न-भिन्न रहेर शरीरको रचना गर्न सकेनन् ॥३२॥ तब भगवान्को शक्तिबाट प्रेरित भएर सत् र असत् यी दुवै प्रधान गुणका भाव यौटैमा मिसिएर समष्टि र व्यष्टि र व्यष्टिको भेदबाट आत्माका

रूपवत्स्पर्शवच्चाम्भो घोषवच्च परान्वयात् ॥ २८ ॥ विशेषस्तु विकुर्वाणादम्भसो गन्धवानभूत् ॥ परान्वयाद्रसस्पर्शशब्दरूपगुणान्वितः ॥ २९ ॥
वैकारिकान्मनो जज्ञे देवा वैकारिका दश ॥ दिग्वातार्कप्रचेतोऽश्विवह्नीन्द्रोपेन्द्रमित्रकाः ॥ ३० ॥ तैजसात्तु विकुर्वाणादिन्द्रियाणि दशाभवन् ॥
ज्ञानशक्तिः क्रियाशक्तिर्बुद्धिः प्राणस्तु तैजसी ॥ श्रोत्रं त्वग्घ्राणदृग्जिह्वावाग्दोर्मेढ्राङ्घ्रिपायवः ॥ ३१ ॥ यदैतेऽसङ्गता भावा भूतेन्द्रियमनोगुणाः ॥
यदायतननिर्माणे न शेकुर्ब्रह्मवित्तम ॥ ३२ ॥ तदा संहत्य चान्योन्यं भगवच्छक्तिचोदिताः ॥ सदसत्त्वमुपादाय चोभयं ससृजुर्ह्यदः ॥ ३३ ॥ वर्ष-
पूगसहस्रान्ते तदण्डमुदकेशयम् ॥ कालकर्मस्वभावस्थो जीवोऽजीवमजीवयत् ॥ ३४ ॥ स एव पुरुषस्तस्मादण्डं निर्भिद्य निर्गतः ॥ सहस्रोर्वङ्घ्रि
बाह्वक्षः सहस्राननशीर्षवान् ॥ ३५ ॥ यस्येहावयवैर्लोकान्कल्पयन्ति मनीषिणः ॥ कट्यादिभिरधः सप्त सप्तोर्ध्वं जंघनादिभिः ॥ ३६ ॥ पुरुषस्य
मुखं ब्रह्मक्षत्रमेतस्य बाहवः ॥ ऊर्वोर्वैश्यो भगवतः पद्भ्यां शूद्रोऽभ्यजायत ॥ ३७ ॥ भूर्लोकः कल्पितः पद्भ्यां भुवर्लोकोऽस्य नाभितः ॥ हृदा
स्वर्लोक उरसा महर्लोको महात्मनः ॥ ३८ ॥ ग्रीवायां जनलोकश्च तपोलोकः स्तनद्वयात् ॥ मूर्धभिः सत्यलोकस्तु ब्रह्मलोकः सनातनः ॥ ३९ ॥

दुइ देह बने ॥३३॥ अनि हजारौं वर्षपछि जलमा रहिरहेको त्यो अचेतन अण्डलाई काल, कर्म स्वभावको प्रधानता दिएर परमात्माले सजीव पारे ॥३४॥ अनि स्वयं परमात्मा त्यस अण्डलाई फोरेर त्यसबाट बाहिर निस्कयो तिनका हजारौं ऊरु, हजारौं आँखा, मुख र हजारौं मस्तक थिए ॥३५॥ त्यसपछि विद्वान्हरूले त्यसैको अगबाट सबै लोकको कल्पना गरे । ऊरु भन्दा तर खुट्टासम्मका अंगबाट अतलदेखि पातालसम्मका सात लोक र तिघ्रादेखि माथिका अवयवबाट पृथ्वी आदि सात लोकको उत्पत्ति मानियो ॥ ३६ ॥ ती परम पुरुषको मुखबाट ब्राह्मण, बाहुदण्डबाट क्षत्रिय, दुवै ऊरुबाट वैश्य र दुवै पाउबाट शूद्र उत्पन्न भए ॥ ३७ ॥ ती महात्माका दुवै पाउबाट भूर्लोक, नाभिबाट भुवर्लोक, हृदयबाट स्वर्लोक र छातीबाट महर्लोकको रचना भयो ॥ ३८ ॥ त्यसको ग्रीवाबाट जनलोक, दुवै स्तनबाट तपोलोक र मस्तकबाट सत्यलोकको रचना भयो । यी लोकहरूको अपेक्षा ब्रह्मलोक (वैकुण्ठ) सनातन छ । त्यसको कहिल्यै पनि विनाश हुँदैन ॥ ३९ ॥ ती परम पुरुषको कम्मरबाट अतललोक, दुवै ऊरुबाट वितललोक, दुवै घुँडबाट सुतलोक र उनै परम पुरुष परमात्माका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिघ्राबाट तलातल लोकको सृष्टि भयो । दुवै गुल्फबाट महातल लोक एवं कुर्कुचा र पैतालाबाट पाताललोक बन्यो ॥४०॥४१॥ पाउले भूर्लोक,नाभिबाट भुवर्लोक र मस्तकबाट स्वर्लोकको कल्पना भयो ॥४२॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां पंचमोऽध्यायः ॥५॥ ब्रह्माले भन्नुभयो—विराट्रूपधारी ती महापुरुषका मुखबाट वचन, अग्नि त्वचा आदि अवयवहरूबाट गायत्री आदि छन्द, सात धातु तथा तिनको जिह्वाबाट हव्य र देवताहरूको अन्न, कव्य (पितृहरूको अन्न), अमृत देवतागण तथा पितृहरूलाई अर्पण गरेर शेष रहेको अन्न) र सबै रसहरूको उत्पत्ति भयो ॥१॥ तिनको घ्राणेन्द्रियबाट जगत्का समस्त प्राणिहरूको प्राण, सामान्य तथा विशेष प्रकारका गन्ध र दुवै अश्विनीकुमार उत्पन्न भए ॥२॥ तिनका नेत्रबाट रूप, तेज, द्युलोक र सूर्य उत्पन्न भए । तिनका कान दशै दिशाहरू, नक्षत्र, आकाश र शब्दहरूका जनक भए । तिनको शरीर समस्त वस्तुहरूको सारांश र सौन्दर्यको केन्द्र बन्यो ॥३॥ तिनको त्वचा स्पर्श, वायु र सबै यज्ञहरूको उत्पत्ति स्थान बन्यो । तिनको रौं सबै वृक्षजातिका जनक भए, जसले कि यज्ञकार्यहरू

तत्कट्यां चातलं क्लृप्तमूरुभ्यां वितलं विभोः ॥ जानुभ्यां सुतलं शुद्धं जङ्घाभ्यां तु तलातलम् ॥४०॥ महातलं तु गुल्फाभ्यां प्रपदाभ्यां रसातलम् ॥
पातालं पादतलत इति लोकमयः पुमान् ॥ ४१ ॥ भूर्लोकः कल्पितः पद्भ्यां भुवर्लोकोऽस्य नाभितः ॥ स्वर्लोकः कल्पितो मूर्ध्ना इति वा लोक-
कल्पना ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे पञ्चमोऽध्यायः ॥ ५ ॥ ब्रह्मोवाच ॥ वाचां वह्नेर्मुखं क्षेत्रं छन्दसां सप्त धातवः ॥
हव्यकव्यामृतान्नानां जिह्वा सर्वरसस्य च ॥ १ ॥ सर्वासूनां च वायोश्च तन्नासे परमायने ॥ अश्विनोरोषधीनां च घ्राणो मोदप्रमोदयोः ॥ २ ॥
रूपाणां तेजसां चक्षुर्दिवः सूर्यस्य चाक्षिणी ॥ कर्णौ दिशां च तीर्थानां श्रोत्रमाकाशशब्दयोः ॥ तद्गात्रं वस्तुसाराणां सौभगस्य च भाजनम् ॥ ३ ॥
त्वगस्य स्पर्शवायोश्च सर्वमेधस्य चैव हि ॥ रोमाण्युद्भिज्जजातीनां यैर्वा यज्ञस्तु संभृतः ॥ ४ ॥ केशश्मश्रुनखान्यस्य शिलालोहाभ्रविद्युताम् ॥ बाहवो
लोकपालानां प्रायशः क्षेमकर्मणाम् ॥ ५ ॥ विक्रमो भूर्भुवः स्वश्च क्षेमस्य शरणस्य च ॥ सर्वकामवरस्यापि हरेश्चरण आस्पदम् ॥ ६ ॥ अपां
वीर्यस्य सर्गस्य पर्जन्यस्य प्रजापतेः ॥ पुंसः शिश्न उपस्थस्तु प्रजात्यानन्दनिर्वृतेः ॥ ७ ॥ पायुर्यमस्य मित्रस्य परिमोक्षस्य नारद ॥ हिंसाया
निर्ऋतेर्मृत्योर्निरयस्य गुदः स्मृतः ॥ ८ ॥ पराभूतेरधर्मस्य तमसश्चापि पश्चिमः ॥ नाड्यो नदनदीनां तु गोत्राणामस्थिसंहतिः ॥ ९ ॥ अव्यक्तरस-

सम्पन्न हुन्छन् ॥ ४ ॥ तिनका केश मेघको, उनको दाही जुँगा बिजुलीको, हात-पाउका नङ शिला र फलामको उत्पत्ति स्थान भए । तिनका हात सबैको कल्याण गर्न र लोकपालहरूका जन्मदाता भए ॥५॥ भगवान्को विक्रम (हिड्नू-डुल्नू) बाट भूः भुवः स्वः यी तीन लोक, क्षेम (पाएका धनादिको सुरक्षा) र शरण (भयबाट रक्षा गर्ने) का आश्रय बने । ती नारायका चरण सबै कामना र वरदानका आधार बने ॥६॥ भगवान्को उपस्थ (लिंग,) जल, वीर्य, सृष्टि, मेघ, प्रजापति तथा सन्तान प्राप्तिका निम्ति गरिने सम्भोगबाट जायमान आनन्दको जनक बन्यो ॥७॥ तिनको गुदा यम, मित्र (देवता विशेष), मल-त्याग, हिंसा, अकल्याण र नरकको उत्पत्ति स्थान भयो ॥८॥ ती भगवान्को पृष्ठभाग पराजय, अधर्म र तमोगुणको आश्रय भयो । तिनका नाडीहरू नदीहरू र नदहरूको आश्रय बने । तिनका हाड़हरू संसारका पर्वतहरूको आश्रय बने ॥ ९ ॥ तिनको उदर अन्न आदि प्रधान

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रस, सबै समुद्र र प्राणिहरूको पालनको उत्पत्ति स्थान बन्यो । तिनको हृदय मनको जन्मदाता भयो ।।१०।। ती परब्रह्मको आत्मा धर्म, मेरो (ब्रह्माको), तिम्रो (नारदको), सनकादि चारै कुमार, शिव, तत्त्वज्ञान र सत्वगुणको आश्रय बन्यो ।।११।। यहाँसम्म 'सहस्रशीर्षा पुरुषः' यस पुरुष सूक्तको वैदिक मन्त्रको अर्थ बताइसकियो । अब 'पुरुष एवेद' को अर्थ बुझाउँदै ब्रह्माजी नारदसित भन्नुहुन्छ–'म, तिमी, शिव, तिम्रा दाजू सनकादि मुनि, देवता, दैत्य, मनुष्य, हात्ती, पक्षी, मृग आदि वनजन्तु सर्प ।।१२।। गन्धर्व, अप्सरा, यक्ष, रक्षोगण, भूतगण, सर्प, शत्रु, पितर, सिद्ध, विद्याधर, चारण र वृक्ष आदि ।।१३।। विविध प्रकारका जल-स्थल तथा आकाशचारी ग्रह, नक्षत्र, विद्युत् तथा मेघ आदि ।।१४।। यी सबै र भूत, भविष्य तथा वर्तमान नारायणकै अधीन छन् । तिनले आफ्नो विशाल रूपद्वारा सम्पूर्ण विश्वलाई घेरिराखेको छ ।।१५।।जस्तै–सूर्यमण्डल आफ्नो भित्र-बाहिर सबैतिर प्रकाश फिंजाउँछ, त्यसै गरेर त्यो विराट् पुरुष स्वयं आफूलाई प्रकाशित पार्दै संसारका सबै प्राणिहरूसम्म प्रकाश पुर्याउँछ ।।१६।। अब ईश्वरको नित्यता बुझाउँदै पुरुषसूक्तको 'उतामृतत्वस्येशानो' यस वैदिक

सिन्धूनां भूतानां निधनस्य च ।। उदरं विदितं पुंसो हृदयं मनसः पदम् ।। १० ।। धर्मस्य मम तुभ्यं च कुमाराणां भवस्य च ।। विज्ञानस्य च सत्त्वस्य परस्यात्मा परायणम् ।। ११ ।। अहं भवान्भवश्चैव त इमे मुनयोऽग्रजाः ।। सुरासुरनरा नागाः खगा मृगसरीसृपाः ।। १२ ।। गन्धर्वाप्सरसो यक्षा रक्षोभूतगणोरगाः ।। पशवः पितरः सिद्धा विद्याध्राश्चारणा द्रुमाः ।। १३ ।। अन्ये च विविधा जीवा जलस्थलनभौकसः ।। ग्रहर्क्षकेतवस्तारास्तडितः स्तनयित्नवः ।। १४ ।। सर्वं पुरुष एवेदं भूतं भव्यं भवच्च यत् ।। तेनेदमावृतं विश्वं वितस्तिमधितिष्ठति ।। १५ ।। स्वधिष्ण्यं प्रतपन्प्राणो बहिश्च प्रतपत्यसौ ।। एवं विराजं प्रतपंस्तपत्यन्तर्बहिः पुमान् ।।१६।। सोऽमृतस्याभयस्येशो मर्त्यमन्नं यदत्यगात् ।। महिमैष ततो ब्रह्मन्पुरुषस्य दुरत्ययः ।। १७ ।। पादेषु सर्वभूतानि पुंसः स्थितिपदो विदुः ।। अमृतं क्षेममभयं त्रिमूर्ध्नोऽधायि मूर्धसु ।। १८ ।। पादास्त्रयो बहिश्चासन्नप्रजानां य आश्रमाः ।। अंतस्त्रिलोक्यास्त्वपरो गृहमेधोऽबृहद्व्रतः ।। १९ ।। सृती विचक्रमे विष्वक् साशनानशने उभे ।। यदविद्या च विद्या च पुरुषस्तूभयाश्रयः ।।२०।। यस्मादण्डं विराड् जज्ञे भूतेन्द्रियगुणात्मकः ।। तद्द्रव्यमत्यगाद्विश्वं गोभिः सूर्य इवातपन् ।।२१।। यदास्य नाभ्यान्नलिनादहमासं महात्मनः ।।

मन्त्रको अर्थ बुझाउँछन् । त्यो विराट् पुरुष मृत्यु र अन्त अर्थात् कर्मफलबाट परै छ । यसै कारण त्यो अमृतत्त्व (मोक्षरूप निजानन्द) र अभय यी दुवैका स्वामी हुन् । यसै कारण उनका उलंघनीय महिमा गान गरिन्छन् ।।१७।। जो व्यक्ति उनको अधीन रहन्छन् तिनलाई ती परम पुरुष बन्धन र मोक्ष दुवै नै वेला-वेलामा प्रदान गर्दै रहन्छ । यो बुझाउनको निम्ति पुरुषसूक्तको 'पादोऽस्य विश्वाभूतानि' यो वैदिकमन्त्रको अर्थ स्पष्ट पार्दै भन्छन्–यी भूर्लोक आदि सबै लोक र यहाँका निवासी उनका पाउमा स्थित छन् र उनको तीन मस्तकहरूमा क्रमशः अमृत, क्षेम र अभय विद्यमान रहिरहन्छन् ।।१८।। पूर्वकल्पमा पनि सन्तानहीन नैष्ठिक ब्रह्मचारी, वानप्रस्थ र यति, यिनका आश्रम तीनै लोकको बाहिर थिए र ब्रह्मचर्य व्रत हीन गृहस्थाश्रमी तीनैलोकका भित्र विद्यमान थिए ।।१९।। ती जगत्पूज्य परमात्मा दक्षिण र उत्तर ती दुवै बाटोबाट हिड्दथे । दक्षिण मार्गको अर्थ हो—अविद्या र स्वार्थमय कर्म मार्ग । विद्या (साधन र उपासनारूपी) मार्ग यस्तो छ कि त्यसमा हिड्नाले सांसारिक भोग प्राप्ति हुन्छ र यही मार्ग (विद्या) बाट मोक्ष पाइन्छ । त्यसमा इनै दुवै बाटो-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई नाघिसकेको थियो ।।२०।। त्यही परमात्माबाट यो ब्रह्माण्ड उत्पन्न भयो र उसैबाट इन्द्रियहरू तथा सत्त्वादि तीनै गुणले युक्त यौटा विराट् पुरुष जन्मान भयो । त्यही ईश्वर कहियो । त्यो ईश्वर त्यो विश्व, आफ्नो शरीर र अण्डबाट पनि अगाडि उसै गरी निस्केर गयो, जस्तै—मङ्गल ग्रहमा स्थित सूर्य आफ्ना किरण द्वारा सर्वत्र प्रकाश पुऱ्याउँदै अन्त्यमा मण्डल र विश्वलाई नाघिसक्दछ ।।२१।। जब म त्यस महात्माको नाभिबाट जायमान कमलको गर्भबाट उत्पन्न भएँ, अनि ती विराट् पुरुषको शरीर बाहेक मैले केही देखिन । त्यस बखत मलाई पशु-यूप आदि यज्ञका सामान पनि देखिएन ।। २२ ।। अरु केही नपाएर मैले ती परम पुरुषका अवयवहरूबाट नै यज्ञ-पशु (छाग आदि), यूपको निम्ति वृक्ष, कुश जसमाथि म बसेको छु यो यज्ञस्थान र त्रिविध गुणयुक्त कालको गरें ।।२३।। यी बाहेक अनेक वस्तु, जस्तै—पात्र, व्रीहि आदि औषधि, घिउ आदि स्नेह, मधुर, अम्ल आदि रस, फलाम, माटो, जल, यजुर्वेद तथा सामवेदका ऋचाहरू र चातुर्होत्र (अध्वर्यु आदि चार होताहरूबाट सम्पन्न हुने) कर्मको सृष्टि गरें ।। २४ ।। आनि मैले यज्ञहरूको ज्योतिष्टोम आदि नाम, स्वाहाकार आदि मन्त्र, दक्षिणा, ब्रह्मचर्य आदि व्रत, अग्नि आदि देवताहरूका अनुक्रम, बौधायन आदि कर्मपद्धतिका ग्रन्थ र अनुष्ठान गर्ने प्रकारहरूको सृष्टि गरे ।। ५।। विष्णु-

नाविदं यज्ञसंभारान्पुरुषावयवादृते ।।२२।। तेषु यज्ञस्य पशवः सवनस्पतयः कुशाः ।। इदं च देवयजनं कालश्चोरुगुणान्वितः ।। २३ ।। वस्तून्योषधयः स्नेहा रसलौहमृदो जलम् ।। ऋचो यजूंषि सामानि चातुर्होत्रं च सत्तम ।।२४।। नामधेयानि मन्त्राश्च दक्षिणाश्च व्रतानि च ।। देवतानुक्रमः कल्पः संकल्पस्तन्त्रमेव च ।।२५।। गतयो मतयश्चैव प्रायश्चित्तं समर्पणम् ।। पुरुषावयवैरेते सम्भाराः संभृता मया ।।२६।। इति संभृतसंभारः पुरुषावयवैरहम् ।। तमेव पुरुषं यज्ञं तेनैवायजमीश्वरम् ।।२७।। ततस्ते भ्रातर इमे प्रजानां पतयो नव ।। अयजन्व्यक्तमव्यक्तं पुरुषं सुसमाहिताः ।। २८ ।। ततश्च मनवः काले ईजिरे ऋषयोऽपरे ।। पितरो विबुधा दैत्या मनुष्याः क्रतुभिर्विभुम् ।। २९ ।। नारायणे भगवति तदिदं विश्वमाहितम् ।। गृहीतमायोरुगुणः सर्गादावगुणः स्वतः ।।३०।। सृजामि तन्नियुक्तोऽहं हरो हरति तद्वशः ।। विश्वं पुरुषरूपेण परिपाति त्रिशक्तिधृक् ।।३१।। इति तेऽभिहितं तात यथेदमनुपृच्छसि ।। नान्यद्भगवतः किंचिद्भाव्यं सदसदात्मकम् ।।३२।। न भारती मेऽङ्ग मृषोपलक्ष्यते न वै क्वचिन्मे मनसो मृषा गतिः ।। न मे हृषीकाणि

को गति, देवताहरूको ध्यान, प्रायश्चित्त (यज्ञमा आउने विघ्नहरू हटाउने कर्म) र गरिएका समस्त कर्मलाई भगवदर्पण गर्ने विधान यी सबैलाई मैले उनै परम पुरुषको अवयवद्वारा बनाएँ ।।२६।। जब यी सबै सामग्रीहरुलाई बनाइसकें, तब मैले तिनै सामग्रीद्वारा यज्ञस्वरूप परम पुरुष ईश्वरको पूजा गरें ।।२७।। मपछि तिम्रा दाजू (मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, भृगु, वसिष्ठ र दक्ष) नौ जना प्रजापतिहरुले इन्द्र आदि देवताहरूको रूपमा व्यक्त र अव्यक्त अर्थात् इन्द्रियातीत नारायणको पूजा गरे ।।२८।। त्यसपछि वेला-वेलामा अन्य ऋषि, पितृ, देवता, दैत्यहरू र मनुष्यहरुले पनि इनै यज्ञादिद्वारा ती महापुरुषको आराधना गरे ।।२९।। ती नारायणमा नै यो समस्त विश्व विद्यमान छ, जसले स्वयं त्रिगुणातीत भएर पनि सृष्टिको आदिमा मायाका अगणित गुणहरू स्वीकार गरेका थिए ।।३०।। उनैको आज्ञाले म सृष्टि गर्दछु, उनैको इच्छाले शिवजी सृष्टिको संहार गर्दछन् र ती मायापति स्वयं विष्णुरूप धारण गरेर यस सृष्टिको पालन गर्दछन् ।।३१।। हे तात ! ती परम पुरुषको विषयमा तिमीले ममित जे जति सोध्यौ, त्यो मैले सुनाएँ । कार्य-कारणात्मक यो संसार अथवा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावी संसार पनि ती नारायणदेखि पृथक् हुँदैन जे जति छ, सबै उनैबाट छ ।।३२।। मैले नारायणलाई आफ्नो उत्कण्ठापूर्ण हृदयमा बसालिएकेको छु । यसैतिम्ति हे अंग ! मेरो कुरा मिथ्या हुँदैन । मेरो मन दुष्ट मार्गमा जाँदैन मेरा इन्द्रियहरू असत्य मार्गमा जाँदैनन् ।।३३।। तर यद्यपि म वेदमय, पूर्ण तपस्वी, सबै प्रजापतिको पूज्य तथा अधिपति छु । योगपथको अवलम्बन गरेर मैले ठूलो निपुणताका साथ चित्तलाई स्थिर पारेर ती परम पुरुषलाई खोजें, तर ती परम पितालाई पाउन सकीन––जसमा मेरो जन्म भएको छ ।।३४।। शरणागत जनहरू-को भव-बन्धन काटिदिने, मङ्गलदायक र सुसेव्य ती नारायणका चरणलाई म प्रणाम गर्दछु । जो स्वयं आफ्नी मायाको वैभवलाई त्यसै गरी जान्न सकेनन्, जसरी आकाश स्वयं आफ्नो विस्तारलाई जान्न सक्तैन । अनि हामी जस्ता व्यक्ति उनलाई र तिनकी मायाको प्रपंचलाई कसरी जान्न सक्छौं ? ।। ३५ ।। तिनको वास्तविक गतिलाई न तिमीहरू, न शिवजी नै जान्न सक्छन्, भने अरु देवता कसरी जान्न सक्थे ? उनकी मायाद्वारा विमुग्ध बुद्धि भएर हामीहरू आफ्नो-आफ्नो बुद्धि अनुसार उनको वर्णन गर्दछौं ।। ३६ ।। हामी जसका

पतन्त्यसत्पथे यन्मे हृदौत्कण्ठ्यवता धृतो हरिः ॥३३॥ सोऽहं समाम्नायमयस्तपोमयः प्रजापतीनामभिवंदितः पतिः ॥ आस्थाय योगं निपुणं समाहितस्तं नाध्यगच्छं यत आत्मसंभवः ॥३४॥ नतोऽस्म्यहं तच्चरणं समीयुषां भवच्छिदं स्वस्त्ययनं सुमंगलम् ॥ यो ह्यात्ममायाविभवं स्म पर्यगाद्यथा नभः स्वान्तमथापरे कुतः ॥३५॥ नाहं न यूयं यदृतां गतिं विदुर्न वामदेवः किमुतापरे सुराः ॥ तन्मायया मोहितबुद्धयस्त्विदं विनिर्मितं चात्मसमं विचक्ष्महे ॥३६ ॥ यस्यावतारकर्माणि गायन्ति ह्यस्मदादयः ॥ न यं विदंति तत्त्वेन तस्मै भगवते नमः ॥३७॥ स एष आद्यः पुरुषः कल्पे कल्पे सृजत्यजः ॥ आत्माऽऽत्मन्यात्मनाऽऽत्मानं संयच्छति च पाति च ॥ ३८ ॥ विशुद्धं केवलं ज्ञानं प्रत्यक्सम्यगवस्थितम् ॥ सत्यं पूर्णमनाद्यन्तं निर्गुणं नित्यमद्वयम् ॥३९॥ ऋषे विदन्ति मुनयः प्रशान्तात्मेन्द्रियाशयाः ॥ यदा तदेवासत्तर्कैस्तिरोधीयेत विप्लुतम् ॥ ४० ॥ आद्योऽवतारः पुरुषः परस्य कालः स्वभावः सदसन्मनश्च ॥ द्रव्यं विकारो गुण इन्द्रियाणि विराट् स्वराट् स्थास्नु चरिष्णु भूम्नः ॥ ४१ ॥ अहं भवो यज्ञ इमे प्रजेशा दक्षादयो ये भवदादयश्च ॥ स्वर्लोकपालाः खगलोकपाला नृलोकपालास्तललोकपालाः ॥ ४२ ॥ गन्धर्वविद्याधरचारणेशा ये यक्षरक्षोरगनागनाथाः ॥ ये

अवतारहरूको गाथा गान गर्दछौं, तर राम्रो प्रकारले जान्न सक्तैनौं ती नारायणलाई नमस्कार छ ।।३७।। उनै आदिपुरुष कल्प-कल्पमा आफ्नी मायाद्वारा नै सृष्टि, पालन र संहार कार्य गर्दै रहन्छन् ।।३८।। त्यो ईश्वर विशुद्ध ज्ञानस्वरूप छ, त्यो सबैको अन्तरात्मामा विद्यमान रहन्छ र सन्देह आदिबाट रहित भएर स्थिर छ अर्थात् त्यसमा चञ्चलता छैन । त्यो सत्य-स्वरूप, आदि अन्त्यबाट रहित निर्गुण, नित्य र अद्वैत छ ।।३९।। हे नारद ! मुनिजन पनि उसलाई देह, इन्द्रिय, मन शान्त पारेर मात्र जान्न सक्छन् । अशान्त पुरुषको हृदय-मा पनि यद्यपि ती महापुरुषको ज्योति जागिरहन्छ तथापि ती दुष्टहरूको विविध तर्कनाहरूद्वारा त्यो प्रकाश लुप्त भएर जान्छ ।।४०।। त्यसको प्रथम अवतार 'पुरुष' हो । काल, स्वभाव, सत्, असत् (अर्थात् कार्यकारणात्मिका प्रकृति) यी तिनका शक्तिहरू हुन् । द्रव्य (महाभूत),अहङ्कार, सत्वादि गुण, इन्द्रियहरू, समष्टि शरीर तथा विराट् स्थावर र जङ्गम यो व्यष्टि शरीर नै ती परमपुरुषका कार्य हुन्।।४१।। म (ब्रह्मा), शिव,विष्णु,दक्षादि प्रजापति,नारदादि देवर्षि,स्वर्गलोकपालक, खगोलपालक, नरलोकपालक, पातालपालक ।।४२।। गन्धर्व, विद्याधर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र चारणहरूका रक्षक, यक्ष-राक्षस र सर्वलोकका पालक तथा समस्त श्रेष्ठ ऋषि, पितृ, दैत्यपति, सिद्धहरूका स्वामी तथा प्रेत-पिशाच-भूत-कूष्माण्ड (भृङ्गी आदि), जल-जन्तु, मृग तथा पक्षिहरूका अधिपति तिनका विभूति हुन् ॥४३॥ हे भगवन् ! संसारमा जति तेजयुक्त, ओजस्वी, बलवान्, सुन्दर, लज्जावान्, क्षमावान्, विभूतिसम्पन्न, बुद्धिमान, अद्भुत वर्णयुक्त, रूपवान् तथा अरू जीव छन्, ती सबै उनै परमात्माका विभूतिहरू हुन् ॥४४॥ हे ऋषे ! म ती महापुरुषका ती प्रधान-प्रधान गुणहरूको वर्णन गर्दछु, जसलाई ठूला-ठूला ऋषि गान गर्दछन् । तिमी ती उत्तम चरित्रहरू प्रेमपूर्वक सुन, किनकि त्यो सुन्नाले नजाति कुरा सुन्दा-सुन्दा कानमा जुन दोष आएको रहन्छ, त्यो नष्ट भएर *ईश्वरमा दृढ विश्वास हुन्छ ॥४५॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां षष्ठोऽध्यायः ॥६॥ ब्रह्माजी भन्नु हुन्छ—जब भगवान्ले

वा ऋषीणामृषभाः पितॄणां दैत्येन्द्रसिद्धेश्वरदानवेन्द्राः ॥ अन्ये च ये प्रेतपिशाचभूतकूष्माण्डयादोमृगपक्ष्यधीशाः ॥ ४३ ॥ यत्किञ्च लोके भगव-न्महस्वदोजःसहस्वद्बलवत्क्षमावत् ॥ श्रीह्रीविभूत्यात्मवदद्भुतार्णं तत्त्वं परं रूपवदस्वरूपम् ॥ ४४ ॥ प्राधान्यतो यानृषय आमनन्ति लीलावतारा-न्पुरुषस्य भूम्नः ॥ आपीयतां कर्णकषायशोषाननुक्रमिष्ये त इमान्सुपेशान् ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे षष्ठोऽध्याय ॥ ६ ॥ ब्रह्मोवाच ॥ यत्रोद्यतः क्षितितलोद्धरणाय बिभ्रत्क्रौडीं तनुं सकलयज्ञमयीमनन्तः ॥ अन्तर्महार्णव उपागतमादिदैत्यं तं दंष्ट्रयाऽद्रिमिव वज्रधरो ददार ॥ १ ॥ जातो रुचेरजनयत्सुयमान्सुयज्ञ आकूतिसूनुरमरानथ दक्षिणायाम् ॥ लोकत्रयस्य महतीमहरद्यदार्तिं स्वायंभुवेन मनुना हरिरित्य-नूक्तः ॥ २ ॥ जज्ञे च कर्दमगृहे द्विज देवहूत्यां स्त्रीभिः समं नवभिरात्मगतिं स्वमात्रे ॥ ऊचे ययाऽऽत्मशमलं गुणसङ्गपङ्कमस्मिन्विधूय कपिलस्य

पृथ्वीको उद्धार गर्न स्रुक्-स्रुवा आदि यज्ञका उपकरणयुक्त वाराह (सुँगुर) को रूप धारण गरे । उनले समुद्रमा त्यो आदिदैत्य हिरण्याक्षलाई पक्रेर आफ्ना दुवै हातले यसरी छुट्याइदिए, जसरी इन्द्रले आफ्नो वज्रद्वारा पर्वतहरू टुका-टुका पारिदिएका थिए ॥१॥ जब तो रुचि नामका प्रजापतिको पत्नी आकूतिको उदरबाट उत्पन्न भए, तब तिनको नाम सुयज्ञ भयो । उनले आफ्नी दक्षिणा नामकी भार्याद्वारा सुयम नामक देवताहरूलाई उत्पन्न गरे । त्यसपछि अनेकाने क प्रयत्नद्वारा तिनले त्रैलोक्यको संकट हरण गरे, तब स्वायंभुवमनुले तिनको नाम 'हरि राखिदिए ॥२॥ हे द्विज ! जब ती कर्दम प्रजापतिकी पत्नी देवहूतिको गर्भबाट नौ बहिनीसहित उत्पन्न भए, तब तिनको नाम 'कपिल' भयो । आफ्नी आमा (देवहूति) लाई ब्रह्मविद्या (सांख्यशास्त्र) को उपदेश दिए । त्यो सुनेर उनले आफ्नो आत्माको ती पापहरूलाई नष्ट पारिन्, जसले आत्मामा गुणहरूको संगरूपी हिलो लागिरहन्छ । तिनले आफ्नो शरीरबाट सबै

---

* उदाहरण (ईश्वरमा विश्वास)—यौटा अंग्रेज अफिसर आफ्नी नववधूसित जहाजमा बसेर यात्रा गरिरहेको थियो । अकस्मात् समुद्रमा ठूलो तूफान आयो । यात्रीहरू व्याकुल भए । तर त्यो अफिसर अलिकति पनि आत्तिएन । त्यसकी पत्नीले सान्है व्याकुल भएर सोधी—'तिमी यसरी शान्त भएर किन बसेका ?' अफिसरले दापबाट तरवार झिकेर पत्नीको घाँटीमा सोझ्याएर सोध्यो—'तिमीलाई डर लाग्दछ ?' पत्नीले भनी—'तिमीले यो केको स्वांग पारेका ? तिम्रो हातमा तरवार भएपछि मलाई कसको डर ? तिमी त मलाई सान्है नै मनपराउँछौ, होइन ?' अफिसरले भन्यो—'भयो, मेरो मनमा पनि यसै प्रकारको भाव छ । यो तूफान जब भगवान्को हातमा छ, तब मलाई कुन कुराको भय हुन सक्तछ ! यो त उनको अगाध प्रेमको प्रमाण हो । ऊ जे गति गर्नेछ, मेरो निम्ति लाभदायक नै सिद्ध हुनेछ ।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकारहरू हटाइदिए, जसले ती सद्गतिमा प्राप्त भइन् ।।३।। कुनै समय महर्षि अत्रिले भगवान्सित पुत्रमागे । भगवान्ले प्रसन्न भएर आज्ञा भयो–'म आफूलाई नै हजुरलाई सुम्पन्छु ।' त्यसपछि उनको घरमा जब भगवान् जन्मनु भयो, जब तिनको नाम 'दत्त' रह्यो । तिनका चरण-कमलको धूलोले पवित्र भएर यदु र हैहय (कार्तवीर्य) आदि अनेक राजाहरूले इहलौकिक कामनाहरू पूर्ण पान योगरूपिणीसम्पत्ति प्राप्त गरेका थिए ।।४।।लोक-सृष्टिको अभिलाषाले मैले जुन अघि उग्रतपस्या गरें,त्यो भगदर्पण गरिदिएँ, जसले ती सनक, सनन्दन, सनत्कुमार र सनातन यी चार रूपबाट अवतरित भए र पूर्वकल्पका नष्ट आत्मज्ञान फेरि यस कल्पमा जागृत पार्दै उपदेश दिए ।।५।। दक्षकी पत्नी र यमराजकी पत्नी मूर्तिको गर्भबाट भगवान् नर-नारायण यी दुइ स्वरूपमा अवतरित भए । ती नर-नारायणको तपस्या भङ्ग पार्न कामदेवका सेना रूपमा उर्वशी आदि अप्सराहरू गए, किन्तु उनको तपस्याका प्रभावबाट उत्पन्न आफ्नै सदृश स्त्रीहरूलाई देखेर ती उनको तपस्या भङ्ग पार्न सकेनन् ।।६।। कुशल इन्द्रिय-निग्रही शिव आफ्नो रोषपूर्ण दृष्टिले कामदेवलाई पोलनमा समर्थ भए, तर स्वयं आफूलाई नै

गतिं प्रपेदे ॥ ३ ॥ अत्रेरपत्यमभिकाङ्क्षत आह तुष्टो दत्तो मयाऽहमिति यद्भगवान्स दत्तः ॥ यत्पादपङ्कजपरागपवित्रदेहा योगर्द्धिमापुरुभयीं यदुहै-
हयाद्याः ॥ ४ ॥ तप्तं तपो विविधलोकसिसृक्षया मे आदौ सनात्स्वतपसः स चतुःसनोऽभूत् ॥ प्राक्कल्पसंप्लवविनष्टमिहात्मतत्त्वं सम्यग्जगाद मुनयो
यदचक्षतात्मन् ॥ ५ ॥ धर्मस्य दक्षदुहितर्यजनिष्ट मूर्त्यां नारायणो नर इति स्वतपःप्रभावः ॥ दृष्ट्वाऽऽत्मनो भगवतो नियमावलोपं देव्यस्त्वनङ्गपृतना
घटितुं न शेकुः ॥ ६ ॥ कामं दहन्ति कृतिनो ननु रोषदृष्ट्या रोषं दहन्तमुत ते न दहन्त्यसह्यम् ॥ सोऽयं यदन्तरमलं निविशन्बिभेति कामः कथं
नु पुनरस्य मनः श्रयेत ॥ ७ ॥ विद्धः सपत्न्युदितपत्रिभिरन्ति राज्ञो बालोऽपि सन्नुपगतस्तपसे वनानि ॥ तस्मा अदाद्ध्रुवगतिं गृणते प्रसन्नो
दिव्याः स्तुवन्ति मुनयो यदुपर्यधस्तात् ॥ ८ ॥ यद्वेनमुत्पथगतं द्विजवाक्यवज्रविप्लुष्टपौरुषभगं निरये पतन्तम् ॥ त्रात्वाऽर्थितो जगति पुत्रपदं च
लेभे दुग्धा वसूनि वसुधा सकलानि येन ॥ ९ ॥ नाभेरसावृषभ आस सुदेविसूनुर्यो वै चचार समदृग्जडयोगचर्याम् ॥ यत्पारमहंस्यमृषयः पदमाम-
नन्ति स्वस्थः प्रशान्तकरणः परिमुक्तसङ्गः ॥ १० ॥ सत्रे ममास भगवान्हयशीरषाथो साक्षात्स यज्ञपुरुषस्तपनीयवर्णः ॥ छन्दोमयो मखमयोऽखिल-

भस्म पार्ने क्रोधलाई भस्म पार्नमा ती पनि असमर्थ नै रहे । त्यो क्रोध पनि ती नारायणको अन्तरात्मामा पस्न डराउँथ्यो, अनि कामदेव शिवमा आफ्नो प्रभाव कसरी पार्न सक्थ्यो ? ।।७।। राजा उत्तानपादका छोरा ध्रुव बाल्यकालमा नै आफ्नी विमाताका वाग्बाणले छेडिएर तपस्या गर्नको निम्ति वनमा गएका थिए। ती नारायणले भजनानन्दी बालकलाई त्यो ध्रुव-पद प्रदान गरे–जसले माथिका भृगु आदि र तलका सप्तर्षि आज पनि उनको स्तुति गर्ने गर्दछन् ।।८।। ऋषिहरूले प्रार्थना गर्दा जब भगवान् कुमार्गगामी राजा वेनका पुत्र पृथु भएर अवतरित भए, तब उनले ब्राह्मणहरूको वचनरूपी वज्रद्वारा नष्ट-पौरुष र नष्ट सम्पत्ति हुने तथा नरकका अधिकारी ती राजा वेनको रक्षा गरेर आफ्नो पुत्र र पुंनामको नरकबाट रक्षा गर्ने नाम सार्थक पारे र जगत्को कल्याणार्थ उनले पृथ्वीबाट विविध प्रकारका अन्न आदि द्रव्यहरू दुहे ।।९।। उनै नारायण राजा नाभिकी मेरु नामकी पत्नीको गर्भबाट समदर्शी ऋषभ भएर अवतार लिए र आत्मदर्शनद्वारा इन्द्रियहरू आफ्नो वशीभूत पारी सबै विषयवासनाहरूको परित्याग गरिदिए, त्यो जडयोग (नित्य समाधि) को साधन गरे,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जपलाई ठूला-ठूला ऋषि 'परमहंसपद' भन्दछन् ॥१०॥ उनै भगवान् मेरो (ब्रह्माको) यज्ञमा सुवर्ण सदृश हयग्रीवको रूपमा प्रकट भएका थिए। त्यस समय तिनको नासिकाबाट छन्दोमय, यज्ञमय, यज्ञद्वारा पूजित हुने समस्त देवता र तिनको आत्माहरू उत्पन्न भए ॥११॥ युगको अन्त्य समयमा भावी वैवस्वत मनुले मत्स्य-रूपमा प्रकट भगवान्को दर्शन गरे। मत्स्य-भगवान् पृथ्वीका अवलम्बन र जगत्का समस्त जीवहरूको आश्रयस्वरूप थिए र मेरो मुखबाट निस्केका वेदहरू लिएर त्यस महाभयङ्कर प्रलय-जलधिमा आनन्दपूर्वक विचरण गर्दथे ॥१२॥ जब देवता र दानव अमृत प्राप्तिको निम्ति क्षीर समुद्रलाई मथिरहेका थिए, तब भगवान्ले कूर्म (कच्छप) अवतार लिएर मन्दर पर्वतलाई आफ्नो पिठिउँमा थाकेका थिए। तिनको पिठिउँमा अडिएको त्यो विशाल पर्वत जब देवताहरू र दैत्यहरूको हातबाट बेसरी घुमाइन्हेको वेला त्यसको घोटाइले मानो उनको चिलाई मरिरहेको थियो॥१३॥ देवताहरूको महान् भय नष्ट पार्ने भएका नारायण जब नृसिंह अवतार लिए। त्यस बखत रिसले उनको भृकुटी नाचिरहेको थियो र तिनको मुख सार्है डरलाग्दो देखिइरहेथ्यो। दैत्य-पति हिरण्यकशिपु गदा लिएर प्रभुमाथि झम्टिएको मात्र थियो--नृसिंह भगवान्ले त्यसलाई आफ्नो तिघ्राको माझमा थिचिलिए र आफ्ना तीखा नंग्राले त्यसको छाती फोरिदिए।

देवतात्मा वाचो बभूवुरुशतीः श्वसतोऽस्य नस्तः ॥ ११ ॥ मत्स्यो युगान्तसमये मनुनोपलब्धः क्षोणीमयो निखिलजीवनिकायकेतः ॥ विस्रंसिता मुरुभये सलिले मुखान्मे आदाय तत्र विजहार ह वेदमार्गान् ॥ १२ ॥ क्षीरोदधावमरदानवयूथपानामुन्मथ्नताममृतलब्धय आदिदेवः ॥ पृष्ठेन कच्छपवपुर्विदधार गोत्रं निद्राक्षणोऽद्रिपरिवर्तकषाणकण्डूः ॥ १३ ॥ त्रैविष्टपोरुभयहा स नृसिंहरूपं कृत्वा भ्रमद्भ्रुकुटिदंष्ट्रकरालवक्त्रम् ॥ दैत्येन्द्र-माशु गदयाऽभिपतन्तमाराद्रूरौ निपात्य विददार नखैः स्फुरन्तम् ॥ १४ ॥ अन्तःसरस्युरुबलेन पदे गृहीतो ग्राहेण यूथपतिरम्बुजहस्त आर्तः ॥ आहेदमादिपुरुषाखिललोकनाथ तीर्थश्रवः श्रवणमङ्गलनामधेय ॥ १५ ॥ श्रुत्वा हरिस्तु मरणार्थिनमप्रमेयश्चक्रायुधः पतगराजभुजाधिरूढः ॥ चक्रेण नक्रवदनं विनिपाट्य तस्माद्धस्ते प्रगृह्य भगवान्कृपयोज्जहार ॥ १६ ॥ ज्यायान्गुणैरवरजोऽप्यदितेः सुतानां लोकान्विचक्रम इमान् यदथाधियज्ञः ॥ क्ष्मां वामनेन जगृहे त्रिपदच्छलेन याञ्चामृते पथि चरन्प्रभुभिर्न चाल्यः ॥ १७ ॥ नार्थो बलेरयमुरुक्रमपादशौचमापः शिखां धृतवतो विबुधाधि-

त्यसैले त्यो छटपटाएर मर्यो ॥१४॥ कुनै समय यौटा बलवान् ग्राहले यौटा गजराजको खुट्टा समातेर तान्यो। त्यस बखत सार्है व्यथित भावले त्यो आफ्नो सूँढमा यौटा कमलको फूल लिएर करुणा पूर्ण वाणीमा बोल्यो--हे आदिपुरुष ! हे सम्पूर्ण जीवहरूका स्वामी ! हे मङ्गलमय ! हजुर मेरो रक्षा गर्नुहवस् ॥१५॥ त्यो शरणार्थीको आर्तवाणी सुनेर श्रीहरिभगवान् गरुडमाचढेर दगुर्दै पाल्नुभयो र चक्रले ग्राहको मुख फोरेर तथा हातले समाती गजराजलाई बचाउनु भयो ॥१६॥ द्वादश सूर्यहरूमा यज्ञका अधिष्ठाता नारायण यद्यपि अवस्थामा सबै भन्दा साना थिए, तर गुणमा श्रेष्ठ थिए। किनकि उनले वामन अवतारमा राजा बलिसित तीन पाउ पृथ्वी मागेर तीनै लोक र चौधै भुवन ढाकेका थिए। (यदि सोधौं कि यति ठूला र पराक्रमी र यशस्वी भएर पनि स्वयं भगवान् याचक बनेर त्यस्तो दुर्बलताको काम किन गरे--त्यसको उत्तर यो हो कि) धर्ममार्गमा हिड्ने राजा माग्ने बाहेक अरु कुनै उपायले पनि पदच्युत गर्न सकिन्न यसको अतिरिक्त कुनै उपाय पनि थिएन ॥१०॥ बलिका कुलगुरु शुक्राचार्यले यद्यपि राजा बलिलाई त्यस्तो दान दिनबाट रोके, किन्तु ती मनस्वी राजाले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुको कुरा पनि मानेनन् र दान दिएर वामन-भगवान्‌का चरण-जल आफ्नो शिरमा लगाए । जब भगवान्‌ले तीनै लोक र चौथै भुवन ढाक्नुभयो, तैपनि मागेको तीन पाउ भूमि पुग्न सकेन । अनि राजा बलिले त्यो पूर्ण पार्न शिर निहुराएर आफ्नू शरीरनै उनलाई अर्पण गरिदिए । त्यस अलौकिक त्यागको फलमा बलि देवताहरूका पनि स्वामी मानिन लागे ॥१८॥ हे नारद ! तिनै भगवान् एक पल्ट तिम्रो उज्ज्वल भक्तिभाव देखेर प्रसन्न भई हंस रूपमा अवतरित भएका थिए र तिमीलाई उनले आत्मज्ञान र भक्तियोग प्रदान गरेका थिए त्यो केवल उनका अनन्य भक्त नै पाउन सक्तछन्, अरु होइन ॥१९॥ अन्य मन्वन्तरमा भगवान् दसै दिशामा आफ्नो प्रभावरूपी सुदर्शन चक्रको तेज फिंजाउँदै र आफ्ना पवित्र कार्यहरूद्वारा राम्रो कीर्तिको विस्तार गर्दै मनुको रूपमा विराजमान हुन्थे र तीनैलोक––सत्यलोकका दुष्ट राजाहरूलाई पनि दण्ड दिन्थे ॥२०॥ तिनै भगवान् आफ्नो नामले नै संसारका महारोगी-हरूको रोग निवारण गर्दै धन्वन्तरी रूपमा अवतरित भएका थिए । तीन कीर्तिका मूर्तिमान् स्वरूप थिए र तिनको धेरैलामू आयु थियो । कुनै समय दैत्यहरूले तिनको यज्ञभाग खोसेका थिए, तर आफ्नो प्रबल प्रताप द्वारा उनले त्यो फेरि प्राप्त गरे र आयुर्वेद शास्त्रका त उनी प्रवर्तक नै ठहरिए ॥ २१ ॥ जब जगत्‌को विनाश विनाश गर्नको निम्ति विधाताले नरक

पत्यम् ॥ यो वै प्रतिश्रुतमृते न चिकीर्षदन्यदात्मानमङ्ग शिरसा हरयेऽभिमेने ॥ १८ ॥ तुभ्यं च नारद भृशं भगवान्विवृद्धभावेन साधु परितुष्ट उवाच योगम् ॥ ज्ञानं च भागवतमात्मसतत्त्वदीपं यद्वासुदेवशरणं विदुरञ्जसैव ॥ १९ ॥ चक्रं च दिक्ष्वविहतं दशसु स्वतेजो मन्वन्तरेषु मनुवंशधरो बिभर्ति ॥ दुष्टेषु राजसु दमं न्यदधात्स्वकीर्तिं सत्ये त्रिपृष्ठ उशतीं प्रथयंश्चरित्रैः ॥ २० ॥ धन्वन्तरिश्च भगवान्स्वयमेव कीर्तिर्नाम्ना नृणां पुरुरुजां रुज आशु हन्ति ॥ यज्ञे च भागममृतायुरवावरुन्ध आयुश्च वेदमनुशास्त्यवतीर्य लोके ॥ २१ ॥ क्षेत्रं क्षयाय विधिनोपभृतं महात्मा ब्रह्मध्रुगुज्झित-पथ्यं नरकार्तिलिप्सुः ॥ उद्धन्त्यसाववनिकण्टकमुग्रवीर्यस्त्रिः सप्तकृत्व उरुधारपरश्वधेन ॥ २२ ॥ अस्मत्प्रसादसुमुखः कलया कलेश इक्ष्वाकुवंश अवतीर्य गुरोर्निदेशे ॥ तिष्ठन् वनं सदयितानुज आविवेश यस्मिन्विरुध्य दशकन्धर आर्तिमार्च्छत् ॥ २३ ॥ अस्मा अदादुदधिरूढभयाङ्गवेपो मार्गं सपद्यरिपुरं हरवद्दिधक्षोः ॥ दूरे सुहृन्मथितरोषसुशोणदृष्ट्या तातप्यमानमकरोरगनक्रचक्रः ॥ २४ ॥ वक्षःस्थलस्पर्शरुग्णमहेन्द्रवाहदन्तैर्विडम्बितक-

यातनाका अधिकारी राजाहरूको वृद्धि गरिदिए––जसले राम्रो बाटो छाडेर ब्राह्मणहरूलाई पनि कष्ट दिन थालेथे, त्यत समय ती अतुलित बलशाली भगवान् परशुरामको रूपमा अवतरित भए र तिनले तीखो धार हुने आफ्नो खुँडाले एक्काइस पल्ट पृथ्वीलाई क्षत्रिय विहीन पारे ॥२२॥ हामीहरू प्रति कृपालु ती मायायति नारायण आफ्ना कलाहरू सहित इक्ष्वाकु वंशमा राम भएर अवतार लिनेछन् । त्यस बखत पिताको आज्ञा मानेर भाई लक्ष्मण र पत्नी सीता सहित वनमा जानेछन् र दशकन्धर रावणसित वैरत्व पर्नेछ ॥ २३ ॥ जब ती रावणसित युद्ध गर्न लङ्कामा जान लाग्दा माझमा समुद्र आउने छ । त्यस समय राम सीतालाई सम्झेर कुपित शङ्कर भगवान् जस्तै आफ्ना राता-राता आँखाले समुद्रतिर हेर्नेछन् त्यसले समुद्रको जल उम्लन लाग्नेछ––समुद्रका जन्तुहरू डढ्न लाग्नेछन् र समुद्र थर-थर काम्न लाग्नेछ । अनि निकै विनीत भावले प्रत्यक्ष उपस्थित भएर रामलाई बाटो छाडिदिने छ ॥ २४ ॥ भगवान् रामचन्द्र विशाल वानरी सेनाका माझमा उभिएर जसै आफ्नो धनुषको टङ्कार गर्नेछन्, त्यस रावणको जसले आफ्नो कठोर तपस्याको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो पराक्रम द्वारा इन्द्रको ऐरावतको दाँत टुक्रा-टुक्रा पारिदिए। ती टुक्राहरू चारैतिर छरिएर सबै दिशाहरू उज्जवल पारिदियो। अतः जो वर्ता अभिमानी रावण गर्वैलाई हेलाँ गर्दथ्यो र हाँस्तथ्यो, त्यसको हांसं समेत राम त्यसको प्राण पनि लिनेछन् ॥२५॥ उनै नारायण राक्षस सदृश राजाहरूका सेनाको अत्याचारले दुःखी पृथ्वीको दुःख निवारण गर्न आफ्ना दाजू बलराम सहित अवतार लिनेछन् र साधारण जनबाट अज्ञेय यस्ता-यस्ता काम गनछन्—जसले तिनका महिमाको विस्तार हुनेछ। त्यसैले स्पष्ट हुनेछ–ती ईश्वर हुन् ॥२६॥ यदि ती ईश्वर नभए केवल तीन महिनाका बालक पूतना जस्ती विकराल राक्षसीलाई कसरी मार्दथे, यौटा खुट्टा उफारेर शकटासुरलाई कसरी पल्टाइदिन्थे र घुँडाले हिड्दै गएर अग्लो यमलार्जुनलाई ओखलमा अल्झाएर कसरी उखेल्दथे ॥२७॥ यमुनाको विषयुक्त जल पिएर मृत व्रजका *गाईहरू र ग्वाल-बाललाई

कुब्जुष ऊढहासम् ॥ सद्योऽसुभिः सह विनेष्यति दारहर्तुर्विस्फूर्जितैर्धनुष उच्चरतोऽधिसैन्ये ॥ २५ ॥ भूमेः सुरेतरवरूथविमर्दितायाः क्लेशव्ययाय कलयाऽसितकृष्णकेशः ॥ जातः करिष्यति जनानुपलक्ष्यमार्गः कर्माणि चात्ममहिमोपनिबन्धनानि ॥ २६ ॥ तोकेन जीवहरणं यदुलूकिकायास्त्रैमासिकस्य च पदा शकटोऽपवृत्तः ॥ यद्रिङ्गताऽन्तरगतेन दिविस्पृशोर्वा उन्मूलनं त्वितरथाऽर्जुनयोर्न भाव्यम् ॥२७॥ यद्वै व्रजे व्रजपशून्विषतोयपीथान् पालांस्त्वजीवयदनुग्रहदृष्टिवृष्ट्या ॥ तच्छुद्धयेऽतिविषवीर्यविलोलजिह्वमुच्चाटयिष्यदुरगं विहरन् ह्रदिन्याम् ॥२८॥ तत्कर्म दिव्यमिव यन्निशि निःशयानं दावाग्निना शुचिवने परिदह्यमाने ॥ उन्नेष्यति व्रजमतोऽवसितान्तकालं नेत्रे पिधाय सबलोऽनधिगम्यवीर्यः ॥ २९ ॥ गृह्णीत यद्यदुपबन्धममुष्य माता शुल्वं सुतस्य न तत्तदमुष्य माति ॥ यज्जृम्भतोऽस्य वदने भुवनानि गोपी संवीक्ष्य शङ्कितमनाः प्रतिबोधिताऽऽसीत् ॥ ३० ॥ नन्दं च मोक्ष्यति भयाद्वरुणस्य पाशाद्गोपान्बिलेषु पिहितान्मयसूनुना च ॥ अह्न्यापृतं निशि शयानमतिश्रमेण लोके विकुण्ठ उपनेष्यति गोकुलं स्म ॥३१॥

आफ्नो कृपापूर्ण दृष्टिले हेरेर नै कसरी जीवित पार्दथे ! तिनै कृष्ण जलशुद्ध पार्न खेल्दा खेल्दै यमुनामा हाम्फालेर लामा-लामा जिब्रो र महाविष हुने कालीय नागलाई त्यहाँबाट धपाएर नै छाड्नेछन् ॥२७॥ उनका ती कार्यहरूलाई सबैले दिव्य (अमानवीय) कार्य भन्ने छन्। एक पल्ट ग्रीष्म ऋतुमा वनमा आगो लाग्नेछ र सबै व्रजवासीको प्राण संकटमा पर्नेछ। त्यस बखत बलराम सहित श्रीकृष्ण सबैलाई आँखा चिम्लन लगाई एक क्षणमै त्यो संकट टारेर व्रजको उद्धार गर्नेछन् ॥२९॥ एक पल्ट यशोदा कृष्णलाई बाँध्न खोज्दछिन्। त्यस बखत ती जुन जुन डोरीले बाँध्न खोज्नेछन् ती सबै छोटो हुनेछन्। एक पल्ट कृष्णले 'हाई' गर्दा यशोदा तिनको मुखमा तीनै लोक र चौधै भुवन-

* उदाहरण—यौटा गाई नदी किनारमा पानी पिउन गई र त्यहाँ हिलोमा गाडिई र बेसरी चिच्याउन लागी। यौटा चोर हत्या र चोरी गरेर त्यतैबाट गइरहेको थियो। गाईको चत्कार सुनेर त्यसको मन पग्लियो र झट्ट दगुर्दै नगीचै पुग्यो। त्यसले निकै परिश्रम गरेर गाईलाई झिक्यो र सुरक्षित स्थानमा पुऱ्यायो। वर-परबाट घाँस ल्याएर त्यसको अघिल्तिर राखिदिएर त्यहाँबाट हिंड्यो। राती सुती सुती त्यसले विचार गऱ्यो–'आज मैले दुइ काम गरें–यौटा घोर पाप र अर्को महापुण्य। अब ती पापपुण्य चोरको हृदयमा युद्ध गर्नलागे। चोरले प्रतिज्ञा गऱ्यो—यस पापबाट बाँचें भने फेरि कहिल्यै यस्तो गर्नेछैन र जीवनभरि गाईहरूको सेवा गर्दै रहने छु।' भोलिपल्ट बिहानै त्यो पक्रियो र फाँसीको सजाय पायो। जब त्यो फाँसीको तखतामा उभियो, तब त्यही गाई त्यसको तल आएर उभिई। त्यसलाई दुइ-तीन पल्ट फाँसीमा चढाए तर त्यो चोर मरेन। त्यसले त्यो चोर हाँस्न लाग्यो। राजाले चोरसित हाँस्ने कारण सोधे, उसले भन्यो—'यौटी गाई तल आएर उभिइन्छिन् र मलाई बचाउँछिन्।' त्यसपछि चोरले रातीको सारा बृत्तान्त सुनाइदियो। अनि राजाले त्यसलाई छाडिदिए र गाईहरूको सेवामा सहायता दिने आश्वासन दिए।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

देखेर छक्क परिन् र त्यसै बखत तिनलाई भगवान्‌का महिमाको ज्ञान हुनेछ ।।३०।। ती कृष्ण वरुणका पाशमा परेका नन्दलाई मुक्त पार्नेछन् । मय दानवको छोरो व्योमासुरको फेला परेका ग्वाल-बालहरूको रक्षा गर्नेछन् र दिनभरि कठोर परिश्रम गरेर राती सुतेका सबै गोकुल-निवासीहरूलाई वैकुण्ठ-धाममा पुऱ्याइदिने छन् ।।३१।। जब व्रजका गोपालहरू इन्द्रको वार्षिक यज्ञको विरोध गरेर गोवर्धनको पूजामा लाग्नेछन्, तर इन्द्र, समस्त व्रजलाई बगाइदिन घनघोर वर्षा गर्नन् । त्यस बखत केवल सातवर्षको उमेरमा भगवान् श्रीकृष्णचन्द्र ती ग्वाल-बाल र व्रजका पशुहरूलाई बचाउन गोवर्धन पर्वतलाई गोत्रे छाता जस्तै आफ्नो औंलामा उचाल्ने छन् र सात दिनसम्म त्यसै गरी ओकिराख्ने छन् ।।३२।। एक दिन आधा रातको बेलामा जब चन्द्रमा आफ्ना उज्ज्वल किरणले सारा संसारलाई गौरवर्णको छाता झैं ओढाउने छन्, त्यसै बखत श्रीकृष्ण रासक्रीडा गर्ने विचारले सुन्दर पद-विन्यास युक्त एवं हृदयस्पर्शी आलाप लिएर गीत गाउनन्, त्यो सुनेर कामले विह्वल भई सम्पूर्ण व्रजसुन्दरी दगुर्दै पुग्नेछन् । त्यसै अवसरमा कुबेरको अनुचार शंखचूड ती गोपिनीहरूलाई चोर्ने विचारले त्यहाँ पुग्ने छ र भगवान त्यसको शिर काट्नेछन् ।।३३।। त्यो बाहेक प्रलम्ब, खर (धेनुकासुर), बकासुर, केशी, अरिष्ट, कंसका पहलवान,

गोपैर्मखे प्रतिहते व्रजविप्लवाय देवेऽभिवर्षति पशून्कृपया रिरक्षुः ॥ धर्तोच्छिलीन्ध्रमिव सप्त दिनानि सप्तवर्षो महीध्रमनघैककरे सलीलम् ॥ ३२ ॥
क्रीडन् वने निशि निशाकररश्मिगौर्यां रासोन्मुखः कलपदायतमूर्च्छितेन ॥ उद्दीपितस्मररुजां व्रजभृद्वधूनां हर्तुर्हरिष्यति शिरो धनदानुगस्य ॥३३॥
ये च प्रलम्बखरदर्दुरकेश्यरिष्टमल्लेभकंसयवनाः कुजपौण्ड्रकाद्याः ॥ अन्ये च शाल्वकपिबल्वलदन्तवक्त्रसप्तोक्षशम्बरविदूरथरुक्मिमुख्याः ॥ ३४ ॥
ये वा मृधे समितिशालिन आत्तचापाः काम्बोजमत्स्यकुरुकैकयसृञ्जयाद्याः ॥ यास्यन्त्यदर्शनमलं बलपार्थभीमव्याजाह्वयेन हरिणा निलयं तदीयम् ॥ ३५ ॥ कालेन मीलितधियामवमृश्य नॄणां स्तोकायुषां स्वनिगमो बत दूरपारः ॥ आविर्हितस्त्वनुयुगं स हि सत्यवत्यां वेदद्रुमं विटपशो विभजिष्य-ति स्म ॥ ३६ ॥ वेदद्विषां निगमवर्त्मनि निष्ठितानां पूर्भिर्मयेन विहिताभिरदृश्यतूर्भिः ॥ लोकान् घ्नतां मतिविमोहमतिप्रलोभं वेषं विधाय बहु भाष्यत औपधर्म्यम् ॥३७॥ यर्ह्यालयेष्वपि सतां न हरेः कथाः स्युः पाखण्डिनो द्विजजना वृषला नृदेवाः ॥ स्वाहा स्वधा वषडिति स्म गिरो न यत्र

कुवलयापीड हात्ती, कंस, यवन, कुज (नरकासुर), पौण्ड्रक, शाल्व, कपि (द्विविद वानर), दन्तवक्त्र, सप्तोक्ष, शम्बर, विदूरथ, रुक्मी ।।३४।। काम्बोज, मत्स्य, कुरु केकय र सृञ्जयादि जुन पनि राजा धनुष-बाण लिएर संग्राममा तत्पर हुनन्, ती सबैलाई बलराम, भीम, अर्जुन द्वारा र कतिलाई आफैले पनि मारी श्रीकृष्ण आफ्नो वैकुण्ठधाम पठाइदिनन् ।।३५।। कालान्तरमा जब संसारका अल्पायु मनुष्यको बुद्धि कुण्ठित हुनेछ र तिनको निम्ति वेद बुझ्न कठिन हुनेछ, तब उनै नारायण सत्यवतीका गर्भबाट व्यास रूपमा जन्म लिएर वेदरूपी वृक्षका अनेक शाखाहरू र उपशाखाहरू बनाएर त्यसको अनेक भाग गरिदिनन् (त्यसले त्यो सरल हुनेछ) ।।३६।। वेदमार्गमा आस्था राखेर दैत्यहरूद्वारा गरिएका सत्कर्म र मयदानवको प्रयत्नले जब राक्षसहरूको बल बढ्ला तब ती सबै लोकालोक नष्ट पार्न थाल्ने छन् । त्यस अवस्थामा भगवान् तिनको बुद्धि भ्रममा पार्न साह्रै उत्तम वेष बनाएर बुद्ध अवतार लिनेछन् र अनेक उपधर्महरूको वर्णन गर्नन् । त्यसो गर्नाले दैत्यगण वैदिक-धर्म त्यागेर अधर्मको बाटोमा हिंड्ने छन् र स्वयं तिनको नाश हुनेछ । ।।३७।। जब सज्जनहरूका घरमा पनि नारायणका यश गाइने छैनन्—ब्राह्मण, क्षत्रिय, वैश्य यी तीनै वर्ण पाखण्डी र संसारका सबै राजा शूद्र हुने छन् र स्वधा तथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वषट्कारका शब्द पनि सुनिने छैनन्, तब युगको अन्त्यका भगवान् कल्किरूपमा अवतरित हुनन् र भयानक कलिको दमन गर्नन् ॥ ३८ ॥ सृष्टिकार्यमा तप, म (ब्रह्मा) कर्दम आदि ऋषि र मरीचि आदि नौ प्रजापति यी सबै नारायणका विभूति नै हुन् । यसै गरी पालन कार्यमा—विष्णु, धर्म, यज्ञ, मनु,देवता र राजागण उनकै विभूति हुन् । संहार कार्यमा—अधर्म, शिव, सर्प र दैत्यगण, यी महाशक्तिशालिनी विभूतिहरू हुन् ॥३९॥ गुन विद्वान परमाणुहरूलाई गन्न समर्थ भइसकेका थिए, ती पनि नारायणका गुणहरूको गणना गर्न असमर्थ नै रहे । जसले प्रबल वेगले कम्पायमान सत्यलोकसम्म आफ्नो वशमा पारिसकेका थिए र जो सत्त्व, रज, तम तीनै गुणमा विजय प्राप्त गरेर त्रिगुणातीत भइसकेका थिए तिनका गुणहरू गन्नु कुनै साधारण कुरा थिएन ॥४०॥ ती महाबली महापुरुषको अन्त न मैले भेटें, न तिमीभन्दा पनि ठूला-ठूला मुनिजनले नै पाउन सके । कतिसम्म भने हजार मुख भएका शेषनाग दिन-रात गुणगाउँदै रहे पनि पार पाउन सक्तैनन् ॥४१॥ यदि तपाईं भन्नोस्—जब कसैले पार पाउन सक्तैन भने मानिस मुक्त कसरी हुन्छन् । सुन्नुहवस्—ती करुणा

शास्ता भविष्यति कलेर्भगवान् युगान्ते ॥ ३८ ॥ सर्गे तपोऽहमृषयो नव ये प्रजेशाः स्थाने च धर्ममखमन्वमरावनीशाः ॥ अन्ते त्वधर्महरमन्युवशासुराद्या मायाविभूतय इमाः पुरुशक्तिभाजः ॥३९॥ विष्णोर्नु वीर्यगणनां कतमोऽर्हतीह यः पार्थिवान्यपि कविर्विममे रजांसि ॥ चस्कम्भ यः स्वरंहसा स्खलता त्रिपृष्ठं यस्मात्त्रिसाम्यसदनादुरुकम्पयानम् ॥ ४० ॥ नान्तं विदाम्यहममी मुनयोऽग्रजास्ते मायाबलस्य पुरुषस्य कुतोऽपरे ये ॥ गायन्गुणान्दशशतानन आदिदेवः शेषोऽधुनापि समवस्यति नास्य पारम् ॥ ४१ ॥ येषां स एव भगवान्दययेदनन्तः सर्वात्मनाश्रितपदो यदि निर्व्यलीकम् ॥ ते दुस्तरामतितरन्ति च देवमायां नैषां ममाहमिति धीः श्वशृगालभक्ष्ये ॥ ४२ ॥ वेदाहमङ्ग परमस्य हि योगमायां यूयं भवश्च भगवानथ दैत्यवर्यः ॥ पत्नी मनोः स च मनुश्च तदात्मजाश्च प्राचीनबर्हिर्ऋभुरङ्ग उत ध्रुवश्च ॥ ४३ ॥ इक्ष्वाकुरैलमुचुकुन्दविदेहगाधिरघ्वम्बरीषसगरा गयनाहुषाद्याः ॥ मान्धात्रलर्कशतधन्वनुरन्तिदेवा देवव्रतो बलिरमूर्त्तरयो दिलीपः ॥ ४४ ॥ सौभर्युतङ्कशिबिदेवलपिप्पलादसारस्वतोद्धवपराशरभूरिषेणाः ॥ ऐऽन्ये विभीषणहनूमदुपेन्द्रदत्तपार्थार्ष्टिषेणविदुरश्रुतदेववर्याः ॥ ४५ ॥ ते वै विदन्त्यतितरन्ति च देवमायां स्त्रीशूद्रहूणशबरा अपि

सागर नारायण जसमाथि दया गर्दछन् ती दयाभाजन भक्त यदि कपट शून्य मन, वचन कर्मले एक मात्र नारायणका वन्दछन् तब भगवान्को तरिनसक्नु मायालाई तर्न सक्तछन् । अनि कुकुर र स्यालको भोजनस्वरूप यस तुच्छ शरीरमा तिनको ममत्व रहन्न ॥ ४२ ॥ मायाको भित्री रहस्यबाट अनभिज्ञ भएर पनि धेरै व्यक्ति यति त जान्दछन्—माया के हो ? ती जान्नेहरूमा म, तिमी, शिव, प्रह्लाद, स्वायंभुव मनु, तिनकी पत्नी शतरूपा, तिनका छोरा-छोरीहरू, प्राचीनवर्हि, राजा वेनका पिता, अंग र ध्रुव ॥४३॥ इक्ष्वाकु, ऐल (पुरूरवा), मुचुकुण्द, जनक गाधी, रघु, अम्बरीष, सगर,गय, नहुषका छोरा ययाति, मान्धाता, अलर्क, शतधनु, अनु, रन्तिदेव, देवव्रत (भीष्म) बलि अमूर्तरथ र दिलीप ॥४४॥ सौभरि, उत्तङ्क, शिवि, देवल, पिप्पलाद, सारस्वत,उद्धव, पराशर भूरिषेण र यी बाहेक विभीषण, हनुमान, उपेन्द्रदत्त (शुक),पार्थ, आर्ष्टिषेण र श्रुतदेव ॥४५॥यिनैहर भगवान्को मायालाई जान्दछन् ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी बाहेक अगणित स्त्री, शूद्र, शबर र तिर्यक्जातिका पापी जीव पनि अद्भुत गति हुने नारायणले बताएका मार्गमा हिंडेर उनको भक्ति गर्दछन् भने यस विकराल देवमायालाई नाघ्न सक्छन्, अनि तिनको विषयमा के भन्नु—जो भगवान्का यश सुन्दछन् र मनलाई सबैतिरबाट बटुलेर भगवान्मा लगाई राख्दछन् ।। ४६ ।। तब भगवान्को त्यो कुन स्वरूप हो—जसमा मन लगाएर व्यक्ति देवमायाबाट निस्तार पाउँछन् ! सुन—त्यो स्वरूप यस्तो छ कि जहाँ पुगेपछि मनलाई परमशान्ति प्राप्त हुन्छ, त्यहाँ कुनै प्रकारको भय रहन सक्तैन, त्यहाँ एकमात्र ज्ञानरसका स्वाद पाइन्छ, त्यो ज्ञान सधैं शुद्ध रहन्छ, त्यहाँ जाती-नजाती कामको भेदभाव रहन्न, त्यहाँ केवल आत्मतत्त्वको दर्शन हुँदै रहन्छ, त्यहाँ धेरै थरि कारकहरू (काम गर्नेहरू) द्वारा गरिने न काम छन् न तिनको फल नै छ । इन्द्रियहरूबाट केवल ज्ञानको अभिव्यक्ति हुन्छ । त्यहाँ पुगेपछि माया लज्जित भएर स्वतः सुटुक्क निस्केर जान्छिन् ।।४७।। ती परम पुरुषको त्यही स्थान हो जसलाई ठूला-ठूला मुनिजन नित्य सुख-स्वरूप र शोकरहित ब्रह्म भन्दछन् । जो जन तिनमा मन लगाएर कृतार्थ हुन्छन्, तिनले फेरि गर्नु केही शेष रहन्न । ती उनमै मन लगाएर आफ्नो कर्तापन नै त्यागिदिन्छन् । जस्तै—इनार खनेर तयार भएपछि कुटो-कोदालो आदिको आवश्यकता केही रहन्न ।। ४८ ।। किनकि ती

पापजीवाः ।। यद्यद्भुतक्रमपरायणशीलशिक्षास्तिर्यग्जना अपि किमु श्रुतधारणा ये ।। ४६ ।। शश्वत्प्रशांतमभयं प्रतिबोधमात्रं शुद्धं समं सदसतः परमात्मतत्त्वत् ।। शब्दो न यत्र पुरुकारकवान्क्रियार्थी माया परैत्यभिमुखे च विलज्जमाना ।। ४७ ।। तद्वै पदं भगवतः परमस्य पुंसो ब्रह्मेति यद्विदुरजस्रसुखं विशोकम् ।। सध्र्यङ् नियम्य यतयो यमकर्त हेतिं जह्युः स्वराडिव निपानखनित्रमिन्द्रः ।।४८।। स श्रेयसामपि विभुर्भगवान्यतोऽस्य भावस्वभावविहितस्य सतः प्रसिद्धिः ।। देहे स्वधातुविगमेऽनुविशीर्यमाणे व्योमेव तत्र पुरुषो न विशीर्यतेऽजः ।। ४९ ।। सोऽयं तेऽभिहितस्तात भगवान्विश्वभावनः ।। समासेन हरेर्नान्यदन्यस्मात्सदसच्च यत् ।। ५० ।। इदं भागवतं नाम यन्मे भगवतोदितम् ।। संग्रहोऽयं विभूतीनां त्वमेतद्विपुलीकुरु ।।५१।। यथा हरौ भगवति नृणां भक्तिर्भविष्यति ।। सर्वात्मन्यखिलाधार इति संकल्प्य वर्णय ।। ५२ ।। मायां वर्णयतोऽमुष्य ईश्वरस्यानुमोदतः ।। शृण्वतः श्रद्धया नित्यं मात्ययात्मा न मुह्यति ।।५३।। इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे ब्रह्मनारदसंवादे सप्तमोऽध्यायः ।।७।। राजोवाच ।। ब्रह्मणा चो·

नारायण त सबै प्राणिहरूका शुभाशुभ कर्मको फल दिन्छन् र ती नै सबैको स्वभाव तथा सबै सत्कर्महरूका पर्यालोचन गरेर त्यसैको अनुसार निर्णय गर्दछन् । संसारका साधारण प्राणी धातुहरू क्षीण भएपछि देह त्यागिदिन्छन, तापनि आकाश-तत्त्वलाई त्याग्न सक्तैनन् । यस प्रकार ती अजन्मा पुरुष देह सहित, जन्म लिन्छन्, तर देहापित नष्ट भएर मनुष्यहरूका सत्कर्मको फल दिंदै रहन्छन् ।।४९।। हे तात ! ती विश्वभावन भगवान् यस प्रकारका छन् । मैले त रूप बताएँ—त्यो संक्षेपमा छ । भगवान्को सामुन्ने सत्-असत् अथवा कार्य कारण केही पनि रहन्न ।।५०।। यो भागवत शास्त्र भगवान्ले मलाई सुनाउनुभएको थियो, त्यही म आज तिमीलाई सुनाइरहेछु । यो विभूतिहरूको विशाल संग्रह छ । तिमी यसलाई स्वीकार गरेर यसको लोकमा विस्तार गर ।।५१।। जसरी यसलाई भन्ना-सुन्नाले मनुष्य भगवान्को भक्ति गरुन् यस्तो दृढ निश्चय गरेर तिमी ती महाप्रभुको लीलाहरू राम्रो काइदाले वर्णन गर । किनकि भक्ति-रस नभई त्यो परमतत्त्वको परिज्ञान हुन सक्तैन ।।५२।। जो व्यक्ति श्रद्धापूर्वक ईश्वरका लीलाको संगसंगै मायाको वर्णन गर्दै वा सुन्दै रहन्छन्, तिनको आत्मा मायाको चक्रमा पर्न सक्तैन ।।५३।। इति श्रीमद्भागवते महापुराणे द्वितीय स्कन्धे नेपाली भाषाटीकायां सप्तमोऽध्यायः ।।७।। (राजा परीक्षितद्वारा श्रीमद्भागवतसम्बन्धी प्रश्न)—राजा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुक मुनिसित भने–'हे भगवन् ! ब्रह्माजीको प्रेरणले देवर्षि नारदले कस-कसको समक्ष ती गुणातीत प्रभुका गुणहरू गान गरे ॥१॥ हे वेदज्ञानीहरूमा श्रेष्ठ मुनिराज ! म यस कुरालाई जान्न खोजिरहेको छु, किनकि अद्भुत पराक्रमशाली नारायणका कथाहरू कल्याण गर्दछन् ॥२॥ हे महाभाग ! हजुर मलाई कुनै यस्तो उपाय भन्नुहवस्—जसले म निखिल विश्वका आत्मा स्वरूप भगवान्मा आफ्नो निःसंग मन लगाएर यस कलेवरलाई त्यागिदिउँ ॥३॥ जो व्यक्ति श्रद्धापूर्वक नित्य भगवान्का लीलाहरू सुन्दै रहन्छन्, भने थोरै दिनमा पनि नारायण तिनको हृदयमन्दिरमा आएर विराजमान हुन्छन् ॥४॥ ती प्रेमी श्रोताहरूको कर्ण-पथबाट हृदय कमलमा गएर तिनका सबै पापहरू त्यसै गरी नष्ट गरिदिन्छन्, जसरी शरदृऋतु पानीको धमिलो पन नष्ट गरिदिन्छ ॥५॥ यसरी जसका पाप पखालिन्छन्, त्यो फेरि कहिल्यै पनि श्रीकृष्णभगवान्का चरण छाड्दैन, तथा त्यसलाई उस्तै गरी कुनै क्लेश हुँदैन, जस्तै कुनै बटुवा लामो बाटो छिचोलेर पर पुगेपछि सुखी हुन्छ ॥६॥ हे ब्रह्मन् ! वास्तवमा यस जीवनको पृथ्वी-जल आदि पाँच महाभूत हरूसँग कुनै सम्बन्ध छैन, अपितु तिनै द्वारा

दितो ब्रह्मन्गुणाख्यानेऽगुणस्य च ॥ यस्मै यस्मै यथा प्राह नारदो देवदर्शनः ॥ १ ॥ एतद्वेदितुमिच्छामि तत्त्वं वेदाविदां वर ॥ हरेरद्भुतवीर्यस्य कथा लोकसुमङ्गलाः ॥ २ ॥ कथयस्व महाभाग यथाऽहमखिलात्मनि ॥ कृष्णे निवेश्य निःसङ्गं मनस्त्यक्ष्ये कलेवरम् ॥ ३ ॥ शृण्वतः श्रद्धया नित्यं गृणतश्च स्वचेष्टितम् ॥ कालेन नातिदीर्घेण भगवान् विशते हृदि ॥ ४ ॥ प्रविष्टः कर्णरन्ध्रेण स्वानां भावसरोरुहम् ॥ धुनोति शमलं कृष्णः सलिलस्य यथा शरत् ॥ ५ ॥ धौतात्मा पुरुषः कृष्णपादमूलं न मुञ्चति ॥ मुक्तसर्वपरिक्लेशः पान्थः स्वशरणं यथा ॥ ६ ॥ यदधातुमतो ब्रह्मन्देहारम्भोऽस्य धातुभिः ॥ यदृच्छया हेतुना वा भवन्तो जानते यथा ॥ ७ ॥ आसीद्यदुदरात्पद्मं लोकसंस्थानलक्षणम् ॥ यावानयं वै पुरुष इयत्तावयवः पृथक् ॥ तावानसाविति प्रोक्तः संस्थावयववानिव ॥ ८ ॥ अजः सृजति भूतानि भूतात्मा यदनुग्रहात् ॥ ददृशे येन तद्रूपं नाभिपद्मसमुद्भवः ॥ ९ ॥ स चापि यत्र पुरुषो विश्वस्थित्युद्भवाप्ययः ॥ मुक्त्वाऽऽत्ममायां मायेशः शेते सर्वगुहाशयः ॥ १० ॥ पुरुषावयवैर्लोकाः सपालाः पूर्वकल्पिताः ॥ लोकैरमुष्यावयवाः सपालैरिति शुश्रुम ॥ ११ ॥ यावान्कल्पो विकल्पो वा यथा कालोऽनुमीयते ॥ भूतभव्यभवच्छब्द आयुर्मानं च यत्सतः ॥ १२ ॥

देहको नै रचना हुन्छ । यो काम विना कुनै प्रयोजनकै हुन्छ वा कर्मादिको कारणले हुन्छ, यस कुरालाई हजुर राम्ररी जान्नु हुन्छ, अतः मलाई पनि भन्नुहवस् ॥७॥ जसको उदरबाट सबै लोकको रचनाका मूल कारण उत्पन्न भयो, ती परमेश्वरले आफ्नै परिमित अवयवहरू द्वारा संयुक्त लौकिक पुरुषहरूको रचना गरे वा तिनमा केही अन्तर थियो । यदि दुवै (परम पुरुष र लौकिक पुरुष) एकै प्रकारका हुन् भने ईश्वर लौकिक पुरुषमा विशेषता नै के रह्यो ? ॥८॥ जसको कृपाले समस्त प्राणिहरूका नियन्ता ब्रह्माजी सबै जीवहरूको सृष्टि गर्दछन् । उनै नारायणको कृपारूपी नाभि कमलबाट जायमान ब्रह्माजीले तिनको सच्चा स्वरूप देख्नपाएका थिए ॥९॥ विश्वको सृष्टि, पालन र संहार गर्ने ती मायापति भगवान् आफ्नो मायालाई त्यागेर जहाँ र जुन रूपमा रहँदा हुन्, त्यो बताउनोस् ॥१०॥ मैले सुनेको छु कि उही परम-पुरुषका अवयवबाट सबैलोक र लोकपालहरूको सृष्टि भएको हो र तिनै लोकहरू र लोकपालहरूबाट उनका अवयव बनेका हुन् ॥११॥ यसै निम्ति हजुर मलाई बताउनोस्—कल्प के वस्तु हो र विकल्प कसलाई भन्दछन् ? कालको अनुमान कसरी गरिन्छ ?

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूत, भविष्य र वर्तमान कालको अनुमान कसरी हुन्छ र स्थूल देहधारी मनुष्य, पितृ र देवताहरूका आयुको के परिमाण छ ? ॥१२॥ हे द्विज श्रेष्ठ ! मलाई हजुर कालको सूक्ष्म गति र स्थूल गति बताउनु हवस् । साथै यो पनि बताउनोस् कि कर्मका गति कति छन् र तिनको स्वरूप के हो ? ॥१३॥जो जन सत्वादि गुणहरुको फलबाट देवादिरूप प्राप्त गर्न खोज्छन् त्यस्ता गुणी जीवहरूमा कुन जीव कति पुण्य वा पापका फलबाट, कुन कर्मका समुदाय द्वारा र कस्ता देवादि भाव प्राप्त हुन्छन् ॥१४॥ पृथ्वी, पाताल, दिशाहरू, आकाश, ग्रह, नक्षत्र, पर्वत, नदी, समुद्र, द्वीप आदि कसरी उत्पन्न भएर र उत्पत्ति भन्दा अघि ती कहाँ थिए ? ॥१५॥ यस महान् अण्डकोशका बाहिर भित्रबाट कति विस्तार छ ? मरीचि, कर्दम आदि ठूला-ठूला ऋषिहरूको आचार-व्यवहार कस्तो थियो र वर्ण धर्मको तत्त्व-निर्धारण कसरी गरिन्छ ? ॥१६॥ हजुर मलाई अतिशय विस्मयजनक भगवान्का अवतारहरूको चरित्र, युग र युगका परिमाण भन्नुहवस् र यो पनि भन्नोस्—कुन युगमा कुन धर्मको मान हुन्छ ॥१७॥ जनसाधारणको सामान्य र विशेष धर्म, विविध प्रकारका व्यवसाय गर्नेहरूको धर्म, उत्तम

कालस्यानुगतिर्या तु लक्ष्यतेऽण्वी बृहत्यपि ॥ यावत्यः कर्मगतयो यादृशीर्द्विजसत्तम ॥ १३ ॥ यस्मिन्कर्मसमाहारो यथा यैनोपगृह्यते ॥ गुणानां गुणिनां चैव परिणाममभीप्सताम् ॥ १४ ॥ भूपातालककुब्व्योमग्रहनक्षत्रभूभृताम् ॥ सरित्समुद्रद्वीपानां संभवश्चैतदोकसाम् ॥ १५ ॥ प्रमाणमण्डकोशस्य बाह्याभ्यन्तरभेदतः ॥ महतां चानुचरितं वर्णाश्रमविनिश्चयः ॥ १६ ॥ अवतारानुचरितं यदाश्चर्यतमं हरेः ॥ युगानि युगमानं च धर्मो यश्च युगे युगे ॥ १७ ॥ नृणां साधारणो धर्मः सविशेषश्च यादृशः ॥ श्रेणीनां राजर्षीणां च धर्मः कृच्छ्रेषु जीवताम् ॥ १८ ॥ तत्त्वानां परिसंख्यानं लक्षणं हेतुलक्षणम् ॥ पुरुषाराधनविधिर्योगस्याध्यात्मिकस्य च ॥ १९ ॥ योगेश्वरैश्वर्यगतिर्लिङ्गभङ्गस्तु योगिनाम् ॥ वेदोपवेदधर्माणामितिहासपुराणयोः ॥२०॥ सम्प्लवः सर्वभूतानां विक्रमः प्रतिसंक्रमः ॥ इष्टापूर्तस्य काम्यानां त्रिवर्गस्य च यो विधिः ॥२१॥ यश्चानुशायिनां सर्गः पाखण्डस्य च संभवः ॥ आत्मनो बन्धमोक्षौ च व्यवस्थानं स्वरूपतः ॥ २२ ॥ यथाऽऽत्मतन्त्रो भगवान्विक्रीडत्यात्ममायया ॥ विसृज्य वा यथा मायामुदास्ते साक्षिवद्विभुः ॥ २३ ॥ सर्वमेतच्च भगवन्पृच्छते मेऽनुपूर्वशः ॥ तत्त्वतोऽर्हस्युदाहर्तुं प्रपन्नाय महामुने ॥२४॥ अत्र प्रमाणं हि भगवान्परमेष्ठी यथाऽऽ

राजाहरूको धर्म र आपत्तिमा गाएिका व्यक्तिहरूको जुन धर्म हुन्, सो मलाई आज्ञा हवस् ॥१८॥ प्रकृति आदि समस्त तत्त्वहरूको संख्या, तिनको स्वरूप र कार्य-कारणवश तिनमा जो परिवर्तन हुन्छन् त्यो पनि भन्नुहवस् । देवपूजनकोविधि, आध्यात्मिक योग र अष्टाङ्ग योगको विधि बताउनुनोस् ॥ १९॥ ठूला-ठूला योगीहरूको अणिमा-महिमादि सिद्धिहरूको महत्वले अर्चिष्मान् आदि लोकहरूको गति, योगीहरूका लिंगदेहको नाश,ऋग्-यजुःआदि वेद,आयुर्वेद,धर्मशास्त्र,इतिहास र पुराणहरूको जुन स्वरूप हो, त्यो पनि कृपा गरेर हजुर आज्ञाहवस् ॥२०॥ जगत्का सर्व प्राणीहरूका प्रलय, तिनको स्थिति, महाप्रलय, वैदिक कर्म, स्मार्त (स्मृति शास्त्रोक्त) कर्म र धर्म, अर्थ तथा कामको पूर्तिका निमित्त गरिने कर्महरूको के विधि हो ? ॥२१॥ उपाधि रहित जीवहरूको कर्म, तिनको सृष्टि, पाखण्डीहरूको उत्पत्ति, आत्माको बन्धन एवं मोक्ष र जीवको बन्धन र मोक्षबाट पृथक् स्थिति कस्तो हुन्छ ? ॥२२॥ हजुर मलाई यो पनि भन्नुहवस् कि ती स्वतन्त्र भगवान् आफ्नी मायासित कस्ता प्रकारको खेलवाड् गर्दछन् र प्रलयकालमा ती सर्वव्यापक नारायण यौटा साक्षी जस्तै एक्लै कसरी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शेष रहिरन्छन् ॥२३॥ हे भगवन् ! म शरणागतको शंकाहरू हजुर समाधान गर्नुहवस्, किनकि हे महामुने ! हजुर नै यी सबै कुराहरू राम्ररी बुझाउन सक्नुहुन्छ ॥२४॥ जसरी ब्रह्माजी सबै शास्त्रहरूका ज्ञाता हुनुहुन्छ, उसै गरी हजुर पनि सर्वज्ञ हुनुहुन्छ । हजुरबाहेक अरु व्यक्ति त 'गतानुगतिकोलोके' भन्ने पूर्वजले बनाएका पुराना पद्धतिहरूमा नै हिंड्दछन् ॥२६॥ यदि हजुर यो भन्नुहुन्छ कि तिमी केही खान-पान गर्दैनौ, त्यसैले दुर्बलता बढेको होला—फेरि ब्राह्मणको श्रापको चिन्ताले व्यग्र पारेको होला । यस स्थितिमा यतिका प्रश्नहरूको विस्तृत उत्तर कसरी सुन्न सक्छौ—त्यसमा हे ब्रह्मन् ! भगवान्‌का गुणानुवादरूपी अमृत पान गर्दैरहनाले अनशनद्वारा मेरो प्राण निस्कन्न* । अँ, कुपित ब्राह्मणको श्रापद्वारा मेरो प्राण निस्कन सक्दछ—म त्योसित डराउन्न ॥२६॥ सूतजी भन्दछन्—यस प्रकार विष्णुभक्त राजा परीक्षितले सोधेपछि ब्रह्मपरायण महर्षि शुकदेव प्रसन्न भए र भन्न लागे—राजन् ! म तपाईंका प्रश्नको उत्तर

त्मभूः ॥ परे चेहानुतिष्ठन्ति पूर्वेषां पूर्वजैः कृतम् ॥ २५ ॥ न मेऽसवः परायन्ति ब्रह्मन्ननशनादमी ॥ पिबतोऽच्युतपीयूषमन्यत्र कुपिताद् द्विजात् ॥ २६ ॥ सूत उवाच ॥ स उपामन्त्रितो राज्ञा कथायामिति सत्पतेः ॥ ब्रह्मरातो भृशं प्रीतो विष्णुरातेन संसदि ॥ २७ ॥ प्राह भागवतं नाम पुराणं ब्रह्मसम्मितम् ॥ ब्रह्मणे भगवत्प्रोक्तं ब्रह्मकल्प उपागते ॥ २८ ॥ यद्यत्परीक्षिदृषभः पाण्डूनामनुपृच्छति ॥ आनुपूर्व्येण तत्सर्वमाख्यातुमुपचक्रमे ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे प्रश्नविधिर्नामाष्टमोऽध्यायः ॥ ८ ॥ श्रीशुक उवाच ॥ आत्ममायामृते राजन्परस्यानुभवात्मनः ॥ न घटेतार्थसम्बन्धः स्वप्नद्रष्टुरिवाञ्जसा ॥ १ ॥ बहुरूप इवाभाति मायया बहुरूपया ॥ रममाणो गुणेष्वस्यां ममाहमिति मन्यते ॥ २ ॥ यर्हि वाव महिम्नि स्वे परस्मिन्काल आवयोः ॥ रमेत गतसंमोहस्त्यक्त्वोदास्ते तदोभयम् ॥ ३ ॥ आत्मतत्त्वविशुद्ध्यर्थं यदाह भगवानृतम् ॥

दिन्छु ॥२७॥ त्यसपछि उनले भागवत नामक महापुराण भन्न प्रारम्भ गरे, जसलाई ब्रह्मकल्पमा भगवान्‌ले ब्रह्माजीलाई भन्नु भएको थियो ॥२८॥ पाण्डववंशमा श्रेष्ठ राजा परीक्षितले जे-जे सोधेका थिए, ती सबै प्रश्नको उत्तर क्रमशः बुझाउन लागे ॥२९॥ इति श्रीमद्भागवते महापुराणे द्वितीय स्कन्धे पं० गौरीशंकर वसिष्ठ कृत नेपाली भाषा-टीकायामष्टमोऽध्यायः ॥८॥ (श्रीमद्भागवतको आरम्भ) शुकदेवजी भन्दछन्—हे राजन् ! आत्मा अनुभव-स्वरूप छ । जीवको देहसित सम्बन्ध त्यस आत्माको मायाविना हुनसक्तैन । जस्तै स्वप्न देख्ने मनुष्य-जबसम्म जागृत अवस्थाका सबै कुराहरू बिर्सेर मायामा गाडिन्न, तबसम्म त्योसित सपनामा देहादिको सम्बन्ध हुन सक्तैन ॥१॥ त्यो बहुरूपिणी मायाले गर्दा यो संसार पनि अनेक प्रकारको देखिन्छ, जसले गर्दा प्राणी सत्वादि गुणहरूको चक्रमा अल्झेर शरीरलाई नै 'म' र संसारलाई नै 'मेरो' भनेर मान्न थाल्दछ ॥२॥ तर जब त्यो प्राणी आफू-आफूमै मस्त

---

* उदाहरण—विगत जर्मन-युद्धको वेलामा जर्मनीलाई जब आफ्नो पराजय नजीकै देखिन लाग्यो तब पछाडि हट्दै उसले अनेक नगरहरू नष्ट पारिदियो । तिनको डरले दुःखी भएर गाउँका सबै मानिस घर बार छाडेर भागे । बमको प्रहारले नष्ट भ्रष्ट यौटा नगरमा पुगेर अंग्रेज सैनिकहरूले— यौटा सरल बालक मस्त निद्रामा सुतिरहेको छ—भन्ने देखे । त्यो सारा शहर नष्ट भइसकेको थियो । त्यहाँका सबै निवासी भागिसकेका थिए र त्यो एक्लै दूध खुवे बालक सकुशल बाँचिरहेको थियो । दयालु अंग्रेज सैनिकहरूले त्यसलाई बोकेर कैम्पमा लगी निकै स्नेहले घाँसको डसनामा सुताए । त्यसै दिन रात्रिको तेस्रो प्रहरमा जर्मनीले त्यस कैम्पमा पनि हमला गरे जसले गर्दा सबै अंग्रेज सैनिक टुक्रा-टुक्रा भएर मारिए तर त्यो बालक अझ पनि आनन्दले घोर निद्रामा सुतिरहेको थियो । बिहान अर्का सैनिक हरू आए र तिनले बालकलाई लगेर राम्रोसित पालन पोषण गरे । यो भगवानको विचित्र लीला नभएर अरु के हुन सक्तछ ?

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

भएर परमानन्दको अनुभव गर्न थाल्दछ, तव प्रकृति र पुरुप भन्दा भिन्न भएर 'म' र 'मेरो' भन्ने अज्ञान त्यागेर मुक्त भएर जान्छ ॥३॥ तपाईको प्रश्न छ कि परमेश्वर जब स्वयं पनि देह-सम्बन्ध धारण गरेर साधारण देही बन्दछ, तब त्यसको भक्ति गर्नाले कसरी मोक्ष प्राप्त हुन सक्छ ॥३॥ सुन्नोस्—त्यो परमात्मा जीवलाई तत्वज्ञान प्राप्त गराउन देही बन्दछ । त्यो संसारबाट असत्यको आवरण हटाएर मानिसलाई सत्यको दर्शन गराउँदछ र आफ्नो नित्य स्वरूप प्रकट गर्दछ । अतएव मानिसहरू व्रत र तपस्या गरेर उसको आराधना गर्दछन् । जीव त अज्ञानरूपले देहको सम्बन्ध पाई नै रहन्छ । यसै कारणले गर्दा त्यो ईश्वरको समता गर्न सक्तैन र देहधारी ईश्वरको भजन गरेर उसलाई मुक्ति प्राप्त हुन्छ ॥४॥ आदिदेव ब्रह्माजी सबैका गुरु थिए, जब भगवान्को नाभि-कमलबाट ती उत्पन्न भए तब धेरै कालसम्म कमल माथि नै बसिरहे । त्यसपछि कमलको जरो खोज्न पानीमा डुबुल्की लगाएर निकै उद्योग गरेर पनि जब जरोको पत्ता लागेन, तब फेरि आफ्नै स्थानमा आएर बसे, अनि विचार गर्नलागे—अब कसरी सृष्टि गरौं, तर उनले कुनै निधो गर्न सकेनन् ॥५॥ त्यसै बखत उनले जलमा दुइ अक्षरको एक शब्द दुइपल्ट उच्चरित भएको सुने । जसको अर्थ थियो—'तप गर ।' किन भने हे राजन् ! तपस्या नै निर्धनहरूको धन हो ॥६॥ यो शब्द सुनेर ब्रह्माजी

ब्रह्मणे दर्शयन्रूपमव्यलीकव्रतादृतः ॥ ४ ॥ स आदिदेवो जगतां परो गुरुः स्वधिष्ण्यमास्थाय सिसृक्षयैक्षत ॥ तां नाध्यगच्छद्दृशमत्र सम्मतां प्रपञ्चनिर्वाणविधिर्यया भवेत् ॥ ५ ॥ स चिन्तयन्द्व्यक्षरमेकदाऽम्भस्युपाशृणोद्द्विर्गदितं वचो विभुः ॥ स्पर्शेषु यत्षोडशमेकविंशं निष्किञ्चनानां नृप यद्धनं विदुः ॥ ६ ॥ निशम्य तद्वक्तृदिदृक्षया दिशो विलोक्य तत्रान्यदपश्यमानः ॥ स्वधिष्ण्यमास्थाय विमृश्य तद्धितं तपस्युपादिष्ट इवादधे मनः ॥ ७ ॥ दिव्यं सहस्राब्दममोघदर्शनो जितानिलात्मा विजितोभयेन्द्रियः ॥ अतप्यत स्माखिललोकतापनं तपस्तपीयांस्तपतां समाहितः ॥ ८ ॥ तस्मै स्वलोकं भगवान्सभाजितः संदर्शयामास परं न यत्परम् ॥ व्यपेतसंक्लेशविमोहसाध्वसं स्वदृष्टवद्भिर्विबुधैरभिष्टुतम् ॥ ९ ॥ प्रवर्तते यत्र रजस्तमस्तयोः सत्वं च मिश्रं न च कालविक्रमः ॥ न यत्र माया किमुतापरे हरेरनुव्रता यत्र सुरासुरार्चिताः ॥ १० ॥ श्यामावदाताः शतपत्रलोचनाः पिशङ्गवस्त्राः सुरुचः सुपेशसः ॥ सर्वे चतुर्बाहव उन्मिषन्मणिप्रवेकनिष्काभरणाः सुवर्चसः ॥ प्रवालवैडूर्यमृणालवर्चसः परिस्फुरत्कुण्डलमौलिमालिनः

त्यो वाक्य बोल्नेलाई चारैतिर खोज्न लागे, तर त्यसलाई देख्न पाएनन् । अनि आफ्नो स्थान (कमल) मा बसेर त्यस वाक्यमा विचार गरे र कसैका आज्ञा पालन गरे झैं अनुभव भएर ती तपस्यामा लीन भए ॥७॥ उनले वायुको वेग र मनलाई रोकेर ज्ञानेन्द्रियहरू र कर्मेन्द्रियहरूलाई वशमा पारे अनि महान् तपस्वी ब्रह्माजी समस्त लोकहरूलाई तप्त पार्ने खालको उग्रतम तपस्या गर्नलागे । यसरी देवतागणको एक हजार वर्षसम्म तपस्या गर्दै रहे ॥८॥ धेरै दिनसम्म तपस्या गरिसकेपछि ब्रह्माजीलाई भगवान्ले वैकुण्ठलोक देखाउनु भयो । त्यस लोकमा न कसैलाई कुनै प्रकारको क्लेश थियो, न भय थियो, न अज्ञान नै थियो । त्यहाँका सबै आत्मज्ञानी थिए र देवताहरु पनि त्यस लोकको सन्हनी गरिरहेका थिए ॥९॥ भगवान्को त्यस वैकुण्ठ-लोकमा रजोगुण र तमोगुणको कुनै प्रभाव थिएन । त्यहाँ एकमात्र सत्त्वगुण विराजमान थियो । त्यहाँका निवासी माथि समयको पनि प्रभाव थिएन । कहाँसम्म भने भगवान्की माया पनि त्यहाँ विवश परेकी थिई । यो सबै यस निम्ति थियो कि त्यहाँ प्रभुका असाधारण भक्त र पार्षद निवास गर्दथे ॥१०॥ त्यहाँका सबै निवासी श्यामवर्णका थिए । कमलसदृश

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रा तिनका नेत्र थिए । तिनले पीताम्बर पहिरेका थिए । तिनका अनुहारको कान्ति साह्रै नै मनोहर थियो । ती सबैका चार बाहु थिए । सबैका घाँटीमा टल्कने मणिहरूको हार थियो । सबै जना असाधारण तेजस्वी थिए । सबैका कानमा कुण्डल झुलिरहेका थिए र सबैका मस्तकमा देदीप्यमान किरीट झल्किरहेथे । त्यो लोक बिजुली र बादलहरूले परिपूर्ण आकाश जस्तै सुशोभित थियो, जिनकि अगणित महात्माहरूका तेजस्वी विमान त्यस लोकमा चारैतिर डुलिरहन्थे तथा अनेक सुन्दरीहरू यता-उता भ्रमण गरिरहेका देखिन्थे ।।११-१२।। त्यस लोकमा श्री (सम्पत्ति) रूपवती भएर विविध विभूतिहरू द्वारा नारायणका चरणको पूजा गर्दै पीडमा बसी-बसी भगवान्का उत्तम गुणहरू गान गरिरहेका थिए र वसन्त ऋतुको भित्र भ्रमर भगवती लक्ष्मीको घाँटीमा रहेको पुष्पमालाको सुगन्धको लोभवश चारैतिर उड्दै गुञ्जायमान गरेर हरि-प्रिय भक्तहरूको गायनका अनुसरण गरिरहेका थिए ।।१३।। ब्रह्माजी त्यहाँ पुगेर श्रीपति, जगत्पति नारायणका दर्शन गरे । त्यस बखत नन्द-सुनन्दादि उनका मुख्य-मुख्य पार्षद सुन्दर सामग्रीहरूले प्रभुको पूजा गरिरहेका थिए ।।१४।। स्वयं नारायण

॥ ११ ॥ भ्राजिष्णुभिर्यः परितो विराजते लसद्विमानावलिभिर्महात्मनाम् ॥ विद्योतमानः प्रमदोत्तमाद्युभिः सविद्युदभ्रावलिभिर्यथा नभः ॥१२॥ श्रीर्यत्र रूपिण्युरुगायपादयोः करोति मानं बहुधा विभूभिः ॥ प्रेङ्खं श्रिता या कुसुमाकरानुगैर्विगीयमाना प्रियकर्म गायती ॥ १३ ॥ ददर्श तत्राखिलसात्वतां पतिं श्रियः पतिं यज्ञपतिं जगत्पतिम् ॥ सुनन्दनन्दप्रबलार्हणादिभिः स्वपार्षदमुख्यैः परिसेवितं विभुम् ॥ १४ ॥ भृत्यप्रसादाभिमुखं दृगासवं प्रसन्नहासारुणलोचनाननम् ॥ किरीटिनं कुण्डलिनं चतुर्भुजं पीताम्बरं वक्षसि लक्षितं श्रिया ॥ १५ ॥ अध्यर्हणीयासनमास्थितं परं वृतं चतुःषोडशपञ्चशक्तिभिः ॥ युक्तं भगैः स्वैरितरत्र चाध्रुवैः स्व एव धामं रममाणमीश्वरम् ॥ १६ ॥ तद्दर्शनाह्लादपरिप्लुतान्तरो हृष्यत्तनुः प्रेमभराश्रुलोचनः ॥ ननाम पादाम्बुजलस्य विश्वसृक् तत्पारमहंस्येन पथाऽधिगम्यते ॥ १७ ॥ तं प्रीयमाणं समुपस्थितं तदा प्रजाविसर्गे निजशासनार्हणम् ॥ बभाष ईषत्स्मितशोचिषा गिरा प्रिय प्रियः प्रीतमनाः करे स्पृशन् ॥ १८ ॥ श्रीभगवानुवाच ॥ त्वयाऽहं तोषितः सम्यग्वेदगर्भ सिसृक्षया ॥

आफ्ना सेवकहरूका प्रसन्न अनुहार हेर्दै आफ्नो कमनीय नयनहरूको सुधा छरिरहेका थिए । उनको मस्तकमा किरीट र कानमा कुण्डल झल्किरहेका थिए । उनका चार भुजाहरू थिए । र भगवती लक्ष्मी तिनको छातीमा टाँसिएकी थिइन् ।।१५।। नारायण यौटा उत्तम आसनमा आसीन थिए । पचीसै तत्त्व आफ्ना अतुलित ऐश्वर्य र आएका अतिथिहरूसित बसेका थिए । तैपनी भित्र-भित्रै आफू-आफूमै आनन्दित भइरहेका थिए ।।१६।। तिनलाई देख्नासाथ आनन्दातिरेकले ब्रह्माजीको अन्तरात्मा निश्चुक्क भयो, शरीर रोमांचित भएर आयो र बर्ता प्रेमले गर्दा आनन्दाश्रु उम्लेर आयो । यस्तो स्थितिमा आत्मविभोर हुँदै उनले भगवान्का ती चरणारविन्दको वन्दना गरे, जो परमहंस व्रत धारण गरेर ज्ञान-मार्गद्वारा प्राप्त हुन सक्छन् ।।१६।। आफ्नै इच्छानुसार सृष्टिकार्यको निम्ति नियुक्त ब्रह्माजीले त्यसरी स्तुति गर्न लागेको देखेर भगवान् निकै प्रसन्न हुनुभयो र आफ्ना हातले तिनको हात स्पर्श गर्दै तथा आफ्नो मन्द हास्यद्वारा सबै दिशाहरूलाई प्रकाशित पार्दै भन्नुभयो ।।१८।। भगवान्ले आज्ञा भयो—हे वेदगर्भ ब्रह्मन् ! तिमीले सृष्टिको इच्छा गरेर धेरै कालसम्म उग्र तपस्या गरेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

मलाई प्रसन्न तुल्यायौ । दूषित विचार भएका व्यक्ति मलाई यसरी प्रसन्न पार्न सक्तैनन् ॥१९॥ अब मसित आफ्नो इच्छित वर माग, किनकि योगीहरूले पनि मेरो दर्शन पर्यन्त नै प्रयास गर्नुपर्दछ । मेरो दर्शन पाइसकेपछि तिनलाई कुनै कुराको अभाव रहन सक्तैन ॥२०॥ यो मेतो इच्छाको नै प्रभाव हो कि तिमी यो लोक देखिरहेका छौ, मेरो घोषणा सुनेर नै तिमीले यस्तो दुष्कर तपस्या गरेका थियौ ॥२१॥ त्यस वेला जब तिमी सृष्टि कार्यको योजना बनाउनमा व्यग्र भएका थियौ, तब मैले नै तिमीलाई तपस्या गर्न उपदेश दिएको थिएँ हे नष्पाप ! तप मेरो हृदय हो म तपस्याको आत्माको आत्मा हुँ ॥२२॥ तपले नै म जगत्को सृष्टि गर्दछु, तपले नै संहार गर्दछु र तपले नै विश्वको पालन पनि गर्दछु । तप मेरो सब भन्दा प्रबल पराक्रम हो ॥२३॥ ब्रह्मा भन्छन्—हे भगवन् ! यद्यपि हजुर प्रधानरूपले सबैको बुद्धिमा बसी-बसी आफ्नो अकुण्ठित ज्ञानद्वारा सबैका मनको कुरा जान्नुहुन्छ ॥ २४ ॥ तापनि हे नाथ ! म हजुरसित यही वर माग्दछु कि म कुनै प्रकार हजुर अरूपको स्थूल र सूक्ष्म रूपलाई जान्न सकूँ ॥२५॥ विविध प्रकारका शक्तिहरूद्वारा संघटित जसरी जसरी हजुर संहार सृजन र पालन गर्दै क्रीडाहरू गर्नुहुन्छ ।.२६॥ हे अमोघ-सङ्कल्प ! जस्तै माकुरो जालो फैलाउँछ, त्यसैमा क्रीडा गर्दछ र जब इच्छा गर्छ जालो पेटमा समेटेर राखिलिन्छ । यस्तै

चिरं भूतेन तपसा दुस्तोषः कूटयोगिनाम् ॥ १६ ॥ वरं वरय भद्रं ते वरेशं माऽभिवाञ्छतम् ॥ ब्रह्मञ्छ्रेयः परिश्रामः पुंसो मद्दर्शनावधि ॥ २० ॥ मनीषितानुभावोऽयं मम लोकावलोकनम् ॥ यदुपश्रुत्य रहसि चकर्थ परमं तपः ॥ २१ ॥ प्रत्यादिष्टं मया तत्र त्वयि कर्मविमोहिते ॥ तपो मे हृदयं साक्षादात्माऽहं तपसोऽनघ ॥२२ सृजामि तपसैवेदं ग्रसामि तपसा पुनः ॥ बिभर्मि तपसा विश्वं वीर्यं मे दुश्चरं तपः ॥ २३ ॥ ब्रह्मोवाच ॥ भगवन्सर्वभूतानामध्यक्षोऽवस्थितो गुहाम् ॥ वेद ह्यप्रतिरुद्धेन प्रज्ञानेन चिकीर्षितम् ॥ २४ ॥ तथापि नाथमानस्य नाथ नाथय नाथितम् ॥ परावरे यथा रूपे जानीयां ते त्वरूपिणः ॥२५॥ तथात्ममायायोगेन नानाशक्त्युपबृंहितम् ॥ विलुम्पन्विसृजन्गृह्णन्बिभ्रदात्मानमात्मना ॥ २६ ॥ क्रीडस्य-मोघसंकल्प ऊर्णनाभिर्यथोर्णुते ॥ तथा तद्विषयां धेहि मनीषां मयि माधव ॥ २७ ॥ भगवच्छिक्षितमहं करवाणि ह्यतन्द्रितः ॥ नेहमानः प्रजासर्गं बध्येयं यदनुग्रहात् ॥२८॥ यावत्सखा सख्युरिवेश ते कुतः प्रजाविसर्गे विभजामि भोजनम् ॥ अनिवलवस्ते परिकर्मणि स्थितो मा मे समुन्नद्धम-दोऽजमानिनः ॥२६॥ श्रीभगवानुवाच ॥ ज्ञानं परमगुह्यं मे यद्विज्ञानसमन्वितम् ॥ सरहस्यं तदङ्गं च गृहाण गदितं मया ॥ ३० ॥ यावानहं यथा

कार्य हजुरको पनि छ । हे माधव ! हजुर मलाई त्यो ज्ञान दिनुहवस् जुन ज्ञान पाएर म हजुरका यी कामहरूका यी काम बुझ्न सकूँ ॥ २७ ॥ हे भगवन् ! हजुरले मलाई जसरी सिखाउनु भयो उसै अनुसार म सतर्कताले प्रजाको सृष्टि गर्नछु । हजुरका तत्त्वहरूको ज्ञान यस निम्ति प्राप्त गर्न खोजिरहेको छु—जसले सृष्टि कार्य गर्दागर्दै म अहङ्कार आदि बन्धनमा नबाँधिउँ ॥२८॥ हे स्वामिन् ! हजुरले सांसारिक मित्रहरूकै समान आफ्नो मित्र रहने मेरो सम्मान गर्नुभयो । अतः म प्रजाको सृष्टि गर्दा नआत्तिइकन कर्मानुसार उत्तम, मध्यम र निकृष्ट आदि भेदहरूले जबसम्म सृष्टि कार्य गरूँ, तबसम्म ममा यो मद उत्पन्न नहोस्– म अजहुँ ॥ २९ ॥ नारायणले भन्नुभयो——मेरो विज्ञान (अनुभवात्मक ज्ञान) र ज्ञान (शास्त्रीय ज्ञान) सहजै जान्न सकिन्न र त्यो निकै गूढ र गोपनीय छ । भक्ति र तिनका अंगहरूको साथ म त्यो तिमीलाई आज एक-एक वर्णन गरेर बताउँछु ॥ ३० ॥ म जुन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँ, मेरो जुन सत्ता छ, मेरा जुन गुण र कर्म छन्–मेरो कृपाले ती सबै तत्त्वज्ञान तिमीलाई प्राप्त हुनेछ ॥३१॥ सृष्टि भन्दा पूर्व एकमात्र म नै थिएँ। त्यस वेला स्थूल वा सूक्ष्म कुनै पनि वस्तु थिएन। सृष्टिको संहार भइसकेपछि जो शेष रहन्छ, त्यो पनि म नै हुँ ॥३२॥ जसले जगत्को वास्तविक अर्थको ज्ञान प्राप्त हुन्छ र जसको कृपा बिना हृदयमा रहेर पनि त्यस ज्ञानको साक्षात्कार हुन सक्तैन, त्यसैलाई तिमी मेरो माया जान। जस्तै जल आदिमा चन्द्रमा यौटै भए पनि अनेक देखिन्छन् र जस्तै राहु ग्रहमण्डलमा रहेर पनि देखिन्न। त्यो त्यस वेला देखिन्छ, जब ग्रहण लाग्दछ। त्यसै गरी माया पनि दृष्टिगोचर हुन्न। त्यो त काम परेपछि मात्र देखिन्छ ॥३३॥ जस्तै भौतिक पदार्थहरू र साना ठूला सबै प्राणीहरूमा पञ्चमहाभूत प्रविष्ट हुन्छन् अथवा पहिले देखि नै विद्यमान रहनाले प्रविष्ट हुँदैनन्। यसै गरी जगत्का सबै जीवनहरूमा म रहन्छु र रहन्न पनि। यस्तो मेरो सत्ता हो ॥३४॥ तत्त्वज्ञानको अभिलाषा गर्नेहरुको आत्माको विषयमा पनि जान्नु पर्दछ कि अन्वय (कार्यमा कारणरूपले विद्यमान रहने) र व्यतिरेक (कारणको अवस्थादेखि

भावो यद्रूपगुणकर्मकः ॥ तथैव तत्त्वविज्ञानमस्तु ते मदनुग्रहात् ॥ ३१ ॥ अहमेवासमेवाग्रे नान्यद्यत्सदसत्परम् ॥ पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम् ॥ ३२ ॥ ऋतेऽर्थं यत्प्रतीयेत न प्रतीयेत चात्मनि ॥ तद्विद्यादात्मनो मायां यथाभासो यथा तमः ॥ ३३ ॥ यथा महान्ति भूतानि भूतेषूच्चावचेष्वनु ॥ प्रविष्टान्यप्रविष्टानि तथा तेषु न तेष्वहम् ॥३४॥ एतावदेव जिज्ञास्यं तत्त्वजिज्ञासुनाऽऽत्मनः ॥ अन्वयव्यतिरेकाभ्यां यत्स्यात्सर्वत्र सर्वदा ॥ ३५ ॥ एतन्मतं समातिष्ठ परमेण समाधिना ॥ भवान्कल्पविकल्पेषु न विमुह्यति कर्हिचित् ॥ ३६ ॥ श्रीशुक उवाच ॥ संप्रदिश्यैवमजनो जनानां परमेष्ठिनम् ॥ पश्यतस्तस्य तद्रूपमात्मनो न्यरुणद्धरिः ॥ ३७ ॥ अन्तर्हितेन्द्रियार्थाय हरये विहिताञ्जलिः ॥ सर्वभूतमयो विश्वं ससर्जेदं स पूर्ववत् ॥ ३८ ॥ प्रजापतिर्धर्मपतिरेकदा नियमान् यमान् ॥ भद्रं प्रजानामन्विच्छन्नातिष्ठत्स्वार्थकाम्यया ॥ ३९ ॥ तं नारदः प्रियतमो रिक्थादानामनुव्रतः ॥ शुश्रूषमाणः शीलेन प्रश्रयेण दमेन च ॥४०॥ मायां विविदिषन्विष्णोर्मायेशस्य महामुनिः ॥ महाभागवतो राजन्पितरं पर्यतोषयत् ॥४१॥ तुष्टं निशाम्य पितरं लोकानां प्रपितामहम् ॥ देवर्षिः परिपप्रच्छ भवान् यन्माऽनुपृच्छति ॥ ४२ ॥ तस्मा इदं भागवतं पुराणं दशलक्षणम् ॥ प्रोक्तं

पृथक् रहने भएको) भावले सदैव सबैमा विद्यमान रहने भएको परमतत्त्व नै ईश्वर हो ॥३५॥ तिमी आफ्नो मन एकाग्र पारेर मेरो मनको अनुसरण गर। यस्तो गर्नाले तिमी कुनै पनि कल्पका विविध सृष्टिहरूको सम्पादन गर्दै यस कुराको अभिमान गर्न सक्ने छैनौ–'सबैथोक गर्ने गराउने म नै हुँ ॥३६॥ शुकदेवजी भन्नुहुन्छ—हे राजन्! ती अजन्मा नारायण समस्त प्राणीहरूका स्रष्टा ब्रह्मालाई यस प्रकार उपदेश दिएर उनले हेर्दाहेर्दै अन्तर्धान भए ॥३७॥ त्यसरी उपदेश दिएर अन्तर्धान हुने भएका जनार्दनलाई ब्रह्माले हात जोरेर प्रणाम गरे। अनि जसरी अरु-अरु कल्पहरूमा सृष्टि गरेका थिए, उसै गरी त्यस कल्पमा पनि सृष्टि गरे ॥३८॥ समस्त प्रजाका शुभचिन्तक ब्रह्मा सबैको कल्याण गर्ने इच्छाले अहिंसा-तप आदि यम-नियमहरूको पालन गर्नलागे ॥३९॥ तिनका छोराहरूमा सर्वश्रेष्ठ नारद आफना पिताको सेवा गर्दै सदाचार र इन्द्रियहरुले युक्त ती महामुनि र परम भगवद्भक्त नारद ती मायापति विष्णुको मायालाई जान्ने इच्छाले आफना पिताको सेवा गरेर उनलाई बराबर प्रसन्न पार्दै रहे ॥४०-४१॥ कुनै समय समस्त जगत्का प्रपितामह र मेरा पिताजी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

ब्रह्माजीसित नारदले यही कुरा सोधेका थिए, जुन तिमी आज मसित सोधिरहेका छौ ॥४२॥ अत्यन्त प्रसन्न ब्रह्माजीले छोरा नारदलाई भगवान्को मुखबाट निस्केको र दस लक्षणहरूले युक्त श्रीमद्भागवत महापुराण सुनाए ॥४३॥ उसपछि ती नारदले सरस्वती नदीका तटमा बसेर ध्यान गर्ने भएका असाधारण तेजस्वी व्याससजीलाई सोही कथा सुनाए ॥४४॥ तिम्रो प्रश्न पनि यही नै हो—त्यस विराट् पुरुषबाट यस जगत्को रचना कसरी भयो ? म तिम्रो यो र अरु-अरु प्रश्नहरूको पनि उत्तर सोही श्रीमद्भागवत द्वारा नै दिनेछु ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीय स्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां नवमोऽध्यायः ॥९॥ (अब भागवतका दस लक्षण)—पछिल्लो अध्यायमा कहियो कि ब्रह्माजीले नारदलाई दस लक्षणले युक्त भागवत पुराण सुनाए। तिनै दस लक्षणको प्रतिपादन गर्दछन् । ती दस लक्षणहुन्- सर्ग, विसर्ग, स्थान, पोषण, ऊति, मन्वन्तर, ईशको अनुकथा, निरोध, मुक्ति र आश्रय ॥१॥ दसौं लक्षण आश्रयलाई विशेषशुद्धिको निम्ति नै यहाँ नौ लक्षण कहिएका हुन्। महात्मा पनि श्रुतिका अर्थद्वारावेलावेलामा यसको पुष्टि गर्दैआएका छन् ॥२॥ भूत अर्थात् आकाश, पृथ्वी, जल, वायु, गन्ध, शब्द, स्पर्श, रूप तथा रस र तिनको मात्रा अर्थात् शब्द एवं इन्द्रिय आदि 'धी' अर्थात् महान एवं अहङ्कार तथा गुणहरूको

भगवता प्राह प्रीतः पुत्राय भूतकृत् ॥ ४३ ॥ नारदः प्राह मुनये सरस्वत्यास्तटे नृप ॥ ध्यायते ब्रह्म परमं व्यासायामिततेजसे ॥ ४४ ॥ तदुताहं त्वया पृष्टो वैराजात्पुरुषादिदम् ॥ यथासीत्तदुपाख्यास्ये प्रश्नानन्यांश्च कृत्स्नशः ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धे नवमोऽध्यायः ॥ ९ ॥ श्रीशुक उवाच ॥ अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः ॥ मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः ॥ १ ॥ दशमस्य विशुद्ध्यर्थं नवानामिह लक्षणम् ॥ वर्णयन्ति महात्मानः श्रुतेनार्थेन चाञ्जसा ॥ २ ॥ भूतमात्रेन्द्रियधियां जन्म सर्ग उदाहृतः ॥ ब्रह्मणो गुणवैषम्याद्विसर्गः पौरुषः स्मृतः ॥ ३ ॥ स्थितिर्वैकुण्ठविजयः पोषणं तदनुग्रहः ॥ मन्वन्तराणि सद्धर्म ऊतयः कर्मवासना ॥ ४ ॥ अवतारानुचरितं हरेश्चास्यानुवर्तिनाम् ॥ पुंसामीशकथाः प्रोक्ता नानाख्यानोपबृंहिताः ॥ ५ ॥ निरोधोऽस्यानुशयनमात्मनः सह शक्तिभिः ॥ मुक्तिर्हित्वाऽन्यथा रूपं स्वरूपेण व्यवस्थितः ॥ ६ ॥ आभासश्च निरोधश्च ततश्चाध्यवसीयते ॥ स आश्रयः परं ब्रह्म परमात्मेति शब्द्यते ॥७॥ योऽध्यात्मिकोऽयं पुरुषः सोऽसा-

थोरै-धेरैको अनुसार ब्रह्माजीले जुन सृष्टि गर्नुभयो, त्यो 'सर्ग' कहियो । त्यो विराट् पुरुषको पुरुषार्थद्वारा जुन चराचर जगत्को सृष्टि भयो, 'विसर्ग' रह्यो ॥ ३ ॥ भगवान् विजयी भएर स्थिर रहनु नै 'स्थान' कहियो । उनको कृपा 'पोषण' कहियो । जसमाथि ती कृपा गर्दछन् ती मन्वन्तराधिपतिहरूको धर्म 'मन्वन्तर' कहिन्छ । कर्महरूको विस्तार 'ऊति' कहिन्छ ॥४॥ नारायणका अवतारहरूको चरित्र र तिनको अनुसरण गर्ने भएका अगणित प्राणीहरूका विविध प्रकारले जुन गाथाहरू गान गरिएका छन्, तिनलाई 'ईशानुकथा' भन्दछन् ॥५॥ आफ्ना समस्त शक्तिहरूका साथै परमात्मालाई योग निद्रामा लीन भएपछि जब लीन भइरहन्छ तब त्यस अवस्थालाई मानिस 'लय' वा 'निरोध' भन्दछन् । प्राणी जब ज्ञानलाई पनि त्यागेर ब्रह्मको समान भइरहन्छ, त्यस दशालाई 'मुक्ति' भन्दछन् ॥६॥ जसद्वारा यस जगत्को सृष्टि हुन्छ, अन्त्यमा जहाँ गएर यो लय भएर जान्छ र जसद्वारा यो प्रकाशित हुँदै रहन्छ त्यस परब्रह्मलाई, जो परमात्मा नामले प्रसिद्ध छ—'आश्रय' भन्दछन् ॥७॥ त्यो आश्रयस्वरूप आध्यात्मिक परमात्मा नै जब नेत्र, हात-खुट्टा आदि इन्द्रियले युक्त रहन्छ तब आधिदैविक ॥२०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुष अर्थात् जीव कहिन्छ । त्यही परमात्मा जब नेत्र आदिका अधिष्ठाता सूर्य आदिका रूपमा परिणत भएर यौटाबाट अनेक बन्दछ, तब त्यो अधिभौतिक अर्थात् देह कहिन्छ ।।८।। यी दुवैमध्ये कुनै यौटाविना अर्कोलाई जान्न सकिन्न यस्तो स्थितिमा जुन तीनै अर्थात् आध्यात्मिक,आधिदैविक आधिभौतिक आश्रयको भेद जान्दछ,त्यसलाई स्वाश्रय आत्मा भन्दछन् ।।९।। जब त्यस विराट् पुरुषबाट ब्रह्माण्डको उत्पत्तिको प्रकार भन्दछन् । त्यस अण्डलाई फोरेर जब त्यो परम पुरुष बाहिर आयो, तब आफ्नो बस्ने स्थानको निम्ति सबै भन्दा पहिले उसले आफ्नो आत्माबाट नै जल सृष्टि गर्‍यो ।।१०।। त्यस जलमा हजारौं वर्ष बस्नाले त्यसको 'नारायण' (नर अर्थात् पुरुषबाट उत्पन्न जल नर कहियो । त्यो नार जसको घर भयो, त्यो नारायण) कहियो ।। १।। द्रव्य (उपादान कारण), कर्म (निमित्त), काल, स्वभाव र यी सबैको उपभोग गर्ने जीव, यी सब ती परम पुरुष नारायणका नै अनुग्रहबाट विद्यमान रहन्छन्, (किनकि यिनमा केही गर्ने शक्ति नारायणबाट नै आउँछ) र जब उहाँको कृपा रहँदैन, तब यी सबै नष्ट भएर जान्छन् ।। १२ ।। त्यही एक पुरुषले जब एकबाट

वेवाधिदैविकः ।। यस्तत्रोभयविच्छेदः पुरुषो ह्याधिभौतिकः ।। ८ ।। एकमेकतराभावे यदा नोपलभामहे ।। त्रितयं तत्र यो वेद स आत्मा स्वाश्रयाश्रयः ।। ९ ।। पुरुषोऽण्डं विनिर्भिद्य यदाऽसौ स विनिर्गतः ।। आत्मनोऽयनमन्विच्छन्नपोऽस्राक्षीच्छुचिः शुचीः ।। १० ।। तास्ववात्सीत्स्वसृष्टासु सहस्रपरिवत्सरान् ।। तेन नारायणो नाम यदापः पुरुषोद्भवाः ।।११।। द्रव्यं कर्म च कालश्च स्वभावो जीव एव च ।। यदनुग्रहतः सन्ति न सन्ति यदुपेक्षया ।।१२ ।। एको नानात्वमन्विच्छन् योगतल्पात्समुत्थितः ।। वीर्यं हिरण्मयं देवो मायया व्यसृजत्त्रिधा ।। १३ ।। अधिदैवमथाध्यात्ममधिभूतमिति प्रभुः ।। यथैवं पौरुषं वीर्यं त्रिधाऽभिद्यत तच्छृणु ।।१४।। अन्तःशरीर आकाशात्पुरुषस्य विचेष्टतः ।। ओजःसहो बलं जज्ञे ततः प्राणो महानसुः ।।१५।। अनुप्राणन्ति यं प्राणाः प्राणन्तं सर्वजन्तुषु ।। अपानन्तमपानन्ति नरदेवमिवानुगाः ।। १६ ।। प्राणेन क्षिपता क्षुत्तृडन्तराऽ-

अनेक हुने इच्छा गरे, तब उनले आफ्नो गर्भरूप शरीरलाई नै जीव, इन्द्रिय र देवता यी तीन रूपमा विभक्त गरिदिए ।।१३।। त्यस एक पुरुषको नै शक्ति अधिभूत, अध्यात्मक र अधिदैव--यी तीन रूपहरूमा कसरी विभक्त भए, यसको विवरण सुन्नुहवस् ।।१४।। त्यस पुरुषले जब अरु पनि चेष्टा गरे तब उसको शरीरस्थ आकाशबाट ओज (इन्द्रिय-शक्ति) का साथै मनःशक्ति र देहशक्ति अर्थात् दैहिक बल उत्पन्न भयो त्यस शक्त्यात्मक सूक्ष्मरूपबाट सूत्र नामको प्राणको उत्पत्ति भयो ।। १५ ।। उही प्राण जब प्राणीहरूको शरीरमा रहेर चेष्टा गर्दछ, तब शरीरका इन्द्रियहरू पनि राजाको *स्वाभिभक्त सेवक जस्तै त्यसको अनुसरण गर्दछ । जब प्राण आफ्नो चेष्टालाई त्यागिदिन्छ तब इन्द्रियहरू पनि निश्चेष्ट

---

* उदाहरण (स्वामिभक्ति)—कुनै धनी मानिसको यौटा नोकर थियो । त्यसलाई साथै लिएर एक दिन बगैचामा गयो र आफ्नै हातले यौटा काँक्रो तोडेर खान दियो । नोकर प्रेमले खान लाग्यो, त्यो देखेर धनीको पनि मन लोभियो र त्योसित एक टुक्रा लिएर चाख्यो तर त्यो यस्तो तीतो थियो कि मुख खुम्च्याएर थुकि दियो र नोकरसित सोध्यो—'तँ यो काँक्रो यति मीठो मानेर कसरी खाइरहेको छस् ।' नोकरले उत्तर दियो —'जसको हातबाट मैले अनेक स्वादिष्ट खाने रा खाइसकेको छु, त्यसको हातले दिएको तीतो फलमा मुख बिगार्नु र उसले दिएको तिरस्कार गर्नु मूर्खता हो ।' धनी त्यो कुरा सुनेर निकै प्रसन्न भयो र यति धकम दियो कि त्यसले फेरि कसैको पनि नोकरी गर्नु परेन ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

हुन्छन् ॥१६॥ ती परम प्रभुले जब प्राणको संचालन गरे तब भोक-प्यास उत्पन्न भयो । त्यो उत्पन्न भएपछि जब त्यसलाई खाने-पिउने इच्छा भयो, तब मुख बन्यो ॥१६॥ मुखपछि जिब्रोको अधिष्ठान तालु उत्पन्न भयो । त्यसपछि जिब्रो बन्यो । जिब्रोबाट रस बन्यो र त्यसका देवता वरुण बने । उपर्युक्त तालु, जिह्वा आदिका अधिष्ठाता चार देवता भए ॥१८॥ जब ती परम पुरुषले बोल्ने इच्छा गरे तब वचन र उसका देवता अग्नि उत्पन्न भए र ती नारायण धेरै समयसम्म त्यस जलमा नै रहिरहे ॥१९॥ जब वायु (प्राणवायु) ठूलो वेगले चल्न लाग्यो र जलबाट बाहिर उसले निस्कन कुनै बाटो पाएन अनि उसलाई कष्ट हुन लाग्यो, अनि नासिका उत्पन्न भए । गन्ध वहन गर्ने भएका वायु यसका देवता मानिए र गन्ध आदि विषयलाई ग्रहण गर्ने भएको घ्राण इन्द्रिय बन्यो ॥२०॥ जब त्यसले आफ्नो चारैतिर घोर अन्धकारको साम्राज्य देख्यो र उसलाई स्वयं आफूलाई नै हेर्ने इच्छा भयो, तब नेत्र उत्पन्न भए । त्यसबाट सूर्य देवता उत्पन्न भए र रूप-दर्शन तिनको विषय बन्यो ॥२१ ॥ जब ऋषिगण वैदिक मन्त्र द्वारा यसलाई सम्बोधन गर्न लागे र ती वाक्यहरू सुन्नको निम्ति २१॥

जायत प्रभोः ॥ पिपासतो जक्षतश्च प्राङ्मुखं निरभिद्यत ॥१७॥ मुखतस्तालु निर्भिन्नं जिह्वा तत्रोपजायते ॥ ततो नानारसो जज्ञे जिह्वया योऽधिगम्यते ॥ १८ ॥ विवक्षोर्मुखतो भूम्नो वह्निर्वाग्व्याहृतं तयोः ॥ जले वै तस्य सुचिरं निरोधः समजायत ॥ १६ ॥ नासिके निरभिद्येतां दोधूयति नभस्वति ॥ तत्र वायुर्गन्धवहो घ्राणो नसि जिघृक्षतः ॥ २० ॥ यदात्मनि निरालोकमात्मानं च दिदृक्षतः ॥ निर्भिन्ने ह्यक्षिणी तस्य ज्योतिश्चक्षुर्गुणग्रहः ॥२१॥ बोध्यमानस्य ऋषिभिरात्मनस्तज्जिघृक्षतः ॥ कर्णौ च निरभिद्येतां दिशः श्रोत्रं गुणग्रहः ॥ २२ ॥ वस्तुनो मृदुकाठिन्यलघुगुर्वोष्णशीतताम् ॥ जिघृक्षतस्त्वङ्निर्भिन्ना तस्यां रोममहीरुहाः ॥ तत्र चान्तर्बहिर्वातस्त्वचा लब्धगुणो वृतः ॥ २३ ॥ हस्तौ रुरुहतुस्तस्य नानाकर्मचिकीर्षया ॥ तयोस्तु बलमिन्द्रश्च आदानमुभयाश्रयम् ॥ २४ ॥ गतिं जिगीषतः पादौ रुरुहातेऽभिकामिकाम् ॥ पद्भ्यां यज्ञः स्वयं हव्यं कर्मभिः क्रियते नृभिः ॥ २५ ॥ निरभिद्यत शिश्नो वै प्रजानन्दामृतार्थिनः ॥ उपस्थ आसीत्कामानां प्रियं तदुभयाश्रयम् ॥ २६ ॥ उत्सिसृक्षोर्धातुमलं निरभिद्यत वै गुदम् ॥ ततः पायुस्ततो मित्र उत्सर्ग उभयाश्रयः ॥ २७ ॥ आसिसृक्षोः पुरः पुर्या नाभिद्वारमपानतः ॥ तत्रापानस्ततो

त्यसको इच्छा भयो, तब त्यसका कान उत्पन्न भए । तिनैद्वारा त्यसलाई शब्द सुनिन लागे ॥२२॥ सबै जगत्का वस्तुहरूको कोमलता, कठिनता, हलुका र गह्रौं, गर्मी र ठण्डा जान्ने इच्छा भयो, अनि ती परम पुरुषको त्वचा उत्पन्न भयो र उसमा रौंहरू उम्रे । तिनका देवता वृक्ष त्यस त्वचाको बाहिर उत्पन्न भए र भित्र स्पर्श गुणलाई लिएर वायु देवता विराजमान भए ॥२३॥ अब त्यसलाई अनेक थरिका गर्न इच्छा भयो, अनि त्यसका दुइ भुजाहरू उत्पन्न भए । इन्द्र त्यसका देवता बने र आदान (लिनु) तथा प्रदान (दिनु) तिनको गुण भयो ॥२४॥ जब त्यसलाई गतिको अभिलाषा भयो, तब खुट्टा उत्पन्न भए ! ती खुट्टाका साथै अधिष्ठाता रूपबाट विष्णु भगवान् स्वयं बस्न लागे । तिनका यज्ञको निम्ति हव्य आदि उत्पन्न भए ॥२५॥ जब त्यसलाई प्रजा (सन्तान प्राप्ति) रूपी अमृत समान आनन्द प्राप्त गर्ने इच्छा भयो, तब शिश्न (लिङ्ग) उब्ज्यो र त्यसका देवता प्रजापति भए । यी शिश्न र उपस्थ (प्रजापति) मा स्त्री-सम्भोगको गुण विद्यमान थियो॥२६॥जब त्यसलाई धातु (अन्नादि) को मल त्याग गर्न अभिलाषा भयो, तब वायुइन्द्रियभयो । त्यस पायुका देवता मित्र भएर ॥२१।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको उत्सर्ग कार्य भयो ॥२७॥ जब त्यस परम पुरुषको यौटा देहबाट देहान्तरमा जाने अभिलाषा भयो, तब नाभि उत्पन्न भयो र त्यहीं नै अपानवायुको निवास भयो। त्यसैबाट कलेवर-त्याग अर्थात् मृत्यु उत्पन्न भइन्। (अनेक विद्वान्हरूको कथन छ—यदि नाभिमा प्राण र अपान दुवै वायु जब बाँधिन्छन् तब मृत्यु हुन्छ। यो कुरा सर्व प्रसिद्ध छ।) ॥२८॥ जब त्यसलाई अन्न-पानको अभिलाषा भयो तब उदर र आन्द्राहरू, नाडीहरू, उत्पन्न भए। यिनमा उदर अधिष्ठाता छ, आन्द्राहरू इन्द्रियरूपले अन्न संग्रह गर्दछन् र नाडीहरू पिउने पदार्थको संग्रह गर्दछन्। तिनैबाट नदी, समुद्र, तुष्टि र पुष्टि पनि उत्पन्न भए ॥२९॥ जब त्यसलाई आफ्नी मायाको विशेष पर्यालोचनको आवश्यकता प्रतीत भयो, तब हृदय उत्पन्न भयो। त्यसै हृदयबाट मन, चन्द्रमा, सङ्कल्प र काम (विषय) उत्पन्न भए ॥३०॥ त्वक् (मोटो छाला) चर्म (त्वचाको माथि रहने पातलो छाला) मांस, रक्त, मेद, मज्जा र हाड़ यी सात धातुहरू तथा पृथ्वी, जल, अग्नि र वायु यी आकाशात्मक हुन् अर्थात् पृथ्वी, जल आदि द्वारा नै यिनको पोषण हुन्छ ॥ ३१ ॥ सबै इन्द्रियहरू *गुणात्मक छन्

मृत्युः पृथक्त्वमुभयाश्रयम् ॥२८॥ आदित्सोरन्नपानानामासन्कुक्ष्यन्त्रनाडयः ॥ नद्यः समुद्राश्च तयोस्तुष्टिः पुष्टिस्तदाश्रये ॥ २९ ॥ निदिध्यासोरात्ममायां हृदयं निरभिद्यत ॥ ततो मनस्ततश्चन्द्रः संकल्पः काम एव च ॥ ३० ॥ त्वक्चर्ममांसरुधिरमेदोमज्जास्थिधातवः ॥ भूम्यप्तेजोमयाः सप्त प्राणो व्योमाम्बुवायुभिः ॥ ३१ ॥ गुणात्मकानीन्द्रियाणि भूतादिप्रभवा गुणाः ॥ मनः सर्वविकारात्मा बुद्धिर्विज्ञानरूपिणी ॥ ३२ ॥ एतद्भगवतो रूपं स्थूलं ते व्याहृतं मया ॥ मह्यादिभिश्चावरणैरष्टभिर्बहिरावृतम् ॥ ३३ ॥ अतः परं सूक्ष्मतममव्यक्तं निर्विशेषणम् ॥ अनादिमध्यनिधनं नित्यं वाङ्मनसः परम् ॥ ३४ ॥ अमुनी भगवद्रूपे मया ते अनुवर्णिते ॥ उभे अपि न गृह्णन्ति मायासृष्टे विपश्चितः ॥ ३५ ॥ स वाच्यवाचकतया भगवान् ब्रह्मरूपधृक् ॥ नामरूपक्रिया धत्ते सकर्माकर्मकः परः ॥ ३६ ॥ प्रजापतीन्मनून्देवानृषीन्पितृगणान्पृथक् ॥ सिद्धचारणगन्धर्वान्विद्याध्रासुर

अर्थात् गुणनै यिनको स्वभाव हो र विषयहरूतिर यिनको वर्ता झुकाउ रहन्छ। शब्दादि गुण अहङ्कार आदिबाट उत्पन्न हुन्छन्। मन सबै प्रकारका विकारहरूको स्वरूप हो र बुद्धि विशेष ज्ञानको स्वरूप हो ॥३२॥ हे राजन्! यो मैले ती विराट् पुरुषको स्थूलरूप बताएँ। यो रूप बाहिर-बाहिर पृथ्वी, जल, वायु, अग्नि, आकाश, अहङ्कार, महत्तत्त्व र प्रकृति यी आठ आवरणद्वारा आवृत्त छ ॥३३॥ त्यसपछि म तिमीलाई भगवान्को त्यो अतिशय सूक्ष्म स्वरूप भन्नेछु, जुन अव्यक्त, विशेषण शून्य, आदि-मध्य-अन्त्यरहित (सधैं एकनामे रहने) र मन तथा वाणीभन्दा पनि पर छ ॥ ३४ ॥ (केवल भक्तिको निम्ति) भगवान्का यी दुवै रूपको वर्णन मैले गरिसकें। ठूला-ठूला विद्वान् यी दुवैलाई मायामय जानेर यिनलाई भगवान्को स्वरूप मान्दैनन् ॥३५। वास्तवमा भनौं भने भगवान् त इन्द्रियातीत र सूक्ष्म तिसूक्ष्म छन्, तर ती नारायण नै ब्रह्मा आदि बनेर वाच्य-वाचक भावबाट यस जगत्को सृष्टि गर्दछन्। ती वाचक-भावबाट रूप पनि ग्रहण गर्दछन्। ती आफ्नी मायाद्वारा प्रेरित भएर नै सकर्मक बन्दछन्, वास्तवमा अकर्मक नै हुन् ॥३६॥ ती नै प्रजापति,

---

उदाहरण (इन्द्रियहरूको उपद्रव)—यौटा श्रद्धालु भक्त परमहंस रामकृष्णलाई आफ्नो घर भोजन गर्नका लागि डाकेर लगे। तिनले थोरै खाएको देखेर उमिकीले आग्रह गरे। त्यसमा उनले भने—महाशय! इन्द्रियहरू बेदमाश घोडा जस्तै छन्। ती त मौका खोजिरहन्छन्। यसै निम्ति म सधैं आफ्नो साधनारूपी लगामलाई बडो सावधानीले पक्री राख्दछु। यदि लगाम खुकुलो गरिदिने हो र एकपल्ट कोर्राले हिर्काइदिने हो भने यस दुष्ट पशुले मलाई कहाँ लगेर कुन खाडलमा फालिदिने हो, जान्न सकिन्न।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

मनु, देवता, ऋषि, पितर, सिद्ध, चारण, गन्धर्व, विद्याधर, असुर, यक्ष, ॥३७॥ किन्नर, अप्सरा, नाग, सर्प, किम्पुरुष, उरग, सप्तमाता, राक्षस, पिशाच, भूत-प्रेत, विनायक ॥३८॥ कूष्माण्ड, उन्मादकारी ग्रह, वेताल, यातुधान (दैत्य), ग्रह, पक्षी, सिंह आदि वनजन्तु, वृषभ, अश्व आदि पशु, वृक्ष-सर्प आदि ॥ ३९ ॥ स्थावर-जङ्गमात्मक प्राणी तथा जरायुज, अण्डज, स्वेदज र उद्भिज, यी चार थरिका जीव तथा जल-स्थल एवं आकाशमा विचरण गर्ने जीव तथा पुण्य-पाप मिश्रित कर्महरूको अनुरूप तिनको जुन उच्च नीच-मध्य गतिहरू हुन्छन्, ती सबैलाई उनै परम पुरुष स्वयं बनाउँछन् ॥ ४० ॥ तिनमा पनि एक-एक गरेर सत्त्व, रज तम यी तीनै गुणहरूको भेदानुसार दैवी, मानुषी र

गुह्यकान् ॥३७॥ किन्नराप्सरसो नागान्सर्पान्किंपुरुषोरगान् ॥ मातृरक्षःपिशाचांश्च प्रेतभूतविनायकान् ॥ ३८ ॥ कूष्माण्डोन्मादवेतालान्यातुधानान्ग्रहानपि ॥ खगान्मृगान्पशून्वृक्षान्गिरीन्नृप सरीसृपान् ॥ ३९ ॥ द्विधाश्चतुर्विधा येऽन्ये जलस्थलनभौकसः ॥ कुशलाकुशला मिश्राः कर्मणां गतयस्त्विमाः ॥४०॥ सत्त्वं रजस्तम इति तिस्रः सुरनृनारकाः ॥ तत्राप्येकैकशो राजन्भिद्यन्ते गतयस्त्रिधा ॥ यदैकैकतरोऽन्याभ्यां स्वभाव उपहन्यते ॥ ४१ ॥ स एवेदं जगद्धाता भगवान् धर्मरूपधृक् ॥ पुष्णाति स्थापयन्विश्वं तिर्यङ्नरसुरात्मभिः ॥ ४२ ॥ ततः कालाग्निरुद्रात्मा यत्सृष्टमिदमात्मनः ॥ संनियच्छति कालेन घनानीकमिवानिलः ॥ ४३ ॥ इत्थंभावेन कथितो भगवान्भगवत्तमः ॥ इत्थंभावेन हि परं द्रष्टुमर्हन्ति

नारकी यी तीन गतिहरू विभक्त हुन्छन् । यी तीनैमध्ये जब दुइ गुण प्रबल हुन्छन् तब स्वभाव साटिदिन्छन् । जस्तै—कुनै मनुष्यको राक्षसी स्वभाव छ, तर यदि सत्त्वगुण वा तमोगुण प्रबल भयो भने त्यो मनुष्य आफ्नो राजस स्वभाव* त्यागेर सत्त्वगुणी या तामसी हुन सक्तछ ॥४१॥ तिनै भगवान् तिर्यगादि रूपबाट यस विश्वको स्थापना र यसको पालन गर्दै धर्मरूप द्वारा त्यसको पोषण गर्दछन् ॥४२॥ त्यसपछि जब ती इच्छा गर्दछन् तब कालाग्निरूप धारण गरेर आफैले बनाएको यस सृष्टिको त्यसै गरी संहार गरिदिन्छन्, जसरी वायु

उदाहरण (त्याग महिमा)—यूनान देशमा मलिक दीनार नामको यौटा ठूलो त्यागी र राम्रो भगवद्भक्त भएका थिए। मलिक दीनार निकै वर्षदेखि सुक्खा-रोटी मात्र खान्थे। बेलुका बजारबाट रोटी ल्याउँथे र त्यही खाएर पानी पिउँथे। यसले तिनको स्वास्थ्य ठीक रहन्थ्यो। संयोगले एक पल्ट ती बिमारी परे। त्यसै बखत तिनलाई मिठाई खान मन लाग्यो। धेरै बलपूर्वक रोक्दा पनि जब मनले मानेन तब ती यौटा पसल बाट केही सामान किनेर ल्याए। दिनहुँ सुख्खारोटी दीनार आज यस सामानको के गर्दा रहेछन्, यो जान्नको निमित्त पसलेले यौटा मानिस तिनको पछि-पछि लगाइदियो। अलि पर पुगेपछि मलिक दीनारले किनेको वस्तुतिर हेर्दै मनमनै भने—'हे मन! तेरो निमित्त यति भोग नै बर्ता छ, अरु चाहिन्न।' पछि त्यो सामान यौटा गरीबलाई दिएर तिनले फेरि मनमनै भने—'ए मेरो निर्धो मन! नियममा बाँधेर म तँलाई कष्ट अवश्य दिन्छु तर शत्रुभावले होइन-मित्रभावले धैर्य राख, एक दिन तेरो यस दुःखको अन्त्य अवश्य आउने छ र तँलाई यस्तो सुख प्राप्त हुनेछ— जसको कहिल्यै अन्त्य हुने छैन।' एक छिनपछि फेरि ती मनमनै भन्दछन्—'मानिसको मनाइ छ—लगातार चालीस दिनसम्म पौष्टिक आहार नपाए बुद्धि भ्रष्ट हुन्छ। मैले बीस वर्षदेखि पौष्टिक कुनै वस्तु पनि खाएको छैन, तापनि मेरो बुद्धि त प्रतिदिन सफा हुँदै गए झैं लागिरहेछ।' मलिक दीनार चालीस वर्षसम्म बसरामा बसे, तर एक पल्ट पनि तिनले खजूर खाएका थिएनन्। खजूरको मौसम आए पछि ती भन्दथे—'हेर, खजूर नखानाले पनि मेरो शरीरलाई केही हानि भएन र बराबर खजूर खाइरहनेको शरीरलाई केही लाभ भएको देख्दिन।' चालीस वर्षपछि एक दिन तिनलाई खजूर खाने प्रबल इच्छा भयो, अनि उनले मनमनै भने—'हे लोभी मन! म तेरो वासना कहिल्यै पूर्ण गर्दिन पक्का जान।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बादलहरूलाई उखेलेर नष्ट गरिदिन्छ ॥४३॥ ती सर्वश्रेष्ठ नारायणको यो स्वरूप मैले तिमीलाई बताएँ, तर ठूला-ठूला विद्वान् ती पुरुष भगवान्‌को यस स्वरूपलाई सही मान्दैनन् ॥४४॥ किन भने यस विश्वको जन्म र कर्म ती ईश्वरको कार्य मान्दैनन् र श्रुति पनि ईश्वरलाई जगत्का कर्ता भन्दैनन् किनकि त्यसलाई ती परम पुरुषमा कर्तृत्व ल्याउनु अभीष्ट छैन, उनको विचार त यस्तो छ कि ईश्वरको मायाले नै यो जगत्‌लाई प्रकट गरेको छ ॥४५॥ यो मैले ब्रह्मकल्प उदाहरणको निम्ति संक्षेपमा भनिदिएँ। कल्पमा प्राकृत महदादि तत्त्वहरूको सृष्टि हुन्छ र अवान्तर कल्पमा वैकृत स्थावर आदिको सृष्टि हुन्छ। यो साधारण विधान हो (अर्थात् सबै कल्पमा यसै गरी सृष्टिको कार्य चलिरहन्छ।) ॥ ४६ ॥ कालको स्थूल र सूक्ष्मरूप, कल्पको लक्षण र अवान्तर कल्प म अगाडि (तृतीय स्कन्धमा) वर्णन गर्नेछु। अब तिमी पद्मकल्पको कुरा सुन ॥ ४७ ॥ यति कथा सुनिसकेर शौनक भन्दछन्—हे सूत!

सूरयः ॥ ४४ ॥ नास्य कर्मणि जन्मादौ परस्यानुविधीयते कर्तृत्वप्रतिषेधार्थं माययाऽऽरोपितं हि तत् ॥ ४५ ॥ अयं तु ब्रह्मणः कल्पः सविकल्प उदाहृतः ॥ विधिः साधारणो यत्र सर्गाः प्राकृतवैकृताः ॥ ४६ ॥ परिमाणं च कालस्य कल्पलक्षणविग्रहम् ॥ यथा पुरस्ताद्व्याख्यास्ये पाद्मं कल्पमथो शृणु ॥४७॥ शौनक उवाच ॥ यदाह नो भवान्सूत क्षत्ता भागवतोत्तमः ॥ चचार तीर्थानि भुवस्त्यक्त्वा बन्धून्सुदुस्त्यजान् ॥ ४८ ॥ कुत्र कौषारवेस्तस्य संवादोऽध्यात्मसंश्रितः ॥ यद्वा स भगवांस्तस्मै पृष्टस्तत्त्वमुवाच ह ॥ ४९ ॥ ब्रूहि नस्तदिदं सौम्य विदुरस्य विचेष्टितम् ॥ बन्धुत्यागनिमित्तं च तथैवागतवान् पुनः ॥ ५० ॥ सूत उवाच ॥ राज्ञा परीक्षिता पृष्टो यदवोचन्महामुनिः ॥ तद्वोऽभिधास्ये शृणुत राज्ञः प्रश्नानुसारतः ॥५१ ॥ इति श्रीमद्भागवते महापुराणे द्वितीयस्कन्धेऽष्टादशसाहस्र्यां संहितायां पुरुषसंस्थानुवर्णनं नाम दशमोऽध्यायः ॥१०॥

जो तपाईले हामीसित भन्नुभएको थियो—भगवद्भक्त विदुर आफ्ना प्रिय र कष्टसित छाडिने योग्य बन्धुहरूलाई त्यागेर पृथ्वीका विविध तीर्थस्थानको भ्रमण गर्दै रहे ॥ ४८ ॥ अनि तीसित मैत्रेयको साक्षात्कार कहाँ भयो, जहाँ यी आध्यात्मिक विषयहरूको दुवैले चर्चा गरे? अथवा विदुरले सोधेपछि मैत्रेयले कसरी तिनलाई ज्ञानोपदेश दिए ॥४९॥ हे सौम्य! तपाईं मलाई विदुरको चरित्र सुनाउनोस् र यो पनि भन्नुहवस्—तिनले आफ्ना दाजूहरूलाई किन त्यागिदिएका थिए? त्यागिदिएर पनि ती फेरि उनैकहाँ किन फर्कर गए ॥५०॥ सूतजी भन्दछन्—राजा परीक्षितले यो सोधेपछि महामुनि शुकले जस्तो उत्तर दिएका थिए, यो म तिमीलाई सुनाउँला। राजाको प्रश्नानुसार ती कुराहरूलाई ध्यानपूर्वक सुन ॥५१॥ इति श्रीमद्भागवते महापुराणे द्वितीय स्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां दशमोऽध्यायः ॥१०॥ द्वितीय स्कन्ध समाप्त भयो।

॥ समाप्तोऽयं द्वितीयः स्कन्धः ॥

—:०:—

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDF - Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते द्वितीयः स्कन्धः समाप्तः।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते तृतीयः स्कन्धः प्रारभ्यते।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः (विदुरोद्धव समागम) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! सबै सम्पत्तिले परिपूर्ण घर त्यागेर वनमा हिंडेर विदुरले मैत्रेयसित केही प्रश्न गरेथे ॥१॥ सबै प्राणिहरूका प्रभु, षड्गुणैश्वर्यधारी भगवान् श्रीकृष्ण तिम्रा पूर्वज पाण्डवहरूका मन्त्री थिए। एक पल्ट प्रसंगवश उनले हस्तिनापुर जान पऱ्यो, ती पौरवेन्दु दुर्योधनकहाँ नगएर दरिद्र विदुरका घर गएका थिए, किनकि उनले विदुरलाई आफ्नो ठानिसकेका थिए ॥२॥ परीक्षितले सोधे–हे भगवन् ! विदुरसित महर्षि मैत्रेय कहाँ भेटिए र ती दुवैको कहाँ कुराकानी भयो ? त्यो मलाई भन्नुहवस् ॥३॥ ती जान्ने मैत्रेयसित विदुरको कुनै साधारण प्रश्न अवश्य पनि भएन होला। ती दुवैको प्रश्नोत्तर अवश्य कुनै विशेषता राख्ने होला ॥४। सूतजी भन्दछन्–हे शौनक ! राजा परीक्षितले त्यसरी सोधेपछि सर्वज्ञ शुकदेव निकै प्रसन्न भएर र तिनले राजासित भने–लौ त, सुन्नुहवस् ॥ ५ ॥ श्रीकृष्णले दुर्योधनको घर

ॐ नमो भगवते वासुदेवाय ॥ श्रीशुक उवाच ॥ एवमेतत्पुरा पृष्टो मैत्रेयो भगवान्किल ॥ क्षत्त्रा वनं प्रविष्टेन त्यक्त्वा स्वगृहमृद्धिमत् ॥ १ ॥ यद्वा अयं मन्त्रकृद्वो भगवानखिलेश्वरः ॥ पौरवेन्द्रगृहं हित्वा प्रविवेशात्मसात्कृतम् ॥ २ ॥ राजोवाच ॥ कुत्र क्षत्तुर्भगवता मैत्रेयेणास संगमः ॥ कदा वा सह संवाद एतद्वर्णय नः प्रभो ॥ ३ ॥ न ह्यल्पार्थोदयस्तस्य विदुरस्यामलात्मनः ॥ तस्मिन्वरीयसि प्रश्नः साधुवादोपबृंहितः ॥ ४ ॥ सूत उवाच ॥ स एवमृषिवर्योऽयं पृष्टो राज्ञा परीक्षिता ॥ प्रत्याह तं सुबहुवित्प्रीतात्मा श्रूयतामिति ॥ ५ ॥ श्रीशुक उवाच ॥ यदा तु राजा स्वसुतानसाधून्पुष्णन्नधर्मेण विनष्टदृष्टिः ॥ भ्रातुर्यविष्ठस्य सुतान्विबन्धून्प्रवेश्य लाक्षाभवने ददाह ॥ ६ ॥ यदा सभायां कुरुदेवदेव्याः केशाभिमर्शं सुतकर्म गर्ह्यम् ॥ न वारयामास नृपः स्नुषायाः स्वास्रैर्हरन्त्याः कुचकुङ्कुमानि ॥ ७ ॥ द्यूते त्वधर्मेण जितस्य साधोः सत्यावलम्बस्य वनागतस्य ॥ न याचतोऽदात्समयेन दायं तमोजुषाणो यदजातशत्रोः ॥ ८ ॥ यदा च पार्थप्रहितः सभायां जगद्गुरुर्यानि जगाद कृष्णः ॥ न तानि पुंसाम-

किन त्यागेका थिए, पहिले यसैको उत्तर दिन्छु। अन्धा राजा धृतराष्ट्रले जब अधर्मवश आफ्ना छोराहरूलाई त प्रोत्साहन दिए, भाईका असहाय छोराहरूलाई लाक्षागृह र लाखले बनाइएको घरमा पठाएर पोलिदिन खोजे ॥६॥ जब कुरुपति युधिष्ठिरकी धर्मपत्नी र त्यस राज्यकी अभिषिक्त राजमहिषी द्रौपदीलाई तिनका छोराहरूले सभामा ल्याएर नाङ्गी पार्न खोजे त्यस बेला पनि अन्धा राजाले दुष्टहरूलाई रोकेनन्। यद्यपि तिनकी बुहारी द्रौपदी करुण-स्वरले विलाप पार्दै आँसुले आफ्ना कुचमा लगाएको केशर पखालिरहेकी थिइन् ॥७॥ जब सत्य प्रतिज्ञ युधिष्ठिरको कपट-द्यूतमा सर्वस्व खोसिएको थियो र ती घर-द्वार त्यागेर वनवासी भए। त्यसको धेरै दिनपछि पूर्वनिश्चित योजनानुसार जब तिनले धृतराष्ट्रसित आफ्नो भाग मागे तब ती अज्ञानी र छोराका पक्षपाती राजाले ती सरल युधिष्ठिरलाई केही दिएनन्* ॥८॥ युधिष्ठिरले पठाइएका जगद्गुरु कृष्णले कौरवी सभामा अमृतमय उपदेश दिए,

* दृष्टान्त (एक ढक्की माटो)—यौटा जिमिदार थियो, त्यसले सरकारी कर्मचारीलाई घूस दिएर यौटी गरीब विधवाको खेत खोस्यो। त्यो विचरी रोई-कराई तर कसैले सुनेन। जमीदारको अन्याय हो भन्ने सबै जान्दथे तर को भनोस् ? अन्त्यमा साह्रै दुःखी भएर त्यो जमींदार कहाँ गई। उसले आँखा तरेर भन्यो—'यहाँ किन आएकी ? गइहाल!' विधवाले भनी—'महाशय !' तिमीले मेरो खेत खोस्यौ, केही भएन। म अर्को कुनै गाउँमा गएर भाँडा-पानी गरेर गुजारा गर्नेछु। तर मलाई आफ्नो खेतबाट एक ढक्की माटो लिन दिए हाम्रो हुने थियो, किनकि माटो देखेर मलाई धैर्य हुनेछ—यो मेरो खेतको माटो हो।' जमींदारले मागे दिन स्वीकार गऱ्यो, तापनि त्यसलाई त्यो विधवामा विश्वास भएन। त्यो संगसँगै गयो। विधवाले रुँदै माटो खनी र ढक्की मा माथिसम्म भरी। तैपनि जमींदारको ढुङ्गा झैं कठोर हृदय पग्लेन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

तर ती स्वार्थी राजाले उनका कुरालाई महत्व दिएनन् किनकि तिनको पुण्य नष्ट भइसकेको थियो ॥९॥ जब धृतराष्ट्रले सल्लाह गर्नको निम्ति विदुरलाई आफ्नो महलमा डाके तब ती गए । मन्त्रणा-पिचक्षण विदुरले त्यहाँ जे जति भनेका थिए, त्यसलाई मन्त्रणा जान्नेहरू 'विदुरनीति' भन्दछन् ॥१०॥ उनले भने—ती त्यागी, हजुरका असह्य अपराधहरू सहन गर्ने र शत्रुहीन युधिष्ठिरलाई तिनको भाग दिनुहोस्, किनकि भीमरूपी सर्प आफ्ना दाजु-भाइसित बसेर गम्भीर सास फेरिरहेको छ, हजुर त्योसित वर्ता डर मान्नु हुन्छ ॥११॥ यदि हजुर भीम जस्ता मेरा धेरै छोराहरू छन् भने ठान्नुहुन्छ भने यो पनि नबिर्सनु होला—भगवान् श्रीकृष्णले पाण्डवहरूलाई आफ्नै मानिसकेका छन् । श्रीकृष्ण साधारण मनुष्य होइनन् ती ब्राह्मणहरूका पनि देवता हुन् । ती आफ्नो द्वारकापुरीमा यदुवंशीहरूका पूज्य मानिन्छन् । तिनले आफ्नो पराक्रम द्वारा भूमण्डलका सबै राजाहरूलाई जितिसकेका छन् ॥१२॥ यदि हजुर दुर्योधन मान्दैन भन्नुहुन्छ भने परम पुरुष श्रीकृष्णको द्वेषी दुर्योधनलाई हजुर आफ्नो घरमा पसेको यौटा ठूलो दोष मान्नुहोस् । यस्ता अभागीलाई आफ्नो छोरो

सृतायनानि राजोरु मेने क्षतपुण्यलेशः ॥ ६ ॥ यदोपहूतो भवनं प्रविष्टो मन्त्राय पृष्टः किल पूर्वजेन ॥ अथाह तं मन्त्रदृशां वरीयान् यन्मन्त्रिणो वैदुरिकं वदन्ति ॥ १० ॥ अजातशत्रोः प्रतियच्छ दायं तितिक्षतो दुर्विषहं तवागः ॥ सहानुजो यत्र बृकोदराहिः श्वसन् रुषा तत्त्वमलं बिभेषि ॥११॥ पार्थास्तु देवो भगवान्मुकुन्दो गृहीतवान्सः क्षितिदेवदेवः ॥ आस्ते स्वपुर्यां यदुदेवदेवो विनिजिताशेषनृदेवदेवः ॥ १२ ॥ स एष दोषः पुरुष-द्विडास्ते गृहान्प्रविष्टो यमपत्यमत्या ॥ पुष्णासि कृष्णाद्विमुखो गतश्रीस्त्यजाश्वशैवं कुलकौशलाय ॥ १३ ॥ इत्युचिवांस्तत्र सुयोधनेन प्रवृद्धकोप-स्फुरिताधरेण ॥ असत्कृतः सत्स्पृहणीयशीलः क्षत्ता सकर्णानुजसौबलेन ॥ १४ ॥ क एनमत्रोपजुहाव जिह्मं दास्याः सुतं यद्बलिनैव पुष्टः ॥ तस्मि-न्प्रतीपः परकृत्य आस्ते निर्वास्यतामाशु पुराच्छ्वसानः ॥ १५ ॥ स इत्थमत्युल्बणकर्णबाणैर्भ्रातुः पुरो मर्मसु ताडितोऽपि ॥ स्वयं धनुर्द्वारि निधाय मायां गतव्यथोऽयादुरुमानयानः ॥ १६ ॥ स निर्गतः कौरवपुण्यलब्धो गजाह्वयात्तीर्थपदः पदानि ॥ अन्वाक्रमत्पुण्यचिकीर्षयोर्व्यां

मानेर यसको पालन गर्नुहुन्छ ? भगवान्‌दूसित द्वेष गर्नाले त्यसको 'श्री' नष्ट भइसकेको छ । आफ्नो कुलको कल्याण गर्नका लागि हजुर यो साक्षात् अमंगल-मूर्तिलाई तत्काल त्यागिदिनुस् ॥१३॥ विदुरले त्यस्तो भनेको सुनेर दुर्योधन रातो-पीरो भयो र त्यसका ओंठ फरफाउन लागे । त्यसका भाई र मित्र कर्ण, दुःशासन र शकुनी पनि रिसाए । ती सबैले विदुरको घोर तिरस्कार गरे ॥१४॥ दुर्योधनले भने–'यो कुटिल दासी-पुत्रलाई यहाँ कसले डाक्यो ? यो जसको खाएर पालिएको छ, त्यसैको विरुद्ध षड्यन्त्र रच्दै शत्रुहरूलाई सहयोग दिन्छ । यसको सर्वस्व खोसेर यो अभागीलाई रित्तो हातले यस देशबाट निर्वासित गरिदिनु पर्दछ' ॥१५॥ आफ्ना दाजू धृतराष्ट्रकै समक्ष यस्तो कठोर वाणी कानबाट ज्ञानी विदुरको हृदयमा गएर बाण झैं लागे, तैपनि भगवान्‌की मायाको महत्त्व ठानेर उनले स्वयं आफ्नो धनुष-बाण उसको ढोकामा राखिदिए र प्रसन्नतासाथ निकालिनु भन्दा पहिले नै निस्केर

र त्यो विधवाले भनी—'टक्की उचाल्न सहयोग देऊ ।' जमींदार त्यो भारी उचालि दिँदै बोल्यो—'यति ठूलो भारी बोकिस् भने मर्न बेर छैन ।' विधवाले भनी—'म जब आफ्नो खेतको एक टक्की माटो बोकेर मर्दछु भने तिमी अर्काको खेत खोसेर त्यो कसरी पचाउन सकौला ?' यति सुनेर जमींदारलाई आफ्नो भूल ज्ञात भयो र त्यो विधवाको पाउमा पर्‍यो । त्योसित माफी मागी खेत फर्काइदियो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिंडे ॥१६॥ हस्तिनापुरबाट हिंडेर कौरवहरूको पुण्यबल प्राप्त गरेका विदुर नारायणका ती पवित्र तीर्थहरूको भ्रमण गर्न हिंडे, जहाँ भगवान् ब्रह्मा, रुद्रादि हजारौं रूपमा विद्यमान थिए ॥१७॥ अनेक नगर पवित्र उपवन, पहाड़, लताकुञ्ज, पंकहीन जल, नदी सरोवर र अगणित आकारका मूर्ति हुने तीर्थहरूमा ती डुल्न लागे। यस प्रकार भूमण्डला भ्रमण गर्दै र पवित्र रीतिले आफ्नो जीविका सम्पादन गर्दै प्रत्येक तीर्थमा स्नान गर्दै, भूमिमा सुतेर शरीरको कुनै साज-सज्जा नगरी, अवधूत समान तिनको वेष-भूषा थियो, यसै कारण तिनलाई कसैले चिन्दैनथे र ती बराबर नारायणलाई प्रसन्न पार्नको लागि अनेक प्रकारका व्रतोपवास गर्दै रहन्थे ॥ १८-१९ ॥ त्यसरी भारतवर्षमा भ्रमण गर्दागर्दै जब विदुर प्रभास क्षेत्रमा पुगे त्यस वेलासम्म महाराज युधिष्ठिर शत्रुहरूलाई जितेर भगवान् श्रीकृष्णको मन्त्रणा अनुसार भूमण्डल भरिको शासन गर्न लागेका थिए ॥ २० ॥ त्यहाँ नै उनले सुने—उनका सबै सम्बन्धीहरू स्पर्धावश आपुसमै त्यसै गरी लडेर मरे—जसरी बाँसको बनमा बाँसहरू घोटिएर उत्पन्न भएको आगोले सारा बन पोलिदिन्छ। यो दुःखद समाचार सुनेर

स्वधिष्ठतो यानि सहस्रमूर्तिः ॥१७॥ पुरेषु पुण्योपवनाद्रिकुंजेस्वपङ्कतोयेषु सरित्सरःसु ॥ अनंतलिंगैः समलंकृतेषु चचार तीर्थायतनेष्वनन्यः ॥१८॥ गां पर्यटन्मेध्यविविक्तवृत्तिः सदाऽऽप्लुतोऽधःशयनोऽवधूतः ॥ अलक्षितः स्वैरवधूतवेषो व्रतानि चेरे हरितोषणानि ॥ १९ ॥ इत्थं व्रजन्भारतमेव वर्षं कालेन यावद्गतवान्प्रभासम् ॥ तावच्छशास क्षितिमेकचक्रामेकातपत्रामजितेन पार्थः ॥ २० ॥ तत्राथ शुश्राव सुहृद्विनष्टिं वनं यथा वेणुजवह्निसंश्रयम् ॥ संस्पर्धया दग्धमथानुशोचन्सरस्वतीं प्रत्यगियाय तूष्णीम् ॥ २१ ॥ तस्यां त्रितस्योशनसो मनोश्च पृथोरथाग्नेरसितस्य वायोः ॥ तीर्थं सुदासस्य गवां गुहस्य यच्छ्राद्धदेवस्य स आसिषेवे ॥२२॥ अन्यानि चेह द्विजदेवदेवैः कृतानि नानायतनानि विष्णोः ॥ प्रत्यङ्गमुख्याङ्कितमन्दिराणि यद्दर्शनात्कृष्णमनुस्मरन्ति ॥ २३ ॥ ततस्त्वतिव्रज्य सुराष्ट्रमृद्धं सौवीरमत्स्यान्कुरुजांगलांश्च ॥ कालेन तावद्यमुनामुपेत्य तत्रोद्धवं भागवतं ददर्श ॥२४॥ स वासुदेवानुचरं प्रशान्तं बृहस्पतेः प्राक्तनयं प्रतीपम् ॥ आलिंग्य गाढं प्रणयेन भद्रं स्वानामपृच्छद्भगवत्प्रजानाम् ॥ २५ ॥ कच्चित्पुराणौ पुरुषौ स्वनाभ्यपाद्मानुवृत्त्येह किलावतीर्णौ ॥ आसात उर्व्याः कुशलं विधाय कृतक्षणौ कुशलं शूरगेहे ॥ २६ ॥ कच्चित्कुरूणां परमः सुहृन्नो भीमः

तिनलाई अत्यन्त खेद भयो र नबोलिकन ती सरस्वती नदीतर्फ हिंडिदिए ॥२१॥ त्यहाँ पुगेर उनले त्रित शुक्र, मनु, पृथु, अग्नि, असित, वायु, सुदास, गाई, स्वामी कार्तिकेय र श्राद्धदेव यी पुनीत तीर्थहरूमा अवगाहन गरे ॥२२॥ त्यो बाहेक अरु पनि अनेक ब्राह्मण, देवता र ऋषिहरू द्वारा निर्मित नारायणका ती मन्दिरहरूको पनि अवलोकन गरे, जसको माथि चक्रचिन्ह विराजमान थियो स्नानको दर्शन गर्नाले भगवान् कृष्णको स्मरण भएर आउँथ्यो ॥२३॥ त्यसपछि सौराष्ट्र (गुजरात), समृद्ध सौवीर, मत्स्य, कुरु-जाङ्गल आदि देशहरूमा डुल्दै ती यमुनातटमा पुगे र त्यहाँ विदुरले परमभक्त उद्धवलाई देखे ॥२४॥ भगवान कृष्णका अनुचर, परम शान्त र देवताका गुरु बृहस्पतिका पुराना नीति शास्त्रीय शिष्य उद्धवलाई विदुरले बर्ता स्नेह भएर छातीमा टाँसे र तिनीसित आफ्ना बन्धुहरूको र प्रजाको, श्रीकृष्णको कुशल-क्षेम सोधे—॥ २५ ॥ ती श्रीकृष्ण र बलराम त राम्ररी होलान्, जो ब्रह्माजीको प्रार्थनाले मनुष्यरूपमा अवतरित छन्। ती आफ्नो प्रतिज्ञानुसार पृथ्वीको कष्ट टारेर आनन्दपूर्वक राजा शूरसेनकै घरमा रहन्छन्? ॥२६॥ हाम्रा र कुरुवंशीहरूका पूज्य

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

सुहृद् वसुदेव त राम्रसी होलान् ? जो आफ्ना वहिनीहरूलाई वाबुले झैं तृप्त पार्दै विविध प्रकारका वर दिंदै रहन्छन् ।।२७।। हे प्रिय उद्धव ! यादवहरूका सेनापति प्रद्युम्न कुशल छन् ? जुन पूर्वजन्मका कामदेवलाई रुक्मिणीले ब्राह्मणहरूको आराधना गरेर कृष्ण द्वारा पुत्ररूपमा पाएकी छन् ।।२८।। सात्वत, वृष्णि, भोज र दाशार्हवंशी यादवहरूका स्वामी महाराज उग्रसेन त कुशल छन् ? तिनले उस वेला दुष्ट कंसको डरले राज्यसिंहासन पाउने आशा त्यागिसकेका थिए। तर भगवान् कृष्णले फेरि तिनको अभिषेक गरेका थिए ॥ २९ ॥ हे सौम्य ! भगवान् जस्तै राम्रा र रथिहरूका अग्रगामी साम्बलाई संचैछ ? जो पहिले पार्वतीका छोरा स्वामी कार्तिकेय थिए र यस जन्मना व्रतधारिणी जाम्बवतीको उदरवाट जन्मेका हुन् ।।३०।। ती युयुधान (सात्यकि) त कुशल छन् ? जसले अर्जुनसित धनुर्वेदको रहस्य जानेका हुन् र भगवान् श्रीकृष्णको सेवा गरेर उनको रीति-नीतिलाई राम्ररी बुझेका छन् ॥ ३१ ॥ श्वफल्कमा छोरा विद्वान्, पूतात्मा र भगवद्भक्त ती अक्रूर त सानन्द छन् ? जो कंसद्वारा श्रीकृष्णलाई ल्याउन व्रजमा पठाइएका थिए, ती वहाँ प्रेमले अधैर्य भएर श्रीकृष्णका चरणले

स आस्ते सुखमङ्ग शौरिः ॥ यो वै स्वसृणां पितृवद्ददाति वरान्वदान्यो वरतर्पणेन ॥ २७ ॥ कच्चिद्वरूथाधिपतिर्यदूनां प्रद्युम्न आस्ते सुखमङ्ग वीरः ॥ यं रुक्मिणी भगवतोऽभिलेभे आराध्य विप्रान्स्मरमादिसर्गे ॥ २८ ॥ कच्चित्सुखं सात्वतवृष्णिभोजदाशार्हकाणामधिपः स आस्ते ॥ यमभ्यषिञ्चच्छतपत्रनेत्रो नृपासनाशां परिहृत्य दूरात् ॥२९॥ कच्चिद्धरेः सौम्य सुतः सदृक्ष आस्तेऽग्रणी रथिनां साधु साम्बः ॥ असूत यं जाम्बवती व्रताढ्या देवं गुहं योऽम्बिकया धृतोऽग्रे ॥३०॥ क्षेमं स कच्चिद्युयुधान आस्ते यः फाल्गुनाल्लब्धधनूरहस्यः ॥ लेभेऽञ्जसाऽधोक्षधसेवयैव गतिं तदीयां यतिभिर्दुरापाम् ॥३१॥ कच्चिद्बुधः स्वस्त्यनमीव आस्ते श्वफल्कपुत्रो भगवत्प्रपन्नः ॥ यः कृष्णपादाङ्कितमार्गपांसुष्वचेष्टत प्रेमविभिन्नधैर्यः ॥ ३२ ॥ कच्चिच्छिवं देवकभोजपुत्र्या विष्णुप्रजाया इव देवमातुः ॥ या वै स्वगर्भेण दधार देवं त्रयी यथा यज्ञवितानमर्थम् ॥ ३३ ॥ अपस्विदास्ते भगवान्सुखं वो नः सात्वतां कामदुघोऽनिरुद्धः ॥ यमामनन्ति स्म ह शब्दयोनिं मनोमयं सत्त्वतुरीयतत्त्वम् ॥ ३४ ॥ अपिस्विदन्ये च निजात्मदैवमनन्यवृत्त्या समनुव्रता ये ॥ हृदीकसत्यात्मजचारुदेष्णगदादयः स्वस्ति चरन्ति सौम्य ॥ ३५ ॥ अपि स्वदोर्भ्यां विजयाच्यु-

अंकित व्रजभूमिको पवित्र धूलोमा लुटपुटिन थालेथे ॥ ३२ ॥ देवक नामका भोजवंशी राजाकी छोरी समान आराधनीया भगवान् कृष्णकी माता देवकी सुखी छन् ? जसले आफ्नो गर्भमा श्रीकृष्णलाई त्यसै गरी धारण गरिन् जसरी साम, ऋक् र यजु यी तीनै वेदहरूकी त्रयी यज्ञलाईका अर्थहरूलाई आफ्नो उदरमा धारण गरिराख्दछन् ।।३३।। ती अनिरुद्ध राम्ररी होलान्, जो सात्यतवंशी यादवहरूका कामधेनु हुन् र जसलाई मानिस योग र शब्दशास्त्र (व्याकरण) का आचार्य मान्दछन्। जसले चित्त, अहङ्कार र बुद्धिका चौथो अधिदेव ब्रह्मको तत्व जानिसकेका छन्। चित्त, अहङ्कार, बुद्धि र मन अन्तःकरणका यी चारै भेदहरू क्रमशः वसुदेव संकर्षण, प्रद्युम्न र अनिरुद्ध अधिष्ठाता मानिन्छन् ।।३४।। यी बाहेक हृदीक, सत्यभामाका छोरा चारुदेष्ण र गद आदि त सुखपूर्वक होलान् ? जसले अरु सबै कुराहरू बिर्सेर एकमात्र श्रीकृष्णमा आफ्नो मन लगाइराखेका छन् ॥ ३५ ॥ अब पाण्डवहरूको यथाक्रम सबैको र दुःखी कुन्तीको पनि कुशल-क्षेम सोध्दै विदुर खिन्न र उत्साहहीन मनले उद्धवसित भन्दछन्--जुन अर्जुन र श्रीकृष्णको सहायताले धर्म-सेतुको परिपालन गरेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहन्छन् जसको राजसभामा पुगेर र तिनको विजयश्री देखेर दुर्योधन मनमनै डढेको थियो, ती युधिष्ठिर छन् ? ॥ ३६ ॥ जुन भीम अपराधी माथि सर्प झैं क्रोध गर्न गर्दथे, के तिनले त्यो वैरभाव त्रिर्सिदिए ? जब ती आफ्नो गदा उचालेर विचित्र प्रकारले खुट्टा चाल्दै युद्धभूमिमा उभिन्थे तब भूमि पनि तिनको भारी सहन गर्न असमर्थ हुन्थिन् ॥ ३७ ॥ रथिहरू र सेनापतिहरूमा यशस्वी, पार्थका सबै शत्रु समाप्त भए, जसले किरात वेषधारी शंकर भगवान्‌लाई आफ्ना तीक्ष्ण वाणवर्षा द्वारा ढाकेर प्रसन्न पारेका थिए ॥३८॥ पृथाका दुवै छोरा नकुल र सहदेव त राम्ररी होलान् ? जसलाई युधिष्ठिर, भीम र अर्जुन आँखाको नानी झैं सुरक्षा गर्दथे। ती दुष्ट दुर्योधनसित आफ्नो भाग त्यसै गरी खोसेर खेल कूद गर्दछन्—जसरी गरुडले इन्द्रको मुखबाट अमृत खोसेका थिए ॥२८॥ ती पतिव्रता* कुन्ती पनि अझ बाँचेकै छन् ? जसले आफ्ना पति स्वर्गवासी भएपछि पनि छोराहरूको निम्ति आफ्नो प्राणरक्षा गरिराखेकी थिइन्। तिनका पति पाण्डु पनि असाधारण वीर थिए, उनले रथमा चढेर केवल धनुष वाण लिई चारै दिशालाई एक्लै जितेका थिए ॥ ४० ॥ हे सौम्य! म त अब ती पतित

ताभ्यां धर्मेण धर्मः परिपाति सेतुम् ॥ दुर्योधनोऽतप्यत यत्सभायां साम्राज्यलक्ष्म्या विजयानुवृत्या ॥ ३६ ॥ किं वा कृताघेष्वघमत्यमर्षी भीमोऽहिवद्दीर्घतमं व्यमुञ्चत् ॥ यस्याङ्घ्रिपातं रणभूर्न सेहे मार्गं गदायाश्चरतो विचित्रम् ॥ ३७ ॥ कच्चिद्यशोधा रथयूथपानां गाण्डीवधन्वोपरतारिरास्ते ॥ अलक्षितो यच्छरकूटगूढो मायाकिरातो गिरिशस्तुतोष ॥ ३८ ॥ यमावुतस्वित्तनयौ पृथायाः पार्थैर्वृतौ पक्ष्मभिरक्षिणीव ॥ रेमात उद्दाय मृधे स्वरिक्थं परात्सुपर्णाविव वज्रिवक्त्रात् ॥ ३९ ॥ अहो पृथाऽपि ध्रियतेऽर्भकार्थे राजर्षिवर्येण विनापि तेन ॥ यस्त्वेकवीरोऽधिरथो विजिग्ये धनुर्द्वितीयः ककुभश्चतस्रः ॥४०॥ सौम्यानुशोचे तमधः पतन्तं भ्रात्रे परेताय विदुद्रुहे यः ॥ निर्यापितो येन सुहृत्स्वपुर्या अहं स्वपुत्रान्समनुव्रतेन ॥ ४१ ॥ सोऽहं हरेर्मर्त्यविडम्बनेन दृशो नृणां चालयतो विधातुः ॥ नान्योपलक्ष्यः पदवीं प्रसादाच्चरामि पश्यन्गतविस्मयोऽत्र ॥ ४२ ॥ नूनं

धृतराष्ट्रको विषयमा बर्ता दुःखी छु—जसले मरिसकेका महाराज पाण्डुका छोराहरूसित शत्रुता गर्न खोजेर मृतात्मासित द्रोह गरे र तिनले म जस्तो शुभचिन्तक भाइलाई पनि छोराहरूको पक्ष लिएर आफ्नो नगरबाट निर्वासित गरिदिए ॥४१॥ तिनको क्रूरतालाई जानेर पनि तिमी विन दुःखी हुन्छौ—भन्नुहुन्छ भने—मुख्य कुरा यो हो कि भनी भगवान्‌को कृपाद्वारा उनको महिमा हेर्दै निश्चिन्त भएर अज्ञातरूपबाट आनन्दपूर्वक डुलिरहेको छु, जो आफ्नी मायाले मनुष्यहरूको चित्तवृत्तिलाई भ्रममा पारिदिन्छन् ॥ ४३ ॥ यदि त्यस्तो

*उदाहरण—यौटा ब्राह्मण थियो। तिनकी पत्नी निकै पतिव्रता थिइन्। ती दुवै तीर्थ गर्न हिंडे। बाटोमा यौटा राजा आफ्ना सेनासहित विश्राम गरिरहेका थिए। तिनले ती ब्राह्मण दम्पतीलाई देखे र ती रूपवती ब्राह्मणीमाथि मोहित भए। तिनले विप्रलाई आरू नगीचै डाकेर भने—'तपाईं सुपात्र ब्राह्मण हुनुहुन्छ। यसनिम्ति मेरो राज्यमा हिंड्नुहोस् र मेरो देशको शोभा बढाउनोस्। म आफ्ना माता पिता झैं तपाईंहरूको सेवा गर्नेछु। ब्राठी स्त्रीले राजाको मनको कुरा बुझी। त्यसले पतिलाई राजाकहाँ जान हुन्न भनेर छेकी तर सोझा ब्राह्मण, जान तयार भए। अनि पतिव्रताले पनि जान करै लाग्यो। स्त्रीले राजासित भनिन्—'हजुरले आफ्नो वचन पालन गर्नु भएन भने त्यसको साक्षी को हुनेछ?' राजाले भने—'सबैका हृदयमा निवास गर्ने भगवान् राम!' त्यसपछि राजासित ती दुवै जना गए। राजाले बाटोमा ब्राह्मणलाई मार्न लगाए र तिनकी पत्नीसित बलात्कार गर्न उद्यत भए। पतिव्रता भन्दछिन्—हे मूर्ख! हामी दुवैको माझमा रामजी साक्षी छन् यो कुरा बिर्सिसक्यौ? अब तिमी आफ्नो विनाश नै गर्न खोजिरहेछौ!' तर कामासक्त राजा मानेन। यतिमै रामचन्द्र प्रकट भए। तिनले सेना समेत राजालाई मारेर पतिव्रताको धर्म रक्षा गरे।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

थियो भने भगवान्‌ले पाण्डवहरूलाई वनवास र आफू थुनिने आदिको मौका नै किन दिनुभयो ? ती कौरवहरूलाई 'पहिले नै किन मारिदिनु भएन भन्नुहुन्छ भने कुरा हो) कौरवहरू वाहेक पनि विद्यामद, धनमद र कुलमदले मतवाला जुन राजा आफ्ना विशाल सेनाको संचालन गर्दै पृथ्वी कम्पित पारिरहेका थिए, तिनको नाश गरेर सबै कष्ट समाप्त पार्ने अभिप्रायले नारायण कौरवहरूको अपराधको उपेक्षा गरिरहेका थिए ।।४३।। यदि त्यस्तो नहुँदो हो त अजन्माले पनि जन्म लिनु र कर्तापनबाट पृथक् भएर पनि काम गर्नु किन अभीष्ट हुन्थ्यो ? उनले कुमार्गीहरूको नाश र संसारका प्राणीहरूलाई काममा लगाउने विचारले नै अवतार लिनुभएको थियो ।।४४।। हे मित्र ! आफ्नो शरणमा आएका लोकपालहरू तथा अनुशासन मान्ने प्राणिहरूको कल्याणको निम्ति नै उनले यदुकुलमा जन्म लिएका थिए । तिमी ती पवित्र कीर्ति हुने श्रीकृष्णको हाल भन किनकि मेरो त तीनै सबभन्दा ठूला तीर्थ हुन् ।।४५।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां प्रथमोऽध्यायः ।।१।। (उद्धवले भगवान्‌का वाललीलाको वर्णन गर्नु) शुकदेव

नृपाणां त्रिमदोत्पथानां महीं मुहुश्चालयतां चमूभिः ।। वधात्प्रपन्नार्तिजिहीर्षयेशोऽप्युपैक्षताघं भगवान्कुरूणाम् ।। ४३ ।। अजस्य जन्मोत्पथनाशनाय कर्माण्यकर्तुर्ग्रहणाय पुंसाम् ।। नवन्यथा कोऽर्हति देहयोगं परो गुणानामुत कर्मतन्त्रम् ।। ४४ ।। तस्य प्रपन्नाखिललोकपानामवस्थितानामनुशासने स्वे ।। अर्थाय जातस्य यदुष्वजस्य वार्तां सखे कीर्तय तीर्थकीर्तेः ।। ४५ ।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे विदुरोद्धवसंवादे प्रथमोऽध्यायः ।। १ ।। श्रीशुक उवाच ।। इति भागवतः पृष्टः क्षत्त्रा वार्तां प्रियाश्रयाम् ।। प्रतिवक्तुं न चोत्सेह औत्कण्ठ्यात्स्मारितेश्वरः ।। १ ।। यः पञ्चहायनो मात्रा प्रातराशाय याचितः ।। तन्नैच्छद्रचयन्यस्य सपर्यां बाललीलया ।। २ ।। स कथं सेवया तस्य कालेन जरसं गतः ।। पृष्टो वार्तां प्रतिब्रूयाद्भर्तुः पादावनुस्मरन् ।। ३ ।। स मुहूर्तमभूत्तूष्णीं कृष्णाङ्घ्रिसुधया भृशम् ।। तीव्रेण भक्तियोगेन निमग्नः साधुनिर्वृतः ।। ४ ।। पुलकोद्भिन्नसर्वाङ्गो मुञ्चन्मीलद्दृशा शुचः ।। पूर्णार्थो लक्षितस्तेन स्नेहप्रसरसंप्लुतः ।।५।। शनकैर्भगवल्लोकान्नृलोकं पुनरागतः ।। विमृज्य नेत्रे विदुरं प्रत्या·

भन्दछन्—हे राजन् । यसरी आफ्ना परम स्नेही भगवान्‌को वृत्तान्त सोधेपछि असाधारण भक्त उद्धवले तत्काल कुनै उत्तर दिन सकेनन् । किनकि भगवान्‌को स्मरण हुनाले तिनको घाँटी अवरुद्ध भएको थियो ।।१।। पाँच वर्षको अवस्थामै एकपल्ट विहानै आमाले खाजा खान उद्धवलाई डाकिन्, बाल-लीला परायण भगवान्‌को पूजामा लागेका उनले खान मन पराएनन् ।।२।। अनि जीवनभरि उनकै साक्षात् सेवामा रहेर श्रीकृष्णको वृत्तान्त सोधेपछि तुरुन्त कसरी उत्तर दिन सक्थे ? उनका चरणको सम्झना हुनासाथ उद्धव विह्वल हुनु स्वाभाविक नै थियो ।।३।। भगवान्‌का चरणारविन्दरूपी अमृतमा डुबुल्की मारेर ती एक क्षण चुपलागे र तिनको मन तीव्र भक्तिको अगाध समुद्रमा डुबुल्की मार्दै रह्यो ।।४।। टिनलाई रोमाच भयो, आँखा चिम्लिए र नेत्रबाट अविरल अश्रुधारा वग्दलागे । बर्ता स्नेहले गर्दा ती भित्रभित्रै आनन्दित भइरहेथे । यस्तो दशामा विदुरले उद्धवलाई कृतकृत्य ठाने (किनकि यो महानन्द प्राप्तिकै निम्ति त यो, जप-तप र तीर्थाटन आदि गरिन्छन् । त्यसपछि विस्तार-विस्तार भगवान्‌को लोकबाट आफ्नो मन मानव-लोकमा ल्याए र आँखा पुछेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही विस्मित जस्ता भएर विदुरसित भन्नलागे ॥ ६ ॥ उद्धव भन्दछन्—जब श्रीकृष्णरूपी सूर्य अस्तायो र कालरूपी अलिंगले हामी र हाम्रा घर-द्वार निलिसक्यो, तब ती शून्य घर-द्वारहरूको हालत के भनौं ॥७॥ म त भन्दछू कि सारा संसार अभागी हो र यदुवंशी त झन् बर्ता अभागी हुन् किनकि ती नित्य उनैसंग बसेर पनि उनलाई चिह्न सकेनन् (तिनको बुद्धिमा यो आएन–यी साक्षात् नारायण हुन्) । जस्तै क्षीर समुद्रबाट उत्पन्न चन्द्रमलाई त्यहाँका माछाहरूले यौटा जल-जन्तु नै ठानिरहे, तिनलाई ज्ञात हुन सकेन–ती अमृत-का राशि हुन् ॥८॥ (दुर्भाग्यले यदुवंशी तिनलाई चिह्न समर्थ-भएनन् । ज्ञानसामग्रीको अभाव तिनमा थिएन किनकि ती अरुका मनको कुरा जान्दथे सबै काममा निपुण थिए । तिनको चित्तवृत्तिहरू शान्त थिए । यति भएर पनि ती लीलाधारी नारायणलाई केवल यदुवंशीहरूमा श्रेष्ठ मनुष्य नै जान्नसके ॥९॥ ती मध्ये धेरैले तिनलाई आफ्ना स्वजन-सम्बन्धी यादव मात्र ठाने र शिशुपाल आदि दुष्टहरूले दुष्टतावश तीसित शत्रुता ठानेर जन्मभरि तिनको निन्दा गरे । यो राम्रो भयो–ती दुष्टहरूको कुराबाट भगवान्मा मन लगाएका हामी भक्तहरूको मन भ्रममा गाडिन सकेन, तर तिनका सहवासी नै एकदम मूढ भए ॥१०॥ (उसो भए ती भगवान् के थिए, त्यो सुन्नोस्) जसले कुनै प्रकारको तपस्या गरेका थिएनन्, तिनलाई पनि

होद्धव उत्स्मयन् ॥ ६ ॥ उद्धव उवाच ॥ कृष्णद्युमणिनिम्लोचे गीर्णेष्वजगरेण ह ॥ किं नु नः कुशलं ब्रूयां गतश्रीषु गृहेष्वहम् ॥ ७ ॥ दुर्भगो बत लोकोऽयं यदवो नितरामपि ॥ ये संवसन्तो न विदुर्हरिं मीना इवोडुपम् ॥ ८ ॥ इङ्गितज्ञाः पुरुप्रौढा एकारामाश्च सात्वताः ॥ सात्वतामृषभं सर्वे भूतावासममंसत ॥९॥ देवस्य मायया स्पृष्टा ये चान्यदसदाश्रिताः ॥ भ्राम्यते धीर्न तद्वाक्यैरात्मन्युप्तात्मनो हरौ ॥१०॥ प्रदर्श्यातप्ततपसामवितृप्तदृशां नृणाम् ॥ आदायान्तरधाद्यस्तु स्वबिम्बं लोकलोचनम् ॥ ११ ॥ यन्मर्त्यलीलौपयिकं स्वयोगमायाबलं दर्शयता गृहीतम् ॥ विस्मापनं स्वस्य च सौभगर्द्धेः परं पदं भूषणभूषणाङ्गम् ॥ १२ ॥ यद्धर्मसूनोर्बत राजसूये निरीक्ष्य दृक्स्वस्त्ययनं त्रिलोकः ॥ कार्त्स्न्येन चाद्येह गतं विधातुरर्वाक्सृतौ कौशलमित्यमन्यत ॥ १३ ॥ यस्यानुरागप्लुतहासरासलीलावलोकप्रतिलब्धमानाः ॥ व्रजस्त्रियो दृग्भिरनुप्रवृत्तधियोऽवतस्थुः किल कृत्यशेषाः ॥ १४ ॥ स्वशान्तरूपेष्वितरैः स्वरूपैरभ्यर्द्यमानेष्वनुकम्पितात्मा ॥ परावरेशो महदंशयुक्तो ह्यजोऽपि जातो भगवान्यथाग्निः ॥ १५ ॥

त्यतिका दिनसम्म ती आफ्नो उत्तम शोभा देखाएर अन्तर्धान भए र सबैका नेत्रको ज्योति पनि लगे झैं भयो ॥११॥ मनुष्य झैं लीला गर्न, स्वयं आफूनै आफूलाई विस्मयमा पार्न, सौभाग्य तथा समृद्धिका परमपद-स्वरूप, भूषणलाई पनि भूषित पार्न एवं योगमायाको बलले कल्पित कमनीय अवयवहरूलाई उनले जगत्का प्राणीहरूलाई देखाएका थिए॥१२॥राजा युधिष्ठिरको राजसूय यज्ञमा जस-जसले तिनको अनूप रुप देखेका थिए, तिनका नेत्र तृप्त भएका थिए । आज तीनैलोकका प्राणी विधातामा त्यस बिम्ब-सदृश यौटा नवीन संसारको निर्माण गर्ने कौशल देखेनन् (तिनको विश्वास छ–ब्रह्माजी आफ्नो निपुणता कति नै खर्च गरुन् तर त्यो भव्य आकृति अब हामीहरुलाई दृष्टिगोचर गराउन सक्तैनन्–बनाउनै सक्तैनन्) ॥१३॥ जसको सौन्दर्य र अनुरागमा डुबुल्की मारेर हास्य-विनोद युक्त अनेक थरिका कौतुकपूर्ण दृश्य अवलोकन गरेर व्रजवधूटीहरू एक प्रकारको गर्व अनुभव गरिरहेका थिए, आज ती आफ्ना प्रियतम जानाले आफ्नो सुद्धि-बुद्धि हराएर बसेका छन् । यसनिम्ति तिनको काम अपूरो नै रहेको छ॥१४॥ तब तिनले यस्तो रूप

Jagannath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

किन देखाए (यो सुन्नुहोस्–) ती दयालु परम पुरुषले जब आफ्नै शान्त स्वरूपलाई अशान्त स्वरूप (दैत्य) द्वारा दमन हुनलागेको देखेर ती अजन्मा भएर पनि आफ्नो महान् अंशबाट त्यसै गरी उत्पन्न भए, जसरी वनमा काठबाट आगो उत्पन्न हुन्छ ।।१५।। मलाई त यो विचारेर कष्ट हुन्छ–यति प्रबल पराक्रमी नारायणले अजन्मा भएर पनि वसुदेवको घरमा जन्म लिए, शत्रु (कंस) को भयले व्रजमा गएर बसे र कालयवन आदि शत्रुगणको डरले आफ्नो नगर छाडेर भागे ।।१६।। जब म भगवान्‌को त्यस कुराको स्मरण गर्दछु तब मेरो चित्त अझ बर्ता दुःखी भएर आउँछ, जब तिनले आफ्ना माता-पितालाई प्रणाम गरेर भनेका थिए–हे पिता, हे माता ! हामीले कंसद्वारा भयभीत हजुरहरूको अभिलषित सेवा गर्न सकेनौं, अतः हजुर हामीप्रति रुष्ट नहुने होला' ।।१७।। संसारमा यस्तो कुन प्राणी छ–जो तिनका चरण-कमलको धूलोको सुगन्ध पाएर पनि तिनलाई बिर्सोस् । जसको आगो झैं बल्दो भृकुटीले नै काल बनेर भूमिको भार हटाइदिएका थिए ।।१८।। यो कुरा त तपाईहरूले पनि देख्नु भएको थियो–धर्मराजको राजसूय यज्ञमा शिशुपालले कृष्णको कति द्वेष गरेको थियो, तैपनि श्रीकृष्णले त्यसलाई त्यो गति दिनुभयो, जसलाई ज्ञानद्वारा प्राप्त गर्न योगीजन पनि लालयित रहन्छन् । यस्ता महापुरुषको वियोग को सहन गर्न सक्छ ? ।।१९।।

मां खेदयत्येतदजस्य जन्म विडम्बनं यद्वसुदेवगेहे ।। व्रजे च वासोऽरिभयादिव स्वयं पुराद्व्यवात्सीद्यदनन्तवीर्यः ।। १६ ।। दुनोति चेतः स्मरतो ममैतद्यदाह पादावभिवन्द्य पित्रोः ।। ताताम्ब कंसादुरुशङ्कितानां प्रसीदतं नोऽकृतनिष्कृतीनाम् ।। १७ ।। को वा अमुष्याङ्घ्रिसरोजरेणुं विस्मर्तुमीशीत पुमान्विजिघ्रन् ।। यो विस्फुरद्भ्रूविटपेन भूमेर्भारं कृतान्तेन तिरश्चकार ।।१८।। दृष्टा भवद्भिर्ननु राजसूये चैद्यस्य कृष्णं द्विषतोऽपि सिद्धिः ।। यां योगिनः संस्पृहयन्ति सम्यग्योगेन कस्तद्विरहं सहेत ।। १९ ।। तथैव चान्ये नरलोकवीरा य आहवे कृष्णमुखारविन्दम् ।। नेत्रैः पिबन्तो नयनाभिरामं पार्थास्त्रपूताः पदमापुरस्य ।।२०।। स्वयं त्वसाम्यातिशयस्त्र्यधीशः स्वाराज्यलक्ष्म्याऽऽप्तसमस्तकामः ।। बलिं हरद्भिश्चिरलोकपालैः किरीटकोट्येडितपादपीठः ।। २१ ।। तत्तस्य कैङ्कर्यमलङ्कृतान्नो विग्लापयत्यङ्ग यदुग्रसेनम् ।। तिष्ठन्निषण्णं परमेष्ठिधिष्ण्ये न्यबोधयद्देव निधारयेति ।।२२।। अहो बकी यं स्तनकालकूटं जिघांसयाऽपाययदप्यसाध्वी ।। लेभे गतिं धात्र्युचितां ततोऽन्यं कं वा दयालुं शरणं व्रजेम ।। २३ ।। मन्येऽसुरान्भा-

त्यसै गरी महाभारतको संग्राममा जो वीर भगवान्‌को मुखारविन्द अवलोकन गर्दै पाण्डवहरूका शस्त्रास्त्रले मारिए, ती पनि भगवान्‌को परम पदमा प्राप्त भए ।।२०।। ती त्रिलोकीनाथ यस्ता थिए कि विश्वभरिमा न कोही तिनको समान थियो, न कोही तीभन्दा बर्ता नै थियो । परमानन्द सम्पत्ति पाएर ती पूर्ण कामभइसकेका थिए र प्राचीन राजाहरू पनि तिनका चरणमा मस्तक निहुराईरहन्थे त्यस बखत तिनका मुकुटको किरीट टक्कर खानाले जुन एकप्रकारको ध्वनि निस्कन्थ्यो, त्यसले ज्ञातहुन्थ्यो कि मानो ती कीरीटहरू उनै जनार्दनको स्तुति गरिरहेका छन् ।।२१।। यस्ता महापुरुष यौटा सेवकजस्तै जब सिंहासनासीन उग्रसेनलाई–'हे देव ! यो कुरा यस्तो हो, यसमा विचार गर्नोस् ।' भन्दथे, यो कुरा विचार गरेर मलाई त ठूलो ग्लानि हुन्छ (यति ठूलो सामर्थ्यशाली व्यक्ति जो आफ्नो भृकुटीको संकेतले अनेक राजाहरूलाई बनाउन-बिगार्न सक्थे, ती यौटा राजाको यसरी चाकरीगर्दथे ।।२२।। (तर मेरो त विश्वास छ कि नारायणले आफ्नो कृपालुतावश नै त्यस्तो गरेका थिए, तिनका कृपालुताको कुनै हद छ ?) हरे न, त्यो दुष्टा बकी (पूतना) उनलाई मार्नको निम्ति आफ्ना स्तनमा कालकूट विष लगाएर पुगी र उनलाई आफ्नो दूध पिउन दिई । त्यस्तो दुष्टता गरेर पनि त्यसलाई (केवल आमाको वेष धारण गरेकी हुनाले) माताको योग्य गति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त भयो । यस्तो दशामा त्यस्ता दयालु प्रभुलाई छाडेर हामी अरु कसको शरणमा जाने ? ॥२३॥ मत असुरहरूलाई पनि भगवद्भक्त नै मान्दछु, किनकि ती पनि रिसले सदैव उनैको ध्यान गरिरहन्छन् । फेरि संग्राम-भूमिमा ती पनि त गरुडमा चढेर आइरहेका नारायणको दर्शन गर्दथे (जब तिनको दर्शन प्राप्त भयो तब असुर पापीको रहिरहन सक्छ ?) ॥२४॥ (अब भगवान् अन्तर्धान भएको गाथा गान गर्दै संक्षेपमा उनको चरित्र वर्णन गर्दछु—) कंसले जब वसुदेव र देवकीलाई झ्यालखानमा थुनिदियो, तब ब्रह्माको प्रार्थनामा नारायण पृथ्वीको भार उतार्नको निम्ति त्यस कारागारमै जन्मे ॥२५॥ अनि कंसको डरले भयभीत पितासित ती व्रजमा गए । त्यहाँ आफ्नो तेज लुकाएर एघार वर्षसम्म बसे ॥२६॥ ती त्यस यमुना–तटमा-जहाँ विविध प्रकारका पक्षी बोल्दथे, ती वन र उपवनहरूमा ग्वाल-बालसित अनेक प्रकारका कौतुक गर्न गर्दथे ॥२७॥व्रजमा बाल-लीला देखाउँदै ती कहिले रुन्थे र कहिले हाँस्तथे जनि कहिले वीर बनेर सिंहको समान गर्जन गर्दथे ॥२८॥ जब आले ठूला भए तब शोभा आदि सम्पत्तिहरूकी खानीस्वरूप त्यहाका गाईहरू चराउँदै वंशी बजाइ-बजाइक सबै

गवतांस्त्र्यधीशो संरम्भमार्गाभिनिविष्टचित्तान् ॥ ये संयुगेऽचक्षत तार्क्ष्यपुत्रमंसे सुनाभायुधमापतन्तम् ॥ २४ ॥ वसुदेवस्य देवक्यां जातो भोजेन्द्र-बन्धने ॥ चिकीर्षुर्भगवानस्याः शमजेनाभियाचितः ॥२५॥ ततो नन्दव्रजमितः पित्रा कंसाद्विबिभ्यता ॥ एकादश समास्तत्र गूढार्चिः सबलोऽव-सत् ॥२६॥परीतो वत्सपैर्वत्सांश्चारयन्व्याहरद्विभुः ॥ यमुनोपवने कूजद्द्विजसंकुलिताङ्घ्रिपे ॥२७॥ कौमारीं दर्शयंश्चेष्टां प्रेक्षणीयां व्रजौकसाम् ॥ रुदन्निव हसन्मुग्धबालसिंहावलोकनः ॥२८॥ स एव गोधनं लक्ष्म्या निकेतं सितगोवृषम् ॥ चारयन्ननुगान्गोपान्रणद्वेणुररीरमत् ॥२९॥ प्रयुक्तान्भोजराजेन मायिनः कामरूपिणः ॥ लीलया व्यनुदत्तांस्तान्बालः क्रीडनकानिव ॥३०॥ विपन्नान्विषपानेन निगृह्य भुजगाधिपम् ॥ उत्थाप्यापाययद्गवस्तत्तोयं प्रकृतिस्थितम् ॥३१॥ अयाजयद्गोसवेन गोपराजं द्विजोत्तमैः ॥ वित्तस्य चोरुभारस्य चिकीर्षन्सद्व्ययं विभुः ॥३२॥ वर्षतीन्द्रे व्रजः कोपाद्भग्नमानेऽति-विह्वलः ॥ गोत्रलीलातपत्रेण त्रातो भद्रानुगृह्णता ॥३३॥ शरच्छशिकरैर्मृष्टं मानयन्रजनीमुखम् ॥ गायन्कलपदं रेमे स्त्रीणां मण्डलमण्डनः ॥३४॥ इति श्रीमद्भागवते तृतीयस्कन्धे विदुरोद्धवसंवादे द्वितीयोऽध्यायः॥२॥ उद्धव उवाच ॥ ततः स आगत्य पुरं स्वपित्रोश्चिकीर्षया शं बलदेवसंयुतः ॥ निपात्य

ग्वाल-बाललाई आनन्दित पार्न लागे ॥२९॥ राजा कंसले पठाएका अनेक दैत्यहरूलाई तिनले स-साना बालकले खेलाउने खेले झैं गरेर मारिदिए ॥३०॥ कालीय नागको विष मिसिए-को पानी पिएर मरेका गाई र गोपालहरूलाई जीवन दिए । कालीयलाई भगाएर जब त्यो जल विषविहीन पारिदिए अनि गाईहरूले जल पिए ॥३१॥ इन्द्रको पूजामा व्रजको निकै धन खर्च हुन्थ्यो, त्यसलाई गोवर्धनको पूजामा लगाएर नन्द तथा अन्यान्य ब्राह्मणहरूद्वारा गाईको पूजा गराए । यसरी त्यस धनको उनले सदुपयोग गराए ॥३२॥ हे भद्र ! जब इन्द्र रिसाएर घोर वर्षा गर्दै व्रजवासीहरूलाई व्यथित पार्न लागे, तब उनले इन्द्र र ग्वाल-बालमाथि अनुग्रह गरेर त्यस गोवर्धन पर्वतलाई छाता जस्तै उठाएर समस्त व्रजवासीहरूलाई बचाए ॥३३॥ शरदकालीन चन्द्रमाका किरणद्वारा जब रात्रि सफा र उज्ज्वल भइरहेको थियो, तब राम्रो गीत गाउँदै उनले व्रजवधूटीहरूसित रास रचाएर आनन्दको वर्षा गरे ॥३४॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां द्वितीयोऽध्यायः ॥२॥ उद्धव भन्नलागे—आफ्ना माता-पिताको कल्याण गर्नका लागि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

बलदेव सहित ती मथुरापुरी आए र शत्रुसमुदायको स्वामी कंसलाई वेगपूर्वक सिंहासनबाट पछारी घिसारेर मारे ॥१॥ त्यसपछि गुरु सान्दिपिनीकहाँ गएर विद्या पढ्नलागे । ती यति बुद्धिमान् थिए कि गुरु एकपल्ट जुन कुरा भन्दथे, त्यो उनको हृदयमा बसिरहन्थ्यो । यसरी विस्तारपूर्वक उनले वेदहरूको अध्ययन गरे र गुरुका मरेका छोराहरूलाई यसराजकहाँ बाट ल्याएर गुरु-दक्षिणा दिए ॥२॥राजा भीष्मककी छोरी रुक्मिणी सौन्दर्यमा आकर्षित भएर शिशुपाल आदि जो राजा विवाहको निम्ति त्यहाँ गएका सबैक मस्तकहरूमा टेकेर गान्धर्व रीति अनुसार रुक्मिणीलाई हरेर लगे ॥३॥ ठूला ठूला सातोटा रोरूहरू नाथेर तिनको दमन गरे र त्यहाँका सबै राजाहरूको मान भङ्ग गर्दै इनले स्वयंवरमा नाग्नजितीलाई प्राप्त गरे । अनि लोभवश जो राजा उनीसित लडाइँ गर्न आए ती अज्ञानीहरूलाई शस्त्रास्त्रले मारेर ढलाए र आफ्नो शरीरमा अलिकति पनि चोट लाग्नदिएनन् ॥ ४ ॥ ती यद्यपि परम स्वतन्त्र थिए आफ्नी प्रियतमा सत्यभामाभाई प्रसन्न पार्नका लागि स्वर्गलोक गए र त्यहाँबाट पारिजातको वृक्ष ल्याए । नारीका अधीन इन्द्र जब रिसाएर आफ्ना दल-बल सहित युद्ध गर्न

तुङ्गाद्रिपुयूथनाथं हतं व्यकर्षद्व्यसुमोजमोर्व्याम् ॥१॥ सान्दीपनेः सकृत्प्रोक्तं ब्रह्माधीत्य सविस्तरम् ॥ तस्मै प्रादाद्वरं पुत्रं मृतं पञ्चजनोदरात् ॥ २ ॥ समाहुता भीष्मककन्यया ये श्रियः सवर्णेन बुभूषयैषाम् ॥ गान्धर्ववृत्त्या मिषतां स्वभागं जह्रे पदं मूर्ध्नि दधत्सुपर्णः ॥ ३ ॥ ककुद्मतोऽविद्धनसो दमित्वा स्वयंवरे नाग्नजितीमुवाह ॥ तद्भग्नमानानपि गृध्यतोऽज्ञाञ्जघ्नेऽक्षतः शस्त्रभृतः स्वशस्त्रैः ॥ ४ ॥ प्रियं प्रभुर्ग्राम्य इव प्रियाया विधित्सु-रार्च्छद्द्युतरुं यदर्थे ॥ वज्र्याद्रवत्तं सगणो रुषाऽन्धः क्रीडामृगो नूनमयं वधूनाम् ॥ ५ ॥ सुतं मृधे खं वपुषा ग्रसन्तं दृष्ट्वा सुनाभोन्मथितं धरित्र्या ॥ आमन्त्रितस्तत्तनयाय शेषं दत्त्वा तदन्तःपुरमाविवेश ॥ ६ ॥ तत्राहृतास्ता नरदेवकन्याः कुजेन दृष्ट्वा हरिमार्तबन्धुम् ॥ उत्थाय सद्यो जगृहुः प्रहर्षव्रीडानुरागप्रहितावलोकैः ॥ ७ ॥ आसां मुहूर्त एकस्मिन्नानागारेषु योषिताम् ॥ सविधं जगृहे पाणीननुरूपः स्वमायया ॥ ८ ॥ तास्वपत्यान्यजनयदात्मतुल्यानि सर्वतः ॥ एकैकस्यां दश दश प्रकृतेर्विबुभूषया ॥ ९ ॥ कालमागधशाल्वादीननीकै रुन्धतः पुरम् ॥ अजीघ-

आए तब श्रीकृष्णले तिनलाई चुटेर भराए ॥५॥ जब भौमासुर आफ्नो शारीरिक बलले आकाशलाई पनि निल्न खोजिरहेथ्यो, तब उनले त्यसलाई संग्राममा मारिदिए । आफ्ना मरेका छोराहरू देखेर पृथ्वीले श्रीकृष्णलाई आफ्नो घर डाकिन् । त्यस बखत उनले राज्यको शेषभाग भौमासुरको छोरो भगदत्तलाई दिए । अनि अन्तःपुरमा गए । त्यहाँ भौमासुरले हरण गरेर ल्याएका धेरै मनुष्य र देवताका कन्याहरू थुनामा थिए । ती कन्याहरूले जब दुःखीहरूका सहायक भगवान्को त्यो मनोहर मूर्ति देखे तब सबै प्रभुमाथि मोहित भए । भगवान्ले पनि आफ्नो हर्ष, लज्जा र अनुराग-मिश्रित हेराइले तिनलाई आनन्दित पार्दै ती सबैको उद्धार गरे ॥ ६॥७ ॥ भगवान् केवल एक मुहूर्त ती स्त्रीहरूको घरमा बसे । त्यसपछि आफ्नी माया द्वारा अनेक रूप भएर उनले ती सबैसित विधिवत् विवाह गरे ॥८॥ प्रकृतिको विस्तार गर्न इच्छाले उनले एकेक स्त्रीबाट दस-दस बालक उत्पन्न गरे । ती पनि श्रीकृष्ण जस्तै राम्रा र बलवान् थिए ॥९॥ वेला-वेलामा कालयवन जरासन्ध आदिले तीमाथि आक्रमण गरे, तर उनले आफ्नी कौशलले अन्य (मुचुकुन्द-भीम आदि) द्वारा तिनलाई मार्न लगाए,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनकि भगवान्ले आफ्नो तेज तिनलाई दिएका थिए ॥१०॥ शम्बर द्विविद, लवणासुर मुर, बल्वल एवं दन्तवक्र आदि दुष्टहरूमध्ये अनेकलाई अरूद्वारा समाप्त गराए र कतिलाई आफ्नै हातले मारे ॥११॥ तिनको वध गरिसकेपछि कुरु क्षेत्रमा भतीजाहरूको पक्षमा एकपक्ष भएका ती अनेक राजाहरूको संहार, जसका प्रवल सेनाले भूमि हल्लिरहेकी थिइन् ॥१२॥ त्यसपछि कर्ण, दुःशासन, शकुनी आदिको कुमन्त्रणाले नष्ट श्री र नष्ट आयु भएको दुर्योधन र त्यसका मित्रहरूलाई समाप्त गराए। दुर्योधनको तिघ्रा भाँचिएको थियो र त्यो मरेर पृथ्वीमा ढलेको थिएो तापनि प्रभुलाई सन्तोष भएन ॥१३॥ ती विचार्दै थिए—द्रोणाचार्य भीष्मपितामह र अर्जुन जस्ता वीरले भरिएको पाण्डव र कौरवको विशाल सेनाको संहार गराएर मात्र भूमिको भारी हलुको भयो ? अहिले त यदुवंशीहरूको अठार अक्षौहिणी सेना टाउकोमा बसिरहेकै छन् ॥१४॥ म त केवल यिनको बुद्धि भ्रष्ट पारिदिन मात्र सक्तछु—जसले यी मदिरा पान गरेर मतवाला होउन र राता-राता आँखा पारेर दुर्वाच्य बोल्दै परस्परमै लडेर मरुन्। त्यसपछि म स्वयं पनि अन्तर्धान भएर जाऊँ। यो बाहेक अरु कुनै उपाय छैन

नत्स्वयं दिव्यं स्वपुंसां तेज आदिशत् ॥ १० ॥ शम्बरं द्विविदं बाणं मुरं बल्वलमेव च ॥ अन्यांश्च दन्तवक्त्रादीनवधीत्कांश्च घातयन् ॥ ११ ॥ अथ ते भ्रातृपुत्राणां पक्षयोः पतितान्नृपान् ॥ चचाल भूः कुरुक्षेत्रं येषामापततां बलैः ॥ १२ ॥ सकर्णदुःशासनसौबलानां कुमन्त्रपाकेन हतश्रि-यायुषाम् ॥ सुयोधनं सानुचरं शयानं भग्नोरुमूर्व्यां न ननन्द पश्यन् ॥ १३ ॥ कियान्भुवोऽयं क्षपितोरुभारो यद्द्रोणभीष्मार्जुनभीममूलः ॥ अष्टाद-शाक्षौहिणिको यदंशैरास्ते बलं दुर्विषहं यदूनाम् ॥ १४ ॥ मिथो यदैषां भविता विवादो माध्व्या मदाताम्रविलोचनानाम् ॥ नैषां वधोपाय इयानतोऽन्यो मय्युद्यतेऽन्तर्दधते स्वयं स्म ॥ १५ ॥ एवं सञ्चिन्त्य भगवान्स्वराज्ये स्थाप्य धर्मजम् ॥ नन्दयामास सुहृदः साधूनां वर्त्म दर्श-यन् ॥ १६ ॥ उत्तरायां धृतः पूरोर्वंशः साध्वभिमन्युना ॥ स वै द्रौण्यस्त्रसंछिन्नः पुनर्भगवता धृतः ॥ १७ ॥ अयाजयद्धर्मसुतमश्वमेधैस्त्रिभिर्विभुः ॥

॥१५॥ यस्तो योजना बनाएर उनले आफ्नो राज्यसिंहासनमा धर्मराज युधिष्ठिरलाई बसालिदिए र आफ्ना मित्र एवं सुहृद्लाई सन्मार्ग देखाएर आनन्दित पार्दै रहे ॥१६॥ अभिमन्युले उत्तराको गर्भमा पुरुवंशको जुन पुत्र स्थापित गरेका थिए त्यसलाई अश्वत्थामाले नष्ट पार्न खोजे, तर *भगवान्ले त्यसको रक्षा गरे ॥१७॥ त्यसपछि उनले युधिष्ठिर द्वारा तीन अश्वमेध यज्ञ गर्न लगाए। युधिष्ठिर भगवान् कृष्णका मन्त्रणा अनुसरण गरेर आफ्ना भाइहरूसित पृथ्वीको रक्षा गर्दै सुखपूर्वक बस्न लागे ॥१८॥ ती श्रीकृष्ण विश्वात्मा भएर पनि लौकिक र

* दृष्टान्त 'भगवान् सबैको रक्षा गर्दछन्'—यौटा सिपाही धेरै वर्षसम्म नोकरी गरेर आफ्नो घर फर्क्यो। त्यसले स्त्रीको निम्ति नच्चा रंगको राम्रो फरिया, केटोको निम्ति गेडौका र मिठाई लियो। आउदा बाटोमा बेसरी पानी पर्‍यो, त्यसले साडी र खेलौनाको संग बिग्रियो र मिठाई पयाल गल्यो। अतः त्यो ईश्वरलाई गाली गर्न लाग्यो- यति वर्षपछि घर गइरहेको छु, त्यो पनि भगवान्ले देखिसहेनन्।' सिपाही निकै पैसा कमाएर आइरहेको छ—यो कुरा पहिलेदेखि नै थाहा पाएर चार जना चोर बन्दूक लिएर बाटो बथानिरहेका थिए। अकस्मात पानी परिदिनाले ती सबै रहे। चीसो हावा चलिरहेको थियो। सिपाही त्यो बाटाबाट आघि लागेपछि चोरहरू पछि लागे। सिपाही तिनलाई देखेर ठाक्यो। अनि चोर पछाडिबाट बन्दूक छोड्न लागे तर बारूदमा पानी परिदिनाले गोली चलेन। अनि सिपाही विचार गर्न थाल्यो—'भगवान् जे गर्दछन् त्यो राम्रै गर्दछन्। यदि पानी नपरेको भए धन लुटिने थियो र मेरो ज्यान पनि जाने थियो। अब म सकुशल घर गएर आफ्ना बाल बच्चा भेटन पाउँछु, यो भगवान्कै कृपा हो।'भगवान् सबैको रक्षा गर्दछन्' यो कुरा सर्वथा सत्य छ!

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

बैदिक प्रथाहरूको अनुसरण गरेर अनासक्तभावले सांख्यशास्त्रोक्त नियमहरूका अनुसार द्वारकापुरीमा बसेर आफ्ना इच्छाहरू ॥१९॥ ती स्नेह र मन्द हास्य मिसिएका हेराइ, अमृत समान मीठा वाणी, आफ्नो पवित्र आचरण र शोभाधाम शरीरले यादवहरूको इहलोक र परलोक सफल काम गरिरहन्थे। ती रात्रिमा एक क्षणको निम्ति आफ्ना स्त्रीहरूलाई पनि आनन्दित पार्ने अवसर निकालि हाल्दथे ॥२०-२१॥ धेरै वर्षसम्म यसै गरी आनन्द गर्दागर्दै विस्तार-विस्तार तिनको मन गृहस्थीको झ्याउलोबाट हट्न लाग्यो र हृदयमा वैराग्यको उदय भयो ॥२२॥ जुन भगवान् सबै प्रकारबाट स्वतन्त्र छन् र तिनका इच्छाहरू पनि उनकै वशीभूत रहन्छन्, तिनला पनि जब वैराग्यको आवश्यकता प्रतीत भयो, तब सबै प्रकारबाट परतन्त्र र भाग्याधीन कामहरू हुने संसारी व्यक्तिमा अन्य कुन पुरुष होला, जो भगवान्को भजन गर्दै वैराग्यसम्पादन गर्न चेष्टा नगर्ला ॥२३॥ एक समय सबै यादव र भोजवंशी

सोऽपि क्ष्मामनुजै रक्षन्रेमे कृष्णमनुव्रतः ॥ १८ ॥ भगवानपि विश्वात्मा लोकवेदपथानुगः ॥ कामान्सिषेव द्वार्वत्याममसक्तः सांख्यमास्थितः ॥ १९ ॥ स्निग्धस्मितावलोकेन वाचा पीयूषकल्पया ॥ चरित्रेणानवद्येन श्रीनिकेतेन चात्मना ॥ २० ॥ इमं लोकममुं चैव रमयन्सुतरां यदून् ॥ रेमे क्षणदया दत्तक्षणस्त्रीक्षणसौहृदः ॥ २१ ॥ तस्यैवं रममाणस्य संवत्सरगणान् बहून् ॥ गृहमेधेषु योगेषु विरागः समजायत ॥ २२ ॥ दैवाधीनेषु कामेषु दैवाधीनः स्वयं पुमान् ॥ को विस्रम्भेत योगेन योगेश्वरमनुव्रतः ॥ २३ ॥ पुर्यां कदाचित्क्रीडद्भिर्यदुभोजकुमारकैः ॥ कोपिता मुनयः शेपुर्भगवन्मतकोविदाः ॥२४॥ ततः कतिपयैर्मासैर्वृष्णिभोजान्धकादयः ॥ ययुः प्रभासं संहृष्टा रथैर्देवविमोहिताः ॥ २५ ॥ तत्र स्नात्वा पितृन्देवानृषींश्चैव तदम्भसा ॥ तर्पयित्वाऽथ विप्रेभ्यो गावो बहुगुणा ददुः ॥ २६ ॥ हिरण्यं रजतं शय्यां वासांस्यजिनकम्बलान् ॥ यानं रथानिभान्कन्यां धरां वृत्तिकरीमपि ॥२७॥ अन्नं चोरुरसं तेभ्यो दत्त्वा भगवदर्पणम् ॥ गोविप्रार्थासवः शूराः प्रणेमुर्भुवि मूर्धभिः ॥ २८ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे विदुरोद्धवसंवादे तृतीयोऽध्यायः ॥ ३ ॥ उद्धव उवाच ॥ अथ ते तदनुज्ञाता भुक्त्वा पीत्वा च वारुणीम् ॥ तया विभ्रंशितज्ञाना

बालक द्वारकापुरीमा खेलिरहेका थिए। उसै बेला ती बालकहरूले केही मुनिहरूलाई क्रोधित पारिदिए। अतः भगवानको अभिप्राय जान्ने मुनिहरूले ती बालकलाई श्राप दिए॥२४॥ त्यसको केही महीनापछि सबै यादव दैवद्वारा प्रेरित भएर खुसीले आफ्आफ्ना रथमा चढी प्रभास-क्षेत्रमा पुगे ॥२५॥ त्यहाँ तिनले स्नान गरे र त्यही तीर्थको जलले पितृहरूको तर्पण गरी ब्राह्मणहरूलाई भोजन गराए र धेरै गाईहरू दान दिए ॥२६॥ त्यो बाहेक तिनले धेरै सुन चाँदी, वस्त्र, शय्या, कम्बल, मृगचर्म, अनेक वाहन—रथ, हात्ती कन्याहरु र जीविका सम्पादन गर्ने योग्य भूमि पनि दान दिए ॥२७॥ त्यसपछि तिनले अनेक स्वादिष्ट अन्न भगवदर्पण गरेर ती सबैलाई खान दिए र भूमिमा टाउको टेकेर ती वीरहरूले गाई र ब्राह्मणहरुलाई प्रणाम गरे ॥२८॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषा-टीकायां तृतीयोऽध्यायः ॥३॥ उद्धव भन्दछन्—हे विदुर! यसरी दान-धर्म गरिसकेपछि ब्राह्मणहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वारुणी मदिरा पिए । त्यसले ती सबै नशामा चूर भए, तिमको ज्ञान नष्ट भयो र ती आपुसमा यौटा अर्कोलाई मर्मघाती कुरा बोल्दै पोल खोल्न लागे ॥१॥ मदिराको मातमा ती सबै परस्परमै लड्न लागे र जस्तै वनमा बाँसहरू घोटिएर आगो उत्पन्न भई सारा वन भस्म पार्दछ, त्यसै गरी सायंकालसम्म सबै यादव परस्पर काटिएर मरे ॥२॥ भगवान्‌ले जब मायाको त्यस्तो गति देख्नुभयो तब सरस्वती नदीको किनारमा जानुभयो र नदीको जलले आचमन गरेर यौटा पीपलको वृक्षमुनि बस्नुभयो ॥२॥ मलाई त शरणागत-भयहारी प्रभुले द्वारकामै आज्ञा भएको थियो–'तिमी अब बदरिकारण्य जाऊ।' हे अरिन्दम ! म तिनको कुल-संहारात्मक अभिप्राय बुझ्दथें, अतएव उनका चरणको वियोग सहन गर्नमा असमर्थ भई म उनको पछि-पछि हिंडे ।।४-५।। पछि उनलाई खोज्दै-खोज्दै म सरस्वती नदीको तटमा पुगेर देखें—ती नदीको किनारमा एक्लै पद्मासन लगाएर बसिरहेका छन् ॥ ६ ॥ त्यस बेला पनि उनको पहिले जस्तै श्याम तर तेजस्वी र चतुर्भुज शरीर थियो, राता आँखा, सत्वगुणमयी आकृति र उनको शरीरमा पीताम्बर शोभित थियो । इनै वस्तुहरू देखेर नै मैले

दुरुक्तैर्मर्म पस्पृशुः ॥ १ ॥ तेषां मैरेयदोषेण विषमीकृतचेतसाम् ॥ निम्लोचति रवावासीद्वेणूनामिव मर्दनम् ॥ २ ॥ भगवान् स्वात्ममायाया गतिं तामवलोक्य सः ॥ सरस्वतीमुपस्पृश्य वृक्षमूलमुपाविशत् ॥ ३ ॥ अहं चोक्तो भगवता प्रपन्नार्तिहरेण ह ॥ बदरीं त्वं प्रयाहीति स्वकुलं संजिहीर्षुणा ॥ ४ ॥ अथापि तदभिप्रेतं जानन्नहमरिन्दम ॥ पृष्ठतोऽन्वगमं भर्तुः पादविश्लेषणाक्षमः ॥ ५ ॥ अद्राक्षमेकमासीनं विचिन्वन् दयितं पतिम् ॥ श्रीनिकेतं सरस्वत्यां कृतकेतमकेतनम् ॥ ६ ॥ श्यामावदातं विरजं प्रशान्तारुणलोचनम् ॥ दोर्भिश्चतुर्भिर्विदितं पीतकौशाम्बरेण च ॥ ७ ॥ वाम ऊरावधिश्रित्य दक्षिणाङ्घ्रिसरोरुहम् ॥ अपाश्रितार्भकाश्वत्थमकृशं त्यक्तपिप्पलम् ॥ ८ ॥ तस्मिन् महाभागवतो द्वैपायनसुहृत्सखा ॥ लोकाननुचरन् सिद्ध आससाद यदृच्छया ॥ ९ ॥ तस्यानुरक्तस्य मुनेर्मुकुन्दः प्रमोदभावानतकन्धरस्य ॥ आशृण्वतो मामनुरागहाससमीक्षया विश्रमयन्नुवाच ॥ १० ॥ श्रीभगवानुवाच ॥ वेदाहमन्तर्मनसीप्सितं ते ददामि यत्तद्दुरवापमन्यैः ॥ सत्रे पुरा विश्वसृजां वसूनां मत्सिद्धिकामेन वसो त्वयेष्टः ॥ ११ ॥ स एष भावश्चरमो भवानामासादितस्ते मदनुग्रहो यत् ॥ यन्मां नृलोकान्रह उत्सृजन्तं दिष्ट्या ददृश्वान्विशदानुवृत्त्या ॥ १२ ॥

उनलाई चिन्न सकें ॥७॥ त्यहाँ ती बायाँ तिघ्रामा दाहिने खुट्टा राखेर त्यस पीपलको नवीन वृक्षमा अडेस लागेर बसेका थिए । उनमा न कुनै प्रकारको दुर्बलता थियो, न विषयसुखको अभिलाषा ॥८॥ त्यसै बेला व्यासजीका सम्बन्धी अथवा मित्र मैत्रेय ऋषि पनि आफ्नो मनले डुल्दै-फिर्दै त्यहाँपुगे ॥९॥त्यस बेलाभगवान् मेरो क्लेश हरण गर्दै तथा प्रेम र मन्द-हास्य मिसिएको नयनले हेर्दै भन्नुभयो–आनन्दातिरेकले गर्दा घाँटी निहुराएका प्रभुका प्रेमी भक्त मैत्रेय र म तिनका कुरा सुन्न लाग्यौं ॥१०॥ नारायणले हामीसित आज्ञा भयो—'उद्धव ! तिम्रो मनका कुरा जान्दछु । पूर्वजन्ममा तिमी वसु थियौ र मलाई प्राप्त गर्नविश्व-सृजनात्मक वसुयज्ञद्वारा तिमीले मेरो आराधना गरेका थियौ । यसै निम्ति म तिमीलाईत्योवस्तु दिन्छु—जसलाई अन्य व्यक्ति ठूलो परिश्रमले प्राप्त गर्न सक्तछन् ॥११॥ अहिलेसम्म तिम्रा जति जन्म भएथे, तिनमा तिम्रो यो जन्म अन्तिम हो, किनकि यस जन्ममा तिमीले मेरो कृपा प्राप्त गरिसक्यौ । यस निम्ति तिमी अझ बर्ता भाग्यशाली छौ कि जब म यस लोकलाई त्याग्ने इच्छाले यहाँ एकान्तमा आएर बसेको हुँ, तबप्रबल भक्तिवश मेरो दर्शन पायौ ॥ १२ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

। तृ.

।८।।

आज भन्दा धेरै दिन पहिले–जब सृष्टिको आरम्भ भइरहेको थियो–तब मैले आफ्नो नाभिको कमलबाट उत्पन्न ब्रह्माजीलाई सुनाएको थिएँ, त्यसैले मेरा लीलाहरूको ज्ञान प्राप्त गरेर मेरो महिमा बुझ्न सकेका थिए ॥१३॥ जब श्रीकृष्णले त्यसरी मेरो आदर गर्दै कृपादृष्टिले हेर्दै ठूलो दया गरे तब स्नेहातिरेकले गर्दा मेरा रौं ठडिए, घाँटी अवरुद्ध भएर आयो र मेरा आँखामा आँसु डबडबाएर आएर अनि हात जोरेर मैले विन्ती गरें–॥१४॥ हे ईश ! हजुरका चरणको सेवा गर्ने प्राणीहरूको धर्म अर्थ, काम र मोक्ष इनमा कुन पदार्थ रहन सक्दछ ? तापनि हे भूमन् ! मलाई सबैमा केही चाहिन्न, किनकि म त एकमात्र हजुरका चरणको सेवा गर्ने इच्छा राख्दछु ॥१५॥ जसको कुनै अभिलाषा छैन, त्यो अनेक थरिका काम गरिरहेको छ। जो अजन्मा भएर पनि जन्म लिन्छ। जो आफ्नो प्राण बचाउनको निति किल्लामा लुक्दछ र शत्रुको भयले भाग्दछ। जो कालको पनि प्रभु भएर पनि हजारौं स्त्रीहरूसित विवाह गर्दछ, यस्ता हजुर कृष्णका लीला देखेर ठूला-ठूला विद्वान्हरूको पनि बुद्धि भ्रमित हुन्छ ॥१६॥ यति विलक्षण र आत्मज्ञानी भएर पनि हजुर जब कुनै कुरा आई-

पुरा मया प्रोक्तमनाय नाभ्ये पद्मे निषण्णाय ममादिसर्गे ॥ ज्ञानं परं मन्महिमावभासं यत्सूरयो भागवतं वदन्ति ॥ १३ ॥ इत्यादृतोक्तः परमस्य पुंसः प्रतिक्षणानुग्रहभाजनोऽहम् ॥ स्नेहोत्थरोमा स्खलिताक्षरस्तं मुञ्चञ्छुचः प्राञ्जलिराबभाषे ॥ १४ ॥ को न्वीश ते पादसरोजभाजां सुदुर्लभो-ऽर्थेषु चतुर्ष्वपीह ॥ तथापि नाहं प्रवृणोमि भूमन् भवत्पदाम्भोजनिषेवणोत्सुकः ॥ १५ ॥ कर्माण्यनीहस्य भवोऽभवस्य ते दुर्गाश्रयोऽथारिभयात्पलायनम् ॥ कालात्मनो यत्प्रमदायुताश्रयः स्वात्मन्रतेः खिद्यति धीर्विदामिह ॥ १६ ॥ मन्त्रेषु मां वा उपहूय यत्त्वमकुण्ठिताखण्डसदात्मबोधः ॥ पृच्छेः प्रभो मुग्ध इवाप्रमत्तस्तन्नो मनो मोहयतीव देव ॥ १७ ॥ ज्ञानं परं स्वात्मरहःप्रकाशं प्रोवाच कस्मै भगवान्समग्रम् ॥ अपि क्षमं नो ग्रहणाय भर्तर्वदाञ्जसा यद्वृजिनं तरेम ॥ १८ ॥ इत्यावेदितहार्दाय मह्यं स भगवान्परः ॥ आदिदेशारविन्दाक्ष आत्मनः परमां स्थितिम् ॥ १९ ॥ स एवमाराधितपादतीर्थादधीततत्त्वात्मविबोधमार्गः ॥ प्रणम्य पादौ परिवृत्य देवमिहागतोऽहं विरहातुरात्मा ॥ २० ॥ सोऽहं तद्दर्शनाह्लादवियोगार्तियुतः प्रभो ॥ गमिष्ये दयितं तस्य बदर्याश्रममण्डलम् ॥२१॥ यत्र नारायणो देवो नरश्च भगवानृषिः ॥ मृदु तीव्रं तपो दीर्घं तेपाते लोकभावनौ ॥२२॥

पर्दथ्यो तब मसित सल्लाह गर्न एकान्तमा डाक्तथे र भ्रान्त बुद्धि भएका यौटा साधारण मनुष्य झैं सोध-पूछ गर्दथे। हे देव ! यी कुराहरू विचार गरेर मेरो मन मोहमा गाडिन्छ ॥१७॥ हे स्वामिन् ! आफ्नो रहस्यलाई प्रकाशित पार्ने त्यो उत्तम ज्ञान सम्पूर्ण रूपले हजुरले कसरी ब्रह्माजीलाई भन्नुभयो ? यदि सम्भव भए त्यो मलाई पनि आज्ञा हवस्, जसलाई सुनेर म सांसारिक बन्धनबाट छुटकारा पाउन सकूँ ॥१८॥ यसरी सान्हैं व्याकुलतासाथ जब मैले भगवान्सित प्रार्थना गरें, तब प्रभुले मलाई आफ्नो परमस्थितिको हाल बताउनुभयो॥१९॥ यसरी जब मैले तिनका चरणको आराधना गरें, तब उनले मलाई आफ्नो तत्त्वज्ञानको बाटो बताइदिए। त्यसपछि मैले उनका चरणमा प्रणाम गरें। उनको प्रदक्षिणा गरें र उनको वियोगमा विरहातुर भएर यहाँ आइपुगें ॥२०॥ हे प्रभो ! अन्त समयमा तिनको दर्शन पाउनाले म प्रसन्न र वियोग संझेर दुःखी छु। अब म उनको प्रियधाम बदरिकाश्रमतिर हिंडी जान्छु ॥२१॥ जहाँ साक्षात् नर-नारायण ऋषिको रूपमा रहेर लोक-कल्याणार्थ धेरै दिनसम्म सरल र कठोर दुवै थरिका तपस्याहरू गरेका थिए ॥२२॥ शुकदेवजी भन्नुहुन्छ–यस प्रकार

भा. टी.

अ० ४

।।८।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्धवको मुखबाट स्वजनको संहार वृत्तान्त सुनेर विदुरलाई ठूलो विषाद भयो, किन्तु उनले आफ्नो ज्ञानबल द्वारा त्यसलाई शान्त पारे ॥२३॥ हे कौरव श्रेष्ठ ! जब उद्धव बदरिकाश्रम जान तयार भए, तब विदुरले विश्वस्तभावले तिनलाई कृष्णको परिवारका मुख्य सदस्य ठानेर भने–॥२४॥ हे उद्धव ! भगवान्‌ले त्यस बखत तिमीलाई आफ्नो रहस्य प्रकाशित गरिदिने ज्ञान दिएको थियो, त्यो मलाई भन्न सक्नुहुन्छ ? किनकि भगवान्‌का सेवकको कामनै यही रहन्छ । ती भगवद्भक्तहरूको प्रयोजन साधन गर्नको निम्ति नै डुलिरहन्छन् ॥२५॥ उद्धव भन्दछन्–हे विदुर ! जब भगवान् यस मर्त्यलोकलाई त्याग्ने इच्छाले सरस्वती नदीको तटमा बसेका थिए, तब उनले तिम्रा आराध्यगुरु मैत्रेयको सामुन्ने मलाई उपदेश दिएथे । यसै निम्ति तिमी जे जान्न खोजिरहेछौ त्यो मैत्रेयसित नै बुझिलिनू ॥२६॥ शुकदेवजी भन्नुहुन्छ—यसरी विदुरसित कुराकानी गर्नाले उद्धवको सन्ताप बढ्यो । ती विश्वमूर्ति नारायणको कथारूपिनी अमृतले तिनको हृदय आप्लावित भयो र त्यस रातमा यमुना तटमा एक क्षण समान बिताई उद्धव सबेरै बदरिकारण्यतिर हिंडे ॥ २७ ॥ यति सुनेर

श्रीशुक उवाच ॥ इत्युद्धवादुपाकर्ण्य सुहृदां दुःसहं वधम् ॥ ज्ञानेनाशमयत्क्षत्ता शोकमुत्पतितं बुधः ॥ २३ ॥ स तं महाभागवतं व्रजन्तं कौरवर्षभः ॥ विश्रम्भादभ्यधत्तेदं मुख्यं कृष्णपरिग्रहे ॥ २४ ॥ विदुर उवाच ॥ ज्ञानं परं स्वात्मरहःप्रकाशं यदाह योगेश्वर ईश्वरस्ते ॥ वक्तुं भवान्नोऽर्हति यद्धि विष्णोर्भृत्याः स्वभृत्यार्थकृतश्चरन्ति ॥ २५ ॥ उद्धव उवाच ॥ ननु ते तत्त्वसंराध्य ऋषिः कौषारवोऽन्तिमे ॥ साक्षाद्भगवतादिष्टो मर्त्यलोकं जिहासता ॥२६॥ श्रीशुक उवाच ॥ इति सह विदुरेण विश्वमूर्तेर्गुणकथया सुधयाऽऽप्लावितोरुतापः ॥ क्षणमिव पुलिने यमस्वसुस्तां समुषित औपगविर्निशां ततोऽगात् ॥ २७ ॥ राजोवाच ॥ निधनमुपगतेषु वृष्णिभोजेष्वधिरथयूथपयूथपेषु मुख्यः ॥ स तु कथमवशिष्ट उद्धवो यद्धरिरपि तत्यज आकृतिं त्र्यधीशः ॥ २८ ॥ श्रीशुक उवाच ॥ ब्रह्मशापापदेशेन कालेनामोघवाञ्छितः ॥ संहृत्य स्वकुलं नूनं त्यक्ष्यन्देहमचिन्तयत् ॥ २९ ॥ अस्माल्लोकादुपरते मयि ज्ञानं मदाश्रयम् ॥ अर्हत्युद्धव एवाद्धा संप्रत्यात्मवतां वरः ॥ ३० ॥ नोद्धवोऽण्वपि मन्न्यूनो तद्गुणेनार्दितः प्रभुः ॥ अतो मद्वयुनं लोकं ग्राहयन्निह तिष्ठतु ॥ ३१ ॥ एवं त्रिलोकगुरुणा सदिष्टः शब्दयोनिना ॥ बदर्याश्रममासाद्य हरिमीजे समाधिना।

राजा परीक्षित सोद्धछन्–हे भगवन् ! त्यस्ता ठूला-ठूला महारथी वृष्णि र भोजवंशी यादव वीर परस्पर लडेर मरे अनि ब्रह्मा, विष्णु तथा शिवका स्वामी कृष्ण भगवान्‌ले पनि आफ्नो मानव कलेवर त्याग्नु पर्‍यो भने ती उद्धव कसरी बाँचिरहे ? ॥२८॥ श्रीशुकदेवजी राजा परीक्षितका प्रश्नको उत्तर दिंदै भन्नलागे–हे राजन् ! मैले त पहिले नै यो कुरा भनिसकेको छु कि स्वयं भगवान् कृष्णको यो इच्छा थियो–कुनै प्रकारले भए पनि पृथ्वीको सम्पूर्ण भारी बिसाइयोस् । उनले आफ्नो इच्छाले ब्रह्मशापद्वारा सारा कुलको संहार गराइदिए र आफ्नो शरीरलाई पनि त्यागिदिने कुरामा विचार गर्नलागे ॥२९॥ पछि उनले विचार गरे—म नभएपछि मेरो ज्ञानको प्रसार गर्न शक्ति आत्मज्ञानीहरूमा श्रेष्ठ उद्धवमा नै छ, अरु कसैले पनि त्यसको सदुपयोग गर्न सक्तैन ॥३०॥ उद्धव मभन्दा अलिकति पनि कम छैनन्, किनकि कामिनी–काञ्चन आदि विषयहरूमा तिनको मन चलायमान हुँदैन । यस निम्ति यहीं असल हुनेछ कि ती मेरो उपदेशको प्रचार-प्रसार गर्दै यहीं रहून् ॥३१॥ यसै अभिप्रायले तीनै लोकका गुरु र शब्द-ब्रह्मका परम प्रभु नारायणले विदुरलाई

CC-0. Digitized by eGangotri and MIDP - Delhi

आफ्नो सबै मन्तव्य भनिदिएको छ । भगवान्‌को आदेशानुसार उद्धव बदरिकाश्रममा गई समाधि लगाएर भगवान्‌को आराधना गर्नलागे ॥३२॥ विदुर पनि उद्धव द्वारा परमात्मा श्रीकृष्णका ती लीला-विग्रह द्वारा गरिएका स्तुत्य कार्यहरूको वर्णन सुनेर धैर्यलाई बढाउने तथा पाशविक प्रवृत्ति हुने साधारण प्राणिहरूको निम्ति अत्यन्त दुष्कर कार्यहरूक विचार गरेर विफल भए ॥३३-३४॥ जब भगवद्भक्त उद्धव गए तब भगवान् कृष्णका मुखबाट निस्केका तिनका आत्मज्ञान-सम्बन्धी उपदेशहरूको सम्झना गरेर विदुर रुन लागे ॥३५॥ त्यसपछि ती सिद्धभक्त विदुर पनि यमुना तटबाट हिंडे र निकै दिनपछि गङ्गाको तटमा त्यस स्थानमा पुगे—जहाँ मित्र ऋषिका छोरा महर्षि मैत्रेय निवास गर्दथे ॥३६॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां चतुर्थोऽध्यायः ॥४॥ श्रीशुकदेवजी भन्नुहुन्छ–हे राजन् ! कुरुवंशीहरूमा श्रेष्ठ विदुर गङ्गाको द्वारमा विराजमान ती अगाध ज्ञान भएका महर्षि मैत्रेयकहाँ गएर भगवान्‌को ध्यान द्वारा आफ्नो भाव शुद्ध पारेर सुशीलता आदिले युक्त भएर सोध्नलागे

॥ ३२ ॥ विदुरोऽप्युद्धवाच्छ्रुत्वा कृष्णस्य परमात्मनः ॥ क्रीडयोपात्तदेहस्य कर्माणि श्लाघितानि च ॥ ३३ ॥ देहन्यासं च तस्यैवं धीराणां धैर्यवर्धनम् ॥ अन्येषां दुष्करतरं पशूनां विक्लवात्मनाम् ॥ ३४ ॥ आत्मानं च कुरुश्रेष्ठ कृष्णेन मनसेक्षितम् ॥ ध्यायन्गते भागवते रुरोद प्रेमविह्वलः ॥३५॥ कालिन्द्याः कतिभिः सिद्ध अहोभिर्भरतर्षभः ॥ प्रापद्यत स्वःसरितं यत्र मित्रसुतो मुनिः ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे विदुरोद्धवसंवादे चतुर्थोऽध्यायः ॥ ४ ॥ श्रीशुक उवाच ॥ द्वारि द्युनद्या ऋषभः कुरूणां मैत्रेयमासीनमगाधबोधम् ॥ क्षत्तोपसृत्याच्युतभावशुद्धः पप्रच्छ सौशील्यगुणाभितृप्तः ॥ १ ॥ विदुर उवाच ॥ सुखाय कर्माणि करोति लोको न तैः सुखं वाऽन्यदुपारमं वा ॥ विन्देत भूयस्तत एव दुःखं यदत्र युक्तं भगवान् वदेन्नः ॥ २ ॥ जनस्य कृष्णाद्विमुखस्य दैवादधर्मशीलस्य सुदुःखितस्य ॥ अनुग्रहायेह चरन्ति नूनं भूतानि भव्यानि जनार्दनस्य ॥ ३ ॥ तत्साधुवर्यादिश वर्त्म शं नः संराधितो भगवान् येन पुंसाम् ॥ हृदि स्थितो यच्छति भक्तिपूते ज्ञानं सतत्त्वाधिगमं पुराणम् ॥ ४ ॥ करोति कर्माणि कृतावतारो यान्यात्मतन्त्रो भगवांस्त्र्यधीशः ॥ यथा ससर्जाग्र इदं निरीहः संस्थाप्य वृत्तिं जगतो विधत्ते ॥ ५ ॥

॥१॥ विदुर भन्दछन्–हे भगवन् ! यस संसारका सबैजन सुख प्राप्त गर्न वा आइलागेको कष्टनिवारण गर्नको निम्ति थरि-थरिका कर्महरू गर्दछन्, तर कहिलेकाहीं त यस्तो हुन्छ—तिनै सुखका निम्ति गरिने कर्महरूबाट अझ दुःख भोग्नुपर्दछ । यस निम्ति यस संसारमा जुन उचित कर्म हो, त्यो मलाई भन्नु हवस् । सौभाग्यले जो मानिस भगवान् श्रीकृष्णचन्द्रसित विमुख भएर थरि-थरिका अधर्म गर्दछन् र अनेक कष्ट भोग्दछन्, त्यस्ता व्यक्तिमाथि कृपा गर्नका निम्ति नै भगवान्‌का भक्त यस संसारमा डुलिरहन्छन् ॥३॥ यस निम्ति हे साधुवर्य ! हजुर मलाई त्यो मार्ग आज्ञा हवस्, जसले भगवान् प्राणिहरूको भक्तियुक्त हृदयमा आएर बसुन् र उनलाई वेद र पुराणहरू द्वारा प्रमाणित आत्मज्ञान प्रदान गर्नुहवस् ॥४॥ जसरी ब्रह्मा, विष्णु, शिवका पनि परम प्रभु र स्वतन्त्र भगवान्‌ले पुरुष रूपमा अवतार लिएको हो, उनले जुन-जुन कार्य गरेका हुन्, जसरी उनले निरीह भावबाट यस संसारको सृष्टि गरेका हुन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि त्यसको मिम्ति आजीविकाको जुन प्रबन्ध गरिएको छ, त्यो सबै वृत्तान्त तपाईं मलाई बताउनोस् ॥५॥ अन्त्यमा ती योगेश्वर जसरी विश्वलाई समेटेर आफ्नो हृदयरूपी आकाशमा राखी तथा कर्म त्याग गरेर आफ्नी योगमायाको काखमा शयन गर्दा हुन् र फेरि यस जगत्को सृष्टि गरेर जसरी एकबाट अनेक बन्दछन् त्यो सबै वृत्तान्त तपाई मलाई बुझाउनु हवस् ॥६॥ ती मत्स्य, कच्छप तथा वाराह आदि अवतार धारण गरेर लीलाहरू गर्दै देवता, गाई र ब्राह्मणहरूको कल्याणार्थ जुन कार्य गर्दछन्, त्यो पनि भन्नुहवस, किनकि पुण्यात्माहरूका शिरोमणिस्वरूप ती भगवान्का चरित्ररूपी अमृत सदासर्वदा पान गर्दै रहे पनि मेरो मन कहिल्यै तृप्त हुँदैन ॥७॥ लोकपतिहरूका पति यी महाप्रभुले जुन जुन तत्त्वहरूको भेदद्वारा लोकालोक पर्वतको अघिल्लो भागहरू निर्माण गरेका हुन् र जहाँ जस्तो प्रकारका जीव बस्तछन्, ती जीवहरूका जुन भेद-उपभेद हुन्, ती त्यहाँ जुन कार्य गर्दा हुन् र जो जसको आश्रित छन्, मलाई त्यो सबै वृत्तान्त आज्ञाहवस् ॥८॥ उनले जुन प्रकार जीवहरूको स्वभाव, तिनका कर्म, तिनको स्वरूप, तिनको नाम-भेद बताएका छन्, हे विप्रवर्य ! तपाई त्यो सबै कुरा

यथा पुनः स्वे ख इदं निवेश्य शेते गुहायां स निवृत्तवृत्तिः ॥ योगेश्वराधीश्वर एक एतदनुप्रविष्टो बहुधा यथाऽऽसीत् ॥ ६ ॥ क्रीडन् विधत्ते द्विजगो-सुराणां क्षेमाय कर्माण्यवतारभेदैः ॥ मनो न तृप्यत्यपि शृण्वतां नः सुश्लोकमौलेश्चरितामृतानि ॥ ७ ॥ यैस्तत्त्वभेदैरधिलोकनाथो लोकानलो-कान्सह लोकपालान् ॥ अचीक्लृपद्यत्र हि सर्वसत्त्वनिकायभेदोऽधिकृतः प्रतीतः ॥ ८ ॥ येन प्रजानामुत आत्मकर्मरूपाभिधानं च भिदां व्यधत्त ॥ नारायणो विश्वसृडात्मयोनिरेतच्च नो वर्णय विप्रवर्य ॥ ६ ॥ परावरेषां भगवन् व्रतानि श्रुतानि मे व्यासमुखादभीक्ष्णम् ॥ अतृप्नुम क्षुल्लसुखाव-हानां तेषामृते कृष्णकथामृतौघात् ॥ १० ॥ कस्तृप्नुयात्तीर्थपदोऽभिधानात् सत्रेषु वः सूरिभिरीड्यमानात् ॥ यः कर्णनाडीं पुरुषस्य यातो भवप्रदां गेहरतिं छिनत्ति ॥ ११ ॥ मुनिर्विवक्षुर्भगवद्गुणानां सखाऽपि ते भारतमाह कृष्णः ॥ तस्मिन्नृणां ग्राम्यसुखानुवादैर्मतिर्गृहीता नु हरेः कथायाम् ॥ १२॥ सा श्रद्दधानस्य विवर्धमाना विरक्तिमन्यत्र करोति पुंसः ॥ हरेः पदानुस्मृतिनिर्वृतस्य समस्तदुःखात्ययमाशु धत्ते ॥ १३ ॥ ताञ्छोच्यशोच्यानविदोऽनुशोचे हरेः कथायां विमुखानघेन ॥ क्षिणोति देवोऽनिमिषस्तु येषामायुर्वृथावादगतिस्मृतीनाम् ॥१४॥ तदस्य कौषारव शर्म-

भन्नुहवस् ॥९॥ हे भगवन् ! मैले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका व्रत व्यासदेवका मुखबाट बारम्बार सुनेको छु । अब तिनले मलाई थोरै आनन्द प्राप्त हुन्छ र तिनलाई सुनेर म तृप्त पनि भइसकेको छु, तर कृष्ण भगवान्को कथारूपी अमृत बारम्बार पान गरेर पनि मलाई तृप्ति भइरहेको छैन ॥१०॥ ती पवित्र चरण हुने भगवान् कृष्णचन्द्रको कथा सुनेर कसलाई तृप्ति
३३ हुन सक्तछ ? जसको नारद आदि पनि तपाईहरूको समाजमा गहनी गान गर्दछन् । जुन पुरुषका कानमा त्यो कथा पुग्दछ, त्यसको घर-द्वार सम्बन्धी सम्पूर्ण आसक्ति स्वयं हराएर जान्छ ॥११॥ तपाईका मित्र कृष्णद्वैपायन व्यासले भगवान्का गुणहरू वर्णन गर्नको निम्ति नै महाभारतको रचना गरेका थिए ! त्यसमा सांसारिक सुखहरूको कुरा वर्णन गर्दै उनले भगवत्कथातिर नै सबै व्यक्तिको बुद्धि तानेको छ ॥१२॥ जुन श्रद्धालु पुरुषको बुद्धि भगवत्कथामा राम्ररी लागिसक्दछ तब स्वतः त्यस्ता व्यक्तिको हृदयमा वैराग्य उत्पन्न भएर आउँछ ।

CC-0. Digitized by eGangotri and MIDF - Delhi

भगवानका चरणको स्मरण हुन्छ, जसले तत्काल त्यसका *सबै कष्ट हराएर जान्छन् ॥१३॥ म ती अज्ञानीहरू र नारायणको महिमा जानेर पनि उनको कथाबाट विमुख भएर रहने समस्त प्राणीहरूको विषयमा विचार्दै रहन्छु । तिनकि विकराल काल–व्यर्थका बकवाद गर्दा, यता-उता डुल्दा र थरि-थरिका कुरा विचार गर्दै प्राणिहरूको आयुष्य क्षीण पार्दै रहन्छ ॥१४॥ अतएव हे मैत्रेयजी ! यो विश्वको कल्याण गर्नका निम्ति तपाई मलाई समस्त कथाहरूको सारस्वरूप नारायणको कथा सुनाउनु हवस्–जस्तै भ्रमरा सबै फूलहरूको रस पिउँछ उसै प्रकार सबै शास्त्र र कथाहरूको रस पान गरेर अब मलाई कृष्ण-कथाको रस पान गराउनोस् ॥१५॥ ती नारायणले यस विश्वको पालन आदि कार्य सम्पन्न गर्नको निम्ति नै अवतार लिएका थिए । त्यसपछि उनले साधारण पुरुषको शक्तिदेखि बाहिरको जुन कार्य गरेका हुन्, ती पनि मलाई भन्नुहवस् ॥१६॥ श्रीशुकदेव भन्नुहुन्छ—यस प्रकार विदुरले सोधेपछि मैत्रेय

दातुर्हरेः कथमेव कथासु सारम् ॥ उद्धृत्य पुष्पेभ्य इवार्तबन्धो शिवाय नः कीर्तय तीर्थकीर्तेः ॥ १५ ॥ स विश्वजन्मस्थितिसंयमार्थे कृतावतारः प्रगृहीतशक्तिः ॥ चकार कर्माण्यतिपूरुषाणि यानीश्वरः कीर्तय तानि मह्यम् ॥१६॥ श्रीशुक उवाच ॥ स एवं भगवान्पृष्टः क्षत्त्रा कौषारविर्मुनिः ॥ पुंसां निःश्रेयसार्थेन तमाह बहु मानयन् ॥१७॥ मैत्रेय उवाच ॥ साधु पृष्टं त्वया साधो लोकान्साध्वनुगृह्णता ॥ कीर्तिं वितन्वता लोके आत्मनोऽधोक्षजात्मनः ॥ १८ ॥ नैतच्चित्रं त्वयि क्षत्तर्बादरायणवीर्यजे ॥ गृहीतोऽनन्यभावेन यत्त्वया हरिरीश्वरः ॥ १९ ॥ माण्डव्यशापाद्भगवान्प्रजासंयमनो यमः ॥ भ्रातुः क्षेत्रे भुजिष्यायां जातः सत्यवतीसुतात् ॥ २० ॥ भवान्भगवतो नित्यं संमतः सानुगस्य च ॥ यस्य ज्ञानोपदेशाय

मुनिले यिनका प्रश्नहरूको तिकै सम्मान गरे, किनकि यी प्रश्नोत्तरहरूले संसारका जीवको ठूलो उपकार हुन सक्तथ्यो ॥१७॥ मैत्रेय भन्दछन्—हे महानुभाव हजुरले संसारी जनहरूमा दया गरेर मसित राम्रो कुरा सोध्नुभयो । यस्तो गरेर हजुरले आफ्नो र भगवद्भक्तहरूको कीर्ति विस्तार गर्नुभयो ॥१८॥ हे व्यास-पुत्र विदुर ! हजुरको निम्ति यो कुनै विस्मयको कुरा होइन, यो जुन हजुरले सर्वतोभावेन भगवान् श्रीकृष्णलाई आफ्नो तुल्याउनु भयो । हजुरसित यस्तै आशा गर्न सकिन्छ ॥१९॥ (यदि हजुर भन्नोस्—यदि यस्तो हो भने म शूद्र किन भएँ र अरूको दयामा मैले किन निर्भर रहनु पर्‍यो–कुरा हो कि) महर्षि माण्डव्यको श्रापले पूर्वकालका यमराज तथा यस बखतका सत्यवती-पुत्र व्यासदेवको वीर्यबाट हजुर दासीको

उदाहरण (कष्ट निवारण गर)—हजरत अली जब मुसलमानहरूका खलीफा थिए तब ती एक दिन नमाज पढेर धर्मको उपदेश दिइरहेका थिए । त्यसै बखत यौटा अरब निवासी आएर तिनलाई जाली गर्दै भन्न लाग्य—'ए पाखण्डी ! यसरी जनतालाई किन ढाँट्तैछस् ? तैंले दोजख (नरकमा जानु पर्नेछ । अझ पनि नाइके बन्न छाडिदे ।' हजरत अली मुहम्मद साहेबका ज्वाईं थिए । अतएव तिनले अपमानित भएको देखेर तिनका पार्श्ववर्ती निकै रिसाएर वा त्यस अरबलाई मारिदिन तयार भए । तिनको उपदेश सकिएपछि हजरत अली प्रसन्न-मुख र गद्गद् कण्ठले बोले—'तिमीहरू यसलाई नमार । यस मनुष्यसित सोध—यसको कुनै आफ्नो नजीकको सम्बन्धी मारिनको वा मरेको हो ? यसको टाउकोमा कसैको ऋण छ कि ? यसलाई तेटभरि खानमा त पाएको छैन ? मानिसहरूका जाँच-बूझले थाहा भयो—त्यसमाथि ऋणको ठूलो भारी छ । साहू त्यसलाई झ्यालखान पठाउन तयारछ । त्यसै कारण यो आत्तिएको छ । त्यसपछि हजरत अलीले आफ्नो घरबाट रुपियाँ ल्याएर दिई त्यसलाई ऋणमुक्त पारिदिए । त्यस बेलादेखि त्यो अरब तिनको मनपरेको भएर बस्यो । साधारण मनुष्य जब आफूलाई बिर्सेर कुनै महापुरुषप्रति कोही नचाहिँदो काम गर्न थाल्यो भने–त्यस गरीबलाई कुनै कष्ट छ भन्ने कुरा बुझ्नुपर्दछ । त्यस्तो बखतमा ठूलो मानिसको प्रमुख कर्तव्य हुन जान्छ कि ती त्यस विचराको कष्ट निवारण गरुन्, त्यसलाई अझ कष्टमा पार्ने चेष्टा नगरुन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्भबाट जन्मनुभयो। वास्तवमा हजुर शूद्र हुनुहुन्न, बरू प्रजाका शासक साक्षात् यमराज हुनुहुन्छ ।।२०।। हजुर भगवान् देवकीनन्दन कृष्ण र तिनका भक्तहरूका परमप्रिय हुनुहुन्छ। त्यसैले त गोलोक जाने वेलामा भगवान मलाई हजुरलाई उपदेश दिने आदेश दिनुभएको थियो ।।२०।। अब म हजुरलाई भगवान्का लीला र उनको योगमाया द्वारा रचित यस विश्वको उत्पत्ति र स्थितिको सारा वर्णन गर्दछु ।।२२।। सृष्टिभन्दा पूर्व विश्वरूप परमपिया परमेश्वर तथा जीवहरूको आत्मास्वरूप ती सर्वव्यापी भगवान् एक्लै थिए। त्यस बखत न कोही दर्शक थियो, न कुनै दृश्य। जगत्का विविध बुद्धि पनि त्यसमा निराकरण गर्न समर्थ हुन सक्तैनथे। ती आफ्नै इच्छाको अनुसरण गर्दथे।।२३।। त्यस समय एक्लै उनी नै द्रष्टा थिए एक्लै रहनाले तिनलाई कुनै पनि दृश्य देखापर्दैनथ्यो। तिनका सबै शक्तिहरू निदाएका थिए। यसै कारण तिनले आफ्नो अस्तित्व बुझ्न सकेका थिएनन्, तर उस बखत पनि ती सबै कुरा देख्दथे। नारायणको यो तथा असत्लाई देख्ने भएको दृष्टिशक्ति नै माया कहियो र उही मायाले यस जगत्को रचना गर्‍यो।।२४-२५।। त्यसपछि ती सर्वव्यापी परमात्माले

माऽऽदिशद्भगवान्व्रजन् ॥ २१ ॥ अथ ते भगवल्लीला योगमायोपबृंहिता ॥ विश्वस्थित्युद्भवान्तार्था वर्णयाम्यनुपूर्वशः ॥ २२ ॥ भगवानेक आसेदमग्र आत्माऽऽत्मनां विभुः ॥ आत्मेच्छानुगतावात्मा नानामत्युपलक्षणः ॥ २३ ॥ स वा तदा द्रष्टा नापश्यद्दृश्यमेकराट् ॥ मेनेऽसन्तमिवात्मानं सुप्तशक्तिरसुप्तदृक् ॥२४॥ सा वा एतस्य संद्रष्टुः शक्तिः सदसदात्मिका ॥ माया नाम महाभाग ययेदं निर्ममे विभुः ॥ २५ ॥ कालवृत्त्या तु मायायां गुणमय्यामधोक्षजः ॥ पुरुषेणात्मभूतेन वीर्यमाधत्त वीर्यवान् ॥ २६ ॥ ततोऽभवन्महत्तत्त्वमव्यक्तात्कालचोदितात् ॥ विज्ञानात्मात्मदेहस्थं विश्वं व्यञ्जंस्तमोनुदः ॥२७॥ सोऽप्यंशगुणकालात्मा भगवद्दृष्टिगोचरः ॥ आत्मानं व्यकरोदात्मा विश्वस्यास्य सिसृक्षया ॥२८॥ महत्तत्त्वाद्विकुर्वाणादहंतत्त्वं व्यजायत ॥ कार्यकारणकर्तात्मा भूतेन्द्रियमनोमयः ॥ २९ ॥ वैकारिकस्तैजसश्च तामसश्चेत्यहं त्रिधा ॥ अहंतत्त्वाद्विकुर्वाणान्मनो वैकारिकादभूत् ॥ वैकारिकाश्च ये देवा अर्थाभिव्यञ्जनं यतः ॥ ३० ॥ तैजसानीन्द्रियाण्येव ज्ञानकर्ममयानि च ॥ तामसो भूतसूक्ष्मा-

त्यस गुणमयी मायामा आफ्नो अंशस्वरूप चिदाभासरूपी वीर्य राखिदिए ।।२६।। कालको प्रेरणावश त्यस अव्यक्त मायाबाट महत्तत्त्वको उत्पत्ति भयो। त्यसपछि त्यो विज्ञानात्मा आफ्नो देहमा बीजरूपबाट विद्यमान विश्वलाई प्रकट एवं अंकुरित पारे ।।२७।। पछि त्यही अंश (चिदाभास), गुण (उपादान) र तिनलाई क्षुब्ध पार्ने कालस्वरूप भगवान् त्यही महत्त्वको दृष्टिगोचर भए र तिनले यस विश्वको सृष्टि गर्नका निमित्त आफ्नो अर्को रूप बनाए ।।२८।। त्यसपछि त्यो तत्व विकृत हुनाले अहंतत्त्व (अहङ्कार) को रचना भयो। त्यो अहंतत्त्व कार्य (अध्यात्म) र कारण (अधिदैव) को आधार बन्यो, किनकि त्यो भूतेन्द्रिय तथा मनोमय थियो अर्थात् यिनका विकार त्यसमा विद्यमान थिए ।।२९।। यसैले त्यो अहङ्कार तीन प्रकारको मानियो—वैकारिक, तैजस र तामस। यिनैबाट वैकारिक अहंतत्त्वद्वारा मन बन्यो। यसै कारण सबै देवता पनि वैकारिक (सात्त्विक अहङ्कारको कार्य) कहिए तिनै देवता इन्द्रियहरूका अधिष्ठाता भए र उनैद्वारा शब्द आदिका अर्थ प्रकट भए ।।३०।। सबै ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरू तैजस् (राजस अहङ्कार युक्त) नै मानिए र तामस अहङ्कार

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूक्ष्म शब्दको जनक भयो। त्यही शब्दद्वारा ती नारायणको लिंगस्वरूप आकाश उत्पन्न भयो ॥३१॥ त्यसपछि काल (क्षोभक), माया र अंश (चिदाभास) को योगले भगवान्‌द्वारा दृश्यमान आकाशबाट आफैं उत्पन्न स्पर्शको रूपान्तर गरेर वायु बनाइयो ॥३२॥ आकाशसित मिलेर त्यस असाधारण बलवान् वायुले तन्त्रात्रात्मक रूपको रचना गर्‍यो। त्यसपछि उसले लोकको नेत्रस्वरूपा ज्योति (तेज) बनायो ॥३३॥ त्यस परमात्माको दृष्टिगोचर हुँदै तेजले आफ्नो रूप साटेर काल एवं माया (उपादान) को अंश (चिदाभास र वायु) को योगबाट रसमय जलको सृष्टि गर्‍यो ॥३ ॥ फेरि उनै परमात्माको छत्रछायामा उनैबाट तेज, काल र मायाको अंशको योगबाट गन्धगुणात्मिका पृथ्वीको उत्पत्ति भयो ॥३५॥ हे भव्य (विदुर) त्यसपछि जति कार्य भए, जुन कार्य र अगाडिका कारणहरूको संसर्गबाट क्रमशः धेरै गुणहरू उत्पन्न भए। जस्तै—(आकाशको एकमात्र शब्द गुण र वायुको स्पर्श गुण जब आकाशमा मिल्दछन् तब शब्द उत्पन्न हुन्छ। यसै गरी जब आकाश, वायु र तेज यी ती थरि मिसिएपछि, यौटा रूपको रचना हुन्छ इत्यादि) ॥ ३६ ॥ महादादि तत्त्वहरूका अभिमानी

दि यतः खं लिङ्गमात्मनः ॥ ३१ ॥ कालमायांशयोगेन तद्भवद्वीक्षितं नभः ॥ नभसोऽनुसृतं स्पर्शं विकुर्वन्निर्ममेऽनिलम् ॥ ३२ ॥ अनिलोऽपि विकुर्वाणो नभसोरुबलान्वितः ससर्ज रूपतन्मात्रं ज्योतिर्लोकस्य लोचनम् ॥ ३३ ॥ अनिलेनान्वितं ज्योतिर्विकुर्वत्परवीक्षितम् ॥ आधत्ताम्भो रसमयं कालमायांशयोगतः ॥३४॥ ज्योतिषाम्भोऽनुसंसृष्टं विकुर्वद्ब्रह्मवीक्षितम् ॥ महीं गन्धगुणाधात्कालमायांशयोगतः ॥ ३५ ॥ भूतानां नभआदीनां यद्यद्भव्यावरावरम् ॥ तेषां परानुसंसर्गाद्यथासंख्यं गुणान् विदुः ॥ ३६ ॥ एते देवाः कला विष्णोः कालमायांशलिङ्गिनः ॥ नानात्वात्स्वक्रियानीशाः प्रोचुः प्राञ्जलयो विभुम् ॥३७॥ देवा ऊचुः ॥ नमाम ते देव पदारविन्दं प्रपन्नतापोपशमातपत्रम् ॥ यन्मूलकेता यतयोऽञ्जसोरुसंसारदुःखं बहिरुत्क्षिपन्ति ॥ ३८ ॥ धातर्यदस्मिन्भव ईश जीवास्तापत्रयेणोपहता न शर्म ॥ आत्मँल्लभन्ते भगवंस्तवाङ्घ्रिच्छायां सविद्यामत आश्रयेम ॥ ३९ ॥ मार्गन्ति यत्ते मुखपद्मनीडैश्छन्दःसुपर्णैर्ऋषयो विविक्ते ॥ यस्याघमर्षोदसरिद्वरायाः पदं पदं तीर्थपदः प्रपन्नाः ॥ ४० ॥ यच्छ्रद्धया श्रुतवत्या च भक्त्या संमृज्यमाने हृदयेऽवधाय ॥ ज्ञानेन वैराग्यबलेन धीरा व्रजेम तत्तेऽङ्घ्रिसरोजपीठम् ॥ ४१ ॥ विश्वस्य जन्मस्थितिसंयमार्थे कृतावतारस्य

समस्त देवतागण ती नारायकै अंशका प्रतीक मानिएका छन्। ती सबैको समानता थियो। ती एक नभएर अनेक थिए। त्यसैले ती आफाफ्ना काम गर्न समर्थ भएनन्। यस्तो स्थितिमा ती सबै देवता देव! हात जोरेर भगवान्‌सित भन्नलागे—॥३७॥ हे हामी हजुरका चरण-कमलमा प्रणाम गर्दछौं। हजुरका चरणदुःखी हरूलाई दुःखरूपी आतपबाट बचाउनको निम्ति आतपत्र (छाता) को काम गर्दछन्। ठूला-ठूला योगीजन त्यसैको छायामा बसेर सहजै आफ्ना कष्टहरू निवारण गर्दछन् ॥ ३८ ॥ हे पिता! दैहिक, दैविक र भौतिक यी तीनै तापबाट पिल्सिएका यस संसारका प्राणी जबसम्म हजुरका चरणकमलको छाया पाउन्नन्, तबसम्म कदापि सुखी हुन सक्तैनन्। किनकि त्यसलाई पाएपछि नै मनुष्यलाई ज्ञानको प्रकाश दृष्टिगोचर हुन्छ ॥३९॥ यही कारण छ कि ठूला-ठूला ऋषि-मुनि हजुरका चरणको शरणमा गएर हजुरको मुख-कमलरूपी नीड (गुँड) मा बस्ने देवरूप पक्षीहरूको भरले आफ्नो शान्त मनले हजुरका चरणको खोजी गर्दछन्। त्यहीबाट निस्केकी गङ्गा पद-पदको भूमिलाई तीर्थस्थान बनाइसकेकी छन्। तात्पर्य—गंगाजीको अपेक्षा हजुरको आराधना लाभदायक छ ॥४०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरका जुन चरण-कमल श्रद्धापूर्वक आफ्नो हृदयमा राखेर हामीहरू वैराग्यबल प्राप्त गरेर धैर्यशाली बन्नसक्यौं र हजुरका श्रवणपूर्विका भक्तिद्वारा शुद्ध गरिएको आफ्नो हृदय द्वारा ध्यान गर्दै हामी हजुरका चरणसम्म पुग्नसकौं (हामीलाई यस्तो ज्ञान दिनुहवस्) ।।४१।। हे नाथ ! यस विश्वको उत्पत्ति, स्थिति र पालनको निम्ति नै हजुरको अवतार भएको हो। अतः हामी हजुरका चरणको शरणमा प्राप्त भएका छौं। किनकि स्मरण मात्रले हजुरका चरणकमल आफ्ना भक्तलाई अभयदान (मोक्ष) दिन्छन् ।।४२।। तिनलाई बिर्सर मानिस आफ्नो नाशवान् शरीरलाई दुराग्रहवश आफ्नो ठान्न थाल्दछन् र नित्य आफ्नो शरीरमै विद्यमान हजुरका चरणलाई टाढा ठान्दछौं। अब हजुर मलाई यस्तो बुद्धि दिनुहोस्, जसले हामी हजुरका चरणको भजन बराबर गर्दै रहौं ।।४३।। हे परेश ! तुच्छ विषयहरूमा अल्झेका व्यक्ति बाहिरी तड़क-भड़क देख्ने इन्द्रियहरूद्वारा आफ्नो मनलाई अन्तःकरणबाट बाहिर झिकिदिन्छन्, त्यसैले ती आफ्नो मनमै भएको हजुरको पदन्यासविलासका शोभाले युक्त चरण-कमल देख्न पाउन्नौं (अनि तिनमा प्रेम कसरी हुने ?) । ४४।। हे देव ! हजुरको कथारूपिणी सुधा-रस पान गरेर जति व्यक्तिले बढेको भक्तिद्वारा आफ्नो अन्तःकरण निर्मल पारिसकेका छन्, ती वैराग्य-बल युक्त ज्ञान प्राप्त गरेर अनायास वैकुण्ठ लोक प्राप्त गर्दछन् ।। ४५ ।।

पदांबुजं ते ।। व्रजेम सर्वे शरणं यदीश स्मृतं प्रयच्छत्यभयं स्वपुंसाम् ।। ४२ ।। यत्सानुबन्धेऽसति देहगेहे ममाहमित्यूढदुराग्रहाणाम् ।। पुंसां सुदूरं वसतोऽपि पुर्यां भजेम तत्ते भगवन् पदाब्जम् ।। ४३ ।। तान्वै असद्वृत्तिभिरक्षिभिर्ये पराहृतान्तर्मनसः परेश ।। अथो न पश्यन्त्युरुगाय नूनं ये ते पदन्यासविलासलक्ष्म्याः ।। ४४ ।। पानेन ते देव कथासुधायाः प्रवृद्धभक्त्या विशदाशया ये ।। वैराग्यसारं प्रतिलभ्य बोधं यथाऽञ्जसाऽन्वीयुरकुण्ठधिष्ण्यम् ।। ४५ ।। तथाऽपरे चात्मसमाधियोगबलेन जित्वा प्रकृतिं बलिष्ठाम् ।। त्वामेव धीराः पुरुषं विशन्ति तेषां श्रमः स्यान्नतु सेवया ते ।। ४६ ।। तत्ते वयं लोकसिसृक्षयाऽद्य त्वयाऽनुसृष्टास्त्रिभिरात्मभिः स्म ।। सर्वे वियुक्ताः स्वविहारतन्त्रं न शक्नुमस्तत्प्रतिहर्तवे ते ।। ४७ ।। यावद्बलिं तेऽज हराम काले यथा वयं चान्नमदाम यत्र ।। यथोभयेषां त इमे हि लोका बलिं हरन्तोऽन्नमदन्त्यनूहाः ।। ४८ ।। त्वं नः सुराणामसि सान्वयानां

यी बाहेक धेरै परि व्यक्ति समाधि अर्थात् चित्तको एकाग्रताको बलले बलवती प्रकृतिलाई जितेर धैर्य धारण गर्दै हजुरमा लीन भएर जान्छन्, तर तिनले यसको निम्ति ठूलो परिश्रम गर्नुपर्दछ, किन्तु जुन व्यक्ति हजुरका चरणको सेवा गरेर मोक्ष प्राप्त गर्दछन्, तिनले यति बर्ता श्रम गर्नु पर्दैन ।। ४६ ।। (देवता यसरी स्तुति गरेर अब आफ्नाफ्नो मतलबको कुराहरू बिन्तिगर्दै भन्दछन्)—हे नारायण ! हे आदिपुरुष ! हजुरले हामी सबैलाई सत्व, रज, तम यी तीन गुणको मेलले संसारको सृष्टि गर्नका लागि बताउनु भयो, तर परस्पर विरुद्ध स्वभाव हुनाले हामीलाई हजुरले जे निम्ति बनाउनु भएको थियो, त्यस कार्यलाई हामी पूर्ण गर्न सक्तैनौं र हजुरका लीलासम्पन्न गर्न आवश्यक सामग्रीहरू एकत्रपारेर हजुरलाई अर्पण गर्नमा आफूलाई असमर्थ पाइरहेका छौं ।।४७।। हे अज ! बेला बेलामा हामी हजुरको निम्ति बलि अर्पण गर्दछौं। जसरी हामीहरू अन्न खान्छौं जसरी संसारी व्यक्ति अन्नात्मक बलि निवेदन गर्दछन् र हामी र हजुर दुवैको निम्ति बलि पुऱ्याउँदै हजुरले प्रदान गरिएको भवनमा बसेर यी सबै जीव निर्बिघ्नभावले त्यस अन्नलाई खान्छन् (त्यो म हेर्न इच्छा गर्दछु, यसको निम्ति हजुर नेत्र प्रदान गर्नुहवस्) ।। ४८ ।। हजुर नै हाम्रा कार्य र आदि कारण हुनुहुन्छ, किनकि वास्तवमा हजुर नै कूटस्थ (विकारशून्य) अधिष्ठाता र पुरातन

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुप हुनुहुन्छ । हे देव ! हजुरले अजन्मा भएर पनि सत्वादि तीनै गुण जन्मादि कर्महरूको कारण भूतयोनि (कारणभूतशक्ति माया) मा सबभन्दा पहिले हजुरले वीर्य राख्नुभयो ॥४९॥ हे आत्मदेव ! त्यो शक्ति (माया) मानें महदादि तत्त्व र हामी हरू जुन कामको निम्ति उत्पन्न भएका छौं—हजुरनै भन्नुहवस् कि यस्तो परिस्थितिमा हामीहजुरको कुन काम गरौं ? यदि हजुर 'सृष्टि गर' भन्ने आज्ञा दिनुहुन्छ भने हामीलाई चक्षुस्वरूप ज्ञान र आफ्नी शक्ति प्रदान गर्नोस् । हजुरले दिएका ज्ञान र शक्तिले नै सृष्टिको काम हामी सम्पन्न गर्न सक्ने-छौं—नत्र सक्दिन्न ॥५०॥ इति श्रीमद्भागवते महापुराणे तृतीय स्कन्धे नेपाली भाषाटीकायां पंचमोऽध्यायः ॥५॥ (विराट् देहको उत्पत्ति)—मैत्रेय भन्दछन्–'हे विदुर ! नारायणले जब आफ्नी महदादि शक्तिहरूमा परस्पर मतभेदको स्थिति देखे र विश्वको रचना सम्बन्धी कार्यबाट सबैलाई उदासीन पाए ॥१॥ अनि भगवान् आफाफ्नाकार्यको निम्ति प्रेरित गर्न भएकी त्यो कालसंज्ञक प्रकृति, आफ्नी शक्ति तथा तेईस (महदादि सात प्रकृति र तिनका सोह्र विकार) तत्त्वहरू साथै लिएर उसमा प्रविष्ट भए ॥२॥ ती देवताहरूको शरीरमा प्रविष्ट भएर

कूटस्थ आद्य पुरुषः पुराणः ॥ त्वं देव शक्त्यां गुणकर्मयोनौ रेतस्त्वजायां कविमादधेऽजः ॥४९॥ ततो वयं सत्प्रमुखा यदर्थे बभूविमात्मन्करवाम किं ते ॥ त्वं नः स्वचक्षुः परिदेहि शक्त्या देव क्रियार्थे यदनुग्रहाणाम् ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पञ्चमोऽध्यायः ॥ ५ ॥ ऋषिरुवाच ॥ इति तासां स्वशक्तीनां सतीनामसमेत्य सः ॥ प्रसुप्तलोकतन्त्राणां निशाम्य गतिमीश्वरः ॥ १ ॥ कालसंज्ञां तदा देवीं बिभ्रच्छक्तिमुरुक्रमः ॥ त्रयोविंशतितत्त्वानां गुणं युगपदाविशत् ॥२॥ सोऽनुप्रविष्टो भगवांश्चेष्टारूपेण तं गणम् ॥ भिन्नं संयोजयामास सुप्तं कर्म प्रबोधयन् ॥३॥ प्रबुद्धकर्मा दैवेन त्रयोविंशतिको गणः ॥ प्रेरितोऽजनयत्स्वाभिर्मात्राभिरधिपूरुषम् ॥४॥ परेण विशता स्वस्मिन्मात्रया विश्वसृग्गणः ॥ चुक्षोभान्योन्यमासाद्य यस्मिँल्लोकाश्चराचराः ॥ ५ ॥ हिरण्मयः स पुरुषः सहस्रपरिवत्सरान् ॥ अण्डकोश उवासाप्सु सर्वसत्त्वोपबृंहितः ॥६॥ स वै विश्वसृजां गर्भो देवकर्मात्मशक्तिमान् ॥ विबभाजात्मनाऽऽत्मानमेकधा दशधा त्रिधा ॥७॥ एष ह्यशेषसत्त्वानामात्मांशः परमात्मनः ॥ आद्योऽवतारो यत्रासौ भूतग्रामो विभाव्यते ॥८॥ साध्यात्मः साधिदैवश्च साधिभूत इति त्रिधा ॥ विराट् प्राणो दशविध एकधा हृदयेन च ॥९॥ स्मरन्विश्वसृजामीशो विज्ञापितमधो-

नारायणले आफ्नी क्रियाशक्ति द्वारा ती तेईस तत्त्वहरूलाई भिन्न-भिन्न काममा लगाइदिए र ती देवताहरूका निदाएका कर्महरूलाई उठाएर काममा लगाए ॥३॥ जब ती तेईसै तत्त्वहरूको क्रियाशक्ति जागृत भयो तब ईश्वरको प्रेरणाले सर्वप्रथम उनले आफ्ना-आफ्ना अंगबाट अधिपुरुष (विराट शरीर) को रचना गरे ॥४॥ जब ती परम पुरुष आफ्नी शक्तिसहित ती विश्व-सृजनमा प्रविष्ट भए, तब ती तेईस तत्त्वका समुदाय आफ्ना केही अंशमा नै क्षुब्ध भयो—सम्पूर्ण रूपबाट होइन । त्यति नै अंशमा सचराचर लोक स्थित थियो ॥५॥ त्यो हिरण्मय विराट् पुरुप समस्त जीव र प्राणिहरूका साथै पूरा एक हजार वर्षसम्म अण्डकोप (ब्रह्माण्ड) को जलमा परिरह्यो ॥६॥ तब तत्त्वहरूको गर्भ त्यस विराट् पुरुषले आफ्नो देव-शक्तिद्वारा आफ्नो हृदयमा स्थित चैतन्यरूपी एक भेद, कर्म शक्तिले प्राणरूपी दस भेद र अध्यात्म, दैविक तथा भौतिक यी तीन भेद बनाए ॥ ७ ॥ विराट् पुरुप नै समस्त प्राणीहरू-को आत्मा हो । अतः सर्वप्रथम उसैको अवतार भयो । यसकारण त्यसमा नै सबै प्राणिहरूको समुदाय दृष्टिगोचर हुन्छ ॥८॥ त्यो विराट् पुरुप आध्यात्मिक, आधिदैविक र आधिभौतिक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियहरूसित रहलाले नै तीन प्रकार र प्राणहरूको दस भेद अर्थात् नाग, कूर्म ककल, देवदत्त र धनञ्जय तथा यी पाँचका पाँच वृत्तिहरूद्वारा दस प्रकार भयो॥९॥ ती विश्व-सृष्टाहुरूले कृपाहरू स्मरण गरेर त्यस विराट् पुरुषले आफ्नो तेज (चित्शक्ति) द्वारा यस कुरामा विचार गरे—मैले अगाडि के गर्नु छ, जसले विविध वृत्तिहरूमा जागृति उत्पन्न होओस् ॥१०॥ यस प्रकार पर्यालोचन गर्दै त्यस परम पुरुषबाट देवताहरूको केही निवासस्थान उत्पन्न भए ! अब तिनको भेद सुन—॥११॥ जब ती विराट् पुरुषको मुख उत्पन्न भयो तब आफ्नो अंश र वचन सहित लोकपाल अग्निले त्यसलाई आफ्नो निवास बनाए । त्यही उनका देवता कहिए र वचनको उत्पत्ति त्यसैबाट भयो ॥ १२ ॥ जब ती विराट् पुरुषको तालु उत्पन्न भयो तब वरुण आफ्ना जिह्वारूपी अंश सहित आएर बसे । त्यसैबाट रसको उत्पत्ति भयो ॥१३॥ जब ती विराट्का दुइ नासिका उत्पन्न भए ता दुवैमा अश्विनीकुमार गएर बसे । ती आफ्नो प्राण शक्तिरूपी अंशलाई आफूसित लिएका थिए । त्यसैले गन्धको उत्पत्ति भयो ॥१४॥ जब ती विराट्का नेत्र उत्पन्न भए तब तिनमा नेत्ररूपी अंशलाई लिएर लोकपाल सूर्य

क्षजः ॥ विराजमतपस्त्वेन तेजसैषां विवृत्तये ॥१०॥ अथ तस्याभितप्तस्य कति चायतनानि ह ॥ निरभिद्यन्त देवानां तानि मे गदतः शृणु ॥ १॥ तस्याग्निरास्यं निर्भिन्नं लोकपालोऽविशत्पदम् ॥ वाचा स्वांशेन वक्तव्यं ययाऽसौ प्रतिपद्यते ॥ १२ ॥ निर्भिन्नं तालु वरुणो लोकपालोऽविशद्धरेः ॥ जिह्वयांशेन च रसं ययाऽसौ प्रतिपद्यते ॥ १३ ॥ निर्भिन्ने अश्विनौ नासे विष्णोराविशतां पदम् ॥ घ्राणेनांशेन गन्धस्य प्रतिपत्तिर्यतो भवेत् ॥ १४ ॥ निर्भिन्ने अक्षिणी त्वष्टा लोकपालोऽविशद्विभोः ॥ चक्षुषांशेन रूपाणां प्रतिपत्तिर्यतो भवेत् ॥ १५ ॥ निर्भिन्नान्यस्य चर्माणि लोकपालोऽनिलोऽविशत् ॥ प्राणेनांशेन संस्पर्शं येनासौ प्रतिपद्यते ॥ १६ ॥ कर्णावस्य विनिर्भिन्नौ धिष्ण्यं स्वं विविशुर्दिशः ॥ श्रोत्रेणांशेन शब्दस्य सिद्धिं येन प्रपद्यते ॥ १७ ॥ त्वचमस्य विनिर्भिन्नां विविशुर्धिष्ण्यमोषधीः ॥ अंशेन रोमभिः कण्डूं यैरसौ प्रतिपद्यते ॥ १८ ॥ मेढ्रं तस्य विनिर्भिन्नं स्वं धिष्ण्यं क उपाविशत् ॥ रेतसांशेन येनासावानन्दं प्रतिपद्यते ॥ १६ ॥ गुदं पुंसो विनिर्भिन्नं मित्रो लोकेश आविशत् ॥ २१ ॥ वायुनांशेन येनासौ विसर्गं प्रतिपद्यते ॥ २० ॥ हस्तावस्य विनिर्भिन्नाविन्द्रः स्वर्पतिराविशत् ॥ वार्तयांशेन पुरुषो यया वृत्तिं प्रपद्यते ॥ २१ ॥ पादावस्य विनिर्भिन्नौ

देवता गएर बसे । त्यसैबाट रूपहरू देख्ने शक्ति उत्पन्न भयो ॥ १५ ॥ जब तिनको शरीर त्वगिन्द्रिय (छाया) उत्पन्न भयो तब वायुदेव आफ्नो प्राणरूपी अंशलाई आफूसित लिएर त्यसमा बसे ; यसैले स्पर्श गुणको उत्पत्ति भयो ॥१६॥ जब ती परम पुरुषको कान उत्पन्न भए तब दिग्देवता श्रोत्ररूपी अंश साथमा लिएर त्यसमा बसे । जसले शब्दको उत्पत्ति भयो ॥१७॥ जब तिनको त्वचामा छिद्र (प्वाल) उत्पन्न भयो तब औषधि-देवताले आफ्नो रोमरूपी अंश लिएर त्यसमा निवास गरे, जसले चिलाउने उत्पन्न भयो ॥१८॥ जब ती परमपुरुषको मेढ्र (लिंग) उत्पन्न भयो तब प्रजापति देवता वीर्यरूपी अंशलाई साथमा लिएर त्यसमा विराजमान भए, जसबाट आनन्द (विषय-सुख) को उत्पत्ति भयो ॥१९॥ त्यसपछि उस पुरुषको गुदा उत्पन्न भयो, जसमा आफ्नो वायुरूपी अंशसित मित्रदेवता विराजमान भए, त्यसैबाट मल-त्यागको मार्ग उत्पन्न भए तब स्वर्गका अधिपति इन्द्र आफ्नो वार्तारूपी अंशलाई लिएर त्यसमा विराजमान भए । यसै द्वारा जीविकाको निम्ति व्यापारको उत्पत्ति भयो ॥२१॥ जब तिनका दुइ खुट्टा उपजे तब तिनमा लोकपति विष्णु आफ्नो अंश

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपी अंगसित बस्नलागे त्यसबाट हिंड्ने-डुल्ने क्रिया उत्पन्न भयो ।।२२।। त्यसपछि हृदय उत्पन्न भयो अनि चन्द्रमा देवता आफ्नो मनरूपी अंशलाई साथमा लिएर त्यसमा रहन लागे । यसैले संकल्प-विकल्प तथा कर्तव्य-अकर्तव्यको विचार उत्पन्न भयो ॥२३॥ जब आत्मा उत्पन्न भयो तब आफ्नो कर्मरूपी अंशलाई साथ लिई अभिमान (रुद्र) देवता उसमा गएर विराजमान भए ; त्यसैबाट अहङ्कार युक्त कर्तव्य उत्पन्न भयो ॥२४॥ अब अन्तःकरण उत्पन्न भयो तब चित्तरूपी अंश साथमा लिएर क्षेत्रज्ञ देवता त्यसमा विराजमान भए, त्यसैबाट विज्ञानको उत्पत्ति भयो ।।२५।। त्यस विराट् पुरुषको मस्तकबाट स्वर्ग, पाउबाट पृथ्वी र नाभिबाट आकाश उत्पन्न भयो । यसैले गर्दा स्वर्ग, पृथिवी र आकाशमा सत्वादि गुणहरूको परिणाम स्वरूप उत्पन्न देवता र दैत्य देखिन्छन् ।।२६।। सत्वगुणको आधिक्यले देवताहरूले स्वर्ग र रजोगुणको आधिक्यले मनुष्यहरूले पृथ्वीलोक प्राप्त गरे ।।२७।। तमोगुणको आधिक्यले पृथ्वी र स्वर्ग यी दुवैको माथ भगवान्को नाभिरूपी आकाशमण्डलमा शिवका गण भूत-पिशाच भएर बस्न लागे ॥ २८ ॥ ती परम पुरुषको मुखबाट ब्राह्मण उत्पन्न भए ।

लोकेशो विष्णुराविशत् ॥ गत्या स्वांशेन पुरुषो यया प्राप्यं प्रपद्यते ॥ २२ ॥ हृदयं चास्य निर्भिन्नं चन्द्रमा धिष्ण्यमाविशत् ॥ मनसांशेन येनासौ विक्रियां प्रतिपद्यते ॥ २३ ॥ आत्मानं चास्य निर्भिन्नमभिमानोऽविशत्पदम् ॥ कर्मणांशेन येनासौ कर्तव्यं प्रतिपद्यते ॥ २४ ॥ सत्त्वं चास्य विनिर्भिन्नं महान्धिष्ण्यमुपाविशत् ॥ चित्तेनांशेन येनासौ विज्ञानं प्रतिपद्यते ॥ २५ ॥ शीर्ष्णोऽस्य द्यौर्धरा पद्भ्यां खं नाभेरुदपद्यत ॥ गुणानां वृत्तयो येषु प्रतीयन्ते सुरादयः ॥ २६ ॥ आत्यन्तिकेन सत्त्वेन दिवं देवाः प्रपेदिरे ॥ धरां रजःस्वभावेन पणयो ये च ताननु ॥ २७ ॥ तार्तीयेन स्वभावेन भगवन्नाभिमाश्रिताः ॥ उभयोरन्तरं व्योम ये रुद्रपार्षदां गणाः ॥ २८ ॥ मुखतोऽवर्तत ब्रह्म पुरुषस्य कुरूद्वह ॥ यस्तून्मुखत्वाद्वर्णानां मुख्योऽभूद्ब्राह्मणो गुरुः ॥ २९ ॥ बाहुभ्योऽवर्तत क्षत्रं क्षत्रियस्तदनुव्रतः ॥ यो जातस्त्रायते वर्णान्पौरुषः कण्टकक्षतात् ॥ ३० ॥ विशोऽवर्तन्त तस्योर्वोर्लोकवृत्तिकरीर्विभोः ॥ वैश्यस्तदुद्भवो वार्तां नृणां यः समवर्तयत् ॥ ३१ ॥ पद्भ्यां भगवतो जज्ञे शुश्रूषा धर्मसिद्धये ॥ तस्यां जातः पुरा शूद्रो यद्वृत्त्या तुष्यते हरिः ॥ ३२ ॥ एते वर्णाः स्वधर्मेण यजन्ति स्वगुरुं हरिम् ॥ श्रद्धयाऽऽत्मविशुद्ध्यर्थं यज्जाताः सह वृत्तिभिः ॥ ३३ ॥ एतत्क्षत्तर्भगवतो दैवकर्मात्मरूपिणः ॥ कः श्रद्दध्यादुपाकर्तुं योगमायाबलोदयम् ॥ ३४ ॥ अथापि कीर्तयाम्यङ्ग यथामति यथा श्रुतम् ॥ कीर्तिं हरेः स्वां सत्कर्तुं

मुखबाट उत्पन हुने हेतुले उनलाई प्रधानता मिल्यो र ती सबै वर्णहरूका गुरु मानिए ॥ २९ ॥ ती विराट् पुरुषका पाखुराबाट क्षत्रिय उत्पन्न भए । ती उत्पन्न भएर चारै वर्णहरूमा आइलागेका संकटबाट रक्षा गर्ने काममा लागे ॥ ३० ॥ वैश्यहरूको उत्पत्ति त्यस परमपुरुषको अंशबाट भयो । उनले आफ्नो व्यवहार-कुशलताबाट समस्त मनुष्यमात्रको जीविकाको सम्पादन गरे ॥ ३१ ॥ सेवा-धर्मलाई सार्थक पार्नको निम्ति भगवान्का पाउबाट उत्पन्न भए । नारायण तिनको सेवा कार्यले प्रसन्न हुन्छन् ॥ ३२ ॥ यी चारै वर्ण आफ्ना धर्म अनुसार श्रद्धापूर्वक आत्मालाई शुद्ध पार्नको निम्ति आफ्ना गुरु विष्णु भगवान्को आराधना गर्दछन्, किनकि यिनीहरू आफ्ना-आफ्ना वृत्तिका साथ ती परम पुरुषबाट नै उत्पन्न भएका हुन् ॥ ३३ ॥ हे विदुर ! काल, धर्म तथा स्वभाव-शक्ति सम्पन्न ती भगवान्की योगमायाको बलले परिपूर्ण त्यस विराट् पुरुषको स्वरूपको राम्ररी निरूपण गर्ने साहस कसले गर्न सक्तछ ? ॥ ३४ ॥ तापनि हे प्रिय विदुर ! जसले कि मैले गुरुजनहरूो मुखबाट सुनेको छु र जहाँसम्म मेरो बुद्धिको बल पुग्नेछ र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरु-अरु कुराहरूले दूषित वाणीलाई पवित्र पार्नको निम्ति म भगवान्‌को गुण-गान गर्नेछु ॥३५॥ केवल वाणी पवित्र पार्न मात्र उद्देश्य होइन । यदि कोही प्राणी तिनको महिमा नजाने पनि उनको नाम भन्दछ वा सुन्दछ भने त्यसलाई पनि अवश्य मोक्ष हुन्छ किनकि भगवान्‌को गुणानुवाद वचनलाई त पवित्र पार्छ नै, संगसंगै एकाग्र मन पारेर तिनका गुण गाउने व्यक्तिलाई मोक्षलाभ हुन्छ ॥३६॥ योगबाट परिपक्व बुद्धिद्वारा हजार वर्ष तपस्या गरेर पनि ब्रह्माजीले ती ※प्रभुको स्वरूप जान्न सके वा सकेनन्, यसमा सन्देह नै छ ॥३७॥ यसले भन्न कर लाग्छ कितिनकीमायामायावीहरूलाई पनिभ्रममा पारिदिन्छन् ।मायाकाअधिपतिनारायणपनिआफ्नीमायाकोवार-बार मेट्टाउन्नन्, अनिअरुकोविषयमा के भन्न सकिन्छ ? ॥३८॥ तिनको ज्ञान प्राप्त गर्ने चेष्टामा प्रवृत्त वाणी पनि मनको संगसंगै उनीसम्म पुग्न नसकी फर्कर आउँछिन्, किनभने ठूलो कष्ट सहेर नै तिनको ज्ञान प्राप्त हुन्छ ।

गिरमन्याभिधासतीम् ॥३५॥ एकान्तलाभं वचसो नु पुंसां सुश्लोकमौलेर्गुणवादमाहुः ॥ श्रुतेश्च विद्वद्भिरुपाकृतायां कथासुधायामुपसंप्रयोगम् ॥३६॥ आत्मनोऽवसितो वत्स महिमा कविनाऽऽदिना ॥ संवत्सरसहस्रान्ते धिया योगविपक्वया ॥ ३७ ॥ अतो भगवतो माया मायिनामपि मोहिनी ॥ यत्स्वयं चात्मवर्त्मात्मा न वेद किमुतापरे ॥ ३८ ॥ यतोऽप्राप्य न्यवर्तन्त वाचश्च मनसा सह ॥ अहं चान्य इमे देवास्तस्मै भगवते नमः ॥ ३९ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे षष्ठोऽध्यायः ॥ ६ ॥ श्रीशुक उवाच ॥ एवं ब्रुवाणं मैत्रेयं द्वैपायनसुतो बुधः ॥ प्रीणयन्निव भारत्या विदुरः प्रत्यभाषत ॥ १ ॥ विदुर उवाच ॥ ब्रह्मन् कथं भगवतश्चिन्मात्रस्याविकारिणः ॥ लीलया चापि युज्येरन्निर्गुणस्य गुणाः क्रियाः ॥ २ ॥ क्रीडायामुद्यमोऽर्भस्य कामश्चिक्रीडिषाऽन्यतः ॥ स्वततृप्तस्य च कथं निवृत्तस्य सदाऽन्यतः ॥ ३ ॥ अस्राक्षीद्भगवान्विश्वं गुणमय्याऽऽत्ममायया ॥

केवल मन र वाणी मात्र होइन, ठूला-ठूला ऋषि, अहङ्कारका अधिष्ठाता रुद्र र विविध इन्द्रियहरूका अधिपति देवता पनि त्यहाँ पुग्न समर्थ हुन्नन् ॥३९॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां षष्ठोऽध्यायः ॥६॥ (विदुरको प्रश्न) श्रीशुकदेव भन्दछन्—यसरी तत्त्व बुझाउने मैत्रेयलाई प्रसन्न पार्दै व्यास-पुत्र र विज्ञ विदुर निकै कोमल वाणीमा बोले—॥१॥ हे ब्रह्मन् ! ती अधिकारी, निर्गुण र चिन्मय प्रभुका गुण र उनका कर्महरूको रहस्य एवं तिनका लीलाहरू कुन प्रकारले जान्न सकिएला ? ॥२॥ (यदि हजुर भन्नुहुन्छ—केटाकेटीका खेल जस्तै तिनका सबै काम हुन्छन्—तर यो कुरा पनि मनमा स्थिर बसिरहेको छैन, किनकि) यौटा बालक अर्को बालकसित खेल्न प्रवृत्त हुनुमा कुनै

※ उदाहरण (प्रभुको रूप)—जहाँ राम हुन्छन् त्यहाँ काम रहन्न । जहाँ काम हुन्छ त्यहाँ राम रहन्नन्—कथनको तात्पर्य हो राम र काम एकै स्थानमा रहन सक्तैनन् । रावण ठूलो पराक्रमी थियो तर अधर्मी थियो । त्यसैले त्यसको नाश भयो, किनकि त्यसले 'परदारान्न गच्छेत' यो शास्त्रीय आज्ञा लङ्घन गरेको थियो । सीताको स्वयंवरमै राम र रावणमा वैरत्व भइसकेको थियो, किनकि त्यसलाई सीतामा मोह थियो । राम जब पिताको आज्ञा पालन गर्न वनमा गए तब त्यो संन्यासीको रूप धारण गरेर गयो र छल-कपट गरेर सीतालाई हरण गरेर लाग्यो र लंकापुरीको अशोक वाटिकामा राखेको थियो । सीताजीलाई ठग्न त्यसले अनेक रूप बनायो, तर सती शिरोमणि सीताजी ठगिइनन् । एक दिन त्यसका मन्त्रीहरूले रावणलाई भने—'तपाईं रामको वेश धारण गरेर सीताकहाँ जानोस् तब ती काबूमा आउने छन् । किनकि इन्द्रले गौतमको रूप धारण गरेर अहिल्यालाई वशमा पारेका थिए ।' रावणले उत्तर दियो— 'तिमीहरूको कथन यथार्थ छ, तर जब म रामचन्द्रको रूप धारण गर्ने कुरामा विचार गर्दछु तब मलाई ब्रह्मलोक र त्यहाँको सुख-भोग पनि तुच्छ झैं लाग्छ । अनि परस्त्रीको कुरा के भन्नु ?' रावण जस्तो कामान्ध पनि जब रामको स्वरूप विचार गरेर विषयवासना हीन हुन सक्दछ भने सज्जनहरूको विषयमा के भन्नुछ ?

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कामना रहन्छ (फेरि त्यो मनोरंजन नै किन नहोस् ।) तर ती लीलाधारी त सदैव स्वयं तृप्त र विषयहरूबाट तृप्त रहन्छन् । यस्तो स्थितिमा कुनै अन्य व्यक्तिसित खेल्ने इच्छा किन र कसरी गनछन् ? ॥३॥ हजुरले नै भन्नुभयो—भगवान्ले आफ्नी गुणमयी माया द्वारा यस विश्वको रचना गरेका छुन् । उनै माया संस्थापन गर्दछिन् र अन्त्यमा संहार पनि उनै गर्दछिन् ॥४॥ तापनि सब कुराको ज्ञान राख्ने पूर्ण ज्ञानी यो जीव–जुन साक्षात् ब्रह्मको स्वरूप हो—अविद्याको चक्रमा अल्झिन्छ, किनकि देश, काल, अवस्था तथा आफ्नो र बिरानो कसैको द्वारा पनि आत्मा नष्ट हुन सक्तैन ॥५॥ संसारका सबै जीवरूमा भोक्ता रूपले त तिनै भगवान् नै विराजमान रहन्छन् । जब यस्तो छ भने यो जीव दुर्भाग्यमा किन गाडिन्छ र आफ्ना कर्मद्वारा नै कष्ट किन भोगिरहन्छ ? ॥६॥ हेविद्वन् ? यस अज्ञानरूपी संकटमा परेर मेरो मन दुःखी भइरहेको छ । हजुर कुनै प्रकारले मेरो यो मानसिक महाकष्ट पर सारिदिनोस् । श्रीशुकदेव भन्दछन्–यस प्रकार ती तत्त्व-जिज्ञासु विदुरले सोधेपछि मैत्रेय मुनि आफ्नो ज्ञानको प्रौढता दर्शाउँदै आश्चर्यहीन भावले भन्दछन्

तया संस्थापयत्येतद्भूयः प्रत्यपिधास्यति ॥ ४ ॥ देशतः कालतो योऽसाववस्थातः स्वतोऽन्यतः ॥ अविलुप्तावबोधात्मा स युज्येताजया कथम् ॥५॥ भगवानेक एवैष सर्वक्षेत्रेष्ववस्थितः ॥ अमुष्य दुर्भगत्वं वा क्लेशो वा कर्मभिः कुतः ॥६॥ एतस्मिन्मे मनो विद्वन्खिद्यतेऽज्ञानसंकटे ॥ तन्नः पराणुद विभो कश्मलं मानसं महत् ॥ ७ ॥ श्रीशुक उवाच ॥ स इत्थं चोदितः क्षत्त्रा तत्त्वजिज्ञासुना मुनिः ॥ प्रत्याह भगवच्चित्तः स्मयन्निव गतस्मयः ॥ ८ ॥ मैत्रेय उवाच ॥ सेयं भगवतो माया यन्नयेन विरुध्यते ॥ ईश्वरस्य विमुक्तस्य कार्पण्यमुत बन्धनम् ॥ ९ ॥ यदर्थेन विनाऽमुष्य पुंस आत्मविपर्ययः ॥ प्रतीयत उपद्रष्टुः स्वशिरश्छेदनादिकः ॥ १० ॥ यथा जले चन्द्रमसः कम्पादिस्तत्कृतो गुणः ॥ दृश्यतेऽसन्नपि द्रष्टुरात्मनि नात्मनो गुणः ॥ ११ ॥ स वै निवृत्तिधर्मेण वासुदेवानुकम्पया ॥ भगवद्भक्तियोगेन तिरोधत्ते शनैरिह ॥ १२ ॥ यदेन्द्रियोपरामोऽथ द्रष्टात्मनि परे हरौ ॥ विलीयन्ते तदा क्लेशाः संसुप्तस्येव कृत्स्नशः ॥ १३ ॥ अशेषसंक्लेशशमं विधत्ते गुणानुवादश्रवणं मुरारेः ॥ कुतः पुनस्तच्चरणारविन्दपरागसेवारतिरात्मलब्धा ॥ १४ ॥ विदुर उवाच ॥ संछिन्नः संशयो मह्यं तव सूक्तासिना विभो ॥ उभयत्रापि भगवन् मनो मे संप्रधावति ॥१५॥

॥७-८॥ मैत्रेयले भने–भगवान्की माया अगम्य छन् । त्यहाँसम्म तर्क पनि पुग्न सक्तैन । अतः यो ठोकेर भन्न सकिन्न कि त्यो नित्य-युक्त परम-पुरुष स्वयं अविद्याको वचनमा बाँधिन्छ अथवा दीनताले गर्दा उसले बाँधिनै पर्छ ॥९॥ मेरो त विश्वास छ–जस्तै स्वप्नमा टाउको काटिन्न तर स्वप्न देख्ने व्यक्ति साँच्चै नै मेरो सिर काटियो भन्ने भ्रममा पर्दछ । यसै प्रकार अविद्याको कारण जीव आफूलाई बन्धनमा परेको छु भने ठान्न लाग्दछ, तर वास्तवमा त्यो नित्य मुक्त नै रहन्छ ॥१०॥ जस्तै जलमा प्रतिबिम्बित चन्द्रमामा नै कम्पन धर्म आउँदछ, आकाश स्थित चन्द्रमामा होइन । ठीक त्यसै गरी मिथ्या दैहिक धर्म पनि जीवहरूमा नै आउँछ, ईश्वरमा होइन ॥११॥ त्यो माया पनि शम-दम आदि निवृत्तिपरक धर्मका आचरण गर्नाले, भगवान्को कृपाले अथवा भक्तियोग द्वारा बिस्तार-बिस्तार स्वयं लुप्त भएर जान्छ ॥१२॥ अन्तर्यामी परमात्मामा जब मनुष्यका इन्द्रियहरू निश्चलभावले लाग्दछन् तब सम्पूर्ण कष्ट स्वयं नष्ट हुन्छन् । जस्तै–सुतेका मनुष्यको स्वप्न बिउँझनासाथ नष्ट भएर जान्छ॥१३॥ भगवान्को गुणानुवाद सुन्नाले मात्र पनि सबै क्लेश नष्ट हुन्छन् । यदि त्यो ध्यान-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वक सुनेर श्रद्धासहित तिनका चरणको सेवा गर्न हो भने त भन्ने कुरै छैन ॥ १४ ॥ यति सुनेर विदुर भन्दछन्–'हे विभो ! हजुरको उपदेशले मेरो सारा संशय हराएर गइसक्यो, अब ईश्वरको स्वतन्त्रता र जीवको परतन्त्रताको विषयमा मेरो मन संशय-शून्य भइसक्यो ॥१५॥ हजुरले दर्शाउनु भयो कि जीवलाई विविध प्रकारका द्वन्द्वहरूको सामना गर्नु पर्दछ, त्यसमा माया नै कारण छ, अरु कोही छैन । त्यो पनि ठीकै छ ॥१६॥ यस संसारमा दुइ प्रकारका व्यक्ति सुखी रहन सक्तछन्–यौटा अत्यन्त मूर्ख र अर्को अतिशय बुद्धिमान् । माझका व्यक्तिले अनेक कष्ट भोग्नुपर्दछ ॥१७॥ वस्तुतः यस संसारमा कुनै अर्थ साधिन्न, तर भ्रमवश मेरो यस्तो धारणा भएको थियो कि यसबाट निकै लाभ प्राप्त गर्न सकिन्छ । हजुरका चरणको सेवाले त्यो धारण पनि निवारण हुनेछ ॥१८॥ ती कूटस्थ र मधु दानवका द्वेषी नारायणको आराधनाले नै उनको चरणमा तीव्र प्रेम जागृत हुन्छ र त्यस प्रेमको द्वारा संसारका सबै कष्ट अनायास हराएर जान्छन् ॥ १९ ॥ थोरै तपी व्यक्तिहरूलाई नारायणका पथको प्रदर्शन गर्ने सन्तहरूको सेवाको अवसर निकै कष्टले प्राप्त हुन्छ ।

साध्वेतद्व्याहृतं विद्वन्नात्ममायायनं हरेः ॥ आभात्यपार्थं निर्मूलं विश्वमूलं न यद्बहिः ॥ १६ ॥ यश्च मूढतमो लोके यश्च बुद्धेः परं गतः ॥ तावुभौ सुखमेधेते क्लिश्यत्यन्तरितो जनः ॥ १७ ॥ अर्थाभावं विनिश्चित्य प्रतीपस्यापि नात्मनः ॥ तां चापि युष्मच्चरणसेवयाऽहं पराणुदे ॥ १८ ॥ यत्सेवया भगवतः कूटस्थस्य मधुद्विषः ॥ रतिरासो भवेत्तीव्रः पादयोर्व्यसनार्दनः ॥ १९ ॥ दुरापा ह्यल्पतपसः सेवा वैकुण्ठवर्त्मसु ॥ यत्रोपगीयते नित्यं देवदेवो जनार्दनः ॥ २० ॥ सृष्ट्वाऽग्रे महदादीनि सविकाराण्यनुक्रमात् ॥ तेभ्यो विराजमुद्धृत्य तमनु प्राविशद्विभुः ॥ २१ ॥ यमाहुराद्यं पुरुषं सहस्रांघ्र्यूरुबाहुकम् ॥ यत्र विश्व इमे लोकाः सविकासं समासते ॥ २२ ॥ यस्मिन् दशविधः प्राणः सेन्द्रियार्थेन्द्रियस्त्रिवृत् ॥ त्वयेरिता यतो वर्णास्तद्विभूतीर्वदस्व नः ॥ २३ ॥ यत्र पुत्रैश्च पौत्रैश्च नप्तृभिः सह गोत्रजैः ॥ प्रजा विचित्राकृतय आसन् याभिरिदं ततम् ॥ २४ ॥ प्रजापतीनां स पतिश्चक्लृपे कान्प्रजापतीन् ॥ सर्गांश्चैवानुसर्गांश्च मनून्मन्वन्तराधिपान् ॥ २५ ॥ एतेषामपि वंशांश्च वंशानुचरितानि च ॥ उपर्यधश्च ते लोका भूमेर्मित्रात्मजासते ॥ २६ ॥ तेषां संस्थां प्रमाणं च भूर्लोकस्य च वर्णय ॥ तिर्यङ्मानुषदेवानां सरीसृपपतत्त्रिणाम् ॥ वद नः सर्ग-

जसमा नित्य देवाधिदेव जनार्दनको गुणगान रहन्छ ॥२०॥ जुन महाप्रभुले पहिल्यै विकार युक्त तत्वादिहरूको सृष्टि गरे उनैसित ती विराट्मा मिसिए ॥२१॥ जसलाई तत्व-ज्ञानी मानिस हजार हात-पाउ र हजारौं घुँडा भएका भन्दछन्, जसको विशाल शरीरमा समस्त विश्व अटाएको छ ॥२२॥ जसमा इन्द्रियहरू, इन्द्रियका विषयहरू, तिनका देवता र हजुरले बताएका दस प्राण विद्यमान छन्, हजुर मलाई तिनै परमेश्वरका विभूतिहरूको विस्तार आज्ञा हवस् ॥२३॥ तिनका विभूतिहरूमा पुत्र-पौत्र, नाती तथा गोत्रज आदि विविध आकृतिका प्रजाहरू विद्यमान छन् र उनै द्वारा यस विश्वको विस्तार भएको छ ॥२४॥ प्रजापतिहरूका पनि अधिपति ब्रह्माले किन प्रजापति र नौ प्रकारका सर्ग र तिनका भेद, अनुसर्ग, मनुष्य र मन्वन्तराधिपतिहरूलाई बनाए ॥२५॥ हे मित्रका आत्मज ! हजुर मलाई वंश र तिनमा हुने भएका पुरुषहरूका कार्य भन्नु हवस् र तल-माथिका ती लोकको पनि वर्णन गर्नोस् जहाँ तिनीहरू बस्तछन् ॥२६॥ ती सबै लोक तथा भूलोक को विस्तार र प्रमाण के छ ? तिर्यक्, मनुष्य, देवता, सर्प, पक्षी तथा गर्भज, श्वेदज र उद्भिज यी चार प्रकारका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणीहरूको उत्पत्ति क्रम के हो ? हजुर मलाई यी सबै विस्तारले आज्ञाहवस् ॥२७॥ भगवान् आफ्ना गुणावतार द्वारा जसरी सृष्टि, स्थिति र पालन गर्दछन्, हजुर मलाई तिनको उदार पराक्रम सुनाउनोस् ॥२८॥ तिनको रूप, शील र स्वभाव अनुसार वर्ण र आश्रमहरूको विभाग, ऋषिहरूको जन्म-कर्म र वेदका विभागको वर्णन गर्नुहवस् ॥२९॥ यज्ञको विस्तार-को क्रम, निष्कर्ष ज्ञानको समर्थक सांख्ययोगको जुन मार्ग भगवान्ले आज्ञा भएको छ, त्यो भन्नुहवस्। पाखण्डीहरूको प्रवृत्तिरूपी मार्गमा जुन विषमता छ प्रतिलोभ, विवाह आदि जति प्रकारका हुन्छन् र गुण-कर्म अनुसार जीवको जुन-जुन गति हुन्छन्, ती पनि हजुर आज्ञाहवस्॥३०॥३१॥जुन धर्म, अर्थ, काम र मोक्षका परस्पर विरोधशून्य निमित्त हुन्, तिनलाई र वाणिज्य-व्यवसाय, अर्थशास्त्रोक्त, दण्डनीतिपूर्ण एवं शास्त्र प्रतिपादित राजा पनि भन्नुहवस् ॥३२॥ हे ब्रह्मन् ! श्राद्धविधि, पितृहरूको निस्तारको उपाय, कालचक्रमा ग्रह, नक्षत्र ताराहरूको स्थिति बताउनोस् ॥३३। दान, तप, इष्ट (देवताहरूको पूजात्मक यज्ञ-याग) तथा आपूर्त (सरोवर, कूप, तलाउ आदि बनाउने) को के फल छ ? परदेशमा मनुष्यको

संव्यूहं गार्भस्वेदद्विजोद्भिजाम् ॥२७॥ गुणावतारैर्विश्वस्य सर्गस्थित्यप्ययाश्रमम् ॥ सृजतः श्रीनिवासस्य व्याचक्ष्वोदारविक्रमम् ॥ २८ ॥ वर्णाश्रम-विभागांश्च रूपशीलस्वभावतः ॥ ऋषीणां जन्मकर्मादि वेदस्य च विकर्षणम् ॥ २९ ॥ यज्ञस्य च वितानानि योगस्य च पथः प्रभो ॥ नैष्कर्म्यस्य च सांख्यस्य तन्त्रं वा भगवत्स्मृतम् ॥ ३० ॥ पाखण्डपथवैषम्यं प्रतिलोमनिवेशनम् ॥ जीवस्य गतयो याश्च यावतीर्गुणकर्मजाः ॥ ३१ ॥ धर्मार्थ-काममोक्षाणां निमित्तान्यविरोधतः ॥ वार्ताया दण्डनीतेश्च श्रुतस्य च विधिं पृथक् ॥ ३२ ॥ श्राद्धस्य च विधिं ब्रह्मन्पितृणां सर्गमेव च ॥ ग्रहनक्षत्रताराणां कालावयवसंस्थितिम् ॥ ३३ ॥ दानस्य तपसो वापि यच्चेष्टापूर्तयोः फलम् ॥ प्रवासस्थस्य यो धर्मो यश्च पुंस उतापदि ॥ ३४ ॥ येन वा भगवांस्तुष्येद्धर्मयोनिर्जनार्दनः ॥ संप्रसीदति वा येषामेतदाख्याहि चानघ ॥ ३५ ॥ अनुव्रतानां शिष्याणां पुत्राणां च द्विजोत्तम ॥ अनापृष्टमपि ब्रूयुर्गुरवो दीनवत्सलाः ॥ ३६ ॥ तत्त्वानां भगवंस्तेषां कतिधा प्रतिसंक्रमः ॥ तत्रेमं क उपासीरन्क उ स्विदनुशेरते ॥ ३७ ॥ पुरुषस्य च संस्थानं स्वरूपं वा परस्य च ॥ ज्ञानं च नैगमं यत्तद्गुरुशिष्यप्रयोजनम् ॥ ३८ ॥ निमित्तानि च तस्येह प्रोक्तान्यनघ सूरिभिः ॥

के कर्तव्य हुन्छ ? कुनै आपत्ति आयो भने के गर्नुपर्दछ ? ॥ ३४ ॥ हे अनघ (पूतात्मन् !) यदि सबै बुझाइसकेपछि मलाई यो भन्नुहवस्—यस्तो कुन काम छ, जसले धर्मका मूल कारण नारायण प्रसन्न हुनुहुन्छ र कस्ता मनुष्यमा उनको विशेष कृपा रहन्छ ? यो कुरा पनि मलाई राम्ररी बुझाइदिनोस् ॥ ३५ ॥ हे द्विज श्रेष्ठ ! आफ्ना अनुयायी शिष्यगण र छोरालाई दयालु गुरुजन नसोधेका कुरा पनि धेरै थरि बुझाइदिने गर्दछन् ॥३६॥ हे भगवन् ! मेरो यो पनि जान्ने इच्छा छ कि जुन तत्वहरू हजुरले बताउनु भयो, ती सबैको प्रलय कति प्रकार र कसरी हुन्छ ? फेरि प्रलय भइसकेपछि जुन पुरुष शेष शय्यामा सुत्तछन्, तिनको सेवा कसले गर्दछ ? फेरि त्यो गएर जब सृष्टि कार्यमा लाग्दछ तब त्यसको ठाउँमा को गएर सुत्तछ ? ॥३७॥ यस पुरुष अथवा जीवको तत्त्व के हो ? परमात्माको स्वरूप के हो ? जीव, ईश्वर यी दुवैमा यौटाको पनि स्वरूप प्राप्त गराइदिने उपनिषद्हरूमा कहिएका ती कुन ज्ञान हुन् जो यी दुवैका गुरु र शिष्य झैं उचित बाटोमा हिंडाउँछ ॥ ३८ ॥ हे अनघ (पापरहित) ! विद्वान्जनको त्यस ज्ञानको सम्पादन गर्नको निम्ति जुन साधन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुझाएका हुन्, त्यो हजुर मलाई भन्नुहवस् । यो पनि बुझ्ने मेरो इच्छा छ–कुनै पनि गुरुको शरणमा नगइकन आफैं मनुष्यको हृदयमा ज्ञान, वैराग्य र भक्ति कसरी जाग्न सक्तछ ॥३९॥ हे भगवन् ! मैले हजुरसित जुन धेरै प्रश्न गरें, तिनको एकमात्र हेतु हो, भगवान्का कर्महरूलाई जान्नु । हजुर कृपा गरेर म अज्ञानी र अविद्याले गर्दा नेत्र नष्ट भएको (अन्धो) मित्रलाई यी सबै कुरा बुझाइदिनोस् ॥४०॥ हे अनघ ! जीवलाई अभयदान दिनाले जुन पुण्य प्राप्त हुन्छ, त्यो सबै वेद, यज्ञ, तप र दान आदि त्यसको षोडशांशको पनि समान हुनसक्तैन॥४१॥ श्रीशुकदेव भन्नुहुन्छ—पुराणहरूका मूर्तिमान स्वरूप महर्षि मैत्रेय कुरुवंशीहरूमा प्रधान विदुरले यसरी भगवत्कथा-प्रसंग सोधेकोमा प्रसन्न भए र हाँसेर भन्नलागे ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशङ्कर 'वसिष्ठ' कृत नेपाली-भाषाटीकायां सप्तमोऽध्यायः ॥७॥ (ब्रह्माको उत्पत्ति वर्णन)—मैत्रेय भन्नलागे–यो पुरुवंश धन्य हो—यस्ता धर्मराज युधिष्ठिर जस्ता भगवद्भक्त भए । तिमी पनि उनकै समान कीर्तिमान छौ र भगवान्को गुणानुवाद सुनी-सुनीकन त्यसलाई नयाँ पारिरहन्छौ ॥ १ ॥ तिम्रो यस

स्वतो ज्ञानं कुतः पुंसां भक्तिर्वैराग्यमेव वा ॥३९॥ एतन्मे पृच्छतः प्रश्नान् हरेः कर्मविवित्सया ॥ ब्रूहि मेऽज्ञस्य मित्रत्वादजया नष्टचक्षुषः ॥ ४० ॥ सर्वे वेदाश्च यज्ञाश्च तपो दानानि चानघ ॥ जीवाभयप्रदानस्य न कुर्वीरन्कलामपि ॥ ४१ ॥ श्रीशुक उवाच ॥ स इत्थमापृष्टपुराणकल्पः कुरुप्रधानेन मुनिप्रधानः ॥ प्रवृद्धहर्षो भगवत्कथायां सञ्चोदितस्तं प्रहसन्निवाह ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे सप्तमोऽध्यायः ॥ ७ ॥ मैत्रेय उवाच ॥ सत्सेवनीयो बत पूरुवंशो यल्लोकपालो भगवत्प्रधानः ॥ बभूविथेहाजितकीर्तिमालां पदे पदे नूतनयस्यभीक्ष्णम् ॥ १ ॥ सोऽहं नृणां क्षुल्लसुखाय दुःखं महद्गतानां विरमाय तस्य ॥ प्रवर्तये भागवतं पुराणं यदाह साक्षाद्भगवानृषिभ्यः ॥ २ ॥ आसीनमुर्व्यां भगवन्तमाद्यं संकर्षणं देवमकुण्ठसत्त्वम् ॥ विवित्सवस्तत्त्वमतः परस्य कुमारमुख्या मुनयोऽन्वपृच्छन् ॥ ३ ॥ स्वमेव धिष्ण्यं बहु मानयन्तं यं वासुदेवाभिधमामनन्ति ॥ प्रत्यग्धृताक्षाम्बुजकोषमीषदुन्मीलयन्तं विबुधोदयाय ॥ ४ ॥ स्वर्धुन्युदार्द्रैः स्वजटाकलापैरुपस्पृशन्तश्चरणोपधानम् ॥ पद्मं यदर्चन्त्यहिराजकन्याः सप्रेम नानाबलिभिर्वरार्थाः ॥५॥ मुहुर्गृणन्तो वचसाऽनुरागस्खलत्पदेनास्य कृतानि तज्ज्ञाः ॥ किरीटसाहस्रमणिप्रवेकप्रद्योतितोद्दामफणासहस्रम् ॥ ६ ॥

सराहनीय श्रद्धा देखेर म निकै प्रभावित भएको छु । अलिकति सुखको आशावश अन्ध-परम्परामा हिंड्दै महान् क्लेशहरू भोग्ने संसारीहरूको दुःख निवारण गर्नको निम्ति अब म तिमीलाई श्रीमद्भागवत महापुराणको कथा सुनाउँछु–त्यो साक्षात् भगवान्ले ऋषिहरूलाई सुनाएका थिए ॥२॥ एकपल्ट ज्ञानीशिरोमणि बलरामलाई पाताल-लोकमा बसेका देखेर तिनका लघुभ्राता गुणहरूमा श्रेष्ठ कृष्णचन्द्रका तत्त्वहरू जान्ने इच्छाले सनकादि मुनिहरूले सोधे॥३॥ आफ्नो आत्मालाई नै आफ्नो आश्रय मान्ने भएका परमानन्दस्वरूप वासुदेवभगवान्लाई ध्यानमा ल्याए तथा सर्वश्रेष्ठ मानेर पूजा गर्दै एवं नारायणलाई आफ्नो मन-मन्दिरमा बसाली सनत्कुमार आदिको कल्याणार्थ आफ्ना आँखा अलि बर्ता उघार्दै बलरामजीसित मुनिहरूले सोधे ॥४॥ गङ्गाजलले आर्द्र (भिजेको) जटाहरूले त्यस कमलको–जसको नागकन्याहरू प्रेमपूर्वक विविध सामग्रीले वर-प्राप्तिको निम्ति पूजा गर्दै रहन्छन् र जो भगवान्का चरणोपधान (पाउपोश) छ, त्यसको स्पर्श गर्दै ती तत्त्वज्ञानी ऋषिगण अनुरागपूर्ण वाणीले भगवान्को गुणानुवाद गान गर्दै थिए । ती सबै संकर्षण भगवान्को अगाडि उपस्थित भए, जसको मस्तकमा किरीटको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदृश उत्तम मणिहरूले परिपूर्ण हजार फणा झल्किरहेका थिए ॥५॥६॥ मैत्रेय विदुरसित भन्दछन्—हे अङ्ग विदुर ! ती तेजस्वी भगवान् बलरामले यो श्रीमद्भागवत्को कथा निवृत्ति-परायण र धर्मव्रती सनत्कुमारले सोधेपछि उनैसित भनेका थिए । फेरि सनत्कुमारले सांख्यायनलाई यो कथा सुनाए ॥७॥ परमहंसव्रतका सर्वश्रेष्ठ व्रती ती सांख्यायन ऋषिले नारायणको अनन्त विभूतिहरूको वर्णन गर्दै आफ्ना भक्त पराशर र बृहस्पतिसित यो कथा भने ॥८॥ ती दयालु पराशरले *पुलस्त्यको मुखबाट निःसृत यो आदिपुराण मसित भनेथे । हे वत्स ! उही पुराण आज म तिमी जस्ता श्रद्धालु र नित्यका अनुगामी भक्तसित भनिरहेको छु ॥९॥ यसरी बलरामद्वारा भक्त सम्प्रदायको परम्परा बताएर भगवान्का विभूतिको वर्णन गर्नका-लागि अब ब्रह्माको उत्पत्तिको वृत्तान्त बताउँदै भन्दछन्—यो विश्व जब समुद्रमा निमग्न थियो, भगवान्ले आफ्ना खुलेका नेत्र पनि थुनी त्यस वेला ती एक्लै थिए र शेषनागको

प्रोक्तं किलैतद्भगवत्तमेन निवृत्तिधर्माभिरताय तेन ॥ सनत्कुमाराय स चाह पृष्टः सांख्यायनायाङ्ग धृतव्रताय ॥ ७ ॥ सांख्यायनः पारमहंस्यमुख्यो विवक्षमाणो भगवद्विभूतीः ॥ जगाद सोऽस्मद्गुरवेऽन्विताय पराशरायाथ बृहस्पतेश्च ॥ ८ ॥ प्रोवाच मह्यं स दयालुरुक्तो मुनिः पुलस्त्येन पुराण-माद्यम् ॥ सोऽहं तवैतत्कथयामि वत्स श्रद्धालवे नित्यमनुव्रताय ॥ ९ ॥ उदाप्लुतं विश्वमिदं तदाऽऽसीद्यन्निद्रया मीलितदृङ्न्यमीलयत् ॥ अहीन्द्र-तल्पेऽधिशयान एकः कृतक्षणः स्वात्मरतौ निरीहः ॥१०॥ सोऽन्तःशरीरेऽर्पितभूतसूक्ष्मः कालात्मिकां शक्तिमुदीरयाणः ॥ उवास तस्मिन्सलिले पदे स्वे यथाऽनलो दारुणि रुद्धवीर्यः ॥ ११ ॥ चतुर्युगानां च सहस्रमप्सु स्वपन्स्वयोदीरितया स्वशक्त्या ॥ कालाख्ययाऽऽसादितकर्मतन्त्रो लोकानपीता-न्ददृशे स्वदेहे ॥१२॥ तस्यार्थसूक्ष्माभिनिविष्टदृष्टेरन्तर्गतार्थो रजसा तनीयान् ॥ गुणेन कालानुगतेन विद्धः सूष्यंस्तदाऽभिद्यत नाभिदेशात् ॥१३॥

शय्यामा शयन गरिरहेका थिए । उनले मायाको खेलबाड त्यागिदिएका थिए, अतः तिनका सबै क्रियाहरू बन्द भएका र त्यस वेला ती स्वयंमै आनन्दित भइरहेका थिए ॥१०॥ तिनले आफ्नू शरीरमै परमाणुस्वरूप महदादि तत्त्वलाई समाविष्ट गरेका थिए र आफ्ना कालात्मिका शक्तिलाई यस निम्ति प्रेरित गरिरहन्थे कि त्यो मौकामा मलाई जागा गराइदेओस् । ती अधिष्ठानस्वरूप त्यस जलमा यसरी बसिरहेका थिए जसरी काठमा अग्नि आफ्नू शक्ति लुकाइराख्तछन् ॥११॥ चारै युग एकेक हजारपल्ट व्यतीत भइसके, तबसम्म ती योगनिद्राको वशीभूत भएर सुतिरहे । त्यसपछि आफैं द्वारा प्रेरित आफ्नी कालात्मिका शक्तिद्वारा तिनलाई धेरै कार्य मिले । तब ती उठे र तिनले आफ्नै शरीरमा लीन विविध लोकहरूलाई देखे ॥१२॥ जब लोक रचनाको निमित्त तिनको दृष्टि सूक्ष्म कुरातिर गयो र कालको अनुसरण गर्न भएका रजोगुणले पनि केही बल गरे अनि सूक्ष्म अर्थको आविर्भाव गर्न विचार

*उदाहरण—माथि 'पुलस्त्यको मुखबाट निःसृत' यो वाक्य आइसकेको छ । यसमा यौटा सानो आख्यान छ । कुनै समय राक्षसहरूले ऋषि पराशरका पितालाई मारेर खाइदिए । त्यसले पराशर मुनिलाई निकै रिस उठ्यो र ती त्यहाँबाट सरासर राक्षसहरूको यज्ञमा पुगेर राक्षसहरूलाई एकैपल्ट नष्ट पारिदिन खोजे । तर मुनि वसिष्ठले सम्झाइ बुझाइ तिनलाई शान्त पारे । आफ्ना छोराहरूको जीवन बाँच्नाले पुलस्त्य मुनि प्रसन्न भएर पराशरलाई यस्तो आशिर्वाद दिए कि—'जति पुराणहरू म जान्दछु तिमी ती सबैका वक्ता हुने छौ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनको नाभिबाट उत्पन्न भयो ॥१३॥ तिनै, नारायणको सूक्ष्म अर्थ जीवहरूको भाग्यलाई जगाउने कालको प्रेरणाबाट सहसा पद्मकोषको रूपमा प्रकट भयो । त्यसको तेजले त्यो विशाल जलराशि तथा त्यस कमललाई उत्पन्न गर्ने नारायण पनि देदीप्यमान भए ॥१४॥ पछि ती विष्णु भगवान् आफूले उत्पन्न गरेका सबै गुणको परिचायक त्यस कमलमा अंशरूपले प्रविष्ट भए । त्यही अंश त्यस कमलबाट विधाता (ब्रह्मा) को रूपमा उत्पन्न भयो । ब्रह्मा स्वयं वेदमय थिए र उनले आफ्नो उत्पन्न गर्ने पितालाई देख्न पाएका थिएनन् । अतः ती स्वयम्भू पनि कहिए ॥१५॥ ती संसारलाई देख्न नपाए पनि कमलमा बसी-बसी घाँटी घुमाउँदै आफ्ना नेत्र उघार्ने चेष्टा गर्न लागे । यस्तो स्थितिमा चारैतिर नेत्र घुमाएर हेर्नाले नै तिनका चार मुख भए ॥१६॥ ती आदिदेव त्यो प्रलयकालीन वायुका वेगले उठेको अग्ला-अग्ला तरंगहरूमा उत्पन्न त्यस कमलमा नै यद्यपि बसेका थिए तापनि त्यसलाई जान्न सकेनन् कि यो के हो—कतिसम्म भने—ती स्वयं आफूलाई बुझ्न असमर्थ भए कि म के हुँ? र को? ॥१७॥ अब ती यस कुराको तर्क गर्नलागे—यो कमलको पुष्पमा बसेको म को हुँ

स पद्मकोशः सहसोदतिष्ठत् कालेन कर्मप्रतिबोधनेन ॥ स्वरोचिषा तत्सलिलं विशालं विद्योतयन्नर्क इवात्मयोनिः ॥ १४ ॥ तल्लोकपद्मं स उ एव विष्णुः प्रावीविशत्सर्वगुणावभासम् ॥ तस्मिन्स्वयं वेदमयो विधाता स्वायंभुवं यं स्म वदन्ति सोऽभूत् ॥१५॥ तस्यां स चाम्भोरुहकर्णिकायामवस्थितो लोकमपश्यमानः ॥ परिक्रमन्व्योम्नि विवृत्तनेत्रश्चत्वारि लेभेऽनुदिशं मुखानि ॥ १६ ॥ तस्माद्युगान्तश्वसनावघूर्णजलोर्मिचक्रात्सलिलाद्विरूढम् ॥ उपाश्रितः कञ्जमु लोकतत्त्वं नात्मानमद्धाऽविददादिदेवः ॥ १७ ॥ क एष योऽसावहमब्जपृष्ठ एतत्कुतो वाऽब्जमनन्यदप्सु ॥ अस्ति ह्यधस्तादिह किञ्चनैतदधिष्ठितं यत्र सतानुभाव्यम् ॥ १८ ॥ स इत्थमुद्वीक्ष्य तदब्जनालनाडीभिरन्तर्जलमाविवेश ॥ नार्वाग्गतस्तत्खरनालनालनाभिं विचिन्वंस्तदविन्दताजः ॥१९॥ तमस्यपारे विदुरात्मसर्गं विचिन्वतोऽभूत्सुमहांस्त्रिणेमिः ॥ यो देहभाजां भयमीरयाणः परिक्षिणोत्यायुरजस्य हेतिः ॥२०॥ ततो निवृत्तोऽप्रतिलब्धकामः स्वधिष्ण्यमासाद्य पुनः स देवः ॥ शनैर्जितश्वासनिवृत्तचित्तो न्यषीददारूढसमाधियोगः ॥२१॥ कालेन सोऽजः पुरुषायुषाभिप्रवृत्तयोगेन विरूढबोधः ॥ स्वयं तदन्तर्हृदयेऽवभातमपश्यताऽपश्यत यन्न पूर्वम् ॥ २२ ॥ मृणालगौरायतशेषभोगपर्यङ्क एकं पुरुषं शयानम् ॥

र यो यस्तो कमल कहाँबाट उत्पन्न भएको हो । यसमा त कुनै शंका छैन कि जसको भरमा यो कमल अडिएको छ, त्यसको कुनै आधार अवश्य होला ॥१८॥ यसरी विचार गरेर ब्रह्माजी त्यो कमल दण्ड पक्रेर विस्तार-विस्तार जलमा पसे । त्यो काँढा भएको कमलनाल समाई जलमा तल वर्लंदै ब्रह्मा उसको जरो खोजिरहेका थिए । धेरै समयसम्म उनले त्यसलाई खोजे, तर पाएनन् ॥१८॥ त्यो घोर अन्धकारमा ती यसै गरी आफ्ना पितालाई खोज्दै रहे । खोज्दै-खोज्दै चातुर्मास-लक्षणामत्मक सय वर्ष व्यतीत भए तर तिनलाई खोजेको स्थान प्राप्त हुन सकेन—जहाँबाट कमलको उत्पत्ति भएको थियो ॥२०॥ त्यति प्रयत्न गरेर पनि जब अभिलाषा पूर्ण भएन, तब ब्रह्मदेव फेरि फर्केर आएर पुनः कमलमै बसिरहे । त्यसपछि उनले विस्तार-विस्तार स्वास तानेर आफ्नो चित्तवृत्तिहरूलाई चारैतिरबाट समेटे अनि समाधिस्थ भए ॥ २१ ॥ पूरा सय वर्षपछि तिनलाई योगसिद्धि प्राप्त भयो र त्यसको संगसंगै आत्मज्ञान पनि प्राप्त भयो । यस्तो अवस्थामा जमलाई उनले खोजेर पनि पाउनसकेका थिएनन्, ती स्वतः उनको हृदयमा आभासित भए ॥२२॥ उनले देखे—त्यस प्रलयकालीन समुद्रको

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जलमा मृणाल (कमलको जरो) जस्तै सेतो सर्पको शय्यामा एक्लो पुरुष सुतिरहेको छ । त्यसको सिरमा त्यही शय्या बनेका सर्पका फणा छाया गरिरहेका छन् र ती फणाका मणि त्यस स्थानलाई आलोकित पारिरहे छन् ॥२३॥ ती सुतेका पुरुषको मरकत मणिको पर्वतलाई परै बस भन्ने श्याम शरीर थियो र सायंकालीन मेघको पहेंलो र टल्कने छटालाई तिरस्कृत पार्ने पहेंलो वस्त्र थियो । अगणित स्वर्ण–शृङ्गलाई लज्जित पार्ने किरीट तिनको मस्तकमा थियो । रत्नहरू, जलकाधारा, औषधि र कुसुम समूहलाई लज्जित पार्ने वनमाला तिनको घाँटीमा थियो र वेणुदण्ड लज्जित तुल्याउने तिनका हात पाउ थिए ॥२४॥ ती आफ्नो देहको लंबाईमा नै तीन लोकको संग्रह गरेका थिए । विचित्र प्रकारका दिव्य आभूषण र वस्त्र धारण गरेका थिए । यद्यपि ऊ स्वयं सुन्दर थियो–तापनि उनको लावण्यमय शरीलाई आभूषणहरूको खाँचो थिएन । तापनि आभूषणहरूले तिनको अनुपम सौन्दर्य देखिइरहेको थियो । त्यस्ता दिव्य पुरुषलाई ब्रह्माजीले त्यहाँ विराजमान देखे ॥२५॥ आफाफ्ना इच्छित कामनाहरू पूर्ण गर्ने इच्छाले धेरैथरि वैदिक पद्धति द्वारा तिनको पूजा गरिरहेका थिए र ती उनीहरूमा कृपा गरेर आफ्नो कमल समान कोमल चरण उचालि उनीहरूलाई स्पर्श गर्ने अवसर दिन्थे । ती पाउका औंलाहरूका नङको द्युतिबाट यस्तो ज्ञात हुन्थ्यो कि

फणातपत्रायुतमूर्धरत्नद्युभिर्हतध्वान्तयुगान्ततोये ॥ २३ ॥ प्रेक्षां क्षिपन्तं हरितोपलाद्रेः सन्ध्याभ्रनीवेरुरुरुक्ममूर्ध्नः ॥ रत्नोदधारौषधिसौमनस्य-वनस्रजो वेणुभुजांघ्रिपांघ्रेः ॥ २४ ॥ आयामतो विस्तरतः स्वमानदेहेन लोकत्रयसंग्रहेण ॥ विचित्रदिव्याभरणांशुकानां कृतश्रियाऽपाश्रितवेषदेहम् ॥ २५ ॥ पुंसां स्वकामाय विविक्तमार्गैरभ्यर्चतां कामदुघांघ्रिपद्मम् ॥ प्रदर्शयन्तं कृपया नखेन्दुमयूखभिन्नांगुलिचारुपत्रम् ॥ २६ ॥ मुखेन लोकार्तिहरस्मितेन परिस्फुरत्कुण्डलमण्डितेन ॥ शोणायितेनाधरबिम्बभासा प्रत्यर्हयन्तं सुनसेन सुभ्र्वा ॥ २७ ॥ कदम्बकिञ्जल्कपिशङ्गवाससा स्वलंकृतं मेखलया नितम्बे ॥ हारेण चानन्तधनेन वत्स श्रीवत्सवक्षस्थलवल्लभेन ॥ २८ ॥ परार्ध्यकेयूरमणिप्रवेकपर्यस्तदोर्दण्डसहस्रशाखम् ॥ अव्यक्तमूलं भुवनांघ्रिपेन्द्रमहीन्द्रभोगैरधिवीतवल्शम् ॥ २९ ॥ चराचरौको भगवन्महीध्रमहीन्द्रबन्धुं सलिलोपगूढम् ॥ किरीटसाहस्रहिरण्यशृङ्ग-

ती पुरुषका चरण कमल हुन् र तिनका औंला पंखुडीहरू हुन् ॥२६॥ ती आफ्नो मन्द-हास्यले समस्त दुःखीहरूको दुःख निवारण गरिरहेथे । तिनका कानमा कुण्डल झुलिरहेका थिए । अरुण वर्ण तिनका दुवै ओंठ भिन्नै आफ्नो प्रभाव देखाइरहेथे । तिनको सुन्दर नाक र मनोहर आँखीभौं बलपूर्वक मनलाई तानिरहेथे र ती आफ्नो पूजा गर्नेहरूको उचित सम्मान गरिरहेका थिए ॥२७॥ ती कदम्ब-पुष्पका केशरझैं पहेंला वस्त्रले सुशोभित थिए । तिनको नितम्बमा कन्धनी (मेखला) थियो । श्रीवत्स मणिले सुशोभित वक्षस्थलमा अनेक अमूल्य हार थिए–जसले उनको कान्ति अझ बर्ता कमनीय भइरहेको थियो ॥२८॥ यौटा ठूलो श्रीखण्डको वृक्षसित उपमा दिदै भन्दछन्–जसमा बहुमूल्य मणि जडिएको थियो, यस्तो भुजबन्धले अलंकृत त्यसका बाहुदण्ड महान् चन्दन-वृक्षका हाँगाजस्तै थिए । ती पुरुषका मूल (आदिकारण) को पत्ता थिएन र महान् चन्दनवृक्षको जरोको पनि केही पत्ता थिएन । यदि त्यो महापुरुष भुवनरूपी वृक्षका अधिपति थिए भने चन्दन वृक्षपनि संसारका समस्त वृक्षहरूका नाइके (मुखिया) मानिन्थे । जस्तै-चन्दन वृक्षका शाखा-प्रशाखाहरूमा ठूला-ठूला सर्प बेरिइरहन्छन्, त्यसै गरी ती परमपुरुष पनि सर्पहरूद्वारा आवेष्टित थिए ॥२९॥ ती महापुरुष जगत्का चराचर जीवादिका वासस्थान थिए । ती सबै पर्वतहरूका जनक थिए र सर्पजातलाई मित्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनाएर त्यसैमा शयन गरिरहेका थिए । समुद्रको जलमा ती आफूलाई लुकाएर बसेका थिए, सयकडौं सुमेरु आदि स्वर्णभृङ्ग पर्वत तिनको किरीट बनेका थिए र ती कौस्तुभ रत्नका जनक
थिए॥३०॥ तिनको घाँटीमा वनमाला विराजमान थियो र वेदरूपीभ्रमर तिनको चारैतिर घुमिरहेथे, यस्तो समवायबाट जुन शोभा भएको थियो, त्यसले ती परमपुरुष सुशोभित भइरहेथे
सूर्य,चन्द्र, वायु र अग्नि आदि देवता–जुन आफ्नो तेजद्वारा तीनै लोक प्रकाशित पार्न गर्दछन्, ती सबै उनको नगीचसम्म पुग्न सक्तैनथे । तैपनि तिनको रक्षा गर्नका लागि उनको चारै-
तिर पहरा दिइरहेथे । त्यसले गर्दा सुदर्शनचक्र आदि शस्त्रहरूको पहुँच पनि त्यहाँसम्म पुग्न सकिरहेको थिएन ॥३१॥ यस प्रकारका नारायणलाई ब्रह्माले जसै देखे, त्यसै बखत विविध
प्रकारका जीवहरूको सृष्टि गर्ने दृष्टि खुल्यो र तत्काल तिनले ती परमपुरुषको नाभिरूपी सरोवरमा उत्पन्न त्यस कमललाई, त्यसमाथि बसेको स्वयं आफूलाई महाजलराशिलाई,
वायु र आकाशलाई देखे ॥३२॥ त्यसपछि रजोगुण युक्त ब्रह्माजीले सृष्टि गर्ने इच्छा गरेर लोक-सृष्टिका मूल कारणस्वरूप विष्णुको नाभिबाट उत्पन्न कमल आदितिर नियालेर हेरे अनि
अव्यक्त मार्ग भएका ती भगवान्मा मन लगाएर स्तुति गर्नलागे ॥३३॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धेऽष्टमोध्यायः ॥८॥ब्रह्माजी भन्दछन्–हेभगवन् ! धेरै दिनसम्म आराधना

माविर्भवत्कौस्तुभरत्नगर्भम् ॥ ३० ॥ निवीतमाम्नायमधुव्रतश्रिया स्वकीर्तिमय्या वनमालया हरिम् ॥ सूर्येन्दुवाय्वग्न्यगमं त्रिधामभिः परिक्रमत्प्राध-
निकैर्दुरासदम् ॥ ३१ ॥ तर्ह्येव तन्नाभिसरःसरोजमात्मानमम्भः श्वसनं वियच्च ॥ ददर्श देवो जगतो विधाता नातः परं लोकविसर्गदृष्टिः ॥३२॥
स कर्मबीजं रजसोपरक्तः प्रजाः सिसृक्षन्नियदेव दृष्ट्वा ॥ अस्तौद्विसर्गाभिमुखस्तमीड्यमव्यक्तवर्त्मन्यभिवेशितात्मा ॥ ३३ ॥ इति श्रीमद्भागवते महा-
पुराणे तृतीयस्कन्धेऽष्टमोऽध्यायः ॥ ८ ॥ ब्रह्मोवाच ॥ ज्ञातोऽसि मेऽद्य सुचिरान्ननु देहभाजां न ज्ञायते भगवतो गतिरित्यवद्यम् ॥ नान्यत्त्वदस्ति
भगवन्नपि तन्न शुद्धं मायागुणव्यतिकराद्यदुरुर्विभासि ॥ १ ॥ रूपं यदेतदवबोधरसोदयेन शश्वन्निवृत्ततमसः सदनुग्रहाय ॥ आदौ गृहीतमवतारश-
तैकबीजं यन्नाभिपद्मभवनादहमाविरासम् ॥ २ ॥ नातः परं परम यद्भवतः स्वरूपमानन्दमात्रमविकल्पमविद्धवर्चः ॥ पश्यामि विश्वसृजमेकमविश्व-
मात्मन् भूतेन्द्रियात्मकमदस्त उपाश्रितोऽस्मि ॥ ३ ॥ यद्वा इदं भुवनमंगल मंगलाय ध्याने स्म नो दर्शितं त उपासकानाम् ॥ तस्मै नमो भगवतेऽनु-

गरेपछि बल्ल आज मैले हजुरलाई जान्नसकें । देहधारी जीवहरूमा यो यौटा ठूलो दोष छ–ती हजुरको गति बुझ्दैनन् । यद्यपि हजुरलाई जान्नमा नै मानव-जीवनको सार्थकता छ ।
किनकि हजुर बाहेक अरु केही छँदा पनि छैन–जे जति छ, सबै हजुरनै हुनुहुन्छ आँखाले जे गति देखिन्छ त्यसलाई म शुद्ध भन्न सक्तिन, किनकि हजुर त माया र गुणहरूबाट विकृत
भएर अनेक रूपमा देखिनु हुन्छ ॥१॥ यदि हजुर यो आज्ञा हुन्छ–अहिले त तिमीले मलाई जान्न सकेका छैनौ । जो मेरो यो स्वरूप देखिरहेका छौ, यो पनि मायामय हो । वास्त-
विक र सत्य स्वरूप त निर्गुण ब्रह्म हो । तब म भन्नेछु–हजुरको चित्शक्तिको बलद्वारा जायमान र नित्यप्रकाशमान हजुरको स्वरूप–जसलाई आफ्ना भक्तहरूमा कृपा गरेर हजुरले प्रकट
गरेको छ, त्यही सयौं अवतारहरूको बीज हो र यसैको नाभि कमलरूप भवनबाट म उत्पन्न भएको हुँ ॥२॥ हे परमपुरुष ! हजुरको अप्रतिहत तेज सर्वत्र व्याप्त भएको छ । यसले हजुरमा
भेदभाव छैन । हजुरको स्वरूप आनन्दमय छ । हजुरको त्यो रूपदेखि पर मलाई केही देखिइरहेको छैन । जे-जति छ, त्यो हजुरको रूप नै छ । यो विचार गरेर मैले हजुरको स्वरूपको

Jagannath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातमा आफूलाई सुम्पिदिएको छु । मेरो विचारमा त हजुरको यो स्वरूप पृथक् रहेर पनि भूतात्मक विश्वको उत्पत्तिमा मूल कारण छ ॥३॥ हे भुवन-मङ्गल ! हजुरले हामी जस्ता अनन्य उपासकहरूको कल्याण गर्नका लागि नै ध्यानमा आफ्नो यो अभूत रूप देखाउनु भयो। हजुर अव्यक्त र पूर्ण पुरुषमा मन लगाएर भजन गर्ने हामी भक्तहरूलाई आफ्नो वास्तविक स्वरूप नदेखाएर हजुर सोपाधि स्वरूप देखाएर कुनै धोखा त दिनुहुन्न ? अनि म हजुरलाई अनादि ब्रह्म नमानूँ ? हे भगवन् ! म हजुरलाई नमस्कार गर्दछु । अँ, केही व्यक्ति यस्ता पनि अवश्य छन्, जो कुसंगतिमा अल्झेर थरि-थरिका कुतर्क गर्दै हजुरको यस स्वरूपमा दोष झिक्ने छन् ॥४॥ जो सज्जन वेदरूप वायुले उडाएर ल्याएको हजुरका चरणारविन्दको सुगन्धलाई सुँघ्दै र परमश्रद्धासंग हजुरका चरणको शरण पर्दछन् तब हे नाथ ! हजुर ती भक्तहरूको हृदय-कमलबाट कहिल्यै हट्नु हुन्न तथा सदा विराजमान रहनु हुन्छ ॥५॥ हजारौं जनहरूको गेह, धन र आफ्ना सम्बन्धी आदिको शोकले तब सम्मढाकिराख्दछ र विविधआकांक्षाहरू विविध प्रकारका पराजय र विपुल लोभ,तबसम्म सताउँछन्, जबसम्म प्राणी-लाई दुःखको कारणस्वरूप ती सबै वस्तुहरूमा मोह बनिरहन्छ र त्यो अभयदायक चरणको शरणमा आउन्नन् ॥६॥ दुर्भाग्यले जसको मति बिग्रिएको छ, तीनै व्यक्ति समस्त अमंगल-

विधेम तुभ्यं योऽनादृतं नरकभाग्भिरसत्प्रसंगैः ॥ ४ ॥ ये ते त्वदीयचरणाम्बुजकोशगन्धं जिघ्रन्ति कर्णविवरैः श्रुतिवातनीतम् ॥ भक्त्या गृहीत-चरणः परया च तेषां नापैति नाथ हृदयाम्बुरुहात्स्वपुंसाम् ॥ ५ ॥ तावद्भयं द्रविणगेहसुहृन्निमित्तं शोकः स्पृहा परिभवो विपुलश्च लोभः ॥ तावन्म-मेत्यसदवग्रह आर्तिमूलं यावन्न तेऽङ्घ्रिमभयं प्रवृणीत लोकः ॥६॥ दैवेन ते हतधियो भवतः प्रसङ्गात्सर्वाशुभोपशमनाद्विमुखेन्द्रिया ये ॥ कुर्वंति काम-सुखलेशलवाय दीना लोभाभिभूतमनसोऽकुशलानि शश्वत् ॥ ७ ॥ क्षुत्तृट्त्रिधातुभिरिमा मुहुरर्द्यमानाः शीतोष्णवातवर्षैरितरेतराच्च ॥ कामाग्निना-ऽच्युत रुषा च सुदुर्भरेण सम्पश्यतो मन उरुक्रम सीदते मे ॥ ८ ॥ यावत्पृथक्त्वमिदमात्मन इन्द्रियार्थमायाबलं भगवतो जन ईश पश्येत् ॥ तावन्न संसृतिरसौ प्रतिसंक्रमेत व्यर्थाऽपि दुःखनिवहं वहति क्रियार्था ॥ ९ ॥ अह्न्यापृतार्तकरणा निशि निःशयाना नानामनोरथधिया क्षणभग्ननिद्राः ॥ दैवाहितार्थरचना ऋषयोऽपि देव युष्मत्प्रसंगविमुखा इह संसरन्ति ॥१०॥ त्वं भावयोगपरिभावितहृत्सरोज आस्से श्रुतेक्षितपथो ननु नाथ पुंसाम् ॥

हरूका विनाशक हजुरका कथा श्रवण आदि प्रसंग तथा आफ्ना इन्द्रियहरू विमुख राख्दछन् । ती अलिकति कामजनित सुखको निम्ति लोभले विवश भई चारैतिर दीन बनेर रुन्छन्, अनेक थरिका अनर्थ गर्दै रहन्छन्, जसले गर्दा तिनले सधैं अमंगलसित नै जुधिरहनु पर्दछ ॥७॥ ती विचरा भोक, प्यास र वात-पित्त-कफ यी तीन धातुद्वारा दुःखी रहन्छन् । शीत, उष्ण, वायु र वर्षा आदि अनेक थरिका उपाधिहरूले व्याकुल रहन्छन् । कामरूपी अग्नि र असीम क्रोध तिनलाई भिन्नै पछारिरहन्छन् । हेउरुक्रम ! ती दुःखीहरूलाई देखेर मेरो हृदयमा अपार क्लेश हुन्छ ॥८॥ हे स्वामिन् ! जबसम्म प्राणी आफ्नो देहादिलाई हजुरदेखि भिन्न मान्दै इन्द्रियहरूकी विषयरूपिणी मायालाई बलवती ठान्दै रहनेछ, तबसम्म त्यो यस दुःखपूर्ण संसारबाट मुक्ति प्राप्त गर्न सक्तैन । त्यसलाई दुःखका समूहले ढाकिरहन्छन्, किनकि त्यो आफूले गरेका कर्महरूको फल भोग्नको निम्ति विवश रहन्छ ॥९॥ यो भनौं कि—उपरोक्त सबै कष्ट त संसारका सबै प्राणीहरूको टाउकामा घुमिरहन्छ । अनि विवेकशील प्राणी भक्ति किन गरुन् ! त्यसमा म भन्दछु—हे देव ! जो दिनभरि विषयहरुमा लीन रहन्छन् र वेला-वेलामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेक प्रकारका चिन्तन गरिरहनाले जसलाई निद्रा लाग्दैन, जसलाई दुर्भाग्यवश बारम्बार काम गर्दै रहे पनि सफलता प्राप्त हुँदैन, यस्ता ऋषि पनि भगवद्भक्तहरूको सत्सङ्गबाट विमुख र हेर संसारी आवागमनको चक्रमा परिरहन्छन् ॥१०॥ हे नाथ ! हजुर भक्तियोगले युक्त पवित्र हृदमा आएर निवास गर्नुहुन्छ, हे सर्वगुणसम्पन्न ! हजुर तिनले रोजेका मार्गहरूबाट हिंड्नुहुन्छ ती आफ्नो मनले जुन-जुन रूपहरूको ध्यान गर्दछन् तब हजुर कृपा गरेर तिनै-तिनै रूपमा तिनको समक्ष प्रकट हुनुहुन्छ॥११॥ हे देव ! हजुर ती सकाम जीवहरूको विविध उपचारद्वारा गरिएका पूजनद्वारा त्यति नै प्रसन्न हुनुहुन्छ, जति सबै प्राणीहरूमा दया गरेर सबैको उपकार गर्नमा तत्पर प्राणीहरूमा प्रसन्न हुनुहुन्छ, किनकि हजुर त जगत्का सबै प्राणीहरूको शुभ-चिन्तक बनेर सबैका अन्तरात्मामा निवास गर्नुहुन्छ ॥१२॥ हजुर वासनाका भिखारीहरूको* सकाम पूजाले प्रसन्न हुनुहुन्न । त्यसैले ती कामहरूको उत्तम फल प्राप्त हुँदैन । ती सकाम पुरुष जतिसुकै ठूलो यज्ञ गरुन्, दान दिउन्, उग्रतप गरुन् र कठोर व्रतको पालन गरुन्, तर त्यसबाट केही लाभ हुँदैन । यसको विपरीत जसले निष्काम भावनाबाट हजुरको आराधना

यद्यद्धिया त उरुगाय विभावयन्ति तत्तद्वपुः प्रणयसे सदनुग्रहाय ॥ ११ ॥ नातिप्रसीदति तथोपचितोपचारैराराधितः सुरगणैर्हृदि बद्धकामैः ॥ यत्सर्वभूतदययाऽसदलभ्ययैको नानाजनेष्ववहितः सुहृदान्तरात्मा ॥ १२ ॥ पुंसामतो विविधकर्मभिरध्वराद्यैर्दानेन चोग्रतपसा व्रतचर्यया च ॥ आरा-धनं भगवतस्तव सत्क्रियार्थो धर्मोऽर्पितः कर्हिचिद्ध्रियते न यत्र ॥ १३ ॥ शश्वत्स्वरूपमहसैव निपीतभेदमोहाय बोधधिषणाय नमः परस्मै ॥ विश्वो-द्भवस्थितिलयेषु निमित्तलीलारासाय ते नम इदं चकृमेश्वराय ॥ १४ ॥ यस्यावतारगुणकर्मविडम्बनानि नामानि येऽसुविगमे विवशा गृणन्ति ॥ ते नैकजन्मशमलं सहसैव हित्वा संयान्त्यपावृतमृतं तमजं प्रपद्ये ॥ १५ ॥ यो वा अहं च गिरिशश्च विभुः स्वयं च स्थित्युद्भवप्रलयहेतव आत्म-मूलम् ॥ भित्त्वा त्रिपाद्ववृध एक उरुप्ररोहस्तस्मै नमो भगवते भुवनद्रुमाय ॥ १६ ॥ लोको विकर्मनिरतः कुशले प्रमत्तः कर्मण्ययं त्वदुदिते भवद-

गर्दै कर्मफल हजुरलाई अर्पण गरिदिन्छन् तिनका काम कहिल्यै बिग्रिन्नन्—केही उत्तम फल अवश्य प्राप्त हुन्छ॥१३॥हजुर आफ्नो नित्य विद्यमान रहने स्वरूपबाट सबै प्रकारका भेद भ्रम हटाइदिनुहुन्छ । हजुर ज्ञानका अवतार हुनुहुन्छ र हजुर नै परमपुरुष हुनुहुन्छ । म हजुरलाई प्रणाम गर्दछु । यस विश्वको उत्पत्ति, पालन र संहारका एकमात्र हजुर नै कारण हुनुहुन्छ, यस कार्यलाई सम्पन्न पार्न हजुरकी मायाको विलास पनि हजुरद्वारा नै हुन्छ, यसैले हजुरलाई नमस्कार गर्दछु ॥१४॥ हजुरका विविध अवतारमा जुन अनेक थरिका कौतुक भएका छन्, तिनको स्मरण गरेर जो प्राणी प्राण त्याग्ने अवसरमा विवश भावले पनि हजुरको नाम सम्झन्छ, भने त्यो अनेक जन्मका पापहरू त्यागेर आवरणहीन परब्रह्मको लोक प्राप्त गर्छ ॥१५॥ यस विश्वरूपी महान् वृक्षका अधिष्ठाता हजुरका केवल यौटा पाउबाट ब्रह्मा विष्णु र शिवरूपी तीन शाखाहरू निस्के । ती प्रत्येक शाखाबाट कैयौं उपशाखाहरू निस्के र ती मरीचि-मनु आदि नामले बढे । यस्ता भुवनरूपी वृक्ष हजुरलाई प्रणाम गर्दछु ॥१६॥ यसरी भगवान्का गुणावतार सम्बन्धी विस्तृत स्तुति गरेर उनको कालस्वरूपलाई नमस्कार

* उदाहरण (सबै माग्ने हुन्)—कुनै धनीले महात्मा जावालीको सामुन्ने स्वर्णमुद्राले भरिएको यौटा थैलो दर्शन-भेट राखे । उनले भनें—'म माग्नेहरूसित केही पनि लिन्न ।' धनीले भने—'म माग्ने होइन, म त ठूलो धनी हुँ ।' त्यति सुनेर महात्मा जावालीले भने—'तिमीसित जति धन छ, त्योभन्दा अझ बढ्ता पाउने इच्छा गर्दछौ कि गर्दैनौ ?' धनीले उत्तर दिए—'स हि भवति दरिद्रो यस्य तृष्णा विशाला । मनसि च परितुष्टे कोऽर्थवान् को दरिद्रः ॥'

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै ब्रह्माजी भन्दछन्–यो संसार आफ्नू स्वार्थमा लिप्त भएर थरि-थरिका दूषित कर्म गर्दछन् । यस्ता प्राणीलाई आफूले भनेको बाटोमा ल्याएर जुन बलवान् व्यक्ति तिनको बारम्बारको जीवन-मरणको बन्धन तत्काल काटेर फ्याँक्दछ, यस्ता हे कालस्वरूप भगवान् ! म हजुरलाई प्रणाम गर्दछु ॥ १७ ॥ अरुको कुरा छाडौं—म स्वयं जब हजुरका सबै लोकसंग नमस्कृत सत्यलोकमा थिएँ, तब मलाई हजूरसंग डर लाग्दथ्यो, हजूरकहाँ पुग्नको लागि मैले धेरै वर्षसम्म उग्र तप गरेथें । हे यज्ञादिका अधिष्ठाता ! म हजूरलाई प्रणाम गर्दछु ॥ १८ ॥ अब वेला-बेलामा गरिएका भगवान्‌का अवतार लीलाहरूको उल्लेख गर्दै भन्दछन्–आफ्नू इच्छाले तिर्यक् आदि योनिमा जन्म लिएर आफैंले बनाएका धर्म-सेतुको मर्यादा पालन गर्नको लागि जसले अनेक प्रकारका कौतुक गरेका थिए, विषय-सुखका अनिच्छुक ती पुरुषोत्तमलाई बारम्बार प्रणाम गर्दछु । १९ ॥ प्रत्यक्ष विद्यमान मूर्तिलाई प्रणाम गर्दै भन्दछन्—जो सदा जागरूक रहेर पनि आफ्नू उदरमा समस्त विश्व स्थापित गरेर शेषशय्यामा यो दर्शाउँदै प्रलयकालीन समुद्रका अल्गा-अल्गा तरङ्ग भएको जलमा शयन गर्दथे—यस

॥१९॥ र्चने स्वे ॥ यस्तावदस्य बलवानिह जीविताशां सद्यश्छिनत्त्यनिमिषाय नमोऽस्तु तस्मै ॥ १७ ॥ यस्माद्बिभेम्यहमपि द्विपरार्धधिष्ण्यमध्यासितः सक-
ललोकनमस्कृतं यत् ॥ तेपे तपो बहुसवोऽवरुरुत्समानस्तस्मै नमो भगवतेऽधिमखाय तुभ्यम् ॥ १८ ॥ तिर्यङ्मनुष्यविबुधादिषु जीवयोनिष्वात्मे-
च्छयात्मकृतसेतुपरीप्सया यः ॥ रेमे निरस्तरतिरप्यवरुद्धदेहस्तस्मै नमो भगवते पुरुषोत्तमाय ॥१९॥ योऽविद्ययाऽनुपहतोऽपि दशार्धवृत्त्या निद्रामुवाह
जठरीकृतलोकयात्रः ॥ अंतर्जलेऽहिकशिपुस्पर्शानुकूलां भीमोर्मिमालिनि जनस्य सुखं विवृण्वन् ॥२०॥ यन्नाभिपद्मभवनादहमाससमीड्य लोकत्रयोपक-
रणो यदनुग्रहेण ॥ तस्मै नमस्त उदरस्थभवाय योगनिद्रावसानविकसन्नलिनेक्षणाय ॥२१॥ सोऽयं समस्तजगतां सुहृदेक आत्मा सत्त्वेन यन्मृडयते भग-
वान्भवेन ॥ तेनैव मे दृशमनुस्पृशताद्यथाहं स्रक्ष्यामि पूर्ववदिदं प्रणतप्रियोऽसौ ॥२२॥ एष प्रपन्नवरदो रमयात्मशक्त्या यद्यत्करिष्यति गृहीतगुणावतारः॥
तस्मिन्स्वविक्रममिदं सृजतोऽपि चेतो युञ्जीत कर्मशमलं च तथा विजह्याम् ॥ २३ ॥ नाभिह्रदादिह सतोऽम्भसि यस्य पुंसो विज्ञानशक्तिरहमासम-
नन्तशक्तेः ॥ रूपं विचित्रमिदमस्य विवृण्वतो मे मा रीरिषीष्ट निगमस्य गिरां विसर्गः ॥ २४ ॥ सोऽसावदभ्रकरुणो भगवान्विवृद्धप्रेमस्मितेन

संसारका अज्ञ व्यक्ति कसरी सुत्तछन् ॥२०॥ जसको नाभिकमलबाट तीनै लोकको सृष्टि गर्न मेरो उत्पत्ति भएको हो । संसारलाई आफ्नू उदरमा बसालेर योगनिद्राको अन्त्यमा प्रफुल्ल नेत्रद्वारा अवलोकन गर्न परमेश्वरलाई म प्रणाम गर्दछु ॥ २१ ॥ यसरी प्रार्थना गरिसकेपछि ब्रह्माजी विन्ती गर्दछन्–हे नारायण ! जुन ज्ञान र ऐश्वर्यद्वारा हजूर यस संसारलाई सुखी पार्नुहुन्छ, हजूर त्यही ज्ञान र ऐश्वर्य मेरो बुद्धिमा पनि भरिदिनोस्, त्यसै द्वारा म सृष्टि-कर्म गर्नसकूँ, जस्तै पहिलेका कल्पहरूमा समर्थ हुन सकेको थिएँ । म हजूरसंग यस कारण विनय गर्दैछु कि समस्त जगत्‌का सुहृद् केवल हजूर नै हुनुहुन्छ र प्रणतजनमा हजूर तुरुन्त कृपा गर्नुहुन्छ ॥ २२ ॥ हे शरणागत-वरदायक ! हजूर आफ्नी शक्ति लक्ष्मीका साथ जुन गुणावतार ग्रहण गरेर जे-जे कार्य गर्नुहुन्छ, त्यो हजूरकै भरमा जब म सृष्टिकार्य गर्न थालूँ भने हजूर मेरो मनमा यस्ता भाव भरिदिनोस्—जसले म सृष्टिमा विषमता आदि भेदभावका पापमा नगाडिऊँ ॥ २३ ॥ जुन महापुरुषका नाभिकमलबाट म विज्ञान-शक्तिद्वारा उत्पन्न भएको छू, त्यसमा अनन्त शक्ति-सम्पन्न परम-पिताका विचित्र रूपहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विस्तार गर्न थालौं, तब जुन मसित वैदिक वाणीको भण्डार छ, त्यो वेद म नबिसौं ॥२४॥ यसरी सृष्टि कार्य गर्दा जगत्को कल्याण गर्नका लागि परम दयालु बनेर हजुर ठूलो प्रेमपूर्वक मुसुक्क हाँस्तै आफ्ना नेत्रलाई अलिकति विकसित पार्दै आफ्नो शेष-शय्यामा उठेर बेला-बेलामा मीठो वाणी बोल्दै मेरो विषाद पर पार्दै रहनु होला ॥२५॥ यस प्रकार ब्रह्माजीको स्तुतिको वर्णन गरिसकेछि मैत्रेय भन्दछन्—हे विदुर ! ब्रह्माजी आफ्ना जनवलाई त्यसरी जप, तप, विद्या (उपासना) र समाधि (चित्तको एकाग्रता) ले प्रसन्न पारेर मौन भए । ती त्यस बखत थाके जस्ता भएका थिए ॥२६॥ ब्रह्माको अभिप्राय बुझेर नारायण त्यो प्रलयकालीन डरलाग्दो जलराशि देखेर खिन्न भएका ब्रह्मासित भन्न लागे ॥२७॥ लोकको स्थिति विज्ञान बुझ्न नसक्नाले खिन्न ब्रह्माजीको कष्ट निवारण गर्दै भगवान् भन्नुहुन्छ—॥२८॥ हे वेदगर्भ ! तिमी यो विषाद-जनित आलस्यलाई फालेर आफ्नो सृष्टि कार्यमा लाग । जुन वस्तुको निम्ति तिमी मसित प्रार्थना गर्दछौ, त्यो मैले पहिलेदेखि नै ठिक्क पारिदिएको छु ॥२९॥ अब तिमी फेरि तपस्यामा लाग र मेरो ध्यान गर्दै रहनु ।

नयनाम्बुरुहं विजृम्भन् ॥ उत्थाय विश्वविजयाय च नो विषादं माध्व्या गिराऽपनयतात्पुरुषः पुराणः ॥ २५ ॥ मैत्रेय उवाच ॥ स्वसम्भवं निशाम्यैवं तपोविद्यासमाधिभिः ॥ यावन्मनोवचः स्तुत्वा विरराम स खिन्नवत् ॥ २६ ॥ अथाभिप्रेतमन्वीक्ष्य ब्रह्मणो मधुसूदनः ॥ विषण्णचेतसं तेन कल्पव्यतिकराम्भसा ॥ २७ ॥ लोकसंस्थानविज्ञान आत्मनः परिखिद्यतः ॥ तमाहागाधया वाचा कश्मलं शमयन्निव ॥ २८ ॥ श्रीभगवानुवाच ॥ मा वेदगर्भ गास्तन्द्रीं सर्ग उद्यममावह ॥ तन्मयापादितं ह्यग्रे यन्मां प्रार्थयते भवान् ॥ २९ ॥ भूयस्त्वं तप आतिष्ठ विद्यां चैव मदाश्रयाम् ॥ ताभ्यामन्तर्हृदि ब्रह्मन् लोकान्द्रक्ष्यस्यपावृतान् ॥३०॥ तत आत्मनि लोके च भक्तियुक्तः समाहितः ॥ द्रष्टाऽसि मां ततं ब्रह्मन्मयि लोकांस्त्वमात्मनः ॥३१॥ यदा तु सर्वभूतेषु दारुष्वग्निमिव स्थितम् ॥ प्रतिचक्षीत मा लोको जह्यात्तर्ह्येव कश्मलम् ॥३२॥ यदा रहितमात्मानं भूतेन्द्रियगुणाशयैः ॥ स्वरूपेण मयोपेतं पश्यन्स्वाराज्यमृच्छति ॥ ३३ ॥ नानाकर्मवितानेन प्रजा बह्वीः सिसृक्षतः ॥ नात्माऽवसीदत्यस्मिंस्ते वर्षीयान्मदनुग्रहः ॥ ३४ ॥ ऋषिमाद्यं न बध्नाति पापीयांस्त्वां रजोगुणः ॥ यन्मनो मयि निर्बद्धं प्रजाः संसृजतोऽपि ते ॥ ३५ ॥ ज्ञातोऽहं भवता त्वद्य दुर्विज्ञेयोऽपि

हे ब्रह्मन् ! यस तपस्यामा र ध्यानद्वारा तिमी आफ्नो हृदयमा सबै लोकहरू स्पष्टरीतिले देख्नसक्नेछौ ॥३०॥ हे ब्रह्मन् ! जब तिमी भक्तियुक्त भएर आफ्नो चित्त एकाग्र पार्नेछौ तब आफ्नो आत्मामा र सबै लोकमा मलाई व्याप्त देख्नेछौ ॥३१॥ जब कुनै प्राणी मलाई सबै प्राणीहरूमा उसै गरी विद्यमान देख्नथाल्दछ, जस्तै काठमा आगो, त्यसै बखत त्यो आफ्नो पापहरू त्यागिदिन्छ अर्थात् पाप फेरि ती प्राणीमा रहनै सक्तैन ॥३२॥ जब प्राणी आफ्नो आत्मालाई सत्त्वादि गुण तथा तत्त्वहरूबाट भिन्न ममा लागेको बुझ्दछ, अनि मात्र त्यो मुक्त हुन्छ ॥३३॥ विविध प्रकारका कर्महरूको विस्तार गर्दै तिमी जब धेरै प्रजागणको सृष्टि गरिरहने छौ तब तिम्रो आत्मालाई कुनै कष्ट हुने छैन । तिमीमाथि मेरो ठूलो दया छ र तिमीले आफ्नो मन ममा लगाइदिएका छौ, यस निम्ति प्रजाको सृष्टि गर्ने कार्य गर्ने बखतमा पापी रजोगुण तिमीलाई आफ्नो बन्धनमा बाँध्न सक्नेछैन ॥३४-३५॥ किनकि तिमी मलाई पृथिव्यादि पञ्चमहाभूतहरू, इन्द्रियहरू, सत्त्वादि गुण तथा अहङ्कारबाट पृथक् मान्दछौ, यसैले आज तिमीले प्राणीमात्रको निम्ति दुर्विज्ञेय मेरो स्वरूप देख्न पाएका छौ र

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस बखत जब तिमी कमलनालको भरमा हिंड्दै त्यसको मूलभगा खोजिरहेका थियौ, तब मैले तिम्रो अन्तरात्मा भित्र नै तिमीलाई आफ्नो दर्शन दिएथें ॥३६-३७॥ हे अङ्ग ! तिमीले मेरो अभ्युदयबाट अङ्कित मेरो उत्तम स्तुति गरेका छौ र तपस्यामा तिम्रो ठूलो निष्ठा छ, यसैले तिमीप्रति मेरो बलियो कृपा छ ॥३८॥ तिमीले सृष्टि कार्य गर्न इच्छाले सगुणरूपमा देखिए पनि निर्गुण रूपमै वर्णन गर्दै मेरो स्तुति गरेका छौ, अतः म तिमीप्रति प्रसन्न छु । तिम्रो कल्याण होस् ॥३९॥ जो व्यक्ति नित्य यस स्तोत्रले मेरो स्तुति गरेर मलाई भज्दछ भने त्यो सबै कामनाहरूलाई पूर्ण पार्नमा समर्थ छ र म ईश्वर त्यसमाथि चाँडैनै प्रसन्न हुन्छु ॥४०॥ व्रत, तप, यज्ञ, दान र समाधिद्वारा सिद्ध मोक्षरूपी कलात्मक जति पनि कार्यछन्, ती सबैका एकमात्र उद्देश्य मलाई प्रसन्न पार्नु हो । यही नै तत्त्वज्ञानीहरूको मत छ ॥४१॥ हे ब्रह्मन् ! म अहङ्कारोपाधियुक्त जीवहरूको आत्मा र प्रियतमहरूका पनि प्रियतम हुँ । यसैनिम्ति प्राणी जसको निम्ति लालायित रहन्छ, त्यो पाउनको निम्ति ममित प्रेम गरोस् ॥४२॥ यो त तिमी पनि जान्दछौ कि आत्मा तीनैलोकमा विद्यमान रहन्छ ।

देहिनाम् ॥ यन्मां त्वं मन्यसेऽयुक्तं भूतेन्द्रियगुणात्मभिः ॥३६॥ तुभ्यं मद्विचिकित्सायामात्मा मे दर्शितोऽबहिः ॥ नालेन सलिले मूलं पुष्करस्य विचिन्वतः ॥३७॥ यच्चकर्थाङ्ग मत्स्तोत्रं मत्कथाऽभ्युदयाङ्कितम् ॥ यद्वा तपसि ते निष्ठा स एष मदनुग्रहः ॥ ३८ ॥ प्रीतोऽहमस्तु भद्रं ते लोकानां विजयेच्छया ॥ यस्तौषीर्गुणमयं निर्गुणं माऽनुवर्णयन् ॥ ३९ ॥ य एतेन पुमान्नित्यं स्तुत्वा स्तोत्रेण मां भजेत् ॥ तस्याशु सम्प्रसीदेयं सर्वकाम-वरेश्वरः ॥ ४० ॥ पूर्तेन तपसा यज्ञैर्दानैर्योगसमाधिना ॥ राद्धं निःश्रेयसं पुंसां मत्प्रीतिस्तत्त्वविन्मतम् ॥ ४१ ॥ अहमात्माऽऽत्मनां धातः प्रेष्ठः सम्प्रेयसामपि ॥ अतो मयि रतिं कुर्याद्देहादिर्यत्कृते प्रियः ॥ ४२ ॥ सर्ववेदमयेनेदमात्मनात्माऽऽत्मयोनिना ॥ प्रजाः सृज यथापूर्वं याश्च मय्यनुशेरते ॥ ४३ ॥ मैत्रेय उवाच ॥ तस्मा एवं जगत्स्रष्ट्रे प्रधानपुरुषेश्वरः ॥ व्यज्येदं स्वेन रूपेण कञ्जनाभस्तिरोदधे ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नवमोऽध्यायः ॥ ९ ॥ विदुर उवाच ॥ अन्तर्हिते भगवति ब्रह्मा लोकपितामहः ॥ प्रजाः ससर्ज कतिधा दैहिकीर्मानसीर्विभुः ॥ १ ॥ ये च मे भगवन्पृष्टास्त्वय्यर्था बहुवित्तम ॥ तान्वदस्वानुपूर्व्येण छिन्धि नः सर्वसंशयान् ॥ २ ॥ सूत उवाच ॥ एवं संचोदितस्तेन क्षत्त्रा कौषारवो मुनिः ॥ प्रीतः प्रत्याह तान्प्रश्नान्हृदिस्थानथ भार्गव ॥ ३ ॥ मैत्रेय उवाच ॥ विरिञ्चोऽपि तथा चक्रे दिव्यं वर्षशतं तपः ॥ आत्मन्यात्मानमावेश्य

अब तिमी अघिका कल्पहरू झैं ममा सुत्ने प्रजाहरूको सृष्टि गर ॥ ४३ ॥ महामुनि मैत्रेय भन्दछन्–प्रधान पुरुषहरूका पनि प्रभु ती कमलनाभ नारायण जगत्को सृष्टि गर्न ब्रह्मालाई यसरी सम्झाइ-बुझाइ अन्तर्धान हुनुभयो ॥४४॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नवमोऽध्यायः ॥९॥ (सृष्टिका दस भेद वर्णन) विदुर भन्छन्—हे मैत्रेय ! अब तपाई मलाई यो बुझाउनोस् कि जब भगवान् ब्रह्मालाई बुझाएर अन्तर्धान हुनुभयो तब ती सर्वव्यापक ब्रह्माले कति प्रकारका दैहिकी र मानसी प्रजाको सृष्टि गरे ॥१॥ हे बहुज्ञ ! मैले हजूरसित जो प्रश्न गरें, हजुर क्रमशः तिनको उत्तर दिंदै मेरो सबै शंका निवारण गरिदितोस् ॥२॥ यता सूतजी शौनकादि ऋषिहरुसित भन्दछन्–हे शौनक ! यसरी विदुरले सोधेपछि मैत्रेय मुनि प्रसन्न भए र तिनका प्रश्नहरू हृदयङ्गम गरेर भन्नलागे–॥३॥ हे विदुर ! नारायणको आदेशानुसार ब्रह्माजीले मन एकाग्र पारेर दिव्य (देवताहरूको) सय वर्षसम्म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उग्र तप गर्न्यौ ॥ ४ ॥ त्यसपछि ब्रह्मा जुन कमलमाथि बसेका थिए, त्यो र जललाई पनि उनले प्रलय-वायुको वेगद्वारा कम्पित देखे ॥ ५ ॥ उस बखत आफ्नू बढेको तप र आत्मामा रहने ज्ञान तथा विज्ञानको बलद्वारा उनले त्यो जलको संगसंगै वायुलाई पनि पिइदिए ॥६॥ अब उनले आकाशसम्म उठेको त्यस कमललाई देखे र मनमनै यस्तो निश्चय गरे कि म यो कमलबाट नै प्रलयको गर्भमा रहेको तीनै लोकको सृष्टि गर्दछु ॥७॥ त्यसपछि नारायणको प्रेरणाले ती त्यस कमल-कोशभित्र पसे र त्यो एक्लो कमलको तीन खण्ड पारेर तीनलोक बनाइदिए। यदि यो शंका गरौं कि त्यसयौटै कमलबाट तीन लोक कसरी बन्न सक्यो-तब सुन—) त्यो कमल यति विशाल थियो कि त्यसबाट चतुर्दश लोकहरूको अतिरिक्त पनि अनेकानेक लोक बनाउन सकिन्थे ॥८॥ इनै तीनै लोकहरूको जीवादिको रचनामा सम्पूर्ण विशेषता भरिएका छन्। (यदि यस्तो भनौं—ब्रह्मा पनि त यौटा जीव नै हुन्, अनि तिनमा र ब्रह्मलोकका जीवहरूमा कुनै विशेषता किन मानिएन—यसको उत्तर यो हो—) ब्रह्माजी निष्काम कर्मका मूर्तिमान् फल हुन्। यसै कारण सत्यलोक तथा महः प्रभृति लोक र त्यहाँका निवासी ती नै रहन्छन्, जो उपर्युक्त तीनै लोकहरूमा जस्तो सुकर्म-दुष्कर्म गरेका हुन्छन्, तीनै फल भोग्नको निम्ति त्यहाँ जान्छन्। त्यसैले सर्वै

यदाह भगवानजः ॥ ४ ॥ तद्विलोक्याब्जसम्भूतो वायुना यदधिष्ठितः ॥ पद्ममम्भश्च तत्कालकृतवीर्येण कम्पितम् ॥ ५ ॥ तपसा ह्येधमानेन विद्यया चात्मसंस्थया ॥ विवृद्धविज्ञानबलो न्यपाद्वायुं सहाम्भसा ॥ ६ ॥ तद्विलोक्य वियद्व्यापि पुष्करं यदधिष्ठितम् ॥ अनेन लोकान्प्राग्लीनान्कल्पिताऽस्मीत्यचिन्तयत् ॥ ७ ॥ पद्मकोशं तदाविश्य भगवत्कर्मचोदितः ॥ एकं व्यभाङ्क्षीदुरुधा त्रिधा भाव्यं द्विसप्तधा ॥ ८ ॥ एतावज्जीवलोकस्य संस्थाभेदः समाहृतः ॥ धर्मस्य ह्यनिमित्तस्य विपाकः परमेष्ठ्यसौ ॥९॥ विदुर उवाच ॥ यदात्थ बहुरूपस्य हरेरद्भुतकर्मणः ॥ कालाख्यं लक्षणं ब्रह्मन्यथा वर्णय नः प्रभो ॥ १० ॥ मैत्रेय उवाच ॥ गुणव्यतिकराकारो निर्विशेषोऽप्रतिष्ठितः ॥ पुरुषस्तदुपादानमात्मानं लीलयाऽसृजत् ॥ ११ ॥ विश्वं वै ब्रह्मतन्मात्रं संस्थितं विष्णुमायया ॥ ईश्वरेण परिच्छिन्नं कालेनाव्यक्तमूर्तिना ॥ १२ ॥ यथेदानीं तथाग्रे च पश्चादप्येतदीदृशम् ॥ वर्गो नवविधस्तस्य प्राकृतो वैकृतस्तु यः ॥१३॥ कालद्रव्यगुणैरस्य त्रिविधः प्रतिसंक्रमः ॥ आद्यस्तु महतः सर्गो गुणवैषम्यमात्मनः ॥१४॥ द्वितीयस्त्वहमो यत्र द्रव्यज्ञान

विशेषता तीन लोकमा नै मानिन्छन् ॥९॥ यति सुनेर विदुर भन्छन्–हे मैत्रेय ! जुन तपाईं ती अद्भुत कर्म गर्ने नारायणका काल–लक्षणात्मक स्वरूप भन्दै हुनुहुन्थ्यो त्यसैलाई अलि विशदरूपमा भन्नुहवस्—कालको कल्पना कसरी गरिन्छ र त्यसको स्थूल तथा सूक्ष्मरूप के हो ? ॥१०॥ मैत्रेय भन्दछन्–सत्वादि गुणहरूको महदादि परिणाम र त्यसको कार्य नै काल कहिन्छ, त्यो काल स्वयं विशेषताशून्य छ र अप्रतिष्ठित छ, कहीं पनि त्यसको अन्त्य छैन। ती परमपुरुष परमात्माले कालरूपी कारणलाई लिएर क्रीडाको लागि आफूलाई नै विश्वरूपमा सृजन गरे ॥ ११ ॥ त्यो भन्दा अघि विष्णुमायाले यस विश्वको संहार गरिदिएकी थिइन् र विश्वकी तन्मात्रा ब्रह्मको स्वरूपमा लीन भइसकेकी थिइन्। उनलाई ती अव्यक्त मूर्ति नारायणले काललाई निमित्त तुल्याएर फेरि व्यक्त पारिदिए ॥१२॥ यो विश्व अहिले जस्तो छ, त्यस्तै पहिले थियो र पछि पनि यस्तै रहने छ। यसले प्राकृत (प्रकृतिबाट उत्पन्न हुने) र वैकृत (विकृतिबाट उत्पन्न मनुष्य आदि जीव) भेदले नौ प्रकारका सृष्टिहरू हुन्छन्। दशौं सृष्टिमा ती परम पुरुष स्वयं रहन्छन् ॥ १३ ॥

...tt Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काल, द्रव्य र गुण यी तीनैंबाट तीन थरिकां प्रलय हुन्छ। माथि जुन नौ थरिका सृष्टि कहिएका छ, तीमध्ये पहिलो सृष्टि ती परम पुरुषद्वारा गुणहरूमा विद्यमान महत् लक्षणात्मक
हुन्छ ॥ १४ ॥ दोस्रो सृष्टि अहङ्कारको हुन्छ—त्यसले द्रव्य, ज्ञान र क्रियाको उत्पत्ति हुने गर्दछ। तेस्रो सृष्टिमा वायु आदि (सूक्ष्म) भूत उत्पन्न हुन्छन्। यो सृष्टि द्रव्य
शक्तिमती हुन्छ र यसबाट पञ्चमहाभूत उत्पन्न (जायमान) हुन्छन् ॥ १५ ॥ चौथो सृष्टिद्वारा ज्ञानक्रियात्मक इन्द्रियहरूको उत्पत्ति हुन्छ। पाँचौं सृष्टि द्वारा वैकारिक ज्ञान-
शक्तिसम्पन्न र इन्द्रियहरूका अधिष्ठाता देवतागणको उत्पत्ति हुन्छ ॥ १६ ॥ छैठौं सृष्टि द्वारा अन्धकार उत्पन्न हुन्छ यो अज्ञानको जन्मदाता हो। यी छ प्रकारका प्राकृत सृष्टिहरूको
वर्णन गरियो। अब वैकृत सृष्टिको स्थिति सुन–॥ १७ ॥ माथि जुन सृष्टिहरूको वर्णन गरियो, ती सबै भगवान्‌का रजोगुणात्मक लीलास्वरूपिणी हुन्। सातौं मुख्य सृष्टिमा छ
प्रकारका वृक्षहरूको उत्पत्ति हुन्छ ॥ १८ ॥ जस्तै–वनस्पति (फूल नभइकन फल दिने वृक्ष गूलर आदि), औषधि (रोपेपछि फल दिएर समाप्त हुने धान, जौ, गहुँ आदि), लता
(कसैको भरमा माथितर जाने), त्वक्सार (जसको बोक्रामै तत्त्व रहन्छ, जस्तै–बाँस, बेत आदि), वीरुध (यो पनि लताजस्तै हुन्छ, तर यसलाई माथितिर टाँसिइरहने आवश्यकता

क्रियोदयः ॥ भूतसर्गस्तृतीयस्तु तन्मात्रद्रव्यशक्तिमान् ॥१५॥ चतुर्थ ऐन्द्रियः सर्गो यस्तु ज्ञानक्रियात्मकः ॥ वैकारिको देवसर्गः पञ्चमो यन्मयं मनः
॥ १६ ॥ षष्ठस्तु तमसः सर्गो यस्त्वबुद्धिकृतः प्रभो ॥ षडिमे प्राकृताः सर्गा वैकृतानपि मे शृणु ॥ १७ ॥ रजोभाजो भगवतो लीलेयं हरिमेधसः ॥
सप्तमो मुख्यसर्गस्तु षड्विधस्तस्थुषां च यः ॥ १८ ॥ वनस्पत्योषधिलतास्त्वक्सारा वीरुधो द्रुमाः ॥ उत्स्रोतसस्तमःप्राया अंतःस्पर्शविशेषिणः ॥ १९ ॥
तिरश्चामष्टमः सर्गः सोऽष्टाविंशद्विधो मतः ॥ अविदो भूरितमसो घ्राणज्ञा हृद्यवेदिनः ॥२०॥ गौरजो महिषः कृष्णः सूकरो गवयो रुरुः ॥ द्विशफाः
पशवश्चेमे अविरुष्ट्रश्च सत्तम ॥२१॥ खरोऽश्वोऽश्वतरो गौरः शरभश्चमरी तथा ॥ एते चैकशफाः क्षत्तः शृणु पञ्चनखान् पशून् ॥ २२ ॥ श्वा शृगालो
वृको व्याघ्रो मार्जारः शशशल्लकौ ॥ सिंहः कपिर्गजः कूर्मो गोधा च मकरादयः ॥२३॥ कङ्कगृध्रवटश्येनभासभल्लूकबर्हिणः ॥ हंससारसचक्राह्वका-

पर्दैन–जस्तै जूही आदि) र द्रुम (जुन फुलिसकेपछि फल्दछ–जस्तै–आँप आदि) यी छ प्रकारका वृक्ष पृथ्वीको भित्रबाट आफ्नो आहार तान्दछन्। यिनमा चेतनाशक्ति देखिन्न।
इनको भित्र स्पर्शशक्ति प्रबल हुन्छ र देश कालको व्यवस्था अनुसार इनमा विविध प्रकारका परिणाम पनि परिलक्षित हुन्छन् ॥ १९ ॥ आठौं सृष्टिबाट तिर्यक् (पक्षी)
योनिका जीवहरूको उत्पत्ति हुन्छ। यिनका अट्ठाइस भेद हुन्छन्। जस्तै–अविदा (स्तनादि ज्ञानशून्य), भूरितमस (केवल आफूभित्रको जानकारी राख्ने), घ्राणज्ञ
(नाकले सुँघेर बुझ्ने), हृदि अवेदा (विशेष अनुसन्धान गर्नमा असमर्थ) ॥ २० ॥ गाई, बाख्रा, भैंसी, हरिण, गवय, शूकर, रुरु (मृगविशेष), भेडा र ऊँट यी नौ प्रकारका
पशु दुइ खुर भएका हुन्छन् ॥ २१ ॥ गधा, घोड़ा, खच्चर, शाभर, चमरी, यी पशु योटा खुर भएका हुन्छन्। हे विदुर! अब म तिमीलाई पाँच खुर हुने पशु भन्दछु, सुन–॥ २२ ॥
कुकुर, स्याल, ब्वाँसो, बाघ, बिरालो, खरायो, शल्लक (दुम्सी), सिंह, बानर, हात्ती, कछुवा, गोही, कङ्क (कड़ाकुल), गिद्ध बटाई, बाज, भास, भालू, मयूर, हँस, सारस, चक्रवाक
र उल्लू आदि पशु-पंक्षीका पाँच नंग्रा हुन्छन्। (माथि गणना गराइएका मगर आदि जन्तु र कङ्क आदि पक्षी सबै मिलाएर जम्मा अट्ठाइस प्रकारका तिर्यक् योनिका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् ॥२३-२४॥ हे विदुर ! उत्तानो परेर सुत्ने मनुष्यहरूको नवौं सृष्टि मानिएको छ । मनुष्य वर्ग रजोगुणात्मक तथा कर्मठ हुन्छन् र यो *राज्यादिका दुःखलाई पनि सुख मान्दछन् ॥२५॥ हे विदुर ! यी तीनै थरि वैकृत सृष्टि हुन् । देवताहरूको सृष्टि पनि वैकृत सृष्टिकै अन्तर्गत छ, तर सनत्कुमार आदिको सृष्टि उभयात्मक (प्राकृत-वैकृतात्मक) छ, किनकि यी देवता र मनुष्य दुवै नामले प्रसिद्ध छन् ॥२६॥ देव-सृष्टि आठ प्रकारको हुन्छ—देव, पितर, असुर, गन्धर्व, अप्सरा, सिद्ध, यक्ष, राक्षस, भूत, प्रेत, पिशाच, विद्याधर, तथा किम्पुरुष आदि । हे विदुर ! ब्रह्माको सृष्टिका भेद यनै हुन् ॥२७-२८॥ अब वंश र मन्वन्तरको वर्णन गर्दछु—प्रत्येक कल्पको प्रारम्भमा अव्यर्थ-विचारशील, स्वयंभू ईश्वर रजोगुणको आधारबाट स्वयं आफूलाई विविध आकृतिहरूमा व्यक्त गर्दै सृष्टिको कार्य गर्दछ ॥२९॥ इति श्रीमद्भागवते तृतीयस्कन्धे दशमोऽध्यायः ॥१०॥ (मन्वन्तरादि

कोलूकादयः खगाः ॥ २४ ॥ अर्वाक्स्रोतस्तु नवमः क्षत्तरेकविधो नृणाम् ॥ रजोऽधिकाः कर्मपरा दुःखे च सुखमानिनः ॥ २५ ॥ वैकृतास्त्रय एवैते देवसर्गश्च सत्तम ॥ वैकारिकस्तु यः प्रोक्तः कौमारस्तूभयात्मकः ॥ २६ ॥ देवसर्गश्चाष्टविधो विबुधाः पितरोऽसुराः ॥ गन्धर्वाप्सरसः सिद्धा यक्षरक्षांसि चारणाः ॥ २७ ॥ भूतप्रेतपिशाचाश्च विद्याध्राः किन्नरादयः ॥ दशैते विदुराख्याताः सर्गास्ते विश्वसृक्कृताः ॥ २८ ॥ अतः परं प्रवक्ष्यामि वंशान्मन्वन्तराणि च ॥ एवं रजःप्लुतः स्रष्टा कल्पादिष्वात्मभूर्हरिः ॥ सृजत्यमोघसंकल्प आत्मैवात्मानमात्मना ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे दशमोऽध्यायः ॥ १० ॥ मैत्रेय उवाच ॥ चरमः सद्विशेषाणामनेकोऽसंयुतः सदा ॥ परमाणुः स विज्ञेयो नृणामैक्यभ्रमो यतः ॥ १ ॥ सत एव पदार्थस्य स्वरूपावस्थितस्य यत् ॥ वैकल्यं परममहानविशेषो निरन्तरः ॥ २ ॥ एवं कालोऽप्यनुमितः सौक्ष्म्ये स्थौल्ये

कालको परिमिति मैत्रेय भन्दछन्—हे विदुर ! पूर्वोक्त महत्तत्वादिहरूको अन्तिम अंश परमाणु कहिन्छ (त्यसको अगाडि कुनै प्रकारको अंश विभाजन गर्न सकिन्न । अतिशय सूक्ष्म अंश परमाणु कहिन्छ) ती नै अनेक परमाणु जब एकत्रित हुन्छन् तब मनुष्य भ्रममा परेर ती अनेक परमाणुहरूलाई यौटै ठान्न थाल्दछन् ॥१॥ जुन पदार्थको अतिशय सूक्ष्म अंश परमाणु हुन्छ, त्यही पदार्थ जब अत्यन्त स्थूल अवस्थामा पुग्दछ तब 'परम महान्' कहिन थाल्दछ । त्यस परम महान्मा कुनै विशेषता वा भेदको सम्भावना रहन्न । यसैले भन्न करै लाग्दछ कि यो विश्व नै 'परम महान्' छ ॥२॥ जस्तै—परमाणु स्थूल र सूक्ष्म हुन्छ, त्यसै गरी काल पनि स्थूल र सूक्ष्म मानिन्छ । त्यो अव्यक्त रहेछ

* उदाहरण (सुख राज्यमा छैन)— यौटा राजाले कुनै अर्को राज्यमा हमला गरेर त्यहाँका राजालाई मारिदियो र त्यसको गद्दीमा अधिकार गरिलियो । केही दिनपछि राजाले त्यहाँका अफिसरहरूलाई भने—'यस राजाका वंशको कोही छ भने डाक म त्यसलाई गद्दीमा बसाल्छु ।' अफिसरले भने—'तिनको वंशमा त कोही पनि छैन । अँ, तिनको यौटा सगोत्री छ र त्यो विरक्त भएर नगीचैको मशानमा बस्तछ ।' राजाले उसलाई डाक्न लगाए, तर त्यो आएन । अनि राजा स्वयं गए र भने—'म तिमीलाई यो राजगद्दी दिन्छु, हिंड !' विरक्तले अस्वीकार गरिदिए । यद्यपि ती राजाले निकै आग्रह गरे तैपनि विरक्तले मानेन । अनि राजाले भने—'मसित केही वस्तु माग ।' विरक्तले भन्यो—'मलाई केही पनि चाहिन्न ।' राजाले फेरि आग्रह गरेपछि उसले भन्यो—'मलाई यस्तो जीवन चाहिन्छ—जसको कहिल्यै मृत्यु नहोस् । मलाई यस्तो आनन्द चाहिन्छ जुन अविनाशी होस् र वृद्धावस्था कहिल्यै मनेर आउन नपाओस् ।' राजाले भन्यो—'यो त म दिन सक्तिन । यी सबै वस्तु त ईश्वरको हातमा छ ।' अनि विरक्तले भन्यो—'यसैले त मैले ईश्वरको शरण लिएको छु । म यो राज्य लिएर के गर्दछु ।'

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि सबै व्यक्त पदार्थहरू भोग गर्दछ र सबै पदार्थहरूमा व्याप्त रहन्छ ॥३॥ जुन काल विश्वप्रपंचको परमाणु अवस्थाको भोग गर्दछ, त्यस काललाई परमाणु काल भन्दछन् । जुन काल पूर्ण अवस्थाको भोग गर्दछ, त्यसलाई 'परम महान्' भन्दछन् (अर्थात् सूर्य जति समयमा परमाणु देशलाई नाघ्दछ, त्यतिनै समयलाई परमाणु काल र जति समयमा द्वादशराश्यात्मक भुवनको पारी पुग्छ, त्यसैलाई परम महान् भन्दछन्) ॥४॥ दुइ परमाणुहरूको यौटा 'अणु' र तीन अणुहरूको यौटा 'त्रसरेणु' हुन्छ । त्यो त्रसरेणु आँखीझ्याल भित्र पस्ने सूर्यका किरणमा स्पष्ट देखिन्छ । त्यो बराबर माथि उड्दै रहन्छ—पृथ्वीमा झर्दैन ॥५॥ तीन त्रसरेणुहरूको भोग गर्ने काललाई 'त्रुटि' भन्दछन् । सय त्रुटिहरूको भोगकाल 'वेध' कहिन्छ, तीन वेधको भोगकाललाई 'लव' भन्दछन् ॥६॥ तीन लवको एक 'निमेष' तीन निमेषको एक 'क्षण', पाँच क्षणको एक 'काष्ठा' र पन्ध्र काष्ठाहरूको एक 'लघु' हुन्छ ॥७॥ पन्ध्र लघुहरूको एक 'नाडिका' हुन्छ । दुइ नाडिकाको एक मुहूर्त र छ वा सात घडिहरूको एक 'प्रहर' हुन्छ ॥८॥ छ पल तामाको

च सत्तम ॥ संस्थानभुक्त्या भगवानव्यक्तो व्यक्तभुग्विभुः ॥ ३ ॥ स कालः परमाणुर्वै यो भुक्ते परमाणुताम् ॥ ततोऽविशेषभुग्यस्तु स कालः परमो महान् ॥ ४ ॥ अणुर्द्वौ परमाणुः स्यात्त्रसरेणुस्त्रयः स्मृतः ॥ जालार्करश्म्यवगतः खमेवानुपतन्नगात् ॥ ५ ॥ त्रसरेणुत्रिकं भुङ्क्ते यः कालः स त्रुटिः स्मृतः ॥ शतभागस्तु वेधः स्यात्तैस्त्रिभिस्तु लवः स्मृतः ॥ ६ ॥ निमेषस्त्रिलवो ज्ञेय आम्नातस्ते त्रयः क्षणः ॥ क्षणान्पञ्च विदुः काष्ठां लघुता दश पञ्च च ॥ ७ ॥ लघूनि वै समाम्नाता दशपंच च नाडिकाः ॥ ते द्वे मुहूर्तः प्रहरः षड्यामः सप्त वा नृणाम् ॥८॥ द्वादशार्धपलोन्मानं चतुर्भिश्चतुरंगुलैः ॥ स्वर्णमाषैः कृतच्छिद्रं यावत्प्रस्थजलप्लुतम् ॥ ९ ॥ यामाश्चत्वारश्चत्वारो मर्त्यानामहनी उभे ॥ पक्षः पंचदशाहानि शुक्लः कृष्णश्च मानद ॥ १० ॥ तयोः समुच्चयो मासः पितॄणां तदहर्निशम् ॥ द्वौ तावृतू षडयनं दक्षिणं चोत्तरं दिवि ॥ ११ ॥ अयने चाहनी प्राहुर्वत्सरो द्वादश स्मृतः ॥ संवत्सरशतं नृणां परमायुर्निरूपितम् ॥ १२ ॥ ग्रहर्क्षताराचक्रस्थः परमाण्वादिना जगत् ॥ संवत्सरावसानेन पर्येत्यनिमिषो विभुः ॥१३॥ संवत्सरः परिवत्सर इडावत्सर एव च ॥ अनुवत्सरो वत्सरश्च विदुरैवं प्रभाष्यते ॥१४॥ यः सृज्यशक्तिमुरुधोच्छ्वसयन्स्वशक्त्या पुंसोऽभ्रमाय

यौटा यस्तो पात्र बनाओस् जसमा एक प्रस्थ पानी अटाओस् । त्यस पात्रका पिंधको माझमा यौटा यस्तो प्वाल पारोस्, जसमा एक मासा सुनको चार अंगुल लामो सुइरो पस्नसकोस् । त्यस प्वालबाट जति बेरमा एक प्रस्थ पानी निस्कन्छ, त्यति समयलाई नाडी (घटी वा दण्ड) भन्दछन् ॥९॥ आठ याम (प्रहर) को एक दिन रात हुन्छ । अर्थात् चार प्रहरको दिन र चार प्रहरको रात । यस्ता पन्ध्र दिन र रातहरूको एक पक्ष हुन्छ । तिनका 'शुक्ल' 'कृष्ण' दुइ भेद हुन्छन् ॥१०॥ दुइ पक्षको एक महिना हुन्छ । यस प्रकार मनुष्यहरूको एक महीना पितृहरूको एक दिन र रातको बराबर हुन्छ । दुइ महीनाको एक ऋतु हुन्छ । तीन ऋतुको एक अयन हुन्छ । त्यो अयन दुइ प्रकारको हुन्छ—उत्तरायण र दक्षिणायन ॥१०॥ दुइ अयन (एक वर्ष) देवताहरूको एक दिन र रातको समान हुन्छ । बाह्र महीनाको एक वर्ष हुन्छ । मनुष्यहरूको परमायु सय वर्षको मानिएको छ ॥१२॥ ग्रह (चन्द्र-शनि आदि) तथा नक्षत्र (अश्विनी-भरणी आदि) तारा (साधारण तारिकाहरू) मण्डलमा निवास गर्दै परमाणुबाट लिएर वर्ष भरिको समयसम्म यस भुवन-कोशको फेरो लगाउँदै रहन्छन् ॥१३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे विदुर ! संवत्सर पनि पाँच थरिका हुन्छन्-संवत्सर, परिवत्सर, इडावत्सर, अनुवत्सर र वत्सर ॥१४॥ हे संसारी जन हो ! जुन सृष्टि कार्यलाई शक्तिहरूको कालात्मिका शक्तिद्वारा कार्यमा प्रवृत्त गर्दै बराबर आकाशमा हिंडिरहने र मनुष्यहरूको अम्लान नष्ट गर्दछन्, ती महाभूत स्वरूप र पञ्च-संवत्सर-प्रवर्तक सूर्य भगवान्‌लाई तिमी विविध सामग्रीहरू एकत्र पारेर पूजा गर ॥१५॥ यति सुनेर विदुर भन्दछन्–पितृहरू, मनुष्यहरूको परमाणु हजुरले भन्नुभयो । अब मलाई ती ज्ञानीहरूको गति भन्नु हवस्, जो यस कल्प तथा त्रैलोक्यको बाहिर अरु-अरु लोकहरूमा बस्तछन् ॥१६॥ हजुर कालको गति राम्ररी जान्नुहुन्छ, किनकि धैर्यशाली योगी योगदृष्टिद्वारा समस्त विश्वलाई देख्दछन् ॥१७॥ मैत्रेयले भने–हे विदुर ! सत्य, त्रेता, द्वापर र कलि यी चार युग छन् । देवताहरूका बाह्र हजार वर्षमा युगसन्ध्या र संध्यांश सहित यी चारै युग बितेर जान्छन् ॥१८॥ देवताहरूको चार हजार वर्षको सत्ययुग हुन्छ । त्यस सत्ययुगको आदि र अन्त्यको परिमाण चार-चार सय वर्षको हुन्छ । देवताहरूको तीन हजार वर्षको त्रेता युग हुन्छ । यसको आदि-अन्त्यको समय तीन-

दिवि धावति भूतभेदः ॥ कालाख्यया गुणमयं क्रतुभिर्वितन्वंस्तस्मै बलिं हरत वत्सरपंचकाय ॥ १५ ॥ विदुर उवाच ॥ पितृदेवमनुष्याणामायुः परमिदं स्मृतम् ॥ परेषां गतिमाचक्ष्व ये स्युः कल्पाद्बहिर्विदः ॥ १६ ॥ भगवान् वेद कालस्य गतिं भगवतो ननु ॥ विश्वं विचक्षते धीरा योगाराद्धेन चक्षुषा ॥ १७ ॥ मैत्रेय उवाच ॥ कृतं त्रेता द्वापरं च कलश्चेति चतुर्युगम् ॥ दिव्यैर्द्वादशभिर्वर्षैः सावधानं निरूपितम् ॥ १८ ॥ चत्वारि त्रीणि द्वे चैकं कृतादिषु यथाक्रमम् ॥ संख्यातानि सहस्राणि द्विगुणानि शतानि च ॥१९॥ संध्यांशयोरन्तरेण यः कालशतसंख्ययोः ॥ तमेवाहुर्युगं तज्ज्ञा यत्र धर्मो विधीयते ॥२०॥ धर्मश्चतुष्पान्मनुजान्कृते समनुवर्तते ॥ स एवान्येष्वधर्मेण व्येति पादेन वर्धता ॥२१॥ त्रिलोक्या युगसाहस्रं बहिराब्रह्मणो दिनम् ॥ तावत्येव निशा तात यन्निमीलति विश्वसृक् ॥२२॥ निशावसान आरब्धो लोककल्पोऽनुवर्तते ॥ यावद्दिनं भगवतो मनून्भुञ्जंश्चतुर्दश ॥२३॥ स्वं स्वं कालं मनुर्भुङ्क्ते साधिकां ह्येकसप्ततिम् ॥ मन्वन्तरेषु मनवस्तद्वंश्या ऋषयः सुराः ॥ भवन्ति चैव युगपत्सुरेशाश्चानु ये च तान् ॥ २४ ॥

तीन सय वर्षको हुन्छ । देवताहरूको दुइ हजार वर्षको कलियुग हुन्छ र यसको आदि-अन्तको परिमाण सय-सय वर्षको मानिन्छ ॥१९॥ अपर संध्या (युगको आदिमा) र सन्ध्यांश (युगको अन्त) का जति सय वर्ष बताइएका छन्, तिनको बीचको समय युग कहिन्छ । समयका ज्ञाता जन तिनै समयमा आफ्ना धार्मिक कृत्यहरू सम्पन्न गर्दछन् ॥२०॥ सत्ययुगमा धर्मका चारै पाउ विद्यमान रहन्छन् । अतएव यस युगमा सबै व्यक्ति पूर्ण धर्मात्मा हुन्छन् । युगधर्मको अनुसार प्रत्येक युगमा धर्मका एक-एक चरण घट्दै जान्छन् ॥२१॥ त्रैलोक्यको बाहिर महर्लोकबाट ब्रह्मलोकसम्म देवताहरूको हजार चतुर्युगको एक दिन हुन्छ र त्यति नै समयको रात पनि हुन्छ। हे तात विदुर ! त्यस रातमा नै ब्रह्माजी सुत्तछन् ॥२२॥ रात बितेपछि ती उठेर आफ्नो सृष्टिकार्य आरम्भ गर्दछन् । ब्रह्माजीको एक दिनमा चौध मनु आफ्नो कार्यकाल समाप्त गरिसक्दछन् ॥२३॥ ती चौध मनु-हरूमा प्रत्येक मनुको कार्यकाल एकहत्तर चतुर्युगी भन्दा पनि केही बढ्तै समयको हुन्छ । प्रत्येक मन्वन्तरमा मनु, मनुका वंशज राजाहरू, सप्तर्षि, इन्द्र र तिनका अनुयायी गन्धर्व

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी सबै साथै उत्पन्न हुन्छन् ॥२४॥ तीनै लोकमा ब्रह्माजीको प्रतिदिनको सृजन-कार्यमा यही क्रम चलिरहन्छ र तिनको सृष्टिमा प्राणी आफाफ्ना कर्मानुसार तिर्यक्, मनुष्य, पितर तथा देवताहरूको योनिमा जन्म लिन्छन् ॥२५॥ प्रत्येक मन्वन्तरमा भगवान् सत्त्वगुणको आश्रय लिएर आफ्नो मूर्तिबाट नै मनु आदिको रूपमा अवतार लिएर आफ्नो पुरुषार्थको प्रदर्शन गर्दै जगत्को रक्षा गर्दछन् ॥ २६ ॥ दिनपछि रातको समयमा ब्रह्मा तमोगुणको केही अंशग्रहण गरेर सृष्टिकार्य थामेर निदाउँछन् र त्यो कालशक्तिको प्रेरणाद्वारा यो समस्त विश्व ब्रह्ममा लीन भएर जान्छ ॥२७॥ यस्तो अवस्थामा जब कि सूर्य र चन्द्रमा रहन्नन् तब त्यो घोर अन्धकारको बेलामा भूर्लोक आदि तीनै लोक पनि उनै भगवान्मा लीन हुन्छन् ॥२८॥ त्यस बेला शेष-भगवान्को मुखबाट निस्केको आगोको ज्वालामा तीनै लोक बल्न लाग्दछन् । त्यस ज्वालाले सन्तप्त भएर महर्लोकका निवासी भृगु आदि मुनि महर्लोकबाट जनलोकमा जान्छन् ॥२९॥ त्यस बल्दो त्रिभुवनमा कल्पान्तको बेला समुद्र बढ्दछ र वायु ठूलो वेगले बग्न थाल्दछ । वायुको प्रबल वेगबाट उठेको समुद्रको

एष दैनन्दिनः सर्गो ब्राह्मस्त्रैलोक्यवर्तनः ॥ तिर्यङ्नृपितृदेवानां सम्भवो यत्र कर्मभिः ॥ २५ ॥ मन्वन्तरेषु भगवान्बिभ्रत्सत्त्वं स्वमूर्तिभिः ॥ मन्वादिभिरिदं विश्वमवत्युदितपौरुषः ॥ २६ ॥ तमोमात्रामुपादाय प्रतिसंरुद्धविक्रमः ॥ कालेनानुगताशेष आस्ते तूष्णीं दिनात्यये ॥ २७ ॥ तमेवान्वपिधीयन्ते लोका भूरादयस्त्रयः ॥ निशायामनुवृत्तायां निर्मुक्तशशिभास्करम् ॥ २८ ॥ त्रिलोक्यां दह्यमानायां शक्त्या संकर्षणाग्निना ॥ यान्त्यूष्मणा महर्लोकाज्जनं भृग्वादयोऽर्दिताः ॥ २९ ॥ तावत्त्रिभुवनं सद्यः कल्पांतैधितसिन्धवः ॥ प्लावयन्त्युत्कटाटोपचण्डवातेरितोर्मयः ॥ ३० ॥ अन्तः स तस्मिन्सलिल आस्तेऽनन्तासनो हरिः ॥ योगनिद्रानिमीलाक्षः स्तूयमानो जनालयैः ॥ ३१ ॥ एवंविधैरहोरात्रैः कालगत्योपलक्षितैः ॥ अपेक्षितमिवास्यापि परमायुर्वयःशतम् ॥ ३२ ॥ यदर्धमायुषस्तस्य परार्धमभिधीयते ॥ पूर्वः परार्धोऽपक्रान्तो ह्यपरोऽद्य प्रवर्तते ॥ ३३ ॥ पूर्वस्यादौ परार्धस्य ब्राह्मो नाम महानभूत् ॥ कल्पो यत्राभवद्ब्रह्मन्शब्दब्रह्मेति यं विदुः ॥ ३४ ॥ तस्यैव चान्ते कल्पोऽभूद्यं पाद्ममभिचक्षते ॥ यद्धरेर्नाभिसरस आसील्लोकसरोरुहम् ॥ ३५ ॥ अयं तु कथितः कल्पो द्वितीयस्यापि भारत ॥ वाराह इति विख्यातो यत्रासीत्सूकरो हरिः ॥ ३६ ॥ कालोऽयं द्विपरार्धाख्यो निमेष उपचर्यते ॥ अव्याकृतस्यानन्तस्य अनादेर्जगदात्मनः ॥३७॥ कालोऽयं परमाण्वादिर्द्विपरार्धान्त ईश्वरः ॥ नैवेशितुं

अग्लो-अग्लो तरंगहरू तीनै लोकलाई डुबाइदिन्छ ॥३०॥ त्यस बखत योगनिद्राको वशीभूत भएर भगवान् त्यस जलमाथि शेष शय्यामा शयन गर्दछन् र जनलोक निवासी भृगु आदि मुनि तिनका स्तुति गर्न लाग्दछन् ॥३१॥ ब्रह्मदेवको त्यो सय वर्षको लामो आयु पनि दिन-रातको चक्रमा अल्झेर व्यतीत हुन्छन् ॥३२॥ ब्रह्माको आधा आयु 'परार्ध' कहिन्छ । त्यो पहिलो परार्ध बितिसक्यो, अब दोस्रो परार्ध चलिरहेछ ॥३३॥ प्रथम परार्धभन्दा पहिले ब्राह्मकल्प नामको यौटा महाकल्प भएको थियो, जसमा उत्पन्न ब्रह्मा वेदका स्वरूप थिए । त्यसै कारण ती 'शब्दब्रह्म' कहिन्छन् ॥३४॥ब्राह्मकल्पपछि पाद्मकल्प आयो,यसमा नारायणको नाभिबाट विश्वसृष्टिको भण्डारस्वरूप कमल उत्पन्न भयो ॥३५॥ हे विदुर ! यो मैले तिमीलाई द्वितीय कल्पको कुरा बुझाएँ त्यसलाई वाराहकल्प भन्दछन् । यसमा भगवान्ले वाराह (सूकर) अवतार लिएका थिए॥३६॥ यसरी कालानुसार सृष्टि र आयुको परिमाण बताएर अब

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालको परिमाण रहित तत्त्वहरूको वर्णन गर्दछन्–यो समय द्विपरार्ध कहिन्छ। यो विकार रहित, अनन्त र अनादि छ। यो जगत्को आत्मस्वरूप भगवान्को केवल निमेष-मात्र हुन्छ ॥३७॥ यद्यपि जे पनि गर्नसक्ने सामर्थ्य कालमा छ, तापनि ती असीम र परिपूर्ण नारायणमाथि त्यसको कुनै पनि प्रभाव चल्न सक्तैन। त्यसको हात कामिनी र कांचन तथा देह-गेहको मायामा मरिमेट्ने मनुष्यसम्ममै सीमित रहन्छ ॥३८॥ मोह विकार र आठ प्रकृति द्वारा बनेको यस ब्रह्माण्डको विस्तार पचास करोड योजन छ र उत्तरोत्तर दसगुना बर्ता पृथिवी आदि आवरणले आवृत्त छ ॥३९॥ यो विशाल ब्रह्माण्ड ती परम पुरुष परमात्मामा परमाणु समान देखिन्छन् र तिनको शरीरमा यस्ता यस्ता अगणित ब्रह्माण्ड भरिएका छन् ॥४०॥ ती परमात्मालाई मानिस सबै कारणका पनि कारण, विष्णु भगवान्, परमधाम (तेज) र अक्षर (अविनाशी) ब्रह्म भन्दछन् ॥४१॥ इति श्रीमद्भागवते तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां एकादशोऽध्यायः ॥११॥ (सृष्टिको विस्तार) मैत्रेय भन्दछन्–हे विदुर ! यसरी मैले कालस्वरूप परमात्माको महिमाको

प्रभुर्भूम्न ईश्वरो धाम मानिनाम् ॥ ३८ ॥ विकारैः सहितो युक्तैर्विशेषादिभिरावृतः ॥ आण्डकोशो बहिरयं पञ्चाशत्कोटिविस्तृतः ॥ ३९ ॥ दशोत्तराधिकैर्यत्र प्रविष्टः परमाणुवत् ॥ लक्ष्यन्तेऽन्तर्गताश्चान्ये कोटिशो ह्यण्डराशयः ॥ ४० ॥ तदाहुरक्षरं ब्रह्म सर्वकारणकारणम् ॥ विष्णोर्धाम परं साक्षात्पुरुषस्य महात्मनः ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे एकादशोऽध्यायः ॥ ११ ॥ मैत्रेय उवाच ॥ इति ते वर्णितः क्षत्तः कालाख्यः परमात्मनः ॥ महिमा वेदगर्भोऽथ यथाऽस्राक्षीन्निबोध मे ॥१॥ ससर्जाग्रेऽन्धतामिस्रमथ तामिस्रमादिकृत् ॥ महामोहं च मोहं च तमश्चाज्ञानवृत्तयः ॥२॥ दृष्ट्वा पापीयसीं सृष्टिं नात्मानं बह्वमन्यत ॥ भगवद्ध्यानपूतेन मनसाऽन्यांस्ततोऽसृजत् ॥३॥ सनकं च सनंदं च सनातनमथात्मभूः ॥ सनत्कुमारं च मुनीन्निष्क्रियानूर्ध्वरेतसः ॥४॥ तान्बभाषे स्वभूः पुत्रान्प्रजाः सृजत पुत्रकाः ॥ तन्नैच्छन्मोक्षधर्माणो वासुदेवपरायणाः ॥५॥ सोऽवध्यातः सुतैरेवं प्रत्याख्यानानुशासनैः ॥ क्रोधं दुर्विषहं जातं नियन्तुमुपचक्रमे ॥ ६ ॥ धिया निगृह्यमाणोऽपि भ्रुवोर्मध्यात्प्रजापतेः ॥ सद्योऽजायत

वर्णन गरें। अब वेदगर्भ ब्रह्माले सृष्टिको कार्य कसरी सम्पन्न गरे भन्ने सुन ॥१॥ पहिले पाँच अविद्या-वृत्तिहरू सृष्टि गरे। जस्तै–तम अर्थात् स्वरूप प्रकाश, मोह (देहादिको अहंकार वृत्ति) महामोह (भोगेच्छा) तामिस्र (इच्छित भोग नपाउनाले क्रोध) अन्धतामिस्र (भोग र त्यसका साधन नष्ट भएपछि आफूमरेझैं ठान्ने भावना) इनमा पनि पहिले अन्धतामिस्रको रचना भयो ॥२॥ तर त्यो पापमयी सृष्टिलाई देखेर ब्रह्माजीलाई सन्तोष भएन अतः उनले फेरि भगवान्को ध्यान गरेर आफ्नो मन पवित्र पारे। अनि अन्यान्य वस्तुको रचना गरे ॥३॥ यसै क्रममा ब्रह्माजीले सनक, सनन्दन, सनातन, सनत्कुमार यी चार ऋषिहरूलाई उत्पन्न गरे। ती सबै पूर्ण ब्रह्मचारी थिए ॥४॥ तिनलाई उत्पन्न गरिसकेपछि ब्रह्माजीले ती सबैसित भने–'हे पुत्र हो! तिमीहरू सन्तान उत्पन्न गरेर प्रजाको सृष्टि गर। तर तिनीहरू जन्मदेखि नै मोक्षका अभिलाषी र भगवान्का भक्त थिए, अतः उनले सन्तान उत्पादन र प्रजाको सृष्टि गर्ने काममा अनिच्छा प्रकट गरे ॥५॥ आफ्नो आज्ञाको अवहेलनमा गर्ने पुत्रहरू द्वारा त्यसरी तिरस्कृत भएपछि ब्रह्माजीलाई निकै रिस उठ्यो, तर। तिनले

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोक्न खोले ।।६।। यद्यपि आफ्नो बुद्धिद्वारा उनले *रिस रोक्ने चेष्टा गरे, तर त्यो रोकिन सकेन । तिनको आँखीभौंको मध्यभागबाट नीललोहित कुमारको रूपमा प्रकट भए ।।७।। देवताहरूका पूर्वज भगवान नीललोहित रुनलागे र उनले भने–हे ब्रह्मन् ! हे जगद्गुरो ! हजुर मेरो नामकरण गर्नोस् र बस्ने स्थान देखाउनोस् ।।८।। तिनको कुरा सुनेर ब्रह्माजी भन्नु हुन्छ–तिमी नरोऊ । म शीघ्र नै तिम्रो नामकरण गरेर तिम्रो बस्ने स्थानको निधो गरिदिन्छु ।।९।। हे सुरश्रेष्ठ ! तिमी जन्मनासाथ बालक झैं उद्वेगपूर्वक रुन लागेथ्यौ । यसनिम्ति तिमीलाई सबैले (रुद्र) भन्ने छन् ।।१०।। हृदय, इन्द्रिय, प्राण, आकाश, वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्रमा तथा तप इनलाई पहिलेदेखि नै तिम्रो वासस्थानको निम्ति

तन्मन्युः कुमारो नीललोहितः ।। ७ ।। स वै रुरोद देवानां पूर्वजो भगवान्भवः ।। नामानि कुरु मे धातः स्थानानि च जगद्गुरो ।।८।। इति तस्य वचः पाद्मो भगवान्परिपालयन् ।। अभ्यधाद्भद्रया वाचा मा रोदीस्तत्करोमि ते ।। ९ ।। यदरोदीः सुरश्रेष्ठ सोद्वेग इव बालकः ।। ततस्त्वामभिधास्यन्ति नाम्ना रुद्र इति प्रजाः ।। १० ।। हृदिन्द्रियाण्यसुर्व्योम वायुरग्निर्जलं मही ।। सूर्यश्चन्द्रस्तपश्चैव स्थानान्यग्रे कृतानि मे ।। ११ ।। मन्युर्मनुर्महिनसो महाञ्छिवऋतुध्वजः ।। उग्ररेता भवः कालो वामदेवो धृतव्रतः ।। १२ ।। धीर्वृत्तिरुशनोमा च नियुत्सर्पिरिलाऽम्बिका ।। इरावती सुधा दक्षा रुद्राण्यो रुद्र ते स्त्रियः ।। १३ ।। गृहाणैतानि नामानि स्थानानि च सयोषणः ।। एभिः सृज प्रजा बह्वीः प्रजानामसि यत्पतिः ।।१४।। इत्यादिष्टः स गुरुणा भगवान्नीललोहितः ।। सत्त्वाकृतिस्वभावेन ससर्जात्मसमाः प्रजाः ।। १५ ।। रुद्राणां रुद्रसृष्टानां समंताद्ग्रसतां जगत् ।। निशाम्य

बनाइराखेको छु ।।११।। रुद्रबाहेक तिम्रा यी एघार नाम पनि हुनेछन्–मन्यु, मनु, महीनस, महान्, प्रिय, शिव, ऋतुध्वज, उग्ररेता, भव, काल, वामदेव र धृतव्रत ।।१२।। हे रुद्र ! धी, वृत्ति, उसना, उमा, नियुत्सर्पि, इला, अम्बिका, इरावती, सुधा, दाक्षा र रुद्राणी यी एघार तिम्रा पत्नी हुनन् ।।१३।। तिमी मैले बताएका नाम स्थान र स्त्रीहरू अंगीकार गरेर अनेक प्रजाहरुको सृष्टि गर, किनकि तिमी प्रजापति हौ ।।१४।। ब्रह्माजीको आज्ञा पाएर रुद्र-भगवान्ले आफू जस्तै बलवान् आकृतिमान् (नीललोहित सहित) र तीक्ष्ण

---

* उदाहरण (रिस जिते)—यौटा महात्मा शान्त प्रकृतिका थिए। तिनको नियम थियो — कसैले कति नै बर्ता हानि गरोस्, तर रिस नगरेर त्यसको उपकार नै गर्दथे। यस्तो सरल स्वभावले गर्दा चारैतिर महात्माको कीर्ति फैलिन लाग्यो। तिनको नियम देखेर अरु मानिस पनि अनुसरण गर्नलागे। त्यही गाउँमा यौटा दुष्ट मनुष्य बस्तथ्यो। परसन्तापी हुनाले त्यो ती साधुको कीर्ति सहन सकेन। अतः त्यो तीसित इर्ष्या गर्न लाग्यो। एक दिन ती साधुकहाँ गएर भन्न लाग्यो—'बाबाजी ! चिलम देऊ।' महात्माले भने- म तमाखु खान्न। यस निम्ति मसित चिलम छैन। चीसो पानी लान्छौ भने दिन्छु।' दुष्टले भन्यो—'बाबा र सिद्ध पुरुष बनेर बसेका छौ, तमाखु पनि राख्तैनौ ? अनि तिमीलाई बाबा बन्न कसले सल्लाह दियो ? तिमी भन्दा असल त खरानी घस्ने साधू हुन्छन्, जो तमाखु त दिन सक्छन्। तिमी लाएर भैंसी झैं मोटाएका छौ र हामीजस्ताको सत्कार पनि गर्दैनौ। तिम्रो जीवनलाई धिक्कार छ। सबैलाई ठगेर खान्छौ र सिद्ध बनिरहेछौ। तमाखु जस्तो चीज पनि तिमीसित छैन भने समाधि कसरी लगाउँछौ ? तमाखु नखाइ कतै समाधि लाग्दछ ?' महात्माले हाँसेर भने—'हे भाई, लेउ यो चीनीको शर्बत पिय। यसले तिमी बाहिरबाट आएका छौ, थाके हौला। त्यैमाथि यति का कुरा गर्‍यौ, कपाल पनि दुख्यो होला। अब त्यो दुष्टको रिस शान्त भयो। उसले हुक्का भन्दा हजार गुना स्वादिष्ट शर्बत पियो। त्यसले मस्तिष्कमा चढेको तमाखुको गर्मी निस्कि र सात्विकता आयो। त्यसलाई आफ्नो दुर्गुणको ज्ञान भयो। अब त्यो ती महात्माको पाउमा न्यूरियो र त्यसै बखतदेखि गाँजा, भाँग, तमाखु आदि त्यागि दियो। त्यतिमात्र होइन, त्यसले अनेक व्यक्तिको त्यो नजाति बानी छुटाइदियो र त्यसै बखतदेखि त्यो पनि महात्माको अनन्य भक्त बन्यो।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रभावका सन्तान उत्पन्न गरे ॥१५॥ रुद्रद्वारा उत्पन्न अगणित रुद्रगण जब चारैतिरबाट संसारलाई खाइदिनलागे, तब ब्रह्माजीलाई शंका भयो र उनले रुद्रसित भने—॥१६॥ हे सुरश्रेष्ठ ! तिमी यस्ता प्रजा उत्पन्न नगर । यी प्रजाहरू त आफ्ना डरलाग्दा आँखाले मेरो सृष्टिलाई मानो भस्म पारिरहेछन् ॥१६॥ तिम्रो कल्याण होस ! अब तिमी गएर तपस्या गर, त्यसले सबैलाई सुख प्राप्त हुनेछ र तपोबलले तिमी उस्तै विश्वको सृष्टि गर्नमा समर्थ हुनेछौ—जस्तो कि पहिले गरेका थियौ ॥ १८ ॥ यस बाहेक सर्वोत्कृष्ट ज्योतिष्मान् र घट-घटमा बस्ने नारायण पनि तपस्या द्वारा नै सुगमताले प्राप्त हुन सक्छन्, अरु उपाय छैन ॥१९॥ मैत्रेय भन्दछन्—यस्तो ब्रह्माको आज्ञा सुनेर रुद्र-भगवान्ले वाणीपति ब्रह्माका तीनपल्ट परिक्रमा गरे र तपस्याको निम्ति वनमा गए ॥२०॥ त्यसपछि भगवान्को शक्तिले सम्पन्न ब्रह्माजी फेरि सृष्टि कार्य गर्ने विचार गर्नलागे तब तिनको शरीरबाट यी दस पुत्र उत्पन्न भए । जस्तै ॥२१॥ मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, भृगु, वसिष्ठ, दक्ष र नारद ॥२२॥ तिनमा ब्रह्माजीको काखबाट नारद, औंलाबाट दक्षप्रजापति, श्वासबाट

संख्यशो यूथान्प्रजापतिरशङ्कत ॥ १६ ॥ अलं प्रजाभिः सृष्टाभिरीदृशीभिः सुरोत्तम ॥ मया सह दहन्तीभिर्दिशश्चक्षुर्भिरुल्बणैः ॥ १७ ॥ तप आतिष्ठ भद्रं ते सर्वभूतसुखावहम् ॥ तपसैव यथापूर्वं स्रष्टा विश्वमिदं भवान् ॥१८॥ तपसैव परं ज्योतिर्भगवन्तमधोक्षजम् ॥ सर्वभूतगुहावासमञ्जसा विन्दते पुमान् ॥१९॥ मैत्रेय उवाच ॥ एवमात्मभुवाऽऽदिष्टः परिक्रम्य गिरां पतिम् ॥ बाढमित्यमुमामन्त्र्य विवेश तपसे वनम् ॥ २० ॥ अथाभिध्यायतः सर्गं दश पुत्राः प्रजज्ञिरे ॥ भगवच्छक्तियुक्तस्य लोकसन्तानहेतवः ॥ २१ ॥ मरीचिरत्र्यङ्गिरसौ पुलस्त्यः पुलहः क्रतुः ॥ भृगुर्वसिष्ठो दक्षश्च दशमस्तत्र नारदः ॥ २२ ॥ उत्सङ्गान्नारदो जज्ञे दक्षोऽङ्गुष्ठात्स्वयम्भुवः ॥ प्राणाद्वसिष्ठः सञ्जातो भृगुस्त्वचि करात्क्रतुः ॥ २३ ॥ पुलहो नाभितो जज्ञे पुलस्त्यः कर्णयोर्ऋषिः ॥ अङ्गिरा मुखतोऽक्ष्णोऽत्रिर्मरीचिर्मनसोऽभवत् ॥ २४ ॥ धर्मः स्तनाद्दक्षिणतो यत्र नारायणः स्वयम् ॥ अधर्मः पृष्ठतो यस्मान्मृत्युर्लोकभयङ्करः ॥ २५ ॥ हृदि कामो भ्रुवः क्रोधो लोभश्चाधरदच्छदात् ॥ आस्याद्वाक्सिन्धवो मेढ्रान्निर्ऋतिः पायोरघाश्रयः ॥ २६ ॥ छायायाः कर्दमो जज्ञे देवहूत्याः पतिः प्रभुः ॥ मनसो देहतश्चेदं जज्ञे विश्वकृतो जगत् ॥ २७ ॥ वाचं दुहितरं तन्वीं स्वयम्भूर्हरतीं मनः ॥ अकामां चकमे क्षत्तः सकाम इति नः श्रुतम् ॥ २८ ॥ तमधर्मे कृतमतिं विलोक्य पितरं सुताः ॥ मरीचिमुख्या मुनयो विश्रम्भात्प्रत्यबोधयन्

वसिष्ठ, त्वचाबाट भृगु, हातबाट क्रतु ॥२३॥ नाभिबाट पुलह, कानबाट पुलस्त्य, मुखबाट अंगिरा, नेत्रबाट अत्रि र मनबाट मरीचि उत्पन्न भए ॥२४॥ ब्रह्माको दाहिने स्तनबाट धर्म उत्पन्न भए, जसमा नारायणको निवास रहन्छ । तिनको पिठिउँबाट अधर्मको उत्पत्ति भयो र अधर्मबाट संसारलाई भयभीत पार्ने मृत्युको जन्म भयो ॥ २५ ॥ ब्रह्माजीको हृदयबाट कामदेव, आँखीभौंबाट ओंठ क्रोध, तल्लोबाट लोभ, मुखबाट वाणी, लिंगबाट समुद्र र तिनको गुदाबाट पापहरूको केन्द्र राक्षस उत्पन्न भए ॥२६॥ ती चतुराननको छायाबाट कर्दम प्रजापति उत्पन्न भए, जुन देवहूतिका पति थिए । तिनको मन र देहबाट सम्पूर्ण विश्व उत्पन्न भयो ॥२७॥ त्यसपछि ब्रह्माजीले सरस्वती नामकी यौटी कन्या सृष्टि गरे । तिनको मोहक सौन्दर्यले ब्रह्माजीको मन चलायमान भयो र ती उनलाई सकामभावले हेर्नलागे ॥२८॥ यस प्रकार अधर्मतिर न्यूरेका देखेर तिनका मरीचि आदि छोराहरूले प्रेमपूर्वक सम्झाउँदै

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने—हे पिता ! आफ्नी छोरीसित यस प्रकारको कामुकताको व्यवहार न कहिले कसैले गरेको छ, न गर्नेछ ॥२९-३०॥ हे जगद्गुरो ! यस प्रकारको निन्दित कर्म ठूला-ठूला तेजस्वी-हरूलाई पनि कलंकित पारिदिन्छ, फेरि हजुर त सबैका पिता हुनुहुन्छ। संसारका सबै प्राणी हजुरको चरित्रको अनुगमन गर्दछन् र यसैले उनको कल्याण हुन्छ, जसले आफ्नी शक्तिद्वारा यस विश्वको रचना गरेको छ, ती महामहिम भगवान्‌लाई प्रणाम छ। ती स्वयं आफ्नो धर्मको रक्षा गरुन् ॥३१-३२॥ साम्मुन्ने उपस्थित आफ्ना छोराहरूको कुरा सुनेर ब्रह्माजीलाई बेसरी लाज लाग्यो र उनले त्यही स्थितिमा आफ्नो त्यो शरीर त्यागिदिए। त्यसलाई सबै दिशाहरूले कुहिरोको रूपमा ग्रहण गरिलिए, जो आज पनि विद्यमान छ ॥३३॥ त्यसको धेरै दिनपछि ब्रह्माजी विचार गर्नलागे—यी सबै जनहरू कसरी उस्तै बनाइन्छन्, जस्तो ती पूर्वकल्पमा थिए ॥३४॥ त्यसै बखत तिनका चारै मुखबाट चारै वेद, उपवेद, ऋत्विजहरूको कर्म, यज्ञ-याग, नीतिशास्त्र, धर्मका चारै चरण एवं वृत्तिहरू सहित चारै आश्रम उत्पन्न भए ॥३५॥ विदुरले सोधे—हे तपोधन मैत्रेय ! ती ब्रह्माजीले वेद आदिको जसरी उत्पत्ति

॥२९॥ नैतत्पूर्वैः कृतं त्वद्य न करिष्यन्ति चापरे ॥ यत्त्वं दुहितरं गच्छेरनिगृह्याङ्गजं प्रभुः ॥ ३० ॥ तेजीयसामपि ह्येतन्न सुश्लोक्यं जगद्गुरो ॥ यद्वृत्तमनुतिष्ठन्वै लोकः क्षेमाय कल्पते ॥ ३१ ॥ तस्मै नमो भगवते य इदं स्वेन रोचिषा ॥ आत्मस्थं व्यञ्जयामास स धर्मं पातुमर्हति ॥३२॥ स इत्थं गृणतः पुत्रान्पुरो दृष्ट्वा प्रजापतीन् ॥ प्रजापतिपतिस्तन्वं तत्याज व्रीडितस्तदा ॥ तां दिशो जगृहुर्घोरां नीहारं यद्विदुस्तमः ॥ ३३ ॥ कदाचिद्ध्यायतः स्रष्टुर्वेदा आसंश्चतुर्मुखात् ॥ कथं स्रक्ष्याम्यहं लोकान्समवेतान् यथा पुरा ॥ ३४ ॥ चातुर्होत्रं कर्मतन्त्रमुपवेदनयैः सह ॥ धर्मस्य पादाश्चत्वारस्तथैवाश्रमवृत्तयः ॥ ३५ ॥ विदुर उवाच ॥ स वै विश्वसृजामीशो वेदादीन्मुखतोऽसृजत् ॥ यद्यद्येनासृजद्देवस्तन्मे ब्रूहि तपोधन ॥३६॥ मैत्रेय उवाच ॥ ऋग्यजुःसामाथर्वाख्यान्वेदान्पूर्वादिभिर्मुखैः ॥ शास्त्रमिज्यां स्तुतिस्तोमं प्रायश्चित्तं व्यधात्क्रमात् ॥ ३७ ॥ आयुर्वेदं धनुर्वेदं गान्धर्वं वेदमात्मनः ॥ स्थापत्यं चासृजद्वेदं क्रमात्पूर्वादिभिर्मुखैः ॥ ३८ ॥ इतिहासपुराणानि पञ्चमं वेदमीश्वरः ॥ सर्वेभ्य एव वक्त्रेभ्यः ससृजे सर्वदर्शनः ॥ ३९ ॥ षोडश्युक्थौ पूर्ववक्त्रात्पुरीष्यग्निष्टुतावथ ॥ आप्तोर्यामतिरात्रौ च वाजपेयं सगोसवम् ॥ ४० ॥ विद्या दानं तपः सत्यं धर्मस्येति पदानि

गरे, त्यो वृत्तान्त त हजुरले भन्नुभयो। अब मलाई यो बताउनोस् कि तिनको कुन मुखबाट के वस्तुको भयो ॥३६॥ मैत्रेय भन्दछन्—हे विदुरजी ! ब्रह्माजीको पूर्व मुखबाट ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शास्त्र (होता द्वारा गरिने कर्म) अध्वर्यु हरूको कर्तव्य कर्म, स्तुतियोग्य ऋचाहरूका समुदाय, उद्गाताहरू द्वारा गान गरिने योग्यमन्त्र र प्रायश्चित्तात्मक ब्राह्मकर्म उत्पन्न भए ॥३७॥ तिनको दक्षिण मुखबाट आयुर्वेद (चिकित्सा शास्त्र) धनुर्वेद (आयुधविद्या) गान्धर्व (गायन विद्या) स्थापत्यकर्म (विश्वकर्माको शास्त्र) उत्पन्न भयो ॥३८॥ इतिहास (महाभारत) पाँचौं वेद मानिन्छ, त्यसलाई र पुराणहरूलाई ब्रह्माजीले आफ्नो चारै मुखबाट उत्पन्न गरे ॥३९॥ यसै प्रकार उनको पूर्व मुखबाट षोडशी र उक्थ, दक्षिण मुखबाट पुरीषी (अर्थात् नयन कर्म) तथा अग्निष्टोम, मुखबाट आप्तोर्याम तथा अतिरात्र र उत्तर मुखबाट वाजपेय तथा गोसव नामक यज्ञविशेष उत्पन्न भए ॥४०॥ यसै प्रकार लोक-पितामह ब्रह्माजीले क्रमशः आफ्ना पूर्व, पश्चिम र दक्षिण आदि चारै मुखबाट विद्या (शुचिता), दान (दया), ताप र सत्य, धर्मका यी चारै चरण तथा ब्रह्मचर्य, गार्हस्थ्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र संन्यास तथा तिनका समस्त वृत्तिहरू समेत चारै आश्रम र ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र उत्पन्न गरे ॥ ४१ ॥ त्यसपछि उनले आफ्ना पूर्व आदि चारै मुखहरूबाट चार थरिका ब्रह्मचर्य, जस्तै–सावित्री (उपानयनको दिनदेखि तीन दिनसम्म गायत्रीको अध्ययन गर्नका लागि तीन दिनको अनुष्ठान) प्राजापत्य (एक वर्षसम्म वेदाध्ययनपूर्वक गरिने ब्रह्मचर्य-व्रत) ब्राह्म (वेदाध्ययन कालसम्म पालन गरिने ब्रह्मचर्य-व्रत) र बृहत् (आजन्म पालन गरिने ब्रह्मचर्य-व्रत) ब्रह्माजीले चार थरिका नै गृहस्थ वृत्ति पनि रचना गरे । जस्तै – वार्ता (शास्त्रोक्त कृषि आदि आजीविका कार्य) संचय (यज्ञ-याग आदि गर्ने कार्य) शालीन (आयस्थित वृत्ति) शिलोच्छ (अन्न बटुलिसकेपछि खेतमा झरेका अन्नका दाना बटुल्ने) यी वृत्तिहरू उत्पन्न भए ॥४२॥ यसै गरी उनले वानप्रस्थीहरूको पनि चार भेद गरे जस्तै–वैखानस (जोत्ने-छर्ने नगरीकन उत्पन्न अन्नमा निर्वाह गर्ने) वालखिल्य (नयाँ अन्न पाएपछि पूर्व संचित अन्नलाई त्यादिदिने) औदुम्बर (बिहा नै जुन दिशातिर दृष्टि पर्‍यो, त्यसैबाट अन्न वा फल-मूल ल्याएर जीवन-यापन गर्ने) फेनप (आफैं मैना झरेका फल आदिमा जीविका चलाउने) यी चार संन्यास वृत्तिहरू पनि ब्रह्माजीका चारै मुखबाट उत्पन्न भएका हुन् । जस्तै-कुटीचकर आफ्नो आश्रम कर्म नै प्रधान मानेर

च ॥ आश्रमांश्च यथासंख्यमसृजत्सह वृत्तिभिः ॥ ४१ ॥ सावित्रं प्राजापत्यं च ब्राह्मं चाथ बृहत्तथा ॥ वार्ता सञ्चयशालीनशिलोञ्छ इति वै गृहे ॥ ४२ ॥ वैखानसा वालखिल्योदुम्बराः फेनपा वने ॥ न्यासे कुटीचकः पूर्वं बह्वोदो हंसनिष्क्रियौ ॥ ४३ ॥ आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिस्तथैव च ॥ एवं व्याहृतयश्चासन्प्रणवो ह्यस्य दह्रतः ॥ ४४ ॥ तस्योष्णिगासील्लोमभ्यो गायत्री च त्वचो विभोः ॥ त्रिष्टुम्मांसात्स्नुतोऽनुष्टुब्जगत्यस्थ्नः प्रजापतेः ॥ ४५ ॥ मज्जायाः पङ्क्तिरुत्पन्ना बृहती प्राणतोऽभवत् ॥ स्पर्शस्तस्याभवज्जीवः स्वरो देह उदाहृतः ॥ ४६ ॥ ऊष्माणमिन्द्रियाण्याहुरन्तःस्था बलमात्मनः ॥ स्वराः सप्त विहारेण भवन्ति स्म प्रजापतेः ॥ ४७ ॥ शब्दब्रह्मात्मनस्तस्य व्यक्ताव्यक्तात्मनः परः ॥ ब्रह्माऽवभाति विततो नानाशक्त्युपबृंहितः ॥४८॥ ततोऽपरामुपादाय स सर्गाय मनो दधे ॥ ऋषीणां भूरिवीर्याणामपि सर्गमविस्तृतम् ॥ ४९ ॥ ज्ञात्वा

त्यसै अनुसार आचरण गर्ने) बह्वोद (कर्मभन्दा ज्ञानलाई प्रधान मान्ने) हंस (ज्ञानको अभ्यासमा सदैव तयार) र निष्क्रिय (तत्त्वज्ञान प्राप्त गरिसकेको) ॥ ४३ ॥ यसै प्रकार ब्रह्माजीका मुखबाट आन्वीक्षिकी (अध्यात्म शास्त्र) त्रयी (स्वर्ग आदि फल दिने र धर्म, अर्थ तथा कामलाई पूर्ण गरिदिने कर्म विद्या) वार्ता जीविका सम्पादन गरिदिने विद्या) दण्डनीति (शासन कार्य सिकाउने विद्या) तथा भूर्भुवः स्वः आदि व्याहृतिहरू उत्पन्न भए । यसैगरी ब्रह्माजीको हृदयरूपी आकाशबाट प्रणव (ॐ कार), तिनका रोमहरूबाट उष्णिक्, त्वचाबाट गायत्री, मांसबाट त्रिष्टुप्, अस्थिबाट जगती, मज्जाबाट पंक्ति र प्राणबाट बृहती नामक छन्दको उत्पत्ति भयो । यसै गरी 'क' देखि 'म' सम्म स्पर्श (कादयो मावसानाः स्पर्शाः) संज्ञक अक्षर ब्रह्माको जीवबाट र 'अ, आ' आदि स्वरका अक्षर तिनको शरीरबाट उत्पन्न भए ॥४४-४६॥ तिनका इन्द्रियहरूबाट 'शषह' यी ऊष्म संज्ञक अक्षर उत्पन्न भए । तिनको बलबाट 'य र ल व' यी अन्तःस्थ संज्ञक अक्षर उत्पन्न भए । ती प्रजापतिको विहारबाट निषाद, ऋषभ, गान्धारादि सात (संगीतात्मक) स्वर उत्पन्न भए ॥४७॥ हे तात ! यो मैले तिमीलाई ती व्यक्त र अव्यक्त ब्रह्माको शब्दमूर्तिको क्रम बुझाएँ । ती ब्रह्माजीलाई वैखरी रूपबाट व्यक्त र प्रणवरूपबाट अव्यक्त तथा सर्वशक्तिमान् परब्रह्मका बोधक

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनिरहन्छ ।।४८।। हे विदुर ! कालान्तरमा ती ब्रह्माले पूर्वोक्त नीहारात्मक शरीर त्यागेर अर्को शरीर धारण गरे र फेरि सृष्टिकार्य गर्ने विचार गर्न लागे । पहिले उनले जुन महाशक्तिवान् मरीचि, वसिष्ठ आदि ऋषिहरूको सृष्टि गरेका थिए, तिनले सृष्टिको विस्तार गर्न सकेनन् ।।४९।। तब ब्रह्माजीले विचार गरे–यद्यपि म नित्य सृष्टि-विस्तारको चेष्टा गर्दैरहन्छु, तैपनि त्यसको सन्तोषजनक विस्तार हुँदैन ।।५०।। यो प्रजा जुन बढ़िरहेको छैन, दैवले बाधा परिरहेको छ कि भन्ने ठान्दछु । दैवको विषयमा ती यस प्रकार विचार गरिरहेका थिए कि त्यसै बखत ब्रह्माजीको शरीर दुइ भागमा विभक्त भयो र ती दुवै भागबाट यौटी स्त्री र अर्को पुरुष-यिनको जोड़ी उत्पन्न भयो ।।५१-५२।। त्यसमा पुरुष चाहिं स्वायम्भुव मनु र स्त्री तिनकी रानी शतरूपा भइन् ।।५३।। तिनकै मैथुन धर्मद्वारा प्रजा बढ्न लागे । स्वायम्भुव मनुले शतरूपाबाट पाँच सन्तान उत्पन्न गरे ।।५४।। तिनमा दुइ पुत्र र तीन छोरीहरू थिए । तिनको नाम–प्रियव्रत, उतानपाद एवं आकूति, देवहूति र प्रसूति थियो ।।५५।। स्वायम्भुव मनुले आकूतिको रुचि प्रजापति, देवहूतिको कर्दम प्रजापति र प्रसूतिको

तद्धृदये भूयश्चिन्तयामास कौरव ।। अहो अद्भुतमेतन्मे व्यापृतस्यापि नित्यदा ।। ५० ।। न ह्येधन्ते प्रजा नूनं दैवमत्र विघातकम् ।। एवं युक्तकृ-
तस्तस्य दैवं चावेक्षतस्तदा ।। ५१ ।। कस्य रूपमभूद्द्वेधा यत्कायमभिचक्षते ।। ताभ्यां रूपविभागाभ्यां मिथुनं समपद्यत ।। ५२ ।। यस्तु तत्र पुमा-
न्सोऽभून्मनुः स्वायम्भुवः स्वराट् ।। स्त्री याऽऽसीच्छतरूपाख्या महिष्यस्य महात्मनः ।। ५३ ।। तदा मिथुनधर्मेण प्रजा ह्येधाम्बभूविरे ।। स चापि
शतरूपायां पञ्चापत्यान्यजीजनत् ।। ५४ ।। प्रियव्रतोत्तानपादौ तिस्रः कन्याश्च भारत ।। आकूतिर्देवहूतिश्च प्रसूतिरिति सत्तम ।। ५५ ।। आकूतिं
रुचये प्रादात्कर्दमाय तु मध्यमाम् ।। दक्षायादात्प्रसूतिं च यत आपूरितं जगत् ।। ५६ ।। इति श्रीमद्भागवते तृतीयस्कन्धे द्वादशोऽध्यायः ।। १२ ।।
श्रीशुक उवाच ।। निशम्य वाचं वदतो मुनेः पुण्यतमां नृप ।। भूयः पप्रच्छ कौरव्यो वासुदेवकथादृतः ।। १ ।। विदुर उवाच ।। स वै स्वायम्भुवः
सम्राट् प्रियपुत्रः स्वयम्भुवः ।। प्रतिलभ्य प्रियां पत्नीं किं चकार ततो मुने ।। २ ।। चरितं तस्य राजर्षेरादिराजस्य सत्तम ।। ब्रूहि मे श्रद्दधानाय
विष्वक्सेनाश्रयो ह्यसौ ।।३।। श्रुतस्य पुंसां सुचिरश्रमस्य नन्वञ्जसा सूरिभिरीडितोऽर्थः ।। यत्तद्गुणानुश्रवणं मुकुन्दपादारविन्दं हृदयेषु येषाम् ।। ४ ।।

दक्ष प्रजापतिसित विवाह गरिदिए । उनैले उत्पन्न गरेका सन्तानहरूबाट सारा संसार भरिएको छ ।।५६।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वशिष्ठ'कृत नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ।।१२।। (वराह अवतारको वर्णन)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! महर्षि मैत्रेयको मुखबाट यो परम पवित्र कथा सुनेर भगवान् श्रीकृष्णका कथाप्रेमी विदुरले सोधे–।।१।। हे महामुनि मैत्रेय ! ब्रह्माका प्रिय-पुत्र र सम्राट् स्वायम्भुव मनुले आफ्नी पत्नी शतरूपालाई पाएपछि के-के गरे ? ।।२।। हजुर मलाई सर्वप्रथम ती राजर्षि र भगवद्-भक्त राजा स्वायम्भुव मनुको चरित्र सुनाउनु हवस्, किनकि मेरो उनमा ठूलो श्रद्धा छ ।।३।। धेरै दिनसम्म परिश्रम गरेर विद्यार्जन गर्ने विद्वानहरूको विद्याको सार्थकता यसैमा छ कि ती भगवद्भक्तहरूको पवित्र कथाहरू भन्नुहवस् र सुनौं । यसैबाट संसारको कल्याण हुनेछ र फेरि ठूला-ठूला कवि पनि त उनैको सराहना गर्दछन् । शुकदेव भन्नुहुन्छ–विनीत र नारायणका चरणको उपधान (आश्रय तकिया) स्वरूप भगवद्भक्त विदुरका कुरा सुनेर मैत्रेय मुनि गद्गद् भए । भगवान्को कथाप्रति तिनको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्नेह उम्लेर आयो र शरीर रोमांचित भयो । त्यस्तै विह्वल स्थितिमा मैत्रेय भन्दछन्—॥४॥५॥ स्वायम्भुव मनु र शतरूपाको जन्म भइसकेपछि मनुले हात जोरेर ब्रह्मासित भने——॥६॥ तपाईं नै समस्त प्राणिहरूका जन्मदाता र वृत्ति प्रदान गर्ने पिता हुनुहुन्छ । तैपनि यो जान्ने इच्छा गर्दछु कि म कसरी तपाईंका प्रजाको सेवा गर्न सक्छु ॥ ७ ॥ तपाईंलाई प्रणाम छ । मलाई यो भन्नुहवस् कि आफ्नो शक्ति अनुसार म तिनको के उपकार गरूँ, जसले संसारमा मलाई यश प्राप्त होस् र परलोकमा सद्गति पाऊँ ॥ ८ ॥ ब्रह्माजी भन्दछन्——हे पुत्र ! तिम्रो कल्याण होस् । म तिमीसित यस निम्ति प्रसन्न छु कि तिमीले निष्कपट भावले आज्ञा माग्यौ र स्वयं आफूलाई मेरो हातमा सुम्पिदियौ ।।९। हे वीर ! सन्तानको एकमात्र कर्तव्य यो हो कि त्यो नम्रता र दत्तचित्त भई आफ्ना गुरुजनको आज्ञा पालन गरून् ।।१०।। अब तिमी यी शतरूपाबाट आफू झैं गुणवान् सन्तान उत्पन्न गरेर

श्रीशुक उवाच ।। इति ब्रुवाणं विदुरं विनीतं सहस्रशीर्ष्णश्चरणोपधानम् ।। प्रहृष्टरोमा भगवत्कथायां प्रणीयमानो मुनिरभ्यचष्ट ॥ ५ ॥ मैत्रेय उवाच ॥ यदा स्वभार्यया साकं जातः स्वायम्भुवो मनुः ॥ प्राञ्जलिः प्रणतश्चेदं वेदगर्भमभाषत ॥ ६ ॥ त्वमेकः सर्वभूतानां जन्मकृद्वृत्तिदः पिता ॥ अथापि नः प्रजानां ते शुश्रूषा केन वा भवेत् ॥७॥ तद्विधेहि नमस्तुभ्यं कर्मस्वीड्यात्मशक्तिषु ॥ यत्कृत्वेह यशो विष्वगमुत्र च भवेद्गतिः ॥ ८ ॥ ब्रह्मोवाच ॥ प्रीतस्तुभ्यमहं तात स्वस्ति स्याद्वां क्षितीश्वर ॥ यन्निर्व्यलीकेन हृदा शाधि मेत्यात्मनाऽर्पितम् ॥ ९ ॥ एतावत्यात्मजैर्वीर कार्या ह्यपचितिर्गुरौ ॥ शक्त्याऽप्रमत्तैर्गृह्येत सादरं गतमत्सरैः ॥१०॥ स त्वमस्यामपत्यानि सदृशान्यात्मनो गुणैः ॥ उत्पाद्य शास धर्मेण गां यज्ञैः पुरुषं यज ॥११॥ परं शुश्रूषणं मह्यं स्यात्प्रजारक्षया नृप ॥ भगवांस्ते प्रजाभर्तुर्हृषीकेशोऽनुतुष्यति ॥ १२ ॥ येषां न तुष्टो भगवान्यज्ञलिङ्गो जनार्दनः ॥ तेषां श्रमो ह्यपार्थाय यदात्मा नादृतः स्वयम् ॥१३॥ मनुरुवाच ॥ आदेशेऽहं भगवतो वर्तेयमरिसूदन ॥ स्थानं त्विहानुजानीहि प्रजानां मम च प्रभो ॥१४॥ यदोकः सर्वसत्त्वानां मही मग्ना महाम्भसि ॥ अस्या उद्धरणे यत्नो देव देव्या विधीयताम् ॥१५॥ मैत्रेय उवाच ॥ परमेष्ठी त्वपां मध्ये तथासन्नामवेक्ष्य गाम् ॥ कथमेनां समुन्नेष्य इति दध्यौ धिया चिरम् ॥१६॥ सृजतो मे क्षितिर्वार्भिः प्लाव्यमाना रसां गता ॥ अथात्र किमनुष्ठेयमस्माभिः

धैर्यपूर्वक पृथ्वीको शासन गर र यज्ञादि द्वारा भगवान्को आराधना गर्दैरह ॥११॥ प्रजाको रक्षा नै मेरो सबैभन्दा ठूलो सेवा हुनेछ र तिम्रो यस कार्यले नारायण पनि प्रसन्न हुने छन् ।।१२।। यज्ञ स्वरूप जनार्दन भगवान् जोसित अप्रसन्न हुन्छन्, तिनको कुनै काम पनि सम्पन्न हुँदैन । नारायणलाई अप्रसन्न राख्नु आफ्नो आत्माको नै तिरस्कार गर्नु हो ।।१३।। अनि मनुले भने–हे पाप-नाशक ! म हजुरको आज्ञा पालन गर्न तत्पर छु तर हजुर हाम्रो र हाम्रा प्रजाले बस्ने कुनै स्थान दिनुहवस् ।।१४।। किन अहिले त सारा पृथ्वी जलमग्न छन् जहाँ कुनै समयमा जगत्का सबै जीव बस्तथे । अब कृपा गरेर पृथ्वीको उद्धार हुने उपाय भन्नुहवस् ।।१५।। मैत्रेय भन्दछन्——मनुका कुरा सुनेर ब्रह्माजी विचार गर्नलागे । उनले योगदृष्टिले हेर्दा त वास्तवमा सम्पूर्ण पृथ्वीलाई जलमा निमग्न पाए । अब ती विचार्न थाले——म कुन उपायले यी पृथ्वीको उद्धार गरूँ ।। १६।। ती फेरि विचार गर्नलागे——नारायणले हामीलाई सृष्टि गर्न

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज्ञा त दिए, तर मेरो सृष्टिकार्यभन्दा पहिले नै पृथ्वी जलमा डुबेकी छन् अब के गर्न ? ॥१७॥ अन्तमा उनले निश्चय गरे—म जसको हृदयबाट प्रकट भएको हुँ, उनै नारायण नै कुनै बाटो झिक्ने छन् । हे विदुर ! ती यसरी विचार गरिरहेकै थिए—अकस्मात् तिनको नाकबाट यौटा सानू वराह शिशु (सूकर) निस्क्यो । त्यो बूढीऔंलो जति लामो थियो ॥१८॥ हे भारत ! यो यौटा छक्क पर्ने कुरा भयो—ब्रह्माजीले हेर्दाहेर्दै आकाशमा स्थित त्यो वराह-शिशु हात्तीजत्रो भयो ॥१९॥ अब मरीचि आदि ब्राह्मण, सनत्कुमार आदि र मनुका साथै विद्यमान ब्रह्मा त्यो शूकररूप देखेर विचार गर्नलागे-॥२०॥ वराहरूपमा यो कुन दिव्य प्राणी हाम्रो सामुन्ने उपस्थित छ । सबै भन्दा ठूलो आश्चर्यको कुरा त यो छ कि यो मेरो नासिकाबाट उत्पन्न भएको हो ॥२१॥ जब यो उत्पन्न भयो तब बूढीऔंला जत्रो थियो, तर हामीले देख्दादेख्दै ठूलो पर्वत जस्तै लामो र चक्लो भए को छ । मलाई छल्नको निम्ति यी उनै यज्ञपुरुष भगवान् नै यस रूपमा अवतरित भएका त होइनन् ? ॥२२॥ ब्रह्माजी आफ्ना छोराहरूसित यस प्रकारको तर्कना गरिरहेकै थिए—ती यज्ञपुरुष भगवान् यौटा पर्वत

सर्गयोजितैः ॥ यस्याहं हृदयादासं स ईशो विदधातु मे ॥ १७ ॥ इत्यभिध्यायतो नासाविवरात्सहसाऽनघ ॥ वराहतोको निरगादङ्गुष्ठपरिमाणकः ॥१८॥ तस्याभिपश्यतः खस्थः क्षणेन किल भारत ॥ गजमात्रः प्रववृधे तदद्भुतमभून्महत् ॥ १९ ॥ मरीचिप्रमुखैर्विप्रैः कुमारैर्मनुना सह ॥ दृष्ट्वा तत्सौकरं रूपं तर्कयामास चित्रधा ॥ २० ॥ किमेतत्सौकरव्याजं सत्त्वं दिव्यमवस्थितम् ॥ अहो बताश्चर्यमिदं नासाया मे विनिःसृतम् ॥२१॥ दृष्टोऽङ्गुष्ठशिरोमात्रः क्षणाद्गण्डशिलासमः ॥ अपिस्विद्भगवानेष यज्ञो मे खेदयन्मनः ॥ २२ ॥ इति मीमांसतस्तस्य ब्रह्मणः सह सूनुभिः ॥ भगवान् यज्ञपुरुषो जगर्जागेन्द्रसन्निभः ॥ २३ ॥ ब्रह्माणं हर्षयामास हरिस्तांश्च द्विजोत्तमान् ॥ स्वगर्जितेन ककुभः प्रतिस्वनयता विभुः ॥ २४ ॥ निशम्य ते घर्घरितं स्वखेदक्षयिष्णु मायामयसूकरस्य ॥ जनस्तपःसत्यनिवासिनस्ते त्रिभिः पवित्रैर्मुनयोऽगृणन्स्म ॥ २५ ॥ तेषां सतां वेदवितानमूर्तिर्ब्रह्माऽवधार्यात्मगुणानुवादम् ॥ विनद्य भूयो विबुधोदयाय गजेन्द्रलीलो जलमाविवेश ॥ २६ ॥ उत्क्षिप्तबालः खचरः कठोरः सटा विधुन्वन्खररोमशत्वक् ॥ खुराहताभ्रः सितदंष्ट्र ईक्षाज्योतिर्बभासे भगवान्महीध्रः ॥ २७ ॥ घ्राणेन पृथ्व्याः पदवीं विजिघ्रन् क्रोडापदेशः स्वयमध्वराङ्गः ॥ करालः

समान बृहत्काय भएर गर्जन लागे ॥२३॥ ती नारायणको गर्जनले दिशाहरू प्रतिध्वनित भए—त्यसले ब्रह्माजी र मरीचि आदि निकै प्रसन्न भए ॥ २४ ॥ आफ्नो खेद निवारण गर्ने ती नारायणको त्यो मायामय वराह-वपुको भयङ्कर गर्जन सुनेर जन, तप र सत्यलोकका निवासी ऋग्यजु र सामवेदका मन्त्रहरूले तिनको स्तुति गर्न लागे ॥ २५ ॥ वेदहरूद्वारा स्तुति गरिएका भगवान् आफ्नो गुणानुवाद सुनेर एकपल्ट फेरि गर्जे । अनि देवगणको हितार्थ मत्त हात्ती झैं लस्कँदै त्यस प्रलयकालीन जलराशिमा पस्न हिंडे ॥२६॥ पानीमा पस्ता तिनको पुच्छर मास्तिर उचालिएको थियो । ती मानो आकाशमा उड्दै थिए । तिनको शरीरका रौं कठोर भएर र छाला खस्रो थियो । तिनका दुवै दाँत उज्ज्वल थिए र आफ्नो खुरले मानो ती आकाशमण्डलका बादलहरूलाई हेलाँ गर्दै थिए । तिनका आँखा टल्किरहेका थिए । पृथ्वीको उद्धार गर्ने नारायण त्यो सूकर शरीरमा पनि राम्रो देखिइरहेका थिए ॥ २७ ॥ ती आफ्ना नाकले सुँघेर पृथ्वीको खोजी गर्दै थिए । शूकररूपधारी ती यज्ञपुरुष यद्यपि कठोर थिए र तिनको दृष्टि पनि विकराल देखिइरहेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए । तैपनि तिनले स्तुति गर्नलागेका विप्रहरूलाई सौम्य दृष्टिले हेरे र जलमा हाम्फाले ।।२८।। जुन वेला ती जलमा हाम्फाले त्यस बखत ज्ञात हुन्थ्यो–त्यस समुद्रको पेट फुटिसकेको छ । जल हल्लिएर जुन कोलाहल भयो, त्यसले ज्ञात हुन्थ्यो कि त्यो आफ्नो तरङ्गरूपी हात उचालेर कराइरहेको छ–'हे यज्ञेश्वर ! मेरो रक्षा गर–मलाई बचाऊ' ।।२९।। त्यसै वेला वराह-भगवान् आफ्ना खुरले समुद्रलाई चिर्दै अपार समुद्रमा गए र त्यहाँ उनले त्यस पृथ्वीलाई देखे, जसलाई सबै प्राणीहरूको आधार ठानेर योग निद्रमा शयन गर्ने वेलाथा भगवान्ले आफ्नो उदरमा धारण गरेका थिए ।। ३० ।। अब उनले पृथ्वीलाई आफ्ना दुवै दाँतमा उचालेर रसातलबाट मास्तिर हिंडे । त्यस बखत पनि ती खूब राम्रा देखिइहेका थिए । त्यसै बखत तिनले क्रुद्धभावले हातमा गदा लिई हिरण्याक्ष दैत्यलाई आफूतिर आएको देखे ।।३१।। त्यसलाई आफ्नो बाटोमा बाधा पार्न लागेको देखेर तिनलाई निकै रिस उठ्यो । अनि वराह भगवान्ले त्यो महाबली दैत्यलाई त्यस जलमानै यसरी ख्याल-ख्यालमै मारे, जस्तै सिंह हात्तीलाई मार्दछ । त्यसको शरीरबाट निस्केको रगतले भगवान्को

दंष्ट्रोऽप्यरालदृग्भ्यामुद्वीक्ष्य विप्रान्गृणतोऽविशत्कम् ।। २८ ।। स वज्रकूटाङ्गनिपातवेगविशीर्णकुक्षिः स्तनयन्नुदन्वान् ।। उत्सृष्टदीर्घोर्मिभुजैरिवार्तश्चुक्रोश यज्ञेश्वर पाहि मेति ।। २९ ।। खुरैः क्षुरप्रैर्दरयंस्तदाप उत्पारपारं त्रिपरू रसायाम् ।। ददर्श गां तत्र सुषुप्सुरग्रे यां जीवधानीं स्वयमभ्यधत्त ।। ३० ।। स्वदंष्ट्रयोद्धृत्य महीं निमग्नां स उत्थितः संरुरुचे रसायाः ।। तत्रापि दैत्यं गदयाऽऽपतन्तं सुनाभसन्दीपिततीव्रमन्युः ।। ३१ ।। जघान रुन्धानमसह्यविक्रमं स लीलयेभं मृगराडिवाम्भसि ।। तद्रक्तपङ्काङ्कितगण्डतुण्डो यथा गजेन्द्रो जगतीं विभिन्दन् ।। ३२ ।। तमालनीलं सितदन्तकोट्या क्ष्मामुत्क्षिपन्तं गजलीलयाऽङ्ग ।। प्रज्ञाय बद्धाञ्जलयोऽनुवाकैर्विरिञ्चिमुख्या उपतस्थुरीशम् ।। ३३ ।। ऋषय ऊचुः ।। जितं जितं तेऽजित यज्ञभावन त्रयीं तनुं स्वां परिधुन्वते नमः ।। यद्रोमगर्तेषु निलिल्युरध्वरास्तस्मै नमः कारणसूकराय ते ।। ३४ ।। रूपं तवैतन्ननु दुष्कृतात्मनां दुर्दर्शनं देव यदध्वरात्मकम् ।। छन्दांसि यस्य त्वचि बर्हिरोमस्वाज्यं दृशि त्वङ्घ्रिषु चातुर्होत्रम् ।। ३५ ।। स्रुक्तुण्ड आसीत्स्रुव ईश नासयोरिडोदरे चमसाः कर्णरन्ध्रे ।। प्राशित्रमास्ये ग्रसने ग्रहास्तु ते यच्चर्वणं ते भगवन्नग्निहोत्रम् ।। ३६ ।। दीक्षानुजन्मोपसदः शिरोधरं त्वं प्रायणीयोदयनीयदंष्ट्रः ।।

गण्डस्थल र मुख रातो भयो । त्यस बखत ती यस्तो देखिइरहेथे, जस्तै कुनै ठूलो हात्ती गेरूको भूमि खनेर ठिङ्ग उभिएको होस् ।।३२।। हे अंग विदुर ! तमाल समान नील शरीर भएका ती वराह भगवान् आफ्ना सेता दाँतमा पृथ्वीलाई उचालेका देखिए । त्यस बखत उनलाई साक्षात् नारायण जानेर सबै ऋषिगण हात जोरेर वैदिक मन्त्रहरू सदृश वाक्यहरूले तिनको स्तुति गर्नलागे । ती सबै एकस्वरले कराए–हे अजित ! हजुरको जय होस् । हे वेदत्रयरूपधारिन् ! हजुरको जय होस् । हे यज्ञभावन ! हजुरको जय होस् । हजुरका लोम-छिद्रमा सबै यज्ञ मिसिएका छन् । पृथ्वीको उद्धारका लागि शूकररूप धारण गर्ने हे परम पुरुष ! हजुरलाई नमस्कार छ ।।३३-३४।। हे देव ! हजुरको यो यज्ञमय स्वरूपलाई संसारका पामर प्राणी जान्न सक्तैनन् । हजुरको त्वचा छन्द हो, रोम कुश हुन्, आँखा घिउ र हजुरका चार चरण होताहरूका चार कर्म हुन् ।।३५।। हजुरको मुखस्रुक् हो । हजुरका दुवै नाकका छिद्र स्रुवा हो । हजुरको उदर इडा (यज्ञीय भक्षणपात्र) छन् । हजुरका दुवै कान चमस र ग्रह (सोमपात्र) हुन् । मुख प्राशित्र (ब्रह्मभागपात्र) हो । हजुरको भोजन नै अग्निहोत्र हो ।। ३६ ।। हजुरको यो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवतार लिनु नै दीक्षाकार्य हो, हजुरको ग्रीवा उपसद (तीन थरिको इष्टि) हो । हजुरका दुवै दाँत नैं प्रापणीय (दीक्षापछिको इष्टि) र उदयनीय (यज्ञ समाप्तिको इष्टि) हुन् । हजुरको जिब्रो नै प्रवर्ग्य (प्रत्येक उपसदको आदिमा गरिने महावीर नामक यज्ञ) हो । हजुरको शिर नै सभ्य (होमहीन अग्नि) तथा आवसथ्य (उपासना सम्बन्धी अग्नि) र हजुरका पंच प्राण नै चिति (इष्टिको चयन कर्म) हुन् ॥३७॥ हे देव ! हजुरको वीर्य नै सोमरस हो । हजुरका बाल्य-युवा प्रभृति अवस्थाहरू नै प्रातः सवन आदि कर्म हुन् । हजुरका शरीरको त्वचा-मांसादि सात धातुहरू अग्निष्टोम, अत्यग्निष्टोम,उक्थ्य,षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम नामका सात यज्ञसंस्थाहरू हुन् । हजुरका शरीरको सन्धिहरू नै द्वादशाह आदि अनेक यज्ञका समूह हुन् । हजुर स्वयं सर्वयज्ञमय हुनुहुन्छ । हजुरका शरीरको बन्धन नै इष्टिहरू हुन् ॥३८॥ हजुर नैं मन्त्र,देवता, द्रव्य, क्रतु, साधारण यज्ञ तथा क्रियाहुन् वैराग्य, भक्ति र योगद्वारा चित्तको एकाग्रतावाट जुन ज्ञान प्राप्त हुन्छ, हजुर त्यसको साक्षात् स्वरूप हुनुहुन्छ । हजुर ज्ञान प्रदान गन हुनुहुन्छ । हजुरलाई हाम्रो बारम्बार प्रणाम छ ॥३९॥ हजुर-का दाँतको टुप्पामा स्थित पर्वतहरूले युक्त पृथ्वी यस्तो लाग्दैछ, जस्तै–वनवाट निकालिएको कुनै मतवाला हात्तीका दाँतमा पात समेत कमलिनी राखिएको होस् ॥४०॥ हजुरका दाँत-

जिह्वा प्रवर्ग्यस्तव शीर्षकं क्रतोः सभ्यावसथ्यं चितयोऽसवो हि ते ॥ ३७ ॥ सोमस्तु रेतः सवनान्यवस्थितिः संस्थाविभेदास्तव देव धातवः ॥ सत्राणि सर्वाणि शरीरसन्धिस्त्वं सर्वयज्ञक्रतुरिष्टिबन्धनः ॥ ३८ ॥ नमो नमस्तेऽखिलमन्त्रदेवताद्रव्याय सर्वक्रतवे क्रियात्मने ॥ वैराग्यभक्त्यात्मजयाऽनुभावितज्ञानाय विद्यागुरवे नमो नमः ॥३९॥ दंष्ट्राग्रकोट्या भगवंस्त्वया धृता विराजते भूवर भूः सभूधरा ॥ यथा वनान्निःसरतो दता धृता मतङ्गजेन्द्रस्य सपत्रपद्मिनी ॥ ४० ॥ त्रयीमयं रूपमिदं च सौकरं भूमण्डलेनाथ दता धृतेन ते ॥ चकास्ति शृङ्गोढघनेन भूयसा कुलाचलेन्द्रस्य यथैव विभ्रमः ॥ ४१ ॥ संस्थापयैनां जगतां सतस्थुषां लोकाय पत्नीमसि मातरं पिता ॥ विधेम चास्यै नमसा सह त्वया तस्यां स्वतेजोऽग्निमिवारणावधाः ॥४२॥ कः श्रद्दधीतान्यतमस्तव प्रभो रसां गताया भुव उद्विबर्हणम् ॥ न विस्मयोऽसौ त्वयि विश्वविस्मये यो माययेदं ससृजेऽतिविस्मयम् ॥४३॥

मा विराजमान भूमण्डलले सुशोभित हजुरको यो वाराहरूप त्यस कुलाचल पर्वत सदृश देखिन्छ—जसमाथि मेघ-मण्डल बटारिइरहेका हुन् ॥४१॥ हे नाथ ! हजुर समस्त संसारका पिते हुनुहुन्छ र यी पृथ्वी हजुरकी पत्नी हुनाले सबै प्राणीकी आमा हुन् । जगत्मा जीवादिको निम्ति इनलाई स्थापित गर्नुहवस् । हामी हजुर र पृथ्वीमातालाई प्रणाम गर्दछौं । जसरी अरणीमा अग्निको स्थापना गरिन्छ, त्यसै गरी हजुरले यी पृथ्वीमा आफ्नो तेज स्थापित गरिदिनु भएको छ ॥४२॥ हे स्वामिन् ! हजुर बाहेक अरु को यस्तो थियो, जसले पाताल लोकवाट यी पृथ्वीको उद्धार गर्ने साहस गर्दथ्यो ? फेरि हजुरले यस्तो गर्नु कुनै आश्चर्यको कुरा छैन । किनकि हजुर स्वयं आश्चर्यमय हुनुहुन्छ । जसले आफ्नी मायाद्वारा यस विशाल विश्व उत्पन्न गरिदियो, त्यसको निम्ति पातालवाट पृथ्वी ल्याएर *रक्षा गर्नु ठूलो कुरा होइन । जब हजुर आफ्नो यो वेदस्वरूपशरीर जुरुङ्ग्याउनुहुन्छ तब हजुरका रौंको टुप्पोबाट उडेर ॥२८॥

* उदारण—(भगवान् सबैको रक्षा गर्दछन्) यौटी वृद्धा थिई । भगवान्मा त्यसको अचल श्रद्धा थियो । कुरा रामा त्यो प्रभुलाई सम्झन्थी । ईश्वर जुन स्थितिमा त्यसलाई राख्दथे, त्यसैमा प्रसन्न रहन्थी । प्रभु जो गर्दछन् त्यो ठीक नै गर्दछन्–यस्तो त्यसको दृढ विश्वास थियो वृद्धाको छिमेकी यौटा नास्तिक थियो । त्यो वृद्धालाई जिस्क्याइरहन्थ्यो । बुढी वेलामा उठेर स्नान गर्दथी, मन्दिर जान्थी र परमात्मको नाम लिन्थी । कुनै अतिथि आयो भने यथाशक्ति त्यसको सेवा सत्कार गर्दथी । त्यो सबैमा स्नेह राख्दथी र भगवान्का भक्तहरूको चमत्कारी कुराहरू सुनाइरहन्थी । यी सबै कुराहरू त्यो नास्तिकलाई मनपर्दैनथ्यो । एक दिन बुढी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानीका संसाना थोपा आएर हामीमाथि पर्दछ । थोपाहरूले हामी तथा जनलोक र तपोलोकका निवासी आफूलाई पवित्र मानिरहेका छौं ॥ ४४ ॥ हे नारायण ! जो हजुरका अपार लीलाहरूलाई जान्ने चेष्टा गर्दछ, त्यो महामूर्ख हो, किनकि हजुरकी योगमायाका सत्व, रज र तम यी तीनै थरि गुणहरूद्वारा सारा संसार मोहान्धकारमा परिरहेछ । हजुर नै त्यसको कल्याण गर्नोस् ॥४५॥ मैत्रेय भन्दछन्—यस प्रकार ती ऋषिहरूको स्तुति सुन्दै वराह भगवान्ले आफ्ना खुरद्वारा क्षुभित जलमा पृथ्वीलाई राखिदिए ॥४६॥ विष्वक्सेन र प्रजापति वाराह भगवान्ले कौतुकवश ल्याइएकी भूमिलाई त्यसरी जलमाथि स्थापित गरेर अन्तर्धान हुनुभयो ॥४६॥ जो मानिस भगवान्मा बुद्धि लगाएर प्रेमपूर्वक नारायणको यस पवित्र गथालाई सुन्नु-सुनाउनु गर्छन् ती जनार्दन भगवान्का प्रिय बन्दछन् र ती प्राणी स्वयं आफूमा यौटा अलौकिक प्रकाशको साक्षात्कार गर्न थाल्दछन् ॥ ४८ ॥ सबै कामनाहरू

विधुन्वता देवमयं निजं वपुर्जनस्तपःसत्यनिवासिनो वयम् ॥ सटाशिखोद्भूतशिवाम्बुबिन्दुभिर्विमृज्यमाना भृशमीश पाविताः ॥ ४४ ॥ स वै बत भ्रष्टमतिस्तवैष ते यः कर्मणां पारमपारकर्मणः ॥ यद्योगमायागुणयोगमोहितं विश्वं समस्तं भगवन्विधेहि शम् ॥ ४५॥ मैत्रेय उवाच ॥ इत्युपस्थीयमानस्तैर्मुनिभिर्ब्रह्मवादिभिः ॥ सलिले स्वखुराक्रान्त उपाधत्तावितावनिम् ॥४६॥ स इत्थं भगवानुर्वीं विष्वक्सेनः प्रजापतिः ॥ रसाया लीलयोन्नीतामप्सु न्यस्य ययौ हरिः ॥ ४७ ॥ य एवमेतां हरिमेधसो हरेः कथां सुभद्रां कथनीयमायिनः ॥ शृण्वीत भक्त्या श्रवयेत वोशतीं जनार्दनोऽस्याशु हृदि प्रसीदति ॥४८॥ तस्मिन्प्रसन्ने सकलाशिषां प्रभोः किं दुर्लभं ताभिरलं लवात्मभिः ॥ अनन्यदृष्ट्या भजतां गुहाशयः स्वयं विधत्ते स्वगतिं परः पराम् ॥ ४९ ॥ को नाम लोके पुरुषार्थसारवित्पुरा कथानां भगवत्कथासुधाम् ॥ आपीय कर्णाञ्जलिभिर्भवापहामहो विरज्येत विना नरेतरम् ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे वाराहप्रादुर्भावानुवर्णने त्रयोदशोऽध्यायः ॥ १३ ॥ श्रीशुक उवाच ॥ निशम्य कौषार-

पूर्ण पार्न समर्थ ती नारायण प्रसन्न भएपछि प्राणीलाई केही पनि दुर्लभ रहन्न । अतः उनीसित आफ्नो तुच्छ इच्छाहरू पूर्ण गर्नका लागि प्रार्थना गर्दैनन् । जो व्यक्ति अनन्यभावले तिनको भजन गर्दछन्, तिनको अन्तरात्मामा बसेका भगवान् स्वयं ती व्यक्तिहरूलाई सबैभन्दा उत्तम गति प्रदान गर्दछन् । (जो तुच्छ कामनाहरू भन्दा धेरै उच्च श्रेणीको वस्तु हुन्छ) ॥४९॥ पशुबाहेक अरु कुन यस्तो जान्ने-बाठोमनुष्य होला, जो यो सर्वश्रेष्ठ र मुक्तिदायिनी कथालाई सुनेर पनि यो देखि विमुख हुन सक्नेछ ? ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां त्रयोदशोऽध्यायः ॥ १३ ॥ (दितिले गर्भ धारण गरेको वृत्तान्त) शुकदेव भन्नुहुन्छ—महर्षि

आफ्नै घरको योटा कोठामा दाउरा झिक्न गएकी त त्यो नास्तिकले बाहिरबाट खिली लगाइदियो । बुढी धेरै कराई तर कोही पनि बोलेन । बुढी मनमनै विचार्न लागि—'भगवान्को जो इच्छा होला, त्यही हुनेछ ।' त्यहीं त्यहीं बसेर भगवान्को नाम स्मरण गर्नलागी त्यसरी एक्काईस दिनसम्म त्यहीं रही जब नास्तिकले बुढीको स्थिति जान्नको निम्ति ढोका खोल्यो, तब त्यसलाई आनन्दले माला घुमाइरहेकी देखेर त्यसलाई आश्चर्य भयो र आफ्नो भूलको निम्ति पछितो हुनलाग्यो । त्यसपछि त्यो नास्तिक पनि बुढीको शिष्य र ईश्वर-भक्त बन्यो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैत्रेयको मुखबाट वाराह भगवान्‌को सुन्दर गाथा सुनेर पनि विदुरलाई सन्तोष भएन । तिनले हात जोरेर फेरि सोधे--॥१॥ हे मुनिश्रेष्ठ ! मैंले सुनेको छु—तिनै यज्ञमूर्ति भगवान् वाराहले हिरण्याक्ष नामको दैत्यलाई मारे ॥ २ ॥ अब म यो जान्ने इच्छा गर्दैछु कि पातालगत पृथ्वीको उद्धार गर्न वेलामा त्यस दैत्यराजसित किन युद्ध मच्चियो ? ॥ ३ ॥ यति सुनेर मैत्रेय भन्दछन्--हे वीर ! तिमीले भगवान्‌को अवतारसित सम्बन्ध राख्ने धेरै राम्रो कथा सोध्यौ । यसले मनुष्यलाई मृत्युपाशबाट पनि छुटकारा (मोक्ष) मिल्न सक्तछ ॥४॥ किनकि राजा उत्तानपादका छोरा ध्रुवले बाल्यकालमा नैं नारद मुनिको मुखबाट सुनेको भगवत्-कथाको प्रतापले मृत्युको टाउकोमा खुट्टा राखेर ध्रुवलोक प्राप्त गरेका थिए ॥ ५ ॥ जुन कथा तिमी सोधिरहेका छौ, त्यही कुनै समय देवगणले ब्रह्माजीसित सोधेका थिए र ब्रह्माजीले तिनलाई जुन इतिहास भनेका थिए, त्यही म तिमीलाई भन्दछु ॥६॥ हे विदुर ! दक्षकी छोरी दितिले एकपल्ट साँझको वेलामा कामातुर आफ्ना पति र मरीचिका छोरा कश्यपसित सन्तानोत्पत्तिको निम्ति सम्भोग गर्ने प्रार्थना गरिन् ॥६॥ त्यस

विणोपवर्णितां हरेः कथां कारणशूकरात्मनः ॥ पुनः स पप्रच्छ तमुद्यताञ्जलिर्न चातितृप्तो विदुर धृतव्रतः ॥१॥ विदुर उवाच ॥ तेनैव तु मुने· श्रेष्ठ हरिणा यज्ञमूर्तिना ॥ आदिदैत्यो हिरण्याक्षो हत इत्यनुशुश्रुम ॥ २ ॥ तस्य चोद्धरतः क्षोणीं स्वदंष्ट्राग्रेण लीलया ॥ दैत्यराजस्य च ब्रह्मन्क· स्माद्धेतोरभून्मृधः ॥३॥ मैत्रेय उवाच ॥ साधु वीर त्वया पृष्टमवतारकथां हरेः ॥ यत्त्वं पृच्छसि मर्त्यानां मृत्युपाशविशातनीम् ॥ ४ ॥ ययोत्ता नपदः पुत्रो मुनिना गीतयाऽर्भकः ॥ मृत्योः कृत्वैव मूर्ध्न्यङ्घ्रिमारुरोह हरेः पदम् ॥ ५ ॥ अथात्रापीतिहासोऽयं श्रुतो मे वर्णितः पुरा ॥ ब्रह्मणा देवदेवेन देवानामनुपृच्छताम् ॥ ६ ॥ दितिर्दाक्षायणी क्षत्तर्मारीचं कश्यपं पतिम् ॥ अपत्यकामा चकमे सन्ध्यायां हृच्छयार्दिता ॥७॥ इष्ट्वाऽग्निजिह्वं पयसा पुरुषं यजुषां पतिम् ॥ निम्लोचत्यर्क आसीनमग्न्यागारे समाहितम् ॥ ८ ॥ दितिरुवाच ॥ एष मां त्वत्कृते विद्वन्काम आत्तशरासनः ॥ दुनोति दीनां विक्रम्य रम्भामिव मतङ्गजः ॥ ९ ॥ तद्भवान्दह्यमानानां सपत्नीनां समृद्धिभिः ॥ प्रजावतीनां भद्रं ते मय्यायुङ्क्तामनुग्रहम् ॥ १० ॥ भर्तर्याप्तोरुमानानां लोकानाविशते यशः ॥ पतिर्भवद्विधो यासां प्रजया ननु जायते ॥ ११ ॥ पुरा पिता नो भगवान्दक्षो दुहितृवत्सलः ॥ कं वृणीत वरं वत्सा इत्यपृच्छत नः पृथक् ॥१२॥ स विदित्वाऽऽत्मजानां नो भावं सन्तानभावनः ॥ त्रयोदशाददात्तासां यास्ते शीलमनुव्रताः ॥ १३ ॥

बखत महर्षि कश्यप हवन गरेर अग्निशालामा बसेका थिए । उता सूर्यनारायण अस्त भइरहेका थिए र ती मुनि समाधिस्थ भएर ईश्वरको ध्यानमा लीन थिए ॥ ८ ॥ त्यसै वेला । दितिले भनिन्-'हे विद्वन् ! कुनै मत्तहात्तीले कदली वृक्ष हल्लाएझैं अहिले मलाई धनुर्धारी कामदेव हजुरसित सम्भोग गर्नको निम्ति व्याकुल पारिरहेको छ ॥९॥ म सौताको सन्तान-रूपिणी समृद्धि देखेर मनमनै जलेकी म नारीलाई हजुर पुत्रदान दिने कृपा गर्नुहवस् ॥ १० ॥ हजुर जस्ता पतिद्वारा सन्तान प्राप्तिरूप यश प्राप्त गरेर स्त्रीहरू सबै लोकहरूमा महनी गरिने योग्य मानिन्छन् ॥११॥ आजभन्दा धेरै दिन अघि मेरा दयालु पिता दक्ष--जो हामी सबै छोरीमा ठूलो स्नेह राख्दथे । उनले एकपल्ट हामी सबैलाई भिन्न-भिन्न डाकेर सोधेका थिए--तिमी कोसित विवाह गर्न इच्छा गर्दछ्यौ ॥ १२ ॥ अन्त्यमा हाम्रो मनको विचार जानेर उनले हामी तेह्र बहिनीको विहे हजुरसित यसै निम्ति गरेका थिए कि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले सन्तानको वृद्धि होस् ! हामी सबैको शील-स्वभाव हजुरकै अनुकूल थियो । हे कंजलोचन ! अब मेरो कामना पूर्ण पारेर हजुर मेरो कल्याण गर्नुहवस् । हजुर झैं महान् पुरुषको शरणमा पुगेपछि कसैले पनि निराश हुनु पर्दैन ! मैत्रेय भन्दछन्–हे विदुर ! ती कामातुरा र दीन-हीन भएर प्रार्थना गर्न दितिलाई सान्त्वना दिंदै महर्षि कश्यपले भने–॥१३-१५॥ हे भीरु ! तिमी नडराऊ । म अहिल्यै तिम्रो इच्छा पूर्ण गरिदिनु । जसद्वारा धर्म, अर्थ र काम तीनै थरिको सिद्धि प्राप्त हुन्छ, त्यस पत्नीको कुरा मान्दिन भन्ने कुरा कुन पतिले भन्न सक्तछ ? ॥१६॥ गृहस्थ पुरुष स्त्रीकै सहायताले ब्रह्मचर्य आश्रमीहरूलाई अन्नादिले सहायता दिएर यो दुःखपूर्ण संसार-सागरबाट उसैगरी पारी तर्दछ, जसरी जहाज द्वारा मानिसहरू समुद्र पारी तर्दछन् ॥१७॥ हे मानिनि ! कल्याणेच्छुक व्यक्ति स्त्रीलाई पुरुषकी अर्धाङ्गिनी भन्दछन् र त्यसै गरी गृहस्थीको सबै भारी काँधमा दिएर आफू निश्चिन्त हुन्छन् ॥१८॥ अन्यान्य आश्रमीहरू इन्द्रियरूपी बलियो शत्रुलाई जित्न समर्थ हुन्नन्, तर गृहस्थाश्रमी आफ्नो गृहिणीको सहयोगले ती इन्द्रियहरूलाई यसरी पराजित गरिदिन्छन्, जसरी किल्लाको अधिपति राजा

अथ मे कुरु कल्याणं कामं कञ्जविलोचन ॥ आर्तोपसर्पणं भूमन्नमोघं हि महीयसि ॥ १४ ॥ इति तां वीर मारीचः कृपणां बहुभाषिणीम् ॥ प्रत्याहानुनयन्वाचा प्रवृद्धानङ्गकश्मलाम् ॥ १५ ॥ एष तेऽहं विधास्यामि प्रियं भीरु यदिच्छसि ॥ तस्याः कामं न कः कुर्यात्सिद्धिस्त्रैवर्गिकी यतः ॥ १६ ॥ सर्वाश्रमानुपादाय स्वाश्रमेण कलत्रवान् ॥ व्यसनार्णवमत्येति जलयानैर्यथार्णवम् ॥ १७ ॥ यामाहुरात्मनो ह्यर्धं श्रेयस्कामस्य मानिनि ॥ यस्यां स्वधुरमध्यस्य पुमांश्चरति विज्वरः ॥ १८ ॥ यमाश्रित्येन्द्रियारातीन्दुर्जयानितराश्रमैः ॥ वयं जयेम हेलाभिर्दस्यून्दुर्गपतिर्यथा ॥ १९ ॥ न वयं प्रभवस्तां त्वामनुकर्तुं गृहेश्वरि ॥ अप्यायुषा वा कार्त्स्न्येन ये चान्ये गुणगृध्नवः ॥ २० ॥ अथापि काममेतं ते प्रजात्यै करवाण्यलम् ॥ यथा मां नातिवोचन्ति मुहूर्तं प्रतिपालय ॥ २१ ॥ एषा घोरतमा वेला घोराणां घोरदर्शना ॥ चरन्ति यस्यां भूतानि भूतेशानुचराणि ह ॥ २२ ॥ एतस्यां साध्वि सन्ध्यायां भगवान्भूतभावनः ॥ परीतो भूतपर्षद्भिर्वृषेणाटति भूतराट् ॥ २३ ॥ श्मशानचक्रानिलधूलिधूम्रविकीर्णविद्योतजटाकलापः ॥ भस्मावगुण्ठामलरुक्मदेहो देवस्त्रिभिः पश्यति देवरस्ते ॥ २४ ॥ न यस्य लोके स्वजनः परो वा नात्या-

चोर-डाकूहरूलाई जितेर खेद्छ ॥१९॥ हे गृहेश्वरी ! घरकी स्वामिनी) जीवन भरि उद्योग गरि पनि म तिम्रो उपकारको बराबरी गर्न सक्तिन । म पात्र होइन, ठूला-ठूला गुणग्राही व्यक्ति पनि तिम्रो समानता गर्न सक्तैनन् ॥२०॥ अतः यद्यपि म तिम्रो इच्छा अहिल्यै पूर्ण गर्न सक्तछु, तर यो समय उपयुक्त छैन । यस बखत त्यसरतो गर्नाले मानिसहरू हाम्रो निन्दा गर्नेछन् । यस निम्ति तिमी एक मुहूर्त पर्ख ॥२१॥ यो निकै विकराल वेला छ । यस बखत घोर राक्षस डुलिरहेका देखिन्छन् यसै बखत रुद्र भगवान्का अनुचर पनि डुल्दछन् ॥२२॥ यसै सन्ध्या समयमा भूतगणका राजा भगवान् शिव आफ्ना गणहरू लिई नन्दीमा चढ़ेर विचरण गर्दछन् ॥२३॥ श्मशान भूमिबाट उठेको र चक्रवात द्वारा उडाइएको धूलोले तिनको जटा मुछिएको रहन्छ र देहमा भस्म शोभित रहन्छ । स्वच्छ सुनजस्तै उनको शरीर छ । ती तिम्रा देवर हुन् । आफ्ना सूर्य, चन्द्र र अग्निरूपी तीन नेत्रले हामी सबैलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेरिरहेछन् ॥२४॥ संसारमा उनको न कुनै आफ्ना छन्, न बिराना । ती न कसैसित बर्ता स्नेह गर्दछन्, न द्वेष, अनेकानेक व्रतद्वारा हामीहरू उनको आराधना गरेर त्यस वैभवलाई प्राप्त गर्न खोज्दछौं—जसलाई उनले निर्माल्य मानेर पर फ्याँकिदिएका छन् ॥२५॥ संसारका विवेकशील पुरुष अविद्यारूपिणी ग्रन्थिलाई काट्नको निम्ति तिनको गुण गान गर्दछन् । यद्यपिती सर्वेश्वर र सज्जनहरूका गतिदायक छन्, तैपनि ती पिशाच गण जस्तै आफ्नो व्यवहार गर्दछन् ॥२६॥ जो अभागी ती आत्माराम शंकरका गूढ चरित्र-लाई बुझ्न सक्तैनन्, ती त तिनको ठट्टा गर्दै कुकुरको भोजनस्वरूप यस देहलाई नै आत्मा मान्दछन् र विविध प्रकारका वस्त्र, माला र सुगन्धि तथा गहनाले सजाउँछन् ॥२७॥ ब्रह्मा आदि ठूला-ठूला देवता जसले बनाएका नियमहरू पालन गर्दछन्, जो यो जगत्का मूल कारण हुन् र माया जसको आज्ञामा रहने किंकरी हो, ती आफ्नो आचरण पिशाचहरू झैं निर्लज्ज राख्दछन् । अहो ! ती परमेश्वरको लीला अतर्क्य छ ॥२८॥ मैत्रेय भन्दछन्—हे विदुर ! यसरी कश्यपले धेरै बुझाए, तर कामदेवको वाणीले विह्वल दितिले एक पनि मानिनन्

वृतो नोत कश्चिद्विगर्ह्यः ॥ वयं व्रतैर्यच्चरणापविद्धामाशास्महेऽजां बत भुक्तभोगाम् ॥ २५ ॥ यस्यानवद्याचरितं मनीषिणो गृणन्त्यविद्यापटलं बिभित्सवः ॥ निरस्तसाम्यातिशयोऽपि यत्स्वयं पिशाचचर्यामचरद्गतिः सताम् ॥ २६ ॥ हसन्ति यस्याचरितं हि दुर्भगाः स्वात्मन्रतस्याविदुषः समीहितम् ॥ यैर्वस्त्रमाल्याभरणानुलेपनैः स्वभोजनं स्वात्मतयोपलालितम् ॥ २७ ॥ ब्रह्मादयो यत्कृतसेतुपाला यत्कारणं विश्वमिदं च माया ॥ आज्ञाकरी तस्य पिशाचचर्या अहो विभूम्नश्चरितं विडम्बनम् ॥ २८ ॥ मैत्रेय उवाच ॥ सैवं संविदिते भर्त्रा मन्मथोन्मथितेन्द्रिया ॥ जग्राह वासो ब्रह्मर्षेर्वृषलीव गतत्रपा ॥ २९ ॥ स विदित्वाऽथ भार्यायास्तं निर्बन्धं विकर्मणि ॥ नत्वा दिष्टाय रहसि तयाऽथोपविवेश ह ॥ ३० ॥ अथोप-स्पृश्य सलिलं प्राणानायम्य वाग्यतः ॥ ध्यायञ्जजाप विरजं ब्रह्म ज्योतिः सनातनम् ॥ ३१ ॥ दितिस्तु व्रीडिता तेन कर्मावद्येन भारत ॥ उप-संगम्य विप्रर्षिमधोमुख्यभ्यभाषत ॥ ३२ ॥ दितिरुवाच ॥ मा मे गर्भमिमं ब्रह्मन्भूतानामृषभोऽवधीत् ॥ रुद्रः पतिर्हि भूतानां यस्याकरवमंहसम् ॥ ३३ ॥ नमो रुद्राय महते देवायोग्राय मीढुषे ॥ शिवाय न्यस्तदण्डाय धृतदण्डाय मन्यवे ॥ ३४ ॥ स नः प्रसीदतां भामो भगवानुर्वनुग्रहः ॥

र वेश्या झैं तिनले ती महर्षिको धोती समातिन् ॥२९॥ आफ्नी पत्नी दितिको असामयिक र कुत्सित कामको निम्ति त्यस्तो दुराग्रह देखेर कश्यपले भावीलाई नमस्कार गरे र एकान्तमा गई दितिसंग रमण गरे ॥३०॥ त्यसपछि उनले आचमन र प्राणायाम गरे र मौन भई नारायणको ध्यान गरेर गायत्री मन्त्रको जप गर्नलागे ॥३१॥ दिति पनि आफ्नो त्यो कर्ममा सार्‍है लज्जित भइन् । ती महर्षि कश्यपको नगीचै गइन् र टाउको तल न्यूराई भन्न लागिन्— ॥३२॥ हे ब्रह्मन् ! अब हजुर यस्तो गर्नुहवस् कि रुद्र भगवान् मेरो यस गर्भको वध नगरुन् किनकि मैले ठूलो अपराध गरेकी छु ॥ ३३ ॥ म ती रुद्र भगवान्लाई प्रणाम गर्दछु—जो सर्वश्रेष्ठ, उग्र, भक्तहरूको इच्छालाई पूर्ण गर्ने र दुष्ट-लाई दण्ड दिने एवं क्रोधका मूर्तिमान् रूप छन् ॥३४॥ हाम्री बहिनी सतीका पति र महान् दयालु ती शिवजी मप्रति प्रसन्न होउन् । स्त्रीहरूप्रति निर्दयी व्याधा पनि दया गर्दछन् ।

॥३०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनें ती मतीपति किन दया गर्दैनन् ! ॥ ३५ ॥ मैत्रेय भन्दछन्—त्यस वेला दिति संतानको कल्याण कामना गर्दै र आफ्नो * भूलमा पछितो गर्दै थर-थर कामिरहेकी थिइन् । जब महर्षिको सन्ध्याकालीन कृत्य सकियो, तब कश्यप भन्दछन् ॥ ३६ ॥ हे शुभे ! गर्भ धारणको वेला एक त तिम्रो मन अपवित्र थियो, दोस्रो त्यो सायंकाल थियो । अनि मेरो आज्ञाको उल्लंघन र रुद्र आदि देवताको तिमीले अपमान गर्‍यौ ॥३७॥ यसै निम्ति हे अभागिनी ! तेरा जुन दुइ छोरा हुने छन्, ती दुवै अधम हुने छन् ती आफ्नो दुष्टताले तीनैलोक र लोकपालहरूलाई वारम्वार रुने पार्न छन् ॥३८॥ ती निरपराध र दीन-हीन प्राणीहरूलाई मार्नेछन् र अर्काकी स्त्रीहरू वलपूर्वक हरण गर्नेछन् । यसले सबै महात्मा तीमाथि कुपित हुनेछन् ॥३९॥ यस्तो स्थितिमा समस्त-जगतका प्रभु र सबै प्राणीहरूका पालक नारायण स्वयं अवतार लिनन् र ती दुवैलाई यसरी मार्नेछन्, जसरी इन्द्रले आफ्नो वज्रद्वारा पर्वतहरू

व्याधस्याप्यनुकम्प्यानां स्त्रीणां देवः सतीपतिः ॥ ३५ ॥ मैत्रेय उवाच ॥ स्वसर्गस्याशिषं लोक्यामाशासानां प्रवेपतीम् ॥ निवृत्तसन्ध्यानियमो भार्यामाह प्रजापतिः ॥ ३६ ॥ कश्यप उवाच ॥ अप्रत्ययादात्मनस्ते दोषान्मौहूर्तिकादुत ॥ मन्निदेशातिचारेण देवानां चातिहेलनात् ॥ ३७ ॥ भविष्यतस्तवाभद्रावभद्रे जाठराधमौ ॥ लोकान्सपालांस्त्रींश्चण्डि मुहुराक्रन्दयिष्यतः ॥ ३८ ॥ प्राणिनां हन्यमानानां दीनानामकृतागसाम् ॥ स्त्रीणां निगृह्यमाणानां कोपितेषु महात्मसु ॥३९॥ तदा विश्वेश्वरः क्रुद्धो भगवाँल्लोकभावनः ॥ हनिष्यत्यवतीर्यासौ यथाऽद्रीन् शतपर्वधृक् ॥४०॥ दितिरुवाच ॥ वधं भगवता साक्षात्सुनाभोदारबाहुना ॥ आशासे पुत्रयोर्मह्यं मा क्रुद्धाद्ब्राह्मणाद्विभो ॥ ४१ ॥ न ब्रह्मदण्डदग्धस्य न भूतभयदस्य च ॥ नारकाश्चानुगृह्णन्ति यां यां योनिमसौ गतः ॥ ४२ ॥ कश्यप उवाच ॥ कृतशोकानुतापेन सद्यः प्रत्यवमर्शनात् ॥ भगवत्युरुमानाच्च भवे मय्यपि चादरात् ॥४३॥ पुत्रस्यैव तु पुत्राणां भवितैकः सतां मतः ॥ गास्यन्ति यद्यशः शुद्धं भगवद्यशसा समम् ॥ ४४ ॥ योगैर्हेमेव

छिन्न-भिन्न पारिदिन्छन् ॥ ४० ॥ दिति बोलिन्—हे ब्रह्मन् ! यदि सुदर्शन चक्रधारी र लामा बाहु हुने साक्षात् नारायणका हातबाट तिनको वध हुन्छ भने ठीक छ, कुनै क्रुद्ध ब्राह्मणको श्रापद्वारा तिनको मृत्यु नहोस् ॥ १ ॥ किनकि ब्राह्मणको श्रापले मरेको प्राणी जीवमात्रको भयको कारण बन्दछ । त्यसमाथि नारकीय जीव पनि दया गर्दैनन् । त्यो जुनसुकै योनिमा गए पनि त्यहाँका व्यक्तिले तिरस्कार गर्दछन् ॥४२॥ कश्यप भन्दछन्—अपराध तिम्रो साह्रै ठूलो छ, तर एक त तिमीलाई आफ्नो भूल ज्ञातभयो र त्यसमाथि तिमीले पश्चात्ताप पनि गरिसक्यौ फेरि भगवान्को हातबाट वधको कुरा सुनेर पनि तिमीले अश्रद्धा देखाइनौ, तेस्रो रुद्र भगवान् र मेरो सम्मान गरेकी छौ । यी कारणहरूले ।४३॥ तिम्रो छोरो (हिरण्यकशिपु) को जुन छोरा हुनेछन्, तिनमा यौटा साह्रै सज्जन हुनेछ । मानिस भगवान्को यशका साथै त्यसको पनि यश-गन गार्न छन् ॥४४॥ जस्तै—धमिलो सुन-

---

* उपदेश (भूल-चूक)— भूल-चूक मनुष्य शरीरको धर्म हो । भगवान् बाहेक कोही पनि अच्युत मानिन सक्तैन । भूल चूकले नै मनुष्य बन्दछ उसैबाट सिक्दछ, जो कहिल्यै चुक्तैन, त्यो केहि जान्न सक्तैन ।) साँच्चै भनौं भने उन्नतिको शिखरमा पुग्नको निम्ति यो भर्याङ्को काम दिन्छ । यस निम्ति मनुष्यको कर्तव्य हुन्छ भूल चूकबाट वा अरु कुनै कारणले जुन हीनता आउँछ त्यसले कहिल्यै निराश नहोओस् । बरु दोब्बर उत्साहले आफ्नो काममा लागिरहोस् । अँ, यति अवश्य छ कि बुद्धिमान मनुष्य त्यही भूलमा फेरि नगाडिएर सावधान रहोस् । मनुष्य जति आफ्नो भविष्य स्वयं बिगार्दछ, त्यति अरुले बिगार्दैनन् । जे जति हामी स्वयं सिक्दछौं, त्यसको प्रभाव अर्काको शिक्षा भन्दा बर्ता हुन्छ, त्यही पछि गएर वज्रलेप बन्दछ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई तपाईं, चुटी र घोटेर शुद्ध पार्छन्, यसै गरी संसारका प्राणी निर्वैरता आदि गुणहरूद्वारा आफूलाई सधाई तिम्रो पौत्रको अनुकर गर्नेछन् ॥४५॥ जसको कृपाले नारायणमय भएर यो संसार सुखी हुन्छ, ती आत्मदर्शी परमात्मा तिम्रो नातिको अनन्य दृष्टि (भगवद्भक्ति) बाट प्रसन्न हुनेछन् ॥४६॥ तिम्रो नाति असाधारण भक्त, महात्मा, प्रभावशाली र परम महान् हुनेछ। त्यही भक्तियोगद्वारा आफ्नो हृदय शुद्ध पारेर नारायणमा मन लगाउनेछ र त्यसको सम्पूर्ण देहाभिमान नष्ट हुनेछ ॥४६॥ त्यो परम वैरागी हुनेछ। त्यसको बानी सार्है असल हुनेछ। त्यो अर्कालाई सुखी देखेर प्रसन्न र दुःखी देखेर दुःखी हुनेछ। संसारमा त्यसको शत्रु रहने छैनन्। त्यो उसै गरी सबैको शोक हटाउने छ, जसरी ग्रीष्मऋतुको गर्मीको चन्द्रमा हरण गर्दछ॥ ८॥ त्यो तिम्रो नाति भक्तहरूको इच्छानुसार अवतार लिने, कमलनयन तथा किरीट र कुण्डलले सुशोभित वदनारविन्द भएका, लक्ष्मी-युक्त भगवानलाई आफ्नो हृदयभित्र र बाहिर अखिल विश्वमा देख्दै रहने छ ॥४९॥ मैत्रेय भन्दछन्–हे विदुर ! आफ्ना पतिको मुखबाट छोराहरूको भगवान्का हातबाट मरण र नाति भगवद्भक्त हुने कुरा सुनेर

दुर्वर्णं भावयिष्यन्ति साधवः ॥ निर्वैरादिभिरात्मानं यच्छीलमनुवर्तितुम् ॥ ४५ ॥ यत्प्रसादादिदं विश्वं प्रसीदति यदात्मकम् ॥ स स्वदृग्भगवान्यस्य तोष्यतेऽनन्यया दृशा ॥ ४६ ॥ स वै महाभागवतो महात्मा महानुभावो महतां महिष्ठः ॥ प्रवृद्धभक्त्या ह्यनुभाविताशये निवेश्य वैकुण्ठमिमं विहास्यति ॥४७॥ अलम्पटः शीलधरो गुणाकरो हृष्टः परर्द्ध्या व्यथितो दुःखितेषु ॥ अभूतशत्रुर्जगतः शोकहर्ता नैदाघिकं तापमिवोडुराजः ॥४८॥ अन्तर्बहिश्चामलमब्जनेत्रं स्वपूरुषेच्छानुगृहीतरूपम् ॥ पौत्रस्तव श्रीललनाललामं द्रष्टा स्फुरत्कुण्डलमण्डिताननम् ॥ ४९ ॥ मैत्रेय उवाच ॥ श्रुत्वा भागवतं पौत्रममोदत दितिर्भृशम् ॥ पुत्रयोश्च वधं कृष्णाद्विदित्वाऽऽसीन्महामनाः ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे दितिकश्यपसंवादे चतुर्दशोऽध्यायः ॥ १४ ॥ मैत्रेय उवाच ॥ प्राजापत्यं तु तत्तेजः परतेजोहनं दितिः ॥ दधार वर्षाणि शतं शङ्कमाना सुरार्दनात् ॥ १ ॥ लोके तेन हतालोके लोकपाला हतौजसः ॥ न्यवेदयन्विश्वसृजे ध्वान्तव्यतिकरं दिशाम् ॥ २ ॥ देवा ऊचुः ॥ तम एतद्विभो वेत्थ संविग्ना यद्वयं भृशम् ॥ न ह्यव्यक्तं भगवतः कालेनास्पृष्टवर्त्मनः ॥ ३ ॥ देवदेव जगद्धातर्लोकनाथशिखामणे ॥ परेषामपरेषां त्वं भूतानामसि भाववित् ॥ ४ ॥ नमो विज्ञानवीर्याय माययेदमुपेयुषे ॥ गृहीतगुणभेदाय नमस्तेऽव्यक्तयोनये ॥ ५ ॥ ये त्वाऽनन्येन भावेन भावय-

दिति निकै प्रसन्न भइन् ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां चतुर्दशोऽध्यायः ॥१४॥ (जय-विजयलाई श्राप) मैत्रेय भन्दछन्–हे विदुर ! प्रजापति कश्यपको त्यो तेज (वीर्य) शत्रुनाशक थियो। यो सन्तान जन्मेर देवताहरूबाट कष्ट नपाओस् भन्ने विचार गरेर दितिले सय वर्षसम्म आफ्नो गर्भमै राखिन् ॥१॥ त्यसले संसारलाई प्रकाश प्रदान गर्ने सूर्यनारायण र चन्द्रमाको प्रकाश नष्ट भयो। सबै लोकपालको तेज मन्द भयो। सबै दिशाहरूमा फैलिएका महान् अन्धकारलाई देखेर देवताहरू आत्तिए र तिनीहरूले ब्रह्माजीकहाँ गएर निवेदन गरे—॥२॥ हे विभो ! यस अन्धकारको रहस्य हजुर नै जान्न सक्नुहुन्छ हामीहरू त यसबाट आत्तिइरहेका छौं। हजुर नै यसको कारण जान्न सक्नु हुन्छ। किनकि हजुरले नजान्ने केही छैन ॥३॥ हे देवताहरूका पनि देवता ! हे जगत्का पालनकर्ता ! हे लोकपालहरूका शिरोमणि। हजुर उच्च

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र नीच सबै प्राणिहरूको मनोगत भावहरू राम्ररी जान्नु हुन्छ ॥४॥ विज्ञान नै हजुरको बल छ । मायाले हजुरले ब्रह्माको रूप धारण गर्नुभएको छ । हजुर रजोगुणी हुनुहुन्छ । हजुरको उत्पत्तिको कारण कसैलाई पनि ज्ञान छैन, हामी हजुरलाई प्रणाम गर्दछौं । निष्कामभावले भक्तिद्वारा समस्त सदसदात्मक लोकहरू धारण गर्न हजुरको आराधना गर्दछौं, ती प्राण र इन्द्रियहरूलाई जित्ने र हजुरको कृपा प्राप्त गर्ने व्यक्तिहरूको कहीं पनि पराजय हुँदैन ॥६-७॥ जसको वाणीमा सारा प्रजा यसरी बाँधिएका छन् जसरी डोरीमा गाई बाँधिन्छन् । संसारका सबै मानिस हजुरलाई श्रेष्ठ मानेर पूजा गर्दछन् । हजुरलाई प्रणाम छ ॥८॥ हे भगवन् ! यस वेला अन्धकारले गर्दा दिन-रातको ज्ञान नहुनाले संसारका सबै कर्म लुप्त भएका छन् । अब हजुरनै आफ्नो असाधारण कृपाले दीनजनको दुःख निवारण गरेर तिनको रक्षा गर्नुहवस् ॥९॥ हेर्नुहवस्, प्रजापति कश्यपद्वारा स्थापित दितिको गर्भ सबै दिशाहरूमा अन्धकार फिजाइरहेको छ, त्यो काठ पाएर आगो झैं बढ्दैछ ॥१०॥ मैत्रेय भन्दछन्––हे विदुर ! देवगणको कुरा सुनेर शब्दशास्त्रको ज्ञाता ती देवताहरूलाई सुन्दर वाणीले

न्त्यात्मभावनम् ॥ आत्मनि प्रोतभुवनं परं सदसदात्मकम् ॥ ६ ॥ तेषां सुपक्वयोगानां जितश्वासेन्द्रियात्मनाम् ॥ लब्धयुष्मत्प्रसादानां न कुतश्चित्पराभवः ॥ ७ ॥ यस्य वाचा प्रजाः सर्वा गावस्तन्त्येव यन्त्रिताः ॥ हरन्ति बलिमायत्तास्तस्मै मुख्याय ते नमः ॥ ८ ॥ स त्वं विधत्स्व शं भूमंस्तमसा लुप्तकर्मणाम् ॥ अदभ्रदयया दृष्ट्या आपन्नानर्हसीक्षितुम् ॥ ९ ॥ एष देव दितेर्गर्भ ओजः काश्यपमर्पितम् ॥ दिशस्तिमिरयन्सर्वा वर्धतेऽग्निरिवैधसि ॥१०॥ मैत्रेय उवाच ॥ स प्रहस्य महाबाहो भगवान् शब्दगोचरः॥ प्रत्याचष्टात्मभूर्देवान्प्रीणन् रुचिरया गिरा ॥११॥ ब्रह्मोवाच ॥ मानसा मे सुता युष्मत्पूर्वजाः सनकादयः ॥ चेरुर्विहायसा लोकाँल्लोकेषु, विगतस्पृहाः ॥ १२ ॥ त एकदा भगवतो वैकुण्ठस्यामलात्मनः ॥ ययुर्वैकुण्ठनिलयं सर्वलोकनमस्कृतम् ॥ १३ ॥ वसन्ति यत्र पुरुषाः सर्वे वैकुण्ठमूर्तयः ॥ तेऽनिमित्तनिमित्तेन धर्मेणाराधयन्हरिम् ॥ १४ ॥ यत्र चाद्यः पुमानास्ते भगवान् शब्दगोचरः ॥ सत्त्वं विष्टभ्य विरजं स्वानां नो मृडयन्वृषः ॥ १५ ॥ यत्र नैःश्रेयसं नाम वनं कामदुघैर्द्रुमैः ॥ सर्वर्तुश्रीभिर्विभ्राजत्कैवल्यमिव मूर्तिमत् ॥ १६ ॥ वैमानिकाः सललनाश्चरितानि यत्र गायन्ति लोकशमलक्षपणानि भर्तुः ॥ अन्तर्जलेऽनुविकसन्माधवीनां

प्रसन्न पार्दै भने––॥११॥ हे देवता हो ! पहिले मैले तिम्रा पूर्वज सनकादि ऋषिहरूलाई आफ्नो मनबाट उत्पन्न गरेथें । ती कुनै कुराको इच्छा नराखेर केवल निस्पृत भावले स्वर्गबाट वल र यता-उताका लोकहरूमा डुल्न लागे ॥१२॥ एकपल्ट तिनीहरू विशुद्धात्मा नारायणको सहनी योग्य वैकुण्ठ पुगे ॥ १३ ॥ त्यहाँ बस्ने सबै जना नारायणकै समान राम्रा र गुणवान् थिए र निष्काम भावले धर्मपूर्वक भगवान्‌को आराधना गर्दथे ॥१४॥ त्यही वैकुण्ठमा वेदान्तवेद्य, शुद्ध तमोगुणी र धर्मका मूर्त्तिमान् स्वरूप आदिपुरुष नारायण पनि हामी भक्तजनलाई आनन्दित पार्दै रहनु हुन्थ्यो ॥१५॥ त्यही वैकुण्ठमा निःश्रेयस नामको यौटा अत्यन्त मनोहर वन छ, जसमा सबैका अभिलाषा पूर्ण पार्ने वृक्ष छन् । तिनमा सबै ऋतुका फल-फूल लटरम्म रहन्छन् । यी कारणहरूले त्यो वन साक्षात् मोक्षधाम ज्ञात हुन्छ ॥१६॥ त्यहाँ अगणित विमानचारी देवता आफ्ना पत्नी सहित डुल्दै आउँथे र संसारका पाप-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू नष्ट पारिदिने नारायणको यश-गान गर्दछन् । त्यस समय ती नारायणको गुणगानमा यति बर्ता मग्न हुन्छन् कि—जलमा विकसित मकरन्दपूर्ण वासन्ती लताको सुगन्धले चित्त चंचल हुँदा पनि ती त्यस सुगन्धित वायुको उपेक्षा गर्दै भगवान्‌को भजन नै गरिरहन्छन् ॥१७॥ जुन बेला त्यहाँका सुरमित पुष्पहरूमा डुल्ने भ्रमरा भगवान्‌का गुण गाउन थाल्दछन् तब त्यहाँ कोइली, परेवा, सारस, चक्रवाक, हंस, सुगा, तित्रा र मयूर आदि अनेक पक्षीहरू एकछिनका लागि मानो मौन हुन्छन् । तात्पर्य के भने—त्यहाँका पक्षी पनि नारायणका गुणहरू सुनेर आनन्दित हुन्छन् ॥१८॥ मन्दार, कुन्द करवीर, चम्पा, चमेली, अडहुल, जाई जुही, पुन्नाग, नागकेसर, बकुल, मौलसिरी, कमल र पारिजात आदि विविध प्रकारका पुष्प यद्यपि असाधारण सुगन्ध सम्पन्न हुन्छन्, तापनि ती सबै तुलसीको तपस्याको आदर यस निम्ति गर्दछन् कि भगवान्‌लाई त्यसको सुगन्ध विशेष प्रिय छ ॥१९॥ त्यहाँका जनमा भगवान्‌का चरण-मा नमस्कार गर्नाले मात्र यति दृढ भक्ति जागृत भएर आउँछ कि वैदूर्य, मरकत र सुवर्ण निर्मित विमानमा बसी ठूला-ठूला नितम्ब हुने सुर-सुन्दरीहरूको हास-विलासको पनि तिनमा कुनै प्रभाव पर्दैन ।२०॥ जसको कृपा प्राप्त गर्नको निम्ति मानिस प्रयत्नशील रहन्छन्, लक्ष्मी नारायणको त्यस भव्य भवनमा आफ्ना पाउका नूपुर छम-छम पार्दै र लीला-कमल

गन्धेन खण्डितधियोऽप्यनिलं क्षिपन्तः ॥ १७ ॥ पारावतान्यभृतसारसचक्रवाकदात्यूहहंसशुकतित्तिरिबर्हिणां यः कोलाहलो विरमतेऽचिरमात्रमुच्चैर्भृङ्गाधिपे हरिकथामिव गायमाने ॥१८॥ मन्दारकुन्दकुरवोत्पलचम्पकार्णपुन्नागनागबकुलाम्बुजपारिजाताः ॥ गन्धेऽर्चिते तुलसिकाभरणेन तस्या यस्मिंस्तपः सुमनसो बहु मानयन्ति ॥ १९ ॥ यत्संकुलं हरिपदानतिमात्रदृष्टैर्वैदूर्यमारकतहेममयैर्विमानैः ॥ येषां बृहत्कटितटाः स्मितशोभिमुख्यः कृष्णात्मनां न रज आदधुरुत्स्मयाद्यैः ॥२० ॥ श्रीरूपिणी क्वणयती चरणारविन्दं लीलाम्बुजेन हरिसद्मनि मुक्तदोषा ॥ संलक्ष्यते स्फटिककुड्य उपेतहेम्नि सम्मार्जतीव यदनुग्रहणेऽन्ययत्ना ॥ २१ ॥ वापीषु विद्रुमतटास्वमलामृताप्सु प्रेष्यान्विता निजवने तुलसीभिरीशम् ॥ अभ्यर्चतां स्वलकमुन्नसमीक्ष्य वक्त्रमुच्छेषितं भगवतेत्यमताङ्ग यच्छ्रीः ॥ २२ ॥ यन्न व्रजन्त्यघभिदो रचनानुवादाच्छृण्वन्ति येऽन्यविषयाः कुकथा मतिघ्नीः ॥ यास्तु श्रुता हतभगैर्नृभिरात्तसारास्तांस्तान्क्षिपन्त्यशरणेषु तमःसु हन्त ॥ २३ ॥ येऽभ्यर्थितामपि च नो नृगतिं प्रपन्ना ज्ञानं च तत्त्वविषयं सह-

खेलाउँदै डुल्दछिन् । त्यस बेला भित्ताहरूमा लगाएका स्फटिकमा तिनको छाया पर्नाले यस्तो ज्ञात हुन्छ कि मानों लक्ष्मी कुचो लगाउँदै छन् ॥२१॥ हे अङ्ग ! ती लक्ष्मीजी आफ्ना सखीहरूसित त्यस तलाउका नगीच गएर तुलसी दलले नारायण भगवान्‌को पूजा गर्दछिन्, जसका खुड्किलाहरूमा मूगा र मोती जडेका छन् । पूजा गर्दागर्दै जलमा परेको प्रति-बिम्बमा आफ्नो सुन्दर केशपास र अग्लो नासिकायुक्त कमनीय मुख हेरेर ती विचार्न थाल्छिन् कि यदि भगवान् यदि यसलाई एकपल्ट मुसारुन् त यसको सौन्दर्य सफल हुनेछ ॥२२॥ ब्रह्माजी भन्दछन्—हे देवता हो जो जन संसारका यस्ता कुरामा अल्झिरहन्छन्—जसले तिनको बुद्धि भ्रष्ट हुन्छ ती जन नारायणा पापनाशक गुणहरू सुन्दैनन्—जसको परिणाम यो हुन्छ कि ती त्यो वैकुण्ठधाम नगएर सधैं अज्ञानान्धकारमा गाडिइरहन्छन् र अन्त्यमा नरकगामी हुन्छन् ॥ २३ ॥ जो जन त्यस मानव-योनिलाई—जसलाई हामी पनि चाहन्छौं—र अन्यान्य पनि सबै चाहन्छन्—जसमा तत्त्वज्ञान, सदाचार आदि गुण प्राप्त गर्न सुविस्ता रहन्छ—त्यो उत्तम योनि पाएर पनि जो अज्ञानवश अव्यक्त भगवान्‌लाई भज्दैनन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तव भन्नुपर्दछ कि तिनमाथि भगवान्‌का मायाको पर्दा परिराखेको छ । जसले ती भ्रममा परिरहन्छन् ॥२४॥ यस पवित्र धाममा त निकै व्यक्ति पुग्न पाउँछन्, जो भगवान्‌को भक्तिमा निमग्न भएर यम-नियमादि साधनबाट पनि अलग्ग हुन्छन् । जसका सद्‌गुणहरूको आदर हामीहरू पनि गर्दछौं । सामुहिकरूपले परस्पर नारायणको गुण-गान गर्दै जसका नेत्र-बाट अश्रुधारा बग्न लाग्दछन् र सारा शरीर पुलकायमान भएर आउँछ ॥२५॥ हे देवगण ! ती सनकादि मुनि आफ्नो योगबलको शक्तिले त्यस धाममा पुगेर प्रसन्न भए । किनकि त्यो विश्व-पिताको पवित्र निवासस्थान थियो । सबै भुवनका जनहरू उनको वन्दना गरिरहेथे । अगणित देवताहरूका चित्र-विचित्र विमान आफ्ना-आफ्ना प्रभाको विस्तार गरिरहेथे ॥२६॥ त्यहाँ पुगेर नारायणको दर्शनको उत्कण्ठावश ती छ ढोकाहरूको शोभामा कुनै पनि दृष्टिपात नगरेर सोझै सातौं ढोकामा पुग्दथे । त्यहाँ तिनलाई पहरा दिइरहेका दुइ द्वारपाल भेटिए । ती द्वारपालका चार-चार भुजा थिए । ती दुवैको अवस्थामा समान थियो । दुवैले गदा लिएका थिए र बहुमूल्य किरीट, केयूर, कुण्डल आदिले तिनको स्वरूप सान्है राम्रो

धर्ममत्र ॥ नाराधनं भगवतो वितरन्त्यमुष्य सम्मोहिता विततया बत मायया ते ॥ २४ ॥ यच्च व्रजन्त्यनिमिषामृषभानुवृत्त्या दूरे यमा ह्युपरि नः स्पृहणीयशीलाः ॥ भर्तुर्मिथः सुयशसः कथनानुरागवैक्लव्यबाष्पकलया पुलकीकृताङ्गाः ॥ २५ ॥ तद्विश्वगुर्वधिकृतं भुवनैकवन्द्यं दिव्यं विचित्रविबुधाग्र्यविमानशोचिः ॥ आपुः परां मुदमपूर्वमुपेत्य योगमायाबलेन मुनयस्तदथो विकुण्ठम् ॥ २६ ॥ तस्मिन्नतीत्य मुनयः षडसज्जमानाः कक्षाः समानवयसावथ सप्तमायाम् ॥ देवावचक्षत गृहीतगदौ परार्ध्यकेयूरकुण्डलकिरीटविटङ्कवेषौ ॥ २७ ॥ मत्तद्विरेफवनमालिकया निवीतौ विन्यस्तयाऽसितचतुष्टयबाहुमध्ये ॥ वक्त्रं भ्रुवा कुटिलयाऽस्फुटनिर्गमाभ्यां रक्तेक्षणेन च मनाग्रभसं दधानौ ॥ २८ ॥ द्वार्येतयोर्निविविशुर्मिषतोरपृष्ट्वा पूर्वा यथा पुरटवज्रकपाटिकायाः ॥ सर्वत्र तेऽविषमया मुनयः स्वदृष्ट्या ये संचरन्त्यविहता विगताभिशङ्काः ॥ २९ ॥ तान्वीक्ष्य वातरशनांश्चतुरः कुमारान्वृद्धान्दशार्धवयसो विदितात्मतत्त्वान् ॥ वेत्रेण चास्खलयतामतदर्हणांस्तौ तेजो विहस्य भगवत्प्रतिकूलशीलौ ॥ ३० ॥ ताभ्यां मिषत्स्वनिमिषेषु निषिध्यमानाः स्वर्हत्तमा ह्यपि हरेः प्रतिहारपाभ्याम् ॥ ऊचुः सुहृत्तमदिदृक्षितभङ्ग ईषत्कामानुजेन महसा त उपप्लुताक्षाः ॥३१॥ मुनय ऊचुः ॥

देखिइरहेथ्यो ॥२७॥ ती घाँटीदेखि खुट्टासम्म झुण्डिने यस्तो वनमाला पहिरेका थिए, जसमा मत्त भ्रमरगण डुलिरहेथे । श्याम बाहुको माझमा विराजमान तिनको सुन्दर मुख थियो । तिनका आँखिभौं र नासिका केही फर्फराए झैं देखिन्थे र आँखा राता भएका थिए । त्यसले ती क्रुद्ध भएको लक्षण देखिइरहेको थियो ॥२८॥ ती मुनिगण पछिल्ला छ ठोकामा नसोधेर नै आएका थिए, त्यसै गरी सातौं ढोका भित्र पनि जानलागे । किनकि ती समस्त भूमण्डललाई समान दृष्टिले हेर्दथे । यसै निम्ति तिनलाई कहीं पनि रोक-छेक थिएन ॥२९॥ ती परम वृद्ध तर देख्दा पाँच वर्षका झैं ज्ञात हुने र आत्मज्ञानी सनकादिहरूलाई त्यसरी सरासर भित्र जान लागेका देखेर भगवान् भन्दा विरुद्ध स्वभाव भएका ती दुवै द्वारपालहरूले तिनको तेजको उपेक्षा गरे र उपहास (ठट्टा) गर्दै आफ्नो बेतको छडीले तिनलाई छेकिदिए ॥३०॥ परम पूजनीय ती ऋषिगण देवताहरूले हेर्दाहेर्दै ती द्वारपाल द्वारा रोकिए । त्यसले तिनका अतिशय प्रिय नारायणको दर्शनमा बाधा पर्‍यो । तब तिनलाई रिस उठ्यो र तिनका आँखा राता-राता भए ॥३१॥ मुनिहरूले भने—हामीलाई छेक्ने तिमी को हौ ?

...nath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो दरबार त यस्तो छ कि जहाँ नारायणको पूर्ण आराधना गरेर मात्र कोही पदाधिकारी बन्न सक्तछ। भगवान्का आराधक समदर्शी हुन्छन्। फेरि यो कुरा बुझ्न सकिएन कि यहाँ यस्तो विषमता किन भयो—तिमी कसैलाई भित्र जान दिन्छौ, कसैलाई जान दिँदैनौ। फेरि ती परम शान्त र विरोधभावरहित नारायणको द्वारमा शंकाको समावेश हुनै सक्तैन ।।३२।। जसको उदरमा समस्त विश्व अटाएको छ, तिनलाई विद्वान्हरू घटाकाश, महाकाशमा लीन भएको समान भेदशून्य ठान्दछन्। यस्तो स्थितिस्त देववेश धारण गरेका तपाइँ दुवैले ती नारायणकहाँ पाले बसेर भय उपस्थित गरिदिनु भयो ! ।।३३।। यद्यपि तपाइँ वैकुण्ठनाथका अनुचर हुनुहुन्छ, तापनि तपाइँको सुधार हुनु आवश्यक छ। यस निम्ति तपाईको कल्याणार्थ हामी यस्तो विचार गररहेकाछौं–तपाइँ यो लोक छाडेर यस्तो लोकमा गएर बस्नोस्–जहाँ भेद-भावयुक्त पापीहरूको निम्ति काम,क्रोध, लोभ शत्रुहरूको प्रबलता होस् ।।३४।। तिनको त्यस्ता कुरा र अस्त्र-शस्त्र भन्दा पनि अनिवार्य घोर ब्रह्मश्राप सुनेर भयभीत ती दुवै अति कातरभावले ती कुमारहरूका पाउमा न्यूरेर भन्नलागे– ।।३५।। हेतपस्वी हो ! हामी दुवै

कौ वामिहैत्य भगवत्परिचर्ययोच्चैस्तद्धर्मणां निवसतां विषमः स्वभावः ।। तस्मिन्प्रशान्तपुरुषे गतविग्रहे वां को वात्मवत्कुहकयोः परिशङ्कनीयः ।। ३२ ।। न ह्यन्तरं भगवतीह समस्तकुक्षावात्मानमात्मनि नभो नभसीव धीराः ।। पश्यन्ति यत्र युवयोः सुरलिङ्गिनोः किं व्युत्पादितं ह्युदरभेदि भयं यतोऽस्य ।। ३३ ।। तद्वाममुष्य परमस्य विकुण्ठभर्तुः कर्तुं प्रकृष्टमिह धीमहि मन्दधीभ्याम् ।। लोकानितो व्रजतमन्तरभावदृष्ट्या पापीयसस्त्रय इमे रिपवोऽस्य यत्र ।। ३४ ।। तेषामितीरितमुभाववधार्य घोरं तं ब्रह्मदण्डमनिवारणमस्त्रपूगैः ।। सद्यो हरेरनुचरावुरु बिभ्यतस्तत्पादग्रहावपततामतिकातरेण ।। ३५ ।। भूयादघोनि भगवद्भिरकारि दण्डो यो नौ हरेत सुरहेलनमप्यशेषम् ।। मा वोऽनुतापकलया भगवत्स्मृतिघ्नो मोहो भवेदिह तु नौ व्रजतोरधोऽधः ।। ३६ ।। एवं तदैव भगवानरविन्दनाभः स्वानां विबुध्य सदतिक्रममार्यहृद्यः ।। तस्मिन्ययौ परमहंसमहामुनीनामन्वेषणीयचरणौ चलयन्सहश्रीः ।। ३७ ।। तं त्वागतं प्रतिहतौपयिकं स्वपुम्भिस्तेऽचक्षताक्षविषयं स्वसमाधिभाग्यम् ।। हंसश्रियोर्व्यजनयोः शिववायुलोलच्छुभ्रातपत्रशशिकेसरशीकराम्बुम् ।। ३८ ।। कृत्स्नप्रसादसुमुखं स्पृहणीयधाम स्नेहावलोककलया हृदि संस्पृशन्तम् ।। श्यामे पृथावुरसि शोभितया

पापालाई हजुरले यो उचित दण्ड दिनुभयो। यसले हजुर जस्ता देवताहरूको अपमानको पाप शान्त हुनेछ। अब यसको निम्ति पछितो नगर्नुहोला। अँ, यति अवश्य गरिदिनोस्–हामी आफ्नो पापको प्रभावले जतिसुकै तल झरे पनि हाम्रो हृदयमा त्यो मोह उत्पन्न नहोस्—जसले हामीलाई नारायणको स्मरण पनि नहोस् ।।३६।। उता भक्तवत्सल भगवान्लाई जसै थाहा भयो कि मेरा अनुचरले ती महापुरुषको अपमान गरिदिए, तब लक्ष्मीसहित नारायण तुरुन्त नाँगै खुट्टाले दगुरे—जुन पाउलाई ठूला-ठूला मुनि खोजिरहन्छन् ।।३७।। त्यहाँका जनहरूले देखे कि जसै भगवान् आइपुगे, तत्काल तिनका अनुचर छत्र, पादुका आदि लिएर आइपुगे। जुन ब्रह्मको साक्षात्कार एकमात्र समाधिद्वारा हुन्छ, त्यसलाई ती मुनिगणले नेत्रको सम्मुख उभिएका देखे। त्यस बेला तिनका दुवैतिर हंस समान सेता पंखा हल्लिरहेथे र त्यसबाट चीसो बतास निस्किरहेथ्यो। चन्द्रमा समान सेतो छत्रको तल यति चीसो थियो–जस्तै त्यसमा लगाएको मोतीका झालरबाट मसीना जलका थोपा झरिरहेका थिए ।।३८।। त्यहाँ विद्यमान सबैलाई प्रसन्न पार्नमा तत्पर गुणकाधाम, स्नेहपूर्ण नेत्रले सबैको हृदयमा काउकुती उत्पन्न

।।२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै भगवान्तिर हेरेर ती ऋषिगण गद्‌गद् भए । तिनको श्याम र विशाल वक्षस्थलमा लक्ष्मीजी विराजमान थिइन् । आफ्नो शोभाले ती सबै लोकका शिरोमणिस्वरूप आफ्नो वैकुण्ठ धामलाई सुशोभित पारिरहेका थिए ।।३९।। भगवान् आफ्ना स्थूल नितम्बमा झल्कने कन्धनी पहिरेका थिए । उनको घाँटीमा वनमाला थियो—त्यसको सुगन्धमा मुग्ध भएर भ्रमरगण गुन्जार गरिहेका थिए । तिनका बाहुमा सुन्दर गहना थिए । ती यौटा हात गरुड़को काँधमा राखेका थिए र अर्को हातमा लीला-कमल लिएर हल्लाइरहेका थिए ।।४०।। आफ्नो तेजले विजुलीलाई पनि परै बस भन्ने लाग्दथ्यो र मकराकृत कुण्डल कानमा थिए, त्यसले मालाको शोभा हेरिरहुँ जस्तो थियो । तिनको अग्लो र राम्रो नासिका थियो । तिनको शिरमा मणिजडित किरीट सुशोभित थियो । दुवै भुजाहरूको बीच घाँटीमा बहुमूल्य हार र वक्षस्थलमा कौस्तुभमणि विराजमान थियो ।। ४१ ।। उनको त्यो रमनीय कान्ति देखेर सनकादि मुनिहरूले विचार गरे—लक्ष्मीजी व्यर्थ नै आफ्नो शोभाको वर्णन गर्दछिन् । वास्तवमा नारायणको शोभाको सामुन्ने तिनको सौन्दर्य हराएको छ । ब्रह्माजी भन्दछन्––हे देवता हो !

श्रिया स्वश्चूडामणिं सुभगयन्तमिवात्मधिष्ण्यम् ।। ३९ ।। पीतांशुके पृथुनितम्बिनि विस्फुरन्त्या काञ्च्याऽलिभिर्विरुतया वनमालया च ।। वल्गुप्रकोष्ठवलयं विनतासुतांसे विन्यस्तहस्तमितरेण धुनानमब्जम् ।। ४० ।। विद्युत्क्षिपन्मकरकुण्डलमण्डनार्हं गण्डस्थलोन्नसमुखं मणिमत्किरीटम् ।। दोर्दण्डषण्डविवरे हरता परार्ध्यहारेण कन्धरगतेन च कौस्तुभेन ।। ४१ ।। अत्रोपसृष्टमिति चोत्स्मितमिन्दिरायाः स्वानां धिया विरचितं बहुसौष्ठवाढ्यम् ।। मह्यं भवस्य भवतां च भजन्तमङ्गं नेमुर्निरीक्ष्य न वितृप्तदृशो मुदा कैः ।। ४२ ।। तस्यारविन्दनयनस्य पदारविन्दकिञ्जल्कमिश्रतुलसीमकरन्दवायुः ।। अन्तर्गतः स्वविवरेण चकार तेषां संक्षोभमक्षरजुषामपि चित्ततन्वोः ।। ४३ ।। ते वा अमुष्य वदनासितपद्मकोशमुद्वीक्ष्य सुन्दरतराधरकुन्दहासम् ।। लब्धाशिषः पुनरवेक्ष्य तदीयमंघ्रिद्वन्द्वं नखारुणमणिश्रयणं निदध्युः ।। ४४ ।। पुंसां गतिं मृगयतामिह योगमार्गैर्ध्यानास्पदं बहुमतं नयनाभिरामम् ।। पौंस्नं वपुर्दर्शयानमनन्यसिद्धैरौत्पत्तिकैः समगृणन् युतमष्टभोगैः ।। ४५ ।। कुमारा ऊचुः ।। योऽन्तर्हितो हृदि गतोऽपि दुरात्मनां त्वं सोऽद्यैव नो नयनमूलमनन्तराद्धः ।। यर्ह्येव कर्णविवरेण गुहां गतो नः पित्राऽनुवर्णितरहो भवदुद्भवेन ।। ४६ ।। तं त्वा

हाम्रा शंकरकी र तिमीहरू जस्ता भक्तहरूको उपकरार्थ अवतार लिने ती नारायणलाई देखेर ती मुनिजन गद्‌गद् भए र आँखाद्वारा बारम्बार त्यो सौन्दर्य हेरेर पनि तृप्त हुँदैनथे ।।४२।। तिनका कमल समान नेत्र र चरणारविन्दको मकरन्द तथा तुलसीको सुगन्धले मिश्रित वायुलाई सुँघनाले ब्रह्मज्ञानी भएर पनि तिनको मनको मन र तन क्षुभित हुन गयो ।।४३।। तिनीहरू नारायणको श्याम-कमल सदृश र कुन्दपुष्प झैं मन्द हास्ययुक्त मुख देखेर सफल मनोरथ हुँदै राता नङ देदीप्यमान तिनका चरण देखेर ध्यान मग्न हुनगए ।।४४।। जो जन
४१ योगमायाद्वारा तिनका तत्त्वको जिज्ञासामा लीन रहेर ध्यानरत रहने र यस बाटोलाई नै उनलाई प्राप्त गर्ने साँचो भन्दछन् तो नयनाभिराम तथा अणिमादि सिद्धिहरूको आस्पदरूप परमेश्वरलाई प्रत्यक्ष देखेर ती सनकादि मुनिजन तिनको स्तुति गर्नलागे ।।४५।। मुनिजन भन्दछन्––हे अनन्त ! यद्यपि हजुर जगत्‌का सबै जीवहरूमा विद्यमान रहनु हुन्छ, तापनि जसको अन्तरात्मा दूषित रहन्छ, तिनलाई हजुरको दर्शन प्राप्त हुँदैन । त्यसो त आजभन्दा धेरै वर्षअघि मेरा पिता ब्रह्माजीले मलाई हजुरका स्वरूपको उपदेश दिएका थिए र हामीले

...nath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नै ध्यानले यो उपदेश सुनेर आफ्नो हृदयरूपी गुफामा हजुरको कमनीय स्वरूप राखिसकेका थियौं, तर हजुरको प्रत्यक्ष दर्शन त आज नै पाइयो ॥ ४६ ॥ हे भगवन् ! ठूला-ठूला वीतराग र ऋषि-मुनि दृढ भक्ति तथा योग आदि उपायहरूद्वारा आफ्नो हृदयमा नै जुन गूढ तत्त्व खोज्दछन् त्यो हजुर नै हुनुहुन्छ । हाम्रो विश्वास—हजुर तीमाथि कृपा गरेर तिनको हृदयमा स्थित भएर तिनलाई सन्तुष्ट पार्नुहुन्छ ॥४६॥ हे अङ्ग ! जो जन हजुरका चरणको शरण प्राप्त गरेर हजुरका कथामृत पान गरेर तृप्त भइसकेका छन्, हजुरका पुनीत यशको रस जान्नमा निपुण ती विवेकशील प्राणी त मुक्तिलाई पनि तुच्छ ठान्दछन् । अनि ती इन्द्रादि पदलाई पनि के मान्दथे ? ॥ ४८ ॥ हे नारायण ! आजभन्दा अघि हामीबाट कुनै पनि अपराध भएको थिएन, तर आज हजुरका भक्तलाई श्राप दिएर हामीले ठूलो अपराध गरिसक्यौं । अस्तु, यस महापापको कारण यदि हामीके बारम्बार नरकमा जन्म लिनु परे पनि कुनै चिन्ताको कुरा छैन, तर हाम्रो मन भ्रमरा जस्तै हजुरका चरण-कमलमा लीन रहोस् । हजुरको अनुकम्पाले हामी सदा हजुरका गुण-ज्ञान गर्दै तुलसी जस्तै हजुरका चरणको ध्यान गर्दै

विदाम भगवन्परमात्मतत्त्वं सत्त्वेन सम्प्रति रतिं रचयन्तमेषाम् ॥ तत्तेऽनुतापविदितैर्दृढभक्तियोगैरुद्ग्रन्थयो हृदि विदुर्मुनयो विरागाः ॥ ४७ ॥ नात्यन्तिकं विगणयन्त्यपि ते प्रसादं किन्त्वन्यदर्पितभयं भ्रुव उन्नयैस्ते ॥ येऽङ्ग त्वदंघ्रिशरणा भवतः कथायाः कीर्तन्यतीर्थयशसः सकुला रसज्ञाः ॥४८॥ कामं भवः स्ववृजिनैर्निरयेषु नः स्याच्चेतोऽलिवद्यदि नु ते पदयो रमेत ॥ वाचश्च नस्तुलसिवद्यदि तेऽङ्घ्रिशोभाः पूर्येत ते गुणगणैर्यदि कर्णरन्ध्रः ॥४६॥ प्रादुश्चकर्थ यदिदं पुरुहूतरूपं तेनेश निर्वृतिमवापुरलं दृशो नः ॥ तस्मा इदं भगवतो नम इद्विधेम योऽनात्मनां दुरुदयो भगवा- न्प्रतीतः ॥५०॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे जयविजययोः सनकादिशापो नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥ ब्रह्मोवाच ॥ इति तद्गृ- णतां तेषां मुनीनां योगधर्मिणाम् ॥ प्रतिनन्द्य जगादेदं विकुण्ठनिलयो विभुः ॥ १ ॥ श्रीभगवानुवाच ॥ एतौ तौ पार्षदौ मह्यं जयो विजय एव च ॥ कदर्थीकृत्य मां यद्वो बह्वाक्रान्तामतिक्रमम् ॥ २ ॥ यस्त्वेतयोर्धृतो दण्डो भवद्भिर्मामनुव्रतैः ॥ स एवानुमतोऽस्माभिर्मुनयो देवहेलनात् ॥ ३ ॥ तद्वः प्रसादयाम्यद्य ब्रह्म दैवं परं हि मे ॥ तद्धीत्यात्मकृतं मन्ये यत्स्वपुम्भिरसत्कृताः ॥ ४ ॥ यन्नामानि च गृह्णाति लोको भृत्ये कृतागसि ॥

॥४९॥ हे विपुल कीर्तिशाली नारायण ! हजुरले आफ्नो जुन यो स्वरूप प्रकट गर्नुभएको छ, त्यसको दर्शन गरेर हामी आफूलाई धन्य ठानिरहेछौं । पापीहरूलाई यस दिव्य स्वरूप । को दर्शन प्राप्त हुन सक्तैन । हामी हजुरलाई नमस्कार गर्दछौं ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां पञ्चदशोऽध्यायः ॥१५॥ (जय-विजयको वैकुण्ठबाट पतन)—ब्रह्माजी भन्दछन्—ती भक्तियोगका योगीहरूको कुरा सुनेर वैकुण्ठ निवासी र सर्वव्यापक भगवान् आज्ञा हुन्छ—हे मुनिगण ! यी दुवै मेरा पापार्षद जय-विजय हुन् । आज यी दुवैले (भावीको चक्रमा परेर) मेरो अलिकति पनि ख्याल नगरी हजुरसित जुन व्यवहार गरे त्यो सर्वथा अनुचित थियो ॥१-२॥ हजुर जस्ता नारायणका भक्तले इनको कार्यानुसार जो दण्ड दिनुभयो, म त्यसमा सहमत छु, किनकि हजुरहरूको यिनले अपमान गरेका थिए ॥ ३ ॥ म ब्राह्मणहरूलाई आफ्नो पूज्य मान्दछु र यसैले हजुरसित प्रार्थना गर्दछु । मेरा सेवकले हजुरहरूको तिरस्कार गरेका हुन्, यसै निम्ति म नै त्यस अपराधको उत्तरदायी हुँ ॥ ४ ॥ यदि कसैको सेवक कुनै अपराध

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछ भने साधारणतया सोधिन्छ—यो कसको सेवक हो ? अन्त्यमा त्यसको स्वामी पनि लांछित हुन्छ । त्यो लांछना त्यसका स्वामीको कीर्तिलाई उसै प्रकार नष्ट पार्दछ, जसरी कुष्ठ रोग कायालाई नाश पारिदिन्छ ।।५०।। म विकुण्ठ कहिन्छु—जसको अमृत सदृश मधुर यश सुनेर संसारका चाण्डालसम्म पारी तर्छन्, त्यो यश मैले हजुरहरू द्वारा नै प्राप्त गरेको हुँ । यस्तो स्थितिमा म तपाईहरूको विपरीत आचरण गर्ने आफ्ना हात जस्ता (प्रिय व्यक्ति) लाई पनि काटिदिन्छु ।।६।। मेरो विश्वास छ कि हजुरहरूको सेवाले नै मलाई यो बल प्राप्त भएको छ । मेरो पाउको धूलोले सम्पूर्ण जगत् पाप-मुक्त हुन्छ, पखालिन्छ । यद्यपि म त्यसको तर्फबाट विरक्त रहन्छु, तापनि ती लक्ष्मी मेरो पछि लागिरहन्छिन्, जसको एकपल्ट दर्शन-को निम्ति ब्रह्मादि देवता विविध प्रकारका नियम पालन गर्दछन् ।। ६ ।। यज्ञमा यजमान द्वारा घिउमा मुछिएको चरु, पुरोडाश आदि हव्य अग्निमा हवन गर्नाले म त्यति तृप्त हुन्न,

सोऽसाधुवादस्तत्कीर्तिं हन्ति त्वचमिवामयः ।। ५ ।। यस्यामृतामलयशःश्रवणावगाहः सद्यः पुनाति जगदाश्वपचाद्विकुण्ठः ।। सोऽहं भवद्भ्य उपलब्धसुतीर्थकीर्तिश्छिन्द्यां स्वबाहुमपि वः प्रतिकूलवृत्तिम् ।। ६ ।। यत्सेवया चरणपद्मपवित्ररेणुं सद्यः क्षताखिलमलं प्रतिलब्धशीलम् ।। न श्रीर्विरक्तमपि मां विजहाति यस्याः प्रेक्षालवार्थ इतरे नियमान्वहन्ति ।। ७ ।। नाहं तथाऽद्मि यजमानहविर्विताने श्च्योद्घृतप्लुतमदन्हुतभुङ्मुखेन ।। यद्ब्राह्मणस्य मुखतश्चरतोऽनुघासं तुष्टस्य मय्यवहितैर्निजकर्मपाकैः ।। ८ ।। येषां बिभर्म्यहमखंडविकुण्ठयोगमायाविभूतिरमलांघ्रिरजः किरीटैः ।। विप्रांस्तु को विषहते यदर्हणाम्भः सद्यः पुनाति सह चंद्रललामलोकान् ।। ९ ।। ये मे तनूर्द्विजवरान्दुहतीर्मदीया भूतान्यलब्धशरणानि च भेद-बुद्ध्या ।। द्रक्ष्यन्त्यघक्षतदृशो ह्यहिमन्यवस्तान्गृध्रा रुषा मम कुषन्त्यधिदण्डनेतुः ।। १० ।। ये ब्राह्मणान्मयि धिया क्षिपतोऽर्चयन्तस्तुष्यद्धृदः स्मि-

जति निष्काम बुद्धिले धर्ममा लागेका ब्राह्मणहरूलाई भोजन गराउनाले तृप्त हुन्छु (किनकि ब्राह्मण नै मेरो मुख हुन्) ।।८।। फेरि जसका पवित्र चरण-रज म आफ्नो शिरमा लगाउँछु, भने संसारमा यस्तो कुन प्राणी छ जो ती ब्राह्मणको अनादर गर्नछ । म यद्यपि अखण्ड योगमायारूपिणी विभूतिलाई धारण गरिराख्दछु, तापनि मेरो चरण-रज शिवजी तथा समस्त लोकलाई पवित्र पारिदिन्छ ।।९।। जो व्यक्ति कामधेनु गाई तथा *मेरै देह झैं ब्राह्मण आफ्नो भेद-बुद्धिवश अपमान गर्दछन् भने म तिनको हृदयमा निवास गर्दिन ती पापान्ध प्राणि-हरूको गृध्र समान यमदूत सर्प समान रिसाई आफ्ना वज्र जस्तै चुचाहरूले चिथोरेर खान्छन् ।।१०।। जो कठोर भाषण गर्ने ब्राह्मणहरूलाई पनि मेरो स्वरूप ठानेर हाँसिदिन्छन् र ती प्रति

* दृष्टान्त (सर्वत्र नारायणकै रूप हुन्)—कुनै बेला यौटा गुरु आफ्ना शिष्यहरूलाई उपदेश दिइरहेका थिए—'सबै जीव नारायणका रूप हुन् ।' यौटा शिष्य बोल्यो—'म हजुरका यस वाक्यको पालन गर्नेछु ।' त्यही शिष्य कुनै बाटोमा ' गइरहेको थियो । सहसा त्यसको सामुन्ने हात्ती आयो हात्तीमाथि बसेको माहुतेले भन्यो— पर हट, छेउ लाग । शिष्यले विचार गर्‍यो—किन हट्ने ? म नारायण हुँ भने हात्ती पनि नारायण हो । नारायणलाई नारायणसित केको डर ? त्यसै बखत हात्ती नगीचै आइपुग्यो र त्यसलाई सूँडमा बेरेर पर फ्याँकिदियो । त्यस कृत्यले उसलाई निकै चोट लाग्यो । पछि त्यो उठ्यो र गुरुकहाँ गएर कुरा सुनाई भन्यो—'गुरुजी जब सबै नारायण हुन्, तब हात्तीरूपी नारायणले मलाई किन कुटे ?' गुरुले भने—तिम्रो कुरा सत्य हो । परन्तु माहुतेरूपी नारायणले सावधान पारेर पनि तिमी सावधान भएनौ । यसै कारण तिमीले यो दुःख भोग्नु पर्‍यो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस किसिमसित कुरा गर्दछन् जस्तै पिता-पुत्र वार्तालाप गर्दछन्, तब म तिनको वशीभूत हुन्छु ।।११।। मेरा यी दुवै पार्षदहरूले मेरो अभिप्राय नबुझीकन अपराध गरिदिए र इनलाई आफूले गरेको दुष्कर्मको दण्ड पनि पाइसके। अब यति कृपा अरु परिदिनोस्—यी आफ्नो पापको फल भोगेर शीघ्र मकहाँ फर्केर आउन् ।। १२ ।। ब्रह्माजी भन्नुहुन्छ—ती ऋषिहरू निकै रिसाएका थिए तापनि नारायणका ती पवित्र र मन्त्र समान कमनीय कुराहरू सुनेर शान्त भए ।। १३ ।। भगवान्‌को उक्ति मानै भए पनि त्यसमा गम्भीर अर्थ भरिएको थियो। त्यो सुनेर राम्ररी विचार गरेर पनि यो ठट्ट बुझ्न सकिन्नथ्यो कि नारायणले त्यति कुरा भनेर ती दुवैको अभिनन्दन गरे वा तिनीहरूको निन्दा गरे ।। १४ ।। अन्त्यमा त्यस उक्तिलाई स्तुति परक मानेर प्रसन्न ती ऋषि गद्गद् भए। त्यस वेला नितलाई रोमांच भएर आयो र तिनको प्रभुत्व बुझेर ती भन्न लागे—।। १५ ।। हे भगवन्! हे देव! समस्त संसारका स्वामी भएर पनि हजुरले जो यो कुरा भन्नु भयो—तपाईले ठूलो कृपा गर्नुभयो यसको अर्थ हामीले बुझ्न सकेनौं ।। १६ ।। हे प्रभो! हजुर ब्राह्मण-भक्त हुनु-

तसुधोक्षितपद्मवक्त्राः ।। वाण्याऽनुरागकलयाऽऽत्मजवद् गृणन्तः सम्बोधयन्त्यहमिवाहमुपाहृतस्तैः ।। ११ ।। तन्मे स्वभर्तुरवसायमलक्षमाणौ युष्मद्व्यतिक्रमगतिं प्रतिपद्य सद्यः ।। भूयो ममान्तिकमितां तदनुग्रहो मे यत्कल्पतामचिरतो भृतयोर्विवासः ।। १२ ।। ब्रह्मोवाच ।। अथ तस्योशतीं देवीमृषिकुल्यां सरस्वतीम् ।। नास्वाद्य मन्युदष्टानां तेषामात्माऽप्यतृप्यत ।। १३ ।। सतीं व्यादाय शृण्वन्तो लघ्वीं गुर्वर्थगह्वराम् ।। विगाह्यागाधगम्भीरां न विदुस्तच्चिकीर्षितम् ।। १४ ।। ते योगमाययाऽऽरब्धपारमेष्ठ्यमहोदयम् ।। प्रोचुः प्रांजलयो विप्राः प्रहृष्टाः क्षुभितत्वचः ।। १५ ।। ऋषयः ऊचुः ।। न वयं भगवन्विद्मस्तव देव चिकीर्षितम् ।। कृतो मेऽनुग्रहश्चेति यदध्यक्षः प्रभाषते ।। १६ ।। ब्रह्मण्यस्य परं दैवं ब्राह्मणाः किल ते प्रभो ।। विप्राणां देवदेवानां भगवानात्मदैवतम् ।।१७।। त्वत्तः सनातनो धर्मो रक्ष्यते तनुभिस्तव ।। धर्मस्य परमो गुह्यो निर्विकारो भवान्मतः ।। १८ ।। तरन्ति ह्यञ्जसा मृत्युं निवृत्ता यदनुग्रहात् ।। योगिनः स भवान्किंस्विदनुगृह्येत यत्परैः ।। १९ ।। यं वै विभूतिरुपयात्यनुवेलमन्यैरर्थार्थिभिः स्वशिरसा धृतपादरेणुः ।। धन्यार्पितांघ्रितुलसीनवदामधाम्नो लोकं मधुव्रतपतेरिव कामयाना ।। २० ।। यस्तां विविक्तचरितैरनुवर्तमानां नात्याद्रियत्परमभागवतप्रसङ्गः स त्वं द्विजानुपथपुण्यरजःपुनीतः श्रीवत्सलक्ष्म किमगा भगभाजनस्त्वम् ।। २१ ।। धर्मस्य ते भगवतस्त्रियुगस्त्रिभिः स्वैः पद्भि-

हुन्छ र ब्राह्मणलाई श्रेष्ठ देवता मान्नुहुन्छ, तर सत्य कुरा हो—हजुर देवताहरूका पनि देवता स्वरूप र ब्राह्मणहरूका भक्त तथा तिनको आत्मा हुनुहुन्छ ।। १७ ।। हजुरद्वारा नै सनातनधर्मको उत्पत्ति हुन्छ र हजुरको अवतार-शरीरबाट नै तिनको रक्षा हुन्छ। धर्मको गुप्त र विकारशून्य तत्त्व हजुरलाई नै मानिन्छ ।।१८।। जब कि विरक्त जन एकमात्र हजुरकै कृपाबाट नै यो भवसागर तरेर जान्छन्, तब हजुरलाई कसैको के आवश्यकता हुन सक्तछ? ।।१९।। ती लक्ष्मी जसको सेवामा प्रतिक्षण संलग्न रहन्छिन् जसको चरण-रजलाई संसारका लोभी जीव ठूलो प्रेमले शिरमा लगाउँछन्। संसारका पुण्यात्मा प्राणी हजुरका चरणमा तुलसी दलको माला अर्पण गर्दछन्। यद्यपि लक्ष्मी सदा हजुरकै चाकरीमा लागिरहन्छिन् ।।२०।। ती आफ्ना पवित्र परिचर्या द्वारा हजुरको अनुसरण गर्दै रहन्छिन्, तापनि हजुर तिनको विशेष ख्याल नगरेर आफ्ना भक्तमाथि नै दयालु रहनु हुन्छ, यद्यपि हजुर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै सम्पतिहरूका खानी हुनुहुन्छ, तैपनि हजुर आफूलाई ब्राह्मणहरूको कृपाले नै महत्वशाली मान्नुहुन्छ। यो केवल जगत्लाई शिक्षा दिने ढंग हो ॥२१॥ हे नारायण ! हजुर ब्राह्मण र देवताहरूको उपकार गर्नको निम्ति आफूबाट रजोगुण र तमोगुण तथा आफ्नी सत्त्वगुणमयी मूर्तिबाट अवतार लिई यस चराचर विश्वको उपकार गर्नुहुन्छ। हे दीनानाथ ! धर्म नै हजुरको वास्तविक रूप हो। तप, शौच र दया यी तीन त्यस धर्मका चरण हुन् ॥२२॥ यदि हजुर सबै कुलमा उत्तम ब्राह्मणकुलको रक्षा र तिनको सत्कार नगरिहने भए हजुरद्वारा प्रचलित गरिएको जगत्को कल्याण गर्ने वैदिक मर्यादा नै लुप्त हुन्थ्यो र संसारका साधारण जन देवता र ब्राह्मणको आदर गर्ने थिएनन् किनकि संसार त गतानुगतिको छ। जस्तो ठूला गर्दछन् त्यसै गरी साना पनि गर्दछन् ॥२३॥हजुरलाई त्यो (वेदमार्गको नाश) अभीष्ट छैन। जुन बेला संसारमा यस्ता दुष्टहरूको प्रबलता भएर आउँछ र ती दुष्ट हजुरका पुरातन धर्म-मार्गमा प्रहार गर्दछन् तब हजुर आफ्नी सत्वमयी मूर्तिबाट अवतार धारण गरेर तिनको नाश गरिदिनु हुन्छ। यस्तो स्थितिमा हजुरले ब्राह्मणलाई प्रणाम गर्नु उचित नै हो। धर्मको रक्षाका निम्ति तिनलाई प्रणाम गर्नाले हजुरको प्रताप घट्दैन। यो हजुरको यौटा लीला हो ॥ २४ ॥ हे स्वामिन् ! हे नाथ ! हजुरका यी दुवै सेवकहरूलाई

श्चराचरमिदं द्विजदेवतार्थम् ॥ नूनं भृतं तदभिघाति रजस्तमश्च सत्त्वेन नो वरदया तनुवा निरस्य ॥ २२ ॥ न त्वं द्विजोत्तमकुलं यदिहात्मगोपं· गोप्ता वृषः स्वर्हणेन ससूनृतेन ॥ तर्ह्येव नंक्ष्यति शिवस्तव देव पन्था लोकोऽग्रहीष्यदृषभस्य हि तत्प्रमाणम् ॥ २३ ॥ तत्तेऽनभीष्टमिव सत्त्वनिधेर्वि· धित्सोः क्षेमं जनाय निजशक्तिभिरुद्धृतारेः ॥ नैतावता त्र्यधिपतेर्बत विश्वभर्तुस्तेजः क्षतं त्ववनतस्य स ते विनोदः ॥ २४ ॥ यं वाऽनयोर्दममधीश भगवान्विधत्ते वृत्तिं नु वा तदनुमन्महि निर्व्यलीकम् ॥ अस्मासु वा य उचितो ध्रियतां स दण्डो येऽनागसौ वयमयुङ्क्ष्महि किल्बिषेण ॥२५॥ श्रीभगवानुवाच ॥ एतौ सुरेतरगतिं प्रतिपद्य सद्यः संरम्भसम्भृतसमाध्यनुबद्धयोगौ ॥ भूयः सकाशमुपयास्यत आशु यो वः शापो मयैव विहितस्त दवैत विप्राः ॥ २६ ॥ ब्रह्मोवाच ॥ अथ ते मुनयो दृष्ट्वा नयनानन्दभाजनम् ॥ विकुण्ठं तदधिष्ठानं वैकुण्ठं च स्वयंप्रभम् ॥ २७ ॥ भगवन्तं परिक्रम्य प्रणिपत्यानुमान्य च ॥ प्रतिजग्मुः प्रमुदिताः शंसन्तो वैष्णवीं श्रियम् ॥ २८ ॥ भगवाननुगावाह यातं मा भैष्टमस्तु शम् ॥ ब्रह्मतेजः

हामीले जो दण्ड दियौं, हजुर त्यसको समर्थन गर्नोस् वा यी दुवैको अझ पदोन्नति गरिदिनोस्, हामीलाई आपत्ति छैन। यदि हजुर यो श्रापलाई अपराध मान्नुहुन्छ भने इच्छा लागेको दण्ड हामीलाई दिनोस्, त्यो हामी स्वीकार गर्दछौं ॥२५॥ सनकादिको कुरा सुनेर सान्त्वना दिंदै भगवान् भन्नुहुन्छ—तपाईं नआत्तिनोस्, यी दुवै सेवक (जय-विजय) राक्षसी योनिमा जन्म लिन्छन् र आफ्नो कर्मको फल भोगेर चाँडै नै मकहाँ फर्केर आउँछन्। यी त्यस योनिमा गएर मस्ति प्रबल वैरत्वको व्यवहार गर्नछन्। शत्रुताको आवेशमा पनि यी बराबर मेरो स्मरण गरिरहनन्। हे विप्र हो ! यिनलाई जो श्राप दिनुभयो, त्यो मेरो इच्छानुकूल नै जान्नुहवस् ॥२६॥ ब्रह्माजी भन्दछन्—त्यसपछि ती मुनिहरूले नारायणको त्यो नयनाभिराम र तेजस्वी रूप तथा तिनको दिव्य वैकुण्ठलोक देखेर उनको परिक्रमा गरी भगवानूलाई प्रणाम गरेर अनुमति मागे। त्यसपछि नारायण भगवान्का गुन-गान गर्दै सनकादि त्यहाँबाट प्रस्थान गरे ॥२७-२८॥ ऋषिहरू गइसकेपछि नारायणले आफ्ना दुवै सेवकलाई डाकेर भन्नुभयो—आत्तिनु पर्दैन, तिम्रो कल्याण होस्। यद्यपि म तिनको त्यो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रापस्वरूप ब्रह्मतेजलाई नष्ट गर्न सक्तछु । तर म त्यस्तो गर्न चाहन्न किनकि त्यस श्रापसित म सहमत छु ॥२९॥ यस श्रापको शंकेत त तिमीहरूलाई उसै बखत मिलिसकेको थियो, जब म योगनिद्रामालीन रहेको वेला लक्ष्मीजी मनेर आइरहेकी थिइन् र तिमी दुवैले तिनलाई छेकेका थियौ ॥३०॥ राक्षसी योनिमा प्राप्त भएर क्रोधयोगद्वारा शीघ्रनै तिमी यो ब्रह्मश्राप- को अवधि समाप्त गर्न छौ र फेरि मकहाँ फकर आउने छौ ॥३१॥ यसरी आफ्ना द्वारपाललाई समझाइ-बुझाइ नारायण विमानपुञ्जले विभूषित र सर्वोत्कृष्ट शोभायुक्त आफ्नो भवनमा जानुभयो ॥३२॥ त्यसपछि ती द्वारपाल ब्रह्मश्रापले गर्दा नारायणको लोकबाट भ्रष्ट भए, तत्काल तिनको सौन्दर्य नष्ट भयो र सारा गर्व खर्व भएर गयो ॥ ३३ ॥ ब्रह्माजी भन्दछन्— हे पुत्र हो (देवता हो !) जुन वेला नारायणका ती दुवै सेवक वैकुण्ठबाट झर्न लागे, त्यसवेला विमानमा बसेका देवताहरूमा हाहाकार मच्चियो ॥३४॥ तिनै दुइ (जय-विजय) भगवान्‌का प्रधान सेवक यस बखत कश्यपको तेजोमय वीर्यद्वारा दितिको गर्भमा छन् ॥३५॥ तिनै दुवै दैत्यको तेजबाट तिमीहरूको तेज थियो र यही नारायणको इच्छा छ । यसमा कुनै

समर्थोऽपि हन्तुं नेच्छे मतं तु मे ॥ २९ ॥ एतत्पुरैव निर्दिष्टं रमया क्रुद्धया यदा ॥ पुराऽपवारिता द्वारि विशन्ती मय्युपारते ॥ ३० ॥ मयि संरम्भयोगेन निस्तीर्य ब्रह्महेलनम् ॥ प्रत्येष्यतं निकाशं मे कालेनाल्पीयसा पुनः ॥ ३१ ॥ द्वाःस्थावादिश्य भगवान्विमानश्रेणिभूषणम् ॥ सर्वातिशयया लक्ष्म्या जुष्टं स्वं धिष्ण्यमाविशत् ॥ ३२ ॥ तौ तु गीर्वाणऋषभौ दुस्तराद्धरिलोकतः ॥ हतश्रियौ ब्रह्मशापादभूतां विगतस्मयौ ॥ ३३ ॥ तदा विकुण्ठधिषणात्तयोर्निपतमानयोः ॥ हाहाकारो महानासीद्विमानाग्र्येषु पुत्रकाः ॥ ३४ ॥ तावेव ह्यधुना प्राप्तौ पार्षदप्रवरौ हरेः ॥ दितेर्जठरनिर्विष्टं काश्यपं तेज उल्बणम् ॥ ३५ ॥ तयोरसुरयोरद्य तेजसा यमयोर्हि वः ॥ आक्षिप्तं तेज एतर्हि भगवांस्तत्रास्मद्विधित्सति ॥ ३६॥ विश्वस्य यः स्थितिलयोद्भवहेतुराद्यो—योगेश्वरैरपि दुरत्ययययोगमायः ॥ क्षेमं विधास्यति स नो भगवांस्त्र्यधीशस्तत्रास्मदीयविमृशेन कियानिहार्थः ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे षोडशोऽध्यायः ॥ १६ ॥ मैत्रेय उवाच ॥ निशम्यात्मभुवा गीतं कारणं शंकयोज्झिताः ॥ ततः सर्वे न्यवर्तन्त त्रिदिवाय दिवौकसः ॥ १ ॥ दितिस्तु भर्तुरादेशादपत्यपरिशंकिनी ॥ पूर्णे वर्षशते साध्वी पुत्रौ प्रसुषुवे यमौ ॥ २ ॥ उत्पाता बहव·

पनि साटो-पाटो हुन सक्तैन ॥ ३६ ॥ जुन भगवान विश्वको उत्पत्ति, पालन र संहार गर्दछन्, जो जागतिक जीवहरूका आदिपुरुष हुन्, योगीजन पनि जसको अनुल्लङ्घनीय मायालाई जित्न सक्तैनन् तिनै त्रिलोकीनाथ नारायण हाम्रो कल्याण गरुन् । यस विषयमा हामीले विशेष तर्क-वितर्क गर्नाले कुनै पनि लाभ छैन ॥३७॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं. गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां षोडशोऽध्यायः ॥ १६ ॥ (हिरण्याक्ष र हिरण्यकशिपुको जन्म र तिनको दिग्विजय) महर्षि मैत्रेय भन्दछन्—हे विदुर ! देवताहरूले जब ब्रह्माजीका कुरा सुने तब तिनको शंका निवारण भयो र तिनीहरू त्यहाँबाट आफ्नू स्वर्गलोक फर्के ॥ १ ॥ उता दितिले आफ्ना पति कश्यपको मुखबाट जब भावी पुत्रहरूको प्रकृति सुनिन् तब ती आत्तिइन् । अन्त्यमा जब सय वर्ष पूरा भयो तब ती साध्वीको गर्भबाट एकैपल्ट दुइ पुत्र उत्पन्न भए ॥ २ ॥ तिनको उत्पत्तिको वेलामा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाश, पृथ्वी र स्वर्गमा संसारलाई व्याकुल पार्न थरि-थरिका उत्पात भए ॥३॥ पहाडसमेत पृथ्वी काँप्नलागिन्, दशै दिशाहरूमा आगोका ज्वाला उठ्नलागेका देखिनथाले । उल्कापातका साथसाथै वज्र पर्न थाल्यो र आकाशमा धूमकेतु उदायो॥४॥ स्वाँ-स्वाँको घनघोर ध्वनि निकाल्दै, शरीरलाई पोल्दै आँधी-बेहरी चक्रवातझैं बेसरी चल्न लाग्यो । धूलोले भरिएको उम्ने वायु चलेर ठूला-ठूला वृक्षलाई धराशायी पार्न लागे ॥५॥ चारैतिरबाट बादलले ढाक्यो । बिजुली चम्न लाग्यो, सूर्य-चन्द्र आदि ग्रह देखिन छाडे र यति बर्ता अन्धकार व्याप्त भयो कि केही पनि देखिन छाड्यो ॥ ६ ॥ समुद्र क्षुब्ध भएर अग्ला-अग्ला तरंग उफार्न थाल्यो र त्यसमा बस्ने मगर-मत्स्य आदि जीव क्षुभित हुनथाले । कूप, तलाउ र नदीहरूमा बाढी आयो र कमलदल सुक्नलागे ॥ ७ ॥ सूर्य र चन्द्रलाई ग्रहण लाग्यो, तिनको चारैतिर मण्डलाकार देखिन लाग्यो । आकाशमा घनघोर गर्जन हुन

स्तत्र निपेतुर्जायमानयोः ॥ दिवि भुव्यन्तरिक्षे च लोकस्योरुभयावहाः ॥ ३ ॥ सहाचला भुवश्चेलुर्दिशः सर्वाः प्रजज्वलुः ॥ सोल्काश्चाशनयः पेतुः केतवश्चार्तिहेतवः ॥ ४ ॥ ववौ वायुः सुदुःस्पर्श फूत्कारानीरयन्मुहुः ॥ उन्मूलयन्नगपतीन्वात्यानीको रजोध्वजः ॥ ५ ॥ उद्धसत्तडिदम्भोदघटया नष्टभागणे ॥ व्योम्नि प्रविष्टतमसा न स्म व्यादृश्यते पदम् ॥ ६ ॥ चुक्रोश विमना वार्धिरुदूर्मिः क्षुभितोदरः ॥ सोदपानाश्च सरितश्चुक्षुभुः शुष्कपंकजाः ॥ ७ ॥ मुहुः परिधयोऽभूवन्सराह्वोः शशिसूर्ययोः ॥ निर्घाता रथनिर्ह्रादा विवरेभ्यः प्रजज्ञिरे ॥ ८ ॥ अन्तर्ग्रामेषु मुखतो वमन्त्यो वह्निमुल्वणम् ॥ शृगालोलूकटङ्कारैः प्रणेदुरशिवं शिवाः ॥ ६ ॥ संगीतवद्रोदनवदुन्नमय्य शिरोधराम् ॥ व्यमुञ्चन्विविधा वाचो ग्रामसिंहास्ततस्ततः ॥ १० ॥ खराश्च कर्कशैः क्षत्तः खुरैर्घ्नन्तो धरातलम् ॥ खार्काररभसा मत्ताः पर्यधावन्वरूथशः ॥ ११ ॥ रुदन्तो रासभत्रस्ता नीडादुदपतन्खगाः ॥ घोषेऽरण्ये च पशवः शकृन्मूत्रमकुर्वत ॥ १२ ॥ गावोऽत्रसन्नसृग्दोहास्तोयदाः पूयवर्षिणः ॥ व्यरुदन्देवलिङ्गानि द्रुमाः पेतुर्वि-

लाग्यो र पर्वतका कन्दराहरूमा यस्तो कठोर ध्वनि सुनिन लाग्यो—जस्तो ध्वनि रथ हिंड्नाले सुनिन्छ ॥ ८ ॥ आफ्नो मुखबाट आगो उकेल्दै स्यालिनीहरू गाउँको माझमा आएर रुन लागे । स्याल र उलूकहरूको पनि ध्वनि सुनिन लाग्यो ॥९॥ *गाउँका कुकुर एकत्र भएर टाउको माथितिर उचाली-उचाली अनेक प्रकारले कराउन लागे ॥१०॥ हे विदुर ! समूहका समूह गदहा आफ्ना कर्कश खुरले माटो खन्न र एक विचित्र प्रकारको शब्दले कराउँदै यता-उता भाग्नलागे ॥ ११ ॥ ती गदहाहरूको कोलाहल सुनेर भयभीत पक्षी गण आफाफ्ना गुँड छाडेर रुँदै भाग्न लागे । आफ्नोस्थानमा बाँधिएका अथवा वनमा चर्न लागेका पशु डराई मल-मूत्र त्याग्न लागे ॥ १२ ॥ गाईहरू भयभीत भए र दूध दुहुँदा

* यौटा दृष्टान्त—यौटा कुकुर आफ्नो गाउँ छाडेर अर्को गाउँमा गयो । त्यहाँको यौटा कुत्ता त्यो भन्दा बलियो थियो र त्यसले एक प्रहारमै घ्याँक्यो । कुनै दयालु मानिसले दया गरेर छुटाइदिए । अब पहिलो कुकुर पुच्छर लुकाएर क्वाँ-क्वाँ गर्दै आफ्नो गाउँतिर फर्क्यो । बाटोमा त्यसलाई यौटा अर्को कुकुर भेटियो त्यो उसैको गाउँको भाइ बन्धु थियो । यो आफ्नो यौटा गाइलाई संकटमा देखेर सहायता गर्न आएको थियो, तर त्यो स्वयं निर्बल थियो । अतएव लडाईमा भाग नलिएर त्यो परैबाट आफ्नो साथीको विजय-कामना गर्दै थियो; तर चुटाइ खाएर फर्केको कुकुर साथीकोप्रति कृतज्ञता प्रकट गर्नको साटो त्यसलाई पछारेर थिच्यो र रगतामे पारिदियो । त्यस्तो गरेर त्यसलाई त्यो सुख प्राप्त भयो मानो त्यसले अघिल्लो शत्रुमा विजय पाएको होस् । त्यसपछि त्यो पुच्छर हल्लाउँदै र भुकेर विजय-गर्व देखाउँदै आफ्नो गाउँमा गयो । संसारमा यस्ता मनुष्यको पनि कमी छैन, जो बलवान्सित पराजित भएर निर्बलमा आफ्नो शक्ति देखाउँछन् ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनको थनबाट रगत निस्कन लाग्यो । मेघ पीपको वर्षा गर्नलागे । मन्दिरहरूमा स्थापित देवता रुनलागे र हावा नचलिकन नै वृक्ष उखेलिएर ढल्न लागे ॥१३॥ शनि र मङ्गल आदि क्रूर ग्रह गुरु, बुध आदि सौम्य ग्रहहरूको अतिक्रमण गरेर तथा वक्री भई परस्पर नै लड्न लागे ॥१४॥ यी डरलाग्दा उत्पातहरू देखेर यिनको कारण केही बुझ्न नसक्ने प्रजागण डराई यस्तो विचार गर्नलागे...अब प्रलय हुन देर लाग्दैन । केवल ब्रह्माजीका पुत्र सनकादि मुनिमात्र यी उत्पातदेखेरभयभीत भएनन्, किन भने ती यसको रहस्य राम्ररी जान्दथे ॥१५॥ उता फलाम जस्तै कठोर शरीर भएका ती दुवै दैत्य आफ्नो पुरुषार्थ प्रकट गर्दै पर्वतसमान बढ्नलागे ॥१६॥ अन्त्यमा ती यति ठूला भए—तिनको सुवर्णमय किरीटले आकाश छायो । तिनको शरीर यति मोटो भयो कि सबै दिशाहरू भरिए झैं ज्ञात हुन लाग्यो । तिनले हिंड्दा पाइलैपिच्छे सम्पूर्ण पृथ्वी कम्पित भएर भैंचालो आए झैं हुन्थ्यो । तिनका भुजदण्डमा सुनका गहना र कम्मरमा सुन र रत्नजडित टल्कने बन्धनी देखिन्थ्यो, त्यसको तेजले सूर्य पनि पराजित जस्तै भइरहेका थिए ॥ १७ ॥ ती जम्ल्याहा छोरामध्ये जो पहिले उत्पन्न

नाऽनिलम् ॥ १३ ॥ ग्रहान्पुण्यतमानन्ये भगणाश्चापि दीपिताः ॥ अतिचेरुर्वक्रगत्या युयुधुश्च परस्परम् ॥ १४ ॥ दृष्ट्वाऽन्यांश्च महोत्पातानतत्त्वविदः प्रजाः ॥ ब्रह्मपुत्रानृते भीता मेनिरे विश्वसम्प्लवम् ॥ १५ ॥ तावादिदैत्यौ सहसा व्यज्यमानात्मपौरुषौ ॥ ववृधातेऽश्मसारेण कायेनाद्रिपती इव ॥ १६ ॥ दिविस्पृशौ हेमकिरीटकोटिभिर्निरुद्धकाष्ठौ स्फुरदङ्गदाभुजौ ॥ गां कम्पयन्तौ चरणैः पदे पदे कट्या सुकांच्याऽर्कमतीत्य तस्थतुः ॥ १७ ॥ प्रजापतिर्नाम तयोरकार्षीद्यः प्राक्स्वदेहाद्यमयोरजायत ॥ तं वै हिरण्यकशिपुं विदुः प्रजा यं तं हिरण्याक्षमसूत साऽग्रतः ॥१८॥ चक्रे हिरण्यकशिपुर्दोर्भ्यां ब्रह्मवरेण च ॥ वशे सपालाँल्लोकाँस्त्रीनकुतोमृत्युरुद्धतः ॥ १९ ॥ हिरण्याक्षोऽनुजस्तस्य प्रियः प्रीतिकृदन्वहम् ॥ गदापाणिर्दिवं यातो युयुत्सुर्मृगयन् रणम् ॥ २० ॥ तं वीक्ष्य दुःसहजवं रणत्कांचननूपुरम् ॥ वैजयन्त्या स्रजा जुष्टमंसन्यस्तमहागदम् ॥ २१ ॥ मनोवीर्यवरोत्सिक्तमसृण्यमकुतोभयम् ॥ भीता निलिल्यिरे देवास्तार्क्ष्यत्रस्ता इवाहयः ॥ २२ ॥ स वै तिरोहितान्दृष्ट्वा महसा स्वेन दैत्यराट् ॥ सेन्द्रान्देवगणान्क्षीबानपश्यन्व्यनदद्भृशम् ॥ २३ ॥ ततो निवृत्तः क्रीडिष्यन्गम्भीरं भीमनिःस्वनम् ॥ विजगाहे महासत्त्वो वार्धिं मत्त इव

भयो महर्षि कश्यपले त्यसको नाम हिरण्यकशिपु र दोस्रो पुत्रको हिरण्याक्ष नाम राखे ॥१८॥ हिरण्यकशिपुले आफ्नो बाहुबल र ब्रह्माको वरदानले तीनै लोक र लोकपतिलाई आफ्नो अधीन पार्‍यो, किनकि त्यसलाई केही गरे पनि नमर्ने वरदान प्राप्त भएको थियो, त्यसैले उद्धत भइरहेको थियो ॥१९॥ त्यसको प्रिय भाई हिरण्याक्ष सधैं दाजूलाई प्रसन्न राख्दथ्यो । एक दिन हिरण्याक्ष हातमा गदा लिएर लड्ने इच्छाले कुनै संग्राम गर्ने प्रतिद्वन्द्वीलाई खोज्दै स्वर्गलोक पुग्यो ॥२०॥ हिंड्दा त्यसका खुट्टामा लगाएका रत्नमय नूपुर बजिरहेका थिए, गलामा वैजयन्ती माला थियो र काँधमा ठूलो गदा विराजमान थियो । त्यो महाबलवान् दैत्यलाई—॥२१॥ जो असाधारण वीर, ब्रह्माको वरदानले बर्ता अभिमानी, निर्भय एवं उद्दण्ड थियो----त्यसलाई आएको देखेर सबै देवता डरले त्यसै गरी लुके, जसरी गरुडलाई देखेर सर्प लुक्तछन् ॥२२॥ आफ्नो तेजले देवताहरू लुकेका ठानेर त्यसले यो बुझ्यो—सबै देवता कायर हुन् । अब त्यो वेसरी गर्जन गरेर देवताहरूलाई हाँक दिन लाग्यो ॥ २३॥ सामुन्ने कसैलाई नदेखेर त्यो बलवान् दैत्य स्वर्गलोकबाट फर्किंदा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र मदमत्त हात्तीको समान मस्त भएर समुद्रमा हाम्फाल्यो। त्यसले समुद्रमा हाम्फालनाले वरुणदेवका सबै सैनिक अर्थात् माछा—कछुआ आदि जलजन्तु डराए। त्यस बखत डरले गर्दा तिनको बुद्धि नै नष्ट भयो। यद्यपि त्यस दैत्यले तिनलाई कुनै कष्ट दिएन, तापनि त्यसको तेजले नै व्याकुल भएर ती भागे ॥२४-२५॥ त्यो महाबली राक्षस धेरै वर्षसम्म त्यही समुद्रमै हावाको वेगले उठिरहने अग्ला-अग्ला तरंगमा आफ्नो लोहमयी गदा पछार्दै डुलिरह्यो। हे तात (विदुर)! त्यहाँबाट त्यो वरुणको विभावरी नगरीमा गयो ॥ २६ ॥ त्यहाँ दैत्यहरूको लोक पातालको पालन गर्ने र जल-जन्तुका अधिपति वरुणदेवसित भेट भयो। तिनलाई देखेर उपहास गर्दै उसले प्रणाम गर्‍यो र यौटा नीच मनुष्यको समान मुसु-मुसु हाँस्तै भन्न लाग्यो—हे अधिराज! तिमी राजमहल त्यागेर युद्ध गर्नका लागि मैदानमा आऊ ॥२७॥ हे वरुण! तिमी लोकपाल, जलका स्वामी र वीरहरूको गर्व खर्व गर्नसक्ने असाधारण वीर हौ। तिमीले आफ्नो प्रचण्ड बाहुबलले सबै लोकका दैत्य र दानवहरूलाई जितेर राजसूय यज्ञ पनि गरिसकेका छौ ॥२८॥ यस्तो गर्वले भरिएका वचन सुनेर यद्यपि वरुणदेवलाई रिस

द्विपः ॥ २४ ॥ यस्मिन्प्रविष्टे वरुणस्य सैनिका यादोगणाः सधियः ससाध्वसाः ॥ अहन्यमाना अपि तस्य वर्चसा प्रधर्षिता दूरतरं प्रदुद्रुवुः ॥२५॥ स वर्षपूगानुदधौ महाबलश्चरन्महोर्मीञ्छ्वसनेरितान्मुहुः ॥ मौर्व्याऽभिजघ्ने गदया विभावरीमासेदिवांस्तात पुरीं प्रचेतसः ॥ २६ ॥ तत्रोपलभ्यासुरलोकपालकं यादोगणानामृषभं प्रचेतसम् ॥ स्मयन्प्रलब्धुं प्रणिपत्य नीचवज्जगाद मे देह्यधिराज संयुगम् ॥ २७ ॥ त्वं लोकपालोऽधिपतिर्बृहच्छ्रवा वीर्यापहो दुर्मदवीरमानिनाम् ॥ विजित्य लोकेऽखिलदैत्यदानवान्यद्राजसूयेन पुराऽयजत्प्रभो ॥ २८ ॥ स एवमुत्सिक्तमदेन विद्विषा दृढं प्रलब्धो भगवानपां पतिः ॥ रोषं समुत्थं शमयन्स्वया धिया व्यवोचदङ्गोपशमं गता वयम् ॥ २९ ॥ पश्यामि नान्यं पुरुषात्पुरातनाद्यः संयुगे त्वां रणमार्गकोविदम् ॥ आराधयिष्यत्यसुरर्षभे हि तं मनस्विनो यं गृणते भवादृशाः ॥३०॥ तं वीरमारादभिपद्य विस्मितः शयिष्यसे वीरशये श्वभिर्वृतः ॥ यस्त्वद्विधानामसतां प्रशान्तये रूपाणि धत्ते सदनुग्रहेच्छया ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे हिरण्याक्षदिग्विजये सप्तदशोऽध्यायः ॥ १७ ॥ मैत्रेय उवाच ॥ तदेवमाकर्ण्य जलेशभाषितं महामनास्तद्विगणय्य दुर्मदः ॥ हरेर्विदित्वा गतिमङ्ग नारदाद्रसातलं निर्विविशे

उठेको थियो, तापनि आफ्नो विवेक बुद्धिद्वारा रिसलाई थिचेर त्यस दैत्यसित उनले भने—'हे दैत्यराज! अब त म लडाइँ-झगडाबाट विमुख भइसकेको छु ॥ २९ ॥ ती पुरापुरुष नारायण बाहेक म संसारमा अरु कुनै यस्तो वीर देख्दिन, जसले युद्ध-भूमिमा तिमीसित लडाइँ गर्न सकोस्। हे असुरेन्द्र! एकमात्र ती नारायण नै तिम्रो इच्छा पूर्ण गरेर तिमीलाई प्रसन्न पार्न सक्नेछन् किनकि तिमीजस्ता ठूला-ठूला वीर पनि तिनको पुरुषार्थको सन्हनी गर्दछन् ॥३०॥ यसनिम्ति तिमी सरासर तिनैकहाँ जाऊ। ती तिम्रो अभिमान चूर पारेर तिमीलाई संग्राम-भूमिमा सुताइदिने छन्। त्यस समय धेरै कुकुर चारैतिरबाट तिम्रो मृत शरीरलाई छोप्नेछन्, किनकि ती महाप्रभु सज्जनहरूमा कृपा गर्न वेला-वेलामा तिमी जस्ता उद्धत वीरहरूको नाश गर्नका लागि नै अवतार लिने गर्दछन् ॥३१॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषा-टीकायां सप्तदशोऽध्यायः ॥ १ ॥ (हिरण्याक्ष र वराह भगवान्को संग्राम)—मैत्रेय भन्दछन्—हे विदुर! वरुणदेवका कुराहरू त्यो अभिमानी र महामनस्वी दैत्यले हाँसेर उडाइदियो। तिनको कुराले उसलाई कुनै किसिमको आघात भएन र नारद

Jangamwadi Math Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुखबाट नारायणको उपस्थितिको ठाउँको पत्ता लगाएर ठूलो वेगले रसातल लोकमा पुग्यो ॥१॥ त्यहाँ उसले आफ्नो दाँतको टुप्पामा पृथ्वी राखेर आउन लागेका वाराहरूपधारी नारायणलाई देख्यो । तिनलाई देखेर त्यस दैत्यले ठट्टा गर्दै भयो––'हेर, यो विचित्र वन-जन्तु पाइयो ।' उस वेला ती नारायणका राता-राता आँखाको तेजले त्यसको तेज मन्द भइरहेको थियो ॥ २ ॥ एकै छिनपछि त्यो फेरि भन्न लाग्यो––'ए शूकररूप धारण गर्ने भएको देवाधाम ! तँ यी पृथ्वीलाई यहीं छाडिदे । यसलाई त ब्रह्माजीले हामी पाताल-लोक-निवासीहरूलाई अर्पित गरेका हुन् । ए यज्ञ ! मेरो सामुन्नेबाट तँ यसलाई लिएर जान सक्तैनस् । अब तेरो कुशल छैन ।.३॥ हाम्रा शत्रु देवताहरूले हाम्रो नाश गर्नका लागि नै तँलाई पोले-पोसेको त होइन ? तँ आफ्नो मायावल (कपट) ले दैत्यहरूलाई मार्न खोज्दछस् ? तँमा केवल मायाको वल छ । पुरुषार्थ त छँदैछैन भने पनि हुन्छ ! हे मूढ ! आज म तेरो वध गरेर आफ्ना सम्बन्धीहरूको शोक नाश पार्नेछु ॥ ४ ॥ यदि म आफ्नो गदाको प्रहारले तेरो मस्तक धूलो पार्न सकिन भने तेरो निम्ति पूजनको सामग्रीहरू एकत्र पार्ने यी देवता

त्वरान्वितः ॥ १ ॥ ददर्श तत्राभिजितं धराधरं प्रोन्नीयमानावनिमग्रदंष्ट्रया ॥ मुष्णन्तमक्ष्णा स्वरुचोऽरुणश्रिया जहास चाहो वनगोचरो मृगः ॥ २ ॥ आहैनमेह्यज्ञ महीं विमुञ्च नो रसौकसां विश्वसृजेयमर्पिता ॥ न स्वस्ति यास्यस्यनया ममेक्षतः सुराधमासादितशूकराकृते ॥ ३ ॥ त्वं नः सपत्नैरभवाय किं भृतो यो मायया हन्त्यसुरान्परोक्षजित् ॥ त्वां योगमायाबलमल्पपौरुषं संस्थाप्य मूढ प्रमृजे सुहृच्छुचः ॥ ४ ॥ त्वयि संस्थिते गदया शीर्णशीर्षण्यस्मद्भुजच्युतया ये च तुभ्यम् ॥ बलिं हरन्त्यृषयो ये च देवाः स्वयं न सर्वे भविष्यन्त्यमूलाः ॥ ५ ॥ स तुद्यमानोऽरिदुरुक्ततोमरैर्दंष्ट्राग्रगां गामुपलक्ष्य भीताम् ॥ तोदं मृषन्निरगादम्बुमध्याद्ग्राहाहतः सकरेणुर्यथेभः ॥ ६ ॥ तं निःसरन्तं सलिलादनुद्रुतो हिरण्यकेशो द्विरदं यथा झषः ॥ करालदंष्ट्रोऽशनिनिःस्वनोऽब्रवीद्गतह्रियां किं त्वसतां विगर्हितम् ॥ ७ ॥ स गामुदस्तात्सलिलस्य गोचरे विन्यस्य तस्यामदधात्स्वसत्त्वम् ॥ अभिष्टुतो विश्वसृजा प्रसूनैरापूर्यमाणो विबुधैः पश्यतोऽरेः ॥ ८ ॥ परानुषक्तं तपनीयोपकल्पं महागदं काञ्चनचित्रदंशम् ॥ मर्माण्यभीक्ष्णं प्रतुदन्तं दुरुक्तैः प्रचण्डमन्युः प्रहसंस्तं बभाषे ॥ ९ ॥ श्रीभगवानुवाच ॥ सत्यं वयं भो वनगोचरा मृगा युष्मद्विधान्मृगये ग्रामसिंहान् ॥ न मृत्युपाशैः प्रतिमुक्तस्य वीरा विकत्थनं तव गृह्णन्त्यभद्र ॥ १० ॥ एते वयं न्यासहरा रसौकसां गतह्रियो गदया द्रावितास्ते ॥ तिष्ठामहेऽथापि

र ऋषि कसरी निर्मूल हुँनन्––तँ बाँचेसम्म त यिनको वल साहस बढेकै रहने छ ॥५॥ त्यो कटु वचन सुनेर भगवानलाई रिस उठ्यो र आफ्ना लामा दाँतभा पृथ्वीलाई उचालेर नै जल भित्रबाट निस्केर आए ॥६॥ अब त्यस राक्षसले जलबाट निस्केर बाहिर जान लागेका शूकर भगवान्को पछि लाग्यो र भन्न थाल्यो–'तिमी जस्ता निर्लज्ज शत्रुको अगाडिबाट भाग्नु बाहेक अरु के गर्न सक्तछन् ?' त्यसका ती कटु वचनहरू सुनेर भगवान्ले पृथ्वीलाई जलबाट बाहिर राखिदिए तब देवताहरूले तीमाथि पुष्प-वर्षा गरे र ब्रह्माजीले स्तुति गरे ॥७-८॥ अनि देवताहरूको भय निवारणका लागि भगवान्ले भन्नुभयो–॥ ९ ॥ तिम्रो कथन सत्य हो, हामीहरू जंगली हौं र जंगलमा बसेर तिमीजस्ता कुकुरलाई खोज्दै रहन्छौं । ए पापी ! तँ जस्ता दुष्टको बकवादमा वीर व्यक्ति ध्यान दिँदैनन् ॥१०॥ तेरो गदाको प्रहारले हामी भाग्यौं । यसरी असमर्थ थएर पनि हामी तेरो सामुन्ने छौं । बलवान शत्रुसित शत्रुता किनेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागेर कहाँ जान सक्छ ? ॥ ११ ॥ अतः अब तिमी मलाई मारेर आफ्ना सजातीहरूको शोकरूपी आँसु पुछ । जो आफूले गरेको प्रतिज्ञा पालन गर्दैन, त्यसलाई संसारले मूर्ख ठान्दछ । ॥१२॥ यसरी भगवान्ले धिक्कार दिएर ठट्टा गरेपछि हिरण्याक्ष कुनै विषधर सर्प जस्तै रिसायो । बर्ता रिसले त्यसका सबै इन्द्रियहरू क्षुब्ध भए र बर्ता आवेशमा गाडिएर त्यसले भगवान्लाई ताकेर गदा प्रहार गरिदियो ॥१३-१४॥ त्यसले भगवानको छाती ताकेर गदा छाडेको थियो, तर अलिकति बाङ्गिएर प्रभुले त्यसको प्रहार व्यर्थ पारिदिए । अब त्यो गदा घुमाएर यता-उता नाच्न लाग्यो र भगवान् रिसाएर त्यसमाथि झम्टे ॥१५-१६॥ उनले त्यसमाथि आफ्नो गदा प्रहार गरे, त्यो गदाको चोट दैत्यले गदाद्वारा नै छलिदियो । यस प्रकार धेरै समयसम्म ती दुवै परस्पर गदायुद्ध गरिरहे ॥ १७-१८ ॥ गदा-युद्धका अनेक पट्याइँ देखाएर ती एक अर्कोलाई हिर्काइरहेका थिए र दुवैंका शरीरबाट रुधिरको धारा बग्न

कथञ्चिदाजौ स्थेयं क्व यामो बलिनोत्पाद्यवैरम् ॥ ११ ॥ त्वं पद्रथानां किल यूथपाधिपो घटस्व नोऽस्वस्तय आश्वनूहः ॥ संस्थाप्य चास्मान्प्र-
मृजाश्रु स्वकानां यः स्वां प्रतिज्ञां नातिपिपर्त्यसभ्यः ॥ १२ ॥ मैत्रेय उवाच ॥ सोऽधिक्षिप्तो भगवता प्रलब्धश्च रुषा भृशम् ॥ आजहारोल्बणं
क्रोधं क्रीड्यमानोऽहिराडिव ॥ १३ ॥ सृजन्नमर्षितः श्वासान्मन्युप्रचलितेन्द्रियः ॥ आसाद्य तरसा दैत्यो गदयाऽभ्यहनद्धरिम् ॥ १४ ॥ भगवांस्तु
गदावेगं विसृष्टं रिपुणोरसि ॥ अवञ्चयत्तिरश्चीनो योगारूढ इवान्तकम् ॥ १५ ॥ पुनर्गदां स्वामादाय भ्रामयन्तमभीक्ष्णशः ॥ अभ्यधावद्धरिः क्रुद्धः
संरम्भाद्दष्टदच्छदम् ॥ १६ ॥ यतश्च गदयाऽऽरातिं दक्षिणस्यां भ्रुवि प्रभुः ॥ आजघ्ने स तु तां सौम्य गदया कोविदोऽहनत् ॥ १७ ॥ एवं गदाभ्यां
गुर्वीभ्यां हर्यक्षो हरिरेव च ॥ जिगीषया सुसंरब्धावन्योन्यमभिजघ्नतुः ॥ १८ ॥ तयोः स्पृधोस्तिग्मगदाहताङ्गयोः क्षतास्रवघ्राणविवृद्धमन्य्वोः ॥
विचित्रमार्गांश्चरतोर्जिगीषया व्यधादिलायामिव शुष्मिणोर्मृधः ॥ १९ ॥ दैत्यस्य यज्ञावयवस्य माया गृहीतवाराहतनोर्महात्मनः ॥ कौरव्य मह्यां
द्विषतोर्विमर्दनं दिदृक्षुरागादृषिभिर्वृतः स्वराट् ॥ २० ॥ आसन्नशौण्डीरमपेतसाध्वसं कृतप्रतीकारमहार्यविक्रमम् ॥ विलक्ष्य दैत्यं भगवान्सहस्रणीं-
र्जगाद नारायणमादिशूकरम् ॥ २१ ॥ ब्रह्मोवाच ॥ एष ते देव देवानामङ्घ्रिमूलमुपेयुषाम् ॥ विप्राणां सौरभेयीणां भूतानामप्यनागसाम् ॥ २२ ॥
आगस्कृद्भयकृद्दुष्कृदस्मद्राद्धवरोऽसुरः ॥ अन्वेषन्नप्रतिरथो लोकानटति कण्टकः ॥ २३ ॥ मैनं मायाविनं दृप्तं निरंकुशमसत्तमम् ॥ आक्रीड बालव-
द्देव यथाऽऽशीविषमुत्थितम् ॥ २४ ॥ न यावदेष वर्धेत स्वां वेलां प्राप्य दारुणः ॥ स्वां देवमायामास्थाय तावज्जह्यघमच्युत ॥२५॥ एषा घोरतमा

लागेको थियो । पृथ्वीको निम्ति युद्ध गर्ने नारायण र हिरण्याक्षको त्यो डरलाग्दो संग्राम हेर्नका लागि अनेक ऋषिगण सहित ब्रह्माजी त्यहाँ पुगे । ब्रह्मालें त्यो मदमत्त र असाधारण पराक्रमी दैत्यलाई देखेर भगवान्सित भने–हे देव ! यो दैत्य हजुरका शरणागत भक्तगण, देवताहरू र ब्राह्मणहरूको अपराधी हो । यो तिनलाई डर देखाई कुट्दछ । मैले यसलाई वर दिएको थिएँ, त्यसैले उद्धत भएर यो आफू समान कुनै बलवान्लाई खोज्दै सबै लोकहरूमा डुलिरहन्छ ॥ १९-२३ ॥ यसनिम्ति हजुर यो अभिमानी, निरंकुश र मायावी तथा सर्प समान यस दानवसित केटा-केटी जस्तै हेलचक्राइँ नगर्नु हवस् । साँझको वेलामा यो अझ बलवान् नहुँदै, त्योभन्दा पहिले नै यसको वध गर्नुहवस् ॥२४-२५॥ हे सर्वात्मन् ! लोकहरू नष्ट

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिदिने सन्ध्याकाल आउनुभन्दा पहिल्यै यसलाई मारेर देवताहरूलाई विजयश्री प्रदान गरिदिनुहवस् । अहिले अभिजित नामको योग छ । यस योगमा नै हजुर हामीहरूको कल्याण गर्नका लागि यसलाई मारेर ढलाउनोस् ।।२६-२७।। जय-विजयले श्राप पाउने वेला हजुरले जुन दया गर्नुभएको थियो, त्यसैले हजुर स्वयं मृत्यु बनेर यसको सामु पाल्नुभयो । अब यल-लाई मारेर सबैलाई सुखो तुल्याउनोस् ।।२८।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धेऽष्टादशोऽध्यायः ।।१८।। (वराह भगवान्द्वारा हिरण्याक्ष-वध)—मैत्रेयले भने-शूकर भगवान् ब्रह्माको निष्कपट वाक्य सुनेर मुसुक्क हाँसे र ब्रह्मातिर हेरेर तिनको प्रार्थना स्वीकार गरे । त्यसपछि सामुन्ने उपस्थित त्यस दैत्यको काँधमा भगवान्ले गदा प्रहार गरे ।।१-२।। त्यसै वखत हिरण्याक्षले आफ्नो गदा प्रहार गरेर प्रभुको प्रहार व्यर्थ पारिदियो र भगवान्को बाहुबाट गदा उछिट्टिएर पर गयो । यो यौटा विचित्र घटना सहसा घट्यो । यद्यपि त्यस वेला भगवान्

सन्ध्या लोकच्छम्बट्करी प्रभो ॥ उपसर्पति सर्वात्मन् सुराणां जयमावह ॥ २६ ॥ अधुनैषोऽभिजिन्नाम योगो मौहूर्तिको ह्यगात् ॥ शिवाय नस्त्वं
सुहृदामाशु निस्तर दुस्तरम् ॥ २७ ॥ दिष्ट्या त्वां विहितं मृत्युमयमासादितः स्वयम् ॥ विक्रम्यैनं मृधे हत्वा लोकानाधेहि शर्मणि ॥ २८ ॥ इति
श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे हिरण्याक्षवधेऽष्टादशोऽध्यायः ॥ १८ ॥ मैत्रेय उवाच ॥ अवधार्य विरिञ्चस्य निर्व्यलीकामृतं वचः ॥ प्रहस्य
प्रेमगर्भेण तदपाङ्गेन सोऽग्रहीत् ॥ १ ॥ ततः सपत्नं मुखतश्चरन्तमकुतोभयम् ॥ जघानोत्पत्य गदया हनावसुरमक्षजः ॥ २ ॥ सा हता तेन गदया
विहता भगवत्करात् ॥ विघूर्णिताऽपतद्रेजे तदद्भुतमिवाभवत् ॥ ३ ॥ स तदा लब्धतीर्थोऽपि न बबाधे निरायुधम् ॥ मानयन्स मृधे धर्मं विष्वक्सेनं
प्रकोपयन् ॥ ४ ॥ गदायामपविद्धायां हाहाकारे विनिर्गते ॥ मानयामास तद्धर्मं सुनाभं चास्मरद्विभुः ॥ ५ ॥ तं व्यग्रचक्रं दितिपुत्राधमेन स्वपा-
र्षदमुख्येन विषज्जमानम् ॥ चित्रा वाचोऽतद्विदां खेचराणां तत्रास्मासन्स्वस्ति तेऽमुं जहीति ॥ ६ ॥ स तं निशाम्यात्तरथाङ्गमग्रतो व्यवस्थितं
पद्मपलाशलोचनम् ॥ विलोक्य चामर्षपरिप्लुतेन्द्रियो रुषा स्वदन्तच्छदमादशच्छ्वसन् ॥ ७ ॥ करालदंष्ट्रश्चक्षुर्भ्यां संचक्षाणो दहन्निव ॥ अभिप्लुत्य
स्वगदया हतोऽसीत्यहनद्धरिम् ॥ ८ ॥ पदा सव्येन तां साधो भगवान् यज्ञसूकरः ॥ लीलया मिषतः शत्रोः प्राहरद्वातरंहसम् ॥ ९ ॥ आह

निःशस्त्र थिए, त्यसले इच्छा गरेको भए भगवान्मा प्रहार गर्न सक्ने थियो, तर युद्ध-धर्मको रक्षा गर्दै त्यसले प्रहार गर्न सकेन ।।३-४।। जब गदा फुस्केर फ्याँकियो तब देवगणमा हाहाकार मच्चियो । तर भगवान्ले यस्तो अवसरमा पनि हिरण्याक्षको त्यो धार्मिक भावनाको सम्मान गर्दै सुदर्शनचक्रको स्मरण गर्नुभयो । भगवान्को महिमा जान्नमा असमर्थ देवता प्रभुसित भन्नलागे—'हजुरको कल्याण होस्, हजुर त्यो दैत्यलाई मार्न समर्थ हुनुहुन्छ' ।।५-६।। दैत्यले जब हातमा सुदर्शनचक्र लिएका भगवान्लाई उभिएका देख्यो, तब रिसले त्यसका सबै इन्द्रियहरू अधीर भए र त्यो लामो सास फेर्दै दाँतले ओंठ टोक्न लाग्यो । त्यसपछि राता-राता आँखाबाट आगो उकेल्दै—'अब तँ मर्दछस्' यस्तो भन्दै कठोर गदाले भगवान्माथि प्रहार गरिदियो ।।७।।८।। तर भगवान्ले हेर्दाहेर्दै त्यो गदा बायाँ खुट्टाले थिचिदिए र अर्को गदा प्रहार गर्दै भने—हे दैत्य ! यदि तँ यस युद्धमा विजयको अभिलाषा राख्नछस् भने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो शस्त्र उठा ।' भगवान्‌को वचन सुनेर त्यसले फेरि प्रभुमाथि गदा प्रहार गरिदियो र बेसरी गर्जन लाग्यो । तर वराह भगवान्‌ले त्यसको गदा हातबाट नै खोसिलिनु भयो ॥९-११॥ फेरि त्यसलाई फिर्ता दिनलागे । यसरी धेरैपल्ट प्रहार गरेर पनि त्यसले केही गर्न सकेन तब त्यसले आफ्नो पुरुषार्थको हीनता सम्झ्यो । तैपनि त्यसले भगवान्‌को हातबाट गदा फिर्ता लिएन । अनि त्यसले आगोको विलुङ्गो टल्कने यौटा तीन शिखा भएको त्रिशूल उचालेर भगवान्‌माथि प्रहार गऱ्यो ॥१२-१३ ॥ तर भगवान्‌ले मास्तिर उचालिएको त्यो त्रिशूललाई आफ्नो सुदर्दन चक्रले काटिदिए । अब त्यस दैत्यले बर्ता रिसाई भगवान्‌को छातीमा मुड्कीले हिर्कायो र देख्दा-देख्दै अलप भयो । तर हे विदुर ! हिण्याक्षको मुष्टि प्रहारले भगवान् त्यसै गरी हल्लेनन्, जसरी हात्तीलाई फूलको मालाले हिर्काइयोस् र उसलाई थाहै नहोस् ॥१४-१६॥ अब त्यस दैत्यले मायापति माथि अनेक थरिका मायाहरूको

चायुधमाधत्स्व घटस्व त्वं जिगीषसि ॥ इत्युक्तः स तदा भूयस्ताडयन्व्यनदद्भृशम् ॥ १० ॥ तां स आपततीं वीक्ष्य भगवान्समवस्थितः ॥ जग्राह लीलया प्राप्तां गरुत्मानिव पन्नगीम् ॥११॥ स्वपौरुषे प्रतिहते हतमानो महासुरः ॥ नैच्छद्‌गदां दीयमानां हरिणा विगतप्रभः ॥१२॥ जग्राह त्रिशिखं शूलं ज्वलज्ज्वलनलोलुपम् ॥ यज्ञाय धृतरूपाय विप्रायाभिचरन्यथा ॥१३॥ तदोजसा दैत्यमहाभटार्पितं चकासदंतः ख उदीर्णदीधिति ॥ चक्रेण चिच्छेद निशाततेमिना हरिर्यथा तार्क्ष्यपतत्रमुज्झितम् ॥ १४ ॥ वृक्णे स्वशूले बहुधाऽरिणा हरेः प्रत्येत्य विस्तीर्णमुरो विभूतिमत् ॥ प्रवृद्धरोषः स कठोरमुष्टिना नदन्प्रहृत्यान्तरधीयतासुरः ॥१५॥ तेनेत्थमाहतः क्षत्तर्भगवानादिसूकरः ॥ नाकंपत मनाक् क्वापि स्रजा हत इव द्विपः ॥१६॥अथोरुधासृजन्मायां योगमायेश्वरे हरौ ॥ यां विलोक्य प्रजास्त्रस्ता मेनिरेऽस्योपसंयमम् ॥१७॥ प्रववुर्वायवश्चण्डास्तमःपांसवमैरयन् ॥ दिग्भ्यो निपेतुर्ग्रावाण क्षेपणैः प्रहिता इव ॥१८ ॥ द्यौर्नष्टभगणाभ्रौघैः सविद्युत्स्तनयित्नुभिः ॥ वर्षद्भिः पूयकेशासृग्विण्मूत्रास्थीनि चासकृत् ॥ १९ ॥ गिरयः प्रत्यदृश्यंत नानायुधमुचोऽनघ ॥ दिग्वाससो जातुधान्यः शूलिन्यो मुक्तमूर्धजाः ॥ २० ॥ बहुभिर्यक्षरक्षोभिः पत्त्यश्वरथकुञ्जरैः ॥ आततायिभिरुत्सृष्टा हिंसा चावोऽतिवैशसाः ॥२१॥ प्रादुष्कृतानां मायानामासुरीणां विनाशयन् ॥ सुदर्शनास्त्रं भगवान्प्रायुङ्क्त दयितं त्रिपात् ॥ २२ ॥ तदा दितेः समभवत्सहसा हृदि वेपथुः ॥ स्मरन्त्या भर्तुरादेशं स्तनाच्चासृक् प्रसुस्रुवे ॥२३॥ विनष्टासु स्वमायासु भूयश्चाव्रज्य केशवम् ॥ रुषोपगूहमानोऽमुं

प्रयोग आरम्भ गऱ्यो, जसलाई देखेर सबैले ठाने— अब प्रलय हुन्छ । ठूलो आँधी चल्नलाग्यो । धूलोले दिशाहरू ढाकिए र ढुङ्गाका ठूला-ठूला टुक्रा उठेर गिर्नलागे । आकाशमा डरलाग्दो कालो, नीलो घटा घेरिएर आयो । त्यसमा सबै नक्षत्र ढाकिए र त्यस घन-घटाबाट पीप, कपाल, रगत, विष्ठा र हाडहरूको वर्षा हुन लाग्यो ॥ १७-१९ ॥ ठूल्ठूला पहाड रणांगणमा अनेक थरिका शास्त्रास्त्र वर्षा गर्न लागे र कपाल फुकाएका नाङ्गा राक्षसीहरू हातमा त्रिशूल लिई यता-उता दगुरेका देखिन लागे । अगणित यक्ष-राक्षस 'मार, काट !' भन्दै जम्मा हुन लागे । भगवान्‌ले आफ्नो सुदर्शन चक्रद्वारा त्यो आसुरी माया नष्ट पारिदिए । त्यसै बखत दिति (हिरण्याक्षकी आमा) को हृदय धड्कन र स्तनहरूबाट रगत बग्न लाग्यो । तिनले आफ्ना पति कश्यपको कुरा स्मरण गरिन् । उता जब हिरण्याक्षले देख्यो—आफ्नो माया सुदर्शन चक्रले नष्ट पारिदियो, तब त्यो दाँत कस्टेर भगवान्‌तिर झम्ट्यो र उनको छातीमा

मुड्की बेजायो । अवसर पाएर भगवान्‌ले पनि त्यसको कनपारोमाएक मुड्की बजारे । त्यो चोटले दैत्य लरखरिएर पर ढल्यो । उसका आँखा बाहिर निस्किए, हात-खुट्टा लुला भए, घाँटी झुण्डियो र त्यसको प्राणरूपी पक्षी उडेर गयो । त्यस वेला यस्तो लागिरहेको थियो—जस्तै वायुको वेगले कुनै ठूलो पर्वत धराशायी भएको होस् ॥२०-२६॥ त्यो विकराल दाँत हुने र असाधारण तेजस्वी दैत्यलाई भूमिमा ढलेको देखेर ब्रह्मादि देवता एकत्र भए र आपुसमा भन्न लागे—संसारमा यस्तो कुन भाग्यशाली छ, जसलाई यसरी भगवान्‌का हातबाट मुक्ति मिलोस् । ठूला-ठूला योगी दुर्गुणबाट जोगिन एकान्तमा बसेर योग समाधिद्वारा जसको ध्यान गर्दछन्, उनै कमललोचन नारायणको मुख हेर्दै यसले शरीर त्यागेको छ । वास्तवमा यी दुवै (हिरण्याक्ष र हिरण्यकशिपु) भगवान्‌का पार्षद हुन् ब्राह्मणको श्रापले यी दुर्गतिमा प्राप्त भएका हुन् । केही जन्मपछि यी फेरि आफ्नो पूर्व अवस्थामा जान्छन् । यसपछि

दद्दशेऽवस्थितं बहिः ॥२४॥ तं मुष्टिभिर्विनिघ्नन्तं वज्रसारैरधोक्षजः ॥ करेण कर्णमूलेऽहन्यथा त्वाष्ट्र मरुत्पतिः ॥ २५ ॥ स आहतो विश्व-
जिता ह्यवज्ञया परिभ्रमद्गात्र उदस्तलोचनः ॥ विशीर्णबाह्वङ्घ्रिशिरोरुहोऽपतद्यथा नगेन्द्रो लुलितो नभस्वता ॥ २६ ॥ क्षितौ शयानं तमकु-
ण्ठवर्चसं करालदंष्ट्रं परिदष्टदच्छदम् ॥ अजादयो वीक्ष्य शशंसुरागता अहो इमां को नु लभेत संस्थितिम् ॥ २७ ॥ यं योगिनो योगसमाधिना
रहो ध्यायन्ति लिङ्गादसतो मुमुक्षया ॥ तस्यैव दैत्यापसदः पदाहतो मुखं प्रपश्यंस्तनुमुत्ससर्ज ह ॥ २८ ॥ एतौ तौ पार्षदावस्य शापाद्याता-
वसद्गतिम् ॥ पुनः कतिपयैः स्थानं प्रपत्स्येते ह जन्मभिः ॥ २९ ॥ देवा ऊचुः ॥ नमो नमस्तेऽखिलयज्ञतन्तवे स्थितौ गृहीतामलसत्त्वमूर्तये ॥
दिष्ट्या हतोऽयं जगतामरुन्तुदस्त्वत्पादभक्त्या वयमीश निर्वृताः ॥ ३० ॥ मैत्रेय उवाच ॥ एवं हिरण्याक्षमसह्यविक्रमं स सादयित्वा हरिरादि-
शूकरः ॥ जगाम लोकं स्वमखण्डितोत्सवं समीडितः पुष्करविष्टरादिभिः ॥३१॥ मया यथानूक्तमवादि ते हरेः कृतावतारस्य सुमित्र चेष्टितम् ॥
यथा हिरण्याक्ष उदारविक्रमो महामृधे क्रीडनवन्निराकृतः ॥ ३२ ॥ सूत उवाच ॥ इति कौषारवाख्यातामाश्रुत्य भगवत्कथाम् ॥ क्षत्ताऽऽनन्दं परं लेभे
महाभागवतो द्विजः ॥३३॥ अन्येषां पुण्यश्लोकानामुद्दामयशसां सताम् ॥ उपश्रुत्य भवेन्मोदः श्रीवत्साङ्कस्य किं पुनः ॥ ३४ ॥ यो गजेन्द्रं
झषग्रस्तं ध्यायन्तं चरणाम्बुजम् ॥ क्रोशन्तीनां करेणूनां कृच्छ्रतोऽमोचयद्द्रुतम् ॥ ३५ ॥ तं सुखाराध्यमृजुभिरनन्यशरणैर्नृभिः ॥ कृतज्ञः को न

ती देवगण वराह भगवान्‌को स्तुति गर्दै भन्दछन्—'हे हरे ! हजुर नै सबै यज्ञका विस्तार स्वरूप हुनुहुन्छ । यसैनिम्ति हामी नमस्कार गर्दछौं । सबैको मर्म भेदन गर्ने भएको यो दैत्य हजुरको हातबाट मारियो । हजुरका चरणकमलको भक्तिले हामी अतिशय आनदित भयौं । अब सम्म जे जति भयो, राम्रो भयो ।' मैत्रेय भन्दछन्—हे विदुर ! यसरी देवताहरूको स्तुति सुनेर तिनको सम्मान गर्दै वराह भगवान् अन्तर्धान भए । यो मैले तिमीलाई हिरण्याक्ष-वधको वृत्तान्त सुनाएँ ॥२७-३२॥ सूतजी भन्दछन्—हे शौनक ! मैत्रेयको मुखारविन्दबाट यो अनुपम चरित्र सुनेर भगवद्भक्त विदुर निकै आनन्दित भए । तिनलाई आनन्द किन हुँदैनथ्यो—जब कि साधारण भगवद्भक्तको गुण-गान सुन्नाले आत्मा गद्गद् हुन्छ भने—साक्षात् भगवान्‌का चरित्र सुन्नाले महान् आनन्द प्राप्त हुने गर्दछ । जुन भगवान्‌ले ग्राहको कराल मुखमा परेका गजको ध्यान गर्नासाथ मुक्त पारिदिएथे, सुखले आराध्य ती

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायणको आराधना नगर्ने को होला ? हिरण्याक्ष वधको कथा जो भन्दछ, सुन्दछ वा मनन गर्दछ, त्यो ब्रह्मवधजनित पापबाट मुक्ति प्राप्त गर्दछ ॥ ३३-३७ ॥ यो भगवच्चरित्र परम पवित्र धनदायक, यशदाता र युद्धमा शौर्यवर्धक छ । जो व्यक्ति बराबर यसको श्रवण गर्दछन् ती अन्तकालमा भगवानको स्वरूपमा मिल्दछन् ॥ ३८ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीय स्कन्धे एकोनविंशोऽध्यायः ॥ १९ ॥ (सृष्टिको विस्तार-क्रम वर्णन) यति कथा सुनेर शौनकले सूतजीलाई सोधे—स्वायंभुव मनु जब यस पृथ्वीमा आए, तब तिनले कुन-कुन उपायले सृष्टि गरे । विदुरजी भगवान् श्रीकृष्णका अभिन्न मित्र थिए । उनै भगवान्‌को निम्ति उनले आफ्ना पापी भ्राता (दुर्योधनादि) लाई त्यागिदिएका थिए ॥१-२॥ द्वैपायन व्यासका छोरा हुनाले विदुर महिमामा व्यासकै समान थिए किनकि ती आफ्नू तन, मन,धन सर्वस्व भगवान्‌लाई सुम्पिसकेका थिए ; यस प्रकार ती असाधारण

सेवेत दुराराध्यमसाधुभिः ॥ ३६ ॥ यो वै हिरण्याक्षवधं महाद्भुतं विक्रीडितं कारणशूकरात्मनः ॥ शृणोति गायत्यनुमोदतेऽञ्जसा विमुच्यते ब्रह्मव
धादपि द्विजाः ॥ ३७ ॥ एतन्महापुण्यमलं पवित्रं धन्यं यशस्यं पदमायुराशिषाम् ॥ प्राणेन्द्रियाणां युधि शौर्यवर्द्धनं नारायणोऽन्ते गतिरङ्ग शृण्व-
ताम् ॥ ३८ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे हिरण्याक्षवधो नाम एकोनविंशोऽध्यायः ॥ १९ ॥ शौनक उवाच ॥ महीं प्रतिष्ठामध्यस्य
सौते स्वायम्भुवो मनुः ॥ कान्यन्वतिष्ठद्द्वाराणि मार्गायावरजन्मनाम् ॥ १ ॥ क्षत्ता महाभागवतः कृष्णस्यैकान्तिकः सुहृत् ॥ यस्तत्याजाग्रजं
कृष्णे सापत्यमघवानिति ॥ २ ॥ द्वैपायनादनवरो महित्वे तस्य देहजः ॥ सर्वात्मनाऽऽश्रितः कृष्णं तत्परांश्चाप्यनुव्रतः ॥ ३ ॥ किमन्वपृच्छन्मैत्रेयं
विरजास्तीर्थसेवया ॥ उपगम्य कुशावर्त आसीनं तत्त्ववित्तमम् ॥ ४ ॥ तयोः संवदतोः सूत प्रवृत्ता ह्यमलाः कथाः ॥ आपो गाङ्गा इवाघघ्नीर्हरेः
पादाम्बुजाश्रयाः ॥ ५ ॥ ता नः कीर्तय भद्रं ते कीर्तन्योदारकर्मणः ॥ रसज्ञः को नु तृप्येत हरिलीलामृतं पिबन् ॥ ६ ॥ एवमुग्रश्रवाः पृष्ट ऋषि-
भिर्नैमिषायनैः ॥ भगवत्यर्पिताध्यात्मस्तानाह श्रूयतामिति ॥ ७ ॥ सूत उवाच ॥ हरेर्धृतक्रोडतनोः स्वमायया निशम्य गोरुद्धरणं रसातलात् ॥
लीलां हिरण्याक्षमवज्ञया हतं सञ्जातहर्षो मुनिमाह भारतः ॥ ८ ॥ विदुर उवाच ॥ प्रजापतिपतिः सृष्ट्वा प्रजासर्गे प्रजापतीन् ॥ किमारभत मे ब्रह्म-
न्प्रब्रूह्यव्यक्तमार्गवित् ॥ ९ ॥ ये मरीच्यादयो विप्रा यस्तु स्वायम्भुवो मनुः ॥ ते वै ब्रह्मण आदेशात्कथमेतदभावयन् ॥ १० ॥ सद्वितीयाः किमसृ-

भगवद्भक्त विदुरले त्यसपछि मैत्रेयसित कुन कथा सोधे ? ॥३-४॥ हे सूत ! ती दुवैको सत्संगमा यस्ता-यस्ता कथाहरू आए होलान्, जो मनुष्यका पाप गंगाजल झैं पखाली बगाए हुनन् । तपाई हामीलाई त्यही कथा सुनाउनोस् । संसारमा कुन यस्तो रसिक होला, जो भगवान्‌का लीलामृत श्रवण गरेर तृप्त हुन सकोस् । शौनकादि मुनिहरूको त्यो प्रश्नहरू सुनेर सूतजीले आफ्नो अध्यात्म-शक्ति भगवान्‌मा लगाएर भन्न लागे—सुन्नुहवस् ॥ ५-६ ॥ हे ऋषि हो ! वाराहरूप धारी नारायणको चरित्र सुनेर विदुरलाई आनन्द प्राप्त भयो । उनले फेरि मैत्रेयसित सोधे—हे महामुनि मैत्रेय ! ब्रह्माजीले मरीचि आदि प्रजापतिहरूको सृष्टि गरिसकेपछि के गरे ? ती मरीचि आदि ऋषि र महाराज स्वायम्भुव मनुले ब्रह्माजीका

Jayanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

आदेशानुसार जगत्को सृष्टि कसरी गरे ? तिनले स्त्रीहरूसित साथै रहेर सृष्टि गरे कि एक्लै ? ती सबै मिलेर सृष्टिकार्य गर्दथे कि भिन्न-भिन्न रहेर ? ।।८-११।। मैत्रेय भन्दछन्—जो तर्कना-शक्तिबाट पर छ, त्यस दैवद्वारा भगवान्‌बाट क्षुब्ध भएर प्रधान उत्पन्न भयो र त्यसबाट महत्तत्त्वको रचना भयो। महत्तत्वबाट सत्त्व, रज, तम गुणत्रयात्मक अहङ्कार जायमान भयो। त्यस अहंकारले पञ्चमहाभूतादि तत्त्वहरूको रचना गर्‍यो, तर ती सबै एक्लै रहेर सृष्टिकार्य सम्पन्न पार्न असमर्थ थिए। अतः ती सबै मिलेर यौटा स्वर्ण-अण्डको सृष्टि गरिदिए। त्यो अशुण्ड हजार वर्षसम्म पानीमा रह्यो र त्यसैमा भगवान् आएर बसे। एक हजार वर्षसम्म भगवान् त्यसैमा रहिरहे। त्यसपछि ती विराट् पुरुषको नाभिबाट कमल र कमलबाट ब्रह्माको उत्पत्ति भयो ।।१२-१६।। ती ब्रह्माजीले भगवान्‌को अधीनतामा रहेर नाम-रूपादि क्रमले यस लोकको स्थिति निर्माण गरे। तिनले सबै भन्दा पहिले आफ्नै छायाले

जन्स्वतन्त्रा उत कर्मसु ॥ आहोस्वित्संहताः सर्व इदं स्म समकल्पयन् ॥ ११ ॥ मैत्रेय उवाच ॥ दैवेन दुर्वितर्क्येण परेणानिमिषेण च ॥ जात-
क्षोभाद्भगवतो महानासीद्‌गुणत्रयात् ॥ १२ ॥ रजःप्रधानान्महतस्त्रिलिङ्गो दैवचोदितात् ॥ जातः ससर्ज भूतादिर्वियदादीनि पञ्चशः ॥ १३ ॥
तानि चैकैकशः स्रष्टुमसमर्थानि भौतिकम् ॥ संहत्य दैवयोगेन हैममण्डमवासृजत् ॥ १४ ॥ सोऽशयिष्टाब्धिसलिले अण्डकोशो निरात्मकः ॥
साग्रं वै वर्षसाहस्रमन्ववात्सीत्तमीश्वरः ॥ १५ ॥ तस्य नाभेरभूत्पद्मं सहस्रार्कोरुदीधिति ॥ सर्वजीवनिकायौको यत्र स्वयमभूत्स्वराट् ॥ १६ ॥
सोऽनुविष्टो भगवता यः शेते सलिलाशये ॥ लोकसंस्थां यथापूर्वं निर्ममे संस्थया स्वया ॥ १७ ॥ ससर्ज छाययाऽविद्यां पञ्चपर्वाणमग्रतः ॥ तामिस्र-
मन्धतामिस्रं तमो मोहो महातमः ॥ १८ ॥ विससर्जात्मनः कायं नाभिनन्दंस्तमोमयम् ॥ जगृहुर्यक्षरक्षांसि रात्रिं क्षुत्तृट्समुद्भवाम् ॥ १९ ॥
क्षुत्तृड्भ्यामुपसृष्टास्ते तं जग्धुमभिदुद्रुवः ॥ मा रक्षतैनं जक्षध्वमित्यूचुः क्षुत्तृडर्दिताः ॥ २० ॥ देवस्तानाह संविग्नो मा मां जक्षत रक्षत ॥ अहो

*तामिस्र, अन्धतामिस्र, तम, मोह र महातम यी पाँच थरिका अविद्याहरूको सृष्टि गरे। पछि तिनलाई आफ्नो तमोमय देह मनपरेन। यसैनिम्ति उनले त्यो त्यागिदिए र उही शरीर रात्रिको रूपमा परिणत भयो। त्यसलाई यक्ष र राक्षसहरूले लिए। ती यक्ष-राक्षस भोक-प्यासले व्याकुल भएर ब्रह्मालाई नै खान दगुरे। किन्तु तिनमा परस्पर मतभेद थियो। केहीको सल्लाह थियो—इनलाई खानैपर्छ र केही भन्दथे—होइन, इनको रक्षा गरौं। यस्तो परिस्थितिमा ब्रह्माजीले भयभीत भई भने—हे यक्षहो, राक्षस हो, तिमीहरू सबै मेरा सन्तान हौ। अतएव मलाई नखाओ, बरु मेरो रक्षा गर। तिमीमध्ये जतिले मलाई 'अक्षध्वम् अर्थात् खानैपर्छ' त्यो सल्लाह दिए, ती यक्षधरजतिले 'मा रक्षत' अर्थात् इनको रक्षा नगरौं भन्ने सल्लाह दिएका छन्, ती राक्षस कहिनेछन् ।।१७-२० ।। त्यसपछि ब्रह्माजीले आफ्नो प्रभावबाट देवताहरूको सृष्टि गरे। जब ब्रह्माजीले त्यस प्रभालाई पनि त्यागिदिऐ तब त्यो दीन भई र त्यसलाई

* दृष्टान्त – यौटा मानिसको खाटमा उडुस लाग्यो। त्यसले अनेक उपाय गर्‍यो तर निकाल्न सकेन। त्यो विचारा सार्‍है हैरान भयो। यौटा मित्रले त्यसलाई उपाय बतायो—रातो कमिला ल्याएर खाटमा राखिदिए तनले उडुस सबै खाइदिन्छन्। त्यसले त्यस्तै गर्‍यो, तर परिणाम उल्टो भयो। पहिले उडुसको जति कष्ट थियो, त्यो भन्दा धेरै बर्ता ती कमिलाले कष्ट दिनलागे। सारांश यो निस्क्यो कि आफ्नो घरमा कुनै कष्ट छ भने आफ्नै बुद्धिले भेटेसम्म त्यसको निवारणको उपाय गरोस्, तर कष्ट निवारणको निम्ति अर्कालाई आफ्नो घरमा खुट्टा पसार्न नदिनु। सम्भव छ, केही समयको निम्ति त्यसले दुःख टारिदेओस् तर पछि त्यही व्यक्ति अनन्त कष्टको कारण बन्न सक्छ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताहरूले स्वीकार गरे । त्यसपछि ब्रह्माले आफ्नो कम्मरको अग्रभाग तिघ्राबाट स्त्री-लम्पट असुरहरू लाई जन्म दिए । जब तीअसुरकामातुर भएतब ब्रह्मासितै मैथुन गर्नदगुरे । पहिले त ब्रह्माजी हाँसें, तर पछि जब ती निर्ल्लज लखेटे तब ब्रह्मा भय र रिसले त्यहाँबाट भागे ! ती सरासर वरदाता नारायणको कृपा प्राप्त गर्नका लागि तिनको शरणमा पुगे र दण्डवत् गरी स्तुति गर्न लागे–'हे परमात्मन् ! मैले हजुरको आज्ञानुसार प्रजाको सृष्टि गरें र अब त्यही प्रजा ममित नै मैथुन गर्न खोजि रहेछन् ॥२१-२६॥ यस्तो स्थितिमा एकमात्र हजुर नै म दुःखीको दुःख निवारण गरेर ती दुष्टको दमन गर्न सक्नु हुन्छ ।'यति सुनेरनारायणलेआज्ञाभयो–'यस्तो छ भनेतिमी आफ्नोशरीरत्यागिदेऊ ।' त्यतिसुनेरउनलेआफ्नो देह त्यागिदिए ॥२७-२८॥ ब्रह्माजीको त्यो शरीर सायंकालीन सन्ध्यारूपिणी यौटी सुन्दरी स्त्रीको रूपमापरिणतभयो । ती आकर्षक नेत्र,सुन्दरनासिका, राम्रा दाँत,पीनस्तनी रमन्द हाँसोले युक्त भएकी

मे यक्षरक्षांसि प्रजा यूयं बभूविथ ॥२१॥ देवताः प्रभया या या दीव्यन्प्रमुखतोऽसृजत् ॥ ते अहार्षुर्देवयन्तोविसृष्टां तां प्रभामहः ॥२२॥ देवोऽदेवाञ्जघनतः सृजति स्मातिलोलुपान् ॥ त एनं लोलुपतया मैथुनायाभिपेदिरे ॥२३॥ ततो हसन्स भगवानसुरैर्निरपत्रपैः ॥ अन्वीयमानस्तरसा क्रुद्धो भीतः परापतत् ॥ २४ ॥ स उपव्रज्य वरदं प्रपन्नार्तिहरं हरिम् ॥ अनुग्रहाय भक्तानामनुरूपात्मदर्शनम् ॥ २५ ॥ पाहि मां परमात्मंस्ते प्रेषणेनासृजं प्रजाः ॥ ता इमा यभितुं पापा उपाक्रामन्ति मां प्रभो ॥२६॥ त्वमेकः किल लोकानां क्लिष्टानां क्लेशनाशनः ॥ त्वमेकः क्लेशदस्तेषामनासन्नपदां तव ॥२७॥ सोऽवधार्यस्य कार्पण्यं विविक्ताध्यात्मदर्शनः ॥ विमुंचात्मतनुं घोरामित्युक्तो विमुमोच ह ॥ २८ ॥ तां क्वणच्चरणांभोजां मदविह्वललोचनाम् ॥ काञ्चीकलापविलसद्दुकूलच्छन्नरोधसम् ॥ २९ ॥ अन्योन्यश्लेषयोत्तुङ्गां निरन्तरपयोधराम् ॥ सुनासां सुद्विजां स्निग्धहासलीलावलोकनाम् ॥ ३० ॥ गूहन्तीं व्रीडयाऽऽत्मानं नीलालकवरूथिनीम् ॥ उपलभ्यासुरा धर्म सर्वे संमुमुहुः स्त्रियम् ॥ ३१ ॥ अहो रूपमहो धैर्यमहो अस्या नवं वयः ॥ मध्ये कामयमानानामकामेव विसर्पति ॥ ३२ ॥ वितर्कयन्तो बहुधा तां सन्ध्यां प्रमदाकृतिम् ॥ अभिसम्भाव्य विश्रम्भात्पर्यपृच्छन्कुमेधसः ॥ ३३ ॥ काऽसि कस्यासि रम्भोरु को वार्थस्तेऽत्र भामिनि ॥ रूपद्रविणपण्येन दुर्भगान्नो विबाधसे ॥ ३४ ॥ या वा काचित्त्वमबले दिष्ट्या संदर्शनं तव ॥ उत्सुनोषीक्षमाणानां कन्दुकक्रीडया मनः ॥ ६५ ॥ नैकत्र ते जयति शालिनि पादपद्मं घ्नन्त्या मुहुः करतलेन पतत्पतङ्गम् ॥ मध्यं विषीदति बृहत्स्तनभारभीतं शान्तेव दृष्टिरमला सुशिखासमूहः ॥३६॥ इति सायन्तनीं सन्ध्यामसुराः प्रमदायतीम् ॥ प्रलोभयन्तीं जगृहुर्मत्वा मूढधियः स्त्रियम्

सन्ध्या सुन्दरीले नूपुरको झंकार गर्दै हिंडेकी देखेर ती सबै असुर परस्पर भन्नलागे–अहो ! यसको कस्तो मनोहर स्वरूप छ । यसमा कतिधैर्य छ । यसमायौवन कसरी उम्लिरहेको छ ! यस प्रकार थरि थरिका तर्कनाहरू गरेर ती दुर्बुद्धि असुर ती सुन्दरीको नगीचै गए र सोध्नलागे–॥२९-३०॥ हकदलीको खाँबो समान तिघ्रा भएकी सुन्दरी ! तिमी को हौ वर कसकी छोरी हौ ? तिमी यहाँ किन डुलिरहेकी छौ ? तिम्रो रूप देखेर हामी विकल भइरहेछौं ॥३४॥ अस्तु, यी सबै प्रश्न व्यर्थ छन् । तिमी जो भए पनि, ठूलो भाग्यले तिम्रो दर्शन पाइयो । तिमीले आफ्नो असाधारण सौन्दर्यले हाम्रो मनलाई भकुण्डो लुलाइ सक्यौ र तिमी त्यैसित खेलिरहेकी छौं । हे सुन्दरी ! तिम्रा खुट्टा एक स्थानमा अडिन्नन् । यसरी कन्दुक-क्रीडा

Jagannath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

गरिरहनाले तिम्रो पातलो कमरलाई कष्ट गइरहेको होला ।' यसरी ती मूर्ख असुरहरूले ती सन्ध्याकालीन सन्ध्यालाई स्त्री ठानेर ठूलो आग्रहले स्वीकार गरे ।।३५–३७।। कुनै बेला ब्रह्माले गम्भीर भावले हाँसेर आफ्नो कान्तिबाट गन्धर्व र अपसराहरूको सृष्टि गरे । अनि ब्रह्माजीले आफ्नो त्यो देदीप्यमान देह पनि त्यागिदिए । त्यो देह चन्द्रमाको जूनझैं टल्किरहेथ्यो । त्यसलाई विश्वावसु गन्धर्वले ग्रहण गरे ।।३८-३९।। त्यसपछि ब्रह्माजीले आफ्नो अल्छीबाट नाङ्गा र कपाल फुकाएका भूत-पिशाचहरू सृष्टि गरे । तिनलाई नाङ्गा र कपाल फुकाएका देखेर ब्रह्माजीले आँखा चिम्ले र आफ्नो जृम्भण-शरीर त्यागिदिए, त्यसलाई भूत-पिशाचले ग्रहण गरे । ब्रह्माजीको त्यस शरीरबाट निद्रा र इन्द्रियहरूको ज्ञान उत्पत्ति भयो ।।४०-४१।। एक पल्ट ब्रह्माजीले आफूलाई बलियो ठानेर अदृश्य-रूपले पितृहरू र साध्यगणको सृष्टि गरे । त्यसपछि उनले जुन शरीरको त्याग गरे,

।। ३७ ।। प्रहस्य भागवम्भीरं जिघ्रन्त्यात्मानमात्मना ।। कान्त्या ससर्ज भगवान्गन्धर्वाप्सरसां गणान् ।। ३८ ।। विससर्ज तनुं तां वै ज्योत्स्नां
कान्तिमतीं प्रियाम् ।। त एव चाददुः प्रीत्या विश्वावसुपुरोगमाः ।। ३६ ।। सृष्ट्वा भूतपिशाचांश्च भगवानात्मतन्द्रिणा ।। दिग्वाससो मुक्तकेशान्वीक्ष्य
चामीलयद्दृशौ ।। ४० ।। जगृहुस्तद्विसृष्टां तां जृम्भणाख्यां तनुं प्रभो ।। निद्रामिंद्रियविक्लेदो यया भूतेषु दृश्यते ।। येनोच्छिष्टान्धर्षयन्ति तमुन्मादं
प्रचक्षते ।।४१।। ऊर्जस्वन्तं मन्यमान आत्मानं भगवानजः ।। साध्यान्गणान्पितृगणान्परोक्षेणासृजत्प्रभुः ।।४२।। त आत्मसर्गं तं कायं पितरः प्रतिपे-
दिरे ।। साध्येभ्यश्च पितृभ्यश्च कवयो यद्वितन्वते ।। ४३ ।। सिद्धान्विद्याधरांश्चैव तिरोधानेनसोऽसृजत् ।। तेभ्योऽददात्तमात्मानमन्तर्धानाख्यमद्भुतम्
।।४४।। स किन्नरान्किम्पुरुषान्प्रत्यात्म्येनासृजत्प्रभुः ।। मानयन्नात्मनात्मानमात्माभासं विलोकयन् ।।४५।। ते तु तज्जगृहू रूपं त्यक्तं यत्परमेष्ठिना ।।
मिथुनीभूय गायन्तस्तमेवोषसि कर्मभिः ।।४६।। देहेन वै भोगवता शयानो बहुचिन्तया ।। सर्गेऽनुपचिते क्रोधादुत्ससर्ज ह तद्वपुः ।।४७।। येऽहीं-
यन्तामुतः केशा अहयस्तेऽङ्ग जज्ञिरे ।। सर्पाः प्रसर्पतः क्रूरा नागा भोगोरुकंधराः ।। ४८ ।। स आत्मानं मन्यमानः कृतकृत्यमिवात्मभूः ।। तदा
मनून्ससर्जांते मनसा लोकभावनान् ।।४६।। तेभ्यः सोऽप्सृजत्स्वीयं पुरं पुरुषमात्मवान् ।। तान्दृष्ट्वा ये पुरा सृष्टाः प्रशशंसुः प्रजापतिम् ।।५०।। अहो
एतज्जगत्स्रष्टः सुकृतं तव ते कृतम् ।। प्रतिष्ठिताः क्रिया यस्मिन्साकमन्नमदामहे ।।५१।। तपसा विद्यया युक्तो योगेन सुसमाधिना ।। ऋषीनृषिर्हृषीकेशः

त्यो पितृहरू र साध्यगणले ग्रहण गरे । यसै कारण कर्मकाण्डी व्यक्ति साध्य र पितृहरूलाई हव्य-कव्य प्रदान गर्दछन् ।।४२-४३।। त्यसपछि ब्रह्माजीले आफ्नी अन्तर्धान-शक्तिले सिद्ध र विद्याधरहरूको सृष्टि गरे । तिनीहरूले पनि ब्रह्माजीले त्यागेको शरीर अंगीकार गरे । केही कालपछि ब्रह्माले आफ्नो छायाबाट किम्पुरुषहरूको सृष्टि गरे । तिनले पनि ब्रह्माले त्यागेको शरीर स्वीकार गरे । ती किन्नर र किम्पुरुष एकैसाथ प्रातःकालको बेला ब्रह्माजीको गुणगाउँछन् ।।४४-४६।। एकपल्ट ब्रह्मा चिन्तामा गडिएर सुतिरहेका थिए । अकस्मात् उनलाई रिस उठ्यो र त्यही क्रोधमा उनले आफ्नो शरीर त्यागिदिए ।।४७।।त्यस देहबाट उनले जुन जीवको सृष्टि गरे तिनमा अहि, सर्प र नाग नामले विख्यात भए । एकपल्ट ब्रह्माजीले आफूलाई कृतकृत्य ठानेर मनबाट मनुहरूको सृष्टि गरे । तिनले मनुहरूलाई आफ्नो पौरुष शरीर प्रदान गरिदिए । अनि ब्रह्माजीद्वारा उत्पन्न ती

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धर्व आदि उनको पशंसा गर्नलागे । तिनले भने—'हे ब्रह्मन् ! यस जगत्को सृष्टि गरेर हजुरले राम्रो गर्नुभयो । मनुको यस सृष्टिमा अग्निहोत्र आदि सबै क्रिया राम्रो काइदाले
चलिरहेछन् । यसनिम्ति हामीहरू देवतासित बसेर अन्न खाइरहेछौं ।' केही कालपछि ब्रह्माले आफ्नो योग र समाधिबाट सृष्टि गरे । तिनलाई यथाक्रम उनले समाधि, योग, तप, ज्ञान
वैराग्ययुक्त आफ्नो देहको एकेक भाग दिए ॥४८-५३॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषा टीकायां विंशोऽध्याय ॥ २० ॥ (महर्षि कर्दमको तपस्या र तिनलाई
भगवान्द्वारा वरदान)—विदुरजी भन्दछन्—हे भगवन्—अब हजुर मलाई स्वायम्भुव मनुको परम माननीय वंशको कथा सुनाउनोस् । जस्ता मैथुन-धर्म अर्थात् स्त्री-पुरुष-संयोग
द्वारा प्रजाको वृद्धि भएको थितो ॥१॥ हे ब्रह्मन् ! एकपल्ट हजुरले भन्नु भएको थियो—स्वाम्यभुव मनुका छोरा प्रियव्रत र उत्तानपादले सातै द्वीपकी पृथ्वीको धर्मपूर्वक पालन
गरेर तिनकी देवहूती नामकी छोरी कर्दम प्रजापतिकी स्त्री बनिन् ॥२-३॥ यमादि योगलक्षणले युक्त देवहूतीबाट कर्दमले कति सन्तान उत्पन्न गरे ! तिनको यो पवित्र चरित्र म सुन्न

ससर्जाभिमताः प्रजाः ॥५२॥ तेभ्यश्चैकैकशः स्वस्य देहस्यांशमदादजः ॥ यत्तत्समाधियोगर्द्धितपोविद्याविरक्तिमत् ॥५३॥ इति श्रीमद्भागवते महा-
पुराणे तृतीयस्कन्धे विंशतितमोऽध्यायः ॥२०॥ विदुर उवाच ॥ स्वायम्भुवस्य च मनोर्वंशः परमसम्मतः ॥ कथ्यतां भगवन्यत्र मैथुनेनैधिरे प्रजाः॥१॥
प्रियव्रतोत्तानपादौ सुतौ स्वायम्भुवस्य वै ॥ यथाधर्मं जुगुपतुः सप्तद्वीपवतीं महीम् ॥ २ ॥ तस्य वै दुहिता ब्रह्मन्देवहूतीति विश्रुता ॥ पत्नी
प्रजापतेरुक्ता कर्दमस्य त्वयाऽनघ ॥३॥ तस्यां स वै महायोगी युक्तायां योगलक्षणैः ॥ ससर्ज कतिधा वीर्यं तन्मे शुश्रूषवे वद ॥४॥ रुचिर्यो भगवान्ब्र-
ह्मन्दक्षो वा ब्रह्मणः सुतः ॥ यथा ससर्ज भूतानि लब्ध्वा भार्यां च मानवीम् ॥ ५ ॥ मैत्रेय उवाच ॥ प्रजाः सृजेति भगवान्कर्दमो ब्रह्मणोदितः ॥
सरस्वत्यां तपस्तेपे सहस्राणां समा दश ॥ ६ ॥ ततः समाधियुक्तेन क्रियायोगेन कर्दमः ॥ सम्प्रपेदे हरिं भक्त्या प्रपन्नवरदाशिषम् ॥७॥ तावत्प्रसन्नो
भगवान्पुष्कराक्षः कृते युगे ॥ दर्शयामास तं क्षत्तः शाब्दं ब्रह्म दधद्वपुः ॥ ८ ॥ स तं विरजमर्काभं सितपद्मोत्पलस्रजम् ॥ स्निग्धनीलालकव्रातव-
क्त्राब्जं विरजोऽम्बरम् ॥ ९ ॥ किरीटिनं कुण्डलिनं शङ्खचक्रगदाधरम् ॥ श्वेतोत्पलक्रीडनकं मनःस्पर्शस्मितेक्षणम् ॥ १० ॥ विन्यस्तचरणाम्भो-

पाऊँ । मेरो यो सुन्ने प्रबल इच्छा छ ॥ ४ ॥ त्यस्तै प्रजापति रुचि र ब्रह्माजीका छोरा दक्षले पनि मनुका कन्याहरूको पाणिग्रहण गरेर तीबाट कस्ता सन्तानहरू उत्पन्न गरे ? ॥५॥
मैत्रेय भन्दछन्—हे विदुर ! 'तिमी प्रजाको उत्पत्ति गर' ब्रह्माजीको यस्तो आज्ञा पाएर कर्दमजीले सरस्वती नदीको तटमा दस हजार वर्षसम्म निकै कठोर तपस्या गरे ॥६॥ ती कर्दम
जी समाधि सहित कर्मयोगद्वारा शरणागत-वरदायक श्रीहरिको अतिशय भक्तिपूर्वक आराधना गर्नलागे ॥ ७ ॥ हे विदुर ! सत्ययुगको आरम्भमा तिनको तपस्याले प्रसन्न भगवान्
कमल-नयन विष्णुले आफ्नो वेद-प्रतिपादित शब्द-ब्रह्म-स्वरूपबाट मूर्तिमान रूपमा प्रकट भएर तिनलाई दर्शन दिए ॥ ८ ॥ भगवान्को त्यो स्वरूप सूर्य जस्तै निर्मल तथा तेजोमय
थियो । तिनको घाँटीमा सेतो कमल तथा कुमुदको माला थियो । तिनको मुखकमल चिल्लो र कालो अलकले शोभित भइरहेको थियो ॥ तिनको कटिमा विमल वस्त्र थियो । शिरमा
किरीट, कुण्डल र हातमा शंख, चक्र, गदा आदि आयुध थिए । ती आफ्नो योटा हातमा क्रीडाको निम्ति श्वेत कमल लिएका थिए । तिनको मधुर हास्यले भरिएको हेराइ-चित्त

...Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चोरेर लगि रहेथ्यो तिनका चरण-कमल गरुडका काँधमा थिए। वक्षस्थलमा लक्ष्मी र घाँटीमा कौस्तुभमणि थियो। भगवान्‌को त्यो भव्य मूर्तिको दर्शन गरेर कर्दमजीलाई अपार हर्ष भयो र उनले आफूलाई पूर्णकाम ठानेर भगवानलाई साष्टाङ्ग प्रणाम गरे। त्यसपछि प्रसन्न चित्तले अतिशय प्रेमपूर्वक हात जोरेर मधुर वाणीमा यस प्रकार स्तुति गर्नलागे— ॥ ९-१२ ॥ कर्दमले भने—हे स्तुत्य प्रभो ! ठूला-ठूला योगी अनेक योनिमा जन्म लिएर जसको दर्शन पाउने कामना गर्दछन् तिनै आखिल सत्त्वसमूह स्वरूप हजुरको दर्शन गरेर आज मलाई नेत्रको फल प्राप्त भयो ॥१३॥ जसको बुद्धि हजुरको *मायामा भ्रान्त हुन्छ, ती नै अलिकति विषय-सुखको निम्ति संसार-सागरको निम्ति डुङ्गा समान हजुरका चरण-कमलको आराधना गर्दछन्। हे ईश ! तिनलाई विषय-सुख नै दिनुहुन्छ, जुन नरकमा पनि उपलब्ध हुन सक्दछन् ॥ १४ ॥ हे प्रभो ! उनै कामी पुरुष झैं म

जसंमदेशे गरुत्मतः ॥ दृष्ट्वा खेऽवस्थितं वक्षः श्रियं कौस्तुभकन्धरम् ॥ ११ ॥ जातहर्षोऽपतन्मूर्ध्ना क्षितौ लब्धमनोरथः ॥ गीर्भिस्त्वभ्यगृणात्प्रीतिस्वभावात्मा कृताञ्जलिः ॥१२॥ ऋषिरुवाच ॥ जुष्टं बताद्याखिलसत्त्वराशेः सांसिध्यमक्ष्णोस्तव दर्शनान्नः ॥ यद्दर्शनं जन्मभिरीड्य सद्भिराशासते योगिनो रूढयोगाः ॥ १३ ॥ ये मायया ते हतमेधसस्तत्त्वत्पादारविन्दं भवसिन्धुपोतम् ॥ उपासते कामलवाय तेषां रासीश कामान्निरयेऽपि ये स्युः ॥ १४ ॥ तथा स चाहं परिवोढुकामः समानशीलां गृहमेधधेनुम् ॥ उपेयिवान्मूलमशेषमूलं दुराशयः कामदुघांघ्रिपस्य ॥ १५ ॥ प्रजापतेस्ते वचसाऽधीश तन्त्या लोकः किलायं कामहतोऽनुबद्धः ॥ अहं च लोकानुगतो वहामि बलिं च शुक्लानिमिषाय तुभ्यम् ॥ १६ ॥ लोकांश्च लोकानुगतान्पशूंश्च हित्वा श्रितास्ते चरणातपत्रम् ॥ परस्परं त्वद्गुणवादसीधुपीयूषनिर्यापितदेहधर्माः ॥ १७ ॥ न तेऽजराक्षभ्रमिरायुरेषां त्रयोदशारं

दुरात्मा पनि आफ्नो अनुरूप स्वभाव युक्त धर्म, अर्थ र काम प्राप्त गराउने स्त्री पाउने इच्छाले कल्पवृक्ष समान सबै कामना पूर्ण पार्ने हजुरका चरणको शरणमा प्राप्त भएको छु ॥१५॥ हे ईश्वर ! जस्तै नाना थरिका अधीन यो लोक प्रजापतिको वचनरूपी डोरीले बाँधिएको छ, त्यस्तै हे धर्ममूर्त ! म पनि त्यसैको अनुसरण गर्दै कालरूपी बलि हजुरलाई अर्पण गर्दछु ॥१६॥ हे प्रभो ! हजुरका भक्त विषयासक्त जन, तथा पशु झैं अनुसरण गर्न म जस्तो कर्मजडलाई केही पनि नगनी हजुरका चरणरूपी छत्रको त्रितापनाशिनी छायामा *शुद्ध हृदयले

* दृष्टान्त (मायाले भ्रान्त मन)—दुई भाई थिए। कांछो भाइ व्यवहार-कुशल बाठ्ने र लौकिक व्यवहारमा निपुण थियो। जेठो दाजु केही नजान्ने सुधो, आस्तिक र न्यायप्रिय थियो। कांछोले कपट र अन्यायबाट धेरै धन जम्मा पार्‍यो र तीर्थयात्रा गर्ने विचार गर्‍यो। जेठो न्यायले परिश्रम गरेर कमाउँदै खाँदै थियो। यसले त्योसित तीर्थयात्रा गर्ने जति धन थिएन। जब कांछो भाई यात्रामा जान लाग्यो तब तीतो तुम्बी दिएर भन्यो— यसलाई सबै तीर्थमा स्नान गराइदिनु र फर्कन्दा जल भरेर ल्याउनु। कांछो भाई हिंड्यो। त्यो अनेक तीर्थमा गयो। जहाँ पुगे पनि पहिले तुम्बीलाई स्नान गरायो। अन्त्यमा गङ्गाजल भरेर घर फर्क्यो। दुवै भाईको भेट भयो। जेठोले भन्यो—'तिमी यो तुम्बीको जल पिएर हेर—मीठो भयो कि भएन।' कांछो भाइले जल पियो, तर त्यसमा तीतो जस्ताको तस्तै थियो। अनि जेठोले भन्यो—'तीर्थयात्रा गरेर पनि मायामा भ्रान्त तिम्रो मनको मैलो पखालिएन भने तुम्बी जस्तै 'तिम्रो पनि सम्पूर्ण तीर्थयात्रा व्यर्थ भयो।'

* उदाहरण (पवित्र मनले रामको नाम लेऊ)—यौटा पापी मनुष्यलाई कुनै दिन आफ्नो पापको निम्ति पछितो भयो ! त्यसलाई कबीले भन्यो- तिमी कबीरदास कहाँ जाऊ। ती तिम्रो मनलाई शान्ति प्रदान गर्नेछन्।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरका गुण-गानरूपी पवित्र र मधुर अमृत पान भोक-प्यास आदि देह-धर्मलाई शान्त पार्दछन् ॥१७॥ हे प्रभो ! साक्षात् धर्म जसको धुरी छ, अधिकमाससमेत तेह्र महीना जसका घर अड्याउने काठ छन्, तीन सय साठीदिन जसका जोर्नी छन्, छ ऋतु जसमा अनन्त क्षण पलरूपी पातका समान धारा छन् तीन चातुर्मास जसका आधारचक्र छन्, त्यो चराचर जगत्को आयु छेदन गरेर डुल्ने अत्यन्त वेगवान् संवत्सरको आयुक्षीण पार्न सक्तैन ॥ १८ ॥ हे भगवन् ! जस्तै माकुरो स्वयं जालो बुन्दछ, त्यसको रक्षा गर्दछ र अन्त्यमा स्वयं त्यो निल्दछ, त्यस्तै हजुर एक्लै जगत् रचना गर्नका निम्ति आफ्नो योगमायालाई स्वीकार गरेर त्यसबाट अभिव्यक्त आफ्नो सत्त्वादि शक्तिहरू स्वयं जगत्को रचना, पालन र संहार गर्न गर्दछन् ॥१९॥ हे अधीश्वर ! हजुर हामी भक्तहरूलाई जुन पंचभूतहरूको कार्य विषय-सुख दिन्छन्, ती मायिक हुन् । अतः हजुरलाई इष्ट छैनन्, तैपनि हजुरको कृपाले ती हामीलाई प्राप्त हुन्,

त्रिशमं षष्टिपर्व ॥ षण्नेम्यनन्तच्छदि यत्त्रिणाभि करालस्रोतो जगदाच्छिद्य धावत् ॥ १८ ॥ एकः स्वयं संजगतः सिसृक्षयाद्वितीययाऽऽत्मन्नधियोग-मायया ॥ सृजस्यदः पासि पुनर्ग्रसिष्यसे यथोर्णनाभिर्भगवन्स्वशक्तिभिः ॥ १९ ॥ नैतद्बताधीश पदं तवेप्सितं यन्मायया नस्तनुषे भूतसूक्ष्मम् ॥ अनुग्रहायास्त्वपि यर्हि मायया लसत्तुलस्या तनुवा विलक्षितः ॥ २० ॥ तं त्वाऽनुभूत्योपरतक्रियार्थं स्वमायया वर्तितलोकतन्त्रम् ॥ नमाम्यभीक्ष्णं नमनीयपादसरोजमल्पीयसि कामवर्षम् ॥ २१ ॥ ऋषिरुवाच ॥ इत्यव्यलीकं प्रणुतोऽब्जनाभस्तमाबभाषे वचसाऽमृतेन ॥ सुपर्णपक्षोपरि रोचमानः प्रेमस्मितोद्वीक्षणविभ्रमद्भ्रूः ॥२२॥ श्रीभगवानुवाच ॥ विदित्वा तव चैत्यं मे पुरैव समयोजि तत् ॥ यदर्थमात्मनियमैस्त्वयैवाहं समर्चितः ॥२३॥

जसले हामी देव, ऋषि र पितृऋणबाट उक्त हुनसकौं किनकि हजुरले यस वेला हामीलाई आफ्नो तुलसी-मालामण्डित मायामयी सगुण मूर्तिको दर्शन दिनुभयो, अतः हामीलाई भोग र मोक्ष दुवै अपेक्षित छन् ॥२०॥हे नाथ ! जो स्वयं सबै क्रियाहरूबाट रहित रहेर पनि आफ्नो मायाद्वारा सारा जगत्को व्यवहार चलाउँछन् र अलिकति उपासना गर्नमाथि पनि सबै कामनाहरूको वर्षा गरिरहनु हुन्छ । ती हजुरका नमनीय चरणकमलमा म पुनः नमस्कार गर्दछु ॥ २१ ॥ मैत्रेय ऋषि भन्दछन्—यसरी कर्दमजीले निष्कपट भावले स्तुति गरेपछि जसका भृकुटी मन्द-हास्यपूर्ण हेराइले चंचल भइरहेका थिए, ती गरुडको काँधमा विराजमान भगवान् तिनको प्रति अमृतमयी वाणीमा बोले ॥ २२ ॥ श्रीभगवान्ले भन्नुभयो—जसका

रोगी झट्ट अस्पताल पुगे झैं त्यो मनुष्य यति तत्काल कवीरकहाँ पुग्यो । कवीर घरमा थिएनन्, यसै निम्ति तिनको पत्नीले दृढतापूर्वक तीन पल्ट भगवान्को नाम लिन भनिन् । पापीले सत्यभावले त्यस्तै गर्‍यो । त्यसले उसको मन शान्त भयो र त्यो नाच्दै कुद्दै हरि-भजनमा मग्न भयो । त्यसै वेला कवीरदास पनि आइपुगे । त्यस्ता प्रेमी मनुष्यलाई देखेर ती निकै प्रसन्न भए । पत्नीले त्यस भक्तको सबै स्थिति सुनाइन् । कवीरले खिन्न भएर आफ्नी पत्नीलाई भने—केवल एकपल्ट प्रभुको नाम लिगाले नै सबै कुरा सिद्ध हुन्छ । अनि तिमीले तीन पल्ट रामको नाम लिन किन भन्यौ ? तिमीलाई ईश्वरमा विश्वास छैन भन्ने कुरा यसैबाट ज्ञात हुन्छ । पत्नीले भनी—'तीन पल्ट नाम लिनको आशय यो थियो—त्यस पापीका कायिक, वाचिक, मानसिक मरु पखालियोस् ।' कवीरदास आफ्नी पत्नीको सूक्ष्म दृष्टिमा प्रसन्न भए ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्ति तिमीले सबै नियमको पालन गर्दै मेरो उपासना गरेकाछौ,अतः तिम्रो हृदयको भाव बुझेर अघि नै त्यसको निम्ति प्रबन्ध गरिराखेको छु॥२३॥हे प्रजापते! मेरो आराधना कहिल्यै निष्फल हुँदैन, तैपनि जसको चित्त सधैं ममानै लीन रहन्छ, ती विचित्र महात्माहरूले गरेका उपासनाको त अझ बर्ता महत्व हुन्छ ॥ २४ ॥ प्रजापति ब्रह्माका पुत्र साक्षात् स्वायम्भुव मनु—जसको सुयश सर्वत्र विख्यात छ, यस बखत सार्वभौम सम्राट् छन् । ब्रह्मावर्तमा बसे पनि सात समुद्र पर्यन्त फैलिएकी सबै पृथ्वीमा शासन गरिरहेका छन् ॥२५॥ हे विप्र ! धर्मात्मा स्वायम्भुवमनु आफ्नी महारानी शतरूपा सहित पर्सी तिमीलाई हेर्न यहाँ आउने छन्।२६।हे प्रभो ! तिनै आफ्नी श्यामलोचना, नवयौवना, शील र सद्गुणसम्पन्न कन्यालाई जो आफ्नो अनुरूप वरको खोजीमा छन्, तिनको योग्य पनि ठानेर हजुरलाई अर्पण गर्नेछन् ॥२७॥ विगत दस हजार वर्षदेखि तिम्रो अन्तःकरण एकाग्र छ । अतः हे राजन् ! ती राज-कन्या तिमीलाई वरण गरेर तिम्रो समुचित सेवा गर्नेछन् ॥२८॥ ती तिम्रो वीर्य आफ्नो गर्भमा धारण गरेर नौ कन्या उत्पन्न गर्नेछन् । त्यसपछि तिम्रा ती कन्याहरूमा मरीचि

न वै जातु मृषैव स्यात्प्रजाध्यक्ष मदर्हणम् ॥ भवद्विधेष्वतितरां मयि संगृभितात्मनाम् ॥ २४ ॥ प्रजापतिसुतः सम्राण्मनुर्विख्यातमङ्गलः ॥ ब्रह्मा-
वर्तं योऽधिवसन् शास्ति सप्तार्णवां महीम् ॥ २५ ॥ स चेह विप्र राजर्षिर्महिष्या शतरूपया ॥ आयास्यति दिदृक्षुस्त्वां परश्वो धर्मकोविदः ॥२६॥
आत्मजामसितापांगीं वयःशीलगुणान्विताम् ॥ मृगयन्तीं पतिं दास्यत्यनुरूपाय ते प्रभो ॥ २७ ॥ समाहितं ते हृदयं यत्रेमान्परिवत्सरान् ॥ सा
त्वां ब्रह्मन्नृपवधूः काममाशु भजिष्यति ॥२८॥ या त आत्मभृतं वीर्यं नवधा प्रसविष्यति ॥ वीर्ये त्वदीये ऋषय आधास्यन्त्यञ्जसाऽऽत्मनः ॥२९॥
त्वं च सम्यगनुष्ठाय निदेशं त उशत्तमः ॥ मयि तीर्थीकृताशेषक्रियार्थो मां प्रपत्स्यसे ॥ ३० ॥ कृत्वा दयां च जीवेषु दत्त्वा चाभयमात्मवान् ॥
मय्यात्मानं सह जगद्द्रक्ष्यस्यात्मनि चापि माम् ॥ ३१ ॥ सहाहं स्वांशकलया त्वद्वीर्येण महामुने ॥ तव क्षेत्रे देवहूत्यां प्रणेहुत्यां प्रणेष्ये तत्त्वसंहि
ताम् ॥३२॥ मैत्रेय उवाच ॥ एवं तमनुभाष्याथ भगवान्प्रत्यगक्षजः ॥ जगाम बिन्दुसरसः सरस्वत्यां परिश्रितात् ॥ ३३ ॥ निरीक्षतस्तस्य यथा-
शेषसिद्धेश्वराभिष्टुतसिद्धमार्गः ॥ आकर्णयन्पत्ररथेन्द्रपक्षैरुच्चारितं स्तोममुदीर्णसाम ॥ ३४ ॥ अथ सम्प्रस्थिते शुक्ले कर्दमो भगवानृषिः ॥ आस्ते

आदि ऋषिगण आफ्नो वीर्य आधान गर्नेछन् ॥२९॥ तिमी पनि मेरी वेदरूपिणी आज्ञा राम्ररी पालन गर्नाले शुद्धचित्त भएर, सबै कर्मका फल मलाई अर्पण गरेर मलाई नै प्राप्त हुनेछ ॥३०॥ सबै जीवमा दया गर्दै सबैलाई अभयदान दिई र ज्ञान सम्पन्न भई तिमी आफूलाई र सम्पूर्ण जगत् ममा तथा म आफूमै स्थित देख्नेछौ ॥३१॥ हे महामुने ! म पनि आफ्नो अंशस्वरूप कलाले तिम्रो वीर्यद्वारा देवहूतिको गर्भबाट अवतार लिएर सांख्यशास्त्र रचना गर्नेछु ॥३२॥ मैत्रेय भन्दछन्—हे विदुर ! यस प्रकार कर्दमजीसित भनेर तथा इन्द्रियहरूको अन्तर्मुख भएपछि प्रकट हुने श्रीहरि सरस्वती नदीको त्यस बिन्दुसर तीर्थबाट आफ्नो लोकमा फर्किए ॥ ३३ ॥ जसको सिद्ध अर्थात् वैकुण्ठमार्गको जप-तपादि साधनहरू द्वारा सिद्ध योगीजन प्रशंसा गर्दछन्, ती श्रीहरि कर्दमजीले हेर्दा-हेर्दै गरुडका पाँखबाट उच्चारित एवं स्पष्ट सुनिने सामगान र त्यसको आधारस्वरूपा ऋचाहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्दै आफ्नो लोकमा गए ॥३४॥ ती शुद्धस्वरूप भगवान् गएपछि कर्दम ऋषि भगवान्ले आज्ञा भएको समयको प्रतीक्षा गर्दै विन्दुसरोवरमा नै बस्न लागे ॥३५॥ हे धनुर्धर श्रेष्ठ विदुर ! उता मनुजी आफ्नी राजमहिषीसित सुवर्ण जडित रथमा आरूढ भई तथा त्यसमा आफ्नी कन्यालाई पनि बसालेरे डुल्दै भगवान्ले आज्ञा भएकै दिन, त्यही परम शान्ति-मूर्ति कर्दमजीको आश्रममा पुगे ॥ ३६-३७ ॥ आफ्ना शरणागत भक्त कर्दम ऋषिप्रति अतिशय दयार्द्र भएर भगवान्का नेत्रबाट जहाँ अश्रु-विन्दु गिरेको थियो, त्यहाँ सरस्वती नदीले घेरिएको, स्वास्थ्यप्रद एवं अमृत समान मीठो जलले भरिएको हुनाले महर्षिगणले सेवित विन्दुसर नामक पवित्र तीर्थ विद्यमान थियो ॥३८-३९॥ त्यो राम्रा वृक्ष र सुन्दर लताहरूले ढाकिएको थियो र त्यहाँ विविध प्रकारका बोली बोल्ने राम्रा पक्षिहरू निवास गर्दथे। त्यो सबै ऋतुका फल र पुष्परूपी सम्पत्तिले सम्पन्न वनले अलंकृत थियो ॥४०॥ त्यो तीर्थ अनेक थरिका पक्षिगणले सेवित, मत्त भ्रमरगणले गुञ्जायमान, उन्मत्त मयुररूपी नटहरूको नाचले सुशोभित एवं कोइलीको कुहू-कुहू

स्म बिंदुसरसि तं कालं प्रतिपालयन् ॥ ३५ ॥ मनुः स्यन्दनमास्थाय शातकौम्भपरिच्छदम् ॥ आरोप्य स्वां दुहितरं सभार्यः पर्यटन्महीम् ॥ ३६ ॥ तस्मिन्सुधन्वन्नहनि भगवान्यत्समादिशत् ॥ उपायादाश्रमपदं मुनेः शांतिव्रतस्य यत् ॥ ३७ ॥ यस्मिन्भगवतो नेत्रान्न्यपतन्नश्रुबिंदवः ॥ कृपया सम्परीतस्य प्रपन्नेऽर्पितया भृशम् ॥ ३८ ॥ तद्वै बिंदुसरो नाम सरस्वत्या परिप्लुतम् ॥ पुण्यं शिवामृतजलं महर्षिगणसेवितम् ॥ ३९ ॥ पुण्यद्रुमलताजालैः कूजत्पुण्यमृगद्विजैः ॥ सर्वर्तुफलपुष्पाढ्यं वनराजिश्रियान्वितम् ॥ ४० ॥ मत्तद्विजगणैर्घुष्टं मत्तभ्रमरविभ्रमम् ॥ मत्तबर्हिनटाटोपमाह्वयन्मत्तकोकिलम् ॥ ४१ ॥ कदम्बचम्पकाशोककरञ्जबकुलासनैः ॥ कुन्दमन्दारकुटजैश्चूतपोतैरलंकृतम् ॥ ४२ ॥ कारण्डवैः प्लवैर्हंसैः कुररैर्जलकुक्कुटैः ॥ सारसैश्चक्रवाकैश्च चकोरैर्वल्गु कूजितम् ॥४३॥ तथैव हरिणैः क्रोडैः श्वाविद्गवयकुञ्जरैः ॥ गोपुच्छैर्हरिभिर्मर्कैर्नकुलैर्नाभिभिर्वृतम् ॥४४॥ प्रविश्य तत्तीर्थवरमादिराजः सहात्मजः ॥ ददर्श मुनिमासीनं तस्मिन्हुतहुताशनम् ॥ ४५ ॥ विद्योतमानं वपुषा तपस्युग्रयुजा चिरम् ॥ नातिक्षामं भगवतः स्निग्धापाङ्गावलोकनात् ॥ तद्व्याहृतामृतकलापीयूषश्रवणेन च ॥ ४६ ॥ प्रांशुं पद्मपलाशाक्षं जटिलं चीरवाससम् ॥ उपसंश्रित्य मलिनं

ध्वनिले कूजित भइरहेको थियो॥४१॥ कदम्ब,चम्पक,करंज, बकुल,सुमन, कुन्द,मन्दार एवं सालका वृक्षले त्यो सरोवर शोभायमान थियो॥४२॥ त्यहाँ कारण्डव र बतक आदि जलचारी पक्षी हंस कुररी, जल कुक्कुट, सारस, चक्रवाक तथा चकोर आदि पक्षी अनेक थरिका मनोहर बोली बोलिरहेका थिए॥४३॥हरिण, सुँगुर, नीलगाई, हात्ती, लंगूर, सिंह, वानर, भालू र नकुल एवं कस्तूरी मृग आदि वन्य पशुहरूले त्यो आश्रम व्याप्त थियो ॥४४॥ संसारका सर्वप्रथम राजा मनु आफ्नी छोरीसहित त्यस पवित्र तीर्थमा पुगेर अग्निहोत्रबाट निवृत्त भएर विराजमान कर्दम मुनिलाई देखे ॥४५॥ ती चिरकालसम्म उग्र तप गर्नाले परम तेजस्वी शरीरले शोभायमान भइरहेका थिए र भगवान्को प्रेमपूर्ण स्वरूपको दर्शन एवं उनीद्वारा उच्चरित कर्णामृतरूपी मधुर वचन सुन्नाले बर्ता दुर्बल देखिन्नथे ॥४६॥ उनको शरीर अग्लो थियो, कमलदल झैं नेत्र विशाल एवं सुन्दर थिए, उनको शिरमा जटाको पोको सुशोभित

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो र तिनले कमरमा चिरवस्त्र थियो । देख्दा ती यस्ता मलीन देखिरहेथे जस्तै सान नलाएको मूल्यवान् मणि मलीन देखिन्छ ॥४७॥ महाराज स्वायम्भुव मनुलाई उनले आफ्नो आश्रममा आएर प्रणाम गर्नलागेका देखी राम्ररी आशिर्वाद दिइसकेपछि तिनको यथोचित सामग्रीले सत्कार गरे ॥४८॥ अनि जब राजा मनु तिनको पूजा पाएर स्वस्थचित्त भई आसनमा बसे, तब कर्दम मुनिले भगवान्को आज्ञा स्मरण गरेर तिनलाई मधुर वाणीले प्रसन्न पार्दै भने–॥४९॥ हे देव ! हजुर भगवान्का साक्षात् पालन शक्ति हुनुहुन्छ । पृथ्वीतलमा यस प्रकार विचरण गर्नु सज्जनहरूको रक्षा र दुष्टगणको संहारार्थ नै हुन्छ ।।५०।। जुन भिन्न-भिन्न कामको निम्ति सूर्य, चन्द्र, अग्नि, इन्द्र, वायु, यम, धर्म तथा वरुण आदिको रूप धारण गर्दछन्, ती विष्णुस्वरूप हजुरलाई मेरो नमस्कार छ ।।५१।। यदि हजुर जयदायक एवं मणिगणविमण्डित रथमा चढेर आफ्नो प्रचण्ड धनुषको टङ्कार गर्दै र त्यस रथका चक्काको घर-घर ध्वनिले दुष्टहरूलाई थर्काउँदै आफ्ना सेनाका चरणहरूले दल-मल पार्दै, भूमण्डललाई थर्काउँदै आफ्ना असंख्य सेनाहरू सहित पृथ्वीतलमा सूर्य झैं जडुल्ने हो भने

यथार्हणमसंस्कृतम् ॥ ४७ ॥ अथोटजमुपायातं नृदेवं प्रणतं पुरः ॥ सपर्यया पर्यगृह्णात्प्रतिनन्द्यानुरूपया ॥ ४८ ॥ गृहीतार्हणमासीनं संयतं प्रीणयन्मुनिः ॥ स्मरन्भगवदादेशमित्याह श्लक्ष्णया गिरा ॥ ४९ ॥ नूनं चंक्रमणं देव सतां संरक्षणाय ते ॥ वधाय चासतां यस्त्वं हरेः शक्तिर्हि पालिनी ॥ ५० ॥ योऽर्केन्द्वग्नीन्द्रवायूनां यमधर्मप्रचेतसाम् ॥ रूपाणि स्थान आधत्से तस्मै शुक्लाय ते नमः ॥ ५१ ॥ न यदा रथमास्थाय जैत्रं मणिगणार्पितम् ॥ विस्फूर्जच्चण्डकोदण्डो रथेन त्रासयन्नघान् ॥ ५२ ॥ स्वसैन्यचरणक्षुण्णं वेपयन्मण्डलं भुवः ॥ विकर्षन्बृहतीं सेनां पर्यटस्यंशुमानिव ॥ ५३ ॥ तदैव सेतवः सर्वे वर्णाश्रमनिबन्धनाः ॥ भगवद्रचिता राजन्भिद्येरन्बत दस्युभिः ॥ ५४ ॥ अधर्मश्च समेधेत लोलुपैर्नृपशङ्कुभिः ॥ शयाने त्वयि लोकोऽयं दस्युग्रस्तो विनङ्क्ष्यति ॥ ५५ ॥ अथापि पृच्छे त्वां वीर यदर्थं त्वमिहागतः ॥ तद्वयं निर्व्यलीकेन प्रतिपद्यामहे हृदा ॥ ५६ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे एकविंशतितमोऽध्यायः ॥ २१ ॥ मैत्रेय उवाच ॥ एवमाविष्कृताशेषगुणकर्मोदयो मुनिम् ॥ सव्रीड इव तं सम्राडुपारतमुवाच ह ॥ १ ॥ मनुरुवाच ॥ ब्रह्माऽसृजत्स्वमुखतो युष्मानात्मपरीप्सया ॥ छन्दोमयस्तपोविद्यायोगयुक्तानलम्पटान् ॥ २ ॥ तत्त्राणायासृजच्चास्मान्दोःसहस्रात्सहस्रपात् ॥ हृदयं तस्य हि ब्रह्म क्षत्रमङ्गं प्रचक्षते ॥ ३ ॥

भगवान्ले बनाएको वर्णाश्रम धर्मको मर्यादालाई दस्युगण नष्ट-भ्रष्ट पार्ने थिए ।।५२-५४।। विषय-लोलुप एवं निरंकुश जीव सर्वत्र अधर्म फैलाउँथे। यदि हजुर मौन भएर सुतिदिए मात्र संसार दुराचारीहरूको प्रहारमा परेर नष्ट हुने थियो ।।५५।। हे वीर ! हजुर कुन कार्यविशेषले यहाँ पाल्नुभएको हो, यो जान्न खोजिरहेको छु । हजुरको आज्ञालाई म निष्कपटभावले मान्नेछु ।।५६।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषाटीकायामेकोविंशतितमोऽध्यायः ।।२१।। (देवहूति र कर्दम प्रजापतिको विवाह समारोह) श्रीमैत्रेयजी भन्नुहुन्छ–हे विदुर ! आफ्ना सबै गुण तथा कर्महरूको श्रेष्ठताको वर्णन सुनेर महाराज मनुले केही संकोच मान्दै कर्दम मुनिसित भने–।।१।। मनु भन्नलागे—हे मुने ! भगवान् ब्रह्माजीले आफ्नो सुरक्षाको निम्ति तप, विद्या एवं योगले युक्त र विषयहरूमा अनासक्त ब्राह्मणहरूलाई आफ्नो मुखबाट उत्पन्न गरेका हुन् ।।२।। फेरि ती सहस्रपाद भगवानले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वको रक्षा गर्नका लागि आफ्ना सहस्र बाहुहरूबाट हामी क्षत्रियलाई उत्पन्न गरेको हो। यसैले ब्राह्मण उनको हृदय र क्षत्रिय शरीर कहिन्छन् ॥३॥ यसरी यौटै शरीरबाट सम्बन्ध रहनाले आफ्नो आफ्नो तथा यौटाले अर्कोको रक्षा गर्ने ती ब्राह्मण र क्षत्रियहरूका रक्षक श्रीहरिनै हुन्। ती पूर्णतः कार्य-कारणस्वरूप भएर पनि निर्विकार छन् ॥४॥ आज हजुरको दर्शन पाएर नै मेरा सबै संशय निवृत्त भए। किनभने हजुरले स्वयं प्रजापालक राजाहरूका धर्मको निकै प्रेमपूर्वक वर्णन गरेको छ ॥ ६ ॥ अजितेन्द्रिय पुरुषलाई हजुरको दर्शन रहन्छ र व्यर्थ तिनको *आयुष्य बितेर जान्छ। मेरो सौभाग्य हो, जो हजुरको दर्शन पाएँ। म हजुरका चरणको पवित्र धूलो आफ्नो शिरमा लगाएँ, यही मेरो सौभाग्य हो ॥६॥ मेरै

अतो ह्यन्योन्यमात्मानं ब्रह्म क्षत्रं च रक्षतः ॥ रक्षति स्माव्ययो देवः स यः सदसदात्मकः ॥ ४ ॥ तव संदर्शनादेव छिन्ना मे सर्वसंशयाः ॥ यत्स्वयं भगवान्प्रीत्या धर्ममाह रिरक्षिषोः ॥ ५ ॥ दिष्ट्या मे भगवान् दृष्टो दुर्दर्शो योऽकृतात्मनाम् ॥ दिष्ट्या पादरजः स्पृष्टं शीर्ष्णा मे भवतः शिवम् ॥ ६ ॥ दिष्ट्या त्वयाऽनुशिष्टोऽहं कृतश्चानुग्रहो महान् ॥ अपावृतैः कर्णरन्ध्रैर्जुष्टा दिष्ट्योशतीर्गिरः ॥ ७ ॥ स भवान्दुहितृस्नेहपरिक्लिष्टात्मनो मम ॥ श्रोतुमर्हसि दीनस्य श्रावितं कृपया मुने ॥ ८ ॥ प्रियव्रतोत्तानपदोः स्वसेयं दुहिता मम ॥ अन्विच्छति पतिं युक्तं वयःशीलगुणादिभिः ॥९॥ यदा तु भवतःशीलश्रुतरूपवयोगुणान् ॥ अशृणोन्नारदादेषा त्वय्यासीत्कृतनिश्चया ॥१०॥ तत्प्रतीच्छ द्विजाग्र्येमां श्रद्धयोपहृतां मया ॥ सर्वात्मनाऽनुरूपां ते गृहमेधिषु कर्मसु ॥११॥ उद्यतस्य हि कामस्य प्रतिवादो न शस्यते ॥ अपि निर्मुक्तसङ्गस्य कामरक्तस्य किं पुनः ॥ १२ ॥

भाग्यले हजुरले मलाई राजधर्मको शिक्षा दिएर ठूलो कृपा गर्नुभयो र प्रारब्ध उदय हुनाले नै मैले हजुरका पवित्र वाणी कान उघारेर हृदयङ्गम गर्न पाएँ॥७॥ हे ऋषिराज! जसको चित्त पुत्रहरूको स्नेहवश चिन्ता ग्रस्त भइरहेछ यस्तो म दीनको प्रार्थना हजुर कृपापूर्वक सुन्नुहवस् ॥८॥ प्रियव्रत र उत्तानपादकी बहिनी त मेरी पुत्री अवस्था र शील तथा गुण आदिमा आफू समान पतिकी इच्छुक छ ॥९॥ नारदजीको मुखबाट यसले जबदेखि हजुरको शील, विद्या, रूप, अवस्था र गुणको वर्णन सुनेकी छ, त्यसै वेलादेखि यसले हजुरलाई नै आफ्नो पति तुल्याउने अठोट गरेकी छ ॥१०॥ हे द्विजवर्य! श्रद्धापूर्वक समर्पण गरिएकी मेरी कन्या हजुर स्वीकार गर्नोस्। यो सबै गृहस्थोचित काममा योग्य छ ॥ ११ ॥ स्वयं आएर जो

* उदाहरण (आयु बितेर गइरहेछ)— यौटा सेठसित साठी जहाज थिए। ती सबै जहाजमा सामान भरेर त्यो समुद्री व्यापारमा हिंड्यो ती जहाज तूफानमा (आँधी) पर्दै गए र एक-एक गरेर डुब्न लागे। तर त्यस कुराको सेठमाथि कुनै पनि प्रभाव परेन (त्यो सबैसित भन्न लाग्यो–'साठीबाट केही जहाज पनि बाँचे भने म केही कमाएर नै फर्कने छु।' यस प्रकार यौटापछि अर्को गरेर त्यस सेठका उनसट्ठी जहाज डुबिसके। अब बल्ल सेठ पछितोमा पऱ्यो र आफ्नो सम्पत्तिको धेरै अंश धर्मको काममा खर्च गरिदिने निश्चय गऱ्यो त्यसले प्रभुसित प्रार्थना गऱ्यो। शेष रहेको जहाजमा राम्रा नाविक नियुक्त गऱ्यो र ठूलो सावधानीले जहाज हिंडाउने चेतावनी दियो। यस्तो गर्नाले त्यो जहाज सकुशल आफ्नो गन्तव्य स्थानमा पुग्यो। यसै प्रकार दुनियामा धेरै वर्ष बितिसकेर पनि मनुष्य ठान्दछ– अहिले धेरै वर्ष बाँकी छ। बूढो भएपछि हरि-भजन गरौंला तर संसार-सिन्धुको यात्रा गर्दा सबै वर्षपानीमा बगिसक्छन्। यस्तो बेलामा जुन मनुष्य मायाबाट मनलाई फर्काएर प्रभु-परायण बन्दछ भने त्यो पनि त्यही सेठ जस्तै संसार-सागरलाई तरेर इच्छित स्थानमा पुग्न सक्छ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपस्थित होओस्, त्यसको अनादर गर्नु कुनै विरक्त पुरुषको निम्ति पनि योग्य छैन भने विषयासक्त पुरुषको त कुरै छैन ।।१२।। जो प्राणी स्वयं उपस्थित भोगको एकपल्ट अनादर गरेर फेरि कुनै लोभी पुरुषसित त्यही कुराको याचना गर्दछ भने त्यसको फैलिएको सुयश नष्ट भएर जान्छ र अर्काको तिरस्कारले मान-भंग पनि हुन्छ ।।१३।। हे विद्वन् ! मैले जन-हरूसित सुनेको छु—हजुर विवाह गर्न तयार हुनुहुन्छ । अतः गृहस्थाश्रम स्वीकार नगरुन्जेल ब्रह्मचर्य व्रतको पालन गर्ने हजुर मेरी कन्या स्वीकार गर्नुहवस्, म हजुरलाई अर्पण गरि-रहेको छु ।।१४।। कर्दम ऋषिले भने—ठीक हो, म साँच्चै नै विवाहको इच्छुक छु । हजुरले पनि अहिलेसम्म यस कन्याको अन्य वरकालागि वरदान गर्नु भएको छैन । अतः हामी दुवैको यो समुचित विवाह संस्कार हुनेछ ।।१५।। हे राजन् ! वेदोक्त विधि अनुसार हजुर जो मलाई कन्यादान दिन चाहनु हुन्छ, त्यो हजुरको संकल्प पूर्ण होस् । आफ्नो कान्तिले लक्ष्मीलाई पनि लज्जित पार्ने हजुरकी कन्याको कुन पुरुष आदर नगर्ला ? ।।१६।। आफ्नू महलको अटालीमा खेल्दा नूपुरहरूको झंकार गर्दै तथा कन्दुक-क्रीडाले गर्दा चपल-नयना तिम्री

य उद्यतमनादृत्य कीनाशमभियाचते ।। क्षीयते तद्यशः स्फीतं मानश्चावज्ञया हतः ।। १३ ।। अहं त्वाऽशृणवं विद्वन्विवाहार्थं समुद्यतम् ।। अतस्तव-मुपकुर्वाणः प्रत्तां प्रतिगृहाण मे ।।१४।। ऋषिरुवाच ।। बाढमुद्वोढुकामोऽहमप्रत्ता च तवात्मजा ।। आवयोरनुरूपोऽसावाद्यो वैवाहिको विधिः ।।१५।। कामः स भूयान्नरदेव तेऽस्याः पुत्र्याः समाम्नायविधौ प्रतीतः ।। क एव ते तनयां नाद्रियेत स्वयैव कान्त्या क्षिपतीमिव श्रियम् ।। १६ ।। यां हर्म्य-पृष्ठे क्वणदङ्घ्रिशोभां विक्रीडतीं कन्दुकविह्वलाक्षीम् ।। विश्वावसुर्न्यपतत्स्वाद्विमानाद्विलोक्य सम्मोहविमूढचेताः ।। १७ ।। तां प्रार्थयन्तीं ललना-ललाममसेवितश्रीचरणैरदृष्टाम् ।। वत्सां मनोरुच्चपदः स्वसारं को नानुमन्येत बुधोऽभियाताम् ।। १८ ।। अतो भजिष्ये समयेन साध्वीं यावत्तेजो बिभृयादात्मनो मे ।। अतो धर्मान्पारमहंस्यमुख्यान् शुक्लप्रोक्तान्बहु मन्येऽविहिंस्रान् ।। १९ ।। यतोऽभवद्विश्वमिदं विचित्रं संस्थास्यते यत्र च वाऽवतिष्ठते ।। प्रजापतीनां पतिरेष मह्यं परं प्रमाणं भगवाननन्तः ।। २० ।। मैत्रेय उवाच ।। उग्रधन्वन्नियदेवाबभाष आसीच्च तूष्णीमरविन्दना-भम् ।। धियोपगृह्णन्स्मितशोभितेन मुखेन चेतो लुलुभे देवहूत्याः ।।२१।। सोऽनुज्ञात्वा व्यवसितं महिष्या दुहितुः स्फुटम् ।। तस्मै गुणगणाढ्याय

जुन कन्यालाई देखेर विश्वावसु गन्धर्व मुग्ध भएर आफ्नो विमानबाट लडेका थिए, ती रमण रत्नको स्वयं आएर प्रार्थना गरेपछि पनि कुन यस्तो बुद्धिमान् पुरुष होला, जो मान्नै छैन । यी कन्या साक्षात् स्वायम्भुव मनुकी प्रिय पुत्री र राजा उत्तानपादकी प्रिय भगिनी हुन् । जसले लक्ष्मीजीका चरणको उपासना गरेको छैन, त्यसलाई यिनको दर्शन मिल्न सक्तैन ।।१७-१८।। अतएव यी साध्वी जबसम्म गर्भ धारण गर्न छैनन्, त्यस समयसम्म म यिनको साथमा रहने छु । त्यसपछि संन्यास लिएर विष्णुले आज्ञा भएको ज्ञान प्राप्तिका मुख्य कारण स्वरूप शम-दम आदि अहिंस्र धर्माचरणलाई नै ठूलो मान्नेछु ।।१९।। जसको द्वारा यस विचित्र जगत्को उत्पत्ति भएको छ र अन्त्यमा जहाँ यो लीन भएर जान्छ तथा जसको भरमा यो स्थित छ, ती प्रजापतिहरूका प्रभु श्रीअनन्त नै मलाई सबभन्दा बढ्ता मान्य छन् ।।२०।। मैत्रेयजी भन्दछन्—हे विदुर ! यति भनेर कर्दम ऋषि मौन भए र भगवान्को चिन्तन गर्नलागे । त्यस बखत तिनको मुखमा यस्तो अलौकिक हाँसो—जसलाई देखेर देवहूतिं खुशी भइन् ।।२१।। रानी शतरूपा र राजकुमारी देवहूतिको स्पष्ट अभिप्राय बुझेर महाराज

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुले प्रसन्नतापूर्वक कर्दम ऋषिलाई आफ्नी छोरी सुम्पिदिए ।।२२।। रानी शतरूपाले प्रसन्नतापूर्वक वस्त्र-गहना र गृहस्थीका वस्तुहरू छोरी ज्वाइँलाई दाइजोमा दिए ।।२३।। योग्य वरलाई कन्यादान दिनाले राजा सर्वथा निश्चिन्त भए । कन्याको विरहले व्याकुल राजा मनुले देवहूतिलाई हृदयमा टाँसे र 'छोरी, छोरी !' भन्दै यति आँसु बगाए जसले तिनको मस्तक भिज्यो ।।२४-२५।। तत्र कर्दम ऋषिसित अनुमति मागेर आफ्नी रानी र मित्रहरू सहित महाराज मनु सरस्वती नदीको तटमा विद्यमान शान्त र शिष्ट मुनिहरूको आश्रमहरू हेर्दै आफ्नो राजधानीतिर प्रस्थान गरे ।।२६-२७।। महाराज मनुको आगमनको खबरले प्रसन्न प्रजाले ब्रह्मावर्तको सीमासम्म आएर स्तुति गरी बाजा-गाजा सहित तिनको स्वागत गरे ।।२८।। त्यहीं नै धन-जनले सम्पन्न बर्हिष्मती नगरी बनेको थियो । त्यहाँ शरीर झट्कार्नाले वराह भगवान्का देहबाट जति रौं झरेका थिए, तीनै कुश र काँश भए । उनको द्वारा ऋषिहरूले राक्षस-

ददौ तुल्यां प्रहर्षितः ।।२२।। शतरूपा महाराज्ञी पारिबर्हान्महाधनान् ।। दम्पत्योः पर्यदात्प्रीत्या भूषावासःपरिच्छदान् ।। २३ ।। प्रत्तां दुहितरं सम्राट् सदृक्षाय गतव्यथः ।। उपगुह्य च बाहुभ्यामौत्कण्ठ्योन्मथिताशयः।।२४।।अशक्नुवंस्तद्विरहं मुञ्चन्बाष्पकलां मुहुः ।। आसिञ्चदम्ब वत्सेति नेत्रोदैर्दुहितुः शिखाः ।।२५।। आमंत्र्य स मुनिवरमनुज्ञातः सहानुगः ।। प्रतस्थे रथमारुह्य सभार्यः स्वपुरं नृपः ।।२६।। उभयोर्ऋषिकुल्यायाः सरस्वत्याः सुरोधसोः ।। ऋषीणामुपशांतानां पश्यन्नाश्रमसम्पदः ।।२७।। तमायान्तमभिप्रेत्य ब्रह्मावर्तात्प्रजाः पतिम् ।। गीतसंस्तुतिवादित्रैः प्रत्युदीयुः प्रहर्षिताः ।।२८।। बर्हिष्मती नाम पुरी सर्वसम्पत्समन्विता ।। न्यपतन्यत्र रोमाणि यज्ञस्याङ्गं विधुन्वतः ।। २९ ।। कुशाः काशास्त एवासन् शश्वद्धरितवर्चसः ।। ऋषयो यैः पराभाव्य यज्ञघ्नान्यज्ञमीजिरे ।।३०।। कुशकाशमयं बर्हिरास्तीर्य भगवान्मनुः ।। अयजद्यज्ञपुरुषं लब्ध्वा स्थानं यतो भुवम् ।। ३१ ।। बर्हिष्मतीं नाम विभुर्यां निर्विश्य समावसत् ।। तस्यां प्रविष्टो भवनं तापत्रयविनाशनम् ।। ३२ ।। सभार्यः सप्रजः कामान्बुभुजेऽन्याविरोधतः ।। संगीयमानसत्कीर्तिः सस्त्रीभिः सुरगायकैः ।। प्रत्यूषेष्वनुबद्धेन हृदा शृण्वन्हरेः कथा ।। ३३ ।। निष्णातं योगमायासु मुनिं स्वायम्भुवं मनुम् ।। यदा भ्रंशयितुं भोगा न शेकुर्भगवत्परम् ।।३४।। अयातयामास्तस्यासन् यामाः स्वांतरयापनाः ।। शृण्वतो ध्यायतो विष्णोः कुर्वतो ब्रुवतः कथा ।।३५।।

लाई जितेर विष्णु भगवान्को प्रीत्यर्थ यज्ञ गरेका थिए ।।२९-३०।। वाराहरूपधारी भगवान्को कृपाले पृथ्वी प्राप्त भएपछि मनु महाराजले पनि कुश र काँशको बर्हि (आसन) बिछाएर यज्ञद्वारा विष्णु भगवान्लाई प्रसन्न पारेथे (त्यसै कारण त्यो नगरी बर्हिष्मती नामले प्रसिद्ध भयो) ।।३१।। महाराज मनु आफ्नी नगरी गएर पहिले जस्तै त्रितापनाशक महलमा सुख-पूर्वक बस्ने र आफ्नी पत्नी तथा सन्तानसित धर्माचरण गर्दै सुखमय जीवन बिताउन लागे ।।३२।। यद्यपि त्यहाँ दिनहुँ बिहानै अप्सरागण समेत गन्धर्व आएर राजाको गुण-गान गर्न गर्दथे, तैपनि महाराज मनु मन लगाएर सदा भगवान्को नै कथा सुनिरहन्थे ।।३३।। तिनलाई सबै सुख-साधन प्राप्त थिए तर ती यति संयमी थिए कि संसारमै रहे पनि त्योसित भिन्न थिए ।।३४।। ती समय व्यर्थ गुमाउँदैनथे र सदा भगवान्को चिन्तन गर्दै उनका दिव्य कथाहरू सुनिरहन्ये । यसरी गर्दागर्दै एकहत्तर युग कैयौं एकहत्तर बितिसके । जाग्रत-स्वप्न र सुषुप्ति

... Collection, Nagarjun Z, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाग्रत सुप्त र सुषुप्ति अवस्था हरुलाई उनले जितिसकेका थिए ॥३५-३६॥ जसले भगवान्को शरण लिन्छ त्यसलाई शारीरिक रोग, मानसिक चिन्ता, वज्रपात आदि उपद्रव, शीतोष्ण आदि द्वन्द्व र शत्रु चोर भयले दुःख दिन्नन् ॥३७॥ लोक-हितचिन्तक मनु महाराजले ऋषिहरूले सोधेपछि सबै वर्ण र आश्रमहरूको कल्याणार्थ अनेक धर्मको निरूपण गरे ॥३८॥ यहाँ सम्म आदि राजा मनुको महत्वपूर्ण चरित्रको वर्णन भयो। अब तिनकी छोरी देवहूतिका सन्तानको वर्णन सुन्नोस् ॥३९॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषा टीकायां द्वाविंशोऽध्यायः ॥२२॥ (प्रजापति कर्दम र देवहूतिको केलि) मैत्रेय भन्दछन्——माता-पिता फर्केपछि पतिको अभिप्राय जान्नमा कुशल देवहूति कर्दम ऋषिको सेवा चाकरी उसै गरी प्रेमपूर्वक गर्न लागिन्, जसरी पार्वतीले शङ्करको गरेकी थिइन् ॥१॥ नम्र व्यवहार, पवित्रता, एकचित्तता र मधुर वाणीले देवहूति पतिको सेवा गर्दथिन् ॥२॥ तिमले

स एवं स्वान्तरं निन्ये युगानामेकसप्ततिम् ॥ वासुदेवप्रसङ्गेन परिभूतगतित्रयः ॥ ३६ ॥ शारीरा मानसा दिव्या वैयासे ये च मानुषाः ॥ भौतिकाश्च कथं क्लेशा बाधन्ते हरिसंश्रयम् ॥३७॥ यः पृष्टो मुनिभिः प्राह धर्मान्नानाविधाञ्छुभान् ॥ नृणां वर्णाश्रमाणां च सर्वभूतहितः सदा ॥ ३८ ॥ एतत्त आदिराजस्य मनोश्चरितमद्भुतम् ॥ वर्णितं वर्णनीयस्य तदपत्योदयं शृणु ॥ ३९ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे द्वाविंशतितमोऽध्यायः ॥२२॥ मैत्रेय उवाच ॥ पितृभ्यां प्रस्थिते साध्वी पतिमिङ्गितकोविदा ॥ नित्यं पर्यचरत्प्रीत्या भवानीव भवं प्रभुम् ॥ १ ॥ विश्रम्भेणात्मशौचेन गौरवेण दमेन च ॥ शुश्रूषया सौहृदेन वाचा मधुरया च भोः ॥२॥ विसृज्य कामं दम्भं च द्वेषं च लोभमघं मदम् ॥ अप्रमत्तोद्यता नित्यं तेजीयांसमतोषयत् ॥३॥ स वै देवर्षिवर्यस्तां मानवीं समनुव्रताम् ॥ दैवाद्गरीयसः पत्युराशासानां महाशिषः ॥ ४ ॥ कालेन भूयसा क्षामां कर्शितां व्रतचर्यया ॥ प्रेमगद्गदया वाचा पीडितः कृपयाऽब्रवीत् ॥५॥ कर्दम उवाच ॥ तुष्टोऽहमद्य तव मानवि मानदायाः शुश्रूषया परमया परया च भक्त्या ॥ यो देहिनामयमतीव सुहृत्स्वदेहो नावेक्षितः समुचितः क्षपितुं मदर्थे ॥ ६ ॥ ये मे स्वधर्मनिरतस्य तपःसमाधिविद्यात्मयोगविजिता भगवत्प्रसादाः ॥ तानेव ते मदनुसेवनयाऽवरुद्धान् दृष्टिं प्रपश्य वितराम्यभयानशोकान् ॥ ७ ॥ अन्ये पुनर्भगवतो भ्रुव उद्विजृम्भविभ्रंशितार्थरचनाः

मनोविकार, कपट, द्वेष, लोभ, पाप र मदबाट जोगिएर ठूलो सावधानी र एकाग्रताले सेवा गरेर कर्दम ऋषिलाई सन्तुष्ट पारिन् ॥३ ॥ देवर्षि कर्दम यस्ता प्रतापी थिए कि ती कर्मको रेखालाई पछि भेट्न सक्थे। तीबाट देवहूतिलाई अनेक सुख पाउने आशा थिए ॥४॥ धेरै समय बितिसकेपछि महामुनि कर्दमले एक दिन देवहूतिलाई सेवा-टहल र व्रतचर्या गरिरहनाले वर्ता दुर्बल भएकी देखेर तथा प्रसन्न भएर गद्गद वाणीमा भने——॥५॥ कर्दमजी भन्दछन्——हे प्रिये ! तिमीले श्रद्धा-भक्तिपूर्वक मेरो सेवा गरेकी छौ। प्राणीलाई आफ्नो देहको ठूलो ममत्व रहन्छ तर तिमीले मेरो चाकरी गर्दा-गर्दा आफ्नो शरीर पनि क्षीण तुल्यायौ। अतः म तिमीदेखि प्रसन्न छु ॥६॥ जप-तप, समाधि, उपासना र योग चित्तको एकाग्रताको साधन गरेर भगवान्को कृपाले मैले जुन विभूतिहरू प्राप्त गरेको छु, तीसम्म तिमी पुगेकी छैनौ, तर तिम्रो सेवाले सन्तुष्ट भएर म तिमीलाई ती विभूतिहरू देखाइदिन्छु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसमा न शोक छ न भय ॥७॥ सांसारिक भोग त भगवान्‌का भृकुटि-भङ्गले नै नष्ट हुन्छन् तर तिमीले आफ्नो पतिव्रता-धर्मको प्रभावले सिद्धि पाएर त्यो वैभव प्राप्त गरिसकेकी छौ, जुन ठूला-ठूला राजालाई पनि दुर्लभ छ, तिमी त्यो भोग ॥८॥ आफ्ना पति कर्दम ऋषिलाई सम्पूर्ण योगमाया र उपासना-विधिमा कुशल देखेर देवहूतिका सारा चिन्ताहरू हराएर गए। तिनले बाङ्गो नेत्रले हेरेर मुसुक्क हाँस्तै प्रीति र नम्र वाणीमा उत्तर दिइन् ॥९॥ देवहूतिले भनिन्—हे स्वामी ! हजुर योग र मायामा सिद्धि प्राप्त गरिसक्नु भएको छ। अतः हजुर सबै भोग दिन सक्नुहुन्छ। हजुरले सन्तानोत्पत्ति नभएसम्म गृहस्थाश्रममा बस्ने जुन प्रतिज्ञा गर्नुभएको थियो, त्यसको पूर्ति हुनुपर्दछ। उत्तम पतिद्वारा सन्तान प्राप्ति नै स्त्रीको निम्ति सबैभन्दा ठूलो लाभ छ। रतिको इच्छाले म कृश र दीन भएकी छु। हजुर मलाई कामशास्त्रानुसार उत्तम शिक्षा दिनोस् र बुकुवा, स्नान, खान-पानको सामग्री तथा उपयुक्त भवनको पनि प्रबन्ध गरिदिनोस्, जसमा म हजुरसित सहवास गर्न योग्य हुनसकूँ ॥१०-११॥ मैत्रेयजी भन्दछन्—हे विदुर ! आफ्नी प्रियतमा देवहूतिको इच्छा पूर्ण

किमुरुक्रमस्य ॥ सिद्धाऽसि भुङ्क्ष्व विभवान्निजधर्मदोहान्दिव्यान्नरैर्दुरधिगान्नृपविक्रियाभिः ॥ ८ ॥ एवं ब्रुवाणमबलाऽखिलयोगमायाविद्याविचक्षण-
मवेक्ष्य गताधिरासीत् ॥ सम्प्रश्रयप्रणयविह्वलया गिरेषद्व्रीडावलोकविलसद्धसिताननाऽऽह ॥ ९ ॥ देवहूतिरुवाच ॥ राद्धं वत द्विजवृषैतदमोघयोग-
मायाधिपे त्वयि विभो यदवैमि भर्तः ॥ यस्तेऽभ्यधायि समयः सकृदङ्गसङ्गो भूयाद्गरीयसि गुणप्रसवः सतीनाम् ॥ १० ॥ तत्रेतिकृत्यमुपशिक्ष
यथोपदेशं येनैष मे कर्शितोऽतिरिरंसयाऽऽत्मा ॥ सिद्ध्येत ते कृतमनोभवधर्षिताया दीनस्तदीश भवनं सदृशं विचक्ष्व ॥ ११ ॥ मैत्रेय उवाच ॥
प्रियायाः प्रियमन्विच्छन्कर्दमो योगमास्थितः ॥ विमानं कामगं क्षत्तस्तर्ह्येवाविरचीकरत् ॥ १२ ॥ सर्वकामदुघं दिव्यं सर्वरत्नसमन्वितम् ॥
सर्वर्द्ध्युपचयोदर्कं मणिस्तम्भैरुपस्कृतम् ॥ १३ ॥ दिव्योपकरणोपेतं सर्वकालसुखावहम् ॥ पट्टिकाभिः पताकाभिर्विचित्राभिरलंकृतम् ॥ १४ ॥
स्रग्भिर्विचित्रमाल्याभिर्मञ्जुशिञ्जत्षडङ्घ्रिभिः ॥ दुकूलक्षौमकौशेयैर्नानावस्त्रैर्विराजितम् ॥ १५ ॥ उपर्युपरि विन्यस्तनिलयेषु पृथक्पृथक् ॥ क्षिप्तैः
कशिपुभिः कान्तं पर्यङ्कव्यजनासनैः ॥ १६ ॥ तत्र तत्र विनिक्षिप्तनानाशिल्पोपशोभितम् ॥ महामरकतस्थल्या जुष्टं विद्रुमवेदिभिः ॥ १७ ॥
द्वाःसु विद्रुमदेहल्या भातं वज्रकपाटवत् ॥ शिखरेष्विन्द्रनीलेषु हेमकुम्भैरधिश्रितम् ॥ १८ ॥ चक्षुष्मत्पद्मरागाग्र्यैर्वज्रभित्तिषु निर्मितैः ॥ जुष्टं

गर्नका लागि महर्षि कर्दमले योगबल द्वारा त्यसै बखत यौटा इच्छागामी विमान बनाइदिए ॥१२॥ त्यसमा मणिहरूका खाँबा र सबै रत्नहरू विद्यमान थिए। त्यस विमानमा कुनै वस्तुको अभाव थिएन। प्रत्येक ऋतुको अनुकूल सामग्रीको त्यसमा प्रबन्ध थियो। त्यसमा ध्वजा-पताकाहरू हल्लिरहेका थिए ॥१३-१४॥ विमानमा रङ्गविरङ्गी मालाहरू ठाउँ-ठाउँमा झुण्डाइएका थिए, तिनमा भ्रमराहरू गुञ्जार गर्दै थिए। त्यसमा बहुमूल्य बिछौना बिछाइएका थिए तथा विचित्र चँदुवा टाँगिएका थिए ॥१५॥ त्यो विमान कैयौं तलाको थियो र प्रत्येक तला उत्तम पलंग, बिछौना र पंखा आदिले सज्जित थियो ॥१६॥ तस्वीर आदिले त्यसको सजावट गरिएको थियो। त्यसमा नीलमको भूमि थियो र बस्नको निम्ति मूगाका चौतारा थिए। दैला-ठेला पनि मूगाकै थिए। ढोकाहरूमा पच्चीकारी गरिएको र त्यसको नीलमणिनिर्मित शिखरमा सुनका कलश राखिएका थिए॥१७-१८॥त्यसका भित्ताहरूमा हीरा,

... Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ना, पुष्पराज आदि बहुमूल्य मणिहरूको जडान गरिएको थियो र स्वर्ण-तोरणले सुसज्जित अनेक वितान लागेका थिए ॥१९॥ जहाँ-तहाँ उत्तम हंस तथा परेवा बनेका थिए, तिनलाई साँच्चैका ठानेर साँच्चैका हंस र परेवा तिनको नगीचै बसेर बोल्न लाग्दथे ॥२०॥ त्यस विमानमा उपयुक्त स्थलमा विश्रामागार, विहार-भूमि, शयन-मन्दिर, आँगन र खुला मैदान बनेका थिए। त्यस अद्भुत रचनालाई देखेर विमानका निर्माता कर्दम ऋषि पनि छक्क परे ॥२१॥ त्यस्तो राम्रो विमानलाई पनि मलिन र कृश शरीर हुनाले देवहूति उदासीन झैं हेरिरहेकी थिइन्। अनि सबैका मनको कुरा जान्ने भएका कर्दम ऋषिले भने–हे भीरु! विष्णु भगवान्ले बनाएको यस विन्दुसारमा स्नान गरेर तिमी विमानमा बस। यस तीर्थमा स्नान गर्नाले सबै मनोरथ पूर्ण हुन्छन् ॥२२-२३॥ कमलनयनी देवहूतिको सारी मैलो थियो, कपाल टाँसिनाले रौं अल्झेका थिए, शरीरमा मैलो जमेको थियो र

विचित्रवैतानैर्महार्हैर्हेमतोरणैः ॥ १९ ॥ हंसपारावतव्रातैस्तत्र तत्र निकूजितम् ॥ कृत्रिमान्मन्यमानैः स्वानधिरुह्याधिरुह्य च ॥ २० ॥ विहार-स्थानविश्रामसंवेशप्राङ्गणाजिरैः ॥ तथोपजोषं रचितैर्विस्मापनमिवात्मनः ॥ २१ ॥ ईदृग्गृहं तत्पश्यन्ती नातिप्रीतेन चेतसा ॥ सर्वभूताशयाभिज्ञः प्रावोचत्कर्दमः स्वयम् ॥ २२ ॥ निमज्ज्यास्मिन्ह्रदे भीरु विमानमिदमारुह ॥ इदं शुक्लकृतं तीर्थमाशिषां यापकं नृणाम् ॥ २३ ॥ सा तद्भर्तुः समादाय वचः कुवलयेक्षणा ॥ सरजं बिभ्रती वासो वेणीभूतांश्च मूर्धजान् ॥ २४ ॥ अङ्गं च मलपंकेन संछन्नं शबलस्तनम् ॥ आविवेश सर-स्वत्याः सरः शिवजलाशयम् ॥ २५ ॥ साऽन्तः सरसि वेश्मस्थाः शतानि दश कन्यकाः ॥ सर्वाः किशोरवयसो ददर्शोत्पलगन्धयः ॥ २६ ॥ तां दृष्ट्वा सहसोत्थाय प्रोचुः प्राञ्जलयः स्त्रियः ॥ वयं कर्मकरीस्तुभ्यं शाधि नः करवाम किम् ॥ २७ ॥ स्नानेन तां महार्हेण स्नापयित्वा मनस्विनीम् ॥ दुकूले निर्मले नूत्ने ददुरस्यै च मानद ॥ २८ ॥ भूषणानि परार्ध्यानि वरीयांसि द्युमन्ति च ॥ अन्नं सर्वगुणोपेतं पानं चैवामृतासवम् ॥ २९ ॥ अथादर्शे स्वमात्मानं स्रग्विणं विरजाम्बरम् ॥ विरजं कृतस्वस्त्ययनं कन्याभिर्बहुमानितम् ॥ ३० ॥ स्नातं कृतशिरःस्नानं सर्वाभरणभूषितम् ॥ निष्कग्रीवं वलयिनं कूजत्काञ्चननूपुरम् ॥ ३१ ॥ श्रोण्योरध्यस्तया काञ्च्या काञ्चन्या बहुरत्नया ॥ हारेण च महार्हेण रुचकेन च भूषितम् ॥ ३२ ॥

पयोधन शोभाहीन भएका थिए। पतिको आज्ञा मानेर सरस्वती-तटवर्ती त्यस सरोवरमा डुबुल्की लगाउनासाथ पानी भित्रै यस्ता एक हजार तरुणीलाई देवहूतिले देखिन्, जसको देहबाट कमलको झैं सुगन्ध निस्किरहेको थियो र ती विमानमा बसेका थिए। ती सबै देवहूतिलाई देख्नासाथ हडबडाएर जुरुक्क उठे र हात जोरेर भन्नलागे–हामी हजुरका दासी हौं। हामीलाई जे गर्न हो, आज्ञा दिनोस्? ती तरुणीहरूले बुकुवा, मालिश गरेपछि देवहूतिलाई स्नान गराई नवीन वस्त्र र आभूषण लगाउन दिए। षड्रस भोजन गराएर स्वादिष्ट आसव पान गराए ॥२४-२९॥ देवहूतिले ऐना हेरिन् र स्पष्ट देखिन् कि उनी सफा धोती, माला लगाएकी छिन्, दासीहरू आदरपूर्वक मंगलाचार गरिरहेछन् ती सुन र रत्न-हरूका हार पहिरेकी, हातमा चुरा, पाउमा सुनका पाउजेब र कम्मरमा रत्न जडित करधनी छ ॥३०-३१॥ तिनको निधारमा कुमकुम र देहमा अङ्गराग लगाएको छ। सुन्दर दाँत

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रा आँखीभौं, प्रेमपूर्ण दृष्टि, ठूला-ठूला आँखा र कालो कपालले तिनको मुख राम्रो देखिन्थ्यो ॥३२-३३॥ अनि तिनले प्राणनाथ कर्दम ऋषिको स्मरण गर्नासाथ नै दास-दासीहरू सहित आफूलाई उनको नगीचै पाइन् ॥३४॥ पतिको त्यो योगशक्ति देखेर ती सशङ्क भइन् । कर्दम ऋषिले देखे–देवहूति मङ्गल स्नान गरेर राम्रा-राम्रा लुगा लगाएपछि नयाँ वेउली जस्तै देखिइरहेकी थिइन् । तिनले चोलो लगाएकी छन् र हजारौं विद्याधरी परिचर्यामा उभिएका छन् । तिनलाई देखेर ऋषिले प्रेमवश भई विमानमा बसाले ॥३५-३७॥ असाधारण महिमामयी विद्याधरीहरूद्वारा सेवित प्रतापी कर्दम ऋषि विमानमा आफ्नी पत्नीसहित आकाशमा नक्षत्रका माझ चन्द्रमा झैं शोभित भए ॥३८॥ सिद्धहरूका आदरणीय कर्दम ऋषि ती स्त्रीहरूका साथ त्यस विमानमा चढेर सुमेरु पर्वतका कन्दरामा निकै दिनसम्म विहार गर्दै रहे । त्यहाँ शीतल मन्द-सुगन्ध पवन

सुदता सुभ्रुवा श्लक्ष्णस्निग्धापाङ्गेन चक्षुषा ॥ पद्मकोशस्पृधा नीलैरलकैश्च लसन्मुखम् ॥ ३३ ॥ यदा सस्मार ऋषभमृषीणां दयितं पतिम् ॥
तत्र चास्ते सह स्त्रीभिर्यत्रास्ते स प्रजापतिः ॥ ३४ ॥ भर्तुः पुरस्तादात्मानं स्त्रीसहस्रवृतं तदा ॥ निशाम्य तद्योगगतिं संशयं प्रत्यपद्यत ॥ ३५ ॥
स तां कृतामलस्नानां विभ्राजन्तीमपूर्ववत् ॥ आत्मनो बिभ्रतीं रूपं संवीतरुचिरस्तनीम् ॥३६॥ विद्याधरीसहस्रेण सेव्यमानां सुवाससम् ॥ जातभावो
विमानं तदारोहदयदमित्रहन् ॥ ३७ ॥ तस्मिन्नलुप्तमहिमा प्रिययाऽनुरक्तो विद्याधरीभिरुपचीर्णवपुर्विमाने ॥ बभ्राज उत्कचकुमुद्गणवानपीच्यस्तारा-
भिरावृत इवोडुपतिर्नभःस्थः ॥३८॥ तेनाष्टलोकपविहारकुलाचलेन्द्रद्रोणीस्वनङ्गसखमारुतसौभगासु ॥ सिद्धैर्नुतो द्युधुनिपातशिवस्वनासु रेमे चिरं
धनदवल्ललनावरूथी ॥३९॥ वैश्रम्भके सुरसने नन्दने पुष्पभद्रके ॥ मानसे चैत्ररथ्ये च स रेमे रामया रतः ॥४०॥ भ्राजिष्णुना विमानेन कामगेन
महीयसी ॥ वैमानिकानत्यशेत चरँल्लोकान्यथानिलः ॥४१॥ किं दुरापादनं तेषां पुंसामुद्दामचेतसाम् ॥ यैराश्रितस्तीर्थपदश्चरणो व्यसनात्ययः ॥४२॥
प्रेक्षयित्वा भुवो गोलं पत्न्यै यावान्स्वसंस्थया ॥ बह्वाश्चर्यं महायोगी स्वाश्रमाय न्यवर्तत ॥ ४३ ॥ विभज्य नवधाऽऽत्मानं मानवीं सुरतोत्सुकाम् ॥
रामां निरमयन्रेमे वर्षपूगान्मुहूर्तवत् ॥ ४४ ॥ तस्मिन्विमान उत्कृष्टां शय्यां रतिकरीं श्रिता ॥ न चाबुध्यत तं कालं पत्याऽपीच्येन संगता ॥४५॥

चलिरहेथ्यो र गङ्गाको प्रपातको मनोहर ध्वनि सुनिन्थ्यो । इन्द्रादि लोकपालहरूको विहारस्थल त्यही पर्वतमा बनेका थिए । कर्दम ऋषिले आफ्नी भार्यासहित देवताको उद्यान, वैश्रमक, सुरसन, नन्दन, पुष्पभद्र, चैत्ररथ तथा मानसरोवरमा विहार गरे ॥३९-४०॥ कर्दम ऋषिको त्यो देदीप्यमान विमान इच्छाचारी र ठूलो मूल्यवान थियो । त्यस द्रुत गामी विमानमा बसेर कर्दम मुनि सबै विमानचारीहरूमा अगाडी गएर इच्छानुसार डुल्दथे ॥ ४१ ॥ जसले भगवान्‌का पवित्र चरणको आश्रय लिइसकेको छ, तिनका सबै संकट काटिन्छन् र तिनको निम्ति केही पनि दुर्लभ रहन्न । यसरी नद-नदी र पर्वत आदिले आश्चर्यपूर्ण समस्त भूमण्डल आफ्नी पत्नीलाई देखाएर कर्दम ऋषि फेरि आश्रममा फर्केर आए॥४२-४३॥ नौ सन्तान उत्पन्न गर्न इच्छा भएका कर्दम रतिको निम्ति उत्सुक देवहूतिमित वर्षौं विहार गर्दैरहे, तर तिनलाई त्यति बर्ता समय एक मुहूर्तजस्तै लाग्यो ॥४४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भा. द.

।८९।।

त्यस उत्तम विमानमा यति राम्रो शय्या विछाएको थियो कि त्यसमा र गण गर्नाले देवहूतिलाई कति समय वित्यो भन्ने ज्ञान हुनसकेन ।।४५।। योगद्वारा अभीष्ट सामग्री उत्पन्न गर्नमा समर्थ र कामकेलि-निरत दम्पतिले यसरी रमण गर्दागर्दै सय वर्षको समय एक क्षण समान वितेर गयो ।।४६।। देवहूतिको अनेक सन्तान विषयक इच्छा जानेर आत्मज्ञानी र योगशक्ति सम्पन्न कर्दमले आफ्नो वीर्य नौ भागमा विभक्त गरेर गर्भाधान गरे ।।४७।। अतः देवहूतिका गर्भबाट सर्वाङ्ग सुन्दरी नौ कन्या उत्पन्न भए। तिनको देहबाट रातो कमलको जस्तै सुगन्ध निस्किरहेको थियो। विवाह समयको प्रतिज्ञानुसार कर्दम ऋषिलाई गृहस्थी त्याग्न तत्पर देखेर देवहूति दुःखी भइन्। तर तिनले आँसुको वेग रोकेर हृदयको वेदना प्रकट हुन दिइनन्। ती तल टाउको गरेर खुट्टाको बुढीऔंलाले माटो कोट्याउँदै, मुसुक्क हाँसेर मधुर वचन बोलिन् ।।४८-५०।। देवहूतिले भनिन्—हे भगवन्! हजुरले प्रतिज्ञा पूर्ण गर्नुभयो, अब शरणागतको रक्षाको कुनै प्रवन्ध गरिदिनोस् ।। ५१ ।। हजुर वनवासी भएपछि यी छोरीहरूको विवाहको भारी मेरै टाउकोमा पनछ। त्यस

एवं योगानुभावेन दम्पत्यो रममाणयोः ।। शतं व्यतीयुः शरदः कामलालसयोर्मनाक् ।।४६।। तस्यामाधत्त रेतस्तां भावयन्नात्मनाऽऽत्मवीत् ।। नवधा
विधाय रूपं स्वं सर्वसंकल्पविद्विभुः ।। ४७ ।। अतः सा सुषुवे सद्यो देवहूतिः स्त्रियः प्रजाः ।। सर्वास्ताश्चारुसर्वाङ्ग्यो लोहितोत्पलगन्धयः ।। ४८ ।।
पतिं सा प्रव्रजिष्यन्तं तदालक्ष्योशती सती ।। स्मयमाना विक्लवेन हृदयेन विदूयता ।। ४९ ।। लिखन्त्यधोमुखी भूमिं पदा नखमणिश्रिया ।। उवाच
ललितां वाचं विरुध्याश्रुकलां शनैः ।।५०।। देवहूतिरुवाच ।। सर्वं तद्भगवान्मह्यमुपोवाह प्रतिश्रुतम् ।। अथापि मे प्रपन्नाया अभयं दातुमर्हसि ।।५१।।
ब्रह्मन्दुहितृभिस्तुभ्यं विमृग्याः पतयः समाः ।। कश्चित्स्यान्मे विशोकाय त्वयि प्रव्रजिते वनम् ।।५२।। एतावताऽलं कालेन व्यतिक्रान्तेन मे प्रभो ।।
इन्द्रियार्थप्रसङ्गेन परित्यक्तपरात्मनः ।। ५३ ।। इन्द्रियार्थेषु सज्जन्त्याः प्रसङ्गस्त्वयि मे कृतः ।। अजानन्त्या परं भावं तदाऽप्यस्त्वभयाय मे ।। ५४ ।।
सङ्गो यः संसृतेर्हेतुरसत्सु विहितोऽधिया ।। स एव साधुषु कृतो निःसङ्गत्वाय कल्पते ।। ५५ ।। नेह यत्कर्म धर्माय न विरागाय कल्पते ।। न
तीर्थपदसेवायै जीवन्नपि मृतो हि सः ।। ५६ ।। साऽहं भगवतो नूनं वञ्चिता मायया दृढम् ।। यत्त्वां विमुक्तिदं प्राप्य न मुमुक्षेय बन्धनात् ।। ५७ ।।
इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेयोपाख्याने त्रयोविंशोऽध्यायः ।। २३ ।। मैत्रेय उवाच ।। निर्वेदवादिनीमेवं मनोर्दुहितरं मुनिः ।।

दशामा अर्थात् छोरीहरू आफाफ्ना घर गइसकेपछि मलाई सान्त्वना दिने त कोही चाहिन्छ ।।५२।। मेरा आजसम्मको समय विषय-सुख भोगमै वितेर गयो। मैले भगवान्को भजन पनि गर्न पाइन ।।५३।। हजुरको महत्व नबुझ्नाले म हजुरसित क्रीडा गरिरहें। जे हुने कुरा त भइसक्यो तर अब यस्तो उपाय गर्नुहवस्-जसले मेरो सहजै उद्धार हुन सकोस् ।।५४।। अविवेकले गर्दा अज्ञानी हरूसित गरिएको सम्पर्क बन्धनको कारण बन्दछ, यदि त्यही सम्पर्क सज्जनहरूसित गन हो भने त्यही मोक्षको कारण बन्न जान्छ ।।५५।। संसारमा आएर जसले न धर्म गऱ्यो, न कर्म गऱ्यो, न वैराग्यनै अवलम्बन गऱ्यो, न भगवान्‌को आराधना नै गऱ्यो, त्यो जीउँदै भएर पनि मृतक हो ।।५६।। म यस्ती नै हुँ। भगवान्‌की मायाले मलाई राम्रै ठगिन्, त्यसैले त म हजुरजस्ता आत्मज्ञानी पति प्राप्त गरेर पनि मुक्ति पाउने उद्योग गरिन ।।५७।। इति श्रीमद्भागवते महापुराणे तृतीय-

भा.

अ. २

।।७०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्कन्धे नेपाली भाषाटीकायां त्रयोविंशोऽध्यायः ।।२३।। (कपिलको जन्म र कर्दमको वनवास) मैत्रेय भन्दछन्—हे विदुर ! देवहूतिको वैराग्यपूर्ण वचन सुनेर भगवान्‌को कथन स्मरण गरेर कर्दम ऋषिले देवहूतिसित भने—।।१।। हे राजकुमारी ! तिमी कुनै कुराको चिन्ता नगर । तिम्रो कल्याण हुनेछ । तिमी इन्द्रिय वशमा पारेर स्वधर्म पालन, तप तथा दान द्वारा श्रद्धापूर्वक भगवानलाई भज ।।२-३।। यस्तो गरेमा ती स्वयं तिम्रो गर्भबाट जन्म लिएर मेरो यश बढाउनन् र तिमीलाई तत्त्वज्ञानको उपदेश दिई कृतकृत्य पार्नन् । मैत्रेयजी भन्दछन्—हे विदुर ! प्रजापति कर्दमको उपदेश सुनेर देवहूति भक्ति-भावले भगवान्‌को भजनमा लागिन् ।।४-५।। यसरी निकै समय बितेपछि प्रजापति कर्दमको वीर्य र देवहूतिको गर्भबाट मधुसूदन भगवान् त्यसै गरी प्रकट भए, जसरी घोटिएका समिधाबाट आगो निस्कन्छ ।। ६ ।। त्यस समय देवता बाजा रजाउँदै आकाशबाट पुष्पवृष्टि गर्नलागे, गन्धर्व गान गर्नलागे

दयालुः शालिनीमाह शुक्लाभिव्याहृतं स्मरन् ।। १ ।। ऋषिरुवाच ।। मा खिदो राजपुत्रीत्थमात्मानं प्रत्यनिन्दिते ।। भगवांस्तेऽक्षरो गर्भमदूरात्सम्प्रपत्स्यते ।।२।। धृतव्रताऽसि भद्रं ते दमेन नियमेन च ।। तपोद्रविणदानैश्च श्रद्धया चेश्वरं भज ।।३।। स त्वयाऽऽराधितः शुक्लो वितन्वन्मामकं यशः ।। छेत्ता ते हृदयग्रन्थिमौदर्यो ब्रह्मभावनः ।।४।। मैत्रेय उवाच ।। देवहूत्यपि सन्देशं गौरवेण प्रजापतेः ।। सम्यक्श्रद्धाय पुरुषं कूटस्थमभजद्गुरुम् ।। ५ ।। तस्यां बहुतिथे काले भगवान्मधुसूदनः ।। कार्दमं वीर्यमापन्नो जज्ञेऽग्निरिव दारुणि ।। ६ ।। अवादयंस्तदा व्योम्नि वादित्राणि घनाघनाः ।। गायन्ति तं स्म गन्धर्वा नृत्यन्त्यप्सरसो मुदा ।।७।। पेतुः सुमनसो दिव्याः खेचरैरपवर्जिताः ।। प्रसेदुश्च दिशः सर्वा अम्भांसि च मनांसि च ।। ८ ।। तत्कर्दमाश्रमपदं सरस्वत्या परिश्रितम् ।। स्वयम्भूः साकमृषिभिर्मरीच्यादिभिरभ्ययात् ।। ९ ।। भगवन्तं परं ब्रह्म सत्त्वेनांशेन शत्रुहन् ।। तत्त्वसंख्यानविज्ञप्त्यै जातं विद्वानजः स्वराट् ।।१०।। सभाजयन्विशुद्धेन चेतसा तच्चिकीर्षितम् ।। प्रहृष्यमाणैरसुभिः कर्दमं चेदमभ्यधात् ।। ११ ।। ब्रह्मोवाच ।। त्वया मेऽपचितिस्तात कल्पिता निर्व्यलीकतः ।। यन्मे सञ्जगृहे वाक्यं भवान्मानद मानयन् ।। १२ ।। एतावत्येव शुश्रूषा कार्या पितरि पुत्रकैः ।। बाढमित्यनुमन्येत गौरवेण गुरोर्वचः ।। १३ ।। इमा दुहितरः सभ्य तव वत्स सुमध्यमाः ।। सर्गमेतं प्रभावैः स्वैर्बृंहयिष्यन्त्यनेकधा ।।१४।। अतस्त्वमृषिमुख्येभ्यो यथाशीलं यथारुचि ।। आत्मजाः परिदेह्यद्य विस्तृणीहि यशो भुवि ।।१५।। वेदाहमाद्यं पुरुषमवतीर्णं स्वमायया ।। भूतानां शेवधिं देहं बिभ्राणं

र अप्सराहरू नाच्न लागे ।।७।। दिशा निर्मल भए । जल स्वच्छ भयो, सबैका चित्त प्रफुल्लित भए ।।८।। अनि कर्दम ऋषिको सरस्वती आश्रममा मरीचि प्रभृति ऋषिहरू संगै ब्रह्माजी आए ।।९।। हे विदुर ! संसारलाई तत्त्वज्ञानको उपदेश दिनका लागि कर्दम ऋषिकहाँ भगवान्‌ले अवतार लिए भन्ने जानेर भगवान्‌को इच्छाको हृदयले अनुमोदन गर्दै प्रेमले गद्गद् भएर ब्रह्माजी कर्दम ऋषिसित भन्नुहुन्छ ।।१०-११।। उनले भने—बाबू ! मेरो आज्ञा पालन गरेर तिमीले मेरो सम्मान गरेका छौ ।।१२।। पुत्रले पिताको आज्ञा पालन गर्नमा तर्क गर्नु अनुचित हो, तिनको राम्रो सेवा यही नै हो ।।१३।। बाबू ! तिम्रा यी सुन्दरी कन्याहरू अनेक प्रकारले सृष्टि वृद्धि गर्नछन् ।।१४।। अतः अब तिमी यिनको विवाह शील-स्वभावमा अनुरूप यी मरीचि प्रभृति ऋषिहरूसित गरिदेऊ । यसले संसारमा तिम्रो यश फैलिन्छ, सबैका मनोरथ पूर्ण गर्नको निम्ति तिमी कहाँ स्वयं भगवान्‌ले कपिलरूपमा अवतार लिनुभयो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ १५ ॥ १६ ॥ अनि देवहूतिसित भने—हे देवहूति ! तिम्रो गर्भबाट पुत्ररूपमा स्वयं भगवान् अवतीर्ण भए । ती ज्ञान-विज्ञानको उपदेश दिएर मुमुक्षुलाई कर्म-बन्धनबाट मुक्त गर्नेछन् र तिम्रो हृदय-पट खोलिदिनेछन् । तिम्रो पुत्र सिद्धहरूका शिरोमणि र तत्त्वज्ञानी (सांख्याचार्य) को सम्मान पाई कपिल नामले प्रसिद्ध हुनेछन् । यस्ता पुत्रकी आमा हुनाले तिम्रो ठूलो नाम हुनेछ । मैत्रेय भन्दछन्—कर्दम र देवहूतिलाई यसरी आश्वासन दिएर ब्रह्माजी, नारद र सनकादि कुमारसहित हंसमा चढी मत्यलोक गए र विवाहको निम्ति मरीचि आदि प्रमुख ऋषि त्यहीं बसे ॥ १७-२० ॥ अनि प्रजापति कर्दमले ब्रह्माजीको आज्ञानुसार मरीचि प्रभृति ऋषिहरूका साथ आफ्नी छोरीहरूको जेठी-कान्छी आदि सबै बहिनीहरूको यथाक्रम वेदको विधिले विवाह गरिदिए ॥ २१ ॥ उनले महर्षि मरीचिसित कलाको, अत्रिसित अनसूयाको, अंगिरासित श्रद्धाको, पुलस्त्यसित

कपिलं मुने ॥ १६ ॥ ज्ञानविज्ञानयोगेन कर्मणामुद्धरन् जटाः ॥ हिरण्यकेशः पद्माक्षः पद्ममुद्रापदाम्बुजः ॥ १७ ॥ एष मानवि ते गर्भं प्रविष्टः कैटभार्दनः ॥ अविद्यासंशयग्रन्थिं छित्त्वा गां विचरिष्यति ॥१८॥ अयं सिद्धगणाधीशः सांख्याचार्यैः सुसम्मतः ॥ लोके कपिल इत्याख्यां गन्ता ते कीर्तिवर्धनः ॥ १६ ॥ मैत्रेय उवाच ॥ तावाश्वास्य जगत्स्रष्टा कुमारैः सह नारदः ॥ हंसो हंसेन यानेन त्रिधाम परमं ययौ ॥ २० ॥ गते शतधृतौ क्षत्तः कर्दमस्तेन चोदितः ॥ यथोदितं स्वदुहितॄः प्रादाद्विश्वसृजां ततः ॥ २१ ॥ मरीचये कलां प्रादादनसूयामथात्रये ॥ श्रद्धामङ्गिरसेऽयच्छत्पुलस्त्याय हविर्भुवम् ॥२२॥ पुलहाय गतिं युक्तां क्रतवे च क्रियां सतीम् ॥ ख्यातिं च भृगवेऽयच्छद्वसिष्ठायाप्यरुन्धतीम् ॥ २३ ॥ अथर्वणेऽददाच्छान्तिं यया यज्ञो वितन्यते ॥ विप्रर्षभान्कृतोद्वाहान्सदारान्समलालयत् ॥ २४ ॥ ततस्ते ऋषयः क्षत्तः कृतदारा निमन्त्र्य तम् ॥ प्रातिष्ठन्नन्दिमापन्नाः स्वं स्वमाश्रममण्डलम् ॥२५॥ स चावतीर्णं त्रियुगमाज्ञाय विबुधर्षभम् ॥ विविक्त उपसङ्गम्य प्रणम्य समभाषत ॥ २६ ॥ अहो पापच्यमानानां निरये स्वैरमङ्गलैः ॥ कालेन भूयसा नूनं प्रसीदन्तीह देवताः ॥२७॥ बहुजन्मविपक्वेन सम्यग्योगसमाधिना ॥ द्रष्टुं यतन्ते यतयः शून्यागारेषु यत्पदम् ॥२८॥ स एव भगवानद्य हेलनं न गणय्य नः ॥ गृहेषु जातो ग्राम्याणां यः स्वानां पक्षपोषणः ॥ २६ ॥ स्वीयं वाक्यमृतं कर्तुमवतीर्णोऽसि मे गृहे ॥ चिकीर्षुर्भगवान् ज्ञानं भक्तानां मानवर्द्धनः ॥३०॥ तान्येव तेऽभिरूपाणि रूपाणि भगवँस्तव ॥ यानि यानि च रोचन्ते

हविर्भूको, पुलहसित गतिको, क्रतुसित क्रियाको, भृगुसित ख्यातिको, वसिष्ठसित अरुन्धतीको र अथर्वसित शान्तिको विवाह गरिदिए । इनै शान्तिको सहायताले यज्ञको पूर्ति हुन्छ । पछि ती विवाहित ऋषिहरूलाई दाइजो दिएर प्रजापति कर्दमले सम्मानित गरे ॥ २२-२४ ॥ अब ती ऋषि सासू-ससुरासित विदा मागेर आफ्ना-आफ्ना आश्रममा गए ॥२५॥ मेरो घरमा भगवान्ले अवतार लिए—यो जानेर कर्दम प्रजापतिले एकान्तमा गएर तिनलाई प्रणाम गरेर भने ॥ २६ ॥ संसारमा आफ्ना कर्मको फल भोग गर्ने प्राणीहरू प्रति धेरै बेरमा देवताहरूको कृपा हुन्छ ॥२७॥ योगी जन एकान्तमा बसेर अनेक जन्मान्तरको साधनापछि भक्तियोग द्वारा चित्त एकाग्र पारेर जसको दर्शन पाउनको निम्ति यत्न गर्दछन्, उनै भक्तवत्सल भगवान् हजुर आज हाम्रो त्रुटिहरूमा ध्यानै नदिई हामी जस्ता साधारण व्यक्तिका घरमा आफ्नो प्रतिज्ञा पूर्ण पार्न र भक्तहरूको सम्मान बढाएर विवेक-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रधान सांख्यशास्त्रको प्रचारगर्नका निम्ति अवतीर्ण भएका हुन् ॥२८-३०॥ हे भगवन् ! यद्यपि हजुर निर्गुण हुनुहुन्छ, तथापि भक्तगणलाई हजुरको जुन चतुर्भुज आदि रूपप्रिय छन्, ती हजुर धारण गर्नुहुन्छ ॥३१॥ तत्त्वज्ञान प्राप्तिका लागि ठूला-ठूला ज्ञानी-ध्यानी हजुरका चरणको वन्दना गर्दछन् ! ऐश्वर्य, वैराग्य, यश, तत्त्वज्ञान, धर्म र लक्ष्मी, यी षड्विध-ऐश्वर्यले हजुर पूर्ण हुनुहुन्छ, म हजुरका शरणमा छु ॥३२॥ हजुर नै परमात्मा, प्रकृति, पुरुष (मायाका अधिष्ठाता) महतत्त्व, काल, त्रिविध अहङ्कार लोक र लोकपाल हुनुहुन्छ। सारा प्रपञ्च हजुरका चेतना शक्तिको खेल हो। हजुर स्वाधीन शक्तिमा र सर्वज्ञ हुनुहुन्छ, म हजुरको शरणमा छु ॥३३॥ मकहाँ हजुर अवतीर्ण भइदिनाले म तीनै थरिका ऋणबाट मुक्त भएँ र मेरा मनोरथ पूर्ण भए। म अब संन्यास लिएर हृदयमा हजुरको ध्यान गर्दै संसारका प्रपंचबाट जोगिंदै शान्तभावले डुलूँ—यही बल मलाई दिनुहवस् ॥ ३४ ॥ भगवान्ले

स्वजना नामरूपिणः ॥ ३१ ॥ त्वां सूरिभिस्तत्त्वबुभुत्सयाऽद्धा सदाभिपादार्हणपादपीठम् ॥ ऐश्वर्यवैराग्ययशोऽवबोधवीर्यश्रिया पूर्णमहं प्रपद्ये ॥३२॥ परं प्रधानं पुरुषं महान्तं कालं कविं त्रिवृतं लोकपालम् ॥ आत्मानुभूत्याऽनुगतप्रपञ्चं स्वच्छन्दशक्तिं कपिलं प्रपद्ये ॥ ३३ ॥ आस्माभिपृच्छेऽद्य पतिं प्रजानां त्वयाऽवतीर्णर्ण उताप्तकामः ॥ परिव्रजत्पदवीमास्थितोऽहं चरिष्ये त्वां हृदि युञ्जन्विशोकः ॥ ३४ ॥ श्रीभगवानुवाच ॥ मया प्रोक्तं हि लोकस्य प्रमाणं सत्यलौकिके ॥ अथाजनि मया तुभ्यं यदवोचमृतं मुने ॥ ३५ ॥ एतन्मे जन्म लोकेऽस्मिन्मुमुक्षूणां दुराशयात् ॥ प्रसंख्यानाय तत्त्वानां सम्मतायात्मदर्शने ॥३६॥ एष आत्मपथोऽव्यक्तो नष्टः कालेन भूयसा ॥ तं प्रवर्तयितुं देहमिमं विद्धि मया धृतम् ॥३७॥ गच्छ कामं मया पृष्टो मयि संन्यस्तकर्मणा ॥ जित्वा सुदुर्जयं मृत्युममृतत्वाय मां भज ॥ ३८ ॥ मामात्मानं स्वयंज्योतिः सर्वभूतगुहाशयम् ॥ आत्मन्येवात्मना वीक्ष्य विशोकोऽभयमृच्छति ॥३९॥ मात्रे चाध्यात्मिकीं विद्यां शमनीं सर्वकर्मणाम् ॥ वितरिष्ये यथा चासौ भयं चातितरिष्यति ॥४०॥ मैत्रेय उवाच ॥ एवं समुदितस्तेन कपिलेन प्रजापतिः ॥ दक्षिणीकृत्य तं प्रीतो वनमेव जगाम ह ॥४१॥ व्रतं स आस्थितो मौनमात्मैकशरणो मुनिः ॥ निःसङ्गो व्यचरत्क्षोणीमनग्निरनिकेतनः ॥४२॥ मनो ब्रह्मणि युञ्जानो यत्तत्सदसतः परम् ॥ गुणावभासे विगुण एकभक्त्याऽनुभाविते ॥४३॥ निरहंकृतिर्निर्ममश्च निर्द्वन्द्वः समदृक् स्वदृक् ॥ प्रत्यक्प्रशान्तधीर्धीरः प्रशान्तोर्मिरिवोदधिः ॥ ४४ ॥ वासुदेवे भगवति सर्वज्ञे प्रत्य-

भन्नुभयो—तिम्रो घरमा अवतार लिनाले मेरो प्रतिज्ञा पूर्ण भयो। मेरो वचन अन्यथा हुन सक्तैन ॥३५॥ मेरो यो जन्म मुमुक्षुहरूलाई प्रकृति आदि तत्त्वको उपदेश दिनका लागि भएको हो। यो अध्यात्म ज्ञानको बाटो कालक्रमले लुप्त झैं भएको थियो। त्यही मार्ग प्रवर्तित गर्नको निम्ति मेरो अवतार भएको हो ॥३६-३७॥ अब तिमी जान सक्छौ—दुर्जय मृत्युलाई निष्काम कर्मद्वारा जितेर मुक्ति प्राप्त गर्नको निम्ति मेरो भजन गर ॥३८॥ म स्वयं प्रकाश, अन्तर्यामी र सर्वव्यापक छु। आफ्नो आत्मामै एकाग्र मनले मेरो भजन गर्दा-गर्दै तिमी सांसारिक क्लेशहरूबाट छुटेर परमपद प्राप्त गर्नेछौ ॥३९॥ माता देवहूतिलाई पनि म आत्मज्ञानको उपदेश दिनेछु—जसले तिनको संचित, प्रारब्ध र क्रियमाण कर्महरूको वासना नष्ट भएर तिनलाई मुक्ति प्राप्त हुनेछ ॥४०॥ मैत्रेयजी भन्दछन्—कपिलदेवजीले यसरी बुझाएपछि महर्षि कर्दमले तिनको प्रदक्षिणा गरेर वनमा प्रस्थान गरे ॥४१॥ ती सबै वस्तु त्यागेर

Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौनव्रत धारण गरी विचरण गर्न लागे । ब्रह्ममा मन लगाइदिनाले तिनको अहङ्कार गयो । ती निर्द्वन्द्व र समदर्शी भए आत्मज्ञानको प्राप्ति हुनाले समुद्र जस्तै गम्भीर र शान्तभए ॥४२-४३-४४॥ यस प्रकार भगवान्मा मनलाई निश्चल पारिदिनाले तिनका सारा बन्धन काटिए र ती आफूलाई सबैमा र सबैलाई भगवान्मा तथा भगवान्लाई आफ्नो आत्मामा देख्न लागे ॥४५-४६॥ समदर्शी भइसकेपछि राग द्वेष आदि द्वन्दबाट मुक्त हृदयमा भगवद्भक्तिको उद्रेक हुनाले उनलाई मुक्ति प्राप्त भयो ॥४६॥ इति श्रीमद्भागवते तृतीयस्कन्धे नेपाली भाषा टीकायां चतुर्विंशोऽध्यायः ॥२४॥ (कपिलदेवले माता देवहूतिसित भक्तिका लक्षणहरूको वर्णन) शौनकजीले भने––हे सूतजी ! अजन्मा भएर पनि आत्मतत्त्वको उपदेश दिनका लागि भगवानले सांख्यशास्त्रका प्रवर्तक कपिलको रूपमा अवतार लिएका थिए ॥१॥ ती योगीश्रेष्ठ कपिलदेवको गुणगान सुनेर मलाई तृप्ति भएन । उनले आफ्नी मायाद्वारा जो लीला गरेका हुन्

गात्मनि ॥ परेण भक्तिभावेन लब्धात्मा मुक्तबन्धनः ॥ ४५ ॥ आत्मानं सर्वभूतेषु भगवन्तमवस्थितम् ॥ अपश्यत्सर्वभूतानि भगवत्यपि चात्मनि ॥ ४६ ॥ इच्छाद्वेषविहीनेन सर्वत्र समचेतसा ॥ भगवद्भक्तियुक्तेन प्राप्ता भागवती गतिः ॥ ४७ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेये चतुर्विंशतितमोऽध्यायः ॥२४॥ शौनक उवाच ॥ कपिलस्तत्त्वसंख्याता भगवानात्ममायया ॥ जातः स्वयमजः साक्षादात्मप्रज्ञप्तये नृणाम् ॥१॥ न ह्यस्य वर्ष्मणः पुंसां वरिम्णः सर्वयोगिनाम् ॥ विश्रुतौ श्रुतदेवस्य भूरि तृप्यन्ति मेऽसवः ॥ २ ॥ यद्यद्विधत्ते भगवान्स्वच्छन्दात्माऽऽत्ममायया ॥ तानि मे श्रद्दधानस्य कीर्तन्यन्यानुकीर्तय ॥३॥ सूत उवाच ॥ द्वैपायनसखस्त्वेवं मैत्रेयो भगवांस्तथा ॥ प्राहेदं विदुरं प्रीत आन्वीक्षिक्यां प्रचोदितः ॥४॥ मैत्रेय उवाच ॥ पितरि प्रस्थितेऽरण्यं मातुः प्रियचिकीर्षया ॥ तस्मिन्बिन्दुसरेऽवात्सीद्भगवान्कपिलः किल ॥ ५ ॥ तमासीनमकर्माणं तत्त्वमार्गाग्रदर्शनम् ॥ स्वसुतं देवहूत्याह धातुः संस्मरती वचः ॥ ६ ॥ देवहूतिरुवाच ॥ निर्विण्णा नितरां भूमन्नसदिन्द्रियतर्पणात् ॥ येन सम्भाव्यमानेन प्रपन्नाऽन्धं तमः प्रभो ॥ ७ ॥ तस्य त्वं तमसोऽन्धस्य दुष्पारस्याद्य पारगम् ॥ सच्चक्षुर्जन्मनामन्ते लब्धं मे त्वदनुग्रहात् ॥ ८ ॥ य आद्यो भगवान्पुंसामीश्वरो वै भवान्किल ॥ लोकस्य तमसाऽन्धस्य चक्षुः सूर्य इवोदितः ॥ ९ ॥ अथ मे देव सम्मोहमपाक्रष्टुं त्वमर्हसि ॥ योऽवग्रहोऽहंममेतीत्येतस्मिन्योजितस्त्वया ॥ १० ॥ तं त्वां गताऽहं शरणं शरण्यं स्वभृत्यसंसारतरोः कुठारम् ॥ जिज्ञासयाऽहं प्रकृतेः

तिनको वर्णन गर्नुहवस् ॥२-३॥ सूतजी भन्दछन्–विदुरले आत्मविद्या विषयक प्रश्न गरेपछि व्यासका मित्र मैत्रेयजीले भने–प्रजापति कर्दम वनमा गएपछि कपिलदेव आफ्नी माताको कल्याण निम्ति त्यहीं बिन्दुसरमा निवास गर्नलागे॥४-५॥ ब्रह्माका वचन स्मरण गरेर देवहूतिले तत्त्वमार्गका पारदर्शी र निष्क्रिय आफ्ना पुत्रसित भनिन्—सांसारिक विषय भोगहरूबाट अघाइसकें। यो विषय भोगको कारणले नै म भवसागरमा डुबेकी छु। अनेक जन्मपछि दुस्तर सागरलाई तर्नका निम्ति तिमी मलाई भेटियौ। तिमी आदिपुरुष साक्षात् भगवान् हौ। अज्ञानान्धकारमा परेका मानिसलाई बाटो देखाउन सूर्य झैं तिम्रो जन्म भएको छ। प्राणिहरूलाई तिमी नै मोह-मायामा अल्झाउँछौ ॥६-१०॥ अब मेरो अज्ञान हटाऊ। म तिम्रो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरणमा छु। तिमी शरणागत रक्षक भक्तजनको जन्म-मरणरूपी वृक्षको जरो काट्ने बञ्चरो हौ। मलाई प्रकृति र पुरुषको मर्म बुझाऊ। धर्मका ज्ञाताहरूमा श्रेष्ठ, तिमीलाई नमस्कार छ। मैत्रेयजी भन्दछन्–माता देवहूतिको मुक्तिविषयक प्रश्न सुनेर तत्त्वज्ञानीहरूलाई मोक्ष दिने कपिलदेवले हाँसेर भने–हे माता ! मेरो विचारमा त आध्यात्मिक योगनै प्राणिहरूलाई मुक्ति दिने उत्तम बाटो हो ॥११-१२॥ त्यस योगले सुख-दुःख आदिका वृत्तिहरू सर्वथा नष्ट हुन्छन्। मैले यस योगको साङ्गोपाङ्ग उपदेश ऋषिहरूलाई पहिले नै दिइसकेको छु, तापनि तिमीले सोधेकी हुनाले त्यसको फेरि वर्णन गर्दछु। वस्तुतः मन नै बन्धन र मोक्षको कारण हो। शब्दादि विषयमा मन अल्झनाले बन्धनमा गाडिइरहन्छ। जब त्यही मन भगवान्मा लाग्दछ तब मुक्ति प्राप्त हुन्छ ॥१३-१५॥ मोहबाट उत्पन्न काम, क्रोध, लोभ आदि मल नरहेपछि जब मन शुद्ध हुन्छ, तब सुख-दुःख आदि मनका वृत्तिहरू स्वयं हट्छन्

पूरुषस्य नमामि सद्धर्मविदां वरिष्ठम् ॥११॥ मैत्रेय उवाच ॥ इति स्वमातुर्निरवद्यमीप्सितं निशम्य पुंसामपवर्गवर्धनम् ॥ धियाऽभिनन्द्यात्मवतां सतां गतिर्बभाष ईषत्स्मितशोभिताननः ॥ १२ ॥ श्रीभगवानुवाच ॥ योग आध्यात्मिकः पुंसां मतो निःश्रेयसाय मे ॥ अत्यन्तोपरतिर्यत्र दुःखस्य च सुखस्य च ॥ १३ ॥ तमिमं ते प्रवक्ष्यामि यमवोचं पुराऽनघे ॥ ऋषीणां श्रोतुकामानां योगं सर्वांगनैपुणम् ॥ १४ ॥ चेतः खल्वस्य बन्धाय मुक्तये चात्मनो मतम् ॥ गुणेषु सक्तं बन्धाय रतं वा पुंसि मुक्तये ॥ १५ ॥ अहंममाभिमानोत्थैः कामलोभादिभिर्मलैः ॥ वीतं यदा मनः शुद्धमदुःखमसुखं समम् ॥ १६ ॥ तदा पुरुष आत्मानं केवलं प्रकृतेः परम् ॥ निरन्तरं स्वयंज्योतिरणिमानमखंडितम् ॥ १७ ॥ ज्ञानवैराग्ययुक्तेन भक्तियुक्तेन चात्मना ॥ परिपश्यत्युदासीनं प्रकृतिं च हतौजसम् ॥ १८ ॥ न युज्यमानया भक्त्या भगवत्यखिलात्मनि ॥ सदृशोऽस्ति शिवः पन्था योगिनां ब्रह्मसिद्धये ॥ १९ ॥ प्रसङ्गमजरं पाशमात्मनः कवयो विदुः ॥ स एव साधुषु कृतो मोक्षद्वारमपावृत्तम् ॥ २० ॥ तितिक्षवः कारुणिकाः सुहृदः सर्वदे·

र साम्यावस्था प्राप्त हुन्छ ॥ १६ ॥ त्यस बेला चित्त ज्ञान, वैराग्य र भक्ति-युक्त भएपछि साधकलाई शुद्ध स्वरूप, अप्राकृतिक, भेदरहित, स्वयं प्रकाश, परम सूक्ष्म, अखण्ड र उदासीन आत्माको दर्शन मिल्दछ र प्रकृतिको क्षीणताको पनि ज्ञान भएर आउँछ ॥१७-१८॥ भगवद्भक्ति बाहेक मुक्ति पाउने कुनै अर्को कल्याणप्रद बाटो छैन। ज्ञानी जनले विषयमा आसक्तिलाई * आत्माको प्रबल बन्धन मानेको छ तर उही आसक्ति यदि सन्तानको सत्सङ्गमा परिणत भयो भने मोक्ष सुलभ पर्दछ॥१९-२०॥ साधु (सज्जन) तीनै हुन् जो जाडो-गर्मी,

---

* दृष्टान्त—(आत्मत्याग) एक पटक वृत्रासुरको प्रतापले इन्द्र स्वर्गभ्रष्ट भए। त्यस बेलादेखि सबै देवता वृत्रासुरको अत्याचारले दुःखी रहन लागे। त्यस दैत्यले कठोर तप गरेर ब्रह्माजीसित वरदान पाएको थियो, जसले फलाम आदि कुनै धातु, काठ वा पत्थरद्वारा त्यसको वध हुन सक्तैनथ्यो। अनि देवगुरु बृहस्पतिको उपदेशबाट इन्द्र उग्रतपी दधीचि मुनिको शरणमा गए र उनीसित आफ्नो हाड दिने प्रार्थना गरे। एक पटक तिनै इन्द्रले मुनिको तपस्यामा विघ्न पारेर शत्रु जस्तै व्यवहार गरेका थिए। तर उन्नत विचारका व्यक्ति त्यस्तो मौकामा निजी शत्रुतालाई सम्झन्नन्। सबै देवतागणको कल्याण गर्ने उद्देश्यले आत्मत्यागी दधीचि मुनिले प्रसन्नता साथ प्राण त्यागेर आफ्नो हाड अस्त्र बनाउनका निम्ति इन्द्रलाई दान गरेर दिए। त्यही हाडको वज्र बनाए र वृत्रासुरको वध गरे। यस प्रकार तिनले वृत्रको त्रासबाट देवताहरूको रक्षा गरे। धन्य थिए ती महर्षि दधीचि !

Collection Nagarjun Z. Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुख-दुःखादि द्वन्दहरू सहन्छन्, जो परमदयालु र लोकहितचिन्तक छन् तथा जो राग-द्वेषबाट टाढा र शान्तस्वभावका छन्, ती अनन्यभावले मेरो भक्ति गर्दछन् । मेरा निम्ति ती सबै त्यागिदिन्छन् । भाई-बन्धुको मोह तिनको साधनामा विघ्न पार्नसक्तैन । ती मेरो कथा भन्दै सुन्दैरहन्छन् । ती सज्जनहरूलाई त्रिविधतापले कष्ट दिँदैनन् ॥२१-२३॥ तिनमा वासनाको लेश पनि रहन्न । हे माता ! तिनै सज्जनको संगति गर्नुपर्दछ । तिमको सम्पर्कमा रहनाले सबै विकार नष्ट हुन्छन् ॥२४॥ तिनको संगति गरे मेरो कर्ण-सुखद पराक्रम गाथाहरू सुन्न पाइन्छन् । सत्संगले क्रमशः भगवान्मा श्रद्धा, अनि प्रीति र त्यसपछि भक्ति उत्पन्न हुन्छ । मेरो रचनाको चिन्तन गर्दा गर्दै प्राणि भक्ति गर्न लाग्दछ, तब त्यसलाई ऐहिक र पारलौकिक सुखहरूबाट वैराग्य हुन्छ । त्यसपछि त्यो योगयुक्त भएर साधनाद्वारा चित्तवृत्तिहरू संयत पार्दछ । शब्द आदि प्राकृतिक गुणहरूबाट भिन्न रहेर

हिनाम् ॥ अजातशत्रवः शान्ताः साधवः साधुभूषणाः ॥ २१ ॥ मय्यनन्येन भावेन भक्तिं कुर्वंति ये दृढाम् ॥ मत्कृते त्यक्तकर्माणस्त्यक्तस्वजनबान्धवाः ॥ २२ ॥ यदाश्रयाः कथाः मृष्टाः शृण्वन्ति कथयन्ति च ॥ तपन्ति विविधाँस्तापानेतान्मद्गतचेतसः ॥ २३ ॥ त एते साधवः साध्वि सर्वसङ्गविवर्जिताः ॥ संगस्तेष्वथ ते प्रार्थ्यः संगदोषहता हि ते ॥ २४ ॥ सतां प्रसंगान्मम वीर्यसंविदो भवन्ति हृत्कर्णरसायनाः कथाः ॥ तज्जोषणादाश्वपवर्गवर्त्मनि श्रद्धा रतिर्भक्तिरनुक्रमिष्यति ॥ २५ ॥ भक्त्या पुमाञ्जातविराग ऐन्द्रियाद्दृष्टश्रुतान्मद्रचनानुचिन्तया ॥ चित्तस्य यत्तो ग्रहणे योगयुक्तो यतिष्यते ऋजुभिर्योगमार्गैः ॥ २६ ॥ असेवयाऽयं प्रकृतेर्गुणानां ज्ञानेन वैराग्यविजृम्भितेन ॥ योगेन मय्यर्पितया च भक्त्या मां प्रत्यगात्मानमिहावरुन्धे ॥ २७ ॥ देवहूतिरुवाच ॥ काचित्त्वय्युचिता भक्तिः कीदृशी मम गोचरा ॥ यया पदं ते निर्वाणमंजसाऽन्वाश्रया अहम् ॥ २८ ॥ यो योगो भगवद्बाणो निर्वाणत्मंस्त्वयोदितः ॥ कीदृशः कति चाङ्गानि यतस्तत्त्वावबोधनम् ॥ २९ ॥ तदेतन्मे विजानीहि यथाऽहं मन्दधीर्हरे ॥ सुखं बुद्ध्येय दुर्बोधं योषा भवदनुग्रहात् ॥ ३० ॥ मैत्रेय उवाच ॥ विदित्वाऽर्थं कपिलो मातुरित्थं जातस्नेहो यत्र तन्वाऽभिजातः ॥ तत्त्वाम्नायं यत्प्रवदन्ति सांख्यं प्रोवाच वै भक्तिवितानयोगम् ॥ ३१ ॥ श्रीभगवानुवाच ॥ देवानां गुणलिंगानामानुश्रविककर्मणाम् ॥ सत्त्व एवैकमनसो वृत्तिः स्वाभाविकी तु या ॥३२॥ अनिमित्ता भगवती भक्तिः सिद्धेर्गरीयसी ॥ जरयत्याशु या कोशं निगीर्णमनलो यथा ॥३३॥

ज्ञान-वैराग्ययुक्त योगबाट र मेरो भक्तिद्वारा साधक यही देहले मलाई प्राप्त गर्दछ । देवहूतिले भनिन्—तिम्रो मोक्षात्मक स्वरूपको प्राप्ति कस्तो भक्तिले हुन सक्तछ र म (स्त्रीजाति) कुन भक्तिकी अधिकारिणी छु ? ॥२५-२८॥ हे मोक्षस्वरूप ! भगवत्प्राप्ति गराउने तत्त्वज्ञानोपयोगी जुन योगको वर्णन गर्‍यौ, त्यसको विधि भन ; त्यसका कति अंग छन् ॥२९॥ मलाई यस्तो उपदेश देऊ—जसले मजस्ती मन्दबुद्धि स्त्री पनि तिम्रो कृपाले त्यो दुर्बोध्य योगको सुख बुझ्न सकूँ ॥ ३० ॥ मैत्रेयजी भन्दछन्—आमाका यस्ता वचन सुनेर कपिलदेव प्रसन्न भए । उनले प्रकृति आदि तत्त्वहरूको निरूपण गर्ने सांख्यशास्त्र, विस्तृत भक्ति र योगको उपदेश यसरी दिए ॥३१॥ कपिलजी भन्दछन् शुद्ध तत्त्वमय भगवान्मा इन्द्रियहरूको निष्काम प्रवृत्तिलाई नै भक्ति भन्दछन्, यस्तो भक्ति मुक्ति भन्दा पनि श्रेष्ठ हुन्छ । जठराग्नि जस प्रकार खाएको अन्न पचाउँछ, त्यसै गरी भक्ति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिङ्गदेहलाई नष्ट पारिदिन्छ (लिङ्ग देह नष्ट नभई मुक्ति प्राप्त हुँदैन) ।।३२-३३।। मेरा केही अनन्य भक्त त भक्तिको सामुन्ने मुक्तिलाई पनि आदर दिँदैनन् । ती सबै एकत्र भएर ठूलो श्रद्धासहित मेरो गुण-गान गर्दछन् ।।३४।। हे माता ! यस्तै भक्तगणलाई मेरो प्रसन्न वदन, अरुण नयन र वरदायक दिव्य रूपहरूको दर्शन मिल्दछ र ती स्वरूपहरूका साथै ती सादर कुरा-कानी गर्दछन् ।।३५।। मेरा राम्रा अंग, लीला, हास-विलास, कृपा-कटाक्ष र सूक्तिहरूले भक्तजन गद्गद् भएर तन्मय हुन्छन् । यद्यपि तिनलाई कुनै वस्तुको इच्छा रहन्न तथापि मेरो निष्काम भक्ति तिनलाई मुक्त पारिदिन्छ ।।३६।। यद्यपि तिनलाई अणिमादि आठ थरिका सिद्धिहरू र सत्यलोक आदिको भोग-सम्पत्ति अभीष्ट हुँदैन, किनकि यस्ता जन अविद्याको प्रपञ्चबाट पारि तरिसक्छन्, तथापि ती मेरो निष्काम भक्तिको प्रभावले उल्लिखित ऐश्वर्य र भोग-सम्पत्तिको उपयोग वैकुण्ठमा गर्दछन् ।। ३७ ।। जो व्यक्ति मलाई हृदयबाटै चाहन्छन् र ममै आत्मा, सन्तान, सखा, मित्र, गुरु र अनुकूल भाग्य ठान्दछन्, ती अनन्य भक्तगणमा कालचक्रको प्रभाव पर्दैन ।।३८।। जो मेरा अनन्य भक्त

नैकात्मतां मे स्पृहयन्ति केचिन्मत्पादसेवाभिरता मदीहाः ।। येऽन्योन्यतो भागवताः प्रसज्ज्य सभाजयन्ते मम पौरुषाणि ।। ३४ ।। पश्यन्ति ते मे रुचिराण्यम्ब सन्तः प्रसन्नवक्त्रारुणलोचनानि ।। रूपाणि दिव्यानि वरप्रदानि साकं वाचं स्पृहणीयां वदन्ति ।। ३५ ।। तैर्दर्शनीयावयवैरुदार-विलासहासेक्षितवामसूक्तैः ।। हृतात्मनो हृतप्राणांश्च भक्तिरनिच्छतो मे गतिमण्वीं प्रयुङ्क्ते ।। ३६ ।। अथो विभूतिं मम मायाविनस्तामैश्वर्यमष्टा-ङ्गमनुप्रवृत्तम् ।। श्रियं भागवतीं वा स्पृहयन्ति भद्रां परस्य मे तेऽश्नुवते तु लोके ।।३७।। न कर्हिचिन्मत्पराः शान्तरूपे नङ्क्ष्यन्ति नो मेऽनिमिषो लेढि हेतिः ।। येषामहं प्रिय आत्मा सुतश्च सखा गुरुः सुहृदो दैवमिष्टम् ।। ३८ ।। इमं लोकं तथैवामुमात्मानमुभयायिनम् ।। आत्मानमनु ये चेह ये रायः पशवो गृहाः ।।३९।। विसृज्य सर्वानन्यांश्च मामेव विश्वतोमुखम् ।। भजन्त्यनन्यया भक्त्या तान्मृत्योरतिपारये ।। ४० ।। नान्यत्र मद्भ-गवतः प्रधानपुरुषेश्वरात् ।। आत्मनः सर्वभूतानां भयं तीव्रं निवर्तते ।। ४१ ।। मद्भयाद्वाति वातोऽयं सूर्यस्तपति मद्भयात् ।। वर्षतीन्द्रो दहत्यग्निर्मृ-त्युश्चरति मद्भयात् ।।४२।। ज्ञानवैराग्ययुक्तेन भक्तियोगेन योगिनः ।। क्षेमाय पादमूलं मे प्रविशन्त्यकुतोभयम् ।। ४३ ।। एतावानेव लोकेऽस्मि-न्पुंसां निःश्रेयसोदयः ।। तीव्रेण भक्तियोगेन मनो मय्यर्पितं स्थिरम् ।। ४४ ।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेयोपाख्याने पञ्च-

इहलोक, परलोक र स्त्री-पुत्र, घर-द्वारा तथा अन्य सांसारिक वस्तुहरूको परित्याग गरेर म सर्वव्यापकलाई भज्दछन्, तिनलाई म भवसागरबाट पारी तारिदिन्छु ।।३९-४०।। प्रकृति-पुरुषका अधिपति, समस्त प्राणीका अन्तरात्मा एवं षडैश्वर्य युक्त म ईश्वर बाहेक अरु कसैको सहायताबाट मृत्युरूपी महाभयबाट मुक्ति पाउनु असम्भव छ ।।४१।। मेरो नै भयले हावा चल्दछ, सूर्य, तात्तछन्, मेघ बर्सन्छ र आगो बल्दछ । मेरो नै डरले मृत्यु आफ्नो काम गर्दछ । प्रकृति र पुरुषको नियन्तामा म नै हुँ । प्राणिहरूको तीव्र भयलाई म बाहेक अरु कसैले टार्न सक्तैन ।।४२।। योगीजन आफ्नो कल्याणका लागि वैराग्य र भक्तियोगको मद्दतले मेरो शरणमा आएर निर्भय हुन्छन् ।।४३।। प्रबल भक्तियोगद्वारा ममा मन लगाइदिनु नै संसारमा मोक्ष प्राप्तिको सर्वोत्तम साधन छ ।।४४।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषा-टीकायां पंचविंशोऽध्यायः ।।२५।। (सांख्य शास्त्रोक्त रीतिले

... Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थहरूको उत्पत्ति) कपिदेवले भने–हे माता ! अब म प्रकृति आदि तत्त्वहरूको लक्षण भन्दछु । तिनलाई जान्नाले जीवात्मा मायाका बन्धनबाट मुक्त हुन्छ ॥१॥ अहङ्कारलाई नष्ट पान र जीवात्माको मोक्ष प्राप्तिका लागि म आत्मज्ञानको वर्णन गर्दछु ॥२॥ यो बिश्व जुन पुरुषबाट प्रकट हुन्छ, त्यो अनादि आत्मा (परमात्मा), चेतनामय, निर्गुण र प्रकृतिबाट पर छ ॥ ३ ॥ सूक्ष्म, दैवी, त्रिगुणात्मिका तथा स्वतः प्राप्त मायालाई त्यस व्यापक पुरुषले जीवरूप भएर स्वेच्छाले ग्रहण गरेको छ ॥ ४ ॥ प्रकृति रचित त्रिविध पदार्थहरू देखेर जीवात्मा भ्रममा गाडिन्छ । कर्म त प्राकृतिक गुणका खेल हुन्, तर यो जीवात्मा भ्रमवश आफूलाई नै तिनको कर्ता मान्दछ । यद्यपि पुरुष (जीवात्मा) स्वाधीन, सुखात्मक, अकर्ता र द्रष्टा मात्र हो । तथापि कर्तृत्वको अभिमान गरेर यो जन्म-मरणको प्रवाहमा पर्दछ ॥५॥६॥ शरीर, इन्द्रिय र तिनका अधिष्ठाता देवताहरूको

विंशतितमोऽध्यायः ॥ २५ ॥ श्रीभगवानुवाच ॥ अथ ते संप्रवक्ष्यामि तत्त्वानां लक्षणं पृथक् ॥ यद्विदित्वा विमुच्येत पुरुषः प्राकृतैर्गुणैः ॥ १ ॥ ज्ञानं निःश्रेयसार्थाय पुरुषस्यात्मदर्शनम् ॥ यदाहुर्वर्णये तत्ते हृदयग्रन्थिभेदनम् ॥ २ ॥ अनादिरात्मा पुरुषो निर्गुणः प्रकृतेः परः ॥ प्रत्यग्धामा स्वयंज्योतिर्विश्वं येन समन्वितम् ॥ ३ ॥ स एष प्रकृतिं सूक्ष्मां दैवीं गुणमयीं विभुः ॥ यदृच्छयैवोपगतामभ्यपद्यत लीलया ॥ ४ ॥ गुणैर्विचित्राः सृजतीं सरूपाः प्रकृतिं प्रजाः ॥ विलोक्य मुमुहे सद्यः स इह ज्ञानगूहया ॥ ५ ॥ एवं पराभिध्यायेन कर्तृत्वं प्रकृतेः पुमान् ॥ कर्मसु क्रियमाणेषु गुणैरात्मनि मन्यते ॥ ६ ॥ तदस्य संसृतिर्बन्धः पारतन्त्र्यं च तत्कृतम् ॥ भवत्यकर्तुरीशस्य साक्षिणो निर्वृतात्मनः ॥ ७ ॥ कार्यकारणकर्तृत्वे कारणं प्रकृतिं विदुः ॥ भोक्तृत्वे सुखदुःखानां पुरुषं प्रकृतेः परम् ॥८॥ देवहूतिरुवाच ॥ प्रकृतेः पुरुषस्यापि लक्षणं पुरुषोत्तम ॥ ब्रूहि कारणयोरस्य सदसच्च यदात्मकम् ॥ ९ ॥ श्रीभगवानुवाच ॥ यत्तत्त्रिगुणमव्यक्तं नित्यं सदसदात्मकम् ॥ प्रधानं प्रकृतिं प्राहुरविशेषं विशेषवत् ॥१०॥ पञ्चभिः पञ्चभिर्ब्रह्म चतुर्भिर्दशभिस्तथा ॥ एतच्चतुर्विंशतिकं गुणं प्राधानिकं विदुः ॥११॥ महाभूतानि पञ्चैव भूरापोऽग्निर्मरुन्नभः ॥ तन्मात्राणि च तावन्ति गन्धादीनि मतानि मे ॥ १२ ॥ इन्द्रियाणि दश श्रोत्रं त्वग्दृग्रसननासिकाः ॥ वाक्करौ चरणौ मेढ्रं पायुर्दशम उच्यते ॥ १३ ॥ मनो बुद्धिरहङ्कारश्चित्तमित्यन्तरात्मकम् ॥ चतुर्धा लक्ष्यते भेदो वृत्त्या लक्षणरूपया ॥ १४ ॥ एतावानेव संख्यातो ब्रह्मणः सगुणस्य ह ॥ सन्निवेशो मया प्रोक्तो

कार्य, कारण, कर्तृत्व प्रकृति नै हो । सुख-दुःखको अनुभव उपाधियुक्त पुरुषलाई नै हुन्छ ॥७॥८॥ देवहूतिले भनिन्–हे पुरुषोत्तम ! प्रकृति र पुरुष जुन स्थूल-सूक्ष्म (सदसदात्मक) जगत्का कारण (जनक) छन्, ती दुवैका लक्षण भन ॥९॥ कपिलदेवले उत्तर दिए–प्रकृति वा प्रधान तत्त्व त्रिगुणात्मक, अव्यक्त र कार्य-कारणात्मक छ । त्यो विशेष धर्मबाट रहित भएर पनि ती धर्महरूको आधार मानिन्छ । श्रोत्र, त्वक्, चक्षु, जिह्वा, नासिका, वाणी, हात, पाउ, उपस्थ, पायु यी दस इन्द्रिय तथा मन, बुद्धि, अहङ्कार र चित्त यी चारै अन्तरिन्द्रियहरूको परिचय यिनका कार्यहरूबाट नै हुन्छ । पृथ्वी, जल, तेज, वायु र आकाश यी पञ्चमहाभूत हुन् । गन्ध, रस, रूप, स्पर्श र शब्द यी पंचतन्मात्राहरू हुन् । यी सबै मिलेर चौबीस तत्त्व भए । यी चौबीसै तत्त्व प्रकृतिका कार्य हुन् । यी तत्त्वलाई (प्राकृतिक) कार्यात्मक ब्रह्म पनि भन्दछन् ॥१०-१४॥ काल पच्चीसौं तत्त्व हो । प्रकृतिको एक अवस्थालाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै काल मन्दछन् ॥ १५ ॥ कोही जन पुरुष (ईश्वर) को पराक्रमलाई नै काल मान्दछन् । कालका दुइ भेद हुन्छन्––पहिलो 'संहारक' र अर्को 'उत्पादक' अविवेकी जीवात्मालाई जसबाट भय रहन्छ त्यो संहारक काल हो र जसद्वारा प्रकृतिलाई क्रियाशक्ति प्राप्त हुन्छ, त्यो उत्पादक काल हो । यसरी भगवान् आफ्नी मायाद्वारा पुरुषरूपबाट प्राणिहरूको भित्र र बाहिर कालरूपबाट विधमान रहन्छन् ॥१६-१८॥ उपाधिरहित पुरुषले जीवादिको प्राक्तन कर्मानुसार क्रियाशक्ति र प्रकृतिमा चैतन्यरूप गर्भ स्थापित गरिदिए, तब त्यसले प्रकाशमय महत्तत्त्व उत्पन्न भयो ॥१९॥ त्यस महत्तत्त्वले तेजबाट प्रलयकालीन अन्धकारलाई हटाएर आफूमा सूक्ष्मरूपले स्थित विश्व (अहङ्कारादि प्रपञ्च) प्रकट गरिदियो । त्यो महत्तत्त्व सत्त्वगुण प्रधान, स्वच्छ, राग-द्वेषरहित र भगवत्प्राप्तिको साधन हो । त्यसको अधिभूत रूपमा महत्तत्व, अध्यात्मरूपमा चित्त र उपासनारूपमा वासुदेव भन्दछन् ॥२०॥२१॥ जस्तै जल स्वभावतः निर्मल र मधुर हुन्छ, किन्तु पृथ्वीमिश्रित संयोग भएपछि त्यसमा विकार उत्पन्न हुन्छन्, त्यस्तै नै चित्त स्वभावतः एकै प्रकारको रहन्छ । तैपनि भिन्न-भिन्न समयमा

यः कालः पञ्चविंशकः ॥ १५ ॥ प्रभावः पौरुषं प्राहुः कालमेके यतो भयम् ॥ अहङ्कारविमूढस्य कर्तुः प्रकृतिमायुषः ॥ १६ ॥ प्रकृतेर्गुणसाम्यस्य निर्विशेषस्य मानवि ॥ चेष्टा यतः स भगवान्काल इत्युपलक्षितः ॥ १७ ॥ अतः पुरुषरूपेण कालरूपेण यो बहिः ॥ सम्भवेत्येष सत्त्वानां भगवानात्ममायया ॥ १८ ॥ दैवात्क्षुभितधर्मिण्यां स्वयां योनौ परः पुमान् ॥ आधत्त वीर्यं साऽसूत महत्तत्त्वं हिरण्मयम् ॥ १९ ॥ विश्वमात्मगतं व्यञ्जन्कूटस्थो जगदङ्कुरः ॥ स्वतेजसाऽपिबत्तीव्रमात्मप्रस्वापनं तमः ॥ २० ॥ यत्तत्सत्त्वगुणं स्वच्छं शान्तं भगवतः पदम् ॥ यदाहुर्वासुदेवाख्यं चित्तं तन्महदात्मकम् ॥ २१ ॥ स्वच्छत्वमविकारित्वं शान्तत्वमिति चेतसः ॥ वृत्तिभिर्लक्षणं प्रोक्तं यथाऽपां प्रकृतिः परा ॥ २२ ॥ महत्तत्त्वाद्विकुर्वाणाद्भगवद्वीर्यसम्भवात् ॥ क्रियाशक्तिरहङ्कारस्त्रिविधः समपद्यत ॥ २३ ॥ वैकारिकस्तैजसश्च तामसश्च यतो भवः ॥ मनसश्चेन्द्रियाणां च भूतानां महतामपि ॥ २४ ॥ सहस्रशिरसं साक्षाद्यमनन्तं प्रचक्षते ॥ सङ्कर्षणाख्यं पुरुषं भूतेन्द्रियमनोमयम् ॥ २५ ॥ कर्तृत्वं करणत्वं च कार्यत्वं चेति लक्षणम् ॥ शान्तघोरविमूढत्वमिति वा स्यादहंकृतेः ॥ २६ ॥ वैकारिकाद्विकुर्वाणान्मनस्तत्त्वमजायत ॥ यत्सङ्कल्पविकल्पाभ्यां वर्तते कामसम्भवः ॥ २७ ॥ यद्विदुर्ह्यनिरुद्धाख्यं हृषीकाणामधीश्वरम् ॥ शारदेन्दीवरश्यामं संराध्यं योगिभिः शनैः ॥ २८ ॥

त्यसका वृत्ति भिन्न-भिन्न हुन्छन् । यसैनिम्ति चित्त कहिले निर्मल (भगवत्स्वरूप ग्रहण गर्न योग्य), कहिले विकार (लय र विक्षेप) रहित र कहिले शान्त (राग द्वेष आदिबाट रहित) रहन्छ ॥ २२ ॥ महत्तत्वमा विकार भएपछि सात्त्विक, राजस र तामस भेदले तीन थरिका क्रियाशक्तिमय अहङ्कार उत्पन्न भयो ॥ २३ ॥ यस त्रिविध अहङ्कारबाट मन तथा पञ्चमहाभूत र इन्द्रियहरूको उत्पत्ति भयो ॥२४॥ भूत, इन्द्रिय र मनको प्रवर्तक अहङ्कारलाई नै संकर्षण र अनन्त भन्दछन् ॥ २५ ॥ देवतारूपले कर्तृत्व, इन्द्रियरूपले कारणत्व र भूतरूपले कार्यत्व अहङ्कारको लक्षण हो अथवा सत्व, रज र तमोगुणको सम्पर्कबाट अहङ्कारमा यथाक्रम शान्ति डरलाग्दो र मूढता आउँछ ॥ २६ ॥ सात्त्विक अहङ्कारको विकारयुक्त भएपछि मनरूपी तत्त्व उत्पन्न भयो । यसको काम सङ्कल्प गर्नु हो । सङ्कल्प द्वारा इच्छाहरू उत्पन्न हुन्छन् ॥ २७ ॥ मनलाई अनिरुद्ध पनि भन्दछन् । यो इन्द्रियहरूको अधिपति हो)

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो नीलकमल समान श्यामवर्णको छ । योगीजन यसलाई निकै कष्टले वशमा पार्नसक्तछन् ॥२८॥ राजस अहङ्कारमा विकृति भएपछि बुद्धितत्त्वको उत्पत्ति भयो । तत्त्व पदार्थहरूको विशेषरूपले ज्ञान गराउने र इन्द्रियहरूको सहायक हो । सन्देह, मिथ्या ज्ञान, निश्चयस्मृति र निद्रा यी बुद्धिका नै भिन्न-भिन्न कार्य हुन् ॥ २९॥३० ॥ यस राजस अहङ्कारबाट नै इन्द्रियहरू उत्पन्न भए । क्रियाशक्ति प्राणको अधीन रहन्छ र प्राण राजास अहङ्कारको कार्य हो ॥३१॥ विकारयुक्त तामस अहङ्कारबाट आकाश उत्पन्न भयो । शब्द त्यसको गुण हो र त्यसलाई ग्रहण गर्ने इन्द्रियको नाम श्रोत्र हो ॥३२॥ यो शब्दको अर्थ बुझाउँछ र वक्तालाई ज्ञान गराउँछ । शब्दको स्वरूप अत्यन्त सूक्ष्म हुन्छ ॥ ३३ ॥ प्राणिहरूलाई स्थान दिनु, पदार्थको भित्र-बाहिर व्याप्त रहनु, प्राण, इन्द्रिय र मनलाई आश्रय दिनु आकाशको कार्य हो ॥३४॥ आकाश तत्त्वमा विकार भएपछि वायुको उत्पत्ति हुन्छ । स्पर्श उसको गुण हो र त्वगिन्द्रिय त्यसलाई ग्रहण गर्दछ । कोमलता, कठोरता र सर्दी-गर्मी आदिको ज्ञान स्पर्शले नै हुन्छ ॥ ३५ ॥ वृक्ष आदिलाई हल्लाउने, घाँस आदिलाई उखेलेर एकत्र पारिदिनु,

तैजसात्तु विकुर्वाणाद्बुद्धितत्त्वमभूत्सति ॥ द्रव्यस्फुरणविज्ञानमिन्द्रियाणामनुग्रहः ॥ २९ ॥ संशयोऽथ विपर्यासो निश्चयः स्मृतिरेव च ॥ स्वाप इत्युच्यते बुद्धेर्लक्षणं वृत्तितः पृथक् ॥ ३० ॥ तैजसानीन्द्रियाण्येव क्रियाज्ञानविभागशः ॥ प्राणस्य हि क्रियाशक्तिर्बुद्धेर्विज्ञानशक्तिता ॥३१॥ तामसाच्च विकुर्वाणाद्भगवद्वीर्यचोदितात् ॥ शब्दमात्रमभूत्तस्मान्नभः श्रोत्रं तु शब्दगम् ॥३२॥ अर्थाश्रयत्वं शब्दस्य द्रष्टुर्लिङ्गत्वमेव च ॥ तन्मात्रत्वं च नभसो लक्षणं कवयो विदुः ॥ ३३ ॥ भूतानां छिद्रदातृत्वं बहिरन्तरमेव च ॥ प्राणेन्द्रियात्मधिष्ण्यत्वं नभसो वृत्तिलक्षणम् ॥ ३४ ॥ नभसः शब्दतन्मात्रात्कालगत्या विकुर्वतः ॥ स्पर्शोऽभवत्ततो वायुस्त्वक् स्पर्शस्य च संग्रहः ॥ ३५ ॥ मृदुत्वं कठिनत्वं च शैत्यमुष्णत्वमेव च ॥ एतत्स्पर्शस्य स्पर्शत्वं तन्मात्रत्वं नभस्वतः ॥ ३६ ॥ चालनं व्यूहनं प्राप्तिर्नेतृत्वं द्रव्यशब्दयोः सर्वेन्द्रियाणामात्मत्वं वायोः कर्माभिलक्षणम् ॥ ३७ ॥ वायोश्च स्पर्शतन्मात्राद्रूपं दैवेरितादभूत् ॥ समुत्थितं ततस्तेजश्चक्षू रूपोपलम्भनम् ॥ ३८ ॥ द्रव्याकृतित्वं गुणता व्यक्तिसंस्थात्वमेव च ॥ तेजस्त्वं तेजसः साध्वि रूपमात्रस्य वृत्तयः ॥३९॥ द्योतनं पाचनं पानमदनं हिममर्दनम् ॥ तेजसो वृत्तयस्त्वेताः शोषणं क्षुत्तृडेव च ॥ ४० ॥ भौतिरूपमात्राद्विकुर्वाणात्तेजसो दैवचोदितात् ॥ रसमात्रमभूत्तस्मादम्भो जिह्वारसग्रहः ॥ ४१ ॥ कषायो मधुरस्तिक्तः कट्वम्ल इति नैकधा ॥ भौति-

गन्धयुक्त वस्तुलाई घ्राणेन्द्रियसम्म पुऱ्याउनु, चीसो र तातो पदार्थ त्वगिन्द्रियकहाँ र शब्दलाई श्रोत्रेन्द्रियसम्म पुऱ्याउनु र सबै इन्द्रियहरूलाई संचालित गर्नु वायुको नै कार्य हो ॥३६॥३७॥ हे माता । वायुतत्त्वमा विकार भएपछि तेज (अग्नि) को उत्पत्ति भयो । रूप त्यसको गुण हो, जसलाई चक्षु इन्द्रिय ग्रहण गर्दछ ॥३८॥ पदार्थहरूको आकारको बोध गराउनु, तिनकै आश्रित भएर रहनु र वस्तुहरूमा तद्रूप प्रतीत हुनु तेजको लक्षण हो । (यदि रूप वस्तुको आकार धारण गर्दैन भने त्यो देखिनै सक्तैन ! यसैनिम्ति वस्तुहरूमा रूपको तदाकारता मानिन्छ ।) प्रकाश दिनु, अन्न पकाउनु, शीतबाट रक्षा गर्नु, पदार्थहरूलाई सुकाउनु र भोक-प्यास उत्पन्न गर्नु तेजका कार्य हुन् । तेज तत्त्वमा विकार उत्पन्न भएपछि जलतत्त्व उत्पन्न हुन्छ । रस उसको गुण हो त्यसलाई रसनेन्द्रिय ग्रहण-गर्दछ ॥३९-४१॥ हुनत रस यौटै छ तर भिन्न-भिन्न भौतिक पदार्थका योगबाट टर्रो, तीतो, मीठो-पीरो र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमिलो आदि अनेक प्रकारको होइजान्छ । भिनाउनु, पिण्डाकार बनाउनु, तृप्त पार्नु, जीवनी शक्तिको संचार गर्नु, प्यास मार्नु, वस्तुलाई कोमल तुल्याउनु तातो हटाउनु र कूप, तलाउ आदिको जल खर्च भइरहेर पनि बारम्बार भरिदिनु, यी जलका कार्य हुन् ।। ४२-४३ ।। जलतत्त्व विकृत भएपछि त्यसबाट पृथ्वीतत्त्व उत्पन्न भयो, उसको गुण गन्ध हो । त्यसलाई घ्राणेन्द्रिय ग्रहण गर्दछन् ।।४४।। गन्ध एकै थरिको भए पनि पदार्थहरूको सम्पर्कले सुगन्धित, दुर्गन्धित, उग्र (लसुन-प्याजको गन्ध), मसीनो (कमलको गन्ध) र अमिलो भात्र लिएको हुन्छ । प्रतिमा आदि द्वारा भगवानको साकारताको निरूपण गर्नु, अर्काको मद्दत नभैकन स्थित रहनु, जललाई धारण गर्नु, आकाशको भिन्नता प्रकट गर्नु र प्राणिहरू तथा तिनका पुंस्त्व आदि गुण प्रकाशित पार्नु पृथ्वीका वृत्तिहरू हुन् ।। ४५-४६ ।। जुन इन्द्रियले शब्द ग्रहण गरिन्छ त्यसको नाम श्रोत्र (कान) हो । स्पर्श गुणलाई ग्रहण गर्ने त्वगिन्द्रिय छ । जुन इन्द्रियबाट रूप ग्रहण गरिन्छ, त्यसलाई 'चक्षु इन्द्रिय' भन्दछन् । रस-गुणलाई ग्रहण गर्ने रसनेन्द्रिय (जिह्वा) र गन्ध गुण ग्रहण गर्ने 'घ्राणेन्द्रिय' हो

कानां विकारेण रस एको विभिद्यते ।। ४२ ।। क्लेदनं पिण्डनं तृप्तिः प्राणनाप्यायनोन्दनम् ।। तापापनोदो भूयस्त्वमम्भसो वृत्तयस्त्विमाः ।। ४३ ।। रसमात्राद्विकुर्वाणादम्भसो दैवचोदितात् ।। गन्धमात्रमभूत्तस्मात्पृथ्वी घ्राणस्तु गन्धगः ।। ४४ ।। करम्भपूतिसौरभ्यशान्तोग्राम्लादिभिः पृथक् ।। द्रव्यावयववैषम्याद्गन्ध एको विभिद्यते ।। ४५ ।। भावनं ब्रह्मणः स्थानं धारणं सद्विशेषणम् ।। सर्वसत्त्वगुणोद्भेदः पृथिवीवृत्तिलक्षणम् ।। ४६ ।। नभोगुणविशेषोऽर्थो यस्य तच्छ्रोत्रमुच्यते ।। वायोर्गुणविशेषोऽर्थो यस्य तत्स्पर्शनं विदुः ।। ४७ ।। तेजोगुणविशेषोऽर्थो यस्य तच्चक्षुरुच्यते ।। अम्भोगुणविशेषोऽर्थो यस्य तद्रसनं विदुः ।। भूमेर्गुणविशेषोऽर्थो यस्य स घ्राण उच्यते ।। ४८ ।। परस्य दृश्यते धर्मो ह्यपस्मिन्न्यसमन्वयात् ।। अतो विशेषो भावानां भूमावेवोपलक्ष्यते ।। ४९ ।। एतान्यसंहत्य यदा महादादीनि सप्त वै ।। कालकर्मगुणोपेतो जगदादिरुपाविशत् ।। ५० ।। ततस्तेनानुविद्धेभ्यो युक्तेभ्योऽण्डमचेतनम् ।। उत्थितं पुरुषो यस्मादुदतिष्ठदसौ विराट् ।। ५१ ।। एतदण्डं विशेषाख्यं क्रमवृद्धैर्दशोत्तरैः ।। तोयादिभिः परिवृतं प्रधानेनावृतेर्बहिः ।। यत्र लोकवितानोऽयं रूपं भगवतो हरेः ।। ५२ ।। हिरण्मयादण्डकोशादुत्थाय सलिलेशयात् ।। तमाविश्य महादेवो बहुधा

।। ४७-४८ ।। कार्य र कारणको पारस्परिक सम्बन्ध भएपछि कारण गुण कार्यमा आउँछन् । त्यसैको यो परिणाम हो—पृथ्वीमा गन्धगुणको अतिरिक्त आफ्नो कारणतत्त्व (जल, तेज, वायु आकाशका गुण, रस, रूप, स्पर्श र शब्द) का गुण पनि पाइन्छन् ।। ४९ ।। महत् अहङ्कार र पञ्चमहाभूत यी सातै तत्त्व जुन बेला भिन्न-भिन्न थिए त्यसै बेला ईश्वरले काल, कर्म र गुणले युक्त भएर तत्त्वहरूमा यस निम्ति प्रवेश गरे कि ती सातै तत्त्व भिन्न-भिन्न हुनाले नै सृष्टि-रचना हुन सकेको थिएन ।। ५० ।। ईश्वरसित संयुक्त भएपछि तिनमा जब क्षोभ भयो, तब ती संयुक्त तत्त्वबाट यौटा अचेतन अण्ड उत्पन्न भयो । त्यस अण्डबाट विराट पुरुषको उत्पत्ति भयो ।। ५१ ।। त्यही अण्ड 'विशेष' कहियो । त्यही भगवानूको रूप हो र त्यसैबाट विश्वको विस्तार भएको छ । त्यो अण्ड उत्तरोत्तर दस दोबर जल आदिले घेरिएको छ र ती सबैको चारैतिर प्रकृतितत्त्वको आवरण छ ।।५२।।

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रबल शक्तिशाली भगवान्‌ले जलमा स्थित त्यो तेजोमय अण्डमा प्रविष्ट भएर त्यसमा अनेक साना-ठूला अनेक प्वाल पारिदिए ॥५३॥ सबभन्दा पहिले विराट् पुरुषस्वरूप (अण्डमा) मुख उत्पन्न भयो मुखका अधिष्ठाता अग्निसित त्वगिन्द्रिय उत्पन्न भए । फेरि नाकको प्वाल भयो र तिनमा प्राणवायु सहित घ्राणेन्द्रियले प्रवेश गरे ॥ ५४ ॥ त्यसपछि नेत्र-गोलक प्रकट भए । तिनमा आफ्ना अधिष्ठाता सूर्यसहित चक्षुइन्द्रियले प्रवेश गरे । तब कर्णगोलक उत्पन्न भए, तिनमा आफ्नी अधिष्ठात्री दिशाहरूरहित श्रोत्रेन्द्रियले प्रवेश गरे ॥ ५५ ॥ फेरि रौंसमेत त्वगिन्द्रिय र दाही जुँगा, कपाल उत्पन्न भए । त्यसपछि उसकी अधिष्ठात्री (अन्नादिकी देवी) औषधिहरू र शिश्नइन्द्रिय प्रकट भए ॥ ५६ ॥ आफ्नो अधिष्ठाता जलसित वीर्यले त्यसमा प्रवेश गर्‍यो । अनि गुदा उत्पन्न भयो र त्यसमा आफ्नी अधिष्ठात्री मृत्यु सहित अपानवायुले प्रवेश गर्‍यो ।.५७॥ अनि हात उत्पन्न भएर आफ्नी अधिष्ठात्री नदीसित जलले त्यसमा प्रवेश गर्‍यो । अनि चरण उत्पन्न भए, आफ्ना अधिष्ठाता विष्णु सहित तिनमा गति प्रविष्ट भयो ॥ ५८ ॥ अनि नाडीहरू उत्पन्न भए, आफ्नी अधिष्ठात्री नदीसित

निर्बिभेद खम् ॥ ५३ ॥ निरभिद्यतास्य प्रथमं मुखं वाणी ततोऽभवत् ॥ वाण्या वह्निरथो नासे प्राणोऽनो घ्राण एतयोः ॥ ५४ ॥ घ्राणाद्वायुरभिद्येतामक्षिणी चक्षुरेतयोः ॥ तस्मात्सूर्यो व्यभिद्येतां कर्णौ श्रोत्रं ततो दिशः ॥ ५५ ॥ निर्बिभेद विराजस्त्वग्रोमश्मश्र्वादयस्ततः ॥ तत ओषधयश्चासन् शिश्नं निर्बिभिदे ततः ॥ ५६ ॥ रेतस्तस्मादाप आसन्निरभिद्यत वै गुदम् ॥ गुदादपानोऽपानाच्च मृत्युर्लोकभयङ्करः ॥ ५७ ॥ हस्तौ च निरभिद्येतां बलं ताभ्यां ततः स्वराट् ॥ पादौ च निरभिद्येतां गतिस्ताभ्यां ततो हरिः ॥ ५८ ॥ नाड्योऽस्य निरभिद्यन्त ताभ्यो लोहितमाभृतम् ॥ नद्यस्ततः समभवन्नुदरं निरभिद्यत ॥ ५९ ॥ क्षुत्पिपासे ततः स्यातां समुद्रस्त्वेतयोरभूत् ॥ अथास्य हृदयं भिन्नं हृदयान्मन उत्थितम् ॥ ६० ॥ मनसश्चन्द्रमा जातो बुद्धिर्बुद्धिगिरां पतिः ॥ अहङ्कारस्ततो रुद्रश्चित्तं चैत्यस्ततोऽभवत् ॥ ६१ ॥ एते ह्यभ्युत्थिता देवा नैवास्योत्थापनेऽशकन् ॥ पुनराविविशुः खानि तमुत्थापयितुं क्रमात् ॥ ६२ ॥ वह्निर्वाचा मुखं भेजे नोदतिष्ठत्तदा विराट् ॥ घ्राणेन नासिके वायुर्नोदतिष्ठत्तदा विराट् ॥ ६३ ॥ अक्षिणी चक्षुषाऽऽदित्यो नोदतिष्ठत्तदा विराट् ॥ श्रोत्रेण कर्णौ च दिशो नोदतिष्ठत्तदा विराट् ॥ ६४ ॥ त्वचं रोमभिरोषध्यो नोदतिष्ठत्तदा विराट् ॥ रेतसा शिश्नमापस्तु नोदतिष्ठत्तदा विराट् ॥ ६५ ॥ गुदं मृत्युरपानेन नोदतिष्ठत्तदा विराट् ॥

इनमा रक्तले प्रवेश गर्‍यो तब उदर प्रकट भयो, आफ्ना अधिष्ठाता समुद्रसहित भोक-प्यास प्रविष्ट भई । फेरि हृदय उत्पन्न भयो, त्यसमा मन, बुद्धि, चित्त, अहङ्कार आफाफ्ना अधिष्ठाता चन्द्रमा, ब्रह्मा, रुद्र र क्षेत्रज्ञ सहित प्रविष्ट भए ॥५९-६१॥ यी सबै अधिष्ठाता देवता सम्मिलित रूपबाट प्रत्यत्न गरेर पनि जब विराट् पुरुषलाई उठाउन सकेनन् (कार्यक्षम पनि सकेनन्) तब उनलाई उठाउनको निम्ति पूर्वोक्त देवता इन्द्रिय समेत यथाक्रम आफाफ्ना छिद्रमा फेरि प्रविष्ट भए ॥६२-६३॥ मुखमा वागिन्द्रिय (वाणी) सित अग्निले प्रवेश गर्दा पनि विराट् पुरुष उठेन, तब वायु देवता घ्राणेन्द्रियसित नाकमा प्रविष्ट भए । तैपनि विराटपुरुष नउठेपछि चक्षुइन्द्रियसित सूर्य नेत्र-गोलकमा प्रविष्ट भए । त्यति भएर पनि जब विराट् पुरुष उठेन, तब क्रमशः दिशाहरूसित श्रोत्रेन्द्रियले कर्ण-गोलकमा, औषधिसित तथा रोमादिले त्वक्‌मा, वीर्यसित जलले शिश्नइन्द्रियमा र अपान वायुसित मृत्युले गुदामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवेश गरे, तैपनि जब विराट् पुरुष उठेनन्, तब बलसित इन्द्रले हातमा, गतिसित विष्णुले चरणमा, रक्तसित नदीहरूले नाडीहरूमा र भोक-प्यासित समुद्रले पेटमा प्रवेश गरे तैपनि विराट् पुरुष उठेनन् । अनि हृदयमा मनसहित चन्द्रमा, बुद्धिसहित ब्रह्मा र अहङ्कार सहित रुद्र प्रविष्ट भएर पनि विराट् पुरुष उठेनन् । तर हृदयमा चित्तसहित क्षेत्रज्ञ प्रविष्ट हुनासाथ जलबाट विराट् पुरुष उठेर ठिङ्ग उभियो ॥६४-७०॥ जसरी प्राण, इन्द्रिय, मन र बुद्धि सुतेका प्राणीलाई क्षेत्रज्ञको सहायता विना उठाउन समर्थ हुँदैनन्, त्यसै गरी अग्नि प्रभृति देवता पनि क्षेत्रज्ञ विना विराट् पुरुषलाई उठाउन सकेनन् ॥७१॥ अतः श्रवण-कीर्तन आदिको रूपमा भक्ति, वैराग्य, ज्ञान र अष्टांग योगको सहायताले एकाग्र पारिएकी बुद्धि द्वारा प्रकृति र पुरुषको भिन्नताको विचार गरेर शरीरमै क्षेत्रज्ञको चिन्तन गरोस् ॥७२॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे षड्विंशोऽध्यायः ॥२६॥ (पुरुष र प्रकृतिको विवेक द्वारा मोक्ष प्राप्तिको रीति-निरूपण) कपिलदेवले भने—हे माता ! जसरी जलमा प्रतिबिम्बित सूर्यमा

हस्ताविन्द्रो बलेनैव नोदतिष्ठत्तदा विराट् ॥ ६६ ॥ विष्णुर्गत्यैव चरणौ नोदतिष्ठत्तदा विराट् ॥ नाडीर्नद्यो लोहितेन नोदतिष्ठत्तदा विराट् ॥ ६७ ॥ क्षुत्तृड्भ्यामुदरं सिंधुर्नोदतिष्ठत्तदा विराट् ॥ हृदयं मनसा चन्द्रो नोदतिष्ठत्तदा विराट् ॥ ६८ ॥ बुद्धया ब्रह्माऽपि हृदय नोदतिष्ठत्तदा विराट् ॥ रुद्रोऽभिमत्या हृदयं नोदतिष्ठत्तदा विराट् ॥ ६६ ॥ चित्तेन हृदयं चैत्यः क्षेत्रज्ञः प्राविशद्यदा ॥ विराट् तदैव पुरुषः सलिलादुदतिष्ठत ॥ ७० ॥ यथा प्रसुप्तं पुरुषं प्राणेन्द्रियमनोधियः ॥ प्रभवन्ति विना येन नोत्थापयितुमोजसा ॥ ७१ ॥ तमस्मिन्प्रत्यगात्मानं धिया योगप्रवृत्तया ॥ भक्त्या विरक्त्या ज्ञानेन विविच्यात्मनि चिन्तयेत् ॥७२॥ इति श्रीमद्भागवतेम हापुराणे तृतीयस्कन्धे कापिलेये तत्त्वसमाम्नाये षट्विंशतितमोऽध्यायः ॥२६॥ श्रीभगवानुवाच ॥ प्रकृतिस्थोऽपि पुरुषो नाज्यते प्राकृतैर्गुणः ॥ अविकारादकर्तृत्वान्निर्गुणत्वाज्जलार्कवत् ॥ १ ॥ स एस यर्हि प्रकृतेर्गुणेष्वभि-षज्जते ॥ अहंक्रियाविमूढात्मा कर्ताऽस्मीत्यभिमन्यते ॥२॥ तेन संसारपदवीमवशोऽभ्येत्य निर्वृतः ॥ प्रासङ्गिकैः कर्मदोषैः सदसन्मिश्रयोनिषु ॥ ३ ॥ अर्थे ह्यविद्यमानेऽपि संसृतिर्न निवर्तते ॥ ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमो यथा ॥ ४ ॥ अत एव शनैश्चित्तं प्रसक्तमसतां पथि ॥ भक्तियोगेन तीव्रेण विरक्त्या च नयेद्वशम् ॥ ५ ॥ यमादिभिर्योगपथैरभ्यसन् श्रद्धयान्वितः ॥ मयि भावेन सत्येन मत्कथाश्रवणेन च ॥ ६ ॥ सर्वभूतसमत्वेन

जलका विकार (हिलो आदि) को प्रभाव देखिन्छ, तर वास्तविक सूर्यमा तिनको केही प्रभाव पर्दैन त्यसैगरी विकार कर्तृत्व आदि गुणले हीन हुनाले पुरुष प्रकृतिका गुणमा सम्बद्ध भएर पनि वास्तवमा ती गुण (सुख-दुःखादि) फलमा अलिप्त तथा अनासक्त नै रहन्छ ॥१॥ प्रकृतिका गुणको संगत भएपछि त्यही पुरुष अहङ्कारवश आफ्नो कर्तृत्वको अभिमान गर्न थाल्दछ ॥२॥ यसै कारण त्यो विवश भएर प्रकृतिजन्य कर्मदोषहरू द्वारा उत्तम, मध्यम, अधम, देव, मनुष्य तथा तिर्यक् योनिमा जन्म लिन्छ ॥३॥ जसरी स्वप्नका घटनाहरू सारहीन हुन्छन् तर तिनलाई देख्ने व्यक्ति ती घटनाहरूद्वारा सुख-दुःखको अनुमान गरिलिने गर्दछ, त्यस्तै सांसारिक पदार्थ असार छन् तापनि पुरुष अविवेकवश

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तनिमा अल्झेर संसार-चक्रमा डुलिरहन्छ ॥४॥ अतः प्रबल भक्तियोग र *वैराग्य द्वारा चित्तलाई विस्तार-विस्तार विषयबाट हटाओस् ॥५॥ श्रद्धापूर्वक यम-नियमादिको अभ्यास गरोस्, मेरो (परमेश्वरको) निष्कपट भक्ति गरोस् र मेरा गुणको निरन्तर श्रवण-मनन-कीर्तन गर्दै रहोस् ॥६॥ जीवमात्रलाई समान दृष्टिले हेरोस् शत्रुता त्यागोस् आसक्तिबाट जोगिई ब्रह्मचर्य र मौनव्रत पालन गरोस् ईश्वरार्पण बुद्धिले कर्म गर्दैरहोस् ॥७॥ पाएको जतिमैं सन्तुष्ट रहोस्, परिमित आहार गरेर मननको बानी पारोस् । एकान्तमा बसोस्, चित्तमा अशान्ति आउन नदेओस् । लोकहित चिन्तक, दयालु र धैर्यवान् बनोस् ॥ ८ ॥ पुत्र-कलत्र र देहमा पनि ममत्व नबढाओस् ॥ ९ ॥ प्रकृति र पुरुषको वास्तविक ज्ञान प्राप्त गरोस्, जसले बुद्धिका जाग्रत्, स्वप्न, सुषुप्ति अवस्थाहरू पर जाऊन् र भेद-बुद्धि पनि नरहोस् । यस्तो भएपछि त्यसै गरी आत्मदर्शन हुन्छ, जसरी आँखाले सूर्य देखिन्छन् ॥१०॥ आत्मदर्शन हुनासाथ उपाधिरहित अहङ्कारमा तद्रूप झैं प्रतीत हुने मायाका अधिष्ठान, विश्वप्रपंचका प्रकाशक एवं कार्य-कारणले भिजेका ब्रह्मको प्राप्ति हुन्छ ।

निर्वैरेणाप्रसङ्गतः ॥ ब्रह्मचर्येण मौनेन स्वधर्मेण बलीयसा ॥ ७ ॥ यदृच्छयोपलब्धेन संतुष्टो मितभुङ्मुनिः ॥ विविक्तशरणः शान्तो मैत्रः करुण आत्मवान् ॥८॥ सानुबन्धे च देहेऽस्मिन्नकुर्वन्नसदाग्रहम् ॥ ज्ञानेन दृष्टतत्त्वेन प्रकृतेः पुरुषस्य च ॥ ९ ॥ निवृत्तबुद्ध्यवस्थानो दूरीभूतान्यदर्शनः ॥ उपलभ्यात्मनाऽऽत्मानं चक्षुषेवार्कमात्मदृक् ॥ १० ॥ मुक्तलिङ्गं सदाभासमसति प्रतिपद्यते ॥ सतो बन्धुमसच्चक्षुः सर्वानुस्यूतमद्वयम् ॥ ११ ॥ यथा जलस्थ आभासः स्थलस्थेनावदृश्यते ॥ स्वाभासेन तथा सूर्यो जलस्थेन दिवि स्थितः ॥ १२ ॥ एवं त्रिवृदहङ्कारो भूतेन्द्रियमनोमयैः ॥ स्वाभासैर्लक्षितोऽनेन सदाभासेन सत्यदृक् ॥ १३ ॥ भूतसूक्ष्मेन्द्रियमनोबुद्ध्यादिष्विह निद्रया ॥ लीनेष्वसति यस्तत्र विनिद्रो निरहंक्रियः ॥१४॥ मन्यमानस्तदात्मानमनष्टो नष्टवन्मृषा ॥ नष्टेऽहङ्करणे द्रष्टा नष्टवित्त इवातुरः ॥ १५ ॥ एवं प्रत्यवमृश्यासावात्मानं प्रतिपद्यते ॥ साहङ्कारस्य द्रव्यस्य

जस्तै पानीभित्र परेको सूर्यको छाया भीत्ता आदिमा प्रतिफलित देख्दा हेर्नेलाई वास्तविक सूर्यको ज्ञान हुन्छ, त्यस्तै नै आत्मा-प्रति बिम्बरूप देह इन्द्रिय र मनमा प्रतिबिम्बित अहङ्कार लक्षित हुन्छ र त्यस त्रिगुणमय अहङ्कारबाट परमार्थस्वरूप आत्माको ज्ञान प्राप्त हुन्छ । सूक्ष्म पञ्चभूत, इन्द्रिय, मन, बुद्धि र अहङ्कारको निद्रामा लीन भएपछि जो जागृत र निरहंकार बनि रहन्छ, त्यही आत्मा हो ॥११-१४॥ सुषुप्ति अवस्थामा नै विशुद्ध आत्माको दर्शन हुन्छ, किनकि सुषुप्ति अवस्थामा नष्ट त अहङ्कार नै हुन्छ, परन्तु पुरुष अविवेकवश त्यसै गरी आफू नष्ट भए झैं ठान्न थाल्दछ, जस्तै—कोही व्यक्ति धन-नाश भएपछि आफूलाई नष्ट मान्न थालिहाल्दछ । यस्तो विचार गरेर ज्ञानी पुरुष

---

* दृष्टान्त—(नयाँ विरागी)—बंगालमा परमहंस रामकृष्णको संगतिद्वारा यौटा युवकको मनमा वैराग्य उत्पन्न भयो । अतः त्यसले आफ्नो सम्पूर्ण सम्पत्ति गरीबहरूमा बाँडिदियो र एक हजार रुपियाँ परमहंसलाई अर्पण गर्न खोज्यो, तर वर-परकाले परमहंस यस्तो भेट स्वीकार गर्दैनन् भने । त्यसले एक, दुइ, तीन, चार यसरी हजारसम्म गनेर सबै रूपियाँ नदीको धारामा फ्याँकिदियो । रित्तो हात परमहंसकहाँ गएर त्यसले यो सारा हाल सुनायो । त्यो सुनेर परमहंस भन्दछन्—'जुन ठाउँमा पुग्नुपर्ने हो, त्यहाँ पुग्नको निम्ति तिमीले एक हजार पाइला उचाल्नु पऱ्यो । यसले ज्ञात हुन्छ—अझ तिम्रो धनसम्बन्धी मोह हराएको छैन । धर्म कार्यमा यदि यसै गरी पाइला राख्दै गयौ भने आफ्नो लक्ष्यसम्म पुग्न सक्ने छैनौ । जाऊ बजारमा कुनै धनीको पसलमा बसेर धन गन्ने आफ्नो इच्छा पूर्ण पार, अनि आउन ।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहङ्कारयुक्त कार्य-कारणका प्रकाशक र अधिष्ठान स्वरूप आत्मालाई प्राप्त गर्दछ ॥१५॥१६॥ देवहूतिले भनिन्–हे प्रभो ! जसरी पृथ्वीबाट गन्ध, जल र रस अलग-अलग पार्न सकिन्न, त्यसै गरी प्रकृति र पुरुषलाई पनि पृथक्-पृथक् पार्न सकिन्न, किनकि यी दुवै नित्य र अन्योन्याश्रित छन् ॥ १७ ॥ जब पुरुष निष्क्रिय छ र कर्म-बन्धन त्यसलाई प्रकृतिका गुणहरूबाट प्राप्त छ, तब ती गुण छँदाछँदै पुरुष कसरी मुक्त हुन सक्तछ ? कहीं-कहीं यस्तो पनि ज्ञात हुन्छ–विवेक भएपछि आवागमनको यस संसारमा बाटो नष्टप्राय भइसकेको छ, तर प्रकृतिका गुण नष्ट नहुनाले त्यसको आवागमन रहिरहन्छ ॥१८-२०॥ कपिलदेवले भने–हे माता ! शुद्ध चित्त र निष्काम कर्मका कुरा सुन्नाले उत्पन्न भक्ति, तत्त्वज्ञान, वैराग्य र समाधि द्वारा बिस्तार बिस्तार पुरुष र प्रकृतिको सम्बन्ध त्यसै गरी छुटतछ, जसरी अरणि उत्पन्न गर्ने काष्ठ अग्नि उत्पन्न गरेर स्वयं पनि त्यसमा

योऽवस्थानमनुग्रहः ॥ १६ ॥ देवहूतिरुवाच ॥ पुरुषं प्रकृतिर्ब्रह्मन्न विमुञ्चति कर्हिचित् ॥ अन्योन्यापाश्रयत्वाच्च नित्यत्वादनयोः प्रभो ॥ १७ ॥ यथा गन्धस्य भूमेश्च न भावो व्यतिरेकतः ॥ अपां रसस्य च यथा तथा बुद्धेः परस्य च ॥ १८ ॥ अकर्तुः कर्मबन्धोऽयं पुरुषस्य यदाश्रयः ॥ गुणेषु सत्सु प्रकृतेः कैवल्यं तेष्वतः कथम् ॥ १६ ॥ क्वचित्तत्त्वावमर्शेन निवृत्तं भयमुल्बणम् ॥ अनिवृत्तनिमित्तत्वात्पुनः प्रत्यवतिष्ठते ॥ २० ॥ श्रीभगवानुवाच ॥ अनिमित्तनिमित्तेन स्वधर्मेणामलात्मना ॥ तीव्रया मयि भक्त्या च श्रुतसम्भृतया चिरम् ॥ २१ ॥ ज्ञानेन दृष्टतत्त्वेन वैराग्येण बलीयसा ॥ तपोयुक्तेन योगेन तीव्रेणात्मसमाधिना ॥ २२ ॥ प्रकृतिः पुरुषस्येह दह्यमाना त्वहर्निशम् ॥ तिरोभवित्री शनकैरग्नेर्योनिरिवारणिः ॥ २३ ॥ भुक्तभोगा परित्यक्ता दृष्टदोषा च नित्यशः ॥ नेश्वरस्याशुभं धत्ते स्वे महिम्नि स्थितस्य च ॥ २४ ॥ यथा ह्यप्रतिबुद्धस्य प्रस्वापो बह्वनर्थभृत् ॥ स एव प्रतिबुद्धस्य न वै मोहाय कल्पते ॥ २५ ॥ एवं विदिततत्त्वस्य प्रकृतिर्मयि मानसम् ॥ युञ्जतो नापकुरुत आत्मारामस्य कर्हिचित् ॥ २६ ॥ यदैवमध्यात्मरतः कालेन बहुजन्मना ॥ सर्वत्र जातवैराग्य आब्रह्मभुवनान्मुनिः ॥ २७ ॥ मद्भक्तः प्रतिबुद्धार्थो मत्प्रसादेन भूयसा ॥ निःश्रेयसं स्वसंस्थानं कैवल्याख्यं मदाश्रयम् ॥ २८ ॥ प्राप्नोतीहांजसा धीरः स्वदृशा छिन्नसंशयः ॥ यद्गत्वा न निवर्तेत योगी लिंगाद्विनिर्गमे ॥ २६ ॥ यदा न योगोपचितासु चेतो मायासु सिद्धस्य विषज्जतेऽङ्ग ॥ अनन्यहेतुष्वथ मे गतिः स्यादात्यन्तिकी यत्र न

भस्म हुन्छ ॥२१॥ राम्ररी योगसाधन गर्नाले प्रकृतिका दोषको ज्ञान भएपछि जब तीसित सम्बन्ध विच्छेद गरिन्छ, तब प्रकृति आत्मानन्दमा प्राप्त भइसकेका सिद्ध पुरुषको केही हानि गर्न सक्तिन ॥२२॥२३॥ सपना देख्ने व्यक्तिलाई नै सपनाका घटनाले चिन्तित पार्दछन्, जागा हुने माथि त्यसको कुनै प्रभाव पर्दैन, त्यसै गरी विवेकी पुरुष जब ममा आफ्नो चित्त लगाइदिन्छ, तब आत्मानन्दमा मग्न रहनाले त्यसमाथि प्रकृतिको प्रभाव पर्दैन ॥२४॥२६॥ जन्म जन्मान्तरबाट अभ्यास गर्दा-गर्दा जब साधकलाई सबै पदार्थ र ब्रह्मलोक आदिबाट पनि वैराग्य हुन्छ र आत्मज्ञान द्वारा त्यसका संशय नष्ट हुन्छन्, तब मेरो भक्त भएपछि मेरै कृपाले त्यसलाई विवेकबुद्धि मिल्दछ र त्यस स्थितिमा त्यसलाई मेरो आश्रयस्थल (परमधाम वा कैवल्य पद) सहजै मिल्दछ। यस प्रकार लिङ्ग शरीरको नाश भएपछि योगीले फेरि संसारमा आउनु पर्दैन ॥२७॥२९॥ सिद्ध पुरुषको साधना

Collection Nepal ... Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा गर्दा अणिमादि सिद्धिहरू प्राप्त हुन्छन् । ती सिद्धिहरूद्वारा सिद्ध पुरुष आफ्नो मार्गबाट विचलित हुन्छ । यदि त्यो यी सिद्धिहरूको मोहमा कुनै प्रकारले अल्झेन भने यस्तो उत्तम गति पाउन सक्छ, जहाँ जन्म-मृत्यु पुग्नै सक्तैन ॥३०॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषाटीकायां सप्तविंशोऽध्यायः ॥ २७ ॥ यसरी अष्टाङ्ग योग र उपाधि योगले मुक्त स्वरूपको वर्णन गरेर कपिलदेव भन्नुहुन्छ–हे माता ! योगका दुइ भेद हुन्छन्–सबीज र निर्बीज । जुन साधनाले मन शुद्ध भएर आत्मस्वरूपमा लाग्न सक्छ, त्यो निर्बीज योग हो र विशुद्ध मनले भगवान्‌को ध्यान गर्नु सबीज योग हो । अब म सबीज योगको लक्षण भन्दछु—जुन विधि अवलम्बन गर्नाले विशुद्ध मन भगवान्-तिर प्रवृत्त हुन्छ ॥ १ ॥ जसको अवलम्बन गरेर दृढतापूर्वक निष्काम भावबाट वर्ण र आश्रमहरूका धर्मको आचरण र निषिद्ध कर्मको, परित्याग हुन्छ, यथालाभ-सन्तोषवृत्ति प्राप्त हुन्छ, आत्मज्ञानीप्रति श्रद्धा-भक्ति उत्पन्न हुन्छ र सकाम धर्म, अर्थ, कामबाट निवृत्ति हुन्छ एवं मोक्षमा मन लाग्दछ, त्यही सबीज योग हो । जुन बाटोमा हिंडेर विशुद्ध तथा परिमित भोजन (पेटका चार भागमा दुइको पूर्ति अन्नले र तेस्रो भागको पूर्ति जलले गरेर चौथोलाई हावा आउन-जानको निम्ति रित्तो राख्नु नै परिमित आहार हो ।) गर्न र

मृत्युहासः ॥ ३० ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेयोपाख्याने सप्तविंशतितमोऽध्यायः ॥ २७ ॥ श्रीभगवानुवाच ॥ योगस्य लक्षणं वक्ष्ये सबीजस्य नृपात्मजे ॥ मनो येनैव विधिना प्रसन्नं याति सत्पथम् ॥ १ ॥ स्वधर्माचरणं शक्त्या विधर्माच्च निवर्तनम् ॥ दैवाल्लब्धेन सन्तोष आत्मविच्चरणार्चनम् ॥ २ ॥ ग्राम्य धर्मनिवृत्तिश्च मोक्षधर्मरतिस्तथा ॥ मितमेध्यादनं शश्वद्विविक्तक्षेमसेवनम् ॥ ३ ॥ अहिंसा सत्यमस्तेयं यावदर्थपरिग्रहः ॥ ब्रह्मचर्यं तपः शौच स्वाध्यायः पुरुषार्चनम् ॥ ४ ॥ मौनं सदाऽऽसनजयः स्थैर्यं प्राणजयः शनैः ॥ प्रत्याहारश्चेन्द्रियाणा विषया-न्मनसा हृदि ॥ ५ ॥ स्वधिष्ण्यानामेकदेशे मनसा प्राणधारणम् ॥ वैकुण्ठलीलाभिध्यानं समाधानं तथाऽऽत्मनः ॥ ६ ॥ एतैरन्यैश्च पथिभिर्मनो दुष्टमसत्पथम् ॥ बुद्ध्या युञ्जीत शनकैर्जितप्राणो ह्यतन्द्रितः ॥ ७ ॥ शुचौ देशे प्रतिष्ठाप्य विजितासन आसनम् ॥ तस्मिन्स्वस्ति समासीन ऋजुकायः समभ्यसेत् ॥ ८ ॥ प्राणस्य शोधयेन्मार्गं पूरकुम्भकरेचकैः ॥ प्रतिकूलेन वा चित्त यथा स्थिरमचञ्चलम् ॥ ९ ॥ मनोऽचिरात्स्याद्विरजं

सदा बाधारहित एकान्त स्थानमा बस्ने प्रवृत्ति हुन्छ, त्यही सबीज योग हो ॥२॥३॥ जसले अहिंसा, सत्य र अस्तेयको पालन गर्न र आवश्यकता (शरीर निर्वाह मात्र) भन्दा बढी सामग्री नराख्ने प्रवृत्ति हुन्छ । अष्टाङ्ग ब्रह्मचर्य, कृच्छचान्द्रायण आदि तप (कायिक, वाचिक, मानसिक), पवित्रता, वेदपाठ, भगवान्‌को पूजन गर्न र आवश्यकता भन्दा बढी नबोल्ने (मौन) को रुचि हुन्छ, आसनको साधना द्वारा शरीरलाई स्थिर राख्ने, बिस्तार बिस्तार प्राणवायुलाई वशमा पार्न (प्राणायाम) र विषयतिरबाट इन्द्रिय समेत मन फर्काएर मूलाधार आदि षट्चक्रमध्ये कुनै योटामा मन र प्राण स्थिर राख्ने प्रवृत्ति हुन्छ, यही सबीज योग हो । भगवान्‌का लीलाको चिन्तन गर्ने र भगवान्‌मै एकाग्र हुने रुचि जुन हो, त्यही सबीज योग हो ॥४-६॥ इनै उपाय र अन्य व्रत आदिका आचरण द्वारा मनलाई बिस्तार-बिस्तार विषय वासनाबाट हटाएर बुद्धिको सहायताले परमेश्वरतिर लगाओस् ॥७॥ पवित्र स्थानमा आसन बिछाएर त्यसमाथि यसरी सोझो भएर बसोस् कि जसले अपठेरो नहोस् । अनि प्राणायामको अभ्यास गरोस् ॥ ८ ॥ पूरक (नाकको एक प्वालबाट हावा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तान्नु), कुम्भक (तानेको सास रोकिराख्नु) र रेचक (रोकेको सास विस्तार-विस्तार बाहिर फाल्नु) द्वारा अनुलोम-विलोम विधिले प्राणायाम गरेर मनलाई यस्तो शान्त पारिदेओस् कि त्यसको चञ्चलता हराओस् ॥ ९ ॥ प्राणायाम सिद्ध भइसकेपछि योगीको मन त्यसै गरी शीघ्र निर्मल हुन्छ, जसरी वायुको वेगले बल्दो आगोमा तताएपछि फलाम (धातु) को मैलो हराएर जान्छ ॥ १० ॥ प्राणायाम द्वारा वात-पित्त-कफ आदि शारीरिक दोषहरू नष्ट पारोस्, धारणा (वायुसित मनलाई स्थानविशेषमा स्थित पार्नु) द्वारा पापहरू भस्म पारोस् र प्रत्याहार (विषयतर्फबाट इन्द्रियहरू फर्काउनु) द्वारा विषय वासनालाई हटाई ध्यान द्वारा राग द्वेष आदिलाई नष्ट पारोस् ॥ ११ ॥ यसरी जब मन शुद्ध र स्थिर भएपछि नाकको टुप्पामा दृष्टि गड़ाई भगवान्‌को यस्तो मूर्तिको ध्यान गरोस् ॥ १२ ॥ जसको मुखमा मन्द-हास्य छ, आँखामा लालिमा छ, शरीरको रंग कल्स्यौंलो छ र ती

जितश्वासस्य योगिनः ॥ वाय्वग्निभ्यां यथा लौहं ध्मातं त्यजति वै मलम् ॥ १० ॥ प्राणायामैर्दहेद्दोषान्धारणाभिश्च किल्बिषान् ॥ प्रत्याहारेण संसर्गान्ध्यानेनानीश्वरान्गुणान् ॥ ११ ॥ यदा मनः स्वं विरजं योगेन सुसमाहितम् ॥ काष्ठां भगवतो ध्यायेत्स्वनासाग्रावलोकनः ॥ १२ ॥ प्रसन्नवदनाम्भोजं पद्मगर्भारुणेक्षणम् ॥ नीलोत्पलदलश्यामं शङ्खचक्रगदाधरम् ॥ १३ ॥ लसत्पङ्कजकिञ्जल्कपीतकौशेयवाससम् ॥ श्रीवत्सवक्षसं भ्राजत्कौस्तुभामुक्तकन्धरम् ॥ १४ ॥ मत्तद्विरेफकलया परीतं वनमालया ॥ परार्ध्यहारवलयकिरीटाङ्गदनूपुरम् ॥ १५ ॥ काञ्चीगुणोल्लसच्छ्रोणिं हृदयाम्भोजविष्टरम् ॥ दर्शनीयतमं शान्तं मनोनयनवर्धनम् ॥ १६ ॥ अपीच्यदर्शनं शश्वत्सर्वलोकनमस्कृतम् ॥ सन्तं वयसि कैशोरे भृत्यानुग्रहकातरम् ॥ १७ ॥ कीर्तन्यतीर्थयशसं पुण्यलोकयशस्करम् ॥ ध्यायेद्देवं समग्राङ्गं यावन्न च्यवते मनः ॥ १८ ॥ स्थितं व्रजन्तमासीनं शयानं वा गुहाशयम् ॥ प्रेक्षणीयेहितं ध्यायेच्छुद्धभावेन तेजसा ॥ १९ ॥ तस्मिँल्लब्धपदं चित्तं सर्वावयवसंस्थितम् ॥ विलक्ष्यैकत्र संयुज्यादङ्गे भगवतो मुनिः ॥ २० ॥ सञ्चिन्तयेद्भगवतश्चरणारविन्दं वज्राङ्कुशध्वजसरोरुहलाञ्छनाढ्यम् ॥ उत्तुङ्गरक्तविलसन्नखचक्रवालज्योत्स्नाभिराहतमहद्धृदयान्धकारम् ॥ २१ ॥ यच्छौचनिःसृतसरित्प्रवरोदकेन तीर्थेन मूर्ध्न्यधिकृतेन शिवः शिवोऽभूत् ॥ ध्यातुर्मनःशमलशैलनिसृष्टवज्रं ध्यायेच्चिरं भगवतश्चरणार-

शङ्ख चक्र, गदा, पद्म धारण गरेका, पीताम्बर पहिरेका छन् । तिनको हृदयमा-श्रीवत्सचिह्न शोभित छ र कौस्तुभ मणि घाँटीको शोभा बढाइरहेको छ ॥ १३-१४ ॥ ती यस्तो वनमाला पहिरेका छन् जसमा भ्रमर गुञ्जायमान गरिरहेछन् । ती बहुमूल्य हार, किरीट, कुण्डल, नुपुर पहिरेका छन् । कमरमा कन्धनी छ । यस्ता भगवान् भक्तका हृदयमा विराजमान छन्, प्रभुको रूप दर्शनीय र शान्तिमय छ, त्यो मन र नयनलाई तृप्ति दिन्छ । भक्तगणमा उनको कृपा रहिरहन्छ । सारा विश्व उनको वन्दना गर्दछ । उनको तरुण अवस्था छ । ती भक्तगणको हितचिन्तन गरिरहन्छन् ॥ १५-१७ ॥ तिनका गुण कीर्तनीय छन् । नल-युधिष्ठिर प्रभृति पनि उनैका कृपाले यशस्वी भएका थिए । जबसम्म मन हट्तैन तबसम्म यस्ता सर्वाङ्गसुन्दर मूर्तिको ध्यान गर्दैरहोस् ।१८॥ जसको जस्तो भावना छ, त्यसै अनुसार भगवान्‌को उभिएको, हिंडे-डुलेको, हेरेको तथा बसे-पल्टेको र विविध लीलाहरू गरेको ध्यान गरोस्

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ १९ ॥ भगवान्को सर्वाङ्ग सुन्दर मूर्तिको ध्यान गरिसकेपछि तिनका एकेक अङ्गको ध्यान गरोस् । (भनाई हो—* भागवतोक्त रीतिले प्रभुको सर्वाङ्ग पूर्ण स्वरूपको ध्यानको दृढताका निम्ति तिनका एकेक अङ्गको ध्यान गर्नु आवश्यक छ) ॥ २० ॥ पहिले भगवान्का ती चरणको ध्यान गर्नु—जसमा वज्र, अंकुश, ध्वज र कमल को चिन्ह बनेको छ । तिनका राता-राता नङहरूको आभा भक्तका हृदयमा पर्दा त्यहाँको घनान्धकार नष्ट हुन्छ ॥२१॥ ती चरण-कमल पखालेको जलले गङ्गाजी निस्किन्, जसलाई मस्तकमा धारण गर्नाले शिवजी लाई शिवत्व प्राप्त भएथ्यो । भगवान्का चरण-कमलको ध्यान गर्नाले ठूला-ठूला पापका पहाड धूलो हुन्छन् ॥ २२ ॥ फेरि भगवान्का ती पिंडुलाहरूको ध्यान गरोस्, जसलाई प्रजापति ब्रह्माकी माता र देवतागणकी वन्दनीया लक्ष्मीजी आफ्नो जाँघमा राखेर मिच्ने गर्दछिन् ॥ २३ ॥ त्यसपछि भगवान्का ती बलिष्ठ तिघ्राहरूको ध्यान गरोस् जो गरुडमा

विन्दम् ॥ २२ ॥ जानुद्वयं जलजलोचनया जनन्या लक्ष्म्याऽखिलस्य सुरवन्दितया विधातुः ॥ ऊर्वोर्निधाय करपल्लवरोचिषा यत्संलालितं हृदि विभोरभवस्य कुर्यात् ॥ २३ ॥ ऊरू सुपर्णभुजयोरधिशोभमानावोजोनिधी अतसिकाकुसुमावभासौ ॥ व्यालम्बिपीततरवाससि वर्तमानकाञ्चीकला-पपरिरम्भिनितम्बबिम्बम् ॥ २४ ॥ नाभिह्रदं भुवनकोशगुहोदरस्थं यत्रात्मयोनिधिषणाखिललोकपद्मम् ॥ व्यूढं हरिन्मणिवृषस्तनयोरमुष्य ध्यायेद्द्वयं विशदहारमयूखगौरम् ॥ २५ ॥ वक्षोऽधिवासमृषभस्य महाविभूतेः पुंसां मनोयननिर्वृतिमादधानम् ॥ कण्ठं च कौस्तुभ-मणेरधिभूषणार्थं कुर्यान्मनस्यखिललोकनमस्कृतस्य ॥ २६ ॥ बाहूंश्च मन्दरगिरेः परिवर्तनेन निर्णिक्तबाहुवलयानधिलोकपालान् ॥ सञ्चिन्तयेद्दशशत-

सवारी गर्दा प्रधान सहायक हुन् । फेरि कटि प्रदेशको ध्यान गर्नु जसमा कन्धनी र पीताम्बर सुशोभित छन् ॥२४॥ अब त्यो नाभिकाको ध्यान गरोस् जसमा सारा ब्रह्माण्ड स्थित छ र जुन ब्रह्माजीको उत्पत्ति स्थान तथा सर्वलोकरूपी कमलको उत्पत्ति भएको छ । फेरि भगवान्का छातीको ध्यान गर्नु, जसमा हारका उज्ज्वल किरण टल्किरहेछन् । त्यसपछि वक्षस्थलको ध्यान गरोस्, जहाँ लक्ष्मीजी निवास छ र जुन भक्तगणका नेत्रको निम्ति आनन्दप्रद छ । फेरि घाँटीको ध्यान गरोस जुन कौस्तुभ मणिलाई पनि शोभा दिइरहेको छ ॥ ॥२५-२६॥अब भगवान्का चारै बाहुको ध्यान गरोस्—जसमा पहिरेका कंकण समुद्र मन्थनमा मन्दराचलको घर्षणले टल्कने भएका, सबै लोकपाल तिनै बाहुको भरमा निर्भय र ती तेजोमय

* श्रीमद्भागवतको महत्व—यौटा ब्राह्मणले धेरै दिन काशीमा बसेर वेद-वेदान्त पढेर अनेक धर्मग्रन्थ र श्रीमद्भागवत कण्ठस्थ पारे । 'विद्यावतां भागवते परीक्षा ।' भागवत कुनै सामान्य र नकली ग्रन्थ होइन । यो ज्ञान, भक्ति र वैराग्यले पूर्ण महान् ग्रन्थ हो । ती ब्राह्मण राम्ररी भागवत पढेर यौटा राजाकहाँ गएर भने—'महाराज ! हजुरको इच्छा गए म भागवतको सप्ताह पाठ गरौं र हजुर सुन्नुहवस् । राजा जनक जस्तै ज्ञानी थिए । उनले भने—'अझ भागवतको अध्ययन गरेर आउनोस् ।' ब्राह्मणलाई रिस उठ्यो ऊ भुतभुताउँदै हिड्यो—'अब मैले के पढ्न बाँको छ ? मैले सम्पूर्ण भागवत कण्ठस्थ पारिसकें । भागवतको कुनै पनि श्लोकको अर्थ गर्नु मेरो निम्ति सहजै छ । राजा कति मूर्ख रहेछ ।' त्यसपछि तिनले फेरि भागवतको अवलोकन गरे र राजाकहाँ गए । राजाले फेरि पहिले जस्तै उत्तर दिए । अब बाहुन राजामाथि अत्यन्त क्रोधित भए र एकान्तमा बसेर फेरि भागवत पढ्न लागे त्यसमा एक स्थानमा आयो—के लगाउनको निम्ति बाटोमा फालिएका चिथडा टुक्रा पाइन्नन् ? के खानको निम्ति वृक्षले फल दिन छाडे ? र विद्वान्हरू मदान्ध राजाको चाकरी गर्दछन् ?' यो श्लोक पढ्दा-पढ्दै ब्राह्मणका आँखाबाट आँसु बग्न लाग्यो र त्यसपछि ती कुनै राजा वा धनीकहाँ गएनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चक्रको ध्यान गरोस् जसमा जहार दाँत छन् । त्यसपछि उनका उज्ज्वल शङ्खको ध्यान गरोस् ॥ २७ ॥ अनि भगवान्‌का गदाको स्मरण गरोस् जो शत्रुदलको संहार गरेर तिनको रक्तमा डुबिरहन्छ । अब भगवान्‌को वनमालाको ध्यान गरोस्, जसमा भ्रमर गुजार गर्दछन् । अनि निर्मल कौस्तुभमणिको ध्यान गरोस् ॥२८॥ अनि भक्तको निम्ति अवतार धारण गर्ने प्रभुका मुखारविन्दको ध्यान गरोस् । मकराकृत कुण्डल हल्लनाले तिनका कपोलमा सुन्दर आभा परिरहन्छ, उनको नाक झन् राम्रो छ ॥२९॥ बटारिएका अलक मुखको दुवैसित छरिएका छन् र आँखीभौं सुन्दर छ । भगवान्‌का नेत्र कमलसमान सुन्दर र माछाका झैं ठूल-ठूला छन् र कपाल भ्रमरलाई लज्जित पार्ने छन् । अब भक्तको हित गर्ने भगवान्‌को मन्दहास्ययुक्त रूपको ध्यान गरोस् । त्यो तीनै पापलाई हटाउने छ । फेरि उनको मुस्कुराहट सम्झोस । त्यो मन्द हाँसो संसारका शोकाश्रुहरूलाई सोसिलिन्छ । अब प्रभुका आँखीभौंको ध्यान गरोस् । भगवान्‌ले त्यो मुनिजनको रक्षा गर्न र कामदेवलाई मोहित पार्न आफ्नी मायाले वनाएको हो ॥ ३०-३२ ॥ फेरि भगवान्‌को

तारमसह्यतेजः शङ्खं च तत्करसरोरुहराजहंसम् ॥ २७ ॥ कौमोदकीं भगवतो दयितां स्मरेत दिग्धामरातिभटशोणितकर्दमेन ॥ मालां मधुव्रतवरूथगिरोपघुष्टां चैत्यस्य तत्त्वममलं मणिमस्य कण्ठे ॥ २८ ॥ भृत्यानुकम्पितधियेह गृहीतमूर्तेः संचिन्तयेद्भगवतो वदनारविंदम् ॥ यद्विस्फुरन्मकरकुण्डलवल्गितेन विद्योतितामलकपोलमुदारनासम् ॥ २९ ॥ यच्छ्रीनिकेतमलिभिः परिसेव्यमानं भूत्या स्वया कुटिलकुन्तलवृन्दजुष्टम् ॥ मीनद्वयाश्रयमधिक्षिपदब्जनेत्रं ध्यायेन्मनोमयमतन्द्रित उल्लसद्भ्रु ॥ ३० ॥ तस्यावलोकमधिकं कृपयातिघोरतापत्रयोपशमनाय विसृष्टमक्ष्णोः ॥ स्निग्धस्मितानुगुणितं विपुलप्रसादं ध्यायेच्चिरं विपुलभावनया गुहायाम् ॥ ३१ ॥ हासं हरेरवनताखिललोकतीव्रशोकाश्रुसागरविशोषणमत्युदारम् ॥ सम्मोहनाय रचितं निजमाययाऽस्य भ्रूमंडलं मुनिकृते मकरध्वजस्य ॥ ३२ ॥ ध्यानायनं प्रहसितं बहुलाधरोष्ठभासारुणायिततनुद्विजकुन्दपंक्ति ॥ ध्यायेत्स्वदेहकुहरेऽवसितस्य विष्णोर्भक्त्याऽऽर्द्रयार्पितमना न पृथग्दिदृक्षेत् ॥ ३३ ॥ एवं हरौ भगवति प्रतिलब्धभावो भक्त्या द्रवद्धृदय उत्पुलकः प्रमोदात् ॥ औत्कण्ठ्यबाष्पकलया मुहुरर्द्यमानस्तच्चापि चित्तबडिशं शनकैर्वियुङ्क्ते ॥ ३४ ॥ मुक्ताश्रयं यर्हि निर्विषयं विरक्तं निर्माणमृच्छति मनः सहसा यथाऽर्चिः ॥ आत्मानमत्र पुरुषोऽव्यवधानमेकमन्वीक्षते प्रतिनिवृत्तगुणप्रवाहः ॥ ३५ ॥ सोऽप्येतया चरमया मनसो निवृत्त्या

हाँसोको ध्यान गरोस् । हाँस्ता कुन्द समान दाँतमा तल्लो ओंठको आभा पर्नाले ती राता-राता देखिन्छन् । त्यस हाँसोतिर भक्तको मन प्रसन्न नगरे पनि आकृष्ट हुन्छ । हृदयाकाशमा स्थित भगवान्‌को तन्मय भएर ध्यान गरोस्—जसमा चित्तले चंचलता छाडिदेओस् ॥३३॥ यस्तो गर्नाले भगवान्‌मा एकत्व हुन जान्छ र भक्तिले गर्दा भएको हृदय पग्लन थाल्दछ । हर्षले त्यसलाई रोमाञ्च भएर आउँछ र भगवद्दर्शनको उत्सुकताले त्यसका आँखामा आनन्दाश्रु भरिन्छ । यसरी आनन्दले गद्गद भएपछि भक्त बिस्तार-बिस्तार तन्मय हुन्छ । अनि कल्पित मूर्तिबाट त्यसको चित्त हट्तछ । चित्त निर्विषय र निराधार भएपछि त्यो उसै गरी तन्मय हुन्छ—॥ ३४ ॥ जसरी तेल र बत्ती नभएपछि ज्योति आफ्नो मूल कारण (महाज्योति) मा एकाकार हुन्छ । त्यस स्थितिमा आदिको उपाधि नरहनाले त्यो अखण्ड आत्माको दर्शन हुन्छ जसमा ध्याता र ध्येयको अन्तर (फरक) रहन्न ।

Collection Nagarjun Z. Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस स्थितिमा पुगेको साधक [योगाभ्यासबाट उत्पन्न तथा अविद्यारहित मानसिक वृत्तिहरूलाई प्रकृति तर्फबाट हटेर आत्मसाक्षात्कार पारायण भएपछि मन ब्रह्मनिष्ठ हुन्छ ।।३५-३६।। विवेक उत्पन्न भएपछि साधक कर्तृत्व-भोक्तृत्व आदिको अभिमानको कर्ता तथा अविद्या-कल्पित अहङ्कारलाई नै आत्मा मान्न लाग्छ ।।३७।। जसरी रक्सीको मातमा मातेको व्यक्तिलाई ज्ञान रहन्न कि मेरो लुगा खसिसक्यो वा लगाएकै छु । त्यसै गरी जीवनमुक्त साधक यो बिर्सन्छ कि उसको शरीर आसनमा छ कि उठेर अन्तै हिँडिसक्यो अथवा फर्केर फेरि त्यहीं आइपुग्यो । यसरी जब त्यसलाई देहको सुद्धि-बुद्धि रहन्न, अनि दुःखको अनुभव नै कहाँ टिक्न सक्छ ? ।। ३८ ।। प्रारब्ध कर्मभोग भोग्नको निम्ति नै त्यो यस बखत देहलाई धारण गरिरहन्छ । समाधि सिद्ध भइसकेपछि योगीलाई आफ्नो शरीर वा गृहस्थीका प्रपञ्चमा महत्वबुद्धि रहन्न । उक्त वस्तुहरूलाई त्यो स्वप्नको सामग्री झैं निःसार ठान्न थाल्दछ । जस्तै—वित्त,पुत्र र मित्र आदिबाट व्यक्तिको सत्ता पृथक् रहन्छ, त्यस्तै नै देह आदिबाट आत्मालाई पृथक् ठानोस् ।। ३९ ।। देह आदिलाई आत्मा ठान्नु पनि ठूलो भूल हो ।

तस्मिन्महिम्न्यवसितः सुखदुःखबाह्ये ।। हेतुत्वमप्यसति कर्तरि दुःखयोर्यत्स्वात्मन्विधत्त उपलब्धपरात्मकाष्ठः ।। ३६ ।। देहं च तं न चरमः स्थितमुत्थितं वा सिद्धो विपश्यति यतोऽध्यगमत्स्वरूपम् ।। ये दैवादुपेतमथ दैववशादपेतं वासो यथा परिकृतं मदिरामदान्धः ।। ३७ ।। देहोऽपि दैववशगः खलु कर्म यावत्स्वारम्भकः प्रतिसमीक्षत एव सासुः ।। तं सप्रपञ्चमधिरूढसमाधियोगः स्वाप्नं पुनर्न भजते प्रतिबुद्धवस्तु ।। ३८ ।। यथा पुत्राच्च वित्ताच्च पृथङ्मर्त्यः प्रतीयते ।। अप्यात्मत्वेनाभिमताद्देहादेः पुरुषस्तथा ।। ३९ ।। यथोल्मुकाद्विस्फुलिंगाद्धूमाद्वापि स्वसम्भवात् ।। अप्यात्मत्वेनाभिमताद्यथाऽग्निः पृथगुल्मुकात् ।। ४० ।। भूतेन्द्रियान्तःकरणात्प्रधानाज्जीवसंज्ञितात् ।। आत्मा तथा पृथग्द्रष्टा भगवान्ब्रह्मसंज्ञितः ।।४१।। सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।। ईक्षेतानन्यभावेन भूतेष्विव तदात्मताम् ।। ४२ ।। स्वयोनिषु यथा ज्योतिरेकं नाना प्रतीयते ।। योनीनां गुणवैषम्यात्तथाऽऽत्मा प्रकृतौ स्थितः ।। ४३ ।। तस्मादिमां स्वां प्रकृतं दैवीं सदसदात्मिकाम् ।। दुर्विभाव्यां पराभाव्य स्वरूपेणावतिष्ठते ।। ४४ ।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेये साधनानुष्ठानं नामाष्टाविंशतितमोऽध्यायः ।। २८ ।। देवहूतिरुवाच ।। लक्षणं महदादीनां

जसरी बल्दो काठबाट धूवाँ र फिलिङ्गो निस्कन्छ, परन्तु पोल्ने र प्रकाश दिने आगो पृथक् वस्तु हुन्छ । त्यसै गरी देह आदिबाट आत्मा अलग्ग रहन्छ । शरीर, इन्द्रिय तथा अन्तःकरणबाट आत्मा (जीव) पृथक् छ र प्रकृतिको प्रवर्तक ब्रह्म आत्माबाट पृथक् छ ।। ४०-४१ ।। यो आत्मा र परमाको भेद अवास्तविक हो। जसरी चतुर्विध संसारमा स्थित प्राणी—स्वेदज, उद्भिज, अण्डज र जरायुजभा पृथ्वी आदि पञ्चतत्त्व व्याप्त रहन्छन्, त्यसै गरी प्राणिमात्रमा आफूलाई र आफूमा प्राणिमात्रलाई अभिन्नरूपले स्थित देखोस् ।।४२।। जसरी दाउरा सानो-ठूलो पनि आगो समान देखिन्छ, त्यसै गरी आत्मा पनि देव-मनुष्य आदिसित सम्बन्ध भएर त्यस्तै नै प्रतीत हुन थाल्दछ ।। ४३ ।। यस निम्ति साधक बन्धनमा पार्ने भगवच्छक्तिस्वरूपा प्रकृतिलाई उनैको कृपाले आफ्नो वशमा पारेर ब्रह्ममय बन्दछ ।। ४४ ।। इति श्रीभद्भागवते तृतीयस्कन्धे 'वासिष्ठी' भाषाटीकायामष्टाविंशोऽध्यायः ।।२८।। (भक्तियोग, कालको शक्ति र संसारका भीषणताको वर्णन) देवहूतिले भनिन्—हे भगवन् ! हजुर सांख्यशास्त्रको रीतिले प्रकृति, पुरुष र महत्तत्व आदिका यथार्थ लक्षण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बताइयो अब मलाई विस्तारपूर्वक भक्तियोगको उपदेश दिनुहवस् ॥१॥२॥ साथै जीवका विविध योनिहरूको वर्णन गर्नोस्—जसले राम्ररी वैराग्य उत्पन्न होओस्। जसको भयले प्राणी सत्कर्ममा प्रवृत्त हुन्छन्, जो ब्रह्मादि देवता माथि पनि शासन गर्दछन् र जो हजुरको स्वरूप छ, यो महाप्रतापी कालको पनि वर्णन सुन्दछु। शरीर आदिमा ममत्वबुद्धि राख्ने र प्रवृत्ति मार्गमा हिंड्दा-हिंड्दा थाक्ने अविवेकी जनहरूलाई तत्त्वज्ञानको उपदेश दिनका निम्ति नै हजुरको अवतार भएको हो। योगविद्याको विस्तारका लागि हजुर सूर्यसदृश हुनुहुन्छ ॥३-५॥ मैत्रेय भन्दछन्—हे विदुर ! माता देवहूतिका कुरा ध्यानपूर्वक सुनेर कपिलदेव दयाभावले प्रेरित भई प्रसन्न मनले बोले—हे माता ! फल र सङ्कल्पको भेदले भक्तियोगका अनेक शाखाहरू भइसकेका छन् ॥६॥७॥ जो क्रोधी व्यक्ति आत्मा र परमात्मामा भेदभाव राख्तै पाखण्ड, हिंसा र मात्सर्य (डाह) ले प्रेरित भएर मेरो (भगवान्को) भक्ति गर्दछ, त्यो तामस भक्त कहिन्छ। त्यसका पनि तीन भेद हुन्छन्—अर्काको विनाश (हिंसा) को निम्ति भक्ति गर्ने व्यक्ति अधम, पाखण्डले प्रेरित भएर भक्ति गर्ने मध्यम र

प्रकृतेः पुरुषस्य च ॥ स्वरूपं लक्ष्यतेऽमीषां येन तत्पारमार्थिकम् ॥ १ ॥ यथा सांख्येषु कथितं यन्मूलं तत्प्रचक्षते ॥ भक्तियोगस्य मे मार्गं ब्रूहि विस्तरशः प्रभो ॥ २ ॥ विरागो येन पुरुषो भगवन्सर्वतो भवेत् ॥ आचक्ष्व जीवलोकस्य विविधा मम संसृतीः ॥ ३ ॥ कालस्येश्वररूपस्य परेषां च परस्य ते ॥ स्वरूपं बत कुर्वन्ति यद्धेतोः कुशलं जनाः ॥ ४ ॥ लोकस्य मिथ्याभिमतेरचक्षुषश्चिरं प्रसुप्तस्य तमस्यनाश्रये ॥ श्रान्तस्य कर्मस्वनुविद्धया धिया त्वमाविरासीः किल योगभास्करः ॥ ५ ॥ मैत्रेय उवाच ॥ इति मातुर्वचः श्लक्ष्णं प्रतिनन्द्य महामुनिः ॥ आबभाषे कुरुश्रेष्ठ प्रीतस्तां करुणार्दितः ॥ ६ ॥ श्रीभगवानुवाच ॥ भक्तियोगो बहुविधो मार्गैर्भामिनि भाव्यते ॥ स्वभावगुणमार्गेण पुंसां भावो विभिद्यते ॥ ७ ॥ अभिसंधाय यो हिंसां दम्भं मात्सर्यमेव वा ॥ संरम्भी भिन्नदृग्भावं मयि कुर्यात्स तामसः ॥ ८ ॥ विषयानभिसंधाय यश ऐश्वर्यमेव वा ॥ अर्चादावर्चयेद्यो मां पृथग्भावः स राजसः ॥९॥ कर्मनिर्हारमुद्दिश्य परस्मिन्वा तदर्पणम् ॥ यजेद्यष्टव्यमिति वा पृथग्भावः स सात्त्विकः ॥ १० ॥ मद्गुणश्रुतिमात्रेण मयि सर्वगुहाशये ॥ मनोगतिरविच्छिन्ना यथा गङ्गाम्भसोऽम्बुधौ ॥ ११ ॥ लक्षणं भक्तियोगस्य निर्गुणस्य ह्युदाहृतम् ॥ अहैतुक्यव्यवहिता या भक्तिः पुरुषोत्तमे ॥ १२ ॥ सालोक्यसार्ष्टिसामीप्यसारूप्यैकत्वमप्युत ॥ दीयमानं न गृह्णन्ति विना मत्सेवनं जनाः ॥१३॥ स एव

मात्सर्यले प्रेरित भएर भक्ति गर्ने व्यक्ति तामस भक्त कहिन्छ ॥८॥ भेदबुद्धि राखेर विषय, यश र ऐश्वर्यको कामनाले मूर्ति द्वारा मेरो भक्ति गर्ने व्यक्ति राजस भक्त पनि तीन थरिका हुन्छन्। चन्दन, माला स्त्री आदि (विषय) को प्राप्तिका निम्ति भक्ति गर्ने व्यक्ति अधम, यशको प्राप्तिका लागि भक्ति गर्ने भक्त मध्यम र ऐश्वर्य पाउनको निम्ति भक्ति गर्ने प्राणी राजस भक्त कहिन्छ ॥९॥ भेदबुद्धि राखेर जो व्यक्ति पाप-क्षयको निम्ति ईश्वरप्रीत्यर्थ र वेदविधिको पूर्तिका निम्ति भक्ति गर्दछ, त्यो क्रमशः अधम, मध्यम र उत्तम श्रेणीको सात्त्विक भक्त कहिन्छ। (उल्लिखित रीतिले नवधा भक्तिको नौ-नौ भेद गरेपछि एकासी भेद हुन्छन्) ॥१०॥ निर्गुण भक्ति यौटै किसिमको हुन्छ। सर्वान्तर्यामीको भक्तवत्सलता आदि गुणहरू सुनेर निष्काम भावले लगातार गरिने भेद-बुद्धि रहित भक्ति नै निर्गुण भक्ति कहिन्छ ॥११॥१२॥ भक्त जन भक्तिको अतिरिक्त सालोक्य (मेरो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकमा निवास) सार्ष्टि (मेरो ऐश्वर्यको बराबर ऐश्वर्यको उपभोग) सामीप्य (मेरो समीप निवास), सारूप्य (मेरै रूपको हुनु) र सायुज्य (ममा मिल्नु) मुक्ति पनि खोज्दैनन्, अनि ती अरु कुनै वस्तुको इच्छा किन गर्दथे ? ॥ १३ ॥ आत्यन्तिक भक्तियोग त्यो हो, जसद्वारा साधक गुणत्रय (सत्व, रज र तम) देखि पर भएर ब्रह्मस्वरूप प्राप्त गर्दछ ॥१४॥ निष्काम भएर श्राद्ध आदि नित्य-नैमित्तिक कर्म गर्ने, अवैदिक हिंसाबाट जोगिएर रही पाञ्चरात्रको विधिले मेरो पूजन, चरण-स्पर्श र अभिवादन गर्ने तथा प्राणिमात्रमा मेरै अनुभूति गर्नाले साधकको चित्त ममा लाग्दछ । धैर्य राख्ने, वैराग्यको भावना गर्ने, बूढा-पाका र सत्पुरुषहरूको आदर-सत्कार गर्ने, दीन-दुःखीहरूमा दयादृष्टि राख्ने, आफू समान शील-स्वभाव हुनेसंग स्नेहभाव राख्ने र यम-नियम हरूको पालन गर्नाले साधकको चित्त ममा लाग्दछ । आत्मज्ञानको प्रतिपादक ग्रन्थहरूको अनुशीलन गर्ने, हरिनाम कीर्तन गर्ने, हृदयमा छल-कपटलाई आउनै नदिने, सत्पुरुषको संगतिमा रहने र देह आदिमा ममत्व बुद्धि नराख्नाले साधकको चित्त ममा लाग्दछ । उल्लिखित रीतिले आचरण गर्दा-गर्दा

भक्तियोगस्य आत्यन्तिक उदाहृतः ॥ येनातिव्रज्य त्रिगुणं मद्भावायोपपद्यते ॥ १४ ॥ निषेवितेनानिमित्तेन स्वधर्मेण महीयसा ॥ क्रियायोगेन शस्तेन नातिहिंस्रेण नित्यशः ॥ ५ ॥ मद्धिष्ण्यदर्शनस्पर्शपूजास्तुत्यभिवादनैः ॥ भूतेषु मद्भावनया सत्त्वेनासङ्गमेन च ॥ १६ ॥ महतां बहुमानेन दीनानामनुकम्पया ॥ मैत्र्या चैवात्मतुल्येषु यमेन नियमेन च ॥ १७ ॥ आध्यात्मिकानुश्रवणान्नामसङ्कीर्तनाच्च मे ॥ आर्जवेनार्यसङ्गेन निरहंक्रियया तथा ॥ १८ ॥ मद्धर्मणो गुणैरेतैः परिसंशुद्ध आशयः ॥ पुरुषस्याञ्जसाऽभ्येति श्रुतमात्रगुणं हि माम् ॥ १६ ॥ यथा वातरथो घ्राणमावृङ्क्ते गन्ध आशयात् ॥ एवं योगरतं चेत आत्मानमविकारि यत् ॥ २० ॥ अहं सर्वेषु भूतेषु भूतात्माऽवस्थितः सदा ॥ तमवज्ञाय मां मर्त्यः कुरुतेऽर्चाविडम्बनम् ॥ २१ ॥ यो मां सर्वेषु भूतेषु सन्तमात्मानमीश्वरम् ॥ हित्वाऽर्चां भजते मौढ्याद्भस्मन्येव जुहोति सः ॥ २२ ॥ द्विषतः परकाये मां मानिनो भिन्नदर्शिनः ॥ भूतेषु बद्धवैरस्य न मनः शान्तिमृच्छति ॥२३॥ अहमुच्चावचैर्द्रव्यैः क्रिययोत्पन्नयाऽनघे ॥ नैव तुष्येऽर्चितोऽर्चायां भूतग्रामावमानिनः ॥ २४ ॥ अर्चादावर्चयेत्तावदीश्वरं मां स्वकर्मकृत् ॥ यावन्न वेद स्वहृदि सर्वभूतेष्ववस्थितम् ॥ २५ ॥ आत्मनश्च परस्यापि यः करोत्यन्तरोदरम् ॥ तस्य भिन्नदृशो मृत्युर्विदधे भयमुल्बणम् ॥ २६ ॥ अथ मां सर्वभूतेषु भूतात्मानं कृतालयम् ॥ अर्चयेद्दानमा·

साधकको चित्त शुद्ध हुन्छ ॥१५-१९॥ तब जसरी वायु गन्धलाई नाकको प्वालसम्म पुन्याउँछ, त्यसै गरी उपर्युक्त गुणहरूको आश्रय लिनाले चित्त भगवान्‌को नगीचै पुग्न सक्तछ ॥२०॥ म प्राणिमात्रमा अन्तर्यामी रूपले स्थित छु । मेरो यस रूपको उपेक्षा गरेर जो मनुष्य केवल प्रतिमा को पूजन गर्दछन्, ती पाखण्डी हुन् ॥२१॥ प्राणिमात्रमा अन्तर्यामी रूपमा स्थित मेरो अवज्ञा गरेर मूर्खतावश मूर्तिको पूजामा लागिरहनु खरानीमा हवन गरे झैं हो ॥२२॥ जुन अविवेकी मनुष्य आत्मालाई एकदेशीय मानेर भेदबुद्धिको कारण अर्कासित द्वेष राख्दछ, त्यसलाई मनको शान्ति मिल्न सक्तैन ॥२३॥ हे माता ! जसको हृदय राग-द्वेषले कलुषित रहन्छ, त्यो यदि उत्तम सामग्री द्वारा मेरो पूजा गरोस् तापनि म त्यस माथि प्रसन्न हुन्न ॥२४॥ मनुष्य त्यस बेलासम्म नित्य-नैमित्तिक कर्म गर्दै रहोस् र मेरो मूर्तिको पूजा गर्दै रहोस्, जबसम्म त्यसलाई आफ्नो हृदयमा म सर्वान्तर्यामीको उपलब्धि हुँदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥२५॥ भेदबुद्धि हुने अज्ञानीलाई म मृत्युरूप भएर आवागमनको चक्रमा पछारिदिन्छु ॥२६॥ अतः मलाई सर्वान्तर्यामी जानेर भेदबुद्धि फालेर आदर-सत्कार द्वारा सज्जनहरूको, दानद्वारा साधारण व्यक्तिहरूको र मैत्री द्वारा समान व्यक्तिलाई सन्तुष्ट राखोस् । यही वास्तविक पूजा हो । जड़ (ढुङ्गा) आदिको अपेक्षा चेतन (वृक्षादि), चेतनको अपेक्षा सास फेर्ने (कीरा आदि) र तिनको अपेक्षा विशेषरूपले स्पर्शको अनुभव गर्ने (कमल आदि) र तिनको अपेक्षा विशेषरूपले ज्ञानवान् र रसका अनुभवी (माछा आदि) जीव श्रेष्ठ छन् ॥२७-२८॥ तिनको अपेक्षा विशेषरूपले गन्धको अनुभव गर्ने (भ्रमर आदि), तिनको अपेक्षा विशेषरूपले शब्दको अनुभव गर्ने (सर्प आदि), तिनको अपेक्षा रूपको भेद जान्नमा बाठा (काक आदि) र तिनको अपेक्षा तल-माथि दुवैतिर दाँत हुने जीव श्रेष्ठ हुन्छन् ॥२९॥ चरण रहित जीवहरूको अपेक्षा चरण हुने, तिनको अपेक्षा चारखुट्टे, चारखुट्टेको अपेक्षा दुइ खुट्टा हुने (मनुष्य) र मनुष्यहरूमा पनि चार वर्ण श्रेष्ठ छन् । तिनमा पनि ब्राह्मण श्रेष्ठ हुन् । ब्राह्मणमा पनि वेदपाठी तिनको अपेक्षा वेदको अर्थज्ञ र तिनको अपेक्षा संशय निवारण गर्ने विप्र श्रेष्ठ हुन्छन् ॥३०-३१॥ ती भन्दा आफ्नो आश्रमोचित कर्तव्य पालन गर्ने व्यक्ति श्रेष्ठ हुन्छ । तीभन्दा निष्काम भक्त श्रेष्ठ हुन्छन् ॥३२॥ तिनको पनि अपेक्षा त्यो व्यक्ति श्रेष्ठ

नाम्यां मैत्र्याऽभिन्नेन चक्षुषा ॥ २७ ॥ जीवाः श्रेष्ठा ह्यजीवानां ततः प्राणभृतः शुभे ॥ ततः सचित्ताः प्रवरास्ततश्चेन्द्रियवृत्तयः ॥ २८ ॥ तत्रापि स्पर्शवेदिभ्यः प्रवरा रसवेदिनः ॥ तेभ्यो गन्धविदः श्रेष्ठास्ततः शब्दविदो वराः ॥२९॥ रूपभेदविदस्तत्र ततश्चोभयतोदतः ॥ तेषां बहुपदाः श्रेष्ठाश्च-तुष्पादस्ततो द्विपात् ॥ ३० ॥ ततो वर्णाश्च चत्वारस्तेषां ब्राह्मण उत्तमः ॥ ब्राह्मणेष्वपि वेदज्ञो ह्यर्थज्ञोऽभ्यधिकस्ततः ॥ ३१ ॥ अर्थज्ञात्संशयच्छेत्ता ततः श्रेयान्स्वकर्मकृत् ॥ मुक्तसङ्गस्ततो भूयानदोग्धा धर्ममात्मनः ॥ ३२ ॥ तस्मान्मय्यर्पिताशेषक्रियार्थात्मा निरन्तरः ॥ मय्यर्पितात्मनः पुंसो मयि संन्यस्तकर्मणः ॥ न पश्यामि परं भूतमकर्तुः समदर्शनात् ॥ ३३ ॥ मनसैतानि भूतानि प्रणमेद्बहु मानयन् ॥ ईश्वरो जीवकलया प्रविष्टो भगवानिति ॥ ३४ ॥ भक्तियोगश्च योगश्च मया मानव्युदीरितः ॥ ययोरेकतरेणैव पुरुषः पुरुषं व्रजेत् ॥३५॥ एतद्भगवतो रूपं ब्रह्मणः परमात्मनः ॥ परं प्रधानं पुरुषं दैवं कर्मविचेष्टितम् ॥ ३६ ॥ रूपभेदास्पदं दिव्यं काल इत्यभिधीयते ॥ भूतानां महदादीनां यतो भिन्नदृशां भयम् ॥ ३७ ॥ योऽन्तः प्रविश्य भूतानि भूतैरत्त्यखिलाश्रयः ॥ स विष्ण्वाख्योऽधियज्ञोऽसौ कालः कलयतां प्रभुः ॥ ३८ ॥ न चास्य कश्चिद्दयितो न द्वेष्यो न च बान्धवः ॥ आवि-

हो, जसले सारा कर्म, तिनको फल र शरीर पनि मलाई अर्पण गरिराखेको छ, त्यही व्यक्ति सर्वोपरि हो ॥३३॥ किनभने त्यो कर्तृत्वको अभिमानबाट टाढा र समदर्शी हुन्छ । अतः प्राणिमात्रको भित्र जीवरूपमा ईश्वरलाई विद्यमान जानेर सबै जीवको आदर गरोस् ॥३४॥ हे माता ! मैले भक्तियोग र योगको वर्णन गरिदिएँ । यी दुवैमा कुनै यौटाको पनि अव-लम्बन गर्नाले साधकलाई परमात्मा प्राप्त हुन्छन्॥३५॥ के पुरुष, के प्रकृति के यिनको अतिरिक्त, जे जति छ, त्यो सबै सर्वनियन्ता भगवान्‌को स्वरूप हो । त्यसैलाई दैव भन्दछन् जसले गर्दा जीवहरूलाई अनेक योनिहरू प्राप्त हुन्छन् ॥३६॥ भगवानको पूर्वोक्त स्वरूपलाई काल पनि भन्दछन् । यसै कालले गर्दा ऋतुहरूमा भिन्नता प्रतीत हुन्छ । भेददृष्टि र देह आदिमा ममत्व-बुद्धि हुनेलाई कालको भय हुन्छ, तर एकत्व-बुद्धि हुनेलाई कसैबाट पनि भय रहन्न ॥३७॥ जो प्राणीहरूमा प्रविष्ट भएर पंचमहाभूत द्वारा संहार-कार्य गर्दछ, जसले यज्ञ-याग आदिको फल पाइन्छ तथा जो जगतलाई वशमा गर्ने ब्रह्मा आदिका पनि अधिनायक छन्, तिनै जीवमात्रमा सबैका आधार हुन् र तिनैको नाम नारायण विष्णु हो ॥ ३८ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालको न कोही मित्र छ, न कुनै शत्रु, त्यसको कुनै आफ्नो निकट सम्बन्धी पनि छैन । त्यो सतर्क भएर असावधान प्राणिहरूमा प्रवेश गर्छ र तिनको अन्त गरिदिन्छ॥३९॥ कालको डरले हावा चल्दछ, सूर्य तातो हुन्छन्, पानी पर्दछ, ताराहरू टल्कन्छन्, वृक्ष, पोथा र लता आदि यथा समय फुल्छन् र फल्दछन् ॥४०-४१॥ कालको नै भयले नदी नाला बग्दछन् समुद्र मर्यादामा बनिरहन्छ, आगो बल्दछ, पर्वत समेत पृथ्वी जलमाथि स्थिर रहन्छिन् र आकाश प्राणिहरूलाई स्थान दिन्छ । कालको नै डरले महत्तत्व (पृथ्वी आदि) सात आवरण हुने आफ्नो शरीर (अहङ्कार) लाई (ब्रह्माण्डको रूपमा) फैलाउँछ तथा ब्रह्मा, विष्णु, महेश जगत् उत्पन्न गर्छन्, पाल्दछन् र संहार गर्दै रहन्छन् । कालको न आदि छ, न अन्त्य, किन्तु त्यो जन्म दिने रूको पनि जन्मदाता र मृत्युको पनि नियन्ता हो ॥४२-४५॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायामेकोनत्रिंशोऽध्यायः॥२९॥(पापीहरूको अधोगतिको वर्णन)—कपिलदेवले भने—हे माता !जस्तै हावा बादलहरूलाई उडाएर लैजान्छ,तैपनि ती बादल वायुको शक्तिलाई बुझ्नसक्तैनन्,मायाले,मोहित

शत्यप्रमत्तोऽसौ प्रमत्तं जनमन्तकृत् ॥ ३९ ॥ यद्भयाद्वाति वातोऽयं सूर्यस्तपति यद्भयात् यद्भयाद्वर्षते देवो भगणो भाति यद्भयात् ॥४०॥ यद्वनस्पतयो भीता लताश्चौषधिभिः सह ॥ स्वे स्वे कालेऽभिगृह्णन्ति पुष्पाणि च फलानि च ॥ ४१ ॥ स्रवन्ति सरितो भीता नोत्सर्पत्युदधिर्यतः ॥ अग्निरिन्धे सगिरिभिर्भूर्न मज्जति यद्भयात् ॥४२॥ नभो ददाति श्वसतां पदं यन्नियमाददः ॥ लोकं स्वदेहं तनुते महान्सप्तभिरावृतम् ॥ ४३ ॥ गुणाभिमानिनो देवाः सर्गादिष्वस्य यद्भयात् ॥ वर्तन्तेऽनुयुगं येषां वश एतच्चराचरम् ॥ ४४ ॥ सोऽनन्तोऽन्तकरः कालोऽनादिरादिकृदव्ययः जनं जनेन जनयन्मारयन्मृत्युनाऽन्तकम् ॥ ४५ ॥ इति श्रीमद्भागवते तृतीयस्कन्धे कापिलेयोपाख्याने एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥ कपिल उवाच ॥ तस्यैतस्य जनो नूनं नायं वेदोरुविक्रमम् ॥ काल्यमानोऽपि बलिनो वायोरिव घनावलिः ॥ १ ॥ यं यमर्थमुपादत्ते दुःखेन सुखहेतवे ॥ तं तं धुनोति भगवान्पुमाञ्छोचति यत्कृते ॥२॥ यदध्रुवस्य देहस्य सानुबन्धस्य दुर्मतिः ॥ ध्रुवाणि मन्यते मोहाद्गृहक्षेत्रवसूनि च ॥ ३ ॥ जन्तुर्वै भव एतस्मिन्यां यां योनिमनुव्रजेत् ॥ तस्यां तस्यां स लभते निर्वृतिं न विरज्यते ॥ ४ ॥ नरकस्थोऽपि देहं वै न पुमांस्त्यक्तुमिच्छति ॥ नारक्यां निर्वृतौ सत्यां देवमायाविमोहितः ॥ ५ ॥ आत्मजायासुतागारपशुद्रविणबन्धुषु ॥ निरूढमूलहृदय आत्मानं बहु मन्यते ॥ ६ ॥ सन्दह्यमानसर्वाङ्ग एषामुद्वहनाधिना ॥ करोत्यविरतं मूढो दुरितानि दुराशयः ॥ ७ ॥ आक्षिप्तात्मेन्द्रियः स्त्रीणामसतीनां च मायया ॥ रहो रचितयाऽऽलापैः शिशूनां कलभा·

कालको महिमा बुझ्न सक्तैन । सुख प्राप्त गर्नका निम्ति मनुष्य जति वस्तुको यत्नपूर्वक संग्रह गर्दछन्, ती सबै प्रबल कालले एकछिनमै बेपत्ता पारिदिन्छ त्यसको निम्ति मानिस पछिबाट पछितो गर्नथाल्दछ ॥१-२॥ स्त्री पुत्र, शरीर र धन-सम्पत्ति आदि वास्तवमा नश्वर हुन्, तर जीव अज्ञानवश तिनलाई अविनाशी ठान्दछ ॥ ३ ॥ जीव जुन-जुन योनिमा जन्म लिन्छ, त्यसैका कालानिक सुखहरूमा अल्झेर वैराग्यको कुरासम्म विचार्न सक्तैन ॥४॥ नरकका घोर यातनाहरू सहँदा पनि प्राणी देहलाई त्याग्न सक्तैन, किनकि नरकमा मल-मूत्र आदि खाने-पिउने कीरालाई पनि आफ्नो देहको माया भइरहन्छ ॥५-६॥ शरीर, स्त्री, पुत्र, घर-द्वार, पशु, बन्धु र धन-सम्पत्ति आदिको मायामा अल्झेर प्राणी आफूलाई कृतार्थ ठान्न थाल्दछ । पुत्र-कलत्र आदिको पालन-पोषणको चिन्ताबाट विकल रहनाले त्यो पापमाथि झन् पाप गर्दै रहन्छ ॥ ६ ॥ कुलटा स्त्रीहरूको मायाजाल (सम्भोग आदि) र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मधुरवाणी, छोरा-छोरीका कुरामा नै आफ्नो अहोभाग्य ठान्दछ । गृहस्थीमा यद्यपि छल-कपट गर्नाले अनेक कष्ट भोग्नु पर्दछ, तैपनि प्राणी ती दुःखलाई हटाउने चेष्टामा नै सुख मान्दछ ॥ ८॥९ ॥ जसको पालन-पोषण गरेर लाभको त कुरै छैन, झन दुर्गति नै हुन्छ । तिनैको पालन-पोषण गर्नको निम्ति मनुष्य अज्ञानवश अनेकानेक हिंसामूलक कार्यहरू गर्न गर्दछन् । कुटुम्बीहरूको पुरा-पात पनि त्यसलाई कठिनले प्राप्त हुन्छ ॥१०॥ जीविकाको निम्ति गरिएका विविध उद्योग बारम्बार निष्फल भएपछि पनि मनुष्य संसारी लोभमा परेर अनेक प्रकारले चोर्न थाल्दछ ॥११॥ परिवारको परिपालनका लागि त्यो अभागी जुन उपाय गर्दछ, त्यही निष्फल हुन्छ । अनि परिवार-पालनको चिन्तामा लामो-लामो सास फेर्न थाल्दछ ॥१२॥ पालन-पोषण गर्नमा असमर्थ भएपछि स्त्री-पुत्र आदि कुटुम्बी त्यसको अनादर उसै गरी गर्दछन्, जसरी किसान बूढो गोरुसित घृणा गर्दछ ॥१३॥ पहिले जसलाई खुवाएर खान्थ्यो, आज उनैको मुखापेक्षी हुने, वृद्धावस्थाले असक्त र कुरूप बनेर मृत्युको मुखमा खुट्टा झुण्डाइरहेको भए पनि त्यसका आँखा खुल्दैन । चिन्ता र वृद्धावस्थाले गर्दा

षिणाम् ॥ ८ ॥ गृहेषु कूटधर्मेषु दुःखतन्त्रेष्वतन्द्रितः ॥ कुर्वन्दुःखप्रतीकारं सुखवन्मन्यते गृही ॥ ९ ॥ अर्थैरापादितैर्गुर्व्या हिंसयेतस्ततश्च तान् ॥ पुष्णाति येषां पोषेण शेषभुग्यात्यधः स्वयम् ॥ १० ॥ वार्तायां लुप्यमानायामारब्धायां पुनः पुनः ॥ लोभाभिभूतो निःसत्त्वः परार्थे कुरुते स्पृहाम् ॥ ११ ॥ कुटुम्बभरणाकल्पो मन्दभाग्यो वृथोद्यमः ॥ श्रिया विहीनः कृपणो ध्यायञ्छ्वसिति मूढधीः ॥ १२ ॥ एवं स्वभरणाकल्पं तत्क-लत्रादयस्तथा ॥ नाद्रियन्ते यथापूर्वं कीनाशा इव गोजरम् ॥ १३ ॥ तत्राप्यजातनिर्वेदो म्रियमाणः स्वयंभृतैः ॥ जरयोपात्तवैरूप्यो मरणाभिमुखो गृहे ॥ १४ ॥ आस्तेऽवमत्योपन्यस्तं गृहपाल इवाहरत् ॥ आमयव्यप्रदीप्ताग्निरल्पाहारोऽल्पचेष्टितः ॥ १५ ॥ वायुनोत्क्रमतोत्तारः कफसंरुद्ध-नाडिकः ॥ कासश्वासकृतायासः कण्ठे घुरघुरायते ॥ १६ ॥ शयानः परिशोचद्भिः परिवीतः स्वबंधुभिः ॥ वाच्यमानोऽपि न ब्रूते कालपाशवशं गतः ॥१७॥ एवं कुटुंबभरणे व्यापृतात्माऽजितेन्द्रियः ॥ म्रियते रुदतां स्वानामुरुवेदनयाऽस्तधीः ॥१८॥ यमदूतौ तदा प्राप्तौ भीमौ सरभसेक्षणौ ॥ स दृष्ट्वा त्रस्तहृदयः शकृन्मूत्रं विमुञ्चति ॥ १९ ॥ यातनादेह आवृत्य पाशैर्बद्ध्वा गले बलात् ॥ नयतो दीर्घमध्वानं दण्ड्यं राजभटा यथा ॥ २० ॥ तयोर्निर्भिन्नहृदयस्तर्जनैर्जातवेपथुः ॥ पथि श्वभिर्भक्ष्यमाण आर्तोऽघं स्वमनुस्मरन् ॥ २१ ॥ क्षुत्तृट्परीतोऽर्कदवानलानिलैः संतप्यमानः पथि तप्तवा-

उसलाई रोगले थिच्तछन् । पाचन-शक्ति बिग्रनाले पेटभरि खान पनि सक्तैन । यसले त्यो कुनै काम गर्नलायक रहन्न । त्यस दशामा 'खाए खा, नखाए थिच' भनेर परिवारले दिएको एक टुक्रामा पालेको कुकुर झैं जीवन बिताउँछ ॥१४॥१५॥ अन्त्यमा उर्ध्वश्वास चल्नाले आँखा निस्कन खोज्दछन् कफले नाडीको गति रोकिदिन्छ, खोक्न र सास फेर्न पनि त्यसलाई कष्ट हुन्छ कफ अड्केर घाँटीबाट घर-घर शब्द निस्कन थाल्दछ ॥१६॥ मृत्युको जालमा अल्झेको र चिन्तित बन्धुगणको माझ लमतन्न परेको त्यो प्राणी परिवारले बारम्बार डाक्ता पनि वर्ता कष्ट भएर बोल्न सक्तैन ॥१७॥ यस प्रकार त्यो अभागी भाइ-बन्धुहरूलाई रुँदै-कल्पँदै छाडी यम-यातना भोगेर सदाको निम्ति आँखा चिम्लन्छ ॥१८॥ त्यसै बखत दुइ जना डरलाग्दा यमदूतहरू आएर क्रोधपूर्ण दृष्टि द्वारा हेर्दै, डर-भय देखाउनाले त्यसको मल-मूत्र निस्कन थाल्दछ ॥१९॥ ती यमदूत त्यसको घाँटीमा पाशो हालेर यमपुरीसम्म त्यसै गरी घिच्याउँदै लैजान्छन्, जसरी अपराधीलाई राजाका सिपाही समातेर लैजान्छन् ॥२०॥ ती दूतको हप्काई सुनेर त्यसको मुटु काम्छ र भयले थर-थर काम्न थाल्दछ । बाटोमा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसलाई कुकुरले टोक्छन् । त्यस अवस्थामा त्यो प्राणी आफ्ना गरिएका पापहरू सम्झेर दुःखी हुन्छ, भोक-प्यासले पीडित त्यो तीक्ष्ण घाम,दावानल र तातो हावा लाग्नाले झिल्सिन्छ र तातो बालुकामय बाटोमा हिंड्न असमर्थ भएपछि यमदूत त्यसको पिठिउँमा कोर्रा बजारेर हिंडाउँछन् ॥२१॥२२॥ त्यो बाटोमा न कहीं पिउने पानी र न कुनै विश्राम स्थल प्राप्त हुन्छ । अतः त्यो हिंड्दा-हिंड्दा थाकेर लड्दछ र मूर्छित हुन्छ, तापनि उठेर त्यो अन्धकारमय यमपुरीको कष्टप्रद बाटोमा हिंड्न थाल्दछ । अत्यन्त लामो अर्थात् निनान्नब्वे हजार योजन लामो बाटो त्यो प्राणी दुइ-तीन मुहूर्त (क्षण) मानै हिंडिसक्तछ । त्यती नै समयमा त्यसको सबै दुर्दशा भइसक्तछ ॥२३॥२४॥ त्यहाँ त्यसलाई बल्दो काठको बीचमा फालेर पोल्दछन् वा पिल्स्याउँछन् र त्यसलाई स्वयं आफैं वा अर्काको हातले काटेको मासु खानु पर्दछ ॥ २५ ॥ गिद्ध र कुकुर त्यसको खप्पर लुछ्तछन् र अनेक सर्प, बिच्छी लामखुट्टे टोक्तछन् ॥२६॥ त्यसका अङ्ग-प्रत्यङ्ग काट-कूट पार्छन्, त्यसलाई हात्ती आदिले कुल्चाउँछन्, अग्लो टाकुराबाट घुचेटिदिन्छन्, कहीं जलमा डुबाउँछन् र

लुके ॥ कृच्छ्रेण पृष्ठे कशया च ताडितश्चलत्यशक्तोऽपि निराश्रमोदके ॥ २२ ॥ यत्र तत्र पतञ्छान्तो मूर्च्छितः पुनरुत्थितः ॥ पथा पापीयमा नीतस्तमसा यमसादनम् ॥ २३ ॥ योजनानां सहस्राणि नवतिं नव चाध्वनः ॥ त्रिभिर्मुहूर्तैर्द्वाभ्यां वा नीतः प्राप्नोति यातनाः ॥ २४ ॥ आदीपनं स्वगात्राणां वेष्टयित्वोल्मुकादिभिः ॥ आत्ममांसादनं क्वापि स्वमृतं परतोऽपि वा ॥ २५ ॥ जीवतश्चान्त्राभ्युद्धारः श्वगृध्रैर्यमसादने ॥ सर्पवृश्चिकदंशाद्यैर्दशद्भिश्चात्मवैशसम् ॥ २६ ॥ कृन्तनं चावयवशो गजादिभ्यो भिदापनम् ॥ पातनं गिरिशृङ्गेभ्यो रोधनं चाम्बुगर्तयोः ॥ २७ ॥ यास्तामिस्रान्धतामिस्रा रौरवाद्याश्च यातनाः ॥ भुङ्क्ते नरो वा नारी वा मिथः सङ्गेन निर्मिताः ॥ २८ ॥ अत्रैव नरकः स्वर्ग इति मातः प्रचक्षते ॥ या यातना वै नारक्यस्ता इहाप्युपलक्षिताः ॥ २९ ॥ एवं कुटुम्बं बिभ्राण उदरम्भर एव वा ॥ विसृज्येहोभयं प्रेत्य भुङ्क्ते तत्फलमीदृशम् ॥३०॥ एकः प्रपद्यते ध्वान्तं हित्वेदं स्वकलेवरम् ॥ कुशलेतरपाथेयो भूतद्रोहेण यद्भृतम् ॥ ३१ ॥ दैवेनासादितं तस्य शमलं निरये पुमान् ॥ भुंक्ते कुटुम्बपोषस्य हृतवित्त इवातुरः ॥ ३२ ॥ केवलेन ह्यधर्मेण कुटुम्बभरणोत्सुकः ॥ याति जीवोऽन्धतामिस्रं चरमं तमसः पदम् ॥ ३३ ॥ अधस्तान्नर-

खाडलमा पुर्छन ॥२७॥ सबै नर-नारीलाई आफ्ना गरिएका पापहरूको फल तामिस्र, अन्धतामिस्र र रौरव आदि अनेक नरकहरूको यातनाको रूपमा अवश्य भोग्नै पर्दछ ॥२८॥ हे माता ! केही व्यक्ति त स्वर्ग र नर्क यसै लोकका छ भन्दछन्, किनकि यस लोकमा राजपुरुषहरू द्वारा चोर आदि अपराधी नरकका यातना भोगिरहेका प्रत्यक्ष देखिन्छ ॥२९॥ त्यो परिवारवाला होस् वा एक्लै, त्यसले परिवार र देह समेत छाडेर परलोकमा आफ्ना कर्मको त्यो फल भोग्नै पर्दछ, जसको वर्णन पछाडि गरिसकियो ॥ ३० ॥ प्राणीमात्रसित वैर-विरोध बोकेर पालिएको शरीरलाई छाडी प्राणी आफ्ना पापको पोको बोकेर एक्लै नै नरकको कष्ट भोग्दछ ॥१३॥ जसले कुटुम्बको पालन गर्नका लागि विविध पाप गरेका छन्, तिनले नरकको फल भोग्नै पर्दछ । जसको सर्वस्व लुटिएको होस्, त्यस व्यक्तिलाई आफ्नो धन-सम्पत्तिको चिन्ताबाहेक अरु केही देखिन्न । त्यस्तै पूर्वोक्त व्यक्ति शरीर छाड्ने वेलामा कुटुम्बको चिन्तामा अभिभूत रहनाले आफ्ना पापहरूको लागि ईश्वरसित क्षमा माग्न पनि बिर्सन्छ । त्यसैले उसको टाउकोमा पापको भारी रहिरन्छ॥३२॥जसले कुटुम्बको भरण-पोषणको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्ति पाप नै गरेको छ, त्यसलाई सबभन्दा डरलाग्दो अन्धतामिश्र नरकको यातना भोग्नु पर्दछ ॥३३॥ हे माता ! यस प्रकार त्यो पापी आफ्ना पापको फलस्वरूप नरकका भयङ्कर कष्ट र कुकुर, सुँगुर आदि योनिका क्लेश भोगिसकेपछि पापहरू क्षीण हुनाले विशुद्ध भइसकेपछि फेरि मनुष्य योनिमा जन्म पाउँछ ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषा-टीकायां त्रिंशोऽध्यायः ॥३०॥ (राजसी गतिको वर्णन)—कपिलदेव भन्दछन्—हे माता ! कर्मको फल ईश्वराधीन छ, अतः पूर्वजन्ममा गरिएका आफ्ना कर्मानुसार प्राणी पुरुषका वीर्यकणको आश्रय लिएर स्त्रीको उदर (गर्भाशय) मा प्रविष्ट हुन्छ ॥ १ ॥ एक रातमा शुक्र (वीर्य) को मिश्रण हुन्छ, पाँच रातमा त्यो बुद-बुद झैं वाटुलो बन्दछ र दस दिनमा बयर जस्तै कडा हुन्छ त्यसपछि त्यो कि त मांस-पिण्डको रूपमा परिवर्तित हुन्छ वा तिर्यक् योनिमा भए अण्डा (फुल) बन्दछ ॥२॥ एक महीनामा सिर, दुइ महीनामा हात-खुट्टा आदिको आकार तीन महीमा नङ, रौं वा लिङ्ग अथवा योनिको छिद्र (प्वाल) बन्दछ ॥ ३ ॥ चार महीनामा सातै धातुहरू तयार हुन्छन्, पाँच महीनामा भोक-प्यास

लोकस्य यावतीर्यातनादयः क्रमशः समनुक्रम्य पुनरत्राव्रजेच्छुचिः ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेयोपाख्याने कर्मविपाको नाम त्रिंशत्तमोऽध्यायः ॥ ३० ॥ श्रीभगवानुवाच ॥ कर्मणा दैवनेत्रेण जन्तुर्देहोपपत्तये ॥ स्त्रियाः प्रविष्ट उदरं पुंसो रेतःकणाश्रयः ॥१॥ कललं त्वेकरात्रेण पञ्चरात्रेण बुद्बुदम् ॥ दशाहेन तु कर्कन्धूः पेश्यण्डं वा ततः परम् ॥ २ ॥ मासेन तु शिरो द्वाभ्यां बाह्वङ्घ्र्याद्यङ्गविग्रहः ॥ नखलोमास्थिचर्माणि लिङ्गच्छिद्रोद्भवस्त्रिभिः ॥ ३ ॥ चतुर्भिर्धातवः सप्तपञ्चभिः क्षुत्तृडुद्भवः ॥ षड्भिर्जरायुणा वीतः कुक्षौ भ्राम्यति दक्षिणे ॥४॥ मातुर्जग्धान्नपानाद्यैरेधद्धातुरसम्मते ॥ शेते विण्मूत्रयोर्गर्ते स जन्तुर्जन्तुसम्भवे ॥ ५ ॥ कृमिभिः क्षतसर्वाङ्गः सौकुमार्यात्प्रतिक्षणम् ॥ मूर्च्छामाप्नोत्युरुक्लेशस्तत्रत्यैः क्षुधितैर्मुहुः ॥ ६ ॥ कटुतीक्ष्णोष्णलवणरूक्षाम्लादिभिरुल्बणैः ॥ मातृभुक्तैरुपस्पृष्टः सर्वाङ्गोत्थितवेदनः ॥ ७ ॥ उल्बेन संवृतस्तस्मिन्नन्त्रैश्च बहिरावृतः ॥ आस्ते कृत्वा शिरः कुक्षौ भुग्नपृष्ठशिरोधरः ॥ ८ ॥ अकल्पः स्वाङ्गचेष्टायां शकुन्त इव पञ्जरे ॥ तत्र लब्धस्मृतिर्दैवात्कर्म जन्मशतोद्भवम् ॥ स्मरन्दीर्घमनूच्छ्वासं शर्म किं नाम विंदते ॥ ९ ॥ आरभ्य सप्तमान्मासाल्लब्धबोधोऽपि वेपितः ॥ नैकत्रास्ते सूतिवातै-

लाग्न थाल्दछ, छ महीनामा जरायु (जालो) मा बेरिन्छ, अनि बालक दाहिने कोखामा चल्दछ ॥ ४ ॥ मल-मूत्रले परिपूर्ण गर्भाशयमा त्यसले विवश भएर बस्नै पर्दछ ॥ ५ ॥ त्यहाँ उसको वृद्धि आमाले खाएका अन्न जलको सारले हुन्छ । सुकुमार हुनाले त्यस गर्भाशयमा स्थित भोका कीरा त्यसलाई टोकिरहन्छन्, त्यसको पीडाले गर्दा त्यो मूर्च्छा पर्दछ ॥ ६ ॥ आमाले खाएका अमीलो, पीरो, तीती, टर्रो, चीसो, तातो वस्तुको रस लाग्नाले त्यसको सबै अङ्गमा कठोर वेदना हुन थाल्छ ॥ ६ ॥ जरायुले बेरिएको त्यो जीव आन्द्राहरूले ढाकिएको रहन्छ । गर्भाशयमा बालकको टाउको तल्तिर, घाँटी समेत जिउ डल्लो (कुण्डलाकार) रहन्छ ॥ ८ ॥ पिजडामा बन्द पक्षी झैं त्यो यति पराधीन रहन्छ—हात खुट्टा चलाउन पनि समर्थ हुँदैन । अब पूर्व संस्कारवश स्मरण शक्ति आउनाले जन्म जन्मान्तरका पापपुञ्जहरू स्मरण गरेर त्यो आत्तिन थाल्दछ ॥ ९ ॥ त्यसको सास रोकिए झैं हुन्छ । गर्भवासमा जो भयङ्कर कष्ट पाउँछ, तिनको वर्णन गर्न सकिन्न । सातौं महीनामा ज्ञानशक्ति आएपछि त्यो प्रसवीटा वायुको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेरणाले हल-चल गर्न थाल्दछ र योटै स्थानमा त्यसै गरी स्थित रहन्न जसरी विष्ठाका कीरा ॥१०॥ देहलाई नै आत्मा मान्ने सात धातुका बन्धनमा आबद्ध जीव गर्भवासका कष्टहरूले व्याकुल भई हात जोरेर नम्रतासाथ त्यस प्रभुको स्तुति गर्न थाल्दछ, जसले उसलाई गर्भमा पठायो ॥११॥ जीव स्तुति गर्दछ—हे भगवन् ! संसारको हितका बाणि हजुर आफ्नो इच्छाले बेला-बेलामा अवतार लिनुहुन्छ । म जस्तो अधमको निम्ति हजुर कर्मानुसार गर्भवास आदिको प्रबन्ध गर्नुहुन्छ, किन्तु हजुरको शरणमा गएपछि कुनै भय रहन्न। अतः म तजुरको शरणागत छु ॥ १२ ॥ गर्भाशयमा आएर मायामय पञ्चभूत (शरीर), इन्द्रिय र अन्तःकरणको चक्रमा अल्झेर पाप-पुण्यादि कर्मले गर्दा म त्यो स्वरूप बिर्सें झैं भएको छु, हजुर निर्विकार उपाधिशून्य हुनुहुन्छ, ज्ञानका अखण्ड भण्डार भक्तका हृदयमा विराजमान रहने हजुरलाई मेरो प्रणाम छ ॥ १३ ॥ म पञ्चभौतिक शरीरसित सम्बन्ध राखेर पनि वास्तवमा त्यसदेखि अलग छु, त्यसैले इन्द्रिय, सत्वादि गुण, शब्दादि विषय र चिदाभासबाट पनि म पृथक् छु, अतः प्रकृति र पुरुषका नियन्ता हजुर महिमामय

विष्ठाभूरिव सोदरः ॥१०॥ नाथमान ऋषिर्भीतः सप्तवध्रिः कृताञ्जलिः ॥ स्तुवीत तं विक्लवया वाचा येनोदरेऽर्पितः ॥ ११ ॥ जन्तुरुवाच ॥
तस्योपसन्नमवितुं जगदिच्छयाऽऽत्तनानातनोर्भुवि चलच्चरणारविन्दम् ॥ सोऽहं व्रजामि शरणं ह्यकुतोभयं मे येनेदृशी गतिरदर्श्यसतोऽनुरूपा ॥१२॥
यस्त्वत्र बद्ध इव कर्मभिरावृतात्मा भूतेन्द्रियाशयमयीमवलम्ब्य मायाम् ॥ आस्ते विशुद्धमविकारमखण्डबोधमातप्यमानहृदयेऽवसितं नमामि ॥१३॥
यः पञ्चभूतरचिते रहितः शरीरे छन्नो यथेन्द्रियगुणार्थचिदात्मकोऽहम् ॥ तेनाविकुण्ठमहिमानमृषिं तमेनं वन्दे परं प्रकृतिपूरुषयोः पुमांसम् ॥१४॥
यन्माययोरुगुणकर्मनिबन्धनेऽस्मिन्सांसारिके पथि चरंस्तदभिश्रमेण ॥ नष्टस्मृतिः पुनरयं प्रवृणीत लोकं युक्त्या कथा महदनुग्रहमन्तरेण ॥१५॥
ज्ञानं यदेतददधात्कतमः स देवस्त्रैकालिकं स्थिरचरेष्वनुवर्तितांशः ॥ तं जीवकर्मपदवीमनुवर्तमानास्तापत्रयोपशमनाय वयं भजेम ॥ १६ ॥ देह्यन्य-देहविवरे जठराग्निनाऽसृग्विण्मूत्रकूपपतितो भृशतप्तदेहः ॥ इच्छन्नितो विवसितुं गणयन्स्वमासान्निर्वास्यते कृपणधीर्भगवन्कदा नु ॥ १७ ॥ येनेदृशीं गतिमसौ दशमास्य ईश संग्राहितः पुरुदयेन भवादृशेन ॥ स्वेनैव तुष्यतु कृतेन स दीननाथः को नाम तत्प्रति विनाऽञ्जलिमस्य कुर्यात् ॥ १८ ॥
पश्यत्ययं धिषणया ननु सप्तवध्रिः शारीरके दमशरीर्यपरः स्वदेहे ॥ यत्सृष्टयाऽऽसं तमहं पुरुषं पुराणं पश्ये बहिर्हृदि च चैत्यमिव प्रतीतम् ॥ १९ ॥

परम-पुरुषलाई मेरो प्रणाम छ ॥१४॥ यो जीव जुन मायावश भएर आफ्ना कर्मका फल र प्रकृतिका लीलास्वरूप संसारमा भुल्दोछँदो अनेक कष्ट भोग्दै रहन्छ र आफ्नो स्वरूपसम्म बिर्सन्छ, त्यस ईश्वरको कृपा नभई आफ्नो स्वरूपको ज्ञान हुन सक्तैन ॥१५॥ त्यसैले हे प्रभो ! हजुरको शरणमा छु । जसको कृपाले जीवको त्रैकालिक (भूत, भविष्य, वर्तमान) ज्ञान प्राप्त हुन्छ र जो जड-चेतन सबैमा अन्तर्यामी रूपले भिजेको छ, तीनै तापको शान्तिका लागि म तिनको शरण पर्दछु ॥ १६ ॥ हे भगवन् ! रक्त र मल-मूत्रले भरिएको यस गर्भाशय तथा अर्काको शरीर भित्र रहिरहनाले म (जीव) जठराग्निमा पोलिई बाहिर निस्कनको निम्ति आत्तिई दिन गनिरहेको छु । हे भगवत् ! मलाई यस खाल्डोबाट बाहिर कहिले झिकिदिनु हुन्छ ॥१७॥ हे प्रभो ! हजुरले म गर्भस्थित जीवलाई पनि ज्ञान दिने असीम कृपा गर्नुभयो । हजुरले ममाथि यो जुन गर्नुभयो, त्यसैले हजुर प्रसन्न हुनुहवस् । हात जोर्नुबाहेक म अरु कुन सेवाद्वारा हजुरको यस उपकारको साटो तिर्न सक्तछु ? ॥१८॥ पशुयोनिका जीव आफ्नो सुख-दुःख बाहेक अरु केही पनि अनुभव गर्न सक्तैनन्, तर म त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरले दिएका विवेक-बलले नै शम-दमादि साधनहरूले सम्पन्न भएर दर्शन पाउँदछु ॥१९॥ हजुर अनादि अनन्त र भित्र-बाहिर सर्वत्र विद्यमान हुनुहुन्छ हे देव ! गर्भवासमा अनेक कष्ट भोग्न मलाई स्वीकार छ, तर बाहिर आउन स्वीकार छैन किनकि बाहिर निस्कनासाथ जीवको बुद्धिमा मायाको पर्दा परिहाल्छ,जसले त्यो आवागमनको चक्रमा परि रहन्छ॥२०॥ अतः म यहीं बसेर धैर्यपूर्वक बुद्धिको सहायताले शीघ्र संसारबाट आफ्नो उद्धार गर्नसक्छु, किनकि भगवान्को भजन गर्नाले फेरि बारम्बार गर्भवासको यन्त्रणा भोग्नु पर्दैन ॥२१॥ कपिलदेवले भन्नुभयो–हे माता ! यस्तो निश्चय गरेर जीव गर्भमा बसी स्तुति गर्न गर्दछ । नौ महीना बितेपछि त्यो तलतिर मुख्य भएर गर्भमा रहेको जीवलाई प्रसव-वायु बाहिरतिर घुचेटि दिन्छ ॥२२॥ बाहिर निस्कँदा त्यसले ठूलो कष्ट सहनु पर्दछ । त्यस बखत उसको सिर तलतिर रहन्छ, सास अड्के झैं र त्यसको स्मरण शक्ति लुप्त भएको हुन्छ ॥२३॥ बाहिर आएर त्यो रक्त र मूत्रमा मलका कृमि झैं छटपटाउँदै र ज्ञान नरहनाले रुदनमा बल गर्दछ ॥२४॥ त्यसको पालन गर्ने माता-पिता त्यस नवजात शिशुको अभिप्राय बुझ्न

सोऽहं वसन्नपि विभो बहुदुःखवासं गर्भान्न निर्जिगमिषे बहिरन्धकूपे ॥ यत्रोपयातमुपसर्पति देवमाया मिथ्यामतिर्यदनु संसृतिचक्रमेतत् ॥ २० ॥ तस्मादहं विगतविक्लव उद्धरिष्य आत्मानमाशु तमसः सुहृदाऽऽत्मनैव ॥ भूयो यथा व्यसनमेतदनेकरन्ध्रं मा मे भविष्यदुपसादितविष्णुपादः ॥ २१ ॥ कपिल उवाच ॥ एवं कृतमतिर्गर्भे दशमास्यः स्तुवन्नृषिः ॥ सद्यः क्षिपत्यवाचीनं प्रसूत्यै सूतिमारुतः ॥ २२ ॥ तेनावसृष्टः सहसा कृत्वाऽवाक्शिर आतुरः ॥ विनिष्क्रामति कृच्छ्रेण निरुच्छ्वासो हतस्मृतिः ॥ २३ ॥ पतितो भुव्यसृङ्मूत्रे विष्ठाभूरिव चेष्टते ॥ रोरूयति गते ज्ञाने विपरीतां गतिं गतः ॥२४॥ परच्छन्दं न विदुषा पुष्यमाणो जनेन सः ॥ अनभिप्रेतमापन्नः प्रत्याख्यातुमनीश्वरः ॥२५॥ शायितोऽशुचिपर्यंके जन्तुः स्वेदजदूषिते ॥ नेशः कण्डूयनेऽङ्गानामासानोत्थानचेष्टने ॥२६॥ तुदन्त्यामत्वचं दंशा मशका मत्कुणादयः॥ रुदन्तं विगतज्ञानं कृमयःकृमिकं यथा॥२७॥इत्येवं शैशवं भुक्त्वा दुःखं पौगण्डमेव च ॥ अलब्धाभीप्सितोऽज्ञानादिद्धमन्युः शुचार्पितः ॥ २८ ॥ सह देहेन मानेन वर्धमानेन मन्युना ॥ करोति विग्रहं कामी कामिष्वन्ताय चात्मनः ॥२९॥ भूतैः पञ्चभिरारब्धे देहे देह्यबुधोऽसकृत् ॥ अहंममेत्यसद्ग्राहः करोति कुमतिर्मतिम् ॥३०॥ तदर्थं कुरुते कर्म यद्बद्धो याति संसृतिम् ॥ योऽनुयाति ददत्क्लेशमविद्याकर्मबन्धनः ॥३१॥ यद्यसद्भिः पथि पुनः शिश्नोदरकृतोद्यमैः ॥ आस्थितो रमते जन्तुस्तमो विशति

सक्तैनन् । जब त्यो रुन थाल्दछ तब उसलाई दूध प्याउँछन्, तर त्यो आफ्नो वास्तविक अभिप्राय बुझाउन असमर्थ रहन्छ—मलाई यसको होइन, अमुक वस्तुको आवश्यकता छ । उडुस-उपियाँले भरिएको मैलो थाङनामा पल्टेको त्यस शिशुको नरम छाला उपियाँ, उडुस लामखुट्टे आदि ठूलो कीरालाई सानो कीराले झैं टोक्दछन् । अनि त्यो रुन थाल्छ । तर त्यसमा त्यो शक्ति हुँदैन कि ऊ आफ्नो अंग कन्याउन सकोस् । त्यति मात्र होइन, न त्यो आफैं कोल्टे फर्कन सक्छ, न उठेर बस्न सक्तछ ॥२५-२७॥ यही क्रममा यसको बाल्यकाल र पौगण्ड (कुमारावस्था) मा (लेख्ने-पढ्नेबाट हुने) क्लेशहरू भोगिसकेपछि जब त्यो युवावस्थामा खुड्डा रारुन्छ, तब इन्छित वस्तु नपाउनाले दुःखी भएर सबैसित बाझ्दै हिंड्दछ । यस्ता वैर-विरोधले उसैको नाश हुन्छ ॥२८॥२९॥ अज्ञानी प्राणी पाञ्चभौतिक शरीरलाई नै आत्मा मानेर त्यसमा ममता बढाउँछ । शरीरमा ममता हुनाले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्माको उपेक्षा गरेर त्यो सारा काम देहको निम्ति नै गर्दछ । यसै कारण त्यो जन्म-मरणको चक्रमा परिरहन्छ॥३०॥३१॥ यदि प्राणी सन्मार्गबाट भ्रष्ट तथा आत्मदेवबाट निरपेक्ष भएर तथा शिश्नोदर परायण दुर्जनहरूको कुसङ्गतिमा लागेर कुमार्गमा हिंड्न थाल्दछ, तब त्यो नरकमा जाकिन्छ ॥३२॥ कुसंगतिमा पर्नाले सत्य, पवित्रता, दया, मौन, विवेक, सम्मति, लज्जा, यश, सहनशीलता इन्द्रिय र मनलाई वशमा राख्नु तथा उत्कर्ष आदि त्यसका सद्गुण नष्ट हुन्छन् ॥३३॥ देह नै सर्वस्व हो भन्नेलाई शान्ति मिल्न सक्तैन, ती मूढ कसैको पनि काम लाग्दैनन् । ती केवल स्त्रीका दास रहन्छन्, त्यसैले तिनको दशा शोचनीय रहन्छ । यस्ताको संगति बिर्सेर पनि नगर्नु ॥३४॥ स्त्रीनगीचै उठ-बस र स्त्रैणपुरुष-को सङ्गति गर्नाले बुद्धि कलुषित र बन्धन बलियो हुँदै जान्छ ॥३५॥ जब प्रजापति ब्रह्मा आफ्नी छोरीको रूपमा मोहित भए, तब यो मृगी बनेर भागी । त्यस स्थितिमा ब्रह्माले निर्लज्ज भई मृगको रूप धारण गरेर लखेटे ॥३६॥ जब ब्रह्माजीको यो हालत भयो, तब उनैका सृष्टिस्वरूप देवगण, ऋषिहरू र मनुष्यमा यस्तो को छ, जसको मन स्त्रीहरूले

पूर्ववत् ॥३२॥ सत्यं शौचं दया मौनं बुद्धिः श्रीर्ह्रीर्यशः क्षमा ॥ शमो दमो भगश्चेति यत्सङ्गाद्याति संक्षयम् ॥३३॥ तेष्वशान्तेषु मूढेषु खण्डितात्म-स्वसाधुषु ॥ सङ्गं न कुर्याच्छोच्येषु योषित्क्रीडामृगेषु च ॥ ३४ ॥ न तथाऽस्य भवेन्मोहो बन्धश्चान्यप्रसङ्गतः ॥ योषित्सङ्गाद्यथा पुंसो यथा तत्सङ्गि-सङ्गतः ॥३५॥ प्रजापतिः स्वां दुहितरं दृष्ट्वा तद्रूपधर्षितः ॥ रोहिद्भूतां सोऽन्वधावदृक्षरूपी हतत्रपः॥३६॥तत्सृष्टसृष्टिसृष्टेषु को न्वखण्डितधीः पुमान् ॥ ऋषिं नारायणमृते योषिन्मय्येह मायया ॥ ३७ ॥ बलं मे पश्य मायायाः स्त्रीमय्या जयिनो दिशाम् ॥ या करोति पदाक्रान्तान्भ्रूविजृम्भेण केवलम् ॥ ३८ ॥ सङ्गं न कुर्यात्प्रमदासु जातु योगस्य पारं परमारुरुक्षुः ॥ मत्सेवया प्रतिलब्धात्मलाभो वदन्ति यां निरयद्वारमस्य ॥ ३९ ॥ योपयाति शनैर्माया योषिद्देवविनिर्मिता ॥ तामीक्षेतात्मनो मृत्युं तृणैः कूपमिवावृतम् ॥ ४० ॥ या मन्यते पतिं मोहान्मन्मायामृषभायतीम् ॥ स्त्रीत्वं स्त्रीसङ्गतः प्राप्तो वित्तापत्यगृहप्रदम् ॥ ४१ ॥ तामात्मनो विजानीयातपत्यगृहात्मकम् ॥ दैवोपसादितं मृत्युं मृगयोर्गायनं यथा ॥ ४२ ॥ देहेन जीवभूतेन लोकाल्लोकमनुव्रजन् ॥ भुञ्जान एव कर्माणि करोत्यविरतं पुमान् ॥ ४३ ॥ जीवो ह्यस्यानुगो देहो भूतेन्द्रियमनोमयः ॥ तन्निरो-

आकृष्ट नपारेका हुन् ? केवल नारायण ऋषिमा नै नारीको प्रभाव परेन ॥३७। हे माता ! स्त्रीरूपिणी मेरी मायाको बल त हेर्नुहोस्, ठूला-ठूला शूरवीर, दिग्विजयीलाई पनि भ्रूविलास मात्रले मान-मर्दन गरिदिन्छन् ॥३८॥ भगवत्कृपाले जसलाई आत्मस्वरूपको ज्ञान प्राप्त भइसकेको छ र जो मोक्ष पाउने प्रयत्न गरिरहेको छ, त्यो हरेक प्रकारले स्त्रीको सम्पर्कबाट जोगियोस, किनकि पुरुषको निम्ति नारी नरकको द्वार मानिएका छन् ॥३९॥ सेवा आदिको निहुँले यदि स्त्रीरूपिणी माया नगीचै आई भने मुमुक्षु पुरुष घाँस-पातले ढाकेको कूप झैं मृत्यु (अधःपतन)को कारण ठान्नु ॥४०॥ पूर्वजन्ममा शरीर त्याग्दा यदि प्राणी स्त्रीकै चिन्तन गरेर मर्दछ भने अर्को जन्ममा स्त्रीको नै देह पाएर आफ्नो अज्ञानवश यो पुरुषरूपिणी मेरी मायालाई पुत्र, वित्त, गृह आदि दिने पति नै ठान्दछ । पति, सन्तान र घर आदि माया नै हो, जसको परिणाम प्राक्तन कर्मको अनुसार प्राप्त हुने मृत्यु नै हो । जस्तै— गाना सुनाएर चरा पक्रनेले मृगको प्राण लिन्छ, यही काम त्यो माया गर्दछ ॥४१॥४२॥ प्राणी लिङ्ग शरीरद्वारा एक लोकबाट अर्को लोक (वा एक योनिबाट अर्को योनि)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गएर कर्मफल भोग्दै अन्यान्य कर्म गर्द रहन्छ ।।४३ । मुक्ति भएपछि नै जीवका लिङ्गदेह ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, सूक्ष्म पञ्चभूत, मन र बुद्धिका समुदायका लय हुन्छ र पाञ्चभौतिक (स्थूल) शरीरद्वाराऊ सुख-दुःख आदिको अनुभव गर्दछ । लिङ्गशरीररहित स्थूलशरीरका काम गर्नमा असमर्थ हुनु जीवको मृत्यु हो र समर्थ हुनु नै जन्म हो ।।४४-४५।। कमल, मोतियाबिन्द आदि रोगद्वारा दूषित भएपछि जस्तै नेत्र-गोलक काम गर्नमा असमर्थ हुन्छन् र इन्द्रियहरू पनि व्यर्थ हुन जान्छन् त्यस्तै इन्द्रियहरू बेकामे भएपछि जीव पनि विषयहरूको अनुभव गर्न असमर्थ हुन्छ । त्यस्तै नै स्थूलदेहमा विकार आएपछि लिङ्गदेह पनि बेकामे हुनु अनिवार्य छ । जीवको काम गर्न क्षमता र अक्षमताको अर्को नाम नै जन्म-मृत्यु हो । वास्तवमा जीवको स्वरूपसित इनको कुनै सम्बन्ध छैन ।।४६।। यसनिम्ति साधक पुरुष न मृत्युसित डराओस् न दीनता नै देखाओस्, न जीवनोपयोगी वस्तुको निम्ति मरिमेटोस् । जन्म-मरणको

धोऽस्य मरणमाविर्भावस्तु सम्भमः ।। ४४ ।। द्रव्योपलब्धिस्थानस्य द्रव्येक्षायोग्यता यदा ।। तत्पञ्चत्वमहंमानादुत्पत्तिर्द्रव्यदर्शनम् ।। ४४ ।। यथाऽक्ष्णोर्द्रव्यावयवदर्शनायोग्यता यदा ।। तदैव चक्षुषो द्रष्टुर्द्रष्टृत्वायोग्यताऽनयोः ।। ४६ ।। तस्मान्न कार्यः संत्रासो न कार्पण्यं न संभ्रमः ।। बुद्ध्वा जीवगतिं धीरो मुक्तसङ्गश्चरेदिह ।। ४७ ।। सम्यग्दर्शनया बुद्ध्या योगवैराग्ययुक्तया ।। मायाविरचिते लोके चरेन्न्यस्य कलेवरम् ।। ४८ ।। इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेयोपाख्याने जीवगतिर्नामैकत्रिंशोऽध्यायः ।। ३१ ।। कपिल उवाच ।। अथ यो गृहमेधीयान्धर्मानिवावसन्गृहे ।। काममर्थं च धर्मान्स्वादोधि भूयः पिपर्ति तान् ।। १ ।। स चापि भगवद्धर्मात्काममूढः पराङ्मुखः ।। यजते क्रतुभिर्देवान्पितॄँश्च श्रद्धयान्वितः ।।२।। तच्छ्रद्धयाऽऽक्रान्तमतिः पितृदेवव्रतः पुमान् ।। गत्वा चान्द्रमसं लोकं सोमपाः पुनरेष्यति ।। ३ ।। यदा चाहीन्द्रशय्यायां शेतेऽनन्तासनो हरिः ।। तदा लोका लयं यान्ति त एते गृहमेधिनाम् ।।४।। ये स्वधर्मान्न दुह्यन्ति धीराः कामार्थहेतवे ।। निःसङ्गास्त्यक्तकर्माणः प्रशान्ताः शुद्धचेतसः ।। ५ ।। निवृत्तिधर्मनिरता निर्ममा निरहंकृताः ।। स्वधर्माख्येन सत्त्वेन परिशुद्धेन चेतसा ।। ६ ।। सूर्यद्वारेण ते यान्ति पुरुषं विश्वतोमुखम् ।। परावरेशं प्रकृतिमस्योत्पत्त्यन्तभावनम् ।।७।। द्विपरार्धावसाने यः प्रलयो ब्रह्मणस्तु ते ।। तावदध्यासते लोकं परस्य परचिन्तकाः ।। ८ ।।

रहस्य राम्ररी बुझोस र निवृत्तिमार्गी बनोस् ।।४७।। भक्ति, योग, वैराग्य र ज्ञानले विशुद्ध बुद्धिद्वारा संसारलाई माया-कल्पित एवं नश्वर ठानेर देहमा मोह-ममता नराखोस् ।।४८।। इति श्रीमद्भागवते नेपाली भाषा टीकायामेकत्रिंशोऽध्यायः ।।३१।। (सात्विक गति र पुनरागमन) कपिलदेवले भने—जो व्यक्ति गृहस्थाश्रममा रहेर सकाम-कर्ममा नै अल्झिरहन्छ, त्यसले तीबाट कहिल्यै मुक्ति पाउन सक्तैन ।।१।। भगवद्भक्तिबाट विमुख अज्ञानी पुरुष यज्ञ-यागादि द्वारा देवगण र पितृहरूको श्रद्धापूर्वक आराधना गर्नाले चन्द्रलोकमा जान्छ र त्यहाँ सोमपान गरेर पुण्यक्षीण भएपछि फेरि संसारमा फर्कन्छ ।।२-३।। प्रलयकालमा भगवान् शेषशायी भएपछि ती चन्द्रलोकादिको पनि लय हुन्छ, जुन सकाम कर्महरू गरेर पाइन्छन् ।।४।। जो निष्कामभावले कर्म गर्दछन् र निःसङ्ग रहेर ईश्वरार्पण बुद्धिद्वारा कर्म गर्नाले जसको मन शान्त तथा शुद्ध भएको छ, ती निवृत्तिमार्गावलम्बी, ममतारहित र अहङ्कार शून्य मोक्षार्थी सत्वगुण प्रधान कर्म गरेर सूर्यद्वारा (अर्चिरादिमार्ग) बाट चराचरका नियन्ता, जगत्का उपादान र कारणस्वरूप पूर्ण पुरुषलाई प्राप्त गर्दछन् ।।५-७।। जो हिरण्यगर्भलाई परमेश्वर मानेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भज्दछन् ती दुइ परार्द्ध बितेपछि महाप्रलयको स्थितिसम्म ब्रह्मलोकमा रहन्छन् ॥८॥ त्रिगुण मूर्ति ब्रह्मा द्विपरार्द्ध कालसम्म शासन गरेर पृथ्वी, जल, अग्नि, वायु आकाश, मन, इन्द्रिय शब्द र अहङ्कार आदिसमेत ब्रह्माण्डको संहार गर्नका लागि जब परमेश्वरमा लीन हुन्छन्, अनि महाप्रलय हुन्छ। प्राणायाम आदि द्वारा मनलाई वशमा पारेर जुन विरक्त साधकले ब्रह्मलोक प्राप्त गरिसकेका छन्, तिनै ब्रह्मा (हिरण्यगर्भ) को संगसंगै परमानन्दस्वरूप एवं अविनाशी पुराणपुरुष परब्रह्मलाई प्राप्त गर्दछन्, त्योभन्दा पहिले होइन। किनकि त्यो भन्दा पहिले अहङ्कारले छाड्दैन ॥९-१०॥ हे माता ! तिमी भक्तिभावले ती परमेश्वरको शरण पर—जो घट-घटमा व्याप्त छन् र जसको महिमा अनन्त छ ॥ ११ ॥ फलतः ईश्वर द्वारा सत्त्वादि गुण परस्पर संयुक्त भएपछि मरीचि आदि ऋषिहरू, योगप्रवर्तक सनत्कुमार आदि महात्मा तथा अन्यान्य सिद्धान्तको कुरै छैन, जड़ चेतनका विधाता स्वयं ब्रह्माजीलाई

क्ष्माम्भोऽनलानिलवियन्मनइन्द्रियार्थभूतादिभिः परिवृतं प्रतिसञ्जिहीर्षुः ॥ अव्याकृतं विशति यर्हि गुणत्रयात्मा कालं पराख्यमनुभूय परः स्वयम्भूः ॥ ९ ॥ एवं परेत्य भगवन्तमनुप्रविष्टा ये योगिनो जितमरुन्मनसो विरागाः ॥ तेनैव साकममृतं पुरुषं पुराणं ब्रह्मप्रधानमुपयान्त्यगताभिमानाः ॥१०॥ अथ तं सर्वभूतानां हृत्पद्मेषु कृतालयम् ॥ श्रुतानुभावं शरणं व्रज भावेन भामिनि ॥ ११ ॥ आद्यः स्थिरचराणां यो वेदगर्भः सहर्षिभिः ॥ योगेश्वरैः कुमाराद्यैः सिद्धैर्योगप्रवर्तकैः ॥ १२ ॥ भेददृष्ट्याऽभिमानेन निःसङ्गेनापि कर्मणा ॥ कर्तृत्वात्सगुणं ब्रह्मपुरुषं पुरुषर्षभम् ॥ १३ ॥ स संसृत्य पुनः काले कालेनेश्वरमूर्तिना ॥ जाते गुणव्यतिकरे यथापूर्वं प्रजायते ॥ १४ ॥ ऐश्वर्यं पारमेष्ठ्यं च तेऽपि धर्मविनिर्मितम् ॥ निषेव्य पुनरायान्ति गुणव्यतिकरे सति ॥ १५ ॥ ये त्विहासक्तमनसः कर्मसु श्रद्धयान्विताः ॥ कुर्वन्त्यप्रतिषिद्धानि नित्यान्यपि च कृत्स्नशः ॥ १६ ॥ राजसाः कुण्ठमनसः कामात्मनो जितेन्द्रियाः ॥ पितॄन् यजन्त्यनुदिनं गृहेष्वभिरताशयाः ॥ १७ ॥ त्रैवर्गिकास्ते पुरुषा विमुखा हरिमेधसः ॥ कथायां कथनीयोरुविक्रमस्य मधुद्विषः ॥ १८ ॥ नूनं दैवेन विहता ये चाच्युतकथासुधाम् ॥ हित्वा शृण्वन्त्यसद्गाथाः पुरीषमिव विड्भुजः ॥ १९ ॥ दक्षिणेन पथाऽर्यम्णः पितृलोकं व्रजन्ति ते ॥ प्रजामनुप्रजायन्ते श्मशानान्तक्रियाकृतः ॥ २० ॥ ततस्ते क्षीणसुकृताः पुनर्लोकमिमं सति ॥ पतन्ति विवशा देवैः सद्यो विभ्रंशितोदयाः ॥ २१ ॥ तस्मात्त्वं सर्वभावेन भजस्व परमेष्ठिनम् ॥ तद्गुणाश्रयया भक्त्या भजनीयपदाम्बुजम् ॥ २२ ॥

निष्काम कर्म गरेर पनि भेददृष्टि राख्ने र कर्तृत्वको अभिमानले सृष्टिको आरम्भमा आफ्नो अधिकारानुसार संसारमा आउनै पर्दछ ॥ १२-१४ ॥ अझ अघि गएर यी सबैलाई पुण्योपार्जित ऐश्वर्यको उपभोग प्राप्त भएर सगुण परब्रह्मको प्राप्ति हुन्छ ॥ १५ ॥ जो श्रद्धापूर्वक नित्य-नैमित्तिक कर्म नै गर्दछन् जसको मनमा रजोगुणको अधिकार रहन्छ र इन्द्रियहरू जसका वशमा छैनन्, यस्ता गृहस्थाश्रमी प्रतिदिन पितृका आराधनामा तत्पर रहन्छन्। जो जन अर्थ र कामका साधक कार्यमा अल्झि रहन्छन्, भगवान्को गुणगान गर्दैनन् र शूकर जस्तै राम्रा वस्तु छाडेर विष्ठातिर दगुर्छ, त्यस्तै जो भगवत्कथामृत छाडेर व्यर्थका कुरामा अल्झि रहन्दछन्, ती ठूला अभागी हुन् ॥ १६-१९ ॥ गर्भाधानदेखि लिएर अन्त्येष्टिपर्यन्त संस्कारहरू विधिपूर्वक गर्ने व्यक्ति पितृका राजा अर्यमाको दक्षिण (धूम) मार्गबाट पितलोकमा जान्छन् ॥२०॥ त्यहाँ पुण्यक्षीण हुनासाथ देवताहरू तिनलाई पित-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकको सुख भोगनबाट वंचित गरिदिन्छन् । अनि ती फेरि मृत्युलोकमा फर्कन्छन् ॥२१॥ अतः हे माता ! तिमी भक्तिपूर्वक भगवान्‌को भजन गर । भगवान्‌को भक्ति गर्नाले विषयप्रति वैराग्य हुनासाथ शीघ्रनै विवेक बुद्धि उत्पन्न हुन्छ । अनि ब्रह्म-साक्षात्कार हुन्छ ॥२२॥२३॥ भक्तको चित्त जब इन्द्रियमित मिल्दैनन् र राग-द्वेषको सीमालाई नाघेर पारी गई भगवान्‌मा लीन हुन्छन्, अनि त्यो आफूलाई परमानन्दस्वरूप मानेर निःसंग, समदर्शी र स्वप्रकाशमय आफ्नो आत्माको दर्शन गर्दछ ॥ २४ ॥ २५ ॥ द्रष्टा, दृश्य र दर्शनका साधनादि रूपले भगवान् भिन्न झैं प्रतीत हुन्छन्, तर वास्तवमा ती ज्ञानस्वरूप र अद्वितीय छन् ॥२६॥ संसारको तर्फबाट पूर्ण निःसंग बुद्धि हुनु नै योगीको समस्त योगसाधनाको फल हो ॥२७॥ ज्ञानमय एवं अद्वितीय निर्गुण ब्रह्मनै विषयोन्मुख इन्द्रिय द्वारा भ्रान्तिवश आकाश र देव-मनुष्यादिको रूपमा प्रतीत हुन्छ । वास्तवमा पूर्वोल्लिखित पदार्थको सत्ता ब्रह्मबाट पृथक् हुँदैन ॥२८॥ जस्तै-महत्तत्त्व स्वरूपतः एउटै भए पनि अहङ्कारादिरूपले त्रिविध (सात्त्विक, राजस, तामस) पंचविध (पंचभूतको

वासुदेवे भगवति भक्तियोगः प्रयोजितः ॥ जनयत्याशु वैराग्यं ज्ञानं यद्ब्रह्मदर्शनम् ॥ २३ ॥ यदाऽस्य चित्तमर्थेषु समेष्विन्द्रियवृत्तिभिः ॥ न विगृ-ह्णाति वैषम्यं प्रियमप्रियमित्युत ॥ २४ ॥ स तदैवात्मनाऽऽत्मानं निःसङ्गं समदर्शनम् ॥ हेयोपादेयरहितमारूढं पदमीक्षते ॥ २५ ॥ ज्ञानमात्रं परं ब्रह्म परमात्मेश्वरः पुमान् ॥ दृश्यादिभिः पृथग्भावैर्भगवानेक ईयते ॥ २६ ॥ एतावानेव योगेन समग्रेणेह योगिनः ॥ युज्यतेऽभिमतो ह्यर्थो यद-सङ्गस्तु कृत्स्नशः ॥२७॥ ज्ञानमेकं पराचीनैरिन्द्रियैर्ब्रह्म निर्गुणम् ॥ अवभात्यर्थरूपेण भ्रान्त्याशब्दादिधर्मिणा ॥ २८ ॥ यथा महानहंरूपस्त्रिवृत्पञ्चविधः स्वराट् ॥ एकादशविधस्तस्य वपुरण्डं जगद्यतः ॥२९॥ एतद्वै श्रद्धया भक्त्या योगाभ्यासेन नित्यशः ॥ समाहितात्मा निःसंगो विरक्त्या परिपश्यति ॥ ३० ॥ इत्येतत्कथितं गुर्वि ज्ञानं तद्ब्रह्मदर्शनम् ॥ येनानुबुद्ध्यते तत्त्वं प्रकृतेः पुरुषस्य च ॥ ३१ ॥ ज्ञानयोगश्च मन्निष्ठो नैर्गुण्यो भक्तिलक्षणः ॥ द्वयोरप्येक एवार्थो भगवच्छब्दलक्षणः ॥३२॥ यथेन्द्रियैः पृथग्द्वारैरर्थो बहुगुणाश्रयः ॥ एको नानेयते तद्वद्भगवान् शास्त्रवर्त्मभिः ॥३३॥ क्रियया क्रतुभिर्दानैस्तपःस्वाध्यायदर्शनैः ॥ आत्मेन्द्रियजयेनापि संन्यासेन च कर्मणाम् ॥ ३४ ॥ योगेन विविधाङ्गेन भक्तियोगेन चैव हि ॥ धर्मेणोभय-

संयोगले र एकादशविध (दस इन्द्रिय र मन्‌ रहनाले) जीवलाई शरीर र ब्रह्माण्ड अनेक थरिको प्रतीत हुन्छ । वस्तुतः अहङ्कारादि महत्तत्त्वबाट पृथक् छैनन्) ! त्यस्तै नै ज्ञान साधकलाई पूर्वोक्त ज्ञान स्वरूप ब्रह्मको साक्षात्कार हुन्छ ॥२९-३०॥ हे माता ! यो त्यस ज्ञानको स्पष्टीकरण हो, जसको फल ब्रह्मको साक्षात्कार हो । यसै द्वारा प्रकृति र पनि शब्द स्पर्श आदिको रूपमा भिन्न-भिन्न ज्ञात हुन्छ, तर यौटै हो, भक्ति, वैराग्य र निरन्तर योगाभ्यासले जब मन शान्त र विषयबाट पृथक् हुन्छ, तब कुनै प्रकारको पनि भिन्नता रहन । पुरुषको तत्त्व बुझ्न सकिन्छ ॥३१॥ उपासना-निर्गुण ज्ञानयोग) द्वारा होस् अथवा सगुण (भक्तियोग) द्वारा दुवैको फल भगवत्प्राप्ति नै हो । अधिकारी भेदले अनुभव गर्द, त्यस्तै नै भगवान्‌को स्वरूपमा नभए पनि उनको प्राप्तिका लागि अधिकारी-भेदले शास्त्रमा अनेक उपाय कहिएका छन् ॥३३॥ तलाऊ, इनार आदि खताउने, यज्ञ यागादि गर्ने,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भा. टी. अ. ३२ ॥६६ / ३. तृ. ६६॥

दान, तप, वेदाध्ययन र वेदार्थको विचार गर्ने मन र इन्द्रियको निग्रह गर्ने, ईश्वरार्पण बुद्धिले धर्मको आचरण गर्ने, अष्टाङ्गयोग र भक्तियोग साधने सकाम र निष्काम कर्म गर्ने, आत्मचिन्तन र प्रबल वैराग्य आदि उपाय द्वारा सगुण तथा निर्गुण र प्रकाश-स्वरूप ब्रह्मको प्राप्ति हुन्छ ॥३४।३६॥ हे माता ! मैले हजुरलाई पूर्वोक्त चार प्रकारका ज्ञान र भक्ति योगका र उस कालका स्वरूप बताएँ—जसको शक्ति र गति बुझ्न सकिन्न र जो प्राणिमात्रका लागि जन्म-मरण आदिको कारण मानिन्छ ॥ ३७ ॥ हे माता ! अविद्यामय कर्म गर्नाले जीवले जुन विविध योनिहरूमा जन्म लिनु पर्दछ, तिनमा पुगेपछि त्यसलाई आफ्नो स्वरूप सम्मको ज्ञान रहन्न। यस प्रकार सबै योनिहरूको पनि वर्णन मैले गरिदिएँ ॥३८॥ खल, उद्दण्ड, मन्दबुद्धि, नास्तिक, दुराचारी, पाखण्डी, लोभी, गृहस्थीको जंजालमा अल्झिएको, श्रद्धाहीन र मेरा भक्तको विरोधीलाई यस तत्त्वज्ञानको उपदेश दिनु हुँदैन ॥३९ ४० ॥ यसका अधिकारी त मेरा ती अनन्य भक्त हुन्, जो श्रद्धालु विनम्र, ईर्ष्या द्वेष हीन, प्राणिमात्रका हितैषी, सेवा परायण, विरक्त मन हुने,

चिह्नेन यः प्रवृत्तिनिवृत्तिमान् ॥ ३५ ॥ आत्मतत्त्वावबोधेन वैराग्येन दृढेन च ॥ ईयते भगवानेभिः सगुणो निर्गुणः स्वदृक् ॥ ३६ ॥ प्रावोचं भक्तियोगस्य स्वरूपं ते चतुर्विधम् ॥ कालस्य चाव्यक्तगतेर्योऽन्तर्धावति जन्तुषु ॥ ३७ ॥ जीवस्य संसृतीर्बह्वीरविद्याकर्मनिर्मिताः ॥ यास्वङ्ग प्रविशन्नात्मा न वेद गतिमात्मनः ॥३८॥ नैतत्खलायोपदिशेन्नाविनीताय कर्हिचित् ॥ न स्तब्धाय न भिन्नाय नैव धर्मध्वजाय च ॥३९॥ न लोलुपायोपदिशेन्न गृहारूढचेतसे ॥ नाभक्ताय च मे जातु न मद्भक्तद्विषामपि ॥ ४० ॥ श्रद्दधानाय भक्ताय विनीतायानसूयवे ॥ भूतेषु कृतमैत्राय शुश्रूषाभिरताय च ॥ ४१ ॥ बहिर्जातविरागाय शान्तचित्ताय दीयताम् ॥ निर्मत्सराय शुचये यस्याहं प्रेयसां प्रियः ॥ ४२ ॥ य इदं शृणुयादम्ब श्रद्धया पुरुषः सकृत् ॥ यो वाऽभिधत्ते मच्चित्तः स ह्येति पदवीं च मे ॥४३॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेये द्वात्रिंशोऽध्यायः ॥३२॥ मैत्रेय उवाच ॥ एवं निशम्य कपिलस्य वचो जनित्री सा कर्दमस्य दयिता किल देवहूतिः ॥ विस्रस्तमोहपटला तमभिप्रणम्य तुष्टाव तत्त्वविषयाङ्कितसिद्धिभूमिम् ॥ १ ॥ देवहूतिरुवाच ॥ अथाप्यजोऽन्तःसलिले शयानं भूतेन्द्रियार्थात्ममयं वपुस्ते ॥ गुणप्रवाहं सदशेषबीजं दध्यौ स्वयं यज्जठ-

शान्त चित्त, राग-द्वेष र निष्कपट रहन्छन् ॥४१॥४२॥ हे माता ! जो व्यक्ति एकपल्ट पनि मेरो यी उपदेश श्रद्धापूर्वक, मत्परायण भएर सुन्दछ, त्यो मुक्त भएर जान्छ ॥४३॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे नेपाली भाषाटीकायां द्वात्रिंशोऽध्यायः ॥३२॥ (कपिलदेवको ज्ञानले जीवन-मुक्तिका प्राप्ति) मैत्रेय भन्दछन्—हे विदुर ! सर्वज्ञ कपिल भगवान्‌को उपदेश सुन्नासाथ देवहूतिका सबै माया-मोह गयो। ती ज्ञान मार्गका प्रवर्तक कपिलदेवलाई प्रणाम गरेर यसरी स्तुति गर्न लागिन् ॥ १ ॥ देवहूतिले भनिन्—हे ईश ! हे भगवन् ! हजुर कार्य-कारण मात्रका बीजस्वरूप र गुणत्रयका नियन्ता तथा पंचभूत, इन्द्रिय, शब्दादि विषय र मन, यी सबै हजुरका नै व्यक्त स्वरूप हुन्। हजुर प्रलयकालमा शेषशय्यामा शयन गर्नुहुन्छ। हजुरको नाभिकमलबाट उत्पन्न स्वयं ब्रह्माजी हजुरको ध्यान गरेर नै पर्खिरहे, दर्शन तिनले पनि पाएनन्। हजुर सत्य सङ्कल्प हुनुहुन्छ हजुरका का शक्ति अचिन्त्य र अनन्त छन्। सत्व आदि गुणका प्रवर्तकरूपले आफ्ना शक्तिहरू विभक्त गरेर निष्क्रिय भएर पनि हजुर जीवलाई कर्मफल दिनको लागि विश्वको उत्पत्ति, स्थिति र प्रलय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछन् ॥ २ । ३ ॥ प्रलयकालमा जो विशाल ब्रह्माण्ड आफूना लीन गरेर वरको पातमा पल्टिई आनन्दपूर्वक खुट्टाको बूढीऔंला चुस्ने गर्दथे, तिनै हजुरलाई मैले आफ्नो उदरमा कसरी धारण गरें, यसैमा म छक्क पर्दछु ॥ ४ ॥ दुर्जनको दलन र सज्जनहरूको पालन गर्नका लागि हजुरले जसरी वेला वेलामा वाराहादि अनेक अवतार लिनुभएथ्यो, उसै गरी हजुरको यो कपिल अवतार पनि ज्ञानमार्गको उपदेश दिनका लागिनै भएको ।।५।। जसको नामको श्रवण कीर्तन गर्ने र कहिलेकाहीं स्मरण गर्नाले चाण्डाल पनि सोमयाग गरेको अधिकारी र आदरणीय बन्दछ, त्यसको दर्शनले पाइने लाभको त कुरै छैन ॥ ६ ॥ पूर्वजन्ममा विधिपूर्वक कोही तपश्चर्या, हवन र तीर्थयात्रा, व्रत, दान आदि गरेको फलस्वरूप यस जन्ममा हरि-कीर्तन गर्ने उच्च अधिकार प्राप्त हुन्छ । अतएव जसको जिभ्रोमा हजुरको नाम बनिरहन्छ र जो सधैं हजुरको भजन गर्ने गर्दछ, त्यो चाण्डाल पनि सर्वश्रेष्ठ छ । हजुर नै परब्रह्म र परमपुरुष तथा विष्णु हुनुहुन्छ । बाल विषयबाट मन पृथक् भएपछि नै हजुरको चिन्तन गर्न सकिन्छ, हजुरको कृपादृष्टि भएपछि मात्र जीव जन्म-मरणको चक्रबाट

राब्जजातः ॥ २ ॥ स एव विश्वस्य भवान्निधत्ते गुणप्रवाहेण विभक्तवीर्यः ॥ सर्गाद्यनीहोऽवितथाभिसन्धिरात्मेश्वरोऽतर्क्यसहस्रशक्तिः ॥ ३ ॥ स त्वं भृतो मे जठरेण नाथ कथं नु यस्योदर एतदासीत् ॥ विश्वं युगान्ते वटपत्र एकः शेते स्म मायाशिशुरंघ्रिपानः ॥ ४ ॥ त्वं देहतन्त्रः प्रशमाय पाप्मनां निदेशभाजां च विभो विभूतये ॥ यथाऽवतारास्तव शूकरादयस्तथाऽयमप्यात्मपथोपलब्धये ॥ ५ ॥ यन्नामधेयश्रवणानुकीर्तनाद्यत्प्र-ह्वणाद्यत्स्मरणादपि क्वचित् ॥ श्वादोऽपि सद्यः सवनाय कल्पते कुतः पुनस्ते भगवन्नु दर्शनात् ॥ ६ ॥ अहो बत श्वपचोऽतो गरीयान् यज्जिह्वाग्रे वर्तते नाम तुभ्यम् ॥ तेपुस्तपस्ते जुहुवुः सस्नुरार्या ब्रह्मानूचुर्नाम गृहन्ति ये ते ॥ ७ ॥ तं त्वामहं ब्रह्म परं पुमांसं प्रत्यक्स्रोतस्यात्मनि संविभा-व्यम् ॥ स्वतेजसा ध्वस्तगुणप्रवाहं वन्दे विष्णुं कपिलं वेदगर्भम् ॥ ८ ॥ मैत्रेय उवाच ॥ ईडितो भगवानेवं कपिलाख्यः परः पुमान् ॥ वाचाऽ-विक्लवयेत्याह मातरं मातृवत्सलः ॥ ९ ॥ कपिल उवाच ॥ मार्गेणानेन मातस्ते सुसेव्येनोदितेन मे ॥ आस्थितेन परां काष्ठामचिरादवरो-त्स्यसि ॥ १० ॥ श्रद्धत्स्वैतन्मतं मह्यं जुष्टं यद्ब्रह्मवादिभिः ॥ येन मामभवं याया मृत्युमृच्छन्त्यतद्विदः ॥ ११ ॥ मैत्रेय उवाच ॥ इति प्रदर्श्य भगवान्सतीं तामात्मनो गतिम् ॥ स्वमात्रा ब्रह्मवादिन्या कपिलोऽनुमतो ययौ ॥ १२ ॥ सा चापि तनयोक्तेन योगादेशेन योगयुक् ॥ तस्मिन्ना-श्रम आपीडे सरस्वत्याः समाहिता ॥१३॥ अभीक्ष्णावगाहकपिशान् जटिलान्कुटिलालकान् ॥ आत्मानं चोग्रतपसा बिभ्रती चीरिणं कृशम् ॥१४॥

मुक्त हुन सक्तछ । हजुर नै वेदका प्रधान आधार हुनुहुन्छ । हे भगवन् ! म हजुरलाई प्रणाम गर्दछु, ॥ ७-८ ॥ मैत्रेयजी भन्दछन् हे विदुर ! माता देवहूतिले जब यसरी कपिल भगवान्को स्तुति गरिन् तब आमाको हितका निम्ति कपिलदेवले गम्भीरतापूर्वक भने—॥ ९ ॥ हे माता ! मैले बुझाएको यस सरल मार्गमा हिंडेर तिमी शीघ्र जीवन-युक्त हुनेछौ ॥ १० ॥ ब्रह्मज्ञानी जन मेरो मत (सांख्य) को समर्थन गर्दछन् । अतएव यसमा हिंडनाले तिमी पनि मुक्त हुनेछौ । जो यसलाई मान्दैनन् ती भवसागरमा डुब्दै-उत्रन्दै रहन्छन् ॥ ११ ॥ मैत्रेय भन्दछन्—हे विदुर ! माता देवहूतिलाई यसरी आत्मज्ञानको उपदेश दिएर र उनीबाट अनुमति लिएर कपिलदेव यहाँबाट हिंडे॥१२॥ त्यसै बेलादेखि उनले बताएका विधि अनुसार एकाग्रचित्त भई माता देवहूति सरस्वती तटवर्ती विन्दुसर आश्रममा गएर योगाभ्यास गर्न लागिन् ॥ १३ ॥ दिनको तीन पल्ट स्नान गर्नाले राम्रो कपाल लट्टिए,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केश पहेंला भए र वल्कल वसन लगाएर कठोर तपस्या गर्नाले ती तान्है दुर्बल भइन् प्रजापति कर्दमको गार्हस्थ्य आश्रममा ती सबै सम्पत्तिहरू थिए जुन तपस्या र योगबलले नै प्राप्त गर्न सकिन्थ्यो । यसै कारण त्यस आश्रमको निम्ति देवता पनि लोभिन्थे ॥ १४ ॥ त्यस आश्रममा हात्ती-दाँतका पलँग थिए, तिनमा सेता विछौना बिछाइएका थिए र सबै सामान सुनकै थिए ; सुवर्णकै आसन (चौकीहरू) राखिएका थिए, तिनमा नरम उसना थिए । स्फटिक र मरकतमणिका भित्ताहरूमा अनेक सुन्दरीगणका मूर्तिहरू बनेका थिए, तिनका हातमा टल्कने रत्नप्रदीप विद्यमान थिए । फुलेका कल्पवृक्ष आदि देवद्रुम त्यस आश्रमको शोभा बढाइरहेका थिए, वृक्षहरूमा पक्षीगण बोल्दथे र भ्रमर गुञ्जन गरिरहेथे ॥१५–१८॥ वाटिकाको सरोवरमा फुलेका कमलको सुगन्ध लिँदै देवहूति कर्दम प्रजापति जलविहार गर्दथे र गन्धर्व, किन्नर आदि उनलाई स्तुति (संगीत) ले प्रसन्न गर्दथे । यस्ता सुख-सामग्रीका निम्ति इन्द्रपुरीका ललनाहरू पनि लालायित थिए, किन्तु देवहूतिलाई त्यसको त्याग गर्न अलिकति पनि कष्ट भएन, तर पति वनवासी भएपछि जब छोरो पनि उनलाई छाडेर

प्रजापतेः कर्दमस्य ततोयोगविजृम्भितम् ॥ स्वगार्हस्थ्यमनौपम्यं प्रार्थ्यं वैमानिकैरपि ॥ १५ ॥ पयःफेननिभाः शय्या दान्ता रुक्मपरिच्छदाः ॥ आसनानि च हैमानि सुस्पर्शास्तरणानि च ॥ १६ ॥ स्वच्छस्फटिककुड्येषु महामारकतेषु च ॥ रत्नप्रदीपा आभान्ति ललनारत्नसंयुताः ॥ १७ ॥ गृहोद्यानं कुसुमितै रम्यं बह्वमरद्रुमैः ॥ कूजद्विहङ्गमिथुनं गायन्मत्तमधुव्रतम् ॥१८॥ तत्र प्रविष्टमात्मानं विबुधानुचरा जगुः ॥ वाप्यामुत्पलगन्धिन्यां कर्दमेनोपलालितम् ॥ १९ ॥ हित्वा तदीप्सिततममप्याखण्डलयोषिताम् ॥ किञ्चिच्चकार वदनं पुत्रविश्लेषणातुरा ॥ २० ॥ वनं प्रव्रजिते पत्या-वपत्यविरहातुरा ॥ ज्ञाततत्त्वाऽप्यभून्नष्टे वत्से गौरिव वत्सला ॥ २१ ॥ तमेव ध्यायती देवमपत्यं कपिलं हरिम् ॥ बभूवाचिरतो वत्स निःस्पृहा तादृशे गृहे ॥ २२ ॥ ध्यायती भगवद्रूपं यदाह ध्यानगोचरम् ॥ सुतं प्रसन्नवदनं समस्तव्यस्तचिंतया ॥ २३ ॥ भक्तिप्रवाहयोगेन वैराग्येण बलीयसा ॥ युक्तानुष्ठानजातेन ज्ञानेन ब्रह्महेतुना ॥ २४ ॥ विशुद्धेन तदाऽऽत्मानमात्मना विश्वतोमुखम् ॥ स्वानुभूत्या तिरोभूतमायागुणविशेषणम् ॥ २५ ॥ सा ब्रह्मणि स्थितमतिर्भगवत्यात्मसंश्रये ॥ निवृत्तजीवापत्तित्वात्क्षीणक्लेशाप्तनिर्वृतिः ॥ २६ ॥ नित्यरूढसमाधित्वात्परावृत्तगुणभ्रमा ॥ न सस्मार तदात्मानं स्वप्ने दृष्टमिवोत्थितः ॥२७॥ तद्देहः परतः पोषोऽप्यकृशश्चाध्यसम्भवात् ॥ बभौ मलैरवच्छन्नः सधूम इव पावकः ॥२८॥ स्वाङ्गं तपोयो-

हिंडिदिए । तब ती गाई झैं व्याकुल भइन्, जसको बाछो बिछोडिएको होस् ॥ १९-२१ ॥ यद्यपि उनलाई तत्त्वज्ञान प्राप्त भइसकेको थियो, तापनि उनको मुखमा पुत्र-वियोगको कष्ट स्पष्ट देखिइरहेको थियो । भगवान कपिलदेवको स्मरण गर्दागर्दै देवहूतिको चित्त परिपूर्ण गृहस्थीबाट हट्यो र तिनका सारा वासनाहरू नष्ट भए ॥ २ ॥ कपिलदेवले जुन रूपको ध्यान गर्न भनेका थिए, त्यस मधुर हास्ययुक्त भगवान्को सम्पूर्ण रूप र भिन्न-भिन्न अवयवहरूको ध्यान गर्दागर्दै तिनको बुद्धि स्थिर भयो । आत्म-परमात्म-विषयक भेद-बुद्धि निवारण भएको हुनाले तिनका कायिक, वाचिक, मानसिक क्लेश नष्ट भएर उनलाई आत्मानन्दको अनुभव हुनलाग्यो । नित्यप्रति समाधि लागिरहनाले उनको सत्त्व-रज आदि गुणमूलक भ्रम हरायो ॥२३-२६॥ सुतेर उठेका व्यक्तिलाई जस्तै स्वप्नका घटनाको स्मरण रहन्न, त्यसै गरी नित्य समाधिस्थ रहनाले उनलाई आफ्नो शरीरको पनि शुद्धि रहेन ॥ २७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्दम प्रजापति द्वारा नियुक्त किन्नरीहरू देवहूतिको खान-पानको व्यवस्था गर्दथे र योगाभ्यास गरिरहनाले तिनलाई कुनै मानसिक क्लेशले दुःख दिँदैनथ्यो। त्यसै कारण उनको देह जर्जर हुनबाट जोगियो, तर अब स्वयं हेर-विचार नगर्नाले शरीरमा मयल जमेको थियो, त्यसैले ती धूमयुक्त आगो झैं देखिन्थिन्। तपस्या र योगाभ्यास गर्दै देवहूति भगवान्मा यति वर्ता तन्मय रहन्थिन् कि उनलाई कपाल लट्टिएको र देहबाट वस्त्र खुस्केको पनि ध्यान रहन्नथ्यो ॥२९॥ तिनको देहको रक्षा त प्रारब्ध (दैव) वश नै भइरहेको थियो। यस प्रकाप कपिलदेवले भनेको मार्गबाठ हिंड्नाले थोरै समयमा नै देवहूतिलाई नित्यमुक्त आत्मस्वरूप परब्रह्मको प्राप्ति भयो ॥ ३० ॥ जुन स्थानमा देवहूतिलाई सिद्धि प्राप्त भएको थियो त्यो पुण्यक्षेत्र सिद्धपदको नामले तीनै लोकला प्रसिद्ध भयो। योगसाधना द्वारा त्यागेको तिनको देह 'सिद्धिदा' नामकी नदीको रूपमा परिणत भयो ॥ ३१-३२ ॥

गमयं मुक्तकेशं गताम्बरम् ॥ दैवगुप्तं न बुबुधे वासुदेवप्रविष्टधीः ॥ २६ ॥ एवं सा कपिलोक्तेन मार्गेणाचिरतः परम् ॥ आत्मानं ब्रह्म निर्वाणं भगवन्तमवाप ह ॥ ३० ॥ तद्वीरासीत्पुण्यतमं क्षेत्रं त्रैलोक्यविश्रुतम् ॥ नाम्ना सिद्धपदं यत्र सा संसिद्धिमुपेयुषी ॥ ३१ ॥ तस्यास्तद्योगविधुतमार्त्यं मर्त्यमभूत्सरित् ॥ स्रोतसां प्रवरा सौम्य सिद्धिदा सिद्धसेविता ॥ ३२ ॥ कपिलोऽपि महायोगी भगवान्पितुराश्रमात् ॥ मातरं समनुज्ञाप्य प्रागुदीचीं दिशं ययौ ॥ ३३ ॥ सिद्धचारणगन्धर्वैर्मुनिभिश्चाप्सरोगणैः ॥ स्तूयमानः समुद्रेण दत्तार्हणनिकेतनः ॥ ३४ ॥ आस्ते योगं समास्थाय सांख्याचार्यैरभिष्टुतः ॥ त्रयाणामपि लोमानामुपशान्त्यै समाहितः ॥ ३५ ॥ एतन्निगदितं तस्य यत्पृष्टोऽहं तवानघ ॥ कपिलस्य च संवादो देवहूत्याश्च पावनः ॥ ३६ ॥ य इदमनुशृणोति योऽभिधत्ते कपिलमुनेर्मतमात्मयोगगुह्यम् ॥ भगवति कृतधीः सुपर्णकेतावुपलभते भगवत्पदारविन्दम् ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे तृतीयस्कन्धे कापिलेयोपाख्याने त्रयस्त्रिंशत्तमोऽध्यायः ॥ ३३ ॥

मातासित आज्ञा लिएर योगीश्वर कपिल कर्दम प्रजापतिको आश्रम विन्दुसरबाट ईशान दिशामा पुगे। ती त्यहाँ समुद्रतटमा बसेर तीनैलोकलाई शान्ति प्राप्त गराउनको निम्ति अझ पनि योगाभ्यास गर्दछन्, सिद्ध, चारण, गन्धर्व, ऋषि-मुनि र सांख्यमतका ठूला-ठूला ज्ञाता उनको स्तुति गर्न गर्दथे ॥ ३३–३५ ॥ हे विदुर! तिमीले मसित जुन कपिलदेव र देवहूतिको पवित्र संवाद सोधेका थियौ त्यो मैले सुनाइदिएँ। कपिलदेवको उपदेशरूप रहस्य जो व्यक्ति सधैं सुन्दछ, त्यसको भगवान्मा चित्त लाग्दछ र अन्त्यमा त्यसलाई अवश्य भगवत् प्राप्ति हुन्छ ॥३६-३७॥ इति श्रीमद्भागवते तृतीयस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां त्रयस्त्रिंशोऽध्यायः ॥३३॥

समाप्तोऽयं तृतीयः स्कन्धः।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते तृतीयः स्कन्धः समाप्तः।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते चतुर्थः स्कन्धः प्रारभ्यते।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः (स्वायम्भुव मनुका दुइ कन्याको वंश विस्तार)—मैत्रेय भन्दछन्–हे विदुर ! स्वायम्भुव मनुकी शतरूपा पत्नीबाट दुइ छोरा र तीन छोरी उत्पन्न भए । यी आकूति, देवहूति र प्रसूति नामले प्रसिद्ध थिए ॥१॥ राजा मनुले तीमती भ्रातृमती आकूतिलाई शतरूपाको अनुमतिले *पुत्रिका-धर्मको बिधानले रुचि नामका प्रजापतिसित विवाह गरिदिए ॥२॥ ईश्वरको ध्यान गर्दै ब्रह्मतेजस्वी भगवान् रुचि प्रजापतिले तिनबाट यौटा छोरो र यौटी छोरी उत्पन्न गरे ॥३॥ तिनमा पुत्र साक्षात् यज्ञस्वरूप धारी विष्णु भगवान् थिए र कन्या भगवन्‌सित कहिल्यै पृथक् नहुने लक्ष्मीको उत्तम अंश 'दक्षिणा' थिइन् ॥४॥ अनि स्वायम्भुव मनु अतिशय प्रसन्न भएर आफ्नी छोरीसित ती परम तेजस्वी छोरालाई आफ्नो घर ल्याए र दक्षिणालाई रुचिले राखे ॥५॥ जब दक्षिणालाई पतिको इच्छा भयो, तब तिनलाई भगवान् यज्ञपुरुषले ग्रहण गर्नुभयो । यसले दक्षिणालाई निकै आनन्द प्राप्त भयो र

ॐ नमो भगवते वासुदेवाय ॥ मैत्रेय उवाच ॥ मनोस्तु शतरूपायां तिस्रः कन्याश्च जज्ञिरे ॥ आकूतिर्देवहूतिश्च प्रसूतिरिति विश्रुताः ॥ १ ॥
आकूतिं रुचये प्रादादपि भ्रातृमतीं नृपः ॥ पुत्रिकाधर्ममाश्रित्य शतरूपाऽनुमोदितः ॥ २ ॥ प्रजापतिः स भगवान् रुचिस्तस्यामजीजनत् ॥ मिथुनं
ब्रह्मवर्चस्वी परमेण समाधिना ॥ ३ ॥ यस्तयोः पुरुषः साक्षाद्विष्णुर्यज्ञस्वरूपधृक् ॥ या स्त्री सा दक्षिणा भूतेरंशभूताऽनपायिनी ॥ ४ ॥ आनिन्ये
स्वगृहं पुत्र्याः पुत्रं विततरोचिषम् ॥ स्वायम्भुवो मुदा युक्तो रुचिर्जग्राह दक्षिणाम् ॥ ५ ॥ तां कामयानां भगवानुवाह यजुषां पतिः ॥ तुष्टायां
तोषमापन्नोऽजनयद्द्वादशात्मजान् ॥ ६ ॥ तोषः प्रतोषः सन्तोषो भद्रः शान्तिरिडस्पतिः ॥ इध्मः कविर्विभुः स्वह्नः सुदेवो रोचनो द्विषट् ॥ ७ ॥
तुषिता नाम ते देवा आसन्स्वायम्भुवान्तरे ॥ मरीचिमिश्रा ऋषयो यज्ञः सुरगणेश्वरः ॥ ८ ॥ प्रियव्रतोत्तानपादौ मनुपुत्रौ महौजसौ ॥ तत्पुत्रपौत्र-
नप्तृणामनुवृत्तं तदन्तरम् ॥ ९ ॥ देवहूतिमदात्तात कर्दमायात्मजां मनुः ॥ यत्सम्बन्धि श्रुतप्रायं भवता गदतो मम ॥ १० ॥ दक्षाय ब्रह्मपुत्राय
प्रसूतिं भगवान्मनुः ॥ प्रायच्छद्यत्कृतः सर्गस्त्रिलोक्यां विततो महान् ॥ ११ ॥ याः कर्दमसुताः प्रोक्ता नव ब्रह्मर्षिपत्नयः ॥ तासां प्रसूतिप्रसवं

यज्ञ-भगवान्‌ले पनि प्रसन्न भएर तीबाट बाह्र पुत्र जन्माए ॥६॥ ती तोष, प्रतोष, सन्तोष, भद्र, शान्ति, इडस्पति, इध्म, कवि, विभु, स्वह्न, सुदेव र रोचन नामले प्रसिद्ध भए ॥७॥ स्वायम्भुव मन्वन्तरमा यी 'तुषित' देवता कहिए । मरीचि आदि सप्तर्षि र यज्ञ नामक भगवान् नै देवताका अधीश्वर इन्द्र भए ॥८॥ महाराज मनुका प्रियव्रत र उत्तानपाद यी दुवै महातेजस्वी छोरा थिए । तिनका छोरा-नाति र नातिनाहरूले सारा मन्वन्तरको पालन गरे ॥९॥ हे तात ! मनुले आफ्नी अर्की कन्या देवहूति महर्षि कर्दमलाई दिएका थिए तिनको वंशको विषयमा सबै वर्णन तिमीले मेरो मुखबाट सुनिसक्यौ ॥१०॥ त्यसै गरी मनुले ब्रह्माजीका पुत्र दक्षप्रजापतिसित आफ्नी प्रसूति नामकी कन्या विवाह गरेर दिए । तीबाट धेरै सन्तान तीनै लोकमा फैलिएका छन् ॥११॥ हे विदुर ! मैले कर्दमजीका जुन नौ कन्याहरूको वृत्तान्त पहिले भनेथें, तिनै ब्रह्मर्षिका नौ पत्नी भए । अब तिनैको वंशपरम्परा वर्णन

* उदाहरण—(अभ्रातृकां प्रदास्यामि तुभ्यं कन्या मलंकृताम् । अस्यां यो जायते पुत्रः स मे पुत्रो भविष्यति—दाजु-भाइ नभएकी र राम्ररी अलंकृत गरिएकी यी कन्या म तिमीलाई दिन्छु । यसबाट जुन पुत्र उत्पन्न होला, त्यो मेरो पुत्र हुनेछ । यस्तो कबोल गरेर कन्यादान दिइने 'पुत्रिका धर्म' कहिन्छ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्नुहवस् ।।१२।। कर्दमकी पुत्री र महर्षि मरीचिकी पत्नी कलासित कश्यप तथा पूर्णिमा नामका दुइ छोरा जन्मिए। तिनैका सन्तानले सारा जगत् भरिएको छ ।।१३।। हे परन्तप ! पूर्णिमाका बिरज र विश्वग नामका दुइ पुत्र र देवकुल्या नामकी यौटी कन्या उत्पन्न भइन् । पछि तो श्रीहरिका पादप्रक्षालन-जलले गङ्गा भइन् ।।१४।। अत्रि ऋषिकी पत्नी अनसूयाको गर्भबाट श्रीविष्णु, महादेव र ब्रह्माजीको अंशबाट क्रमशः दत्तात्रय, दुर्वासा र चन्द्रमा नामका तीन यशस्वी छोरा भए ।।१५।। यति कथा सुनेर विदुरले सोधे–हे गुरो ! जगत्को उत्पत्ति, स्थिति र प्रलय गर्न ब्रह्मा, विष्णु र महादेव यी तीनै देवताले कुन अभिप्रायले अत्रि मुनिकहाँ जन्म लिएका थिए। यो मलाई भन्नुहवस् ।।१६।। श्री मैत्रेयजी भन्न लागे—जब ब्रह्माजीले ब्रह्मज्ञानीमा श्रेष्ठ महर्षिलाई सृष्टि रचनाको आज्ञा दिए, अनि ती तपस्या गर्न आफ्नी सहधर्मिणी सहित ऋक्ष पर्वतमा गए ।।१७।। त्यहाँ निर्विन्ध्या नदीको प्रवाहित जलले सर्वतिर शब्दायमान तथा फूलहरूको गुच्छाले सुशोभित पलाश र अशोकको वनमा महामुनि अत्रि प्राणायाम द्वारा आफ्नो चित्त वशमा पारेर

प्रोच्यमानं निबोध मे ॥ १२ ॥ पत्नी मरीचेस्तु कला सुषुवे कर्दमात्मजा ॥ कश्यपं पूर्णिमानं च ययोरापूरितं जगत् ॥ १३ ॥ पूर्णिमाऽसूत विरजं
विश्वगं च परंतप ॥ देवकुल्यां हरेः पादशौचाद्याऽभूत्सरिद्दिवः ॥ १४ ॥ अत्रेः पत्न्यनसूया त्रीञ्जज्ञे सुयशसः सुतान् ॥ दत्तं दुर्वाससं सोममात्मे-
शब्रह्मसम्भवान् ॥ १५ ॥ विदुर उवाच ॥ अत्रेर्गृहे सुरश्रेष्ठाः स्थित्युत्पत्त्यन्तहेतवः ॥ किंस्विच्चिकीर्षवो जाता एतदाख्याहि मे गुरो ॥ १६ ॥
मैत्रेय उवाच ॥ ब्रह्मणा नोदितः सृष्टावत्रिर्ब्रह्मविदां वरः ॥ सह पत्न्या ययावृक्षं कुलादि तपसि स्थितः ॥ १७ ॥ तस्मिन्प्रसूनस्तबकपला-
शाशोककानने ॥ वार्भिः स्रवद्भिरुद्घुष्टे निर्विन्ध्यायाः समन्ततः ॥ १८ ॥ प्राणायामेन संयम्य मनो वर्षशतं मुनि ॥ अतिष्ठदेकपादेन निर्द्वन्द्वोऽ-
निलभोजनः ॥ १९ ॥ शरणं ते प्रपद्येऽहं य एव जगदीश्वरः ॥ प्रजामात्मसमां मह्यं प्रयच्छत्विति चिन्तयन् ॥ २० ॥ तप्यमानं त्रिभुवनं
प्राणायामैधसाऽग्निना ॥ निर्गतेन मुनेर्मूर्ध्नः समीक्ष्य प्रभवस्त्रयः ॥ २१ ॥ अप्सरोमुनिगन्धर्वसिद्धविद्याधरोरगैः ॥ वितायमानयशसस्तदाश्रमपदं
ययुः ॥ २२ ॥ तत्प्रादुर्भावसंयोगविद्योतितमना मुनिः ॥ उत्तिष्ठन्नेकपादेन ददर्श विबुधर्षभान् ॥ २३ ॥ प्रणम्य दण्डवद्भूमावुपतस्थेऽर्हणाञ्जलिः ॥
वृषहंससुपर्णस्थान्स्वैः स्वैश्चिह्नैश्च चिह्नितान् ॥ २४ ॥ कृपावलोकेन हसद्वदनेनोपलम्भितान् ॥ तद्रोचिषा प्रतिहते निमील्य मुनिरक्षिणी ॥ २५ ॥

सय वर्षसम्म केवल हावा पिएर निर्द्वन्द भावले यौटै खुट्टामा उभिइरहे ।।१८।।१९।। त्यस वेला ती यो चिन्तन गरिरहेका थिए–जो सारा जगत्का ईश्वर छन्, हामी उनकै शरणमा छौं। ती हामीलाई आफूजस्तै सन्तान देउन् ।।२०।। प्राणायामरूपी काठद्वारा प्रज्वलित अत्रि मुनिको मस्तकबाट बाहिर निस्के र तीनै लोकलाई तप्त पार्ने अग्निलाई देखेर अप्सरा, मुनि गन्धर्व, सिद्ध विद्याधर तथा नागगण द्वारा गान गरिने योग्य गुण भएका ब्रह्मा, विष्णु र महादेव–यी तीनै जगत्पति अत्रिमुनिको आश्रममा उपस्थित भए ।।२१।।२२।। ती तीनै जनाको संगसंग आगमन भएको थियो, यसले अत्रि मुनिको अन्तःकरण प्रकाशित भएर आयो र यौटै खुट्टाले उभिएका ती मुनिले आफाफ्ना चिह्नले सुशोभित, आफ्नो दयादृष्टि तथा हास्ययुक्त मुखकमलबाट प्रसन्नता प्रकट गर्दै तथा वृषभ, हंस एवं गरुडमा चढेर शंकर, ब्रह्मा र श्रीहरि यी तीनै देवलाई देखेर तथा पृथ्वीमा लट्टी झैं लम्पसार तथा प्रणाम गरेर अत्रिले उनलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रद्धांजलि अर्पण गरे । ती उनको तीक्ष्ण तेजले आत्तिई आफ्ना दुवै आँखा चिम्ले र चित्तलाई उनैमा लगाए र हात जोरेर सबै लोकमा ती त्रिदेवको अतिशय मधुर र सुन्दर वाणीद्वारा यसरी स्तुति गर्नलागे ।।२३-२६।। अत्रिमुनिले भने–हे देवता हो ! तपाई मायाका भिन्न-भिन्न गुणद्वारा जगत्को उत्पत्ति, स्थिति तथा लायका निमित्त युग-युगमा विभिन्न शरीर धारण गर्न, ब्रह्मा, विष्णु र शिव हुनुहुन्छ, म हजुरलाई नमस्कार गर्दछु । अँ, भन्नोस्, मैले कुन देवताको आवाहान गरेको थिएँ ।।२७।। सन्तान-प्राप्तिको निम्ति मैले केवल देवेश्वर भगवान्को चिन्तन गरेको थिएँ । ती सबै देहधारीहरूको मनदेखि पनि अगोचर हजुर तीनै देवता यहाँ आउनु भयो । यसले मलाई निकै आश्चर्य भइरहेको छ । यहाँहरू प्रसन्न भएर यसको कारण भन्नुहवस् ।।२८।। मैत्रेयजी भन्दछन्–हे विदुर ! अत्रि मुनिका वचन सुनेर तीनै देवता हाँसे र उनले मुनिसित मधुर वाणीमा भने ।।२९।। देवगण भन्दछन्—हे ब्रह्मन् ! तिमी सत्यसंकल्प हौ । तिमीले जुन संकल्प गरेका थियौ, त्यही पूर्ण भएको हो । त्यसको प्रतिकूल केही भएको छैन ।तिमीले जुन 'ईश्वरको ध्यान गरिका थियौ, ती हामीनै हौं ।।३०।।

चेतस्तत्प्रवणं युञ्जन्नस्तावीत्संहतांजलिः ।। श्लक्ष्णया सूक्तया वाचा सर्वलोकगरीयसः ।।२६।। अत्रिरुवाच ।। विश्वोद्भवस्थितिलयेषु विभज्यमानैर्मायागु· णैरनुयुगं विगृहीतदेहाः ।। ते ब्रह्मविष्णुगिरिशाः प्रणतोऽस्म्यहं वस्तेभ्यः क एक भवतां म इहोपहूतः ।। २७ ।। एको मयेह भगवान्विविधप्रधानश्चित्ती· कृतः प्रजननाय कथं नु यूयम् ।। अत्रागतास्तनुभृतां मनसोऽपि दूराद् ब्रूत प्रसीदत महानिह विस्मयो मे ।। २८ ।। मैत्रेय उवाच ।। इति तस्य वचः श्रुत्वा त्रयस्ते विबुधर्षभाः ।। प्रत्याहुः श्लक्ष्णया वाचा प्रहस्य तमृषिं प्रभो ।। २९ ।। देवा ऊचुः ।। यथा कृतस्ते सङ्कल्पो भाव्यं ते नैव नान्यथा ।। सत्संकल्पस्य ते ब्रह्मन् यद्वै ध्यायति ते वयम् ।। ३० ।। अथास्मदंशभूतास्ते आत्मजा लोकविश्रुताः ।। भवितारोऽङ्ग भद्रं ते विस्रप्स्यंति च ते यशः ।। ३१ ।। एवं कामवरं दत्त्वा प्रतिजग्मुः सुरेश्वराः ।। सभाजितास्तयोः सम्यग्दंपत्योर्मिषतोस्ततः ।।३२।। सोमोऽभूद्ब्रह्मणोऽञ्शेन दत्तो विष्णोस्तु योग· वित् ।। दुर्वासाः शंकरस्यांशो निबोधांगिरसः प्रजाः ।। ३३ ।। श्रद्धा त्वङ्गिरसः पत्नीचतस्रोऽसूत कन्यकाः ।। सिनीवालीकुहू रामा चतुर्थ्यनुमतिस्तथा ।।३४।। तत्पुत्रावपरावास्तां ख्यातौ स्वारोचिषेऽन्तरे ।। उतथ्यो भगवान्साक्षाद्ब्रह्मिष्ठश्चप्रजापतिः ।।३५।। पुलस्त्योऽजनयत्पत्न्यामगस्त्यं च हविर्भुवि ।।

अतः हे मुने ! तिम्रो कल्याण होस् । तिम्रो घरमा हामी तीनै जनाको अंशले जायमान तीन जगद्विख्यात पुत्र उत्पन्न हुनन् ती तिम्रो सुयशको विस्तार गर्नन् ।। ३१ ।। तिनलाई इच्छित वर दिई तीनै सुरेश्वर ती दम्पतिबाट राम्ररी पूजित हुँदै, तिनले देख्दा-देख्दा आफ्ना लोकमा फर्केर गए र ।।३२।। महर्षि अत्रिका छोराहरूमा ब्रह्माजीको अंशबाट चन्द्रमा, विष्णुको अंशबाट योगवेत्ता दत्तात्रय र महादेवजीको अंशबाट दुर्वासा उत्पन्न भए । अब अङ्गिरा ऋषिका सन्तानहरूको वर्णन गर्दछु ।।३३।। अङ्गिरा ऋषिकी पत्नी श्रद्धाबाट सिनीवाली, कुहू, राका तथा अनुमति यी चार कन्याहरू उत्पन्न भए ।।३४।। इनको अतिरिक्त साक्षात् भगवान् उतथ्य र ब्रह्मनिष्ठ बृहस्पति–यी दुइ छोरा पनि भए, जसले स्वरोचिष मन्वन्तरमा प्रसिद्धि प्राप्त गरे ।। ३५ ।। महर्षि पुलस्त्यले आफ्नी पत्नी हविर्भूबाट अगस्त्य र महातपस्वी विश्रवालाई उत्पन्न गरे । यी दुवैमा अगस्त्य दोस्रो जन्ममा जठराग्निको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा उत्पन्न भए ॥३६॥ विश्रवा मुनिकी पत्नी इडविडाको गर्भवाट यक्षराज कुबेरको जन्म भयो र विश्रवाकी कैकसी नामकी अर्की पत्नीवाट रावण, कुम्भकर्ण र विभीषण जन्मे ॥३७॥ हे महामते ! महर्षि पुलहकी स्त्री गतिले कर्मश्रेष्ठ, वरीयान र सहिष्णु नामका तीन पुत्र उत्पन्न गरिन् ॥३८॥ त्यसै गरी क्रतुकी पत्नी क्रियाले साठी हजार वालखिल्य आदि ऋषिहरूलाई उत्पन्न गरिन् ती ब्रह्मतेजले देदीप्यमान भइरहेका थिए ॥३९॥ हे परन्तप ! वसिष्ठकी भार्या ऊर्जा अर्थात् अरुन्धतीवाट चित्रकेतु आदि सात पुत्र उत्पन्न भए, यी सातैजना शुद्धचित्त ब्रह्मर्षि थिए ॥४०॥ तिनको नाम थियो–चित्रकेतु, सुरोचि, विरजा, मित्र, उल्वण, वसुभृद्यान द्युमान् । यीवाहेक उनीद्वारा शक्ति आदि अरु पुत्र पनि जन्मिए ॥४१॥ चिति अथर्वण ऋषिकी पत्नी थिइन् । तिनको गर्भवाट तपोनिष्ठ, दध्यङ् (दधीचि) नामका पुत्र भए, जो 'अश्वशिरा' नामले पनि प्रख्यात थिए । अब भृगुवंशको वृत्तान्त सुन ॥४२॥ महाभाग भृगुले ख्याति नामकी भार्यावाट धाता र विधाता नामका दुइ छोरा तथा श्री नामकी यौटी कन्या उत्पन्न गरिन् ॥ ४३ ॥ ती धाता र विधातासित मेरुऋषिले आफ्नी

सोऽन्यजन्मनि दह्याग्निर्विश्रवाश्च महातपाः ॥३६॥ तस्य यक्षपतिर्देवः कुबेरस्त्विडविडासुतः ॥ रावणः कुम्भकर्णश्च तथाऽन्यस्यां विभीषणः ॥३७॥ पुलस्त्यस्य गतिर्भार्या त्रीनसूत सती सुतान् ॥ कर्मश्रेष्ठं वरीयांसं सहिष्णुं च महामते ॥ ३८ ॥ क्रतोरपि क्रिया भार्या बालखिल्यानसूयत ॥ ऋषीन्षष्टिसहस्राणि ज्वलतो ब्रह्मतेजसा ॥३९॥ ऊर्जायां जज्ञिरे पुत्रा वसिष्ठस्य परंतप ॥ चित्रकेतुप्रधानास्ते सप्त ब्रह्मर्षयोऽमलाः ॥४०॥ चित्रकेतुः सुरोचिश्च विरजा मित्र एव च ॥ उल्बणो वसुभृद्यानो द्युमाञ्छक्त्यादयोऽपरे ॥ ४१ ॥ चितिस्त्वथर्वणः पत्नी लेभे पुत्रं धृतव्रतम् ॥ दध्यञ्चमश्वशिरसं भृगोर्वंशं निबोध मे ॥४२॥ भृगुः ख्यात्यां महाभागः पत्न्यां पुत्रानजीजनत् ॥ धातारं च विधातारं श्रियं च भगवत्पराम् ॥४३॥ आयतिं नियतिं चैव सुते मेरुस्तयोरदात् ॥ ताभ्यां तयोरभवतां मृकण्डः प्राण एव च ॥ ४४ ॥ मार्कण्डेयो मृकण्डस्य प्राणाद्वेदशिरा मुनिः ॥ कविश्च भार्गवो यस्य भगवानुशना सुतः ॥४५॥ त एते मुनयः क्षत्तर्लोकान्सर्गैरभावयन् ॥ एष कर्दमदौहित्रसंतानः कथितस्तव ॥ शृण्वतः श्रद्दधानस्य सद्यः पापहरः परः ॥ ४६ ॥ प्रसूतिं मानवीं दक्ष उपयेमे ह्यजात्मजः ॥ तस्यां ससर्ज दुहितॄः षोडशामललोचनाः ॥ ४७ ॥ त्रयोदशादाद्धर्माय तथै-

आयति र नियति नामकी कन्या दिए । तीवाट मृकण्ड र प्राण नामका दुइ छोरा उत्पन्न भए ॥४४॥ तिनमा मृकण्डवाट *मार्कण्डेय र प्राणवाट मुनिवर वेदशिराको जन्म भयो । वेदशिराका छोरा भगवान् उशना (शुक्राचार्य) भए, जो कवि पनि कहिन्थे ॥४५॥ हे विदुर ! यी सबै मुनिहरूले आफ्ना-आफ्ना सन्तान द्वारा सारा त्रिलोक परिपूर्ण पारिदिए । यो मैले तिमीलाई कर्दमका नाति-नातिनाका सन्तानको वृत्तान्त सुनाएँ । जो पुरुष श्रद्धापूर्वक यो कथा सुन्दछ यसले तिनका पापहरू तत्काल नष्ट गरिदिन्छ ॥४६॥ ब्रह्माजीका छोरा दक्षप्रजापतिसित मनुकी छोरी प्रसूतिको विवाह भयो । तिनले सोह सुनयना छोरीहरू उत्पन्न गरिन् ॥४७॥ भगवान् दक्षले तीमध्ये तेह कन्याहरू धर्मलाई, एउटी कन्या अग्निलाई,

* दृष्टान्त– मार्कण्डेय र कण्डनमार)—कुनै बाबाजीले यौटा ग्वालालाई गुरुमन्त्र दिएर शिष्य तुल्याए । बाबाजी कतै जान लागे, तब ग्वालाले भन्यो—'महाराज ! मलाई आफ्नो नाम भनेर जानोस्. कुनै वेला केही काम पर्‍यो भने हजुरलाई खोज्न सजिलो हुनेछ । बाबाजीले भने—'मेरो नाम मार्कण्डेय हो र गढहाको निवासी हुँ ।' केही दिनमै ग्वालाको गुरुजी कहाँ जाने विचार भयो अनि त्यहाँ गएर लाग्यो—ए भाइ हो ! यहाँ जते कण्डनमार बाबाजी बस्तछन् ? गाउँके हरुले उत्तर दिए—'यहाँ कण्डनमार त होइन, मार्कण्डेय महाराज अवश्य बस्तछन् ।' ग्वालाले भन्यो—'हो, हो, तिनै मारकण्डे–मारकण्डे बाबा ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यौटी छोरी पितृगणलाई र यौटी कन्या संहार गर्ने भगवान् शंकरलाई अर्पण गरे ॥ ४८ ॥ श्रद्धा, मैत्री, दया, शान्ति, तुष्टि, पुष्टि, क्रिया उन्नति, बुद्धि, मेधा, तितिक्षा, ह्री र मूर्ति— यी धर्मका पत्नी थिए ॥४९॥ तिनमा श्रद्धाबाट शुभ, मैत्रीबाट प्रसाद, दयाबाट अभय, शान्तिबाट सुख, तुष्टिबाट हर्ष, पुष्टिबाट अहङ्कार, क्रियाबाट योग, उन्नतिबाट दर्प, बुद्धिबाट अर्थ, मेधाबाट स्मृति, तितिक्षाबाट क्षेम र ह्री (लज्जा) बाट प्रश्रय (विनय) नामका छोरा जन्मिए ॥५०-५१॥ सबै गुणकी उत्पत्ति-स्थान मूर्तिले ऋषिवर नर-नारायणलाई जन्म दिइन् । जसको जन्मले अतिशय आनन्दित भएर सारा जगत्ले प्रसन्नता प्रकट गरे । यसले सबैको मन दिशाहरू, वायु, नदी तथा पर्वत सबै प्रसन्न भए ॥ ५२-५३ ॥ त्यसबखत आकाशमा तूर्यघोष हुन लाग्यो देवता पुष्पवर्षा गर्न लागे । मुनिगण प्रसन्न भएर स्तुति गर्नलागे गन्धर्व र किन्नर भगवान्को सुयश गान गर्नलागे ॥ ५४ ॥ अप्सराहरू नाच्न लागे । त्यस बखत निकै ठूलो मङ्गलमय समारोह भयो र ब्रह्मादिक सबै देवता स्तोत्रद्वारा भगवानको स्तुति गर्नलागे॥५५॥देवतागण भन्नलागे—जस्तै बादलमा मनुष्य अनेक थरिका रूपको कल्पना

कामग्नये विभुः ॥ पितृभ्य एकां युक्तेभ्यो भवायैकां भवच्छिदे ॥ ४८ ॥ श्रद्धा मैत्री दया शांतिस्तुष्टिः पुष्टिः क्रियोन्नतिः ॥ बुद्धिर्मेधा तितिक्षा ह्रीमूर्तिर्धर्मस्य पत्नयः ॥४६॥ श्रद्धाऽसूत शुभं मैत्री प्रसादमभयं दया ॥ शांतिः सुखं मुदं तुष्टिः स्मयं पुष्टिरसूयत ॥ ५० ॥ योगं क्रियोन्नतिर्दर्पमर्थं बुद्धिरसूयत ॥ मेधा स्मृतिं तितिक्षा तु क्षेमं ह्रीः प्रश्रयं सुतम् ॥ ५१ ॥ मूर्तिः सर्वगुणोत्पत्तिर्नरनारायणावृषी ॥ ५२ ॥ ययोर्जन्मन्यदो विश्वमभ्यनन्दत्सुनिर्वृतम् ॥ मनांसि ककुभो वाताः प्रसेदुः सरितोऽद्रयः ॥ ५३ ॥ दिव्यवाद्यन्त तूर्याणि पेतुः कुसुमवृष्टयः ॥ मुनयस्तुष्टुवुस्तुष्टा जगुर्गन्धर्वकिन्नराः ॥ ५४ ॥ नृत्यन्तिस्म स्त्रियो देव्य आसीत्परममंगलम् ॥ देवा ब्रह्मादयः सर्वे उपतस्थुरभिष्टवैः ॥ ५५ ॥ देवा ऊचुः ॥ यो मायया विरचितं निजयात्मनीदं खे रूपभेदमिव तत्प्रतिचक्षणाय ॥ एतेन धर्मसदने ऋषिमूर्तिनाऽद्य प्रादुश्चकार पुरुषाय नमः परस्मै ॥५६॥ सोऽयं स्थितिव्यतिकरोपशमाय सृष्टान्सत्त्वेन नः सुरगणाननुमेयतत्त्वः ॥ दृश्याददभ्रकरुणेन विलोकनेन यच्छ्रीनिकेतममलं क्षिपतारविन्दम् ॥५७॥ एवं सुरगणैस्तात भगवान्तावभिष्टुतौ ॥ लब्धावलोकैर्ययतुरर्चितौ गन्धमादनम् ॥४८॥ ताविमौ वै भगवतो हरेरंशाविहागतौ ॥ भारव्ययाय च भुवः कृष्णौ यदुकुरूद्वहौ ॥५९॥ स्वाहाभिमानिनश्चाग्नेरात्मजांस्त्रीनजीजनत् ॥ पावकं पवमानं च शुचिं च हुतभोजनम् ॥६०॥ तेभ्योऽग्नयः समभवंश्चत्वारिंशच्च पञ्च च ॥ त

गरिलिन्छ, त्यसै गरी जसले आफ्नी मायाद्वारा सम्पूर्ण जगत्लाई अनेक रूपबाट अवलोकन गर्नका लागि आफूमा नै निर्माण गरेको छ र जो यस बखत धर्मकहाँ ऋषिरूपबाट अवतरित छन्, ती परम पुरुषलाई नमस्कार छ ।।५६।। शास्त्रद्वारा जसका तत्वको केवल अनुमान मात्र गर्न सकिन्छ, लक्ष्मीको निवासस्थान-स्वरूप कमललाई पनि 'धेरै बस' भन्ने ती भगवान् जसले संसारका मर्यादाको विघ्नका शान्तिको निम्ति सत्वगुणबाट हामीलाई उत्पन्न गरेको छ, ती आफ्ना करुणामय नेत्रले हामी देवताहरूतिर हेरुन् ।।५७।। हे तात ! देवताहरूद्वारा यस प्रकार स्तुति गरिएपछि भगवान्ले उनीहरूतिर हेर्नुभयो र फेरि उनीद्वारा पूजित भई गन्धमादन पर्वतमा जाँदा भए ।।५८।। भगवान् हरिका अंशस्वरूप ती नर तथा नारायण नै यस बखत पृथ्वीको भार हर्नको निम्ति कुरु र यदुकुल दुवै ठाउँमा (कुरुकुलमा 'अर्जुन' र यदुकुलमा 'कृष्ण' नामले) अवतरित छन् ।।५९।। अग्निकी पत्नी स्वाहाले हवि-भक्षणशील

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

अग्निका अभिमानी देवता पावक, पवमान तथा शुचि नामका तीन छोरा उत्पन्न भए ॥ ६० ॥ तीवाट पैंतालीस अग्नि उत्पन्न भए । तीनै तीनजना पिता (पावक, पवमान र शुचि) तथा एक पितामह अर्थात् अग्निसहित उनचास थरिका अग्नि मानिन्छन् ॥६१॥ वेदवादी मुनि यज्ञकर्ममा जुन उनचास अग्निको नाम लिएर आग्नेय याग गर्दछन्, यहाँ इनै अग्नि-हरूबाट उनको अभिप्राय छ ॥६२॥ अग्निष्वात्ता, बर्हिषद्, सोमपा, आज्यप, साग्निक र निरग्निक—यी पितृहरूकी पत्नी दक्षकी छोरी स्वधा थिइन् ॥६३॥ ती पितृहरूद्वारा स्वधाको गर्भबाट धारिणी र वयुना नामकी दुइ कन्याहरू उत्पन्न भए । ती दुवै नै ज्ञान-विज्ञानका पारगामिनी र ब्रह्मज्ञानको उपदेश गर्नमा समर्थ थिइन् ॥६४॥ महादेवकी पत्नी सती थिइन् । जो सधै तरहले पतिको अनुसरण गर्दथिन् किन्तु तिनको गुण र शीलमा आफ्नो अनुरूप कुनै पुत्र उत्पन्न भएनन् ॥ ६५ ॥ किनकि उनले प्रौढावस्था प्राप्त हुनुभन्दा पहिले नै आफ्ना पिताले कुनै अपराध नगरेका शङ्कर भगवान्को विरोध गरेको देखेर क्रोधवश योगाग्निमा शरीर भस्म पारिदिइन्॥६६॥ इति श्रीमद्भागवते चतुर्थस्कन्धे भाषाटीकायां प्रथमोऽध्यायः॥१॥

एवैकोनपञ्चाशत्साकं पितृपितामहैः ॥ ६१ ॥ वैतानिके कर्मणि यन्नामभिर्ब्रह्मवादिभिः ॥ आग्नेय्य इष्टयो यज्ञे निरूप्यन्तेऽग्नयस्तु ते ॥६२॥ अग्निष्वात्ता बर्हिषदः सौम्याः पितर आज्यपाः ॥ साग्नयोऽनग्नयस्तेषां पत्नी दाक्षायणी स्वधा ॥ ६३ ॥ तेभ्यो दधार कन्ये द्वे वयुनां धारिणीं स्वधा ॥ उभे ते ब्रह्मवादिन्यौ ज्ञानविज्ञानपारगे ॥ ६४ ॥ भवस्य पत्नी तु सती भवं देवमनुव्रता ॥ आत्मनः सदृशं पुत्रं न लेभे गुणशीलतः ॥ ६५ ॥ पितर्यप्रतिरूपे स्वे भवायानागसे रुषा ॥ अप्रौढैवात्मनाऽऽत्मानमजहाद्योगसंयुता ॥ ६६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे विदुरमैत्रेय-संवादे प्रथमोऽध्यायः ॥ १ ॥ विदुर उवाच ॥ भवे शीलवतां श्रेष्ठे दक्षो दुहितृवत्सलः ॥ विद्वेषमकरोत्कस्मादनादृत्यात्मजां सतीम् ॥ १ ॥ कस्तं चराचरगुरुं निर्वैरं शान्तविग्रहम् ॥ आत्मारामं कथं द्वेष्टि जगतो दैवतं महत् ॥ २ ॥ एतदाख्याहि मे ब्रह्मञ्जामातुः श्वशुरस्य च ॥ विद्वेषस्तु यतः प्राणांस्तत्यजे दुस्त्यजान्सती ॥ ३ ॥ मैत्रेय उवाच ॥ पुरा विश्वसृजां सत्रे समेताः परमर्षयः ॥ तथाऽमरगणः सर्वे सानुगा मुनयोऽग्नयः ॥ ४ ॥ तत्र प्रविष्टमृषयो दृष्ट्वाऽर्कमिव रोचिषा ॥ भ्राजमानं वितिमिरं कुर्वन्तं तन्महत्सदः ॥५॥ उदतिष्ठन्सदस्यास्ते स्वधिष्ण्येभ्यः सहाग्नयः ॥ ऋते विरिञ्चं शर्वं च तद्भासाऽऽक्षिप्तचेतसः ॥ ६ ॥ सदसस्पतिभिर्दक्षो भगवान्साधु सत्कृतः ॥ अजं लोकगुरुं नत्वा निषसाद तदा ज्ञयः ॥ ७ ॥ प्राङ्निषण्णं मृडं

(शिव र दक्षको शत्रुताको कारण)—विदुरले सोधे—हे ब्रह्मन् ! पुत्रीवत्सल दक्षले आफ्नी छोरी सती र शीलवान्हरूमा श्रेष्ठ श्रीमहादेवको अनादर गरेर तिनको अपमान किन गरे ? ॥१॥ श्रीशिवजी त चराचरका गुरु, निर्वैर, शान्तमूर्ति, आत्माराम तथा समस्त जगत्का परम इष्टदेव हुन् । तिनीसित कसले शत्रुता गर्न सक्तछ ? ॥२॥ हे ब्रह्मन् ! ती ससुरा र ज्वाईमा कुन यस्तो विद्वेष कसरी हुन गयो—जसले गर्दा सतीले आफ्नो दुस्त्यज प्राणसम्म त्यागिदिइन् ? त्यो हजुर मलाई भन्नुहवस् ॥३॥ मैत्रेयजी भन्दछन्—हे विदुर ! पूर्वकालमा एकपल्ट मरीचि आदि प्रजापतिहरूका यज्ञमा सबै महर्षि, देवता मुनि र अग्नि आफ्ना-आफ्ना अनुयायी जनका साथै एकत्रित भए ॥४॥ अनि सूर्य झैं तेजस्वी र आफ्नो कान्तिद्वारा सारा सभा भवनको अन्धकार नष्ट पार्न दक्षप्रजापतिलाई त्यहाँ आएका देखेर तिनको तेजले प्रभावित भई ब्रह्मा र महादेव बाहेक अग्निहरू सहित अन्य सबै सदस्य आफ्ना-आफ्ना आसनबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उठेर ठिङ्ग उभिए ।।५-६।। यसरी सबै सभासदहरूसित हाम्ररी सम्मानित भएर दक्षप्रजापति लोकगुरु ब्रह्माजीलाई नमस्कार गरेर उनको आज्ञा पाई आफ्नो आसनमा गएर बसे ।। ७ ।। तर महादेवजीलाई आसनमा बसेका देखेर र आफ्नो अपमान ठानी ठूला क्रोधी दक्ष प्रजापतिलाई उनको व्यवहार सहन भएन। तिनले उनीतिर बाङ्गो नेत्रले हेरे र मानो उनलाई भस्म पार्छन् कि भनेर कराए---।।८।। हे सम्पूर्ण देवगण र अग्निहरू सहित ब्रह्मर्षिगण ! मेरो भनाइ सबै जना सुन्नुहवस् । म अज्ञान वा मत्सरताले केही भनिरहेको छैन, बरू जुन शिष्ट पुरुषहरूको आचरण हो, त्यसै विषयमा मेरो कथन छ ।। ९ ।। यो निर्लज्ज शिव सबै लोकपालहरूको सुयश नष्ट पार्ने प्राणी छ। हेर्नुहोस् न, यो धृष्टले सत्पुरुषले आचारित मार्गलाई पनि कलङ्कित पारिदिएको छ ।।१०।। यौटा साधु पुरुष झैं यसले मेरी सावित्री सदृश पवित्र कन्याको अग्नि तथा ब्राह्मणहरूको सामुन्ने पाणिग्रहण गरेको छ । अतः यो मेरो शिष्यत्वमा प्राप्त भइसकेको छ ।।११।। परन्तु यो बाँदर जस्तै आँखा भएको शिवले मेरी मृगनयनी कन्याको पाणिग्रहण गरेर---जसले उठेर प्रणामादि गर्नु पर्दथ्यो, तर यसले वाणीले पनि मेरो

दृष्ट्वा नामृष्यत्तदनादृतः ।। उवाच वामं चक्षुर्भ्यामभिवीक्ष्य दहन्निव ।। ८ ।। श्रूयन्तां ब्रह्मर्षयो मे सहदेवाः सहाग्नयः ।। साधूनां ब्रुवतो वृत्तं नाज्ञा-
नान्न च मत्सरात् ।। ९ ।। अयं तु लोकपालानां यशोघ्नो निरपत्रपः ।। सद्भिराचरितः पन्था येन स्तब्धेन दूषितः ।। १० ।। एष मे शिष्यतां प्राप्तो
यन्मे दुहितुरग्रहीत् ।। पाणिं विप्राग्निमुखतः सावित्र्या इव साधुवत् ।। ११ ।। गृहीत्वा मृगशावाक्ष्याः पाणिं मर्कटलोचनः ।। प्रत्युत्थानाभिवादार्हे
वाचाऽप्यकृत नोचितम् ।। १२ ।। लुप्तक्रियायाशुचये मानिने भिन्नसेतवे ।। अनिच्छन्नप्यदां बालां शूद्रायेवोशतीं गिरम् ।। १३ ।। प्रेतावासेषु
घोरेषु प्रेतैर्भूतगणैर्वृतः ।। अटत्युन्मत्तवन्नग्नो व्युप्तकेशो हसन् रुदन् ।।१४।। चिताभस्मकृतस्नानः प्रेतस्रङ्न्रस्थिभूषणः ।। शिवापदेशो ह्यशिवो मत्तो
मत्तजनप्रियः ।। पतिः प्रमथभूतानां तमोमात्रात्मनात्मनाम् ।। १५ ।। तस्मा उन्मादनाथाय नष्टशौचाय दुर्हृदे ।। दत्ता बत मया साध्वी चोदिते

सत्कार गर्न सकेन । यसको यो आचरण कुनै प्रकारले पनि उचित छैन ।।१२।। अहो ! जस्तै--कुनै पुरुष शूद्रलाई वेदवाणी देओस् त्यस्तै नै मैले इच्छा नभए पनि यो क्रिया भ्रष्ट, अपवित्र, अभिमानी एवं लोक मर्यादाको उल्लंघन गर्नेलाई आफ्नी छोरी दिएँ ।।१३।। हेर न, यो प्रेतगणको निवासस्थान श्मशान आदिमा भूत-प्रेतले घेरिएर उन्मत्त झैं नाङ्गो, कपाल छरिएको तथा कहिले हाँस्ने र कहिले रुने गर्दै घुमिरहन्छ ।।१४।। यो सधैं आफ्नो देहमा चिताको भस्म लगाइराख्छ । घाँटीमा प्रेतका मुण्डको माला र अङ्ग-प्रत्यङ्गमा मनुष्यका हाडका आभूषण लगाइराख्दछ । यसको नाम त शिव हो, तर वास्तवमा यो अशिव अर्थात् अमङ्गल स्वरूप छ । यो स्वयं मतवाला छ र यो जस्तै मतवाला पुरुषनै मनपराउँछ । यी प्रथम र भूतादि केवल तमोमय प्राणीहरूको अग्रणी हो । मैले ब्रह्माजीको कुरा मानेर यो उन्मत्त, अपवित्र, दूषित र मतवालाईलाई आफ्नी कन्या दिएको थिएँ । मैत्रेय भन्दछन्—हे विदुर ! कसैपित

* दृष्टान्त (ठूलो रिसाहा)—कुनै ठूलो रिसाहा सेठकहाँ यौटा नोकर थियो । सेठको निरर्थक रिस जब नोकरले सहन सकेन, तब एक दिन सेठसित भन्न लाग्यो—'सेठजी ! मेरो हिसाव गरिदिनुस् ।' सेठले सोध्यो—'होइन, तिमी नोकरी किन छाडिरहेका छौ ।' नोकरले उत्तर दियो—साँचो कुरा के भने तपाईंको रिस म सहन नसक्ने भएँ ।' सेठले भन्यो—'यो त साधारण कुरा हो । मेरी रिस त एक क्षणमै हराएर जान्छ ।' नोकरले भन्यो—'त्यो त सत्य हो, तर जति छिटो जान्छ, त्यति नै छिटो फेरि फर्केर आउँछ ।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि कुनै प्रकारको विरोध नगन व्यक्ति भैं चुपचाप बसेका महादेवका। त्यस्तो निन्दा गरेर दक्ष ठूलो क्रोधसहित जलको आचमन गरेर उनलाई श्राप दिँदै कराए—॥१५-१७॥ दक्षले भने—यो शिव इन्द्र उपेन्द्र आदि देवगणसित यज्ञ-भाग नपाओस् ॥१८॥ यद्यपि त्यस सभामा उपस्थित सभासदहरूले दक्षलाई धेरै रोके, किन्तु हे कुल नन्दन ! ती श्रीमहादेवजीलाई श्राप दिएर साह्रै रिसाई त्यस सभाबाट निस्केर आफ्नो घर गए ॥ १९ ॥ शिवजीलाई श्राप दिएको कुरा सुनेर शङ्करजीका अनुयायी सबैमा श्रेष्ठ नन्दीश्वरलाई बेसरी रिस उठ्यो र उनले दक्ष तथा ती ब्राह्मणहरूलाई, जसले दक्षका कुवाच्यको समर्थन गरेका थिए, भयंकर श्राप दिए ॥२०॥ नन्दीश्वरले भने—यो भेदबुद्धि र मूर्ख दक्ष यो मरणधर्मा शरीरमा बर्ता अभिमान गरेर कसैसित पनि द्रोह नगन भएका शङ्करजीसित द्वेष गरिरहेको छ। अतएव यो सदा तत्त्वज्ञानबाट विमुख रहला ॥ २१ ॥ यो मूर्ख वेदवाक्यबाट भ्रान्त भएर विषय सुख प्राप्तिको इच्छाले कपट-धर्ममय गृहस्थाश्रममै आसक्त भएर कर्मकाण्डमैं सदा डुबिरहन्छ ॥२२॥ यसको बुद्धि सधैं अविद्याग्रस्त रहन्छ। यसैनिम्ति यो आत्मस्वरूपलाई बिर्सेर रहने छ

परमेष्ठिना ॥ १६ ॥ मैत्रेय उवाच ॥ विनिन्द्यैवं स गिरिशमप्रतीपमवस्थितम् ॥ दक्षोऽथाप उपस्पृश्य क्रुद्धः शप्तुं प्रचक्रमे ॥ १७ ॥ अयं तु देवयजन इन्द्रोपेन्द्रादिभिर्भवः ॥ सह भागं न लभतां देवैर्देवगणाधमः ॥ १८ ॥ निषिध्यमानः स सदस्यमुख्यैर्दक्षो गिरित्राय विसृज्य शापम् ॥ तस्माद्विनिष्क्रम्य विवृद्धमन्युर्जगाम कौरव्य निजं निकेतनम् ॥ १९ ॥ विज्ञाय शापं गिरिशानुगाग्रणीर्नन्दीश्वरो रोषकषायदूषितः ॥ दक्षाय शापं विससर्ज दारुणं ये चान्वमोदंस्तदवाच्यतां द्विजाः ॥ २० ॥ य एतन्मर्त्यमुद्दिश्य भगवत्यप्रतिद्रुहि ॥ द्रुह्यत्यज्ञः पृथग्दृष्टिस्तत्त्वतो विमुखो भवेत् ॥ २१ ॥ गृहेषु कूटधर्मेषु सक्तो ग्राम्यसुखेच्छया ॥ कर्मतन्त्रं वितनुते वेदवादविपन्नधीः ॥ २२ ॥ बुद्ध्या पराभिध्यायिन्या विस्मृतात्मगतिः पशुः ॥ स्त्रीकामः सोऽस्त्वतितरां दक्षो बस्तमुखोऽचिरात् ॥ २३ ॥ विद्याबुद्धिरविद्यायां कर्ममय्यामसौ जडः ॥ संसरन्त्विह ये चामुमनु शर्वावमानिनम् ॥ २४ ॥ गिरः श्रुतायाः पुष्पिण्या मधुगन्धेन भूरिणा ॥ मथ्ना चोन्मथितात्मानः संमुह्यन्तु हरद्विषः ॥ २५ ॥ सर्वभक्षा द्विजा वृत्त्यै धृतविद्यातपोव्रताः ॥ वित्तदेहेन्द्रियारामा याचका विचरन्त्विह ॥ २६ ॥ तस्यैवं वदतः शापं श्रुत्वा द्विजकुलाय वै ॥ भृगुः प्रत्यसृजच्छापं ब्रह्मदण्डं दुरत्ययम् ॥ २७ ॥ भवव्रतधरा ये च ये च तान्समनुव्रताः ॥ पाखण्डिनस्ते भवन्तु सच्छास्त्रपरिपन्थिनः ॥ २८ ॥ नष्टशौचा मूढधियो

यो दक्ष अत्यन्त स्त्री लम्पट होस् र यसको श्राप दिने मुख तुरुन्त बोकाको मुख बनोस् ॥२३॥ यो मूर्ख कर्ममयी अविद्यालाई नै विद्या ठान्दछ, यसै निम्ति यो र अरु जो भगवान् शंकरको अपमान गर्ने यस दुष्टका अनुयायी छन्, ती सबै जन्म-मरणको संसारचक्रमा सर्वदा गडिइरहुन् ॥ २४ ॥ फलश्रुतिरूपी पुष्पहरूले सुशोभित एवं वेदवाणी लताले आच्छादित तथा मनलाई क्षुब्धपार्ने कर्मफलरूपी गन्धले इनको चित्त मुग्ध भइरहेछ। अतः यी शंकरद्रोही जीव कर्ममार्गमा डुलिरहुन् ॥२५॥ भक्ष्याभक्ष्यको विचारले रहित यी ब्राह्मण केवल पेट पाल्नको निम्ति विद्या, तप तथा व्रत आदिको आश्रय लिउन् र धन, शरीर एवं इन्द्रियभोगमयी मान्दै भिक्षुक बनेर पृथ्वीमा डुलिरहुन् ॥२६॥ यसरी नन्दीश्वरले ब्राह्मण वंशलाई श्राप दिएको देखेर महर्षि भृगुले साटो फेर्दै तिनलाई अतिशय दुस्तर ब्रह्मशाप दिए। भृगुले भने—शिवका भक्त र ती भक्तका अनुयायी सत्शास्त्रहरूको विरुद्ध आचरण गर्ने भएका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाखण्डी होउन् ॥ २७-२८॥ शौचहीन, बुद्धिहीन तथा जटा, भस्म एवं अस्थिहरू धारण गर्ने भएका यस्ता व्यक्ति शिवदीक्षा ग्रहण गरून्, तिनका घरमा सुरा र आसव नै देवताहरूको समान आदरणीय मानिन्छन् ॥२९॥ अहो ! तिमी जुन मानव-धर्मका मर्यादाको रक्षक देवहरू तथा ब्राह्मणवर्गको निन्दा गर्दछौ, यसले ज्ञात हुन्छ कि तिमी पाखण्डी भइसकेछौ ॥३०॥ संसारमा वेद-मार्ग नै कल्याणकारक तथा सनातन मार्ग हो । हाम्रा पूर्व-पुरुष यही बाटोमा हिंदूदै आएका छन् र यसका प्रवर्तक साक्षात् विष्णु भगवान् हुन् ॥३१॥ तिमीहरू परम विशुद्ध सज्जनहरूको सनातन मार्गको तिरस्कार गर्दछौ । अतएव तिमी त्यही पाखण्ड-मार्गमा जाओ, जहाँ तिम्रा इष्टदेव भूतनाथ (शिवजी) बस्तछन् ॥ ३२ ॥ मैत्रेयजीले भनेर—हे विदुर ! यस प्रकार भृगुले श्राप दिएपछि भगवान् शंकर केही नबोली त्यहाँबाट आफ्ना अनुयायी साथै लिई हिंडिदिए ॥ ३३ ॥ हे महधनुर्धारी विदुर ! उता प्रजापतिहरूले पनि, जसमा सर्व श्रीहरि नै उपास्यदेव थिए, त्यस्तो सहस्रवर्षीय यज्ञ समाप्त पारिदिए र जहाँ गङ्गा-यमुनाको संगम भएको छ, त्यस प्रयागको निम्ति प्रस्थान गरे । त्यहीं उनले अवभृथस्नान

जटाभस्मास्थिधारिणः ॥ विशन्तु शिवदीक्षायां यत्र दैवं सुरासवम् ॥ २९ ॥ ब्रह्म च ब्राह्मणाँश्चैव यद्यूयं परिनिन्दथ ॥ सेतुं विधारणं पुंसामतः पाखण्डमाश्रिताः ॥ ३० ॥ एष एव हि लोकानां शिवः पन्थाः सनातनः ॥ यं पूर्वे चानुसंतस्थुर्यत्प्रमाणं जनार्दनः ॥ ३१ ॥ तद्ब्रह्म परमं शुद्धं सतां वर्त्म सनातनम् ॥ विगर्ह्य यात पाखण्डं दैवं वो यत्र भूतराट् ॥ ३२ ॥ मैत्रेय उवाच ॥ तस्यैवं वदतः शापं भृगोः स भगवान् भवः ॥ निश्चक्राम ततः किञ्चिद्विमना इव सानुगः ॥ ३३ ॥ तेऽपि विश्वसृजः सत्रं सहस्रपरिवत्सरान् ॥ संविधाय महेष्वास यत्रेज्य ऋषभो हरिः ॥ ३४ ॥ आप्लुत्यावभृथं यत्र गङ्गा यमुनयाऽन्विता ॥ विरजेनात्मना सर्वे स्वं स्वं धाम ययुस्ततः ॥ ३५ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे द्वितीयोऽध्यायः ॥ २ ॥ मैत्रेय उवाच ॥ सदा विद्विषतोरेवं कालो वै ध्रियमाणयोः ॥ जामातुः श्वशुरस्यापि सुमहानतिचक्रमे ॥ १ ॥ यदाऽभिषिक्तो दक्षस्तु ब्रह्मणा परमेष्ठिना ॥ प्रजापतीनां सर्वेषामाधिपत्ये स्म योऽभवत् ॥ २ ॥ इष्ट्वा स वाजपेयेन ब्रह्मिष्ठानभिभूय च ॥ बृहस्पतिसवं नाम समारेभे क्रतूत्तमम् ॥ ३ ॥ तस्मिन्ब्रह्मर्षयः सर्वे देवर्षिपितृदेवताः ॥ आसन्कृतस्वस्त्ययनास्तत्पत्न्यश्च सभर्तृकाः ॥ ४ ॥ तदुपश्रुत्य नभसि खेचराणां प्रजल्पताम् ॥ सती दाक्षायणी देवी पितुर्यज्ञमहोत्सवम् ॥ ५ ॥ व्रजतीः सर्वतो दिग्भ्य उपदेववरस्त्रियः ॥ विमान-

गरेर शुद्ध भएर आफ्नो-आफ्नो स्थानमा फर्किए ॥३४-३५॥ इति श्रीमद्भागवते चतुर्थ-स्कन्धे नेपाली भाषा-टीकायां द्वितीयोऽध्यायः ॥२॥ (पिताको यज्ञमा जानको निम्ति सतीको हठ र आग्रह) मैत्रेय भन्दछन्—हे विदुर ! यस प्रकार परस्पर मनोमालिन्यको व्यवहार गर्दै ती ससुरा र ज्वाइँको धेरै काल बितेर गयो ॥१॥ जब परमेष्ठी ब्रह्माजीले दक्षलाई सबै प्रजापतिहरूका अधिपति पदमा अभिषिक्त गरे तब तिनको अभिमान झन् बढ्दै गयो ॥२॥ अतएव तिनले शंकर आदि ब्रह्मज्ञानीहरूलाई यज्ञको भाग नदिई झन् उनको तिरस्कार गरेर वाजपेय यज्ञ गरे । त्यसपछि यज्ञहरूमा श्रेष्ठ बृहस्पति सव नामक यज्ञ आरम्भ गरिदिए ॥३॥ त्यस यज्ञको उत्सवमा समस्त ब्रह्मर्षि, देवर्षि, पितृगण तथा देवता उनीद्वारा निम्ता दिएर आए साथमा तिनका पत्नीहरू पनि आफ्-आफ्ना पतिहरूसित त्यहाँ आएका थिए ॥४॥ आकाशमार्गबाट जानलागेका देवता दक्षका यज्ञको विषयमा अनेक थरिका कुरा गर्दै गइरहेथे । तिनका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुखबाट दक्षकन्या सतीलाई आफ्ना पिताकहाँ यज्ञोत्सव हुने कुरा ज्ञात भयो ॥५॥ तिनले आफ्नो निवासस्थानको नगीचै देखिन्–सबै यक्ष-गन्धर्व आदि देवताका राम्रा पत्नीहरू राम्रा स्वच्छ कुण्डल र पदक धारण गरी आफ्ना-आफ्ना पतिहरूसित विमानमा बसेर त्यो यज्ञोत्सवमा सम्मिलित हुन गइरहेछन् । तिनलाई देखेर सतीले अतिशय उत्सुक भई आफ्ना पति भगवान् शंकरसित भनिन् ॥६-७॥ सतीले भनिन्—हे देव ! मैले सुनेकी छु कि यस वखत हजुरका ससुरा दक्ष-प्रजापतिकहाँ निकै ठूलो यज्ञोत्सव हुन लागिरहेछ । हेर्नुहवस—ती सबै देवता त्यहाँ नै गइरहेछन् । यदि हजुरले आज्ञा दिए म पनि त्यहाँ जाने थिएँ ॥८॥ यस्तो अवसरमा आफ्ना बन्धु-बान्धवसित भेट्न आफ्ना पतिसहित मेरा दिदीहरू पनि त्यहाँ अवश्य आएका होलान् । मेरो पनि इच्छा छ—हजुरसित त्यहाँ गएर माता-पिताले दिएको दर्शम भेट पाऊँ ॥९॥ आफ्ना पतिप्रिया दिदीहरू सानिमा तथा ममतामयी आमाको दर्शनार्थ मेरो मन धेरै दिनदेखि लोभिइरहेको छ । त्यहाँ अगणित महर्षिहरू द्वारा रचिएको यज्ञोत्सव तथा आकाशमा उड्ने ध्वजा पताका देख्न पाइन्छ ॥१०॥ हे अज ! यद्यपि यो आश्चर्यपूर्ण

यानाः सप्रेष्ठा निष्ककण्ठीः सुवाससः ॥ ६ ॥ दृष्ट्वा स्वनिलयाभ्याशे लोलाक्षीर्मृष्टकुण्डलाः ॥ पतिं भूतपतिं देवमौत्सुक्यादभ्यभाषत ॥ ७ ॥ सत्युवाच ॥ प्रजापतेस्ते श्वशुरस्य साम्प्रतं निर्यापितो यज्ञमहोत्सवः किल ॥ वयं च तत्राभिसराम वाम ते यद्यर्थिताऽमी विबुधा व्रजन्ति हि ॥ ८ ॥ तस्मिन्भगिन्यो मम भर्तृभिः स्वकैर्ध्रुवं गमिष्यन्ति सुहृद्दिदृक्षवः ॥ अहं च तस्मिन्भवताऽभिकामये सहोपनीतं परिबर्हमर्हितुम् ॥ ९ ॥ तत्र स्वसॄर्मे ननु भर्तृसम्मिता मातृष्वसॄः क्लिन्नधियं च मातरम् ॥ द्रक्ष्ये चिरोत्कण्ठमना महर्षिभिरुन्नीयमानं च मृडाध्वरध्वजम् ॥ १० ॥ त्वय्येतदाश्चर्यमजात्ममायया विनिर्मितं भाति गुणत्रयात्मकम् ॥ तथाप्यहं योषिदतत्त्वविच्च ते दीना दिदृक्षे भव मे भवक्षितिम् ॥ ११ ॥ पश्य प्रयान्तीरभवान्ययोषितोऽप्यलङ्कृताः कान्तसखा वरूथशः ॥ यासां व्रजद्भिः शितिकण्ठ मण्डितं नभो विमानैः कलहंसपाण्डुभिः ॥१२॥ कथं सुतायाः पितृगेहकौतुकं निशम्य देहः सुरवर्य नेङ्गते ॥ अनाहुता अप्यभियन्ति सौहृदं भर्तुर्गुरोर्देहकृतश्च केतनम् ॥ १३ ॥ तन्मे प्रसीदेदममर्त्यवांछितं कर्तुं भवान्कारुणिको बतार्हति ॥ त्वयात्मनोऽर्धेऽहमदभ्रचक्षुषा निरूपिता माऽनुगृहाण याचितः ॥१४॥ ऋषिरुवाच ॥ एवं गिरित्रः प्रिययाऽभिभाषितः प्रत्यभ्यधत्त

र त्रिगुणात्मक जगत् हजुरमा आफ्नै मायाले निर्मित भएर भासमान भइरहेको छ, तापनि हे शङ्करजी ! स्त्री-स्वभावले गर्दा म त्यो परम तत्त्वबाट अनभिज्ञ र दीन छु । अतएव मलाई आफ्नी जन्मभूमि हेर्ने प्रबल अभिलाषा छ ॥११॥ हे प्रभो ! हेर्नुहवस्–जसको दक्षसित कुनै सम्बन्ध छैन, ती समूहका समूह स्त्रीहरू पनि आज राम्ररी अलंकृत भएर आफ्ना पतिहरूसित गइरहेका छन् । हे शितिकण्ठ ! ती जाने स्त्रीहरूका राजहंस झैं विमानद्वारा आकाश मण्डल व्याप्त भइरहेको छ ॥१२॥ हे सुरश्रेष्ठ ! आफ्ना पिताकहाँ उत्सवको समाचार पाएर तिनकी छोरीको मन त्यसमा सम्मिलित हुनको निम्ति किन नलोभियोस् ? यदि हजुर 'डाकेका छैनन्' भनेर आज्ञा हुन्छ भने–पति, गुरु र माता-पिता आदि सुहृद्गणकहाँ उनले नडाके पनि जानमा केही बाधा पर्दैन ॥१३॥ हे देव ! हजुर मसित प्रसन्न हुनुहोस् । हजुर साह्रै दयालु हुनुहुन्छ । अतः मेरो इच्छा पूर्ण गरिदिनु हवस । हजुर यस्तो कारुणिक हुनुहुन्छ कि परम ज्ञानी भएर पनि मलाई आफ्नो आधा अंगमा स्थान दिनुभएको छ । अतः मेरो यो प्रार्थना स्वीकार गरेर अनुगृहीत तुल्याउनोस् ॥१४॥ मैत्रेय भन्दछन्–हे विदुर ! सतीले यसरी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आग्रह गर्नाले सुहृज्जन हरूको प्रिय गर्ने शिवजीलाई दक्षप्रजातिका ती मर्मभेदी वाक्य स्मरण भए–जो उनले सबै प्रजापतिहरूका सामुन्ने भनेका थिए । त्यसपछि ती हाँस्तै भन्नलागे– ॥१५॥ शंकर भगवान् भन्नुहुन्छ–हे सुन्दरी ! तिमीले जुनभन्यौ–'आफ्ना बन्धुजनको घर नडाके पनि जानमा हानि छैन । त्यो ठीक हो, तर त्यस्तो गर्न उसै वेला राम्रो हुन्छ, जब ती देहाभिमान जनित अतिशय बलवान् क्रोधले गर्दा दोषपूर्ण दृष्टिले नहेर्दा हुन् ॥१६॥ हे देवि ! विद्या, तप, धन, परिपुष्ट शरीर, युवावस्था तथा उच्च कुल-यी छ सत्पुरुषहरूका गुण मानिन्छन्, परन्तु यिनैगुण नीच पुरुषमा देखिए भने अवगुणमा परिणत हुन्छन् किनभने यसले तिनको अभिमान बढ्दछ र तिनका सम्झना र बुद्धि विवेक नष्ट भएर जान्छ । यसैले ती मूर्ख–महापुरुषहरूको महिमा देख्दैनन् ॥१७॥ अतः जो आफ्नो घर आएका व्यक्तिलाई कुटिलबुद्धिले आँखीभौं खुम्चाई रोषपूर्ण दृष्टिले हेर्दछन्, त्यस्ता अव्यवस्थित चित्त हुने व्यक्तिकहाँ बान्धवभावले पनि पहिल्यै नजानु ॥१८॥ हे देवि ! शत्रुका वाणले घायल भएर त्यति क्लेश हुन्न, जति कुटिल बुद्धि हुने आफ्ना स्वजनहरूका कठोर वाक्यले कष्ट

प्रहसन्सुहृत्प्रियः ॥ संस्मारितो मर्मभिदः कुवागिषून्यानाह को विश्वसृजां समक्षतः ॥ १५ ॥ श्रीभगवानुवाच ॥ त्वयोदितं शोभनमेव शोभने अनाहुता अप्यभियन्ति बन्धुषु ॥ ते यद्यनुत्पादितदोषदृष्टयो बलीयसाऽनात्म्यमदेन मन्युना ॥ १६ ॥ विद्यातपोवित्तवपुर्वयःकुलैः सतां गुणैः षड्भिरसत्तमेतरैः ॥ स्मृतौ हतायां भृतमानदुर्दृशः स्तब्धा न पश्यन्ति हि धाम भूयसाम् ॥ १७ ॥ नैतादृशानां स्वजनव्यपेक्षया गृहान्प्रतीयादनवस्थितात्मनाम् ॥ येऽभ्यागतान्वक्रधियाऽभिचक्षते आरोपितभ्रूभिरमर्षणाक्षिभिः ॥ १८ ॥ तथाऽरिभिर्न व्यथते शिलीमुखैः शेतेऽर्दिताङ्गो हृदयेन दूयता ॥ स्वानां यथा वक्रधियां दुरुक्तिभिर्दिवानिशं तप्यति मर्मताडितः ॥ १९ ॥ व्यक्तं त्वमुत्कृष्टगतेः प्रजापतेः प्रियाऽऽत्मजानामसि सुभ्रु सम्मता ॥ अथापि मानं न पितुः प्रपत्स्यसे मदाश्रयात्कः परितप्यते यतः ॥ २० ॥ पापच्यमानेन हृदाऽऽतुरेन्द्रियः समृद्धिभिः पूरुषबुद्धिसाक्षिणाम् ॥ अकल्प एषामधिरोढुमञ्जसा पदं परं द्वेष्टि यथाऽसुरा हरिम् ॥ २१ ॥ प्रत्युद्गमप्रश्रयणाभिवादनं विधीयते साधु मिथः सुमध्यमे ॥ प्राज्ञैः परस्मै पुरुषाय चेतसा गुहाशयायैव न देहमानिने ॥ २२ ॥ सत्त्वं विशुद्धं वसुदेवशब्दितं यदीयते तत्र पुमानपावृतः ॥ सत्त्वे च तस्मिन्भगवान्वासुदेवो ह्यधोक्षजो

हुन्छ, किनकि बाणले शरीर छिन्न-भिन्न भएपछि मनुष्यको शरीरमा पीडा रहे पनि कुनै प्रकारले निद्रा लाग्दछ, किन्तु दुष्टको कुवाक्यले मर्मस्थान विद्ध भएपछि दिन-रात अत्यास बनिरहन्छ ॥१९॥ हे सुभ्रू ! मलाई सम्झना छ कि तिमी परमोन्नति पुगेका दक्षप्रजापतिकी छोरीहरूमा सबै भन्दा मनपरेकी छौ, तैपनि मेरो आश्रममा रहनाले तिमीलाई आफ्ना पिताद्वारा सम्मान मिल्न सक्तैन, किनकि ती मसित द्वेष भाव राख्दछन् ॥२०॥ सबै जीवहरूमा चित्तवृत्तिको साक्षीस्वरूप महापुरुषका समृद्धिलाई देखेर जसको हृदय तथा इन्द्रियहरू सन्तप्त हुन्छन्, त्यो उनको पद प्राप्त गर्न सक्तैन । सबै दैत्यगण जसरी श्रीहरिको द्वेष गर्दछन्, त्यस्तै दक्षप्रजापति मसित नराम्रो मान्दछन् ॥२१॥ हे सुमध्यमे ! यो उचित नै हो कि ज्ञानी जनहरूमा पनि परस्पर 'सम्मुख जानु, नम्रता देखाउनु र प्रणाम गर्नु' आदि सत्कारहरूको व्यवहार हुने गर्दछ, तापनि ती सबैको अन्तःकरणमा विराजमान महापुरुषलाई मनमनै प्रणामादि गर्दछन् । देहाभिमानी पुरुषहरूलाई अभिवादन गर्दैनन् ॥२२॥ ज्ञान सम्पन्न अन्तःकरणको नाम नै 'वासुदेव' हो, किनकि महापुरुष अर्थात् ज्ञानस्वरूप भगवान् वासुदेवको

Jaganath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साक्षात् अनुभव हुन्छ । अतः आफ्नो विशुद्ध चित्तमा बसेका इन्द्रियातीत भगवान् वासुदेवलाई म सदा अभिवादन गर्दछु ॥२३॥ अतएव हे वरोरु ! जसले प्रजापति हरूका सभामा म निरपराधको अत्यन्त कटु वचनले तिरस्कार गरेका थिए । ती दक्ष यद्यपि तिम्रो शरीर उत्पन्न गर्ने पिता हुन् । तैपनि मेरो शत्रु हुनाले तिमीले उनलाई अथवा तिनका

 अनुयायीहरूलाई हेर्नं विचार गर्नु पनि उचित होइन ॥२४॥ यदि मेरो कुरा नमानेर त्यहाँ गयौ भने तिम्रो कल्याण हुने छैन, किनकि जब कुनै प्रतिष्ठित व्यक्तिलाई आफ्ना आत्मीय जनहरूबाट अपमानित हुनुपर्दछ, तब त्यो अपमान तत्काल त्यसको मरणको कारण बन्न सक्तछ ॥२५॥ इति श्रीमद्भागवते चतुर्थस्कन्धे नेपालीभाषाटीकायां तृतीयोऽध्यायः ॥३॥

 (दक्षप्रजापतिको यज्ञमा सतीको देह त्याग)—मैत्रेयजी भन्दछन्–हे विदुर ! यति भनेर शंकर भगवान् जाने र छेक्ने—दुवै स्थितिमा आफ्नी पत्नी सतीको देहत्यागको सम्भावना देखेर चुपलागिरहे । त्यस समय सती कहिले बन्धुजनलाई हेर्न जाने अभिप्रायले बाहिर निस्कने र कहिले शंकरजी रिसाउने आशङ्काले फर्केर आउने गर्दथिन् । त्यसरी बारम्बार

मे मनसा विधीयते ॥ २३ ॥ तत्ते निरीक्ष्यो न पिताऽपि देहकृद्दक्षो मम द्विट् तदनुव्रताश्च ये ॥ यो विश्वसृग्यज्ञगतं वरोरु मामनागसं दुर्वच-साऽकरोत्तिरः ॥ २४ ॥ यदि व्रजिष्यस्यतिहाय मद्वचो भद्रं भवत्या न ततो भविष्यति ॥ सम्भावितस्य स्वजनात्पराभवो यदा स सद्यो मरणाय कल्पते ॥ २५ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे उमारुद्रसंवादे तृतीयोऽध्यायः ॥ ३ ॥ मैत्रेय उवाच ॥ एतावदुक्त्वा विरराम शङ्करः पत्न्यङ्गनाशं ह्युभयत्र चिन्तयन् ॥ सुहृद्दिदृक्षुः परिशङ्किता भवान्निष्क्रामती निर्विशती द्विधाऽऽस ॥ १ ॥ सुहृद्दिदृक्षाप्रतिघातदुर्मना स्नेहाद्रुदत्यश्रुकलाऽतिविह्वला ॥ भवं भवान्यप्रतिपूरुषं रुषा प्रधक्ष्यतीवैक्षत जातवेपथुः ॥ २ ॥ ततो विनिःश्वस्य सती विहाय तं शोकेन रोषेण च दूयता हृदा ॥ पित्रोरगात्स्त्रैणविमूढधीर्गृहान्प्रेम्णाऽऽत्मनो योऽर्धमदात्सतां प्रियः ॥ ३ ॥ तामन्वगच्छन्द्रुतविक्रमां सतीमेकां त्रिनेत्रानुचराः सहस्रशः ॥ सपार्षदा मे मणिमन्मदादयः पुरो वृषेन्द्रास्तरसा गतव्यथाः ॥ ४ ॥ तां सारिकाकन्दुकदर्पणाम्बुजश्वेतातपत्रव्य-जनस्रगादिभिः ॥ गीतायनैर्दुन्दुभिशङ्खवेणुभिर्वृषेन्द्रमारोप्य विटङ्किता ययुः ॥ ५ ॥ आब्रह्मघोषोर्जितयज्ञवैशसं विप्रर्षिजुष्टं विबुधैश्च सर्वशः ॥

आउने-जाने गर्नाले स्पष्ट थाहा हुन्थ्यो कि उनले आफ्नो दुइ रूप धारण गरिसकिन् ॥१॥ सुहृज्जनहरूसित भेट-घाट गर्ने बलवती इच्छामा बाधा पर्नाले ती निष्क्रिय झैं भइन् र स्नेहवश अतिशय विह्वल भई आँसु बगाउँदै रुन लागिन् । त्यस बखत रिसले तिनको शरीर काँप्न लाग्यो र जोभन्दा ठूलो संसारमा अरु कुनै पुरुष छैनन्, ती शङ्कर भगवान्तिर सती यसरी रोष-पूर्ण दृष्टिले हेर्न लागिन्–मानो शिवलाई भस्म पर्छिन् ॥२॥ अन्त्यमा शोक र रिसले खिन्न अन्तःकरण तथा स्त्री-स्वभावले गर्दा मूढ-बुद्धि सतीजी, जुन सत्पुरुषहरूका प्रिय शंकर भगवान्ले उनलाई प्रेमवश आफ्नो आधा अङ्ग दिएका थिए, तिनलाई त्यागेर लामू सास फेर्दै आफ्ना पिताको घर जान हिंडिन् ॥३॥ ती सतीलाई शीघ्रतापूर्वक एक्लै गएकी

देखेर शंकर भगवान्का मणिमान् र मद आदि हजारौं अनुचर नन्दीश्वरलाई अघि लगाएर अन्य पार्षद सहित तुरुन्त निर्भयतापूर्वक सतीको पछि-पछि हिंडे ॥ ४ ॥ तिनले सतीलाई नन्दीश्वरमाथि बसाले र मैंना, गेंद, दर्पण, कमल, श्वेत, छत्र, चँवर र माला आदि तिनका खेल-कूदका सामग्री तथा दुन्दुभी, शङ्ख र बाँसुरी आदि गान-बजानका सामग्री

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्याहारेर उनीसित हिंडे ॥ ५ ॥ यस प्रकार हिंडेर सतीजी त्यो यज्ञ-मण्डपमा पुगिन्, जहाँ वेद-घोषका साथै पशुहरूको बलि दिइरहेको थियो—जसमा चारैतिर ब्रह्मर्षि तथा देवताहरू बसेका थिए। जुन माटो, सुन, दर्भ (कुश) तथा छालाका पात्रहरूले परिपूर्ण थियो ॥६॥ त्यहाँ पुगेपछि यजमान दक्षले सतीको अलिकति पनि आदर-सत्कार गरेनन्। यहाँसम्म कि दक्षको भयले सतीकी आमा र दिदीहरूबाहेक कसैले तिनको आदर गरेन। तिनकी आमा र दिदीहरूले भने आनन्दित तथा प्रेमले गद्गद् भएर उनलाई निकै आदर सहित अंकमाल गरे ॥७॥ तर पिताद्वारा अपमानित भएकी हुनाले सतीले दिदीहरूको प्रश्न तथा आमा र सानिमाहरूले दिएका आसन र उपहारादितिर हेर्दा पनि हेरिनन् ॥ ८ ॥ त्यसपछि त्यस यज्ञलाई शंकरजीको भाग रहित देखेर तथा पिताद्वारा गरिएको उनको अपमानको विचार गरेर त्यस यज्ञ-सभामा तिरस्कृत सर्वलोकेश्वरी देवी सतीलाई बेसरी रिस उठ्यो। त्यसबेला उनलाई

मृद्दार्वयःकाञ्चनदर्भचर्मभिर्निसृष्टभाण्डं यजनं समाविशत् ॥ ६ ॥ तामागतां तत्र न कश्चनाद्रियद्विमानितां यज्ञकृतो भयाज्जनः ॥ ऋते स्वसॄर्वै जननीं च सादराः प्रेमाश्रुकण्ठ्यः परिषस्वजुर्मुदा ॥ ७ ॥ सोदर्यसंप्रश्नसमर्थवार्तया मात्रा च मातृस्वसृभिश्च सादरम् ॥ दत्तां सपर्यां वरमासनं च सा नादत्त पित्रा प्रतिनन्दिता सती ॥ ८ ॥ अरुद्रभागं तमवेक्ष्य चाध्वरं पित्रा च देवे कृतहेलनं विभौ ॥ अनादृता यज्ञसदस्यधीश्वरी चुकोप लोकानिव धक्ष्यती रुषा ॥ ९ ॥ जगर्ह सामर्षविपन्नया गिरा शिवद्विषं धूमपथश्रमस्मयम् ॥ स्वतेजसा भूतगणान्समुत्थितान्निगृह्य देवी जगतोऽभिशृण्वतः ॥ १० ॥ श्रीदेव्युवाच ॥ न यस्य लोकेऽस्त्यतिशायनः प्रियस्तथाऽप्रियो देहभृतां प्रियात्मनः ॥ तस्मिन्समस्तात्मनि मुक्तवैरके ऋते भवन्तं

हेर्दा यस्तो ज्ञात हुन्थ्यो—मानो ती आफ्नो रोषले सबै लोकलाई भस्म पार्दछिन् ॥ ९ ॥ त्यसपछि देवी सती कर्मकाण्डमा *अति गर्वित तथा शिवद्रोही दक्षलाई मारिदिनको निम्ति तत्पर भूतगणहरूलाई आफ्नो तेजले रोकेर तथा सबैलाई सुनाउँदै रिसले लरबरिएको वाणीमा आफ्ना अभिमानी पिता दक्षको निन्दा गर्दै भन्न लागिन् ॥ १० ॥ सतीले भनिन्—हे पिता ! जो भन्दा ठूलो संसारमा कोही छैन र जसका कोही प्रिय अथवा अप्रिय छैनन् जो समस्त देहधारीहरूका प्रिय आत्मा छन्, ती सर्वान्तरात्मा, वैरविहीन शंकरभगवान् सितबाहेक

* दृष्टान्त (अभिमानीको एकान्त निवास)— यौटा साधकको मनमा अहङ्कार पस्यो र त्यो मेरो भजन साधनामा खूब उन्नति भयो भन्ने ठान्न थाल्यो। यसनिम्ति अब कुनै निर्जन स्थानमा गए बस्नुपर्दछ—यस्तो बिचार गरेर त्यो निर्जन स्थानमा बस्न लाग्यो। त्यहाँ दिनहुँ यौटा ऊँट आएर साधकसित भन्दथ्यो–'हिंड तिमीलाई स्वर्ग लैजान्छु।' त्यो ऊँटमाथि बस्दथ्यो र ऊँट त्यसलाई यौटा रमणीक स्थानमा लैजान्थ्यो। त्यहाँ गएर त्यो मीठो अन्न खान्थ्यो र दास-दासीहरूसित सेवा गराउँथ्यो। रातभरि त्यहाँ भोगेर बिहान आँखा खोल्दा—आफूलाई उही निर्जन स्थानमा भेट्टाउँथ्यो। 'मलाई देवता दिनहुँ स्वर्ग लैजान्छन्' यस्तो विचार गरेर त्यो झन् झन् अभिमानी बन्दै गयो। त्यसका गुरुले जब यो कुरा सुने तब त्यसको झुपडीमा पुगे। त्यहाँ तिनले देखे—त्यसको अभिमानको कुनै अन्त्य थिएन। सोधेपछि साधकले सारा कथा सुनाइदियो। त्यसमा गुरुले भने–आज राती तिमीलाई डाक्न आएपछि गएर तीन पल्ट भन्नु—'छिः छिः तिमीलाई धिक्कार छ।' राती फेरि उसै गरी ऊँट आयो र त्यो दिनहुँको स्थानमा पुग्यो। त्यहाँ पुगेर उसले तीन पल्ट उपरोक्त वाक्य उच्चारण गर्‍यो। अनि एक क्षणमै त्यहाँका सबै वस्तु चिच्याएर बिलीन भए र अहङ्कारी साधक एक्लै रह्यो। अनि त्यसले देख्यो—त्यो एकदम भ्रष्ट स्थान छ, मरेका जीवहरूको हाडहरू त्यहाँ थुप्रो लागेको छ र अत्यन्त दुर्गन्ध आइरहेको छ। अब त्यसलाई आफ्नो भूल ज्ञात भयो र त्यो फेरि गुरुको शरणमा गयो। सिद्धि प्राप्त नभएको काँचो शिष्यले एक्लै बस्नु डरलाग्दो काम रहेछ भन्ने कुरा बल्ल उसले बुझ्यो।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

वाहेक अरु कसले विरोध गर्ला ? ॥११॥ हे द्विज ! कुनै सज्जन अर्काको दोषलाई पनि गुणकै दृष्टिले हेर्दछन्, तर तिमी जस्ता पुरुष यस्ता हुँदैनन् । जो व्यक्ति अर्काको अलिकति गुणलाई पनि धेरै मान्दछन्, ती अत्यन्त महान् हुन्छन् । तर खेदको कुरा यो छ—तिमीले भगवान् शंकरमा पनि दोषारोपण गर्‍यौ ॥१२॥ जो दुष्ट यो शवरूपी शरीरलाई नै आत्मा मान्दछन् ती यदि महापुरुषसित ईर्ष्या तथा निन्दा गर्छन् भन्ने कुरा होइन, किनकि महापुरुषका आचरणले तेज नष्ट भएका ईर्ष्यालुहरूको निम्ति यही शोभाको कुरा हो ॥ १३ ॥ जसको 'शिव' यो दुइ अक्षरको नाम एकपल्ट पनि लिने मनुष्यका सबै पाप तुरुन्त नष्ट भएर जान्छन् र तिनको आज्ञा उल्लंघन कसैले गर्न सक्तैन । अहो ! ती पवित्र कीर्तिशाली शंकर भगवान्‌सित द्वेष गर्दछौ ? अतः तिमी अवश्य अमङ्गल रूप हौ ॥१४॥ ब्रह्मानन्दको रस-पान गर्नका इच्छुक महापुरुषका मनरूपी मधुकर जसका चरणकमलको सेवन गर्दछन् र जो सकाम पुरुषहरूको सबै कामना तत्काल पूर्ण गरिदिन्छन् ती विश्वबन्धु भगवान् शिवसित तिमी द्रोह गर्दछौ ? ॥१५॥ मैले सुनेकी छु–तिमी भन्दछौ शिव नाममात्रका

कतमः प्रतीपयेत् ॥११॥ दोषान्परेषां हि गुणेषु साधवो गृह्णन्ति केचिन्न भवादृशा द्विज ॥ गुणाँश्च फल्गून् बहुलीकरिष्णवो महत्तमास्तेष्वविदद्भवानघम् ॥ १२ ॥ नश्चर्यमेतद्यदसत्सु सर्वदा महद्विनिन्दा कुणपात्मवादिषु ॥ सेर्ष्यं महापूरुषपादपांसुभिर्निरस्ततेजःसु तदेव शोभनम् ॥ १३ ॥ यद्द्व्यक्षरं नाम गिरेरितं नृणां सकृत्प्रसङ्गादघमाशु हन्ति तत् ॥ पवित्रकीर्तिं तमलङ्घ्यशासनं भवानहो द्वेष्टि शिवं शिवेतरः ॥१४॥ यत्पादपद्मं महतां मनोऽलिभिर्निषेवितं ब्रह्मरसासवार्थिभिः ॥ लोकस्य यद्वर्षति चाशिषोऽर्थिनस्तस्मै भवान्द्रुह्यति विश्वबन्धवे ॥ १५ ॥ किं वा शिवाख्यमशिवं न विदुस्त्वदन्ये ब्रह्मादयस्तमवकीर्य जटाः श्मशाने ॥ तन्माल्यभस्मनृकपाल्यवसत्पिशाचैर्ये मूर्धभिर्दधति तच्चरणावसृष्टम् ॥ १६ ॥ कर्णौ पिधाय निरयाद्यदकल्प ईशे धर्मावितर्यसृणिभिर्नृभिरस्यमाने ॥ छिन्द्यात्प्रसह्य रुशतीमसतीं प्रभुश्चेज्जिह्वामसूनपि ततो विसृजेत्स धर्मः ॥ १७ ॥ अतस्तवोत्पन्नमिदं कलेवरं न धारयिष्ये शितिकण्ठगर्हिणः ॥ जग्धस्य मोहाद्धि विशुद्धिमन्धसो जुगुप्सितस्योद्धरणं प्रचक्षते ॥ १८ ॥ न वेदवादाननुवर्तते मतिः स्व एव लोके रमतो महामुनेः ॥ यथा गतिर्देवमनुष्ययोः पृथक् स्व एव धर्मे न परं क्षिपेत्स्थितः ॥ १९ ॥ कर्म प्रवृत्तं च निवृत्त-

शिव हुन्, तिनको वेश अशिव अर्थात् अमङ्गलमय छ । ती जटा छरेर आफ्नो देहमा श्मशानको फूल-माला लगाई, भस्म घसेर मनुष्यका टाउकाको माला पहिरी पिशाचसित श्मशानमै बस्तछन् । उनको यो अशिवतालाई के ब्रह्मादि देवता जान्दैनन्, जो उनको पाउबाट झरेको निर्माल्य आफ्नो मस्तकमा राख्दछन् ॥ १६ ॥ मेरो त यस्तो विचार छ कि यदि धर्मको मर्यादालाई तोड्ने पुरुष धर्मका रक्षक ईश्वरको निन्दा गर्छन् भने–यदि बल पुग्दछ भने तिनको अमङ्गलमयी जिब्रो काटोस्, सक्तैन भने आफ्नै प्राण त्यागोस् । यदि त्यो त्यस्तो गर्न सक्तैन भने कान थुनेर त्यहाँबाट अन्तै जाओस्, किनकि यस्तो गर्नु नै उसको धर्म हो॥१७॥अतः भगवान् नीलकण्ठको निन्दा गर्ने तिम्रो शरीरबाट उत्पन्न यस देहलाई अब म राख्तिन । किनकि नजानेर खाइएको अभक्ष्यवस्तु वमन गरेर फालिदिनु नै अशुद्धिको शुद्धि हुने उपाय कहिएको छ ॥१८॥ हे दक्ष ! जुन महामुनि सदा आफ्नो स्वरूपमै रमण गर्दछन्, तिनको बुद्धि वेदको विधि-निषेधमय वचनमा मिल्दैन । आकाश-विहारी देवता तथा पृथ्वी निवासी मनुष्य झैं ज्ञानी र अज्ञानीहरूको गति भिन्न-भिन्न हुनेगर्दछ । अतएव आफ्नो धर्ममा स्थित

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुष कहिल्यै पनि अर्काको निन्दा नगरुन् ॥ १९ ॥ प्रवृत्ति निवृत्तिरूपी दुवै थरिका कर्म सत्य नै हुन्छन् । वेदमा यी दुवैको विवेचन गरेर भिन्न-भिन्न अधिकारीलाई उपयुक्त विधान बताइएको छ । परस्पर विरोधी हुनाले कर्ता ती दुवैको संगसंगै आचरण गर्न सक्तैन, तर शंकर भगवान्लाई यी दुवैबाट कुनै पनि कर्म गर्ने आवश्यकता पर्दैन ॥ २० ॥ हे पिता ! हाम्रो ऐश्वर्य अव्यक्त छ । आत्मज्ञानी महात्माजननै त्यसको सेवन गर्दछन् । तिमीसित त्यस्तो ऐश्वर्य छैन, किनकि तिम्रो ऐश्वर्य त यज्ञशालामा रहन्छ र यज्ञको अन्नले तृप्त भएर आफ्नो पेटपाल्ने धूममार्गी कर्मकाण्डी नै त्यसको स्तुति गर्ने गर्दछन् । ती हाम्रो ऐश्वर्यको प्रशंसा कल्यै गर्दैनन् ॥ २१ ॥ शंकर भगवान्को अपमान गर्ने तिम्रो अधम शरीरबाट उत्पन्न मेरो यो निन्दनीय देहको मलाई कुनै मोह रहेन । तिमीजस्ता धृष्ट पुरुषसित मेरो सम्बन्ध छ, यो विचार्दा मलाई लाज लाग्छ । जो प्राणी महापुरुषको अपराधी छ, त्यसको जन्मलाई हजारौं धिक्कार छ ॥ २२ ॥ जब शिवजी तिमीसित मेरो सम्बन्ध दर्शाउँदै ठट्टामै मलाई 'दक्षकन्या' भनेर डाक्तछन् तब तिनको हाँसो सुनेर मलाई लाज लाग्दछ र

मप्यतं वेदे विविच्योभयलिङ्गमाश्रितम् ॥ विरोधि तद्योगपदैककर्तरि द्वयं तथा ब्रह्मणि कर्म नर्च्छति ॥ २० ॥ मा वः पदव्यः पितरस्मदास्थिता या यज्ञशालासु च धूमवर्त्मभिः ॥ तदन्नतृप्तैरसुभृद्भिरीडिता अव्यक्तलिंगा अवधूतसेविताः ॥ २१ ॥ नैतेन देहेन हरे कृतागसो देहोद्भवेनालमलं कुजन्मना ॥ व्रीडा ममाभूत्कुजनप्रसङ्गतस्तज्जन्म धिग्यो महतामवद्यकृत् ॥ २२ ॥ गोत्रं त्वदीयं भगवान्वृषध्वजो दाक्षायणीत्याह यदा सुदुर्मनाः ॥ व्यपेतनर्मस्मितमाशु तद्ध्यहं व्युत्स्रक्ष्य एतत्कुणपं त्वदङ्गजम् ॥ २३ ॥ मैत्रेय उवाच ॥ इत्यध्वरे दक्षमनूद्य शत्रुहन् क्षितावुदीचीं निषसाद शान्तवाक् ॥ स्पृष्ट्वा जलं पीतदुकूलसंवृता निमील्य दृग्योगपथं समाविशत् ॥ २४ ॥ कृत्वा समानावनिलौ जितासना सोदानमुत्थाप्य च नाभिचक्रतः ॥ शनैर्हृदि स्थाप्य धियोरसि स्थितं कण्ठाद्भ्रुवोर्मध्यमनिन्दिताऽनयत् ॥ २५ ॥ एवं स्वदेहं महतां महीयसां मुहुः समारोपितमङ्कमादरात् ॥ जिहासती दक्षरुषा मनस्विनी दधार गात्रेष्वनिलाग्निधारणम् ॥ २६ ॥ ततः स्वभर्तुश्चरणाम्बुजासवं जगद्गुरोश्चिन्तयती न चापरम् ॥ ददर्श देहो हतकल्मषा सती सद्यः प्रजज्वाल समाधिजाग्निना ॥ २७ ॥ तत्पश्यतां खे भुवि चाद्भुतं महद्धाहेति वादः सुमहान-

खेद हुन्छ । अब म तिम्रो शरीरबाट उत्पन्न यो शवसमान शरीरलाई तुरुन्त त्यागिदिन्छु ॥ २३ ॥ मैत्रेयजी भन्दछ—हे शत्रुहन्ता विदुरजी ! दक्षसित त्यति भनेर सतीदेवी मौन भइन् र आचमन गरी पहेलो वस्त्र ओढेर, उत्तरतिर फर्केर पृथ्वीमा बसिन् र योगयागमा प्रवृत्त भइन् ॥ २४ ॥ ती अनिन्दिता सतीदेवीले आसन स्थिर गरेर प्राण र अपानवायुलाई समान पारिन् अनि ती दुवैलाई ऊर्ध्वगति गरेर बिस्तार-बिस्तार नाभिकमलबाट माथि आफ्नो हृदयमा स्थित पारिन् । त्यसपछि हृदयस्थित प्राणवायुलाई बुद्धिद्वारा कण्ठभागबाट जाफना भृकुटीका माझमा लगिन् ॥ २५ ॥ यसरी जुन शरीरलाई महापुरुषहरूमा श्रेष्ठ शंकरजीले आदरपूर्वक बारम्बार आफ्नो काखामा बसालेका थिए, दक्षपति कुपित हुनाले तत्काल आफ्नू शरीर नै त्यागिदिने कामनाले महामनस्विनी सतीले सम्पूण अंगमा वायु तथा अग्निको भावना गरिन् ॥ २६ ॥ त्यसपछि आफ्ना पति तथा जगद्गुरु शंकर भगवान्का चरणकमलको ध्यान गर्दै परम पवित्र सतीले सबै थरिका सम्झना बिर्सिदिइन् । त्यसो गर्नाले उनको शरीर योगाग्निमा बल्नलाग्यो ॥२७॥

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो विचित्र चरित्र देख्ने देवता तथा आकाश र भूतलका प्राणीहरूमा ठूलो र डरलाग्दो हाहाकार मच्चियो। त्यहाँका सबै जना भन्न लागे––हा, हा ! महादेवकी प्रियतमा सतीदेवीले शरीर त्यागिदिइन् किनकि दक्षले आफ्नो आचरणले तिनलाई क्रुद्ध पारिदिएका थिए ॥२८॥ अहो ! चराचर जीव जसका प्रजा छन्, ती दक्षको दुष्टता द्वारा तिरस्कृत भएर उसकी सर्वदाकी आदरपात्री र उदारचित्त हुने सतीले प्राण त्यागिदिइन् ॥२९॥ यो कुटिल हृदय र ब्राह्मणहरूको द्रोही दक्ष संसारमा ठूलो अपयश पाउनेछ र यो शंकर भगवान्को द्रोही व्यक्तिले आफ्नै अपराधले प्राण त्याग्न तयार आफ्नी छोरीलाई 'यस्तो नगर' पनि भन्न सकेन ॥३०॥ उता सबै जना यस्तै कुरा गर्दैथिए, यता सतीको त्यो अद्भुत प्राणत्याग देखेर शिवका सबै पार्षदहरू अस्त्र-शस्त्र स्याहारेर दक्षलाई मार्न दगुरे ॥३१॥शिवगणको आक्रमण गर्ने उद्योग देखेर महर्षि भृगुले यज्ञमा विघ्न पार्नेहरूलाई नष्ट गरिदिने मन्त्र पढेर दक्षिणाग्निमा तत्काल आहुति दिए॥३२॥ ती अध्वर्यु भृगुले आहुति हाल्नासाथ त्यसको प्रभावले एकैसाथ हजारौं 'ऋभु' नामका यस्ता देवता त्यस यज्ञ कुण्डबाट प्रकट भए,जसले तपस्याको प्रभाव

जायत ॥ हन्त प्रिया दैवतमस्य देवी जहावसून्केन सती प्रकोपिता ॥ २८ ॥ अहो अनात्म्यं महदस्य पश्यत प्रजापतेर्यस्य चराचरं प्रजाः ॥ जहावसून्यद्विमताऽऽत्मजा सती मनस्विनी मानमभीक्ष्णमर्हति ॥ २९ ॥ सोऽयं दुर्मर्षहृदयो ब्रह्मध्रुक् च लोकेऽपकीर्तिं महतीमवाप्स्यति ॥ यदङ्गजां स्वां पुरुषद्विडुद्यतां न प्रत्यषेधन्मृतयेऽपराधतः ॥ ३० ॥ वदत्येवं जने सत्या दृष्ट्वाऽसुत्यागमद्भुतम् ॥ दक्षं तत्पार्षदा हन्तुमुदतिष्ठन्नुदायुधाः ॥३१॥ तेषामापततां वेगं निशाम्य भगवान्भृगुः ॥ यज्ञघ्नघ्नेन यजुषा दक्षिणाग्नौ जुहाव ह ॥ ३२ ॥ अध्वर्युणा हूयमाने देवा उत्पेतुरोजसा ॥ ऋभवो नाम तपसा सोमं प्राप्ताः सहस्रशः ॥ ३३ ॥ तैरलातायुधैः सर्वे प्रथमाः सहगुह्यकाः ॥ हन्यमाना दिशो भेजुरुशद्भिर्ब्रह्मतेजसा ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥ मैत्रेय उवच ॥ भवो भवान्या निधनं प्रजापतेरसत्कृताया अवगम्य नारदात् ॥ स्वपार्षदसैन्यं च तदध्वरर्भुभिर्विद्रावितं क्रोधमपारमादधे ॥ १ ॥ क्रुद्धः सुदष्टौष्ठपुटः स धूर्जटिर्जटां तडिद्वह्निसटोग्ररोचिषम् ॥ उत्कृत्य रुद्रः सहसोत्थितो हसन्गम्भीरनादो विससर्ज तां भुवि ॥ २ ॥ ततोऽतिकायस्तनुवा स्पृशन्दिवं सहस्रबाहुर्घनरुक् त्रिसूर्यदृक् ॥ करालदंष्ट्रोज्ज्वलदग्नि-

हजारौं पल्ट सोमरस पिएका थिए ॥३३॥ ब्रह्मतेजले तेजस्वी ती देवगणद्वारा बल्दो अगुल्टोले आक्रमण गरेपछि यक्षसहित सबै प्रमथगण दिशा र विदिशाहरूमा भागे ॥ ३४ ॥ इति श्री मद्भागवते महापुराणे नेपाली भाषाटीकां चतुर्थोध्यायः ॥ ४ ॥ (वीरभद्र द्वारा दक्षको यज्ञ विध्वंस र दक्षवध)—मैत्रेय भन्दछन्—हे विदुर ! जब शङ्कर भगवान्ले नारदजीको मुखबाट दक्षप्रजापति द्वारा तिरस्कृत सती-मरण र ऋभुगण द्वारा आफ्ना पार्षदका सेनाहरू भगाएको वृत्तान्त सुने तब क्रोध उब्यो ॥ १ ॥ अनि रुद्र भगवान्ले अति क्रुद्ध भावबाट आफ्ना ओठ टोक्तै विद्युत तथा अग्निका ज्वाला समान देदीप्यमान आफ्ना जटाबाट यौटा रौं उखेले र सहसा उभिएर गम्भीर अट्टहास गरेर हाँस्तै त्यस जटालाई भूमिमा राखिदिए ॥२॥ तत्काल त्यसबाट यौटा विशालकाय पुरुष उत्पन्न भयो। तिनको शरीर लामो र चौडा थियो। त्यो आफ्नो अग्लाईले आकाश स्पर्श गरिरहेको थियो। त्यसका हजार बाहु थिए। मेघझैं उसको श्यामवर्ण थियो। सूर्य झैं देदीप्यमान तिनका तीन नेत्र थिए। विकराल दाह्रा थिए र अग्निको ज्वाला समान रक्तवर्णका केश थिए। त्यो आफ्नो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घाँटीमा नर-मुण्डको माला लगाई अनेक थरिका अस्त्र-शस्त्र धारण गरेको थियो ॥३॥ उसले हात जोरेर शंकर-भगवान्‌सित सोध्यो–'हे प्रभो ! म के गरूँ ? अनि भगवान् भूतभावन शिवले आज्ञाभयो—'रुद्र ! तिमी मेरै अंश हौ, अतः मेरा पार्षदमा अग्रणी छौ । तिमी तुरुन्त गएर दक्ष र त्यसको यज्ञ नष्ट पार ॥४॥ रिसाएकाशङ्कर भगवान्‌ले यस्तो आज्ञा दिएपछि वीरभद्रले देवाधिदेव शिवको प्रदक्षिणा गरे । हे तात ! वीरभद्रलाई यस्तो ज्ञात हुन थाल्यो–मेरो सामुन्ने टिक्नसक्ने संसारमा कोही पनि छैन र म ठूला-ठूला वीरहरूको वेग सहन गर्न समर्थ छु ॥५॥ अनि अरु रुद्र-पार्षदहरू सहित पार्षदमा श्रेष्ठ वीरभद्र शिवगणले गर्जन गरेपछि आफू पनि विकराल शब्दले गर्जन गर्दै जगत्‌को अन्त्य गर्ने मृत्युलाई पनि अन्त्य पार्नमा समर्थ अतिशय कराल त्रिशूल हातमा लिई दक्षको यज्ञ मण्डपतिर दगुरे । त्यस बखत तिनका पाउको आभूषण छम-छम गरेर बज्नथाले ॥६॥ उता दक्षका यज्ञ-मण्डपमा बसेका ऋत्विज, सदस्य, ब्राह्मण तथा ब्राह्मण-पत्नीहरू उत्तर दिशातिर धूलो उडेको देखेर परस्पर विचार गर्नलागे–'होइन, यो अन्धकार कसरी हुँदै गइरहेछ ?

मूर्धजः कपालमाली विविधोद्यतायुधः ॥ ३ ॥ तं किं करोमीति गृणन्तमाह बद्धाञ्जलिं भगवान् भूतनाथः ॥ दक्षं सयज्ञं जहि मद्भटानां त्वमग्रणी रुद्र भटांशको मे ॥४॥ आज्ञप्त एवं कुपितेन मन्युना स देवदेवं परिचक्रमे विभुम् ॥ मेने तदाऽऽत्मानमसङ्गरंहसा महीयसां तात सहः सहिष्णुम् ॥५॥ अन्वीयमानः स तु रुद्रपार्षदैर्भृशं नदद्भिर्व्यनदत्सुभैरवम् ॥ उद्यम्य शूलं जगदन्तकान्तकं स प्राद्रवद् घोषणभूषणाङ्घ्रिः ॥ ६ ॥ अथर्त्विजो यजमानः सदस्याः ककुभ्युदीच्यां प्रसमीक्ष्य रेणुम् ॥ तमः किमेतत्कुत एतद्रजोऽभूदिति द्विजा द्विजपत्न्यश्च दध्युः ॥ ७ ॥ वाता न वान्ति न हि सन्ति दस्यवः प्राचीनबर्हिर्जीवति होग्रदण्डः ॥ गावो न काल्यन्त इदं कुतो रजो लोकोऽधुना किं प्रलयाय कल्पते ॥८॥ प्रसूतिमिश्राः स्त्रिय उद्विग्नचित्ता ऊचुर्विपाको वृजिनस्यैष तस्य ॥ यत्पश्यन्तीनां दुहितॄणां प्रजेशः सुतां सतीमवदध्यावनागाम् ॥ ९ ॥ यस्त्वन्तकाले व्युप्तजटाकलापः स्वशूलसूच्यर्पितदिग्गजेन्द्रः ॥ वितत्य नृत्यत्युदितास्त्रदोर्ध्वजानुच्चाट्टहासस्तनयित्नुभिन्नदिक् ॥ १० ॥ अमर्षयित्वा तमसह्यतेजसं मन्युप्लुतं दुर्विषहं भ्रुकुट्या ॥ करालदंष्ट्राभिरुदस्तभागणं स्यात्स्वस्ति किं कोपयतो विधातुः ॥ ११ ॥ बह्वेवमुद्विग्नदृशोच्यमाने जनेन दक्षस्य मुहुर्महा·

यो धूलो हो जस्तो बुझिन्छ, तर यो धूलो कसरी र कहाँबाट आयो ? यस बखत कतै आँधी पनि छैन र कहीं चोर पनि देखिंदैनन्, किनकि अपराधीहरूलाई कठोर दण्ड दिनमा समर्थ राजा प्राचीनबर्हि अझै जीवित छन् । गाईहरू आउने वेला पनि अहिले भएको छैन भने यो धूलो कसरी आयो ? अब संसारको प्रलय हुन आँट्यो कि ॥७॥८॥ उता प्रसूति अर्थात् दक्ष-पत्नी आदि स्त्रीहरू व्याकुल भएर परस्पर भन्नलागे–'दक्षप्रजापतिले आफ्ना सबै छोरीको सामुन्ने निरपराध सतीको ठूलो अपमान गरे । ज्ञात भइरहेको छ कि यो त्यही पापको फल हो, जुन उत्पात देखिइरहेछ ॥९॥ जो कल्पान्तको वेलामा आफ्ना जटा-जूट फुकाएर त्रिशूलको टुप्पाले दिग्गजहरूलाई उचालेर यता-उता फ्याँक्दछन् र मेघ-गर्जन झैं विकराल अट्टहास गरेर दसै दिशाहरूलाई कम्पित पार्दै आफ्ना सशस्त्र हातलाई ध्वजा झैं फिजाएर नाच्दछन् । जसको भृकुटिविलास अतिशय असह्य हुन्छ । जो आफ्नो भयानक दाह्राले तारागणलाई धूलो पारिदिन्छन्, ती असह्य तेजस्वी र क्रोधमूर्ति शंकरलाई कुपित पारेर–के विधाता पनि सुखी रहन सक्ला ? ॥१०॥११॥ त्यस यज्ञशालामा बसेका

...Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै जना आस्तिएको भावले हे यस प्रकारदैं परस्पर अनेक थरिका कुरा गरिरहेका थिए । उसैवेला आकाश र पृथ्वीमा सबैतिर परम सामर्थ्यशाली दक्षलाई पनि भयभीत पार्न भएका हजारौं भयंकर उत्पात हुन लागेका देखिनथाले ।।१२।। हे विदुर ! त्यसै वेला झम्टेर आएका रुद्रका अनुचरहरूले त्यो यज्ञमण्डप ढाके । ती विचित्र प्रकारका शस्त्रास्त्र लिएका थिए । ती शिवगणहरूमा कोही बाउन्ने, कोही पिङ्गलवर्णका, कोही पहेंला र कोही मगर-मच्छ झैं पेट र मुखका थिए ।।१३।। तिनमा कैयौंगणले प्राग्वंश (यज्ञशालाको पूर्व तथा पश्चिमका खम्बामा पूर्व-पश्चिमतिर तेर्सो पारेर राखिएको काठ) भाँचिदिए, कतिले पत्नीशाला नष्ट-भ्रष्ट पारिदिए, कसैले यज्ञशालाको सामुन्नेको मण्डप-अगाडिको हविर्धान र कतिले यजमान-गृह एवं भोजनागार नै ध्वस्त पारिदिए ।।१४।। केही गणहरूले यज्ञका पात्र तोडी-फोरी दिए, कसैले आगो निभाइदिए, केही शिवगणले यज्ञ-कुण्डमा मुतिदिए र वेदीको सीमा-सूत्रहरू तोडिदिए ।।१५।। कतिले मुनिहरूलाई कष्ट दिन आरम्भ गरिदिए, केही गण स्त्रीहरूलाई हप्काउन थाले र कसैले आफ्नो नगीचैबाट भाग्न लागेका देवतालाई बाँधिदिए

त्मनः ।। उत्पेतुरुत्पाततमाः सहस्रशो भयावहा दिवि भूमौ च पर्यक् ।। १२ ।। तावत्स रुद्रानुचरैर्मखो महान्नानायुधैर्वामनकैरुदायुधैः ।। पिङ्गैः पिशङ्गैर्मकरोदराननैः पर्याद्रवद्भिर्विदुरान्वरुध्यत ।।१३।। केचिद्बभञ्जुः प्राग्वंशं पत्नीशालां तथापरे ।। सद आग्नीध्रशालां च तद्विहारं महानसम् ।।१४।। रुरुजुर्यज्ञपात्राणि तथैकेऽग्नीननाशयन् ।। कुण्डेष्वमूत्रयन्केचिद्बिभिदुर्वेदिमेखलाः ।। १५ ।। अबाधन्त मुनीनन्य एके पत्नीरतर्जयन् ।। अपरे जगृहुर्देवान्प्रत्यासन्नान्पलायितान् ।। १६ ।। भृगुं बबन्ध मणिमान्वीरभद्रः प्रजापतीन् ।। चण्डीशः पूषणं देवं भगं नन्दीश्वरोऽग्रहीत् ।। १७ ।। सर्व एवर्त्विजो दृष्ट्वा सदस्याः सदिवौकसः ।। तैरर्द्यमानाः सुभृशं ग्रावभिर्नैकधाऽद्रवन् ।। १८ ।। जुह्वतः स्रुवहस्तस्य श्मश्रूणि भगवान्भवः ।। भृगोर्लुलुञ्चे सदसि योऽहसच्छ्मश्रु दर्शयन् ।। १९ ।। भगस्य नेत्रे भगवान्पातितस्य रुषा भुवि ।। उज्जहार सदःस्थोऽक्ष्णा यः शपन्तमसूसुचत् ।।२०।। पूष्णश्चापातयद्दन्तान्कालिङ्गस्य यथा बलः ।। शप्यमाने गरिमणि योऽहसद्दर्शयन्दतः ।। २१ ।। आक्रम्योरसि दक्षस्य शितधारेण हेतिना ।। छिन्दन्नपि तदुद्धर्तुं नाशक्नोत्त्र्यम्बकस्तदा ।। २२ ।। शस्त्रैरस्त्रान्वितैरेवमनिर्भिन्नत्वचं हरः ।। विस्मयं परमापन्नो दध्यौ पशुपतिश्चिरम् ।। २३ ।।

।।१६।। मणिमान्ले महर्षि भृगुलाई बाँधे । वीरभद्रले दक्षप्रजापतिलाई थुने र चण्डीशले पूषालाई तथा नन्दीश्वरले भगदेवलाई समाते ।।१७।। कति ऋत्विज, सदस्य तथा देवता शङ्कर भगवान्का पार्षदहरूको यो लीला देखेर तथा तिनले फालेका ढुङ्गा आदिको अतिशय पीडाले जसरी-तसरी त्यहाँबाट भागे ।।१८।। अनि शंकर भगवान्का पार्षदप्रवर वीरभद्रले हातमा स्रुवा लिएर हवन गर्न भएका भृगु ऋषिका दाही-जुंगा उखेले, किनकि तिनले दक्षप्रजापतिको सभामा आफ्नो जुंगा हल्लाउँदै महादेवको ठट्टा गरेका थिए ।।१९।। तिनले भगदेवलाई क्रोधपूर्वक पृथ्वीमा पछारेर तिनका आँखा झिकिदिए, किनकि तिनले उही सभामा शंकर भगवानलाई मनपरी भन्दै दक्षलाई आँखाले उत्साहित पारेका थिए ।।२०।। महापराक्रमी वीरभद्रले पूषाका दाँत यसरी उखेले, जसरी बलरामजीले कलिंगराजका दाँत उखेलेका थिए । जब दक्ष शिवको निन्दा गरिरहेका थिए,तब पूषा दाँत डिच पारेर हाँसेथे।।२१।। त्यसपछि रुद्र भगवान्ले दक्षलाई पछारेर त्यसको छातीमा बसेर यौटा तीखो धारको तरवारले घाँटी काट्न लागे तर धेरै प्रयत्न गर्दा पनि काट्न सकेनन् ।।२२।। उनले थरि-थरिका ।।९।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्त्र-शस्त्रको उपयोग गरे, तापनि त्यसको छालासम्म काटिएन अनि रुद्रदेवलाई ठूलो आश्चर्य भयो। ती धेरै बेरसम्म यस विषयमा विचार गर्दै रहे ॥ २३ ॥ त्यसपछि पशुपति भगवान् रुद्रले यज्ञमा पशुहरूको घाँटी काटेर मार्ने यन्त्र आदि खोजेर त्यसैद्वारा युक्तिपूर्वक त्यो यजमान-पशुरूपी दक्षको शिर काटेर गिँडबाट छुट्याइदिए ॥ २४ ॥ तिनको यस कार्यका प्रशंसक भूत-प्रेत र पिशाचादि धन्य-धन्य भनेर उनको सराहना गर्नलागे र दक्षका सम्बन्धी आदि अन्य पुरुष हाहाकार गर्नलागे ॥ २५ ॥ यस प्रकार तिनले मनमा साह्रै क्रोधित भएर त्यो शिर यज्ञको दक्षिणाग्निमा हालिदिए र यज्ञशालालाई भस्म पारेर कैलास पर्वतमा फर्किए ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषा-टीकायां पञ्चमोऽध्यायः ॥ ५ ॥ (सबै देवता कैलास पर्वतमा एकत्र भएर भगवान् शंकरको स्तुति गर्नु)—मैत्रेयजी भन्दछन्–हे विदुर ! यस प्रकार भगवान् रुद्रका पार्षदहरू द्वारा तिनका त्रिशूल, पट्टिश, खड्ग, गदा, परिघ तथा मुद्गर आदि आयुधहरूले सर्वाङ्गमा आहत भएर ऋत्विज र सदस्यहरू सहित भयले व्याकुल भएर हारिसकेका देवता। ब्रह्माजीकहाँ

दृष्ट्वा संज्ञपनं योगं पशूनां स पतिर्मखे ॥ यजमानपशोः कस्य कायात्तेनाहरच्छिरः ॥ २४ ॥ साधुवादस्तदा तेषां कर्म तत्तस्य शंसताम् ॥ भूतप्रेत-पिशाचानामन्येषां तद्विपर्ययः ॥ २५ ॥ जुहावैतच्छिरस्तस्मिन्दक्षिणाग्नावमर्षितः ॥ तद्देवयजनं दग्ध्वा प्रातिष्ठद्गुह्यकालयम् ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे दक्षयज्ञविध्वंसो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥ मैत्रेय उवाच ॥ अथ देवगणाः सर्वे रुद्रानीकैः पराजिता. ॥ शूल-पट्टिशनिस्त्रिंशगदापरिघमुद्गरैः ॥ १ ॥ संछिन्नभिन्नसर्वाङ्गाः सर्त्विक्सभ्या भयाकुलाः ॥ स्वयम्भुवे नमस्कृत्य कार्त्स्न्येनैतन्न्यवेदयन् ॥ २ ॥ उपलभ्य पुरैवैतद्भगवानब्जसम्भवः ॥ नारायणश्च विश्वात्मा न कस्याध्वरमीयतुः ॥ ३ ॥ तदाकर्ण्य विभुः प्राह तेजीयसि कृतागसि ॥ क्षेमाय तत्र सा भूयान्न प्रायेण बुभूषताम् ॥ ४ ॥ अथापि यूयं कृतकिल्बिषा भवं ये बर्हिषो भागभाजं परादुः ॥ प्रसादयध्वं परिशुद्धचेतसा क्षिप्रप्रसादं प्रगृहीताङ्घ्रिपद्मम् ॥ ५ ॥ आशासाना जीवितमध्वरस्य लोकाः सपालाः कुपिते न यस्मिन् ॥ तमाशु देवं प्रियया विहीनं क्षमापयध्वं हृदि विद्धं दुरुक्तैः ॥ ६ ॥ नाहं न यज्ञो न च यूयमन्ये ये देहभाजो मुनयश्च तत्त्वम् ॥ विदुः प्रमाणं बलवीर्ययोर्वा यस्यात्मतन्त्रस्य क उपायं विधित्सेत् ॥७॥

गए र उनलाई नमस्कार गरी सारा वृत्तान्त वर्णन गरेर सुनाए ॥१-२॥ ब्रह्माजी र सबैका अन्तरात्मा-स्वरूप नारायण यो भावी उत्पात पहिलेदेखि नै जान्दथे त्यसैले ती दक्षको यज्ञमा सम्मिलित भएनन् ॥ ३ ॥ सबै वृत्तान्त सुनेर ब्रह्माजीले भने––हे देवता हो ! उन्नतिका इच्छुक पुरुषहरूका लागि तेजस्वी महापुरुषको अपमान गर्नु प्रायः कुशलताको हेतु हुँदैन ॥४॥ तिमीहरू यज्ञ-भागका अधिकारी भगवान् शङ्करलाई त्यसबाट वञ्चित गरेर तिनको ठूलो अपराध गरिसक्यौ। तापनि ती अत्यन्त छिटै प्रसन्न हुने गर्दछन्। असएव तिमीहरू सबै शुद्धचित्तले तिनको चरण समाओ र प्रसन्न तुल्याओ ॥५॥ शङ्कर भगवान्को हृदय दक्षका कटुवाक्यले पहिले नै छेडिएको थियो, त्यसमाथि अब तिनकी प्रियाको वियोग भयो। यदि त्यो यज्ञ फेरि आरम्भ भएर पूर्ण पार्न खोज्दछौ भने उनीसित आफ्ना अपराधको निम्ति क्षमा माग। नत्र यज्ञ मात्र होइन कि तिनी रिसाएपछि लोकपालसहित समस्त लोक नै नष्ट हुने छन् ॥ ६ ॥ ती अतिशय स्वतन्त्र भगवान् शंकरको तत्त्व तथा बल वीर्यको प्रमाण म, इन्द्र, सबै देवता तथा मुनिगण आदि देहधारीहरूमा कसैले पनि जान्दैनन्। अनि तिनलाई

Jangamwadi Math Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्त पार्ने उपाय अरु कसले गर्न सक्तछ ? ॥ ६ ॥ यस प्रकार देवताहरूलाई भनेर भगवान् ब्रह्माजी, पितर सबै प्रजापति तथा देवताहरू सहित आफ्नो लोकबाट श्रीत्रिपुरारीको प्रियधाम पर्वतराज कैलासमा गए ॥८॥ त्यो पर्वत जन्म, औषधि, तप, मन्त्र र योग आदि विविध विभूतिहरू तथा सिद्ध, देवता, किन्नर, गन्धर्व र अप्सराहरूले भरिएको रहन्थ्यो ॥९॥ चित्र-विचित्र धातुहरू अनेक थरिका वृक्ष, लता-गुल्मादि तथा थरि-थरिका मृगगणहरूले घेरिएको विविध मणिमय शिखरले युक्त त्यो पर्वत अतिशय रमणीय देखिन्थ्यो ॥१०॥ त्यो कैलास निर्मल जल-प्रपात र धेरै कन्दरा, गुफा एवं शिखरहरूले सुशोभित भएर आफ्ना प्रियतमाका साथ विहार गर्ने सिद्ध-पत्नीहरूको क्रीडास्थल बनेको थियो ॥ ११ ॥ त्यसमा सबैतिर मयूरको ध्वनि, मदान्ध भ्रमरको गुञ्जन, कोइलीको मीठो शब्द र पक्षिहरूको चिरबिर सुनिइरहन्थ्यो ॥ १२ ॥ त्यो पर्वत कल्पवृक्षका अग्ला-अग्ला हाँगाले मानों अनेक पक्षीहरूलाई आफूतिर डाकिरन्थ्यो । हात्तीहरूले हिंड-डुल गर्नाले त्यो हिंडे झैं र झरनाहरूको मीठो स्वरले बोलेको प्रतीत हुन्थ्यो ॥ १३ ॥ त्यस पर्वतमा पारिजात, सरल,

स इत्थमादिश्य सुरानजस्तैः समन्वितः पितृभिः सप्रजेशैः ॥ ययौ स्वधिष्ण्यान्निलयं पुरद्विषः कैलासमद्रिप्रवरं प्रिय प्रभोः ॥ ८ ॥ जन्मौषधितपोमन्त्रयोगसिद्धैर्नरेतरैः ॥ जुष्टं किन्नरगन्धर्वैरप्सरोभिर्वृतं सदा ॥ ९ ॥ नानामणिमयैः शृङ्गैर्नानाधातुविचित्रितैः ॥ नानाद्रुमलतागुल्मैर्नानामृगगणावृतैः ॥ १० ॥ नानाऽमलप्रस्रवणैर्नानाकन्दरसानुभिः ॥ रमणं विहरन्तीनां रमणैः सिद्धयोषिताम् ॥ ११ ॥ मयूरकेकाविरुत मन्दान्धालिविमूर्च्छितम् ॥ प्लाविते रक्तकण्ठानां कूजितैश्च पतत्त्रिणाम् ॥ १२ ॥ आह्वयन्तमिवोद्धस्तैर्द्विजान्कामदुघैर्द्रुमैः ॥ व्रजन्तमिव मातङ्गैर्गृणन्तमिव निर्झरैः ॥१३॥ मन्दारैः पारिजातैश्च सरलैश्चोपशोभितम् ॥ तमालैः शालतालैश्च कोविदारासनार्जुनैः ॥ १४ ॥ चूतैः कदम्बैर्नीपैश्च नागपुन्नागचम्पकैः ॥ पाटलाशोकबकुलैः कुन्दैः कुरबकैरपि ॥१५॥ स्वर्णार्णशतपत्रैश्च वररेणुकजातिभिः ॥ कुब्जकैर्मल्लिकाभिश्च माधवीभिश्च मण्डितम् ॥१६॥ पनसोदुम्बराश्वत्थप्लक्षन्यग्रोधहिङ्गुभिः ॥ भूर्जैरोषधिभिः पूगै राजपूगैश्च जम्बुभिः ॥ १७ ॥ खर्जूराम्रातकाम्राद्यैः प्रियालमधुकेङ्गुदैः ॥ द्रुमजातिभिरन्यैश्च राजितं वेणुकीचकैः ॥१८॥ कुमुदोत्पलकह्लारशतपत्रवनर्द्धिभिः ॥ नलिनीषु कलं कूजत्खगवृन्दोपशोभितम् ॥१९॥ मृगैः शाखामृगैः क्रोडैर्मृगेन्द्रैर्ऋक्षशल्यकैः ॥ गवयैः शरभैर्व्याघ्रै रुरुभिर्महिषादिभिः ॥ २० ॥ कर्णान्त्रैकपदाश्वास्यैर्निर्जुष्टं वृकनाभिभिः ॥ कदलीषण्डसंरुद्धनलिनीपुलि-

तमाल, शाल, कोविदार असन र अर्जुनको वृक्ष विद्यमान थिए । अतएव त्यो सदा शोभायमान रहन्थ्यो ॥ १४ ॥ यसै प्रकार आम, कटहर, कदम्ब, नाग, पुन्नाग, चम्पक, पाटल, अशोक, बकुल, कुन्द, कुरबक सुवर्ण जस्तै शतदल कमल, अतिशय सुन्दर अलैंची र मालतीका लताहरू, कुब्जक, मोगरा तथा माधवी, आदिका लताहरू भिन्नैं त्यसको शोभा बढाइरहेका थिए ॥१५-१६॥ कटहर, गूलर, पीपल, पाकरी, वट, भोजपत्र औषधिहरू, पूगीफल, ठूलो सुपारी, जामुन, खजूर, अमला, आँप प्रियाल, मधूक, ईगुदी आदि विभिन्न वृक्ष थि । वेणु अर्थात् खँदिलो बाँस र कीचक अर्थात् खोक्रो बाँसका वृक्षले त्यो पर्वत साह्रै राम्रो देखिन्थ्यो ॥ १७-१८ ॥ त्यसका अनेक सरोवरमा कुमुद, कह्लार तथा शतपत्र आदि अनेक कमल फक्रेमा थिए । तिनमा मनोहर ढंगले बोल्ने पक्षिहरूद्वारा त्यो पर्वत धेरै राम्रो देखिन्थ्यो ॥१९॥ हरिण, वानर, शूकर, सिंह, भालू, दुमसी, चमरी सरभ, बाघ, कृष्ण-मृग र राँगादि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वन्य पशुले त्यो वन परिपूर्ण थियो ॥२०॥ त्यस पर्वतमा जहाँ, तहाँ कर्णान्त, वृकपद, अश्वात्य, वृक र कस्तूरी मृग डुलिरहन्थे। त्यहाँका सरोवर-तटमा फलेका केराको पंक्तिहरूले पनि शोभित भइरहेथ्यो ।।२१।। भगवती सतीले स्नान गर्नाले जसको जल पवित्र भइसकेको थियो, त्यो नन्दा नदीद्वारा पर्वतराज सबैतिरबाट घेरिएको थियो। ती भगवान् भूतपतिको कैलास देखेरदेवताहरू छक्क परे ॥ २२ ॥ त्यहाँ उनले अतिशय रमणीक अलकापुरी र सौगन्धिक वन देखे—जसमा सौगन्धिक नामको कमल फक्रेका थिए ॥ २३ ॥ अलकापुरीको बाहिरतिर नन्दा नदी तथा अलकनन्दा नामका दुइ नदीहरू थिए। ती तीर्थपाद भगवान् विष्णुका चरण-रजले अतिशय पवित्र भइसकेको थियो ॥ २४ ॥ हे विदुर! रतिले गर्दा थाकेका देवाङ्गना आफ्नो निवासस्थान अर्थात् स्वर्गलोकबाट आएर ती नदीहरूमा जलक्रीडा गर्दथे र तिनमा स्नान गर्दै आफ्ना पतिको देहमा त्यो जल उफार्थे ॥२५॥ त्यहाँ ती देवीहरूको स्नानले तिनका कुचमा लागेको कुंकुम पखालिएर मिसिएको जल हात्तीहरू प्यास नलागे पनि ढोइलाई प्याउँदै स्वयं पनि पिउँथे॥२६॥ त्यसको नगीचै चाँदी,

नाश्रियम् ॥२१॥ पर्यस्तं नन्दया सत्याः स्नानपुण्यतरोदका ॥ विलोक्य भूतेशगिरिं विबुधा विस्मयं ययुः ॥ २२ ॥ ददृशुस्तत्र ते रम्यामलकां नाम वै पुरीम् ॥ वनं सौगन्धिकं चापि यत्र तन्नाम पङ्कजम् ॥२३॥ नन्दा चालकनन्दा च सरितौ बाह्यतः पुरः ॥ तीर्थपादपदाम्भोजरजसाऽतीव पावने ॥ २४ ॥ ययोः सुरस्त्रियः क्षत्तरवरुह्य स्वधिष्ण्यतः ॥ क्रीडन्ति पुंसः सिञ्चन्त्यो विगाह्य रतिकर्शिताः ॥ २५ ॥ ययोस्तत्स्नानविभ्रष्टनवकुङ्कुमपिञ्जरम् ॥ वितृषोऽपि पिबन्त्यम्भः पाययन्तो गजा गजीः ॥ २६ ॥ तारहेममहारत्नविमानशतसंकुलाम् ॥ जुष्टां पुण्यजनस्त्रीभिर्यथा खं सतडिद्घनम् ॥ २७ ॥ हित्वा यक्षेश्वरपुरीं वनं सौगन्धिकं च तत् ॥ द्रुमैः कामदुघैर्हृद्यं चित्रमाल्यफलच्छदैः ॥ २८ ॥ रक्तकण्ठखगानीकस्वरमण्डितषट्पदम् ॥ कलहंसकुलप्रेष्ठं खरदण्डजलाशयम् ॥ २९ ॥ वनकुञ्जरसंघुष्टहरिचन्दनवायुना ॥ अधि पुण्यजनस्त्रीणां मुहुरुन्मथयन्मनः ॥ ३० ॥ वैदूर्यकृतसोपाना वाप्य उत्पलमालिनीः ॥ प्राप्तं किंपुरुषैर्दृष्ट्वा त आराद्ददृशुर्वटम् ॥ ३१ ॥ स योजनशतोत्सेधः पादोनविटपायतः ॥ पर्यक्कृ-

सुन र महामणिहरूका अनेकौं विमानले संकुलित र अनेक दक्ष-पत्नी द्वारा सुशोभित अलकापुरी बिजुली र रंग-बिरगी बादलले युक्त आकाश झैं देखिन्थे॥ २६ ॥ ती सबै देवता कुबेरको अलकापुरीलाई पछाडि छाडेर सौगन्धिक वनमा पुगे, जुन कल्पवृक्ष तथा चित्र-विचित्र फूल, फल तथा पातले अतिशय सुशोभित भइरहेको थियो ॥ २८ ॥ कोकिल आदि पक्षिहरूको कलरव र भ्रमराको गुञ्जारले परिपूर्ण तथा राजहंसलाई अतिशय प्रिय त्यो वन कमल-कुसुममण्डित सरोवरले अलंकृत थियो ॥२९॥ जंगली हात्तीको मस्तकले घोटिएर श्रीखण्ड वृक्षको गन्धले युक्त एवं मलय-पवनले गर्दा त्यो बारम्बार दक्षपत्नीहरूका मनलाई अत्यन्त मोहित पारिरहेथ्यो ॥ ३० ॥ त्यस वनका सरोवरका खुडकिला वैदूर्यमणिका थिए, तिनमा कमलका पंक्तिहरू फक्रेका थिए र ती सरोवरमा अनेक किन्नर मन प्रसन्न तुल्याउन आउँदथे। यस प्रकार सौगन्धिक वनको शोभा हेर्दै देवगण अलि अगाडी जाँदा—तिनले योटा वटवृक्ष देखे ॥ ३१ ॥ त्यो वृक्ष सय योजन अग्लो तथा सबैतिर पौने-पौने सय अर्थात् पचहत्तर योजन सम्म आफ्नो लामा-लामा शखाहरूले फैलिएको थियो

Jayanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस वटवृक्षको चारैतिर निश्चल छाया विराजमान थियो । त्यसमा कुनै पक्षीको गुँड थिएन र वृक्षमुनि बस्नेहरूलाई घाम-शीतको कष्ट हुँदैनथ्यो ॥३२॥ हे विदुर ! त्यस महायोगमय तथा मुमुक्षुको आश्रयस्थल वटवृक्ष मुनि देवताहरूले रोषविहीन काल झैं शंकर भगवान्‌लाई बसेको देखे ॥३३॥ सनन्दन आदि शान्त सिद्धगण, यक्ष-राक्षसका अधिपति र तिनका सखा स्वयं कुबेरजी ती शान्तमूर्ति शंकरजीको सेवामा तत्पर थिए ॥३४॥ समस्त विश्वका हितकारी श्रीशिवजी सारा जगत्का स्वामी हुन् । अतएव प्रेमवश संसारको कल्याण गर्नको निम्ति ती विद्या, तप एवं समाधि आदिको अभ्यास गर्ने गर्दछन् ॥३५॥ सन्ध्याकालीन मेघ झैं कान्तियुक्त आफ्नो अंगमा भस्म, दण्ड, जटा तथा मृगचर्म आदि तपस्वी जनको योग्य चिह्न र चन्द्रमाको कला धारण गरेका थिए ॥ ३६ ॥ त्यस बखत कुशको आसनमा विराजमान शङ्कर भगवान नारदजीले सोधेपछि सनातन ब्रह्मसम्बन्धी उपदेश दिइरहेका थिए र अनेकौं सन्तहरू एकाग्र-चित्तले उनको उपदेश सुन्नमा तल्लीन थिए ॥३७॥ शङ्कर भगवान् आफ्नो दाहिने तिघ्रामा बायाँ पाउ तथा बायाँ घुँडामा हात राखेका एवं भुजदण्डमा अक्ष-

ताचलच्छायो निर्नीडस्तापवर्जितः ॥ ३२ ॥ तस्मिन्महायोगमये मुमुक्षुशरणे सुराः ॥ ददृशुः शिवमासीनं त्यक्तामर्षमिवान्तकम् ॥ ३३ ॥ सनन्द-नाद्यैर्महासिद्धैः शान्तैः संशान्तविग्रहम् ॥ उपास्यमानं सख्या च भर्त्रा गुह्यकरक्षसाम् ॥ ३४ ॥ विद्यातपोयोगपथमास्थितं तमधीश्वरम् ॥ चरन्तं विश्वसुहृदं वात्सल्याल्लोकमङ्गलम् ॥ ३५ ॥ लिङ्गं च तापसाभीष्टं भस्मदण्डजटाजिनम् ॥ अङ्गेन सन्ध्याभ्ररुचा चन्द्रलेखां च बिभ्रतम् ॥ ३६ ॥ उपविष्टं दर्भमय्यां बृस्यां ब्रह्म सनातनम् ॥ नारदाय प्रवोचन्तं पृच्छते शृण्वतां सताम् ॥ ३७ ॥ कृत्वोरौ दक्षिणे सव्यं पादपद्मं च जानुनि ॥ बाहुप्रकोष्ठेऽक्षमालामासीनं तर्कमुद्रया ॥ ३८ ॥ तं ब्रह्मनिर्वाणसमाधिमाश्रितं व्युपाश्रितं गिरिशं योगकक्षाम् ॥ सलोकपाला मुनयो मनूनामाद्यं मनुं प्राञ्जलयः प्रणेमुः ॥ ३९ ॥ स तूपलभ्यागतमात्मयोनिं सुरासुरेशैरभिवन्दिताङ्घ्रिः ॥ उत्थाय चक्रे शिरसाऽभिवन्दनमर्हत्तमः कस्य यथैव विष्णुः ॥४०॥ तथाऽपरे सिद्धगणा महर्षिभिर्ये वै समन्तादनु नीललोहितम् ॥ नमस्कृतः प्राह शशाङ्कशेखरं कृतप्रणामं प्रहसन्निवात्मभूः ॥ ४१ ॥ ब्रह्मो-वाच ॥ जाने त्वामीश विश्वस्य जगतो योनिबीजयोः ॥ शक्तेः शिवस्य च परं यत्तद्ब्रह्म निरन्तरम् ॥ ४२ ॥ त्वमेव भगवन्नेतच्छिवशक्त्योः सरू-

माला धारण गरेर तर्क-मुद्रामा सुशोभित भइरहेका थिए ॥३८॥ ती भूतभावन भगवान् योगपट्टको आश्रय लिएर एकाग्र मनले ब्रह्मानन्दको अनुभव गरिरहेका थिए । विचारवान्‌मा श्रेष्ठ ती शंकर भगवान्‌लाई लोकपाम सहित मुनीश्वरहरूले हात जोरेर साष्टाङ्ग प्रणाम गरे ॥३९॥ सबै देवता र दैत्यहरूका अधिपति जसका चरण-कमलको वन्दना गर्दछन् ती महादेवजीले जब लोक-पितामह श्री ब्रह्माजीलाई उपस्थित देखे तब आसनबाट उठेर तथा शिर निहुराई यस प्रकार प्रणाम गरे—जस्तै वामनावतारमा परमपूज्य विष्णु भगवानले कश्यलाई अभिवादन गरेका थिए ॥४०॥ त्यस बखत भगवान् नीलकण्ठको समीप जो अरु सिद्ध तथा महर्षिगण बसेका थिए, ती सबैले प्रणाम गरिसकेपछि ब्रह्माजीले चन्द्रशेखर शंकरसित हाँस्तै यस प्रकार भने—॥४१॥ श्रीब्रह्माजी भन्नलागे—हे देव ! हजुर सारा संसारका स्वामी हुनुहुन्छ । हजुरलाई म राम्ररी चिन्दछु । हजुर यस संसारका योनि शक्ति अर्थात प्रकृति र त्यसको बीज 'शिव' अर्थात् पुरुष यी दुवैदेखि भिन्न तथा भेदहीन सनतान ब्रह्म हुनुहुन्छ॥४२॥हे भगवन् ! जस्तै माकुरो स्वयं जाल बुनेर त्यसमा क्रीडा गर्छ तथा अन्त्यमा त्यसलाई आफूमै समेटिलिन्छ त्यस्तै

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि आफ्नै स्वरूप पुरुष तथा प्रकृति द्वारा संसारको रचना, पालन र संहार गर्ने गर्दछन् ॥ ४३ ॥ धर्म तथा अर्थ प्राप्त गराउने भएका, वेदको रक्षागर्न हजुरले नै दक्षलाई निमित्त तुल्याएर यज्ञ प्रकट गर्नुभयो। व्रतपरायण ब्राह्मण जसको श्रद्धाले पालन गर्दछन्, त्यो धर्म-मर्यादा पनि त हजुरले नै तोकिएको हो ॥४४॥ हे मङ्गलमय महेश ! हजुरनै पुण्य कर्म गर्नेहरूलाई स्वर्ग र मोक्षरूपी मङ्गलमय फल एवं पापकर्म गर्नेहरूलाई नरकादि भयंकर गति प्रदान गर्नुहुन्छ। अनि फेरि कतै-कतै यस नियमको उल्टो कुरा भएको किन देखिन्छ ? ॥४५॥ जुन सत्पुरुष आफ्नो अन्तरात्मालाई हजुरका चरण-कमलमा समर्पित गरिदिन्छन्, जो सबै प्राणीहरूमा हजुरलाई विराजमान देख्दछन्, जो सबै जीवनसमान भावले आफूमानै अभ्यस्त मान्दछन्, तिनलाई पशुका समान क्रोधले आफ्नो अधीन पार्न सक्तैन ॥४६॥ भेदबुद्धिले गर्दा कर्ममै जसको आस्था रहन्छ, जसको मन मलीन रहन्छ, जो अर्काको उत्कर्ष

षयोः ॥ विश्वं सृजसि पास्यत्सि क्रीडन्नूर्णपटो यथा ॥ ४३ ॥ त्वमेव धर्मार्थदुघाभिपत्तये दक्षेन सूत्रेण ससर्जिथाध्वरम् ॥ त्वयैव लोकेऽवसिताश्च सेतवी यान्ब्राह्मणाः श्रद्दधते धृतव्रताः ॥ ४४ ॥ त्व कर्मणां मंगलमङ्गलानां कर्तुः स्म लोके तनुषे स्वः परं वा ॥ अमङ्गलानां च तमिस्रमुल्बणं विपर्ययः केन तदेव कस्यचित् ॥ ४५ ॥ न वै सतां त्वच्चरणार्पितात्मनां भूतेषु सर्वेष्वभिगम्यतां तव ॥ भूतानि चात्मन्यपृथग्दिदृक्षतां प्रायेण रोषोऽभिभवेद्यथा पशुम् ॥ ४६ ॥ पृथग्धियः कर्मदृशो दुराशयाः परोदयेनार्पितहृद्रुजोऽनिशम् ॥ परान्दुरुक्तैर्वितुदन्त्यरुन्तुदास्तान्मावधीद्दैववधा- न्भवद्विधः ॥४७॥ यस्मिन्यदा पुष्करनाभमायया दुरन्तया स्पृष्टधियःपृथग्दृशः ॥ कुर्वन्ति तत्रह्यनुकम्पया कृपां न साधवो दैवबलात्कृते क्रमम् ॥४८॥ भवांस्तु पुंसः परमस्य मायया दुरन्तया स्पृष्टमतिः समस्तदृक् ॥ तया हतात्मस्वनुकर्मचेतःस्वनुग्रहं कर्तुमिहार्हसि प्रभो ॥ ४९ ॥ कुर्वध्वरस्योद्धरणं

देखेर दिन-रात चिन्ता गरिरहन्छ र जो *बौलाहा पुरुष आफ्ना दुर्वचनद्वारा अर्काको हृदय विदीर्ण पारिरहन्छ, तीमाथि विधाताको कोप परिरहन्छ। हजुर तिनलाई नष्ट पार्न प्रयत्न नगर्नु हवस् ॥४७॥ हे देव ! विष्णु भगवानको प्रवल मायाले बुद्धि भ्रष्ट भएपछि भेददर्शी पुरुष जहाँ र जब साधु पुरुषहरूको अपमान गर्दछन्, तब ती साधु पुरुष सधैं आफ्नो दयालुताले तीमाथि कृपा नै गरिरहन्छन। त्यस दुःखलाई दैवाधीन मानेर ती उनको अहित गर्दैनन् ॥४८॥ हे प्रभो ! हजुर सबै कुरा जान्नु हुन्छ। परम पुरुष परमात्माको दुरन्त माया हजुरको बुद्धिलाई छुन पनि सक्तिन। अतएव जसको मन त्यस मायाको अधीन एएर कर्म-मार्गमा आसक्त हुन्छ, तिनीमाथि कृपा गर्नु हजुरको कर्तव्य हो

दृष्टान्त (बौलाहा को ?)—श्रीरामकृष्ण परमहंसको नाम नसुन्ने को होला ? तिनको कीर्ति सम्पूर्ण बंगाल त के सारा देश-विदेशसम्म फैलिएको थियो। एक दिन ब्रह्मसमाजको यौटा पण्डितले तिनको कीर्ति सहन सकेन। अतएव त्यो उनको निन्दा गर्नलाग्यो—परमहंस त बौलाहा भएको छ। यसैनिम्ति जे मन लाग्यो, त्यही भन्दै रहन्छ। विदेशमा पनि यसको जस्तै यौटै कुरामा विचार गर्दा-गर्दा धेरै जना बौलाहा भएका देखिन्छन्।' परमहंस-देवले पनि यो कुरा सुने–अनि ती पण्डितलाई डाक्न उनले मानिस पठाए। पण्डितले दुइ बजे आउने समय दिए, तर ती वेलामा आएनन्। अर्को दिन निश्चित गरे, तर त्यस दिन पनि आएनन्। पछि एक दिन अगावै समचार नपाइकन आफ्ना अनुयायी साथमा लिएर आइपुगे। परमहंसदेवले तिनलाई देखेर हाँस्तै भने—'हे काली ! तेरो माया विचित्र छ।' फेरि हाँसी-हाँसी तिनले पण्डितसित भने – 'म बौलाहा त छु, तर तिमी जस्तो दुइ दिन आउँछु भनेर समय दिई बिर्सने बानी छैन। विदेशमा जो जति बौलाहा हुन्छन्, ती जड़लाई चेतन पार्दापार्दै बौलाहा हुन्छन्। किन्तु सर्वाधार चैतन्य स्वरूपको ध्यान गर्ने व्यक्तिहरूलाई पनि के तिमीले बौलाहा भएका देखेका छौ ? यो सुनेर ब्रह्मसमाजी पण्डित स्तब्ध भयो र त्यसै दिनदेखि परमहंसदेवको शिष्य बने।

Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥४९॥ हे प्रभो ! हजुरका गणहरु द्वारा विध्वस्त दक्षप्रजापतिको त्यो अपूरो यज्ञ हजुर पूर्ण पारिदिनु हवस्, जसका बुद्धिहीन याजकले यज्ञभागका अधिकारी हजुरलाई यज्ञभागबाट वंचित राखेका थिए। हजुरकै कृपाले सबै यज्ञ सम्पन्न हुन्छन् भन्ने कुरा तिनलाई के थाहा ? अब हजुर यस्तो कृपा गर्नुहवस्–यजमान दक्ष जीवित होउन्। भगदेवले नेत्र पाउन्। भृगुको दाह्री-जुँघा उम्रोस र पूषाका दाँत फेरि पल्हाउन् ॥५०॥५१॥ हे प्रभो ! वीरभद्रका शस्त्रास्त्र र ढुङ्गाको वर्षाले जुन देवताहरू र ऋत्विजगणको अंग प्रत्यंग आहत भएका छन् ती हजुरका कृपाले शीघ्र फेरि निरोग होउन् ॥५२॥ हे रुद्रदेव ! यो यज्ञ पूर्ण भएपछि जे जति पदार्थ शेष रहला, त्यो हजुरको भाग हुनेछ। हे यज्ञ-विध्वंसकारी महादेव ! हजुरको भागले नै आज यो यज्ञ पूर्ण होओस् ॥५३॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥६॥ (दक्षको यज्ञ पूर्ण हुनु)—मैत्रेयजी भन्दछन्–हे महाबाहो ! हे विदुरजी ! ब्रह्माजीले स्तुति गरिसकेपछि शङ्कर भगवान्ले प्रसन्नतापूर्वक हाँसेर जे भन्नुभयो, त्यो सुन–॥१॥ महादेवजी भन्नुहुन्छ–हे प्रजापते ! भगवानको मायाले मोहित दक्षजस्ता

हतस्य भो त्वया समाप्तस्य मनोः प्रजापतेः ॥ न यत्र भागं तव भागिनो ददुः कुयज्विनो येन मखो निनीयते ॥५०॥ जीवताद्यजमानोऽयं प्रपद्येताक्षिणी भगः ॥ भृगोः श्मश्रूणि रोहन्तु पूष्णो दन्ताश्च पूर्ववत् ॥ ५१ ॥ देवानां भग्नगात्राणामृत्विजां चायुधाश्मभिः ॥ भवताऽनुगृहीतानामाशु मन्योऽस्त्वनातुरम् ॥ ५२ ॥ एष ते रुद्र भागोऽस्तु यदुच्छिष्टोऽध्वरस्य वै ॥ यज्ञस्ते रुद्रभागेन कल्पतामद्य यज्ञहन् ॥५३॥ इति श्रीमद्भागवते चतुर्थस्कन्धे रुद्रसान्त्वनं नाम षष्ठोऽध्यायः ॥ ६ ॥ मैत्रेय उवाच ॥ इत्यजेनानुनीतेन भवेन परितुष्यता ॥ अभ्यधायि महाबाहो प्रहस्य श्रूयतामिति ॥ १ ॥ श्रीमहादेव उवाच ॥ माघं प्रजेश बालानां वर्णये नानुचिन्तये ॥ देवमायाभिभूतानां दण्डस्तत्र धृतो मया ॥ २ ॥ प्रजापतेर्दग्धशीर्ष्णो भवत्वजमुखं शिरः ॥ मित्रस्य चक्षुषेक्षेत भागं स्वं बर्हिषो भगः ॥ ३ ॥ पूषा तु यजमानस्य दद्भिर्जक्षतु पिष्टभुक् ॥ देवाः प्रकृतसर्वाङ्गा ये म उच्छेषणं ददुः ॥ ४ ॥ बाहुभ्यामश्विनोः पूष्णो हस्ताभ्यां कृतबाहवः ॥ भवन्त्वध्वर्यवश्चान्ये बस्तश्मश्रुर्भृगुर्भवेत् ॥ ५ ॥ मैत्रेय उवाच ॥ तदा सर्वाणि भूतानि श्रुत्वा मीढुष्टमोदितम् ॥ परितुष्टात्मभिस्तात साधु साध्वित्यथाब्रुवन् ॥ ६ ॥ ततो मीढ्वांसमामन्त्र्य शुनासीराः सहर्षिभिः ॥ भूयस्तद्देवयजनं समीढ्वद्वेधसो ययुः ॥ ७ ॥ विधाय कार्त्स्न्येन च तद्यदाह भगवान्भवः ॥ संदधुः कस्य कायेन सवनीयपशोः

बालबुद्धि मनुष्यको अपराधलाई न म कर्ममित भन्दछु र न त्यसको स्मरण नै गर्दछु। तिनलाई केवल सावधान गर्नको निम्ति मैले अलिकति दण्ड दिएको हुँ ॥२॥ अब दक्षप्रजा पतिको शिर डढिसक्यो, त्यसको साटो बोकाको लगाई दिइयोस्। भगदेव मित्र देवताका आँखाले आफ्नू यज्ञभाग देखुन् ॥३॥ पिँधेको अन्न खाने पूषादेवता यजमानका दाँतले अन्न खाउन् तथा अन्य देवताका छिन्न-भिन्न अङ्ग फेरि दुरुस्त होउन् किनकि तिनले यज्ञको शेष भाग मेरो निश्चित गरेका छन् ॥४॥ अध्वर्यु, ऋत्विक आदिमा जसका हात भाँचिएका छन् ती अश्विनीकुमारका भुजाले र जसका हातमात्र नष्ट भएका छन्, ती पूषाका हातले आफ्नो काम गरुन्। भृगुऋषिको बोकाको झैं दाह्री जुँगा होउन् ॥५॥ मैत्रेय भन्दछन्–हे विदुर ! शंकर भगवानका वचन सुनेर सबै जना प्रसन्न चित्तले 'साधु-साधु' भन्न लागे ॥६॥ उसै बखत सबै ऋषिगण तथा देवताहरूले महादेवजीलाई त्यस यज्ञमा सम्मिलित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्था गरिएको छ । त्यस धर्मका प्रवर्तक ऋक्, यजुः तथा साम यी तीनै वेदद्वारा प्रतिपादित 'यज्ञ' लाई नै ती हजुरको रूप मान्दछन् ॥२७॥ सदस्य भन्दछन्–हे ईश ! अनेक क्लेशको कारण अतिशय दुर्गम र कालरूपी भयंकर सर्पद्वारा अध्यस्त, नाना प्रकारका द्वन्द्वरूप खाल्डोले पूर्ण, खलजनरूपी वन्य-पशुको भयले आक्रान्त, शोकरूपी दन्किरहेको दावानलभन्दा भयंकर एवं आश्रमहीन संसार-मार्गमा यदि अज्ञानी पुरुष विभिन्न कामनाको वशीभूत भएर मृगतृष्णा झैं विषयको निम्ति देह-गेहको भार शिरमा बोकेका छौं, ती हजुरका चरणमा कसरी पुग्न सक्तछन् ? ॥२८॥ शिवजी भन्दछन्–हे वरदायक ! यस संसारमा पुरुपार्थ प्राप्तिका साधन तथा आसक्तिहीन मुनिजन द्वारा अतिशय आदरपूर्वक पूजा गरिने योग्य हजुरका चरण-कमलमा दत्तचित्त रहनाले यदि अज्ञानीजन मलाई आचार-भ्रष्ट भन्छन् भने भन्दै रहून्, हजुरको अनुग्रहले म तिनका वक-वादलाई केही मान्दिन ॥२९॥ भृगुले भने–हे परमात्मन् ! हजुरको गहन मायाले गर्दा जसको आत्मज्ञान नष्ट भइसकेको छ, अज्ञानरूपी निद्रामा सुतेका यी ब्रह्मादिक शारीरी पनि

शिरः ॥ ८ ॥ संधीयमाने शिरसि दक्षो रुद्राभिवीक्षितः ॥ सद्यः सुप्त इवोत्तस्थौ ददृशे चाग्रतो मृडम् ॥ ९ ॥ तदा वृषध्वजद्वेषकलिलात्मा प्रजापतिः ॥ शिवावलोकादभवच्छरद्ध्रद इवामलः ॥ १० ॥ भवस्तवाय कृतधीर्नाशक्नोदनुरागतः ॥ औत्कण्ठ्याद्बाष्पकलया संपरेतां सुतां स्मरन् ॥ ११ ॥ कृच्छ्रात्संस्तभ्य च मनः प्रेमविह्वलितः सुधीः ॥ शशंस निर्व्यलीकेन भावनेशं प्रजापतिः ॥ १२ ॥ दक्ष उवाच ॥ भूयाननुग्रह अहो भवता कृतो मे दण्डस्त्वया मयि धृतो यदपि प्रलब्धः ॥ न ब्रह्मबन्धुषु च वां भगवन्नवज्ञा तुभ्यं हरेश्च कुत एव धृतव्रतेषु ॥१३॥ विद्यातपोव्रतधरान्मुखतः स्म विप्रान्ब्रह्मात्मतत्त्वमवितुं प्रथमं त्वमस्राक् ॥ तद्ब्राह्मणान्परम सर्वविपत्सु पासि पालः पशूनिव विभो प्रगृहीतदण्ड ॥ १४ ॥ योऽसौ मयाऽविदिततत्त्वदृशा सभायां क्षिप्तो दुरुक्तिविशिखैरगणय्य तन्माम् ॥ अर्वाक् पतन्तमर्हत्तमनिन्दयाऽपाद्दृष्ट्याऽऽर्द्रया स भगवान्स्वकृतेन तुष्येत् ॥ १५ ॥ मैत्रेय उवाच ॥ क्षमाप्यैवं स मीढ्वांसं ब्रह्मणा चानुमन्त्रितः ॥ कर्म सन्तानयामास सोपाध्यायर्त्विगग्निभिः ॥ १६ ॥ वैष्णवं यज्ञसन्तत्यै त्रिकपालं द्विजोत्तमाः ॥ पुरोडाशं निरवपन्वीर संसर्गशुद्धये ॥ १७ ॥ अध्वर्युणाऽऽत्तहविषा यजमानो विशाम्पते ॥ धिया विशुद्धया

आफ्नो रूपमा स्थित हजुरको स्वरूप अझसम्म जान्न सकेनन् । हजुर शरणागतका प्रिय आत्मा तथा बन्धु हुनुहुन्छ, अतः हजुर ममाथि प्रसन्न हुनोस् ॥३०॥ ब्रह्मा भन्दछन् हे प्रभो ! सबै वस्तुको भिन्नाभिन्नै ज्ञान राख्ने इन्द्रियहरू द्वारा पुरुष जे गति देख्दछ, त्यो हजुरको स्वरूप हुन सक्तैन, किनकि ज्ञान, शब्दादि विषय तथा श्रोत्रादि इन्द्रियका आश्रय हजुर सबै मायिक पदार्थबाट पृथक् रहनु हुन्छ ॥३१॥ इन्द्र भन्दछन्–हे अच्युत ! हजुरका आठै भुजामा देवद्रोहीहरूलाई नष्ट पार्ने आयुध विद्यमान रहन्छन् । अतः हजुरको विश्वभावन स्वरूप हाम्रो मन तन नेत्रलाइ परमानन्ददायक प्रतीत हुन्छ ॥३२॥ यज्ञपत्नीहरूले भने–हे भगवन् ! हजुरको पूजाका निमित्त ब्रह्माद्वारा रचिएको यो यज्ञ शंकर भगवान्ले दक्षमाथि कुपित हुनाले नै नष्ट गरिदिनु भएको हो । हे यज्ञमूर्त ! श्मशान भूमि जस्तै उत्सव हीन त्यस यज्ञलाई आफ्ना कमल-नयनले हेरेर पवित्र पारिदिनोस् ॥३३॥ ऋषि भन्न लागे— हे भगवन् ! हजुरको लीला अद्भुत छ, किनकि हजुर सबै कर्म गरेर पनि त्यसबाट असङ्ग रहनु हुन्छ । अन्य जन महान् वैभव पाउनको निम्ति जुन लक्ष्मीको उपासना गर्दछन्, ती स्वयं

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरको सेवामा लागिरहन्छन्, तैपनि हजुर वहिल्यै तिनको सम्मान गर्नुहुन्न ॥३४॥ सिद्धजन भन्दछन्–हे प्रभो ! विविध प्रकारका क्लेशरूपी दावानलले दग्ध हाम्रो मनरूपी हात्ती तृषित भएर हजुरको कथारूपिणी निर्मल अमृत-नदीमा पसेर डुबुल्की लगाएर बसेको छु। त्यहाँ मानों ब्रह्मानन्दमा लीन हुनाको कारण त्यसलाई न संसाररूपी दावानलको स्मरण रहन्छ, न त्यो उस नदीबाट बाहिर नै निस्कन रुक्तछ ॥३५॥ यजमान-पत्नी भन्दछिन्–हे ईश ! हजुर राम्रो पाल्नु भयो, हजुरलाई प्रणाम गर्दछु। ममाथि प्रसन्न हुनुहवस्। हे लक्ष्मीपते ! आफ्नी प्रिया लक्ष्मीसहित हजुर हाम्रो रक्षा गर्नोस्। हे यज्ञेश्वर ! जस्तै शिर नभएको गिंड शोभित हुन्न, त्यसै गरी हजुर विना सबै अंग पूर्ण भए पनि यज्ञको शोभा हुँदैन ॥३६॥ लोकपालहरूले भने–हे प्रभो ! जसको सत्ताले सारा जगत् जाग्रत् प्रतीत हुन्छ, ती हजुर सबैका अन्तःकरणमा साक्षीस्वरूप हुनुहुन्छ। मायिक पदार्थलाई ग्रहण गर्ने यी नेत्रादि इन्द्रियद्वारा के हामी हजुरलाई देख्न पाउँछौं ? हे भूमन् ! हामीलाई जुन हजुर पंचभूतबाट भिन्न छैठौं जीवरूपमा देखिनु हुन्छ, त्यो पनि हजुरको माया नै हो

दध्यौ तदा प्रादुरभूद्धरिः ॥ १८ ॥ तदा स्वप्रभया तेषां द्योतयन्त्या दिशो दश ॥ मुष्णंस्तेज उपानीतस्ताक्ष्र्येण स्तोत्रवाजिना ॥ १९ ॥ श्यामो हिरण्यरशनोऽर्ककिरीटजुष्टो नीलालकभ्रमरमण्डितकुण्डलास्यः ॥ कम्ब्वब्जचक्रशरचापगदासिचर्मण्यग्रैर्हिरण्मयभुजैरिव कर्णिकारः ॥ २० ॥ वक्षस्यधिश्रितवधूर्वनमाल्युदारहासावलोककलया रमयश्च विश्वम् ॥ पार्श्वभ्रमद्व्यजनचामरराजहंसः श्वेतातपत्रशशिनोपरि रज्यमानः ॥ २१ ॥ तमुपागतमालक्ष्य सर्वे सुरगणादयः ॥ प्रणेमुः सहसोत्थाय ब्रह्मेन्द्रत्र्यक्षनायकाः ॥ २२ ॥ तत्तेजसा हतरुचः सन्नजिह्वाः ससाध्वसाः ॥ मूर्ध्ना धृताञ्जलिपुटा उपतस्थुरधोक्षजम् ॥ २३ ॥ अप्यर्वाग्वृत्तयो यस्य महित्वात्मभुवादयः ॥ यथामति गृणन्ति स्म कृतानुग्रहविग्रहम् ॥ २४ ॥ दक्षो गृहीतार्हणसादनोत्तमं यज्ञेश्वरं विश्वसृजां परं गुरुम् ॥ सुनन्दनन्दाद्यनुगैर्वृतं मुदा गृणन्प्रपेदे प्रयतः कृताञ्जलिः ॥ २५ ॥ दक्ष उवाच ॥ शुद्धं स्वधाम्न्युपरताखिलबुद्ध्यवस्थं चिन्मात्रमेकमभयं प्रतिषिध्य मायाम् ॥ तिष्ठंस्तयैव पुरुषत्वमुपेत्य तस्यामास्ते भवानपरिशुद्ध इवात्म-तन्त्रः ॥ २६ ॥ ऋत्विज ऊचुः ॥ तत्त्वं न ते वयमनञ्जन रुद्रशापात्कर्मण्यवग्रहधियो भगवन्विदामः ॥ धर्मोपलक्षणमिदं त्रिवृदध्वराख्यं ज्ञानं

॥३७॥ योगेश्वर भन्दछन्–हे प्रभो ! जुन प्राणी हजुर विश्वात्मालाई आफूबाट पृथक् देख्दैनन्, ती भन्दा प्रिय हजुरलाई कोही हुँदैन, तैपनि अन्तस्थभक्तिसहित हजुरलाई भज्ने हामीमाथि हजुर कृपा गर्नोस् ॥ ३८ ॥ जसका गुण जगत्को उत्पत्ति, स्थिति र लयका निमित्त विभिन्न रूप धारण गर्दछन्, ती आफ्नी मायाको बलले ब्रह्मादि विविधरूप धारण गर्नुभएको छ, तर आफ्नो स्वरूपमा हजुर भ्रमवश भासमान सबै गुणले रहित हुनुहुन्छ। यस्ता हजुरलाई हाम्रो प्रणाम छ ॥३९॥ शब्दब्रह्म भन्दछन्–धर्मादिका उत्पत्तिका निमित्त शुद्धसत्त्वको आश्रय लिने र जसको स्वरूप म तथा ब्रह्मादि देवता पनि जान्दैनन, ती निर्गुण स्वरूपलाई प्रणाम छ ॥४०॥ अग्निले भने–जसको तेजले प्रज्वलित भएर म घृतयुक्त हवि देवताकहाँ पुऱ्याउँछु, ती 'आश्रावय' 'अस्तु' 'श्रौषट्' 'ये यजामहे' र 'वषट्' यी पाँच मन्त्रद्वारा पूजित अग्निहोत्र दर्श, पूर्णमास, चातुर्मास्य, पशु र साम, यी पाँचै रूपयुक्त यज्ञरक्षक महापुरुषलाई मेरो प्रणाम छ॥४१॥ देवता भन्दछन्–हे देव ! पूर्वकल्पकोअन्त्यमा हजुर आदिपुरुष नै आफ्नो कार्यरूपी यो जगत् आफ्नू उदमा राखेर प्रलयका समय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनको निम्ति निम्ता दिए । सबै जना शंकरजी र ब्रह्माजीलाई साथै लिएर त्यही यज्ञशालामा गए ॥७॥ त्यहाँ महादेवजीका कथनानुसार सबै काम राम्ररी सम्पन्न पारेर उनले दक्षको गिंडमा यज्ञ पशु अर्थात् बोकाको मस्तक जोरिदिए ॥ ८ ॥ त्यो शिर जोरिएपछि भगवान् शङ्करको दृष्टि पर्नासाथ दक्ष तत्काल सुतेर उठे झैं भए । जीवित भएर तिनले आफ्नो सामु शिवजीलाई उपस्थित देखे ॥९॥ पहिले दक्षको हृदय शंकर-द्रोहरूपी कालिमाले कालो भएको थियो, अब त्यो शिवको दर्शन गर्नाले शरत्कालका सरोवर झैं निर्मल भएको थियो ॥१०॥ तिनले शिवजीको स्तुति गर्ने इच्छा गरे, तर मृत-कन्या (सती) को सम्झना भएर प्रेम तथा शोकाश्रुले गर्दा त्यस्तो गर्न सकेनन् ॥११॥ त्यसपछि प्रेमले विह्वल भएर परम बुद्धिमान दक्षप्रजापतिले आफ्नो मन स्थिर पारे र निष्कपट भावले यस प्रकार स्तुति आरम्भ गरे ॥१२॥ दक्ष भन्दछन्—हे भगवन् ! मैले हजुरको ठूलो अपराध गरें, त्यसको साटो दण्ड दिएर हजुरले ममाथि ठूलो कृपा गर्नुभयो । हजुर र विष्णु भगवान् अधम ब्राह्मणको पनि अवज्ञा गर्नु हुँदैन भने व्रतशील ब्राह्मणहरूको कुरै छैन ॥१३॥

यदर्थमधिदैवमदो ब्यवस्थाः ॥ २७ ॥ सदस्या ऊचुः ॥ उत्पत्त्यध्वन्यशरण उरुक्लेशदुर्गेऽन्तकोग्रव्यालान्विष्टे विषयमृगतृष्यात्मगेहोरुभारः ॥ द्वन्द्वश्वभ्रे खलमृगभये शोकदावेऽज्ञसार्थः पादौ कस्ते शरणद कदा याति कामोपसृष्टः ॥ २८ ॥ रुद्र उवाच ॥ तव वरद वरांघ्रावाशिषेहाखिलार्थे ह्यपि मुनिभिरसक्तैरादरेणार्हणीये ॥ यदि रचितधियं माविद्यलोकोऽविद्धं जपति न गणये तत्परानुग्रहेण ॥ २९ ॥ भृगुरुवाच ॥ यन्मायया गहनयाऽपहृतात्मबोधा ब्रह्मादयस्तनुभृतस्तमसि स्वपन्तः ॥ नात्मन् श्रितं तव विदन्त्यधुनाऽपि तत्त्वं सोऽयं प्रसीदतु भवान्प्रणतात्मबन्धुः ॥ ३० ॥ ब्रह्मोवाच ॥ नैतत्स्वरूपं भवतोऽसौ पदार्थभेदग्रहैः पुरुषो यावदीक्षेत् ॥ ज्ञानस्य चार्थस्य गुणस्य चाश्रयो मायामयाद्व्यतिरिक्तो यतस्त्वम् ॥ ३१ ॥ इन्द्र उवाच ॥ इदमत्यच्युत विश्वभावनं वपुरानन्दकरं मनोदृशाम् ॥ सुरविद्विट्क्षपणैरुदायुधैर्भुजदंडैरुपपन्नमष्टभिः ॥ ३२ ॥ पत्न्य ऊचुः ॥ यज्ञोऽयं तव यजनाय केन सृष्टो विध्वस्तः पशुपतिनाऽद्य दक्षकोपात् ॥ तं नस्त्वं शवशयनाभशांतमेवं यज्ञात्मन्नलिनरुचा दृशा पुनीहि ॥ ३३ ॥ ऋषय ऊचुः ॥ अनन्वितं ते भगवन्विचेष्टितं यदात्मना चरपि हि कर्म नाज्यसे ॥ विभूतये यत उपसेदुरीश्वरीं न मन्यते स्वयमनुवर्ततीं भवान् ॥ ३४ ॥

हे विभो ! हजुरले वेद तथा आत्मतत्त्वको रक्षा गर्नका लागि नै सर्वप्रथम आफ्नो मुखबाट विद्या, तप तथा व्रत धारण गर्ने ब्राह्मणहरूको रचना गर्नुभयो, जस्तै ग्वाला लट्ठी लिएर गाईहरूको रक्षा गर्दछ, त्यसै गरी हजुर विपत्तिबाट ब्राह्मणहरूको रक्षा गर्नुहुन्छ ॥१४॥ हजुरका तत्त्वबाट अनभिज्ञ भएर मैले भरिएको सभामा दुर्वचनरूपी बाणले हजुरलाई घाउ पारें, तर हजुरले त्यस अपराधलाई अकिंचन ठानेर आफ्नो कृपादृष्टिले महापुरुषको निन्दाको महान् अपराधको कारण नरकादि अधोलोकमा जानबाट बचाउनु भयो । अतः आफ्नो उदारताले गर्दा नै ममाथि प्रसन्न हुनोस् ॥१५॥ मैत्रेय भन्दछन्—हे विदुर ! यसरी शंकरजीसित आफ्नो अपराध क्षमा गराएर दक्षले ब्रह्माको कथनानुसार उपाध्याय, ऋत्विक् र अग्निका साथै फेरि आफ्नो यज्ञ-कार्य आरम्भ गरे ॥१६॥ त्यस बखत ब्राह्मणहरूले यज्ञ सम्पन्न गर्न र भूत-प्रेतादिको संसर्गजनित शुद्धिको निम्ति विष्णु-सम्बन्धी त्रिकपाल नामक पुरोडाशको आहुति दिए ॥१७॥ हे विदुर ! त्यो पुरोडाशरूपी हवि हातमा लिएर उभिएका अध्वर्युसित यजमान दक्षले शुद्धचित्तले नारायणको ध्यान गरे, तब परम प्रभु स्वयं त्यहीं प्रकट भए ।

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥१८॥ विष्णु भगवान्‌ले दसै दिशालाई देदीप्यमान पार्ने आफ्नो तेजले सबै सभासदका नेत्र चकित पारिदिए । त्यस बखत ती उप गरुड़मा चढेका थिए, जसका पखाँखबाट वेदमन्त्रको ध्वनि निस्किरहेथ्यो ॥१९॥ भगवान्‌को श्यामवर्ण थियो, तिनको कटिप्रदेशमा सुनको बन्धनी सुशोभित थियो, तिनको शिरमा सूर्य झैं देदीप्यमान मुकुट थियो, उनको मुखमण्डल भ्रमराझैं नीलो अलकावली तथा कान्तिमय कुण्डलले सुशोभित थियो र ती आफ्ना स्वर्णभूषण-भूषित आठै भुजामा शङ्ख, चक्र, पद्म, बाण, धनुष, गदा, खड्ग तथा चर्म अर्थात् ढाल धारण गरेका, फूलेको कनेरको वृक्ष झैं देखिइरहेका थिए । २०॥ तिनको हृदयमा लक्ष्मीजी र घाँटीमा वनमाला सुशोभित थियो । ती आफ्नो उदार हास्य र लीलामय कटाक्षले विश्वलाई आनन्दित पारिरहेथे । तिनको दायाँ-बायाँ पार्षद राजहंसको समान व्यजन तथा सेतो चमर हम्किरहेथे र तिनको माथमा चन्द्रमा झैं धवल छत्र सुशोभित भइरहेथ्यो ॥२१॥ भगवान सामुन्ने आएका देखेर 'ब्रह्मा, इन्द्र तथा शिवजो आदि सबै देवताहरू उठेर उनलाई प्रणाम गरे ॥२२॥ त्यस बखत उनको तेजले सबैको कान्ती मलीन

सिद्धा ऊचुः ॥ अयं त्वत्कथामृष्टपीयूषनद्यां मनोवारणः क्लेशदावाग्निदग्धः ॥ तृषार्तोऽवगाढो न सस्मार दावं न निष्क्रामति ब्रह्मसम्पन्नवन्नः ॥३५॥ यजमान्युवाच ॥ स्वागतं ते प्रसीदेश तुभ्यं नमः श्रीनिवास श्रिया कान्तया त्राहि नः ॥ त्वामृतेऽधीश नाङ्गैर्मखः शोभते शीर्षहीनः कबन्धो यथा पूरुषः ॥ ३६ ॥ लोकपाला ऊचुः ॥ दृष्टः किं नो दृग्भिरसद्ग्रहैस्त्वं प्रत्यग्द्रष्टा दृश्यते येन दृश्यम् ॥ माया ह्येषा भवदीया हि भूमन् यस्त्वं षष्ठः पंचभिर्भासि भूतैः ॥ ३७ ॥ योगेश्वरा ऊचुः ॥ प्रेयान्न तेऽन्योऽस्त्यमुतस्त्वयि प्रभो विश्वात्मनीक्षेन्न पृथग्य आत्मनः ॥ अथापि भक्त्येश तयोपधावतामनन्यवृत्त्याऽनुगृहाण वत्सल ॥३८॥ जगदुद्भवस्थितिलयेषु दैवतो बहुभिद्यमानगुणयाऽऽत्ममायया ॥ रचितात्मभेदमतये स्वसंस्थया विनिवर्तितश्रमगुणात्मने नमः ॥ ३९ ॥ ब्रह्मोवाच ॥ नमस्ते श्रितसत्त्वाय धर्मादीनां च सूतये ॥ निर्गुणाय च यत्काष्ठां नाहं वेदापरोऽपि च ॥ ४० ॥ अग्निरुवाच ॥ यत्तेजसाऽहं सुसमिद्धतेजसा हव्यं वहेस्वध्वर आज्यमिक्तम् ॥ तं यज्ञियं पंचविधं च पंचभिः स्विष्टं यजुर्भिः प्रणतोऽस्मि यज्ञम् ॥४१॥ देवा ऊचुः ॥ पुरा कल्पापाये स्वकृतमुदरीकृत्य विकृतं त्वमेवाद्यस्तस्मिन्सलिल उरगेन्द्राधिशयने ॥ पुमाञ्छेषे सिद्धैर्हृदि विमृशिताध्यात्मपदविः

देखियो र जिब्रो लाटियो । तिनले अलिकति विस्मित भएर हात जोरी श्रीअधोक्षज भगवान्‌लाई प्रणाम गरे ॥२३॥ यद्यपि ती भगवान्‌को महिमाको निकट ब्रह्मादिहरूको बुद्धि पनि पुग्न सक्तैनथ्यो तापनि कृपापूर्वक शरीर धारण गरेर प्रगट भएका भगवान्‌को आफ्आफ्ना बुद्धि अनुसार स्तुति गर्न लागे ॥२४॥ पहिले दक्षप्रजापतिले पूजाको उत्तम सामग्री हातमा लिएर नन्द-सुनन्दादि पार्षदले घेरिएका प्रजापतिहरूका परम पुरुष भगवान् यज्ञेश्वरको नजीक गए र अतिशय आनन्दित भई विनीत भावले यसरी उनको स्तुति गर्न लागे ॥२५॥ दक्ष भन्दछन्—हे भगवन् ! हजुर नित्यशुद्ध हुनहुन्छ, आफ्नो स्वरूपमा स्थित हजुर बुद्धिको जाग्रदादि अवस्थाबाट रहित, चिन्मात्र, अभय हुनुहुन्छ अजुर आफ्नो मायालाई तिरस्कार गरेर स्वतन्त्र रहनु हुन्छ, तैपनि लीलाको निम्ति त्यसलाई स्वीकार गरेर जीवभावमा प्राप्त भएर अज्ञानी पुरुष झैं देखिन्छौ ॥२६॥ ऋत्विजले भने—हे निरंजन ! हे भगवन् ! हामी रुद्रदेवका अंशस्वरूप नन्दीश्वरको शापले हजुरको तत्त्व जान्न सकेनौं । हाम्रो बुद्धि केवल कर्मकाण्डमा अल्झेको छ, जसमा 'अमुक कर्म अमुक देवता हुन्' यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शेषनागको शय्यामा सुतछन् । सिद्धगण पनि आफ्नो हृदयमा हजुरकै आध्यात्मिक स्वरूपको ध्यान गर्दछन्, उही हजुर आज हाम्रो दृष्टिगोचर हनुहुन्छ । अतएव हे प्रभो । हजुर हामी सेवकको रक्षा गर्नोस् ॥४२॥ गन्धर्व भन्दछन्—हे देव ! मरीचि ऋषि र ब्रह्मा, इन्द्र, रुद्र आदि देवता हजुरका अंशको पनि अंश मानिन्छन् । हे भूमन् ! हे नाथ ! यो सारा विश्व जसको खेलाउनेहरूको ढर्का सदृश छन्, त्यस्ता हजुरलाई हामी प्रणाम गर्दछौं ॥४३॥ विद्याधर भन्दछन्–हे प्रभो ! धर्मादि चारै पदार्थको प्राप्तिका साधनस्वरूप यो शरीर पाएर पनि मनुष्य हजुरकी मायाले मोहित देहमा 'म, तँ र मेरो' भन्ने अभिमान गर्दछ र त्यो दुर्बुद्धि आफ्ना आत्मीयजनले उपेक्षा गर्दा पनि असत् विषयहरूको लालमा गरिरहन्छ, तर जो जन हजुरका कथामृतको पान गर्दछन्, ती आफ्नो अन्तःकरणको मोह त्यागिदिन्छन् ॥४४॥ ब्राह्मण भन्दछन्—हे भगवन् ! हजुर स्वयं यज्ञ हुनुहुन्छ । हजुर नै हवि, हजुर नै अग्नि र हजुर नै मन्त्र हुनुहुन्छ । हजुर नै समिधा, कुश र यज्ञपात्र तथा हजुर नै सदस्य, ऋत्विक् यजमान-दम्पति, देवता, अग्निहोत्र, स्वधा, होम, घृत तथा बलिपशु हुनुहुन्छ ॥ ४५ ॥

स एवाद्याक्ष्णोर्यः पथि चरसि भृत्यानवसि नः ॥ ४२ ॥ गन्धर्वा ऊचुः ॥ अंशास्ते देव मरीच्यादय एते ब्रह्मेन्द्राद्या देवगणा रुद्रपुरोगाः ॥ क्रीडाभाण्डं विश्वमिदं यस्य विभूमंस्तस्मै नित्यं नाथ नमस्ते करवाम ॥ ४३ ॥ विद्याधरा ऊचुः ॥ त्वन्माययाऽर्थमभिपद्य कलेवरेऽस्मिन्कृत्वा ममाहमिति दुर्मतिरुत्पथैः स्वैः ॥ क्षिप्तोऽप्यसद्विषयलालस आत्ममोहं युष्मत्कथामृतनिषेवक उद्व्युदस्येत् ॥ ४४ ॥ ब्राह्मणा ऊचुः ॥ त्वं क्रतुस्त्वं हविस्त्वं हुताशः स्वयं त्वं हि मन्त्रः समिद्दर्भपात्राणि च ॥ त्वं सदस्यर्त्विजो दम्पती देवता अग्निहोत्रं स्वधा सोम आज्यं पशुः ॥ ४५ ॥ त्वं पुरा गां रसाया महासूकरो दंष्ट्रया पद्मिनीं वारणेन्द्रो यथा ॥ स्तूयमानो नदँल्लीलया योगिभिर्व्युज्जहर्थ त्रयीगात्र यज्ञक्रतुः ॥ ४६ ॥ स प्रसीद त्वमस्माकमाकांक्षतां दर्शनं ते परिभ्रष्टसत्कर्मणाम् ॥ कीर्त्यमाने नृभिर्नाम्नि यज्ञेश ते यज्ञविघ्नाः क्षयं यान्ति तस्मै नमः ॥ ४७ ॥ मैत्रेय उवाच ॥ इति दक्षः कविर्यज्ञं भद्र रुद्राभिमर्शितम् ॥ कीर्त्यमाने हृषीकेशे संनिन्ये यज्ञभावने ॥ ४८ ॥ भगवान्स्वेन भागेन सर्वात्मा सर्वभाग-भुक् ॥ दक्षं बभाष आभाष्य प्रीयमाण इवानघ ॥ ४९ ॥ श्रीभगवानुवाच ॥ अहं ब्रह्मा च शर्वश्च जगतः कारणं परम् ॥ आत्मेश्वर उपद्रष्टा स्वयं-

हे त्रयीमूर्ति ! यज्ञक्रतु ! हजुरले यौटा विशालकाय शूकरको रूप धारण गरेर योगिहरू द्वारा स्तूयमान हुँदै र भीषण गर्जन गर्दै लीलाले नै यी पृथ्वी आफ्नो दाह्रामा उचालेर यस प्रकार जलबाट बाहिर ल्याउनु भयो–जस्तै कोही गजराज कमलिनीलाई उखेलेर लिन्छ॥४६॥हे यज्ञेश ! मनुष्यहरू द्वारा जसको नाम कीर्तन गर्नाले यज्ञका सबै विघ्न नष्ट भएर जान्छन्, त्यस्ता हजुरलाई मेरो नमस्कार छ । त्यस वखत हाम्रा सबै यज्ञरूपी सत्कर्म नष्ट भएका थिए । अतः हामी हजुरको दर्शनका इच्छुक थियौं । अब हजुर हामीमाथि प्रसन्न हुनुहोस् ॥४७॥ मैत्रेय भन्दन्—हे भद्र ! यज्ञरक्षक हृषीकेश भगवान्को यसरी स्तुति भइसकेपछि बाठा दक्षले रुद्रका पार्षद वीरभद्रद्वारा विध्वंस गरिएको यज्ञलाई फेरि आरम्भ गरिदिए ॥४८॥ हे अनघ ! सर्वान्तर्यामी तथा सर्वभोक्ता विष्णुभगवान्ले आफ्नो त्रिकपाल पुरोडाशरूपी भागले तृप्त भएर दक्षलाई सम्बोधन गरेर भने ॥५९॥ भगवान् भन्नुहुन्छ—हे दक्ष ! सारा संसारका परम कारण

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैका आत्मा ईश्वर, साक्षी, स्वयं प्रकाश तथा भेदभावले रहित म नै ब्रह्मा र शिव हुं ॥५०॥ हे द्विज ! मैले नै आफ्नी त्रिगुणात्मिका *मायाको आश्रय लिएर जगत्‌को रचना, पालन तथा संहार गर्नाले कर्मको अनुरूप ब्रह्मा, विष्णु र शिव यी तीन नाम धारण गरिराखेको छु ॥५१॥ अज्ञ जीव ती सर्वान्तरयामी, केवल तथा अद्वितीय ब्रह्ममा नै ब्रह्मा, शिव र अन्य सबै जीवलाई भेदभावले देख्दछ ॥५२॥ जस्तै पुरुष आफ्नो मस्तक र हात-खुट्टा आदि अंगमा 'यी अन्य हुन्' यस्तो बुद्धि कहिल्यै गर्दैन, त्यस्तै मेरा भक्त सबै प्राणीहरूमा अन्य बुद्धि गर्दैनन् ॥५३॥ हे ब्रह्मन् ! जो वस्तुतः एक तर कार्यभेदले तीन रूपका छन् । ती ब्रह्मा, विष्णु, रुद्रमा जो पुरुष केही पनि भेदभाव राख्दैन, त्यसैले शान्ति प्राप्त गर्दछ ॥ ५४ ॥

दृगविशेषणः ॥ ५० ॥ आत्ममायां समाविश्य सोऽहं गुणमयीं द्विज ॥ सृजन् रक्षन्हरन्विश्वं दध्रे संज्ञां क्रियोचिताम् ॥ ५१ ॥ तस्मिन्ब्रह्मण्य- द्वितीये केवले परमात्मनि ॥ ब्रह्मरुद्रौ च भूतानि भेदेनाज्ञोऽनुपश्यति ॥ ५२ ॥ यथा पुमान्न स्वाङ्गेषु शिरःपाण्यादिषु क्वचित् ॥ पारक्यबुद्धिं कुरुते एवं भूतेषु मत्परः ॥ ५३ ॥ त्रयाणामेकभावानां यो न पश्यति वै भिदाम् ॥ सर्वभूतात्मनां ब्रह्मन्स शान्तिमधिगच्छति ॥ ५४ ॥ मैत्रेय उवाच ॥ एवं भगवताऽऽदिष्टः प्रजापतिपतिर्हरिम् ॥ अर्चित्वा क्रतुमान् स्वेन देवानुभयतोऽयजत् ॥ ५५ ॥ रुद्रं च स्वेन भागेन ह्युपाधावत्स- माहितः ॥ कर्मणोदवसानेन सोमपानितरानपि ॥ उदवस्य सहर्त्विग्भिः सस्नाववभृथं ततः ॥ ५६ ॥ तस्मा अप्यनुभावेन स्वेनैवावाप्तराधसे ॥ धर्म एव मतिं दत्त्वा त्रिदशास्ते दिवं ययुः ॥ ५७ ॥ एवं दाक्षायणी हित्वा सती पूर्वकलेवरम् ॥ जज्ञे हिमवतः क्षेत्रे मेनायामिति शुश्रुम ॥५८॥

मैत्रेय भन्दछन्—यसरी भगवान्‌ले आज्ञा दिएपछि प्रजापतिहरूका अधिपति दक्षले यज्ञ द्वारा यज्ञेश्वरको पूजा गरेर अङ्ग र प्रधान दुवै प्रकारले देवताहरूको पूजन गरे ॥ ५५ ॥ अनि एकाग्रचित्त भएर दक्षले भगवान् शङ्करलाई उनको भाग दिएर पूजन गरे । त्यसपछि उदवसान कर्मले सोमपायी एवं अन्य देवताको पूजन गरे ! त्यसपछि ऋत्विजका साथै अवभृत स्नान गरे ॥ ५६ ॥ अनि जसलाई आफ्नो पुरुषार्थले नै सबै ऐश्वर्य प्राप्त थियो, ती दक्षप्रजापतिलाई सबै देवता 'तिम्रो बुद्धि सधैं धर्ममा लागिरहोस्' भन्ने आशीर्वाद दिएर

---

* दृष्टान्त—(मायाको बन्धन) कुनै समय नारदजी विष्णु भगवान्‌सित भने—'हजुर आफ्नी मायालाई धेरै ठूली भनेर धाक लगाउनु हुन्छ र त्यसलाई दुस्तर पनि भन्नुहुन्छ । म त यस्तो मान्दछु कि माया विषयी मनुष्यलाई नै फसाउन सक्छे र तिनैका निम्ति दुस्तर पनि होली ? तर हामी जस्ताका लागि हजुरको माया तुच्छ छ । म त हजुरकी मायालाई तृणवत् ठान्दछु । किनकि म पूर्ण संन्यासी र नैष्ठिक ब्रह्मचारी हुँ । यस निम्ति अब कहिल्यैं मेरो सामुन्ने हजुर आफ्नी मायाको गुणगान नगर्नु होला ।' त्यस बखत भगवान केही बोल्नु भएन । पछि एक दिन नारदजीलाई साथै लिएर भगवान् डुल्न हिंडे । बाटोमा विष्णुले भन्नुभयो—'मलाई प्यास लागेको छ, कतैबाट पानी ल्याऊ ।' नारदजी जल लिन हिंडे । सामुन्ने यौटा सानो नदी देखियो । नदीको किनारमा यौटी सोह्र वर्षकी युवती बसेकी थिई । त्यसको रूप देख्नासाथ नारदजीले भगवान्‌को निम्ति पानी लिएर जाने कुरा बिर्सिए र त्यस युवतीकी दासता स्वीकार गरेर उनले त्योसित विवाह गरे । विवाह भइसकेपछि दुइ-तीन सन्तान पनि भए । केही दिनपछि त्यस देशमा अनिकाल पर्‍यो । अनि ती आफ्ना कुटुम्ब सहित परदेश जानको निम्ति निस्के । बाटोमा यौटा पुलबाट तर्नलागेका थिए, सहसा पुल भाँचियो र नारद बाहेक तिनका सबै परिवार नदीमा परेर मरे । स्त्री र पुत्रको वियोगले दुःखी भएर नारदजी रुन लागे । त्यसै बखत भगवान् डुल्दै त्यहाँ आइपुगेर नारदको हात समाती भने—'मैले पानी पिइसकें । घर जाउँ, हिंड ।' नारदजी आत्तिएर भन्न लागे—'नाथ ! साँच्चै नै हजुरकी माया प्रबल रहेछ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्थान गरे ॥ ५७ ॥ हे विदुर ! यस्तो पनि कथा पाइन्छ—दक्षकी कन्या सतीले त्यसरी पहिलो शरीर त्यागेर फेरि हिमालयकी भार्या मेनाको गर्भबाट जन्म लिइन् ॥५८॥ जस्तै प्रलय कालमा शक्ति फेरि ईश्वरको आश्रय लिन्छिन्, त्यस्तै अनन्यपरायणा अम्बिकादेवीले दोस्रो जन्ममा पनि आफ्ना एकमात्र आश्रय भगवान् शङ्करलाई नै आफ्नो पति रोजिन् ॥५९॥ हे विदुर ! दक्ष-यज्ञको विध्वंस पार्ने शिवजीको यो चरित्र मैले बृहस्पतिका शिष्य परम भक्त उद्धवसित सुनेथें ॥ ६० ॥ हे विदुर ! श्रीशिवको यो पवित्र चरित्र यश तथा आयुवर्धक र पापपुञ्ज नष्ट पार्नेछ । जो पुरुष नित्य भक्तिभावले यसको श्रवण तथा कीर्तन गर्दछ, त्यसका सबै पाप नष्ट भएर जान्छन् ॥ ६१ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां सप्तमोऽध्यायः ॥ ७ ॥ (ध्रुवको वनगमन)—मैत्रेयजी भन्दछन्—हे विदुर ! सनकादि मुनि, नारद, ऋभु, हंस, आरुणि तथा यति—ब्रह्माजीका यी बाल-ब्रह्मचारी छोरा गृहस्थ भएनन् ॥१॥ ब्रह्माजीको एक पुत्र अधर्मकी मृषा नामकी भार्या थिइन् । हे शत्रुहन्ता ! त्यसबाट दम्भ नामक पुत्र र माया नामकी कन्या जन्मी । ती दुवै पुत्र र

तमेव दयितं भूय आवृङ्क्त पतिमम्बिका ॥ अनन्यभावैकगतिंशक्तिः सुप्तेव पूरुषम् ॥५९॥ एतद्भगवतः शम्भोः कर्म दक्षाध्वरद्रुहः ॥ श्रुतं भागवताच्छिष्यादुद्धवान्मे बृहस्पतेः ॥६०॥ इदं पवित्रं परमीशचेष्टितं यशस्यमायुष्यमघौघमर्षणम् ॥ यो नित्यदाऽऽकर्ण्य नरोऽनुकीर्तयेद्धुनोत्यघं कौरव भक्तिभावतः ॥ ६१ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे दक्षयज्ञसन्धानं नाम सप्तमोऽध्यायः ॥ ७ ॥ मैत्रेय उवाच ॥ सनकाद्या नारदश्च ऋभुर्हंसोऽरुणिर्यतिः ॥ नैते गृहान्ब्रह्मसुता ह्यावसन्नूर्ध्वरेतसः ॥ १ ॥ मृषाऽधर्मस्य भार्याऽऽसीद्दम्भं मायां च शत्रुहन् ॥ असूत मिथुनं तत्तु निर्ऋतिर्जगृहेऽप्रजः ॥२॥ तयोः समभवल्लोभो निकृतिश्च महामते ॥ ताभ्यां क्रोधश्च हिंसा च यद्दुरुक्तिः स्वसा कलिः ॥३॥ दुरुक्तौ कलिराधत्त भयं मृत्युं च सत्तम ॥ तयोश्च मिथुनं जज्ञे यातना निरयस्तथा ॥ ४ ॥ संग्रहेण मयाऽऽख्यातः प्रतिसर्गस्तवानघ ॥ त्रिः श्रुत्वैतत्पुमान्पुण्यं विधुनोत्यात्मनोमलम् ॥ ५ ॥ अथातः कीर्तये वंशं पुण्यकीर्तेः कुरूद्वह ॥ स्वायम्भुवस्यापि मनोर्हरेरंशांशजन्मनः ॥६॥ प्रियव्रतोत्तानपादौ शतरूपापतेः सुतौ ॥ वासुदेवस्य कलया रक्षायां जगतः स्थितौ ॥ ७ ॥ जाये उत्तानपादस्य सुनीतिः सुरुचिस्तयोः ॥ सुरुचिः प्रेयसी पत्युर्नेतरा यत्सुतो ध्रुवः ॥ ८ ॥

कन्यालाई निर्ऋतिले लगे, किनकि तिनका कुनै सन्तान थिएनन् ॥२॥ हे महामते ! ती दुवैबाट लोभ र निकृति अर्थात् शठता उत्पन्न भई । ती दुवैबाट क्रोध र हिंसा अनि ती दुवैबाट कलि र दुरुक्तिको उत्पत्ति भयो ॥ ३ ॥ हे साधुश्रेष्ठ ! दुरुक्तिबाट कलिले भय र मृत्यु उत्पन्न गरे । ती दुवैको संयोगले यातना र नरकको प्रादुर्भाव भयो ॥ ४ ॥ हे अनघ ! संक्षेपमा मैले तिमीलाई प्रलयका कारणस्वरूप अधर्मको वंश सुनाएँ, जो यसलाई तीनपल्ट सुन्दछ, त्यो व्यक्ति पुण्यात्मा बन्दछ र त्यसको चित्तका सबै मलिनता नष्ट भएर जान्छन् ॥५॥ हे कुरुकुलनन्दन ! अब म भगवान्को अंशबाट उत्पन्न पवित्रकीर्ति महाराज स्वायम्भुव मनुको वंश विस्तार सुनाउँछु ! ६॥ रानी शतरूपाका पति महाराज स्वायम्भुवका प्रियव्रत र उत्तानपाद यी दुइ छोरा थिए । यी दुवै नै साक्षात् वासुदेवको कलाबाट उत्पन्न भएका थिए । अतः ती सारा संसारको रक्षामा तत्पर रहन्थे ॥७॥ तीमध्ये उत्तानपादकी सुनीति तथा सुरुचि नामका दुइ रानी थिए । सुरुचि राजाकी मनपरेकी थिइन् तिनकै पुत्र ध्रुव थिए, ती सुनीतिप्रति राजाको अनुराग थिएन ॥ ८ ॥ एक दिनको कुरा हो—राजा उत्तानपाद

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरुचिको छोरो उत्तमलाई काखामा लिएर खेलाइरहेका थिए, त्यसै बखत ध्रुवले पनि काखामा बस्ने इच्छा गरे, तर राजाले तिनलाई अलिकति प्यारो गरेनन् ।।९।। तब गर्वीली रानी सुरुचिले सौताको पुत्र ध्रुवलाई राजाको काखामा बस्न उत्सुक देखेर राजाको साम्मुन्ने नै ईर्ष्याले भनिन्—।।१०।। अरे वत्स ! तँ राजाको काखामा बस्ने लायक छैनस्, किनकि राज-पुत्र भए पनि मैले तँलाई आफ्नो उदरमा धारण गरेकी होइन ।।११।। तँ अहिले बालकै छस्, अतः तँलाई थाहा छैन कि तैंले कुनै अर्की स्त्रीको गर्भबाट जन्म लिएको हो । अब तँ यस्तो दुर्लभ मनोरथ किन गर्दछस् ? ।।१२।। तँलाई यदि राजसिंहासनको अभिलाषा छ भने तँ तपस्या गरेर परमपुरुष परमात्माको उपासना गर, उनकै कृपाले फेरि मेरो गर्भबाट उत्पन्न हो ।।१३।। मैत्रेयजी भन्दछन्—आफ्नी आमाकी सौताको दुर्वचन गाडिएर लट्ठी खाएको सर्प जस्तै रिसले लामो सास फेर्दै बालक ध्रुव आफ्नो पितालाई चुपचाप चिन्तामा गाडिएका छाडेर रुँदै-रुँदै आफ्नी आमाकहाँ गए ।।१४।। त्यस बखत बालक ध्रुवका ओंठ फरफराइहेका थिए र सुँक्क-सुँक्क रोइरहेथे । माता सुनीतिले झट्ट उठेर तिनलाई काखामा लिइन् ।

एकदा सुरुचेः पुत्रमङ्कमारोप्य लालयन् ॥ उत्तमं नारुरुक्षन्तं ध्रुवं राजाऽभ्यनन्दत ॥ ९ ॥ तथा चिकीर्षमाणं तं सपत्न्यास्तनयं ध्रुवम् ॥ सुरुचिः शृण्वतो राज्ञः सेर्ष्यमाहातिगर्विता ॥ १० ॥ न वत्स नृपतेर्धिष्ण्यं भवानारोढुमर्हति ॥ न गृहीतो मया यत्त्वं कुक्षावपि नृपात्मज ॥ ११ ॥ बालोऽसि बत नात्मानमन्यस्त्रीगर्भसम्भवम् ॥ नूनं वेद भवान् यस्य दुर्लभेऽर्थे मनोरथः ॥ १२ ॥ तपसाऽऽराध्य पुरुषं तस्यैवानुग्रहेण मे ॥ गर्भे त्वं साधयात्मानं यदीच्छसि नृपासनम् ॥१३॥ मैत्रेय उवाच ॥ मातुः सपत्न्याः स दुरुक्तिविद्धः श्वसन्रुषा दण्डहतो यथाऽहिः ॥ हित्वा मिषन्तं पितरं सन्नवाचं जगाम मातुः प्ररुदन्सकाशम् ॥ १४ ॥ तं निःश्वसन्तं स्फुरिताधरोष्ठं सुनीतिरुत्सङ्ग उदूह्य बालम् ॥ निशम्य तत्पौरमुखान्नितान्तं सा विव्यथे यद्गदितं सपत्न्या ॥ १५ ॥ सोत्सृज्य धैर्यं विललाप शोकदवाग्निना दावलतेव बाला ॥ वाक्यं सपत्न्याः स्मरती सरोजश्रिया दृशा बाष्पकलामुवाह ॥ १६ ॥ दीर्घं श्वसन्ती वृजिनस्य पारमपश्यती बालकमाह बाला ॥ माऽमङ्गलं तात परेषु मंस्था भुङ्क्ते जनो यत्परदुःखदस्तत् ॥ १७ ॥ सत्यं सुरुच्याऽभिहितं भवान्मे यद्दुर्भगाया उदरे गृहीतः ॥ स्तन्येन वृद्धश्च विलज्जते यां भार्येति वा वोढुमिडस्पतिर्माम् ॥ १८ ॥ आतिष्ठ तत्तात विमत्सरस्त्वमुक्तं समात्रापि यदव्यलीकम् ॥ आराधयाधोक्षजपादपद्मं यदीच्छसेऽध्यासनमुत्तमो यथा ॥ १९ ॥

नागरिकहरूको मुखबाट आफ्नी सौताको कथन सुनेर तिनलाई निकै कष्ट भयो ॥ १५ ॥ आफ्नी सौताको वचन स्मरण गरेर सुनीति दावानलले दग्ध लता झैं शोक-सन्तप्त भएर ओइलाइन् । तिनका कमल झैं नेत्रबाट आँसुका धारा बग्न लागे र ती अधीर भएर रुन लागिन् ॥ १६ ॥ ती दुखियालाई आफ्नो दुःख-समुद्रको अन्त देखिन्नथ्यो । अनि तिनले दीर्घ निःश्वास छाड्दै आफ्नो छोरो ध्रुवसित भनिन्—बाबू ! तिमी अर्काको निम्ति कुनै प्रकारको अमङ्गल कुरा नसोच । जो मनुष्य अर्कालाई दुःख दिन्छ, ऊ स्वयं त्यसको फल भोग्दछ ।।१७।। तिम्री आमा सुरुचिले जे जति भनिन्, त्यो सबै ठीक हो । जसलाई महाराज आफ्नी भार्या त के दासी मान्न पनि लाज मान्दछन् तिमी त्यही म मन्दभागिनी आमाको गर्भबाट जन्म्यौ र उसैको स्तनको दूध पिएर पालियौ ॥ १८ ॥ हे बाबू ! यदि तिमीलाई उत्तम झैं राजसिंहासनमा बस्ने अभिलाषा छ भने तिम्री सौतेनी आमाले जो यथार्थ कुरा भनिन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी द्वेष भाव छाडेर त्यसैको पालन गर्दै श्रीअधोक्षज (विष्णु) भगवान्का चरण-कमलको आराधना गर ॥१९॥ बाबु ! सारा जगत्को पालन गर्न शुद्ध सत्वगुणमय शरीर धारण गर्ने ती भगवान्का चरण-कमलको आराधना गर्नाले नै ब्रह्माजीलाई स्रष्टाको सर्वोत्तम पद प्राप्त भयो। मन तथा प्राणलाई जित्ने भएका मुनिजन पनि उनकै वन्दना गर्दछन् ॥२०॥ तिम्रो हजुरबा स्वायम्भुव मनुले पनि एकाग्र चित्तले धेरै दक्षिणायुक्त यज्ञहरू द्वारा उनको यजन गरेर अर्काको निम्ति दुष्प्राप्य भौम, दिव्य र मोक्ष यी तीन थरिका सुख प्राप्त गरेका थिए ॥२१॥ अतः वत्स ! मुमुक्षु जन जसका चरण-कमलको बाटो सर्वदा खोजिरहन्छन्, तिमी पनि उनै भक्तवत्सल भगवान् हरिको शरणमा जाऊ र स्वधर्म पालन गर्नाले पवित्र आफ्नो अनन्य भावयुक्त चित्तमा ती पुरुषोत्तमलाई विराजमान पारेर उनैको ध्यान गर ॥२२॥ हे पुत्र ! मलाई त ती कमलसदृश नेत्र हुने भगवानलाई छाडेर अरु कसैले पनि तेरो दुःख निवारण गर्न देख्दिन। ब्रह्मादिक देवताहरू द्वारा खोजिने लक्ष्मीजी पनि हातमा कमल लिई सदैव उनलाई खोज्दै रहन्छिन् ॥ २३ ॥ मैत्रेयजी भन्दछन्—हे विदुर !

यस्यांघ्रिपद्मं परिचर्य विश्वविभावनायात्तगुणाभिपत्तेः ॥ अजोऽध्यतिष्ठत्खलु पारमेष्ठ्यं पदं जितात्मश्वसनाभिवन्द्यम् ॥ २० ॥ तथा मनुर्वो भगवान्पितामहो यमेकमत्या पुरुदक्षिणैर्मखैः ॥ इष्ट्वाऽभिपेदे दुरवापमन्यतो भौमं सुखं दिव्यमथापवर्ग्यम् ॥ २१ ॥ तमेव वत्साश्रय भृत्यवत्सलं मुमुक्षुभिर्मृग्यपदाब्जपद्धतिम् ॥ अनन्यभावे निजधर्मभाविते मनस्यवस्थाप्य भजस्व पूरुषम् ॥ २२ ॥ नान्यं ततः पद्मपलाशलोचनाद्दुःखच्छिदं ते मृगयामि कञ्चन ॥ यो मृग्यते हस्तगृहीतपद्मया श्रियेतरैरङ्ग विमृग्यमाणया ॥ २३ ॥ मैत्रेय उवाच ॥ एवं संजल्पितं मातुराकर्ण्यार्थागमं वचः ॥ सन्नियम्यात्मनाऽऽत्मानं निश्चक्राम पितुः पुरात् ॥ २४ ॥ नारदस्तदुपाकर्ण्य ज्ञात्वा तस्य चिकीर्षितम् ॥ स्पृष्ट्वा मूर्धन्यघघ्नेन पाणिना प्राह विस्मितः ॥२५॥ अहो तेजः क्षत्रियाणां मानभंगममृष्यताम् ॥ बालोऽप्ययं हृदा धत्ते यत्स मातुरसद्वचः ॥ २६ ॥ नाधुनाऽप्यवमानं ते सम्मानं वापि पुत्रक ॥ लक्षयामः कुमारस्य सक्तस्य क्रीडनादिषु ॥२७॥ विकल्पे विद्यमानेऽपि न ह्यसंतोषहेतवः ॥ पुंसो मोहमृते भिन्नं यल्लोके निजकर्मभिः ॥२८॥ परितुष्येत्ततस्तात तावन्मात्रेण पूरुषः ॥ दैवोपसादितं यावद्वीक्ष्येश्वरगतिं बुधः ॥ २९ ॥ अथ मात्रोपदिष्टेन योगेनावरुरुत्ससि ॥ यत्प्रसादं स वै

आफ्नी माताको यसरी कामना पूर्ण पार्ने वचन सुनेर ध्रुवले आफ्नो बुद्धिले चित्त शान्त पारेर पिताको नगरबाट बाहिर निस्किए ॥ २४ ॥ ध्रुव हिंडेको समाचार सुनेर र ध्रुवको के गर्ने इच्छा छ, यो जानेर देवर्षि नारद ध्रुवको नजीक गए र तिनको मस्तकमा आफ्नो पापनाशक हातले मुसार्दै भन्नलागे– ॥ २५ ॥ अहो ! अपमान सहनमा असमर्थ यी क्षत्रियहरूको तेज कस्तो अद्भुत हुन्छ ? हेर, ध्रुव अहिले बालक छ तापनि यसले सौतेनी आमाका कटुवचन सहन सकेन ॥२६॥ उनले भने—'बाबू ! अहिले तिमी खेलकूदमै मग्न रहने भएका बच्चा छौ। अहिले मलाई त कुनै कुराले तिम्रो मान वा अपमान हुने जस्तो लागिरहेको छैन। यदि तिमीलाई मानापमानको विचार भए पनि मनुष्यको असन्तोषको कारण मोहबाहेक अरु केही पनि छैन किनकि मनुष्य आफ्ना कर्म अनुसार यस लोकका मान-अपमान वा सुख-दुःख आदि भिन्न-भिन्न अवस्थाका वशीभूत हुँदै रहन्छ ॥२७-२८॥ अतः हे तात ! भगवान्को विचित्र लीला ठानेर भाग्यवश उसलाई सुख-दुःख वा मानापमान जे प्राप्त हुनेछ, त्यसैमा सन्तुष्ट रहनु ॥ २९ ॥ अब तिमी आफ्नी आमाको

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेशले योगसाधन द्वारा जसलाई प्राप्त गर्न खोजिरहेका छौ, अजितेन्द्रिय पुरुष द्वारा त्यस परमात्माको आराधना गर्नु धेरै कठिन काम छ ॥३०॥ त्यसको सत्य स्वरूपलाई त ठूला-ठूला योगीजन अनेक जन्मसम्म असङ्ग रहेर बालियो समाधि योगद्वारा खोजेरपनि भेट्टाउन सक्तैनन् ॥३१॥ अतः तिमो आफ्नो घर फर्क—तिम्रो हठ व्यर्थ छ। जब तिम्रो परमार्थ साधनको समय अर्थात् बूढो हुन्छौ, अनि यो काम गर्नु, अहिले होइन॥३२॥ दैवले जसको निम्ति जुन विधान तोकेको छ, त्यसको अनुसार नै प्राणी सुख-दुःख भोग्दछ।' यसैले जो आफ्नो अन्तःकरण सन्तुष्ट राख्दछ, त्यो पुरुष अज्ञान सागरबाट पारि तर्दछ ॥ ३३ ॥ प्रत्येक मनुष्यको कर्तव्य हो कि आफूभन्दा वर्ता गुणी पुरुषलाई देखेर प्रसन्न होओस्। गुणमा आफूभन्दा तल्लो खण्डका व्यक्तिलाई देखेर तिनमा दया गरोस्। जो आफूसमान गुणी छ, त्योसँग मैत्रीभाव राखोस्। यसो गर्नाले त्यो प्राणी कहिल्यै सन्तप्त हुँदैन ॥३४॥ ध्रुवभन्छन्—हे भगवन ! जो व्यक्ति सुख-दुःखको अधीन रहन्छन्, तिनको निम्ति हजुरले कृपा गरेर यो यस्तो बाटो भन्नुभयो—त्यहाँसम्म हामी जस्ता अज्ञानी जनको दृष्टि बाटले नै पुग्न

पुंसां दुराराध्यो मतो मम ॥ ३० ॥ मुनयः पदवीं यस्य निःसङ्गेनोरुजन्मभिः ॥ न विदुर्मृगयन्तोऽपि तीव्रयोगसमाधिना ॥ ३१ ॥ अतो निवर्ततामेष निर्बन्धस्तव निष्फलः ॥ यतिष्यति भवान्काले श्रेयसां समुपस्थिते ॥ ३२ ॥ यस्य यद्दैवविहितं स तेन सुखदुःखयोः ॥ आत्मानं तोषयन्देही तमसः पारमृच्छति ॥ ३३ ॥ गुणाधिकान्मुदं लिप्सेदनुक्रोशं गुणाधमात् ॥ मैत्रीं समानादन्विच्छेन्न तापैरभिभूयते ॥ ३४ ॥ ध्रुव उवाच ॥ सोऽयं शमो भगवता सुखदुःखहतात्मनाम् ॥ दर्शितः कृपया पुंसां दुर्दर्शोऽस्मद्विधैस्तु यः ॥ ३५ ॥ अथापि मेऽविनीतस्य क्षात्रं घोरमुपेयुषः ॥ सुरुच्या दुर्वचोबाणैर्न भिन्ने श्रयते हृदि ॥ ३६ ॥ पदं त्रिभुवनोत्कृष्टं जिगीषोः साधु वर्त्म मे ॥ ब्रूह्यस्मत्पितृभिर्ब्रह्मन्नन्यैरप्यनधिष्ठितम् ॥ ३७ ॥ नूनं भवान्भगवतो योऽङ्गजः परमेष्ठिनः ॥ वितुदन्नटते वीणां हितार्थं जगतोऽर्कवत् ॥३८॥ मैत्रेय उवाच ॥ इत्युदाहृतमाकर्ण्य भगवान्नारदस्तथा ॥ प्रीतः प्रत्याह तं बालं सद्वाक्यमनुकम्पया ॥ ३९ ॥ नारद उवाच ॥ जनन्याऽभिहितः पन्थाः स वै निःश्रेयसस्य ते ॥ भगवान्वासुदेवस्तं भज तत्प्रवणात्मना ॥ ४० ॥ धर्मार्थकाममोक्षाख्यं य इच्छेच्छ्रेय आत्मनः ॥ एकमेव हरेस्तत्र कारणं पादसेवनम् ॥ ४१ ॥ तत्तात गच्छ भद्रं ते यमुनाया-

सक्तछ ॥३५॥ हजुरको उपदेश यद्यपि मेरो निम्ति कल्याणकारी छ, तथापि अत्यन्त घोर क्षत्रिय स्वभावको वशीभूत हुनाले म झैं दुर्विनीतको मनमा टिक्न सक्तैन। किनकि मेरो मन मेरी सौतेनी आमा सुरुचिका वाग्-बाणले विद्ध भएको छ। हे ब्रह्मन् ! म त त्यस पदको अभिलाषी छु, जसमा मेरा पूर्वज पनि पुग्न सकेका छैनन्। अतः हजुर मलाई तीनै लोकमा त्यो सर्वश्रेष्ठ पद पाउने कुनै उत्तम बाटो देखाउनोस्। हजुर साक्षात् भगवान् ब्रह्माका पुत्र हुनुहुन्छ। त्यसैले त हजुर सूर्य झैं संसारको कल्याणार्थ वीणा बजाउँदै तीनै लोकमा डुलिरहनु हुन्छ ॥३६-३८॥ मैत्रेय भन्दछन्—ध्रुवका वचन सुनेर नारदजी निकै प्रसन्न भए र कृपापूर्वक ती बालकसित भने—॥३९॥ नारदजीले भने—बाबू ! तेरी माताले तँलाई जुन बाटो देखाई, त्यसैले तेरो कल्याण गर्दछ, तँ मनलगाएर उनै वासुदेवको भजन गर ॥४०॥ जो जन धर्म, अर्थ, काम र मोक्षरूप कल्याणका इच्छुक भएर त्यो पाउने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाय केवल भगवान्को चरण-सेवन नै हो ॥ ४१ ॥ अतः हे प्रिय ! तिम्रो कल्याण होस्। तिमी यमुनाको पवित्र तटमा स्थित पुनीत मधुवन जाऊ—जहाँ श्रीहरि सदा विद्यमान रहन्छन् ॥४२॥ त्यहाँ आफ्नो नित्यकर्मबाट निवृत्त भएर कालिन्दीको पवित्र तटमा त्रिकाल स्नान गरेर स्थिर आसनमा बस्नु॥४३॥अनि रेचक, कुम्भक र पूरक तीन थरिका प्राणायाम द्वारा आफ्नो प्राण, इन्द्रिय तथा मनको मल विस्तार-विस्तार हटाएर शुद्धचित्तले परमगुरु भगवान् वासुदेवको यसरी ध्यान गर्नु—॥ ४४ ॥ भगवान्का मुख र नेत्र सदा अतिशय प्रसन्न रहन्छन्, तिनलाई देख्नाले यस्तो ज्ञात हुन्छ कि—ती वरदान दिन उद्यत छन्। तिनको नाक, आँखीभौं र गाला, अत्यन्त राम्रा छन्। ती सबै देवता भन्दा राम्रा छन् ॥४५॥ तिनको अवस्था छ। तिनका सबै अंग टम्म मिलेका छन्। तिनको नेत्र, अधर र ओंठ राता छन्। ती आफ्ना भक्तलाई आश्रय दिन्छन् र ती अतिशय सुखदायक शरणागतवत्सल र करुणाका पारावार (समुद्र) हुन्॥४६॥तिनको वक्षस्थलमा श्रीवत्स चिन्ह विराजमान छ, तिनको शरीर जलधरको समान श्याम छ, तिनको घाँटीमा वनमाला रहन्छ र ती आफ्ना चारै भुजाहरूमा

स्तटं शुचि ॥ पुण्यं मधुवनं यत्र सान्निध्यं नित्यदा हरेः ॥ ४२ ॥ स्नात्वाऽनुसवनं तस्मिन्कालिन्द्याः सलिले शिवे ॥ कृत्वोचितानि निवसन्नात्मनः कल्पितासनः ॥४३॥ प्राणायामेन त्रिवृता प्राणेन्द्रियमनोमलम् ॥ शनैर्व्युदस्याभिध्यायेन्मनसा गुरुणा गुरुम् ॥ ४४ ॥ प्रसादाभिमुखं शश्वत्प्रसन्नवदनेक्षणम् ॥ सुनासं सुभ्रुवं चारुकपोलं सुरसुन्दरम् ॥ ४५ ॥ तरुणं रमणीयाङ्गमरुणोष्ठेक्षणाधरम् ॥ प्रणताश्रयणं नृम्णं शरण्यं करुणार्णवम् ॥४६॥ श्रीवत्साकं घनश्यामं पुरुषं वनमालिनम् ॥ शङ्खचक्रगदापद्मैरभिव्यक्तं चतुर्भुजम् ॥ ४७ ॥ कुण्डलिनं किरीटिनं केयूरवलयान्वितम् ॥ कौस्तुभाभरणग्रीवं पीतकौशेयवाससम् ॥ ४८ ॥ काञ्चीकलापपर्यस्तं लसत्कांचननूपुरम् ॥ दर्शनीयतमं शान्तं मनोनयनवर्धनम् ॥ ४९ ॥ पद्भ्यां नखमणिश्रेण्या विलसद्भ्यां समर्चताम् ॥ हृत्पद्मकर्णिकाधिष्ण्यमाक्रम्यात्मन्यवस्थितम् ॥ ५० ॥ स्मयमानमभिध्यायेत्सानुरागावलोकनम् ॥ नियतेनैकभूतेन मनसा वरदर्षभम् ॥ ५१ ॥ एवं भगवतो रूपं सुभद्रं ध्यायतो मनः ॥ निर्वृत्या परया तूर्णं सम्पन्नं न निवर्तते ॥५२॥ जप्यश्च परमो गुह्यः श्रूयतां मे नृपात्मज ॥ यः सप्तरात्रं प्रपठन्पुमान्पश्यति खेचरान् ॥ ५३ ॥ "ॐ नमो भगवते वासुदेवाय ॥" मन्त्रेणानेन देवस्य कुर्याद्द्रव्यमयीं बुधः ॥

शङ्ख, चक्र, गदा र पद्म धारण गरिरहन्छन् ॥ ४७ ॥ ती किरीट, कुण्डल, केयूर एवं कङ्कण आदि सबै आभूषणहरूले विभूषित रहन्छन्। तिनको घाँटीमा कौस्तुभ मणि अपूर्व आभा छर रेशमी पीताम्बर लगाइराख्छन् ॥४८॥ तिनको कम्मरमा कंचनको करधनी र तिनका चरणमा सुनका नूपुर शोभायमान रहन्छन्। तिनको स्वरूप अत्यन्त दर्शनीय, शान्त एवं मन तथा नयनलाई आनन्दित पार्दछन् ॥ ४९ ॥ ती मणिहरू झैं टल्कने नङले सुशोभित एवं भक्तजन द्वारा राम्ररी पूजित आफ्ना चरण-कमलले भक्तका हृदयरूपी सिंहासनमा विराजमान रहन्छन् ॥५०॥ यसरी ती वरदायकहरूमा श्रेष्ठ प्रभुको संयत चित्तले ध्यान गर्दा मनमा ठानोस्––ती प्रेमपूर्वक मतिर हेर्दै मन्द-मन्द हाँसिरहेका छन् ॥५१॥ ती भगवान्को मङ्गलमयी मूर्तिको यसरी सर्वदा चिन्तन गर्दा-गर्दा मन शीघ्र परमानन्दमा लीन हुन्छ र त्यहाँबाट फेरि कहिल्यै हट्तैन ॥५२॥ हे राजपुत्र ! यस ध्यानको साथसाथै त्यस समय जुन परम गुप्त मन्त्रको जप गर्नुपर्दछ, त्यो पनि भन्दछु। अनवरत सात रातसम्म यस मन्त्रको जप गर्नाले मनुष्य आकाशचारी सिद्धगणहरूलाई देख्न सक्दछ ॥५३॥ त्यो मन्त्र हो—ॐ नमो भगवते

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासुदेवाय ।' देश-काल-विभागका ज्ञाता तथा बुद्धिमान् पुरुषको कर्तव्य हो—त्यो यस मन्त्र द्वारा भगवान्को विविध सामग्रीहरूले पूजा गरोस् ॥ ५४ ॥ साधकको कर्तव्य हो कि त्यो त्यस पवित्र जल, माला, जंगली फल-मूलादि, सुन्दर पत्र, पुष्प तथा भगवान्लाई सान्है मनपर्ने तुलसीदल आदि द्वारा ती प्रभुको पूजा गरोस् ॥५५॥ यदि शालिग्राम शिला आदिको मूर्ति सुलभ भए त्यसमा नभए पृथ्वी वा जल आदिमा नै सबै सामग्रीले भगवान्को पूजा गरोस् । साधनको कर्तव्य हो—ऊ संयत-चित्त, मननशील, मौन तथा जङ्गली फल-मूलादिको स्वल्प आहार मात्र गर्ने बनोस् ॥५६॥ ती भगवान् उत्तमश्लोक आफ्नो अचिन्त्य मायालाई स्वीकार गरेर स्वेच्छाले अवतार लिई जुन मनोहर चरित्र गर्दछन्, भक्त तिनको मनमनै ध्यान गर्दै रहोस् ॥५७॥ ती भगवान्को पूजाका लागि जुन-जुन उपचारहरूको उपयोग कहिएको छ, तिनलाई मन्त्रमूर्ति भगवान्लाई उपर्युक्त द्वादशाक्षरी मन्त्रद्वारा अर्पण गरोस् ॥५८॥ यसरी मन, वचन एवं शरीरले भक्तिपूर्वक विविध सामग्रीहरुद्वारा मनमा स्थित भगवान्को पूजा गर्नाले भक्ति बढाउने भएका भगवान् निष्कपट भावले राम्ररी भजन गर्ने पुरुषहरूलाई तिनको

सपर्यां विविधैर्द्रव्यैर्देशकालविभागवित् ॥ ५४ ॥ सलिलैः शुचिभिर्माल्यैर्वन्यैर्मूलफलादिभिः ॥ शस्ताङ्कुरांशुकैश्चार्चेत्तुलस्या प्रियया प्रभुम् ॥५५॥
लब्ध्वा द्रव्यमयीमर्चां क्षित्यम्ब्वादिषु वाऽर्चयेत ॥ आभृतात्मा मुनिः शान्तो यतवाङ्मितवन्यभुक् ॥ ५६ ॥ स्वेच्छावतारचरितैरचिन्त्यनिजमायया ॥
करिष्यत्युत्तमश्लोकस्तद्ध्यायेद्धृदयङ्गमम् ॥ ५७ ॥ परिचर्या भगवतो यावत्यः पूर्वसेविताः ॥ ता मन्त्रहृदयेनैव प्रयुञ्ज्यान्मन्त्रमूर्तये ॥ ५८ ॥ एवं
कायेन मनसा वचसा च मनोगम् ॥ परिचर्यमाणो भगवान्भक्तिमत्परिचर्यया ॥ ५९ ॥ पुंसाममायिनां सम्यग्भजतां भाववर्धनः ॥ श्रेयो दिशत्य-
कायेन मनसा वचसा च मनोगतम् ॥ परिचर्यमाणो भगवान्भक्तिमत्परिचर्यया ॥ ५९ ॥ पुंसाममायिनां सम्यग्भजतां भाववर्धनः ॥ श्रेयो दिशत्य-
भिमतं यद्धर्मादिषु देहिनाम् ॥ ६० ॥ विरक्तश्चेन्द्रियरतौ भक्तियोगेन भूयसा ॥ तं निरन्तरभावेन भजेताद्धा विमुक्तये ॥ ६१ ॥ इत्युक्तस्तं परिक्रम्य
प्रणम्य च नृपार्भकः ॥ ययौ मधुवनं पुण्यं हरेश्चरणचर्चितम् ॥ ६२ ॥ तपोवनं गते तस्मिन्प्रविष्टोऽन्तःपुरं मुनिः ॥ अर्हितार्हणको राज्ञा सुखासीन
उवाच तम् ॥ ६३ ॥ नारद उवाच ॥ राजन्किं ध्यायसे दीर्घं मुखेन परिशुष्यता ॥ किं वा न रिष्यते कामो धर्मो वाऽर्थेन संयुतः ॥ ६४ ॥
राजोवाच ॥ सुतो मे बालको ब्रह्मन् स्त्रैणेनाकरुणात्मना ॥ निर्वासितः पंचवर्षः सह मात्रा महान्कविः ॥ ६५ ॥ अप्यनाथं वने ब्रह्मन्मास्मा-

इच्छानुसार धर्म, अर्थ, काम तथा मोक्षरूपी श्रेय प्रदान गर्दछन् ॥५९-६०॥ अतएव उपासक इन्द्रिय सम्बन्धी भोगहरूको इच्छा त्यागोस् र मोक्ष-प्राप्तिको निम्ति प्रबल भक्तियोग साधन गर्दै सर्वदा अनन्य भावले भगवान्को भजन गरिरहोस ॥६१॥ यसरी नारदजीले उपदेश दिएपछि राजकुमार ध्रुवले नारदजीको परिक्रमा गरे र उनलाई प्रणाम गरे अनि भगवान्का चरणचिह्नले पवित्र मधुवन गए ॥६२॥ राजपुत्र ध्रुवले तपोवन प्रस्थान गरेपछि नारदजी राजा उत्तानपादको अन्तःपुरमा गए र राजाद्वारा यथायोग्य पूजा पाएर सुखपूर्वक आसनमा बसेर राजासित भने—॥६३॥ नारदजी भन्दछन्—हे राजन् ! तिम्रो मुख किन सुखेको र निन्याउरो भयो ? चिन्तामा गाडियौ ? अर्थ सहित धर्म अथवा कामरूपी तिम्रो पुरुषार्थ त नष्ट भएर गएन ? ॥६४॥ राजाले *पछितो मान्दै भने—हे ब्रह्मन् ! म सान्है नै स्त्रैण एवं निर्दयी छु । हरे ! मैले आफ्नो त्यति बाठो पाँचवर्षको बालकलाई त्यसकी आमासहित घरबाट बाहिर

*दृष्टान्त—(हृदयको पछितो —यौटा सत्संगमण्डली प्रातिदिन नियमले जम्मा हुन्थे, ईश्वरसम्बन्धी वार्तालाप गर्दथे र आनन्दाश्रु बगाउँदै ध्यान भजन गर्दथे । त्यहीं नजीकै बस्ने सेठको लेखनदास दिनहुँ त्यो सबै देख्दथ्यो । जस्तो संग त्यस्तै रंग यस कथनको अनुसार लेखनदास पनि त्यस सत्संगमण्डलीमा मिसियो । त्यो सबै जनासित भजन गर्न बस्तथ्यो, तर त्यसको चित्त एकाग्र दैनथ्यो, सत्यवादी थियो । सत्य बोल्ने व्यक्तिलाई नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकालि दिएँ ॥ ६५ ॥ हे भगवान् ! थकाईले मलीन अनुहार भएको, भोक-प्यासले आतुर भएर बाटोमा सुतेको त्यस अनाथ बालकलाई वनका जन्तुले त खाअन् ? ॥६६॥ म स्त्रीं-परवश (कामी) को दुष्टता त हेर, त्यो सानो बालक प्रेमले मेरो काखामा बस्न खोजिरहेथ्यो, किन्तु म पापीले त्यसको अलिकति पनि ख्याल राख्न सकिन ॥६७। अनि नारदजी भन्न-लागे–हे राजन् ! तिमी आफ्नो छोराको चिन्ता नगर । त्यसका रक्षक भगवान् छन् । तिमी त्यसको प्रभाव जान्दैनौ । केही समयपछि त्यसको यश सम्पूर्ण संसारमा फैलिने छ ॥६८॥ त्यो वीर बालक लोकपालहरूद्वारा पनि निकै कष्टले गरिने योग्य सारै ठूलो काम गरेर शीघ्र तिम्रो नगीच फर्केर आउने छ । त्यसैले गर्दा तिम्रो यश पनि संसारमा फैलिने छ ॥६९॥ मैत्रेयजी भन्दछन्—हे विदुर ! देवर्षि नारदको वचन सुनेर महाराज उत्तानपाद राज्यलक्ष्मीको पनि अनादर गरेर सर्वदा आफ्नो छोराको चिन्तामा लीन रहन लागे ॥७०॥ उता ध्रुवले

दन्त्यर्भकं बृकाः ॥ श्रान्तं शयानं क्षुधितं परिम्लानमुखाम्बुजम् ॥ ६६ ॥ अहो मे बत दौरात्म्यं स्त्रीजितस्योपधारय ॥ योऽङ्कं प्रेम्णाऽऽरुरुक्षन्तं नाभ्यनन्दमसत्तमः ॥ ६७ ॥ नारद उवाच ॥ मा मा शुचः स्वतनयं देवगुप्तं विशाम्पते ॥ तत्प्रभावमविज्ञाय प्रावृङ्क्ते यद्यशो जगत् ॥ ६८ ॥ सुदुष्करं कर्म कृत्वा लोकपालैरपि प्रभुः ॥ एष्यत्यचिरतो राजन्यशो विपुलयंस्तव ॥ ६९ ॥ मैत्रेय उवाच ॥ इति देवर्षिणा प्रोक्तं विश्रुत्य जगतीपतिः ॥ रालक्ष्मीमनादृत्य पुत्रमेवान्वचिन्तयत् ॥७०॥ तत्राभिषिक्तः प्रयतस्तामुपोष्य विभावरीम् ॥ समाहितः पर्यचरदृष्यादेशेन पूरुषम् ॥ ७१ ॥ त्रिरात्रान्ते त्रिरात्रान्ते कपित्थबदराशनः ॥ आत्मवृत्त्यनुसारेण मासं निन्येऽर्चयन्हरिम् ॥ ७२ ॥ द्वितीयं च तथा मासं षष्ठे षष्ठेऽर्भको दिने ॥ तृणपर्णादिभिः शीर्णैः कृतान्नोऽभ्यर्चयद्विभुम् ॥ ७३ ॥ तृतीयं चानयन्मासं नवमे नवमेऽहनि ॥ अब्भक्ष उत्तमश्लोकमुपाधावत्समाधिना ॥ ७४ ॥ चतुर्थमपि वै मासं द्वादशे द्वादशेऽहनि ॥ वायुभक्षो जितश्वासो ध्यायन्देवमधारयत् ॥ ७५ ॥ पञ्चमे मास्यनुप्राप्ते जितश्वासो नृपात्मजः ॥

मधुवन पुगेर कालिन्दीमा स्नान गरे र त्यस रात भोकै बसेर नारदजीको आदेशानुसार एकाग्र-चित्तले नारायणको उपासनामा लागे ॥ ७१ ॥ बालक ध्रुव पहिलो महीनामा तीन-तीन दिनमा शरीर निर्वाहको निम्ति मात्र जंगली फल खाएर भगवान्को उपासना गरिरहे ॥ ७२ ॥ दोस्रो महीनामा तिनले छ–छ दिन बिराएर सुकेर बृक्षबाट स्वयं झरेका पात र तृण आदिको आहार गरी भगवान्को आराधना गर्दै रहे ॥ ७३ ॥ तेस्रो महीना नौं-नौं दिनमा केवल पानी पिएर समाधि-योगद्वारा भगवान्को उपासना गरेर बिताए ॥ ७४ ॥ चौथो महीनामा तिनले श्वासलाई जितिलिए र बाह-बाह दिनपछि केवल वायु पिएर ध्यानयोग द्वारा भगवान्को आराधना गरे ॥ ७५ ॥ पाँचौं महीनामा ध्रुव श्वास

सत्य वस्तु प्राप्त हुन्छ । अतएव लेखनदासले भन्यो— मेरो मन भजनमा लाग्दैन ।' मण्डलीका प्रधानले भने—'तिम्रो हृदयमा कुनै पाप होला नभए यस्तो हुने थिएन ।' उसले भन्यो—'हो, मैले सेठको दुइ हजार रुपियाँ चोरें । यो कुरा कसैलाई पनि थाहा छैन । तर आज म रुपियाँ फर्काइदिन्छु ।' रुपियाँ फर्काइदिएपछि उसले भन्यो—'अब भजनमा अलि-अलि मन लाग्दछ । तर पूर्णरूपले लाग्दैन ।' अनि प्रधानले भने—'तिमीले पापको निम्ति क्षमा मागेन होलाउ ।' उसले भन्यो—'म क्षमा कसरी मागौं । सेठको सामुन्ने म सज्जनमा गनिएको छु । ती रुपियाँ मैले यसै जमा गरिदिएको छु । सेठलाई यो कुरा थाहा भयो भने मेरो इज्जत तीन कौडाको हुनेछ ?' प्रधानले भने—'प्रिय मित्र ! लौकिक प्रतिष्ठाका लागि हृदयमा पापरूपी सॉपलाई बसालि राख्नु उचित होइन । हिंड म तिमीसित जान्छु ।' अब ती दुबै सेठकहाँ गए । लेखनदासले सेठसित क्षमा माग्यो । सबै कुरा बुझि सेठलाई ठूलो विस्मय भयो । पछि लेखनदासको सत्यताले प्रसन्न भएर सेठ त्यसको अंकमाल गर्नलाग्यो र भित्री मनले क्षमा गरिदियो ।

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोकेर एकमात्र परब्रह्मको चिन्तन गर्दै खाँबो झैं निश्चल भावले यौटै खुट्टाको भरमा रहेर भगवान्‌को आराधना गरे ॥ ७६ ॥ त्यस बखत ध्रुव आफ्नो चित्त सबैतिरबाट हटाएर मनमनै
सबै तत्त्व र इन्द्रियहरूका आश्रयस्थल श्रीहरिको स्वरूप नै ध्यान गर्न लागे । अतः तिनलाई भगवान् बाहेक अरु केही पनि देखिइरहेको थिएन ॥ ७७ ॥ यसरी ध्रुवले महदादि सबै
तत्त्वका आधार तथा प्रकृति र पुरुषका पनि अधीश्वर परब्रह्मलाई आफ्नो हृदयमा बसालेपछि तीनै लोक कम्पित हुन लाग्यो ॥ ७८ ॥ जब ती आफ्नो यौटै खुट्टाले उभिए
तब तिनको बूढी औंलाले थिचिएर आधा पृथ्वी त्यसै गरी बाङ्गो भइन्, जसरी हात्ती चढेपछि डुङ्गा घरि दायाँ र घरि बायाँ र घरि बायाँ हल्लिरहन्छ ॥७९॥ ध्रुवजी आफ्ना इन्द्रियद्वार
प्राणलाई रोकेर अनन्य बुद्धिले विश्वात्मा भगवान्‌को चिन्तन गरिइहेका थिए । त्यसले सबै जीवको श्वास प्रश्वास अडियो । तब लोकपाल सहित सबै जीव अतिशय पीडित भएर
विष्णु भगवान्‌को शरणमा पुगे ॥ ८० ॥ देवताहरूले भने—हे भगवन् ! सबै लोकका निवासी समस्त चराचर प्राणिहरूको श्वास-प्रश्वास अडियो—यसको के कारण हो, त्यो हामीहरूले

ध्यायन्ब्रह्म पदैकेन तस्थौ स्थाणुरिवाचलः ॥ ७६ ॥ सर्वतो मन आकृष्य हृदि भूतेन्द्रियाशयम् ॥ ध्यायन्भगवतो रूपं नाद्राक्षीत्किञ्चनापरम् ॥७७॥
आधारं महदादीनां प्रधानपुरुषेश्वरम् ॥ ब्रह्म धारयमाणस्य त्रयो लोकाश्चकम्पिरे ॥ ७८ ॥ यदैकपादेन स पार्थिवार्भकस्तस्थौ तदङ्गुष्ठनिपीडिता
मही ॥ ननाम तत्रार्धमिभेन्द्रधिष्ठिता तरीव सव्येतरतः पदे पदे ॥ ७९ ॥ तस्मिन्नभिध्यायति विश्वमात्मनो द्वारं निरुध्यासुमनन्यया धिया ॥ लोका
निरुच्छ्वासदिपीडिता भृशं सलोकपालाः शरणं ययुर्हरिम् ॥ ८० ॥ देवा ऊचुः ॥ नैवं विदामो भगवन्प्राणरोधं चराचरस्याखिलसत्त्वधाम्नः ॥
विधेहि तन्नो वृजिनाद्विमोक्षं प्राप्ता वयं त्वां शरणं शरण्यम् ॥ ८१ ॥ श्रीभगवानुवाच ॥ मा भैष्ट बालं तपसो दुरत्ययान्निवर्तयिष्ये प्रतियात
स्वधाम ॥ यतो हि वः प्राणनिरोध आसीदौत्तानपादिर्मयि संगतात्मा ॥ ८२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे ध्रुवचरितेऽष्टमोऽ-
ध्यायः ॥ ८ ॥ मैत्रेय उवाच ॥ त एवमुत्सन्नभया उरुक्रमे कृतावनामाः प्रययुस्त्रिविष्टपम् ॥ सहस्रशीर्षाऽपि ततो गरुत्मता मधोर्वनं भृत्य दिदृक्षया
गतः ॥ १ ॥ स वै धिया योगविपाकतीव्रया हृत्पद्मकोशे स्फुरितं तडित्प्रभम् ॥ तिरोहितं सहसैवोपलक्ष्य बहिः स्थितं तदवस्थं ददर्श ॥ २ ॥

बुझ्न सकेनौं । हजुर शरणागतहरूका रक्षक हुनुहुन्छ, अतः आफ्नो शरणमा आएका हामीलाई यस महासङ्कटबाट झिक्नुहवस् ॥ ८१ ॥ भगवान् भन्नुहुन्छ—हे देवगण ! नडराओ । राजा
उत्तानपादको छोरो ध्रुवले आफ्नो चित्त ममा लीन गरिदियो, त्सैले ऊ बालकको प्राणनिरोधले समस्त विश्वको श्वास अडिएको हो । तिमीहरू आफाफ्ना लोकमा जाओ । म त्यस बालक-
लाई अहिल्यै त्यो दुष्कर तपस्याबाट निवृत्त पारिदिन्छु ॥८२॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां अष्टमोऽध्यायः ॥८॥ (ध्रुवले भगवान्‌बाट वर पाएर घर
फर्कनु) मैत्रेय भन्दछन्—हे विदुर ! भगवान्‌ले त्यसरी भनेपछि निर्भय भएर सबै देवता उनलाई प्रणाम गरेर स्वर्गलोक फर्के । तब सहस्रशीर्ष भगवान् पनि गरुडमा आरूढ भई आफ्नो
भक्तलाई हेर्नको निम्ति मधुवनतिर हिंड्नु भयो॥१॥ध्रुव तीव्र योगाभ्यास द्वारा एकाग्र पारिएको बुद्धिले आफ्नो हृदयरूपी कमलकोशमा भगवान्‌को जुन विद्युत् झैं देदीप्यमान मूर्तिको
ध्यान गरिरहेका थिए, त्यसलाई सहसा हराएको देखेर ती आत्तिए र तुरुन्त आँखा उघारे, तब श्रीहरि रूपमा तिनको साम्मुन्ने उभिएका देखिए ॥२॥ प्रभुको दर्शनले आश्चर्यमा परेका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालकले लट्ठी झैं पृथ्वीमा परेर प्रणाम गरे--मानो तीं नेत्रले निल्छन्, मुखले चुम्बन गर्छन् तथा भुजाहरूमा अँठ्याउँछन्—यस प्रकार प्रेमपूर्ण दृष्टिले भगवान्तिर हेर्न लागे ॥३॥ बालक ध्रुव प्रभुसित केही भन्न खोज्दै थिए, तर कसरी भनौं र के भनौं--यो ज्ञान भइरहेको थिएन । सर्वान्तर्यामी भगवान्ले तिनका मनको कुरा जान्नुभयो र उहाँले ठूलो दया कृपाका साथ आफ्नो वेदमय शङ्खले करबद्ध उभिएका ध्रुवको गालामा छोइदिनु भयो ॥३॥ त्यो शङ्खको स्पर्श हुनासाथ उनलाई दिव्यवाणी प्राप्त भयो, साथै उनलाई जीवात्मा र परमात्माको स्वरूप निश्चितरूपले ज्ञात भयो र जसलाई भविष्यमा ध्रुवपद प्राप्त हुने भएको थियो, ती ध्रुव जसको पवित्र यश सर्वत्र प्रख्यात छ, ती श्रीहरिको ठूलो भक्तिभावले स्तुति गर्न लागे ॥५॥ उनले भने--जुन सर्वशक्तिसम्पन्न भगवान् मेरो हृदयमा प्रविष्ट भएर आफ्नो तेजले मेरी निदाएकी वाणीलाई सजीव पारेरकर, चरण, कर्ण एवं त्वचा आदि अन्यान्य इन्द्रिय र प्राणहरूलाई पनि चेतना प्रदान गर्दछन् ती हजुर परम पुरुषलाई प्रणाम छ ॥ ६ ॥ हे भगवन् ! हजुर एक्लै आफ्नी गुणमयी माया शक्ति द्वारा महदादि सम्पूर्ण जगत्लाई

तद्दर्शनेनागतसाध्वसः क्षितावववन्दताङ्गं विनमय्य दण्डवत् ॥ दृग्भ्यां प्रपश्यन्प्रपिबन्निवार्भकश्चुम्बन्निवास्येन भुजैरिवाश्लिषन् ॥ ३ ॥ स तं विवक्षन्तमतद्विदं हरिर्ज्ञात्वाऽस्य सर्वस्य च हृद्यवस्थितः ॥ कृताञ्जलिं ब्रह्ममयेन कम्बुना पस्पर्श बालं कृपया कपोले ॥ ४ ॥ स वै तदैव प्रतिपादितां गिरं दैवीं परिज्ञातपरात्मनिर्णयः ॥ तं भक्तिभावोऽभ्यगृणादसत्वरं परिश्रुतोरुश्रवणं ध्रुवक्षितिः ॥ ५ ॥ ध्रुव उवाच ॥ योऽन्तः प्रविश्य मम वाचमिमां प्रसुप्तां सञ्जीवयत्यखिलशक्तिधरः स्वधाम्ना ॥ अन्यांश्च हस्तचरणश्रवणत्वगादीन्प्राणान्नमो भगवते पुरुषाय तुभ्यम् ॥ ६ ॥ एकस्त्वमेव भगवन्निदमात्मशक्त्या मायाख्ययोरुगुणया महदाद्यशेषम् ॥ सृष्ट्वाऽनुविश्य पुरुषस्तदसद्गुणेषु नानेव दारुषु विभावसुवद्विभासि ॥ ७ ॥ त्वद्दत्तया वयुनेदमचष्ट विश्वं सुप्तप्रबुद्ध इव नाथ भवत्प्रपन्नः ॥ तस्यापवर्ग्यशरणं तव पादमूलं विस्मर्यते कृतविदा कथमार्तबन्धो ॥ ८ ॥ नूनं विमुष्टमतयस्तव मायया ते ये त्वां भवाप्ययविमोक्षणमन्यहेतोः ॥ अर्चन्ति कल्पकतरुं कुणपोपभोग्यमिच्छन्ति यत्स्पर्शजं निरयेऽपि नृणाम् ॥ ९ ॥ या निर्वृतिस्तनुभृतां तव पादपद्मध्यानाद्भवज्जनकथाश्रवणेन वा स्यात् ॥ सा ब्रह्मणि स्वमहिमन्यपि नाथ माभूत्किंत्वन्तकासिलुलितात्पततां विमा-

रचेर त्यसका इन्द्रिय आदि असत् गुणहरूमा जीवरूपले प्रविष्ट भएर यौटै भए पनि अनेक झैं देखिनु हुन्छ । जस्तै–अनेक थरिका काठमा अनुप्रविष्ट अग्नि आफ्ना उपाधिहरूको अनुसार भिन्न रूपमा भासमान हुन्छ ॥ ७ ॥ हे नाथ ! ब्रह्माजीले पनि हजुरको शरणमा गएर हजुरले दिएका ज्ञानको प्रभावले नै जगतलाई सुतेर उठे झैं देखेका थिए । हे दीनबन्धो ! मुक्त पुरुषहरूका पनि आश्रय पाउने योग्य हजुरका चरणलाई कुनै कृतज्ञ पुरुष कसरी बिर्सन सक्तछ ? ॥८॥ जसको संसर्ग द्वारा प्राप्त हुने सुख नरकतुल्य योनिमा पनि पुग्न सक्तछ, ती शवसदृश शरीरले भोगिने योग्य विषयहरूको जुन पुरुष इच्छा गर्दछन् र जो जन्म-मरणरूपी संसारबाट मुक्त पार्ने कल्पवृक्षरूपी हजुरको, मोक्ष बाहेक अन्य कुनै लोभले उपासना गर्दछन्, अवश्यनै तिनको बुद्धिलाई हजुरकी मायाले हरेकी छन् ॥९॥ हजुरका चरणको ध्यान गर्न अथवा हजुरका भक्तजनको कथा सुन्नाले प्राणिहरूलाई जुन आनन्द प्राप्त हुन्छ, त्योआफ्नो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूपभूत परब्रह्ममा पनि पाउन सकिन्न । फेरि जसलाई कालको तरवारले खण्डित पारिदिन्छ—ती स्वर्गका विमानबाट झरेका पुरुषलाई त्यो कसरी प्राप्त होला ? ॥ १० ॥ अतएव हे अनन्त ! हजुरमा सर्वदा भक्तिभाव राख्ने शुद्धचित्त महापुरुषसित मेरो बरावर समागम होस् जसद्वारा म हजुरका गुणरूपी कथामृत पिउनाले उन्मत्त भएर उग्र तथा विविध प्रकारका कष्टले परिपूर्ण यस संसार-सागरलाई सजिलै तर्न सकूँ। हे कमलनाभ ! हजुरका चरणकमलमा जसको मन संलग्न छ, ती महापुरुषसित ज्यो व्यक्ति सत्सङ्ग गर्दछन् हे ईश ! ती आफ्नो परमप्रिय शरीर तथा यसका सम्बन्धी स्त्री-पुत्र, घर आदिको सम्झना पनि गर्न पाउन्नन् ॥११-१२॥ हे अज ! पशु-पक्षि आदि तिर्यक् योनि पर्वत, चरा र सर्प, दैत्य, देवता तथा मनुष्य आदिले परिपूर्ण एवं महत्तत्त्वादि कार्य-कारणले युक्त हजुरको यस स्थूल शरीरलाई नै म जान्दछु । जुन सम्म वाणको गति पनि छैन, हजुरको त्यो स्वरूपलाई मैले जान्न सकेको छैन ॥ १३ ॥ हे नाथ ! कल्पान्तको समयमा जुन शेषजीका सखा, स्वयं प्रकाश तथा परम पुरुष भगवान् सम्पूर्ण संसारलाई आफ्नो उदरमा लीन गरेर

नात् ॥१०॥ भक्तिं मुहुः प्रवहतां त्वयि मे प्रसङ्गो भूयादनन्त महताममलाशयानाम् ॥ येनाञ्जसोल्बणमुरुव्यसनं भवाब्धिं नेष्ये भवद्गुणकथामृतपा-
नमत्तः ॥११॥ ते न स्मरन्त्यतितरां प्रियमीश मर्त्यं ये चान्वदः सुतसुहृद्गृहवित्तदाराः ॥ ये त्वब्जनाभ भवदीयपदारविन्दसौगन्ध्यलुब्धहृदयेषु
कृतप्रसङ्गाः ॥१२॥ तिर्यङ्नगद्विजसरीसृपदेवदैत्यमर्त्यादिभिः परिचितं सदसद्विशेषम् ॥ रूपं स्थविष्ठमज ते महदाद्यनेकं नातः परम वेद्मि न यत्र
वादः ॥१३॥ कल्पान्त एतदखिलं जठरेण गृह्णन् शेते पुमान् स्वदृगनन्तसखस्तदङ्के ॥ यन्नाभिसिन्धुरुहकाञ्चनलोकपद्मगर्भे द्युमान्भगवते प्रणतोऽस्मि
तस्मै ॥ १४ ॥ त्वं नित्यमुक्तपरिशुद्धविबुद्ध आत्मा कूटस्थ आदिपुरुषो भगवांस्त्र्यधीशः ॥ यद्बुद्ध्यवस्थितमखण्डितया स्वदृष्ट्या द्रष्टा स्थिताव-
धिमखो व्यतिरिक्त आस्से ॥१५॥ यस्मिन्विरुद्धगतयो ह्यनिशं पतन्ति विद्यादयो विविधशक्तय आनुपूर्व्यात् ॥ तद्ब्रह्म विश्वभवमेकमनन्तमाद्यमान-
न्दमात्रमविकारमहं प्रपद्ये ॥१६॥ सत्याशिषो हि भगवंस्तव पादपद्ममाशीस्तथाऽनुभजतः पुरुषार्थमूर्तेः ॥ अप्येवमार्य भगवान्परिपाति दीनान्वाश्रेव
वत्सकमनुग्रहकातरोऽस्मान् ॥ १७ ॥ मैत्रेय उवाच ॥ अथाभिष्टुत एवं वै सत्सङ्कल्पेन धीमता ॥ भृत्यानुरक्तो भगवा प्रतिनन्द्येदमब्रवीत् ॥ १८ ॥

शेष-शय्यामा सुत्तछन्, तथा जसको नाभि-सिन्धुबाट उत्पन्न सबै लोकका उत्पत्ति-स्थानस्वरूप सुवर्णमय कमलबाट तेजस्वी ब्रह्माजी उत्पन्न भएका थिए, तिनै हजुर परमेश्वरलाई म नमस्कार गर्दछु ॥१४॥ हे प्रभो ! हजुर जीवात्माबाट भिन्न अर्थात् सबै पुरुषहरूमा उत्तम हुनुहुन्छ किनकि हजुर नित्यमुक्त, नित्यशुद्ध, चेतन, आत्मा, निर्विकार, आदिपुरुष, षडैश्वर्य सम्पन्न तथा तीनै लोकका अधिपति हुनुहुन्छ र आफ्नो दृष्टिले बुद्धिका अवस्थाहरूले देख्नुहुन्छ । संसारको स्थितिका लागि नै हजुर यज्ञपुरुष श्रीविष्णु भगवान्‌का रूपमा विराजमान हुनुहुन्छ ॥ १५ ॥ जसबाट विद्या तथा अविद्या आदि विरुद्ध गतिहरूले युक्त अनेक शक्तिहरू क्रमशः हुँदै रहन्छन्, म विश्वलाई उत्पन्न गर्ने ती एक आद्य, आनन्दमात्र तथा निर्विकार परब्रह्मको शरणमा छु ॥१६॥ हे भगवन् ! जो पुरुषार्थका मूर्ति बुझेर (ठानेर) निष्कामभावले सदासर्वदा हजुरको भजन गर्ने गर्दछन् ती भक्तजनको तिम्ति राज्यादि भोगको अपेक्षा पुरुषार्थस्वरूप हजुरका चरण-कमलको प्राप्ति हुनु नै वास्तविक फल हो । यद्यपि यही उचित छ तथापि गाई जस्तै आफ्नो तत्काल जन्मेको बाछोलाई दूध पिलाउँछे र व्याघ्रादि ॥२०१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट रक्षा गर्दछे, त्यस्तै भक्तजनमा अनुग्रह गर्नको निम्ति सधैं विकल रहने भएका हजुर हामीजस्ता सकाम भक्तका पनि मनोकामना पूर्ण पारेर उनलाई संसार-सागरबाट पारी तार्नुहुन्छ ।।१७।। मैत्रेयजी भन्दछन्–हे विदुर ! शुभ-सङ्कल्प तथा बुद्धिमान ध्रुवले यसरी स्तुति गरेपछि भक्तवत्सल भगवान् तिनको प्रशंसा गर्दै यस प्रकार बोल्नुभयो।।१८।।श्रीभगवान्ले भन्नुभयो हे राजकुमार ! तिम्रो जे इच्छा छ, त्यो म जान्दछु । हे सुव्रत ! म तिमीलाई त्यो सर्वोच्च पद दिन्छु, जुन पाउन धेरै कठिन छ । तिम्रो कल्याण होस् ।।१९।। हे कल्याण-स्वरूप ! जुन तेजोमय ध्रुवलोक आजसम्म कसैले पनि प्राप्त गरेको छैन तथा जसमा ग्रह, नक्षत्र र तारागणरूप ज्योतिश्चक्र विद्यमान छ ।। २० ।। जो कल्पान्तसम्म रहिरहने लोकभन्दा पनि बर्ता कालसम्म रहिरहने छ र कोल्हूको चारैतिर घुमिरहने गोरूको समान नक्षत्र, धर्म, अग्नि, कश्यप तथा शुक्र आदि वनवासी मुनिजन जसको प्रदक्षिणा गर्दै घुमि नै रहन्छन्, त्यो ध्रुवलोक म तिमीलाई दिन्छु ।।२१।। यस लोकमा पनि तिमीलाई राज्य दिएपछि जब तिम्रा पिता वनमा जानेछन् तब तिमी छत्तीस हजार वर्षसम्म इन्द्रियशक्तिको ह्रास नगरी

श्रीभगवानुवाच ।। वेदाहं ते व्यवसितं हृदि राजन्यबालक ।। तत्प्रयच्छामि भद्रं ते दुरापमपि सुव्रत ।। १९ ।। नान्यैरधिष्ठितं भद्र यद्भ्राजिष्णु ध्रुवक्षिति ।। यत्र ग्रहर्क्षताराणां ज्योतिषां चक्रमाहितम् ।। २० ।। मेढ्यां गोचक्रवत्स्थास्नु परस्तात्कल्पवासिनाम् ।। धर्मोऽग्निः कश्यपः शुक्रो मुनयो ये नवौकसः ।। चरन्ति दक्षिणीकृत्य भ्रमन्तो यत्सतारकाः ।। २१ ।। प्रस्थिते तु वनं पित्रा दत्त्वा गां धर्मसंश्रयः ।। षट्त्रिंशद्वर्षसाहस्रं रक्षिताऽव्याहतेन्द्रियः ।। २२ ।। त्वद्भ्रातर्युत्तमे नष्टे मृगयायां तु तन्मनाः ।। अन्वेषन्ती वनं माता दावाग्निं सा प्रवेक्ष्यति ।।२३।। इष्ट्वा मां यज्ञहृदयं यज्ञैः पुष्कलदक्षिणैः ।। भुक्त्वा चेहाशिषः सत्या अन्ते मां संस्मरिष्यसि ।। २४ ।। ततो गन्ताऽसि मत्स्थानं सर्वलोकनमस्कृतम् ।। उपरिष्टादृषिभ्यस्त्वं यतो नावर्तते गतः ।।२५।। मैत्रेय उवाच ।। इत्यर्चितः स भगवानतिदिश्यात्मनः पदम् ।। बालस्य पश्यतो धाम स्वमगाद्गरुडध्वजः ।।२६।। सोऽपि सङ्कल्पजं विष्णोः पादसेवोपसादितम् ।। प्राप्य सङ्कल्पनिर्वाणं नातिप्रीतोऽभ्यगात्पुरम् ।। २७ ।। विदुर उवाच ।। सुदुर्लभं यत्परमं पदं हरेर्मायाविनस्तच्चरणार्चनार्जितम् ।। लब्ध्वाऽप्यसिद्धार्थमिवैकजन्मना कथं स्वमात्मानममन्यतार्थवित् ।। २८ ।। मैत्रेय उवाच ।। मातुः सपत्न्या वाग्बा

धर्मास्थित रहेर पृथ्वीको राज्य गर्नेछौ।।२२।। जब तिम्रो दाजू उत्तम शिकारको प्रसङ्गमा मारिने छन्, अनि तिनकी आमा सुरुचि पुत्र-स्नेहले बौलाही भएर छोरोलाई खोज्दै दावानलमा डढेर मर्नेछन् ।। २३ ।। तिमी धेरै-धेरै दक्षिणा दिइने अनेकौं यज्ञद्वारा म यज्ञमूर्तिको यजन गरेर यस लोकमा नाना प्रकारका उत्तम भोग भोगेर वृद्धावस्थामा मेरो स्मरण गर्नेछौ ।।२४।। अनि तिमी सबै लोकहरूमा वन्दनीय तथा सप्तर्षि लोकभन्दा पनि माथि मेरो निज धाममा प्राप्त हुनेछौ जहाँ पुगेपछि प्राणीलाई फेरि संसारमा फर्कनु पर्दैन । मैत्रेयजी भन्दछन्— यस प्रकार ध्रुवद्वारा पूजित गरुडध्वज भगवान् आफ्नो पद दिएर ती बालकले हेर्दाहेर्दै आफ्नो लोकमा फर्केर गए ।। २५-२६ ।। यता ध्रुवपनि भगवानका चरण-सेवाद्वारा आफ्नो सङ्कल्प पूर्तिको वरदान पाएर आफ्नो नगरमा फर्केर आए, किन्तु त्यस बेला तिनको चित्त बर्ता प्रसन्न थिएन ।।२७।। यति कथा सुनेर विदुरले सोधे–हे ब्रह्मन् ! मायापति भगवानको जुन परमपद अत्यन्त दुर्लभ छ, जुन उनको चरण-कमलको उपासनाले नै प्राप्त हुन सक्दछ, त्यस पदलाई यौटै जन्ममा प्राप्त गरेर पनि पुरुषार्थको तत्त्वलाई जान्ने भएका

... Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्रुवले आफुलाई अकृतार्थ किन ठाने ? ॥२८॥ मैत्रेयजी भन्दछन्–आफ्नी सौतेनी आमाका वाग्बाणले विद्ध भएर ध्रुवले त्यही कुराको स्मरण गर्दै मुक्तिदाता श्रीहरिसित मुक्तिको वरदान मागेनन् । पछि यसको निम्ति उनलाई ठूलो सन्ताप भयो ॥२९॥ उनले विचार गरे—अहो ! जुन पदको ब्रह्मचर्य-व्रतधारी सनन्दनादि सिद्धगण अनेक जन्ममा प्राप्त गर्न सक्तैथे, उनै भगवच्चरणको छायालाई मैले केवल छः महीनामै प्राप्त गरें, किन्तु भेद-बुद्धिले गर्दा मैले भगवान्का चरणबाट टाढा रहनु पर्ने भयो ॥३०॥ अहो ! म मन्द-भाग्य हुने मेरो मूर्खता त हेर, मैले संसार-पाशलाई छिनाल्ने भएका प्रभुका चरण-कमलमा पुगेर पनि नाशवान् पदार्थ नै माग ॥ ३१ ॥ स्वर्ग भोगपछि त्यो भन्दा नीच गति पाउने देवताहरूले मेरो भगवत् प्राप्ति रूपिणी उच्च स्थितिलाई सहन नसकेर मेरो बुद्धि भ्रष्ट पारिदिए, त्यसै कारण म मूर्खले नारदका ती वाक्यहरूको–अहिले तिमी बालै छौ, मलाई तिम्रो मानापमान हुने कारण देखिइरहेको छैन, विश्वास मानिन ॥ ३२॥ जस्तो निदाएको मानिस सपनामा आफूले नै कल्पित सर्प व्याघ्रादि देखि डराउँछ त्यस्तै आत्मा बाहेक कुनै अन्य

णैर्हृदि विद्धस्तु तान्स्मरन् ॥ नैच्छन्मुक्तिपतेर्मुक्तिं तस्मात्तापमुपेयिवान् ॥ २६ ॥ ध्रुव उवाच ॥ समाधिना नैकभवेन यत्पदं विदुः सनन्दादय ऊर्ध्वरेतसः ॥ मासैरहं षड्भिरमुष्य पादयोश्छायामुपेत्यापगतः पृथङ्मतिः ॥ ३० ॥ अहो बत ममानात्म्यं मन्दभाग्यस्य पश्यत ॥ भवच्छिद पादमूलं गत्वा याचे यदन्तवत् ॥ ३१ ॥ मतिर्विदूषिता देवैः पतद्भिरसहिष्णुभिः ॥ यो नारदवचस्तथ्यं नाग्राहिषमसत्तमः ॥ ३२ ॥ दैवीं मायामुपाश्रित्य प्रसुप्त इव भिन्नदृक् ॥ तप्ये द्वितीयेऽप्यसति भ्रातृभ्रातृव्यहृद्रुजा ॥ ३३ ॥ मयैतत्प्रार्थितं व्यर्थं चिकित्सेव गतायुषि ॥ प्रसाद्य जगदात्मानं तपसा दुष्प्रसादनम् ॥ भवच्छिदमयाचेऽहं भवं भाग्यविवर्जितः ॥ ३४ ॥ स्वाराज्यं यच्छतो मौढ्यान्मानो मे भिक्षितो बत ॥ ईश्वरात्क्षीणपुण्येन फलीकारानिवाधनः ॥ ३५ ॥ मैत्रेय उवाच ॥ न वै मुकुन्दस्य पदारविन्दयो रजोजुषस्तात भवादृशा जनाः ॥ वाञ्छन्ति तद्दास्यमृतेऽर्थमात्मनो यदृच्छया लब्धमनःसमृद्धयः ॥३६॥ आकर्ण्यात्मजमायान्तं सम्परेत्य यथागतम् ॥ राजा न श्रद्दधे भद्रमभद्रस्य कुतो मम ॥३७॥ श्रद्धाय वाक्यं देवर्षेर्हर्षवेगेन धर्षितः ॥ वार्ताहर्तुरतिप्रीतो हारं प्रादान्महाधनम् ॥ ३८ ॥ सदश्वं रथमारुह्य कार्तस्वरपरिष्कृतम् ॥ ब्राह्मणैः कुलवृद्धैश्च पर्यस्तोऽमात्यबन्धुभिः ॥

पदार्थ नभए पनि भगवान्की मायाले मोहित र भेद-बुद्धि भएको म आफ्नो दाईलाई नै शत्रुमानेर द्वेषरूपी हार्दिक रोगले सन्ताप अनुभव गर्दछु । ३३ । जो ठूलो श्रमले प्रसन्न हुन्छन्, संसार-पाशलाई काट्ने ती विश्वात्मा श्रीहरिलाई प्रसन्न पारेर पनि जस्तै कोही मरणासन्न प्राणी औषधि माग्दछ, त्यस्तै म अभागीले संसार नै मागें ॥ ३४ ॥ जस्तै कोही निर्धन व्यक्ति मार्त्र भौम राजालाई खुशी पारेर त्यो सित चामलको कनिका मागोस् त्यस्तै म क्षीण-पुण्यले परमानन्ददायक भगवान्सित मूर्खतावश केवल सम्मान मागें ॥३५॥ मैत्रेय भन्दछन्—हे तात ! भगवान् कृष्णको चरण-रजका सेवक र स्वयं प्राप्त भएको वस्तुले नै मनलाई सन्तुष्ट राख्ने तिमी जस्ता मानिस भगवानसित उनको दासत्व बाहेक अरु केही पनि माग्दैनन् ॥३६॥ उता उत्तानपादले कुनै मरिसकेको व्यक्ति फर्केर आए झैं जब छोरोको समाचार सुने तब यो विचार गरेर-'म भाग्यहीनको यस्तो भाग्य कहाँ हुनु ? तिनलाई विश्वास नै भइरहेको थिएन ॥ ३७ ॥ तर देवर्षि नारदको कथन सम्झना साथ विश्वास भयो र उनले अपार हर्षले विह्वल भएर त्यो समचार सुनाउन आउने व्यक्तिलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यौटा मूल्यवान् हार उपहारमा दिए ।।३८।। पुत्रको मुख देर्नको निम्ति उत्कण्ठित भएर राजा उत्तानपाद ब्राह्मणहरू, आफ्नू कुलका बूढा-पाका, मन्त्रिमण्डल र बन्धुहरूले चारैतिर घेरिएर एक सुवर्णमण्डित रथमा आरूढ भई वेदध्वनि र शङ्ख, दुन्दुभी आदि बाजाहरूका साथै छिटो-छिटो नगरबाट बाहिर निस्के ।।३९।।४०।। राजा उत्तानपादकी रानीहरू सुनीति र सुरुचि उत्तमलाई साथमा लिएर सुवर्णका गहनाहरूले सुसज्जित भई पालकीमा चढेर हिंडे ।। ४१ ।। ध्रुवलाई राजोद्यानको नगीचै देखेर महाराज उत्तानपाद तत्काल रथबाट ओर्ले र धेरै दिनदेखि भेट्न उत्कण्ठित रहनाको कारण छोरोको नगीच पुगेर लामो सास छाड्दै श्रीहरिको चरण-स्पर्शले जसका सबै पाप नष्ट भइसकेका छन्, ती ध्रुवजीलाई प्रेमातुर भावले दुवै बाहुमा अंगाल्दै घाँटीमा टाँसे ।। ४२ ।। ४३ ।। यस प्रकार राजा उत्तानपादको यौटा ठूलो कामना पूर्ण भयो । तिनले वारम्बार ध्रुवको सिर सुँघे र प्रेमातिरेकले गर्दा

न्धुभिः ।। ३९ ।। शंखदुन्दुभिनादेन ब्रह्मघोषेण वेणुभिः ।। निश्चक्राम पुरात्तूर्णमात्मजाभीक्षणोत्सुकः ।। ४० ।। सुनीतिः सुरुचिश्चास्य महिष्यौ रुक्मभूषिते ।। आरुह्य शिविकां सार्धमुत्तमेनाभिजग्मतुः ।। ४१ ।। तं दृष्ट्वोपवनाभ्याश आयान्तं तरसा रथात् ।। अवरुह्य नृपस्तूर्णमासाद्य प्रेम-विह्वलः ।। ४२ ।। परिरेभेऽङ्गजं दोर्भ्यां दीर्घोत्कण्ठमनाः श्वसन् ।। विष्वक्सेनांघ्रिसंस्पर्शहताशेषाघबन्धनम् ।। ४३ ।। अथाजिघ्रन्मुहुर्मूर्ध्नि शीतै-र्नयनवारिभिः ।। स्नापयामास तनयं जातोद्दाममनोरथः ।। ४४ ।। अभिवन्द्य पितुः पादावाशीर्भिश्चाभिमन्त्रितः ।। ननाम मातरौ शीर्ष्णा सत्कृतः सज्जनाग्रणीः ।। ४५ ।। सुरुचिस्तं समुत्थाप्य पादावनतमर्भकम् ।। परिष्वज्याह जीवेति बाष्पगद्गदया गिरा ।। ४६ ।। यस्य प्रसन्नो भगवान्गुणै-र्मैत्र्यादिभिर्हरिः ।। तस्मै नमन्ति भूतानि निम्नमाप इव स्वयम् ।। ४७ ।। उत्तमश्च ध्रुवश्चोभावन्योन्यं प्रेमविह्वलौ ।। अङ्गसङ्गादुत्पुलकावस्रौघं

बालक ध्रुवलाई आफ्नो चीसो आँसुले रुझाइदिए ।।४४।। ※साधु र सज्जनहरूका अग्रणी ध्रुवजीले आफ्ना पिताका चरणको बन्दना गरे र आशीर्वाद पाए । कुशल प्रश्नादिले सम्मानित भएपछि उनले दुवै आमालाई मस्तक निहुराएर प्रणाम गरे ।। ४५ ।। ४६ ।। सुरुचिले आफ्नो पाउमा निहुरेका बालक ध्रुवलाई उठाएर हृदयमा टाँसिन् र गद्गद्-वाणीद्वारा 'चिरञ्जीवो भए' भनेर आशीर्वाद दिइन् । जस्तै जल स्वतः भिरालोतिर बग्दछ, त्यसै गरी मैत्री आदि गुणहरूले गर्दा जसमाथि भगवान् प्रसन्न हुन्छन्, त्यसको अघिल्तिर

※ उदाहरण (साधुको परीक्षा)—यौटा भक्तले एक जना महात्मालाई आफ्नो घर भोजन गर्न निम्ता दिए । खाने बेला भएपछि तिनलाई स्वयं डाक्न गयो । घर फर्कंदा बाटोमै उसले भन्यो–'बाबाजी ! ऊः सामुन्ने हाम्रो घर देखिदैछ । हजुर जाँदै गर्नुहवस्, तदसन्म म यौटा काम गरेर आउँछु ।' महात्मा त्यसको घर गए । घरमा त्यसकी स्त्रीले भनी— तिमी जस्ता हजारौं लठुआ बेकाममा डुलिरहन्छन् । जाऊ, अहिले बेला भएको छैन ।' महात्मा प्रसन्न मनले फर्केर आए । बाटैमा त्यो भक्त भेटियो । उसले भन्यो—'बाबाजी ! त्यसले हजुरलाई चिन्ह सकिन ! हिंड्नोस् मसाथै जान्छु ।' महात्माजी फेरि त्योसित गए । घर पुगेपछि साधु भरेङ उक्ल्यो । त्यसै बखत स्त्रीले आएर हप्काई—'तिमीलाई अलिकति पनि लाज लागेन ? साधु हुनासाथ नाक-कान पनि काटिदियौ ? गृहस्थीहरूको कस्तो स्थिति हुन्छ, त्यसको पनि तिमीलाई केही ज्ञान छ ? महात्मा फेरि हाँस्तै पछाडितिर फर्किए । त्यसै बखत पछाडितिरको झ्याबाट भक्तले फेरि उनलाई डाक्यो र भन्यो— क्षमा गर्नुहोला ।' महात्माजी फेरि भरेङ उक्लन लागे । फेरि त्यही स्त्रीले रोकेर भनी—'अब नखाई तिमी फर्कंनौ पेट भर्दैन भने त्यसलाई दुइ पयाँक पार न । यति भन्दाभन्दै त्यसले खानेकुरा पस्की । महात्माले प्रसन्न मनले भोजन गरे, पछि त्यो स्त्री महात्माको खुट्टामा न्यूरिई र भनी—'बाबाजी ! क्षमा गर्नु होला । हजुर साक्षात् ईश्वर र शान्तिका सागर हुनुहुन्छ । यो मैले प्रत्यक्ष देखें । मान-अपमानको त ख्यालै राख्नु हुँदो रहेनछ ।' महात्माले भने --'मभन्दा असल त कुकुर हुन्छ—जो कुटाइ खाएर पनि डाक्नासाथ फेरि आइपुग्दछ । तिमीले त हप्कायौ मात्र, कुटेकी होइनौ ।'

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै जीव नतमस्तक हुन्छन् ॥४७॥ त्यसपछि उत्तम र ध्रुव ती दुवै भाई यौटा अर्कोसित अतिशय प्रेम विह्वल भएर भेटे। पारस्परिक अङ्गसङ्गले दुवैको शरीर पुलकित भएर आए
. च. र दुवैका आँखाबाट अविरल अश्रुधारा बग्नलागे ॥४८॥ ध्रुवकी आमा सुनीति आफ्नो प्राणभन्दा प्रिय छोरोको आलिङ्गनपूर्वक अङ्गस्पर्शले आनन्दित भएर आफ्ना सबै भा. टी.
सन्ताप बिर्सिइन् ॥४९॥ हे वीर ! ध्रुवकी आमा सुनीतिका स्तन आँखाबाट बनेका आँसुले पूरा भिजे र त्यसबाट दूधका धारा बग्न लागे ॥५०॥ सबै पुरवासी त्यस बखत
२॥ महारानी सुनीतिको सराहना गर्दै भन्नलागे—'हे माता ! हजुरको दुःख नष्ट पार्ने बालक ध्रुव—जुन हजुरसित धेरै दिन पहिले नै पिछडिएका थिए, सौभाग्यले आज ती फर्कर
आएका छन्। यी बालक धेरै कालसम्म यस भूमण्डलको पालन गर्नेछन् ॥५१॥ निःसन्देह हजुरले ती शरणागत-भयहारी भगवान्‌को उपासना गर्नु भयो, जसको ध्यान गर्ने धैर्यशाली अ. ९
पुरुष परम दुर्जय मृत्युलाई पनि जित्न सक्छन् ।' ॥ ५२ ॥ हे विदुरजी ! यस प्रकार सबैसित सत्कृत ध्रुव र तिनका दाजू उत्तमलाई यौटी ढोईमा बसालेर महाराज उत्तानपाद समस्त

मुहुरूहतुः ॥ ४८ ॥ सुनीतिरस्य जननी प्राणेभ्योऽपि प्रियं सुतम् ॥ उपगृह्य जहावाधिं तदङ्गस्पर्शनिर्वृता ॥ ४९ ॥ पयः स्तनाभ्यां सुस्राव नेत्रजैः सलिलैः शिवैः ॥ तदाऽभिषिच्यमानाभ्यां वीर वीरसुवो मुहुः ॥ ५० ॥ तां शशंसुर्जना राज्ञीं दिष्ट्या ते पुत्र आर्तिहा ॥ प्रतिलब्धश्चिरं नष्टो रक्षिता मण्डलं भुवः ॥ ५१ ॥ अभ्यर्चितस्त्वया नूनं भगवान्प्रणतार्तिहा ॥ यदनुध्यायिनो धीरा मृत्युं जिग्युः सुदुर्जयम् ॥ ५२ ॥ लाल्यमानं जनैरेवं ध्रुवं सभ्रातरं नृपः ॥ आरोप्य करिणीं हृष्टः स्तूयमानोऽविशत्पुरम् ॥ ५३ ॥ तत्र तत्रोपसंक्लृप्तैर्लसन्मकरतोरणैः ॥ सवृन्दैः कदलीस्तम्भैः पूगपोतैश्च तद्विधैः ॥ ५४ ॥ चूतपल्लववासःस्रङ्मुक्तादामविलम्बिभिः ॥ उपस्कृतं प्रतिद्वारमपां कुम्भैः सदीपकैः ॥५५॥ प्राकारैर्गोपुरागारैः शातकुम्भपरिच्छदैः ॥ सर्वतोऽलंकृतं श्रीमद्विमानशिखरद्युभिः ॥ ५६ ॥ मृष्टचत्वररथ्याट्टमार्गं चन्दनचर्चितम् ॥ लाजाक्षतैः पुष्पफलैस्तण्डुलैर्बलिभिर्युतम् ॥५७॥ ध्रुवाय पथि दृष्टाय तत्र तत्र पुरस्त्रियः ॥ सिद्धार्थाक्षतदध्यम्बुदूर्वापुष्पफलानि च ॥५८॥ उपजह्रुः प्रयुञ्जाना वात्सल्यादाशिषः सतीः ॥ शृण्वंस्तद्वल्गुगीतानि प्राविशद्भवनं पितुः ॥५९॥ महामणिव्रातमये स तस्मिन्भवनोत्तमे ॥ लालितो नितरां पित्रा न्यवसद्दिवि देववत् ॥ ६० ॥

पुरवासी द्वारा स्तूयमान हुँदै आफ्नो राजधानीमा प्रविष्ट भए ॥ ५३ ॥ ध्रुवको आगमनको उपलक्षमा सारा नगर मकराकृति तोरणहरूले र फल-फूलका गुच्छाले युक्त केरा-सुपारी आदिका वृक्षले सजाएका थिए ॥५४॥ नगरका प्रत्येक द्वारमा आम्रपल्लव, वस्त्र, पुष्प-माला र मोतीका मालाहरूले सुसज्जित भवन र दीपयुक्त जलपूर्ण कलशको अपूर्व शोभा थियो ॥५५॥ अतिशय सुन्दर विमानका सुवर्ण-मण्डित शिखरहरूको दीप्तिले सुशोभित प्राकार, राजद्वार तथा महलहरूले गर्दा त्यो सबैतिरबाट अलंकृत थियो ॥ ५६ ॥ त्यसका सबै चौबाटो, गल्ली, अटाली तथा बाटोहरू बढारेर त्यहाँ जल, चन्दन छर्किएको थियो र सबैतिर धानको लावा, फूल-फल, अक्षता र दर्शन-भेटका सामग्री राखिएका थिए ॥५७॥ बाटोमा जान लागेका ध्रुवलाई देखेर सफल-मनोरथ पुर-नारीहरूले स्थान-स्थानमा सरस्यूँ, अक्षता, दही, जल, दूबो एवं पुष्पहरूको वर्षा गरेर वात्सल्यभावले उनलाई अनेक राम्रा-राम्रा ॥२२॥
आशिर्वाद दिए। यसरी नर-नारीहरूको सुन्दर र मनोहर गीत सुन्दै ध्रुवले आफ्ना पिताको राजमहलमा प्रवेश गरे ॥ ५८ ॥ ५९ ॥ त्यसपछि ध्रुव उत्तम मणिहरूको पंक्तिले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुसज्जित राजभवनमा आफ्ना पिताको लालन-पालन सम्बन्धी सुख भोग्दै स्वर्गनिवासी देवगणको समान सानन्द बस्न लागे ॥ ६० ॥ त्यस राज भवनमा दुग्ध-फेन समानसेतो र कोमल शय्या, हात्ती दाँतका पलंग, सुवर्णले सज्जित पर्दा, मूल्यवान् आसन एवं अनेकानेक स्वर्णमयी वस्तुहरू विद्यमान थिए ॥ ६१ ॥ त्यस भवनको स्फटिक र मरकतमणिमयी भित्तामा उत्कीर्ण सुन्दरीगणका अंगमा अगणित मणिमय बत्ती बलिरहेथे ॥ ६२ ॥ महलको चारैतिर नाना प्रकारका कल्पद्रुमले सुशोभित उद्यान विद्यमान थिए, तिनमा पक्षिका युगल कलरव गर्थर मत्त भ्रमरको गुञ्जन भइरहन्थ्यो ॥६३॥ ती बगैंचामा वैदूर्यमणिका खुड्किलाले शोभित अनेक सरोवर थिए—तिनमा राता, नीला र सेतो वर्णका कमल फक्रेका थिए र हंस, कारण्डव, चक्रवाक, सारस आदि पक्षिगण कलरव गरिरहेथे ॥६४॥ महाराज उत्तानपादले आफ्नो पुत्रको जब अतिशय अद्भुत प्रभाव सुनेर देखे तब उनलाई ठूलो आश्चर्य भयो ॥६५॥ त्यसपछि यो देखेर कि अब छोरो तरुणावस्थाको भयो र उनीप्रति प्रजाको पनि अनुराग बढिरहेको छ, तब राजाले आफ्ना मन्त्रीहरूको सम्मतिले ध्रुवको समस्त राज्यपदमा

पयःफेननिभाः शय्या दान्ता रुक्मपरिच्छदाः ॥ आसनानि महार्हाणि यत्र रौक्मा उपस्कराः ॥ ६१ ॥ यत्र स्फटिककुड्येषु महामारकतेषु च ॥ मणिप्रदीपा आभान्ति ललनारत्नसंयुताः ॥ ६२ ॥ उद्यानानि च रम्याणि विचित्रैरमरद्रुमैः ॥ कूजद्विहङ्गमिथुनैर्गायन्मत्तमधुव्रतैः ॥ ६३ ॥ वाप्यो वैदूर्यसोपानाः पद्मोत्पलकुमुद्वतीः ॥ हंसकारण्डवकुलैर्जुष्टाश्चक्राह्वसारसैः ॥६४॥ उत्तानपादो राजर्षिः प्रभावं तनयस्य तम् ॥ श्रुत्वा दृष्ट्वाऽद्भुततमं प्रपेदे विस्मयं परम् ॥ ६५ ॥ वीक्ष्योढवयसं तं च प्रकृतीनां च सम्मतम् ॥ अनुरक्तप्रजं राजा ध्रुवं चक्रे भुवः पतिम् ॥ ६६ ॥ आत्मानं च प्रवयसमाकलय्य विशांपतिः ॥ वनं विरक्तः प्रातिष्ठद्विमृशन्नात्मनो गतिम् ॥ ६७ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे ध्रुवराज्याभिषेकवर्णनं नाम नवमोऽध्यायः ॥ ९ ॥ मैत्रेय उवाच ॥ प्रजापतेर्दुहितरं शिशुमारस्य वै ध्रुवः ॥ उपयेमे भ्रमिं नाम तत्सुतौ कल्पवत्सरौ ॥ १ ॥ इलायामपि भार्यायां वायोः पुत्र्यां महाबलः ॥ पुत्रमुत्कलनामानं योषिद्रत्नमजीजनत् ॥ २ ॥ उत्तमस्त्वकृतोद्वाहो मृगयायां बलीयसा ॥ हतः पुण्यजनेनाद्रौ तन्माताऽस्य गतिं गता ॥ ३ ॥ ध्रुवो भ्रातृवधं श्रुत्वा कोपामर्षशुचार्पितः ॥ जैत्रं स्यन्दनमास्थाय गतः पुण्यजनालयम् ॥ ४ ॥ गत्वो-

अभिषेक गरिदिए ॥६६॥ त्यसपछि आफूलाई वृद्धावस्थामा प्राप्त भएको देखेर महाराज उत्तानपाद आत्मस्वरूपको ध्यान गर्दै संसारबाट विरक्त भएर वन गए ॥६७॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां नवमोऽध्यायः ॥९॥ (ध्रुवका दाजू उत्तमको वध र ध्रुवको यक्षका साथ भयङ्कर संग्राम) मैत्रेयजी भन्दछन्—हे विदुर ! केही दिन पछि ध्रुवले प्रजापति शिशुमारकी कन्या भ्रमिसित विवाह गरे । तीबाट कल्प र वत्सर नामका दुइ पुत्र उत्पन्न भए ॥ १ ॥ महाबलवान ध्रुवकी अर्की पत्नी र वायुकी पुत्री इला थिइन् ॥ ती इलाबाट उनको उत्कल नामको पुत्र र स्त्रीहरूमा रत्नस्वरूपा यौटी कन्या जन्मिइन् ॥२॥ उत्तमलाई कुमारावस्थामै हिमालय पर्वतमा शिकार खेल्न जाँदा यौटा बलवान् यक्षले मारिदियो । तिनैसित उनकी आमा पनि मरिन् ॥३॥ जब ध्रुवले आफ्नो दाजूको मृत्युको समाचार सुने तब क्रोध, असहिष्णुता र शोकले व्याकुल भई यौटा त्रिजयी रथमा चढेर

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यक्षहरूको राजधानी अलकापुरीमा पुगे ॥ ४ ॥ त्यहाँ गएर महाराज ध्रुवले उत्तर दिशातिर हिमालयको घाटीमा रुद्रका अनुचर कुबेर द्वारा पालित र यक्षले भरिएको अलकापुरी
व. देखे ॥ ५ ॥ त्यहाँ महाबाहु ध्रुवले आकाश तथा दिशा-विदिशहरूलाई प्रतिध्वनित पार्दै आफ्नो शङ्ख बजाए। हे विदुर ! त्यो शङ्खको ध्वनि सुनेर यक्षका पत्नीहरू माहै नै भा. टी.
आत्तिए र त्यो शब्द सहन नसकेर महाबलवान् यक्ष शूरवीर विविध प्रकारका शस्त्रास्त्र लिएका नगरबाट बाहिर निस्किए ॥ ६-७ ॥ त्यसै बखत प्रचण्ड धनुर्धारी र महारथी
॥ ध्रुवले तिनलाई सामुन्ने देखेर तीमध्ये प्रत्येकलाई तीन-तीन बाण हानेर एकै साथ घायल पारिदिए ॥८॥ यक्षहरूले आफ्नो मस्तकमा लागेका ती बाणले आफूलाई पराजित ठानेर ध्रुवको अ. १०
त्यस पराक्रमको धेरै-धेरै प्रशंसा गरे ॥ ९ ॥ अनि चुटिएको सर्प जस्तै ध्रुवको त्यो पराक्रम सहन नसकेर त्यस प्रहारको प्रतिशोध (साटो) फेर्ने इच्छाले सबै जना मिलेर
ध्रुवमाथि ऐकैसाथ दोबर अर्थात् छ-छ बाण प्रहार गरे ॥ १० ॥ त्यसपछि ती तेह्र अयुत १३०००० यक्षले ध्रुवमित साटो फेर्ने अभिलाषाले अतिशय क्रोधित भई रथ, अश्व तथा

दीचीं दिशं राजा रुद्रानुचरसेविताम् ॥ ददर्श हिमवद्द्रोण्यां पुरीं गुह्यकसंकुलाम् ॥ ५ ॥ दध्मौ शंखं बृहद्बाहुः खं दिशश्चानुनादयन् ॥ येनोद्विग्न-
दृशः क्षत्तरुपदेव्योऽत्रसन्भृशम् ॥ ६ ॥ ततो निष्क्रम्य बलिन उपदेवमहाभटाः ॥ असहन्तस्तन्निनादमभिपेतुरुदायुधाः ॥ ७ ॥ स तानापततो
वीर उग्रधन्वा महारथः ॥ एकैकं युगपत्सर्वानहन्बाणैस्त्रिभिस्त्रिभिः ॥ ८ ॥ ते वै ललाटलग्नैस्तैरिषुभिः सर्व एव हि ॥ मत्वा निरस्तमात्मानमा-
शंसन्कर्म तस्य तत् ॥९॥ तेऽपि चामुममृष्यन्तः पादस्पर्शमिवोरगाः ॥ शरैरविध्यन्युगपद्द्विगुणं प्रचिकीर्षवः ॥ १० ॥ ततः परिघनिस्त्रिंशैः प्रास-
शूलपरश्वधैः ॥ शक्त्यृष्टिभिर्भुशुण्डीभिश्चित्रवाजैः शरैरपि ॥ ११ ॥ अभ्यवर्षन्प्रकुपिताः सरथं सहसारथिम् ॥ इच्छन्तस्तत्प्रतीकर्तुमयुतानि
त्रयोदश ॥ १२ ॥ औत्तानपादिः स तदा शस्त्रवर्षेण भूरिणा ॥ न उपादृश्यतच्छन्नं आसारेण यथा गिरिः ॥ १३ ॥ हाहाकारस्तदैवासीत्सिद्धानां
दिवि पश्यताम् ॥ हतोऽयं मानवः सूर्यो मग्नः पुण्यजनार्णवे ॥ १४ ॥ नदत्सु यातुधानेषु जयकाशिष्वथो मृधे ॥ उदतिष्ठद्रथस्तस्य नीहारादिव
भास्करः ॥१५॥ धनुर्विस्फूर्जयन्दिव्यं द्विषतां खेदमुद्वहन् ॥ अस्त्रौघं व्यधमद्बाणैर्घनानीकमिवानिलः ॥ १६ ॥ तस्य ते चापनिर्मुक्ता भित्त्वा
वर्माणि रक्षसाम् ॥ कायानाविविशुस्तिग्मा गिरीनशनयो यथा ॥ १७ ॥ भल्लैः संछिद्यमानानां शिरोभिश्चारुकुण्डलैः ऊरुभिर्हेमतालाभैर्दोर्भि-

सारथी सहित यक्षमाथि परिघ, खड्ग, प्रास, त्रिशूल परश्वध, ऋष्टि, भुशुण्डी तथा अनौठो प्वाँख भएका बाण वर्षाउन थाले ॥ ११-१२ ॥ त्यो डरलाग्दो शस्त्रवर्षाले ढाकिएका ध्रुव
सहसा यस प्रकार अदृश्य भए--जस्तै घोर वर्षामा पर्वत अलक्षित हुन्छन् ॥ १३ ॥ अतः आकाशमा स्थित भएर युद्ध हेर्ने सिद्धगण भयङ्कर हाहाकार गर्दै कराउन लागे--
हरे ! शिव ! आज यो यक्षसेनारूपी समुद्रमा यो मानवरूपी सूर्य ध्रुव डुबाइयो ॥ १४ ॥ त्यसै बखत युद्धमा आफ्नो विजय मान्ने भएका यक्षगणको जयघोषको साथै महाराज ॥२३॥
ध्रुवको रथ उसै गरी फेरि प्रकट भयो जसरी कुइरोलाई थिचेर सूर्यनारायण निस्कन्छन् ॥ १५ ॥ शत्रुगणको हृदयमा खेद उत्पन्न गर्दै ध्रुवले आफ्नो दिव्य धनुषको टंकार गरे
र बायुले मेघ-समूह छिन्न-भिन्न पारे झैं आफ्ना तीक्ष्ण बाणहरूले शत्रुका सारा शस्त्र समूहलाई नष्ट पारिदिए ॥ १६ ॥ ध्रुवका धनुषबाट छुटेका तीक्ष्ण बाण ती यक्षहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवच चिरेर तिनको शरीरमा यस प्रकार पसे, जस्तै एक वखत इन्द्रले छाडेको वज्र पर्वतमा पसेको थियो ॥१७॥ हे विदुर ! ध्रुवका वाणहरूले काटिएका अत्यन्त राम्रा र कुण्डल-विमण्डित शिरहरूले, तालवृक्ष समान सुनौला तिघ्राले, वलय-विभूषित वाहुदण्ड द्वारा हार, केयूर, मुकुट तथा बहुमूल्य फेटाले ढाकिएको एवं वीरका चित्तलाई उत्साहित पार्न भएकी रणभूमि निकै राम्री देखिइन् ॥ १८-१९ ॥ वीर क्षत्रिय ध्रुवका वाणद्वारा मरेका यक्ष वाहेक जो यक्षगण बाँचेका थिए, ती अंग-भंग भएर सिंहद्वारा युद्ध-क्रीडामा पराजित गजराज झैं त्यस रणभूमिवाट भागेर गए ॥ २० ॥ नरवीर ध्रुवले जब देखे कि त्यो प्रशस्त रणभूमिमा कुनै पनि शत्रु हातमा अस्त्र-शस्त्र लिएर तिनको साम्मु उभिएको छैन, तब तिनको इच्छा यक्षको राजधानी अलकापुरी हेर्ने भयो, तर पछि उनले विचार गरे कि कुनै पनि पुरुष मायावी शत्रुको चाला राम्ररी बुझ्न सक्तैन। अतएव ती नगरी हेर्न गएनन् ॥२१॥ सारथीसित कुरा गर्दै आफ्नो विचित्र रथमा आरूढ ध्रुव शत्रुगणको आक्रमणवाट सावधान भएर बसे। त्यस वखत उनले समुद्रको गर्जन जस्तै प्रचण्ड वायुको भयङ्कर शब्द

र्वलयवल्गुभिः ॥ १८ ॥ हारकेयूरमुकुटैरुष्णीषैश्च महाधनैः ॥ आस्तृतास्ता रणभुवो रेजुर्वीरमनोहराः ॥ १९ ॥ हतावशिष्टा इतरे रणाजिराद्रक्षोगणाः क्षत्रियवर्यसायकैः ॥ प्रायो विवृक्णावयवा विदुद्रुवुर्मृगेन्द्रविक्रीडितयूथपा इव ॥ २० ॥ अपश्यमानः स तदाऽऽततायिनं महामृधे कञ्चन मानवोत्तमः ॥ पुरीं दिदृक्षन्नपि नाविशद्द्विषां न मायिनां वेद चिकीर्षितं जनः ॥ २१ ॥ इति ब्रुवंश्चित्ररथः स्वसारथिं यतः परेषां प्रतियोगशङ्कितः ॥ शुश्राव शब्दं जलधेरिवेतं नभस्वतो दिक्षु रजोऽन्वदृश्यत ॥ २२ ॥ क्षणेनाच्छादितं व्योम घनानीकेन सर्वतः ॥ विस्फुरत्तडिता दिक्षु त्रासयत्स्तनयित्नुना ॥ २३ ॥ ववृषू रुधिरौघासृक्पूयविण्मूत्रमेदसः ॥ निपेतुर्गगनादस्य कवन्धान्यग्रतोऽनघ ॥ २४ ॥ ततः खेऽदृश्यत गिरिर्निपेतुः सर्वतो दिशम् ॥ गदापरिघनिस्त्रिंशमुसलाः साश्मवर्षिण ॥ २५ ॥ अहयोऽशनिनिःश्वासा वमन्तोऽग्निं रुषाक्षिभिः ॥ अभ्यधावन्गजा मत्ताः सिंहव्याघ्राश्च यूथशः ॥ २६ ॥ समुद्र ऊर्मिभिर्भीमः प्लावयन्सर्वतो भुवम् ॥ आससाद महाह्लादः कल्पान्त इव भीषणः ॥ २७ ॥ एवंविधान्यनेकानि त्रासनान्यमनस्विनाम् ॥ ससृजुस्तिग्मगतय आसुर्या माययाऽसुराः ॥ २८ ॥ ध्रुवे प्रयुक्तामसुरैस्तां मायामतिदुस्तराम् ॥ निशाम्य तस्य

सुनियो र उनले सबै दिशामा धूलो उडेको देखे ॥ २२ ॥ एक छिन भित्रमै सारा आकाश-मण्डल मेघले ढाकियो र त्यसमा सबैतिरवाट भयङ्कर गर्जनका साथ विजुली चम्कन थाल्यो ॥ २३ ॥ हे अनघ ! ती मेघ रणभूमिमा रगतका धारा, कफ, पीप, विष्ठा, मूत्र तथा बोसो आदि अपवित्र वस्तुहरू वर्षाउन लागे र ध्रुवको समक्ष आकाशवाट अगणित कवन्ध अर्थात् गिँड पृथ्वीमा गिर्नलागे ॥ २४ ॥ सहसा उनले आकाशमा यौटा विशाल पर्वत देखेर र सबै दिशामा ढुङ्गाको वर्षाका साथै आकाशवाट गदा, परिघ, खड्ग, तथा मुसल आदि शस्त्रास्त्र वर्षा देखे ॥ २५ ॥ ध्रुवले देखे कि विजुलीको सदृश दीर्घ निःश्वास छाड्ने सर्पहरू आफ्नो रोषपूर्ण दृष्टिले अग्निको ज्वाला झिक्न लागे र अनेकानेक मतवाला हात्ती, सिंह तथा व्याघ्र उनैतिर ठूलो वेगले आइरहेछन् ॥ २६ ॥ उता प्रलयकाल जस्तै भयङ्कर समुद्र उत्ताल तरंगले सम्पूर्ण पृथ्वीलाई डुबाउँदै भीषण गर्जना साथ उनीतिर बढ्दै आइरहेको छ ॥ २७ ॥ यस प्रकार ती तीव्रगति भएका असुरहरूले आफ्नो आसुरी माया द्वारा अनेक कौतुक देखाए, जो अधीर

... Collection, Nagarjun Z, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुषहरूलाई भयभीत पार्न समर्थ थिए ॥ २८ ॥ 'ध्रुवमाथि असुरहरूले आफ्नो दुस्तर माया फिंजाएका छन्' यो समाचार सुनेर अनेक मुनि त्यहाँ आए र तिनले उनको शुभकामना गरे ॥२९॥ मुनिहरू भन्दछन्—हे महाराज उत्तानपादका कुमार ! जसको नाम सुनेर र कीर्तन गरेर मनुष्य सहजै अतिशय दुस्तर मृत्युको मुखबाट बाहिर निस्कन्छन्, ती नै शरणागत-भयहारी शार्ङ्गपाणि भगवान् वासुदेव तिम्रा शत्रुलाई नष्ट पारुन् ॥३०॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ॥ १० ॥ (राजा स्वायम्भुव मनु आएर ध्रुवलाई युद्धबाट विमुख तुल्याउनु)––मैत्रेयजी भन्दछन्—हे विदुर ! ऋषिहरूको कथन सुनेर महाराज ध्रुवले आचमन गरे र आफ्नो धनुषमा नारायण निर्मित नारायणास्त्र सन्धाने ॥ १ ॥ हे विदुर ! जस्तै ज्ञानको उदय भएपछि अविद्याजनित क्लेश नष्ट हु छन् त्यसै गरी त्यस बाणलाई चढाउनासाथ यक्षले फिंजाएका सारा माया तत्काल नष्ट भयो ॥ २ ॥ यो नारायणास्त्रलाई धनुषमा चढाउनासाथ यसबाट राजहंसका प्वाँखजस्तै सुनको टुप्पा भएका तीक्ष्ण बाण निस्केर जस्तै मयूर भीषण शब्द गर्दै वनमा पस्तै जान्छन्

मुनयः समशंसन्समागताः ॥ २९ ॥ मुनय ऊचुः ॥ औत्तानपादे भगवांस्तव शार्ङ्गधन्वा देवः क्षिणोत्ववनतार्तिहरो विपक्षान् ॥ यन्नामधेयमभिधाय निशम्य चाद्धा लोकोऽञ्जसा तरति दुस्तरमङ्ग मृत्युम् ॥ ३० ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे दशमोऽध्यायः ॥ १० ॥ मैत्रेय उवाच ॥ निशम्य गदतामेवमृषीणां धनुषि ध्रुवः ॥ संदधेऽस्त्रमुपस्पृश्य यन्नारायणनिर्मितम् ॥ १ ॥ संधीयमान एतस्मिन्माया गुह्यकनिर्मिताः ॥ क्षिप्रं विनेशुर्विदुर क्लेशा ज्ञानोदये यथा ॥ २ ॥ तस्यार्ष्यास्त्रं धनुषि प्रयुञ्जतः सुवर्णपुङ्खाः कलहंसवाससः ॥ विनिःसृता आविविशुर्द्विषद्बलं यथा वनं भीमरवाः शिखण्डिनः ॥ ३ ॥ तैस्तिग्मधारैः प्रधनैः शिलीमुखैरितस्ततः पुण्यजना उपद्रुताः ॥ तमभ्यधावन्कुपिता उदायुधाः सुपर्णमुन्नद्धफणा इवाहयः ॥ ४ ॥ स तान्पृषत्कैरभिधावतो मृधे निकृत्तबाहूरुशिरोधरोदरान् ॥ निनाय लोकं परमर्कमण्डलं व्रजन्ति निर्भिद्य यमूर्ध्वरेतसः ॥ ५ ॥ तान्हन्यमानानभिवीक्ष्य गुह्यकाननागसश्चित्ररथेन भूरिशः ॥ औत्तानपादिं कृपया पितामहो मनुर्जगादोपगतः सहर्षिभिः ॥ ६ ॥ मनुरुवाच ॥ अलं वत्सातिरोषेण तमोद्वारेण पाप्मना ॥ येन पुण्यजनानेतानवधीस्त्वमनागसः ॥ ७ ॥ नास्मत्कुलोचितं तात कर्मैतत्सद्विगर्हितम् ॥ वधो

त्यसै गरी उत्यन्त डरलाग्दा ती बाण स्वाँ-स्वाँ शब्द गर्दै शत्रुका सेनामा पसे ॥ ३ ॥ त्यस युद्धमा ती बाणले क्षत-विक्षत यक्ष—गरुड़ले छाडेका सर्पहरू झैं अत्यन्त कुपित भएर आफ्ना-आफ्ना शस्त्र लिएर यता-उताबाट ध्रुवतिर दगुरे ॥ ४ ॥ ध्रुवले आफूतिर आउन लागेका ती यक्षलाई, जसका बाहु, तिघ्रा, काँध र उदर आदि अनेक अङ्ग-प्रत्यङ्ग बाणहरूले काटिएका थिए, त्यस लोकमा पठाइदिए, जहाँ सूर्यमण्डललाई वेधेर उर्ध्वरेता मुनिजन जाने गर्दछन् ॥ ५ ॥ यस प्रकार ध्रुवद्वारा अनेकौं निरपराध यक्षहरूको संहार भएको देखेर तिनका पितामह स्वायम्भुव मनुलाई तीमाथि दया लाग्यो र उनले अनेक ऋषिहरूका साथै त्यहाँ गएर आफ्नो पौत्र ध्रुवसित भने ॥ ६ ॥ स्वायम्भुव मनु भन्दछन्–बाबु ! जसका वशमा परेर तिमीले यी निरपराध यक्षहरूलाई मार्‍यौ, त्यो क्रोधलाई अब त्यागिदेउ । यो पापी क्रोध नरकको द्वार झैं डरलाग्दो छ ॥७॥ हे तात ! तिमीले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी निरपराध यक्षहरूलाई मार्न आरम्भ गर्‍यौ, यो हाम्रो वंशको निम्ति अनुचित हो र साधुजन यस्ता कार्यको निन्दा गर्दछन् ॥८॥ हे प्रिय। भ्रातृवत्सल! तिमीले आफ्नो दाजूको मृत्युले सन्तप्त भएर यौटा यक्ष अपराधी हुँदा अनेकलाई मारिदियौ ॥९॥ यस जड देहलाई नै आत्मा ठानेर यसको निम्ति पशुहरू झैं प्राणीहरूलाई मार्नु भगवान् विष्णुको भक्ति-गर्ने सज्जनहरूको बाटो होइन ॥ १० ॥ तिमीले बाल्यकालमा नै ठूलो कष्टले आराध्य र सबै जीवहरूका आश्रयस्थल भगवान्को सर्वभूतात्मभावले आराधना गरेर उनको परमपद पाइसकेका छौ ॥११॥ तिमीले एकाग्र मनले भगवानको ध्यान गरेका छौ। सबै भक्तजन तिम्रो सम्मान गर्दछन् र तिमी सबै साधुजनका मार्गदर्शक हौ। यो सबै भएर

यदुपदेवानामारब्धस्तेऽकृतैनसाम् ॥ ८ ॥ नन्वेकस्यापराधेन प्रसङ्गाद्बहवो हताः ॥ भ्रातुर्वधाभितप्तेन त्वयाऽङ्ग भ्रातृवत्सल ॥ ९ ॥ नायं मार्गो हि साधूनां हृषीकेशानुवर्तिनाम् ॥ यदात्मानं पराग्गृह्य पशुवद्भूतवैशसम् ॥ १० ॥ सर्वभूतात्मभावेन भूतावासं हरिं भवान् ॥ आराध्याप दुराराध्यं विष्णोस्तत्परमं पदम् ॥ ११ ॥ स त्वं हरेरनुध्यातस्तत्पुंसामपि सम्मतः ॥ कथं त्ववद्यं कृतवाननुशिक्षन्सतां व्रतम् ॥ १२ ॥ तितिक्षया करुणया मैत्र्या चाखिलजन्तुषु ॥ समत्वेन च सर्वात्मा भगवान्संप्रसीदति ॥ १३ ॥ संप्रसन्ने भगवति पुरुषः प्राकृतैर्गुणैः ॥ विमुक्तो जीवनिर्मुक्तो ब्रह्म निर्वाणमृच्छति ॥ १४ ॥ भूतैः पञ्चभिरारब्धैर्योषित्पुरुष एव हि ॥ तयोर्व्यवायात्सम्भूतिर्योषित्पुरुषयोरिह ॥ १५ ॥ एवं प्रवर्तते सर्गः स्थितिः संयम एव च ॥ गुणव्यतिकराद्राजन्मायया परमात्मनः ॥ १६ ॥ निमित्तमात्रं तत्रासीन्निर्गुणः पुरुषर्षभः ॥ व्यक्ताव्यक्तमिदं विश्वं यत्र भ्रमति

पनि तिमीले यस्तो निन्द्य कर्म किन गर्‍यौ? ॥ १२ ॥ सहनशीलता, दया मित्रता, मनोनिग्रह र साम्यभावले सर्वात्मा भगवान् प्रसन्न हुन्छन् ॥१३॥ ती भगवान् प्रसन्न भएपछि पुरुष प्राकृत गुणहरू तथा जीवभावबाट मुक्त भएर ब्रह्मनिर्वाणपद प्राप्त गर्दछ ॥१४॥ हे ध्रुव! शरीर आदिको रूपमा परिणामलाई प्राप्त पंचभूत द्वारा स्त्री र पुरुष उत्पन्न हुन्छन् र ती स्त्री-पुरुषको समागमले नै अन्य स्त्री-पुरुषहरूको उत्पत्ति हुन्छ ॥१५॥ हे राजन्! ती भगवान्को मायाले सत्त्वादिगुणहरूमा न्यूनाधिक्यभाव भएपछि शरीरको उत्पत्ति, स्थिति तथा नाश हुन्छ ॥१६॥ हे पुरुषर्षभ! निर्गुण परमात्मा त जगत्को उत्पत्ति, स्थिति र नाशमा निमित्तमात्र हुन्छ, जसको आश्रयले कार्य कारणरूपी सबै प्रपञ्च चुम्बकको बलले फलामको समान

❋ दृष्टान्त—(मनोनिग्रह)—यौटा शिष्यले आफ्ना गुरुकहाँ गएर भने—'म अनेक धर्मग्रन्थ पढ्दछु तापनि मेरो मनमा अनेक नजाति विचार किन उत्पन्न भइरहन्छन्?' गुरुले भने—'यौटा मनुष्यले कुकुर पालेको थियो र त्यो त्यसलाई लिएर दिन रात डुलिरहन्थ्यो। त्यस कुकुरलाई आफ्नो बिछौनामा सुताउँथ्यो, काखमा लिन्थ्यो र कहिले काहीं त्यसको मुखमा ख्वाईं पनि ख्वाउँथ्यो अन्त्यमा कुकुरसित त्यो अघायो। उसले त्यसलाई हटाउने अनेक उपाय गर्‍यो तर कुकुर पर जान मान्दैनथ्यो। एक दिन त्यो कुकुरदेखि निकै रिसायो र लात्तिले हिर्काएर गाउँको बाहिर धपाएर आयो। कुकुर एक दुइ पल्ट फेरि फर्केर आयो, तर त्यसले कुकुरको तिरस्कार गर्‍यो। अनि त्यसको आउन बन्द भयो। मनुष्यको मन पनि कुकुर जस्तै नै हो। यसलाई मनुष्यले धेरै समयदेखि प्यारो गरेर पालिराखेको छ। यसै कारण यो मलिन विचारहरूमा गएर अल्झन्छन्। यदि त्यही कुकुर झैं यसको तिरस्कार गर्ने हो भने यो आफ्नो बानी छाड्दछ। 'मनलाई वशमा पार्नु कठिन छ। त्यो वशमा किन हुँदैन?' यस्तो केवल मुखले भनेर मात्र केही पनि हुन सक्तैन। यसको निम्ति त कठोर मनोनिग्रहको आवश्यकता पर्दछ।

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घुमिरहन्छन् ॥१७॥ हे ध्रुव ! कालक्रमले गुणप्रवाहमा न्यूनाधिकता आइरहन्छ भने भगवान्को शक्तिमा पनि विषमता आउँछ । त्यस शक्ति-वैशम्यले नैं भगवान् अकर्ता भएर पनि जगत् रचना र संहार गर्दछन् । साँचै भनौं भने ती सर्वव्यापक प्रभुका लीला अचिन्तनीय छन्—कसैले पनि त्यसको पार पाउन सक्तैन ॥१८॥ हे ध्रुव ! ती कालरूपी अव्यय परमात्माले स्वयं अन्तरहित भएर पनि यस जगत्को अन्त्य पार्छन् र अनादि भएर पनि सबैका आदि कारण मानिन्छन् ! ती नैं यौटा जीवबाट अर्को जीवको उत्पत्ति गराउँछन् र ती नै यौटाबाट अर्कोलाई मार्न लगाई त्यसको अन्त्य पार्दछन् ॥१९॥ सारा प्रजामा समान भावले अनुप्रविष्ट ती कालस्वरूप परमात्माको कोही स्वपक्ष र परपक्ष हुँदैन तर जस्तै वायु चल्नाले रजःकण पनि योसित संगसंगै उड्न थाल्दछ, त्यसै गरी सबै जीव कर्मको अधीन भएर कालरूपी परमात्माको अनुगमन गन गर्दछन् ॥ २०.॥ ती सर्वव्यापक भगवान् कर्मबन्धनमा बाँधिएका जीवको आयु वृद्धि र क्षयको विधान गर्दछन् किन्तु स्वयं ती दुबैबाट रहित भएर आफ्नू स्वरूपमा स्थित रहन्छन् ॥२१॥ हे राजन् ! ती परमात्मालाई मीमांसकहरू कर्म, चार्वाक, प्रकृति,

लोहवत् ॥१७॥ स खल्विदं भगवान्कालशक्त्या गुणप्रवाहेण विभक्तवीर्यः ॥ करोत्यकर्तैव निहन्त्यहन्ता चेष्टा विभूम्नः खलु दुर्विभाव्या ॥१८॥ सोऽनन्तोऽन्तकरः कालोऽनादिरादिकृदव्ययः ॥ जनं जनेन जनयन्मारयन्मृत्युनाऽन्तकम् ॥ १९ ॥ न वै स्वपक्षोऽस्य विपक्ष एव वा परस्य मृत्योर्विशतः समं प्रजाः ॥ तं धावमानमनुधावन्त्यनीशा यथा रजांस्यनिलं भूतसंघाः ॥ २० ॥ आयुषोऽपचयं जन्तोस्तथैवोपचयं विभुः ॥ उभाभ्यां रहितः स्वस्थो दुःस्थस्य विदधात्यसौ ॥ २१ ॥ केचित्कर्म वदन्त्येनं स्वभावमपरे नृप ॥ एके कालं परे दैवं पुंसः काममुतापरे ॥ २२ ॥ अव्यक्तस्याप्रमेयस्य नानाशक्त्युदयस्य च ॥ न वै चिकीर्षितं तात को वेदाथ स्वसंभवम् ॥ २३ ॥ न चैते पुत्रक भ्रातुर्हन्तारो धनदानुगाः ॥ विसर्गादानयोस्तात पुंसो दैवं हि कारणम् ॥ २४ ॥ स एव विश्वं सृजति स एवावति हन्ति च ॥ अथापि ह्यनहंकारान्नाज्यते गुणकर्मभिः ॥ २५ ॥ एष भूतानि भूतात्मा भूतेशो भूतभावनः ॥ स्वशक्त्या मायया युक्तः सृजत्यत्ति च पाति च ॥ २६ ॥ तमेव मृत्युममृतं तात दैवं सर्वात्मनोपेहि जगत्परायणम् ॥ यस्मै बलिं विश्वसृजो हरन्ति गावो यथा वै नसि दामयन्त्रिताः ॥ २७ ॥ यः पञ्चवर्षो जननीं त्वं विहाय मातुः सपत्न्या वचसा

वैशेषिक काल, ज्योतिषी, दैव र वात्स्यायनादि कामशास्त्री 'काम' भन्ने गर्दछन् ॥२२॥ जसद्वारा महत्तत्त्वादि शक्तिहरू उत्पन्न भएका छन् र जो आफ्नो पनि उत्पत्ति स्थान छन्, ती अव्यक्त तथा अप्रमेय परमात्माले के गर्नु छ, यो कुरा कसैले पनि जान्दैन । तब स्वेच्छानुसार अवतरित भगवान्लाई कसैले जान्न सक्तछ ? ॥ २३ ॥ हे पुत्र ! यी कुवेरका सेवकहरूले तिम्रो दाजुलाई मारेको होइन, किनकि मनुष्यको जन्म तथा मरणको वास्तविक कारण तएकमात्र दैव नै हो ॥२४॥ ती भगवान् नै संसारको रचना, पालन र संहार गर्दै रहन्छन् तथापि अहङ्कार रहित हुनाको हेतुले ती उसका गुण र कर्ममा लिप्त हुँदैनन् ॥२५॥ ती सब प्राणिका आत्मास्वरूप ईश्वर र रक्षक प्रभुनै आफ्नी माया शक्तिद्वारा युक्त भएर अखिल विश्वका जीवहरूको रचना, पालन र संहार गर्दै रहन्छन् ॥२६॥ अतएव हे तात ! नाकमा नाथ लगाइएको गोरू झैं आफ्नू स्वामीको भारी बसारिरहन्छ, त्यस्तै जगत्का रचयिता ब्रह्मादि देवता जसको आज्ञा पालन गर्दछन्, संहारका आश्रय, दुष्टहरूको निम्ति मृत्यु एवं भक्तजनको निम्ति अमृतस्वरूप हरिको शरण पर ॥२७॥ किनकि पाँच वर्षको अवस्थामै तिमी आफ्नी सौतेनी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमाका वाग्-वाणले सिद्ध भएर आफ्नोघर छाडी बनतिर हिंडेका थियौ । वहाँ तपस्या द्वारा जुन हृषीकेश भगवान्को आराधना गरेर तिमीले त्रिलोक भन्दा माथि ध्रुवपद पाएका छौ। ती निर्गुण, अद्वितीय, अविनाशी, वैरभाव रहित, आफ्नो अन्तःकरणमा स्थित एवं नित्यमुक्त परमात्मालाई तिमी आफ्नू अन्तर्द्दष्टि द्वरा खोज। तिनमा यो भेदभावमय प्रपञ्च झूठो प्रतीत भइरहेको छ ॥२८-२९॥ यस्तो गर्नाले प्रत्यगात्मा, आनन्दमात्र एवं सर्वशक्तिसम्पन्न भगवान् अनन्तमा तिम्रो बलियो भक्ति हुनेछ र त्यसको प्रभावले तिमी बिस्तार-बिस्तार म र मेरो को रूपमा दृढता प्राप्त अविद्यारूपी गाँठोंलाई काट्न सक्नेछौ ॥३०॥ अतएव हे राजन् ! जस्तै औषधिले रोग शान्त पार्न सकिन्छ, त्यस्तै सदैव भगवान्का गुणको श्रवण गरेर तिमी कल्याणको बाटोमा ठूलो विरोध यो रिसलाई शान्त पार्न सक्नेछौ भगवान् तिम्रो कल्याण गरुन् ॥३१॥ जसका वशीभूत पुरुषसित सबैलाई ठूलो खेद हुन्छ, अभयका इच्छुक र बुद्धिमान पुरुष त्यस रिसको अधीन कहिल्यै नहोओस् ॥३२॥ यो मेरा दाजूका घातक हुन्, यस्तो विचार गरेर रिसाई तिमीले जुन यक्षहरूलाई मार्‍यौ, यसले तिम्रो हातले भगवान् शंकरका सखा

भिन्नमर्मा ॥ वनं गतस्तपसा प्रत्यगक्षमाराध्य लेभे मूर्ध्नि पदं त्रिलोक्याः ॥२८॥ तमेनमङ्गात्मनि मुक्तविग्रहे व्यपाश्रितं निर्गुणमेकमक्षरम् ॥ आत्मानमन्विच्छ विमुक्तमात्मदृग् यस्मिन्निदं भेदमसत्प्रतीयते ॥ २९ ॥ त्वं प्रत्यगात्मनि तदा भगवत्यनन्त आनन्दमात्र उपपन्नसमस्तशक्तौ ॥ भक्तिं विधाय परमां शनकैरविद्याग्रन्थिं विभेत्स्यसि ममाहमिति प्ररूढम् ॥ ३० ॥ संयच्छ रोषं भद्रं ते प्रतीपं श्रेयसां परम् ॥ श्रुतेन भूयसा राजन्नगदेन यथाऽऽमयम् ॥३१॥ येनोपसृष्टात्पुरुषाल्लोक उद्विजते भृशम् ॥ न बुधस्तद्वशं गच्छेदिच्छन्नभयमात्मनः ॥ ३२ ॥ हेलनं गिरिशभ्रातुर्धनदस्य त्वया कृतम् ॥ यज्जघ्निवान्पुण्यजनान्भ्रातृघ्नानित्यमर्षितः ॥ ३३ ॥ प्रसादय वत्साशु सन्नत्या प्रश्रयोक्तिभिः ॥ न यावन्महतां तेजः कुलं नोऽभिभविष्यति ॥ ३४ ॥ एवं स्वायंभुवः पौत्रमनुशास्य मनुर्ध्रुवम् ॥ तेनाभिवन्दितः साकमृषिभिः स्वपुरं ययौ ॥ ३५ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे एकादशोऽध्यायः ॥ ११ ॥ मैत्रेय उवाच ॥ ध्रुवं निवृत्तं प्रतिबुद्ध्य वैशसादपेतमन्युं भगवान्धनेश्वरः ॥ तत्रागतश्चारणयक्षकिन्नरैः संस्तूयमानोऽभ्यवदत्कृताञ्जलिम् ॥ १ ॥ कुबेर उवाच ॥ भोः भोः क्षत्रियदायाद परितुष्टोऽस्मि तेऽनघ ॥ यस्त्वं पितामहादेशाद्वैरं दुस्त्यजमत्यजः ॥ २ ॥ न भवानवधीद्यक्षान्न यक्षा भ्रातरं तव ॥ काल एव हि भूतानां प्रभुरप्ययभावयोः ॥ ३ ॥ अहं त्वमित्यपार्था धीरज्ञानात्पुरुषस्य

कुबेरको धेरै ठूलो तिरस्कार भयो ॥३३॥ यसै निम्ति ती महापुरुषको तेज तिम्रो कुललाई हानि नपुर्‍याओस् त्यो भन्दा पहिल्यै तिमी उनलाई आफ्नो नम्र वाणी र विनीत उपायले खुशी पार ॥३४॥ हे विदुरजी ! स्वायम्भुव मनु यस प्रकार आफ्नो पौत्र ध्रुवलाई सम्झाई-बुझाई उनीबाट अभिवन्दित भएर महर्षिहरू सहित आफ्नो घरमा गए ॥३५॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पं० गौरीशंकर'वसिष्ठ' कृत नेपाली भापाटीकायां एकादशोऽध्यायः ॥११॥ (ध्रुवलाई कुबेरको वरदान र उनलाई ध्रुवलोक प्राप्त हुनु)—मैत्रेय भन्दछन्—हे विदुर ! ध्रुवको रिस शान्त भयो र ती युद्धबाट निवृत्त भए—यो कुरा थाहा पाएर कुबेरजी यक्ष, चारण र किन्नरादि द्वारा स्तूयमान हुँदै त्यहाँ आएर आफ्नो सामुन्ने हात जोरेर उभिएका ध्रुवललाई भन्न लागे ॥१॥ कुबेरले भने—हे क्षत्रिय-पुत्र ! आफ्ना पितामहको आज्ञानुसार जुन त्याग्नु कठिन थियो, त्यस वैरभावलाई त्यागिदियौ । अतः म तिमीमाथि प्रसन्न छु ॥२॥

...Research Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्तुतः तिमीले न त यक्षलाई मार्‍यो, न यक्षले उत्तमलाई नै मारेको हो। सबै जीवको उत्पत्ति तथा नाशको कारण एक मात्र काल नै हो ॥ ३ ॥ जसले गर्दा बन्धन तथा दुःख आदि विपरीत अवस्थाहरू प्राप्त हुन्छन्, ती 'म' आदि मिथ्या-बुद्धि हुने मनुष्यको अज्ञानवश स्वप्न जस्तै शरीर आदिमा आत्मतत्त्वको अभिनिवेश हुनाले नै भासमान हुन्छन् ॥४॥ अतएव हे ध्रुव ! अब तिमी जाऊ, तिम्रो कल्याण होस्। संसार-पाशबाट मुक्त हुनको निम्ति सम्पूर्ण प्राणी जसको ध्यान गर्दछन्, जो संसारको उत्पत्तिका लागि आफ्नी त्रिगुणात्मिक माया शक्तिले युक्त भएर पनि वास्तवमा गुणहीन छन् र जसका चरण-कमल सेवन गर्ने योग्य छन्, ती संसार-पाशबाट मुक्त गर्ने भएका अधोक्षजलाई तिमी सर्वभूतात्मभावले भज ॥४६॥ हे प्रिय ! मैले सुनेको छु––तिमी सदैव भगवान् कमलनाभको चरण-कमलका नगीचै वस्तछौ। अतएव तिमी वर पाउने अधिकारी छौ। यसैनिम्ति हे महाराज उत्तानपादका पुत्र ? तिमीलाई जे इच्छा छ, त्यो वर मसित निःशंक भएर माग–म दिनेछु ॥ ७ ॥ मैत्रेयजी भन्दछन्––हे विदुर ! यक्षपति कुवेरले त्यसरी वर माग्नको निम्ति आग्रह गरेपछि महाभागवत

हि ॥ स्वाप्नीवाभात्यतद्ध्यानाद्यया बन्धविपर्ययौ ॥ ४ ॥ तद्गच्छ ध्रुव भद्रं ते भगवन्तमधोक्षजम् ॥ सर्वभूतात्मभावेन सर्वभूतात्मविग्रहम् ॥ ५ ॥ भजस्व भजनीयांघ्रिमभवाय भवच्छिदम् ॥ युक्तं विरहितं शक्त्या गुणमय्याऽऽत्ममायया ॥ ६ ॥ वृणीहि कामं नृप यन्मनोगतं मत्तस्त्वमौत्तानपदेऽविशङ्कितः ॥ वरं वराहोऽम्बुजनाभपादयोरनन्तरं त्वां वयमङ्ग शुश्रुम ॥ ७ ॥ मैत्रेय उवाच ॥ स राजराजेन वराय चोदितो ध्रुवो महाभागवतो महामतिः ॥ हरौ स वव्रेऽचलितां स्मृतिं यया तरन्त्ययत्नेन दुरत्ययं तमः ॥ ८ ॥ तस्य प्रीतेन मनसा तां दत्त्वैडविडस्ततः ॥ पश्यतोऽन्तर्दधे सोऽपि स्वपुरं प्रत्यपद्यत ॥ ९ ॥ अथायजत यज्ञेशं क्रतुभिर्भूरिदक्षिणैः ॥ द्रव्यक्रियादेवतानां कर्म कर्मफलप्रदम् ॥ १० ॥ सर्वात्मन्यच्युते सर्वे तीव्रौघां भक्तिमुद्वहन् ॥ ददर्शात्मनि भूतेषु तमेवावस्थितं विभुम् ॥ ११ ॥ तमेवं शीलसम्पन्नं ब्रह्मण्यं दीनवत्सलम् ॥ गोप्तारं धर्मसेतूनां मेनिरे पितरं प्रजाः ॥ १२ ॥ षट्त्रिंशद्वर्षसाहस्रं शशास क्षितिमण्डलम् ॥ भोगैः पुण्यक्षयं कुर्वन्नभोगैरशुभक्षयम् ॥ १३ ॥ एवं बहुसवं कालं महात्माऽविचलेन्द्रियः ॥ त्रिवर्गौपयिकं नीत्वा पुत्रायादान्नृपासनम् ॥ १४ ॥ मन्यमान इदं विश्वं मायारचितमात्मनि ॥ अविद्यारचितस्वप्नगन्धर्वनगरो-

र परम बुद्धिमान ध्रुवले ती भगवान्‌को सर्वदा स्मरण भइरहोस् भन्ने वर मागे, जसको भरमा मनुष्यलाई यो दुस्तर अज्ञानान्धकार तर्न सजिलो हुन्छ ॥८॥ अनि इडविडासुवन भगवान् कुवेरजी उनलाई प्रसन्न चित्तले अविचल भगवत्स्मृतिको वर दिएर तिनले हेर्दाहेर्दै अन्तर्धान भए र ध्रुव पनि आफ्नो नगरमा फर्किए ॥९॥ आफ्नो नगरीमा वस्ता ती द्रव्य, क्रिया तथा देवताहरू द्वारा गरिने सबै कर्मका फलदाता विष्णु भगवान्‌को अनेकानेक ठूला-ठूला दक्षिणा दिइने यज्ञ द्वारा पूजा गर्नलागे ॥१०॥ यस प्रकार सर्वात्मा तथा सर्वरूप भगवानमा प्रबल प्रवाहयुक्त भक्तिभाव राख्दै ती सबै प्राणिहरूमा सर्वव्यापक श्रीहरिलाई नै विराजमान देख्नलागे ॥ ११ ॥ शील सम्पन्न, ब्राह्मण, भक्त, दीनवत्सल तथा धर्मका मर्यादाका रक्षक ध्रुवलाई तिनका प्रजा पिता झैं मान्दथे र तिनको आदर गर्दथे। यस प्रकार विविध भाँतिका ऐश्वर्य भोगको साथै पुण्य र यज्ञादि कार्यहरू द्वारा पापको क्षय गर्दै ध्रुवजीले छत्तीस हजार वर्षसम्म राज्य गरे ॥ १२-१३ ॥ महात्मा ध्रुवले यस प्रकार संयतेन्द्रिय भएर, धर्म तथा कामको सिद्धिदिने धेरै वर्षहरूका समय बिताएर अन्त्यमा आफ्नो छोरोलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्यासन प्रदान गरिदिए ॥१४॥ अविद्यारचित स्वप्न र गन्धर्व नगरको समान समस्त जगत्लाई आफ्नो आत्मामा नैं मायाले रचिएको मानेर र यस्तो मानेर–शरीर, स्त्री, पुत्र, मित्र, सेना, सम्पत्ति-सम्पन्न कोश, अन्तः पुर, सुरम्य विहार भूमि तथा समुद्रसम्मको भूमण्डल–यी सबै कालका गालामा परिसकेका छन्–ती बद्रिकाश्रम हिंडिदिए ॥१५॥१६॥ त्यहाँको पवित्र जलमा स्नान गरेर शुद्धचित्त भई ती स्थिर आसनमा बसे। उनले प्राणमाथि विजय गरेर मनद्वारा इन्द्रिय-दमन गरी आफ्नू चित्त भगवान्को विराट् रूपमा लगादिए। अविच्छिन्नरूपले भगवान्को त्यही स्वरूपको चिन्तन गर्दागर्द अन्त्यमा त्यसलाई पनि त्यागेर ती अविचल समाधिमा लीन भए ॥१७॥ तदन्तर विष्णु भगवान्मा भक्तिभाव राख्तै र नेत्रमा बारम्बार आनन्दाश्रुको धारा बग्नाले तिनको हृदय पग्ले झैं भयो, तिनको शरीरमा रोमाञ्च भएर आयो र देहाभिमानको नाश भएको हुनाले तिनलाई 'म ध्रुव हुँ' यो सम्झना पनि रहेन ॥१८॥ त्यसै बखत उनले आकाश-मण्डलबाट यौटा अतिशय उत्तम विमान वर्लन लागेको देखे—त्यो उदाउन लागेका चन्द्रमा जस्तै आफ्नो प्रकाशले दसै दिशाहरूलाई प्रकाशित पारि-

पमम् ॥ १५ ॥ आत्मस्त्र्यपत्यसुहृदो बलमृद्धकोशमन्तःपुरं परिविहारभुवश्च रम्याः ॥ भूमण्डलं जलधिमेखलमाकलय्य कालोपसृष्टमिति स प्रययौ विशालाम् ॥ १६ ॥ तस्यां विशुद्धकरणः शिववार्विगाह्य बद्ध्वासनं जितमरुन्मनसा हृताक्षः ॥ स्थूले दधार भगवत्प्रतिरूप एतद्ध्यायंस्तद-व्यवहितो व्यसृजत्समाधौ ॥ १७ ॥ भक्तिं हरौ भगवति प्रवहन्नजस्रमानन्दबाष्पकलया मुहुरर्द्यमानः ॥ विक्लिद्यमानहृदयः पुलकाचिताङ्गो नात्मानम-स्मरदसाविति मुक्तलिङ्गः ॥ १८ ॥ स ददर्श विमानाग्र्यं नभसोऽवतरद्ध्रुवः ॥ विभ्राजयद्दश दिशो राकापतिमिवोदितम् ॥ १९ ॥ तत्रानु देवप्रवरौ चतुर्भुजौ श्यामौ किशोरावरुणाम्बुजेक्षणौ ॥ स्थिताववष्टभ्य गदां सुवाससौ किरीटहाराङ्गदचारुकुण्डलौ ॥ २० ॥ विज्ञाय तावुत्तमगायकिङ्करावभ्युत्थितः साध्वसविस्मृतक्रमः ॥ ननाम नामानि गृणन्मधुद्विषः पार्षत्प्रधानाविति संहताञ्जलिः ॥ २१ ॥ तं कृष्णपादाभिनिविष्टचेतसं बद्धाञ्जलिं प्रश्रयनम्रकन्धरम् ॥ सुनन्दनन्दावुपसृत्य सस्मितं प्रत्यूचतुः पुष्करनाभसम्मतौ ॥ २२ ॥ सुनन्दनन्दावूचतुः ॥ भो भो राजन् सुभद्रं ते वाचं नोऽव-हितः शृणुः ॥ यः पञ्चवर्षस्तपसा भवान्देवमतीतृपत् ॥ २३ ॥ तस्याखिलजगद्धातुरावां देवस्य शार्ङ्गिणः ॥ पार्षदाविह सम्प्राप्तौ नेतुं त्वां भगवत्पदम्

रहेको थियो ॥१९॥ त्यसमा दुइ श्रेष्ठ पार्षद गदा लिएर उभिएकाथिए। तिनका चारबाहु थिए र सुन्दर र श्यामशरीर थियो, किशोरावस्थाका थिए, अरुण कमल झैं विशाल उनका नेत्र थिए। ती राम्रा वस्त्र, किरीट, हार, अङ्गद (बाजूबन्द) एवं मनोहर कुण्डलादि आभूषणले विभूषित थिए ॥२०॥ तिनलाई भगवान्का उत्तम पार्षद जानेर ध्रुवले पूजाआदिको क्रम बिर्सेर सहसा जुरुक्क उठे र 'यी भगवान्का पार्षदमा मुख्य हुन्' यस्तो जानेर मधुसूदनको नाम लिई हात जोरेर प्रणाम गरे॥२१॥ त्यसपछि भगवान् कमलनामका ती माननीय पार्षद हरू अर्थात् सुनन्द र नन्दले–जसको मन भगवान् कृष्णका चरण-कमलमा लीन थियो र जो हात जोरेर निकै नम्रताले टाउको निहुराई सामुन्ने उभिएका थिए, ती ध्रुवको नगीचै गएर मुसुमुसु हाँस्तै भन्दछन् ॥२२॥ सुनन्द र नन्द भन्दछन्–हे राजन्! तिम्रो कल्याण होस्। तिमी हाम्रो कुरा सावधान मनले सुन। जुन भगवान्लाई तिमीले पाँच वर्षको अवस्थामै प्रसन्न तुल्याएका थियौ, हामी उनै निखिल जगत्का नियन्ता शार्ङ्गपाणि विष्णु भगवान्का दूत हौं र तिमीलाई उनको परमधाम लिएर जानको निम्ति यस बखत आएका हौं ॥२३॥२४॥

... Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसलाई कसैले पनि जि न सक्तैन, त्यो विष्णुपद तिमीले प्राप्त गरेका छौ। ज्ञानी सप्तर्षिले पनि त्यो पद नपाएर केवल तलबाट हेर्दै रहन्छन्। सूर्य-चन्द्रादि ग्रह, नक्षत्र र ताारागण पनि जसको सदैव प्रदक्षिणा गर्ने गर्दछन्, त्यस परमपदमा तिमी प्राप्त हुनेछौ ॥२५॥ हे प्रिय! तिम्रा पितृगण अथवा अरु कोही भए पनि जुन पदलाई आजसम्म पाउन सकेको छैन, तिमी विष्णु भगवान्को त्यो जगद्वन्द्य परम-पदमा विराजमान हुनेछौ ॥२६॥ यस श्रेष्ठ विमानलाई पुण्यकीर्ति-शिरोमणि श्रीविष्णु भगवान्ले पठाउनु भएएको हो। हे, आयुष्मन्! तिमी यसमा चढ ॥२७॥ मैत्रेय भन्दछन्—विष्णु भगवान्का मुख्य पार्षदका यी अमृतमय वचन सुनेर भगवद्भक्त ध्रुवले स्नान गरेर दैनिक मङ्गल कृत्य सकी बद्रिकाश्रम निवासी मुनीश्वरहरूलाई प्रणाम गरेर उनीहरूबाट आशीर्वाद लिए ॥ २८ ॥ त्यसपछि त्यो श्रेष्ठ विमानको प्रदक्षिणा र वन्दना गरी उनले पार्षदहरूलाई प्रणाम गरेर सुवर्णमय रूप-धारण गरी त्यसमा चढ्न तत्पर भए ॥२९॥ त्यसै वखत उत्तानपादका छोरा ध्रुवले देखे—काल मूर्तिमान् भएर उनको सामुन्ने उपस्थित छ। अतः ती कालको मस्तकमा खुट्टा

॥ २४ ॥ सुदुर्जयं विष्णुपदं जितं त्वया यत्सूरयोऽप्राप्य विचक्षते परम् ॥ आतिष्ठ तच्चन्द्रदिवाकरादयो ग्रहर्क्षताराः परियन्ति दक्षिणाम् ॥ २५ ॥
अनास्थितं ते पितृभिरन्यैरप्यङ्ग कर्हिचित् ॥ आतिष्ठ जगतां वन्द्यं तद्विष्णोः परमं पदम् ॥ २६ ॥ एतद्विमानप्रवरमुत्तमश्लोकमौलिना ॥ उपस्था-
पितमायुष्मन्नधिरोढुं त्वमर्हसि ॥ २७ ॥ मैत्रेय उवाच ॥ निशम्य वैकुण्ठनियोज्यमुख्ययोर्मधुच्युतं वाचमुरुक्रमप्रियः ॥ कृताभिषेकः कृतनित्यमङ्गलो
मुनीन्प्रणम्याशिषमभ्यवादयत् ॥ २८ ॥ परीत्याभ्यर्च्य धिष्ण्याग्र्यं पार्षदावभिवन्द्य च ॥ इयेष यदधिष्ठातुं बिभ्रद्रूपं हिरण्मयम् ॥ २९ ॥
तदोत्तानपदः पुत्रो ददर्शान्तकमागतम् ॥मृत्योर्मूर्ध्नि पदं दत्त्वा आरुरोहाद्भुतं गृहम् ॥ ३० ॥ तदा दुन्दुभयो नेदुर्मृदङ्गपणवादयः ॥ गन्धर्व-
मुख्याः प्रजगुः पेतुः कुसुमवृष्टयः ॥ ३१ ॥ स च स्वर्लोकमारोक्ष्यन्सुनीतिं जननीं ध्रुवः ॥ अन्वस्मरदहं हित्वा दीनां यास्ये त्रिविष्टपम् ॥ ३२ ॥
इति व्यवसितं तस्य व्यवसाय सुरोत्तमौ ॥ दर्शयामासतुर्देवीं पुरो यानेन गच्छतीम् ॥ ३३ ॥ तत्र तत्र प्रशंसद्भिः पथि वैमानिकैः सुरैः ॥ अवकी-
र्यमाणो ददृशे कुसुमैः क्रमशो ग्रहान् ॥ ३४ ॥ त्रिलोकीं देवयानेन सोऽतिव्रज्य मुनीनपि ॥ परस्ताद्यद्ध्रुवगतिर्विष्णोः पदमथाभ्यगात् ॥ ३५ ॥
यद्भ्राजमानं स्वरुचैव सर्वतो लोकास्त्रयो ह्यनुविभ्राजन्त एते ॥ यन्नाव्रजञ्जन्तुषु येऽननुग्रहा व्रजन्ति भद्राणि चरन्ति येऽनिशम् ॥ ३६ ॥ शान्ताः

राखेर विमानमा आरूढ भए ॥३०॥ अनि सबै देवता दुन्दुभी, मृदङ्ग, पणव आदि बाजा बजाउन लागे। आकाशबाट पुष्प वर्षा भयो ॥ ३१ ॥ स्वर्ग धाममा जाँदा भक्त ध्रुवजीलाई आफ्नी माता सुनीतिको सम्झना भयो। उनले विचार गरे—'म आफ्नी दीन-हीन आमालाई यहीं छाडेर स्वर्गलोकमा एक्लै जाने ?' ॥३२॥ तिनलाई चिन्ताग्रस्त देखेर देवश्रेष्ठ नन्द र सुनन्दले तिनको भाव बुझे र तीभन्दा पनि अगाडी विमानमा बसेर जान लागेकी माता सुनीतिलाई देखाइदिए ॥३३॥ अगाडि गएर ध्रुवले क्रमशः सूर्यादि ग्रहहरू देखे। बाटोमा जता-ततै विमानहरूमा बसेका देवता तिनको सहनी गर्दै पुष्पवर्षा गरिरहेका थिए ॥ ३४ ॥ यसरी त्यस दिव्य विमानमा आरूढ भएर ध्रुव-गति प्राप्त गर्ने भएका ध्रुव तीनै लोकलाई नाघेर सप्तर्षि मण्डल भन्दा पनि माथि भगवान् विष्णुको परम धाममा पुगे ॥ ३५ ॥ त्यो धाम सर्वैतिर आफ्नो प्रकाशले प्रकाशित रहन्छ। त्यसको आलोकले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीनैलोक आलोकित रहन्छन् । जीवहरूमा क्रूरता गर्नेजन त्यहाँ जान पाउन्नन् । जो निरन्तर शुभ कर्म गर्दछन्, ती मात्र त्यहाँ पुग्दछन् ॥३६॥ शान्त, समदर्शी शुद्ध तथा सबै प्राणीरूलाई प्रसन्न ※ भक्त भगवान् अच्युतका प्रिय बान्धव बनेर उनको परमपद सजिलै प्राप्त गर्दछन् ॥ ३७ ॥ यस प्रकार उत्तानपादका पुत्र भगवत्-परायण ध्रुव तीनै लोकको पनि माथि निर्मल चूडामणि झैं गएर विराजमान भए ॥ ३८ ॥ हे कुरुकुलनन्दन ! जस्तै खलिहानमा दाइँ गर्दा गोरू मूल खाँबोको चारैतिर घुमिरहन्छन्, त्यसै गरी ध्रुवलोकको भरमा गम्भीर वेग गएको ज्योतिश्चक्र सदैव घुमिरहन्छ ॥ ३९ ॥ तिनको महिमा देखेर देवर्षि नारदले प्रचेताहरूको यज्ञशालामा वीणा बजाएर हरिगुण गान गर्दै यी तीन श्लोक भनेका थिए ॥४०॥

समदृशः शुद्धाः सर्वभूतानुरञ्जनाः ॥ यान्त्यञ्जसाऽच्युतपदमच्युतप्रियबान्धवाः ॥ ३७ ॥ इत्युत्तानपदः पुत्रो ध्रुवः कृष्णपरायणः ॥ अभूत्त्रयाणां लोकानां चूडामणिरिवामलः ॥ ३८ ॥ गम्भीरवेगोऽनिमिषं ज्योतिषां चक्रमाहितम् ॥ यस्मिन्भ्रमति कौरव्य मेढ्यामिव गवां गणः ॥३९॥ महिमानं विलोक्यास्य नारदो भगवानृषिः ॥ आतोद्यं वितुदञ्श्लोकान्सत्रेऽगायत्प्रचेतसाम् ॥ ४० ॥ नारद उवाच ॥ नूनं सुनीतेः पतिदेवतायास्तपःप्रभावस्य सुतस्य तां गतिम् ॥ दृष्ट्वाऽभ्युपायानपि वेदवादिनो नैवाधिगन्तुं प्रभवन्ति किं नृपाः ॥ ४१ ॥ यः पञ्चवर्षो गुरुदारवाक्शरैर्भिन्नेन यातो हृदयेन दूयता ॥ वनं मदादेशकरोऽजितं प्रभुं जिगाय तद्भक्तगुणैः पराजितम् ॥ ४२ ॥ यः क्षत्रबन्धुर्भुवि तस्याधिरूढमन्वारुरुक्षेदपि वर्षपूगैः ॥ षट्पञ्चवर्षो यदहोभिरल्पैः प्रसाद्य वैकुण्ठमवाप तत्पदम् ॥ ४३ ॥ मैत्रेय उवाच ॥ एतत्तेऽभिहितं सर्वं यत्पृष्टोऽहमिह त्वया ॥ ध्रुवस्योद्दामयशसश्च-

नारदजीले भने—पतिपरायणा सुनीतिको छोरो ध्रुवलाई उनको तपस्याको प्रभावले जुन सद्गति प्राप्त भयो, त्यो भागवत धर्मका ज्ञाता वेदवादी मुनिगण पनि पाउन सक्तैनन् भने राजाहरूको के कुरा गर्न ? ॥४१॥ आफ्नो पाँच वर्षको उमेरमै सौतेनी आमाका वाग्बाणले मर्माहत भई दुःखी हृदयले वनमा गएर मेरै उपदेश अनुसार आचरण गर्दा छँदा आफ्ना भक्तजनको गुणगानद्वारा जितिने योग्य ती अजेय प्रभुलाई आफ्नो अधीन पारिलिएका थिए ॥४२॥ अहो ! आफ्नो पाँच-छ वर्षको अवस्थामै ध्रुवले केही दिनमै विष्णु भगवान्लाई प्रसन्न पारेर जुन परमपद प्राप्त गरेका छन्, त्यस पवित्र पदलाई अन्य कुनै क्षत्रिय त के अनेकौं वर्षसम्म तपस्या गरेर पनि पाउने कामना गर्न सक्तछन् ? ॥४३॥ मैत्रेय भन्दछन्—

※ दृष्टान्त—एक समय नारदजी डुल्दै-फिर्दै वैकुण्ठ-धाम गए। विष्णु भगवान्ले तिनको चामल गर्नुभयो। त्यसले नारदले ठाने–'म भगवान्को सर्वश्रेष्ठ भक्त हुँ। त्यसैले प्रभु मलाई यति ठूलो सम्मान दिइरहेका छन् फेरि यी सित्तैमा मानव किन दिन्थे ? म निरन्तर यिनैको भजन गर्ने गर्दछु। म जस्तो भगवद्भक्त अर्को को छ !' परमात्मा अन्तर्यामी छन्। उनले नारदका मनको कुरा बुझे र भन्नलागे—'तिमी भन्दा श्रेष्ठ भक्त यौटा किसान छ। जाऊ त्यसको दर्शन गर। नारद त्यो किसानलाई भेटन गए। किसान प्रातः उठेर र राती सुत्ने वेलामा ईश्वरको स्मरण गर्दथ्यो। त्यसलाई देखेर नारद फर्केर आए र तिनले भगवान्सित भने–'के यस्तै भक्तलाई हजुरले म भन्दा उत्तम मान्नुभयो ?' विष्णु भगवानले हाँसेर आज्ञा भयो—'लौ त, यो तेलले भरिएको थाल शिवलोकमा लैजाऊ र त्यहाँबाट अमृत भरिएको थाल लिएर आऊ। बाटोमा अलिकति पनि तेल पोखिन हुन्न। नभए पछि-पछि हिँडिरहने सुदर्शन चक्रले तिम्रो मस्तक काटेर गिडबाट अलग्ग पारिदिने छ।' श्रीविष्णु भगवानको कथनानुसार नारद शिवलोक गए र भने अनुसार गरी फर्केर आए। भगवान्छे आज्ञा भयो—'तिमी थाल लिएर हिँडेदेखि अहिलेसम्म कतिपल्ट मेरो नाम स्मरण गर्‍यौ ?' नारदले भने—'एक पल्ट पनि गरिन।' किनकि मेरो मन त थाल जोगाउनतिर लागेको थियो।' विष्णु भगवान्ले आज्ञा भयो—तिमीले त यौटा थाल नै जोगाउनु थियो, तर त्यो गरीब किसानलाई त सबै काम हेर्नु जोगाउनु थियो। तर त्यो दिन-रातमा दुइपल्ट भक्तिपूर्वक मेरो स्मरण गर्दछ। यसैले म त्यसलाई तिमीभन्दा श्रेष्ठ भक्त हो भनेर मान्दछु।'

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे विदुरजी ! तिमीले जो सोध्यौ त्यो मैले साधु पुरुषहरूले सम्मानित परम यशस्वी ध्रुवको सारा चरित्र सुनाइदिएं ॥ ४४ ॥ यो ध्रुव चरित्र सुन्नेको धन, यश र आयुष्य बढ्दछ । यो परम पवित्र र अत्यन्त पुनीत कथानक हो यति मात्र होइन, यो स्वर्ग तथा ध्रुवलोक प्रदान गर्दछ । यो मनोज्ञ, प्रशंसनीय एवं पापनाशक छ ॥४५॥ श्री अच्युत भगवान्का प्रिय ध्रुवको यस पवित्र चरित्रलाई श्रद्धापूर्वक वारम्बार सुन्नाले भगवान्को भक्ति प्राप्त हुन्छ, त्यसले सबै कष्ट निवारण भएर जान्छ ॥ ६ ॥ ध्रुव चरित्र महत्त्वाकांक्षीहरूलाई महत्व प्राप्त गराउँछ । यसलाई सुन्ने व्यक्तिलाई शील आदि सद्गुण प्राप्त हुन्छन् र तेज खोज्नेलाई तेज तथा मनस्वीहरूलाई यसको द्वारा सम्मान प्राप्त हुन्छ ॥ ४७ ॥ पवित्र-कीर्ति ध्रुवको चरित्र सायं प्रातः ब्राह्मणादि द्विजातिहरूका समूहमा एकाग्र चित्तले भन्नु शुभ छ ॥ ४ ॥ भगवान्का परम पवित्र चरण-कमलका आश्रित भएर जो पूर्णिमा, अमावास्या, द्वादशी, श्रवण नक्षत्र, तिथिक्षय, व्यतीपात, संक्रान्ति तथा । रविवारको दिन श्रद्धालु पुरुषलाई सुनाउँछ, त्यसलाई यदि कुनै इच्छा छैन भने पनि आफ्नो आत्माद्वारा आत्मामै सन्तुष्ट हुने—महती

रितं सम्मतं सताम् ॥ ४४ ॥ धन्यं यशस्यमायुष्यं पुण्यं स्वस्त्ययनं महत् ॥ स्वर्ग्यं ध्रौव्यं सौमनस्यं प्रशस्यमघमर्षणम् ॥ ४५ ॥ श्रुत्वैतच्छ्रद्धयाऽभीक्ष्णमच्युतप्रियचेष्टितम् ॥ भवेद्भक्तिर्भगवति यथा स्यात्क्लेशसंक्षयः ॥ ४६ ॥ महत्त्वमिच्छतां तीर्थं श्रोतुः शीलादयो गुणाः ॥ यत्र तेजस्तदिच्छूनां मानो यत्र मनस्विनाम् ॥ ४७ ॥ प्रयतः कीर्तयेत्प्रातः समवाये द्विजन्मनाम् ॥ सायं च पुण्यश्लोकस्य ध्रुवस्य चरितं महत् ॥ ४८ ॥ पौर्णमास्यां सिनीवाल्यां द्वादश्यां श्रवणेऽथवा ॥ दिनक्षये व्यतीपाते संक्रमेऽर्कदिनेऽपि वा ॥ ४६ ॥ श्रावयेच्छ्रद्दधानानां तीर्थपादपदाश्रयः ॥ नेच्छंस्तत्रात्मनात्मानं संतुष्ट इति सिद्ध्यति ॥५०॥ ज्ञानमज्ञाततत्त्वाय यो दद्यात्सत्पथेऽमृतम् ॥ कृतालोर्दीननाथस्य देवास्तस्यानुगृह्णते ॥ ५१ ॥ इदं मया तेऽभिहितं कुरूद्वह ध्रुवस्य विख्यातविशुद्धकर्मणः ॥ हित्वाऽर्भकः क्रीडनकानि मातुर्गृहं च विष्णुं शरणं जगाम ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे द्वादशोऽध्यायः ॥ १२ ॥ सूत उवाच ॥ निशम्य कौषारविणोपवर्णितं ध्रुवस्य वैकुण्ठपदाधिरोहणम् ॥ प्ररूढभावो भगवत्यधोक्षजे प्रष्टुं पुनस्तं विदुरः प्रचक्रमे ॥ १ ॥ विदुर उवाच ॥ के ते प्रचेतसो नाम कस्यापत्यानि सुव्रत ॥ कस्यान्ववाये प्रख्याताः कुत्र वा सत्रमासते ॥ २ ॥ मन्ये महाभागवतं नारदं देवदर्शनम् ॥ येन प्रोक्तः क्रियायोगः परिचर्याविधिर्हरेः ॥ ३ ॥ स्वधर्मशीलैः पुरुषैर्भगवान्यज्ञपूरुषः ॥

सिद्धि प्राप्त हुनेछ ॥ ४९-५० ॥ जो पुरुष भगवत्-मार्गका मर्मबाट अनभिज्ञ व्यक्तिहरूलाई यो भगवद्विषयक अमृतस्वरूप ज्ञान दिन्छ, ती दीनवत्सल कृपालु प्राणीमा देवता पनि कृपा गर्दछन् ।.५१॥ हे कुरुकुलनन्दन ! जो आफ्नो बाल्यावस्थाको समय माताको घर र खेल्ने वस्तुहरू त्यागेर भगवान् विष्णुको शरणमा गएका थिए र जसका सुकर्म सर्वत्र प्रसिद्ध छन् । ती ध्रुवको यो पवित्र चरित्र मैले तिमीलाई सुनाइसकें ॥ ५२ । इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥ १२ ॥ (ध्रुववंशको विस्तार र अंगको चरित्र)—सूतजी भन्दछन्—हे मुने ! मैत्रेयजीद्वारा ध्रुवले विष्णुपद पाएका वृत्तान्त सुनेर हृदयमा विष्णु भगवान्को भक्ति उम्लिरहेको थियो, ती विदुरजी फेरि सोध्नलागे ॥ १ ॥ विदुरले भने—हे सुव्रत ! ती प्रचेतागण को थिए र कसका छोरा थिए ? ती कसका वंशज कहिन्थे ? ती सबैले कहाँ यज्ञ गरेथे ॥ २ ॥ हे ब्रह्मन् !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले श्रीहरिको पूजाविधिस्वरूप कर्मयोगको निरूपण गरे, भगवान्को प्रत्यक्ष दर्शन प्राप्त गन भएका ती नारदलाई म परम भगवद्भक्त मान्दछु ॥३॥ हजुरको भनाईले यस्तो प्रतीत हुन्छ कि जब प्रचेताहरू आफ्नो धर्मको आचरण गर्दै भगवान् यज्ञपुरुषको भजन गरिरहेका थिए, उसै वखत नारदले पनि नारायणको गुण-गान गरेका थिए ॥४॥ हे ब्रह्मन् ! त्यस स्थानमा देवर्षि नारदजीले जो जो भगवच्चरित्र वर्णन गरेका हुनन्, त्यो मलाई सुनोउनोस् । त्यो सबै सुन्ने मेरो प्रवल अभिलाषा छ ॥५॥ मैत्रेयजी भन्दछन्—हे विदुरजी ! महामना ध्रुवका छोरा उत्कलले पिता वनमा गएपछि उनको सार्वभौम सम्पत्ति तथा राज्य-सिंहासनको अलिकति पनिइच्छा गरेनन् ॥६॥ ती जन्मैदेखि शान्तचित्त, असङ्ग, समदर्शी र सबै प्राणीहरूमा आफ्नो आत्मा र आफ्ना आत्मामा सम्पूर्ण लोक नै स्थित भएको देख्ने गर्दथे ॥७॥ अखण्ड योगाग्नि द्वारा कर्महरूको संसार भस्म हुनाले ती सबै भेदहरूबाट रहित एकमात्र ज्ञानस्वरूप, आनन्दमय, सर्वव्यापक तथा निर्वाणस्वरूप ब्रह्मलाई नै आफ्नो आत्मा मानेर आत्मा बाहेक अरु केही पनि देख्दैनथे ॥८॥९॥ ती बाटोमा हिंड्दा पनि

इज्यमानो भक्तिमता नारदेनेरितः किल ॥ ४ ॥ यास्ता देवर्षिणा तत्र वर्णिता भगवत्कथाः ॥ मह्यं शुश्रूषवे ब्रह्मन्कार्त्स्न्येनाचष्टुमर्हसि ॥ ५ ॥ मैत्रेय उवाच ॥ ध्रुवस्य चोत्कलः पुत्रः पितरि प्रस्थिते वनम् ॥ सार्वभौमश्रियं नैच्छदधिराजासनं पितुः ॥६॥ स जन्मनोपशान्तात्मा निःसङ्गः समदर्शनः ॥ ददर्श लोके विततमात्मानं लोकमात्मनि ॥ ७ ॥ आत्मानं ब्रह्म निर्वाणं प्रत्यस्तमितविग्रहम् ॥ अवबोधरसैकात्म्यमानन्दमनुसन्ततम् ॥ ८ ॥ अव्यवच्छिन्नयोगाग्निदग्धकर्ममलाशयः ॥ स्वरूपमवरुन्धानो नात्मनोऽन्यं तदैक्षत ॥ ९ ॥ जडान्धबधिरोन्मत्तमूकाकृतिरतन्मतिः ॥ लक्षितः पथि बालानां प्रशान्तार्चिरिवानलः ॥ १० ॥ मत्वा तं जडमुन्मत्तं कुलवृद्धाः समन्त्रिणः ॥ वत्सरं भूपतिं चक्रुर्यवीयांसं भ्रमेः सुतम् ॥ ११ ॥ स्वर्वीथिर्वत्सरस्येष्टा भार्याऽसूत षडात्मजान् ॥ पुष्पार्णं तिग्मकेतुं च इषमूर्जं वसुं जयम् ॥ १२ ॥ पुष्पार्णस्य प्रभा भार्या दोषा च द्वे बभूवतुः ॥ प्रातर्मध्यन्दिनं सायमिति ह्यासन्प्रभासुताः ॥ १३ ॥ प्रदोषो निशिथो व्युष्ट इति दोषासुतास्त्रयः ॥ व्युष्टः सुतं पुष्करिण्यां सर्वतेजसमादधे ॥ १४ ॥ स चक्षुः सुतमाकूत्यां पत्न्यां मनुमवाप ह ॥ मनोरसूत महिषी विरजान्नड्वला सुतान् ॥ १५ ॥ पुरुं कुत्सं त्रितं द्युम्नं सत्यवन्तमृतं व्रतम् ॥

अरुलाई जड़, अन्धा, बहिरा, उन्मत्त तथा लाटो जस्तै ज्ञात हुन्थे, तर वास्तवमा ती त्यस्ता थिएनन् । ती त जसको ज्वाला शान्त भइसकेको छ, त्यो अग्नि झैं गूढभावले परम-तेजस्वी थियो ॥१०॥ राज्यका बूढा-पाकर र मन्त्रीहरूले तिनलाई मूर्ख र उन्मक्त ठानेर त्यसको भाई वत्सरलाई, जो ध्रुवकी पत्नी भ्रमिकाको छोरो थियो, राजा बनाए ॥११॥ वत्सरकी प्रियतमा भार्या स्वर्वीथिले पुष्पार्णि, तिग्मकेतु, इष, ऊर्ज, वसु तथा जय नामका छ पुत्र जन्माइन ॥१२॥ पुष्पार्णकी प्रभा र दोषा नामकी दुइ पत्नी थिए । ती दुवै प्रभाबाटा प्रातः, मध्यन्दिन र सायं नामका तीन पुत्र भए ॥१३॥ दोषाका प्रदोष, निशीथ, तथा व्युष्ट यी तीन पुत्र जायमान भए । तिनमा व्युष्टले आफ्नी पत्नी पुष्करिणीबाट सर्व तेजसनाम को एँटा पुत्र उत्पन्न गरे ॥१४॥ सर्वतेजसले आफ्नी आकूती नामकी भार्याबाट चक्षु-मनुलाईपुत्ररूपमा प्राप्त गरे । चक्षु मनुकी स्त्रीनड्वलाबाट पुरु, कुत्स, त्रित, द्युम्न, सत्यवान्, ऋत,-

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत, अग्निष्टोम, अतिरात्र, प्रद्युम्न, शिवि तथा उल्मुक यी बाह बालक जन्मिए ॥१५॥१६॥ उल्मुकको पुष्करिणी नामकी पत्नीबाट अंग, सुमनस, ख्याति, क्रतु, अङ्गिरण र गय यी छ श्रेष्ठ पुत्र उत्पन्न भए ॥१७॥ त्यसपछि अङ्गकी पत्नी सुनीथाबाट क्रूरकर्मा वेन उत्पन्न भयो, त्यसको दुष्टताले वाक्क भएर राजर्षि अङ्ग आफ्नो नगर छाडेर गएका थिए ॥१८॥ अमि हे विदुरजी ! वज्र झैं दुर्निवार वाक्य हुने केही मुनीश्वरहरूले रिसाई वेनलाई मर्ने श्राप दिए। पछि तिनले वेनको मृत शरीरको दाहिने बाहु मथे ॥१९॥ यसरी समस्त पृथ्वी नै राजाले हीन भएपछि जब चोर, डाका समस्त प्रजालाई दुःख दिन लागे तब श्रीविष्णु भगवान्को अंशबाट सम्राट राजा पृथुको जन्म भयो ॥२०॥ यति कथा सुनेर विदुरले भने—हे ब्रह्मन् ! महाराज अङ्ग त ठूला शीलवान्, साधुस्वभाव, ब्राह्मण-भक्त तथा महात्मा थिए। तिनको घरमा वेन झैं दुष्ट पुत्र कसरी जन्मियो ? जसले गर्दा राजा अङ्ग नगरबाट गए ॥२१॥ धर्मज्ञाता मुनीश्वरले वेनमा यस्तो कुन दुष्टता देखे र त्यसको दमन गर्नु नै उचित ठाने, फेरि यस राजालाई शापरूपी ब्रह्मदण्ड दिए ? ॥२२॥

अग्निष्टोममतीरात्रं प्रद्युम्नं शिबिमुल्मुकम् ॥ १६ ॥ उल्मुकोऽजनयत्पुत्रान्पुष्करिण्यां षडुत्तमान् ॥ अङ्गं सुमनसं ख्यातिं क्रतुमङ्गिरसं गयम् ॥१७॥ सुनीथाऽङ्गस्य या पत्नी सुषुवे वेनमुल्बणम् ॥ यद्दौःशील्यात्स राजर्षिर्निर्विण्णो निरगात्पुरात् ॥ १८ ॥ यमङ्ग शेपुः कुपिता वाग्वज्रा मुनयः किल ॥ गतासोस्तस्य भूयस्ते ममन्थुर्दक्षिणं करम् ॥ १९ ॥ अराजके तदा लोके दस्युभिः पीडिताः प्रजाः ॥ जातो नारायणांशेन पृथुराद्यः क्षितीश्वरः ॥ २० ॥ विदुर उवाच ॥ तस्य शीलनिधेः साधोर्ब्रह्मण्यस्य महात्मनः ॥ राज्ञः कथमभूद्दुष्टः प्रजा यद्विमना ययौ ॥ २१ ॥ किं वांहो वेन उद्दिश्य ब्रह्मदण्डमयूयुजन् ॥ दंडव्रतधरे राज्ञि मुनयो धर्मकोविदाः ॥ २२ ॥ नावध्येयः प्रजापालः प्रजाभिरघवानपि ॥ यदसौ लोकपालानां बिभर्त्योजः स्वतेजसा ॥ २३ ॥ एतदाख्याहि मे ब्रह्मन्सुनीथात्मजचेष्टितम् ॥ श्रद्दधानाय भक्ताय त्वं परावरवित्तमः ॥ २४ ॥ मैत्रेय उवाच ॥ अङ्गोऽश्वमेधं राजर्षिराजहार महाक्रतुम् ॥ नाजग्मुर्देवतास्तस्मिन्नाहूता ब्रह्मवादिभिः ॥ २५ ॥ तमूचुर्विस्मितास्तत्र यजमानमथर्त्विजः ॥ हवींषि हूयमानानि न ते गृह्णन्ति देवताः ॥ २६ ॥ राजन्हवींष्यदुष्टानि श्रद्धयाऽऽसादितानि ते ॥ छन्दांस्ययातयामानि योजितानि धृतव्रतैः ॥ २७ ॥ न विदामेह

प्रजापालक राजा यदि कुनै अपराध गर्दछ भने पनि प्रजाले त्यसको तिरस्कार गर्नु अनुचित हो, किनकि त्यो आफ्नो प्रभावले इन्द्रादि सबै लोकपालको तेज धारण गरेको हुन्छ ॥२३॥ हे ब्रह्मन् ! म जस्तो श्रद्धालु भक्तलाई सुनीथानन्दन वेनको सबै कथा सुनाउउनोस्। किनकि हजुर भूत-भविष्यका कुरा जान्नमा सर्वश्रेष्ठ मानिनु हुन्छ ॥२४॥ श्रीमैत्रेयजी भन्दछन्—हे विदुर ! एक बखतको कुरा हो, राजर्षि अङ्गले अश्वमेध नामको यज्ञ गरे। त्यस यज्ञमा वेदवादी ऋत्विजहरूले आवाहन गर्दा पनि देवगण आफ्नो-आफ्नो भाग लिन आएनन् ॥२५॥ अनि अति विस्मित भएर ऋत्विजहरूले आफ्ना यजमान अङ्गसित भने—हे राजन् ! हामीले आहुति दिंदा पनि देवगण हवि ग्रहण गरिरहेका छैनन्। हामीलाई थाहा छ तिम्रो हवन सामग्री पवित्र छ र तिमीले त्यसलाई ठूलो श्रद्धाले एकत्र पारेका छौ। ब्रह्मचर्यादि व्रतहरू पालन गर्ने भएका ब्राह्मण द्वारा प्रयुक्त हाम्रा वेदमन्त्र पनि कसै गरी निर्बल हुन सक्तैनन् ॥२६॥२७॥ हामीलाई त यस्तो कुनै कुरा देखिएको छैन, जसले देवताहरूको अलिकति पनि तिरस्कार भएको होस्। तैपनि किनको कर्माध्यक्ष देवता आफ्नू भाग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिरहेका छैनन् ॥ २८ ॥ मैत्रेयजी भन्दछन्–हे विदुर ! ऋत्विजहरूको कुरा सुनेर यजमान अंग धेरै खिन्न भए। उनको आज्ञाले मौन भङ्ग गरेर उनले सदस्यहरूसित भने—॥२९॥ 'हे सदस्यगण ! सबै देवता आवाहन गर्दा पनि यहाँ आउन्नन् र आफ्नो भाग पनि लिन्नन्। अतः भन्नुहवस मद्वारा यस्तो कुन अपराध भएको छ ?' ।।३०।। अनि सदस्यहरूले भने– राजन् ! यस समय त तिमीले कुनै अपराध गरेका छैनौ, तर जुन कारणले तिमी अपुत्री छौ, तिमीद्वारा पूर्वजन्ममा यस्तो यौटा अपराध भइसकेको छ ।।३१।। अतएव तिमी पहिले यौटा असल सन्तान हुने यज्ञ गर। तिम्रो मङ्गल होस्। भगवान् यज्ञपति पुत्रको कामनाले पूजित भएपछि तिमीलाई अवश्य पुत्र दिन्छन् ।।३२। अतः जब तिमी सन्तानको निम्ति यज्ञपुरुष श्रीहरिको शरण पर्नौला, तब देवता तिमीले दिएको आफ्नो-आफ्नो भाग ग्रहण गर्नेछन् ॥ ३३ ॥ भक्त जुन वस्तु खोज्दछ, भगवान उसलाई त्यही पदार्थ दिन्छन्। जस्तो उनको आराधना गरिन्छ, त्यस्तै फल पनि मिल्दछ ।।३४।। यसरी पुत्र-प्राप्तिको निमित्त निश्चय गरेर ऋत्विजहरूले यज्ञरूपमा विराजमान रहने भएका श्रीविष्णु भगवान्को

देवानां हेलनं वयमण्वपि ॥ यन्न गृह्णन्ति भागान्स्वान् ये देवाः कर्मसाक्षिणः ॥ २८ ॥ मैत्रेय उवाच ॥ अङ्गो द्विजवचः श्रुत्वा यजमानः सुदुर्मनाः ॥ तत्प्रष्टुं व्यसृद्वाचं सदस्यांस्तदनुज्ञया ॥ २९ ॥ नागच्छन्त्याहुता देवा न गृह्णन्ति ग्रहानिह ॥ सदसस्पतयो ब्रूत किमवद्यं मया कृतम् ॥ ३० ॥ सदसस्पतय ऊचुः ॥ नरदेवेन भवतो नाघं तावन्मनाक स्थितम् ॥ अस्त्येकं प्राक्तनमघं यदिहेदृक् त्वमप्रजः ॥ ३१ ॥ तथा साधय भद्रं ते आत्मानं सुप्रजं नृप ॥ इष्टस्ते पुत्रकामस्य पुत्रं दास्यति यज्ञभुक् ॥ ३२ ॥ तथा स्वभागधेयानि ग्रहीष्यन्ति दिवौकसः ॥ यद्यज्ञपुरुषः साक्षादपत्याय हरिर्वृतः ॥ ३३ ॥ तांस्तान्कामान्हरिर्दद्याद्यान्यान्कामयते जनः ॥ आराधितो यथैवैष तथा पुंसां फलोदयः ॥ ३४ ॥ इति व्यवसिता विप्रास्तस्य राज्ञः प्रजातये ॥ पुरोडाशं निरवपन् शिपिविष्टाय विष्णवे ॥ ३५ ॥ तस्मात्पुरुष उत्तस्थौ हेममाल्यमलाम्बरः ॥ हिरण्मयेन पात्रेण सिद्धमादाय पायसम् ॥ ३६ ॥ स विप्रानुमतो राजा गृहीत्वाञ्जलिनौदनम् ॥ अवघ्राय मुदा युक्तः प्रादात्पत्न्या उदारधीः ॥ ३७ ॥ सा तत्पुंसवनं राज्ञी प्राश्य वै पत्युराद्धे ॥ गर्भं काल उपावृत्ते कुमारं सुषुवेऽप्रजाः ॥ ३८ ॥ स बाल एव पुरुषो मातामहमनुव्रतः ॥ अधर्मांशोद्भवं मृत्युं तेनाभवदधार्मिकः ॥ ३९ ॥ स शरासनमुद्यम्य मृगयुर्वनगोचरः ॥ हन्त्यसाधुर्मृगान्दीनान्वेनोऽसावित्यरौज्जनः ॥ ४० ॥ आक्रीडे

आराधनाका निम्ति पुरोडाश अर्पण गरे ।।३५।। अग्निमा आहुति हाल्नासाथ अग्निकुण्डबाट सुवर्णको माला निर्मल वस्त्रले अलंकृत यौटा पुरुष प्रकट भयो। ती सुनको यौटा पात्रमा सिद्धपायस लिएका थिए ॥ ३६ ॥ ऋत्विजहरूको भनाइअनुसार उदारबुद्धि राजा अङ्गले त्यो पायस आफ्नो अंजलीमा थापे र त्यो स्वयं सुँघेर प्रसन्नतापूर्वक आफ्नी पत्नीलाई दिए ॥ ३७ ॥ पुत्रहीन रानीले त्यो पुत्रदायिनी खीर खाएर आफ्ना पतिसित सहवासद्वारा गर्भ धारण गरिन् र वेला पुगेपछि तिनको कोखबाट यौटा पुत्र उत्पन्न भयो ।।३८।। त्यो बालक वेन बाल्यावस्थादेखि नै अधर्मको वंशमा उत्पन्न आफ्नो हजुरबाको मृत्युको अनुयायी बन्यो। अतः त्यो सदा अधार्मिक नै रह्यो ॥ ३९ ॥ युवा भएपछि दुष्ट वेन धनुवाण लिए वनमा जान्थ्यो र व्याधा झैं विचरा सोझा-सादा मृगलाई मार्दथ्यो। त्यो देखेर प्रजाजन–'ऊः वेन आयो वेन आयो' भनेर कराउन थाल्दथे ॥ ४० ॥ वेन यति बर्ता क्रूर र

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्दयी थियो कि खेल्दा पनि अनेक वयस्क बालकहरूलाई ख्याल-ख्यालमै यज्ञ-पशु झैं मारिदिन्थ्यो ॥ ४१ ॥ आफ्नो दुष्ट पुत्रको दुष्टता देखेर राजा अंगले त्यसलाई धेरै सम्झाएर-बुझाए तर ती छोरोलाई राम्रो बाटोमा ल्याउन समर्थ भएनन्, यसनिम्ति तिनको मनमा क्लेश भयो ॥ ४२ ॥ राजा मनमनै भन्दछन्–'जुन गृहस्थ सन्तानहीन छन्, तिनले पूर्वजन्ममा अवश्य भगवानको आराधना गरेका होलान्, त्यसैले उनलाई कुपुत्रद्वारा हुने असह्य कष्टको अनुभव गर्न परेन ॥४३॥ कुपुत्रले गर्दा पिताको सबै कीर्ति नष्ट भएर जा छ, त्यसले अधर्मको भागी बन्नुपर्दछ, सबैसित विरोध हुन्छ, कहिल्यै पनि नहराउने मानसिक पीडा सहनु पर्दछ र त्यो कष्टको आगार (घर) बन्दछ। मोहबन्धनमा पनि नाममात्रको त्यस पुत्रलाई यस्तो कुन बुद्धिमान् प्राणी आदरको दृष्टिले हेर्न सक्ला ? ॥४४॥४५॥ हे विदुरजी ! यस प्रकार उदासीन भावले एक दिन महाराज अङ्ग आधा रातको वेलामा वेनकी आमालाई गाढ

क्रीडतो बालान्वयस्यानतिदारुणः ॥ प्रसह्य निरनुक्रोशः पशुमारममारयत् ॥ ४१ ॥ तं विचक्ष्य खलं पुत्रं शासनैर्विविधैर्नृपः ॥ तदा न शासितुं कल्पो भृशमासीत्सुदुर्मनाः ॥ ४२ ॥ प्रायेणाभ्यर्चितो देवो येऽप्रजा गृहमेधिनः ॥ कदपत्यभृतं दुःखं ये न विन्दन्ति दुर्भरम् ॥ ४३ ॥ यतः पापीयसी कीर्तिरधर्मश्च महान्नृणाम् ॥ यतो विरोधः सर्वेषां यत आधिरनन्तकः ॥ ४४ ॥ कस्तं प्रजापदेशं वै मोहबन्धनमात्मनः ॥ पण्डितो बहु मन्येत यदर्थाः क्लेशदा गृहाः ॥ ४५ ॥ कदपत्यं वरं मन्ये सदपत्याच्छुचां पदात् ॥ निर्विद्येत गृहान्मर्त्यो यत्क्लेशनिवहा गृहाः ॥ ४६ ॥ एवं स निर्विण्णमना नृपो गृहान्निशीथ उत्थाय महोदयोदयात् ॥ अलब्धनिद्रोऽनुपलक्षितो नृभिर्हित्वा गतो वेनसुवं प्रसुप्ताम् ॥ ४७ ॥ विज्ञाय निर्विद्य गतं पतिं प्रजाः पुरोहितामात्यसुहृद्गणादयः ॥ विचिक्युरुर्व्यामतिशोककातरा यथा निगूढं पुरुषं कुयोगिनः ॥ ४८ ॥ अलक्षयन्तः पदवीं प्रजापतेर्हतोद्यमाः प्रत्युपसृत्य ते पुरीम् ॥ ऋषीन्समेतानभिवन्द्य साश्रवो न्यवेदयन्पौरव भर्तृविप्लवम् ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे त्रयोदशोऽध्यायः ॥१३॥ मैत्रेय उवाच ॥ भृग्वादयस्ते मुनयो लोकानां क्षेमदर्शिनः ॥ गोप्तर्यसति वै नृणां पश्यन्तः पशुसाम्यताम् ॥१॥

निद्रामा सुतेकी छाडेर कसैले पनि थाहै नपाई आफ्नो परमऐश्वर्यपूर्ण महल त्यागेर अज्ञात स्थानमा गए। चिन्ताले गर्दा तिनलाई त्यस दिन भोक-निद्रा केही लागेन ॥४६॥ भोलिपल्ट जब यो समाचार फैलियो–महाराज विरक्त भएर घरबाट गए–तब सारा प्रजाजन, पुरोहित, मन्त्री तथा सुहृद्गण अतिशय शोकाकुल भएर तिनलाई उसै प्रकार खोज्न लागे जसरी कुयोगी आफ्नै हृदयमा लुकेका नारायणलाई खोज्दछन् ॥४७॥४८॥ हे विदुर ! जब तिनले आफ्ना स्वामीलाई कहीं पाउन सकेनन् तब निराश भएर राजधानी फर्के। त्यहाँ एकत्रित ऋषिगणका समक्ष आँखामा आँसु भरेर राजा अङ्गको वियोग वृत्तान्त सुनाए ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां त्रयोदशोऽध्यायः ॥१३॥ राजा वेनको वृत्तान्त मैत्रेयजी भन्दछन्–हे विदुरजी ! कुनै पृथ्वी पालक राजाको अभावमा मनुष्यहरूले पशु जस्तै आचरण गरेको देखेर संसारका शुभचिन्तक भृगु आदि वेदवादी पूर्वज्ञ मुनीश्वरहरूले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीरमाता सुनीथासित सल्लाह लिएर मन्त्रीहरू सहमत नभए पनि वेनको नै भूमण्डलको राजपदमा 'अभिषेक गरिदिए ॥१॥२॥ त्यस उद्दण्ड वेन राज्यासनमा बसेको समचार सुनेर सबै दस्यु डराएको मूसो झैं तत्काल यता-उता लुके ॥ ३ ॥ राज्यसिंहासन पाएपछि आठै लोकपालहरूको ऐश्वर्य मदले उन्मत्त भएर तथा अतिशय उद्दण्डतापूर्वक आफू-लाई सबैभन्दा ठूलो राजा मानेर महाभाग मुनीश्वरहरूको तिरस्कार गर्न लाग्यो ॥४॥ त्यस प्रकार ऐश्वर्य-मदले अन्धो भएर राजा वेन निरङ्कुश गजराज जस्तै रथमा बसेर पृथिवी तथा आकाशलाई थर्काउँदै सर्वत्र डुल्न लाग्यो ॥५॥ उसले आफ्नो राज्यमा यस्तो झ्याली पिटायो—कुनै पनि ब्राह्मण कुनै प्रकारको यज्ञ, दान तथा हवन आदि केही नगरुन् ।' यस प्रकार उसले सबै धर्म-कर्म बन्द पारिदियो ॥६॥ दुराचारी वेनका त्यस्ता कुकर्म देखेर तथा प्रजामाथि सङ्कट उपस्थित भएको ठानेर मुनीश्वरहरूको कृपावश एक स्थानमा जम्मा भई परस्पर सल्लाह गर्दै भने—॥७॥ 'अहो ! दुइतिरबाट बल्दो काठको माझमा बस्ने पिपीलिकादि जीवहरूको समान यस बखत राजा तथा डाका दुवै थरिले संसारलाई सहसा

वीरमातरमाहूय सुनीथां ब्रह्मवादिनः ॥ प्रकृत्यसम्मतं वेनमभ्यषिञ्चन्पतिं भुवः ॥ २ ॥ श्रुत्वा नृपासनगतं वेनमत्युग्रशासनम् ॥ निलिल्युर्दस्यवः सद्यः
सर्पत्रस्ता इवाखवः ॥ ३ ॥ स आरूढनृपस्थान उन्नद्धोऽष्टविभूतिभिः ॥ अवमेने महाभागान् स्तब्धः सम्भावितः स्वतः ॥४॥ एवं मदान्ध उत्सिक्तो
निरङ्कुश इव द्विपः ॥ पर्यटन्रथमास्थाय कम्पयन्निव रोदसी ॥५॥ न यष्टव्यं न दातव्यं न होतव्यं द्विजाः क्वचित् ॥ इति न्यवारयद्धर्मं भेरीघोषेण
सर्वशः ॥ ६ ॥ वेनस्यावेक्ष्य मुनयो दुर्वृत्तस्य विचेष्टितम् ॥ विमृश्य लोकव्यसनं कृपयोचुः स्म सत्रिणः ॥ ७ ॥ अहो उभयतः प्राप्तं लोकस्य व्यसनं
महत् ॥ दारुण्यु भयतो दीप्त इव तस्करपालयोः ॥८॥ अराजकभयादेष कृतो राजाऽतदर्हणः ॥ ततोऽप्यासीद्भयं त्वद्य कथं स्यात्स्वस्ति देहिनाम् ॥९॥
अहेरिव पयःपोषः पोषकस्याप्यनर्थकृत् ॥ वेनः प्रकृत्यैव खलः सुनीथागर्भसंभवः ॥१०॥ निरूपितःप्रजापालः स जिघांसति वै प्रजाः ॥ तथापि सान्त्व-
येममुं नास्मांस्तत्पातकं स्पृशेत् ॥११॥ तद्विद्वद्भिरसद्वृत्तो वेनोऽस्माभिःकृतो नृपः ॥ सान्त्वितोयदि नो वाचं न ग्रहीष्यत्यधर्मकृत् ॥१२॥ लोकधिक्कार-
संदग्धं दहिष्याम स्वतेजसा ॥ एवमध्यवसायैनं मुनयो गूढमन्यवः ॥ उपव्रज्याब्रुवन्वेनं सान्त्वयित्वा च सामभिः ॥१३॥ मुनय ऊचुः ॥ नृपवर्य निबोधैतद्यत्ते

ठूलो भय आएर उपस्थित भएको छ ॥८॥ अराजकताको भयले नै योग्य नभए पनि हामीले वेनलाई राजा तुल्यायौं किन्तु अब उसबाट पनि प्रजालाई भय हुनलागेको छ भने सांसारिक जीवलाई कसरी सुख मिल्नेछ ? ॥९॥ दूधले सर्पको पोषण गरे झैं अब यसको पोषण गर्नु पनि पोषणकर्ताको नै अनर्थको कारण बनिरहेको छ । वास्तवमा सुनीथाको गर्भबाट उत्पन्न वेन स्वभावैले दुष्ट छ ॥१०॥ हामीले त यसलाई प्रजाको पालन गर्नको निम्ति राजपदमा अभिषिक्त गरेका थियौं, तर यो त ती प्रजाहरूलाई नै नष्ट पारिदिन खोजिरहेछ, तैपनि हामी यसलाई सम्झाउँला, जसले यो द्वारा गरिएका पापको हामीसित स्पर्श हुन नपाओस् । हामीले जानेर नै यस दुराचारीलाई राजा तुल्लाएका थियौं । अतः सम्झाई-बुझाई गर्दा पनि यसले हाम्रो कुरा मानेन भने सबैले धिक्कार दिए दग्ध यस दुष्टलाई हामी आफ्नो तेजले भस्म पारिदिने छौं ।' यस्तो विचार गरेर जसको क्रोध गुप्त थियो, ती मुनिजन राजा वेनकहाँ गए र उसलाई शान्तिपूर्वक बुझाउँदै भन्न लागे ॥११-१३॥ मुनिहरूले भने—हे राजन् ! हामी जे जति भनिरहेका छौं, त्यो ध्यान दिएर सुन । हे तात ! यसले तिम्रो आयुष्य, श्री, शक्ति र कीर्ति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वद्नेछ ।.१४॥ हेर–मनुष्यहरू द्वारा मन, वाणी, शरीर तथा बुद्धिले आचरित धर्म निष्काम पुरुषका लागि शोकरहित लोक तथा अनन्त मोक्षपद प्रदान गर्दछ ।।१५।। अतएव हे वीर ! प्रजागणको कल्याणरूपी त्यो धर्म तिमीले गर्दा नष्ट हुन नपाओस् । किनकि धर्म नष्ट भएपछि राजाको ऐश्वर्य नष्ट भएर जान्छ ।।१६।। हे राजन् ! दुष्ट मन्त्री तथा चोर डा आदिबाट प्रजाको रक्षा गरेर उचित तिरो लिने राजा इहलोक तथा परलोक दुवै स्थानमा सुख पाउँदछ ।।१७।। जसको राज्य तथा नगरमा वर्णाश्रम धर्मको पालन गर्ने पुरुषहरू द्वारा भगवान् यज्ञपुरुषको यजन हुन्छ तब हे महाभाग ! प्रजा द्वारा आफ्नो आज्ञाको पालन गराउने त्यस राजाप्रति भूतभावन भगवान् सदैव प्रसन्न रहन्छन् ।। १८ ।। १९ ।। ती जगदीश्वरहरूका पनि ईश्वर नारायण प्रसन्न भएपछि के कुरा अप्राप्य रहन सक्तछ ? इन्द्रादि लोकपालसहित सबै लोकपाल पनि आदरपूर्वक उसलाई दर्शन दिन्छन् ।। २० ।। ती भगवान् सबै लोकपाल तथा यज्ञका स्वरूप हुन् । ती वेदत्रयीमय, द्रव्यमय र तपोमय छन् । हे राजन् ! जो जन तिम्रो कल्याणका लागि तिनको विविध प्रकारका यज्ञद्वारा यजन गर्दछन्, तिमीलाई

विज्ञापयाम भोः ॥ आयुः श्रीबलकीर्तीनां तव तात विवर्धनम् ॥ ४॥ धर्म आचरितः पुंसां वाङ्मनःकायबुद्धिभिः ॥ लोकान्विशोकान्वितरत्यथानन्त्यमसङ्गिनम् ॥१५॥ स ते मा विनशेद्वीर प्रजानां क्षेमलक्षणः ॥ यस्मिन्विनष्टे नृपतिरैश्वर्यादवरोहति ॥१६॥ राजन्नसाध्वमात्येभ्यश्चोरादिभ्यः प्रजा नृप ॥ रक्षन्यथा बलिं गृह्णन्निह प्रेत्य च मोदते ॥ १७ ॥ यस्य राष्ट्रे पुरे चैव भगवान्यज्ञपूरुषः ॥ इज्यते स्वेन धर्मेण जनैर्वर्णाश्रमान्वितैः ॥१८॥ तस्य राज्ञो महाभाग भगवान्भूतभावनः ॥ परितुष्यति विश्वात्मा तिष्ठतो निजशासने ॥१९॥ तस्मिंस्तुष्टे किमप्राप्यं जगतामीश्वरेश्वरे ॥ लोकाः सपाला ह्येतस्मै हरन्ति बलिमादृताः॥२०॥ तं सर्वलोकामरयज्ञसंग्रहं त्रयीमयं द्रव्यमयं तपोमयम् ॥ यज्ञैर्विचित्रैर्यजतो भवाय ते राजन्स्वदेशाननुरोद्धुमर्हसि॥२१॥यज्ञेन युष्मद्विषये द्विजातिभिर्वितायमानेन सुराः कला हरेः ॥ स्विष्टाः सुतुष्टाः प्रदिशन्तिवाञ्छितं तद्धेलनं नार्हसि वीर चेष्टितुम्॥२२॥ वेन उवाच ॥ बालिशा बत यूयं वा अधर्मे धर्ममानिनः ॥ ये वृत्तिदं पतिं हित्वा जारं पतिमुपासते ॥२३॥ अवजानन्त्यमी मूढा नृपरूपिणमीश्वरम् ॥ नानुविन्दन्ति ते भद्रमिह लोके परत्र च ॥ २४ ॥ को यज्ञपुरुषो नाम यत्र वो भक्तिरीदृशी ॥ भर्तृस्नेहविदूराणां यथा जारे कुयोषिताम् ॥ २५ ॥ विष्णुर्विरिञ्चो गिरिश इन्द्रो वायुर्यमो रविः ॥ पर्जन्यो धनदः सोमः क्षितिरग्निरपां पतिः ॥ २६ ॥ एते चान्ये च विबुधाः प्रभवो वरशापयोः ॥ देहे भवन्ति नृपतेः सर्वदे·

उनको अनुकूल आचरण गर्नुपर्दछ ।।२१।। यदि तिम्रो राज्यमा ब्राह्मणादि द्विजहरूद्वारा यज्ञको अनुष्ठान गरिन्छ तब श्रीहरिका गहनास्वरूप देवता धेरै प्रसन्न भएर तिमीलाई अभिलषित फल दिनेछन् । अतएव हे वीर ! तिमीले ती देवताहरूको तिरस्कार गर्नु अनुचित हो ।।२२।। वेनले भने—तिमीहरू ठूलो मूर्ख हौ । तिमीले अधर्मलाई नै धर्म मानेका छौ । किनकि तिमी आफ्नो पालक म राजालाई त्यागेर जारतुल्य पति परमात्माको आराधना गर्दछौ ।।२३।। जो मूर्ख राजारुपी परमेश्वरको तिरस्कार गर्दछन्, ती यसलोक र परलोकमा कहीं पनि सुखी रहन्नन् ।।२४।। जस्तै आफ्नो पतिसित प्रेम नराख्ने कुलटा स्त्रीको प्रीति जार पुरुषमा हुन्छ, त्यस्तै नै स्वामीको स्नेहबाट रहित तिमीहरूको, जसमा यति बर्ता भक्ति छ, त्यो यज्ञपुरुष को हो ? ।।२५।। ब्रह्मा, विष्णु, शिव, इन्द्र, वायु, यम, सूर्य, मेघ, कुबेर चन्द्रमा, पृथिवी तथा वरुण–यी र वर तथा श्राप दिनमा समर्थ सबै देवता राजाका शरीरमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यमान रहन्छन्, यसले राजा सर्वदेवमय कहिन्छन् ॥२६॥२७॥ हे विप्रगण ! तिमी मत्सररूपी *व्यसन छाडेर आफ्ना सबै कर्मद्वारा मेरो नै यज्ञ गर—मलाई नै बलि अर्पण गर । मभन्दा ठूलो अरु कुन पुरुष अग्रपूजाको अधिकारी हुन्छ ? ॥२८॥ मैत्रेयजी भन्छन्—यस प्रकार जसको बुद्धि विपरीत भएको थियो, त्यस महापापी तथा कुमार्गगामी राजा वेनले बारम्बार नम्रतापूर्वक सम्झाउँदा-बुझाउँदा पनि मुनिहरूको प्रार्थनामा केही ध्यान दिएन, किनकि उसको पुण्य क्षीण भइसकेको थियो ॥ २९ ॥ हे विदुर ! आफूलाई पण्डित ठान्ने ती वेनसित यस प्रकार अपमानित भएपछि र आफ्नो कल्याणकारिणी माग व्यर्थ भएको देखेर ती सबै ब्राह्मण वेनमाथि साह्रै कुपित भए ॥३०॥ ती भन्नलागे—यो महापापी स्वभावतः

वमयो नृपः ॥ २७ ॥ तस्मान्मां कर्मभिर्विप्रा यजध्वं गतमत्सराः ॥ बलिं च मह्यं हरत मत्तोऽन्यः कोऽग्रभुक् पुमान् ॥ २८ ॥ मैत्रेय उवाच ॥ इत्थं विपर्ययमतिः पापीयानुत्पथं गतः ॥ अनुनीयमानस्तद्याच्ञां न चक्रे भ्रष्टमङ्गलः ॥ २९ ॥ इति तेऽसत्कृतास्तेन द्विजाः पण्डितमानिना ॥ भग्नायां भव्ययाच्ञायां तस्मै विदुर चुक्रुधुः ॥ ३० ॥ हन्यतां हन्यतामेष पापः प्रकृतिदारुणः ॥ जीवञ्जगदसावाशु कुरुते भस्मसाद् ध्रुवम् ॥ ३१ ॥ नायमर्हत्यसद्वृत्तो नरदेववरासनम् ॥ योऽधियज्ञपतिं विष्णुं विनिन्दत्यनपत्रपः ॥ ३२ ॥ को वैनं परिचक्षीत वेनमेकमृतेऽशुभम् ॥ प्राप्त ईदृश- मैश्वर्यं तदनुग्रहभाजनः ॥ ३३ ॥ इत्थं व्यवसिता हन्तुमृषयो रूढमन्यवः ॥ निर्जघ्नुर्हुंकृतैर्वेनं हतमच्युतनिन्दया ॥ ३४ ॥ ऋषिभिः स्वाश्र-

बड़ो दुष्ट छ । यदि यो बाँचिरह्यो भने केही दिनमै सम्पूर्ण संसार भस्म पार्नछ । अतएव सबै मिलेर यसलाई मारिदिनोस्—मारिदिनोस् ॥३१॥ यो दुराचारी कहिले पनि राजा सिंहासनको योग्य हुन सक्तैन, किनकि यो निर्लज्ज साक्षात् यज्ञपति विष्णु भगवान्‌को निन्दक छ ॥ ३२ ॥ अहो ! जसको कृपाले यसलाई ऐश्वर्य मिल्यो, ती हरिको यो पापी वेन बाहेक अरु को निन्दा गर्न सक्दछ ? ॥३३॥ यस प्रकार अत्यन्त् क्रुद्ध भएर वेनलाई मार्ने निश्चय गरेर भगवान्‌को निन्दा गर्नाले हतप्राय राजा वेनलाई आफ्नो एक हुँकारले नै भस्म

---

* दृष्टान्त (मृत्युलाई निम्ता दिने व्यसन हुन्छ)— यौटा राजकुमार निकै प्यारो गरेर पालिएको थियो । अतः त्यसको हृदयमा अनेक व्यसनले घर बनाए । हुक्का तमाखू त्यसका आमा बाबू झैं थिए र गाँजा-भांग त्यसका कुटुम्ब । केही दिनपछि राजपुत्र बिरामी भयो । राजाले धेरै औषधि गरे, तर रोग निको भएन । जति नै औषधि खाए पनि संयम नगरी रोग कसरी निको हुने ? त्यसै बखत मानव-प्रकृति अनुसार उपचार गर्ने यौटा महात्मा आइपुगे । तिनले राजपुत्रलाई हेरेर भने - 'यस्ता-यस्ता हजारौं रोगी मैले निको पारिसकें । भोलिदेखि मेरो औषधि आरम्भ गर ।' राजकुमारले सोधे–'पथ्य के दिनुहुन्छ ?' महात्माले भने– तिमी गाँजा, भांग, रक्सी आदि दोबर सेवन गर्नु ।' व्यसनी कुमार प्रसन्न भयो र भन्यो—'यी वैद्य असल छन् ।' महात्मासित त्यसको प्रेम भयो । अतः त्यो स्वयं उनीकहाँ औषधि लिन गयो र सोध्यो–'हजुरले मादक द्रव्य दोबर खान किन भन्नुभयो ? अनेक मूर्ख वैद्य त मलाई व्यसन छाडिदिनु भन्दछन् ।' महात्माले भने–'व्यसनमा चार गुण हुन्छन् । पहिलो–चोर आउन्नन्, शरीर मोटो रहन्छ, वस्तलाई सवारी पाइन्छ र व्यसनी मनुष्य कहिल्यै बूढो हुँदैन ।' कुमारले भन्यो–'त्यो कसरी ?' तिनले उत्तर दिए—तमाखूको व्यसनीलाई सधैं खोकी लागिरहन्छ र निद्रा लाग्दैन । अतः चोर आए पनि डराई भाग्दछ । शरीर सुनिन्छ, अंग भरि डल्ला-डुल्ली निस्कन्छ, यसै कारण त्यो मोटो-घाटो देखिन्छ । बुढ्यामा शक्ति रहन्न, त्यसैले कहीं जान परे पनि वाहनको आवश्यकता पर्दछ । यस्तो मनुष्य जवानीमै मर्दछ, अनि बृद्धावस्था किन आउँछ ?' महात्माको वचन सुनेर राजपुत्रले भन्यो–'उसो भए व्यसन दुर्गुण भयो । म आजैदेखि यसलाई त्यागिदिन्छु ।' तदनुसार राजपुत्रले व्यसन त्यागिदियो र सधैंको निम्ति निरोग भयो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिदिए ।।३४।। यसरी उसको वध गरेपछि जब ती मुनिहरू आफाफ्नो आश्रममा गए तब सुनीथा शोकाकुल भएर आफ्नो विद्याबलले छोराको शरीरको रक्षा गर्न लागिन् ।।३५।। एक दिन ती मुनीश्वर सरस्वती नदीमा स्नान गरेर जब अग्निहोत्रबाट निवृत्त भई नदीकै तटमा हरि-चर्चा गर्नलागे ।।३६।। अनि जता-ततै सबै जनहरूलाई भयभीत पार्ने भएका अनेक उत्पात हुनलागेका देखेर ती भन्न लागे–'पृथिवी अनाथ हुनाले त्यसलाई दस्युहरूद्वारा पीडित हुन त परिरहेको छैन ? ।।३७।। ती सबै मुनिहरू यस्तो विचार गरिरहेकै थिए, उसै बखत तिनले प्रजाको धन लुटेर भाग्नलागेका चोरहरूको दगुराईले धूलो उड्नलागेको देखे ।।३८।। त्यो उनीहरूले राजा नहुनाले प्रजाको धन लुटिएको र योटाले अर्कोलाई मार्ने इच्छा भएका डाकाहरूको उपद्रव ठानेर अराजकताले बलहीन तथा चोर-डाकालाई मुनीश्वरहरूले आफू सबै तर्फबाट समर्थ भए पनि रोक-छेक गरेनन् ।।३९।। ।।४०।। उनीहरूले विचार गरे—ब्राह्मण यदि समदर्शी तथा शान्त स्वभावका हुन् तापनि दीन-हीनको उपेक्षा गर्नाले तिनको ब्रह्मतेज त्यसै प्रकार नष्ट भएर खेर जान्छ, जस्तै

मपदं गते पुत्रकलेवरम् ॥ सुनीथा पालयामास विद्यायोगेन शोचती ॥ ३५ ॥ एकदा मुनयस्ते तु सरस्वत्सलिलाप्लुताः ॥ हुत्वाऽग्नीन्सत्कथा-
श्चक्रुरुपविष्टाः सरित्तटे ॥ ३६ ॥ वीक्ष्योत्थितान्महोत्पातानाहुर्लोकभयंकरान् ॥ अप्यभद्रमनाथाया दस्युभ्यो न भवेद्भुवः ॥ ३७ ॥ एवं मृशन्त
ऋषयो धावतां सर्वतो दिशम् ॥ पांसुः समुत्थितो भूरि चौराणामभिलुम्पताम् ॥ ३८ ॥ तदुपद्रवमाज्ञाय लोकस्य वसु लुम्पताम् ॥ भर्तर्युपरते तस्मि-
न्नन्योन्यं च जिघांसताम् ॥ ३९ ॥ चौरप्रायं जनपदं हीनसत्त्वमराजकम् ॥ लोकान्नावारयञ्छक्ता अपि तद्दोषदर्शिनः ॥ ४० ॥ ब्राह्मणः समदृ-
क्शान्तो दीनानां समुपेक्षकः ॥ स्रवते ब्रह्म तस्यापि भिन्न भाण्डात्पयो यथा ॥ ४१ ॥ नाङ्गस्य वंशो राजर्षेरेष संस्थातुमर्हति ॥ अमोघवीर्या हि
नृपा वंशेऽस्मिन्केशवाश्रयाः ॥ ४२ ॥ विनिश्चित्यैवमृषयो विपन्नस्य महीपतेः ॥ ममन्थुरूरुं तरसा तत्रासीद्बाहुको नरः ॥ ४३ ॥ काककृष्णोऽतिह-
स्वांगो ह्रस्वबाहुर्महाहनुः ॥ ह्रस्वपान्निम्ननासाग्रो रक्ताक्षस्ताम्रमूर्धजः ॥ ४४ ॥ तं तु तेऽवनतं दीनं किं करोमीति वादिनम् ॥ निषीदेत्यब्रुवंस्तात
स निषादस्ततोऽभवत् ॥ ४५ ॥ तस्य वंश्यास्तु नैषादा गिरिकाननगोचराः ॥ येनाहरज्जायमानो वेनकल्मषमुल्बणम् ॥ ४६ ॥ इति श्रीमद्भागवते
महापुराणे चतुर्थस्कन्धे पृथुचरिते निषादोत्पत्तिर्नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥ मैत्रेय उवाच ॥ अथ तस्य पुनर्विप्रैरपुत्रस्य महीपतेः ॥ बाहुभ्यां

चु ने गाग्रोबाट पानी बगेर जान्छ ।।४१।। राजर्षि अङ्गको वंश यस प्रकार समाप्त हुने योग्य छैन, किनकि यस वंशमा अनेक अमोघ बलवान् र भगवत्परायण राजाहरू भइसकेका छन् ।।४२।। यस्तो निश्चय गरेर ती मुनीश्वरहरूले मरेका राजा वेनको तिघ्रा निकै बलपूर्वक मन्थन गरे । त्यसरी मथेपछि त्यसबाट योटा बाउन्ने पुरुष उत्पन्न भयो ॥ ४३ ॥ त्यो पुरुष काग झैं कालो थियो, त्यसका सारा अङ्ग र बाहुहरू साना, नाक च्याप्टो, आँखा राता र कपाल ताम्रवर्णका (राता) थिए ।।४४।। जब त्यस पुरुषले अ यन्त दीन र नम्र भएर भन्यो 'म के गरूँ ?' तब ऋषिले भने—'हे तात ! निषीद अर्थात् यहाँ बस ।' अतएव त्यो निषाद भयो ।।४५।। त्यस पुरुषले जन्म लिएर नै दिवङ्गत राजा वेनका सबै भयंकर पाप हरण गरिलियो, त्यसैले उसका वंशधर वन तथा पहाडका निवासी निषाद अर्थात् भिल्ल कहिए ।।४६।। इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपालीभाषाटीकायां चतुर्दशोऽध्यायः ।।१४।।

Jagannath Bhattarai Collection. Nagarjun-7. Kathmandu. Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(भगवान् पृथुको जन्म र राज्याभिषेक)---मैत्रेयजी भन्दछन्–हे विदुरजी ! त्यसपछि जब ब्राह्मणहरूले वेनका बाहुको मन्थन तब पुत्रहीन राजा वेनको बाहुबाट यौटा स्त्री-पुरुषको जोडी उत्पन्न भयो ।।१।। त्यसरी उत्पन्न त्यो जोडीलाई भगवान्को कलाबाट उत्पन्न भएको जानेर ती ब्रह्मवादी मुनीश्वरले भने ।।२।। ऋषिगण भन्दछन्–यो पुरुष जगत्लाई पालन गर्ने विष्णु भगवान्का कलाबाट उत्पन्न भएको छ यी स्त्री श्रीहरिसित कहिल्यै नछुट्टिने लक्ष्मीकी अवतार हुन् ।।३।। अतः यो पुरुष राजाहरूमा सर्वप्रधान हुनेछ र आफ्नो सुयश स्थापित गर्नेछ । यो महायशस्वी पृथु नामको राजा हुनेछ ।।४।। यी राम्रा दाँत भएकी, आफ्ना गुणले आभूषणहरूलाई पनि आभूषित एवं उत्तम कटिप्रदेश हुने अर्चि नामकी स्त्री यी पृथुलाई नै आफ्नो पति रोज्नेछन्।।५।।यो साक्षात् श्रीहरिको अंश नै संसारको रक्षाका निमित्त अवतीर्ण भएको छ र यी देवी भगवान्‌सित कहिल्यै पनि पृथक् नरहने तथा निरन्तर उनैको सेवामा तत्पर साक्षात् लक्ष्मीकी अवतार हुन् ।।६।। मैत्रेयजी भन्दछन्–हे विदुर ! यस प्रकार पृथुले अवतार लिएपछि सबै ब्राह्मण तिनको स्तुति

मथ्यमानाभ्यां मिथुनं समपद्यत ॥ १ ॥ तद्दृष्ट्वा मिथुनं जातमृषयो ब्रह्मवादिनः ॥ ऊचुः परमसन्तुष्टा विदित्वा भगवत्कलाम् ॥२॥ ऋषय ऊचुः ॥
एष विष्णोर्भगवतः कला भुवनपालिनी ॥ इयं च लक्ष्म्याः सम्भूतिः पुरुषस्यानपायिनी ॥ ३ ॥ अयं तु प्रथमो राज्ञां पुमान्प्रथयिता यशः ॥
पृथुर्नाम महाराजो भविष्यति पृथुश्रवाः ॥ ४ ॥ इयं च सुदती देवी गुणभूषणभूषणा ॥ अर्चिर्नाम वरारोहा पृथुमेवावरुन्धती ॥५॥ एष साक्षाद्ध-
रेरंशो जातो लोकरिरक्षया ॥ इयं च तत्परा हि श्रीरनुजज्ञेऽनपायिनी ॥ ६ ॥ मैत्रेय उवाच ॥ प्रशंसन्ति स्म तं विप्रा गन्धर्वप्रवरा जगुः ॥
मुमुचुः सुमनोधाराः सिद्धा नृत्यन्ति स्वःस्त्रियः ॥७॥ शंखतूर्यमृदङ्गाद्या नेदुर्दुन्दुभयो दिवि ॥ तत्र सर्व उपाजग्मुर्देवर्षिपितृणां गणाः ॥८॥ ब्रह्मा
जगद्गुरुर्देवैः सहासृत्य सुरेश्वरैः ॥ वैन्यस्य दक्षिणे हस्ते दृष्ट्वा चिह्नं गदाभृतः ॥ ९ ॥ पादयोररविन्दं च तं वै मेने हरेः कलाम् ॥ यस्याप्रतिहतं
चक्रमंशः स परमेष्ठिनः ॥ १० ॥ तस्याभिषेक आरब्धो ब्राह्मणैर्ब्रह्मवादिभिः ॥ आभिषेचनिकान्यस्या आजह्रुः सर्वतो जनाः ॥ ११ ॥
सरित्समुद्रा गिरयो नागा गावः खगा मृगाः ॥ द्यौः क्षितिः सर्वभूतानि समाजह्रुरुपायनम् ॥ १२ ॥ सोऽभिषिक्तो महाराजः सुवासाः

गर्नलागे, गन्धर्व गाउन लागे, सिद्धजन पुष्पको वर्षा गर्नलागे र अप्सरागण नाच्न लागे ।।७।। उस बखत आकाशमा शंख, मृदङ्ग, तथा दुन्दुभी आदि बाजा बज्न लागे । देवता, ऋषि र पितृहरूको समूह त्यहीं आइपुग्यो ।।८।। जब जगद्गुरु ब्रह्माजीले इन्द्रादि देवता सहित आएर वेन-तनय पृथुको दाहिने हातमा विष्णु भगवान्का रेखाहरू तथा चरणमा कमलको चिह्न देखे तब उनलाई साक्षात् श्रीहरिको अंश ठाने, किनकि जुनसुकैको पनि हातमा अन्य रेखाहरूसित नजोरिएको चक्रको चिह्न विद्यमान रहन्छ, त्यो साक्षात् नारायणको अंश हुन्छ ।।९।।१०।। त्यसपछि वेदवादी ब्राह्मणहरूले महाराज पृथुको अभिषेक आयोजन गरे र सबैतिरबाट अभिषेकको सामग्री जोरिन लागे ।।११।। त्यस बखत नदी, समुद्र, पर्वत, वृक्ष गाई, मृग, स्वर्ग, पृथ्वी तथा सम्पूर्ण प्राणिहरूले उनलाई थरि-थरिका उपहार दिए ।।१२।। यस प्रकार राज्याभिषेक भएपछि महाराज पृथुले राम्रा वस्त्राभूषण धारण गरे र नाना

Lokenath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकारका अलङ्कारहरूले सुसज्जित आफ्नी प्रिया अर्चिसित अर्का अग्निदेव जस्ता शोभित भए ।।१३।। हे वीरवर विदुरजी ! उनलाई कुबेरले साह्रै राम्रो स्वर्ण सिंहासन र वरुणले
।. च. जसबाट जलका थोपा चुहिरहेका थिए, यस प्रकार चन्द्रमा जस्तै श्वेत र प्रकाशमय छत्र अर्पण गरे ।।१४।। त्यसै प्रकार वायुले दुइटा चमर, धर्मले कीर्तिमयी माला, इन्द्रले सुन्दर मुकुट, भा ॰
पापीहरूमा शासन गर्ने यमराजले यमदण्ड, ब्रह्माले ब्रह्ममय कवच, सरस्वतीले उत्तम हार, विष्णुले सुदर्शन चक्र र लक्ष्मीले अविनाशिनी शोभा, शिवले दसचन्द्र हुने खड्ग,
पार्वतीले सय चन्द्रमाका चिह्नहरूले चिह्नित ढाल, चन्द्रमाले अमृतमय अश्व, त्वष्टाले सुन्दर रथ, अग्निले सींग द्वारा निर्मित बलियो धनुष, सूर्यले किरणमय बाण, पृथ्वीले चरण-
।२२।। स्पर्श हुनासाथ इच्छित स्थानमा पुर्याउने खराऊ, स्वर्गका अभिमानी देवताहरूले नित्यप्रति हुने पुष्पहरूको वर्षा, आकाशगामी देवताहरूले नाच-गाना-बजाना र अन्तर्धान हुन सक्ने अ. १५
शक्तिहरू, ऋषिहरूले अमोघ आशीर्वाद, समुद्रले आफूमा उत्पन्न शङ्ख, यी बाहेक सातै समुद्र, पर्वत, नदीहरूले महात्मा पृथुको रथलाई बाटो दिए । त्यसपछि सूत, मागध तथा

साध्वलंकृतः ॥ पत्न्याऽर्चिषाऽलंकृतया विरेजेऽग्निरिवापरः ॥ १३ ॥ तस्मै जहार धनदो हैमं वीरवरासनम् ॥ वरुणः सलिलस्रावमातपत्रं शशिप्रभम् ॥ १४ ॥ वायुश्च वालव्यजने धर्मः कीर्तिमयीं स्रजम् ॥ इन्द्रः किरीटमुत्कृष्टं दण्डं संयमनं यमः ॥ १५ ॥ ब्रह्मा ब्रह्ममयं वर्म भारती हारमुत्तमम् ॥ हरिः सुदर्शनं चक्रं तत्पत्न्यव्याहतां श्रियम् ॥ १६ ॥ दशचन्द्रमसिं रुद्रः शतचन्द्रं तथाऽम्बिका ॥ सोमोऽमृतमयानश्वांस्त्वष्टा रूपाश्रयं रथम् ॥ १७ ॥ अग्निराजगवं चापं सूर्यो रश्मिमयानिषून् ॥ भूः पादुके योगमय्यौ द्यौः पुष्पावलिमन्वहम् ॥१८॥ नाट्यं सुगीतं वादित्रमन्तर्धानं च खेचराः ॥ ऋषयश्चाशिषः सत्याः समुद्रः शंखमात्मजम् ॥ १९ ॥ सिन्धवः पर्वता नद्यो रथवीथीर्महात्मनः ॥ सूतोऽथ मागधो वन्दी तं स्तोतुमुपतस्थिरे ॥ २० ॥ स्तावकांस्तानभिप्रेत्य पृथुर्वैन्य प्रतापवान् ॥ मेघनिर्ह्रादया वाचा प्रहसन्निदमब्रवीत् ॥ २१ ॥ पृथुरुवाच ॥ भो सूत हे मागध सौम्य बन्दिँल्लोकेऽधुनाऽस्पष्टगुणस्य मे स्यात् ॥ किमाश्रयो मे स्तव एष योज्यतां मा मय्यभूवन्वितथा गिरो वः ॥ २२ ॥ तस्मात्परोक्षेऽस्मदुपश्रुतान्यलङ्करिष्यथ स्तोत्रमपीच्यवाचः ॥ सत्युत्तमश्लोकगुणानुवादे जुगुप्सितं न स्तवयन्ति सभ्याः ॥ २३ ॥ महद्गुणानात्मनि कर्तुमीशः कः स्तावकैः स्तावयतेऽसतोऽपि ॥ तेऽस्याभविष्यन्निति विप्रलब्धो जनोपहासं कुमतिर्न वेद ॥ २४ ॥ प्रभवो ह्यात्मनः स्तोत्रं जुगुप्सन्त्यपि

वन्दीजन उनको स्तुति गर्न आइपुगे ।।१५-२०।। ती स्तुति गर्ने वन्दीजन आदिलाई आफ्नो अभिमुख पारेर हाँस्तै परम प्रतापी महाराज पृथुले मेघको समान गम्भीर वाणीमा यस प्रकार भने ।।२१।। पृथु भन्दछन्–हे सूत ! हे मागध ! हे सौम्य वन्दीजन ! अहिले यस लोकमा मेरो कुनै गुण प्रकट भएको छैन, अनि तिमीहरूद्वारा गरिएको मेरो यो स्तुति कुन गुणको भरमा अडिन सक्दछ ? मेरो विषयमा तिमीहरूको वचन व्यर्थ हुन नपाओस् ।।२२।। अतएव हे मृदुभाषी वन्दीजन ! मेरा प्रच्छन्न गुणहरू प्रकट भए पछि
मात्र तिमीहरू मेरो स्तुति गर्नु, किनकि सभ्य पुरुष पवित्र-कीर्ति सम्पन्न भगवान्का गुणानुवाद छाडेर तुच्छ मनुष्यको स्तुति गर्दैनन् ।।२३।। महान गुणहरूलाई धारण गर्नमा ।।२३
समर्थ भएर पनि यस्तो कुन बुद्धिमान् पुरुष छ, जो ती गुणहरू प्रकट नभएसम्म केवल सम्भावना मात्रले स्तुति गर्नेहरूद्वारा गरिएको आफ्नो स्तुति प्रसन्न मनले सुन्नेछ ? किनकि 'यस प्राणीमा अमुक गुण विकसित हुनेछन् । यस्तो स्तुति द्वारा जो आफूलाई ठूलो ठान्न थाल्दछ, त्यो दुर्बुद्धि मनुष्यहरू द्वारा गरिने आफ्नो उपहासलाई बुझ्न असमर्थ रहन्छ

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।२४।। जस्तै लज्जावान् र उदार पुरुष आफ्नो अनिन्दित पुरुषार्थ चर्चालाई निन्द्य ठान्छन्, लोक विख्यात समर्थ पुरुष पनि आफ्नो स्तुति मनपराउन्नन् ॥ २५ ॥ हे वन्दीजन ! म अहिले आफ्ना श्रेष्ठ गुण भएर पनि लोकमा अप्रसिद्ध छु—तब तिमीहरूसित बालक झैं आफ्नो कीर्तिको वर्णन कसरी गराउँ ? ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां पञ्चदशोऽध्यायः ॥१५॥ (वन्दीजन द्वारा भगवान् पृथुको स्तुति)—मैत्रेयजी भन्दछन्—हे विदुरजी ! महाराज पृथुले त्यस्तो भनेपछि उनको वचनामृतको सेवन गर्नाले सन्तुष्ट वन्दीजन मुनिहरूको प्रेरणाले उनको स्तुति गर्नलागे ॥ १ ॥ तिनले भने—जुन सर्वश्रेष्ठ देवता आफ्नो मायाले अवतार लिएका छन्, तिनको महिमा वर्णन गर्न हामी असमर्थ छौं किनकि राजा वेनको शरीरबाट उत्पन्न हजुरको पुरुषार्थ बृहस्पति आदि ठूला-ठूला बुद्धिमानको पनि बुद्धिलाई छक्क पारिदिन्छ ॥ २ ॥ तथापि जो भगवान्‌का

विश्रुताः ॥ ह्रीमन्तः परमोदाराः पौरुषं वाऽविगर्हितम् ॥ २५ ॥ वयं त्वविदिता लोके सूताद्यापि वरीमभि ॥ कर्मभिः कथमात्मानं गापयिष्याम बालवत् ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पृथुचरिते पञ्चदशोऽध्यायः ॥ १५ ॥ मैत्रेय उवाच ॥ इति ब्रुवाणं नृपतिं गायका मुनिचोदिताः ॥ तुष्टुवुस्तुष्टमनसस्तद्वागमृतसेवया ॥ १ ॥ नालं वयं ते महिमाऽनुवर्णने यो देववर्योऽवतार मायया ॥ वेनाङ्गजातस्य च पौरुषाणि ते वाचस्पतीनामपि बभ्रमुर्धियः ॥ २ ॥ अथाप्युदारश्रवसः पृथोर्हरेः कलावतारस्य कथाऽमृतादृताः ॥ यथोपदेशं मुनिभिः प्रचोदिताः श्लाघ्यानि कर्माणि वयं वितन्महि ॥ ३ ॥ एष धर्मभृतां श्रेष्ठो लोकं धर्मेऽनुवर्तयन् ॥ गोप्ता च धर्मसेतूनां शास्ता तत्परिपन्थिनाम् ॥ ४ ॥ एष वै लोकपालानां बिभर्त्येकस्तनौ तनूः ॥ काले काले यथाभागं लोकयोरुभयोर्हितम् ॥ ५ ॥ वसु काल उपादत्ते काले चायं विमुञ्चति ॥ समः सर्वेषु भूतेषु प्रतपन्सूर्यवद्विभुः ॥ ६ ॥ तितिक्षत्यक्रमं वैन्य उपर्याक्रमतामपि ॥ भूतानां करुणः शश्वदार्तानां क्षितिवृत्तिमान् ॥ ७ ॥ देवेऽवर्षत्यसौ देवो

कलावतार तथा यशस्वी छन्, त्यस्ता हजुर राजा पृथुको कथामृतको आदर गर्दै मुनिहरूको प्रेरणा र उनकै उपदेशानुसार हामी हजुरको प्रशंसनीय गुणहरू विस्तार वर्णन गर्दछौं ॥३॥ धर्मको रक्षा गर्नमा सर्वश्रेष्ठ राजा पृथु प्रजालाई धर्ममा प्रवृत्त पारेर धर्म मर्यादाका रक्षक हुनेछन् र धर्म-विरोधीलाई दण्ड दिनेछन् ॥ ४ ॥ यी एक्लै बेला-बेलामा दुवै लोकको हित साधनका निन्ति सृष्टि-रचना आदि कामका लागि भिन्न-भिन्न लोकपालको अंश आफ्नो शरीरमा धारण गर्नेछन् ॥ ५ ॥ सबै प्राणिहरू प्रति समान भाव राख्ने उनको आज्ञा उल्लंघन गर्नन्। तिनको अपराध पनि यी पृथ्वी सदृश क्षमाशील भएर सहन गर्नछन् ॥ ७ ॥ जब *पानी नपर्नाले प्रजामा प्राणसङ्कटको बेला आएर उपस्थित हुनेछ तब यी

उदाहरण (राजा र पसले)—वि० सं० १७४० मा भारतवर्षको पश्चिमी भागमा भयानक अकाल पर्‍यो । अन्न-वस्त्र बिना जन-जीवन त्रस्त भयो । अर्को वर्ष पनि त्यस्तै रह्यो । असारको महीना वितनलाग्यो । तर एक थोपा पनि पानी परेन । अब के गर्नें ? राजाले अनेक उपाय गरे । ठूला-ठूला सिद्ध तान्त्रिक, फकीर डाकिए, तर केही भएन । अनि यौटा सज्जन आएर राजासित भने—'राजन् ! तिम्रो शहरमा यौटा बनियाँ बस्तछ । त्यसमा पानी पार्ने शक्ति छ ।' अनि राजा स्वयं त्यसकहाँ गए र हठपूर्वक भने—'सेठजी ! मेरो निमित्त नभए पनि प्रजाको निमित्त तिमीले पानी पार्नै पर्दछ ।' बनियाँले भन्यो—'सेठजी ! म त यौटा तुच्छ मनुष्य हुँ । मैले भनेर किन पानी पर्दछ ? हजुर कुनै सिद्धपुरुषकहाँ जानुहोस ।' यसरी कुरा गर्दागर्दै बाह्र बज्यो । नांगै टाउको र नांगो खुट्टाले राजा बनियाँको दुकानमा सत्याग्रह गरेर बसिरहे । प्रजाको दुःखले ती व्याकुल

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजवेषधारी पृथु भगवान् इन्द्र बनेर अनायास उसको रक्षा गर्नेछन् ॥ ८ ॥ यी आफ्नो चन्द्रमा समान मनोहर मुसकान तथा आफ्नो प्रेमपूर्ण दृष्टिले सबैलाई सुखी पार्न छन् ॥ ९ ॥ जो अव्यक्तशील छन्, जसको कार्यलाई कोही जान्न सक्तैन जसको बुद्धि अतिशय गम्भीर छ र जसको धन राम्ररी सुरक्षित रहन्छ, जो अनन्त माहात्म्य र गुणहरूको एक मात्र भण्डार छन्, यस्ता संयतचित्त यी महाराज पृथु सबै प्रकारले वरुण झैं उदार हुनेछन् ॥१०॥ वेनरूपी शमी काष्ठबाट उत्पन्न यो पृथुरूपी अग्नि अतिशय दुर्घर्ष र दुःसह छ। यी सबैका समीप भएर पनि धेरै परवर्तीको भाँती रहनेछन् र कुनै प्रकारले पनि यिनको तिरस्कार हुन सक्तैन ॥ ११ ॥ सबै प्राणिहरूमा विद्यमान प्राणवायु झैं यी राजराजेश्वर आफ्ना दूतहरू द्वारा समस्त जीवहरूको बाहिर-भित्रका कर्मलाई हेर्दै साक्षी आत्मावो सदृश उदासीन रहने छन् ॥ १२ ॥ यी सदा धर्ममार्गमा स्थित रहेर आफ्ना शत्रुका पुत्रलाई पनि दण्डको योग्य नभएमा

नरदेववपुर्हरिः ॥ कृच्छ्रप्राणा प्रजा ह्येष रक्षिष्यत्यञ्जसेन्द्रवत् ॥ ८ ॥ आप्याययत्यसौ लोकं वदनामृतमूर्तिना ॥ सानुरागावलोकेन विशद‑स्मितचारुणा ॥ ९ ॥ अव्यक्तवर्त्मैष निगूढकार्यो गम्भीरमेधा उपगुप्तवित्तः ॥ अनन्तमाहात्म्यगुणैकधामा पृथुः प्रचेता इव संवृतात्मा ॥ १० ॥ दुरासदो दुर्विषह आसन्नोऽपि विदूरवत् ॥ नैवाभिभवितुं शक्यो वेनारण्युत्थितोऽनलः ॥११॥ अन्तर्बहिश्च भूतानां पश्यन्कर्माणि चारणैः ॥ उदासीन इवाध्यक्षो वायुरात्मेव देहिनाम् ॥ १२ ॥ नादण्ड्यं दण्डयत्येष सुतमात्मद्विषामपि ॥ दण्डयत्यात्मजमपि दण्ड्यं धर्मपथे स्थितः ॥ १३ ॥ अस्याप्रतिहतं चक्रं पृथोरामानसाचलात् ॥ वर्तते भगवानर्को यावत्तपति गोगणैः ॥ १४ ॥ रञ्जयिष्यति यल्लोकमयमात्मविचेष्टितैः अथामुमाहू ॥ राजानं मनोरञ्जनकैः प्रजाः ॥१५॥ दृढव्रतः सत्यसंधो ब्रह्मण्यो वृद्धसेवकः ॥ शरण्यः सर्वभूतानां मानदो दीनवत्सलः ॥१६॥ मातृभक्तिः परस्त्रीषु पत्न्यामर्ध इवात्मनः ॥ प्रजासु पितृवत्स्निग्धः किङ्करो ब्रह्मवादिनाम् ॥१७॥ देहिनामात्मवत्प्रेष्ठः सुहृदां नन्दिवर्धनः ॥ मुक्तसङ्गप्रसङ्गोऽयं दण्डपाणिरसाधुषु ॥ १८ ॥ अयं तु साक्षाद्भगवांस्त्र्यधीशः कूटस्थ आत्मा कलयाऽवतीर्णः ॥ यस्मिन्नविद्यारचितं निरर्थकं पश्यन्ति नानात्वमपि प्रतीतम् ॥१९॥ अयं

दण्ड दिने छैनन् र दण्डको योग्य छ भने आफ्नै छोरोलाई पनि दण्ड नदिई रहने छैनन् ॥ १३ ॥ श्रीसूर्यनारायण मानस पर्वतबाट लिएर जति प्रदेशहरूमा आफ्नो प्रकाश फैलाउँछन् उति नै प्रदेशहरूमा यी महाराज पृथुको निष्कण्टक राज्य हुनेछ ॥१४॥ यी आफ्नो चेष्टाहरूले सबै लोकलाई आनन्दित पार्नेछन्। इनको मनोरंजनात्मक आचरणद्वारा नै प्रजा यिनलाइ 'राजा' भन्ने गर्नेछन ॥१५॥ यी ठूला दृढव्रती सत्यपरायण, ब्राह्मणभक्त, गुरुका सेवक, शरणागत वत्सल, सबै प्राणीहरूमा मान-दाता र दीन जनमा कृपालु हुने छन् ॥१६॥ यी परस्त्रीलाई आमा समान ठानेर श्रद्धा गर्नेछन्, आफ्नी पत्नीलाई यी आधा अङ्गको सदृश ठान्नेछन्, प्रजामा पिताको समान यिनको प्रेम रहने छ र यी वेदवादीहरूका सेवक हुनेछन् ॥१७॥ यी सबै प्राणीलाई आफ्नो आत्मा समान प्रिय सुहृदहरूका आनन्दवर्धक असंग पुरुषका संग गर्न भएका तथा असाधुका लागि दण्डपाणि यमराज समान कठोर हुने छन्॥१८॥यी तीनै गुणका

थियो र बनियाँ बारम्बार त्यसलाई टाल्दै रह्यो। जब बनियाँले बुझ्यो--यो राजाले मलाई छाड्दैन, तब उसले तुला (तराजू) हातमा लियो र भगवान्को ध्यान गर्दै भन्यो--'हे परमात्मा ! यदि मैले कहिल्यै यस तराजूले तौलेको छैन भने पानी पार्नुहवस्।' त्यसले यति भन्नासाथ चेसरी पानी पर्न थाल्यो। अनि राजा प्रसन्न भएर र बनियाँलाई नमस्कार गरेर आफ्नो दरबारमा गए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिष्ठाता र निर्विकार साक्षात् भगवान् नै आफ्नो अंशले अवतरित छन् । पण्डितजन अज्ञानको वशीभूत भएर यिनमा विचित्ररूपले प्रतीत हुनेज गत्लाई मिथ्यारूपमा देख्दछन् ॥१९॥ उदयाचल पर्वतपर्यन्त समस्त भूमण्डलका रक्षक यी अद्वितीय वीर महाराज पृथु आफ्नो विजयी रथमा आरूढ भएर हातमा धनुष वाणलिएर सूर्यको समान समस्त भूमण्डलको प्रदक्षिणा गर्नेछन् ॥२०॥ यिनलाई तत्त-तत्तै लोकपालहरुले सहित सबै राजा बलि अर्पण गर्नेछन् र यिनको सुयश गान गर्दै नारीहरू यिनलाई साक्षात् विष्णु भगवान ठान्नेछन् ॥२१॥ प्रजालाई जीविका दिने यी प्रजापालक राजाधिराज पृथु गोरूपधारिणी पृथ्वीलाई दुहुने छन् र इन्द्र झैं आफ्नो धनुको टुप्पाले लीलापूर्वक सबै पर्वतलाई चूर्ण पार्दै सम्पूर्ण पृथ्वीलाई समतल पार्ने छन् ।।२२।। वनमा पुच्छर उचालेर डुल्ने सिंह झैं यी आफ्ना शत्रुहरूका लागि दुःसह आजगव अर्थात् भेड़ा र गोरूका सींगले बनेको धनुष टङ्कार गर्दै संग्रामको निम्ति पृथ्वीतलमा डुल्ने छन्, तब यिनका दुष्ट शत्रु सबै दिशा-विदिशामा लुक्नेछन् ।।२३।। जहाँबाट सरस्वती नदी निस्केकी छन्, त्यहीं यिनी सय अश्वमेध यज्ञ गर्नेछन् । अन्तिम यज्ञको

भुवो मण्डलमोदयाद्रेर्गोप्तैकवीरो नरदेवनाथः ॥ आस्थाय जैत्रं रथमात्तचापः पर्यस्यते दक्षिणतो यथाऽर्कः ॥ २० ॥ अस्मै नृपालाः किल तत्र तत्र बलिं हरिष्यन्ति सलोकपालाः ॥ मंस्यन्त एषां स्त्रिय आदिराजं चक्रायुधं तद्यश उद्धरन्त्य ॥ २१ ॥ अयं महीं गां दुदुहेऽधिराजः प्रजापतिर्वृत्तिकरः प्रजानाम् ॥ यो लीलयाऽद्रीन्स्वशरासकोट्या भिन्दन्समां गामकरोद्यथेन्द्रः ॥ २२ ॥ विस्फुर्जयन्नाजगवं धनुः स्वयं यदाचरत्क्ष्मामविषह्यमाजौ ॥ तदा निलिल्युर्दिशि दिश्यसन्ता लाङ्गूलमुद्यम्य यथा मृगेन्द्रः ॥ २३ ॥ एषोऽश्वमेधान् शतमाजहार सरस्वती प्रादुरभावि यत्र ॥ अहार्षीद्यस्य हयं पुरन्दरः शतक्रतुश्चरमे वर्तमाने ॥ २४ ॥ एष स्वसद्मोपवने समेत्य सनत्कुमारं भगवन्तमेकम् ॥ आराध्य भक्त्या लभतामलं तज्ज्ञानं यतो ब्रह्म परं विदन्ति ॥ २५ ॥ तत्र तत्र गिरस्तास्ता इति विश्रुतविक्रमः ॥ श्रोष्यत्यात्माश्रिता गाथाः पृथुः पृथुपराक्रमः ॥ २६ ॥ दिशो विजित्याप्रतिरुद्धचक्रः स्वतेजसोत्पाटितलोकशल्यः ॥ सुरासुरेन्द्रैरुपगीयमानमहानुभावो भविता पतिर्भुवः ॥ २७ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे षोडशोऽध्यायः ॥ १६ ॥ मैत्रेय उवाच ॥ एवं स भगवान्वैन्यः ख्यापितो गुणकर्मभिः ॥ छन्दयामास तान्कामैः प्रतिपूज्याभिनन्द्य च ॥ १ ॥

अवसरमा शतक्रतु इन्द्र यिनको घोड़ा चोरेर भाग्नेछन् ।।२४।। यी आफ्नो भवनको बगैचामा भगवान् सनत्कुमार नामका मुनीश्वरसित भेट भएपछि भक्तिपूर्वक उनको आराधना गरेर त्यो निर्मल ज्ञान प्राप्त गर्नेन्, जसले परब्रह्मको प्राप्ति हुने गर्दछ ।।२५।। यस प्रकार यिनको पराक्रम सर्वत्र विख्यात हुनेछ । यी परम पराक्रमी महाराज पृथु जता-ततै आफ्नो नै चरित्रसित सम्बन्ध राख्ने वचन सुन्न पाउनेछन् ॥२६॥ यस प्रकार जसको शासनको कसैले विरोध गर्न सक्नेछैन, यस्ता राजा दशौंदिशाहरूमा जाने र आफ्नो तेजले सबै लोकको दुःखरूपी काँढालाई निकालेर पृथ्वीका अधिपति बन्ने छन् । अनि सबै देवता र दैत्य यिनका प्रभावको बर्णन गर्नेछन् ॥२७॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां षोडशोंऽध्यायः ॥१६॥ (राजा पृथु पृथ्वीमाथि रिसाउनु र पृथ्वीद्वारा उनको स्तुति)–मैत्रेयजी भन्दछन्–हे विदुर ! यस प्रकार आफ्नो गुण कर्मको वर्णनले बन्दीजनद्वारा प्रशंसित भएपछि राजा पृथुले तिनको प्रशंसा गरे र उनलाई वस्त्राभूषणादि इच्छित वस्तु दिएर प्रसन्न पारे ।।१।। यदि उनले ब्राह्मणादि चारै वर्ण, सेवक, मन्त्रीगण, पुरोहित-

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू, पुरवासीहरू, देशका प्रजा, भिन्न-भिन्न व्यवसायी जन र मन्त्रिहरूको सत्कार गरे ।।२।। विदुरले सोधे–हे भगवन् ! जुन पृथ्वीलाई महाराज पृथुले दुहेका थिए, तिनले अनेक रूप धारण गर्नमा समर्थ भए पनि गाईको नै रूप किन धारण गरिन् ? गाई दुहुने बेलामा बाछो को थियो र त्यसबाट उनले के दुहे ? ।। ३ ।। जुन पृथ्वीदेवी पहिले स्वभावतः अग्लो-होची थिइन्, तिनलाई समतल कसरी पारे र इन्द्रले तिनको यज्ञको अश्व किन चोरे ? ।। ४ ।। हे ब्रह्मन् ! अन्तिम अवस्थामा ब्रह्मज्ञानी सनत्कुमारबाट ज्ञान प्राप्त गरेर ती राजर्षि कुन गतिमा पुगे ? ।।५।। यो बाहेक जसले पृथुरूपले पृथिवीलाई दुहेका थिए, यस्ता कीर्तिमान् भगवान् कृष्णका त्यस पृथु अवतारसित सम्बन्ध र जो पवित्र चरित्र छन्, त्यो सबै मलाई सुनाउनु हवस्, किनकि म हजुर र भगवान् श्रीकृष्णको अनुरक्त भक्त हुँ ।।६।।७।। यति कथा सुनाएर सूतजी भन्दछन्–यस प्रकार भगवान् वासुदेवको कथाको निम्ति विदुरसित प्रेरित भएर मैत्रेयजी उनको सहनी गर्दै प्रसन्न मनले भन्दछन्—।।८।। मैत्रेयले भने—हे प्रिय ! ब्राह्मणहरूले पृथुको राज्याभिषेक गरेर जब उनलाई राजा

ब्राह्मणप्रमुखान्वर्णान्भृत्यामात्यपुरोधसः ।। पौराञ्जानपदान् श्रेणीः प्रकृतीः समपूजयत् ।। २ ।। विदुर उवाच ।। कस्माद्दधार गोरूपं धरित्री बहुरूपिणी ।। यां दुदोह पृथुस्तत्र को वत्सो दोहनं च किम् ।। ३ ।। प्रकृत्या विषमा देवी कृता तेन समा कथम् ।। तस्य मेध्यं हयं देवः कस्य हेतोरपाहरत् ।। ४ ।। सनत्कुमाराद्भगवतो ब्रह्मन्ब्रह्मविदुत्तमात् ।। लब्ध्वा ज्ञानं सविज्ञानं राजर्षिः कां गतिं गतः ।। ५ ।। यच्चान्यदपि कृष्णस्य भवान्भगवतः प्रभोः ।। श्रवःसुश्रवसः पुण्यं पूर्वदेहकथाश्रयम् ।। ६ ।। भक्ताय मेऽनुरक्ताय तव चाधोक्षजस्य च ।। वक्तुमर्हसि योऽदुह्यद्वैन्यरूपेण गामिमाम् ।। ७ ।। सूत उवाच ।। चोदितो विदुरेणैवं वासुदेवकथां प्रति ।। प्रशस्य तं प्रीतमना मैत्रेयः प्रत्यभाषत ।। ८ ।। मैत्रेय उवाच ।। यदाऽभिषिक्तः पृथुरङ्ग विप्रैरामन्त्रितो जनताायाश्च पालः ।। प्रजा निरन्ने क्षितिपृष्ठ एत्य क्षुत्क्षामदेहाः पतिमभ्यवोचन् ।। ९ ।। वयं राजञ्जाठरेणाभितप्ता यथाऽग्निना कोटरस्थेन वृक्षाः ।। त्वामद्य याताः शरणं शरण्यं यः साधितो वृत्तिकरः पतिर्नः ।। १० ।। तन्नो भवानीहतु रातवेऽन्नं क्षुधार्दितानां नरदेवदेव ।। यावन्न नंक्ष्यामह उज्झितोर्जा वार्तापतिस्त्वं किल लोकपालः ।। ११ ।। मैत्रेय उवाच ।। पृथुः प्रजानां करुणं निशम्य परिदेवितम् ।। दीर्घं दध्यौ कुरुश्रेष्ठ निमित्तं सोऽन्वपद्यत ।। १२ ।। इति व्यवसितो बुद्ध्या प्रगृहीतशरासनः ।। संदधे विशिखं भूमेः क्रुद्धस्त्रिपुरहा यथा ।। १३ ।।

बनाइदिए,तब पृथ्वी अन्नहीन हुन गएकीले भोकले दुर्बल शरीर भएका प्रजाहरू आएर महाराज पृथु सित निवेदन गरे-।।९।।हे राजन् ! जस्तै आफ्नो कोटमा भएकी अग्निले वृक्ष डढ्दछन, त्यस्तै हामी आज आफ्नै जठराग्निले डढिरहेका छौं । हजुर हामीलाई जीविकादान दिने हाम्रा स्वामी र शरणागतका रक्षक हुनुहुन्छ । हामी हजुरको शरणमा आएका छौं ।।१०।। हजुर सबै लोकका रक्षक हुनुहुन्छ र हामीलाई जीविका दिन सक्षम हुनुहुन्छ । अतः हे राजराजेश्वर ! हामी अन्नको अभावमा मर्नुभन्दा पहिल्यै हामी भोकालाई अन्नदान दिने यत्न गर्नुहोस् ।।११।। मैत्रेयले भने–हे कुरुश्रेष्ठ ! प्रजाको यो करुण-क्रन्दन सुनेर राजा पृथुले निकै बेरसम्म विचार गरे, अनि उनलाई पृथ्वी अन्नहीन हुने कारण ज्ञात भयो ।।१२।। आफ्नो बुद्धिले केही निश्चय गरेर उनले आफ्नो धनुष उचाले र त्रिपुरनाशक भगवान् शङ्कर जस्तै अत्यन्त क्रोधित भएर पृथ्वीलाई लक्ष्य गरेर आफ्नो धनुषमा बाण राखे ।।१३।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकार महाराज पृथुलाई शस्त्र लिएर तम्सिएका देखेर कम्पित पृथ्वी गाईको रूप धारण गरेर व्याधाको डरले भाग्नलागेकी हरिणी झैं ठूलो वेगले भागिन् ॥१४॥ यता राजा पृथु रिसले राता-राता आँखा पारेर धनुषमा बाण राखी जहाँ-जहाँ पृथ्वी भाग्दै गइन् उहीं-उहीं पछि दगुर्दै गए ॥ १५ ॥ दिशा-विदिशा स्वर्ग, भूमि तथा त्यसको माझमा पर्ने अन्तरिक्ष आदि लोकमा भाग्दै जाँदा पृथ्वीले सबै स्थानमा महाराज पृथु धनुष लिएर आफ्नो पछि-पछि आएका देखिन् ॥ १६ ॥ जस्तै मनुष्यलाई मृत्युबाट कसैले रक्षा गर्न सक्तैन, त्यस्तै सम्पूर्ण जगत्मा वेन-पुत्र महाराज पृथुबाट बचाउने कोही भेटिएन । अनि डरले दुःखित भई पृथ्वी फेरि पछाडि फर्किन् र राजा पृथुसित भनिन्—हे धर्मज्ञ ! हे शरणागतवत्सल राजन् ! हजुर मेरो रक्षा गर्नुहवस् हे प्रभो ! हजुरले त सबै प्राणीको रक्षा गर्ने भार बोक्नु भएको छ ॥ १७-१८ ॥ अनि म दुखिया र निरपराधिनीलाई किन मार्न खोज्नु हुन्छ ? यसको अतिरि हजुर ठूला धर्मज्ञ पनि कहिनु हुन्छ अनि म स्त्रीको वध कसरी गर्नुहुन्छ ? ॥ १९ ॥ यदि स्त्रीबाट कुनै अपराध भए पनि साधारण जन पनि तिनलाई मार्दैनन्, तब हे राजन् ! हजुर झैं

प्रवेपमाना धरणी निशाम्योदायुधं च तम् ॥ गौः सत्यपाद्रवद्भीता मृगीव मृगयुद्रुता ॥ १४ ॥ तामन्वधावत्तद्वैन्यः कुपितोऽत्यरुणेक्षणः ॥ शरं धनुषि संधाय यत्र यत्र पलायते ॥ १५ ॥ सा दिशो विदिशो देवी रोदसी चान्तरं तयोः ॥ धावन्ती तत्र तत्रैनं ददर्शानूद्यतायुधम् ॥ १६ ॥ लोके नाविन्दत त्राणं वैन्यान्मृत्योरिव प्रजाः ॥ त्रस्ता तदा निववृते हृदयेन विदूयता ॥ १७ ॥ उवाच तं महाभागं धर्मज्ञापन्नवत्सल ॥ त्राहि मामपि भूतानां पालनेऽवस्थितो भवान् ॥१८॥ स त्वं जिघांससे कस्माद्दीनामकृतकिल्बिषाम् ॥ अहनिष्यत्कथं योषां धर्मज्ञ इति यो मतः ॥१९॥ प्रहरन्ति न वै स्त्रीषु कृतागःस्वपि जन्तवः ॥ किमुत त्वद्विधा राजन्करुणा दीनवत्सलाः ॥ २० ॥ मां विपाट्याजरां नावं यत्र विश्वं प्रतिष्ठितम् ॥ आत्मानं च प्रजाश्चेमाः कथमम्भसि धास्यसि ॥ २१ ॥ पृथुरुवाच ॥ वसुधे त्वां वधिष्यामि मच्छासनपराङ्मुखीम् ॥ भागं बर्हिषि या वृङ्क्ते न तनोषि च नो वसु ॥ २२ ॥ यवसं जग्ध्यनुदिनं नैव दोग्ध्यौधसं पयः ॥ तस्यामेवं हि दुष्टायां दण्डो नात्र न शस्यते ॥ २३ ॥ त्वं खल्वोषधिबीजानि प्राक् सृष्टानि स्वयंभुवा ॥ न मुञ्चस्यात्मरुद्धानि मामवज्ञाय मन्दधीः ॥ २४ ॥ अमूषां क्षुत्परीतानामार्तानां परिदेवितम् ॥ शमयि-

दयालु र दीनवत्सल पुरुष त यस्तो कहिल्यै गर्न सक्तैनन् ॥२०॥ हे राजन् ! जसमा अखिल विश्व अडिएको छ, त्यस पृथ्वीरूपा म सुदृढ डुङ्गा नष्ट पारेर हजुर आफूलाई तथा सम्पूर्ण प्रजालाई जलमा कसरी अड्याउनु हुन्छ ? ॥२१॥ राजाले भने—हे पृथ्वी ! तैंले मेरो आज्ञा लंघन गरिस, तँ यज्ञमा भाग लिन्छेस्, तर त्यसको साटो हामीलाई अन्नरूपी धन प्रदान गर्दिनस् । अतः म अवश्य तेरो वध गर्दछु ॥२२॥ गाईरूपले तँ सदैव घाँस त खान्छेस किन्तु औषधरूप दूध दुहुन दिन्नस् । तँ जस्ती दुष्टालाई दण्ड दिनमा कुनै पनि अपराध छैन ॥२३॥ तेरो बुद्धि सार्है मन्द छ । तैंले पूर्वकालमा ब्रह्माद्वारा निर्मित औषधि र बीजहरू आफूभित्र लुकाएकी छस् । मेरो केही ख्याल नराखी ती तँ आफ्नो गर्भबाट झिकिरहेकी छैनस् ॥२४॥ अतएव अब म आफ्नो बाणले तँलाई छिन्न-भिन्न पारेर तेरो मेदाबाट यी क्षुधातुर तथा दीन प्रजाजनहरूको कष्ट निवारण गर्दछु । जुन अधम जीव आफ्नै प्रशंसक हुन्छ र अन्यान्य

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणीहरू प्रति निर्दय व्यवहार गर्दछ त्यो पुरुष स्त्री वा नपुंसक काँही पनि किन नहोस् राजाहरूका निम्ति त्यसलाई मार्नु पनि नमारे समान नै मानिन्छ ॥ २५-२६॥ मायाले गोरूपधारिणी तँ अतिशय अभिमानिनी एवं मदोन्मत्तको टुक्रा-टुक्रा पारेर म आफ्नो योगबलल सारा प्रजाको रक्षा गर्दछु ॥ २७ ॥ यस प्रकार काल झैं अत्यन्त क्रोधमयी मूर्ति धारण गर्न भएका महाराज पृथुलाई प्रणाम गरेर थर-थर काम्दै हात जोरेर पृथ्वीले भनिन्—॥२८॥ पृथ्वी भन्दछिन्–जो आफ्नी मायाले विविध रूप धारण गर्ने तथा आफ्नो स्वरूपानुभवले द्रव्य अर्थात् पञ्चभूत, क्रिया र कारक याने इन्द्रिय र इन्द्रियहरूका अधिष्ठाता देवता तरङ्ग द्वारा भुमरीलाई शान्त पारिदिने गर्दछन्, ती निर्गुण स्वरूप परमपुरुषलाई मेरो प्रणाम छ ॥२९॥ जुन जगद्रचयिता प्रभुले मलाई सबै स्थावर जङ्गम प्राणिहरूले वस्नका लागि रचेका हुन् र जसबाट यो समस्त गुणरूप विश्व उत्पन्न भएको छ, अब ती नै स्वाधीन भगवान् शस्त्र उचालेर मलाई मार्न उद्यत छन् भने अब म कसको शरणमा जाऊँ ? ॥ ३० ॥ जसले कल्पको आरम्भमा आफ्ना आश्रित आफ्नी अचिन्त्य मायाले चराचर जगत् रचेका

ष्यामि मद्बाणैर्भिन्नायास्तव मेदसा ॥ २५ ॥ पुमान्योषिदुत क्लीब आत्मसंभावनोऽधमः ॥ भूतेषु निरनुक्रोशो नृपाणां तद्वधोऽवधः ॥ २६ ॥ त्वां स्तब्धां दुर्मदां नीत्वा मायागां तिलशः शरैः ॥ आत्मयोगबलेनेमा धारयिष्याम्यहं प्रजाः ॥ २७ ॥ एवं मन्युमयीं मूर्तिं कृतान्तमिव बिभ्रतम् ॥ प्रणता प्राञ्जलिः प्राह मही संजातवेपथुः ॥ २८ ॥ धरोवाच ॥ नमः परस्मै पुरुषाय मायया विन्यस्तनानातनवेऽगुणात्मने ॥ नमः स्वरूपानुभवेन निर्धुतद्रव्यक्रियाकारकविभ्रमोर्मये ॥ २९ ॥ येनाहमात्मायतनं विनिर्मिता धात्रा यतोऽयं गुणसर्गसंग्रहः ॥ स एव मां हन्तुमुदायुधः स्वराडुपस्थितोऽन्यं शरणं कमाश्रये ॥३०॥ य एतदादावसृजच्चराचरं स्वमाययाऽऽत्माश्रययाऽवितर्क्यया ॥ तयैव सोऽयं किल गोप्तुमुद्यतः कथं नु मां धर्मपरो जिघांसति ॥ ३१ ॥ नूनं बतेशस्य समीहितं जनैस्तन्मायया दुर्जययाऽकृतात्मभिः ॥ न लक्ष्यते यस्त्वकरोदकारयद्योऽनेक एकः परतश्च ईश्वरः ॥ ३२ ॥ सर्गादि योऽस्यानुरुणद्धि शक्तिभिर्द्रव्यक्रियाकारकचेतनात्मभिः ॥ तस्मै समुन्नद्धनिरुद्धशक्तये नमः परस्मै पुरुषाय वेधसे ॥३३॥ स वै भवानात्मविनिर्मितं जगद्भूतेन्द्रियान्तःकरणात्मकं विभो ॥ संस्थापयिष्यन्नज मां रसातलादभ्युज्जहाराम्भस आदिसूकरः ॥ ३४ ॥ अपामुपस्थे मयि नाव्यवस्थितः प्रजा भवानद्य रिरक्षिषुः किल ॥ स वीरमूर्तिः समभूद्धराधरो यो मां पयस्युग्रशरो जिघांससि ॥ ३५ ॥ नूनं जनैरी-

हुन् त्यही मायाद्वारा जो यसको पालन गर्न उद्यत छन् तिनै धर्मगोप्ता भगवान् मलाई मार्न किन कटिबद्ध भएका छन् ? ॥ ३१ ॥ जो एक भएर पनि अनेक, ब्रह्मादि ईश्वरका पनि ईश्वर छन्, तिनै भगवान्ले जुन-जुन चेष्टा गरे र गराएका छन्, जसको दृष्टि उनको मायाले ढाकिएको छ ती असंयमी जन उनलाई जान्न सक्तैनन् ॥३२॥ अतः जो पंचभूत, इन्द्रिय, इन्द्रियाधिष्ठाता देवता र बुद्धि आदि आफ्नो वा जगत्को उत्पत्ति, स्थिति र संहार गर्दछन्, यस्ता उत्पत्ति र संहार आदि परस्पर विरुद्ध शक्तिहरूले युक्त परमात्मालाई प्रणाम छ ॥३३॥ हे विभो, हे अज ! भूत, इन्द्रिय तथा अन्तःकरणरूपी जगत्को स्थितिका निम्ति नै हजुर आदिपुरुष रूप धरेर जलभित्र स्थित मलाई रसातलबाट बाहिर ल्याउनुभएथ्यो ॥ ३४ ॥ एक समय वाराहरूपले पृथ्वीलाई धारण गरेथे, तिनै अब पृथु भई आएका छन्। जलमा नौकारूपिणी मलाई पृथ्वीका प्रजाको रक्षाका निम्नि मैले दूध दिइन, यति सानू अपराधमा हजुर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो बाणले मलाई मार्न खोज्नुहुन्छ ?॥३५॥ जसको चित्तरूपी मार्ग हजुरझैं ईश्वरकी मायाको प्रभावबाट मोहित छन्, ती हामीजस्ता तुच्छ जीव हजुरका लीला जान्न सक्तैनौं । अतएव वीरहरूका यशको विस्तार गर्ने महाप्रभुलाई मेरो प्रणाम छ ॥३६॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां सप्तदशोऽध्यायः॥१७॥ (महाराजा पृथुद्वारा पृथिवीको दोहन) मैत्रेयजी भन्दछन्—हे विदुर ! रिसले कम्पित अधर भएका राजा पृथुको यसप्रकार स्तुति गरेर पृथ्वीले भयभीत भई आफ्नो मन 'विचारपूर्वक रोकेर भनिन्– ॥१॥ 'हे राजन् ! हजुर आफ्नो रिस शान्त गर्नुहोस्, अनि मलाई अभय मिल्नेछ, साथै मेरो यो कुरा पनि सुन्नुहोस्—प्रत्येक बुद्धिमान पुरुष भ्रमरा झैं सबै स्थानबाट केवल सार ग्रहण गर्दछ ॥२॥ तत्त्वदर्शी मुनिले इहलोक र परलोकको कल्याणार्थ अनेकौं उपाय झिके र तिनलाई काममा ल्याए ॥ ३ ॥ ती पूर्वदर्शित उपायहरूको जो पुरुष श्रद्धापूर्वक राम्ररी अवलम्बन

हितमीश्वराणामस्मद्विधैस्तद्गुणसर्गमायया ॥ न ज्ञायते मोहितचित्तवर्त्मभिस्तेभ्यो नमो वीरयशस्करेभ्यः ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पृथुविजये धरित्रीनिग्रहो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥ मैत्रेय उवाच ॥ इत्थं पृथुमभिष्टूय रुषा प्रस्फुरिताधरम् ॥ पुनराहावनिर्भीता संस्तभ्यात्मानमात्मना ॥ १ ॥ सन्नियच्छाभि भो मन्युं निबोध श्रावितं च मे ॥ सर्वतः सारमादत्ते यथा मधुकरो बुधः ॥ २ ॥ अस्मिँल्लोकेऽथवाऽमुष्मिन्मुनिभिस्तत्त्वदर्शिभिः ॥ दृष्टा योगाः प्रयुक्ताश्च पुंसां श्रेयःप्रसिद्धये ॥ ३ ॥ तानातिष्ठति यः सम्यगुपायान्पूर्वदर्शितान् ॥ अवरः श्रद्धयोपेत उपायाविन्दतेऽञ्जसा ॥ ४ ॥ ताननादृत्य यो विद्वानर्थानारभते स्वयम् ॥ तस्य व्यभिचरन्त्यर्था आरब्धाश्च पुनः पुनः ॥ ५ ॥ पुरा सृष्टा ह्योषधयो ब्रह्मणा या विशांपते ॥ भुज्यमाना मया दृष्टा असद्भिरधृतव्रतैः ॥ ६ ॥ अपालिताऽनादृता च भवद्भिर्लोकपालकैः ॥ चोरीभूतेऽथ लोकेऽहं यज्ञार्थेऽग्रसमोषधीः ॥ ७ ॥ नूनं ता वीरुधः क्षीणा मयि कालेन भूयसा ॥ तत्र योगेन दृष्टेन भवानादातुमर्हति ॥ ८ ॥ वत्सं कल्पय मे

गर्दछ, त्यो निकै सरलताले इच्छित फल पाउँदछ ॥४॥ जो तार्किक पुरुष तिनको आदर नगरेर आफ्ना कल्पित उपायहरूको आश्रय लिएर *दोषारोपण गर्दछ, त्यसका सबै प्रयत्न निष्फल हुन्छन् ॥५॥ हे राजन् ! पूर्वकालमा ब्रह्माजीले जो औषधिहरू रचेका थिए, मैले देखें–तिनलाई यम-नियमादि नियमको उल्लंघन गर्ने दुराचारी मनुष्य भोग्दैछन् ॥६॥ सबै लोकका रक्षक राजाहरूले मेरो पालन र आदर गर्न छाडिदिए, यसले आज सबैजना चोर जस्तै भइरहेका छन् । अतः यज्ञको रक्षाका लागिनै मैले ती औषधिहरूलाई उदरस्थ

---

* दृष्टान्त (आरोप)—यौटा महात्मा बाटोमा समाधि लगाएर बसेका थिए । बिहानको वेला यौटा चोर त्यतैबाट गयो । महात्मालाई देखेर त्यसले विचार्‍यो—'यो कुनै चोर हो । रातभरि चोरी गरेर थकेर यहाँ बसेर विश्राम गर्दैछ । अहिले पुलिस आउँछ र यसलाई समातेर लैजान्छ । बरु म झट्ट भागौं ।' यस्तो विचार गरेर त्यो भाग्यो । त्यसपछि यौटा जँड्याहा आयो । उसले विचार गर्‍यो—'यो यतां रक्सी पिएर हिंडेछ, किन्तु यतां मात लागेर यहाँ बसेछ ! असल भयो मैले अलि थोरै पिएछु नभए मेरो पनि यही गति हुने थियो ।' यत्तिकैमा यौटा ढोंगी व्यक्ति आयो । महात्मालाई देखेर त्यसले विचार गर्‍यो—'हेर ! यो कसरी कपटको समाधि लगाएर बसिरहेछ ? बाटो हिंड्नेलाई ठग्नको निम्ति कस्तो बख्याइँ गरिरहेको छ ! यस्ता-यस्ता ठगहरूले सारा संसारै ढाकिसकेका छन् । अब यस्ताका सामुन्ने म जस्तो सज्जन मानिसलाई कसले सोधिरहन्छ !' त्यसपछि यौटा सात्विक मनुष्य त्यस साधुलाई देखेर त्यहीं ठिङ्ग उभियो । त्यसले सोच्यो–धन्य हुन् यस्ता पुरुष जो मायालाई फालेर तथा संसारी सबै प्रपञ्च त्यागेर ब्रह्मानन्दको सुख लुटिरहेका छन् । यस्तो सोचेर ती महात्माको सेवामा लागेर ऊ स्वयं पनि सन्त बन्न पुग्यो ।

... Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेकी थिएँ ॥७॥ धेरै समय भइसकेको हुनाले ती औषधिहरू मेरो उदरमा केही क्षीण जस्तै भएका छन् । पूर्वाचार्यहरूले बताएका उपाय गरेर हजुर ती झिक्नुहवस् ॥८॥ हे सर्वप्राणी-प्रतिपालक ! यदि हजुरलाई सबै प्राणिको बल बढाउने अन्नको इच्छा भए हे वीर ! कसैलाई मेरो बाछो बनाउनोस्, त्यसको स्नेहले म दुग्धरूपबाट हजुरको इच्छित पदार्थहरू दिनमा समर्थ हुनसकूं । फेरि त्यो दूध राख्नयोग्य पात्र र कुनै दुहुने मानिस पनि खोज्नुहवस् ॥९॥१०॥ हे राजन् ! पहिले मलाई सम्म पार्नुहवस्, जसले इन्द्रले वर्षाएको जल वर्षाऋतु बितिसक्दा पनि सर्वत्र भरिएकै रहन्छ, यसले हजुरको कल्याण हुनेछ' ॥ ११ ॥ यसरी पृथ्वीले भनेकी प्रिय र हितकारी वचन मानेर राजा पृथुले स्वायम्भुव मनुलाई बाछो बनाए र आफ्नो हातरूपी पात्रमा उनले पृथ्वीरूपिणी गाईबाट सबै औषधिहरू दुहीलिए ॥१२॥ पृथुको समान अन्य सबै पण्डितजन पनि सबै स्थानबाट सारभाग लिन्छन् । अतएव पृथुले दुहिसकेपछि अरु सबैले पनि राजाद्वारा वशीभूत पारिएकी ती पृथ्वीलाई आफाफ्नो इच्छानुसार दुहे ॥१३॥ हे साधुश्रेष्ठ ! ऋषिहरूले बृहस्पतिलाई बाछो बनाएर आफ्ना समस्त 'इन्द्रियरूपी पात्रमा

वीर येनाहं वत्सला तव ॥ धोक्ष्ये क्षीरमयान्कामाननुरूपं च दोहनम् ॥ ९ ॥ दोग्धारं च महाबाहो भूतानां भूतभावन ॥ अन्नमीप्सितमूर्जस्वद्भगवान्वाञ्छते यदि ॥१०॥ समां च कुरु मां राजन्देववृष्टं यथा पयः ॥ अपर्तावपि भद्रं ते उपावर्तेत मे विभो ॥ ११ ॥ इति प्रियं हितं वाक्यं भुव आदाय भूपतिः ॥ वत्सं कृत्वा मनुं पाणावदुहत्सकलौषधीः ॥ १२ ॥ तथाऽपरे च सर्वत्र सारमाददते बुधाः ॥ ततोऽन्ये च यथाकामं दुदुहुः पृथुभाविताम् ॥१३॥ ऋषयो दुदुहुर्देवीमिन्द्रियेष्वथ सत्तम ॥ वत्सं बृहस्पतिं कृत्वा पयश्छन्दोमयं शुचि ॥ १४ ॥ कृत्वा वत्सं सुरगणा इन्द्रं सोममदूदुहन् ॥ हिरण्मयेन पात्रेण वीर्यमोजो बलं पयः ॥१५॥ दैतेया दानवा वत्सं प्रह्लादमसुरर्षभम् ॥ विधायादूदुहन्क्षीरमयःपात्रे सुरासवम् ॥ १६ ॥ गन्धर्वाप्सरसोऽधुक्षन्पात्रे पद्ममये पयः ॥ वत्सं विश्वावसुं कृत्वा गान्धर्वं मधु सौभगम् ॥१७॥ वत्सेन पितरोऽर्यम्णा कव्यं क्षीरमधुक्षत ॥ आमपात्रे महाभागाः श्रद्धया श्राद्धदेवताः ॥ १८ ॥ प्रकल्प्य वत्सं कपिलं सिद्धाः संकल्पनामयीम् ॥ सिद्धिं नभसि विद्यां च ये च विद्याधरादयः ॥ १९ ॥ अन्ये च मायिनो मायामन्तर्धानाद्भुतात्मनाम् ॥ मयं प्रकल्प्य वत्सं ते दुदुहुर्धारणामयीम् ॥ २० ॥ यक्षरक्षांसि भूतानि पिशाचाः पिशिताशनाः ॥ भूतेशवत्सा दुदुहुः कपाले क्षतजासवम् ॥ २१ ॥ तथाऽहयो दन्दशूकाः सर्पा नागाश्च तक्षकम् ॥ विधाय वत्सं दुदुहुर्बिलपात्रे विषं पयः ॥ २२ ॥

वेदरूपी पवित्र दूध दुहे ॥१४॥ स्वर्गका देवताहरूले इन्द्रलाई बाछो सुवर्णमय पात्रमा अमृत, वीर्य अर्थात् मनोबल, ओज अर्थात् इन्द्रियबल र बल अर्थात् शारीरिक बलरूपी दूध दुहे ॥१५॥ दैत्य र दानवहरूले दैत्यपति प्रह्लादलाई बाछो बनाएर फलामको पात्रमा सुरा (रक्सी) र आसवरूपी दूध दुहे ॥१६॥ गन्धर्वगण र अप्सराहरूले विश्वावसुलाई बाछो तुल्याएर कमलरूपी पात्रमा गान सम्बन्धी मधुरता तथा सुन्दरतारूपी दूध दुहे ॥१७॥ श्राद्धका अधिकारी देवता महाभागपितृहरूले अर्यमारूपी बाछोद्वारा काँचो माटोको पात्रमा श्रद्धापूर्वक कव्यरूपी दूध दुहे ॥१८॥ सबै सिद्धगण र विद्याधरहरूले कपिलदेवलाई बाछो तुल्याएर आकाशरुपी पात्रमा अष्टसिद्धि आदि विद्याहरूलाई दुग्धरूपमा दुहे ॥१९॥ यसको अतिरिक्त अन्य मायावीहरूले मयदानवलाई बाछो तुल्याएर शरीरलाई अन्तर्धान गरेर विचित्र रूप धारण गर्न आदि धारणामयी विद्याहरूलाई दुहे ॥ २० ॥ यसै प्रकार सबै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यक्ष, राक्षस तथा भूत-पिशाच आदि मांसभक्षी प्राणीहरूले रुद्र भगवान्‌लाई बाछो तुल्याएर कपालरूपी पात्रमा रुधिररूपी दुध दुहे ॥२१॥ अहि (फणा नहुने सर्प), दन्दशूक (बिच्छी आदि टोक्ने जीव), सर्प (फणा हुने सर्प), र नागहरू (कद्रुका सन्तान) ले तक्षकलाई बाछो तुल्याएर प्वालरूपी पात्रमा विषयरूपी दूध दुहे ॥ २२ ॥ यसै प्रकार सबै पशुहरूले नन्दीश्वरलाई बाछो बनाएर वनरूपी पात्रमा तृणरूपी दूध दुहे । ठूला-ठूला दाँत-दाह्रा हुने मांसभक्षी जीवहरूले सिंहलाई बाछो तुल्याएर आफ्नो देहरूपी पात्रमा क्रव्य (काँचो मासु) रूपी दूध दुहे । गरुड़लाई बाछो बनाएर पक्षिहरूले चर (कीट-पतङ्गादि) र अचर (फलादि) पदार्थरूपी दूध दुहे ॥२३-२४॥ वृक्षहरूले वटवृक्षलाई बाछो बनाएर विविध प्रकारका रसरूपी दूध र पर्वतहरूले हिमालयलाई बाछो तुल्याएर आफ्ना शिखररूपी पात्रहरूमा गेरू आदि अनेक धातुरूपी दूध दुहे ॥ २५ ॥ यसै प्रकार सबै प्राणीहरूले आफूमध्ये जो ठूलो थियो उसैलाई बाछो बनाएर भिन्न-भिन्न पात्रहरूमा महाराज पृथुद्वारा वशीभूत तथा सबै कामनाहरू पूर्ण पार्ने पृथ्वीबाट आफ्नो मनोरथरूपी दूध दुहे । हे कुरुनन्दन । यस प्रकार

पशवो यवसं क्षीरं वत्सं कृत्वा च गोवृषम् ॥ अरण्यपात्रे चाधुक्षन्मृगेन्द्रेण च दंष्ट्रिणः ॥ २३ ॥ क्रव्यादाः प्राणिनः क्रव्यं दुदुहुः स्वे कलेवरे ॥ सुपर्णवत्सा विहगाश्चरं चाचरमेव च ॥ २४ ॥ वटवत्सा वनस्पतयः पृथग्रसमयं पयः ॥ गिरयो हिमवद्वत्सा नानाधातून्स्वसानुषु ॥ २५ ॥ सर्वे स्वमुख्यवत्सेन स्वे स्वे पात्रे पृथक् पयः ॥ सर्वकामदुघां पृथ्वीं दुदुहुः पृथुभाविताम् ॥ २६ ॥ एवं पृथ्वादयः पृथ्वीमन्नादाः स्वन्नमात्मनः ॥ दोहवत्सादिभेदेन क्षीरभेदं कुरूद्वह ॥ २७ ॥ ततो महीपतिः प्रीतः सर्वकामदुघां पृथुः ॥ दुहितृत्वे चकारेमां प्रेम्णा दुहितृवत्सलः ॥ २८ ॥ चूर्णयन्स्वधनुष्कोट्या गिरिकूटानि राजराट् ॥ भूमण्डलमिदं वैन्यः प्रायश्चक्रे समं विभुः ॥ २९ ॥ अथास्मिन्भगवान्वैन्यः प्रजानां वृत्तिदः पिता ॥ निवासान्कल्पयांचक्रे तत्र तत्र यथार्हतः ॥३०॥ ग्रामान्पुरः पत्तनानि दुर्गाणि विविधानि च ॥ घोषान्व्रजान्सशिबिरानाकरान्खेटखर्वटान् ॥ ३१ ॥ प्राक्पृथोरिह नैवैषा पुरग्रामादिकल्पना ॥ यथासुखं वसन्ति स्म तत्र तत्राकुतोभयाः ॥ ३२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पृथुविजयेऽष्टादशोऽध्यायः ॥१८॥ मैत्रेय उवाच ॥ अथादीक्षत राजा तु हयमेधशतेन सः ॥ ब्रह्मावर्ते मनोः क्षेत्रे यत्र प्राची सरस्वती ॥ १ ॥ तदभि-

पृथु आदि अन्न-भक्षणशील प्राणीले दोहन-पात्र तथा बाछाहरूको विभिन्नताबाट आफाफ्ना अनुरूप भिन्न-भिन्न दूध दुहे ॥ २६-२७॥ त्यसपछि कन्यावत्सल राजा पृथुले सन्तुष्ट भएर सबै कामना पूर्ण पार्ने पृथ्वीलाई आफ्नी छोरी ठाने ॥२८॥ त्यसपछि परम समर्थ महाराज पृथुले आफ्नू धनुको टुप्पाले सबै पर्वतलाई फोरेर सम्पूर्ण भूमण्डललाई समतल (टम्म) पारिदिए ॥२९॥ पिता जस्तै प्रजागणलाई जीविका दिने भएका महाराज पृथुले पृथ्वीमा जता-तते ग्राम, पुर, नगर दुर्ग, भिल्लहरूले बस्ने योग्य स्थान, गोठ, छाउनी, खानहरू किसानका गाउँ र पर्वतका फेदीमा गाउँ बसालेर सबैलाई यथायोग्य निवासस्थान प्रदान गरे ॥३०॥३१॥ राजा पृथुभन्दा अघि यस भूमण्डलमा कहीं पनि पुर ग्रामादिको बस्ती थिएन । तबसम्म सबै जना निर्भय भएर सुखपूर्वक जहाँ मन लाग्दथ्यो, उहीं बस्ने गर्दथे ॥३२॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां अष्टादशोऽध्यायः॥१८॥ (यज्ञको घोडा चोर्नाको कारण इन्द्रलाई मार्नको निम्ति राजा पृथु कटिबद्ध हुनु र ब्रह्माजीले बुझाएपछि उनी यज्ञबाट विरत हुनु)–मैत्रेयजी भन्दछन्–हे विदुरजी ! त्यसपछि पूर्ववाहि

Collection Nagarjun 7 Kathmandu Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरस्वती नदीको तटमा महाराज मनुको ब्रह्मावर्त क्षेत्रमा राजा पृथुले सय अश्वमेध यज्ञ गर्ने दीक्षा लिए ॥१॥ त्यस बखत आफ्नै अंशरूप महाराज पृथुको त्यो उद्योग देखेर इन्द्रलाई त्यो यज्ञ महोत्सव सह्य भएन ॥ २ ॥ त्यस यज्ञमा सबैका गुरु साक्षात् यज्ञपति विष्णु भगवान्—जसको कीर्ति गन्धर्व, मुनि तथा अप्सरागण गाउँछन्, ती ब्रह्मा तथा महादेव अनुचरहरू र लोकपाल सहित त्यहाँ पाल्नुभएको थियो ॥३॥४॥ अनेक सिद्ध, विद्याधर, दैत्य, दानव, नन्द, सुनन्द आदि भगवान्का मुख्य-मुख्य पार्षद र भगवान्को सेवाका लागि उत्सुक रहने कपिल, नारद, दत्तात्रय तथा सनकादि योगेश्वर पनि त्यहाँ आएका थिए ॥ ५ ॥ ६ ॥ हे भारत ! त्यस यज्ञमा सामग्रीहरू दिने भएकी पृथिवीले कामधेनु गाईको रूप धारण गरेर राजा पृथुका कामनाहरू पूर्ण पारिन् ॥ ७ ॥ नदीहरू दूध, दही अन्न, गोरस आदि सबै रसहरू नदी झैं बगाएर ल्याउँथेन्। मधु चुहिरहेका अनेक ठूला-ठूला वृक्ष र थरि-थरिका फल-फूल उत्पन्न गरिरहेका थिए ॥ ८ ॥ त्यस यज्ञमा समुद्रले जनेकौं रत्नराशिहरू, पर्वतगणले चार थरिका अन्न तथा लोकपाल सहित सबै लोकले अनेक थरिका उपहार

प्रेत्य भगवान्कर्मातिशयमात्मनः ॥ शतक्रतुर्न ममृषे पृथोर्यज्ञमहोत्सवम् ॥ ३ ॥ यत्र यज्ञपतिः साक्षाद्भगवान्हरिरीश्वरः ॥ अन्वभूयत सर्वात्मा सर्वलोकगुरुः प्रभुः ॥ ३ ॥ अन्वितो ब्रह्मशर्वाभ्यां लोकपालैः सहानुगैः ॥ उपगीयमानो गन्धर्वैर्मुनिभिश्चाप्सरोगणैः ॥ ४ ॥ सिद्धविद्याधरा दैत्या दानवा गुह्यकादयः ॥ सुनन्दनन्दप्रमुखाः पार्षदप्रवरा हरेः ॥ ५ ॥ कपिलो नारदो दत्तो योगेशाः सनकादयः ॥ तमन्वीयुर्भागवता ये च तत्सेवनोत्सुकाः ॥ ६ ॥ यत्र धर्मदुघा भूमिः सर्वकामदुघा सती ॥ दोग्धि स्माभीप्सितानर्थान्यजमानस्य भारत ॥७॥ ऊहुः सर्वरसान्नद्यः क्षीरदध्यन्नगोरसान् ॥ तरवो भूरिवर्ष्माणः प्रासूयन्त मधुच्युतः ॥ ८ ॥ सिन्धवो रत्ननिकरान्गिरयोऽन्नं चतुर्विधम् ॥ उपायनमुपाजह्रुः सर्वे लोकाः सपालकाः ॥ ९ ॥ इति चाधोक्षजेशस्य पृथोस्तु परमोदयम् ॥ असूयन्भगवानिन्द्रः प्रतिघातमचीकरत् ॥ १० ॥ चरमेणाश्वमेधेन यजमाने यजुष्पतिम् ॥ वैन्ये यज्ञपशुं स्पर्धन्नपोवाह तिरोहितः ॥ ११ ॥ तमत्रिर्भगवानैक्षत्त्वरमाणं विहायसा ॥ आमुक्तमिव पाखण्डं योऽधर्मे धर्मविभ्रमः ॥ १२ ॥ अत्रिणा चोदितो हन्तुं पृथुपुत्रो महारथः ॥ अन्वधावत संक्रुद्धस्तिष्ठ तिष्ठेति चाब्रवीत् ॥ १३ ॥ तं तादृशाकृतिं वीक्ष्य मेने धर्मशरीरिणम् ॥ जटिलं भस्मना छन्नं तस्मै बाणं न मुञ्चति ॥ १४ ॥ वधान्निवृत्तं तं भूयो हन्तवेऽत्रिरचोदयत ॥ जहि यज्ञहनं तात महेन्द्रं विबुधाधमम् ॥ १५ ॥ एवं

अर्पण गरेका थिए ॥ ९ ॥ यस प्रकार जसका स्वामी एकमात्र विष्णुभगवान् नै थिए, ती महाराज पृथुको त्यस्तो उत्कर्ष सहन नसकेर भगवान् इन्द्रले त्यसमा विघ्न पारिदिए ॥ १० ॥ जब महाराज पृथु आफ्नो अन्तिम (सयौं) यज्ञद्वारा भगवान् यज्ञपतिको आराधना गर्दै थिए, त्यसै वेला इन्द्र ईर्ष्यावश गुरुरूपले तिनको यज्ञको घोडा चोरेर भागे ॥११॥ अनि अधर्ममा नै धर्मको भ्रम उत्पन्न पार्ने कवचको समान पाखण्ड वेश धारण गरेर आकाशमार्गबाट घोडा लिएर शीघ्रतापूर्वक भागिरहेका इन्द्रलाई भगवान् अत्रिले देखे ॥१२॥ अतः अत्रि मुनिको प्रेरणाले राजा पृथुको महारथी छोरो इन्द्रलाई मार्नको निम्ति अतिशय क्रोधपूर्वक दगुरे र 'पर्खी चोर !' यस्तो भन्दै ललकार्न लागे ॥ १३ ॥ तर इन्द्रले टाउकोका जटाजूट र शरीरमा भस्म धारण गरेको त्यो वेशलाई देखेर पृथु-पुत्रले तिनलाई धर्मात्मा पुरुष ठाने। अतएव तीमाथि उनले बाण प्रहार गरेनन् ॥ १४ ॥ यस प्रकार इन्द्रको वधबाट पराङ्मुख

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथुका राजकुमारलाई अत्रि ऋषिले इन्द्रको वध गर्नका लागि प्रेरित गरे। तिनले भने—'हे वत्स! यज्ञमा विघ्न पार्ने देवतामा अधम इन्द्रलाई तिमी अहिल्यै मारिहाल ॥१५॥ अत्रि मुनिले यस्तो भनेपछि साह्रै रिसाई पृथु-कुमार आकाशमार्गबाट जान लागेका इन्द्रको पछि-पछि यस प्रकार दगुरे जसरी रावणको पछि-पछि जटायु दगुरेको थियो ॥ १६ ॥ तब सुरराज इन्द्र यज्ञको घोडा र त्यो वेषलाई त्यागेर उनको सामुन्ने नै अन्तर्धान भए र वीर पृथु-पुत्र यज्ञ-पशुलाई लिएर आफ्ना पिताको यज्ञ-शालामा फर्केर आए ॥१७॥ हे विदुरजी! राजपुत्रको अद्भुत पराक्रम देखेर महर्षिहरूले उसको नाम 'विजिताश्व' राखे। हे विदुरजी! अनि त्यहाँ घोर अन्धकार उत्पन्न गरेर इन्द्रले सुटुक्क चषालयुक्त यूपमा सुनको सिक्रीले बाँधिएको अश्व फेरि हरण गरे ॥१९॥ त्यसपछि अत्रि ऋषिले राजपुत्रलाई आकाशमार्गबाट शीघ्रतापूर्वक भाग्न लागेका इन्द्रलाई फेरि देखाए, तर उनले कपाल, खट्वाङ्ग लिएका इन्द्रको बाटोमा कुनै प्रकारको विघ्न पारेनन् ॥२०॥ अत्रि ऋषिले फेरि उचालेपछि राजपुत्रले साह्रै रिसाएर उनलाई ताकेर बाण प्रहार गरे। यो परिस्थिति देखेर

वैन्यसुतः प्रोक्तस्त्वरमाणं विहायसा ॥ अन्वद्रवदभिक्रुद्धो रावणं गृध्रराडिव ॥ १६ ॥ सोऽश्वं रूपं च तद्धित्वा तस्मा अन्तर्हितः स्वराट् ॥ वीरः स्वपशुमादाय पितुर्यज्ञमुपेयिवान् ॥ १७ ॥ तत्तस्य चाद्भुतं कर्म विचक्ष्य परमर्षयः ॥ नामधेयं ददुस्तस्मै विजिताश्व इति प्रभो ॥ १८ ॥ उपसृज्य तमस्तीव्रं जहाराश्वं पुनर्हरिः ॥ चषालयूपतश्छन्नो हिरण्यरशनं विभुः ॥ १९ ॥ अत्रिः संदर्शयामास त्वरमाणं विहायसा ॥ कपालखट्वाङ्गधरं वीरो नैनमबाधत ॥ २० ॥ अत्रिणा चोदितस्तस्मै संदधे विशिखं रुषा ॥ सोऽश्वं रूपं च तद्धित्वा तस्थावन्तर्हितः स्वराट् ॥ २१ ॥ वीरश्चाश्वमुपादाय पितृयज्ञमथाव्रजत् ॥ तदवद्यं हरे रूपं जगृहुर्ज्ञानदुर्बलाः ॥२२॥ यानि रूपाणि जगृहे इन्द्रो हयजिहीर्षया ॥ तानि पापस्य खण्डानि लिङ्गं खण्डमिहोच्यते ॥२३॥ एवमिन्द्रे हरत्यश्वं वैन्ययज्ञजिघांसया ॥ तद्गृहीतविसृष्टेषु पाखण्डेषु मतिर्नृणाम् ॥२४॥ धर्म इत्युपधर्मेषु नग्नरक्तपटादिषु ॥ प्रायेण सज्जते भ्रान्त्या पेशलेषु च वाग्मिषु ॥२५॥ तदभिज्ञाय भगवान्पृथुः पृथुपराक्रमः ॥ इन्द्राय कुपितो बाणमादत्तोद्यतकार्मुकः ॥२६॥ तमृत्विजः शक्रवधाभिसंधितं विचक्ष्य दुष्प्रेक्ष्यमसह्यरंहसम् ॥ निवारयामासुरहो महामते न युज्यतेऽत्रान्यवधः प्रचोदितात् ॥ २७ ॥ वयं मरुत्व-

स्वाधीन देवता इन्द्र त्यो घोडा र त्यस रूपलाई त्यागेर त्यहाँबाट अन्र्धान भए ॥२१॥ अनि वीर विजिताश्व घोडा लिएर पिताको यज्ञशालामा फर्केर आए र ज्ञान-दुर्बल व्यक्तिहरूले इन्द्रको त्यो निन्द्य कपट-वेषलाई स्वीकार गरिलिए ॥२२॥ यस प्रकार अश्व-हरणको इच्छाले इन्द्रले जुन-जुन रूप धारण गरेका थिए, ती सबै पापका खण्ड अर्थात् चिह्न पाखण्ड कहिए, किनकि संसारमा मानिसहरू खण्डलाई लिङ्ग अर्थात् चिह्न भन्दछन् ॥ २३ ॥ महाराज पृथुको यज्ञ नष्ट गर्नको निम्ति इन्द्रले जुन रूप बारम्बार ग्रहण गरेर त्यागिदिएका थिए, ती पाखण्डपूर्ण, देख्दा राम्रा र ठूला-ठूला कुरा गर्ने भएका नग्न (जैन) तथा रक्तपट (बौद्ध) आदि सम्प्रदायमा जुन केवल उपधर्म मात्र हुन्छ, भ्रमवश त्यही धर्म मानिन लाग्यो। यस्तो भावना भएपछि मनुष्यहरूको बुद्धि प्रायः चक्र (भुमरी) मा पर्दछ ॥२४॥२५॥ इन्द्रको यस कुटिलताको थाहा भएपछि अत्यन्त पराक्रमी भगवान् पृथुले अतिशय कुपित भएर आफ्नो धनुष बाण उचाले र इन्द्रलाई ताकेर छाड्नको निम्ति बाणको सन्धान गरे ॥२६॥ क्रोधावेशको कारण जसको रूपतिर हेर्न पनि असम्भव थियो, जसको पराक्रम शत्रुको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥३९॥

निन्ति असह्य थियो, ती राजा पृथुलाई इन्द्रको वध गर्नको निम्ति तत्पर देखेर ऋत्विजहरूले रोक्तै भने—'हे महामते ! यज्ञानुष्ठानको अवसरमा शास्त्रविहित यज्ञपशु बाहेक अरु कसैको वध गर्नु उचित हुँदैन ॥२७॥ अतः हे राजन् ! जो हजुरको सुयशले नै ईर्ष्यावश तेजहीन भइरहेको छ, हजुरको काममा विघ्न पार्न भएका शत्रु इन्द्रको हामी आफ्ना अमोघ मन्त्रहरू द्वारा आवाहन गरेर उसलाई बलपूर्वक अग्निमा भस्म गरिदिन्छौं' ॥२८॥ हे विदुरजी ! महाराज पृथुका ऋत्विजहरूले यस्तो सल्लाह गरेर क्रोधपूर्वक इन्द्रको आवाहन गरे र जब तो सुरो लिएर आहुति दिन तत्पर भए, तब ब्रह्माजीले त्यहाँ पुगेर उनलाई रोकिदिंदै भने—॥२९॥ 'हे ऋत्विज हो ! जसलाई तिमी यस यज्ञद्वारा मार्न खोजिरहेका छौ, त्यो यज्ञको मर्मज्ञ इन्द्र साक्षात् विष्णु भगवान्को स्वरूप हो । तिमी यज्ञद्वारा जसको पूजा गर्दछौं, ती सबै देवता उनैका अंग हुन् । अतएव तिमीले इन्द्रको वध गर्नु उचित होइन ॥ ३० ॥ हे विप्र हो ! हेर, राजा पृथुको यज्ञमा विघ्न उपस्थित गर्नका लागि इन्द्रले धर्मको उच्छेदन गर्ने कस्तो ठूलो पाखण्ड फैलाएका छन् ॥३१॥ परम कीर्तिसम्पन्न महाराज पृथुको यो यज्ञ उनान्सय यज्ञहरूले नै समाप्त हुनेछ ।' फेरि उनले राजासित भने—'हे राजन् ! तिमी मोक्षधर्मका ज्ञाता छौ । अतः विधिपूर्वक गरिएको यति नै यज्ञले सन्तुष्ट हुनुहोस् ॥३२॥ तिमी तथा

न्तमिहार्थनाशनं ह्वयामहे त्वच्छ्रवसा हतत्विषम् ॥ अयातयामोपहवैरनन्तरं प्रसह्य राजन् जुहवाम तेऽहितम् ॥ २८ ॥ इत्यामन्त्र्य क्रतुपतिं विदुरास्य र्त्विजो रुषा ॥ स्रुग्घस्ताञ्जुह्वतोऽभ्येत्य स्वयम्भूः प्रत्यषेधत ॥ २९ ॥ न वध्यो भवतामिन्द्रो यद्यज्ञो भगवत्तनुः ॥ यं जिघांसथ यज्ञेन यस्येष्टास्तनवः सुराः ॥३०॥ तदिदं पश्यत महद्धर्मव्यतिकरं द्विजाः ॥ इन्द्रेणानुष्ठितं राज्ञः कर्मैतद्विजिघांसता ॥ ३१ ॥ पृथुकीर्तेः पृथोर्भूयात्तर्ह्येकोनशतक्रतुः ॥ अलं ते क्रतुभिः स्विष्टैर्यद्भवान्मोक्षधर्मवित् ॥३२॥ नैवात्मने महेन्द्राय रोषमाहर्तुमर्हसि ॥ उभावपि हि भद्रं त उत्तमश्लोकविग्रहौ ॥३३॥ माऽस्मिन्महाराज कृथाः स्म चिन्तां निशामयास्मद्वच आदृतात्मा ॥ यद्ध्यायतो दैवहतं नु कर्तुं मनोऽतिरुष्टं विशते तमोऽन्धम् ॥३४॥ क्रतुर्विरमतामेष देवेषु दुरवग्रहः ॥ धर्मव्यतिकरो यत्र पाखण्डैरिन्द्रनिर्मितैः ॥ ३५ ॥ एभिरिन्द्रोपसंसृष्टैः पाखण्डैर्हारिभिर्जनम् ॥ ह्रियमाणं विचक्ष्वैनं यस्ते यज्ञध्रुगश्वमुट् ॥ ३६ ॥ भवान्परित्रातुमिहावतीर्णो धर्मं जनानां समयानुरूपम् ॥ वेनापचारादवलुप्तमद्य तद्देहतो विष्णुकलाऽसि वैन्य ॥३७॥ स त्वं विमृश्यास्य

इन्द्र दुवै जना पवित्र-कीर्ति एवं भगवान् विष्णुका अवतार हौ । अतएव हे राजन् ! तिम्रो कल्याण होस, तिमीले आफ्नै स्वरूप इन्द्रसित रिस गर्नु उचित होइन ॥३३॥ हे महाराज ! तिम्रो यो यज्ञ निर्विघ्न सम्पन्न हुन पाएन, यसका निम्ति तिमीले चिन्ता लिनु पर्दैन । तिमी आदरपूर्वक मैले भनेका कुरा मान । किनकि जुन पुरुष विधाताले बिगारेका कर्मलाई पूर्ण पार्ने विचार गर्दछ, त्यसको मन अत्यधिक क्रोधमा भरिएर मोहमा प्राप्त हुन जान्छ ॥३४॥ अतः तिमी यस यज्ञलाई स्वतः बन्द गरिदेऊ । यसको कारण इन्द्रले रचेका पाखण्डहरूले धर्म नष्ट भइरहेको छ । यदि तिमीले यज्ञ बन्द गरेनौ भने धर्मको ह्रास कुनै प्रकारले पनि रोकिने छैन, किनकि देवता साह्रै दुराग्रही हुन्छन् ॥३५॥ हे राजन् ! यदि इन्द्र तिम्रो यज्ञसित द्रोह गर्दछ—जो घोड़ा चोर हो, तब जनतालाई मोहित पार्न उसले रचेका पाखण्डहरूले मानिसहरू मोहित भएका देख्नुहुनेछ ॥३६॥ हे वैन्य ! तिमी विष्णुका अंश हौ । तिमीले दुष्ट राजा वेनको दुराचारले धर्मलाई लुप्त हुनलागेको देखेर जनताका सामयिक धर्मको रक्षा गर्न वेनको नै शरीरबाट जन्म लिएका हौ ॥ २७ ॥ अतएव हे प्रजापते ! हे प्रभो !

॥३९

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी आफ्नो यस अवतारको उद्देश्य बुझेर भृगुआदि विश्वको रचना गर्नमा समर्थ अन्य मुनीश्वरहरूका सङ्कल्प पूर्ण गर र अधर्म उत्पन्न पार्ने यी प्रचण्ड तथा पाखण्डमार्गरूपिणी इन्द्रका मायाको अन्य पार' ॥३८॥ मैत्रेयजी भन्नुहुन्छ—हे विदुर ! अखिल लोकका गुरु भगवान् ब्रह्माजीले यसरी उपदेश दिएपछि राजा पृथुले त्यस्तै गरे र इन्द्रसित सन्धि गरिलिए ॥३९॥ त्यस यज्ञको भाग प्राप्त गरेर प्रसन्न वरदायक देवताहरूले अवभृत स्नानबाट निवृत्त परम पराक्रमी महाराज पृथुलाई अभिलषित वर दिए ॥४०। हे विदुरजी ! जसको आशिर्बाद सदा सत्य हुँदै आएका छन्, ती ब्राह्मणहरूले पनि श्रद्धापूर्वक दक्षिणा र सत्कारले सन्तुष्ट भई आदिराजा पृथुलाई आशिर्वाद दिंदै भने– ॥४१॥ 'हे महाबाहो ! तिमी-द्वारा आमन्त्रित हामी पितृ, देवता, ऋषि र मनुष्यादि सबै लोकहरूलाई *शुद्ध हृदयले मान दिई सत्कार गर्‍यौ' ॥४२॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां

भवं प्रजापते सङ्कल्पनं विश्वसृजां पिपीपृहि ॥ ऐन्द्रीं च मायामुपधर्ममातरं प्रचण्डपाखण्डपथं प्रभो जहि ॥३८॥ मैत्रेय उवाच ॥ इत्थं स लोकगुरुणा समादिष्टो विशां पतिः ॥ तथा च कृत्वा वात्सल्यं मघोनाऽपि च संदधे ॥ ३९ ॥ कृतावभृथस्नानाय पृथवे भूरिकर्मणे ॥ वरान्ददुस्ते वरदा ये तद्बर्हिषि तर्पिताः ॥ ४० ॥ विप्राः सत्याशिषस्तुष्टाः श्रद्धया लब्धदक्षिणाः ॥ आशिषो युयुजुः क्षत्तरादिराजाय सत्कृताः ॥ ४१ ॥ त्वयाऽऽहूता महाबाहो सर्व एव समागताः ॥ पूजिता दानमानाभ्यां पितृदेवर्षिमानवाः ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पृथुविजये एकोनविंशोऽध्यायः ॥ १९ ॥ मैत्रेय उवाच ॥ भगवानपि वैकुण्ठः साकं मघवता विभुः ॥ यज्ञैर्यज्ञपतिस्तुष्टो यज्ञभुक् तमभाषत ॥१॥ श्रीभगवानुवाच ॥ एष तेऽकारषीद्भङ्गं हयमेधशतस्य ह ॥ क्षमापयत आत्मानममुष्य क्षन्तुमर्हसि ॥ २ ॥ सुधियः साधवो लोके नरदेव नरोत्तमाः ॥ नाभिद्रुह्यन्ति भूतेभ्यो यर्हि नात्मा कलेवरम् ॥ ३ ॥ पुरुषा यदि मुह्यन्ति त्वादृशा देवमायया ॥ श्रम एव परं जातो दीर्घया वृद्धसेवया ॥ ४ ॥ अतः काममिमं विद्वानविद्याकामकर्मभिः ॥ आरब्ध इति नैवास्मिन्प्रतिबुद्धोऽनुषज्जते ॥ ५ ॥ असंसक्तः शरीरेऽस्मिन्नमुनोत्पादिते गृहे ॥ अपत्ये

एकोनविंशोऽध्यायः ॥१९॥ (महाराज पृथुने विष्णुभगवान्को प्रत्यक्ष दर्शन पाउनु)–मैत्रेय भन्दछन्—हे विदुरजी ! त्यसपछि इन्द्रसहित यज्ञका भोक्ता एवं यज्ञपति भगवान् विष्णुले अतिशय प्रसन्न भएर राजा पृथुसित भन्नुभयो ॥१॥ भगवान् आज्ञाहुन्छ–हे राजन् ! इन्द्रले तिम्रो सयौं यज्ञ अपूर्ण पारिदिए, तर यस बखत ती दीन-हीन बनेर तिमीसितआफ्नो अपराध क्षमा गराउन खोज्दैछन्, अतः अब तिमी यिनलाई क्षमा गर ॥२॥ हे राजन् ! जो बुद्धिमान् र साधुस्वभावका श्रेष्ठ व्यक्ति हुन्छन्, ती संसारमा अन्य जीवसित द्रोह गर्दैनन्। किनकि यो दृश्यमान शरीरनै आत्मा होइन ॥३॥ यदि तिमी जस्ता व्यक्ति पनि देवमायाले मोहित हुन्छन भने–भन्न करै लाग्यो–धेरै दिनसम्म गरेको गुरुजनहरूको सेवाले पनि

* उदाहरण—(चित्त शुद्धि चाहिन्छ)—यौटा ब्राहुन थोरै पढेको थियो। त्यो दिनहुँ गरेर शुद्ध चित्तले एक छिन गीता पाठ गरेर प्रभुको स्मरण गर्ने गर्दथ्यो, तर त्यसद्वारा गीताका शब्दको शुद्ध उच्चारण हुँदैनथ्यो। एक दिन विश्व-विख्यात भक्त गौराङ्गदेवले ती ब्राह्मणसित सोधे–'हे भाई ! तिमीलाई गीता-पाठबाट कुन धेरै आनन्द प्राप्त हुन्छ। त्यसको कारण के हो ?' तिनले उत्तर दिए–'म जबसम्म श्रीमद्भगवद्गीता पाठ गर्दछु, त्यति बेर साक्षात् चतुर्भुजी श्रीकृष्ण भगवान्लाई अर्जुनको रथमा बसेर उपदेश दिइरहेको देख्दछु। यसैले मलाई अपार आनन्द प्राप्त हुन्छ।' गौराङ्गदेवले तिनलाई अंकमाल गरेर भने—'प्रभु श्रीकृष्णको प्यारी गीताको महत्व तिमीले नै बुझेका छौ। हे भाई ! जसको हृदय शुद्ध हुन्छ, त्यसको भाषा शुद्ध होस् वा अशुद्ध, भगवान्लाई त्यसको वास्तो रहन्न।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

श्रममात्र फल मिल्यो ।।४।। अतएव बुद्धिमान् पुरुष यस शरीरलाई अविद्या, वासना र कर्महरूको निमित्त मानेर यसमा आसक्त हुँदैनन् । यसरी जो जन विनाशशील शरीरमा आसक्त हुँदैनन्, ती यसबाट उत्पन्न घर, पुत्र तथा धनादिमा कुनै प्रकारको ममता कसरी गर्न सक्तछन् ? ।।५।।६।। यो आत्मा एक शुद्ध, स्वयंज्योति, निर्गुण, गुणहरूको आश्रय स्थल, सर्वव्यापक, आवरण-विहीन, सबैको साक्षी, अन्य आत्माले रहित एवं शरीरादि मिथ्या पदार्थहरूभन्दा उत्तम छ ।। ७ ।। जो आफूभित्र विद्यमान आत्मालाई जान्दछ, त्यो शरीरमैं रहेर पनि आफ्नो अन्तरात्मारूपी 'म' स्थित रहनाले कहिल्यै त्यसका विकारहरूमा टाँसिन्न ।।८।। हे राजन् ! जो पुरुष निष्काम मनले श्रद्धापूर्वक वर्णाश्रमधर्महरूद्वारा मेरो आराधना गर्दछ, त्यसको मन विस्तार विस्तार पवित्र हुन्छ ।।९।। यसरी विषयादिबाट पृथक्, सम्यग्दर्शी, शुद्धचित्त पुरुष ममा स्थित रहने शान्तिलाई, जो ब्रह्मकैवल्यको प्राप्ति हो, त्यसलाई पाउँछ।।०१।। जो पुरुष द्रव्य, ज्ञान, क्रिया र मनको साक्षी एवं सबैसित उदासीन झैं रहने यस निर्विकार आत्मालाई जान्दछ, त्यही कल्याण प्राप्त गर्दछ ।।११।। हे राजन् ! पञ्चमहाभूत, इन्द्रियहरू,

द्रविणे वापि कः कुर्यान्ममतां बुधः ।। ६ ।। एकः शुद्धः स्वयंज्योतिर्निर्गुणोऽसौ गुणाश्रयः ।। सर्वगोऽनावृतः साक्षी निरात्मात्माऽऽत्मनः परः ।। ७ ।। त एवं सन्तमात्मानमात्मस्थं वेद पूरुषः ।। नाज्यते प्रकृतिस्थोऽपि तद्गुणैः स मयि स्थितः ।। ८ ।। यः स्वधर्मेण मां नित्यं निराशीः श्रद्धयाऽन्वितः ।। भजते शनकैस्तस्य मनो राजन्प्रसीदति ।। ९ ।। परित्यक्तगुणः सम्यग्दर्शनो विशदाशयः ।। शान्तिं मे समवस्थानं ब्रह्म कैवल्यमश्नुते ।। १० ।। उदासीनमिवाध्यक्षं द्रव्यज्ञानक्रियात्मनाम् ।। कूटस्थमिममात्मानं यो वेदाप्नोति शोभनम् ।। ११ ।। भिन्नस्य लिङ्गस्य गुणप्रवाहो द्रव्यक्रियाकारकचेतनात्मनः ।। दृष्टासु सम्पत्सु विपत्सु सूरयो न विक्रियन्ते मयि बद्धसौहृदाः ।। १२ ।। समः समानोत्तममध्यमाधमः सुखे च दुःखे च जितेन्द्रियाशयः ।। मयोपक्लृप्ताखिललोकसंयुतो विधत्स्व वीराखिललोकरक्षणम् ।। १३ ।। श्रेयः प्रजापालनमेव राज्ञो यत्साम्पराये सुकृतात्षष्ठमंशम् ।। हर्ताऽन्यथा हृतपुण्यः प्रजानामरक्षिता करहारोऽघमत्ति ।। १४ ।। एवं द्विजाग्र्यानुमतानुवृत्तधर्मप्रधानोऽन्यतमोऽविताऽस्याः ।। ह्रस्वेन कालेन गृहोपयातान् द्रष्टासि सिद्धाननुरक्तलोकः ।। १५ ।। वरं च मत्कंचन मानवेन्द्र वृणीष्व तेऽहं गुणशीलयन्त्रितः ।। नाहं मखैर्वै सुलभस्त·

इन्द्रियाभिमानी देवता र चेतन यी सबैबाट पृथक् र परिच्छिन्न लिङ्ग-शरीरमा नै गुणहरूका कार्य हुन्छन्, साक्षी आत्मामा गुणको वश चल्दैन । ममा दृढ प्रेम राख्ने भएका बुद्धिमान् पुरुष सुख-दुःखको प्राप्तिमा कुनै प्रकारको विकार भावमा प्राप्त हुँदैनन् ।।१२।। अतः हे वीर ! तिमी उत्तम, मध्यम र अधम पुरुषमा समान भाव राखेर सुख-दुःखलाई समान ठान र इन्द्रिय तथा मनलाई जितेर मद्वारा उपस्थित गरिएका मन्त्रीहरू सित सबै लोकको रक्षा गर ।।१३।। प्रत्येक राजाको कल्याण प्रजाको पालन गर्नमा नै छ, किनकि प्रजाको पालक राजा परलोकमा प्रजाका पुण्यको छैठौं भाग पाउँछन् र यदि त्यो प्रजाको रक्षा नगरेर केवल कर लिनु नै आफ्नू कर्तव्य मान्दछ भने त त्यसको जो भएको पुण्य पनि क्षीण भएर जान्छ । अन्त्यमा त्यसले प्रजाको पाप पनि भोग्नु पर्दछ ।।१४।। यसरी तिमी यदि उत्तम ब्राह्मणहरूको सम्मति लिएर अनासक्त भावले आफ्नू प्रधान कर्म पालन गर्दै यी पृथ्वीको रक्षा गर्दछौ भने अल्पकालपछि नै आफ्नू घरमा आएका सिद्धहरूको दर्शन गर्नछौं र सबै जना तिमीसित प्रसन्न रहनेछन् ।। १५ ।। हे नरेन्द्र ! तिम्रो गुण र शील देखेर म तिम्रो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधीन भएको छु । तिमी मसित कुनै आफ्नो अभिलषित वर माग । म सदा समान भावले रहने पुरुषहरूलाई जति सजिलैसित प्राप्त हुन्छु, त्यस्तो कुनै तप वा योगले प्राप्त हुन्न' ॥१६॥ मैत्रेयजी भन्दछन्–हे विदुरजी ! ती सर्वलोकका गुरु भगवान्‌ले त्यस्तो भनेपछि जगद्विजयी महाराज पृथुले उनको आज्ञा शिरो धार्य गरे ॥१७॥ अनि आफ्नो केही नजाति कर्ममा लज्जित भएर आफ्नो चरणमा न्यूरेका इन्द्रलाई प्रेमले आलिङ्गन गरेर उनले आफ्नू हृदयबाट सारा द्वेषभाव फालिदिए ॥१८॥ अनि महाराज पृथुद्वारा पूजित र छिन-छिनमा वढ्ने भक्तिभावले पृथुको हात समानेर पुनीत चरण-कमल हुने र साधुजनका सुहृद् कमलदल-लोचन विष्णु भगवान् त्यहाँबाट जान उद्यत भएर पनि पृथुमाथि कृपा गर्नका लागि अडिए र राजातिर दयामयी दृष्टिले हेर्दै रहे, ती एकाएक जान सकेनन् ॥१९॥२०॥ आदिराजा पृथुले पनि नेत्रमा जल भरिनाले गर्दा भगवान्‌को दर्शन गर्न पाएनन् र कण्ठ गद्गद् हुनाले केही बोल्न पनि सकेनन् । ती उनका कमनीय तथा कान्ति सम्पन्न रूपलाई हृदयले आलिङ्गन गरेर हात जोरी चुपचाप उभिइरहे ॥२१॥

पोभिर्योगेन वा यत्समचित्तवर्ती ॥ १६ ॥ मैत्रेय उवाच ॥ स इत्थं लोकगुरुणा विष्वक्सेनेन विश्वजित् ॥ अनुशासित आदेशं शिरसा जगृहे हरेः ॥ १७ ॥ स्पृशन्तं पादयोः प्रेम्णा व्रीडितं स्वेन कर्मणा ॥ शतक्रतु परिष्वज्य विद्वेषं विससर्ज ह ॥ १८ ॥ भगवानथ विश्वात्मा पृथुनोपहृतार्हणः ॥ समुज्जिहानया भक्त्या गृहीतचरणाम्बुजः ॥ १९ ॥ प्रस्थानाभिमुखोऽप्येनमनुग्रहविलम्बितः ॥ पश्यन्पद्मपलाशाक्षो न प्रतस्थे सुहृत्सताम् ॥२०॥ स आदिराजो रचिताञ्जलिर्हरिं विलोकितुं नाशकदश्रुलोचनः ॥ न किंचनोवाच स बाष्पविक्लवो हृदोपगुह्यामुमदधादवस्थितः ॥२१॥ अथावमृज्याश्रुकला विलोकयन्नतृप्तदृग्गोचरमाह पूरुषम् ॥ पदा स्पृशन्तं क्षितिमंस उन्नते विन्यस्तहस्ताग्रमुरङ्गविद्विषः ॥ २२ ॥ पृथुरुवाच ॥ वरान्विभो त्वद्वरदेश्वराद्बुधः कथं वृणीते गुणविक्रियात्मनाम् ॥ ये नारकाणामपि सन्ति देहिनां तानीश कैवल्यपते वृणे न च॥ २३ ॥ न कामये नाथ तदप्यहं क्वचिन्न यत्र युष्मच्चरणाम्बुजासवः ॥ महत्तमान्तर्हृदयान्मुखच्युतो विधत्स्व कर्णायुतमेव मे वरः ॥ २४ ॥ स उत्तमश्लोक महन्मुखच्युतो भवत्पदाम्भोजसुधाकणानिलः ॥ स्मृतिं पुनर्विस्मृततत्त्ववर्त्मनां कुयोगिनां नो वितरत्यलं वरैः ॥ २५ ॥ यशः शिवं सुश्रव आर्यसङ्गमे यदृच्छया

केही बेर पछि आफ्ना नेत्रका आँसु पुछेर र अतृप्त नयनका समक्ष विराजमान चरण कमलले पृथ्वीको स्पर्श गर्ने तथा आफ्नो हातको अग्रभाग गरुडको काँधमा राखेर उभिएका ती भगवान्‌तिर हेर्दै भन्नलागे––॥२२॥ राजा पृथुले भने–हे प्रभो ! हजुर वरदायक र ब्रह्मादि देवताका पनि देवता हुनुहुन्छ । कोही पनि विवेकशील पुरुष हजुरका गुणहरूका विकाररूपी शरीरमा अभिमान राख्ने पुरुषले भोग्ने योग्य विषयहरूको, जो नारकीय जीवलाई पनि प्राप्त हुनसक्तछ कसरीमाग्ला ? अतः हे मोक्षाधिपते, ईश्वर ! म हजुरसित विषय भोग माग्दिन ॥२३॥ हे नाथ ! जहाँ महापुरुषका हृदयबाट बाहिर निःसृत हजुरको चरण-कमलको कीर्तिरूपी मकरन्द विद्यमान छैन, त्यस पदलाई म पाउने इच्छा राख्दिन । म त केवल यही नै चाहन्छ कि हजुर मलाई दस हजार कान दिनुहस्-जसलेम सधैं हजुरका चरित्र सुनिरहूँ ॥२४॥ हे पुण्यकीर्तिमान् प्रभो ! महापुरुषहरूका मुखबाट निस्केका एवं हजुरका चरण-कमल-मकरन्दका कणले सुवासित वायु तत्त्वमार्गलाई बिर्सेका पतित योगीहरूको पनि स्मृतिलाई पुनः जागृत पारिदिने गर्दछ । अतः हजुरका सुयश-सुधा-पानको अतिरिक्त मलाई केही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF, Delhi

अर्को वर चाहिन्न ॥२५॥ हे सत्कीर्तिसम्पन्न प्रभो ! सबै प्रकारका सद्गुण प्राप्त गर्ने कामनाले, जो सुन्ने वरदान साक्षात् लक्ष्मीजीले मागेकी थिइन्, हजुरको यो मङ्गलमय सुयशलाई संयोगवश साधुसमाजमा एकपल्ट सुनेपछि पशुबाहेक अरु कुन यस्तो गुणग्राही पुरुष होला, जो उनीसित उदासीन रहन सक्ला ॥ २६ ॥ अतः म पनि लक्ष्मीजी झैं उत्सुक भएर सबै पुरुषहरूमा श्रेष्ठ हजुर सर्वगुणधाम भगवान्‌को भजन गर्दछु, तर मलाई यस कुराको भय छ कि यौटा पतिको होडबाजी गर्ने र एकमात्र हजुरका चरणमा लीन हामी दुवै अर्थात् लक्ष्मी र ममा परस्पर झगडा नहोओस् ॥२७॥ हे जगदीश ! जगज्जननी भगवती लक्ष्मीसित मेरो वैमनस्य नहोओस्, किनकि म पनि हजुरको सेवारूपी कर्म गर्ने इच्छुक छु, तर हजुर दीन जनमा दया गर्नु हुन्छ, यसैनिम्ति दीन जनका तुच्छ दर्म पनि धेरै बर्ता गरेर सम्झनु हुन्छ। आफ्नो स्वरूपमै रमण गर्ने हजुरको लक्ष्मीजीसित पनि के लिनु-दिनु छ ॥२८॥ अतएव साधुपुरुष मायिक गुणका कार्यबाट अलग्ग भएर हजुरको भजन गर्दछन्। हे भगवन् ! हजुरका चरणको स्मरण गर्नुबाहेक साधु पुरुषको कुनै अन्य

चोपभृणोति ते सकृत् ॥ कथं गुणज्ञो विरमेद्विना पशुं श्रीर्यत्प्रवव्रे गुणसंग्रहेच्छया ॥ २६ ॥ अथो भजे त्वाऽखिलपूरुषोत्तमं गुणालयं पद्मकरेव लालसः ॥ अप्यावयोरेकपतिस्पृधोः कलिर्न स्यात्कृतत्वच्चरणैकतानयोः ॥ २७ ॥ जगज्जनन्यां जगदीश वैशसं स्यादेव यत्कर्मणि नः समाहितम् ॥ करोति फल्ग्वप्युरु दीनवत्सलः स्व एव धिष्ण्येऽभिरतस्य किं तया ॥ २८ ॥ भजन्त्यथ त्वामत एव साधवो व्युदस्य मायागुणविभ्रमोदयम् ॥ भवत्पदानुस्मरणादृते सतां निमित्तमन्यद्भगवन्न विद्महे ॥ २९ ॥ मन्ये गिरं ते जगतां विमोहिनीं वरं वृणीष्वेति भजन्तमात्थ यत् ॥ वाचा नु तन्त्या यदि ते जनोऽसितः कथं पुनः कर्म करोति मोहितः ॥ ३० ॥ त्वन्मायायाऽद्धा जन ईश खंडितो यदन्यदाशास्त ऋतात्मनोऽबुधः ॥ यथाऽऽचरेद्बालहितं पिता स्वयं तथा त्वमेवार्हसि नः समीहितुम् ॥ ३१ ॥ मैत्रेय उवाच ॥ इत्यादिराजेन नुतः स विश्वदृक् तमाह राजन्मयि भक्तिरस्तु ते ॥ दिष्ट्येदृशी धीर्मयि ते कृता यया मायां मदीयां तरति स्म दुस्त्यजाम् ॥ ३२ ॥ तत्त्वं कुरु मयाऽऽदिष्टमप्रमत्तः प्रजापते ॥ मदादेशकरो लोकः सर्वत्राप्नोति शोभनम् ॥ ३३ ॥ मैत्रेय उवाच ॥ इति वैन्यस्य राजर्षेः प्रतिनन्द्यार्थवद्वचः ॥ पूजितोऽनुगृहीत्वैनं गन्तुं चक्रेऽच्युतो

प्रयोजन त मैले बुझ्न सकिन ॥२९॥ हे भगवन् ! म हजुरको भजन गर्दछु। हजुरले जो मसित भन्नुभयो–'वर माग' हजुरको त्यस वाणीलाई पनि म जगतलाई मोहित पार्ने भएको मान्दछु। यदि मानिस वेदवाणीरूपिणी डोरीले नबाँधिएका भए ती मोहवश कर्महरू नै किन गर्दथे ? ॥३०॥ हे ईश ! मानव स्वभावतः हजुरको मायाले मोहित रहन्छ। अतः त्यो मूढ आफ्नो प्रिय आत्मालाई छाडेर स्त्री पुत्रादिको ममतामा अल्झिन्छ। यसनिम्ति पिता जसरी आफ्नो पुत्रको कल्याण गर्दछ, त्यसै गरी हजुर पनि मेरो कल्याणार्थ प्रयत्न गर्नुहवस् ॥३१॥ मैत्रेयजी भन्दछन्–महाराज पृथुबाट यसरी वन्दित भएर सर्वसाक्षी भगवान्‌ले भन्नुभयो–'हे राजन् ! ममा निरन्तर तिम्रो भक्ति बनिरहोस्—यो बडो सौभाग्यको कुरा छ कि तिमीले ममा यस प्रकार आफ्नो चित्त लगाइदिएका छौ कि जसले पुरुष अनायास मेरी दुस्तर मायालाई पनि नाघिदिन्छ ॥ ३२ ॥ अतः हे प्रजापते ! अब तिमी सावधान मनले मेरो आज्ञा पालन गर। जो प्राणी मेरो आज्ञाको पालन गर्दछ, त्यसको सर्वत्र मंगल नै मंगल हुन्छ' ॥३३॥ मैत्रेयजी भन्दछन्–हे विदुरजी ! यस प्रकार महाराज पृथुका सार्थक वचनको आदर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दै उनीबाट पूजित भएर भगवान् राजा पृथुमाथि अनुग्रह गरेर त्यहाँबाट जान तयार हुनुभयो ॥३४॥ यसपछि देवता, ऋषि, पितृ, गन्धर्व, सिद्ध, चारण, नाग, किन्नर, अप्सरा मनुष्य पक्षी आदि विविध प्रकारका जीव तथा भगवान्का पार्षद—यी सबै जना पृथुद्वारा भगवद्बुद्धिले वाणी, धन तथा हात जोर्न आदि शिष्टाचारहरूले भक्तिपूर्वक पूजित भएर आफ्आफ्ना स्थानमा फर्केर गए ॥३५॥३६॥ विष्णु भगवान् पनि जस्तै – उपाध्यायहरू सहित राजर्षि पृथुको चित्त चोर्दै आफ्आफ्नू धाममा गए ॥ ३७ ॥ अनि महाराज पृथुले आफ्नो स्वरूप देखाएर अन्तर्धान भएका देवताहरूका पनि देवता अव्यक्त भगवान्लाई नमस्कार गरेर आफ्नो नगरको लागि प्रस्थान गरे ॥ ३८ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां विंशोऽध्यायः ॥२०॥ (राजा पृथुद्वारा प्रजालाई उपदेश दिनु)—मैत्रेयजी भन्दछन्—हे विदुरजी ! महाराज पृथुको आगमनको उपलक्षमा सारा नगर जतातत्तै मोतिका माला फूलका माला, रंगी-चंगी वस्त्र, सुवर्णमयी झालर तथा अत्यन्त सुगन्धित धूपादिले सुशोभित भइरहेको थियो ॥१॥ नगरका सबै गल्ली, चोक तथा सडक चन्दन र अगरुको जलले

मतिम् ॥ ३४ ॥ देवर्षिपितृगन्धर्वसिद्धचारणपन्नगाः ॥ किन्नराप्सरसो मर्त्याः खगा भूतान्यनेकशः ॥ ३५ ॥ यज्ञेश्वरधिया राज्ञा वाग्वित्ताञ्जलि-भक्तितः ॥ सभाजिता ययुः सर्वे वैकुण्ठानुगतास्ततः ॥ ३६ ॥ भगवानपि राजर्षेः सोपाध्यायस्य चाच्युतः ॥ हरन्निव मनोऽमुष्य स्वधाम प्रत्यपद्यत ॥ ३७ ॥ अदृष्टाय नमस्कृत्य नृपः संदर्शितात्मने ॥ अव्यक्ताय च देवानां देवाय स्वपुरं ययौ ॥ ३८ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे विंशोऽध्यायः ॥ २० ॥ मैत्रेय उवाच ॥ मौक्तिकैः कुसुमस्रग्भिर्दुकूलैः स्वर्णतोरणैः ॥ महासुरभिभिर्धूपैर्मण्डितं तत्र तत्र वै ॥ १ ॥ चन्दनागुरुतोयार्द्ररथ्याचत्वरमार्गवत् ॥ पुष्पाक्षतफलैस्तोक्मैर्लाजैरर्चिभिरर्चितम् ॥ २ ॥ सवृन्दैः कदलीस्तम्भैः पूगपोतैः परिष्कृतम् ॥ तरुपल्लवमा-लाभिः सर्वतः समलंकृतम् ॥ ३ ॥ प्रजास्तं दीपबलिभिः संभृताशेषमंगलैः ॥ अभीयुर्मृष्टकन्याश्च मृष्टकुण्डलमण्डिताः ॥ ४ ॥ शंखदुन्दुभिघोषेण ब्रह्मघोषेण चर्त्विजाम् ॥ विवेश भवनं वीरः स्तूयमानो गतस्मयः ॥ ५ ॥ पूजितैः पूजयामास तत्र तत्र महायशाः ॥ पौराञ्जानपदांस्तांस्ता न्प्रीतः प्रियवरप्रदः ॥ ६ ॥ स एवमादीन्यनवद्यचेष्टितः कर्माणि भूयांस महान्महत्तमः ॥ कुर्वन् शशासावनिमण्डलं यशः स्फीतं निधायारुरुहे परं पदम् ॥७॥ सूत उवाच ॥ तदादिराजस्य यशो विजृम्भितं गुणैरशेषैर्गुणवत्सभाजितम् ॥ क्षत्ता महाभागवतः सदस्पते कौषारविं प्राह गृणंत-

सिंचित थिए । सारा नगर जहाँ-तहाँ राखिएका फूल, अक्षता, फल, जौका अंकुर, लावा र बत्ती आदिले पूजित थिए ॥ २ ॥ त्यो ठाउँ-ठाउँमा राखेका फूल-फलयुक्त केराका खाँबा र सुपारीका वृक्षले सान्है राम्रा लागिरहेथे र चारैतिर आँप आदि वृक्षका कोमल पल्लवले बनाएका झालरले अलंकृत थिए ॥ ३ ॥ महाराज पृथु नगरमा आउनासाथ बत्ती, उपहार तथा अनेक थरिका मङ्गलमयी सामग्री लिएका प्रजा र मनोहर कुण्डलले शोभायमान कपोल हुने सुन्दर कन्याहरू उनको सामुन्ने आए ॥४॥ गर्वविहीन वीरवर राजा पृथु वन्दीजनबाट स्तुति-गान सुन्नासाथ शङ्ख दुन्दुभि आदि माङ्गलिक वाद्यहरूको ध्वनि, ऋत्विजादिको वेदघोषका साथै महलमा पसे ॥ ५ ॥ बाटोमा ठाउँ-ठाउँमा पुरवासी र देशवासीहरूद्वारा पूजित हुँदै परम यशस्वी पृथुले तिनलाई ठूलो प्रसन्नताले अभिलषित वर दिएर प्रसन्न पारे ॥६॥ पवित्र कर्म र महान् भन्दा पनि महान् महाराज पृथुले यसै गरी अनेक काम गर्दै यस भूमण्डलको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शासन गरे र अन्त्यमा आफ्नो पवित्र यश स्थापित गरेर परमपदगामी भए ।। ७ ।। सूतजी भन्दछन्–हे साधुप्रवर शौनक ! महाभगवद्भक्त विदुरजी राजा पृथुका समस्त गुणले युक्त, गुणवान् व्यक्तिहरूद्वारा प्रशंसित तथा विशाल यज्ञको वर्णन गर्ने भएका श्रीमैत्रेयको सत्कार गर्दै भन्दछन्–।। ८ ।। विदुरजीले भने–ब्राह्मणहरू द्वारा अभिषिक्त हुँदा राजा पृथुले सबै देवताहरूसित दर्शन भेटको सामग्री पाएका थिए र पाखुरामा वैष्णव-तेज धारण तीबाट पृथ्वीलाई दुहेका थिए ।।९।। जसको त्यो पृथ्वी-दोहनरूपी पराक्रमको उच्छिष्ट भागले सबै राजा तथा लोकपाल सहित सबै लोक इच्छानुसार जीवन धारण गर्दछन्, ती महाराज पृथुका कीर्ति यस्तो कुन बाठो पुरुष छ, जो सुन्दैन । अतः तपाई तिनका पवित्र कर्महरूको अझ अरु वर्णन गर्नुहवस् ।।१०।। मैत्रेयले भने–महाराज पृथु गङ्गा-यमुनाको मध्यवर्ती (ब्रह्मावर्त) देशमा बसेर आफ्ना पवित्र कर्महरू भगवदर्पण गर्ने कामनाले प्रारब्धवश प्राप्त अनेक भोगहरू भोग्नलागे ।।११।। ब्राह्मण-वंश तथा विष्णु भगवान् जसका कुलदेव थिए, ती मनुष्य बाहेक सातै द्वीपका यौटै निष्कण्टक राज्य गर्दथे ।। १२ ।। हे साधुजनमा श्रेष्ठ ! एक समयको कुरा हो–महाराज पृथुले यौटा महासत्रको दीक्षा लिए । त्यस मौकामा त्यहाँ देवता, ब्रह्मर्षि तथा राजर्षिहरूको धेरै ठूलो समागम भयो ।। १३ ।। त्यस सभामा पूजनीय अभ्यागतहरूको

मर्चयन् ।। ८ ।। विदुर उवाच ।। सोऽभिषिक्तः पृथुर्विप्रैर्लब्धाशेषसुरार्हणः ।। बिभ्रत्स वैष्णवं तेजो बाह्वोर्याभ्यां दुदोह गाम् ।। ६ ।। को न्वस्य कीर्तिं न शृणोत्यभिज्ञो यद्विक्रमोच्छिष्टमशेषभूपाः ।। लोकाः सपाला उपजीवन्ति काममद्यापि तन्मे वद कर्म शुद्धम् ।।१०।। मैत्रेय उवाच ।। गंगायमुनयोर्नद्योरन्तरा क्षेत्रमावसन् ।। आरब्धानेव बुभुजे भोगान्पुण्यजिहासया ।। ११।। सर्वत्रास्खलितादेशः सप्तद्वीपैकदण्डधृक् ।। अन्यत्र ब्राह्मणकुलादन्यत्राच्युतगोत्रतः ।।१२।। एकादासीन्महासत्त्रदीक्षा तत्र दिवौकसाम् ।। समाजो ब्रह्मर्षीणां च राजर्षीणां च सत्तम ।।१३।। तस्मिन्नर्हत्सु सर्वेषु स्वर्चितेषु यथार्हतः ।। उत्थितः सदसो मध्ये ताराणामुडुराडिव ।। १४ ।। प्रांशुः पीनायतभुजो गौरः कञ्जारुणेक्षणः ।। सुनासः सुमुखः सौम्यः पीनांसः सुद्विजस्मितः ।।१५।। व्यूढवक्षा बृहच्छ्रोणिर्वलिवल्गुदलोदरः ।। आवर्तनाभिरोजस्वी काञ्चनोरुरुदग्रपात् ।। १६ ।। सूक्ष्मवक्रासितस्निग्धमूर्धजः कम्बुकन्धरः ।। महाधने दुकूलाग्र्ये परिधायोपवीय च ।। १७ ।। व्यञ्जिताशेषगात्रश्रीर्नियमे न्यस्तभूषणः ।। कृष्णाजिनधरः श्रीमान्कुशपाणिः कृतोचितः ।। १८ ।। शिशि-

समुचित सत्कार गर्नका लागि महाराज पृथु त्यस सभामा तारागणका मध्यमा उदित चन्द्रमाको समान उठेर ठिङ्ग उभिए ।। १४ ।। तिनको शरीर अग्लो र बाहु स्थूल, विशाल थिए, उनको शरीरको वर्ण सुवर्ण झैं र नेत्र कमल समान अरुण वर्णका एवं विशाल थिए । तिनको नासिका सलक्क परेको र मुख मनोहर थियो, अतिशय सौम्य स्वरूप, अग्लो काँध र राम्रा मनोहर दाँत टम्म मिलेका थिए ।।१५।। विशाल वक्षस्थल र कटिप्रदेश स्थूल थियो, उदर त्रिवली रेखाले सुन्दर देखिन्थ्यो । तिनको नाभि भुमरी झैं गहीरो थियो । तिघ्रा सुवर्ण सदृश टल्कन्थे । खुट्टाका अग्रभाग (पंजा) उच्च थिए ।।१६।। तिनका केश सूक्ष्म, बटारिएका, काला-काउा र झलल्कने थिए । तिनको ग्रीवा (घाँटी) शङ्ख झैं राम्रो थियो र ती दुइटा बहुमूल्य वस्त्रहरूमा यौटा लगाएका र अर्को ओढेका थिए ।।१७।। यज्ञको दीक्षा लिएका हुनाले तिनको आफ्नो शरीरबाट सबै आभूषण झिकेर अलग्ग राखिदिएका थिए तापनि तिनको देहको शोभामा केही न्यूनता आएको थिएन । तिनले शरीरमा कृष्ण-मृगचर्म लगाएका थिए र हातमा कुशको मुठा थियो । यसरी सबै उचित कार्यहरू गरेर भएका राजा पृथु श्रीसम्पन्न देखिइ-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेथे ॥१८॥ अतिशय शीतल र स्नेहयुक्त नेत्र भएका महाराज पृथुले सर्वतिर हेरेर सम्पूर्ण सभालाई प्रसन्न पारेर भन्न आरम्भ गरे ॥१९॥ तिनको भाषा साह्रै मीठो, मनोहर विचित्र बादहरूले युक्त, अतिशय मधुर, सुन्दर, गम्भीर तथा भ्रान्तिहीन थियो। जस्तै सबैको उपकारार्थ ती आफ्ना अनुभव प्रकट गरिरहेका हुन् ॥२०॥ राजा पृथुले भने–हे सभ्यगण! तपाईं सबैको कल्याण होस्। जो-जो यहाँ आउनु भएको छ—मेरो कथनसुन्नोस्। साधुपुरुषका समक्ष धर्मका जिज्ञासुहरूलाई आफ्नू मनको कुरा निवेदन गरिदिनु आवश्यक हुन्छ ॥२१॥ यस लोकमा मलाई सबैले प्रजाको दण्डधर राजा तुल्याए। म प्रजालाई दण्ड दिने, तिनको रक्षा गर्ने, तिनलाई आजीविका प्रदान गर्ने र तिनलाई पृथक्-पृथक् आफाफ्ना मर्यादामा

रस्निग्धताराक्षः समैक्षतः समन्ततः ॥ ऊचिवानिदमुर्वीशः सदः संहर्षयन्निव ॥ १९ ॥ चारु चित्रपदं श्लक्ष्णं मृष्टं गूढमविक्लवम् ॥ सर्वेषामुपकारार्थं तदा अनुवदन्निव ॥ २० ॥ राजोवाच ॥ सभ्याः शृणुत भद्रं वः साधवो य इहागताः ॥ सत्सु जिज्ञासुभिर्धर्ममावेद्यं स्वमनीषितम् ॥ २१ ॥ अहं दण्डधरो राजा प्रजानामिह योजितः ॥ रक्षिता वृत्तिदः स्वेषु सेतुषु स्थापिता पृथक् ॥ २२ ॥ तस्य मे तदनुष्ठानाद्यानाहुर्ब्रह्मवादिनः ॥ लोकाः स्युः कामसंदोहा यस्य तुष्यति दिष्टदृक् ॥ २३ ॥ य उद्धरेत्करं राजा प्रजा धर्मेष्वशिक्षयन् ॥ प्रजानां शमलं भुंक्ते भगं च स्वं जहाति सः ॥ २४ ॥ तत्प्रजा भर्तृपिण्डार्थं स्वार्थमेवानसूयवः ॥ कुरुताधोक्षजधियस्तर्हि मेऽनुग्रहः कृतः ॥ २५ ॥ यूयं तदनुमोदध्वं पितृदेवर्ष-

स्थित राख्ने राजा हुँ ॥२२॥ अतः कर्महरूका साक्षी भगवान् जोसित प्रसन्न हुन्छन्, ती पुरुषहरूको निम्ति जुन सबै कामनाहरू पूर्ण गर्ने भएका लोक ब्रह्मवादीहरूद्वारा बताइएका छन्, प्रजा-पालन गर्नाले मलाई पनि ती लोक प्राप्त होउन् ॥२३॥ जुन राजा प्रजालाई धर्ममार्गको शिक्षा दिँदैनन् र प्रजाबाट कर लिन्छन्, त्यो राजा प्रजाका पापको भागी बन्दछ र आफ्नो ठूलो ऐश्वर्यबाट भ्रष्ट भएर जान्छ ॥२४॥ अतएव हे प्रजागण! आफ्नो स्वामीस्वरूप म राजाको परलोक सपार्ने साधन गर्दै तपाईंहरू दोषदृष्टिले रहित भएर *नारायणको इच्छानुसार चल्दै र उनैको चिन्तन गर्दै आफाफ्नू धर्म पालन गर्दै रहो। मप्रति यहाँहरूको यही ठूलो कृपा हुनेछ ॥२५॥ हे निर्मल स्वभावका देवता! पितृ! ऋषिगण! यहाँहरू सबै जना मेरो

---

* उदारण (हरि-इच्छा)—यौटा लुगा बुन्ने बुनकर उद्योगी, सत्ययक्ता र प्रभुप्रेमी थियो। गाउँका मानिस त्यसको विश्वास र थेम गर्दथे। त्यो सबै कर्ममा रामको इच्छाधीन रहन्थ्यो। जब त्यो लुगा बुनेर बजारमा बेच्न जान्थ्यो र मानिस मूल्य सोद्धथे, अनि ऊ भन्दथ्यो—'रामको इच्छाले सूतको मोल एक रुपैयाँ, रामको इच्छाले पारिश्रमिक चार आना, रामको इच्छाले नाफा दुइ आना, रामको इच्छाले एक रुपियाँ छ आना।' एक दिन बेलुका खाइसकेपछि त्यो बाहिर दलानमा बसेको थियो। त्यसै बखत चोरहरू आइपुगे। तिनले त्यसलाई बलपूर्वक भारी बोकाउन समातेर लगे। चोरहरूले मालको पोको पारेर बुनकरको टाउकोमा राखे। त्यसै बखत पुलिस आइपुग्यो। चोर भागिगए, त्यो बुनकर पक्रियो। पुलिसले भोलिपल्ट त्यसलाई अड्डामा हाजिर गरे। तर सारा गाउँका मानिस गएर भने—'यो बुनकर साह्रै असल मानिस छ।' जजले भन्यो–'ए बुनकर! सत्य-सत्य भन, के भयो?' बुनकरले उत्तर दियो—'रामको इच्छाले म घरको बाहिर दलानमा बसेको थिएँ, रामको इच्छाले चोरको जमात आयो, रामको इच्छाले तिनले मलाई आग्रहित समातेर लगे, रामको इच्छाले चोरहरूले चोरीको मालको पोको मेरो टाउकामा राखे, रामको इच्छाले पुलिस आइपुग्यो, रामको इच्छाले उसले समाती मलाई यहाँ हाजिर गरायो।' बुनकरको स्पष्ट र निर्दोष कुराले हाकिम धेरै प्रसन्न भयो र त्यसलाई छाडिदियो। बाटोमा कसैले सोध्यो–'किन भाई! कहाँबाट आइरहेका छौ।' बुनकरले भन्यो–रामको इच्छाले पुलिस द्वारा पक्रिएँ, तर अब रामको इच्छाले घर गइरहेको छु।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनाइको अनुमोदन गरुन् किनकि कुनै कर्म भए पनि देह-त्याग गरेपछि त्यसको कर्ता, शिक्षक तथा उसको अनुमोदन गर्ने व्यक्तिलाई समान फल प्राप्त हुन्छ ।।२६।। हे पूजनीय साधु-श्रेष्ठ जन ! केही महानुभावहरूको मतमा–कर्महरूको फल दिने एकमात्र भगवान् यज्ञपति हुन्, किनकि इहलोक तथा परलोक दुवै ठाउँमा केही स्थान बर्ता तेजयुक्त देखिन्छन् ।।२७।। मनु, उत्तानपाद, ध्रुव, राजर्षि प्रियव्रत तथा हाम्रा पिता महाराज अङ्ग, यसै प्रकार ब्रह्मा, महादेव, प्रह्लाद तथा बलि आदि अन्य महापुरुषहरूको मतमा सबै कार्य विष्णु भगवान्कै प्रेरणाले सम्पन्न हुन्छन् ।।२८।।२९।। जो अत्यन्त शोचनीय मानिस धर्ममार्गबाट विमुख रहन्छन्, ती मृत्युका दौहित्र वेन आदिलाई छाडेर प्रायः सबै मतमा धर्म, अर्थ, काम, मोक्षरूपी चतुर्वर्ग र स्वर्गलोक प्रदान गर्ने एकमात्र भगवान् नै कहिएका छन् ।।३०।। जसका चरणको सेवाले सदासर्वदा बढ्ने प्रीति तपस्वीहरूको विविध जन्मका संचित मनोमललाई उसै प्रकार नष्ट पारिदिन्छन्, जसरी भगवान्का चरण-नखबाट निस्केकी श्रीगङ्गाजी सबै पापलाई हरण गरिदिन्छिन् ।।३१।। तिनका चरणको आश्रय लिने प्राणी मनोमलबाट मुक्त भएर जान्छ र

योऽमलाः ॥ कर्तुः शास्तुरनुज्ञातुस्तुल्यं यत्प्रेत्य तत्फलम् ॥ २६ ॥ अस्ति यज्ञपतिर्नाम केषांचिदर्हसत्तमाः ॥ इहामुत्र च लक्ष्यन्ते ज्योत्स्नावत्यः क्वचिद्भुवः ॥ २७ ॥ मनोरुत्तानपादस्य ध्रुवस्यापि महीपतेः ॥ प्रियव्रतस्य राजर्षेरङ्गस्यास्मत्पितुः पिता ॥ २८ ॥ ईदृशानामथान्येषामजस्य च भवस्य च ॥ प्रह्लादस्य बलेश्चापि कृत्यमस्ति गदाभृतः ॥ २९ ॥ दौहित्रादीनृते मृत्योः शोच्यान्धर्मविमोहितान् ॥ वर्गस्वर्गापवर्गाणां प्रायेणै-कात्म्यहेतुना ॥ ३० ॥ यत्पादसेवाभिरुचिस्तपस्विनामशेषजन्मोपचितं मलं धियः ॥ सद्यः क्षिणोत्यन्वहमेधती सती तथा पदाङ्गुष्ठविनिःसृता सरित् ॥ ३१ ॥ विनिर्धुताशेषमनोमलः पुमानसङ्गविज्ञानविशेषवीर्यवान् ॥ यदङ्घ्रिमूले कृतकेतनः पुनर्न संसृतिं क्लेशवहां प्रपद्यते ॥ ३२ ॥ तमेव यूयं भजतात्मवृत्तिभिर्मनोवचःकायगुणैः स्वकर्मभिः ॥ अमायिनः कामदुघाङ्घ्रिपङ्कजं यथाधिकारावसितार्थसिद्धयः ॥ ३३ ॥ असाविहाने-कगुणोऽगुणोऽध्वरः पृथग्विधद्रव्यगुणक्रियोक्तिभिः ॥ संपद्यतेऽर्थाशयलिङ्गनामभिर्विशुद्धविज्ञानघनः स्वरूपतः ॥ ३४ ॥ प्रधानकालाशयधर्मसंग्रहे शरीर एष प्रतिपद्य चेतनाम् ॥ क्रियाफलत्वेन विभुर्विभाव्यते यथाऽनलो दारुषु तद्गुणात्मकः ॥ ३५ ॥ अहो ममामी वितरन्त्यनुग्रहं हरिं गुरुं यज्ञभुजामधीश्वरम् ॥ स्वधर्मयोगेन यजन्ति मामका निरन्तरं क्षोणितले दृढव्रताः ॥ ३६ ॥ मा जातु तेजः प्रभवेन्महर्द्धिभिस्तितिक्षया तपसा

आत्मज्ञानबाट विशेष बल प्राप्त गरेर यस दुःखमय संसार-चक्रमा पर्दैन ।।३२।। अतएव हे प्रजावर्ग ! सबैलाई आफ्‌आफ्ना अधिकारको अनुसार फल अवश्य प्राप्त हुन्छ, यो सोचेर तपाईं-हरू–जसका चरण-कमल सबै कामनाका दाता छन्, ती प्रभुको नै न्यायपूर्वक उपार्जित सामग्रीहरू, मन, वाणी, शरीरका क्रियाहरू एवं स्वधर्म पालनद्वारा छल-कपट त्यागेर भज्नुपर्दछ ।।३३।। ती निर्गुण भगवान्–जो आफ्नो स्वरूपले विशुद्ध विज्ञानघन छन्–विविध प्रकारका द्रव्य, गुण, क्रिया तथा स्तोत्र आदिले पूजित भएपछि अर्थ, आशय, लिङ्ग तथा नामादिले युक्त पार्दछन् ।।३४।। ती सर्वव्यापक प्रभु स्वयं प्रकृति, काल, अन्तःकरण तथा वासनाहरूका समूहरूपी शरीरमा चेतना भावमा प्राप्त भएर, जस्तै–यसै अग्नि भिन्न-भिन्न काठहरूमा उनकै आकृतिको अनुरूप देखिन्छन्, त्यस्तै नै यज्ञादि क्रियाहरूको फलले ती विविध प्रकारका देखिन्छन् ।।३५।। यस पृथ्वीतलमा मेरो जो प्रजाजन यज्ञभाग भोक्ताहरूका पनि अधीश्वर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं सद्गुरु भगवान्‌लाई आफ्नो वर्णाश्रमधर्महरूद्वारा सर्वदा पूजा गर्दछन्, तिनको ममाथि असाधारण कृपा छ ॥ ३६ ॥ अतुल ऐश्वर्ययुक्त राजकुलमा प्रकट हुने भएको तेज, सहनशीलता, तप तथा विद्याले देदीप्यमान एवं एकमात्र विष्णु भगवान्‌लाई नै इष्टदेव मान्ने ब्राह्मणहरूका वंशमा हामी कहिल्यै आफ्नो प्रभाव पार्न नसकौं ॥३७॥ ब्रह्मादि देवताहरूका परम आराध्य, ब्राह्मण-भक्त एवं पुराण-पुरुष नारायणले पनि सर्वदा इनै ब्राह्मणहरूका चरणको वन्दना गरेर नै कहिल्यै पनि पर नहुने लक्ष्मी तथा समस्त संसारलाई पवित्र पान कीर्ति पाएको छ ॥ ३८ ॥ अतएव जसको सेवाले अन्तःकरणमा स्थित, स्वप्रकाश तथा ब्राह्मणहरूका अतिशय प्रिय श्रीहरि सार्‍है प्रसन्न हुन्छन्, ती श्रीहरिका धर्महरूको नै आचरण गन तपाईंहरूले पनि नियमपूर्वक सबै प्रकारले ती ब्राह्मण-कुलको सेवा गर्नुपर्दछ ॥ ३९ ॥ जसको सेवा गर्नाको कारणले नै मनुष्य सहजै स्वतः शुद्ध चित्तले तत्काल अत्यन्त शान्ति प्राप्त गर्दछ, ती ब्राह्मणहरू बाहेक देवताहरूको अरु कुन मुख हुन सक्दछ ? । ४० ॥ सबै उपनिषद् जसलाई 'ज्ञाननन्दस्वरूप' प्रतिपादन गर्दैं एकमात्र जसलाई नै भजन गर्दछन्,

विद्यया च ॥ देदीप्यमानेऽजितदेवतानां कुले स्वयं राजकुलाद्द्विजानाम् ॥ ३७ ॥ ब्रह्मण्यदेवः पुरुषः पुरातनो नित्यं हरिर्यच्चरणाभिवन्दनात् ॥ अवाप लक्ष्मीमनपायिनीं यशो जगत्पवित्रं च महत्तमाग्रणीः ॥ ३८ ॥ यत्सेवाऽशेषगुहाशयः स्वराड्विप्रप्रियस्तुष्यति काममीश्वरः ॥ तदेव तद्धर्मपरैर्विनीतैः सर्वात्मना ब्रह्मकुलं निषेव्यताम् ॥ ३९ ॥ पुमाँल्लभेतानतिवेलमात्मन प्रसीदतोऽत्यन्तशमं स्वतः स्वयम् ॥ तन्नित्यसम्बन्धनिषेवया ततः परं किमत्रास्ति मुखं हविर्भुजाम् ॥ ४० ॥ अश्नात्यनन्तः खलु तत्त्वकोविदैः श्रद्धाहुतं यन्मुख इज्यनामभिः ॥ न वै तथा चेतनया बहिष्कृते हुताशने पारमहंस्य पर्यगुः ॥ ४१ ॥ यद्ब्रह्म नित्यं विरजं सनातनं श्रद्धातपोमङ्गलमौनसंयमैः ॥ समाधिना बिभ्रति सार्थदृष्टये यत्रेदमादर्श इवावभासते ॥ ४२ ॥ तेषामहं पादसरोजरेणुमार्या वहेयाधिकिरीटमायुः ॥ यं नित्यदा बिभ्रत आशु पापं नश्यत्यमुं सर्वगुणा भजन्ति ॥ ४३ ॥ गुणायनं शीलधनं कृतज्ञं वृद्धाश्रयं संवृणुतेऽनु संपदः ॥ प्रसीदतां ब्रह्मकुलं गवां च जनार्दनः सानुचरश्च मह्यम् ॥ ४४ ॥ मैत्रेय उवाच ॥ इति ब्रुवाणं नृपतिं पितृदेवद्विजातयः ॥ तुष्टुवुर्हृष्टमनसः साधुवादेन साधवः ॥ ४५ ॥ पुत्रेण जयते लोकानिति सत्यवती श्रुतिः ॥ ब्रह्मदण्डहतः पापी

ती भगवान् अनन्त तत्त्वज्ञानीहरूद्वारा पूजनीय इन्द्रादि देवगणको नामले ब्राह्मणहरूको मुखमा श्रद्धापूर्वक हवन गरिएका पदार्थ जति स्वादले ग्रहण गर्दछन्, त्यति नै प्रेमले अचेतन अग्निमा हवन गरिएको पदार्थहरू गर्दैनन् ॥४१॥ जसमा यो सारा प्रपञ्च दर्पणमा दृश्यमान प्रतिबिम्ब झैं प्रतीत भइरहेको थियो । त्यस नित्य, शुद्ध तथा सनातन वेदलाई जो परमार्थ जान्नको निम्ति श्रद्धा, तप, मङ्गलमय आचरण, मौन, संयम तथा समाधिद्वारा धारण गर्दछन् । हे आर्यगण ! ती ब्राह्मणका चरण-कमलको धूलो म यावज्जीवन आफ्नो मुकुटमा धारण गर्दछु, किनकि त्यसलाई धारण गर्ने व्यक्तिका सबै पाप तत्काल क्षीण भएर जान्छन् र त्यसमा समस्त गुण स्वयं आएर उपस्थित हुन्छन् ॥ ४२॥४३ ॥ त्यस अखिल गुणधाम, शीलधन, कृतज्ञ तथा गुरुजनका आश्रय-दाता पुरुषलाई सबै सम्पत्तिहरू वरण गरिलिन्छन् । अतः म त यत्ति चाहन्छु कि ब्राह्मण वंश, गोवंश तथा आफ्ना सबै भक्तसमेत श्रीभगवान् ममाथि प्रसन्न होउन् ॥ ४४ ॥ मैत्रेयजी भन्दछन्—हे विदुरजी ! महाराज पृथुले यति भनिसकेपछि देवता, पितृ र विप्रगण धेरै सन्तुष्ट

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए र सबै साधुजन प्रसन्न चित्तले 'साधु-साधु' भन्दै तिनको प्रशंसा गर्नलागे ॥ ४५ ॥ उनले भने—'पुत्रका कर्मले पिता पुण्यलोक प्राप्त गर्दछन्'—यो श्रुति वाक्य उचित छ, किनकि पापी राजा वेन ब्राह्मणका श्रापले नष्ट भएर पनि आफ्ना पुत्र महाराज पृथुको प्रभावले नरक लोकलाई नाघिसकेका छन्' ॥ ४६ ॥ यसै प्रकार हिरण्यकशिपु पनि भगवान्को निन्दा गर्नाले नरकमा पर्नै आँटेको थियो, तर छोरो प्रह्लादको पुण्यले उसले पनि नरक नाघिसकेको थियो ॥४७॥ हे पृथ्वीका पिता महाराज पृथु ! सबै लोकका यौटै प्रभु श्रीहरिमा हजुरको यस्तो प्रौढ भक्ति छ, अतः हजुर अनन्त वर्षसम्म बाँचिरहनोस ॥ ४८ ॥ हे पवित्रकीर्त ! ठूलो हर्षको कुरा यो हो कि हजुर ब्राह्मण-भक्त उत्तमश्लोक-शिरोमणि हरिका कथाहरू व्यक्त गर्ने गर्नुहुन्छ । अनि हजुर झैं स्वामी पाएर आज हामीले भगवान्लाई नै आफ्ना स्वामीरूपमा पाए झैं छ ॥४९॥ हे नाथ ! आफ्ना आश्रितलाई उपदेश दिनु हजुरको निम्ति कुनै आश्चर्यको कुरा होइन, आफ्ना प्रजामा प्रेम गर्नु दयालु महापुरुषको स्वभाव नै हुन्छ ॥ ५० ॥ हे प्रभो ! हामीहरू दैव नामक प्रारब्ध कर्मको कारणले नै विवेक-भ्रष्ट

यद्वद्वेनोऽत्यतरत्तमः ॥ ४६ ॥ हिरण्यकशिपुश्चापि भगवन्निन्दया तमः ॥ विविक्षुरत्यगात्सूनोः प्रह्लादस्यानुभावतः ॥ ४७ ॥ वीरवर्य पितः पृथ्व्याः समाः संजीव शाश्वतीः ॥ यस्येदृश्यच्युते भक्तिः सर्वलोकैकभर्तरि ॥ ४८ ॥ अहो वयं ह्यद्य पवित्रकीर्ते त्वयैव नाथेन मुकुन्दनाथाः ॥ य उत्तमश्लोकतमस्य विष्णोर्ब्रह्मण्यदेवस्य कथां व्यनक्ति ॥४९॥ नात्यद्भुतमिदंनाथ तवाजीव्यानुशासन ॥ प्रजानुरागो महतां प्रकृतिः करुणात्मनाम् ॥५०॥ अद्य नस्तमसः पारस्त्वयोपासादितः प्रभो ॥ भ्राम्यतां नष्टदृष्टीनां कर्मभिर्दैवसंज्ञितैः ॥ ५१ ॥ नमो विवृद्धसत्त्वाय पुरुषाय महीयसे ॥ यो ब्रह्मक्षत्रमाविश्य बिभर्तीदं स्वतेजसा ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे एकविंशोऽध्यायः ॥ २१ ॥ मैत्रेय उवाच ॥ जनेषु प्रगृणत्स्वेवं पृथुं पृथुलविक्रमम् ॥ यत्रोपजग्मुर्मुनयश्चत्वारः सूर्यवर्चसः ॥१॥ तांस्तु सिद्धेश्वरान्राजा व्योम्नोऽवतरतोऽर्चिषा ॥ लोकानपापान्कुर्वत्या सानुगोऽचष्ट लक्षितान् ॥ २ ॥ तद्दर्शनोद्गतान्प्राणान्प्रत्यादित्सुरिवोत्थितः ॥ सदस्यानुगो वैन्य इन्द्रियेशो गुणानिव ॥ ३ ॥ गौरवाद्यन्त्रितः सभ्य प्रश्रयानतकन्धरः ॥ विधिवत्पूजयाञ्चक्रे गृहीताध्यर्हणासनान् ॥ ४ ॥ तत्पादशौचसलिलैर्मार्जितालकबन्धनः ॥ तत्र शीलवतां वृत्तमाचरन्मानयन्निव ॥ ५ ॥

भएर भौंतारी रहेथ्यौं, आज बल्ल हजुरले यस अज्ञानान्धकारबाट पल्लोतिर पुऱ्याउनु भयो ॥ ५१ ॥ अतः जो ब्राह्मण तथा क्षत्रियरूपले यस जगत्को पालन गर्दछन् ती बुद्धिमान तथा सत्त्वगुण सम्पन्न पूजनीय पुरुषोत्तमलाई मेरो प्रणाम छ ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकयां एकविंशोऽध्यायः ॥ २१ ॥ (महाराज पृथुलाई सनकादि मुनिहरूको उपदेश) मैत्रेयजी भन्दछन्—हे विदुर ! जब सबै प्रजाजन महापराक्रमी राजा पृथुको यसरी स्तुति गर्दै थिए, उसै बखत सूर्य झैं तेजस्वी सनकादि चारै जना मुनीश्वर त्यहाँ आउन लागेका देखिए ॥१॥ अनुचर सहित राजा पृथुले पनि सबैलोकलाई निष्पाप पार्ने आफ्नो कान्तिले बल्दा ती सिद्धेश्वरहरूलाई आकाशमार्गबाट तल झर्न लागेका देखे ॥२॥ जस्तै जीव गुणहरूमा लोभिएर इन्द्रियतिर ढल्कन्छन्, त्यसै गरी तिनको दर्शनले उनीतिर जाँदो आफ्नो प्राणलाई मानों रोक्ने इच्छाले नै ती आफ्ना अनुचरसहित जुरुक्क उठे ॥ ३ ॥ अनि तिनको गौरवले कुण्ठित-बुद्धि शिष्ट-सम्राट् पृथुले विनयवश घाँटी न्यूराएर तथा आसनादि प्रदान गरेर ती मुनिहरूको विधिवत् अभ्यर्थना गरे ॥ ४ ॥ जसका केशमाथि मुनिहरूका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चरणोदक परेको शिर्या, ती महाराज पृथुले उनी सदाचार-सम्पन्न पुरुषहरूको आचारको आदर गर्नका लागि त्यस्तै आचरण गर्दै अतिशय प्रसन्न भएर आफ्नो आश्रममा स्थित अग्नि-को समान दीप्त सुवर्ण-सिंहासनमा बसेका भगवान् शङ्करका अग्रज ती सनकादि मुनीश्वरसित श्रद्धा र संयमपूर्वक भनें ॥ ६ ॥ महाराज पृथु भन्दछन्—हे मङ्गलमूर्ते ! मैले यस्तो कुन शुभ कर्म गरेछु, जसले गर्दा मलाई हजुरजस्ता महानुभावहरूको दर्शन प्राप्त भयो—योगिहरूलाई पनि अतिशय दुर्लभ छ ॥ ७ ॥ जसमा सबै ब्राह्मण, अनुचर सहित शिवजी र विष्णु भगवान् प्रसन्न होउन्, उसलाई इहलोक र परलोकमा कुन पदार्थ दुर्लभ हुन सक्तछ ? ॥ ८ ॥ जस्तै दृश्य-प्रपञ्चको कारणस्वरूप सबै महत्तत्त्वादि गुण आफ्ना सर्वसाक्षी आत्मालाई चिन्दैनन्, त्यस्तै सबै लोकमा डुलिरहे पनि हजुरलाई साधारण जन देख्न सक्तैनन् ॥९॥ जसका घरमा हजुरहरू जस्ता पूज्य पुरुषद्वारा स्वीकार गरिने योग्य जल, कुशासन, भूमि र घरका स्वामी अथवा अन्य पुरुष बस्तछन् ती साधुस्वभावका गृहस्थ पुरुष धन-हीन भए पनि ठूला भाग्यमानी हुन्छन् ॥१०॥ जुन घर भगवद्भक्तहरूको परम पवित्र चरणोदकरहित हुन्छन्

हाटकासन आसीनान्स्वधिष्ण्येष्विव पावकान् ॥ श्रद्धासंयमसंयुक्तः प्रीतः प्राह भवाग्रजान् ॥ ६ ॥ पृथुरुवाच ॥ अहो आचरितं किं मे मङ्गलं मङ्गलायनाः ॥ यस्य वो दर्शनं ह्यासीद्दुर्दर्शानां च योगिभिः ॥ ७ ॥ किं तस्य दुर्लभतरमिह लोके परत्र च ॥ यस्य विप्राः प्रसीदन्ति शिवो विष्णुश्चसानुगः ॥८॥ नैव लक्षयते लोको लोकान्पर्यटतोऽपि यान् ॥ यथा सर्वदृशं सर्व आत्मानं येऽस्य हेतवः ॥९॥ अधना अपि ते धन्याः साधवो गृहमेधिनः ॥ यद्गृहा ह्यर्हवर्याम्बुतृणभूमीश्वरा पराः ॥ १० ॥ व्यालालयद्रुमा वै तेऽप्यरिक्ताखिलसम्पदः ॥ यद्गृहास्तीर्थपादीयपादतीर्थविवर्जिताः ॥ ११ ॥ स्वागतं वो द्विजश्रेष्ठा यद्व्रतानि मुमुक्षवः ॥ चरन्ति श्रद्धया धीरा बाला एव बृहन्ति च ॥ १२ ॥ कच्चिन्नः कुशलं नाथा इन्द्रियार्थार्थवेदिनाम् ॥ व्यसनावाप एतस्मिन्पतितानां स्वकर्मभिः ॥ १३ ॥ भवत्सु कुशल प्रश्न आत्मारामेषु नेष्यते ॥ कुशलाकुशला यत्र न सन्ति मतिवृत्तयः ॥१४॥ तदहं कृतविश्रम्भः सुहृदो वस्तपस्विनाम् ॥ संपृच्छे भव एतस्मिन्क्षेमः केनाञ्जसा भवेत् ॥ १५ ॥ व्यक्तमात्यवतामात्मा भगवानात्मभावनः ॥ स्वानामनुग्रहायेमां सिद्धरूपी चरत्यजः ॥१६॥ मैत्रेय उवाच ॥ पृथोस्तत्सूक्तमाकर्ण्य सारं सुष्ठु मितं मधु ॥ स्मयमान इव प्रीतया कुमारः

सबै सम्पत्तिले सम्पन्न भएर पनि सर्पको निवासस्थान भएको वृक्षहरूको समान रहन्छन् ॥ ११ ॥ हे द्विजपुङ्गव ! हजुरहरू यहाँसम्म आउनु भयो, यो हर्षको कुरा हो । धैर्यशील मुमुक्षुजन जुन महान् व्रतको श्रद्धापूर्वक आचरण गर्दछन्, तिनलाई हजुरले बाल्यकालदेखि नै धारण गर्नुभएको छ ॥१२॥ हे नाथ ! कर्मको चक्रमा परेर म यस संसारमा अनेक क्लेश भोग्दैछु, अतः हामी इन्द्रिय परायण प्राणिहरूका कल्याणको कुनै बाटो छ ? ॥१३॥ हे भगवन् ! हजुरहरू आफ्नो आत्मामै रमण गर्नुहुन्छ । अतः हजुरसित कुशल प्रश्न गर्नु उचित छैन, किनकि हजुरमा कुशल र अकुशलरूपिणी बुद्धिका वृत्तिहरू रहन्छन् ॥ १४ ॥ हजुरका वचनमा विश्वास राखेर तपस्वीहरूका सुहृद्स्वरूप हजुरसित म यो सोधिरहेको छु कि संसारमा मनुष्यहरूको कसरी सजिलै कल्याण हुन सक्तछ ? ॥१५॥ यो कुरा त स्पष्ट नै छ कि अजन्मा भएर पनि सिद्धगणको रूपमा प्रकट हुने आत्मज्ञानीहरूका अन्तरात्मा-स्वरूप भगवान् नै आफ्ना भक्तहरूमा कृपा गर्नको निम्ति यस पृथ्वीमा डुलिरहन्छन् ॥१६॥ मैत्रेयजी भन्दछन्—हे विदुर ! राजा पृथुका ती सारयुक्त, सुन्दर, परिमित र मीठावचनहरू सुनेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

सनत्कुमार मुसु-मुसु हाँस्तै प्रसन्नतापूर्वक भन्दछन् ।।१७।। उनले भने—हे महाराज ! सबै कुरा जानेर पनि हजुरले सबै प्राणीहरूको कल्याणको यो राम्रो प्रश्न गर्नु भएको छ । साँच्चै असल हो, सज्जनहरूको बुद्धि यस्तै नै हुन्छ ।।१८।। साधुजनको समागम श्रोता तथा वक्ता दुवैलाई नै अभीष्ट हुन्छ, किनकि तिनको प्रश्न दुवै पक्षको निम्ति कल्याणकारी हुन्छन् ।। १९ ।। हे राजन् ! मधुसूदन भगवान्‌को गुणानुवादमा हजुरको यस्तो नैष्ठिकी प्रीति छ, जो प्राप्त हुन धेरै कठिन छ । यो अन्तःकरणको वासनारूपी सबै मललाई नष्ट पारिदिन्छ ।।२०।। आत्माको अतिरिक्त देह गेह आदि अनात्म पदार्थहरूमा अनासक्त रहनु र आफ्नो अन्तरात्माद्वारा निर्गुण ब्रह्ममा बलियो अनुराग राख्नु नै राम्रो विचार हुने मनुष्यहरूका कल्याणको हेतु मानिएको छ ।।२१।। गुरु तथा शास्त्रका वचनहरूमा विश्वास राख्नाले, भागवत धर्मको आचरण गर्नाले, अध्यात्म योगसित सम्बन्ध राख्ने जिज्ञासाले, योगेश्वरहरूको उपासनाले, नित्यप्रति पवित्र-कीर्ति श्रीहरिको परम पावन कथाहरू सुन्नाले, धन तथा इन्द्रियहरूको विषयमा नै सुख मान्ने भएका मण्डलीमा प्रेम नगर्नाले, आफ्ना प्रिय पदार्थहरूको

प्रत्युवाच ह ।। १७ ।। सनत्कुमार उवाच ।। साधु पृष्टं महाराज सर्वभूतहितात्मना ।। भवता विदुषा चापि साधूनां मतिरीदृशी ।। १८ ।। सङ्गमः खलु साधूनामुभयेषां च सम्मतः ।। यत्सम्भाषणसम्प्रश्नः सर्वेषां वितनोति शम् ।। १९ ।। अस्त्येव राजन्भवतो मधुद्विषः पादारविन्दस्य गुणानुवादने ।। रतिर्दुरापा विधुनोति नैष्ठिकी काम कषायं मलमन्तरात्मनः ।। २० ।। शास्त्रेष्वियानेव सुनिश्चितो नृणां क्षेमस्य सध्र्यग्विमृशेषु हेतुः ।। असङ्ग आत्मव्यतिरिक्त आत्मनि दृढा रतिर्ब्रह्मणि निर्गुणे च या ।। २१ ।। सा श्रद्धया भगवद्धर्मचर्यया जिज्ञासयाऽऽध्यात्मिकयोगनिष्ठया ।। योगेश्वरोपासनया च नित्यं पुण्यश्रवःकथया पुण्यया च ।। २२ ।। अर्थेन्द्रियारामसगोष्ठ्यतृष्णया तत्सम्मतानामपरिग्रहेण च ।। विविक्तरुच्या परितोष आत्मन् विना हरेर्गुणपीयूषपानात् ।। २३ ।। अहिंसया पारमहंस्यचर्यया स्मृत्या मुकुन्दाचरिताग्र्यसीधुना ।। यमैरकामैर्नियमैश्चाप्यनिन्दया निरीहया द्वन्द्वतितिक्षया च ।। २४ ।। हरेर्मुहुस्तत्परकर्णपूरगुणाभिधानेन विजृम्भमाणया ।। भक्त्या ह्यसङ्गः सदसत्यनात्मनि स्यान्निर्गुणे ब्रह्मणि चाञ्जसा रतिः ।। २५ ।। यदा रतिर्ब्रह्मणि नैष्ठिकी पुमानाचार्यवाञ्ज्ञानविरागरंहसा ।। दहत्यवीर्यं हृदयं जीवकोशं पञ्चात्मकं योनिमिवोत्थितोऽग्निः ।। २६ ।। दग्धाशयो मुक्तसमस्ततद्गुणो नैवात्मनो बहिरन्तर्विचष्टे ।। परात्मनोर्यद्व्यवधानं

संग्रह नगर्नाले, भगवद्गुणरूपी अमृत पान गर्दै रहनाले, सदा आत्मामा नै प्रसन्न रहँदै एकान्त सेवनमा प्रेम राख्नाले कुनै पनि जीवलाई कष्ट नदिनाले, परमहंस वृत्तिको आचरण गर्नाले, भगवान्‌को स्मरण गर्दै रहनाले, भगवान्‌का उत्तम चरित्ररूपी अमृत-पानले, कुनै इच्छा नराखी यम-नियमको पालन गर्नाले कहिल्यै पनि कसैको निन्दा नगर्नाले कुनै प्रकारको दुश्चेष्टा नगर्नाले, शीतोष्णादि द्वन्द्वहरूलाई सहन गर्नाले र श्रीहरिका श्रवण-सुखदायक गुणहरू बारम्बार भन्नाले बढेको भक्तिद्वारा मनुष्य कार्य-कारणरूपी सबै प्रपंचबाट पृथक् होइजान्छ र निर्गुण ब्रह्ममा अनायास त्यसको प्रीति बढेर जान्छ ।।२२-२५।। जब परब्रह्ममा यस्तो निश्चल प्रीति हुन्छ, तब त्यो गुरुभक्त पुरुष जीवको आश्रयरूपिणी पाँच प्रकारकी अविद्याले ग्रस्त अन्तःकरणको ज्ञान र वैराग्यको वेगले यसरी निर्जीव पारेर दग्ध पारेर दग्ध पारिदिन्छ, जस्तै काठबाट प्रकट अग्नि आफ्नो आश्रयरूप काठलाई नै पोलिदिन्छ ।।२६।। यस प्रकार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्माशय दग्ध भइसकेपछि कर्म-बन्धन-मुक्त पुरुष शरीरको बाहिर-भित्र विद्यमान पदार्थलाई, जुन पहिले जीवात्मा र परमात्माको माझ रहेर तिनको भेद गर्दथे, उनलाई देख्न सक्तैन । जस्तै-स्वप्नमा देखेका पदार्थहरू स्वप्नको अन्त्य भएपछि कसैले देख्दैन ॥२७॥ किनकि अन्तःकरणरूपी उपाधि रहिरहे पनि पुरुष आत्मा, इन्द्रियका विषय तथा यी दुवैसित सम्बद्ध अहङ्कारमाई देख्दछ, अरु कसैलाई देख्दैन ॥२८॥ जस्तै—भेदको निमित्त स्वरूप जल छँदाछँदै पनि पुरुष बिम्बरूप आफ्नो र अरूको प्रतिबिम्ब देख्न पाउँछ, अरु बेलामा देख्दैन ॥२९॥ जस्तै जलाशयको तटमा उम्रेका कुश आफ्नो जटाद्वारा विस्तार-विस्तार जल तान्दछन्, त्यस्तै नै विषय-चिन्तन गर्ने पुरुषको मन चञ्चल भएर विषयासक्त इन्द्रियहरू द्वारा बुद्धिको विचार-शक्तिलाई हरिलिन्छ ॥३०॥ विचार-शक्ति समाप्त भएपछि पूर्वापरको स्मृति लुप्त भएर जान्छ । स्मृति नष्ट भएपछि स्वरूपको ज्ञान रहिरहन्न । यस प्रकार स्वरुप ज्ञान नष्ट हुनु लाई नै विद्वानहरू 'आत्माको नाश' भन्दछन् ॥३१॥ जसको निम्ति अन्य सबै पदार्थहरुमा प्रीति हुन्छ, त्यो आफ्नो आत्म-स्वरूपलाई बिर्सिदिनाले

पुरस्तात् स्वप्ने तथा पुरुषस्तद्विनाशे ॥ २७ ॥ आत्मानमिन्द्रियार्थं च परं यदुभयोरपि ॥ सत्याशय उपाधौ वै पुमान्पश्यति नान्यदा ॥ २८ ॥ निमित्ते सति सर्वत्र जलादावपि पूरुषः ॥ आत्मनश्च परस्यापि भिदां पश्यति नान्यदा ॥ २९ ॥ इन्द्रियैर्विषयाकृष्टैराक्षिप्तं ध्यायतां मनः ॥ चेतनां हरते बुद्धेः स्तम्बस्तोयमिव ह्रदात् ॥ ३० ॥ भ्रश्यत्यनुस्मृतिश्चित्तं ज्ञानभ्रंशः स्मृतिक्षये ॥ तद्रोधं कवयः प्राहुरात्मापह्नवमात्मनः ॥ ३१ ॥ नातः परतरो लोके पुंसः स्वार्थव्यतिक्रमः ॥ यदध्यन्यस्य प्रेयस्त्वमात्मनः स्वव्यतिक्रमात् ॥ ३२ ॥ अर्थेन्द्रियार्थाभिध्यानं सर्वार्थापह्नवो नृणाम् ॥ भ्रंशितो ज्ञानविज्ञानाद्येनाविशति मुख्यताम् ॥ ३३ ॥ न कुर्यात्कर्हिचित्सङ्गं तमस्तीव्रं तितीरिषुः ॥ धर्मार्थकाममोक्षाणां यदत्यन्तविघातकम् ॥३४॥ तत्रापि मोक्ष एवार्थ आत्यन्तिकतयेष्यते ॥ त्रैवर्ग्योऽर्थो यतो नित्यं कृतान्तभयसंयुतः ॥ ३५ ॥ परेऽवरे च ये भावा गुणव्यतिकरादनु ॥ न तेषां विद्यते क्षेममीश विध्वंसिताशिषाम् ॥ ३६ ॥ तत्त्वं नरेन्द्र जगतामथ तस्थुषां च देहेन्द्रियासुधिषणात्मभिरावृतानाम् ॥ यः क्षेत्रवित्तपतया हृदि विष्वगाविः प्रत्यक् चकास्ति भगवांस्तमवेहि सोऽस्मि ॥ ३७ ॥ यस्मिन्निदं सदसदात्मतया विभाति मायाविवेकविधुति स्रजि वाऽहिबुद्धिः ॥

मनुष्यको अरु कुनै स्वार्थ हानि हुँदैन ॥३२॥ धन तथा इन्द्रियहरूको सतत चिन्तन गर्नाले मनुष्यका सबै पुरुषार्थ नष्ट भएर जान्छन्, किनकि यिनको चिन्ता गर्नाले जीव ज्ञान विज्ञानबाट हीन भएर वृक्षादि योनिहरूमा जन्म पाउँदछ ॥३३॥ अतएव अज्ञानरूपी घोर अन्धकारलाई पारी तर्न इच्छुक पुरुष कहिल्यै पनि विषयको सङ्ग नगरुन्, किनकि यो धर्म, अर्थ, काम र मोक्षको प्राप्तिमा अत्यन्त बाधक छ ॥३४॥ धर्मादि चारै पुरुषार्थहरूमा मोक्षनै श्रेष्ठपुरुषार्थ छ, अन्य तीन पुरुषार्थ त सदैव कालको डरले भयभीत रहन्छन् ॥३५॥ गुण-क्षोभ भएपछि जति पनि उत्तम अधम र भाव प्रकट हुन्छन्, तीबाट कुनै पनि भाव कुशलपूर्वक रहन्नन्, किनकि तिनका सबै इच्छालाई सर्वसमर्थ कालले सदैव पिचिराख्दछ ॥३६॥ हे राजन् ! जुन सर्वव्यापी, स्वयं प्रकाश तथा बुद्धिको पनि अन्तर्वर्ती भगवान् देह, इन्द्रिय, प्राण, बुद्धि र अहङ्कारले आवृत्त स्थावर-जङ्गम प्राणिहरूको हृदयमा जीवका अन्तर्यामी स्वरूपले प्रकाशित रहन्छन्, उनलाई तिमी 'त्यो म नै हुँ' यो ठान ॥३७॥ जुन ईश्वरमा यो कार्य-कारणस्वरूप सारा प्रपञ्च, जुन कि विवेकको उदय भएपछि रहन्नन् र जुन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

मालामा सर्प-बुद्धिको समान मिथ्या छ—ती नित्यमुक्त, अत्यन्त शुद्ध, ज्ञानस्वरूप एवं निज प्रभावले नै कर्म-मलहीन भगवान्‌को म शरणमा छु—यस्तो विचार गर ॥३८॥ ती भगवान्‌का चरण-कमलको शान्तिको प्रकाशले भक्तजन कर्माशयरूपी हृदय-ग्रन्थिलाई जति सजिलै काट्न सक्तछन्, त्यति सहजै आफ्ना इन्द्रियलाई अन्तर्मुख राख्ने वासनाहीन योगीजन पनि काट्न सक्तैनन्। अतः ती भक्तजनपालक भगवान् वासुदेवको तिमी सर्वथा भजन गर॥३९॥जो पुरुष षड्वर्ग (पंचज्ञानेन्द्रिय र मन) स्वरूप नक्रहरूले पूर्ण संसार समुद्रलाई योगादि दुष्कर साधनद्वारा पारी जान खोज्दछौं, उनको निम्ति यसको पारी तर्न अत्यन्त दुष्कर काम छ, किनकि उनले कर्णधाररूपी परमेश्वरको आश्रय लिएको छैन,किन्तु भगवान् हरिका पूजनीय चरणलाई डुङ्गा तुल्याएर तिमी सहजै यस दुस्तर संसार-सागरबाट पारी जानेछौ ॥४०॥ मैत्रेयजी भन्दछन्—हे विदुरजी ! ब्रह्माजीका पुत्र आत्मज्ञानी श्रीसनत्कुमाले यस प्रकार आत्मतत्त्वको उपदेश दिएपछि राजा पृथु राम्ररी तिनको प्रशंसा गर्दै भन्न लागे ॥४१॥ राजा पृथु भन्दछन्—हे ब्रह्मन् ! ती दीनदयालु भगवान्‌ले ममाथि पहिले नै ठूलो कृपा गरेका

तं नित्यमुक्तपरिशुद्धविबुद्धतत्त्वं प्रत्यूढकर्मकलिलप्रकृतिं प्रपद्ये ॥ ३८ ॥ यत्पादपङ्कजपलाशविलासभक्त्या कर्माशयं ग्रथितमुद्ग्रथयन्ति सन्तः ॥ तद्वन्न रिक्तमतयो यतयोऽपि रुद्धस्रोतोगणास्तमरणं भज वासुदेवम् ॥ ३९ ॥ कृच्छ्रो महानिह भवार्णवमप्लवेशां षड्वर्गनक्रमसुखेन तितीरिषन्ति ॥ तत्त्वं हरेर्भगवतो भजनीयमङ्घ्रिं कृत्वोडुपं व्यसनमुत्तर दुस्तरार्णम् ॥ ४० ॥ मैत्रेय उवाच ॥ स एवं ब्रह्मपुत्रेण कुमारेणात्ममेधसा ॥ दर्शितात्मगतिः सम्यक्प्रशस्योवाच तं नृपः ॥ ४१ ॥ राजोवाच ॥ कृतो मेऽनुग्रहः पूर्वं हरिणाऽऽर्तानुकम्पिना ॥ तमापादयितुं ब्रह्मन्भगवन्यूयमागताः ॥ ४२ ॥ निष्पादितश्च कार्त्स्न्येन भगवद्भिर्घृणालुभिः ॥ साधूच्छिष्टं हि मे सर्वमात्मना सह किं ददे ॥४३॥ प्राणा दाराः सुता ब्रह्मन् गृहाश्च सपरिच्छदाः ॥ राज्यं बलं मही कोश इति सर्वं निवेदितम् ॥ ४४ ॥ सैनापत्यं च राज्यं च दण्डनेतृत्वमेव च ॥ सर्वलोकाधिपत्यं च वेदशास्त्रविदर्हति ॥ ४५ ॥ स्वमेव ब्राह्मणो भुङ्क्ते स्वं वस्ते ददाति च ॥ तस्यैवानुग्रहेणान्नं भुञ्जते क्षत्रियादयः ॥ ४६ ॥ यैरीदृशी भगवतो गतिरात्मवाद एकान्ततो निगमिभिः प्रतिपादिताः नः ॥ तुष्यन्त्वदभ्रकरुणाः स्वकृतेन नित्यं को नाम तत्प्रतिकरोति विनोदपात्रम् ॥४७॥ मैत्रेय उवाच ॥ त आत्मयोगपतय

थिए, त्यसैले त मेरो इच्छा पूर्ण गर्नका लागि आज हजुरहरू यहाँ पाल्नुभयो ॥४२॥ हजुर परम कृपालुहरूले आज मलाई पूर्ण सम्पन्न पारिदिनुभयो। त्यसको साटो म हजुरलाई के दिउँ ? किनकि यस शरीरसित मसित जे जति छ, त्यो सबै साधुहरूको प्रसाद हो ॥४३॥ अतः हे ब्रह्मन् ! प्राण, स्त्री, पुत्र, सबै सामग्रीहरूले पूर्ण गृह, राज्य, सेना, पृथ्वी र कोश यी सबै वस्तु म हजुरलाई अर्पण गर्दछु ॥४४॥ वस्तुतः वेद-शास्त्रको ज्ञाता ब्राह्मण नै सेनापतित्व, राज्य, दण्डविधान तथा सबै जनामाथि शासनको कार्य राम्ररा सम्पन्न गर्न सक्तछ ॥४५॥ ब्राह्मण आफ्नै पदार्थहरू खान्छन्, आफ्नै लुगा लगाउँछन् र आफ्नै वस्तु दान दिन्छन्। तिनको कृपाले नै क्षत्रिय आदि अन्य मानिस अन्न पाउँछन् ॥४६॥ वेदका पारदर्शी हजुर महापुरुषहरुले आत्मतत्त्वको विचार गर्दै भगवान्‌का स्वरूपको राम्ररी निरुपण गर्नुभयो । परम कृपालु व्यक्ति आफूले गरेका कर्मले नै सदा सन्तुष्ट रहन्छन्, किनकि हजुरको यस महान् उपकारको साटो कसैले फेर्न सक्तैन। यदि कसैले त्यसको निम्ति प्रयत्न गर्दछ भने त्यो हाँसोको पात्र बन्नेछ ॥४७॥ मैत्रेयजी भन्दछन्—हे विदुरजी ! त्यसपछि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको मनोवृत्ति सर्वदा आत्मज्ञानमा लागिरहन्थ्यो, ती सनकादि मुनीश्वर आदिराज पृथुसित सत्कृत भई,उनका शीलको प्रशंसा गर्दै सबैले हेर्दाहेर्दै आकाशमार्गबाट जाँदाभए ।।४८।। त्यसपछि महात्माहरूमा अग्रणी महाराज पृथु तिनको आत्मोपदेशले चित्त स्थिर पार्दै आफ्नो स्वरूपमा स्थित भई आफूलाई कृतकृत्य मान्नलागे ।। ४९ ।। सम्पूर्ण कर्म, देह, काल, शक्ति तथा धनको अनुसार यथोचित रीतिले ब्रह्मार्पण-मखपूर्वक ती सबै काम गर्नलागे ।।५०।। तात्पर्यके भने समस्त कर्मफल परमात्मालाई अर्पण गरेर ती असंग र समाहित चित्तले सबै कर्मका साक्षी आत्मालाई प्रकृतिभन्दा भिन्न मान्दै सबै काम गर्दथे ।।५१।। सार्वभौम साम्राज्य तथा लक्ष्मीले युक्त आफ्नो राज भवनमा बस्ता पनि ती अहङ्कार शून्य भएर

आदिराजेन पूजिताः ।। शीलं तदीयं शंसन्तः खेऽभूवन्मिषतां नृणाम् ।।४८।। वैन्यस्तु धुर्यो महतां संस्थित्याऽध्यात्मशिक्षया ।। आत्तकाममिवात्मानं मेने चात्मन्यवस्थितः ।।४९।। कर्माणि च यथाकालं यथादेशं यथाबलम् ।। यथोचितं यथावित्तमकरोद्ब्रह्मसात्कृतम् ।।५०।। फलं ब्रह्मणि विन्यस्य निर्विषङ्गः समाहितः ।। कर्माध्यक्षं च मन्वान आत्मानं प्रकृतेः परम् ।।५१।। गृहेषु वर्तमानोऽपि स साम्राज्यश्रियान्वितः ।। नासज्जतेन्द्रियार्थेषु निरहंमतिरर्कवत् ।। ५२ ।। एवमध्यात्मयोगेन कर्माण्यनुसमाचरन् ।। पुत्रानुत्पादयामास पञ्चार्चिष्यात्मसम्मतान् ।। ५३ ।। विजिताश्वं धूम्रकेशं हर्यक्षं द्रविणं वृकम् ।। सर्वेषां लोकपालानां दधारैकः पृथुर्गुणान् ।।५४।। गोपीथाय जगत्सृष्टेः काले स्वे स्वेऽच्युतात्मकः ।। मनोवाग्वृत्तिभिःसौम्यैर्गुणैः संरञ्जयन्प्रजाः ।।५५।। राजेत्यधान्नामधेयं सोमराज इवापरः ।। सूर्यवद्विसृजन्गृह्णन्प्रतपंश्च भुवो वसु ।। ५६ ।। दुर्धर्षस्तेजसेवाग्निर्महेन्द्र इव दुर्जयः ।। तितिक्षया धरित्रीव

इन्द्रियहरूको विषयमा सूर्य सदृश आसक्त भएनन् ।। ५२ ।। यस प्रकार ज्ञानयोगको विधिले सबै कार्य गर्दै राजा पृथुले आफ्नी भार्या अर्चिबाट विजिताश्वर, धूम्र-केश, हर्यक्ष, द्रविण र वृक नामका पाँच छोरा उत्पन्न गरे ।।५३ ।। राजा पृथुले बेलाबेलामा जगतको रक्षा गर्नका लागि एक्लै नै सबै लोकपालका गुण धारण गरेका थिए ।।५४।। विष्णु स्वरूप महाराज पृथुले आफ्नो मन तथा *वाणीको मीठो आदि सौम्यगुणले प्रजाको मनोरञ्जन गरिरहनाको कारण अर्को चन्द्रमा झैं 'राजा' यो सार्थक नाम प्राप्त गरेका थिए ।५५।। उनले करस्वरूप प्रजाको धन लिएर त्यो अनिकालको वेलामा दिई ग्रीष्मकालमा रस तानेर वर्षामा जल बर्साउने सूर्य समान आफ्नो प्रताप फैलाई दिएका थिए ।।५६।।

---

* दृष्टान्त—(कटुवाणीले शत्रुता हुन्छ)—धर्मराज युधिष्ठिरले राजसूय यज्ञको अवसरमा मयदानवद्वारा यौटा राम्रो सभाभवन बनाउन लगाएका लिए । त्यसलाई बनाउन मयदानवले यस्तो कौशल देखाएको थियो कि जलको स्थानमा स्थल र स्थलको स्थानमा जल देखिन्थ्यो । एक दिन दुर्योधन त्यस भवनमा गयो र मयको त्यस्तो युक्तिपूर्ण रचनाले भ्रमित भएर चकित भयो । त्यसको चाला देखेर द्रौपदीले भनिन्—'अन्धोको छोरो अन्धै हुन्छ ।' यो कठोर वाणी दुर्योधनको हृदयमा गाडियो । त्यसको साटो युधिष्ठिरलाई जुआमा हराई तथा द्रौपदीलाई जितेर त्यत्रो सभामा वस्त्र तानेर साटो फेर्‍यो । कठोर वाणी बोल्नाले द्रौपदीमाथि त्यत्रो भयङ्कर संकट आइ-लाग्यो वस्त्र तान्ने वेलामा दुर्योधनले भीमतिर हेरेर भनेको थियो—'ए कौआ, तैले जे गर्न सक्छस् गर । तँमा शक्ति छ भने आएर यसको सहायता गर ।' फेरि भीमलाई सुनाउँदै उसले द्रौपदीलाई पनि धेरै कठोर वचन भन्यो भीमले त्यो अपमान सहन सकेनन् र उनले दुर्योधनको रगतले द्रौपदीको कपाल धुने र उसलाई मार्ने प्रतिज्ञा गरे । महाभारतको युद्ध यही प्रतिज्ञाको परिणाम थियो । कठोर वचन बोल्नाले यस्तै अनिष्ट हुन्छन् ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF

ती आफ्नो तेजले अग्निको समान अदम्य र इन्द्र झैं दुर्जय थिए। पृथ्वी झैं सहनशील थिए र स्वर्गको समान मनुष्यहरूको कामनाहरू पूर्ण पार्दथे ॥ ५७ ॥ ती समय-समयमा प्रजाजनलाई तृप्त पार्दै मेघको समान तिनको इच्छित पदार्थहरूको वर्षा गर्दथे। ती समुद्रको समान अगाध र बलमा पर्वतराजको समान अविचल थिए ॥ ५८ ॥ राजा पृथु दुष्टजनको दमन गर्नमा यमराजको समान, आश्चर्यजनक वस्तुहरूमा हिमालयको समान, धनीहरूमा कुबेर समान र गुप्त धनवानमा वरुणको समान धनी थिए ॥ ५९॥ ती शारीरिक बल, इन्द्रियको पटुता र ओजमा वायु समान तथा असह्यतामा भगवान् भूतनाथ समान थिए ॥ ६० ॥ ती सौन्दर्यमा कामदेव समान र धैर्यमा सिंह सदृश, वात्सल्यमा मनुको समान र प्रभुत्वमा भगवान् ब्रह्माको समान थिए ॥ ६१ ॥ ती ब्रह्म विचार गर्नमा बृहस्पतिको समान, आत्मतत्वका ज्ञाताहरूमा सासात् विष्णु भगवान् र गाई, ब्राह्मण, गुरु तथा भगवद्भक्तहरूको भक्ति, लज्जा, विनय, शील र परोपकारमा आफूजस्तै थिए ॥ ६२ ॥ तीनै लोकमा मनुष्यहरुद्वारा जता-ततै उच्च स्वरले गाइएको आफ्नो कीर्ति द्वारा ती स्त्रीहरूको कर्णरन्ध्रमा यस प्रकार

द्यौरिवाभीष्टदो नृणाम् ॥ ५७ ॥ वर्षति स्म यथाकामं पर्जन्य इव तर्पयन् ॥ समुद्र इव दुर्बोधः सत्त्वेनाचलराडिव ॥ ५८ ॥ धर्मराडिव शिक्षायामाश्चर्ये हिमवानिव ॥ कुबेर इव कोशाढ्यो गुप्तार्थो वरुणो यथा ॥५९॥ मातरिश्वेव सर्वात्मा बलेन महसौजसा ॥ अविषह्यतया देवो भगवान्भूतराडिव ॥६०॥ कन्दर्प इव सौन्दर्ये मनस्वी मृगराडिव ॥ वात्सल्ये मनुवन्नृणां प्रभुत्वे भगवानजः ॥ ६१ ॥ बृहस्पतिर्ब्रह्मवादे आत्मवत्त्वे स्वयं हरिः ॥ भक्त्या गोगुरुविप्रेषु विष्वक्सेनानुवर्तिषु ॥ ह्रिया प्रश्रयशीलाभ्यामात्मतुल्यः परोद्यमे ॥ ६२ ॥ कीर्त्योर्ध्वगीतया पुम्भिस्त्रैलोक्ये तत्र तत्र ह ॥ प्रविष्टः कर्णरन्ध्रेषु स्त्रीणां रामः सतामिव ॥ ६३ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पृथुचरिते द्वाविंशतितमोऽध्यायः ॥ २२ ॥ मैत्रेय उवाच ॥ दृष्ट्वाऽऽत्मानं प्रवयसमेकदा वैन्य आत्मवान् ॥ आत्मना वर्धिताशेषस्वानुसर्गः प्रजापतिः ॥ १ ॥ जगतस्तस्थुषश्चापि वृत्तिदो धर्मभृत्सताम् ॥ निष्पादितेश्वरादेशो यदर्थमिह जज्ञिवान् ॥ २ ॥ आत्मजेष्वात्मजां न्यस्य विरहाद्रुदतीमिव ॥ प्रजासु विमनःस्वेकः सदारोऽगात्तपोवनम् ॥ ३ ॥ तत्राप्यदभ्यनियमो वैखानससुसम्मते ॥ आरब्ध उग्रतपसि यथा स्वविजये पुरा ॥ ४ ॥ कन्दमूलफलाहारः शुष्कपर्णाशनः क्वचित् ॥ अब्भक्षः कति-

प्रवेश गरिसकेका थिए' जस्तै भगवान् राम सत्पुरुहरूको हृदयमा प्रवेश गर्दथे ॥६३॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां द्वाविंशतितमोऽध्यायः ॥२२॥ (राजा पृथुको तपस्या र उनको परलोक गमन)---मैत्रेयजी भन्दछन्—हे विदुर ! यस प्रकार अन्नादि तथा पुर-ग्रामादि सृष्टिको वृद्धि गरेर स्थावर-जंगम सबै प्राणीहरूको जीविका चलाउने, सत्पुरुषहरू झैं धर्मको आचरण गर्न भएका, महामनस्वी प्रजापति पृथु, जसको निम्ति उनले जन्म लिएका थिए, त्यस ईश्वराज्ञाको पालन गरिसकेपछि एक दिन आफ्नो वृद्धावस्था देखेर, आफ्नो विरहले मानो रोइरहेकी आफ्नी कल्याणमयी छोरी पृथ्वी–पुत्रहरुलाई सुम्पेर, प्रजालाई विलाप गर्दै छाडेर कुनै अर्को सहायक साथमा नलिई भार्यासहित वनमा गए–१-३॥ त्यहाँ पनि ती कुनै पनि विघ्नबाट नहट्ने नियमको पालन गर्दै जसरी पहिले विजयमा तत्पर रहन्थे उसैगरी वानप्रस्थाश्रमको अनुकूल तपस्यामा लागे ॥४॥ ती पहिले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कन्द, मूल, फल आदिको आहार गर्दथे । फेरि केही दिन सुकेका पात खाए । त्यसपछि केही पक्षपर्यन्त केवल पानी पिएर रहे । फेरि केवल वायु पिएर जीवन निर्वाह गर्नलागे ॥५॥ वीरवर पृथु मुनिवृत्तिले रहँदै ग्रीष्म ऋतुमा पञ्चाग्नि तापेर, वर्षा ऋतुमा खुला मैदानमा वसेर आफ्नो शरीरमा धारा वृष्टिको आघात सहन्थे तथा शीतकालमा घाँटीसम्म जलमा डुबिरहन्थे र नित्य भूमिको वेदीमा शयन गर्दथे ॥६॥ यस प्रकार भगवान् कृष्णको आराधना गर्ने इच्छाले उनले शीतोष्णादि द्वन्द्व सहन गर्दै वाणी र इन्द्रियहरूमा संयम राख्दै प्राणलाई जितेर तथा ऊर्ध्वरेता भएर निकै कठोर तपस्या गरे ॥७॥ यस प्रकार क्रमशः परिपक्व त्यस तपको प्रभावले तिनका सबै कर्मरूपी मल भस्म भए तथा प्राणायामद्वारा पाँच ज्ञानेन्द्रिय र मन—यी षड्वर्गको विरुद्ध हुनाले तिनको बासनारूपी बन्धन काटियो ॥८॥ अनि भगवान् सनत्कुमारले उनलाई जुन अध्यात्म योगको उपदेश दिएका थिए, त्यसैद्वारा ती पुरुषश्रेष्ठ श्रीपुरुषोत्तम भगवान्को उपासना गर्नलागे ॥९॥ यस प्रकार श्रद्धापूर्वक भगवद्धर्मको पालन गर्दा-गर्दै साधु प्रकृति महाराज पृथुलाई ब्रह्मस्वरूप भगवान्को अनन्य भक्ति प्राप्त भयो

चित्पक्षान्वायुभक्षस्ततः परम् ॥ ५ ॥ ग्रीष्मे पञ्चतपा वीरो वर्षास्वासारषाण्मुनिः ॥ आकण्ठमग्नः शिशिरे उदके स्थण्डिलेशयः ॥ ६ ॥ तितिक्षुर्यतवाग्दान्त ऊर्ध्वरेता जितानिलः ॥ आरिराधयिषुः कृष्णमचरत्तप उत्तमम् ॥ ७ ॥ तेन क्रमानुसिद्धेन ध्वस्तकर्मामलाशयः ॥ प्राणायामैः संनिरुद्धषड्वर्गश्छिन्नबन्धनः ॥८॥ सनत्कुमारो भगवान्यदाहाध्यात्मिकं परम् ॥ योगं तेनैव पुरुषमभजत्पुरुषर्षभः ॥ ९ ॥ भगवद्धर्मिणः साधोः श्रद्धया यततः सदा ॥ भक्तिर्भगवति ब्रह्मण्यनन्तविषयाऽभवत् ॥ १० ॥ तस्यानया भगवतः परिकर्मशुद्धसत्त्वात्मनस्तदनु संस्मरणानुपूर्त्या ॥ ज्ञानं विरक्तिमदभून्निशितेन येन चिच्छेद संशयपदं निजजीवकोशम् ॥ ११ ॥ छिन्नान्यधीरधिगतात्मगतिर्निरीहस्तत्तत्यजेऽच्छिनदिदं वयुनेन येन ॥ तावन्न योगगतिभिर्यतिरप्रमत्तो यावद्गदाग्रजकथासु रतिं न कुर्यात् ॥ १२ ॥ एवं स वीरप्रवरः संयोज्यात्मानमात्मनि ॥ ब्रह्मभूतो दृढं काले तत्याज स्वं कलेवरम् ॥ १३ ॥ सम्पीड्य पायुं पार्ष्णिभ्यां वायुमुत्सारयञ्छनैः ॥ नाभ्यां कोष्ठेष्ववस्थाप्य हृदुरः कण्ठशीर्षणि ॥ १४ ॥ उत्सर्पयंस्तु तं मूर्ध्नि क्रमेणावेश्य निःस्पृहः ॥ पायुं वायौ क्षितौ कायं तेजस्तेजस्ययूयुजत् ॥ १५ ॥ खान्याकाशे द्रवं तोये यथास्थानं विभागशः ॥ क्षितिमम्भसि

॥१०॥ यस प्रकार सधैं भगवान्को उपासनाले शुद्ध अन्तःकरण भएका ती महाराज पृथुलाई सतत भगवच्चिन्तनले वैराग्य युक्त ज्ञान प्राप्त भयो । त्यस तीक्ष्ण ज्ञानको प्रभावले उनले संशय-विपर्यय आदिको आश्रयस्वरूप जीवका उपाधिरूपी आफ्नो अहङ्कारलाई नष्टपारिदियो ॥११॥ त्यसपछि जसको देहात्मबुद्धि नष्ट भइसकेको थियो र जसले आत्मज्ञानको प्राप्ति भइसक्नाले स्वयं प्राप्त भएका सिद्धिहरूलाई पनि त्यागिदिएका थिए, ती महात्मा पृथुले जसको द्वारा आफ्नो सबै संशयरात्रि हटाइदिएका थिए, त्यस आत्मज्ञानको प्रयत्नलाई पनि त्यागिदिए, किनकि जबसम्म योगमार्गद्वारा साधकलाई भगवत्कथामा प्रीति हुँदैन, तबसम्म केवल योग साधनाले पनि उसको विषयासक्तिरूपी प्रमाद नष्ट हुन सक्तैन ॥१२॥ यस प्रकार ती वीरवर महाराज पृथुले आफ्नो मन दृढतासाथ आत्मामा स्थिर गरेर ब्रह्मभावमा स्थित रहँदै अन्तकाल उपस्थित भएपछि आफ्नो शरीर त्यागिदिए । प्राणत्यागको अवसरमा उनले अपानवायु रोकिदिए र प्राणवायुलाई बिस्तार-बिस्तार माथितिर उठाउँदै त्यसलाई क्रमशः नाभि, उदर, हृदय, वक्षस्थल, कण्ठ र ब्रह्माण्डमा पुऱ्याइदिए ॥१३-१४॥ फेरि त्यसलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

मास्तिर लैजाँदै विस्तार-विस्तार ब्रह्मरन्ध्रमा स्थित पारे र सांसारिक भोगबाट उपरत भएर प्राणवायुलाई वायुमा, पार्थिव शरीरलाई पृथ्वीमा र शरीरको तेजलाई तेजमा लीन गरिदिए ॥१५॥ यथास्थान विभाजनपूर्वक हृदयाकाशलाई महाकाशमा र रक्त आदि शरीरका द्रव अंशलाई जलमा लीन गरेर पृथ्वीलाई जलमा, जललाई अग्निमा, अग्निलाई वायुमा र वायुलाई आकाशमा लीन गरिदिए ॥१६॥ त्यसपछि मनलाई इन्द्रियहरूमा र कर्णादि इन्द्रियलाई तिनको कारणरूप शब्दादि तन्मात्राहरूमा लीन गरे। अनि ती तन्मात्राहरूलाई अहङ्कार द्वारा माथि तानेर अहङ्कारसित तिनलाई महत्तत्वमा स्थापित गरिदिए ॥१७॥ त्यसपछि गुणहरूको अभिव्यक्ति गर्न महत्तत्वलाई मायोपाधिक जीवमा स्थित पारिदिए। फेरि ज्ञान र वैराग्यको अभावले आफ्नो स्वरूपमा स्थित भएर परम समर्थ महाराज पृथुले आफ्नो अन्तःकरणमा स्थित त्यस उपाधिलाई पनि त्यागिनिए, जसले गर्दा ती पहिले सोपाधिक जीवभावमा प्राप्त थिए ॥१८॥ राजा पृथुको पत्नी महारानी सुकुमारी हुनाले—जो भूमिमा खुट्टा राख्न योग्य पनि थिइनन्, ती अर्चि पतिसित बनमा गएकी थिइन् ॥ १९ ॥ ती पतिको

तत्तेजस्यदो वायौ नभस्यमुम् ॥ १६ ॥ इन्द्रियेषु मनस्तानि तन्मात्रेषु यथोद्भवम् ॥ भूतादिनाऽमून्युत्क्रिष्य महत्यात्मनि संदधे ॥ १७ ॥ तं सर्वगुणविन्यासं जीवे मायामये न्यधात् ॥ तं चानुशयमात्मस्थमसावनुशयी पुमान् ॥ ज्ञानवैराग्यवीर्येण स्वरूपस्थोऽजहात्प्रभुः ॥ १८ ॥ अर्चिर्नाम महाराज्ञी तत्पत्न्यनुगता वनम् ॥ सुकुमार्यतदर्हा च यत्पद्भ्यां स्पर्शनं भुवः ॥ १६ ॥ अतीव भर्तुर्व्रतधर्मनिष्ठया शुश्रूषया चारषदेहयात्रया ॥ नाविन्दतार्तिं परिकर्शिताऽपि सा प्रेयस्करस्पर्शनमाननिर्वृतिः ॥ २० ॥ देहं विपन्नाखिलचेतनादिकं पत्युः पृथिव्या दयितस्य चात्मनः ॥ आलक्ष्य किञ्चिच्च विलप्य सा सती चितामथारोपयदद्रिसानुनि ॥ २१ ॥ विधाय कृत्यं ह्रदिनीजलाप्लुता दत्त्वोदकं भर्तुरुदारकर्मणः ॥ नत्वा दिविस्थांस्त्रिदशांस्त्रिः परीत्य विवेश वह्निं ध्यायती भर्तृपादौ ॥ २२ ॥ विलोक्यानुगतां साध्वीं पृथुं वीरवरं पतिम् ॥ तुष्टुवुर्वरदा देवैर्देवपत्न्यः सहस्रशः ॥ २३ ॥ कुर्वत्यः कुसुमासारं तस्मिन्मन्दरसानुनि ॥ नदत्स्वमरतूर्येषु गृणन्ति स्म परस्परम् ॥ २४ ॥ देव्य ऊचुः ॥ अहो इयं

कठोर व्रत-पालनमा उनको सेवा-चाकरी गर्दै ऋषि वृत्ति (कन्द-मूलादि) ले आफ्नो शरीर-यात्राको निर्वाहले दुर्बल भएकी थिइन्। तैपनि पतिको करस्पर्शले सम्मानित भएर त्यसैमा आनन्द मान्नाले उनले कुनै प्रकारको कष्ट अनुभव गरिनन् ॥२०॥ यस बेला पृथ्वीका स्वामी र आफ्ना प्रियतम महाराज पृथुका शरीरको चेतना आदि सम्पूर्ण धर्महरूलाई नष्ट भएका देखेर ती सतीले केही बेर विलाप गरेर पर्वतमाथि यौटा चिता बनाइन् र त्यसमाथि त्यो मृत शरीर राखिन् ॥ २१ ॥ अनि नदीको जलमा स्नान गरेर परम पराक्रमी पतिलाई जलाञ्जली दिई सती हुने बेलाका सबै कृत्य पूर्ण पारेर आकाशमा स्थित देवताहरूको वन्दना गरिन् र तीनपल्ट चिताको परिक्रमा गरेर पतिका चरणको ध्यान गर्दै अग्निमा प्रविष्ट भइन् ॥२२॥ परम साध्वी अर्चिलाई आफ्ना पति वीरवर पृथुको यसप्रकार अनुगमन गरेकी देखेर वर दिनमा समर्थ हजारौं देवाङ्गनाहरू सहित आएर तिनको स्तुति गर्न लागिन् ॥२३॥ अर्चिको स्वर्गारोहणको बेलामा मन्दराचलको शिखरमा पुष्पवर्षा गर्ने देवाङ्गनाहरू देवगणको तूर्यघोषका साथै परस्पर यस प्रकार भन्नलागे—॥२४॥ देवीहरू भन्दछन्—अहो ! यी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारी धन्य हुन् ! जसरी लक्ष्मीजी विष्णुभगवान्‌को सेवा गर्दछिन्, उसै गरी यी* रानीले ठूलो परिश्रमले आफ्ना पति राजा पृथुको तन-मनले सेवा गरिन् ।।२५।।हेर, सती-साध्वी अर्चि आफ्ना अचिन्तनीय कर्मका प्रभाले हामीलाई उछिनेर आफ्ना पति पृथु सित अति उच्च लोकमा जाँदैछन् ।।२६।। जो प्राणी अल्पायु भएर पनि भगवान्‌लाई प्राप्त गराउने आत्मज्ञान प्राप्त गर्दछन्, ती मनुष्यहरूको निम्ति संसारमा कुनै पदार्थ दुर्लभ रहन्न ।।२७।। अतएव जो मनुष्य पूर्वकृत्य कर्महरूका प्रभावले मोक्षका साधनस्वरूप नरदेह ठूलो कष्टले पाएर पनि विषयहरूमै आसक्त रहन्छ, त्यो आत्मघाती अवश्य ठगिएको प्राणि मानिन्छ ।।२८।। मैत्रेयजी भन्दछन्–हे विदुरजी ! देवपत्नीहरू जब यसरी स्तुति गरिरहेका थिए, उसै बखत

वधूर्धन्या या चैवं भूभुजां पतिम् ।। सर्वात्मना पतिं भेजे यज्ञेशं श्रीर्वधूरिव ।। २५ ।। सैषा नूनं व्रजत्यूर्ध्वमनु वैन्यं पतिं सती ।। पश्यतास्मान· तीत्यार्चिर्दुर्विभाव्येन कर्मणा ।। २६ ।। तेषां दुरापं किं त्वन्यन्मर्त्यानां भगवत्पदम् ।। भुवि लोलायुषो ये वै नैष्कर्म्यं साधयन्त्युत ।। २७ ।। स वंचितो बतात्मध्रुक् कृच्छ्रेण महता भुवि ।। लब्ध्वाऽपवर्ग्यं मानुष्यं विषयेषु विषज्जते ।। २८ ।। मैत्रेय उवाच ।। स्तुवतीष्वमरस्त्रीषु पतिलोकं गता वधूः ।। यं वा आत्मविदां धुर्यो वैन्यः प्रापाच्युताशयः ।। २९ ।। इत्थंभूतानुभावोऽसौ पृथुः स भगवत्तमः ।। कीर्तितं तस्य चरितमुद्दामचरितस्य ते ।। ३० ।। य इदं सुमहत्पुण्यं श्रद्धयाऽवहितः पठेत् ।। श्रावयेच्छृणुयाद्वापि स पृथोः पदवीमियात् ।। ३१ ।। ब्राह्मणो ब्रह्मवर्चस्वी राजन्यो जगतीपतिः ।। वैश्यः पठन्विट्पतिः स्याच्छूद्रः सत्तमतामियात् ।। ३२ ।। त्रिःकृत्वा इदमाकर्ण्य नरो नार्यथवाऽऽदृता ।। अप्रजः सुप्रजतमो निर्धनो धनवत्तमः ।। ३३ ।। अस्पष्टकीर्तिः सुयशा मूर्खो भवति पण्डितः ।। इदं स्वस्त्ययनं पुंसाममङ्गल्यनिवारणम् ।। धन्यं यशस्यमायुष्यं स्वर्ग्यं कलिमलापहम् ।। ३४ ।। धर्मार्थकाममोक्षाणां सम्यक्सिद्धिमभीप्सुभिः ।। श्रद्धयैतदनुश्राव्यं चतुर्णां कारणं परम् ।। ३५ ।। विजयाभिमुखो

महारानी अर्चि पनि, जुन लोकमा आत्मज्ञानीहरूमा श्रेष्ठ पृथु गएका थिए, उही पतिलोकमा प्राप्त भइन् ।।२९।। हे विदुरजी ! परम पराक्रमी राजा पृथु यस्ता प्रभावशाली पुरुष थिए । मैले तिमीलाई उनको उदार चरित्र भनेर सुनाएँ ।।३०।। जो मनुष्य यो परम पवित्र-चरित्र श्रद्धापूर्वक एकाग्र चित्तले पढ्दछ-सुन्दछ र अरुलाई सुनाउँछ त्यो महाराज पृथुकै पदमा अर्थात् वैकुण्ठधाममा प्राप्त हुनेछ ।।३१।। यसको निरन्तर पाठ गर्नाले ब्राह्मण ब्रह्मतेज पाउँछ, क्षत्रिय पृथ्वीपति बन्दछ, वैश्य व्यापारीमा प्रधान बन्दछ र शूद्र श्रेष्ठ त्यागी तथा साधुता प्राप्त गर्दछ ।।३२।। कोही स्त्री होस् वा पुरुष, जो आदर पूर्वक यसलाई तीनपल्ट सुन्दछ, त्यो सन्तान हीन भए पुत्रवान् बन्दछ र धनहीन भए ठूलो धनवान् बन्दछ ।।३३।। संसारमा

* उदाहरण (रानी स्वयं परिश्रम गर्दथी)– महाराज सप्तम एवर्डकी पत्नी एलेक्जेण्डा जब कुमारी थिईं, उसै बेलादेखि मिहिनेत गर्दथी, महारानीको पदमा पुगेछि पनि ती प्रतिवर्ष तीन सय साठी लुगा आफ्ना हातले सिएर गरीबहरूलाई बाँड्दथिन् । एकपल्ट कसैले उनीसित सोधे—'हजुरलाई यतिको फुर्सत कसरी मिल्दछ ?' तिनले उत्तर दिइन्—'म आफ्नो कोठामा लुगा सिउने सबै सामान राख्दछु र जब अवकाश मिल्दछ तब गएर लुगा सिउन थाल्दछु । राती पनि जब मेरा पति केही पढ्न थाल्दछन्, तब म त्यो सुन्दै लुगा सिउँदै गर्दछु ।' हाम्रा देशका ठूला घरका नारीहरूले यो कुरामा ध्यान दिनु पर्दछ, किनकि ती फुर्सदको समय आलस्य र व्यर्थका गफ गरेर गुमाइ दिन्छन् ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

जसको कीर्ति प्रख्यात भएको छैन, त्यो यशस्वी बन्दछ र मूर्ख भए पनि पण्डित बन्दछ । यो चरित्र पुरुषहरूको कल्याण गर्दै सबै प्रकारका अमङ्गललाई टाढा पुऱ्याइदिन्छ ।।३४।। यो पृथु चरित्र धन र यश दिन्छ, आयुष्य बढाउँछ, स्वर्गको प्राप्ति गर्दछ र कलियुगमा सबै दोषहरू समूल नष्ट पारिदिन्छ । यो चरित्र धर्मादि चतुर्वर्गको प्राप्ति गराउँछ । अतएव जो व्यक्ति धर्म, अर्थ, काम तथा मोक्षलाई राम्ररी सिद्धगर्न चाहन्छन्, ती यसलाई श्रद्धापूर्वक सुनुन् ।।३५।। यदि कुनै राजा विजयको निम्ति जाने वेलामा यसलाई सुनेर जान्छ भने—जसरी शत्रु राजाहरू पृथुलाई दर्शन भेट राख्दथे, त्यस्तै उसका शत्रु पनि पहिलेदेखिनै भेट लिएर उभिएका देखिने छन् ।।३६।। अतः मनुष्यको कर्तव्य हो कि त्यो म सबै सङ्गत त्यागेर भगवान्मा निर्मल भक्तिभाव राखेर राजा पृथुको यस पवित्र चरित्रलाई सुनोस्, रपढोस्-पढाओस् ।।३७।। हे विचित्रवीर्यतनय ! भगवान्को महात्म्य प्रकट गर्ने भएको राजा पृथुको चरित्र मैले तिमीलाई सुनाएँ । यससित प्रेम गर्ने प्राणी सहजै महराज पृथुको पद प्राप्त गर्न सक्तछ ।।३८।।सबै प्रकारका आसक्तिले रहित भएर ज प्राणी यो पृथु-चरित्रको निरन्तर आदरपूर्वक श्रवण वा पाठ गर्दछ, त्यो मनुष्य जसका चरण संसार-सागरबाट पारी तर्नको निम्ति डुङ्गा समान छन्, ती भगवान्को बलियो प्रेम प्राप्त गरिलिनेछ।।३९।।इति श्रीमद्भागवते महापुराणे

राजा श्रुत्वैतदभियाति यान् ॥ बलिं तस्मै हरन्त्यग्रे राजानः पृथवे यथा ॥ ३६ ॥ मुक्तान्यसङ्गो भगवत्यमलां भक्तिमुद्वहन् ॥ वैन्यस्य चरितं पुण्यं शृणुयाच्छ्रावयेत्पठेत् ॥ ३७ ॥ वैचित्रवीर्याभिहितं महन्माहात्म्यसूचकम् ॥ अस्मिन्कृतमतिर्मर्त्यः पार्थवीं गतिमाप्नुयात् ॥ ३८ ॥ अनुदिनमिदमादरेण शृण्वन्पृथुचरितं प्रथयन्विमुक्तसङ्गः ॥ भगवति भवसिन्धुपोतपादे स च निपुणं लभते रतिं मनुष्यः ॥ ३९ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे त्रयोविंशोऽध्यायः ॥ २३ ॥ मैत्रेय उवाच ॥ विजिताश्वोऽधिराजाऽऽसीत्पृथुपुत्रः पृथुश्रवाः ॥ यवीयोभ्योऽददात्काष्ठा भ्रातृभ्यो भ्रातृवत्सलः ॥ १ ॥ हर्यक्षायादिशत्प्राचीं धूम्रकेशाय दक्षिणाम् ॥ प्रतीचीं वृकसंज्ञाय तुर्यां द्रविणसे विभुः ॥ ॰ ॥ अन्तर्धानगतिं शक्राल्लब्ध्वाऽन्तर्धानसंज्ञितः ॥ अपत्यत्रयमाधत्त शिखण्डिन्यां सुसम्मतम् ॥ ३ ॥ पावकः पवमानश्च शुचिरित्यग्नयः पुरा ॥ वसिष्ठशापादुत्पन्नाः पुनर्योगगतिं नताः ॥ ४ ॥ अन्तर्धानो नभस्वत्या हविर्धानमविन्दत ॥ य इन्द्रमश्वहर्तारं विद्वानपि न जघ्निवान् ॥ ५ ॥ राज्ञां वृत्तिं

चतुर्थस्कन्धे नेपाली भाषाटीकायां त्रयोविंशोऽध्यायः ।।२३।। (रुद्रगीत)—श्रीमैत्रेयजी भन्दछन्—हे विदुरजी ! महाराज पृथुपछि तिनको परम यशस्वी छोरो विजिताश्व राजा भयो । त्यो विजिताश्व ठूलो भ्रातृवत्सल थियो । अतएव उसले आफ्ना कान्छा भाइहरूलाई भिन्न-भिन्न दिशाहरूका अधिकार दिए ।।१।। तदनुसार उनले हर्यक्षलाई पूर्वदिशा, धूम्रकेशलाई दक्षिण दिशा, वृकलाई पश्चिम र द्रविणलाई उत्तर दिशाको राज्य सुम्पिदिए । राजा विजिताश्वले इन्द्रबाट अन्तर्धान हुने विद्या प्राप्त गरेका थिए, त्यसैले अगाडि गएर उसको नाम 'अन्तर्धान' पनि हुनगयो । उसले आफ्नी पत्नी शिखण्डिनीबाट तीन लोकप्रिय छोरा उत्पन्न गरे ।।३।। ती तीनै जनाको नाम थियो—पावक, पवमान र शुचि । ती तीनै जना आहवनादि अग्नि नै पूर्वजन्ममा वसिष्ठजीको श्राप पाएर यहाँ उत्पन्न भएका थिए । त्यसपछि योगमार्ग द्वारा ती फेरि अग्निस्वरूपमा प्राप्त भए ।।४।। तदन्तर जसले इन्द्रलाई अश्व चोर जानेर पनि मारेका थिएनन्, ती राजा अन्तर्धानले आफ्नी नभस्वती नामकी भार्याबाट हविर्धान नामको यौटा पुत्र उत्पन्न गरे ।।५।। कर लिनु, दण्ड दिनु तथा धन ग्रहण गर्नु आदि राजाहरूको वृत्ति-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई अशिय दारुण ठानेर दीर्घकालमा सम्पन्न हुने यज्ञको निहुँ गरी अन्तर्धानले आफ्नो राज-पाठ छाडिदिए ॥ ६ ॥ तदनन्तर हंसरूपधारी परमात्माको आराधना गर्दै तो आत्मदर्शी पुरुषले बलियो समाधिद्वारा भगवान्को बैकुण्ठलोक प्राप्त गरे ॥ ७ ॥ हे विदुरजी ! हविर्धानकी पत्नी हविर्धानीले बर्हिषद, गय, शुक्ल, कृष्ण, सत्य र जितव्रत नामका छ भाइ पुत्र जन्माए ॥८॥ हे विदुरजी ! ती मध्ये हविर्धानको जेठो छोरो महाराज बर्हिषद् प्रजापति यज्ञादि कर्मकाण्ड र योगाभ्यासमा प्रवीण थिए ॥ ९ ॥ ती राजाले निरन्तर यज्ञ गर्दै रहनाले सम्पूर्ण पृथ्वी पूर्वतिर अग्रहभाग पारेर फैलाइएका कुशहरूले आच्छादित भएको थियो। यसै कारण यो प्राचीनबर्हि कहियो ॥ १० ॥ ती प्राचीन बर्हिले देवाधिदेव ब्रह्माजीको कथनानुसार-समुद्रकी कन्या शतद्रुतिसित विवाह गरेका थिए। ती सर्वाङ्ग-सुन्दरी मनोहर भूषण-भूषिता तथा किशोर अवस्था भएकी कुमारीको पाणिग्रहण वेलामा प्रदक्षिणा

करादानदण्डशुल्कादिदारुणाम् ॥ मन्यमानो दीर्घसत्रव्याजेन विससर्ज ह ॥ ६ ॥ तत्रापि हंसं पुरुषं परमात्मानमात्मदृक् ॥ यजंस्तल्लोकतामाप कुशलेन समाधिना ॥ ७ ॥ हविर्धानाद्धविर्धानी विदुरासूत षट् सुतात् ॥ बर्हिषदं गयं शुक्लं कृष्णं सत्यं जितव्रतम् ॥ ८ ॥ बर्हिषत्सु महाभागो हविर्धानिः प्रजापतिः ॥ क्रियाकाण्डेषु निष्णातो योगेषु च कुरूद्वह ॥ ९ ॥ यस्येदं देवयजनमनु यज्ञं वितन्वतः ॥ प्राचीनाग्रैः कुशैरासीदास्तृतं वसुधातलम् ॥ १० ॥ सामुद्रीं देवदेवोक्तामुपयेमे शतद्रुतिम् ॥ यां वीक्ष्य चारुसर्वाङ्गीं किशोरीं सुष्ठ्वलंकृताम् ॥ परिक्रमन्तीमुद्वाहे चकमेऽग्निः शुकीमिव ॥११॥ विबुधासुरगन्धर्वमुनिसिद्धनरोरगाः ॥ निर्जिताः सूर्यया दिक्षु क्वणयन्त्यैव नूपुरैः ॥१२॥ प्राचीबर्हिषः पुत्राः शतद्रुत्यां दशाभवन् ॥ तुल्यनामव्रताः सर्वे धर्मस्नाताः प्रचेतसः ॥ १३ ॥ पित्रादिष्टाः प्रजासर्गे तपसेऽर्णवमाविशन् ॥ दशवर्षसहस्राणि तपसाऽर्चंस्तपस्पतिम् ॥१४॥यदुक्तं पथि दृष्टेन गिरिशेन प्रसीदता ॥ तद्ध्यायन्तो जपंतश्च पूजयंतश्च संयताः॥१५॥विदुर उवाच ॥ प्रचेतसां गिरित्रेण यथासीत्पथि

गरेकी देखेर—अग्निले जस्तै पूर्वकालमा सप्तर्षिहरूकी भार्या शुकीको कामना गरेको थियो, त्यस्तै नै उनले पनि इनैलाई मनपराए* ॥११॥ अविवाहिता शतद्रुतिले नै आफ्ना नूपुरको मीठो झङ्कारले सबै दिशाहरूका देवता, असुर, गन्धर्व, मुनि, सिद्ध, मनुष्य तथा नाग आदिलाई आफ्नो वशमा पारे ॥१२॥ती शतद्रुतिल प्राचीनबर्हिका प्रचेता नाम हुने दस पुत्र उत्पन्न भए। ती सबै समान नाम र गुण तथा धर्ममा पारङ्गत थिए ॥१३॥ तिनका पिता प्राचीनबर्हिले जब तिनलाई सन्तान उत्पन्न गर्न आज्ञा दिए तब ती तपस्या गर्न समुद्रभित्र प्रवेश गरे अनि दस हजार वर्षसम्म तपस्या गर्दै तपस्याका फलदाता श्रीविष्णु भगवान्को आराधना गरिरहे ॥१४॥ तपस्या गर्न जाने बेलाला तीमाथि प्रसन्न श्रीमहादेवजीले बाटोमा तिनलाई जुन साधनाको उपदेश दिएका थिए, त्यसैको अनुसार एकाग्रतापूर्वक जप, ध्यान तथा पूजा गर्दै ती भगवान्को आराधना गर्नलागे ॥ १५ ॥ यति कथा सुनिसकेर विदुरजीले सोधे—

* कथान्तर—परापूर्वमा सप्तर्षिहरूको यज्ञमा उनकी भार्या शुकीलाई देखेर अग्निदेव कामातुर भएका थिए। तिनको मनोभाव जानेर अग्निकी पत्नी स्वाहाले शुकीको रूप धारण गरेर अग्निसित रमणगरे। अनि अग्निको वीर्य काँसको झाडीमा राखेर ती स्वाहारूपले पुन: अग्निकै नजीक फर्केर आइन्। यस प्रकार तिनले आफ्ना पतिलाई अनीतिको बाटोमा प्रवृत्त हुनबाट जोगाइन्।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

हे ब्रह्मन् ! बाटोमा ती प्रचेताहरूको महादेवजीसित कसरी साक्षात्कार भयो ? उनीसित प्रसन्न भएर शङ्कर भगवान्‌ले तिनलाई कुन सारयुक्त साधनको उपदेश दिनु भयो ? त्यो आज्ञाहोस् ॥१६॥ हे ब्रह्मष ! जसलाई प्राप्त गर्न इच्छाले मुनिगण आसक्ति रहित भएर सर्वदा ध्यान गर्दछन् ती शिवजीसित साक्षात्कार हुनु त देहधारीहरूका लागि कठिन काम हो ! ॥१७॥ भगवान् शंकर आत्माराम भएर पनि त्यो लोकरचनाको रक्षाका निम्ति आफ्नी अत्यन्त भयङ्कर शक्ति सहित सबै स्थानमा डुल्दै रहन्छन् ॥१८॥ मैत्रेयजी भन्दछन्—हे विदुर ! ती साधु प्रकृतिका प्रचेतागण आफ्ना पिताको आज्ञा शिरोधार्य गरे तथा तपस्यामा मन लगाएर पश्चिम दिशातिर प्रस्थान गरे ॥१९॥ मार्गमा जाँदा,जाँदै उनीहरूले समुद्र नगीचै योटा विस्तृत सरोवर देखे । त्यसको जल महापुरुषको मन झैं स्वच्छ थियो र त्यसमा भएका मत्स्य आदि समस्त जलचर जीव सदैव प्रसन्न रहन्थे ॥२०॥ त्यस सरोवरमा नील कमल रक्त कमल तथा उत्पन्न (रात्रिको वेलामा फक्रने कमल) अम्भोज (दिउँसो फक्रने कमल) कल्हार (सायंकालमा फक्रने कमल) तथा इन्दीवर (नीलकमल) आदि र अरु पनि अनेक

सङ्गमः ॥ यदुताह हरः प्रीतस्तन्नो ब्रह्मन्वदार्थवत् ॥१६॥ सङ्गमः खलु विप्रर्षे शिवेनेह शरीरिणाम् ॥ दुर्लभो मुनयो दध्युरसंगाद्यमभीप्सितम् ॥१७॥ आत्मारामोऽपि यस्त्वस्य लोककल्पस्य राधसे ॥ शक्त्या युक्तो विचरति घोरया भगवान्भवः ॥१८॥ मैत्रेय उवाच ॥ प्रचेतसः पितुर्वाक्यं शिरसाऽऽदाय साधवः ॥ दिशं प्रतीचीं प्रययुस्तपस्यादृतचेतसः ॥१९॥ समुद्रमुपविस्तीर्णमपश्यन्सुमहत्सरः ॥ महन्मन इव स्वच्छं प्रसन्नसलिलाशयम् ॥ २० ॥ नीलरक्तोत्पलाम्भोजकह्लारेन्दीवराकरम् ॥ हंससारसचक्राह्वकारण्डवनिकूजितम् ॥ २१ ॥ मत्तभ्रमरसौस्वर्यहृष्टरोमलतांघ्रिपम् ॥ पद्मकोशरजो दिक्षु विक्षिपत्पवनोत्सवम् ॥ २२ ॥ तत्र गान्धर्वमाकर्ण्य दिव्यमार्गं मनोहरम् ॥ विसिस्म्यू राजपुत्रास्ते मृदङ्गपणवाद्यनु ॥ २३ ॥ तर्ह्येव सरसस्तस्मान्निष्क्रामन्तं सहानुगम् ॥ उपगीयमानममरप्रवरं विबुधानुगैः ॥ २४ ॥ तप्तहेमनिकायाभं शितिकण्ठं त्रिलोचनम् ॥ प्रसादसुमुखं वीक्ष्य प्रणेमुर्जातकौतुकाः ॥२५॥ स तान्प्रपन्नार्तिहरो भगवान्धर्मवत्सलः धर्मज्ञान् ॥ शीलसम्पन्नान्प्रीतः प्रीतानुवाच ह ॥ २६ ॥ श्रीरुद्र उवाच ॥ यूयं बर्हिषदः पुत्रा विदितं वश्चिकीर्षितम् ॥ अनुग्रहाय भद्रं व एवं मे दर्शनं कृतम् ॥ २७ ॥ यः परं रंहसः साक्षात्त्रिगुणाज्जीवसंज्ञितात् ॥ भगवन्तं वासुदेवं

प्रकारका कमल उत्पन्न हुन्थे र तिनमा हंस, सारस, चकोर तथा कारण्डव आदि पक्षी सदैव विद्यमान रहन्थे ॥ २१ ॥ लतारूपी रोममा भक्त मधुरकरहरूको मधुर गुंजारले हर्षित हुने वृक्षहरूले त्यो सरोवर घेरिएको थियो । कमलको मध्यभागमा स्थित परागलाई यता-उता पुर्याउने भएको वायुले जस्तै—त्यहाँ यौटा अद्भुत उत्सव रचिराखेको थियो ॥२२॥ त्यहाँ मृदङ्ग र पणव आदि बाजाहरूसित अनेकानेक राग-रागिनीहरूले युक्त अतिशय मनोहर गायन सुनेर ती राजपुत्र निकै विस्मित भए ॥ २३ ॥ त्यसै वखत पोलेको सुवर्ण राशि सदृश कान्तिमान्—जुन प्रभु भक्तगणमा अनुग्रह गर्नका लागि उद्यत थिए र देवानुचर गन्धर्वगण जसको सुयश गाउँथे, ती नीलकण्ठ तथा त्रिनयन देवश्रेष्ठ शंकर भगवान्‌लाई-आफ्ना गणसहित त्यस सरोवरबाट बाहिर निस्कन लागेका देखेर ती राजपुत्रहरूले ठूलो कुतूहलका साथै प्रणाम गरे ॥ २४-२४ ॥ आफ्ना शरणागतको कष्ट निवारण गर्न तथा धर्मवत्सल शङ्कर भगवान्‌ले आफ्नो दर्शनले प्रसन्न ती धर्मज्ञ तथा शीलसम्पन्न प्रचेतासित भन्नुभयो ॥ २६ ॥ श्रीशङ्करजी भन्नुहुन्छ—म जान्दछु कि तिमी बर्हि-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षद्का पुत्र हौ, तिम्रो कल्याण होस् । जे गर्ने तिम्रो इच्छा छ, त्यो पनि मलाई ज्ञात छ । यस बखत तिमीमाथि कृपा गर्नको निम्ति नैं मैंले यहाँ आएर तिमीलाई दर्शन दिएँ ॥२७॥ किनकि जो पुरुष सूक्ष्म, त्रिगुणात्मक, प्रधान तथा जीव नामक पुरुषसित अतीत साक्षात् वासुदेव भगवान्को शरमा जान्छ । त्यो मलाई अतिशय प्रिय हुन्छ ॥२८॥ जो प्राणी आफ्नो धर्ममा तत्पर रहन्छ, त्यो सय जन्मपछि ब्रह्मा बन्दछ । त्यसपछि त्यो ममा प्राप्त हुन्छ । त्यसपछि ऊ भगवद्भक्त भगवान् विष्णुको अनिर्वचीच पदलाई यसरी प्राप्त गर्दछ, जस्तै अधिकार समाप्त भएपछि देवताहरू सहित म उनलाई प्राप्त हुन्छु ॥२९॥ तिमीहरू असाधारण भगवद्भक्त हौ, यसनिम्ति तिमी मलाई भगवान् झैं प्रिय छौ । यसै गरी भगवान्का भक्तहरूको पनि मभन्दा वर्ता प्रिय अरु कोही हुँदैन ॥३०॥ सुन, म तिमीलाई त्यो परम पवित्र, अत्यन्त मङ्गलमय र कल्याणकारी स्तोत्र सुनाउँछु । तिमी यसभो स्पष्ट उच्चारण गर्दै जप गरिरहनु ॥३१॥ मैत्रेयजी भन्दछन्–हे विदुरजी ! करुणापूर्ण अन्तःकरण भएका र नारायण परायण भगवान् शङ्करले आफ्नो सामुन्ने हात

प्रपन्नः स प्रियो हि मे ॥ २८ ॥ स्वधर्मनिष्ठः शतजन्मभिः पुमान् विरिञ्चतामेति ततः परं हि माम् ॥ अव्याकृतं भागवतोऽथ वैष्णवं पदं यथाऽहं विबुधाः कलात्यये ॥ २९ ॥ अथ भागवता यूयं प्रियाः स्थ भगवान्यथा ॥ न मद्भागवतानां च प्रेयानन्योऽस्ति कर्हिचित् ॥ ३० ॥ इदं विविक्तं जप्तव्यं पवित्रं मङ्गलं परम् ॥ निःश्रेयसकरं चापि श्रूयतां तद्वदामि वः ॥ ३१ ॥ मैत्रेय उवाच ॥ इत्यनुक्रोशहृदयो भगवानाह ताञ्छिवः ॥ बद्धाञ्जलीन्राजपुत्रान्नारायणपरो वचः ॥ ३२ ॥ श्रीरुद्र उवाच ॥ जितं त आत्मविद्धुर्य स्वस्तये स्वस्तिरस्तु ते ॥ भवता राधसा राद्धं सर्वस्मा आत्मने नमः ॥ ३३ ॥ नमः पङ्कजनाभाय भूतसूक्ष्मेन्द्रियात्मने ॥ वासुदेवाय शान्ताय कूटस्थाय स्वरोचिषे ॥ ३४ ॥ सङ्कर्षणाय सूक्ष्माय दुरन्तायान्तकाय च ॥ नमो विश्वप्रबोधाय प्रद्युम्नायान्तरात्मने ॥ ३५ ॥ नमो नमोऽनिरुद्धाय हृषीकेशेन्द्रियात्मने ॥ नमः परमहंसाय पूर्णाय निभृतात्मने ॥ ३६ ॥ स्वर्गापवर्गद्वाराय नित्यं शुचिपदे नमः ॥ नमो हिरण्यवीर्याय चातुर्होत्राय तन्तवे ॥ ३७ ॥ नम ऊर्ज ईषे त्रय्याः पतये यज्ञरेतसे ॥ तृप्तिदाय

जोरेर उभिएका ती राजपुत्रहरूसित भने ॥३२॥ महादेव भन्नुहुन्छ (त्यो स्तोत्र हो)१–हे प्रभो ! हजुरको अभ्युत्थान सबै आत्मज्ञानीहरूमा श्रेष्ठ भक्तजनको कल्याणका निम्ति नै हु छ । अतः मेरो पनि कल्याण होस् । हजुर नित्य आफूमा नै परमानन्द स्वरूपमा स्थित रहनुहुन्छ । हजुर सर्वरूपलाई मेरो प्रमाण छ॥३३॥भूत,सूक्ष्म,तथा इन्द्रियहरूका नियन्ता,चित्तका अधिष्ठाता, शान्त, कूटस्थ, स्वयं प्रकाश तथा कमलनाभ वासुदेव भगवान्लाई हाम्रो नमस्कार छ ॥ ३४ ॥ अत्यन्त, सूक्ष्म, अनन्त सबैलोककासंहारक र अहङ्कारका अधिष्ठाता भगवान् सङ्कर्षणलाई नमस्कार छ । जसद्वारा जगत्लाई ज्ञान प्राप्त हुन्छ, ती बुद्धिका अधिष्ठातास्वरूप प्रद्युम्न भगवान्लाई नमस्कार छ॥३५॥ मन र इन्द्रियका अधिष्ठाता र इन्द्रिय स्वरूप हजुर अनिरुद्धलाई नमस्कार छ । आफ्नो तेजले समस्त जगत्लाई व्याप्त गर्ने तथा वृद्धि र क्षयहीन सूर्यस्वरूप हजुरलाई नमस्कार ॥३६॥ स्वर्ग र मोक्षका द्वार, सर्वदा पवित्र हृदयमा रहने भएका सुवर्णरूपी वीर्ययुक्त तथा चातुर्होत्र कर्मको विस्तार गर्ने हजुर अग्निदेवलाई नमस्कार छ ॥३७॥ पितृ र देवताका अन्नस्वरूप सोमरूपी हजुरलाई नमस्कार छ । यस प्रकार

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

सूर्य, अग्नि तथा सोमरूपले तीनै वेदका अधिष्ठाता श्रीहरिलाई नमस्कार छ । सम्पूण प्राणीहरूलाई तृप्त पार्ने सर्वरस (जलरूप) हजुरलाई नमस्कार छ ।३८।। सबै प्राणीहरूको देह, पृथ्वीरूप र विराट्स्वरूप हजुरलाई नमस्कार छ। मन, इन्द्रिय र शरीरले सम्बन्ध राख्ने शक्तिहरूले युक्त एवं त्रिलोकका रक्षक वायुरूप हजुरलाई नमस्कार छ ।।३९।। आफ्ना शब्द-गुण द्वारा सबै पदार्थको ज्ञान प्राप्त गर्ने र सबै वस्तुका बाहिर-भित्र आकाशरूपले रहने हजुरलाई प्रणाम छ। पुण्यहरू द्वारा प्राप्त हुने, परम तेजोमय, स्वर्ग तथा बैकुण्ठादि लोकरूप हजुरलाई नमस्कार छ ।।४०।। पितृलोक प्राप्त गर्ने प्रवृत्ति कर्ममय देवलोक प्राप्तिका साधन स्वरूप, निवृत्ति-कर्मरूप, अधर्मका फलदाता, दुःखदायक मृत्युरूपी हजुरलाई नसस्कार छ ।।४१।। हे ईश ! अभिलषित फलहरू दिने, सर्वज्ञ, परम धर्ममूर्ति, अकुण्ठित बुद्धि, पुराण-पुरुष तथा सांख्य र योगका प्रभु भगवान् कृष्णलाई प्रणाम छ ।। ४२ ।। कर्ता, कारण र कर्म यी तीन शक्तिहरूले युक्त अहङ्कारका अधिपति भगवान् रुद्र तथा जसबाट परा, पश्यन्ति, मध्यमा र बैखरी वाणी अभिव्यक्त हुन्छन्, ती हजुर प्रभुलाई

च जीवानां नमः सर्वरसात्मने ।। ३८ ।। सर्वसत्त्वात्मदेहाय विशेषाय स्थवीयसे ।। नमस्त्रैलोक्यपालाय सहओजोबलाय च ।। ३९ ।। अर्थलिङ्गाय नभसे नमोऽन्तर्बहिरात्मने ।। नमः पुण्याय लोकाय अमुष्मै भूरिवर्चसे ।। ४० ।। प्रवृत्ताय निवृत्ताय पितृदेवाय कर्मणे ।। नमो धर्मविपाकाय मृत्यवे दुःखदाय च ।। ४१ ।। नमस्ते आशिषामीश मनवे कारणात्मने ।। नमो धर्माय बृहते कृष्णायाकुण्ठमेधसे ।। पुरुषाय पुराणाय सांख्य-योगेश्वराय च ।। ४२ ।। शक्तित्रयसमेताय मीढुषेऽहंकृतात्मने ।। चेतआकूतिरूपाय नमो वाचोविभूतये ।। ४३ ।। दर्शनं नो दिदृक्षूणां देहि भागवतार्चितम् ।। रूपं प्रियतमं स्वानां सर्वेन्द्रियगुणाञ्जनम् ।। ४४ ।। स्निग्धप्रावृड्घनश्यामं सर्वसौन्दर्यसंग्रहम् ।। चार्वायतचतुर्बाहुं सुजात-रुचिराननम् ।। ४५ ।। पद्मकोशपलाशाक्षं सुन्दरभ्रु सुनासिकम् ।। सुद्विजं सुकपोलास्यं समकर्णविभूषणम् ।। ४६ ।। प्रीतिप्रहसितापाङ्गमलकैरु-पशोभितम् ।। लसत्पंकजकिञ्जल्कदुकूलं मृष्टकुण्डलम् ।। ४७ ।। स्फुरत्किरीटवलयहारनूपुरमेखलम् ।। शङ्खचक्रगदापद्ममालामण्युत्तमर्द्धितम् ।। ४८ ।। सिंहस्कन्धत्विषो बिभ्रत्सौभगग्रीवकौस्तुभम् ।। श्रियाऽनपायिन्याऽऽक्षिप्तनिकषाश्मोरसोल्लसत् ।। ४९ ।। पूररेचकसंविग्नवलिवल्गुदलोदरम् ।।

प्रणाम छ । ज्ञान र क्रियारूप भगवानलाई हाम्रो नमस्कार छ ।।४३।। हे प्रभो ! हामी हजुरको दर्शन गर्न खोज्दछौं, अतः हजुर हामी भक्त द्वारा पूजित तथा तिनको अत्यन्त प्रिय–आफ्नो रूप देखाउनुहवस । त्यो रूप आफ्ना गुणले सबै इन्द्रियलाई तृप्त पार्नेवाला छ । त्यो वर्षाकालीन मेघ समान श्याम, सबै सौन्दर्यको भण्डार, चार सुन्दर विशाल भुजाले युक्त र अतिशय मनोहर मुखारविन्दले युक्त रहन्छ ।।४४।।४५।। जुन मुखमा कमल कोशका पालुवा झैं विशाल नेत्र, सुन्दर भृकुटी, मनोहर नासिका, परमसुन्दर दन्तपंक्ति, सुन्दर कपोलहरूले युक्त मनोहर मुख र शोभा सम्पन्न समान कर्णपुट छन् ।।४६।। जो आफ्ना मन्द-हास्य तथा मनोहर कटाक्ष-भङ्गीले सुशोभित छन् । जो कमलकर्णिकाको केसर सदृश पीत वस्त्र एवं सुन्दर कुण्डलले अलंकृत छन् ।।४७।। जो झलझलाउँदो मुकुट, कङ्कण, हार, नूपुर तथा मेखला आदिले समलंकृत, शङ्ख, चक्र, गदा, पद्म, वनमाला, कौस्तुभ मणि उत्तम शोभा सम्पन्न छन् ।।४८।। जो सिंहको काँध सदृश स्थूल काँधमा रहेका कुण्डलादिका कमनीय कान्ति धारण गरेका छन् । जसका ग्रीवा कौस्तुभ मणिले गर्दा मनोहर देखिन्छ। जो कहिल्यै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि नछुट्टिने लक्ष्मीले सुशोभित र कसौटीको ढुङ्गा सदृश श्याम वक्षस्थलले गर्दा साह्रै राम्रो देखिहरहेछ ॥ ४९ ॥ श्वास आउना-जानाले बराबर हल्लिने त्रिवली द्वारा शोभायमान उदर छ। जो स्वरूप भ्रमरी र नाभिले मानौं उसैद्वारा प्रकट गरिएको विश्वलाई फेरि उसैमा समेटिलिने चेष्टा गरिरहेको छ ॥ ५० ॥ जुन वपुका श्याम कटिप्रदेशमा स्वच्छ पीताम्बर र सुवर्णको मेखला शोभायमान छ, जो समान र सुन्दर चरण, तिघ्रा, ऊरु एवं घुँडाले गर्दा अतिशय राम्रो देखिइरहेछ ॥ ५१ ॥ जो शरत्कालको कमलदलको शोभा सम्पन्न चरणका नङको दीप्तिले हाम्रो हृदयको पापरूपी अन्धकारलाई धपाइरहेको छ। भक्तहरूको भय हरण गर्ने त्यो आफ्नो रूपको हामीलाई दर्शन दिनुहवस्, किनकि हे परम गुरो! हामी अज्ञानी प्राणीको बाटो प्रकाशमय पारिदिने हजुर हाम्रा सबभन्दा ठूला गुरु हुनुहुन्छ ॥ ५२ ॥ हे प्रभो! चित्त शुद्धिका इच्छुक पुरुषलाई हजुरको यस रूपको ध्यान गर्नु

प्रतिसंक्रामयद्विश्वं नाभ्याऽऽवर्तगभीरया ॥ ५० ॥ श्यामश्रोण्यधिरोचिष्णुदुकूलस्वर्णमेखलम् ॥ समचार्वंघ्रिजंघोरुनिम्नजानुसुदर्शनम् ॥ ५१ ॥ तदा शरत्पद्मपलाशरोचिषा नखद्युभिर्नोऽन्तरघं विधुन्वता ॥ प्रदर्शय स्वीयमपास्तसाध्वसं पदं गुरो मार्गगुरुस्तमोजुषाम् ॥ ५२ ॥ एतद्रूपमनुध्येयमात्म-शुद्धिमभीप्सताम् ॥ मद्भक्तियोगोऽभयदः स्वधर्ममनुतिष्ठताम् ॥ ५३ ॥ भवान्भक्तिमता लभ्यो दुर्लभः सर्वदेहिनाम् ॥ स्वाराज्यस्याभिमत एका-न्तेनात्मविद्गतिः ॥५४ ॥ तं दुराराध्यमाराध्य सतामपि दुरापया ॥ एकान्तभक्त्या को वाञ्छेत्पादमूलं विना बहिः ॥ ५५ ॥ यत्र निर्विष्टमरणं कृतान्तो नाभिमन्यते ॥ विश्वं विध्वंसयन्वीर्यशौर्यविस्फूर्जितभ्रुवा ॥ ५६ ॥ क्षणार्धेनापि तुलये न स्वर्गं नापुनर्भवम् ॥ भगवत्सङ्गिसङ्गस्य मर्त्यानां

आवश्यक छ किनकि आफ्नो धर्मको अनुष्ठान गर्ने पुरुषलाई भक्तियोग नै अभयदायक छ ॥५३॥ हजुर स्वर्गको शासन गर्ने भएका इन्द्रका पनि पूज्य र एकमात्र आत्मवेत्ताहरूलाई नै प्राप्त हुन योग्य हुनुहुन्छ। यद्यपि सबै प्राणीहरूको निम्ति हजुर प्राप्त हुनु कठिन छ तापनि भक्त पुरुष हजुरलाई कुनै प्रकारले प्राप्त गरी छाड्छन् ॥५४॥ अतः दुराराध्य एवं सत्पुरुलाई पनि कठिनताले भेटिने योग्य हजुरको अनन्य भक्तिले आराधना गरेर यस्तो कुन प्राणी छ, जो हजुरका चरण छाडेर बाह्य विषयहरू खोज्ला? ॥५५॥ अतिशय उत्साह तथा वीरतापूर्वक आफ्नो फर्कने भृकुटीले विश्वलाई ध्वंस पारिदिने काल पनि जसको शरणमा प्राणीहरूलाई आफ्नो गाँस तुल्याउन पाउन्न त्यस्ता हजुरका चरण छाडेर बाह्य विषयहरूतिर आफ्नो मन को दगुराउला? ॥ ५६ ॥ म त हजुरका भक्तहरूको सत्सङ्गको आधा क्षणसित स्वर्ग तथा मोक्षपदको पनि तुलना गर्न सक्तिन, फेरि मनुष्यका अन्य लालसाहरूको के

---

* दृष्टान्त (यौटा ब्राह्मण र त्यसका तीन सन्तान) एक नगरमा यौटा ब्राह्मण बस्तथे। तिनका तीन पुत्र थिए, यौटा पन्ध्र वर्षको अर्को छ वर्षको र कांछो दुइ वर्षको। नगर बाहिर यौटा शिवालय थियो त्यहाँ मेला लाग्यो। ब्राह्मण पनि आफ्ना पनि आफ्ना छोरा लिएर त्यहाँ गयो। जेठो छोरो पछि-पछि हिड्दै थियो। महिलो चाहिं बाबूको हात समातेर हिड्दै थियो र सानो काखमा थियो। जेठो छोरो पछाडि छुट्यो र ब्राह्मण अगाडि गए। पछाडि छुटेको बालकले धेरै धक्का खायो त्यसले त्यो साह्रै दुःखी भयो र बेलुका रूँदै घर आयो। जो औंला समातेर हिंड्दै थियो, त्यसले पनि निकै धक्का खायो, तापनि बाबुसँगै थियो। तर जो काखमा थियो, त्यसलाई कुनै कष्ट भएन र त्यसले आनन्दसाथ मेला हेर्‍यो। यस संसारमा पनि तीनै थरि संसाररूपी मेला हेर्दछन्। कर्मकाण्डी आफ्नो कर्मद्वारा जगत्को मेला हेर्दछन्। यसले ती स्वर्ग नरक आदिमा भौंतारिइरहन्छन्। उपासक परमात्मासित टाँसिइरहन्छन्। त्यसैले वैकुण्ठ आदि लोकहरूमा धक्का खाँदै रहन्छन्। तर ज्ञानी भक्त आवागमन रहित भएर नित्य र अक्षय सुख भोग्दछन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF Delhi

भन्नु छ ! ॥५७॥ हो पापहारी भगवन् ! जो व्यक्ति हजुरका सुयशरूपी तीर्थमा स्नान गरेर भित्र र बाहिरबाट पापहीन भइसकेका हुन्छन् र जो भूतदया, शुद्धचित्त र सुन्दर स्वभावले युक्त छन्, तिनको संग हामीलाई बराबर प्राप्त भइरहोस् । यही ममाथि हजुरको सबै भन्दा ठूलो कृपा मानिने छ ॥ ५८ ॥ जब साधकको मन बाहिरी विषयहरूको ज्याउलोमा अल्झन्न र तमस्वरूप प्रकृतिमा लीन हुँदैन तथा हजुरको भक्तियोगले अनुग्रहीत भएर निर्मल बन्दछ, तब त्यो साधक अनयास नै हजुरको स्वरूपलाई प्राप्त गरिलिन्छ ॥ ५९ ॥ जसमा यो सारा जगत् दृष्टिगोचर हुन्छ र जसद्वारा सारा जगत् प्रकाशमान रहन्छ त्यो आकाश सदृश विस्तृत र अतिशय प्रकाशपूर्ण ब्रह्मतत्त्व हजुर नै हुनुहुन्छ ॥ ६० ॥ हे स्वामिन् ! जसबाट अन्य प्राणीहरूका मनमा भेद-बुद्धि जागृत हुन्छ, किन्तु जो हजुरमाथि केही पनि प्रभाव पार्न सक्तैन, त्यस विविधरूपधारिणी माया द्वारा जो स्वयं विकार शून्य रहेर पनि यस जगत्को रचना, यसको पालन र अन्त्यमा यसको संहार गर्दछन् त्यस्ता हजुरलाई हामी परम स्वतन्त्र मान्दछौं ॥ ६१ ॥ हे देव ! जो कर्मयोगी आफ्ना कर्महरूको

किमुताशिषः ॥ ५७ ॥ अथानघांघ्रेस्तव कीर्तितीर्थयोरन्तर्बहिः स्नानविधूतपाप्मनाम् ॥ भूतेष्वनुक्रोशसुसत्त्वशीलिनां स्यात्सङ्गमोऽनुग्रह एष नस्तव ॥ ५८ ॥ न यस्य चित्तं बहिरर्थविभ्रमं तमो गुहायां च विशुद्धमाविशत् ॥ यद्भक्तियोगानुगृहीतमञ्जसा मुनिर्विचष्टे ननु तत्र ते गतिम् ॥५९॥ यत्रेदं व्यज्यते विश्वं विश्वस्मिन्नवभाति यत् ॥ तत्त्वं ब्रह्म परं ज्योतिराकाशमिव विस्तृतम् ॥ ६० ॥ यो माययेदं पुरुरूपमासृजद्बिभर्ति भूयः क्षपयत्यविक्रियः ॥ यद्भेदबुद्धिः सदिवात्मदुःस्थया तमात्मतन्त्रं भगवन्प्रतीमहि ॥ ६१ ॥ क्रियाकलापैरिदमेव योगिनः श्रद्धान्विताः साधु यजन्ति सिद्धये ॥ भूतेन्द्रियान्तःकरणोपलक्षितं वेदे च तन्त्रे च त एव कोविदाः ॥ ६२ ॥ त्वमेव आद्यः पुरुषः सुप्तशक्तिस्तया रजःसत्त्वतमो विभिद्यते ॥ महानहं खं मरुदग्निवार्धराः सुरर्षयो भूतगणा इदं यतः ॥ ६३ ॥ सृष्टं स्वशक्त्येदमनुप्रविष्टश्चतुर्विधं पुरमात्मांशकेन ॥ अथो विदुस्तं पुरुषं सन्तमन्तर्भुङ्क्ते हृषीकैर्मधु सारघं यः ॥६४॥ स एष लोकानतिचण्डवेगो विकर्षसि त्वं खलु कालयानः ॥ भूतानि भूतैरनुमेयतत्त्वो घनावलीर्वायुरिवाविषह्यः ॥ ६५ ॥ प्रमत्तमुच्चैरितिकृत्यचिन्तया प्रवृद्धलोभं विषयेषु लालसम् ॥ त्वमप्रमत्तः सहसाऽभिपद्यसे क्षुल्लेलिहानोऽहिरिवाखु-

सिद्धिका निम्ति विविध कर्महरू द्वारा पञ्चभूत, इन्द्रिय तथा अन्तःकरणको प्रेरकरूपमा उपलक्षित हजुरको यस रूपको श्रद्धासाथ राम्ररी पूजन गर्दछन् तिनै व्यक्ति वेद तथा सबै शास्त्रहरूमा कुशल हुन्छन् ॥६२॥ हे प्रभो ! जसको मायाशक्ति सृष्टिभन्दा पहिले सुतिरहेको हुन्छ (र पछि विकसित हुन्छ) ती अद्वितीय आदिपुरुष हजुर नै हुनुहुन्छ । केही समयको पछि त्यस मायाशक्तिबाट नै हजुर सत्व, रज तथा तमको भेदले एकबाट अनेक हुन्छन् । जसबाट महत्तत्त्व, अहङ्कार, आकाश, वायु, अग्नि, जल, पृथ्वी, देवता, ऋषि तथा सबै प्राणीहरूले युक्त यो संसार उत्पन्न हुन्छ ॥ ६३ ॥ यस प्रकार आफ्नी माया-शक्तिले रचित जरायुक्त, स्वेदज, अण्डज आदि चार थरिका देहरूपी नगरमा अंशरूपले प्रविष्ट जुन मधुमक्षिकाहरू द्वारा बनेको महको समान तुच्छ विषयहरूलाई आफ्ना इन्द्रियद्वारा भोग्दछ हजुरको त्यही अंशलाई मनुष्य पुरुष अर्थात् जीव भन्दछन् ॥६४॥ जस्तै प्रचण्ड वायु मेघ-मालालाई यता-उता छरिदिन्छ, त्यस्तै नै जसका स्वरूपको ज्ञान केवल अनुमानले गरिन्छ यस्ता अतिशय प्रचण्ड वेग भएका कालरूपी हजुर सबै स्थावर जंगम प्राणीहरूबाट अलग्ग पार्दै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनको संहार गरिदिन्छन् ।।६५।। हे प्रभो ! भोकले गर्दा जिब्रो हल्लाउने सर्प जस्तै मुसालाई निल्दछ, त्यस्तै नै–'यो कार्य यसरी गर्नुपर्दछ' यस्त चिन्ताले ग्रस्त हुनाको हेतुले अतिशय प्रमादयुक्त तथा विषय-लालसाले जसको लोभ बढेको रहन्छ, त्यस असावधान पुरुषलाई सदा सावधान रहिरने कालरूपी हजुर सहसा निलिदिनु हुन्छ ।।६६।। अतः कालको भयले भयभीत भएर हाम्रा गुरु ब्रह्माजीले जसको पूजन गरे तथा स्वायम्भुव आदि चौद्ध मनुहरूले उत्पत्तिको विना नै केवल ब्रह्माजीको कुरामा विश्वास गरेर नै जसको पूजा गरे, त्यस्ता हजुरका चरण-कमलको–हजुरको अवहेलना गर्नाले भयले जसको देह कामिरहेको होस्–यस्तो कुन विद्वान् पुरुष होला, जो त्याग्न सक्ला ? ।।६७।। हे ब्रह्मन् ! हे परमात्मन् ! सारा जगत् रुद्र-स्वरूप कालको भमले व्याकुल भइरहेको छ । अतएव यस तत्त्वका ज्ञाता हामीहरूको यस बखत हजुर नै यौटा निर्भय गति हुनुहुन्छ ।।६८।। हे राजकुमार हो ! तिम्रो कल्याण होस् ! तिमी विशुद्ध मनले आफ्नो धर्मको पालन गर्दै भगवान्मा मन लगाएर मैले भनेको यस मन्त्रलाई जप्दै रह ।।६९।। तिमी सदा भगवान्को स्तुतितिर ध्यान राख्दै

मन्तकः ॥ ६६ ॥ कस्त्वत्पदाब्जं विजहाति पण्डितो यस्तेऽवमानव्ययमानकेतनः ॥ विशङ्कयाऽस्मद्गुरुरर्चति स्म यद्विनोपपत्तिं मनवश्चतुर्दश ॥६७॥ अथ त्वमसि नो ब्रह्मन्परमात्मन्विपश्चिताम् ॥ विश्वं रुद्रभयध्वस्तमकुतश्चिद्भया गतिः ॥ ६८ ॥ इदं जपत भद्रं वो विशुद्धा नृपनन्दनाः ॥ स्वधर्ममनुतिष्ठन्तो भगवत्यर्पिताशयाः ॥ ६६ ॥ तमेवात्मानमात्मस्थं सर्वभूतेष्ववस्थितम् ॥ पूजयध्वं गृणन्तश्च ध्यायन्तश्चासकृद्धरिम् ॥ ७० ॥ योगादेशमुपासाद्य धारयन्तो मुनिव्रताः ॥ समाहितधियः सर्व एतदभ्यसतादृताः ॥ ७१ ॥ इदमाह पुराऽस्माकं भगवान्विश्वसृक्पतिः ॥ भृग्वादीनामात्मजानां सिसृक्षुः संसिसृक्षताम् ॥ ७२ ॥ ते वयं नोदिताः सर्वे प्रजासर्गे प्रजेश्वराः ॥ अनेन ध्वस्ततमसः सिसृक्ष्मो विविधाः प्रजाः ॥ ७३ ॥ अथेदं नित्यदा युक्तो जपन्नवहितः पुमान् ॥ अचिराच्छ्रेय आप्नोति वासुदेवपरायणः ॥ ७४ ॥ श्रेयसामिह सर्वेषां ज्ञानं निःश्रेयसंपरम् ॥ सुखं तरति दुष्पारं ज्ञाननौर्व्यसनार्णवम् ॥ ७५ ॥ य इमं श्रद्धया युक्तो मद्गीतं भगवत्स्तवम् ॥ अधीयानो दुराराध्यं हरिमाराधयत्यसौ ॥ ७६ ॥ विन्दते पुरुषोऽमुष्माद्यद्यदिच्छत्यसत्वरम् ॥ मद्गीतगीतात्सुप्रीताच्छ्रेयसामेकवल्लभात् ॥ ७७ ॥ इदं यः कल्य उत्थाय प्राञ्जलिः श्रद्धयान्वितः ॥

आफ्नो अन्तःकरणमा विराजमान सर्वभूतान्तर्यामी परमात्माको आराधना गर ।।७०।। हामी द्वारा यो 'योगादेशस्तोत्र' प्राप्त गरेर र यसलाई आफ्नो मनमा धारण गरेर मुनिव्रतको आचरण गर्दै तिमीहरू एकाग्र चित्तले यसको आदरपूर्वक अभ्यास गर्दै रहो ।।७१।। यस स्तोत्रलाई पूर्वकालमा प्रजापतिहरूका पनि पति र सृष्टिका इच्छुक भगवान् ब्रह्माजीले प्रजालाई उत्पन्न गर्ने अभिलाषा भएका हामी भृगु आदि आफ्ना छोराहरू प्रति भनेथे ।।७२।। त्यस बखत प्रजा उत्पन्न गर्नकालागि ब्रह्माजीद्वारा प्रेरित हामी प्रजापतिहरूले यही स्तोत्रको प्रभावले आफ्नो अज्ञानरूपी अन्धकार नष्ट गरेर विविध प्रकारका प्रजा उत्पन्न गरेका थिए ।।७३।। जो कोही वासुदेव-परायण पुरुष निरन्तर समाहित चित्तले यसको जप गर्दछन्, उनलाई तुरुन्त श्रेय प्राप्त हुन्छ ।।७४।। सबै श्रेयहरूमा मोक्षदायक ज्ञान नै सर्वश्रेष्ठ श्रेय मानिन्छ । ज्ञानरूपिणी डुङ्गामा आरूढ पुरुष यस संसार-सागरलाई सहजै तरेर पारी पुग्न सक्तछ ।।७५।। जुन पुरुष मैले भनेको यस भगवत् स्तोत्रलाई श्रद्धापूर्वक पाठ गर्दै ठूलो कष्ट सहेर आराधना गर्न योग्य भगवान्को आराधना गर्दछन् भने ती जुन वस्तुको इच्छा गर्दछन्, त्यसैलाई मैले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

भनेको यस स्तोत्रको गायनद्वारा अतिशय प्रसन्न र सबै श्रेयका एकमात्र आश्रयस्वरूप श्रीभगवान्बाट तत्काल प्राप्त गर्दछ ॥७६॥७७॥ जो पुरुष बिहानै उठेर अतिशय श्रद्धापूर्वक र हात जोरेर यसलाई सुन्दछ वा सुनाउँदछ, त्यो सबै कर्मबन्धनबाट मुक्त हुन्छ ॥७८॥ अतएव हे राजपुत्र हो ! मैले बताएका परमपुरुष परमात्माको यस स्तोत्रको एकाग्रमनले जप गर्दै तिमी घोर तपस्या गर । यसैले तिमीलाई अभिलषित फल मिल्दछ ॥७९॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां चतुर्विंशोऽध्यायः ॥२४॥

(पुरञ्जनोपाख्यान) मैत्रेयजी भन्दछन्—हे विदुरजी ! ती प्रचेताहरूलाई यस प्रकार ज्ञानोपदेश दिएर र उनीद्वारा राम्ररी सत्कृत भएर शङ्कर भगवान् ती राजपुत्रहरूले हेर्दाहेर्दै अन्तर्धान भए ॥ १ ॥ त्यसपछि भगवान् रुद्रले भनेको रुद्रगीतात्मक भगवत् स्तोत्रको जप गर्दै ती सबै प्रचेता जलमा उभिएर दस हजार वर्षसम्म तपस्या गर्दैरहे ॥२॥ हे विदुरजी ! त्यसै वेला आत्मतत्त्वका ज्ञाता तथा परम कृपालु श्रीनारदजीले राजा प्राचीनबर्हिको आत्मतत्वको उपदेश दिए, किनकि त्यस वेला उनको चित्त कर्ममा आसक्त भइरहेको

शृणुयाच्छ्रावयेन्मर्त्यो मुच्यते कर्मबन्धनैः ॥ ७८ ॥ गीतं मयेदं नरदेवनन्दनाः परस्य पुंसः परमात्मनः स्तवम् ॥ जपन्त एकाग्रधियस्तपो महच्चरध्वमन्ते तत आप्स्यथेप्सितम् ॥ ७९ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे रुद्रगीतं नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥ मैत्रेय उवाच ॥ इति संदिश्य भगवान्बार्हिषदैरभिपूजितः ॥ पश्यतां राजपुत्राणां तत्रैवान्तर्दधे हरः ॥ १ ॥ रुद्रगीतं भगवतः स्तोत्रं सर्वे प्रचेतसः ॥ जपन्तस्ते तपस्तेपुर्वर्षाणामयुतं जले ॥ २ ॥ प्राचीनबर्हिषं क्षत्तः कर्मस्वासक्तमानसम् ॥ नारदोऽध्यात्मतत्त्वज्ञः कृपालुः प्रत्यबोधयत् ॥ ३ ॥ श्रेयस्त्वं कतमद्राजन्कर्मणाऽऽत्मन ईहसे ॥ दुःखहानिः सुखावाप्तिः श्रेयस्तन्नेह चेष्यते ॥ ४ ॥ राजोवाच ॥ न जानामि महाभाग परं कर्मापविद्धधीः ॥ ब्रूहि मे विमलं ज्ञानं येन मुच्येय कर्मभिः ॥ ५ ॥ गृहेषु कूटधर्मेषु पुत्रदारधनार्थधीः ॥ न परं विन्दते मूढो भ्राम्यन्संसारवर्त्मसु ॥ ६ ॥ नारद उवाच ॥ भो भोः प्रजापते राजन्पशून्पश्य त्वयाऽध्वरे ॥ संज्ञापिताञ्जीवसङ्घान्निर्घृणेन सहस्रशः ॥७॥ एते त्वां संप्रतीक्षन्ते स्मरन्तो वैशसं तव ॥ संपरेतमयःकूटैश्छिन्दन्त्युत्थितमन्यवः ॥ ८ ॥ अत्र ते कथयिष्येऽमुमितिहासं पुरातनम् ॥ पुरञ्जनस्य चरितं निबोध गदतो मम ॥९॥ आसीत्पुरञ्जनो नाम राजा

थियो ॥३॥ नारदजी भन्दछन्—हे राजन् ! यी कार्यहरू गरेर तिमी के श्रेय खोज्दछौ ? किनकि दुःखको नाश र सुखको प्राप्तिरूपी श्रेय त कर्ममार्गबाट प्राप्त हुन सक्तैन ॥४॥ राजा भन्दछन्—हे महाभाग नारदजी ! मेरो बुद्धि कर्ममा व्यस्त छ । यसै निम्ति म यो बाहेक अरु कुनै कल्याणको बाटो जान्दिन । अतः हजुर मलाई निर्मल ज्ञानको उपदेश दिनुहवस् जसले म कर्मबन्धनबाट मुक्त हुन सकूँ ॥५॥ किनकि पुत्र, स्त्री, धनलाई नै परम पुरुषार्थ मान्ने भएको म मूढ पुरुष कपटपूर्ण धर्मले गृहस्थाश्रममा रहेर आवागमनरूपी संसार मार्गमा नै भुलि रहन्छ, जसले त्यो परमात्मालाई पाउँदैन ॥६॥ नारदजी भन्दछन्—हे प्रजापति महाराज ! तिमीले यज्ञमा जुन हजारौं प्राणिहरूको निर्दयतापूर्वक बलि दिएका छौ, तिनलाई आकाशमा विद्यमान हेर ॥७॥ ती सबै तिमीद्वारा प्राप्त पीडालाई सम्झेर तिम्रो बाटो बथानिरहेका छन् । तिमी मरेपछि ती फलामले बनेका अङ्खझैं आफ्ना सींगद्वारा रिसले तिमीलाई मार्दछन् ॥८॥ हे राजन ! यसै विषयमा म तिमीलाई पुरञ्जनोपाख्यान नामक यौटा इतिहास सुनाउछु, त्यो सावधान मनले सुन—हे राजन् ! पूर्वकालमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरञ्जन नामक यौटा निकै ठूला र यशस्वी राजा भएका थिए । अविज्ञात नामको यौटा मित्र थियो, त्यसको कर्म कसैलाई पनि थाहा थिएन ॥ १० ॥ त्यो राजा आफ्नो योग्य स्थान खोज्दै सम्पूर्ण पृथ्वीमा डुल्दै रह्यो । जब त्यलाई कुनै पनि अनुकूल स्थान प्राप्त भएन तब त्यो केही विक्षिप्त झैं भयो ॥११॥ भिन्न-भिन्न विषयहरूको इच्छा भएको त्यो राजा पुरञ्जनके ती विषयहरू भोग्नको निम्ति पृथ्वी-तलमा जुन-जुन नगर देख्यो, तीमध्ये उसलाई यौटा पनि मनपरेन ॥१२॥ एक दिन उसले हिमालयको दक्षिणको फेदीमा सबै शुभ लक्षणहरूले युक्त नौ द्वारको यौटा नगर देख्यो ॥१३॥ त्यो चारैतिरबाट परखाल, उपवन, खाईहरू, आँखीझ्याल, ध्वजा-पताका, जुन चाँदी र फलामका शिखरले युक्त भवनहरूले बाक्लो बसेको थियो ॥१४॥ त्यसको महलका पटांगिनी नीलमणि, स्फटिक, वैदूर्य, मुक्ता मरकत, र राता मणिहरूले बनेको थियो । आफ्नो कान्तिले बल्दो त्यो नगर नागहरूको राजधानी भोजवतीपुरी झैं देखिन्थ्यो ॥१५॥ त्यो नगर अनेक सभागार चोक, गल्लीहरू, क्रीडा भवन, बजारहरू, विश्रामस्थल ध्वज--पताका एवं मूगाका बेदीहरूले परिपूर्ण

राजन्बृहच्छ्रवाः॥ तस्याविज्ञातनामासीत्सखाऽविज्ञातचेष्टितः ॥१०॥ सोऽन्वेषमाणःशरणं बभ्राम पृथिवीं प्रभुः ॥ नानुरूपं यदाविन्ददभूत्स विमना इव ॥११॥ न साधु मेने ताः सर्वा भूतले यावतीः पुरः ॥ कामान्कामयमानोऽसौ तस्य तस्योपपत्तये ॥१२॥ त एकदा हिमवतो दक्षिणेष्वथ सानुषु ॥ ददर्श नवभिर्द्वार्भिः पुरं लक्षितलक्षणाम् ॥ १३ ॥ प्राकारोपवनाट्टालपरिखैरक्षतोरणैः स्वर्णरौप्यायसैः शृङ्गैः संकुलां सर्वतो गृहैः ॥ १४ ॥ नीलस्फटिकवैदूर्यमुक्तामरकतारुणैः ॥ क्लृप्तहर्म्यस्थलीं दीप्तां श्रिया भोगवतीमिव ॥ १५ ॥ सभाचत्वररथ्याभिराक्रीडायतनापणैः ॥ चैत्यध्वज-पताकाभिर्युक्तां विद्रुमवेदिभिः ॥ १६ ॥ पुर्यास्तु बाह्योपवने दिव्यद्रुमलताकुले ॥ नदद्विहङ्गालिकुलकोलाहलजलाशये ॥ १७ ॥ हिमनिर्झरविप्रुष्म-त्कुसुमाकरवायुना ॥ चलत्प्रवालविटपनलिनीतटसंपदि ॥ १८ ॥ नानारण्यमृगव्रातैरनाबाधे मुनिव्रतैः ॥ आहूतं मन्यते पान्थो तत्र कोकिल-कूजितैः ॥ १६ ॥ यदृच्छयाऽऽगतां तत्र ददर्श प्रमदोत्तमाम् ॥ भृत्यैर्दशभिरायान्तीमेकैकशतनायकैः ॥ २० ॥ पञ्चशीर्षाहिना गुप्तां प्रतिहा-रेण सर्वतः ॥ अन्वेषमाणामृषभमप्रौढां कामरूपिणीम् ॥ २१ ॥ सुनासां सुदतीं बालां सुकपोलां वराननाम् ॥ समविन्यस्तकर्णाभ्यां बिभ्रतीं

थियो ॥१६॥ त्यस नगरको बाहिर दिव्य वृक्ष तथा लताहरूले पूर्ण मोटा उपवन थिए जुन विविध प्रकारका बोली बोल्ने पक्षिहरू र भ्रमराहरूको कलरवले गुञ्जायमान सरोवरले सुसज्जित थियो । सरोवरका तटवर्ती वृक्ष शीतल छहराका जलकणले युक्त र वसन्तकालीन वायुले हल्लने नवपल्लवले सम्पन्न भएर त्यसको शोभा बढाइरहेका थिए । अहिंसादि मुनि व्रत धारण गर्ने त्यहाँका जंगली पशुहरूसित कुनै प्रकारको भय, कष्ट थिएन । त्यहाँको बाटोमा हिंड्ने पथिकलाई कोइलीको बोलीले आफूलाई नै डाकेको हो कि भन्ने भ्रम पार्दथ्यो त्यस विचित्र वनमा राजा पुरञ्जनले यौटी अति सुन्दरी रमणीलाई दस सेवकसित सहसा आउन लागेकी देखे, तीमध्ये प्रत्येक सेवक सय नायिकाका स्वामी थिए ॥१९॥२०॥ रमणी आफ्नो द्वारपालरूपी पाँच फणा हुने सर्पद्वारा चारैतिरबाट सुरक्षित भई आफ्नो निम्ति यौटा उत्तम पतिको खोजीमा थिई । त्यस नारीको भर्खर युवावस्था थियो॥२१॥त्यसको नासिका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDT - Delhi

२४॥ दन्तपंक्ति, कपोल तथा मुख सान्है राम्रो थियो । त्यो बर्ता सुकुमारी थिई र कानमा आफ्नो योग्य कुण्डलको शोभा धारण गरेकी थिई ॥ २२ ॥ त्यसको कटिभाग सुन्दर श्यामवर्णको थियो । त्यो अलि पहेंलो रंगको साड़ी र सुवर्णको मेखला धारण गरेकी थिई र हिंड्दा आफ्ना चरणका नूपुरको झंकारले कुनै देवी जस्ती देखिइन्थी ॥२३॥ त्यो गजराज सदृश मन्द मन्द चालले हिंड्ने युवती युवावस्थाको आगमनको सूचना दिने भएका आफ्ना वाटुला र परस्पर टाँसिएका स्तनलाई लाजले वारम्वर सप्कोले छोपेर हिंड्दथी ॥२४॥ राजा पुरंजनले प्रेमोद्वेगले चञ्चल त्यस युवतीका भ्रुकुटी-धनुषबाट छुट्ने प्रयास-कटाक्षरूपी वाणले विद्ध भएर त्यस लज्जायुक्त हास्यले शोभित सुन्दरीप्रति मीठो र आकुल वाणीमा भने–॥२५॥ 'हे कमलदल सदृश नयन हुने सुन्दरि ! तिमी को हौ ? कसकी छोरी हौ ? हे सती ! यस वेला तिमी कताबाट आइरहेकी छौ ? यस पुरीमा तिमी के गर्न खोजिरहेकी छौ ? यो सबै मसित मन ॥२६॥जुन एघार ठूला-ठूला शूरवीर छन्, यी तिम्रा को हुन् ? हे राम्रा आँखीभौं हुने सुन्दरी ! तिम्रा संगका यी सहेलीहरू र सधैं अगाडि लागिरहने यो सर्प को हो ॥२७॥

कुण्डलश्रियम् ॥२२॥ पिशाङ्गनीवीं सुश्रोणीं श्यामां कनकमेखलाम् ॥ पद्भ्यां क्वणद्भ्यां चलतीं नूपुरैर्देवतामिव ॥ २३ ॥ स्तनौ व्यञ्जितकैशोरौ समवृत्तौ निरन्तरौ ॥ वस्त्रान्तेन निगूहन्तीं व्रीडया गजगामिनीम् ॥ २४ ॥ तामाह ललितं वीरः सव्रीडस्मितशोभनाम् ॥ स्निग्धेनापाङ्गपुंखेन स्पृष्टः प्रेमोद्भ्रमद्भ्रुवा ॥ २५ ॥ का त्वं कञ्जपलाशाक्षि कस्यासीह कुलः सति ॥ इमामुपपुरीं भीरु किं चिकीर्षसि शंस मे ॥ २६ ॥ क एतेऽनुपथा ये त एकादश महाभटाः ॥ एता वा ललनाः सुभ्रु कोऽयं तेऽहिः पुरःसरः ॥ २७ ॥ त्वं ह्रीर्भवान्यस्यथ वाग्रमा पतिं विचिन्वती किं मुनिवद्रहो वने ॥ ॥ त्वदंघ्रिकामाप्तसमस्तकामः क्व पद्मकोशः पतितः कराग्रात् ॥ २८ ॥ नासां वरोर्वन्यतमा भुविस्पृक् पुरीमिमां वीरवरेण साकम् ॥ अर्हस्यलङ्कर्तुमदभ्रकर्मणा लोकं परं श्रीरिव यज्ञपुंसा ॥ २९ ॥ यदेष माऽपाङ्गविखण्डितेन्द्रियं सव्रीडभावस्मितविभ्रमद्भ्रुवा ॥ त्वयोपसृष्टो भगवान्मनोभवः प्रबाधतेऽथानुगृहाण शोभने ॥ ३० ॥ त्वदाननं सुभ्रु सुतारलोचनं व्यालम्बिनीलालकवृन्दसंवृतम् ॥ उन्नीय मे दर्शय वल्गुवाचकं यद्व्रीडया नाभिमुखं शुचिस्मिते ॥ ३१ ॥ नारद उवाच ॥ इत्थं पुरञ्जनं नारी याचमानमधीरवत् ॥ अभ्यनन्दत तं वीरं हसन्ती वीरमोहिता

जसका सबै कामनाहरू तिम्रा चरण-कमलको प्राप्तिले नै पूर्ण भइसकेका छन्, यस्तो वनमा मुनिहरू जस्तै एकान्त वास गरेर आफ्नो पतिलाई खोज्ने के तिमी साक्षात् लज्जा, पार्वती, सरस्वती अथवा लक्ष्मी त होइनौ ? यदि तिमी लक्ष्मी हौ भने तिम्रो हातको क्रीडा-कमल कता हरायो ? हे वरोरु ! तिमी आफ्ना पैतालाले पृथ्वीको स्पर्श गर्दछ्यौं, यस निम्ति थाहा पाइन्छ कि इनीहरूमध्ये तिमी कुनै पनि होइनौ । अतः जस्तै विष्णु भगवान्‌सित बस्ने लक्ष्मीजी वैकुण्ठको शोभा बढाउँछिन्, त्यस्तै नै यी परम पराक्रमी वीरश्रेष्ठसित बसेर तिमी अवश्य यस नगरीको शोभा बढाउने छौ ॥२९॥ हे सुन्दरी ! तिम्रो कटाक्षले विकलेन्द्रिय मलाई तिम्रो लज्जापूर्ण मुसकान र भ्रूभङ्गिमाले प्रेरित भएर बढेको कामदेव दुःख दिदैछ । अतः अब तिमी ममाथि कृपा गर ॥३०॥ हे शुचिस्मिते ! जो लाजले मतिर उठिरहेको छैन, जुन सुन्दर भृकुटी तथा राम्रा परेलाले युक्त नयनहरू तथा लामा, नीला र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घुँघुरिएका अलकावलीले ढाकिएको छ, त्यो मृदुभाषी तथा मनोहर मुख अलि माथि गरेर मलाई देखाऊ ॥३१॥ श्रीनारदजी भन्दछन्–हे वीर ! यसप्र.ार *जीवनको मूल्य नबुझ्ने अधीर पुरुष झैं पुरञ्जनले याचना गरेपछि ती स्त्रीले राजाको सौन्दर्यमा मुग्ध भएर हाँस्तै तिनको भनाईको समर्थन गरिन् ॥३२॥ तिनले भनिन्–'हे पुरुषश्रेष्ठ ! म आफ्ना पितालाई जान्दिन, न मलाई आफ्नो वा अर्काको नाम तथा गोत्र नै थाहा छ । हामी सबै जना आज यस पुरीमा विद्यमान छौं–यसको निम्ति हामी अरु केही पनि जा दैनौं । हे वीर ! हाम्रो निवासस्थान स्वरूप यो पुजारी कसले वसाएको हो, त्यो पनि हामीलाई थाहा छैन ॥२४॥ हे मानद ! यी सबै पुरुष स्त्रीहरू मेरा मित्र रमेरीसहेली हरू हुन् । जब म निदाउँछु, तब यो सर्प यस पुरीको रक्षा गर्दै जागी रहन्छ ॥३५॥ हे शत्रुनाशन ! हजुरको अल्याण होस् ! यो ठूलो सौभाग्यको कुरा हो कि हजुर पाल्नुभयो । हजुरलाई विषय भोगको अभिलाषा छ भने

॥ ३२ ॥ न विदाम वयं सम्यक्कर्तारं पुरुषर्षभ ॥ आत्मनश्च परस्यापि गोत्रं नाम च यत्कृतम् ॥ ३३ ॥ इहाद्य सन्तमात्मानं विदाम न ततः परम् ॥ येनेयं निर्मिता वीर पुरी शरणमात्मनः ॥ ३४ ॥ एते सखायः सख्यो मे नरा नार्यश्च मानद ॥ सुप्तायां मयि जागर्ति नागोऽयं पालयन्पुरीम् ॥ ३५ ॥ दिष्ट्याऽऽगतोऽसि भद्रं ते ग्राम्यान्कामानभीप्ससे ॥ उद्वहिष्यामि तांस्तेऽहं स्वबन्धुभिररिन्दम ॥ ३६ ॥ इमां त्वमधितिष्ठस्व पुरीं नवमुखीं विभो ॥ मयोपनीतान्गृह्णानः कामभोगाञ्छतं समाः ॥ ३७ ॥ कं नु त्वदन्यं रमये ह्यरतिज्ञमकोविदम् ॥ असंपरायाभिमुखमश्वस्तनविदं पशुम् ॥ ३८ ॥ धर्मो ह्यत्रार्थकामौ च प्रजानन्दोऽमृतं यशः ॥ लोका विशोका विरजा यां न केवलिनो विदुः ॥ ३९ ॥ पितृदेवर्षिमर्त्यानां भूतानामात्मनश्च ह ॥ क्षेम्यं वदन्ति शरणं भवेऽस्मिन्यद्गृहाश्रमः ॥ ४० ॥ का नाम वीर विख्यातं वदान्यं प्रियदर्शनम् ॥ न वृणीत

आफ्ना संगिनीहरू द्वारा म हजुरको सबै इच्छित भोग प्रस्तुत गर्न सक्छु ॥३६॥ हे नाथ ! हजुर यो नौ द्वारको पुरीमा मद्वारा प्रस्तुत गरिएका विषयहरूको भोग गर्दै सय वर्षसम्म निवास गर्नुहवस् ॥३७॥ हे प्रिय ! हजुर बाहेक के म विषय-सुखबाट अनभिज्ञ, वैध भोगहरू पनि लत्याइदिने, परलोकको चिन्ता रहित र फल के होला, यसको विचार पनि नगर्ने कुनै अन्य कुन नर-पशुसित विहार गर्नेछु ? ॥३८॥ अहो ! गृहस्थाश्रममा रहेर नै धर्म, अर्थ, काम, पुत्र-पालनको सुख, अमरता तथा सुयश पाइन्छन् । यसमा ती स्वर्गादि दिव्यलोक पनि पाइन्छन् जसलाई विरज, विशोक र केवलानन्दी पुरुष पनि जान्न असमर्थ हुन्छन् ॥३९॥ यस लोकमा देवता, ऋषि, मनुष्य तथा सबै प्राणीहरूका र आफ्ना पनि मङ्गलमय आश्रय-

---

* दृष्टान्त (जीवनको मूल्य)—राजकुमार सिद्धार्थ सानैबेखि साह्रै दयालु थिए । एक दिन ती बगैचामा डुलिरहेका थिए । त्यसै बेला उडिरहेका पक्षिसमूह माथि उनको काकाको छोरो देवदत्तले बाण प्रहार गर्‍यो बाणले घायल भएर यौटा पक्षी सिद्धार्थको नगीचै खस्यो । सिद्धार्थले त्यसलाई उठाए र त्यसको घाउ मुसार्न लागे । देवदत्त आएर भने–'यसलाई मैले मारेको हो । ल्याऊ, मलाई देऊ ।' सिद्धार्थले भने–'पक्षी यदि मरिगएको भए तिमीलाई दिने थिएँ, तर यो जीवित छ । अतः म तिमीलाई दिन सक्तिन ।' दुवै राजकुमार झगडा गर्न लागे । अन्तमा ती दुवै न्याय गराउन अड्डामा पुगे । त्यहाँ पनि दुइ प्रश्न उपस्थित भयो । यस निम्ति यो विवादको निर्णय गर्न कठिन देखियो । त्यसै बीच यौटा वृद्ध व्यक्ति आइपुग्यो । सबै जनाले प्रार्थना गरेर वृद्धसित भने–'यी दुवै राजकुमार झगडा गर्दैछन् । यसको न्याय गरिदेऊ ।' उसले भन्यो–'यदि जीवनको कुन मूल्य हुन सक्दछ भने मार्ने प्रयत्न गर्ने व्यक्तिको अपेक्षा बचाउने व्यक्तिको जीवित प्राणीमा बढी अधिकार हुन्छ ।' वृद्धको न्यायसंगत कुरा सुनेर दुवैलाई सन्तोष भयो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

स्थल गृहस्थाश्रम नै कहिन्छ ॥ ४० ॥ हे वीर ! यस लोकमा हजुर जस्ता विख्यात, उदार प्रियदर्शन पति पाएर म समान यस्ती कुन स्त्री छ, जो हजुरलाई पतिरूपमा वरण नगर्ली ॥ ४१ ॥ हे महाबाहो ! जो आफ्नो मन्द-हास्ययुक्त मधुर हेराईले हामीजस्ता अनाथ जीवहरूको मानसिक सन्ताप हरण गरिदिनका निम्ति नै पृथ्वीमा डुल्नुहुन्छ, यस्ता सूर्य झैं हजुरका सुकोमल बाहुमा कुन नारीको मन अल्झन नपुग्ला ? ॥४२॥ नारदजी भन्दछन्—हे राजन् ! त्यसपछि ती स्त्री-पुरुषले परस्पर शपथ खाएर त्यही नगरमा गएर सैकडौं वर्ष आनन्द गर्दै रहे ॥४३॥ राजा पुरञ्जन सबैतिर गायकहरू द्वारा आफ्नो सुयश-गान, ग्रीष्ममा जल-क्रीडा गर्नको लागि स्त्रीहरू सित नदीमा पुग्दथे ॥ ४४ ॥ त्यस पुरीका जो अधिपति थियो, त्यसले अनेक देशतिर जानको लागि त्यस पुरीमा सात द्वार मास्तिर तथा दुइ द्वार तलतिर बनाएको थियो ॥४५॥ हे राजन् ! माथि कहिएका नौ द्वारहरूमा पाँच पूर्व, एक दक्षिण, एक उत्तर र दुइ पश्चिमतिर थिए । अब तिनको नाउँ म तिमीलाई भन्दछु सुन—॥ ४६ ॥ पूर्वतिर खद्योत र आविर्मुख नामका

प्रियं प्राप्तं मादृशी त्वादृशं पतिम् ॥ ४१ ॥ कस्या मनस्ते भुवि भोगिभोगयोः स्त्रिया न सज्जेद्भुजयोर्महाभुज॥ योऽनाथवर्गाधिमलं घृणोद्धतस्मिता-
वलोकेन चरत्यपोहितुम् ॥ ४२ ॥ नारद उवाच ॥ इति तौ दम्पती तत्र समुद्य समयं मिथः ॥ तां प्रविश्य पुरीं राजन्मुमुदाते शतं समाः ॥४३॥
उपगीयमानो ललितं तत्र तत्र च गायकैः ॥ क्रीडन्परिवृतः स्त्रीभिर्ह्रदिनीमाविशच्छुचौ ॥ ४४ ॥ सप्तोपरि कृता द्वारः पुरस्तस्यास्तु द्वे अधः ॥
पृथग्विषयगत्यर्थं तस्यां यः कश्चनेश्वरः ॥ ४५ ॥ पञ्च द्वारस्तु पौरस्त्या दक्षिणैका तथोत्तरा ॥ पश्चिमे द्वे अमूषां ते नामानि नृप वर्णये ॥ ४६ ॥
खद्योताविर्मुखी च प्राग्द्वारावेकत्र निर्मिते ॥ विभ्राजितं जनपदं याति ताभ्यां द्युमत्सखः ॥ ४७ ॥ नलिनी नालिनी च प्राग्द्वारावेकत्र निर्मिते ॥
अवधूतसखस्ताभ्यां विषयं याति सौरभम् ॥४८॥ मुख्यानाम पुरस्ताद्द्वास्तयापणबहूदनौ ॥ विषयौ याति पुरराड्रसज्ञविपणान्वितः ॥४९॥ पितृहूर्नृप-
पुर्या द्वार्दक्षिणेन पुरञ्जनः ॥ राष्ट्रं दक्षिणपञ्चालं याति श्रुतधरान्वितः॥५०॥ देवहूर्नाम पुर्याद्वा उत्तरेण पुरञ्जनः ॥ राष्ट्रमुत्तरपञ्चालं यातिश्रुतिधरान्वितः
॥५१॥ आसुरी नाम पश्चाद्द्वास्तया याति पुरञ्जनः ॥ ग्रामकं नाम विषयं दुर्मदेन समन्वितः ॥५२॥ निर्ऋतिर्नाम पश्चाद्द्वास्तया याति पुरंजनः ।

दुइ द्वार बनेका थिए । तिनै द्वारबाट राजा पुरञ्जन आफ्नो मित्र द्युमान्‌सित विभ्राजित नामको देशमा जाने गर्दथे ॥ ४७ ॥ त्यसै गरी पूर्व दिशामा यौटै स्थानमा त्यस नगरमा नलिनी र नालिनी नामका दुइ द्वार अरु पनि थिए । त्यसबाट राजा आफ्नो मित्र अवधूतसित सौरभ नामको नगरमा जाने गर्दथे ॥४८॥ पूर्वतिर मुख्या नामको यौटा द्वार थियो । त्यताबाट राजा पुरञ्जन आफ्नो मित्र रसज्ञ तथा विपणसित क्रमशः बहूदन र आपण नामका दुइ देशमा जाने गर्दथे ॥ ४९ ॥ हे राजन् ! त्यस पुरीको दक्षिणतिर पितृहू नामको यौटा द्वार थियो, त्यस द्वारबाट पुरञ्जन श्रुतिधर नामक मित्रसित दक्षिण पाञ्चाल देशमा जाने गर्दथे ॥५०॥ उत्तर तिर देवहू नामको यौटा द्वार थियो, त्यताबाट राजा आफ्नो श्रुतधर नामको मित्रसित उत्तर पाञ्चाल देशमा जाने गर्दथे ॥५१॥ पुरीको पश्चिमतिर आसुरी नामको यौटा द्वार थियो । त्यसबाट राजा पुरञ्जन)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो मित्र दुर्मदसित ग्रामक देशमा जाने गर्दथे ॥५२॥ निऋति नामको यौटा पश्चिमी द्वार थियो त्यसवाट राजा आफ्नो मित्र लुब्धकसित वैशस नाम देशमा जान्थे ॥ ५३ ॥ त्यस नगरका निवासीहरूमा निर्वाक् तथा पेशस्कृत यी दुइ नागरिक अन्धा लिए। तिनैको भरमा राजा पुरञ्जन सेन्द्रिय नागरिकहरूको अधिपति बनेर आफ्नो इच्छित स्थानमा जान्थ्यो र सबै काम गर्दथ्यो ॥ ५४ ॥ अब राजा पुरञ्जन आफ्नो मुख्य सेवक विषूचीनसित अन्तःपुरमा जान्थे, तब स्त्रीगण र पुत्रहरूले गर्दा हुने मोह, प्रसन्नता आदि विकारहरूको अनुभव गर्दथ्यो ॥ ५५ ॥ यसरी विविध काममा अल्झेको, विषयमा आसक्त र स्त्रीद्वारा ठगिएको त्यो अज्ञानी राजा पुरञ्जन जुन-जुन काम उसकी मगपरेकी रानी गर्दथी, उही काम ऊ स्वयं गर्न थाल्दथ्यो ॥५६॥ जब त्यो रक्सी खान्थी तब स्वयं पनि मुग्ध भएर रक्सी खान लाग्दथ्यो, जब त्यो खान्थी तब ऊ पनि खान लाग्थ्यो र जब ऊ दमेना चपाउँथी तब स्वयं पनि चपाउन थाल्दथ्यो ॥५७॥ जब त्यो गाउँथी तब ऊ पनि गाउन लाग्दथ्यो, त्यो रोए ऊ पनि रुन थाल्दथ्यो, त्यसले हाँस्ता ऊ पनि हाँस्न लाग्दथ्यो,

वैशसं नाम विषयं लुब्धकेन समन्वितः ॥ ५३ ॥ अन्धावमीषां पौराणां निर्वाक्पेशस्कृतावुभौ ॥ अक्षण्वतामधिपतिस्ताभ्यां याति करोति च ॥ ५४ ॥ स यर्ह्यन्तःपुरगतो विषूचीनसमन्वित ॥ मोहं प्रसादं हर्षं वा याति जायात्मजोद्भवम् ॥ ५५ ॥ एवं कर्मसु संसक्तः कामात्मा वञ्चितोऽबुधः ॥ महिषी यद्यदीहेत तत्तदेवान्ववर्तत ॥५६॥ क्वचित्पिबन्त्यां पिबति मदिरां मदविह्वलः ॥ अश्नन्त्यां क्वचिदश्नाति जक्षत्यां सह जक्षति ॥५७॥ क्वचिद्गायति गायन्त्यां रुदत्यां रुदति क्वचित् ॥ क्वचिद्धसन्त्यां हसति जल्पन्त्यामनुजल्पति ॥५८॥ क्वचिद्धावति धावन्त्यां तिष्ठन्त्यामनुतिष्ठति ॥ अनुशेते शयानायामन्वास्ते क्वचिदासतीम् ॥५९॥ क्वचिच्छृणोति शृण्वन्त्यां पश्यन्त्यामनुपश्यति ॥ क्वचिज्जिघ्रति जिघ्रन्त्यां स्पृशन्त्यां स्पृशति क्वचित् ॥६०॥ क्वचिच्च शोचतीं जायामनुशोचति दीनवत् ॥ अनुहृष्यति हृष्यन्त्यां मुदितामनुमोदते ॥ ६१ ॥ विप्रलब्धो महिष्यैवं सर्वप्रकृतिवञ्चितः ॥ नेच्छन्ननुकरोत्यज्ञः क्लैब्यात्क्रीडामृगो यथा ॥६२॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कंधे पुरंजनोपाख्याने पञ्चविंशोऽध्यायः ॥२५॥ नारद उवाच ॥ स एकदा महेष्वासो रथं पञ्चाश्वमाशुगम् ॥ द्वीपं द्विचक्रमेकाक्षं त्रिवेणुं पञ्चबन्धुरम् ॥ १ ॥ एकरश्म्येकदमनमेकनीडं द्विकूबरम् ॥ पञ्चप्रहरणं सप्तवरूथं पंचविक्रमम् ॥२॥

उसले बोल्दा बोल्न लाग्दथ्यो ॥५८॥ जब त्यो दगुर्दथी तब ऊ पनि दगुर्थ्यो, ऊ अडिए आफू पनि अडिन्थ्यो, ऊ सुती भने स्वयं पनि उसैसित सुत्तथ्यो र बसी भने बस्तथ्यो ॥ ५९ ॥ कुनै वेला ऊ केही सुन्दथी तब राजा पनि सुन्न लाग्दथ्यो, ऊ कतै हेर्दथी तब स्वयं राजा पनि उतै हेर्न थाल्थ्यो। ऊ सुँघथी तब स्वयं सुँघ्न लाग्दथ्यो र कहिले स्पर्श गर्दथी तब स्वयं पनि स्पर्श गर्न लाग्दथ्यो ॥६०॥ त्यो आफ्नी प्रिया भइन भने स्वयं पनि दीन-हीन झैं व्याकुल हुन्थ्यो। ऊ प्रसन्न छ भने राजा स्वयं पनि प्रसन्न हुन्थ्यो। त्यो सुखी हुँदा स्वयं पनि आनन्दित हुन्थ्यो ॥६१॥ यस प्रकार त्यो स्त्रीको प्रेममा अल्झेको राजा पुरञ्जन आफ्ना मंत्रीहरू द्वारा ठगिने र अतिशय कामवश हुनाले गर्दा इच्छा नभए पनि नपुंसक समान त्यो स्त्रीको उसै प्रकार अनुसरण गर्दथ्यो, जसरी खेल देखाउनको निम्ति पालिएको (वानरादि) पशु जुन वेला पनि आफ्नो स्वामीको आज्ञामा रहन्छ ॥ ६२ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां पञ्चविंशोऽध्यायः ॥ २५ ॥ (राजा पुरञ्जन शिकार खेल्न जानु र उसकी रानी रिसाउनु)—श्रीनारदजी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

भन्दछन्—हे राजन् ! एक दिन राजा पुरञ्जन जसमा पाँच घोडा जोतिएका थिए, जुन दुइ दण्डिकाहरू, दुइ चक्का, यौटा धुरी, तीन बाँस, पाँच बन्धन, यौटा डोरी (लगाम), एक सारथी, यौटा बस्ने स्थान, दुइ जोती, पाँच शस्त्र, सात पर्दा, पाँच प्रकारका गतिहरू र सुवर्णमय आभूषणहरूले विभूषित थियो—त्यस्तो शीघ्रगामी रथमा, एक धनुष, सुवर्णमय कवच र अक्षय ठोक्रोमा बाण लिएर आफ्नो एघारौं सेनापतिसित चढेर त्यो पञ्चप्रस्थ नामक वनमा गयो ।। १-३ ।। शिकार खेलनको निम्ति अति उत्सुक भएर, जसलाई त्याग्नु कुनै प्रकार पनि उचित थिएन, त्यो प्रियतमालाई त्यागेर त्यो अति दर्पपूर्वक हातमा धनुष-बाण लिई शिकार खेल्न लाग्यो ।।४।। यस प्रकार आसुरीवृत्ति स्वीकार गरेर भयंकर र निर्दयचित्त राजा पुरञ्जनले त्यस वनमा आफ्ना तीखा बाणद्वारा अनेक वन्यपशुहरूको वध गरे ।।५।। शास्त्रमा पशु हिंसाको निम्ति कुनै विधान छैन, बरू मानिसको स्वाभाविक प्रवृत्तिलाई रोक्नको निम्ति यो नियम बनाइदिएको छ कि मांसमा आसक्त राजा शास्त्रविहित श्राद्धादिको अवसरमा वनमा गएर केवल अत्याज्य पशुहरूलाई नै मारुन् ।। ६ ।। हे राजेन्द्र ! कुनै पनि

हैमोपस्करमारुह्य स्वर्णवर्माक्षयेषुधिः ।। एकादशचमूनाथः पञ्चप्रस्थमगाद्वनम् ।।३।। चकार मृगयां तत्र दृप्त आत्तेषुकार्मुकः ।। विहाय जायामतदर्हां मृगव्यसनलालसः ।। ४ ।। आसुरीं वृत्तिमाश्रित्य घोरात्मा निरनुग्रहः ।। न्यहनन्निशितैर्बाणैर्वनेषु वनगोचरान् ।।५।। तीर्थेषु प्रतिदृष्टेषु राजा मेध्यान्पशून्वने ।। यावदर्थमलं लुब्धो हन्यादिति नियम्यते ।। ६ ।। य एवं कर्म नियतं विद्वान्कुर्वीत मानवः ।। कर्मणा तेन राजेन्द्र ज्ञानेन न स लिप्यते ।। ७ ।। अन्यथा कर्म कुर्वाणो मानारूढो निबध्यते ।। गुणप्रवाहपतितो नष्टप्रज्ञो व्रजत्यधः ।। ८ ।। तत्र निर्भिन्नगात्राणां चित्रवाजैः शिलीमुखैः ।। विप्लवोऽभूद्दुःखितानां दुःसहः करुणात्मनाम् ।। ९ ।। शशान्वराहान्महिषान्गवयान्रुरुशल्यकान् ।। मेध्यानन्यांश्च विविधान्विनिघ्नञ्श्रममभ्यगात् ।। १० ।। ततः क्षुत्तृट्परिश्रान्तो निवृत्तो गृहमेयिवान् ।। कृतस्नानोचिताहारः संविवेश गतक्लमः ।। ११ ।। आत्मानमर्हयाञ्चक्रे धूपालेपस्रगादिभिः ।। साध्वलङ्कृतसर्वाङ्गो महिष्यामादधे मनः ।। १२ ।। तृप्तो हृष्टः सुदृप्तश्च कन्दर्पाकृष्टमानसः ।। न व्यचष्ट वरारोहां गृहिणीं गृहमेधिनीम् ।। १३ ।। अन्तःपुरस्त्रियोऽपृच्छद्विमना इव वेदिषत् ।। अपि वः कुशलं रामाः सेश्वरीणां यथा पुरा ।। १४ ।। न तथैतर्हि रोचन्ते गृहेषु गृहसंपदः ।। यदि न

विद्वान् पुरुष राम्ररी कर्मतत्त्वलाई जानेर नियत कर्म गर्दछ भने, त्यो कहिल्यै ती कर्ममा लिप्त हुँदैन ।।७।। जो मनुष्य मनपर्दो कर्म गर्नाले अभिमानी भएर कर्महरूमा बाँधिन जान्छ, अनि त्यो संसार-चक्रमा डुबेर विवेक बुद्धि नष्ट हुनाले गर्दा अधम योनिहरूमा जन्मन जान्छ ।।८।। त्यस वनमा पुरञ्जनका अनेक थरिका प्वाँख हुने बाणहरूले घायल र दुःखित जीवहरूको भयंकर संहार भयो, जो दयालु पुरुषहरूका निम्ति अत्यन्त दुःसह थियो ।।९।। यसरी त्यहाँ खरायो, शूकर, राँगा, नीलगाई, कृष्णमृग, दुम्सी र अरु पनि अनेक मध्य पशुहरू मार्दा मार्दै राजा पुरञ्जन थेर थाके ।।१०।। अनि भोक-प्यासले व्याकुल भएर ती घर आए । त्यहाँ स्नान र भोजन गरेर उनले एकछिन पल्टिई आफ्नो थकाई मारे ।।११।। त्यसपछि अत्तर, चन्दन, फूल-माला आदिले अलंकृत भई, सबै अंगमा उत्तम आभूषण धारण गरी उनले आफ्नी प्रियतमाको सम्झना गरे ।।१२।। तर भोजन आदिले तृप्त हृदयमा आनन्दित, मदोन्मत्त तथा कामपरवश राजा पुरञ्जनलाई आफ्नी पातलो कटि हुने पत्नी देखिइन् ।। १३ ।। हे राजा प्राचीनबर्हि ! त्यसपछि उसले केही खिन्न भएर आफ्नो अन्तःपुरकी नारीहरू-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई सोधे–'हे रमणी हो ! तिमी आफ्नी स्वामिनीसित पहिले झैं कुशलपूर्वक त छौ ? किन हो कुन्नि यस वखत घरको सम्पत्ति पहिले जस्तो राम्रो देखिइरहेको छैन ॥१४॥ जुन घरमा माता तथा पतिप्रायणा पत्नी छैनन्, त्यो अंगहीन रथ झैं त्यस दुःखमय घरमा कुन बुद्धिमान् पुरुष दीन-हीन झैं वस्तछ ? ॥१५॥ अँ, बताओ—जो दुःखका समुद्रमा म डुब्दा छिन-छिनमा मेरो विवेक-बुद्धि जागृत पारेर मलाई त्यस संकटबाट उतार्ने मेरी प्रियतमा यस वखत कहाँ छन् ?' ॥१६॥ स्त्रीहरूले भने–हे नरपते ! हामीलाई थाहा छैन–आज हजुरकी प्रियतमाले के विचार गरेकी छन् ! हे शत्रुदमन ! हेर्नुहवस, ती विना विछौनाकै रित्तो पलंगमा ढलेकी छन् ॥१७॥ नारदले भने–हे राजन् ! त्यस स्त्रीको संगले विवेकभ्रष्ट राजा आफ्नी रानी भूमिमा अस्त-व्यस्त स्थितिमा ढलेकी देखेर चिन्तित भए ॥१८॥ दुःखी मनले मीठा बचन द्वारा धेरै बुझाउँदा पनि उनले जान्न सकेनन् कि आफूप्रति आफ्नी प्रियतमाको प्रणय-कोपको कारण के हो ? ॥१९॥ अनि प्रणय-कोप निवारण गर्नमा कुशल वीर राजाले विरतरा-बिरतार उनलाई फकाउन आरम्भ गरे । पहिले सिनका पाऊ छोए, फेरि उसलाई काखामा लिएर

स्याद्गृहे माता पत्नी वा पतिदेवता ॥ व्यङ्गे रथ इव प्राज्ञः को नामासीत दीनवत् ॥ १५ ॥ क वर्तते सा ललना मज्जन्तं व्यसनार्णवे ॥ या मामुद्धरते प्रज्ञां दीपयन्ती पदे पदे ॥ १६ ॥ रामा ऊचः ॥ नरनाथा न जानीमस्त्वत्प्रिया यद्व्यवस्यति ॥ भूतले निरवस्तारे शयानां पश्य शत्रु–हन् ॥ १७ ॥ नारद ऊवाच ॥ पुरञ्जनः स्वमहिषीं निरीक्ष्यावधुतां भुवि ॥ तत्संगोन्मथितज्ञानो वैक्लव्यं परमं ययौ ॥ १८ ॥ सान्त्वयन् श्लक्ष्णया वाचा हृदयेन विदूयता ॥प्रेयस्याः स्नेहसंरम्भलिङ्गमात्मनि नाभ्यगात् ॥ १९ ॥ अनुनिन्येऽथ शनकैर्वीरोऽनुनयकोविदः ॥ पस्पर्श पादयुगल मा चोत्सङ्गलालिताम् ॥ २० ॥ पुरञ्जन ऊवाच ॥ नूनं त्वकृतपुण्यास्ते भृत्या येष्वीश्वराः शुभे ॥ कृतागः स्वात्मसात्कृत्वा शिक्षादण्डं न युञ्जते ॥ २१ ॥ परमोऽनुग्रहो दण्डो भृत्येषु प्रभुणार्पितः ॥ बालो न वेद तत्तन्वि बन्धुकृत्यममर्षणः ॥२२॥ सा त्वं मुखं सुदति सुभ्र्वनुरागभारव्री डाविलम्बिविलसद्धसितावलोकम् ॥ नीलालकालिभिरुपस्कृतमुन्नसं नः स्वानां प्रदर्शय मनस्विनि वल्गुवाक्यम् ॥ २३ ॥ तस्मिन्दधे दममहं तव वीरपत्नि योऽन्यत्र भूसुरकुलात्कृतकिल्बिषस्तम् ॥ पश्ये न वीतभयमुन्मुदितं त्रिलोक्यामन्यत्र वै मुररिपोरितरत्र दासात् ॥ २४ ॥ वक्त्रं न ते

ठूलो स्नेहपूर्वक भने–॥२०॥ पुरञ्जनले भने–हे सुन्दरी ! यदि स्वामी आफ्ना अपराधी सेवकलाई आफ्नै मानेर शिक्षाको निम्ति पनि उचित दण्ड दिंदैन भने त्यो ठूलो मन्दभाग्य स्वामी कहिन्छ ॥२१॥ हे तन्वी ! सेवकलाई दिएको स्वामीको दण्ड त्यसमाथि एक प्रकारको अनुग्रह नै हुन्छ । जुन सेवक त्यो दण्ड सहँदैन त्यस मूर्खलाई हितू स्वामीले गरेका उपकारको थाहा नै हुन सक्तैन ॥२२॥ हे सुन्दर दाँत हुने सुन्दरी ! हे सुभ्रु ! हे स्वामिनी ! तिमी हाम्री गृहस्वामिनी हौ । अतः म अनुचरलाई तिमी प्रणय-रत र लज्जाले भरिएको एवं मधुर मुस्कानले भरिएको तेर्सो हेराइले युक्त आफ्नो त्यो मनोहर मुखारविन्द देखाऊ जुन कालो अलकावली तथा उन्नत नासिकाले युक्त छन् ॥२३॥ हे वीरपत्नी ! ब्राह्मण-कुल बाहेक यदि अरु कुनैले तिम्रो अपराध गरेको भए म त्यसलाई अहिल्यै कठोर दण्ड दिनेछु, किनकि भगवान्का भक्तहरूलाई छाडेर मलाई तीनै लोकको बाहिर र मित्र यस्तो कुनै प्राणी देखिइरहेको छैन, जो मेरो अपराध गरेर पनि निर्भयभावले आनन्दपूर्वक बाँच्न सकोस् ॥२४॥ हे प्रिये ! मैले कहिल्यै पनि तिम्रो मुख यसरी तिलक-हीन, मलीन, हर्षरहित, रिसले गर्दा भयानक,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

कान्तिहीन तथा स्नेहहीन देखेको थिइन र न कहिल्यै तिम्रो सुन्दर स्तनलाई शोकका आँसुले भिजेको देखेथें ! न कहिल्यै तिम्रा विम्बफल झैं ओंठलाई कुंकुमरागको समान पानको लालिमाले रहित नै देखेथें ॥२५॥ आफ्नो तुच्छ व्यसनवश म तिम्रो आज्ञा नलिई स्वयं वनमा शिकार खेल्न गएँ । अतः म आफ्नो अपराधी सुहृद्माथि अब तिमी प्रसन्न होऊ । किनकि कामका विषम बाणले व्याकुल भएर आफ्नो अधीन तथा आफूलाई रतिसुख दिने प्रियतम पतिलाई यस्ती कुन कामिनी छ, जो समुचित कर्मको निम्ति न अपनाओस् ॥२६॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां षड्विंशो ध्यायः ॥२६॥ (पुरञ्जनको पुरीमा चण्डवेगको आक्रमण र कालकन्याको चरित्र)–नारद भन्दछन्–हे महाराज ! यस प्रकार अनेक हाउ-भाउले आफ्नो अधीन पारेर आफ्ना पति पुरञ्जनलाई प्रसन्न पार्दै पुरञ्जनी उनीसित विहार गर्नलागी ॥ १ ॥ हे राजन् ! त्यसपछि राम्ररी स्नान गरेर अनेक थरिका मङ्गलमय र राम्रा-राम्रा अलङ्करणले सुसज्जित भई र भोजन आदिले परितृप्त भएर आफ्नो नगीचै आएकी त्यो मनोहर मुख भएकी राजमहिषीलाई राजा पुरञ्जनले

वितिलकं मलिनं विहर्ष संरम्भभीममविमृष्टमपेतरागम् ॥ पश्ये स्तनावपि शुचोपहतौ सुजातौ विम्बाधरं विगतकुंकुमपङ्करागम् ॥ २५ ॥ तन्मे प्रसीद सुहृदः कृतकिल्बिषस्य स्वैरं गतस्य मृगयां व्यसनातुरस्य ॥ का देवरं वशगतं कुसुमास्त्रवेगविस्रस्तपौंस्नमुशती न भजेत कृत्ये ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पुरञ्जनोपाख्याने षड्विंशोऽध्यायः ॥ २६ ॥ नारद उवाच ॥ इत्थं पुरञ्जनं सध्र्यग्वशमानीय विभ्रमैः ॥ पुरञ्जनी महाराज रेमे रमयती पतिम् ॥ १ ॥ स राजा महिषीं राजन्सुस्नातां रुचिराननाम् ॥ कृतस्वस्त्ययनां तृप्तामभ्यनन्ददुपागताम् ॥ २ ॥ तयोपगूढः परिरब्धकन्धरो रहो न मन्त्रैरपकृष्टचेतनः ॥ न कालरंहो बुबुधे दुरत्ययं दिवा निशेति प्रमदापरिग्रहः ॥ ३ ॥ शयान उन्नद्धमदो महामना महार्हतल्पे महिषीभुजोपधिः ॥ तामेव वीरो मनुते परं यतस्तमोऽभिभूतो न निजं परं च यत् ॥ ४ ॥ तयैवं रममाणस्य कामकश्मलचेतसः ॥ क्षणार्धमिव राजेन्द्र व्यतिक्रांतं नवं वयः ॥ ५ ॥ तस्यामजनयत्पुत्रान्पुरञ्जन्यां पुरञ्जनः ॥ शतान्येकादश विराडायुषोऽर्धमथात्यगात् ॥ ६ ॥ दुहितृर्दशोत्तरशतं पितृमातृयशस्करीः शीलौदार्यगुणोपेताः पौरञ्जन्यः प्रजापते ॥ ७ ॥ स पाञ्चालपतिः पुत्रान्पितृवंशविवर्धनान् ॥ दारैः

ठूलो सन्हनी गरे ॥२॥ अनि परस्पर दृढ आलिंगन गरेर राजा पुरञ्जनले प्रियतमाका काँधमा बेरिएर भेट गरे—उनलाई ठूलो आसक्त चित्तले एकान्तमा प्रणय वाक्य द्वारा बुझाउँदै उसको वशीभूत भइसकेका हुनाले रात्रि-दिवसरूपी कालको दुस्तर गतिलाई पनि जान्न सकेनन् ॥ ३ ॥ महामनस्वी राजा पुरञ्जन आफ्नी प्रियाका हातको तकिया लगाएर मूल्यवान् शय्यामा पल्टिई सुतिरहे । आफ्नो बढेको मदले गर्दा त्यो वीर त्यसैलाई परम पुरुषार्थ मानिरहेका थिए, किनकि अज्ञानान्धकारले ढाकिइसकेका हुनाले उसलाई आफ्नो र परब्रह्मको स्वरूपको फेरि पनि ज्ञान रहेको थिएन ॥ ४ ॥ हे राजेन्द्र ! यस प्रकार कामातुर हृदयले तीसित विहार गर्दा-गर्दा राजा पुरञ्जनको सम्पूर्ण युवावस्था आधा क्षण झैं बितेर गयो ॥ ५ ॥ हे प्रजापते ! यसै बीच राजा पुरञ्जनले पुरञ्जनीबाट एघार सय छोरा तथा आफ्ना माता-पिताको सुयश बढाउने एवं शील, उदारता आदि गुणले युक्त एक सय दस छोरी उत्पन्न गरे। ती कन्याहरू पौरंजनी कहिए ॥६।७॥ अनि पाञ्चाल देशका नरेश महाराज पुरंजनले आफ्नो वंशलाई बढाउने ती छोराहरूको योग्य स्त्री र कन्याहरूको तिनको अनुरूप वरहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पित विवाह गरिदिए ॥८। ती पुरञ्जनका छोरा मध्ये प्रत्येकका सय-सय छोरा उत्पन्न भए, त्यसले त्यो पुरञ्जनवंश सारा पाञ्चालदेशमा फैलियो ॥९॥ यसरी आफ्ना छोरा-नाती, घर, ढुकुटी, सेवक तथा देश आदिमा क्रमशः बढ्दै जाने ममताले राजा पुरञ्जन विषयमा गाडिए ॥ १० ॥ त्यसपछि तिमीले जस्तै विविध भोगको इच्छाले यज्ञको दीक्षा ग्रहण गरे र अनेक पशुहिंसामय भयंकर यज्ञहरू द्वारा देवता, पितृ तथा भूपतिहरूलाई प्रसन्न तुल्याए ॥११॥ यस चालले परमार्थ साधनमा असावधान रहेर आफ्ना कुटुम्बमा नै आसक्त चित्त राजा पुरञ्जनको वृद्धावस्थाको समय आयो, जुन कामी पुरुषलाई मनपर्दैन ॥१२॥ हे राजन् ! चण्डवेग नामक गन्धर्वहरूको यौटा राजा थियो। त्योसित तीन सय साठी बलवान् गन्धर्वहरू रहन्थे ॥१३॥ ती तीन सय साठी गन्धर्वहरूसित शुक्ल तथा कृष्णवर्णका त्यति नै संख्यामा गन्धर्वीहरू थिए, जो सबै भोगका सामग्रीहरूले युक्त महाराज पुरञ्जनको पुरीमा सर्वदा लूट-मार गरिरहन्थे ॥१४॥ जब गन्धर्वराज चण्डवेगका सेवक राजा पुरञ्जनको नगरलाई लुट्न लागे तब प्रजागर नामको त्यो पाँच फणा हुने सर्पले तिनलाई रोकयो ॥ १५ ॥ हे

संयोजयामास दुहितृः सदृशैर्वरैः ॥८॥ पुत्राणां चाभवन्पुत्रा एकैकस्य शतं शतम् ॥ यैर्वै पौरंजनो वंशः पाञ्चालेषु समेधितः ॥ ९ ॥ तेषु तद्रिक्थ-हारेषु गृहकोशानुजीविषु ॥ निरूढेन ममत्वेन विषयेष्वन्वबध्यत ॥१०॥ ईजे च क्रतुभिर्घोरैर्दीक्षितः पशुमारकैः ॥ देवान्पितॄन्भूतपतीन्नानाकामो यथा भवान् ॥ ११ ॥ युक्तेष्वेवं प्रमत्तस्य कुटुम्बासक्तचेतसः ॥ आससाद स वै कालो योऽप्रियः प्रिययोषिताम् ॥ १२ ॥ चण्डवेग इति ख्यातो गन्धर्वाधिपतिर्नृपः ॥ गन्धर्वास्तस्य बलिनः षष्ट्युत्तरशतत्रयम् ॥१३॥ गन्धर्व्यस्तादृशीरस्य मैथुन्यश्च सितासिताः ॥ परिवृत्त्या विलुम्पन्ति सर्वकामविनिर्मिताम् ॥ १४ ॥ ते चण्डवेगानुचराः पुरञ्जनपुरं यदा ॥ हर्तुमारेभिरे तत्र प्रत्यषेधत्प्रजागरः ॥ १५ ॥ स सप्तभिः शतैरेको विंशत्या च शतं समाः ॥ पुरंजनपुराध्यक्षो गन्धर्वैर्युयुधे बली ॥ १६ ॥ क्षीयमाणे स्वसम्बन्धे एकस्मिन्बहुभिर्युधि ॥ चिन्तां परां जगामार्तः सराष्ट्रपुरबान्धवः ॥ १७ ॥ स एव तुर्यां मधुभुक्पाञ्चालेषु स्वपार्षदैः ॥ उपनीतं बलिं गृह्णन्स्त्रीजितो नाविदद्भयम् ॥१८॥ कालस्य दुहिता काचित्त्रिलोकीं वरमिच्छती ॥ पर्यटन्ती न बर्हिष्मन्प्रत्यनन्दत कश्चन ॥ १९ ॥ दौर्भाग्येनात्मनो लोके विश्रुता दुर्भगेति सा ॥ या तुष्टा राजर्षये तु वृताऽदात्पूरवे वरम् ॥ २० ॥ कदाचिदटमाना सा ब्रह्मलोकान्महीं गतम् ॥ वव्रे बृहद्व्रतं मां तु जानती काममोहिता ॥ २१ ॥ मयि संरभ्य विपुलमदाच्छापं सुदुःसहम् ॥ स्थातुमर्हसि

राजन् ! पुरञ्जनको पुरीको रक्षक त्यो महाबलवान् सर्प सय वर्षसम्म एक्लै ती सात सय बीस गन्धर्वसित लड्दै रह्यो ॥१६॥ यसरी धेरै योद्धाहरूसित एक्लै युद्धमा लिप्त आफ्नो एकमात्र सम्बन्धी त्यस सर्पलाई बलहीन भएको देखेर आफ्नो राष्ट्र र नगरको हित गर्न भएका राजा पुरञ्जन आत्तिएर चिन्तामा परे ॥ १७ ॥ यतिका दिनसम्म ऊ आफ्ना दूतद्वारा ल्याइएको कर (तिरो) स्वीकार गरेर पाञ्चाल देशभित्र आफ्नो पुरीमा नै बसेर नाना प्रकारका क्षुद्र विषयहरू भोग गर्दै रह्यो। स्त्रीको वशीभूत हुनाले उसलाई यस विपत्तिको कुरा केही पनि थाहै हुन सकेन। हे बर्हिष्मन् ! उसै बखत कालकी कुनै पुत्री आफ्नो योग्य वर खोज्दै तीनै लोकमा डुली, तर त्यसलाई कसैले पनि अंगीकार गरेन। ऊ अभागिनी हुनाले त्यो 'दुर्भगा' जहाँ कहीं जाँदै रहन्थी। एकपल्ट राजर्षि पूरुले अंगीकार गर्नाले प्रसन्न भएर उसले राजालाई राज्य-प्राप्तिको वरदान दिई ॥१८-२०॥ एकपल्ट म (नारद) ब्रह्मलोकबाट पृथ्वीमा आएँ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

तब नैष्ठिक *ब्रह्मचारी जानेर पनि त्यस डुलुवी कालकन्याले कामातुर भावले मलाई आफ्नू पति तुल्याउन खोजी ।।२१।। किन्तु त्यसले जब मेरो अनिच्छा देखो तब रिसाएर मलाई यो दुःसह श्राप दिई—'हे मुने ! तिमीले मेरो कुरा मानेका छैनौ, यस निम्ति तिमी एक ठाउँमा धेरै बेरसम्म टिक्न सक्ने छैनौ' ।।२२।। यस प्रकार मतिरबाट निराश भएर ती कालकन्या मेरो कथनानुसार भय नामक यवनराजकहाँ गई र उसैलाई वरण गर्न निश्चय गरेर भनी–।।२३।। 'हे वीर ! तिमी यवन श्रेष्ठलाई म आफ्नो पति बनाउने इच्छा गर्दछु । किनकि तिम्रो प्रति गरिएको प्राणीहरूको सङ्कल्प कहिल्यै विफल हुँदैन ।। २४ ।। जो मनुष्य लोक तथा शास्त्रविहित दान दिँदैन वा जो लोक तथा शास्त्र विधिले अधिकारी भएर पनि त्यस्तो दान स्वीकार गर्दैन, ती दुवै दुराग्रही मूढ पुरुष अन्तमा पछितोमा पर्छन् ।।२५।। हे भद्र ! म सेवा गर्नका लागि तिम्रो सामुन्ने उपस्थित भएकी छु । तिमी नै मलाई स्वीकार गरेर

नैकत्र मद्याश्वविमुखो मुने ।।२२।। ततो विहतसंकल्पा कन्यका यवनेश्वरम् ।। मयोपदिष्टमासाद्य वव्रे नाम्ना भयं पतिम् ।। २३ ।। ऋषभं यवनानां त्वां वृणे वीरेप्सितं पतिम् ।। संकल्पस्त्वयि भूतानां कृतः किल न रिष्यति ।। २४ ।। द्वाविमावनुशोचेते बालावसदवग्रहौ ।। यल्लोकशास्त्रोपनतं न राति न तदिच्छति ।। २५ ।। अथो भजस्व मां भद्र भजतीं मे दयां कुरु ।। एतावान्पौरुषो धर्मो यदार्ताननुकम्पते ।। २६ ।। कालकन्योदितवचो निशम्य यवनेश्वरः ।। चिकीर्षुर्देवगुह्यं स सस्मितं तामभाषत ।। २७ ।। मया निरूपितस्तुभ्यं पतिरात्मसमाधिना ।। नाभिनन्दति लोकोऽयं त्वामभद्रामसम्मताम् ।। २८ ।। त्वमव्यक्तगतिर्भुङ्क्ष्व लोकं कर्मविनिर्मितम् ।। याहि मे पृतनायुक्ता प्रजानाशं प्रणेष्यसि ।। २९ ।। प्रज्वारोऽयं मम भ्राता त्वं च मे भगिनी भव ।। चराम्युभाभ्यां लोकेऽस्मिन्नव्यक्तो भीमसैनिकः ।। ३० ।। इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पुरञ्जनोपाख्याने

अनुगृहीत गर । दीन जनमा दया गर्नु नै मनुष्यको सबैभन्दा ठूलो धर्म हो ।।२६।। त्यो कालकन्याको यस्ता वचन सुनेर यवनराजले विधाताको यौटा गुप्त कार्य गराउने अभिप्रायले मुसु-मुसु हाँस्तै भन्यो–।।२७।। हे कालकन्यके ! मैले योगदृष्टि द्वारा देखेर तेरो निम्ति यौटा पति निर्धारित गरेको छु । तँ सबैको अनिष्ट गर्दछेस्, यसै निम्ति कसैलाई पनि प्रिय हुन सक्तिनस् र यसै कारण म तँलाई स्वीकार गर्न सक्तिन ।।२८।। अतः तँ कर्म-विनिर्मित लोकलाई हठपूर्वक गुप्त रूपले भोग । तँ मेरा सेनाको संगै जा । तँ द्वारा सारा प्रजाको नाश हुनेछ ।। २९ ।। यो प्रज्वार मेरो भाई हो र तँ मेरी बहिनी होस् । तिमी दुवै र आफ्नो विशाल सेनासित म पनि अव्यक्त रूपले सबै लोकमा डुल्नेछु' ।। ३० ।। इति श्रीमद्भागवतेव

* उदाहरण (ब्रह्मचर्यको प्रभाव)–जयपुरमा गोविन्दजीको यौटा मन्दिर छ । पूर्वकालमा त्यसका पुजारी विवाह गर्दैनथे । अतः ती अखण्ड ब्रह्मचारी हुन्थे । त्यस्ताका ती निकै तेजस्वी देखिन्थे र कसैको पनि केही ध्यान राख्दैनथे । एक समय राजाले ती सबैलाई डाके । तिनीहरूले भने—'राजालाई काम परे उनी स्वयं यहाँ आउँछन्, हामीले जाने केही आवश्यकता छैन ।' यो कुरा राजाले सुनेपछि द वानसित सल्लाह गरी विस्तार-विस्तार ती सबैको विवाह गराइदिए ? विवाहपछि फेरि कहिल्यै राजाले तिनीहरूलाई डाक्ने वा भेट्ने मौका आएन, किनकि पैसा विना तिनको गृहस्थी चल्न सक्तैनथ्यो । राजा बाहेक अरु कोही पनि पैसाले तिनको सहायता गर्न सक्तैनथे यसै ती राजाकहाँ गएर भन्दथे–'म आशीर्वाद दिन आएको हु । आज भगवान्को प्रसाद ल्याएको छु । मेरो लायक कुनै सेवा भए आज्ञा होला ।' यो सबै गर्नुपर्ने कारण–तिनको ब्रह्मचर्य त्यागेर गृहस्थ हुनु नै भियो ' समय बितेपछि ती पुजारीहरूका छोरा-छोरी भए । अब तिनको विवाहका लागि पैसा चाहियो । जब ती सबै राजाको खुशामद गर्न लागे । यसको धेरै दिनपछि तिनलाई ब्रह्मचर्यको प्रभाव ज्ञात भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां सप्तविंशोऽध्यायः ॥२७॥ (राजा पुरञ्जनलाई स्त्री योनि प्राप्त हुनु र अज्ञातको उपदेशले मोक्ष प्राप्त हुनु)—नारद भन्दछन्—हे प्राचीनबर्हि ! त्यसपछि भय नामको यवनराजका आज्ञाकारी सेना प्रज्वार कालकन्यासित पृथ्वीतलमा डुल्न लागे ॥ १ ॥ हे राजन् ! एक दिनको कुरा हो, तिनले ठूलो बेगले बूढो सर्पद्वार सुरक्षित तथा पृथ्वीका सबै भोगहरूले सम्पन्न त्यस पुरञ्जनको नगरलाई घेरिलिए ॥ २ ॥ त्यसपछि जसको पंजामा परेर मनुष्य तत्काल निःसार भएर जान्छ, त्यो कालकन्या बलपूर्वक ती पुरञ्जनको पुरीलाई भोग्न लागी ॥३॥ त्यसै बखत ती यवन पनि उसद्वारा भोग्यमान पुरीमा चारैतिरबाट विभिन्न ढोकाहरूद्वारा पसेर त्यसको नाश गर्नलागे ॥४॥ त्यस पुरीलाई त्यसरी पीडित भएको देखेर त्यसको स्वामित्वको अभिमान राख्ने भएका कुटुम्बी राजा पुरञ्जनलाई ममतावश विविध प्रकारका सन्ताप हुन लागे ॥ ५ ॥ अनि कालकन्याको आलिगन र गन्धर्व, यवनहरूको ठूलो सैनिक आक्रमणले श्रीहीन, कृपण, विषयग्रस्त, बुद्धिहीन तथा ऐश्वर्यहीन राजा पुरञ्जन आफ्नो पुरीलाई नष्ट-भ्रष्ट, पुत्र-पौत्र, भृत्य र मंत्रीहरूलाई आफ्नो प्रतिकूल तथा

सप्तविंशोऽध्यायः ॥ २७ ॥ नारद उवाच ॥ सैनिका भयनाम्नो ये बर्हिष्मन् दिष्टकारिणः ॥ प्रज्वारकालकन्याभ्यां विचेरुरवनीमिमाम् ॥ १ ॥ त एकदा तु रभसा पुरञ्जनपुरीं नृप ॥ रुरुधुर्भौमभोगाढ्यां जरत्पन्नगपालिताम् ॥ २ ॥ कालकन्याऽपि बुभुजे पुरञ्जनपुरं बलात् ॥ ययाऽभिभूतः पुरुषः सद्यो निःसारतामियात् ॥ ३ ॥ तयोपभुज्यमानां वै यवनाः सर्वतो दिशम् ॥ द्वार्भिः प्रविश्य सुभृशं प्रार्दयन् सकलां पुरीम् ॥ ४ ॥ तस्यां प्रपीड्यमानायामभिमानी पुरञ्जनः ॥ अवापोरुविधांस्तापान्कुटुम्बी ममताकुलः ॥ ५ ॥ कन्योपगूढो नष्टश्रीः कृपणो विषयात्मकः ॥ नष्टप्रज्ञो हृतैश्वर्यो गन्धर्वैर्यवनैर्बलात् ॥ ६ ॥ विशीर्णां स्वपुरीं वीक्ष्य प्रतिकूलाननादृतान् ॥ पुत्रान्पौत्रानुगामात्याञ्जायां च गतसौहृदाम् ॥ ७ ॥ आत्मानं कन्यया ग्रस्तं पञ्चालानरिदूषितान् ॥ दुरन्तचिन्तामापन्नो न लेभे तत्प्रतिक्रियाम् ॥ ८ ॥ कामानभिलषन्दीनो यातयामांश्च कन्यया ॥ विगतात्मगतिस्नेहः पुत्रान्दारांश्च लालयन् ॥ ९ ॥ गन्धर्वयवनाक्रान्तां कालकन्योपमर्दिताम् ॥ हातुं प्रचक्रमे राजा तां पुरीमनिकामतः ॥ १० ॥ भयनाम्नोऽग्रजो भ्राता प्रज्वारः प्रत्युपस्थितः ॥ ददाह तां पुरीं कृत्स्नां भ्रातुः प्रियचिकीर्षया ॥ ११ ॥ तस्यां सन्दह्यमानायां सपौरः सपरिच्छदः ॥ कौटुम्बिकः कुटुम्बिन्या उपातप्यत सान्वयः ॥ १२ ॥ यवनोपरुद्धायतनो ग्रस्तायां कालकन्यया ॥ पुर्यां प्रज्वार-

अनादर गर्ने, स्त्रीलाई स्नेहशून्य, आफूलाई कालकन्याद्वारा ग्रसित र पाञ्चाल-निवासीहरूको शत्रुहरूको हातबाट नष्ट-भ्रष्ट भएको देखेर अपार चिन्तामा गाडिए र त्यसबाट मुक्ति पाउने कुनै उपाय झिक्न सकेनन् ॥६-८॥ अनि आफ्नो पारलौकिक गतिको प्रति स्नेहशून्य भई स्त्री-पुत्रको लालन-पालन गर्ने पुरञ्जनले कालकन्याको सेवनले साररहीन विषयहरूको इच्छाले दीन भएर गन्धर्वगण र यवनहरूले घेरिएको र कालकन्याले पीडित त्यस पुरीलाई अनिच्छाले त्याग्ने विचार गरे ॥९॥१०॥ त्यसैबेला भयनामक यवनको दाजु प्रज्वार त्यहाँ पुगेर आफ्नो भाईको भलो गर्ने विचारले सारा पुरीमा जागो लगाइदियो ॥११॥ जब पुरी बल्न लाग्यो तब पुरवासी, सेवकगण, कुटुम्ब, कुटुम्बका, स्वामिनी भार्या तथा आफ्ना सन्तान सहित उसलाई ठूलो कष्ट भयो ॥१२॥ त्यस पुरीलाई कालकन्याले ग्रस्त तथा आफ्नू निवासस्थान यवनहरूको हातमा गएको देखेर प्रज्वारको उपद्रवले पीडित त्यो पुरीको रक्षक

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

सर्प सान्है दुःखी भयो ।।१३।। जब त्यो नगरको रक्षा गर्नमा असमर्थ भयो तब महाकष्टले गर्दा थर-थर काम्दै उसले त्यहाँबाट निस्केर जाने इच्छा गर्‍यो । जस्तै-बलिरहेको वृक्ष-कोटरको निवासी सर्प त्यसबाट निस्केर भाग्दछ ।।१४।। हे राजन् ! जसको पुरुषार्थ गन्धर्व नष्ट पारिदिएका थिए । जसका सबै अङ्ग प्रत्यङ्ग लुला भइसकेका थिए, त्यस सर्पले जसै त्यहाँबाट जाने तयारी गर्‍यो, तसै यवनहरूले उसलाई छेके, त्यसले दुःखी भएर त्यो रुन लाग्यो ।।१५।। त्यस वेला आफ्ना कुटुम्बसित वियुक्त हुने अवसर उपस्थित देखेर स्त्रीको वशीभूत हुनाले गर्दा अत्यन्त दीन र घर आदिमा मोहभाव राख्नाले अत्यन्त बुद्धिहीन भएर गृहस्थाश्रमी राजा पुरञ्जन, छोरा, छोरी, बुहारी, ज्वाईं, सेवक तथा आफ्ना भनेर मानिएका जे जति घर, कोश एवं अन्यान्य पदार्थ थिए, तिनको विषयमा ऊ यस प्रकार विचार गर्न लागे–।।१६।।१७।। 'अहो ! म परलोक गएपछि यो ठूलो कुटुम्ब भएकी मेरी पत्नी अनाथ भएर आफ्ना छोरा-छोरीको चिन्ताले ग्रस्त भएर कसरी आफ्नो जीवन निर्वाह गर्ली ? ।।१८।। यो सदैव मेरो चाकरीमा लागिरहन्छे । मैले नखाई यो कहिल्यै पनि खान्न र

संघृष्टः पुरपालोऽन्वतप्यत ॥ १३ ॥ न शेके सोऽवितुं तत्र पुरुकृच्छ्रोरुवेपथुः ॥ गन्तुमैच्छत्ततो वृक्षकोटरादिव सोऽनलात् ॥ १४ ॥ शिथिला–
वयवो यर्हि गन्धर्वैर्हृतपौरुषः ॥ यवनैररिभी राजन्नुपरुद्धो रुरोद ह ॥ १५ ॥ दुहितॄः पुत्रपौत्रांश्च जामिजामातृपार्षदान् ॥ स्वत्वावशिष्टं
यत्किञ्चिद्गृहकोशपरिच्छदम् ॥ १६ ॥ अहं ममेति स्वीकृत्य गृहेषु कुमतिर्गृही ॥ दध्यौ प्रमदया दीनो विप्रयोग उपस्थिते ॥ १७ ॥ लोकान्तरं
गतवति मय्यनाथा कुटुम्बिनी ॥ वर्तिष्यते कथं त्वेषा बालकाननुशोचती ॥ १८ ॥ न मय्यनशिते भुङ्क्ते नास्नते स्नाति मत्परा ॥ मयि
रुष्टे सुसंत्रस्ता भर्त्सिते यतवाग्भयात् ॥ १९ ॥ प्रबोधयति माऽविज्ञ व्युषिते शोककर्शिता ॥ वर्त्मैतद्गृहमेधीयं वीरसूरपि नेष्यति ॥ २ ॥
कथं नु दारका दीना दारकीर्वा परायणाः ॥ वर्तिष्यन्ते मयि गते भिन्ननाव इवोदधौ ॥ २१ ॥ एवं कृपणया बुद्ध्या शोचन्तमतदर्हणम् ॥
ग्रहीतुं कृतधीरेनं भयनामाऽभ्यपद्यत ॥ २२ ॥ पशुवद्यवनैरेष नीयमानः स्वकं क्षयम् ॥ अन्वद्रवन्ननुपथा शोचन्तो भृशमातुराः ॥ २३ ॥
पुरीं विहायोपगत उपरुद्धो भुजङ्गमः ॥ यदा तमेवानु पुरीं विशिर्णां प्रकृतिं गताम् ॥ २४ ॥ विकृष्यमाणः प्रसभं यवनेन बलीयसा ॥ नाविन्दत्त–

मैले स्नान नगरी यो स्नान गर्दिन । कहिल्यै म रिसाएको हुन्छु तब यो सान्है भयभीत हुन्छे र यदि म कहिल्यै हप्काउन थाल्छु तब यो डरले गर्दा यता-उता छटपटाउन थाल्दछे ।।१९।। कहिले काहीं जब मसित कुनै अपराध हुन्छ तब यो सचेत गरिदिन्छे र जब म कहिले परदेश हिंडिदिन्छु तब यो मेरो विरहव्यथाले सान्है दुर्बल हुन्छे । यद्यपि यो वीर-माता हो, तापनि म मरेपछि के यसले गृहस्थीको व्यवहार चलाउन सक्ली ? ।।२०।। समुद्रमा अकस्मात् डुङ्गा भाँचियो भने त्यसका यात्री जसरी व्यग्र हुन्छन्, त्यस्तै नै म परलोक गएपछि जसलाई अरु कसैको आशा छैन, यस्ता मेरा छोरा र छोरीहरू अतिशय दीन-हीन भएर कसरी बाँच्लान् ?' ।।२१।। यस प्रकार दीन बुद्धिले आफ्ना स्त्री-पुत्रादिको निम्ति शोकाकुल, किन्तु स्वयं शोकको अयोग्य राजा पुरञ्जनलाई पक्रनको निम्ति त्यहाँ भय नामक यवनराज आइपुग्यो ।। २२ ।। जब निर्दयी यवन उसलाई बाँधेर पशु झैं आफ्नो स्थानमा लिएर जान लाग्यो तब त्यसका सबै अनुचर अतिशय आतुरतापूर्वक शोकाकुलभावले उसकै पछि-पछि हिंडे ।।२३।। अनि यवनहरूद्वारा रोकिएको त्यो सर्प पनि नगर बाहिर आएर उसकासाथै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिंडिदियो । त्यो हिंडेपछि नै त्यो नगर छिन्न-भिन्न भएर प्रकृतिमा विलीन भयो ॥२४॥ यस प्रकार महाबली यवनराजले बलपूर्वक तानेपछि पनि राजा पुरञ्जनले अज्ञानको कारण आफ्नू परमहितकारी र पुरानो मित्र अज्ञातको सम्झना गरेन ॥२५॥ अनि ती निर्दयी राजाले अघि-अघि जुन पशुहरूको बलिदिएका थिए, ती उसबाट प्राप्त पीडा सम्झेर उसलाई क्रोधपूर्वक खुँडाले काट्न लागे ॥२६॥ यस प्रकार स्त्रीको संगतिले भ्रष्टबुद्धि राजा पुरञ्जन अनन्त र अपार अन्धकारमा डुबेर अनेक वर्षसम्म ज्ञानहीन रहेर अन्तमा उही स्त्रीको स्मरण गरिरहनाले विदर्भ देशीय राजाकहाँ स्त्री-रत्नको रूपमा जन्मिए ॥ २७ ॥ २८ ॥ अनि पुरुषार्थल नै प्राप्त हुने योग्य ती विदर्भ कुमारीलाई पाएर शत्रुका पुरहरू जित्ने पाण्ड्य नरेश महाराज मलयध्वजले युद्धमा सबै राजालाई जितेर त्योसित विवाह गरे ॥ २९ ॥ मलयध्वजले ती विदर्भ कुमारीको गर्भबाट यौटी श्यामलोचना कन्या र त्यो भन्दा साना सात पुत्र उत्पन्न गरे, ती द्रविड देशका सात राजा भए ॥३०॥ हे राजन् ! तिनका एक-एक पुत्रबाट एकेक अरब पुत्र जायमान भए। तिनैको वंशधरहरूले यो पृथ्वी मन्वन्तरको अन्तसम्म र

मत्ताविष्टः सखायं सुहृदं पुरः ॥ २५ ॥ तं यज्ञपशवोऽनेन संज्ञप्ता येऽदयालुना ॥ कुठारैश्चिच्छिदुः क्रुद्धाः स्मरन्तोऽमीवमस्य तत् ॥ २६ ॥ अनन्तपारे तमसि मग्नो नष्टस्मृतिः समाः ॥ शाश्वतीरनुभूयार्तिं प्रमादासङ्गदूषितः ॥ २७ ॥ तामेव मनसा गृह्णन्बभूव प्रमदोत्तमा ॥ अनन्तरं विदर्भस्य राजासिंहस्य वेश्मनि ॥ २८ ॥ उपयेमे वीर्यपणां वैदर्भीं मलयध्वजः ॥ युधि निर्जित्य राजन्यान्पाण्ड्यः पुरपुरञ्जयः ॥ २९ ॥ तस्यां स जनयांचक्र आत्मजामसितेक्षणाम् ॥ यवीयसः सप्त सुतान्सप्त द्रविडभूभृतः ॥ ३० ॥ एकैकस्यां भवत्तेषां राजन्नर्बुदमर्बुदम् ॥ भोक्ष्यते यद्वंशधरैर्मही मन्वन्तरं परम् ॥ ३१ ॥ अगस्त्यः प्राग्दुहितरमुपयेमे धृतव्रताम् ॥ यस्यां दृढच्युतो जात इध्मवाहात्मजो मुनिः ॥ ३२ ॥ विभज्य तनयेभ्यः क्ष्मां राजर्षिर्मलयध्वजः ॥ आरिराधयिषुः कृष्णं स जगाम कुलाचलम् ॥ ३३ ॥ हित्वा गृहान्सुतान्भोगान्वैदर्भी मदिरेक्षणा ॥ अन्वधावत पाण्ड्येशं ज्योत्स्नेव रजनीकरम् ॥ ३४ ॥ तत्र चन्द्रवसा नाम ताम्रपर्णी वटोदका ॥ तत्पुण्यसलिलैर्नित्यमुभयत्रात्मनो मृजन् ॥ ३५ ॥ कन्दाष्टिभिर्मूलफलैः पुष्पपर्णैस्तृणोदकैः ॥ वर्तमानः शनैर्गात्रकर्षणं तप आस्थितः ॥ ३६ ॥ शीतोष्णवातवर्षाणि क्षुत्पिपासे प्रियाप्रिये ॥ सुखदुःखे इति द्वन्द्वान्यजयत्समदर्शनः ॥ ३७ ॥ तपसा विद्यया पक्वकषायो नियमैर्यमैः ॥ युयुजे ब्रह्मण्यात्मानं विजिताक्षानिलाशयः ॥ ३८ ॥ आस्ते स्थाणुरिवै-

त्यसपछि पनि भोग गरिने छ ॥३१॥ राजा मलयध्वजकी व्रतपरायणा पहिली छोरीसित अगस्त्य ऋषिको विवाह भएको थियो । त्यसपछि उसबाट दृढच्युत नामको छोरो भयो र त्यसको पुत्र इध्मबाहु भयो ॥३२॥ अन्तमा राजर्षि मलयध्वज आफ्नो राज्य आफ्ना छोराहरूमा बाँडेर भगवान् कृष्णको आराधना गर्न कुलाचल पर्वतमा गए ॥३३॥ चन्द्रिकाले चन्द्रको साथ नछाडे झैं मत्त-लोचना वैदर्भी पनि आफ्नो घर, पुत्र तथा सबै भोगहरू त्यागेर पाण्ड्य-नरेश मलयध्वजसित वनमा गइन् ॥३४॥ त्यहाँ चन्द्रवसा, ताम्रपर्णी तथा वटोदका नामकी तीन नदीहरू थिए तिनको पवित्र जलमा आफ्नो शारीरिक र मानसिक मल पखाल्दै ती कन्द, बीज, मूल, फल, पात, तृण तथा जलादिमा जीवन निर्वाह गर्दै शरीरलाई सुखाउने कठोर तपस्या गर्न लागे ॥३५॥३६॥ समदर्शी महाराज मलयध्वजले चीसो, तातो, वर्षा-वायु, भोक-प्यास, प्रिय-अप्रिय र सुख-दुःख आदि सबै द्वन्द्वहरू आफ्नो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

वशमा पारिलिए ॥३७॥ त्यसपछि तप, ज्ञान र यम-नियमादि द्वारा वासनाहरूलाई क्षीण पार्दै इन्द्रिय, प्राण तथा मनलाई जितेर आफ्नो चित्त उनले ब्रह्ममा लीन गराइदिए ॥३८॥ यस प्रकार पूरा सय वर्षसम्म ती स्थाणु (खाँबो) जस्तै यौटै स्थानमा निश्चल भावले उभिइरहे । श्रीकृष्ण भगवान्मा अतिशय प्रीति हुनाले उनलाई यति समय बितेको पनि केही ज्ञान हुन सकेन ॥३९॥ हे राजन् ! आफ्नो अन्तःकरणमा सर्वतिर स्फूरित हुने विशुद्ध ज्ञानरूपी बत्तीले साक्षात् भगवत्-स्वरूप गुरुको उपदेशले आफूलाई स्वप्न-प्रपञ्चको साक्षी झैं ती सबै उपाधिहरूमा व्याप्त एवं तीबाट पृथक् जानेर राजा मलयध्वज वैराग्य-सम्पन्न भए ॥४०॥४१॥ त्यसपछि आफ्नो आत्मालाई परब्रह्ममा तथा परब्रह्मलाई आफ्नो आत्मामा अभिन्न रूपले देख्दै यस अभेद चिन्तनलाई पनि त्यागेर उनले शान्ति प्राप्त गरे ॥४२॥ हे राजन् ! त्यस वेला पनि तिनकी पतिपरायणा पत्नी वैदर्भी भोगहरू त्यागेर आफ्ना परम धर्मात्मा पति मलयध्वजको ठूलो प्रेमले सेवा गर्दै रहिन् ॥४३॥ त्यस वेला तिनले आफ्नो शरीरमा चीर-वस्त्र धारण गरेकी थिइन्, व्रत-उपवासादिले तिनको शरीर क्षीण

कत्र दिव्यं वर्षशतं स्थिरः ॥ वासुदेवे भगवति नान्यद्वेदोद्वहन्रतिम् ॥ ३९ ॥ स व्यापकतयाऽऽत्मानं व्यतिरिक्ततयाऽऽत्मनि ॥ विद्वान्स्वप्न इवामर्श-साक्षिणं विरराम ह ॥ ४० ॥ साक्षाद्भगवतोक्तेन गुरुणा हरिणा नृप ॥ विशुद्धज्ञानदीपेन स्फुरता विश्वतोमुखम् ॥ ४१ ॥ परे ब्रह्मणि चात्मानं परं ब्रह्म तथात्मनि ॥ वीक्षमाणो विहायेक्षामस्मादुपरराम ह ॥ ४२ ॥ पतिं परमधर्मज्ञं वैदर्भी मलयध्वजम् ॥ प्रेम्णा पर्यचरद्धित्वा भोगान्सा पति-देवता ॥ ४३ ॥ चीरवासा व्रतक्षामा वेणीभूतशिरोरुहा ॥ बभावुपपतिं शान्ता शिखा शान्तमिवानलम् ॥ ४४ ॥ अजानती प्रियतमं यदोपर-तमङ्गना ॥ सुस्थिरासनमासाद्य यथापूर्वमुपाचरत् ॥ ४५ ॥ यदा नोपालभेताङ्घ्रावूष्माणं पत्युरर्चती ॥ आसीत्संविग्नहृदया यूथभ्रष्टा मृगी यथा ॥ ४६ ॥ आत्मानं शोचती दीनमबन्धुं विक्लवाऽश्रुभिः ॥ स्तनावासिच्य विपिने सुस्वरं प्ररुरोद सा ॥ ४७ ॥ उत्तिष्ठोत्तिष्ठ राजर्षे इमामुदधिमेखलाम् ॥ दस्युभ्यः क्षत्रबन्धुभ्यो बिभ्यतीं पातुमर्हसि ॥ ४८ ॥ एवं विलपती बाला विपनेऽनुगता पतिम् ॥ पतिता पादयोर्भर्तू रुदत्य-श्रूण्यवर्तयत् ॥ ४९ ॥ चितां दारुमयीं चित्वा तस्यां पत्युः कलेवरम् ॥ आदित्य चानुमरणे विलपन्ती मनो दधे ॥ ५० ॥ यत्र पूर्वतरः

भइसकेको थियो र तिनका केश आपुसमा मिलेर जटाको रूपमा परिणत भएका थिए । अनि शान्तभावले ती आफ्नो पतिको नगीचै धूमरहित अग्नि-शिखा झैं शोभित भइन्॥४४॥ त्यस बेला उनका प्रियतम परलोकवासी भइसकेका थिए, तैपनि ती पहिले जस्तै स्थिर आसनमा बसिरहेका थिए । यो रहस्य नजान्नाले तीपतिको नगीचै गइन् र उनको पूर्ववत् सेवा गर्नलागिन् ॥४५॥ ती पतिका चरणको सेवा गर्दै थिइन्, सहसा ती अबलालाई ती पाउमा चीसो प्रतीत भयो । अनि समूहबाट छुट्टिएकी मृगी झैं ती निकै आत्तिइन् ॥४६॥ त्यस डरलाग्दो वनमा आफूलाई बन्धुहीन तथा दीन अवस्थामा देखेर अतिशय शोकाकुल भई आँसुले आफ्ना स्तन भिजाउँदै चर्को स्वरले विलाप गर्न लागिन् ॥४७॥४८॥ ती भन्न लागिन्–हे राजर्ष ! हजुर उठनू हवस, यो समुद्रले घेरिएकी भूमि दस्युहरू तथा अधम राजाहरूद्वारा पीडित भइरहेकी छन् । हजुर यसको रक्षा गर्नुस ।' पतिसित वनमा गएकी ती सुन्दरी अनेक विलाप गर्दै पतिका पाउमा लडिन् र रोएर आँसु बगाउन थालिन् ॥४९॥ अनि तिनले काठको चिता बनाएर त्यसमा पतिको देह राखेर आगो लगाई पतिसित सती भएर जाने निश्चय गरिन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥'१०॥ हे प्रभो । उसै वखत त्यसको यौटा पुरातन अर्थात् पुरानो मित्र तथा आत्मज्ञानी ब्राह्मण त्यहाँ आइपुगे र ती रोइरहेकी अबलालाई मधुर वाणीमा बुझाउँदै भने ॥५१॥ ब्राह्मण भन्दछन्—अरे ! तिमी को ? कासकी छोरी हौ ? कसको निम्ति रोइरहेकी छौ ? यो सुतेको को हो ? के तिमी, म आफ्नो पुरानो मित्रलाई चिन्दैछौ—जोसित तिमी परापूर्वकालमा डुल्ने गर्दथ्यौ ॥५२॥ फेरि मित्रप्रति भने—हे सखे ! जसको अविज्ञात मित्र थियो, त्यो आफूलाई तिमी चिन्दछौ ? तिमी चिन्दछौ ? कि चिन्दैनौ ? तिमी पृथ्वीका समस्त भोगहरूको इच्छाले मलाई त्यागेर आएका थियौ, त्यो तिमीलाई सम्झना छ ? ॥५३॥ हे आर्य ! पहिले म र तिमी दुवै जना मानसरोवर स्वरूप आफ्नो अन्तःकरणमा विराजमान हंस जस्तै शुद्ध स्वभावका थियौं । हामी दुवै एक हजार वर्षसम्म विना कुनै घर-वारकै रहिरहेका थियौं ॥५४॥ हें मित्र ! उही तिमी विषय-भोगका कामनाले मलाई त्यागेर आयौ र पृथ्वीमा डुल्दै तिमीले स्त्रीद्वारा रचित यौटा नगर देख्यौ ॥५५॥ जुन पाँच बगैचा, नौ द्वार, एक द्वाररक्षक, तीन बुर्जा, छ इच्छित वस्तुहरू दिने वैश्य, पाँचथरि बजार र पाँच नै उपादान कहणहरूले

कश्चित्सखा ब्राह्मण आत्मवान् ॥ सान्त्वयन्वल्गुना साम्ना तामाह रुदतीं प्रभो ॥ ५१ ॥ ब्राह्मण उवाच ॥ का त्वं कस्यासि को वाऽयं शयानो यस्य शोचसि ॥ जानसि किं सखायं मां येनाग्रे विचचर्थ ह ॥ ५२ ॥ अपि स्मरसि चात्मानमविज्ञातसखं सखे ॥ हित्वा मां पदमन्विच्छन्भौम-भोगरतो गतः ॥ ५३ ॥ हंसावहं च त्वं चार्य सखायौ मानसायनौ ॥ अभूतामन्तरावौकः सहस्रपरिवत्सरान् ॥ ५४ ॥ स त्वं विहाय मां बन्धो गतो ग्राम्यमतिर्महीम् ॥ विचरन्पदमद्राक्षीः कयाचिन्निर्मितं स्त्रिया ॥ ५५ ॥ पञ्चारामं नवद्वारमेकपालं त्रिकोष्ठकम् ॥ षट्कुलं पञ्चविपणं पञ्चप्रकृति स्त्रीधवम् ॥ ५६ ॥ पंचेन्द्रियार्था आरामा द्वारः प्राणा नव प्रभो ॥ तेजोऽबन्नानि कोष्ठानि कुलमिन्द्रियसंग्रहः ॥ ५७ ॥ विपणस्तु क्रियाशक्तिर्भू-तप्रकृतिरव्यया ॥ शक्त्यधीशः पुमांस्त्वत्र प्रविष्टो नावबुध्यते ॥ ५८ ॥ तस्मिंस्त्वं रामया स्पृष्टो रममाणोऽश्रुतस्मृतिः ॥ तत्संगादीदृशीं प्राप्तो दशां पापीयसीं प्रभो ॥ ५९ ॥ न त्वं विदर्भदुहिता नायं वीरः सुहृत्तव ॥ न पतिस्त्वं पुरञ्जन्या रुद्धो नवमुखे यथा ॥ ६० ॥ माया ह्येषा मया सृष्टा यत्पु-मांसं स्त्रियं सतीम् ॥ मन्यते नो भयं यद्वै हंसौ पश्यावयोर्गतिम् ॥ ६१ ॥ अहं भवान्न चान्यस्त्वं त्वमेवाहं विचक्ष्व भोः ॥ न नौ पश्यन्ति कवयश्छिद्रं

युक्त थियो त्यसकी स्वामिनी यौटो स्त्री थिई ॥५६॥ हे राजन् ! इन्द्रियका पाँच विषय नै त्यसका बगैचा थिए । नौ इन्द्रिय त्यरूका छिद्र द्वार थिए । अग्नि, जल र अन्न यी तीन बुर्जा थिए । मन र पाँच ज्ञानेन्द्रिय यी छ वैश्य थिए । क्रियाशक्ति-सम्पन्न कर्मन्द्रियएरू नै बजार थिए र पञ्चभूत नै कहिल्यै क्षीण नहुने उपाद कारण थिए । हे मित्र ! बुद्धि-शक्ति नै जसकी स्वामिनी थिई, यस्तो संगति भएको नगरमा प्रवेश गरेपछि पुरुष आफ्नो स्वरूपलाई देख्न पाउन्न ॥५७-५८॥ हे समर्थ ! त्यही नगरमा यौटी सुन्दरीमा मोहित भएर तिमी त्योसित विवाह गर्दा-गर्दै आफ्नो स्वरूपलाई समेत बिर्सिदियौ र त्यसपछि तिमी यस अधम अवस्थामा आइपुग्यौ । तिमी विदर्भ नरेशकी छोरी होइनौ ? यो वीर पनि तिम्रो सुहृद् होइन र जसले तिमीलाई नौ द्वारको नगरमा लगेर थुनिदिएको थियो, त्यो पुरञ्जनीका पति पनि तिमी हुन सक्तैनौ ॥५९-६०॥ तिमी जुन आफूलाई पुरुष र स्त्रीलाई सती नारी ठानिरही छौ, यो मेरै रचित माया हो । वस्तुतः यी दुवैमा तिमी कोही पनि होइनौ, हामी दुवै हंस हौं । हाम्रो जो सच्चा स्थिति हो, त्यो सुन र जान ॥६१॥ हे मित्र । जुन म हुँ, उही

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी मसित भिन्न हुन सक्तैनौ । जो तिमी हौ, त्यही म हुँ–यस्तो निश्चित जान । बुद्धिमान व्यक्ति हामी दुवैमा अलिकति पनि भेद देख्दैनन् ।।६२।। जस्तै पुरुष आफ्नो योटै रूपलाई ऐना र अर्को पुरुषका आँखामा दुइ प्रकारको देख्दछ, त्यस्तै नै हामी दुवै हौं ।।६३।। यही हंसरूपी ईश्वर द्वारा सावधान गरेपछि त्यो मानस सरोवरको हंस अर्थात् जीव आफ्नो स्वरूप मा स्थित भयो र उसलाई आफ्नो मित्रको वियोगले बिर्सेको आत्मज्ञान पुनः प्राप्त भयो ।।६४।। हे राजा प्राचीनबर्हि ! मैले तिमीलाई यो आत्मज्ञानको भेद परोक्षरूपले भनेको हुँ, किनकि ती जगत्का रचयिता र *सर्वव्यापी ईश्वरलाई परोक्ष वर्णन नै मनपर्छ ।।६५।। इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे अष्टाविंशतितमोऽध्यायः ।।२८।। (पुरञ्जनोपाख्यान)–

जातु मनागपि ॥ ६२ ॥ यथा पुरुष आत्मानमेकमादर्शचक्षुषोः ॥ द्विधाभूतमवेक्षेत तथैवान्तरयावयोः ॥ ६३ ॥ एवं स मानसो हंसो हंसेन प्रतिबोधितः स्वस्थस्तद्व्यभिचारेण नष्टमाप पुनः स्मृतिम् ॥ ६४ ॥ बर्हिष्मन्नेतदध्यात्मं पारोक्ष्येण प्रदर्शितम् ॥ यत्परोक्षप्रियो देवो भगवान्विश्वभावनः ॥ ६५ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पुरंजनोपाख्यानेऽष्टाविंशोऽध्यायः ॥ २८ ॥ प्राचीनबर्हिरुवाच ॥ भगवंस्ते वचोऽस्माभिर्न सम्यगवगम्यते ॥ कवयस्तद्विजानन्ति न वयं कर्ममोहिताः ॥ १ ॥ नारद उवाच ॥ पुरुषं पुरंजनं विद्याद्यद्व्यनक्त्यात्मनः पुरम् ॥ एकद्वित्रिचतुष्पादं बहुपादमपादकम् ॥ २ ॥ योऽविज्ञाताहृतस्तस्य पुरुषस्य सखेश्वरः ॥ यन्न विज्ञायते पुम्भिर्नामभिर्वा क्रियागुणैः ॥ ३ ॥ यदा जिघृक्षन्पुरुषः कार्त्स्न्येन प्रकृतेर्गुणान् ॥ नवद्वारं द्विहस्तांघ्रिं तत्रामनुत साध्विति ॥ ४ ॥ बुद्धिं तु प्रमदां विद्यान्ममाहमिति यत्कृतम् ॥ यामधिष्ठाय देहेऽस्मिन्पुमान्भुङ्क्ते–

राजा प्राचीनबर्हि भन्दछन्–हे भगवन् ! हजुरका वचनको वास्तविक अर्थ मैले बुझ्न सकिन, किनकि त्यसको अभिप्राय विवेकशील पुरुष नै जान्न सक्छन् (हामी जस्ता पुरुष जान्न सक्तैनन् अतः कृपा गरेर स्पष्टरूपमा मलाई बुझाउनोस ।।१।। नारदजी भन्दछन्---हे राजन् ! पूर्वोक्त पुरञ्जनलाई तिमी जीव जान–जो आफ्नो निम्ति एक, दुइ, तीन, चार वा अनेक अथवा विना खुट्टाको शरीररूपी नगर बसाल्दछ ।।२।। त्यस जीवको पूर्वोक्त अज्ञात नामक मित्र ईश्वर हो—जसका जीवलाई नाम, गुण तथा कर्मसित सच्चा ज्ञान कुनै प्रकारले पनि हुनै पाउँदैन ।।३।। जब जीव प्राकृत गुणहरूलाई ग्रहण गर्न इच्छा गर्दछ, तब त्यो नौ इन्द्रिय-छिद्ररूप द्वारले युक्त तथा दुइ हात र खुट्टा भएको मानव शरीरलाई नै उपयुक्त ठान्दछ ।।४।।

* दृष्टान्त—(ईश्वर सर्वव्यापी छ)—योटी बूढी नित्य कथा सुन्ने गर्दथी । कथामा बारम्बार यो कुरा आउँथ्यो—ईश्वर सबैमा छ र उसको इच्छा विना पात पनि हल्लन सक्तैन । बूढीको मनमा यो मान्यता दृढ भइसकेको थियो-जे जस्तो स्थिति आउँछ त्यो ईश्वर प्रेरित हुन्छ । अतः ईश्वरको इच्छामा आफ्नो इच्छा मिसाएर त्यो सदा प्रसन्न रहन्थी । यसले दिनदिनै बूढीको आचरण शुद्ध हुँदै गयो । एकपल्ट ब्रह्मा, विष्णु र शिवलाई त्यसको परीक्षा लिन मन लाग्यो । तदनुसार शिव सर्प, विष्णु सिपाही र ब्रह्मा शास्त्री बनेर त्यसकहाँ गए । बुढीको योटा छोरो थियो, त्यसलाई सर्पले टोकेर मर्‍यो । अनि सिपाही रूपधारी विष्णुले बुढियासित भने—'आमै ! तिम्रो शत्रु सर्प यो दाउराको थुप्रोमा लुकेर बसेको छ । तिम्रो आज्ञा भए म त्यसलाई मारिदिन्छु ।' बुढियाले भनी–'जे हुनु थियो, त्यो भयो । अब त्यसलाई किन मार्ने ?' त्यसै बखत शास्त्री बनेर आएका ब्रह्माजीले भने—'आमै ! शठे शाठ्यम् समाचरेत् । हान्नेलाई हान, दोष नगन । बूढीले उत्तर दिई-'तिमी त विद्वान छौ, म त मूर्ख हुँ । यसनिम्ति तिमी भन्दा बढ्ता म बुझ्न सक्तिन, तर मेरो यस्तो विश्वास छ कि ईश्वर सबैमा छ र ईश्वरले जसरी राख्छ उसै गरी बस्नु हाम्रो धर्म हो । सूर्य चन्द्र पनि उसैको अधीन छन् । मेरो छोरोको सम्बन्ध पूरा भयो होला, त्यसैले टोक्यो । अब म त्यस सर्पलाई नयाँ शत्रु किन बनाउँ ? अतः त्यसलाई मार्ने कुरा नगर । त्यसपछि बुढिले छोरोको मुखमा गङ्गाजल हाल्नासाथ छोरो उठेर ठिङ्ग उभियो । त्यसपछि देवताहरूले प्रसन्न भएर ती दुवै आमा–छोरोलाई दर्शन दिए र ती कृतार्थ भए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैले देह-इन्द्रिय आदिमा ममताको भाव उत्पन्न हुन्छ। तिमी बुद्धिलाई नै स्त्री मान। त्यसको भरमा नै पुरुष देहमा आफ्ना इन्द्रियहरू द्वारा तिनका विषयहरू भोग्दछ ॥५॥ जसको द्वारा ज्ञान र कर्म हुन्छ, ती दस इन्द्रिय नै त्यस स्त्रीका सुहृद हुन्। इन्द्रियका वृत्तिहरू नै उसका सखी हुन्। पाँच वृत्ति भएको प्राण त्यस नागको रक्षक पाँच फणा भएको सर्प समान हो ॥ ६ ॥ दुवै प्रकारका इन्द्रियहरूको अधिपति मनलाई बृहद्बल नामको मुख्य योद्धा मान्नुपर्दछ। इन्द्रियका शब्द स्पर्शादि पाँच विषय नै पाञ्चाल देश हो, जसमा यो नौ द्वार हुने नगर बसेको छ ॥ ७ ॥ त्यस नगरमा जुन एक स्थानमा दुइ द्वार कहिएका छन्, ती दुइ कान हुन्। यी बाहेक मुख, शिश्न र गुदा—यी तीनैलाई मिलाएर जम्मा नौ द्वार छन् यिनैबाट निस्केर जीव आफ्ना इन्द्रियरूपी मित्रसित बाहिरी विषयहरूतिर गर्दछ ॥८॥ तिनमा दुइ नेत्र, दुइ नासिका र एक मुख यी पाँच पूर्वतिरका द्वार हुन्। दाहिने कानलाई दक्षिण र बायाँ कानलाई उत्तरको द्वार जान ॥९॥ तलतिर गुदा तथा शिश्न (लिङ्ग), यी दुवै पश्चिम द्वार कहिन्छन्। खद्योत आविर्मुखी यी एक स्थानमा दुइ द्वार

ऽक्षभिर्गुणान् ॥ ५ ॥ सखाय इन्द्रियगणा ज्ञानं कर्म च यत्कृतम् ॥ सख्यस्तद्वृत्तयः प्राणः पञ्चवृत्तिर्यथोरगः ॥ ६ ॥ बृहद्बलं मनो विद्यादुभयेन्द्रियनायकम् ॥ पाञ्चालाः पञ्च विषया यन्मध्ये नवखं पुरम् ॥ ७ ॥ अक्षिणी नासिके कर्णौ मुखं शिश्नगुदाविति ॥ द्वे द्वे द्वारौ बहिर्याति यस्तदिन्द्रियसंयुतः ॥ ८ ॥ अक्षिणी नासिके आस्यमिति पंच पुरः कृताः ॥ दक्षिणं दक्षिणः कर्णउत्तरश्चोत्तरः स्मृतः ॥ ९ ॥ पश्चिमे इत्यधोद्वारौ गुदं शिश्नमिहोच्यते ॥ खद्योताविर्मुखी चात्र नेत्रे एकत्र निर्मिते ॥ रूपं विभ्राजितं ताभ्यां विचष्टे चक्षुषेश्वरः ॥ १० ॥ नलिनी नालिनी नासे गन्धः सौरभ उच्यते ॥ घ्राणोऽवधूतो मुखास्यं विपणो वाग्रसविद्रसः ॥ ११ ॥ आपणो व्यवहारोऽत्र चित्रमन्धो बहूदनम् ॥ पितृहूर्दक्षिणः कर्ण उत्तरो देवहूः स्मृतः ॥ १२ ॥ प्रवृत्तं च निवृत्तं च शास्त्रं पंचालसंज्ञितम् ॥ पितृयानं देवयानं श्रोत्राच्छ्रुतधराद्व्रजेत् ॥ १३ ॥ आसुरी मेढ्रमर्वाग्द्वार्व्यवायो ग्रामिणां रतिः ॥ उपस्थो दुर्मदः प्रोक्तो निर्ऋतिर्गुद उच्यते ॥ १४ ॥ वैशसं नरकं पायुर्लुब्धकोऽन्धौ तु मे शृणु ॥ हस्तपादौ पुमांस्ताभ्यां युक्तो याति करोति च ॥ १५ ॥ अन्तःपुरं च हृदयं विषूचिर्मन उच्यते ॥ तत्र मोहं प्रसादं वा हर्षं प्राप्नोति तद्गुणैः ॥ १६ ॥ यथा यथा

दुवै नेत्र हुन्। रूप विभ्राजित नामको देश हो, जहाँ जीव आफ्नो मित्र चक्षु-इन्द्रिय (द्युमान्) सित जान्छ ॥१०॥ दुवै नासिकालाई नलिनी तथा नालिनी नामको द्वार मानिएको छ र नासिकाको विषय अर्थात् गन्ध सौरभ देश कहिन्छ। घ्राणेन्द्रिय अवधूत नामको मित्र हो। मुख्य-मुख्य नामका द्वार हुन् र उसमा बस्ने भएका वाक्-इन्द्रिय विपण तथा रसनेन्द्रिय रसविद नामको मित्र हो ॥११॥ वाणीको व्यवहार आपण एवं विविध प्रकारका अन्न बहूदन हो। दाहिने कान पितृहू र बायाँ कान देवहू कहिन्छ ॥ १२ ॥ कर्मकण्ड रूपी प्रवृत्ति-शास्त्र तथा ज्ञानकाण्डरूपी निवृत्ति-शास्त्र दक्षिण पाञ्चाल र उत्तर पाञ्चाल नामका देश हुन्, जसलाई श्रवणेन्द्रियरूपी आफ्ना मित्र श्रुतधर द्वारा सुनेर जीव पितृयान तथा देवयान मार्गमा जान्छ ॥ १३ ॥ आसुरी नामक पश्चिमी द्वार शिश्नेन्द्रिय हो। त्यसै द्वारा स्त्री-प्रसंग गर्नु ग्रामक नामको देश हो र उपस्थेन्द्रिय त्यसमा बस्ने दुर्मद नामक मित्र हो गुदा निऋति नामक पश्चिमी द्वार हो ॥१४॥ नरक वैशस देश हो। पायु-इन्द्रिय लुब्धक नामको मित्र हो। अब दुइ अन्धाको तात्पर्य भन्दछु त्यो सुन। हात तथा खुट्टा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनै दुवै दुइ अण्धा पुरुष हुन्, जसको सहायताले जीव आफ्नो सबै काम गर्दछ र त्यो जहाँ-तहाँ आउने-जाने गर्दछ ॥ १५ ॥ हृदय अन्तःपुर कहिन्छ । त्यसका बस्ने मन नै विषूची नामको मन्त्री हो । जीव त्यसका सत्वादि गुणहरूको अनुसार हर्ष, शोक तथा मोह आदिमा प्राप्त हुन्छ ।। १६ ।। बुद्धिरूपिणी रानी जति-जति विचारमा प्राप्त हुन्छे र जति-जति इन्द्रियादिहरूलाई विकृत पार्दछे, त्यसै प्रकार गुणहरूमा लिप्त जीव त्यसका वृत्तिहरूको साक्षी बनेर तिनको अनुसरण गर्दछ ।।१७।। हे राजन् ! स्वप्न शरीर रथ हो । त्यसका इन्द्रिय-रूपी पाँच घोड़ा मानिन्छन् । वर्षहरू आउनु र बितेर जानु त्यसको गति कहिन्छ । पुण्य र पाप–यी दुइ प्रकारका कर्म नै उसका दुइ चक्का हुन् । तीन गुण त्यसका ध्वजा हुन् र पाँच प्राण बन्धन हुन्छन् ।।१८।। मन उसको बागडोर, बुद्धि सारथी, हृदय बस्ने स्थान, सुख-दुःख आदि द्वन्द्व उसको जूआ, इन्द्रियका पाँच विषय त्यसमा राखिएका शस्त्र र त्वचा आदि सात धातु उसका पर्दा मानिन्छन् ।।१९।। यसै प्रकार कर्मेन्द्रियहरू त्यसका बाह्य गति कहिन्छन् । त्यो स्वप्न-शरीररूपी रथमा बसेर जीव मृगतृष्णाको समान मिथ्या विषयतिर दगुर्न थाल्दछ । एघार इन्द्रियहरू उसका सेना हुन्छन्, जसद्वारा त्यो जीव इन्द्रियहरूका पाँच विषयलाई पशु-बध गर्ने झैं अनीतिपूर्वक स्वीकार्दछ ।। २० ।। संवत्सर चण्डवेग

विक्रियते गुणाक्तो विकरोति वा ॥ तथा तथोपद्रष्टात्मा तद्वृत्तीरनुकार्यते ॥ १७ ॥ देहो रथस्त्विन्द्रियाश्वः संवत्सररयो गतिः ॥
द्विकर्मचक्रस्त्रिगुणध्वजः पंचासुबन्धुरः ॥ १८ ॥ मनोरश्मिर्बुद्धिसूतो हृन्नीडो द्वन्द्वकूबरः ॥ पंचेन्द्रियार्थप्रक्षेपः सप्तधातुवरूथकः ॥ १६ ॥ आकूति-
विक्रमो बाह्यो मृगतृष्णां प्रधावति ॥ एकादशेन्द्रियचमूः पंचसूनाविनोदकृत् ॥ २० ॥ संवत्सरश्चण्डवेगः कालो येनोपलक्षितः ॥ तस्याहानीह
गन्धर्वा गन्धर्व्यो रात्रयः स्मृताः ॥ हरन्त्यायुः परिक्रान्त्या षष्ट्युत्तरशतत्रयम् ॥ २१ ॥ कालकन्या जरा साक्षाल्लोकस्तां नाभिनन्दति ॥ स्वसारं
जगृहे मृत्युः क्षयाय यवनेश्वरः ॥ २२ ॥ आधयो व्याधयस्तस्य सैनिका यवनाश्चराः ॥ भूतोपसर्गाशुरयः प्रज्वारो द्विविधो ज्वरः ॥ २३ ॥
एवं बहुविधैर्दुःखैर्दैवभूतात्मसंभवैः ॥ क्लिश्यमानः शतं वर्षं देहे देही तमोवृत ॥ २४ ॥ प्राणेन्द्रियमनोधर्मानात्मन्यध्यस्य निर्गुणः ॥ शेते कामल

नामको गन्धर्वराज हो, जस द्वारा कालको ज्ञान हुन्छ । त्यसका अधीनस्थ गन्धर्व, दिन गन्धर्वीहरू रात्रि हुन् । यी तीन सय साठी दिन र रात बराबर घुमेर मनुष्यको आयुष्यलाई हरण गर्दै रहन्छन् ।।२१।। जरावस्था (बुढ्याइँ) नै कालकन्या हो । त्यसलाई कुनै पनि पुरुष मनपराउन्नन् । मृत्युस्वरूप यमराजले लोकको संहार गर्नका निम्ति बैनी बनाएर स्वीकार गरेको छ ।।२२।। मानसिक तथा शारीरिक क्लेश नै त्यस यवनराजका आज्ञाकारी यवन-सैनिक हुन् र प्राणीहरूलाई शीघ्र मृत्युको मुखमा पार्ने तातो र चीसो दुइ थरिका ज्वार-प्रज्वार हुन्, ।।२३।। हे राजन् ! यस प्रकार देहाभिमान सम्पन्न जीव वास्तवमा निर्गुण भएर पनि अज्ञानले आच्छादित भएर प्राण, इन्द्रिय तथा मन आदिका धर्मलाई आफूमा आरोपित गरेर माया-ममताको अभिमानले बन्धनमा अल्झिई क्षुद्र विषय-भोगको इच्छावश विविध प्रकारका कर्म गर्दछ र यस शरीरमा कैयौं अधिदैविक, अधिभौतिक र आध्यात्मिक दुःखहरूले क्लेश पाउँदै सय वर्षसम्म त्यसै रहन्छ ।। २४ ॥ यस प्रकार जीव निर्गुण भएर पनि प्राण, इन्द्रिय र मनको कार्यलाई आत्माको कर्तव्य ठानेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षणिक कर्मसुखलाई नै सर्वस्व ठान्न थाल्दछ, किनकि उसलाई यसैमा ममता हुन्छ ॥२५॥ आफ्नो आत्मारूपी परम गुरु श्रीभगवान्‌लाई नजानेर नै जीव स्वयं प्रकाशशील भएर पनि प्राकृतिक गुणहरूमा लिप्त होइजान्छ ॥२६॥ ती गुणहरू अभिमानी हुनाले गर्दा त्यो विवश भएर सात्त्विक, राजस तथा तामस कर्म गर्दै र आफ्ना कर्महरूको अनुसार विभिन्न योनिहरूमा जन्मन जान्छ ॥२७॥ अतः त्यो जीव कहिले प्रकाश-सम्पन्न स्वर्गादि सात्विक लोकमा जान्छ र कहिले दुःखमय मनुष्यादि लोकहरूमा जन्म लिन्छ, जहाँ त्यसलाई अगणित कर्महरूको क्लेश बोक्नु पर्दछ र कहिले शोकले भरिएको तमोमयी तिर्यक् आदि योनिहरूमा जान पुग्दछ ॥२८॥ यसरी विवेक-बुद्धिले हीन प्राणी कहिले पुरुष, कहिले स्त्री कहिले नपुंसक हुन्छ । त्यो कहिले देवयोनि, कहिले मनुष्य योनि र कहिले तिर्यक् योनिमा गएर जन्मन्छ । यस प्रकार त्यसलाई कर्म तथा गुणहरूको अनुसार विभिन्न जन्म मिल्दै रहन्छन् ॥ २९ ॥ जस्तै भोकले व्याकुल दीन-हीन कुकुर घर-घरै डुल्दै-फिर्दै र आफ्नो प्रारब्धवश कहीं लट्ठी र कहीं भात खान्छ, त्यस्तै नै विविध वासनाहरूमा बाँधिएको जीव उच्च-नीच मार्गबाट उत्तम,

वान्ध्यायन्ममाहमिति कर्मकृत् ॥ २५ ॥ यदात्मानमविज्ञाय भगवन्तं परं गुरुम् ॥ पुरुषस्तु विषज्जेतु गुणेषु प्रकृतेः स्वदृक् ॥ २६ ॥ गुणाभिमानी स तदा कर्माणि कुरुतेऽवशः ॥ शुक्लं कृष्णं लोहितं वा यथा कर्माभिजायते ॥ २७ ॥ शुक्लात्प्रकाशभूयिष्ठाँल्लोकानाप्नोति कर्हिचित् ॥ दुःखोदर्कान् क्रियायासांस्तमः शोकोत्कटान्क्वचित् ॥ २८ ॥ क्वचित्पुमान्क्वचिच्च स्त्री क्वचिन्नोभयमन्दधीः ॥ देवो मनुष्यतिर्यग्वा यथाकर्मगुणं-भवः ॥२९॥ क्षुत्परीतो यथा दीनः सारमेयो गृहं गृहम् ॥ चरन्विन्दति यद्दिष्टं दण्डमोदनमेव वा ॥ ३० ॥ तथा कामाशयो जीव उच्चावचपथा भ्रमन् ॥ उपर्यधो वा मध्ये वा याति दिष्टं प्रियाप्रियम् ॥ ३१ ॥ दुःखेष्वेकतरेणापि दैवभूतात्महेतुषु ॥ जीवस्य न व्यवच्छेदः स्याच्चेत्तत्तत्प्रतिक्रिया ॥ ३२ ॥ यथा हि पुरुषो भारं शिरसा गुरुमुद्वहन् ॥ तं स्कन्धेन स आधत्ते तथा सर्वाः प्रतिक्रियाः ॥ ३३ ॥ नैकान्ततः प्रतीकारः कर्मणां कर्म केवलम् ॥ द्वयं ह्यविद्योपसृतं स्वप्ने स्वप्न इवानघ ॥ ३४ ॥ अर्थे ह्यविद्यमानेऽपि संसृतिर्न निवर्तते ॥ मनसा लिङ्गरूपेण स्वप्ने विचरतो यथा ॥ ३५ ॥ अथात्मनोऽर्थभूतस्य यतोऽनर्थपरम्परा ॥ संसृतिस्तद्व्यवच्छेदो भक्त्या परमया गुरौ ॥ ३६ ॥ वासुदेवे भगवति भक्तियोगः समाहितः ॥

मध्यम तथा अधम योनिहरूमा घुम्दै इष्ट-अनिष्ट प्रारब्धको फल भोग्दछ ॥३०॥३१॥ यदि यसो भनौं—ती कष्ट निवारण गर्ने उपाय गर्न सकेदेखि त्यसबाट मुक्ति पाउन सकिन्छ ; यो कुरा पनि उचित छैन, किनकि आधिदैविक, आधिभौतिक तथा आध्यात्मिक यी तीन थरिका दुःखहरूमा कुनै पनि दुःखबाट जीवलाई सर्वथा मुक्ति मिल्न सक्तैन । जस्तै—भारी बोकेर लैजाने पुरुष आफ्नो टाउकोलाई पीडाबाट निवृत्त गर्नको निम्ति भारीलाई टाउकोबाट काँधमा राख्दछ, त्यस्तै दुःखबाट मुक्ति पाउने उपाय हुन्छन् ॥३२॥३३॥ हे निष्पाप ! जस्तै—स्वप्नमा हुने स्वप्नान्तर त्यस स्वप्नबाट छुट्ने उपाय हुन सक्तैन, त्यस्तै कर्मफलको भोगबाट मुक्त हुने साधन केवल कर्म नै हुन सक्तैन, किनकि सकाम वा निष्काम दुबै कर्म अविद्या जनित हुन् ॥३४॥ जस्तै—मनोमय लिङ्ग शरीरबाट स्वप्नमा विचरणशील प्राणीलाई स्वप्नका पदार्थ सत्य नभए पनि सत्य भासमान हुन्छन्, त्यस्तै नै देहका अन्तःकरण आदि अनात्म पदार्थ सत्य नभए पनि तिनमा अभिमान गर्ने भएको जीवको जन्म-मरणरूपी संसार निवृत्त हुन पाउन्न ॥ ३५ ॥ अतः जसको कारण परमार्थमय आत्मालाई थार-थरिका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनर्थहरूलाई प्राप्त गर्ने जन्म-मरणरूपी संसार-चक्र प्राप्त हुँदै रहन्छ । त्यस अज्ञानको नाश त्यस वेला हुन्छ, जब आफ्ना गुरुमा भक्तिहोस् ॥३३॥ भगवान वासुदेवमा एकाग्रतापूर्वक राम्रो प्रकारले गरिएको भक्ति वैराग्य तथा ज्ञान उत्पन्न गर्दछ ॥३७॥ हे राजर्षे ! भगवान् अच्युतका कथाको आश्रित रहने भक्तियोग सधैं श्रद्धापूर्वक भगवानका कथाहरू सुन्नाले तथा स्वयं भन्नाले पुरुषलाई शीघ्र प्राप्त हुन्छ । ३८॥ हे राजन् ! जहाँ भगवान्का गुणहरू भन्न र सुन्नमा व्यग्रचित्त, उदारहृदय एवं साधु स्वभाव भक्तजन रहन्छन्, त्यस भक्त मण्डलीमा महापुरुषका मुखबाट निस्कने श्रीमधुसूदन भगवान्का चरित्ररूपी अमृतले सम्पूर्ण भरिएका अनेक नदीहरू लगिरहन्छन्। हे राजन् ! जो व्यक्ति अतृप्त भएर आफ्ना कानले त्यो अमृत अघाउँजी पिउँछन्, तिनलाई भोक-प्यास, भय-शोक र केही पनि बाधा पुन्याउन सक्तैनन ॥३९॥४०॥ हे राजन् ! जन्म-जन्मान्तरका संस्कारवश स्वभावतः प्राप्त भोक-पिपासादि विघ्नका वशीभूत यो जीवसमुदाय भगवान्को कथामृतसिन्धुबाट प्रेम नगरेर यता-उता भौंतारी रहन्छ ॥४१॥ धेरै भनेर के गर्नें ? प्रजापतिहरूका अधिपति साक्षात् ब्रह्माजी, भगवान्

सध्रीचीनेन वैराग्यं ज्ञानं च जनयिष्यति ॥ ३७ ॥ सोऽचिरादेव राजर्षे स्यादच्युतकथाश्रयः ॥ शृण्वतः श्रद्दधानस्य नित्यदा स्यादधीयतः ॥ ३८ ॥ यत्र भागवता राजन्साधवो विशदाशयाः ॥ भगवद्गुणानुकथनश्रवणव्यग्रचेतसः ॥ ३९ ॥ तस्मिन्महन्मुखरिता मधुभिच्चरित्रपीयूषशेषसरितः परितः स्रवन्ति ॥ ता ये पिबन्त्यवितृषो नृप गाढकर्णैस्तान्न स्पृशन्त्यशनतृड्भयशोकमोहाः ॥ ४० ॥ एतैरुपद्रुतो नित्यं जीवलोकः स्वभावजैः ॥ न करोति हरेर्नूनं कथामृतनिधौ रतिम् ॥ ४१ ॥ प्रजापतिः पतिः साक्षाद्भगवान्गिरिशो मनुः ॥ दक्षादयः प्रजाध्यक्षा नैष्ठिकाः सनकादयः ॥ ४२ ॥ मरीचिरत्र्यङ्गिरसौ पुलस्त्यः पुलहः क्रतुः ॥ भृगुर्वसिष्ठ इत्येते मदन्ता ब्रह्मवादिनः ॥ ४३ ॥ अद्यापि वाचस्पतयस्तपोविद्यासमाधिभिः ॥ पश्यन्तोऽपि न पश्यन्ति पश्यन्तं परमेश्वरम् ॥ ४४ ॥ शब्दब्रह्माणि दुष्पारे चरन्त उरुविस्तरे ॥ मन्त्रलिङ्गैर्व्यवच्छिन्नं भजन्तो न विदुः परम् ॥ ४५ ॥ यदाऽयमनुगृह्णाति भगवानात्मभावितः ॥ स जहाति मतिं लोके वेदे च परिनिष्ठिताम् ॥४६॥ तस्मात्कर्मसु बर्हिष्मन्नज्ञानादर्थकाशिषु ॥ माऽर्थदृष्टिं कृथाः श्रोत्रस्पर्शिष्वस्पृष्टवस्तुषु ॥४७॥ स्वं लोकं न विदुस्ते वै यत्र देवो जनार्दनः ॥ आहुर्धूम्रधियो वेदं सकर्मकमतद्विदः ॥ ४८ ॥ आस्तीर्य दर्भैः प्रागग्रैः

शङ्कर, स्वायम्भुव मनु, दक्षादि प्रजापति, सनकादि नैष्ठिक ब्रह्मचारी, अत्रि, अङ्गिरा, पुलस्त्य, क्रतु, पुलह, भृगु तथा वसिष्ठादि देखि लिएर म नारदसम्म सबै वेदवादी मुनि विविध प्रकारका व्याख्याहरू गर्नमा कुशल भएर पनि तप, ज्ञान र समाधिद्वारा ती सर्वद्रष्टा परमात्मालाई देखेर पनि देख्नपाउन्न ॥४२-४४॥ ती दुष्पार र अत्यन्त विस्तृत शब्दब्रह्म अर्थात् वेदका विचारशील अनेक महानुभाव पनि मन्त्रहरूमा वर्णन गरिएका इन्द्रादि देवताहरूको स्वरूपदेखि भिन्न-भिन्न देखिने परमात्माको यज्ञादिद्वारा पूजा गर्दागर्दै पनि उनको सच्चा स्वरूप जान्न सक्तैनन् ॥४५॥ अन्तःकरणमा ध्यान गर्नाले जब भगवान् यस जीवमा दया गर्दछन् अनि मात्र लौकिक र वैदिक कर्ममा आसक्त बुद्धि त्याग्न सक्छ ॥४६॥ हे बर्हिष्मन् ! जुन केवल सुन्नमा नै प्रिय लाग्दछन्, तर वस्तुतः परमात्मालाई स्पर्शसम्म गर्न सक्तैनन् र अज्ञानवश परमार्थ रूपमा देखिन्छन्, ती कर्ममा तिमी कदापि वस्तु दृष्टि नराख, अर्थात् तिनलाई सत्य नठान ॥४७॥ मलीन बुद्धि भएका व्यक्ति वेदलाई कर्मपरक भन्दछन् तर ती त्यसको मर्म जान्दैनन्, ती वेदको तात्पर्यबाट अनुभवगम्य आफ्नो स्वरूपभूत आत्मालोकलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जा न पाउन्नन्, जहाँ साक्षात् भगवान् विराजमान रहन्छन् ।।४८।। जसको अग्रभाग पूर्वतिर रहन्छ, त्यस्तो कुशहरूले भूमण्डललाई ढाक्ने तथा थेरै पशुहरूको वध गर्नाले तँ ठूलो अभिमानी र उद्धत भएको छ । वास्तवमा तँलाई कर्म र ज्ञानको रहस्य थाहा छैन । राम्रो कर्म त त्यही हो–जसले भगवान् सन्तुष्ट होउन् र साँचो विद्या त्यही हो–जसले भगवान्मा मन रमाओस् ॥ ४९ ॥ ती नारायण समस्त देहधारीहरूका आत्मा, नियामक तथा स्वतन्त्र कारण हुन् । अतएव जसद्वारा सबैको कल्याण हुन्छ, तिनका ती चरण-कमल नै सबै मनुष्यका एकमात्र आश्रय हुन् ।।५०।। 'जोसित कसैलाई पनि भय हुँदैन, सबैका प्रिय आत्मा उनै हुँन्' यो जुन व्यक्तिले जान्दछ, उही ज्ञानी हो, उही गुरु हो र उही साक्षात् ईश्वर हो ।।५१।। नारदजी भन्दछन्–हे पुरुषर्षभ ! यसरी मैले तिम्रो प्रश्नको उत्तर दिएँ । अब महापुरुषहरूले निश्चित् गरेको यौटा गुप्त साधन भन्दछु, त्यो

कार्त्स्न्येन क्षितिमण्डलम् ॥ स्तब्धो वृहद्वधान्मानी कर्म नावैति यत्परम् ॥ तत्कर्म हरितोषं यत्सा विद्या तन्मतिर्यया ।।४९।। हरिर्देहभृतामात्मा स्वयं प्रकृतिरीश्वरः ॥ तत्पादमूलं शरणं यतः क्षेमो नृणामिह ।।५०।। स वै प्रियतमश्चात्मा यतो न भयमण्वपि ॥ इति वेद स वै विद्वान्यो विद्वान्स गुरुर्हरिः ।।५१।। नारद उवाच ॥ प्रश्न एवं हि सञ्छिन्नो भवतः पुरुषर्षभ ॥ अत्र मे वदतो गुह्यं निशामय सुनिश्चितम्।।५२।। क्षुद्रश्चरं सुमनसां शरणं मिथित्वा रक्तं षडंघ्रिगणसामसु लुब्धकर्णम् ॥ अग्रे वृकानसुतृपोऽविगणय्य यान्तं पृष्ठे मृगं मृगय लुब्धकबाणभिन्नम् ।।५३।। सुमनःसमधर्माणां स्त्रीणां शरण आश्रमे पुष्पमधुगन्धवत्क्षुद्रतमं काम्यकर्मविपाकजं कामसुखलवं जैह्वयौपस्थ्यादि विचिन्वन्तं मिथुनीभूय तदभिनिवेशितमनसं षडंघ्रिगणसामगीतवदतिमनोहरवनितादिजनालापेष्वतितरामतिप्रलोभितकर्णमग्रे वृकयूथवदात्मन आयुर्हरतोऽहोरात्रान्ताम्कालवविशेषानविगणय्य गृहेषु विहरन्तं पृष्ठत एव

तिमी ध्यानपूर्वक सुन ॥ ५२ ॥ हे राजन् ! जो थोरै भोजन गर्दछ, वाटिकामा आफ्नी स्त्रीसित समागम गर्दछ, जसका कान भ्रमराको सुमधुर गुञ्जारमा आसक्त रहन्छन्, जो आफ्नो अगाडि उपस्थित भोको बाघलाई केही नगनेर हिंडिरहेछ र आफ्नो पिठिउँमा व्याधाको बाणको घाउ छ, तिमी त्यस मृगलाई खोज ॥ ५३ ॥ यस गूढ उपदेशको तात्पर्य बुझाउँदै भन्दछन्–पुष्प झैं धर्म भएकी स्त्रीहरूका आश्रय अर्थात् गृहस्थाश्रममा रहेर जो फूलको मधु तथा गन्धलाई खोजे झैं सकाम कर्महरूको *अभ्यास जनित परिणामबाट प्राप्त जिह्वा तथा उपस्थेन्द्रियसित सम्बन्ध राख्ने तुच्छ विषय-सुख खोज्दै रहन्छ, स्त्रीहरूको सम्पर्कमा रहँदा बस्ता उनमा आसक्त चित्त भएर भ्रमरको गान जस्तै स्त्री-पुत्रादिको मधुर भाषणमा जसका कान आसक्त रहन्छन्, जो आफ्नो अगाडि गइरहेको हिंसक जन्तुको समूह झैं आयु हर्ने दिन-रात आदि कालका अवयवलाई केही नठानेर गृहस्थीको सुखमा नै मग्न

---

* उदाहरण (अभ्यास)—यौटी विधवा स्त्री भैंसी पालेर जीविका चलाउँथी । केही दिनपछि भैंसीले पाडी पाई । त्यस स्त्रीलाई पाडीमा बर्ता अनुराग भयो । अतः त्यो उसलाई काखमा लिएर खेलाउने गर्दथी । बिस्तार बिस्तार पाडी ठूली भई, तैपनि त्यसको दृष्टिमा त्यो सानै देखिन्थी, किनकि जन्मैदेखि त्यसलाई बोक्ने बानी पारिसकेको थियो । जति-जति समय व्यतीत हुँदै गयो, उती-उती पाडीको भार बढ्दै गयो र त्यस स्त्रीको उसलाई बोक्ने अभ्यास पनि बढ्दै गयो । अतः उसलाई त्यसको भार थाहै हुँदैनथ्यो । मानिसहरू यो देखेर चकित थिए कि 'यस स्त्रीको शरीरमा कति बर्ता बल छ–यो डेढ वर्षकी पाडीलाई उचाल्न सक्छे ।' एक दिन छिमेकीहरूले त्यो पाडीभन्दा धेरै कम यौटा पोको उचाल्न भने, तब स्त्रीले भनी—'यति ठूलो भारी म उचाल्न सक्तिन ।' उनीहरूले भने—'त्यसो भए तिमी यस पाडीलाई कसरी उचाल्दछ्यौ ?' उसले भनी –'पाडी त आजै जन्मेकी हो जस्तो लाग्दछ ।' सत्य हो, अभ्यासले कठिन काम पनि सरल हुन्छ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहन्छ–जसको पछि लागेको कालरूपी व्याधाले उसलाई आफ्नो बाणले घाइते पारिदिएको छ। हे राजन्! यस्तो भिन्न-हृदय तिमी मृगरूपी आफूतिर हेर ॥५४॥ तिमी आफूलाई मृगको जस्तै स्थितिमा देखेर आफ्नो हृदय भित्र चित्तलाई रोक र कर्णादि इन्द्रियहरूका वृत्तिलाई मनमा स्थापित गर। जहाँ विषयी पुरुषको चर्चा गरिन्छ, त्यस्तो स्थान त्यागेर परमहंसका आश्रयस्वरूप भगवान्‌लाई प्रसन्न पार र विस्ता-विस्तार संसारका सबै दुःखबाट उपरत होऊ ॥५५॥ राजा बर्हिष्मान् भन्दछन्–हे ब्रह्मन्! हजुरले मलाई आत्मविद्याको जुन उपदेश दिनुभयो, त्यो मैले सुनें। मेरा कर्मकाण्डी गुरुजन अवश्य नै यस तत्त्वलाई जान्दैनन्। यदि ती यसलाई जान्ने भए, मलाई यही उपदेश किन दिँदैनथे? ॥५६॥ हे विप्रवर! पुरोहितहरूले मेरो हृदयमा जुन वेदको कर्मपरक तथा ज्ञानपरक हुने विषयमा धेरै ठूलो सन्देह उत्पन्न गरिदिएका थिए, त्यो आज हजुरले नष्ट गरिदिनुभयो। यस विषयसम्म इन्द्रिय पुग्न सक्तैनन्। अतएव ठूला-ठूला ऋषि पनि मोहमा गाडिन्छन् ॥५७॥ 'पुरुष जस द्वारा कर्म गर्दछ, त्यो स्थूल देह यहीं छाडेर पारलोकमा

परोक्षमनुप्रवृत्तो लुब्धकः कृतान्तोऽन्तःशरेण यमिह पराविध्यति तमिममात्मानमहो राजन्भिन्नहृदयं द्रष्टुमर्हसीति॥५४॥ स त्वं विचक्ष्व मृगचेष्टितमात्मनोऽन्तश्चित्तं नियच्छ हृदि कर्णधुनीं च चित्ते ॥ जह्यङ्गनाश्रयमसत्तमयूथगाथं प्रीणीहि हंसशरणं विरम क्रमेण ॥ ५५ ॥ राजोवाच ॥ श्रुतमन्वीक्षितं ब्रह्मन्भगवान्यदभाषत ॥ नैतज्जानन्त्युपाध्यायाः किं न ब्रूयुर्विदुर्यदि ॥५६॥ संशयोऽत्र तु मे विप्र संछिन्नस्तत्कृतो महान् ॥ ऋषयोऽपि हि मुह्यन्ति यत्र नेन्द्रियवृत्तयः ॥५७॥ कर्माण्यारभते येन पुमानिह विहाय तम् ॥ अमुत्रान्येन देहेन जुष्टानि स यदश्नुते ॥ ५८ ॥ इति वेदविदांवादः श्रूयते तत्र तत्र ह ॥ कर्म यत्क्रियते प्रोक्तं परोक्षं न प्रकाशते ॥५९॥ नारद उवाच ॥ येनैवारभते कर्मं तेनैवामुत्र तत्पुमान् ॥ भुंक्ते ह्यव्यवधानेन लिङ्गेन मनसा स्वयम् ॥६०॥ शयानमिममुत्सृज्य श्वसन्तं पुरुषो यथा ॥ कर्मात्मन्याहितं भुंक्ते तादृशेनेतरेण वा ॥ ६१ ॥ ममैत मनसा यद्यदसावहमिति ब्रुवन् ॥ गृह्णीयात्तत्पुमान्राद्धं कर्म येन पुनर्भवः ॥ ६२ ॥ यथाऽनुमीयते चित्तमुभयैरिन्द्रियेहितैः ॥ एवं प्राग्देहजं कर्म लक्ष्यते चित्तवृत्तिभिः ॥ ६३ ॥ नानुभूतं क्व चानेन देहेनादृष्टमश्रुतम् ॥ कदाचिदुपलभ्येत यद्रूपं यादृगात्मनि ॥ ६४ ॥ तेनास्य तादृशं राजँल्लिङ्गिनो देहसंभवम् ॥ श्रद्धत्स्वाननुभूतोऽर्थो न मनः

कर्मवश प्राप्त अन्य शरीरले यस लोकमा गरेका पाप-पुण्यादिका फल भोग्दछ'–यो जुन वेदवादिहरूको वाद जता-ततै सुनिन्छ–त्यसको संगति कसरी बसाल्ने? किनकि जुन कर्म गरिन्छ, त्यो एक क्षणमै नष्ट भएर जान्छ। त्यो फेरि लोकान्तरमा प्रकट हुन पाउन्न ॥५८॥५९॥ नारदजी भन्दछन्–हे राजन्! जुन मनरूपी लिंगदेहले मनुष्य यस लोकमा कर्म गर्दछ, उही शरीर द्वारा परलोकमा स्वयं अव्यवहित अर्थात् परोक्ष रूपबाट फल भोग्दछ ॥६०॥ जस्तै निदाएको पुरुष स्वप्नावस्थामा आफ्नो जीवित शरीरको अभिमान त्यागिदिन्छ र यही शरीरले अथवा पशु आदि अन्य शरीरहरूले मनमा संस्काररूपले स्थित कर्महरू भोग्दछ, त्यसै गरी ऊ परलोकमा पनि आफ्नो कर्म फल भोग्दछ ॥६१॥ जब मन द्वारा जीवलाई 'म मेरो' तथा देहादिलाई 'यो म हूँ' यस्तो मान्दछ, त्यसको निम्ति पाप-पुण्यरूपी कर्मलाई पनि ऊ स्वीकार गरेर तिनै कर्मले फेरि जन्म लिन्छ ॥ ६२ ॥ जस्तै ज्ञानेन्द्रियहरूका चेष्टाले चित्तको अनुमान हुन्छ, त्यसै गरी चित्तको भिन्न-भिन्न वृत्तिहरू द्वारा पूर्वजन्मका कर्महरूको अनुमान गरिन्छ ॥६३॥ कहिलेकाहीं यस्तो पनि हुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि जुन वस्तुको यस शरीरले अनुभव गरेन र जसलाई कहिल्यै देखेन वा सुनेकै थिएन, त्यसको पनि स्वप्नमा वास्तविक अनुभव हुन्छ ॥६४॥ अतएव हे राजन् ! तिमी यो निश्चित जान कि यस लिङ्गदेहको अभिमानी जीवलाई उसको अनुभव पूर्वशरीरमै अवश्य भएको रहन्छ। यही कारण हो–पहिले जुन वस्तुको अनुभव कहिल्यै भएको रहन्न, त्यसको वासना कहिल्यै मनमा जागृत हुन पाउन्न ॥६५॥ हे राजन् ! मनुष्यका पूर्वजन्मका रूप तथा भविष्यमा हुने तथा नहुने रूपहरूको उसको मन नै उसलाई बताइ दिन्छ ॥६६॥ स्वप्नमा कहिले-कहिले यस्ता कुरा पनि भएका देखिन्छन्–जो पहिले कहिल्यै देखे-सुनेको हुँदैन। देश, काल तथा कर्मका आश्रित रहने ती कुराहरूको पनि निद्रादोष र मनको पूर्ववासनाहरूका कारण नै अनुभव हुने गर्दछन् ॥ ६७ ॥ इन्द्रियहरुद्वारा अनुभव हुने सबै पदार्थ बिस्तार-बिस्तार अन्तःकरणको समक्ष आउँदै-जाँदै रहन्छ, किनकि सबै मनुष्यहरूसित विविध जन्ममा विविध संस्कारहरूको अनुभवी मन अवश्य रहन्छ ॥६८॥ जस्तै कहिल्यै पनि नदेखिने राहु ग्रहणको अवसरमा चन्द्रमामा देखिन्छ, त्यस्तै नै भगवान्को समीप बस्ने भक्तजन हरूको सत्त्वगुणमय अन्तःकरणमा पनि यस जगत्को अस्तित्व देखिन्छ ॥६९॥ हे राजन् ! अनादि कालदेखि बनेको मन, बुद्धि, इन्द्रिय र शब्दादि विषय-

स्प्रष्टुमर्हति ॥ ६५ ॥ मन एव मनुष्यस्य पूर्वरूपाणि शंसति ॥ भविष्यतश्च भद्रं ते तथैव न भविष्यतः ॥ ६६ ॥ अदृष्टमश्रुतं चात्र क्वचिन्मनसि दृश्यते ॥ यथा तथाऽनुमन्तव्यं देशकालक्रियाश्रयम् ॥ ६७ ॥ सर्वे क्रमानुरोधेन मनसीन्द्रियगोचराः ॥ आयान्ति वर्गशो यान्ति सर्वे समनसो जनाः ॥ ६८ ॥ सत्त्वैकनिष्ठे मनसि भगवत्पार्श्ववर्तिनि ॥ तमश्चन्द्रमसीवेद परज्यावभासते ॥ ६९ ॥ नाहंममेति भावोऽयं पुरुषे व्यवधीयते ॥ यावद्बुद्धिमनोऽक्षार्थगुणव्यूहो ह्यनादिमान् ॥ ७० ॥ सुप्तिमूर्च्छोपतापेषु प्राणायनविघाततः ॥ नेहतेऽहमिति ज्ञानं मृत्युप्रज्वारयोरपि ॥ ७१ ॥ गर्भे बाल्येऽप्यपौष्कल्यादेकादशविधं तदा ॥ लिङ्गं न दृश्यते यूनः कुह्वां चन्द्रमसो यथा ॥ ७२ ॥ अर्थे ह्यविद्यमानेऽपि संसृतिर्न निवर्तते ॥ ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमो यथा ॥ ७३ ॥ एवं पञ्चविधं लिङ्गं त्रिवृत्षोडशविस्तृतम् ॥ एष चेतनया युक्तो जीव इत्यभिधीयते ॥ ७४ ॥ अनेन पुरुषो देहानुपादत्ते विमुञ्चति ॥ हर्षं शोकं भयं दुखं मुदं चानेन विन्दति ॥ ७५ ॥ यथा तृणजलूकेयं नोपयात्युपयाति च ॥ न त्यजेन्म्रि–

रूपी गुणका समूह स्वरूप लिङ्गदेह जबसम्म रहन्छ, तबसम्म मनुष्यमा 'म र मेरो' को भाव नाश हुँदैन ॥७०॥ सुषुप्ति, मूर्च्छा, शोक, भयंकर कष्ट, मृत्यु तथा ज्वर आदिको अवसरमा अहङ्कारको अभिव्यक्ति हुँदैन, किन्तु त्यो सर्वदा सूक्ष्म रूपले विद्यमान त रहिरहन्छ ॥७१॥ जस्तै औंसीमा चन्द्रमा भएर पनि देखिंदैनन्, त्यस्तै नै युवावस्थामा स्पष्ट प्रतीयमान एघार इन्द्रियहरूले युक्त यो लिङ्गदेह देखिन्दैन र गर्भावस्था तथा बाल्यकालमा इन्द्रियहरूको असामर्थ्यवश देखिंदैन ॥७२॥ जस्तै स्वप्नमा कुनै वस्तुको वास्तविक अस्तित्व नभएर पनि नबिउँझे सम्म अनर्थको निवृत्ति हुन पाउन्न त्यस्तै नै विषयको चिन्तन गर्ने पुरुषको जन्म-मरणरूपी संसार-चक्र आत्मज्ञान विना निवृत्त हुँदैन ॥ ७३ ॥ यस प्रकार सोह्र तत्त्वको रूपमा विस्तार गरिएको यो पाञ्चभौतिक तथा त्रिगुणमय लिङ्ग-शरीर नै चेतना-शक्तिले युक्त भएर 'जीव' कहिन्छ ॥ ७४ ॥ यसै साथ पुरुष भिन्न-भिन्न शरीरहरू धारण गर्दै तथा त्याग्दै गर्दछ। यसैले त्यो हर्ष, शोक, भय, दुःख र सुख आदिको अनुभव गर्ने गर्दछ ॥७५॥ जस्तै हिंडिरहेको जुआ जबसम्म अर्को घाँसमा खुट्टा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुग्याउन्न, तबसम्म आफ्नो आश्रयभूत पछिल्लो तृण त्याग्दैन। अर्को तृणमा खुट्टा राम्ररी अड्याएपछि मात्र पछिल्लो तृण त्यागेर अघिबढ्दछ। त्यस्तै मरणकाल आएपछि पनि जब-सम्म मनुष्यलाई प्रारब्ध कर्मको नाश भएर अर्को शरीर प्राप्त हुन्न, तबसम्म त्यो आफ्नो पूर्वदेहको अभिमान छाड्न सक्तैन। हे राजन्! सत्य कुरा के हो भने मन नै मनुष्यलाई जन्म-मरणादि प्राप्त गराउँछ ॥ ७६ ॥ ७७ ॥ जीव इन्द्रियका भोज्य भोगको चिन्तन गर्दै फेरि-फेरि कर्म गर्दछ र ती कर्महरू भइरहनाले गर्दा अनात्म वस्तुमा लीन यस आत्मा-भिमानशील पुरुषलाई अविद्यारूपी कर्मका बन्धनमा बाँधिनै पर्दछ ॥७८॥ अतः कर्म बन्धनबाट मुक्त हुनका लागि समस्त विश्वलाई भगवद्-रूप ठान्दै तिमी तन-मनले ती भगवान्को भजन गर, जसद्वारा यस जगत्को उत्पत्ति, स्थिति तथा लय हुन्छ ॥ ७९ ॥ मैत्रेयजी भन्दछन्—हे विदुरजी! यसरी भक्तप्रवर नारदजीले राजा प्राचीनबर्हिलाई जीव तथा ईश्वरको स्वरूपको दिग्दर्शन गराए र उनीसित अनुमति मागेर सिद्ध लोकमा गए ॥ ८७ ॥ राजर्षि प्राचीनबर्हि पनि आफ्ना छोराहरूलाई राज्य सुम्पेर तपस्या गर्न कपिलाश्रममा जान

यमाणोऽपि प्राग्देहाभिमतिं जनः ॥७६॥ यावदन्यं न बिन्देत व्यवधानेन कर्मणाम् ॥ मन एव मनुष्येन्द्र भूतानां भवभावनम् ॥ ७७ ॥ यदाऽक्षैश्चरितान्ध्यायन्कर्माण्याचिनुतेऽसकृत् ॥ सति कर्मण्यविद्यायां बन्धः कर्मण्यनात्मनः ॥ ७८ ॥ अतस्तदपवादार्थं भज सर्वात्मना हरिम् ॥ पश्यंस्तदात्मकं विश्वं स्थित्युत्पत्त्यप्यया यतः ॥ ७९ ॥ मैत्रेय उवाच ॥ भागवतमुख्यो भगवान्नारदो हंसयोर्गतिम् ॥ प्रदर्श्य ह्यमुमामन्त्र्य सिद्धलोकं ततोऽगमत् ॥ ८० ॥ प्राचीनबर्ही राजर्षिः प्रजासर्गाभिरक्षणे ॥ आदिश्य पुत्रानगमत्तपसे कपिलाश्रमम् ॥ ८१ ॥ तत्रैकाग्रमना वीरो गोविन्दचरणाम्बुजम् ॥ विमुक्तसङ्गोऽनुभजन्भक्त्या तत्साम्यतामगात् ॥ ८२ ॥ एतदध्यात्मपारोक्ष्यं गीतं देवर्षिणाऽनघ ॥ यः श्रावयेद्यः शृणुयात्स लिङ्गेन विमुच्यते ॥ ८३ ॥ एतन्मुकुन्दयशसा भुवनं पुनानं देवर्षिवर्यमुखनिःसृतमात्मशौचम् ॥ यः कीर्त्यमानमधिगच्छति पारमेष्ठ्यं नास्मिन्भवे भ्रमति मुक्तसमस्तबन्धः ॥ ८४ ॥ अध्यात्मपारोक्ष्यमिदं मयाऽधिगतमद्भुतम् ॥ एवं स्त्रियाऽऽश्रमः पुंसश्छिन्नोऽमुत्र च संशयः ॥८५॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे विदुरमैत्रेयसम्वादे प्राचीनबर्हिनारदसम्वादो नाम एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥ विदुर उवाच ॥ ये त्वयाऽभिहिता

हिंडे ॥८१॥ त्यहाँ ती वीरश्रेष्ठले सबै विषयको आसक्ति त्यागिदिए र एकाग्र मनले भगवान्का चरण-कमलको भक्तिपूर्वक चिन्तन गर्दै तदाकार भए ॥८२॥ हे अनघ विदुरजी! देवर्षि नारद द्वारा परोक्षरूपले कहिएको यस आत्मज्ञानलाई जो सुन्दछ अथवा सुनाउँछ, त्यो आफ्नो जन्म-मरणको कारणरूपी लिङ्गशरीरबाट शीघ्र मुक्ति पाउँछ ॥८३॥ भगवान् मुकुन्दको यशले तीनै लोक पवित्र पार्ने भएका देवर्षि नारदको मुखबाट निस्केको यस परम पवित्र आत्मज्ञानको जो कीर्तन गर्दछ, त्यो पुरुष परमपद प्राप्त गरेर समस्त बन्धनबाट मुक्त हुन्छ। त्यसले फेरि कहिल्यै यस संसार चक्रमा भौंतारिनु पर्दैन ॥८४॥ हे विदुरजी! गृहस्थाश्रमी पुरञ्जनको रूपकले परोक्षरूपमा भनिएको यस आत्मज्ञानलाई मैले गुरुजनबाट पाएको थिएँ, त्यो तिमीलाई सुनाइदिएँ। यसलाई बुझेपछि मनुष्य देहाभिमानबाट छुट्दछ र उसको 'मनुष्य परलोकमा कर्मका फल कसरी भोग्दछ' भो सन्देह निवृत्त हुन्छ ॥८५॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां एकोनत्रिंशोऽध्यायः ॥२९॥ (प्रचेतालाई विष्णु भगवान्को वरदान)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विदुर भन्दछन्—हे ब्रह्मन् ! हजुरले राजा प्राचीनबर्हिका जुन छोराहरूको वृत्तान्त भन्नुभयो, तिनले श्रीहरिको रुद्रगीत द्वारास्तुतिगरेर कुन सिद्धि प्राप्त गरेका थिए ? ॥१॥ हे बृहस्पतिका शिष्य मैत्रेयजी ! सहसा शंकर भगवान्‌लाई पाएर उनको कृपाले मोक्षाधिपति परमप्रिय विष्णु भगवान्‌को ध्यान गर्ने भएका प्रचेताहरूले मुक्ति त अवश्य पाए हुनन् किन्तु त्यो भन्दा पहिले उनले इहलोक र परलोकमा के पाए ? त्यो भन्नुहवस् ॥२॥ मैत्रेयजी भन्छन्–हे विदुर ! ती प्रचेता पिताको आज्ञा पालन गर्दै समुद्रमा बसेर जप-यज्ञ तथा तपस्याद्वारा भगवान्‌को आराधना गर्नलागे ॥३॥ दस हजार वर्ष बितेपछि सनातन पुराण-पुरुष आफ्नो दिव्य कान्तिले तिनको सन्ताप हरण गर्दै उनको सामु प्रकट भए ॥ ४ ॥ गरुड़जीको काँधमा बसेका भगवान् विष्णु सुमेरु पर्वतको टाकुरामा श्याम मेघ उर्ले झैं देखिनु हुन्थ्यो। उनको शरीरको पीताम्बर र घाँटीको कौस्तुभमणि भिन्नै आफ्नो शोभा छरिरहेछो थियो र उनी आफ्नो दिव्य कान्तिले दसै दिशालाई अन्धकार विहीन तुल्याइरहेका थिए। उनका कपोल अतिशय देदीप्यमान थिए र घाँटी सुवर्णमय भूषणले विभूषित थियो

ब्रह्मन्सुताः प्राचीनबर्हिषः ॥ ते रुद्रगीतेन हरिं सिद्धिमापुः प्रतोष्य काम् ॥ १ ॥ किं बार्हस्पत्येह परत्रवाऽथ कैवल्यनाथप्रियपार्श्ववर्तिनः ॥ आसाद्य देवं गिरिशं यदृच्छया प्रापुः परं नूनमथ प्रचेतसः ॥ २ ॥ मैत्रेय उवाच ॥ प्रचेतसोऽन्तरुदधौ पितुरादेशकारिणः ॥ जपयज्ञेन तपसा पुरञ्जनमतोषयन् ॥ ३ ॥ दशवर्षसहस्रान्ते पुरुषस्तु सनातनः ॥ तेषामाविरभूत्कृच्छ्रं शान्तेन शमयन् रुचा ॥४॥ सुपर्णस्कन्धमारूढो मेरुशृङ्गमिवाम्बुदाः ॥ पीतवासा मणिग्रीवः कुर्वन्वितिमिरा दिशः ॥५॥ काशिष्णुना कनकवर्णविभूषणेन भ्राजत्कपोलवदनो विलसत्किरीटः ॥ अष्टायुधैरनुचरैर्मुनिभिः सुरेन्द्रैरासेवितो गरुडकिन्नरगीतकीर्तिः ॥ ६ ॥ पीनायताष्टभुजमण्डलमध्यलक्ष्म्या स्पर्धच्छ्रिया परिवृतो वनमालयाद्यः ॥ बर्हिष्मतः पुरुष आह सुतान्प्रपन्नान्पर्जन्यनादरुतया सघृणावलोकः ॥ ७ ॥ श्रीभगवानुवाच ॥ वरं वृणीध्वं भद्रं वो यूयं मे नृपनन्दनाः ॥ सौहार्देनापृथग्धर्मास्तुष्टोऽहं सौहृदेनः वः ॥८॥ योऽनुस्मरति सन्ध्यायां युष्माननुदिनं नरः ॥ तस्य भ्रातृष्वात्मसाम्यं तथा भूतेषु सौहृदम् ॥९॥ ये तु मां रुद्रगीतेन सायं प्रातः समाहिताः ॥ स्तुवन्त्यहं कामवरान्दास्ये प्रज्ञां च शोभनाम् ॥१०॥ यद्यूयं पितुरादेशमग्रहीष्ट मुदान्विताः ॥ अथो वा उशती कीर्तिर्लोकाननुभविष्यति ॥११॥ भविता विश्रुतः

शिरमा झलमलाउँदो मुकुट शोभायमान थियो। ती आफ्ना आठै भुजामा आठ थरिका आयुध धारण गरेका थिए। सबै पार्षद, मुनिजन र मुख्य-मुख्य देवता सेवामा उपस्थित सबै किन्नर श्रेष्ठ उनको सुयश गान गर्दै थिए र गरुड़जी सेवामा संलग्न थिए ॥६॥ हे विदुरजी ! अनि आफ्ना स्थूल र विशाल भुजाका माझमा लक्ष्मीको कान्तिसित स्पर्धा गर्ने भएको वनमालाले विभूषित आदिपुरुष भगवान् विष्णु बर्हिष्मान्‌का पुत्र ती शरणागत प्रचेताहरूतिर दयापूर्ण दृष्टिले हेर्दै मेघ झैं गम्भीर वाणीले बोले—॥७॥ श्रीभगवान्‌ले भन्नुभयो— हे राजपुत्र हो ! तिम्रो कल्याण होस्। तिमीहरूमा परस्पर ठूलो प्रेम छ र तिमी सबै मेरो उपासनारूपी यौटै कर्ममा लागिरहन्छौ। म तिम्रो सहृदयताले तिमी माथि सार्है प्रसन्न छु। तिमी मसित इच्छित वर माग ॥८॥ जो पुरुष नित्य सायंकालमा तिम्रो स्मरण गर्ला, त्यसको आफ्ना भाइहरूमा स्नेह र सबै प्राणिमात्रमा प्रेमभाव प्राप्त होला ॥९॥ जो व्यक्ति प्रातःकाल र सायंकालमा एकाग्र मनले रुद्रगीत द्वारा मेरो स्तुति गर्नेछन्, तिनलाई म इच्छित तथा परम पवित्र वरदान दिनेछु ॥ १० ॥ तिमीले प्रसन्नतासाथ आफ्ना पिताको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज्ञा मानेर आयौ । अब यस लोकमा तिम्रो उत्तम कीर्ति फैलिने छ ॥११॥ पछि तिम्रो यौटा यस्तो यशस्वी पुत्र हुनेछ, जो गुणमा ब्रह्माजी भन्दा कुनै प्रकार पनि घटी नहोला र त्यो आफ्ना सन्ततिले तीनै लोक भरिदिनेछ ॥१२॥ हे राजकुमार हो ! महर्षि कुण्डुकी पत्नी प्रम्लोचा अप्सरावाट उत्पन्न यौढी कमलनयनी कन्या थिई । जब ती अप्सरा कन्यालाई छाडेर स्वर्ग गएपछि उसलाई वृक्षहरूले स्वीकार गरे ॥१३॥ जब ती कन्या अतिशय भोकले रुन लागिन्, तब औषधिहरूका राजा चन्द्रमाले दया गरी त्यसको मुखमा आफ्नो अमृतवर्षिणी तर्जनी औंला राखिदिए ॥१४॥ मेरो अनुसरण गर्न तिम्रा पिताले तिमीलाई सन्तान उत्पन्न गर्ने आज्ञा दिए । अतः तिमी शीघ्र ती परम सुन्दरी कन्यासित विवाह गर ॥१५॥ तिमी सबैजना यौटै धर्ममा लागेका छौ र तिमीहरूको स्वभाव पनि एकैनासे छ । यस निम्ति तिमीहरू जस्तै धर्म तथा स्वभाव भएकी ती सुन्दरी कन्या तिमीहरूकी पत्नी हुनेछन्, किनकि उनको चित्त तिमीहरूमै संलग्न छ ॥१६॥ तिमीहरू मेरो कृपाले हजारौं दिव्य वर्षसम्म पृथ्वीका दिव्य भोग भोग्ने छौ र तिम्रो तेज कहिल्यै क्षीण हुनेछैन ॥१७॥ अन्त्यमा मेरी अवि-

पुत्रो नवमो ब्रह्मणो गुणैः ॥ य एतामात्मवीर्येण त्रिलोकीं पूरयिष्यति ॥ १२ ॥ कण्डोः प्रम्लोचया लब्धा कन्या कमललोचना ॥ तां चापविद्धां जगृहुर्भूरुहा नृपनन्दनाः ॥ १३ ॥ क्षुत्क्षामाया मुखे राजा सोमः पीयूषवर्षिणीम् ॥ देशिनीं रोदमानाया निदधे स दयान्वितः ॥ १४ ॥ प्रजाविसर्ग आदिष्टः पित्रा मामनुवर्तता ॥ तत्र कन्यां वरारोहां तामुद्वहत मा चिरम् ॥ १५ ॥ अपृथग्धर्मशीलानां सर्वेषां वः सुमध्यमा ॥ अपृथग्धर्मशीलेयं भूयात्पत्न्यर्पिताशया ॥ १६ ॥ दिव्यवर्षसहस्राणां सहस्रमहतौजसः ॥ भौमान्भोक्ष्यथ भोगान्वै दिव्यांश्चानुग्रहान्मम ॥ १७ ॥ अथ मय्यनपायिन्या भक्त्या पक्वगुणाशयाः ॥ उपयास्थ मद्धाम निर्विद्य निरयादतः ॥ १८ ॥ गृहेष्वाविशतां चापि पुंसां कुशलकर्मणाम् ॥ मद्वार्तायातयामानां न बन्धाय गृहा मताः ॥ १९ ॥ नव्यवद्धृदये यज्ज्ञो ब्रह्मैतद्ब्रह्मवादिभिः ॥ न मुह्यन्ति न शोचन्ति न हृष्यन्ति यतो गताः ॥ २० ॥ मैत्रेय उवाच ॥ एवं ब्रुवाणं पुरुषार्थभाजनं जनार्दनं प्राञ्जलयः प्रचेतसः ॥ तद्दर्शनध्वस्ततमोरजोमला गिरा गृणन्गद्गदया सुहृत्तमम् ॥२१॥ प्रचेतस ऊचुः ॥ नमो नमः क्लेशविनाशनाय निरूपितोदारगुणाह्वयाय ॥ मनोवचोवेगपुरोजवाय सर्वाक्षमार्गैरगताध्वने नमः ॥२२॥

नाशिनी भक्तिले अन्तःकरणका सबै वासनाहरू नष्ट भइसकेपछि तिमी इहलोक तथा परलोकका नरक समान भोगवाट उपरत भएर मेरै परमधाममा जानेछौं ॥ १८ ॥ किनकि जो पुरुष मलाई अर्पण गर्दै कर्म गर्दछन् र जसको समय मेरो नै कथा वार्तामा बित्तछ, ती यदि गृहस्थाश्रममै रहे पनि घर तिनको बन्धनको कारण बन्न सक्तैन ॥ १९ ॥ म ज्ञानस्वरूप परमात्मा तिनको हृदयमा नित्य नयाँ-नयाँ देखिन्छ । मलाई नै ब्रह्मवादी जन 'ब्रह्मज्ञानी जन 'ब्रह्म' भन्दछन् । मलाई पाएर प्राणी शोक, र हर्षमा प्राप्त हुँदैनन् ॥ २० ॥ मैत्रेयजी भन्दछन्—हे विदुर ! समस्त पुरुषार्थका आश्रय, अविनाशक तथा परम सुहृद् श्रीहरिले यति भनेपछि प्रभुको दर्शनले जसका रज र तमरूपी मानसिक विकार नष्ट भइसकेका थिए, ती प्रचेताहरूले हात जोरेर गद्‌गद् वाणीमा भने ॥२१॥ प्रचेता भन्दछन्—हे प्रभो ! हजुर आफ्ना भक्तका क्लेश हरण गर्नुहुन्छ । हामी हजुरलाई नमस्कार गर्दछौं । हजुरका उदार गुण नामलाई वेदले मोक्ष प्राप्तिको साधन भनेका छन् । हजुरको वेग र वाणी भन्दा पनि बर्ता छ र हजुरको गति सबै इन्द्रियहरूका गतिभन्दा बर्ता हुन्छ । यस्ता हजुर परमप्रभुलाई प्रणाम छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥२२॥ आफ्नो स्वरूपमा स्थित हुनाले गर्दा हजुर नित्य शुद्ध तथा शान्त रहनु हुन्छ, तर हाम्रो मनरूपी निमित्तको कारण यो सारा द्वैतभाव हजुरमा व्यर्थ झैं भासमान भइरहेछ। वस्तुतः यस जगत्‌को उत्पत्ति र लयको निम्ति हजुर आफ्नी मायाका गुणहरू स्वीकार गरेर ब्रह्मा, विष्णु र शिवको रूप धारण गर्नुहुन्छ, यस्ता हजुरलाई प्रणाम छ ॥ २३ ॥ हजुर विशुद्ध सत्त्वस्वरूप हुनुहुन्छ र हजुरको ज्ञान संसार-बन्धनलाई साटिदिन्छ। सम्पूर्ण पार्षदका अधिपति तथा वसुदेवनन्दन हजुर भगवान् कृष्णलाई हाम्रो प्रणाम छ ॥ २४ ॥ हे कमल-लोचन ! जसको नाभिबाट यो विश्व प्रकट भएको छ, जो आफ्नो घाँटीमा कमल-कुसुमका माला धारण गरिराख्छन् र जसका चरण कमल समान छन्, त्यस्ता हजुरलाई नमस्कार छ ॥२५॥ जो कमल-पुष्पको पराग झैं निर्मल पीताम्बर धारण गरी राख्छन् र सबै प्राणीका आश्रयस्थल छन्, ती सर्वसाक्षी परमेश्वरलाई हामी प्रणाम गर्दछौं ॥ २६ ॥ अहो ! हामी जस्ता त्रितापले त्रस्त प्राणीहरूको कष्ट निवारण गर्नका लागि नै हजुरले यो सर्वक्लेशनाशक स्वरूप धारण गर्नु भएको हो। यो भन्दा ठूलो हामीमाथि हजुरको अरु के कृपा होला ? ॥२७॥ हे अभद्रनाशक ! दीनवत्सल ! समर्थ पुरुषको त केवल यति नै कर्तव्य रहन्छ–ती वेला वेलामा दीनजनलाई 'यी आफ्ना हुन्' यस्तो विचारेर स्मरणसम्म गरिलिने गरुन् ॥२८॥

शुद्धाय शान्ताय नमः स्वनिष्ठया मनस्यपार्थं विलसद्‌द्वयाय ॥ नमो जगत्स्थानलयोदयेषु गृहीतमायागुणविग्रहाय ॥ २३ ॥ नमो विशुद्धसत्त्वाय हरये हरिमेधसे ॥ वासुदेवाय कृष्णाय प्रभवे सर्वसात्वताम् ॥ २४ ॥ नमः कमलनाभाय नमः कमलमालिने ॥ नमः कमलपादाय नमस्ते कमलेक्षण ॥ २५ ॥ नमः कमलकिञ्जल्कपिशङ्गामलवाससे ॥ सर्वभूतनिवासाय नमोऽयुङ्क्ष्महि साक्षिणे ॥ २६ ॥ रूपं भगवतां त्वेतदशेषक्लेशसंक्षयम् ॥ आविष्कृतं नः क्लिष्टानां किमन्यदनुकम्पितम् ॥ २७ ॥ एतावत्त्वं हि विभुभिर्भाव्यं दीनेषु वत्सलैः ॥ यदनुस्मर्यते काले स्वबुद्ध्याऽभद्ररन्धन ॥ २८ ॥ येनोपशान्तिर्भूतानां क्षुल्लकानामपीहताम् ॥ अन्तर्हितोऽन्तर्हृदये कस्मान्नो वेद नाशिषः ॥ २९ ॥ असावेव वरोऽस्माकमीप्सितो जगतः पते ॥ प्रसन्नो भगवान्येषामपवर्गगुरुर्गतिः ॥ ३० ॥ वरं वृणीमहेऽथापि नाथ त्वत्परतः परात् ॥ न ह्यन्तस्त्वद्विभूतीनां सोऽनन्त इति गीयसे ॥ ३१ ॥ पारिजातेऽञ्जसा लब्धे सारङ्गोऽन्यन्न सेवते ॥ त्वदङ्घ्रिमूलमासाद्य साक्षात्किं किं वृणीमहि ॥ ३२ ॥ यावत्ते मायया स्पृष्टा भ्रमाम इह कर्मभिः ॥ तावद्भवत्सङ्गानां सङ्गः स्यान्नो भवे भवे ॥ ३३ ॥ तुलयाम लवेनापि न स्वर्गं नापुनर्भवम् ॥ भगवत्सङ्गिसङ्गस्य मर्त्यानां

किनकि महापुरुषको स्मरणमात्रले सकाम तथा क्षुद्र जीवका सबै क्लेश नष्ट भएर जान्छन्। हजुर सबैका अन्तःकरणमा स्थित रहनाले सबैका इच्छाहरू जान्नुहुन्छ। अनि हामी जस्ता आफ्ना उपासकहरूका कामना किन जान्नु हुन्नथ्यो ? ॥२९॥ हे जगत्पते ! मोक्षको बाटो देखाउने तथा स्वयं मोक्षस्वरूप हजुर आज हामीप्रति प्रसन्न हुनुहुन्छ, हजुर यसरी प्रसन्न हुनु नै हामी सबैको लागि अभिमत वरदान हो ॥३०॥ तैपनि हे नाथ ! प्रकृति आदि भन्दा पनि पर हजुरसित तयौंटै वरदान खोज्दछौं। हजुरका विभूतिहरूको कुनै अन्त्य छैन। यही कारण हो कि हजुर 'अनन्त' कहिनु हुन्छ ॥३१॥ हे प्रभो ! यदि भ्रमरलाई सहसा कल्पवृक्ष प्राप्त भयो भने त्यो अरु वृक्षमा जाँदैन। त्यस्तै नै हजुरका चरण-कमल पाएर पनि हजुरसित अरु के वरदान मागौं ? ॥३२॥ हे नाथ ! हामी हजुरकी मायाले मोहमा गाडिएर जबसम्म आफ्नो कर्मानुसार संसारमा भौंतारिई रहौं, तबसम्ममा हामी हजुरकै भक्तको संगति पाऔं

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥३३॥ भगवद्भक्तको एकै क्षणको सङ्गतिका तुलनामा हामी स्वर्ग र मोक्षलाई पनि तुच्छ मान्दछौं, अनि मनुष्यका भोगादिको विषयमा के भन्नु ? ॥३४॥ हे प्रभो ! जो सुभाले नै भोगका सम्पूर्ण इच्छा शान्त भएर जान्छन्। जहाँ कतै पनि भगवत् कथाको चर्चा भइरहन्छ, जहाँ प्राणीमात्रमा परस्पर शत्रुता रहन्न, जहाँ डर-भय रहन्न, जहाँ भगवत्-कथा-हरू द्वारा संन्यासीहरूका एउ मात्र आश्रयस्वरूप साक्षात् भगवान्को असङ्ग महात्माहरू द्वारा पुनः-पुनः स्तुति गरिन्छ, जो तीर्थहरूलाई पवित्र पान इच्छावश *साधारण रूपमा पैदल नै डुलिरहन्छन्, ती हजुरका भक्तगण सत्सङ्ग संसारबाट भयभीत पुरुषलाई किन मनपर्दैनथ्यो ? ॥ ३५-३७ ॥ हे भगवन् ! हजुरका परमप्रिय सखा साक्षात् शंकरजीको एकै क्षणको नै समागमले आज हामी जन्म-मरणरूपी अतिशत दुःसाध्य रोगका श्रेष्ठ वैद्य हजुर परमेश्वरको शरणमा आइपुगेका छौं:॥३८॥ हे प्रभो ! हामीले अत्यन्त सावधान चित्तले जे पढेका छौं

किमुताशिषः ॥ ३४ ॥ यत्रेड्यन्ते कथा मृष्टास्तृष्णायाः प्रशमो यतः ॥ निर्वैरं यत्र भूतेषु नोद्वेगो यत्र कश्चन ॥ ३५ ॥ यत्र नारायणः साक्षा-द्भगवान्न्यासिनां गतिः ॥ संस्तूयते सत्कथासु मुक्तसङ्गैः पुनः पुनः ॥ ३६ ॥ तेषां विचरतां पद्भ्यां तीर्थानां पावनेच्छया ॥ भीतस्य किं न रोचेत तावकानां समागमः ॥ ३७ ॥ वयं तु साक्षाद्भगवन्भवस्य प्रियस्य सख्युः क्षणसङ्गमेन ॥ सुदुश्चिकित्स्यस्य भवस्य मृत्योर्भिषक्तमं त्वाऽद्य गतिं गताः स्मः ॥ ३८ ॥ यन्नः स्वधीतं गुरवः प्रसादिता विप्राश्च वृद्धाश्च सदाऽनुवृत्त्या ॥ आर्या नताः सुहृदो भ्रातरश्च सर्वाणि भूतान्यनसूययैव ॥ ३९ ॥ यन्नः सुतप्तं तप एतदीश निरन्धसां कालमदभ्रमप्सु ॥ सर्वं तदेतत्पुरुषस्य भूम्नो वृणीमहे ते परितोषणाय ॥ ४० ॥ मनुः स्वयम्भूर्भ-गवान्भवश्च येऽन्ये तपोज्ञानविशुद्धसत्त्वाः ॥ अदृष्टपारा अपि यन्महिम्नः स्तुवन्त्यथो त्वात्मसमं गृणीमः ॥ ४१ ॥ नमः समाय शुद्धाय पुरुषाय पराय च ॥ वासुदेवाय सत्त्वाय तुभ्यं भगवते नमः ॥ ४२ ॥ मैत्रेय उवाच ॥ इति प्रचेतोभिरभिष्टुतो हरिः प्रीतस्तथेत्याह शरण्यवत्सलः ॥ अनि-

र निरन्तर सेवा आदि द्वारा गुरु, ब्राह्मण तथा वृद्धजनलाई प्रसन्न पारेका छौं । भद्रजन, सुहृद्गण भाई तथा सबै प्राणिहरूमा दोषबुद्धि त्यागेर जो स्तुति गरेका छौं, हे ईश ! अन्नादि त्यागेर हामीले धेरै दिनसम्म जलमा उभिएर जो घोर तपस्या गरेका छौं, त्यो सबै हजुर सर्वव्यापक पुरुषोत्तमको सन्तोषको कारण बनोस्—यही वर हजुरसित मागिरहेका छौं ॥३९-४०॥ जसको महिमाको पार नपाएर स्वायम्भुव मनु, ब्रह्माजी, भगवान् शङ्करजी तथा तप एवं ज्ञानले शुद्धचित्त अन्य पुरुष सर्वदा स्तुति गर्दछन्, उनै हजुरको हामी पनि आफ्नो बुद्धिअनुसार वर्णन पनि गर्दछौं ॥४१॥हजुर सर्वत्र समान, शुद्धरूप तथा परम पुरुष हुनुहुन्छ । हजुर सत्वमूर्तिस्वरूप भगवान् वासुदेवलाई हामी प्रणाम गर्दछौं ॥४२॥ मैत्रेयजी भन्छन्—हे विदुरजी !

* उदाहरण (परमहंस देवको सादगी)—एक दिन श्रीरामकृष्ण परमहंस बगैचामा डुलिरहेका थिए, त्यसै बेला कलकत्ताका प्रसिद्ध डाक्टर महेन्द्रनाथ सरकार त्यहीं आइपुगे। उनले परमहंसदेवलाई बगैचाको माली भनेर जूहीको अलिकति फूल टोडिदिन भने । परमहंसले तिनको आज्ञा शिरोधार्य गरे र तुरुन्त अलिकति फूल टिपेर दिए । त्यसको केही दिनपछि जब परमहंसदेव बिरामी परे तब डाक्टर साहेबलाई उनको दर्शन गर्ने अवसर मिल्यो । त्यस बेला परमहंसदेवलाई देखेर उनलाई ठूलो आश्चर्य भयो र भन्नलागे—'हरे ! मैले के गजब गरिदिएँ ! मेरो बुद्धि कता गएको थियो ? इनलाई त मैले माली ठानेर फूल टिप्न भनेको थिएँ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रचेताहरूले स्तुति गरेपछि शरणागतवत्सल भगवान्‌ले अतिशय प्रसन्न भएर उनलाई 'तथास्तु' भन्नुभयो र आफ्नो मधुर मूर्तिको दर्शनले नेत्र तृप्त नहुनाले गर्दा प्रचेताहरूको इच्छा नभए पनि ती असाधारण प्रभावशाली प्रभु आफ्नो परमधाम पाल्नुभयो ॥४३॥ तब प्रचेताहरूले समुद्रको जलबाट बाहिर निस्केर देखे—सारा पृथ्वी अग्ला-अग्ला वृक्षले ढाकिएको छ, ती वृक्षहरूले आफ्नो अग्लाईले मानौं स्वर्गको बाटो छेकिदिएका छन् । त्यस्तो देखेर ती वृक्षप्रति क्रोधित भए ॥४४॥ तिनले पृथ्वीलाई वृक्षहीन पार्नको निम्ति आफ्नो मुखबाट प्रलयकालको अग्नि झैं प्रचण्ड वायु र अग्नि छाडे ॥४५॥ यस प्रकार वृक्षहरू भस्म हुन लागेका देखेर पितामह ब्रह्माजी आएर अनेक युक्तिसंगत वाक्यद्वारा राजा प्राचीनबर्हिका छोरालाई शान्त पारे ॥४६॥ अनि जति वृक्ष बाँचेका थिए, तिनले डराएर ब्रह्माजीको कथनानुसार यौटी कन्या ल्याएर ती प्रचेताहरूलाई दिए ॥४७॥ प्रचेताहरूले पनि ब्रह्माको आज्ञाले ती 'मारिषा' नामकी कन्यासित विवाह गरे । त्यसैले शिवजीको अवज्ञाले गर्दा ब्रह्माजीका पुत्र दक्षप्रजापतिले आफ्नो पूर्वशरीर त्यागेर अर्को जन्म लिए ॥४८॥ ती उनै दक्ष थिए, जसले चाक्षुष मन्वन्तरमा

च्छतां मानमतृप्तचक्षुषां ययौ स्वधामानपवर्गवीर्यः ॥ ४३ ॥ अथ निर्याय सलिलात्प्रचेतस उदन्वतः ॥ वीक्ष्याकुप्यन्द्रुमैश्छन्नां गां गां रोद्धुमिवोच्छ्रितैः ॥ ४४ ॥ ततोऽग्निमारुतौ राजन्नमुञ्चन्मुखतो रुषा ॥ महीं निर्वीरुधं कर्तुं संवर्तक इवात्यये ॥ ४५ ॥ भस्मसात्क्रियमाणांस्तान्द्रुमान्वीक्ष्य पितामहः ॥ आगतः शमयामास पुत्रान्बर्हिष्मतो नयैः ॥ ४६ ॥ तत्रावशिष्टा ये वृक्षा भीता दुहितरं तदा ॥ उज्जह्रुस्ते प्रचेतोभ्य उपदिष्टाः स्वयम्भुवा ॥ ४७ ॥ ते च ब्रह्मण आदेशान्मारिषामुपयेमिरे ॥ यस्यां महदवज्ञानादजन्यजनयोनिजः ॥ ४८ ॥ चाक्षुषे त्वन्तरे प्राप्ते प्राक्सर्गे कालविद्रुते ॥ यः ससर्ज प्रजा इष्टाः स दक्षो दैवचोदितः ॥ ४९ ॥ यो जायमानः सर्वेषां तेजस्तेजस्विनां रुचा ॥ स्वयोपादत्त दाक्ष्याच्च कर्मणां दक्षमब्रुवन् ॥ ५० ॥ तं प्रजासर्गरक्षायामनादिरभिषिच्य च ॥ युयोज युयुजेऽन्यांश्च स वै सर्वप्रजापतीन् ॥ ५१ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे त्रिंशोऽध्यायः ॥ ३० ॥ मैत्रेय उवाच ॥ तत उत्पन्नविज्ञाना आश्वधोक्षजभाषितम् ॥ स्मरन्त आत्मजे भार्यां विसृज्य प्राव्रजन्गृहात् ॥ १ ॥ दीक्षिता ब्रह्मसत्रेण सर्वभूतात्ममेधसा ॥ प्रतीच्यां दिशि वेलायां सिद्धोऽभूद्यत्र जाजलिः ॥ २ ॥ तान्निर्जितप्राणमनोवचोदृशो

सृष्टि नष्ट भएपछि भगवान्‌को प्रेरणा अनुसार फेरि नवीन प्रजाको सृष्टि गरेका थिए ॥४९॥ जन्म लिनासाथ दक्षले आफ्नो कान्तिले सबै तेजस्वीहरूको तेज मन्द पारिदिएका थिए । ती कर्ममा ठूला दक्ष (बाठो) थिए । त्यसैले 'दक्ष' नामले प्रख्यात भए ॥५०॥ तिनलाई ब्रह्माजीले प्रजापतिको पदमा अभिषिक्त गरेर प्रजावर्गको रक्षाका लागि नियुक्त गरेर दक्षले अन्य मरीचि आदि प्रजापतिहरूलाई आफ्नो-आफ्नो कार्यमा खटाइदिए ॥५१॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे नेपाली भाषाटीकायां त्रिंशोऽध्यायः ॥३०॥ (प्रचेताहरूलाई नारदजको ज्ञानोपदेश र उनलाई परमपदको प्राप्ति)—मैत्रेयजी भन्दछन्—हे विदुर ! त्यसपछि जब प्रचेताहरूलाई ज्ञान भयो, तबती भगवान्‌का वाक्य स्मरण गरेर तत्काल आफ्नीपत्नी मारिषालाई आफ्ना पुत्र दक्षलाई सुम्पेर स्वयं घरबाट हिंडिदिए । त्यहाँबाट गएर पश्चिम दिशामा समुद्र किनारमा जहाँ जाजली मुनिले सिद्धि प्राप्त गरेका थिए, उहीं पुगे र तिनले 'सबै प्राणीहरूमा यौटै आत्माको अस्तित्व छ, जसले यस्तो ज्ञान हुन्छ' ब्रह्मसत्र यज्ञको दीक्षा लिए ॥ १ ॥ २ ॥ तदनुसार प्राण, मन, वाणी तथा दृष्टि स्थिर गरेर आफ्नो शरीरलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्त तथा समान राख्दै उनले आसनलाई जितेर आफ्नो अतःकरण विशुद्ध परब्रह्ममा लीन गरिदिए। ती प्रचेताहरूलाई देवता तथा असुर दुवैथरिका आराध्य नारदमुनिले देखे ॥३॥ नारदजीलाई आएका देखेर ती प्रचेता उठेर टिङ्ग उभिए र प्रणाम गरेर तिनको अभिनन्दन गर्दै स्तुति गरे। जब नारदजी सुखपूर्वक आसनमा बसे र उनले आज्ञा दिए, तब ती यस प्रकार भन्न लागे ॥४॥ प्रचेता भन्दछन्—हे देवर्षे! हामीहरू हजुरको स्वागत गर्दछौं। आज ठूलो भाग्यले हजुरको दर्शन पाइयो! आफ्नो दिव्य ज्ञानालोकले सबै प्राणीहरूलाई अभय दान दिनको निम्ति नै हजुर सूर्य जस्तै सबै लोकहरूमा डुलिरहनु हुन्छ ॥५॥ हे प्रभो! शङ्कर भगवान् तथा विष्णुभगवान्ले हामीलाई जुन उपदेश दिनुभएको थियो, गृहस्थीमा आसक्त रहनाले त्यो हामी प्रायः बिर्सिसकेका छौं ॥६॥ अतः परमार्थ तत्त्वका ज्ञाता हजुर त्यो आत्मज्ञान हाम्रो हृदयमा पुनः जागृत गरिदिनोस्, ... हामी सहजै यो दुस्तर संसारसागर तर्नसकौं ॥७॥ मैत्रेयजी भन्दछन्—प्रचेताहरूले त्यसरी भनेपछि नारदजीले पुण्यकीर्ति भगवान्मा आफ्नो चित्त स्थिर पारेर ती राजाहरूसित भने ॥ ८ ॥

जितासनाञ्छांतसमानविग्रहान् ॥ परेऽमले ब्रह्मणि योजितात्मनः सुरासुरेड्यो ददृशे स्म नारदः ॥ ३ ॥ तमागतं त उत्थाय प्रणिपत्याभिनन्द्य च ॥ पूजयित्वा यथादेशं सुखासीनमथाब्रुवन् ॥ ४ ॥ प्रचेतस ऊचुः ॥ स्वागतं ते सुरर्षेऽद्य दिष्ट्या नो दर्शनं गतः ॥ तव चङ्क्रमणं ब्रह्मन्नभयाय यथा रवेः ॥ ५ ॥ यदादिष्टं भगवता शिवेनाधोक्षजेन च ॥ तद्गृहेषु प्रसक्तानां प्रायशः क्षपितं प्रभो ॥ ६ ॥ तन्नः प्रद्योतयाध्यात्मज्ञानं तत्त्वार्थदर्शनम् ॥ येनाञ्जसा तरिष्यामो दुस्तरं भवसागरम् ॥ ७ ॥ मैत्रेय उवाच ॥ इति प्रचेतसा पृष्टो भगवन्नारदो मुनिः ॥ भगवत्युत्तमश्लोक आविष्टात्माऽब्रवीन्नृपान् ॥ ८ ॥ नारद उवाच ॥ तज्जन्म तानि कर्माणि तदायुस्तन्मनो वचः ॥ नृणां येनेह विश्वात्मा सेव्यते हरिरीश्वरः ॥ ९ ॥ किं जन्मभिस्त्रिभिर्वेह शौक्लसावित्रयाज्ञिकैः ॥ कर्मभिर्वा त्रयीप्रोक्तैः पुंसोऽपि विबुधायुषा ॥ १० ॥ श्रुतेन तपसा वा किं वचोभिश्चित्तवृत्तिभिः ॥ बुद्ध्या वा किं निपुणया बलेनेन्द्रियराधसा ॥ ११ ॥ किं वा योगेन सांख्येन न्यासस्वाध्याययोरपि ॥ किं श्रेयोभिरन्यैश्च न यत्रात्मप्रदो हरिः ॥ १२ ॥ श्रेयसामपि सर्वेषामात्मा ह्यवधिरर्थतः ॥ सर्वेषामपि भूतानां हरिरात्मात्मदः प्रियः ॥ १३ ॥ यथा तरोर्मूलनिषेचनेन तृप्यंति तत्स्कंध·

नारदजी भन्नलागे—हे राजा हो! संसारमा जसको द्वारा विश्वात्मा तथा जगदीश्वर भगवान्को सेवा गरियोस्—मनुष्यहरूको तिनै जन्म, आयु, मन तथा वचन मानिन्छन् ॥९॥ जुन जीवहरूद्वारा स्वयं आफूलाई पनि अर्पण गर्ने श्रीहरिलाई प्राप्त गर्न नसकियोस्, ती शौक्ल अर्थात् आमाको गर्भवाट हुने भएको, सावित्र अर्थात् यज्ञोपवीतले हुने भएको एवं याज्ञिक अर्थात् यज्ञको दीक्षाले हुने तीन जन्म, वेदोक्त कर्म, देवताहरूको समान लामो आयु, वेदाध्ययन, वक्तृत्व शक्ति, विविध प्रकारका कुराको स्मरण राख्ने शक्ति, तीव्रबुद्धि, बल, इन्द्रियहरूको तेज, योग, सांख्य, न्याय, स्वाध्याय र अरु अनेक प्रकारका श्रेयः साधनले पुरुषको के लाभ हुन सक्तछ? ॥१०-१२॥ साँच्चै सोद्धछौ भने सबै श्रेयहरूको अवधि एक मात्र आत्मा नै छ र आत्मप्रद भगवान् नै सबै प्राणीहरूका प्रियआत्मा हुन् ॥ १३ ॥ जस्तै वृक्षको जरोलाई पानी दिए, त्यसका हाँगा, शाखा, उपशाखा सबै अंग तृप्त हुन्छन् र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनका सबै इन्द्रिय जाग्रत हुन्छन्, त्यस्तै भगवान्को पूजन गर्नाले सबैको पूजन होइजान्छ ॥१४॥ जस्तै वर्षामा जल सूर्यबाट नै उत्पन्न हुन्छ र गर्माको दिनमा सुकेर जान्छ र जस्तै सबै चराचर प्राणी पृथ्वीबाटै उत्पन्न हुन्छन् र अन्त्यमा पृथ्वीमानै मिलेर जान्छन्, त्यस्तै नै सबै गुणप्रवाह भगवान्बाट उत्पन्न हुन्छन् र उनैमा लीन भएर जान्छन् ॥१५॥ यो जगत् ती जगदात्माको परमपद हो जस्तै सूर्यको तेज सूर्यदेखि भिन्न हुँदैन, त्यस्तै नै यो जगत् भगवान्देखि पृथक् छैन। जस्तै जागृत अवस्थामा इन्द्रियहरू कर्मण्य रहन्छन् र सुषुप्तिमा तिनको सम्पूर्ण शक्तिहरू निदाउँछन्, त्यसै गरी यो जगत् कहिले अर्थात् सृष्टिकालमा भगवान्बाट उत्पन्न हुन्छ र प्रलयकालमा उनैमा लीन भएर जान्छ। ती भगवानमा द्रव्य, क्रिया तथा ज्ञानात्मक भेद भ्रमको सर्वथा अभाव रहन्छ। हे नृपतिगण ! जस्तै–बादल अन्धकार तथा प्रकाश विस्तार-विस्ताग आकाशबाट प्रकट हुन्छन् र त्यसैमा विलीन भएर जान्छन्, त्यस्तै सत्व, रज तथा तम—यी तीनै शक्तिहरू भगवान्बाट उत्पन्न भएर उनैमा विलीन हुन्छन्। यसै प्रकारले जगत्को प्रवाह चलिरहन्छ ॥ १७ ॥ अतएव काल अर्थात् जगत्का निमित्त

भुजोपशाखाः ॥ प्राणोपहाराच्च यथेन्द्रियाणां तथैव सर्वार्हणमच्युतेज्या ॥ १४ ॥ यथैव सूर्यात्प्रभवंति वारः पुनश्च तस्मिन्प्रविशन्ति काले ॥ भूतानि भूमौ स्थिरजङ्गमानि तथा हरावेव गुणप्रवाहः ॥ १५ ॥ एतत्पदं तज्जगदात्मनः परं सकृद्विभातं सवितुर्यथा प्रभा ॥ यथाऽसवो जाग्रति सुप्तशक्तयो द्रव्यक्रियाज्ञानभिदा भ्रमात्ययः ॥१६॥ यथा नभस्यभ्रतमःप्रकाशा भवन्ति भूता न भवन्त्यनुक्रमात् ॥ एवं परे ब्रह्मणि शक्तयस्त्वमू रजस्तमः सत्त्वमिति प्रवाहः ॥ १७ ॥ तेनैकमात्मानमशेषदेहिनां कालं प्रधानं पुरुषं परेशम् ॥ स्वतेजसा ध्वस्तगुणप्रवाहमात्मैकभावेन भजध्वमद्धा ॥ १८ ॥ दयया सर्वभूतेषु संतुष्ट्या येन केन वा ॥ सर्वेन्द्रियोपशांत्या च तुष्यत्याशु जनार्दनः ॥ १९ ॥ अपहतसकलैषणामलात्मन्यविरतमेधितभावनोपहूतः ॥ निजजनवशगत्वमात्मनोऽयं न सरति छिद्रवदक्षरः सतां हि ॥ २० ॥ न भजति कुमनीषिणां स इज्यां हरिरधनात्मधनप्रियो रसज्ञः ॥ श्रुतधनकुलकर्मणां मदैर्ये विदधति पापमकिञ्चनेषु सत्सु ॥ २१ ॥ श्रियमनुचरतीं तदर्थिनश्च द्विपदपतीन्विबुधांश्च यत्स्वपूर्णः ॥ न भजति निजभृत्यवर्गतंत्रः कथममुमुद्विसृजेत्पुमान्कृतज्ञः ॥२२॥ मैत्रेय उवाच ॥ इति प्रचेतसो राजन्नन्याश्च भगवत्कथाः ॥ श्रावयित्वा ब्रह्मलोकं ययौ स्वायं-

कारण प्रधान अर्थात् जगत्का नियन्ता, सबै देहधारीहरूको एकमात्र आत्मा तथा ब्रह्मादि लोकपालका पनि प्रभु र आफ्नो चित्शक्तिले सबै गुणका प्रवाहरूपी प्रपञ्चलाई तिमी आत्माबाट पृथक् नमान्दै निरन्तर अभिन्न भावले भज्दै रहू ॥ १८ ॥ ती भगवान् समस्त प्राणीहरूमा दया गर्नाले जे जति पाइन्छ, त्यसैमा रहन्छन् र सबै इन्द्रिय शान्त भएपछि चाँडै नै प्रसन्न हुन्छन् ॥ १९ ॥ सबै थरिका वासनाहरू हराएपछि सन्तहरूको शुद्ध हृदयमा सतत वृद्धिगत भावनाले तानिएर स्थापित गरिएका भगवान् स्वयं आफ्ना भक्तको वशीभूत भएर त्यहाँबाट हृदयाकाश झैं कहिल्यै हट्दैनन् ॥ २० ॥ जुन भक्तहरूको धन आत्मा नै छ, ती निर्धन पुरुष नै जसलाई अतिशय प्रिय छन् र जो इनको भक्तिरसले परिचित छन्, ती भगवान् ऊ कुबुद्धिहरूको पूजा स्वीकार गर्दैनन् जो आफ्नो बहुज्ञता, धन, कुल तथा कर्महरूको मदले अन्धो भएर अकिंचन जनमा अत्याचार गर्दछन् ॥ २१ ॥ जो आत्माको आनन्दमा परिपूर्ण रहनाले आफ्नो सेवा गन भएकी लक्ष्मी, तिनलाई मनपराउने राजहरू तथा देवताहरूलाई पनि केही मान्दैनन्, किन्तु ती सदा आफ्ना भक्तको अधीन रहन्छन्। यस्ता नारायण

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई कोही पनि कृतज्ञ पुरुष कसरी छाड्न सक्दछ ? ॥२२॥ मैत्रेयजी भन्दछन्—हे विदुरजी ! यसै गरी नारद प्रचेताहरूलाई भगवान्‌का अरु पनि कथा सुनाएर ब्रह्मलोक गए । यता प्रचेताहरूले पनि संसारको मल नाश गर्ने गएको भगवच्चरित्र नारदको मुखबाट सुनेर भगवान्‌को नै चरण-कमलको निरन्तर चिन्तन गर्दै प्रभुको परमपद प्राप्त गरे ॥२३-२४॥ हे विदुरजी ! तिमीले जुन मसित नारदजी र प्रचेताहरूको संवादरूपी हरिकीर्तन सोध्यौ, त्यो मैले तिमीलाई सुनाएँ ॥ २५ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! मैले स्वायम्भुव मनुका पुत्र महाराज उत्तानपादको वंश वर्णन गरिदिएँ । अब प्रियव्रतको वंश वर्णन गर्दछु सुन ॥ २६ ॥ उनले नारदजीको उपदेशले आत्मज्ञान प्राप्त गरेर पनि फेरि राज्य-सुख भोगेर अन्तमा सम्पूर्ण पृथ्वी आफ्ना छोराहरूलाई दिएर भगवान्‌को परमधाम गए ॥ २७ ॥ हे राजन् ! मैत्रेयजी द्वारा वर्णित भगवानका गुणानुवादले युक्त यो पवित्र कथा सुनेर भक्ति भावको उद्रेकले जसका नेत्रमा आँसु आएथे, ती विदुरजी आफ्नो हृदयमा भगवान्‌का चरणको ध्यान गर्दै आफ्नो शिर मैत्रेय मुनिका चरणमा राखिदिए ॥२८॥ विदुरजी भन्दछन्—

भुवो मुनिः ॥ २३ ॥ तेऽपि तन्मुखनिर्यातं यशो लोकमलापहम् ॥ हरेर्निशम्य तत्पादं ध्यायन्तस्तद्गतिं ययुः ॥ २४ ॥ एतत्तेऽभिहितं क्षत्तर्यन्मां त्वं परिपृष्टवान् ॥ प्रचेतसां नारदस्य सम्वादं हरिकीर्तनम् ॥ २५ ॥ श्रीशुक उवाच ॥ य एष उत्तानपदो मानवस्यानुवर्णितः ॥ वंशः प्रियव्रतस्यापि निबोध नृपसत्तम ॥ २६ ॥ यो नारदादात्मविद्यामधिगम्य पुनर्महीम् ॥ भुक्त्वा विभज्य पुत्रेभ्य ऐश्वरं समगात्पदम् ॥ २७ ॥ इमां तु कौषारविणोपवर्णितां क्षत्ता निशम्याजितवादसत्कथाम् ॥ प्रवृद्धभावोऽश्रुकलाकुलो मुनेर्दधार मूर्ध्ना चरणं हृदा हरेः ॥ २८ ॥ विदुर उवाच ॥ सोऽयमद्य महायोगिन्भवता करुणात्मना ॥ दर्शितस्तमसः पारो यत्राकिञ्चनगो हरिः ॥ २९ ॥ श्रीशुक उवाच ॥ इत्यानम्य तमामन्त्र्य विदुरो गजसाह्वयम् ॥ स्वानां दिदृक्षुः प्रययौ ज्ञातीनां निर्वृताशयः ॥ ३० ॥ एतद्यः शृणुयाद्राजन् राज्ञां पर्यर्पितात्मनाम् ॥ आयुर्धनं यशः स्वस्ति गतिमैश्वर्यमाप्नुयात् ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टादशसाहस्र्यां संहितायां चतुर्थस्कन्धे प्रचेतउपाख्यानं नाम एकत्रिंशोऽध्यायः ॥ ३१ ॥

हे महायोगिन् ! हजुर परम कारुणिक प्रभुले आज मलाई अज्ञानान्धकारको पारिपट्टि पुऱ्याइदिनु भयो, जहाँ अकिञ्चन भगवद्भक्तहरू बस्तछन् ॥२९॥ श्रीशुकदेवजीले भन्नुभयो—यस प्रकार शान्त चित्त विदुरजीलाई प्रणाम गरेर र उनको अनुमति लिई आफ्ना जाति बन्धुहरूलाई भेट्नको निम्ति हस्तिनापुरी जान हिंडे ॥३०॥ हे राजन् ! जसले भगवानमा चित्त लगाइ दिएका थिए, ती, प्रचेताहरूको यो पवित्र कथा जो पुरुष सुन्ला उसलाई दीर्घायु, धन, सुयश, क्षेम, सद्गति र ऐश्वर्य सहजै प्राप्त हुनेछन् ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणे चतुर्थस्कन्धे पं० गौरीशंकर 'घमिष्ठ' कृत नेपाली भाषाटीकायामेकत्रिंशोऽध्यायः ॥ ३१ ॥

॥ इति श्रीमद्भागवते चतुर्थस्कन्धः समाप्तः ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते चतुर्थः स्कन्धः समाप्तः ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते पञ्चमः स्कन्धः प्रारभ्यते।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः । (राजा प्रियव्रतको चरित्र)—त्यति कथा सुनेर राजा परीक्षितले सोधे—हे मुने ! यो कुरा त निकै छक्क पार्ने छ–जब भगवद्भक्त प्रियव्रतलाई ज्ञान प्राप्त भयो र ती केवल आत्मविचार मै सन्तुष्ट रहन लागे, अनि फेरि गृहस्थीमा किन आसक्त भए ? यो मलाई बुझाउनोस्, किनकि गृहस्थी त कर्मको बन्धन र आत्मस्वरूपलाई बिर्सने जरो मानिन्छ ॥१॥ हे द्विजश्रेष्ठ ! प्रियव्रत जस्ताको लालसा त गृहस्थीमा नहुनु पर्ने, किनकि ती जस्ता विषयबाट उन्मुख पुरुषका लागि त्यस्तो हुनु आश्चर्य लाग्ने कुरा हो ॥२॥ हे विप्रर्षे ! मनोहर कीर्ति सम्पन्न कृष्ण भगवान्‌का चरणको छाया पाएर जसको मन सुखी भइसकेको रहन्छ, त्यस्ता महात्माको बुद्धि कुटुम्बमा आसक्त हुँदैन ॥३॥ हे ब्रह्मन् ! यो

ॐ नमो भगवते वासुदेवाय ॥ राजोवाच ॥ प्रियव्रतो भागवत आत्मारामः कथं मुने ॥ गृहेऽरमत यन्मूलः कर्मबन्धः पराभवः ॥ १ ॥ न नूनं मुक्तसङ्गानां तादृशानां द्विजर्षभ ॥ गृहेष्वभिनिवेशोऽयं पुंसां भवितुमर्हति ॥२॥ महतां खलु विप्रर्षे उत्तमश्लोकपादयोः ॥ छायानिर्वृतचित्तानां न कुटुम्बे स्पृहामतिः ॥ ३ ॥ संशयोऽयं महान्ब्रह्मन्दारागारसुतादिषु ॥ सक्तस्य यत्सिद्धिरभूत्कृष्णे च मतिरच्युता ॥ ४ ॥ श्रीशुक उवाच ॥ बाढ-मुक्तं भगवत उत्तमश्लोकस्य श्रीमच्चरणारविन्दमकरन्दरस आवेशितचेतसो भागवतपरमहंसदयितकथां किंचिदन्तरायविहतां स्वां शिवतमां पदवीं न प्रायेण हिन्वति ॥५॥ यर्हि वाव ह राजन्स राजपुत्रः प्रियव्रतः परमभागवतो नारदस्य चरणोपसेवयाऽञ्जसावगतपरमार्थसतत्त्वो ब्रह्मसत्रेण दीक्षि-ष्यमाणोऽवनितलपरिपालनायाम्नातप्रवरगुणगणैकान्तभाजनतया स्वपित्रोपामन्त्रितो भगवति वासुदेव एवाव्यवधानसमाधियोगेन समावेशितसक-

ठूलो संशयको कुरा हो–स्त्री, गृह र पुत्र आदिमा आसक्त भएर पनि श्रीकृष्णमा उनको भक्ति निश्चल रहिरह्यो र मुक्ति पाए ॥४॥ श्रीशुकदेव भन्नुहुन्छ–हे परीक्षित ! तिम्रो कथा पनि उचित छ । मनोहर कीर्ति हुने भगवान् कृष्णका चरण-कमलको मकरन्दमा जसको मन लागिसक्छ, ती कहिलेकाहीं विघ्नले बाध्य भएर पनि भगवान्‌का कथारूपी कल्याणमय बाटोलाई छाड्दैनन् ॥५॥ हे राजन् ! जब महान भगवद्भक्त प्रियव्रत बालकै थिए, त्यसैबेला नारदजीका चरणको सेवाले उनलाई सहजै आत्माको यथार्थ रूपको ज्ञान भइसकेको थियो । ती समा-धिस्थ भएर ब्रह्मध्यानमा स्थित हुन खोज्दै थिए, त्यसै बेला उनका *पिता मनुले विचार गरे-मेरो छोरो प्रियव्रत राजा हुनयोग्य छ । शास्त्रमा राजाको योग्य जति गुण कहिएका छन्

दृष्टान्त (पितालाई चक्कूले हान्यो)-यौटा सेठका चार छोरा थिए । तीमध्ये तीन जना आज्ञाकारी थिए र यौटा उद्धत स्वभावको थियो । उद्धत छोरो रुखो बाक्य बोल्दथ्यो, गाली गर्थ्यो र कहिले काहीं हात पनि छाडिदिन्थ्यो । सेठ त्यो छोरोसित सधैं रुष्ट रहन्थ्यो । छोरोको त्यस्तो व्यवहारले अप्रसन्न सेठको विचार थियो–त्यसलाई आफ्नो सम्पत्तिबाट केही पनि नदिइयोस । सेठले यदि त्यस छोरोको सामुन्ने त्यो कुरा भनेदेखि उसले पिताई मारिने दिने थियो । यसै निमित्त मर्ने बेलामा उसले आफ्नो वसीयतनामा लेख्यो कि 'तीन पुत्र मेरो सम्पत्तिका हकवाला छन्–यौटा छैन ।' छोराहरूले कागज खोजेर पढेपछि सबै कुरा थाहा पाए । त्यो नालायक पुत्र साह्रै दुःखी भयो । आपुसमा निर्णय हुन नसकेर यो कुरा राजा भोजकहाँ पुग्यो । राजा पनि आश्चर्यमा परे । त्यस बखत कालिदास रिसाएर कहीं अन्तै गएका थिए । यो झगडा मिलाउन राजा भोजले आदरपूर्वक कवि कालिदासलाई डाकन पठाएर र फैसला गर्न भने । कालिदासले यौटा कोठामा त्यस सेठको तस्वीर राखे र पालैसित सेठका छोराहरूलाई डाकेर भने–'जो यस चित्र-लिखित पिताको पेटमा चक्कूले हिर्काउँछ, त्यसैलाई धन प्राप्त हुन्छ ।' सेठका तीन जना बाठा छोराले भने–'म आफ्ना पिताको चित्रमा हतियारले हान्दिन । मेरो भाग पाइन्न भने पनि कष्ट छैन ।' तर चौथो पुत्र, जुन वर्णसङ्कर थियो, उसले तुरुन्त हतियार उठायो र हिर्काउन तयार भयो । त्यसै आधारमा कालिदासले फैसला गरिदिए–'यो छोरा वर्णसङ्कर हो, यसलाई अंश मिल्दैन ।' त्यो देखेर सबै जना कालिदासको युक्तिको प्रशंसा गर्नलागे र राजाको हुकुमको सामुन्ने सेठको दुष्ट पुत्रको केही वश चलेन ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासुदेवमा
ती सबैमा यो अद्वितीय छ । अतः यसैलाई राजा बनाउनु पर्दछ ! तदनुसार मनुले आफ्नो पुत्र प्रियव्रतसित राजा बन्न भने, किन्तु प्रियव्रत आफ्नो मन एकाग्र पारेर भगवान् वासुदेवमा
लगाइसकेका थिए । त्यसले उनका सबै इन्द्रियहरूका कर्म छुटिसकेका थिए । कुनै पनि इन्द्रियको विषयमा केही पनि अभिलाषा थिएन । यसै निम्ति उनले राजा बन्न मानेनन् । यद्यपि
आफ्ना पिताको आज्ञा नमान्नु अनुचित थियो, तैपनि उनले विचार गरे—पिताको आज्ञा मान्नाले म मिथ्या संसारमा अल्झन्छु र मेरो आत्मज्ञान सधैंको लागि नष्ट भएर जान्छ र यस्तो
हुनु क्लेश र अनर्थ हो ॥६॥ आदिदेव भगवान् ब्रह्मालाई गुणरचित संसार बढाउनको निम्ति सधैं चिन्ता लागिरहन्छ । त्यसैले ती सबै व्यक्तिको अभिप्राय जान्दै रहन्छन् । जब उनलाई
प्रियव्रतको अभिप्राय ज्ञात भयो, तब ती सबै वेदहरू र गणहरूका साथ आफ्नो लोक (सत्यलोक) बाट हिंडे ॥ ७ ॥ तिनको बाटोमा विमानमा बसेका अनेक ठूला-ठूला देवताको सामुन्ने
आएर उनको पूजन गर्दथे ! अनेक स्थानमा धेरै थरि सिद्धगण, गन्धर्व, साध्य, चारण र मुनिजन उनको यश गाउँथे र ती ब्रह्माजी आकाशमा चन्द्रमा सम न उज्ज्वल देखिंदै थिए ।

परामवमन्वीक्षमाणः ॥ ६ ॥ अथ ह भगवाना·
लकारकक्रियाकलापो नैवाभ्यनन्दद्यद्यपि तदप्रत्याम्नातव्यं तदधिकरण आत्मनोऽन्यस्मादसतोऽपि स्वभवनादवततार ॥ ७ ॥ स
दिदेव एतस्य गुणसर्गस्य परिबृंहणानुध्यानव्यवसितसकलजगदभिप्राय आत्मयोनिरखिलनिगमनिजगणपरिवेष्टितः सिद्धगन्धर्वसाध्यचारणमुनिगणैरुपगीयमानो
तत्र तत्र गगनतल उडुपतिरिव विमानावलिभिरनुपथममरपरिवृढैरभिपूज्यमानः पथि पथि च वरूथशः महसैवोत्थायार्हणेन सह
गन्धमादनद्रोणीमवभासयन्नुपससर्प ॥ ८ ॥ तत्र ह वाव एवं देवर्षिर्हंसयानेन पितरं भगवन्तं हिरण्यगर्भमुपलभमानः प्रियव्रतमादिपुरुषस्तं
पितापुत्राभ्यामवहिताञ्जलिरुपतस्थे ॥ ९ ॥ भगवानपि भारत तदुपनीतार्हणः सूक्तवाकेनातितरामुदितगुणगणावतारसुजयः वयं भवस्ते तत एष महर्षि·
सदयहासावलोक इति होवाच ॥ १० ॥ श्रीभगवानुवाच ॥ निबोध तातेदमृतं ब्रवीमि मासूयितुं देवमर्हस्यप्रमेयम् ॥ नैवार्थधर्मैः परतः स्वतो वा कृतं विहन्तुं
र्वहाम सर्वे विवशा यस्य दिष्टम् ॥ ११ ॥ न तस्य कश्चित्तपसा विद्यया वा न योगवीर्येण मनीषया वा ॥ सुखाय दुःखाय च देहयोगमव्यक्तदिष्टं जनताऽङ्ग धत्ते ॥१३॥
तनुभृद्भिभूयात् ॥ १२ ॥ भवाय नाशाय च कर्म कर्तुं शोकाय मोहाय सदाऽभयाय ॥

यस प्रकार जब ती गन्धमादनको त्यो कन्दरामा पुगेथें, जहाँ गुरु नारद, तिनका शिष्य प्रियव्रत तथा आफ्नो पुत्र प्रियव्रतलाई राज्य दिनको निम्ति आएका मनु विद्यमान थिए ।
उनी आउनासाथ प्रकाशले त्यो सम्पूर्ण कन्दरा प्रकाशित भयो ॥८॥ हंसको सवारीले नै नारदजीले उनलाई 'मेरो पिता ब्रह्माजी हुन्' भन्ने जाने ! जुन पिता-पुत्र मनु र प्रियव्रत थिए,
दुवै तुरुन्त ठिङ्ग उभिए र पूजन गरेर हात जोरी उनको स्तुति गर्न लागे ॥९॥ यस प्रकार जब नारदले पूजा गरी योग्य वचनद्वारा उनका गुण, अवतारहरू तथा श्रेष्ठताको राम्ररो वर्णन
गरेर स्तुति गरे, तब ती आदिपुरुष ब्रह्माजी दयापूर्वक मुसु-मुसु हाँस्तै प्रियव्रतसित भन्दछन् ॥ १० ॥ प्रियव्रत सित ब्रह्माले भने—हे तात ! जुन प्रमाण भन्दा पर छ र म, शिव, तिम्रा
पिता मनु र तिम्रा गुरू नारद विवश भावले जसको आज्ञा पालन गर्दछन्, तिमी उनलाई तुच्छ नठान । म तिमीसित सत्य भन्दछु—राम्ररी तिनका कुरामा विचार गर ॥११॥
कुनै पनि शरीर धारण गर्ने प्राणी तप, विद्या, योगवल, बुद्धि, आत्मवल र अर्काको सहायतवाट भए पनि उनको निश्चयलाई पल्टाउन सक्तैन ॥ १२ ॥ हे प्रियव्रत ! सबै जना

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनैले दिएको शरीर धारण गर्दछन् । उनको इच्छा-शक्तिबाट जोगिने सामर्थ्य कसैमा पनि छैन । प्रत्येक शरीरधारीले जन्म, मरण, शोक, मोह, भय, सुख र दुःख भोग्नै पर्दछन्
॥१३॥ जसरी वेदरूपिणी वाणी यौठा लामो डोरी छ, त्यसमा बहिएका गुण-कर्म त्यो ठूलो डोरीमा लागेको निकै बलियो र स-साना ग्रन्थीहरू हुन, जसमा हामी सबै जना राम्ररी
बाँधिएर ब्राह्मण, क्षत्रिय, वैश्य आदि कहिन्छौं यी सबै आफाफना योग्य कर्महरू त्यस्तै प्रकारले गर्छन्, जसरी डोरीले नाथिएका पशु मनुष्यका इच्छानुसार सबै कर्महरू गर्दै रहन्छन्
हे प्रियव्रत ! त्यो ईश्वर गुण र कर्मका सम्बन्धमा जो स्थिति प्रदान गर्छ, त्यसैमा राजी रहेर ती प्रभुले दिएका दुःख वा सुखलाई हामी उसै गरी विवशताले भोग्दछौं, जसरी कि
अन्धोलाई कुनै आँखा देख्ने डोऱ्याई लगिरहेको होस् र उसलाई आँखा हुनेको इच्छाको अनुसार नै समस्त दुःख-सुख भोग्नपर्दछ, ॥ १५ ॥ भनाइको तात्पर्य—ईश्वरको आज्ञा साह्रै
बलियो हुन्छ, त्यो सबैले मान्नैपर्दछ । म जे जति भन्नेछु, त्यो उनैको प्रेरणाले भन्नेछु ! अतः मेरो कथनलाई उनैको आज्ञा ठान र स्वीकार । उसको आज्ञा छ—जीवन्मुक्त पुरुष
पनि प्रारम्भमा पूर्वकर्महरू भोगेर उसलाई समाप्त पार्नका लागि शरीरलाई धारण गर्दछ र उस भोगमा 'म सुखी छु, म देख्दछु, इत्यादि अभिमानलाई छाडिराख्दछ ।

यद्वाचि तन्त्यां गुणकर्मदामभिः सुदुस्तरैर्वत्स वयं सुयोजिताः ॥ सर्वे वहामो बलिमीश्वराय प्रोता नसीव द्विपदे चतुष्पदः ॥ १४ ॥ ईशाभिसृष्टं
ह्यवरुन्ध्महेऽङ्ग दुःखं सुखं वा गुणकर्मसङ्गात् ॥ आस्थाय तत्तद्यदयुङ्क्त नाथश्चक्षुष्मताऽन्धा इव नीयमानाः ॥ १५ ॥ मुक्तोऽपि तावद्बिभृयात्स्व-
देहमारब्धमश्नन्नभिमानशून्यः ॥ यथानुभूतं प्रतियातनिन्द्रः किं त्वन्यदेहाय गुणान्न वृङ्क्ते ॥ १६ ॥ भयं प्रमत्तस्य वनेष्वपि स्याद्यतः स आस्ते
सहषट्सपत्नः ॥ जितेन्द्रियस्यात्मरतेर्बुधस्य गृहाश्रमः किं नु करोत्यवद्यम् ॥ १७ ॥ यः षट्सपत्नान्विजिगीषमाणो गृहेषु निर्विश्य यतेत
पूर्वम् ॥ अत्येति दुर्गाश्रित ऊर्जितारीन् क्षीणेषु कामं विचरेद्विपश्चित् ॥ १८ ॥ त्वं त्वब्जनाभाङ्घ्रिसरोजकोशदुर्गाश्रितो निर्जितषट्सपत्नः ॥
भुङ्क्ष्वेह भोगान्पुरुषातिदिष्टान्विमुक्तसङ्गः प्रकृतिं भजस्व ॥ १९ ॥ श्रीशुक उवाच ॥ इति समभिहितो महाभागवतो भगवतस्त्रिभुवनगुरोरनुशा-

जस्तै कोही प्राणी स्वप्नका भोगलाई जागेपछि मिथ्या मान्दछ । त्यो यो कुरा मान्दैन कि ती भोगलाई मैले भोगेको हो । भोगमा अभिमान शून्य हुनु बाहेक जीवन्मुक्त प्राणी कर्मको
वासना पनि राख्दैन, किनकि वासनाहरू रहनाले फेरि शरीर धारण गर्न पर्दिरहन्छ ॥ १६ ॥ यी सबै बाधा त घरमै पनि हुन सक्तछन् र वनमा पनि । किनकि वनमा जो असावधान
रहन्छ, त्यहाँ पनि उसित पाँच ज्ञानेन्द्रिय र यौटा मन यी छ शत्रु विद्यमान रहन्छन् ! यसको विपरीत जो जितेन्द्रिय छ, जसलाई आत्मा बाहेक अन्य विषयमा प्रेम रहन्न, त्यस
विद्वान्लाई गृहस्थाश्रमले के अहित गर्न सक्दछ ? ॥ १७ ॥ गृहस्थाश्रम त इन्द्रियहरूलाई वशमा पार्न अभ्यास गर्नको निम्ति सुरक्षित दुर्ग हो । अतः जो उपर्युक्त छ शत्रुलाई
जित्न चाहन्छ, त्यो पहिले गृहस्थाश्रममा रहेर नै उद्योग गरोस्, किनकि दुर्गमा बस्ने वीर ठूला-ठूला शत्रुलाई पनि पराजित गर्नसक्तछ । अतः दुर्गरूपी गृहस्थाश्रममा रहेर प्राणी
ती शत्रुलाई क्षीण पारोस् । त्यसपछि जहाँ मन लाग्दछ उहीं बसोस् ॥१८॥ तिमी त विष्णु भगवान्का चरण-कमललाई सम्पुट स्वरूप दुर्गको आश्रय लिएर छ शत्रुलाई जितिसकेका छौ ।
अतः घरमै बसेर दैवले दिएको भोग र अन्तमा विषयका आसक्ति छाडेर प्रभुलाई भज ॥१९॥ शुकदेवजी भन्दछन्—हे परीक्षित ! जब तीनैलोकका पूज्य ब्रह्माले यति भने, तब असाधारण

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवद्भक्त प्रियव्रतले विचार गरे—म सानो हुँ र यी धेरै ठूला हुन् । अतएव यिनको आज्ञा मस्तक निहुराएर आदरपूर्वक उनले स्वीकार गरे र भने—अब म यस्तै गर्नेछु ॥ २० ॥ अनि महाराज मनुले ब्रह्माजीको विधिवत् पूजा गरे । प्रियव्रत तथा नारदजी पनि उनलाई विशुद्ध दृष्टिले हेर्दै रहे र भगवान ब्रह्मा आफ्नो ब्रह्मस्वरूपको स्थिति—जुन कि वाणी तथा मनको अगोचर छ र व्यवहारबाट पनि पर छ, ती प्रियव्रतलाई घरमा ल्याउने उद्योगबाट मुक्त थिई—अतः त्यसैमा पुनः स्थित भएर ती आफ्नो लोकमा फर्किए ॥२१॥ मनुले देखे—भगवान् ब्रह्माले हाम्रो मनोरथ पूर्ण गरिदिए, तब उनले नारदको सल्लाहले सारा भूमण्डलको भार आफ्ना प्रियपुत्रलाई बोकाए र स्वयं त्यस भोगको इच्छाबाट सदाको लागि निवृत्त भए ॥ २२ ॥ यस प्रकार महाराज प्रियव्रतलाई ईश्वरेच्छाले कर्मको भार सम्हाल्नु पर्‍यो र केवल ठूलाका प्रतिष्ठाको रक्षाका लागि ब्रह्माको आज्ञा मानेर उनले भूतलको शासन गर्नुपर्‍यो । त्यो त उनी वासनारहित भइसकेका थिए । तिनले भगवान् आदिपुरुषका दुवै चरणको सर्वदा ध्यान गरेका थिए, जसले उनका अन्तःकरणका मलरूपी राग-द्वेष आदि

सनमात्मनो लघुतयाऽवनतशिरोधरो बाढमिति सबहुमानमुवाह ॥ २० ॥ भगवानपि मनुना यथावदुपकल्पितोपचितिः प्रियव्रतनारदयोरविषममभिसमीक्षमाणयोरात्मसमवस्थानमवाङ्मनसं क्षयमव्यवहृतं प्रवर्तयन्नगमत् ॥ २१ ॥ मनुरपि परेणैवं प्रतिसंधितमनोरथः सुरर्षिवरानुमतेनात्मजमखिलधरामण्डलस्थितिगुप्तय आस्थाप्य स्वयमतिविषमविषयविषजलाशाया उपरराम ॥ २२ ॥ इति ह वाव स जगतीपतिरीश्वरेच्छयाऽधिनिवेशितकर्माधिकारोऽखिलजगद्बन्धध्वंसपरानुभावस्य भगवत आदिपुरुषस्याङ्घ्रियुगलानवरतध्यानानुभावेन परिरन्धितकषायाशयोऽवदातोऽपि मानवर्धनो महतां महीतलमनुशशास ॥२३॥ अथ च दुहितरं प्रजापतेर्विश्वकर्मण उपयेमे बर्हिष्मतीं नाम तस्यामु ह वाव आत्मजानात्मसमानशीलगुणकर्मरूपवीर्योदारान्दश भावयांबभूव कन्यां च यवीयसीमूर्जस्वतीं नाम ॥ २४ ॥ आग्नीध्रेध्मजिह्वयज्ञबाहुमहावीरहिरण्यरेतोघृतपृष्ठसवनमेधातिथिवीतिहोत्रकवय इति सर्व एवाग्निनामानः ॥ २५ ॥ एतेषां कविर्महावीरः सवन इति त्रय आसन्नूर्ध्वरेतसस्त आत्मविद्यायामर्भभावादारभ्य कृतपरिचयाः पारमहंस्यमेवाश्रममभजन् ॥ २६ ॥ तस्मिन्न ह वा उपशमशीलाः परमर्षयः सकलजीवनिकायावासस्य भगवतो वासुदेवस्य भीतानां शरणभूतस्य

नष्ट भइसकेका थिए । भगवान् यस्ता छन् कि तिनको तेजले संसारका सबै बन्धन खुलिजान्छन् ॥ २३ ॥ त्यसपछि महाराज प्रियव्रतले विश्वकर्मा प्रजापतिकी बर्हिष्मती नाम की कन्यासित विवाह गरे । तीबाट उनका दस पुत्र भए । ती सबै उनैका समान शील, गुण, कर्म, रूप बलमा निपुण थिए । छोराहरूभन्दा कान्छी ऊर्जस्वती नामकी यौटी कन्या जन्मिइन् ॥२४॥ छोराहरूको नाम—आग्नीध्र, इध्मजिह्व, यज्ञबाहु, महावीर, हिरण्यरेता, घृतपृष्ठ, सवन, मेधातिथि, वीतिहोत्र, कवि थियो । यी सबै अग्निका नाम गनाइएका हुन्, त्यसैले अग्निकै समान नाम भएका थिए । यिनमा कवि, महावीर र सवन यी तीन ऊर्ध्वरेता थिए॥२५॥ती तीनलाई सानैमा आत्मविद्यामित परिचयप्राप्त भइसकेको थियो, अतः तिनले परमहंस आश्रम ग्रहण गरे ॥२६॥ त्यस आश्रममा ती शान्तचित्त महर्षिहरूको समान आचरण गर्दथे । जुन भगवान् वासुदेव सबै जीवसमूहका निवासस्थान र डराएका व्यक्तिहरूको रक्षक तिनका सुन्दर र कोमल चरणलाई ती सर्वदा स्मरण गरिरहन्थे । त्यसैले तिनलाई अखण्ड भक्तियोग प्राप्त भयो कि जसको प्रतापले तिनको अन्तःकरण निर्मल भयो । त्यस पवित्र अन्तःकरण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै प्राणीहरूका अन्तर्यामी तथा सर्वव्यापक परमात्मा प्रकट भए र सबैले अन्तर-रहित भएर उनको एकरूपता प्राप्त गरिलिए, राजा प्रियव्रतकी अर्की पत्नीबाट पनि उत्तम, तामस र रैवत नामका तीन छोरा भए। ती तीनैजना मन्वन्तरका स्वामी मानिए ॥२७।२८॥ यस प्रकार उनका पूर्वोक्त तीन पुत्र मोक्षमार्गका अनुगामी भए, तर महाराज प्रियव्रतले एघार अर्बुद वर्षसम्म पृथ्वीको भोग गरे। तिनमा निरन्तर उत्कट पौरुष पूर्णरूपले भरिएको थियो। ती आफ्ना दुवै भुजाले तानिएका प्रत्यञ्चाको शब्दले नै धर्मविरोधीहरूको संहार गरिदिन्थे। उनकी प्रियतमा रानी बर्हिष्मती नित्य बढ्दै जाने स्नेहवश हर्षपूर्वक उनीसित भेट्तथिन्। ती अरु बेला पनि हंस झैं ढल्किन्दै नारीजनको योग्य हाउ-भाउ देखाउँथिन्। ती लज्जापूर्ण आधा खुलेका ओंठले हास्यपूर्वक हेर्दथिन् र कुनै-कुनै बेला मनोहर हास्यका कुरा बोल्दथिन्। तिनका सबै काम मनोरम थिए। यी सबैले गर्दा प्रियव्रतको विवेक दबिए झैं ज्ञात हुन्थ्यो। ती अज्ञानी जस्ता देखिन्थे, तर यथार्थमा ठूला, धीर र गम्भीर थिए ॥२९॥ निरन्तर भगवान्को उपासना गर्दै रहनाले तिनको प्रभाव यति बढ्दै गएको थियो कि त्यस्तो महत्त्व अन्य कुनै पुरुषलाई प्राप्त हुन सकेको थिएन। एक दिन उनले विचार गरे—सुमेरु पर्वतको परिक्रमा गर्दै जब भगवान् सूर्य उज्यालो पार्दछन्, तब आधा नै भूतललाई प्रकाशित गर्दछन् र आधालाई अन्धकारले ढाकिराख्दछ। यस स्थितिलाई उनले राम्रो मानेनन् र सङ्कल्प गरे—सूर्य-रथ जस्तै वेग हुने आफ्नो तेजोमय रथले म रात्रिलाई पनि दिन नै पारिदिन्छु। यति विचारेर उनले अर्को सूर्यको समान दिनकरको पछि-पछि सातपल्ट चक्कर लगाए ॥३०॥ जब राजा प्रियव्रत यस्तो गर्नलागे तब ब्रह्माजीले उनलाई रोके र भने—यो तिम्रो काम होइन, तर तिनको रथको पांग्राले जुन खाल्डो बनिसकेका थिए, तिनै सात समुद्र भएर पृथिवीको सात भाग (खण्ड) हुन गयो। तिनै सात द्वीप कहिन्छन् ॥३१॥ ती सातै द्वीपको नाम हो—जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक र पुष्कर। तिनको परिमाण क्रमशः पहिलो भन्दा दोस्रोको दोब्बर छ र आफूभन्दा पहिलो द्वीपको अन्तर हुने समुद्रका चारैतिर अन्तर बनेका छन् ॥३२॥ क्षारोद, इक्षुरसोद, सुरोद, घृतोद, क्षीरोद, दधिमण्डोद र शुद्धरसोद यो सात समुद्र छन्। यी सातै द्वीपहरूको

श्रीमच्चरणारविन्दाविरतस्मरणाविगलितपरमभक्तियोगानुभावेन परिभावितान्तर्हृदयाधिगते भगवति सर्वेषां भूतानामात्मभूते प्रत्यगात्मन्येवात्मनः स्तादात्म्यविशेषेण समीयुः ॥ २७ ॥ अन्यस्यामपि जायायां त्रयः पुत्रा आसन्नुत्तमस्तामसो रैवत इति मन्वन्तराधिपतयः ॥ २८ ॥ एवमुपशमायनेषु स्वतनरेष्वथ जगतीपतिर्जगतीमर्बुदान्येकादश परिवत्सराणामव्याहताखिलपुरुषकारसारसंभृतदोर्दण्डयुगलापीडितमौर्वीगुणस्तनितविरमितधर्मप्रतिपक्षो बर्हिष्मत्याश्चानुदिनमेधमानप्रमोदप्रसरणयौषिण्यव्रीडाप्रमुदितहासावलोकरुचिरक्ष्वेल्यादिभिः पराभूयमानविवेक इवानवबुध्यमान इव महामना बुभुजे ॥२६॥ यावदवभासयति खुरगिरिमनुपरिक्रामन्भगवानादित्यो वसुधातलमर्धेनैव प्रतपत्यर्धेनावच्छादयति ॥ तदा हि भगवदुपासनोपचितातिपुरुषप्रभावस्तदनभिनन्दन्समजवेन रथेन ज्योतिर्मयेन रजनीमपि दिनं करिष्यामीति सप्तकृत्वस्तरणिमनुपर्यक्रामद्द्वितीय इव पतङ्गः ॥३०॥ ये वा उ ह तद्रथचरणनेमिकृतपरिखातास्ते सप्त सिन्धव आसन्यत एव कृताः सप्त भुवो द्वीपाः ॥ ३१ ॥ जम्बूप्लक्षशाल्मलिकुशक्रौञ्चशाकपुष्करसंज्ञास्तेषां परिमाणं पूर्वस्मात्पूर्वस्मादुत्तर उत्तरो यथासंख्यं द्विगुणतामनेन बहिः समंतत उपक्लृप्ताः ॥ ३२ ॥ क्षारोदेक्षुरसोदघृतोदक्षी-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

परिखा (खाल्डा) हरूको समान छन् । परिमाणमा ती भित्री द्वीपको बराबरी छन् र तिनीबाट प्रत्येक परिखामा एक-एक द्वीप चारैदेखि भिन्न-भिन्न स्थित छन् । ती जम्बू, प्लक्षादि सातै द्वीपबाट बर्हिष्मतीका पति महाराज प्रियव्रतले आफ्ना आज्ञाकारी छोराहरूलाई दिए । यस प्रकार ती द्वीपहरूको क्रमशः आग्नीध्र, इध्मजिह्व, हिरण्यरेता, घृतपृष्ठ, मेधातिथि र वीतिहोत्र राजा भए ॥३३॥ प्रियव्रतले ऊर्जस्वती नामकी कन्या शुक्रलाई दिए, जसबाट देवयानी नामकी कन्या भइन् ॥३४॥ जुन विष्णुभक्त विष्णुभगवान्‌का चरणकमलको धूलोले पाँच ज्ञानेन्द्रिय र मनलाई जितिसकेका थिए, तिनमा यस्ता पुरुषार्थ हुनु आश्चर्यको कुरा होइन । ती भगवान् यस्ता छन् कि एकपल्ट उनका शरणपरेपछि चाण्डाललाई पनि तुरुन्त संसार बन्धनबाट मुक्ति मिल्दछ ॥३५॥ अतुलित बल-पराक्रम युक्त राजा प्रियव्रत शान्ति प्राप्त गर्नका लागि एक दिन नारदजीको शरणमा गए, ती प्रपंचमा अल्झनाले शान्ति पाउन सकेनन् । अनि मनमनै विरक्त जस्तै भएर भन्न लागे–॥३६॥ 'अहो ! यो मैले राम्रो गरिन ! मेरा विषय–लोलुप इन्द्रियहरूले मलाई अविद्याजनित विषम विषयरूपी

रोददधिमण्डोदशुद्धोदाः सप्त जलधयः सप्त द्वीपपरिखा इवाभ्यन्तरद्वीपसमाना एकैकश्येन यथानुपूर्वं सप्तस्वपि बहिर्द्वीपेषु पृथक् परित उपकल्पितास्तेषु जम्ब्वादिषु बर्हिष्मतीपतिरनुव्रतानात्मजाग्नीध्रेध्मजिह्वयज्ञबाहुहिरण्यरेतोघृतपृष्ठमेधातिथिवीतिहोत्रसंज्ञान्यथासंख्येनैकैकस्मिन्नेकमेवाधिपतिं विदधे ॥ ३३ ॥ दुहितरं चोर्जस्वतीं नामोशनसे प्रायच्छद्यस्यामासीद्देवयानीनाम काव्यसुता ॥ ३४ ॥ नैवंविधः पुरुषकार उरुक्रमस्य पुंसां तदंघ्रिरजसा जितषड्गुणानाम् ॥ चित्रं विदूरविगतः सकृदाददीत यन्नामधेयमधुना स जहाति बन्धम् ॥ ३५ ॥ स एवमपरिमितबलपराक्रम एकदा तु देवर्षिचरणानुशयनानुपतितगुणविसर्गसंसर्गेणानिर्वृतमिवात्मानं मन्यमान आत्मनिर्वेद इदमाह ॥ ३६ ॥ अहो असाध्वनुष्ठितं यदभिनिवेशितोऽहमिन्द्रियैरविद्यारचितविषमविषयान्धकूपे तदलमलममुष्या वनिताया विनोदमृगं मां धिग्धिगिति गर्हयाञ्चकार ॥ ३७ ॥ परदेवताप्रसादाधिगतात्मप्रत्यवमर्शेनानुप्रवृत्तेभ्यः पुत्रेभ्यः इमां यथादायं विभज्य भुक्तभोगां च महिषीं मृतकमिव सहमहाविभूतिमपहाय स्वयं निहितनिर्वेदो हृदि गृहीतहरिविहारानुभावो भगवतो नारदस्य पदवीं पुनरेवानुससार ॥ ३८ ॥ तस्य ह वा एते श्लोकाः—प्रियव्रतकृतं कर्म को नु कुर्याद्विनेश्वरम् ॥ यो नेमिनिम्नैरकरोच्छायां घ्नन्सप्त वारिधीन् ॥३९॥ भूसंस्थानं कृतं येन सरिद्गिरिवनादिभिः ॥ सीमा च भूतनिर्वृत्यै द्वीपे द्वीपे विभागशः ॥ ४० ॥

अन्ध-कूपमा घुचेटिदियो । विषयभोग त धेरै भोगियो । स्त्रीका क्रीडा-मृगस्वरूप मलाई धिक्कार छ । यस प्रकार उनले आफ्नो स्वयं भर्त्सना गरे ॥३७॥ त्यसपछि परमदेवता श्रीहरिको कृपाले आत्मचिन्तनमा लागेर आफ्ना छोराहरूलाई सबै पृथ्वी यथायोग्य रीतिले बाँडेर जोसित विविध प्रकारका भोग भोगेका थिए, ती राजमहिषीलाई पनि छोराहरूकै हातमासुम्पेर आफ्नो महान् ऐश्वर्य सहित सबै राज्य मृतक शरीर झैं त्यागे र हृदयमा वैराग्य धारण गरेर भगवान्‌का लीलाहरूको परिशीलन गर्दै महामुनि नारदजीले अति दिएकै बाटोको अनुसरण गर्नलागे ॥३८॥ ती महाराज प्रियव्रतको सम्बन्धमा यो श्लोक प्रसिद्ध छ–राजा प्रियव्रतले गरेका कर्मलाई ईश्वर बाहेक अरु कुन प्राणी गर्न सक्नेछ ? उनले आफ्नो रथको पांग्राले बनेका लीकहरू द्वारा सात समुद्र बनाएका थिए ॥३९॥ उनले मनुष्यहरूलाई सुखी पार्नको निम्ति द्वीप नामले पृथिवीका अनेक भाग पारे र प्रत्येक भागमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिन्न-भिन्न नदी, पर्वत तथा वन आदिद्वारा त्यसको सीमानिर्धारित गरिदिए ॥४०॥ भगवद्भक्तहरूका निम्ति प्रिय राजाराजेश्वर प्रियव्रतले आफ्नो कर्मयोगद्वारा प्राप्त हुने पृथ्वी, स्वर्ग र मनुष्यका भोगहरूलाई नरक तुल्य ठाने ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां प्रथमोऽध्यायः ॥१॥ (राजा आग्नीध्र र पूर्वचित्तिको परस्पर भेट) शुकदेवजी भन्नुहुन्छ—यस प्रकार आफ्ना पिता महाराज प्रियव्रत तपस्यामा लागेपछि राजा आग्नीध्र पिताको आज्ञा पालन गर्दै धर्ममा दृष्टि राखेर जम्बूद्वीपमा निवास गर्ने सम्पूर्ण प्रजालाई पुत्र समान ठानेर रक्षा गर्न लागे ॥११॥कुनै समय ती पितृलोक प्राप्तिको कामनाले अर्थात् सत्पुत्र पाउनको निम्ति सुर-सुन्दरीहरूको क्रीडास्थली मन्दराचल पर्वतको कन्दरामा

भौमं दिव्यं मानुषं च महित्वं कर्मयोगजम् ॥ यश्चक्रे निरयौपम्यं पुरुषानुजनप्रियः ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे प्रियव्रतविजये प्रथमोऽध्यायः ॥ १ ॥ श्रीशुक उवाच ॥ एवं पितरि संप्रवृत्ते तदनुशासने वर्तमान आग्नीध्रो जम्बूद्वीपौकसः प्रजा औरसवद्धर्मावेक्षमाणः पर्यगोपायत् ॥ १ ॥ स च कदाचित्पितृलोककामः सुरवरवनिताक्रीडाचलद्रोण्यां भगवन्तं विश्वसृजां पतिमाभृतपरिचर्योपकरण आत्मैकाग्र्येण तपस्व्याराधयाम्बभूव ॥ २ ॥ तदुपलभ्य भगवानादिपुरुषः सदसि गायन्तीं पूर्वचित्तिं नामाप्सरसमभियापयामास ॥ ३ ॥ सा च तदाश्रमोपवनमतिरमणीयं विविधनिविडविटपिविटपनिकरसंश्लिष्टपुरटलतारूढस्थलविहङ्गममिथुनैः प्रोच्यमानश्रुतिभिः प्रतिबोध्यमानसलिलकुक्कुटकारण्डवकलहंसादिभिर्विचित्रमुपकूजितामलजलाशयकमलाकरमुपबभ्राम ॥ ४ ॥ यस्याः सुललितगमनपदविन्यासगतिविलासायाश्चानुपदं खणखणायमान-

गए र सबै पूजन सामग्री जोरेर एकाग्र-चित्तले तपोनिष्ठभावपूर्वक प्रजापतिहरूका पति श्रीब्रह्माजीको आराधना गर्नलागे ॥ २ ॥ आदिदेव भगवान् ब्रह्माजीले आग्नीध्रको इच्छा जानेर आफ्नो सभामा गान गर्ने पूर्वचित्ति नामकी अप्सरालाई उनको नगीच पठाइदिए ॥ ३ ॥ त्यो अप्सरा आग्नीध्रको आश्रमको नगीच भएको उपवनमा सानन्द डुल्ल लागी । त्यहाँ अनेक थरिका बाक्लो वृक्षका शाखाहरूको समूहमा टाँसिएका सुवर्णमयी लतामाथि बसेका स्थलचारी मयूरादि पक्षिहरूका जोडी कलरव गरिरहेका थिए । त्यो सुनेर प्रसन्न जलकुक्कुट तथा कलहंस आदि जलपक्षीहरूले विविध बोली बोल्नाले त्यहाँको कमल वनले सुशोभित सरोवर गुञ्जायमान भइरहेको थियो ॥ ४ ॥ तिनको मनोहारिणी गतिविधि तथा पादक्षेपले

---

*दृष्टान्त (बाबूको प्रेम जाँच्ने छोरो—यौटा केटोको कुचालाले घरका जहान दिक्क थिए । केटो बिग्रँदा बिग्रँदै राम्रै बिग्रियो । अब त्यो गाउँलेहरूलाई पनि कष्ट दिन लाग्यो । त्यसले सबै रिताए र सबैजना एकत्र भएर निश्चय गरे—'यसलाई गाउँबाट धपाइदिनु पर्छ ।' यस विषयमा त्यसका पितासित पनि सल्लाह लिइयो । पिता पनि त्यसको चाला देखेर दुःखी थियो । अतः उसले पनि स्वीकार गर्‍यो । अब सबैको हस्ताक्षर गराउन लागे र अधिकांश व्यक्तिले हस्ताक्षर पनि गरिदिए । अन्त्यमा सबैजना त्यसका पिताको हस्ताक्षरलिन गए । त्यो सारै दुःखी भयो । सही गर्दा त्यसका हातको कलम काम्न लाग्यो । गाउँलेहरूले बुझाए-'यो व्यर्थको मोह किन ? यस्तो दुष्ट केटोलाई घरमा राखेर तिमी पूरा गाउँको इज्जत बिगारिरहेका छौ ।' बाबूले रुँदै भन्यो–'त्यो जस्तो भए पनि छोरो हो । पुत्र कुपुत्र हुन सक्तछ, तर पिता कुपिता हुन सक्तैन । अतः म तपाईहरूसित दुइ महीनाको अवधि माग्दछु। यदि यस दुइ महीनामा पनि यो सप्रेन भने म हस्ताक्षर गरिदिने छु ।' यो सबै कुरा त्यो केटोको सामुन्ने नै भइरहेको थियो । अतएव त्यसको मनमा पूर्ण सद्विचारको उदय भयो। त्यो सबैको समक्ष पिताका पाउमा घोप्टियो र भन्न लाग्यो—'पिताजी ! म जस्तो दुष्ट पुत्रको लागि हजुरलाई यति ठूलो कष्ट छ ? म जस्ता पापी जन नै दुनियाँलाई कष्ट दिन्छन् । कहाँ राजा शन्तनुको पुत्र भीष्म र दशरथका पुत्र राम । उनले सबैलाई सुख दिए र कंस-दुर्योधन तथा म जस्ता कुपुत्रहरूले सबैलाई सताएको छ । धिक्कार हो हामी जस्तालाई र धन्यवाद छ— राम-भीष्म जस्ता सुपुत्रलाई । त्यसै बेला देखि त्यसको हृदय पल्टियो र त्यो र सधैंका लागि सप्रियो ।

विलासले पद-पदमा छम-छम गर्ने नूपुर आदि पाउका गहनाहरूको मनोहर ध्वनि सुनेर राजकुमार आग्नीध्रले समाधियोग द्वारा चिम्लिएका आफ्ना दुवै नेत्र अलिकति खोलेर हेर्दा त नजीकै उनलाई पूर्वचित्ति उभिएकी देखिई ॥ ५ ॥ त्यो भ्रमरी झैं यौटा फूलनेर गएर त्यसलाई सुँग्दथी र देवता तथा मनुष्यहरूको मन र नेत्रलाई आनन्दित पान भएकी आफ्नी गति, क्रीडा, लज्जा, विनय, चितवन, मधुर स्वरलहरी, मृदुवाणी तथा अंगका बनावटले सबैको हृदयमा कामदेव प्रविष्ट पार्नको निम्ति बाटो झैं बनाइरहेकी थिई-जब हास्यपूर्ण वार्ताको मौकामा त्यसको मुखबाट निस्कने अमृतमय सुगन्धले अन्धा भएर भ्रमरा त्यसको मुखकमल घेरि लन्थे र त्यो भ्रमरबाट जोगिन छिटो-छिटो पाइला चालेर हिंड्दा त्यसका दुवै कुच, वेणी तथा हल्लने कन्धनी साह्रै नै राम्रो लाग्दथ्यो । त्यसलाई देख्नाले भगवान् कामदेवलाई आग्नीध्रको चित्तमा प्रवेश गर्ने अवसर प्राप्त भयो, त्यसले महामुनि आग्नीध्र जड़ जस्तै भएर भन्नलागे ॥६॥ हे मुनिवर ! तिमी को हौ ? र यस पर्वतमा के गर्न आएका हौ ? तिमी परम पुरुष भगवान्का कुनै माया त होइनौ ? तिमीले विनाप्रत्यञ्चाका यी दुइ धनुष केको निम्ति

रुचिरचरणाभरणाभरणस्वनमुपाकर्ण्य नरदेवकुमारः समाधियोगेनामीलितनयननलिनमुकुलयुगलमीषद्विकचय्य व्यचष्ट ॥ ५ ॥ तामेवाविदूरे मधुकरीमिव सुमनस उपजिघ्रतीं दिविजमनुजमनोनयनाह्लाददुघैर्गतिविहारव्रीडाविनयावलोकसुस्वराक्षरावयवैर्मनसि नृणां कुसुमायुधस्य दिवधतीं विवरं निजमुखविगलितामृतासवसहासभाषणामोदमहान्धमधुकरनिकरोपरोधेन द्रुतपदविन्यासेन वल्गुस्पन्दनकलशबरभाररशनां देवीं तदवलोकनेन विवृतावासरस्य भगवतो मकरध्वजस्य वशमुपनीतो जडवदिति होवाच ॥ ६ ॥ का त्वं चिकीर्षसि च किं मुनिवर्य शैले मायाऽसि काऽपि भगवत्परदेवतायाः ॥ विज्ये बिभर्षि धनुषी सुहृदात्मनोऽर्थे किं वा मृगान्मृगयसे विपिने प्रमत्तान् ॥ ७ ॥ बाणाविमौ भगवतः शतपत्रपत्रौ शान्तावपुंखरुचिरावतितिग्मदन्तौ ॥ कस्मै युयुङ्क्षसि वने विचरन्न विद्मः क्षेमाय नो जडधियां तव विक्रमोऽस्तु ॥ ८ ॥ शिष्या इमे भगवतः परितः पठन्ति गायन्ति साम सरहस्यमजस्रमीशम् ॥ युष्मच्छिखाविलुलिताः सुमनोऽभिवृष्टाः सर्वे भजन्त्यृषिगणा इव वेदशाखाः ॥ ९ ॥ वाचंपरं चरणपञ्जरतित्तिरीणां ब्रह्मन्नरूपमुखरां शृणवाम तुभ्यम् ॥ लब्धा कदम्बरुचिरङ्कविटङ्कबिम्बे यस्यामलातपरिधिः क्व च वल्कलं ते ॥ १० ॥ किं संभृतं रुचिरयोर्द्विज शृङ्गयोस्ते मध्ये कृशो वहसि यत्र दृशः श्रिता मे ॥ पङ्कोऽरुणः सुरभिरात्मविषाण ईदृग् येनाश्रमं सुभग मे सुरभी-

धारण गरिराखेका छौ ? के तिमी यस वनमा मत्त भएका मृगहरूको शिकार गरिरहेका छौ ? ॥७॥ तिम्रा जुन यी कमलदलरूपी प्वाँख हुने दुइ शान्त एवं पुंखहीन, अति राम्रा एवं तीक्ष्ण बाण छन् तिनलाई यस वनमा डुल्दै तिमी कसमाथि प्रहार गर्न खोज्दैछौ ? हामी यहाँ तिम्रा कुनै प्रतिपक्षी पनि त देख्दैनौं । तिम्रो यो पराक्रम हामी झैं जड-बुद्धि भएका व्यक्तिहरूको कल्याण गरोस॥८॥ हे भगवन् ! हजुरका यी अगणित शिष्यगण जो, विद्याध्ययन गरिहेछन्, यो रहस्ययुक्त सामगान र ईश्वरको आराधना गर्दैछन् । यी ऋषिजस्तै वेदका शाखाहरूको सेवन गर्दछन्, त्यस्तै नै हजुरको टाकुराबाट झरेका पुष्पहरू पनि सेवन गरिरहेका छन् ॥९॥ हे ब्रह्मन् ! हजुरका चरणरूपी पिंजरामा बन्द तित्राहरूको शब्द स्पष्ट सुनिन्छ परन्तु तिनको रूप देखिन्न । जसमा बल्दो अङ्गारको मण्डप झैं बनेको छ, अतः यो कदम्ब-कुसुमको आभा हजुरका नितम्बमा कहाँबाट आएर उपस्थित भए तथा वल्कल वस्त्र कहाँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गयो ? ॥१०॥ हे द्विज ! हजुरका यी दुवै सुन्दर सींग (कुच) मा के भरिएको छ ? ओहो ! इनको मध्य भाग निकै कृश छ त्यसैमा गडेको मेरो दृष्टि त्यहाँबाट हट्ने नामनै लिइरहेको छैन । यी सींग माथि हजुरले यो रातो-रातो हीलो जस्तो के लगाउनु भएको छ, जसले हजुर मेरो आश्रमलाई सुरभित पार्दै हुनुहुन्छ ॥ ११ ॥ हे सुहृत्तम ! जहाँका निवासी आफ्नो वक्षस्थलमा हामी जस्ता पुरुषहरूको चित्तलाई लोभ्याउने अवयव, मुखमा अतिशय अद्भुत हाव भाव, सरस भाषण एवं अधर-सुधा आदि धारण गरिराख्छन्, त्यो आफ्नो लोक हामी-लाई पनि देखाउनु हवस् ॥१२॥ हे प्रिय ! हजुरको जीविकाको के साधन छ ! हजुर के खानु हुन्छ, जसले हजुरको मुखबाट हवन-सामग्रीको सुगन्ध आइरहेको छ । मलाई त यस्तो ज्ञात भइरहेको छ कि हजुर साक्षात् विष्णुभगवानको कला हुनुहुन्छ । त्यसैले त हजुरका कानमा निमेष-विहीन दुइ मकराकृति कुण्डल झुलिरहेका छन् । हजुरको मुख सुन्दर सरोवर जस्तै छ । त्यसमा भयवश चंचल नेत्ररूपी दुइ माछा खेल्दैछन् । हजुरका दन्तपंक्ति हाँसझैं शोभित भइरहेका छन् र हजुरका घुँघुरिएका अलकावली भ्रमरका समूह झैं शोभित छन् ॥१३॥हजुरले

करोषि ॥ ११ ॥ लोकं प्रदर्शय सुहृत्तम तावकं मे यत्रत्य इत्थमुरसावयवावपूर्वौ ॥ अस्मद्विधस्य मन उन्नयनौ बिभर्ति बह्वद्भुतं सरसरासमुधादि-वक्त्रे ॥ १२ ॥ का वाऽऽत्मवृत्तिरदनाद्धविरङ्ग वाति विष्णोः कलास्यनिमिषोन्मकरौ च कर्णौ ॥ उद्विग्नमीनयुगलं द्विजपङ्क्तिशोचिरासन्नभृङ्ग-निकरं सर उन्मुखं ते ॥ १३ ॥ योऽसौ त्वया करसरोजहतः पतङ्गो दिक्षु भ्रमन्भ्रमत एजयतेऽक्षिणी मे ॥ मुक्तं न ते स्मरसि वक्रजटावरूथं कष्टोऽनिलो हरति लम्पट एष नीवीम् ॥ १४ ॥ रूपं तपोधन तपश्चरतां तपोघ्नं ह्येतत्तु केन तपसा भवतोपलब्धम् ॥ चर्तुं तपोऽर्हसि मया सह मित्र मह्यं किं वा प्रसीदति स वै भवभावनो मे ॥ १५ ॥ न त्वां त्यजामि दयितं द्विजदेवदत्तं यस्मिन्मनो दृगपि नो न वियाति लग्नम् ॥ मां चारुशृङ्ग्यर्हसि नेतुमनुव्रतं ते चित्तं यतः प्रतिसरन्तु शिवाः सचिव्यः ॥१६॥ श्रीशुक उवाच ॥ इति ललनानुनयातिविशारदो ग्राम्यवैदग्ध्यया परिभाषया तां विबुधवधूं विबुधमसभाजयामास ॥ १७ ॥ सा च ततस्तस्य वीरयूथपतेर्बुद्धिशीलरूपवयःश्रियौदार्येण परिक्षिप्तमनास्तेन सहायुतायुतपरिवत्सरोपलक्षणं कालं जम्बूद्वीपपतिना भौमस्वर्गभोगान्बुभुजे ॥ १८ ॥ तस्यामु ह वा आत्मजान्स राजवर आग्नीध्रो नाभिकिंपुरु-

करकमलद्वारा धाप दिएर यहाँ जो कन्दुक उफार्नु हुँदैछ, त्यो सबै दिशा-विदिशाहरूमा जाँदै मेरा आँखामा चञ्चलता उत्पन्न गरिरहेको छ । हजुरको घुँघुरिको जटा फुस्केको छ, के यस्तो हजुरलाई केही पनि ख्याल छैन ? ओहो ! ठूलो खेदको कुरा छ—यो लम्पट वायु वारम्बार हजुरको नीवी (कटिवस्त्र) लाई हटाइदिने गर्दछ ॥१४॥ हे तपोधन ! तपस्वीहरूको तप नष्ट पारिदिने भएको यो सुन्दर स्वरूप हजुरले कुन तपस्याको बलले प्राप्त गर्नुभएको हो ? हे मित्र ! अब हजुर मसित बसेर तपस्या गर्नुहवस् । के भवभावन ब्रह्माले प्रसन्न भएर तिमीलाई यहाँ पठाउनु भएको हो ? ॥१५॥ हे प्रिय ! अब म हजुरलाई छाड्न सक्तिन, किनकि तिमीमा मेरो नेत्र रमाइसकेको छ र मेरो चित्त हजुरलाई छाडेर अन्त जाँदैन । हे राम्रा सींग हुने ऋषि ! अब तिमी मनलागेको ठाउँमा म अनुचरलाई लिएर हिंड र तिम्रा यी मङ्गलमयी सखीहरू पनि मसित हिंडुन् ॥१६॥ शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! यस प्रकार स्त्रीहरूलाई फकाउन निकै बाठा र देवताहरूका समान बुद्धिमान् राजा आग्नीध्रले विषयी पुरुषको भाँति कुरा गर्दै त्यस अप्सरालाई प्रसन्न तुल्याए ॥१७॥ त्यसपछि वीरशिरोमणि आग्नीध्रको बुद्धि, शील,

रूप, अवस्था, तेज, श्री तथा उदारता आदि गुणहरूमा विमुग्ध भएर अप्सरा जम्बूद्वीपपतिसित हजारौं वर्षसम्म पृथिवी तथा स्वर्गका विभिन्न भोगहरू भोग्दैरही ॥१८॥ राजा आग्नीध्रले त्यस अप्सरासित नाभि, किम्पुरुष, हरिवर्ष, इलावृत, रम्यक, हिरण्मय, भद्राश्व तथा केतुमाल नामका नौ पुत्र उत्पन्न गरे ॥१९॥ यस प्रकार वर्षनि एकेकको क्रमले नौ पुत्र उत्पन्न गरेर पूर्वचित्ति अप्सरा महाराज आग्नीध्रलाई राजभवनमै छाडेर फेरि ब्रह्माजीकहाँ फर्किए ॥२०॥ आग्नीध्रका ती पुत्र आफ्नी आमाको कृपाले स्वभावैले सुदृढ शरीर बलवान् थिए । ती आफ्ना पिताले बाँडिदिएको आफ्नै नाम भएका जम्बूद्वीपको भूखण्डको राज्य गर्नलागे ॥२१॥ महाराज आग्नीध्रले दिनहुँको भोगले अतृप्त रहेर त्यस अप्सरालाई नै परम पुरुषार्थ मान्दै वैदिक कर्महरू द्वारा अन्त्यमा उही लोक पाए, जहाँ पितृहरू आफाफ्ना सुकृतिको तारतम्यले विविध भोगमा व्यस्त रहन्छन् ॥ २२ ॥ पिता परलोक गएपछि नाभि आदि नवै भाइहरूले सुमेरुकी पुत्री मेरुदेवी, प्रतिरूपा, उग्रदंष्ट्री, लता, रम्या, नारी, भद्रा र देववीति नामका नौ कन्याको पाणिग्रहण गरे ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे पंचम स्कन्धे

षहरिवर्षेलावृतरम्यकहिरण्मयकुरुभद्राश्वकेतुमालसंज्ञान्नव पुत्रानजनयत् ॥ १९ ॥ सा सूत्वाऽथ सुतान्नवानुवत्सरं गृह एवापहाय पूर्वचित्तिर्भूय एवाजं देवमुपतस्थे ॥ २० ॥ आग्नीध्रसुतास्ते मातुरनुग्रहादौत्पत्तिकेनैव संहननबलोपेताः पित्रा विभक्ता आत्मतुल्यनामानि यथाभागं जम्बूद्वीपवर्षाणि बुभुजुः ॥ २१ ॥ आग्नीध्रो राजाऽतृप्तः कामानामप्सरसमेवानुदिनमधिमन्यमानस्तस्याः सलोकतां श्रुतिभिरवारुन्ध यत्र पितरो मादयन्ते ॥ २२ ॥ सपरेते पितरि नव भ्रातरो मेरुदुहितॄर्मेरुदेवीं प्रतिरूपामुग्रदंष्ट्रीं लतां रम्यां श्यामां नारीं भद्रां देववीतिमिति संज्ञा नवोदवहन् ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे आग्नीध्रवर्णनं नाम द्वितीयोऽध्यायः ॥ २ ॥ श्रीशुक उवाच ॥ नाभिरपत्यकामोऽप्रजया मेरुदेव्या भगवन्तं यज्ञपुरुषमवहितात्माऽयजत ॥ १ ॥ तस्य ह वाव श्रद्धया विशुद्धभावेन यजतः प्रवर्ग्येषु प्रचरत्सु द्रव्यदेशकालमन्त्रर्त्विग्दक्षिणाविधानयोगोपपत्त्या दुरधिगमोऽपि भगवान् भागवतवात्सल्यतया सुप्रतीक आत्मानमपराजितं निजजनाभिप्रेतार्थविधित्सया गृहीतहृदयो हृदयङ्गमं मनोनयनानन्दनावयवाभिराममाविश्चकार ॥ २ ॥ अथ ह तमाविष्कृतभुजयुगलद्वयं हिरण्मयं पुरुषविशेषं कपिशकौशेयाम्बरधरमुरसि विलसच्छ्रीवत्सललामं दरवरवनरुहवनमालाच्छूर्यमृतमणिगदादिभिरुपलक्षितं स्फुटकिरणप्रवरमुकुटकुंडलकटककटिसूत्रहारकेयूरनूपुराद्यङ्गभूषणविभूषितमृत्विक्सदस्यगृहपतयोऽ-

द्वितीयोऽध्यायः ॥ २ ॥ (राजा आग्नीध्रका छोरा नाभिको चरित्र)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! राजा आग्नीध्रका छोरा नाभिले आफ्नी रानीसित पुत्रको कामनाले एकाग्रतापूर्वक भगवान् यज्ञ पुरुषको आराधना गरे ॥ १ ॥ श्रद्धापूर्वक र शुद्धभावले इनको आराधना गरेपछि जुन भगवान् द्रव्य, देश, काल, मन्त्र, ऋत्विक्, दक्षिणा र विधान आदि सामग्रीहरूले दुष्प्राप्य थिए, तिनै आफ्नो भक्तवत्सलताले गर्दा आफ्ना भक्त नाभिको इच्छित कार्य सम्पन्न गर्नका निमित्त अनुष्ठान भइरहेको बेला आफ्नो स्वरूपलाई मन र नेत्रानन्ददायक अंगले युक्त अतिशय सुन्दररूपमा प्रकट गरिदिए ॥ २ ॥ जब नाभिका चार भुजाले युक्त परम तेजस्वी पुरुषविशेषलाई उपस्थित देखे–जो आफ्नो शरीरमा रेशमी पीताम्बर धारण गरेका थिए, जसको वक्षस्थलमा मनोहर श्रीवत्सचिन्ह सुशोभित थियो, जसका भुजाहरूमा उत्तम शङ्ख चक्र, गदा, पद्म र घाँटीमा वनमाला र कौस्तुभमणिको अनुपम शोभा थियो सारा शरीर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै अङ्गका शोभा बढाउने, अतिशय कान्ति सम्पन्न, किरणमण्डित मनोहर मुकुट, कुण्डल, कटक, कटिसूत्र, हार, केयूर, तथा नूपुर आदि आभूषणहरूले आभूषित थियो। त्यस रूप-लाई देख्नासाथ सबै ऋत्विक्, सदस्य र यजमान आदि यस्ता आह्लादित भए कि जस्तै कुनै निर्धन पुरुष उत्तम धनराशि पाएर पुलकित भएको होस्। तब आदरपूर्वक मस्तक न्यूराएर ती विविध प्रकारका सामग्रीहरूले तिनको पूजा गर्नलागे ॥३॥ ऋत्विग्हरू भन्दछन्–हे प्रभो ! हामी हजुरका अनुगामी भक्त हौं र हजुर हाम्रा पूजनीय देवता। अतएव हामी पुनः पुनः हजुरलाई नमस्कार गर्दछौं। महापुरुषले हामीलाई केवल यही उपदेश दिएका छन्, किनकि प्राकृतिक गुणका कार्यरूपी प्रपञ्चमा बुद्धि अल्झनाले हजुरको गुणगानमा असमर्थ यस्तो कुन पुरुष छ, जो प्रकृति र पुरुष भन्दा भिन्न प्राकृतिक रूपरहित परमेश्वरको विशुद्ध स्वरूपको प्राकृत नाम रूपद्वारा निरूपण गर्न सकोस्? ॥४॥ यदि कोही समस्त

धना इवोत्तमधनमुपलभ्य सबहुमानमर्हणेनावनतशीर्ष्णा उपतस्थुः ॥३॥ ऋत्विज ऊचुः ॥ अर्हसि मुहुरर्हत्तमार्हणमस्माकमनुपथानां नमो नम इत्येता· वत्सदुपशिक्षितं कोऽर्हति पुमान्प्रकृतिगुणव्यतिकरमतिरनीश ईश्वरस्य परस्य प्रकृतिपुरुषयोरर्वाक्तनाभिर्नामरूपाकृतिभी रूपनिरूपणम् ॥ ४ ॥ सकल· जननिकायवृजिननिरसनशिवतमप्रवरगुणगणैकदेशकथनादृते ॥ ५ ॥ परिजनानुरागविरचितशबलसंशब्दसलिलसितकिसलयतुलसिकादूर्वाङ्कुरैरपि संभृ· तया सपर्यया किल परम परितुष्यति ॥६॥ अथानयापि न भवत इज्ययोरुभारभरया समुचितमर्थमिहोपलभामहे ॥७॥ आत्मन एवानुसवनमञ्जसाऽव्यति· रेकेण बोभूयमानाशेषपुरुषार्थस्वरूपस्य किन्तु नाथाशिष आशानानामेतदभिसंराधनमात्रं भवितुमर्हति ॥ ८ ॥ तद्यथा बालिशानां स्वयमात्मनः श्रेयः परमविदुषां परमपुरुषप्रकर्षकरुणया स्वमहिमानं चापवर्गाख्यमुपकल्पयिष्यन्स्वयं नापचित एवेतरवदिहोपलक्षितः ॥ ९ ॥ अथायमेव वरो

जन समूहका दुःखहरू नाश गर्ने हजुरको श्रेष्ठतम गुणको वर्णन गर्ने साहस गर्ला, फेरि त्यो पनि केवल यौटा देशको नै वर्णन गर्न सक्ला ॥ ५ ॥ हे प्रभो ! हजुर त आफ्ना भक्त-द्वारा गद्गद् वाणीमा गरिएको स्तुति, जल, शुद्ध तुलसी पत्र र दूर्वाङ्कुरादि सामग्रीहरू द्वारा गरिएको पूजाले नै सन्तुष्ट हुनुहुन्छ ॥६॥ हामी त अनेक थरिका सामग्रीले युक्त यस यज्ञले पनि हजुरको कुनै प्रयोजन देखिरहेका छैनौं ॥७॥ किनकि हजुर परमानन्द स्वरूपलाई त सबै पुरुषार्थ अभिन्नभावले स्वभावतः प्राप्त रहन्छन्। हे नाथ ! हामी विविध वस्तुहरू खोज्ने-हरूलाई त यस प्रकार हजुरको आराधना गर्नै पर्दछ ॥८॥ हे पुरुषोत्तम ! यद्यपि हामी जस्ता मन्दमति हुने यो जान्न सक्तैनन् कि हाम्रो कल्याण कसरी हुन सक्तछ। तथापि अतिशय

* उदारण (अन्धो छोरोको उपदेश)–देवशर्मा नामका यौटा ब्राह्मण थिए। तिनकी स्त्रीको नाम थियो सुधर्मी। छोरो नहुनाले पति पत्नी दुवैले तपस्या गर्ने निश्चय गरे। तदनुसार ती यत्काल कठोर तपस्या गर्न लागे र शिवजीलाई प्रसन्न पारेर तिनले यौटा छोरो मागे। तदनुसार छोरो त भयो, तर त्यो अन्धो थियो। जब माता-पिताको उमेर साठी वर्षको भयो, तब बालक पाँच वर्षको भयो। अनि छोरोको यज्ञोपवीत गरेर तिनले पढ्नको निम्ति आश्रममा पठाए। वढेर बालक चार वर्षपछि घर आयो। एक दिन त्यो नेत्रहीन छोरो पिताको नगीचै बसेको थियो। त्यसै वेला पुत्रले पितासित सोध्यो—'पिताजी ! कुन पापले मानिस अन्धो हुन्छ ?' पिताले उत्तर दियो–'जो मनुष्य पूर्वजन्ममा रत्नको चोरी गरेको हुन्छ, त्यो अर्को जन्ममा अन्धो हुन्छ। पुत्रले सोध्यो—'हजुरको कुरा सत्य हुन सक्तछ, तर मेरो त यस्तो विश्वास छ कि पिताको गुण पुत्रमा आउँछ। अतः मलाई ज्ञात भइरहेको छ कि हजुर अन्धो हुनाले नै म पनि अन्धो भएको हुँ।' पिताले भन्यो—'म त अन्धो छैन।' छोरोले भन्यो—'हजुरले मुक्तिदाता शिवजीको आराधना गरेर पनि मोक्ष माग्नु भएन र आफ्नो सारा तपस्या व्यर्थ फाल्नुभयो। यस्तो गरेर के हजुर आँखा देख्ने अन्धो बन्नु भएन ? पिताजी ! हजुरले ब्रह्मास्त्र जस्तो महान अस्त्र प्राप्त गरेर हरिण मार्नु भयो। यस निम्ति हजुर अन्धोकै समान हुनुहुन्छ।' अन्धो पुत्रको यस्ता वचन सुनेर माता पिता व्यर्थको माया त्यागेर भगवान्का भक्त हुन पुगे।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करुणावश मोक्ष तामको आफ्नो परमपद दिनको लागि वस्तुतः मद्वारा पूजित नभएर पनि हजुरले अन्य उपास्य देवता झैं दर्शन दिनु भएको छ ॥९॥ हे पूज्यतम प्रभो ! यी राजर्षि नाभिलाई वरदायकहरूमा सर्वश्रेष्ठ हजुरले यस यज्ञशालामा स्वयं आएर जुन हामी भक्तहरूको अगाडि प्रत्यक्षःदर्शन दिनुभयो, यही हाम्रो निम्ति सर्वश्रेष्ठ वरदान हो ॥१०॥ हे प्रभो ! हजुरका गुणगणको गान परम मङ्गलमय छ, अतः जसले असंगभावले प्रज्वलित ज्ञानाग्निद्वारा अन्तःकरणलाई राग-द्वेष आदि समस्त मललाई भस्म पारिसकेको छ ती हजुरका नैं सदृश स्वभाव आत्माराम मुनि पनि सर्वदा हजुरकै गुण-गान गर्दछन् ॥११॥ अतः हामी हजुरसित यही माग्दछौं कि लड्ने-पछारिने, भोक-प्यास, हाई तथा संकट आदिको अवसरमा एवं ज्वर र मरण आदिका कारण परवश भएर पनि हामी समस्त मल नष्ट पार्ने भक्तवत्सल, दीनबन्धुत्व आदि गुणहरूले सम्पन्न हजुरका नामहरूको उच्चारण गर्दै रहौं ॥ १२ ॥ यसको अतिरिक्त जस्तै निर्धन पुरुष कुनै धनी महापुरुषकहाँ गएर त्योसित भूस मागोत, त्यस्तै नैं स्वर्ग-अपवर्ग आदि सबै कामनाहरू पूर्ण गर्नमा समर्थ यी राजर्षि नाभि हजुरकै

ह्यर्हत्तम यर्हि बर्हिषि राजर्षेर्वरदर्षभो भवान्निजपुरुषेक्षणविषय आसीत् ॥ १० ॥ असङ्गनिशितज्ञानानलविधूताशेषमलानां भवत्स्वभावानामात्मारामाणां मुनीनामनवरतपरिगुणितगुणिगणपरममङ्गलायनगुणकथनोऽसि ॥ ११ ॥ अथ कथञ्चित्स्खलनक्षुत्पतनजृम्भणदुरवस्थादिषु विवशानां नः स्मरणाय ज्वरमरणदशायामपि सकलकश्मलनिरसनानि तव गुणकृतनामधेयानि वचनगोचराणि भवन्तु ॥१२॥ किंचायं राजर्षिरपत्यकामः प्रजां भवादृशीमाशासान ईश्वरमाशिषां स्वर्गापवर्गयोरपि भवन्तमुपधावति प्रजायामर्थप्रत्ययो धनदमिवाधनः फलीकरणम्॥१३॥को वा इहतेऽपराजितोऽपराजितया माययाऽनवसितपदव्याऽनावृतमतिर्विषरयानावृतप्रकृतिरनुपासितमहच्चरणः॥१४॥यदुह वाव तव पुनरदभ्रकर्तरि ह समाहूतस्तत्रार्थधियां मन्दानां नस्तद्यद्देवहेलनं देवदेवार्हसि साम्येन सर्वान्प्रतिवोढुमविदुषाम् ॥ १५ ॥ श्रीशुक उवाच ॥ इति निगदेनाभिष्टूयमानो भगवाननिमिषर्षभो वर्षधराभिवादिताभिवन्दितचरणः सदयमिदमाह ॥ १६ ॥ श्रीभगवानुवाच ॥ अहो बताहमृषयो भवद्भिरवितथगीर्भिर्वरमसुलभमभियाचितो यदमुष्यात्मजो मयासदृशो भूयादिति ममाहमेवाभिरूपः कैवल्यादथापि ब्रह्मवादो न मृषा भवितुमर्हति ममैव हि मुखं यद्द्विजदेवकुलम् ॥ १७ ॥ तत आग्नीध्रीयेंऽशकल-

सदृश पुत्र पाउनको निम्ति आराधना गरिरहेको छ ॥ १३ ॥ किन्तु यो कुनै आश्चर्यको कुरा होइन । महापुरुषका चरणका सेवक भक्तगण बाहेक यस्तो कुन पुरुष छ जो हजुरको अपराजेय तथा अतिशय दुस्तर मायाद्वारा पराजित नभएको होस, उसित उसको बुद्धि अविछिन्न भएको छैन र विषयरूपी विषको प्रभावले जसको स्वभाव दूषित भएको छैन ॥१४॥ हे अनेक महान् कार्य गर्ने देवता ! हामी सकाम र मन्दबुद्धि भएकाले यस तुच्छ कार्यको निम्ति हजुरको आवाहन गरेर जुन अनादर गरियो, त्यो अज्ञानीहरूको धृष्टता हजुर क्षमा गरिदिनुस, किनकि हजुर सबैलाई समान भावले हेर्नुहुन्छ! ॥१५॥भगवान्ले आज्ञा भयो–हे ऋषीश्वर हो ! यो ठूलो आश्चर्यको कुरा हो–तपाई सत्यवादी महात्माहरूले मसित दुर्लभ वर माग्नुभयो–राजर्षि नाभिको धर मेरै समान पुत्र होस् । हे मुने ! अद्वितीय हुनाको नाताले अद्वितीय त मनै छु तथापि ब्राह्मणको वचन मिथ्या हुन सक्तैन किनकि ब्राह्मणवंश

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो नै सुख हो ॥ १७ ॥ अतः म स्वयं आफ्नो अंश-कलाले आग्नीध्र-नाभिको घर जन्म लिनेछु, किनकि म अरु कसैलाई पनि आफू समान देख्दिन ॥१८॥ श्रीशुकदेवजी भन्नुहुन्छ–हे राजन् ! राजरानी मेरुदेवीको सामुन्ने उनका पति नाभिसित यति भनेर भगवान् अन्तर्धान हुनुभयो ॥ १९ ॥ हे राजन् ! यस प्रकार त्यस यज्ञमा महर्षिहरू द्वारा प्रसन्न तुल्याइएका भगवान्‌ले महाराज नाभिको प्रिय कार्य गर्न तिनको रनिवासमा महारानी मेरुदेवीको गर्भबाट दिगम्बर संन्यासी तथा ऊर्ध्वरेता मुनिहरूको धर्म प्रचारित गर्नका निम्ति विशुद्ध सत्वमय शरीरले ऋषभदेवको रूपमा जन्म लिए ॥२०॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नाभिचरिते तृतीयोऽध्यायः ॥ ३ ॥ (महाराज ऋषभदेवको शासनकाल वर्णन) शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! जन्मदेखि नै ऋषभदेवलाई भगवान् विष्णुको वज्र, अंकुश आदि चिह्नलाई प्रकट गर्ने अङ्गहरूले युक्त र समता, उपशम, वैराग्य तथा ऐश्वर्य आदि महाविभूतिहरूले गर्दा बढ्दो प्रभावले युक्त देखेर सबै मन्त्रीगण, प्रजाजन, विप्रगण तथा देवताहरूमा दिन-दिनै यो उत्कट अभिलाषा जागृत हुनलाग्यो––यी पनि राज-काज सम्हालन

याऽवतरिष्याम्यात्मतुल्यमनुपलभमानः ॥ १८ ॥ श्रीशुक उवाच ॥ इति निशामयन्त्या मेरुदेव्याः पतिमभिधायान्तर्दधे भगवान् ॥ १९ ॥ बर्हिषि तस्मिन्नेव विष्णुदत्तो भगवान्परमर्षिभिः प्रसादितो नाभेः प्रियचिकीर्षया तदवरोधायने मेरुदेव्यां धर्मान्दर्शयितुकामो वातरशनानां श्रमणानामृषीणामूर्ध्वमन्थिनां शुक्लया तनुवाऽवततार ॥ २० ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नाभिचरिते ऋषभावतारो नाम तृतीयोऽध्यायः ॥३॥ श्रीशुक उवाच ॥ अथ ह तमुत्पत्त्यैवाभिव्यज्यमानभगवल्लक्षणं साम्योपशमवैराग्यैश्वर्यमहाविभूतिभिरनुदिनमेधमानानुभावं प्रकृतयः प्रजा ब्राह्मणा देवताश्चावनितलसवनायातितरां जगृधुः ॥ १ ॥ तस्य ह वाव इत्थं वर्ष्मणा वरीयसा बृहच्छ्लोकेन चौजसा बलेन श्रिया यशसा वीर्यशौर्याभ्यां च पिता ऋषभ इतीदं नाम चकार ॥२॥ तस्य हीन्द्रः स्पर्धमानो भगवान्वर्षे न ववर्ष । तदवधार्य भगवानृषभदेवो योगेश्वरः प्रहस्यात्मयोगमायया स्ववर्षमजनाभं नामाभ्यवर्षत् ॥३॥ नाभिस्तु यथाभिलषितं सुप्रजस्त्वमवरुध्यातिप्रमोदभरविह्वलो गद्गदाक्षरया गिरा स्वैरं गृहीतनरलोकसधर्मं भगवन्तं पुराणपुरुषं मायाविलसितमतिर्वत्सताततेति सानुरागमुपलालयन्परां निर्वृतिमुपगतः ॥ ४ ॥ विदितानुरागमापौरप्रकृतिजनपदो राजा नाभिरात्मजं समयसेतुरक्षायामभिषिच्य ब्राह्मणेषूपनिधाय सह मेरुदेव्या विशालायां प्रसन्ननिपुणेन तपसा समाधियोगेन नरनारायणाख्यं भगवन्तं वासुदेवमुपासीन

सक्दछन् ॥ १ ॥ तिनको सुन्दर शरीर, महती कीर्ति, तेज, बल, ऐश्वर्य, यश, वीर्य तथा शूरवीरता आदि गुणहरूले प्रसन्न पिता नाभिले उनको नाम-ऋषभ राखे ॥२॥ एक समयको कुरा हो–भगवान् इन्द्रले ईर्ष्यावश ऋषभदेवको राज्यमा वर्षा गरेनन् । यस्तो स्थितिमा योगेश्वर ऋषभदेवले इन्द्रको मूर्खतामा हाँस्तै आफ्नो योगबलले अजनाभखण्डमा खूब पानी पारे । महाराजनाभि त आफ्नो इच्छानुसार छोरो पायर र अत्यन्त आनन्दमग्न भएर आफ्नो इच्छाले नै मानव-शरीरधारी पुराणपुरुष भगवान्‌को माया-विलासले बुद्धि-भ्रान्त भएर तिनको प्रेमपूर्वक लालन-पालन गर्दथे तथा 'हे वत्स ! हे तात !' गद्गद् वाणीले यस्तो मन्दै ठूलो प्रसन्नतामा प्राप्त हुन्थे ॥ ३ ॥ ४ ॥ त्यसपछि पुरवासी तथा सचिवगण देखि लिएर देशवासी सम्मको आफ्नो पुत्रमा दृढ अनुराग देखेर राजा नाभिले समयको मर्यादाको रक्षार्थ ऋषभदेवको राज्याभिषेक गरिदिए । उनको हेर-चाहमा निपुण ब्राह्मणलाई नियुक्त गरेर स्वयं मेरु

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवी सहित बदरिकारण्य गए । उहाँ घोर तपस्या तथा समाधियोगले नर-नारायण नामक भगवान् वासुदेवको आराधना गरेर कालक्रमले उनैको स्वरूपमा लीन भए ॥५॥ हे पाण्डवेय ! विद्वान् जनहरू राजा नाभिको विषयमा यी दुइ श्लोक भन्दछन्–राजर्षि नाभिले गरेका उदार धर्महरुको आचरण अर्को कुन पुरुषले गर्न सक्तछ ? जसका शुद्ध कार्यहरुले सन्तुष्ट भएर स्वयं भगवान् उनीकहाँ पुत्ररूपमा अवतरित थिए ॥ ६ ॥ महाराज नाभिकै सदृश ब्राह्मण-भक्त पनि अरु को हुन सक्ला ? जसको द्वारा दक्षिणा आदिले पूजित विप्रगणले आफ्नो मन्त्र बलले उनलाई यज्ञशालामै साक्षात् विष्णु भगवान्को दर्शन गराइदिएका थिए ॥ ७ ॥ भगवान् ऋषभदेव आफ्नो देश अर्थात् अजनाभ खण्डलाई नै कर्मभूमि मानेर लोकसंग्रहार्थ केही दिन गुरुकुलमा बसे । पछि गुरु-दक्षिणा दिई उनको आज्ञा पाएर गृहस्थहरुलाई धर्माचरणको शिक्षा दिनका लागि इन्द्रद्वारा दिइएकी कन्या जयन्तीसित विवाह गरेर वैदिक र स्मार्त दुवै प्रकारका कर्मको आचरण गर्दै ऋषभदेवले जयन्ती द्वारा आफू जस्तै गुणवान् सय छोरा जन्माए ॥ ८ ॥ उनमा महायोगी भरत सबै भन्दा जेठा र ठूला गुणी थिए । उनैको

कालेन तन्महिमानमवाप ॥५॥ यस्य ह पाण्डवेय श्लोकावुदाहरन्ति–को नु तत्कर्म राजर्षेर्नाभेरन्वाचरेत्पुमान् ॥ अपत्यतामगाद्यस्य हरिः शुद्धेन कर्मणा ॥६॥ ब्रह्मण्योऽन्यः कुतो नाभेर्विप्रा मङ्गलपूजिताः ॥ यस्य बर्हिषि यज्ञेशं दर्शयामासुरोजसा ॥ ७ ॥ अथ ह भगवानृषभदेवः स्ववर्षं कर्मक्षेत्रमनुमन्यमानः प्रदर्शितगुरुकुलवासो लब्धवरैर्गुरुभिरनुज्ञातो गृहमेधिनां धर्माननुशिक्षमाणो जयन्त्यामिन्द्रदत्तायामुभयलक्षणं कर्मसमाम्नातमभियुञ्जन्नात्मजानामात्मसमानानां शतं जनयामास ॥ ८ ॥ येषां खलु महायोगी भरतो ज्येष्ठः श्रेष्ठगुण आसोद्येनेदं वर्षं भारतमिति व्यपदिशन्ति ॥ ९ ॥ तमनु कुशावर्त इलावर्तो ब्रह्मावर्तो मलयः केतुर्भद्रसेन इन्द्रस्पृग्विदर्भः कीकट इति नव नवतिप्रधानाः ॥ १० ॥ कविर्हरिरन्तरिक्षःप्रबुद्धः पिप्पलायनः ॥ आविर्होत्रोऽथ द्रुमिलश्चमसः करभाजनः ॥ ११ ॥ इति भागवतधर्मदर्शना नव महाभागवतास्तेषां सुचरितं भगवन्महिमोपबृंहितं वसुदेवनारदसंवादमुपशमायनमुपरिष्टाद्वर्णयिष्यामः ॥ १२ ॥ यवीयांस एकाशीतिर्जायन्तेयाः पितुरादेशकरा महाशालीना महाश्रोत्रिया यज्ञशीलाः कर्मविशुद्धा ब्राह्मणा बभूवुः ॥ १३ ॥ भगवानृषभसंज्ञ आत्मतन्त्रः स्वयं नित्यनिवृत्तानर्थपरम्परः केवलानन्दानुभव ईश्वर एव विपरीतवत्कर्माण्यारभमाणः कालेनानुगतं धर्ममाचरणेनोपशिक्षयन्नतद्विदां सम उपशान्तो मैत्रः कारुणिको धर्मार्थयशःप्रजानन्दामृतावरोधेन गृहेषु लोकमनियमयत्

नामले यो देश 'भारतवर्ष' कहिन्छ ॥ ९ ॥ तिनका कांछा भाई कुशावर्त, इलावर्त, ब्रह्मावर्त, मलय, केतु, भद्रसेन, इन्द्रस्पृक् विदर्भ तथा कीकट नामका नौ राजकुमार भरतका अनुगामी तथा शेष नब्बे भाइहरूभन्दा श्रेष्ठ थिए ॥१०॥ यिनको अतिरिक्त कवि, हरि, अन्तरिक्ष, प्रबुद्ध, पिप्पलायन, अविर्होत्र, द्रुमिल, चमस एवं करभाजन ॥११॥ यी नौ कुमार भागवत-धर्मका प्रवर्तक तथा परम भगवद्भक्त थिए । भगवन्-महिमाले महिमान्वित तथा शान्तिमय यिनको चरित्र हामी नारद तथा वसुदेवजीको संवादको प्रसंगमा अगाडि बताउने छु ॥१२॥ यी भन्दा पनि कान्छा जो एकासी पुत्र थिए, ती पिताका आज्ञा पालक, अतिविनीत, महान् वेदज्ञ तथा निरन्तर यज्ञशील थिए । ती पुण्यका अनुष्ठान सधैं गरिरहनाले नै कर्म-विशुद्ध ब्राह्मण भए ॥ १३ ॥ भगवान् ऋषभदेवजी यद्यपि परम स्वतन्त्र अनर्थ-परम्पराले रहित एकमात्र आनन्दानुभव स्वरूप र साक्षात् ईश्वर थिए, तैपनि अज्ञानीहरू जस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म गर्दथे तथा कालक्रमले सामयिक धर्मको आचरण गर्दै उसको तत्त्वबाट अनभिज्ञ सर्वसाधारण धर्मको शिक्षा दिँदै रहे। उनले मम शान्त, सुहृद् तथा कारुणिक भावले रहँदै धर्म, अर्थ, यश तथा सन्तानबाट भने आनन्दको प्राप्तिका निमित्त सबैलाई गृहस्थोचित धर्ममार्गमा प्रवृत्त गराए ॥ १४ ॥ किनकि ठूलाहरूले जस्तो आचरण गर्छन्, अन्य साधारण पुरुष पनि त्यसैको अनुसरण गर्दछन् ॥ १५ ॥ भगवान् ऋषभदेव यद्यपि वेदका गूढ रहस्यस्वरूप सबै धर्मलाई जान्दथे तापनि ब्राह्मणले बताएका विधिले साम-दानादि नीतिहरूको अवलम्बन गरेर आफ्ना प्रजाको पालन गर्दथे ॥ १६ ॥ उनले भिन्न-भिन्न देवताका उद्देश्यले द्रव्य, देश, काल, आयु, श्रद्धा तथा ऋत्विज् आदिले समृद्धि प्राप्त सबै यज्ञ द्वारा शास्त्रोक्त विधि अनुसार भगवान् यज्ञपुरुषको सय यज्ञ गरेर पूजन गरेका थिए ॥१७॥ ती भगवान् ऋषभदेवको राज्य कालमा त्यस देशका कुनै पनि व्यक्ति आफ्ना स्वामीको प्रति दिन-दिनै बढ्ने अनुराग बाहेक अविद्यमान वस्तुहरूको जस्तै आफ्नो निमित्त कसैसित केही इच्छा गर्दैनथे ॥ १८ ॥ एक समयको कुरा हो---भगवान ऋषभदेव यता-उता डुल्दै-फिर्दै

॥ १४ ॥ यद्यच्छीर्षण्याचरितं तत्तदनुवर्तते लोकः ॥ १५ ॥ यद्यपि स्वविदितं सकलधर्मं ब्राह्मं गुह्यं ब्राह्मणैर्दर्शितमार्गेण सामादिभिरुपायैर्जनता-मनुशशास ॥ १६ ॥ द्रव्यदेशकालवयःश्रद्धर्त्विग्विविधोद्देशोपचितैः सर्वैरपि क्रतुभिर्यथोपदेशं शतकृत्व इयाज ॥ १७ ॥ भगवतर्षभेण परिरक्ष्य-माण एतस्मिन्वर्षे ,न कश्चन पुरुषो वाञ्छत्यविद्यमानमिवात्मनोऽन्यस्मात्कथंचन किमपि कर्हिचिदवेक्षते भर्तर्यनुसवनं विजृम्भितस्नेहातिशय-मन्तरेण ॥ १८ ॥ स कदाचिदटमानो भगवानृषभो ब्रह्मावर्तगतो ब्रह्मर्षिप्रवरसभायां प्रजानां निशामयन्तीनामात्मजानवहितात्मनः प्रश्रयप्रणय-भरसुयन्त्रितानप्युपशिक्षयन्निति होवाच ॥ १९ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥ ऋषभ उवाच ॥ नायं देहो देहभाजां नृलोके कष्टान्कामानर्हते विड्भुजां ये ॥ तपो दिव्यं पुत्रका येन सत्त्वं शुद्ध्येद्यस्माद्ब्रह्मसौख्यं त्वनन्तम् ॥ १ ॥ महत्सेवां द्वारमाहु-र्विमुक्तेस्तमोद्वारं योषितां सङ्गिसङ्गम् ॥ महान्तस्ते समचित्ताः प्रशान्ता विमन्यवः सुहृदः साधवो ये ॥ २ ॥ ये वा मयीशे कृतसौहृदार्था जनेषु देहंभरवार्तिकेषु ॥ गृहेषु जायात्मजरातिमत्सु न प्रीतियुक्ता यावदर्थाश्च लोके ॥ ३ ॥ नूनं प्रमत्तः कुरुते विकर्म यदिन्द्रियप्रीतय आपृणोति ॥ न

ब्रह्मावर्त देशमा पुगे। त्यहाँ उनले अगणित ब्रह्मर्षिहरूको सभामा विराजमान आफ्ना विनीत, प्रेमी र समाहित हुने छोराहरूलाई देखे। तिनीहरूलाई शिक्षा दिने अभिप्रायले तो आफ्ना छोराहरूको समक्ष यस प्रकार भन्नलागे ॥ १९ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥ ४ ॥ (ऋषभदेवको पुत्रहरूलाई उपदेश र अधूत-वृत्ति ग्रहण)---ऋषभदेव भन्दछन्---हे छोरा हो! मर्त्यलोकमा मानव शरीर पाएर मनुष्यको निम्ति यो उचित छैन कि यस उत्तम शरीरले विष्ठाभोजी शूकरादिलाई पनि सुलभ र विषयभोगमा लिप्त रहोस्। अतः त्यस तपको नै आचरण गर्नु असल छ, जसले आफ्नू अन्तःकरण शुद्ध भई अनन्त ब्रह्मानन्दको बाधा नपरोस् ॥ १ ॥ वास्तवमा महा-पुरुषको सेवा नै मुक्तिको द्वार हो र कामीजनको सङ्ग नै नरकको द्वार हुन्छ। महापुरुष उनै कहिन्छन् जो समान-चित्त, शान्त स्वभाव, क्रोधहीन, सबैका सुहृद् तथा सदाचारसम्पन्न हुन्छन् ॥ २ ॥ जो एकमात्र म परमात्मासित नै प्रेम गर्दछन् ती केवल उदर-पोषणमा नै काम गर्ने व्यक्ति तथा स्त्री, पुत्र र धन आदि सामग्रीहरूले युक्त घरमा स्नेह गर्दैनन्

... Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीर निर्वाहका लागि लौकिक कार्यमा प्रवृत्त रहने गर्दछन् ।।३।। जुन मनुष्य प्रमादी भएर कुकर्ममा लाग्छन्, उनको त्यो प्रवृत्ति केवल इन्द्रिय तृप्तिको निम्ति हुन्छ । म यसलाई राम्रो मान्दिन, किनकि यो शरीर वस्तुतः असत् छ, तैपनि आत्मालाई जबसम्म परमात्म-तत्त्वको जिज्ञासा हुन्न, तबसम्म अज्ञानवश उसको सर्वत्र पराजय हुन्छ । किनकि अज्ञानवश जबसम्म त्यो लौकिक तथा वैदिक कर्ममा अल्झिरहन्छ, तबसम्म त्यसको चित्त कर्म-वासनामा लीन रहन्छ र त्यसैले उसलाई शारीरिक बन्धनमा बाँधिरहन्छ ॥ ४ ॥ ५ ॥ यस प्रकार अज्ञानले आत्मस्वरूप आच्छादित हुनाले नै कर्म-वासनाहरूको वशीभूत चित्त मनुष्यलाई फेरि कर्ममा लगाइदिने गर्दछ । अतएव जबसम्म जीवको म भगवानमा प्रीति हुन्न, तबसम्म त्यो देहबन्धनबाट मुक्त हुँदैन ॥ ६ ॥ मनुष्य जबसम्म आफ्नो सच्चा स्वार्थ अर्थात् परमार्थबाट असावधान रहन्छ र इन्द्रियहरूका चेष्टालाई मिथ्या मान्दैन, तबसम्म त्यो मूढ आफूलाई ठूलो बुद्धिमान ठानेर पनि विवेकहीन भएर मैथुन प्रधान गृह-पुत्र, स्त्री आदिमा आसक्त रहेर विविध प्रकारका क्लेश भोग्ने गर्दछ ॥ ७ ॥ स्त्री-पुरुषको परस्पर

साधु मन्ये यत आत्मनोऽयमसन्नपि क्लेशद आस देहः ॥ ४ ॥ पराभवस्तावदबोधजातो यावन्न जिज्ञासत आत्मतत्त्वम् ॥ यावत्क्रियास्तावदिदं मनो वै कर्मात्मकं येन शरीरबन्धः ॥ ५ ॥ एवं मनः कर्मवशं प्रयुङ्क्ते अविद्ययाऽऽत्मन्युपधीयमाने ॥ प्रीतिर्न यावन्मयि वासुदेवे न मुच्यते देहयोगेन तावत् ॥ ६ ॥ यदा न पश्यत्ययथागुणेहां स्वार्थे प्रमत्तः सहसा विपश्चित् ॥ गतस्मृतिर्विन्दति तत्र तापानासाद्य मैथुन्यमगारमज्ञः ॥७॥ पुंसः स्त्रिया मिथुनीभावमेतं तयोर्मिथो हृदयग्रन्थिमाहुः ॥ अतो गृहक्षेत्रसुताप्तवित्तैर्जनस्य मोहोऽयमहंममेति ॥ ८ ॥ यदा मनोहृदयग्रन्थिरस्य कर्मानुबद्धो दृढ आश्लथेत ॥ तदा जनः संपरिवर्ततेऽस्मान्मुक्तः परं यात्यतिहाय हेतुम् ॥ ९ ॥ हंसे गुरौ मयि भक्त्याऽनुवृत्त्या वितृष्णया द्वन्द्वतितिक्षया च ॥ सर्वत्र जन्तोर्व्यसनावगत्या जिज्ञासया तपसेहानिवृत्त्या ॥ १० ॥ मत्कर्मभिर्मत्कथया च नित्यं मद्देवसङ्गाद्गुणकीर्तनान्मे ॥ निर्वैरसाम्योपशमेन पुत्रा जिहासया देहगेहात्मबुद्धेः ॥ ११ ॥ अध्यात्मयोगेन विविक्तसेवया प्राणेन्द्रियात्माभिजयेन सध्र्यक् ॥ सच्छ्रद्धया ब्रह्मचर्येण शश्वदसंप्रमादेन यमेन वाचा ॥ १२ ॥ सर्वत्र मद्भावविचक्षणेन ज्ञानेन विज्ञानविराजितेन ॥ योगेन धृत्युद्यमसत्त्वयुक्तो लिङ्गं व्यपोहेत्कुशलोऽहमाख्यम् ॥ १३ ॥

दाम्पत्यभाव नै तिनको हृदयको दुर्भेद्य ग्रन्थि हुन्छ । त्यसैले गर्दा पुरुषलाई गृह, क्षेत्र, पुत्र, स्वजन तथा धन आदिमा 'म' र 'मेरो' यो मोह जागृत हुन्छ ॥८॥ जब मनुष्यको कर्मवासनाले गर्दा बाँधिएको हृदयको बलियो ग्रन्थि महापुरुषको सङ्गले खुलो हुन्छ, अनि त्यो गृहासक्तिबाट निवृत्त हुन्छ र सबै प्रकारका बन्धनबाट मुक्त भएर संसारका कारण-स्वरूप अहंकारलाई त्यागेर परमपद पाउँदछ ॥९॥ हे पुत्र हो ! यस संसार सागरबाट पार पाउनमा कुशल, धैर्यवान् उद्यमी तथा सत्त्वगुण-विशिष्ट पुरुषको कर्तव्य हो कि सबैको आत्म-स्वरूप म गुरुमा भक्तिभाव राख्ने, तृष्णा त्याग्ने, द्वन्द्व सहने जीवलाई कहीं पनि दुःख सहनु पर्दैन । यस विचारले, तत्वजिज्ञासाले, सांसारिक वासना त्याग्नाले, मेरै निम्ति कर्म गर्नाले, मेरा कथाहरू नित्य सुन्दै रहनाले, मेरा भक्तजनको सङ्ग तथा मेरै गुण-गानले, वैराग्य, त्याग, समता तथा उपशमले, शरीर र गृहादिमा 'म' र 'मेरो' भाव त्याग्ने अभि-लाषाले, आत्म विचार र एकान्त सेवनले, प्राण, इन्द्रिय तथा मनको पूर्ण संयम गर्नाले, गुरु एवं शास्त्रादिमा श्रद्धा राख्नाले, ब्रह्मचर्य र निरन्तर सावधानीले, वाणीको संयमले, सर्वत्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो सत्ता देख्नाले, अनुभव-ज्ञानपूर्ण तत्त्वविचार र योगद्वारा आफ्नो अहङ्काररूपी लिंग-शरीरलाई नष्ट गरिदेओस् ॥ १०–१३ ॥ अविद्यावश प्राप्त हृदय ग्रन्थिस्वरूप कर्माशयलाई साधनद्वारा राम्ररी नष्ट पारेर ती साधनबाट पनि छुट्टियोस् ॥ १४ ॥ मेरो लोक प्राप्त गर्न इच्छुक राजा अथवा गुरुको कर्तव्य हो कि मेरो अनुग्रह पाउनको लागि आफ्ना अबोध प्रजा तथा शिष्यहरूलाई रिस त्यागेर यस्तै शिक्षा देओस् । कर्मलाई नै परम पुरुषार्थ मान्ने अज्ञानीहरूलाई फेरि कर्ममा नलगाउनु, किनकि अन्धोलाई खाडलमा घुचेटने पुरुष जस्तै ती कर्मबन्धनलाई कर्ममा नै प्रवृत्त गर्नाले कुन पुरुषार्थको सिद्धि प्राप्त गर्न सकिन्छ ? ॥ १५ ॥ सबै सांसारिक प्राणी आफ्नो वास्तविक श्रेय नजानेर अनेक थरिका कामनाले अन्धा भएर *तर्क-वितर्क गर्दै क्षणिक सुखका लागि परस्पर शत्रुता ठानेर विषय-भोग भोग्न खोज्दछन्, तर ती मूढ यस द्रोहले मिल्ने नरकादि कष्टलाई केही

कर्माशयं हृदयग्रन्थिबन्धमविद्ययाऽऽसादितमप्रमत्तः ॥ अनेन योगेन यथोपदेशं सम्यग्व्यपोह्योपरमेत योगात् ॥ १४ ॥ पुत्रांश्च शिष्यांश्च नृपो गुरुर्वा मल्लोककामो मदनुग्रहार्थः ॥ इत्थं विमन्युरनुशिष्यानतज्ज्ञान्न योजयेत्कर्मसु कर्ममूढान् ॥ कं योजयन्मनुजोऽर्थं लभेत निपातयन्नष्टदृशं हि गर्ते ॥१५॥ लोकः स्वयं श्रेयसि नष्टदृष्टिर्योऽर्थान्समीहेताप्यनिकामकामः ॥ अन्योन्यवैरः सुखलेशहेतोरनन्तदुःखं च न वेद मूढः ॥ १६ ॥ कस्तं स्वयं तदभिज्ञो विपश्चिदविद्यायामंतरे वर्तमानम् ॥ दृष्ट्वा पुनस्तं सघृणः कुबुद्धिं प्रयोजयेदुत्पथगं यथाऽन्धम् ॥ १७ ॥ गुरुर्न स स्यात्स्वजनो न स स्यात्पिता न स स्याज्जननी न सा स्यात् ॥ दैवं न तत्स्यान्न पतिश्च स स्यान्न मोचयेद्यः समुपेतमृत्युम् ॥१८॥ इदं शरीरं मम दुर्विभाव्यं सत्त्वं हि मे हृदयं यत्र धर्मः॥ पृष्ठे कृतो मे यदधर्म आराददतो हि मामृषभं प्राहुरार्याः ॥१९॥ तस्माद्भवन्तो हृदयेन जाताः सर्वे महीयांसममुं सनाभम् ॥ अक्लिष्टबुद्ध्या भरतं भजध्वं

पनि बुझ्दैनन् ॥१६॥ कुमार्गगामी अन्धा पुरुष झैं त्यस बुद्धिहीन प्राणीलाई अविद्याग्रस्त देखेर कुनै दयालु वा विवेकशील पुरुष जानी-जानी कसरी उही अविद्यामा प्रवृत्त गर्ला ? ॥१७॥ अतः जो सदुपदेश दिएर टाउकामा आएको मृत्युबाट बचाउन सक्तैन, त्यो गुरु हुनै सक्तैन, त्यो पिता पिता हुनै सक्तैन, त्यो माता माता हुन सक्दिन, त्यो इष्टदेव इष्टदेव हुन सक्तैन र त्यो पति पति हुने अधिकारी हुन सक्तैन ॥ १८ ॥ मेरो शरीर सर्वथा तर्कबाट पर छ । धार्मिक स्थिति सम्पन्न सत्वगुण नै मेरो हृदय हो, अधर्म मेरो पृष्ठभागमा स्थित रहन्छ । अतः सज्जनहरू मलाई ऋषभदेव भन्दछन् ॥ १९ ॥ तिमी सबै मेरो हृदयबाट उत्पन्न भएका हौ, यसै कारण आफ्नो सहोदर ज्येष्ठ भ्राता महात्मा

---

* दृष्टान्त (तर्क-वितर्क)—यौटा नास्तिकले कुनै सन्तसित तीन प्रश्न गऱ्यो—(१) ईश्वर सर्वत्र छ, यस्तो सबै जना भन्दछन् । अनि ईश्वर किन देखिन्न ? त्यो कहाँ छ ? यो मलाई बताऊ ? (२) यदि मनुष्य ईश्वरको प्रेरणाले सबै काम गर्दछन् । अनि कुनै कुनै वेला ईश्वर उसलाई कठोर दण्ड किन दिन्छन् ? (३) ईश्वर दुष्टलाई दण्ड दिन्छन् भने त्यो कसरी ? किन भने दुष्ट अग्निरूप छ र ईश्वर पनि अग्निरूप छ ! अनि अग्निमाथि अग्निको वश कसरी चल्दछ ?' यी तीनै प्रश्नलाई सन्तले गम्भीरतापूर्वक सुने । पछि भईबाट यौटा माटोको डल्ला उठाएर प्रश्नकर्ताको टाउकोमा हिर्काए । नास्तिकले अड्डामा गएर गुहार माग्यो । हाकिमले सन्तलाई डाकेर सोधे—तिमीले यसलाई किन हिर्कायौ ?' सन्तले उत्तर दिए—'इनले सोधेका तीनै प्रश्नको यो उत्तर हो ।' हाकिमले भन्यो—'कसरी ? सन्तले भने—'यो मनुष्य भन्दछ मलाई चोट लागिन । चोट लाग्नाले जुन कष्ट भयो, त्यसलाई म हेर्न चाहन्छु । दुःख देखेर नै म ईश्वरलाई देखाउँला । अर्को—मैले जो गरें, ईश्वरको प्रेरणाले गरें । अनि यसले यो अपराध किन सम्झिरहेको छ ? यसै प्रकार ईश्वर पनि दुष्टलाई दण्ड दिन्छन् । फेरि यसको शरीर माटोले बनेको छ र मैले जुन डल्ला हानें, त्यो पनि माटोकै थियो । अनि माटोमा माटोको जोर कसरी चल्यो ? यसै प्रकार अग्निको पनि जोर (बल) अग्निमा चल्दछ ।' यस प्रकारको उत्तर सुनेर नास्तिक र हाकिम दुवै प्रसन्न भए र सन्तलाई निर्दोष मानेर छाडिदिए । त्यसै वेलादेखि त्यो नास्तिक पक्का आस्तिक बन्न गयो ।

Janardan Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भरतको सरसभावले सेवा गर । उनको सेवा गर्नु नै तिम्रो सर्वश्रेष्ठ धर्म हो ॥२०॥ हेर, अन्य सबै स्थावर प्राणीहरूको अपेक्षा वृक्ष श्रेष्ठ हुन्छन् । ती भन्दा सर्प आदि किरा र तीभन्दा पनि ज्ञानयुक्त पशु प्राणी श्रेष्ठ हुन्छन् । पशुको अपेक्षा मनुष्य, मनुष्य भन्दा भूत-प्रेतादि प्रमथगण, प्रमथगण भन्दा गन्धर्व, गन्धर्व भन्दा सिद्ध र सिद्धभन्दा देवताका अनुचर किन्नरादि हुन्छन् ॥२१॥ किन्नरभन्दा असुर, असुर भन्दा इन्द्रादि देवता र देवताहरूका पुत्र दक्ष आदि श्रेष्ठ मानिन्छन् । ब्रह्माका सबै पुत्रमा भगवान् शङ्कर सबैभन्दा श्रेष्ठ छन् । ब्रह्माद्वारा उनको उत्पत्ति भएको छ, यस निम्ति ब्रह्माजी ती भन्दा पनि श्रेष्ठ छन् । ती मेरा उपासक छन् । अतएव म तीभन्दा पनि ठूलो छु र ब्राह्मण मेरा पूज्य छन् ॥२२॥ हे विप्र हो ! म अरु कुनै पनि प्राणीलाई ब्राह्मण समान श्रेष्ठ मान्दिन । अनि तीभन्दा म अरु कसैलाई कसरी मान्न सक्तछु ? मनुष्यहरूद्वारा ब्राह्मणका मुखमा श्रद्धापूर्वक हवन गरिएको अन्न म जति प्रसन्नताले स्वीकार गर्दछु, त्यस्तो अग्निहोत्रको आहुतिस्वरूप पदार्थलाई स्वीकार गर्दिन ॥२३॥ जुन व्यक्तिले यस लोकमा अत्यन्त राम्रो र पुरातन मेरी भक्तिरूपिणी मूर्तिलाई अध्ययनादिद्वारा

शुश्रूषणं तद्भरणं प्रजानाम् ॥२०॥ भूतेषु वीरुद्भ्य उदुत्तमा ये सरीसृपास्तेषु सबोधनिष्ठाः ॥ ततो मनुष्याः प्रमथास्ततोऽपि गन्धर्वसिद्धा विबुधानुगा ये ॥ २१ ॥ देवासुरेभ्यो मघवत्प्रधाना दक्षादयो ब्रह्मसुतास्तु तेषाम् ॥ भवः परः सोऽथ विरिञ्चवीर्यः स मत्परोऽहं द्विजदेवदेवः ॥ २२ ॥ न ब्राह्मणैस्तुलये भूतमन्यत्पश्यामि विप्राः किमतः परं तु ॥ यस्मिन्नृभिः प्रहुतं श्रद्धयाऽहमश्नामि कामं न तथाऽग्निहोत्रे ॥ २३ ॥ धृता तनूरुशती मे पुराणी येनेह सत्त्वं परमं पवित्रम् ॥ शमो दमः सत्यमनुग्रहश्च तपस्तितिक्षाऽनुभवश्च यत्र ॥ २४ ॥ मत्तोऽप्यनन्तात्परतः परस्मात्स्वर्गापवर्गाधिपतेर्न किञ्चित् ॥ येषां किमु स्यादितरेण तेषामकिञ्चनानां मयि भक्तिभाजाम् ॥ २५ ॥ सर्वाणि मद्धिष्ण्यतया भवद्भिश्चराणि भूतानि सुता ध्रुवाणि ॥ सम्भावितव्यानि पदे पदे वो विविक्तदृग्भिस्तदुहार्हणं मे ॥ २६ ॥ मनोवचोदृक्करणेहितस्य साक्षात्कृतं मे परिबर्हणं हि ॥ विना पुमान् येन महाविमोहात्कृतान्तपाशान्न विमोक्तुमीशेत् ॥२७॥ श्रीशुक उवाच ॥ एवमनुशास्यात्मजान्स्वयमनुशिष्टानपि लोकाननुशासनार्थं महानुभावः परमसुहृद्भगवानृषभापदेश उपशमशीलानामुपरतकर्मणां महामुनीनां भक्तिज्ञानवैराग्यलक्षणं पारमहंस्यधर्ममुपशिक्षमाणः

धारण गरेका छन, जो पवित्र सत्वगुण, शम, दम, सत्य, दया, तप, तितिक्षा र ज्ञानादिले सम्पन्न हुन्छन् र जो स्वर्ग तथा मोक्ष दिनमा पनि समथ ब्रह्मादिभन्दा पनि श्रेष्ठ म अनन्तसित केही पाउन चाहन्नन् भने ती मेरा अकिञ्चन भक्तलाई अन्य पुरुषद्वारा कुन वस्तु पाउने इच्छा हुन सक्तछ ? ॥ २४ ॥ २५ ॥ अतः हे पुत्र हो ! तिमीहरू अखिल चराचर प्राणीहरूलाई मेरो नै स्वरूप मानेर शुद्ध बुद्धिले पद-पदमा उनको सेवा गर–उनको पूजा नै मेरो पूजन हुनेछ ॥२६॥ मन, वचन, दृष्टि तथा अन्य इन्द्रियहरूका चेष्टारूपी कर्महरू द्वारा चराचर प्राणीहरूको रूपमा पूजित म परमेश्वरको यही प्रत्यक्ष पूजा हो । यसको बिना प्राणी आफूलाई महामोहमय कालपाशबाट मुक्त पार्न सक्तैन ॥२७॥ शुकदेवजी भन्नुहुन्छ–– हे राजन् ! महामहिम र परम-सुहृद् भगवान् ऋषभदेवले स्वयं राम्ररी शिक्षा पाएका आफ्ना सबै पुत्रलाई लोक-शिक्षा दिनको लागि यस प्रकार उपदेश दिएर आफ्ना सय छोरामा सबैभन्दा जेठा तथा परम भगवद्भक्तहरूका आश्रयस्वरूप भरतलाई पृथिवीको रक्षाका निम्ति राज्याभिषेक गरिदिए र स्वयं महामुनिको भक्ति ज्ञान तथा वैराग्यरूपी पारमहंस्य धर्मको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेश दिँदै उन्मत्त झैं दिगम्बर वृत्तिको अनुसार कपाल फुकाएका, आहवनादि सबै अग्निलाई आफूमै स्थापित गरेर विरक्त भावले ब्रह्मावर्त देशको बाहिर हिँडे। त्यस अवसरमा उनीसित परिग्रहको रूपमा केवल उनको शरीर मात्र रहेको थियो ॥ २८ ॥ ती जड-अन्धो, बाहिरो, पिशाच तथा उन्मत्त झैं अवधूत वेषमा रहँदै कसैले डाके पनि बोल्दैनथे ॥ २९ ॥ ती पुर, ग्राम, खानी, कृषकहरूको खेत, ठूला तलाऊ, पर्वतहरूका काम, सेनाहरूको विश्रामस्थल, गशशाला र ग्वालाहरूको झुपडी, यात्रिहरूका समूह, पर्वत, वन तथा आश्रम आदिमा मनपर्दो ढंगले डुल्नलागे। वनमा डुल्ने उत्तम हात्तीलाई जसरी मक्षिकादिले टोक्छन्, त्यस्तै नै उस वेला ती जहाँ जान्थे, त्यहीं उनलाई कोही दुष्ट मनुष्य हप्काउँथे, कोही कुटिदिन्थे, कोही जिउमै मुतिदिन्थे, कोही थुक्थे, कोही ढुङ्गाले हिर्काउँथे, कोही विष्ठा र धूलो फ्याँकिदिन्थे, कोही उनैमाथि अधोवायु छाड्दथे र कोही गाली गरेर अपमान गर्दथे। तैपनि ती त्यसको केही विचारै गर्दैनथे, किनकि भ्रमवश सत्य कहिने यो मिथ्या शरीमा उनलाई ममता र अभिमान केही पनि थिएन। ती कार्य-कारणरूप सम्पूर्ण जगत्‌का

स्वतनयशतज्येष्ठं परमभागवतं भगवज्जनपरायणं भरतं धरणिपालनायाभिषिच्य स्वयं भवन एवोर्वरितशरीरमात्रपरिग्रह उन्मत्त इव गगनपरिधानः प्रकीर्णकेश आत्मन्यारोपिताहवनीयो ब्रह्मावर्तात्प्रवव्राज ॥ २८ ॥ जडान्धमूकबधिरपिशाचोन्मादकवदवधूतवेषोऽभिभाष्यमाणोऽपि जनानां गृहीतमौनव्रतस्तूष्णीं बभूव ॥ २९ ॥ तत्र तत्र पुरग्रामाकरखेटवाटखर्वटशिविरव्रजघोषसार्थगिरवनाश्रमादिष्वनुपथमवनिचरापसदैः परिभूयमानो मक्षिकाभिरिव वनगजस्तर्जनताडनावमेहनष्ठीवनग्रावशकृद्रजः प्रक्षेपपूतिवातदुरुक्तैस्तदविगणयन्नेवासत्संस्थान एतस्मिन्देहोपलक्षणे सदपदेश उभयानुभवस्वरूपेण स्वमहिमावस्थानेनासमारोपिताहंममाभिमानत्वादविखण्डितमनाः पृथिवीमेकचरः परिबभ्राम ॥ ३० ॥ अतिसुकुमारकरचरणोरःस्थलविपुलबाह्वंसगलवदनाद्यवयवविन्यासः प्रकृतिसुन्दरस्वभावहाससुमुखो नवनलिनदलायमानशिशिरतारारुणायतनयनरुचिरः सदृशसुभगकपोलकर्णकण्ठनासो विगूढस्मितवदनमहोत्सवेन पुरवनितानां मनसि कुसुमशरासनमुपदधानः परागवलम्बमानकुटिलजटिलकपिशकेशभूरिभारोऽवधूतमलिननिजशरीरेण ग्रहगृहीत इवादृश्यत ॥ ३१ ॥ यर्हि वाव स भगवान्लोकमिमं योगस्याद्धा प्रतीपमिवाचक्षाणस्तत्प्रतिक्रियाकर्म बीभत्सितमिति व्रतमाजगरमास्थितः शयान एवाश्नाति पिबति खादत्यवमेहति हदति स्म चेष्टमान उच्चारित आदिग्धोद्देशः ॥३२॥

साक्षी स्वरूप आफ्नो परमात्मरूपमा नै स्थित थिए। यसैले अविचल मन भएर ती एक्लै नै पृथ्वीमा डुल्न लागे ॥ ३० ॥ उनका अतिशय सुकुमार हात-खुट्टा, वक्षस्थल, विशाल बाहु, काँध, घाँटी तथा मुख आदि अंगको गठन साह्रै राम्रो थियो। तिनको स्वभावतः सुन्दर मुख मधुर मुसकानले गर्दा झन् मनोहर देखिन्थ्यो। नवीन कमल झैं विशाल र शीतल ताराले युक्त उनका नेत्र-कमल साह्रै राम्रा थिए। तिनका कपोल, कान, घाँटी र नासिका सलक्क परेका थिए। ती आफ्नो मन्दहास्ययुक्त मनोहर मुखारविन्दले सबै पुरनारीहरूको चित्तमा कामदेव जागृत पार्दथे। त्यस्ता भएर पनि ती पछाडि झुण्डिएका आफ्ना अरुणवर्ण लामा-लामा जटाका भार, अवधूत वेश एवं मलिन शरीरले ग्रहग्रस्त अर्थात् बौलाहा जस्ता देखिन्थे ॥३१॥ भगवान् ऋषभदेवजीले जब देखे कि लौकिक जनसमूह योगसाधनमा विघ्न समान छन् र त्यसबाट जोगिनको निम्ति बीभत्सरूपले रहनु अनिवार्य छ भनेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले अजिंगर जस्तै वृत्ति धारण गरे र सुतेरै खाने-पिउने र मल-मूत्र आदि त्याग्नलागे । आफ्नै मलमा धेरै बेर ढलिरहनाले उनको शरीर मलमा मुछिन्थ्यो ॥३२॥ जब महापुरुषको मलको गन्धबाट सुगन्धित भएर बायु उनको चारैतिर दस योजनसम्म सबै प्रदेशलाई सुगन्धित पार्ने गर्दथ्यो ॥३३॥ फेरि गाई, मृग, कागादिको वृत्ति ग्रहण गरेर ती गाई, मृग र कौआ जस्तै कहिले हिंड्दै, उभि-उभी, कहिले बसेर र कहिले पल्टी-पल्टी खाने-पिउने र मल-मूत्र त्याग्न लागे ॥ ३४ ॥ हे राजन् ! यसरी विविध प्रकारका योगचर्याहरूका आचारी मोक्षपति भगवान् ऋषभदेव सधैं अतिशय उत्कृष्ट आनन्दको अनुभव गर्दै सबै प्राणीहरूका अन्तरात्मा आफ्नो आत्मास्वरूप वासुदेवमै अभिन्न भावले स्थित भएर सबै पुरुषार्थले परिपूर्ण भए । अतएव आफैं प्राप्त आकाशगमन, मनोजव, अन्तर्धान, परकाय-प्रवेश तथा दूर श्रवण आदि योगसिद्धि उनले आफ्नो मनले अङ्गीकार गरेनन् ॥३५॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे नेपाली भाषाटीकायां पञ्चमोऽध्यायः ॥ ५ ॥ (भगवान् ऋषभदेवको देहत्याग वर्णन)––यति कथा सुनेर राजा परीक्षितले सोधे––हे भगवन् ! योगरूपी

तस्य ह यः पुरीषसुरभिसौगन्ध्यवायुस्तं देशं दशयोजनं समन्तात्सुरभि चकार ॥ ३३ ॥ एवं गोमृगकाकचर्यया व्रजंस्तिष्ठन्नासीनः शयानः काकमृगगोचरितः पिबति खादत्यवमेहति स्म ॥ ३४ ॥ इति नानायोगचर्याचरणो भगवान्कैवल्यपतिर्ऋषभोऽविरतपरममहानन्दानुभव आत्मनि सर्वे भूतानामात्मभूते भगवति वासुदेव आत्मनोऽव्यवधानान्तरोदारभावेन सिद्धसमस्तार्थपरिपूर्णो योगैश्वर्याणि वैहायसमनोजवान्तर्धान-परकायप्रवेशदूरग्रहणादीनि यदृच्छयोपगतानि नाञ्जसा नृप हृदयेनाभ्यनन्दत् ॥ ३५ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे ऋषभदेवानु-चरिते पञ्चमोऽध्यायः ॥ ५ ॥ राजोवाच ॥ न नूनं भगवन् आत्मारामाणां योगसमीरितज्ञानावभर्जितकर्मबीजानामैश्वर्याणि पुनः क्लेशदानि भवि-तुमर्हन्ति यदृच्छयोपगतानि ॥ १ ॥ ऋषिरुवाच ॥ सत्यमुक्तं किन्त्विह वा एकेव मनसोऽद्धा विश्रम्भमनवस्थानस्य शठकिरात इव संगच्छन्ते ॥ २ ॥ तथा चोक्तम्––न कुर्यात्कर्हिचित्सख्यं मनसि ह्यनवस्थिते ॥ तद्विश्रम्भाच्चिराच्चीर्णं चस्कन्द तप ऐश्वरम् ॥ ३ ॥ नित्यं ददाति कामस्य छिद्रं तमनु येऽरयः ॥ योगिनः कृतमैत्रस्य पत्युर्जायेव पुंश्चली ॥ ४ ॥ कामो मन्युर्मदो लोभः शोकमोहभयादयः ॥ कर्मबन्धश्च यन्मूलः स्वीकु-र्यात्को नु तद्बुधः ॥ ५ ॥ अथैवमखिललोकपाललललामोऽपि विलक्षणैर्जडवदवधूतवेषाचरितैरविलक्षितभगवत्प्रभावो योगिनां सांपरायविधि-

वायुले प्रज्वलित ज्ञानग्नि द्वारा जसका कर्मबीज दग्ध भइसकेका रहन्छन्, ती आत्माराम महात्माहरूको दैववश स्वतः प्राप्त भएका अणिमादि सिद्धिहरू राग-द्वेषादि क्लेशका कारण बन्दैनन् ? ॥ १ ॥ शुकजी भन्दछन्–तिमीले उचित भन्यौ तर जस्तै धूर्त किरात आफ्नू नगीचैको मृगको विश्वास गर्दैनन्, त्यस्तै महात्माजन यस चञ्चल चित्तको विश्वास गर्दै-नन् ॥ २ ॥ भनेको पनि छ––जब चित्त चंचल रहन्छ, तब त्योसित कहिल्यै मित्रता नगर्नु । चित्तमा विश्वास गर्नाले नै शिवजीको चिरकाल-संचित तप भङ्ग भएको थियो ॥३॥ जस्तै-व्यभिचारिणी स्त्री आफ्ना नाठालाई मौका दिएर तीद्वारा आफूमा विश्वास गर्ने पतिको वध गराइदिन्छन् । त्यस्तै–मनको विश्वास गर्ने योगीहरूको मन काम र उसका अनुचर लोभादि शत्रुहरूलाई मौका दिएर उनलाई भ्रष्ट पारिदिन्छन् ॥ ४ ॥ जो काम, क्रोध, मद, लोभ, शोक, मोह, भय आदि शत्रुहरू तथा कर्मबन्धनको मूल कारण हो, त्यस मनमा कोही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिमान मनुष्य कसरी विश्वास गर्ला ?' ॥५॥ यस प्रकार भगवान ऋषभदेव इन्द्रादि सबै लोकपालहरूका भूषण भएर पनि जड पुरुष झैं विलक्षण अवधूत वेष, भाषा र आचरणले आफ्नू ईश्वरीय प्रभाव लुकाइराखेका थिए। अन्तमा उनले योगीहरूलाई देहत्यागको विधि सिखाउनका लागि आफ्नो शरीर त्याग्न खोजे। अतः ती आफ्नू अन्तरा-मामा अभेद रूपले स्थित परमात्मालाई तादात्म्यभावले हेर्दै देहाभिमानबाट मुक्त भएर संसारबाट उपराम भए ॥ ६ ॥ यस प्रकार लिङ्गदेहको अभिमानबाट मुक्त भगवान् ऋषभदेवको स्थूल देह योगमायाको वासनावश केवल अभिमानाभासको आश्रयले यस पृथ्वीमा विचरण गर्दै दैववश कोङ्क, वेङ्क, र कुटक आदि दक्षिण कर्नाटक प्रान्तको देशमा गयो र मुखमा ढुङ्गाको डल्लो हालेर तथा कपाल फिजेर उन्मत्त झैं दिगम्बर वृत्तिले कुटकाचलको उपवनमा डुल्न लागे ॥ ७ ॥ त्यसै वेला वायुवेगले हल्लने बाँसको संघर्षबाट उत्पन्न दावानलले ऋषभदेवको शरीर समेत त्यस वनलाई भस्म पारिदियो ॥८॥ हे राजन् ! जुन वेला कलियुगमा अधर्मको वृद्धि हुनेछ, त्यसै वखत कोङ्क, वेङ्क र कुटक देशका मन्दमति राजा 'अर्हत्' ऋषभदेवजीका

मनुशिक्षयन्स्वकलेवरं जिहासु रात्मन्यात्मानमसंव्यवहितमनर्थान्तरभावेनान्वीक्षमाण उपरतानुवृत्तिरुपरराम ॥ ६ ॥ तस्य ह वा एवं मुक्तलिङ्गस्य भगवत ऋषभस्य योगमायावासनया देह इमां जगतीमभिमानाभासेन संक्रममाणः कोङ्कवेङ्ककुटकान्दक्षिणकर्णाटकान्देशान्यदृच्छयोपगतः कुटकाचलोपवन आस्यकृताश्मकवल उन्मत्त इव मुक्तमूर्धजोऽसंवीत एव विचचार ॥ ७ ॥ अथ समीरवेगविधूतवेणुविकर्षणजातोग्रदावानलस्तद्वनमालेलिहानः सह तेन ददाह ॥ ८ ॥ यस्य किलानुचरितमुपाकर्ण्य कोङ्कवेङ्ककुटकानां राजाऽर्हन्नामोपशिक्ष्य कलावधर्म उत्कृष्यमाणे भवितव्येन विमोहितः स्वधर्मपथमकुतोभयमपहाय कुपथपाखण्डमसमञ्जसं निजमनीषया मन्दः सम्प्रवर्तयिष्यते ॥ ६ ॥ येन ह वाव कलौ मनुजापसदा देवमायामोहिताः स्वविधिनियोगशौचाचारित्रविहीना देवहेलनान्यपव्रतानि निजनिजेच्छया गृह्णाना अस्नानाचमनाशौचकेशोल्लुञ्चनादीनि कलिनाऽधर्मबहुलेनोपहतधियो ब्रह्मब्राह्मणयज्ञपुरुषलोकविदूषकाः प्रायेण भविष्यन्ति ॥ १० ॥ ते च ह्यर्वाक्तनया निजलोकयात्रयाऽन्धपरम्परयाऽऽश्वस्तास्तमस्यन्धे स्वयमेव प्रपतिष्यन्ति ॥ ११ ॥ अयमवतारो रजसोपप्लुतकैवल्योपशिक्षणार्थः । तस्यानुगुणान् श्लोकान्गायन्ति ॥ १२ ॥ अहो भुवः सप्तसमुद्रवत्या द्वीपेषु वर्षेष्वधिपुण्यमेतत् ॥ गायन्ति यत्रत्यजना मुरारेः कर्माणि भद्राण्यवतारवन्ति ॥ १३ ॥ अहो नु वंशो यशसाऽवदातः

आचरणको वृत्तान्त सुनेर तथा भवितव्यताको वशीभूत भएर आफ्ना निर्भय वैदिकधर्म त्यागेर आफ्नी बुद्धिले यौटा अनुचित र पाखण्डपूर्ण धर्मको प्रचार गर्नन् ॥९॥ जसले कलियुगका मनुष्य देवमायाले मोहित भई आफाफ्नै शास्त्रविहित शौच तथा आचारहरू छाडेर बुद्धिहोन भई स्नान तथा आचमन नगरी, सदा अशुद्धताले रहने र कपाल लुछाउने आदि ईश्वरलाई तिरष्कृत गर्न, पाखण्ड-धर्मलाई जथाभावी ढङ्गले स्वीकार गरेर वेद, ब्राह्मण र भगवान् यज्ञपुरुषका निन्दक हुनेछन् ॥१०॥ ती अवैदिक लोकचर्याका अन्धपरम्परामा विश्वास गर्दै स्वयं घोर नरकमा जानेछन् ॥११॥ भगवान्को ऋषभावतार रजोगुणले भरिएका मानिसको निम्ति मोक्ष-मार्गको शिक्षाको निम्ति नै भएको थियो। उनका अगणित गुणहरूको वर्णन गर्दै मानिस यो श्लोक गाउँदथे–॥१२॥ 'अहो ! सात समुद्रयुक्त पृथिवीका सबै द्वीप र देशहरूमा यो भारतवर्ष परम पवित्र छ किनकि यहाँका मानिस भगवान्का मङ्गलमय अवतार-चरित्र-

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भा. पं.

१२॥

हरू गान गर्ने गर्दछन् ॥१३॥ अहो ! महाराज प्रियव्रतको उज्ज्वल र यशस्वी वंश धन्य छ ! जसमा पुराणपुरुष आदि नारायणले अवतार लिएर मोक्षप्राप्तिका साधन स्वरूप पारमहंस्य-धर्मको प्रचार गरे ॥ १४ ॥ अहो ! ती अजन्मा भगवान् ऋषभदेवको निष्ठालाई अन्य कुनै योगी आफ्नो मनबाट पनि कसरी प्राप्त गर्न सक्ला ? जुन उनीद्वारा असत मानेर त्यागिएको योगसिद्धि प्राप्त गर्नको निम्ति सतत प्रयत्न गर्दै रहन्छ' ॥१५॥ हे राजन् ! यस प्रकार सबै वेद, लोक, देवता, ब्राह्मण तथा गाई आदिका परमगुरु भगवान् ऋषभदेवको विशुद्ध चरित्र मैले तिमीलाई सुनाएँ। यो मनुष्यका सबै पाप पखालिदिन्छ। जो पुरुष यो अति मङ्गलमय पवित्र चरित्रलाई एकाग्रचित्तले श्रद्धापूर्वक सुन्दछन् र सुनाउँछन् ती दुवैको भगवान् वासुदेवमा अनन्य भक्ति हुन्छ ॥ १६ ॥ सबै विद्वज्जन ती भक्तिरूपिणी सरितामा नै आफ्ना विविध पाप तथा सांसारिक तापले सन्तप्त अन्तःकरणलाई स्नान गराउँदै त्यसबाट प्राप्त परम शान्तिले स्वयं उपस्थित मोक्षरूपी परम पुरुषार्थको पनि आदर गर्दैनन्, किनकि भगवान्का भक्त हुनाले नै तिनका सबै पुरुषार्थ सिद्ध हुने गर्छन्

प्रैयव्रतो यत्नपुमान्पुराणः ॥ कृतावतारः पुरुषः स आद्यश्चचार धर्मं यदकर्महेतुम् ॥ १४ ॥ को न्वस्य काष्ठामपरोऽनुगच्छेन्मनोरथेनाप्यभवस्य योगी ॥ यो योगमायाः स्पृहयत्युदस्ता ह्यसत्तया येन कृतप्रयत्नाः ॥ १५ ॥ इति ह स्म सकलवेदलोकदेवब्राह्मणगवां परमगुरोर्भगवत ऋषभाख्यस्य विशुद्धाचरितमीरितं पुंसां समस्तदुश्चरिताभिहरणं परममहामङ्गलायनमिममनुश्रद्धयोपचितयाऽनुशृणोत्याश्रावयति वाऽवहितो भगवति तस्मिन्वासुदेव एकान्ततो भक्तिरनयोरपि समनुवर्तते ॥ १६ ॥ यस्यामेव कवय आत्मानमविरतं विविधवृजिनसंसारपरितापोपतप्यमानमनुसवनं स्नापयन्तस्तस्यैव परया निर्वृत्त्या ह्यपवर्गमात्यन्तिकं परमपुरुषार्थमपि स्वयमासादितं नो एवाद्रियन्ते भगवदीयत्वेनैव परिसमाप्तसर्वार्थाः ॥ १७ ॥ राजन्पतिर्गुरुरलं भवतां यदूनां दैवं प्रियः कुलपतिः क्व च किङ्करो वः ॥ अस्त्वेवमंग भगवान्भजतां मुकुन्दो मुक्तिं ददाति कर्हिचित्स्म न भक्तियोगम् ॥ १८ ॥ नित्यानुभूतनिजलाभनिवृत्ततृष्णः श्रेयस्यतद्रचनया चिरसुप्तबुद्धेः ॥ लोकस्य यः करुणयाऽभयमात्मलोकमाख्यान्नमो भगवते ऋषभाय तस्मै ॥ १९ ॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे ऋषभदेवानुचरिते षष्ठोऽध्यायः ॥ ६ ॥ श्रीशुक उवाच ॥ भरतस्तु महाभागवतो यदा भगवताऽवनितलपरिपालनाय संचिन्तितस्तदनुशासनपरः पंचजनीं विश्वरूपदुहितरमुपयेमे ॥ १ ॥ तस्यामु ह वा आत्मजान्कार्त्स्न्येनानुरूपाना·

॥१७। हे राजन् ! ती भगवान कृष्ण तिम्रो र यदुवंशीहरूका कहिले रक्षक, कहिले गुरु, कहिले इष्टदेव, कहिले सुहृद कहिले कुलपति र कहिले दूत पनि बनेका थिए। ती भगवान् प्रसन्न भएर अन्य भक्तको पनि विविध कार्य सम्पन्न गर्दै रहन्छन्। ती आफ्ना सेवकलाई त मोक्ष पनि दिन्छन्, तथापि भक्तियोग प्रदान गर्दैनन् ॥ १८ ॥ जुन ऋषभदेवले विषयभोगहरूको निरन्तर सेवन गर्दै आफ्नो वास्तविक श्रेय चिन्हेर चिरकालसम्म अचेत परिरहेका व्यक्तिहरूलाई निर्भय आत्मज्ञानको शिक्षा दिए र जो स्वयं सदा अनुभूयमान आत्मस्वरूपलाई प्राप्त गरेर सम्पूर्ण तृष्णाबाट मुक्त थिए। ती भगवान् ऋषभदेवलाई नमस्कार छ ॥१९॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे पं० गौरीशंकर 'वशिष्ठ'कृत नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥ ६ ॥ (महाराज भरतको चरित्र)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! महाराज भरत परम भगवद्भक्त थिए। जब तिनलाई ऋषभदेवले पृथ्वीको रक्षा गर्न नियुक्त गर्ने विचार

भा टी.

अ. ७।

॥१२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे तब उनले विश्वरूपकी कन्या पाञ्चजनीसित विवाह गरे ॥१॥ जस्तै तामस अहङ्कारबाट शब्द स्पर्शादि पञ्चभूत र तिनका तन्मात्रा जायमान हुन्छन् त्यस्तै नै भरतजीले पनि आफ्नी भार्या पञ्चजनीका गर्भबाट पाँच पुत्र उत्पन्न गरे, ती ठीक उनैजस्ता थिए ॥२॥ तिनको नाम थियो—सुमति, राष्ट्रभृत् सुदर्शन, आवरण र धूम्रकेतु । अधिको अजनाभवर्षलाई नै राजा भरतको समयमा सबै 'भारतवर्ष' भन्दथे ॥ ३ ॥ महाराज भरत सबै शास्त्रका मर्मज्ञ थिए । यसैले ती आफाफ्ना कर्ममा निरत प्रजालाई आफ्ना पूर्वज झैं स्वयं धर्ममा स्थित रहेर ठूलो वात्सल्यभावले पालन गर्नलागे ॥ ४ ॥ होता, अध्वर्यु, उद्गाता र ब्रह्मा—यी चार ऋत्विजद्वारा श्रद्धापूर्वक गराइने अग्निहोत्र, दर्श, पूर्णमास, चातुर्मास्य, पशु तथा सोमयाग आदि अनेक साना-ठूला यज्ञहरूद्वारा तिनका प्रकृतिको भेद एवं चातुर्होत्र विधिले वेला-वेलामा यज्ञ र क्रतुस्वरूप भगवान्को पूजन गरे ॥५॥ यस प्रकार अङ्ग र क्रियाहरू समेत अनेक यज्ञको अनुष्ठानको अवसरमा जब अध्वर्युगण आहुति दिन जब हातमा हविलिन्थे तब यजमान भरत त्यस यज्ञद्वारा हुने पुण्यफललाई इन्द्रादि देवताको प्रतीकस्वरूप मन्त्रका अर्थलाई नियन्त्रण

त्मनः पञ्च जनयामास भूतादिरिव भूतसूक्ष्माणि ॥ २ ॥ सुमतिं राष्ट्रभृतं सुदर्शनमावरणं धूम्रकेतुमिति ॥ अजनाभं नामैतद्वर्षं भारतमिति यत आरभ्य व्यपदिशन्ति ॥३॥ स बहुविन्महीपतिः पितृपितामहवदुरुवत्सलतया स्वे स्वे कर्मणि वर्तमानाः प्रजाः स्वधर्ममनुवर्तमानः पर्यपालयत् ॥४॥ ईजे च भगवन्तं यज्ञक्रतुरूपं क्रतुभिरुच्चावचैः श्रद्धयाऽऽहृताग्निहोत्रदर्शपूर्णमासचातुर्मास्यपशुसोमानां प्रकृतिविकृतिभिरनुसवनं चातुर्होत्रविधिना ॥५॥ संप्रचरत्सु नानायागेषु विरचिताङ्गक्रियेष्वपूर्वं यत्तत्क्रियाफलं धर्माख्यं परे ब्रह्मणि यज्ञपुरुषे सर्वदेवतालिङ्गानां मंत्राणामर्थनियामकतया साक्षात्कर्तरि परदेवतायां भगवति वासुदेव एव भावयमान आत्मनैपुण्यमृदितकषायो हविःष्वध्वर्युभिर्गृह्यमाणेषु सयजमानो यज्ञभाजो देवांस्तान्पुरुषावयवेष्व-ध्यायत् ॥ ६ ॥ एवं कर्मविशुद्धया कर्मविशुद्धसत्त्वस्यान्तर्हृदयाकाशशरीरे ब्रह्मणि भगवति वासुदेवे महापुरुषरूपोपलक्षणे श्रीवत्सकौतुभवनमाला-रिदरगदादिभिरुपलक्षिते निजपुरुषहृल्लिखितेनात्मनि पुरुषरूपेण विरोचमान उच्चैस्तरां भक्तिरनुदिनमेधमानस्याजायत ॥ ७ ॥ एवं वर्षायुतसहस्र-पर्यन्तावसितकर्मनिर्वाणावसरोऽधिभुज्यमानं स्वतनयेभ्यो रिक्थं पितृपैतामहं यथादायं विभज्य सकलसम्पन्निकेतात्स्वनिकेतात्पुलहाश्रमं प्रवव्राज ॥ ८ ॥ यत्र ह वाव भगवान्हरिरद्यापि तत्रत्यानां निजजनानां वात्सल्येन सन्निधाप्यत इच्छारूपेण ॥ ९ ॥ यत्राश्रमपदान्युभयतो नाभि-

गर्न मुख्य कर्ता परब्रह्म तथा यज्ञपुरुष भगवान् वासुदेवलाई नै अर्पण गरिदिने गर्दथे । आफ्नो भगवदर्पण-बुद्धिरूपी कौशलले हृदयका सारा राग-द्वेषादि मल फालिदिएपछि ती सूर्यादि सबै यज्ञभाग भोक्ता देवताको भगवानका नेत्रादि अवयवको रूपमा ध्यान ध्यान गर्दथे ॥ ६ ॥ यस प्रकार कर्मको शुद्धिले अन्तःकरणको पनि शुद्धि भएपछि हृदयाकाश नै जसको शरीर अर्थात् अभिव्यक्तिको स्थान थियो, ती श्रीवत्सलाञ्छन, कौस्तुभमणि, वनमाला, चक्र,शङ्ख तथा गदा आदिले सुशोभित एवं अन्तर्यामीरूपले आफ्ना भक्तका अन्तःकरणमा पुरुषरूपले विराजमान सर्वव्यापक महापुरुषरूपी भगवान् वासुदेवमा क्रमशः बढ्ने प्रबल भक्ति उत्पन्न भयो ॥७॥ यस प्रकार दस हजार वर्षपछि आफ्नो राज्यभोगको समय समाप्त गरेर महाराज भरतले आफ्नो भगिमकेको आफ्ना पूर्वजहरूको सम्पत्ति शास्त्रविधिले बाँडेर आफ्ना छोराहरूलाई सुम्पिदिए र स्वयं आफ्नो सर्वसम्पत्तिपूर्ण भवन त्यागेर पुलहाश्रम अर्थात् हरिहरक्षेत्रतिर

Jayanath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्थान गरे । त्यस पुलहाश्रममा भगवान कृष्ण त्यहाँ बस्ने आफ्ना भक्तगणको इच्छानुसार विविधरूप धारण गरेर वात्सल्यभाववश अझ पनि सधैं तिनका नगीच रहने गर्दछन् ॥८-९॥ त्यहाँ चक्रनदी अर्थात गण्डकी नामले प्रसिद्ध नदी–जसका दुवैतिर नाभि झैं चिह्न रहन्छन्, यस्ता चक्राकार शालिग्रामका शिलाहरुले ऋषिहरूका आश्रमलाई पवित्र पार्दै रहन्छन् ॥१०॥ त्यस पुलहाश्रमको यौटा एकान्त उपवनमा एक्लै बसेर विविध प्रकारका पत्र, पुष्प, तुलसीदल, जल तथा कन्द-मूल फलादि उपहार द्वारा भगवान्को आराधना गर्दा-गर्दा जसका अन्तःकरण सबै विषयाभिलाषको निवृत्ति भइसकनाले शान्त भएको थियो ती भरतलाई परमानन्दको प्राप्ति भयो ॥ ११ ॥ यसरी नियमपूर्वक गरिएको त्यो भगवत्पूजाले र बढेको अनुरागको भारले उनको हृदय द्रवीभूत भयो र ती उद्योगहीन भए । अत्यन्त आनन्दको आवेशले उनको शरीरमा रोमांच भएर आयो । प्रबल उत्कण्ठावश उम्लेको प्रेमाश्रुले तिनका नेत्रको दर्शन-शक्ति रोकिए झैं भयो । आफ्ना प्रियतमका चरणारविन्दको ध्यानद्वारा प्राप्त भक्तियोगजनित परमानन्दले गर्दा पूरा भरिएको हृदयरूपी गम्भीर सरोवरमा बुद्धि लीन

भिर्दृषच्चक्रनदीनाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति ॥ १० ॥ तस्मिन्वाव किल स एकलः पुलहाश्रमोपवने विविधकुसुमकिसलयतुलसिकाम्बुभिः कन्दमूलफलोपहारैश्च समीहमानो भगवत आराधनं विविक्त उपरतविषयाभिलाष उपभृतोपशमः परां निर्वृतिमवाप ॥ ११ ॥ तयेत्थमविरत-पुरुषपरिचर्यया भगवति प्रवर्धमानानुरागभरद्रुतहृदयशैथिल्यः प्रहर्षवेगेनात्मन्युद्भिद्यमानरोमपुलककुलक औत्कण्ठ्यप्रवृत्तप्रणयबाष्पनिरुद्धावलोक-नयन एवं निजरमणारुणचरणारविन्दानुध्यानपरिचितभक्तियोगेन परिप्लुतपरमाह्लादगम्भीरहृदयह्रदावगाढधिषणस्तामपि क्रियमाणां भगवत्सपर्यां न सस्मार ॥ १२ ॥ इत्थं धृतभगवत ऐणेयाजिनवाससाऽनुसवनाभिषेकपिशकुटिलजटाकलापेन च विरोचमानः सूर्यर्चा भगवन्तं हिरण्मयं पुरुषमुज्जिहाने सूर्यमंडलेऽभ्युपतिष्ठन्नेतदु होवाच—॥ १३ ॥ परोरजः सवितुर्जातवेदो देवस्य भर्गो मनसेदं जजान ॥ सुरेतसाऽदः पुनराविश्य चष्टे हंसं गृध्राणं नृषद्रिङ्गिरामिमः ॥ १४ ॥ इति श्रीमद्भागवते पञ्चमस्कन्धे भरतचरिते भगवत्परिचर्यायां सप्तमोऽध्यायः ॥ ७ ॥ श्रीशुक उवाच ॥ एकदा महानद्यां कृताभिषेकनैयमिकावश्यको ब्रह्माक्षरमभिगृणानो मुहूर्तत्रयमुदकान्त उपविवेश ॥ १ ॥ तत्र तदा राजन्हरिणी

हुनाले उनलाई नियमपूर्वक गरिने भगवत्पूजाको पनि स्मरण रहेन ॥१२॥ यसै प्रकार भगवत्सेवाको नियम पालन गर्ने एवं कृष्णमृगचर्म र त्रिकाल स्नानले भिजेका आफ्ना अरुणवर्ण-का बाटुला जटाजूटले सुशोभित महाराज भरत सूर्यमण्डलको उदय वेलामा हिरण्मय भगवान् पुरुषोत्तमको उपस्थान गर्थे र सूयका ऋचाहरू पढ्दै भन्दथे—॥ १३ ॥ सूर्य भगवानको तेज प्रकृतिभन्दा पर छ । उनले आफ्नो मनबाट जगत्लाई उत्पन्न गरे । ती आफूले उत्पन्न गरेको यस विश्वमा सर्वत्र अन्तर्यामीरूपले प्रविष्ट भएर आफ्नो चित्शक्तिद्वारा सुखका इच्छुक जीवको रक्षा गर्दछन् । अतः म त्यो बुद्धिपवर्त्तक तेजको शरणमा प्राप्त भइरहेको छु ॥ १४ ॥ इति श्री मद्भागवते महापुराणे पंचमस्कन्धे नेपाली भाषाटीकायां सप्तमोऽध्यायः ॥७॥ (राजा भरतले मृग-मोहमा जन्मान्तरपछि मृग भई जन्मलिनु)–शुकदेव भन्दछन्–एकपल्ट राजा भरत गण्डकी नदीमा स्नान गरेर नित्य नैमित्तिक र अन्य आवश्यक कर्मबाट निवृत्त भई ब्रह्माक्षर अर्थात् ॐकारको जप गर्दै तीन मुहूर्तसम्म जलको किनारमा बसिरहे ॥ १ ॥ हे राजन् ! त्यसै वेला यौटी एक्ली हरिणी प्यासले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याकुल भएर पानी पिउन जलाशयको नगीचै आयी ॥२॥ त्यो पानी खाँदै थिई–नगीचै यौटा सिंहको अति भयङ्कर गर्जन सुनियो ॥३॥ स्वभावैले वर्ता डराउने त्यो हरिणी पहिले नै चकित भावले यता-उता हेरिरहेकी थिई । गर्जनको ध्वनि सुन्नासाथ सिंहको भयले त्यसको हृदय झन व्याकुल भयो । त्यसका आँखा चञ्चल भएर आए अनि त्यो अत्यन्त भयभीत भएर तिर्खा मेटिनु भन्दा पहिले नै सहसा नदीको अर्कोतिर उफ्री ॥४॥ मृगी गर्भिणी थिई, यसनिम्ति त्यो उफ्रन लागेपछि अत्यधिक भयले गर्दा त्यसको गर्भले ठाउँ छाड्यो र योनि-द्वारबाट निस्केर जलको प्रवाहमा पर्‍यो ॥५॥ त्यो कृष्णसार मृगी आफ्ना समूहबाट छुट्टिएकी थिई । फेरि गर्भस्राव र उफ्रने अनि सिंहको भयले व्याकुल हुनाले त्यो अझ वर्ता थाकेकी थिई । अतः त्यो फेरि उफ्री र यौटा पर्वतको गुफामा पल्टिई । त्यहाँ पल्टनासाथ त्यो मरी ॥६॥ राजर्षि भरतले त्यस दीन-हीन मृगको बच्चालाई आफ्ना बन्धुहरूसित विछडिएर नदीको प्रवाहमा बग्नलागेको देखे र स्वजनको समान दया गररे त्यो मातृहीन मृग-शावकलाई समातेर आफ्नो आश्रममा ल्याएर ल्याए ॥७॥ भरतलाई

पिपासया जलाशयाभ्याशमेकैवोपजगाम ॥ २ ॥ तया पेपीयमान उदके तावदेवाविदूरेण नदतो मृगपतेरुन्नादो लोकभयंकर उदपतत् ॥ ३ ॥ तमुपश्रुत्य सा मृगवधूः प्रकृतिविक्लवा चकितनिरीक्षणा सुतरामपि हरिभयाभिनिवेशव्यग्रहृदया परिप्लवदृष्टिरगततृषा भयात्सहसैवोच्चक्राम ॥ ४ ॥ तस्या उत्पतन्त्या अन्तर्वत्न्या उरुभयावगलितो योनिनिर्गतो गर्भः स्रोतसि निपपात ॥ ५ ॥ तत्प्रसवोत्सर्पण भयखेदातुरा स्वगणेन वियुज्यमाना कस्यांचिद्दर्यां कृष्णसारसती निपपाताथ च ममार ॥ ६ ॥ तं त्वेणकुणकं कृपणं स्रोतसाऽनूह्यमानमभिवीक्ष्यापविद्धं बन्धुरिवानुकम्पया राजर्षिर्भरत आदाय मृतमातरमित्याश्रमपदमनयत् ॥ ७ ॥ तस्य वा एणकुणक उच्चैरेतस्मिन्कृतनिजाभिमानस्याहरहस्तत्पोषणपालनलालनप्रीणनानुध्यानेनात्मनियमाः सहयमाः पुरुषपरिचर्यादय एकैकशः कतिपयेनाहर्गणेन वियुज्यमानाः किल सर्व एवोदवसन् ॥ ८ ॥ अहो बतायं हरिणकुणकः कृपण ईश्वररथचरणपरिभ्रमणरयेण स्वगणसुहृद्बन्धुभ्यः परिवर्जितः शरणं च मोपसादितो मामेव मातापितरौ भ्रातृज्ञातीन्यौथिकांश्चैवोपेयाय नान्यं कञ्चन वेद मय्यतिविस्रब्धश्चात एव मया मत्परायणस्य पोषणपालनप्रीणनलालनमनसूयुनाऽनुष्ठेयं शरण्योपेक्षादोषविदुषा ॥ ९ ॥ नूनं ह्यार्याः साधव उपशमशीलाः कृपणसुहृद एवंविधार्थे स्वार्थानपि गुरुतरानुपेक्षन्ते ॥१०॥ इति कृतानुषङ्गः आसनशयनाटनस्थानाशनादिषु सह मृगजनुना

बच्चामा ममताको अत्यधिक अभिमान भयो । अतः नित्यप्रति त्यसको खाने-पिउने प्रबन्ध–गर्नु, व्याघ्रादिबाट रक्षा र प्यारो गरेर सुमसुम्याउनु आदि कार्यमा व्यस्त रहनाले उनको आफ्नो यम, नियम तथा भगवत्पूजा आदि सबै आवश्यक कर्म एक-एक गरेर शिथिल पर्दै गएर एकदम छुटिगए ॥८॥ उनले विचार गरे–'अहो ! यो कस्तो खेदको कुरा हो कि यो विचरा दीन मृग-शावकलाई कालचक्रको वेगले आफ्नो समूह, सुहृद्जन र बन्धुहरूसित छुट्याएर मेरो शरणमा ल्याइपुर्‍यायो । यो मलाईनै आफ्ना माता-पिता, भाई, जातिबन्धु तथा आफ्नो समूहको मृग ठानेर मेरो शरणमा आएको छ । मबाहेक यो अरु कसैलाई पनि केही जस्तो मान्दैन । यसको मप्रति अटल विश्वास छ । म पनि शरणागतको उपेक्षा गर्न दोषबाट अनभिज्ञ छु । अतएव यो मेरो आश्रित बच्चाको सावधानीपूर्वक राम्ररी पालन-पोषण, लालन-प्रीणन आदि गर्नु मेरो कर्तव्य हो ॥९॥ किनकि शान्तस्वभाव तथा दीनहरूका

...nath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

रक्षक भद्रजन यस्ता शरणागत प्राणिहरूको रक्षाका लागि आफ्नो ठूलो-ठूलो स्वार्थलाई पनि हुत्याइदिने गर्दछन् ॥१०॥ यस प्रकार त्यस हरिणको बच्चामा आसक्ति बढ्नाले गर्दा महाराज भरतको चित्त त्यसैको स्नेहपाशमा यसरी बाँधियो कि बस्ने, सुत्ने, डुल्ने, उभिने तथा खान-पान आदि सबै काममा ती उसैसित बस्न-उठ्नथाले ॥११॥ उनलाई जौ, कुश, पुष्प, समिधा, पत्र, फल तथा मूलादि ल्याउन जान पर्दा चितुवा वा कुकुर आदिको भयले त्यो मृगशावकलाई आफ्नै साथमा लिएर जान्थे ॥१२॥ बाटोमा जताततै आसक्त-चित्त एवं प्रेमले गर्दा अधीर भावले ती त्यसलाई आफ्नो काँधमा बसाल्दथे। यसरी ती कहिले काखमा लिएर तथा कहिले छातीमा टाँसेर त्यसलाई प्यारो गरेर परमानन्दित हुन्थे ॥१३॥ यहाँसम्म कि नित्य नैमित्तिक कर्महरू गर्दा पनि भारतेश्वर महाराज भरत छिन-छिनमा उठेर त्यस मृगशावकलाई हेर्दथे। कहिले-कहिले उसलाई देखेर तथा स्वस्थ चित्त भएर त्यसको मङ्गल कामना

स्नेहानुबद्धहृदय आसीत् ॥११॥ कुशकुसुमसमित्पलाशफलमूलोदकान्याहरिष्यमाणो वृकसालावृकादिभ्यो भयमाशंसमानः सदा सह हरिणकुणकेन वनं समाविशति ॥ १२ ॥ पथिषु च मुग्धभावेन तत्र तत्र विषक्तमतिप्रणयभरहृदयः कार्पण्यात्स्कन्धेनोद्वहति एवमुत्सङ्ग उरसि चाधायोपलालयन्मुदं परमामवाप ॥ १३ ॥ क्रियायां निर्वर्त्यमानायामन्तरालेऽप्युत्थायोत्थाय यदैनमभिचक्षीत तर्हि वाव स वर्षपतिः प्रकृतिस्थेन मनसा तस्मा आशिष आशास्ते स्वस्ति स्याद्वत्स ते सर्वत इति ॥ १४ ॥ अन्यदा भृशमुद्विग्नमना नष्टद्रविण इव कृपणः सकरुणमतितर्षेण हरिणकुणकविरहविह्वलहृदयसन्तापस्तमेवानुशोचन्किल कश्मलं महदभिरम्भित इति होवाच ॥ १५ ॥ अपि बत स वै कृपण एणबालको मृतहरिणीसुतोऽहो ममानार्यस्य शठकिरातमतेरकृतसुकृतस्य कृतविस्रम्भ आत्मप्रत्ययेन तदविगणयन्सुजन इवागमिष्यति ॥१६॥ अपि क्षेमेणास्मिन्नाश्रमोपवने शष्पाणि चरन्तं

गर्दै भन्न लाग्दथे—'बाबु ! सबै प्रकारले कल्याण होस्' ॥१४॥ एक दिन त्यो मृग निकै बेरसम्म उनलाई देखापरेन, अनि त जसको धन नष्ट भएको छ, त्यस्तो कृपण पुरुषको जस्तै ती अतिशय दुःखी भएर फेरि त्यो हरिणको बच्चाको विरहले व्याकुल तथा सन्तप्त हृदय भएर करुणावश अतिशय उत्कण्ठित भावले उसैको ध्यान गर्दै अत्यन्त *चिन्तामा प्राप्त भएर यसरी बरबराउन लागे—॥१५॥ 'हरे ! के भनौं ? त्यो दीन मृगशावक जुन यौटी मरिसकेकी मृगीको बच्चा थियो, व्याधाजस्तो बुद्धि भएको म अनार्यमा विश्वासगरेर मैले गरेका विश्वासघातादि अपराधहरू सत्पुरुषहरूको जस्तै बिर्सेर के त्यो फेरि फर्केर आउला ? ॥१६॥ के म फेरि त्यसलाई आफ्नो आश्रमको उपवनमा भगवान्को कृपाले सुरक्षित रहँदै तथा कुशलतापूर्वक

* दृष्टान्त (चिन्ता ठूलो रोग)—यौटा निकै ठूलो सेठको सामुन्नेको घरमा यौटा सार्की बस्तथ्यो। त्यो जुत्ता सिउँदा पनि भजन गाउँथ्यो र आनन्दले जीवन बिताउँदथ्यो। सेठ दूकान र लेन-देनमा चिन्तित रहन्थ्यो सार्कीको भजन सुनेर उसलाई केही शान्ति प्राप्त हुन्थ्यो। एक दिन सेठले त्यो सार्कीलाई सोध्यो—'तिमी दिनको कति कमाउँछौ ?' सार्कीले भन्यो—'दिनको आठ आना जति कमाउँछु त्यति नै मेरो खर्च छ। सेठले भन्यो—'तिम्रो भजनले मलाई आनन्द मिल्दछ। यसै निम्ति म तिमीलाई पचास रुपियाँ दिन्छु, यदि आफ्नो औषधि गराए पनि त्यति त खर्च हुने नै थियो ताप न यस्तो सुख पाउने थिइन।' सार्कीले रुपियां पायो, अनि त्यसको सुरक्षाको चिन्ता भयो। त्यो दिनमा दुइ-तीन पल्ट ती रुपियाँ गन्दथ्यो। अब दिन-रात त्यसको मन ती रुपियाँमै लागिरहन्थ्यो। राती पनि त्यो गन्दथ्यो र लुकाएर राखिदिने गर्दथ्यो। राति निद्रा लाग्दैनथ्यो त्यसले गर्दा दिनमा जुत्ता सिउँदा उँघ लाग्ने गर्दथ्यो। अब त्यसले भजन गाउन पनि बिर्स्यो। त्यो पूर्वजन्मको संस्कारी थियो। यसै निम्ति उसले थाहा पायो–यी सबै विपत्तिको कारण यही पचास रुपियाँ हो। अतः त्यो सेठकहाँ गयो र रुपियाँ फर्काएर भन्यो—'यसलाई अरु कुनै काममा खर्च गरिदिनु होला' त्यसपछि त्यो सार्की आफ्नो काममा लाग्यो र फेरि पहिले जस्तै भजन गाउन थाल्यो। उता सेठलाई पनि फेरि भजन सुनन लाग्यो, त्यसैले शान्ति पाउन लाग्यो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरियो हरियो दूबो चरेको देख्न पाउँला ? ॥१७॥ यस्तो त भएन कि कुनै चितुवा, कुकुर,शूकरादिका समूह अथवा एक्लै डुल्ने (व्याघ्र आदि) जीवले त्यसलाई खाइदिए ॥१८॥ हरे ! सम्पूर्ण जगत्को कल्याणार्थ प्रकट हुने भएका वेदत्रयी स्वरूप भगवान् सूर्य अस्ताउन आँटिसके तर त्यो मृगीको नासोस्वरूप मृगशावक अझसम्म फर्कर आएका छैन ॥ १९॥ के त्यो हरिण-राजकुमार म पुण्यहीनको नगीचै आएर आफ्नो बालसुलभ विविध क्रीडाहरूले आफ्ना स्वजनको शोक निवारण गर्दै फेरि मलाई आनन्दित पार्ला ? ॥२०॥ अहो ! त्यो जब आफ्नो स्वाभाविक चञ्चलतावश वर्ता उफ्रने गर्दथ्यो म त्यसलाई प्रणयकोपसहित हप्काउँथें तथा मिथ्या समाधि लगाएर यौटा आँखा बन्द गरेर बस्तथें तब यो चकित भावले नगीचै आए आफ्ना जलविन्दु जस्तै कोमल र स-साना सींगले बारम्बार मेरा अङ्गहरू कन्याइदिने गर्दथ्यो ॥२१॥ जब कहिले त्यो कुशासनमा राखेको हवन-सामग्रीलाई दूषित पान लाग्दथ्यो र म त्यसलाई हप्काउँथें तब त्यो अतिशय भयभीत भएर तत्काल आफ्ना सबै चञ्चलता त्यागेर कुनै ऋषि-कुमार जस्तै आफ्ना सबै इन्द्रियको निग्रह गरेर चुपचाप

दैवगुप्तं द्रक्ष्यामि ॥१७॥ अपि च न वृकः सालावृकोऽन्यतमो वा नैकचरो वा भक्षयति ॥ १८ ॥ निम्लोचति ह भगवान्सकलजगत्क्षेमोदयस्त्रय्यात्माऽद्यापि मम न मृगवधून्यास आगच्छति ॥१९॥ अपिस्विदकृतसुकृतमागत्य मां सुखयिष्यति हरिणराजकुमारो विविधरुचिरदर्शनीयनिजमृगदारकविनोदैरसंतोषं स्वानामपनुदन् ॥२०॥ क्ष्वेलिकायां मां मृषासमाधिना मीलितदृशं प्रेमसंरम्भेण चकितचकित आगत्य पृषदपरुषविषाणाग्रेण लुठति ॥२१॥ आसादितहविषि बर्हिषि दूषिते मयोपालब्धो भीतभीतः सपद्युपरतरास ऋषिकुमारवदवहितकरणकलाप आस्ते ॥२२॥ किं वा अरे आचरितं तपस्तपस्विन्याऽनया यदियमवनिः सविनयकृष्णसारतनयतनुतरसुभगशिवतमाखरखुरपदपंक्तिभिर्द्रविणविधुरातुरस्य कृपणस्य मम द्रविणपदवीं सूचयन्त्यात्मानं च सर्वतःकृतकौतुकं द्विजानां स्वर्गापवर्गकामानां देवयजनं करोति ॥२३॥ अपिस्विदसौ भगवानुडुपतिरेनं मृगपतिभयान्मृतमातरं मृगबालकं स्वाश्रमपरिभ्रष्टमनुकम्पया कृपणजनवत्सलःपरिपाति ॥२४॥ किंवात्मजविश्लेषज्वरदहनशिखाभिरुपतप्यमानहृदयस्थलनलिनीकं मामुपसृतमृगीतनयं शिशिरशान्तानुरागगुणितनिजवदनसलिलामृतमयगभस्तिभिः स्वधयतीति च ॥२५॥ एवमघटमानमनोरथाकुलहृदयो मृगदारकाभासेन स्वारब्धकर्मणा योगा-

मनेर आएर बस्तथ्यो' ॥२२॥ हरे ! यी परम तपस्विनी पृथ्वीले यस्तो तपस्या गरिछन्, जो त्यो अतिशय विनीत मृगशावकका कोमल र सुखकारी साना-साना खुरका पंक्तिले, आफ्ना मृगरूपी धन लुटिनाले अत्यन्त व्याकुल मलाई त्यस द्रव्यको प्राप्तिको मार्ग देखाउँदै छ र स्वयं आफ्नो शरीरलाई पनि उसकै चरणचिह्नले विभूषित पारेर स्वर्ग तथा मोक्षका इच्छुक द्विजगणको निम्ति यज्ञभूमि बनिरहेछ॥२३॥ त्यसपछि चन्द्रमामा मृगको स्वरूप देखी तथा त्यसलाई आफ्नै हराएको मृग ठानेर भन्नलागे—'जसकी आमा सिंहको डरले मरिगएकी थिई त्यस दीन मृगशावकलाई आफ्नो आश्रमबाट अलमलिएको देखेर के ती दीनवत्सल चन्द्रदेव दयावश (आफ्नो काखामा राखेर) त्यसको रक्षा गरिरहेछन् ! ॥२४॥अनि चन्द्रमाका शीतल किरणले आनन्दित भएर भने—'आफ्ना पुत्रहरूको वियोग जनित दुःखमय दावानल द्वारा हृदय-कमल दग्ध हुनाले जसले मृगी-कुमारको आश्रय लिएका थिए त्यस्तो मलाई के यी चन्द्रदेव आफ्नो शीतल, शान्त, स्नेहमयी र वदनसलिलस्वरूपा अमृतमयी किरणले शान्ति पुऱ्याइरहेछन् ? ॥२५॥ हे राजन् ! यस प्रकार जसको पूर्णहुन सर्वथा असम्भव

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

थियो, त्यस्तो आकांक्षाहरूले व्याकुल चित्त परम तपस्वी राजा भरत मृगशावकको आशक्तिरूपी आफ्नो प्रारब्धको कारण नै भगवदाराधनास्वरूप कर्म एवं योगमार्गबाट भ्रष्ट भए, जसले आफ्नै हृदयबाट उत्पन्न तथा परम दुस्त्यज सन्तानको मायालाई मोक्षमार्गमा विघ्नस्वरूप ठानेर त्यागिदिएको थिएँ, उनैलाई अन्य जातीय मृगशावकमा यस प्रकारको आसक्ति किन हुन्थ्यो ? तैपनि राजर्षि भरत विघ्नहरूको वशीभूत भएर योगबाट भ्रष्ट भए । ती त्यो मृगशवको पालन पोषण, तथा लालनादिमा एकाग्र भएर आफ्नो आत्मस्वरूप नै बिर्से । त्यसै बखत जसलाई टार्न अत्यन्त कठिन थियो, त्यो प्रबल वेगवान् कराल काल, भूसाको प्वालमा सर्प आइपुगे झैं त्यस बखत ती आफ्नू नगीचै बसेको छोरोको समान त्यस मृगको बचालाई हेर्दा-हेर्दै त्यसैमा आसक्त चित्त भएर त्यसैसित आफ्नो शरीर त्यागेर साधारण मानिस झैं उनले मृग-देह पाए । तैपनि उनको पूर्वजन्मको स्मृति (संज्ञना) नष्ट भएको थिएन ॥२७॥ अतः त्यस योनिमा पूर्वजन्मको भगवदाराधनाको प्रभावले मृगदेह पाउने कारण जानेर ती पछितो गर्दै यस प्रकार भन्न लागे—॥२८॥ अहो ! बड़ो दुःखको कुरा छ कि म आत्मज्ञानी

रम्भणतो विभ्रंशितः स योगतापसो भगवदाराधनलक्षणाच्च कथमितरथा जात्यन्तर एणकुणकआसङ्गः श्रेयसः प्रतिपक्षतयाऽप्राक्परित्यक्तदुस्त्यज-हृदयाभिजातस्य तस्यैवमन्तरायविहतयोगारम्भणस्य राजर्षेर्भरतस्य तावन्मृगार्भकपोषणपालनप्रीणनलालनानुषङ्गेणाविगणयत आत्मानमहिरिवाखु-बिलं दुरतिक्रमः कालः करालरभस आपद्यत ॥२६॥ तदानीमपि पार्श्ववर्तिनमात्मजमिवानुशोचन्तमभिवीक्षमाणो मृग एवाभिनिवेशितमना विसृज्य सह मृगेण कलेवरं मृतमनु न मृतजन्मानुस्मृतिरितरवन्मृगशरीरमवाप ॥ २७ ॥ तत्रापि ह वा आत्मनो मृगत्वकारणं भगवदाराधनसमीहानुभावेनानु-स्मृत्य भृशमनुतप्यमान आह ॥ २८ ॥ अहो कष्टं भ्रष्टोऽहमात्मवतामनुपथाद्यद्विमुक्तसमस्तसङ्गस्य विविक्तपुण्यारण्यशरणस्यात्मवत आत्मनि सर्वे-षामात्मनां भगवति वासुदेवे तदनुश्रवणमननसङ्कीर्तनाराधनानुस्मरणाभियोगेनाशून्यसकलयामेन कालेन समावेशितं समाहितं कार्त्स्न्येन पुनर्ममा-बुधस्यारान्मृगसुतमनु परिसुस्राव ॥ २६ ॥ इत्येवं निगूढनिर्वेदो विसृज्य मृगीं मातरं पुनर्भगवत्क्षेत्रमुपशमशीलमुनिगणदयितं शालग्रामं पुलस्त्य-पुलहाश्रमं कालञ्जरात्प्रत्याजगाम ॥ ३० ॥ तस्मिन्नपि कालं प्रतीक्षमाणः सङ्गाच्च भृशमुद्विग्न आत्मसहचरः शुष्कपर्णतृणवीरुधा वर्तमानो मृगत्वनिमित्तावसानमेव गणयन्मृगशरीरं तीर्थोदकक्लिन्नमुत्ससर्ज ॥३१॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे भरतचरितेऽष्टमोऽध्यायः ॥ ८ ॥

पुरुषहरूको मार्गबाट भ्रष्ट भएँ । मैले सबै प्रकारका आसक्ति त्यागेर एकान्त तथा पवित्र वनको आश्रय लिएर आत्मज्ञान प्राप्त गरें । मैले आफ्नो चित्त सबैका अन्तरात्मास्वरूप भगवान वासुदेवमा उनका गुणको श्रवण, मनन तथा कीर्तन गरेर र उनको आराधना तथा स्मरण आदि गरेर प्रत्येक पललाई सफल पार्दै सावधानीपूर्वक लगाए । परन्तु हेर ! म मूर्खको त्यही मन दैववश योटा मृगशावकको सङ्गले भ्रष्ट भएर गयो ! ॥२९॥ हे राजन् ! यस प्रकार आफ्नो वैराग्य-भावनालाई लुकाई उनले जसकी आमा मृगी थिई, त्यस मृगको स्मरण त्यागिदिए । तदनन्तर आफ्नीजन्मभूमि कालञ्जरबाट फेरि शान्ति शील मुनिको आश्रम शालग्रामतीर्थ–जुन भगवानको पवित्र क्षेत्र हो–पुलस्त्य र पुलह ऋषिको आश्रममा गए ॥३०॥ त्यहाँ बसेर तिनको त्यो मृगशरीर कालको प्रतीक्षा गर्नलाग्यो । त्यो मृग सबैको संगतिबाट हटेर एक्लै नै डुल्दथ्यो, सुखेका पात तथा घाँस खाने र झाडिहरूमा बसेर जीवन यापन गर्दो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मृगयोनि प्राप्त गराउँथे प्रारब्धको क्षय हुने बाटो पर्खन लागे । अन्तमा उनले त्यही तीर्थ अर्थात् गण्डकी नदीको तटमा त्यसैको जलले भिजेको आफ्नो मृग-शरीर त्यागिदिए।।२१।।इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे नेपाली भाषाटीकायां अष्टमोऽध्यायः ।।८।। (जन्म-जन्मान्तरमा महाराज जड-भरतको ब्राह्मण कुलमा जन्म)—शुकदेव भन्दछन्—हे राजन् ! त्यसैबीच आङ्गिरस गोत्रमा जायमान शम, दम, तप, स्वाध्याय, त्याग, सन्तोष, तितिक्षा, विनय, विद्या,अर्काको गुणमा दोष-दृष्टिको अभाव, आत्मज्ञान र प्रसन्नता आदि गुणयुक्त यौटा ब्राह्मणकी जेष्ठ पत्नीबाट उनैको सदृश विद्या,शील,आचार,रूप एवं उदारता आदि गुण हुने नौ सहोदर छोरा जान्मे । तिनकी कान्छी पत्नीबाट एकैपल्ट एक पुत्र र यौटी कन्या उत्पन्न भइन् ।।१।। ती:दुवैमा पुत्र मृग-शरीर त्यागेर आफ्नो चरम शरीरले ब्राह्मणत्व प्राप्त परम भगवद्भक्त र राजर्षि श्रेष्ठ भरत थिए—यस्तो भनिन्छ ।।२।। त्यस ब्राह्मण कुलमा जन्म लिएर पनि भग-

श्रीशुक उवाच ॥ अथ कस्यचिद्द्विजवरस्यांगिरःप्रवरस्य शमदमतपःस्वाध्यायाध्ययनत्यागसन्तोषतितिक्षाप्रश्रयविद्याऽनसूयात्मज्ञानानन्दयुक्तस्यात्म- सदृशश्रुतशीलाचारं रूपौदार्यगुणा नव सोदर्या अङ्गजा बभूवुर्मिथुनं च यवीयस्यां भार्यायाम् ॥ १ ॥ यस्तु तत्र पुमांस्तं परमभागवतं राजर्षिप्रवरं भरतमुत्सृष्टमृगशरीरं चरमशरीरेण विप्रत्वं गतमाहुः ॥ २ ॥ तत्रापि स्वजनसङ्गाच्च भृशमुद्विजमानो भगवतः कर्मबन्धविध्वंसनश्रवणस्मरणगुण- विवरणचरणारविन्दयुगलं मनसा विदधदात्मनः प्रतिघातमाशङ्कमानो भगवदनुग्रहेणानुस्मृतस्वपूर्वजन्मावलिरात्मानमुन्मत्तजडान्धबधिरस्वरूपेण दर्शयामास लोकस्य ॥ ३ ॥ तस्यापि ह वा आत्मजस्य विप्रः पुत्रस्नेहानुबद्धमना आसमावर्तनात्संस्कारान्यथोपदेशं विदधान उपनीतस्य च पुनः शौचाचमनादीन्कर्मनियमाननभिप्रेतानपि समशिक्षयदनुशिष्टेन हि भाव्यं पितुः पुत्रेणेति ॥ ४ ॥ स चापि तदुह पितृसन्निधावेवासध्रीचीन-

वान्को कृपाले पूर्वजन्मको वृत्तान्त स्मरण रहनाले भरतजी यस संशयले—कतै स्वजनको सहवासले भगवद्भक्तिमा बाधा नपरोस्—तीबाट सदा टाढै बसेर अतिशय विरक्त भएर जसको श्रवण, मनन र गुणकीर्तन सम्पूर्ण विघ्न हटाइदिन्छ, ती भगवान्का चरण-कमललाई आफ्नो हृदयमा धारण गरेर स्वतन्त्र रूपले विचरण गर्न लागे । त्यस बखत ती अरुका दृष्टिमा आफूलाई बौलाहा *अन्धो र बहिरोको रूपमा प्रकट गरिरहेथे ।।३।। उता ती द्विज श्रेष्ठले पुत्रस्नेहमा आसक्त चित्त भएर ती आफ्नो उन्मत्त पुत्रलाई पनि समावर्तनसम्म सबै संस्कार शास्त्र-

---

* दृष्टान्त (तपाईं अन्धो हुनुहुन्छ)—कुनै तीर्थस्थानमा यौटा सूरदास भजन गाउँदै भिक्षा माग्दथे । तिनलाई मानिसहरू चना, केरा, अम्बा र एक-दुइ पैसा दिन्थे । त्यसले सूरदास प्रसन्न थिए । एक दिन यौटा गृहस्थ आयो र सूरदासको भजन सुनेर निकै प्रसन्न भयो । उसले पाँच रुपियाको नोट सूरदासको हातमा राखिदियो । बिचरा सूरदास नोटसित अपरिचित थिए । नोटमा के लेखिएको हुन्छ• यो पनि उनलाई ज्ञान थिएन 'मेठले मेरो हातमा कागजको यौटा टुक्रा राखि दियो' यस्तो सोचेर सूरदास पछितो गर्न लाग्यो । उनले त ठानेका थिए—'सेठ ठूलो मानिस छ । दुइ-चार आना पैसा त अवश्य देला । तर यो त एकदम लोभी देखियो । कागजको यौटा टुक्रा राखिदियो' यस्तो सोचेर सूरदास पछितो गर्न लाग्यो । उनले त ठानेका थिए—'सेठ ठूलो मानिस छ । दुइ-चार आना पैसा त अवश्य देला । तर यो त एकदम लोभी देखियो । कागजको यौटा टुक्रा कागजको यौटा टुक्रा दिएर गयो ।' सूरदास यस्तै विचार गर्दै र बरबराउँदै गइरहेका थिए । नोटलाई फारेर फ्याँकिदिने तयारीमा थियो कि तिनको यौटा परिचित आइपुग्यो र त्यसले भन्यो—'सूरदास ! यो पाँच रुपियाको नोट कहाँ पायौ ?' सूरदासले भने—'होइन, के भन्दैछौ दाइ ! तिमी पनि ठट्टा गर्न थाल्यौ !' त्यस व्यक्तिले भन्यो—'होइन, म तिमीसित किन ठट्टा गर्नें ? हिंड, बजारमा म यस नोटको साटो पाँच रुपियाँ दिलाइदिउँला ।' रुपियाँ पाउना साथ सूरदास प्रसन्न भए । यसै प्रकार परमात्मा पनि प्रसरत दिन्छ, किन्तु सूरदास जस्तै अन्धो हुनाले तपाईं उनलाई न देख्न सक्नु हुन्छ, न उनको मूल्य नै बुझ्न सक्नु हुन्छ !

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

विधिले पूर्ण पानं विचार गरेर उपनयन-संस्कार गरे । त्यसपछि–'पुत्रले पितासित उपदेश ग्रहण गरोस्'—यो शास्त्रीय आज्ञानुसार उनलं अपेक्षा नभए पनि शौंच-आचमनादि कर्म र नियमको शिक्षा दिए ॥४॥ तर भरत आफ्ना पिताको समक्ष नै उनको विरुद्ध आचरण गर्नलागे । तिनका पिताले श्रावण मासदेखि उनलाई वेदाध्ययन गराउने इच्छा गरेर वसन्त तथा ग्रीष्म ऋतुको चैत्र, वैशाख, ज्येष्ठ र आषाढ यी चार महीनामा व्याहृति, प्रणव र शिरोमन्त्र सहित त्रिपदा गायत्रीको निरन्तर अध्ययन गराउँदै उनलाई त्यो मन्त्र स्वरादि सहित सिखाउन सकेनन् । यसरी आत्मा·झैं आफ्नो छोरोमा प्रेम भएका ती ब्राह्मण भरतको प्रवृत्ति नभए पनि उनलाई शौंच, विद्याध्ययन, व्रत, नियम र गुरु तथा अग्निको सेवा आदि ब्रह्मचर्य आश्रमका विहित नियम–'छोरोलाई राम्ररी उपदेश दिनुपर्दछ' यस दुराग्रहले शिक्षा दिंदैरहे, किन्तु आफ्नो मनोरथ पूर्ण हुनको पहिले नै जब कि सी घरको लण्ठामा आसक्त भएर भगवत्-सेवारूपी आफ्नो मुख्य कर्तव्यबाट असावधान थिए, उसै बेला कदापि नचूकने कालले तिनलाई मारिदियो ॥६॥ अनि तिनकी कान्छी पत्नीले आफ्नो

मिव स्म करोति छन्दांस्यध्यापयिष्यन्सह व्याहृतिभिः सप्रणवशिरस्त्रिपदीं सावित्रीं ग्रैष्मवासन्तिकान्मासानधीयानमप्यसमवेतरूपं ग्राहयामास ॥ ५ ॥ एवं स्वतनुज आत्मन्यनुरागावेशितचित्तः शौचाध्ययनव्रतनियमगुर्वनलशुश्रूषणाद्यौपकुर्वाणककर्माण्यनभियुक्तान्यपि समनुशिष्टेन भाव्यमित्यसदाग्रहः पुत्रमनुशास्य स्वयं तावदनधिगतमनोरथः कालेनाप्रमत्तेन स्वयं गृह एव प्रमत्त उपसंहृतः ॥ ६ ॥ अथ यवीयसी द्विजसती स्वगर्भजातं मिथुनं सपत्न्या उपन्यस्य स्वयमनुसंस्थया पतिलोकमगात् ॥ ७ ॥ पितर्युपरते भ्रातर एनमतत्प्रभावविदस्त्रय्यां विद्यायामेव पर्यवसितमतयो न पराविद्यायां जडमतिरिति भ्रातुरनुशासननिर्बन्धान्न्यवृत्सन्त ॥८॥ स च प्राकृतैर्द्विपदपशुभिरुन्मत्तजडबधिरेत्यभिभाष्यमाणो यदा तदनुरूपाणि प्रभाषते कर्माणि च स कार्यमाणः परेच्छया करोति । विष्टितो वेतनतो वा याच्ञया यदृच्छया चोपसादितमल्पं बहु मिष्टं कदन्नं चाभ्यवहरति परं नेन्द्रियप्रीतिनिमित्तम् ॥ नित्यनिवृत्तनिमित्तस्वसिद्धविशुद्धानुभवानंदस्वात्मलाभाधिगमः सुखदुःखयोर्द्वन्द्वनिमित्तयोरसंभावितदेहाभिमानः ॥९॥ शीतोष्णवातवर्षेषु वृष इवानावृताङ्गः पीनः संहननाङ्गः स्थण्डिलसंवेशनानुन्मर्दनामज्जनरजसा महामणिरिवाभिव्यक्तब्रह्मवर्चसः कुपटावृतकटिरुपवीतेनोरुमषिणा द्विजातिरिति

गर्भबाट उत्पन्न दुवै पुत्र सौतालाई सुम्पिदिइन् र आफू पतिसित सती भई पतिलोकमा गइन् ॥७॥ पिता मरेपछि भरतका भाईले, जसको केवल कर्मकाण्डरूपी अपरा विद्यामा नै अलम्बुद्धि रहन्थ्यो र जो ब्राह्मणज्ञानरूपी परा विद्याबाट अनभिज्ञ थिए, भरतको प्रभावबाट अनभिज्ञ हुनाले 'यो मूर्ख हो' यस्तो ठानेर उनले तिनलाई पढाउने आग्रह त्यागिदिए ॥८॥ जब साधारण नरपशु पनि उनलाई बौलाहा, मूर्ख, बहिरो भनेर डाक्तथे तब तीपनि त्यसैअनुसारआचरण गर्न लाग्दथे । कसैले बेगार वा केही पारिश्रमिक दिई उनीसित काम गराउन खोज्दथे तब ती उसकै इच्छानुसार काम गरिदिने गर्दथे । उनलाई राम्रो वा निकृष्ट जस्तो अन्न मिल्दथ्यो, त्यसैलाई रसनेन्द्रियको नमानि केवल शरीर-निर्वाहको निम्ति खाइदिने गर्दथे । उनलाई स्वतः सिद्ध विशुद्ध ज्ञानानन्दस्वरूप आत्मज्ञान प्राप्त भइसकेको थियो । अतः हर्ष-शोकादि द्वन्दका निमित्तरूपी सुख-दुःखादिमा उनलाई देहाभिमानको केही पनि स्फूर्ति हुन्नथ्यो ॥९॥ ती शीत, ग्रीष्म, वर्षा वा आँधीको बेलामा पनि साँढे झैं नाङ्गै डुल्दथे । तिनका सबै अङ्ग स्थूल र परिपुष्ट थिए । भूमिमा पल्टने, बुकुवा नघस्ने तथा स्नान न-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नाले शरीरमा धूलो जम्दा तिनको ब्रह्मतेज धूलोले ढाकेको बहुमूल्य मणिको समान लुकेको थियो। तिनको कम्मरमा यौटा मैलो लुगा तथा काँधमा मलीन एवं कालो यज्ञोपवीत रहिरहन्थ्यो। अतः अज्ञानी जन उनलाई 'द्विज' वा 'कुनै अधम ब्राह्मण' भनेर अपमानित गर्दथे, तर ती त्यसमा केही ध्यान नदिएर स्वच्छन्दरूपले विचरण गर्दै रहन्थे ॥१०॥ अर्काको काम गरेर पेट पालेको देखेर उनलाई उनका भाइहरूले खेत खन्ने र मिलाउने काममा लगाइदिए। ती त्यो काम पनि गर्नलागे, किन्तु तिनलाई यस कुराको अलि कति पनि ध्यान रहन्नथ्यो कि त्यो खेतको भूमी समतल छ वा अग्लो-होचो। त्यो सानो छ अथवा धेरै ठूलो। तिनका भाइ उनलाई चामलको कनिका, पिना, भुटेको मास अथवा भाँडोमा लागेको डढेको अन्न जे जति दिन्थे ती त्यसैलाई अमृत समान ठानेर खाइदिन्थे ॥११॥ एक समय शूद्रहरूको यौटा राजाले पुत्रप्राप्तिको कामनाले देवी भद्रकालीलाई मनुष्यको बलि दिने विचार गऱ्यो ॥१२॥ त्यस शूद्रनरेशले जुन पुरुष पशुबलि दिन झिकाएको थियो, त्यो संयोगले फुस्केर भाग्यो। त्यसलाई खोज्नको निम्ति राजाका अनुचरहरू चारैतिर दगुरे

ब्रह्मबंधुरिति संज्ञयाऽतज्ज्ञजनावमतो विचचार ॥१०॥ यदा तु परत आहारं कर्म वेतनत ईहमानः स्वभ्रातृभिरपि केदारकर्मणि निरूपितस्तदपि करोति किंतु न समविषमन्यूनमधिकमिति वेद। कणपिण्याकफलीकरणकुल्माषस्थालीपुरीषादीन्यप्यमृतवदभ्यवहरति ॥११॥ अथ कदाचित्कश्चिद्वृषलपतिर्भद्रकाल्यै पुरुषपशुमालभतापत्यकामः ॥१२॥ तस्य ह दैवमुक्तस्य पशोःपदवीं तदनुचराःपरिधावन्तो निशिनिशीथसमये तमसावृतायामनधिगतपशव आकस्मिकेन विधिना केदारान्वीरासनेन मृगवराहादिभ्यः संरक्षमाणांगिरःप्रवरसुतमपश्यन् ॥ १३ ॥ अथ ते एनमनवद्यलक्षणमवमृश्य भर्तृकर्मनिष्पत्तिं मन्यमाना बद्ध्वा रशनया चण्डिकागृहमुपनिन्युर्मुदा विकसितवदनाः ॥ १४ ॥ अथ पणयस्तं स्वविधिनाऽभिषिच्याहतेन वाससाच्छाद्य भूषणालेपस्रक्तिलकादिभिरुपस्कृतं भुक्तवन्तं धूपदीपमाल्यलाजाकिसलयांकुरफलोपहारोपेतया वैशससंस्थया महता गीतस्तुतिमृदङ्गपणवघोषेण च पुरुषपशुं भद्रकाल्याः पुरत उपवेशयामासुः॥१५॥अथ वृषलराजपणिः पुरुषपशोरसृगासवेन देवीं भद्रकालीं यक्ष्यमाणस्तदभिमंत्रितमसिमतिकरालनिशितमुपाददे ॥१६॥ इति तेषां वृषलानां रजस्तमः प्रकृतीनां धनमदरजउत्सिक्तमनसां भगवत्कलावीरकुलं कदर्थीकृत्योत्पथेन स्वैरं विहरतां हिंसाविहाराणां कर्मा-

आधारातको घोर अन्धकारले गर्दा त्यसलाई पक्रन सकेनन्। त्यसै बावत दैवसंयोगले अकस्मात् तिनलाई अङ्गिरस गोत्रीय ब्राह्मण-कुमार जडभरत देखापरे। ती त्यस बखत वीरासनमा बसेर मृग, वराह आदि जीवबाट आफ्नो खेतको रक्षा गरिरहेका थिए ॥१३॥ अनि यो पुरुष पशु सबै लक्षणले युक्त छ भन्ने जानेर तथा यसद्वारा हाम्रा स्वामीको कार्य अवश्य हुनेछ भन्दै दूतहरूले उनलाई पाता फर्काएर बाँधे र प्रसन्न भई चण्डिका देवीको मन्दिरमा लगे ॥१४॥ त्यहाँ ती दस्युहरूले उनलाई विधिवत् स्नान गराए, नयाँ वस्त्र फेराए र विविध प्रकारका आभूषण, चन्दन, माला तथा तिलक आदिले विभूषित गरेर राम्ररी भोजन गराए। त्यसपछि धूप, दीप, माला, लावा, पात, अंकुर, फल तथा नैवेद्यादि सामग्री सहित बलि दानको विधिले गान, स्तुति, मृदङ्ग तथा पणव आदिको महाघोष गर्दै ती पुरुष-पशुलाई भद्रकालीको सामुन्ने लगेर बसाले ॥ १५ ॥ त्यसपछि दस्युराजको पुरोहितले त्यो पुरुष-पशुको रुधिरले देवी भद्रकालीलीलाई तृप्त पार्नको निम्ति देवीका मन्त्रले अभिमन्त्रित यौटा अतिशय विकराल खड्ग उठायो ॥ १६ ॥ हे राजन्! जसको स्वभाव रजोगुण तथा तमोगुणले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढाकिएको थियो, जसको मन मदको अतिरेकले उन्मत्त थियो, जो भगवान्का अंशस्वरूप ब्राह्मणकुललाई केही जस्तो पनि नठानेर कुमार्गमा स्वेच्छाले विहार गर्दथे र जसको हिंसामा अत्यन्त आस्था थियो, ती शूद्रहरूको हातबाट जसको वध गर्नु आपत्तिकालमा पनि निषिद्ध थियो, त्यस्ता ती ब्रह्मभावमा प्राप्त, वैरहीन र सम्पूर्ण प्राणीहरूको सुहृद् एक ब्रह्मर्षि कुमारको वधरूपी डरलाग्दो कुकर्म भइरहेको छ, यो देखेर तथा उनको ब्रह्मतेजले शरीरमा दाह उत्पन्न हुनाले देवी भद्रकाली सहसा आफ्नो प्रतिमूर्ति फोरेर प्रत्यक्ष प्रकट भइन् ॥१७॥ त्यसपछि अतिशय असहनशीलता तथा रिसले खैँचिएका भृकुटी, कराल दाह्रा र अति चञ्चल राता-राता आँखाले जसको मुखमण्डल डरलाग्दो देखिइरहेथ्यो, ती भद्रकाली मानौं सारा संसारको संहार गर्छिन् झैं, यस प्रकार अत्यन्त क्रोधले अट्टहास गर्दै त्यस स्थानबाट उफ्रिन् र त्यो अभिमन्त्रित खड्गले नै ती पापी दुष्टहरूको मस्तक-काटी-काटीकन आफ्ना गण सहित तिनको घाँटीबाट बगेको तातो-तातो रगतरूपी मदिरा पिएर उन्मत्त भई उच्च स्वरले गाउँदै-नाच्दै तिनका शिररूपी भकुण्डोले खेल्न लागिन् ॥ १८ ॥ हे राजन् ! यसै प्रकार

तिदारुणं यद्ब्रह्मभूतस्य साक्षाद्ब्रह्मर्षिसुतस्य निर्वैरस्य भूतसुहृदः सूनायामप्यननुमतमालम्भनं तदुपलभ्य ब्रह्मतेजसाऽतिदुर्विषहेण दन्दह्यमानेन वपुषा सहसोच्चचाट सैव देवी भद्रकाली ॥ १७ ॥ भृशममर्षरोषावेशरभसविलसितभ्रुकुटिविटपकुटिलदंष्ट्रारुणेक्षणाटोपातिभयानकवदना हन्तुकामेवेदं महाट्टहासमतिसंरम्भेण विमुञ्चन्ती तत उत्पत्य पापीयसां दुष्टानां तेनैवासिना विवृक्णशीर्ष्णां गलात्स्रवन्तमसृगासवमत्युष्णं सह गणेन निपीयातिपानमदविह्वलोच्चैस्तरां स्वपार्षदैः सह जगौ ननर्त विजहार च शिरःकन्दुकलीलया ॥ १८ ॥ एवमेव खलु महदभिचारातिक्रमः कार्त्स्न्येनात्मने फलति ॥ १९ ॥ न वा एतद्विष्णुदत्त महदद्भुतं यदसंभ्रमः स्वशिरश्छेदन आपतितेऽपि विमुक्तदेहाद्यात्मभावसुदृढहृदयग्रन्थीनां सर्वसत्त्वसुहृदात्मनां निर्वैराणां साक्षाद्भगवताऽनिमिषारिवरायुधेनाप्रमत्तेन तैस्तैर्भावैः परिरक्ष्यमाणानां तत्पादमूलमकुतश्चिद्भयमुपसृतानां भागवतपरमहंसानाम् ॥ २० ॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे जडभरतचरिते नवमोऽध्यायः ॥ ९ ॥ श्रीशुक उवाच ॥ अथ सिन्धुसौवीरपतेः रहूगणस्य व्रजत इक्षुमत्यास्तटे तत्कुलपतिना शिबिकावाहपुरुषान्वेषणसमये दैवेनोपसादितः स द्विजवर उपलब्ध एष पीवा युवा संहननाङ्गो

सत्पुरुषप्रति गरिएको अभिचार अर्थात् मन्त्र प्रयोगले प्राणान्त पार्ने अपराध जस्ताको त्यस्तै आफैंतिर फर्केर आउँछ ॥ १९ ॥ हे राजन् ! जसले देहादिको आत्मभावरूपिणो सुहृद् हृदयग्रन्थि काटिसकेको छ, जो सबै प्राणीहरूका सुहृद् र वैरहीन हुन्छन्, स्वयं भगवान् नै भद्रकाली आदि विभिन्न रूप धारण गरेर आफ्नो कहिले विफल नहुने कालचक्ररूपी शस्त्रले रक्षा गर्दछन् । जो भगवान्का निर्भय चरणका शरणमा प्राप्त भइसकेका हुन्छन्, ती भगवद्भक्त परमहंसको निम्ति आफ्नो मस्तक काटिने अवसर उपस्थित हुँदा पनि व्याकुल नहुनु कुनै ठूलो विस्मयको कुरा हुन सक्नैन ॥२०॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां नवमोऽध्यायः ॥९॥ (महाराज जडभरत र रहुगणको मिलाप) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! एक समयको कुरा हो—सिन्धु तथा सौवीरदेशका स्वामी राजा रहूगण म्यानामा बसेर कहीं गइरहेका थिए । जब ती इक्षुमती नदीको तटमा पुगे तब तिनको म्याना बोक्ने मानिसको नाइकेलाई यौटा अर्को मानिसको खाँचो पर्‍यो । खोज्दा-खोज्दै भाग्यवश द्विजश्रेष्ठ जडभरत भेटिए । तिनलाई देखेर उसले विचार गर्‍यो—यो मनुष्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोटो बलियो र जवान अंग भएको छ। यस निम्ति यो गोरू-गधा झैं भारी बोक्न सर्वथा समर्थ देखिंदं छ। यति सोचेर उनले पहिलेदेखि म्यानामा लागेका ज्यामीहरूसित तिनलाई समातेर म्याना बोक्न लगायो। भरत यस कार्यको निम्ति सर्वथा अयोग्य भए पनि एक शब्द नबोली म्याना बोकेर हिड्न थाले ॥ १ ॥ बाटोमा हिंड्दा ती द्विजश्रेष्ठ खुट्टामुनि थिचिएर कुनै जीव नमरुन्–यस आशङ्काले एक बाण अगाडिको धरती हेरेर नै हिंड्दथे। यस प्रकार अन्य पीपाहरूसित उनको गति मिल्न सकिरहेको थिएन। जब म्याना हल्लन र बाङ्गिन लाग्यो, तब रहूगणले भने—'ए पीपा हो! राम्ररी हिंड! म्यालालाई यसरी अग्लो-होचो बाङ्गो पारेर किन हिंडेका?' ॥ २ ॥ आफ्ना स्वामीको यस्तो आक्षेपपूर्ण कुरा सुनेर चौथो उपाय अर्थात् दण्डले भयभीत भई ती पीपाहरू उतीसित भन्न लागे—॥ ३ ॥ 'हे महाराज! हामीहरू असावधान छैनौं। हामी त हजुरको आज्ञानुसार ठीक-ठीक म्याना बोकेर हिंड्दै छौं, तर यो भुन यौटा नयाँ मानिस भर्खर पालकी बोक्न लगाइएको छ, त्यो छिटो-छिटो हिंडीरहेको छैन। यसैले गर्दा हामी पालकी लिएर हिड्न अब

गोखरवद्धुरं वोढुमलमिति पूर्वविष्टिगृहीतैः सह गृहीतः प्रसभमतदर्हं उवाह शिबिकां स महानुभावः ॥ १ ॥ यदा हि द्विजवरस्येषुमात्रावलोकानुगतेर्न समाहिता पुरुषगतिस्तदा विषमगतां स्वां शिबिकां रहूगण उपधाय पुरुषानधिवहत आह–हे वोढारः! साध्वतिक्रमत किमिति विषममुह्यते यानमिति ॥ २ ॥ अथ ईश्वरवचः सोपालम्भमुपाकर्ण्योपायतुरीयाच्छङ्कितमनसस्तं विज्ञापयाम्बभूवुः ॥ ३ ॥ न वयं नरदेव प्रमत्ता भवन्नियमानुपथाः साध्वेव वहामः। अयमधुनैव नियुक्तोऽपि न द्रुतं व्रजति नानेन सह वोढुमुह वयं पारयाम इति ॥ ४ ॥ सांसर्गिको दोष एव नूनमेकस्यापि सर्वेषां सांसर्गिकाणां भवितुमर्हतीति निश्चित्य निशम्य कृपणवचो राजा रहूगण उपासितवृद्धोऽपि निसर्गेण बलात्कृत ईषदुत्थितमन्युरविस्पष्टब्रह्मतेजसं जातवेदसमिव रजसावृतमतिराह ॥ ५ ॥ अहो कष्टं भ्रातर्व्यक्तमुरुपरिश्रान्तो दीर्घमध्वानमेक एव ऊहिवान्सुचिरं नातिपीवा न संहननाङ्गो जरसा चोपद्रुतो भवान्सखे नो एवापर एते संघट्टिन इति बहुविप्रलब्धोऽप्यविद्यया विहितद्रव्यगुणकर्माशयस्वचरमकलेवरे वस्तुनि संस्थानविशेषेऽहंममेत्यध्यारोपितमिथ्याप्रत्ययो ब्रह्मभूतस्तूष्णीं शिबिकां पूर्ववदुवाह ॥ ६ ॥ अथ पुनः स्वशिबिकायां विषमगतायां प्रकुपित उवाच रहूगणः किमिदमरे त्वं

सक्तैनौं ॥४॥ दीन डोलेहरूका त्यस्ता वचन सुनेर राजा रहूगणले विचार गरे—'संसर्गले जायमान दोष एक व्यक्तिमा भएपछि त्योसित सम्बन्ध हुने सबै पुरुषमा आउन सक्छ।' अतएव गुरुजनको सेवक भएर पनि क्षत्रिय स्वभाववश तिनको मनमा केही क्रोध उत्पन्न भयो। तिनको बुद्धि रजोगुणले भरियो र ती जसको ब्रह्मतेज खरानी भित्रको अग्नि झैं अस्पष्ट थियो, ती द्विजश्रेष्ठ भरतलाई भने–॥५॥ ए भाई! ठूलो खेदको कुरा छ कि तँ वर्ता थाकिस जस्तो लागिरहेछ। यति परबाट तँ एक्लै नै पालकी बोकेर आइरहेको छस्! यसैसित नै यो कुरा पनि छ कि तँ धेरै मोटो, बलियो र हृष्ट-पुष्ट पनि छैनस्। हे मित्र! वृद्धावस्थाले पनि तँलाई भिन्नै चिचिराखेको छ। ज्ञात भइरहेको छ कि तेरा यी साथीहरूले त अझै पालकीमा हातै लाएका छैनन्।' यसरी राजाले निकैक झपार्दा पनि जडभरत पहिले जस्तै नै चूपचाप पालकी बोकेर हिंड्दै रहे, किनकि वस्तुतः अविद्यमान भिन्न-भिन्न अंग-युक्त देखिने अविद्याका कार्यस्वरूप पञ्चभूत, इन्द्रिय तथा अन्तःकरणका समूहरूपी आफ्नो अन्तिम शरीरमा उनलाई ममताको झूठो अभिमान रहिरहेको थिएन ॥ ६ ॥

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब राजा रहूगणले पालकी पहिले जस्तै विषमभावले हल्लिएको देखेर अतिशय रिसाई भने–'अरे ! यो के कुरा हो ! के तँ जिउँदै मृत्युको आवाहन गरिरहेको छस् त्यसैले यसरी अवज्ञा गरेर म आफ्नो स्वामीको आज्ञा टाल्दै गइरहेको छस् ? तँ ठूलो उन्मत्त जस्तै देखिन्छस् पर्खी, म दण्डपाणी यमराज जस्तै अहिल्यै तेरो उद्दण्डताको औषधि गर्दछु । जसले तँ चाँडै नै आज्ञापालक र सोझो हुनेछस् ॥७॥ आफूलाई राजा मानेर यसरी असम्बद्ध कुरा बोल्ने, रजोगुण तथा तमोगुणयुक्त अभिमानको वशीभूत भएर भगवान्‌का एकमात्र आश्रय भक्तजनको अपमान गन एवं भक्तजनको व्यवहार जान्नमा अकुशल भएर पनि आफूलाई पण्डित मान्ने राजा रहूगण समस्त प्राणीहरूका सुहृद्, आत्मा तथा ब्रह्म स्वरूपले एकत्वमा प्राप्त ती विप्रवर भरतले केही पनि नरिसाई मुसुमुसु हाँस्तै भने ॥ ८ ॥ ब्राह्मण देवता भन्दछन्—हे राजन् ! तिम्रो कथन यथार्थ हो । म यसलाई उपेक्षा गरेको मान्दिन । यदि भारी बोक्ने र बाटोमा हिंड्ने यो शरीर नै 'म' भए त मलाई यस भारको क्लेश र बाटोको श्रम अवश्य हुन्थ्यो । यस बाहेक तिम्रो यो कथन पनि उचित हो कि–'तँ बर्ता मोटो-घाटो

जीवन्मृतो मां कदर्थीकृत्य भर्तृशासनमतिचरसि । प्रमत्तस्य च ते करोमि चिकित्सां दण्डपाणिरिव जनताया यथा प्रकृतिं स्वां भजिष्यस इति ॥७॥ एवं बह्वसंबद्धमपि भाषमाणं नरदेवाभिमानां रजसा तमसाऽनुविद्धेन मदेन तिरस्कृताशेषभगवत्प्रियनिकेतं पण्डितमानिनं स भगवान् ब्रह्मभूतः सर्वभूतसुहृदात्मा योगेश्वरचर्यानां नातिव्युत्पन्नमति स्मयमान इव विगतस्मय इदमाह ॥ ८ ॥ ब्राह्मण उवाच ॥ त्वयोदितं व्यक्तमविप्रलब्धं भर्तुः स मे स्याद्यदि वीर भारः ॥ गन्तुर्यदि स्यादभिगम्यमध्वा पीवेति राशौ न विदां प्रवाहः ॥ ९ ॥ स्थौल्यं कार्श्यं व्याधय आधयश्च क्षुत्तृड्भयं कलिरिच्छा जरा च ॥ निद्रा रतिर्मन्युरहंमदः शुचो देहेन जातस्य हि मे न सन्ति ॥ १० ॥ जीवन्मृतत्वं नियमेन राजन्नाद्यन्तवद्यद्विकृतस्य दृष्टम् ॥ स्वस्वाम्यभावो ध्रुव ईड्य यत्र तर्ह्युच्यतेऽसौ विधिकृत्ययोगः ॥ ११ ॥ विशेषबुद्धेर्विवरं मनाक् च पश्याम यन्न व्यवहारतोऽन्यत् ॥ क ईश्वरस्तत्र किमीशितव्यं तथापि राजन्करवाम किं ते ॥१२॥ उन्मत्तमत्तजडवत्परभ्रां स्वसंस्थां गतस्य मे वीर चिकित्सितेन ॥ अर्थः कियान्भवता शिक्षितेन स्तब्धप्रमत्तस्य च पिष्टपेषः ॥१३॥श्रीशुक उवाच ॥ एतावदनुवादपरिभाषया प्रत्युदीर्य मुनिवर उपशमशील उपरतानात्म्यनिमित्त उपभोगेन कर्मारब्धं व्यपनयन्

र हृष्ट-पुष्ट पनि छैनस, किनकि हृष्ट-पुष्ट हुने आदि धर्म शरीरका नै हुन्छन्, यो तत्त्वज्ञानीहरूको वचन हो ॥९॥ स्थूलता, कृशता, आधि-व्याधि, क्षुधा, तृषा, भय, कलह, इच्छा, निद्रा, लोभ, प्रेम अभिमान एवं शोक यी सबै धर्म देहाभिमान उत्पन्न हुने व्यक्तिमा नै रहन्छन् ममा त यी अलिकति पनि छैनन् ॥१०॥ हे राजन् ! अब रह्यो मने र बाँच्ने कुरा, जति पनि आदि-अन्त्ययुक्त परिणामशील पदार्थ छन् ती सबैमा नियमितरूपले यी दुबै कुरा विद्यमान देखिन्छन् । हे स्तुत्य ! जहाँ कहीं स्वामी र सेवकको भाव निश्चित रहन्छ, त्यहीं नै आज्ञा-पालन आदिको नियम लागू हुन सक्तछ—अन्यत्र हुँदैन ॥ ११ ॥ राजा-प्रजाको भेदबुद्धिको निम्ति व्यवहारलाई छाडेर अरु कहीं केही अवकाश देखिन्दैन । यदि पारमार्थिक दृष्टिले हेन हो भने को कसको स्वामी हो र को कसको सेवक हो ? तथापि हे राजन् ! यदि तिमीलाई स्वामीत्वको अभिमान छ भने, भन म तिम्रो के सेवा गरौं ॥१२॥ हे वीर ! म जस्तो मत्त, उन्मत्त, जड़ एवं आफ्नै स्थितिमा मग्न रहनेलाई औषधि गर्न अथवा दण्ड दिनाले तिम्रो के प्रयोजन सिद्ध हुन्छ ? यदि म साँच्चै नै मूर्ख वा प्रमादी हुँ तापनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमीले दण्ड दिनु पिष्ट-पेषणकै समान व्यर्थ नै छ ॥१३॥ शुकदेवजी भन्दछन्—हे राजन् ! जसको देहाभिमानको कारणास्वरूप अज्ञान नष्ट भइसकेको थियो, ती शान्तचित्त मुनिवर जडभरत राजा रहूगणको कथनलाई अनुवादको काइदाले उत्तर दिई तथा भोगद्वारा आफ्नो प्रारब्ध कर्म नष्ट गर्नका लागि फेरि राजाको पालकी पहिले जस्तै बोकेर हिंड्न लागे ॥१०॥ हे पाण्डवेय ! सिन्धु तथा सौवीर देशका नरेश राजा रहूगण पनि उत्तम श्रद्धालु हुनाले तत्त्व-जिज्ञासाको पूर्ण अधिकारी थिए । ती द्विजश्रेष्ठ जडभरतको यस प्रकार अनेक योग-ग्रन्थको अभिमत एवं हृदय-ग्रन्थिलाई छिनाल्ने वचन सुन्नासाथ रहूगण पालकीबाट तल वर्ले र राजमदलाई त्यागेर, तिनका चरणमा ठाउको राखेर अपराध क्षमा माग्दै यस प्रकार भन्नलागे—॥१५॥ 'हे भगवन् ! हजुरले द्विजगणको चिह्नस्वरूप यो यज्ञोपवीत धारण गर्नुभएको छ, अनि यस प्रकार गुप्तभावले विचरण गर्ने हजुर को हुनुहुन्छ ? हजुर दत्तात्रय आदि विख्यात अवधूत मध्ये त कुनै हुनुहुन्न ? हजुर कसका पुत्र हुनुहुन्छ ? र हजुरको जन्मस्थान कहाँ हो ? यहाँ कहाँबाट पाल्नुभयो ! मेरो कल्याण गर्नको निम्ति आउनु-

राजयानमपि तथोवाह ॥ १४ ॥ स चापि पाण्डवेय सिन्धुसौवीरपतिस्तत्त्वजिज्ञासायां सम्यक् श्रद्धयाऽधिकृताधिकारस्तद्धृदयग्रन्थिमोचनं द्विजवच आश्रुत्य बहुयोगग्रन्थसम्मतं त्वरयाऽवरुह्य शिरसा पादमूलमुपसृतः क्षमायन्विगतनृपदेवस्मय उवाच ॥ १५ ॥ कस्त्वं निगूढश्चरसि द्विजानां बिभर्षि सूत्रं कतमोऽवधूतः ॥ कस्यासि कुत्रत्य इहापि कस्मात्क्षेमाय नश्चेदसि नोत शुक्लः ॥ १६ ॥ नाहं विशंके सुरराजवज्रान्न त्र्यक्षशूलान्न यमस्य दण्डात् ॥ नाग्न्यर्कसोमानिलवित्तपाशाच्छंके भृशं ब्रह्मकुलावमानात् ॥ १७ ॥ तद्ब्रूह्यसङ्गो जडवन्निगूढविज्ञानवीर्यो विचरस्यपारः ॥ वचांसि योगग्रथितानि साधो न नः क्षमन्ते मनसाऽपि भेत्तुम् ॥ १८ ॥ अहं च योगेश्वरमात्मतत्त्वविदां मुनीनां परमं गुरुं वै ॥ प्रष्टुं प्रवृत्तः किमिहारणं तत् साक्षाद्धरिं ज्ञानकलावतीर्णम् ॥ १९ ॥ स वै भवाँल्लोकनिरीक्षणार्थमव्यक्तलिङ्गो विचरत्यपिस्वित ॥ योगेश्वराणां गतिमन्धबुद्धिः

भएको हजुर साक्षात् सत्वमूर्ति भगवान कपिल मुनि त हुनुहुन्न ? ॥१६॥ म इन्द्रको वज्र, रुद्रको त्रिशूल,यमराजको दण्ड र अग्नि,सूर्य चन्द्र, कुबेरका शस्त्रले पनि डराउन्न, तर म ब्राह्मण कुलको अपमान नहोओस्, यसले बर्ता डराउँछु ॥१७॥ अतः हजुर भन्नुहवस कि यसरी गम्भीर विज्ञान-वीर्यले सम्पन्न भएर आफ्नो अपार महिमालाई लुकाएर यस प्रकार असङ्ग भावले मूर्ख जस्तै विचरण गर्ने हजुर को हुनुहुन्छ ? हे साधो ! हजुरको योगग्रन्थ सम्मत वाक्यहरू बुझ्नमा मेरो चित्त कत्ति पनि समर्थ देख्दिन ॥ १८ ॥ म त आत्मतत्त्वका ज्ञाता, मुनीश्वरहरूका गुरु एवं प्रत्यक्ष भगवान्का अंशावतार योगेश्वर कपिलभगवान्सित यो सोध्नको निम्ति उनको आश्रममा जाँदै थिएँ संसारमा शरण लिनेयोग्य एकमात्र पुरुषको छन् ? ॥१९॥ उसो भए हजुर कपिल मुनि नै त सबै लोकको दशा हेर्न आफ्नो रूप लुकाएर यसरी डुलिरहनु भएको होइन ? घरमा आसक्त अन्धबुद्धि *पाखेले योगेश्वरहरूको गति

* उदाहरण—गँवार (पाखे) यौटा कोरी कुनै हृष्ट पुष्ट राजालाई भेट्न गयो । जय-जय मनिसकेपछि बोल्यो–'सरकार ! हजुर त गधा जस्तै मोटाउनु भएको छ ।' यस्तो सुनेर राजा साहेब निकै रिसाए र उनले त्यसलाई ह्यालखानमा हाल्न लगाए । यो कुरा सुनेर कोरीको पिता राजाकहाँ गयो र भन्नलाग्यो–'महाराज ! हजुर मेरो छोरोलाई छाडिदिनुस्, पछि बरू आफ्नो शरीर बछरोले चिर्न लाए पनि हुन्छ ।' राजाले त्यसलाई पनि थुनाइदिए । अनि कोरिनी रानी साहेबकहाँ गई र भनी—'सरकार ! मेरी छोरा र पतिलाई छुटाइदिनोस । मेरो छोरो त हजुरको पनि छोरो, मेरो लोग्ने त हजुरको पनि लोग्ने ।' यस्ता 'पाखे' कुरा सुनेर रानी साहेब असाध्य हाँसिन् र तिनका सरल कुरा सुनेर दया लागी उनले ती दुवैलाई कैदबाट मुक्त पारिदिइन ।

CC-0. Digitized by eGangotri and MIDF - Delhi

कसरी जान सक्तछ ॥२०॥ मैले सांसारिक कामबाट आफूलाई थाकेहो देखेको छु, यसै निम्ति अनुमान गर्दछु कि भारी बोक्ने र बाटोमा हिंड्नाले हजुरलाई पनि श्रम अवश्य हुँदोहोला, अतएव हजुरको यो कथन—'मलाई कुनै श्रम हुँदैन' यो कुरा मैले बुझ्न सकिन। यो बाहेक हजुरले भन्नुभयो—'हाम्रो र तिम्रो स्वामी-सेवकको भाव केवल व्यवहार मात्र हो।' अतः त्यो व्यवहार मार्ग पनि त आफ्नो मूल कारणको साथ सत्य नै मानिन्छ। नभए त वस्तुतः असत् घटले जल ल्याउने आदि कार्य कसरी सम्पन्न हुन सक्तछन? ॥२१॥ जस्तै—चुल्होमा बसालेको थाली आगोले तातो भइसकेपछि त्यसको जल उम्लन थाल्दछ र त्यो उम्लिरहेको जलले चामलको भित्रीभाग पनि पाक्तछ, त्यसै गरी देह, इन्द्रिय र मनद्वारा जीवलाई विषयहरूको ज्ञान भइजान्छ ॥२२॥ प्रजाको पालन र शासन गर्नको निम्ति नियुक्त गरिएका राजा पनि प्रजाको सेवक नै हुन्छ। अतः उसले उन्मत्त आदि प्राणीहरूलाई दण्ड दिनु पनि पिष्ट-पेषण जस्तो नै हो, किनकि आफ्नो धर्मको आचरण गर्नु नै भगवान्‌को सच्चा सेवा हुन्छ र त्यस्तो गर्ने प्राणी आफ्नो सारा पापराशिलाई नष्ट पारिदिन्छ

कथ विचक्षीत गृहानुबन्धः ॥ २० ॥ दृष्टः श्रमः कर्मत आत्मनो वै भर्तुर्गन्तुर्भवतश्चानुमन्ये ॥ यथाऽसतो दानमनाद्यभावात्समूल इष्टो व्यवहार-मार्गः ॥ २१ ॥ स्थाल्यग्नितापात्पयसोऽभितापस्तत्तापतस्तण्डुलगर्भरन्धिः ॥ देहेन्द्रियस्वाशयसन्निकर्षात्तत्संसृतिः पुरुषस्यानुरोधात् ॥ २२ ॥ शास्ताऽभिगोप्ता नृपतिः प्रजानां यः किङ्करो वै न पिनष्टि पिष्टम् ॥ स्वधर्ममाराधनमच्युतस्य यदीहमानो विजहात्यघौघम् ॥ २३ ॥ तन्मे भवान्नर-देवाभिमानमदेन तुच्छीकृतसत्तमस्य ॥ कृषीष्ट मैत्रीदृशमार्तबन्धो यथा तरे सदवध्यानमंहः ॥ २४ ॥ न विक्रिया विश्वसुहृत्सखस्य साम्येन वीता-भिमतेस्तवापि ॥ महद्विमानात्स्वकृताद्धि मादृङ्नङ्क्ष्यत्यदूरादपि शूलपाणिः ॥२५॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे दशमोऽध्यायः ॥१०॥ ब्राह्मण उवाच ॥ अकोविदः कोविदवादवादान्वदस्यथो नातिविदां वरिष्ठः ॥ न सूरयो हि व्यवहारमेनं तत्त्वावमर्शेन सहामनन्ति ॥ १ ॥ तथैव राजन्नुरुगार्हमेधवितानविद्योरुविजृम्भितेषु ॥ न वेदवादेषु हि तत्त्ववादः प्रायेण शुद्धो नु चकास्ति साधुः ॥ २ ॥ न तस्य तत्त्वग्रहणाय साक्षाद्वरीयसीरपि वाचः समासन् ॥ स्वप्ने निरुक्त्या गृहमेधिसौख्यं न यस्य हेयानुमितं स्वयं स्यात् ॥ ३ ॥ यावन्मनो रजसा पूरुषस्य

॥२३॥ त्यसपछि राजा रहूगण क्षमा माग्दै यस प्रकार भन्नलागे—हे दीनबन्धो ! राजत्वको अभिमानवश उन्मत्त भएर मैले हजुर झैं साधु-श्रेष्ठको अपमान गरें। अतएव हजुर ममाथि यस्तो कृपादृष्टि गरिदिनोस् कि जसले म हजुरको अवज्ञाजनित पापबाट मुक्त होऊँ ॥२४॥ समदृष्टिले गर्दा देहाभिमानबाट रहित तथा जगत्का हितकारी हजुरजस्ता विश्वबन्धुलाई यद्यपि यस्ता मानापमानले कुनै विकार हुन सक्तैन, तापनि आफूले गरेको महापुरुषको अपमानले मजस्तो साक्षात् शंकर झैं समर्थ भएर पनि नष्ट नभई रहन सक्तैन ॥ २५ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे दशमोऽध्यायः॥१०॥(राजा रहूगणलाई जडभरतको ज्ञानोपदेश)—जडभरत भन्दछन्—हे राजन् ! वास्तवमा तिमी अज्ञ भएर पनि आत्मतत्त्वका ज्ञाता ज्ञानीहरू जस्तै कुरा गर्दछौ। यतिले तिमी तत्त्वज्ञानीहरूको समाजमा श्रेष्ठ मानिन सक्तैनौ, किनकि विचारशील पुरुष तत्वविचारको अवसरमा तिमीद्वारा प्रतिपादित व्यवहारको समर्थन गर्दैनन् ॥१॥ हे राजन् ! यसैं गरी गृहस्थोचित यज्ञ-विस्तारका विधिज्ञापक विस्तृतवेद-वाक्यहरूमा पनि रागादि दोषहित विशुद्ध तत्त्वविज्ञानको अभिव्यक्ति प्रायशः भएको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन ॥ २ ॥ जसलाई गृहस्थोचित यज्ञादि कर्मले प्राप्त हुने स्वर्गादि सुखको फल त्याज्य हो भन्ने थाहा हुँदैन तब उपनिषद् वाक्य पनि उसलाई तत्त्वज्ञान प्राप्त गराउनमा समर्थ हुन सक्तैन ॥ ३ ॥ जबसम्म मनुष्यको चित्त सत्वगुण र तमोगुणले ढाकिएको रहन्छ, तबसम्म त्यो स्वतन्त्रतापूर्वक आफ्ना ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय द्वारा शुभाशुभ कर्म गर्दै रहन्छ ॥४॥ मनुष्यको मन वासनात्मक विषयमा लिप्त, गुणहरूले प्रेरित, विकार तथा भूत-इन्द्रिय आदि सोह्र कलाले युक्त रहन्छ। यही विभिन्न नामले देवता तथा मनुष्यादिको रूप धारण गरेर शरीररूपी उपाधिहरूको भेदले जीवको उत्तमता तथा अधमतालाई विस्तृत रूप प्रदान गर्दछ ॥ ५ ॥ त्यसपछि कपटपूर्ण संसार-चक्रमा गाड्ने यो मायामय मन आफ्नो देहाभिमानी जीवसित मिलेर कालचक्रबाट प्राप्त सुख-दुःख तथा तीदेखि पृथक् तीव्र मोक्षरूपी फल प्रदान गर्दछ ॥ ६ ॥ जबसम्म मन रहन्छ तबसम्म जीवलाई स्पष्टरूपले प्रतीयमान यो स्थूल एवं सूक्ष्म व्यवार हुँदै रहन्छ। अतएव मानिस मनलाई नै त्रिगुणात्मक अधम संसार र गुणातीत परमोत्कृट मोक्षपदको कारण भन्दछ ॥ ७ ॥ प्रत्येक विषयासक्त मन

सत्त्वेन वा तमसा वाऽनुरुद्धम् ॥ चेतोभिराकूतिभिरातनो निरङ्कुशं कुशलं चेतरं वा ॥ ४ ॥ स वासनात्मा विषयोपरक्तो गुणप्रवाहो विकृतः षोडशात्मा ॥ बिभ्रत्पृथङ्नामभी रूपभेदमन्तर्बहिष्ट्वं च पुरस्तनोति ॥ ५ ॥ दुःखं सुखं व्यतिरक्तं च तीव्रं कालोपपन्नं फलमाव्यनक्ति ॥ आलिङ्ग्य मायारचितान्तरात्मा स्वदेहिनं संसृतिचक्रकूटः ॥ ६ ॥ तावाप्रयं व्यवहारः सदाविः क्षेत्रज्ञसाद्यो भवति स्थूलसूक्ष्मः ॥ तस्मान्मनो लिङ्गमदो वदन्ति गुणागुणत्वस्य परावरस्य ॥ ७ ॥ गुणानुरक्तं व्यसनाय जन्तोः क्षेमाय नैर्गुण्यमथो मनः स्यात् ॥ यथा प्रदीपो घृतवर्तिमश्नन् शिखाः सधूमा भजति ह्यन्दना स्वम् ॥ पदं तथा गुणकर्मानुबद्धं वृत्तीर्मनः श्रयतेऽन्यत्र तत्त्वम् ॥ ८ ॥ एकादशासन्मनसो हि वृत्तय आकूतयः पञ्च धियोऽभिमानाः ॥ मात्राणि कर्माणि पुरं च तासां वदन्ति सैकादश वीर भूमीः ॥ ९ ॥ गन्धाकृतिः स्पर्शरसश्रवांसि विसर्गरत्यर्त्यभिजल्पशिल्पाः ॥ एकादशं स्वीकरणं ममेति शय्यामहं द्वादशमेक आहुः ॥ १० ॥ द्रव्यस्वभावाशयकर्मकालैरेकादशामी मनसो विकाराः ॥ सहस्रशः शतशः कोटिशश्च क्षेत्रज्ञतो न मिथो न स्वतः स्युः ॥ ११ ॥ क्षेत्रज्ञ एषां मनसो विभूतीर्जीवस्य मायारचितस्य नित्याः ॥ आविहिताः

जीवलाई सङ्कटमा पार्दछ र उही विषयहीन भएपछि त्यसलाई शान्तिमय मोक्षपद दिइदिन्छ। जस्तै–घिउले भिजेको बात्तीलाई भक्षण गर्ने दीयो धूआँ हुने शिखालाई धारण गर्छ र पुनः समाप्त हुनासाथ त्यो आफ्नो कारणस्वरूप अग्नितत्त्वमा लीन हुन्छ। त्यस्तै नै गुण तथा कर्ममा आसक्त मन विविध प्रकारका वृत्तिले युक्त रहन्छ र निर्गुण हुनासाथ त्यो आफ्नो कारण महत्तत्त्वमा गएर लीन हुन्छ ॥ ८ ॥ हे वीर राजन् ! पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय तथा एक अहङ्कार, मनका यी एघार वृत्तिहरू छन्। पाँच प्रकारका कर्म, पाँच तन्मात्रा तथा एक शरीर यी एघार तिनका आश्रयस्वरूप विषय मानिएका छन्। गन्ध, रूप, स्पर्श, रस तथा शब्द यी पाँच ज्ञानेन्द्रियहरूका विषय मानिन्छ। मलत्याग, भोग, गमन, भाषण तथा लिनु-दिनु आदि व्यापार—यी कर्मेन्द्रियका विषय हुन्। शरीरलाई स्वीकार गरेर मान्नु एघारौं अहङ्कारका विषय मानिन्छन्। केही व्यक्ति अहङ्कारलाई मनको बाह्रौं वृत्ति तथा त्यसको आधारभूत शरीरलाई बाह्रौं विषय भन्दछन् ॥९-१०॥ मनका यी एघार वृत्तिहरू द्रव्य, आशय, कर्म तथा कालद्वारा परिणाममा प्राप्त भएर सयकडौं, हजारौं तथा

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करोड़ौं किसिमका भइजाने गर्दछन् । यिनको अस्तित्व क्षेत्रज्ञ आत्माको नै अस्तित्वले छ । स्वतः वा परस्पर मिलेर पनि इनको कुनै स्वतन्त्र सत्ता छैन ॥११॥ संसारबन्धनको हेतुरूप कर्म गर्ने जीवको मायारचित मनको प्रवाहरूपले सदा बग्ने वृत्तिहरू जान कि जाग्रत् तथा स्वप्नावस्थामा प्रकट हुन्छन् र सुषुप्ति अवस्थामा तिरोहित हुने गर्दछन् । तिनलाई यो शुद्ध र साक्षी आत्मा सर्वदा हेर्दैरहन्छ ॥१२॥ क्षेत्रज्ञ आत्मा नै सबैका अन्तःकरणमा विराजमान, जगत्को मूल कारण, स्वयं प्रकाशशील, अजन्मा ब्रह्मादिका पनि नियन्ता तथा आफ्नो अधीन मायासित सबै जीवको भित्र विद्यमान भगवान् वासुदेव छन् ॥१३॥ जस्तै वायु सबै स्थावर जङ्गम प्राणीहरूमा प्राणरूपले प्रविष्ट भएर तिनलाई प्रेरित गर्दछ, त्यस्तै नै सबैका अन्तर्यामी तथा आत्मा र प्रकृति आदिदेखि पर भगवान् वासुदेव पनि यस प्रपञ्चमा मिसिएका छन् ॥१४॥ हे राजन् ! जबसम्म मनुष्य आफ्नो ज्ञानोदय द्वारा मायालाई तिरस्कार गरेर सबै संगत त्यागेर कामक्रोधादि शत्रुहरू तथा समस्त आत्मतत्त्व जानिसक्तैन र जबसम्म आत्माको उपाधिस्वरूप मनलाई संसारको दुःखको क्षेत्र भनी बुझ्दैनन्, तबसम्म यस संसारमा

क्वापि तिरोहिताश्च शुद्धो विचष्टे ह्यविशुद्धकर्तुः ॥ १२ ॥ क्षेत्रज्ञ आत्मा पुरुषः पुराणः साक्षात्स्वयंज्योतिरजः परेशः ॥ नारायणो भगवान्वासुदेवः स्वमाययाऽऽत्मन्यवधीयमानः ॥ १३ ॥ यथाऽनिलः स्थावरजङ्गमानामात्मस्वरूपेण निविष्ट ईशेत् ॥ एवं परो भगवान्वासुदेवः क्षेत्रज्ञ आत्मे- दमनुप्रविष्टः ॥ १४ ॥ न यावदेतां मनुभृन्नरेन्द्र विधूय मायां वयुनोदयेन ॥ विमुक्तसङ्गो जितषट्सपत्नो वेदात्मतत्त्वं भ्रमतीह तावत् ॥ १५ ॥ न यावदेतन्मन आत्मलिङ्गं संसारतापावपनं जनस्य ॥ यच्छोकमोहामयरागलोभवैरानुबन्धं ममतां विधत्ते ॥ १६ ॥ भ्रातृव्यमेनं तददभ्रवीर्यमुपेक्षयाध्ये- धितमप्रमत्तः ॥ गुरोर्हरेश्चरणोपासनास्त्रो जहि व्यलीकं स्वयमात्ममोषम् ॥ १७ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे ब्राह्मणरहूगणसंवादे एकादशोऽध्यायः ॥ ११ ॥ रहूगण उवाच ॥ नमो नमः कारणविग्रहाय स्वरूपतुच्छीकृतविग्रहाय ॥ नमोऽवधूतद्विजबन्धुलिङ्गनिगूढनित्यानुभवाय तुभ्यम् ॥ १ ॥ ज्वरामयार्तस्य यथाऽगदं सन्निदाघदग्धस्य यथा हिमाम्भः ॥ कुदेहमानाहिविदष्टदृष्टेर्ब्रह्मन्वचस्तेऽमृतमौषधं मे ॥ २ ॥ तस्माद्भवन्तं मम संशयार्थं प्रक्ष्यामि पश्चादधुना सुबोधम् ॥ अध्यात्मयोगग्रथितं तवोक्तमाख्याहि कौतूहलचेतसो मे ॥ ३ ॥ यदाह योगेश्वर दृश्यमानं क्रिया-

डुलिनै रहन्छ । किनकि मन उसलाई मोह, राग, लोभ र वैरत्व आदि बन्धनले बाँधिइरहन्छ र त्यसको माया बढाउँदै रहन्छ । अतः जो उपेक्षा गर्दै रहनाको कारणले धेरै बलवान् भएको छ, आफ्नो आत्मालाई आच्छादित पार्ने त्यस मनरूपी प्रबल कप्टी शत्रुलाई तिमी श्रीगुरु तथा श्रीहरिका चरणको सेवारूपी शस्त्रले मार ॥१५-१७॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे नेपाली भाषाटीकायां एकादशोऽध्यायः ॥११॥ (राजा रहूगणको प्रश्न र जडभरत द्वारा समाधान)—राजा रहूगण भन्दछन्–हे भगवन् ! जुन ईश्वरले केवल लोकरक्षाका लागि शरीर धारण गरे, आफ्नो परमानन्द स्वरूपको अनुभव गरेर जो शरीरलाई तुच्छ ठान्दछन् ती जड ब्राह्मणको स्वरूपबाट आफ्नो नित्यानुभवस्वरूपलाई लुकाइरहने अवधूत स्वरूप हजुरलाई मेरो नमस्कार छ ॥ १ ॥ हे ब्रह्मन् ! जस्तै–ज्वररोगले पीडित प्राणीलाई औषधि तथा घामले सन्तप्त मनुष्यलाई शीतल जल हितकारी हुन्छ, त्यस्तै देहाभिमानस्वरूप विषधर सर्पले डसेको मेरो निम्ति हजुरको अमृतमय वचन औषधि जस्तै छ॥२॥हे देवता ! म हजुरद्वारा आफ्ना संशयहरूको निवृत्ति पछि गराउँला । यसबखत हजुरले जो मलाई अध्यात्मयोग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेश दिएको छ पहिले त्यो अझ सरल रीतिले मलाई बुझाउनोस् । त्यो जान्ने मेरो प्रबल इच्छा छ ॥३॥ हे योगेश्वर ! हजुरले जो भन्नुभयो—कर्मको प्रत्यक्ष दृश्यमान श्रम आदि फल अदृश्यमा व्यवहारको कारण भएर पनि सत्य छैन, त्यो तत्त्व-विचारको अगाडि अलिकति पनि टिक्तैन । यो विचारे मेरो बुद्धि भ्रममा परिरहेको छ ॥४॥ ब्राह्मण देवता भन्दछन्—हे राजन् ! यो शरीर पृथ्वीको विकार हो । कुनै कारणले यो पृथ्वीमा हिड्न-डुल्न थाल्दछ । अतः यसका विविध नाम परिरहन्छन् । यसका दुइ चरण हुन्छन् । तिनको माथि क्रमशः गुल्फ (गोलीगाँठा), जानु, ऊरू, अरु, कटिप्रदेश, वक्षस्थल, कण्ठ तथा काँध आदि अंग हुन् ॥ ५ ॥ यसको काँधका काठको पालकी राखेको छ । त्यसमा 'सौवीरराज' नामको यौटा पार्थिव विकार बसेको छ । जसमाथि ममता राख्नाले तिमी 'म सिन्धु देशको नरेश हुँ ।' यस दुर्मदले अन्धो भएका छौ ॥६॥ तर यसले तिम्रो श्रेष्ठता सिद्ध हुँदैन । जो विचरा अत्यन्त दीन दुःखी र शोचनीय भइरहेछन् ती डोलेहरूलाई व्यर्थ बेगारमा समायौ, यस निम्ति तिमी ठूलो क्रूर र धृष्ट हौ । महापुरुषहरूको सभामा जो 'म प्रजाको रक्षक हुँ' यसरी लामो-लामो

फलं सद्व्यवहारमूलम् ॥ न ह्यञ्जसा तत्त्वविमर्शनाय भवानमुष्मिन्भ्रमते मनो मे ॥ ४ ॥ ब्राह्मण उवाच ॥ अयं जनो नाम चलन्पृथिव्यां यः पार्थिवः पार्थिव कस्य हेतोः ॥ तस्यापि चांघ्र्योरधिगुल्फजङ्घाजानूरुमध्योरुशिरोधरांसाः ॥ ५ ॥ अंसेऽधि दार्वी शिबिका च यस्यां सौवीरराजेत्यपदेश आस्ते ॥ यस्मिन्भवान्रूढनिजाभिमानो राजाऽस्मि सिन्धुष्विति दुर्मदान्धः ॥ ६ ॥ शोच्यानिमांस्त्वमधिकष्टदीनान्विष्टया निगृह्णन्निरनुग्रहोऽसि ॥ जनस्य गोप्ताऽस्मि विकत्थमानो न शोभसे वृद्धसभासु धृष्टः ॥ ७ ॥ यदा क्षितावेव चराचरस्य विदाम निष्ठां प्रभवं च नित्यम् ॥ तन्नामतोऽन्यद्व्यवहारमूलं निरूप्यतां सत्क्रिययाऽनुमेतम् ॥ ८ ॥ एवं निरुक्तं क्षितिशब्दवृत्तमसन्निधानात्परमाणवो ये ॥ अविद्यया मनसा कल्पितास्ते येषां समूहेन कृतो विशेषः ॥ ९ ॥ एवं कृशं स्थूलमणुर्बृहद्यदसच्च सज्जीवमजीवमन्यत् ॥ द्रव्यस्वभावाशयकालकर्मनाम्नाऽजयाऽवेहि कृतं द्वितीयम् ॥ १० ॥ ज्ञानं विशुद्धं परमार्थमेकमनन्तरं त्वबहिर्ब्रह्म सत्यम् ॥ प्रत्यक् प्रशान्तं भगवच्छब्दसंज्ञं यद्वासुदेवं कवयो वदन्ति ॥ ११ ॥ रहूगणैतत्तपसा न याति न चेज्यया निर्वपणाद्गृहाद्वा ॥ न छन्दसा नैव जलाग्निसूर्यैर्विना महत्पादरजोऽभिषेकम् ॥ १२ ॥ यत्रोत्तमश्लोकगुणानुवादः प्रस्तूयते

धाक लगाउँछौ, यसले तिमी शोभित हुँदैनौ ।७॥ जब म यो जान्दछु—निखिल चराचर प्राणीहरूको उत्पत्ति र लय सधैं पृथ्वीबाट हुन्छ तब तिनको कामले नाम बाहेक अरू व्यवहारको मूल के बुझिन्छ—त्यो तिमी मलाई भन ॥८॥ यसै गरी 'पृथिवी' शब्दको अस्तित्व पनि निरर्थक नै छ, किनकि त्यो आफ्नो कारणस्वरूप ती सूक्ष्म परमाणुहरूमा लय हुन्छ, जसका समवायले पृथ्वीरूप कार्यको सिद्धि हुन्छ । ती परमाणु पनि अविद्या द्वारा मनले नै कल्पित गरिन्छन् ॥९॥ त्यसै गरी अरु पनि जो कृश, स्थूल, साना, ठूला सत्, असत् एवं चेतन-अचेतन जगत् देखिन्छ, त्यो द्रव्य, स्वभाव, आशय, काल र कर्म आदि नामास्मिका भगवान्‌की मायाको नै कार्य हो भन्ने जान ॥ १० ॥ अतः जुन विशुद्धज्ञान स्वरूप अद्वितीय, भित्र-बाहिरको भेदले रहित, व्यापक तथा अन्तर्मुख रहन्छ, त्यही अत्यन्त शान्त तथा परमार्थ सत्य छ । त्यसैलाई पण्डितहरू 'भगवान्' र उसैलाई 'वासुदेव' पनि भन्दछन् ॥ ११ ॥ तर हे राजा रहूगण ! यो ज्ञान महापुरुषका चरण-रजलाई मस्तकमा धारण नगरीकन केवल तप, यज्ञ, दान, गृहस्थोचित धर्मको पालन, वेदाध्ययन तथा जल

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्नि वा सूर्यको उपासना आदि सा धनले प्राप्त हुँदैन ॥१२॥ किनकि महापुरुषहरूका सभामा भगवान्‌का गुण-गान र विषय-वासनालाई हटाउने सम्भाषण हुन्छ । नित्यप्रति त्यसको सेवन गर्नाले त्यो भगवत्-कथा मोक्षका अभिलाषीको, शुद्ध बुद्धिलाई भगवान् वासुदेवमा लगाइदिन्छ ॥ १३ ॥ म पूर्वजन्ममा भरत नामको राजा थिएँ । त्यस बखत म लौकिक तथा पारलौकिक विषयहरूको सङ्ग त्यागेर भगवान्‌को उपासनामा तत्पर रहन्थें । तैपनि मृगको सङ्गतिले परमार्थ भ्रष्ट भएर अर्को जन्ममा मृगयोनिमा पुग्नगएँ ॥ १४ ॥ तर भगवान् कृष्णको आराधनाको महिमाले त्यस योनिमा पनि मलाई पूर्वजन्मको स्मरण बनी रह्यो । अतः जब म जनसंसर्गले शंकितचित्त रहेर सदा असंगभावले आफूलाई लुकाई विचरण गर्दछु ॥१५॥ मेरो त यस्तो विचार छ कि मनुष्य वैराग्य तथा साधु-समागम द्वारा प्राप्त ज्ञानरूपी खड्गले यस लोकमा नै मोहबन्धन काटी भगवान्‌का लीलाहरूको कथन र स्मरण द्वारा निरन्तर भगवान्‌को ध्यान गर्दै संसार-सागरलाई पार गरेर भगवान्‌को नजीकै पुग्न सक्तछ ॥ १६ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे पं० गौरीशंकर

ग्राम्यकथाविघातः ॥ निषेव्यमाणोऽनुदिनं मुमुक्षोर्मतिं सतीं यच्छति वासुदेवे ॥ १३ ॥ अहं पुरा भरतो नाम राजा विमुक्तदृष्टश्रुतसङ्गबन्धः ॥ आराधनं भगवत ईहमानो मृगोऽभवं मृगसङ्गाद्धतार्थः ॥ १४ ॥ सा मां स्मृतिर्मृगदेहेऽपि वीर कृष्णार्चनप्रभवा नो जहाति ॥ अथो अहं जनसङ्गादसङ्गो विशङ्कमानोऽविवृतश्चरामि ॥ १५ ॥ तस्मान्नरोऽसङ्गसुसङ्गजातज्ञानासिनेहैव विवृक्णमोहः ॥ हरिं तदीहाकथनस्मृतिभ्यां लब्धस्मृतिर्यात्यतिपारमध्वनः ॥ १६ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे ब्राह्मणरहूगणसंवादे द्वादशोऽध्यायः ॥ १२ ॥ ब्राह्मण उवाच ॥ दुरत्ययेऽध्वन्यजया निवेशितो रजस्तमःसत्त्वविभक्तकर्मदृक् ॥ स एष सार्थोऽर्थपरः परिभ्रमन्भवाटवीं याति न शर्म विन्दति ॥ १ ॥ यस्यामिमे षण्नरदेव दस्यवः सार्थं विलुम्पन्ति कुनायकं बलात् ॥ गोमायवो यत्र हरन्ति सार्थिकं प्रमत्तमाविश्य यथोरणं वृकः ॥ २ ॥ प्रभूतवीरुत्तृणगुल्मगह्वरे कठोरदंशैर्मशकैरुपद्रुतः ॥ क्वचित्तु गन्धर्वपुरं प्रपश्यति क्वचित्क्वचिच्चाशुरयोल्मुकग्रहम् ॥ ३ ॥ निवासतोयद्रविणात्मबुद्धिस्ततस्ततो धावति भो अटव्याम् ॥ क्वचिच्च वात्योत्थितपांशुधूम्रा दिशो न जानाति रजस्वलाक्षः ॥ ४ ॥ अदृश्यझिल्लीस्वनकर्णशूल उलूकवाग्भिर्व्यथितान्तरात्मा ॥ अपुण्यवृक्षान्

'वसिष्ठ' कृत नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥१२॥ (संसाररूपी वनको वर्णन र रहूगणको शंका समाधान)—ब्राह्मणदेव भन्दछन्—हे राजन् ! मायाद्वारा दुर्गम प्रवृत्तिमार्गमा लागेको र सत्त्वादि विभिन्न प्रकारका कर्मको विभाग देख्ने सुखरूपी धनमा आसक्त जीवरूपी वणिक्‌समूह भौंतारिँदै संसाररूपी वनमा आउँछ तर यहाँ त्यो केही सुख पाउन्न ॥ १ ॥ हे राजन् ! यस वनमा पाँच ज्ञानेन्द्रिय र मन यी छ चोर रहन्छन्, ती त्यो जीवरूपी वणिक् समूहको—जसको बुद्धिरूपी नायक ठूलो उद्दण्ड छ—हठपूर्वक सबै धन लुटेर लिन्छन् । जस्तै भेडाको बथानमा पसेर चितुवाले तिनका बच्चा घिसारेर लैजान्छ, त्यस्तै उहाँ बस्ने स्त्री-पुत्रादिरूपी स्याल त्यो सोझो वणिक्‌लाई यता-उता तान्न लाग्दछन् ॥ २ ॥ त्यो संसाररूपी वन काम्यकर्मरूपी अनेक लता, तृण र झाडीहरूले गर्दा अत्यन्त दुर्गम रहन्छ । त्यसमा अल्झेर जीव कहिले नीच पुरुषरूपी लामखुट्टे, डाँसले टोक्नाले पीडित हुन्छ । कहिले मायाको गन्धर्व नगर र कहिले अतिशय चञ्चल एवं आगो उगेल्ने वेताल देख्दछ ॥ ३ ॥ त्यो वासस्थान, जल तथा धन आदिको खोजीमा आसक्त भएर त्यस वनमा यता-उता

भा.टी.

अ. १३

॥२१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भौतारिँदै रहन्छ । कहिले उसका आँखामा स्त्रीरूपी आँधीबाट उठेको रागरूपी धूलो भरिनाले उसलाई दिशाहरू वा कर्मकासाक्षी देवताहरूको पनि ज्ञान रहन्न ॥४॥ त्यो कहिले-कहिले नदेखिने शत्रुरूपी झ्याउँकिरीका कर्णकटु शब्द सुन्थ्यो, कहिलें राजारूपी उल्लूको बोलीले उसको चित्त साह्रै दुःखी हुने गर्दथ्यो । त्यो कहिले भोकलाग्नाले पाप-वृक्षको आड लिएर तथा कहिले पिपासाकुल भएर मिथ्या विषय भोगरूपिणी मृगतृष्णाको जलतिर दगुर्न लाग्दछ ॥५॥ कहिले त्यो सुखेकी नदीतिर दगुर्दछ र कहिले अन्न नपाउनाले गर्दा भोकले व्याकुल भएर आपुसमा नै भोजनार्थ अन्न माग्न थाल्दछ । कहिले त्यो दावानल जस्तै दुःखदायी घरमा पुगेर शोकरूपी अग्निले सन्तप्त हुन्छ र कहिले यक्षहरू अर्थात् राजाहरू द्वारा प्राणरूपी धन हरण गर्नाले दुःखी हुन्छ ॥६॥ कहिले शूरवीर व्यक्ति उसको सर्वस्व खोसिलिन्छन्, अनि खिन्न मन र शोकाकुल भएर कष्टले मूर्च्छा पर्दछ र

श्रयते क्षुधार्दितो मरीचितोयान्यभिधावति क्वचित् ॥ ५ ॥ क्वचिद्वितोयाः सरितोऽभियाति परस्परं चालभते निरन्धः ॥ आमाद्य दावं क्वचिदग्नितप्तो निर्विद्यते क्व च यक्षैर्हृतासुः ॥ ६ ॥ शूरैर्हृतस्वः क्व च निर्विण्णचेताः शोचन्विमुह्यन्नुपयाति कश्मलम् ॥ क्वचिच्च गन्धर्वपुरं प्रविष्टः प्रमोदते निर्वृतवन्मुहूर्तम् ॥ ७ ॥ चलन्क्वचित्कण्टकशर्कराङ्घ्रिर्नगारुरुक्षुर्विमना इवास्ते ॥ पदे पदेऽभ्यन्तरवह्निनार्दितः कौटुम्बिकः क्रुध्यति वै जनाय ॥ ८ ॥ क्वचिन्निगीर्णोऽजगराहिना जनो नावैति किञ्चिद्विपिनेऽपविद्धः ॥ दष्टः स्म शेते क्व च दन्दशूकैरन्धोऽन्धकूपे पतितस्तमिस्रे ॥ ९ ॥ कर्हि स्मचित्क्षुद्ररसान्विचिन्वंस्तन्मक्षिकाभिर्व्यथितो विमानः ॥ तत्रातिकृच्छ्रात्प्रतिलब्धमानो बलाद्विलुम्पन्त्यथ तं ततोऽन्ये ॥ १० ॥ क्वचिच्च शीतात·

कहिले गन्धर्वनगर अर्थात् कुटुम्बको बन्धनमा पुगेर एक मुहूर्तको निम्ति सुखी जस्तै भएर आनन्दमग्न हुने गर्दछ ॥७॥ कर्म गर्न लोभले हिँड्दा-हिँड्दा काँढा र ढुङ्गारूपी विघ्नले गर्दा विफल हुने गर्दछ । उसका कुटुम्ब निकै सन्तप्त हुन्छन् । यस कारण त्यो पद-पदमा जठरानलले तप्त भएर आफ्ना स्वजनमाथि रिस गर्नथाल्दछ ॥८॥ कहिले त्यो अजिंगर सर्पद्वारा निलिएर वनमा फ्याँकिएका मृतकको समान पडिरहन्छ । त्यस वेला उसलाई आफ्नो तन-मनको पनि सुद्धि रहन्न । कहिले वनमा सर्पादि जन्तुहरू अर्थात् दुर्जनले टोक्नाले अन्धो भएर यौटा निस्पट्ट अँध्यारो कुलामा पर्दछ ।९॥ कहिले ऊ परस्त्री तथा परधनको *लोभरूपी महको खोजमा भौंतारिन थाल्दछ, अनि मौरीहरुद्वारा पीडित हुनाले धेरै क्लेश हुन्छ । यदि कुनै प्रकारले त्यहाँ सफलता पाए पनि अन्य शत्रुहरूले ध्याँक्तछन् ॥१०॥ कहिले-कहिले त्यो शीत, ताप, वायु तथा वर्षाबाट आफ्नो रक्षा गर्न असमर्थ

* उदाहरण (लोभले मृत्यु)— यौटा धनाढ्य व्यक्ति साह्रै लोभी थियो । धनी भएर पनि लोभ छुटतैनथ्यो । यो साधारण कुरा हो—लोभीसित नै धन एकत्र हुन्छ । जस्तै व्यवहारमा नल्याइने जल धमिलिन्छ र त्यो जलले रोग उत्पन्न गरेर मारिदिन्छ । त्यसै गरी व्यवहारमा नलागेर एकत्र भएको धनले अभिमान आदि रोग उत्पन्न गरेर मनुष्यलाई अधोगति पुर्‍याइदिन्छ । अतः त्यो लोभी प्रत्येक साता आफ्नो रुपियाँ गन्दथ्यो । कसैले देख्छ कि भनेर गन्ने बेलामा ऊ एकले कोठामा बस्तथ्यो । एक दिन त्यो ढुकुटीमा बसेर नोटका मुठा गनिसकेको थियो । अब मोहर गन्न आँटेको थियो । त्यसै वेला उसको कारिन्दा कुनै काम परेर ढुकुरी कोठामै आइपुग्यो । सेठले भित्रबाट ठूलो सेफको ढोका थुन्यो र बाहिरबाट नुकुल खसेर स्वतः ताल्चा थुनियो । भित्रबाट त्यो धेरै करायो । तर सेफको ठूलो ढोका बन्द हुनाले त्यसको शब्द सुनिएन । घरका मानिसले त्यो लोभीको धेरै खोजी गरे, तर त्यसको पत्तो लागेन । लोभी सेफमा थुनिएको होला भन्ने कसैले विचार गर्न सकेनन् । त्यो लोभी त्यहीं कराई-कराई मर्‍यो । खोजी गर्दागर्दै एक साता बित्यो तर पत्तो लागेन । निकै दिनपछि हिसाब मिलाउन जब उसको छोरोले सेफ खोल्दा त्यसबाट लोभीको कुहेको लाश हात लाग्यो ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुने गर्दछ । कहिले काहीं आपुसमै अलि-अलि व्यापार गर्न लाग्दछ भने लोभवश अर्कालाई झुक्याएर उसित शत्रुता किन्दछ ॥११॥ कहिले कहीं त्यस संसार-वनमा धन नष्ट हुनाले गर्दा उसित शय्या, आसन र बस्ने पनि रहन्न । त्यसपछि अर्काको वस्तुमा आफ्ना आँखा गडाएर उसित माग्न थाल्दछ, तैपनि त्यसको कामना पूर्ण भएझैं हुँदैन र उसले अर्का द्वारा अपमानित हुनुपर्दछ ॥१२॥ यस प्रकार व्यवहारिक सम्बन्धमा यौटाको अर्कोसित द्वेषभाव बढ्दै जाँदा पनि ऊ परस्पर विवाहादि सम्बन्ध स्थापित गर्दछ र फेरि यही बाटोमा धन नाश आदि विविध सङ्कट भोग्दै मरे तुल्य हुन्छ ॥१३॥ त्यसपछि त्यो वणिक्समूह आफ्ना मरिसकेका साथीहरूलाई त्यहीं छाडेर नवीन उत्पन्न हुने साथीहरूलाई सँगै लिएर अगाडि बढ्दछ । हे वीर ! तीमध्ये कहिल्यै कोही पनि नत आजसम्म पछि फर्केको छ, न यस मार्गमा पल्लोपट्टि परमानन्दमय योग मार्गमा नै प्रवृत्त भएको छ ॥१४॥ जस जसले ठूला-ठूला दिक्पालहरूलाई जितेका थिए, ती धीर-वीर पुरुष पनि 'यो पृथ्वी मेरी हुन्' यस्तो ममत्वयुक्त अभिमान गरेर आपुसमा वैरत्व ठानी

पवातवर्षप्रतिक्रियां कर्तुमनीश आस्ते ॥ क्वचिन्मिथो विपणन्यच्च किञ्चिद्विद्वेषमृच्छत्युत वित्तशाठ्यात् ॥ ११ ॥ क्वचित्क्वचित्क्षीणधनस्तु तस्मिन् शय्यासनस्थानविहारहीनः ॥ याचन्परादप्रतिलब्धकामः पारक्यदृष्टिर्लभतेऽवमानम् ॥ १२ ॥ अन्योन्यवित्तव्यतिषङ्गवृद्धवैरानुबन्धो विवदन्मिथश्च ॥ अध्वन्यमुष्मिन्नुरुकृच्छ्रवित्तबाधोपसर्गैर्विहरन्विपन्नः ॥ १३ ॥ तांस्तान्विपन्नान्स हि तत्र तत्र विहाय जातं परिगृह्य सार्थः ॥ आवर्ततेऽद्यापि न कश्चिदत्र वीराध्वनः परमुपैति योगम् ॥ १४ ॥ मनस्विनो निर्जितदिग्गजेन्द्रा ममेति सर्वे भुवि बद्धवैराः ॥ मृधे शयीरन्न तु तद्व्रजन्ति यन्न्यस्तदण्डो गतवैरोऽभियाति ॥ १५ ॥ प्रसज्जति क्वापि लताभुजाश्रयस्तदाश्रयो व्यक्तपदद्विजस्पृहः ॥ क्वचित्कदाचिद्धरिचक्रतस्त्रसन्सख्यं विधत्ते बककङ्कगृध्रैः ॥ १६ ॥ तैर्वञ्चितो हंसकुलं समाविशन्नरोचयन् शीलमुपैति वानरान् ॥ तज्जातिरासेन सुनिर्वृतेन्द्रियः परस्परोद्वीक्षणविस्मृतावधिः ॥ १७ ॥ द्रुमेषु रंस्यन्सुतदारवत्सलो व्यवायदीनो विवशः स्वबन्धने ॥ क्वचित्प्रमादाद्गिरिकन्दरे पतन्वल्लीं गृहीत्वा गजभीत आस्थितः ॥ १८ ॥ अतः कथञ्चित्स विमुक्त आपदः पुनश्च सार्थं प्रविशत्यरिन्दम ॥ अध्वन्यमुष्मिन्नजया निवेशितो भ्रमञ्जनोऽद्यापि न वेद कश्चन

युद्धमा मर्दछन् तथापि त्यस पदलाई पाउन सक्तैनन्, जसलाई अजातशत्रु परमहंसगण प्राप्त गर्दछन् ॥१५॥ यस संसाररूपी वनमा भौंतारिने त्यो जनसमुदाय कहिले लतादिको भर लिएर मीठो बोल्ने पक्षी अर्थात् बालकहरूमा मग्न हुन्छ र कहिले सिंहका समूह अर्थात् कालचक्रले उडेर बकुल्लो, कङ्क र गिद्ध आदिरूपी पाखण्डीहरूका साथ प्रीति गर्न थाल्दछ ॥१६॥ जब ऊ तिनीहरूसित धोका खान्छ अनि हंसका पंक्ति अर्थात् ब्राह्मणकुलमा प्रविष्ट हुने उद्योग गर्दछ । अब उसलाई तिनको आचार पनि रुच्दैन, अनि बानरहरू अर्थात् चंचल स्वभावका व्यक्तिमा गएर मिसिन्छ र तिनको जातीय-स्वभावानुसार विषय भोग द्वारा आफ्ना इन्द्रियलाई तृप्त पार्दछ र परस्पर यौटाले अर्कोको सुख देख्दा देख्दै आयुको अवधिसम्म बिर्सन्छ ॥१७॥ कहिले ऊ वृक्ष अर्थात् घरमा रमण गर्छ, कहिले स्त्री-पुत्रादिमा आसक्त हुन्छ र मैथुनादिको अभिलाषाले दीन बनेर आफ्ना बन्धन छिनाल्नमा असमर्थ हुने गर्दछ । कहिले असावधानीवश पर्वतका गुफा अर्थात् रोगादिमा ढलेर त्यसमा बस्ने हात्ती अर्थात् मृत्युबाट भयभीत भएर कुनै लता अर्थात् प्रारब्ध कर्मलाई समातेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैको भरमा झुण्डिई रहन्छ ॥ १८ ॥ हे अरिन्दम ! उसलाई कुनै प्रकारले यस विपत्तिबाट मुक्ति मिल्नासाथ फेरि आफ्ना साथीहरूमानै गएर मिसिन्छ । जो मनुष्य मायाको प्रेरणावश त्यस समूहमा एकपल्ट पुगेपछि उसलाई संसार-वनमा भौंतारिँदै अन्त्यसम्म आफ्ना परम पुरुषार्थको पत्ता पाउन सक्तैन ॥१९॥ हे रहूगण ! तिमी अहिलेसम्म यही मार्गमा भुलिएका छौ । अब प्रजावर्गलाई दण्ड दिने कार्य त्यागेर सबै प्राणीहरूसित मित्रता गरेर विषयबाट उपराम होऊ र हातमा भगवत्सेवाले धारिलो पारिएको ज्ञानरूपी खड्ग लिएर यो मार्गको पारी पुग ॥२०॥ राजा रहूगण भन्दछन्—अहो ! सबै योनिका जन्ममा यो मानव जन्म नै सर्वाधिक कल्याणकारी छ । स्वर्गादि अन्य लोकमा प्राप्त देवयोनिको जन्मले पनि के लाभ हुन सक्तछ—जहाँ श्रीहृषीकेश भगवानूका पवित्र यश सुनेर कृतकृत्यता प्राप्त हजुरजस्ता महात्माहरूको दर्शन पाउन सकिन्न ॥ २१ ॥ जसको क्षणिक समागमले मेरा कुतर्कमूलक अज्ञान नष्ट भयो, हजुरका ती चरण कमलको रज सेवन गर्नाले जसका सबै पाप नष्ट भइसकेका छन्, ती महानुभावलाई भगवानूकी निर्मल भक्ति प्राप्त हुनु कुनै पनि

॥ १९ ॥ रहूगण त्वमपि ह्यध्वनोऽस्य संन्यस्तदण्डः कृतभूतमैत्रः ॥ असज्जितात्मा हरिसेवया शितं ज्ञानासिमादाय तरातिपारम् ॥ २० ॥ राजोवाच ॥ अहो नृजन्माखिलजन्मशोभनं किं जन्मभिस्त्वपरैरप्यमुष्मिन् ॥ न यद्धृषीकेशयशःकृतात्मनां महात्मनां वः प्रचुरः समागमः ॥ २१ ॥ न ह्यद्भुतं त्वच्चरणाब्जरेणुभिर्हतांहसो भक्तिरधोक्षजेऽमला ॥ मौहूर्तिकाद्यस्य समागमाच्च मे दुस्तर्कमूलोऽपहतोऽविवेकः ॥२२॥ नमो महद्भ्योऽस्तु नमः शिशुभ्यो नमो युवभ्यो नम आवटुभ्यः ॥ ये ब्राह्मणा गामवधूतलिङ्गाश्चरन्ति तेभ्यः शिवमस्तु राज्ञाम् ॥ २३ ॥ श्रीशुक उवाच ॥ इत्येवमुत्तरामातः स वै ब्रह्मर्षिसुतः सिंधुपतय आत्मसतत्त्वं विगणयतः परानुभावः परमकारुणिकतयोपदिश्य रहूगणेन सकरुणमभिवन्दितचरण आपूर्णार्णव इव निभृतकरणोर्म्याशयो धरणिमिमां विचचार ॥ २४ ॥ सौवीरपतिरपि सुजनसमवगतवरमात्मसतत्त्व आत्मन्यविद्याध्यारोपितां च देहात्ममतिं विससर्ज ॥ एवं हि नृप भगवदाश्रिताश्रितानुभावः ॥ २५ ॥ राजोवाच ॥ यो ह वा इह बहुविदा महाभागवत त्वयाऽभिहितः परोक्षेण वचसा जीवलोकभावाध्वा स ह्यार्यमनीषया कल्पितविषयो नाञ्जसाऽव्युत्पन्नलोकसमधिगमः ॥ अथ तदेवैतद्दुरवगमं समवेतानुकल्पेन

विस्मयको कुरा छैन ॥२२॥ बालक, युवा र ब्रह्मचारी आदि सबै आश्रम हुनेलाई नमस्कार छ । जुन ब्रह्मज्ञानी ब्राह्मण पृथिवीमा अवधूत वेषले डुल्दछन् उनी द्वारा प्रभुताको मदले उत्पन्न राजाहरूको मङ्गल होस् ॥२३॥ शुकदेवजी भन्नुहुन्छ—हे औतरेय ! यस प्रकार परम प्रभावशाली ब्रह्मर्षि-पुत्र भरत आफ्नो अपमान गर्ने सिन्धुदेशका नरेश रहूगणलाई अति करुणावश उपदेश दिएर उनीद्वारा करुणापूर्ण समुद्र झैं आफ्नो मनको इन्द्रियरूपिणी तरङ्गलाई शान्त पारेर पृथ्वीतलमा डुल्न लागे ॥२४॥ उता सौवीरपति राजा रहूगणले पनि उनको सत्संगबाट परमात्मतत्त्वको ज्ञान प्राप्त गरेर आफूमा अविद्यावश आरोपित देहात्मबुद्धि त्यागिदिए, किनकि भगवानूका आश्रित भक्तका शरणमा प्राप्त पुरुषहरूको प्रभाव नै यस्तो हुन्छ ॥ २५ ॥ राजा परीक्षित भन्दछन्—हे शुकदेवजी ! हजुर ठूला विद्वान हुनुहुन्छ । हजुरले व्यापारीहरूको संसार-मार्गको रूपकबाट बुद्धिमान् पुरुषहरूले बुझ्ने योग्य जुन उपदेश दिनुभयो, त्यो साधारण मनुष्यको बुद्धिमा सरलताले पस्न सक्तैन । अतः हजुरसित मेरो प्रार्थना छ—यस कठिन विषयलाई हजुर अझ सरल रीतिले भनेर बुझाउनोस्

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पं. ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां त्रयोदशोऽध्यायः ॥१३॥ (भवाटवीको सरल व्याख्या)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! देहाभिमानीलाई जो सत्त्वादिगुणले हुने शुभाशुभ र मिश्र कर्मको योगले निर्मित विविध प्रकारका देहसित संयोगरूपी अनादि संसार प्राप्त हुन्छ, त्यसको अनुभवको द्वाररूपिणी मन आदि छ इन्द्रियहरू द्वारा विवशभावले यो जीवसमूह बाटो बिराएर भयङ्कर वनमा भौंतारिँदै वणिक् समुदाय झैं भगवान विष्णुको आश्रित रहने मायाको प्रेरणाले दुर्गम पथ झैं—जसमा हिड्न अत्यन्त कठिन हुन्छ, त्यस्तो बाटोमा परेर आफ्नो शरीरले गरेका कर्मका फल भोग्दै श्मशान समान अतिशय अशुभ संसार-वनमा पुग्दछ । त्यसको व्यापार अनेक विघ्नहरूले गर्दा विफल हुने गर्दछ । तैपनि अन्त्यसम्म यो संसाररूपी दुःखलाई शान्त पार्ने भगवानका चरणको रसिक भ्रमरहरूको बाटोको अनुसरण गर्दैन । यस संसाररूपी वनमा मनसहित जुन छ इन्द्रिय छन्, तिनै आफ्ना कुत्सित कर्मानुसार चोरहरू झैं मानिन्छन् ॥ १ ॥ जसको पाले बडो दुष्ट छ । त्यो एक असावधान वणिक्को ठूलो कष्टले कमाएको धर्मोपयोगी

निर्दिश्यतामिति ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे त्रयोदशोऽध्यायः ॥ १३ ॥ स होवाच ॥ य एष देहात्ममानिनां सत्त्वादिगुणविशेषविकल्पितकुशलाकुशलसमवहारविनिर्मितविविधदेहावलिभिर्वियोगाद्यनादिसंसारानुभवस्य द्वारभूतेन षडिन्द्रियवर्गेण तस्मिन्दुर्गाध्ववदसुगमेऽध्वन्यापतित ईश्वरस्य भगवतो विष्णोर्वशवर्तिन्या मायया जीवलोकोऽयं यथा वणिक्सार्थोऽर्थपरः स्वदेहनिष्पादितकर्मानुभवः श्मशानवदशिवतमायां संसाराटव्यां गतो नाद्यापि विफलबहुतप्रतियोगेहस्तत्तापोपशमनीं हरिगुरुचरणारविन्दमधुकरानुपदवीमवरुन्धे । यस्यामु ह वा एते षडिन्द्रियनामानः कर्मणा दस्यव एव ते ॥ १ ॥ तद्यथा पुरुषस्य धनं यत्किञ्चिद्धर्मौपयिकं बहुकृच्छ्राधिगतं साक्षात्परमपुरुषाराधनलक्षणो योऽसौ धर्मस्तं तु साम्पराय उदाहरन्ति ॥ तद्धर्म्यं धनं दर्शनस्पर्शनश्रवणास्वादनावघ्राणसंकल्पव्यवसायगृहग्रामोपभोगेन कुनाथस्याजितात्मनो यथा सार्थस्य तथाऽजितात्मनो विलुम्पन्ति ॥ २ ॥ अथ च यत्र कौटुम्बिका दारापत्यादयो नाम्ना कर्मणा वृकसृगाला एवानिच्छतोऽपि कदर्यस्य कुटुम्बिन उरणकवत्संरक्ष्यमाणं मिषतोऽपि हरन्ति ॥ ३ ॥ यथा ह्यनुवत्सरं कृष्यमाणमप्यदग्धवीजं क्षेत्रं पुनरेवावपनकाले गुल्मतृणवीरुद्भिर्गह्वरमिव भवत्येवमेव गृहाश्रमः कर्मक्षेत्रं यस्मिन्न हि कर्माण्युत्सीदन्ति यदयं कामकरण्ड एष आवसथः ॥ ४ ॥ तत्र गतो दंशमशकसमापसदैर्मनुजैः शलभ-

धनलाई जसरी चोर लुटेर लैजान्छन्, त्यसै गरी दुर्बुद्धि एवं अजितेन्द्रिय पुरुषको अत्यन्त क्लेश खपेर प्राप्त गरेको सत्कर्मरूपी धन—जो परमपुरुष परमात्माको निष्काम आराधनास्वरूप परलोकमा निःश्रेयसको हेतु कहिएको छ—यी मनसहित छ—इन्द्रिय—हेर्नु, स्पर्श गर्नु, सुन्नु, चाख्नु, सूँघ्नु संकल्प-विकल्प तथा निश्चय गर्नु आदि क्रियाहरू द्वारा सबै सांसारिक विषय भोगमा अल्झाएर नष्ट पारिदिन्छन् ॥ २ ॥ यति मात्र होइन, त्यस संसाररूपी वनमा बस्ने उसका कुटुम्ब पनि, जो नामले त आफ्ना स्त्री-पुत्रादि नै कहिन्छन्, चर कुटिल कर्मले गर्दा साक्षात् हिंसक पशु जस्तै हुन्छन् । ती त्यो विचरा दीन कुटुम्बीको धन उसको अनिच्छाले देख्ता-देख्तै यसरी खोसेर लान्छन्, जस्तै—गोठाला द्वारा सुरक्षित भेडा-बाख्लालाई घिसार्दै लैजान्छ ॥ ३ ॥ जसरी प्रतिवर्ष जोतिने खेत बीज दग्ध नहुनाले गर्दा खेतीको समय उपस्थित भएपछि झाडी,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लता तथा तृण आदिको द्वारा अति गहन हुन्छ, त्यस्तै नै यो गृहस्थाश्रम पनि कर्मभूमि हो, यसमा कर्मको कहिल्यै अन्त्य हुन पाउन्न । किनकि यो घर त कर्म-वासनाहरूको भण्डार हो ।।४।। घररूपी सांसारिक झ्याउलोमा पुगेपछि उसको धनरूपी बाह्यप्राणलाई लामखुट्टे र डाँस झैं नीच पुरुष तथा मलह, पक्षी, चोर र मूषकादि द्वारा क्षति पुग्दछ । यस मार्गमा भौंतारिंदै त्यो अविद्या द्वारा काम्य कर्ममा आसक्त आफ्नो चित्तमा दृष्टिदोषवश गन्धर्व नगर जस्तै यस असत्य मर्त्यलोकलाई सत्य मान्न थाल्दछ ।।५।। फेरि भोजन, जलपान र मैथुन आदि विविध विषयतिर दगुर्छ, कहिले अग्नि पाउने इच्छावश आतुर भएर अगिया-बेतालतिर उसलाई पक्रनको निम्ति दगुर्ने मनुष्य जस्तै सम्पूर्ण दोषको आश्रयस्वरूप सुवर्णको निम्ति व्याकुल भएर उसैको वर्ण हुने रजोगुणले ग्रस्त भएर विष्ठा झैं सुवर्णतिर दगुरेर त्यसलाई समाउन खोज्दछ ।।६।।७।। त्यो कहिले गृह, जन तथा धन आदि अनेक जीवनोपयोगी साधनहरूमा आसक्त भएर यस संसाररूपी वनमा यता-उता दगुर्दै रहन्छ ।।८।। त्यो कहिले चक्रवात झैं स्त्रीद्वारा काखमा बसालिएर तत्काल

शकुन्ततस्करमूषकाहिभिरुपरुध्यमानबहिःप्राणः क्वचित्परिवर्तमानोऽस्मिन्नध्वन्यविद्याकामकर्मभिरुपरक्तमनसाऽनुपपन्नार्थं नरलोकं गन्धर्वनगरमुपपन्न-
मिति मिथ्यादृष्टिरनुपश्यति ॥ ५ ॥ तत्र च क्वचिदातपोदकनिभान्विषयानुपधावति पानभोजनव्यवायादिव्यसनलोलुपः ॥ ६ ॥ क्वचिच्चाशेषदो-
षनिषदनं पुरीषविशेषं तद्वर्णगुणनिर्मितमतिः सुवर्णमुपादित्सत्यग्निकामकातर इवोल्मुकपिशाचम् ॥ ७ ॥ अथ कदाचिन्निवासपानीयद्रविणाद्य-
नेकात्मीयजीवनाभिनिवेश एतस्यां संसाराटव्यामितस्ततः परिधावति ॥ ८ ॥ क्वचिच्च वात्यौपम्यया प्रमदयाऽऽरोहमारोपितस्तत्कालरजसा रजनी-
भूत इवासाधुमर्यादो रजस्वलाक्षोऽपि दिग्देवता अतिरजस्वलमतिर्न विजानाति ॥ ९ ॥ क्वचित्सकृदवगतविषयवैतथ्यः स्वयं पराभिध्यानेन विभ्रं-
शितस्मृतिस्तयैव मरीचितोयप्रायांस्तानेवाभिधावति ॥ १० ॥ क्वचिदुलूकझिल्लीस्वनवदतिपरुषरभसाटोपं प्रत्यक्षं वा रिपुराजकुलनिर्भर्त्सितेना-
शितव्यथितकर्णमूलहृदयः ॥ ११ ॥ स यदा दग्धपूर्वसुकृतस्तदा कारस्करकाकतुण्डाद्यपुण्यद्रुमलताविषोदपानवदुभयार्थशून्यद्रविणाञ्जीवन्मृता-
न्स्वयं जीवन्म्रियमाण उपधावति ॥ १२ ॥ एकदाऽसत्प्रसङ्गान्निकृतमतिर्व्युदकस्रोतःस्खलनवदुभयतोऽपि दुःखदं पाखण्डमभियाति ॥ १३ ॥ यदा

रागरूपी धूलोले दृष्टि धमिलिनाले अन्धो तथा मलिन-चित्त जस्तै भएर साधु पुरुषहरूको मर्यादालाई पनि त्यागिदिन्छ र बुद्धिको रजोगुणले आच्छादित हुनाले आफ्ना कर्मका दिशास्वरूप देवतालाई पनि जान्न सक्तैन र आफूलाई एक्लो मान्न थाल्दछ ।।९।। त्यो कहिले स्वतः एकपल्ट विषयको मिथ्यापन बुझेर पनि देहाभिमान तथा विवेक-बुद्धि नष्ट हुनाले गर्दा ती मरुमरीचिकाको सदृश दृश्यमान विषयतिर दगुर्न थाल्दछ ।।१०।। कहिले उल्लू तथा झ्याउँकिरीका वचन समान शत्रुहरू र राजाहरूका समक्ष तथा परोक्षरूपमा हप्काएपछि उसका कान तथा हृदयलाई ठूलो कष्ट हुन्छ ।।११।। जब त्यस प्राणीका पूर्व-संचित पुण्य क्षीण भइसक्छन् तब त्यो बाँचेर पनि मरेको मुर्दा समान भएर कारस्कर र काकतुण्ड आदि पापवृक्ष, लताहरू, विषयुक्त कूपहरूको समान जसको धन यसलोक र परलोक दुवैको काममा आउँदैन तथा जो जीवित भएर पनि मुर्दाहरूको समान हुन्छन्– यस्ता धनवान्को भर पर्दछ ।।१२।। त्यो कहिले असत् पुरुषका साथ सहवास गर्नाले बुद्धि भ्रष्ट भएर जल भएको नदीमा परे जस्तै यो लोक र परलोकका दुःखदायी पाखण्डमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गएर अल्झिन्छ ॥१३॥ जब शत्रुहरूले विघ्न पार्नाको कारण उसलाई अन्न मिल्दैन, तब पिता-पुत्रहरूमा जोसित बसेको सम्पत्तिको एक टुक्रा पनि देख्दछ—तब त्यो उनीहरूलाई काटेर खान पनि उद्यत हुन सक्तछ ॥१४॥ कहिले दावानल झैं प्रिय वस्तुले विहीन र अत्यन्त दुःखपूर्ण घरमा पुग्दछ तब शोकाग्नि द्वारा सन्तप्त भएर धेरै खिन्न बन्दछ ॥१५॥ कहिले काल समान भयङ्कर राजकुलरूपी राक्षसहरू द्वारा आफ्नो प्राणप्रिय धन अपहृत गरेर लगिदिनाले मरेको मुर्दा झैं निर्जीव हुन्छ ॥१६॥ कहिले अभिलषित पदार्थहरूको समान प्रतीत हुने पितामह आदि असत् सम्बन्धलाई सत्य मानेर तिनबाट हुने स्वप्न तुल्य क्षणिक सुखको उपयोग गर्दछ ॥१७॥ त्यो कहिले गृहस्थाश्रमको निम्ति विहित कर्मका अतिशय भारस्वरूप पर्वतमा उक्लन खोज्दछ तब लौकिक विपत्तिहरूले खिन्न भएर काँढा र ढुङ्गाले व्याप्त क्षेत्रमा पसेको व्यक्ति जस्तै दुःखित भइजान्छ ॥१८॥ कहिले काहीं त्यो निर्धन दुःसह जठराग्निले अधीर भएर आफ्ना कुटुम्ब प्रति रिस गर्दछ ॥१९॥ त्यसपछि ऊ निद्रारूपी अजिङ्गर द्वारा निलिनाले अज्ञानरूपी घोर अन्धकारमा डुबेर

तु परबाधयाऽन्ध आत्मने नोपनमति तदा हि पितृपुत्रबर्हिष्मतः पितृपुत्रान्वा स खलु भक्षयति ॥ १४ ॥ क्वचिदासाद्य गृहं दाववत्प्रियार्थविधुरमसुखोदर्कं शोकाग्निना दह्यमानो भृशं निर्वेदमुपगच्छति ॥ १५ ॥ क्वचित्कालविषमितराजकुलरक्षसाऽपहृतप्रियतमधनासुः प्रमृतक इव विगत जीवलक्षण आस्ते ॥ १६ ॥ कदाचिन्मनोरथोपगतपितामहाद्यसत्सदिति स्वप्ननिर्वृतिलक्षणमनुभवति ॥ १७ ॥ क्वचिद्गृहाश्रमकर्मचोदनातिभरगिरिमारुरुक्षमाणो लोकव्यसनकर्शितमनाः कण्टकशर्कराक्षेत्रं प्रविशन्निव सीदति ॥ १८ ॥ क्वचिच्च दुःसहेन कायाभ्यन्तरवह्निना गृहीतसारः स्वकुटुम्बाय क्रुध्यति ॥ १९ ॥ स एव पुनर्निद्राऽजगरगृहीतोऽन्धे तमसि मग्नः शून्यारण्य इव शेते नान्यत्किञ्चन वेद शव इवापविद्धः ॥ २० ॥ कदाचिद्भग्नमानदंष्ट्रो दुर्जनदन्दशूकैरलब्धनिद्राक्षणो व्यथितहृदयेनानुक्षीयमाणविज्ञानोऽन्धकूपेऽन्धवत्पतति ॥ २१ ॥ कर्हिचित्काममधुलवान्विचिन्वन् यदा परदारपरद्रव्याण्यवरुन्धानो राज्ञा स्वामिभिर्वा निहतः पतत्यपारे निरये ॥ २२ ॥ अथ च तस्मादुभयथाऽपि हि कर्मास्मिन्नात्मनः संसारावपनमुदाहरन्ति ॥ २३ ॥ मुक्तस्ततो यदि बन्धाद्देवदत्त उपाच्छिनत्ति तस्मादपि विष्णुमित्र इत्यनवस्थितिः ॥ २४ ॥ क्वचिच्च शीतवाता-

शून्य अरण्यमा फ्याँकिएको मुर्दा समान निदाउने गर्दछ । तब त्यसलाई कुनै वस्तुको ज्ञान रहन्न ॥२०॥ कहिले जब सर्परूपी दुर्जन उसको गर्वरूपी दाँत भाँचिदिन्छन्, तब उसलाई एक क्षण पनि निद्रा लाग्दैन र त्यो हार्दिक वेदनाले गर्दा छिन-छिनमा विवेक-शक्ति नष्ट हुनाले अन्त्यमा अन्धो पुरुष जस्तै अँध्यारो कूपमा गएर जाकिन्छ ॥२१॥ कहिले विषयरूपी मधुकण खोज्दा-खोज्दै जब परस्त्री र परधनलाई प्राप्त गर्न उद्योग गर्दछ तब स्वामी अथवा राजा द्वारा मारिएर अपार नरकमा जाकिन्छ ॥२२॥ हे राजन् ! यसै कारण यस्तो भनिएको छ कि प्रवृत्ति-मार्गमा गरिएका लौकिक तथा वैदिक दुवै प्रकारका कर्म जीवलाई जन्म-मरणरूपी यस संसारमा डुलाउने खालका हुन्छन् ॥२३॥ यदि त्यस बन्धनबाट कसै गरी छुटकारा पाइयो भने पनि ती स्त्री-पुत्र र धन आदि देवदत्त नामको कुनै योटा अर्को पुरुषले खोसेर लैजान्छ र त्यससित पनि विष्णुमित्र नामक कुनै तेस्रो व्यक्ति खोस्दछ । ती कहिल्यै एक ठाउँमा स्थित रहन्नन् ॥२४॥ कहिले काहीं शीत तथा वायु आदि अनेक आधिभौतिक तथा आध्यात्मिक दुःखदायिनी परिस्थिति वेहोर्न असमर्थ हुनाको कारण त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपार चिन्ताहरूले खिन्न हुन्छ ॥ २५ ॥ कहिले परस्पर व्यवहार गर्दागर्दै कसैको अलिकति चोर्दछ भने लोलुपताले गर्दा अर्कासित शत्रुता गर्न पुग्दछ ॥ २६ ॥ हे राजन् ! यस मार्गमा सुख, दुःख. राग, द्वेष, भय, अभिमान, प्रमाद, उन्माद, शोक, मोह, लोभ, मत्सरता, ईर्ष्या, अपमान, क्षुधा, पिपासा आधि अर्थात् मानसिक कष्ट, व्याधि अर्थात् शारीरिक कष्ट, जन्म, जरा तथा मरण आदि विविध क्लेश हुन्छन् ॥२६।२७॥ यो विघ्न भरिएको बाटोमा भौंतारिएको जनसमुदाय कहिले देवमायारूपिणी स्त्रीका बाहुलतामा बाँधिएर विवेकभ्रष्ट हुन्छ । अनि जसलाई सुख दिन त्यो घर आदि बनाउने चिन्तामा लीनरहन्छ, आफ्नी स्त्री र त्यसैका आश्रयले प्राप्त छोरा र छोरी आदिका मीठा तोतेबोली हेराई एवं चेष्टाहरूमा लिप्त

घनेकाधिदैविकभौतिकात्मीयानां दशानां प्रतिनिवारणेऽकल्पो दुरन्तचिन्तया विषण्ण आस्ते ॥ २५ ॥ क्वचिन्मिथो व्यवहरन्यत्किञ्चिद्धनमन्येभ्यो वा काकिणिकामात्रमप्यपहरन्यत्किञ्चिद्वा विद्वेषमेति वित्तशाठ्यात् ॥ २६ ॥ अध्वन्यमुष्मिन्निम उपसर्गास्तथा सुखदुःखरागद्वेषभयाभिमानप्रमादोन्माद-शोकमोहलोभमात्सर्येर्ष्यावमानक्षुत्पिपासाधिजन्मजरामरणादयः ॥ २७ ॥ क्वापि देवमायया स्त्रिया भुजलतोपगूढः प्रस्कन्नविवेकविज्ञानो यद्विहार गृहारम्भाकुलहृदयस्तदाश्रयावसक्तसुतदुहितृकलत्रभाषितावलोकविचेष्टितापहृतहृदय आत्मानमजितात्माऽपारेऽन्धे तमसि प्रहिणोति ॥ २८ ॥ कदा-चिदीश्वरस्य भगवतो विष्णोश्चक्रात्परमाण्वादिद्विपरार्धापवर्गकालोपलक्षणात्परिवर्तितेन वयसा रंहसा हरत आब्रह्मतृणस्तम्भादीनां भूतानामनि-मिषतो मिषतां वित्रस्तहृदयस्तमेवेश्वरं कालचक्रनिजायुधं साक्षाद्भगवन्तं यज्ञपुरुषमनादृत्य पाखण्डदेवताः कङ्कगृध्रबककवटप्राया आर्यसमयपरिहृताः सांकेत्येनाभिधत्ते ॥ २९ ॥ यदा पाखण्डिभिरात्मवञ्चितैस्तैरुरु वञ्चितो ब्रह्मकुलं समावसंस्तेषां शीलमुपनयनादि श्रौतस्मार्तकर्मानुष्ठानेन भगवतो

तिनैहरू द्वारा चित्त चोरिएपछि त्यो अजितेन्द्रिय पुरुष आफूलाई घोर अन्धकारमय नरकमा घुचेटिदिन्छ ॥ २८ ॥ कहिले काहीं ब्रह्मदेखि तृणपर्यन्त सबै जीवको आयु आफ्नो वेगले हरण गर्दै सबैले हेर्दा-हेर्दै एक क्षणमा त्यसको संहार गर्ने एवं परमाणुदेखि द्विपरार्धसम्म क्षण घडी आदि नामले कहिने एवं षडैश्वर्यसम्पन्न भगवान् विष्णुका शस्त्ररूपी काल-चक्रले भयभीत भएर त्यो यज्ञपुरुष श्रीनारायणको आराधनारूपी सच्चा धन त्यागेर कङ्क, गृध्र, वकुल्लो तथा उल्लूक सदृश शिष्टाचारले हीन र अप्रामाणिक वचनमा भुलेर, पाखण्डमय अन्य देवताको आश्रय लिन्छ ॥ २९॥ जब आफूद्वारा छक्याइएका पाखण्डीहरूद्वारा उसलाई अझ ठूलो धोकामा पर्नुपर्दछ, अनि त्यो विप्रकुलमा प्रविष्ट हुन्छ तर उपनयन

---

* दृष्टान्त (सच्चा धन)—एक पल्ट यौटा धनीको घरमा आगो लाग्यो । त्यसले आफना कुटुम्बी र सेवकहरूलाई डाकेर ठूलो सावधानीले सबै वस्तु बाहिर झिक्न लगायो । मेच-कुर्सी, लुगाका बाकस, पुस्तक र सेफ आदि सामान बाहिर झिकियो । यति बेरमा आगो चारैतिर फैलियो । घरको स्वामी बाहिर आएर सबैको साथमा उभिएको थियो । त्यसले सबैसित सोध्यो—'भित्र केही छुटेको त छैन ?' उनीहरूले भने— छैन, तापनि हामी एकपल्ट फेरि गएर हेर्दछौं । ती व्यक्ति भित्र गएर हेर्दा मालिकको एकमात्र छोरो यौटा कोठामा पल्टिरहेको देखियो । त्यो कोठा घेर जस्तो उडिसकेको थियो । अब के गर्ने, यस्तो विचार गरेर ती सबै बाहिर आए र टाउको ठटाउँदै भन्नलागे—'हरे ! हामी अभागी घरको सामान जोगाउनमा लाग्यौं, तर सामानका स्वामीलाई त बचाउने बिर्सेछौं ।' भनाईको तात्पर्य के भने—'संसारी सामान त परिश्रम गरे फेरि प्राप्त हुन सक्दछ, तर ती पदार्थहरूका भोक्ता आत्माको के गति होला !' यो कुरा बुद्धिमा नआएन यसै कारण सांसारिक वस्तुमा आसक्त व्यक्तिले पछि पछितोमा पर्नुपर्दछ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कारपछि श्रौत-स्मार्त आदि कर्मले भगवान् यज्ञपुरुषको आराधना गर्नु आदि उनको स्वभाव उनलाई मनपर्दैन । अतएव ऊ तिनलाई छाडेर शूद्रकुलको शरण लिन्छ र आत्मशुद्धि नहुनाले त्यो वेदविहित कर्महरूको अधिकारी नहुनाले गर्दा वानरहरू झैं सदा कुटुम्ब पोषण तथा स्त्री पुरुषको सम्बन्धमा नै डुबेको रहन्छ ॥ ३० ॥ त्यहाँ स्वच्छन्द विहार गर्नाले उसको बुद्धि सान्है दीन-हीन भएर जान्छ, अनि त्यो यौटाले अर्कोको मुखतिर हेर्न आदि विविध प्रकारका भोगहरूमा आसक्त भई आफ्नो मरण वेलाको अवधिलाई पनि बिर्सन्छ ॥ ३१ ॥ जसको कि वृक्षहरू झैं केवल सांसारिक भोग नै फल हुन्छ, यस्तो गृहस्थीमा वानर समान सुख मान्दै त्यो स्त्री-पुत्रादिमा आसक्त भई मैथुनादि विषय भोगमा नै समय व्यतीत गर्न थाल्दछ ॥ ३२ ॥ यस प्रकार प्रवृत्ति मार्गबाट अलग्गिएको त्यो जनसमुदाय गिरि-गुहारूपी रोगहरूमा अल्झेर सर्वदा मृत्युरूपी हात्तीसित डराइरहन्छ ॥ ३३ ॥ कहिले शीत, वायु आदि नाना प्रकारका आधिदैविक, आधिभौतिक तथा आध्यात्मिक दुःखलाई निवृत्त गर्नमा असमर्थ भएर त्यो दुष्कर विषयको चिन्तन गरेर खिन्न हुन्छ ॥ ३४ ॥ कहिले काहीं

यज्ञपुरुषस्याराधनमेव तदरोचयन् शूद्रकुलं भजते निगमाचारेऽशुद्धितो यस्य मिथुनीभावः कुटुम्बभरणं यथा वानरजातेः ॥ ३० ॥ तत्रापि निरवरोधः स्वैरेण विहरन्नतिकृपणबुद्धिरन्योन्यमुखनिरीक्षणादिना ग्राम्यकर्मणैव विस्मृतकालावधिः ॥ ३१ ॥ क्वचिद्द्रुमवदैहिकार्थेषु गृहेषु रंस्यन्यथा वानरः सुतदारवत्सलो व्यवायक्षणः ॥ ३२ ॥ एवमध्वन्यवरुन्धानो मृत्युगजभयात्तमसि गिरिकन्दरप्राये ॥ ३३ ॥ क्वचिच्छीतवाताद्यनेकदैविकभौतिकात्मीयानां दुःखानां प्रतिनिवारणेऽकल्पो दुरन्तविषयविषण्ण आस्ते ॥ ३४ ॥ क्वचिन्मिथो व्यवहरन्यत्किञ्चिद्धनमुपयाति वित्तशाठ्येन ॥ ३५ ॥ क्वचित्क्षीणधनः शय्यासनाशनाद्युपभोगविहीनो यावदप्रतिलब्धमनोरथोपगतादानेऽवसितमतिस्ततोऽवमानादीनि जनादभिलभते ॥ ३६ ॥ एवं वित्तव्यतिषङ्गविवृद्धवैरानुबन्धोऽपि पूर्ववासनया मिथ उद्वहत्यथापवहति ॥ ३७ ॥ एतस्मिन्संसाराध्वनि नानाक्लेशोपसर्गबाधित आपन्नविपन्नो यत्र यस्तमु ह वावेतरस्तत्र विसृज्य जातं जातमुपादाय शोचन्मुह्यन्बिभ्यद्विवदन्क्रन्दन्संहृष्यन्गायन्नुह्यमानः साधुवर्जितो नैवावर्ततेऽद्यापि यत आरब्ध एष नरलोकसार्थो यमध्वनः पारमुपदिशति ॥ ३८ ॥ यदिदं योगानुशासनं वा एतदवरुन्धते । यन्न्यस्तदण्डा मुनय उपशमशीला

परस्परको व्यवहारमा धनको निम्ति अर्कालाई धोका दिएर केही धन प्राप्त गर्दछ ॥ ३५ ॥ कहिले धन नष्ट हुनाले गर्दा सुत्ने, बस्ने र खाने पनि सामग्रीको अभावले इच्छित वस्तु नपाउनाले ऊ तिनलाई पाउने निश्चय गर्दछ र जता-ततै मनुष्यहरू द्वारा अपमान आदि पाउँदछ ॥ ३६ ॥ यस प्रकार धनको आसक्तिवश परस्पर वैरभाव बढ्नाले पनि त्यो पूर्ववासनाको कारण आपसमा विवाहादिक अनेक सम्बन्ध गर्दै त्यसलाई त्याग्दै रहन्छ ॥३७॥ हे राजन् ! यस प्रकार यो संसार-मार्गमा चक्कर खाइरहने जनसमुदाय अनेक थरिका क्लेश तथा विघ्नद्वारा बाधित भएर पनि भगवान्को मायाले बाँधिएको हुनाले बाटोमा जति-जति आपत्तिग्रस्त वा मृत्युमा प्राप्त हुन्छ, उति-उति त्यसलाई उहीं छाड्दै, नयाँ उत्पन्न जन्लाई आफूतिर लिंदै शोक, मोह तथा भयको वशीभूत हुँदै र विषाद, रुदन, हर्ष तथा गान गर्दै बराबर अगाडि नै बढ्दै जान्छ । तीमध्ये भगवद्भक्त प्राणी बाहेक अरु कुनै पनि प्राणी जहाँबाट यस संसार-मार्गको आरम्भ भएको रहन्छ र जो यसको अन्तिम खुड्किलो छ, ती परमात्मा नजीकै पुग्न पाउन्न ॥ ३८ ॥ जसले यस योगको अनुशासनलाई अंगीकार गरेका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् ती शान्तिशील तथा संयतचित्त विरक्त मुनिजन त्यसमा प्रवृत्त हुन्छन् । अरु साधारण पुरुष त्यहाँसम्म पुग्न सक्तैनन् ॥३९॥ दिग्गजलाई पनि जित्नसक्ने, ठूला-ठूला यज्ञको अनुष्ठान गर्ने राजर्षिहरूको निम्ति पनि यो मार्ग ठूलो दुर्गम छ । ती पनि यसपृथ्वीमा 'यी मेरो हुन्' यस भावले वैरत्व ठानेर यसलाई यहीं छाडी युद्धभूमिमा निदाउँछन् ॥ ४० ॥ पूर्वजन्मकृत पुण्यकर्मरूपिणी लताहरूको आश्रय लिएर यो जीव कसै गरी ती आपत्ति अथवा नरकबाट छुटिगए पनि फेरि उसै गरी संसार-सागरमा यता उता भौंतारिंदै मानव समुदायमा फेर आएर मिल्दछ । स्वर्गादि माथिका लोकमा जाने जतिको पनि यही दशा हुन्छ ॥४१॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! जड़भरतको विषयमा उस वेलाका मानिस भन्दथे–जस्तै कुनै झींगा गरुड़सित संघर्ष गर्न सक्तैन, त्यस्तै नै राजर्षि भरतका मार्गको कुनै अन्य राजा मनले पनि अनुसरण गर्न सक्तैन ॥ ४२ ॥ पुण्यकीर्ति भगवान्‌को प्राप्तिको लालसाले जसले उत्सुक भएर आफ्नो तरुण अवस्थामा नै दुस्त्यज एवं अतिमनोरम स्त्री, पुत्र, मित्र र राज्यादिलाई विष्ठाको समान त्यागिदिएका थिए ॥४३॥ जुन राजर्षि भरतले दुस्त्यज पृथ्वी,

उपरतात्मानः समवगच्छन्ति ॥ ३९ ॥ यदपि दिगिभजयिनो यज्विनो ये वै राजर्षयः किं तु परं मृधे शयीरन्नस्यामेव ममेयमिति कृतवैरानुबन्धायां विसृज्य स्वयमुपसंहताः ॥ ४० ॥ कर्मवल्लीमवलम्ब्य तत आपदः कथञ्चिन्नरकाद्विमुक्तः पुनरप्येवं संसाराध्वनि वर्तमानो नरलोकसार्थमुपयाति एवमुपरि गतोऽपि ॥४१॥ तस्येदमुपगायन्ति—आर्षभस्येह राजर्षेर्मनसाऽपि महात्मनः ॥ नानुवर्त्मार्हति नृपो मक्षिकेव गरुत्मतः ॥ ४२ ॥ यो दुस्त्यजान्दारसुतान्सुहृद्राज्यं हृदिस्पृशः ॥ जहौ युवैव मलवदुत्तमश्लोकलालसः ॥ ४३ ॥ यो दुस्त्यजान्क्षितिसुतस्वजनार्थदारान्प्रार्थ्यां श्रियं सुरवरैः सदयावलोकाम् ॥ नैच्छन्नृपस्तदुचितं महतां मधुद्विट्सेवानुरक्तमनसामभवोऽपि फल्गुः ॥ ४४ ॥ यज्ञाय धर्मपतये विधिनैपुणाय योगाय सांख्यशिरसे प्रकृतीश्वराय ॥ नारायणाय हरये नम इत्युदारं हास्यन्मृगत्वमपि यः समुदाजहार ॥ ४५ ॥ य इदं भगवतः सभाजितावदातगुणकर्मणो राजर्षेर्भरतस्यानुचरितं स्वस्त्ययनमायुष्यं धन्यं यशस्यं स्वर्ग्यापवर्ग्यं वाऽनुशृणोत्याख्यास्यत्यभिनन्दति च सर्वा एवाशिष आत्मन आशास्ते न काञ्चन परत इति ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे भरतोपाख्याने पारोक्ष्यविवरणं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥ श्रीशुक

पुत्र, स्वजन, सम्पत्ति तथा स्त्री र जसको निम्ति देवता पनि लालायित रहन्छन्, किन्तु जो स्वयं भरतको कृपा-कटाक्षको मार्ग हेरुने, ती लक्ष्मीको उनले केही पनि इच्छा गरेनन् । यो सबै उनकै योग्य थियो, किनकि जुन व्यक्तिको चित्त भगवान्‌को सेवामा लागिरहन्छ तिनको दृष्टिमा मोक्षपद पनि तुच्छ हुन्छ ॥ ४४ ॥ जुन महाराज भरतले मृगको शरीर त्याग गरेर पनि उच्च स्वरले भनेका थिए—'धर्मका रक्षक, धर्मानुष्ठानमा पटु, योगका रूप, सांख्य शास्त्रका सिद्धान्त र प्रकृतिका पति यज्ञपुरुष नारायण श्रीहरिलाई नमस्कार छ' ती महापुरुषको अनुकरण कसले गर्न सक्नेछ ? ॥४५॥ जसका उज्ज्वल गुण, तथा कर्महरूको भक्तजन प्रशंसा गर्दछन्, ती भगवद्भक्त तथा राजर्षि भरतको कल्याणकारी, आयुवर्धक, धनप्रद, कीर्तिकारी, स्वर्ग तथा मोक्षादि प्राप्त गराउने चरित्र जो पुरुष सुन्दछ, सुनाउछ वा अनुमोदन गर्दछ उसका सबै इच्छा स्वतः पूर्ण हुन्छन्, त्यसलाई अर्काको पापबाट केही वास्ता रहन्न ॥४६॥ इति श्रीमद्भागवते महापुराणे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा टीकायां चतुर्दशोऽध्यायः ॥४॥ (महाराज भरतको वंशविस्तार)—श्रीशुकदेवजी भन्दछन–

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

.पं.
६॥

हे राजन् ! भरतका पुत्रको नाम सुमति कियो, यो पहिल्यै भनिसकेको छु । त्यसलाई पनि ऋषभदेवकै बाटोमा लागेको देखेर कलिमा धेरै पाखण्डी र अनार्यहरू आफ्नो दुर्बुद्धिले गर्दा वेद-विरुद्ध कल्पना गरेर उसलाई देवता मान्नन् ॥११॥ उसको वृद्धसेना नामकी स्त्रीबाट देवताजित् नामको पुत्र उत्पन्न भयो ॥२॥ देवताजित्की पत्नी असुर्याको गर्भबाट देवद्युम्न, देवद्युम्नकी पत्नी धेनुमतीबाट परमेष्ठी र परमेष्ठीकी पत्नी सुवर्चलाबाट प्रतीह नामको छोरो जन्म्यो ॥ ३ ॥ उसले अन्य जनलाई आत्मविद्याको उपदेश दिई स्वयं शुद्धचित्त भएर परमपुरुष भगवान्को प्रत्यक्ष दर्शन गरेका थिए ॥४॥ प्रतीहकी पत्नी सुवर्चलाबाट प्रतिहर्ता, प्रस्तोता र उद्गाता नामका तीन पुत्र जन्मे, तो यज्ञादि कर्ममा निपुण थिए। उनमा प्रतिहर्ताकी पत्नी स्तुतिबाट अज र भूमा नामका दुइ पुत्र भए ॥ ५ ॥ भूमाकी स्त्री ऋषिकुल्याबाट उद्गीथ, उद्गीथकी स्त्री देवकुल्याबाट प्रस्ताव र प्रस्तावकी पत्नी वियुत्साबाट विभु नामका पुत्र भए । विभुकी पत्नी रतिको गर्भबाट पृथुषेण र पृथुषेणकी पत्नी आकूतिबाट नल नामको पुत्र उत्पन्न भयो । नलकी पत्नी द्युतिबाट उदारकीर्ति राजर्षि जयको जन्म भयो, जो जगत्को रक्षाका

उवाच ॥ भरतस्यात्मजः सुमतिर्नामाभिहितो यमु ह वाव केचित्पाखण्डिन ऋषभपदवीमनुवर्तमानं चानार्या अवेदसमाम्नातं देवतां स्वमनीषया पापीयस्या कलौ कल्पयिष्यन्ति ॥ १ ॥ तस्माद्वृद्धसेनायां देवताजिन्नाम पुत्रोऽभवत् ॥ २ ॥ अथासुर्यां तत्तनयो देवद्युम्नस्ततो धेनुमत्यां सुतः परमेष्ठी तस्य सुवर्चलायां प्रतीह उपजातः ॥ ३ ॥ य आत्मविद्यामाख्याय स्वयं संशुद्धो महापुरुषमनुसस्मार ॥ ४ ॥ प्रतीहात्सुवर्चलायां प्रतिहर्तादयस्त्रय आसन्निज्याकोविदाः सूनवः प्रतिहर्तुः स्तुत्यामजभूमानावजनिषाताम् ॥ ५ ॥ भूम्न ऋषिकुल्यायामुद्गीथस्ततः प्रस्तावो देवकुल्यायां प्रस्तावान्नियुत्सायां हृदयज आसीद्विभुर्विभो रत्यां च पृथुषेणस्तस्मान्नक्त आकूत्यां जज्ञे । नक्ताद्द्रुतिपुत्रो गयो राजर्षिप्रवर उदारश्रवा अजायत साक्षाद्भगवतो विष्णोर्जगद्रिरक्षिषया गृहीतसत्त्वस्य कलात्मवत्त्वादिलक्षणेन महापुरुषतां प्राप्तः ॥ ६ ॥ स वै स्वधर्मेण प्रजापालनपोषणप्रीणनोपलालनानुशासनलक्षणेनेज्यादिना च भगवति महापुरुषे परावरे ब्रह्मणि सर्वात्मनाऽर्पितपरमार्थलक्षणेन ब्रह्मविच्चरणानुसेवयाऽऽपादितभगवद्भक्तियोगेन चाभीक्ष्णशः परिभावितातिशुद्धमतिरुपरतानात्म्य आत्मनि स्वयमुपलभ्यमानब्रह्मात्मानुभवोऽपि निरभिमान एवावनिमजूगुपत् ॥ ७ ॥ तस्येमां गाथां पाण्डवेय पुराविद उपगायन्ति ॥ ८ ॥ गयं नृपः कः प्रतियाति कर्मभिर्यज्वाभिमानी बहुविद्धर्मगोप्ता ॥ समागतश्रीः सदसस्पतिः सतां

निमित्त सत्वगुण स्वीकार गर्ने भएका साक्षात् विष्णु भगवान्का कला हुनाले गर्दा महापुरुषत्वका प्राप्त भए ॥६॥ महाराज जयले धर्मको अनुसार प्रजाको पालन, पोषण, प्रीणन, लालन तथा यज्ञादि द्वारा ब्रह्मादि भन्दा पनि श्रेष्ठ परमपुरुष परब्रह्म परमात्मालाई परमार्थभावले आफ्ना सबै कर्म समर्पण गर्नाको कारण एवं ब्रह्मवेत्ता महापुरुषहरूको चरणसेवाले प्राप्त भक्तियोग द्वारा सतत भगवच्चिन्तन गर्दै आफ्नो चित्त शुद्ध पारेर देहादिक अनात्म वस्तुहरूबाट अहंभाव हटाउँदै आफ्नै आत्माको ब्रह्मस्वरूपबाट अनुभव गरे । यति सबै भएर पनि ती निरभिमान भावले पृथ्वीको पालन गर्दै रहे ॥७॥ हे पाण्डवपुत्र ! पूर्वकालीन इतिहासज्ञ महात्माजन राजर्षि जयको विषयमा गाथा गाउँछन्– ॥ ८ ॥ 'अहो ! आफ्ना कर्मले महाराज जयको समानता अरु कुन राजाले गर्न सक्ला ? तिनकि साक्षात् भगवान्का अंश राजर्षि जय बाहेक अरु कोही पनि यस्ता यज्ञको विधायक, सर्वमान्य, बहुज्ञ, धर्मका रक्षक, लक्ष्मीवान,

भा. टी.
अ. १५
॥२६॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधु-समितिका शिरोमणि र सत्पुरुषका सच्चा सेवक हुन सक्दैन ॥ ९ ॥ जसको गङ्गा आदि नदीहरूमित सत्सङ्कल्पवती, परम साध्वी, श्रद्धा, मैत्री तथा दया आदि दक्षपुत्रिहरूले अतिशय प्रसन्न मनले अभिषेक गरेका थिए । यद्यपि तिनको कुनै कामना थिएन, तापनि तिनको गुणरूपी बाछोको प्रेमले स्तनहरूमा दूध उम्लेर आउनाले गोरूपिणी पृथ्वीले प्रजाको सबै कामनाहरूलाई दुग्धरूपले पूर्ण पारेकी थिइन् ॥१०॥ यद्यपि ती निष्काम थिए तापनि स्वयं वेदहरूले उनका कामना पूर्ण पारे । युद्धमा जसका बाणले घाइते भएर अनेक राजाहरूले विविध प्रकारका उपहार समर्पण गरेर जसको धर्मयुक्त प्रजा-पालन तथा दक्षिणादिले सन्तुष्ट भएर ब्राह्मणहरूले परलोकमा आफ्नो कर्मफलको छैठौं भाग दिएका थिए ॥११॥ जसको यज्ञमा वर्ता सोथधान गरेर इन्द्र उन्मत्त भएका थिए र जसको अत्यन्त श्रद्धा र निश्चल भक्तिभावले अर्पण गरिएको यज्ञफललाई साक्षात् विष्णुरूप यज्ञपुरुषले स्वीकार गरेका थिए ॥१२॥ जो तृप्त भएपछि देवता, तिर्यक्, मनुष्य, वृक्ष तथा तृणादिदेखि लिएर ब्रह्मपर्यन्त संसारका सबै जीव तुरुन्त तृप्त हुने गर्दथे, ती विश्वका प्राणस्वरूप भगवान्ले प्रसन्न भएर

सत्सेवकोऽन्यो भगवत्कलामृते ॥ ९ ॥ यमभ्यषिञ्चन्परया मुदा सतीः सत्याशिषो दक्षकन्याः सरिद्भिः ॥ यस्य प्रजानां दुदुहे धराऽऽशिषो निराशिषो गुणवत्सस्नुतोधाः ॥ १० ॥ छन्दांस्यकामस्य च यस्य कामान्दुदुहुराजह्रुरथो बलिं नृपाः ॥ प्रत्यञ्चिता युधि धर्मेण विप्रा यदाशिषां षष्ठमंशं परेत्य ॥११॥ यस्याध्वरे भगवानध्वरात्मा मघोनि माद्यत्पुरुसोमपीथे ॥ श्रद्धाविशुद्धाचलभक्तियोगसमर्पितेज्याफलमाजहार ॥ १२ ॥ यत्प्रीणनाद्बर्हिषि देवतिर्यङ्मनुष्यवीरुत्तृणमाविरिञ्चात् ॥ प्रीयेत सद्यः स ह विश्वजीवः प्रीतः स्वयं प्रीतिमगाद्गयस्य ॥ १३ ॥ गयाद्गयन्त्यां चित्ररथः सुगतिरवरोधन इति त्रयः पुत्रा बभूवुश्चित्ररथादूर्णायां सम्राडजनिष्ट ॥ १४ ॥ तत उत्कलायां मरीचिर्मरीचेर्बिन्दुमत्यां बिन्दुमानुदपद्यत । तस्मात्सरघायां मधुनामाऽभवन्मधोः सुमनसि वीरव्रतस्ततो भोजायां मन्थुप्रमन्थू जज्ञाते । मन्थोः सत्यायां भौवनस्ततो दूषणायां त्वष्टाऽजनिष्ट । त्वष्टुर्विरोचनायां विरजो विरजस्य शतजित्प्रवरं पुत्रशतं कन्या च विषूच्यां किल जाता ॥ १५ ॥ तत्रायं श्लोकः ॥ प्रैयव्रतं वंशमिमं विरजश्चरमोद्भवः ॥ अकरोदत्यलं कीर्त्या विष्णुः सुरगणं यथा ॥ १६ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे प्रियव्रतवंशानुकीर्तनं नाम पंचदशोऽध्यायः ॥१५॥ राजोवाच ॥ उक्तस्त्वया भूमण्डलायामविशेषो यावदादित्यस्तपति यत्र चासौ ज्योतिषां गणैश्चन्द्रमा वा सह दृश्यते ॥ १ ॥ तत्रापि प्रियव्रतरथचर-

जुन महाराज गयको सम्मान गरेका थिए तिनको समता कसले गर्न सक्तछ ? ॥ १३ ॥ ती महाराज गयकी गयन्ती नामकी भार्याबाट चित्ररथ, सुगति र अवरोधन यी तीन पुत्र भए तिनमा चित्ररथकी ऊर्णा नामकी पत्नीबाट सम्राट् उत्पन्न भए ॥१४॥ सम्राट्की पत्नी उत्कलाबाट मरीचि र मरीचिकी पत्नी बिन्दुमतीबाट बिन्दुमान नामका छोरा जन्मे । बिन्दुकी पत्नी सरघाबाट मधु नामका पुत्र उत्पन्न भए । मधुकी स्त्री सुमनाबाट वीरव्रत र वीरव्रतकी स्त्री भोजाबाट मन्थु र प्रमन्थु नामका दुइ छोरा भए । तीमध्ये मन्थुकी स्त्री सत्याबाट भौवन, भौवनकी स्त्री दूषणाबाट त्वष्टा, त्वष्टाकी स्त्री विरोचनाबाट विरज तथा विरजकी विषूची नामकी भार्याबाट शतजित् आदि सय पुत्र र यौटी कन्या भइन् ॥ १५ ॥ विरजको विषयमा यो श्लोक कहिन्छ–'जस्तै विष्णु भगवान् देवताहरूको शोभा बढाउँछन् त्यस्तै अन्त्यमा उत्पन्न राजा विरजले आफ्नू शुभ्र कीर्तिले महाराज प्रियव्रतको वंश अलंकृत गरिदिए ॥१६॥ इति

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे नेपाली भाषाटीकायां पंचदशोऽध्यायः ।। १५ ।। (भुवनकोशको विस्तार वर्णन)–यति कथा सुनी राजा परीक्षितले सोधे–हे महामुने ! जहाँसम्म सूर्यको प्रकाश छ र जहाँसम्म तारागण समेत चन्द्रमा देखिन्छन्, त्यहाँसम्म सारा भूमण्डलको विस्तार हजुरले मलाई सुनाइसक्नुभयो ।। १ ।। त्यसैको प्रसङ्गमा हजुरले जुन भन्नुभएको थियो यस पृथ्वीया राजा प्रियव्रतको रथको पांग्राले बनेका लीकबाट सात समुद्र बने र तिनले सात द्वीपको रचना भयो । अतः म यी सबैको परिमाण र लक्षण समेत विवरण जान्ने इच्छुक छु । ।।२।। भगवान्‌को सगुण तथा स्थूल रूपमा लागेको मन स्वयं प्रकाश परब्रह्म भगवान् वासुदेवको निर्गुण तथा अत्यन्त सूक्ष्म रूपमा पनि लाग्न सक्तछ । अतः हे गुरो ! तिनको स्थूल स्वरूप यस ब्रह्माण्डको विस्तारपूर्वक वर्णन गर्नुहवस् ।। ३ ।। शुकदेवजी भन्नलागे—'हे महाराज ! कोही पुरुष देवता समान आयु पाएर पनि भगवान्‌को माया र तिनका गुणहरूको विस्तारक अन्त्य मन तथा वाणीले वर्णन गर्नमा समर्थ हुन सक्तैन । अतः म मुख्य-मुख्य नाम, रूप, परिमाण तथा लक्षणहरूका व्याख्याको प्रसङ्गमा भूगोलको वर्णन

णपरिस्रातैः सप्तभिः सप्त सिन्धव उपक्लृप्ता यत एतस्याः सप्तद्वीपविशेष विकल्पस्त्वया भगवन्खलु सूचित एतदेवाखिलमहं मानतो लक्षणतश्च सर्वं विजिज्ञासामि ॥ २ ॥ भगवतो गुणमये स्थूलरूप आवेशितं मनो ह्यगुणेऽपि सूक्ष्मतम आत्मज्योतिषि परे ब्रह्मणि भगवति वासुदेवाख्ये क्षममावेशितुं तदु हैतद्गुरोऽर्हस्यनुवर्णयितुमिति ॥ ३ ॥ ऋषिरुवाच ॥ न वै महाराज भगवतो मायागुणविभूतेः काष्ठां मनसा वचसा वाऽधिगन्तुमलं विबुधायुषापि पुरुषस्तस्मात्प्राधान्येनैव भूगोलकविशेषं नामरूपमानलक्षणतो व्याख्यास्यामः ॥ ४ ॥ यो वायं द्वीपः कुवलयकमलकोशाभ्यन्तरकोशो नियुतयोजनविशालः समवर्तुलो यथा पुष्करपत्रम् ॥ ५ ॥ यस्मिन्नव वर्षाणि नवयोजनसहस्रायामान्यष्टभिर्मर्यादागिरिभिः सुविभक्तानि भवन्ति ॥ ६ ॥ एषां मध्ये इलावृतं नामाभ्यन्तरवर्षं यस्य नाभ्यामवस्थितः सर्वतः सौवर्णः कुलगिरिराजो मेरुर्द्वीपायामसमुन्नाहः कर्णिकाभूतः कुवलयकमलस्य मूर्धनि द्वात्रिंशत्सहस्रयोजनविततो मूले षोडशसहस्रं तावताऽन्तर्भूम्यां प्रविष्टः ॥ ७ ॥ उत्तरोत्तरेणेलावृतं नीलः श्वेतः शृङ्गवानिति त्रयो रम्यकहिरण्मयकुरूणां वर्षाणां मर्यादागिरयः प्रागायता उभयतः क्षारोदावधयो द्विसहस्रपृथव एकैकशः पूर्वस्मात्पूर्वस्मादुत्तर उत्तरो दशांशाधिकांशेन दैर्घ्य एव ह सन्ति ॥ ८ ॥ दक्षिणेनेलावृतं निषधो हेमकूटो हिमालय इति प्रागायता तथा नीलादयोऽयुतयोजनोत्सेधा हरिवर्षकिम्पुरुषभारतानां

गर्दछु ।। ४ ।। हामीहरू जुन द्वीपमा बस्तछौं यो ब्रह्माण्ड कमलको कोश अर्थात् मध्यभाग झैं विद्यमान छ । यस द्वीपको विस्तार एक लाख योजन छ र यो कमल पत्रको समान वाटुलो छ ।। ५ ।। यसमा नौ-नौ हजार योजन विस्तारका नौ वर्ष (देश) छन् जुन आठ सीमा विभाजक पर्वतहरूले भिन्न-भिन्न बाँडिएका छन् ।। ६ ।। यिनको माझमा इलावृत नामको देश छ । ती पर्वतहरूका राजा सुमेरु सबै पर्वतका माझमा छ, जुन भूमण्डलरूपी कमलको कर्णिका समान छ र माथिबाट तलसम्म सुवर्णमय छ । त्यसको शिखरको विस्तार बत्तीस हजार योजन छ र जरा (फेदी) को विस्तार सोह्र हजार योजन छ । त्यो त्यति नै अर्थात् सोह्र हजार योजन पृथ्वीभित्र घुसेको छ ।। ७ ।। इलावृत वर्षभन्दा उत्तर-क्रमशः नील, श्वेत तथा शृङ्गवान् नामका तीन पर्वत छन् । जुन रम्यक, हिरण्मय र कुरु तीन देशको सीमा निर्धारण गर्दछन् । ती पूर्व-पश्चिम क्षारसमुद्रसम्म फैलिएका छन् । तीबाट प्रत्येक

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्वतको मोटाई दुइ हजार योजन छ र पहिलेको अपेक्षा पछिल्लो पर्वत लमाईमा दसमांशभन्दा अलिकति मात्र न्यूनाधिक छ ॥८॥ यस्तै इलावृतवर्षको दक्षिणतिर निषध, हेमकूट तथा हिमालय नामका तीन पर्वत छन् । ती सबै नीलादि पर्वतको सदृश पूर्व-पश्चिमतिर फैलिएका छन् र दस हजार योजन अग्ला छन् । इनीबाट क्रमशः इलावृत, किम्पुरुष र भारतवर्षको सीमा विभाजन हुन्छ ॥९॥ यसै प्रकार इलावृतखण्डको पूर्व र पश्चिमतिर नील तथा निषध पर्वतसम्म फैलिएको गन्धमादन एवं माल्यवान् नामका दुइ पर्वत छन् । यिनको चौडाई दुइ सहस्र योजन छ र यो केतुमाल तथा भद्राश्व नामका दुइ देशको सीमा निर्धारित गर्दछन् ॥१०॥ यिनको अतिरिक्त मन्दर, मेरुमन्दर, सुपार्श्व र कुमुद यी चार हजार योजन अग्ला चार पर्वत मेरु पर्वतका आधारभूत खाँवा झैं बनेका छन् ॥११॥ यी चारै पर्वतमा तिनका ध्वजा समान आँप, जामुनो, कदम्ब र वरका चार वृक्ष छन् । यी एघार सय योजन अग्ला तथा त्यति नै शाखाहरूको विस्तारले युक्त छन् र यिनको मोटाई सय योजन छ ॥१२॥ हे नरश्रेष्ठ ! यी पर्वतहरूमा घिउ, मह, उखूको रस तथा मीठो पानीका चार सरोवर छन्, जसमालुहउने

तथासंख्यम् ॥ ९ ॥ तथैवेलावृतमपरेण पूर्वेण च माल्यवद्गन्धमादनावानीलनिषधायतौ द्विसहस्रं पप्रथतुः केतुमालभद्राश्वयोः सीमानं विदधाते ॥ १० ॥ मन्दरो मेरुमन्दरः सुपार्श्वः कुमुद इत्ययुतयोजनविस्तारोन्नाहा मेरोश्चतुर्दिशमवष्टम्भगिरय उपक्लृप्ताः ॥ ११ ॥ चतुर्ष्वेतेषु चूतजम्बूकदम्बन्यग्रोधाश्चत्वारः पादपप्रवराः पर्वतकेतव इवाधिसहस्रयोजनोन्नाहास्तावद्विटपविततयः शतयोजनपरिणाहाः ॥ १२ ॥ ह्रदाश्चत्वारः पयोमध्विक्षुरसमृष्टजला यदुपस्पर्शिन उपदेवगणा योगैश्वर्याणि स्वाभाविकानि भरतर्षभ धारयन्ति ॥ १३ ॥ देवोद्यानानि च भवन्ति चत्वारि नन्दनं चैत्ररथं वैभ्राजकं सर्वतोभद्रमिति ॥ १४ ॥ येष्वमरपरिवृढाः सहसुरललनाललामयूथपतय उपदेवगणैरुपगीयमानमहिमानः किल विहरन्ति ॥१५॥ मन्दरोत्सङ्ग एकादशशतयोजनोत्तुङ्गदेवचूतशिरसो गिरिशिखरस्थूलानि फलान्यमृतकल्पानि पतन्ति ॥ १६ ॥ तेषां विशीर्यमाणानामतिमधुरसुरभिसुगन्धिबहुलारुणरसोदेनारुणोदा नाम नदी मन्दरगिरिशिखरान्निपतन्ती पूर्वेणेलावृतमुपप्लावयति ॥ १७ ॥ यदुपजोषणाद्भवान्या अनुचरीणां पुण्यजनवधूनामवयवस्पर्शसुगन्धवातो दशयोजनं समन्तादनुवासयति ॥ १८ ॥ एवं जम्बूफलानामत्युच्चनिपातविशीर्णानामनस्थिप्रायाणा-

यक्ष-किन्नरादि उपदेवहरूको विना प्रयत्न नै स्वभावतः सबै योग-सिद्धिहरू प्राप्त हुने गर्दछन् ॥१३॥ यसै प्रकार यिनमा नन्दन, चैत्ररथ, वैभ्राजक र सर्वतोभद्र नामका उपवन पनि छन् ॥१४॥ तिनमा देवाङ्गनाहरूका यूथपति देवता विहार गर्छन् र गन्धर्वादि उपदेवगण त्यस बखत उनको महिमा वर्णन गर्दछन् ॥१५॥ मन्दरपर्वतको काखमा जुन एघार सय योजन अग्लो यौटा आँपको वृक्ष छ, त्यसबाट पहाडका टुक्रा समान ठूला-ठूला तर अमृत समान स्वादिष्ट फल चुहुन्छन् ॥१६॥ ती फल फुटेपछि तिनबाट जुन अतिशय सुगन्धित र अरुणवर्णको रस बग्दछ, त्यसबाट उत्पन्न अरुणोदा नदी मन्दराचलको शिखरबाट झरेर आफ्नो जलले इलावृत खण्डको पूर्वी भाग सिंचित पार्दछ ॥१७॥ त्यसको जल सेवन गर्नाले श्रीपार्वतीकी सखी यक्षपत्नीहरूका अङ्गबाट यस्तो सुगन्ध निस्कन्छ कि तिनको अङ्ग तथा अवयवहरूको स्पर्श गरेर बग्ने वायु तिनको चारैतिर दस योजनासम्म सबै प्रदेशलाई सुवासित पार्दै रहन्छ ॥१८॥ यसै प्रकार धेरै माथिबाट झर्ने हात्तीको समान ठूला-ठूला र धेरै सानो कोया हुने जामुनका फल फुटनाले गर्दा तिनको रसबाट उत्पन्न जम्बू नामकी नदी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरुपर्वतको हजार योजन अग्लो शिखरबाट पृथ्वीमा झरेर आफ्नो जलले इलावृत खण्डको दक्षिणी भागलाई आद्र पार्दछ ॥१९॥ त्यस नदीका दुवैतिरको माटो त्यही रसमा भिजी तथा वायु र सूर्यको संयोगले सुखेपछि देवलोकलाई सर्वदा विभूषित पार्ने जम्बूनद नामक सुवर्णको रूपमा परिणत हुने गर्दछ ॥२०॥ जसलाई देवता तथा गन्धर्वादि आफ्ना तरुणी सुन्दरीहरूका साथै मुकुट, कटक तथा किङ्किणी आदि गहनाको रूपमा धारण गरिराख्दछन् ॥२१॥ सुपार्श्व नामक पर्वतमा उम्रेको जो यौटा धेरै ठूलो कदम्बको वृक्ष छ, त्यसका पाँच कोटरबाट महका पाँच धाराहरू बग्दछन्, जसको मोटाई आयामको छ। यस प्रकार सुपार्श्व पर्वतको शिखरबाट गिरेका यी पाँच मधुधाराहरू इलावृत खण्डको पश्चिमी भागलाई आफ्नो सुगन्धले सुरभित पार्दै बग्दछिन् ॥२२॥ तिनको रस पिउने प्राणिहरूको मुखबाट निस्कने वायु सबैतिर सय योजनसम्मको भूमिलाई सुगन्धित पार्दै रहन्छिन् ॥२३॥ त्यसै प्रकार कुमुद पर्वतमा शतवल्श नामको वृद्र वृक्ष छ, त्यसका हाँगाहरूबाट दूध, दही, घिउ, शखर, अन्नादि तथा वस्त्र, शय्या, आशम एवं आभूषणादिका नद निस्कन्छन्।

मिभकायनिभानां रसेन जम्बू नाम नदीं मेरुमन्दरशिखरादयुतयोजनादवनितले निपतन्ती दक्षिणेनात्मानं यावदिलावृतमुपस्यन्दयति ॥ १९ ॥ तावदुभयोरपि रोधसोर्या मृत्तिका तद्रसेनानुविध्यमाना वाय्वर्कसंयोगविपाकेन सदाऽमरलोकाभरणं जाम्बूनदं नाम सुवर्णं भवति ॥ २० ॥ यदु ह वाव विबुधादयः सह युवतिभिर्मुकुटकटककटिसूत्राद्याभरणरूपेण खलु धारयन्ति ॥ २१ ॥ यस्तु महाकदम्बः सुपार्श्वनिरूढो यास्तस्य कोटरेभ्यो विनिःसृताः पंचायामपरिणाहाः पंच मधुधाराः सुपार्श्वशिखरात्पतन्त्योऽपरेणात्मानमिलावृतमनुमोदयन्ति ॥२२॥ या ह्युपयुञ्जानानां मुखनिर्वासितो वायुः समन्ताच्छतयोजनमनुवासयति ॥२३॥ एवं कुमुदनिरूढो यः शतवल्शो नाम वटस्तस्य स्कन्धेभ्यो नीचीनाः पयोदधिमधुघृतगुडान्नाद्यम्बर-शय्यासनाभरणादयः सर्व एव कामदुघा नदाः कुमुदाग्रात्पतन्तस्तमुत्तरेणेलावृत्तमुपयोजन्ति ॥ २४ ॥ यानुपजुषाणानां न कदाचिदपि प्रजानां वलीपलितक्लमस्वेददौर्गन्ध्यजरामयमृत्युशीतोष्णवैवर्ण्योपसर्गादयस्तापविशेषा भवन्ति यावज्जीवं सुखं निरतिशयमेव ॥ २५ ॥ कुरङ्गकुररकुसुम्भ-वैकंकत्रिकूटशिशिरपतंगरुचकनिषधशिनीवासकपिलशंखवैदूर्यजारुधिहंसर्षभनागकालञ्जरनारदादयो विंशतिगिरयो मेरोः कर्णिकाया इव केसर-भूता मूलदेशे परित उपक्लृप्ताः ॥ २६ ॥ जठरदेवकूटौ मेरुं पूर्वेणाष्टादशयोजनसहस्रमुदगायतौ द्विसहस्रं पृथुतुङ्गौ भवतः। एवमपरेण पवनपारि-

ती सबै इच्छानुसार भोगका दाता छन्। कुमुद पर्वतको शिखरबाट तल बगेर ती इलावृत खण्डको उत्तरी भागलाई सींचदै रहन्छन् ॥२४॥ ती नदले सबै पदार्थको उपयोग गर्नाले त्यहाँ बस्ने मानिसका गालामा चाउरी पर्नु, थाक्नु, शरीरमा पसीना आउनु, शरीरबाट दुर्गन्ध निस्कनु, मृत्यु, सर्दी-गर्मी र शरीरको कान्ति बदलिनु आदि विघ्नले कत्ति पनि दुःख दिंदैनन् र उनलाई जीवनभरि पूरा-पूरा सुख प्राप्त हुन्छ ॥२५॥ हे राजन्! कमलको कर्णिकाको सबैतिर जस्तै केशर हुन्छ, त्यस्तै नै मेरुपर्वतको मूल प्रदेशमा उसको चारैतिर कुरङ्ग, कुरर कुसुम्भ, वैकङ्क, त्रिकूल, शिशिर, पतङ्ग, रुचक, निषध, शिनीवास, कपिल, शङ्ख, वैदूर्य, जारुधि, हंस, ऋषभ, नाग, कालञ्जर तथा नारद आदि बीस पर्वत विद्यमान छन् ॥२६॥ मेरु भन्दा पूर्वतिर जठर र देवकूट नामका दुइ पर्वत छन्, जो उत्तरतिर अठार हजार योजन लामा, दुइ हजार योजन चाक्ला र त्यति नै अग्ला छन्। यसै प्रकार पश्चिमतिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पवन तथा पारियात्र, दक्षिणतिर कैलास एवं करवीर तथा उत्तरतिर पूर्वाभिमुख फैलिएका त्रिशृङ्ग र मकर नामका दुइ पर्वत छन् । यी आठै पर्वतले घेरिएको सुमेरु पर्वत चारैतिरबाट घेरिएको अग्नि समान तेजस्वी देखिन्छ ॥२७॥ यस्तो भनाइ छ—सुमेरुपर्वतको टाउराको माझमा ब्रह्माजीको सम चतुष्कोण र सुवर्णमयी पुरी विद्यमान छ, जसको विस्तार हजार अयुत योजन छ ॥२८॥ त्यसको तल चारैतिर पूर्वादि आठै दिशा र उपदिशाहरूमा तिनका अधिपति इन्द्रादिक आठै दिक्पालहरूका आठ पुरी छन्, जुन आफाफ्ना स्वामीको अनुरूप तथा परिमाणमा ब्रह्माजीको पुरीभन्दा एक चौथाई लामो र चाक्लो छ ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां षोडशोऽध्यायः ॥ १६ ॥ (गङ्गाको उत्पत्ति विवरण र शिवजी द्वारा सङ्कर्षणको स्तुति)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! जब साक्षात् यज्ञमूर्ति भगवान् विष्णुले राजा बलिको यज्ञशालामा गएर तीनै लोकलाई ढाक्नको निम्ति आफ्ना पाउ बढाए तब उनका बायाँ पाउको बुढी औंलाको नङको आघातले माथिको ब्रह्माण्ड फाट्यो । त्यसको प्वालबाट निस्केर ब्रह्माण्डदेखि बाहिर जुन जल धारा

यात्रौ दक्षिणेन कैलासकरवीरौ प्रागायतावेवमुत्तरतस्त्रिशृङ्गमकरावष्टभिरेतैः परिसृतोऽग्निरिव परितश्चकास्ति काञ्चनगिरिः ॥ २७ ॥ मेरोर्मूर्धनि भगवत आत्मयोनेर्मध्यत उपक्लृप्तां पुरीमयुतयोजनसाहस्रीं समचतुरस्रां शातकौम्भीं वदन्ति ॥ २८ ॥ तामनु परितो लोकपालानामष्टानां यथादिशं यथारूपं तुरीयमानेन पुरोऽष्टावुपक्लृप्ताः ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे भुवनकोशवर्णनं नाम षोडशोऽध्यायः ॥ १६ ॥ श्रीशुक उवाच ॥ तत्र भगवतः साक्षाद्यज्ञलिङ्गस्य विष्णोर्विक्रमतो वामपादाङ्गुष्ठनखनिर्भिन्नोर्ध्वाण्डकटाहविवरेणान्तः प्रविष्टा या बाह्यजलधारा तच्चरणपङ्कजावनेजनारुणकिञ्जल्कोपरञ्जिताखिलजगदघमलापहोपस्पर्शनामला साक्षाद्भगवत्पदीत्यनुपलक्षितवचोऽभिधीयमानाऽतिमहता कालेन युगसहस्रोपलक्षणेन दिवो मूर्धन्यवततार यत्तद्विष्णुपदमाहुः ॥ १ ॥ यत्र ह वाव वीरव्रत औत्तानपादिः परमभागवतोऽस्मत्कुलदेवताचरणारविन्दोदकमिति यामनुसवनमुत्कृष्यमाणभगवद्भक्तियोगेन दृढं क्लिद्यमानान्तर्हृदय औत्कण्ठ्यविवशामीलितलोचनयुगलकुड्मलविगलितामलबाष्पकलयाऽभिव्यज्यमानरोमपुलककुलकोऽधुनापि परमादरेण शिरसा बिभर्ति ॥ २ ॥ ततः सप्त ऋषयोऽस्मत्प्रभावाभिज्ञा यां ननु तपस आत्यन्तिकी

आयो, त्यो ती चरणकमललाई धुनाले त्यसको अरुणवर्ण केशरसित मिसिएर रातो रंगको भयो । यो निर्मल जलधारा स्पर्श हुनासाथ जगत् सबै पाप नष्ट पारिदिन्छ । त्यसलाई पहिले अरु केही नभनेर सबै साक्षात् 'भगवत्पदी' भन्दथे । ब्रह्माण्डकटाहबाट त्यो हजारौं युग दीर्घकालपछि स्वर्गबाट माथि विराजमान साक्षात् ध्रुवलोकमा जसलाई 'विष्णुपदी' पनि भन्दछन्, तल झर्लिन् ॥१॥ हे वीरव्रत ! त्यस लोकमा राजा उत्तानपादका छोरा परम भगवद्भक्त ध्रुव बस्तछन् । ती नित्य बढ्ने भक्तियोगद्वारा 'यो हाम्रो कुलदेवताको चरणोदक हो' यस्तो मानेर त्यो जललाई जब ठूलो आदर साथ आफ्नो शिरमा चढाउँछन्, तब तिनको हृदय प्रेमावेगले अत्यन्त गद्गद् हुने गर्दछ । उत्कण्ठावश जब चिम्लिएका दुवै नेत्र-कमलबाट निर्मल आँसुका धारा बग्न थाल्दछन् र शरीरमा रोमाञ्च हुने गर्दछ ॥२॥ त्यसपछि सर्वात्मा भगवान् वासुदेवको अटल र अचल भक्तिभाव प्राप्त गरेर जसले सबै कामनाहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परित्याग गरिदिएका छन्, ती आत्मपरायण सप्तर्षिगण ती गङ्गाजीको प्रभाववाट अभिज्ञ हुनाले गर्दा 'तपस्याको सर्वप्रधान सिद्धि यही हो' यस्तो ठानेर उसलाई ठूलो आदरले आज पनि आफ्ना जटामा धारण गरिरहेछन्। जस्तै मुमुक्षुजन स्वतः प्राप्त *मणिरूपिणी मुक्तिलाई शिरमा चढाउँछन् ॥ ३ ॥ शिवजीको जटावाट गङ्गा–हजारौं करोड़ देवताहरूका विमानहरूले भरी आकाशमार्गवाट तल वर्लदी र चन्द्रलोकलाई आप्लावित पार्दै मेरुशिखरको ब्रह्मपुरीमा पुग्दछिन्। त्यस ब्रह्मपुरीमा ती चार धाराहरूमा विभक्त भएर सीता, अलकनन्दा चक्षु र भद्रा यी नामवाट चारै दिशाहरूमा वग्दै अन्त्यमा नद तथा नदीहरूका अधीश्वर समुद्रमा गएर मिल्दछिन् ॥४॥५॥ तिनका सीता ब्रह्मपुरीवाट वगेर मेरुपर्वतका केसर समान देखिने भएका

सिद्धिरेतावती भगवति सर्वात्मनि वासुदेवेऽनुपरतभक्तियोगलाभेनैवोपेक्षितान्यार्थात्मगतयो मुक्तिमिवागतां मुमुक्षव इव सबहुमानमद्यापि जटाजूटैरुद्वहन्ति ॥ ३ ॥ ततोऽनेकसहस्रकोटिविमानानीकसङ्कुलदेवयानेनावतरन्तीन्दुमण्डलमावार्य ब्रह्मसदने निपतति ॥ ४ ॥ तत्र चतुर्धा भिद्यमाना चतुर्भिर्नामभिश्चतुर्दिशमभिस्पन्दती नदनदीपतिमेवाभिविशति सीताऽलकनन्दा चक्षुर्भद्रेति ॥ ५ ॥ सीता तु ब्रह्मसदनात्केसराचलादिगिरिशिखरेभ्योऽधोऽधः प्रस्रवन्ती गन्धमादनमूर्धसु पतित्वाऽन्तरेण भद्राश्ववर्षं प्राच्यां दिशि क्षारसमुद्रमभिप्रविशति ॥ ६ ॥ एवं माल्यवच्छिखरान्निपतन्ती ततोऽनुपरतवेगा केतुमालमभि चक्षुः प्रतीच्यां दिशि सरित्पतिं प्रविशति ॥ ७ ॥ भद्रा चोत्तरतो मेरुशिरसो निपतिता गिरिशिखराद्गिरिशिखरमतिहाय शृङ्गवतः शृङ्गादवस्यन्दमाना उत्तरांस्तु कुरुनभित उदीच्यां दिशि जलधिमभिप्रविशति ॥ ८ ॥ तथैवालकनन्दा दक्षिणेन ब्रह्मसदनाद्बहूनि गिरिकूटान्यतिक्रम्य हेमकूटाद्धैमकूटान्यतिरभसतररंहसा लुठन्ती भारतमभिवर्षं दक्षिणस्यां दिशि जलधिमभिप्रविशति । यस्यां

पर्वतहरूमा हुँदै ठूलो वेगले वग्दै गन्धमादन पर्वतको शिखरमा झर्दछिन् । ती भद्राश्व खण्डलाई प्लावित पार्दै पूर्वतिर क्षारसमुद्रमा मिल्दछिन् ॥ ६ ॥ यसै प्रकार चक्षु नदी माल्यवान्को शिखरमा हुँदै केतुमाल वर्षमा अनवरत गतिले पश्चिमतर्फ वग्दै समुद्रमा मिल्न पुग्दछिन् ॥ ७ ॥ भद्रा नदी मेरुपर्वतको उत्तरतिरको शिखरवाट तल झरेर यौटा पर्वतमा वग्दै अन्त्यमा शृङ्गवान्को शिखरवाट झरेर उत्तर कुरुदेशमा उत्तरतिर वग्दै समुद्रमा मिल्न पुग्दछिन् ॥ ८ ॥ अलकनन्दा ब्रह्मपुरीको दक्षिण भागवाट वगेर अनेक पर्वतहरू नाघ्दै हेमकूलमा पुग्दछिन् र त्यहाँवाट अत्यन्त तीव्र तथा अप्रतिहत वेगले हिमालयको शिखरलाई चिर्दै अन्त्यमा भारतवर्ष पुगेर अनेक देश, नगरछन्वाट वग्दै अन्त्यमा दक्षिण दिशाको

---

* दृष्टान्त (सच्चा मणिले मुक्ति दिन्छ)—कुनै नगरमा यौटा साहू वस्तथ्यो । त्योसित यौटा बहुमूल्य मणि थियो । त्यो जब बूढो भयो, तब उसले त्यो मणि आफ्ना छोराहरूलाई दिएर भन्यो—'यो मणि बहुमूल्य छ, यसको सुरक्षा गर्नु । रात्रिमा पनि यसको रक्षा गर्दै रहनु ।' छोराले पिताको सल्लाह स्वीकार गरे । ती रातभरि जागै रहेर मणिको रक्षा गर्नलागे । पहिले काँछो छोरो जागै वस्यो । त्यसले मणि वाहिर झिक्नासाथ झलल प्रकाश फैलियो । त्यो एक क्षणसम्म मणिलाई हेर्दै रह्यो । पछि जब समय विताउन कठिन भयो, तब त्यसले मणिलाई धूलोमा गाड्ने र झिक्ने गर्नलाग्यो । त्यसपछि अर्को छोरोको पालो आयो । त्यसले मणिको प्रकाशमा त्यहाँका सवै वस्तु जम्मा पार्‍यो । पछि तेस्रो छोरोको पालो । उसले ढोका खोलेर मणिलाई घरवाट वाहिर लगेर राख्यो । त्यसमा चन्द्रमाका किरण परेपछि उसवाट अमृत चुहुन लाग्यो । त्यसले त्यो अमृत पियो र अमर भयो । यसको भाव यो कि—भक्तिरूपी मणि प्राप्त प्राप्त गरेर तमोगुणी मनुष्य भोग भोग्दछ—'म त शुद्ध हुँ । 'मलाई के पाप लाग्दछ ?' यस्तो भनेर त्यो आफैंमाथि र शास्त्रमा धूलो फाल्दै जान्छ । अर्का रजोगुणी व्यक्ति शास्त्रलाई बुझेर तथा विविध युक्तिहरू गरेर धन कमाउन थाल्दछन् अनि जीवन पर्यन्त रजोगुणमै तन्मय रहन्छन् । तेस्रा सत्वगुणी पुरुष त्यसवाट अमृतमय मोक्ष प्राप्त गर्दछन् ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समुद्रमा मिल्दछिन् । यसमा स्नान गर्नका लागि आउने व्यक्तिलाई पद-पदमा अश्वमेध र राजसूय आदि महायज्ञहरूको फल पाउन पनि दुर्लभ रहन्न ॥९॥ यसै प्रकार प्रत्येक देशमा मेरु आदि पर्वतबाट निस्कने अरु पनि सयकडौं नद तथा नदीहरू छन् ॥१०॥ यी सबै खण्डमा केवल भारतवर्ष नै कर्मभूमि छ । बाँकी आठ खण्ड स्वर्गवासी पुरुषका शेष पुण्यलाई भोग्नको निम्ति तोकिएका छन् । अतः इनलाई भूलोकस्थित स्वर्ग पनि भन्दछन् ॥११॥ यहाँका देवता समान पुरुषहरूको आयु मनुष्यको गणनानुसार दश हजार वर्षको हुन्छ तिनमा हजार हात्तीको बल रहन्छ र तिनको वज्रसमान शरीरमा जुन शक्ति, जुन यौवन र जुन आमोदजनित उल्लास हुन्छन्, तिनले ती धेरै कालसम्म मैथुनादि विषयभोग भोग्दछन् । तिनका आयुको जब केवल एक वर्ष शेष रहन्छ, तब तिनकी भार्याहरू गर्भवती हुन्छन् । यस प्रकार त्यहाँ सधैं त्रेतायुगको समानस्थिति रहन्छ ॥१२॥ सबै ऋतुमा फूलका गुच्छा आदि र नवीन कोपिलाका समृद्धिले न्यूरिएका शाखाहरू हुने वृक्षले त्यहाँका बगैचा । सुशोभित रहन्छन् । ती आश्रम गृह तथा वर्ष-पर्वतका गुफानरूमा अनेक थरिका फक्रेका नवीन कमल-कुसुमको

स्नानार्थं चागच्छतः पुंसः पदेपदेऽश्वमेधराजसूयादीनां फलं न दुर्लभमिति ॥ ९ ॥ अन्ये नदा नद्यश्च वर्षे वर्षे सन्ति बहुशो मेर्वादिगिरिदुहितरः शतशः ॥ १० ॥ तत्रापि भारतमेव वर्षं कर्मक्षेत्रमन्यान्यष्ट वर्षाणि स्वर्गिणां पुण्यशेषोपभोगस्थानानि भौमानि स्वर्गपदानि व्यपदिशन्ति ॥ ११ ॥ एषु पुरुषाणामयुतपुरुषायुर्वर्षाणां देवकल्पानां नागायुतप्राणानां वज्रसंहननबलवयोमोदप्रमुदितमहासौरतमिथुनव्यवायापवर्गवर्षधृतैक-गर्भकलत्राणां तत्र तु त्रेतायुगसमः कालो वर्तते ॥ १२ ॥ यत्र ह देवपतयः स्वैः स्वैर्गणनायकैर्विहितमहार्हणाः सर्वर्तुकुसुमस्तबकफलकिसल-यश्रिया नम्यमानविटपलताविटपिभिरुपशोभमानरुचिरकाननाश्रमायतनवर्षगिरिद्रोणीषु तथा चामलजलाशयेषु विकचविविधनववनरुहामोदमुदित-राजहंसजलकुक्कुटकारण्डवसारसचक्रवाकादिभिर्मधुकरनिकराकृतिभिरुपकूजितेषु जलक्रीडादिभिर्विचित्रविनोदैः सुललितसुरसुन्दरीणां कामक-लितविलासहासलीलावलोकाकृष्टमनोदृष्टयः स्वैरं विहरन्त ॥ १३ ॥ नवस्वपि वर्षेषु भगवान्नारायणो महापुरुषः पुरुषाणां तदनुग्रहायात्म-तत्त्वव्यूहेनात्मनाऽद्यापि सन्निधीयते ॥ १४ ॥ इलावृते तु भगवान्भव एक एव पुमान्न ह्यन्यस्तत्रापरो निर्विशति भवान्याः शापनिमित्तज्ञो यत्प्रवेक्ष्यतः स्त्रीभावस्तत्पश्चाद्वक्ष्यामि ॥ १५ ॥ भवानीनाथैः स्त्रीगणार्बुदसहस्रैरवरुध्यमानो भगवतश्चतुर्मूर्तेर्महापुरुषस्य तुरीयां तामसीं

सुगन्ध पाएर प्रसन्न मनले कूजित राजहंस, जल-कुक्कुट, कारण्डव, सारस तथा चखेवा आदि पक्षिहरू एवं गुञ्जन गर्ने भ्रमरसमूहलाई भिन्न-भिन्न जातले सुशोभित जलाशयहरूमा उहाँका श्रेष्ठ देवतागण आफाफ्ना सेवकमा प्रमुख व्यक्तिहरूद्वारा अनेक प्रकारका सामग्रीले पूजित भएर परमसुन्दरी देवाङ्गनाहरूका साथै तिनका कामजनित विलासपूर्ण हाप र क्रीडाकटाक्ष-ले मन तथा नेत्र आकृष्ट भएपछि किसिम-किसिमका कौतुक गर्दै स्वच्छन्द विहार गर्दछन् ॥१३॥ माथि कानौवर्षमा परमपुरुष नारायण त्यहाँ भएका पुरुषहरूमा अनुग्रह गर्नका लागि आफ्ना विभिन्न मूर्तिले आज पनि विराजमान रहन्छन् ॥१४॥ इलावृत खण्डमा एक्लै शङ्करजी नै पुरुष छन् ! ती भगवान्को श्रापले त्यहाँ कुनै पनि अर्को पुरुष जान सक्तैन, किनकि त्यहाँ जो जान्छ, त्यो स्त्रीमा परिवर्तित हुन्छ । अगाडी नवौं स्कन्धमा यस विषयको विस्तृत वर्णन गरिने छ ॥१५॥ त्यहाँ पार्वतीआदि हजारअर्बुद स्त्रीहरूले घेरिएका भगवान् शिवजी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमात्माको चतुर्व्यूह मूर्तिहरूका कारणस्वरूप सङ्कर्षण नामको चौथो तामसी मूर्तिको समाधियोग द्वारा ध्यान गर्दै र यस मन्त्रलाई जप्दै स्तुति गर्न गर्दछन् । श्रीशङ्कर भगवान् भन्छुहुन्छ—जसको द्वारा सबै गुणको अभिव्यक्ति हुन्छ, तो अनन्त र अव्यक्त मूर्ति परम पुरुष भगवान् सङ्कर्षणलाई बारम्बार नमस्कार छ ॥१६॥१७॥ हे आराध्यदेव ! हजुरका चरण-कमल भक्तहरूका रक्षक हुन् । हजुर सबै ऐश्वर्यका आश्रय हुनुहुन्छ । हजुरले आफ्नो भूतभावन स्वरूप भक्तगणको प्रति पूर्णरूपले प्रकट गर्नुभएको छ र हजुर भक्तलाई संसारबाट मुक्त पार्न र अभक्तलाई त्यस बन्धनमा बाँध्ने छन् । यस्ता परमप्रभु हजुरलाई म नमस्कार गर्दछु ॥१८॥ हे प्रभो ! क्रोध जित्नमा असमर्थ हाम्रो दृष्टि जस विषयहरूमा लिप्त भएर गाडिन्छ, त्यसै गरी जो हजुरको दृष्टि संसारतिर हेरिरहे पनि मायामयी विषयवासनाले भरिएको चित्तको वृत्तिहरूमा केही पनि लिप्त हुन जाँदैन, ती परम समर्थ हजुरको आफ्नो अन्तःकरणलाई जित्ने इच्छा भएका कुन पुरुष आदर नगर्लान् ? ॥१९॥ जो पुरुषलाई आफ्नी मायाले मोहित पार्दै मदिरा पानले अरुण नयन भएका देखिन्छन् र जसका चरणको स्पर्श गर्नाले कामवश

मूर्तिं प्रकृतिमात्मनः सङ्कर्षणसंज्ञामात्मसमाधिरूपेण सन्निधाप्यैतदभिगृणन्भव उपधावति ॥ १६ ॥ श्रीभगवानुवाच ॥ ॐ नमो भगवते महा-पुरुषाय सर्वगुणसंख्यानायानन्तायाव्यक्ताय नम इति ॥ १७ ॥ भजे भजन्यारणपादपङ्कजं भगस्य कृत्स्नस्य परं परायणम् ॥ भक्तेष्वलं भावितभूतभावनं भवापहं त्वां भवभावमीश्वरम् ॥ १८ ॥ न यस्य मायागुणचित्तवृत्तिभिर्निरीक्षतो ह्यण्वपि दृष्टिरज्यते ॥ ईशे यथा नोऽजित मन्युरंहसां कस्तं न मन्येत जिगीषुरात्मनः ॥ १९ ॥ असद्दृशो यः प्रतिभाति मायया क्षीबेव मध्वासवताम्रलोचनः ॥ न नागवध्वोऽर्हण ईशिरे ह्रिया यत्पादयोः स्पर्शनधर्षितेन्द्रियः ॥ २० ॥ यमाहुरस्य स्थितिजन्मसंयमं त्रिभिर्विहीनं यमनन्तमृषयः ॥ न वेद सिद्धार्थमिव क्वचित्स्थितं भूमण्डलं मूर्धसहस्रधामसु ॥ २१ ॥ यस्याद्य आसीद्गुणविग्रहो महान्विज्ञानधिष्ण्यो भगवानजः किल ॥ यत्सम्भवोऽहं त्रिवृता स्वतेजसा वैकारिकं तामसमैन्द्रियं सृजे ॥ २२ ॥ एते वयं यस्य वशे महात्मनः स्थिताः शकुन्ता इव सूत्रयन्त्रिताः ॥ महानहंवैकृततामसेन्द्रियाः सृजाम सर्वे यदनुग्रहादिदम् ॥ २३ ॥ यन्निर्मितां कर्ह्यपि कर्मपर्वणीं मायां जनोऽयं गुणसर्गमोहितः ॥ न वेद निस्तारणयोगमञ्जसा तस्मै नमस्ते विलयोदया-त्मने ॥ २४ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे सप्तदशोऽध्यायः ॥१७॥ श्रीशुक उवाच ॥ तथा च भद्रश्रवा नाम धर्मसुतस्तत्कुलपतयः

चित्त चञ्चल भएर आउँछ र सबै नागपत्नीहरू पूजा निवेदन गर्नमा असमर्थ हुन्छन् ॥२०॥ वेदमन्त्र जसलाई जगत्को उत्पत्ति स्थिति र लयका कारण भन्दछन् र वास्तवमा यी तीनै अवस्थाहरूबाट पृथक् रहनाले उसलाई ऋषि-मुनि अनन्त भन्दछन् र जो आफ्ना सहस्र मस्तकमा सरस्यूँ सदृश राखिएका भूमण्डलको विषयमा यति पनि जान्दैनन् कि त्यो कहाँ राखिएको छ ॥२१॥ जसद्वारा उत्पन्न म आफ्ना त्रिगुणमय तेज अर्थात् त्रिविध अहङ्कारले देवता, इन्द्रिय र प्राणिहरूको रचना गर्दछु, ती सत्वगुणका एकमात्र आश्रय ब्रह्मा जसको महत्तत्व नामक गुणयुक्त स्वरूप छ, त्यस्ता हजुरलाई नमस्कार ॥२२॥ महत्तत्त्व, अहङ्कार, इन्द्रियाभिमानी देवता, इन्द्रियहरू र पञ्चभूतगणादि र हामीसबै देवता डोरीमा बाँधिएका पक्षी जस्तै जुन महात्माको वशमा रहेर उसैको कृपा-कटाक्षले यस जगत्को रचना गर्छन् र सत्वादि गुणको सृष्टिले मोहित यी जीव जसले रचेको कर्मरूपिणी ग्रन्थिहरूले युक्त माया तथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसबाट सहजमा मुक्त हुने उपाय जान्दैन। अखिल जगत्को सृष्टि र प्रलयरूपधारी ती हजुर प्रभुलाई नमस्काई गर्दछु ॥२३-२४॥ इति श्रीमद्भागवते महापुराणे पञ्चम स्कन्धे नेपाली भाषाटीकायां सप्तदशोऽध्यायः ॥ १७ ॥ (विभिन्न देशको विस्तार)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! यसै प्रकार भद्रश्वखण्डमा धर्मका पुत्र भद्रश्रवा तथा तिनका प्रमुख सेवक साक्षात् भगवान वासुदेवको हयग्रीव नामको धर्ममयी प्रिय मूर्तिलाई परम समाधिले आफ्नो हृदयमा स्थापित गरेर यो मन्त्र जप्दै स्तुति गरिरहन्छन् ।।१॥ भद्रश्रवागणहरू भन्दछन्—चित्तलाई पवित्र पार्ने साक्षात् धर्म-भगवान्लाई नमस्कार छ ।। २ ॥ अहो ! भगवान्को लीला बडो विचित्र छ। त्यसैले गर्दा यो जीव सम्पूर्ण लोकहरूका संहारक काललाई देखेर पनि देख्न सक्तैन। अएतव तुच्छ विषयलाई भोग्न सर्वथा असत्को ध्यान गर्दै पुत्र पिताको दाह-कर्म गरिसकेपछि पनि *अन्न र ती स्वजनहरू द्वारा उपार्जित धनको उपभोग

पुरुषा भद्राश्ववर्षे साक्षाद्भगवतो वासुदेवस्य प्रियां तनुं धर्ममयीं हयशीर्षाभिधानां परमेण समाधिना सन्निधाप्येदमभिगृणन्त उपधावन्ति ॥ १ ॥ भद्रश्रवस ऊचुः ॥ ॐ नमो भगवते धर्मायात्मविशोधनाय नम इति ॥२॥ अहो विचित्रं भगवद्विचेष्टितं घ्नन्तं जनोऽयं हि मिषन्न पश्यति ॥ ध्यायन्न सद्यर्हि विकर्म सेवितुं निर्हृत्य पुत्रः पितरं जिजीविषति ॥ ३ ॥ वदन्ति विश्वं कवयः स्म नश्वरं पश्यन्ति चाध्यात्मविदो विपश्चितः ॥ तथापि मुह्यन्ति तवाज मायया सुविस्मितं कृत्यमजं नतोऽस्मि तम् ॥ ४ ॥ विश्वोद्भवस्थाननिरोधकर्म ते ह्यकर्तुरङ्गीकृतमप्यपावृतः ॥ युक्तं न चित्रं त्वयि कार्यकारणे सर्वात्मनि व्यतिरिक्ते च वस्तुतः ॥ ५ ॥ वेदान्युगान्ते तमसा तिरस्कृतान् रसातलाद्यो नृतुरङ्गविग्रहः ॥ प्रत्याददे वै कवयेऽभि याचते तस्मै नमस्तेऽवितथेहिताय इति ॥ ६ ॥ हरिवर्षे चापि भगवान्नरहरिरूपेणास्ते ॥ तद्रूपग्रहणनिमित्तमुत्तरत्राभिधास्ये ॥ तद्दयितं

गर्दै बाँचिरहन खोज्दछ ॥ ३ ॥ कतिपय विद्वान्को भनाई छ—जगत् नाशवान छ र आत्मज्ञानको विचक्षण पुरुष उसलाई नाशवान देख्दछन्। तैपनि हे अजन्मा ! हजुरको मायाले जन समुदाय मोहित हुने गर्दछन्, यस्ता अत्यन्त विस्मयजनक अगणित कृत्य गर्ने भएका हजुर प्रभुलाई म नमस्कार गर्दछु ॥ ४ ॥ हे प्रभो ! हजुर सर्वथा अकर्ता तथा आवरण शून्य हुनुहुन्छ, तैपनि वेदहरूले जगत्को उत्पत्ति, स्थिति र प्रलय हजुरकै कर्म हुन् भन्दछन्। हजुरको विषयमा यो कुनै विस्मयको कुरा होइन, किनकि सबै कामका कारण-स्वरूप हजुर सर्वात्माको माया द्वारा कर्म हुनु सम्भव छ। वस्तुतः हजुर आफ्नो शुद्ध स्वरूपले सर्वथा अलग हुनुहुन्छ। जसले मनुष्य तथा घोड़ा समान शरीर धारण गरेर प्रलयकालमा तमोगुणप्रधान मधुकैटभ दैत्यद्वारा हरिएका वेद—कविहरूले मागेपछि रसातलबाट ल्याएरदिनुभयो, सत्य इच्छाशक्ति हुने हजुरलाई नमस्कार ॥६॥ हरिवर्षखण्डमा नृसिंहरूपले विराजमान

---

* दृष्टान्त (अन्न अनुसारको बुद्धि)—यौटा ब्राह्मण ठूलो पण्डित थिए। ती सदा ईश्वरसित यही प्रार्थना गर्दथे—'मेरो मन कुनै दिन पनि अनीतिमा नलागोस् !' एक दिन राजाले केही सोध्नको लागि ती पण्डित-लाई डाक्न पठाए। पण्डित राजमहलमा पुगेर यौटा किलामा हार झुण्डिएको देखे। तिनको मन चञ्चल भएर आयो। राजासित कुराकानी गरेर उनले चुपचाप हार लिएर बाहिर निस्के। निनले आउँदा आउँदै बाटोन्त विचार गरे—'मैले आज अधर्म गरें।' ती तत्काल फर्केर गए र राजालाई हार बुझाएर क्षमा मागे। यसले राजालाई आश्चर्य भयो। पण्डितले घर आएर पत्नीसित सोधे—'आज कसको अन्नले तिमीले भोजन तयार गरेकी थियौ ?' स्त्रीले भनिन्—'यौटा सुनारले सिधा दिएर गएको थियो।' पण्डितले सुनारसित सोधे - 'तेरो कमाई कस्तो थियो ?' सुनारले उत्तर दियो—'मैले यौटा ग्राहकको सुन चोरेको थिएँ, र त्यसैको पैसाले एक भाग सिधा तपाईंकहाँ पनि पठाइदिएँ।' पण्डितले विचार गरे—'चोरीको अन्न खानाले यही फल हुन्छ।' तिनले प्रायश्चित्त स्वरूप एक दिन उपवास गरे र स्त्रीलाई भने-अब कसैले केही वस्तु दिन आए त्यो वस्तु नलिनु।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहनु हुन्छ । उनको यस रूपलाई धारण गर्ने कारण अगाडि गएर (सप्तम स्कन्धमा) बताइने छ । महापुरुषका योग्य गुणले सम्पन्न, दैत्य तथा दानव कुललाई पवित्र पार्ने स्वभाव तथा सदाचारले युक्त परम भगवद्भक्त प्रह्लादजी त्यो हरिवर्ष खण्डका निवासी अन्य पुरुषहरूका साथै अनन्य त । अव्यवहित भक्तिभावले त्यो प्रिय स्वरूपको उपासना गर्दै यस मन्त्र र स्तोत्रको पाठ गर्दै रहन्छन्—श्रीनृसिंह भगवान्लाई नमस्कार छ । हे प्रभो ! हजुर अग्नि आदि सबै तेजका पनि तेज हुनुहुन्छ । हे वज्रनख ! हे वज्रदंष्ट्र ! मेरा कर्मवासनाहरूलाई हजुर भस्म गर्नोस्, मेरा अज्ञानरूपी अन्धकारलाई निलिदिनोस्—ॐ स्वाहा क्षौम् ॥ ७।।८ ॥ हे प्रभो ! समस्त विश्वको कल्याण होस् । दुष्ट जनहरू आफ्नो कुटिलता त्यागे र सज्जन बनुन् । सबै प्राणी आफ्नो बुद्धिले परस्पर यौटाले अर्काको भलो गर्ने सोचोस् । हाम्रो मन शुभ मार्गमा लागोस् । हाम्रो बुद्धि निष्काम भावले श्री अधोक्षज भगवान्मा प्रवृत्त होस् ॥ ९ ॥ हे प्रभो ! घर, स्त्री, पुत्र, धन तथा भाई बन्धुहरूमा कहिल्यै पनि हाम्रो आसक्ति नहोस् । यदि भए पनि केवल भगवान्का भक्तगणमा होस् । किनकि जो धीर पुरुष

रूपं महापुरुषगुणभाजनो महाभागवतो दैत्यदानवकुलतीर्थीकरणशीलाचरितः प्रह्लादोऽव्यवधानानन्यभक्तियोगेन सह तद्वर्षपुरुषैरुपास्ते इदं चोदाहरति ॥ ७ ॥ ॐ नमो भगवते नरसिंहाय नमस्तेजस्तेजसे आविराविर्भव वज्रनख वज्रदंष्ट्र कर्माशयान् रन्धय रन्धय तमो ग्रस ग्रस ॐ स्वाहा ॥ अभयमभयमात्मनि भूयिष्ठा ॐ क्षौम् ॥ ८ ॥ स्वत्स्यतु विश्वस्य खलः प्रसीदतां ध्यायन्तु भूतानि शिवं मिथो धिया ॥ मनश्च भद्रं भजतादधोक्षज आवेश्यतां नो मतिरप्यहैतुकी ॥ ९ ॥ मागारदारात्मजवित्तबन्धुषु सङ्गो यदि स्याद्भगवत्प्रियेषु नः ॥ यः प्राणवृत्त्या परितुष्ट आत्मवान्सिद्ध्यत्यदूरान्न तथेन्द्रियप्रियः ॥ १० ॥ यत्सङ्गलब्धं निजवीर्यवैभवं तीर्थं मुहुः संस्पृशतां हि मानसम् ॥ हरत्यजोऽन्तः श्रुतिभिर्गतोऽङ्गजं को वै न सेवेत मुकुन्दविक्रमम् ॥ ११ ॥ यस्यास्ति भक्तिर्भगवत्यकिञ्चना सर्वैर्गुणैस्तत्र समासते सुराः ॥ हरावभक्तस्य कुतो महद्गुणा मनोरथेनासति धावतो बहिः ॥ १२ ॥ हरिर्हि साक्षाद्भगवाञ्छरीरिणामात्मा झषाणामिव तोयमीप्सितम् ॥ हित्वा महांस्तं यदि सज्जते गृहे तदा महत्त्वं वयसा दम्पतीनाम् ॥ १३ ॥ तस्माद्रजोरागविषादमन्युमानस्पृहाभयदैन्याधिमूलम् ॥ हित्वा गृहं संसृतिचक्रवालं नृसिंहपादं भजताकुतो-

केवल शरीर निर्वाह योग्य अन्नादिले सन्तुष्ट रहन्छ, त्यसलाई जति छिटै सिद्धि प्राप्त हुन्छ, त्यसै गरी इन्द्रियलोलुप पुरुषलाई छिटै सिद्धि प्राप्त हुँदैन ॥१०॥ भगवद्भक्तको सहवासले प्राप्त भगवान्का उदार चरित्रहरूका कथारूपी तीर्थलाई कानद्वारा पुनः पुनः श्रवण गर्नेहरूका हृदयमा प्रविष्ट भएर भगवान् अज तिनका शारीरिक तथा मानसिक मलको मार्जन गरिदिनु हुन्छ । अतः भगवान् मुकुन्दका ती पवित्र चरित्रको सेवन नगर्ने को होला ? ॥११॥ जुनसुकै पुरुषको भगवानमा निःस्वार्थ भक्ति हुन्छ, त्यसको सेवामा धर्म-ज्ञानादि सबै सद्गुणहरू सहित सबै देवता सदा उपस्थित रहन्छन् । जो पुरुष भगवान्को भक्त छैन र विविध प्रकारका संकल्प गरेर सर्वदा बाह्य तथा तुच्छ विषयहरू तर्फ दगुर्दै रहन्छ, त्यसमा महापुरुषहरूका गुण कसरी आउन सक्तछन् ? ॥१२॥ जसरी माछाका निम्ति जल नै अभीष्ट रहन्छ, त्यस्तै नै साक्षात् विष्णु भगवान् नै सबै देहधारीहरूका प्रिय आत्मा हुनुहुन्छ । उनलाई त्यागेर यदि कुनै प्राणी घर आदिमा आसक्त रहन्छ भने ती दम्पती अर्थात् स्त्री-पुरुषको बडत्व केवल आयुमा नै रहनजान्छ—गुणको बडप्पन रहन्न ॥१३॥ अतएव हे दैत्यगण हो ! तिमीहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रोध, अभिमान, इच्छा, भय, दीनता तथा मानसिक सन्तापका मूल कारण एवं जन्म-मरणरूपी संसार-चक्रलाई वहन गर्ने घर द्वारलाई त्यागेर भगवान् नृसिंहका अभयदायक चरण-कमलको शरण लेऊ ॥१४॥ केतुमाल खण्डमा लक्ष्मीजी, संवत्सर प्रजापतिका छोरा र तिनकी कन्याहरूको कल्याण गर्न भगवान् कामदेवको रूपमा विराजमान रहन्छन् । ती कन्या-हरू र छोराहरूको संख्या मनुष्यका परमाणुको दिन तथा रात्रिको बराबर अर्थात् छत्तीस हजार वर्ष छ र ती नै उस खण्डका अधिपति मानिन्छन् । ती परम पुरुष श्रीनारायणका परमास्त्र सुदर्शन चक्रको तेजले भयभीत ती कन्याहरूको गर्भ-प्रत्येक वर्षको अन्त्यमा निष्प्राण भएर तुहुने गर्दछ ॥१५॥ त्यहाँ कामदेवको रूपमा स्थित भगवान् आफ्ना अतिशय राम्रा गति विलास तथा मधुर हास्यमय क्रीडा-कटाक्षको लीलाले अलि-अलि मास्तिर उठेका सुन्दर भृकुटीले अलंकृत आफ्नो मनोहर मुखारविन्दको शोभाले लक्ष्मीजीको अभिनन्दन गर्दै आफ्ना इन्द्रियहरूलाई सुखी पार्दछन् ॥१६॥ लक्ष्मीजी आफ्नो परम समाधि योगद्वारा भगवान्को त्यो मायामय स्वरूपको रात्रिको वेला प्रजापति संवत्सरकी कन्याहरू तिनका पतिहरूका साथै

भयमिति ॥१४॥ केतुमालेऽपि भगवान्कामदेवस्वरूपेण लक्ष्म्याः प्रियचिकीर्षया प्रजापतेर्दुहितॄणां पुत्राणां तद्वर्षपतीनां पुरुषायुषाऽहोरात्रपरिसंख्यानां यासां गर्भा महापुरुषमहास्त्रतेजसोद्वेजितमनसां विध्वस्ता व्यसवः संवत्सरान्ते विनिपतन्ति ॥ १५ ॥ अतीव सुललितगतिविलासविलसितरुचिरहासलेशावलोकलीलया किञ्चिदुत्तम्भितसुन्दरभ्रूमण्डलसुभगवदनारविन्दश्रिया रमां रमयन्निन्द्रियाणि रमयते ॥ १६ ॥ तद्भगवतो मायामयं रूपं परमसमाधियोगेन रमादेवी संवत्सरस्य रात्रिषु प्रजापतेर्दुहितृभिरुपेताहःसु च तद्भर्तृभिरुपास्ते इदं चोदाहरति ॥ १७ ॥ ॐ ह्रां ह्रीं ह्रूं ॐ नमो भगवते हृषीकेशाय सर्वगुणविशेषैर्विलक्षितात्मने आकूतीनां चित्तीनां चेतसा विशेषाणां चाधिपतये षोडशकलाय छन्दोमयायान्नमयायामृतमयाय सर्वमयाय सहसे ओजसे बलाय कान्ताय कामाय नमस्ते उभयत्र भूयात् ॥ १८ ॥ स्त्रियो व्रतैस्त्वा हृषिकेश्वरं स्वतो ह्याराध्य लोके पतिमाशासतेऽन्यम् ॥ तासां न ते वै परिपान्त्यपत्यं प्रियं धनायूंषि यतोऽस्वतन्त्राः ॥ १९ ॥ स वै पतिः स्यादकुतोभयः स्वयं समन्ततः पाति भयातुरं जनम् ॥ स एक एवेतरथा मिथो भयं नैवात्मलाभादधि मन्यते परम् ॥ २० ॥ या तस्य ते पादसरोरुहार्हणं निकामयेत्साऽखिलकामलम्पटा ॥

उपासना गर्दथिन् र यस मन्त्रको जप र स्तुति गर्दै भन्दछिन्—॥१७॥ इन्द्रियहरूका नियन्ता, सबै श्रेष्ठ गुणले सम्पन्न, क्रियाशक्ति, ज्ञानशक्ति र सङ्कल्प-अध्यवसाय आदि चित्तका धर्म र उनका विषयका अधीश्वर, एघार इन्द्रिय एवं पाँच विषय—यी सोह्र कलाले युक्त, वेदोक्त कर्मले प्राप्य तथा जो अन्नमय र अमृतमय तथा सर्वमय छन् । ती साहस तथा मनोबल, ओज अर्थात् इन्द्रियबल र बल अर्थात् शारीरिक बलरूपी परम सुन्दर 'ॐ ह्रां ह्रीं-ह्रूँ' यो बीज मन्त्र सहित भगवान् कामदेवलाई सर्वतोभावले नमस्कार छ ॥१८॥ हे भगवन् ! हजुर इन्द्रियहरूका स्वामी हुनुहुन्छ । संसारका स्त्रीहरू विविध प्रकारका व्रतद्वारा हजुरको आराधना गरेर अन्य पतिको कामना गर्दछन्, तर ती पति उनका प्रियपुत्र, धन, आयु आदिको रक्षा गर्न सक्तैनन्, किनकि ती स्वयं परतन्त्र छन् ॥१९॥ सच्चा पति वा रक्षक उही हो, जो स्वयं सबै प्रकारले निर्भय भएर र अन्य भयभीत व्यक्तिको सबै प्रकारले रक्षा गर्नसकून् । यस्ता पति एक हजुरनै हुनुहुन्छ । जो जन आत्मलाभभन्दा ठूलो अरु वस्तु मान्दैनन्, ती यस्तो नगरेर अनेक ईश्वर मान्दछन् भने तिनमा परस्पर भयको भावना बनिरहोस् ॥२०॥ हे भगवन् !

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन स्त्री निष्काम भावले हजुरका चरण-कमलको पूजा गर्छन्, तिनका कामनाहरू पूर्ण हुन्छन् । यदि ती कुनै फलको कामनाले उपासना गर्छन् भने तिनलाई केवल त्यो फलनै प्राप्त हुन्छ ।
पं. त्यस फलको भोग समाप्त भएपछि आफूले मागेको भोग नष्ट हुनाले उसलाई सन्ताप भोग्नु पर्दछ ! ॥२१॥ हे अजित ! मलाई प्राप्त गर्नको लागि इन्द्रिय सुखका अभिलाषी ब्रह्मा तथा भा.टी.
महादेव आदि सबै सुरासुर घोर तपस्या गर्दछन्, किन्तु हजुरका चरणको केवल भरोसा गर्ने भक्त बाहेक अरु कसैलाई पनि म प्राप्त हुन सक्तिन किनकि मेरो मन सदैव हजुरमै
२१॥ लागिरहन्छ ॥२२॥ हे अच्युत ! हजुर आफ्ना जुन वन्दनीय करकमल भक्तजनका मस्तकमा राख्नुहुन्छ, त्यो मेरो शिरमा पनि राख्नुहवस् । हजुर जो मलाई केवल श्रीवत्सलाञ्छनरूपले अ. १८
आफ्नो वक्षस्थलमा धारण गर्नुहुन्छ, त्यो सर्वसमर्थ हजुरकी मायामयी लीलाको भेद सहजै कसले जान्न सक्तछ ?' ॥२३॥पूर्वसमयमा रम्यकवर्षमा भगवान्ले त्यहाँका अधिपति मनुलाई
आफ्नो परम प्रिय मत्स्यावतारको रूप देखाउनुभएको थियो । अहिले पनि महाराज मनु भगवान्को त्यही रूपको भक्तियोगद्वारा उपासना गर्दै यस मन्त्रको जप गर्दछन् । २४॥'सर्वप्रधान

तदेव रासीप्सितमीप्सितोऽर्चितो यद्भग्नयाञ्चा भगवन्प्रतप्यते ॥ २१ ॥ मत्प्राप्तयेऽजेश सुरासुरादयस्तप्यन्त उग्रं तप ऐन्द्रिये धियः ॥ ऋते भवत्पा-
दपरायणान्न मा विंदन्त्यहं त्वद्धृदया यतोऽजित ॥ २२ ॥ स त्वं ममाप्यच्युत शीर्ष्णि वन्दितं कराम्बुजं यत्त्वदधायि सात्वताम् ॥ बिभर्षि
मां लक्ष्मवरेण्य मायया क ईश्वरस्येहितमूहितुं विभुरिति ॥ २३ ॥ रम्यके च भगवतः प्रियतमं मात्स्यमवताररूपं तद्वर्षपुरुषस्य मनोः प्राक्प्रदर्शितं
स इदानीमपि महता भक्तियोगेनाराधयतीदं चोदाहरति ॥ २४ ॥ ॐ नमो भगवते मुख्यतमाय नमः सत्त्वाय प्राणायौजसे महसे बलाय महाम-
त्स्याय नम इति ॥ २५ ॥ अन्तर्बहिश्चाखिललोकपालकैरदृष्टरूपो विचरस्युरुस्वनः ॥ ईश्वरस्त्वं य इदं वशेऽनयन्नाम्ना यथा दारुमयीं नरः
स्त्रियम् ॥ २६ ॥ यं लोकपालाः किल मत्सरज्वरा हित्वा यतन्तोऽपि पृथक् समेत्य च ॥ पातुं न शेकुर्द्विपदश्चतुष्पदः सरीसृपं स्थाणु यदत्र
दृश्यते ॥ २७ ॥ भवान्युगान्तार्णव ऊर्मिमालिनि क्षोणीमिमामोषधिवीरुधां निधिम् ॥ मया सहोरुक्रमतेज ओजसा तस्मै जगत्प्राणगणात्मने
नम इति ॥ २८ ॥ हिरण्मयेऽपि भगवान्निवसति कूर्मतनुं बिभ्राणस्य तत्प्रियतमां तनुमर्यमा सह वर्षपुरुषैः पितृगणाधिपतिरुपधावति मंत्रमिमं

सत्वगुणी, सूत्रात्मा, मानसिक, ऐन्द्रियिक र शारीरिक बलले युक्त महामत्स्यरूपधारी भगवानलाई नमस्कार छ ॥२५॥ हे प्रभो ! नटले जसरी कठपुतलीहरूलाई नचाउँछ, त्यस्तै नै
अनेक नामले सारा संसारलाई कर्ममा लगाएर जसले उनलाई आफ्नो अधीन पारेका छन्, ती महान् घोष गर्ने वेदरूपी जगदीश्वर हजुर ब्रह्मा आदि सबै लोकपालहरूमित अलक्षित रहेर
प्राणीहरूको बाहिर भित्र बराबर विचरण गर्दै रहनु हुन्छ ॥२६॥ हे नाथ ! जसलाई त्याग गरिदिएपछि अर्काको उत्कर्ष सहन नसक्ने ईर्ष्याले इन्द्रादि देवता भिन्ना-भिन्नै वा परस्पर मिलेर
पनि मनुष्य, पशु, सरीसृप, तथा स्थावर आदि जति जीव देखिन्छन्, तीमध्ये उ कसैको रक्षा गर्न सक्तैनन् ॥२७॥ हे अज ! हजुर परमेश्वर नै म सहित सबै औषधिहरू र लता- ॥३२॥
हरूकी आश्रयस्वरूपा यस पृथ्वीको रक्षा गर्नका लागि उत्ताल तरंगवरूले परिपूर्ण प्रलयकालीन समुद्रमा ठूलो उत्साहले विचरण गर्नु भएको थियो, यस्तो संसारका प्राणस्वरूप हजुर-
लाई हाम्रो नमस्कार छ' ॥२८॥ हिरण्मयवर्षमा भगवान् कूर्मरूप धारण गरेर रहनु हुन्छ । त्यहाँका निवासीहरू सहित पितृराज अर्यमा भगवान्को प्रियतम मूर्तिको उपासना गर्दै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो मन्त्र जप्दछन्—॥२९॥ 'जो सबै सात्त्विकगुणले युक्त रहन्छन्, जसका स्थानको कुनै निश्चित ठेगाना छैन र जो कालको मर्यादाबाट पनि बाहिर छन्, ती सर्वव्यापक तथा सर्वात्मा कच्छप भगवानलाई नमस्कार छ, नमस्कार छ ॥ ३० ॥ हे भगवान् ! राम्ररी रूपको प्रतीति नहुनाले जसको गणना गर्न सकिन्न, यस प्रकार नाना रूपहरूमा प्रतीयमान मायाले नै प्रकाशित यो प्रपंच जसको स्वरूप छ, ती अनिर्वचनीय स्वरूप हुने हजुरलाई म नमस्कार गर्दछु ॥ ३० ॥ हे देव ! हजुर नै जरायु, स्वेदज, उद्भिज, जङ्गम, स्थावर, देवता, ऋषि, पितृगण, भूत, इन्द्रिय, स्वर्ग, आकाश, पृथ्वी, पर्वत, नदी, समुद्र, द्वीप, ग्रह तथा तारा आदि भिन्न-भिन्न नामले विख्यात हुनुहुन्छ ॥ ३२ ॥ असंख्य नामरूप तथा आकृतिले युक्त हजुरमा कपिलादि विद्वान्हरूले जुन तत्त्वका चौबीस संख्या निश्चित गरेका छन्, यो संख्या जुन तत्त्वज्ञानले निवृत्त भएर जान्छ, त्यस्ता सांख्य-सिद्धान्तस्वरूप हजुर परमेश्वरलाई नमस्कार छ ॥३३॥ उत्तर कुरु खण्डमा भगवान् यज्ञपुरुष वाराहरूप धारण गरेर विराजमान रहन्छन्। त्यहाँका निवासीहरूसहित साक्षात् पृथ्वीदेवी अविचल भक्तियोगले उनको उपासना

चानुजपति ॥ ॥२६॥ ॐ नमो नमो भगवते अकूपाराय सर्वसत्त्वगुणविशेषणाय नोपलक्षितस्थानाय नमो वर्ष्मणे नमो भूम्ने नमो नमोऽवस्थानाय नमस्ते ॥ ३० ॥ यद्रूपमेतन्निजमाययाऽर्पितमर्थस्वरूपं बहुरूपरूपितम् ॥ संख्या न यस्यास्त्ययथोपलम्भनात्तस्मै नमस्तेऽव्यपदेशरूपिणे ॥ ३१ ॥ जरायुजं स्वेदजमण्डजोद्भिज्जं चराचरं देवर्षिपितृभूतमैन्द्रियम् ॥ द्यौः खं क्षितिः शैलसरित्समुद्रद्वीपग्रहर्क्षेत्यभिधेय एकः ॥ ३२ ॥ यस्मिन्नसंख्येयविशेषनामरूपाकृतौ कविभिः कल्पितेयम् ॥ संख्या यथाऽतत्त्वदृशाऽपनीयते तस्मै नमः सांख्यनिदर्शनाय त इति ॥ ३३ ॥ उत्तरेषु च कुरुषु भगवान्यज्ञपुरुषः कृतवाराहरूप आस्ते तं तु देवी हैषा भूः सह कुरुभिरस्खलितभक्तियोगेनोपधावति इमां च परमामुपनिषदमावर्तयति ॥३४॥ ॐनमो भगवते मन्त्रतत्त्वलिंगाय यज्ञक्रतवे महाध्वरावयवाय महापुरुषाय नमः कर्मशुक्लाय त्रियुगाय नमस्ते ॥ ३५ ॥ यस्य स्वरूपं कवयो विपश्चितो गुणेषु दारुष्विव जातवेदसम् ॥ मथ्नन्ति मथ्ना मनसा दिदृक्षवो गूढं क्रियार्थैर्नम ईरितात्मने ॥ ३६ ॥ द्रव्यक्रियाहेत्वयनेशकर्तृभिर्मायागुणैर्वस्तुनिरीक्षितात्मने ॥ अन्वीक्षयाङ्गातिशयात्मबुद्धिभिर्निरस्तमायाकृतये नमो नमः ॥ ३७ ॥ करोति विश्वस्थितिसंयमोदयं यस्येप्सितं नेप्सितमीक्षितुर्गुणैः ॥ माया यथाऽयो भ्रमते तदाश्रयं ग्राव्णो नमस्ते गुणकर्मसाक्षिणे ॥ ३८ ॥ प्रमथ्य दैत्यं प्रतिवारणं मृधे यो मां

गर्दा छँदा यस परम उत्कृष्ट उपनिषद्को आवृत्ति गर्दछिन्—॥३४॥ मन्त्र द्वारा जसको तत्त्व जानिन्छ, जो यज्ञ तथा क्रतुका मूर्ति हुन्, महायज्ञादि जसका अङ्ग छन्, ती शुद्ध कर्ममय तथा त्रिगुणमूर्ति श्रीवाराह भगवान्लाई बारम्बार नमस्कार छ ॥३५॥ जसरी ऋत्विक्गण अरणी मन्थन द्वारा अग्नि प्रकट गर्दछन्, त्यस्तै कर्मका फल-कामनाहरूले ढाकिएका जसको स्वरूपलाई देख्ने कामनावश परम विज्ञ पण्डित आफ्नो मनरूपी मन्थनकाठद्वारा राम्ररी मन्थन गर्दछन्, यसरी प्रकट हुने ती अव्यक्त स्वरूप हजुरलाई प्रणाम छ ॥३६॥ यम-नियम आदि योगाङ्गको पालन गर्नाले जसको बुद्धि दृढ भइसकेको छ त्यस्ता महापुरुष इन्द्रिय, इन्द्रियहरूका अधिष्ठाता देवता, शरीर, काल तथा अहङ्कार आदि मायाका कार्यहरू देखेर आफ्ना विचारद्वारा जसका सच्चा स्वरूपलाई देख्दछन्, ती मायिक आकृतिहरू रहित हजुरलाई बारम्बार प्रणाम छ ॥ ३७ ॥ जस्तै चुम्बको आश्रित रहने फलाम उसको सन्निधिले डुल्ने-फिर्ने

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछ, त्यस्तै जीव सर्वसाक्षी प्रभुताई इच्छा मात्रले आफ्नो मात्र होइन, प्रत्युत सबै प्राणीको निम्ति प्रकृति आफ्ना गुणहरू द्वारा जगत्को उत्पत्ति, स्थिति र प्रलय गर्दछे । ती गुणका साक्षीस्वरूप हजुर परमात्मालाई प्रणाम छ ।। ३७ ।। जस्तै यौटा हात्तीले अर्को हात्तीलाई पछार्छ, आफ्नो प्रतिद्वन्द्वी हिरण्याक्ष दैत्यलाई युद्धमा मारेर जुन आदिसूकर रूप हजुर मलाई रसातलबाट झिकेर तथा दाह्रामा राखेर राजराज झैं खेलवाड गर्दै समुद्रबाट बाहिर ल्याउनुभयो, ती प्रभुलाई म प्रणाम गर्दछु ।।३८-३९।। इति श्रीमद्भागवते पञ्चमस्कन्धे नेपाली भाषा-टीकायां अष्टादशोऽध्यायः ।।१८।। (किंपुरुषवर्ष र र भारतवर्षको वर्णन)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! किम्पुरुषवर्षमा लक्ष्मणका जेठा दाजू आदिपुरुष सीतापति भगवान् रामका चरणको सामीप्यका रसिक परम भागवत श्रीहनुमान किन्नरगणका संगै निश्चल भावले उनको उपासना गर्ने गर्दछन् ।। १ ।। उनीहरूमध्ये किन्नरश्रेष्ठ आर्ष्टिषेण समेत गन्धर्वद्वारा गीयमान आफ्ना प्रभु भगवान् रामका पवित्र कथाहरू सुन्दै स्वयं पनि यो स्तोत्र गान गरिरहन्छन्—।।२।। पवित्र कीर्ति भगवान् रामलाई प्रणाम छ ! ती सत्पुरुषका लक्षण र शीलले युक्त,

रसाया जगदादिसूकरः ।। कृत्वोग्रदंष्ट्रे निरगादुदन्वतः क्रीडन्निवेभः प्रणतोऽस्मि तं विभुमिति ।। ३६ ।। इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे भुवनकोशवर्णनं नामाष्टादशोऽध्यायः ।। १८ ।। श्रीशुक उवाच ।। किंपुरुषे वर्षे भगवन्तमादिपुरुषं लक्ष्मणाग्रजं सीताभिरामं रामं तच्चरणसन्नि-कर्षाभिरतः परमभागवतो हनुमान्सह किंपुरुषैरविरतभक्तिरुपास्ते ।। १ ।। आर्ष्टिषेणेन सह गन्धर्वैरनुगीयमानां परमकल्याणीं भर्तृभगवत्कथां समुपशृणोति स्वयं चेदं गायति ।। २ ।। ॐ नमो भगवते उत्तमश्लोकाय नम आर्यलक्षणशीलव्रताय नम उपशिक्षितात्मन उपासितलोकाय नमः साधुवादनिकषणाय नमो ब्रह्मण्यदेवाय महापुरुषाय महाराजाय नम इति ।। ३ ।। यत्तद्विशुद्धानुभवमात्रमेकं स्वतेजसा ध्वस्तगुणव्यवस्थम् ।। प्रत्यक् प्रशान्तं सुधियोपलम्भनं ह्यनामरूपं निरहं प्रपद्ये ।। ४ ।। मर्त्यावतारस्त्विह मर्त्यशिक्षणं रक्षोवधायैव न केवलं विभोः ।। कुतोऽ-न्यथा स्याद्रमतः स्व आत्मनः सीताकृतानि व्यसनानीश्वरस्य ।। ५ ।। न वै स आत्माऽऽत्मवतां सुहृत्तमः सक्तस्त्रिलोक्यां भगवान्वासुदेवः ।। न स्त्रीकृतं कश्मलमश्नुवीत न लक्ष्मणं चापि विहातुमर्हति ।। ६ ।। न जन्म नूनं महतो न सौभगं न वाङ् न बुद्धिर्नाकृतिस्तोषहेतुः ।। तैर्य-द्विसृष्टानपि नो वनौकसश्चकार सख्ये बत लक्ष्मणाग्रजः ।। ७ ।। सुरोऽसुरो वाप्यथ वानरो नरः सर्वात्मना यः सुकृतज्ञमुत्तमम् ।। भजेत रामं

संयतचित्त, साधुवादका कसौटी (कसी) र ब्राह्मण भक्त छन् । ती लोकपूजित महाराज रामलाई म बारम्बार प्रणाम गर्दछु ।। ३ ।। जो विशुद्ध, अनुभवगम्य, अद्वितीय, स्वरूपका प्रकाशले जाग्रहादि सबै अवस्थालाई तिरस्कार गर्ने, अन्तर्यामी, अतिशय शान्त, शुद्धबुद्धिद्वारा ग्रहण गरिने योग्य नाम र रूप रहित र अहङ्कार शून्य छन्, म ती प्रभुको शरणमा छु ।।४।। भगवानको मनुष्यावतार केवल रावणादि राक्षसलाई मार्नको निमित्त नै होइन मनुष्यलाई अर्ति दिनका लागि भएको थियो । नभए ती आत्माराम र साक्षात् ईश्वरलाई सीताको निम्ति त्यस्तो क्लेश किन हुन्थ्यो ? ।।५।। किनकि धीर पुरुषका आत्मा र प्रियतम ती भगवान् राम त्रैलोक्यका कुनै पनि वस्तुमा आसक्त हुँदैनन् । अतः नत उनलाई सीता-को दुःख हुन सक्थ्यो, न ती लक्ष्मणलाई नै त्याग्न सक्थे ।।६।। न उत्तम कुलमा जन्म, न सुन्दरता, न वाक्चातुर्य, न बुद्धि, न आकृति नै ती भगवानलाई प्रसन्न पार्ने साधन हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो कुरा सिखाउनको निम्ति नै लक्ष्मणाग्रज भगवान् रामले उपर्युक्त गुणहरूले हीन वानरहरूसित मित्रता गरेका थिए ॥७॥ अतएव देवता, असुर वानर मनुष्य यीमध्ये कोही पनि होस्, ती उत्तम कृतज्ञ-शिरोमणि र नररूपधारी रामलाई अनन्यभावले भजोस् । ती समस्त कोसलवासी हरूलाई विमानमा बसालेर स्वर्गभन्दा पनि माथि निजधाममा लगेका थिए ॥८॥ यसै भारतवर्षमा भगवान् नर र नारायण यी दुइ रूप धारण गरेर आत्मनिष्ठ पुरुषहरूमा कृपा गर्नका लागि अव्यक्त रहेर कल्पान्तसम्म प्रचलित रहने तपस्या गर्दछन् । जसले कर्मज्ञान, वैराग्य, ऐश्वर्य र उपशमको उत्तरोत्तर वृद्धि हुन्छ र अन्त्यमा परमात्माको उपलब्धिसम्म पनि हुन्छ ॥९॥ त्यहीं भगवान्ले भनेका सांख्य तथा योगशास्त्र समेत जसमा भगवान्को प्रभाव वर्णित छ, त्यो सावर्णि मनुलाई पाञ्चरात्र शास्त्रको उपदेश गर्दै नारदजी वर्णाश्रम धर्म पालन गर्ने भारतीय प्रजाका साथ अत्यन्त भक्तिभावले भगवान्को उपासना गर्दै

मनुजाकृतिं हरिं य उत्तराननयत्कोसलान्दिवमिति ॥ ८ ॥ भारतेऽपि वर्षे भगवान्नारायणाख्य आकल्पान्तमुपचितधर्मज्ञानवैराग्यैश्वर्योपशमः परमात्मोपलम्भनमनुग्रहायात्मवतामनुकम्पया तपोऽव्यक्तगतिश्चरति ॥ ९ ॥ तं भगवान्नारदो वर्णाश्रमवतीभिर्भारतीभिः प्रजाभिर्भगवत्प्रोक्ताभ्यां सांख्ययोगाभ्यां भगवदनुभावोपवर्णनं सावर्णेरुपदेक्ष्यमाणः परमभक्तिभावेनोपसरति इदं चाभिगृणाति ॥ १० ॥ ॐ नमो भगवते उपशमशीलायोपरतानात्म्याय नमोऽकिञ्चनवित्ताय ऋषिऋषभाय नरनारायणाय परमहंसपरमगुरवे आत्मारामाधिपतये नमो नम इति ॥ ११ ॥ गायति चेदम्—कर्ताऽस्य सर्गादिषु यो न बध्यते न हन्यते देहगतोऽपि दैहिकैः ॥ द्रष्टुर्न दृग्यस्य गुणैर्विदूष्यते तस्मै नमोऽसक्तविविक्तसाक्षिणे ॥ १२ ॥ इदं हि योगेश्वर योगनैपुणं हिरण्यगर्भो भगवान् जगाद यत् ॥ यदन्तकाले त्वयि निर्गुणे मनो भक्त्या दधीतोज्झितदुष्कलेवरः ॥ १३ ॥ यथैहिकामुष्मिककामलम्पटः सुतेषु दारेषु धनेषु चिन्तयन् ॥ शङ्केत विद्वान्कुकलेवरात्ययाद्यस्तस्य यत्नः श्रम एव केवलम् ॥ १४ ॥ तन्नः प्रभो

यस स्तोत्रको पाठ गर्दछन्—॥१०॥ 'अनात्मभावले हीन, निर्धनका धन, ऋषिश्रेष्ठ परमहंसका परमगुरु र आत्मारामका अधीश्वर भगवान् नर-नारायणलाई बारम्बार नमस्कार छ' ॥११॥ यो मन्त्र पढ्दै ती यस प्रकार भगवान्का गुण गाउँछन्—'जगत्को उत्पत्तिआदिका कर्त्ता भएर पनि जो कर्तृत्वको अभिमानमा बाँधिन्नन्, जो शरीरमै रहेर पनि त्यसका धम-भोक-प्यास आदिको वशीभूत हुँदैनन् र द्रष्टा भएर पनि जसको दृष्टि दृश्यका दोषबाट दूषित हुन पाउन्नन्, ती निःसङ्ग निर्मूल र सर्वसाक्षी परमात्मालाई बारम्बार नमस्कार ॥१२॥ हे योगेश्वर ! हिरण्यगर्भ ब्रह्माले *उपदेश दिँदै योगमार्गमा सबभन्दा ठूलो बुद्धिमत्ता यही कहिएको छ कि मनुष्य अन्त्य समयमा देहाभिमान त्यागेर भक्तिसित हजुर निर्गुण परमात्मामा मन लगाओस् ॥१३॥ जस्तै लौकिक तथा पारलौकिक भोगका लोभी र मूढपुरुष पुत्रकलत्र तथा धनआदिको चिन्ता गर्दै मृत्युसित डराउने गर्दछन्, त्यस्तै नै जुन विद्वान्ल

* उदाहरण—(अफलातूनका चार उपदेश)—महात्मा अफलातून (प्लेटो) मर्ने बेलामा आफ्ना बालकहरूलाई चार उपदेश दिएर गएका थिए, तिनमा दुइटा बिर्सि दिने र दुइटा सधैं सम्झि रहनका लागि थिए । १—अर्कोले तिम्रो विरुद्ध के गरेको वा भनेको हो, त्यसलाई बिर्सिदेऊ (क्षमा) । २—तिमीले यदि कसैलाई केही उपकार गरेका छौ भने त्यो पनि बिर्सिदेऊ (निरहङ्कार) । ३—यो कुरा सदैव सम्झिराख कि एक दिन मर्नु छ (वैराग्य) । ४—यो पनि सधैं सम्झिराख कि कुनै मनुष्यले तिम्रो भलो वा हानि गर्न सक्तैन । यी कुराहरूलाई यदि राम्ररी विचार गर्‍यौ भने ज्ञात हुनेछ कि त्रिभुवनका रचयिता परमात्माले सबै गर्न सक्तछन् (भगवान्मा विश्वास) ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्र कुत्सित छुट्ला कि भन्ने डर बनिरहन्छ, त्यसको ज्ञानप्राप्त्यर्थ सबै प्रयत्न व्यर्थ हुन्छन् ॥१४॥ अतः हे प्रभो ! हजुर मनाई आफूमा सत्यप्रेमरूपी आफ्नू भक्तियोग प्रदान गर्नुहोस् । जसले हे अधोक्षज ! हजुरको मायाको संकेतद्वारा यस निन्द्य शरीरमा स्थित दुर्भेद्य ममता तथा अहङ्कार हामी तत्काल भेदन गर्न सकौं ॥१५॥ हे राजन् ! यस भारतवर्षमा पनि अनेक पर्वत र धेरै थरि नदीहरू छन् । जस्तै–मलय, मङ्गलप्रस्थ, मैनाक, त्रिकूट, ऋषभ, कूटक, कोल्लक, सह्य, देवगिरि, ऋष्यमूक, श्रीशैल, वेङ्कट, वारिधार, विन्ध्य, शुक्तिमान, ऋक्षगिरि, पारियात्र, द्रोण, चित्रकूट, गोवर्धन, रैवतक, ककुभ, नील, गोकामुख, इन्द्रकील, कामगिरि आदि । यी बाहेक पनि सयकडौं तथा हजारौं पर्वत छन् र तिनबाट निस्केका अगणित नद र नदीहरू छन् ॥१६॥ केवल नामले नै पवित्र पार्ने यी नदीहरूको जलमा भारतीय प्रजा स्नान गर्दछन् ॥१७॥ ती मुख्य-मुख्य नदीहरू यी हुन–चन्द्रवशा, ताम्रपर्णी, अवटोदा,

त्वं कुकलेवरावर्पितां त्वन्माययाऽहंममतामधोक्षज ॥ भिन्द्याम येनाशु वयं सुदुर्भिदां विधेहि योगं त्वयि नः स्वभावमिति ॥ १५ ॥ भारतेऽप्यस्मिन्वर्षे सरिच्छैलाः सन्ति बहवो मलयो मङ्गलप्रस्थो मैनाकस्त्रिकूटः ऋषभः कूटकः कोल्लकः सह्यो देवगिरिर्ऋष्यमूकः श्रीशैलो वेङ्कटो महेन्द्रो वारिधारो विन्ध्यः शुक्तिमानृक्षगिरिः पारियात्रो द्रोणश्चित्रकूटो गोवर्धनो रैवतकः ककुभो नीलो गोकामुख इन्द्रकीलः कामगिरिरिति चान्ये च शतशः सहस्रशः शैलास्तेषां नितम्बप्रभवा नदा नद्यश्च सन्त्यसंख्याताः ॥ १६ ॥ एतासामपो भारत्यः प्रजा नामभिरेव पुनन्तीनामात्मना चोपस्पृशन्ति ॥ १७ ॥ चन्द्रवशा ताम्रपर्णी अवटोदा कृतमाला वैहायसी कावेरी वेणी पयस्विनी शर्करावर्ता तुङ्गभद्रा कृष्णा वेण्या भीमरथी गोदावरी निर्विन्ध्या पयोष्णी तापी रेवा सुरसा नर्मदा चर्मण्वती सिन्धुरन्ध्यः शोणश्च नदौ महानदी वेदस्मृतिर्ऋषिकुल्या त्रिसामा कौशिकी मन्दाकिनी यमुना सरस्वती दृषद्वती गोमती सरयू रोधस्वती सुषोमा शतद्रुश्चन्द्रभागा मरुद्वृधा वितस्ता असिक्नी विश्वेति महानद्यः ॥ १८ ॥ अस्मिन्नेव वर्षे पुरुषैर्लब्धजन्मभिः शुक्ललोहितकृष्णवर्णेन स्वारब्धेन कर्मणा दिव्यमानुषनारकगतयो बह्व्य आत्मन आनुपूर्व्येण सर्वा ह्येव सर्वेषां विधीयन्ते यथाव- र्णविधानमपवर्गश्चापि भवति ॥ १९ ॥ योऽसौ भगवति सर्वभूतात्मन्यनात्म्येऽनिरुक्तेऽनिलयने परमात्मनि वासुदेवेऽनन्यनिमित्तभक्तियोगलक्षणे नानागतिनिमित्ताऽविद्याग्रन्थिरन्धनद्वारेण यदा हि महापुरुषपुरुषप्रसङ्गः॥२०॥ एतदेव हि देवा गायन्ति ॥ अहो अमीषांकिमकारि शोभनं प्रसन्न एषां

कृतमाला, वैहायसी, कावेरी, वेणी, पयस्विनी, शर्करावर्ता, तुङ्गभद्रा, कृष्णा, वेण्या, भीमरथी, गोदावरी, निर्विन्ध्या, पयोष्णी, तापी, रेवा, सुरसा, नर्मदा, चर्मण्वती, सिन्धु तथा शोण नामक दुइ नद, महानदी, वेदस्मृति, ऋषिकुल्या, त्रिसामा, कौशिकी, मन्दाकिनी, यमुना, सरस्वती, दृषद्वती, गोमती, सरयू, रोधस्वती, सुषोमा, शतद्रु, चन्द्रभागा, मरुद्वृधा, वितस्ता, असिक्नी तथा विश्वा यी महानदीहरू हुन् ॥१८॥ भारतवर्षमा जन्म लिने पुरुषहरूलाई आफूले गरेका सात्विक, राजस, तामस कर्मानुसार देव, मनुष्य तथा नरकादि लोकमा त्रिविध प्रकारका गतिहरू प्राप्त हुन्छन् किनकि आफाफ्ना कर्मानुसार यी सबै योनिहरू क्रमशः सबैलाई मिल्दछन् । यही देशमा ब्राह्मणादि चारै वर्णका लागि निश्चित गरिएका संन्यास आदि धर्मको पालन गर्नाले मोक्ष पनि प्राप्त हुन सक्तछ ॥१९॥ हे राजन् ! सबै प्राणीका अन्तरात्मा भगवान् वासुदेवमा अनन्य तथा निष्काम भक्तिभाव नै सच्चा मोक्षपद हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विविध प्रकारका गति प्राप्त गराउने अविद्यारूपिणी हृदयग्रन्थि काटिएपछि जब महापुरुषको संगति प्राप्त हुन्छ, अनि मात्र मुक्ति मिल्दछ ॥ २० ॥ 'मानवजन्म नै सबै पुरुषार्थको साधन हो ।' देवताहरू पनि भन्दछन्–'अहो ! जसको निम्ति सर्वदा हाम्रो लालसा बनिरह्यो, त्यो भगवत् सेवाको निम्ति उपयोगी यस मानव शरीरले जुन जीवले भारतवर्षमा जन्म लिएको छ, तीबाट यस्तो कुन पुण्य कर्म भएको छ कि जसले स्वयं श्रीहरि भगवान् ती माथि प्रसन्न भएका छन् ॥२१॥ स्वर्गलोकको प्रभुता दिलाउने यी सारहीन र दुष्कर यज्ञ, तप, व्रत र दानदिले के लाभ होला ? जहाँ इन्द्रियहरूका भोगको अधिकताले थिचिएर रहनाले भगवान्का चरण-कमलको स्मरण नै हुन पाउन्न ॥२२॥ स्पर्श मात्र होइन, जहाँ मनुष्यको एक-एक कल्पको आयु हुन्छ, तर त्यसपछि फेरि संसार-चक्रमा फर्कर आउनुपर्दछ भने ती ब्रह्मलोकादि पाउने अपेक्षा अल्पायु भएर भूमिमा जन्म लिनु नै उत्तम छ, किनकि भारतवर्षमा वीर पुरुष एक क्षणमा नै आफ्ना सबै कर्म भगवान्लाई अर्पण गरेर उनको अभयपद पाउँदछन् ॥ २३ ॥ जहाँ भगवत्-कथारूपिणी अमृतमयी सरिता बग्दिनन्, जहाँ भगवानका आश्रित भगवद्भक्त साधुजन बस्तैनन् र जहाँ यज्ञपुरुष विष्णु भगवानको पूजा अर्चा आदिको निम्ति ठूला-ठूला उत्सव हुँदैनन्, त्यो यदि ब्रह्मलोक नै होस् तापनि नबसोस्

स्विदुत स्वयं हरिः यैर्जन्म लब्धं नृषु भारताजिरे मुकुन्दसेवौपयिकं स्पृहा हि नः ॥ २१ ॥ किं दुष्करैर्नः क्रतुभिस्तपोव्रतैर्दानादिभिर्वा द्युजयेन फल्गुना ॥ न यत्र नारायणपादपङ्कजस्मृतिः प्रमुष्टातिशयेन्द्रियोत्सवात् ॥ २२ ॥ कल्पायुषां स्थानजयात्पुनर्भवात्क्षणायुषां भारतभूजयो वरम् ॥ क्षणेन मर्त्येन कृतं मनस्विनः संन्यस्य संयान्त्यभयं पदं हरेः ॥ २३ ॥ न यत्र वैकुण्ठकथासुधाऽऽपगा न साधवो भागवतास्तदाश्रयाः ॥ न यत्र यज्ञेशमखा महोत्सवाः सुरेशलोकोऽपि न वै स सेव्यताम् ॥ २४ ॥ प्राप्ता नृजातिं त्विह ये च जन्तवो ज्ञानक्रियाद्रव्यकलापसंभृताम् ॥ न वै यतेरन्नपुनर्भवाय ते भूयो वनौका इव यान्ति बन्धनम् ॥ २५ ॥ यैः श्रद्धया बर्हिषि भागशो हविर्निरुप्तमिष्टं विधिमन्त्रवस्तुतः ॥ एकः पृथङ्नामभिराहुतो मुदा गृह्णाति पूर्णः स्वयमाशिषां प्रभुः ॥ २६ ॥ सत्यं दिशत्यर्थितमर्थितो नृणां नैवार्थदो यत्पुनरर्थिता यतः ॥ स्वयं विधत्ते भजतामनिच्छतामिच्छापिधानं निजपादपल्लवम् ॥ २७ ॥ यद्यत्र नः स्वर्गसुखावशेषितं स्विष्टस्य सूक्तस्य कृतस्य शोभनम् ॥ तेनाजनाभे स्मृतिमज्जन्म नः

॥२४॥ जुन प्राणिहरूले यस भारतवर्षमा ज्ञानेन्द्रिय, कर्मेन्द्रिय तथा पञ्चभूतका चातुर्यले युक्त मानव जन्म पाइएको छ, ती यदि आवागमनको चक्रबाट बाहिर निस्कने उपाय गर्दैनन् भने जंगलीहरूका समान फेरि कहिले न कहिले बन्धनमा पर्दछ ॥२५॥ जसको द्वारा यज्ञमा अगणित देवताको उद्देश्यले भिन्न-भिन्न भाग छिकेर श्रद्धापूर्वक विधि, मन्त्र तथा द्रव्यादि द्वारा दिएको हवि, इन्द्रादि विभिन्न नामले आवाहित सर्वव्यापी तथा सबै कामनाहरू पूर्ण गराउनमा समर्थ नारायण अतिशय प्रसन्नतापूर्वक स्वयं स्वीकार गर्दछन् ॥ २६ ॥ सकाम उपासक पुरुषलाई भगवान् तिनको अभिलषित पदार्थ दिन्छन्—यो उचित हो, तर ती मुख्य वस्तु दिँदैनन् । यही कारण हो कि उनलाई फेरि अन्य कामनाहरू उत्पन्न हुन्छन् । यसको विपरीत ती आफ्ना निष्काम भक्तलाई आफ्नो चरण-कमल दिन्छन्, जुन सबै इच्छाहरू पर सारेर भगाइदिन्छ ॥२७॥ अतएव यदि हामीले भोगेका स्वर्ग-सुखबाट पूर्वकृत पूजन, अध्ययन र सुकर्म जस्ता केही पनि पुण्य शेष छ भने त्यसको प्रभावले यस भारतवर्षमा हामीलाई श्रीहरिको स्मरणार्थ मानव जन्म प्राप्त होस्, किनकि भगवान आफ्नो भजन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने भक्तको सवथा कल्याण गर्दछन्' ॥२८॥ शुकदेव भन्दछन्—हे राजन् ! केही व्यक्तिको भनाई छ—राजा सगरका छोराले आफ्नो यज्ञको घोड़ाको खोजीमा यी पृथ्वीलाई सर्वैतिर
वाट खनेका थिए। तिनले त्यस्तो गर्नाले जम्बूद्वीपमा आठ उपद्वीप अरु बनेका थिए ॥२९॥ ती द्वीप स्वर्णप्रस्थ, चन्द्रशुक्ल, आवर्तन, रमणक, मन्दरहरिण, पाञ्चजन्य सिंहल
र लङ्का हुन् ॥३०॥ हे भारत ! यस प्रकार मैले तिमीलाई यस जम्बूद्वीपको वर्षविभाग जस्तो मैले गुरुजनवाट सुनेथें त्यस्तो सुनाएँ ॥३१॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे पं०
गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां एकोनविंशोऽध्यायः॥१९॥(अन्य छ द्वीप र लोकालोक पर्वतको वर्णन)—शुकदेवजी भन्दछन्—हे राजन् ! म अव प्रमाण ... स्थितिअनुसार
प्लक्षादि द्वीपका वर्षविभागको वर्णन गर्दछु ॥१॥ जस्तै—मेरु पर्वत जम्बूद्वीपले घेरिएको छ, उसै गरी यो जम्बूद्वीप पनि आफ्नै वरावर विस्तार हुने क्षारसमुद्रले घेरिएको छ। जस्तै खाई
वाहिरको उपवनले घेरिइरहन्न त्यसै गरी क्षारसमुद्र पनि आफू भन्दा दोव्वर विस्तृत प्लक्षद्वीपले घेरिएको छ। प्लक्षद्वीपमा जम्बूद्वीपस्थ जामुन वृक्षको समान नै एक सुवर्णमय प्लक्ष

स्याद्वर्षं हरिर्यद्भजतां शं तनोति ॥ २८ ॥ श्रीशुक उवाच ॥ जम्बूद्वीपस्य च राजन्नुपद्वीपानष्टौ हैक उपदिशन्ति सगरात्मजैरश्वान्वेषण इमां महीं
परितो निखनद्भिरुपकल्पितान् ॥२९॥ तद्यथा स्वर्णप्रस्थश्चन्द्रशुक्ल आवर्तनोरमणको मन्दरहरिणः पाञ्चजन्यः सिंहलो लंकेति॥३०॥ एवं तव भारतो·
त्तमजम्बूद्वीपवर्षविभागो यथोपदेशमुपवर्णित इति ॥३१॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे जम्बूद्वीपवर्णनं नामैकोनविंशोऽध्यायः ॥१९॥
श्रीशुक उवाच ॥ अतः परं प्लक्षादीनां प्रमाणलक्षणसंस्थानतो वर्षविभाग उपवर्ण्यते ॥ १ ॥ जम्बूद्वीपोऽयं यावत्प्रमाणविस्तारस्तावना क्षारोदधिना
परिवेष्टितो यथा मेरुर्जम्ब्वाख्येन लवणोदधिरपि ततो द्विगुणविशालेन प्लाक्षाख्येन परीक्षिप्तो यथा परिखा बाह्योपवनेन प्लक्षो जम्बूप्रमाणो द्वीपा·
ख्याकरो हिरण्मय उत्थितो यत्राग्निरुपास्ते सप्तजिह्वस्तस्याधिपतिः प्रियव्रतात्मज इध्मजिह्वः स्वं द्वीपं सप्त वर्षाणि विभज्य सप्तवर्षनामभ्य आत्मजेभ्य
आकलय्य स्वयमात्मयोगेनोपरराम ॥ २ ॥ शिवं यवसं सुभद्रं शान्तं क्षेममममृतमभयमिति वर्षाणि तेषु गिरयो नद्यश्च सप्तैवाभिज्ञाताः ॥ ३ ॥ मणि·
कूटो वज्रकूट इन्द्रसेनो ज्योतिष्मान्सुपर्णो हिरण्यष्ठीवो मेघमाल इति सेतुशैला अरुणा नृम्णाऽऽङ्गिरसी सावित्री सुप्रभाता ऋतम्भरा सत्यम्भरा इति
महानद्यः ॥ यासां जलोपस्पर्शनविधूतरजस्तमसो हंसपतङ्गोर्ध्वायनसत्याङ्गसंज्ञाश्चत्वारो वर्णाः सहस्रायुषो विबुधोपमसंदर्शनप्रजननाः स्वर्गद्वारं त्रय्या

(पाकरी) छ त्यसैं कारण उसको नाम 'प्लक्षद्वीप' भयो। त्यहाँ सात जिब्रो हुने अग्नि विराजमान रहन्छन्। त्यस द्वीपका स्वामी प्रियव्रत-पुत्र महाराज इध्मजिह्व थिए। उनले आफ्नो
यस द्वीपलाई सात वर्ष (खण्ड) मा बाँडेर ती वर्षका समान नै नाम हुने आफ्ना छोरालाई सुम्पिदिए र स्वयं अध्यात्मयोगको आश्रय लिएर विरक्त भए ॥२॥ ती वर्ष उनका छोराहरूको
नाम हो—शिव, यवस, सुभद्र, शान्त, क्षेम, अमृत तथा अभय। ती द्वीपमा पनि सात पर्वत तथा सात नदीहरू प्रसिद्ध छन् ॥ ३ ॥ उनमा मणिकूट, वज्रकूट, इन्द्रसेन, ज्योतिष्मान्,
सुपर्ण, हिरण्यष्ठीव र मेघमाल यी सात मर्यादा पर्वत हुन् र अरुण, नृम्णा, आङ्गिरसी, सावित्री, सुप्रभाता, ऋतम्भरा तथा सत्यम्भरा यी सात महानदी हुन्। यी नदीका जलमा स्नान
गर्नाले जसका रजोगुण र तमोगुण क्षीण भइसकेका छन्, जसको परमाणु हजार वर्षको छ र जसबाट देवता समान रूप हुने सन्तान जन्मन्छन्। ती हंस, पतङ्ग, ऊर्ध्वायन तथा सत्याङ्गनामक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहाँका चारै वर्णका मानिस त्रयीविद्याद्वारा तीनै वेदमा वर्णित सर्वान्तर्यामी सूर्य भगवान्‌को उपासना गर्दछन् ॥४॥ ती यसरी उनको स्तुति गर्दछन्–'जो सत्य अर्थात् अनुष्ठीयमान अथवा प्रतीयमान धर्म, वेद तथा शुभाशुभ फलका अधिष्ठाता छन्, ती पुराणपुरुष विष्णुका स्वरूप भगवान् सूर्यलाई हामी प्रणाम गर्दछौं ॥ ५ ॥ प्लक्षादि पाँच द्वीपका निवासी सबै मनुष्यलाई जन्मतः आयु, इन्द्रिय, मनोबल, इन्द्रियबल, शारीरिकबल, बुद्धि तथा पराक्रमका समान रूपले सिद्धि प्राप्त हुन्छ' ॥६॥ जस्तै–प्लक्षद्वीप आफू जस्तै विस्तृत इक्षुरस नामको समुद्रले आवृत्त छ । त्यसै गरी उसको द्विगुण विस्तृत शाल्मली द्वीप पनि उतिनै परिमाण हुने सुरा (रक्सी) को सागरले आवृत्त छ । त्यहाँ प्लक्षद्वीप जत्तै परिमाण भएको यौटा शाल्मलीवृक्ष छ । जसमा वेदध्वनि गर्ने पक्षिराज गरुडको निवासस्थान कहिन्छ । त्यो शाल्मली (सीमल) वृक्ष नै त्यस द्वीपलो नामकरणको हेतु हो ॥८॥ उस द्वीपका प्रभु प्रियव्रतका छोरा महाराज यज्ञबाहुले आफ्नो द्वीपको सात भाग पारे र आफ्ना सात छोरालाइ उनकै नामानुसार ती सुरोचन, सौमनस्य, रमणक, देववर्ष, पारिभद्र, आप्यायन,

विद्यया भगवन्तं त्रयीमयं सूर्यमात्मानं यजन्ते ॥ ४ ॥ प्रत्नस्य विष्णो रूपं यत्सत्यस्य ब्रह्मणः अमृतस्य मृत्योश्च सूर्यमात्मानमीमहीति ॥ ५ ॥ प्लक्षादिषु पंचसु पुरुषाणामायुरिन्द्रियमोजः सहो बलं बुद्धिर्विक्रम इति च सर्वेषामौत्पत्तिकी सिद्धिरविशेषेण वर्तते ॥६॥ प्लक्षः स्वसमानेनेक्षुरसोदेनावृतो यथा तथा द्वीपोऽपि शाल्मलो द्विगुणविशालः समानेन सुरोदेनावृतः परिवृंक्ते ॥ ७ ॥ यत्र ह वै शाल्मली लप्क्षायामा यस्यां वाव किल निलयमाहुर्भगवतश्छन्दस्तुतः पतत्त्रिराजस्य सा द्वीपहूतये उपलक्ष्यते ॥८॥ तद्द्वीपाधिपतिः प्रियव्रतात्मजो यज्ञबाहुः स्वसुतेभ्यः सप्तभ्यस्तन्नामानि सप्त वर्षाणि व्यभजत्सुरोचनं सौमनस्यं रमणकं देववर्ष पारिभद्रमाप्यायनमविज्ञातमिति ॥ ६ ॥ तेषु वर्षाद्रयो नद्यश्च सप्तैवाभिज्ञाताः स्वरसः शतशृङ्गो वामदेवः कुन्दो मुकुन्दः पुष्पवर्षः सहस्रस्रुतिरिति ॥ अनुमतिः सिनीवाली सरस्वती कुहू रजनी नन्दा राकेति ॥१०॥ तद्वर्षपुरुषाः श्रुतधरवीर्यधरवसुन्धरेषन्धरसंज्ञा भगवन्तं वेदमयं सोममात्मानं वेदेन यजन्ते ॥११॥ स्वगोभिः पितृदेवेभ्यो विभजन् कृष्णशुक्लयोः ॥ प्रजानां सर्वासां राजान्धः सोमो न अस्त्विति ॥ १२ ॥ एवं सुरोदाद्बहिस्तद्द्विगुणः समानेनावृतो घृतोदेन यथा पूर्वः कुशद्वीपो यस्मिन्कुशस्तम्बो देवकृतस्तद्द्वीपाख्याकरो ज्वलन इवापरः स्वशष्परोचिषा दिशो विराजयति ॥ १३ ॥ तद्द्वीपपतिः प्रैयव्रतो राजन्हिरण्यरेतो नाम स्वं द्वीपं सप्तभ्यः स्वपुत्रेभ्यो यथाभागं

तथा अविज्ञात नामका सात वर्ष (देश) छुम्पिदिए ॥९॥ त्यहाँ पनि सात वर्ष पर्वत र सातै नदिहरू प्रसिद्ध छन् । जस्तै–स्वरस, शतशृङ्ग, वामदेव, कुन्द, मुकुन्द, पुष्पवर्ष र सहस्र श्रुति —यी सात पर्वत तथा अनुमति, सिनीवाली, सरस्वती, कुहू, रजनी, नन्दा र राका–यी सात नदी छन् ॥१०॥ ती वर्षका निवासी भूतधर, वीर्यधर, वसुन्धर, र इषधर नामक चार देशका पुरुष वेदमूर्ति, सर्वान्तर्यामी भगवान् चन्द्रमाको वेदमन्त्रद्वारा उपासना गर्दछन् ॥ ११ ॥ ती यस प्रकार स्तुति गर्दै भन्दछन्–जो कृष्ण तथा शुक्ल पक्षका रूपमा आफ्ना किरणको विभाग गरेर देवता, पितर र सम्पूर्ण प्रजालाई अन्त दिन्छन्, ती चन्द्रदेव हाम्रा राजा हुन् ॥१२॥ यसै प्रकार मदिराको समुद्रका चारैतिर उभन्दा दोबर तथा पूर्ववत् आफूजस्तै विस्तृत घिउका समुद्रले घेरिएको कुशद्वीप छ । त्यस द्वीपमा भगवान्‌ले बनाएका कुशहरूको यौटा झाडी छ । त्यो द्वीपको नामलाई सार्थक पार्दै र अर्को अग्निदेव झैं आफ्ना कोपिला-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको कान्तिले सबै दिशा आलोकित पार्ने गर्दछ ॥१३॥ हे राजन् ! त्यस द्वीपका प्रभु महाराज प्रियव्रतका छोरा हिरण्यरेता थिए । उनले त्यस द्वीपको सात भाग पारी—वसु, वसुदान, दृढरुचि, नाभिगुप्त, स्तुत्यव्रत, विविक्त तथा वामदेव नामक आफ्ना सात छोरालाई यथोचित्त काइदाले बाँडिदिए र स्वयं तप गर्न गए ॥१४॥ ती देशको सीमा निर्धारित गर्ने पनि सात पर्वत र सात नदी छन् । उनमा चक्र, चतुःशृङ्ग, चित्रकूट, देवानीक, ऊर्ध्वरोमा र द्रविण यी सात पर्वत रसकुल्या, मधुकुल्या, मित्रविन्दा, श्रुतविन्दा, देवगर्भा, धृतच्युता तथा मन्त्रमाला-यी सात नदी छन् ॥१५॥ ती नदीका जलमा स्नान गरेर कुशद्वीपका निवासी कुशल, कोविद, अभियुक्त तथा कुलक नामका चार वर्ण हुने पुरुष अग्निरूप श्रीहरिको यज्ञादि कर्म-कौशलले पूजा गर्दछन् ॥१६॥ ती भन्दछन्—'हे अग्ने ! हजुर साक्षात् परब्रह्मलाई हवि पुऱ्याउनु हुन्छ । अतः भगवान्का अङ्गस्वरूप देवगणको यजन द्वारा हजुर ती परमपुरुषको नै यजन गर्नोस्' ॥१७॥ हे राजन् ! जस्तै कुशद्वीप घिउको समुद्रले घेरिएको छ, त्यस्तै घिउको भन्दा अगाडि त्योदेखि दोब्बरविस्तृत क्रौंचद्वीप चारैतिरबाट

विभज्य स्वयं तप आतिष्ठत वसुवसुदानदृढरुचिनाभिगुप्तस्तुत्यव्रतविविक्तवामदेवनामभ्यः ॥ १४ ॥ तेषां वर्षेषु सीमागिरियो नद्यश्चाभिज्ञाताः सप्त सप्तैव चक्रश्चतुःशृङ्गः कपिलश्चित्रकूटो देवानीक ऊर्ध्वरोमा द्रविण इति रसकुल्या मधुकुल्या मित्रविन्दा श्रुतविन्दा देवगर्भा घृतच्युता मन्त्रमालेति ॥ १५ ॥ यासां पयोभिः कुशद्वीपौकसः कुशलकोविदाभियुक्तकुलकसंज्ञा भगवन्तं जातवेदसरूपिणं कर्मकौशलेन यजन्ते ॥ १६ ॥ परस्य ब्रह्मणः साक्षाज्जातवेदोऽसि हव्यवाट् । देवानां पुरुषाङ्गानां यज्ञेन पुरुषं यजेति ॥ १७ ॥ तथा घृतोदाद्बहिः क्रौञ्चद्वीपो द्विगुणः स्वमानेन क्षीरोदेन परित उपक्लृप्तो यथा कुशद्वीपो घृतोदेन यस्मिन् क्रौञ्चो नाम पर्वतराजो द्वीपनामनिर्वर्तक आस्ते ॥ १८ ॥ योऽसौ गुहप्रहरणोन्मथिततनितम्बकुञ्जोऽपि क्षीरोदेनासिच्यमानो भगवतो वरुणेनाभिगुप्तो विभयो बभूव ॥ १९ ॥ तस्मिन्नपि प्रैयव्रतो घृतपृष्ठो नामाधिपतिः स्वे द्वीपे वर्षाणि सप्त विभज्य तेषु पुत्रनामसु सप्त रिक्थादान्वर्षपान्निवेश्य स्वयं भगवान्भगवतः परमकल्याणयशस आत्मभूतस्य हरेश्चरणारविन्दमुपजगाम ॥ २० ॥ आमो मधुरुहो मेघपृष्ठः सुधामा भ्राजिष्ठो लोहितार्णो वनस्पतिरिति घृतपृष्ठसुतास्तेषां वर्षगिरयः सप्त सप्तैव नद्यश्चाभिख्याताः ॥ शुक्लो वर्धमानो भोजन उपबर्हिणो नन्दो नन्दनः सर्वतोभद्र इति अभया अमृतौघा आर्यका तीर्थवती वृत्तिरूपवती पवित्रवती शुक्लेति ॥ २१ ॥ यासामम्भः पवित्रममलमुपयुञ्जानाः

आफ्नै जति फैलिएको क्षीरसमुद्रले आवृत्त छ । उस द्वीपको 'क्रौञ्चद्वीप' यो नाम सार्थक पार्ने क्रौञ्च नामको यौटा निकै ठूलो पर्वत छ ॥१८॥ जो कुनै वेला स्वामी कार्तिकेयको शस्त्र-प्रहारले कटि-प्रदेश र लता-विटपादिले क्षीण भएर पनि क्षीर-समुद्रले सिञ्चित एवं भगवान् वरुणले रक्षित भएर निर्भय बनिरहन्छ ॥१९॥ त्यसका प्रभु प्रियव्रत-पुत्र राजा घृतपृष्ठले पनि आफ्नो द्वीपको सात भाग पारेर तिनमा प्रजा-पालनका लागि उस्तै नाम हुने आफ्ना सात उत्तराधिकारी छोरालाई नियुक्त गरे र स्वयं सबै जीवका अन्तरात्मा, मङ्गलमय, कीर्तिमान् नारायणका पवित्र चरणको शरण लिए ॥२०॥ ती महाराज घृतपृष्ठका आम, मधुरुह, मेघपृष्ठ, सुधामा, भ्राजिष्ठ, लोहितार्ण र वनस्पति—यी सात छोरा थिए । तिनका वर्षहरूमा पनि सात मर्यादापर्वत तथा सात नदी छन् ! जस्तै—शुक्र, वर्धमान, भोजन, उवबर्हिण, नन्द, नन्दन र सर्वतोभद्र यी सात पर्वत र अभया, अमृतौघा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्यका, तीर्थवती, वृत्तिरूपवती, पवित्रवती तथा शुक्ला नामकी सात नदी छन् ॥२१॥ जसको पवित्र एवं निर्मल जलको सेवन गर्ने त्यहाँका पुरुष, ऋषभ, द्रविण तथा देवक यी चार जातका मानिस जलले भरि अंजलि द्वारा जल-देवता वरुणको उपासना गर्ने गर्दछन् ॥ २२ ॥ स्तुति गर्दै तीभन्दछन्—'हे जलदेव ! तिमी सर्वैभन्दा ठूला छौ । तिमीलाई परमात्माबाट सामर्थ्य प्राप्त छ । तिमी भूः, भुवः तथा स्वः यी तीनै लोकलाई पवित्र पार्दछौ । अतः तिमी स्वभावैले पाप-नाशक छौ । हामी आफ्नो शरीरले तिम्रो स्पर्श गर्दछौं, तिमी हामीलाई पवित्र पार' ॥२३॥ त्यसै प्रकार क्षीर समुद्रभन्दा पनि अगाडि त्यसको चारैतिर बत्तीस लाख योजन विस्तृत शाकद्वीप छ जुन आफू समान नै विस्तृत महीको समुद्रले घेरिएको छ र त्यहाँ उस द्वीपको नामकरण गर्ने यौटा ठूलो शाकवृक्ष छ, त्यसको अतिशय मनोहर सुगन्ध सम्पूर्ण द्वीपलाई सुवासित पार्दछ ॥२४॥ मेधातिथि त्यसका स्वामी राजा प्रियव्रतका नै छोरा थिए । ती आफ्नो द्वीपलाई सात खण्डमा विभक्त गरेर तथा तिनमा उनकै समान नामका पुरजव मनोजव पवमान, धूम्रानीक चित्ररेफ, बहुरूप र विश्वाधार नामका सात पुत्रलाई नियुक्त गरेर

पुरुषऋषभद्रविणदेवसंज्ञा वर्षपुरुषा आपोमयं देवमपां पूर्णेनाञ्जलिना यजन्ते ॥ २२ ॥ आपः पुरुषवीर्याः स्थ पुनन्तीर्भूर्भुवः सुवः ॥ ता नः पुनीतामीवघ्नीः स्पृशतामात्मना भुव इति ॥ २३ ॥ एवं पुरस्तात्क्षीरोदात्परित उपवेशितः शाकद्वीपो द्वात्रिंशल्लक्षयोजनायामः समानेन च दधिमण्डोदेन परितो यस्मिन् शाको नाम महीरुहः स्वक्षेत्रव्यपदेशको यस्य ह महासुरभिगन्धस्तं द्वीपमनुवासयति ॥ २४ ॥ तस्यापि प्रैयव्रत एवाधिपतिर्नाम्ना मेधातिथिः सोऽपि विभज्य सप्त वर्षाणि पुत्रनामानि तेषु स्वात्मजान्पुरोजवमनोजवमानपवमानधूम्रानीकचित्ररेफबहुरूपविश्वाधारसंज्ञान्निधायाधिपतीन्स्वयं भगवत्यनन्त आवेशितमतिस्तपोवनं प्रविवेश ॥२५॥ एतेषां वर्षमर्यादागिरयो नद्यश्च सप्त सप्तैव ईशान उरुशृङ्गो बलभद्रः शतकेसरः सहस्रस्रोतो देवपालो महानस इति अनघाऽऽयुर्दा उभयस्पृष्टिरपराजिता पञ्चपदी सहस्रस्रुतिर्निजधृतिरिति ॥ २६ ॥ तद्वर्षपुरुषा ऋतव्रतसत्यव्रतदानव्रतानुव्रतनामानो भगवन्तं वाय्वात्मकं प्राणायामविधूतरजस्तमसः परमसमाधिना यजन्ते ॥ २७ ॥ अन्तः प्रविश्य भूतानि यो बिभर्त्यात्मकेतुभिः ॥ अन्तर्यामीश्वरः साक्षात्पातु नो यद्वशे स्फुटम् ॥ २८ ॥ एवमेव दधिमण्डोदात्परतः पुष्करद्वीपस्ततो द्विगुणायामः समन्तत उपकल्पितः समानेन स्वादूदकेन समुद्रेण बहिरावृतो यस्मिन् बृहत्पुष्करं ज्वलनशिखामलकनकपत्रायुतायुतं भगवतः कमलासनस्याध्यासनं परिकल्पितम् ॥ २९ ॥

स्वयं भगवान् अनन्तमा बुद्धि लगाई तपोवन गए ॥२५॥ ती वर्षहरूमा पनि मर्यादा-पर्वत र नदीहरूको संख्या सात नै थियो । त्यहाँ ईशान, उरुशृङ्ग, बलभद्र, शतकेसर, सहस्रस्रोत, देवपाल र महानस नामका सात पर्वत तथा अनघा, आयुर्दा, उभयस्पृष्टि, अपराजिता, पञ्चपदी, सहस्रश्रुति र निजधृति नामका सात नदी छन् ॥२६॥ ती वर्षहरूको ऋतव्रत, सत्यव्रत, दान, व्रत र अनुव्रत नामका चार जातिका पुरुष प्राणायामद्वारा आफ्ना रजोगुण र तमोगुणलाई क्षीण पारेर परम समाधिद्वारा वायुरूपधारी श्रीहरिको आराधना गर्दछन् ॥२७॥ जो समस्त प्राणीहरूको भित्र आफ्नो वृत्तिद्वारा प्रवेश गरेर तिनको पालन गर्दछन् तथा साराजगत् जसका अधीन छन् ती अन्तर्यामी ईश्वर हाम्रो रक्षा गरुन्' ॥ २८ ॥ यसै प्रकार महीको समुद्रदेखि अगाडि त्यसको चारैतिर उभन्दा दोब्बर विस्तृत पुष्करद्वीप छ । यो चारैतिरबाट आफूजस्तै परिमाण भएका गुलियो पानीको समुद्रले घेरिएको छ । अतः अग्निशिखा झैं

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशमान र अतिशय निर्मल तथा हजारौं-लाखौं पंखुडी हुने यौटा कमल उऋेको छ, जसमा भगवान ब्रह्माको आसन रहन्छ ।। २९ ।। त्यस द्वीपको मध्यभागमा उसका अर्वाचीन र
पं. पराचीन नामका दुइ वर्षका सीमा निश्चित गर्ने मानसोत्तर नामको यौटा पर्वत छ, जुन दस हजार योजन अग्लो र त्यति नै विस्तृत छ । त्यसको माथि चारै दिशामा इन्द्रादिक
लोकपालका चार पुरीहरू छन् । मेरु पर्वतको चारैतिर परिक्रमा गर्ने सूर्यका रथको संवत्सररूपी चक्र त्यसमाथि देवताहरूका दिन र रातको क्रमले सर्वदा घुमिरहन्छ ।।३०।। त्यस द्वीपका
३७।। अधिपति प्रियव्रतका पुत्र वीतिहोत्र आफ्ना रमणक र धातकी नामका दुइ पुत्रलाई दुवै वर्षका अधिपति बनाएर स्वयं आफ्ना पुर्वजहरू झैं भगवत्सेवामा लागिरहन्छन् ।।३१।। त्यहाँका
निवासी ब्रह्मारूपी भगवान्को ब्रह्मसालोक्यादि प्राप्ति गराउने भगवान्को आराधना गर्दै भन्दछन्–।। ३२ ।। 'जो ती प्रसिद्ध कर्मफलका लक्षण छन् तथा जुन ब्रह्मस्वरूपको सबैजना पूजन
गर्दछन्, ती अद्वितीय तथा शान्तस्वरूप भगवानलाई प्रणाम छ' ।। ३३ ।। श्रीशुकदेव भन्नु हुन्छ--हे राजन् ! त्यसको अगाडि लोकालोक नामको पर्वत छ, जो सबै तर्फबाट सूर्य

तद्द्वीपमध्ये मानसोत्तरनामैक एवार्वाचीनपराचीनवर्षयोर्मर्यादाचलोऽयुतयोजनोच्छ्रायायामो यत्र तु चतसृषु दिक्षु चत्वादि पुराणि लोकपालानामि-
न्द्रादीनां यदुपरिष्टात्सूर्यरथस्य मेरुं परिभ्रमतः संवत्सरात्मकं चक्रं देवानामहोरात्राभ्यां परिभ्रमति ।। ३० ।। तद्द्वीपस्याप्यधिपतिः प्रियव्रतो वीति-
होत्रो नामैतस्यात्मजौ रमणकधातकिनामानौ वर्षपती नियुज्य स स्वयं पूर्वजवद्भगवत्कर्मशील एवास्ते ।। ३१ ।। तद्वर्षपुरुषा भगवन्तं ब्रह्मरूपिणं
सकर्मकेन कर्मणाऽऽराधयन्तीदं चोदाहरन्ति ।।३२।। यत्तत्कर्ममयं लिङ्गं ब्रह्मलिङ्गं जनोऽर्चयेत् ।। एकान्तमद्वयं शान्तं तस्मै भगवते नम इति ।।३३।।
ऋषिरुवाच ।। ततः परस्ताल्लोकालोकनामाचलो लोकालोकयोरन्तराले परित उपक्षिप्तः ।। ३४ ।। यावन्मानसोत्तरमेर्वोरन्तरं तावती भूमिः काञ्च-
न्यादर्शतलोपमा यस्यां प्रहितः पदार्थो न कथञ्चित्पुनः प्रत्युपलभ्यते तस्मात्सर्वसत्त्वपरिहृताऽऽसीत् ।। ३५ ।। लोकालोक इति समाख्या यदनेनाचलेन
लोकालोकस्यान्तर्वर्तिनाऽवस्थाप्यते ।।३६।। स लोकत्रयान्ते परित ईश्वरेण विहितो यस्मात्सूर्यादीनां ध्रुवापवर्गाणां ज्योतिर्गणानां गभस्तयोऽर्वाचीनां
स्त्रींल्लोकानावितन्वाना न कदाचित्पराचीना भवितुमुत्सहन्ते तावदुन्नहनायामः ।।३७।। एतावाँल्लोकविन्यासो मानलक्षणसंस्थाभिर्विचिन्तितः कविभिः
स तु पञ्चाशत्कोटिगणितस्य भूगोलस्य तुरीयभागोऽयं लोकालोकाचलः ।।३८।। तदुपरिष्टाच्चतसृष्वाशास्वात्मयोनिनाऽखिलजगद्गुरुणाऽधिनिवेशिता

द्वारा प्रकाशित तथा अप्रकाशित लोकका मध्यमा विराजमान छ ।।३४।। सुमेरु पर्वतबाट मानसोत्तर पर्वत-पर्यन्त जति अन्तर छ, त्यति नै विस्तृत भूमि शुद्धोदक समुद्रको अर्कोपट्टि
पनि विद्यमान छ । त्यसको अगाडि सुवर्णमयी भूमि छ, जो ऐना समान स्वच्छ छ तथा त्यसमा गिरेको वस्तु फेरि फर्केर आउन्न । अतः त्यहाँ कुनै पनि प्राणी रहन्नन् ।।३५।।
यस पर्वतको लोकालोक नाम यस कारण हुन गयो–सूर्यद्वारा प्रकाशित तथा अप्रकाशित लोकहरूका माझमा विद्यमान छ।।३६।।यसलाई परमात्माले तीनै लोकको बाहिर उसको चारैतिर
स्थापित गरिदिएका छन् । यो यति अग्लो छ कि यसको एकातिर तीनै लोकलाई प्रकाशित पार्ने सूर्य तथा ध्रुव आदि सबै ज्योतिगणका किरण यसको अर्कोपट्टि कहिल्यै पनि जान ।।३७।
सक्तैनन् ।।३७। यस प्रकार प्रमाण, लक्षण तथा स्थितिअनुसार विद्वान्हरूले यी लोकको यति नै विस्तार कहेका छन् । ती सबै मिलेर पचास करोड़ योजन छ । विविध प्रमाणले प्रमाणित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समस्त भूगोलको चौथो भाग त्यो एक्लो लोकालोक पर्वत छ ।।३८।। त्यसमा चारैं दिशामा सारा संसारका गुरु आत्मयोनि ब्रह्माजीले सबै लोकको स्थितिका निम्ति ऋषभ, पुष्करचूड, वामन तथा अपराजित नामका चार गजराज नियुक्त गरिराखेका छन् ।। ३९ ।। आफ्नो अंशस्वरूप ती दिग्गज तथा इन्द्रादि लोकपालका विविध पराक्रमको अभिवृद्धि गर्न सुदर्शन आदि आयुधहरूले सुसज्जित बाहुले युक्त महाविभूतिपति सर्वान्तरयामी भगवान् धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य तथा अणिमादि आठ महासिद्धिहरूले युक्त आफ्नो विशुद्ध सत्त्वमय विग्रह धारण गरेर विष्वक्सेन आदि पार्षदले घेरिएर सबै लोकको कल्याणार्थ त्यस पर्वतराजमा रहछन् ।।४०।। यस प्रकार आफ्नो मायाले रचित लोकयात्राको रक्षाका निम्ति भगवान् विविध स्वरूप धारण गरेर त्यहाँ कल्पान्तसम्म विराजमान रहन्छन् ।।४१।। त्यस लोकको भित्री भूभागको जति परिमाण छ, त्यसैले उसको बाहिरी भागमा स्थित आलोक पर्वतको पनि विस्तृत व्याख्या भइजान्छ । त्यसको बाहिर योगेश्वर नै ठीक-ठीक आउन-जान सक्छन् ।।४२।। हे राजन् ! स्वर्ग र पृथ्वीको माझमा ब्रह्माण्डको केन्द्रमा सूर्यको स्थिति रहन्छ । सूर्य र ब्रह्माण्ड-

ये द्विरदपतय ऋषभः पुष्करचूडो वामनोऽपराजित इति सकललोकस्थितिहेतवः ।।३९।। तेषां स्वविभूतीनां लोकपालानां च विविधवीर्योपबृंहणाय भगवान्परममहापुरुषो महाविभूतिपतिरन्तर्याम्यात्मनो विशुद्धसत्त्वं धर्मज्ञानवैराग्यैश्वर्याद्यष्टमहासिद्ध्युपलक्षणं विष्वक्सेनादिभिः स्वपार्षदप्रवरैः परिवारितो निजवरायुधोपशोभितैर्निजभुजदण्डैः संधारयमाणस्तस्मिन्गिरिवरे समन्तात्सकललोकस्वस्तय आस्ते ।। ४० ।। आकल्पमेवं वेषं गत एष भगवानात्मयोगमायया विरचितविविधलोकयात्रागोपीथायेत्यर्थः ।। ४१ ।। योऽन्तर्विस्तार एतेन ह्यालोकपरिमाणं च व्याख्यातं तद्बहिर्लोकालोकाचलात् ततः परस्ताद्योगेश्वरगतिं विशुद्धामुदाहरन्ति ।। ४२ ।। अण्डमध्यगतः सूर्यो द्यावाभूम्योर्यदन्तरम् ।। सूर्याण्डगोलयोर्मध्ये कोट्यः स्युः पञ्चविंशतिः ।।४३।। मृतेऽण्ड एष एतस्मिन्यदभूत्ततो मार्तण्ड इति व्यपदेशः ।। हिरण्यगर्भ इति यद्धिरण्याण्डसमुद्भवः ।।४४।। सूर्येण हि विभज्यन्ते दिशः खं द्यौर्मही भिदा ।। स्वर्गापवर्गौ नरका रसौकांसि च सर्वशः ।।४५।। देवतिर्यङ्मनुष्याणां सरीसृपसवीरुधाम् ।। सर्वजीवनिकायानां सूर्य आत्मा दृगीश्वरः ।। ४६ ।। इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे भुवनकोशवर्णने समुद्रवर्षसंनिवेशपरिमाणलक्षणो विंशतितमोऽध्यायः ।। २० ।। श्रीशुक उवाच ।। एतावानेव भूवलयस्य सन्निवेशः प्रमाणलक्षणतो व्याख्यातः ।। १ ।। एतेन हि दिवो मण्डलमानं तद्विद उपदिशन्ति यथा द्विदल-

गोलकको मध्य सबैतिरबाट पच्चीस करोड योजनको फरक छ ।।४३।। सूर्यको मृत अर्थात् मरेको अण्डबाट उत्पत्ति भएको हो, त्यसैले इनलाई सबैले मार्तण्ड भन्दछन् । हिरण्मय अर्थात् प्रकाशमान ब्रह्माण्ड द्वारा उत्पन्न हुनाले ती 'हिरण्यगर्भ' पनि कहिन्छन् ।।४४।। सूर्य द्वारा नै दिशा, आकाश, द्युलोक, भूलोक, स्वर्ग, अपवर्ग, नरक र रसातलादि सबै भागहरूको विभाजन हुन्छ ।।४५।। सूर्य नै देवता, तिर्यक् मनुष्य, सरीसृप तथा लता वृक्षादि सबै जीवसमूहका आत्मा, साक्षी र प्रभु हुन् ।।४६।। इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां विंशोऽध्यायः ।।२०।। (सूर्यको रथ र गति वर्णन)–शुकदेव भन्नुहुन्छ–हेराजन् ! समस्त भूमण्डलको प्रमाण तथा लक्षणसहित पूर्णविस्तार यति नै कहिएको छ ।।१।। प्रमाणका ज्ञाता विद्वान् पुरुष यसैको अनुसार स्वर्गमण्डलको पनि विस्तार त्यति नै भन्दछन् । जस्तो कि मूँग, मास र चना आदिका द्विदलबाट एक दलको परिमाण राम्ररी बुझेरछि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्कोको पनि सजिलै अनुमान हुन्छ । ती दुवैको माझमा अन्तरिक्ष लोक छ, जो ती दुवैसित जोरिएको छ ॥२॥ जपका निवासी ज्योतिर्गणका स्वामी सूर्यनारायण स्वयं तातेर सारा त्रिलोकलाई आफ्नो तेजले तप्त पार्दै तथा प्रकाशले प्रकाशित गर्दछन् । ती सूर्यनारायण उत्तरायण, दक्षिणायन तथा विपुवत् नामका बाटोमा मन्द, शीघ्र तथा समान गतिले हिंड्दै समयको अनुसार राशिहरूमा अग्लो-होचो तथा समतल स्थानहरूमा गएर दिन तथा रात्रिमा ठूलो सानो र समान तुल्याउँछन् ॥३॥ जब सूर्य मेष तथा तुला राशिमा हुन्छन्, तब दिन र रात बराबर हुन्छन् । जब ती वृषादि पाँच राशिहरूमा रहन्छन् तब प्रत्येक महीना रात्रिमा क्रमशः एक एक घडी कम हुँदै जान्छ र दिन लामो हुँदै जान्छ ॥४॥ जब सूर्य वृश्चिकादि पाँच राशिहरूमा जान्छन् तब दिन तथा रातमा यसको विपरीत हुन्छ अर्थात् उस बखत दिन घट्तै जान्छ र रात बिस्तार-बिस्तार बढ्दै जान्छ ॥५॥ यसै प्रकार दक्षिणायन

योर्निष्पापादीनां ते अन्तरेणान्तरिक्षं तदुभयसंधितम् ॥ २ ॥ यन्मध्यगतो भगवांस्तपतां पतिस्तपन आतपेन त्रिलोकीं प्रतपत्यवभासयत्यात्मभासा स एष उदगयनदक्षिणायनवैषुवतसंज्ञाभिर्मान्द्यशैघ्र्यसमानाभिर्गतिभिरारोहणावरोहणसमानस्थानेषु यथासवनमभिपद्यमानो मकरादिषु राशिष्वहोरात्राणि दीर्घह्रस्वसमानानि विधत्ते ॥३॥ यदा स मेषतुलयोर्वर्तते तदाऽहोरात्राणि समानानि भवन्ति । यदा वृषभादिषु पञ्चसु च राशिषु चरति तदाऽहान्येव वर्धन्ते ह्रसति च मासि मास्येकैका घटिका रात्रिषु ॥४॥ यदा वृश्चिकादिषु पञ्चसु वर्तते तदाऽहोरात्राणि विपर्ययाणि भवन्ति ॥५॥ यावद्दक्षिणायनमहानि वर्धन्ते यावदुदगयनं रात्रयः ॥ ६ ॥ एवं नवकोट्य एकपञ्चाशल्लक्षाणि योजनानां मानसोत्तरगिरिपरिवर्तनस्योपदिशन्ति तस्मिन्नैन्द्रीं पुरीं पूर्वस्मान्मेरोर्देवधानीं नाम दक्षिणतो याम्यां संयमनीं नाम पश्चाद्वारुणीं निम्लोचनीं नाम उत्तरतः सौम्यां विभावरीं नाम तासूदयमध्याह्नास्तमयनिशीथानीति भूतानां प्रवृत्तिनिमित्तानि समयविशेषेण मेरोश्चतुर्दिशम् ॥ ७ ॥ तत्रत्यानां दिवसमध्यङ्गत एव सदाऽऽदित्यस्तपति सव्येनाचलं दक्षिणेन करोति ॥ ८ ॥ यत्रोदेति तस्य ह समानसूत्रनिपाते निम्लोचति यत्र क्वचन स्यन्दनेनाभितपति तस्य हैष समानसूत्रपाते प्रस्वापयति तत्र गतं न पश्यन्ति ते तं समनुपश्येरन् ॥ ९ ॥ यदा चैन्द्र्याः पुर्याः प्रचलते पञ्चदशघटिकाभिर्याम्यां पादकोटिद्वयं योजनानां सार्धद्वादशलक्षाणि साधिकानि चोपयाति ॥ १० ॥ एवं ततो वारुणीं सौम्यामैन्द्रीं च पुनस्तथाऽन्ये च ग्रहाः सोमादयो नक्षत्रैः

आरम्भ हुने वेलासम्म दिन र उत्तरायण लाग्ने वेलासम्म रातहरू बढ्दछन् ॥६॥ यस प्रकार पण्डित जन मानसोत्तर पर्वतमा सूर्यको तीव्र, मन्द तथा समान गतिले परिक्रमा गरेको परिमाण नौ करोड एकाउन्न लाख योजन भन्दछन् । त्यस पर्वतमा सुमेरुको पूर्वतिर इन्द्रको देवधानी पुरी, दक्षिण दिशामा यमराजको संयमनी पुरी, पश्चिममा वरुणको निम्लोचनी पुरी र उत्तरतिर सोमदेवको विभावरी पुरी छ—यस्तो भन्दछन् । ती पुरीहरूमा मेरुको चारै दिशाहरूमा वेला-वेलामा सबै प्राणीहरूको प्रवृत्ति र निवृत्तिका कारणस्वरूप सूर्योदय, मध्याह्न, सूर्यास्त तथा अर्धरात्रि आदि समय हुँदै रहन्छन् ॥७॥ हे राजन् ! मेरु पर्वतमा निवास गर्ने प्राणीहरूलाई सूर्यदेव मध्याह्नमा तप्त पार्दछन् र जाने वेलामा मेरु पर्वतलाई बायाँ पारेर हिड्नाले पनि उसलाई दाहिनेतिर पारे झैं देखिन्छन् ॥ ८ ॥ सूर्यदेव जुन दिशामा उदाउँछन्, त्यसको ठीक सामुन्नेतिर अस्ताउँछन् । जहाँ पुगेर अर्थात्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्याह्नकालमा प्राणीका शरीरबाट पसीना चुहाउँदै जीवलाई तप्त पर्दै र ठीक उसको विपरीत दिशामा उनलाई सुताइदिन्छन् । त्यस अवस्थामा अर्थात् आधा रातमा जो जन मध्याह्न कालमा उनलाई राम्ररी देख्न सक्तछन्, ती नै उनको विपरीत दिशामा पुगेका ती सूर्यदेवलाई देख्न पाउन्नन् ॥९॥ सूर्यदेव जब इन्द्रको पुरीमा जान्छन् तब पन्ध्र घडीको भित्र सवा दुइ करोड, साढे बाह लाख योजनभन्दा पनि वर्ता बाटो नाघि सक्तछन् ॥ १० ॥ यसै क्रमले ती वरुण तथा सोमका पुरीहरूलाई पारी तर्दै फेरि इन्द्रकै पुरीमा फर्केर पुग्दछन् । चन्द्रमा आदि अन्य ग्रह पनि उनकै समान ज्योतिश्चक्रबाट अन्य नक्षत्रहरूका संगै उदित र अस्त हुने गर्दछन् ॥ ११ ॥ यस प्रकार ती विविध पुरीहरूमा चक्कर लगाउँदै ती सूर्य भगवान्को वेदत्रयीरूपी दिव्य रथ एक मुहूर्तमा चौंतीस लाख आठ सय योजनभन्दा पनि केही बर्ता हिंड्दछ ॥१२॥ सूर्य भगवानको रथको संवत्सर नामक चक्रमा मासरूपी बाह चक्र रहन्छन्, उनभा छ ऋतुहरू नेमो तीन चतुर्मासा उसका नाभि हुन् । त्यस रथको एक टुप्पा मेरुमा र अर्को मानसोत्तर पर्वतमा स्थित रहन्छ । यही धुरीमा संलग्न सूर्यका रथको

सह ज्योतिश्चक्रे समभ्युद्यन्ति सह वा निम्लोचन्ति ॥ ११ ॥ एवं मुहूर्तेन चतुस्त्रिंशल्लक्षयोजनान्यष्टशताधिकानि सौरो रथस्त्रयीमयोऽसौ चतसृषु परिवर्तते पुरीषु ॥ १२ ॥ यस्यैकं चक्रं द्वादशारं षण्नेमि त्रिणाभि संवत्सरात्मकं समामनन्ति ॥ तस्याक्षो मेरोर्मूर्धनि कृतो मानसोत्तरे कृतेतरभागो यत्र प्रोतं रविरथचक्रं तैलयन्त्रचक्रवद्भ्रमन्मानसोत्तरगिरौ परिभ्रमति ॥ १३ ॥ तस्मिन्नक्षे कृतमूलो द्वितीयोऽक्षस्तुर्यमानेन संमितस्तैलयन्त्राक्षवद्ध्रुवे कृतोपरिभागः ॥ १४ ॥ रथनीडस्तु षट्त्रिंशल्लक्षयोजनायतस्तत्तुरीयभागविशालस्तान्रविरथयुगो यत्र हयाश्छन्दोनामानः सप्तारुणयोजिता वहन्ति देवमादित्यम् ॥ १५ ॥ पुरस्तात्सवितुररुणः पश्चाच्च नियुक्तः सौत्ये कर्मणि किलास्ते ॥१६॥ तथा वालखिल्या ऋषयोऽङ्गुष्ठपर्वमात्राः षष्टिसहस्राणि पुरतः सूर्यं सूक्तवाकाय नियुक्ताः संस्तुवन्ति ॥ १७ ॥ तथाऽन्ये च ऋषयो गन्धर्वाप्सरसो नागा ग्रामण्यो यातुधाना देवा इत्येकैकशो गणाः सप्तचतुर्दश मासि मासि भगवन्तं सूर्यमात्मानं नानानामानं पृथङ्नानानामानः पृथक्कर्मभिर्द्वन्द्वश उपासते ॥ १८ ॥ लक्षोत्तरं सार्धनवकोटियोजनपरिमण्डलं भूवलयस्य क्षणेन सगव्यूत्युत्तरं द्विसहस्रयोजनानि स भुङ्क्ते ॥ १९ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे ज्योतिश्चक्र-

चक्रका कोलको धुरा (मेह) झैं घुम्दै मेरु पर्वतको चारैतिर मानसोत्तर धुमिरहन्छ ॥ १३ ॥ उसै धुरीमा जोरिएको मूलभाग हुने यौटा अर्को धुरी छ, जो विस्तारमा त्यसको केवल एक चौथाई छ । उसको ऊर्ध्वभाग कोलको धुराको समान ध्रुवलोकमा जोरिएको छ ॥ १४ ॥ त्यस रथमा बस्ने स्थान छत्तीस लाख योजन र उसको चौथाई योजन चौडाई छ । त्यसको जूआ छत्तीस लाख योजन लामो छ, जसमा अरुण नामका सारथि द्वारा जोतिएका गायत्री आदि छन्दका नामपरक सात घोड़ा छन्, तिनै सूर्य भगवान्को रथलाई तान्दछन् ॥१५॥ ती सूर्यदेवको समक्ष सारथि कार्यमा नियुक्त अरुण उनैतिर मुख फर्काएर बस्तछन् ॥ १६ ॥ सूर्यको अगाडितिर उनको स्तुति गर्नका लागि नियुक्त बूढीऔंलाको गाँठो बराबर लामो र साक्लो बालखिल्य आदि साठी हजार ऋषि उनको स्तुति गर्दै अघि-अघि हिंड्दछन् ॥ १७ ॥ भिन्न-भिन्न नाम हुने अनेक ऋषि, गन्धर्व, अप्सरा, नाग, यक्ष राक्षस तथा देवताहरूका समुदाय प्रत्येक महीनामा आफ्ना-भिन्न-भिन्न कर्मद्वारा दुइ-दुइ मिलेर प्रति महीना विभिन्न नाम धारण गर्न भएका परमात्मा भगवान सूर्यको उपासना गर्दछन् । ती सबै चौध-चौधका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संख्यामा छन्, किन्तु युग्मरूपबाट सबै मिलाएर सात नै गनिन्छन् ।।१८।। हे राजन् ! यी सबैले सहित सूर्य भगवान् भूमण्डलको मानसोत्तरवर्ती नौ करोड़ एकाउन्न लाख योजन विस्तृत घेराको दुइ कोश अधिक दुइ हजार योजन दूरीलाई केवल एक क्षणमै नाद्घछन् ।।१९।। इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे नेपाली भाषाटीकायां एकविंशति तमोऽध्यायः ।।२१।।
(भिन्न-भिन्न ग्रहका स्थिति र गति वर्णन)-राजा परीक्षितले सोधे–हे भगवन् ! हजुरले जुन यो भन्नुभयो कि यद्यपि भगवान् सूर्य मेरु र ध्रुवलाई दाहिने पारेर घुम्दछन्, तथापि राशिहरूका समक्ष जाने वेलामा उनको त्यो गति दक्षिणावर्त हुन पाउन्न, यो म कसरी बुझ्न सक्ने छु ।। १ ।। शुकदेव भन्न हुन्छ–हे राजन् ! जस्तै घुमिरहेको कुमालेको चक्रसंगै तर त्यसमाथि अर्कोतिर हिंड्ने कमिलाको गति त्यसदेखि पृथक् नै हुन्छ । किनकि त्यो भिन्न-भिन्न समयमा त्यस चक्रको भिन्न-भिन्न भागहरूमा देखिन्छ । त्यस्तै नै कालचक्रमा परेर मेरु तथा ध्रुवलाई दाहिने पारेर घुमिरहे पनि सूर्य आदि ग्रहहरूको गति त्यसदेखि भिन्न नै हुन्छ, किनकि ती काल भेदले विभिन्न राशिहरू र नक्षत्रहरूमा देखिन्छन् ।।२।। वेद

सूर्यरथमण्डलवर्णनं नामैकविंशतितमोऽध्यायः ॥ २१ ॥ राजोवाच ॥ यदेतद्भगवत आदित्यस्य मेरुं ध्रुवं च प्रदक्षिणेन परिक्रामतो राशीनाभिमुखं प्रचलितं चाप्रदक्षिणं भगवतोपवर्णितममुष्य वयं कथमनुमिमीमहीति ॥ १ ॥ स होवाच ॥ यथा कुलालचक्रेण भ्रमतां तदाश्रयाणां पिपीलिकादीनां गतिरन्यैव प्रदेशान्तरेष्वप्युपलभ्यमानत्वादेवं नक्षत्रराशिभिरुपलक्षितेन कालचक्रेण ध्रुवं मेरुं च प्रदक्षिणेन परिधावता सह परिधावमानानां तदाश्रयाणां सूर्यादीनां ग्रहाणां गतिरन्यैव नक्षत्रान्तरे राश्यन्तरे चोपलभ्यमानत्वात् ॥ २ ॥ स एष भगवानादिपुरुष एव साक्षान्नारायणो लोकानां स्वस्तय आत्मानं त्रयीमयं कर्मविशुद्धिनिमित्तं कविभिरपि च वेदेन विजिज्ञास्यमानो द्वादशधा विभज्य षट्सु वसन्तादिष्वृतुषु यथोपजोषमृतुगुणान्विदधाति ॥ ३ ॥ तमेतमिह पुरुषास्त्रय्या विद्यया वर्णाश्रमाचारानुपथा उच्चावचैः कर्मभिराम्नातैर्योगवितानैश्च श्रद्धया यजन्तोऽञ्जसा श्रेयः समधिगच्छन्ति ॥ ४ ॥ अथ स एष आत्मा लोकानां द्यावापृथिव्योरन्तरेण नभोवलयस्य कालचक्रगतो द्वादशमासान्भुङ्क्ते राशिसंज्ञान्संवत्सरावयवान्मासः पक्षद्वयं दिवा नक्तं चेति सपादर्क्षद्वयमुपदिशन्ति यावता षष्ठमंशं भुञ्जीत स वै ऋतुरित्युपदिश्यते संवत्सरावयवः ॥ ५ ॥ अथ च यावताऽर्धेन नभोवीथ्यां प्रचरति तं कालमयनमाचक्षते ॥ ६ ॥ अथ च यावन्नभोमण्डलं सह द्यावापृथिव्योर्मण्डलाभ्यां कार्त्स्न्येन सह भुञ्जीत

र विद्वान जन उसको गति जान्नका लागि अनेक तर्कना गर्दछन्, ती आदिपुरुष नारायण नै लोकको कल्याण तथा वेदोक्त कर्महरूको शुद्धिका लागि कालमूर्तिलाई मासरूपले बाह्र भागहरूमा विभक्त गरेर वसन्तादि छ ऋतुमा उनको योग्य गुणको विधान गर्दछन् ।।३।। यस लोकमा वेदत्रयी द्वारा प्रतिपादित वर्णाश्रमधर्मको अनुगमनशील पुरुष आफ्ना साना-ठूला विहित कर्म तथा योग-साधनाले श्रद्धापूर्वक उनको उपासना गरेर सजिलैसित कल्याणमा प्राप्त हुने गर्दछन् ।।४।। ती सूर्यनारायण सबैका आत्मा हुन् । ती पृथ्वी र आकाशको माझमा स्थित आकाश-मण्डलमा कालगतिले घुमिरहने संवत्सरका अवयवरूपी मेषादि राशिपरक बाह्र महीनाको उपयोग गर्दछन् । तीमध्ये प्रत्येक महीनालाई चान्द्रमानले शुक्ल तथा कृष्ण दुइ पक्षको, पितृमानले एक रात-दिनको र सौरमानले सवा दुइ नक्षत्रको भन्दछन् । जति कालमा सूर्यदेव संवत्सरको एक षष्ठांश उपभोग गर्दछन् , त्यसैलाई संवत्सरका अवयवस्वरूप एक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋतु भन्दछन् ॥५॥ जति बेरमा सूर्य आकाश मार्गको आधा भाग समाप्त पार्दछन्, त्यति समय एक अयन कहिन्छ ॥६॥ जति समयमा ती आफ्नो मन्द, शीघ्र र समान गतिले स्वर्ग एवं पृथिवी समेत सारा आकाश मण्डललाई नाघिसक्दछन्, त्यसैलाई संवत्सर परिवत्सर, इडावत्सर, अनुवत्सर तथा वत्सर भन्दछन् ॥७॥ सूर्यकाकिरणभन्दा एक लाख योजन माास्तिर चन्द्रमाको निवास छ । ती सबै नक्षत्रको अघि-अघि र अत्यन्त छिटो-छिटो हिंड्नाले सूर्यको एक वर्षको भोगलाई दुइ पक्षमा, एक महीनाको भोगलाई सवा दुइ नक्षत्रमा र एक पक्षको भोगलाई एक दिनमै भोगिसक्तन् ॥८॥ कृष्ण र शुक्लपक्षमा क्षय तथा वृद्धिमा प्राप्त आफ्ना कलाहरू द्वारा पितृगण र देवताका दिन-रातलाई विभक्त पार्दै सबै जीव समूहको प्राण तथा जीवरूपी त्यो चन्द्रमा तीस-तीस मुहूर्तमा एक-एक नक्षत्र भोग्दछ ॥९॥ सोह कलाहरूले युक्त, मनोमय, अन्नमय, अमृतमय तथा पुरुषरूपी जुन भगवान् चन्द्रदेव छन् ,तिनको मनुष्य, भन, पशु, पक्षी, सर्प तथा वृक्षादिमा प्राण संचारको स्वभावले युक्त हुनाले सबै सर्वमय भन्दछन् ॥१०॥ चन्द्रमा भन्दा तीन लाख योजन मास्तिर

त कालं संवत्सरं परिवत्सरमिडावत्सरमनुवत्सरं वत्सरमिति भानोर्मान्द्यशैघ्र्यसमगतिभिः समामनन्ति ॥ ७ ॥ एवं चन्द्रमा अर्कगभस्तिभ्य उपरि–
ष्टाल्लक्षयोजनत उपलभ्यमानोऽर्कस्य संवत्सरभुक्तिं पक्षाभ्यां मासभुक्तिं सपादर्क्षाभ्यां दिनेनैव पक्षभुक्तिमग्रचारीद्रुततरगमनो भुङ्क्ते ॥ ८ ॥ अथ
चापूर्यमाणाभिश्च कलाभिरमराणां क्षीयमाणाभिश्च कलाभिः पितॄणामहोरात्राणि पूर्वपक्षापरपक्षाभ्यां वितन्वानः सर्वजीवनिवहप्राणो जीवश्चैकमेकं
नक्षत्रं त्रिंशता मुहूर्तैर्भुङ्क्ते ॥ ९ ॥ य एष षोडशकलः पुरुषो भगवान्मनोमयोऽन्नमयोमृतमयो देवपितृमनुष्यभूतपशुपक्षिसरीसृपवीरुधां प्राणाप्या–
यनशीलत्वात्सर्वमय इति वर्णयन्ति ॥ १० ॥ तत उपरिष्टात्त्रिलक्षयोजनतो नक्षत्राणि मेरुं दक्षिणेनैव कालायन ईश्वरयोजितानि सहाभिजिताऽ–
ष्टाविंशतिः ॥ ११ ॥ तत उपरिष्टादुशना द्विलक्षयोजनत उपलभ्यते ॥ पुरतः पश्चात्सहैव वाऽर्कस्य शैघ्र्यमान्द्यसाम्याभिर्गतिभिरर्कवच्चरति ॥
लोकानां नित्यदाऽनुकूल एव प्रायेण वर्षयंश्चारेणानुमीयते स वृष्टिविष्टम्भग्रहोपशमनः ॥ १२ ॥ उशनसा बुधो व्याख्यातस्तत उपरिष्टाद्
द्विलक्षयोजनवर्ती बुधः सोमसुत उपलभ्यमानः प्रायेण शुभकृद्यदार्काद्व्यतिरिच्येत तदातिवाताभ्रप्रायानावृष्ट्यादिभयमाशंसते ॥ १३ ॥ अत ऊर्ध्व –
मङ्गारकोऽपि जनलक्षद्वितय उपलभ्यमानस्त्रिभिः पक्षैरेकैकशो राशीन्द्वादशानुभुङ्क्ते यदि न वक्रेणाभिवर्तते प्रायेणाशुभग्रहोऽघशंसः ॥ १४ ॥ तत

द्वारा कालचक्रमा नियुक्त अभिजित्समेत अट्ठाइस नक्षत्र छन्, जो मेरुलाई दाहिने पारेर घुम्दछन् ॥११॥ तीभन्दा दुइ लाख योजन माथि शुक्र देखिन्छन् । ती सूर्यको शीघ्र, मन्द र समान गति अनुसार कहिले पछि तथा कहिले संगै रहेर सूर्यको समान नै हिंड्दछन् । ती जलवर्षा गर्ने भएका हुनाले प्रायः सबैको सर्वदा अनुकूल नै रहने गर्दछन् । उनको गतिले यस्तो ज्ञात हुन्छ कि ती वृष्टिका अवरोधक ग्रहहरूलाई शान्त राख्दछन् ॥१२॥ जसरी शुक्रको व्याख्या गरिएको छ, त्यसैले बुधको व्याख्या पनि सइजान्छ । शुक्रभन्दा दुइ लाख योजन माथि सोमको पुत्र बुध रहन्छ । बुध प्रायः मङ्गलकारी नै छ, किन्तु जब त्यो सूर्यको गतिलाई उल्लङ्घन गरेर हिंड्दछ, तब अत्यन्त आँधी पानी तथा अनावृष्टिको भय सूचित गर्दछ ॥१३॥ त्यसको दुइ लाख योजन मास्तिर मङ्गलको स्थिति छ । त्यो मङ्गल यदि वक्र गतिले नहिंडे देखि एक-एक राशिलाई तीन-तीन पक्षमा भोग्दै सबै बाह

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राशिहरूलाई भोग्ने गर्दछ । त्यो प्रायः अशुभ ग्रह हो र अमङ्गल-सूचक पनि छ ॥१४॥ त्यो भन्दा दुइ लाख योजन माथितिर बृहस्पति बस्तछन् । ती सुरगुरु यदि वक्रगतिले हिंडेनन् भने एक-एक राशिलाई एक-एक वर्षकालमा भोग्दछन् । ती प्रायः सधैं ब्राह्मण-कुलको अनुकूल रहन्छन् ॥१५॥ बृहस्पति भन्दा पनि दुइ लाख योजन माथि शनिश्चर छन् । ती एक-एक राशिमा तीस-तीस महीना रहन्छन् र उतिनै वर्षमा सबै राशिहरूलाई भोग्दछन् । ती शनिदेव प्रायः सबैका लागि अशान्तिकारक कहिन्छन् ॥ १६ ॥ तीभन्दा माथि एघार लाख योजन टाढा कश्यपादि सप्तर्षिगणको स्थिति छ । ती सबै लोकको मङ्गल-कामना गर्दै भगवान् विष्णुको परमपद स्वरूप ध्रुवलोकको प्रदक्षिणा गर्दै रहन्छन् ॥ १७ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चम स्कन्धे नेपाली भाषा-टीकायां द्वाविंशोऽध्यायः॥२२॥ (शिशुमार चक्र)—शुकदेव भन्दछन्—हे राजन् ! ती सप्तर्षिभन्दा तेह्र लाख योजन पर—जसलाई विष्णुकोपरमपद

उपरिष्टाद्द्विलक्षयोजनान्तरगतो भगवान्बृहस्पतिरेकैकस्मिन् राशौ परिवत्सरं परिवत्सरं चरति यदि न वक्रः स्यात्प्रायेणानुकूलो ब्राह्मकुलस्य ॥ १५ ॥ तत उपरिष्टाद्योजनलक्षद्वयात्प्रतीयमानः शनैश्चर एकैकस्मिन्राशौ त्रिंशन्मासान्विलम्बमानः सर्वानेवानुपर्येति तावद्भिरनुवत्सरैः प्रायेण हि सर्वेषामशान्तिकरः ॥ १६ ॥ तत उत्तरस्मादृषय एकादशलक्षयोजनान्तर उपलभ्यन्ते य एव लोकानां शमनुभावयन्ते भगवतो विष्णोर्यत्परमं पदं तत्प्रदक्षिणं प्रक्रमन्ति ॥ १७ ॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे ज्योतिश्चक्रवर्णने द्वाविंशोऽध्यायः ॥ २२ ॥ श्रीशुक उवाच ॥ अथ तस्मात्परतस्त्रयोदशलक्षयोजनान्तरतो यत्तद्विष्णोः परमं पदमभिवदन्ति । यत्र ह महाभागवतो ध्रुव औत्तानपादिरग्निनेन्द्रेण प्रजातिना कश्यपेन धर्मेण च समकालयुग्भिः सबहुमानं दक्षिणतः क्रियमाण इदानीमपि कल्पजीविनामाजीव्य उपास्ते तस्येहानुभाव उपवर्णितः ॥ १ ॥ स हि सर्वेषां ज्योतिर्गणानां ग्रहनक्षत्रादीनामनिमिषेणाव्यक्तरंहसा भगवता कालेन भ्राम्यमाणानां स्थाणुरिवावष्टम्भ ईश्वरेण विहितः शश्वदवभासते ॥ २ ॥ यथा मेढीस्तम्भ आक्रमणपशवः संयोजितास्त्रिभिः सवनैर्यथास्थानं मण्डलानि चरन्त्येवं भगणा ग्रहादय एतस्मिन्नन्तर्बहिर्योगेन कालचक्र आयोजिता ध्रुवमेवालम्ब्य वायुनोदीर्यमाणा आकल्पान्तं परिचङ्क्रमन्ति नभसि यथा मेघाः श्येनादयो वायुवशाः कर्मसारथयः परिवर्तन्ते एवं ज्योतिर्गणा प्रकृतिपुरुषसंयोगानुगृहीताः कर्मनिर्मितगतयो भुवि न पतन्ति ॥ ३ ॥ केचनैतज्ज्योतिरनीकं शिशुमारसंस्थानेन भगवतो वासु·

भन्दछन्, त्यही ध्रुवलोक हो । जहाँ—परम भगवद्भक्त र उत्तानपादका पुत्र ध्रुवजी नक्षत्ररूपले विराजमान छन् । ती आकूलित नै अग्नि, इन्द्र, प्रजापति, कश्यप र धर्मादिद्वारा परिक्रमा गरिंदै अझ पनि विराजमान छन् । ती कल्पान्तसम्म स्थित रहने भएका भूर्लोकादिका आधार हुन् । उनको ऐहलौकिक पराक्रम चौथा स्कन्धमा आइसकेको छ ॥ १ ॥ त्यो ध्रुवलोक निरन्तर अव्यक्त गति हुने भगवान् कालद्वारा ग्रह-नक्षत्रादि सम्पूर्ण ज्योतिर्मण्डलका ईश्वर द्वारा स्थापित आधारस्तम्भको भाँति सर्वदा देदीप्यमान रहन्छ ॥२॥ जस्तै—दाइँ गर्ने मौकामा बीचको खाँबोबाट सानो, मध्यम र ठूलो डोरीद्वारा बाँधिएर धान माड्ने पशु निकट, मध्य तथा अर्को, क्रमले आफ्ना आफ्ना स्थानमा त्यो खाँबोको चारैतिर मण्डलाकार भएर बराबर घुम्दछन्, त्यस्तै नै सबै नक्षत्र र ग्रहगण यस कालचक्रको बाहिर-भित्र क्रमशः नियुक्त भएर ध्रुवलोकको नै भरमा आफाफ्ना स्थानमा वायुद्वारा प्रेरित भएर कल्पान्तसम्म घुम्दै रहन्छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै नै जसको गति क्रमको अनुसार निश्चित गरिएको छ, ती ज्योतिर्गण पनि पुरुषाधिष्ठित मायाको प्रभावले आकाशमा बराबर घुम्दै रहन्छन्, पृथ्वीमा झर्दैनन् ॥३॥ केही विद्वान् यो ज्योतिश्चक्रको स्थिति शिशुमार अर्थात् मकररूपधारी भगवान् वासुदेवकी योगमायामा बताउँछन् ॥ ४ ॥ यो शिशुमार चक्र कुण्डलको आकारको छ र यसको शिर तलतिर फर्केको रहन्छ । यसको पुच्छरको अग्रभागमा ध्रुव, लाङ्गूल अर्थात् पुच्छरको तल्लो भागमा प्रजापति, अग्नि तथा धर्म रहन्छन् । पुच्छरको मूल भागमा धाता-विधाता र त्यसको कटि प्रदेशमा सप्तर्षिगण रहन्छन् । शिशुमारको दक्षिणावर्त तथा कुण्डलाकार शरीरको दाहिने पार्श्वमा जुन चौद्ध नक्षत्र छन्, तिनको उत्तरायण र वाम-पार्श्वमा स्थित चौद्ध नक्षत्रलाई दक्षिणायन भन्दछन् । लोकमा शिशुमारको शरीरको विस्तार कुण्डलाकार हुनाले उसका दुवै पार्श्वका अवयव-संख्या पनि बराबर हुन्छन् । त्यत्तै नै शिशुमार-चक्रका दुवैतिरका नक्षत्र पनि बराबर छन् । यसको पिठिउँमा अजवीथी र उदरमा आकाशगङ्गा बग्दछिन् ॥ ५ ॥ हे राजन् ! यसको दाहिने तथा बायाँ कटिभागमा पुनर्वसु र पुष्य नक्षत्र छन् । दाहिने चरणको

देवस्य योगधारणायामनुवर्णयन्ति ॥ ४ ॥ यस्य पुच्छाग्रेऽवाक्शिरसः कुण्डलीभूतदेहस्य ध्रुव उपकल्पितस्तस्य लाङ्गूले प्रजापतिरग्निरिन्द्रो धर्म इति पुच्छमूले धाता विधाता कट्यां सप्तर्षयः । तस्य दक्षिणावर्तकुण्डलीभूतशरीरस्य यान्युदगयनानि दक्षिणपार्श्वे तु नक्षत्राण्युपकल्पयन्ति दक्षिणायनानि तु सव्ये । यथा शिशुमारस्ये कुण्डलाभोगसन्निवेशस्य पार्श्वयोरुभयोरप्यवयवाः समसंख्या भवन्ति । पृष्ठे त्वजवीथी आकाशगङ्गा चोदरतः ॥ ५ ॥ पुनर्वसुपुष्यौ दक्षिणवामयोः श्रोण्योरार्द्राऽऽश्लेषे च दक्षिणवामयोः पश्चिमयोः पादयोरभिजिदुत्तराषाढे दक्षिणवामयोर्नासिकयो-र्यथासंख्यं श्रवणपूर्वाषाढे दक्षिणवामयोर्लोचनयोर्धनिष्ठा मूलं च दक्षिणवामयोः कर्णयोर्मघादीन्यष्ट नक्षत्राणि । दक्षिणायनानि वामपार्श्ववङ्क्रिषु युञ्जीत । यथैव मृगशीर्षादीन्युदगयनादिषु दक्षिणपार्श्ववङ्क्रि प्रातिलोम्येन प्रयुञ्जीत । शतभिषाज्येष्ठे स्कन्धयोर्दक्षिणवामयोर्न्यसेत् ॥ ६ ॥ उत्तराहनावगस्तिरधराहनौ यमो मुखेषु चाङ्गारकः शनैश्चर उपस्थे बृहस्पतिः ककुदि वक्षस्यादित्यो हृदये नारायणो मनसि चन्द्रो नाभ्यामुशना स्तनयोरश्विनौ बुधः प्राणापानयो राहुर्गले केतवः सर्वाङ्गेषु रोमसु सर्वे तारागणाः ॥ ७ ॥ एतदुहैव भगवतो विष्णोः सर्वदेवतामयं रूपमहरहः सन्ध्यायां प्रयतो वाग्यतो निरीक्षमाण उपतिष्ठेत । नमो ज्योतिर्लोकाय कालायनायानिमिषां पतये महापुरुषायाभिधीमहीति ॥८॥ ग्रहर्क्षताराम्य-

पृष्ठभागमा आर्द्रा र अश्लेषा छन् । दाहिने र बायाँ नाकको प्वालमा क्रमशः अभिजित् र उत्तराषाढा नक्षत्र छन् । दाहिने र बायाँ नेत्रमा श्रवण र पूर्वाषाढा एवं दाहिने र बायाँ कानमा धनिष्ठा र मूल नक्षत्र छन् । मघा आदि आठ दक्षिणायन नक्षत्र बायाँ करङ र विपरीत क्रमले मृगशीर्ष आदि आठ उत्तरायण नक्षत्र दाहिने करङमा रहन्छन् । शतभिषा र ज्येष्ठा–यी दुइ नक्षत्र क्रमशः दाहिने र बायाँ काँधमा विराजमान रहन्छन्–यस्तो बुझ ॥६॥ यसको माथिल्लो चिउँडोमा अगस्त्य, तल्लो चिउँडोमा यमराज, मुखमा मङ्गल, उपस्थमा शनि, काँधमा बृहस्पति, वक्षस्थलमा सूर्य, हृदयमा नारायण, मनमा चन्द्रमा, नाभिमा शुक्र दुवै स्तनमा अश्विनीकुमार, प्राण तथा अपानमा बुध, घाँटीमा राहु, सबै अङ्गमा केतु र रौंमा तारा-गणको स्थिति छ ॥७॥ हे राजन् ! विष्णु भगवान्‌को यो सर्वदेवमय स्वरूपको निरन्तर सायंकालको समयमा पवित्र तथा मौनभावले ध्यान गरोस् । सबै ज्योतिर्गणको आधार कालचक्र-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूप सर्वदेवाधिपति परमपुरुष परमात्मालाई हाम्रो प्रणाम छ। हामी उनैको ध्यान गर्दछौं। यो मन्त्र पठेर स्तुति गरोस् ॥८॥ जुन पूर्वोक्त मन्त्रको जपमा संलग्न पुरुषको सबै पाप-
लाई पाखाल्ने तथा ग्रह, नक्षत्र र तारागणका रूपमा प्रकाशमान भगवान्का अधिदैविक स्वरूपलाई नित्य प्रातः, सायं तथा मध्याह्न–तीनै कालमा वन्दन, स्मरण गर्दछ भने त्यसको
सबै पाप तत्काल नष्ट भएर जान्छ ॥९॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां त्रयोविंशोऽध्यायः ॥२३॥ अत (वादि लोकहरूको तल सात लोकको वर्णन)–शुक-
देव भन्नुहुन्छ–हे राजन्! कतिपय व्यक्तिको भनाई छ–सूर्यभन्दा दस हजार योजन तल अन्य नक्षत्रसमान राहु घुमिरहन्छ। यसलाई भगवान्को कृपाले देवत्व र ग्रहत्व लाभ भएको हो।
वास्तवमा यो कालो मुखको असुराधम स्वयं कुनै योग्य छैन। हे तात! यसको जन्म र कर्मको वृत्तान्त अगाडि कहिने छ ॥१॥ हे राजन्! अत्यन्त तातो हुने सूर्यमण्डलको विस्तार
दस हजार योजन भनिन्छ। त्यसै गरी चन्द्र-मण्डलको विस्तार बाह्र हजार योजन र राहुको विस्तार तेह्र हजार योजन छ। यो राहु अमृत-पानको वेला बाधा पान भएका सूर्य

माधिदैविकं पापापहं मन्त्रकृतां त्रिकालम् ॥ नमस्यतः स्मरतो वा त्रिकालं नश्येत तत्कालजमाशु पापम् ॥ ९ ॥ इति श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे शिशुमारसंस्थावर्णनं नाम त्रयोविंशतितमोऽध्यायः ॥ २३ ॥ श्रीशुक उवाच ॥ अधस्तात्सवितुर्योजनायुते स्वर्भानुर्नक्षत्रवच्चरतीत्येके। योऽसावमरत्वं ग्रहत्वं चालभत भगवदनुकम्पया स्वयमसुरापसदः सैंहिकेयो ह्यतदर्हस्तस्य तात जन्मकर्माणि चोपरिष्टाद्वक्ष्यामः ॥ १ ॥ यददस्तरणेर्मण्डलं प्रतपतस्तद्विस्तरतो योजनायुतमाचक्षते। द्वादशसहस्रं सोमस्य त्रयोदशसहस्रं राहोर्यः पर्वणि तद्व्यवधानकृद्वैरानुबन्धः सूर्याचन्द्रमसावभिधावति ॥ २ ॥ तन्निशाम्योभयत्रापि भगवता रक्षणाय प्रयुक्तं सुदर्शनं नाम भागवतं दयितमस्त्रं तत्तेजसा दुर्विषहं मुहुः परिवर्तमानमभ्यवस्थितो मुहूर्तमुद्विजमानश्चकितहृदय आरादेव निवर्तते तदुपरागमिति वदन्ति लोकाः ॥ ३ ॥ ततोऽधस्तात्सिद्धचारणविद्याधराणां सदनानि तावन्मात्र एव ॥ ४ ॥ ततोऽधस्ताद्यक्षरक्षः पिशाचप्रेतभूतगणानां विहाराजिरमन्तरिक्षं यावद्वायुः प्रवाति यावन्मेघा उपलभ्यन्ते ॥ ५ ॥ ततोऽधस्ताच्छतयोजनान्तर इयं पृथिवी यावद्धंसभासश्येनसुपर्णादयः पतत्रिप्रवरा उत्पतन्तीति ॥ ६ ॥ उपवर्णितं भूमेर्यथा संनिवेशावस्थानमवनेरप्यधस्तात्सप्त भूविवरा एकैकशो योजनायुतान्तरेणायामविस्तारेणोपक्लृप्ता अतलं वितलं सुतलं तलातलं महातलं रसातलं पाता-

चन्द्रमाको वैरत्व स्मरण गरेर अमावस्या तथा पूर्णिमाको दिन तीमाथि आक्रमण गर्ने गर्दछ ॥२॥ यो जानेर भगवान्ले सूर्य तथा चन्द्रमाको रक्षाका लागि ती दुवैको नगीच आफ्नो
प्रिय आयुध सुदर्शन चक्र नियुक्त गरिराखेको छ। त्यो चक्र बराबर घुमिरहनाले राहु त्यसको सहिनसक्नु तेजले उद्विग्न तथा चकित भएर एक मुहूर्त तिनको सामु अडिएर सहसा फर्कर
हिंड्दछ। यसैलाई सबै ग्रहणकाल भन्दछन् ॥३॥ राहुको त्यति नै (दस हजार योजन) तल सिद्ध, चारण र विद्याधरादिको निवासस्थान छ ॥४॥ ती भन्दा तल यक्ष, राक्षस, पिशाच,
प्रेत, तथा भूतगणहरूको विहारस्थल अन्तरिक्ष छ, त्यहाँसम्म वायु चलिरहन्छ र मेघ देखिइरहन्छन् ॥५॥ त्योभन्दा सय योजन पर यी पृथिवी छन्। जहाँसम्म, हंस,भास, श्येन् र गरुड
आदि ठूला-ठूला पक्षिहरू उड्दछन्, त्यही यसको चरम सीमा हो ॥६॥ हे राजन्! भूमिको विस्तार आदिको वर्णन मैले पहिले नै गरिसकेको छु। यसको पनि तल एक-एक गरेर

Jagannath Bhattarai Collection. Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता सात विलछन्, तीमध्ये एक-एक विल दस-दस हजार योजनाको अन्तरमा छन् र तिनको लम्बाई चौंडाई ब्रह्माण्ड-कटाहको सदृश छ। तिनका नाम हुन—अतल-वितल, सुतल, तलातल महातल, रसातल र पाताल ॥७॥ यी विलरूपी स्वर्गमा, जहाँ स्वर्गभन्दा पनि बर्ता काम, ऐश्वर्य, अन्नादि महती विभूतिहरूले युक्त भवन, उद्यान र क्रीडा तथा विहारका स्थान छन्। जहाँ दैत्य, दानव र नागगण विविध भाँतिका मायामय आमोद-प्रमोद गर्दछन्। ती प्रभुहरूका स्त्री, पुत्र, सुहृद् तथा अनुचर आदि सर्वदा प्रसन्न चित्त र अनुरक्त रहन्छन् अनि तिनका भोगहरूको प्रतिघात गर्न ईश्वरको निम्ति पनि कठिन छ ॥ ८ ॥ हे महाराज ! ती बिलहरूमा महामायावी मयदानव द्वारा रचित नगरीहरू प्रमुख श्रेष्ठ मणिहरूले रचित चित्र-विचित्र भवन अट्टालिका, नगरेको द्वार, सभा, मन्दिर, चौबाटो र आयतनादिले नाग तथा असुर-दम्पति एवं परेवा, शुक-सारिका आदि पक्षिहरू द्वारा संकुलित कृत्रिम भूमि एवं ती लोकका अधिपतिहरूको उत्तम प्रासादवाट सुसज्जित भएर जगमगाइरहन्छ ॥ ९ ॥ त्यहाँका सबै उद्यान फूल-फल, गुच्छा तथा सुन्दर कोपिलाहरूका भारले जमका हाँगा न्युरिरहन्छन् र जो

लमिति ॥ ७ ॥ एतेषु हि बिलस्वर्गेषु स्वर्गादप्यधिककामभोगैश्वर्यानन्दविभूतिः सुसमृद्धभवनोद्यानाक्रीडाविहारेषु दैत्यदानवकाद्रवेया नित्यप्रमुदितानुरक्तकलत्रापत्यबन्धुसुहृदनुचरा गृहपतय ईश्वरादप्यप्रतिहतकामा मायाविनोदा निवसन्ति ॥ ८ ॥ येषु महाराज मयेन मायाविना विनिर्मिताः पुरो नानामणिप्रवरप्रवेकविरचितविचित्रभवनप्राकारगोपुरसभाचैत्यचत्वरायतनादिभिर्नागासुरमिथुनपारावतशुकसारिकाकीर्णकृत्रिमभूमिभिर्विवरेश्वरगृहोत्तमैः समलंकृताश्चकासति ॥ ९ ॥ उद्यानानि चातितरां मनइन्द्रियानन्दिभिः कुसुमफलस्तवकसुभगकिसलयावनतरुचिरविटपविटपिनां लताङ्गालिङ्गितानां श्रीभिः समिथुनविविधविहङ्गमजलाशयानाममलजलपूर्णानां झषकुलोल्लङ्घनक्षुभितनीरजकुमुदकुवलयकह्लारनीलोत्पललोहितशतपत्रादिवनेषु कृतनिकेतनानामेकविहाराकुलमधुरविविधस्वनादिभिरिन्द्रियोत्सवैरमरलोकश्रियमतिशयितानि ॥ १० ॥ यत्र ह वाव न भयमहोरात्रादिभिः कालविभागैरुपलक्ष्यते ॥ ११ ॥ यत्र हि महाहिप्रवरशिरोमणयः सर्वं तमः प्रबाधन्ते ॥ १२ ॥ न वा एतेषु वसतां दिव्यौषधिरसायनान्नपानस्नानादिभिराधयो व्याधयो वलीपलितजरादयश्च देहवैवर्ण्यदौर्गन्ध्यस्वेदक्लमग्लानिरिति वयोऽवस्थाश्च भवन्ति ॥ १३ ॥ न हि तेषां कल्याणानां प्रभवति कुतश्चन मृत्युर्विना भगवत्तेजश्चक्रापदेशात् ॥ १४ ॥ यस्मिन्प्रविष्टेऽसुरवधूनां प्रायः पुंसवनानि भयादेव स्रवन्ति

लता-पाशले बाँधिएका छन्, यस्ता तरुवरको शोभा छ, जसमा चक्रवाक आदि विविध पक्षिहरूका जोडा रहन्छन्, ती निर्मल जलले भरिएका जलाशयको सुषमा र तिनमा उफ्रने माछाले गर्दा चञ्चल जलमा स्थित कमल, कुमुद, कुवलय, कह्लार, नीलोत्पल, राता कमल तथा शतपत्रादि वनका निवासी पक्षीहरूको अनवरत चलिरहने थरि-थरिका सुमधुर शब्द द्वारा समस्त इन्द्रियका निम्ति उत्सव झैं सुख-साधनहरू परिपूर्ण हुनाले देवलोकको शोभालाई पनि तुच्छ पारिदिन्छन् ॥१०॥ त्यहाँ रात-दिन आदिकालको विभागले हुने भयकरता पत्ति पनि देखिन्न ॥११॥ ठूला-ठूला नागको मस्तकका मणिहरू नै त्यहाँको अन्धकारलाई धपाउन सक्तछन् ॥१२॥ दिव्य औषधि, रसायन, अन्न, पान तथा स्नानादिक सेवन गर्दै रहनाले गर्दा मानसिक अथवा शारीरिक क्लेश, गालामा चाउरी पर्नु कपाल पाक्नु, वृद्धावस्था प्राप्त हुनु, देह कान्तिविहीन बन्नु, दुर्गन्ध, खेद, श्रम तथा ग्लानि हुनु र आयुरा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साथै शरीरको अवस्था साटन्‌ आदि विकार त्यहाँकामा उत्पन्न हुँदैन ॥ १३ ॥ ती पुण्यवान् पुरुषको सुदर्शन-चक्र नामक तेजको अतिरिक्त अरु कुनै प्रकारले मृत्यु हुत सक्तैन ॥ १४ ॥ त्यो चक्र उहाँ पुग्नासाथ असुर-नारीहरूको गर्भ डरले नैं स्रवित तथा पतित हुने गर्दछ ॥ १५ ॥ अतल-लोकमा मयदानवको पुत्र बल नामक यौटा असुर रहन्छ । त्यसले छयान्नब्बे प्रकारका मायाको रचना गरेको छ । तीमध्ये केही हिजो-आजका मायावी पुरुषले पनि धारण गरिरहन्छन् । कुनै वेला त्यस असुरले 'हाई' यौटा रहन्छ । त्यसले छयान्नब्बे प्रकारका मायाको रचना गरेको छ । तीमध्ये केही हिजो आजका मायावी पुरुषले पनि धारण गरिरहन्छन् । छुनै वेला त्यस असुरले 'हाई' गर्दा असुरको मुखबाट स्वैरिणी अर्थात् स्वेच्छाचारिणी, कामिनी अर्थात् कामातुरा र पुंश्चली, चंचल स्वभाव भएकी तीन थरिका नारी प्रकट भए, जो उस लोकमा गएका पुरुषहरूलाई हाटक नामको मदिरा पिलाएर सम्भोगमा समर्थ तुल्याउँछन् । अनि आफ्ना हाव-भावमयी कटाक्ष, प्रणयपूर्ण हास्य, कुराकानी र आलिङ्गनादि द्वारा तीसित यथेच्छ रमण गर्दछन्, हाटक रस पिएपछि मनुष्य मदान्ध हुन्छ र आफूलाई दस हजार गजराजको बलले सम्पन्न ठानेर 'न ईश्वर हूँ' 'म सिद्ध हूँ' । यसरी ठूला-ठूला कुरा गर्दै गफ चुटन थाल्दछ । त्योभन्दा तल वितल नामको

पतन्ति च ॥ १५ ॥ अथातले मयपुत्रोऽसुरो बलो निवसति येन ह वा इह सृष्टाः षण्णवतिर्मायाः काश्चनाद्यापि मायाविनो धारयन्ति । यस्य च जृम्भमाणस्य मुखतस्त्रयः स्त्रीगणा उदपद्यन्त स्वैरिण्यः कामिन्यः पुंश्चल्य इति या वै बिलायनं प्रविष्टं पुरुषं रसेन हाटकाख्येन साधयित्वा स्वविलासावलोकनानुरागस्मितसंलापोपगूहनादिभिः स्वैरं किल रमयन्ति । यस्मिन्नुपयुक्तः पुरुष ईश्वरोऽहं सिद्धोऽहमित्ययुतमहागजबलमात्मानमभिमन्यमानः कत्थते मदान्ध इव ॥ १६ ॥ ततोऽधस्ताद्वितले हरो भगवान्हाटकेश्वरः स्वपार्षदभूतगणावृतः प्रजापतिसर्गोपबृंहणाय भवो भवान्या सह मिथुनीभूत आस्ते । यतः प्रवृत्ता सरित्प्रवरा हाटकी नाम नदी भवयोर्वीर्येण यत्र चित्रभानुर्मातरिश्वना समिध्यमान ओजसा पिबति तन्निष्ठ्यूतं हाटकाख्यं सुवर्णं भूषणेनासुरेन्द्रावरोधेषु पुरुषाः सह पुरुषीभिर्धारयन्ति ॥ १७ ॥ ततोऽधस्तात्सुतले उदारश्रवाः पुण्यश्लोको विरोचनात्मजो बलिर्भगवता महेन्द्रस्य प्रियं चिकीर्षमाणेनादितेर्लब्धकायो भूत्वा वटुवामनरूपेण पराक्षिप्तलोकत्रयो भगवदनुकम्पयैव पुनः प्रवेशित इन्द्रादिष्वविद्यमानया सुसमृद्धया श्रियाऽभिजुष्टः स्वधर्मेणाराधयंस्तमेव भगवन्तमाराधनीयमपगतसाध्वस आस्तेऽधुनापि ॥ १८ ॥ नो एवैतत्साक्षात्कारो भूमिदानस्य यत्तद्भगवत्यशेषजीवनिकायानां जीवभूतात्मभूते परमात्मनि वासुदेवे तीर्थतमे पात्र उपपन्ने परया श्रद्धया परमादरसमाहितमनसा

भूविवरमा आफ्ना पार्षद तथा भूतगणले आवृत्त भगवान हाटकेश्वर शिव निवास गर्दछन् । ती प्रजापतिको सृष्टि बढाउनका लागि भवानीसित रमण गर्दछन् । शिव पार्वतीको तेजले हाटकी नामकी यौटी उत्तम नदी निस्किन्छिन, उसको जल वायुले प्रज्वलित अग्नि निकै उत्साहले पिउने गर्दछन् । ती अग्निले थुकेको हाटक नामक सुवर्ण दैत्य राजाहरूको अन्तःपुरमा पुरुष तथा स्त्री आभूषणको रूपमा धारण गर्दछन् ॥ १६॥१७ ॥ वितल तलको तल सुतललोक छ । त्यहाँ इन्द्रको भलो गर्नका लागि आदितिको गर्भबाट वामन रूपमा अवतार लिएर भगवान्ले जोसित तीनै लोक खोसिलिएका थिए, ती महायशस्वी एवं पवित्र कीर्ति विरोचन-पुत्र राजा बलि भगवान्को कृपाले इन्द्रादि देवताहरूलाई पनि अप्राप्य अतुलित सम्पत्ति-सम्पन्न भएर आफ्नो धर्माचरण द्वारा उनै परमपूज्य प्रभुको आराधना गर्दै आज पनि त्यहाँ निर्भय भएर बसेका छन् ॥ १८ ॥ हे राजन ! सबै जीवका आत्मास्वरूप

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्यामी, आत्माराम र साक्षात् परमात्मा वासुदेव समान पवित्रतम पात्र उपस्थित भएमा उनलाई परम श्रद्धा तथा अतिशय आदरपूर्वक एकाग्रचित्तले दिएको भूमिदान साक्षात् मोक्षको द्वार नै हो । केवल सुतललोकको ऐश्वर्य त्यसको फल कदापि हुन सक्तैन ॥ १९ ॥ छींकने, लड्ने तथा चिप्लने आदिको अवसरमा विवश भावले पनि जसको एकपल्ट नाम लिनाले पुरुष त्यो कर्मबन्धनबाट मुक्त हुन्छ, जसको मुमुक्षु जन योग साधनादि विविध प्रकारका उपायद्वारा पनि मुक्त हुन सक्तैनन् ॥२०॥ आफ्ना ज्ञानी भक्तलाई आफ्नो स्वरूप प्रदान गर्ने भएका तथा सबै प्राणीहरूका आत्मास्वरूप ती प्रभुलाई आत्मभावले समर्पण गरेको भूमिदानको फल के यो सुतललोकको राज्य नै हुन सक्तछ ? ॥२१॥ यदि भगवान्‌ले राजा बलिलाई उनको फल, परमात्म-चिन्तनलाई विस्मरण पारिदिने मायामय भोग तथा ऐश्वर्य नै दिए, अनि त उनले बलिमाथि केही पनि कृपा गरेनन् ॥२२॥ किनकि जब निरुपाय भएर भगवानले छलले जसको सबै राज्य खोसे, केवल त्यसको शरीरमात्र छाडे तथा बलिलाई वरुण पाशले बाँधेर पर्वतको कन्दरामा थुनिदिए । अनि उनले यही भनेका

संप्रतिपादितस्य साक्षादपवर्गद्वारस्य यद्बिलनिलयैश्वर्यम् ॥ १९ ॥ यस्य ह वाव क्षुत्पतनप्रस्खलनादिषु विवशः सकृन्नामाभिगृणन्पुरुषः कर्मबन्धनमञ्जसा विधुनोति यस्य हैव प्रतिबाधनं मुमुक्षवोऽन्यथैवोपलभन्ते ॥ २० ॥ तद्भक्तानामात्मवतां सर्वेषामात्मन्यात्मद आत्मतयैव ॥ २१ ॥ न वै भगवान्नूनममुष्यानुजग्राह यदुत पुनरात्मानुस्मृतिमोषणं मायामयभोगैश्वर्यमेवातनुतेति ॥ २२ ॥ यत्तद्भगवताऽनधिगतान्योपायेन याञ्चाच्छलेनापहृतस्वशरीरावशेषितलोकत्रयो वरुणपाशैश्च संप्रतिमुक्तो गिरिदर्यां चापविद्ध इति होवाच ॥ २३ ॥ नूनं बतायं भगवानर्थेषु न निष्णातो योऽसाविन्द्रो यस्य सचिवो मन्त्राय वृत एकान्ततो बृहस्पतिस्तमतिहाय स्वयमुपेन्द्रेणात्मानमयाचतात्मनश्चाशिषो नो एव तद्दास्यमतिगम्भीरवयसः कालस्य मन्वन्तरपरिवृत्तं कियल्लोकत्रयमिदम् ॥ २४ ॥ यस्यानुदास्यमेवास्मत्पितामहः किल वव्रे न तु स्वपित्र्यं यदुताकुतोभयं पदं दीयमानं भगवतः परमिति भगवतोपरते खलु स्वपितरि ॥ २५ ॥ तस्य महानुभावस्यानुपथममृजितकषायः को वाऽस्मद्विधः परिहीणभगवदनुग्रह उपजिगमिषतीति ॥ २६ ॥ तस्यानुचरितमुपरिष्टाद्विस्तरिष्यते तस्य भगवान्स्वयमखिलजगद्गुरुर्नारायणो द्वारि गदापाणिरवतिष्ठते निजजनानुकम्पित-

थिए ॥२३॥ 'मलाई खेद छ—इन्द्र विद्वान भएर पनि आफ्नो सच्चा स्वार्थ साधनमा निपुण छैनन् ।' उनले सम्मतिको निम्ति अतिशय श्रद्धाले बृहस्पतिलाई आफ्ना मन्त्री बनाए, तापनि उनको अवहेलना गरेर विष्णु भगवान् प्रसन्न भएपछि उनकै सेवा जस्तो वरदान नमागेर उनकोद्वारा मसित आफ्नो निम्ति भोग नै मागेका छन् । जसको अवस्थाको अन्त छैन, यस्तो कालको केवल एक मन्वन्तर वितेपछि नै छिन्न-भिन्न हुने तीनै लोकको ऐश्वर्य उनको चरण-सेवाको सामुन्ने के मूल्य हुन सक्तछ ? ॥२४॥ हाम्रा पितामह प्रह्लादजीले भगवान्‌द्वारा आफ्ना पिता हिरण्यकशिपु मारिएपछि प्रभुले दिंदा पनि भगवानबाट परै राख्ने ठानेर आफ्ना पिताको अकण्टक राज्य स्वीकार गरेनन् । बरु भगवानको सेवाकोनै वरदान मागे ॥२५॥ ती महानुभावका चरण-चिह्नको अनुसरण गर्ने सङ्कल्प कोही मजस्तै वासनामा लिप्त तथा भगवत्-कृपा शून्य पुरुष कसरी गर्न सक्तछ ?' ॥२६॥ श्रीशुकदेवजी भन्नुहुन्छ—हे राजन् ! जसले दिग्विजयको प्रसङ्गमा आफ्ना पादाङ्गुष्ठको प्रहार गरेर रावणलाई हजारौं योजन पर फ्याँकिदिएका थिए ती सम्पूर्ण जगत्‌का गुरु साक्षात् नारायण आफ्ना

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF Delhi

साथै शरीरको अवस्था सादन आदि विकार त्यहाँकामा ... नामक तेजको अतिरिक्त ...

भक्तमा दयालु भएर हातमा गदा लिएर जसको ढोकामा सधैं उपस्थित रहन्छन्, ती राजा बलिको चरित्र अगाडि विस्तारले वर्णन गरिने छ ॥ २७ ॥ सुतललोक भन्दा तल तलातल-लोकमा त्रिपुराधिपति दानवराज मय बस्तछ । पूर्वकालमा तीनै लोकको कल्याण-कामनाले शङ्कर भगवान्ले उसका तीनै पुर भस्म पारेका थिए र उनैको कृपाले यो स्थान उपलब्ध भएको थियो । त्यो मायावीहरूको सर्वश्रेष्ठ गुरु हो र शिवजीद्वारा सबै प्रकारले सुरक्षित रहनाले सुदर्शन चक्रसित पनि निर्भय रहेर त्यहाँका निवासीहरूबाट आदरित हुँदै रहन्छ ॥२८॥ त्यो भन्दा तल महातलमा कद्रूबाट उत्पन्न अनेक शिर हुने सर्पको 'क्रोधवश' नामको यौटा समुदाय बस्तछ । तिनमा कुहक, तक्षक, कालिय र सुषेण आदि महाकाय सर्प मुख्य हुन् । ती विष्णु भगवान्‌का वाहन पक्षिराज गरुड़सित सदा भयभीत रहन्छन् । तैपनि कहिले काहीं उन्मत्त भएर आफ्ना स्त्री-पुत्र, मित्र र कुटुम्बसित विहार गर्न लाग्दछन् ॥ २९ ॥ त्यो भन्दा

हृदयो येनाङ्गुष्ठेन पदा दशकन्धरो योजनायुतायुतं दिग्विजय उच्चाटितः ॥ २७ ॥ ततोऽधस्तात्तलातले मयो नाम दानवेन्द्रस्त्रिपुराधिपतिर्भगवता पुरारिणा त्रिलोकीशं चिकीर्षुणा निर्दग्धस्वपुरत्रयस्तत्प्रसादाल्लब्धपदो मायाविनामाचार्यो महादेवेन परिरक्षितो विगतसुदर्शनभयो महीयते ॥ २८ ॥ ततोऽधस्तान्महातले काद्रवेयाणां सर्पाणां नैकशिरसां क्रोधवशो नाम गणः कुहकतक्षककालियसुषेणादिप्रधाना महाभोगवन्तः पतत्रिराजाधिपतेः पुरुषवाहादनवरतमुद्विजमानाः स्वकलत्रापत्यसुहृत्कुटुम्बसङ्गेन क्वचित्प्रमत्ता विहरन्ति ॥ २९ ॥ ततोऽधस्ताद्रसातले दैतेया दानवाः पणयो नाम निवातकवचाः कालेया हिरण्यपुरवासिन इति विबुधप्रत्यनीका उत्पत्त्या महौजसो महासाहसिनो भगवतः सकललोकानुभावस्य हरेरेव तेजसा प्रतिहतबलावलेपा बिलेशया इव वसन्ति । ये वै सरमयेन्द्रदूत्या वाग्भिर्मन्त्रवर्णाभिरिन्द्राद्बिभ्यति ॥३०॥ ततोऽधस्तात्पाताले नागलोकपतयो वासुकिप्रमुखाःशङ्खकुलिकमहाशङ्खश्वेतधनंजयधृतराष्ट्रशङ्खचूडकम्बलाश्वतरदेवदत्तादयो महाभोगिनो महामर्षा निवसन्ति । येषामु ह वै पंचसप्तदशशतसहस्रशीर्षाणां फणासु विरचिता महामणयो रोचिष्णवः पातालविवरतिमिरनिकरं स्वरोचिषा विधमन्ति ॥ ३१ ॥ इति

तल रसातलमा पणि नामक निवातकवच, कालेय र हिरण्यपुर निवासी देवद्रोही दैत्य तथा दानवगण रहन्छन् । ती जन्मतः ठूला उत्साही तथा परम साहसी हुन्छन, किन्तु सम्पूर्ण लोकमा व्याप्त प्रभाव भएका श्रीहरिको तेजले नै हतवीर्य भएर ती सर्प झैं यता-उता लुकेर बस्छन् । इन्द्रकी दूती सरमाले उच्चारण गरेकी मन्त्रवर्णरूप कटु-वाक्यले ती सधैं भयभीत रहन्छन् * ॥३०॥ रसातलभन्दा तल पाताल लोक छ । त्यो वासुकि प्रधान शङ्ख, कुलिक, महाशङ्ख, श्वेत, धनञ्जय, धृतराष्ट्र, शङ्खचूड, कम्बल, अश्वतर र देवदत्तादि महाक्रोधी एवं ठूला-ठूला शरीर हुने नागलोकाधिपति उहीं रहन्छन् । ती मध्ये कसैको पाँच, कसैको सात, कसैको दश, कसैको सय र कसैको हजार फणा (शिर) सम्म छन् । तिनका फणाको

* उदाहरण—वेदमा यौटा आख्यायिका छ—जब पणि नामक दैत्यहरूले पृथ्वीलाई रसातलमा लुकाइदिए तब इन्द्रले पृथ्वीलाई खोज्नको निम्ति सरमा नामकी यौटी दूती पठाए। जब त्यो रसातलमा पुगी तब दैत्यहरूले सन्धिको सन्धिको इच्छा प्रकट गरेर सरमासित सोधे—'सरमा ! तिम्रो के इच्छा छ ?' तर सरमाले सन्धि गर्न अस्वीकार गरी र इन्द्रको स्तुति गर्दै भनी—'हता इन्द्रेण पणवः शयध्वम्' अर्थात् हे पणिगण ! तिमी इन्द्रका हातबाट मरेर शयन गर ।' यसै श्रापको कारणले उनलाई सदैव इन्द्रको भय बनिरहन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतिशय दीप्तिशालिनी मणिहरू आफ्नू कान्तिले त्यो पाताल-विवरको सबै अन्धकार नष्ट पार्दै रहन्छन् ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे नेपाली भाषाटीकायां चतुर्विंशोऽध्यायः ॥ २४ ॥ (सङ्कर्षणको विवरण र स्तुति) शुकदेव भन्दछन्—हे राजन् ! त्यो पाताललोकको मूलप्रदेशमा तीस हजार योजना पर 'अनन्त' नामले प्रसिद्ध भगवान्को तामसी नित्यकला रहन्छ जसलाई अहङ्काररूपले द्रष्टा तथा दृश्यलाई जोर्न हुनाले भक्तजन 'संकर्षण' भन्ने गर्दछन् ॥ १ ॥ जुन हजार मस्तक हुने भगवान् अनन्तका यौटै मस्तकमा राखिएको सो भूमण्डल सरस्यूँको दाना समान प्रतीत हुन्छ ॥ २ ॥ प्रलयकाल आएपछि ती विश्वको संहार गर्न चाहन्छन्, अति क्रोध वश घुमिरहेका तिनका भृकुटीको मध्यभागबाट हातमा तीन टुप्पा भएको त्रिशूल लिएर एघार मूर्ति र तीन नेत्र हुने संकर्षण नामक रुद्र प्रकट हुन्छन् ॥ ३ ॥ अन्य श्रेष्ठ भक्तसहित अतिशय भक्ति भावले प्रणाम गर्दै जसका

श्रीमद्भागवते महापुराणे पंचमस्कन्धे राह्वादिस्थितिबिलस्वर्गमर्यादानिरूपणं नाम चतुर्विंशतितमोऽध्यायः ॥ २४ ॥ श्रीशुक उवाच ॥ तस्य मूलदेशे त्रिंशद्योजनसहस्रान्तर आस्ते या वै कला भगवतस्तामसी समाख्यातानन्त इति सात्वती या द्रष्टृदृश्ययोः संकर्षणमहमित्यभिमानलक्षणं यं संकर्षणमित्याचक्षते ॥ १ ॥ यस्येदं क्षितिमण्डलं भगवतोऽनन्तमूर्तेः सहस्रशिरस एकस्मिन्नेव शीर्षणि ध्रियमाणं सिद्धार्थ इव लक्ष्यते ॥ २ ॥ यस्य ह वा इदं कालेनोपसंजिहीर्षतोऽमर्षविरचितभ्रमद्भ्रुवोरन्तरेण सांकर्षणोसांम रुद्र एकादशव्यूहस्त्र्यक्षस्त्रिशिखं शूलमुत्तम्भयन्नुदतिष्ठत् ॥ ३ ॥ यस्यांघ्रिकमलयुगलारुणविशदनखमणिखण्डलेष्वहिपतयः सह सात्वतर्षभैरेकान्तभक्तियोगेनावनमन्तः स्ववदनानि परिस्फुरत्कुण्डलप्रभामण्डितगण्डस्थलान्यतिमनोहराणि प्रमुदितमनसः खलु विलोकयन्ति ॥ ४ ॥ यस्यैव हि नागराजकुमार्यं आशिष आशासानाश्चार्वङ्गवलयविलसिताविशदविपुलधवलसुभगरुचिरभुजरजतस्तम्भेष्वगुरुचंदनकुङ्कुमपङ्कानुलेपेनावलिम्पमानास्तदभिमर्शनोन्मथितहृदयमकरध्वजावेशरुचिरललितस्मितास्तदनुरागमदमुदितमदविघूर्णितारुणकरुणावलोकनयवदनारविन्दं सव्रीडं किल विलोकयन्ति ॥ ५ ॥ स एव भगवाननन्तोऽनन्तगुणार्णव आदिदेव उपसंहृतामर्षरोषवेगो लोकानां स्वस्तय आस्ते ॥ ६ ॥ ध्यायमानः सुरासुरोरगसिद्धगन्धर्वविद्याधरमुनिगणैरनवरतमदमुदितविकृतविह्वललोचनः सुललितमुखरिकामृतेनाप्यायमानः स्वपार्षदविबुधयूथपतीनपरिम्लानरागनवतुलसिकामोदमध्वास-

युगल चरण कमलका स्वच्छ र अरुण वर्ण हुने नखमणिमण्डित नागाधिपतिगण अति आनन्दित भएर झलझलाउने कुण्डलका कान्तिले सुशोभित तथा कमनीय कपोल युग आफ्नो मनोहर मुखारबिन्दको दर्शन गर्न गर्दछन् ॥ ४ ॥ जसको शरीर मण्डलमा सुशोभित रजतस्तम्भ समान विशाल, स्वच्छ तथा श्वेतवर्णका बाहुमा विविध प्रकारका कामनाले अगुरु, चन्दन तथा कुंकुम-पङ्कको अनुलेपन गर्ने बेलामा परम सुन्दरी नागकन्याहरू उनको अंगस्पर्शले विचलित आफ्नो हृदयमा कामावेग हुनाले मधुर मनोहर एवं मन्द हास्ययुक्त भएर तिनका मदविह्वल सकरुण अरुण नेत्रले सुशोभित तथा प्रेममदले प्रमुदितले मुखारविन्दतिर सलग्न भाले चियाउँदछन् ॥ ५ ॥ उनै अनन्त गुण-सागर

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिदेव अनन्त भगवान् अमर्ष र रोषको बेग रोकेर त्यहाँ समस्त लोकको कल्याणार्थ विराजमान रहन्छन् ।।६।। देवता, असुर, सिद्ध, गन्धर्व, विद्याधर र मुनिगण निरन्तर जसको सेवा गर्ने गर्दछन्, जो मदपानलले प्रसन्न तथा विकृत र विह्वल नयन हुने छन्, आफ्ना सुललित वचनरूपी अमृतले देवयूथपतिहरू तथा पार्षदहरूलाई सन्तुष्ट राख्दछन्, जसले नीलो वस्त्र र यौटै कुण्डल धारण गरेका छन् र जो आफ्नो मनोहर तथा सुन्दर यौटा भुजदण्ड हलोको मुठमा राखेका छन्, ती उदार लीलाधारी भगवान् शेष, जस्तै—इन्द्रको गजराज उन्मत्त भ्रमरका सुमधुर गुञ्जानले समलंकृत छन् ।। ७ ।। हे राजन् ! जुन अनन्त भगवान् श्रवण र ध्यान गरेपछि मुमुक्षु जनको हृदयमा आविर्भूत भएर अनादिकालको कर्मवासनाहरूले ग्रथित उनका सत्त्व, रज र तमोगुणात्मिका अविद्यामयी हृदय-ग्रन्थिलाई तत्काल काटिदिन्छन्, उनको महिमा स्वयंभू ब्रह्माका पुत्र नारदले तुम्बुरु गन्धर्वसित एकपल्ट ब्रह्माको

वेन माद्यन्मधुकरव्रातमधुरगीतश्रियं वैजयन्तीं स्वां वनमालां नीलवासा एककुण्डलो हलककुदि कृतसुभगसुन्दरभुजो भगवान्माहेन्द्रो वारणेन्द्र इव काञ्चनीं कक्षामुदारलीलो बिभर्ति ।। ७ ।। य एष एवमनुश्रुतो ध्यायमानो मुमुक्षूणामनादिकालकर्मवासनाग्रथितामविद्यामयीं हृदयग्रन्थि सत्त्वरजस्तमोमयमन्तर्हृदयं गत आशु निर्भिनत्ति तस्यानुभावान्भगवान्स्वायम्भुवो नारदः सह तुम्बुरुणा सभायां ब्रह्मणः संश्लोकयामास ।। ८ ।। उत्पत्तिस्तितिलयहेतवोऽस्य कल्पाः सत्त्वाद्याः प्रकृतिगुणा यदीक्षयाऽऽसन्।। यद्रूपं ध्रुवमकृत यदेकमात्मन्नानाधात्कथमु ह वेद तस्य वर्त्म ।।९।। मूर्तिं नः पुरुकृपया बभार सत्त्वं संशुद्धं सदसदिदं विभाति यत्र ।। यल्लीलां मृगपतिराददेऽनवद्यामादातुं स्वजनमनांस्युदारवीर्यः ।। १० ।। यन्नाम श्रुतनुकीर्तयेदकस्मादार्तो वा यदि पतितः प्रलम्भनाद्वा ।। हन्त्यंहः सपदि नृणामशेषमन्यं कं शेषाद्भगवत आश्रयेन्मुमुक्षुः ।। ११ ।। मूर्धन्यर्पित-मणुवत्सहस्रमूर्ध्नो भूगोलं सगिरिसरित्समुद्रसत्त्वम् ।। आनन्त्यादमितविक्रमस्य भूम्नः को वीर्याण्यधिगणयेत्सहस्रजिह्वः ।। १२ ।। एवप्रभावो भगवाननन्तो दुरन्तवीर्योरुगुणानुभावः ।। मूले रसायाः स्थित आत्मतन्त्रो यो लीलया क्ष्मां स्थितये बिभर्ति ।। १३ ।। एता ह्येवेह नृभिरुपग-

सभामा यस प्रकार गाएका थिए ।। ८ ।। संसारको उत्पत्ति, स्थिति र लयका कारणस्वरूप जो प्रकृतिका सत्त्वादि गुण छन्, ती जसको दृष्टिपातले आफआफ्ना कार्यहरूमा समर्थ हुन्छन् जसको रूप अनन्त तथा अनादि छ, जो एक्लै सबै प्रपंचलाई धारण गरेका छन्, ती श्रीसंकर्षणका तत्त्व सहजै कसले जान्न सक्तछ ? ।। ९ ।। जसमा कार्य-कारणरूपी यी सबै प्रपञ्च भासमान भइरहेको छ, जसको शूर-वीरतारूपिणी उदार लीला सिंहले ग्रहण गरेको छ, ती परम पराक्रमी भगवान्ले आफ्ना भक्तको चित्त चोर्नको निम्ति हामीमाथि ठूलो कृपा गरेर यो विशुद्ध सत्त्वमयी शरीर धारण गरिराखेका छन् ।। १० ।। कुनै दीन अथवा पापी पुरुष अकस्मात् आफ्नो कष्ट निवारणका लागि अथवा ठट्टामै पनि जसले गान गरेका गुणको कीर्तन गर्दै छ भने त्यो कीर्तन ती मनुष्यहरूका सबै पाप तत्काल नष्ट गरिदिन्छ, ती शेष भगवान्लाई छाडेर कोही पनि अर्को कुन पुरुषको आश्रय लेला ? ।।११।। जुन सहस्रमूर्धा संकर्षण भगवान्को यौटा मस्तकमा पर्वत, नदी र समुद्रादिले पूर्ण भूमण्डल रजकण झैं राखिएको छ र अनन्त हुनाले जसको पराक्रमको वार-पार छैन, ती सर्वव्यापक शेषजीको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पराक्रम कुनै हजार जिब्रो हुने पुरुष पनि कसरी वर्णन गर्नसक्छ ? ॥१२॥ जसका पराक्रमको सीमा छैन, जो अत्यधिक गुण-प्रभावले युक्त छन्, ती भगवान् अनन्त यस्ता प्रभावशाली छन् कि सबै लोकका स्थितिको निमित्त रसातलको मूलमा स्थित भएर स्वतन्त्रताको साथ लीलाले नै पृथ्वीलाई धारण गरिरहन्छन् ॥१३॥ शुकदेवजी भन्दछन्–हे राजन् ! भोगहरूका इच्छुक पुरुषहरूलाई आफाफ्ना कर्मअनुसार प्राप्तव्य भगवान्‌द्वारा रचित इनै गतिहरू हुन् । यिनको विषयमा मैले आफ्ना गुरुको मुखबाट जति कुरा सुनेथें, त्यो सबै सुनाइदिएँ ॥१४॥ हे राजन् ! प्रत्येक मनुष्यको प्रवृत्तिरूपी धर्मको परिणाममा प्राप्त हुने अनेक थरिका उच्च-नीच गति नै गति छन्, यो तिम्रो प्रश्नानुसार मैले भनेर सुनाएँ । अब अरु के भनौं ? ॥१५॥ इति श्रीमद्भागवते महापुराणे पञ्चम स्कन्धे नेपाली भाषाटीकायां पंचविंशतिमोऽध्यायः ॥२५॥ (मनुष्यका कर्मानुसार नरकका जाति-नजाति गति)–राजा परीक्षितले सोधे–हे महर्षे ! व्यक्तिलाई प्राप्त हुने यी राम्रा-नराम्रा गतिहरूमा यस्ता विचित्रता किन हुन्छन् ? ॥१॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! सबै पुरुष सत्त्व, रज तथा तम यी

न्तव्या गतयो यथाकर्म विनिर्मिता यथोपदेशमनुवर्णिताः कामान्कामयमानैः ॥ १४ ॥ एतावतीर्हि राजन्पुंसः प्रवृत्तिलक्षणस्य धर्मस्य विपाकगतय उच्चावचा विसदृशा यथाप्रश्नं व्याचख्ये किमन्यत्कथयाम इति ॥ १५ ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे भूविवरविध्युपवर्णनं नाम पञ्चविंशतितमोऽध्यायः ॥ २५ ॥ राजोवाच ॥ महर्ष एतद्वैचित्र्यं लोकस्य कथमिति ॥ १ ॥ ऋषिरुवाच ॥ त्रिगुणत्वात्कर्तुः श्रद्धया कर्मगतयः पृथग्विधाः सर्वा एव सर्वस्य तारतम्येन भवन्ति ॥ २ ॥ अथेदानीं प्रतिषिद्धलक्षणस्याधर्मस्य तथैव कर्तुः श्रद्धया वैसादृश्यात्कर्मफलं विसदृशं भवति या ह्यनाद्यविद्यया कृतकामानां तत्परिणामलक्षणाः सृतयः सहस्रशः प्रवृत्तास्तासां प्राचुर्येणानुवर्णयिष्यामः ॥ ३ ॥ राजोवाच ॥ नरका नाम भगवन्किं देशविशेषा अथवा बहिस्त्रिलोक्या आहोस्विदन्तराल इति ॥ ४ ॥ ऋषिरुवाच ॥ अन्तराल एव त्रिजगत्यास्तु दिशि दक्षिण-स्यामधस्ताद्भूमेरुपरिष्टाच्च जलाशयाद्यस्यामग्निष्वात्तादयः पितृगणा दिशि स्वानां गोत्राणां परमेण समाधिना सत्या एवाशिष आशासाना निव-सन्ति ॥ ५ ॥ यत्र ह वाव भगवान्पितृराजो वैवस्वतः स्वविषयं प्रापितेषु स्वपुरुषैर्जन्तुषु संपरेतेषु यथाकर्मावद्यं दोषमेवानुल्लङ्घितभगवच्छासनः

तीनै गुणाले युक्त रहन्छन् । यसै निम्ति तिनको श्रद्धा पनि सत्वादि गुणले युक्त रहन्छ र तिनका कर्मको सबै गतिहरू अनेक थरिका हुन्छन् र ती सबैको तारतम्यको अनुसार प्राप्त हुन्छन् ॥२॥ यसै प्रकार निषिद्ध कर्म गर्नेहरूको पनि श्रद्धाको विषमताले विषम फल नै भोग्नुपर्दछ । अतः अनादि अविद्याको चक्रमा अल्झेर कामना गरिएका निषिद्ध कर्मका परिणाममा जो हजारौं नरक प्राप्त हुन्छन्, अब तिनको म विस्तारले वर्णन गर्दछु । राजा परीक्षितले सोधे–हे भगवन् ! ती नरक के पृथ्वीको नै कुनै देश विशेष छन् ? अथवा ती त्रिलोकबाट बाहिर छन् अथवा यसको भित्रै छन् ? ॥३॥४॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! ती नरक त्रिलोककै भित्र नै दक्षिण दिशामा पृथ्वीभन्दा तल तथा जलभन्दा माथि विद्यमान छन् ; त्यही दिशामा अग्निष्वात्ता आदि पितर आफ्ना वंशजलाई आशिर्वाद दिंदै समाधिमा लीन रहन्छन् ॥५॥ त्यहाँ भगवान्‌को आज्ञा कहिल्यै पनि उल्लंघन नगर्ने

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

द्वारा भोगाउँछन्॥६॥हे राजन् ! केही विद्वान् एक्काइस नरक भन्दछन् । अतः नाम,रूप, लक्षणअनुसार म तिमीलाई ती सबैको वर्णनसुनाउँछु । तिनको नाम हो–तामिस्र, अन्धतामिस्र, रौरव, महारौरव, कुम्भीपाक, कालसूत्र, असिपत्र वन, सूकरमुख, अन्धकूप, कृमिभोजन, सन्दंश, तप्तभूमि, वज्र-समान काँढा हुने शाल्मली वृक्ष, वैतरणी, पूयोद, प्राणरोध, विशसन, लालाभक्ष, सारमेयादन, अवीचि तथा अयःपान । यी बाहेक क्षारकर्दम, रक्षोगणभोजन, शूलप्रोत, दन्तशूक, वटरोधन, पर्यावर्तन तथा सूचीमुख–यी सात मिलेर जम्मा अट्ठाइस नरक अनेक थरिका यातनाहरूको भोगस्थान छन् ॥७॥ जो पुरुष अर्काको धन, सन्तान अथवा स्त्रीहरूको अपहरण गर्दछ, त्यो अतिशय डरलाग्दा यमदूतद्वारा कालपाशमा बाँधिएर हठात् तामिस्र नरका फालिन्छ । त्यस अन्धकारमय नरकमा भोजन-पानी नपाइने, चुटाई खाने तथा डर देखाउने आदि विविध प्रकारका यातनाहरूले पीडित जीव सान्है दुःखी भएर मूर्च्छा पर्दछ ॥८॥ त्यसै गरी जो पुरुष कुनै अर्को व्यक्तिलाई धोखा दिएर त्यसकी स्त्रीसित भोग गर्दछ, त्यो अन्धतामिस्र नरकमा गएर जाकिन्छ । त्यहाँ

४५॥ सगुणो दमं धारयति ॥ ६ ॥ तत्र हैके नरकानेकविंशतिं गणयन्ति । अथ तांस्ते राजन्नामरूपलक्षणतोऽनुक्रमिष्यामस्तामिस्रोऽन्धतामिस्रो रौरवो महारौरवः कुम्भीपाकः कालसूत्रमसिपत्रवनं सूकरमुखमन्धकूपः कृमिभोजनः संदंशस्तप्तभूमिर्वज्रकण्टकशाल्मली वैतरणी पूयोदः प्राणरोधो विशसनं लालाभक्षः सारमेयादनमवीचिरयःपानमिति ॥ किञ्च क्षारकर्दमो रक्षोगणभोजनः शूलप्रोतो दन्दशूको वटनिरोधनः पर्यावर्तनः सूचीमुखमित्यष्टाविंशतिनरका विविधयातनाभूमयः ॥ ७ ॥ तत्र यस्तु परवित्तापत्यकलत्राण्यपहरति स हि कालपाशबद्धो यमपुरुषैरति भयानकै-स्तामिस्रे नरके बलान्निपात्यते अनशनानुदपानदण्डताडनसंतर्जनादिभिर्यात्यमानो जन्तुर्यत्र कश्मलमासादित एकदैव मूर्च्छामुपयाति तामि-स्रप्राये ॥ ८ ॥ एवमेवान्धतामिस्रे यस्तु वञ्चयित्वा पुरुषं दारादीनुपभुङ्क्ते यत्र शरीरी निपात्यमानो यातनास्थो वेदनया नष्टमतिर्नष्टदृष्टिश्च भवति यथा वनस्पतिर्वृश्च्यमानमूलस्तस्मादन्धतामिस्रं तमुपदिशन्ति ॥ ९ ॥ यस्त्विह वा एतदहमिति ममेदमिति भूतद्रोहेण केवलं स्वकुटुम्बमे-वानुदिनं प्रपुष्णाति स तदिह विहाय स्वयमेव तदशुभेन रौरवे निपतति ॥ १० ॥ ये त्विह यथैवामुना विहिंसिता जन्तवः परत्र यमयातना-मुपगतं त एव रुरवो भूत्वा तथा तमेव विहिंसन्ति तस्माद्रौरवमित्याहुः । रुरुरिति सर्पादतिक्रूरसत्त्वस्यापदेशः ॥ ११ ॥ एवमेव महारौरवो यत्र

फ्याँकिएपछि यातनामा परका जीव जरैबाट काटिएको वृक्ष झैं वेदनाले गर्दा आफ्नो सारा सुद्धि-बुद्धि बिर्सन्छ र त्यसलाई केही पनि देखिन्न । यसै निम्ति त्यसलाई 'अन्धतामिस्र' नरक भन्दछन् ॥९॥ जो जन यसलोकमा शरीरलाई नै 'म' र धन तथा स्त्री आदिलाई 'मेरो' यस्तो बुद्धिले प्राणीहरूका साथ द्रोह गर्दै प्रतिदिन आफ्ना कुटुम्बको भरण-पोषणमा नै अल्झिरहन्छ, त्यो शरीर त्यागेर आफ्ना पापले रौरव नरकमा पर्दछ ॥१०॥ हे राजन् ! यस संसारमा कुटुम्बको पोषण गर्नका लागि उसले जुन जीवको जस्तो हिंसा गरेको हुन्छ, परलोकमा यस-यातनामा प्राप्त भएपछि त्यसलाई उनै जीव 'रुरु' भएर उसै गरी कष्ट दिन्छन् । अतएव त्यसलाई 'रौरव' नरक भन्दछन् । 'रुरु' नामका जीव सर्पभन्दा पनि अधिक क्रूर स्वभावका हुन्छन् ॥११॥ यसै गरी महारौरव नरक छ । त्यसमा त्यो पुरुष जाकिन्छ, जो केवल आफ्नै शरीर पाल्दछ । त्यहाँ पडिरहेका जीवहरूलाई आममांसहारी 'रुरु' ॥४५॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामका जीवले टोक्छन् ।।१२।। जुन महान क्रूर पुरुष यस लोकमा जीवित पशुहरू तथा पक्षिहरूलाई मार्दछन्, राक्षस भन्दा पनि निन्दित त्यस निर्दयी प्राणीलाई परलोकमा यमराजका दूत कुम्भीपाक नरकमा लगेर पाकिरहेको तेलमा भुट्दछन् ।।१३।। जो प्राणी यस लोकमा पिता, ब्राह्मण अथवा वेदसित द्रोह गर्दछ, उसलाई यमदूत कालसूत्र नामको नरकमा पुर्‍याउँछन् । जसको घेरा दस हजार योजनको छ, जो तामाको बनेको छ, जसमा तातो मैदान छ र जो माथि सूर्य तथा तल अग्निको तापले अत्यन्त सन्तप्त रहन्छ । उहाँ त्यो भोका-प्यासले व्याकुल हुन्छ र उसको शरीर भित्र-बाहिरबाट डढ्न थाल्दछ । यस प्रकार पशुका शरीरमा जति रौं हुन्छन्, उति नै हजार वर्षसम्म त्यो उसै नरकमा कहिले बस्ने, कहिले पल्टने, कहिले उठ्ने चेष्टा गर्ने, कहिले उभिने र कहिले यता-उता दगुर्न थाल्दछ ।।१४।। जो पुरुष कुनै विपत्ति आइपरे पनि आफ्नो वैदिक धर्म छाडेर अन्य पाखण्डपूर्ण धर्मको आश्रय लिन्छ, उसलाई यमदूत असिपत्रवन नरकमा लगेर कोर्राले ठटाउँछन्, त्यहाँ यता-उता दगुर्नाले गर्दा उसका सबैं अंग तालवनको तरवार झैं पातहरूले

निपतितं पुरुषं क्रव्यादा नाम रुरवस्तं क्रव्येण घातयन्ति यः केवलं देहंभरः ॥ १२ ॥ यस्त्विह वा उग्रः पशून्पक्षिणो वा प्राणत उपरन्धयति तमकरुणं पुरुषादैरपि विगर्हितममुत्र यमानुचराः कुम्भीपाके तप्ततैले उपरन्धयन्ति ॥ १३ ॥ यस्त्विह पितृविप्रब्रह्मध्रुक्स कालसूत्रसंज्ञके नरके अयुतयोजनपरिमण्डले ताम्रमये तप्तखले उपर्यधस्तादग्न्यर्काभ्यामतितप्यमानेऽभिनिवेशितः क्षुत्पिपासाभ्यां च दह्यमानान्तर्बहिः शरीर आस्ते शेते चेष्टतेऽवतिष्ठति परिधावति च यावन्ति पशुरोमाणि तावद्वर्षसहस्राणि ॥ १४ ॥ यस्त्विह वै निजवेदपथादनापद्यपगतः पाखण्डं चोपगतस्तमसिपत्रवनं प्रवेश्य कशया प्रहरन्ति तत्र हासावितस्ततो धावमान उभयतो धारैस्तालवनासिपत्रैश्छिद्यमानसर्वाङ्गो हा हतोऽस्मीति परमया वेदनया मूर्च्छितः पदे पदे निपतति स्वधर्महा पाखण्डानुगतं फलं भुङ्क्ते ॥ १५ ॥ यस्त्विह वै राजा राजपुरुषो वा अदण्ड्ये दण्डं प्रणयति ब्राह्मणे वा शरीरदण्डं स पापीयान्नरकेऽमुत्र सूकरमुखे निपतति तत्रातिबलैर्विनिष्पिष्यमाणावयवो यथैवेहेक्षुखण्ड आर्तस्वरेण स्वनयन्क्वचिन्मूर्च्छितः कश्मलमुपगतो यथैवेहादृष्टदोषा उपरुद्धाः ॥ १६ ॥ यस्त्विह वै भूतानामीश्वरोपकल्पितवृत्तीनामविविक्तपरव्यथानां स्वयं पुरुषोपकल्पितवृत्तिर्विविक्तपरव्यथो व्यथामाचरति स परत्रान्धकूपे तदभिद्रोहेण निपतति तत्र हासौ तैर्जन्तुभिः पशुमृगपक्षिसरीसृपैर्मशकयूकामत्कुणमक्षिकादिभिर्ये के चाभि·

जसमा दुवैतिर धार हुन्थे, तिनले छिन्न-भिन्न पार्दछन् । अनि त्यो 'हरे ! म मारिएँ' यस्तो भनेर कराउँदै ठूलो वेदनाले व्याकुल भएर पाइलपिच्छे लड्दै-उठ्दै गर्दछ । जो पुरुष आफ्नो धर्म त्यागिदिन्छ, त्यसलाई पाखण्ड मार्गमा हिंडेको फल यसै गरी भोग्नु पर्दछ ।।१५।। जो पुरुष राजा वा राजाको कर्मचारी भएर कुनै दण्डको अयोग्य पुरुषलाई दण्ड दिन्छ अथवा ब्राह्मणलाई शारीरिक दण्ड दिन्छ, त्यो पापी परलोकमा शूकरमुख नरकमा पर्दछ । त्यहाँ महाबली यमदूतहरू द्वारा आफ्नो अंग थिलथिलो पारिनाले त्यो तिल झैं कोलमा पेलिदो छँदो आर्तस्वरले कराउँछ र अत्यन्त पीडित भएर यस प्रकार अचेत हुन्छ, जस्तै यसलोकमा राजा द्वारा झ्यालखानमा थुनिएको अपराधी प्राणी कष्टले मूर्च्छा पर्दछ ।।१६।। परमेश्वरले ब्रह्मणादि वर्ण तथा आश्रमको अनुसार जसको विधिनिषेधमय वृत्ति तोकिदिएको छ र जो विवेकपूर्वक अर्काको दुःख बुझ्ने खालको हुन्छ, त्यो पुरुष

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

पनि जसको परमेश्वरले नै रक्तपानादि वृत्ति बनाइदिएका छन् र जो अर्काको कष्ट बुझ्दैनन्, ती उडुस आदि जीवको यदि हिंसा गर्दछ भने त्यो द्रोह गरेको पापले अन्धकूप नरकमा पर्दछ । यहाँ जसको द्रोह गरेको छ, ती पशु, मृग, पक्षी, सरीसृप, लामखुट्टे उडुस र माखा आदि जीवहरू द्वारा चारैतिरबाट त्यो घोर अन्धकारमा निद्रा र शान्ति भंग हुनाले गर्दा त्यसलाई एकछिन पनि चैन वा शान्ति प्राप्त हुँदैन र त्यो यस प्रकार छटपटाउन थाल्दछ, जस्तै कुनै रोगग्रस्त शरीरमा जीव छटपटाउँछ ॥१७॥ यमलोकमा जो मनुष्य विना पञ्चमहायज्ञ गरेरै तथा जे जति प्राप्त छ त्यो बालक, वृद्ध र अतिथि आदिलाई खान नदिईकन स्वयं खाइदिन्छ, त्यसलाई कागको समान कहिएको छ । त्यो महाअधम प्राणी परलोकमा कृमिभोजन नामक भीषण नरकमा जाकिन्छ । त्यहाँ त्यो एक लाख योजन विस्तार भएको कीराहरूको कुण्डमा कीरा बन्दछ र जबसम्म त्यो हवन नारी भोजन गर्नै भएको प्राणी पूरा प्रायश्चित गरिसक्तैन, तबसम्म ती कीराहरूले टोकिइरहन्छ र दारुण क्रन्दन गर्दो छँदो आफूलाई महान् कष्टमा पीडित पारिरहन्छ ॥१८॥ हे राजन ! जो प्राणी यस लोकमा

द्रुग्धास्तैः सर्वतोऽभिद्रुह्यमाणस्तमसि विहतनिद्रानिर्वृतिरलब्धावस्थानः परिक्रामति यथा कुशरीरे जीवः ॥ १७ ॥ यस्त्विह वा असंविभज्याश्नाति यत्किञ्चनोपनतमनिमितपञ्चयज्ञो वायससंस्तुतः स परत्र कृमिभोजने नरकाधमे निपतति । तत्र शतसहस्रयोजने कृमिकुण्डे कृमिभूतः स्वयं कृमिभिरेव भक्ष्यमाणः कृमिभोजने यावत्तदप्रत्ताहुप्रहुतादोऽनिर्वेशमात्मानं यातयते ॥ १८ ॥ यस्त्विह वै स्तेयेन बलाद्वा हिरण्यरत्नादीनि ब्राह्मणस्य वाऽपहरत्यन्यस्य वाऽनापदि पुरुषस्तममुत्र राजन् यमपुरुषा अयस्मयैरग्निपिण्डैः संदंशैस्त्वचि निष्कुषन्ति ॥ १९ ॥ यस्त्विह वा अगम्यां स्त्रियमगम्यं वा पुरुषं योषिदभिगच्छति तावमुत्र कशया ताडयन्तस्तिग्मया सूर्म्या लोहमय्या पुरुषमालिङ्गयन्ति स्त्रियं च पुरुषरूपया सूर्म्या ॥ २० ॥ यस्त्विह वै सर्वाभिगमस्तममुत्र निरये वर्तमानं वज्रकण्टकशाल्मलीमारोप्य निष्कर्षन्ति ॥ २१ ॥ ये त्विह वै राजन्या राजपुरुषा वा अपाखण्डान्धर्मसेतून्भिन्दन्ति ते संपरेत्य वैतरण्यां निपतन्ति । भिन्नमर्यादास्तस्यां निरयपरिखाभूतायां नद्यां यादोगणैरितस्ततो भक्ष्यमाणा आत्मना न वियुज्यमानाश्चासुभिरुह्यमानाः स्वाघेन कर्मपाकमनुस्मरन्तो विण्मूत्रपूयशोणितकेशनखास्थिमेदमांसवसावाहिन्यामुपतप्यन्ते ॥ २२ ॥ ये त्विह वै वृषलीपतयो

कुनै प्रकारको विपत्ति नआए पनि चोरी तथा बलात्कारले ब्राह्मण वा कुनै अन्य पुरुषको सुवर्ण तथा रत्नादिको अपहरण गर्दछ, त्यसलाई परलोकमा यमदूत फलामको तताएको गोलाले पोल्दै र सँडासोले त्यसको छालार लुछ्दछन् ॥१९॥ यस लोकमा यदि कोही पुरुष अगम्य स्त्रीसित सम्भोग गर्दछ अथवा कोही स्त्री अगम्य पुरुषसित व्यभिचार गर्दछे भने त्यसलाई यमदूत कोर्राले पिट्तछन् तथा तातो पारेको स्त्री-प्रतिमासित स्त्रीलाई र तताएको पुरुष-प्रतिमा पुरुषलाई आलिङ्गन गराउँछन् ॥२०॥ जो प्राणी यसलोकमा पशुआदिसित व्यभिचार गर्दछ भने त्यसलाई परलोकमा नरक प्राप्त भएपछि वज्रको समान कठोर काँढाले पूर्ण सीमलको वृक्षमाथि चढाएर तलतिर तान्दछन् ॥२१॥ जो राजा वा राजपुरुष यस लोकमा कुनै श्रेष्ठ कुलमा जन्म पाएर पनि धर्ममर्यादको उच्छेद गर्दछन्, ती मरेपछि मर्यादाहीन भएर वैतरणीनदीमा पर्दछ, जुन कि नरकको खाल्डो झैं बनेको हुन्छ । त्यहाँ उसलाई यता-उताबाट त्यहाँ भएका जलचर जीव लुछ्दछन्, तापनि त्यसको शरीरको अन्त्य हुन पाउन्न । त्यो आफ्ना पापले गर्दा विष्ठा,मूत्र, पीप,रगत,कपाल,नङ्, अस्थि, मेदा तथा बोसो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिले भरिएको त्यो घृणित नदीमा बग्दै पापी त्यसलाई अफ्ना कर्मको फल मानेर अत्यन्त सन्तप्त हुन्छन् ।।२२।। जो व्यक्ति शौच तथा आचारका नियमले भ्रष्ट भएर तथा लज्जा त्यागेर यस लोकमा शूद्राका पति बनेर पशुजस्तै आचरण गर्दछन्, ती पनि मरेपछि पीप, विष्ठा, मूत्र, कफ तथा मलले भरिएको समुद्रमा परेर ती अतिशय घृणित वस्तुहरूको नै भक्षण गर्दछन् ।। २३ ।। जो ब्राह्मणादि उच्चवर्गका व्यक्ति यस लोकमा कुकुर तथा गधा आदि निन्द्य जीव पाल्दछन् र शिकार खेल्नमा लागिरन्छन् तथा यज्ञादि विहित कर्मको अतिरिक्त अन्यत्र पनि पशुहरूको वध गर्दछन्, ती मरेपछि यमदूतले लक्ष्य बनाई बाणहरूले छेड्दछन् ।।२४।। जो पाखण्डी पाखण्डपूर्ण यज्ञमा विहित कर्मको अतिरिक्त अन्यत्र तिनलाई परलोकमा वैशस नरकमा हालेर त्यहाँका अधिकारी तिनलाई ठूलो कष्ट दिएर काट्तछन् ।।२५।। जो पुरुष द्विजाति भएर पनि कामातुर भई आफ्नै वर्णकी कुनै स्त्रीलाई वीर्यपान गराउँछ भने त्यस पापीलाई परलोकमा यमदूत रेतकुल्या नामक नरकमा हालेर उसलाई पनि वीर्य नै खुवाउछन्।।२६।। जो चोर, राजा तथा राजपुरुष यस लोकमा कसैको धरमा आगो लगाइ-

नष्टशौचाचारनियमास्त्यक्तलज्जाः पशुचर्यां चरन्ति ते चापि प्रेत्य पूयविण्मूत्रश्लेष्ममलापूर्णार्णवे निपतन्ति तदेवातिबीभत्सितमश्नन्ति ।। २३ ।। ये त्विह वै श्वगर्दभपतयो ब्राह्मणादयो मृगयाविहारा अतीर्थे च मृगान्निघ्नन्ति तानपि संपरेताँल्लक्ष्यभूतान्यमपुरुषा इषुभिर्विध्यन्ति ।। २४ ।। ये त्विह वै दाम्भिका दम्भयज्ञेषु पशून्विशसन्ति तानमुष्मिँल्लोके वैशसे नरके पतितान्निरयपतयो यातयित्वा विशसन्ति ।। २५ ।। यस्त्विह वै सवर्णां भार्यां द्विजो रेतः पाययति काममोहितस्तं पापकृतममुत्र रेतःकुल्यायां पातयित्वा रेतः संपाययन्ति ।। २६ ।। ये त्विह वै दस्यवोऽग्निदा गरदा ग्रामान् सार्थान्वा विलुम्पन्ति राजानो राजभटा वा तांश्चापि हि परेत्य यमदूता वज्रदंष्ट्राः श्वानः सप्त शतानि विंशतिश्च सरभसं खादन्ति ।।२७ ।। यस्त्विह वा अनृतं वदति साक्ष्ये द्रव्यविनिमये दाने वा कथञ्चित्स वै प्रेत्य नरकेऽवीचिमत्यधःशिरा निरवकाशे योजनशतोच्छ्राया-द्गिरिमूर्ध्नः संपात्यते । यत्र जलमिव स्थलमश्मपृष्ठमवभासते तदवीचिमत्तिलशो विशीर्यमाणशरीरो न म्रियमाणः पुनरारोपितो निपतति ।। २८ ।। यस्त्विह वै विप्रो राजन्यो वैश्यो वा सोमपीथस्तत्कलत्रं वा सुरां व्रतस्थोऽपि वा पिबति प्रमादतस्तेषां निरयं नीतानामुरसि पदाऽऽक्रम्यास्ते वह्निना द्रवमाणं कार्ष्णायसं निषिञ्चन्ति ।। २९ ।। अथ च यस्त्विह वा आत्मसंभावेन स्वयमधो जन्मतपोविद्याचारवर्णाश्रमवतो वरीयसो न

दिन्छ, कसैलाई विष खुवाउँछन् अथवा गाउमा वा व्यापारीहरूको समूहलाई लुट्तछन्, तिनलाई पनि मरेपछि वज्र झैं दाँत हुने सात सय बीस कुकुरको रूप हुने यमदूतले चारैतिरबाट टोक्तछन् ।। २७ ।। जो प्राणी कसैको गवाही दिनमा, धनको आदान-प्रदान अथवा दान दिने वेलामा कुनै प्रकारको झूटो बोल्दछ, त्यो मरेपछि आधार शून्य अवीचिमन नरकमा पुन्याइन्छ र सय योजन अग्लो पर्वतको टाकुराबाट उँधो मुण्टो पारेर घुचेटिन्छ । जहाँ स्थलको ढुङ्गे जमीन नै जल जस्तै देखिन्छ, त्यो घोर अवीचिमन् नामको नरक कहिन्छ । उहाँ घुचेटिदिएपछि शरीरको टुक्रा-टुक्रा पार्दा पनि त्यो मर्दैन र उसलाई बारम्बार माथि लगेर फेरि तल खसालिदिन्छन् ।। २८ ।। जो सोमरस (रक्सी) पिउने ब्राह्मण-क्षत्रिय, वैश्य वा तिनका स्त्री यज्ञ-व्रत ग्रहण गरेर पनि प्रमादवश रक्सी खान्छे, उसलाई यमदूत नरकमा लैजान्छन् र त्यसको छातीमा खुट्टाले थिचेर उसको मुखमा आगोले

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

पगालेको तरल र तातो फलाम हालिदिन्छन् ॥२९॥ जो प्राणी यस लोकमा निम्न श्रेणीको भएर पनि आफूलाई ठूलो छान्दछ र जन्म, तप, विद्या, आचार, वर्ण वा आश्रममा आफूभन्दा ठूलाको विशेष सत्कार गर्दैन, त्यो जीवित पनि मुर्दाकै समान छ। त्यो प्राणी मरेपछि क्षारकर्दम नामको नरकमा उँधो मुण्टो पारेर खसालिन्छ र त्यहाँ उसलाई धेरै पीडा भोगाउँछन् ॥ ३० ॥ यस लोकमा जो पुरुष नरमेधादि यज्ञद्वारा यजन गर्दछन् तथा जो स्त्रीहरू पुरुष-पशुलाई खान्छन्, उनलाई तथुको समान ती मारिएका जीवनै यमलोकमा राक्षस बनेर विविध प्रकारका यातना दिन्छन् र व्याधा जस्तै आफ्ना शस्त्रले काटेर उसको रगत पिउँछन्। जस्तै ती मनुष्यभोजी पुरुष यमलोकमा तिनको मांस खाएर आनन्दित हुन्थे, त्यसै गरी ती उनको रगत पिएर आनन्दित भई नाच-गान गर्दछन् ॥ ३१ ॥ जो पुरुष यसलोकमा वन या गाउँका निरपराध जीवलाई जो आफ्नो प्राणको रक्षा चाहन्छन् तिनलाई अनेक उपायले विश्वास पारेर आफ्नो नजीक आएपछि धोखाले समातेर किला वा धागो आदिमा उनेर खेल गर्दै कष्ट दिन्छन्, ती मरेपछि यम-यातना भोग्दै शूलिमा रोपिन्छन्

बहु मन्येत स मृतक एव मृत्वा क्षारकर्दमे निरयेऽवाक्शिरा निपातितो दुरन्ता यातना ह्यश्नुते ॥ ३० ॥ ये त्विह वै पुरुषमेधेन पुरुषा यजन्ते याश्च स्त्रियो नृपशून्खादन्ति तांश्च ते पशव एव निहता यमसदने यातयन्तो रक्षोगणाः सौनिका इव स्वधितिनाऽवदार्यासृक् पिबन्ति नृत्यन्ति च गायन्ति च हृष्यमाणा यथेह पुरुषादाः ॥ ३१ ॥ ये त्विह वा अनागसोऽरण्ये ग्रामे वा वैश्रम्भकैरुपसृतानुपविश्रम्भय्य जिजीविषूञ्छूलसूत्रादिषूपप्रोतान्क्रीडनकतया यातयन्ति तेऽपि प्रेत्य यमयातनासु शूलादिषु प्रोतात्मानः क्षुत्तृड्भ्यां चाभिहताः कङ्कवटादिभिश्चेतस्ततस्तिग्मतुण्डैराहन्यमाना आत्मशमलं स्मरन्ति ॥ ३२ ॥ ये त्विह वै भूतान्युद्वेजयन्ति नरा उल्बणस्वभावा यथा दन्दशूकास्तेऽपि प्रेत्य नरके दन्दशूकाख्ये निपतन्ति यत्र नृप दन्दशूकाः पञ्चमुखाः सप्तमुखा उपसृत्य ग्रसन्ति यथा बिलेशयान् ॥ ३३ ॥ ये त्विह वा अन्धावटकुसूलगुहादिषु भूतानि निरुन्धन्ति तथाऽमुत्र तेष्वेवोपवेश्य सगरेण वह्निना धूमेन निरुन्धति ॥ ३४ ॥ यस्त्विह वा अतिथीनभ्यागतान्वा गृहपतिरसकृदुपगतमन्युर्दिधक्षुरिव पापेन चक्षुषा निरीक्षते तस्य चापि निरये पापदृष्टेरक्षिणी वज्रतुण्डा गृध्राः कङ्ककाकवटादयः प्रसह्योरुबलादुत्पाटयन्ति ॥ ३५ ॥ यस्त्विह वा आढ्याभिमतिरहंकृतिस्तिर्यक्प्रेक्षः सर्वतोऽभिविशङ्की अर्थव्ययनाशचिन्तया परिशुष्यमाणहृदयवदनो निर्वृतिमनवगतो ग्रह इवार्थम-

भोक-प्यासले व्याकुल तथा चील-गिद्ध आदि तीखो चुच्चो हुने पक्षिहरूद्वारा लुछिएपछि ती आफ्ना पुराना पापहरू स्मरण गर्दछन्! जो यस लोकमा सर्प समान उग्र स्वभाव भएका प्राणीहरूलाई दुःख दिन्छन्, ती स्वयं पनि मरेपछि दन्दशूक नरकमा जाकिन्छन्। जहाँ पाँच-पाँच र साता-सात मुखका सर्प तिनको नगीच आएर तिनलाई मूसा जस्तै निलिदिन्छन् ॥ ३३ ॥ जो व्यक्ति यहाँ अन्य प्राणीलाई अँध्यारो खाडल, कोठा वा झ्यालखानामा थुनिदिन्छन्, तिनलाई यमदूत मरेपछि त्यस्तै नै स्थानमा थुनेर आगोबाट निस्कने धूवाँमा राख्दछन् ॥ ३४ ॥ जो गृहस्थ पुरुष यस लोकमा अतिथि तथा अभ्यागतहरूको तर्फ बारम्बार रिसाई-मानौं निलाई भस्म पार्न खोज्दैछ—यस्तो कुटिल दृष्टिले हेर्दछ भने नरकमा गएपछि त्यस पाप दृष्टि गर्ने व्यक्तिका आँखा गृध्र, कंक तथा बक आदि वज्र समान तीखा चुच्चो हुने पक्षी बलपूर्वक झिकेर लिन्छन् ॥ ३५ ॥ यस लोकमा जो पुरुष आफूलाई धनाढ्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानेर अभिमानपूर्वक सबैलाई बाङ्गो नजरले हेर्दछ, जसको सबैमा सन्देह बनिरहन्छ, धनको खर्च र नाशको चिन्ताले उसको हृदय तथा मुख सुकिरहन्छ, अतएव केही पनि सुख नमानेर जो यक्ष जस्तै धनको सुरक्षामा नै तल्लीन रहन्छ, त्यो पनि मरेपछि उसको अर्जन, वर्धन तथा संरक्षणको चिन्ताले ग्रस्त हुँदै सूचीमुख नामको नरकमा जाकिन्छ। त्यहाँ त्यो पापी पुरुषका सबै अङ्ग यमदूतले सूचीकार जस्तै सीयो र धागोले सिउँछन् ॥ ३६ ॥ हे राजन्! त्यस यमलोकमा यस प्रकारका सयौं र हजारौं नरकहरू छन्। ती सबैमा, जसको यहाँ वर्णन गरियो र जसको विषयमा केही पनि भनिएको छैन, ती सबै अधर्मी जीव आफ्आफ्ना कर्म अनुसार यमलोक जान्छन्। यसै प्रकार सबै धर्मात्मा स्वर्गादि अन्य लोकमा जान्छन् र पाप-पुण्य क्षीण भएपछि ती फेरि यहां लोकमा फर्कन्छन् ॥३७॥ हे राजन्! निवृत्ति मार्गको वर्णन त मैले द्वितीयस्कन्धमा नै गरिसकें। पुराणमा जसलाई चौध भुवन भनेर वर्णन गरिएको छ, त्यो ब्रह्माण्डकोश यति नै ठूलो छ। साक्षात् परम पुरुष भगवान् नारायण आफ्नी मायाका गुणले युक्त स्थूल रूप मैले भनिसकें। जो प्राणी यसलाई पढ्छन्,

भिरक्षति स चापि प्रेत्य तदुत्पादनोत्कर्षणसंरक्षणशमलग्रहः सूचीमुखे नरके निपतति यत्र ह वित्तग्रहं पापपुरुषं धर्मराजपुरुषा वायका इव सर्वतोऽङ्गेषु सूत्रैः परिवयन्ति ॥ ३६ ॥ एवंविधा नरका यमालये सन्ति शतशः सहस्रशस्तेषु च सर्वेषु सर्व एवाधर्मवर्तिनो ये केचिदिहोदिता अनुदिताश्चावनिपते पर्यायेण विशन्ति तथैव धर्मानुवर्तिन इतरत्र इह तु पुनर्भवे त उभयशेषाभ्यां निविशन्ति ॥ ३७ ॥ निवृत्तिलक्षणमार्ग आदावेव व्याख्यातः ॥ एतावानेवाण्डकोशो यश्चतुर्दशधा पुराणेषु विकल्पित उपगीयते यत्तद्भगवतो नारायणस्य साक्षान्महापुरुषस्य स्थविष्ठं रूपमात्ममायागुणमयमनुवर्णितमादृतः पठति शृणोति श्रावयति स उपगेयं भगवतः परमात्मनोऽग्राह्यमपि श्रद्धाभक्तिविशुद्धबुद्धिर्वेद ॥ ३८ ॥ श्रुत्वा स्थूलं तथा सूक्ष्मं रूपं भगवतो यतिः ॥ स्थूले निर्जितमात्मानं शनैः सूक्ष्मं धिया नयेदिति ॥ ३९ ॥ भूद्वीपवर्षसरिदद्रिनभःसमुद्रपातालदिङ्नरकभागणलोकसंस्था ॥ गीता मया तव नृपाद्भुतमीश्वरस्य स्थूलं वपुः सकलजीवनिकायधाम ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायां पञ्चमस्कन्धे नरकानुवर्णनं नाम षड्विंशतितोऽध्यायः ॥ २६ ॥

सुन्दछन्, वा सुनाउँछन् ती श्रद्धा-भक्तिले गर्दा शुद्ध बुद्धि भएर अनधिकारी भए पनि उपनिषद्हरू द्वारा वर्णन गरिएका भगवान्को स्वरूप चिन्न सक्दछन् ॥ ३८ ॥ यतिको कर्तव्य हो—भगवान्को स्थूल तथा सूक्ष्म दुवै रूपको श्रवण गरेर पहिले स्थूल रूपमा आफ्नो चित्त स्थिर पारोस्। अनि बिस्तार-बिस्तार मन हटाएर सूक्ष्म रूपमा लगाओस् ॥ ३९ ॥ हे राजन्! मैले पृथ्वी, द्वीप, वर्ष, नदी, पर्वत, आकाश, समुद्र, पाताल, दिशा, नरक, ज्योतिर्गण तथा सबै लोकको स्थिति वर्णन गरिदिएँ। यही समस्त जीव-समुदायको आश्रय तथा भगवान्को अतिशय अद्भुत र स्थूल शरीर हो ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे पञ्चमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां षड्विंशतितमोऽध्यायः ॥ २६ ॥

समाप्तोऽयं पञ्चमः स्कन्धः।

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते पञ्चमः स्कन्धः समाप्तः ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते षष्ठः स्कन्धः प्रारभ्यते।

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः (अजामिलोपाख्यान)–यति कथा सुनिसकेपछि राजा परीक्षितले भने–हे भगवन् ! जुन बाटोबाट हिंडेर साधक क्रमशः अर्चि आदि मार्गबाट ब्रह्मलोकमा पुग्दछ र उहाँ ब्रह्माको सृष्टिबाट मोक्ष प्राप्त गर्दछ, त्यो निवृत्ति मार्ग हजुरले द्वितीय स्कन्धमै सुनाउनु भयो ॥१॥ हे मुने ! जसद्वारा प्राणीलाई त्रिगुणात्मक स्वर्गादि नै प्राप्त हुन्छन् र जसको कारण निवृत्तिका बन्धनमा बाँधिएको पुरुष पुनः पुनः जन्म-मरणको चक्रमा परिरहनु पर्दछ, त्यो प्रवृत्ति मार्गको पनि हजुरले तृतीयस्कन्धमा वर्णन गरिसक्नु भयो ॥२॥ यी सबको अतिरिक्त हजुरले अधर्मस्वरूप अनेक नरकको र जसको आदिमा स्वायम्भुव मनु भएका थिए,त्यो प्रथम मन्वन्तरको वृत्तान्त सुनाउनुभयो ॥३॥ प्रियव्रत र उत्तानपादको वंश, उनको चरित्र एवं द्वीप, वर्ष, पर्वत, नदी, उद्यान र वृक्षादिको पनि हजुरले निरूपण गरिदिनुभयो ॥४॥ विभाग, लक्षण र परिमाणसहित सबै भूमण्डलको स्थिति, नक्षत्रगण, अतलादि भूविवर

ॐ नमो भगवते वासुदेवाय ॥ राजोवाच ॥ निवृत्तिमार्गः कथित आदौ भगवता यथा ॥ क्रमयोगोपलब्धेन ब्रह्मणा यदसंसृतिः ॥ १ ॥ प्रवृत्तिलक्षणश्चैव त्रैगुण्यविषयो मुने । योऽसावलीनप्रकृतेर्गुणसर्गः पुनः पुनः ॥ २ ॥ अधर्मलक्षणा नाना नरकाश्चानुवर्णिताः ॥ मन्वन्तरश्च व्याख्यात आद्यः स्वायम्भुवो यतः ॥ ३ ॥ प्रियव्रतोत्तानपदोर्वंशस्तच्चरितानि च ॥ द्वीपवर्षसमुद्राद्रिनद्युद्यानवनस्पतीन् ॥ ४ ॥ धरामंडलसंस्थानं भागलक्षणमानतः ॥ ज्योतिषां विवराणां च यथेदमसृजद्विभुः ॥५॥ अधुनेह महाभाग यथैव नरकान्नरः ॥ नानोग्रयातनान्नेयात्तन्मे व्याख्यातुमर्हसि ॥ ६ ॥ श्रीशुक उवाच ॥ न चेदिहैवापचितिं यथांहसः कृतस्य कुर्यान्मनउक्तिपाणिभिः ॥ ध्रुवं स वै प्रेत्य नरकानुपैति ये कीर्तिता भवतस्तिग्मयातनाः ॥ ७ ॥ तस्मात्पुरैवाश्विह पापनिष्कृतौ यतेत मृत्योरविपद्यतात्मना ॥ दोषस्य दृष्ट्वा गुरुलाघवं यथा भिषक्चिकित्सेत रुजां निदानवित् ॥८॥ राजोवाच ॥ दृष्टश्रुताभ्यां यत्पापं जानन्नप्यात्मनोऽहितम् ॥ करोति भूयो विवशः प्रायश्चित्तमथो कथम् ॥ ९ ॥ क्वचिन्निवर्ततेऽभद्रात्क्वचिच्च-

तथा जसरी भगवान्ले यी सबैको रचना गरेका थिए, त्यो सबै पनि हजुरले मलाई सुनाउनुभयो ॥५॥ हे महाभाग ! अब हजुर यो उपाय भन्नुहवस् जसले विचित्र र डरलाग्दो यातनाले परिपूर्ण नरकमा मनुष्यले जान नपरोस् ॥६॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! जो प्राणी मन, वचन र शरीरले गरेका *विषय भोगरूपी पापको प्रायश्चित्त यसै जन्ममा सरिसक्तैन भने त्यसले मरेपछि मैले भनेका डरलाग्दा यातनापूर्ण नरकहरूमा अवश्य जानुपर्दछ ॥७॥ अतः जस्तै रोगको निदान गर्न जान्ने वैद्य दोषको गौरव-लाघव हेरेर नै रोगीको चिकित्सा गर्दछ, त्यस्तै मनुष्य मृत्यु-मुखमा जानुभन्दा पहिल्यै जबसम्म उसको शरीर क्षीण हुँदैन, त्योभन्दा पहिल्यै पापबाट छुट्ने उपाय गरिहालोस् ॥८॥ राजाले सोधे–हे मुने ! प्रत्यक्ष देखेको र शास्त्रादि द्वारा सुनेको दुःखहरूबाट पापलाई आफ्नो परम शत्रु जानेर पनि जो पुरुष विवश भएर बराबर त्यसैमा प्रवृत्त भइरहन्छ, त्यसका पापको प्रायश्चित्त कसरी हुनसक्ला ॥९॥

---

* उदाहरण (विषय भोग हैरान पार्छन्)—दुइ जना मित्र कतै गइरहेका थिए । तिनमा योटा अन्धो र अर्को आँखा देख्ने थियो । अलि पर पुगेपछि ठूलो आँधी आयो, त्यसले केही पनि देख्न कठिन भयो । आँखामा धेरै धूलो भरियो, त्यसले गर्दा आँखा खुल्दैनथे । आँखा देख्ने मनुष्य पनि हैरान भयो । आँधी थामियो, अनि दुवैले शरीर र आँखामा परेको धूलो पानीले सफा गरे । अब आँखा देख्ने व्यक्ति त देख्न लाग्यो, तर अन्धो चाहिं आँधी समाप्त हुँदा पनि देख्न सकेन । यस दृष्टान्तलेले बुझ्नुपर्दछ—भक्त र अभक्त दुवै संसार-पथमा गइरहेका छन् । त्यसमा विषय भोगको आँधी आउँछ । त्यो दुवैमा समान रूपले प्रहार गर्दछ । विचारवान् भक्त पुरुषले आँधी शान्त भएपछि आत्मज्ञान भएर आउँछ, तर अभक्तलाई विषयभोग शान्त भइसकेर पनि आत्मज्ञान प्राप्त हुँदैन । अतः अज्ञानी मनुष्य विषयमै भुलिरहन्छ ।

Jaganath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDP - Delhi

यदि त्यो कहिले प्रायश्चित्तादि द्वारा त्यसबाट छुटकारा पाए पनि फेरि पाप गर्न थाल्दछ । अतः त्यसको प्रायश्चित्तलाई त म हात्तीको स्नान जस्तै व्यर्थ मान्दछु ॥१०॥ शुकदेवजी भन्दछन्–हे राजन् ! कृच्छ्रचान्द्रायण आदि व्रतहरू द्वारा प्रायश्चित गर्नाले पापकर्महरूको सधैँको निम्ति नाश हुन सक्तैन, किनकि तिनको अधिकारी अज्ञानी नै हुन्छ । अविद्याको नाश नहुनाले त्योसित फेरि पाप-कर्म हुँदै रहन्छन् । यसनिम्ति सच्चा प्रायश्चित्त केवल भगवत्स्वरूप कोज्ञान नै हो॥११॥जो पुरुष सदा पथ्यान्न नै खान्छ, त्यसमाथि रोग-हरूको आक्रमण हुन सक्तैन । त्यसै प्रकार हे राजन् ! नियमानुसार आचरण गर्ने प्राणी बिस्तार-बिस्तार कल्याण प्राप्तगर्नमा समर्थ हुन्छ ॥१२॥ जस्तै बाँसको वनमा उठेको दावानल सबै पोलेर भस्म पारिदिन्छ, त्यस्तै धर्मज्ञ तथा श्रद्धावान् धीर पुरुष तप, ब्रह्मचर्य, शम, दम, दान, सत्य, शौच, यम र नियम–यी नौ साधन द्वारा आफ्नो मन, वाणी तथा शरीर द्वारा गरिएका ठूला-ठूला पापलाई पनि नष्ट पारिदिन्छ ॥१३॥१४॥ केही भगवत्परायण पुरुष एकमात्र भक्तिकै द्वारा आफ्ना सबै पापको उसै गरी ध्वंस गरिदिन्छन्

रति तत्पुनः ॥ प्रायश्चित्तमतोऽपार्थं मन्ये कुञ्जरशौचवत् ॥१०॥ श्रीशुक उवाच ॥ कर्मणा कर्मनिर्हारो न ह्यात्यन्तिक इष्यते ॥ अविद्वदधिकारित्वा-
त्प्रायश्चित्तं विमर्शनम् ॥ ११ ॥ नाश्नतः पथ्यमेवान्नं व्याधयोऽभिभवन्ति हि ॥ एवं नियमकृद्राजन्शनैः क्षेमाय कल्पते ॥ १२ ॥ तपसा ब्रह्मचर्येण
शमेन च दमेन च ॥ त्यागेन सत्यशौचाभ्यां यमेन नियमेन च ॥ १३ ॥ देहवाग्बुद्धिजं धीरा धर्मज्ञाः श्रद्धयान्विताः ॥ क्षिपन्त्यघं महदपि
वेणुगुल्ममिवानलः ॥ १४ ॥ केचित्केवलया भक्त्या वासुदेवपरायणाः ॥ अघं धुन्वन्ति कार्त्स्न्येन नीहारमिव भास्करः ॥ १५ ॥ न तथा
ह्यघवान्राजन्पूयेत तपआदिभिः ॥ यथा कृष्णार्पितप्राणस्तत्पूरुषनिषेवया ॥ १६ ॥ सध्रीचीनो ह्ययं लोके पन्थाः क्षेमोऽकुतोभयः ॥ सुशीलाः साधवो
यत्र नारायणपरायणाः ॥ १७ ॥ प्रायश्चित्तानि चीर्णानि नारायणपराङ्मुखम् ॥ न निष्पुनन्ति राजेन्द्र सुराकुम्भमिवापगाः ॥ १८ ॥ सकृन्मनः
कृष्णपदारविन्दयोर्निवेशितं तद्गुणरागि यैरिह ॥ न ते यमं पाशभृतश्च तद्भटान्स्वप्नेऽपि पश्यन्ति हि चीर्णनिष्कृताः ॥ १९ ॥ अत्र चोदाहर-
न्तीममितिहासं पुरातनम् ॥ दूतानां विष्णुयमयोः संवादस्तं निबोध मे ॥ ० ॥ कान्यकुब्जे द्विज कश्चिद्दासीपतिरजामिलः ॥ नाम्ना नष्टसदा-
चारो दास्याः संसर्गदूषितः ॥ २१ ॥ वन्द्यक्षकैतवैश्चौर्यैर्गर्हितां वृत्तिमास्थितः ॥ बिभ्रत्कुटुम्बमशुचिर्यातयामास देहिनः ॥ २२ ॥ एवं निवसतस्त-

जसरी सूर्यले कुहिरो नष्ट पारिदिन्छन् ॥१५॥ हे राजन् ! पापी पुरुष आफ्ना सबै इन्द्रिय भगवान्मा लगाएर तथा उनका भक्तजनको संगत गरेर जसरी शुद्ध हुन्छ, त्यस्तो तप आदि अन्य उपायले शुद्ध हुँदैन ॥१६॥ संसारमा भक्तिमार्ग नै सर्वश्रेष्ठ कल्याणमय तथा भयरहित छ, जसमा नारायण-परायण, सुशील साधुपुरुष हिँड्दछन् ॥१७॥ हे राजेश्वर ! जस्तै नदीहरू रक्सीको गाग्रो पवित्र पार्न सक्तैनन्, त्यस्तै भगवान्बाट विमुख पुरुषलाई उसले गरेका प्रायश्चित्तले कदापि शुद्ध पार्न सक्तैनन् ॥१८॥ जसले भगवद्गुणमा आसक्त आफ्नो चित्तलाई एकपल्ट पनि श्रीकृष्णका चरण लगाइदिएको छ, त्यो यमराज र पाशयुक्त हात हुने यमदूतलाई सपनामा पनि देख्दैनन्, किनकि यस्तो गर्नाले नै उसका सबै पापको प्रायश्चित्त होइजान्छ ॥१९॥ हे राजन् ! यस प्रसंगमा मानिस विष्णु भगवान् तथा यमराजका दूतहरूको संवादस्वरूप यौटा प्राचीन इतिहास भन्ने गर्दछन्, त्यो मसित सुन ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कान्यकुब्ज प्रदेशमा अजामिल नामको दासीपति ब्राह्मण बस्तथ्यो। दासीको संसर्गले दूषित हुनाले गर्दा त्यसका सारा सदाचार नष्ट भइसकेका थिए ॥ २१ ॥ त्यो सबै प्रकारले अपवित्र थियो र निन्दनीय वृत्तिको आश्रय लिएर पथिकलाई बाँध्नु, जूवा खेल्नु, धोका दिनु र चोरी गर्नु आदि गर्हित उपायले त्यो आफ्ना कुटुम्बको पालन गर्दै अन्य प्राणीलाई कष्ट दिइरहन्थ्यो ॥२२॥ हे राजन् ! यस प्रकार त्यहाँ बसेर दासीका छोरा-छोरीको लालन-पालन गर्दै त्यसको आयुको धेरै भाग अर्थात् अठासी वर्षको समय बितेर गयो ॥२३॥ त्यो वृद्ध र पापी अजामिलका दस छोरा थिए। तिनमा नारायण नामको जुन सबभन्दा कान्छो छोरो थियो, त्यो आफ्ना आमा बाबुको बर्ता प्यारो थियो ॥ २४ ॥ बूढो अजामिल त्यो मृदुभाषी बालकमा आसक्त भएर उसको खेलबाड देखेर प्रसन्न हुन्थ्यो ॥ २५ ॥ बालक नारायणमा साह्रै स्नेहबद्ध हुनाले गर्दा त्यो यस्तो तन्मय भएको थियो

स्य लालयानस्य वत्सुतान् ॥ कालोऽत्यगान्महान्राजन्नष्टाशीत्यायुषः समाः ॥ २३ ॥ तस्य प्रवयसः पुत्रा दश तेषां तु योऽवमः ॥ बालो नारायणो नाम्ना पित्रोश्च दयितो भृशम् ॥ २४ ॥ स बद्धहृदयस्तस्मिन्नर्भके कलभाषिणि ॥ निरीक्षमाणस्तल्लीलां मुमुदे जरठो भृशम् ॥ २५ ॥ भुञ्जानः प्रपिबन्खादन्बालकस्नेहयन्त्रितः ॥ भोजयन्पाययन्मूढो न वेदागतमन्तकम् ॥ २६ ॥ स एवं वर्तमानोऽज्ञो मृत्युकाल उपस्थिते ॥ मतिं चकार तनये बाले नारायणाह्वये ॥ २७ ॥ स पाशहस्तांस्त्रीन्दृष्ट्वा पुरुषान्भृशदारुणान् ॥ वक्रतुण्डानूर्ध्वरोम्ण आत्मानं नेतुमागतान् ॥ २८ ॥ दूरे क्रीडनकासक्तं पुत्रं नारायणाह्वयम् ॥ प्लावितेन स्वरेणोच्चैराजुहावाकुलेन्द्रियः ॥ २९ ॥ निशम्य म्रियमाणस्य ब्रुवतो हरिकीर्तनम् ॥ भर्तुर्नाम महाराज पार्षदाः सहसाऽपतन् ॥ ३० ॥ विकर्षतोऽन्तर्हृदयाद्दासीपतिमजामिलम् ॥ यमप्रेष्यान्विष्णुदूता वारयामासुरोजसा ॥ ३१ ॥ ऊचुर्निषेधितास्तांस्ते

कि जुनसुकै टोला केही खान-पिन लाग्दथ्यो तब ठूलो प्रेमले छोरोलाई पनि आफूसित अवश्य बसालेर खान-पिन दिन्थ्यो। यसरी त्यो नजीकै आएको मृत्युलाई पनि बिर्सिदियो ॥२६॥ यस प्रकार व्यवहारमा प्रवृत्त त्यस अज्ञानीले मृत्युकाल उपस्थित हुँदा आफ्नो 'नारायण' नामक पुत्रमा ध्यान लगायो ॥२७॥ यतिमै देख्यो—उसलाई लैजानको निम्ति तीन ठूला डरलाग्दा पुरुष हातमा पाश लिएर आएका छन् तिनका मुख बाङ्गो छ र रौं ठाडा-ठाडा छन् तिनलाई देखेर उसले खेलमा लागेको त्यस पुत्रलाई अत्यन्त विह्वलभावले *चिन्तन गरेर निकै उच्चस्वरले कराएर नारायणलाई डाक्यो ॥२८-२९॥ हे राजन् ! यसरी आफ्ना स्वामीको नाम सुनेर तथा मर्ने बेलामा उसले हरि-कीर्तन गरेको जानी सहसा त्यहाँ विष्णु भगवान्‌का पार्षद आइपुगे ॥३०॥ ती विष्णु पार्षदले दासीपति अजामिलको अन्तःकरणबाट प्राण खैंचने यमदूतलाई बलपूर्वक रोकिदिए ॥ ३१ ॥ तिनले रोकेपछि यमदूतले भने—

---

* दृष्टान्त (चिन्तनमा फरक)—यौटा महान् वैरागी महात्मा डुल्दाडुल्दै यौटा राजाको नगरमा पुगे। उनले विचार गरे—'यदि म कुनै धर्मशालामा बसौं भने त्यहाँ कतिले विघ्न पार्नेछन् र कुनै गृहस्थको घर बसौं भने त्यहाँ पनि उपाधिहरू आइलाग्लान्' यस्तो विचार गरेर ती यौटा कुम्हालको चाँतोनेर सुते। बर्ता जाडो थियो। प्रातःकाल हुनासाथ त्यहाँको राजा जंगल जानको निम्ति निस्क्यो, अनि उसले ती महात्मालाई देख्यो। तिनको आकृति देखेर नै राजाले थाहा पायो—यो कुनै पवित्र आत्मा हो। तर यस बखत बोल्नु उचित छैन, त्यस्तो विचारेर राजा गयो र कचहरीमा पुगेर सम्मानपूर्वक उनलाई डाक्यो राजसभामा राजाले तिनलाई उच्च आसनमा बसालेपछि उनले विनयपूर्वक सोधे—'महाराज ! रात कसरी बित्यो ?' महात्माले भने—'अलिकति तिम्रो जस्तै र अलिकति तिम्रो भन्दा पनि राम्रो।' राजाले सोधे—'त्यो कसरी ?' महात्माले भने—'जब निद्रा लाग्यो तब ममा र तिमीमा कुनै फरक थिएन। जबसम्म जागै थिएँ, तबसम्म म ईश्वर-चिन्तन गर्दै थिएँ, तिमी राज्यको चिन्तन गर्दै थियौ।' महात्माको उत्तर सुनेर राजा निकै प्रसन्न भयो।

...nath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDP - Delhi

'ए ! धर्मराजको आज्ञा लंघन गर्ने तिमी को हौ ? ॥३२॥ तिमी कसका दूत हौ ? कहाँबाट आइरहेका छौ ? अनि हामीलाई यसलाई लैजान किन रोकिरहेका छौ ? के तिमी कुनै देव वा उपदेव तथा सिद्ध श्रेष्ठ हौ ? ॥३३॥ किनकि तिमीहरूका नेत्र कमलदल झैं सुन्दर छन् । तिमीहरू रेशमी पीताम्बर, मुकुट, कुण्डल तथा कमल-पुष्पका हारले अलंकृत छौ ॥३४॥ तिमीहरू नवयौवनले युक्त छौ, तिमी सबैका चार-चार बाहु छन् र सबैका कर-कमलमा धनुष, ठोक्रो, खड्ग, गदा, शङ्ख, चक्र तथा पद्मादि सुशोभित छन् ॥३५॥ अहो ! तिमीहरूले आफ्ना-आफ्ना कान्तिले सबै दिशाहरूको अन्धकार नष्ट पारेर उनलाई आलोकित पारेका पारेका छौ । हामी धर्मराजका किङ्कर हौं । हामीलाई तिमी किन रोकिरहेछौ ? ॥३६॥ शुकदेव भन्दछन्—हे राजन् ! यमदूतले यति भनेपछि भगवान् वासुदेवका आज्ञाकारी ती विष्णु-पार्षदले हाँसेर मेघ झैं गम्भीर वाणीमा भने—॥ ३७ ॥ विष्णुदूत भन्दछन्—हे यमदूत ! यदि वास्तवमा तिमीहरू धर्मराजका आज्ञाकारी दूत हौ भने धर्मको लक्षण र त्यसको तत्त्व हामीलाई बताऊ ॥ ३८ ॥ दण्ड कसरी दिइन्छ ? त्यसको योग्य पात्र को हो ? मनुष्यमा के

वैवस्वतपुरःसराः ॥ के यूयं प्रतिषेद्धारो धर्मराजस्य शासनम् ॥ ३२ ॥ कस्य वा कुत आयाताः कस्मादस्मान्निषेधथ ॥ किं देवा उपदेवा वा यूयं किं सिद्धसत्तमाः ॥ ३३ ॥ सर्वे पद्मपलाशाक्षाः पीतकौशेयवाससः ॥ किरीटिनः कुण्डलिनो लसत्पुष्करमालिनः ॥ ३४ ॥ सर्वे च नूत्नवयसः सर्वे चारुचतुर्भुजाः ॥ धनुर्निषङ्गासिगदाशङ्खचक्राम्बुजश्रियः ॥ ३५ ॥ दिशो वितिमिरालोकाः कुर्वन्तः स्वेन रोचिषा ॥ किमर्थं धर्मपालस्य किंकरान्नो निषेधथ ॥ ३६ ॥ श्रीशुक उवाच ॥ इत्युक्ते यमदूतैस्तैर्वासुदेवोक्तकारिणः ॥ तान्प्रत्यूचुः प्रहस्येदं मेघनिर्ह्रादया गिरा ॥३७॥ विष्णुदूता ऊचुः ॥ यूयं वै धर्मराजस्य यदि निर्देशकारिणः ॥ ब्रूत धर्मस्य नस्तत्त्वं यच्चाधर्मस्य लक्षणम् ॥ ३८ ॥ कथंस्विद्ध्रियते दण्डः किं वास्य स्थानमीप्सितम् ॥ दण्ड्याः किं कारिणः सर्वे आहोस्वित्कतिचिन्नृणाम् ॥ ३९ ॥ यमदूता ऊचुः ॥ वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः ॥ वेदो नारायणः साक्षात्स्वयंभूरिति शुश्रुम ॥ ४० ॥ येन स्वधाम्न्यमी भावा रजःसत्त्वतमोमयाः ॥ गुणनामक्रियारूपैर्विभाव्यन्ते यथातथम् ॥ ४१ ॥ सूर्योऽग्निः खं मरुद्गावः सोमः सन्ध्याहनी दिशः ॥ कं कुः कालो धर्म इति ह्येते दैह्यस्य साक्षिणः ॥ ४२ ॥ एतैरधर्मो विज्ञातः स्थानं दण्डस्य युज्यते ॥ सर्वे कर्मानुरोधेन दण्डमर्हन्ति कारिणः ॥ ४३ ॥ सम्भवन्ति हि भद्राणि विपरीतानि चानघाः ॥ कारिणां गुणसंगोऽस्ति देहवान्न

सबै जना पापाचारी र दण्डनीय छन् ? अथवा ती मध्ये केही व्यक्ति नै यस्ता छन् ? ॥३९॥ यमदूतले भने—वेदविहित कर्म नै धर्म हो र त्यसको विपरीत कर्म अधर्म कहिन्छ, किनकि भगवान्को श्वासरूपबाट उत्पन्न वेद साक्षात् नारायण नै हुन्, यस्तो मैले सुनिराखेको छु ॥ ४० ॥ त्यस वेदबाट नै भगवान्को स्वरूपमा स्थित सत्त्व, रज तथा तमोमय प्राणीहरूका सबै गुण, नाम, कर्म एवं रूपादिको क्रमले यथोचित विभाग हुन्छ ॥ ४१ ॥ जीवका शुभाशुभ कर्मको ज्ञान गराउनको निम्ति सूर्य, अग्नि, आकाश, वायुदेवता, चन्द्रमा, सन्ध्या, रात्रि, दिन, दसै दिशाहरू, जल, पृथ्वी, काल र धर्म—यी जीवका कर्मको साक्षी कहिन्छन् ॥ ४२ ॥ अधर्म गर्ने प्राणी यिनैद्वारा सूचित आफाफ्ना शुभाशुभ कर्मानुसार दण्डनीय-हुन्छन् ॥ ४३ ॥ हे निष्पाप ! कर्म गर्ने सबै प्राणी गुणहरूसित सम्बद्ध रहन्छन् । अतः सबैसित शुभ तथा अशुभ कर्म हुन सक्तछन् । कुनै पनि देहधारी जीव केही नगरी रहन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्तैन ।।४४।। यस लोकमा जसको द्वारा जस्तो र जति धर्म वा अधर्म हुन्छ, त्यो परलोकमा त्यसको उतिनै र उस्तै फल भोग्दछ ।।४५।। हे देवश्रेष्ठ ! गुणका विभिन्नताले जस्तै यस लोकमा जीवका तीन भेद देखिन्छन्, त्यस्तै नै परलोकमा पनि तिनका अस्तित्वको अनुमान गरिन्छ ।।४६।। जस्तै वर्तमान काल नै भूत र भविष्य यी दुवैका गुणहरूको ज्ञापक हुन्छ, त्यस्तै नै वर्तमान जन्म पनि अघि पछिका जन्मको पाप-पुण्यको दिग्दर्शक हो ।।४७।। भगवान् सवैका अन्तःकरणमा विराजमान रहन्छन् । यसै निम्ति मनले नै ती सवैको पूर्वरूप देख्दछन् । यसैले सवैका अपूर्व वमलाई पनि ती अजन्मा भगवान् मनले नै विचार गरिसक्छन् ।।४८।। जस्तै निद्राले अभिभूत अज्ञानी पुरुष स्वप्नमा देखेको कल्पित देहलाई नै साँच्चैको देह ठान्दछ, त्यस्तै नै जीव पूर्वजन्मको स्मृति नष्ट हुनाले वर्तमान शरीरको अतिरिक्त अरु अघि-पछिका कुनै पनि जन्मको विषयमा केही जान्दैन ।।४९।। त्यो आफ्ना पाँच कर्मेन्द्रिय द्वारा ग्रहण-त्यागादिरूपी भिन्न-भिन्न थरिका कर्म गर्दै, पाँच ज्ञानेन्द्रियले पाँच विषय नैं जान्दछ र सोह्रौं मनसित स्वयं मिलेर त्यो पाँच

ह्यकर्मकृत् ।। ४४ ।। येन यावान्यथाऽधर्मो धर्मो वेह समीहितः ।। स एव तत्फलं भुङ्क्ते तथा तावदमुत्र वै ।। ४५ ।। यथेह देवप्रवरास्त्रैविध्यमुपलभ्यते ।। भूतेषु गुणवैचित्र्यात्तथाऽन्यत्रानुमीयते ।। ४६ ।। वर्तमानोऽन्ययोः कालो गुणाभिज्ञापको यथा ।। एवं जन्मान्ययोरेतद्धर्माधर्मनिदर्शनम् ।। ४७ ।। मनसैव पुरे देवः पूर्वरूपं विपश्यति ।। अनुमीमांसतेऽपूर्वं मनसा भगवानजः ।। ४८ ।। यथाऽज्ञस्तमसा युक्त उपास्ते व्यक्तमेव हि ।। न वेद पूर्वमपरं नष्टजन्मस्मृतिस्तथा ।। ४९ ।। पञ्चभिः कुरुते स्वार्थान्पञ्च वेदाथ पंचभिः ।। एकस्तु षोडशेन त्रीन्स्वयं सप्तदशोऽश्नुते ।। ५० ।। तदेतत्षोडशकलं लिंगं शक्तित्रयं महत् ।। धत्तेऽनुसंसृतिं पुंसि हर्षशोकभयार्तिदाम् ।। ५१ ।। देह्यज्ञोऽजितषड्वर्गो नेच्छन्कर्माणि कार्यते ।। कोशकार इवात्मानं कर्मणाऽऽच्छस्य मुह्यति ।। ५२ ।। नहि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।। कार्यते ह्यवशः कर्म गुणैः स्वाभाविकैर्बलात् ।।५३।। लब्ध्वा निमित्तमव्यक्तं व्यक्ताव्यक्तं भवत्युत ।। यथायोनि यथाबीजं स्वभावेन बलीयसा ।। ५४ ।। एष प्रकृतिसंगेन पुरुषस्य विपर्ययः ।। आसीत्स एव न चिरादीशसङ्गाद्विलीयते ।। ५५ ।। अयं हि श्रुतसम्पन्नः शीलवृत्तगुणालयः ।। धृतव्रतो मृदुर्दान्तः सत्यवान्मन्त्रविच्छुचिः ।। ५६ ।।

ज्ञानेन्द्रिय एवं कर्मेन्द्रियका विषयहरू उपभोग गर्दछ ।।५०।। यस प्रकार सोह्र कला तथा सत्वादि तीन गुण हुने यो दारुण लिङ्ग देह नैं उसलाई बारम्बार हर्ष, शोक, भय तथा पीडादायक जन्म मरणको चक्रमा पार्दछ ।।५१।। जसले काम-क्रोधादि छ शत्रुलाई जित्न सकेको छैन, त्यो अज्ञानी जीव इच्छा नभए पनि लिंग-शरीर द्वारा विविध कर्महरूमा नियुक्त गरिइन्छ । यस्तो स्थितिमा त्यो कोशकार अर्थात् रेशमका कीरा जस्तै स्वयं आफूलाई कर्मरूपी जालमा बेर्हेर त्यसैमा मोहित भइजाने गर्दछ ।।५२।। कर्म नगरीकन कुनै पनि प्राणी एक क्षण पनि रहन सक्तैन । प्रत्येक पुरुषका स्वाभाविक गुण नै उसको द्वारा बलपूर्वक काम गराउँछन् ।।५३।। अदृष्टरूप कारणलाई पाएर कर्म वासनारूपी स्वभावद्वारा योनि अर्थात् माता र बीज अर्थात् पिताको अनुरूप स्थूल वा सूक्ष्म-शरीर प्रकट हुन्छ ।।५४।। प्रकृतिको संसर्ग हुनाले नैं पुरुषको यस्तो विपरीत भावना हुन्छ । यो विपरीत भावना भगवान्को सम्पर्कबाट चाँडै नै पर भइजान्छ ।।५५।। हेर–यो अजामिल शास्त्रज्ञ, शील-सदाचार तथा सद्गुणको भण्डार व्रत-पालक, मृदु-स्वभाव, जितेन्द्रिय, सत्यपरायण,

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

मन्त्र वेत्ता, पवित्र आचरण भएको, गुरु, अग्नि, अतिथि तथा वृद्ध जनको सेवा गर्ने, अहङ्कार रहित, सबैको हितैषी, साधु स्वभाव, मितभाषी र असूया रहित अर्थात् जीवका गुणमा दोष-दृष्टि नराख्ने प्राणी थिए ॥५६॥५७॥ आफ्नो पिताको आज्ञा पालन गर्ने भएको यो ब्राह्मण एक दिन वनमा गयो र त्यहाँबाट फल-फूल, समिधा तथा कुश लिएर घर फर्क्यो ॥५८॥ बाटोमा उसले यौटी कामी, निर्लज्ज तथा आचारभ्रष्ट शूद्रलाई देख्यो, जो यौटी व्यभिचारिणी दासीसित रक्सी पिएर तथा उसका नगीचै बसेर नाच्तै, हाँस्तै विहार गरिरहेको थिई । रक्सी पिउनाले त्यस वेश्याका आँखा नाचिरहेका थिए र उन्मत्त हुनाले त्यसको सारीको गाँठो खस्केको थियो ॥५९॥६०॥ त्यस शूद्रको कामोद्दीपक अंगरागमा अनुलिप्त भुजाहरूद्वारा आलिंगित त्यस शूद्रालाई देखेर त्यो ब्राह्मण मोहवश कामदेवको वशीभूत भयो ॥६१॥ आफ्नो धैर्य र ज्ञानानुसार यसले कामवेग द्वारा चञ्चल आफ्नो चित्तलाई धेरै नै रोक्न खोज्यो, तर यो त्यसलाई शान्त पार्नमा समर्थ भएन ॥६२॥ त्यस स्त्रीको निम्ति कामरूपी ग्रहले ग्रस्त भएर यो स्मृतिशून्य भयो र मन-मनै उसैको सम्झना, ध्यान गर्दो छँदो

गुर्वग्न्यतिथिवृद्धानां शुश्रूषुर्निरहंकृतः ॥ सर्वभूतसुहृत्साधुर्मितवागनसूयकः ॥ ५७ ॥ एकदाऽसौ वनं यातः पितृसंदेशकृद्द्विजः ॥ आदाय तत आवृत्तः फलपुष्पसमित्कुशान् ॥ ५८ ॥ ददर्श कामिनं कञ्चिच्छूद्रं सह भुजिष्यया ॥ पीत्वा च मधु मैरेयं मदाघूर्णितनेत्रया ॥ ५९ ॥ मत्तया विश्लथन्नीव्या व्यपेतं निरपत्रपम् ॥ क्रीडन्तमनु गायन्तं हसन्तमनयाऽन्तिके ॥ ६० ॥ दृष्ट्वा तां कामलिप्तेन बाहुना परिरम्भिताम् ॥ जगाम हृच्छयवशं सहसैव विमोहितः ॥ ६१ ॥ स्तम्भयन्नात्मनाऽऽत्मानं यावत्सत्त्वं यथाश्रुतम् ॥ न शशाक समाधातुं मनो मदनवेपितम् ॥६२॥ तन्निमित्तस्मरव्याजग्रहग्रस्तो विचेतनः ॥ तामेव मनसा ध्यायन्स्वधर्माद्विरराम ह ॥ ६३ ॥ तामेव तोषयामास पित्र्येणार्थेन यावता ॥ ग्राम्यैर्मनोरमैः कामैः प्रसीदेत यथा तथा ॥ ६४ ॥ विप्रां स्वभार्यामप्रौढां कुले महति लम्भिताम् ॥ विससर्जाचिरात्पापः स्वैरिण्याऽपांगविद्धधीः ॥ ६५ ॥ यतस्ततश्चोपनिन्ये न्यायतोऽन्यायतो धनम् ॥ बभारास्याः कुटुंबिन्याः कुटुम्बं मन्दधीरयम् ॥ ६६ ॥ यदसौ शास्त्रमुल्लंघ्य स्वैरचार्यर्विगर्हितः ॥ अवर्तत चिरं कालमघायुरशुचिर्मलात् ॥ ६७ ॥ तत एनं दण्डपाणेः सकाशं कृतकिल्बिषम् ॥ नेष्यामोऽकृतनिर्वेशं यत्र दण्डेन शुद्ध्यति ॥ ६८ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धेऽजामिलोपाख्याने प्रथमोऽध्यायः ॥ १ ॥ श्रीशुक उवाच ॥ एवं ते भगवद्दूता यमदूताभिभाषितम् ॥ उपधार्याथ

आफ्नो धर्म गुमायो ॥६३॥ त्यसपछि त्यो वेश्या जे गर्नाले मनोरम ग्राम्य विषयहरूले प्रसन्न हुन सक्तथी, त्यसै गरी आफ्ना पिताको सम्पूर्ण धन अर्पण गरेर त्यसलाई प्रसन्न पार्न चेष्टा गऱ्यो ॥ ६४ ॥ स्वैरिणी वेश्याका कटाक्षले नष्टबुद्धि भएर यस पापीले आफ्नी तरुणी तथा सत्कुलोत्पन्ना विवाहिता पत्नीलाई तुरुन्त त्यागिदियो ॥६५॥ अत्र यो मन्दमति जहाँ तहाँबाठ न्याय अन्यायको विचार त्यागेर धन बटुलेर ल्याउँथ्यो र त्यस वेश्याका कुटुम्बीहरूको भरण-पोषण गर्दथ्यो ॥ ६६ ॥ हे विष्णु-पार्षद ! यस पापीले शास्त्राज्ञाको उल्लंघन गरेर सज्जनहरू द्वारा निन्दित स्वेच्छाचारको अवलम्बन गरेको छ । यसको सारा जीवन पापपूर्ण थियो । धेरै दिनसम्म वेश्याको अन्नरूपी मल खानाले यो अपवित्र भइसकेकोछ॥६७॥ अतएव हामी यसलाई दण्डपाणि यमराजको सामुन्ने लैजान्छौं, किनकि यसले आफ्ना पापको प्रायश्चित्त गरेको छैन । यमराजले दिएको दण्डलाई भोगेर यो शुद्ध हुनेछ ॥ ६८ ॥ इति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां प्रथमोऽध्यायः ॥ १ ॥ (विष्णु-दूतहरू द्वारा भागवत-धर्मको निरूपण र अजामिलको परलोक-यात्रा)–श्रीशुकदेवजी भन्नुहुन्छ–हे राजन् ! यमदूतहरूका वचन सुनेर न्याय-निपुण-पार्षद उनीसित यस प्रकार भन्दछन् ॥ १ ॥ विष्णुदूतले भने–अहो ! यो ठूलो खेदको कुरा हो–धर्मात्माहरूको समाजमा पनि अधर्म गरिरहेको छ । यही कारण हो कि उनको द्वारा अदण्ड्य तथा निष्पाप व्यक्तिहरूलाई पनि अनाहक दण्ड दिइन्छ ।.२॥ जो सज्जन प्रजाका मात-पिता, शिक्षक र समदर्शी छन्, यदि तिनमा पनि यस्तो विषम बुद्धि जागृत हुन्छ भने सबै प्रजा कसका शरणमा जानेछन् ? ॥ ३ ॥ सत्पुरुष जस्तै आचरण गर्दछन्, अरु व्यक्ति पनि उनैको अनुसरण गर्न थाल्दछन् । ती जो आदर्श जन साधारणका सामुन्ने राख्दछन्, त्यसैको सबैजना अनुसरण गर्दछन् ॥ ४ ॥ जस्तै पशु आफ्ना स्वामीमा विश्वास गर्दछन्, त्यस्तै नै सारा जगत् स्वयं धर्म-अधर्मलाई केही जस्तो पनि नठानी जसको काखामा टाउको राखेर निर्भयभावले शयन गर्दछ–त्यो अन्य जीवहरूको विश्वासपात्र तथा दयालु भएर पनि मित्रभावले आफूमाथि विश्वास गरेर

तान्राजन्प्रत्याहुर्नयकोविदाः ॥ १ ॥ विष्णुदूता ऊचुः ॥ अहो कष्टं धर्मदृशामधर्मः स्पृशते सभाम् ॥ यत्रादण्ड्येष्वपापेषु दण्डो यैर्ध्रियते वृथा ॥२॥ प्रजानां पितरो ये च शास्तारः साधवः समाः ॥ यदि स्यात्तेषुवैषम्यं कं यान्ति शरणं प्रजाः ॥३॥ यद्यदाचरति श्रेयानितरस्तत्तदीहते ॥ स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥ ४ ॥ यस्यांके शिर आधाय लोकः स्वपिति निर्वृतः ॥ स्वयं धर्ममधर्मं वा न हि वेद यथा पशुः ॥ ५ ॥ स कथं न्यर्पितात्मानं कृतमैत्रमचेतनम् ॥ विश्रम्भणीयो भूतानां सघृणो द्रोग्धुमर्हति ॥ ६ ॥ अयं हि कृतनिर्वेशो जन्मकोट्यंहसामपि ॥ यद्व्याजहार विवशो नाम स्वस्त्ययनं हरेः ॥ ७ ॥ एतेनैव ह्यघोनोऽस्य कृतं स्यादघनिष्कृतम् ॥ यदा नारायणेति जगाद चतुरक्षरम् ॥ ८ ॥ स्तेनः सुरापो मित्रध्रुग्ब्रह्महा गुरुतल्पगः ॥ स्त्रीराजपितृगोहन्ता ये च पातकिनोऽपरे ॥ ९ ॥ सर्वेषामप्यघवतामिदमेव सुनिष्कृतम् ॥ नामव्याहरणं विष्णोर्यत-स्तद्विषया मतिः ॥ १० ॥ न निष्कृतैरुदितैर्ब्रह्मवादिभिस्तथा विशुद्ध्यत्यघवान्व्रतादिभिः ॥ यथा हरेर्नामपदैरुदाहृतैस्तदुत्तमश्लोकगुणोपल-म्भकम् ॥ ११ ॥ नैकान्तिकं तद्धि कृतेऽपि निष्कृते मनः पुनर्धावति चेदसत्पथे ॥ तत्कर्मनिर्हारमभीप्सतां हरेर्गुणानुवादः खलु सत्त्वभावनः

आत्मसमर्पण गर्न भएका ती अज्ञ जीवहरूको अनिष्ट त्यसै कसरी गर्न सक्ला ? ॥५-६ ॥ हे यमदूत ! यसले जो अहिले विवश नारायणको मङ्गलमय नाम लियो, त्यसैले यो आफ्ना करोडौं जन्मका पापको प्रायश्चित्त गरिसक्यो ॥७॥ जब यसले 'नारायण' यो चार अक्षर भएको नाम लियो, उसै बखत यस पापीका सारा पापहरूको प्रायश्चित्त भइसक्यो ॥ ८ ॥ चोर, मद्यप, मित्रद्रोही, ब्रह्महत्यारा, गुरुपत्नीगामी, स्त्री, राजा, माता-पिता तथा गाईको हत्यारा एवं अरु पनि जति पापी छन्, ती सबै पापीहरूको निम्ति विष्णु भगवान्‌को नाम लिनु नै सबैभन्दा ठूलो प्रायश्चित्त छ, किनकि यसले भगवान्‌का गुण, लीला र स्वरूपको विषयमा तिनको बुद्धि जागृत हुन्छ ॥ ९-१० ॥ वेदवादी मनु आदिले बताएका कृच्छ्र चान्द्रायणादि व्रतहरूका प्रायश्चित्तले पापी पुरुष त्यति पवित्र हुँदैन, जति भगवानका नामरूप पदहरूको उच्चारण गर्नाले हुन्छ, किनकि हरि नामको स्मरण पुण्यकीर्ति भगवान्‌का गुण-हरूको ज्ञान गराउँछ ॥११॥ प्रायश्चित्त गरेर पनि चित्त यदि असन्मार्गतिर दगुर्‍यो भने त्यस चित्तलाई राम्रो गरी शुद्ध पार्न प्रायश्चित्त नै हुनसक्तैन । अतएव पापकर्महरूको

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रो प्रकारले निवृत्ति गर्न खोज्ने पुरुषले भगवान्‌को गुणानुवाद गराउनै पर्दछ, किनकि यो निश्चितरूपले चित्तलाई शुद्ध पार्दछ ।। १२ ।। अतएव हे यमदूत हो ! यस अजामिललाई अब तिमीहरू आफूसित नलैजाओ । यसले मन वेलामा 'नारायण' को नाम लिएको छ । यसले यसका सबै पापहरूको प्रायश्चित्त भइसकेको छ ।।१३।। किनकि संकेतले, हाँसोले, गानाको आलाप पूर्ण पानको निम्ति अथवा अवहेलनापूर्वक लिइएको पनि भगवानको नाम मनुष्यका सबै पापहरू नष्ट पारिदिन्छ, यो कुरा महापुरुषहरू राम्ररी जान्दछन् ।। १४।। जुन प्राणी माथिबाट लड्ने, बाटोमा चिप्लने, अङ्गभङ्ग हुने, सर्पादिले टोकिदिने ज्वरादिले सन्तप्त हुने अथवा लट्ठी आदिले चुटिने वेलामा विवश भएर पनि 'हरि' यस्तो भन्दछ, भने त्यो दण्डको अधिकारी रहन्न ।। १५ ।। महर्षिहरूले पापहरूको न्यूनाधिकता बुझेर ठूला र साना पापहरूको निम्ति क्रमशः ठूला र साना प्रकारका प्रायश्चित्त बताएका छन् ।।१६।। ती तप, दान र जप आदि प्रायश्चित्तद्वारा केवल पाप नष्ट हुन्छन्, पापीको पापले दूषित मन शुद्ध हुनसक्तैन, तर भगवान्‌का चरणको सेवाले मन पनि पवित्र हुन्छ ।।१७।। जस्तै–अग्नि काठलाई

।। १२ ।। अथैनं माऽपनयत कृताशेषाघनिष्कृतम् ।। यदसौ भगवन्नाम म्रियमाणः समग्रहीत् ।। १३ ।। सांकेत्यं पारिहास्यं वा स्तोभं हेलनमेव वा ।। वैकुण्ठनामग्रहणमशेषाघहरं विदुः ।। १४ ।। पतितः स्खलितो भग्नः संदष्टस्तप्त आहतः ।। हरिरित्यवशेनाह पुमान्नार्हति यातनाम् ।। १५ ।। गुरूणां च लघूनां च गुरूणि च लघूनि च ।। प्रायश्चित्तानि पापानां ज्ञात्वोक्तानि महर्षिभिः ।। १६ ।। तैस्तान्यघानि पूयन्ते तपोदानजपादिभिः ।। नाधर्मजं तद्धृदयं तदपीशांघ्रिसेवया ।। १७ ।। अज्ञानादथवा ज्ञानादुत्तमश्लोकनाम यत् ।। सङ्कीर्तितमघं पुंसो दहेदेधो यथाऽनलः ।। १८ ।। यथा-गदं वीर्यतममुपयुक्तं यदृच्छया ।। अजानतोऽप्यात्मगुणं कुर्यान्मंत्रोऽप्युदाहृतः ।। १९ ।। श्रीशुक उवाच ।। त एवं सुविनिर्णीय धर्मं भागवतं नृप ।। तं याम्यपाशान्निर्मुच्य विप्रं मृत्योरमूमुचन् ।। २० ।। इति प्रत्युदिता याम्या दूता यात्वा यमान्तिके ।। यमराज्ञे यथा सर्वमाचचक्षुररिन्दम ।।२१।। द्विजः पाशाद्विनिर्मुक्तो गतभीः प्रकृतिं गतः ।। ववन्दे शिरसा विष्णोः किङ्करान्दर्शनोत्सवः ।। २२ ।। तं विवक्षुमभिप्रेत्य महापुरुषकिङ्कराः ।। सहसा पश्यतस्तस्य तत्रान्तर्दधिरेऽनघ ।। २३ ।। अजामिलोऽप्यथाकर्ण्य दूतानां यमकृष्णयोः ।। धर्मं भागवतं शुद्धं त्रैविद्यं च गुणाश्रयम्

भस्म पारिदिन्छ, त्यस्तै नै उत्तमश्लोक भगवानका नामको कीर्तन जानेर अथवा नजानेर नै गरे पनि त्यस पुरुषका सबै पाप हरूलाई भस्म पारिदिन्छ ।।१८।। जस्तै कुनै बलियो औषधि त्यसको गुण नजानेरै पनि सेवन गरेपछि लाभ नै गर्दछ त्यस्तै नामरूपी मन्त्र उच्चारण गरेपछि पापीको पाप नष्ट गरिदिन्छ ।। १९ ।। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! यस प्रकार ती विष्णु-पार्षदहरूले भागवत धर्मको राम्ररी निरूपण गरेर त्यस ब्राह्मणलाई यमदूतहरूको पाशबाट मुक्त पारेर मृत्युको मुखबाट बाहिर झिके ।।२०।। हे शत्रुदमन ! यस प्रकार विष्णु पार्षदहरूले भनेपछि यमदूतहरूले यमराजकहाँ गएर जस्ताको त्यस्तै सारा वृत्तान्त सुनाए ।।२१।। यमदूतका पाशबाट छुटेर अजामिलले निर्भय र सावधान भएर भगवानका पार्षदको दर्शनले प्रसन्न भएर उनलाई टाउको न्यूराएर प्रणाम गरे ।। २२ ।। हे अनघ ! ती विष्णुका दूतले जब देखे कि यो केही भन्ने इच्छा गरिरहेको छ तब उनले देख्दै ती सहसा त्यहीं अन्तर्धान भए ।। २३ ।। यस प्रकार भगवान्‌का पार्षदद्वारा निर्गुण भागवत-धर्म तथा यमदूतका मुखबाट वेदत्रयीद्वारा प्रतिपादित सगुण धर्मको व्याख्या सुनेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्‌को महात्म्य श्रवण गर्नाले अजामिलको हृदयमा भगवान्‌को भक्ति उत्पन्न भयो र उसलाई आफ्ना पूर्वकृत दुष्कर्महरूको स्मरण गरेर ठूलो सन्ताप भयो ॥२४॥२५॥ उसले विचार गर्‍यो–'अहो ! म ठूलो अजितेन्द्रिय हुँ । *पृथ्वीमा मेरो कस्तो राम्रो अस्तित्व थियो, तापनि अभिमानले दासीको गर्भबाट पुत्र उत्पन्न गरेर आफ्नो ब्राह्मणत्व बिगारें ॥ २६ ॥ सबै सत्पुरुषद्वारा निन्दित म कुल-कलङ्क र पापीलाई धिक्कार छ, किनकि मैले आफ्नी उमेरदार पतिव्रता पत्नीलाई त्यागेर रक्सी पिउने यौटी कुलटाको संसर्ग गरें ॥ २७ ॥ म कृतघ्नले नीच पुरुष जस्तै आफ्ना वृद्ध, अकिञ्चन तथा तपस्वी माता-पितालाई, जो सर्वथा असहाय थिए, कठिन समयमा त्यागिदिएँ ॥२८॥ अब म आफ्ना दुष्कर्मले अवश्य ती महाभयंकर नरकमा पर्नेछु, जहाँ गएर धर्मघाती तथा पापी पुरुष विविध यातनाहरू भोग्दछन् ॥२९॥ मैले जो अहिले यौटा अद्भुत दृश्य देखेको थिएँ, त्यो मेरो सपना थियो वा जाग्रत

॥ २४ ॥ भक्तिमान्भगवत्याशु माहात्म्यश्रवणाद्धरेः ॥ अनुतापो महानासीत्स्मरतोऽशुभमात्मनः ॥२५॥ अहो मे परमं कष्टमभूदविजितात्मनः ॥ येन विप्लावितं ब्रह्म वृषल्यां जायतात्मना ॥ २६ ॥ धिङ्मां विगर्हितं सद्भिर्दुष्कृतं कुलकज्जलम् ॥ हित्वा बालां सतीं योऽहं सुरापामसतीमगाम् ॥ २७ ॥ वृद्धावनाथौ पितरौ नान्यबन्धू तपस्विनौ ॥ अहो मयाऽधुना त्यक्तावकृतज्ञेन नीचवत् ॥ २८ ॥ सोऽहं व्यक्तं पतिष्यामि नरके भृश-दारुणे ॥ धर्मघ्नाः कामिनो यत्र विन्दति यमयातनाः ॥ २९ ॥ किमिदं स्वप्न आहोस्वित्साक्षाद्दृष्टमिहाद्भुतम् ॥ क याता अद्य ते ये मां व्यकर्षन्पाशपाणयः ॥ ३० ॥ अथ ते क गताः सिद्धाश्चत्वारश्चारुदर्शनाः ॥ व्यमोचयन्नीयमानं बद्ध्वा पाशैरधो भुवः ॥ ३१ ॥ अथापि मे दुर्भगस्य विबुधोत्तमदर्शने ॥ भवितव्यं मङ्गलेन येनात्मा मे प्रसीदति ॥ ३२ ॥ अन्यथा म्रियमाणस्य नाशुचेर्वृषलीपतेः ॥ वैकुण्ठनामग्रहणं जिह्वा वक्तुमि-

अवस्थाको कुरा थियो । जो अहिले हातमा पाश लिएर मलाई तान्दै लगिरहेका थिए, ती कहाँ हराएर गए ॥३०॥ जब तिनीहरू मलाई बाँधेर पृथ्वीको तल लगिरहेका थिए, तब जसले मलाई तिनीहरूबाट मुक्त पारेका थिए, ती देखता सान्है राम्रा सिद्धपुरुष कता गए ॥ ३१ ॥ म त महापापी हुँ, तापनि मेरो कुनै जन्मको महान पुण्य शेष रहेछ, जसले मलाई ती देव-श्रेष्ठहरूको दर्शन पाएँ । त्यसैले त उनको स्मरण गरेर अझसम्म मेरो चित्त गद्‌गद् भइरहेको छ ॥ ३२ ॥ यदि यो कुरा नभएको भए म अपवित्र एवं शूद्राका पतिको जिब्रो मन बेलामा

* दृष्टान्त–(पृथ्वीमा म को हुँ ?)—कुनै धनी सेठले यौटा संन्यासीलाई भोजन गराउन डाक्यो । आफ्नो समृद्धिको अभिमानमा तिनको पूजा-वन्दना आदि न बिर्सिदियो र भन्न लाग्यो–हेर्नोस् महाराज ! सामुन्ने त्यो ढोकाबाट बङ्गलासम्म हाम्रो घरको हद हो । नगीचै नै आफ्नो मिल छ । बेलुका बगैचा हेर्न पाल्नुहोला । त्यसलाई मैले भरखर तयार गराएको हुँ । बम्बईमा मेरो धर्मशाला पनि छ । तिमीहरू जस्ता गरीब साधू भोकले नमरुन् भनेर यौटा अन्नक्षेत्र पनि खोलिदिने विचार छ । तर यो विचार भविष्यका लागि हो । अहिले त म छोराहरूसित वेध्यापन जाँदै छु, किनकि सबैका देशहरूको काइदा कदर जति जान्यो, उतिनै राम्रो छ अतएव यो काम पहिले गरिदिन इच्छा छ । कदाचित् अन्नक्षेत्र नखुले काम चल्छ, किनकि तिमी जस्ता यता उता डुलिरहनेका निम्ति आधा किलो खिचडी त दिइदै छ, त्यो अन्न क्षेत्र नै त हो ।' संन्यासीले विचार गरे–यसको अभिमान छुटाइदिनुपर्दछ । अतः उनले भित्तामा टाँगिएको नक्शा देखाएर सोधे–'सेठजी ! यस दुनियाको नक्शामा भारतवर्ष कहाँ छ ?' सेठले यौटा चिन्हमा औंला राख्यो । संन्यासीले फेरि सोधे–'उमा भए बम्बई कहाँ छ ?' सेठले यौटा सानो चिन्ह देखायो । संन्यासीले भने–'के यही बम्बई हो ? हुन्छ त अब यो बताऊ—यस बम्बईमा तिम्रो महल, बंगला र त्यसमा बस्ने कुटुम्बी कहाँ छन् ?' सेठले भन्यो—'यी सबै कुरा यो पृथ्वीको मानचित्रमा कसरी अटाउन सक्छ ?' संन्यासीले भने—'जब पृथ्वीको नक्शामा तिम्रो समृद्धिको कुनै अस्तित्व नै छैन भने यी इच्छाहरूके काम लाग्दछ ? अब वृद्धावस्थाका दिन आए । माया-मोहबाट मुक्त भएर केही परलोकको पनि चिन्ता गर ।' संन्यासीका कुराले सेठका गालामा यस्तो थप्पड लाग्यो कि त्यसै दिन कारबार छोराहरूलाई सुम्पेर ती भगवद्भक्ति गर्नलागे ।

Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै प्रकार पनि विष्णु भगवान्‌को नाम उच्चारण गर्न पाउन्नथ्यो ।।३३।। हरे ! कहाँ महाकपटी, पापी, निर्लज्ज र ब्रह्मतेज नष्ट गर्ने भएको म र कहाँ भगवान्‌को 'नारायण' यो मङ्गलमय नाम ।।३४।। लौ, जे भयो-भयो, अब म मन, इन्द्रिय तथा प्राण आफ्नो वशमा पारेर यस्तो उपाय गर्नेछु—जसले आफूलाई अन्धतम नरकमा पर्नबाट बचाऊँ ।।३५।। अब अविद्या, वासना तथा कर्मादिबाट उत्पन्न यस बन्धनलाई त्यागेर म सबै प्राणीको सुहृद, शान्त, मित्र, दयालु र जितेन्द्रिय बनेर, जसले म अधमलाई अहिलेसम्म क्रीडा-मृगको जस्तै इच्छित नाच नचाएको छ, त्यस स्त्रीरूपिणी भगवान्‌की मायाबाट आफूलाई मुक्त पार्दछु । अब म आफ्नो देहादिमा 'म' र 'मेरो'को असद्‌बुद्धि त्यागेर भगवान्‌का नाम कीर्तन द्वारा बिशुद्ध पारिएको बुद्धि उनकै चरणमा लगाउँछु' ।।३६-३८।। शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! यस प्रकार ती सिद्धहरूको क्षणिक सङ्गले तीव्र वैराग्य उत्पन्न भएपछि अजामिल सारा मोह त्यागेर हरिद्वार गयो ।।३९।। त्यहाँ यौटा देवस्थानमा स्थिर आसनमा बसेर उसले योगमार्गको आश्रय लियो र आफ्ना सबै इन्द्रियलाई तिनका विषयबाट हटाएर मनमा र

द्यार्हति ॥ ३३ ॥ क्व चाहं कितवः पापो ब्रह्मघ्नो निरपत्रपः ॥ क्व च नारायणेत्येतद्भगवन्नाम मङ्गलम् ॥ ३४ ॥ सोऽहं तथा यतिष्यामि यतचित्तेन्द्रियानिलः ॥ यथा न भूय आत्मानमन्धे तमसि मज्जये ॥ ३५ ॥ बिमुच्य तमिमं बन्धमविद्याकामकर्मजम् ॥ सर्वभूतसुहृच्छान्तो मैत्रः करुण आत्मवान् ॥ ३६ ॥ मोचये ग्रस्तमात्मानं योषिन्मय्याऽऽत्ममायया ॥ विक्रीडितो ययैवाहं क्रीडामृग इवाधमः ॥ ३७ ॥ ममाहमिति देहादौ हित्वा मिथ्यार्थधीर्मतिम् ॥ धास्ये मनो भगवति शुद्धं तत्कीर्तनादिभिः ॥ ३८ ॥ श्रीशुक उवाच ॥ इति जातसुनिर्वेदः क्षणसङ्गेन साधुषु ॥ गङ्गाद्वारमुपेयाय मुक्तसर्वानुबन्धनः ॥ ३९ ॥ स तस्मिन्देवसदन आसीनो योगमाश्रितः ॥ प्रत्याहृतेन्द्रियग्रामो युयोज मन आत्मनि ॥ ४० ॥ ततो गुणेभ्य आत्मानं वियुज्यात्मसमाधिना ॥ युयुजे भगवद्धाम्नि ब्रह्मण्यनुभवात्मनि ॥ ४१ ॥ यर्ह्युपारतधीस्तस्मिन्नद्राक्षीत्पुरुषान्पुरः ॥ उपलभ्योपलब्धान्प्राग्ववन्दे शिरसा द्विजः ॥ ४२ ॥ हित्वा कलेवरं तीर्थे गङ्गायां दर्शनादनु ॥ सद्यः स्वरूपं जगृहे भगवत्पार्श्ववर्तिनाम् ॥ ४३ ॥ साकं विहायसा विप्रो महापुरुषकिङ्करैः ॥ हैमं विमानमारुह्य ययौ यत्र श्रियः पतिः ॥ ४४ ॥ एवं स विप्लावितसर्वधर्मा दास्याः पतिः पतितो गर्ह्यकर्मणा ॥ निपात्यमानो निरये हतव्रतः सद्यो विमुक्तो भगवन्नाम गृह्णन् ॥ ४५ ॥ नातः परं कर्मनिबन्धकृन्तनं मुमुक्षतां तीर्थपदानुकीर्तनात् ॥ न यत्पुनः

आफ्नो मनलाई बुद्धिमा लीन गरिदियो ।।४०।। त्यसपछि आत्मयोगद्वारा आत्मालाई शरीरादि दृश्यवर्गबाट पृथक् पारेर उसलाई ज्ञानमय स्वरूप परब्रह्ममा लीन पारिदियो।।४१।। यस प्रकार जब उसको बुद्धि भगवान्‌को पवित्र स्वरूपमा स्थिर भयो तब बिष्णुका दूतलाई फेरि देख्यो र तिनलाई चिह्नेर उसले नत-मस्तक भएर प्रणाम गर्‍यो ।।४२।। तिनको दर्शन पाएपछि उसले त्यही तीर्थमा पवित्र गङ्गातटमा आफ्नो देह त्यागिदियो र तत्काल भगवान्‌का पार्षद जस्तै राम्रो भयो ।। ४३ ।। त्यसपछि त्यो ब्राह्मण ती विष्णुका पार्षदहरूको साथै सुवर्णमय विमानमा बसेर आकाशमार्गबाट त्यो वैकुण्ठधाममा गयो, जहाँ शाक्षात् लक्ष्मीपति विष्णु विराजमान रहने गर्छन् ।। ४४ ।। हे राजन् ! यस प्रकार जसले कि दासीको पति भएर आफ्ना सारा धर्म-कर्म त्यागिदिएको थियो, आफ्ना निन्दित कर्मले पतित, व्रतहीन तथा नरकमा जाने अधिकारी त्यो ब्राह्मण भगवान्‌को नाम लिनाले भव-बन्धन बाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्त भयो ।। ४५ ।। यसले यो सिद्ध भयो—तीर्थपाद भगवानका नाम कीर्तन भन्दा ठूलो मुमुक्षु पुरुषका कार्यको बन्धन काट्ने अरु कुनै पनि साधन छैन, किनकि भगवन्नामको कीर्तनले मनुष्यको मन कर्ममा आसक्त हुँदैन। यसको विपरीत अन्य प्रायश्चित्त गरेर पनि प्राणी रजोगुण तथा तमोगुणले ग्रस्त नै रहिरहन्छ ।। ४६ ।। जो प्राणी यस पापनाशक तथा परम गुह्यइतिहास श्रद्धापूर्वक सुन्दछ अथवा भक्तिभावसहित भन्दछ त्यो कहिल्यै नरकमा जाँदैन र त्यसलाई कहिल्यै यमदूत नै देखिन्छन् । त्यो पुरुष महापापी भएर पनि वैकुण्ठलोकमा पूजित हुन्छ ।। ४७-४८ ।। मरणकालमा पुत्रकै निहुँले पनि भगवान्को नाम लिने अजामिल भगवान्को परमधाममा गयो। अनि जो मानिस श्रद्धापूर्वक भगवान्का नामको कीर्तन गर्दछन्, तिनको विषयमा त मन्ने कुरै छैन ।। ४९ ।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः ।। २ ।। (यम र यमदूतको संवाद)—

कर्मसु सज्जते मनो रजस्तमोभ्यां कलिलं ततोऽन्यथा ।। ४६ ।। य एव परमं गुह्यमितिहासमघापहम् ।। शृणुयाच्छ्रद्धया युक्तो यश्च भक्त्याऽनुकीर्तयेत् ।। ४७ ।। न वै स नरकं याति नेक्षितो यमकिङ्करैः ।। यद्यप्यमङ्गलो मर्त्यो विष्णुलोके महीयते ।। ४८ ।। म्रियमाणो हरेर्नाम गृणन्पुत्रोपचारितम् ।। अजामिलोऽप्यगाद्धाम किं पुनः श्रद्धया गृणन् ।। ४९ ।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धेऽजामिलोपाख्याने द्वितीयोऽध्यायः ।। २ ।। राजोवाच ।। निशम्य देवः स्वभटोपवर्णितं प्रत्याह किं तान्प्रति धर्मराजः ।। एवं हताज्ञो विहतान्मुरारेर्नैदेशिकैर्यस्य वशे जनोऽयम् ।। १ ।। यमस्य देवस्य न दण्डभङ्गः कुतश्चनर्षे श्रुतपूर्व आसीत् ।। एतन्मुने वृश्चति लोकसंशयं न हि त्वदन्यं इति मे विनिश्चितम् ।। २ ।। श्रीशुक उवाच ।। भगवत्पुरुषै राजन्याम्याः प्रतिहतोद्यमाः ।। पतिं विज्ञापयामासुर्यमं संयमनीपतिम् ।। ३ ।। यमदूता ऊचुः ।। कति सन्तीह शास्तारो जीवलोकस्य वै प्रभो ।। त्रैविध्यं कुर्वतः कर्म फलाभिव्यक्तिहेतवः ।। ४ ।। यदि स्युर्बहवो लोके शास्तारो दण्डधारिणः ।। कस्य स्यातां न वा कस्य मृत्युश्चामृतमेव वा ।। ५।। किन्तु शास्तृबहुत्वे स्याद्बहूनामिव कर्मिणाम् ।। शास्तृत्वमुपचारो हि यथा मण्डलवर्तिनाम् ।। ६ ।। अतस्त्वमेको भूतानां सेश्वराणामधीश्वरः ।। शास्ता दण्डधरो नृणां शुभाशुभविवेचनः ।। ७ ।। यस्य ते विहितो दण्डो न लोके वर्ततेऽधुना ।। चतुर्भिरद्भुतैः

यति कथा सुनेर राजा परीक्षित्ले सोधे—हे भगवन् ! यस प्रकार जसको आज्ञाको उल्लङ्घन भयो र जसको अधीन सारा संसार छ, ती देवश्रेष्ठ धर्मराजले आफ्ना दूतको मुखबाट जब सबै हाल सुनी विष्णु-दूतराद्वा लखेटिएका ती वीर यमदूतहरूले के भने ? ।। १ ।। ऋषे ! आजसम्म कुनै पनि कारणले यमदेवको आज्ञा भङ्ग भएको कुरा कहिल्यै सुनिएको थिएन। हे मुने ! मलाई विश्वास छ कि सबैको यस शंकालाई हजुर बाहेक अरु कसैले पनि काट्न सक्तैन ।। २ ।। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! भगवान्का पार्षदले जुन जनहरूको उद्योग विफल पारिदिएका थिए, ती यमदूतले आफ्ना स्वामी र संयमनीपुरीका अधीश्वर भगवान् यमसित गएर भने ।। ३ ।। यमदूत भन्दछन्–हे प्रभो ! संसारमा पाप, पुण्य र मिश्रित यी थरिका कर्म गर्ने जीवलाई तिनका कर्मको फल दिने शासक निश्चतरूपले कति छन् ? ।।४।। यदि संसारमा अनेक शासक छन् भने कस-कसलाई सुख-दुःख मिल्नेछ र कस-कसलाई मिल्दैन ? ।।५।। यदि काम गर्नेको अनेकताको अनुसार उनका शासक पनि अनेक मानिन्छन् भने माण्डलिक राजाहरू झैं तिनको शासक हुनु केवल उपचारमात्र रहने छ, किनकि ती

...h Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

सदा परतन्त्र नै रहन्छन् ॥६॥ अतः हाम्रो विचारले त एकमात्र हजुरनै समस्त जीवका दण्डदाता शासक हुनुहुन्छ र सबै मनुष्यका शुभाशुभ कर्मको निर्णय गर्नुहुन्छ ॥७॥ यस्तो भएर पनि हजुरको विहित दण्ड यस बखत संसारमा चल्दैन। आज नै चार विचित्र सिद्धले हजुरको आज्ञालाई हुत्याइदिए ॥ ८ ॥ हे नाथ ! कुरा के भयो भने–हामीहरू सबै नियमानुसार यौटा पापीलाई समातेर यातनागृहमा लैजाँदै थियौं, त्यसै बखत ती चारैले बलपूर्वक हाम्रा पाश छिनालेर उसलाई बन्धन-मुक्त पारिदिए ॥९॥ यदि हजुरलाई बताउन बाधा पर्दैन भने भन्नुहवस्–ती को थिए ? हामी ती सिद्धको विषयमा जान्न खोज्दैछौं। त्यस पापीले 'नारायण' भन्नासाथ 'नडराउ-नडराउ' भन्दै ती तत्काल आएर उपस्थित भएका थिए ॥१०॥ शुकदेवजी भन्नुहुन्छ–तिनले त्यसरी सोधेपछि प्रजाका शासक भगवान् यमराजले अतिशय प्रसन्न भएर श्रीहरिका चरण-कमलको ध्यान गरेर आफ्ना दूतहरूलाई यस प्रकार भने–॥११॥ यमराज भन्दछन्–हे दूत हो ! म बाहेक यौटा अरु पनि समस्त स्थावर–जङ्गम जगत्का प्रधान प्रभु छन्। जसमा यो सारा विश्व धागोमा वस्त्र झैं निम्रिएको छ। जसको

सिद्धैराज्ञा ते विप्रलम्भिता ॥ ८ ॥ नीयमानं तवादेशादस्माभिर्यातनागृहान् ॥ व्यमोचयन्पातकिनं छित्त्वा पाशान्प्रसह्य ते ॥ ९ ॥ तांस्ते वेदितु-मिच्छामो यदि नो मन्यसे क्षमम् ॥ नारायणेत्यभिहिते मा भैरित्याययुर्द्रुतम् ॥१०॥ श्रीशुक उवाच ॥ इति देवः स आपृष्टः प्रजासंयमनो यमः ॥ प्रीतः स्वान्दूतान्प्रत्याह स्मरन्पादाम्बुजं हरेः ॥११॥ यम उवाच ॥ परो मदन्यो जगतस्तस्थुषश्च ओतं प्रोतं पटवद्यत्र विश्वम् ॥ यदंशतोऽस्य स्थिति-जन्मनाशा नस्योतवद्यस्य वशे च लोकः ॥ १२ ॥ यो नामभिर्वाचि जनान्निजायां बध्नाति तन्त्यामिव दामभिर्गाः ॥ यस्मै बलिं त इमे नामकर्म-निबन्धबद्धाश्चकिता वहन्ति ॥ १३ ॥ अहं महेन्द्रो निर्ऋतिः प्रचेताः सोमाग्निरीशः पवनोऽर्को विरिञ्चिः ॥ आदित्यविश्वे वसवोऽथ साध्या मरुद्गणा रुद्रगणाः ससिद्धाः ॥ १४ ॥ अन्ये च ये विश्वसृजोऽमरेशा भृग्वादयोऽस्पृष्टरजस्तमस्काः ॥ यस्येहितं न विदुः स्पृष्टमायाः सत्त्वप्रधाना अपि किं ततोऽन्ये ॥१५॥ यं वै न गोभिर्मनसाऽसुभिर्वा हृदा गिरा वाऽसुभृतो विचक्षते ॥ आत्मानमन्तर्हृदि सन्तमात्मनां चक्षुर्यथैवाकृतयस्ततः परम् ॥१६॥ तस्यात्मतन्त्रस्य हरेरधीशितुः परस्य मायाधिपतेर्महात्मनः ॥ प्रायेण दूता इह वै मनोहराश्चरन्ति तद्रूपगुणस्वभावाः ॥ १७ ॥ भूतानि विष्णोः

अंशस्वरूप ब्रह्मा, विष्णु र शिव इनको जन्म, स्थिति तथा नाशकारक हुन्छन् र सबै जना नाथिएका गोरू झैं जसको आधीन रहन्छन् ॥१२॥ जस्तै किसान गोरुलाई डोरीहरूमा बाँद्धछन्, उसै गरी जो मनुष्यहरूलाई ब्राह्मणादि नामले वेदवाणीरूपी डोरीमा बाँधिएका छन् र जसलाई नाम-कर्मरूपी बन्धनमा बाँधिएका यी सबै जीव भयभीत भावले बलि अर्पण गर्दै रहन्छन् ॥१३॥ हे दूत हो ! जसको मायाको वश भएर म, इन्द्र, निर्ऋति, वरुण, चन्द्र, अग्नि, शिव, वायु, सूर्य, ब्रह्मा, विश्वेदेव, वसुगण, साध्यगण, मरुद्गण, सिद्धहरूसहित रुद्रगण र जसलाई रज तथा तमको स्पर्श पनि हुन सक्तैन, यस्ता भृगु आदि अन्य प्रजापति तथा देवता सत्वप्रधान भएर पनि जसको लीलाको केही मन जान्न सक्तैनन् ॥१४॥१५॥ जस्तै संसारी मानिस आफ्ना प्रदर्शक नेत्रलाई देख्न सक्तैनन्, यस्तैआफ्नो अन्तःकरणमा जीवका साक्षीस्वरूपले स्थित जुन ईश्वरलाई प्राणी इन्द्रिय, मन, प्राण, हृदय अथवा वाणी आदि कसैले पनि जान्न सक्तैनन् ॥१६॥ ती आत्मतन्त्र, जगदीश्वर एवं मायापति श्रीहरिका दूत को देख्नामा साह्रै राम्रा र उनै जस्ता रूप, गुण तथा स्वभाव भएका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन्, तो प्रायः यस लोकमा नै डुलिरहन्छन् ।।१७।। ती देवजन वन्दित, दुर्दर्श-लिङ्गस्वरूप र अतिअद्भुत विष्णुका दूत भगवद्भक्त मनुष्यलाई तिनका शत्रुबाट र सबै बाधा-हरूबाट सुरक्षित राख्दछन् ।।१८।। साक्षात् भगवान्ले भनेको यो धर्म विषयमा ऋषि, देवता तथा मुख्य-मुख्य सिद्धगणले पनि जान्न सकेनन्, भने असुर, मनुष्य, विद्याधर र चारण आदि के जान्न सक्लान् ? ।।१९।। हे दूत हो ! ब्रह्मा, नारद, शिवजी, सनत्कुमार कपिलदेव, स्वायम्भुव मनु, प्रह्लाद, जनक, भीष्म, बलि, शुकदेव र म-यी बाह त्यो अत्यन्त गुप्त, पवित्र एवं दुर्बोध भागवत-धर्मको विषयमा अलि-अलि जान्दछन्, जसलाई जानिसकेपछि प्राणी अमरपद (मुक्ति) प्राप्त गर्दछ ।।२०।।२१।। यस लोकमा भगवान्का नामोच्चारणादि सहित गरिएको भक्तियोग नै मनुष्यको सबैभन्दा प्रधान धर्म हो ।।२२।। हे पुत्र हो ! हेर, भगवान्को नामोच्चारणको महिमा यस्तो छ कि—जसको प्रभावले अजामिल जस्तो पनि मृत्यु-पाशबाट मुक्त भयो ।।२३।। अतएव सबै मनुष्यको पापका समूह नष्ट पार्नका लागि भगवान्का गुण-कर्मसित सम्बन्ध राख्ने नामहरूको कीर्तन गर्नु नै ठूलो वस्तु हो, किनकि त्यस महापापी

सुरपूजितानि दुर्दर्शलिङ्गानि महाद्भुतानि ॥ रक्षन्ति तद्भक्तिमतः परेभ्यो मत्तश्च मर्त्यानथ सर्वतश्च ॥ १८ ॥ धर्मं तु साक्षाद्भगवत्प्रणीतं न वै विदुर्ऋषयो नापि देवाः ॥ न सिद्धमुख्या असुरा मनुष्याः कुतश्च विद्याधरचारणादयः ॥ १९ ॥ स्वयंभूर्नारदः शम्भुः कुमारः कपिलो मनुः ॥ प्रह्लादो जनको भीष्मो बलिर्वैयासकिर्वयम् ॥ २० ॥ द्वादशैते विजानीमो धर्मं भागवतं भटाः ॥ गुह्यं विशुद्धं दुर्बोधं यं ज्ञात्वाऽमृतमश्नुते ॥ २१ ॥ एतावानेव लोकेऽस्मिन्पुंसां धर्मः परः स्मृतः ॥ भक्तियोगो भगवति तन्नामग्रहणादिभिः ॥ २२ ॥ नामोच्चारणमाहात्म्यं हरेः पश्यत पुत्रकाः ॥ अजामिलोऽपि येनैव मृत्युपाशादमुच्यत ॥ २३ ॥ एतावताऽलमघनिर्हरणाय पुंसां सङ्कीर्तनं भगवतो गुणकर्मनाम्नाम् ॥ विक्रुश्य पुत्रमघवान्यदजामिलोऽपि नारायणेति म्रियमाण इयाय मुक्तिम् ॥ २४ ॥ प्रायेण वेद तदिदं न महाजनोऽयं देव्या विमोहितमतिर्बत माययाऽलम् ॥ त्रय्यां जडीकृतमतिर्मधुपुष्पितायां वैतानिके महति कर्मणि युज्यमानः ॥ २५ ॥ एवं विमृश्य सुधियो भगवत्यनन्ते सर्वात्मना विदधते खलु भावयोगम् ॥ ते मे न दण्डमर्हन्त्यथ यद्यमीषां स्यात्पातकं तदपि हन्त्युरुगायवादः ॥ २६ ॥ ते देवसिद्धपरिगीतपवित्रगाथा ये साधवः समदृशो भगवत्प्रपन्नाः ॥ तान्नोपसीदत हरेर्गदयाऽभिगुप्तान्नैषां वयं न च वयः प्रभवाम दण्डे ॥ २७ ॥ तानानयध्वमसतो विमुखान्मुकुन्दपादारविन्दमकरन्दरसा-

अजामिलले मर्ने बेलामा अस्वस्थ चित्तले आफ्नो छोरोलाई 'नारायण' यस्तो भनेर डाक्नाले नै मुक्ति प्राप्त गऱ्यो ।।२४।। ठूला-ठूला प्रायश्चित्त विधान बनाउने महापुरुषहरूको बुद्धि पनि भगवान्को मायाले मोहित हुन्छ । यसले हुन सक्तछ कि ती भगवन्नाम कीर्तनको माहात्म्य जान्न नसकेका भए पनि स्वर्गादि नाशवान् फलहरूको बढाइँ गर्ने मनोहारी र लामा-लामा वेद वाक्यमा चित्त अल्झाई ती यज्ञ-यागादि ठूला-ठूला कर्ममा नै जीवनभरि लागिरहे ।।२५।। हे दूत हो ! यो विचारेर बुद्धिमान् पुरुष सबै प्रकारले भगवान् अनन्तको नै भक्ति गर्दछन्, ती मेरो दण्डका पात्र कदापि होइनन् किनकि पहिले त उनीद्वारा पाप हुनै सक्तैन र यदि केही पाप हुन्छ भने त्यसलाई भगवद्गुणगान तत्कालनष्ट पारिदिन्छ ।।२६।। उनको शरणागत तथा समदर्शी साधुजनका पवित्र चरित्रको देवता एवं सिद्धगण गान गरिरहन्छन् । ती भगवान्को गदाले सदा सुरक्षित रहन्छन् । अतः उनीकहाँ तिमी कहिल्यै नजानू ।

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनलाई दण्ड दिन म तथा साक्षात् काल पनि समर्थ हुँदैन ।।२७।। तिमीहरू यहाँ तिनै पापीलाई ल्याउनू, जो सर्वसंग परित्यागी र रसज्ञ परमहंसद्वारा सेवित श्रीहरिका चरण-कमल-मकरन्दको मीठो स्वाद त्यागेर नरकको द्वाररूपी आफ्नो घरमा आसक्त रहने हुन् ।।२८।। जसको जिब्रो भगवान्‌का नामहरूको कीर्तन गर्दैनन्, जसको चित्त नारायणका चरण-कमलका स्मरण गर्दैनन् र जसको मस्तक एकपल्ट पनि भगवान् कृष्णको साम्हुन्ने न्यूरन्न, य-ता भगवत् परिचर्यादि शुभ कृत्यबाट विमुख अधम पुरुषलाई तिमी मनेर ल्याउनू ।।२९।। आफ्ना भृत्यहरूद्वारा जुन अपराध भएको छ, त्यसलाई उनै पुराण-पुरुष भगवान् कृष्ण क्षमा गरुन् । म उनको सेवामा हात जोरेर सदा उपस्थित रहन्छु । ती परम प्रभुलाई हामीजस्ता अज्ञानी जनको अपराध क्षमा गर्नु नै उचित छ । ती सर्वव्यापक पुरुषोत्तमलाई हाम्रो अनेकशः नमस्कार छ ।।३०।। शुकदेवजी भन्नुहुन्छ–अतएव हे कुरुश्रेष्ठ ! विष्णु भगवान्‌को जगन्मङ्गलमय नाम सङ्कीर्तन नै ठूला-ठूला पापलाई समूल नष्ट पार्ने प्रायश्चित्त हो, यो निश्चित जान ।।३१।। किनकि भगवान्‌का उदार चरित्रको पुनः पुनः श्रवण तथा कीर्तन गरिरहने

दजस्रम् ।। निष्किञ्चनैः परमहंसकुलै रसज्ञैर्जुष्टन्गृहे निरयवर्त्मनि बद्धतृष्णान् ।। २८ ।। जिह्वा न वक्ति भगवद्गुणनामधेयं चेतश्च न स्मरति तच्चरणारविन्दम् ।। कृष्णाय नो नमति यच्छिर एकदाऽपि तानानयध्वमसतोऽकृतविष्णुकृत्यान् ।। २६ ।। तत्क्षम्यतां स भगवान्पुरुषः पुराणो नारायणः स्वपुरुषैर्यदसत्कृतं नः ।। स्वानामहो न विदुषां रचिताञ्जलीनां क्षान्तिर्गरीयसि नमः पुरुषाय भूम्ने ।। ३० ।। तस्मात्सङ्कीर्तनं विष्णो-र्जगन्मङ्गलमंहसाम् ।। महतामपि कौरव्य विद्ध्यैकान्तिकनिष्कृतम् ।। ३१ ।। शृण्वतां गृणतां वीर्याण्युद्दामानि हरेर्मुहुः ।। यथा सुजातया भक्त्या शुद्ध्येन्नात्मा व्रतादिभिः ।। ३२ ।। कृष्णाङ्घ्रिपद्ममधुलिग्न पुनर्विसृष्टमायागुणेषु रमते वृजिनावहेषु ।। अन्यस्तु कामहत आत्मरजः प्रमार्ष्टुमीहेत कर्म यत एव रजः पुनः स्यात् ।। ३३ ।। इत्थं स्वभर्तृगदितं भगवन्महित्वं संस्मृत्य विस्मितधियो यमकिङ्करास्ते ।। नैवाच्युताश्रयजनं प्रतिशङ्कमाना द्रष्टुं च बिभ्यति ततः प्रभृतिस्म राजन् ।। ३४ ।। इतिहासमिमं गुह्यं भगवान्कुम्भसम्भवः ।। कथयामास मलय आसीनो हरिमर्चयन् ।। ३५ ।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे तृतीयोऽध्यायः ।। ३ ।। राजोवाच ।। देवासुरनृणां सर्गो नगानां मृगपक्षिणाम् ।। सामासिकस्त्वया

पुरुषहरूको हृदय जसरी अनायास उत्पन्न भगवद्भक्तिले शुद्ध हुन्छ, त्यस्तो अरु व्रत-पूजादिले शुद्ध हुन सक्तैन ।।३२।। जो प्राणी भगवान्‌का चरणारविन्दको रसास्वादन गर्ने भ्रमर सदृश हुन्छन्, ती एकपल्ट तुच्छ मानेर त्यागिएको पापोत्पादक मायाका गुणहरूमा फेरि अल्झन्नन्, तर अन्य विषयलोलुप व्यक्ति आफ्ना दोषको मार्जन गर्नका लागि प्रायश्चित्त स्वरूप कर्ममा नै प्रवृत्त हुन्छन्–जसबाट फेरि दोषको नै उत्पत्ति भइरहन्छ ।।३३।। हे राजन् ! आफ्ना स्वामीले भनेको भगवान्‌को यस महिमालाई स्मरण गरेर यमदूतहरूलाई ठूलो विस्मय भयो । आफ्ना प्रभुको कथनमा विश्वास गरेर त्यसै वेलादेखि ती आफ्नो विनाशको शंकाले प्रभुका आश्रित पुरुषको नगीचै जाँदैनन्, ती उनलाई देख्तै डराउँछन् ।।३४।। हे राजन् ! यो प्राप्त इतिहास भगवान् अगस्त्यले मलयाचलमा बसेर भगवान्‌को पूजा गर्दा मसित भन्नुभएको थियो ।।३५।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां तृतीयोऽध्यायः ।।३।। (हंसगुह्यस्तोत्र)–यति कथा सुनेर राजा परीक्षितले सोधे–हेभगवन् ! हजुरले स्वायम्भुव मन्वन्तरमा जुन देवता, असुर, मनुष्य, सर्प, मृग,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र पक्षिहरुको सृष्टिको संक्षेप वर्णन गर्नुभयो । अब म विस्तारपूर्वक त्यसको विवरण जान्न इच्छा गर्दछु । भगवान्‌ले आफ्नू जुन शक्तिद्वारा अगाडिको सृष्टि उत्पन्न गर्नुभयो, त्यो पनि जान्ने मेरो अभिलाषा छ ॥१॥२॥ सूतजी भन्दछन्–हे मुनिसत्तम ! राजर्षि परीक्षितको त्यो उत्तम प्रश्न सुनेर महायोगी शुकदेव उनको सहनि गर्दै भन्दछन् ॥३॥ शुकदेवजी भन्न लागे–हे राजन् ! जब राजा प्राचीनबर्हिका प्रचेता नामका छोराहरूले समुद्रबाट बाहिर निस्केर सारा भूमण्डललाई रूख-पातले भरिएको देखे तब जसको रिस बढेको थियो, यस्ता प्रचेताहरूले ती वृक्षमा अत्यन्त रिसाएर आफ्नू तपोबलले उनलाई भस्म पारिदिने इच्छा गरेर आफ्नू, मुखबाट वायु र अग्नि छाडे ॥४॥५॥ हे कुरुनन्दन ! ती प्रचेताले छाडेका वायु र अग्निले वन सबै दग्ध हुन लागेको देखेर महाराज सोमले तिनको क्रोध शान्त पार्दै यस प्रकार भने–॥६॥ हे महाभाग ! तिमीहरू प्रजाको वृद्धि गर्ने हुनाले नै गर्दा प्रजापति कहिन्छौ । अतः तिमीले यी विचरा वृक्षप्रति द्रोह गर्नु उचित छैन ॥७॥ अहो ! प्रजापतिहरूका स्वामी र अविनाशी भगवान् श्रीहरिले सबै वनस्पति तथा औषधिहरूलाई

प्रोक्तो यस्तु स्वायंभुवेऽन्तरे ॥ १ ॥ तस्यैव व्यासमिच्छामि ज्ञातुं ते भगवान्यथा ॥ अनुसर्गं यया शक्त्या ससर्ज भगवान्परः ॥२॥ सूत उवाच ॥ इति संप्रश्नमाकर्ण्य राजर्षेर्बादरायणिः ॥ प्रतिनन्द्य महायोगी जगाद मुनिसत्तमाः ॥ ३ ॥ श्रीशुक उवाच ॥ यदा प्रचेतसः पुत्रा दश प्राचीनबर्हिषः ॥ अन्तःसमुद्रादुन्मग्ना ददृशुर्गां द्रुमैर्वृताम् ॥ ४ ॥ द्रुमेभ्यः क्रुद्ध्यमानास्ते तपोदीपितमन्यवः ॥ मुखतो वायुमग्निं च ससृजुस्तद्दिधक्षया ॥ ५ ॥ ताभ्यां निर्दह्यमानांस्तानुपलभ्य कुरूद्वह ॥ राजोवाच महान्सोमो मन्युं प्रशमयन्निव ॥ ६ ॥ मा द्रुमेभ्यो महाभागा दीनेभ्यो द्रोग्धुमर्हथ ॥ विवर्धयिषवो यूयं प्रजानां पतयः स्मृताः ॥ ७ ॥ अहो प्रजापतिपतिर्भगवान्हरिरव्ययः ॥ वनस्पतीनोषधींश्च ससर्जोर्जमिषं विभुः ॥ ८ ॥ अन्नं चराणामचरा ह्यपदः पादचारिणाम् ॥ अहस्ता हस्तयुक्तानां द्विपदां च चतुष्पदः ॥ ९ ॥ यूयं च पित्राऽन्वादिष्टा देवदेवेन चानघाः ॥ प्रजासर्गाय हि कथं वृक्षान्निर्दग्धुमर्हथ ॥ १० ॥ आतिष्ठत सतां मार्गं कोपं यच्छत दीपितम् ॥ पित्रा पितामहेनापि जुष्टं वः प्रपितामहैः ॥ ११ ॥ तोकानां पितरो बन्धुर्दृशः पक्ष्म स्त्रियः पतिः ॥ पतिः प्रजानां भिक्षूणां गृह्यज्ञानां बुधः सुहृत् ॥ १२ ॥ अन्तर्देहेषु भूतानामात्माऽऽस्ते हरिरीश्वरः ॥ सर्वं तद्धिष्ण्यमीक्षध्वमेवं वस्तोषितो ह्यसौ ॥ १३ ॥ यः समुत्पतितं देह आकाशान्मन्युमुल्बणम् ॥ आत्मजिज्ञासया यच्छेत्स गुणानतिवर्तते ॥ १४ ॥

प्रजाको भक्ष्य तथा अन्नरूपमा उत्पन्न गरेको हो ॥८॥ संसारमा जङ्गम जीवहरूको भोजन स्थावर र खुट्टा हुनेको खुट्टा नहुने भक्ष्य हुन् । हात हुनेका हात नहुने दुइ खुट्टा हुनेको चार खुट्टा हुने जति भोजन हुन् ॥९॥ हे अनघ ! तिमीलाई तिम्रा पिता (राजा प्राचीनबर्हि) तथा देवाधिदेव श्रीविष्णुले प्रज वृद्धि गन आज्ञा दिएका छन् । अनि यो कसरी उचित हुनसक्तछ–तिमी सबै वृक्षलाई भस्म पारिदेओ ॥१०॥ यसनिम्ति अब आफ्नू बल्दो रिस शान्त पार र आफ्ना पिता, पितामह र प्रपितामहद्वारा सेवित सत्पुरुषहरूको बाटोको सहारा लेऊ ॥११॥ जसरी बालकहरूका शुभेच्छु माता-पिता, नेत्रका परेला, स्त्रीका सुहृद् पति, भिक्षुकहरूका पोषक गृहस्थ र अज्ञानीहरूका हितचिन्तक ज्ञानवान् हुन्छन् । त्यस्तै नै प्रजागणका सुहृद् राजा हुन्छन् ॥१२॥ सबै प्राणीका हृदयमा आत्मारूपले भगवान् विष्णु नै विराजमान रहन्छन् । अतएव तिमी सबैजना उनैको निवासस्थान बुझ यस्तो गरेर नै

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी भगवान्लाई प्रसन्न पार्न सक्दछौ ।।१३।। जो प्राणी आफ्नू देहको हृदयाकाशमा उत्पन्न रिसलाई आत्मविचार द्वारा शान्त गरिदिन्छ, त्यसैले तीनै गुणलाई पार गर्न सक्दछ—अरु होइन ।।१४।। अतः अब तिमी यी दीनहरूमा रिस नगर, तिम्रो कल्याण होस् र तिमीहरू पक्षीद्वारा परिपालित यी श्रेष्ठ कन्या पत्नीरूपमा स्वीकार गर ।।१५।। हे राजन् ! यसप्रकार प्रचेताहरूलाई बुझाएर राजा सोमले प्रम्लोचा नामकी अप्सरासित जायमान यौटी राम्रो कटि हुने कन्या उनलाई दिए र गए । त्यसपछि प्रचेताहरूले त्यस कन्यासित धर्मानुसार विवाह गरे ।।१६।। कसैको कथन छ—उनैबाट तिनका प्राचेतस नामले विख्यात छोरा जन्मे, जसको प्रजा वृद्धिले तीनै लोक भरिए ।।१७।। ती पुत्रीवत्सल दक्षले आफ्नू वीर्य तथा मनले जुन-जुन जीवको रचना गरेका थिए, त्यो म भन्दछु । तिमी सावधान मनले सुन ।।१८।। प्रजापति दक्षले पहिले आकाश, स्थल तथा जलचर बस्ने देवता, असुर तथा

अलं दग्धैर्द्रुमैर्दीनैः खिलानां शिवमस्तु वः ।। वार्क्षी ह्येषा वरा कन्या पत्नीत्वे प्रतिगृह्यताम् ।। १५ ।। इत्यामन्त्र्य वरारोहां कन्यामाप्सरसीं नृप ।। सोमो राजा ययौ दत्त्वा ते धर्मेणोपयेमिरे ।। १६ ।। तेभ्यस्तस्यां समभवद्दक्षः प्राचेतसः किल ।। यस्य प्रजाविसर्गेण लोका आपूरितास्त्रयः ।।१७।। यथा ससर्ज भूतानि दक्षो दुहितृवत्सलः ।। रेतसा मनसा चैव तन्ममावहितः शृणु ।। १८ ।। मनसैवासृजत्पूर्वं प्रजातिरिमाः प्रजाः ।। देवासुरमनुष्यादीन्नभस्थलजलौकसः ।। १९ ।। तमोवृंहितमालोक्य प्रजासर्गं प्रजापतिः ।। विन्ध्यपादानुपव्रज्य सोऽचरद्दुष्करं तपः ।। २० ।। तत्राघमर्षणं नाम तीर्थं पापहरं परम् ।। उपस्पृश्यानुसवनं तपसाऽतोषयद्धरिम् ।। २१ ।। अस्तौषीद्धंसगुह्येन भगवन्तमधोक्षजम् ।। तुभ्यं तदभिधास्यामि कस्यातुष्यद्यतो हरिः ।। २२ ।। प्रजापतिरुवाच ।। नमः परायावितथानुभूतये गुणत्रयाभासनिमित्तबन्धवे ।। अदृष्टधाम्ने गुणतत्त्वबुद्धिभिर्निवृत्तमानाय दधे स्वयंभुवे ।। २३ ।। न तस्य सख्यं पुरुषोऽवैति सख्युः सखा वसन्संवसतः पुरेऽस्मिन् ।। गुणो यथा गुणिनो व्यक्तदृष्टेस्तस्मै महेशाय

मनुष्यरूपिणी प्रजालाई आफ्नू मनबाट प्रकट गरे ।।१९।। ती प्रजावर्गको वृद्धि नभएको देखेर दक्ष विन्ध्यालको फेदीमा गए र त्यहाँ कठोर तपस्या गर्न लागे ।।२०।। त्यहाँ बसेर सबै पापका विनाशक अघमर्षण तीर्थमा सायं-प्रातः र मध्याह्न तीनै बेला स्नान गरेर उनले उग्र तपद्वारा भगवान्लाई प्रसन्न पारिलिए ।।२१।। हे राजन् ! त्यसपछि दक्षले जुन हंसगुह्य स्तोत्रद्वारा श्रीअधोक्षज भगवान्को स्तुति गरेर जसले भगवान् तीमाथि प्रसन्न भए, त्यो म तिमीलाई भन्दछु ।।२२।। दक्ष प्रजापतिले भने—जसको चेतनाशक्ति विशाल छ, जीव तथा मायाका ईश्वर छन्, प्रत्यक्षादि प्रमाणहरूको पहुँच नहुनाले जसको सच्चा स्वरूपको विषयमा परमार्थको कल्पना गर्ने पुरुष पनि केही जान्न सक्तैनन्, ती स्वयंप्रकाशशील परमात्मालाई नमस्कार छ ।।२३।। जस्तै रूपादि विषय आफूलाई प्रकाश दिने नेत्र आदि *चोर इन्द्रियका प्रकाशकत्वरूपी गुण जान्न सक्तैनन्, त्यस्तै नै यस देहमा मित्रवत् रहने

* उदाहरण (म तिम्रो चोर हुँ)—यौटा नगर बाहिर दुइ जना महात्मा बस्तथे । तिनीहरूकहाँ कहिले काहीं त्यहाँको राजा पनि पुग्दथ्यो । नगरको नगीचै यौटा विख्यात चोर बस्तथ्यो । त्यो पनि आउँदा-जाँदा महात्मालाई हेर्ने गर्दथ्यो । अतः केही समयपछि चोरको अन्तःकरण केही शुद्ध हुँदै गयो, त्यसैले उ पनि ती महात्माको माझ बसेर भजन-ध्यान गर्नलाग्यो । एक दिन राजाले ध्यानमा बसेको चोरलाई महात्मा ठानेर नमस्कार गरे । त्यति मात्र होइन, उसलाई नयाँ आएको महात्मा जानेर रुपियाको थैली पनि चढाए । चोरले भन्यो—'यो रुपियाँ उठाउनोस् । म तिम्रो नगरको चोर हुँ । मैले अनेक पल्ट चोरी गरेको छु, तर यी महात्माको संसर्गले मेरो वृत्तिमा फरक परिसक्यो र अब यहाँ बसेर आफ्ना पापको प्रायश्चित्त गर्दैछु । म त तिम्रो दण्डको पात्र हुँ—नमस्कारको होइन ।' राजाले भने— भूतकालमा तिमी त्यस्ता होलाऊ, तर अहिले आफ्नो इच्छाले जो म दिइरहेको छु, त्यसलाई स्वीकार गर ।' चोरले भन्यो—'म त तपस्या गरेर पुरानो भारी बिसाउन खोज्दैछु, अब म तिम्रो नयाँ भारी कसरी बोकौं ? हात्तीमा चढेर म गदहामाथि चढ्न तयार छैन ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको जीव मित्र भावले सधैं संगसंगै रहने जुन परमेश्वरको सद्भावलाई जान्न सक्तैन, ती महेश्वरलाई म नमस्कार गर्दछु ॥२४॥ देह, ज्ञान, इन्द्रिय, अन्तःकरण, पञ्चभूत तथा तिनका तन्मात्राहरू यी सबै पृथक् इन्द्रिय र तिनका अधिष्ठाता देवताहरूको स्वरूपलाई पनि जान्न सक्तैनन्, तर जीव यी सबैसित र इनका कारणस्वरूप गुणहरूबाट परिचित छन्। तर यी सबैको ज्ञाता भएर पनि त्यो जुन सर्वज्ञ परमात्माको विषयमा केही जान्न सक्तैन, त्यस अनन्तको म स्तुति गरिरहेको छु ॥२५॥ दर्शन र स्मरण शक्तिको नाश भएपछि जब नाम-रूपको परिचायक मनको समाधि लाग्दछ, तब जुन एकमात्र आफ्नू स्वरूप स्थितिबाट नै ज्ञायमान हुन्छ र शुद्धचित्त नै जसको उपलब्धिस्थान छ, त्यो शुद्ध हंसस्वरूप परमात्मालाई प्रणाम छ ॥२६॥ जस्तै याजकगण सामिधेनि नामका पन्ध्र मन्त्रले काठमा लुकेको अग्निलाई उत्पन्न (प्रकट) गर्दछन्, त्यसै गरी सत्ताइस सत्वरूपिणी आफ्ना उपाधिबाट लुकेर अन्तःकरणमा गूढभावले स्थित जुन परमात्मालाई विवेकशील पुरुष आफ्नू बुद्धिद्वारा देख्दछन् ती मायाका सबै भेदलाई त्यागिदिएपछि मोक्ष सुखस्वरूपले अनुभूत, सर्वनामा,

नमस्करोमि ॥ २४ ॥ देहोऽसवोऽक्षा मनवो भूतमात्रा नात्मानमन्यं च विदुः परं यत् ॥ सर्व पुमान्वेद गुणांश्च तज्ज्ञो न वेद सर्वज्ञमनन्तमीडे ॥ २५ ॥ यदोपरामो मनसो नामरूपरूपस्य दृष्टस्मृतिसंप्रमोषात् ॥ य ईयते केवलया स्वसंस्थया हंसाय तस्मै शुचिसद्मने नमः ॥ २६ ॥ मनीषिणोऽन्तर्हृदि संनिवेशितं स्वशक्तिभिर्नवभिश्च त्रिवृद्भिः ॥ वह्निं यथा दारुणि पांचदश्यं मनीषया निष्कर्षन्ति गूढम् ॥ २७ ॥ स वै ममाशेषबिशेषमायानिषेधनिर्वाणसुखानुभूतिः ॥ स सर्वनामा स च विश्वरूपः प्रसीदतामनिरुक्तात्मशक्तिः ॥ २८ ॥ यद्यन्निरुक्तं वचसा निरूपितं धियाऽक्षभिर्वा मनसा वोत यस्य ॥ माभूत्स्वरूपं गुणरूपं हि यत्तत्स वै गुणापायविसर्गलक्षणः ॥ २९ ॥ यस्मिन्यतो येन च यस्य यस्मै यद्यो यथा कुरुते कार्यते च ॥ परावरेषां परमं प्राक्प्रसिद्धं तद्ब्रह्म तद्धेतुरनन्यदेकम् ॥ ३० ॥ यच्छक्तयो वदतां वादिनां वै विवादसंवादभुवो भवन्ति ॥ कुर्वन्ति चैषां मुहुरात्ममोहं तस्मै नमोऽनन्तगुणाय भूम्ने ॥ ३१ ॥ अस्तीति नास्तीति च वस्तुनिष्ठयोरेकस्थयोर्भिन्नविरुद्धधर्मयोः ॥ अवेक्षितं किंचन योगसांख्ययोः समं परं ह्यनुकूलं बृहत्तत् ॥ ३२ ॥ योऽनुग्रहार्थं भजतां पादमूलमनामरूपो भगवाननन्तः ॥ नामानि रूपाणि च जन्मकर्मभिर्भेजे स

विश्वरूप तथा अनिर्वचनीय प्रभावशाली भगवान् ममाथि प्रसन्न होउन् ॥२७॥२८॥ वाणीले जे कहिन्छ तथा बुद्धि, इन्द्रिय र मनले जो खोजिन्छ, त्यही उनको स्वरूप होइन। त्यो त गुणको कार्य मात्र हो। त्यो परमात्मा त गुणको उत्पत्ति तथा प्रयलरूपी कार्यले देखिन्छ ॥२९॥ जसमा, जहाँबाट, जसद्वारा, जसको, जसकानिम्ति,जुन कार्यको लागि र जो, जस प्रकार गर्दछ अथवा जसको प्रेरणाले त्यो (जीव) कार्यमा प्रवृत्त गर्ने गरिन्छ, त्यो सबै एकमात्र ब्रह्म नै हो, किनकि त्यो सबै कार्य-कारणले पूर्वसिद्ध छ र सजातीय, विजातीय, भेदले रहित तथा सबैको एकमात्र हेतु छ ॥३०॥ जसका शक्तिहरू वाद-विवाद गर्ने वादीहरूको बिवाद तथा संवादको भूमिका बनेर उनलाई बारम्बार मोहमा पार्दै रहन्छन्, ती अनन्त गुण-युक्त सर्वव्यापी परमात्मालाई प्रणाम छ ॥३१॥ यौटै वस्तुको विषयमा अस्ति अर्थात् 'छ' र नास्ति अर्थात् 'छैन' यी दुइ विरुद्ध तथा विभिन्न धर्मका प्रतिपादक योग र सांख्यमा आफाफ्ना तर्कको अनुकूल जो एकैनासे तथा श्रेष्ठ वस्तु छ, त्यही ब्रह्म हो ॥३२॥ प्राकृत नाम तथा रूपले हीन भएर पनि जुन अनन्त भगवान्ले आफ्ना चरणको

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भजन गर्ने पुरुषहरूमा कृपा गर्नका लागि आफ्नो जन्म तथा कर्मद्वारा विविधरूप र नाम धारण गरेका थिए, ती भगवान् ममाथि प्रसन्न होउन् ।।३३।। जस्तै वायु पृथ्वीका गुण अर्थात् गन्धको सहायता पाएर उसकै जस्तो प्रतीयमान हुन्छ, त्यस्तै नै जो अन्तर्यामी परमात्मा प्राकृत ज्ञानमार्ग द्वारा मनुष्यका भावानुसार भिन्न-भिन्न देवताका रूपमा दृष्टिगोचर हुन्छन्, ती भगवान् मेरो मनोरथ पूर्ण गरुन् ।।३४।। श्रीशुकदेव भन्नुहुन्छ–हे कुरुश्रेष्ठ ! त्यो अघमर्षण तीर्थमा यस प्रकार स्तुति गरिसकेपछि भक्तवत्सल भगवान् ती स्तुति गर्ने प्राचेतसहरूका समक्ष हुनुभयो ।।३५।। त्यस बखत उनले आफ्ना चरण गरुडको काँधमा राखेका थिए। उनका लामा-लामा आठ भुजा थिए, तिनमा शङ्ख, चक्र, ढाल, तरवार, धनुष, वाण, गदा र पाश धारण गरेका थिए ।।३६।। उनको शरीर जलले भरिएको मेघ समान श्याम थियो, त्यसमाथि पीताम्बर सुशोभित थियो र उनको मुख तथा नेत्र प्रसन्न थिए। उनको सर्वाङ्ग वनमालाले ढाकिएको थियो। श्रीवत्स र कौस्तुभ मणिले गर्दा त्यो शरीर साह्रै नै सुन्दर ज्ञात भइरहेको थियो।।३७।। ती विशाल मुकुट, कटक, हल्लिरहेका

मह्यं परमः प्रसीदतु ॥ ३३ ॥ यः प्राकृतैर्ज्ञानपथैर्जनानां यथाशयं देहगतो विभाति ॥ यथाऽनिलः पार्थिवमाश्रितो गुणं स ईश्वरो मे कुरुतान्मनोरथम् ॥ ३४ ॥ श्रीशुक उवाच ॥ इति स्तुतः संस्तुवतः स तस्मिन्नघमर्षणे ॥ आविरासीत्कुरुश्रेष्ठ भगवान्भक्तवत्सलः ॥ ३५ ॥ कृतपादः सुपर्णांसे प्रलम्बाष्टमहाभुजः ॥ चक्रशङ्खासिचर्मेषुधनुःपाशगदाधरः ॥ ३६ ॥ पीतवासा घनश्यामः प्रसन्नवदनेक्षणः ॥ वनमालानिवीताङ्गो लसच्छ्रीवत्सकौस्तुभः ॥ ३७ ॥ महाकिरीटकटकः स्फुरन्मकरकुण्डलः ॥ काञ्च्यङ्गुलीयवलयनूपुराङ्गदभूषितः ॥ ३८ ॥ त्रैलोक्यमोहनं रूपं बिभ्रत्त्रिभुवनेश्वरः ॥ वृत्तो नारदनन्दाद्यैः पार्षदैः सुरयूथपैः ॥ ३९ ॥ स्तूयमानोऽनुगायद्भिः सिद्धगन्धर्वचारणैः ॥ रूपं तन्महदाश्चर्यं विचक्ष्यागतसाध्वसः ॥ ४० ॥ ननाम दण्डवद्भूमौ प्रहृष्टात्मा प्रजापतिः ॥ न किञ्चनोदीरयितुमशकत्तीव्रया मुदा ॥ आपूरितमनोद्वारैर्ह्रदिन्य इव निर्झरैः ॥ ४१ ॥ तं तथाऽवनतं भक्तं प्रजाकामं प्रजापतिम् ॥ चित्तज्ञः सर्वभूतानामिदमाह जनार्दनः ॥ ४२ ॥ श्रीभगवानुवाच ॥ प्राचेतस महाभाग संसिद्धस्तपसा भवान् ॥ मच्छ्रद्धया मत्परया मयि भावं परं गतः ॥ ४३ ॥ प्रीतोऽहं ते प्रजानाथ यत्तेऽस्योद्बृंहणं तपः ॥ ममैष कामो भूतानां यद्भूयासुर्वि-

मकराकृति कुण्डल, कांची (करधनी), औंठी, कंकण, नूपुर तथा अङ्गदादि आभूषणहरूले विभूषित थियो ।।३८।। यस प्रकार त्रिभुवनपति भगवान् तीनै लोकलाई मोहित पार्ने रूप धारण गरेर प्रकट हुनुभयो। ती नारद तथा नन्द-सुनन्दादि पार्षद र अनेक देवनायकहरूले घेरिएका थिए।।३९।।उनका पछि-पछि गुणगान गर्ने सिद्ध, गन्धर्व र चारणादि उनको स्तुति गर्दै हिंडिरहेथे। भगवान्को त्यो अतिशय अद्भुत रूप देखेर प्रजापति दक्ष आत्तिए जस्ता भए र प्रसन्न मनले पृथ्वीमा लम्पसार परेर उनलाई प्रणाम गरे। जस्तै अनेक प्रपातको जल पाएर नदीहरू भरिन्छन् त्यस्तै नै परमानन्दको वेगले मन तथा इन्द्रियहरू रुद्ध हुनाले गर्दा ती केही बोल्न सकेनन् ।।४०।।४१।। त्यस पछि सबै जीवका मनको कुरा जान्ने भएका भगवान् यस प्रकार साष्टाङ्ग प्रणाम गर्ने एवं प्रजा उत्पन्न गर्नका इच्छुक प्रजापति दक्षसित भन्नुहुन्छ ।।४२।। भगवान् आज्ञाहुन्छ–हे प्रचेताकापुत्र महाभाग दक्ष ! तिमीलाई तप द्वारा उत्तम प्रकारको सिद्धि प्राप्त भएको छ, किनकि मप्रति श्रद्धा गर्नाले तिम्रो हृदयमा मेरो प्रति बलियो प्रेम उम्लेर आएको छ ।।४३।। हे प्रजापते ! तिम्रो तपस्यामा विश्वको वृद्धि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नेछ । अतएव म तिमीमाथि साह्रै प्रसन्न छु । कारण यो हो—'प्राणीहरूको वृद्धि होस्' यही नै मेरो कामना छ ॥ ४४ ॥ ब्रह्मा, शिव, तिमी, मनु तथा इन्द्र—यी सबै मेरा नै विभूतिहरू हुन् र यीनै प्राणीहरूको उत्पत्तिका कारण हुन् ॥ ४५ ॥ हे ब्रह्मन् ! तप मेरो हृदय हो, विद्या मेरो शरीर हो, कर्म मेरो आकृति हो र देवता:मेरो प्राण हुन् ॥४६॥ सृष्टिको आरम्भमा चिन्मात्र, अव्यक्त तथा सर्वतोभावले निदाएको जस्तै एकमात्र म नै थिएँ । मेरो अतिरिक्त बाहिर भित्र अरु कोही पनि थिएन ॥ ४७ ॥ जब म अनन्त गुणशाली अनन्तबाट गुणमय ब्रह्माण्ड शरीर प्रकट भयो तब अयोनिज र आदिपुरुष ब्रह्माजी जायमान भए ॥ ४८ ॥ मेरो वीर्यबाट देवश्रेष्ठ ब्रह्मा जब सृष्टि कार्य गर्ने प्रयत्न गर्न उद्यत भए तब उनले त्यस कार्यमा आफूलाई असमर्थ पाए ॥ ४९ ॥ अनि मेरै कथनानुसार देववर ब्रह्माले कठोर तप गरे र त्यसको प्रभावले उनले सर्वप्रथम तिमी नौ प्रजापतिहरूको सृष्टि गरे । हे तात ! यी पञ्चजन नामका प्रजापतिकी कन्या हुन् र असिक्नी इनको नाम हो । हे प्रजापते ! तिमी इनैलाई आफ्नी पत्नीको रूपमा स्वीकार गर ॥५०-५१॥तिमी

भूतयः ॥ ४४ ॥ ब्रह्मा भवो भवन्तश्च मनवो विबुधेश्वराः ॥ विभूतयो मम ह्येता भूतानां भूतिहेतवः ॥ ४५ ॥ तपो मे हृदयं ब्रह्मस्तनुर्विद्या क्रिया कृतिः ॥ अङ्गानि क्रतवो जाता धर्म आत्माऽसवः सुराः ॥ ४६ ॥ अहमेवासमेवाग्रे नान्यत्किञ्चान्तरं बहिः ॥ संज्ञानमात्रमव्यक्तं प्रसुप्तमिव विश्वतः ॥ ४७ ॥ मय्यनन्तगुणेऽनन्ते गुणतो गुणविग्रहः ॥ यदासीत्तत एवाद्य स्वयंभूः समभूदजः ॥ ४८ ॥ स वै यदा महादेवो मम वीर्योपबृंहितः ॥ मेने खिलमिवात्मानमुद्यतः सर्गकर्मणि ॥ ४९ ॥ अथ मेऽभिहितो देवस्तपोऽतप्यत दारुणम् ॥ नव विश्वसृजो युष्मान् येनादावसृजद्विभुः ॥ ५० ॥ एषा पञ्चजनस्याङ्ग दुहिता वै प्रजापतेः ॥ असिक्नी नाम पत्नीत्वे प्रजेश प्रतिगृह्यताम् ॥ ५१ ॥ मिथुनव्यवायधर्मस्त्वं प्रजासर्गमिमं पुनः ॥ मिथुनव्यवायधर्मिण्यां भूरिशो भावयिष्यसि ॥ ५२ ॥ त्वत्तोऽधस्तात्प्रजाः सर्वा मिथुनीभूय मायया ॥ मदीयया भविष्यन्ति हरिष्यन्ति च ते बलिम् ॥ ५३ ॥ श्रीशुक उवाच ॥ इत्युक्त्वा मिषतस्तस्य भगवान्विश्वभावनः ॥ स्वप्नोपलब्धार्थ इव तत्रैवान्तर्दधे हरिः ॥ ५४ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥ श्रीशुक उवाच ॥ तस्यां स पाञ्चजन्यां वै विष्णुमायोपबृंहितः ॥ हर्यश्वसंज्ञानयुतं पुत्रानजनयद्विभुः ॥ १ ॥ अपृथग्धर्मशीलास्ते सर्वे दाक्षायणा नृप ॥ पित्रा प्रोक्ताः प्रजासर्गे प्रतीचीं प्रययुर्दिशम् ॥ २ ॥ तत्र नारायणसर-

दाम्पत्यभावले रति-धर्मलाई स्वीकार गरेर यी मैथुन-धर्म हुने भार्याबाट धेरै प्रजा उत्पन्न गर्नेछौ ॥ ५२ ॥ तिमीपछिका सारा प्रजा मेरी मायाले मैथुन-धर्म द्वारा नै उत्पन्न हुनेछन् र सदा मेरै सेवामा तत्पर रहने छन् ॥५३॥ शुकदेव भन्नुहुन्छ—हे राजन् ! प्रजापति दक्षसित त्यति भनेर विश्वभावन भगवान् उनले हेर्दाहेर्दै त्यहीं यस प्रकार अन्तर्धान भए, जस्तै विउँझे पछि स्वप्नको संसार नष्ट भएर जान्छ ॥ ५४ ॥ इति श्री मद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥ ४॥ (नारदजीको उपदेशले हर्यश्व र शबलाश्व नामका दक्षपुत्र विरक्त हुनु र नारदलाई दक्षको श्राप)–शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! विष्णु भगवान्को मायाले वृद्धिगत तथा समर्थ दक्षले पञ्चजनकी छोरीबाट हर्यश्व नामका दस हजार पुत्र उत्पन्न गरे ॥ १ ॥ हे भूपाल ! ती सबै दक्ष-पुत्र समान स्वभावका थिए । जब तिनका पिता प्रजापति दक्षले तिनलाई प्रजा (सन्तान) उत्पन्न गर्ने आज्ञा दिए तब

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीं सबै तपस्या गर्न पश्चिम दिशातिर गए ॥ २ ॥ जहाँ–सिन्धुनद समुद्रमा गएर मिल्दछ, त्यहाँ 'नारायण-सरोवर' नामको यौटा धेरै ठूलो तीर्थ छ र अनेक ऋषि-मुनि तथा सिद्धजन त्यहाँ बस्तथे ॥ ३ ॥ त्यस तीर्थमा स्नान गर्नासाथ उनको अन्तःकरणको मल पखालियो र तिनको बुद्धि पारमहंस्य धर्ममा लाग्यो, तैपनि ती आफ्ना पिताको आज्ञामा आबद्ध रहनाले घोर तपस्या गर्न लागे। यस प्रकार प्रजाको वृद्धिका लागि उद्योगशील ती दक्षपुत्रहरूलाई नारदजीले देखे ॥ ४-५ ॥ तिनको नगीचै गएर नारदले भने–हे हर्यश्वगण, तिमी प्रजापालक भएर पनि ठूला मूर्ख रहेछौ। यस पृथ्वीको अन्त्य नदेखिकन तिमी प्रजालाई कसरी उत्पन्न गर्दछौ? ॥ ६ ॥ एउटै पुरुष हुने राष्ट्रलाई निस्कने बाटो नदेखिने प्वाललाई, बहुरूपिणी स्त्रीलाई, व्यभिचारिणी स्त्रीको पतिलाई दुवै छेउबाट टाँसिएर बग्ने नदीलाई, पचीस पदार्थको संयोगले बनेको घरलाई, चित्र-विचित्र प्वाँख हुने कुनै हंसलाई, छुरा र वज्रले निर्मित तथा स्वयं घुमिरहने चक्रलाई नदेखेर तथा आफ्ना वास्तविक पिताको आज्ञालाई नबुझेर नै उनको अनुरूप सृष्टि कसरी गर्न सक्दछौ? ॥ ७-९ ॥ शुकदेवजी भन्नुहुन्छ—

स्तीर्थं सिन्धुसमुद्रयोः ॥ संगमो यत्र सुमहन्मुनिसिद्धनिषेवितम् ॥ ३ ॥ तदुपस्पर्शनादेव विनिर्धूतमलाशयाः ॥ धर्मे पारमहंस्ये च प्रोत्पन्नमतयो-ऽप्युत ॥ ४ ॥ तेपिरे तप एवोग्रं पित्रादेशेन यन्त्रिताः ॥ प्रजाविवृद्धये यत्तान्देवर्षिस्तान्ददर्श ह ॥ ५ ॥ उवाच चाथ हर्यश्वाः कथं स्रक्ष्यथ वै प्रजाः ॥ अदृष्ट्वाऽन्तं भुवो यूयं बालिशा बत पालकाः ॥ ६ ॥ तथैकपुरुषं राष्ट्रं बिलं चादृष्टनिर्गमम् ॥ बहुरूपां स्त्रियं चापि पुमांसं पुंश्चलीपतिम् ॥ ७ ॥ नदीमुभयतोवाहां पञ्चपञ्चाद्भुतं गृहम् ॥ क्वचिद्धंसं चित्रपक्षं क्षौरपव्यं स्वयंभ्रमिम् ॥ ८ ॥ कथं स्वपितुरादेशमविद्वांसो विपश्चितः ॥ अनुरूपम-विज्ञाय अहो सर्गं करिष्यथ ॥ ९ ॥ श्रीशुक उवाच ॥ तन्निशम्याथ हर्यश्वा औत्पत्तिकमनीषया ॥ वाचःकूटं तु देवर्षेः स्वयं विममृशुर्धिया ॥१०॥ भूक्षेत्रं जीवसंज्ञं यदनादि निजबन्धनम् ॥ अदृष्ट्वा तस्य निर्वाणं किमसत्कर्मभिर्भवेत् ॥ ११ ॥ एक एवेश्वरस्तुर्यो भगवान्स्वाश्रयः परः ॥ तमदृष्ट्वा भवं पुंसः किमसत्कर्मभिर्भवेत् ॥ १२ ॥ पुमान्नैवैति यद्गत्वा बिलस्वर्गं गतो यथा ॥ प्रत्यग्धामाविद इह किमसत्कर्मभिर्भवेत् ॥ १३ ॥ नानारू-

हे राजन्! नारदजीका यी कूट वाक्य सुनेर हर्यश्वगण आफ्नो स्वाभाविक विचार शक्ति तथा बुद्धिले यस प्रकार विचार्न लागे—॥ १० ॥ जीव नामको लिङ्ग-शरीर छ भने नारदको निर्दिष्ट भूमि छ, जो आत्माको अनादि बन्धन स्वरूप छ। त्यसको अन्त्य नदेखेर नै सर्वथा जगत् कर्ममा संलग्न रहनाले के लाभ हुन सक्तछ? ॥११॥ सबै अवस्थाका साक्षी, आफ्नो नै भरमा रहने तथा प्रकृति आदि भन्दा पर यौटा ईश्वर नै छ। त्यस नित्यमुक्त परमात्मालाई नदेखेर नै पुरुषलाई अन्य कर्मले के लाभ होला? ॥ १२ ॥ जसलाई पाएर पुरुष पाताल-निवासी जीव जस्तै फेरि फर्केर आउन्न, त्यस स्वयं-ज्योतिलाई नजानेर नै संसारमा अन्य व्यर्थ कर्महरूले के लाभ हुन सक्तछ? ॥ १३ ॥ विविध प्रकारका रूप धारण गर्ने भएको *मन र त्यसकी चिरसंगिनी गुणमयी बुद्धि नै व्यभिचारिणी नारी जस्तै छ। त्यसको अन्त्य नजानेर नै

* दृष्टान्त र मन नै बन्धन (र मोक्षको कारण हो)—भगवानले अर्जुनसित भन्नुभयो—'हे तात! यदि तिमी मुक्ति प्राप्त गर्न चाहन्छौ भने विषयलाई विष जस्तै त्यागिदेऊ र क्षमा, सरलता, दया सन्तोष तथा सत्यलाई अमृत जानेर ग्रहण गर।' कुनै समय राजा जनकले एउटा सभा गरेर त्यसमा अनेक विद्वान्हरूलाई डाकेर भने—'तपाईहरूमध्ये कोही एक सज्जन, विद्वान् कुनै यस्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी असत्कर्मले के लाभ होला ? ॥१४॥ जस्तै—कोही कुनै कुलटा भार्याको सङ्गतिमा परेर पतित भएर जानास्, त्यसै गरी बहुरूपिणी बुद्धिको संसर्गले ऐश्वर्य भ्रष्ट भएर त्यसकी सुख-दुःखरूपिणी गतिहरूलाई प्राप्त जीवलाई नजान्ने पुरुषको यस संसारमा विवेक-शून्य कर्मकलापले के लाभ हुने वाला छ ?' ॥१५॥ संसारको उत्पत्ति तथा संहार गर्ने भएकी, इहलोक तथा परलोकरूपी दुवै किनारासम्म फैलिएकी र ठूलो वेगले बग्ने यस मायारूपिणी नदीलाई जो जान्दैन, त्यस उन्मत्त पुरुषलाई अन्य असत्कर्मले के लाभ होला ? ॥१६॥ त्यो अन्तर्यामी परम पुरुष पचीस तत्वको अद्भुत ऐना छ। कार्य-कारण समुदायका अधिष्ठातास्वरूप त्यस पुरुषको रूप नजानिकन व्यक्तिको असत् कर्मले के लाभ होला ? ॥१७॥ बन्धन र मोक्षको विवेकले पूर्ण ईश्वर प्रतिपादक शास्त्रलाई छाडेर तथा जड-चेतनको ज्ञान प्राप्त नगरेर बहिर्मुख कर्मले के लाभ होला ? ॥१८॥ यसै प्रकार सारा जगत्लाई आफूतिर आकर्षित गर्नेवाला,

पात्मनो बुद्धिः स्वैरिणीव गुणान्विता ॥ तन्निष्ठामगतस्येह किमसत्कर्मभिर्भवेत् ॥ १४ ॥ तत्सङ्गभ्रंशितैश्वर्यं संसरन्तं कुभार्यवत् ॥ तद्गतीरबुधस्येह किमसत्कर्मभिर्भवेत् ॥ १५ ॥ सृष्ट्यप्ययकरीं मायां वेलाकूलान्तवेगिताम् ॥ मत्तस्य तामविज्ञाय किमसत्कर्मभिर्भवेत् ॥ १६ ॥ पञ्चविंशतितत्त्वानां पुरुषोऽद्भुतदर्पणम् ॥ अध्यात्ममबुधस्येह किमसत्कर्मभिर्भवेत् ॥ १७ ॥ ऐश्वरं शास्त्रमुत्सृज्य बन्धमोक्षानुदर्शनम् ॥ विविक्तपदमज्ञाय किमसत्कर्मभिर्भवेत् ॥ १८ ॥ कालचक्रं भ्रमिस्तीक्ष्णं सर्वं निष्कर्षयज्जगत् ॥ स्वतन्त्रमबुधस्येहे किमसत्कर्मभिर्भवेत् ॥ १९ ॥ शास्त्रस्य पितुरादेशं यो न वेद निवर्तकम् ॥ कथं तदनुरूपाय गुणविश्रम्भ्युपक्रमेत् ॥ २० ॥ इति व्यवसिता राजन्हर्यश्वा एकचेतसः ॥ प्रययुस्तं परिक्रम्य पन्थानमनिवर्तनम् ॥ २१ ॥ स्वरब्रह्मणि निर्भातहृषीकेशपदाम्बुजे ॥ अखण्डं चित्तमावेश्य लोकाननुचरन्मुनिः ॥ २२ ॥ नाशं निशम्य पुत्राणां नारदाच्छीलशालि·

अतिशय स्वतन्त्र तथा कालचक्रको तीखो घुम्तीलाई नजान्ने पुरुषलाई अन्य व्यर्थ कर्महरूले के लाभ होला ? ॥१९॥ जो पुरुष पिता झैं शास्त्रको निवृत्ति परक आज्ञालाई मान्दैन, त्यो गुणमा आस्थावान् पुरुष निवृत्तिमा कसरी तत्पर होला ? ॥२०॥ हे राजन् ! यौटा मतले यस्तो निश्चित गरेर ती हर्यश्वहरूले नारदको परिक्रमा गरेर त्यो बाटो समाए—जहाँबाट प्राणीले फेरि फर्कनु पर्दैन ॥२१॥ त्यसपछि नारदजी पनि स्वरब्रह्ममा भासमान भगवान् कृष्णका चरण-कमलमा अखण्डरूपले आफ्नू चित्त स्थिर गरेर अन्य लोकमा विचरण

युक्ति बताउनोस् जसले दुइ घण्टामा ईश्वर प्राप्त होउन्। त्यस सभामा सबैं विषयका विख्यात विद्वान् उपस्थित थिए, तर राजाको प्रश्नको उत्तर कसैले दिन सकेन। अष्टावक्र बाहिरतिर गएका थिए। ती घर आएपछि आफ्नी आमासित सोधे—'पिताजी कहाँ जानुभएको छ ?' माताले भनिन्—'राजा जनकले सभा डाकेका छन्, त्यसैमा जानु भएको छ।' तत्काल अष्टावक्र पनि उहीँ पुगे। तिनको शरीरमा आठ ठाउँ बाङ्गो र गाँठो परेको देखेर सभासदहरू हाँस्न लागे। ती सभ्य जनको हाँसोले अष्टावक्रलाई अलिकति पनि ग्लानि भएन। बरु ती पनि उनैहरूसित हाँस्न लागे। अष्टावक्रसित सभासदहरूले सोधे—'तिमी किन हाँसेका ?' अष्टावक्रले ती सभ्यहरूसित सोधे—'तिमीहरू किन हाँसेका ?' ती सभ्यजनले भने—'तिम्रो आठ ठाउँमा बाङ्गो शरीर देखेर हामीलाई हाँसो उठ्यो।' अष्टावक्रले भने—'हाड मासुको दर्शकहरूको सभा देखेर मलाई पनि हाँस्न मन लाग्यो किनकि तिमीहरूले मेरो ज्ञान नहेरेर केवल शरीर हेर्‍यौ।' यो कुरा सुनेर राजा जनकलाई आश्चर्य भयो र ती अष्टावक्रको निःस्पृहता देखेर तिनका पाउमा न्यूरिए। अष्टावक्रले भने—राजन्! तिमी आफ्नो सबैभन्दा प्रिय वस्तु मलाई देऊ।' राजाले सोधे—'यो राज्य नै दिऊँ ?' अष्टावक्रले भने—राज्य दिने तिमी कुन मनले सङ्कल्प गर्दैछौ, त्यही मनलाई देऊ।' राजा जनकले आफ्नो सङ्कल्पात्मक मन उनलाई सुम्पिदिए। मन दिएपछि बाणी के रह्यो ? त्यसै बखतदेखि राजा जनक विदेह कहिन लागे।

...Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नलागे ॥२२॥ यस्ता जब नारदजीको उपदेश पाएर आफ्ना शील सम्पन्न पुत्रलाई कर्तव्यबाट च्युत सुनेर प्रजापति दक्षलाई ठूलो मन्ताप भयो। कहिले काहीं सत्सन्तान पनि शोकका कारण बन्दछन् ॥२३॥ त्यसपछि ब्रह्माजीले निकै समझाई-बुझाई गरेपछि दक्षले पत्नी पञ्चजनीबाट शवलाश्व नामका एक हजार छोरा अरु उत्पन्न गरे ॥२४॥ ती पनि पिताको आज्ञा मानेर प्रजोत्पत्तिको सङ्कल्प गरी उही नारायण-सरोवरमा गए, जहाँ गएर उनका पूर्वजहरूले सिद्धि पाएका दिए ॥२५॥ त्यस सरोवरमा मात्र नुहाउनाले पनि तिनका मनको सम्पूर्ण मयल पखालियो र ती परब्रह्म अर्थात् ॐ कारको जप गर्दै घोर तपस्या गर्नलागे ॥२६॥ ती सबैले केही महीना केवल जल र त्यसपछि केवल वायु पिएर यस यन्त्रको जप गर्दै मन्त्राधिपति विष्णु भगवान्को आराधना गरे ॥२७॥ 'ॐ परम पुरुष र महान आत्मा स्वरूप नारायणलाई नमस्कार छ। ती विशुद्ध सत्वगुणका आधार तथा पपमहंसस्वरूप परमेश्वरको हामी चिन्तन गर्दछौं' ॥२८॥ हे राजेन्द्र ! यस प्रकार सृष्टि वृद्धिका इच्छुक ती शवलाश्वहरूको पनि नगीचै गएर एक दिन देवर्षि नारदले पहिले

नाम् ॥ अन्वतप्यत कः शोचन्सुप्रजस्त्वं शुचां पदम् ॥ २३ ॥ स भूयः पाञ्चजन्यायामजेन परिसान्त्वितः ॥ पुत्रानजनयद्दक्षः शवलाश्वान्सहस्रशः ॥२४॥ तेऽपि पित्रा समादिष्टाः प्रजासर्गे धृतव्रताः ॥ नारायणसरो जग्मुर्यत्र सिद्धाः स्वपूर्वजाः ॥ २५ ॥ तदुपस्पर्शनादेव विनिर्धूतमलाशयाः ॥ जपन्तो ब्रह्म परमं तेपुस्तेऽत्र महत्तपः ॥ २६ ॥ अब्भक्षाः कतिचिन्मासान्कतिचिद्वायुभोजनाः ॥ आराधयन्मन्त्रमिमभ्यस्यन्त इडस्पतिम् ॥ २७ ॥ ॐ नमो नारायणाय पुरुषाय महात्मने ॥ विशुद्धसत्त्वधिष्ण्याय महाहंसाय धीमहि ॥ २८ ॥ इति तानपि राजेन्द्र प्रतिसर्गधियो मुनिः ॥ उपेत्य नारदः प्राह वाचःकूटानि पूर्ववत् ॥ २९ ॥ दाक्षायणाः संशृणुत गदतो निगमं मम ॥ अन्विच्छतानुपदवीं भ्रातॄणां भ्रातृवत्सलाः ॥३०॥ भ्रातणां प्रायणं भ्राता योऽनुतिष्ठति धर्मवित् ॥ स पुण्यबन्धुः पुरुषो मरुद्भिः सह मोदते ॥ ३१ ॥ एतावदुक्त्वा प्रययौ नारदोऽमोघदर्शनः ॥ तेऽपि चान्वगमन्मार्गं भ्रातॄणामेव मारिष ॥ ३२ ॥ सध्रीचीनं प्रतीचीनं परस्यानुपथं गताः ॥ नाद्यापि ते निवर्तन्ते पश्चिमा यामिनीरिव ॥३३॥ एतस्मिन्काल उत्पातान्बहून्पश्यन्प्रजापतिः ॥ पूर्ववन्नारदकृतं पुत्रनाशमुपाशृणोत् ॥ ३४ ॥ चुक्रोध नारदायासौ पुत्रशोकविमूर्छितः ॥ देवर्षिमुपलभ्याह रोषाद्विस्फुरिताधरः ॥ ३५ ॥ दक्ष उवाच ॥ अहो असाधो साधूनां साधुलिङ्गेन नस्त्वया ॥ असाध्वकार्यर्भकाणां भिक्षो-

कै समान कूटवाक्यमा यस प्रकार भने–॥२९॥ 'हे दक्षपुत्र हो ! मैले भनेको सुन । हे भ्रातृवत्सल हो ! तिमीले आफ्ना दाजूहरूकै बाटोमा चल्नु उचित छ ॥३०॥ जुन धर्मज्ञ भ्राता आफ्ना दाजूहरूको बाटो समाउँछन्, त्यो पुण्य बन्धु पुरुष परलोकमा मरुद्गणहरूसित सुख भोग्दछ' ॥३१॥ हे राजन् ! शवलाश्वहरूसित त्यति भनेर अमोध दर्शन नारदजी त्यहाँबाट हिंडी गए र ती दक्ष कुमारहरूले पनि आफ्ना दाजूहरूको बाटो समाए ॥३२॥ ती आफ्नो अन्तर्मुखी वृत्ति द्वारा प्राप्त हुने योग्य समीचीन तथा परमेश्वरलाई प्राप्त गराउने बाटोमा हिंड्न लागे, जसले अतीत रात्रि जस्तै ती फेरि फर्कर आएनन् ॥ ३३ ॥ त्यसै अवसरमा अनेक थरिका उत्पात हुन लागेको देखेर जब प्रजापति दक्षले नारदजीको प्रेरणाले पहिले जस्तै आफ्ना अरू पुत्रहरूलाई पनि कर्तव्यबाट च्युत भएको सुनेर पुत्र शोकले मूर्च्छित भई नारदजी माथि सान्है रिसाए र जब ती भेटिए तब दक्षले भने।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस बखत वर्ता रिसले उनको अधरोष्ठ कामिरहेको थियो ॥३४-३५॥ दक्षले भने—अरे दुष्ट ! तैंले माथिबाट साधु जस्तै भेष बनाएर मसित यो क्रूर व्यवहार गरिस, जो मेरा धर्मपरायण छोराहरूलाई संन्यास मार्गको उपदेश दिई तिनलाई सृष्टि कर्मबाट विमुख पारिदियौ ॥ ३६ ॥ हे पापी ! जो अहिले देव, ऋषि तथा पितृऋणबाट मुक्त भएको थिएन, तिनले कर्मको विषयमा केही पनि विचार गरेका थिएनन्, ती मेरा पुत्रको इहलोक र परलोक दुवै लोक प्राप्त हुने श्रेयलाई तैंले नष्ट पारिस ॥ ३७ ॥ तँ बालकहरूको बुद्धि बिगान धेरै ठूलो निर्दयी होस् । यस प्रकार भगवानका यशलाई कलङ्कित पार्ने भएर पनि तँ निर्लज्जता साथ भगवान्का पार्षदहरूमा रहन्छस् ॥ ३८ ॥ हे धूर्त ! तँबाहेक अरु सबै भगवद्भक्त सर्वदा सबै प्राणीहरूमा कृपा गर्न काँतर रहन्छन् । तँ त सौहार्दको नाशक र शत्रुता नगर्नेको पनि शत्रु होस् ॥ ३९ ॥ के तँलाई थाहा छ—तिनले संन्यास वेश धारण गर्नमात्रले नै स्नेहको बन्धन काटिदिने भएको शान्ति तिनलाई प्राप्त हुन सक्तछ ! तेरो यो विचार उचित होइन किनकि ज्ञानी नभैकन केवल तैंले मनपरी शिक्षा दिनाले नै तिनलाई वैराग्य प्राप्त हुनेछ

मार्गः प्रदर्शितः ॥ ३६ ॥ ऋणैस्त्रिभिरमुक्तानाममीमांसितकर्मणाम् ॥ विघातः श्रेयसः पाप लोकयोरुभयोः कृतः ॥ ३७ ॥ एवं त्वं निरनुक्रोशो बालानां मतिभिद्धरेः ॥ पार्षदमध्ये चरसि यशोहा निरपत्रपः ॥ ३८ ॥ ननु भागवता नित्यं भूतानुग्रहकातराः ॥ ऋते त्वां सौहृदघ्नं वै वैरङ्करमवैरिणाम् ॥ ३९ ॥ नेत्थं पुंसां विरागः स्यात्त्वया केवलिना मृषा ॥ मन्यसे यद्युपशमं स्नेहपाशनिकृन्तनम् ॥ ४० ॥ नानुभूय न जानाति पुमान्विषयतीक्ष्णताम् ॥ निर्विद्येत स्वयं तस्मान्न तथा भिन्नधीः परैः ॥ ४१ ॥ यन्नस्त्वं कर्मसंधानां साधूनां गृहमेधिनाम् ॥ कृतवानसि दुर्मर्षं विप्रियं तव मर्षितम् ॥४२॥ तन्तुकृन्तन यन्नस्त्वमभद्रमचरः पुनः ॥ तस्माल्लोकेषु ते मूढ न भवेद्भ्रमतः पदम् ॥ ४३ ॥ श्रीशुक उवाच ॥ प्रतिजग्राह तद्बाढं नारदः साधुसंमतः ॥ एतावान्साधुवादो हि तितिक्षेतेश्वरः स्वयम् ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नारदशापो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥ श्रीशुक उवाच ॥ ततः प्रचेतसोऽसिक्न्यामनुनीतः स्वयंभुवा ॥ षष्टिं सञ्जनयामास दुहितॄः पितृवत्सलाः ॥ १ ॥ दश धर्माय कायेन्दोर्द्विषट् त्रिणव दत्तवान् ॥ भूताङ्गिरः कृशाश्वेभ्यो द्वे द्वे तार्क्ष्याय चापराः ॥ २ ॥ नामधेयान्यमूषां त्वं सापत्यानां च मे शृणु ॥

॥४०॥ छुनें पनि मनुष्य जबसम्म विषयको अनुभव गर्दैन, तबसम्म त्यसलाई तिनको कटुता ज्ञात हुन सक्तैन । तिनको दुःखरूपताको स्वयं अनुभव गरेपछि प्राणीलाई जस्तो वैराग्य प्राप्त हुन्छ, त्यस्तो वैराग्य अरूले मनपरि दिएको शिक्षाले हुँदैन ॥ ४१ ॥ धर्म मर्यादाका प्रतिपालक हामी जस्तै गृहस्थलाई तैंले जुन पहिले कटु अप्रिय गरिस्, त्यो मैले सहन गरेकै थिएँ ॥ ४२ ॥ तर हे मेरा सन्तानको उच्छेदन गर्ने पापी ! फेरि पनि तैंले हाम्रो अहित गरिस ! अतः हे मूढ ! सबै लोकहरूमा डुलिरहने तेरो कहिले पौटा अडिने निश्चित स्थान हुने छैन (तँ यता उता ठक्कर खाइरहनेछस्) ॥ ४३ ॥ शुकदेवजी भन्नहुन्छ——हे राजन ! अनि साधु-सम्मानित नारदजीले 'असल कुरा हो' भनेर दक्षको त्यो श्राप स्वीकार गरे, किनकि संसारमा साधु त्यही हो जो शक्तिशाली भएर पनि अरूको अपराध सहन गरोस् ॥४४॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे पं० गौरीशंकर 'वशिष्ठ' कृत नेपाली भाषा टीकायां पञ्चमोऽध्यायः ॥ ५ ॥ (प्रजापतिदक्षका साठी छोरीहरू र तिनको वंश विस्तार)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! त्यसपछि ब्रह्माजीले बुझाएपछि प्रजापति दक्षले आफ्नी

... Bhattarai Collection, Nagarjun Z, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भार्या असिक्नीबाट साठी कन्याहरू उत्पन्न गरे ॥ १ ॥ ती सबै पितृवत्सला थिए। तीमध्ये दसौटी धर्मलाई, तेह्र छोरी कश्यपलाई, सत्ताइस चन्द्रमालाई, दुइ-दुइ छोरी भूत, अङ्गिरा र कृशाश्वलाई र शेष-चार कन्या तार्क्ष्य (कश्यप) लाई दिए ॥ २ ॥ हे राजन् ! ती दस कन्या र तिनका सन्ततिको नाम सुन । तिनै सन्तानहरूले (स्वर्ग, मर्त्य तथा पाताल) यी तीनै लोक भरिए ॥ ३ ॥ भानु, लम्बा, ककुभ, जामि, विश्वा, साध्या, मरुन्धती, वसु, मुहूर्ता र सङ्कल्पा–यी दस धर्मका भार्या थिए। अब तिनका छोराहरूको नाम भन्दछु, सुन ॥ ४ ॥ हे नृप ! भानुका छोरा देवऋषभ र उनका पुत्र इन्द्रसेन भए। लम्बाको पुत्र विद्योत र उसका स्तनयित्नु नामका पुत्र भयो ॥ ५ ॥ ककुभको पुत्र संकट र उसको कीकट तथा कीकटका सबै छोरा दुर्गाभिमानी देवता भए। यसै प्रकार जामिबाट स्वर्ग तथा उसको नन्दि उत्पन्न भए ॥६॥ विश्वाका विश्वदेव भए। लोकको भनाइ छ—तिनका सन्तान भएनन्। साध्याबाट साध्यगण तथा तिनीबाट अर्थसिद्धिको जन्म भयो ॥ ७ ॥ मरुन्धतीबाट मरुमान र जयन्त दुइ छोरा उत्पन्न भए । जयन्त साक्षात् वासुदेवका

यासां प्रसूतिप्रसवैर्लोका आपूरितास्त्रयः ॥ ३ ॥ भानुर्लम्बा ककुब्जामिर्विश्वा साध्या मरुत्वती ॥ वसुर्मुहूर्ता संकल्पा धर्मपत्न्यः सुताञ्छृणु ॥ ४ ॥ भानोस्तु देवऋषभ इन्द्रसेनस्ततो नृप ॥ विद्योत आसीलम्बायास्ततश्च स्तनयित्नवः ॥ ५ ॥ ककुभः संकटस्तस्य कीकटस्तनयो यतः ॥ भुवो दुर्गाणि जामेयः स्वर्गो नन्दिस्ततोऽभवत् ॥ ६ ॥ विश्वेदेवास्तु विश्वाया अप्रजांस्तान्प्रचक्षते ॥ साध्यो गणस्तु साध्याया अर्थसिद्धिस्तु तत्सुतः ॥७॥ मरुत्वाँश्च जयन्तश्च मरुत्वत्यां बभूवतुः ॥ जयन्तो वासुदेवांश उपेन्द्र इति यं विदुः ॥ ८ ॥ मौहूर्तिका देवगणा मुहूर्तायाश्च जज्ञिरे ॥ ये वै फलं प्रयच्छन्ति भूतानां स्वस्वकालजम् ॥ ९ ॥ संकल्पायाश्च संकल्पः कामः संकल्पजः स्मृतः ॥ वसवोऽष्टौ वसोः पुत्रास्तेषां नामानि मे शृणु ॥ १० ॥ द्रोणः प्राणो ध्रुवोऽर्कोऽग्निर्दोषो वसुर्विभावसुः ॥ द्रोणस्याभिमतेः पत्न्या हर्षशोकभयादयः ॥ ११ ॥ प्राणस्योर्जस्वतो भार्या सह आयुः पुरोजवः ॥ ध्रुवस्य भार्या धरणिरसूत विविधाः पुरः ॥ १२ ॥ अर्कस्य वासना भार्या पुत्रास्तर्षादयः स्मृताः ॥ अग्नेर्भार्या वसोर्धारा पुत्रा द्रविणकादयः ॥ १३ ॥ स्कन्दश्च कृत्तिकापुत्रो ये विशाखादयस्ततः ॥ दोषस्य शर्वरीपुत्रः शिशुमारो हरेः कला ॥ १४ ॥ वसोराङ्गिरसी

अंश थिए, उनलाई उपेन्द्र भन्ने नामले पनि जान्दछन् ॥ ८ ॥ मुहूर्ता द्वारा मुहूर्तका अभिमानी देवता जन्मे–जो जीवलाई बेला-बेलामा उनको कर्मानुसार शुभाशुभ फल दिने गर्दछन् ॥ ९ ॥ सङ्कल्पाबाट सङ्कल्पको उत्पत्ति भयो। यिनै संकल्पका पुत्र 'काम' नामले विख्यात भए। वसुका पुत्र आठै वसु भए। तिनको नाम भन्दछु, सुन–॥१०॥ द्रोण, प्राण, ध्रुव, अर्क, अग्नि, दोष, वसु र विभावसु। तिनमा द्रोणकी अभिमति नामकी पत्नीबाट हर्ष, शोक भय-आदि उत्पन्न भए ॥ ११ ॥ प्राणकी पत्नी ऊर्जस्वतीबाट सह, आयु र पुरोजव नामका तीन पुत्र उत्पन्न भए र ध्रुवकी पत्नी धरणीले अनेक नगरहरू उत्पन्न गरिन् ॥ १२ ॥ अर्ककी पत्नी वासनाबाट तर्ष आदि पुत्र जन्मे। अग्नि नामका वसुकी पत्नी धाराबाट द्रविणकादि अनेक छोरा भए। कृत्तिका-पुत्र स्कन्द पनि अग्निबाटै उत्पन्न भएका थिए। ती स्कन्दका विशाख आदि छोरा भए। दोषकी भार्या शर्वरीको गर्भबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्‌का अंशस्वरूप शिशुमार उत्पन्न भए ॥१३॥१४॥ वसुकी पत्नी आङ्गिरसीबाट शिल्पीहरूका प्रधान विश्वकर्मा जन्मे । तीबाट चाक्षुषमनु र उनका विश्वेदेव र साध्यगण जन्मे ॥१५॥ विभावसुकी पत्नी उषाका व्युष्ट, रोचिष र आतप तीन पुत्र भए । इनमा आतपका पञ्चयाम वा पाँच प्रहरको दिन पुत्ररूपमा उत्पन्न भए । यिनैले गर्दा जनहरू कर्ममा प्रवृत्त हुन्छन् ॥१६॥ दक्षका अरु कन्यामध्ये भूतकी भार्या सरूपाबाट कोटिशः रुद्र उत्पन्न भए । तीमध्ये रैवत, अज, भव, भीम, वाम, उग्र, वृषाकपि, अजैकपाद, अहिर्बुध्न्य, बहुरूप र महान् यी एघार रुद्र मुख्य मानिन्छन् । यसै प्रकार अनेक भूत तथा विनायकहरूको उत्पत्ति भयो, जुन ती रुद्रका मित्र भए ॥१७॥१८॥ अंगिरा प्रजापतिकी जेठी स्त्री स्वधाले पितृगणलाई र कान्छी पत्नीले अथर्वाङ्गिरस नामको एक वेदलाई पुत्ररूपमा प्राप्त गरे ॥१९॥ यसै प्रकार कृशाश्वले आफ्नी भार्या अर्चिबाट धूम्रकेश तथा धिषणाबाट वेदशिरा, देवल, वयुन एवं मनु यी चार पुत्र उत्पन्न गरे ॥२०॥ तार्क्ष्यकी विनता, कद्रू, पतंगी तथा यामिनी नामका चार स्त्री थिए । तिनमा पतङ्गीले पक्षिहरू र यामिनीले फतिङ्गाहरू उत्पन्न गरे ॥२०॥

पुत्री विश्वकर्माऽऽकृतीपतिः ॥ ततो मनुश्चाक्षुषोऽभूद्विश्वे साध्या मनोः सुताः ॥ १५ ॥ विभावसोरसूतोषा व्युष्टं रोचिषमातपम् ॥ पञ्चयामोऽथ भूतानि येन जाग्रति कर्मसु ॥ १६ ॥ सरूपाऽसूत भूतस्य भार्या रुद्रांश्च कोटिशः ॥ रैवतोऽजो भवो भीमो वाम उग्रो वृषाकपिः ॥ १७ ॥ अजैकपादहिर्बुध्न्यो बहुरूपो महानिति ॥ रुद्रस्य पार्षदाश्चान्ये घोरा भूतविनायकाः ॥ १८ ॥ प्रजापतेरङ्गिरसः स्वधा पत्नी पितॄनथ ॥ अथर्वाङ्गिरसं वेदं पुत्रत्वे चाकरोत्सती ॥ १९ ॥ कृशाश्वोऽर्चिषि भार्यायां धूम्रकेशमजीजनत् ॥ धिषणायां वेदशिरो देवलं वयुनं मनुम् ॥ २० ॥ तार्क्ष्यस्य विनता कद्रूः पतङ्गी यामिनी इति ॥ पतङ्ग्यसूत पतगान्यामिनी शलभानथ ॥ २१ ॥ सुपर्णाऽसूत गरुडं साक्षाद्यज्ञेशवाहनम् ॥ सूर्यसूतमनूरुं च कद्रूर्नागाननेकशः ॥ २२ ॥ कृत्तिकादीनि नक्षत्राणीन्दोः पत्न्यस्तु भारत ॥ दक्षशापात्सोऽनपत्यस्तासु यक्ष्मग्रहार्दितः ॥ २३ ॥ पुनः प्रसाद्य तं सोमः कला लेभे क्षयोदिताः ॥ शृणु नामानि लोकानां मातॄणां शङ्कराणि च ॥ २४ ॥ अथ कश्यपपत्नीनां यत्प्रसूतमिदं जगत् ॥ अदितिर्दितिर्दनुः काष्ठा अरिष्टा सुरसा इला ॥ २५ ॥ मुनिः क्रोधवशा ताम्रा सुरभिः सरमा तिमिः ॥ तिमेर्यादोगणा आसन् श्वापदाः सरमा सुताः ॥ २६ ॥ सुरभेर्महिषा गावो ये चान्ये द्विशफा नृप ॥ ताम्रायाः श्येनगृध्राद्या मुनेरप्सरसां गणा ॥ २७ ॥ दन्दशूकादयः सर्पा राजन् क्रोधवशात्मजाः ॥

यसै प्रकार सुपर्णा अर्थात् विनताबाट साक्षात् विष्णु भगवान्‌का वाहन गरुड तथा सूर्यका सारथि अरुण जायमान भए र कद्रूबाट अनेक नागको उत्पत्ति भयो ॥२२॥ हे भरतनन्दन ! कृत्तिका आदि सत्ताइस तारागण चन्द्रमाका भार्या थिए । कुनै समय दक्षको श्रापले चन्द्रमालाई क्षयरोग लाग्यो । अतएव ती पत्नीहरूबाट उनका कुनै सन्तान भएनन् ॥२३॥ प्रजापति दक्षलाई पुनः प्रसन्न पारेपछि उनलाई कृष्णपक्षमा नष्ट कलाहरू शुक्ल पक्षमा पूर्ण हुने वरदान मिल्यो । तैपनि तिनका सन्तान भएनन् । त्यसपछि जसद्वारा सारा जगत् उत्पन्न भएको छ, ती कश्यप-पत्नीहरूको नाम सुन । ती थिए–अदिति, दिति, दनु, काष्ठा, अरिष्टा, सुरसा, इला, मुनि, क्रोधवशा, ताम्रा, सरमा र तिमी । तीमध्ये तिमिका छोरा जलचरगण र सरमाका व्याघ्रादि श्वापदगण उत्पन्न भए ॥२४-२६॥ हे नृप ! सुरभिबाट महिष गाई र अन्य दुइ खुरे पशु उत्पन्न भए । ताम्राबाट बाज र गिद्ध आदि पक्षी जन्मिए ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षकी मुनि नामकी पत्नीबाट अप्सराहरूका समुदाय उत्पन्न भए ॥२७॥ हे राजन् ! क्रोधवशाबाट दन्दशूक आदि सर्पगण उत्पन्न भए, उसै गरी सबै वृक्ष इलाबाट र सबै राक्षस सुरसाबाट उत्पन्न भए ॥२८॥ अरिष्टाबाट गन्धर्वगण र काष्ठाबाट एक खुर हुने पशु उत्पन्न भए। कश्यपकी पत्नी दनुबाट एकसट्ठी छोरा जन्मिए। तीमध्ये ठूला-ठूला दानवका नामहरू सुन–॥२९॥ ती थिए–द्विमूर्धा, शम्बर, अरिष्ट, हयग्रीव, विभावसु, अयोमुख, शंकुशिरा, स्वर्भानु, कपिल, अरुण, पुलोमा, वृषपर्वा, एकचक्र, धूम्रकेश, विरूपाक्ष, विप्रचिति, तथा दुर्जन ॥३०॥३१॥ स्वर्भानु दानवकी कन्या सुप्रभासित नमुचिको र वृषपर्वाकी छोरी शर्मिष्ठासित महाबली नहुषनन्दन ययातिको विवाह भएको थियो ॥३२॥ वैश्वानर दानवकी चार सुन्दरी छोरीहरू उपदानवी, हयशिरा, पुलोमा र कालका नामले विख्यात भए। तीमध्ये उपदानवीसित हिरण्याक्षको र हयशिरासित क्रतुको विवाह भयो। पुलोमा तथा कालका ती दुवै वैश्वानर-पुत्रीको भगवान् ब्रह्माको आज्ञाले कश्यपजीसित विवाह भयो। तिनैद्वारा पैलोमा तथा कालकेय नामका एक हजार रणवीर दानव उत्पन्न

इलाया भूरुहाः सर्वे यातुधानाश्च सौरसाः ॥ २८ ॥ अरिष्टायाश्च गन्धर्वाः काष्ठाया द्विशफेतराः ॥ सुता दनोरेकषष्टिस्तेषां प्राधानिकाञ्छृणु ॥ २९ ॥ द्विमूर्धा शम्बरोऽरिष्टो हयग्रीवो विभावसुः ॥ अयोमुखः शंकुशिराः स्वर्भानुः कपिलोऽरुणः ॥ ३० ॥ पुलोमा वृषपर्वा च एकचक्रोऽनुतापनः ॥ धूम्रकेशो विरूपाक्षो विप्रचित्तिश्च दुर्जयः ॥ ३१ ॥ स्वर्भानोः सुप्रभां कन्यामुवाह नमुचिः किल ॥ वृषपर्वणस्तु शर्मिष्ठां ययातिर्नाहुषो बली ॥ ३२ ॥ वैश्वानरसुता याश्च चतस्रश्चारुदर्शनाः ॥ उपदानवी हयशिरा पुलोमा कालका तथा ॥ ३३ ॥ उपदानवीं हिरण्याक्षः क्रतुर्हयशिरां नृप ॥ पुलोमां कालकां च द्वे वैश्वानरसुते तु कः ॥ ३४ ॥ उपयेमेऽथ भगवान्कश्यपो ब्रह्मचोदितः ॥ पौलोमाः कालकेयाश्च दानवा युद्धशालिनः ॥ ३५ ॥ तयोः षष्टिसहस्राणि यज्ञघ्नांस्ते पितुः पिता ॥ जघान स्वर्गतो राजन्नेक इन्द्रप्रियङ्करः ॥ ३६ ॥ विप्रचित्तिः सिंहिकायां शतं चैकमजीजनत् ॥ राहुज्येष्ठं केतुशतं ग्रहत्वं य उपागताः ॥ ३७ ॥ अथातः श्रूयतां वंशो योऽदितेरनुपूर्वशः ॥ यत्र नारायणो देवः स्वांशेनावतरद्विभुः ॥ ३८ ॥ विवस्वानर्यमा पूषा त्वष्टाऽथ सविता भगः ॥ धाता विधाता वरुणो मित्रः शक्र उपक्रमः ॥ ३९ ॥ विवस्वतः श्राद्धदेवं संज्ञाऽसूयत वै मनुम् ॥ मिथुनं च महाभागा यमं देवं यमीं तथा ॥ सैव भूत्वाऽथ वडवा नासत्यौ सुषुवे भुवि ॥४०॥ छाया शनैश्चरं लेभे सावर्णिं च मनुं ततः ॥

भए ॥३३-३५॥ ती दानव सबैका यज्ञमा विघ्न पार्दै रहन्थे। यस कारण हे राजन् ! इन्द्रको भलो गर्न भएका तिम्रा पितामह अर्जुनले जब ती स्वर्गमा बस्तथे, त्यसै बखत एक्लै गएर तिनीहरूलाई मारेका थिए ॥३६॥ विप्रचित्ति दानवले सिंहिकाको गर्भबाट एक सय पुत्र उत्पन्न गऱ्यो, जसमा सबभन्दा जेठो राहु थियो र शेष सय पुत्र केतु कहिन्थे। पछि गएर ती सबै ग्रहत्वमा प्राप्त भए ॥ ३७ ॥ अब म क्रमशः अदितिका वंशको वर्णन गर्दछु, सुन–त्यस वंशमा सर्वव्यापक साक्षात् नारायण आफ्ना अंशले अवतीर्ण भएका थिए ॥३८॥ विवस्वान, अर्यमा, पूषा, त्वष्टा, सविता, भग, धाता, विधाता, वरुण, मित्र, शुक्र र उपक्रम–यी बाह आदित्य अदितिका नै छोरा थिए ॥३९॥ विवस्वान्ले आफ्नी भार्या महाभागा श्रद्धादेवीबाट श्राद्धदेव मनु, यम र यमी यी दुवैलाई उत्पन्न गरे, अनि तिनै संज्ञादेवीले घोडीको रूप धारण गरेर दुवै अश्विनीकुमारलाई उत्पन्न गरिन् ॥४०॥ विवस्वान्की

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्की भार्या छायाबाट शनैश्चर तथा सावर्णि मनु नामका दुइ पुत्र एवं तपती नामकी कन्या यी तीन सन्तान जन्मे । विवस्वान्की कन्या तपतीले संवरणलाई आफ्नो पति रोजिन् ॥४१॥ अर्यमा र उनकी पत्नी मातृकाका पुत्र चर्षणी अर्थात् कृताकृत ज्ञानसम्पन्न मनुष्य भए । तिनैद्वारा ब्रह्माजीले मनुष्य जातिका ब्राह्मण आदि चारै वर्णको कल्पना गरे ॥ ४२ ॥ पूषा निःसन्तान थिए । तिनका दाँत थिएनन्, त्यसै कारण ती पिंधेको अन्न खान्थे । पूर्वसमयमा ती दक्षमाथि कुपित महादेवतिर डिच्च दाँत पारेर हाँसेथे, त्यसै कारण तिनका दाँत भाँचिदिएथे ॥४३॥ दैत्यहरूकी अनुजा (बहिनी) रचना त्वष्टाकी पत्नी थिइन् । ती दुवैद्वारा सन्निवेश र महापराक्रमी विश्वरूप उत्पन्न भए ॥ ४४ ॥ यद्यपि विश्वरूप देवताहरूका शत्रु (दैत्य) का दौहित्र (नाती) थिए, तापनि जब इन्द्रद्वारा अपमानित भएर देवगुरु बृहस्पतिले देवताहरूको पौरोहित्य त्यागिदिए, तब देवताले उनलाई (विश्वरूप) लाई आफ्नो पुरोहित तुल्याए ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥ ६ ॥ (देवताले बृहस्पतिको अपमान गर्नाले ऐश्वर्यहीन हुनु र विश्वरूपलाई पुरोहित तुल्याउनु)—यति कथा सुनेर परीक्षित्ले सोधे—हे भगवन् ! आचार्य बृहस्पतिले आफ्ना प्रिय देवतालाई किन त्यागेथे ? ती द्वारा आफ्ना

कन्यां च तपती या वै वव्रे संवरणं पतिम् ॥ ४१ ॥ अर्यम्णो मातृका पत्नी तत्रश्चर्षणयः सुताः ॥ यत्र वै मानुषी जातिर्ब्रह्मणा चोपकल्पिता ॥ ४२ ॥ पूषाऽनपत्यः पिष्टादी भग्नदन्तोऽभवत्पुरा ॥ योऽसौ दक्षाय कुपितं जहास विवृतद्विजः ॥ ४३ ॥ त्वष्टुर्दैत्यानुजा भार्या रचना नाम कन्यका ॥ संनिवेशस्तयोर्जज्ञे विश्वरूपश्च वीर्यवान् ॥ ४४ ॥ तं वव्रिरे सुरगणा दौहित्रं द्विषतामपि ॥ विमतेन परित्यक्ता गुरुणाऽऽङ्गिरसेन यत् ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे पष्ठस्कन्धे षष्ठोऽध्यायः ॥ ६ ॥ राजोवाच ॥ कस्य हेतोः परित्यक्ता आचार्येणात्मनः सुराः ॥ एतदाचक्ष्व भगवञ्छिष्याणामक्रमं गुरौ ॥ १ ॥ श्रीशुक उवाच ॥ इन्द्रस्त्रिभुवनैश्वर्यमदोल्लङ्घितसत्पथः ॥ मरुद्भिर्वसुभी रुद्रैरादित्यैर्ऋभुभिर्नृप ॥ २ ॥ विश्वेदेवैश्च साध्यैश्च नासत्याभ्यां परिश्रितः ॥ सिद्धचारणगन्धर्वैर्मुनिभिर्ब्रह्मवादिभिः ॥ ३ ॥ विद्याधराप्सरोभिश्च किन्नरैः पतगोरगैः ॥ निषेव्यमाणो मघवान्स्तूयमानश्च भारत ॥ ४ ॥ उपगीयमानो ललितमास्थानाध्यासनाश्रितः ॥ पाण्डुरेणातपत्रेण चन्द्रमण्डलचारुणा ॥ ५ ॥ युक्तश्चान्यैः पारमेष्ठ्यैश्चामरव्यजनादिभिः ॥ विराजमानः पौलोम्या सहार्धासनया भृशम् ॥ ६ ॥ स यदा परमाचार्यं देवानामात्मनश्च ह ॥ नाभ्यनन्दत संप्राप्तं

गुरुको के व्यतिक्रम भयो, त्यो भन्नुहवस् ॥ ११ ॥ शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! एक समय त्रिभुवनको ऐश्वर्य-मदले मत्त भएर सन्मार्ग छाड्ने इन्द्र प्रसन्नतापूर्वक इन्द्राणीसित आफ्नो सभामा उच्च सिंहासनमा बसेका थिए । मरुत् वसु, रुद्र, आदित्य, ऋभु, विश्वेदेव, साध्यगण र अश्विनीकुमार तिनको सेवा गर्दै थिए । सिद्ध, चारण, गन्धर्व, अनेक ब्रह्मवादी मुनि, विद्याधर, अप्सरा, किन्नर, पक्षी र नाग तिनको सेवा र स्तुति गरिरहेथे । सर्वैतिर ललित स्वरमा उनको गुण गाइरहेको थियो । तिनको मास्तिर चन्द्रमण्डल झैं राम्रो र सेतो छत्र लगाइएको थियो र उत्तम चमर व्यजन आदि राजोचित चिह्न त्यहाँ विद्यमान थिए ॥ २-६ ॥ त्यसै बखत आफ्ना र देवताहरूका गुरु तथा सुरासुर वन्दित मुनिश्रेष्ठ बृहस्पतिलाई सभामा उपस्थित देखेर पनि जब इन्द्रले उनको प्रत्युत्थान अर्थात् आएका देखेर स्वागत तथा उठेर आसनादि दिई सत्कार गरेनन् र ती आफ्नो आसनबाट उठेनन्

... Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि परम समर्थ तथा त्रिकालदर्शी विद्वान् बृहस्पति तत्काल सभाबाट फर्किए। यतिले नै उनले बुझिहाले–यो ऐश्वर्यमदको विकार हो, ती नबोली आफ्नो घर गए ॥ ७-९ ॥ जब इन्द्रलाई सम्झना र विचार भयो––मैले आफ्नो *सफलताको साँचो स्वरूप गुरुको अपमान गरें, तब ती भरिएको सभामा स्वयं आफूलाई धिक्कार्न लागे ॥ १० ॥ उनले भने––म तुच्छबुद्धि द्वारा यो धेरै ठूलो अपराध भयो, ऐश्वर्यमदमा अन्धो भएर यस देवसभामा आएका गुरुको अवज्ञा गरें ॥ ११ ॥ जसले मोहग्रस्त भएर देवताहरूको अधिपति भएर पनि मेरो मनमा यस्तो आसुरी भाव जागृत भयो, तब इन्द्र-लक्ष्मीको पनि कुन बुद्धिमान व्यक्ति इच्छा गर्ला ? ॥ १२ ॥ जसको यस्तो विचार छ कि सार्वभौम राजा जब सिंहासनमा बस्तछ उस बखत कोही आए पनि नउठोस्, ती व्यक्ति उत्तम धर्मको मर्यादा जान्दैनन् ॥ १३ ॥ यस्ता कुमार्गका उपदेशक र घोर नरकगामी मूर्खका वचन–

प्रत्युत्थानासनादिभिः ॥ ७ ॥ वाचस्पतिं मुनिवरं सुरासुरनमस्कृतम् ॥ नोच्चचालासनादिन्द्रः पश्यन्नपि सभागतम् ॥ ८ ॥ ततो निर्गत्य सहसा कविराङ्गिरसः प्रभुः ॥ आययौ स्वगृहं तूष्णीं विद्वाञ्छ्रीमदविक्रियाम् ॥९॥ तर्ह्येव प्रतिबुद्ध्येन्द्रो गुरुहेलनमात्मनः ॥ गर्हयामास सदसि स्वयमात्मानमात्मना ॥ १० ॥ अहो बत मयाऽसाधु कृतं वै दभ्रबुद्धिना ॥ यन्मयैश्वर्यमत्तेन गुरुः सदसि कात्कृतः ॥ ११ ॥ को गृध्येत्पण्डितो लक्ष्मीं त्रिविष्टपपतेरपि ॥ ययाऽहमासुरं भावं नीतोऽद्य विबुधेश्वरः ॥ १२ ॥ ये पारमेष्ठ्यं धिषणमधितिष्ठन्नकश्चन ॥ प्रत्युत्तिष्ठेदिति ब्रूयुर्धर्मं ते न परं विदुः ॥ १३ ॥ तेषां कुपथदेष्टॄणां पततां तमसि ह्यधः ॥ ये श्रद्दध्युर्वचस्ते वै मज्जन्त्यश्मप्लवा इव ॥ १४ ॥ अथाहममराचार्यमगाधधिषणं द्विजम् ॥ प्रसादयिष्ये निशठः शीर्ष्णा तच्चरणं स्पृशन् ॥ १५ ॥ एवं चिन्तयतस्तस्य मघोनो भगवान्गृहात् ॥ बृहस्पतिर्गतोऽदृष्टां गतिमध्यात्ममायया ॥ १६ ॥ गुरोर्नाधिगतः संज्ञां परीक्षन्भगवान्स्वराट् ॥ ध्यायन्धिया सुरैर्युक्तः शर्म नालभतात्मनः ॥ १७ ॥ तच्छ्रुत्वैवासुराः सर्व आश्रित्यौशनसं मतम् ॥ देवान्प्रत्युद्यमं चक्रुर्दुर्मदा आततायिनः ॥ १८ ॥ तैर्विसृष्टेषुभिस्तीक्ष्णैर्निर्भिन्नाङ्गोरुबाहवः ॥ ब्रह्माणं शरणं जग्मुः

मा जो विश्वास गर्दछन्, ती ढुङ्गाले बनेको डुङ्गामा चढेका पुरुषहरू झैं बीच जलमा डुब्दछन् ॥ १४ ॥ अतः अब म शठता त्यागेर अगाध बुद्धि गुरुलाई उनका चरणमा शिर राखेर खुसी पार्छु ॥ १५ ॥ जब इन्द्र यस प्रकार आफ्नू अकर्तव्यमा पछितो गर्दै थिए, त्यसै बखत भगवान् बृहस्पति आफ्नो योगबलले अलक्षित भए ॥ १६ ॥ धेरै खोज्दा पनि गुरुको केही पत्तो लागेन, अनि भगवान् इन्द्र अन्य देवताहरू सहित कुनै अन्य उपाय विचार्न लागे, किन्तु आफ्नो बुद्धिले ती केही पनि निश्चय गर्न समर्थ भएनन् र उनको चित्त शान्त भएन ॥ १७ ॥ यो समाचार पाएर मदोन्मत्त तथा आततायी असुर, असुरगुरु शुक्राचार्यको अनुमति पाएर शस्त्रास्त्रले सुसज्जित भएर देवता माथि आइलागे ॥ १८ ॥ दैत्यले

दृष्टान्त (सफलताको साँचो)—जॉन हण्टर यौटा प्रसिद्ध डाक्टर भएको थियो। त्यो ठूलो विद्वान् थियो। डाक्टरी विद्यामा उसले अनेक खोजी गरेको थियो! विद्याभ्यासमा यति निमग्न रहन्थ्यो कि रात्रिमा केवल चार घण्टा र दिनमा खाइसकेपछि एक घण्टा विश्राम गर्दथ्यो। त्योसित कसैले सोध्यो—'तिमीलाई यत्रो ठूलो काममा कसरी सफलता प्राप्त भयो ?' उत्तरमा डाक्टरले भन्यो—'मेरो सिद्धान्त छ—कुनै काम प्रारम्भ गर्नु भन्दा पहिले राम्ररी विचार गर्दछु—कि यो काम मसित हुन सक्छ कि सक्दैन। यदि हुन सक्छ भने त्यसको पछिलागेर काम पूरा गर्न कुनै कसर राख्दिन। कुनै काम प्रारम्भ गरिदिएपछि समाप्त पारेर नै सास फेर्दछु यही सिद्धान्तमा हिंडेर मलाई सफलता प्राप्त हुन्छ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाडेका तीखा बाणले तिम्रा र बाहु आदि अंग छिन्न-भिन्न हुनाले टाउको निहुराएर इन्द्रसमेत सबै देवता ब्रह्माजीको शरणमा पुगे ।। १९ ।। देवताहरूलाई अत्यन्त पीडित देखेर भगवान् ब्रह्माजीले अतिशय कृपापूर्वक उनलाई धैर्य दिँदै यस प्रकार भन्नुभयो ।। २० ।। ब्रह्माजी भन्नुहुन्छ—हे देवता हो ! साह्रै खेदको कुरा हो ! तिमीले निकै ठूलो अनर्थ गर्‍यौ, ऐश्वर्यमदले मत्त भएर ती जितेन्द्रिय तथा ब्रह्मज्ञानी ब्राह्मणको सत्कार गरेनौ ।। २१ ।। यो तिम्रो त्यही कर्मको फल हो—तिमीहरू समृद्धिशाली भएर पनि आफूभन्दा दुर्बल शत्रुसित हार्‍यौ ।।२२ ।। हे इन्द्र ! आफ्ना गुरुको अपमान गर्नाले क्षीण-बल हुने आफ्ना शत्रुहरूतिर नै हेर (पहिले तिनको के दशा थियो तर) आज ती आफ्ना गुरु शुक्राचार्यको भक्तिपूर्वक आराधना गर्नाले कति उन्नत भएका छन् । हेर, केही दिनमा यी आफ्ना गुरु शुक्रका भक्त दैत्य मेरो लोक पनि खोस्ने छन् ।। २३ ।। गुरु शुक्राचार्यबाट अर्थसिद्धिको शिक्षा पाएका यी अभेद्य मन्त्र हुने दैत्य जाबो स्वर्गलाई के ठान्दछन् ? जसका सहायक गाई, ब्राह्मण र भगवान् हुन्छन्, ती श्रेष्ठ पुरुषको कहिल्यै पनि अमङ्गल हुन सक्तैन ।। २४ ।।

सहेन्द्रा नतकन्धराः ।। १९ ।। तांस्तथाऽभ्यर्दितान्वीक्ष्य भगवानात्मभूरजः ।। कृपया परया देव उवाच परिसान्त्वयन् ।। २० ।। ब्रह्मोवाच ।। अहो बत सुरश्रेष्ठा ह्यभद्रं वः कृतं महत् ।। ब्रह्मिष्ठं ब्राह्मणं दान्तमैश्वर्यान्नाभ्यनन्दत ।। २१ ।। तस्यायमनयस्यासीत्परेभ्यो वः पराभवः ।। प्रक्षीणेभ्यः स्ववैरिभ्यः समृद्धानां च यत्सुराः ।। २२ ।। मघवन्द्विषतः पश्य प्रक्षीणान्गुर्वतिक्रमात् ।। सम्प्रत्युपचितान्भूयः काव्यमाराध्य भक्तितः ।। आददीरन्निलयनं ममापि भृगुदेवताः ।। २३ ।। त्रिविष्टपं किं गणयन्त्यभेद्यमन्त्रा भृगूणामनुशिक्षितार्थाः ।। न विप्रगोविन्दगवीश्वराणां भवन्त्यभद्राणि नरेश्वराणाम् ।। २४ ।। तद्विश्वरूपं भजताशु विप्रं तपस्विनं त्वाष्ट्रमथात्मवन्तम् ।। सभाजितोऽर्थान्स विधास्यते वो यदि क्षमिष्यध्वमुतास्य कर्म ।। २५ ।। श्रीशुक उवाच ।। त एवमुदिता राजन्ब्रह्मणा विगतज्वराः ।। ऋषिं त्वाष्ट्रमुपव्रज्य परिष्वज्येदमब्रुवन् ।। २६ ।। देवा ऊचुः ।। वयं तेऽतिथयः प्राप्ता आश्रमं भद्रमस्तु ते ।। कामः सम्पाद्यतां तात पितॄणां समयोचितः ।। २७ ।। पुत्राणां हि परो धर्मः पितृशुश्रूषणं सताम् ।। अपि पुत्रवतां ब्रह्मन्किमुत ब्रह्मचारिणाम् ।। २८ ।। आचार्यो ब्रह्मणो मूर्तिः पिता मूर्तिः प्रजापतेः ।। भ्राता मरुत्पतेर्मूर्तिर्माता साक्षात्क्षितेस्तनुः ।। २९ ।। दयाया भगिनी मूर्तिर्धर्मस्या-

अतएव तिमी छिटै त्वष्टाका छोरा विश्वरूपकहाँ जाऊ । ती ब्राह्मण तपस्वी तथा आत्मज्ञानी छन् । यदि तिमी तिनका कटुशब्द सहन सक्छौ भने तिमीबाट आदर पाएर ती तिम्रा सबै मनोरथ पूर्ण पारिदिन्छन् ।। २५ ।। शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! ब्रह्माजीले यस्तो भनेपछि देवगणको सन्ताप हरायो । तत्काल ती विश्वरूप ऋषिकहाँ पुगे र उनलाई अंकमाल गरेर यस प्रकार भन्न लागे ।। २६ ।। देवता भन्दछन्—हे तात ! तिम्रो मङ्गल होस् । हामीहरू तिम्रो आश्रममा नडाकिकन आएका अतिथि हौं । अतः तिमी आफ्ना पितृहरूको समयोचित इच्छा पूर्ण गर ।। २७ ।। असल सन्तानको सबैभन्दा ठूलो धर्म आफ्ना गुरुजनको सेवा गर्नु नै हुन्छ । त्यसमाथि ब्रह्मचारीको त कुरै के भनु छ ? ।।२८।। आफ्नो आचार्य (मन्त्र सुनाउने गुरु) वेदलाई पिता प्रजापति ब्रह्मालाई, भाई मरुत्पति इन्द्रको र माता साक्षात् पृथ्वीको मूर्ति मानिन्छन् ।। २९ ।। यसै प्रकार बहिर दयालाई, अतिथि धर्मलाई

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि परम समर्थ तथा त्रिकालदर्शी विद्वान बृहस्पति ...

अभ्यागत अग्निलाई तथा सबै जीव आफाफ्ना आ माका मूर्ति हुन्छन् ॥ ३० ॥ हे तात ! हामी तिम्रा पितृ हौं । आफ्ना शत्रुहरूसित पराजित हुनाले हामी ठूलो कष्टमा परेका छौं । अतः आफ्नो तपोबलले हाम्रो महान् संकट निवारण गर्न तिमी हाम्रो कुरा मान ॥ ३१ ॥ तिमी ब्रह्मज्ञानी ब्राह्मण हुनाले हाम्रा गुरु हौ । हामी तिमीलाई आफ्ना आचार्य तुल्याउँछौं । केही यस्तो गर कि तिम्रो प्रभावले हामी आफ्ना शत्रुमा विजय प्राप्त गरौं ॥ ३२ ॥ यो मनिरहने कुरा नै होइन—म हजुरको बालक हुँ, अनि गुरु कसरी बन्नसक्तछु ! कुरा के भने प्रयोजन सिद्धिका लागि सानाको चरण-वन्दना गर्नमा पनि कुनै निन्दाको कुरा हुँदैन । हे ब्रह्मन् ! केवल अवस्था नै सम्माननीय बन्ने कारण हुन सक्तैन । सम्मान त वेदको ज्ञानले आउँछ ॥३३॥ शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! ती देवताहरूद्वारा पौरोहित्यको निम्ति प्रार्थित तपस्वी विश्वरूप प्रसन्न भएर तीमित मधुर वाणीमा यसरी भन्न लागे ॥३४॥ विश्वरूपले भने—पौरोहित्य कर्मले ब्रह्मतेज क्षीण भएर जान्छ, अतः धर्मात्मा पुरुष त्यसको निन्दा नै गरेरआएका छन् । हे देवगण हो ! जब हजुर सबै जना मलाई यो स्वीकार गर्न प्रार्थना गरिरहनु

त्माऽतिथिः स्वयम् ॥ अग्नेरभ्यागतो मूर्तिः सर्वभूतानि चात्मनः ॥ ३० ॥ तस्मात्पितृणामार्तानामार्तिं परपराभवम् ॥ तपसाऽपनयंस्तात सन्देशं कर्तुमर्हसि ॥ ३१ ॥ वृणीमहे त्वोपाध्यायं ब्रह्मिष्ठं ब्राह्मणं गुरुम् ॥ यथाऽञ्जसा विजेष्यामः सपत्नांस्तव तेजसा ॥ ३२ ॥ न गर्हयन्ति ह्यर्थेषु यविष्ठाङ्घ्र्यभिवादनम् ॥ छन्दोभ्योऽन्यत्र न ब्रह्मन्वयो ज्यैष्ठ्यस्य कारणम् ॥ ३३ ॥ ऋषिरुवाच ॥ अभ्यर्थितः सुरगणैः पौरोहित्ये महातपाः ॥ स विश्वरूपस्तानाह प्रसन्नः श्लक्ष्णया गिरा ॥ ३४ ॥ विश्वरूप उवाच ॥ विगर्हितं धर्मशीलैर्ब्रह्मवर्चउपव्ययम् ॥ कथं नु मद्विधो नाथा लोकेशैरभियाचितम् ॥ प्रत्याख्यास्यति तच्छिष्यः स एव स्वार्थ उच्यते ॥ ३५ ॥ अकिञ्चनानां हि धनं शिलोञ्छनं तेनेह निर्वर्तितसाधुसत्क्रियः ॥ कथं विगर्ह्यं नु करोम्यधीश्वरा पौरोधसं हृष्यति येन दुर्मतिः ॥ ३६ ॥ तथापि न प्रतिब्रूयां गुरुभिः प्रार्थितं कियत् ॥ भवतां प्रार्थितं सर्वं प्राणैरर्थैश्च साधये ॥ ३७ ॥ श्रीशुक उवाच ॥ तेभ्य एवं प्रतिश्रुत्य विश्वरूपो महातपाः ॥ पौरोहित्यं वृतश्चक्रे परमेण समाधिना ॥ ३८ ॥ सुरद्विषां श्रियं गुप्तामौशनस्यापि विद्यया ॥ आच्छिद्यादान्महेन्द्राय वैष्णव्या विद्यया विभुः ॥ ३९ ॥ यया गुप्तः सहस्राक्षो जिग्येऽसुरचमूर्विभुः ॥ तां प्राह स महेन्द्राय विश्वरूप उदारधीः ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे सप्तमोऽध्यायः ॥ ७ ॥ राजोवाच ॥ यया गुप्तः

भएको छ, तब हजुरको शिष्य मजस्तो व्यक्ति त्यसको अवहेलना कसरी गर्न सक्छ ? शिष्यको सबै भन्दा ठूलो स्वार्थ यही हो—गुरुजनको आज्ञा पालन गर्दै रहोस् ॥३५॥ हे देवता हो ! अकिञ्चन मुनिहरूको सबैभन्दा ठूलो धन शिलोञ्छवृत्ति नै हो । त्यस द्वारा साधु पुरुषका सबै गृहस्थोचित सत्कर्महरूको पालन गर्न म अतिशय निन्दनीय पौरोहित्य कर्म कसरी गर्न सकौंला ? जसले केवल दुष्ट बुद्धि हुनेलाई नै प्रसन्नता प्राप्त हुन्छ ॥ ३६ ॥ तैपनि अब म अरु केही पनि भन्दिन किनकि हजुर गुरुजनले के माग्नुभएको छ र ? हजुरका सबै कामनाहरू म आफ्नो प्राण र धन गुमाएर पनि सिद्ध गर्नछु ॥ ३७ ॥ शुकदेवजी भन्दछन्—हे राजन् ! ती देवताहरूसित त्यस्तो प्रतिज्ञा गरेर तपस्वी विश्वरूप ठूलो तत्परताले उनीहरूको पौरोहित्य गर्नथाले ॥ ३८ ॥ परम समर्थ विश्वरूपले आफ्नो वैष्णवी विद्याको प्रभावले शुक्राचार्यको विद्याबलले सुरक्षित भए पनि दैत्यहरूको राज्यलक्ष्मी तीसित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खोसेर इन्द्रलाई सुम्पिदिए॥३९॥ जुन नारायण-कवचरूपिणी विद्याको बलले सुरक्षित भएर इन्द्रले दैत्य-सेनालाई जितेका थिए, त्यो इन्द्रलाई उदारबुद्धि विश्वरूपले नै दिएका हुन् ॥४०॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे सप्तमो ध्यायः ॥ ७ ॥ (नारायण-कवच)—यति कथा सुनेर राजा परीक्षित्‌ले शुकमुनिलाई सोधे हे भगवन् ! जसको द्वारा सुरक्षित भएर इन्द्रले हात्ती, घोड़ा आदि अनेक वाहनले युक्त शत्रुदलका सबै सेनालाई ख्याल-ख्यालमै जितेर तीनै लोकको राज्यलक्ष्मीको भोग गरे त्यो नारायण-कवचरूपिणी वैष्णवी विद्या हजुर मलाई आज्ञा हवस्। यसको सँगसँगै जसरी त्यसद्वारा रक्षित भएर इन्द्रले आततायी शत्रुलाई युद्धमा पराजित गरे, त्यो प्रसङ्ग पनि हजुर मलाई सुनाउनोस् ॥१॥२॥ शुकदेवजी भन्नलागे—हे राजन् ! जब विश्वरूप पुरोहित भए, तब इन्द्रले सोधेपछि उनले जुन नारायण-कवचको उपदेश दिएका थिए—त्यो एकाग्र मनले सुन ॥ ३ ॥ विश्वरूप भन्दछन्—हे इन्द्र ! जब कहिले कुनै प्रकारको कष्ट भयो भने आफ्नो शरीरमा नारायण-कवच धारणको कर्तव्य हो—पहिले हात-पाउ धोएर आचमन गरोस्, अनि दुवै अनामिका औंलामा कुशको पवित्र

सहस्राक्षः सवाहान्रिपुसैनिकान् ॥ क्रीडन्निव विनिर्जित्य त्रिलोक्या बुभुजे श्रियम् ॥ १ ॥ भगवंस्तन्ममाख्याहि वर्म नारायणात्मकम् ॥ यथाऽऽततायिनः शत्रून्येन गुप्तोऽजयन्मृधे ॥ २ ॥ श्रीशुक उवाच ॥ वृतः पुरोहितस्त्वाष्ट्रो महेन्द्रायानुपृच्छते ॥ नारायणाख्यं वर्माह तदिहैकमनाः शृणु ॥ ३ ॥ विश्वरूप उवाच ॥ धौताङ्घ्रिपाणिराचम्य सपवित्र उदङ्मुखः ॥ कृतस्वाङ्गकरन्यासो मन्त्राभ्यां वाग्यतः शुचिः ॥ ४ ॥ नारायणमयं वर्म सन्नह्येद्भय आगते ॥ पादयोर्जानुनोरूर्वोरुदरे हृद्यथोरसि ॥ ५ ॥ मुखे शिरस्यानुपूर्व्यादोङ्कारादीनि विन्यसेत् ॥ ॐ नमो नारायणायेति विपर्ययमथापि वा ॥ ६ ॥ करन्यासं ततः कुर्याद्द्वादशाक्षरविद्यया ॥ प्रणवादियकारान्तमङ्गुल्यङ्गुष्ठपर्वसु ॥ ७ ॥ न्यसेद्धृदय ओङ्कारं विकारमनु मूर्धनि ॥ षकारं तु भ्रुवोर्मध्ये णकारं शिखया दिशेत् ॥ ८ ॥ वेकारं नेत्रयोर्युञ्ज्यान्नकारं सर्वसन्धिषु ॥ मकारमस्त्रमुद्दिश्य मन्त्रमूर्तिर्भवेद्बुधः ॥ ९ ॥ सविसर्गं फडन्तं तत्सर्वदिक्षु विनिर्दिशेत् ॥ ॐ विष्णवे नम इति ॥ १० ॥ आत्मानं परमं ध्यायेद्ध्येयं षट्शक्तिभिर्युतम् ॥ विद्यातेजस्तपोमूर्तिमिमं मन्त्रमुदाहरेत् ॥ ११ ॥ ॐ हरिर्विदध्यान्मम सर्वरक्षां न्यस्ताङ्घ्रिपद्मः पतगेन्द्रपृष्ठे ॥ दरारिचर्मासिगदेषुचापपाशान्दधानोऽष्टगुणो-

लगाई उत्तरतिर फर्केर बसोस् र वाणीलाई संयत पारी पवित्रतासाथ अष्टाक्षर वा द्वादशाक्षर मन्त्रद्वारा अङ्गन्यास र करन्यास गरोस् पहिले 'ॐ नमो नारायणाय' यो अष्टाक्षर मन्त्रले ॐकार आदि आठ अक्षरले क्रमशः चरण, जानु, ऊरु, उदर, वक्षस्थल, मुख तथा शिरमा न्यास गरोस्। यकारदेखि ओंकार पर्यन्त विपरीत क्रमले पनि शिर आदिमा न्यास गर्नसकिन्छ ॥४-६॥ त्यसपछि द्वादशाक्षर मन्त्रका ॐकार आदि बाह्र अक्षरहरूले क्रमशः औंला तथा दुवै अंगुष्ठका पर्वमा न्यास गर्नुपर्दछ ॥ ७ ॥ त्यसपछि 'ॐ विष्णवे नमः।' यस मन्त्रको ॐकारलाई हृदयमा, 'वि' लाई मस्तकमा, 'ष' लाई आँखीभौंको माझमा, 'ण' लाई शिखामा 'वे' लाई नेत्रमा तथा 'न' लाई सबै सन्धिहरूमा स्थिर गरोस्। यसै क्रममा 'म' लाई अस्त्ररूपले चिन्तन गर्दा-गर्दै स्वयं मन्त्ररूप बनोस्। अनि फडन्त विसर्गसित अर्थात् 'मः अस्त्राय फट्' यस्तो भनेर दिग्बन्धन विधान गरोस् ॥८-१०॥ त्यसपछि आफ्नो ध्येय अर्थात् षट्शक्ति सम्पन्न परमात्माको ध्यान गरोस् र विद्या, तेज तथा तपःस्वरूप यस मन्त्रलाई जपोस् ॥११॥ ॐ जसले आफ्ना चरण गरुडको पिठिउँमा राखेका छन् र जसले शंख, चक्र

Digitized Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri

ढाल, खड्ग, गदा, धनुष, बाण र पाश यी आठ आयुध धारण गरेका छन्, ती अणिमादि आठ ऐश्वर्य तथा आठ भुजाहरूले सुशोभित भगवान् सबै प्रकारले मेरो रक्षा गरुन् ।।१२।। मत्स्यमूर्ति भगवान् जलमा जलजन्तुरूपी वरुण-पाशले मेरो रक्षा गरुन् । वटुवामन रूप धारण गर्न भएका श्रीहरि आफ्नी मायाशक्तिले स्थलमा मेरो रक्षा गरुन् । आकाशमा विश्वरूप धारी त्रीविक्रम भगवान् मेरो रक्षा गरुन् ।।१३।। दुर्ग, वन तथा युद्धस्थलादिमा नृसिंह भगवान् मेरो रक्षा गरुन् । जो हिरण्यकशिपु आदि दैत्यपतिका शत्रु छन् जसको घनघोर अट्टहासहले गुञ्जायमान भएका तथा गर्भवती दैत्यवधुहरूका गर्भपात भएका थिए ।।१४।। जसले आफ्ना दाहामा पृथ्वीलाई धारण गरेका थिए ती यज्ञमूर्ति वाराह भगवान वाटोमा मलांई बचाउन् यसै प्रकार पर्वतका टाकुरामा परशुराम तथा विदेशमा लक्ष्मण सहित भरताग्रज भगवान् रामचन्द्र मेरो रक्षा गरुन् ।।१५।। भगवान् नारायण उग्र धर्म तथा प्रमादबाट नर भगवान गर्वबाट, योगेश्वर दत्तात्रयजी कुयोगबाट तथा गुणाधिपति कपिल मुनि सबै प्रकारका कर्म-बन्धनवाट मेरो रक्षा गरुन् ।। १६ ।। सनत्कुमारजी कामदेवबाट, बाटोमा हिड्दा देवताहरूको

ऽष्टबाहुः ।। १२ ।। जलेषु मां रक्षतु मत्स्यमूर्तिर्यादोगणेभ्यो वरुणस्य पाशात् ।। स्थलेषु मायावटुवामनोऽव्यात्त्रिविक्रमः खेऽवतु विश्वरूपः ।। १३ ।। दुर्गेष्वटव्याजिमुखादिषु प्रभुः पायान्नृसिंहोऽसुरयूथपारिः ।। विमुञ्चतो यस्य महाट्टहासं दिशो विनेदुर्न्यपतंश्च गर्भाः ।। १४ ।। रक्षत्वसौ माऽध्वनि यज्ञकल्पः स्वदंष्ट्रयोन्नीतधरा वराहः ।। रामोऽद्रिकूटेष्वथ विप्रवासे सलक्ष्मणोऽव्याद्भरताग्रजोऽस्मान् ।। १५ ।। मामुग्रधर्मादखिलात्प्रमादान्नारायणः पातु नरश्च हासात् ।। दत्तस्त्वयोगादथ योगनाथः पायाद्गुणेशः कपिल कर्मबन्धनात् ।। १६ ।। सनत्कुमारोऽवतु कामदेवाद्धयशीर्षा मां पथि देवहेलनात् ।। देवर्षिवर्यः पुरुषार्चनान्तरात्कूर्मो हरिर्मां निरयादशेषात् ।। १७ ।। धन्वन्तरिर्भगवान्पात्वपथ्याद्द्वन्द्वाद्भयादृषभो निर्जितात्मा ।। यज्ञश्च लोकादवताज्जनान्ताद्बलो गणात्क्रोधवशादहीन्द्रः ।। १८ ।। द्वैपायनो भगवानप्रबोधाद्बुद्धस्तु पाखण्डगणात्प्रमादात् ।। कल्किः कलेः कालमलात्प्रपातु धर्मावनायोरुकृतावतार ।। १९ ।। मां केशवो गदया प्रातरव्याद्गोविन्द आसङ्गवमात्तवेणुः ।। नारायणः प्राह्ण उदात्तशक्तिर्मध्यन्दिने विष्णुररीन्द्रपाणिः ।। २० ।। देवोऽपराह्णे मधुहोग्रधन्वा सायं त्रिधामाऽवतु माधवो माम् ।। दोषे हृषीकेश उतार्धरात्रे निशीथ एकोऽवतु पद्मनाभः ।। २१ ।। श्रीवत्सधामाऽपररात्र ईशः प्रत्यूष ईशोऽसिधरो जनार्दनः ।। दामोदरोऽव्यादनुसन्ध्यं प्रभाते विश्वेश्वरो

अवहेलनाबाट हयग्रीव भगवान्, देवर्षि नारद भगवान्को पूजामा अकस्मात् हुन गएका अपराधबाट तथा नरकबाट कच्छप भगवान् मेरो रक्षा गरुन् ।।१७।। कुपथ्यबाट भगवान् धन्वन्तरि, परमजितेन्द्रिय ऋषभदेवजी सुख दुःखादिका द्वन्द्वबाट, यज्ञ भगवान् लोकापवादबाट, बलभद्रजी मनुष्यद्वारा प्राप्त कष्टहरूबाट तथा शेष भगवान् अत्यन्त रिसाहा सर्पहरूबाट मलाई बचाउन् ।।१८।। अज्ञानबाट व्यासदेव, पाखण्ड प्रमादबाट बुद्धदेव र धर्म-रक्षार्थ अवतार लिने श्रीकल्कि भगवान् कलिकालका सबै दोषहरूबाट मलाई रक्षा गरुन् ।।१९।। प्रातःकाल सूर्योदय हुने बेलामा केशव भगवान् आफ्नो गदाले मेरो रक्षा गरुन् । सूर्योदयपछि वेणुधर गोविन्द, पूर्वाह्नको बेला उदात्त-शक्तिधारी नारायण, मध्याह्नमा विष्णु भगवान्, अपराह्नमा धनुधारी मधुसूदन, सायंकालमा ब्रह्मादि त्रिमूर्ति धारण गर्ने माधव प्रदोषकालमा हृषीकेश आधा रातमा अथवा निशामा भगवान् पद्मनाभ, रातको पछिल्लो भागमा श्रीवत्सलाञ्छन हरि, उषाकालमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खड्गधारी जनार्दन भगवान्, प्रातःकाल श्रीदामोदर तथा सबै संध्याहरूमा कालमूर्ति विश्वेश्वर भगवान् मेरो रक्षा गरुन् ॥२०-२२॥ हे सुदर्शन ! तिम्रो आकार चक्रजस्तै छ। तिम्रो नेमी (घेरा) प्रलयकालको आगो जस्तै अत्यन्त तीक्ष्ण छ । तिमी भगवान्को संकेतले सधैं सर्वतिर घुमिरहन्छौ । जस्तै वायुको सहायताले दन्केको अग्नि सुकेका घाँसको थुप्रोलाई भस्म पारिदिन्छ, त्यसै गरी तिमी हाम्रा शत्रुहरूलाई समूल भस्म पारिदेऊ॥२३॥हे गदे ! तेरो शरीको झिल्काहरूको स्पर्श वज्र जस्तै कठोर हुन्छ । तँ भगवान् अजितको मनपरेको छस् र म पनि उनै नारायणको सेवक हुँ । अतएव तँ कूष्माण, विनायक, यक्ष, राक्षस, भूत तथा ग्रहहरूलाई धूलो पारेर राखिदे । तँ मेरा शत्रुहरूलाई कुल्चिदे ॥२४॥ हे शंख ! तिमी भगवान्ले फुकेपछि भयंकर शब्द गर्दछौ । तिमी मेरा शत्रुको हृदय कम्पित पार्दै यातुधान, प्रमथ, प्रेत, मातृका पिशाच एवं विप्रग्रह (ब्रह्मराक्षस) आदि घोरदर्शन जीवहरूलाई चुटेर धपाऊ ॥२५॥ हे तीक्ष्ण धार हुने खड्ग श्रेष्ठ ! तिमी भगवान्द्वारा प्रेरित भएर मेरा शत्रुहरूलाई धमाधम काट-तिनलाई छिन्न-भिन्न पार ! हे शतचन्द्र ढाल ! तिमी उग्रदृष्टि हुनाले मेरा पापी शत्रु-

भगवान्कालमूर्तिः ॥ २२ ॥ चक्रं युगान्तानलतिग्मनेमि भ्रमत्समन्ताद्भगवत्प्रयुक्तम् ॥ दन्दग्धि दन्दग्ध्यरिसैन्यमाशु कक्षं यथा वातसखो हुताशः ॥ २३ ॥ गदेऽशनिस्पर्शनविस्फुलिङ्गे निष्पण्ढि निष्पिण्ढ्यजितप्रियाऽसि ॥ कूष्माण्डवैनायकयक्षरक्षोभूतग्रहांश्चूर्णय चूर्णयारीन् ॥ २४ ॥ त्वं यातुधानप्रमथप्रेतमातृपिशाचविप्रग्रहघोरदृष्टीन् ॥ दरेन्द्र विद्रावय कृष्णपूरितो भीमस्वनोऽरेर्हृदयानि कम्पयन् ॥२५॥ त्वं तिग्मधाराऽसि वरारिसैन्यमीशप्रयुक्तो मम छिन्धि छिन्धि ॥ चक्षूंषि चर्मञ्छतचन्द्र छादय द्विषामघोनां हर पापचक्षुषाम् ॥ २६ ॥ यन्नो भयं ग्रहेभ्योऽभूत्केतुभ्यो नृभ्य एव च ॥ सरीसृपेभ्यो दंष्ट्रिभ्यो भूतेभ्योऽहोभ्य एव वा ॥ २७ ॥ सर्वाण्येतानि भगवन्नामरूपास्त्रकीर्तनात् ॥ प्रयान्तु संक्षयं सद्यो ये नः श्रेयः प्रतीपकाः ॥ २८ ॥ गरुडो भगवान्स्तोत्रस्तोकश्छन्दोमयः प्रभुः ॥ रक्षत्वशेषकृच्छ्रेभ्यो विष्वक्सेनः स्वनामभिः ॥ २९ ॥ सर्वापद्भ्यो हरेर्नामरूपयानायुधानि नः ॥ बुद्धीन्द्रियमनःप्राणान्पान्तु पार्षदभूषणाः ॥ ३० ॥ यथा हि भगवानेव वस्तुतः सदसच्च यत् ॥ सत्येनानेन नः सर्वे यान्तु नाशमुपद्रवाः ॥ ३१ ॥ यथैकात्म्यानुभावानां विकल्परहितः स्वयम् ॥ भूषणायुधलिङ्गाख्या धत्ते शक्तीः स्वमायया ॥ ३२ ॥ तेनैव सत्यमानेन सर्वज्ञो भगवान्हरिः ॥ पातु सर्वैः स्वरूपैर्नः सदा सर्वत्र सर्वगः ॥ ३३ ॥ विदिक्षु दिक्षूर्ध्वमधः समन्तादन्तर्बहिर्भगवान्नारसिंहः ॥ प्रहापयँल्लोकभयं स्वनेन

हरूका नेत्र थुनिदेउ अथवा ज्योति नै हरिलेऊ ॥२६॥ सूर्य आदि ग्रह, उल्कापात आदि केतु, मनुष्य सरीसृप (सर्प), दाह्रा हुने जीव, भूत, प्रेत आदि पापी प्राणीहरूद्वारा मलाई जुन-जुन भय प्राप्त हुन्छ, हाम्रो कल्याण-मार्गका अवरोधक ती सबै दोष भगवान्का नाम, रूप तथा आयुधको कीर्तन गर्नाले तत्काल नष्ट होऊन् ॥२७॥२८॥ बृहद्रथन्तर आदि अनेक स्तोत्रहरूले स्तूयमान वेदमूर्ति भगवान् गरुड़ र आफ्नो नामोच्चारणको प्रभावले विष्वक्सेन भगवान् सबै आपत्तिबाट हाम्रो रक्षा गरुन् ॥२९॥ भगवानका नाम, रूप आयुध र उनका श्रेष्ठ पार्षदगण हाम्रो बुद्धि, इन्द्रिय, मन र प्राणलाई सबै आपत्तिबाट बचाउन् ॥३०॥ जति पनि सत् अर्थात् सूक्ष्म र असत् स्थूल प्रपञ्च विद्यमान छन्, ती सबै वास्तवमा ईश्वर नै हुन्–यस सत्यले हाम्रा सबै विघ्न नष्ट होउन् ॥३१॥ यौटा आत्माको नै सर्वत्र भावना गर्नेहरूको दृष्टिमा विकल्प शून्य भए पनि भगवान् आफ्नी माया द्वारा भूषण, आयुध र नाम-

Lokanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

रूपका आफ्ना बिभिन्न शक्तिहरू धारण गर्दछन्–ती सत्य, सर्वज्ञ र सर्वव्यापक भगवान् हरि आफ्ना सर्व रूपले सर्वदा मेरो रक्षा गरुन् ।।३२।।३३।। आफ्नो डरलाग्दो अट्टहासले सबै लोकको भय निवारण गर्ने र आफ्नू तेजले सबैको तेज ग्रसित गर्ने नृसिंह भगवान् दिशा-विदिशा, तल-माथि र बाहिर-भित्र सबैतिर हाम्रो रक्षा गर्दै रहुन् ।।३४।। विश्वरूप भन्दछन्–हे इन्द्र ! मैले तिमीलाई यो 'नारायण कवच' बताइदिएँ, यसकै भरले तिमी अनायास सबै दैत्य यूथपतिहरूलाई जित्ने छौ ।।३५।। यो कवच धारण गर्ने प्राणी जसलाई पनि आफ्ना नेत्रले हेरिदिन्छ वा खुट्टाले छोइदिन्छ, त्यो पनि तुरुन्त भय रहित भइजान्छ ।।३६।। यो विद्या धारण गर्ने पुरुषलाई राजा, चोर, ग्रह तथा व्याघ्रादि कसैसित पनि केही डर-भय रहन्न ।।३७।। हे देवराज ! कौशिक गोत्रीय यौटा ब्राह्मणले पूर्वकालमा यही विद्या धारण गरेर योग-धारणाले भूमिमा आफ्नो शरीर त्यागेका थिए ।।३८।। जुन स्थानमा ती ब्राह्मणले शरीर त्यागेका थिए, त्यसै माथिबाट एक दिन चित्ररथ गन्धर्व आफ्नी पत्नीहरू सहित बिमानमा बसेर यात्रा गरे ।।३९।। त्यहाँ पुग्नासाथ विमानसमेत तलतिर टाउको गरेर

स्वतेजसा ग्रस्तसमस्ततेजाः ॥ ३४ ॥ मघवन्निदमाख्यातं वर्म नारायणात्मकम् ॥ विजेष्यस्यञ्जसा येन दंशितोऽसुरयूथपान् ॥ ३५ ॥ एतद्धारयमाणस्तु यं यं पश्यति चक्षुषा ॥ पदा वा संस्पृशेत्सद्यः साध्वसात्स विमुच्यते ॥ ३६ ॥ न कुतश्चिद्भयं तस्य विद्यां धारयतो भवेत् ॥ राजदस्युग्रहादिभ्यो व्याघ्रादिभ्यश्च कर्हिचित् ॥ ३७ ॥ इमां विद्यां पुरा कश्चित्कौशिको धारयन्द्विजः ॥ योगधारणया स्वाङ्गं जहौ स मरुधन्वनि ॥३८॥ तस्योपरि विमानेन गन्धर्वपतिरेकदा ॥ ययौ चित्ररथः स्त्रीभिर्वृतो यत्र द्विजक्षयः ॥३९॥ गगनान्न्यपतत्सद्यः सविमानो ह्यवाक्शिराः ॥ स वालखिल्यवचनादस्थीन्यादाय विस्मितः ॥ प्रास्य प्राचीसरस्वत्यां स्नात्वा धाम स्वमभ्यगात् ॥ ४० ॥ श्रीशुक उवाच ॥ य इदं शृणुयात्काले यो धारयति चादृतः ॥ तं नमस्यन्ति भूतानि मुच्यते सर्वतो भयात् ॥ ४१ ॥ एतां विद्यामधिगतो विश्वरूपाच्छतक्रतुः ॥ त्रैलोक्यलक्ष्मीं बुभुजे विनिर्जित्य मृधेऽसुरान् ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नारायणवर्मकथनं नामाष्टमोऽध्यायः ॥ ८ ॥ श्रीशुक उवाच ॥ तस्यासन्विश्वरूपस्य शिरांसि त्रीणि भारत ॥ सोमपीथं सुरापीथमन्नादमिति शुश्रुम ॥ १ ॥ स वै बर्हिषि देवेभ्यो भागं प्रत्यक्षमुच्चकैः ॥ अददद्यस्य पितरो देवाः सप्र-

आकाशबाट पृथ्वीमा झरे । बालखिल्यादि मुनीश्वरहरूले भनेपछि उसले ती ब्राह्मणका अस्थिहरू लगेर पूर्ववाहिनी सरस्वती नदीमा प्रवाहित गरे र स्वयं स्नान गरेर अति चकित भावले आफ्नो लोक फर्के ।।४०।। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! कुनै पनि पुरुष यो नारायणकवच यथा समय सुन्दछ र सादर धारण गर्दछ, त्यस व्यक्तिलाई समस्त प्राणी नमस्कार गर्दछन् र त्यो सबै प्रकारका भयबाट मुक्त हुन्छ ।।४१।। विश्वरूपबाट यो विद्या प्राप्त गरेर इन्द्रले युद्धमा दैत्यहरूलाई जिते र त्रैलोक्यकी राज्यलक्ष्मीको भोग गरे ।।४२।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां अष्टमोऽध्यायः ।।८।। (वृत्रासुरको जन्म)–शुकदेवजी भन्दछन्–हे राजन् ! मैले सुनेको छु–देवगुरु विश्वरूपका सोमपीथ, सुरापीथ र अन्नाद नामका तीन मस्तक थिए ।।१।। हे राजन् ! ती शिर प्रत्यक्षमा त यज्ञको वेला *उच्चस्वरले मिथ्या बोल्दै बडो विनीत भावले देवताहरूलाई यज्ञभाग दिन्थे किनकि

* उदाहरण (मिथ्या बोल्नाले हानि)—यौटा पठानले यौटा नोकर यस प्रतिज्ञामा राखेको थियो कि कहिल्यै झूठो नबोल्नु, तर नोकरी रहेसम्म उसले तीनपटक झूठो बोल्न पाउने आज्ञा लियो । नोकरी गरेको केही दिन बितेपछि पठानले त्यसलाई धेरै गहना र लुगा दिएर भन्यो—'यो लगेर अमुक ग्राममा मेरी पत्नीलाई दिएर आऊ ।' त्यो गएर उसको घरमा त्यो गहना-लुगा पठानकी पत्नीको अगिल्तिर राखेर रुन लाग्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवता तिनका पितृपक्षका थिए ।।२।। तर गुप्तरूपले ती मातृस्नेहवश यज्ञको बेला दैत्यलाई नै हविर्भाग दिने गर्दथे ।।३।। देवताहरू सहित देवराज इन्द्रले तिनले गरेका यस अपराध तथा धर्म-मर्यादाको उल्लङ्घन देखेर मनमनै भयभीत भई अतिशय रिसको आवेगले तिनका तीनै मस्तक, काटेर घुट्याइदिए ।। ४ ।। अतएव विश्वरूपको सोमपीथ नामक मस्तक कपिञ्जल, सुरापीथ नामक मस्तक कलविङ्क तथा अन्नाद नाम हुने मस्तक तित्रा भयो ।। ५ ।। त्यसको निवारण गर्न समर्थ भएर पनि विश्वरूपको वध गर्नाले उत्पन्न ब्रह्महत्यालाई इन्द्रले अंजलिमा थापे र एक वर्षपछि जन साधारणको सामुन्ने आफ्नो शुद्धि गर्नका लागि त्यस पापको चार भाग पारेर पृथ्वी, जल, वृक्ष तथा स्त्री–यी चारैमा बाँडिदिए ।। ६ ।। आफ्नो

श्रयं नृप ॥ २ ॥ स एव हि ददौ भागं परोक्षमसुरान्प्रति ॥ यजमानोऽवहद्भागं मातृस्नेहवशानुगः ॥ ३ ॥ तद्देवहेलनं तस्य धर्मालीकं सुरेश्वरः ॥ आलक्ष्य तपसा भीतस्तच्छीर्षाण्यच्छिनद्रुषा ॥ ४ ॥ सोमपीथं तु यत्तस्य शिर आसीत्कपिञ्जलः ॥ कलविङ्कः सुरापीथमन्नादं मत्स तित्तिरिः ॥ ५ ॥ ब्रह्महत्यामञ्जलिना स जग्राह यदीश्वरः ॥ संवत्सरान्ते तदघं भूतानां स विशुद्धये ॥ भूम्यम्बुद्रुमयोषिद्भ्यश्चतुर्धा व्यभजद्धरिः ॥ ६ ॥ भूमिस्तुरीयं जग्राह खातपूरवरेण वै ॥ ईरिणं ब्रह्महत्याया रूपं भूमौ प्रदृश्यते ॥ ७ ॥ तुर्यं छेदविरोहेण वरेण जगृहुर्द्रुमाः ॥ तेषां निर्यासरूपेण ब्रह्महत्या प्रदृश्यते ॥ ८ ॥ शश्वत्कामवरेणांहस्तुरीयं जगृहुः स्त्रियः ॥ रजोरूपेण तास्वंहो मासि मासि प्रदृश्यते ॥ ९ ॥ द्रव्यभूयोवरेणापस्तुरीयं जगृहुर्मलम् ॥ तासु बुद्बुदफेनाभ्यां दृष्टं तद्धरति क्षिपन् ॥ १० ॥ हतपुत्रस्ततस्त्वष्टा जुहावेन्द्राय शत्रवे ॥ इन्द्रशत्रो विवर्धस्व मा चिरं जहि विद्विषम् ॥११॥

पिठिउँमा भएको खाडल स्वयं पुरिनको साटो त्यस ब्रह्महत्याको एक भाग पृथ्वीले लिइन् । त्यसैले पृथ्वीको बाँझो भूमिको रूपमा कहींकहीं अझ पनि त्यो ब्रह्महत्याको स्वरूप देखिन्छ एकपल्ट काटिए फेरि पलाउने वर पाएर ब्रह्महत्याको एकभाग वृक्षले ग्रहण गरे । त्यो ब्रह्महत्या तिनमा निर्यास (चोप) को रूपमा देखिन्छ ।।७-८।। सधैं सम्भोग गर्न सक्ने शक्ति रहिरहने वर पाएर ब्रह्महत्याको एक चतुर्थांश स्त्रीहरूले स्वीकार गरे । त्यो ब्रह्महत्या स्त्रीहरूमा रजोधर्मको रूपमा प्रतिमास प्रत्यक्ष देखिन्छ ।।९।। कूप-इनार आदिमा खर्च भइरहेर पनि बराबर जल बढिरहने वर पाएर ब्रह्महत्याको एक चतुर्थांश जलले स्वीकारे । त्यो जलमा ब्रह्महत्या फींज र बुलबुलाको रूपमा देखिन्छ । यसैले फींज पन्छाएर मानिसहरू जल भर्दछन् ।

त्यसले सोधी—'ए, तँ किन रोएको ?' नोकरले भन्यो—'मियाँजी मरे ।' अब पठानी पनि रुन लागी । त्यति बेरमै गाउँका मानिस पनि जम्मा भए । सबैले नोकरसित सोधे अनि उसले भन्यो–'मियाँ साहेब मरे । अब ती मृत भएर मानिसलाई दुःख दिइरहेछन् । तिमीहरू सावधान भएर बस्नु । कसैलाई कोँचै लाइदिने स्थिति आउन नपाओस् ।' गाउँमा सबै जना रुन लागे । यता नोकर त्यहाँबाट फुत्केर पठानकहाँ पुग्यो । पठानले घरमा यौटा ऊँट र यौटा कुकुर पालेका थियो । जब नोकर फर्कर आयो तब पठानले सोध्यो— मेरो कुकुर ठीक छ ?' नोकरले भन्यो—'त्यो त मरिसक्यो ।' पठानले सोध्यो—'कसरी ?' नोकरले भन्यो–'तिम्रो ऊँटको हाड त्यसको घाँटीमा अड्केको थियो ।' पठानले सोध्यो—'ऊँट कसरी मर्‍यो ?' नोकरले भन्यो—'तिम्री बीवीको भ्याहानमा त्यसको खुट्टा अड्केको थियो ।' पठानले सोध्यो–'बीबी कसरी मरी ?' नोकरले भन्यो—पुत्र-शोकले ।' अब के बाँकी रह्यो ! पठानले विचार गर्‍यो मेरो घरका सबै जना मरेपछि म नै बाँचेर के गर्नें । अनि पठानले सबै लुगा फुकालेर फ्याँकिदियो । शरीरमा खरानी घसेर टाउकोमा कात्रो बाँधी घरतिर हिंड्यो । नोकर अगाडि नै पुगेर गाउँलेहरूलाई भनि दियो–'हेर है, पठान मृत बनेर आइरहेको छ । सतर्क भएर बस्नु ।' गाउँलेहरू ढोकामा आगो बालेर माथिल्लो तलामा गएर बसे । जब पठान गाउँमा आइपुग्यो तब माथिबाट ढुङ्गा फाल्न लागे । बर्ता चोट लागेर पठान पनि त्यहीं मर्‍यो र नोकर सबै माल-ताल बोकेर बेपत्ता भयो ।' 'अपि प्रसिद्धा लोकेऽस्मिन् अधमाः पुरुषाहि ये । अधम प्रथमस्तेषु, योऽनृतं वक्ति नित्यशः । संसारमा जति अधम पुरुष छन्, तिनमा त्यो सबभन्दा अधम पुरुष हुन्छ, जो सदा झुटो बोल्दछ । 'नहि असत्य सम पातक पुंजा । गिरिसम होहिकि कोटिक गुंजा ।'

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकार पुत्र विश्वरूप मारिएपछि त्वष्टाले–'हे इन्द्रशत्रो ! तिमो बढ र मेरो शत्रुलाई मार' यस्तो भनेर इन्द्रको शत्रु उत्पन्न मन कामनाले अग्निमा हवन गरे ॥ १०॥११ ॥ हवन गर्नासाथ अन्वाहार्यपचन नामक अग्निबाट एक ठूलो भयङ्कर दैत्य उत्पन्न भयो। त्यो प्रलयकाल उपस्थित भएपछि सर्वलोक संहारक कालको समान भीषण थियो ॥ १२ ॥ हे राजन् ! त्यो प्रतिदिन चारैतिर एक-एक बाण बढ्दथ्यो। त्यो दग्ध पर्वत समान कालो र विशालकाय थियो। सन्ध्याकालको मेघमाला सदृश देदीप्यमान त्यसको कान्ति थियो। त्यसका दाह्री र जूँघा तामाका जस्ता राता थिए र नेत्र मध्यान्हकालका सूर्य जस्तै उग्र थिए। त्यो आफ्ना तीन टुप्पा हुने अतिशय टलाने त्रिशूलमा पृथ्वी आकाशलाई उचालेर नाच्तै घोर गर्जन गर्दथ्यो र आफ्नो पाद प्रहारले पृथ्वीलाई थर्काइरहेको थियो। त्यसको मुख गिरिकन्दरा समान गम्भीर थियो, त्यसले ऊ आकाशलाई पिए झैं गर्दथ्यो। आफ्नो जिब्रोले मानो नक्षत्रहरूलाई चाटिरहेको थियो र आफ्नो विशाल तथा विकराल दान्हाले तीनै लोकलाई चपाएर निले झैं गर्दै थियो। त्यो बारम्बार आफ्नो विकराल मुख

अथान्वाहार्यपचनादुत्थितो घोरदर्शनः ॥ कृतान्त इव लोकानां युगान्तसमये यथा ॥ १२ ॥ विष्वग्विवर्धमानं तमिषुमात्रं दिने दिने ॥ दग्धशैल-प्रतीकाशं सन्ध्याभ्रानीकवर्चसम् ॥ १३ ॥ तप्तताम्रशिखाश्मश्रुं मध्याह्नार्कोग्रलोचनम् ॥ १४ ॥ देदीप्यमाने त्रिशिखे शूल आरोप्य रोदसी ॥ नृत्यन्तमुन्नदन्तं च चालयन्तं पदा महीम् ॥ १५ ॥ दरीगम्भीरवक्त्रेण पिबता च नभस्तलम् ॥ लिहता जिह्वयर्क्षाणि ग्रसता भुवनत्रयम् ॥ १६ ॥ महता रौद्रदंष्ट्रेण जृम्भमाणं मुहुर्मुहुः ॥ वित्रस्ता दुद्रुवुर्लोका वीक्ष्य सर्वे दिशो दश ॥ १७ ॥ येनावृता इमे लोकास्तमसा त्वाष्ट्रमूर्तिना ॥ स वै वृत्र इति प्रोक्तः पापः परमदारुणः ॥ १८ ॥ तं निजघ्नुरभिद्रुत्य सगणा विबुधर्षभाः ॥ स्वैर्दिव्यास्त्रशस्त्रौघैः सोऽग्रसत्तानि कृत्स्नशः ॥ १९ ॥ ततस्ते विस्मिताः सर्वे विषण्णा ग्रस्ततेजसः ॥ प्रत्यञ्चमादिपुरुषमुपतस्थुः समाहिताः ॥ २० ॥ देवा ऊचुः ॥ वाय्वम्बराग्न्यप्क्षितयस्त्रिलोका ब्रह्मादयो ये वयमुद्विजन्तः ॥ हराम यस्मै बलिमन्तकोऽसौ बिभेति यस्मादरणं ततो नः ॥ २१ ॥ अविस्मितं तं परिपूर्णकामं स्वेनैव लाभेन समं प्रशान्तम् ॥ विनोपसर्पत्यपरं हि बालिशः श्वलाङ्गुलेनातितितर्ति सिन्धुम् ॥ २२ ॥ यस्योरुशृङ्गे जगतीं स्वनावं मनुर्यथाऽऽबध्य ततार

उधारेर 'हाई' गर्दथ्यो। त्यसको डरलाग्दो रूप देखेर सबैजना साह्रै डराए र दशै दिशातिर भाग्नलागे ॥ १३-१७ ॥ हे राजन् ! त्यो अतिशय तमोगुणी त्वष्टाको पुत्रले सबै लोकलाई ढाकिलियो। अतः पापी तथा परम दारुण त्यो असुर 'वृत्र' यक्ष नामले विख्यात भयो ॥ १८ ॥ अनि सबै देवता आफाफ्ना अनुयायीहरूका साथै त्यसमाथि सहसा झम्टे र आफ्ना दिव्य शस्त्रास्त्रले मार्न लागे, तर त्यो वीर असुर ती सबै शस्त्रलाई एकै पल्ट सलक्क निलिदियो ॥ १९ ॥ अनि ती सबै देवता तेज-हीन र खिन्न भएर ठूलो विस्मय सहित आफ्नो अन्तःकरणमा बसेका आदिपुरुष भगवानको एकाग्र मनले आराधना गर्न लागे ॥ २० ॥ देवता भन्नलागे–वायु, आकाश, अग्नि, जल, पृथ्वी–यी पाँच तत्त्व, तीनै लोक तथा हामी ब्रह्मादिक देवता भयातुर भएर जसलाई बलि अर्पण गर्दछौं, त्यो काल पनि जोसित डराउँछ ती परमात्मा हामीलाई यस विपत्तिबाट रक्षा गरुन् ॥२१॥ ती नारायण अहङ्कार शून्य आत्मलाभले नै परिपूर्ण, सर्वत्र समान र राग-द्वेषले हीनछन्। जो तुच्छ बुद्धि मनुष्य उनलाई त्यागेर कुनै अरुको भर पर्दछ, त्यो मानो कुकुरको पुछर समातेर समुद्र तर्न असफल उद्योग गरिरहेको छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।२२।। जसका विशाल शृङ्गमा पृथ्वीरूपिणी डुङ्गा बाँधेर सत्यव्रत मनु अनायास दुस्तर क्लेशबाट मुक्तभएथे, ती मत्स्य भगवान् हामी आफ्ना आश्रित दुःखीहरूको वृत्रासुरको आतिशय भयबाट अवश्य रक्षा गर्छन् ।। २३ ।। पूर्वसमयमा प्रचण्ड वायुको झोंक्काले उठेका तरङ्गले गर्दा निकै भयानक प्रलयकालको जलमा विष्णु भगवान्को नाभि कमलबाट उत्पन्न भएका ब्रह्माजी एक्लै भएर पनि जसको कृपाले त्यो महासङ्कटबाट पारी पुगेका थिए, ती परमात्मा हामीलाई पनि यस विपत्तिबाट उद्धार गरुन् ।।२४।। जुन एकमात्र महाप्रभुले आफ्नो मायाले हाम्रो रचना गरे, जसको कृपाले म संसारको रचना गर्दछु र आफूलाई स्वतन्त्र ईश्वर मानी अभिमान गर्नाले नै सबै प्राणीहरूको अन्तःकरणमा विराजमान भएर पहिलेदेखि नै प्रेरक जुन परमात्माको स्वरूपलाई जान्न सकिन्न ।।२५।। जुन भगवान मलाई शत्रुहरूद्वारा पीडित देखेर वस्तुतः निर्विकार भएर पनि मायाको सहयोगले देवता, ऋषि, मुनी तिर्यक् र मनुष्यादि

दुर्गम् ।। स एव नस्त्वाष्ट्रभयाद्दुरन्तात्त्राताऽऽश्रितान्वारिचरोऽपि नूनन् ।। २३ ।। पुरा स्वयम्भूरपि संयमाम्भस्युदीर्णवातोर्मिरवे कराले ।। एकोऽरविन्दात्पतितस्ततार तस्माद्भयाद्येन स नोऽस्तु पारः ।। २४ ।। य एक ईशो निजमायया नः ससर्ज येनानुसृजाम विश्वम् ।। वयं न यस्यापि पुरः समीहतः पश्याम लिङ्गं पृथगीशमानिनः ।। २५।। यो नः सपत्नैर्भृशमर्द्यमानान्देवर्षितिर्यङ्नृषु नित्य एव ।। कृतावतारस्तनुभिः स्वमायया कृत्वाऽऽत्मसात्पाति युगे युगे च ।। २६ ।। तमेव देवं वयमात्मदैवतं पर प्रधानं पुरुषं विश्वमन्यम् ।। व्रजाम सर्वे शरणं शरण्यं स्वानां स नो धास्यति शं महात्मा ।। २७ ।। श्रीशुक उवाच ।। इति तेषां महाराज सुराणामुपतिष्ठताम् ।। प्रतीच्यां दिश्यभूदाविः शङ्खचक्रगदाधरः ।। २८ ।। आत्मतुल्यैः षोडशभिर्विना श्रीवत्सकौस्तुभौ ।। पर्युपासितमुन्निद्रशरदम्बुरुहेक्षणम् ।। २९ ।। दृष्ट्वा तमवनौ सर्व ईक्षणाह्लादविक्लवाः ।।

योनिहरूमा अवतार लिएर हामीमाथि *न्यायसंगत अपनत्वको भाव राखेर युग-युगमा हाम्रो रक्षा गर्दै आउनुभएको छ ।।२६।। जुन भगवान् सबैका आत्मा र परमदेव छन्, जो प्रकृति तथा पुरुषरूपले अखिल विश्वका कारण छन् र जो यस विश्वबाट भिन्न भएर पनि विश्वरूप छन्, म ती शरणागतवत्सल नारायणको शरणमा छु। ती भगवान् अवश्य हामीजस्ता आफ्ना भक्तहरूको कल्याण गर्नेछन् ।।२७।। त्यसपछि शुकदेवजी भन्नुहुन्छ–हे महाराज ! यस प्रकार देवताहरूले स्तुति गरेपछि ती शङ्ख, चक्र, गदा, पद्मधारी भगवान पश्चिम दिशामा प्रकट भए ।।२८।। हे राजन् ! त्यस बखत तिनका चारैतिर श्रीवत्सलाञ्छन तथा कौस्तुभमणि छाडेर बाँकी सबै भगवल्लक्षणहरूले युक्त नन्द-सुनन्द आदि सोह पार्षद उपस्थित थिए। तिनका नेत्र शरत्कालमा विकसित कमल समान मनोहर थिए। ती श्रीहरिलाई देखेर तथा उनको दर्शनानन्दले विह्वल भएर सबै देवताहरूले भूमिमा दण्ड झैं लम्पसार परेर प्रणाम गरे

* दृष्टान्त—(प्रभुको न्याय)—यौटी ग्वालिनी थिई। त्यो दिनहुँ नगीचैको यौटा शहरमा दूध बेच्न जान्थी। पहिले त्यो राम्रो दूध दिन्थी, यसले त्यसको राम्रो विश्वास भइसकेको थियो र त्यसका धेरै ग्राहक बने। त्यो सबैले मागे जति दूध दिन असमर्थ थिई। अब उसको ईमान बिग्रियो। गाउँको बाटैमा यौटा नदी पर्दथ्यो। त्यहींबाट पानी मिसाएर दूध बेच्न थाली। एक पल्ट त्यो नदीको पारी घर जाँदै थिई। नदीमा आइपुगेपछि पोटलीमा बाँधेको पैसा उसले छेउमा राखि दिई र भाँडा माज्न लागी। त्यसै बखत यौटा चील उड्दै आयो र पैसाको पोको चुच्चामा च्यापेर उड्यो। तर त्यसबाट केही पैसा झरिए। ग्वालिनी रुन थाली। त्योसित अर्की ग्वालिनी पनि थिई। त्यसले दूधमा पानी मिसाएको बराबर देखेकी थिई। उसले भनी—'बहिनी ! तिमी व्यर्थ रोइरहेकी छौ ! दूधको पैसा दूधमा र पानीको पैसा पानीमा गयो। तिमी लोभमा परेर दूधमा पानी मिसाउँथ्यौ त्यसैको यो फल हो।' पहिली ग्वालिनीले पोकोबाट झरेको पैसा गन्दा जति दूधको पैसा थियो, त्यति मात्र रहेको थियो। जति पापको वा पानी मिसाएको पैसा थियो पक्षीले लगिदियो। यसरी धोका दिएर आएको धन कुनै प्रकारले नष्ट नभइ रहन्न।

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal.

CC-0. Digitized by eGangotri and MDI - Delhi

अनि विस्तारै उठेर ती यस प्रकार प्रसन्न चित्तले स्तुति गर्दै विन्ती गर्न लागे ।।२९-३०।। देवगण भन्दछन्–हे प्रभो ! जसको यज्ञ नै वीर्य हो, जो यज्ञफल दिनका लागि काल समान छन्, ती महाप्रभुलाई हामी सबैको नमस्कार छ । जो दैत्यहरूमाथि आफ्नो चक्र चलाउँदछन् तथा जसका अगणित नाम छन् त्यस्ता हजुरलाई हामीहरूको प्रणाम छ ।।३१।। हे धात ! हजुर राजसिक, तामसिक र सात्त्विक यी तीनै थरिका बुद्धिहरूको प्रधान हुनुहुन्छ । हजुरका निर्गुण परमपदलाई कार्य-कारणात्मक जगत्‌को कुनै पनि आधुनिक जीव राम्रो प्रकारले जान्न सक्तैन ।।३२।। ॐ हे भगवन् ! नारायण ! हे नारायण ! हे परब्रह्म ! हे आदिपुरुष ! हे महापुरुष ! हे महानुभाव ! हे परममङ्गल ! हे परम कल्याण ! हे परम कारुणिक ! हे केवल जगदाधार ! हे लोकैकनाथ ! हे सर्वेश्वर ! हे लक्ष्मीपते ! परमहंस तथा परिव्राजन आत्मसंयमरूपी परम समाधिद्वारा राम्रो प्रकारले अनुशीलन गरिएर मात्र प्रकाशित परमरहस्य धर्म द्वारा आफ्नो हृदयको अज्ञानरूपी कपाट खोलेर आत्मलोकमा प्रविष्ट निजानन्दद्वारा जसलाई आफ्नो अनुभवको मुख्य विषय मान्दछन्, ती एक मात्र हजुर नै हुनुहुन्छ । त्यस्ता र

दण्डवत्पतिता राजञ्छनैरुत्थाय तुष्टुवुः ॥ ३० ॥ देवा ऊचुः ॥ नमस्ते यज्ञवीर्याय वयसे उत ते नमः ॥ नमस्ते ह्यस्तचक्राय नमः सुपुरुहूतये ॥ ३१ ॥ यत्ते गतीनां तिसृणामीशितुः परमं पदम् ॥ नार्वाचीनो विसर्गस्य धातर्वेदितुमर्हति ॥ ३२ ॥ ॐ नमस्तेऽस्तु भगवन्नारायण वासुदेवादि-पुरुष महापुरुष महानुभाव परममङ्गल परमकल्याण परमकारुणिक केवलजगदाधार लोकैकनाथ सर्वेश्वर लक्ष्मीनाथ परमहंसपरिव्राजकैः परमेणा-त्मयोगसमाधिना परिभावितपरिस्फुटपारमहंस्यधर्मेणोद्घाटिततमः कपाटद्वारे चित्तेऽपावृत आत्मलोके स्वयमुपलब्धनिजसुखानुभवो भवान् ॥ ३३॥१॥ दुरवबोध इव तवायं विहारयोगो यदशरणोऽशरीर इदमनपेक्षितास्मत्समवाय आत्मनैवाक्रियमाणेन सगुणमगुणः सृजसि पासि हरसि ॥ ३४ ॥ २ ॥ अथ तत्रभवान्किं देवदत्तवदिह गुणविसर्गपतितः पारतन्त्र्येण स्वकृतकुशलाकुशलं फलमुपादादात्यात्माराम उपशमशीलः समञ्जसदर्शन उदास्त इति ह वाव न विदामः ॥ ३५ ॥ ३ ॥ न हि विरोध उभयं भगवत्यपरिगणितगुणगण ईश्वरेऽनवगाह्यमाहात्म्येऽर्वाचीनविकल्पवितर्कविचा-र प्रमाणाभासकुतर्कशास्त्रकलिलान्तःकरणाश्रयदुरवग्रहवादिनां विवादानवसर उपरतसमस्तमायामये केवल एवात्ममायामन्तर्धाय को न्वर्थो दुर्घट

महापुरुषलाई प्रणाम छ ।।३३।।१।। हे नाथ ! हजुरको यो विहार-योग दुर्विज्ञेय छ । हजुर निराधार अशरीर सहायताको उपेक्षाले रहित निर्गुण भएर पनि सविकार नभइकन नै सगुण जगत्‌को रचना, पालन र संहार गर्दछन् ।।३४-२।। हे नाथ ! गुणहरूका कार्यरूपी यस संसारमा प्रकट भएर हजुर देवदत्त नामको कुनै व्यक्तिको समान स्वचरित शुभाशुभ कर्मको फल परतन्त्रभावले भोग्नुहुन्छ वा आफ्नी चैतन्य-शक्तिबाट च्युत भएर नै आत्माराम र उपशमशील भएर उदासीनभावले रहनुहुन्छ–यी कुरा हाम्रो बुद्धिले भेट्न सकिरहेको छैन ।।३५-३।। हामी त बुझ्दछौं हजुरमा यी दुवै कुरा विद्यमान भएर पनि विरोधाभास छैन । हजुर भगवान् होइन र ? हजुरका गुण अगणित र माहात्म्य दुर्विज्ञेय छन्, आधुनिक विकल्प प्रमाणाभास र कुतर्कहरूले युक्त–जसको हजुरसित स्पर्श हुँदैन, ती शास्त्रहरूले व्याकुल अन्तःकरण नै जसको आधार छ, त्यस दुराग्रहवश विवादमान पुरुषहरूको विवाद जहाँ एकदम पुग्न सक्तैन र जो सारा मायामय प्रपञ्चबाट पृथक् छ, त्यो हजुरको वैकल्प स्वरूपबाट आफ्नी मायाको आवरण हटाएपछि कर्तृत्व र भोक्तृत्व आदि कुन व्यापार सम्भव छ ? वस्तुतः हजुरमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुवै स्वरूपको अभाव विद्यमान रहन्छ ॥३६॥४॥ जस्तै-यौटै डोरीको टुक्रा *ज्ञानी पुरुषलाई डोरी र भ्रान्तबुद्धि हुने व्यक्तिलाई सर्पादिको रूपमा देखिन्छ, त्यस्तै नै हजुर पनि ज्ञानी र अज्ञानी पुरुषका बुद्धिको अनुसरण गर्दै रहनु हुन्छ ॥३७॥५॥ वास्तवमा हजुरनै सबै वस्तुहरूको सार, हजुर नै सर्वेश्वर हुनुहुन्छ। हजुर यस जगत्का कारणास्वरूप महत्तत्वादिका कारण हुनुहुन्छ। अन्तर्यामी हुनाले हजुर नै सबै विषयमा प्रतीतिले लक्षित हुनुहुन्छ। श्रुति पनि हजुरलाई नै सबैका अधिष्ठान स्वरूप अवशिष्ठ मान्दछन् ॥३८॥६॥ हे मधुसूदन! हजुरका महिमामृतरूपी रसले भरिएको समुद्रको यौटा थोपा मात्र एकपल्ट आस्वादन गरेर आफ्नो हृदयमा सधैं बगिरहने सुख-प्रवाहले जसका दृष्ट र श्रुत विषयजनित लक्षमात्र सुखाभास विस्मृत भइसकेका छन् र जसको मन सबै प्राणीहरूका सुहृद् एवं सर्वात्मा हजुरमै पूर्णरूपले लागिरहन्छ, त्यस्ता साधुजन आफ्नो स्वार्थसाधनामा निपुण तथा आफ्ना प्रिय सुहृद्

इव भवति स्वरूपद्वयाभावात् ॥ ३६ ॥ ४ ॥ समविषममतीनां मतमनुसरसि यथा रज्जुखण्डः सर्पादिधियाम् ॥ ३७ ॥ ५ ॥ स एव हि पुनः सर्ववस्तुनि वस्तुस्वरूपः सर्वेश्वरः सकलजगत्कारणकारणभूतः सर्वप्रत्यगात्मत्वात्सर्वगुणाभासोपलक्षित एक एव पर्यवशेषितः ॥ ३८ ॥ ६ ॥ अथ ह वाव तव महिमामृतरससमुद्रविप्रुषा सकृदवलीढया स्वमनसि निष्यन्दमानानवरतसुखेन विस्मारितदृष्टश्रुतविषयसुखलेशाभासाः परमभागवता एकान्तिनो भगवति सर्वभूतप्रियसुहृदि सर्वात्मनि नितरां निरन्तरं निर्वृतमनसः कथमु ह वा एते मधुमथन पुनः स्वार्थकुशला ह्यात्मप्रियसुहृदः साधवस्त्वच्चरणाम्बुजानुसेवां विसृजन्ति न यत्र पुनरयं संसारपर्यावर्तः ॥ ३९ ॥ ७ ॥ त्रिभुवनात्मभवन त्रिविक्रम त्रिनयन त्रिलोकमनोहरानुभाव तवैव विभूतयो दितिजदनुजादयश्चापि तेषामनुपक्रमसमयोऽयमिति स्वात्ममायया सुरनरमृगमिश्रितजलचराकृतिभिर्यथापराधं दण्डं दण्डधर दधर्थ एवमेनमपि भगवञ्जहि त्वाष्ट्रमुत यदि मन्यसे ॥ ४० ॥ ८ ॥ अस्माकं तावकानां तव नतानां पिता पितामह तव चरणनलिनयुगल-

भएर पनि हजुरका चरण-कमलको सेवालाई कसरी त्याग्न सक्छन्? यसै कारण तिनलाई फेरि यस संसार चक्रमा परिने डर रहन्न ॥३९॥७॥ हे अखिल त्रैलोक्यका आत्मा तथा आधार! हे त्रिनयन! हे त्रिभुवनको मन हरण गर्ने महानुभाव! यद्यपि यी दैत्य दानवादि जीव हजुरकै विभूति हुन्, तापनि अहिले इनको उपक्रम (अकर्म) को समय आएको छैन। अतएव हे दण्डधर! जस्तै हजुर आफ्नी मायाद्वारा देवता, मनुष्य, मृग, मिश्रित तथा जलचरादिको रूप धारण गरेर इनलाई इनको अपराध अनुसार पहिले दण्ड दिनुहुन्छ: त्यस्तै नै

---

* दृष्टान्त (ज्ञानी र अज्ञानीमा फरक)—यौटा विरक्त महात्मा डुल्दै-फिर्दै कुनै गाउँमा पुगे। त्यहाँ तिनको प्रभावले धेरै व्यक्ति धर्मात्मा हुन गए। बिस्तार-बिस्तार यो कुरा राजासम्म पुग्यो। यसले राजालाई पनि तीमाथि श्रद्धा उत्पन्न भयो र त्यो पनि उनैसित सत्संग गर्न लाग्यो। केही दिनपछि राजाले ती महात्माको निम्ति पनि यौटा बगैचा तयार पार्न लगाए र आफ्नो महल जस्तै महल पनि बनाउन लगाए। आफूसित सुख, आनन्द र मौज-मजाका जति वस्तुहरू थिए त्यति नै उनको निम्ति पनि जम्मा पार्न लगाए। एक दिन ती महात्मा र राजा संगसंगै डुल्न निस्के। बाटोमा राजाले भने—'मसित जति सामग्री छ, उती नै तपाईंसित पनि छ। अब तपाईं र ममा के फरक छ?' महात्माले भने—'अलि पर जाऊँ, अनि भन्दछु। अलि पर पुगेपछि महात्माले भने—'महाराज! सवारी होस्, हामी कुनै अर्को देशतिर जाऔं। अब हजुरले घर फर्कने काम छैन। फेरि घरमा काम पनि के छ र?' राजाले भने—'म त यस्तो गर्न समर्थ छैन। घरमा स्त्री-पुत्र आदि बाटो हेरिरहेका होलान्। म अर्को देशतिर हिंडिदिएँ भने मेरो राज्यको के हालत होला? महात्माले भने—'ठीक हजुरमा र ममा यही फरक छ।' राजाले कुरा बुझिहाले र गद्गद् भावले महात्मालाई विदा गरेर आफ्नू महलमा आए।

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

हे भगवन् ! यदि हजुर उचित मान्नुहुन्छ भने यस त्वष्टाको छोरो वृत्रासुरलाई मारिदिनोस् ॥४०॥८॥ हे पिता ! हे पितामह ! हामी हजुरका चरण-सेवक हौं, सर्वदा हजुरको सम्मुख नतमस्तक रहन्छौं । हजुरका चरण-युगलको ध्यानले हाम्रो हृदय हजुरका प्रेम-शृङ्खलामा बाँधिएको छ । हाम्रो साम्ु आफ्नो सगुण मूर्तिले प्रकट भएर हजुरले हामीलाई आफ्नो तुल्याउनु भयो । अतः हे अनघ ! अब हजुरनै दयायुक्त, विशद, सुन्दर र शीतल हास्ययुक्त हेराइले आफ्नो मुखारविन्दबाट निःसृत मनोहर वाणीरूपिणी सुधा धाराले हाम्रो मनको ताप शान्त पार्नुस् ॥४१॥९॥ सारा जगत्को उत्पत्ति, स्थिति र लयका कारणरूप दिव्य मायाका साथै टट्टा गर्ने हजुर समस्त जीव-समुदायका हृदयमा अन्तर्यामीरूपले र बाहिर प्रधानरूपले रहेर उपादान एवं प्रकाशरूपले देश, काल, शरीर र अवस्था अनुसार तिनको अनुभव गर्ने, सबै प्रतीतिका साक्षी र आकाश-शरीर हुने परब्रह्म परमात्मा हुनुहुन्छ । हे भगवन् ! जस्तै— आगोका भिल्का अग्नि प्रकाशित पार्न सक्तैनन्, त्यसै गरी हामी हजुरलाई कुनै पनि अर्थ-विशेषको ज्ञान गराउन असमर्थ छौं ॥४२॥१०॥ हे प्रभो ! हजुर अचिन्त्य ऐश्वर्ययुक्त तथा

ध्यानाबद्धहृदयनिगडानां स्वलिङ्गविवरणेनात्मसात्कृतानामनुकम्पानुरञ्जितविशदरुचिरशिशिरस्मितावलोकेन विगलितमधुरमुखरसामृतकलया चान्तस्तापमनघार्हसि शमयितुम् ॥ ४१ ॥ ९ ॥ अथ भगवंस्तवास्माभिरखिलजगदुत्पत्तिस्थितिलयनिमित्तायमानदिव्यमायाविनोदस्य सकल- जीवनिकायानामन्तर्हृदयेषु बहिरपि च ब्रह्मप्रत्यगात्मस्वरूपेण प्रधानरूपेण च यथादेशकालदेहावस्थानविशेषं तदुपादानोपलम्भकतयाऽनुभवतः सर्वप्रत्ययसाक्षिण आकाशशरीरस्य साक्षात्परब्रह्मणः परमात्मनः कियानिह वा अर्थविशेषो विज्ञापनीयः स्याद्विस्फुलिङ्गादिभिरिव हिरण्यरेतसः ॥ ४२ ॥ १० ॥ अत एव स्वयं तदुपकल्पयास्माकं भगवतः परमगुरोस्तव चरणशतपलाशच्छायां विविधवृजिनसंसारपरिश्रमोपशमनीमुप- सृतानां वयं यत्कामेनोपसादिताः ॥ ४३ ॥ ११ ॥ अथो ईश जहि त्वाष्ट्रं ग्रसन्तं भुवनत्रयम् ॥ ग्रस्तानि येन नः कृष्ण तेजांस्यस्त्रायुधानि च ॥ ४४ ॥ हंसाय दह्रनिलयाय निरीक्षकाय कृष्णाय मृष्टयशसे निरुपक्रमाय ॥ सत्संग्रहाय भवपान्थनिजाश्रमाप्तावन्ते परीष्टगतये हरये नमस्ते ॥ ४५ ॥ श्रीशुक उवाच ॥ अथैवमीडितो राजन्सादरं त्रिदशैर्हरिः ॥ स्वमुपस्थानमाकर्ण्य प्राह तानभिनन्दितः ॥ ४६ ॥ श्रीभगवानुवाच ॥ प्रीतोऽहं वः सुरश्रेष्ठा मदुपस्थानविद्यया ॥ आत्मैश्वर्यस्मृतिः पुंसां भक्तिश्चैव यथा मयि ॥ ४७ ॥ किं दुरापं मयि प्रीते तथापि विबुधर्षभाः ॥ मय्येकान्तम-

संसारका परम गुरु हुनुहुन्छ । अतः जुन कामनाले हामी अगणित पापहरूको परिणाम स्वरूप संसार-श्रमलाई मेटिदिने हजुरका चरण-कमलको छायामा आएका छौं, हजुर हामी शरणागतका कामना पूर्ण गरिदिनुहवस् ॥४३॥११॥ हे ईश ! कृष्ण ! तीनै लोकलाई ग्रसिरहेको यो वृत्रासुरलाई कसले हाम्रो तेज तथा सबै शस्त्रास्त्र निलिसकेको छ हजुर शीघ्र मानुहवस् ॥४४॥ जुन शुद्ध स्वरूप, हृदयकाशचारी, निरीक्षक, कृष्ण, विमल कीर्ति, अनादि तथा साधुजन सेवित हुनुहुन्छ, जो कुनै संसारी पथिक शरणमा आयो भने त्यसलाई उत्तमगति प्रदान गर्नुहुन्छ, त्यस्ता श्रीहरिलाई प्रणाम छ ।.४५॥ शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! यस प्रकार आदरपूर्वक देवगणले स्तुति गरेपछि आफ्नो स्तोत्र सुनेर प्रसन्न भगवान् बोल्नुभयो ॥४६॥ भगवान भन्नुहुन्छ—हे श्रेष्ठ देवता हो ! मेरो स्तुतिले पूर्ण जुन तिम्रो ज्ञान छ, त्यससे म तिमीहरूदेखि सारै प्रसन्न छु, किनकि यसले आत्माको प्रभावलाई स्मृति र मेरो भक्ति प्राप्तहुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।४७।। हे विबुध श्रेष्ठ ! म प्रसन्न भएपछि के दुर्लभ रहन सक्तछ ? तापनि मेरो अनन्य र तत्त्ववेत्ता भक्त मेरो अतिरिक्त अरु केही पनि इच्छा गर्दैन ।।४८।। जुन मन्दमति प्राणी विषयादिलाई नै सर्वस्व ठान्दछ, त्यसलाई आफ्नो वास्तविक कल्याणको ज्ञान हुन सक्तैन । यदि कोही अभीष्ट पदार्थ प्रदान गर्छ भने त्यो पनि उजस्तै मूर्ख हो ।।४९।। जुन प्राणी मुक्ति-मार्गको ज्ञाता छ, त्यो कुनै अज्ञ व्यक्तिलाई पनि कर्म अर्थात् प्रवृत्ति मार्गमा उपदेश दिन सक्तैन । जस्तै कोही श्रेष्ठ वैद्य रोगीले मागे पनि त्यसलाई कुपथ्य वस्तु दिंदैन ।।५०।। हे इन्द्र ! तिम्रो कल्याण होस् । तिमी शीघ्र मुनिवर दधीचिकहाँ जाऊ र विद्या, व्रत एवं तपस्याको प्रभावले तिनको अत्यन्त दृढ शरीर लिएर आओ ।।५१।। महर्षि दधीचिलाई अश्वशिरा नामको शुद्ध ब्रह्मको ज्ञान प्राप्त छ । उनले अश्विनीकुमारलाई यसको उपदेश दिएका थिए । त्यसै ज्ञानको प्रभावले अश्विनीकुमारलाई अमरपद प्राप्त भएको थियो ।।५२।। अथर्ववेदीय महर्षि दधीचिले नै सर्वप्रथम साक्षात् मेरो स्वरूप नारायण-कवच त्वष्टालाई बताएका थिए । त्यही त्वष्टाले विश्वरूपलाई अर्पण गरे, अब विश्वरूपबाट तिमीलाई प्राप्त भएको छ ।।५३।।

तिर्नान्यन्मत्तो वाञ्छति तत्त्ववित् ।। ४८ ।। न वेद कृपणः श्रेय आत्मनो गुणवस्तुदृक् ।। तस्य तामिच्छतो यच्छेद्यदि सोऽपि तथाविधः ।।४९।। स्वयं निःश्रेयसं विद्वान् वक्त्यवज्ञाय कर्म हि ।। न राति रोगिणोऽपथ्यं वाञ्छतो हि भिषक्तमः ।। ५० ।। मघवन् यात भद्रं वो दध्यञ्चमृषिसत्तमम् ।। विद्याव्रततपःसारं गात्रं याचत मा चिरम् ।। ५१ ।। स वा अधिगतो दध्यङ्ङश्विभ्यां ब्रह्म निष्कलम् ।। यद्वा अश्वशिरो नाम तयोरमरतां व्यधात् ।। ५२ ।। दध्यङ्ङाथर्वणस्त्वष्ट्रे वर्माभेद्यं मदात्मकम् ।। विश्वरूपाय यत्प्रादात्त्वष्टा यत्त्वमधास्ततः ।। ५३ ।। युष्मभ्यं याचितोऽश्विभ्यां धर्मज्ञोऽङ्गानि दास्यति ।। ततस्तैरायुधश्रेष्ठो विश्वकर्मविनिर्मितः ।। येन वृत्रशिरो हर्ता मत्तेजउपबृंहितः ।। ५४ ।। तस्मिन्विनिहते यूयं तेजोऽस्त्रायुधसम्पदा ।। भूयः प्राप्स्यथ भद्रं वो न हिंसन्ति च मत्परान् ।। ५५ ।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नवमोऽध्यायः ।। ९ ।। श्रीशुक उवाच ।। इन्द्रमेवं समादिश्य भगवान्विश्वभावनः ।। पश्यतामनिमेषाणां तत्रैवान्तर्दधे हरिः ।। १ ।। तथाऽभियाचितो देवैर्ऋषिराथर्वणो महान् ।। मोदमान उवाचेदं प्रहसन्निव भारत ।। २ ।। अपि वृन्दारका यूयं न जानीथ शरीरिणाम् ।। संस्थायां यस्त्वभिद्रोहो दुःसहश्चेतनापहः ।। ३ ।। जिजीविषूणां

महर्षि दधीचि ठूला धर्मात्मा छन् । तिमीहरू र विशेष गरेर अश्विनीकुमारले मागेपछि ती आफ्नो अङ्ग तिमीलाई अवश्य दिन्छन् । ती अंगले विश्वकर्माले बनाएको वज्रास्त्र तयार हुनेछ । त्यस अस्त्रले देवराज इन्द्र मेरो तेजले युक्त भएर वृत्रासुरको मस्तक काट्ने छन् ।। ५४ ।। जब त्यो मर्दछ तब तिमी आफ्नो गइसकेको तेज, अस्त्र-शस्त्र र सम्पत्ति फेरि प्राप्त गर्न सक्ने छौ । कोही पनि मेरा भक्तलाई दुःखदिन सक्तैन । यस कारण अवश्य तिम्रो कल्याण हुनेछ ।। ५५ ।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां नवमोऽध्यायः ।। ९ ।। (देवताहरू दधीचि ऋषिकहाँ गएर उनको हाड़ मागेर ल्याउनु र वृत्रासुरसित लडाई गर्नु)—शुकदेवजी भन्दछन्—हे राजन् ! यस प्रकार इन्द्रलाई आज्ञा दिएर विश्वभावन विष्णु भगवान् देवताहरूले हेर्दाहेर्दै अन्तर्धान भए ।।१।। हे भारत ! ती देवताहरूले जब भगवान्को सल्लाह अनुसार दधीचि ऋषिसित याचना गरे तब उनले साह्रै प्रसन्न भएर हाँस्तै भने ।।२।। हे देवता हो ! शरीरीहरूलाई आफ्नो शरीर त्याग्नमा चेतना नष्ट पारिदिने जुन दुःसह कष्ट हुन्छ, के तिमीहरू त्यसलाई जान्दैनौ ? ।।३।। यस संसारमा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवित रहनाको इच्छुक पुरुषहरूको शरीर अत्यंन्त प्रिय हुन्छ । यदि साक्षात् विष्णु भगवान गएर मागे पनि आफ्नो शरीर दिने गर्दैन ॥४॥ देवगणले भने–हे ब्रह्मन् ! पुण्य-कीर्तिशाली सत्पुरुष पनि जसका कार्यको प्रशंसा गर्दछन्, सबै प्राणीहरूमा कृपालु हजुर जस्ता महापुरुष कुन वस्तुको त्याग गर्न सक्दैनन् र ? ॥५॥ हे भगवन् ! संसार ठूलो स्वार्थी छ । यो अरूको दुःखलाई बुझ्दैन । यदि उसले अरूको कष्ट बुझिदिने भए नमाग्ने पनि अरूसित माग्ला र नदिनमा समर्थ भएर पनि कुनै प्राणी दिन अस्वीकार गर्नेछ ॥ ६ ॥ दधीचिले भने–यहाँ सबैको मुखबाट धर्मको कुरा सुन्नको लागि नै मैले यति कुरा गरेको हुँ । यो मेरो प्रिय शरीर एक दिन स्वयं मलाई छाड्ने नै छ भने यसलाई म आजै छाडिदिन्छु ॥७॥ हे स्वामीहरू हो ! जुन प्राणी आफ्नो अनित्य शरीरले सबै जीवमा दया गर्दै धर्म तथा यशको उपार्जनको उद्योग गर्दैन त्यो वृक्षादिहरूको निम्ति पनि शोचनीय हुन्छ ॥८॥ जो व्यक्ति अरूको दुःखमा दुःखी तथा सुखमा सुखी हुन्छ, त्यसको पुण्यकीर्ति पुरुषहरूद्वारा सेवित यो अविनाशी धर्म हो । ९ ॥ अहो ! मानव जातिको यो कस्तो कृपणता हो, कति दुःखको

जीवानामात्मा प्रेष्ठ इहेप्सितः ॥ क उत्सहेत तं दातुं भिक्षमाणाय विष्णवे ॥ ४ ॥ देवा ऊचुः ॥ किंनु तद्दुस्त्यजं ब्रह्मन्पुंसां भूतानुकम्पिताम् ॥ भवद्विधानां महतां पुण्यश्लोकेड्यकर्मणाम् ॥ ५ ॥ ननु स्वार्थपरो लोको न वेद परसङ्कटम् ॥ यदि वेद न याचेत नेति नाम यदीश्वरः ॥ ६ ॥ ऋषिरुवाच ॥ धर्मं वः श्रोतुकामेन यूयं मे प्रत्युदाहृताः ॥ एष वः प्रियमात्मानं त्यजन्तं संत्यजाम्यहम् ॥ ७ ॥ यो ध्रुवेणात्मना नाथा न धर्मं न यशः पुमान् ॥ ईहेत भूतदयया स शोच्यः स्थावरैरपि ॥ ८ ॥ एतावानव्ययो धर्मः पुण्यश्लोकैरुपासितः ॥ यो भूतशोकहर्षाभ्यामात्मा शोचति हृष्यति ॥ ९ ॥ अहो दैन्यमहो कष्टं पारक्यैः क्षणभङ्गुरैः ॥ यन्नोपकुर्यादस्वार्थैर्मर्त्यः स्वज्ञातिविग्रहैः ॥ १० ॥ श्रीशुक उवाच ॥ एवं कृतव्यवसितो दध्यङ्ङाथर्वणस्तनुम् ॥ परे भगवति ब्रह्मण्यात्मानं सन्नयञ्जहौ ॥ ११ ॥ यताक्षासुमनोबुद्धिस्तत्त्वदृग्ध्वस्तबन्धनः ॥ आस्थितः परमं योगं न देहं बुबुधे गतम् ॥१२॥ अथेन्द्रो वज्रमुद्यम्य निर्मितं विश्वकर्मणा ॥ मुनेः शक्तिभिरुत्सिक्तो भगवत्तेजसाऽन्वितः ॥ १३ ॥ वृतो देवगणैः सर्वैर्गजेन्द्रोपर्यशोभत ॥ स्तूयमानो मुनिगणैस्त्रैलोक्यं हर्षयन्निव ॥ १४ ॥ वृत्रमभ्यद्रवच्छेत्तुमसुरानीकयूथपैः ॥ पर्यस्तमोजसा राजन्क्रुद्धो रुद्रमिवान्तकम्

कुरा छ कि जसको द्वारा मनुष्यको केही पनि वास्तविक साधन हुँदैन, जो अरूले नै भोग्ने योग्य र क्षणभंगुर छन्, ती धन, जन एवं शरीरादिले त्यो अरूको केही पनि भलो गर्न सक्तैन ।।१०।। शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! यस प्रकारको निश्चय गरेर अथर्ववेदी दधीचि ऋषिले आफ्नो मन परमात्मामा लीन गरेर आफ्नो देह त्यागिदिए ।।११।। महर्षि दधीचिका इन्द्रिय, मन तथा प्राण संयत थिए र दृष्टि तत्त्वदर्शिनी थिई । यस निम्ति शरीर त्यागेर ती सबै बन्धनबाट मुक्त भए । जब तिनले परमयोगमा स्थिर भएर आफ्नो प्राण त्यागिदिए तब उनलाई यस देहको अलिकति पनि ज्ञान रहेन ।।१२।। भगवान्‌को तेजले युक्त हुनाले जसको बल बढिगयो, जुन चारैतिर देवताहरूले घेरिएका थिए र मुनिजन जसको स्तुति गरिरहेका थिए, ती इन्द्र सारा त्रिलोकलाई प्रसन्न पार्दै दधीचि मुनिको हाडले विश्वकर्माद्वारा बनाइएको वज्र लिएर गजराज ऐरावतमा सुशोभित देखिए ।।१३-१४।। हे राजन् ! पूर्वकालमा भगवान् रुद्रले जस्तै सबै लोकको संहार गर्ने भएको त्रिपुरासुर माथि क्रोधले आक्रमण गरेका थिए, त्यस्तै नै ती असुरसेना रक्षित वृत्रासुरको वध गर्नका लागि उतिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो वेगले प्रस्थान गरे ॥१५॥ त्यसपछि प्रथम चतुर्युगीय त्रेतायुगको आरम्भमा नर्मदा नदीको किनारमा दैत्यगणसित देवताहरूको भयङ्कर युद्ध हुन लाग्यो ॥१६॥ हे राजन् ! रुद्र, वसु, आदित्य, अश्विनीकुमार, पितृगण, अग्नि, मरुद्गण, ऋभु, साध्य र विश्वेदेव आदिसित आफ्नो शोभाले शोभायमान वज्रधर इन्द्रलाई युद्धभूमिमा सामुन्ने देखेर वृत्रासुरआदि दैत्यहरूलाई सहिनसक्नु भयो ॥१७॥१८॥ यसै निम्ति नमुचि, शम्बर, अनर्वा द्विमूर्धा, ऋषभ, अम्बर, हयग्रीव, शंकुशिरा, विप्रचिति, अयोमुख, प्रलोमा, वृषपर्वा, प्रहेति र उत्कल आदि दैत्य, दानव, यक्ष र सुमाली आदि सुवर्णका गहनाले सुसज्जित हजारौं राक्षस मृत्युको निम्ति पनि दुष्प्राप्य इन्द्रका सेनालाई रोकेर उन्मत्त भई क्रोधपूर्वक सिंहनाद गर्दै ती देवताहरूमा सबैतिरबाट गदा, परिघ, बाण, प्रास, मुद्गर, तोमर, शूल, परशु, खड्ग, शतघ्नी तथा भुशुण्डी आदि शस्त्रास्त्र बर्साउन लागे ॥१९–२३॥ यस प्रकार पुङ्खानु-

॥ १५ ॥ ततः सुराणामसुरै रणः परमदारुणः ॥ त्रेतामुखे नर्मदायामभवत्प्रथमे युगे ॥ १६ ॥ रुद्रैर्वसुभिरादित्यैरश्विभ्यां पितृवह्निभिः ॥ मरुद्भि-र्ऋभुभिः साध्यैर्विश्वेदेवैर्मरुत्पतिम् ॥ १७ ॥ दृष्ट्वा वज्रधरं शक्रं शोचमानं स्वया श्रिया ॥ नामृष्यन्नसुरा राजन्मृधे वृत्रपुरःसराः ॥ १८ ॥ नमुचिः शम्बरोऽनर्वा द्विमूर्धा ऋषभोऽम्बरः ॥ हयग्रीवः शंकुशिरा विप्रचित्तिरयोमुखः ॥ १९ ॥ पुलोमा वृषपर्वा च प्रहेतिर्हेतिरुत्कलः ॥ दैतेया दानवा यक्षा रक्षांसि च सहस्रशः ॥ २० ॥ सुमालिमालिप्रमुखाः कार्तस्वरपरिच्छदाः ॥ प्रतिषिध्येन्द्रसेनाग्रं मृत्योरपि दुरासदम् ॥ २१ ॥ अभ्यर्दयन्नसं-भ्रान्ताः सिंहनादेन दुर्मदाः ॥ गदाभिः परिघैर्बाणैः प्रासमुद्गरतोमरैः ॥ २२ ॥ शूलैः परश्वधैः खड्गैः शतघ्नीभिर्भुशुण्डिभिः ॥ सर्वतोऽवाकिरन् शस्त्रैरस्त्रैश्च विबुधर्षभान् ॥ २३ ॥ न तेऽदृश्यन्त संछन्नाः शरजालैः समन्ततः ॥ पुङ्खानुपुङ्खपतितैर्ज्योतींषीव नभोघनैः ॥ २४ ॥ न ते शस्त्रास्त्र-वर्षौघा ह्यासेदुः सुरसैनिकान् ॥ छिन्नाः सिद्धपथे देवैर्लघुहस्तैः सहस्रधा ॥ २५ ॥ अथ क्षीणास्त्रशस्त्रौघा गिरिशृङ्गद्रुमोपलैः ॥ अभ्यवर्षन्सुरबलं चिच्छिदुस्तांश्च पूर्ववत् ॥ २६ ॥ तानक्षतान्स्वस्तिमतो निशाम्य शस्त्रास्त्रपूगैरथ वृत्रनाथाः ॥ द्रुमैर्दृषद्भिर्विविधाद्रिशृङ्गैरविक्षतांस्तत्रसुरिन्द्रसैनि-कान् ॥ २७ ॥ सर्वे प्रयासा अभवन्विमोघाः कृताः कृता देवगणेषु दैत्यैः ॥ कृष्णानुकूलेषु तथा महत्सु क्षुद्रैः प्रयुक्ता रुशती रूक्षवाचः ॥ २८ ॥ ते स्वप्रयासं वितथं निरीक्ष्य हरावभक्ता हतयुद्धदर्पाः ॥ पलायनायाजिमुखे विसृज्य पतिं मनस्ते दधुरात्तसाराः ॥ २९ ॥ वृत्रोऽसुरांस्ताननुगा-

पुङ्खका क्रमले छुटेका बाणद्वारा सबैतिरबाट आच्छादित भएर देवता मेघमालाले ढाकिएका नारायण झैं अदृश्य भए ॥२५॥ तर ती दैत्यका शस्त्रास्त्रको देव-सैनिकलाई छुन पनि सकेन । शस्त्र प्रहारमा कुशल देवताहरूले तिनका शस्त्रहरूको हजारौं टुक्रा पारेर आकाशमै छिन्न-भिन्न पारिदिए ॥२५॥ शस्त्रास्त्र सकिएपछि दैत्य देवसेनामा पर्वत-शिखर, वृक्षहरू तथा ढुङ्गा बर्साउन लागे । तर देवताहरूले पहिलेकै समान तिनलाई पनि काटिदिए ॥२६॥ हे राजन् ! इन्द्रका सेनाहरू आफ्ना शस्त्रास्त्रले अक्षत र वृक्ष, ढुङ्गा, अगणित पर्वतका प्रहारले पनि जस्ताको त्यस्तै सकुशल उभिएका देखेर वृत्रासुरका अनुगामी दैत्यगण निकै डराए ॥२७॥ जस्तै क्षुद्र मनुष्यद्वारा महापुरुषप्रति कहिएका कठोर एवं अमङ्गलमय वाक्य उनको केही पनि हानि गर्न सक्तैन, त्यस्तै नै भगवत्कृपापात्र देवताप्रति तिनको विनाशार्थ बारम्बार गरिएका दैत्यका सबै प्रयत्न व्यर्थ भएर गए॥२८॥ यस्तो दशामा भगवद्भक्तिरहित दैत्यगणको सारा

Digitized Collection Nagarjuna Z. Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्धोत्साह भङ्ग भयो । देवताहरूले तिनको धैर्य हरण गरिलिए । आफ्नो उद्योग व्यर्थ भएको देखेर आफ्ना प्रभु वृत्रासुरलाई युद्ध भूमिमै छाडेर सबै दशै दिशातिर भाग्नलागे ॥ २९ ॥ अनि आफ्ना अनुगत दैत्यहरू भाग्न लागेका र सेना डरले चारैतिर छरिएका देखी वृत्रासुर भन्न लाग्यो ॥३०॥ त्यो वीर वृत्रासुरले मनस्विहरूको योग्य र सामयिक वाणीमा यस प्रकार भन्यो–हे विप्रचित्ते ! हे नमुचे ! हे मय ! हे अनर्वन् ! हे सम्बर ! मेरो कुरा सुन ॥३१॥ हे भाई! संसारमा जो उत्पन्न भएको छ, त्यसको मृत्यु निश्चित छ । त्यसलाई रोक्नको निम्ति विधाताले कुनै उपाय बताएनन् । तव यदि मृत्युले परलोकमा सद्गति र यसलोकमा सुयश मिल्दछ भने यस्तो उत्तम मृत्युलाई कसले अङ्गीकार नगर्ला ? ॥३२॥ यस संसारमा दुइ प्रकारको मृत्यु निकै दुर्लभ र श्रेष्ठ मानिएको छ–यौटा ब्रह्म-चिन्तनमा लागेर प्राणलाई जितेर शरीर त्यागिदिनु र अर्को युद्धभूमिमा सेनाको सम्मुख अडिएर खुट्टा पछि न-

न्मनस्वी प्रधावतः प्रेक्ष्य बभाष एतत् ॥ पलायितं प्रेक्ष्य बलं च भग्नं भयेन तीव्रेण विहस्य वीरः ॥ ३० ॥ कालोपपन्नां रुचिरां मनस्विनामुवाच वाचं पुरुषप्रवीरः ॥ हे विप्रचित्ते नमुचे पुलोमन् मयानर्वञ्शम्बर मे शृणुध्वम् ॥ ३१ ॥ जातस्य मृत्युर्ध्रुव एव सर्वतः प्रतिक्रिया यस्य न चेह क्लृप्ता ॥ लोके यशश्चाथ ततो यदि ह्यमुं को नाम मृत्युं न वृणीत युक्तम् ॥ ३२ ॥ द्वौ संमताविह मृत्यु दुरापौ यद्ब्रह्म संधारणया जितासुः ॥ कलेवरं योगरतो विजह्याद्यदग्रणीर्वीरशयेऽनिवृत्तः ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे इन्द्रवृत्रासुरयुद्धवर्णनं नाम दशमोऽध्यायः ॥ १० ॥ श्रीशुक उवाच ॥ त एवं शंसतो धर्मं वचः पत्युरचेतसः ॥ नैवागृह्णन्भयत्रस्ताः पलायनपरा नृप ॥ १ ॥ विशीर्यमाणां पृतनामासुरीमसुरर्षभः ॥ कालानुकूलैस्त्रिदशैः काल्यमानामनाथवत् ॥२॥ दृष्ट्वाऽतप्यत संक्रुद्ध इन्द्रशत्रुरमर्षितः ॥ तान्निवार्यौजसा राजन्निर्भर्त्स्येदमुवाच ह ॥३॥ किं वा उच्चरितैर्मातुर्धावद्भिः पृष्ठतो हतैः ॥ न हि भीतवधः श्लाघ्यो न स्वर्ग्यः शूरमानिनाम् ॥ ४ ॥ यदि वः प्रधने श्रद्धा सारं वा क्षुल्लका हृदि ॥

सारेर प्राण त्यागिदिनु–यी दुवै मृत्यु अप्राप्य छन् ॥३३॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां दशमोऽध्यायः॥१०॥ (वृत्रासुरको वीरोचित वचन)–शुकदेव भन्नुहुन्छ–हे नृप ! वृत्रासुरका धर्मसंगत वचन सुनेर पनि डरले भागिरहेका असुरले त्यसमा केही ध्यान दिएनन् ॥१॥ हे राजन् ! जब समय जसको अनुकूल थियो ती देवताद्वारा लखेटिएका दैत्य सेना अनाथ झैं छिन्न-भिन्न भएका देखेर इन्द्र-शत्रु वृत्रासुर रिस र असहिष्णुताले सन्तप्त भयो । उसले देवसेनालाई रोकेर भर्त्सना भरिएका वाणीमा तिनका *अवगुण बयान गर्दै भन्यो–॥२॥ ए देवता हो ! आमाको पिष्ठा झैं निकृष्ट र रणभूमिबाट भागेका दैत्यहरूको पिठिउँमा प्रहार गर्नाले तिमीलाई के लाभ हुनसक्ला ?

* दृष्टान्त (अर्काको अवगुण नहेर)–यौटा साधु कुनै शिवालयमा बस्तथे । त्यसको सामुन्ने नै यौटी वेश्याको घर थियो । नित्य अनेक लठुवा आउने गर्दथे । तिनलाई देखेर साधुलाई वेसरी रिस उठ्दथ्यो । एक दिन वेश्यालाई डाकेर साधुले वेसरी हप्काए र भने–'ए पापिनी ! ढँ धेरै पाप गर्दछेस् । तेरो के गति होला ?' यति सुनेर वेश्यालाई निकै पश्चात्ताप भयो र स्वयं आफूलाई धिक्कार दिँदै त्यो प्रभुसित प्रार्थना गर्नलागी र बिस्तार-बिस्तार त्यसले कुकर्म छाडिदिई । तर त्यो वदनाम भइसकेकी थिई, यसै निम्ति मानिस त्यसको घर आउँदै रहन्थे । साधु ती आउने जतिलाई गन्दथ्यो र तीमध्ये एकेकको नाममा यौटा-यौटा ढुङ्गा फ्याँक्दथ्यो । यस्तो गर्दा-गर्दा ढुङ्गाको थुप्रो लाग्यो । अनि उसले वेश्यालाई डाकेर फेरि हप्कायो र भन्यो—'लौ हेर, आफ्नो पापको थुप्रो ! यसको फल तँ कहिलेसम्म भोग्छेस् !' त्यस दिन वेश्यालाई आफूमाथि सार्है घृणा भएर आयो । अब त्यो हरबखत ईश्वरको स्मरण गर्दै भन्न लागी–'हे दीनदयालो ! हे प्रभो ! म पापिनी हुँ । तिमी मेरो उद्धार गर ।' यस्तो भन्दै त्यो नित्य ईश्वरको स्मरण गर्दथी र आफ्नो मन राम्रो काममा खर्च गर्दथी । केही दिनपछि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफूलाई वीर ठान्ने पुरुषहरूको निम्ति कापुरुषको बध गर्नु प्रशंसनीय तथा स्वर्गप्रद भन्न सकिन्न ।।४।। अतएव हे क्षुद्र हो ! यदि तिम्रो हृदयमा युद्ध गर्ने उत्साह तथा साहस छ र विषय-भोगको अभिलाषा छैन भने केवल एक छिन मेरो साम्नुन्ने उभिराख ।।५।। आफ्ना शत्रु देवताहरूलाई त्यसरी हप्काएर विकटतम शरीरले तिनलाई भयभीत पार्दै त्यस महाबलवान् दैत्यले भयङ्कर गर्जना गऱ्यो, त्यसले सबैका चेतना नष्ट भएर ॥ ६ ॥ वृत्रासुरको भयानक सिंह-गर्जनले नै सबै देवता वज्राहत जस्तै अचेत भएर युद्धभूमिमा लम्पसारपरे । पछि जस्तै मतवाला गजराज स्याउलाको वनलाई धूलो पीठो पार्दछ त्यस्तै नै रणरंगको मतवाला वृत्रासुर हातमा त्रिशूल लिएर आफ्नो बलले पृथ्वीलाई कम्पित पार्दै डरले नेत्र बन्द पारेर ढलेका देव-सेनालाई खुट्टाले किचि-मिची पार्दै हिड्न लाग्यो ।।८।। त्यसको त्यो धृष्टता देखेर इन्द्रले निकै अमर्षयुक्त भई आफूतिर आइलागेको शत्रु वृत्रासुरमाथि गदाको यौटा प्रचण्ड प्रहार गरे । त्यस असह्य गदालाई आफूमाथि आएको देखेर वृत्रासुरले त्यसलाई ख्याल-ख्यालमै बायाँ हातले समात्यो ॥ ५ ॥ हे राजन् । इन्द्रको त्यो महापराक्रमी शत्रु वृत्रले युद्धमा

अग्रे तिष्ठत मात्रं मे न चेद्ग्राम्यसुखे स्पृहा ॥ ५ ॥ एवं सुरगणान्क्रुद्धो भीषयन्वपुषा रिपून् ॥ व्यनदत्सुमहाप्राणो येन लोका विचेतसः ॥ ६ ॥ तेन देवगणाः सर्वे वृत्रविस्फोटनेन वै ॥ निपेतुर्मूर्छिता भूमौ यथैवाशनिना हताः ॥ ७ ॥ ममर्द पद्भ्यां सुरसैन्यमातुरं निमीलिताक्षं रणरङ्गदुर्मदः ॥ गां कम्पयन्नुद्यतशूल ओजसा नालं वनं यूथपतिर्यथोन्मदः ॥ ८ ॥ विलोक्य तं वज्रधरोऽत्यमर्षितः स्वशत्रवेऽभिद्रवते महागदाम् ॥ चिक्षेप तामापततीं सुदुःसहां जग्राह वामेन करेण लीलया ॥ ९ ॥ स इन्द्रशत्रुः कुपितो भृशं तया महेन्द्रवाहं गदयोग्रविक्रमः ॥ जघान कुम्भस्थल उन्नदन्मृधे तत्कर्म सर्वे समपूजयन्नृप ॥१०॥ ऐरावतो वृत्रगदाभिमृष्टो विघूर्णितोऽद्रिः कुलिशाहतो यथा ॥ अपासरद्भिन्नमुखःसहेन्द्रो मुञ्चन्नसृक्सप्तधनुर्भृशार्तः ॥ ११ ॥ न सन्नवाहाय विषण्णचेतसे प्रायुङ्क्त भूयः स गदां महात्मा ॥ इन्द्रोऽमृतस्यन्दिकराभिमर्शवीतव्यथः क्षतवाहोऽवतस्थे ॥ १२ ॥ स तं नृपेन्द्राहवकाम्यया रिपुं वज्रायुधं भ्रातृहणं विलोक्य ॥ स्मरंश्च तत्कर्म नृशंसमंहः शोकेन मोहेन हसञ्जगाद ॥ १३ ॥ वृत्र उवाच ॥ दिष्ट्या

अतिशय कुपित भएर भयङ्कर गर्जना गर्दै त्यही गदाले इन्द्रको वाहन ऐरावतको मस्तकमा प्रहार गरिदियो । वृत्रको त्यस कार्यको सबैले सन्हनी गरे ॥ १० ॥ वृत्रासुरको गदाले आहत पर्वतको समान इन्द्रको वाहन ऐरावत हस्ती सहसा तिलमिलायो र मुख चिरिनाले रगतको बमन गर्दै अत्यन्त व्याकुल भएर इन्द्रलाई बोकेर नै सात धनु जति पछिसऱ्यो।।११।।यस प्रकार आफ्नो वाहन ऐरावत व्यथित भएको देखेर स्वयं पनि व्याकुल इन्द्रमाथि वृत्रासुरले प्रहार गरेन । त्यसपछि अमृतवर्षी हातको स्पर्शले घायल ऐरावतको पीडा शान्त पारेर इन्द्र फेरि संग्राममा डटे ।।१२।। हे राजन् ! भाई विश्वरूपको वध गर्ने भएका इन्द्रलाई युद्धको इच्छाले वज्र लिएर फेरि साम्नुन्ने उपस्थित देखेर त्यस निष्ठुर पाप-कर्मको सम्झना गरी वृत्रासुर शोक र

साधु र वेश्या दुवै एक साथै मरे । परन्तु वेश्यालाई विष्णु-दूत र साधुलाई यमदूत लिन भनेर आए । यमदूतलाई देखेर साधुले भने— 'तिमी बिर्सिरहेछा छौ, तिमीलाई त्यो वेश्यालाई लिन पठाइएको होला ।' यम दूतले भने— हामी यस्तो भूल गर्दैनौं । साधु भएर पनि तिमीले एक क्षणको लागि पनि ईश्वरको भजन गऱ्यौ ? यसको विपरीत त्यस वेश्याले तिमी द्वारा धिक्कारेपछि आफ्नो बाटो सपारी र त्यो विष्णु-दूतसित भगवान्को वैकुण्ठधाम गइरहेकी छ ।'

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोहले अभिभूत भएर हाँस्तै बोल्यो—।।१३।। वृत्रासुरले भन्यो—अहो ! यो ठूलो सौभाग्यको कुरा हो—जुन ब्रह्महत्याकारी, गुरुद्रोही तथा मेरो दाजूको हत्यारा मेरो मुख्य शत्रु आज मेरो सामुन्ने उभिएको छ । ए महाअधम ! अहिल्यै तेरो पाषाणनिभ हृदयलाई आफ्नो त्रिशूलले फोरेर सदाको निम्ति भ्रातृ-ऋणबाट अऋणी हुनेछु ।।१४।। जस्तै स्वर्गको इच्छा गर्ने व्यक्ति याज्ञिक पशुको शिर काट्तछन् त्यसै गरी तैंले विश्वासघात गरेर विप्रवंशमा उत्पन्न, आफ्ना गुरु, आत्मज्ञानी, निर्दोष तथा यज्ञकर्ममा दीक्षित मेरा दाजूको मस्तक काटिथिस् ।।१५।। लज्जा, लक्ष्मी, दया तथा कीर्ति आदिले तँलाई पहिल्यै छाडिसकेका छन् । तेरो यस कुकर्मलाई देखेर मनुष्याहारी राक्षस पनि निन्दा गरिरहेका छन् । अब मेरो त्रिशूलद्वारा ठूलो कष्टले छिन्न-भिन्न तेरो देहलाई गिद्ध खानेछन् । यसलाई अग्निको स्पर्श पनि हुनेछैन ।।१६।। जुन मूर्ख देवता तँ महाक्रूरको मद्दत गर्दै ममाथि अनेक थरिका शस्त्रास्त्र प्रहार गरिरहेका छन्, म आफ्नो तीखो त्रिशूलले ती पशुहरूको घाँटी काटेर उनकैद्वारा भैरवादि गणसमेत भूत भावनको पूजा गर्नेछु ।।१७।। हे इन्द्र ! यसको विपरीत यदि यस युद्धमा मेरा-

भवान्मे समवस्थितो रिपुर्यो ब्रह्महा गुरुहा भ्रातृहा च ।। दिष्ट्याऽनृणोऽद्याहमसत्तम त्वया मच्छूलनिर्भिन्नदृषद्धृदाऽचिरात् ।। १४ ।। यो नोऽग्रजस्यात्मविदो द्विजातेर्गुरोरपापस्य च दीक्षितस्य ।। विश्रभ्य खड्गेन शिरांस्यवृश्चत् पशोरिवाकरुणः स्वर्गकामः ।। १५ ।। ह्रीश्रीदयाकीर्तिभिरुज्झितं त्वां स्वकर्मणा पुरुषादैश्च गर्ह्यम् ।। कृच्छ्रेण मच्छूलविभिन्नदेहमस्पृष्टवह्निं समदन्ति गृध्राः ।। १६ ।। अन्येऽनु ये त्वेह नृशंसमज्ञा ये ह्युद्यतास्त्राः प्रहरन्ति मह्यम् ।। तैर्भूतनाथान्सगणान्निशातत्रिशूलनिर्भिन्नगलैर्यजामि ।।१७।। अथो हरे मे कुलिशेन वीर हर्ता प्रमथ्यैव शिरो यदीह ।। यत्रानृणो भूतबलिं विधाय मनस्विनां पादरजः प्रपत्स्ये ।। १८ ।। सुरेश कस्मान्न हिनोषि वज्रं पुरः स्थिते वैरिणि मय्यमोघम् ।। मा संशयिष्ठा न गदेव वज्रं स्यान्निष्फलं कृपणार्थेव याच्ञा ।। १९ ।। नन्वेष वज्रस्तव शक्र तेजसा हरेर्दधीचेस्तपसा च तेजितः ।। तेनैव शत्रुं जहि विष्णुयन्त्रितो यतो हरिर्विजयः श्रीर्गुणास्ततः ।। २० ।। अहं समाधाय मनो यथाऽऽह सङ्कर्षणस्तच्चरणारविन्दे ।। त्वद्वज्ररंहोलुलितग्राम्यपाशो गतिं मुनेर्याम्यपविद्धलोकः ।। २१ ।। पुंसां किलैकान्तधियां स्वकानां याः सम्पदो दिवि भूमौ रसायाम् ।। न राति यद्द्वेष उद्वेग आधिर्मदः कलिर्व्यसनं संप्रयासः ।। २२ ।।

बललाई पराजित पारेर तिमीले आफ्नो वज्रले मेरो शिर काट्यौ भने पनि म कर्मबन्धनबाट मुक्त हुनेछु र सबै भूतलाई आफ्नो देहको बलि अर्पण गरेर महापुरुषको पद पाउँछु ।।१८।। हे देवराज ! आफ्नो सम्मुख उभिएको म आफ्नो शत्रुमाथि तिमी अमोघ वज्र किन छाड्दैनौ ? तिमी यो सन्देह नगरे—कृपण मनुष्यको अगाडि हात पसारेर गरिएको याचनाजस्तै तिम्रो गदा जस्तै वज्र बनि निष्फल नहोओस् ! ।।१९।। हे इन्द्र ! यो बुझ भगवान्को तेज र महर्षि दधीचिको तपोबलले तेजोमय छ । भगवान् विष्णुले नै तिमीलाई यो काम सुम्पेका छन् । अतः तिमी यसैले आफ्नो शत्रुलाई मार । जता भगवान् रहन्छन्, उतै विजय, लक्ष्मी तथा सबै गुण विद्यमान रहन्छन् ।।२०।। जस्तो कि भगवान् सङ्कर्षणले मलाई उपदेश दिएका थिए, त्यस्तै नै उनका चरण-कमलमा मन लगाएर तिम्रो वज्रको प्रहारले विषय-बन्धन काटिइजानाले शरीर त्यागेपछि म योगिहरूको गति पाउनेछु ।। २१ ।। जो व्यक्ति अनन्य प्रभु-मित प्रेम गर्छन् र उनका दास कहिन्छन्, तिनलाई भगवान् स्वर्ग, पृथ्वी र रसातल कहींको पनि केही सम्पत्ति दिन्नन् । किनकि भक्तलाई सम्पत्तिले द्वेष, उद्वेग, पीडा, अभिमान,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कलह, व्यसन तथा श्रम नै मिल्दछन् ॥२२॥ हे शक्र ! ती परमप्रभु आफ्ना भक्तको त्रैवर्णिक अर्थात् धर्म, अर्थ, कामसम्बन्धी प्रयास नष्टपारिदिन्छन् । यो पनि भगवान्कै कृपा हो, केवल अकिञ्चन भक्तजनलाई नै प्राप्त हुने योग्य भगवत् कृपा अन्य व्यक्तिका लागि साह्रै दुर्लभ रहन्छ ॥२३॥ अब वृत्रासुर भगवान्सित प्रार्थना गर्दै भन्न लाग्यो–'हे हरे ! जो हजुरका चरण-कमलको नै मानेर रहन्छन्, ती बारम्बार हजुरका ती दासहरूको पनि दास बनौं । मेरो मन हजुर प्राणपतिको नै चिन्तन गरिरहोस् । मेरो वाणी हजुरकै गुण गाउन् र शरीर हजुरको नै काम गरिरहोस् ॥२४॥ हे नाथ ! हजुरबाट विमुख भएर मलाई स्वर्ग, ब्रह्मपद, सार्वभौम राज्य, रसातलको प्रभुता र मोक्ष आदि कुनै पनि वस्तुको कामना छैन ॥२५॥ हे कमल-नयन ! जसका पंख हुँदैनन्, ती पक्षिशावक जस्तै आफ्नी आमाको बाटो हेरिरहन्छन्, जस्तै भोकले पीडित बाछो आमाको दूध पिउन आतुर रहन्छन् र जस्तै कुनै विरह व्यथित नारी आफ्नो परदेशी प्रियतमको बाटो हेरिरहन्छन्, त्यस्तै नै मेरो मन पनि हजुरलाई हेरिरहन खोज्दछ ॥२६॥ हे भगवन् ! प्रारब्धवश यदि मलाई संसारचक्रमा डुलिरहनु पर्‍यो भने

त्रैवर्गिकायासविघातमस्मत्पतिर्विधत्ते पुरुषस्य शक्र ॥ ततोऽनुमेयो भगवत्प्रसादो यो दुर्लभोऽकिञ्चनगोचरोऽन्यैः ॥ २३ ॥ अहं हरे तव पादैकमूल-दासानुदासो भवितास्मि भूयः ॥ मनः स्मरेतासुपतेर्गुणांस्ते गृणीत वाक्कर्म करोतु कायः ॥ २४ ॥ न नाकपृष्ठं न च पारमेष्ठ्यं न सार्वभौमं न रसाधिपत्यम् ॥ न योगसिद्धीरपुनर्भवं वा समञ्जस त्वा विरहय्य काङ्क्षे ॥ २५ ॥ अजातपक्षा इव मातरं खगाः स्तन्यं यथा वत्सतराः क्षुतार्धाः ॥ प्रियं प्रियेव व्युषितं विषण्णा मनोऽरविन्दाक्ष दिदृक्षते त्वाम् ॥ २६ ॥ ममोत्तमश्लोकजनेषु सख्यं संसारचक्रे भ्रमतः स्वकर्मभिः ॥ त्वन्माययाऽऽत्मात्मजदारगेहेष्वासक्तचित्तस्य न नाथ भूयात् ॥ २७ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे वृत्रस्येन्द्रोपदेशो नाम एकादशोऽध्यायः ॥ ११ ॥ ऋषिरुवाच ॥ एवं जिहासुर्नृप देहमाजौ मृत्युं वरं विजयान्मन्यमानः ॥ शूलं प्रगृह्याभ्यपतत्सुरेन्द्रं यथा महापुरुषं कैटभोऽप्सु ॥ १ ॥ ततो युगान्ताग्निकठोरजिह्वमाविध्य शूलं तरसाऽसुरेन्द्रः ॥ क्षिप्त्वा महेन्द्राय विनद्य वीरो हतोऽसि पापेति रुषा जगाद ॥ २ ॥ ख आपतत्तद्विचलद्ग्रहोल्कवन्निरीक्ष्य दुष्प्रेक्ष्यमजातविक्लवः ॥ वज्रेण वज्री शतपर्वणाऽच्छिनद्भुजं च तस्योरगराजवेगम् ॥ ३ ॥ छिन्नैकबाहुः

पवित्र कीर्ति सम्पन्न हजुर परमेश्वरका भक्तहरूसित नै मेरो प्रीति रहोस् । हजुरकी विश्वमोहिनी मायाबाट विमुख पुत्र, कलत्र र घर-गृहस्थ आसक्त रहने संसारी मनुष्यमा मेरो अनुराग कहिले पनि नहोस्'॥२७॥इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायामेकादशोऽध्यायः॥११॥ (इन्द्रद्वारा वृत्रासुरको वध) शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! विजयको अपेक्षा मृत्युलाई नै उत्तम मान्ने वृत्रासुर युद्धमा शरीर त्याग्ने इच्छाले आफ्नो त्रिशूल उचाली प्रचण्ड वेग सहित यसरी झम्टियो, जस्तै प्रलयको जलमा भगवान् र मधुकैटभासुर झम्टिएका थिए ॥१॥ त्यसपछि त्यस वीर दैत्यले इन्द्रमाथि प्रलयाग्निको समान तीखो टुप्पा भएको आफ्नो त्रिशूल वेगसित फ्याँक्यो र क्रोधपूर्वक गर्जना गर्दै भन्न लाग्यो–'हे पापी ! अब तँ मरिस्' ॥२॥ घुमिरहेका ग्रह तथा उल्काको समान त्यस त्रिशूललाई आफूतिर वेगले आएको देखेर इन्द्रले धैर्यपूर्वक त्यसलाई र त्यसको साथको नागराजको समान लामा वृत्रासुरका विशाल भुजालाई आफ्नो शतपर्वा वज्रले काटेर छुट्याइदिए ॥३॥ यौटा हात काटिएपछि वृत्रासुरले अतिशय क्रोधित भई परिघले वज्रधर इन्द्रको चिउँडोमा तथा ऐरावतमाथि

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रहार गर्‍यो–त्यसले देवराज इन्द्रको हातबाट वज्र भूमिमा झर्‍यो ॥४॥ वीर वृत्रासुरको त्यो अति अद्भुत कार्यको देवता, असुर, चारण तथा सिद्धगणादि सबै जनाले महर्ना गरे तथा इन्द्रको शिरमा ठूलो सङ्कट आइपरको देखेर ती सबै अत्यन्त हाहाकार गनलागे॥५॥तर आफ्नो हातबाट छुटेर शत्रुको नगीचै गिरेको वज्रलाई इन्द्रले सान्है लाज मानी फेरि उठाएनन् । अनि वृत्रासुरले इन्द्रलाई भन्यो—'हे इन्द्र ! तिमी आफ्नो वज्र सम्हालेर म आफ्नो शत्रुलाई मार । यो विषादको समय होइन ॥६॥सारा जगत्‌को उत्पत्ति, स्थिति र लयकार्यमा समर्थ सर्वज्ञ तथा सनातन आदिपुरुषको बाहेक अन्य देहाभिमानी एवं युद्धोत्सुक आततायीहरूको सदैव जयनै हुने गर्दैन । ती कहिले विजयी हुन्छन् भने कहिले हार्दछन् पनि ॥७॥ समस्त लोकपालहरू सहित यी सबै लोक जालमा अल्झेका पक्षिहरू झैं विवश भावले जसको अधीन रहेर काम गर्दछन्, वास्तवमा त्यो काल नै यस लोकमा जय र पराजयको कारण हो ॥८॥ काल नै मनुष्यको मनोबल इन्द्रियबल, शरीरबल, प्राण, जीवन तथा मृत्युको रूपमा स्थित रहन्छ । त्यसलाई चिह्न नसक्नाले नै मनुष्य आफ्नो जड शरीरलाई जय र पराजयको

परिघेण वृत्रः संरब्ध आसाद्य गृहीतवज्रम् ॥ हनौ तताडेन्द्रमथामरेभं वज्रं च हस्तान्न्यपतन्मघोनः ॥ ४ ॥ वृत्रस्य कर्मातिमहाद्भुतं तत्सुरासुराश्चारणसिद्धसंघाः ॥ अपूजयँस्तत्पुरुहूतसंकटं निरीक्ष्य हाहेति विचुक्रुशुर्भृशम् ॥ ५ ॥ इन्द्रो न वज्रं जगृहे विलज्जितश्च्युतं स्वहस्तादरिसन्निधौ पुनः ॥ तमाह वृत्रो हर आत्तवज्रो जहि स्वशत्रुं न विषादकालः ॥ ६ ॥ युयुत्सतां कुत्रचिदाततायिनां जयस्तदैकत्र न वै परात्मनाम् ॥ विनैकमुत्पत्तिलयस्थितीश्वरं सर्वज्ञमाद्यं पुरुषं सनातनम् ॥ ७ ॥ लोकाः सपाला यस्येमे श्वसन्ति विवशा वशे ॥ द्विजा इव शिचा बद्धाः स काल इह कारणम् ॥ ८ ॥ ओजः सहो बलं प्राणममृतं मृत्युमेव च ॥ तमज्ञाय जनो हेतुमात्मानं मन्यते जडम् ॥ ९ ॥ यथा दारुमयी नारी यथा मन्त्रमयो मृगः ॥ एवं भूतानि मघवन्नीशतन्त्राणि विद्धि भोः ॥१०॥ पुरुषः प्रकृतिर्व्यक्तमात्मा भूतेन्द्रियाशयाः ॥ शक्नुवंत्यस्य सर्गादौ न विना यदनुग्रहात् ॥११॥ अविद्वानेवमात्मानं मन्यतेऽनीशमीश्वरम् ॥ भूतैः सृजति भूतानि ग्रसते तानितः स्वयम् ॥१२॥ आयुः श्रीःकीर्ति रैश्वर्यमाशिषः पुरुषस्य याः ॥ भवन्त्येव हि तत्काले यथानिच्छोर्विपर्ययः ॥ १३ ॥ तस्मादकीर्तियशसोर्जयापजययोरपि ॥ समः स्यात्सुखदुःखाभ्यां मृत्युजीवितयोस्तथा ॥ १४ ॥ सत्त्वं रजस्तम इति प्रकृतेर्नात्मनो गुणाः ॥ तत्र साक्षिणमात्मानं यो वेद न स बध्यते ॥ १५ ॥ पश्य मां निर्जितं

आदिको ठान्न थाल्दछ ॥९॥ हे इन्द्र ! काठका पुतलो र यन्त्रचालित जस्तै तिमी सम्पूर्ण प्राणीहरूलाई भगवान्‌को अधीन जान ॥१०॥ उनको इच्छा विना पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार, पञ्चभूत, इन्द्रियहरू तथा अन्तःकरण यिनीहरूमा कोही पनि यस विश्वको उत्पत्ति आदिको काममा समर्थ हुनसक्तैनन्॥११॥जो भगवान्‌का नियम र गुण जान्दैनन्, तिनै प्राणी यस परतन्त्र जीवलाई ईश्वर अर्थात् स्वतन्त्र मान्दछन् । साँच्चै भन्ने हो भने–भगवान् नै सबै प्राणीहरू द्वारा प्राणीहरूको रचना गराउँछन् र प्राणीहरू द्वारा नै प्राणी हरूको संहार पनि गराउँछन् ॥१२॥ हे इन्द्र ! जस्तै इच्छा नभएर पनि कालको विपरीत गतिले मनुष्यलाई मृत्यु र अपयश आदि प्राप्त हुन्छ,त्यसै गरी उसको अनुकूलता हुँदा उसलाई आयु, लक्ष्मी, यश तथा ऐश्वर्य आदि भोग पनि सुलभ भएर आउँछन् ॥१३॥ यसै निम्ति यश, अपयश, जय-पराजय, सुख-दुःख तथा जीवन-मरणमा सदैव समान भावले रहनु नै उत्तम छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।१४।। सत्व, रज, तम यी ती तीनै गुण प्रकृतिका मानिएका छन्, आत्माको होइन । यसै निन्ति जो पुरुष आत्मालाई नै गुणहरूको साक्षी मान्दछ, त्यो उनका गुण-दोषबाट बाधित हुन सक्तैन ।।१५।। हे इन्द्र ! मलाई हेर यद्यपि तिमीले मेरो हात तथा शस्त्र काटेर मलाई एक प्रकारले जितिसकेका छौ तथापि तिम्रो प्राण लिने म यथाशक्ति प्रयत्न गरिरहेकैछु ।।१६।। युद्ध जूआको खेल हो। यसमा प्राणको बाजी थपिन्छ। बाण नै पाशा र वाहन नै थर्की हुन्छन् । यस खेलमा अमुक वीर विजयी हुन्छ र अमुक वीर पराजय हुन्छ, यो निश्चितरूपले भन्न कसैले पनि सक्तैन ।।१७।।शुकदेवजी भन्दछन्–हे राजन् ! वृत्रासुरका यस्ता निष्कपट वचनहरू सुनेर इन्द्रले मनमनै उनको आदर गरे र आफ्नो वज्र सह्मालेर विस्मय रहित भावले प्रशंसा गर्दै यस प्रकार भने–।।१८।। इन्द्र भन्दछन्–हे दानव ! तिमी अवश्य कुनै सिद्ध पुरुष हौ, त्यसैले त तिमीलाई यस्तो विमल बुद्धि मिलेको छ । आफ्नो पूर्वजन्ममा तिमीले अवश्य सबै जीवहरूको आत्मा तथा सुहृद् श्रीजगदीश्वरको उपासना गरेका छौ ।।१९।। तिमीले अवश्य विष्णु भगवानकी विश्वमोहिनी मायालाई जितिसकेका छौ । यसै कारण

शक्र वृक्णायुधभुजं मृधे ।। घटमानं यथाशक्ति तव प्राणजिहीर्षया ।। १६ ।। प्राणग्लहोऽयं समर इष्वक्षो वाहनासनः ।। अत्र न ज्ञायतेऽमुष्य जयोऽमुस्य पराजयः ।। १७ ।। श्रीशुक उवाच ।। इन्द्रो वृत्रवचः श्रुत्वा गतालीकमपूजयत् ।। गृहीतवज्रः प्रहसंस्तमाह गतविस्मयः ।। १८ ।। इन्द्र उवाच ।। अहो दानव सिद्धोऽसि यस्य ते मतिरीदृशी ।। भक्तःसर्वात्मनाऽऽत्मान सुहृदं जगदीश्वरम् ।। १९ ।। भवानतार्षीन्मायां वै वैष्णवीं जनमोहिनीम् ।। यद्विहायासुरं भावं महापुरुषतां गतः ।। २० ।। खल्विदं महदाश्चर्यं यद्रजःप्रकृतेस्तव ।। वासुदेवे भगवति सत्त्वात्मनि दृढा मतिः ।। २१ ।। यस्य भक्तिर्भगवति हरौ निःश्रेयसेश्वरे ।। विक्रीडतोऽमृताम्भोधौ किं क्षुद्रैः खातकोदकैः ।। २२ ।। श्रीशुक उवाच ।। इति ब्रुवाणावन्योन्यं धर्मजिज्ञासया नृप ।। युयुधाते महावीर्याविन्द्रवृत्रौ युधांपती ।। २३ ।। आविध्य परिघं वृत्रः कार्ष्णायसमरिन्दमः ।। इन्द्राय प्राहिणोद्घोरं वामहस्तेन मारिष ।। २४ ।। स तु वृत्रस्य परिघं करं च करभोपमम् ।। चिच्छेद युगपद्देवो वज्रेण शतपर्वणा ।। २५ ।। दोर्भ्यामुत्कृत्तमूलाभ्यां बभौ रक्तस्रवोऽसुरः ।। छिन्नपक्षो यथा गोत्रः खाद्भ्रष्टो वज्रिणा हतः ।।२६।। कृत्वाऽधरां हनुं भूमौ दैत्यो दिव्युत्तरां हनुम् ।। नभोगम्भीर

तिमी आसुरीभाव त्यागेर महापुरुषहरूको सुष्ठुभावमा प्राप्त भएका छौ ।। २० ।। ठूलो आश्चर्यको कुरा त यो हो कि रजोगुणी प्रकृतिको भएर पनि तिम्रो बुद्धि सत्त्वस्वरूप भगवान् वासुदेवमा यस्तो बलिले डुबिरहेको छ ।। २१ ।। मोक्षपति भगवानमा जसको प्रेम छ, सुधा-समुद्रमा विहार गर्ने ती महात्मा पुरुषलाई विषय-भोगरूपी क्षुद्र खाल्डोमा मलीन जलको के आवश्यकता छ ? ।।२२।। श्रीशुकदेवजी भन्दछन्–हे राजन् ! धर्मको जिज्ञासाले यस प्रकार वार्तालाप गर्दागर्दै संग्रामभूमिका अधिनायक परम पराक्रमी इन्द्र तथा वृत्रासुर परस्पर युद्ध गर्नलागे ।।२३।। हे राजन ! अनि वृत्रासुरले एक अतिकाय तथा डरलाग्दो फलामको परिघ उठाएर आफ्नो बायाँ हातले घुमाउँदै इन्द्रमाथि प्रहार गरिदिए ।।२४।। तर त्यो लाग्नु भन्दा अगावै देवराज इन्द्रले वृत्रासुरको त्यो परिघ र हात्तीको सूँढ जस्तै मोटो त्यसको भुजा आफ्नो शतपर्वा वज्रले एकसाथै काटेर छुट्याइदिए ।।२५।। यस प्रकार जरैदेखि काटिएका दुवै भुजाका मूलबाट रगत बगाउँदै त्यो दानव यस्तो देखिइरहेथ्यो, जस्तै इन्द्रको वज्र प्रहारले आहत कुनै पर्वत पृथ्वीमा आएर ढलेको छ ।।२६।। अनि खुट्टाले हिंड्ने पर्वत जस्तै

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो अतिशय दीर्घकाय दानव आफ्नो चिउँडोले पृथिवीलाई तथा माथिल्लो ओठले स्वर्गलाई टाँसेर आकाश समान गम्भीर मुख, सर्पको समान डरलाग्दो जिब्रो तथा मृत्युको समान कराल दाह्राले जस्तै त्रिलोकलाई निल्नलागे झैं आफ्नो पाद-प्रहारले पृथ्वी थर्काउँदै तथा प्रबल वेगले पर्वतहरूलाई यता-उता धक्याउँदै इन्द्रको नगीचै पुग्यो र वाहन ऐरावत समेत तिनलाई यस प्रकार निलिदियो जस्तै कुनै ठूलो बलवान् अजिङ्गर हात्तीलाई स्लक्क निल्दछ। यस प्रकार इन्द्रलाई वृत्रासुरको मुखभित्र परेका देखेर प्रजापतिहरू र महर्षिहरू सहित सबै देवता अति दुःखित भएर 'हा कष्ट ! हा कष्ट !' भन्दै करुणापूर्ण स्वरमा कराउन लागे ॥२७-३०॥ तर विष्णु भगवान्को योग तथा मायाको प्रभावले सुरक्षित रहनाले गर्दा दैत्यराज

वक्त्रेण लेलिहोल्बणजिह्वया ॥ २७ ॥ दंष्ट्राभिः कालकल्पाभिर्ग्रसन्निव जगत्त्रयम् ॥ आतिमात्रमहाकाय आक्षिपंस्तरसा गिरीन् ॥ २८ ॥ गिरि-राट् पादचारीव पद्भ्यां निर्जरयन्महीम् ॥ जग्रास स समासाद्य वज्रिणं सहवाहनम् ॥ २९ ॥ महावीर्यो महासर्प इव द्विपम् ॥ वृत्रग्रस्तं तमालक्ष्य सप्रजापतयः सुराः ॥ हा कष्टमिति निर्विण्णाश्चुक्रुशुः समहर्षयः ॥ ३० ॥ निगीर्णोऽप्यसुरेन्द्रेण न ममारोदरं गतः ॥ महापुरुषसन्नद्धो योगमायाबलेन च ॥ ३१ ॥ भित्त्वा वज्रेण तत्कुक्षिं निष्क्रम्य बलभिद्विभुः ॥ उच्चकर्त शिरः शत्रोर्गिरिशृङ्गमिवौजसा ॥ ३२ ॥ वज्रस्तु तत्कन्धर-माशुवेगः कृन्तन्समन्तात्परिवर्तमानः ॥ न्यपातयत्तावदहर्गणेन यो ज्योतिषामयने वार्त्रहत्ये ॥ ३३ ॥ तदा च खे दुन्दुभयो विनेदुर्गन्धर्वसिद्धाः समहर्षिसङ्घाः ॥ वार्त्रघ्नलिंगैस्तमभिष्टुवाना मन्त्रैर्मुदा कुसुमैरभ्यवर्षन् ॥ ३४ ॥ वृत्रस्य देहान्निष्क्रान्तमात्मज्योतिररिन्दम ॥ पश्यतां सर्वलोकाना-

वृत्रासुरले निलेपछि त्यसको पेटमा पुगेर पनि इन्द्र मरेनन् जीवितै रहे ॥३१॥ त्यसपछि सामर्थ्यवान् सुरराज आफ्नो वज्रले त्यसको पेट फोरेर बाहिर निस्केर आए र उनले ठूलो वेगले आफ्नो शत्रुको पर्वत समान अग्लो शिर काटिदिए ॥३२॥ सूर्य आदि ग्रहको उत्तरायण-दक्षिणायनरूपिणी गतिमा जति समय लाग्दछ, त्यति नै दिन अर्थात् छ महीनामा वृत्र-वधको योग उपस्थित भएपछि चारैतिर घुमेर काट्दै त्यस तीव्र वेगवान् वज्रले त्यसको मस्तकलाई भूमिमा 'फ्याँकिदियो ॥३३॥ त्यसै बखत आकाशमा दुन्दुभी बज्नलागे र महर्षिगण सहित सिद्ध,गन्धर्वले वृत्रहन्ता इन्द्रको पराक्रमसूचक मन्त्रहरूले स्तुति गरे र तिनको *उपकारले कृतज्ञ हुँदै इन्द्रमाथि पुष्प-वर्षा गर्नलागे ॥३४॥ हे शत्रुदमन राजन् ! उता वृत्रासुरको शरीरबाट

*दृष्टान्त म उपकार गर्दिन)—यौटा सद्गृहस्थ भोकालाई अन्न दिने गर्दथ्यो र त्यो पनि आफ्नै हातले, किनकि योग्य-अयोग्य हेरेर तथा पात्र-कुपात्रको विचार गरेर दान दिनुपर्दछ। त्यो दान दिने वेलामा अनुहार गम्भीर राख्दथ्यो र तलतिर हेरिरहन्थ्यो। एक दिन कुनै महात्मा आए। तिनले भने— पापीको मुख तल र म्लान रहन्छ। तिमी त पुण्य गर्दछौ। अनि किन मुख तलपार्दछौ ?' गृहस्थलले भन्यो—'यो सबै ईश्वरको महिमा हो। अन्नादि ईश्वरकै हुन, म पनि ईश्वरकै हुँ, तापनि याचक मेरो सहनी गर्दछन्, त्यसै निमित्त म लाज मान्दछु। म त यौटा साधारण भण्डारी मात्र हुँ। यदि म समर्थ सेठको यशमा दाग लगाउँ भने मलाई पाप लाग्दछ बरु परमात्माको दृष्टिमा म पापी बनूँ, अनि मास्तिर कसरी हेर्न सक्छु। याचक मेरो यहाँबाट अन्न आदि लगेर मेरो उपकार मान्दछन् यी उचित मान्दछन् त्यो उचित होईन। बरु तिनको मैले नै उपकार मान्नु पर्दछ किनकि ती मेरो घर आएर मलाई धर्म बुझाउँदछन् र पाप रक्षा गर्दछन्। यस कारण म तिनीहरू तिर हेर्न सक्तिन।' गृहस्थको यस्तो विचार जानेर महात्मा निकै प्रसन्न भए र दान थापेर गए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्केको ज्योति सबै जनाको माझुन्ने सर्वलोकातीत भगवान्‌को स्वरूपमा गएर विलीन भयो ॥३५॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥१२॥ (देवराज इन्द्रमाथि ब्रह्महत्याको आक्रमण)—शुकदेवजी भन्दछन्—हे दानी राजा परीक्षित ! वृत्रासुर मारिएपछि इन्द्र बाहेक लोकपालसमेत तीनै लोकसन्तापशून्य र आनन्द-विभोर भए ॥१॥ त्यो युद्ध सकिएपछि देवता, ऋषि, पितृगण, दैत्य तथा देवताका सबै अनुचर एवं ब्रह्मा, शिव तथा इन्द्रादि लोकपाल आफ्ना-आफ्ना लोकहरूमा प्रस्थान गरे ॥२॥ यति कथा सुनिसकेर राजा परीक्षितले सोधे—हे महामुने ! इन्द्रको असन्तोषको कारण जान्ने मेरो प्रबल इच्छा छ । जुन वृत्रासुरको वधले सबै देवताहरूलाई अपार आनन्द भयो, त्यसले इन्द्र किन दुःखी भए ? ॥३॥ श्रीशुकदेवजी भन्नुहुन्छ—हे राजन् ! जब वृत्रासुरको पराक्रमले कष्टमा प्राप्त देवता तथा महर्षिहरूले त्यसको वध गर्नका लागि प्रार्थना गरे, तापनि ब्रह्महत्याको भयले इन्द्रलाई वृत्र-वधको इच्छा भएन ॥४॥ इन्द्रले भने—हे देवता हो ! त्यस बखत विश्वरूपको वध गर्नाले मलाई जुन ब्रह्महत्या लागेको थियो, त्यसलाई

मलोकं समपद्यत ॥ ३५ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे वृत्रवधो नाम द्वादशोऽध्यायः ॥ १२ ॥ श्रीशुक उवाच ॥ वृत्रे हते त्रयो लोका विना शक्रेण भूरिद ॥ सपाला ह्यभवन्सद्यो विज्वरा निर्वृतेन्द्रियाः ॥ १ ॥ देवर्षिपितृभूतानि दैत्या देवानुगाः स्वयम् ॥ प्रतिजग्मुः स्वधिष्ण्यानि ब्रह्मेशेन्द्रादयस्ततः ॥ २ ॥ राजोवाच ॥ इन्द्रस्यानिर्वृतेर्हेतुं श्रोतुमिच्छामि भो मुने ॥ येनासन्सुखिनो देवा हरेर्दुःखं कुतोऽभवत् ॥ ३ ॥ श्रीशुक उवाच ॥ वृत्रविक्रमसंविग्नाः सर्वे देवाः सहर्षिभिः ॥ तद्वधायार्थयन्निन्द्रं नैच्छद्भीतो वृहद्वधात् ॥ ४ ॥ इन्द्र उवाच ॥ स्त्रीभूजलद्रुमैरेनो विश्वरूपवधोद्भवम् ॥ विभक्तमनुगृह्णद्भिर्वृत्रहत्यां क्व मार्ज्म्यहम् ॥ ५ ॥ श्रीशुक उवाच ॥ ऋषयस्तदुपाकर्ण्य महेन्द्रमिदमब्रुवन् ॥ याजयिष्याम भद्रं ते हयमेधेन मा स्म भैः ॥ ६ ॥ हयमेधेन पुरुषं परमात्मानमीश्वरम् ॥ इष्ट्वा नारायणं देवं मोक्ष्यसेऽपि जगद्वधात् ॥ ७ ॥ ब्रह्महा पितृहा गोघ्नो मातृहाऽऽचार्यहाघवान् ॥ श्वादः पुल्कसको वापि शुद्ध्येरन्यस्य कीर्तनात् ॥ ८ ॥ तमश्वमेधेन महामखेन श्रद्धान्वितोऽस्माभिरनुष्ठितेन ॥ हत्वाऽपि सब्रह्म चराचरं त्वं न लिप्यसे किं खलनिग्रहेण ॥ ९ ॥ श्रीशुक उवाच ॥ एवं सञ्चोदितो विप्रैर्मरुत्वानहनद्रिपुम् ॥ ब्रह्महत्या हते तस्मिन्नामसाद

त स्त्री, पृथिवी, जल र वृक्षहरूले कृपा गरेर स्वीकार गरे । अब वृत्रासुरको वध गरेको हत्याबाट कसरी मुक्ति पाउने छु ॥५॥ श्रीशुकदेवजी भन्नुहुन्छ—यो कुरा सुनेर महर्षिहरूले इन्द्रलाई भने—'हे देवराज ! तिमीले यसको डर मान्नु पर्दैन । तिम्रो सबै प्रकारले कल्याण हुनेछ । हामी तिमीद्वारा अश्वमेध यज्ञले भगवान्‌को पूजन गराउनेछौं ॥६॥ त्यस अश्वमेधद्वारा परमात्मा नारायणदेवको आराधना गर्नाले तिमी सम्पूर्ण विश्वको हत्या गरेको पापबाट मुक्ति पाउने छौ ॥७॥ ती भगवान्‌को केवल-नाम-सङ्कीर्तनले ब्राह्मण, पिता, गाई, माता तथा आचार्यको हत्या गर्ने भएका ठूला-ठूला पापी, कुकुरको मासु खाने चाण्डाल र पुल्कस आदि जीव पनि तुरुन्त शुद्ध पवित्र हुन्छन् ॥८॥ हामीद्वारा अनुष्ठित अश्वमेध महायज्ञले श्रद्धापूर्वक ती भगवान्‌को भजन गरेर तिमी ब्रह्मासमेत सम्पूर्ण चराचर जगत्‌लाई मारेर पनि पापमा लिप्त हुन सक्तैनौ, अनि यस दुष्टको वध गर्नाले किन पापलिप्त हुनेछौ ? ॥९॥ श्रीशुकदेवजी भन्नुहुन्छ—ती ब्राह्मणहरूले त्यस प्रकार उत्साहित गरेपछि इन्द्रले देवताहरूको शत्रु वृत्रासुरको वध गरिदिए । त्यो मारिएपछि ब्रह्महत्याले इनीमाथि आक्रमण गरिदियो ।

Collection Nagarjun Z, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसै कारण इन्द्रले सान्है दुःखी हुनुपऱ्यो, त्यस वेलादेखि तिनलाई शान्ति मिलेन, किनकि यदि कुनै लज्जावान् पुरुषको अपकीर्ति भयो भने धैर्यादि गुण पनि प्रसन्न पनि शक्तैनन् ॥१०॥११॥ इन्द्रले देखे–ब्रह्महत्या साक्षात् चाण्डालिनी समान तिनको पछि-पछि दगुर्दै आइरहेकी थिई । त्यसको क्षयरोगग्रस्त शरीर वृद्धावस्थाले गर्दा काम्दैथियो, जसका लुगा रगतमा मुछिएका थिए ॥१२॥ त्यो आफ्नो शिरको पाकेका कपाल जिम्भिम पारेर 'पर्खी-पर्खी' भन्दै कराइरहेकी थिई । त्यसको श्वासबाट माछाको दुर्गन्ध आउँथ्यो, जसले गर्दा त्यो बाटो पनि दूषित पारिरहेको थियो ॥१३॥ हे राजन् ! इन्द्र त्यसको डरले आकाश र दशै दिशाहरूमा भाग्दा-भाग्दा थाकेर पूर्व र उत्तरको कुनामा विद्यमान मानसरोवरमा लुके ॥१४॥ त्यहाँ लुकेर त्यो डरलाग्दो ब्रह्महत्याबाट मुक्त हुने उपाय विचार गर्दै ती एक हजार वर्षसम्म कमलनालको तन्तुमा लुकिरहे । त्यति दिन तिनलाई केही पनि सुख भएन, किनकि तिनलाई सुख-साधन पुऱ्याउने दूत अग्नि जलमा जान सक्तैनथ्यो ॥१५॥ इन्द्र जबसम्म मानसरोवरमा लुकिरहे तबसम्म विद्या, तप, योग र बलको प्रभावयुक्त राजा नहुषले

वृषाकपिम् ॥ १० ॥ तत्रेन्द्रः स्मासहत्तापं निर्वृतिर्नामुमाविशत् ॥ ह्रीमन्तं वाच्यतां प्राप्तं सुखयन्त्यपि नो गुणाः ॥ ११ ॥ तां ददर्शानुधावन्तीं चाण्डालीमिव रूपिणीम् ॥ जरया वेपमानाङ्गीं यक्ष्मग्रस्तामसृक्पटाम् ॥ १२ ॥ विकीर्य पलितान्केशांस्तिष्ठ तिष्ठेति भाषिणीम् ॥ मीनगन्ध्यसुगन्धेन कुर्वतीं मार्गदूषणम् ॥ १३ ॥ नभोगतो दिशः सर्वाः सहस्राक्षो विशां पते ॥ प्रागुदीचीं दिशं तूर्णं प्रविष्टो नृप मानसम् ॥ १४ ॥ स आवसत्पुष्करनालतन्तूनलब्धभोगो यदिहाग्निदूतः ॥ वर्षाणि साहस्रमलक्षितोऽन्तः स चिन्तयन्ब्रह्मवधाद्विमोक्षम् ॥ १५ ॥ तावत्त्रिणाकं नहुषः शशास विद्यातपोयोगबलानुभावः ॥ ससम्पदैश्वर्यमदान्धबुद्धिर्नीतस्तिरश्चां गतिमिन्द्रपत्न्या ॥१६॥ ततो गतो ब्रह्मगिरोपहूत ऋतम्भरध्याननिवारिताघः ॥ पापस्तु दिग्देवतया हतौजास्तं नाभ्यभूदवितं विष्णुपत्न्या ॥ १७ ॥ तं च ब्रह्मर्षयोऽभ्येत्य हयमेधेन भारत ॥ यथावद्दीक्षयाञ्चक्रुः पुरुषाराधनेन ह ॥ १८ ॥ अथेज्यमाने पुरुषे सर्वदेवमयात्मनि ॥ अश्वमेधे महेन्द्रेण वितते ब्रह्मवादिभिः ॥ १९ ॥ स वै त्वाष्ट्रवधो भूयानपि पापचयो नृप ॥

स्वर्गको शासन गरे । तर धन तथा ऐश्वर्यको मदले बुद्धि भ्रष्ट हुनाले गर्दा ती इन्द्राणीद्वारा तिर्यक् योनिमा पुऱ्याइए * ॥१६॥ त्यसपछि जब सत्यपालक श्रीहरिको ध्यान गर्नाले इन्द्रका सबै पाप नष्ट भयो, अनि ब्राह्मणहरू द्वारा डाकेपछि ती फेरि स्वर्गलोकमा गए । मानसरोवर निवासिनी लक्ष्मीजी इन्द्रको सुरक्षा गर्थथिन् र दिशाहरूका देवताइन्द्रको दृष्टिले तेजहीन हुनाको कारण त्यो ब्रह्महत्याको पापले उनलाई तिरस्कार गर्नसकेको थिएन ॥१७॥ हे भारत ! अनि ती ब्रह्मर्षिहरूले गएर भगवान् पुरुषोत्तमको आराधनास्वरूप अश्वमेध यज्ञको विधिवत् दीक्षा दिए ॥१८॥ हे राजन् ! ती वेदवादी मुनिहरूद्वारा अनुष्ठित अश्वमेध यज्ञले जब इन्द्रले सर्व देवमय परमात्मा पुरुषोत्तमको यजन गरे तब

* कथान्तर—जब राजा नहुष इन्द्र बनेर धन तथा प्रभुताको मदले उन्मत्त भए, तब एक दिन तिनले इन्द्राणीसित भने—'अब म इन्द्र भएँ, अतः तिमी मलाई पतिरूपमा स्वीकार गर ।' त्यसपछि इन्द्राणीले देवगुरु बृहस्पतिको सम्मतिले समचार पठाइन्–'यदि तिमी ब्राह्मणहरू द्वारा बोकिएको डोलीमा चढेर आउँछौ भने म तिमीलाई पतिरूपमा स्वीकार गर्न सक्छु ।' त्यस दुर्मदले त्यस्तै गऱ्यो र बाटोमा छिटो हिड्न भन्दै पालकी बोकेका अगस्त्य ऋषिलाई खुट्टाले छोएर—'शीघ्रं सर्प-सर्प अर्थात् छिटो-छिटो हिड भन्ने आज्ञा दिए । त्यसैमा रिसाएका ऋषिले तिनलाई श्राप दिई भने–'तँ सर्प भएस् ।' यसैले ती सर्प भएर पृथिवीमा झरे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले तिनको वृत्र वधको पापपुञ्ज यस प्रकार नष्ट भयो, जसरी सूर्योदय हुनासाथ कुइरो लागेको नष्ट भएर जान्छ ॥१९-२०॥ यस प्रकार मरीचि आदि मुनीश्वरहरू द्वारा विधिवत् गराइएको अश्वमेध यज्ञले पुराण-पुरुष श्रीयज्ञभगवान्को पूजन गरेर निष्पाप इन्द्र पहिले जस्तै पूजनीय भए ॥ २१ ॥ हे राजन् ! यो महान् आख्यान सबै पापलाई नष्ट गर्दछ । यसमा तीर्थपाद श्रीहरिको यशोगान छ, भक्तहरूको भक्तिवर्द्धक चरित्र वर्णन गरिएको छ र इन्द्रको विजय तथा ब्रह्महत्याबाट मुक्तिको गाथा गाइएको छ ॥ २२ ॥ बुद्धिमान् जनहरूको कर्तव्य हो इन्द्र सम्बन्धी आख्यान दिनहुँ पढ्न, विशेष गरेर पर्व-पर्वको दिन यसलाई अवश्य पढुन् र सुनुन् किनकि यो धन-यशको वृद्धि गर्दछ, सबै पाप नष्ट पारेर शत्रुमा विजय प्राप्त गराउँछ परम मङ्गल प्रदान गरेर आयु बढाउँछ ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे पं० गौरीशंकर 'वशिष्ठ' कृत नेपाली भाषाटीकायां त्रयोदशोऽध्यायः ॥ १३ ॥ (वृत्रासुरको पूर्वजन्मको कथा)—यति वर्णन सुनेर राजा परीक्षितले शुकदेवलाई सोधे—हे ब्रह्मन् ! त्यो रजोगुणी र तमोगुणी स्वभावको पापी वृत्रासुरको नारा

नीतस्तेनैव शून्ताय नीहार इव भानुना ॥ २० ॥ स वाजिमेधेन यथोदितेन वितायमानेन मरीचिमिश्रैः ॥ इष्ट्वाऽधियज्ञं पुरुषं पुराणमिन्द्रो महानास विधूतपापः ॥ २१ ॥ इदं महाख्यानमशेषपाप्मनां प्रक्षालनं तीर्थपदानुकीर्तनम् ॥ भक्त्युच्छ्रयं भक्तजनानुवर्णनं महेन्द्रमोक्षं विजयं मरुत्वतः ॥ २२ ॥ पठेयुराख्यानमिदं सदा बुधाः शृण्वन्त्वथो पर्वणि पर्वणीन्द्रियम् ॥ धन्यं यशस्यं निखिलाघमोचनं रिपुञ्जयं स्वस्त्ययनं तथायुषम् ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे इन्द्रविजयो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥ परीक्षिदुवाच ॥ रजस्तमःस्वभावस्य ब्रह्मन्वृत्रस्य पाप्मनः ॥ नारायणे भगवति कथमासीद्दृढा मतिः ॥ १ ॥ देवानां शुद्धसत्त्वानामृषीणां चामलात्मनाम् ॥ भक्तिर्मुकुन्दचरणे न प्रायेणोपजायते ॥ २ ॥ रजोभिः समसंख्याताः पार्थिवैरिह जन्तवः तेषां ये केचनेहन्ते श्रेयो वै मनुजादयः ॥ ३ ॥ प्रायो मुमुक्षवस्तेषां केचनैव द्विजोत्तम ॥ मुमुक्षूणां सहस्रेण कश्चिन्मुच्येत सिद्ध्यति ॥ ४ ॥ मुक्तानामपि सिद्धानां नारायणपरायणः ॥ सुदुर्लभः प्रशान्तात्मा कोटिष्वपि महामुने ॥ ५ ॥ वृत्रस्तु स कथं पापः सर्वलोकोपतापनः ॥ इत्थं दृढमतिः कृष्ण आसीत्संग्राम उल्बणे ॥ ६ ॥ अत्र नः संशयो भूयाञ्छ्रोतुं कौतूहलं प्रभो ॥ यः पौरुषेण समरे सहस्राक्षमतोषयत् ॥ ७ ॥ सूत उवाच ॥ परीक्षितोऽथ संप्रश्नं भगवान्बादरायणिः ॥ निशम्य श्रद्दधानस्य प्रतिनन्द्य

यणमा दृढ बुद्धि कसरी भयो ? ॥ १ ॥ ती भगवान् मुकुन्दका चरणमा त प्रायः शुद्ध सत्वगुणी देवगण तथा पवित्र चित्त हुने मुनिजनलाई पनि शुद्ध प्रीति हुँदैन ॥ २ ॥ यस संसारमा पृथ्वीका जति रजःकण छन् त्यति नै जीवहरूको संख्या छ । ती मध्ये पनि मनुष्य आदि केही जीव नै आफ्नो कल्याणको उद्योग गर्दछन् ॥ ३ ॥ हे विप्र ! ती मनुष्यहरूमा पनि संसारबाट मुक्त हुने इच्छुक त कोही-कोही मात्र हुन्छन् र ती हजारौं मुमुक्षुमा पनि कुनै मात्र मोक्ष वा सिद्धिको लाभ पाउँछन् ॥४॥ हे महामुने ! ती करोडौं सिद्धगण र मुक्त पुरुषहरूमा भगवत्परायण, शान्तचित्त महापुरुष भेट्टाउन त साह्रै कठिन कुरा छ ॥ ५ ॥ अनि सबै लोकलाई सन्तप्त पार्ने महापापी वृत्रासुरलाई त्यस्तो घोर युद्धको वेला भगवान् कृष्णमा यस प्रकारको बुद्धि कसरी भयो ? ॥ ६ ॥ हे प्रभो ! यस विषयमा मलाई त ठूलो सन्देह हुन्छ र हजुरको मुखकमलबाट त्यस वीरको वृत्तान्त सुन्ने ठूलो कुतूहल छ, जसले

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो पुरुपार्थले संग्राममूमिमा उभिएका देवराज इन्द्रलाई पनि प्रसन्न पारेको थियो ॥ ७ ॥ सूतजी शौनकादि ऋषिहरूलाई भन्दछन्–हे मुनिवृन्द ! परम श्रद्धालु राजा परीक्षितको त्यो प्रश्न सुनेर शुकदेवजीले तिनको अभिनन्दन गर्दै भने ॥८॥ शुकदेवजी भन्दछन्–हे राजन् ! द्वैपायन, देवर्षि नारद तथा देवलको मुखबाट सुनेको यस विषयको एक इतिहास सबै जना सावधान भएर सुन्नोस् (यसले तपाईंहरूको सबै शंका समाधान हुनेछ) ॥९॥ हे राजन् ! शूरसेन देशमा यौटा सार्वभौम राजा बस्तथे, तिनको नाम थियो चित्रकेतु । तिनको राज्यमा पृथ्वी सबै प्रजाको समस्त कामना पूर्ण पार्दथिन् ॥१०॥ तिनका दश हजार रानीहरू थिए र ती सन्तान उत्पन्न गर्न समर्थ थिए । तैपनि तिनका सन्तान भइरहेका थिएनन् ॥११॥ अतएव रूप, उदारता, आयु, कुलीनता, विद्या, ऐश्वर्य तथा सम्पत्ति आदि सबै गुणहरूले युक्त भएर पनि स्त्रीहरूका पति भइदिएका हुनाले उनलाई ठूलो चिन्ता लागिरहेथ्यो ॥१२॥ यसै कारण सबै सम्पत्ति, सुनयना स्त्रीहरू तथा समस्त पृथ्वीमण्डलको राज्य पनि ती सार्वभौम सम्राट् चित्रकेतुलाई सुखी पार्न सकेन ॥१३॥ एकदिनको कुरा हो–अङ्गिरा

वचोऽब्रवीत् ॥ ८ ॥ श्रीशुक उवाच ॥ शृणुष्वावहितो राजन्नितिहासमिमं यथा ॥ श्रुतं द्वैपायनमुखान्नारदाद्देवलादपि ॥ ९ ॥ आसीद्राजा सार्वभौमः शूरसेनेषु वै नृप ॥ चित्रकेतुरिति ख्यातो यस्यासीत्कामधुङ्मही ॥ १० ॥ तस्य भार्यासहस्राणां सहस्राणि दशाभवन् ॥ सान्तानिकश्चापि नृपो न लेभे तासु सन्ततिम् ॥ ११ ॥ रूपौदार्यवयोजन्मविद्यैश्वर्यश्रियादिभिः ॥ सम्पन्नस्य गुणैः सर्वैश्चिन्ता वन्ध्यापतेरभूत् ॥ १२ ॥ न तस्य संपदः सर्वा महिष्यो वामलोचनाः ॥ सार्वभौमस्य भूश्चेयं नाभवन्प्रीतिहेतवः ॥ १३ ॥ तस्यैकदा तु भवनमङ्गिरा भगवानृषिः ॥ लोकाननुचरन्नेतानुपागच्छद्यदृच्छया ॥ १४ ॥ तं पूजयित्वा विधिवत्प्रत्युत्थानार्हणादिभिः ॥ कृतातिथ्यमुपासीदत्सुखासीनं समाहितः ॥ १५ ॥ महर्षिस्तमुपासीनं प्रश्नयावनतं क्षितौ ॥ प्रतिपूज्य महाराज समाभाष्येदमब्रवीत् ॥ १६ ॥ अङ्गिरा उवाच ॥ अपि तेऽनामयं स्वस्ति प्रकृतीनां तथात्मनः ॥ यथा प्रकृतिभिर्गुप्तः पुमान्राजापि सप्तभिः ॥१७ ॥ आत्मानं प्रकृतिष्वद्धा निधाय श्रेय आप्नुयात् ॥ राज्ञा तथा प्रकृतयो नरदेवाहिताधयः ॥१८॥ अपि दाराः प्रजामात्या भृत्याः श्रेण्योऽथ मन्त्रिणः ॥ पौरा जानपदा भूपा आत्मजा वशवर्तिनः ॥ १९ ॥ यस्यात्मानुवशश्चेत्स्यात्सर्वे तद्वशगा

ऋषि सबै लोकमा डुल्दै स्वेच्छाले राजाकहाँ पुगे ॥१४॥ राजा चित्रकेतुले प्रत्युत्थान तथा पाद्य-अर्घादिले तिनको विधिवत् पूजन गरे । अतिथि–सत्कार भइसकेपछि जब ती सुखपूर्वक आसनमा बसे, तब महाराज चित्रकेतु पनि शान्त-भावले उनको नगीचै गएर बसे ॥१५॥ हे नरपते ! यस प्रकार आफ्नो अतिशय नगीचै नियमपूर्वक पृथ्वीमा विराजमान राजा चित्रकेतुको सम्भाषणादि द्वारा सत्कार गरेर महामुनि अङ्गिराले भने ॥१६॥ मुनि भन्दछन्–हे राजन् ! जस्तै जीव महत्तत्त्व आदि सात प्रकृतिरूपी आवरणले ढाकिइरहन्छ, त्यस्तै नै राजा पनि स्वामी, अमात्य, जनपद, दुर्ग, दण्ड तथा मित्ररूपी प्रकृतिहरूले सदैव घेरिइरहन्छ । अतः तिमी आफ्ना प्रकृतिहरू सहित सकुशल त छौ ? ॥ १७ ॥ हे नरदेव ! जस्तै राजा आफ्ना उपर्युक्त प्रकृतिहरूको अनुकूल रहेर नै राज्य-सुख भोग्न सक्तछ, त्यसै गरी सात प्रकृतिहरू पनि आफ्ना सारा दायित्व राजामा छाडेर सुख-समृद्धिको लाभ प्राप्त गर्न सक्तछन् ॥१८॥ हे राजन् ! तिम्रा रानीहरू, प्रजा, अमात्य (परामर्शदाता) सेवक, व्यापारी वर्ग, मन्त्रीगण, पुरवासी, सामन्तगण तथा पुत्र तिम्रो अधीन छन् कि छैनन् ? ॥१९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसो त जसको मन आफ्नो वशमा हुन्छ, सबै जना पनि उसको वशीभूत रहन्छन् । त्यति मात्र होइन, लोकपाल समेत सबै लोक ठूलो सावधानीपूर्वक त्यसलाई बलि अर्पण गर्दछन् ॥२०॥ तर हे महाराज ! किन हो कुन्नि तिमीलाई म प्रसन्न देखिरहेको छैन । तिम्रो मुख चिन्ताले गर्दा मानो विचित्र प्रकारको भइरहेको छ । यसले ज्ञात हुनुपर्छ कि तिम्रो कुनै कामना अपूरो रहेको छ ॥२१॥ शुकदेवजी भन्दछन्–हे राजन् ! मुनिले यसरी सोधेपछि आफ्नो चिन्ताको कारण जानेर पनि पुत्रको निम्ति इच्छुक राजा चित्रकेतुले विनयावनतभावले भने ॥२२॥ राजा चित्रकेतु भन्नलागे—हे भगवन् ! जुन योगीजनका सबै पापमयी वासनाहरू नष्ट भइसकेका हुन्छन्, तिनलाई देहधारी मनुष्यका बाहिरी या भित्री यस्तो कुन वस्तु शेष रहन्छ–जुन तप, ज्ञान, तथा समाधिद्वारा ज्ञात हुन नसकोस् ? ॥२३॥ किनकि सबै कुरा जानेर पनि हजुर मसित सोध्नुहुन्छ, यसनिम्ति हजुरद्वारा प्रेरित भएर हजुरको नै आज्ञाले म आफ्नो मनको चिन्ता हजुरको समक्ष प्रकट गर्दछु ॥ २४ ॥ हे नाथ ! जस्तै कुनै भोक-प्यासले व्याकुल पुरुषलाई अन्न जलको अतिरिक्त अरु भोग आनन्दित पार्न

इमे ॥ लोकाः सपाला यच्छन्ति सर्वे बलिमतन्द्रिताः ॥ २० ॥ आत्मनः प्रीयते नात्मा परतः स्वत एव वा ॥ लक्षयेऽलब्धकामं त्वां चिन्तया शबलं मुखम् ॥ २१ ॥ एवं विकल्पितो राजन्विदुषा मुनिनाऽपि सः ॥ प्रश्रयावनतोऽभ्याह प्रजाकामस्ततो मुनिम् ॥ २२ ॥ चित्रकेतुरुवाच ॥ भगवन्किं न विदितं तपोज्ञानसमाधिभिः ॥ योगिनां ध्वस्तपापानां बहिरन्तःशरीरिषु ॥ २३ ॥ तथापि पृच्छतो ब्रूयां ब्रह्मन्नात्मनि चिन्तितम् ॥ भवतो विदुषश्चापि चोदितस्त्वदनुज्ञया ॥ २४ ॥ लोकपालैरपि प्रार्थ्याः साम्राज्यैश्वर्यसम्पदः ॥ न नन्दयन्त्यप्रजं मां क्षुत्तृट्काममिवापरे ॥ २५ ॥ ततः पाहि महाभाग पूर्वैः सह गतं तमः ॥ यथा तरेम दुस्तारं प्रजया तद्विधेहि नः ॥ २६ ॥ श्रीशुक उवाच ॥ इत्यर्थितः स भगवान्कृपालुर्ब्रह्मणः सुतः ॥ श्रपयित्वा चरुं त्वाष्ट्रं त्वष्टारमयजद्विभुः ॥ २७ ॥ ज्येष्ठा श्रेष्ठा च या राज्ञो महिषीणां च भारत ॥ नाम्ना कृतद्युतिस्तस्यै यज्ञोच्छिष्टमदाद्द्विजः ॥२८॥ अथाह नृपतिं राजन्भवितैकस्तवात्मजः ॥ हर्षशोकप्रदस्तुभ्यमिति ब्रह्मसुतो ययौ ॥ २९ ॥ साऽपि तत्प्राशनादेव चित्रकेतोरधारयत् ॥ गर्भं कृतद्युतिर्देवी कृत्तिकाग्नेरिवात्मजम् ॥ ३० ॥ तस्या अनुदिनं गर्भः शुक्लपक्ष इवोडुपः ॥ ववृधे शूरसेनेशतेजसा शनकैर्नृप

सक्तैनन् । त्यसै गरी म निःसन्तानलाई यो साम्राज्य, ऐश्वर्य तथा सम्पत्ति, जो सबै लोकपालहरू पनि इच्छा गर्दछन्, केही पनि सुख दिन्नन् ॥२५॥ अतः हे महाभाग ! आफ्ना पूर्वपुरुष सहित घोर दुःखमा परेको म दासको रक्षा गर्दै हजुर कुनै यस्तो उपाय गर्नुहवस्–जसले म भविष्यमा पाइने दुस्तर नरकलाई सन्तानद्वार तर्नसकूँ । शुकदेवजी भन्दछन्–हे राजन् ! चित्रकेतुले यति भनेपछि ब्रह्माका पुत्र तथा दयालु अङ्गिराले त्वाष्ट्र चरु तयार पारेर त्यसले त्वष्टा देवताको यजन गरे ॥२६-२७॥ हे भारत ! यस्तो गरेर ती द्विजराजले राजाका रानीहरूमा जुन सबभन्दा जेठी र गुणमा पनि सर्वश्रेष्ठ कृतद्युति नामकी राजमहिषी थिइन्, तिनलाई यज्ञ-चरु खानदिए ॥२८॥ त्यसपछि राजा चित्रकेतुसित उनले भने–'हे राजन् ! यसले तिम्रो यौटा पुत्र हुनेछ, त्यसद्वारा तिमीलाई हर्ष तथा शोक दुवै प्राप्त हुनेछन् ।' यति भनेर ब्रह्मपुत्र अङ्गिरा त्यहाँबाट हिंडे ॥२९॥ रानी कृतद्युतिले पनि चरु खानासाथ चित्रकेतुको सहवासले यस प्रकार गर्भ धारण गरिन्, जसरी कृतिकाले अग्निपुत्रलाई गर्भमा धारण गरेकी थिइन् ॥३०॥ हे राजन् ! शूरसेन देशका स्वामी राजा चित्रकेतु रोजले युक्त

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृतद्युतिको गर्भ दिनदिनै शुक्लपक्षका चन्द्रमा झैं विस्तार-विस्तार बढ्न लाग्यो ।।३१।। त्यसपछि जब समय आयो तब यौटा बालक जन्मियो । त्यसको जन्मको समचार पाएर समस्त शूरसेन देशवासीहरूलाई ठूलो आनन्द भयो ।।३२।। महाराज चित्रकेतु पनि-जन्मको समचार पाएर निकै प्रसन्न भए । उनले स्नानादि द्वारा पवित्र भएर राम्रा वस्त्राभूषण लगाए र ब्राह्मणहरूबाट अशीर्वाद लिई स्वस्तिवाचन गराई बालकको जातकर्म-संस्कार सम्पन्न गराए ।।३३।। त्यसपछि उनले ती ब्राह्मणलाई सुन, चाँदी, वस्त्राभूषण, ग्राम, अश्व, गज र साठी करोड गाई दान गरेर दिए ।।३४।। महामना राजा चित्रकेतुले त्यस पुत्रको आयुष्य र धन वृद्धिको तिम्ति सबै प्राणीहरूको इच्छाहरू यस प्रकार पूर्ण पारे, जसरी मेघ जल वर्षा गरेर सबै व्यक्तिको इच्छा पूर्ण गर्दछन् ।।३५।। हे राजन् ! जस्तै कुनै कङ्गालीलाई ठूलो परिश्रमले धन प्राप्त होस् र त्यो त्यसैमा आजम्म रहोस्, त्यस्तै नै ठूलो कष्टले प्राप्त त्यस बालक प्रति राजा चित्रकेतुको प्रेम बढ्न लाग्यो ।।३६।। बालककी आमा कृतद्युतिको पनि आफ्नो पुत्रमा अतिशय मोहजनित स्नेह थियो, तर त्यसका अन्य सौताको मनमा पुत्र-प्राप्तिको कामनाको

।।३१।। अथ काल उपावृत्ते कुमारः समजायत ।। स जनयञ्छूरसेनानां शृण्वतां परमां मुदम् ।।३२।। हृष्टो राजा कुमारस्य स्नातः शुचिरलंकृतः ।। वाचयित्वाऽऽशिषो विप्रैः कारयामास जातकम् ।।३३।। तेभ्यो हिरण्यं रजतं वासांस्याभरणानि च ।। ग्रामान्हयान्गजान्प्रादाद्धेनूनामर्बुदानि षट् ।। ३४ ।। ववर्ष काममन्येषां पर्जन्य इव देहिनाम् ।। धन्यं यशस्यमायुष्यं कुमारस्य महामनाः ।।३५।। कृच्छ्लब्धेऽथ राजर्षेस्तनयेऽनुदिनं पितुः ।। यथा निःस्वस्य कृच्छ्राप्ते धने स्नेहोऽन्ववर्धत ।।३६।। मातुस्त्वतितरां पुत्रे स्नेहो मोहसमुद्भवः ।। कृतद्युतेः सपत्नीनां प्रजाकामज्वरोऽभवत् ।।३७।। चित्रकेतोरतिप्रीतिर्यथा दारे प्रजावति ।। न तथाऽन्येषु संजज्ञे बालं लालयतोऽन्वहम् ।। ३८ ।। ताः पर्यतप्यन्नात्मानं गर्हयन्त्योऽभ्यसूयया ।। आनपत्येन दुःखेन राज्ञोऽनादरणेन च ।। ३९ ।। धिगप्रजां स्त्रियं पापां पत्युश्चागृहसंमताम् ।। सुप्रजाभिः सपत्नीभिर्दासीमिव तिरस्कृता ।।४०।। दासीनां को नुसन्तापः स्वामिनः परिचर्यया ।। अभीक्ष्णं लब्धमानानां दास्या दासीव दुर्भगाः ।। ४१ ।। एवं संदह्यमानानां सपत्न्याः पुत्रसम्पदा ।। राज्ञोऽसंमतवृत्तीनां विद्वेषो बलवानभूत् ।। ४२ ।। विद्वेषनष्टमतयः स्त्रियो दारुणचेतसः ।। गरं ददुः कुमाराय दुर्मर्षा नृपतिं प्रति ।।४३।। कृतद्युतिरजानन्ती सपत्नीनामघं महत् ।। सुप्त एवेति सञ्चिन्त्य निरीक्ष्य व्यचरद्गृहे ।। ४४ ।। शयानं सुचिरं बालमुपधाय मनीषिणी ।। पुत्रमानयमे

सन्ताप दिन दिनै बढ्न लाग्यो ।।३७।। दिनहुँ त्यस बालकको लालन-पालन गर्दै रहनाले राजा चित्रकेतुको स्नेह जति त्यो पुत्रवती भार्यामा थियो, त्यति अन्य रानीहरूमा रहन गएन ।।३८।। यस प्रकार निःसन्तान हुने कष्ट तथा राजाको तिरस्कारले अत्यन्त सन्तप्त भएर ती रानीहरू डाहले स्वयं आफ्नो निन्दा गर्दै मनमनै सान्है नै दुःख मान्न लागेका थिए ।।३९।। परस्पर भन्नलागे-'हरे ! पुत्रवती सौता दासी झैं जसको तिरस्कार गर्दछन् र पति पनि जसलाई आफ्नी भार्या मान्दैनन्, ती पापिनी तथा निःसन्तान स्त्रीहरूलाई धिक्कार छ ।।४०।। दासीहरूलाई पनि दुःख हुन्छ र ! ती त आफना स्वामीको सेवा गरेर सदा सम्मान प्राप्त गर्दछन्, तर हामी अभागिनीहरू त यस बखत दासीहरूका पनि दासीहरू भइरहेका छौं ।।४१।। यस प्रकार आफ्नी सौताको पुत्ररूपी सम्पत्तिले सन्तप्त एवं जो राजालाई पनि अप्रिय भइसकेका थिए,ती रानीहरूलाई सौता प्रति डाह हुन गयो ।।४२।। द्वेषवश ती क्रूरचित्त भएका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*स्त्रीहरूको बुद्धि नष्ट भइसकेको थियो, तिनलाई राजाको पुत्र-सुख सहन हुन सकेन र तिनले मौका पारेर त्यस बालकलाई विष खुवाइदिए ॥४३॥ आफ्नी सौताहरूको यो पापमयी कार्यको ज्ञान नहुनाले रानी कृतद्युति यस्तो विचार गरेर–बालक निदाएको छ, त्यसलाई परैबाट हेर्दै घरमा डुलिरहेकी थिई ॥४४॥(निकै बेर भएपछि) त्यस बुद्धिमतीले विचार गर्न–बालक सुतेको धेरै बेर भइसक्यो । अनि धाईलाई डाकेर भनी–'भद्रे ! बालकलाई मनेर ल्याऊ ।' ॥४५॥ जब धाईले सुतेको बालकनेर गएर आँखाका परेला टालिएका तथा शरीरलाई प्राण, इन्द्रिय एवं जीवात्माले रहित देखी तब त्यो 'हाय ! यो के भयो ?' भन्दै पृथ्वीमा पच्छारिई ॥४६॥ जब रानी कृतद्युतिले दुवै हातले बेमरी टाउको र छाती ठोक्दै त्यस धाईको अति आतुर चीत्कारपूर्ण रुदन सुनिन् तब ती झट्ट छोरोनेर दगुर्दै आइपुगिन् र तिनले बालकलाई मरिसकेको देखिन् ॥४७॥ त्यो देखेर ती अतिशय शोकले मूर्छित भई पृथ्वीमा ढलिन् र तिनको कपाल तथा वस्त्र अस्त-व्यस्त भए ॥४८॥ रानी कृतद्युतिको रुदन सुनेर अन्तःपुरका सबै स्त्री-पुरुष दगुर्दै आए र त्यसकै समान दुःखित भई

भद्रे इति धात्रीमचोदयत् ॥ ४५ ॥ सा शयानमुपव्रज्य दृष्ट्वा चोत्तारलोचनम् ॥ प्राणेन्द्रियात्मभिस्त्यक्तं हताऽस्मीत्यपतद्भुवि ॥ ४६ ॥ तस्यास्तदाकर्ण्य भृशातुरं स्वरं घ्नन्त्याः कराभ्यामुर उच्चकरपि ॥ प्रविश्य राज्ञी त्वरयाऽऽत्मजान्तिकं ददर्श बालं सहसा मृतं सुतम् ॥ ४७ ॥ पपात भूमौ परिवृद्धया शुचा मुमोह विभ्रष्टशिरोरुहाम्बरा ॥ ४८ ॥ ततो नृपान्तःपुरवर्तिनो जना नराश्च नार्यश्च निशम्य रोदनम् ॥ आगत्य तुल्यव्यसनाः सुदुःखितास्ताश्च व्यलीकं रुरुदुः कृतागसः ॥ ४९ ॥ श्रुत्वा मृतं पुत्रमलक्षितान्तकं विनष्टदृष्टिः प्रपतत्स्खलन्पथि ॥ स्नेहानुबन्धैधितया शुचा भृशं विमूर्च्छितोऽनुप्रकृतिर्द्विजैर्वृतः ॥ ५० ॥ पपात बालस्य स पादमूले मृतस्य विस्रस्तशिरोरुहाम्बरः ॥ दीर्घं श्वसन्बाष्पकलोपरोधतो निरुद्धकण्ठो न शशाक भाषितुम् ॥ ५१ ॥ पतिं निरीक्ष्योरुशुचार्पितं तदा मृतं च बालं सुतमेकसन्ततिम् ॥ जनस्य राज्ञी प्रकृतेश्च हृद्रुजं सती दधाना

विलाप गर्नलागे । जसले यो महान अपराध गरेको थियो,ती रानीहरू पनि सबै जना जस्तै रुन-कराउन लागे ॥४९॥ उता अकारण छोरोको मृत्युको समचार सुनेर राजा चित्रकेतु पनि स्नेहानुबन्धनले बढेको शोकले गर्दा बौलाहा झैं भएर आफ्ना अनुगामी मन्त्रीगण तथा ब्राह्मणहरूले घेरिएर बाटोमा लड्दै-ढल्दै अन्तःपुरमा पुगे र मरेको बालकको खुट्टाको नजीकै पुगेर ढले । त्यस बखत तिनका आँखाको सामुन्ने अँध्यारो भएर आयो, तिनको कपाल र वस्त्र फुस्के, अनि लामो श्वास तथा अश्रु-धाराको आवेगले घाँवेगले घाँटी अवरुद्ध हुनाले ती केही बोल्न सकिरहेका थिएनन् ॥५०॥५१॥ आफ्नो पतिलाई अत्यन्त शोकाकुल तथा छोरो मरेको देखेर रानी कृतद्युति प्रजा तथा मन्त्रिमण्डललाई शोकग्रस्त पार्दै रिमिम-झिमिमका

*दृष्टान्त (स्त्रीचरित्र)–कानपुरमा कपूरको व्यापारी यौटा वैश्य बस्तथ्यो । त्यसकी स्त्रीको नाम रत्नप्रभा थियो । युवती रत्नप्रभा चंचल थिई र सेठ बूढो थियो । अतः त्यो यौटा नोकरसित आनन्द भोग्दथी । एक दिन सेठले रत्नप्रभालाई देख्यो–त्यस नोकरलाई चुम्बन दिइरहेकी छ । रत्नप्रभाले देखी अब कुरा बिग्रन आँट्यो । तुरुन्त सेवकलाई छाडेर सेठको नगीचै पुगी र भन्नलागी–स्वामी ! यो नोकर धेरै बदमाश भइरहेछ, दिनहुँ गोदामबाट कपूर चोरेर खान्छ । शंका मलाई पहिले देखिनै थियो, त्यसैले आज स्वयं मैले मुख सुँघेर निश्चय गरिलिएँ ।' यति सुनेर नोकर नकली रिस देखाउँदै कराएर भन्न लाग्यो–'हजूर ! जसको घरमा यसरी मुख सुँघने स्त्री छ, त्यहाँ कुनै पनि नोकर कसरी टिक्न सक्छ ? अतः हजूर आजै मेरो हिसाब चुकता गरिदिनोस् । मलाई चाहिएन यस्तो नोकरी ।' यति भन्दै त्यो रिसाएर हिंड्न लाग्यो । अब सेठ भुँडी मुसार्दै उठेर निकै खुसामद गरेर फर्काएर ल्यायो । यसै निम्ति नीतिशास्त्रमा भनिएको छ–'उशना वेद यच्छास्त्रं यच्च वेद बृहस्पति । चाणक्यस्य च यच्छास्त्रं स्त्रीबुद्धौ सुप्रतिष्ठितम् ।

Nagarjuna Z. Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विलाप गर्दै रुनलागे ।।५२।। कुमकुम मिसाएको चन्दनले चर्चित आफ्ना कुच-युगललाई गाजलको कालिमा मिश्रित आँसुले भिजाउँदै तथा जसबाट फूलका माला छिनेर
मा.प. गिरिरहेथ्यो, ती बाँधिएका कपाल फैलाउँदै ती आफ्नो बालकको निम्ति कुररी झैं उच्च स्वरले विलाप गर्दै थिइन् ।।५३।। तिनले भनिन्–'हे विधाता ! तँ वज्रमूर्ख रहिछस्, जो आफैले मा.
रचेको सृष्टिको प्रतिकूल कार्य गर्दछस्। कति आश्चर्यको कुरा छ–बूढापाका बाँचिरहनु र बालक मरुन्। यदि साँच्चै नै तेरो स्वभावमा यस्तो उल्टो छ भने तँ जीवको शत्रु
॥३०॥ होस् ।।५४।। संसारमा यदि प्राणीहरूको जीवन-मरणको कुनै क्रम नै हुँदैन भने ती प्रारब्धकै अनुसार हुँदै जाँदै रहन्छन्। हे निष्ठुर ! सृष्टि वृद्धिको लागि तैंले जुन स्नेहपाश बनाएको छ, अ.
त्यसलाई तँ स्वयं काटिरहेको छस् ।।५५।। अनि छोरोतिर हेरेर भन्न लागी—'मेरो बाबू ! म दीन-हीन अनाथिनीलाई छाडेर तिमीले जान उचित होइन। तिमी अलिकति शोकाकुल
आफ्ना पितातिर त हेर ! निःसन्तान पुरुष जसलाई ठूलो कष्टले पार गर्न सक्तछन्, त्यो घोर नरक हामी तिमीद्वारा सहजै नाघ्न सक्तछौं। तिमी निष्ठुर यमराजसित मेरो

विललाप चित्रधा ॥ ५२ ॥ स्तनद्वयं कुंकुमगन्धमण्डितं निषिञ्चती साऽञ्जनबाष्पबिन्दुभिः ॥ विकीर्य केशान्विगलत्स्रजः सुतं शुशोच चित्रं कुररीव सुस्वरम् ॥ ५३ ॥ अहो विधातस्त्वमतीव बालिशो यस्त्वामसृष्ट्यप्रतिरूपमीहसे ॥ परेऽनुजीवत्यपरस्य या मृतिर्विपर्ययश्चेत्त्वमसि ध्रुवः परः ॥ ५४ ॥ न हि क्रमश्चेदिह मृत्युजन्मनोः शरीरिणामस्तु तदात्मकर्मभिः ॥ यः स्नेहपाशो निजसर्गवृद्धये स्वयं कृतस्ते तमिमं विवृश्चसि ॥ ५५ ॥ त्वं तात नार्हसि च मां कृपणामनाथां त्यक्तुं विचक्ष्व पितरं तव शोकतप्तम् ॥ अञ्जस्तरेम भवताऽप्रजदुस्तरं यद्ध्वान्तं न याह्यकरुणेन यमेन दूरम् ॥ ५६ ॥ उत्तिष्ठ तात त इमे शिशवो वयस्यास्त्वामाह्वयन्ति नृपनन्दन संविहर्तुम् ॥ सुप्तश्चिरं ह्यशनया च भवान्परीतो भुंक्ष्व स्तनं पिब शुचो हर नः स्वकानाम् ॥ ५७ ॥ नाहं तनूज ददृशे हतमङ्गला ते मुग्धस्मितं मुदितवीक्षणमाननाब्जम् ॥ किं वा गतोऽस्यपुनरन्वयमन्य-लोकं नीतोऽघृणेन न शृणोमि कला गिरस्ते ॥ ५८ ॥ श्रीशुक उवाच ॥ विलपन्त्या मृतं पुत्रमिति चित्रविलापनैः ॥ चित्रकेतुर्भृशं तप्तो मुक्त-कण्ठो रुरोद ह ॥ ५९ ॥ तयोर्विलपतोः सर्वे दम्पत्योस्तदनुव्रताः ॥ रुरुदुः स्म नरा नार्यः सर्वमासीदचेतनम् ॥ ६० ॥ एवं कश्मलमापन्नं नष्टसंज्ञ-

सामुन्ने नजाऊ ।।५६।। हेर ! मेरो बाबू ! उठेर बस। हेर, तिम्रा साथी सबै बालक तिमीलाई खेल्न डाकिरहेका छन्। तिमी धेरै बेरदेखि त्यसै सुतिरहेका छौ। अब त तिमीलाई भोक पनि लागेको होला। उठेर केही खाऊ, स्तन-पान गर र हामी स्वजनको शोक निवारण गर ।।५७।। हे पुत्र ! आज मन्दभागिनीलाई तिम्रो मुख-मधुर हास्य र प्रसन्नताले भरिएको तिम्रो हेराइ म देखिरहेकी छैन। अक्षरम्भ मलाई तिम्रो मीठो र तोते बोली सुनिएको छैन। उसो भए के तिमी साँच्चै निष्ठुर यमराजको प्रेरणाले त्यस लोकमा गइसकेका छौ, जहाँ गए पछि फर्कर कोही पनि आउन्न ? ।।५८।। हे राजन् ! महारानी कृतद्युतिलाई आफ्नो मृत पुत्रको निम्ति यसरी थरि-थरिका करुण विलाप गरेकी देखेर राजा चित्रकेतु पनि अत्यन्त शोकाकुल भएर मुक्त कण्ठले रुदन गर्न लागे ।।५९।। ती राज-दम्पतीले विलाप गरेपछि तिनका अनुयायी अन्य नर-नारी पनि दुःखित भएर रुन लागे। यस प्रकार त्यो सारा नगर अपार शोकले ॥२
व्याकुल भयो ।।६०।। यस प्रकार राजालाई शोकाकुल एवं संज्ञाशून्य देखेर तथा यहाँ बुझेर कि यिनलाई बुझाउने कोही पनि छैन, त्यहाँ नारदजीको साथसाथै महर्षि अङ्गिरा आइपुगे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥६१॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां चतुर्दशोऽध्यायः ॥१४॥ (राजा चित्रकेतुलाई अङ्गिरा र देवर्षि नारदको उपदेश)–शुकदेवजी भन्दछन्–हे राजन् ! त्यहाँ पुगेर ती दुवै महर्षिले मृत बालकको नगीचै शोकग्रस्त दशाभा मृतक जस्तै ढलिरहेका राजा चित्रकेतुलाई अनेक राम्रा-राम्रा युक्तिहरूले बुझाउँदै भने—॥१॥ हे राजन् ! जसको निम्ति तिमी यस प्रकार रोइरहेका छौ, यो बालक यस बखत यो भन्दा पहिले र यस पछिका जन्ममा तिम्रो को थियो र तिमी यसका को थियौ ?॥२॥जस्तै जलको तेज वेगले बालुवा आदि कहिले एकत्रित हुन्छ र कहिले छुट्टिन्छ पनि, त्यस्तै नै विभिन्न जीवहरू कालक्रमले कहिले कहीं मिल्दछन् र कहिले छुट्टिएर जान्छन् ॥३॥ जस्तै–केही बीजहरूद्वारा अन्य बीज उम्रन्छन् र फेरि विलीन पनि हुन्छन्, त्यसै गरी भगवानको मायाले प्रेरित केही प्राणीहरूभन्दा अन्य प्राणी उत्पन्न हुँदै र नष्ट हुँदै जान्छन् ॥४॥ हे राजन् ! हामी र यी जति पनि चराचर जीवहरू यस समय छन्,यी सबै जस्तै आफ्नो जन्मभन्दा पूर्व तथा मरणभन्दा पछि रहन्छन् । त्यस्तै वर्तमान कालमा पनि छैनन् भन्ने जान ॥५॥कुनै इच्छा नभए पनि अजन्मा

मनायकम् ॥ ज्ञात्वाऽङ्गिरा नाम मुनिराजगाम सनारदः ॥ ६१ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे चित्रकेतुविलापो नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥ श्रीशुक उवाच ॥ ऊचतुर्मृतकोपान्ते पतितं मृतकोपमम् ॥ शोकाभिभूतं राजानं बोधयन्तौ सदुक्तिभिः ॥ १ ॥ कोऽयं स्यात्तव राजेन्द्र भवान्यमनुशोचति ॥ त्वं चास्य कतमः सृष्टौ पुरेदानीमतः परम् ॥ २ ॥ यथा प्रयान्ति सततं स्रोतोवेगेन बालुकाः ॥ संयुज्यन्ते वियुज्यन्ते तथा कालेन देहिनः ॥ ३ ॥ यथा धानासु वै धाना भवन्ति च भवन्ति च ॥ एवं भूतेषु भूतानि चोदितानीशमायया ॥ ४ ॥ वयं च त्वं च ये चेमे तुल्यकालाश्चराचराः ॥ जन्ममृत्योर्यथा पश्चात्प्रागेवमधुनापि भोः ॥ ५ ॥ भूतैर्भूतानि भूतेशः सृजत्यवति हन्त्यजः ॥ आत्मसृष्टैरस्वतन्त्रैरनपेक्षोऽपि बालवत् ॥ ६ ॥ देहेन देहिनो राजन्देहाद्देहोऽभिजायते ॥ बीजादेव यथा बीजं देह्यर्थ इव शाश्वतः ॥ ७ ॥ देहदेहिविभागोऽयमविवेककृतः पुरा ॥ जातिव्यक्तिविभागोऽयं यथा वस्तुनि कल्पितः ॥ ८ ॥ श्रीशुक उवाच ॥ एवमाश्वासितो राजा चित्रकेतुर्द्विजोक्तिभिः ॥ प्रमृज्य पाणिना वक्त्रमाधिम्लानमभाषत ॥ ९ ॥ राजोवाच ॥ कौ युवां ज्ञानसम्पन्नौ महिष्ठौ च महीयसाम् ॥ अवधूतेन वेषेण गूढाविह समागतौ ॥ १० ॥ चरन्ति ह्यवनौ कामं ब्राह्मणा भगवत्प्रियाः ॥ मादृशां ग्राम्यबुद्धीनां बोधायोन्मत्तलिङ्गिनः ॥ ११ ॥ कुमारो

परेश्वर बालक जस्तै केवल खेलको निम्ति आफूले रचेका परतन्त्र जीवद्वारा अन्य जीवहरूको उत्पत्ति, पालन तथा संहार गर्दछ ॥६॥ हे राजन् ! जस्तै यौटा बीजबाट अर्को बीज उत्पन्न हुन्छ, त्यस्तै नै देही अर्थात् पिताको देहद्वारा आमाको देहबाट देही अर्थात् पुत्रको शरीर उत्पन्न हुन्छ । ती सबैबाट देही घटादि कामहरूमा पृथ्वी जस्तै नित्य छ ॥७॥ हे राजन् ! जस्तै यौटै नै वस्तुमा घटत्वादि जाति तथा घट आदिको व्यक्तिको विभाग केवल कल्पना मात्र हो, त्यस्तै नै देही तथा देहको विभाग पनि अनादि एवं अविद्या-कल्पित जान्नुहवस्॥८॥ श्रीशुकदेवजी भन्दछन्–हे राजन् ! यस प्रकारका ब्राह्मण-वाक्यले केही आश्वासन पाएपछि राजा चित्रकेतुले मानसिक व्यथाले गर्दा आफ्नो मलीन मुखको आँसु हातले पुछेर सोधे॥९॥ राजा भन्दछन्–हजुर दुवैजना को हुनुहुन्छ ? हजुर त ज्ञानवान् र महान देखिनुहुन्छ र अवधूतवेशमा आफूलाई लुकाएर यहाँ पाल्नुभएको हो ॥१०॥ अनेक भगवत्-प्रिय ब्राह्मण मजस्ता

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयासक्त बुद्धि हुने पुरुषहरूलाई उपदेश दिनको निम्ति उन्मत्त जस्तै पृथिवीमा स्वतन्त्ररूपले विचरण गर्दै रहन्छन् ।।११।। सनत्कुमार, नारद, ऋभु, अंगिरा, देवल र जसको हृदयको अज्ञानरूपी अन्धकार नष्ट भइसकेको थियो, ती व्यासजी, मार्कण्डेय, गौतम, वसिष्ठ, भगवान् परशुराम, कपिल, शुकदेवजी, दुर्वासा, असित, याज्ञवल्क्य, जातूकर्ण्य, आरुणि, रोमश, च्यवन, दत्तात्रय, आसुर, पतञ्जलि ऋषि वेदशिरा, बोध्यमुनि, पञ्चशिरा, हिरण्यनाभा कौशल्य, श्रुतदेव, ऋतध्वज–यी सबै तथा अरु पनि अनेकानेक ज्ञानदाता सिद्धेश्वर पृथ्वीमा डुलिरहन्छन् ।।१२-१५।। अतएव हे प्रभो ! ग्राम्य विषयमा अल्झेको म मूढबुद्धि पशुलाई, जो अतिशय घोर अज्ञानान्धकारमा डुबेको छ, हजुर आफ्नो ज्ञानदीप देखाउनोस् ।।१६।। अङ्गिरा ऋषि भन्दछन्–हे राजन् ! जब तिमी छोरो प्राप्त गर्न आतुर थियौ तब जसले तिमीलाई पुत्र दिएका थिए, म उही अंगिरा ऋषि हुँ र यी साक्षात् ब्रह्माजीका छोरा भगवान् नारद हुन् ।।१७।। हे नृप! तिमी पुत्रशोकले गर्दा तरिनसक्नु अन्धकारमा डुबेका छौ । तिमी भगवद्भक्त हौ । अतः शोक गर्नको योग्य छैनौ–यही विचारेर तिमीमाथि कृपा गर्नका लागि

नारद ऋभुरङ्गिरा देवलोऽसितः ॥ अपान्तरतमा व्यासो मार्कण्डेयोऽथ गौतमः ॥ १२ ॥ वसिष्ठो भगवान् रामः कपिलो बादरायणिः ॥ दुर्वासा याज्ञवल्क्यश्च जातूकर्ण्यस्तथाऽऽरुणिः ॥ १३ ॥ रोमशश्च्यवनो दत्त आसुरिः सपतञ्जलिः ॥ ऋषिर्वेदशिरा बोध्यो मुनिः पञ्चशिरास्तथा ॥१४॥ हिरण्यनाभः कौसल्यः श्रुतदेव ऋतध्वजः ॥ एते परे च सिद्धेशाश्चरन्ति ज्ञानहेतवः ॥ १५ ॥ तस्माद्युवां ग्राम्यपशोर्मम मूढधियः प्रभुः ॥ अन्धे तमसि मग्नस्य ज्ञानदीप उदीर्यताम् ॥ १६ ॥ अहं ते पुत्रकामस्य पुत्रदोऽस्म्यङ्गिरा नृप ॥ एष ब्रह्मसुतः साक्षान्नारदो भगवानृषिः ॥१७ ॥ इत्थं त्वां पुत्रशोकेन मग्नं तमसि दुस्तरे ॥ अतदर्हमनुस्मृत्य महापुरुषगोचरम् ॥ १८ ॥ अनुग्रहाय भवतः प्राप्तावावामिह प्रभो ॥ ब्रह्मण्यो भगवद्भक्तो नावसीदितुमर्हति ॥ १६ ॥ तदेव ते वरं ज्ञानं ददामि गृहमागतः ॥ ज्ञात्वाऽन्याभिनिवेशं ते पुत्रमेव ददावहम् ॥ २० ॥ अधुना पुत्रिणां तापो भवतैवानुभूयते ॥ एवं दारा गृहा रायो विविधैश्वर्यसम्पदः ॥ २१ ॥ शब्दादयश्च विषयाश्चला राज्यविभूतयः ॥ मही राज्यं बलं कोशो भृत्यामात्याः सुहृज्जनाः ॥ २२ ॥ सर्वेऽपि शूरसेनेमे शोकमोहभयार्तिदाः ॥ गन्धर्वनगरप्रख्याः स्वप्नमायामनोरथाः ॥ २३ ॥ दृश्यमाना विनाऽर्थेन न दृश्यन्ते मनोभवाः ॥ कर्मभिर्ध्यायतो नानाकर्माणि मनसोऽभवन् ॥ २४ ॥ अयं हि देहिनो देहो द्रव्यज्ञानक्रियात्मकः ॥ देहिनो विविधक्लेश·

नै हामी यहाँ आएका हौं । तिमी ब्राह्मण-भक्त तथा भगवद्भक्त छौ । तिमीले यस्तो खेद गर्नु उचित होइन ।।१८-१९।। हे राजन् ! जब म पहिले आएको थिएँ त्यसैवेला तिमीलाई ज्ञानोपदेश दिने थिएँ, तर त्यस बखत तिम्रो मनमा अर्कै अभिलाषा अर्थात् पुत्रको कामना देखेर मैले तिमीलाई छोरो दिएँ ।। २० ।। अब तिमीले स्वयं छोरा हुनेहरूको कष्ट अनुभव गरिसकेका छौ । स्त्री, धन विविध प्रकारका ऐश्वर्यहरू, सम्पत्ति, शब्दादि विषय, वैभव, पृथिवी, राज्य, सेना, कोश, भृत्य, अमात्य तथा सुहृद्-जन–यी सबै नाशवान छन्।।२१-२२।। हे शूरसेनदेशका स्वामी ! यी सबै गन्धर्वनगर स्वप्न, माया एवं मनले कल्पित पदार्थहरूको समान असल तथा मोह, भय एवं कष्टदायक छन् ।।२३।। यी सबै दृश्य पदार्थ मनले कल्पित अर्थात् मिथ्या हुन् । किनकि यी वास्तविक स्वरूपको बिना नै भासमान भइरहेका छन् ! यसै निम्ति यी क्षणमै लोप भएर जान्छन् । हे नृप ! जो मानिस कर्म वासनाद्वारा प्रेरित भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयको चिन्तन गर्दछन्, उनकै मनमा विविध कर्म उत्पन्न हुन्छन् ।।२४।। जीवात्माको यो शरीर जुन पञ्चभूत, ज्ञानेन्द्रिय र कर्मेन्द्रियका समुदाय हुन्, यही त्यसको निम्ति क्लेश र सन्तापदायक छ ।।२५।। अतः तिमी शान्त-चित्तले आत्मस्वरूपको चिन्तन गरेर यस द्वैत-भ्रममा नित्यत्वबुद्धि त्यागेर शान्ति प्राप्त गर ।।२६।। श्रीनारद भन्दछन्–हे राजन् ! तिमी मन एकाग्र पारेर मसित यी मन्त्रोपनिषद् ग्रहण गर । यो धारण गरेर तिमी सात रात्रिमा नै संकर्षण भगवान्‌को दर्शन प्राप्त गर्नेछौ ।।२७।। हे इन्द्र ! जुन संकर्षणको धरणीतलको सहारा लिएर पूर्वकालमा भगवान् शंकर आदि योगी भेद-भ्रम त्यागेर शीघ्र अत्यधिक महिमा प्राप्त गरिसकेका छन् । उनकै प्रभावले तिमी पनि शीघ्र परमपद पाउँछौ ।।२८।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां पञ्चदशोऽध्यायः ।।१५।। (देवर्षि नारदको उपदेशले राजा चित्रकेतुलाई संकर्षणको दर्शन हुनु)—शुकदेवजी भन्दछन्–हे राजन् ! त्यसपछि देवर्षि नारदले त्यो मरेको राजकुमारको शोकाकुल स्वजनहरूका समक्ष डाकेर त्योसित भने ।।१।। नारदजी भन्दछन्–हे जीवात्मन् ! तिम्रो मङ्गल होस् । यतातिर हेर,

सन्तापकृदुदाहतः ॥ २५ ॥ तस्मात्स्वस्थेन मनसा विमृश्य गतिमात्मनः ॥ द्वैते ध्रुवार्थविश्रम्भं त्यजोपशममाविश ॥ २६ ॥ नारद उवाच ॥ एतां मन्त्रोपनिषदं प्रतीच्छ प्रयतो मम ॥ यां धारयन्सप्तरात्राद्द्रष्टा संकर्षणं प्रभुम् ॥ २७ ॥ मत्पादमूलमुपसृत्य नरेन्द्र पूर्वे शर्वादयो भ्रममिमं द्वितयं विसृज्य ॥ सद्यस्तदीयमतुलानधिकं महित्वं प्रापुर्भवानपि परं न चिरादुपैति ॥ २८ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे चित्रकेतुसान्त्वनं नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥ श्रीशुक उवाच ॥ अथ देवऋषी राजन्संपरेतं नृपात्मजम् ॥ दर्शयित्वेति होवाच ज्ञातीनामनुशोचताम् ॥ १ ॥ नारद उवाच ॥ जीवात्मन्पश्य भद्रं ते मातरं पितरं च ते ॥ सुहृदो बान्धवास्तप्ताः शुचा त्वत्कृतया भृशम् ॥ २ ॥ कलेवरं स्वमाविश्य शेषमायुः सुहृद्वृतः ॥ भुङ्क्ष्व भोगान्पितृप्रत्तानधितिष्ठ नृपासनम् ॥ ३ ॥ जीव उवाच ॥ कस्मिञ्जन्मन्यमी मह्यं पितरो मातरोऽभवन् ॥ कर्मभिर्भ्राम्यमाणस्य देवतिर्यङ्नृयोनिषु ॥ ४ ॥ बन्धुज्ञात्यरिमध्यस्थमित्रोदासीनविद्विषः ॥ सर्व एव हि सर्वेषां भवन्ति क्रमशो मिथः ॥ ५ ॥ यथा वस्तूनि पण्यानि हेमादीनि ततस्ततः ॥ पर्यटन्ति नरेष्वेवं जीवो योनिषु कर्तृषु ॥ ६ ॥ नित्यस्यार्थस्य सम्बन्धो ह्यनित्यो दृश्यते नृषु ॥ यावद्यस्य हि सम्बन्धो ममत्वं तावदेव हि ॥ ७ ॥ एवं योनिगतो जीवः स नित्यो निरहंकृतः ॥ यावद्यत्रोपलभ्येत तावत्स्वत्वं हि तस्य तत् ॥ ८ ॥ एष नित्योऽव्ययः

तिम्रा यी माता-पिता, सुहृद् तथा सबै बन्धु-बान्धव तिम्रो निम्ति शोकाकुल भइरहेका छन् ।।२।। अतएव तिमी शीघ्र आफ्नो शरीरमा प्रवेश गरेर शेष आयुले आफ्ना यी बन्धु-जनका साथ पितृप्रदत्त सुख भोग र राजसिंहासनलाई सुशोभित पार ।।३।। जीवले भन्यो—म आफ्नू कर्मवश देव, मनुष्य तथा तिर्यगादि अनेक योनिहरूमा डुल्दै रहें । तीमध्ये एक जन्ममा यी मेरा माता-पिता भए ।।४।। जीवका विभिन्न जन्ममा क्रमशः सबैका बन्धु, ज्ञाति, शत्रु, मध्यस्थ, मित्र, उदासीन र द्वेषी हुँदैरहन्छन् ।।५।। जस्तै सुवर्णादि क्रय-विक्रयका वस्तुहरू व्यवहारशील मनुष्यहरूमा जुनसुकैको नगीच आउँदै जाँदै रहन्छन्, त्यस्तै जीव पनि विभिन्न योनिहरूमा उत्पन्न हुँदैरहन्छ ।।६।। यसप्रकार सुवर्णादि वस्तुहरूको सम्बन्ध पनि मनुष्यहरूमा अनित्य नै देखिन्छ र जबसम्म जसको सम्बन्ध बनिरहन्छ, तबसम्म उसमा त्यसको ममता अर्थात् 'मेरो' भन्ने भाव पनि रहिरहन्छ ।।७।। यस प्रकार नित्य

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा निरहङ्कारी जीव गर्भमा गएर जबसम्म शरीरमा रहन्छ, त्यसै वेलासम्म त्यस जीवको शरीरमा मोह रहिरहन्छ॥८॥ यो जीव नित्य, अविनाशी र सूक्ष्म अर्थात् जन्मादिरहित छ र स्वयं प्रकाशशील हुनाको कारणले सबैको अधिष्ठान छ। यो आफ्नो सर्वसमर्थ मायाका गुणले स्वयं आफूलाई विश्वरूपले उत्पन्न गर्दछ ॥९॥ यसको न कुनै प्रिय,छ, न अप्रिय छ र न कुनै आफ्नो न कोही विरानो छ किनकि आफ्नो हित तथा अहित गर्ने भएका मित्र या शत्रु आदिको बुद्धिहरूको यही एकमात्र मित्र छ ॥१०॥ यो आत्मा कार्य-कारणको साक्षी तथा स्वतन्त्र छ। अतएव यो गुण, दोष अथवा स्वरुप-फललाई ग्रहण गर्दैन र सधैं उदासीन-भावले स्थित रहन्छ ॥ ११ ॥ श्रीशुकदेवजी भन्नुहुन्छ–यति भनेर त्यो जीव त्यहाँबाट गयो, अनि त्यसका जाति बन्धुहरूले विस्मितभावले आफ्नो स्नेह-बन्धन काटिदिए र शोक त्यागिदिए ॥ १२ ॥ अनि ती सगोत्रीहरूले ज्ञातिभूत त्यो मृत बालकको देहको तत्काल उचित संस्कार गरे र त्यसपछि गरिने योग्य और्ध्वदैहिक क्रियाहरू सम्पन्न गरिए। अनि फेरि शोक, मोह, भय तथा दीनता उत्पन्न गर्ने त्यागिनसक्नु स्नेह

सूक्ष्म एष सर्वाशयः स्वदृक् ॥ आत्ममायागुणैर्विश्वमात्मानं सृजते प्रभुः ॥ ९ ॥ न ह्यस्यातिप्रियः कश्चिन्नाप्रियः स्वः परोऽपि वा ॥ एकः सर्वधियां द्रष्टा कर्तॄणां गुणदोषयोः ॥ १० ॥ नादत्त आत्मा हि गुणं न दोषं न क्रियाफलम् ॥ उदासीनवदासीनः परावरदृगीश्वरः ॥ ११ ॥ श्रीशुक उवाच ॥ इत्युदीर्य गतो जीवो ज्ञातयस्तस्य ते तदा ॥ विस्मिता मुमुचुः शोकं छित्त्वात्मस्नेहशृङ्खलाम् ॥१२॥ निर्हृत्य ज्ञातयो ज्ञातेर्देहं कृत्वोचिताः क्रियाः ॥ तत्यजुर्दुस्त्यजं स्नेहं शोकमोहभयार्तिदम् ॥१३॥ बालघ्न्यो व्रीडितास्तत्र बालहत्याहतप्रभाः ॥ बालहत्याव्रतं चेरुर्ब्राह्मणैर्यन्निरूपितम् ॥ यमुनायां महाराज स्मरन्त्यो द्विजभाषितम् ॥ १४ ॥ स इत्थं प्रतिबुद्धात्मा चित्रकेतुर्द्विजोक्तिभिः ॥ गृहान्धकूपान्निष्क्रांतःसरःपंकादिव द्विपः ॥१५॥ कालिंद्यां विधिवत्स्नात्वा कृतपुण्यजलक्रियः ॥ मौनेन संयतप्राणो ब्रह्मपुत्राववन्दत ॥ १६ ॥ अथ तस्मै प्रपन्नाय भक्ताय प्रयतात्मने ॥ भगवान्नारदः प्रीतो

त्यागिदिए ॥१३॥ हे राजन् ! त्यसपछि बालहत्याले हतप्रभ एवं लज्जित ती बालघातिनी रानीहरूले अङ्गिराले भनेका कुरा स्मरण गर्दै यमुनाको तटमा ब्राह्मणहरूका कथनानुसार बाल-हत्याको प्रायश्चित्त गरे ॥१४॥ यस प्रकार अङ्गिरा तथा नारदजीको उपदेशले आत्मज्ञान प्राप्त भएपछि राजा चित्रकेतु हिलोमा गाडिएको हात्ती निस्केर आए झैं गृहरूपी अन्धकारबाट निस्केर आए॥ ॥१५॥ फेरि उनले यमुनाजीमा विधिवत् स्नान गरेर तर्पणादि जलक्रिया गरे र मौन धारण गरी संयतेन्द्रिय भई ती ब्रह्माजीका पुत्र अर्थात् नारद र अङ्गिरालाई प्रणाम

उदाहरण—(नांग्लो होइन, ढ्यांग्रो)—कुनै राजासित यौटा ठूलो ऊँट थियो। जब कुनै उत्सवको समय हुन्थ्यो वा कुनै जुलूस निस्कन्थ्यो तब त्यही ऊँटको पिठिउँमा ठूलो-ठूलो ढ्यांग्रो राखेर बजाइने गर्दथ्यो! समय बितेर ऊँट बूढो भयो। त्यसको हालतमा दया लागेर राजाले हुकुम दिए–'अब यो ऊँट द्वारा कुनै पनि काम नलिई छाडा चर्न छाडिदिनु।' त्यहाँबाट फुकुवा भएपछि त्यो मनपरि काइदाले डुल्न र चर्न लाग्यो। एक दिन डुल्दै-फिर्दै त्यो यौटा गाउँमा पुग्यो। त्यहाँ यौटी वृद्धाले आफ्नो खरको घर बाहिर आँगनमा सुखाउन केही अन्न फिजाएकी थिई। बाटोमा ऊँटको दृष्टि त्यस अन्नमा पर्‍यो। अनि त्यसले बाटोबाट नै आफ्नो लामो गर्दन बढायो। अन्न सुकाउने वृद्धा खाने कुरा फर्काउँदै थिई। त्यस ऊँटको धृष्टता देखेर यौटा हातमा नांग्लो र अर्कोमा बल्दो अगुल्टो लिएर घरको बाहिर निस्की र नांग्लो ठटाइ ठटाइ ऊँटलाई धपाउन लागी। तर ऊँटलाई त्यस नांग्लोको शब्दले केही असर पारेन र डर पनि मानेन। त्यो डटेर मनपरि अन्न खाँदै रह्यो। जब त्यो वृद्धा ऊँटलाई धपाउँदा धपाऊँदा हारी, तब ऊँटले भन्यो–'व्यर्थ किन दुःख गरिरहेकी छौ आमै, तिमी! म तिमीले नांग्लो ठटाएर किन डराउँथें ! मेरो पिठिउँमा जन्मभरि ढ्यांग्रो बजिसकेको छ।' साँच्चै हो–जुन प्राणीले ठूला-ठूला कष्ट भोगिसकेको छ, त्यसको निम्ति साना कष्टले के गर्न सक्दछन् !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे ॥१६॥ भगवान् नारदले प्रपन्न मनले ती शरणागत तथा संयत चित्त भक्तलाई यस मन्त्रको उपदेश दिए–॥१७॥ 'ॐ हजुर भगवान् वासुदेवलाई म हृदयले नमस्कार गर्दछु। प्रद्युम्न, अनिरुद्ध तथा सङ्कर्षण-रूपधारी हजुरलाई मेरो नमस्कार छ ॥१८॥ विशुद्ध ज्ञानमात्र परमानन्द-स्वरूप आत्मराम द्वैत दृष्टिबाट रहित र शान्तस्वरूप हजुर परमेश्वरलाई मेरो प्रणाम छ ॥१९॥ स्वरूपानन्दको अनुभवले मायाका रागद्वेषादि तरङ्गहरूलाई शान्त पारिदिने इन्द्रियहरूका स्वामी, परम महान् तथा विश्वरूप हजुरलाई म नमस्कार गर्दछु ॥२०॥ अहो! जसलाई पाउन नसकेर मन सहित वाणी फर्केर आउँदछ। ती नाम रूपले रहित, एक, चिन्मात्र तथा कार्य-कारणले नभेटिने हजुर हाम्रो रक्षा गर्नोस् ॥२१॥ सम्पूर्ण जगत् जसमा व्याप्त छ र जसद्वारा यो उत्पन्न, स्थित तथा लीन हुन्छ र जो माटाका वस्तुहरूमा व्याप्त माटो जस्तै सबैमा लिप्त रहन्छ, ती परब्रह्म स्वरूप नारायण भगवान्लाई नमस्कार छ ॥२२॥ आकाश सदृश बाहिर-भित्र व्याप्त रहेर पनि जसलाई मन, बुद्धि, इन्द्रियहरू तथा प्राण न स्पर्श गर्न सक्तछन्, र न जान्न नै सक्तछन्, त्यस्ता हजुरलाई म प्रणाम गर्दछु ॥२३॥ जसको

विद्यामेतामुवाच ह ॥१७॥ ॐ नमस्तुभ्यं भगवते वासुदेवाय धीमहि ॥ प्रद्युम्नायानिरुद्धाय नमः संकर्षणाय च ॥ १८ ॥ नमो विज्ञानमात्राय परमानन्दमूर्तये ॥ आत्मारामाय शान्ताय निवृत्तद्वैतदृष्टये ॥ १६ ॥ आत्मानन्दानुभूत्यैव न्यस्तशक्त्यूर्मये नमः ॥ हृषीकेशाय महते नमस्ते विश्वमूर्तये ॥२०॥ वचस्युपरतेऽप्राप्य य एको मनसा सह ॥ अनामरूपश्चिन्मात्रः सोऽव्यान्नः सदसत्परः ॥ २१ ॥ यस्मिन्निदं यतश्चेदं तिष्ठत्यप्येति जायते ॥ सृन्मयेष्विव मृज्जातिस्तस्मै ते ब्रह्मणे नमः ॥ २२ ॥ यन्न स्पृशन्ति न विदुर्मनोबुद्धीन्द्रियासवः ॥ अन्तर्बहिश्च विततं व्योमवत्तं नतोऽस्म्यहम् ॥ २३ ॥ देहेन्द्रियप्राणमनोधियोऽमी यदंशविद्धाः प्रचरन्ति कर्मसु ॥ नैवान्यदा लोहमिवाप्रतप्तं स्थानेषु तद्द्रष्ट्रपदेशमेति ॥२४॥ ॐ नमो भगवते महापुरुषाय महानुभावाय महाविभूतिपतये सकलसात्वतपरिवृढनिकरकमलकुड्मलोपलालितचरणारविन्दयुगल परम परमेष्ठिन्नमस्ते ॥ २५ ॥ श्रीशुक उवाच ॥ भक्तायैतां प्रपन्नाय विद्यामादिश्य नारदः ॥ ययावंगिरसा साकं धाम स्वायम्भुवं प्रभो: ॥ २६ ॥ चित्रकेतुस्तु विद्यां तां यथा नारदभाषिताम् ॥ धारयामास सप्ताहमब्भक्षः सुसमाहितः ॥ २७ ॥ ततश्च सप्तरात्रान्ते विद्यया धार्यमाणया ॥ विद्याधराधिपत्यं स लेभेऽप्रतिहतं नृपः ॥ २८ ॥ ततः कतिपयाहोभिर्विद्ययेद्धमनोगतिः ॥ जगाम देवदेवस्य शेषस्य चरणान्तिकम् ॥ २६ ॥ मृणालगौरं शितिवाससं स्फुर-

चैतन्य-शक्तिले युक्त भएर यो देह, इन्द्रिय, प्राण, मन तथा बुद्धि आदि आफ्आफ्ना कार्यमा प्रवृत्त हुन्छन् र जो नभए अग्निमा नतताएको फलामसमान क्यै गर्न सक्तैनन्, त्यस आत्माको नै जाग्रदादि अवस्थाका साक्षीस्वरूपले जीव संज्ञा हुन्छ ॥ २४ ॥ ॐ हे भगवन्! महाविभूतिपनि भगवान् महापुरुषलाई प्रणाम छ। जसका दुवै चरण सबै श्रेष्ठ भक्तहरूको ठूलो समुदायको कर-कमल-कलिकाहरूले सेवित छन्, ती परम परमेष्ठीलाई पुनः पुनः प्रणाम छ ॥ २५ ॥ श्रीशुकदेवजी भन्नुहुन्छ–हे राजन्! यस प्रकार आफ्ना शरणागत एवं भक्त राजा चित्रकेतु यस विद्याको उपदेश दिएर नारदजी, अंगिरा मुनिको साथमा आफ्नो धाम ब्रह्मलोक फर्किए ॥२६॥ अनि राजा चित्रकेतुले नारदजीले बताएका विद्याको उनैले भनेका युक्तिहरूले सात दिनसम्म केवल पानी पिएर संयत-चित्त भई अनुष्ठान गरे ॥२७॥ त्यस मन्त्रको अनुष्ठानले सात रातसम्म गरेपछि राजा चित्रकेतुलाई विद्याधरहरूको अप्रतिहत प्रभुत्व प्राप्तभयो

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।। २८।। केही दिनपछि त्यस विद्याको प्रभावले मनको गति अझ बढेर गएपछि राजा चित्रकेतु भगवान् शेषजीका चरणमा पुग्नगए ।।२९।। तिनले त्यहाँ देखे–भगवान् शेषजी अगणित सिद्धेश्वरहरूले घेरिएका छन् उनको शरीर कमल-नालको समान गौर वर्णको छ। त्यसमाथि नीलाम्बर झलमलाउँदो किरीट, केयूर, कटिसूत्र र कङ्कणादि भूषण शोभित छन् ! उनको मुख प्रसन्न छ र नेत्र अरुण वर्णका छन् ।।३०।। यस प्रकार शेष भगवान्‌को दर्शन गर्नासाथ राजा चित्रकेतुका सबै पाप नष्ट भए। तिनको अन्तःकरण शुद्ध र निर्मल भयो, उनले आफ्नो बढिरहेको भक्तिभाव द्वारा प्रेमाश्रु भरेर पुलकित शरीरले भगवान् आदिपुरुषलाई प्रणाम गरे ।। ३१ ।। अनि ती आफ्ना प्रेमाश्रुविन्दुहरूले पवित्र कीर्ति भगवान् शेषजीको पादपीठलाई बारम्बार सिंच्नलागे। त्यो प्रेमोद्वेगवश कण्ठ अवरुद्ध हुनाले गर्दा ती धेरै बेरसम्म उनको स्तुति गर्न पाएनन् ।। ३२ ।। अनि जब उनलाई बोल्ने शक्ति मिल्यो, तब बुद्धि र मनको एकाग्रता पारी था सम्पूर्ण इन्द्रियहरूको बाह्य-वृत्ति रोकेर जसको स्वरूपको पञ्चरात्र आदि भक्ति-शास्त्रमा वर्णन गरिएको छ, ती जगद्‌गुरुको यसरी स्तुति। गरे चित्रकेतु

त्किरीटकेयूरकटित्रकङ्कणम् ।। प्रसन्नवक्त्रारुणलोचनं वृतं ददर्श सिद्धेश्वरमण्डलैः प्रभुम् ।। ३० ।। तद्दर्शनध्वस्तसमस्तकिल्बिषः स्वच्छामलान्तः-
करणोऽभ्ययान्मुनिः ।। प्रवृद्धभक्त्या प्रणयाश्रुलोचनः प्रहृष्टरोमाऽनमदादिपूरुषम् ।। ३१ ।। स उत्तमश्लोकपदाब्जविष्टरं प्रेमाश्रुलेशैरुपमेहयन्मुहुः ।।
प्रेमोपरुद्धाखिलवर्णनिर्गमो नैवाशकत्तं प्रसमीडितुं चिरम् ।। ३२ ।। ततः समाधाय मनो मनीषया बभाष एतत्प्रतिलब्धवानसौ ।। नियम्य सर्वेन्द्रि-
यबाह्यवर्तनं जगद्‌गुरुं शात्वतशास्त्रविग्रहम् ।।३३।। चित्रकेतुरुवाच ।। अजित जितः सममतिभिः साधुभिर्भवान् जितात्मभिर्भवता ।। विजितास्तेऽपि
च भजतामकामात्मनां य आत्मदोऽतिकरुणः ।।३४।। तव विभवः खलु भगवन् जगदुदयस्थितिलयादीनि ।। विश्वसृजस्तेऽंशांशास्तत्र मृषा स्पर्धन्ते
पृथगभिमत्या ।।३५।। परमाणुपरममहतोस्त्वमाद्यन्तान्तरवर्ती त्रयविधुरः ।। आदावन्तेऽपि च सत्त्वानां यद् ध्रुवं तदेवान्तरालेऽपि ।। ३६ ।। क्षित्या-
दिभिरेष किलावृतः सप्तभिर्दशगुणोत्तरैराण्डकोशः ।। यत्र पतत्यणुकल्पः सहाण्डकोटिकोटिभिस्तदनन्तः ।। ३७ ।। विषयतृषो नरपशवो य उपासते
विभूतीर्न परं त्वाम् ।। तेषामाशिष ईश तदनु विनश्यन्ति यथा राजकुलम् ।। ३८ ।। कामधियस्त्वयि रचिता न परम रोहन्ति यथा करम्भबीजानि ।।

भन्दछन्–हे अजित ! यद्यपि हजुर सबभन्दा अजेय हुनुहुन्छ, तापनि समदर्शी तथा जितेन्द्रिय सज्जनले हजुरलाई जिते र हजुरले पनि उनलाई आफ्नो वशमा राख्नुभएको छ। हजुर दयालु हुनुहुन्छ, किनकि भक्तजनलाई हजुर आफ्नो स्वरूपसम्म दिनुहुन्छ ।।३३।।३४।। हे भगवन् ! यस संसारको उत्पत्ति-स्थिति तथा लय आदि काम हजुरकै लीलाहरू हुन्। विश्वरचयिता ब्रह्मादि देवता हजुरकै अंश हुन्, तथापि 'म नै जगत्कर्ता हुँ' यस्तो भेदबुद्धि वश व्यर्थ परस्पर स्पर्द्धा गर्न थाल्दछन् ।।३५।। परमाणु देखि लिएर अतिशय महान् महत्तत्त्वपर्यन्त सबै वस्तुहरूको आदि, अन्त तथा मध्यमा हजुर नै विराजमान रहनु हुन्छ, तापनि हजुर आदि अन्त तथा यी तीनै अवस्थादेखि रहित रहनु हुन्छ किनकि सत्य-स्वरूप झैं प्रतीत हुने यी सबै वस्तुहरूका आदि तथा अन्त्यमा जुन निश्चल तत्त्व छ, त्यही मध्यमा पनि रहन्छ ।।३६।। जुन यौटादेखि अर्को दस गुना ठूलो पृथ्वी आदि सात आवरणले घेरिएको छ, त्यो ब्रह्माण्डकोश आफ्नै समान करोडौं ब्रह्माण्डमाथ परमाणु झैं घुम्दै रहन्छ। हजुर वास्तवमा अनन्त हुनुहुन्छ ।। ३७ ।। जुन मनुष्यरूपी पशु केवल विषय नै चाहन्छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तो हजुर जस्ता परमात्मालाई छाडेर हजुरका विभूतिस्वरूप इन्द्रादि अन्य देवताहरूको नै उपासना गर्दछन् । अतः राजकुलको पतन भएपछि त्यसका अनुयायीहरूको जीविका पनि नष्ट हुन्छ, ती क्षुद्र उपास्य देवताहरूको ह्रास भइसकेपछि उनले दिएका भोग पनि नष्ट हुन्छन् ॥ ३८ ॥ हे परमात्मन् ! हजुर ज्ञानस्वरूप तथा निर्गुण हुनुहुन्छ । अतः हजुरप्रति गरिएको विषय-सम्बन्धी माँग त्यस्तै कर्मफलदायिनी हुँदैनन् , जस्तै–घुन लागेका बीजमा अंकुर निस्कन्न किनकि जीवलाई सुख-दुःखादि द्वन्द्व सत्वगुणबाट नै प्राप्त हुन्छ र हजुर निर्गुण हुनुहुन्छ, अनि कसरी मिल्ने ? ॥३९॥ हे अजित ! जब हजुरले मलाई विशुद्ध भागवत-धर्मको उपदेश दिनुभयो, त्यसैले हजुरले सबैलाई जित्नुभयो, किनकि अकिञ्चन र आत्माराम सनकादि मुनि मोक्ष प्राप्तिको निम्ति उही भागवत-धर्मको पालन गर्दछन् ॥ ४० ॥ भागवत धर्मको पालन गर्नमा अन्य सकाम धर्महरूको जस्तै मनुष्यहरूको 'तँ-म र-मेरो तेरो' भेदबुद्धि रहन सक्तैन । जुन धर्म विपरीत बुद्धिले रचना गरिएको हुन्छ, त्यो अशुद्ध हुन्छ, नाशवान् र अधर्मयुक्त हुन्छ ॥४१॥ यस प्रकार आफ्नो र विरानो दुवै थरिको अपकार गर्ने धर्मले आफ्नो र अर्काको पनि के प्रयोजन सिद्ध हुन सक्तछ ? बरु त्यस धर्मको आचरण गरेर आफ्नो चित्तलाई सन्ताप पार्नाले भगवान् रिसाउन हुन्छ र अर्कालाई कष्ट दिएको

ज्ञानात्मन्यगुणमये गुणगणतोऽस्य द्वन्द्वजालानि ॥३९॥ जितमजित तदा भवता यदाऽऽह भागवतं धर्ममनवद्यम् ॥ निष्किञ्चना ये मुनय आत्मारामा यमुपासतेऽपवर्गाय ॥ ४० ॥ विषममतिर्न यत्र नृणां त्वमहमिति मम तवेति च यदन्यत्र ॥ विषमधिया रचितो यः स ह्यविशुद्धः क्षयिष्णुरधर्मबहुलः ॥ ४१ ॥ कः क्षेमो निजपरयोः कियानर्थः स्वपरद्रुहा धर्मेण ॥ स्वद्रोहात्तव कोपः परसंपीडया च तथाऽधर्मः ॥ ४२ ॥ न व्यभिचरति तवेक्षा यया ह्यभिहितो भागवतो धर्मः ॥ स्थिरचरसत्त्वकदम्बेष्वपृथग्धियो यमुपासते त्वार्याः ॥ ४३ ॥ न हि भगवन्नघटितमिदं त्वद्दर्शनान्नृणामखिलपापक्षयः ॥ यन्नाम सकृच्छ्रवणात्पुल्कसकोऽपि विमुच्यते संसारात् ॥ ४४ ॥ अथ भगवन्वयमधुना त्वदवलोकपरिमृष्टाशयमलाः ॥ सुरऋषिणा यदुदितं तावकेन कथमन्यथा भवति ॥ ४५ ॥ विदितमनन्तसमस्तं तव जगदात्मनो जनैरिहाचरितम् ॥ विज्ञाप्यं परमगुरोः कियदिव सवितुरिव खद्योतैः ॥ ४६ ॥ नमस्तुभ्यं भगवते सकलजगत्स्थितिलयोदयेशाय ॥ दुरवसितात्मगतये कुयोगिनां भिदा परमहंसाय ॥४७॥

हुनाले अधर्म पनि हुन्छ ॥ ४२ ॥ हे नाथ ! जुन दृष्टिले हजुरले भागवत धर्म भन्नुभयो, हजुरको त्यो दृष्टि कहिल्यै चुक्तैन । यसै निम्ति सबै चराचरजीव-समुदायमा जसको समानदृष्टि छ, ती आर्यजन नै त्यस धर्मको आचरण गर्दछन् ॥४३॥ हे भगवन् ! हजुरको दर्शनले नै मनुष्यहरूका सबै पाप नष्ट भएर जान्छन्, यो कुनै छक्क पन कुरा होइन, किनकि हजुरको नाम केवल एकपल्ट सुन्नाले मात्र पनि चाण्डाल भए पनि सांसारिक बन्धनबाट मुक्त हुन्छ ॥४४॥ हे भगवन् ! यस बखत हजुरको दर्शनले नै हाम्रो अन्तःकरणको सबै मल पखालियो र यस्तो हुनै पर्दछ, किनकि हजुरका भक्त देवर्षि नारदले जे जति भनेका छन्, त्यो मिथ्या कसरी हुन सक्तछ ? ॥४५॥ हे अनन्त ! हजुर सम्पूर्ण जगतका आत्मा हुनुहुन्छ । अतः संसारमा व्यक्ति जे जति गर्दछन्, त्यो सबै हजुरलाई ज्ञात नै छ । अतः जस्तै–सूर्यलाई खद्योत (जूनकिरी) ले प्रकाशित पार्न सक्तैन, त्यस्तै नै हजुर परम गुरुलाई हामी केही भन्न सक्तैनौं ॥४६॥ हे भगवन् ! हजुर सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति तथा प्रलय गर्नमा समर्थ हुनुहुन्छ । कुयोगीजन आफ्नो भेद-दृष्टिले गर्दा हजुरको वास्तविक तत्त्वलाई जान्न सक्तैनन् । यस

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकारका शुद्ध स्वरूप भगवान्लाई नमस्कार छ ॥४७॥ केवल हजुरका चेष्टाले नै ब्रह्मा आदि जगत्कर्ता चेष्टा गर्दछन् जसका दृष्टि पर्नाले नै ज्ञानेन्द्रिय आफ्नो विषय ग्रहण गर्दछन् र जसको मस्तकमा राखिएको भूमण्डल सरस्यूँको दानाजस्तै ज्ञान हुन्छ, ती भगवान् सहस्रशीर्षालाई हाम्रो नमस्कार छ ॥ ४८ ॥ श्रीशुकदेवजी भन्नुहुन्छ–हे कुरुनन्दन ! यसरी स्तुति गरिएपछि भगवान् अनन्त प्रसन्न भएर विद्याधराधिपति राजा चित्रकेतुसित भन्नुभयो ॥४९॥ श्रीशेष भगवान्ले आज्ञाभयो–नारद र अङ्गिरा मुनिले तिमीलाई मेरो विद्याको जुन उपदेश दिएका छन्, त्यस विद्याको प्रभाव र मेरो दर्शनले नै तिमी पूर्ण सिद्ध भइसक्यौ ॥ ५०॥ सबै प्राणीहरूको अन्तरा मा र तिनको पालनकर्ता एकमात्र मनै हुँ । शब्दब्रह्म र परब्रह्म यी दुवै मेरो नै सनातन मूर्ति हुन् ॥५१॥ सबै प्रपञ्चमा आत्मा र आत्मामा प्रपञ्च व्याप्त छ । यी दुवैमा कारणरूपले म व्याप्त रहन्छु र ममा नै यी दुवै कल्पित भएका छन् ॥५२॥ जस्तै तिदाएको पुरुष सपनामा जगत्लाई आफूमै देख्दछ र निद्रा भङ्ग भएपछि संसारको कुनै यौटा देशमा आफ्नो स्थिति मान्दछ,त्यसै गरी जीवका जाग्रत आदि अवस्थाहरू मात्र परमेश्वरको

यं वै श्वसन्तमनु विश्वसृजः श्वसन्ति यं चेकितानमनु चित्तय उच्चकन्ति ॥ भूमण्डलं सर्षपायति यस्य मूर्ध्नि तस्मै नमो भगवतेऽस्तु सहस्रमूर्ध्ने ॥ ४८ ॥ श्रीशुक उवाच ॥ संस्तुतो भगवानेवमनन्तस्तमभाषत ॥ विद्याधरपतिं प्रीतश्चित्रकेतुं कुरूद्वह ॥ ४६ ॥ श्रीभगवानुवाच ॥ यन्नारदाङ्गिरोभ्यां ते व्याहृतं मेऽनुशासनम् ॥ संसिद्धोऽसि तया राजन्विद्यया दर्शनाच्च मे ॥ ५० ॥ अहं वै सर्वभूतानि भूतात्मा भूतभावनः ॥ शब्दब्रह्म परं ब्रह्म ममोभे शाश्वती तनू ॥ ५१ ॥ लोके विततमात्मानं लोकं चात्मनि संततम् ॥ उभयं च मया व्याप्तं मयि चैवोभयं कृतम् ॥ ५२ ॥ यथा सुषुप्तः पुरुषो विश्वं पश्यति चात्मनि ॥ आत्मानमेकदेशस्थं मन्यते स्वप्न उत्थितः ॥ ५३ ॥ एवं जागरणादीनि जीवस्थानानि चात्मनः ॥ मायामात्राणि विज्ञाय तद्द्रष्टारं परं स्मरेत् ॥ ५४ ॥ येन प्रसुप्तः पुरुषः स्वापं वेदात्मनस्तदा ॥ सुखं च निर्गुणं ब्रह्म तमात्मानमवेहि माम् ॥५५॥ उभयं स्मरतः पुंसः प्रस्वापप्रतिबोधयोः ॥ अन्वेति व्यतिरिच्येत तज्ज्ञानं ब्रह्म तत्परम् ॥ ५६ ॥ यदेतद्विस्मृतं पुंसो मद्भावं भिन्नमात्मनः ॥ ततः संसार एतस्य देहाद्देहो मृतेर्मृतिः ॥ ५७ ॥ लब्ध्वेह मानुषीं योनिं ज्ञानविज्ञानसंभवाम् ॥ आत्मानं यो न बुद्ध्येत न क्वचिच्छममाप्नुयात् ॥५८॥ स्मृत्वेहायां परिक्लेशं ततः फलविपर्ययम् ॥ अभयं चाप्यनीहायां संकल्पाद्विरमेत्कविः ॥ ५६ ॥ सुखाय दुःखमोक्षाय कुर्वाते

माया नै हुन्, यो जानेर ती सबैका साक्षी मायातीत परमात्माको स्मरण गरिरहनु पर्दछ ॥५३-५४॥ निदाएको पुरुष जसको सहायताले निद्रा तथा अतीन्द्रिय सुखको अनुभव गर्दछ, त्यो सबैको आत्मस्वरूप एकमात्र म नै हुँ—यस्तो जान ॥५५॥ जो निद्रा तथा जागृति यी दुवै नै अवस्थाहरूको स्मरण गराउने भएको तत्त्व ती अवस्थाहरूमा साक्षीरूपले विद्यमान रहन्छ र जो वास्तवमा तीवाट पृथक् छ, त्यो ज्ञान नै परब्रह्म हो ॥५६॥ मेरो परब्रह्मस्वरूपलाई जीव जब विर्सिदिन्छ तब त्यो आफ्नो आत्मस्वरूपबाट पनि पृथक् भएर रहन्छ । यसै कारणले त्यसलाई वारम्वार संसार प्राप्त हुँदै रहन्छ र एक जन्म-मरणपछि अर्को जन्म-मरण बराबर प्राप्त भइरहन्छ ॥ ५७ ॥ यस लोकमा जो पुरुष ज्ञान-विज्ञानको प्राप्तिका कारणस्वरूप मानव जन्म पाएर पनि सबैका आत्मस्वरूप परमेश्वरलाई जान्दैन, त्यसलाई कहीं पनि शान्ति प्राप्त हुन सक्तैन ॥ ५८ ॥ पहिले त सांसारिक सुखको निम्ति गरिने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेष्टाहरूमा नै क्लेश छ र त्यसको विपरीत फल पाइने सम्भावना रहिरहन्छ, तर निवृत्तिमार्गमा कुनै डर छैन—यस्तो विचार गरेर विवेकी पुरुषले त्यस फलको कामनाबाट एकदम निवृत्त होओस् ॥५९॥ यस संसारमा सबै स्त्री-पुरुष सुखको प्राप्ति र दुःखको निवृत्तिका लागि प्रयत्नशील रहन्छन्, किन्तु ती प्रयत्नहरू द्वारानततिनको दुःख नाश हुन्छ, न तिनलाई इच्छित सुख नै मिल्दछ ॥६०॥ जो आफूलाई ज्ञानी मान्दछन्, तिनलाई पनि यस्तै विपरीत फल प्राप्त हुन्छ । यो जानेर तथा आत्माको अतिसूक्ष्मगति, स्वप्न, सुषुप्ति, जाग्रदादि तीनै अवस्थाहरूबाट पृथक् छ—यस्तो मानेर पुरुष आफ्नो विवेक बलको द्वारा लौकिक र पारलौकिक भोगहरूबाट मुक्त तथा ज्ञान-विज्ञानले परितृप्त भएर सधैंका ।..म्ति मेरो भक्त बनोस् ॥६१॥ सबै इन्द्रिय द्वारा एकमात्र परमात्माको दर्शन गर्नु नै योगमार्गमा कुशलता प्राप्त गरेका बुद्धिवाला मनुष्यले आफ्नो सबभन्दा ठूलो पुरुषार्थ ठान्नु पर्दछ ॥६३॥ हे राजन् ! यदि तिमी मेरो यो उपदेश सावधान मनले श्रद्धासहित धारण गर्‍यौ भने ज्ञान-विज्ञानले युक्त भएर शीघ्र सिद्ध बन्न पाउने छौ ॥ ६४ ॥ श्रीशुकदेवजी भन्दछन्—

दम्पती क्रियाः ॥ ततोऽनिवृत्तिरप्राप्तिर्दुःखस्य च सुखस्य च ॥ ६० ॥ एवं विपर्ययं बुद्ध्वा नृणां विज्ञाभिमानिनाम् ॥ आत्मनश्च गतिं सूक्ष्मां स्थानत्रयविलक्षणाम् ॥ ६१ ॥ दृष्टश्रुताभिर्मात्राभिर्निर्मुक्तः स्वेन तेजसा ॥ ज्ञानविज्ञानसंतुष्टो मद्भक्तः पुरुषो भवेत् ॥ ६२ ॥ एतावानेव मनुजैर्योगनैपुणबुद्धिभिः ॥ स्वार्थः सर्वात्मना ज्ञेयो यत्परात्मैकदर्शनम् ॥ ६३ ॥ त्वमेतच्छ्रद्धया राजन्नप्रमत्तो वचो मम ॥ ज्ञानविज्ञानसंपन्नो धारयन्नाशु सिद्ध्यसि ॥ ६४ ॥ श्रीशुक उवाच ॥ आश्वास्य भगवानित्थं चित्रकेतुं जगद्गुरुः ॥ पश्यतस्तस्य विश्वात्मा ततश्चान्तर्दधे हरिः ॥ ६५ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे चित्रकेतोः परमात्मदर्शनं नाम षोडशोऽध्यायः ॥ १६ ॥ श्रीशुक उवाच ॥ यतश्चान्तर्हितोऽनन्तस्तस्यै कृत्वा दिशे नमः ॥ विद्याधरश्चित्रकेतुश्चार गगनेचरः ॥ १ ॥ स लक्षं वर्षलक्षाणामव्याहतबलेन्द्रियः ॥ स्तूयमानो महायोगी मुनिभिः सिद्धचारणैः ॥ २ ॥ कुलाचलेन्द्रद्रोणीषु नानासङ्कल्पसिद्धिषु ॥ रेमे विद्याधरस्त्रीभिर्गापयन्हरिमीश्वरम् ॥ ३ ॥ एकदा स विमानेन विष्णुदत्तेन भास्वता ॥ गिरिशं ददृशे गच्छन्परीतं सिद्धचारणैः ॥ ४ ॥ आलिङ्ग्याङ्कीकृतां देवीं बाहुना मुनिसंसदि ॥ उवाच देव्याः शृण्वत्या जहासोच्चैस्तदन्तिके ॥ ५ ॥ चित्रकेतुरुवाच ॥ एष लोकगुरुः साक्षाद्धर्मवक्ता शरीरिणाम् ॥ आस्ते मुख्यः सभायां वै मिथुनीभूय भार्यया ॥ ६ ॥ जटाधरस्तीव्रतपा

हे राजन् ! जगद्गुरु तथा विश्वात्मा अनन्त भगवान् चित्रकेतुलाई यसरी बुझाएर उनको सागुन्ने नै त्यहाँबाट अन्तर्धान हुनुभयो ॥ ६५ ॥ इति श्रीमद्भावते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां षोडशोऽध्यायः ॥१६॥ (विद्याधर चित्रकेतुलाई भवानीको श्राप)—शुकदेव भन्दछन्—हे राजन् ! जता भगवान् अन्तर्धान भएका थिए त्यस दिशालाई नमस्कार गरेर विद्याधर चित्रकेतु आकाशचारी भएर डुल्न लागे ॥१॥ महायोगी चित्रकेतु लाखौं वर्षसम्म शरीर र इन्द्रियहरूको अकुण्ठित शक्तिले सम्पन्न भएर मुनिजन, सिद्धगण र चारणादिले स्तूयमान भएर विविध प्रकारका सङ्कल्पलाई पूर्ण गर्ने कुलाचल पर्वतका कन्दराहरूमा विद्याधर-सुन्दरीद्वारा नारायणको सुयशगाम गराउँदै तिनीहरूसित विहार गर्दथे ॥ २ ॥ ३ ॥ एक दिनको कुरा हो, ती विष्णु भगवान्‌ले दिएको तेजोमय विमानमा बसेर डुलिरहेका थिए । सहसा तिनले देखे—सिद्ध-चरणले घेरिएर भगवान् शंकर मुनिहरूका माझ भगवती पार्वती-

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काखामा लिएर एक बाहुले आलिङ्गन गरेर बसेका छन् । यो देखेर ती नगीचै गए र चर्को स्वरमा हाँस्तै भने—भवानी पनि तिनका कुरा सुनिरहेकी थिइन् ॥ ४ ॥ ५ ॥ चित्रकेतुले भने–अहो ! यी सबै लोकका गुरु हुन् र सबैलाई धर्म-मार्गको उपदेश दिन्छन्, तैपनि सभाको माझमा यस प्रकार आफ्नी भार्यालाई टाँसेर बसेका छन् ॥६॥ ठूला जटाधारी, असाधारण तपस्वी र ब्रह्मवेत्ताहरूको समाजमा अग्रणी छन् । तर यस बखत साधारण विषयी पुरुष झैं निर्लज्ज भएर स्त्रीलाई काखमा लिएका छन् ॥ ७ ॥ संसारका विषयी पुरुष पनि एकान्तमा नै यस्तो गर्दछन्, तर यी यति ठूला व्रतधारी भएर पनि भरिएको सभामा भार्यालाई पाखुरामा अंग्याएर बसेका छन् ॥ ८ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! अगाधबुद्धि शंकर त तिनको यो कटाक्षपूर्ण कुरा सुनेर हाँसीमात्र दिए–केही बोलेनन् । त्यस सभामा विद्यमान अन्य सदस्य पनि उसै गरी मौन बसिरहे ॥९॥ तर भगवान् शंकरको प्रभाव जान्न नसकेका चित्रकेतुको त्यस्तो अनुचित भाषण सुनेर 'म जितेन्द्रिय हुँ' यस्तो अभिमानले साह्रै धृष्ट ती राजासित पार्वतीदेवीले रिसाई यस प्रकार भनिन् ॥ १० ॥ पार्वती भन्दछिन्–अहो ! हामी जस्ता

ब्रह्मवादिसभापतिः ॥ अङ्गीकृत्य स्त्रियं चास्ते गतह्रीः प्राकृतो यथा ॥७॥ प्रायशः प्राकृताश्चापि स्त्रियं रहसि बिभ्रति ॥ अयं महाव्रतधरो बिभर्ति सदसि स्त्रियम् ॥ ८ ॥ श्रीशुक उवाच ॥ भगवानपि तच्छ्रुत्वा प्रहस्यागाधधीर्नृप ॥ तूष्णीं बभूव सदसि सभ्याश्च तदनुव्रताः ॥ ९ ॥ इत्यतद्वीर्यविदुषि ब्रुवाणे बह्वशोभनम् ॥ रुषाऽऽह देवी धृष्टाय निर्जितात्माभिमानिने ॥ १० ॥ पार्वत्युवाच ॥ अय किमधुना लोके शास्ता दण्डधरः प्रभुः ॥ अस्मद्विधानां दुष्टानां निर्लज्जानां च विप्रकृत् ॥ ११ ॥ न वेद धर्मं किल पद्मयोनिर्न ब्रह्मपुत्रा भृगुनारदाद्याः ॥ न वै कुमारः कपिलो मनुश्च ये नो निषेधन्त्यतिवर्तिनं हरम् ॥१२॥ एषामनुध्येयपदाब्जयुग्मं जगद्गुरुं मङ्गलमङ्गलं स्वयम् ॥ यः क्षत्रबन्धुः परिभूय सूरीन् प्रशास्ति धृष्टस्तदयं हि दण्ड्यः ॥१३॥ नायमर्हति वैकुण्ठपादमूलोपसर्पणम् ॥ संभावितमतिः स्तब्धः साधुभिः पर्युपासितम् ॥ १४ ॥ अतः पापीयसीं योनिमासुरीं याहि दुर्मते ॥ यथेह भूयो महतां न कर्ता पुत्र किल्बिषम् ॥ १५ ॥ श्रीशुक उवाच ॥ एवं शप्तश्चित्रकेतुर्विमानादवरुह्य सः ॥ प्रसादयामास सतीं मूर्ध्ना नम्रेण भारत ॥ १६ ॥ चित्रकेतुरुवाच ॥ प्रतिगृह्णामि ते शापमात्मनोऽञ्जलिनाऽम्बिके ॥ देवैर्मर्त्याय यत्प्रोक्तं पूर्वदिष्टं हि तस्य तत् ॥१७॥ संसा-

दुष्ट तथा निर्लज्जलाई उपदेश दिएर सुधार्ने दण्डधर प्रभु के यस संसारमा केवल यहीमात्र रहिरहेको छ ? ॥ ११ ॥ कमल-योनि ब्रह्मा, भृगु आदि ब्रह्माका पुत्र, नारद आदि देवर्षिगण, सनकादि मुनि, कपिलदेव तथा मनु–के यीमध्ये कोही पनि धर्मको तत्त्व जान्दैनन्, जो शास्त्र-विधिको अतिक्रमण गर्ने शंकर भगवान्लाई यस्तो गर्नबाट रोक्तैनन् ? ॥१२॥ यस अधम क्षत्रियले विद्वन्मण्डलको अपमान गर्दै ब्रह्मादिले पनि ध्यान गरिने योग्य चरण कमल-युगल, मङ्गलमूर्ति तथा जगद्गुरु भगवान् शङ्करको ठूलो धृष्टतासहित अपमान गर्‍यो अतएव यो दण्डको योग्य छ ॥१३॥ यो आफूलाई श्रेष्ठ ठान्ने भएको र निकै अभिमानी छ । अतः यो दुष्ट विष्णु भगवान्को साधुजनसेवित चरणकमलको समीप बस्न पाउने अधिकारी छैन ॥१४॥ अतएव हे दुर्मते ! तँ अतिशय अधम आसुरी योनिमा जाइहाल । यस्तो भएपछि हे पुत्र ! तँ फेरि कहिल्यै महापुरुषको अपमान गर्ने छैनस् ॥ १५ ॥ श्रीशुकदेवजी भन्दछन्–हे भारत ! पार्वतीले यसरी श्राप दिएपछि चित्रकेतु विमानबाट तल झर्लियो र नम्र भएर शिर न्यूराई भगवतीको स्तुति गर्नलाग्यो॥१६॥चित्रकेतुले भने–हे माता ! म हजुरको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्राप अंजलिमा ग्रहण गर्दछु, किनकि देवता मनुष्यहरूका लागि जे जति गर्दछन्, त्यो सबै तिनका पूर्वजन्मका कर्मको नै फल हुन्छ ॥१७॥ अज्ञान विमुग्ध जीव संसार-चक्रमा पानीको भमरी झैं घुम्दै सर्वत्र सुख-दुःख खोज्दै रहन्छ ॥१८॥ त्यो *सुख-दुखका दाता हजुर अथवा अरु कुनै होइन । यस विषयमा अज्ञानीजन नै आफूलाई अथवा अरु कसैलाई कर्ता मान्न थाल्दछ ॥१९॥ संसार सत्त्वादि तीनै गुणहरूको प्रवाह हो । यसमा श्राप तथा अनुग्रह, स्वर्ग वा नरक, सुख अथवा दुःख केही वस्तु पनि होइन ॥ २० ॥ एकमात्र ईश्वर नै आफ्नी मायाको बलले सबै प्राणीहरू र तिनका बन्धन-मोक्ष अथवा सुख-दुःखको सृजना गर्दछन्, किन्तु ती महाप्रभु स्वयं बन्धन-मोक्षादिले रहित छन् ॥ २१ ॥ हे माता ! ती भगवान्

रचक्र एतस्मिञ्जन्तुरज्ञानमोहितः ॥ भ्राम्यन्सुखं च दुःखं च भुङ्क्ते सर्वत्र सर्वदा ॥ १८ ॥ नैवात्मा न परश्चापि कर्ता स्यात्सुखदुःखयो ॥ कर्तारं मन्यतेऽप्राज्ञ आत्मानं परमेव च ॥१९॥ गुणप्रवाह एतस्मिन्कः शापः को न्वनुग्रहः ॥ कः स्वर्गो नरकः को वा किं सुखं खमेव वा ॥२०॥ एकः सृजति भूतानि भगवानात्ममायया ॥ एषां बन्धं च मोक्षं च सुखं दुःखं च निष्कलः ॥ २१ ॥ न तस्य कश्चिद्दयितः प्रतीपो न ज्ञातिबन्धुर्न परो न च स्वः ॥ समस्य सर्वत्र निरञ्जनस्य सुखे न रागः कुत एव रोषः ॥ २२ ॥ तथापि तच्छक्तिविसर्ग एषां सुखाय दुःखाय हिताहिताय ॥ बन्धाय मोक्षाय च मृत्युजन्मनोः शरीरिणां संसृतयेऽवकल्पते ॥ २३ ॥ अथ प्रसादये न त्वां शापमोक्षाय भामिनि ॥ यन्मन्यसे असाधूक्तं मम तत्क्षम्यां सति ॥२४॥ श्रीशुक उवाच ॥ ॥ इति प्रसाद्य गिरिशौ चित्रकेतुररिन्दम ॥ जगाम स्वविमानेन पश्यतोः स्मयतोस्तयोः ॥ २५ ॥ ततस्तु

सर्वत्र समान तथा निर्दोष छन् । तिनका न कोही प्रिय, न जातिबन्धु, न आफ्नो-बिरानो छ । जब सुखमा उनको राग नै रहन्न भने, तिनलाई रागजनित क्रोध कसरी हुन सक्तछ ? ॥२२॥ तापनि तिनकी मायारूपिणी शक्तिबाट उत्पन्न पाप-पुण्य नै प्राणीहरूका सुख-दुःख, हित-अहित, बन्धन-मोक्ष जन्म-मरण, तथा संसारमा पुनर्जन्मका कारण हुन्छन् ॥२३॥ अतः हे भामिनी ! म यस श्रापबाट मुक्त हुनको निम्ति हजूरसित विन्ति गर्दिन । हे सती ! मेरो केवल यति नै प्रार्थना छ कि मेरो कथन हजुरलाई अनुचित लागेको भए क्षमा गरिदिनोस् ।।२४।। श्रीशुकदेवजी भन्दछन्—हे शत्रुसूदन ! यस प्रकार भगवान् शंकर र पार्वतीलाई प्रसन्न पारेर राजा चित्रकेतु उनको सामुन्ने नै आफ्नो विमानमा बसेर सबैलाई चकित

---

* उदाहरण (सुख-दुःख भनेको यौटा कल्पना मात्र हो)—यौटा वैश्य कुनै कारण परेर विदेश गयो । त्यसले उहाँ बीस वर्ष वस्तुपर्‍यो । जब त्यो परदेश जान लागेको थियो तब त्यसको वर्षदिनको यौटा छोरो थियो । जब त्यो तन्नेरी भयो तब आफ्नो बाबुलाई भेट्न हिंड्यो । त्यसै बखत वैश्य पनि घर जान हिंड्यो । संयोगवश छोरो एक स्थानमा कुनै धर्मशालामा दिउँसैदेखि नै राम्रो कोठा छानेर त्यसैमा बसेको थियो । सायंकालमा वैश्य पनि त्यहीं पुग्यो । जुन कोठामा छोरो बसेको थियो, सायंकालमा वैश्य पनि त्यहीं पुग्यो । जुन कोठामा छोरा बसेको थियो, त्यही कोठामा वैश्यले पनि मनपरायो र केही बर्ता पैसा तिरेर छोरोलाई त्यहाँबाट निकाल्न लगायो । धर्मशालामा अरु स्थान नहुनाले छोरो मैदानमा बसेर रातभरि रोइरह्यो । बिहान वैश्यले छोरोलाई देख्यो र त्योसित सोध्यो—'तिमी कहाँबाट आएका ? छोरोले आफ्नो नगर, टोल जात र पिताको नाउँ समेत भनिदियो । सुन्नासाथ वैश्यले थाहा पायो–यो त मेरो नै छोरो हो । अब त्यसलाई अंकमाल गरेर त जे जति त्यसलाई दुःख दिएको थियो, त्यसको निम्ति पश्चात्ताप गर्न लाग्यो । हेर, त्यही छोरो रात्रिमा पनि थियो, तर त्यसलाई छोरो भनेर मानेन यसै निम्ति केही दुःख भएन । बिहान त्यसैलाई आफ्नो छोरो भनेर चिनेपछि दुःख भयो । अतः संसारमा सुख र दुःख कुनै वस्तु होइन । यो मनको कल्पना मात्र हो । मनुष्यलाई जुन वस्तु प्रिय छ, त्यो प्राप्त नहुने अवस्थामा दुःख नै हुन्छ !

बढ्दा सम्पति बेसरी हृदयमा जाला प्रतिष्ठा भनी । चिन्ता बढ्न गएर व्यग्र मनले लाग्दैन निद्रा पनि ॥
बढ्दै जान्छ अनेक लोभ ममता सम्पत्ति दारा सुत । सन्तोषी मनले रहे बखतमा गर्ला त्यसैले हित ॥

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पादैं त्यहाँबाट प्रस्थान गरे ॥२५॥ अनि त्यहाँ भएका सबै देवता, ऋषि, दैत्य, सिद्ध तथा पार्षद तिनको वचन सुनिरहेका थिए, तब भगवान् शङ्कर पार्वतीसित यसरी भन्दछन् ॥२६॥ शिवजीले *उपदेश दिंदै आज्ञाभयो–हे सुन्दरी ! तिमीले अद्भुत कर्म गर्ने भगवान्का निस्पृह तथा महानुभाव दासका महिमा देख्यौ ? ॥२७॥ भगवत्परायण व्यक्तिलाई कुनै कुराको डर भय रहन्न । किनकि स्वर्ग, मोक्ष तथा नरकादिमा पनि तिनको समान दृष्टि रहन्छ ॥२८॥ भगवानको लीलासित देहको संयोग भएपछि मात्र सुख-दुःख, जन्म-मरण, शाप-अनुग्रह आदि द्वन्द्व भोग्न पर्ने हुन्छ ॥२९॥ जस्तै भेद-भ्रमबाट सुख-दुखादि ज्ञात हुन्छन् र भ्रमको कारणले नै डोरीमा सर्पको भय हुन्छ,त्यस्तै नै मनुष्य अज्ञानले आत्मामा देव-मनुष्यादि भेद

भगवान्रुद्रो रुद्राणीमिदमब्रवीत् ॥ देवर्षिदैत्यसिद्धानां पार्षदानां च शृण्वताम् ॥ २६ ॥ श्रीरुद्र उवाच ॥ दृष्टवत्यसि सुश्रोणि हरेरद्भुतकर्मणः ॥ माहात्म्यं भृत्यभृत्यानां निःस्पृहाणां महात्मनाम् ॥२७॥ नारायणपराः सर्वे न कुतश्चन बिभ्यति ॥ स्वर्गापवर्गनरकेष्वपि तुल्यार्थदर्शिनः ॥२८॥ देहिनां देहसंयोगाद् द्वन्द्वानीश्वरलीलया ॥ सुखं दुःखं मृतिर्जन्म शापोऽनुग्रह एव च ॥२९॥ अविवेककृतः पुंसो ह्यर्थभेद इवात्मनि ॥ गुणदोषविकल्पश्च भिदेव स्रजिवत्कृतः ॥३०॥ वासुदेवे भगवति भक्तिमुद्वहतां नृणाम् ॥ ज्ञानवैराग्यवीर्याणां नेह कश्चिद्व्यपाश्रयः ॥ ३१ ॥ नाहं विरिञ्चो न कुमारनारदौ न ब्रह्मपुत्रा मुनयः सुरेशाः ॥ विदाम यस्येहितमंशकांशका न तत्स्वरूपं पृथगीशमानिनः ॥ ३२ ॥ न ह्यस्यास्ति प्रियः कश्चिन्नाप्रियः स्वः परोऽपि वा ॥ आत्मत्वात्सर्वभूतानां सर्वभूतप्रियो हरिः ॥ ३३ ॥ तस्य चायं महाभागश्चित्रकेतुः प्रियोऽनुगः ॥ सर्वत्र समदृक्शान्तो ह्ययं चैवाच्युतप्रियः ॥ ३४ ॥ तस्मान्न विस्मयः कार्यः पुरुषेषु महात्मसु ॥ महापुरुषभक्तेषु शान्तेषु समदर्शिषु ॥३५॥ श्रीशुक उवाच ॥ इति

तथा गुण-दोषको कल्पना गर्ने गर्दछ ॥३०॥ जुन ज्ञान-वैराग्यको बलले युक्त सज्जन भगवान वासुदेवका भक्ति गर्दछन् तिनलाई संसारमा आफ्नो बुद्धिको कुनै आश्रय देखिन्न ॥३१॥ म, ब्रह्माजी, सनकादि, नारद मुनि, ब्रह्माजीका पुत्र भृगु आदि मुनि एवं ठूला-ठूला देवता पनि जसको लीला जान्दैनन्, तिनको स्वरूप संसारका ती साधारण पुरुषले कसरी जान्न सक्ने ? ॥३२॥ जो तिनका अंशांश भएर पनि आफूलाई पूर्ण समर्थ मान्दछन् ॥३२॥ श्रीहरिको न कोही प्रिय छ र कोही आफ्नो वा बिरानो छ । ती भगवान् सबै प्राणीका अन्तरात्मास्वरूप

* शिक्षा (अमूल्य उपदेश)—१. ठूली प्रतिज्ञा नगर्ने गर । २. सदैव सत्य बोल । ३. कसैको पनि निन्दा नगर । राम्रा व्यक्तिको संगत गर नभए एक्लै बस्ने गर । ५. जीवनलाई नियमित राख ६. जूआ नखेल । ७. मादक द्रव्यको सेवन कदापि नगर । ८. सच्चरित्रता अन्य सबै वस्तुभन्दा उत्तम छ । ९. यदि आफ्नो भन्न नहुने गुप्त कुरा छ भने कसैसित नभन । १०. जतिसम्म हुनसक्छ ऋण नलेऊ । ११. जबसम्म तिमी आफ्नी पत्नीलाई सुखपूर्वक खान-लाउन दिने योग्य धन कमाउन थाल्दैनौ, तबसम्म विवाह नगर । १२. यदि सुखी रहन खोज्दछौ भने सदैव निष्पाप रहू । १३. जब कसैसित कुराकानी गर्दछौ तब उसैको मुखतिर मात्र हेरिरहू । १४. यदि सफलता खोज्दछौ भने धनी बन्नको निमित्त हडबड नगर । १५. सदैव आमदनी भन्दा थोरै खर्च गर । १६. वृद्धावस्थाको निमित्त जवानीमा केही अवश्य जोगाइराख । १७. म प्रलोभनको प्रभावबाट जोगिन सक्तिन भन्ने निश्चय भइसकेपछि त्यसबाट सधैं टाढा बस । १८. यदि ऋण तिर्ने साधन छैन भने कदापि पनि ऋण नलेऊ । १९. साधु र स्थितप्रज्ञ व्यक्तिहरूबाट चित्तलाई शान्ति र योग्यता प्राप्त हुन्छ । २०. उत्तम संगत र मधुर भाषण सद्गुणका स्तम्भ हुन् । २१. तिम्रो चरित्रलाई तिम्रा कृतिहरू बाहेक अरु कसैले कलङ्कित पार्न सक्तैन । २२. तिमी आफ्नो चरित्रलाई यति पवित्र राख कि यदि कसैले तिमो निन्दा गर्दछ भने पनि त्यसका कुरामा विश्वास नगरु । २३. राति सुत्नभन्दा पहिले यस कुरामा विचार गर कि आज दिनभरि तिमीले के के गर्‍यौ ? २४. कहिल्यै अल्छी नबन । यदि तिम्रो हात कुनै उपयोगी कार्यमा लाग्न सक्नन् भने मानसिक विकासतिर ध्यान देऊ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् अतएव ती सबैका प्रिय छन ।।३३।। महाभाग चित्रकेतु उनैको प्रिय अनुचर, शान्त र समदर्शी पुरुष हो। म पनि श्रीअच्युत भगवान्‌को भक्त हुँ ।।३४।। अतः परमपुरुर परमात्माका यी शान्त समदर्शी र महात्मा भक्तहरूको विषयमा तिमीले केही पनि विस्मय गर्नु उचित छैन ।।३५।। श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! शङ्कर भगवान्‌को यो वचन सुनेर पार्वतीको संशय नष्ट भयो र ती शान्त भइन् ।। ३६ ।। परम भगवद्भक्त चित्रकेतु भगवती भवानीको श्रापको साटो श्राप दिनमा पनि समर्थ थिए तापनि तिनले उनको श्राप आफ्नो शिरमा थापे—यही नै साधुको लक्षण हो ।।३७।। त्यसपछि राजा चित्रकेतु दानवी योनिमा अएर त्वष्टा देवताका दक्षिणाग्निबाट उत्पन्न एवं ज्ञान-विज्ञान युक्त भएर वृत्रासुर नामले विख्यात भए ।।३८।। यस प्रकार तिमीले जुन वृत्रासुरको दैत्ययोनिमा जन्म भएर पनि भगवत्परायण हुने कारण सोधेका थियौ, त्यो सबै मैले सुनाइदिएँ ।।३९।। हे राजन् ! विष्णुभक्तका साक्षात् माहात्म्यस्वरूप महात्मा चित्रकेतुको यो पवित्र इतिहास सुन्ने मनुष्य सबै प्रकारका बन्धनबाट मुक्ति प्राप्त गर्दछ ।।४०।। जुन पुरुष बिहानै उठेर भगवान्‌को स्मरण गरी मौनभावले यस

श्रुत्वा भगवतः शिवस्योमाऽभिभाषितम् ।। बभूव शान्तधी राजन्देवी विगतविस्मया ।।३६।। इति भागवतो देव्याः प्रतिशप्तुमलंतमः ।। मूर्ध्ना संजगृहे शापमेतावत्साधुलक्षणम् ।। ३७ ।। जज्ञे त्वष्टुर्दक्षिणाग्नौ दानवीं योनिमाश्रितः ।। वृत्र इत्यभिविख्यातो ज्ञानविज्ञानसंयुतः ।। ३८ ।। एतत्ते सर्वमाख्यातं यन्मां त्वं परिपृच्छसि ।। वृत्रस्यासुरजातेश्च कारणं भगवन्मतेः ।। ३९ ।। इतिहासमिमं पुण्यं चित्रकेतोर्महात्मनः ।। माहात्म्यं विष्णुभक्तानां श्रुत्वा बन्धाद्विमुच्यते ।। ४० ।। य एतत्प्रातरुत्थाय श्रद्धया वाग्यतः पठेत् ।। इतिहासं हरिं स्मृत्वा स याति परमां गतिम् ।।४१।। इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे चित्रकेतुशापो नाम सप्तदशोऽध्यायः ।। १७ ।। श्रीशुक उवाच ।। पृश्निस्तु पत्नी सवितुः सावित्रीं व्याहृतिं त्रयीम् ।। अग्निहोत्रं पशुं सोमं चातुर्मास्यं महामखान् ।।१।। सिद्धिर्भगस्य भार्याऽङ्ग महिमानं विभुं प्रभुम् ।। आशिषां च वरारोहां कन्यां प्रासूतसुव्रताम् ।।२।। धातुः कुहूः सिनीवाली राका चानुमतिस्तथा ।। सायं दर्शमथ प्रातः पूर्णमासमनुक्रमात् ।।३।। अग्नीन्पुरीष्यानाधत्त क्रियायां समनन्तरः ।। चर्षणी वरुणस्यासीद्यस्यां जातो भृगुः पुनः ।।४।। वाल्मीकिश्च महायोगी वल्मीकादभवत्किल ।। अगस्त्यश्च वसिष्ठश्च मित्रावरुणयोर्ऋषी ।। ५ ।।

इतिहासको पाठ गर्दछ भने त्यसलाई भगवान्‌को परमपद प्राप्त हुन्छ ।। ४१ ।। इति श्रीमद्भागवते षष्ठस्कन्धे नेपाली भाषाटीकायां सप्तदशोऽध्यायः ।।१७।। (अदिति र दितिका सन्तान तथा मरुद्गणहरूको उत्पत्तिको वृत्तान्त—शुकदेवजी भन्दछन्—हे राजन् ! भगवान् सविताकी स्त्री सावित्रीले सावित्री, व्याहृति, त्रयी, अग्निहोत्र, पशु, सोम, चातुर्मास्य तथा पञ्चमहायज्ञ—यी आठ सन्तानहरूलाई जन्मदिइन् । हे प्रिय ! भगकी पत्नी सिद्धिले महिमा, विभु र प्रभु नामका तीन पुत्र तथा आशिषा नामकी एक सुव्रता कन्या उत्पन्न गरिन् ।।१-२।। धाताकी कुहू, सिनीवाली, राका तथा अनुमति नामका स्त्रीबाट क्रमशः सायं, दर्श, प्रातः र पूर्णमास नामक छोराहरूलाई जन्म दिइन् ।।३७।। धाताका भाई विधाताले आफ्नी भार्या क्रियाबाट पुरीष्य नामका पाँच अग्नि उत्पन्न गरिन् । वरुणकी स्त्री चर्षणीको गर्भबाट भृगुले पुनः जन्म ग्रहण गरे । यो भन्दा पहिले ब्रह्माणीबाट उनको जन्म भएको थियो ।।४।। कसैको भनाइ छ कि वल्मीकबाट उत्पन्न महायोगी वाल्मीकि पनि वरुणकै छोरा थिए । एक समय जब उर्वशीलाई देखेर मित्र तथा वरुण यी दुवै देवको वीर्यस्खलित भयो

CC-0. Digitized by eGangotri and MIDF - Delhi

तब त्यसलाई लगेर यौटा घड़ामा राखिदिए । त्यबाट कुम्भज (अगस्त्य) र वसिष्ठको जन्म भयो । मित्रले आफ्नी भार्या रेवतीबाट उत्सर्ग, अरिष्ट र पिप्पल तीन पुत्र जन्माए ॥५॥६॥ हे राजन् ! इन्द्रले आफ्नी भार्या पोलोमीबाट जयन्त, ऋषभ र मीढुष्ट तीन पुत्रलाई जन्म दिएका थिए भन्ने कुरा मैले जन समुदायसित सुनेको छु ॥७॥ वामनरूपधारी भगवान् उरुक्रमले आफ्नी भार्या कीर्तिबाट बृहच्छ्लोक नामक पुत्रलाई जन्म दिए, तिनका सौभगादि अनेक सन्तान उत्पन्न भए ॥८॥ कश्यप-तनय भगवान् अर्थात् वामनका कर्म, गुण, पराक्रम र जसरी उनले माता अदितिको गर्भबाट जन्म लिएका थिए, त्यसको वर्णन पछि गर्नेछु ॥९॥ हे राजन् ! अब म कश्यप द्वारा दितिको गर्भबाट उत्पन्न ती पुत्रहरूको वर्णन गर्दछु, जसको वंशमा भगवद्भक्त प्रह्लाद तथा राजा बलि उत्पन्न भएका थिए ॥ १० ॥ दितिको गर्भबाट दैत्यगण तथा दानवादि द्वारा वन्दित हिरण्यकशिपु र हिरण्याक्ष दुइ छोरा उत्पन्न भएथे—यिनको वर्णन पहिले नै गरिसकियो ॥ ११ ॥ हिरण्यकशिपुकी पत्नी कयाधु नामकी दानवीले—जुन जम्भ दानवकी छोरी थिई र उनको पिताले हिरण्यकशिपुसित

रेतः सिषिचतुः कुम्भे उर्वश्याः सन्निधौ द्रुतम् ॥ रेवत्यां मित्र उत्सर्गमरिष्टं पिप्पलं व्यधात् ॥ ६ ॥ पौलोम्यामिन्द्र आधत्त त्रीन्पुत्रानिति नः श्रुतम् ॥ जयन्तमृषभं तात तृतीयं मीढुषं प्रभुः ॥ ७ ॥ उरुक्रमस्य देवस्य मायावामनरूपिणः कीर्तौ पत्न्यां बृहच्छ्लोकस्तस्यासन्सौभगादयः ॥८॥ तत्कर्मगुणवीर्याणि काश्यपस्य महात्मनः ॥ पश्चाद्वक्ष्यामहेऽदित्यां यथा वाऽवततार ह ॥ ९ ॥ अथ कश्यपदायादान्दैतेयान्कीर्तयामि ते ॥ यत्र भागवतः श्रीमान्प्रह्लादो बलिरेव च ॥ १० ॥ दितेर्द्वावेव दायादौ दैत्यदानववन्दितौ ॥ हिरण्यकशिपुर्नाम हिरण्याक्षश्च कीर्तितौ ॥ ११ ॥ हिरण्यकशिपोर्भार्या कयाधुर्नाम दानवी ॥ जम्भस्य तनया दत्ता सुषुवे चतुरः सुतान् ॥ १२ ॥ संह्लादं प्रागनुह्लादं ह्लादं प्रह्लादमेव च ॥ तत्स्वसा सिंहिका नाम राहुं विप्रचितोऽग्रहीत् ॥ १३ ॥ शिरोऽहरद्यस्य हरिश्चक्रेण पिबतोऽमृतम् ॥ संह्लादस्य कृतिर्भार्याऽसूत पञ्चजनं ततः ॥ १४ ॥ ह्लादस्य धमनिर्भार्याऽसूत वातापिमिल्वलम् ॥ योऽगस्त्याय त्वतिथये पेचे वातापिमिल्वलः ॥ १५ ॥ अनुह्लादस्य सूर्म्यायां बाष्कलो महिषस्तथा ॥ विरोचनस्तु प्राह्लादिर्देव्यास्तस्याभवद्बलिः ॥ १६ ॥ बाणज्येष्ठं पुत्रशतमशनायां ततोऽभवत् ॥ तस्यानुभावः सुश्लोक्यः पश्चादेवाभिधास्यते ॥१७॥

तिनको विवाह गरेका थिए, तिनले चार छोरा उत्पन्न गरिन् ॥१२॥ तिनका संह्लाद, अनुह्लाद, ह्लाद र प्रह्लाद यी नाम थिए र तिनकी बहिनी सिंहिका थिई—तिनले आफ्नो पति विप्रचित्ति नामक दानवको संसर्गले राहु नामक पुत्र उत्पन्न गरिन् ॥ १३ ॥ समुद्र-मन्थनपछि अमृत-पानको अवसरमा जसको शिर भगवान्‌ले चक्रद्वारा टिदिएका थिए। संह्लादकी भार्या कृतिले पञ्चजन नामक पुत्र जन्माइन् ॥ १४ ॥ जसले अगस्त्यको आतिथ्य सत्कार गर्दा वातापीलाई पचाएका थिए, त्यो इल्वल र वातापीलाई प्रह्लादकी भार्या धमनीले जन्माएकी थिइन्* ॥१५॥ अनुह्लादले आफ्नी स्त्री सूर्म्याको गर्भबाट बाष्कल र महिषासुरको जन्म भयो । प्रह्लादका छोराको नाम विरोचन थियो र विरोचनकी भार्याबाट उत्पन्न भए बलि ॥ १६ ॥ राजा बलिले आफ्नी भार्या अशनाको गर्भबाट सय पुत्र उत्पन्न गरे । तिनमा बाणासुर सबैभन्दा जेठा थिए । इनको भन्ने-सुन्ने योग्य महिमा को

*कथान्तर—कुनै समय महर्षि अगस्त्य वातापी र इल्वलकहाँ पुगे । उनलाई निम्ता गरेर इल्वलले मेषरूपधारी वातापीलाई पकाएर अगस्त्यलाई ख्वाइदियो अनि यस्तो विचार गरेर—बतायी अगस्त्य ऋषिको पेट फोरेर बाहिर निस्किहाल्छ—'वातापी' भनेर डाक्यो, तर ऋषिले त्यसलाई पचाइसकेका थिए । यस प्रकार त्यसको कुमति त्यसलाई हानिकारक सिद्ध भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णन अगाडि गरिने छ ॥१७॥ बलिको छोरो बाणासुरले शिवको आराधना गरेर शिवगणमा प्रमुखता पाएको थियो । शिवजी अझै पनि त्यसको नगररक्षक बनेर त्यसकहाँ निवास गर्नुहुन्छ ॥१८॥ दितिका गर्भबाट मरुत् नामका उनन्चास छोरा अरु जन्मेका थिए । ती सबै निःसन्तान थिए । ती सबैलाई इन्द्रले आफू समान देवता तुल्याएका थिए ॥१९॥ पनि कथा सुनेर परीक्षितले सोधे–हे गुहो ! ती मरुत्ले यस्तो कुन सुकर्म गरेका थिए, जसले गर्दा तिमले आसुरीभाव त्यागिदिए र ती सबै इन्द्रद्वारा देवता तुल्याइएका थिए ? ॥२०॥ हे भगवन् ! म र यी सबै ऋषिगण यो प्रकरण जान्न उत्सुक छौं, अतः हजुर त्यो सबै रहस्य हामीलाई विस्तारपूर्वक आज्ञा हवस् ॥ २१ ॥ सूतजी भन्दछन्–हे शौनक ! महाराज परीक्षितको सादर, स्वल्प तथा सारगर्भित वचन सुनेर सर्वज्ञ व्यासनन्दन शुकले प्रसन्न चित्तले तिनको प्रशंसा गर्दै भन्नुभयो ॥ २२ ॥ शुकदेव भन्नुहुन्छ–हे राजन ! इन्द्रको पक्ष लिने विष्णु भगवान्का हातबाट हिरण्यकशिपु आदि अनेकानेक छोराहरू मरेका देखेर दिति शोकाग्नि द्वारा प्रज्वलित रिसले सन्तप्त भएर विचार गर्न लागिन्–हरे ! यस्तो

बाण आराध्य गिरिशं लेभे तद्गणमुख्यताम् ॥ यत्पार्श्वे भगवानास्ते ह्यद्यापि पुरपालकः ॥ १८ ॥ मरुतश्चादितेः पुत्राश्चत्वारिंशन्नवाधिकाः ॥ त आसन्नप्रजाः सर्वे नीता इन्द्रेण सात्मताम् ॥ १९ ॥ राजोवाच ॥ कथं त आसुरं भावमपोह्यौत्पत्तिकं गुरो ॥ इन्द्रेण प्रापिताः सात्म्यं किं तत्साधु कृतं हि तैः ॥ २० ॥ इमे श्रद्दधते ब्रह्मन्नृषयो हि मया सह ॥ परिज्ञानाय भगवंस्तन्नो व्याख्यातुमर्हसि ॥ २१ ॥ तद्विष्णुरातस्य स बादरायणिर्वचो निशम्याद्दृतमल्पमर्थवत् ॥ सभाजयन्संनिभृतेन चेतसा जगाद सत्रायण सर्वदर्शनः ॥ २२ ॥ श्रीशुक उवाच ॥ हतपुत्रा दितिः शक्रपार्ष्णिग्राहेण विष्णुना ॥ मन्युना शोकदीप्तेन ज्वलन्ती पर्यचिन्तयत् ॥ २३ ॥ कदा नु भ्रातृहन्तारमिन्द्रियाराममुल्बणम् ॥ अक्लिन्नहृदयं पापं घातयित्वा शये सुखम् ॥ २४ ॥ कृमिविड्भस्मसंज्ञाऽऽसीद्यस्येशाभिहितस्य च ॥ भूतध्रुक्तत्कृते स्वार्थं किं वेद निरयो यतः ॥२५॥ आशासानस्य तस्येदं ध्रुवमुन्नद्धचेतसः ॥ मदशोषक इन्द्रस्य भूयाद्येन सुतो हि मे ॥२६॥ इति भावेन सा भर्तुराचचारासकृत्प्रियम् ॥ शुश्रूषयाऽनुरागेण प्रश्रयेण दमेन च ॥ २७ ॥ भक्त्या परमया राजन्मनोज्ञैर्वल्गुभाषितैः ॥ मनो जग्राह भावज्ञा सुस्मितापाङ्गवीक्षणैः ॥ २८ ॥ एवं स्त्रिया जडीभूतो

कहिले होला–जब आफ्ना भाइहरूको वध गर्ने विषय-लोलुप, क्रूर, निष्ठुर र पापात्मा इन्द्रलाई मारेर म सुखपूर्वक सुत्नेछु ॥ २४ ॥ जुन राजा आदिको देह 'प्रभु' कहिन्छ, त्यो पनि अन्त्यमा कुहेर कृमि, ससैले खाएर विष्ठा तथा पोलिदिएपछि खरानी बन्दछ, यस्तो निन्द्य देहको निम्ति जुन प्राणी अन्य प्राणीसित शत्रुता गर्दछ भने त्यो के आफ्नो स्वार्थलाई जान्दछ ? जान्दैन । त्यसले प्राणीहरूको द्रोह गर्नाले नरकगामी हुनुपर्दछ ॥ २५ ॥ अतएव शरीरलाई नित्य ठानेर जसको मन सर्वदा उन्मत्त रहन्छ, त्यस इन्द्रको मद चूर्ण पार्ने पुत्र मेरो कोखबाट जसरी पनि उत्पन्न होस्–यस्तो कुनै उपाय अवश्य गर्नुपर्दछ ॥ २६ ॥ आफ्नो मनमा यस्तो बिचारेर दिति सेवा, अनुराग, विनय तथा इन्द्रिय संयम आदि द्वारा आफ्ना पति कश्यपलाई सर्वदा प्रसन्न राख्न लागिन् ॥ २७ ॥ हे राजन् ! पतिको मनोभाव जान्ने भएकी देवी दितिले आफ्नो उत्कृष्ट भक्तिभाव, मनोहर एवं मधुर वाणी तथा हास्ययुक्त कटाक्ष-भंगिमाले महामना कश्यपको हृदय आफ्नो वशमा पारिन् ॥ २८ ॥ महात्मा कश्यय ठूला विद्वान र विचारवान् व्यक्ति थिए तापनि ती

CC-0. Digitized by eGangotri and MDP - Delhi

बुद्धिमती स्त्रीको सेवाले मुग्ध र विवश भई उनले नै 'लौ' भनिदिए अर्थात् दितिको इच्छा पूर्ण पार्न स्वीकार गरिदिए। स्त्रीको वशमा भएर पुरुषले त्यस्तो भनिदिनु कुनै छक्क पर्ने कुरा होइन ॥ २९ ॥ किनकि पहिले स्वयं प्रजापति ब्रह्माले नै सबै जीवलाई निःसङ्ग देखेर आफ्नो आधा शरीरले नारीलाई जन्म दिएथे, जसले पुरुषको बुद्धि हरिलिइन ॥३०॥ यस प्रकार आफ्नी भार्या दितिले धेरै सेवा गरेपछि भगवान् कश्यप परम प्रसन्न भएर तिनको प्रशंसा गर्दै हाँसेर भने–॥३१॥ कश्यपजी भन्दछन्–हे वरोरु ! हे अनिन्दिते ! म तिमीमाथि प्रसन्न छु। तिमी इच्छा लागेको वर माग। आफ्ना पति प्रसन्न भएपछि स्त्रीको निम्ति इहलोक वा परलोकमा कुन पदार्थ दुर्लभ रहन सक्तछ ? ॥३२॥ नारीहरूको निम्ति परम पूजनीय देवता पति नै मानिएका छन्। सबै प्राणीका अन्तःकरणमा विराजमान साक्षात् लक्ष्मीपति भगवान् नै नाम रूपको भेदले कल्पित भिन्न-भिन्न देवताका रूपमा सबै पुरुष तथा पतिरूपमा स्त्रीहरुद्वारा पूजित हुछन्। अतएव हे सुमध्यमे ! प्रायः सबै कल्याण-कामिनी र प्रतिव्रता स्त्रीहरू आफ्ना पतिलाई अनन्यभावले सर्वात्मा भगवानको रूपमा पूजा

विद्वानपि विदग्धथा ॥ बाढमित्याह विवशो न तच्चित्रं हि योषिति ॥ २९ ॥ विलोक्यैकान्तभूतानिभूतान्यादौ प्रजापतिः ॥ स्त्रियं चक्रे स्वदेहार्धं यया पुंसां मतिर्हृता ॥ ३० ॥ एवं शुश्रूषितस्तात भगवान्कश्यपः स्त्रिया ॥ प्रहस्य परमप्रीति दितिमाहाभिनन्द्य च ॥ ३१ ॥ कश्यप उवाच ॥ वरं वरय वामोरु प्रीतस्तेऽहमनिन्दिते ॥ स्त्रिया भर्तरि सुप्रीते कः काम इह चागमः ॥ ३२ ॥ पतिरेव हि नारीणां दैवतं परमं स्मृतम् ॥ मानसः सर्वभूतानां वासुदेवः श्रियः पतिः ॥ ३३ ॥ स एव देवतालिङ्गैर्नामरूपविकल्पितैः ॥ इज्यते भगवान्पुम्भिः स्त्रीभिश्च पतिरूपधृक् ॥ ३४ ॥ तस्मात्पतिव्रता नार्यः श्रेयस्कामाः सुमध्यमे ॥ यजन्तेऽनन्यभावेन पतिमात्मानमीश्वरम् ॥ ३५ ॥ सोऽहं त्वयाऽर्चितो भद्रे ईदृग्भावेन भक्तितः ॥ तत्ते सम्पादये काममसतीनां सुदुर्लभम् ॥३६॥ दितिरुवाच ॥ वरदो यदि मे ब्रह्मन्पुत्रमिन्द्रहणं वृणे ॥ अमृत्युं मृतपुत्राऽहं येन मे घातितौ सुतौ ॥ ३७ ॥ निशम्य तद्वचो विप्रो विमनाः पर्यतप्यत ॥ अहो अधर्मः सुमहानद्य मे समुपस्थितः ॥३८॥ अहो अद्येन्द्रियारामो योषिन्मय्येह मायया ॥ गृहीतचेताः कृपणः पतिष्ये नरके ध्रुवम् ॥ ३९ ॥ कोऽतिक्रमोऽनुवर्तन्त्याः स्वभावमिह योषितः ॥ धिङ्मां बताबुधं स्वार्थे यदहं त्वजितेन्द्रियः ॥ ४० ॥ शरत्पद्मोत्सवं वक्त्रं वचश्च श्रवणामृतम् ॥ हृदयं क्षुरधाराभं स्त्रीणां को वेद चेष्टितम् ॥ ४१ ॥ नहि कश्चित्प्रियः स्त्रीणामञ्जसा स्वाशिषा-

गर्दछन् ॥३३-३५॥ हे भद्रे ! तिमीले पनि भक्तिपूर्वक म आफ्नो पतिको त्यस्तै भावले पूजा गरेकी छौ। अतः म तिम्रो त्यो सबै इच्छा पूर्ण गर्नेछु–जुन कुलटा स्त्रीहरूलाई दुर्लभ हुन्छन् ॥३६॥ दितिले भनिन्–हे ब्रह्मन् ! यदि वास्तवमा हजुर मलाई वर दिन खोज्ने भए म हजुरसित यौटा यस्तो अमर पुत्र माग्दछु जो इन्द्रको वध गर्न सकोस्–जसले मेरा दुवै छोराको वध गरेर मलाई अपुत्री तुल्याएको छ ॥ ३७ ॥ दितिको वचन सुनेर महर्षि कश्यप चिन्तित जस्ता भएर यस प्रकार पछितो गर्न लागे–'अहो ! आज मेरो सामुन्ने यो ठूलो पापको प्रसंग उपस्थित भयो ॥३८॥ अहो ! म इन्द्रिय लोलुप चित्त हुने पुरुषलाई आज यी स्त्रीरूपिणी मायाले जड तुल्याइन्। अब म दीनले अवश्य नरकगामी हुनुपर्दछ ॥ ३९ ॥ यस नारीले त आफ्नो जातीय स्वभावको नै अनुसरण गरेकी छ, यसमा यसको के अपराध ? म नै ठूलो अजितेन्द्रिय तथा आफ्नो वास्तविक स्वार्थबाट अनभिज्ञ छु !

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई धिक्कार छ ।।४०।। यी स्त्रीहरूको मुख शरत्कालको कमल जस्तै राम्रो हुन्छ र वचन त झन कानमा अमृतको धारा बगाउन थाल्दछन्, तर यिनको हृदय खुकुरीको धार झैं तीक्ष्ण हुन्छ । अनि इनको चरित्रलाई कसले बुझ्न सक्तछ ? ।।४१।। आफ्नो इच्छाको पूर्तिका लागि नै यी आत्मा जस्तै प्रिय लाग्दछन् । साँच्चै भोग्ने हो भने यी *स्त्रीहरूको कोही पनि प्रिय हुँदैन । आफ्नो स्वार्थमा बाधा आउने देखे भने ती पति, पुत्र र भाइलाई पनि स्वयं मार्न अथवा अरुद्वारा मार्न लाउन सक्छन् ।।४२।। अब यस विषयमा मैले यस्तो केही गर्नुपर्दछ कि मैले जुन प्रतिज्ञा गरेको थिएँ–'म तिमीलाई वा दिन्छु' मेरो त्यो वचन मिथ्या नहोस् र इन्द्र पनि नमरोस् ।। ४३ ।। हे राजन् ! यस्तो विचारेर मरीची नन्दन कश्यपले अलि रिसाए झैं गर्दै भने ।। ४४ ।। कश्यपजी भन्दछन्—'हे भद्रे ! यदि तिमी एक वर्षसम्म मैले बताएको विधिसहितव्रत निर्वाह गर्न सक्ने भए तिम्रो

त्मनाम् ।। पतिं पुत्रं भ्रातरं वा घ्नन्त्यर्थे घातयन्ति च ।। ४२ ।। प्रतिश्रुतं ददामीति वचस्तन्न मृषा भवेत् ।। वधं नार्हति चेन्द्रोऽपि तत्रेदमुपकल्पते ।। ४३ ।। इति संचिन्त्य भगवान्मारीचः कुरुनन्दन ।। उवाच किञ्चित्कुपित आत्मानं च विगर्हयन् ।। ४४ ।। कश्यप उवाच ।। पुत्रस्ते भविता भद्रे इन्द्रहा देवबान्धवः ।। संवत्सरं व्रतमिदं यद्यञ्जो धारयिष्यसि ।। ४५ ।। दितिरुवाच ।। धारयिष्ये व्रतं ब्रह्मन्ब्रूहि कार्याणि यानि मे ।। यानि चेह निषिद्धानि न व्रतं घ्नन्ति यानि तु ।। ४६ ।। कश्यप उवाच ।। न हिंस्याद्भूतजातानि न शपेन्नानृतं वदेत् ।। न छिन्द्यान्नखरोमाणि न स्पृशेद्यद्‍मङ्गलम् ।। ४७ ।। नाप्सु स्नायान्न कुप्येत न संभाषेत दुर्जनैः ।। न वसीताधौतवासः स्रजं च विधृतां क्वचित् ।। ४८ ।। नोच्छिष्टं चण्डिकान्नं च सामिषं वृषलाहृतम् ।। न भुञ्जीतोदक्यया दृष्टं पिबेदञ्जलिना त्वपः ।।४९।। नोच्छिष्टाऽस्पृष्टसलिला सन्ध्यायां मुक्तमूर्धजा ।। अनर्चिताऽसंयतवाङ्नासं‌·

कोखबाट इन्द्र-वध गर्ने पुत्र उत्पन्न हुनेछ, तर त्यसमा कुनै प्रकारको विघ्न भयो भने त्यो छोरो देवताहरूको मित्र बन्नेछ ।। ४५ ।। दिति भन्दछिन्––हे ब्रह्मन् ! म यो व्रत धारण गर्दछु । यस व्रतमा जुन-जुन कर्तव्य छ, जे जति त्याग गर्नु उचित छ र जे गर्नाले व्रत भङ्ग हुने सम्भावना नरहोस्, त्यो सबै मलाई आज्ञा हवस् ।। ४६ ।। कश्यपजीले भने–यो व्रत पालन गर्दा कहिल्यै पनि कुनै प्राणीको केही प्रकारले हिंसा नगरोस्, कसैलाई कटुवचन नभनोस्, झूठो नबोलोस्, नङ-केश नकाटोस् र कुनै अपवित्र वस्तु हुन हुँदैन ।। ४७ ।।

* दृष्टान्त (अर्धशिक्षित नारी)—कुनै गाउँमा यौटा बनियाँ बस्तथे । ती बी.ए., एल.एल बी. पास थिए । यद्यपि तिनको हार्दिक अभिलाषा यो थियो कि उनलाई शिक्षित पत्नी मिलुन् तर दुर्भाग्यले उनलाई यौटी यस्ती स्त्री प्राप्त भई जो केवल हिन्दीका अक्षर चिन्दथी । बनियाँ उदार प्रकृतिका व्यक्ति थिए । माग्न आउनेलाई चन्दा आदि अवश्य दिन्थे । आय-व्ययको हिसाब मिलाउन दैनन्दिनीमा यस प्रकार लेखिदिन्थे ४) चन्दा, २) चन्दा, दैवयोगले त्यो वही पत्नीको हातमा पर्‍यो । 'नयाँ वैद्य, प्राण संकट' भने झैं तिनकी पत्नीले जब आफ्नो विद्या ज्ञान अनुसार चन्दाको नाम पढिन तब उनले बुझिन्–बजारमा बस्ने कुनै वेश्याको नाम चन्दा रहेछ । मेरो पति त्यसैको जालमा अल्झेका छन् । त्यसलाई कहिले ४) र कहिले २) दिएर आउँछन् । यो कुरा सर्व विदित छ कि पहिले त स्त्रीहरू कुनै कुरा झट्ट शंका गर्दैनन् तर यदि तिनलाई शंका पर्‍यो भने ब्रह्मा पनि तिनको मनबाट त्यो सन्देह झिक्न सक्तैनन् । त्यसै दिनदेखि तिनकी पत्नीको मन बिग्रियो । एक दिन तिनले पत्नीसित पान मागे । पत्नीले भनिन्–'त्यै चन्दासित किन माग्दैनौ, जसलाई धन दिएर आउँछौ ?' बनियाँ त अकमक्क परे । के कुरा हो भन्ने बुझ्नै सकेनन् । अन्तमा तिनले बडो हठ गरेर वारम्वार सोधेपछि तिनकी शंकालु पत्नीले भनिन्— 'के तिमीले मलाई यो पनि थाहा पाउँदिन भन्ने ठानेका छौ ? मलाई तिम्रा सबै कर्मको ज्ञान छ । अहिले त म बाँचेकैछु । अनि तिमी किन त्यो 'चन्दा' वेश्याकहाँ जान्छौ ?' बनियाँले बल्ल कुरा बुझे—'यो स्त्रीको दोष होइन, यसको अपूर्ण शिक्षाको फल हो–जो यसलाई दिइएको छ ।' भनाईको तात्पर्य के भने अपूर्ण शिक्षाले कुनै वेला अनावश्यक विवादको रूप धारण गर्दछ ।

…Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDP - Delhi

पानीमा पसेर ननुहाउनु, रिस नगर्नु, दुर्जनसित सम्भाषण नगर्नु, नधोएको वस्त्र नलगाउनु र अर्काले लगाएको माला धारण नगर्नु ॥ ४८ ॥ जूठो, भद्रकालीलाई अर्पित, मांसयुक्त शूद्रले ल्याएको अथवा रजस्वला स्त्रीले देखेको अन्न नखानु र अञ्जलिले जल पियोस् ॥४९॥ जूठो मुख, कुल्ला नगरी सन्ध्याको वेला, कपाल फुकाई, शृङ्गार नगरेर, विना वाणीलाई वशमा पारेर तथा लुगा नलगाई घरबाट बाहिर ननिस्कनु ॥५०॥ खुट्टा नधोई, अपवित्र अवस्थामा, चीसो खुट्टाले, उत्तर वा पश्चिम सिरान गरेर, अर्कासित, नाङ्गो स्थितिमा अथवा बिहानै तथा सायंकालमा नसुतोस् ॥५१॥ यी सबै निषिद्ध कर्महरू त्याग्दै सदा पवित्र र धोएको लुगा लगाई तथा सबै सौभाग्य-चिह्नहरूले युक्त भएर जलपान गर्नुभन्दा अगाडिनै गाई, ब्राह्मण, लक्ष्मी र विष्णु भगवान्‌को पूजा गरोस् ॥५२॥ त्यसपछि माला, चन्दन, नैवेद्य तथा आभूषण आदि दिएर सौभाग्यवती स्त्रीहरूको पूजन गरेर पतिको पूजा गरो उनको सेवामा तत्पर रहोस् र उसको तेज मेरो कुक्षिमा आएर स्थित भएको छ भन्ने विचार गरोस् ॥५३॥ हेदिति ! एकवर्ष तिमी यो पुंसवन व्रत अभण्डरूपले

वीता बहिश्चरेत् ॥५०॥ नाधौतपादाऽप्रयता नार्द्रपान्न उदक्शिराः ॥ शयीत नापराङ्नान्यैर्न नग्ना न च सन्ध्ययोः ॥ ५१ ॥ धौतवासाः शुचिर्नित्यं सर्वमङ्गलसंयुता ॥ पूजयेत्प्रातराशात्प्राग्गोविप्राञ्छ्रियमच्युतम् ॥ ५२ ॥ स्त्रियो वीरवतीश्चार्चेत्स्रग्गन्धबलिमण्डनैः ॥ पतिं चार्च्योपतिष्ठेत ध्यायेत्कोष्ठगतं च तम् ॥ ५३ ॥ सांवत्सरं पुंसवनं व्रतमेतदविप्लुतम् ॥ धारयिष्यसि चेत्तुभ्यं शक्रहा भविता सुतः ॥ ५४ ॥ बाढमित्यभिप्रेत्याथ दिती राजन्महामनाः ॥ काश्यपं गर्भमाधत्त व्रतं चाञ्जो दधार सा ॥ ५५ ॥ मातृष्वसुरभिप्रायमिन्द्र आज्ञाय मानद ॥ शुश्रूषणेनाश्रमस्थां दितिं पर्यचरत्कविः ॥ ५६ ॥ नित्यं वनात्सुमनसः फलमूलसमित्कुशान् ॥ पत्रांकुरमृदोऽपश्च काले काल उपाहरत् ॥ ५७ ॥ एवं तस्या व्रतस्थाया व्रतच्छिद्रं हरिर्नृप ॥ प्रेप्सुः पर्यचरज्जिह्मो मृगहेव मृगाकृतिः ॥ ५८ ॥ नाध्यगच्छद्व्रतच्छिद्रं तत्परोऽथ महीपते ॥ चिन्तां तीव्रां गतः शक्रः केन मे स्याच्छिवं त्विह ॥ ५९ ॥ एकदा सा तु सन्ध्यायामुच्छिष्टा व्रतकर्शिता ॥ अस्पृष्टवार्यधौताङ्घ्रिः सुष्वाप विधिमोहिता ॥ ६० ॥ लब्ध्वा तदन्तरं शक्रो

पालन गर अनि तिम्रो गर्भबाट इन्द्र-वध गर्ने पुत्र जायमान हुनेछ ॥ ५४ ॥ हे राजन् ! कश्यपकी महामनस्विनी पत्नी दितिले 'हुन्छ' भनेर कश्यपको तेजयुक्त गर्भ धारण गरिन् र व्रतको पनि दीक्षा लिइन् ॥ ५५ ॥ हे मानद ! बाठा देवराज इन्द्रलाई जब आफ्नी आमाकी बहिनी दितिको अभिप्राय थाहा भयो तब आश्रम निवासिनी दितिको सेवा शुश्रूषा गर्नलागे ॥५६॥ त्यस बखत ती उनलाई दिनहुँ वनबाट फूल, फल, मूल, समिधा, कुश, पत्र, दूध, माटो तथा जल आदि ल्याएर दिन्थे ॥ ५७ ॥ हे राजन् ! जस्तै व्याधा मृगादिलाई मार्नको निम्ति उसैको जस्तो वेष बनाउँदछ, त्यस्तै नै इन्द्र आफ्नो कपट वेष बनाएर व्रतमा स्थित दितिको व्रतभङ्ग पारिदिने मौका खोज्दै तिनको सेवा-टहलमा संलग्न रहे ॥ ५८ ॥ हे महीपति ! यस प्रकार छिद्रान्वेषणमा सबदा तत्पर रहेर पनि जब इन्द्रलाई कुनै मौका हात लागेन, तब उनलाई यो चिन्ता भयो–म के गरु कि जसरी मेरो कल्याण होस् ॥ ५९ ॥ एक दिनको कुरा हो––विधाताको विधानले विमोहित दिति व्रतले गर्दा अत्यन्त दुर्बल हुनाले सायङ्कालको उच्छिष्ट अवस्थामा कुल्ला नगरी तथा हा खुट्टा नधोई

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुत्न गइन् ॥ ६० ॥ अवसर हात लागेको देखेर योगेश्वर इन्द्र तत्काल आफ्नो योगबलद्वारा निद्राले अचेत दितिको उदरमा पसे ॥ ६१ ॥ उहाँ तिनले आफ्नो वज्रले उस सुवर्णको देदीप्यमान गर्भको सात टुक्रा पारे । काट्ने वेलामा जब त्यो बालक रुन लाग्यो तब 'नरोऊ' यस्तो भनेर तिनले त्यो एक-एक खण्डको सात-सात टुका पारिदिए ॥६२॥ हे राजन् ! यस प्रकार काटिएपछि ती सबैले हात जोरेर विनीत-भावले भने–'हे इन्द्र ! तिमी हामीलाई किन मारिरहेका छौ ? हामी तिम्रा भाइ हौं' ॥६३॥ अनि इन्द्र आफना अनन्य पार्षदले मरुतहरूसित भने–अस्तु, यदि मेरा भाइ हौ भने डराउन पर्दैन ॥६४॥ हे राजन् ! त्यससमय जस्तै अश्वत्थामाको ब्रह्मास्त्रले तिम्रो कुनै अनिष्ट भएको थिएन, त्यस्तै नै श्रीनिवास नारायणको कृपाले दितिको त्यो गर्भ इन्द्रको वज्रद्वारा टुक्रा-टुक्रा भएर पनि मरेनन् ॥६५॥ कुनै पुरुष एकपल्ट भगवान् आदिपुरुषको पूजन गरेर नै उनको समानता प्राप्त गर्दछ, त एक वर्षमा केही मात्र कम दिनसम्म सेवा गरेकी थिइन् ॥६६॥ त्यसपछि ती मरुद्गण इन्द्रसित मिलेर उनञ्चास देवता भए र इन्द्र र इन्द्रले विमाताको सम्बन्धबाट घटित हुने

निद्रापहृतचेतसः ॥ दितेः प्रविष्ट उदरं योगेशो योगमायया ॥ ६१ ॥ चकर्त सप्तधा गर्भं वज्रेण कनकप्रभम् ॥ रुदन्तं सप्तधैकैकं मा रोदीरिति तान्पुनः ॥ ६२ ॥ ते तमूचुः पाट्यमानाः सर्वे प्राञ्जलयो नृप ॥ नो जिघांससि किमिन्द्र भ्रातरो मरुतस्तव ॥ ६३ ॥ मा भैष्ट भ्रातरो मह्यं यूयमित्याह कौशिकः ॥ अनन्यभावान्पार्षदानात्मनो मरुतां गणान् ॥ ६४ ॥ न ममार दितेर्गर्भः श्रीनिवासानुकम्पया ॥ बहुधा कुलिशक्षुण्णो द्रौण्यस्त्रेण यथा भवान् ॥ ६५ ॥ सकृदिष्ट्वाऽऽदिपुरुषं पुरुषो याति साम्यताम् ॥ संवत्सरं किञ्चिदूनं दित्या यद्धरिरर्चितः ॥ ६६ ॥ सजूरिन्द्रेण पञ्चाशद्देवास्ते मरुतोऽभवन् ॥ व्यपोह्य मातृदोषं ते हरिणा सोमपाः कृताः ॥ ६७ ॥ दितिरुत्थाय ददृशे कुमाराननलप्रभान् ॥ इन्द्रेण सहितान्देवी पर्यतुष्यदनिन्दता ॥ ६८ ॥ अथेन्द्रमाह ताताहमादित्यानां भयावहम् ॥ अपत्यमिच्छन्त्यचरं व्रतमेतत्सुदुष्करम् ॥ ६९ ॥ एकः संकल्पितः पुत्रः सप्तसप्ताभवन्कथम् ॥ यदि ते विदितं पुत्र सत्यं कथय मा मृषा ॥ ७० ॥ इन्द्र उवाच ॥ अम्ब तेऽहं व्यवसितमुपधार्यागतोऽन्तिकम् ॥ लब्धान्तरोऽच्छिदं गर्भमर्थबुद्धिर्न धर्मवित् ॥ ७१ ॥ कृतो मे सप्तधा गर्भ आसन्सप्त कुमारकाः ॥ तेऽपि चैकैकशो वृक्णाः सप्तधा नापि मम्रिरे ॥ ७२ ॥ ततस्तत्परमाश्चर्यं वीक्ष्याध्यवसितं मया ॥ महापुरुषपूजायाः सिद्धिः काप्यानुषङ्गिकी ॥ ७३ ॥ आराधनं भगवत ईहमाना निराशिषः ॥ ये तु नेच्छन्त्यपि परं

भएको दोष त्यागेर सोमपायी देवता बनाइदिए ॥६७॥ जब दिति उठिन् तब तिनले इन्द्रसिह ती अग्नि समान तेजस्वी उनञ्चास बालकहरूलाई सामुन्ने उभिएका देखिन् । त्यसले उत्तम आचरण भएकी दिति निकै प्रसन्न भइन् ॥ ६८ ॥ उनले इन्द्रलाई भनिन्–'बाबू ! म अदितिका पुत्रहरूलाई भय दिने छोरो पाउने इच्छाले यस दुष्कर व्रतको पालन गर्दै थिएँ । मेरो सङ्कल्प त केवल यौटा छोरोको निम्ति थियो, अनि यी उनञ्चास पुत्र कसरी भए ? बाबू ! यस विषयमा यदि तिमीलाई थाहा भए सत्य-सत्य बताऊ, मिथ्या नभन ॥६९॥७०॥ इन्द्रले भने–हे माता ! तिम्रो दुष्ट अभिप्राय थाहा पाएर म स्वार्थबुद्धिले तिमीनेर आएर बस्न लागेको थिएँ । मलाई धर्मको विचार थिएन । यसनिम्ति अवसर पाएर मैले तिम्रो गर्भको टुक्रा-टुक्रा पारिदिएँ ॥७१॥ पहिले जुन सात टुक्रा पारेथें, ती सात बालक भए । तब तिनको पनि प्रत्येकको सात-सात टुक्रा पारिदिएँ, तैपनि मरेनन् र सात टुक्राका उनञ्चास बालक

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए ।।७२।। यो आश्चर्यजनक घटना घटित भएको मैले विचार गरें–यो परमपुरुष नारायणको उपासनाले प्राप्त हुने कुनै सिद्धि छ ।। ७३ ।। निष्कामभावले भगवान्‌को उपासना गर्दै जो जन मोक्ष खोज्दैनन् तिनै सच्चा स्वार्थ-कुशल हुन्छन् ।। ७४ ।। अतः आफ्नो आत्मा तथा आफ्नो आत्मस्वरूप ज्ञान गराउने जगदीश्वरको आराधना गरेर काही बुद्धिमान् पुरुष तीसित विषय भोगहरूको इच्छा किन गर्ला, जो कि नरकमा पनि पाउन सकिन्छ ।। ७५ ।। हे माता ! तिमी ठूली हौ म मूर्खले जुन दुष्टता गरें त्यो क्षमा गर । ठूलो सौभाग्यको कुरा छ––तिम्रो गर्भ मरेर पनि जीवित भयो ।।७६।। श्रीशुकदेव भन्नुहुन्छ–इन्द्रले शुद्ध भावले प्रसन्न दितिले भनेपछि देवराज इन्द्र प्रणाम गरेर तथा मरुद्‌गणहरूसाथै लिई आफ्नो देवलोकमा फर्के ।। ७७ ।। यस प्रकार जो तिमीले सोधेका थियौ त्यो मैले मरुद्‌गणको मङ्गलमय उत्पत्तिको सबै वृत्तान्त सुनाएँ । अब अरु के भनूँ ? ।। ७८ ।। इति श्रीमद्‌भागवते महापुराणे षष्ठस्कन्धे नेपाली भाषाटीकायां अष्टादशोऽध्यायः ।। १८ ।। (पुंसवन व्रतको विधान)–त्यसपछि राजा परीक्षितले भने–हे ब्रह्मन् ! हजुरले जो पुंसवन

ते स्वार्थकुशलाः स्मृताः ॥ ७४ ॥ आराध्यात्मप्रदं देवं स्वात्मानं जगदीश्वरम् ॥ को वृणीते गुणस्पर्शं बुधः स्यान्नरकेऽपि यत् ॥ ७५ ॥ तदिदं मम दौर्जन्यं बालिशस्य महीयसि ॥ क्षन्तुमर्हसि मातस्त्वं दिष्ट्या गर्भो मृतोत्थितः ॥ ७६ ॥ श्रीशुक उवाच ॥ इन्द्रस्तयाऽभ्यनुज्ञातः शुद्धभावेन तुष्टया ॥ मरुद्भिः सह तां नत्वा जगाम त्रिदिवं प्रभुः ॥ ७७ ॥ एवं ते सर्वमाख्यातं यन्मां त्वं परिपृच्छसि ॥ मङ्गलं मरुतां जन्म किं भूयः कथयामि ते ॥ ७८ ॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे मरुदुत्पत्तिकथनं नामाष्टादशोऽध्यायः ॥ १८ ॥ राजोवाच ॥ व्रतं पुंसवनं ब्रह्मन्भवता यदुदीरितम् ॥ तस्य वेदितुमिच्छामि येन विष्णुः प्रसीदति ॥ १ ॥ श्रीशुक उवाच ॥ शुक्ले मार्गशिरे पक्षे योषिद्भर्तुरनुज्ञया ॥ आरभेत व्रतमिदं सार्वकामिकमादितः ॥ २ ॥ निशम्य मरुतां जन्म ब्राह्मणाननुमन्त्र्य च ॥ स्नात्वा शुक्लदती शुक्ले वसीतालंकृताम्बरे ॥ पूजयेत्प्रातराशात्प्राग्भगवन्तं श्रिया सह ॥ ३ ॥ अलं ते निरपेक्षाय पूर्णकाम नमोऽस्तु ते ॥ महाविभूतिपतये नमः सकलसिद्धये ॥ ४ ॥ यथा त्वं कृपया भूत्या तेजसा महिमौजसा ॥ जुष्ट ईशगुणैः सर्वैस्ततोऽसि भगवान्प्रभुः ॥ ५ ॥ विष्णुपत्नि महामाये महापुरुषलक्षणे ॥ प्रीयेथा मे महाभागे लोकमातर्नमोऽस्तु ते ॥६॥

व्रतको चर्चा गर्नुभएथ्यो, जसले विष्णु भगवान् प्रसन्न हुन्छन्, म त्यसको विधि जान्न उत्सुक छु ।। १ ।। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! आफ्ना स्वामीको आज्ञा लिएर सबै कामनाहरू सम्पन्न पार्ने यस व्रतलाई मार्गशीष शुक्ल पक्षको प्रतिपदाबाट आरम्भ गर्नुपर्दछ ।। २ ।। पहिले मरुद्‌गणको कथा सुनेर ब्राह्मणहरूबाट आज्ञा लिनु तब प्रतिदिन बिहानै दतिवन आदिले दाँत सफा पारी स्नानबाट निवृत्त भएर दुइटा सेतो वस्त्र र आभूषण लगाई तथा भोजन गर्नभन्दा पहिल्यै लक्ष्मी-नारायणको पूजा गरेर । यस प्रकार स्तुति गरोस्–।। ३ ।। हे पूर्णकाम ! हजुरलाई केही पनि अप्राप्य रहन्न । यसैनिम्ति हजुर कसैसित केही इच्छा राख्नु हुन्न । हे महाविभूतिपते ! हे सर्वसिद्धिमय ! हजुरलाई बारम्बार नमस्कार छ ।। ४ ।। हे देव ! हजुर कृपा, विभूति, तेज, महिमा तथा वीर्य आदि प्रभुताका सबै गुणले परिपूर्ण छन् ।। ५ ।। यस प्रकार भगवान्‌को विनम्र प्रार्थना गरिसके पछि भगवती लक्ष्मीजीको स्तुति गर्दै भन्नलागे–हे विष्णु-पत्नी ! हे महामाये । हे भगवद्‌गुणविशिष्टे ! हेमहाभागे । हे मातः ! तिमी मेरो माथि प्रसन्न होऊ–तिमीलाई प्रणाम छ ।।६।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि संबत भएर—ॐ महापुरुष महाविभूतिपति तथा भगवान् महानुभावलाई उनका महाविभूतिहरू सहित नमस्कार छ। उनलाई पूजोपहार समर्पण गर्दछु।' यस मन्त्रको उच्चारण गरेर विष्णु भगवानको नित्य आवाहन, अर्घ्य, पाद्य, आचमन, स्नान, वस्त्र, यज्ञोपवीत, आभूषण, गन्ध, पुष्प, धूप, दीप तथा उपहार आदि निवेदन गरोस् ॥ ७ ॥ रहेको नैवेद्यले 'ॐ नमो भगवते महापुरुषाय महाविभूतिपतये स्वाहा' यो मन्त्र पढेर बल्दो अग्निमा बाह्र आहुति देओस् ॥ ८ ॥ जसलाई सबै सम्पत्ति प्राप्त गर्ने अभिलाषा छ, त्यो सबै सबै कामनाहरू पूर्ण पार्ने एवं घरदायक श्रीलक्ष्मीजी र भगवान् नारायण दुवैको एकसंगै भक्तिपूर्वक पूजन गरोस् ॥ ९ ॥ त्यसपछि भक्तिको कारण नम्रचित्तले पृथ्वीमा लम्पसार परेर साष्टांग प्रणाम गरोस् र उपर्युक्त मन्त्रको दसपल्ट जप गरेपछि यस स्तोत्रको पाठ गरोस्—॥१०॥ 'हे लक्ष्मी नारायण! हजुर दुवै सर्वव्यापकर सम्पूर्ण जगत्‌का परम कारण हुनुहुन्छ। यी लक्ष्मीजी हजुर नारायणकी दुर्निवार तथा भक्ति रूपिणी प्रकृति हुनुहुन्छ ॥११॥ हजुर इनका अधीश्वर एवं साक्षात् परमपुरुष हुनुहुन्छ। हजुर नै यज्ञ र इज्या हुनुहुन्छ। हजुर फलका

ॐ नमो भगवते महापुरुषाय महानुभावाय महाविभूतिपतये सह महाविभूतिभिर्बलिमुपहराणीति ॥ अनेनाहरहर्मन्त्रेण विष्णोरावाहनार्घ्य-पाद्योपस्पर्शस्नानवासउपवीतविभूषणगन्धपुष्पधूपदीपोपहाराद्युपचारांश्च समाहित उपाहरेत ॥ ७ ॥ हविःशेषं तु जुहुयादनले द्वादशाहुतीः ॥ ॐ नमो भगवते महापुरुषाय महाविभूतिपतये स्वाहेति ॥ ८ ॥ श्रियं विष्णुं च वरदावाशिषां प्रभवावुभौ ॥ भक्त्या संपूजयेन्नित्यं यदीच्छेत्सर्वसम्पदः ॥ ९ ॥ प्रणमेद्दण्डवद्भूमौ भक्तिप्रह्वेण चेतसा ॥ दशवारं जपेन्मन्त्रं ततः स्तोत्रमुदीरयेत् ॥ १० ॥ युवां तु विश्वस्य विभू जगतः कारणं परम् ॥ इयं हि प्रकृतिः सूक्ष्मा मायाशक्तिर्दुरत्यया ॥ ११ ॥ तस्या अधीश्वरः साक्षात्त्वमेव पुरुषः परः ॥ त्वं सर्वयज्ञ इज्येयं क्रियेयं फलभुग्भवान् ॥१२॥ गुणव्यक्तिरियं देवी व्यञ्जको गुणभुग्भवान् ॥ त्वं हि सर्वशरीर्यात्मा श्रीः शरीरेन्द्रियाशया ॥ नामरूपे भगवती प्रत्ययस्त्वमपाश्रयः ॥ १३ ॥ यथा युवां त्रिलोकस्य वरदौ परमेष्ठिनौ ॥ तथा म उत्तमश्लोक सन्तु सत्या महाशिषः ॥१४॥ इत्यभिष्टूय वरदं श्रीनिवासं श्रिया सह ॥ तन्निःसार्योपहरणं दत्त्वाऽऽचमनमर्चयेत् ॥ १५ ॥ ततः स्तुवीत स्तोत्रेण भक्तिप्रह्वेण चेतसा ॥ यज्ञोच्छिष्टमवघ्राय पुनरभ्यर्चयेद्धरिम् ॥ १६ ॥ पतिं च परया भक्त्या महापुरुषचेतसः ॥ प्रियैस्तैस्तैरुपनमेत्प्रेमशीलः स्वयं पतिः ॥ बिभृयात्सर्वकर्माणि पत्न्या उच्चावचानि च ॥१७॥ कृतमेकतरेणापि दम्पत्योरुभयोरपि ॥

भोक्ता र यी क्रिया हुन् ॥१२॥ यी देवी लक्ष्मी गुणहरूकी अभिव्यक्ति हुन् र हजुर उनका व्यञ्जक गुणहरूका भोक्ता हुनुहुन्छ। हजुर सबै देहधारीहरूका आत्मा र लक्ष्मी शरीर, इन्द्रिय तथा अन्तःकरण हुन्। यी भगवती नाम तथा रूप हुन्, हजुर इनका प्रकाशक र आश्रय हुनुहुन्छ ॥१३॥ हे पवित्रकीर्ति! हजुर त्रिलोकका वरदाता ईश्वर हुनुहुन्छ। अतः मेरो सबै ठूला-ठूला कामनाहरू हजुरको कृपाले पूर्ण होउन् ॥१४॥ यस प्रकार लक्ष्मी सहित वरदायक लक्ष्मीपतिको स्तुति गरेर त्यहाँबाट नैवेद्य हटाएर भगवान्‌लाई जलले आचमन गराई पूजन गरोस् ॥१५॥ फेरि भक्ति-विनम्र चित्तले विविध स्तोत्र द्वारा भगवान्‌को स्तुति गरोस् र यज्ञशिष्ट वस्तु सुँघेर फेरि भगवान्‌को पूजा गरोस् ॥१६॥ आफ्नू पतिलाई पनि यसै गरी उनको सबै मनपरेका वस्तु अर्पण गरेर अतिशय भक्तिभावले ईश्वर बुद्धिका साथै पूजोस् र स्वयं पति पनि आफ्नी पत्नीको सबै साना-ठूला कामना पूर्णपारुन् ॥१७॥ स्त्री-पुरुषमा कसैको

...l Collection, Nagarjun Z, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP Delhi

पनि गरिएको कार्य पति-पत्नी दुवैका लागि फलदायक हुन्छ । अतएव यदि पत्नी यो व्रत पूर्ण गर्नमा समर्थ छैन भने पति नै एकाग्र मनले यसलाई सम्पन्न गरोस् ॥१८॥ कहिनकियो वैष्णवव्रत आरम्भ गरेर बीचमा कहिल्यै नछाड्नू । नियमपूर्वक यस व्रतको पालन गर्ने पुरुष अथवा स्त्रीलाई नित्य देवपूजनको बाद माला, चन्दन-नैवेद्य तथा आभूषणादि द्वारा ब्राह्मण तथा सधवा स्त्रीहरूको भक्तिपूर्वक पूजन गर्नुपर्दछ ॥१९॥ त्यसपछि भगवान्का आफ्नो परमधाम जाने भावना गरेर विसर्जन गरोस् तथा चित्त शुद्धिका लागि र कामनाहरूको पूर्तिका निमित्त भगवान्लाई पूर्ण निवेदित प्रसाद खाओस् ॥२०॥ त्यो साध्वी स्त्री यही विधिअनुसार बाह्र महीनासम्म यस व्रतको आचरण गरेर कार्तिकमासको अन्तिम दिन उद्यापन, उपवास तथा पूजन गरोस् ॥२१॥ उद्यापनको दिन विहानै स्नान गरेर पूर्ववत् कृष्ण भगवान्को पूजा गरेर त्यस स्त्रीको यति पाकयज्ञ विधिको अनुसार दूधमा पकाइएका घृत मिश्रित चरु द्वारा अग्निमा बाह्र आहुतिहरु देओस् ॥२२॥ त्यसपछि ब्राह्मणहरूलाई प्रसन्नतापूर्वक दिएका आशीर्वादहरूलाई शिरमा धारण गरोस् र उनलाई मस्तक न्यूराएर भक्तिपूर्वक

पत्न्यां कुर्यादनर्हायां पतिरेतत्समाहितः ॥ १८ ॥ विष्णोर्व्रतमिदं बिभ्रन्न विहन्यात्कथञ्चन ॥ विप्रान्स्त्रियो वीरवतीः स्रग्गन्धबलिमण्डनैः ॥ अर्चेद-हरहर्भक्त्या देवं नियममास्थितः ॥ १९ ॥ उद्वास्य देवं स्वे धाम्नि तन्निवेदितमग्रतः ॥ अद्यादात्मविशुद्ध्यर्थं सर्वकामर्द्धये तथा ॥ २० ॥ एतेन पूजाविधिना मासान्द्वादश हायनम् ॥ नीत्वाऽथोपचरेत्साध्वी कार्तिके चरमेऽहनि ॥२१॥ श्वोभूतेऽप उपस्पृश्य कृष्णमभ्यर्च्य पूर्ववत् ॥ पयःशृतेन जुहुयाच्चरुणा सह सर्पिषा ॥ पाकयज्ञविधानेन द्वादशैवाहुतीः पतिः ॥ २२ ॥ आशिषः शिरसाऽऽदाय द्विजैः प्रीतैः समीरिताः ॥ प्रणम्य शिरसा भक्त्या भुञ्जीत तदनुज्ञया ॥२३॥ आचार्यमग्रतः कृत्वा वाग्यतः सह बन्धुभिः ॥ दद्यात्पत्न्यैः चरोः शेषं सुप्रजास्त्वं सुसौभगम् ॥ २४ ॥ एतच्च-रित्वा विधिवद्व्रतं विभोरभीप्सितार्थं लभते पुमानिह ॥ स्त्री त्वेतदास्थाय लभेत सौभगं श्रियं प्रजां जीवपतिं यशो गृहम् ॥ २५ ॥ कन्या च बिन्देत समग्रलक्षणं वरं त्ववीरा हतकिल्बिषा गतिम् ॥ मृतप्रजा जीवसुता धनेश्वरी सुदुर्भगा सुभगा रूपमग्र्यम् ॥ २६ ॥ विन्देद्विरूपा विरुजा विमुच्यते य आमयावीन्द्रियकल्पदेहम् ॥ एतत्पठन्नभ्युदये च कर्मण्यनन्ततृप्तिः पितृदेवतानाम् ॥ २७ ॥ तुष्टाः प्रयच्छन्ति समस्तकामान्होमावसाने

प्रणाम गरोस् । अनि तिनको आज्ञा लिएर पहिले आचार्यलाई भोजन गराओस् । त्यसपछि आफ्ना बन्धुहरू सहित मौनभावले स्वयं भोजन गरोस् । अनि जुन सत्पुत्रदायक, सौभाग्यप्रद चरु शेष होस्, त्यो आफ्नी पत्नीलाई खान देओस् ॥२३॥२४॥ विष्णु भगवान्का प्रिय यस व्रतको विधिपूर्वक आचरण गर्नाले पुरुषलाई सबै इच्छित पदार्थ मिल्दछन् । स्त्रीले यसको आचरण गर्नाले सौभाग्य, सम्पत्ति, सन्तान, अवैधव्य, यश र गृह आदिका सबै सुख प्राप्त हुन्छन् ॥२५॥ यो व्रत धारण गर्नाले कन्या सर्वलक्षणसम्पन्न पति पाउँछे, विधवा पाप-रहित भएर सद्गति प्राप्त गर्दछे, मृतपुत्रा स्त्रीका चिरञ्जीवी पुत्र प्राप्त हुन्छ, धनवती तर अभागिनी स्त्रीलाई सौभाग्य एवं कुरूपालाई रूपवान् प्राप्त हुन्छ । कुनै रोगी पुरुष यदि यसको आचरण गर्दछ भने रोगमुक्त भएर बलियो शरीरको हुनेछ । आभ्युदयिक अर्थात् यज्ञ श्राद्धादिको अवसरमा यसको पाठ गर्नाले देवता तथा पितृहरूलाई अनन्त तृप्ति हुन्छ ॥२६॥२७॥ यसैले ती देवता र पितर सन्तुष्ट भएर त्यसका सबै कामनाहरू पूर्ण पारिदिन्छन् । यसै प्रकार होमको अन्त्यमा हवन गरिएका सामग्रीलाई अग्निद्वारा भोग्ने भएका श्रीलक्ष्मी-नारायण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्न भएर त्यस *विश्वासी भक्तको सबै मनोरथ पूर्ण पारिदिने गर्दछन्। हे राजन्! मरुद्गणको यो पुण्यप्रद तथा महान चरित्र र कश्यप प्रिया दितिको महाव्रतको वृत्तान्त

हुतभुक्श्रीर्हरिभ ॥ राजन्महन्मरुतां जन्म पुण्यं दितेर्व्रतं चाभिहितं महत्ते ॥ २८ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टादशसाहस्र्यां संहितायां वैयासिक्यां षष्ठस्कन्धे पुंसवनव्रतकथनं नामैकोनविंशोऽध्यायः ॥ १९ ॥

मैले तिमीलाई सुनाएँ ॥२८॥ इति श्रीमद्भागवते महापुराणे षष्ठस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायामेकोनविंशोऽध्यायः ॥१९॥

॥ इति षष्ठस्कन्धः समाप्तः ॥

---

* सत्संग वाणी--पत्यार दुइ कुराले हुन्छ–विश्वासी पुरुषहरूको वाणीले अथवा विश्वासी पुरुषका आचरणहरूले र–२. कुनै पनि प्रकारले गरिएका भगवत्–स्मरणले। १. आजका धन मदान्धको औषधि के हो? तिनको धन रहनै नदिनु। तर द्वेषपूर्ण औषधि दिइयो भने त्यसको फल उल्टो निस्कन्छ। जसलाई रोगीसित द्वेष नहोस्, केवल रोगसित होस्–यस्तो व्यक्तिले औषधि दियो भने उचित छ। २. धन नजाति वस्तु होइन, नजाति हो धनको अभिमान। यदि धनको सदुपयोग गरे यरे त्यो भगवान्को सेवामा लाग्दछ। यदि त्यसको दुरुपयोग भयो भने मानिसलाई यति तल खसालिदिन्छ कि त्यसको कहीं पनि ठेगान लाग्दैन। मानवता मेटिनमा सबैलाई कष्ट हुन्छ, तर धन-मद हुने व्यक्ति मानवतालाई हाँसी-हाँसी आफ्नै हातले समाप्त पारेर छाड्छन्। धन गर्वित व्यक्ति विचार्दछन्–कसैमाथि दया गर्नु त चित्तको दुर्बलता हो। धनाभिमानले लोभ बढाउँछ र वाँड, जुआ, जारी–यी तीनै व्यसनलाई कुनै न कुनै रूपमा ल्याइदिन्छ। अर्कालाई पीडा दिएर आत्म-पोषण धनाभिमानी व्यक्तिको स्वभाव नै बन्दछ। कृमि, विष्ठा एवं भस्मको पूर्वरूप शरीरलाई नै सबभन्दा श्रेष्ठ ठान्नु, अनुचित छ, तर धन-गर्व त्यो पनि गराउन सफल हुन्छ। ३. शरणागतिका दुइ स्वरूप छन्–१. शुद्ध भएर भगवान्को शरणमा जानु। यसमा शुद्धिका लागि आफ्नो बल लगाउनु पर्दछ आफ्नो बलको शुद्धि गर्नुपर्दछ। २. जसरी भए पनि भगवान्को शरणमा जाऊ। जस्तो छु, उनको छु–यस्तो जानेर साँच्चै नै आफूलाई प्रभुका चरणमा अर्पण गरिदेऊ, अनि तिम्रो शुद्धि स्वयं भगवान् गर्दछन्। जो स्वयं आफ्नो शुद्धि गर्न चाहन्छ त्यसले अनेक थरिका विघ्न बाधा बेहोर्नुपर्दछ। अवश्य शुद्धि हुन्छ भन्ने निश्चय पनि छैन र निश्चय पनि छैन र निश्चय भए पनि लामो समय लाग्दछ। जसको शुद्धि स्वयं भगवान् गर्दछन्, त्यसमा विघ्न बाधा आउन्न। त्यसमा अशुद्धिको यौटा कण पनि शेष रहन पाउन्न। शुद्धि शीघ्र र निश्चित हुन्छ।

जस्तै–कसैले आफ्नो सबै सम्पत्ति सरकारलाई सुम्पिदियो। यस प्रकार जब सबै सम्पत्ति सरकारको भयो तब लेन देन पनि सरकारकै उत्तरदायित्व भयो। जब घर नै मैले कसैलाई दान दिइसकें, तब त्यो घरको फोहोर म किन सफा गरौं? त्यो त लिनेले स्वयं गर्दछ। यसै प्रकार जो व्यक्ति आफूलाई भगवान्मा अर्पण गर्ने इच्छा गर्दछन्, तिनले यो हेर्ने आवश्यकता छैन कि म कस्तो छु। उनले त यो हेर्नुपर्दछ कि भगवान् कस्ता छन्? ३. प्रश्न–जब भगवान्को प्रेरणाले नै सबै काम हुन्छ भने कर्मको शुभाशुभ फल किन प्राप्त हुन्छ? उत्तर—र्ज वलाई कर्मको दण्ड प्राप्त हुँदैन। जीव भगवान्को प्रेरणालाई बिर्सेर आफू स्वयं कर्ता बनेर बस्तछ, यस दुरभिमानको नै तिनलाई दण्ड प्राप्त हुन्छ। भगवान् नै सबै गर्दछन्—यो भाव यथार्थरूपले भएपछि अशुभ टिक्नै सक्तैन। यदि केही शुभाशुभ शेष रहे पनि सम्पूर्ण दायित्व भगवान्को नै हुन्छ। कर्तापन भएपछि मात्र कर्म बन्दछ र कर्म बनेपछि नै कर्तामाथि उत्तरदायित्वको भारि आइलाग्दछ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDP - Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते षष्ठः स्कन्धः समाप्तः।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते सप्तमः स्कन्धः प्रारभ्यते।

१०६

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः (नारद युधिष्ठिर संवाद)—महाराज परीक्षितले सोधे—हे ब्रह्मन् ! भगवान् समदर्शी इ सबैका सुहृद् हुन् । अनि उनले विषम-दृष्टि पुरुष झैं इन्द्रको निम्ति दैत्यहरू किन मारे ? ॥१॥ ती त कल्याणस्वरूप छन् । उनलाई देवताहरूसित कुनै प्रयोजन छैन र निगुण हुनाले दैत्यसित उनलाई कुनै द्वेष वा उद्वेग रहन्न ॥२॥ हे महाभाग । मेरो मनमा नारायणका गुणहरूको प्रति यो ठूलो सन्देह भएको छ, यसलाई हजुर नै निवृत्त पार्न सक्नुहुन्छ ॥३॥ शुकदेव भन्नुहुन्छ—हे राजन् ! हजुरले भगवान्को विचित्र चरित्रसम्पन्न धेरै राम्रो प्रश्न गर्नुभयो, जसमा यौटा परमभक्तको माहात्म्य वर्णित छ ॥ ४ ॥ यस चरित्रको नारदादि मुनिहरू सर्वदा गान गर्दछन् । अब म मुनीश्वर श्रीकृष्ण द्वैपायनलाई प्रणाम गरेर त्यो हरिकथा भन्दछु ॥५॥ वास्तवमा ती भगवान् निर्गुण, अजन्मा, अव्यक्त र प्रकृति भन्दा पर छन् । तापनि आफ्नी मायाका गुणहरूको भरमा ती स्वयं बाध्य-बाधक भावमा प्राप्त

ॐ नमो भगवते वासुदेवाय ॥ राजोवाच समः प्रियः सुहृद्ब्रह्मभूतानां भगवान्स्वयम् ॥ इन्द्रस्यार्थे कथं दैत्यानवधीद्विषमो यथा ॥ १ ॥
न ह्यस्यार्थः सुरगणैः साक्षान्निःश्रेयसात्मनः ॥ नैवासुरेभ्यो विद्वेषो नोद्वेगश्चागुणस्य हि ॥ २ ॥ इति नः सुमहाभाग नारायणगुणान्प्रति ॥ संशयः
सुमहाञ्जातस्तद्भवाँश्छेत्तुमर्हति ॥३॥ श्रीशुक उवाच ॥ साधु पृष्टं महाराज हरेश्चरितमद्भुतम् ॥ यद्भागवतमाहात्म्यं भगवद्भक्तिवर्धनम् ॥४॥ गीयते
परमं पुण्यमृषिभिर्नारदादिभिः ॥ नत्वा कृष्णाय मुनये कथयिष्ये हरेः कथाम् ॥ ५ ॥ निर्गुणोऽपि ह्यजोऽव्यक्तो भगवान्प्रकृतेः परः ॥ स्वमायागुण-
माविश्य बाध्यबाधकतां गतः ॥ ६ ॥ सत्त्वं रजस्तम इति प्रकृतेर्नात्मनो गुणाः ॥ न तेषां युगपद्राजन्ह्रास उल्लास एव वा ॥ ७ ॥ जयकाले तु स-
त्त्वस्य देवर्षीन्रजसोऽसुरान् ॥ तमसो यक्षरक्षांसि तत्कालानुगुणोऽभजत् ॥ ८ ॥ ज्योतिरादिरिवाभाति संघातान्न विविच्यते ॥ विदन्त्यात्मानमात्म-
स्थं मथित्वा कवयोऽन्ततः ॥ ९ ॥ यदा सिसृक्षुः पुरः आत्मनः परो रजः सृजत्येष पृथक् स्वमायया ॥ सत्त्वं विचित्रासु रिरंसुरीश्वरः शयिष्यमाण-
स्तम ईरयत्यसौ ॥ १० ॥ कालं चरन्तं सृजतीश आश्रयं प्रधानपुम्भ्यां नरदेव सत्यकृत् ॥ य एष राजन्नपि काल ईशिता सत्त्वं सुरानीकमिवैधय-
त्यतः ॥ तत्प्रत्यनीकानसुरान्सुरप्रियो रजस्तमस्कान्प्रमिणोत्युरुश्रवाः ॥ ११ ॥ अत्रैवोदाहृतः पूर्वमितिहासः सुरर्षिणा ॥ प्रीत्या महाक्रतौ राज-

हुन्छन् ॥६॥ सत्त्व, रज र तम यी तीनै गुण हुन्—आत्माका होइनन् । हे राजन् ! ती तीनैमा संगसंगै क्षति अथवा वृद्धि हुने गर्दैन ॥ ७ ॥ यही कारण हो कि भगवान् बेला-बेलामा तात्कालिक गुणको आश्रय लिएर सत्त्वगुणको प्रधानता भएको बेला देवता र ऋषिहरूको र रजोगुणको वृद्धिमा असुरहरूको तथा तमोगुणको वृद्धि हुँदा यक्ष र राक्षसहरूलाई बढाउँछन् ॥८॥ आत्मा त अग्नि-जल जस्तै भिन्न-भिन्न देहमा भिन्न-भिन्न रूपमा रहन्छ । देहादिदेखि भिन्न उसको उसको उपलब्धि हुँदैन । ठूला-ठूला विद्वान् विचारद्वारा उसलाई अन्तर्यामी रूपले आफ्नो अन्तःकरणमा देख्न पाउँछन् ॥९॥ जब परमात्मा जीवका कर्मफल भोग्नको निम्ति भिन्न-भिन्न देह रचने इच्छा गर्दछन् तब ती आफ्नो मायाले रजोगुणलाई भिन्नै उत्पन्न गर्दछन् र जब उनलाई ती शरीरमा रमण गर्ने इच्छा हुन्छ, तब सत्त्वगुणको सृष्टि गर्दछन् र जब शयन गर्न चाहन्छन्, तब तमोगुणलाई प्रेरित गरिदिन्छन् ॥१०॥ हे नरदेव ! जगत्का

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

निमित्त कारण-स्वरूप प्रकृति तथा सहायक एवं आश्रयरूपी काललाई अमोघकर्ता भगवान् स्वयं रचतछन्, तैपनि ती *विषयाधीन हुँदैनन् । जब काल सत्त्वगुण बढाउँछ तब परकयशस्वी र देवप्रिय परमेश्वर सत्त्वप्रधान देवगणको उत्कर्ष र तिनको विरोधी रजोगुण-तमोगुण प्रधान असुरहरूको संहार गरिरहेका देखिन्छन् ॥११॥ हे राजन ! जब राजसूय यज्ञ भइरहेको थियो, तब अजातशत्रु युधिष्ठिरले सोधेपछि देवर्षि नारदले यौटा इतिहास सुनाएका थिए । त्यस महायज्ञमा चेदिराज शिशुपाल भगवान् वासुदेवद्वाराप सायुज्य-मुक्ति-प्राप्तिको अद्भुत कार्य भएको देखेर युधिष्ठिरले सान्है छक परेर यज्ञशालामा बसेका देवर्षि नारदसित सम्पूर्ण मुनिजनहरुको समक्ष सोधे-॥१२॥१४॥ महाराज युधिष्ठिर भन्दछन्—अहो ! यो अद्भुत हो—

न्पृच्छतेऽजातशत्रवे ॥ १२ ॥ दृष्ट्वा महाद्भुतं राजा राजसूये महाक्रतौ ॥ वासुदेवे भगवति सायुज्यं चेदिभूभुजः ॥१३॥ तत्रासीनं सुरऋषिं राजा पाण्डुसुतः क्रतौ ॥ पप्रच्छ विस्मितमना मुनीनां शृण्वतामिदम् ॥ १४ ॥ युधिष्ठिर उवाच ॥ अहो अत्यद्भुतं ह्येतद्दुर्लभैकान्तिनामपि ॥ वासुदेवे परे तत्त्वे प्राप्तिश्चैद्यस्य विद्विषः ॥ १५ ॥ एतद्वेदितुमिच्छामः सर्व एव वयं मुने ॥ भगवन्निन्दया वेनो द्विजैस्तमसि पातितः ॥१६॥ दमघोषसुतः पाप आरभ्य कलभाषणात् ॥ सम्प्रत्यमर्षी गोविन्दे दन्तवक्रश्च दुर्मतिः ॥ १७ ॥ शपतोरसकृद्विष्णुं यद्ब्रह्म परमव्ययम् ॥ श्वित्रो न जातो

परमविद्वेषी शिशुपाललाई श्रीकृष्ण भगवान्को यो सायुज्य मुक्ति प्राप्त भयो, जो उनका अनन्य भक्तलाई पनि दुर्लभ थियो ॥ १५ ॥ हे मुने ! श्रीकृष्ण भगवान्को निन्दा गर्नाले ब्राह्मणहरूले राजा वेनलाई तामिस्र नरकमा हालिदिएका थिए तर त्यो भन्दा पनि पापी दमघोषको छोरो शिशुपाल र दन्तवक्र त जब सानैमा तोते बोली बोल्न लागेथे, त्यसै वेलादेखि अन्त्यसम्म तिनले भगवान्को द्वेष नै गरेथे । ती अविनाशी, परब्रह्म विष्णु भगवानलाई सर्वदा कटुवाक्य भन्दथे तथापि न तिनको जिब्रोमा कुष्ठ भयो, न ती कुनै घोर नरमा परे । म

---

* उदाहरण (विषयको भित्री मर्म) कुनै राजाको पुत्र आफ्नो मन्त्रीकी छोरीको राम्रो रूप देखेर मोहित भयो । अतः त्यसै दिनदेखि उसले अन्न जल त्यागिदियो । सबैले धेरै पल्ट सोधेपछि राजपुत्रले सत्य वृत्तान्त बतायो । राजाले गाह्रो मान्दै आफ्नो मन्त्रीसित भनेर मन्त्रीले सारा वृत्तान्त आफ्नी पत्नी तथा छोरीसित भन्यो । अनि मन्त्रीकी पुत्रीले भनी—'हजुर राजकुमारलाई भनिदिनुस कि ती अन्न जल ग्रहण गरुन् । म पर्सी उनीसित भेट गर्नेछु ।' मन्त्रीले गएर राजकुमारलाई सबै कुरा बुझाए । अनि राजपुत्र प्रसन्न भएर खान-पिन गर्‍यो । यता तेस्रो दिन मन्त्रीकी छोरीले आफ्ना बितासित भनी—'हजुर कृपा गरेर पचास थोत्रा र पचास राम्रा रेशमी रूमाल झिकाइदिनोस् । मन्त्रीले तत्काल सबै झिकाइदिए । अनि मन्त्रीकी छोरीले वैद्यकहाँबाट जमालगोटाको कडा जुलाब मगाएर खाई दिई । अब थाल्यो पखाला लाग्न । त्यो उही स्थानमा दिसा गर्न जान्थी जहाँ पहिले गएकी थिई । त्यो भुडकोमा यौटा रेशमी रुमाल बाँधिदिन्थी । यसै प्रकार सबै डुडुकाहरूमा दिशा गरेर उसले भुड्काको मुखमा रेशमी रुमाल बाँधिसकी । जब सबै भुड्का बाँधिइसके तब आफ्ना पितासित भनी—हजुर गएर राजपुत्रलाई डाकेर ल्याउनोस् ।' मन्त्री राजपुत्रलाई डाक्न गयो । यता दिशा गर्दा-गर्दा केटी दुर्बल भएर पहेंली भई र खाटमा पल्टिई । त्यसका सबै छाला पनि दिशामा मुछिएका थिए र जब राजकुमार सुसज्जित भएर मन्त्रीको घरमा गयो तब दुर्गन्ध आउन लाग्यो । राजकुमारले नाकमा रुमाल राख्तै भन्यो—'मन्त्रीजी ! यो केको दुर्गन्ध आइरहेको छ ?' मन्त्रीले भन्यो—'होला केही वस्तु, तपाई सरासर आउनु होस् ।' राजकुमार जब मन्त्रीकी छोरीको नगीचै पुग्यो तब दुर्गन्धले उभिन कठिन भयो । अनि राजकुमारले कन्याको दशा देखेर भन्यो—'अस्ती त मैले इनलाई अर्कै रूपमा देखेको थिएँ, आज के भयो?' मन्त्रीकी छोरीले भनी—'यदि हजुरलाई मसित प्रेम थियो भने म सेवामा उपस्थित छु । मेरो सौन्दर्यसित प्रेम थियो भने, ती भुड्काहरूमा भरिएको छ ।' राजकुमारले कन्याको गूढ कुरा सुनेर विचार गर्‍यो-सुन्दरता कुनै विशेष हो, जुन यी भुड्कामा भरिएको छ । उसले गएर भुड्काको मुखमा बाँधिएको रुमाल फुकाएर हेर्नासाथ त्यसका भित्री आँखा खुले र त्यसै वखत त्यसको मनमा वैराग्य उत्पन्न भयो । त्यसै दिनदेखि विषयबाट चित्त हटाएर त्यो भगवद्भजनमा संलग्न भयो र केही दिनमै मुक्ति प्राप्त गर्‍यो । चिप्लो माटोमा चिप्लने नवयुवक विचार गरुन् र विषयको भित्री मर्ममा ध्यान दिउन् जुन विषयलाई सन्तजनले त्यागे मूढ त्यसैलाई अँगाली रहेछन्—जस्तै मनुष्यले छादेको वस्तु कुकुरले स्वाद मानेर खान्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

यसको कारण जान्न खोज्दछु कि भगवान्‌का द्रोही भएर पनि ती अत्यन्त दुर्लभ भगवानमा सबैंको सामुन्ने अनायास कसरी लीन भए ? ॥१६–१९॥ हे भगवन् ! यो कुरा ठूलो र अद्भुत छ । मेरो बुद्धि वायुको वेगले काँमिरहने दीप शिखा झैं भ्रान्त भइरहेको छ । अतएव हजुर यसको कारण भन्नुहवस् ॥२०॥ शुकदेवजी भन्दछन्–राजा युधिष्ठिरको वचन सुनेर देवर्षि नारद निकै प्रसन्न भए र त्यस सभाको माझ उनलाई सम्बोधन गरेर भन्नलागे ॥२१॥ नारदजी भन्दछन्–प्राणीहरूको अज्ञानले नै निन्दा-स्तुति, सत्कार तथा तिरस्कारको आश्रयरूपी यस शरीरको रचना भएको छ ॥२२॥ हे पार्थिव ! शरीरको अभिमानले नै जीवमा 'म मेरो' भन्ने ममतारूपिणी विषमता आउँछ र निन्दादिका दुःखको ज्ञान हुन्छ ॥२३॥ जसले गर्दा अभिमान हुन्छ, त्यसकै वधले प्राणीहरूको वध मानिन्छ, तर यो अभिमान जस्तो जीवमा छ, त्यस्तै भगवान्‌मा छैन, किनकि ती अद्वितीय छन् । यसै निम्ति

जिह्वायां नान्धं विविशतुस्तमः ॥ १८ ॥ कथं तस्मिन्भगवति दुरवग्राहधामनि ॥ पश्यतां सर्वलोकानां लयमीयतुरञ्जसा ॥ १६ ॥ एतद्भ्राम्यति मे बुद्धिर्दीपार्चिरिव वायुना ॥ ब्रूह्येतदद्भुततमं भगवँस्तत्र कारणम् ॥ २० ॥ श्रीशुक उवाच ॥ राज्ञस्तद्वच आकर्ण्य नारदो भगवानृषिः ॥ तुष्टः प्राह तमाभाष्य शृण्वत्यास्तत्सदः कथाः ॥ २१ ॥ नारद उवाच ॥ निन्दनस्तवसत्कारन्यक्कारार्थं कलेवरम् ॥ प्रधानपरयो राजन्नविवेकेन कल्पितम् ॥ २२ ॥ हिंसा तदभिमानेन दण्डपारुष्ययोर्यथा ॥ वैषम्यमिह भूतानां ममाहमिति पार्थिव ॥ २३ ॥ यन्निबद्धोऽभिमानोऽयं तद्वधात्प्राणिनां वधः ॥ तथा न यस्य कैवल्यादभिमानोऽखिलात्मनः ॥ परस्य दमकर्तुर्हि हिंसा केनास्य कल्प्यते ॥ २४ ॥ तस्माद्वैरानुबन्धेन निर्वैरेण भयेन वा ॥ स्नेहात्कामेन वा युञ्ज्यात्कथञ्चिन्नेक्षते पृथक् ॥२५॥ यथा वैरानुबन्धेन मर्त्यस्तन्मयतामियात् ॥ न तथा भक्तियोगेन इति मे निश्चिता मतिः ॥ २६ ॥ कीटः पेशस्कृता रुद्धः कुडयायां तमनुस्मरन् ॥ संरम्भभययोगेन विन्दते तत्सरूपताम् ॥ २७ ॥ एवं कृष्णे भगवति मायामनुज ईश्वरे ॥ वैरेण पूतपाप्मानस्तमापुरनुचिन्तया ॥ २८ ॥ कामाद्द्वेषाद्भयात्स्नेहाद्यथा भक्त्येश्वरे मनः ॥ आवेश्य तदघं हित्वा बहवस्तद्गतिं गताः ॥ २६ ॥ गोप्यः कामाद्भयात्कंसो द्वेषाच्चैद्यादयो नृपाः ॥ सम्बन्धाद्वृष्णयः स्नेहाद्यूयं भक्त्या वयं विभो ॥ ३० ॥ कतमोऽपि न वेनः स्यात्पञ्चानां पुरुषं प्रति ॥ तस्मात्केनाप्युपायेन मनः कृष्णे निवेशयेत् ॥ ३१ ॥ मातृष्वस्रेयो वश्चैद्यो दन्तवक्रश्च पाण्डव ॥ पार्षदप्रवरौ विष्णोर्विप्र-

अर्काको कल्याणार्थ शत्रुका दमनकारी ती परमात्मालाई हिंसाले कसरी छुन सक्तछ ? ॥२४॥ अतः बलियो वैरानुबन्ध, वैरहीन भक्तिभाव, भय, स्नेह र काम कुनै पनि बाटोबाट उनमा यसरी चित्त लगाओस् कि उनी बाहेक अरु केही पनि नदेखियोस् ॥२५॥ मेरो त यो निश्चित मत छ–मनुष्य वैरानुबन्धनले भगवान्‌मा जति तन्मय हुन्छ, त्यति भक्तियोगले पनि हुन पाउन्न ॥२६॥ भृङ्गी कीरा द्वारा आफ्नो प्वालमा थुनिराखेको कीरा भय र उद्वेगले भृङ्गीको स्मरण गर्दा-गर्दै उसैको समान बनिजान्छ ॥२७॥ त्यस्तै नै माया-मानवरूप धारी परमेश्वर भगवान् कृष्णमा वैरभावले सर्वदा उनैको चिन्तन गर्दा-गर्दा पवित्र भएर इनले पनि उनलाई पाइसकेका छन् ॥२८॥ हे राजन् ! काम, द्वेष, भय, स्नेह र भक्ति आदि उपायहरूले भगवान्‌मा चित्त लगाएर अनेक व्यक्ति कामादिजनित पापबाट छुटेर सायुज्यमुक्ति पाइसकेका छन् ॥२९॥ हे सर्वसमर्थ ! कामले गोपिनीहरू, द्वेषले शिशुपालादि राजा, सम्बन्धले यादव

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

स्नेहले तथा *भक्तिले हामी मुनिजन तिनको स्वरूपलाई पाउन सकेकाछौं ॥३०॥ यी पाँच थरिका भगवत्-चिन्तकमध्ये वेन कुनैको पनि अन्तर्गत थिएनन् । अतः मुक्त हुन सकेनन् । यसै निम्ति जसरी हुन्छ उसै गरी श्रीकृष्णमा मन लगाइरहोस् ॥३१॥ हे पाण्डव ! तिम्रा सानीमाका छोरा शिशुपाल र दन्तवक्र पूर्वजन्ममा भगवान्का पार्षद थिए । विप्र-श्रापले ती दुवै पार्षद-पदबाट भ्रष्ट भएथे ॥३२॥ यो कुरा सुनेर राजा युधिष्ठिर भन्दछन्–हे मुने ! भगवान्का दासहरूलाई पनि तिरस्कृत पार्ने श्राप कस्तो र कसको थियो ? यस्ता अनन्य भगवद्भक्तहरूले भवसागरमा गाडिनु त विश्वसनीय लागेन ॥३३॥ प्राकृत देह र इन्द्रिय आदिले हीन ती वैकुण्ठवासीलाई जसरी शरीर-सम्बन्धको लाभ भएको होस्, त्यो प्रसंग मलाई आज्ञाहवस्

शापात्पदाच्च्युतौ ॥ ३२ ॥ युधिष्ठिर उवाच ॥ कीदृशः कस्य वा शापो हरिदासाभिमर्शनः ॥ अश्रद्धेय इवाभाति हरेरेकान्तिनां भवः ॥ ३३ ॥ देहेन्द्रियासुहीनानां वैकुण्ठपुरवासिनाम् ॥ देहसम्बन्धसम्बद्धमेतदाख्यातुमर्हसि ॥ ३४ ॥ नारद उवाच ॥ एकदा ब्रह्मणः पुत्रा विष्णुलोकं यदृच्छया ॥ सनन्दनादयो जग्मुश्चरन्तो भुवनत्रयम् ॥ ३५ ॥ पंचषड्ढायना र्भाभाः पूर्वेषामपि पूर्वजाः ॥ दिग्वाससः शिशून्मत्वा द्वाःस्थौ तान्प्रत्यषेधताम् ॥ ३६ ॥ अशपन्कुपिता एवं युवां वासं न चार्हथः ॥ रजस्तमोभ्यां रहिते पादमूले मधुद्विषः ॥ पापिष्ठामासुरीं योनिं बालिशौ यातमाश्वतः ॥३७॥ एवं शप्तौ स्वभवनात्पतन्तौ तैः कृपालुभिः ॥ प्रोक्तौ पुनर्जन्मभिर्वां त्रिभिर्लोकाय कल्पताम् ॥ ३८ ॥ जज्ञाते तौ दितेः पुत्रौ दैत्यदानववन्दितौ ॥

॥३४॥ नारदजी भन्दछन्–हे राजन् ! एक दिन ब्रह्माका पुत्र सनक-सनन्दनादि ऋषिहरू तीनै लोकमा डुल्दै विष्णुलोक पुगे ॥३५॥ पूर्वजका पनि पूर्वज भएर पनि ती पाँच–छ वर्षका बालक देखिन्थे र सदा दिगम्बर (नांगै) वेषमा रहन्थे । साधारण बालक ठानेर द्वारपाल जय-विजयले तिनलाई भित्र जान दिएनन् ॥३६॥ अनि रिसाएर उनले भने–'मूर्ख हो ! तिमी दुवै विष्णु भगवान्का रजोगुण-तमोगुणहीन चरणमा बस्ने योग्य छैनौ । अतः शीघ्र पापमयी असुर योनिमा जाओ' ॥३७॥ यसरी श्राप पाएर जब ती आफ्नो स्थानबाट च्युत (गिर्न) लागे, तब ती दयालु मुनिहरूले भने–'तीन जन्ममा श्रापको अवधि समाप्त पारेर तिमी दुवै फेरि वैकुण्ठ लोकमा फर्केर आउने छौ ।' तिनै दुवै द्वारपाल जय-विजय दैत्य-दानव वन्दित

---

* सत्संग चर्चा—१. जबसम्म व्याकुलता आउन्न, तबसम्म भगवान् गुप्त रहन्छन्, तर जब व्याकुलता आउँछ तब ती भगवान्का चरण चिन्ह स्वयं भनिदिन्छन्–'यता आऊ, भगवान् यहाँ छन् ।' व्याकुलताले नै उनका चरण चिन्ह देखिन लाग्दछन् । २. जो आफ्नो शक्तिले भगवान्लाई देख्न, बुझ्न र उनको सीमा बाँध्न खोज्दछन्, उनको निम्ति भगवान् नित्य अव्यय छन् । तर जो भगवान्का शरणापन्न भइजान्छन्, तिनको निम्ति भगवान् सर्वदा व्यक्त छन् । ३. भगवान्को बन्धन हुन्छ प्रेमपूर्ण व्यग्रताले, किनकि व्यग्रता बिना भगवान्लाई बाँध्ने भगवत्कृपाको प्रकाश फैलिन्न । ४. जबसम्म कुनै काम असाध्य ज्ञात हुँदैन वा अत्यन्त अनिवार्य हुँदैन, तबसम्म उनको निम्ति व्यग्रता उत्पन्न हुँदैन । असाध्य भाव र नितान्त आवश्यकता नै व्यग्रता उत्पन्न गर्दछ । ५. श्रीकृष्णको निम्ति जबसम्म प्राण रुँदैन, तबसम्म उनलाई कसैले पक्रन सक्तैन । ६. जसको जसमा कामना हुन्छ, त्यही उसको काम्य हो । त्यसमा बाधा पर्नाले क्रोध उत्पन्न हुन्छ । वास्तवमा काम नै प्रतिहत भएर क्रोध बन्दछ । ७. जुन वस्तुमा जति परिमाणमा कामना रहन्छ, त्यसको निम्ति उति नै परिमाणमा क्रोध हुन्छ । ८. भगवान् जोसित मिलेर लीला गर्दछन्, ती सबै भगवान्का पार्षद हुन् । पार्षदका दुइ भेद छन्—१. अनुकूल पार्षद र २. प्रतिकूल पार्षद । जो अनुकूल पार्षद छन्, ती उनको लीलामा मित्ररूपले सहायता गर्दछन् र जुन प्रतिकूल पार्षद छन्, ती शत्रुभावले सहायता गर्दछन् । दिव्यधाममा अनुकूल पार्षदगणसित भगवानका लीला हुन्छन् । त्यहाँ प्रतिकूल पार्षद अचेतनभावले उपस्थित रहन्छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दितिका छोरा भए। तिनमा हिरण्यकशिपु जेठो र हिरण्याक्ष कान्छो थिए ॥३८-३९॥ हिरण्यकशिपुलाई भगवान्‌ले नृसिंह रूप धारण गरेर मारी भूमिलाई उद्धार गर्ने वेला शूकर रूपले हिरण्याक्षको संहार गरे ॥४०॥ हिरण्यकशिपुले आफ्नो भगवद्भक्त पुत्र प्रह्लादलाई मार्नको निम्ति अनेक यातना दियो ॥ १ ॥ अनेक युक्ति गरेर पनि त्या सबै प्राणीहरूका आत्मा, परम शान्त, समदर्शी तथा भगवन्-तेजयुक्त प्रह्लादलाई मार्न सकेन ॥४२॥ त्यसपछि ती दुवै विश्रवा पिता र केशिनी माताद्वारा रावण र कुम्भकर्ण भएर जन्मिए। तिनले सबै व्यक्तिलाई त्रेसरी कष्ट दिए ॥४३॥ त्यस जन्ममा पनि श्राप-मुक्त पार्नको निम्ति भगवान्‌ले रामरूपले अवतार लिएर मारे। हे राजन्! ती रामचन्द्रको पराक्रम मार्कण्डेय मुनिको मुखबाट सुन्नेछौ ॥४४॥ जन्मान्तरमा तिनै दुवै क्षत्रियरूपमा तिम्री सानीमाका छोरा भएर जन्मेथे। ती अब श्रीकृष्णको सुदर्शन चक्रले पवित्र भएर श्रापमुक्त भए॥४५॥ ती विष्णु-पार्षद वैरानुबन्धले बलियो ध्यानद्वारा नारायणको स्वरूप प्राप्त गरेर फेरि उनैको नगीच पुग्दछन् ॥ ४६ ॥ राजा युधिष्ठिरले सोधे—हे भगवन्! हिरण्यकशिपुले आफ्नो प्रियपुत्र महात्मा

हिरण्यकशिपुर्ज्येष्ठो हिरण्याक्षोऽनुजस्ततः ॥ ३६ ॥ हतो हिरण्यकशिपुर्हरिणा सिंहरूपिणा ॥ हिरण्याक्षो धरोद्धारे बिभ्रता सौकरं वपुः ॥ ४० ॥ हिरण्यकशिपुः पुत्रं प्रह्लादं केशवप्रियम् ॥ जिघांसुरकरोन्नाना यातना मृत्युहेतवे ॥ ४१ ॥ सर्वभूतात्मभूतं तं प्रशान्तं समदर्शनम् ॥ भगवत्तेजसा स्पृष्टं नाशक्नोद्धन्तुमुद्यमैः ॥४२॥ ततस्तौ राक्षसौ जातौ केशिन्यां विश्रवःसुतौ ॥ रावणः कुम्भकर्णश्च सर्वलोकोपतापनौ ॥४३॥ तत्रापि राघवो भूत्वा न्यहनच्छापमुक्तये ॥ रामवीर्यं श्रोष्यसि त्वं मार्कण्डेयमुखात्प्रभो ॥ ४४ ॥ तावेव क्षत्रियौ जातौ मातृष्वस्रात्मजौ तव ॥ अधुना शापनिर्मुक्तौ कृष्णचक्रहतांहसौ ॥ ४५ ॥ वैरानुबन्धतीव्रेण ध्यानेनाच्युतसात्मताम् ॥ नीतौ पुनर्हरेः पार्श्वं जग्मतुर्विष्णुपार्षदौ ॥ ४६ ॥ युधिष्ठिर उवाच ॥ विद्वेषो दयिते पुत्रे कथमासीन्महात्मनि ॥ ब्रूहि मे भगवन् येन प्रह्लादस्याच्युतात्मता ॥ ४७ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादचरितोपक्रमे प्रथमोऽध्यायः ॥ १ ॥ नारद उवाच ॥ भ्रातर्येवं विनिहते हरिणा क्रोडमूर्तिना ॥ हिरण्यकशिपू राजन्पर्यतप्यद्रुषा शुचा ॥ १ ॥ आह चेदं रुषा घूर्णः सन्दष्टदशनच्छदः ॥ कोपोज्ज्वलद्भ्यां चक्षुर्भ्यां निरीक्षन्धूम्रमम्बरम् ॥ २ ॥ करालदंष्ट्रोग्रदृष्ट्या दुष्प्रेक्ष्यभ्रुकुटीमुखः ॥ शूलमुद्यम्य सदसि दानवानिदमब्रवीत् ॥ ३ ॥ भो भो दानवदैतेया द्विमूर्धंस्त्र्यक्ष शम्बर ॥ शतबाहो हयग्रीव नमुचे पाक इल्वल ॥ ४ ॥ विप्रचित्ते मम वचः

प्रह्लादसित द्वेष किन गर्‍यो? असुर कुलमा जन्म लिएर पनि प्रह्लादले भगवान्‌मा आफ्नू चित्त कसरी लगाए? त्यो भन्नुहवस् ॥४७॥ इतिःश्रीमद्भागबते महापुराणे सप्तमस्कन्धे नेपाली भाषा टीकायां प्रथमोऽध्यायः ॥१॥ (पुत्रशोकले बाँतर दितिः र अन्य कुटुम्बले हिरण्यकशिपुलाई बुझाउनु)—नारदजी भन्दछन्—राजन्! वाराह भगवान् द्वारा आफ्नो भाई मारिएपछि हिरण्यकशिपु क्रोध र शोकले तमतमायो ॥१॥ रिसले गर्दा काम्दै, दाँतले ओठ टोक्तै र शोक एवं क्रोधाग्निले गर्दा बल्दो आँखाका धुआँले धूम्रवर्ण आकाशतर्फ आँखा तर्दै त्यो भन्न लाग्यो ॥ २ ॥ बोल्न लाग्दा कराल दाह्रा, उग्रदृष्टि र भृकुटीहरूले त्यसको मुख यस्तो विकृत भएको थियो कि कोही पनि त्यसको मुखतिर हेर्न समर्थ थिएन। आफ्नो सभाको बीचमा त्रिशूल तानेर उसले भन्यो—॥ ३ ॥ 'हे द्विमूर्द्धा, त्र्यक्ष, शम्बर, शतबाहु, हयग्रीव, नमुचि, पाक, इल्वल, विप्रचित्ति, प्रलोमा तथा शकुनि आदि दैत्य र दानव हो!

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

मेरो कुरा सुने र जस्तो मन्दछु उस्तै गर । यसमा ढीलो नहोस् ॥ ४-५॥ समदर्शी भएर पनि उपासनाले निज पक्षमा ल्याइएका विष्णुद्वारा हाम्रा तुच्छ शत्रु देवताहरूले मेरा परमप्रिय सुहृद् तथा सहोदर भाइलाई मार्न लगाए ॥ ६ ॥ जसले शुद्ध स्वरूप भएर पनि आफ्नो स्वभाव त्यागिदिए, त्यो माया-वाराहरूपधारी, बालकहरूको समान अस्थिरचित्त र आफ्ना उपासकहरूको अनुकूल विष्णुको कण्ठ आफ्नो त्रिशूलले काटेर जब म आफ्नो रुधिर-प्रेमी भाइको तर्पण गरौंला, अनि मात्र मेरो मनको आगो निभ्ने छ ॥ ७-८ ॥ देवगणको प्राण त्यो विष्णु नै छ । त्यो कपटी शत्रु नरहेपछि यी सबै यस्ता निस्तेज हुनेछन्, जस्तै जरैबाट काटिएको वृक्ष ॥ ९ ॥ अतः तिमी अहिल्यै ब्राह्मण र क्षत्रियहरूले भरिएको भूमिमा गएर तप, यज्ञ स्वाध्याय, जप र दानादि शुभ कर्मगर्नेलाई मार ॥१०॥ किनकि ब्राह्मणद्वारा गरिएका यज्ञादि क्रिया नै विष्णुका जरो हुन् । त्यो परमपुरुष यज्ञस्वरूप तथा धर्ममय छ । त्यही सबै देव

पुलोमञ्शकुनादयः ॥ शृणुतानन्तरं सर्वं क्रियतामाशु मा विचरम् ॥५॥ सपत्नैर्घातितः क्षुद्रैर्भ्राता मे दयितः सुहृत् ॥ पार्ष्णिग्राहेण हरिणा समेनाप्युपधावनैः ॥ ६ ॥ तस्य त्यक्तस्वभावस्य घृणेर्मायावनौकसः ॥ भजन्तं भजमानस्य बालस्येवास्थिरात्मनः ॥ ७ ॥ मच्छूलभिन्नग्रीवस्य भूरिणा रुधिरेण वै ॥ रुधिरप्रियं तर्पयिष्ये भ्रातरं मे गतव्यथः ॥८॥ तस्मिन्कूटेऽहिते नष्टे कृत्तमूले वनस्पतौ ॥ विटपा इव शुष्यन्ति विष्णुप्राणा दिवौकसः ॥ ९ ॥ तावद्यात भुवं यूयं विप्रक्षत्रसमेधिताम् ॥ सूदयध्वं तपोयज्ञस्वाध्यायव्रतदानिनः ॥ १० ॥ विष्णुर्द्विजक्रियामूलो यज्ञो धर्ममयः पुमान् ॥ देवर्षिपितृभूतानां धर्मस्य च परायणम् ॥ ११ ॥ यत्र यत्र द्विजा गावो वेदा वर्णाश्रमाः क्रियाः ॥ तं तं जनपदं यात सन्दीपयत वृश्चत ॥ १२ ॥ इति ते भर्तृनिर्देशमादाय शिरसाऽऽदृताः ॥ तथा प्रजानां कदनं विदधुः कदनप्रियाः ॥ १३ ॥ पुरग्रामव्रजोद्यानक्षेत्रारामाश्रमाकरान् ॥ खेटखर्वटघोषांश्च ददहुः पत्तनानि च ॥ १४ ॥ केचित्खनित्रैर्बिभिदुः सेतुप्राकारगोपुरान् ॥ आजीव्यांश्चिच्छिदुर्वृक्षान्केचित्परशुपाणयः ॥ प्रादहञ्छरणान्यन्ये प्रजानां ज्वलितोल्मुकैः ॥१५॥ एवं विप्रकृते लोके दैत्येन्द्रानुचरैर्मुहुः ॥ दिवं देवाः परित्यज्य भुवि चेरुरलक्षिताः ॥१६॥ हिरण्यकशिपुर्भ्रातुः सम्परेतस्य दुःखितः ॥ कृत्वा कटोदकादीनि भ्रातृपुत्रानसान्त्वयत् ॥ १७ ॥ शकुनिं शम्बरं धृष्टं भूतसन्तापनं वृकम् ॥ कालनाभं महानाभं हरिश्मश्रुमथोत्कचम् ॥ १८ ॥ तन्मातरं रुषाभानुं दितिं च जननीं गिरा ॥ श्लक्ष्णया देशकालज्ञ इदमाह जनेश्वर ॥ १९ ॥ हिरण्यकशिपुरुवाच ॥ अम्बाम्ब हे वधूः पुत्रा वीरं

ऋषि, पितर, भूत तथा धर्मको आधार छ ॥ ११ ॥ जहाँ पनि ब्राह्मण, गाई, वेद र वर्णाश्रम-धर्म विद्यमान छन्, त्यहीं गएर तिमी ती देशलाई पोलिदेउ र सारा धर्म-कर्म नष्ट पारिदेउ ॥१२॥ आफ्ना स्वामीको आज्ञा शिरोधार्य गरेर ती हिंसाप्रिय दैत्य प्रजाको संहार गर्नलागे ॥१३॥ तीनीहरूले पुर, ग्राम, व्रज, उद्यान, क्षेत्र, बगैंचा, आश्रम खान कृषकका घर पर्वतीय झुपडीहरू यादवका घर र ठूला-ठूला नगरहरूमा आगो लगाइदिए ॥१४॥ कोदालोले सेतुहरू, किला, नगर-द्वारहरू तोडिदिए फल लागेका वृक्ष बन्चराले काटिदिए र घर-द्वार पोलिदिए ॥१५॥ दैत्यपति हिरण्यकशिपुका अनुचरहरूले जब प्रजालाई धेरै दुःख दिए तब सबै देवता स्वर्ग छाडेर गुप्त रूपले पृथ्वीमा घुम्नलागे ॥ १६ ॥ उतावन्धु वियोगले दुःखी तथा देशकालको ज्ञाता हिरण्यकशिपुले आफ्नो [illegible] भूतसन्तापन, वृक, कालनाभ, हरिश्मश्रु र उत्कच आदि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भतीजाहरूलाई धैर्य दियो । हे जनेश्वर ! आफ्नो भाइकी आमा रुषाभानु तथा आफ्नी जननी दितिसित उसले मधुर वाणीमा भन्यो ॥१७-१९॥ हिरण्यकशिपु भन्दछ–हे माता ! हे बुहारी हो ! हे पुत्रगण ! तिमीहरू त्यस वीरको निम्ति शोक नगर–शूरवीर त शत्रुको साम्नुन्ने नै शरीर त्याग्नु श्लाघ्य ठान्दछन् ॥२०॥ हे सुव्रते ! संसारमा जीवहरू एकै ठाउँमा भेटिनु पानी पिलाउने स्थानमा एकत्र बाटो हिड्ने पथिकसमान क्षणिक हुन्छ । ती आफ्नो कर्मानुसार दैवयोगले एकत्रित हुन्छन् र विछुडिन्छन् ॥२१॥ वस्तुतः आत्मा नित्य, अविनाशी, शुद्ध, सर्वगत, सर्वज्ञ, देह र इन्द्रियहरूभन्दा पृथक् छ । त्यो आफ्नो अविद्याको कारणले नै सुख-दुःखादि गुणलाई स्वीकार गरेर लिङ्गदेह धारण गर्दछ ॥२२॥ जस्तै नदीमा जल हिंडेपछि तटवर्ती वृक्षहरू पनि हिंडे झैं देखिन्छन् र आँखाका गोलकहरू घुम्नाले पृथिवी पनि घुमे झैं देखिन्छ । त्यस्तै नै गुणहरूद्वारा मन शान्त भएपछि निर्विकार आत्मा पनि शान्त रहन्छ र देहादि लिङ्गबाट रहित भएर पनि तिनीहरूद्वारा युक्त भएजस्तै देखिन्छ ॥२३॥२४॥ यस प्रकार आफ्नो अशरीर आत्मामा शरीरका भावना नै आत्म-विपर्यय हो ।

मार्हथ शोचितुम् ॥ रिपोरभिमुखे श्लाघ्यः शूराणां वध ईप्सितः ॥ २० ॥ भूतानामिह संवासः प्रपायामिव सुव्रते ॥ दैवेनैकत्र नीतानामुन्नीतानां स्वकर्मभिः ॥२१॥ नित्य आत्माऽव्ययः शुद्धः सर्वगः सर्ववित्परः ॥ धत्तेऽसावात्मनो लिङ्गं मायया विसृजन्गुणान्॥२२॥ यथाऽम्भसा प्रचलता तरवोऽपि चला इव ॥ चक्षुषा भ्राम्यमाणेन दृश्यते चलतीव भूः ॥२३॥ एवं गुणैर्भ्राम्यमाणे मनस्यविकलः पुमान् ॥ याति तत्साम्यतां भद्रे ह्यलिङ्गो लिङ्गवानिव ॥२४॥ एष आत्मविपर्यासो ह्यलिङ्गे लिङ्ग भावना ॥ एष प्रियाप्रियैर्योगो वियोगःकर्मसंसृतिः ॥२५॥ सम्भवश्च विनाशश्च शोकश्च विविधः स्मृतः ॥ अविवेकश्च चिन्ता च विवेकास्मृतिरेव च ॥ २६ ॥ अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ॥ यमस्य प्रेतबन्धूनां सम्वादं तं निबोधत ॥ २७ ॥ उशीनरेष्वभूद्राजा सुयज्ञ इति विश्रुतः ॥ सपत्नैर्निहतो युद्धे ज्ञातयस्तमुपासत ॥ २८ ॥ विशीर्णरत्नकवचं विभ्रष्टाभरणस्रजम् ॥ शरैर्निर्भिन्नहृदयं शयानमसृगाविलम् ॥ २९ ॥ प्रकीर्णकेशं ध्वस्ताक्षं रभसा दष्टदच्छदम् ॥ रजःकुण्ठमुखाम्भोजं छिन्नायुधभुजं मृधे ॥ ३० ॥ उशीनरेन्द्रं विधिना तथा कृतं पतिं महिष्यः प्रसमीक्ष्य दुःखिताः ॥ हताः स्म नाथेति करैरुरो भृशं घ्नंत्यो मुहुस्तत्पदयोरुपापतन् ॥ ३१ ॥ रुदत्य उच्चैर्दयिताङ्घ्रिपङ्कजं सिञ्चन्त्य अस्रैः कुचकुङ्कुमारुणैः ॥ विस्रस्तकेशाभरणां शुचं नृणां सृजन्त्य आक्रन्दनया विलेपिरे ॥ ३२ ॥ अहो विधात्राऽकरुणेन नः

यसैले प्रिय-अप्रियको संयोग, कर्म, संसारको प्राप्ति, जन्म, मरण, शोक, अविवेक, चिन्ता, तथा विवेकको विस्मृति आदि कार्य हुन्छन् ॥२५-२६॥ यस विषयमा जान्ने जन यो इतिहास भन्दछन्, जसमा यौटा मृत व्यक्तिका बान्धवसित यमराजको कुरा-कानी छ । अब त्यो सुन-॥२७॥ उशीनरर देशमा राजा सुयज्ञ राज्य गर्दथे । सहसा ती युद्धक्षेत्रमा शत्रुहरू द्वारा मारिए । तब तिनका सबै जातिबन्धु त्यसलाई चारैतिरबाट घेरेर बसे । मरेपछि त्यो मृतकको रत्नजडित कवच छिन्न-भिन्न भएको थियो । त्यसका सबै आभूषण तथा मालादि छरिएका थिए । त्यसको हृदय बाण विद्ध भएर चारैतिर छरिएको थियो र सारा शरीर रगतका मुछिएको थियो । त्यसका केश जिग्रिङ्ग थिए र नेत्र नष्ट भइसकेका थिए । रिसको वेगले उसले दुवै ओठ दाँतले थिचिराखेका थिए । त्यसको मुखकमल धूलि-धूसरित थियो र अस्त्र-शस्त्र र भुजाहरू युद्धमा काटिएका थिए ॥२८-३०॥ विधाताले राजा उशीनरलाई यस अधम दशामा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

पुन्याइदिए, यस्तो देखेर तिनका पटरानीहरूलाई सान्है कष्ट भयो र ती हे नाथ ! हामी मारियौं भन्दै छाती ठोक्तै राजाका खुट्टामा लटपटिए ॥३१॥ ती ठूलो शब्दले हाहाकार गर्दै कुच-कुंकुम मिश्रित अरुण वर्णका अश्रुजलले आफ्ना प्रियतमका चरण पखाल्न लागे। तिनका केश र आभूषण छरिएका थिए। ती अन्य पुरुषका हृदयमा पनि शोक-संचार तथा करुण क्रन्दन गर्दै भन्न लागे–॥३२॥ 'हरे ! निर्दयी विधाताले आज हजुरलाई हाम्रो आँखाबाट टाढा पारिदिए। हे नाथ ! हजुर पहिले उशीनर निवासीहरूलाई जीविका दिनुहुन्थ्यो तर आज विधाताले हजुरलाई तिनको शोकदाता तुल्याइदियो ॥३३॥ हे भूपते ! हजूर जस्ता कृतज्ञ प्रियतम विना हामी कसरी बाँच्ने ? वीर ! हजुर जहाँ जानुहुन्छ, त्यहीं आउनका लागि आफ्ना चरणका दासीहरूलाई पनि आज्ञा दिंदै जानुहवस्' ॥३४॥ आफ्ना मृत पतिलाई समातेर यसरी विलाप गर्दागर्दै सूर्यास्त भयो। तैपनि तिनको दाह-संस्कार परिवारले हुन दिएनन् ॥३५॥ ती मृतराजाका बन्धुहरूको विलाप सुनेर स्वयं यमराज बालक-स्वरूपले प्रकट भई तिनको नगीचै गएर भने ॥३६॥ यमराज भन्दछन्–अहो ! यिनीहरू मभन्दा धेरै ठूला छन् र

प्रभो भवान्प्रणीतो दृगगोचरां दशाम् ॥ उशीनराणामसि वृत्तिदः पुरा कृतोऽधुना येन शुचां विवर्धनः ॥ ३३ ॥ त्वया कृतज्ञेन वयं महीपते कथं विना स्याम सुहृत्तमेन ते ॥ तत्रानुयानं तव वीर पादयोः शुश्रूषतीनां दिश यत्र यास्यसि ॥३४॥ एवं विलपतीनां वै परिगृह्य मृतं पतिम् ॥ अनिच्छतीनां निर्हारमर्कोऽस्तं संन्यवर्तत ॥ ३५ ॥ तत्र ह प्रेतबन्धूनामाश्रुत्य परिदेवितम् ॥ आह तान्बालको भूत्वा यमः स्वयमुपागतः ॥३६॥ यम उवाच ॥ अहो अमीषां वयसाऽधिकानां विपश्यतां लोकविधिं विमोहः ॥ यत्रागतस्तत्र गतं मनुष्यं स्वयं सधर्मा अपि शोचन्त्यपार्थम् ॥ ३७ ॥ अहो वयं धन्यतमा यदत्र त्यक्ताः पितृभ्यां न विचिन्तयामः ॥ अभक्ष्यमाणा अबला वृकादिभिः स रक्षिता रक्षति यो हि गर्भे ॥ ३८ ॥ य इच्छयेशः सृजतीदमव्ययो य एव रक्षत्यवलुम्पते च यः ॥ तस्याबलाः क्रीडनमाहुरीशितुश्चराचरं निग्रहसंग्रहे प्रभुः ॥ ३९ ॥ पथि च्युतं तिष्ठति दिष्टरक्षितं गृहे स्थितं तद्विहतं विनश्यति ॥ जीवत्यनाथोऽपि तदीक्षितो वने गृहेऽपि गुप्तोऽस्य हतो न जीवति ॥ ४० ॥ भूतानि तैस्तैर्निजयोनिकर्मभिर्भवन्ति काले न भवन्ति सर्वशः ॥ न तत्र ह्यात्मा प्रकृतावपि स्थितस्तस्या गुणैरन्यतमो निबध्यते ॥ ४१ ॥ इदं शरीरं पुरुषस्य मोहजं

जन्म-मरणरूपी संसारको गतिलाई देखेका छन्, तैपनि यिनलाई यस्तो मोह छ। यो मनुष्य जहाँबाट आएको थियो, उहीं गयो। यी स्वयं पनि यो जस्तै मर्ने छन्, तैपनि शोक गर्दछन् ॥३७॥ अहो ! स्वामी धन्यछौं जो आफ्ना माता-पिता द्वारा त्यागिदिएर पनि चिन्ता गर्दैनौं। हामी सान्है निर्बल छौं, तापनि हिंसक जन्तु हामीलाई खाँदैनन् र यो कुरा बुझेर– जसले गर्भमा मेरो रक्षा गरे, उनैले यहाँ पनि गर्नेछन्' निश्चिन्त रहन्छौं ॥३८॥ हे अबला हो। अविनाशी परमेश्वर आफ्नो इच्छाले संसारको रचना, पालन र संहार गर्दछन्। यस चराचर जगत्लाई उही ईश्वरको खेलौना भन्दछन् त्यो यसको पालन तथा संहारमा समर्थ छन् ॥३९॥ दैवद्वारा सुरक्षित वस्तु बाटोमा जस्ताको त्यस्तै पडिरहन्छ र दैव विपरीत भएपछि घरमा राखेको वस्तु पनि नष्ट भएर जान्छ। परमात्माको दयाले अतिथि र वनवासी मनुष्य बाँच्तछ र भगवान् विपरीत भएपछि घरैमा सुरक्षित बसिरहे पनि बाँच्न सकिन्न ॥ ४० ॥ हे महारानीहरू हो ! यो भौतिक शरीर कारणरूप लिङ्गदेहको कर्मानुसार उत्पन्न तथा नष्ट हुँदै रहन्छन्, परन्तु आत्मा शरीरमा स्थित रहेर पनि त्योदेखि सर्वथा भिन्न रहँदो छँदो गुणहरूमा लिप्त हुँदैन ॥ ४१ ॥ यो शरीर मोहको कारण नै सबैलाई आफ्नू ठान्न थाल्दछ। वस्तुतः घर आदि जस्तै यो पनि आफूबाट पृथक् नै रहन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै जलबाट उत्पन्न फोका, पृथ्वीका विकार घटादि तथा तैजस कुण्डल आदि पदार्थ कालक्रमले उत्पन्न हुँदै तथा विकृत भएर नष्ट हुन्छन्, त्यस्तै नै पृथ्वी, जल र तेजले उत्पन्न शरीर पनि विकृत भएर नष्ट हुन्छ ॥ ४२ ॥ जस्तै काठमा व्याप्त रहेर पनि अग्नि त्यसदेखि भिन्न हुन्छ, वायु शरीरमा रहेर पनि त्योदेखि अलग्ग रहन्छ र आकाश सर्वत्र व्याप्त भए पनि असङ्ग रहन्छ, त्यस्तै आत्मा शरीरमा रहेर पनि त्यसदेखि पृथक् रहन्छ ॥ ४३ ॥ हे मूर्खा हो ! जसको निम्ति रोइरहेछौ, त्यो शरीर त तिम्रो सामुन्ने छँदैछ । यसमा जुन सुन्ने र बोल्ने थियो, त्यसलाई कसैले देखिरहेका छैनौ । अतः त्यसको निम्ति शोक नगर ॥ ४४ ॥ सबै इन्द्रियमा प्रधान भएर पनि महाप्राण सुन्ने तथा बोल्ने होइन । जो यस शरीरमा सबै इन्द्रियको आधार छ, त्यो आत्मा प्राण र देहदेखि पृथक् रहन्छ ॥ ४५ ॥ वास्तवमा त्यो सर्वगत आत्मा शरीरदेखि भिन्न छ । तैपनि त्यो भूत, इन्द्रिय र मन

यथा पृथग्भौतिकमीयते गृहम् ॥ यथोदकैः पार्थिवतैजसैर्जनः कालेन जातो विकृतो विनश्यति ॥४२॥ यथाऽनलो दारुषु भिन्न ईयते यथाऽनिलो देहगतः पृथक् स्थितः ॥ यथा नभः सर्वगतं न सज्जते तथा पुमान्सर्वगुणाश्रयः परः ॥४३॥ सुयज्ञो नन्वयं शेते मूढा यमनुशोचथ ॥ यः श्रोता योऽनुवक्तेह स न दृश्येत कर्हिचित् ॥४४॥ न श्रोता नानुवक्ताऽयं मुख्योऽप्यत्र महानसुः ॥ यस्त्विहेन्द्रियवानात्मा स चान्यः प्राणदेहयोः ॥४५॥ भूतेन्द्रियमनोलिङ्गान्देहानुच्चावचान्विभुः ॥ भजत्युत्सृजति ह्यन्यस्तच्चापि स्वेन तेजसा ॥ ४६ ॥ यावल्लिङ्गान्वितो ह्यात्मा तावत्कर्मनिबन्धनम् ॥ ततो विपर्ययः क्लेशो मायायोगोऽनुवर्तते ॥४७॥ वितथाभिनिवेशोऽयं यद्गुणेष्वर्थदृग्वचः ॥ यथा मनोरथः स्वप्नः सर्वमैन्द्रियकं मृषा ॥४८॥ अथ नित्यमनित्यं वा नेह शोचन्ति तद्विदः ॥ नान्यथा शक्यते कर्तुं स्वभावः शोचतामिति ॥ ४९ ॥ लुब्धको विपिने कश्चित्पक्षिणां निर्मितो

लिङ्गले प्रतीयमान उत्तम तथा अधम शरीरलाई आफ्नो तेजले धारण र त्याग गर्दै रहन्छ ॥४६॥ जब सम्म आत्मा लिङ्गदेहमा विद्यमान रहन्छ, तबसम्म त्यसलाई कर्मबन्धनले बाँध्दछ । त्यसैले उसलाई मोह, क्लेश पुनः पुनः प्राप्त हुन्छन् । त्यसको अस्तित्व केवल मायाको कारणले छ ॥४७॥ गुणका कार्य सुख-दुःखादिलाई सत्य मान्नु वा सत्य भन्नु व्यर्थको आग्रह हो मनोरथ तथा सपनाका पदार्थ झैं इन्द्रियहरूका सबै विषय मिथ्या हुन्छन्॥४८॥अतः पण्डित जन नित्य (आत्मा) एवं अनित्य (शरीर) यीबाट कुनैको निम्ति पनि शोक गर्दैनन् किनकि शोकले आकुल व्यक्ति उपाय गरेर पनि कुनै वस्तुको स्वभाव साट्न सक्तैन । यस विषयको एक दृष्टान्त छ–यौटा वनमा कुनै व्याधा बस्तथ्यो । त्यो अनेक उपायले पक्षीलाई पक्रने

※ दृष्टान्त (बुद्धिले हुने काम बलले हुन सक्तैन)—यौटा ठूलो वनमा कर्पूरतिलक नामको यौटा हात्ती बस्तथ्यो । त्यसलाई देखेर स्यालहरूले सोचे—'कुनै उपायले मार्न पाएदेखि हामीहरू चार महीनासम्म आरामले खाने थियौं । तिनमा यौटा बूढो स्यालले प्रतिज्ञा गर्‍यो—'म आफ्नो बुद्धि बलले यसलाई मार्नेछु।' त्यो धूर्त कर्पूरतिलककहाँ गएर भन्नलाग्यो—'देवता ! म प्रणाम गर्दछु।' हात्तीले भन्यो—'तिमी को हौ र कहाँबाट आएका ?' उसले उत्तर दियो—'म स्याल हुँ । वनका सबै पशुहरू मिलेर मलाई पठाएका हुन् । उनीहरूको विचार छ– विना राजाको रहनु अनुचित हो । अतः यस वनको राज्य-सिंहासनमा अभिषेक गर्नका लागि हजुरलाई डाकेका छन् । अतएव हजुर तत्काल हिड्नोस् , नत्र मुहूर्त बित्ने डर छ।' राज्यको लोभले कर्पूरतिलक त्यो स्यालको पछि-पछि दगुर्दै गयो । स्याल हलुको थियो, यसै निम्ति सबै ठाउँमा दगुर्दै उफ्रन्दै जान्थ्यो, किन्तु हात्ती एक ठाउँमा हिलोमा भासियो । अनि उसले स्याललाई कराएर भन्यो—म त हिलोमा गाडिएँ । यसबाट निस्कने मैले अनेक चेष्टा गरें तर सफल हुनसकिन । अब मेरो मृत्यु आइपुगे जस्तो छ ।' स्यालले भन्यो—'हामी जस्ता धूर्त प्राणीमाथि तिमीले जस्तो विश्वास गर्‍यौ त्यस्तै आफ्नो मूर्खताको फल पनि भोग ।' अन्त्यमा त्यो हात्ती त्यहीं मर्‍यो र स्यालहरूले खाइदिए ।

Nagarjuna Z. Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

जाल थापिदिन्थ्यो ॥४९॥५०॥ एक दिन त्यसलाई यौटा कुलिङ्ग पक्षीको जोडा वनमा डुलेको देखियो। त्यसले सहजै पोथीलाई फकाइलियो ॥ ५१ ॥ जसले त्यो जालमा गएर अल्झिई। त्यसलाई आपत्तिग्रस्त देखेर भाले कुलिंग दुःखी भयो र मुक्त पार्नमा असमर्थ भएर अत्यन्त स्नेहवश कातर भावले त्रिलौना गर्न थाल्यो—॥ ५२ ॥ हरे ! सर्वसमर्थ भएर पनि विधाता सान्है निष्ठुर छ। म अभागीको निम्ति रुने र करुणापात्री मेरी दीन भार्यालाई लगेर त्यो के गर्ला ! ॥ ५३ ॥ स्त्री विना कष्टले बाँच्ने यो आधा शरीरको मलाई के काम ? अब त विधाताले मलाई पनि लगिदिए हुन्थ्यो ॥५४ ॥ जसको अहिले प्वाँख पनि उम्रेका छैनन् ती मातृहीन चल्लालाई म कसरी पालौंला ? हरे ! मेरा ती अभागी बच्चा गुँडमै बसेर आमाको बाटो हेर्दा हुनन् ॥ ५५ ॥ यस प्रकार आफ्नी प्रियाको वियोगले व्याकुल र गद्गद्कण्ठले रुने कुलिङ्गलाई पनि त्यही व्याधाले नगीचैको वृक्षको आडमा

ऽन्तकः ॥ वितत्य जालं विदधे तत्र तत्र प्रलोभयन् ॥५० ॥ कुलिङ्गमिथुनं तत्र विचरत्समदृश्यत ॥ तयोः कुलिङ्गी सहसा लुब्धकेन प्रलोभिता ॥५१॥ साऽसज्जत शिचस्तन्त्यां महिषी कालयन्त्रिता ॥ कुलिङ्गस्तां तथापन्नां निरीक्ष्य भृशदुःखितः ॥ स्नेहादकल्पः कृपणः कृपणां पर्यदेवयत् ॥५२॥ अहो अकरुणो देवः स्त्रिया करुणया विभुः ॥ कृपणं माऽनुशोचन्त्या दीनया किं करिष्यति ॥५३॥ कामं नयतु मां देवः किमर्धेनात्मनो हि मे ॥ दीनेन जीवता दुःखमनेन विधुरायुषा ॥५४॥ कथं त्वजातपक्षांस्तान्मातृहीनान्विभर्म्यहम् ॥ मन्दभाग्याः प्रतीक्षन्ते नीडे मे मातरं प्रजाः ॥५५॥ एवं कुलिङ्गं विलपन्तमारात्प्रियावियोगातुरमश्रुकण्ठम् ॥ स एव तं शाकुनिकः शरेण विव्याध कालप्रहितो विलीनः ॥ ५६ ॥ एवं यूयमपश्यन्त्य आत्मापायमबुद्धयः ॥ नैनं प्राप्स्यथ शोचन्त्यः पतिं वर्षशतैरपि ॥५७॥ हिरण्यकशिपुरुवाच ॥ बाल एवं प्रवदति सर्वे विस्मितचेतसः ॥ ज्ञातयो मेनिरे सर्वमनित्यमयथोत्थितम् ॥ ५८ ॥ यमदुपाख्याय तत्रैवान्तरधीयत ॥ ज्ञातयोऽपि सुयज्ञस्य चक्रुर्यत्साम्परायिकम् ॥ ५९ ॥ ततः शोचत मा यूयं परं चात्मानमेव च ॥ क आत्मा कः परो वाऽत्र स्वीयः पारक्य एव वा ॥ स्वपराभिनिवेशेन विना ज्ञानेन देहिनाम् ॥६०॥ नारद उवाच ॥ इति दैत्यपतेर्वाक्यं दितिराकर्ण्य सस्नुषा ॥ पुत्रशोकं क्षणात्त्यक्त्वा तत्त्वे चित्तमधारयत् ॥६१॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे दितिशोकापनयनं नाम द्वितीयोऽध्यायः ॥ २ ॥ नारद उवाच ॥ हिरण्यकशिपू राजन्नजेयमजरामरम् ॥ आत्मानमप्रतिद्वन्द्वमेकराजं व्यधि-

लुकेर वाण हानिदियो, त्यसले त्यो पनि त्यहीं मऱ्यो ॥५६॥ हे बुद्धिहीन राजमहिषी हो ! यसै प्रकार एक दिन प्राप्तव्य आफ्नू मृत्युलाई तिमीहरू देख्दैनौ। अब त सय वर्षसम्म शोक गरेर पनि यो पति पाउन सक्तैनौ ॥ ५७ ॥ हिरण्यकशिपुले भन्यो—हे तात ! त्यस बालकले त्यसरी भनेपछि ती सबै ज्ञाति बन्धु विस्मित भए र तिनले सारा संसार अनित्य तथा मिथ्या ठाने ॥५८॥ यति कुरा भनेर यमराज त्यहीं अन्तर्धान भए। अनि सुयज्ञका बान्धवहरूले उसको देहको और्ध्वदैहिक संस्कार सम्पन्न पारे ॥५९॥ तिमी पनि आफ्ना-बिरानाको निम्ति शोक नगर किनकि यस संसारमा आफ्नू-बिरानोको अभिनिवेषरूपी अज्ञान बाहेक वास्तवमा प्राणीहरूको स्वयं वा आफ्ना बिराना के रहन्छ र ! ॥ ६० ॥ देवर्षि नारदजी भन्दछन्—हे राजन ! दैत्यराज हिरण्यकशिपुका त्यस्ता वचन सुनेर आफ्नी पुत्रवधूसित तत्काल दितिले पुत्रशोक त्यागेर आफ्नो मन आत्मतत्त्वको चिन्तनमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाइन् ॥६१॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः ॥२॥ (हिरण्यकशिपुको तपस्या र वरप्राप्ति)—नारदजी भन्दछन्–हे राजन् ! त्यसपछि हिरण्यकशिपुले अजेय, अजर-अमर र निष्कण्टक सम्राट् बन्ने निश्चय गऱ्यो ॥१॥ अनि मन्दराचलको कन्दरामा ऊर्ध्ववाहु भएर आकाशमा दृष्टिलाई भूमिमा खुट्टाको बूढीऔंलाले मात्र टेकी अतिशय कठोर तपस्या गर्नलाग्यो ॥२॥ बढेका जटाकलापले त्यो किरण जाल-सुशोभित प्रलयकालीन सूर्य झैं देखिन्थ्यो । त्यो तपोमग्न भएपछि देवताहरू आफ्ना-आफ्ना स्थानमा गएर बस्नलागे ॥३॥ कालान्तरमा त्यस दैत्यको कपालबाट धूमयुक्त तमोमय अग्नि प्रकटभयो । त्यो आगो चारैतिर फैलिएर तल-माथि र वर-परका लोक डढाउनलाग्यो॥४॥ त्यसले नदी तथा समुद्र उम्लन लागे र द्वीप तथा पर्वतसमेत पृथिवी हल्लन थाल्यो । ग्रह र तारागण टुक्रा-टुक्रा भएर झर्नलागे, दसै दिशा बल्नलाग्यो ॥५॥ त्यस ज्वालाले हराएका देवता स्वर्गलोक छाडेर ब्रह्मलोक गए र ब्रह्माजीसित भन्दछन्–हे देवदेव ! हे जगत्पते ! हामीहरू दैत्यराज हिरण्यकशिपुको तपको तेजले तप्त भएर स्वर्गमा टिक्न सकेनौं हे सर्वाधिपे !

त्सत ॥ १ ॥ स तेपे मन्दरद्रोण्यां तपः परमदारुणम् ॥ ऊर्ध्वबाहुर्नभोदृष्टिः पादाङ्गुष्ठाश्रितावनिः ॥ २ ॥ जटादीधितिभी रेजे संवर्तार्क इवांशुभिः ॥ तस्मिंस्तपस्तप्यमाने देवाः स्थानानि भेजिरे ॥ ३ ॥ तस्य मूर्ध्नः समुद्भूतः सधूमोऽग्निस्तपोमयः ॥ तिर्यगूर्ध्वमधोलोकानतपद्विष्वगीरितः ॥४॥ चुक्षुभुर्नद्युदन्वन्तः सद्वीपाद्रिश्चचाल भूः ॥ निपेतुः सग्रहास्तारा जज्वलुश्च दिशो दश ॥ ५ ॥ तेन तप्ता दिवं त्यक्त्वा ब्रह्मलोकं ययुः सुराः ॥ धात्रे विज्ञापयामासुर्देवदेव जगत्पते ॥ ६ ॥ दैत्येन्द्रतपसा तप्ता दिवि स्थातुं न शक्नुमः ॥ तस्य चोपशमं भूमन्विधेहि यदि मन्यसे ॥ लोका न यावन्नङ्क्ष्यन्ति बलिहारास्तथा विभो ॥ ७ ॥ तस्यायं किल सङ्कल्पश्चरतो दुश्चरं तपः ॥ श्रूयतां किं न विदितस्तवाथापि निवेदितः ॥ ८ ॥ सृष्ट्वा चराचरमिदं तपोयोगसमाधिना ॥ अध्यास्ते सर्वधिष्ण्येभ्यः परमेष्ठी निजासनम् ॥ ९ ॥ तदहं वर्धमानेन तपोयोगसमाधिना ॥ कालात्मनोश्च नित्यत्वात्साधयिष्ये तथात्मनः ॥ १० ॥ अन्यथेदं विधास्येऽहमयथापूर्वमोजसा ॥ किमन्यैः कालनिर्धूतैः कल्पान्ते वैष्णवादिभिः ॥ ११ ॥ इति शुश्रुम निर्बन्धं तपः परममास्थितः ॥ विधत्स्वानन्तरं युक्तं स्वयं त्रिभुवनेश्वर ॥ १२ ॥ तवासनं द्विजगवां पारमेष्ठ्य जगत्पते ॥ भवाय श्रेयसे भूत्यै क्षेमाय विजयाय च ॥ १३ ॥ इति विज्ञापितो देवैर्भगवानात्मभूर्नृप ॥ परीतो भृगुदक्षाद्यैर्ययौ दैत्येश्वराश्रमम् ॥ १४ ॥ न ददर्श प्रतिच्छन्नं बल्मीकतृणकी·

हे भूमन् ! हजुरका पूजक हामी सबैको संहार हुन नपाउँदै कुनै उपायले त्यसलाई शान्त पारिदिनुहवस् ॥६॥७॥ त्यो जुन विचारले यो कठोर तपस्या गरिरहेको छ, त्यो हजुर सबै जान्नुहुन्छ । तैपनि हामीले भनेको सुन्नुहवस् ॥८॥ त्यसको इच्छा छ–जसरी ब्रह्माजी तप र योग-निष्ठाले यो चराचर जगत् रचेर सर्वोच्च स्थान सत्यलोकमा रहन्छन् । त्यसै गरी म पनि आफ्नो बढिरहेको तपस्या र योगनिष्ठाले त्यो स्थान प्राप्त गरूँ, किनकि काल र आत्मा नित्य छन्, तिनको कहिल्यै पनि नाश हुँदैन ॥९॥१०॥ अनि पाप-पुण्यादिको गति पल्टाएर म सम्पूर्ण जगत् नै उलट-पलट पारिदिनु । ब्रह्मपद बाहेक अन्य वैष्णवादि पदहरूसित मलाई के वास्ता ? किनकि ती त कल्पको अन्त्यमा नष्ट हुन्छन् ॥११॥ हामीले त्यसको विचार सुनेका छौं । यसै निम्ति त्यो कठोर तपमा लागेको छ । त्रिभुवनेश्वर ! यस विषयमा हजुर जे उचित ठान्नुहुन्छ, त्यो शीघ्र गर्नुहवस् ॥१२॥ हे जगत्पते ! हजुरको यो श्रेष्ठस्थान

CC-0. Digitized by eGangotri and MIDI - Delhi

ब्राह्मण तथा गाईहरूको उत्पत्ति कल्याण, विभूति, कुशल र विजयको मूल कारण हो ॥१३॥ हे राजन् ! देवताहरूले यसरी भनेपछि आत्मयोनि ब्रह्मा भृगु, दक्षादि प्रजापतिहरूका साथैं हिरण्यकशिपुको आश्रममा गए ॥१४॥ पहिले त्यो उनीहरूलाई देखिएन, किनकि तृण, घाँस र धमिराको माटोले त्यसको शरीर ढाकिएको थियो र कमिला त्यसको मेदा, त्वचा, मांस तथा रक्तादिलाई चाटिसकेका थिए ॥१५॥ निकै बेरसम्म खोजी गरेपछि जब मेघमालाच्छन्न सूर्यसमान परम तेजस्वी तथा आफ्नो तपले त्रैलोक्य थर्काउने त्यो दैत्यलाई देखे, तब हंसवाहन ब्रह्माजी चकित भएर हाँस्तै भन्नलागे ॥१६॥ ब्रह्माजीले भने–हे कश्यपतनय ! अब उठ-उठ, तिम्रो तप सिद्ध भयो, तिम्रो कल्याण होस्। म तिमीलाई वर दिन आएको छु। तिमी इच्छानुसार वर माग ॥१७॥ मैले तिम्रो यो अद्भुत आत्मबल देखें–जो लामखुट्टे आदिले खाएर पनि तिम्रो प्राण र शरीर केवल हाडको भरमा टिकिरहेको छ ॥१८॥ यस्तो कठोर तप कहिले कुनै महर्षिले पनि गरेका छैनन् र न कोही भविष्यमा नै गर्न सक्ला ! संसारमा कुन यस्तो प्राणी छ जो पानी विना सय वर्षसम्म बाँचोस् ॥ १९ ॥

चकैः ॥ पिपीलिकाभिराचीर्णमेदस्त्वङ्मांसशोणितम् ॥१५॥ तपन्तं तपसा लोकान् यथाभ्रापिहितं रविम् ॥ विलक्ष्य विस्मितः प्राह प्रहसन्हंसवाहनः ॥ १६ ॥ ब्रह्मोवाच ॥ उत्तिष्ठोत्तिष्ठ भद्रं ते तपःसिद्धोऽसि काश्यप ॥ वरदोऽहमनुप्राप्तो व्रियतामीप्सितो वरः ॥ १७ ॥ अद्राक्षमहमेतत्ते हृत्सारं महदद्भुतम् ॥ दंशभक्षितदेहस्य प्राणा ह्यस्थिषु शेरते ॥ १८ ॥ नैतत्पूर्वर्षयश्चक्रुर्न करिष्यन्ति चापरे ॥ निरम्बुर्धारयेत्प्राणान्को वै दिव्यसमाः शतम् ॥ १९ ॥ व्यवसायेन तेऽनेन दुष्करेण मनस्विनाम् ॥ तपोनिष्ठेन भवता जितोऽहं दितिनन्दन ॥ २० ॥ ततस्त आशिषः सर्वा ददाम्यसुरपुङ्गव ॥ मर्त्यस्य ते अमर्त्यस्य दर्शनं नाफलं मम ॥२१॥ नारद उवाच ॥ इत्युक्त्वाऽऽदिभवो देवो भक्षिताङ्गं पिपीलिकैः ॥ कमण्डलुजलेनौक्षद्दिव्येनामोघराधसा ॥ २२ ॥ स तत्कीचकवल्मीकात्सहओजोबलान्वितः ॥ सर्वावयवसम्पन्नो वज्रसंहननो युवा ॥ उत्थितस्तप्तहेमाभो विभावसुरिवैधसः॥ २३ ॥ स निरीक्ष्याम्बरे देवं हंसवाहमवस्थितम् ॥ ननाम शिरसा भूमौ तद्दर्शनमहोत्सवः ॥ २४ ॥ उत्थाय प्राञ्जलिः प्रह्व ईक्षमाणो दृशा विभुम् ॥ हर्षाश्रुपुलकोद्भेदो गिरा गद्गदयाऽगृणात् ॥ २५ ॥ हिरण्यकशिपुरुवाच ॥ कल्पान्ते कालसृष्टेन योऽन्धेन तमसाऽऽवृतम् ॥ अभिव्यनग्जगदिदं स्वयंज्योतिः

हे दितिनन्दन ! ठूला-ठूला धैर्यशाली पुरुषलाई पनि कठिन तिम्रो तपस्याले मलाई आफ्नो वशमा पारिलियो ॥२०॥ हे आसुरश्रेष्ठ ! म तिम्रा सबै इच्छा पूर्णपारिदिनेछु। तिमी मृत्युलोकका जीव हौ, तापनि हामी जस्ता अमर देवताको दर्शन व्यर्थ जाँदैन ॥२१॥ नारदजी भन्दछन्–हे राजन् ! आदिदेव ब्रह्माजीले यति भनेपछि कमिलाहरूले चाटिसकेको शरीर भएको हिरण्यकशिपु माथि आफ्नो कमण्डलुको अमोघ प्रभावशाली जल छर्किदिए ॥२२॥त्यो जल पर्नासाथ त्यो दाउराबाट अग्निझैं उत्पन्न मानसिक, ऐन्द्रियिक र शारीरिक शक्तिसम्पन्न, सर्वाङ्गपूर्ण, वज्र-समान पुष्ट र तताएको सुवर्ण जस्तै राम्रो नवयुवक भई धमिराको गोलोबाट निस्केर ठिङ्ग उभियो ॥२३॥ आकाशमा हंसवाहन भगवान् ब्रह्माजीलाई देखेर उनको दर्शनले अति आनन्दित भएर उसले प्रणाम गर्‍यो ॥२४॥ अनि त्यो दैत्यराज नेत्रमा आनन्दका आँसु भरेर पुलकित शरीर भई तथा भगवान्तिर अत्यन्त विनीत भावले एकहोरो हेर्दै दुवै हात जोरेर गद्गद् वाणीले स्तुति गर्नलाग्यो–॥२५॥ हिरण्यकशिपु भन्दछ—प्रत्येक कल्पको अन्त्यमा कालद्वारा प्रेरित तथा तमोगुणले ढाकिएको जगत्‌लाई जो स्वयं प्रकाशशील

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमेश्वरले आफ्नो तेजबाट उत्पन्न गरेको छ, जो त्रिगुणात्मक संसारको रचना, पालन र संहार गर्दछन्, ती सत्व, रज, तमोमय परमात्मालाई प्रणाम छ ॥२६॥२७॥ जो आदि पुरुष र जगत्‌का बीज छन्, ज्ञान-विज्ञान जसका स्वरूप छन् र जो प्राण, इन्द्रिय, मन तथा बुद्धि द्वारा आदि विकारले व्यक्त झैं देखिन्छन् ॥ २८ ॥ हे पितामह ! हजुर नै सूत्रात्मक स्वरूपले यो स्थावर-जङ्गम जगत्‌मा शासन गर्दछन् । अतएव हजुर प्रजा र तिनका चित्त, चेतना, मन इन्द्रियहरूका पनि स्वामी हुनुहुन्छ । मनस्तत्वरूपले हजुरनै आकाशादि भूत शब्दादि विषय र तिनका वासनाको रचना गर्नुहुन्छ ॥२९॥ जसमा होता,अध्वर्यु, ब्रह्मा र उद्‌गाता यी चार ऋत्विज भएका कर्मका प्रतिपादक वेदत्रयीरूप हजुर आफ्नू देहबाट नै अग्निष्टोमादि सात यज्ञ रच्ने र हजुर नै सबै प्राणीहरूका एकमात्र आत्मा हुनुहुन्छ । हे अनादि ! अनन्त, अपार, सर्वज्ञ, अन्तर्यामी विधाता ! हजुर नै काल हुनुहुन्छ । अतः हजुर अनिमेषरूपले क्षण लव आदि आफ्ना अवयवद्वारा सबै जीवहरूको आयु क्षीण पार्दै रहे पनि निर्विकार रहनुहुन्छ किनकि हजुर ज्ञानस्वरूप, परमेश्वर, अजन्मा, सबै जीवका अन्तरात्मा हुनुहुन्छ ॥३०-३१॥

स्वरोचिषा ॥ २६ ॥ आत्मना त्रिवृता चेदं सृजत्यवति लुम्पति ॥ रजःसत्त्वतमोधाम्ने पराय महते नमः ॥ २७ ॥ नम आद्याय बीजाय ज्ञानविज्ञानमूर्तये ॥ प्राणेन्द्रियमनोबुद्धिविकारैर्व्यक्तिमीयुषे ॥२८॥ त्वमीशिषे जगतस्तस्थुषश्च प्राणेन मुख्येन पतिः प्रजानाम् ॥ चित्तस्य चित्तेर्मनइन्द्रियाणां पतिर्महान्भूतगुणाशयेशः ॥ २९ ॥ त्वं सप्ततन्तून्वितनोषि तन्वा त्रय्या चातुर्होत्रकविद्यया च ॥ त्वमेक आत्मात्मवतामनादिरनन्तपारः कविरन्तरात्मा ॥ ३० ॥ त्वमेव कालोऽनिमिषो जनानामायुर्लवाद्यावयवैः क्षिणोषि ॥ कूटस्थ आत्मा परमेष्ठ्यजो महांस्त्वं जीवलोकस्य च जीव आत्मा ॥३१॥ त्वत्तः परं नापरमप्यनेजदेजच्च किञ्चिद्व्यतिरिक्तमस्ति ॥ विद्याः कलास्ते तनवश्च सर्वा हिरण्यगर्भोऽसि बृहत्त्रिपृष्ठः ॥ ३२ ॥ व्यक्तं विभो स्थूलमिदं शरीरं येनेन्द्रियप्राणमनोगुणांस्त्वम् ॥ भुङ्क्षे स्थितो धामनि पारमेष्ठ्ये अव्यक्त आत्मा पुरुषः पुराणः ॥३३॥ अनंताव्यक्तरूपेण येनेदमखिलं ततम् ॥ चिदचिच्छक्तियुक्ताय तस्मै भगवते नमः ॥ ३४ ॥ यदि दास्यास्यभिमतान्वरान्मे वरदोत्तम ॥ भूतेभ्यस्त्वद्विसृष्टेभ्यो मृत्युर्माभून्मम प्रभो ॥ ३५ ॥ नान्तर्बहिर्दिवा नक्तमन्यस्मादपि चायुधैः ॥ न भूमौ नाम्बरे मृत्युर्न नरैर्न मृगैरपि ॥ ३६ ॥ व्यसुभिर्वाऽसुमद्भिर्वा सुरा-

हे नाथ ! कार्य-कारण र स्थावर-जङ्गममध्ये कुनै पनि वस्तु हजुरभन्दा भिन्न रहन्न । विद्या र काल पनि हजुरकै अङ्ग हुन् । हजुर त्रिगुणात्मिका मायादेखि पर परब्रह्म परमात्मा हुनुहुन्छ । किनकि यो सुवर्णमय ब्रह्माण्ड हजुरको गर्भमै स्थित छ ॥३२॥ हे विभो ! दृश्यमान ब्रह्माण्ड स्थूल शरीर हो । यसैद्वारा हजुर इन्द्रिय, प्राण र मनको विषय भोग्नुहुन्छ । यी विषयका भोग हजुर परमात्मस्वरूपमा स्थित भएर नै गर्नुहुन्छ । वस्तुतः हजुर अव्यक्त, पुराणपुरुष र निरूपाधि ब्रह्मरूप हुनुहुन्छ ॥ ३३ ॥ आफ्ना अनन्त र अव्यक्त रूपले जो सारा जगत्‌मा व्याप्त छन्, ती चेतन र अचेतन-शक्तिसम्पन्न भगवान्‌लाई प्रणाम छ ॥ ३४ ॥ हे वरदातामा उत्तम प्रभो ! हजुर यदि मलाई इच्छित वर दिनुहुन्छ भने यही वरदान दिनुहवस् कि हजुरले रचेका कुनै पनि प्राणीका हातबाट म नमरूँ ॥३५॥ भित्र-बाहिर, दिन-रात्रि, हजुरले रचेका प्राणी वा अन्य कुनै जीवले, कुनै शस्त्रास्त्रले पृथिवी तथा आकाशमा, कुनै मनुष्य वा मृगले एवं जीवित अथवा मृतक प्राणीद्वारा मेरो मृत्यु नहोस् । देवता, असुर तथा नागादिमा मलाई कसैले मार्न नसकुन् । युद्धमा कोही पनि मेरो सामुन्ने

Nepal Samskrit ... Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

टिक्न नसकोस् र म नै सबैको एकमात्र अधीश्वर बनूँ ॥३६॥३७॥ इन्द्रादि सबै लोकपालमा हजुरको जस्तो महिमा छ यस्तै नै महिमा मेरो पनि होओस् र तपोयोग प्रभावयुक्त योगीहरू लाई जुन अविनाशी ऐश्वर्य प्राप्त छ, त्यही मलाई पनि मिलोस् ॥३८॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे भाषाटीकायां तृतीयोऽध्यायः ॥३॥ (दैत्यपति हिरण्यकशिपुको उत्पात र प्रह्लादको अनुपम गुण र प्रभाव)—नारद भन्दछन्—हे राजन् ! ब्रह्माजी हिरण्यकशिपुमाथि धेरै प्रसन्न थिए। अतः त्यसले मागेको ती परमदुर्लभ सबै वर दिए ॥१॥ ब्रह्माजी भन्दछन्—हे तात ! तिमीले जुन-जुन वर मागेका छौ, ती अति दुर्लभ छन्, तापनि म तिमीलाई ती सबै वर दिन्छु॥२॥त्यसपछि जसको कृपा कहिल्यै व्यर्थ हुँदैन, ती ब्रह्माजी दैत्यपति हिरण्यकशिपु द्वारा पूजित तथा प्रजापतिहरूद्वारा स्तूयमान हुँदै त्यहाँबाट फर्किए ॥३॥ यता सुवर्ण समान कान्तियुक्त शरीरले सुशोभित दैत्यराज हिरण्यकशिपु त्यस्तो वर पाएर, आफ्नो भाईको

सुरमहोरगैः ॥ अप्रतिद्वन्द्वितां युद्धे ऐकपत्यं च देहिनाम् ॥ ३७ ॥ सर्वेषां लोकपालानां महिमानं तथात्मनः ॥ तपोयोगप्रभावाणां यन्न रिष्यति कर्हिचित् ॥३८॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे हिरण्यकशिपोर्वरयाचनं नाम तृतीयोऽध्यायः ॥ ३ ॥ नारद उवाच ॥ एवं वृतःशतधृतिर्हिरण्यकशिपोरथ ॥ प्रादात्तत्तपसा प्रीतो वरांस्तस्य सुदुर्लभान् ॥ १ ॥ ब्रह्मोवाच ॥ तातेमे दुर्लभाः पुंसां यान्वृणीषे वरान्मम ॥ तथापि वितराम्यङ्ग वरान् यदपि दुर्लभान् ॥ २ ॥ ततो जगाम भगवानमोघानुग्रहो विभुः ॥ पूजितोऽसुरवर्येण स्तूयमानः प्रजेश्वरैः ॥ ३ ॥ एवं लब्धवरो दैत्यो बिभ्रद्धेममयं वपुः ॥ भगवत्यकरोद्द्वेषं भ्रातुर्वधमनुस्मरन् ॥ ४ ॥ स विजित्य दिशः सर्वा लोकांश्च त्रीन्महासुरः ॥ देवासुरमनुष्येन्द्रान्गन्धर्वगरुडोरगान् ॥ ५ ॥ सिद्धचारणविद्याध्रानृषीन्पितृपतीन्मनून् ॥ यक्षरक्षःपिशाचेशान्प्रेतभूतपतीनथ ॥६॥ सर्वसत्त्वपतीञ्जित्वा वशमानीय विश्वजित् ॥ जहार लोकपालानां स्थानानि सह तेजसा ॥ ७ ॥ देवोद्यानश्रिया जुष्टमध्यास्ते स्म त्रिविष्टपम् ॥ महेन्द्रभवनं साक्षान्निर्मितं विश्वकर्मणा ॥ त्रैलोक्यलक्ष्यायतनमध्युवासाखिलर्द्धिमत् ॥ ८ ॥ यत्र विद्रुमसोपाना महामारकता भुवः ॥ यत्र स्फाटिककुड्यानि वैदूर्यस्तम्भपङ्क्तयः ॥ ९ ॥ यत्र चित्रवितानानि पद्मरागासमानि च ॥ पयःफेननिभाः शय्या मुक्तादामपरिच्छदाः ॥ १० ॥ कूजद्भिर्नूपुरैर्देव्यः शब्दयन्त्य इतस्ततः ॥ रत्नस्थलीषु पश्यन्ति सुदतीः सुन्दरं मुखम् ॥ ११ ॥ तस्मिन्महेन्द्रभवने महाबलो महामना निर्जितलोक एकराट् ॥ रेमेऽभिवन्द्याङ्घ्रियुगः सुरादिभिः प्रता-

मरण सम्झेर नारायणसित द्वेष गर्न लाग्यो ॥४॥ त्यस महादैत्यले सबै दिशाहरू, तीनै लोक तथा देवता, असुर, नरेन्द्रगण, गन्धर्व, गरुड़, सर्प, सिद्ध, चारण, विद्याधर, ऋषि, पितृहरूका स्वामी, मनु यक्ष, राक्षस, पिशाचपति, भूत-प्रेतका प्रभु एवं सबै जीवहरूका स्वामीहरूलाई जितेर आफ्नो वशमा पारिलियो। त्यस विश्वविजयी असुरले आफ्नो बलले सबै लोकपालका पद खोसिलियो ॥५-७॥ त्यो महाबलवान् दैत्यनन्दनको शोभाले युक्त स्वर्गलोकमा गएर विश्वकर्माले बनाएका र तीनै लोकको शोभाको आधार एवं समस्त वैभवपूर्ण इन्द्र भवनमा बस्न लाग्यो ॥८॥ जुन इन्द्र-भवनका खुड्किला विद्रुमका, भूमि मरकतमणीको, भित्ता स्फटिकमणिको तथा स्तम्भश्रेणी वैदूर्यमणिको बनेका थिए ॥९॥ जसमा चित्र-विचित्र वितान, पद्मरागका पीढ़ा, दुग्धफेनसमान उज्ज्वल शय्या र मोतीका मालाले अलंकृत चदुवा शोभायमान थिए ॥१०॥ त्यस दिव्यभवनमा सुन्दर दाँत हुने देवाङ्गना नूपुरको झङ्कार गर्दै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डुलिरहेका थिए र त्यहाँका रत्न-स्थलीहरूमा आफ्नो सुन्दर मुख हेर्दै हिँड्दथे ।।११।। त्यो महाबली र महामनस्वी दैत्यराज सबै लोकहरू जितेर सम्पूर्ण त्रिलोकको शासक बनी अनेक आनन्द गर्नलाग्यो । त्यो ठूलो तेजस्वी र कठोर शासक थियो । त्यसको तेजले सन्तप्त देवता नित्य त्यसका चरणको वन्दना गर्दथे।।१२।।हे राजन् ! त्यो अतिशय तीव्र गन्धको मदिरा (रक्सी) पिएर सधैँ मदमत्त बनिरहन्थ्यो । त्यसका राता-राता आँखा डरलाग्दा देखिन्थे । त्यो तप, योग र शारीरिक एवं मानसिक शक्तिको आधार बनिसकेको थियो । ब्रह्मा, विष्णु तथा महादेव बाहेक अरू सबै लोकपाल उपहार लिएर सर्वदा उपस्थित रहन्थे ।।१३।। हे पाण्डुनन्दन ! आफ्नो शक्तिले इन्द्रासनमा आसीन त्यस हिरण्यकशिपुको म नारद, विश्वावसु तथा तुम्बुरु आदि गुणमान गर्दथे । सबै सिद्ध, गन्धर्व, ऋषि विद्याधर तथा अप्सराहरू उसकै स्तुति गर्दथे ।। १४ ।। हे राजन् ! वर्णाश्रम-धर्मका पालक पुरुषहरूद्वारा ठूला-ठूला दक्षिणा दिइने यज्ञ गरिएपछि त्यो दैत्यराज नै आफ्नो प्रभावले सारा यज्ञभाग ग्रहण गर्नलाग्यो ।। १५ ।। त्यसको राज्यकालमा सप्तद्वीपा पृथिवी खन-जोत नगरेर नै उपज दिन्थिन् ।

पितैरूर्जितचण्डशासनः ॥ १२ ॥ तमङ्ग मत्तं मधुनोरुगन्धिना विवृत्तताम्राक्षमशेषधिष्ण्यपाः ॥ उपासतोपायनपाणिभिर्विना त्रिभिस्तपोयोगब- लौजसां पदम् ॥ १३ ॥ जगुर्महेन्द्रासनमोजसा स्थितं विश्वावसुस्तुम्बुरुरस्मदादयः ॥ गन्धर्वसिद्धा ऋषयोऽस्तुवन्मुहुर्विद्याधरा अप्सरसश्च पाण्डव ॥ १४ ॥ स एव वर्णाश्रमिभिः क्रतुभिर्भूरिदक्षिणैः ॥ इज्यमानो हविर्भागानग्रहीत्स्वेन तेजसा ॥ १५ ॥ अकृष्टपच्या तस्यासीत्सप्तद्वीप- वती मही ॥ तथा कामदुघा द्यौस्तु नानाश्चर्यपदं नभः ॥ १६ ॥ रत्नाकराश्च रत्नौघांस्तत्पत्न्यश्चोहुरूर्मिभिः ॥ क्षारसीधुघृतक्षौद्रदधिक्षीरामृतो दकाः ॥ १७ ॥ शैला द्रोणीभिराक्रीडं सर्वर्तुषु गुणान्द्रुमाः ॥ दधार लोकपालानामेक एव पृथग्गुणान् ॥ १८ ॥ स इत्थं निर्जितककुबेकराड्वि- षयान्प्रियान् ॥ यथोपजोषं भुञ्जानो नातृप्यदजितेन्द्रियः ॥ १९ ॥ एवमैश्वर्यमत्तस्य दृप्तस्योच्छास्त्रवर्तिनः ॥ कालो महान्व्यतीयाय ब्रह्मशापमुपेयुषः ॥२०॥ तस्योग्रदण्डसंविग्नाः सर्वे लोकाः सपालकाः ॥ अन्यत्रालब्धशरणाः शरणं ययुरच्युतम् ॥ २१ ॥ तस्यै नमोऽस्तु काष्ठायै यत्रात्मा हरि- रीश्वरः ॥ यद्गत्वा न निवर्तन्ते शान्ताः संन्यासिनोऽमलाः ॥ २२ ॥ इति ते संयतात्मानः समाहितधियोऽमलाः ॥ उपतस्थुर्हृषीकेशं विनिद्रा

स्वर्ग लोकहरूका कामना पूर्ण पार्दथ्यो र अन्तरिक्ष लोक विविध आश्चर्यको आश्रय बनिसकेको थियो ।। १६ ।। नूनिलो पानी, मदिरा, घृत, इक्षुरस, दधि, दुग्ध र गुलियो पानी हुने समुद्र पनि आफ्ना पत्नी (नदीहरू) सहित त्यसको नगीचै तरङ्गद्वारा रत्नराशि पुर्‍याउँदै रहन्थे ।। १७।। सबै पर्वत आफ्ना कन्दराहरूका क्रीडाङ्गण तथा वृक्ष प्रत्येक ऋतुका फल-पुण्य दिनलागे, किनकि त्यस बेला हिरण्यकशिपु स्वयं लोकपालहरूका गुण धारण गरेका थिए ।।१८।। त्यो दिग्विजयी तथा एकछत्र सम्राट् भएर आफ्ना प्रिय भोगहरू यथेच्छ भोगि-रहेको थियो । तापनि अजितेन्द्रिय हुनाले त्यसलाई तृप्ति भइरहेको थिएन ।।१९।। यस प्रकार विप्रशापले प्राप्त, ऐश्वर्योन्मत्त, अभिमानी एवं शास्त्रविरुद्ध कर्म गर्ने दैत्य हिरण्यकशिपुको धेरै नै समय बितेर गयो ।।२०।। त्यसको कठोर शासनले लोकपाल समेत सबै लोक उद्विग्न भएर जब तिनलाई अन्त कतै शरण पाइएन तब ती श्रीविष्णु भगवानको शरणमा पर्न गए ।।२१।। ती वहाँ पुगेर भन्दछन्–'त्यस दिशालाई नमस्कार छ, जसमा सर्वात्मा जगदीश्वर वस्तछन् र जसलाई प्राप्त गरेर शान्त तथा निर्मल स्वभावका संन्यासीजन फेरि यहाँ फर्कन्नन्'

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥२२॥ त्यहाँ उनले इन्द्रियहरू संयत पारेर चित्तको एकाग्रताले निद्रा जिते र केवल वायुभोजी बनेर विशुद्ध बुद्धिले भगवान् हृषीकेशको आराधना गरे ॥ २३ ॥ कालान्तरमा उनलाई मेघ समान गम्भीर र साधुजनलाई अभय दिने यस्तो आकाशवाणी सुनियो, जसको गम्भीर घोषले दिशाहरू प्रतिध्वनित भए। तिनले सुने—तिमीहरू नडराओ। तिम्रो कल्याण होस्। मेरो दर्शन सबै प्रकारका मङ्गलको साधक मानिन्छ ॥२४॥२५॥ म त्यस अधम दैत्यको दुष्टता जान्दछु। बेला पुगेपछि म त्यसलाई शान्त पार्नेछु। त्यति वेलासम्म समयको प्रतीक्षा गर ॥२६॥ जब कुनै प्राणी देवता, गाई, वेद, ब्राह्मण, साधु, धर्म र मप्रति द्वेष गर्न थाल्दछ, तब त्यो शीघ्र नै नष्ट भएर जान्छ ॥२७॥ अतः त्यो जब आफ्नो निर्वैर शान्त तथा महात्मा पुत्र प्रह्लादसित वैरत्व गर्ला, तब ब्रह्माजीको वरले उद्धत त्यस दैत्यलाई म अवश्य मार्नेछु' ॥ २८ ॥ नारदजी भन्दछन्–सारा संसारका गुरु भगवान्ले त्यस्तो भनेपछि देवताहरूले उद्वेगरहित भएर उनलाई प्रणाम गरे र फर्किए। त्यसै वेलादेखि तिनले त्यस असुरलाई मरेजस्तै ठाने ॥ २९ ॥ हे राजन्! दैत्यराज हिरण्यकशिपुका चार पुत्र

वायुभोजनाः ॥ २३ ॥ तेषामाविरभूद्वाणी अरूपा मेघनिःस्वना ॥ सन्नादयन्ती ककुभः साधूनामभयङ्करी ॥ २४ ॥ मा भैष्ट विबुधश्रेष्ठाः सर्वेषां भद्रमस्तु वः ॥ मद्दर्शनं हि भूतानां सर्वश्रेयोपपत्तये ॥ २५ ॥ ज्ञातमेतस्य दौरात्म्यं दैतेयापसदस्य च ॥ तस्य शान्तिं करिष्यामि कालं तावत्प्रतीक्षत ॥ २६ ॥ यदा देवेषु वेदेषु गोषु विप्रेषु साधुषु ॥ धर्मे मयि च विद्वेषः स वा आशु विनश्यति ॥ २७ ॥ निर्वैराय प्रशान्ताय स्वसुताय महात्मने ॥ प्रह्लादाय यदा द्रुह्येद्धनिष्येऽपि वरोर्जितम् ॥ २८ ॥ नारद उवाच ॥ इत्युक्ता लोकगुरुणा तं प्रणम्य दिवौकसः ॥ न्यवर्तन्त गतोद्वेगा मेनिरे चासुरं हतम् ॥ २९ ॥ तस्य दैत्यपतेः पुत्राश्चत्वारः परमाद्भुताः ॥ प्रह्लादोऽभून्महांस्तेषां गुणैर्महदुपासकः ॥ ३० ॥ ब्रह्मण्यः शीलसम्पन्नः सत्यसन्धो जितेन्द्रियः ॥ आत्मवत्सर्वभूतानामेकः प्रियसुहृत्तमः ॥३१॥ दासवत्संनतार्यांघ्रिः पितृवद्दीनवत्सलः ॥ भ्रातृवत्सदृशे स्निग्धो गुरुष्वीश्वरभावनः ॥ विद्यार्थरूपजन्माढ्यो मानस्तम्भविवर्जितः ॥ ३२ ॥ नोद्विग्नचित्तो व्यसनेषु निःस्पृहः श्रुतेषु दृष्टेषु गुणेष्ववस्तुदृक् ॥ दान्तेन्द्रियप्राणशरीरधीः सदा प्रशान्तकामो रहितासुरोऽसुरः ॥ ३३ ॥ यस्मिन्महद्गुणा राजन्गृह्यन्ते कविभिर्मुहुः ॥ न तेऽधुना पिधीयन्ते यथा भगवतीश्वरे ॥३४॥ यं साधुगाथासदसि रिपवोऽपि सुरा नृप ॥ प्रतिमानं प्रकुर्वन्ति किमुतान्ये भवादृशाः ॥३५॥ गुणैरलमसंख्येयैर्माहात्म्यं तस्य सूच्यते ॥

थिए। ती चारैमा प्रह्लाद आफ्ना सद्गुणहरूले श्रेष्ठ थिए। ती ब्राह्मण तथा महापुरुषहरूका भक्त, सदाचारी, सत्य प्रतिज्ञ, आत्माको समान सबैका प्रिय, अति सुहृद्, सत्पुरुषका चरणमा दास झैं विनीत, दीनजनमा पिता झैं कृपालु, समान जनमा भ्राता झैं स्नेही र ठूलालाई ईश्वर झैं ठान्दथे। ती विद्या, धन, रूप र कुलले युक्त भएर पनि मान तथा गर्वले शून्य थिए ॥३०॥ ती विपत्तिमा आत्तिन्नथे। देखेका र सुनेका सबै विषयलाई मिथ्या ठानेर ती त्यसलाई ग्रहण गर्दैनथे। तिनका सबै इन्द्रिय, प्राण, शरीर तथा मन उनको वशमा थियो र तिनलाई केही पनि चाहिन्नथ्यो। असुर कुलमा जन्म लिएर पनि ती आसुरभावले सदैव अस्पृश्य रहन्थे ॥ ३३ ॥ हे राजन्! तिनका महान गुणहरू विद्वज्जन बारम्बार ग्रहण गर्दछन्। ती गुण ईश्वरको समान अझसम्म हराएका छैनन् ॥३४॥ हे राजन्! वैरी भएर पनि सबै देवता आफ्नू सभामा साधुपुरुषको चर्चा चल्दा जसको उदाहरण दिन्छन् ती भगवद्भक्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रह्लादजीको हजुर जस्ता व्यक्ति अवश्य आदर गर्नन् । भगवान् वासुदेवमा जसको सहज प्रेम थियो, ती प्रह्लादका असंख्य गुणहरूको वर्णन कसरी गरेर साध्य हुन्छ ? हामी त तिनको माहात्म्य मात्र भन्दछौं ॥३५॥३६॥ हे राजन् ! बाल्यकालमै ती खेल्न छाडेर भगवद् ध्यानमा तन्मय भइरहन्थे । तिनको मनमलाई कृष्णरूपी ग्रहले ग्रसिसकेको थियो । अतः तिनलाई यो केही पनि थाहा थिएन संसार कस्तो छ ॥३७॥ श्रीकृष्णमा लीन रहनाले उनलाई उठ्ता-बस्ता, डुल्दा, खाँदा-पिउँदा, शयन तथा कुरा-कानी गर्दा ती क्रियाहरूको पनि केही ज्ञान रहन्नथ्यो ॥३८॥ वैकुण्ठनाथको चिन्तनले चित्त क्षुभित भएपछि ती कहिले रुने, कहिले भगवद् स्मृतिमा गद्‌गद् भएर हाँस्ने र कहिले बेसरी कराएर भगवद्गुण गान गर्न थाल्दथे ॥३९॥ ती कहिले अति उत्कण्ठित भएर गर्जन्थे, कहिले लज्जा त्यागेर नाच्तथे र कहिले काहीं भगवद्भावको आवेशमा उनका लीलाहरूको अनुकरण गर्न लाग्दथे ॥४०॥ ती कहिले नारायणको स्पर्शानुभव गरेर परमानन्दले पुलकित भई मौन धारण गरी बसिरहन्थे र उनका आँखा अविचल प्रेमानन्दवश उर्लेको आनन्दाश्रुले भरिएर चिम्ले झैं हुन्थे ॥४१॥

वासुदेवे भगवति यस्य नैसर्गिकी रतिः ॥ ३६ ॥ न्यस्तक्रीडनको बालो जडवत्तन्मनास्तथा ॥ कृष्णग्रहगृहीतात्मा न वेद जगदीदृशम् ॥ ३७ ॥ आसीनः पर्यटन्नश्नञ्छयानः प्रपिबन्ब्रुवन् ॥ नानुसन्धत्त एतानि गोविन्दापरिरम्भितः ॥ ३८ ॥ क्वचिद्रुदति वैकुण्ठचिताशबलचेतनः ॥ क्वचिद्धसति तच्चिन्ताह्लाद उद्‌गायति क्वचित् ॥ ३९ ॥ नदति क्वचिदुत्कण्ठो विलज्जो नृत्यति क्वचित् ॥ क्वचित्तद्भावनायुक्तस्तन्मयोऽनुचकार ह ॥ ४० ॥ क्वचिदुत्पुलकस्तूष्णीमास्ते संस्पर्शनिर्वृतः ॥ अस्पन्दप्रणयानन्दसलिलामीलितेक्षणः ॥ ४१ ॥ स उत्तमश्लोकपदारविन्दयोर्निषेवयाऽकिंचनसंगलब्धया ॥ तन्वन्परां निर्वृतिमात्मनो मुहुर्दुःसंगदीनान्यमनाः शमं व्यधात् ॥ ४२ ॥ तस्मिन्महाभागवते महाभागे महात्मनि ॥ हिरण्यकशिपू राजन्नकरोदघमात्मजे ॥ ४३ ॥ युधिष्ठिर उवाच ॥ देवर्ष एतदिच्छामो वेदितुं तव सुव्रत ॥ यदात्मजाय शुद्धाय पिताऽदात्साधवे ह्यघम् ॥ ४४ ॥ पुत्रान्विप्रतिकूलान्स्वान्पितरः पुत्रवत्सला ॥ उपालभन्ते शिक्षार्थं नैवाघमपरो यथा ॥४५॥ किमुतानुवशान्साधूँस्तादृशान्गुरुदैवतान् ॥ एतत्कौतूहलं ब्रह्मन्नस्माकं विधम प्रभो ॥ पितुः पुत्राय यद्द्वेषो मरणाय प्रयोजितः ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादचरिते चतुर्थोऽध्यायः ॥ ४ ॥ नारद उवाच ॥ पौरोहित्याय भगवान् वृतः काव्यः किलासुरैः ॥ शण्डामर्कौ सुतौ तस्य दैत्यराजगृहान्तिके ॥ १ ॥ तौ राज्ञा प्रापितं

यस प्रकार प्रह्लाद निष्किञ्चन भगवद्भक्त द्वारा प्राप्त उत्तमश्लोक भगवान्का चरणारविन्दको सेवाले आफ्नो मन प्रसन्न पार्दै अन्य कुसङ्गग्रस्त पुरुषको मनलाई पनि शान्ति दिनलागे ॥४२॥ हे राजन् ! यस्ता भगवद्भक्त, महाभाग तथा महात्मा छोरोसित पनि हिरण्यकशिपु शत्रुता गर्नलाग्यो ॥४३॥ राजा युधिष्ठिर भन्दछन्—हे सुव्रत ! अब म यो जान्न खोज्दैछु—पिता
१०९ भएर पनि त्यसले त्यस्ता शुद्ध हृदय वैरत्व किन गरे ? ॥४४॥ प्रतिकूल पुत्रको शिक्षार्थ शुभचिन्तक पिता पुत्रको तिरस्कार त गर्दछन्, तर शत्रु झैं व्यवहारचाहिं गर्नसक्तैनन् ॥४५॥ फेरि प्रह्लाद जस्ता अनुकूल, साधु-चरित्र तथा गुरुजनको आदर गर्ने छोरोको विषयमा त कुरै छैन ? हे प्रभो ! मलाई त यस्तो विचार गरेर ठूलो विस्मय हुन्छ कि पिताले पुत्रलाई मार्नको निम्ति वैरत्व साधे । अतः हे ब्रह्मन् ! मेरो यो कुतूहललाई हजुर शान्त गर्नुहवस् ॥४६॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषा-टीकायां चतुर्थोऽध्यायः ॥४॥

Jayanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(दैत्यपति हिरण्यकशिपु द्वारा प्रह्लादको वध गर्ने उपाय)—नारदजी भन्दछन्—हे राजन् ! असुरहरूले शुक्राचार्यलाई आफ्ना पुरोहित बनाएका थिए । तिनका पुत्र शण्ड र अमर्क दैत्यराज हिरण्यकशिपुको महल नगीचै बस्तथे ॥१॥ ती राजाले पठाएका नीतिकुशल बालक प्रह्लाद तथा अन्य असुर-बालकहरूलाई पनि पाठ्यविषय पठाउँथे ॥२॥ गुरुले जे पाठ पढाउँथे त्यो ज ताको तस्तै सुनाई दिन्थे, 'यो आफ्नो, यो बिरानो हो' यस्तो दूषित आग्रहले दुष्ट त्यो पाठ तिनको मनमा बसाल्न सक्तैनथ्यो ॥३॥ हे पाण्डव ! एक दिन दैत्यराज हिरण्यकशिपुले प्रह्लादलाई काखामा लिएर सोध्यो—'बाबू ! लौ भन तिमीलाई के मनपर्छ ?' ॥४॥ प्रह्लाद भन्दछन्—हे दैत्य श्रेष्ठ ! अहंता-ममतारूपी असत् आग्रहले जसको बुद्धि सदैव उद्विग्न झैं रहन्छ, तिनको निम्ति म त यही नै उत्तम ठान्दछु कि आत्मपतनको हेतुभूत गृहरूपी अन्धकूप त्यागेर वनमा गई श्रीहरिको भजन गरुन् ॥५॥ नारदजी भन्दछन्—हे राजन् ! आफ्नो विपक्षी विष्णुको श्रद्धायुक्त वचन सुनेर दैत्यराज हाँस्यो र भन्यो—बालकको बुद्धि अर्काको कुरा सुनेर यसै प्रकार भ्रष्ट हुने गर्दछ ॥ ६ ॥ अतः गुरुकुलमा लगेर

बालं प्रह्लादं नयकोविदम् ॥ पाठयामासतुः पाठ्यानन्यांश्चासुरबालकान् ॥ २ ॥ यत्तत्र गुरुणा प्रोक्तं शुश्रुवेऽनुपपाठ च ॥ न साधु मनसा मेने स्वपरासद्ग्रहाश्रयम् ॥३॥ एकदाऽसुरराट् पुत्रमंकमारोप्य पाण्डव ॥ पप्रच्छ कथ्यतां वत्स मन्यते साधु यद्भवान् ॥ ४ ॥ प्रह्लाद उवाच ॥ तत्साधु मन्येऽसुरवर्य देहिनां सदा समुद्विग्नधियामसद्ग्रहात् ॥ हित्वाऽऽत्मपातं गृहमन्धकूपं वनं गतो यद्धरिमाश्रयेत ॥ ५ ॥ नारद उवाच ॥ श्रुत्वा पुत्रगिरो दैत्यः परपक्षसमाहितः ॥ जहास बुद्धिर्बालानां भिद्यते परबुद्धिभिः ॥ ६ ॥ सम्यग्विधार्यतां बालो गुरुगेहे द्विजातिभिः ॥ विष्णुपक्षैः प्रतिच्छन्नैर्न भिद्येतास्य धीर्यथा ॥७॥ गृहमानीतमाहूय प्रह्लादं दैत्ययाजकाः ॥ प्रशस्य श्लक्ष्णया वाचा समपृच्छन्त सामभिः ॥ ८ ॥ वत्स प्रह्लाद भद्रं ते सत्यं कथय मा मृषा ॥ बालानति कुतस्तुभ्यमेष बुद्धिविपर्ययः ॥ ९ ॥ बुद्धिभेदः परकृत उताहो ते स्वतोऽभवत् ॥ भण्यतां श्रोतुकामानां गुरूणां कुलनंदन ॥१०॥ प्रह्लाद उवाच ॥ स्वः परश्चेत्यसद्ग्राहः पुंसां यन्मायया कृतः ॥ विमोहितधियां दृष्टस्तस्मै भगवते नमः ॥ ११ ॥ स यदाऽनुव्रतः पुंसां पशुबुद्धिर्विभिद्यते ॥ अन्य एष तथान्योऽहमिति भेदगता सती ॥१२॥ स एष आत्मा स्वपरेत्यबुद्धिभिर्दुरत्ययानुक्रमणो निरूप्यते ॥ मुह्यन्ति यद्वर्त्मनि वेदवादिनो ब्रह्मादयो ह्येष भिनत्ति मे मतिम् ॥ १३ ॥ यथा भ्राम्यत्ययो ब्रह्मन्स्वयमाकर्षसन्निधौ ॥ तथा मे भिद्यते चेतश्चक्रपाणेर्यदृच्छया ॥ १४ ॥

ब्राह्मणहरू द्वारा यसलाई कडा हेर-विचारमा राखियोस्, जसले वैष्णव गुप्तचर यसको बुद्धि बिगार्न नपाउन् ॥७॥ आफ्नो घर पुऱ्याइएपछि दैत्य-पुरोहितले नगीचै डाकेर मधुर वाणीमा प्रशंसा गर्दै प्रह्लादसित सोधे—॥८॥ 'बाबु प्रह्लाद ! तिम्रो मङ्गल होस् । तिमी साँचो भन, हेर झूठो नबोल्नु । यी सबै बालकको अपेक्षा तेरो बुद्धि यस्तो विपरीत किन भएको छ ? ॥९॥ हे कुलनन्दन ! तिमीमा यो बुद्धि भेद कसैले गरिदिएको हो वा स्वयं भएको हो ? हेर, म तिम्रो गुरु हुँ । मलाई यो जान्ने उत्कट इच्छा छ । अतः तिमी सबै सत्य-सत्य मलाई भनिदेउ' ॥१०॥ प्रह्लाद भन्दछन्—मोहग्रस्त बुद्धि हुनेको जसको मायाले आफ्नो-बिरानोको व्यर्थ दुराग्रह भइरहेछ, ती भगवान्लाई प्रणाम छ ॥११॥ जब जीवहरूमाथि उनै प्रभुको दया हुन्छ अनि तिनको मिथ्या पशुबुद्धि—जसमा 'यो व्यक्ति बिरानो हो तथा म भिन्न हुँ' यो भेद उत्पन्न हुन्छ—स्वयं नष्ट हुन्छ ॥१२॥ निर्बुद्धिजन आत्मालाई नै 'आफ्नो हो र यो बिरानो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो, यस्तो भन्दछन् भन्दछन् । उसको लीला दुर्ज्ञेय छ । उसको बाटोमा ब्रह्मादि वेदवादी देवता पनि मोहित हुन्छन् । ती परमात्माले नै मेरो बुद्धिमा भेद उत्पन्न गरेका हुन् ॥१३॥ हे ब्रह्मन् ! जस्तै फलाम स्वयं चुम्बकको नजीक तानिएर जान्छ, त्यस्तै नै चक्रपाणि विष्णु भगवान्तिर तानिएर नै मेरो बुद्धिमा भेद परेको छ ॥१४॥ नारदजी भन्दछन्–हे राजन् ! ती ब्राह्मणगुरुजनसित यति भनेर महामति प्रह्लाद चुपलागे । अनि ती विचरा राज-सेवकले रिसाएर प्रह्लादलाई हप्काउँदै भने–॥१५॥ 'ए यौटा बेतको छड़ी ल्याओ यो हामीलाई अवगाल पार्ने अधम बालक हो । यस दुर्बुद्धि र कुलाङ्गारको निम्ति कुट-पीट नै उपयुक्त छ ॥१६॥ यो बालक दैत्यकुलरूपी श्रीखण्डको वनमा काँढाको वृक्ष भएर उम्रेको छ र त्यस वृक्षको मूलोच्छेद गर्न विष्णुरूपी खड्गको निम्ति बीड़को काम दिनेछ' ॥१७॥ यस प्रकार हप्काइ-दप्काइ आदि अनेक उपायले प्रह्लादलाई डर देखाउँदै ती उनलाई धर्म, अर्थ र कामप्राप्ति गराउने विद्या पढाउन लागे ॥१८॥ त्यसपछि गुरुले जब देखे–प्रह्लाद साम, दाम, भेद र दण्ड चारै विषयलाई बुझिसकेका छन्, तब उनलाई आमाद्वारा स्नान गराई आभूषणले अलंकृत

नारद उवाच ॥ एतावद्ब्राह्मणायोक्त्वा विरराम महामतिः ॥ तं निर्भर्त्स्याथ कुपितः स दीनो राजसेवकः ॥ १५ ॥ आनीयतामरे वेत्रमस्माकमयशस्करः ॥ कुलाङ्गारस्यदुर्बुद्धेश्चतुर्थोऽस्योदियो दमः ॥१६॥ दैतेयचन्दनवने जातोऽयं कण्टकद्रुमः॥ यन्मूलोन्मूलपरशोर्विष्णोर्नालायितोऽर्भकः॥१७॥ इति तं विविधोपायैर्भीषयंस्तर्जनादिभिः ॥ प्रह्लादं ग्राहयामास त्रिवर्गस्योपपादनम् ॥१८॥ तत एनं गुरुर्ज्ञात्वा ज्ञातज्ञेयचतुष्टयम् ॥ दैत्येन्द्रं दर्शयामास मातृमृष्टमलंकृतम् ॥ १९ ॥ पादयोः पतितं बालं प्रतिनन्द्याशिषाऽसुरः ॥ परिष्वज्य चिरं दोर्भ्यां परमामाप निर्वृतिम् ॥ २० ॥ आरोप्याङ्कमवघ्राय मूर्धन्यश्रुकलाम्बुभिः ॥ आसिञ्चन्विकसद्वक्त्रमिदमाह युधिष्ठिर ॥ २१ ॥ हिरण्यकशिपुरुवाच ॥ प्रह्लादानूच्यतां तात स्वधीतं किञ्चिदुत्तमम् ॥ कालेनैतावताऽऽयुष्मन् यदशिक्षद्गुरोर्भवान् ॥ २२ ॥ प्रह्लाद उवाच ॥ श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ॥ अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥२३॥ इति पुंसार्पिता विष्णौ भक्तिश्चेन्नवलक्षणा ॥ क्रियते भगवत्यद्धा तन्मन्येऽधीतमुत्तमम् ॥२४ ॥ निशम्यैतत्सुतवचो हिरण्यकशिपुस्तदा ॥ गुरुपुत्रमुवाचेदं रुषा प्रस्फुरिताधरः ॥२५॥ ब्रह्मबन्धो किमेतत्ते विपक्षं श्रयताऽसता ॥ असारं ग्राहितो बालो मामनादृत्य दुर्मते ॥२६॥सन्ति ह्यसाधवो लोके दुर्मैत्राश्छद्मवेषिणः ॥ तेषामुदेत्यघं काले रोगःपातकिनामिव ॥२७॥ गुरुपुत्र उवाच ॥ न मत्प्रणीतं न परप्रणीतं सुतो वदत्येष तवेन्द्रशत्रो ॥

पारेर हिरण्यकशिपुकहाँ लगे ॥१९॥ आफ्नो पुत्र खुट्टामा न्युरेको देखेर असुरराज हिरण्यकशिपुले उसलाई आशीर्वादले अभिनन्दन गरे । अनि आफ्ना दुवै भुजाले आलिंगत गरेर ती आनन्दमग्न भए ॥ २० ॥ हे युधिष्ठिर ! तिनले ती प्रसन्न बालकलाई काखामा लिएर शिर सूँघी दुवै नेत्रबाट आँसु बगाउँदै भने । हिरण्यकशिपु भन्दछन्—चिरञ्जीवी बाबू प्रह्लाद ! यति दिन तिमीले गुरुसित जे पढ्यौ, त्यसमध्ये कुनै राम्रो कुरा सुनाऊ ॥२१-२२॥ प्रह्लाद भन्दछन्–हे पिताजी ! विष्णु भगवान्का गुण श्रवण-कीर्तन, स्मरण, चरणसेवा, अर्चन, वन्दन, दास्य, सख्य तथा आत्मनिवेदन, यो नवधा भक्ति हो । पुरुष भगवदर्पणपूर्वक यसको आचरण गरोस्, म त्यसैलाई स्वाध्याय मान्दछु ॥२३-२४॥ छोरोको यस्ता वचन सुनेर रिसले हिरण्यकशिपुका अधरोष्ठ फर्कन लागे र उसले गुरुपुत्रसित भने–॥२५ ॥ ए ब्राह्मणाधम ! हे दुर्बुद्धि ! तैंले मलाई केही गनीनस् र मेरो शत्रुको पक्ष

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएर बालकलाई यही निःसार शिक्षा दियौ ? ।।२६।। ठीकै छ, संसारमा अनेक यस्ता दुष्ट छन्, जो माथिबाट छद्मवेषी मित्र बनिरहेर मौकामा एक-न एक दिन विद्रोह गरिदिन्छन्' ।।२७।। गुरु पुत्रले भने–हे इन्द्रशत्रो ! हजुरको पुत्र जे जति भन्दछ, त्यो मैले या अरु कसैले सिकाएको होइन । हे राजन् ! यो यसको उपज हो । हजुर क्रोध शान्त गर्नुहवस् र हामीलाई व्यर्थ दोष नदिनोस् ।।२८।। नारदले भने–हे राजन् ! पुत्रले त्यति भनेपछि दैत्यराजले छोरोसित सोध्यो–'क्या हो दुष्ट ! तँलाई यदि यस्तो बुद्धि गुरुहरूको उपदेशले मिलेको होइन भने पाइस् कहाँबाट ?' ।।२९।। प्रह्लाद भन्छन्–जो अजितेन्द्रिय प्राणी चर्वित-चार्वण न्यायले भोगिसकेका विषय फेरि भोग्न संसारमा आउँछन्, ती गृहासक्त जनको बुद्धि स्वयं वा कसैको शिक्षा या सत्संगले पनि भगवान्मा लाग्दैन ।। ३० ।। जो विषयलाई नै ठूलो ठान्ने तथा अन्धो द्वारा डोऱ्याइएको अन्धो समान वेदवाणीरूपिणी डोरीका बन्धनमा बाँधिई रहन्छन्, ती दुर्बुद्धि परम पुरुषार्थ स्वरूप श्रीविष्णुलाई पाउन सक्तैनन् ।। ३१ ।। जब सम्म ती आफूलाई निष्किञ्चन महापुरुषका चरण रजले

नैसर्गिकीयं मतिरस्य राजन्नियच्छ मन्युं कददाः स्म मा नः ।।२८।। नारद उवाच ।। गुरुणैवं प्रतिप्रोक्तो भूय आहासुरः सुतम् ।। न चेद्गुरुमुखीयं ते कुतोऽभद्राऽसती मतिः ।।२९।। प्रह्लाद उवाच ।। मतिर्न कृष्णे परतःस्वतो वा मिथोऽभिपद्येत गृहव्रतानाम् ।। अदान्तगोभिर्विशतां तमिस्रं पुनः पुनश्चर्वितचर्वणानाम् ।। ३० ।। न ते विदुः स्वार्थगतिं हि विष्णुं दुराशया ये बहिरर्थमानिनः ।। अन्धा यथाऽन्धैरुपनीयमाना वाचीशतन्त्यामुरुदाम्नि बद्धाः ।। ३१ ।। नैषां मतिस्तावदुरुक्रमांघ्रिं स्पृशत्यनर्थापगमो यदर्थः ।। महीयसां पादरजोऽभिषेकं निष्किञ्चनानां न वृणीत यावत् ।। ३२ ।। इत्युक्त्वो परतं पुत्रं हिरण्यकशिपू रुषा ।। अन्धीकृतात्मा स्वोत्सङ्गान्निरस्यत महीतले ।। ३३ ।। आहामर्षरुषाविष्टः कषायीभूतलोचनः ।। वध्यतामाश्वयं वध्यो निःसारयत नैर्ऋताः ।। ३४ ।। अयं मे भ्रातृहा सोऽयं हित्वा स्वान्सुहृदोऽधमः ।। पितृव्यहन्तुर्यः पादौ विष्णोर्दासवदर्चति ।। ३५ ।। विष्णोर्वा साध्वसौ किं नु करिष्यत्यसमञ्जसः ।। सौहृदं दुस्त्यजं पित्रोरहाद्यः पञ्चहायनः ।। ३६ ।। परोऽप्यपत्यं हितकृद्यथौषधं स्वदेहजोऽप्यामयवत्सुतोऽहितः ।। छिन्द्यात्तदङ्गं यदुतात्मनोऽहितं शेषं सुखं जीवति यद्विवर्जनात् ।।३७।। सर्वैरुपायैर्हन्तव्यः सम्भोजशयनासनैः ।। सुहृल्लिङ्गधरः शत्रु·

अभिषिक्त हुन्नन्, तबसम्म तिनको बुद्धि भगवच्चरण स्पर्श गर्न सक्तैन–जसले संसाररूपी अनर्थको नाश हुन्छ ।। ३२ ।। यति भनि चुपलागे । त्यो देखेर हिरण्यकशिपुले क्रोधान्ध भएर पुत्रलाई काखाबाट भूमिमा बरालिदियो ।। ३३ ।। असहिष्णुता र रोषले राता-राता नेत्र पारेर भन्यो––'ए राक्षस हो ! यो बालक वध-योग्य छ, यसलाई मारिदेओ वा बाहिर धपाइदेओ ।। ३४ ।। अब यो पापी जाति-बन्धुहरूलाई छाडेर आफ्नो काकाको घातक विष्णुका चरणको पूजा गर्दछ, भने यो मेरो भाइको घातक विष्णु नै हो ।। ३५ ।। यो बालक विष्णुको पनि के हित गर्ला ? जसले पाँच वर्षको अवस्थामै आमा-बाबूको स्नेह त्यागिदियो ।। ३६ ।। यदि बिरानो पनि आफ्नू हितकारी छ भने त्यसलाई औषधिको समान पुत्र नै ठानोस् र आफ्नो देहजात छोरो पनि दुःखदायी छ भने रोग झैं त्यसलाई त्यागिदेओस् । अरुको के कुरा, यदि आफ्नो शरीरकै कुनै अङ्ग दुःख दिन थाल्दछ भने त्यसलाई पनि काटि देओस् । किनकि त्यो अंग नभए शेष देह सुखले रहन्छ ।।३७।। अतः यसलाई सुत्ता-बस्ता, खान-पानको वेलामा कुनै उपायले मारिदेओ, किनकि जस्तै मुनिजनका उच्छिङ्खल इन्द्रिय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनका निम्ति शत्रु हुन् ! त्यस्तै म पनि यसलाई सुहृद्रूपधारी शत्रु मान्दछु ॥३८॥ स्वामीको त्यस्तो आज्ञा पाएर तीखा दाह्रा, विकराल मुख, राता-राता दाह्री-जूँघा र राता कपाल हुने डरलाग्दा राक्षस हातमा त्रिशूल लिई 'काट-काट-मार-मार' भन्दै भयङ्कररूपले गर्जने त्यहीं बसेका प्रह्लादका मर्मस्थानमा प्रहार गर्नलागे ॥३९॥४०॥ तैपनि प्रह्लादको मन अनिर्वाच्य तथा सर्वात्मा भगवान् परब्रह्ममा लागिरह्यो र अभागीहरूको उद्योग झैं ती भक्तमा तिनले गरेको सबै प्रहार व्यर्थ भयो ॥४१॥ हे युधिष्ठिर ! त्यो प्रयत्न विफल भएपछि दैत्यराजको चित्त झन् शङ्कामा पर्नगयो र उनलाई मार्नको निम्ति उसले अनेक यत्न गर्‍यो ॥४२॥ त्यो क्रूर पिताले पुत्रलाई दिग्गजका खुट्टामुनि थिचायो, सर्पले टोक्न लगायो, यन्त्र-मन्त्र गराई, पर्वतबाट घ्रुचेटी, मायाको प्रयोग गराई, अँध्यारो कोठामा थुनाई, विष खुवाएर, भोकै राखेर, शीत, वायु, अग्नि र जलमा बसालेर, पर्वतहरूको तल थिचेर मार्ने चेष्टा गर्‍यो । तैपनि जब निर्दोष बालकको वध-गर्न सकेन तब दैत्यराजलाई ठूलो चिन्ता भयो । तर ती बालकको वध गर्नको निम्ति उसलाई कुनै अचूक उपाय

मुनेर्नष्टमिवेन्द्रियम् ॥३८॥ नैर्ऋतास्ते समादिष्टा भर्त्रा वै शूलपाणयः ॥ तिग्मदंष्ट्रकरालास्यास्ताम्रश्मश्रुशिरोरुहाः ॥ ३९ ॥ नदन्तो भैरवान्नादाँ-श्छिन्धि भिन्धीति वादिनः ॥ आसीनं चाहनञ्छूलैः प्रह्लादं सर्वमर्मसु ॥ ४० ॥ परे ब्रह्मण्यनिर्देश्यं भगवत्यखिलात्मनि ॥ युक्तात्मन्यफला आसन्न-पुण्यस्येव सत्क्रियाः ॥४१॥ प्रयासेऽपहते तस्मिन्दैत्येन्द्रः परिशङ्कितः ॥ चकार तद्वधोपायान्निर्बन्धेन युधिष्ठिर ॥४२॥ दिग्गजैर्दन्दशूकैश्च अभिचा-रावपातनैः ॥ मायाभिः संनिरोधैश्च गरदानैरभोजनैः ॥ ४३ ॥ हिमवाय्वग्निसलिलैः पर्वताक्रमणैरपि ॥ न शशाक यदा हन्तुमपापमसुरः सुतम् ॥ चिन्तां दीर्घतमां प्राप्तस्तत्कर्तुं नाभ्यपद्यत ॥ ४४ ॥ एष मे बह्वसाधूक्तो वधोपायाश्च निर्मिताः ॥ तैस्तैर्द्रोहैरसद्धर्मैर्मुक्तः स्वेनैव तेजसा ॥ ४५ ॥ वर्त-मानोऽविदूरे वै बालोऽप्यजडधीरयम् ॥ न विस्मरति मेऽनार्यं शुनःशेप इव प्रभुः ॥ ४६ ॥ अप्रमेयानुभावोऽयमकुतश्चिद्भयोऽमरः ॥ नूनमेतद्विरो-धेन मृत्युर्मे भविता न वा ॥ ४७ ॥ इति तं चिन्तया किंचिन्म्लानश्रियमधोमुखम् ॥ शण्डामर्कावौशनसौ विविक्त इति होचतुः ॥ ४८ ॥ जितं त्वयैकेन जगत्त्रयं भ्रुवोर्विजृम्भणत्रस्तसमस्तधिष्ण्यपम् ॥ न तस्य चिन्त्यं तव नाथ चक्ष्महे न वै शिशूनां गुणदोषयोः पदम् ॥ ४९ ॥ इमं तु पाशै-

देखा परेन । ४३॥४४॥ त्यो आफ्नो मनमा भन्नलाग्यो–'हरे ! मैले यसलाई यति कटुवाक्य भनें र मार्नको लागि धेरै उपाय गरें, तर ती सबै द्रोह र निन्दित आचरण द्वारा यो आफ्नो प्रभावले मरेन ॥४५॥ यो सानू बालक भनेर निर्भीकभावले उभिएको छ । यसमा केही सामर्थ्य अवश्य छ र यो शुनःशेपको समान मेरा अपकारहरूलाई कहिल्यै पनि बिर्सनेछैन (शुनः शेपको कथा नवमस्कन्धको सातौं अध्यायमा आउनेछ) ।४६॥ यसका प्रभावको त सीमानै छैन त्यसलाई कुनै डर छैन । के यो अमर छ? यसको विरोधगर्नाले यमेरो मृत्यु हुन सक्तछ–नहुन पनि सक्तछ ॥४७॥ अनि चिन्ताले मलिन कान्ति हिरण्यकशिपुलाई एकान्तमा नतमस्तक बसेको देखेर शुक्रपुत्र शण्ड र अमर्क भन्दछन्–॥४८॥ हे प्रभो ! हजुरको भृकुटिविलासले मात्र सबै लोकपाल डरले काम्न लाग्दछन् र तीनै लोकलाई हजुरले एक्लै पराजित पार्नु भएथ्यो । हजुर जस्ता प्रतापीको निम्ति कुनै चिन्ताको कुरा छैन । हे तात ! यस्ता साना बालकका व्यवहार कुनै गुण-दोषका कारण हुँदैनन् ॥४९॥ शुक्राचार्यको आउने वेलासम्मका लागि हजुर यसलाई वरुणपाशले बाँधि राख्नुस्, जसले यो भाग्न न-

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाओस् । कहिले काहीं यस्तो पनि हुन्छ–आयुको वृद्धि र सज्जनको सेवाले स्वयं बुद्धि आउँदछ ॥ ५० ॥ अनि 'हुन्छ' भनेर हिरण्यकशिपुले गुरुपुत्रका कुरा मानेर भन्यो–'यसलाई गृहस्थ राजाहरूको धार्मिकशिक्षा दिनुहोस्' ॥५०॥ हे युधिष्ठिर ! त्यसपछि दुवै गुरुपुत्र अति विनीत प्रह्लादलाई धर्म, अर्थ र कामको शिक्षा दिनलागे ॥५२॥ तर ती गुरुले जुन शास्त्रको द्वारा धर्म, अर्थ र कामको शिक्षा दिएथे, प्रह्लादले त्यो मनपराएनन्, किनकि त्यो शिक्षा राग-द्वेषादि द्वन्द तथा विषय भोगमा आसक्त पुरुषको निम्ति नै बनेको थियो ॥५३॥ एक दिन जब गुरुजी आफ्नो घर-धन्दामा लागेका थिए, तब साथीले खेल्ने मौका देखेर प्रह्लादलाई खेल्न डाके ॥ ५४ ॥ तर तिनको जन्म-मरणको गतिका ज्ञाता तथा महान् ज्ञानी प्रह्लादले आफ्नो मधुर वाणीले तिनलाई नै आफ्नो नजीक डाके र ती माथि दया गरेर हाँस्तै भने ॥ ५६ ॥ शुकदेव भन्नुहुन्छ–हे राजन् ! ती बालक थिए, तिनको बुद्धि राग-द्वेषादि द्वन्द्वमा डुबेका विषयी पुरुषको उपदेश तथा उनको आचरणले दूषित भएको थिएन । यसै निम्ति तिनले डाकेपछि ती सबै प्रह्लादको गौरवले आफ्ना खेलका

र्वरुणस्य बद्ध्वा निधेहि भीतो न पलायते यथा । बुद्धिश्च पुंसो वयसाऽऽर्यसेवया यावद्गुरुर्भार्गव आगमिष्यति ॥ ५० ॥ तथेति गुरुपुत्रोक्तमनुज्ञा- येदमब्रवीत् ॥ धर्मो ह्यस्योपदेष्टव्या राज्ञां ये गृहमेधिनाम् ॥५१॥ धर्ममर्थं च कामं च नितरां चानुपूर्वशः ॥ प्रह्लादायोचतू राजन्प्रश्रितावनताय च ॥ ५२ ॥ यथा त्रिवर्गं गुरुभिरात्मने उपशिक्षितम् ॥ न साधु मेने तच्छिक्षां द्वंद्वारामोपवर्णिताम् ॥ ५३ ॥ यदाचार्यः परावृत्तो गृहमेधीयकर्मसु ॥ वयस्यैर्बालकैस्तत्र सोपहूतः कृतक्षणैः ॥ ५४ ॥ अथ तान् श्लक्ष्णया वाचा प्रत्याहूय महाबुधः ॥ उवाच विद्वांस्तन्निष्ठां कृपया प्रहसन्निव ॥५५॥ ते तु तद्गौरवात्सर्वे त्यक्तक्रीडापरिच्छदाः ॥ बाला न दूषितधियो द्वन्द्वारामेरितेहितैः ॥ ५६ ॥ पर्युपासत राजेन्द्र तन्न्यस्तहृदयेक्षणाः ॥ तानाह करुणो मैत्रो महाभागवतोऽसुरः ॥ ५७ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादानुचरिते पंचमोऽध्यायः ॥ ५ ॥ प्रह्लाद उवाच ॥ कौमार आचरेत्प्राज्ञो धर्मान्भागवतानिह ॥ दुर्लभं मानुषं जन्म तदप्यध्रुवमर्थदम् ॥ १ ॥ यथा हि पुरुषस्येह विष्णोः पादोपसर्पणम् ॥ यदेष सर्वभूतानां प्रिय आत्मेश्वरः सुखमैन्द्रियकं दैत्या देहयोगेन देहिनाम् ॥ सर्वत्र लभ्यते दैवाद्यथा दुःखमयत्नतः ॥ ३ ॥ तत्प्रयासो न कर्तव्यो यत आयुर्व्ययः परम् ॥ न तथा बिन्दते क्षेमं मुकुन्दचरणाम्बुजम् ॥ ४ ॥ ततो यतेत कुशलः क्षेमाय भयमाश्रितः ॥ शारीरं पौरुषं यावन्न विपद्येत

वस्तु फालेर दगुर्दै तिनको नगीचै आए र उनैमा आफ्नू चित्त र नेत्र लगाएर चारैतिरबाट मण्डलाकार बसे । अति दयालु, मित्र, महाभागवत, असुरश्रेष्ठ प्रह्लाद भन्नलागे ॥५६।५७॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषा-टीकायां पञ्चमोऽध्यायः ॥५॥ (असुर-बालकहरूलाई प्रह्लादको उपदेश) प्रह्लादले भने-हे बालक हो ! प्रत्येक बुद्धिमान् पुरुष बाल्यावस्थादेखि नै वैष्णव धर्मको पालन गरून् । यो मानव जन्म दुर्लभ छ र अनित्य भए पनि सबै पुरुषार्थको साधक छ ॥ १ ॥ यस जन्ममा विष्णुका चरणको शरण लिनु नै जीवको सबभन्दा ठूलो कर्तव्य हो, किनकि सबै प्राणीहरूका उनै आत्मा, प्रिय, ईश्वर र सुहृद् हुन् ॥ २ ॥ हे दैत्य हो ! देहको सम्बन्ध हुने आत्माले प्राणीहरूलाई इन्द्रियजनित्त सुख तथा दुःख सबै योनिमा स्वतः मिल्दै रहन्छ ॥४॥ अनि त्यसको निम्ति प्रयत्न गर्नु व्यर्थ छ, किनकि त्यसमा आयु व्यर्थ गुमाउनु पर्दछ । त्यसले प्राणीहरूलाई त्यो सुख प्राप्त हुन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन भगवान्‌का चरण कमलको आराधनाले प्राप्त हुन्छ ॥ ४ ॥ यो सर्वावयवपूर्ण मानव शरीर विपत्तिग्रस्त नहोस्, यो भन्दा आगवै भवभयमा परेका ज्ञानी पुरुषले आफ्नो कल्याणको उपाय गरिसक्नु पर्दछ ॥ ५ ॥ मनुष्यको पूर्ण आयु सयवर्षको हुन्छ । त्यसमा अजितेन्द्रिय प्राणीहरूको आधा आयु व्यर्थ वितेर जान्छ, किनकि रात्रिमा तमोगुणको अधीन भएर निदाउँछन् ॥ ६ ॥ त्यसबाट पनि बाल्यावस्थमा प्राणी मोहग्रस्त रहन्छ र कौमारावस्थामा खेलनमै लाग्दछ, जसले बीस वर्ष व्यर्थ जान्छ । बीस वर्ष वृद्धावस्थाको समय शरीरमा सामर्थ्य नरहनाले नष्ट हुन्छ ॥ ७ ॥ शेष आयु कष्टले पूर्ण हुने काम तथा प्रबल मोहवश घरमा आसक्त रहनाले प्रमादमा व्यतीत हुन्छ ॥ ८ ॥ हे बालक हो ! यस्तो कुन अजितेन्द्रिय पुरुष छ, जो बलियो स्नेह-बन्धनमा बाँधिएको आफ्नो गृहासक्त मनलाई त्यसबाट छुटाउन सक्ला ! ॥ १९ ॥ जसलाई चोर, सेवक र व्यापारी आफ्नो प्रियतम प्राणको साटो किन्दछन्, त्यो प्राणाधिक प्रिय द्रव्यको तृष्णा सहजै को त्यागनसक्तछ ? ॥ १० ॥ जसको मन प्रियतमाको संगै एकान्त-सहवास तथा मनोहर वार्तालापमा, बन्धुजनको स्नेह तथा

पुष्कलम् ॥५॥ पुंसो वर्षशतं ह्यायुस्तदर्धं चाजितात्मनः ॥ निष्फलं यदसौ रात्र्यां शेतेऽन्धं प्रापितस्तमः ॥ ६ ॥ मुग्धस्य बाल्ये कौमारे क्रीडतो याति विंशतिः ॥ जरया ग्रस्तदेहस्य यात्यकल्पस्य विंशतिः ॥ ७ ॥ दुरापूरेण कामेन मोहेन च बलीयसा ॥ शेषं गृहेषु सक्तस्य प्रमत्तस्यापयाति हि ॥ ८ ॥ को गृहेषु पुमान्सक्तमात्मानमजितेन्द्रियः ॥ स्नेहपाशैर्दृढैर्बद्धमुत्सहेत विमोचितुम् ॥ ९ ॥ को न्वर्थतृष्णां विसृजेत्प्राणेभ्योऽपि य ईप्सितः ॥ यं क्रीणात्यसुभिः प्रेष्ठैस्तस्करः सेवको वणिक् ॥ १० ॥ कथं प्रियाया अनुकम्पितायाः सङ्गं रहस्यं रुचिरांश्च मन्त्रान् ॥ सुहृत्सु च स्नेहसितः शिशूनां कलाक्षराणामनुरक्तचित्तः ॥ ११ ॥ पुत्रान्स्मरंस्ता दुहितॄर्हृदय्या भ्रातॄन्स्वसॄर्वा पितरौ च दीनौ ॥ गृहान्मनोज्ञोरुपरिच्छदांश्च वृत्तीश्च कुल्याः पशुभृत्यवर्गान् ॥१२॥ त्यजेत कोशस्कृदिवेहमानः कर्माणि लोभादवितृप्तकामः ॥ औपस्थ्यजैह्व्यं बहु मन्यमानः कथं विरज्येत दुरन्तमोहः ॥१३॥ कुटुम्बपोषाय वियन्निजायुर्न बुध्यतेऽर्थं विहतं प्रमत्तः ॥ सर्वत्र तापत्रयदुःखितात्मा निर्विद्यते न स्वकुटुम्बरामः ॥ १४ ॥ वित्तेषु नित्याभिनिविष्टचेता विद्वांश्च दोषं परवित्तहर्तुः ॥ प्रेत्येह चाथाप्यजितेन्द्रियस्तदशान्तकामो हरते कुटुम्बी ॥१५॥ विद्वानपीत्थं दनुजाः कुटुम्बं पुष्णन्स्वलोकाय न

बालकको तोतेबोलीमा अल्झेको छ, जसले श्वसुर-गृहमा गएकी कन्या, पुत्र दाजू-भाइ, बहिनी दीन माता-पिता, मनोहर अधिक परिच्छदयहरूले गृह, कुलको वृत्ति, तथा पशु र सेवकादिको हेरचाह गरिरहन्छ, त्यो ती सबै कसरी त्याग्न सक्ला ? जो लोभवश कामनाहरूले तृप्त हुँदैन र उपस्थ (लिङ्ग) तथा जिब्रोका सुखलाई नै ठूलो मानेर बस्नु तथा रेशम बनाउने कीरा झैं जो आफ्ना बन्धनको नै सम्मान गर्दछ, त्यो महामोहग्रस्त व्यक्ति कसरी विरक्त हुनसक्दछ ? ॥ ११-१३ ॥ जो पुरुष आफ्ना कुटुम्बको पालन पोषणमा व्यस्त रहेर यस्तो मतवाला हुन्छ कि उसलाई यो ज्ञान नै हुन सक्तैन कि कुटुम्ब पालनमा व्यर्थ आयु गुमाउनुले मेरो पुरुषार्थ नष्ट भइरहेको छ । त्यो सदा त्रिविध तापले सन्तप्त रहन्छ—तैपनि विरक्त हुन सक्तैन ॥१४॥ त्यस कुटुम्बी पुरुषको मन सधैं धनमा लागिरहन्छ । परधनहारी पुरुषलाई यस लोक र परलोकमा जुन दुःख प्राप्त हुन्छ, त्यो जानी-बुझेर पनि त्यो अजितेन्द्रिय, अशान्त र लोभयुक्त प्राणी परधन हर्दै रहन्छ ॥१५॥ हे दैत्य हो ! जो पुरुष आफ्ना कुटुम्बको पालन-पोषणमा लागिरहन्छ त्यो विद्वान भएर पनि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मज्ञान पाउन सक्तैन किनकिं आफ्नो-बिरानोको भेद बुद्धिले त्यो अज्ञानीकै समान तमोग्रस्त हुन्छ ॥ १६ ॥ हे दैत्य बालक हो ! कामिनीहरूका विरहको क्रीडामृत र खुट्टाका सन्ततिरूपिणी वेल हालेर कुनै पनि दीन पुरुष आफ्नो आत्माको उद्धार गर्न सक्तैन । अतः तिमीहरू विषयासक्त दैत्यहरूको संगति परैवाट त्यागेर नारायणको शरण पर । एकमात्र उनै मुक्तसङ्ग महात्माहरूका इच्छित मोक्ष हुन् ॥ १७॥१८॥ हे दैत्य-बालक हो ! भगवान् अच्युतलाई प्रसन्न पान विशेष प्रयास गर्नु पर्दैन किनकि ती सबै प्राणीहरूका आत्मा हुन् र सर्वत्र विराजमान छन् । ब्रह्मादेखि लिएर स्थावरसम्म सबै साना-ठूला जीव, पञ्चमहाभूतबाट उत्पन्न घट-पटादि पदार्थ, आकाशादि महाभूत, सत्वादि गुण, गुणको साम्यावस्थारूपिणी प्रकृति र गुणवैषम्यस्वरूप महत्तत्त्वमा ती परमात्मा भगवान् एक्लै रहन्छन् ॥ १९॥२० ॥ ती अनिर्वचनीय र अविकल्पित छन्, तापनि अन्तर्यामी द्रष्टारूपले व्यापक, अनात्मा र दृश्यरूपले व्याप्य भनेर सबै उनैको निर्वचन गर्दछन् ॥ २२ ॥ ती अनुभवानन्दस्वरूप परमेश्वरको सारा ऐश्वर्य गुणमयी सृष्टि गर्न ती मायाले

कल्पते वै ॥ यः स्वीयपारक्यविभिन्नभावस्तमः प्रपद्येत यथा विमूढः ॥ १६ ॥ यतो न कश्चित्क्व च कुत्रचिद्वा दीनः स्वमात्मानमलं समर्थः ॥ विमोचितुं कामदृशां विहारक्रीडामृगो यन्निगडो विसर्गः ॥ १७ ॥ ततो विदूरात्परिहृत्य दैत्या दैत्येषु सङ्गं विषयात्मकेषु ॥ उपेत नारायणमादिदेवं स मुक्तलिङ्गैरिषितोऽपवर्गः ॥ १८ ॥ न ह्यच्युतं प्रीणयतो बह्वायासोऽसुरात्मजाः ॥ आत्मत्वात्सर्वभूतानां सिद्धत्वादिह सर्वतः ॥ १९ ॥ परावरेषु भूतेषु ब्रह्मान्तस्थावरादिषु ॥ भौतिकेषु विकारेषु भूतेष्वथ महत्सु च ॥ २० ॥ गुणेषु गुणसाम्ये च गुणव्यतिकरे तथा ॥ एक एव परो ह्यात्मा भगवानीश्वरोऽव्ययः ॥ २१ ॥ प्रत्यगात्मस्वरूपेण दृश्यरूपेण च स्वयम् ॥ व्याप्यव्यापकनिर्देश्यो ह्यनिर्देश्योऽविकल्पतः ॥ २२ ॥ केवलानुभवा- नन्दस्वरूपः परमेश्वरः ॥ माययाऽन्तर्हितैश्वर्य ईयते गुणसर्गया ॥ २३ ॥ तस्मात्सर्वेषु भूतेषु दयां कुरुत सौहृदम् ॥ आसुरं भावमुन्मुच्य यया तुष्यत्यधोक्षजः ॥ २४ ॥ तुष्टे च तत्र किमलभ्यमनन्त आद्ये किं तैर्गुणव्यतिकरादिह ये स्वसिद्धाः ॥ धर्मादयः किमगुणेन च काङ्क्षितेन सारंजुषां चरणयोरुपगायतां नः ॥ २५ ॥ धर्मार्थकाम इति योऽभिहितस्त्रिवर्ग ईक्षा त्रयी नयदमौ विविधा छ वार्ता ॥ मन्ये तदेतदखिलं निगमस्य सत्यं स्वात्मार्पणं स्वसुहृदः परमस्य पुंसः ॥ २६ ॥ ज्ञानं तदेतदमलं दुरवापमाह नारायणो नरसखः किल नारदाय ॥ एकान्तिनां भगवतस्तद-

ढाकिएका रहन्छन् । अतः त्यसको निवृत्ति भएपछि नै उनको दर्शन पाइन्छ ॥ २३ ॥ अब असुरभाव त्यागेर सबै प्राणीमा दया र प्रेम गर—जसले गर्दा श्रीअधोक्षज भगवान प्रसन्न होउन् ॥ २४ ॥ ती अनन्त भगवान् प्रसन्न भएपछि के दुर्लभ रहन्छ ? गुणका परिणामस्वरूप स्वतः प्राप्त हुने धर्मादिसित हामीलाई हामीलाई के प्रयोजन ! भगवान्को गुण-गान र उनको चरणामृत पान गर्न हामीलाई त मोक्षको पनि इच्छा रहन्न ॥ २५ ॥ हे बालक हो ! धर्म, अर्थ र कामरूप त्रिवर्ग, शास्त्रमा वर्णित आन्वीक्षिकी, कर्मकाण्ड, न्याय, दण्डनीति र जसमा विविध जीविकाका साधन छन्, ती सबै शास्त्र आफ्ना परम सुहृद् पुरुषोत्तम भगवान्लाई आत्मार्पण गर्नमा सहायक भए उचित छ, होइन भने ती सबै व्यर्थ हुन् ॥२६॥ यो अत्यन्त दुर्लभ र विशुद्ध ज्ञानोपदेश नर-सखा नारायणले नारदलाई दिएका थिए । त्यो ज्ञान ती प्राणीलाई स्वतः प्राप्त हुन्छ, जो भगवान्का अनन्य र निष्किञ्चन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चरण-कमलको पवित्र रजमा नुहाउँदै रहन्छन् ॥२७॥ यो विज्ञानयुक्त ज्ञान र विशुद्ध धर्म मैले पूर्वकालमा देवदर्शन नारदजीको मुखबाट सुनेथें ॥ २८ ॥ ती दैत्य बालकहरूले भने—हे प्रह्लाद ! हामी र तिमी त यी दुवै शण्ड-अमर्क बाहेक अरु कुनै गुरुलाई जान्दैनौं, यी सानैदेखि हाम्रा गुरु छन् ॥ २९ ॥ बाल्यकालमा पनि सदा अन्तःपुरमा रहिरहनाले तिमीले कुनै महापुरुषलाई भेटन् दुर्लभ—थियो, अनि तिम्रो नारदजीसित कसरी भेट भयो ? हे सौम्य ! यदि हामीलाई विश्वास हुने कुनै कुरा भए त्यो भनेर संशय नष्ट गर ॥ ३० ॥ इति श्रीमद्भागते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥ ६ ॥ (प्रह्लादले आमाको गर्भमै नारदजीको उपदेश पाउनु)—नारदजी भन्दछन्—हे राजन् ! युधिष्ठिर ! दैत्यपुत्रले सोधेपछि महाभागवत प्रह्लाद मेरो उपदेश स्मरण गर्दै छक्क परेका ती दैत्य-बालकसित भन्दछन् ॥ १ ॥ प्र ादले भने—हे भाइ हो ! मेरो जन्मभन्दा पहिले जब पिता तपस्या गर्न मन्दराचल पर्वतमा गए तब इन्द्रादि देवताहरूले भने—सर्प जसरी कमिलाहरूलाई खाइदिन्छ, त्यसै गरी सौभाग्यवश सबै लोकलाई दुःख दिने पापी हिरण्यकशिपुलाई उसैको

किञ्चनानां पादारविन्दरजसाप्लुतदेहिनां स्यात् ॥ २७ ॥ श्रुतमेतन्मया पूर्वं ज्ञानं विज्ञानसंयुतम् ॥ धर्मं भागवतं शुद्धं नारदाद्देवदर्शनात् ॥२८॥ दैत्यपुत्रा ऊचुः ॥ प्रह्लाद त्वं वयं चापि नर्तेऽन्यं विद्महे गुरुम् ॥ एताभ्यां गुरुपुत्राभ्यां बालानामपि हीश्वरौ ॥ २९ ॥ बालस्यान्तःपुरस्थस्य महत्संगो दुरन्वयः ॥ छिन्धि नः संशयं सौम्य स्याच्चेद्विश्रम्भकारणम् ॥३०॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादानुचरिते षष्ठोऽध्यायः ॥ ६ ॥ नारद उवाच ॥ एवं दैत्यसुतैः पृष्टो महाभागवतोऽसुरः ॥ उवाच स्मयमानांस्तान्स्मरन्मदनुभाषितम् ॥ १ ॥ प्रह्लाद उवाच ॥ पितरि प्रस्थितेऽस्माकं तपसे मन्दराचलम् ॥ युद्धोद्यमं परं चक्रुर्विबुधा दानवान्प्रति ॥ २ ॥ पिपीलिकैरहिरिव दिष्ट्या लोकोपतापनः ॥ पापेन पापोऽभक्षीति वादिनो वासवादयः ॥ ३ ॥ तेषामतिबलोद्योगं निशम्यासुरयूथपाः ॥ वध्यमानाः सुरैर्भीता दुद्रुवुः सर्वतो दिशम् ॥ ४ ॥ कलत्रपुत्रमित्राप्तान्गृहान्पशुपरिच्छदान् ॥ नावेक्षमाणास्त्वरिताः सर्वे प्राणपरीप्सवः ॥ ५ ॥ व्यलुम्पन्राजशिबिरममरा जयकांक्षिणः ॥ इन्द्रस्तु राजमहिषीं मातरं मम चाग्रहीत् ॥ ६ ॥ नीयमानां भयोद्विग्नां रुदतीं कुररीमिव ॥ यदृच्छयाऽऽगतस्तत्र देवर्षिर्ददृशे पथि ॥ ७ ॥ प्राह नैनां सुरपते नेतुमर्हस्यनागसम् ॥ मुञ्च मुञ्च महाभाग सतीं परपरिग्रहम् ॥ ८ ॥ इन्द्र उवाच ॥ आस्तेऽस्या जठरे वीर्यमविषह्यं सुरद्विषः ॥ आस्यतां यावत्प्रसवं मोक्ष्येऽर्थपदवीं गतः ॥ ९ ॥

पापले खाइदियो। अनि तत्काल तिनले युद्धको तयारी गरिदिए ॥ २-३ ॥ देवताहरूको त्यो प्रबल युद्धोद्योगको समाचार सुन्नासाथ सबै दैत्यनायक उनीहरू द्वारा चुटाई खाएर डरले स्त्री, पुत्र, मित्र बन्धु, गृह, पशु र भोगसामग्रीको पनि ख्याल नराखी आफ्नो प्राण-रक्षाका लागि चारैतिर भागे ॥ ४-५ ॥ अनि विजयाभिलाषी देवगण सहित राजा इन्द्रले राजगृह लुटेर मेरी माता राजमहिषी कयाधुलाई पक्रे ॥ ६ ॥ जब ती भयले व्याकुल भई कुररी झैं रुने मेरी मातालाई स्वर्गलोक लगिरहेका थिए, तब मार्गमा संयोगले आइरहेका देवर्षि नारद भेटिए। उनले भने—'हे देवराज ! यी निरपराध अबलालाई लैजानु उचित छैन। हे महाभाग ! तिमी यी साध्वी परनारीलाई छाडिदेउ।' इन्द्र भन्दछन्—'हे मुने ! यसको उदरमा देवद्रोही हिरण्यशिपुको असह्य वीर्य विद्यमान छ। अतः यसलाई प्रसवकालसम्म मनेर बस्न दिनुस्। काम पूरा भएपछि म यसलाई छाडिदिनेछु' ॥ ७।८ ॥

...Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारदजी भन्दछन्–हे इन्द्र ! यस गर्भको बालक निर्दोष परम भगवद्भक्त, गुणमा महान्, भगवान्‌को सेवक तथा महाबलवान् हुनेछ । त्यो तिम्रो हातबाट कहिल्यै मर्नेछैन ॥ १० ॥ अनि इन्द्रले देवर्षि नारदको आदर गरेर मेरी मातालाई छाडिदिए र भक्तिपूर्वक तिनको परिक्रमा गरेर देवलोक फर्किए ॥ ११ ॥ अनि नारदले मेरी आमालाई आफ्नू आश्रममा लगे र भने–'पुत्री ! जबसम्म तिम्रो पति फर्कन्नन्, तबसम्म तिमी यहीं बस' ॥१२॥ नारदजीको कुरा सुनेर 'हुन्छ' भनी जबसम्म दैत्यपति तपस्याबाट फर्कन, तबसम्म ती निर्भय भावले उनैको आश्रममा बसिन् ॥ १३ ॥ ती गर्भवती सती (मेरी आमा) आफ्नो गर्भको कल्याणार्थ र इच्छानुसार प्रसव होस् यस उद्देश्यले नारदजीको भक्तिपूर्वक सेवा गर्न लागिन् । त्यसै वेला दयालु देवर्षिले मलाई र मेरी आमालाई धर्मतत्त्वको विशुद्ध ज्ञानोपदेश दिए । धेरै समय वितिसकेको हुनाले र जातीय स्वभाववश मेरी आमाको हृदयबाट त्यो ज्ञान लुप्त भयो, तर ऋषिको विशेष कृपाले मलाई अझसम्म त्यसको ज्ञान बनिरहेको छ ॥ १४-१६ ॥ हे बालक हो ! यदि मेरो भनाईमा श्रद्धा गरे,तिमीहरूलाई पनि त्यो दुर्लभ ज्ञान प्राप्त हुन्छ

नारद उवाच ॥ अयं निष्किल्बिषः साक्षान्महाभागवतो महान् ॥ त्वया न प्राप्स्यते संस्थामनन्तानुचरो बली ॥ १० ॥ इत्युक्तस्तां विहायेन्द्रो देवर्षेर्मानयन् वचः ॥ अनन्तप्रियभक्त्यैनां परिक्रम्य दिवं ययौ ॥ ११ ॥ ततो नो मातरमृषिः समानीय निजाश्रमम् ॥ आश्वास्येहोष्यतां वत्से यावत्ते भर्तुरागमः ॥ १२ ॥ तथेत्यवासीद्देवर्षेरन्ति साऽप्यकुतोभया ॥ यावद्दैत्यपतिर्घोरात्तपसो न न्यवर्तत ॥ १३ ॥ ऋषिं पर्यचरत्तत्र भक्त्या परमया सती ॥ अन्तर्वत्नी स्वगर्भस्य क्षेमायेच्छाप्रसूतये ॥ १४ ॥ ऋषिः कारुणिकस्तस्याः प्रादादुभयमीश्वरः ॥ धर्मस्य तत्त्वं ज्ञानं च मामप्युद्दिश्य निर्मलम् ॥ १५ ॥ तत्तु कालस्य दीर्घत्वात्स्त्रीत्वान्मातुस्तिरोदधे ॥ ऋषिणाऽनुगृहीतं मां नाधुनाऽप्यजहात्स्मृतिः ॥ १६ ॥ भवतामपि भूयान्मे यदि श्रद्दधते वचः ॥ वैशारदी धीः श्रद्धातः स्त्रीबालानां च मे यथा ॥१७॥ जन्माद्याः षडिमे भावा दृष्टा देहस्य नात्मनः ॥ फलानामिव वृक्षस्य कालेनेश्वरमूर्तिना ॥ १८ ॥ आत्मा नित्योऽव्ययः शुद्ध एकः क्षेत्रज्ञ आश्रयः ॥ अविक्रियः स्वदृग्घेतुर्व्यापकोऽसङ्ग्यनावृतः ॥ १९ ॥ एतैर्द्वादशभिर्विद्वानात्मनो लक्षणैः परैः ॥ अहं ममेत्यसद्भावं देहादौ मोहजं त्यजेत् ॥ २० ॥ स्वर्णं यथा ग्रावसु हेमकारः क्षेत्रेषु योगैस्तदभिज्ञ आप्नुयात् ॥ क्षेत्रेषु देहेषु तथात्मयोगैरध्यात्मविद्ब्रह्मगतिं लभेत ॥ २१ ॥ अष्टौ प्रकृतयः प्रोक्तास्त्रय एव हि तद्गुणाः ॥ विकाराः षोडशाचार्यैः पुमानेकः समन्वयात् ॥२२॥

सक्दछ र त्यही श्रद्धाले म जस्तै अन्य बालक र स्त्रीहरूको बुद्धि पनि पवित्र हुन सक्दछ ॥ १७ ॥ उसलाई ईश्वरस्वरूप कालको प्रभावले जस्तै वृक्षका फलमा जन्मादि (जन्म, वृद्धि, परिणाम, क्षय र नाश छ विकार) जायमान हुन्छन्, त्यस्तै शरीरको पनि जन्मादि विकार देखिन्छन् । यिनको आत्मासित कुनै सम्बन्ध छैन ॥१८॥ आत्मा त नित्य, अविनाशी, शुद्ध, एक, क्षेत्रज्ञ, अधिष्ठान, स्वयं प्रकाश, सबैका कारण, व्यापक, असङ्ग र अनावृत रहन्छ ॥१९॥ यसै निम्ति विचारवान् पुरुष आत्माका यी उत्कृष्ट लक्षणहरूको सयहायताले देहादिमा मोहजनित 'म र मेरो' भन्ने भाव त्यागिदेओस् ॥२०॥ जस्तै सुवर्णको खानना ढुङ्गा मिसिएको सुवर्ण झिक्ने विधि जान्ने स्वर्णकार युक्तिले सुवर्ण झिक्न सक्तछ, त्यस्तै आत्मस्वरूपका ज्ञाता विद्वान् अध्यात्मयोग द्वारा देहरूपी क्षेत्रमा नै ब्रह्मज्ञान प्राप्त गरिलिन्छ ॥ २१ ॥ प्राचीन आचार्यहरूले मूल प्रकृति, महत्तत्त्व अहङ्कार तथा पञ्चतन्मात्राहरू आठ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृति, तिनका सत्वादि गुण, मनसमेत एघार इन्द्रिय र शब्दादि पाँच विषय, यी सोह्र विकृति र यी सबैको अनुगत यौटा पुरुष हुन् कहिएको छ ॥ २२ ॥ सबैको समवाय यो शरीर छ—जुन स्थावर र जङ्गमरूपले दुइ थरिको हुन्छ । यसमा अन्तःकरण र इन्द्रियादि अनात्मवस्तुको यो आत्मा होइन—यो आत्मा होइन यस प्रकारको बाधा गर्दै बराबर आत्मानुसन्धानमा लागिरहोस् ॥२३॥ अन्वय तथा व्यतिरेकले विशुद्ध बुद्धिद्वारा संसारको रचना, स्थिति आदिको अनुसन्धान गर्दै धैर्यसाथ विचारशील प्राणी आत्मज्ञान प्राप्त गरोस् ॥२४॥ जाग्रत्, स्वप्न र सुषुप्ति बुद्धिका यी तीनै वृत्तिहरू जो अनुभव गर्दछ, उही सर्वसाक्षी ईश्वर हो ॥ २५ ॥ जस्तै—गन्धबाट उसको आश्रयस्वरूप वायुको ज्ञान हुन्छ, उस्तै नै बुद्धिको कर्मजनित एवं सधैं माटिने तीनै अवस्थाद्वारा यिनको साक्षी आत्माको स्वरूपलाई प्राप्त गर ॥ २६ ॥ गुण-कर्मका बन्धनस्वरूप यस संसारको मुख्य द्वार पनि देहको अध्यास नै हो । यो संसार अज्ञान जनित तथा मिथ्या भए पनि स्वप्न जस्तै जीवलाई सत्य प्रतीयमान हुन्छ ॥ २७ । संसारको बन्धनबाट मुक्त हुन तिमी त्रिगुणात्मक

देहस्तु सर्वसंघातो जगत्तस्थुरिति द्विधा ॥ अत्रैव मृग्यः पुरुषो नेति नेतीत्यतत्त्यजन् ॥ २३ ॥ अन्वयव्यतिरेकेण विवेकेनोशतात्मना ॥ सर्गस्थानसमाम्नायैर्विमृशद्भिरसत्वरैः ॥२४॥ बुद्धेर्जागरणं स्वप्नः सुषुप्तिरिति वृत्तयः ॥ ता येनैवानुभूयन्ते सोऽध्यक्षः पुरुषः परः ॥ २५ ॥ एभिस्त्रिवर्णैः पर्यस्तैर्बुद्धिभेदैः क्रियोद्भवैः ॥ स्वरूपमात्मनो बुध्येद्गन्धैर्वायुमिवान्वयात् ॥२६॥ एतद्द्वारो हि संसारो गुणकर्मनिबन्धनः ॥ अज्ञानमूलोऽपार्थोऽपि पुंसः स्वप्न इवेष्यते ॥२७॥ तस्माद्भवद्भिः कर्तव्यं कर्मणां त्रिगुणात्मनाम् ॥ बीजनिर्हरणं योगः प्रवाहोपरमो धियः ॥ २८ ॥ तत्रोपायसहस्राणामयं भगवतोदितः ॥ यदीश्वरे भगवति यथा यैरञ्जसा रतिः ॥ २९ ॥ गुरुशुश्रूषया भक्त्या सर्वलब्धार्पणेन च ॥ सङ्गेन साधुभक्तानामीश्वराराधनेन च ॥३०॥ श्रद्धया तत्कथायां च कीर्तनैर्गुणकर्मणाम् ॥ तत्पादाम्बुरुहध्यानात्तल्लिङ्गेक्षार्हणादिभिः ॥ ३१ ॥ हरिः सर्वेषु भूतेषु भगवानास्त ईश्वरः ॥ इति भूतानि मनसा कामैस्तैः साधु मानयेत् ॥३२॥ एवं निर्जितषड्वर्गैः क्रियते भक्तिरीश्वरे ॥ वासुदेवे भगवति यथा संलभते रतिम् ॥ ३३ ॥ निशम्य कर्माणि गुणानतुल्यान् वीर्याणि लीलातनुभिः कृतानि ॥ यदाऽतिहर्षोत्पुलकाश्रुगद्गदं प्रोत्कण्ठ उद्गायति रौति नृत्यति ॥ ३४ ॥ यदा

कर्मका बीज नाशक एवं जाग्रदादि सबै बुद्धिवृत्तिलाई निवृत्त पार्ने योगका साधन गर ॥२८॥ आत्मानुभवका हजारौं उपाय भगवान्ले भन्नुभएको छ, तीमध्ये जुन साधनद्वारा भगवान् विष्णुमा स्वाभाविक प्रेम उत्पन्न हुन्छ, उसैको पालन गर ॥२९॥ गुरुको सप्रेम सेवा, आफ्ना सबै वस्तु भगदर्पण गरिदिनु, सत्सङ्ग, भगवानको उपासना, भगवत् कथामा श्रद्धा, प्रभुका गुण-कर्महरूको कीर्तन, उनका चरणारविन्दको चिन्तन भगवत्-प्रतिमाहरूको दर्शन र पूजा आदि साधनद्वारा स्वाभाविक प्रेम उत्पन्न हुन्छ ॥ ३० ॥ ३१ ॥ परमेश्वर सबै जीवहरूमा विराजमान छन्—यस्तो भावना द्वारा सबै प्राणीहरू प्रति मनमा सम्मान भाव राखेर यथाशक्ति उनका कामनाहरू पूर्ण पारुन् ॥३२॥ काम, क्रोध, लोभ, मोह, मद र मत्सर—यी छ शत्रुहरूलाई जितेर व्यक्ति परमेश्वरको यस्तो भक्ति गर्दछन्—जसले भगवान् वासुदेवमा उनको अनन्य प्रीति हुन्छ ॥३३॥ जब प्राणी भगवान्का लीला विग्रहहरूद्वारा गरिएका कर्म अनुपम गुण तथा पराक्रम सुनेर परमानन्दको उद्रेकले रोमाञ्चित तथा आँसुले गद्गद् कण्ठ भएर चर्को स्वरले गाउने, रुने तथा नाच्ने गर्न लाग्दछन् ॥३४॥ जब ऊ ग्रहग्रस्त झैं लाज छाडेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिले हाँस्ने, कहिले रुने, कहिले ध्यान गर्ने, कहिले मानिसलाई वन्दना गर्ने र भगवान्को तन्मय भएर निःसङ्कोच भावले बारम्बार लामू सास छाड्दै—'हे हरे ! हे जगत्पते ! हे नारायण !' यस्तो भन्न थाल्दछ ।।३५।। अनि प्रबल भक्तिको प्रभावले वासना-बीजलाई दग्ध पारेपछि चित्त र शरीरको भगवद्भावमा जुहाउनाले त्यो प्राणी सबै बन्धनहरूबाट छुटेर विष्णु भगवान्लाई प्राप्त गर्दछ ।।३६।। यस संसारमा भगवान्लाई पाउनु नै अशुद्ध-चित्त प्राणीहरूको संसार-चक्र निवर्तन हो। विद्वान् ज्ञन त्यसैलाई ब्रह्म-निर्वाणको परम सुख भन्दछन् । अतएव तिमीहरू आफ्नू हृदयबाट ती परमेश्वरलाई भज ।।३७।। हे असुर-बालक हो ! जुन भगवान् हृदयमा आकाश झैं सधैं स्थित रहन्छन् तिनको उपासना कुन ठूलो परिश्रमको काम हो र ? ती सबै प्राणीहरूका सखा र आत्मा हुन्, अनि तिनलाई छाडेर अन्य विषयको उपार्जन गर्नाले के लाभ ? ।।३८।। धन, स्त्री, पशु, पुत्रादि, घर, पृथ्वी, गज, कोषादि सम्पत्ति, अर्थ, काम र चञ्चल भोग-सामग्रीहरू क्षणिक आयु हुने मनुष्यको के कल्याण गर्न सक्तछन् ? ।।३९।। यज्ञादिको पुण्यले प्राप्त स्वर्गादि लोक पनि नाशवान् र सदोष छन् । अतः जसमा

ग्रहग्रस्त इव क्वचिद्धसत्याक्रन्दते ध्यायति वन्दते जनम् ।। मुहुः श्वसन्वक्ति हरे जगत्पते नारायणेत्यात्ममतिर्गतत्रपः ।। ३५ ।। तदा पुमान्मुक्तसमस्तबन्धनस्तद्भावभावानुकृताशयाकृतिः ।। निर्दग्धबीजानुशयो महीयसा भक्तिप्रयोगेण समेत्यधोक्षजम् ।। ३६ ।। अधोक्षजालम्भमिहाशुभात्मनः शरीरिणः संसृतिचक्रशातनम् ।। तद्ब्रह्मनिर्वाणसुखं विदुर्बुधास्ततो भजध्वं हृदये हृदीश्वरम् ।। ३७ ।। कोऽतिप्रयासोऽसुरबालका हरेरुपासने स्वे हृदि छिद्रवत्सतः ।। स्वस्यात्मनः सख्युरशेषदेहिनां सामान्यतः किं विषयोपपादनैः ।। ३८ ।। रायः कलत्रं पशवः सुतादयो गृहा मही कुञ्जरकोश भूतयः ।। सर्वेऽर्थकामाः क्षणभंगुरायुषः कुर्वन्ति मर्त्यस्य कियत्प्रियं चलाः ।। ३९ ।। एवं हि लोकाः क्रतुभिः कृता अमी क्षयिष्णवः सातिशया न निर्मलाः ।। तस्माददृष्टश्रुतदूषणं परं भक्त्यैकयेशं भजतात्मलब्धये ।। ४० ।। यदर्थ्यर्थेह कर्माणि विद्वन्मान्यसकृन्नरः ।। करोत्यतो विपर्यासममोघं विन्दते फलम् ।। ४१ ।। सुखाय दुःखमोक्षाय संकल्प इव कर्मिणः ।। सदाप्नोतीहया दुःखमनीहायाः सुखावृतः ।। ४२ ।। कामान्कामयते काम्यैर्यदर्थमिह पूरुषः ।। स वै देहस्तु पारक्यो भङ्गुरो यात्युपैति च ।। ४३ ।। किमु व्यवहितापत्यदारागारधनादयः ।। राज्यं कोशगजामात्यभृत्याप्ता ममतास्पदाः ।। ४४ ।। किमेतैरात्मनस्तुच्छैः सह देहेन नश्वरैः ।। अनर्थैरर्थसंकाशैर्नित्यानन्दमहोदधेः ।। ४५ । निरूप्यतामिह स्वार्थः कियान्देहभृतोऽसुराः ।।

कुनै दोष नसुनिएको हास्, नदेखिएको—ती परमेश्वरको दिव्यपद प्राप्त्यर्थ एकनिष्ठ भक्तिपूर्वक भज ।। ४० ।। जुन विद्वान् व्यक्ति लोकमा स्वार्थको उद्देश्यले कर्म गर्दछ, उसलाई अवश्य ब्रह्मको विपरीत फल मिल्दछ ।।४१।। संसारका सबै कर्मठ पुरुषका सङ्कल्प सुखको प्राप्ति र दुःख निवृत्तिको निम्ति हुन्छ, तर सकाम कर्म गर्नाले उसलाई सधैं दुःख नै भोगिरहनु पर्दछ । यसको अपेक्षा त सकाम कर्म नगरेर नै सुखी रहन्थ्यो ।।४२।। जुन शारीरिक सुखको निम्ति पुरुष संसारमा काम्यकर्महरू द्वारा अनेक भोगहरूको इच्छा गर्दछ, त्यो शरीर नै विरानू र क्षणभंगुर छ—त्यो त बारम्बार पाइन्छ र बिछुडिन्छ ।। ४३ ।। अनि यो भन्दा परै बस्ने जन ममताको आश्रयस्वरूप स्त्री-पुत्र, घर, धन, राज्य, कोश, गज, मन्त्री, सेवक र आफ्ना विश्वासपात्र व्यक्तिहरूका विषयमा त के भन्नु छ ? ।।४४।। यी तुच्छ विषयसित आत्मालाई केही प्रयोजन छैन ? यी त देहसितै नष्ट हुने र पुरुषार्थ स्वरूप ज्ञात भएर पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्यानन्दस्वरूप आत्माको निम्ति अनर्थरूप नै भासमान हुन्छन् ॥४५॥ हे सुर-बालक हो ! विचार गर त प्रारब्धवश गर्भाधानादि सुखहरूमा आसक्त तर कर्मले क्लिश्यमान प्राणीलाई संसारमा सुख प्राप्त हुन्छ र ! ॥४६॥ जीव आत्मानुवर्ती लिङ्गदेह द्वारा विविध कर्म गर्दछ र आपना कर्मले र आफ्ना कर्मले फेरि शरीर धारण गर्दछ—यसै प्रकार यी कर्म तथा शरीर दुवै नै अज्ञानजनित छन् ॥ ४७ ॥ अतएव जसका आश्रित धर्म, अर्थ तथा काम छन्, त्यो आफ्नो निश्चेष्ट आत्मा परमेश्वर श्रीहरिलाई सङ्कल्परहित भावले भज ॥४८॥ किनकि ती भगवान नै आफ्ना पञ्चभूत तथा महत्तत्त्वादिबाट उत्पन्न सबै प्राणीहरूको आत्मा, प्रिय प्रभु र अन्तर्यामी कहिन्छन् । हे बालक हो ! देवता, असुर, मनुष्य, यक्ष, गन्धर्व जो सुकै होस मुकुन्द भगवान्‌का चरणको चिन्तन गर्नाले त्यो म जस्तै सुखी रहन सक्तछन् ॥४९-५०॥ हे असुरात्मज हो ! भगवान्‌लाई प्रसन्न पार्नमा ब्राह्मणत्त्व, देवत्य, ऋषित्व, सदाचार, बहुज्ञता, तप, शौच तथा व्रत आदि समर्थ हुँदेनन् । ती त एकमात्र विशुद्ध भक्तिले नै सन्तुष्ट हुन्छन् र अरु कुरा विडम्बना मात्र हुन् ॥५१-५२॥ हे दानवगण ! तिमीहरू सबै जीवलाई

निषेकादिष्ववस्थासु क्लिश्यमाचस्य कर्मभिः ॥ ४६ ॥ कर्माण्यारभते देही देहेनात्मानुवर्तिना ॥ कर्मभिस्तनुते देहमुभयं त्वविवेकतः ॥४७॥ तस्मादर्थाश्च कामाश्च धर्माश्च यदपाश्रयाः ॥ भजतानीहयाऽऽत्मानमनीहं हरिमीश्वरम् ॥ ४८ ॥ सर्वेषामपि भूतानां हरिरात्मेश्वरः प्रियः ॥ भूतैर्महद्भिः स्वकृतैः कृतानां जीवसंज्ञितः ॥ ४६ ॥ देवासुरो मनुष्यो वा यक्षो गन्धर्व एव वा ॥ भजन्मुकुन्दचरणं स्वस्तिमान्स्याद्यथा वयम् ॥ ५० ॥ नालं द्विजत्वं देवत्वमृषित्वं वाऽसुरात्मजाः ॥ प्रीणनाय मुकुन्दस्य न वृत्तं न बहुज्ञता ॥ ५१ ॥ न दानं न तपो नेज्या न शौचं न व्रतानि च ॥ प्रीयतेऽमलया भक्त्या हरिरन्यद्विडम्बनम् ॥ ५२ ॥ ततो हरौ भगवति भक्तिं कुरुत दानवाः ॥ आत्मोपायेन सर्वत्र सर्वभूतात्मनीश्वरे ॥ ५३ ॥ दैतेया यक्षरक्षांसि स्त्रियः शूद्रा व्रजौकसः ॥ खगा मृगाः पापजीवाः सन्ति ह्यच्युततां गताः ॥५४॥ एतावानेव लोकेऽस्मिन्पुंसः स्वार्थः परः स्मृतः ॥ एकान्तभक्तिर्गोविन्दे यत्सर्वत्र तदीक्षणम् ॥५५॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादानुचरिते दैत्यपुत्रानुशासनं नाम सप्तमोऽध्यायः ॥ ७ ॥ नारद उवाच ॥ अथ दैत्यसुताः सर्वे श्रुत्वा तदनुवर्णितम् ॥ जगृहुर्निरवद्यत्वान्नैव गुर्वनुशिक्षितम् ॥ १ ॥ अथाचार्यसुतस्तेषां बुद्धिमेकान्तसंस्थिताम् ॥ आलक्ष्य भीतस्त्वरितो राज्ञ आवेदयद्यथा ॥२॥ श्रुत्वा तदप्रियं दैत्यो दुःसहं तनयानयम् ॥ कोपावेशचलद्गात्रः पुत्रं हन्तुं मनो दधे ॥३॥

आत्मा समान मानेर सर्वभूतात्मा परमेश्वर भगवान् श्रीहरिको भक्ति गर ॥५३॥ किनकि ती प्रभुको भक्ति गरेर अनेक दैत्य, यक्ष, राक्षस, स्त्री, शूद्र, व्रजवासी गोप, पक्षी, मृग, र अनेक पापी जीवले भगवान्‌लाइ पाइसकेका छन् ॥ ५४ ॥ प्राणीको सबैभन्दा ठूलो स्वार्थ हो—श्रीकृष्णको दर्शन गरी श्रीगोविन्दको ऐकान्तिक भक्ति गर्दै रहोस् ॥५५॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायां सप्तमोऽध्यायः ॥७॥ ('नृसिंह भगवान्‌को प्रादुर्भाव, हिरण्यकशिपुको वध र देवगणद्वारा स्तुति)—नारदजी भन्दछन्—हे राजन् ! युधिष्ठिर ! प्रह्लादको निर्दोष वचन सुनेर सबै दैत्य-बालकले गुरुको शिक्षा त्यागेर त्यो नै ॥१॥ उता दुवै आचार्य पुत्रले सबै बालकको बुद्धि भगवान्‌मित लागेको देखेर उत्पन्न भयभीतभावले गएर सबै वृत्तान्त हिरण्यकशिपुलाई सुनाए ॥ २ ॥ छोरोको त्यो अप्रिय र सहिनगर्नु अनीति सुनेर हिरण्यकशिपुको शरिर रिसले काम्नलाग्यो र पुत्र र (प्रह्लाद)

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई मारिदिने पक्का निधो पऱ्यो ॥ ३ ॥ त्यसपछि आफ्नो सामु अति विनीतभावले हात जोरेर उभिएका जितेन्द्रिय प्रह्लादको कठोर वाणीले तिरस्कार गर्दै त्यो निष्ठुर प्रकृतिको दैत्य पदाहत सर्प झैं दीर्घनिःश्वास छाड्दै अत्यन्त कुटिल दृष्टिले हेर्दै भ न लाग्यो–॥ ४-५ ॥ 'ए दुर्विनीत ! हे मन्दबुद्धे ! कुल नाशक अधम ! तँ ठूलो अटेरी र मेरो आज्ञा उल्लङ्घन गर्ने पापी होस् । म तँलाई अहिल्यै यमराजको घर पठाइदिन्छु ॥ ६ ॥ हे मूढ ! म रिसाएपछि सबै लोकपाल काम्न थाल्दछन् । तैंले कसको भरमा यस्तो निर्भय भएर मेरो आज्ञा टारिस् ? ॥ ६ ॥ प्रह्लादले भने—हे राजन् ! जुन महाप्रभुले ब्रह्मादेखि लिएर साना-ठूला सबै स्थावर-जङ्गम प्राणीहरूलाई आफ्नो वशमा तुल्याएको छ, ती केवल मेरा मात्र सोइन—हजुरको र अन्य सबै बलवान्हरूका पनि बल हुन् ॥ ८ ॥ ती परम पराक्रमी नै काल हुन् । तिनै इन्द्रियबल, धैर्य, देहबल र इन्द्रियका स्वरूप हुन् । उनै तीनै गुणका नियन्ता परमात्मा आफ्नो शक्तिले सम्पूर्ण जगतको रचना, पालन, संहार गर्दछन् ॥ ९ ॥ हे पिता ! हजुर यो असुरभाव त्यागिदिनुस् र आफ्नो मन समदर्शी तुल्याउनोस् ।

क्षिप्त्वा पुरुषया वाचा प्रह्लादमतदर्हणम् ॥ आहेक्षमाणः पापेन तिरश्चीनेन चक्षुषा ॥ ४ ॥ प्रश्रयावनतं दान्तं बद्धाञ्जलिमवस्थितम् ॥ सर्पः पदाहत इव श्वसन्प्रकृतिदारुणः ॥ ५ ॥ हे दुर्विनीत मन्दात्मन्कुलभेदकराधम ॥ स्तब्धं मच्छासनोद्धूतं नेष्ये त्वाऽद्य यमक्षयम् ॥ ६ ॥ क्रुद्धस्य यस्य कम्पन्ते त्रयो लोकाः सहेश्वराः ॥ तस्य मेऽभीतवन्मूढ शासनं किम्बलोऽत्यगाः ॥ ७ ॥ प्रह्लाद उवाच ॥ न केवलं मे भगवांश्च राजन् स वै बलं बलिनां चापरेषाम् ॥ परेऽवरेऽमी स्थिरजङ्गमा ये ब्रह्मादयो येन वशं प्रणीताः ॥ ८ ॥ स ईश्वरः काल उरुक्रमोऽसावोजः सहः सत्त्वबलेन्द्रियात्मा ॥ स एव विश्वं परमः स्वशक्तिभिः सृजत्यवत्यत्ति गुणत्रयेशः ॥९॥ जह्यासुरं भावमिमं त्वमात्मनः समं मनो धत्स्व न सन्ति विद्विषः ॥ ऋतेऽजितादात्मन उत्पथस्थितात्तद्धि ह्यनन्तस्य महत्समर्हणम् ॥१०॥ दस्यून्पुरा षण्ण विजित्य लुम्पतो मन्यन्त एके स्वजिता दिशो दश ॥ जितात्मनो ज्ञस्य समस्य देहिनां साधोः स्वमोहप्रभवाः कुतः परे ॥११॥ हिरण्यकशिपुरुवाच ॥ व्यक्तं त्वं मर्तुकामोऽसि योऽतिमात्रं विकत्थसे ॥ मुमूर्षूणां हि मन्दात्मन्ननु स्युर्विप्लवा गिरः ॥ १२ ॥ यस्त्वया मन्दभाग्योक्तो मदन्यो जगदीश्वरः ॥ क्वासौ यदि स सर्वत्र कस्मात्स्तम्भे न दृश्यते ॥ १३ ॥ सोऽहं विकत्थमानस्य शिरः कायाद्धरामि ते ॥ गोपायेत हरिस्त्वाऽद्य यस्ते शरणमीप्सितम् ॥ १४ ॥ एवं दुरुक्तैर्मुहुरर्दयन्रुषा सुतं महाभागवतं

असंयत र कुमार्गगामी चित्त बाहेक अरु कोही पनि कसैको वैरी छैन । यसलाई समदर्शी तुल्याउनु नै भगवान्को ठूलो उपासना हो ॥ १० ॥ केही व्यक्ति आफ्नो सर्वस्व हरण गर्ने कामादि छ शत्रुलाई नजितेर नै आफूलाई दसै दिशाको विजयी ठान्दछन्, किन्तु जितेन्द्रिय र ज्ञानवान् साधु पुरुष सबै प्राणीहरूप्रति समानभाव राख्दछन् । तिनको त अज्ञानजनित काम-क्रोधादि शत्रु पनि रहन्नन्—अनि अन्य शत्रु कसरी टिक्न सक्तछन् ? ॥ ११ ॥ हिरण्यकशिपु भन्दछन्—'ए मन्दमते ! तँ जुन बर्ता कुरा गरिरहेको छस्, यसले विदित भइरहेको छ—अब तँ मर्न खोजिरहेको छस्, किनकि जुन प्राणी मर्न तयार हुन्छ, त्यसका यस्तै फेद न टुप्पाका कुरा गर्दछन् ॥ १२ ॥ हे मन्दभाग्य ! म बाहेक जुन सुकै अन्य जगदीश्वरको तँ कुरा गरिरहेको छस्, लौ भन् त त्यो कहाँ छ ?' प्रह्लाद भन्दछन्–'ती सर्वत्र छन् ।' हिरण्यकशिपुले भन्यो–'यदि सर्वत्र छ भने यो खाँबोमा किन देखिन्न सुकै ?' प्रह्लादले उतै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिर हेरेर भने–'देखिरहेको छु।' ॥ १३ ॥ जब उतातिर हेर्दा पनि पितालाई केही देखिएन तब त्यो रोषपूर्वक बोल्यो–ए ! तँ धेरै गफ चुट्दा रहिछस्। लौ, अब म मेरा टाउको घाँटीबाट छुट्याइदिन्छु। तँ जसलाई आफ्नो शरण-दाता मान्दछस्, हेरौं त्यो यहाँ आएर कसरी तेरो रक्षा गर्दो रहेछ ॥ १४ ॥ यसरी रोषपूर्वक आफ्नो भगवद्भक्त पुत्रलाई बारम्बार चित्त दुखाएर त्यो महादैत्य स्वयं खड्ग खैंचेर सिंहासनबाट हाम्फाल्यो र त्यो खाँबोमा उसले ठूलो देगले मुड्की बजाऱ्यो ॥ १५ ॥ त्यसले खाँबोमा निकै भयानक शब्द भयो र यस्तो लाग्यो कि मानो सारा ब्रह्माण्ड-कटाह नै फुट्यो आफाफ्ना धाममा त्यो घनघोर निनाद सुनेर ब्रह्मादि लोकपालहरूले आफ्ना लोकको संहारको सूचना ठाने ।।१६।। छोरोलाई मारिदिनको निम्ति तत्पर हिरण्यकशिपुले पनि त्यो अपूर्व तथा अद्भुत शब्द सुन्यो, जसले सबै दैत्य-यूथपति डराए। तर त्यस सभामा त्यो शब्द गर्ने कुनै पनि व्यक्ति उसले देखेन ।।१७।। त्यसै बखत भगवान् आफ्नो सेवक प्रह्लाद र ब्रह्माका वचनलाई सत्य तथा सर्वत्र आफ्नो व्यापकता देखाउनको निम्ति सभाको भित्र त्यही स्तम्भबाट बडो विचित्र रूप धारण गरेर प्रकट भए। त्यो रूप न पूर्ण पशुको थियो, न पूर्ण मनुष्यको नै थियो ॥ १८ ॥ हिरण्यकशिपुले पनि यता-उता हेर्दै ती विचित्र प्राणीलाई खम्बाबाट बाहिर निस्कन

महासुरः ॥ खड्गं प्रगृह्योत्पतितो वरासनात् स्तम्भं तताडातिबलः स्वमुष्टिना ॥ १५ ॥ तदैव तस्मिन्निनदोऽतिभीषणो बभूव येनाण्डकटाहमस्फुटत् ॥ यं वै स्वधिष्ण्योपगतं त्वजादयः श्रुत्वा स्वधामात्ययमङ्ग मेनिरे ॥१६॥ स विक्रमन्पुत्रवधेप्सुरोजसा निशम्य निर्ह्रादमपूर्वमद्भुतम् ॥ अन्तःसभायां न ददर्श तत्पदं वितत्रसुर्येन सुरारियूथपाः ॥१७॥ सत्यं विधातुं निजभृत्यभाषितं व्याप्तिं च भूतेष्वखिलेषु चात्मनः ॥ अदृश्यतात्यद्भुतरूपमुद्वहन् स्तम्भे सभायां न मृगं न मानुषम् ॥ १८ ॥ ससत्त्वमेनं परितोऽपि पश्यन् स्तम्भस्य मध्यादनु निर्जिहानम् ॥ नायं मृगो नापि नरो विचित्रमहो किमेतन्नु मृगेन्द्ररूपम् ॥१९॥ मीमांसमानस्य समुत्थितोऽग्रतो नृसिंहरूपस्तदलं भयानकम् ॥ प्रतप्तचामीकरचण्डलोचनं स्फुरत्सटाकेसरजृम्भितानानम् ॥२०॥ करालदंष्ट्रं करवालचञ्चलक्षुरान्तजिह्वं भ्रुकुटीमुखोल्बणम् ॥ स्तब्धोर्ध्वकर्णं गिरिकन्दराद्भुतव्यात्तास्यनासं हनुभेदभीषणम् ॥ २१ ॥ दिविस्पृशत्कायमदीर्घपीवरग्रीवोरुवक्षःस्थलमल्पमध्यमम् ॥ चन्द्रांशुगौरैश्छुरितं तनूरुहैर्विष्वग्भुजानीकशतं नखायुधम् ॥ २२ ॥ दुरासदं सर्वनिजेत-

लागेको देख्यो। त्यसलाई देखेर हिरण्यकशिपु करायो—'अहो ! यो त न मनुष्य छ, न पसु नै छ। अनि यो नृसिंहरूपधारी पुरुष को हो ?' ।।१९।। हिरण्यकशिपु यस्तै तर्कमा गाडिएको थियो–कि भगवान् त्यसको अघिल्तिर पुगे। तिनको त्यो रूप निकै भयानक थियो। तिनका नेत्र तताएको सुवर्ण सदृश टल्कने र डरलाग्दा थिए। मुखले 'हाई' गरिरहनाले तिनकी जटाकलाप (मुखको रौं) हल्लिरहेथ्यो ॥ २० ॥ तिनका दाह्रा तीखा थिए। जिब्रो तरवार जस्तै चञ्चल र छुरा जस्तै तीक्ष्ण थियो। वक्र भृकुटीले गर्दा त्यो मुख अझ बढ्ता दारुण देखिइरहेथ्यो। उनका कान निश्चल भएर माथितर ठडिएका थिए। तिनको फैलिएको मुख र नासिकाहरू कन्दरा समान देखिन्थे र च्यापु उघ्रनाले त्यो रूप झन्है डरलाग्यो देखिइरहेथ्यो ।।२१।। त्यस जीवको विशाल शरीर स्वर्गमा टाँसिए जस्तै थियो। तिनको गर्धन पुड्को र मोटो थियो। उनको वक्षस्थल विशाल तर उदर धेरै कृश थियो। तिनको विकराल शरीरमा चन्द्रकला झैं सेतो रोमावली फैलिएको थियो सबैतिर सयकडौं भुजाहरू सुशोभित थिए र नङ नै उनका शस्त्र थिए ।।२२।। त्यो स्वरूप ठूलो

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डरलाग्दो थियो र सबै जना तिनको नगीच जान डराउँथे ! तिनले आफ्ना विविध शस्त्र-अस्त्रले सबै दैत्य-दानवहरूलाई डराएर भगाइदिए । ती नृसिंह भगवान्‌को विषयमा हिरण्यकशिपुले विचार्‍यो–'सम्भव छ महामायावी विष्णुको मलाई मार्नको निम्ति यो उद्योग हो, तर यसले मेरो के बिग्रन्छ ?' ॥२३॥ यति भन्दै हिरण्यकशिपु भयानक सिंहनाद गर्दै हातमा गदा लिएर नृसिंह भगवान् माथि झम्टियो, तर जस्तै आगोमा परेर पुतली तत्काल हराउँछ, त्यस्तै नै त्यो नृसिंहको तेजमा परेर लुप्त भयो ॥२५॥ ती परम सत्वधाम भगवान्‌को निम्ति त्यो कुनै विस्मयको कुरा थिएन, किनकि उनले सृष्टिको आरम्भमा आफ्नू तेजले प्रलयकालीन अन्धकारलाई पनि पिइदिए । अनि त्यस दैत्यले झम्ट्यो र अतिशय क्रोधित भई नृसिंहलाई ठूलो वेगले गदा हिर्कायो ॥२५॥ हिरण्यकशिपुले आक्रमण गरेपछि गदाधारी भगवान्‌ले गदा समेत त्यसलाई गरुडले सर्प समाए झैं समाते । अति हेलचक्र्याइँ गरेर गरुडको पञ्जाबाट उम्केको सर्प जस्तै त्यो असुर उनको हातबाट फुत्केर भाग्यो ॥२६॥ जसको हिरण्यकशिपुले निवास खोसेको थियो, ती लोकपाल र देवता बादलमा लुकेर यो सबै लीला हेरिरहेका थिए

रायुधप्रवेकविद्रावितदैत्यदानवम् ॥ प्रायेण मेऽयं हरिणोरुमायिना वधः स्मृतोऽनेन समुद्यतेन किम् ॥२३॥ एवं ब्रुवंस्त्वभ्यपतद्गदायुधो नदन्नृसिंहं प्रति दैत्यकुञ्जरः ॥ अलक्षितोऽग्नौ पतितः पतङ्गमो यथा नृसिंहौजसि सोऽसुरस्तदा ॥२४॥ न तद्विचित्रं खलु सत्त्वधामनि स्वतेजसा यो नु पुराऽपिबत्तमः ॥ ततोऽभिपद्याभ्यहनन्महासुरो रुषा नृसिंहं गदयोरुवेगया ॥ २५ ॥ तं विक्रमन्तं सगदं गदाधरो महोरगं तार्क्ष्यसुतो यथाऽग्रहीत् ॥ स तस्य हस्तोत्कलितस्तदाऽसुरो विक्रीडतो यद्वदहिर्गरुत्मतः ॥ २६ ॥ असाध्वमन्यन्त हृतौजसोऽमरा घनच्छदा भारत सर्वधिष्ण्यपाः ॥ तं मन्यमानो निजवीर्यशङ्कितं यद्धस्तमुक्तो नृहरिं महासुरः ॥ पुनस्तमासज्जत खड्गचर्मणी प्रगृह्य वेगेन जितश्रमो मृधे ॥२७॥ तं श्येनवेगं शतचंद्रवर्त्मभिश्चरन्तमच्छिद्रमुपर्यधो हरिः ॥ कृत्वाऽट्टहासं खरमुत्स्वनोल्बणं निमीलिताक्षं जगृहे महाजवः ॥ २८ ॥ विष्वक्स्फुरन्तं ग्रहणातुरं हरिर्व्यालो यथाखुं कुलिशाक्षतत्वचम् ॥ द्वार्यूरु आपात्य ददार लीलया नखैर्यथाऽहिं गरुडो महाविषम् ॥ २९ ॥ संरम्भदुष्प्रेक्ष्यकराललोचनो व्यात्ताननान्तं विलिहन्स्वजिह्वया ॥ असृग्लवाक्तारुणकेसराननो यथान्त्रमालो द्विपहत्यया हरिः ॥ ३० ॥ नखांकुरोत्पाटितहृत्सरोरुहं विसृज्य तस्यानुचरानुदायुधान् ।

तिनले भगवान्‌को हातबाट त्यो दैत्य उम्केको राम्रो मानेनन् महादैत्य हिरण्यकशिपुले पनि भगवान्‌को हातबाट उम्केपछि आफ्नो पराक्रमले डरायो भन्ने अनुमान गर्‍यो । अतः यो ढाल-तरवार लिएर ठूलो वेगले आइलाग्यो ॥२७॥ अन्त्यमा यता-उता छिद्र खोज्दै, तल-माथि उफ्रन्दै त्यस दैत्यलाई महाबलशाली भगवाले चर्को स्वरले प्रचण्ड तथा भयङ्कर अट्टहास गरेर च्याप्प समाते । तिनको गर्जनले त्यसका नेत्र बन्द भएका थिए ॥२८॥ सर्पले मूसो समाएझैं त्यसलाई पक्रिएपछि आतुरभावले प्रभुका बाहुबाट उम्कनको निम्ति हात-खुट्टा पछार्न लागेको हिरण्यकशिपुलाई, जसको छाला इन्द्रको वज्रले पनि केही नहुने थियो त्यसलाई सभाद्वारमा आफ्ना तिघ्रामा पछारेर प्रभुले नंग्राद्वारा जसरी गरुड सर्पलाई चिर्दछन्, त्यसै गरी चिरीदिए ॥२९॥ क्रोधले जसका नेत्र दुष्प्रेक्ष्य देखिन्थे, जो उघारिएको मुख जिब्रोले चाटिरहेथे, रक्तको छिटा पर्नाले जसको मुख र ग्रीवाका रौं राता भएका थिए, ती गजराजलाई मारेर घाँटीमा आन्द्राको माला लगाएका सिंह झैं देखिइरहेथे । नृसिहले आफ्ना नङले जसको हृदय फोरिसकेका थिए, त्यो हिरण्यकशिपुलाई भूमिमा पछारिदिए र शस्त्र खैंचेर आफूतिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आइलागेका त्यसका सेवक र हजारौं अनुयायीलाई आफ्ना भुजदण्डरूपी शस्त्रहरूले सखाप पारे ॥ ३०-३१ ॥ हे राजन् ! त्यसवेला नृसिंह भगवान्का प्रहारका आघातले मेघ छरिन लागे र नेत्रको प्रखर ज्योतिले सबै ग्रहगण तेजहीन भए, तिनको श्वास वायुको हिर्काइले समुद्रमा क्षोभ भयो र उनको सिंहनादले डराएर सबै दिग्गजहरू कराउन लागे ॥ ३२ ॥ माथि उडिरहेका विमानले भरिएको आकाश उनका कपालसित ठक्कर खाएर आफ्नो स्थानबाट हटे झैं भयो । उनको पादप्रहारले पृथ्वी पीडित भइन् । उनको प्रबल वेगले पर्वत उफ्री-उफ्री ढल्नलागे र उनको तेजले आकाश र दसै दिशाहरू निष्प्रभ भए ॥३३॥ त्यस बखत भगवानको प्रतिपक्षी कोही पनि उनको समक्ष थिएन, तापनि ती अत्यन्त क्रोधित थिए । जब आफ्नो भक्त प्रह्लादको ऐश्वर्य ठानेर कुतूहलवश ती सभामा सिंहासनमा बसे तब पूर्ण तेजस्वी र विकराल स्वरूप प्रभु नृसिंहको सेवामा भयभीत भई कोही पनि उपस्थित भइरहेका

अहन्समन्तान्नखशस्त्रपार्ष्णिभिर्दोर्दण्डयूथोऽनुपथान्सहस्रशः ॥ ३१ ॥ सटावधूता जलदाः परापतन्ग्रहाश्च तद्दृष्टिविमुष्टरोचिषः ॥ अम्भोधयः श्वासहता विचुक्षुभुर्निर्ह्रादभीता दिगिभा विचुक्रुशुः ॥ ३२ ॥ द्यौस्तत्सटोत्क्षिप्तविमानसंकुला प्रोत्सर्पत क्ष्मा च पदातिपीडिता ॥ शैलाः समुत्पेतुरमुष्य रंहसा तत्तेजसा खं ककुभो न रेजिरे ॥ ३३ ॥ ततः सभायामुपविष्टमुत्तमे नृपासने संभृततेजसं विभुम् ॥ अलक्षितद्वैरथमत्यमर्षणं प्रचण्डवक्त्रं न बभाज कश्चन ॥३४॥ निशम्य लोकत्रयमस्तकज्वरं तमादिदैत्यं हरिणा हतं मृधे ॥ प्रहर्षवेगोत्कलितानना मुहुः प्रसूनवर्षैर्ववृषुः सुरस्त्रियः ॥३५॥ तदा विमानावलिभिर्नभस्तलं दिदृक्षतां संकुलमास नाकिनाम् ॥ सुरानका दुन्दुभयोऽथ जघ्निरे गन्धर्वमुख्या ननृतुर्जगुः स्त्रियः ॥ ३६ ॥ तत्रोपव्रज्य विबुधा ब्रह्मेन्द्रगिरिशादयः ॥ ऋषयः पितरः सिद्धा विद्याधरमहोरगाः ॥ ३७ ॥ मनवः प्रजानां पतयो गन्धर्वाप्सरचारणाः ॥ यक्षाः किंपुरुषास्तात वेतालाः सिद्धकिन्नराः ॥ ३८ ॥ ते विष्णुपार्षदाः सर्वे सुनन्दकुमुदादयः ॥ मूर्ध्नि बद्धाञ्जलिपुटा आसीनं तीव्रतेजसम् ॥ ईडिरे नरशार्दूलं नातिदूरकराः पृथक् ॥ ३९ ॥ ब्रह्मोवाच ॥ नतोऽस्म्यनन्ताय दुरन्तशक्तये विचित्रवीर्याय पवित्रकर्मणे ॥ विश्वस्य सर्गस्थितिसंयमान्गुणैः

थिएन ॥ ३४ ॥ 'हे राजन् ! तीनै लोकको निम्ति शिरःशूल समान दुःखदायी हिरण्यकशिपु भगवान द्वारा मारिन गयो, यो सुनेर हर्षले प्रफुल्लित मुख हुने देवाङ्गनाहरू उनीमाथि बारम्बार पुष्पवर्षा गर्नलागे ॥ ३५ ॥ नृसिंह भगवान्को दर्शनोत्सुक देवताका विमानले सारा आकाश ढाकियो। देवताका मृदङ्ग, दुन्दभी आदि बाजाहरू बज्न लागे। मुख्य-मुख्य गन्धर्व उनका गुण-गान गर्नलागे र अप्सराहरू नाच्न लागे ॥ ३६ ॥ हे तात ! उसै बखत ब्रह्मा, विष्णु, शिव आदि देवता, ऋषि, पितर, विद्याधर, सर्प, मनु, प्रजापति, गन्धर्व, अप्सरा, चारण, यक्ष, किम्पुरुष, वेताल, सिद्ध, किन्नर, सुनन्द र कुमुद आदि विष्णु भगवान्का पार्षद त्यहीं आए । ती मस्तकमा अंजली जोरी उनको सामुन्ने उभिएर सिंहासनमा बसेका महातेजस्वी *ईश्वर नृसिंह भगवानको भिन्न-भिन्न स्तुति गर्नलागे ॥ ३७-३९ ॥ ब्रह्माजी भन्दछन्–जसका शक्तिको कुनै सीमा छैन, जो विचित्र पराक्रमी र पवित्रकर्मा छन् र

* उदाहरण–(ईश्वर जे गर्दछन्, राम्रो नै गर्दछन्)—कुनै राजाको मन्त्रीलाई यो पूर्ण विश्वास थियो कि ईश्वर जे गर्दछन् राम्रै गर्छन् । एक दिन राजा र मन्त्री दुबै शिकार खेल्न गए । संयोगले यौटा सिंहमार्न प्रहार गर्ने बेलामा आफ्नै शस्त्रले राजाको औंलो कटियो । सबैजना त मलम-पट्टीको चिन्तामा लागे । तर मन्त्रीले भन्यो—'ईश्वर जे गर्दछन्, राम्रो नै गर्छन् । राजालाई. यस्तो अवसरमा. यो कुरा मनपरेन र भने–मेरो औंली

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो लीलाले नै सत्वादि गुणहरू द्वारा समस्त जगत्‌को उत्पत्ति, स्थिति, लय गर्दै रहन्छन्, ती अव्ययात्मा अनन्तलाई नमस्कार छ ॥ ४ ॥ रुद्र भन्दछन्–हे भक्त वत्सल ! हजुरको रिसको समय प्रलयकालमा हुन्छ । हजुरले यस तुच्छ दैत्यलाई त मारिहाल्नु भयो, यसको पुत्र (प्रह्लाद) हजुरको शरणमा आएर उभिएको छ । हजुर आफ्नो भक्तको रक्षा गर्नुहवस् ॥४१॥ इन्द्रले भने–हे परमपुरुष ! हाम्रो रक्षा गरेर हजुरले हाम्रो यज्ञभाग फेरि फर्काइदिनुभयो । हजुरको वासस्थानस्वरूप हाम्रो हृदय-कमल यस दैत्यको डरले सुकेका थिए, तिनलाई हजुरले फेरि हरियो तुल्याइदिनु भयो । हे नाथ ! जो हजुरको सेवाका इच्छुक छन्, तिनको दृष्टिमा कालग्रस्त विषय-भोगको के मूल्य छ ? हे नृसिंहदेव ! ती जनहरू त मुक्तिलाई पनि

स्वलीलया संदधतेऽव्ययात्मने ॥ ४० ॥ श्रीरुद्र उवाच ॥ कोपकालो युगान्तस्ते हतोऽयमसुरोऽल्पकः ॥ तत्सुतं पाह्युपसृतं भक्तं ते भक्तवत्सल॥४१॥ इन्द्र उवाच ॥ प्रत्यानीताः परम भवता त्रायता नः स्वभागान्दैत्याक्रान्तं हृदयकमलं त्वद्‌गृहं प्रत्यबोधि ॥ कालग्रस्तं कियदिदमहो नाथ शुश्रूषतां ते मुक्तिस्तेषां न हि बहुमता नारसिंहापरैः किम् ॥ ४२ ॥ ऋषय ऊचुः ॥ त्वं नस्तपः परमात्थ यदात्मतेजो येनेदमादिपुरुषात्मगतं ससर्ज ॥ तद्वि- प्रलुप्तममुनाऽद्य शरण्यपाल रक्षागृहीतवपुषा पुनरन्वमंस्थाः ॥ ४३ ॥ पितर ऊचुः ॥ श्राद्धानि नोऽधिबुभुजे प्रसभं तनूजैर्दत्तानि तीर्थसमयेऽप्यपिब- त्तिताम्बु ॥ तस्योदरान्नखविदीर्णवपाद्य आर्च्छत्तस्मै नमो नृहरयेऽखिलधर्मगोप्त्रे ॥ ४४ ॥ सिद्धा ऊचुः ॥ यो नो गतिं योगसिद्धामसाधुरहारषी-

प्रशस्त मान्दैनन् । अनि अन्य भोगको विषयमा के भन्ने ? ॥४२॥ ऋषिहरूले भने—हे आदिपुरुष ! जसद्वारा हजुरले आफूमा लीन यस जगत्‌को पुनः रचना गर्नुभयो, त्यो आफ्नो तेजस्वरूप उत्कृष्ट तपस्यालाई नै हजुरले हामीलाई उपदेश दिनुभएको थियो । हे शरणागतपालक ! यस दुष्ट दैत्यले त्यस तपको उच्छेद गरिदिएको थियो । अतः त्यसको रक्षाका लागि यो नृसिंह देह धारण गरेर हजुरले फेरि त्यस तपका स्थापना गरिदिनुभयो ॥४३॥ पितृगण भन्दछन्–हे प्रभो ! यो दुष्ट दैत्य हाम्रा छोराहरूले गरेको श्राद्ध हठपूर्वक स्वयं भोग्थ्यो र तीर्थमा दिएका तिलोदक पिइदिन्थ्यो । जसले नङद्वारा उसको पेट फोरेर हाम्रा पिण्डादि त्यसको उदरबाट झिकेर हामीलाई दिनुभयो, ती नृसिंहलाई प्रणाम छ ॥४४॥ सिद्धगणभन्छन्–

काटियो, तँ भन्दैछस्–'ईश्वर जे गर्दछ, राम्रो नै गर्दछ, मेरै अन्न खाएर मेरो नै अनिष्ठ गर्न खोज्दछ । जा, आजदेखि मलाई आफ्नो मुख नदेखाउनु ।' यति भनेर राजाले आफ्नो मन्त्रीलाई निकालिदियो । जाने बेलामा मन्त्रीले फेरि भन्यो–'ईश्वर जे गर्दछ, त्यो राम्रो नै गर्दछ ।' मन्त्रीको यो कुरा सुनेर सेनाका सबै सिपाही हाँस्तै भन्नलागे—'कस्तो मूर्ख हो । अब त जीविकाको साधन पनि रहेन तर यो उही कुरा भन्दैछ ।' मन्त्री प्रणाम गरेर गयो । केही दिनपछि राजा फेरि शिकार खेल्न गएर यौटा हरिणलाई लखेट्तै घोर जंगलमा पुगे । सबै सेना र रक्षकहरू पछाडि नै छुटेका थिए । शिकार पनि हातलागेन । त्यसैदिन जंगलमा डाकाको कालीपूजन भैरहेको थियो । डाकाहरू कालीलाई मनुष्यको बलि दिन्थे । जब बलिको लागि कुनै व्यक्ति पाइएन तर यौटाले राजालाई नै समातेर लग्यो । राजालाई स्नान गराएर बलिको निम्ति उभ्याइयो तब यौटाले राजाको काटिएको औंला देख्यो । अनि सबैले देखे र अन्त्यमा राजालाई अङ्गभङ्ग जानेर बलिको योग्य भएन भनी छाडिदिए। राजा कुनै प्रकार आफ्नो राज्यमा आइपुगे । अब ती भन्न लागे–यो काटिएको औंलोले नै मेरो प्राण बचायो, नभए आज मनमा लेशमात्र पनि सन्देह थिएन अब राजालाई मन्त्रीको कुरामा विश्वास भयो र मन्त्रीलाई डाकेर फेरि उसकै पदमा नियुक्त गरे । एक दिन राजाले मन्त्रीलाई सोधे—मेरो जुन औंलो काटिएको थियो, त्यसको अर्थ त मैले राम्रा गरे । त्यसैले मेरो प्राण रक्षा पनि भयो, तब जब मैले तिमीलाई निकालिदिएँ, तब पनि तिमीले भनेका थियौ–'ईश्वर जे गर्दछ राम्रा नै गर्दछ ।' त्यसको अर्थ बुझ्न सकिन । मन्त्रीले उत्तर दियो—महाराज यदि हजुरले मलाई नानिकालेको भए त्यस दिन मैले पनि शिकारमा संगै जाने थियो र हजुर त अङ्गभङ्ग हुनाले बच्नु हुने थियो, तर म अवश्य बलिको योग्य मानिने थिएँ र कुनै प्रकार पनि बाँच्न पाउने थिइन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे नृसिंह ! जुन दुष्टले आफ्नो योग तथा तपोबलले हाम्रो योगसिद्धिको गति खोसेर लिएको थियो, त्यस अभिमानी, पापीलाई जसले आफ्ना नङले मारिदिए यस्ता महाप्रभु हजुरलाई हामी नितभावले नमन गर्दछौं ॥४५॥ विद्याधर भन्दछन्–बल वीर्यले उन्मत्त जुन मूढले विविध धारणहरूले प्राप्त हाम्रो विद्या व्यथ पारेको थियो, त्यसलाई जसले यस युद्धस्थलमा यज्ञ पशुको समान नष्ट गरिदिनुभयो, ती माया-नृसिंहलाई हामी नमस्कार गर्दछौं ॥४६॥ नागगण भन्दछन–हे देव ! जुन पापीले हामी मणि र स्त्रीहरू हरेको थियो, त्यसको छाती फोरेर जसले हाम्रा पत्नीहरूलाई आनन्द प्रदान गरे, त्यस्ता हजुरलाई हाम्रो प्रणाम छ ॥४७॥ मनु भन्दछन्–हे देव ! हजुरका आज्ञापालक हामी मनु हौं । यस दैत्यले सम्पूर्ण मर्यादा नै छिन्न-भिन्न पारिदिएको थियो । हे प्रभो ! आज हजुरले यस दुष्टको अन्त गरिदिनु भयो । अब आज्ञा हवस्–हामी हजुरको के सेवा गरौं ? ॥४८॥ प्रजापतिहरूले भने–हे परमेश्वर ! हामी हजुरले बनाएका प्रजापति हौं जुन दुष्ट दैत्यले गर्दा हामी प्रजाको सृष्टि गर्न सक्तैनथ्यौं, त्यो हजुरद्वारा विदीर्ण-वक्षस्थल भएर पृथ्वीमा पधा: छ । हे सत्त्वमूर्त्त ! हजुरको

द्योगतपोबलेन ॥ नानादर्पं तं नखैर्विददार यस्मै तुभ्यं प्रणताः स्मो नृसिंह ॥ ४५ ॥ विद्याधरा ऊचुः ॥ विद्यां पृथग्धारणयाऽनु ं न्यषेधदज्ञो बलवीर्यदृप्तः ॥ स येन संख्ये पशुवद्धतस्तं मायानृसिंहं प्रणताः स्म नित्यम् ॥ ४६ ॥ नागा ऊचुः ॥ येन पापेन रत्नानि स्त्रीरत्नानि हृतानि नः ॥ तद्वक्षःपाटनेनासां दत्तानन्द नमोऽस्तु ते ॥४७॥ मनव ऊचुः ॥ मनवो वयं तव निदेशकारिणो दितिजेन देव परिभूतसेतवः ॥ भवता खलः स उपसंहृतः प्रभो करवाम ते किमनुशाधि किङ्करान् ॥४८॥ प्रजापतय ऊचुः ॥ प्रजेशा वयं ते परेशाभिसृष्टा न येन प्रजा वै सृजामो निषिद्धाः ॥ स एष त्वया भिन्नवक्षा नु शेते जगन्मंगलं सत्त्वमूर्तेऽवतारः ॥४९॥ गन्धर्वा ऊचुः ॥ वयं विभो ते नटनाट्यगायका येनात्मसाद्वीर्यबलौजसा कृताः ॥ स एष नीतो भवता दशामिमां किमुत्पथस्थः कुशलाय कल्पते ॥५०॥ चारणा ऊचुः ॥ हरे तवाङ्घ्रिपङ्कजं भवापवर्गमाश्रिताः ॥ यदेष साधुहृच्छयस्त्वयाऽसुरः समापितः ॥ ५१ ॥ यक्षा ऊचुः ॥ वयमनुचरमुख्याः कर्मभिस्ते मनोज्ञैस्त इह दितिसुतेन प्रापिता वाहकत्वत् ॥ स तु जनपरितापं तत्कृतं जानता ते नरहर उपनीतः पंचतां पंचविंशः ॥५२॥ किंपुरुषा ऊचुः ॥ वयं किंपुरुषास्त्वं तु महापुरुष ईश्वरः ॥ अयं कुपुरुषो नष्टो धिक्कृतः साधुभिर्यदा ॥ ५३ ॥ वैतालिका ऊचुः ॥ सभासु सत्रेषु तवामलं यशो गीत्वा सपर्यां महतीं लभामहे ॥ यस्तां व्यनैषीद्भृशमेष दुर्जनो दिष्ट्या

यो अवतार संसारको कल्याणार्थ भएको छ ॥४९॥ गन्धर्वले भने–हे विभो ! हामी हजुरका नट तथा नाचने गाउने भृत्य हौं । अहो ! जुन पापीले आफ्नो बल-वीर्य तथा पराक्रमले हामीलाई आफ्नो अधीन तुल्याएको थियो, त्यसलाई हजुरले यस दशामा पुऱ्याइदिनुभयो ॥५०॥ चारणगण बोले–हे हरे, हामीले हजुरका भवभयहारी चरण-कमलको आश्रय लिएका छौं । किनकि हजुरले साधु-सन्तको हृदयमा किलो गाडेको जस्तो यस दैत्यलाई मारिदिनुभयो ॥५१॥ यक्ष भन्दछन्–हे ईश ! विविध कर्म गर्ने हामी यक्षहरू हजुरका दासहरूमा प्रधान छौं, तर यो दैत्यले हामीलाई भारवाहक तुल्याएको थियो । हे नृसिंह ! हजुर चौबीस तत्त्वका नियन्ता पुराण-पुरुष पच्चीसौं तत्वरूपमा अवतार लिनुभएको छ यसले दिएका प्राणीहरूको पीड़ाका ज्ञाता हजुरले यसलाई मारिदिनुभयो ॥५२॥ किम्पुरुपहरूले भने–हामी किम्पुरुष हौं र हजुर सर्वेश्वर महापुरुष हुनुहुन्छ ! साधुजनद्वारा तिरस्कृत यो पापी यसैनिम्ति मारियो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥५१॥ वेतालहरू भन्दछन्–हे हरे ! सभाहरू र यज्ञ शालादिमा हजुरको गुण-गान गरेर हामी इनामपात पाउँथ्यौं । हे भगवन् ! यसले हाम्रो त्यो आजीविका नष्ट गरिदिएको थियो भाज ठूलो भाग्यले रोग समान दुष्ट यो दुर्जन दैत्य मारिन गयो ॥५४॥ किन्नरले भने–हे स्वामिन् ! हामी हजुरका अनुचर किन्नर हौं । यो दैत्य हामीसित बेठ-बेगार लिन्थ्यो । हे नृसिंहदेव ! आज त्यस पापीलाई हजुरले नष्ट गरिदिनु भयो । हे नाथ ! यसै गरी हजुर सधैं हाम्रो उन्नति गर्दैरहनोस् ॥५५॥ विष्णुपार्षद भन्दछन्–हे भक्तजनका आश्रयदाता ! सबैलाई शान्तिदायक हजुरको यो विचित्र नृसिंहरूप हामीले आजै देख्यौं । हे ईश ! यो दैत्य हजुरको आज्ञा-पालक थियो, तर पछि ब्राह्मणहरूको श्रापले यो राक्षस भयो । हजुरले यसलाई मारिदिनु भयो, यो पनि हामी हजुरको अनुग्रह नै मान्दछौं ॥५६॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायामष्टमोऽध्यायः ॥८॥ (प्रह्लादद्वारा नृसिंह भगवान्‌को स्तुति)–नारद भन्दछन्–हे युधिष्ठिर ! ब्रह्मा र शिव सहित सबै देवता क्रोधावेशमा बसेका ती दुर्धर्ष नृसिंह भगवान्‌को नगीच नगएर परैबाट स्तुति गरेर पर सरे ॥१॥ अनि देवताले

हतस्ते भगवन् यथाऽऽमयः ॥५४॥ किन्नरा ऊचुः ॥ वयमीश किन्नरगणास्तवानुगा दितिजेन विष्टिममुनाऽनुकारिताः ॥ भवता हरे स वृजिनोऽवसादितो नरसिंह नाथ विभवाय नो भव ॥५५॥ विष्णुपार्षदा ऊचुः ॥ अद्यैतद्धरिनररूपमद्भुतं ते दृष्टं नः शरणद सर्वलोकशर्म ॥ सोऽयं ते विधिकर ईश विप्रशप्तस्तस्येदं निधनमनुग्रहाय विद्मः ॥५६॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादानुचरिते दैत्यराजवधे नृसिंहस्तवो नामाष्टमोऽध्यायः ॥८॥ नारद उवाच ॥ एवं सुरादयः सर्वे ब्रह्मरुद्रपुरःसराः ॥ नोपैतुमशकन्मन्युसंरम्भं सुदुरासदम् ॥१॥ साक्षाच्छ्रीः प्रेषितादेवैर्दृष्ट्वा तन्महदद्भुतम् ॥ अदृष्टाश्रुतपूर्वत्वात्सा नोपेयाय शंकिता ॥२॥ प्रह्लादं प्रेषयामास ब्रह्मावस्थितमन्तिके ॥ तात प्रशमयोपेहि स्वपित्रे कुपितं प्रभुम् ॥३॥ तथेति शनकै राजन्महाभागवतोऽर्भकः ॥ उपेत्य भुवि कायेन ननाम विधृतांजलिः ॥ ४ ॥ स्वपादमूले पतितं तमर्भकं विलोक्य देवः कृपया परिप्लुतः ॥ उत्थाप्य तच्छीर्ष्ण्यदधात्कराम्बुजं कालाहिवित्रस्तधियां कृताभयम् ॥५॥ स तत्करस्पर्शधुताखिलाशुभः सपद्यभिव्यक्तपरात्मदर्शनः ॥ तत्पादपद्मं हृदि निर्वृतो दधौहृष्यत्तनुः क्लिन्नहृदश्रुलोचनः ॥६॥ अस्तौषीद्धरिमेकाग्रमनसा सुसमाहितः ॥ प्रेमगद्गदया वाचा तन्न्यस्तहृदयेक्षणः ॥७॥ प्रह्लाद उवाच ॥ ब्रह्मादयः

उनलाई शान्त पार्नको निम्ति महारानी लक्ष्मीलाई पठाए, तर जससाई पहिले नदेखेको, अरू जसको विग्रयमा सुनेकै थिएन, त्यो अद्भुत रूप देखेर मनमा भयमानी ती पनि उनको नजीकै जान सकिनन् ॥२॥ अनि ब्रह्माजीले त्यहीं उभिएका प्रह्लादलाई पठाए र भने–'तात ! तिम्रो पितासित रिसाएका भगवान्‌को नगीच तिमीनै जाउ र उनलाई शान्त पार ॥३॥ हे राजन् ! भगवद्भक्त बालक प्रह्लाद 'जो आज्ञा' भनेर विस्तारै नृसिंह भगवान्‌को नगीच गए र हात जोरेर तथा भूमिमा लम्पसार परेर प्रणाम गरे ॥४॥ ती सानो बालकलाई निर्भयभावले आफ्ना चरणमा घोप्टियको देखेर भगवान्‌ले कृपापूर्ण भएर काखामा लिनुभयो र शिरमा आफ्ना करकमल राख्नुभयो, जुन कालसर्पले ग्रस्त व्यक्तिलाई पनि निर्भय पारिदिन्छ ॥५॥ भगवान्‌का बाहुको स्पर्श हुनासाथ भक्त प्रह्लादका अशुभ नष्ट भए र उनलाई भगवान्‌को सच्चा स्वरूपको दर्शन मिल्यो । उनले परमानन्दले परिपूर्ण भएर भगवान्‌का चरण-कमललाई हृदयमा बसाले । अनि सम्पूर्णशरीरमा रोमाञ्च भएर आयो । उनको हृदय प्रेमले आर्द्र भयो र नेत्रबाट आनन्दका आँसु वर्षनलागे ॥६॥ ती एकाग्र चित्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर आफ्नो हृदय र नेत्रलाई भगवान्मा लगाई प्रेमपूर्वक गद्गद वाणीले स्तुति गर्नलागे ॥ ७ ॥ प्रह्लाद भन्दछन्–जसको बुद्धि सधैँ तमोगुणमै स्थित रहन्छ, ती ब्रह्मादिक देवता मुनि र सिद्ध आफ्ना मधुर वचनका प्रवाह तथा धेरै गुणले पनि आराधनाद्वारा जसलाई प्रसन्न पार्न सकेनन् ती भगवान् उग्र जातिमा जन्मेको म दैत्यमाथि कसरी प्रसन्न हुन्छन् ! ॥८॥ तैपनि मेरो यस्तो विश्वास छ–धन, कुलीनता, रूप, तप, विद्या, ओज तेज, प्रभाव, वल, पौरुष, बुद्धि तथा योग–यी सबै गुण ती परमपुरुष श्रीहरिको आराधनाका साधन बन्न सक्तैनन्, किन्तु भक्तिले त ती गजेन्द्रमाथि पनि प्रसन्न भएका थिए ॥ ९ ॥ जो ब्राह्मण उपर्युक्त बाह्र गुणले सम्पन्न रहन्छ, तर भगवान् कमलनाभका चरण-कमलबाट विमुख रहन्छ भने तिनको अपेक्षा म त्यस चाण्डाललाई उत्तम ठान्दछु, जो आफ्नो मन, वचन, कर्म, धन र प्राण श्रीहरिमा लगाइराख्दछ । त्यो प्राणी आफ्नो सारा कुल पवित्र पारिदिन्छ, किन्तु 'म मेरो र म ठूलो भन्ने अभिमानी ब्राह्मण त्यस्तो गर्न सक्तैन ॥१०॥ तात्पर्य के भने भगवान् आत्मलाभले नै परिपूर्ण रहन्छन्, ती क्षुद्र पुरुषको पूजाको कामना राख्दैनन् । ती करुणा

सुरगणा मुनयोऽथ सिद्धाः सत्त्वैकतानमतयो वचसां प्रवाहैः नाराधितुं पुरुगुणैरधुनापि पिप्रुः किं तोष्टुमर्हति स मे हरिरुग्रजातेः ॥ ८ ॥ मन्ये धनाभिजनरूपतपः श्रुतौजस्तेजःप्रभावबलपौरुषबुद्धियोगाः ॥ नाराधनाय हि भवंति नरस्य पुंसो भक्त्या तुतोष भगवन्गजयूथपाय ॥९॥ विप्राद्द्विषड्गुण्युतादरविन्दनाभपादारविन्दविमुखाच्छ्वपचं वरिष्ठम् ॥ मन्ये तदर्पितमनोवचनेहितार्थप्राणं पुनाति स कुलं न तु भूरिमानः ॥ १० ॥ नैवात्मनः प्रभुरयं निजलाभपूर्णो मानं जनादविदुषः करुणो वृणीते ॥ यद्यज्जनो भगवते विदधीत मानं तच्चात्मने प्रतिमुखस्य यथा मुखश्रीः ॥ ११ ॥ तस्मादहं विगतविक्लव ईश्वरस्य सर्वात्मना महि गृणामि यथामनीषम् ॥ नीचोऽजया गुणविसर्गमनुप्रविष्टः पूयेत येन हि पुमाननुवर्णितेन ॥ १२ ॥ सर्वे ह्यमी विधिकरास्तव सत्त्वधाम्नो ब्रह्मादयो वयमिवेश न चोदिजन्तः ॥ क्षेमाय भूतय उतात्मसुखाय चास्य विक्रीडितं भगवतो रुचिरावतारैः ॥ १३ ॥ तद्यच्छ मन्युमसुरश्च हतस्त्वयाऽद्य मोदेत साधुरपि वृश्चिकसर्पहत्या ॥ लोकाश्चनिर्वृतिमिताः प्रतियन्ति सर्वे रूपं नृसिंह विभयाय जनाः स्मरन्ति ॥ १४ ॥ नाहं बिभेम्यजित तेऽतिभयानकास्यजिह्वार्कनेत्रभ्रुकुटीरभसोग्रदंष्ट्रात् ॥ आन्त्रस्रजः क्षतजकेसरशंकुकर्णान्निर्ह्रादभीतदिगिभा-

वश भक्तहरूद्वारा गरिएको पूजा स्वीकार गर्दछन्, जस्तै मुखको शोभाले प्रतिबिम्ब शोभित पार्दछ, त्यस्तै नै भक्त भगवानप्रति जुन सम्मान प्रदर्शित गर्दछ, त्यो उही भक्तलाई नै प्राप्त हुन्छ ॥११॥ अतः नीच भएर पनि म निःशंकभावले आफ्नो बुद्धिअनुसार ती ईश्वरको महिमा वर्णन गर्दछ, जोसित अविद्यावश संसारचक्रमा परेको प्राणी तत्काल पवित्र हुन्छ ॥१२॥ हे ईश ! यी शिब-ब्रह्मादि देवता हजुर सत्वस्वरूको आज्ञा पालन गर्दछन् । हामी दैत्य जस्तो यी हजुरसित द्वेष गर्दैनन् । हे भगवन् ! हजुर आफ्नो मनोहर अवतारहरू द्वारा जुन-जुन लीलाहरू गर्नुहुन्छ, ती सबै जगत्का कल्याण, उद्भव तथा आत्मानन्दको निम्ति नै हुन्छन् ॥१३॥ अब हजुर आफ्नो क्रोध शान्त गर्नोस् किनकि त्यस असुरको संहार भइसक्यो हे देव ! सर्प तथा बिच्छी आदि मर्नाले पनि साधुजन सुख मान्दछन् । यस असुरको संहारले आनन्दित सबै हजुरको यो कोप शान्त हुने बाटो हेरिरहेका छन् । हे नृसिंह ! निर्भय हुनकालागि अबदेखि हजुरको यस अद्भुत रूपको स्मरण गर्नेछन् ॥१४॥ जसको अतिभयानक मुख, जिब्रो, सूर्य झैं बल्दा नेत्र, वक्रभ्रुकुटी र उग्रदाह्रा–र आन्द्रको माला, रगतले भिजेका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याल तथा हाड कानले युक्त छ, जसको सिंहनादले दिग्गज पनि भयभीत हुन्छ र जसका नङको अग्रभाग शत्रुलाई विदीर्ण पारिदिन्छ, हजुरको यस भयङ्कर स्वरूपको मलाई अलिकति पनि भय थिएन ॥१५॥ हे दीनवत्सल प्रभो ! म डरलादो र संसारचक्रको दुःखले भयभीत छु। मलाई मेरो कर्मले बाँधेर हिंस्र जीवका माझ फालिदिएको छ। हे श्रेष्ठतम ! अब हजुर मलाई आफ्नो मोक्षप्रद शरणदायक चरणमा कहिले डाक्नुहुन्छ ? ॥१६॥ हे भूमन् ! सबै योनिमा प्रियको वियोग र अप्रियको संयोगजनित शोकानलले सन्तप्त हुँदै आएको छु। त्यस दुःखको औषधि पनि दुःखस्वरूप नै छ। अतः म देहादि अनात्मामा आत्मभाव नगरेर चिरकालदेखि भौंतारीरहेको छु, हजुर मलाई आफ्नो दास्यभावको उपदेश दिनुस् ॥१७॥ हे नृसिंह ! हजुर सबैका प्रिय सुहृद् श्रेष्ठ देवता हुनाले हजुरको दास्यभाव पाएर म हजुरका चरण-युगलका प्रेमी ज्ञानीजनको सत्संग गर्दै रागादि अवगुणका बन्धनबाट मुक्त भई ब्रह्माद्वारा कहिएको हजुरको लीला गान गरेर सजिलैसित संसार-सागर पारी तर्नेछु ॥१८॥ हे नृसिंह ! सन्तप्त व्यक्तिको दुःखनिवृत्तिको जुन उपाय छ, हजुरद्वारा उपेक्षित

दरिभिन्नखाग्रात् ॥१५॥ त्रस्तोऽस्म्यहं कृपणवत्सल दुःसहोग्रसंसारचक्रकदनाद्ग्रसतां प्रणीतः ॥ बद्धः स्वकर्मभिरुशत्तम तेऽङ्घ्रिमूलं प्रीतोऽपवर्गमरणं ह्वयसे कदा नु ॥ १६ ॥ यस्मात्प्रियाप्रियवियोगसयोगजन्मशोकाग्निना सकलयोनिषु दह्यमानः ॥ दुःखौषधं तदपि दुःखमतद्धियाऽहं भूमन्भ्रमामि वद मे तव दास्ययोगम् ॥ १७ ॥ सोऽहं प्रियस्य सुहृदः परदेवताया लीलाकथास्तव नृसिंह विरिञ्चगीताः ॥ अञ्जस्तितर्म्यनुगृणन्गुणविप्रमुक्तोदुर्गाणि ते पदयुगालयहंससंग· ॥१८॥ बालस्य नेह शरणं पितरौ नृसिंह नार्तस्य चागदमुदन्वति मज्जतो नौः ॥ तप्तस्य तत्प्रतिविधिर्य इहाञ्जसेष्टस्तावद्विभो तनुभृतां त्वदुपेक्षितानाम् ॥१९॥ यस्मिन् यतो यर्हि येन च यस्य यस्माद्यस्मै यथा यदुत यस्त्वपरः परो वा ॥ भावः करोति विकरोति पृथक्स्वभावः संचोदितस्तदखिलं भवतः स्वरूपम् ॥ २० ॥ माया मनः सृजति कर्ममयं बलीयः कालेन चोदितगुणानुमतेन पुंसः ॥ छन्दोमयं यदजयार्पितषोडशारं संसारचक्रमज कोऽतितरेत्त्वदन्यः ॥२१॥ स त्वं हि नित्यविजितात्मगुणः स्वधाम्ना कालो वशीकृतविसृज्यविसर्गशक्तिः ॥ चक्रे विसृष्टमजयेश्वर षोडशारे निष्पीड्यमानमुपकर्ष विभो प्रपन्नम् ॥२२॥ दृष्टा मया दिवि विभोऽखिलधिष्ण्यपानामायुःश्रियो विभव इच्छति यान् जनोऽयम् ॥

त्यो उपाय एक क्षणको निम्ति नै हुन्छ। बालकको निम्ति माता-पिता, रोगीका लागि औषधि र समुद्रमा डुब्नलागेको प्राणीलाई डुङ्गा यी सधैं सहायक हुँदैनन्, किनकि यी द्वारा पनि कहिले काहीं विपरीत भएको देख्न पाइन्छ ॥१९॥ हे भगवन् ! भिन्न-भिन्न स्वभावका पुरातन वा अर्वाचीन कर्ता हजुर जसद्वारा प्रेरित भएर जसमा, जब, जसको जसकालागि, जसरी जे जति जहाँ उत्पन्न गर्नुहुन्छ अथवा बदल्नु हुन्छ, त्यो हजुरकै स्वरूप हो ॥ २० ॥ हे प्रभो ! जसका गुणमा कालद्वारा क्षोभ उत्पन्न भएको छ, त्यो माया हजुरको अंशभूत पुरुषद्वारा प्रेरित भएर मनःप्रधान लिङ्गदेहको रचना गर्दछ। त्यो बलवान कर्ममय वैदिक कर्मकलापमा आसक्त तथा अविद्याद्वारा अर्पित मन, दस इन्द्रिय र पञ्चतन्मात्रा यी सोह विकाररूपी आरीयुक्त संसारचक्र छ। हे अजन्मा प्रभो ! हजुरदेखि पृथक् रहने यस्तो कुन पुरुष छ, जो त्यो मनरूपी संसार-चक्रमा पारितर्न सक्ला ? ॥२१॥ हे ईश्वर ! आफ्नो चैतन्यशक्ति द्वाराबुद्धिका गुणमा विजय प्राप्त गर्ने र कालरूपले साध्य साधनलाई वशमा राख्ने हजुर म शरणागतलाई, जुन मायाद्वारा यो सोह आरी हुने संसार-चक्रमा उखुँझैं पेलिइरहेको छ, आफ्नू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगीच तानिलिनोस् ॥ २२ ॥ हे विभो ! जुन स्वर्गको लागि संसारका व्यक्ति लाभिइरहन्छन्, त्यस लोकमा प्राप्तव्य लोकपालहरूको आयु, लक्ष्मी र विभूति मैले राम्ररी देखें । त्यो विभूति त पिताको क्रोधपूर्ण हाँसोले गरिएको भृकुटि विलासले नै नष्ट भइसकेको थियो र अब उनलाई हजुरले मारिदिनुभयो ॥ २३ ॥ अतः देहधारी प्राणीका यी भोगको परिणामको ज्ञाता म ब्रह्मासम्मको पनि आयु, वैभव र इन्द्रियसम्बन्धी भोगहरू माग्दिन, किनकि ती सबै भोग पराक्रमी कालरूपी परमेश्वर ग्रसित छ, यसै निम्ति मलाई हजुर आफ्ना दासहरूकहाँ लैजानुस् ॥२४॥ अहो ! केवल सुन्नमा सुखदायी मृगतृष्णारूपी विषय भोग छन् र सबै रोगको घर यो शरीर छ, तर मनुष्य यी सबैको असारता जानेर पनि ठूलो कष्टले प्राप्त हुने भोगरूपी मधुकणले भोगेच्छारूपी अग्निलाई शान्त गर्दै यसबाट कहिले पनि विरक्त हुँदैन ॥२५॥ हे ईश ! कहाँ यो तमःप्रधान दैत्यकुलमा रजोगुणले उत्पन्न म र कहाँ

येऽस्मत्पितुः कुपितहासविजृम्भितभ्रूविस्फूर्जितेन लुलिता स तु ते निरस्तः ॥ २३ ॥ तस्मादमूस्तनुभृतामहमाशिषो ज्ञ आयुः श्रियं विभवमैन्द्रियमाविरिञ्चात् ॥ नेच्छामि ते विलुलितानुरुविक्रमेण कालात्मनोपनय मां निभृत्यपार्श्वम् ॥ २४ ॥ कुत्राशिषः श्रुतिसुखा मृगतृष्णिरूपाः क्वेदं कलेवरमशेषरुजां विरोहः ॥ निर्विद्यते न तु जनो यदपीति विद्वान्कामानलं मधुलवैः शमयन्दुरापैः ॥ २५ ॥ क्वाहं रजःप्रभव ईश तमोऽधिकेऽस्मिञ्जातः सुरेतरकुले क्व तवानुकम्पा ॥ न ब्रह्मणो न तु भवस्य न वै रमाया यन्मेऽर्पितः शिरसि पद्मकरः प्रसादः ॥२६॥ नैषा परावरमतिर्भवतो ननु स्याज्जन्तोर्यथात्मसुहृदो जगतस्तथापि ॥ संसेवया सुरतरोरिव ते प्रसादः सेवानुरूपमुदयो न परावरत्वम् ॥ २७ ॥ एवं जनं निपतितं प्रभवाहिकूपे कामाभिकाममनु यः प्रपतन्प्रसङ्गात् ॥ कृत्वाऽऽत्मसात्सुरर्षिणा भगवन्गृहीतः सोऽहं कथं नु विसृजे तव भृत्यसेवाम् ॥२८॥ मत्प्राणरक्षणमनन्त पितुर्वधश्च मन्ये स्व-

हजुरको अनुकम्पा ! अहो ! जो सकल सन्तापहारी करकमल हजुरले ब्रह्मा, शिव र लक्ष्मीको शिरमा पनि कहिल्यै राख्नु भएन, त्यही हात आज मेरो कपालमा राख्नुभयो ॥ २६ ॥ संसारी जीवहरू झैं हजुरको उत्तम-अधम बुद्धि छैन, हजुर जगत्का आत्मा र सुहृद् हुनुहुन्छ । तैपनि कल्पवृक्ष जस्तै हजुरको प्रसाद पनि ठूलो सेवाले प्राप्त हुन्छ । हजुरको सेवाले नै जीवमा धर्मादिभावको उदय हुन्छ । यहाँ जातिगत उच्चता नीचता कारण होइन ॥२७॥ हे नाथ ! कालरूपी सर्पयुक्त संसार-कूपमा परेका अन्य विषयाभिलाषीको पछि-पछि म पनि खसं दोषवश गिरिरहेको थिएँ । मेरा *गुरुदेव देवर्षि नारदले मलाई अँगाले र उनैको दयाले हजुरलाई पाएँ । अब म हजुरका दासहरूको सेवा कसरी त्याग्नसक्छु ? ॥ २८ ॥ हे अनन्त !

*उदाहरण (राजाले गुरु थापे)—यौटा राजाको राम्रो बगैचा थियो । त्यसमा थरिथरिका आप र अन्य वृक्षहरू लगाइएका थिए । एक दिन यौटी च्यामिनी त्यस बगैचामा आँपका टिकुला देखेर रहर गर्ई र आफ्नो पतिलाई भनी— टिकुला ल्याउन ।' त्यस च्यामेसित मन्त्र-विद्या थियो । त्यस मन्त्रको बलले हाँगा तल न्यू रेर त्यसलाई टिकुला दिन्थ्यो र आफै फेरि माथि जान्थ्यो । यसरी त्यसले धेरै टिकुला लिएर आयो । बिहान राजाले बागका टिकुला चोरिए भन्ने थाहा पायो । राजाले राजपुत्रलाई चोर पक्रने काम सुम्पियो । राजकुमारले निकै परिश्रम गरेर यौटा च्यामेलाई समात्यो र राजाको सामुन्ने हाजिर गरायो । अनि राजाले सोधे—'तैंले स-साना आँप कसरी तोडिस ?' च्यामेले उत्तर दियो—'मन्त्रबलले ।' राजाले फेरि सोधे—'तँ त ठूलो चोर रहिछस् । लौ, यसलाई दण्ड दिनुपर्दछ ।' त्यति सुनेर राजपुत्रले भन्यो—'हे पिता ! हजुरको कथन उचित हो; तर योसित त्यो विद्या जानिलिनु पर्दछ । अनि जे गर्नुपर्ने हो, गर्नु होला । अनि राजा उच्चासनमा बसे र च्यामे तल बसेर राजालाई त्यो मन्त्र सिकाउन लाग्यो । तर विद्या आउन सकेन । अनि राजपुत्रले भन्यो—हे पिता ! विद्या त्यसरी आउन्न । हजुर तल बस्नुहवस् र च्यामे उच्चासनमा बसोस् ।' राजाले त्यसै गरे । अनि राजालाई विद्या आयो । तर च्यामे राजाको विद्यागुरु भइसकेको थियो । अतः राजाले च्यामेलाईदण्ड दिएनन् र त्यसै छाडिदिए ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब मेरो पिताले हातमा खड्ग लिएर भने—'म बाहेक पनि यदि कोही ईश्वर छ भने त्यो आएर तेरो रक्षा गरोस्–म अहिल्यै तेरो घाँटी काट्दछु ।' अनि हजुरले जुन मेरो गुणको रक्षा गरेर मेरा पिताको बध गर्नुभयो, त्यो प्रिय सेवक देवर्षि नारदको वचन सत्य पार्नका लागि नै उनलाई मार्नुभयो ॥२९॥ समस्त संसारमा हजुर एक मात्र हुनुहुन्छ, किनकि यसको आदि, अन्त्य र मध्यमा हजुरनै आफ्नी मायाले गुणको परिणामस्वरूप संसार रचेर यसैमा अनुप्रविष्ट भएर गुणको व्यापारले जगत्का स्रष्टा, रक्षक र संहारक आदि रूपले सेकक जस्तै देखिनुहुन्छ ॥३०॥ हे ईश ! यो सत् र असत्रूपी जगत् हजुरनै हुनुहुन्छ, योदेखि भिन्न परमपुरुष पनि हजुरै हुनुहुन्छ । अतः 'यो मेरो, यो विरानो' यस्तो भेदबुद्धि व्यर्थ हो, किनकि जसको जोसित जन्म, स्थिति, लय र प्रकाश हुन्छ, त्यो तद्रूप नै हुन्छ । अतः जस्तै कार्यरूप वृक्ष र कारणरूप वीज दुवै नै गन्ध-तन्मात्रास्वरूप छद् । त्यस्तै नै यो संसार हजुरको नै स्वरूप हो ॥३१॥ हे प्रभो ! अन्त्यमा हजुरनै सारा प्रपञ्च आफूमै समेटेर आत्मसुखको अनुभव गर्दै निरीहभावले प्रलयकालीन अगाध जलमा शयन गर्नुहुन्छ । अनि योग द्वारा

भृत्यऋषिवाक्यमृतं विधातुम् ॥ खड्गं प्रगृह्य यदवोचदसद्विधित्सुस्त्वामीश्वरो मदपरोऽवतु कं हरामि ॥ २९ ॥ एकस्त्वमेव जगदेतदमुष्य यत्त्वमाद्य-न्तयोः पृथगवस्यसि मध्यतश्च ॥ सृष्ट्वा गुणव्यतिकरं निजमाययेदं नानेव तैरवसितस्तदनुप्रविष्टः ॥ ३० ॥ त्वं वा इदं सदसदीश भवांस्ततोऽन्यो माया यदात्मपरबुद्धिरियं ह्यपार्था ॥ यद्यस्य जन्म निधनं स्थितिरीक्षणं च तद्वै तदेव वसुकालवदष्टितर्वोः ॥ ३१ ॥ न्यस्येदमात्मनि जगद्विलयाम्बुमध्ये शेषेऽऽत्मना निजसुखानुभवो निरीहः ॥ योगेन मीलितदृगात्मनिपीतनिद्रस्तुर्ये स्थिते न तु तमो न गुणाँश्च युंक्षे ॥ ३२ ॥ तस्यैव ते वपुरिदं नि-जकालशक्त्या सञ्चोदितप्रकृतिधर्मण आत्मगूढम् ॥ अम्भस्यनन्तशयनाद्विरमत्समाधेर्नाभेरभूत्सकणिकावटवन्महाब्जम् ॥ ३३ ॥ तत्सम्भवः कविरतो-ऽन्यदपश्यमानस्त्वां बीजमात्मनि ततं स्वबहिर्विचिन्त्य ॥ नाविन्ददब्दशतमप्सु निमज्जमानो जातेऽङ्कुरे कथमुहोपलभेत बीजम् ॥३४॥ स त्वात्म-योनिरतिविस्मित आस्थितोऽब्जं कालेन तीव्रतमसा परिशुद्धभावः ॥ त्वामात्मनीश भुवि गन्धमिवातिसूक्ष्मं भूतेन्द्रियाशयमये विततं ददर्श ॥३५॥ एवं सहस्रवदनांघ्रिशिरःकरोरुनासास्यकर्णनयनाभरणायुधाढ्यम् ॥ मायामयं सदुपलक्षितसन्निवेशं दृष्ट्वा महापुरुषमाप मुदं विरिञ्चः ॥ ३६ ॥ तस्मै

बाह्य दृष्टि चिम्लेर आत्मस्वरूपको प्रकाशले निद्रालाई पनि विलीन गरेर हजुर तुरीय अवस्थामा स्थित रहनुहुन्छ । त्यस बेला हजुर न तमोयुक्त, न विषयहरूका भोक्ता बन्नुहुन्छ ॥३२॥ यो ब्रह्माण्ड कालशक्तिले प्रकृतिका सत्त्वादि गुणलाई प्रेरित पार्ने हजुर परमेश्वरको नै शरीर हो । पहिले यो हजुरमै निहित थियो । जब प्रलयकालको जलमा शेषशय्यामा शयन गर्ने हजुरले योगनिद्रारूपिणी समाधि त्यागी पछि वटबीजबाट उत्पन्न महावृक्ष झैं हजुरको नाभिबाट अतिविशाल यो ब्रह्माण्ड-कमल प्रकट भयो ॥३३॥ त्यसबाट उत्पन्न सूक्ष्मदर्शी ब्रह्मा--ले जब कमल बाहेक अरु केही देखेनन् तब आफूमा व्याप्त बीजरूपी हजुरलाई बाहिर ठानेर ती सय वर्षसम्म त्यही जलभित्र खोज्दै रहे, तर तिनलाई केही प्राप्त भएन । त्यो ठीक नै छ । किनकि अंकुर उत्पन्न भएपछि बीजलाई कुनै पुरुष कसरी भिन्नरूपमा देख्न सक्तछ ? ॥३४॥ अतएव आत्मयोनि ब्रह्मा छक्क परेर त्यही कमलमाथि गएर बसे । हे ईश ! धेरै समय सम्म कठोर तपस्याले अन्तःकरण शुद्ध भएपछि उनलाई पृथ्वीमा व्याप्त अतिशय सूक्ष्म गन्ध तन्मात्रा झैं भूत, इन्द्रिय तथा अन्तःकारणरूपी शरीरमा व्याप्त हजुरको सूक्ष्म स्वरूपको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन पाए ॥३५॥ हजारौं मुख, चरण, शिर, हात, उरू, नासिका, मुख, कान, नयन, आभूषण तथा आयुधयुक्त चौद्ध लोकरूपी अवयवले सम्पन्न हजुर मायामय विराट् पुरुषको दर्शन पाएर ब्रह्माजीलाई ठूलो आनन्द प्राप्तभयो ॥३६॥ त्यसपछि हजुरले हयग्रीवरूपले अतिशय प्रबल तथा वेदद्रोही रजोगुण-तमोगुणरूपी मधु र कैटभ दैत्यलाई मारेर ब्रह्माजीलाई सत्वगुणरूपी चारै वेद अर्पण गरिदिनु भयो । यसैले सत्वगुण हजुरको प्रियतम रूप कहिन्छ ॥३७। हे परमपुरुष ! हजुर मनुष्य, तिर्यक्, ऋषि, देवता र मत्स्यादि अवतार लिएर सबै लोकको पालन तथा जगद्द्रिोहीहरूको विनाश गर्नुहुन्छ । ती अवतारहरू द्वारा हजुर प्रत्येक युगका धर्मको रक्षा गर्नुहुन्छ, तर कलियुगमा अवतार नलिएर गुप्त नै रहनुहुन्छ।यसैले हजुर 'त्रियुग' नामले पनि विख्यात हुनुहुन्छ॥३८॥ हे नाथ ! मेरो मन सान्है दोषदूषित, कामातुर, हर्ष, शोक, भय तथा विविध एषणाहरूले व्याकुल छ । हजुरका कथाहरूमा यसको प्रीति छैन । यस्तो कलुषित चित्त हुने म दीन कसरी हजुरका स्वरूपको ध्यान गरूँ ? ॥३९॥ हे अच्युत ! जस्तै धेरै सौता स्वामीलाई आफू-आफूतिर तान्दछन्, त्यस्तै नैमेरो अतृप्तरसना एक-

भवान्हयशिरस्तनुवं च बिभ्रद्वेदद्रुहावतिबलौ मधुकैटभाख्यौ ॥ हत्वाऽनयच्छ्रुतिगणांस्तु रजस्तमश्च सत्त्वं तव प्रियतमां तनुमामनन्ति ॥ ३७ ॥ इत्थं नृतिर्यगृषिदेवझषावतारैर्लोकान् विभावयसि हंसि जगत्प्रतीपान् ॥ धर्मं महापुरुष पासि युगानुवृत्तं छन्नः कलौ यदभवस्त्रियुगोऽथ स त्वम् ॥ ३८ ॥ नैतन्मनस्तव कथासु विकुण्ठनाथ सम्प्रीयते दुरितदुष्टमसाधु तीव्रम् ॥ कामातुरं हर्षशोकभयैषणार्तं तस्मिन्कथं तव गतिं विमृशामि दीनः ॥ ३९ ॥ जिह्वैकतोऽच्युत विकर्षति माऽवितृप्ता शिश्नोऽन्यतस्त्वगुदरं श्रवणं कुतश्चित् ॥ घ्राणोऽन्यतश्चपलदृक् क्व च कर्मशक्तिर्बह्व्यः सपत्न्य इव गेहपतिं लुनन्ति ॥४०॥ एवं स्वकर्मपतितं भववैतरण्यामन्योन्यजन्ममरणाशन भीतभीतम् ॥ पश्यञ्जनं स्वपरविग्रहवैरमैत्रं हन्तेति पारचर पीपृहि मूढमद्य ॥४१॥ को न्वत्र तेऽखिलगुरो भगवन्प्रयास उत्तारणेऽस्य भवसम्भवलोपहेतोः ॥ मूढेषु वै महदनुग्रह आर्तबन्धो किं तेन ते प्रियजनाननुसेवतां नः ॥ ४२ ॥ नैवोद्विजे परदुरत्ययवैतरण्यास्त्वद्वीर्यगायनमहामृतमग्नचित्तः ॥ शोचे ततो विमुखचेतस इन्द्रियार्थं मायासुखाय भरमुद्वहतो विमूढान् ॥ ४३ ॥ प्रायेण देव मुनयः स्वविमुक्तिकामा मौनं चरन्ति विजने न परार्थनिष्ठाः ॥ नैतान्विहाय कृपणान्विमुमुक्षु एको नान्यं त्वदस्य शरणं भ्रमतोऽनुपश्ये ॥ ४४ ॥

तिर, उपस्थ अर्कोतिर, त्वचा, उदर र कान तेस्रोतिर, घ्राण तथा चञ्चल नेत्र कुनै अर्कैतिर, कर्मेन्द्रियहरू कुनै अर्कैतिर तानिरहेका छन् ॥४०॥ हे नित्यमुक्त ! संसाररूपिणी वैतरणी नदीमा आफ्ना कर्मवश गाडिएर परस्पर प्राप्तव्य जन्म मरण एवं खान-पानादिले अत्यन्त भयभीत एवं आफ्नो-बिरानी पुरुषषित मित्रता र द्वेष गर्ने मलाई हजुर यो वैतरणीबाट पारी तारेर प्राणीवर्गको रक्षा गर्नुहवस् ॥४१॥ हे अखिलगुरो ! हजुर जगत्को उत्पत्ति, स्थिति तथा पालनकर्ता हुनुहुन्छ, हे भगवन् ! यसबाट पारी तार्न के हजुरलाई कुनै प्रयास गर्नु पर्नेछ ? हे दीनबन्धो ! हजुर जस्ता महापुरुषको दया त मूढमाथि नै हुन पर्ने हो ॥४२॥ हे प्रभो ! जसलाई पारी तार्न अन्यान्यलाई कठिन छ, त्यो वैतरणीको मलाई अलिकति पनि भय रहेन, किनकि मेरो चित्त त हजुरको गुण-गानरूणी परामृत पिएर आनन्दमग्न छ । मलाई केवल उनै मूढको चिन्ता लागिरहन्छ, जो भगवान्‌बाट विमुख भएर इन्द्रियका विषयले प्राप्तव्य मायिक सुखको निम्ति कुटुम्ब-पोषणको भारी बोक्दछन् ॥४३॥ हे देव, सबै मुनिजन प्रायः आफ्नै मुक्तिको निम्ति एकान्तमा बसेर मौनव्रत लिन्छन्, ती परोपकारमा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्पर रहन्नन्, तर मलाई यी दुवैलाई त्यागेर एक्लै मुक्त हुने इच्छा छैन। संसारमा अलमलिनेहरूको उद्धार गर्न हजुरबाहेक कोही देखिन्नन् ॥४४॥ हे प्रभो ! गृहस्थहरूको मैथुनादि सुख चिलाउने दाद जस्तै छन्। चिलाउँदा संचो लाग्दछ, फेरि त्यसले अधिकाधिक कष्ट नै हुन्छ। त्यस्तै यी भोग पनि छन्। तर अनेक कष्ट भोगेर पनि यी दीनजन कहिल्यै पनि यिनीबाट तृप्त हुन्नन्, किन्तु धीर-वीर पुरुष चिलाउनेको समान नै कामादि वेगलाई अनायास सहन्छन् ॥४५॥ हे अन्तर्यामिन् ! मौनव्रत, शास्त्र-श्रवण, तप वेदाध्ययन, स्वधर्मपालन, शास्त्रहरूको व्याख्या, एकान्त-सेवन, जप तथा समाधि–यी मोक्षका दस विख्यात साधन छन्। परन्तु यी पनि प्रायः अजितेन्द्रिय पुरुषका आजीविकाको साधन बन्दछन्। दाम्भिकका लागि त यी कहिले जीविकाका साधन हुन्छन् र कहिले तिनको भेद खुलेपछि नहुन पनि सक्दछ॥४६॥ वेदले बीज र अंकुरजस्तै कार्य र कारणस्वरूप हजुरका दुइ स्वरूप भनेका छन् वस्तुतः हजुर रूपरहित हुनुहुन्छ, किन्तु रूप बाहेक हजुरका ज्ञानको अर्को साधन पनि त देखिन्न। योगीजन काठमा लुकेको अग्नि झैं भक्तियोगद्वारा कार्य-कारणयी दुवैमा हजुरलाई देख्दछन्।

यन्मैथुनादि गृहमेधिसुखं हि तुच्छं कण्डूयनेन करयोरिव दुःखदुःखम् ॥ तृप्यन्ति नेह कृपणा बहुदुःखभाजः कण्डूतिवन्मनसिजं विषहेत धीरः
॥४५॥ मौनव्रतश्रुततपोऽध्ययनस्वधर्मव्याख्यारहोजपसमाधय आपवर्ग्याः ॥ प्रायः परं पुरुष ते त्वजितेन्द्रियाणां वार्ता भवन्त्युत न वाऽत्र तु दाम्भि-
कानाम् ॥ ४६ ॥ रूपे इमे सदसती तव वेदसृष्टे बीजांकुराविव न चान्यदरूपकस्य ॥ युक्ताः समक्षमुभयत्र विचिन्वते त्वां योगेन वह्निमिव दारुषु
नान्यतः स्यात् ॥४७॥ त्वं वायुरग्निरवनिर्वियदम्बुमात्राः प्राणेन्द्रियाणि हृदयं चिदनुग्रहश्च ॥ सर्वं त्वमेव सगुणो विगुणश्च भूमन् नान्यत्त्वदस्त्यपि
मनोवचसा निरुक्तम् ॥ ४८ ॥ नैते गुणा न गुणिनो महदादयो ये सर्वे मनःप्रभृतयः सहदेवमर्त्याः ॥ आद्यन्तवन्त उरुगाय विदन्ति हि त्वामेवं
विमृश्य सुधियो विरमन्ति शब्दात् ॥४९॥ तत्तेऽर्हत्तम नमः स्तुतिकर्मपूजाः कर्म स्मृतिश्चरणयोः श्रवणं कथायाम् ॥ संसेवया त्वयि विनेति षडङ्गया
किं भक्तिं जनः परमहंसगतौ लभेत् ॥५०॥ नारद उवाच ॥ एतावद्वर्णितगुणो भक्त्या भक्तेन निर्गुणः ॥ प्रह्लादं प्रणतं प्रीतो यतमन्युरभाषत ॥५१॥
श्रीभगवानुवाच ॥ प्रह्लाद भद्र भद्रं ते प्रीतोऽहं तेऽसुरोत्तम ॥ वरं वृणीष्वाभिमतं कामपूरोऽस्म्यहं नृणाम् ॥ ५२ ॥ मामप्रीणत आयुष्मन्दर्शनं दुर्लभं

किनकि हजुरभन्दा पृथक् यिनको अस्तित्व नै छैन ॥४७॥ हे भूमन् ! वायु, अग्नि, पृथिवी, आकाश, जल, पञ्चतन्मात्रा, प्राण, इन्द्रिय,मन, चित्त, अहङ्कारमय जगत् र सगुण निर्गुण यी सबै हजुर नै हुनुहुन्छ र कतिसम्म भनौं, मन वा वाणीका विषयस्वरूप जति पदार्थ छन्, तीबाट केही पनि हजुरदेखि पृथक् छैनन् ॥४८॥ यी सत्त्वादि गुण, गुणहरूका परिणामस्वरूप महत्तत्त्वादि, देवता र मनुष्यसमेत मन-बुद्धि आदि कोही पनि हजुरलाई जान्न सक्तैनन्, किनकि यी सबै आदि र अन्तयुक्त छन्। किन्तु हजुरको सच्चा स्वरूप जानिसकेर पण्डितहरू शास्त्राध्ययनादिबाट पृथक् भइदिने गर्दछन् ॥४९॥ हे पूज्यतम ! प्रणाम, स्तुति, सर्वकर्मार्पण, उपासना, चरणको ध्यान र हजुरका कथाहरूको श्रवण–यी छ अंगयुक्त हजुरको सेवा बिना केवल परमहंसमाई नै प्राप्तव्य हजुरमा मनुष्यको भक्ति कसरी हुन सक्तछ ? ॥ ५० ॥ नारदजी भन्दछन्–हे राजन् ! परम भक्त प्रह्लादको भक्तिपूर्वक भगवत्सम्बन्धी गुणको कीर्तन गरिएपछि नृसिंह भगवान्को क्रोध शान्त भयो र ती प्रसन्न भएर अति विनीत प्रह्लादजीसित भन्दछन् ॥५१॥ श्रीभगवान्ले भन्नु भयो–हे भद्र प्रह्लाद ! तिम्रो कल्याण होस्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे असुरश्रेष्ठ ! म तिमीसित प्रसन्न छु । तिमी इच्छित वर माग । म भक्तका सबै कामना पूर्ण पार्दछु ॥ ५२ ॥ हे आयुष्मन् ! जो प्राणी मलाई प्रसन्न पार्दैन, त्यसलाई मेरो दर्शन पाउनु कठिन छ । तर मेरो दर्शन पाइसकेपछि पछितो पर्दैन ॥५३॥ म सबैको सबै मनोरथ पूर्ण गर्दछु । अतः जितेन्द्रिय र आत्म कल्याणेच्छुक समस्त भाग्यवान् साधु सबै प्रकारले मलाई प्रसन्न पार्ने उपाय गर्दछन् ॥५४॥ सबैलाई लोभमा पारिदिने अनेक वरदानको लाभ देखाए पनि असुरोत्तम प्रह्लादले ती प्रलोभनलाई रोजेनन् किनकि ती त भगवान्का अनन्य भक्त थिए ॥४५॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायां नवमोऽध्यायः ॥ ९ ॥ (नृसिंह भगवान अन्तर्धान हुनु र प्रह्लादको राज्याभिषेक, त्रिपुरदहनको कथा)–श्री नारदले भने—हे राजा युधिष्ठिर ! सबै वरलाई भक्तियोगमा बाधक जानेर प्रह्लादले मुसुक्क हाँस्तै भगवान्सित भने ॥ १ ॥ प्रह्लाद भन्दछन्–हे प्रभो ! म त स्वभावले नै भोगासक्त जीव हुँ । मलाई यस्ता वरहरू द्वारा हजुर अझ बढी प्रलोभनमा नपार्नुहवस् । म त ती भोगहरूको आसक्तिले डराई र ती देखि विमुख भएर मोक्ष-

हि मे ॥ न दृष्ट्वा मां पुनर्जन्तुरात्मानं तप्तुमर्हति ॥५३॥ प्रीणन्ति ह्यथ मां धीराः सर्वभावेन साधवः ॥ श्रेयस्कामा महाभागाः सर्वासामाशिषां पतिम् ॥ ५४ ॥ एवं प्रलोभ्यमानोऽपि वरैर्लोकप्रलोभनैः ॥ एकान्तित्वाद्भगवति नैच्छत्तानसुरोत्तमः ॥ ५५ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे प्रह्लादचरिते भगवत्स्तवो नाम नवमोऽध्यायः ॥ ९ ॥ नारद उवाच ॥ भक्तियोगस्य तत्सर्वमन्तरायतयाऽर्भकः ॥ मन्यमानो हृषीकेशं स्मयमान उवाच ह ॥ १ ॥ प्रह्लाद उवाच ॥ मा मां प्रलोभयोत्पत्त्याऽऽसक्तं कामेषु तैर्वरैः ॥ तत्सङ्गभीतो निर्विण्णो मुमुक्षुस्त्वामुपाश्रितः ॥ २ ॥ भृत्यलक्षणजिज्ञासुर्भक्तं कामेष्वचोदयत् ॥ भवान्संसारबीजेषु हृदयग्रन्थिषु प्रभो ॥ ३ ॥ नान्यथा तेऽखिलगुरो घटेत करुणात्मनः ॥ यस्त आशिष आशास्ते न स भृत्यः स वै वणिक् ॥ ४ ॥ आशासानो न वै भृत्यः स्वामिन्याशिष आत्मनः ॥ न स्वामी भृत्यतः स्वाम्यमिच्छन् यो राति चाशिषः ॥ ५ ॥ अहं त्वकामस्त्वद्भक्तस्त्वं च स्वाम्यनपाश्रयः ॥ नान्यथेहावयोरर्थो राजसेवकयोरिव ॥ ६ ॥ यदि रासीश मे कामान्वरांस्त्वं वरदर्षभ ॥ कामानां हृद्यसंरोहं भवतस्तु वृणे वरम् ॥ ७ ॥ इन्द्रियाणि मनः प्राण आत्मा धर्मो धृतिर्मतिः ॥ ह्रीः श्रीस्तेजः स्मृतिः सत्यं यस्य नश्यति जन्मना ॥ ८ ॥ विमुंचति यदा कामान्मानवो मनसि स्थितान् ॥ तर्ह्येव पुण्डरीकाक्ष भगवत्त्वाय कल्पते ॥ ९ ॥ नमो भगवते तुभ्यं पुरुषाय महात्मने ॥ हरयेऽद्भुत-

प्राप्तिको इच्छाले हजुरकहाँ आएको हुँ ॥ २ ॥ हे प्रभो ! हजुरले आफ्नो यस दासको परीक्षा गर्नको निम्ति नै हृदयको ग्रन्थि र संसारका बीजरूपी सांसारिक भोगतिर यसलाई घिच्याए-को हो ॥ ३ ॥ हे अखिलगुरो ! यो बाहेक अरु कुनै प्रकारले हजुर कल्याणमयको निम्ति यस्तो गर्नु सम्भव थिएन । हे नाथ ! जुन सेवक हजुरसित कुनै कामना पूर्ण गराउन इच्छा भने त्यो गर्छ सेवक होइन, व्यापारी हो ॥ ४ ॥ स्वामीसित कामना पूर्ति गराउने सेवक हुन सक्तैन र स्वामी बनिरहने इच्छुक प्रभु तथा सेवकलाई धन वा भोगादि दिने स्वामी हुन सक्तैन ॥ ५ ॥ हे प्रभो ! म त हजुरको निष्काम भक्त हुँ र हजुर मेरा निरपेक्ष स्वामी हुनुहुन्छ । स्वामी र सेवक बाहेक हजुरको र मेरो कुनै अन्य नाता हुन सक्तैन ॥६॥ हे वर-दाताहरूमा श्रेष्ठ ! यदि हजुरलाई वर दिन खोज्नुहुन्छ भने म यही वर माग्नेछु कि मेरो हृदयमा कहिल्यै कामनाहरूका अंकुर नटुसाउन् ॥७॥ किनकि यो अंकुर टुसाउँदै, इन्द्रिय, मन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राण, देह, धर्म, धैर्य, बुद्धि, लज्जा, श्री, तेज, स्मृति र सत्य–यी सबै नष्ट हुन्छन् ॥ ८ ॥ हे कमलनयन ! जब मनुष्य कामनाहरू छाडिदिन्छ, तब भगवद्भक्ति प्राप्तिको अधिकारी बन्दछ ॥९॥ हे नाथ ! सबैका अन्तर्यामी, महात्मा तथा अद्भुत नृसिंहरूपधारी हजुर परब्रह्म परमात्मा श्रीविष्णु भगवान्‌लाई नमस्कार ॥१०॥ नृसिंहदेव भन्दछन् हे प्रह्लाद ! तिमीजस्ता मेरा जो अनन्यभक्त छन्, ती इहलौकिक र पारलौकिक कुनै पनि भोगको इच्छा गर्दैनन् । तैपनि मेरो आज्ञानुसार यो मन्वन्तरको समाप्तिपर्यन्त तिमी यस लोकमा दैत्येश्वरका सारा भोगको उपभोग गर ॥ ११ ॥ सबै प्राणीमा विराजमान म यज्ञेश्वरलाई आफ्नो हृदयमा धारण गरेर मेरा प्रियकथा सुन्दै र सबै कर्म मलाई अर्पण गर्दै तिमी भक्तियोगद्वारा मेरो आराधना गर्दै रहे ॥ १२ ॥ सुखभोग जनित पुण्यद्वारा पाप त्यागेर कालक्रमले जब तिम्रो शरीर छुट्ला, तब तिमी देवलोकमा गायमान आफ्ना पवित्र कीर्ति संसारमा फिंजाएर तथा सबै कर्मबन्धनबाट मुक्त भएर अन्त्यमा मसित आएर मिल्ने छौ ॥१३॥ जो प्राणी मेरो तिम्रो स्मरण गर्दै तिमी द्वारा कथित यस स्तोत्रको कीर्तन गर्नेछ, त्यो पनि सबै

सिंहाय ब्रह्मणे परमात्मने ॥ १० ॥ नृसिंह उवाच ॥ नैकान्तिनो मे मयि जात्विहाशिष आशासतेऽमुत्र च ये भवद्विधाः ॥ अथापि मन्वन्तरमेतदत्र दैत्येश्वराणामनुभुङ्क्ष्व भोगान् ॥ ११ ॥ कथा मदीया जुषमाणः प्रियास्त्वमावेश्य मामात्मनि सन्तमेकम् ॥ सर्वेषु भूतेष्वधियज्ञमीशं यजस्व योगेन च कर्म हिन्वन् ॥ १२ ॥ भोगेन पुण्यं कुशलेन पापं कलेवरं कालजवेन हित्वा ॥ कीर्तिं विशुद्धां सुरलोकगीतां विताय मामेष्यसि मुक्तबन्धः ॥ १३ ॥ य एतत्कीर्तयेन्मह्यं त्वया गीतमिदं नरः ॥ त्वां च मां च स्मरन्काले कर्मबन्धात्प्रमुच्यते ॥ १४ ॥ प्रह्लाद उवाच ॥ वरं वरय एतत्ते वरदेशान्महेश्वर ॥ यदनिन्दत्पिता मे त्वामविद्वांस्तेज ऐश्वरम् ॥ १५ ॥ विद्धामर्षाशयः साक्षात्सर्वलोकगुरुं प्रभुम् ॥ भ्रातृहेति मृषादृष्टिस्त्वद्भक्ते मयि चाघवान् ॥१६॥ तस्मात्पिता मे पूयेत दुरन्ताद्दुस्तरादघात् ॥ पूतस्तेऽपांगसंदृष्टस्तदा कृपणवत्सल ॥१७॥ श्रीभगवानुवाच ॥ त्रिःसप्तभिः पिता पूतः पितृभिः सह तेऽनघ ॥ यत्साधोऽस्य गृहे जातो भवान् वै कुलपावनः ॥१८॥ यत्र यत्र च मद्भक्ताः प्रशांताः समदर्शिनः ॥ साधवः समुदाचारास्ते पूयन्त्यपि कीकटाः ॥ १९ ॥ सर्वात्मना न हिंसन्ति भूतग्रामेषु किंचन ॥ उच्चावचेषु दैत्येन्द्रमद्भावेन गतस्पृहाः ॥ २० ॥ भवन्ति पुरुषा लोके मद्भक्तास्त्वामनुव्रताः ॥ भवान्मे खलु भक्तानां सर्वेषां प्रतिरूपधृक् ॥ २१ ॥ कुरु त्वं प्रेतकार्याणि पितुः पूतस्य सर्वशः ॥ मदंगस्पर्शनेनांग लोकान्

कर्मबन्धनबाट छुट्ने छ ॥१४॥ प्रह्लादले भने–हे महेश्वर ! हजुर सबै वरदाताहरूका स्वामी हुनाले म यौटा वर अरु माग्दछु । त्यो के भने–मेरा पिताले हजुरको ईश्वरीय तेज जान्न नसकेर 'यो मेरो भाइको घातक हो' यो उल्टो दृष्टि राखेर असहिष्णु भई हजुर सर्वेश्वरको अनेकशः निन्दा र हजुरको भक्तसित द्रोह गरे । यो दुरन्त दुस्तर दोषले मेरा पिता मुक्त होउन् । हे दीनवत्सल ! हुनत जब तीमाथि हजुरको दृष्टिपात भयो, त्यसै बेलादेखि ती शुद्ध भए ॥१५-१७॥ भगवान्‌ले भन्नुभयो–हे अनघ ! हे साध्ये, तिम्रो पिता त आफ्ना एकाइस कुलका पितृसमेत पवित्र भइसके, किनकि उनीकहाँ तिमी झैं कुल पावन पुत्र जन्म्यौ ॥ १८ ॥ जहाँ मेरा भक्त एवं शान्तचित्त, समदर्शी र सदाचारी साधुजन रहन्छन् । अनि मगध जस्ता देश पनि पवित्र हुन्छन् ॥ १९ ॥ हे दैत्यपते ! जसलाई कुनै कामना रहन्न,ती मेरा भक्त सबैमा आत्मदृष्टि राख्दै साना-ठूला सबै प्राणीलाई कुनै पनि कष्ट दिंदैनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥२०॥ संसारमा जो तिम्रो पथमा हिंड्नन्, ती पनि मेरा भक्त हुनेछन् । तिमी त मेरा भक्तहरूमा आदर्श भक्त हौ ॥२१॥ हे वत्स ! मेरो अङ्गको स्पर्श हुनासाथ तिम्रो पिता पवित्र भइसकेका थिए, तैपनि तिमी गएर तिनको और्ध्व दैहिक कर्म गर । तिमी झैं सुपुत्रको पिता हुनाले अवश्य उत्तम लोक पाउने छन् ॥२२॥ हे तात ! तिमी पिताको राजसिंहसनमा बस । सबै वेदवादी मुनिहरूको आज्ञा पालन गर र मतिर मन लगाई मेरै सेवामा तत्पर रहेर तिमी सबै कार्य सम्पन्न गर्दै *समयको सदुपयोग गर ॥२३॥ नारदजीले भने–हे युधिष्ठिर ! भगवान्‌को आज्ञानुसार प्रह्लादले आफ्ना दिवङ्गत पिताको सबै और्ध्वदैहिक क्रिया सम्पन्न गरे । त्यसपछि ब्रह्माजीले तिनको राज्याभिषेक गरे ॥२४॥

यास्यसि सुप्रजाः ॥ २२ ॥ पित्र्यं च स्थानमातिष्ठ यथोक्तं ब्रह्मवादिभिः ॥ मय्यावेश्य मनस्तात कुरु कर्माणि मत्परः ॥ २३ ॥ नारद उवाच ॥ प्रह्लादोऽपि तथा चक्रे पितुर्यत्सांपरायिकम् ॥ यथाऽऽह भगवान् राजन्नभिषिक्तो द्विजोत्तमैः ॥ २४ ॥ प्रसादसुमुखं दृष्ट्वा ब्रह्मा नरहरिं हरिम् ॥ स्तुत्वा वाग्भिः पवित्राभिः प्राह देवादिभिर्वृतः ॥ २५ ॥ ब्रह्मोवाच ॥ देवदेवाखिलाध्यक्ष भूतभावन पूर्वज ॥ दिष्ट्या ते निहतः पापो लोकसंतापनोऽसुरः ॥ २६ ॥ योऽसौ लब्धवरो मत्तो न वध्यो मम सृष्टिभिः ॥ तपोयोगबलोन्नद्धः समस्तनिगमानहन् ॥ २७ ॥ दिष्ट्याऽस्य तनयः साधुर्महा·

ब्रह्माजीले नृसिंह भगवान्‌लाई प्रसन्न र सौम्यरूप देखेर पवित्र वचन द्वारा उनको स्तुति गर्दै भने ॥२५॥ ब्रह्माजी भन्दछन्–हे देवदेव ! हे अखिलाध्यक्ष ! हे भूतभावन ! हे पूर्वज ! सबै लोकलाई सन्तप्त पार्ने यो दुष्टलाई मारिदिनु भयो, हाम्रो सौभाग्यले यो ठूलो कुरा भयो ॥२६॥ मबाट वर पाएर यो साह्रै उद्धत भएको थियो । मैले रचेको संसारका कुनै पनि प्राणीद्वारा यसको मृत्यु सम्भव थिएन । यसैले आफ्नो तप, योग र बलले उन्मत्त भएर यसले सबै वेदविधिको उन्मूलन गरिदियो ॥२७॥ हजुरले यसका परम भगवद्भक्त तथा

---

* उदाहरण (समयको सदुपयोग)—कुनै नदीको किनारमा यौटा कृषकको खेत थियो । जब खेतको अन्न पाक्न लाग्यो तब किसान मचान बनाएर खेतको रक्षा गर्नलाग्यो । एक दिन त्यो नदी तटमा शौच गर्न गयो त्यहाँ उसले मणिले भरिएको यौटा हाँडी पायो । किसानले ठान्यो यो ढुङ्गा हो, तैपनि त्यो बोकेर मचानमा राख्यो । जब जब पक्षी खेतमा आउँथे, तब-तब यौटा लाल फालेर धपाउँथ्यो । त्यसले पक्षी उडिजान्थे र लाल नदीमा पर्दथ्यो । यसरी एक-एक गरेर उसले सबै लाल फ्याँकिदियो । केवल यौटा लाल जो त्यसको लोरो खेल्दथ्यो, रहिगयो । साँझको वेला त्यसकी स्त्री छोरो बोकेर घर गई । घरमा नून थिएन । स्त्री त्यही लाल लिएर नून किन्न बजार गई । यौटा पसलेसित भनी–'मलाई यो ढुङ्गाको साटो अलिकति नून देऊ ।' दैवयोगले त्यही यौटा जौहरी उभिएको थियो । उसले लाल लिएर एक पैसाको नून दिलाई दियो र भन्यो—'भोल तिमीले यो ढुङ्गाको मोल पाउने छौ ।' भोलिपल्ट जौहरीले एक लाख रुपियाँ किसानको घर पठाइदियो । किसानकी स्त्रीले अलिकति रुपियाँले घर बनाई, केही जम्मा राखी । एक दिन स्त्रीले खेतमा गएर आफ्नो पतिलाई भनी–'तपाई यहाँ बसेको निकै दिनभयो, आज घर जाऔँ ।' किसान जब गाउँमा गयो तब आफ्नो खरको झुपडीको स्थानमा महल बनेको देख्यो । स्त्री महलतिर हिंडी । किसानले भन्यो—'ए ! उता कता गएको ? यो त कुनै महाजन धनीको महल हो । नोकरले घोक्राइदेलान ।' स्त्रीले भनी–'स्वामी ! यो साहुको महल होइन, यो त हजुरको घर हो । यौटा लाल जो नफ्याँकिएर रहेको थियो, त्यसैको मोलले यो सबै यति छिटै नै तयार भयो । अझ अरु धन जम्मा पनि छ ।' किसान पश्चाताप गर्नलाग्यो—'यस्तै मसित असंख्य लाल थिए, तर मैले ढुंगा ठानेर चरा धपाउन फालिदिएँ ।' स्त्रीले पतिलाई बुझाई—नाथ ! जो गयो त्यो अब पाउन सकिन्न । जो रहेको छ, त्यसैलाई राम्रो काममा लगाउनाप् ।' यसको दृष्टान्त हो— यस शरीररूपी हाँडीमा श्वासरुपी लाल भरिएका छन् । जीवात्मा (मनुष्य) ती लाल विश्वरूपी पक्षीलाई धपाउन विषय भोगमा व्यर्थ फ्याकिरहेको छ जति लाल हराए, ती त पाइन्नन् । तर अझ जति बाँचेका छन्, तिनलाई सत्कर्ममा व्यय गर्नु उचित छ ।

प्राणी ढीलो नगर अब, भजिलेओ रघुबीर । जाँदैछन्–प्रति श्वासमा मणिरूपी सब तीर ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधु-स्वभाव पुत्र प्रह्लादलाई मृत्युको मुखबाट जोगाए, यो साह्रै आनन्दको कुरा भयो। यो हजुरको शरणमा आयो–यो अझ बढी आनन्दको विषय छ ॥२८॥ हे भगवन् ! जो प्राणी एकाग्रचित्तले हजुरको यो नृसिंहरूपको ध्यान गर्नेछ, उसलाई यो स्वरूप सबै प्रकारका भय र मृत्युबाट पनि बचाउने छ ॥२९॥ नृसिंह भगवान् भन्नुहुन्छ–हे कमलयोने ! तिमीले यसलाई यस्तो वर दिनु उचित थिएन। स्वभावतः क्रूर व्यक्तिलाई दिएको वरदान सर्पलाई खुवाएको अमृतको काम गर्दै अन्त्यमा अनिष्टकारक हुन्छ ॥३०॥ नारदजी भन्दछन्–हे राजन् ! यति भनेर ब्रह्माजी द्वारा पूजित भएर नृसिंह भगवान् त्यहीं अन्तर्धान हुनुभयो। त्यसपछि कुनै पनि प्राणीले उनलाई देख्न पाएनन् ॥३१॥ भक्तवर प्रह्लादले भगवान्का अंश ब्रह्मा, शिव, प्रजापति आदि सबैको पूजा गरेर दण्डवत् प्रणाम गरे ॥३२॥ तब शुक्राचार्य आदि मुनिहरू र ब्रह्माजीले प्रह्लादलाई सबै दैत्य र दानवहरूका स्वामी तुल्याए ॥३३॥ ब्रह्मा-आदि सबै देवता प्रह्लादद्वारा पूजित भएर उनको प्रशंसा गर्दै शुभाशिर्वाद दिएर आफ्ना-आफ्ना लोकमा प्रस्थान गरे ॥३४॥ हे राजन् ! ती विष्णु-पार्षद जुन सनकादि मुनिहरूको

भागवतोऽर्भकः ॥ त्वया विमोचितो मृत्योर्दिष्ट्या त्वां समितोऽधुना ॥ २८ ॥ एतद्वपुस्ते भगवन्ध्यायतः प्रयतात्मनः सर्वतो गोप्तृ सन्त्रासान्मृत्योरपि जिघांसतः ॥ २९ ॥ नृसिंह उवाच ॥ मैवं वरोऽसुराणां ते प्रदेयः पद्मसम्भव ॥ वरः क्रूरनिसर्गाणामहीनाममृतं तथा ॥३०॥ नारद उवाच ॥ इत्युक्त्वा भगवान् राजँस्तत्रैवान्तर्दधे हरिः ॥ अदृश्यः सर्वभूतानां पूजितः परमेष्ठिना ॥ ३१ ॥ ततः सम्पूज्य शिरसा ववन्दे परमेष्ठिनम् ॥ भवं प्रजापतीन्देवान्प्रह्लादो भगवत्कलाः ॥ ३२ ॥ ततः काव्यादिभिः सार्धं मुनिभिः कमलासनः ॥ दैत्यानां दानवानां च प्रह्लादमकरोत्पतिम् ॥ ३३ ॥ प्रतिनन्द्य ततो देवाः प्रयुज्य परमाशिषः ॥ स्वधामानि ययू राजान्ब्रह्माद्याः प्रतिपूजिताः ॥ ३४ ॥ एवं तौ पार्षदौ विष्णोःपुत्रत्वं प्रापितौ दितेः ॥ हृदि स्थितेन हरिणा वैरभावेन तौ हतौ ॥ ३५ ॥ पुनश्च विप्रशापेन राक्षसौ तौ बभूवतुः ॥ कुम्भकर्णदशग्रीवौ हतौ तौ रामविक्रमैः ॥ ३६ ॥ शयानौ युधि निर्भिन्नहृदयौ रामसायकैः तच्चित्तौ जहतुर्देहं यथाप्राक्तनजन्मनि ॥ ३७ ॥ ताविहाथ पुनर्जातौ शिशुपालकरूषजौ ॥ हरौ वैरानुबन्धेन पश्यतस्ते शमीयतुः ॥ ३८ ॥ एनः पूर्वकृतं यत्तद्राजानः कृष्णवैरिणः ॥ जहुस्त्वन्ते तदात्मानः कीटः पेशस्कृतो यथा ॥ ३९ ॥ यथा यथा भगवतो भक्त्या परमया भिदा ॥ नृपाश्चैद्यादयः सात्म्यं हरेस्तच्चिन्तया ययुः ॥ ४० ॥ आख्यातं सर्वमेतत्ते यन्मां त्वं परिपृष्टवान् ॥ दमघोष–

श्रापले अघिल्लो जन्ममा दितिका पुत्र भएथे, ती आफ्नो हृदयमा विराजमान भगवान् विष्णुसित शत्रुता गरेर उनकै हातले मारिए ॥३५॥ तर विप्र श्रापले गर्दा फेरि ती रावण र कुम्भकर्ण दुइ राक्षस भए र रामद्वारा मारिए ॥३६॥ रावण र कुम्भकर्ण पनि श्रीरामका बाणले भिन्न-हृदय भएर रणभूमिमै मरेका थिए। पूर्वजन्म जस्तै अब पनि उनको स्मरण गर्दै आफ्नो देह त्यागेका थिए ॥३७॥ उनै दुवै शिशुपाल र वक्रषपुत्र दन्तवक्र भएर पृथ्वीमा आएका थिए, जो श्रीकृष्णसित शत्रुता गर्नाले तिमीले देख्दा-देख्दै उनैमा लीन भएर गए ॥३८॥ हे राजन् ! जस्तै पेशस्कृत (एक प्रकारका भ्रमरा) को ध्यान गर्दै रहनाले समातेको कीरा पनि उस्तै बन्दछ, त्यस्तै यी कृष्णद्रोही राजाहरू दैत्यभावले उनैको चिन्तन गर्दा गर्दै आफ्ना पूर्वकृत पापबाट मुक्त भएर अन्त्यमा तद्रूप भए ॥३९॥ हे धर्मराज युधिष्ठिर ! जस्तै भगवद्भक्त भगवानका उत्कृष्ट र अनन्य भक्ति गरेर उनमै लय हुन्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै नै उनीसित शत्रुता र उनैको चिन्तन गरिरहनाले शिशुपाल आदि राजा पनि श्रीहरिको सारूप्यमा प्राप्त भए ॥४०॥ हे राजन्! तिम्रो जुन प्रश्न थियो—शिशुपाल आदि भगवद्द्वेषीहरूलाई उनको सायुज्य मुक्ति कसरी प्राप्त भयो? त्यो मैले सुनाएँ ॥४१। ब्रह्मण्यदेव परमात्मा श्रीकृष्णको यो अति पवित्र अवतार-कथा, जसमा आदिदैत्य हिरण्यकशिपु र हिरण्याक्ष वधको प्रसंग वर्णित छ, मैले सुनाएँ ॥४२॥ यस उपाख्यानमा महाभागवत प्रह्लादजीको चरित्र, उनको भक्ति, ज्ञान-वैराग्य, संसारको उत्पत्ति, स्थिति एवं प्रलयका स्वामी भगवान्को वास्तविक तत्व, उनको गुण एवं कर्मको वर्णन, देवताहरू र दैत्यगणका स्थानको कालकृत महान् परिवर्तन, जसले भगवानको प्राप्ति हुन्छ, ती भगवद्भक्तहरूको धर्म तथा आत्मानात्मविवेक आदि सबै विषयको राम्ररी निरूपण गरिएको छ ॥४३-४५॥ जो प्राणी भगवत्पराक्रमले परिपूर्ण यो पवित्र कथालाई श्रद्धापूर्वक पढ्छ अथवा केवल सुन्दछ, त्यो सदाको निम्ति कर्म-वन्धनवाट मुक्त हुनेछ ॥४६॥ आदिपुरुष भगवान्ले नृसिंह रूपले गरिएका हिरण्यकशिपु र अन्य दैत्य-यूथपहरूको वधरूपी यो पवित्र चरित्र र

सुतादीनां हरेः सात्म्यमपि द्विषाम् ॥ ४१ ॥ एषा ब्रह्मण्यदेवस्य कृष्णस्य च महात्मनः ॥ अवतारकथा पुण्या वधो यत्रादिदैत्ययोः ॥ ४२ ॥ प्रह्लादस्यानुचरितं महाभागवतस्य च ॥ भक्तिर्ज्ञानं विरक्तिश्च याथात्म्यं चास्य वै हरेः ॥ ४३ ॥ सर्गस्थित्यप्ययेशस्य गुणकर्मानुवर्णनम् ॥ परावरेषां स्थानानां कालेन व्यत्ययो महान् ॥४४॥ धर्मो भागवतानां च भगवान् येन गम्यते ॥ आख्यानेऽस्मिन्समाम्नातमाध्यात्मिकमशेषतः ॥ ४५ ॥ य एतत्पुण्यमाख्यानं विष्णोर्वीर्योपबृंहितम् ॥ कीर्तयेच्छ्रद्धया श्रुत्वा कर्मपाशैर्विमुच्यते ॥ ४६ ॥ एतद्य आदिपुरुषस्य मृगेन्द्रलीलां दैत्येन्द्रयूथपवधं प्रयतः पठेत ॥ दैत्यात्मजस्य च सतां प्रवरस्य पुण्यं श्रुत्वाऽनुभावमकुतोभयमेति लोकम् ॥ ४७॥ यूयं नृलोके बत भूरिभागा लोकं पुनाना मुनयोऽभियन्ति ॥ येषां गृहानावसतीति साक्षाद्गूढं परब्रह्म मनुष्य लिङ्गम् ॥ ४८ ॥ स वा अयं ब्रह्म मनाद्धिमृग्यकैवल्यनिर्वाणसुखानुभूतिः ॥ प्रियः सुहृद्वः खलु मातुलेय आत्मार्हणीयो विधिकृद्गुरुश्च ॥४९॥ न यस्य साक्षाद्भवपद्मजादिभी रूपं धिया वस्तुतयोपवर्णितम् ॥ मौनेन भक्त्योपशमेन पूजितः प्रसीदतामेष स सात्वतां पतिः ॥५०॥ स एष भगवान्राजन्व्यतनोद्विहतं यशः ॥ पुरा रुद्रस्य देवस्य मयेनानन्तमायिना ॥५१॥ राजोवाच ॥ कस्मिन्कर्मणि देवस्य मयोऽहञ्जगदीशितुः ॥ यथा चोपचिता कीर्तिः कृष्णेनानेन कथ्यताम् ॥ ५२ ॥ नारद उवाच ॥ निर्जिता असुरा देवैर्यु-

असुरतनय एवं साधुश्रेष्ठ श्रीप्रह्लादको पावन प्रभावलाई जो सुन्नेछ, त्यो निर्भय भएर वैकुण्ठलोक पाउने छ ॥४७॥ हे राजन्! मर्त्यलोकमा तिमी भाग्यमानी छौ, किनकि मनुष्य-रूपधारी साक्षात् परब्रह्म परमात्मा तिम्रो घरमा बरतछन्। उनैको दर्शन गर्नका लागि आफ्नो दर्शन दिएर सबै लोकलाई पवित्र तुल्याउने मुनिजन चारैतिरबाट तिमीकहाँ आउँछन् ॥४८॥ संसारका सबै व्यक्ति जसलाई निरन्तर खोज्दछन्, ती उपाधि शून्य परमानन्दानुभवस्वरूप परब्रह्मनै तिम्रा सुहृद्, मामाका छोरा, आत्मा, पूज्य, आज्ञापालक, गुरु छन् ॥४९॥ जसको यथार्थ स्वरूपको वर्णन भगवान् शंकर र ब्रह्मा पनि गर्न सक्तैनन्। हामीद्वारा मौन-भक्ति र मनले पूजित ती भक्तप्रतिपालक भगवान् हामीदेखि प्रसन्न हुन् ॥५०॥ हे राजन्! पूर्व समयमा जब महामायावी मयासुर भगवान् रुद्रको सुयश नष्ट पारिरहेको थियो, तब इनै भगवानले उनको सुयश फेरि फिंजाएका थिए॥५१॥ यो सुनेर युधिष्ठिरले सोधे—

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो मयासुरले जगदीश्वर महादेवको सुयश कसरी नष्ट गऱ्यो र श्रीकृष्णले उनलाई कसरी बचाए ? ॥५२॥ नारजी भन्दछन्–हे राजन् ! एक दिन उत्कर्ष प्राप्त देवताहरूले दैत्यलाई युद्धमा जिते । अनि सबै असुर-मायावीहरूको गुरु मयासुरको शरणमा गए ॥५३॥ तदनुसार मयासुरले सुन, चाँदी र फलामका तीन पुरी बनाएर तिनलाई दियो । ती पुरीहरू यस्ता थिए कि तिनको आवागमन थाहा हुँदैनथ्यो र तिनमा अपरिमित सामग्री भरिएको हुन्थ्यो ॥५४॥ हे राजन् ! तीनै पुरीमा लुकेका सबै असुर-सेनापति पूर्व-शत्रुता स्मरण गरेर लोकपालसमेत तीनै लोकको विनाश गर्नलागे ॥५५॥ अनि इन्द्रादि लोकपाल र सम्पूर्ण प्रजाले शङ्कर भगवान्कहाँ गएर भने–हे देवदेव ! यी त्रिपुरनिवासी असुर हामीलाई नष्ट पार्दैछन् । हे प्रभो ! हामी त हजुरका भक्त हौं, हजुर हाम्रो रक्षा गर्नुहवस् ॥ ५६ ॥ रुद्र भगवानले देवगणमाथि कृपा गरेर 'डराउन पर्दैन' भन्दै आफ्नो धनुषमा पाशुपत वाण सन्धानेर ती पुरीहरूमा छाडिदिए ॥५७॥ सूर्यका किरण जस्तै ती वाण अग्नि समान अनेक वाण निस्के, जसले ती तीनै पुरबाटनष्ट भए ॥५८॥ ती

ध्यनेनोवृंहितैः ॥ मायिनां परमाचाय मयं शरणमाययुः ॥ ५३ ॥ स निर्माय पुरस्तिस्रो हैमी रौप्यायसीर्विभुः ॥ दुर्लक्ष्यापायसंयोगा दुर्वितर्क्य-परिच्छदाः ॥ ५४ ॥ ताभिस्तेऽसुरसेनान्यो लोकांस्त्रीन्सेश्वरान्नृप ॥ स्मरन्तो नाशयाञ्चक्रुः पूर्ववैरमलक्षिताः ॥ ५५ ॥ ततस्ते सेश्वरा लोका उपासा-द्येश्वरं विभो ॥ त्राहि नस्तावकान्देव विनष्टांस्त्रिपुरालयैः ॥ ५६ ॥ अथानुगृह्य भगवान्मा भैष्टेति सुरान्विभुः ॥ शरं धनुषि संधाय पुरेष्वस्त्रं व्यमुञ्चत ॥५७॥ ततोऽग्निवर्णा इषव उत्पेतुः सूर्यमण्डलात् ॥ यथा मयूखसंदोहा नादृश्यन्त पुरो यतः ॥५८॥ तैः स्पृष्टा व्यसवः सर्वे निपेतुः स्म पुरौकसः ॥ तानानीय महायोगी मयः कूपरसेऽक्षिपत् ॥५९॥ सिद्धामृतरसस्पृष्टा वज्रसारा महौजसः ॥ उत्तस्थुर्मेघदलना वैद्युता इव वह्नयः ॥ ६० ॥ विलोक्य भग्नसंकल्पं विमनस्कं वृषध्वजम् ॥ तदाऽयं भगवान्विष्णुस्तत्रोपायमकल्पयत् ॥ ६१ ॥ वत्स आसीत्तदा ब्रह्मा स्वयं विष्णुरयं हि गौः ॥ प्रविश्य त्रिपुरं काले रसकूपामृतं पपौ ॥६२॥ तेऽसुरा ह्यपि पश्यन्तो न न्यषेधन्विमोहिताः ॥ तद्विज्ञाय महायोगी रसपालानिदं जगौ ॥६३॥ स्वयं विशोकः शोकार्तान्स्मरन्देवगतिं च ताम् ॥ देवोऽसुरा नरोऽन्यो वा नेश्वरोऽस्तीह कश्चन ॥ ६४ ॥ आत्मनोऽन्यस्य वा दिष्टं दैवेनापोहितुं द्वयोः ॥ अथासौ

वाणको स्पर्श हुनासाथ तीनै पुरका निवासी मरेर तल झरे । अनि महामायावी मयले मृत दैत्यगणलाई ल्याएर अमृतको कुण्डमा चोभिदियो ॥५९॥ अमृतको स्पर्शलेनै ती दैत्य वज्र झैं बलिया देह र निकै तेजस्वी भएर मेघलाई विदीर्ण पार्नसक्ने विद्युत्रूपी अग्नि झैं संगै उठे ॥६०॥ उता शिवलाई संकल्प भङ्ग हुनाले खिन्न देखेर विष्णु भगवान्ले त्यो अमृत कुण्डलाई नष्ट पार्ने यौटा उपाय खोज्नुभयो ॥६१॥ तदनुसार ब्रह्माणी बाछो, विष्णु भगवान् गाई बनेर मध्याह्नमा त्रिपुरमा गएर ती कूपका सबै अमृत पिइदिए ॥६२॥ त्यसका रक्षक असुरहरूले भगवान्को मायाले मोहित भएर गाईले अमृत पिएको देखेर पनि छेकेनन् । अनि सर्वथा शोकरहित महायोगी मयले सबैरहस्य जान्ने भगवान्को गति स्मरण गर्दै शोकातुर रक्षकहरूसित भने–'आफ्ना र बिराना दुवैको निन्ति विधाताले जुन विधान बनाइदिएका छन्, त्यसलाई मेट्न देवता, असुर, मनुष्य आदि कोही पनि समर्थ छैनन् ।' त्यसपछि विष्णु भगवान्ले श्रीशिवको निम्ति धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, तप, विद्या तथा क्रिया आदि आफ्ना शक्तिहरूले रथ, सारथी, ध्वजा, अश्व, धनुष,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवच र वाण आदि युद्ध-सामग्री तयार पारे ॥ ६३-६६॥ त्यसले सन्नद्ध भएर शंकरजी धनुष-वाण लिई रथमा बसेर वाण प्रहार गरी अभिजित् मुहूर्तमा ती तीनै दुर्भेद्य पुरहरूलाई भस्म पारिदिए। त्यसले स्वर्गमा दुन्दुभी बज्नलागे र विमानमा बसेर सयकडौं देवता, ऋषि, पितर तथा सबै सिद्धेश्वर प्रसन्न भएर जय-जयकार गर्दै उनीमाथि पुष्पवर्षा गर्न लागे र अप्सरागण नाच्न-गाउन थाले ॥६७-६९॥ हे राजन्! तीनै पुरलाई भस्म पारेर भगवान् त्रिपुरारिले ब्रह्मादि देवताद्वारा आराधित भएर आफ्नो धाममा प्रवेश गर्नुभयो ॥६०॥ हे धर्मराज युधिष्ठिर! ऋषिहरूले आफ्नो मायाले स्वयं मानव शरीर धारण गर्ने जगद्गुरु विष्णु भगवान्का यस्ता अनेक त्रिलोक पावन चरित्र कहिएका छन्। अब म अरु के भनौं? त्यो भन ॥७१॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ॥१०॥ (ब्राह्मणादि चारै वर्ण र नारीधर्मको निराकरण)–शुकदेवजी भन्दछन्–हे राजन्!

शक्तिभिः स्वाभिः शम्भोः प्राधनिकं व्यधात् ॥६५॥ धर्मज्ञानविरक्त्यृद्धितपोविद्याक्रियादिभिः ॥ रथं सूतं ध्वजं वाहान् धनुर्वर्म शरादि यत् ॥६६॥ सन्नद्धो रथमास्थाय शरं धनुरुपाददे ॥ शरं धनुषि संधाय मुहूर्तेऽभिजितीश्वरः ॥ ६७ ॥ ददाह तेन दुर्भेद्या हरोऽथ त्रिपुरो नृप ॥ दिवि दुन्दुभयो नेदुर्विमानशतसंकुलाः ॥ ६८ ॥ देवर्षिपितृसिद्धेशा जयेति कुसुमोत्करैः ॥ अवाकिरञ्जगुर्हृष्टा ननृतुश्चाप्सरोगणाः ॥ ६९ ॥ एवं दग्ध्वा पुरस्तिस्रो भगवान्पुरहा नृप ॥ ब्रह्मादिभिः स्तूयमानः स्वधाम प्रत्यपद्यत ॥ ७० ॥ एवंविधान्यस्य हरेः स्वमायया विडम्बमानस्य नृलोकमात्मनः ॥ वीर्याणि गीतान्यृषिभिर्जगद्गुरोर्लोकान्पुनानान्यपरं वदामि किम् ॥ ७१ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे युधिष्ठिरनारदसंवादे त्रिपुरविजयो नाम दशमोऽध्यायः ॥ १० ॥ श्रीशुक उवाच ॥ श्रुत्वेहितं साधुसभासभाजितं महत्तमाग्रस्य उरुक्रमात्मनः ॥ युधिष्ठिरो दैत्यपतेर्मुदा युतः पप्रच्छ भूयस्तनयं स्वयम्भुवः ॥१॥ युधिष्ठिर उवाच ॥ भगवञ्छ्रोतुमिच्छामि नृणां धर्मं सनातनम् ॥ वर्णाश्रमाचारयुतं यत्पुमान्विन्दते परम् ॥ २ ॥ भगवान्प्रजापतेः साक्षादात्मजः परमेष्ठिनः ॥ सुतानां संमतो ब्रह्मँस्तपोयोगसमाधिभिः ॥ ३ ॥ नारायणपरा विप्रा धर्मं गुह्यं परं विदुः ॥ करुणा साधवः शान्तास्त्वद्विधा न तथापरे ॥ ४ ॥ नारद उवाच ॥ नत्वा भगवतेऽजाय लोकानां धर्महेतवे ॥ वक्ष्ये सनातनं धर्मं नारायणमुखाच्छ्रुतम् ॥ ५ ॥ योऽवतीर्यात्मनोऽंशेन दाक्षायण्यां तु धर्मतः ॥ लोकानां स्वस्तयेऽध्यास्ते तपो बदरिकाश्रमे ॥ ६ ॥ धर्ममूलं हि भगवान्सर्ववेदमयो हरिः ॥ स्मृतं च तद्विदां

महापुरुषमा अग्रणी र भगवान्का असाधारण भक्त दैत्यराज प्रह्लादको साधु-समाजमा सम्मानित पवित्र चरित्र सुनेर राजा युधिष्ठिरले प्रसन्न भएर ब्रह्माजीका पुत्र नारदजीसित सोधे ॥ १ ॥ युधिष्ठिरले भने—हे भगवन्! अब म वर्णाश्रमाचारयुक्त मनुष्यका सनातन धर्म सुन्ने इच्छा छ, जसद्वारा मनुष्यलाई भक्ति तथा ज्ञान प्राप्त हुन्छ ॥२२॥ हे ब्रह्मन्! हजुर त साक्षात् प्रजापति ब्रह्माजीका सुपुत्र तथा आफ्नो तप, योग एवं समाधिले उनका सबै पुत्रमा सम्मानित हुनुहुन्छ। हे प्रभो! हजुर जस्तै भगवद्भक्त, दयालु, सदाचारी तथा शान्त स्वभाव विप्र सबै श्रेष्ठ धर्महरू जस्तो जान्दछन्, त्यस्तो अरु कोही जान्दैनन् ॥३-४॥ नारद भन्दछन्–हे राजन्! जन-कल्याणार्थ धर्मद्वारा दक्ष-पुत्री मूर्तिको गर्भबाट आफ्नो अंशद्वारा अवतार लिएर जो बदरिकाश्रममा तप गरिरहेका छन् सबै धर्मका मूल कारण ती अजन्मा भगवान् नारायणलाई नमस्कार गरेर उनैको मुखबाट सुनेको सनातनधर्मको म

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णन गर्दछु ॥ ५-६ ॥ हे राजन् ! सर्ववेदमय विष्णु भगवान्, धर्मतत्त्वज्ञानी महर्षिहरूका स्मृतिहरू तथा चित्त प्रसन्न पार्ने आचरण नै धर्मका मूल हुन् ॥७॥ हे राजन् ! सत्य दया, तप, शौच, तितिक्षा, युक्तायुक्तको विचार, शम,दम, अहिंसा, ब्रह्मचर्य, त्याग, स्वाध्याय, सन्तोष समदर्शित्व, महात्माहरूको सेवा, अभ्यासद्वारा सांसारिक भोगवाट निवृत्ति मनुष्यलाई तिनका प्रयत्नको विपरीत नै फल मिल्दछ, यस्तो विचार्नु, मौन रहनु, आत्मचिन्तन गर्नु, सबै प्राणीलाई समुचित भाग दिनु, सबै प्राणीहरू र विशेष गरेर मनुष्यमा इष्टदेव बुद्धि राख्नु तथा महात्माजनका आश्रयरूप श्रीहरिको श्रवण, कीर्तन, स्मरण, सेवा, पूजा, नम्रता, दास्य, उनको प्रति सखाभाव राख्नु र आत्मसमर्पण गरिदिनु–यी तीस थरिका आचरणनै मनुष्यका उत्तम धर्म कहिएका छन् । यस धर्मको पालन गर्नाले सर्वात्मा भगवान् प्रसन्न हुन्छन् ॥८-१२॥ हे धर्मराज ! जसका गर्भाधानादि संस्कार अविच्छिन्न रूपले सम्पन्न भएका रहन्छन् र जसलाई ब्रह्माजीले पनि संस्कारयोग्य भनेका छन, उनै 'द्विज' हुन् । ती जन्म-कर्मले शुद्ध विप्रका निम्ति यज्ञ, अध्ययन र दानादि कर्म विहित मानिन्छन् र उनकै निम्ति,

राजन् येन चात्मा प्रसीदति ॥७॥ सत्यं दया तपःशौचं तितिक्षेक्षा शमो दमः ॥ अहिंसा ब्रह्मचर्यं च त्यागः स्वाध्याय आर्जवम् ॥८॥ सन्तोषः समदृक्सेवा ग्राम्येहोपरमः शनैः ॥ नृणां विपर्ययेहेक्षा मौनमात्मविमर्शनम् ॥९॥ अन्नाद्यादेः संविभागो भूतेभ्यश्च यथार्हतः ॥ तेष्वात्मदेवताबुद्धिः सुतरां नृषु पाण्डव ॥१०॥ श्रवणं कीर्तनं चास्य स्मरणं महतां गतेः ॥ सेवेज्यावनतिर्दास्यं सख्यमात्मसमर्पणम् ॥ ११ ॥ नृणामयं परो धर्मः सर्वेषां समुदाहृतः ॥ त्रिंशल्लक्षणवान्राजन्सर्वात्मा येन तुष्यति ॥१२॥ संस्कारा यत्राविच्छिन्नाः स द्विजोऽजो जगाद यम् ॥ इज्याध्ययनदानानि विहितानि द्विजन्मनाम् ॥ जन्मकर्मावदातानां क्रियाश्चाश्रमचोदिताः ॥१३॥ विप्रस्याध्ययनादीनि षडन्यस्याप्रतिग्रहः ॥ राज्ञो वृत्तिः प्रजागोप्तुरविप्राद्वा करादिभिः ॥१४॥ वैश्यस्तु वार्तावृत्तिश्च नित्यं ब्रह्मकुलानुगः ॥ शूद्रस्य द्विजशुश्रूषा वृत्तिश्च स्वामिनो भवेत् ॥ १५ ॥ वार्ता विचित्रा शालीनयायावरशिलोञ्छनम् ॥ विप्रवृत्तिश्चतुर्धेयं श्रेयसी चोत्तरोत्तरा ॥ १६ ॥ जघन्यो नोत्तमां वृत्तिमनापदि भजेन्नरः ॥ ऋते राजन्य मापत्सु सर्वेषामपि सर्वशः ॥१७॥ ऋतामृताभ्यां जीवेन मृतेन प्रमृतेन वा ॥ सत्यानृताभ्यां जीवेत नश्ववृत्त्या कथञ्चन ॥ १८ ॥ ऋतमुञ्छशिलं प्रोक्तममृतं यदया-

यज्ञाध्ययनादि आश्रमोचित्त कर्मका विधान गरिएका छन् ॥१३॥ अध्ययन-अध्यापन, दान दिनु-दान लिनु, यज्ञ गर्नु र यज्ञ गराउनु–यी छ कर्म ब्राह्मणका कहिएका छन्, किन्तु अन्य अर्थात् क्षत्रियलाई दान लिने विधान गरिएको छैन, प्रजापालक राजा ब्राह्मणबाहेक अरु सबै प्रजाबाट दण्ड-करादि लिएर वृत्ति चलाओस् ॥ १४ ॥ वैश्य ब्राह्मणहरूको अनुगामी भएर कृषि-वाणिज्यादिबाट जीविकाजन गर्दै द्विजातिहरूको सेवा गरुन् । शूद्र आफ्नू जीविका आफ्ना स्वामीसित प्राप्त गरुन् ॥१५॥ ब्राह्मणका चार वृत्ति छन्–वार्ता (यज्ञ-अध्ययनादि गराएर धन लिनु), शालीन (नमागीकन जे पाइयो, त्यसैले निर्वाह गर्नु), यायावर (दिनहुँ धान्यादि मागेर ल्याउनु), शिलोञ्छ (अन्न काटेर लगिसकेपछि पृथ्वीमा जे जति झरेका अन्नका कण रहन्छन्, तिनलाई 'शिल' तथा बजारमा छरिएका दानालाई 'उञ्छ' भन्दछन् । ती शिला र उञ्छ बटुलेर आफ्नो निर्वाह गर्नु 'शिलोञ्छ वृत्ति हो), इनमा उत्तरोत्तरको वृत्ति श्रेष्ठतर हुन्छ ॥१६॥ हे राजन् ! आपत्तिकाल छैन भने क्षत्रियबाहेक निम्न वर्णका पुरुष उच्चवर्णको वृत्ति नगरोस । क्षत्रिय पनि परिग्रह (दानलिनु) बाहेक अन्य ब्राह्मण-वृत्तिलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै स्वीकार गरोस् । तर आपत्तिकालमा सबैले सबैको वृत्तिको आश्रय लिन सक्छ ॥१७॥ हे राजन् ! ऋत, अमृत, मृत, प्रमृत तथा सत्यानृत यीमध्ये कुनै पनि वृत्तिको अवलम्बन गरोस्, किन्तु श्ववृत्ति अर्थात् नीच-सेवावृत्ति (नोकरी) को आश्रय कदापि नलेओस् ॥१८॥ विद्वान्हरूले शिलोञ्छ वृत्तिलाई ऋत, अयाचितलाई अमृत, नित्य मागेर ल्याउनेलाई मृत र कृषिवृत्तिलाई अमृत भनेका छन् ॥१९॥ वाणिज्य सत्यानृत, तथा नीच वर्णको सेवा श्ववृत्ति कहिएको छ । ब्राह्मण र क्षत्रिय त्यस वृत्तिलाई त्यागी रहुन्, किनकि ब्राह्मण सर्ववेदमय र राजा सर्वदेवमय हुन्छन् ॥२०॥ शम, दम, तप, शौच, सन्तोष, *क्षमा, आर्जव, ज्ञान, दया, भगवत्परायण तथा सत्य–यी ब्राह्मणका लक्षण हुन् ॥२१॥ शूरता, पुरुषार्थ, धैर्य, तेज-

चित्तम् ॥ मृतं तु नित्ययाच्ञा स्यात्प्रमृतं कर्षणं स्मृतम् ॥ १९ ॥ सत्यानृतं तु वाणिज्यं श्ववृत्तिर्नीचसेवनम् ॥ वर्जयेत्तां सदा विप्रो राजन्यश्च जुगुप्सिताम् ॥ सर्ववेदमयो विप्रः सर्वदेवमयो नृपः ॥ २० ॥ शमो दमस्तपः शौचं संतोषः क्षान्तिरार्जवम् ॥ ज्ञानं दयाऽच्युतात्मत्वं सत्यं च ब्रह्मल-क्षणम् ॥ २१ ॥ शौर्यं वीर्यं धृतिस्तेजस्त्याग आत्मजयः क्षमा ॥ ब्रह्मण्यता प्रसादश्च रक्षा च क्षत्रलक्षणम् ॥ २२ ॥ देवगुर्वच्युते भक्तिस्त्रिवर्गपरि-पोषणम् ॥ आस्तिक्यमुद्यमो नित्यं नैपुणं वैश्यलक्षणम् ॥२३॥ शूद्रस्य संनतिः शौचं सेवा स्वामिन्यमायया ॥ अमन्त्रयज्ञो ह्यस्तेयं सत्यं गोविप्रर-क्षणम् ॥ २४ ॥ स्त्रीणां च पतिदेवानां तच्छुश्रूषाऽनुकूलता ॥ तद्बन्धुष्वनुवृत्तिश्च नित्यं तद्व्रतधारणम् ॥ २५ ॥ संमार्जनोपलेपाभ्यां गृहमण्डलव-र्तनैः ॥ स्वयं च मण्डिता नित्यं परिमृष्टपरिच्छदा ॥ २६ ॥ कामैरुच्चावचैः साध्वी प्रश्रयेण दमेन च ॥ वाक्यैः सत्यैः प्रियैः प्रेम्णा काले काले

स्विता, त्याग, मनोजय, क्षमा, ब्राह्मणमा श्रद्धा, अनुग्रह र प्रजापालन–यी क्षत्रियका लक्षण हुन् । देवता, गुरु र भगवान्को भक्ति, अर्थ तथा कामको पुष्टि, आस्तिकता, नित्य उद्यम-शीलता र व्यवहार कौशल–यी वैश्यका लक्षण हुन् । उच्चवर्णको समक्ष नम्रता, शौच, स्वामीको निष्कपट सेवा, वैदिक मन्त्रले हीन यज्ञ, चोरी नगर्नु, सत्य बोल्नु र गाई तथा ब्राह्मणको रक्षा गर्नु–यी शूद्रका धर्म हुन् ॥२२-२४॥ स्त्रीहरूको धर्म–तिको सेवा गर्नु, सदा पतिको अनुकूल रहनु, पतिका सम्बन्धीहरूको कुरा मान्नु र पतिका नियमको पालन गर्नु–यी पतिव्रता स्त्रीहरूका धर्म हुन् ॥२५॥ सती-साध्वी स्त्री घर कुचो, लीप-पोत र टाल-टुल गरेर घरलाई र राम्रा आभूषण पहिरेर शरीरलाई सधैं अलंकृत राखुन् पतिका साना-ठूला सबै

---

* दृष्टान्तर (क्षमा) यौटा महात्मा नदी तर्न डुङ्गामा बसेर त्यसैमा यौटा दुष्ट पनि आएर बस्यो । डुङ्गामा अरु पनि अनेक व्यक्ति बसेका थिए । डुङ्गा किनाराबाट हिंडेपछि दुष्टले महात्मालाई जिस्क्याउन थाल्यो, तर ती क्यै बोलेनन् । जब दुष्टले देख्यो–मेरो दुष्टताको केही प्रभाव परिरहेको छैन, तब त्यसले महात्मालाई एक दुई लबटा पनि हिर्काइदियो । तैपनि महात्मा मुखमा जिब्रो नै नभए जस्ता भएर एक शब्द बोलेनन् । ईश्वरले त्यो अन्याय सहन सकेनन् । तत्काल आकाशवाणी भयो–'महात्मन् ! यदि तपाईको इच्छा भए यो दुष्ट सहित डुङ्गा अहिल्यै डुबाइदिउँ ।' महात्माले भने–के म यस्तो पापी हुँ कि मसंगै यतिका मनुष्य मरुन् ।' फेरि शब्द सुनियो–'यदि भन्छौ भने यस दुष्टलाई नै नदीमा डुबाइदिउँ ।' महात्माले भने—'के मसित बसेको फल यही हो ?' फेरि आकाशवाणीले भन्यो—'यस दुष्टलाई अवश्य दण्ड दिनैपर्छ ।' महात्माले भने–'भगवन् । यदि दिनै चाहनु हुन्छ भने यसलाई यही दण्ड दिनोस् कि यसको धर्ममा प्रवृत्ति होस् ।' आकाशवाणीले भन्यो–'तथाऽस्तु !' भगवानको प्रेरणा र महात्माको इच्छाले त्यो दुष्ट धर्मात्मा बन्यो ।

लोक-अर्काको हित निम्ति अमृत सरी वृक्षादि दिन्छन् फल । त्यस्तै सज्जन गर्दछन् हृदयमा, केही नराखी छल ॥ डुङ्गाले बेलले प्रहार गर तै दिन्छन् ति मीठा फल । गर्दैनन् छल क्यै कुनै सुजनले, हुन्छन् सदा निर्मला ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छाहरूको पूर्ति गर्दै रहुन् । विनय, इन्द्रिय-संयम, सत्य र प्रिय वचनले प्रेमपूर्वक पतिको सेवा गरोस् ॥२६-२७॥ आफूलाई जे मिल्दछ त्यसैमा सन्तुष्ट, विषयभोगमा अनासक्तभाव र कार्यकुशल, धर्मज्ञ, सत्य तथा प्रिय बोल्ने, सावधान, पवित्र एवं प्रेममयी बनेर आफ्नो धर्मात्मा पतिको सेवा गरोस् ॥२८॥ लक्ष्मीजी झैं पतिपरायणा जो स्त्री पतिलाई भगवद्भावले भज्दछन्, ती वैकुण्ठलोकमा विष्णु-सारूप्य प्राप्त पतिको साथमा बसेर उस्तै नै आनन्दित हुन्छे, जस्तै विष्णु भगवान्‌सित लक्ष्मीजी सुख भोग्दछिन् ॥ २९ ॥ हे राजन् ! जो शूद्र चोरी आदि पाप गर्दैनन्, ती रजक-चर्मकार आदि अन्त्यज तथा चाण्डालादि अन्तेवासी वर्णसङ्कर जातहरूका त्यही वृत्ति हुन् जो उनको कुल-परम्परादेखि चलिआएको हुन्छ ॥३०॥ हे राजन् ! वेदज्ञाता मुनीश्वरहरूले युग-युगमा मनुष्यको स्वभाव अनुसार जुन-जुन धर्म निश्चित गरेका छन्, ती सबै इहलोक र परलोकमा हितकारी हुन्छन् ॥३१॥ जो आफ्नी स्वभाविक वृत्तिको भरमा वर्णाश्रम-विहित धर्मको पालन गर्दछन् त्यो बिस्तार-बिस्तार स्वाभाविक कर्मको त्याग गर्दै गुणातीत बन्नजान्छ ॥ ३२ ॥ जस्तै बारम्बार विउ छर्ने खेत स्वतः

भजेत्पतिम् ॥२७॥ संतुष्टाऽलोलुपा दक्षा धर्मज्ञा प्रियसत्यवाक् ॥ अप्रमत्ता शुचिःस्निग्धा पतिं त्वपतितं त्वपतितं भजेत् ॥२८॥ या पतिं हरिभावे भजेच्छ्रीरिव तत्परा ॥ हर्यात्मना हरेर्लोके पत्या श्रीरिव मोदते ॥ २९ ॥ वृत्तिः सङ्करजातीनां तत्तत्कुलकृता भवेत् ॥ अचौराणामपापानामन्त्यजाऽन्तेऽवसायिनाम् ॥ ३० ॥ प्रायः स्वभावविहितो नृणां धर्मो युगे युगे ॥ वेददृग्भिः स्मृतो राजन्प्रेत्य चेह च शर्मकृत् ॥ ३१ ॥ वृत्त्या स्वभावकृतया वर्तमानः स्वकर्मकृत् ॥ हित्वा स्वभावजं कर्म शनैर्निर्गुणतामियात् ॥ ३२ ॥ उप्यमानं मुहुः क्षेत्रं स्वयं निर्वीर्यतामियात् ॥ न कल्पते पुनः सूत्या उप्तं बीजं च नश्यति ॥ ३३ ॥ एवं कामाशयं चित्तं कामानामतिसेवया ॥ विरज्येत यथा राजन्नाग्निवत्कामबिन्दुभिः ॥३४॥ यस्य यल्लक्षणं प्रोक्तं पुंसो वर्णाभिव्यञ्जकम् ॥ यदन्यत्रापि दृश्येत तत्तेनैव विनिर्दिशेत् ॥३५॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे युधिष्ठिरनारदसंवादेसदाचारनिर्णयो नामैकादशोऽध्यायः ॥ ११ ॥ नारद उवाच ॥ ब्रह्मचारी गुरुकुले वसन्दान्तो गुरोर्हितम् ॥ आचरन्दासवन्नीचो गुरौ सुदृढसौहृदः ॥ १ ॥ सायं प्रातरुपासीत गुर्वग्न्यर्कसुरोत्तमान् ॥ उभे सन्ध्ये च यतवाग्जपन्ब्रह्म समाहितः ॥ २ ॥ छन्दस्यांधीयीत गुरोराहूतश्चेत्सुयन्त्रितः ॥ उपक्रमेऽवसाने च

शक्तिहीन हुन्छ । फेरि त्यसमा अंकुर उत्पन्न हुन्नन् र त्यसमा छरेको बीज पनि नष्ट भएर जान्छ । यस्तै वासनाहरूको आश्रयरूपी चित्त भोगहरूको अत्यधिक सेवन गर्नाले स्वयं वाक्क हुन्छ, तर स्वल्प भोगमा त्यस्तो हुँदैन । जस्तै आगो एक-एक थोपा घिउले शान्त हुँदैन । हे राजन् ! जुन प्राणीको वर्ण प्रकट गर्ने जुन लक्षण कहिएको छ, त्यो यदि अन्य वर्ण हुनेमा मिल्दछ भने त्यसलाई पनि त्यही वर्णको मान्नु पर्दछ ॥ ३३-३५ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायामेकादशोऽध्यायः ॥ ११ ॥ (वानप्रस्थ र ब्रह्मचर्याश्रमको विहित नियम)—नारदजी भन्दछन्—हे धर्मराज ! ब्रह्मचारी गुरुकुलमा बस्दा इन्द्रिय संयम गरेर दास झैं आफूलाई नीच मानेर सदा गुरुको हित विचारोस् उनमा बलियो अनुराग राखोस् ॥१॥ बेलुका र बिहानको बेला गुरु, अग्नि, सूर्य र देवताहरूको आराधना, एकाग्रतापूर्वक गायत्रीमन्त्रको जप गर्दै सायं-प्रातः दुवै समय मौनावलम्बनपूर्वक सन्ध्योपासना गरोस् ॥२॥ जब गुरुले डाक्छन्, तब सावधानपूर्वक वेदाध्ययन गरी पाठको आरम्भ र पाठ सकिएपछि उनको चरणमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिर निहुराएर प्रणाम गरुन् ॥३॥ वेदविहित विधिले मेखला, मृगचर्म, वस्त्र, जटा, दण्ड, कमण्डलु र यज्ञोपवीत धारण गरेर हातमा कुश लिइरहोस् ॥४॥ सायं तथा प्रातःकाल भिक्षा मागेर ल्याई गुरुलाई अर्पण गरोस्। गुरुले आज्ञा दिएपछि खाओस्, होइन भने भोकै बसोस् ॥५॥ सुशील, अल्पाहारी, दक्ष, श्रद्धालु तथा जितेन्द्रिय रहोस् र जबसम्म आवश्यकता रहन्छ, तबसम्म स्त्री तथा स्त्रीनिर्जित पुरुषका साथमा व्यवहार गरोस् ॥६॥ ब्रह्मचारी सर्वदा स्त्रीहरूको चर्चा त्यागिदेउन, किनकि चञ्चल इन्द्रिय योगीको मन पनि तान्न सक्दछन् ॥७। नवयुवक ब्रह्मचारी गुरुपत्नीसित कपाल सम्याउन नलगाउन्, शरीर मिच्न नलाउन् र स्नान तथा बुकुवा नमगाउन् ॥८॥ किनकि स्त्री आगो झैं र पुरुष घिउको कलश झैं हुन्छन्। पुरुषले आफ्नी छोरीसित पनि एकान्तमा बस्नु हुँदैन। अन्यत्र पनि जति बेर आवश्यक छ, त्यति बेरसम्म मात्र बस्नु ॥९॥ हे राजन्! तत्त्वज्ञानमा समर्थ पुरुष पनि स्त्री आदि भोग्य पदार्थको आभास मात्र पाएपछि जबसम्म तिनको चिन्तन गर्दै रहन्छ, तबसम्म त्यसको द्वैतबुद्धि निवृत्त हुन सक्तैन र त्यसको पतन प्रायःनिश्चित रहन्छ

चरणौ शिरसा नमेत् ॥ ३ ॥ मेखलाऽजिनवासांसि जटादण्डकमण्डलून् ॥ बिभृयादुपवीतं च दर्भपाणिर्यथोदितम् ॥४॥ सायं प्रातश्चरेद्भैक्षं गुरवे तन्निवेदयेत् ॥ भुञ्जीत यद्यनुज्ञातो नोचेदुपवसेत्क्वचित् ॥५॥ सुशीलो मितभुग्दक्षः श्रद्दधानो जितेन्द्रियः ॥ यावदर्थं व्यवहरेत्स्त्रीषु स्त्रीनिर्जितेषु च ॥६॥ वर्जयेत्प्रमदागाथामगृहस्थो बृहद्व्रतः ॥ इन्द्रियाणि प्रमाथीनि हरन्त्यपि यतेर्मनः ॥ ७ ॥ केशप्रसाधनोन्मर्दस्नपनाभ्यञ्जनादिकम् ॥ गुरुस्त्री- भिर्युवतिभिः कारयेन्नात्मनो युवा ॥ ८ ॥ नन्वग्निः प्रमदा नाम घृतकुम्भसमः पुमान् ॥ सुतामपि रहो जह्यादन्यदा यावदर्थकृत् ॥ ९ ॥ कल्पयि- त्वाऽऽत्मना यावदाभासमिदमीश्वरः ॥ द्वैतं तावन्न विरमेत्ततो ह्यस्य विपर्ययः ॥ १० ॥ एतत्सर्वं गृहस्थस्य समाम्नातं यतेरपि ॥ गुरुवृत्तिर्विकल्पेन गृहस्थस्यर्तुगामिनः ॥ ११ ॥ अञ्जनाभ्यञ्जनोन्मर्दस्त्र्यवलेखामिषं मधु ॥ स्रग्गन्धलेपालंकारांस्त्यजेयुर्ये धृतव्रताः ॥१२॥ उषित्वैवं गुरुकुले द्विजो- ऽधीत्यावबुध्य च ॥ त्रयीं साङ्गोपनिषदं यावदर्थं यथाबलम् ॥ १३ ॥ दत्त्वा वरमनुज्ञातो गुरोः कामं यदीश्वरः ॥ गृहं वनं वा प्रविशेत्प्रव्रजेत्तत्र वा वसेत् ॥ १४ ॥ अग्नौ गुरावात्मनि च सर्वभूतेष्वधोक्षजम् ॥ भूतैः स्वधामभिः पश्येदप्रविष्टं प्रविष्टवत् ॥ १५ ॥ एवंविधो ब्रह्मचारी वानप्रस्थो यति- र्गृही ॥ चरन्विदितविज्ञानः परं ब्रह्माधिगच्छति ॥ १६ ॥ वानप्रस्थस्य वक्ष्यामि नियमान्मुनिसम्मतान् ॥ यानातिष्ठन्मुनिर्गच्छेदृषिलोकमिहाञ्जसा

॥१०॥ पूर्वोक्त सुशीलत्व आदि साधारण धर्म गृहस्थ तथा संन्यासी दुवैका निम्ति हुन्, तर गृहस्थको लागि गुरुवृत्ति विकल्पले कहिएको छ अर्थात् ऋतुकाल बाहेक अन्य समयमा नै यो नियम विहित छ ॥११॥ ब्रह्मचर्य-व्रतधारीहरूको दर्तव्य छ कि अंजन वा तेल लगाउनु, बुकुवा घस्नु, स्त्रीहरूको तस्वीर बनाउनु, मांसाहार, मद्यपान, माला, चन्दन र आभूषण आदि त्यागिदिउन् ॥१२॥ गुरुगृहमा बस्ता आफ्नो शक्ति तथा आवश्यकताको अनुसार शिक्षा-कल्प आदि वेदका अंगहरू र उपनिषद् समेत तीनै वेदको अध्ययन र मनन गरुन् ॥१३॥ अनि यदि सामर्थ्य छ भने गुरुलाई अभिलषित गुरु-दक्षिणा देओस्। उनको आज्ञा लिएर मात्र गृहस्थ, वानप्रस्थ र संन्यास आश्रममा प्रविष्ट होस नैष्ठिक ब्रह्मचारी बनेर जीवन- भरि उनकै घरमा बसोस् ॥१४॥ यद्यपि भगवान् वासुदेवस्वरूपले कुनै पदार्थमा अनुप्रविष्ट हुँदैनन् तापनि अग्नि, गुरु, आत्मा सबै प्राणी र आफ्ना आश्रितजीवमा उनलाई व्याप्त देखोस्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥१५॥ हे धर्मराज ! यस्तो आचरण गर्ने ब्रह्मचारी, वानप्रस्थ, संन्यासी तथा गृहस्थ पुरुष ज्ञेय वस्तुको साक्षात्कार गरेर परब्रह्मलाई पाउँदछ ॥१६॥ हे राजन् ! म तिमीलाई मुनि-जनोक्त वानप्रस्थ आश्रमको नियम भन्दछु। यिनको आचरण गरेर मुनि सहजै ऋषिलोक पाउँदछन् ॥१७॥ वानप्रस्थी जोतेको भूमिमा उत्पन्न अन्न नखाउन् । नजोतिएको भूमिमा उत्पन्न भएको पनि जुन समयभन्दा पहिल्यै पाकेको होस्, अग्निको संयोगले पाकेको अथवा काँचै होस्, त्यो पनि नखाओस् । केवल सूर्यको तापले पाकेका कन्द-मूलले खाओस्॥१८॥ नीवार आदि वनका धानले वेला-वेलामा विहित चरु तथा पुरोडाशको होम गरोस् र नयाँ अन्न पाएपछि पुरानो संचित अन्न त्याग गर्दओस् ॥१९॥ यज्ञीय अग्नीको रक्षार्थ पर्णकुटी तथा पर्वत-कन्दराको आश्रय लेओस् । स्वयं शीत, वायु, अग्नि र ग्रीष्मको तापादि खपोस् ॥२०॥ शिरमा जटा, रौं, नङ, दाह्री-जूँघा, मल कमण्डलु, मृगचर्म, वल्कलवस्त्र तथा स्रुक स्रुवा आदि अग्निहोत्रका पात्र राखुन् ॥२१॥ जसमा तपस्याको कष्टले बुद्धि भ्रष्ट नहुने किसिमले बाह, आठ, चार, दुइ तथा एक वर्षसम्म वानप्रस्थ आश्रमका सबै नियमहरूक

॥ १७ ॥ न कृष्टपच्यमश्नीयादकृष्टं चाप्यकालतः ॥ अग्निपक्वमथामं वा अर्कपक्वमुताहरेत् ॥ १८ ॥ वन्यैश्चरुपुरोडाशान्निर्वपेत्कलचोदितान् ॥ लब्धे नवे नवेऽन्नाद्ये पुराणं तु परित्यजेत् ॥ १६ ॥ अग्न्यर्थमेव शरणमुटजं वाऽद्रिकन्दराम् ॥ श्रयेत हिमवाय्वग्निवर्षार्कातपषाट् स्वयम् ॥ २० ॥ केशरोमनखश्मश्रुमलानि जटिलो दधत् ॥ कमण्डल्वजिने दण्डवल्कलाग्निपरिच्छदान् ॥ २१ ॥ चरेद्वने द्वादशाब्दानष्टौ वा चतुरो मुनिः ॥ द्वावेकं वा यथा बुद्धिर्न विपद्येत कृच्छ्रतः ॥२२॥ यदाऽकल्पः स्वक्रियायां व्याधिभिर्जरयाऽथवा ॥ आन्वीक्षिक्यां वा विद्यायां कुर्यादनशनादिकम् ॥ २३ ॥ आत्मन्यग्नीन्समारोप्य संन्यस्याहंममात्मताम् ॥ कारणेषु न्यसेत्सम्यक् संघातं तु यथार्हतः ॥२४॥ खे खानि वायौ निःश्वासांस्तेजस्तूष्माणमात्मवान् ॥ अप्स्वसृक्श्लेष्मपूयानि क्षितौ शेषं यथोद्भवम् ॥ २५ ॥ वाचमग्नौ सवक्तव्यामिन्द्रे शिल्पं करावपि ॥ पदानि गत्या वयसि रत्योपस्थं प्रजापतौ ॥ २६ ॥ मृत्यौ पायुं विसर्गं च यथास्थानं विनिर्दिशेत् ॥ दिक्षु श्रोत्रं सनादेन स्पर्शमध्यात्मनि त्वचम् ॥ २७ ॥ रूपाणि चक्षुषा राजञ्ज्योतिष्यभिनिवेशयेत् ॥ अप्सु प्रचेतसा जिह्वां घ्रेयैर्घ्राणं क्षितौ न्यसेत् ॥ २८ ॥ मनो मनोरथैश्चन्द्रे बुद्धिं बोध्यैः कवौ परे ॥ कर्माण्यध्यात्मना रुद्रे यदहं·

पालन गरोन् ॥२२॥ हे राजन् ! जब वानप्रस्थी मुनि रोग वा वृद्धावस्थाले आफ्ना कर्म तथा वेदान्तसम्बन्धी विचार गर्नमा असमर्थ हुन्छ, तब अनशनादि व्रत धारण गरोस्, अनशन गर्नुभन्दा पहिले आहवनीयादि अग्निलाई आफ्नो आत्मामा लीन पारेर अहंता-ममता त्यागेर भगवान्‌द्वारा शरीरलाई उसको उत्पत्तिको कारणस्वरूप आकाशादि पञ्चतत्त्वमा लय पारोस् । आफाफ्ना उत्पत्ति-स्थान अनुसार इन्द्रिय-गोलकहरूलाई आकाशमा, प्राणलाई वायुमा, उष्णता अग्निमा, रक्तश्लेष्मा अर्थात् कफ र रक्त, पूय (पीप) आदि जलमा तथा अस्थि आदि शरीरका कठिन वस्तुलाई पृथ्वीमा लीन गरिदेओस् ॥२३-२५॥ वाणी र त्यसको कर्म भाषणलाई अग्निमा, हात र शिल्प इन्द्रमा, गतिसमेत चरणकालरूपधारी विष्णुमा, रति सहित उपस्थ इन्द्रियलाई प्रजापतिमा पायु र मलोत्सर्गलाई उनको आश्रय मृत्युमा लीन गरोस् । हे राजन् ! नादस्वर सहित श्रवणेन्द्रियलाई सबै दिशाहरूमा, स्पर्श तथा त्वचालाई वायुमा, नेत्रसमेत रूपलाई ज्योतिमा, मधुर आदि रससमेत रसनेन्द्रियलाई जलमा, र गन्धसमेत घ्राणेन्द्रियलाई पृथिवीमा लय गरिदेओस् ॥२६-२८॥ मनोरथसहित मनलाई चन्द्रमामा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोध्य पदार्थसमेत बुद्धिलाई ब्रह्मामा र अहङ्कारसहित कर्महरूलाई ती रुद्रमा लीन पार्नु—जसबाट अहंता-ममतारूपिणी क्रियाहरू सम्पन्न हुन्छन्। चेतनासहित चित्तलाई क्षेत्र अर्थात् जीवमा र गुणहरूका कारण विकार सदृश प्रतीयमान जीवलाई परब्रह्ममा लीन गरिदेओस् ॥२९॥ पृथ्वीलाई जलमा, जललाई अग्निमा, अग्निलाई वायुमा, वायु आकाशमा, आकाशलाई अहङ्कारमा, अहङ्कारलाई महत्तत्त्वमा, महत्तत्त्वलाई अव्यक्तमा, अव्यक्तलाई परमात्मामा लीन गरोस् ॥३०॥ यस प्रकार लय-चिन्तन गरेर अवशिष्ट चिन्मात्र परमात्मालाई अक्षररूपले जान्नू र स्वयं अद्वैदभावमा स्थित भएर आफ्ना आश्रयस्वरूप काष्ठादि भस्म भइसकेपछि शान्त अग्निको समान शान्त होइजान्छ ॥३१॥ इति श्रीमद्भागवते महापुराणे नेपाली भाषा-टीकायां द्वादशोऽध्यायः॥१२॥(योगीहरूका धर्मको निरूपण र प्रह्लाद-अवधूत संवाद)—नारदजी भन्दछन्—हे धर्मराज ! उपर्युक्त वानप्रस्थी यदि ब्रह्मविचारमा समर्थ भए संन्यास लेओस् र शरीरबाहेक अन्य सबै वस्तुहरू त्यागिदेओस्। यौटा गाउँमा एक रात मात्र बस्ने नियम लिएर केही इच्छा नराखेर पृथ्वीमा स्वच्छन्द विचरण गरोस् ॥१॥यदि लुगा लगाउन इच्छा

ममता क्रिया ॥ सत्त्वेन चित्तं क्षेत्रज्ञे गुणैर्वैकारिकं परे ॥ २६ ॥ अप्सु क्षितिमपो ज्योतिष्यदो वायौ नभस्यमुम् ॥ कूटस्थे तच्च महति तदव्यक्तेऽक्षरे च तत् ॥ ३० ॥ इत्यक्षरतयाऽऽत्मानं चिन्मात्रमवशेषितम् ॥ ज्ञात्वाऽद्वयोऽथ विरमेद्दग्धयोनिरिवानलः ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे युधिष्ठिरनारदसम्वादे सदाचारनिर्णयो नाम द्वादशोऽध्यायः ॥ १२ ॥ नारद उवाच ॥ कल्पस्त्वेवं परिव्रज्य देहमात्रावशेषितः ॥ ग्रामैकरात्रविधिना निरपेक्षश्चरेन्महीम् ॥ १ ॥ बिभृयाद्यद्यसौ वासः कौपीनाच्छादनं परम् ॥ त्यक्तं न दण्डलिङ्गादेरन्यत्किञ्चिदनापदि ॥ २ ॥ एक एव चरेद्भिक्षुरात्मारामोऽनपाश्रयः ॥ सर्वभूतसुहृच्छान्तो नारायणपरायणः ॥३॥ पश्येदात्मन्यदो विश्वं परे सदसदोऽव्यये ॥ आत्मानं च परं ब्रह्म सर्वत्र सदसन्मये ॥४ ॥ सुप्तबोधयोः सन्धावात्मनो गतिमात्मदृक् ॥ पश्यन्बन्धं च मोक्षं च मायामात्रं न वस्तुतः ॥ ५ ॥ नाभिनन्देद्ध्रुवं मृत्युमध्रुवं वाऽस्य जीवितम् ॥ कालं परं प्रतीक्षेत भूतानां प्रभवाप्ययम् ॥ ६ ॥ नासच्छास्त्रेषु सज्जेत नोपजीवेत जीविकाम् ॥ वादवादांस्त्यजेत्तर्कान्पक्षं कंचन नाश्रयेत् ॥ ७ ॥ न शिष्याननुबध्नीत ग्रन्थान्नैवाभ्यसेद्बहून् ॥ न व्याख्यामुपयुञ्जीत नारम्भानारभेत्क्वचित् ॥ ८ ॥ न यतेराश्रमः प्रायो

गर्दछ भने केवल कौपीन मात्र लगाओस् र जबसम्म कुनै ठूलो विपत्ति आइलाग्दैन तबसम्म दण्ड र आश्रम-चिन्हको अतिरिक्त अरु कुनै वस्तु धारण नगरोस् ॥२॥ सबै प्राणीको हितैषी, शान्तचित्त तथा नारायण-परायण भएर कसैको आश्रय नलेओस् र आत्माराम भावले एक्लै डुलोस् ॥३॥ जो सत् (कार्य) तथा असत् (कारण) दुबै देखि भिन्न छ, त्यो अविनाशी आत्मामा प्रपञ्चलाई अध्यस्त जानोस् र कार्य-कारणरूपी संसारमा सर्वत्र आफ्नो परब्रह्मस्वरूप आत्मालाई व्याप्त जानोस् ॥४॥ आत्मदर्शी यदि सुषुप्ति तथा जागृतिको सन्धिमा आत्मस्वरूपको साक्षात्कार गरेर बन्धन र मोक्ष केवल मायामात्र हुन्, वास्तवमा तिनको केही अस्तित्व छैन—यस्तो जानेर सर्वत्र परब्रह्मस्वरूप आत्माको नै दर्शन गरोस् ॥५॥ शरीरलाई प्राप्तव्य मृत्यु वा अनिश्चित जीवनको अभिनन्दन नगरोस् बरु प्राणीका उत्पत्ति र नाशका कारणस्वरूप कालको प्रतीक्षा गर्दै रहोस् ॥६॥ अनात्मविषयक शास्त्रमा प्रीति नगरोस्। कुनै विकारको आश्रय नलेओस्, विवादको निम्ति गरिने तर्कलाई सर्वथा त्यागिदेओस् र कुनै पक्ष पनि नस्वीकारोस् ॥ ७ ॥ शिष्यहरू जम्मा नपारोस्, धेरै ग्रन्थको अभ्यास नगरोस्,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रहरूको व्याख्या नगरोस् र मठ-स्थापनादि नयाँ-नयाँ काम आरम्भ नगरोस् ॥ ८ ॥ शान्त र समदर्शी महात्मा यतिको आश्रय धर्माचरणको निम्ति हुँदैन । अतः त्यो आफ्नो आश्रम चिन्ह धारण गरोस् वा त्यागिदेओस् ॥९॥ बाह्य चिह्नले रहित तर आत्मानुसन्धानमा संलग्न ज्ञानी बुद्धिमान भएर पनि अन्य व्यक्तिको समक्ष उन्मत्त तथा वालक झैं र विद्वान् भएर पनि लाटो झैं आफूलाई जनाओस् ॥१०॥ हे राजन् ! पण्डितहरू यस विषयमा अजिंगर-वृत्तिधारी यौटा मुनि र प्रह्लादको संवादको प्रसंगमा यस इतिहासको दृष्टान्त दिन्छन्॥११॥ एक समय लोकतत्त्वको जिज्ञासाले केही मन्त्री सहित डुलिरहेका भगवद्भक्त प्रह्लादले यौटा मुनीश्वरलाई सह्य पर्वतको टाकुरो र कावेरी नदीको तटमा भूमिमा ल[illegible] परेको देखे । त्यस वखत उनको विमल तेज धूलिधूसरित अंगले ढाकिएको थियो ॥१२।१३॥ उनको कर्म, तिनको आकार, उनको वाणी तथा तिनको वर्णाश्रम आदिका चिन्ह[illegible] यो बुझ्न सक्तैनथे–'यी सिद्ध पुरुष हुन् वा अरु कोही ।' त्यहाँ गएर श्रेष्ठ प्रह्लादले तिनका पाउमा शिर राखेर प्रणाम गरे र विधिवत् पूजा गरेर जिज्ञासु भावले सोधे–॥१४-१५॥ हे भगवन् !

धर्महेतुर्महात्मनः ॥ शान्तस्य समचित्तस्य बिभृयादुत वा त्यजेत् ॥ ९ ॥ अव्यक्तलिङ्गो व्यक्तार्थो मनीष्युन्मत्तबालवत् ॥ कविर्मूकवदात्मानं स दृष्ट्या दर्शयेन्नृणाम् ॥१०॥ अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ॥ प्रह्लादस्य च सम्वादं मुनेराजगरस्य च ॥११॥ तं शयानं धरोपस्थे कावेर्याः सह्यसानुनि ॥ रजस्वलैस्तनूदेशैर्निगूढामलतेजसम् ॥ १२ ॥ ददर्श लोकान्विचरँल्लोकतत्त्वविवित्सया ॥ वृतोऽमात्यैः कतिपयैः प्रह्लादो भगवत्प्रियः ॥ १३ ॥ कर्मणाऽऽकृतिभिर्वाचा लिंगैर्वर्णाश्रमादिभिः ॥ न विदन्ति जना यं वै सोऽसाविति न वेति वा ॥ १४ ॥ तं नत्वाऽभ्यर्च्य विधिवत्पादयोः शिरसा स्पृशन् ॥ विवित्सुरिदमप्राक्षीन्महाभागवतोऽसुरः ॥ १५ ॥ बिभर्षि कायं पीवानं सोद्यमो भोगवान्यथा ॥ वित्तं चैवोद्यमवतां भोगो वित्तवतामिह ॥ भोगिनां खलु देहोऽयं पीवा भवति नान्यथा ॥ १६ ॥ न ते शयानस्य निरुद्यमस्य ब्रह्मन्नु हार्थो यत एव भोगः ॥ अभोगिनोऽयं तव विप्र देहः पीवा यतस्तद्वद नः क्षमं चेत् ॥ १७ ॥ कविः कल्पो निपुणदृक् चित्रप्रियकथः समः ॥ लोकस्य कुर्वतः कर्म शेषे तद्वीक्षितापि वा ॥ १८ ॥ नारद उवाच ॥ स इत्थं दैत्यपतिना परिपृष्टो महामुनिः ॥ स्मयमानस्तमभ्याह तद्वागमृतयन्त्रितः ॥ १९ ॥ ब्राह्मण उवाच ॥ वेदेदमसुरश्रेष्ठ भवान्नन्वार्यसम्मतः ॥ ईहोपरमयोर्नृणां पदान्यध्यात्मचक्षुषा ॥ २० ॥ यस्य नारायणो देवो भगवान्हृद्गतः सदा ॥ भक्त्या केवलया ज्ञानं

हजुर उद्योगी तथा भोगीको जस्तो पुष्ट कलेवर धारण गर्नु भएको छ । संसारमा उद्यमीलाई नै धन प्राप्त हुन्छ । जो धनी हुन्छन्, उनैलाई भोग प्राप्त हुन्छन् र जो भोगी हुन्छन् तिनैको शरीर मोटो-ताजा र बलियो हुन्छ ॥ १६ ॥ तर यस प्रकार निरुद्यम हजुरसित केही पनि धन छैन, जसले हजुरलाई भोग प्राप्त हुन सकोस्, तैपनि हे ब्रह्मन् ! हजुरको शरीर यति ग्रतो हृष्ट-पुष्ट किन छ ? यदि भन्न हुने भए भन्नुहवस् ॥१७॥ हजुर विद्वान, समर्थ र चाठो हुनुहुन्छ । मानिसलाई प्रसन्न पार्ने कुरा पनि हजुरलाई ज्ञात छ । अनि सबैलाई कर्म गरेको देखेर पनि हजुर उदासीन किन हुनुहुन्छ ? ॥१८॥ नारदजी भन्दछन्- हे धर्मराज युधिष्ठिर ! दैत्यपति प्रह्लादले सोधेपछि तिनको वचनामृतले आकृष्ट महामुनि हाँस्तै बोले ॥१९॥ब्राह्मण भन्दछन्–हे असुरश्रेष्ठ ! तिमी साधु-समाजमा सम्मानित छौ । अतएव मनुष्यहरूको प्रवृत्तिले के फल मिल्दछ यी कुरालाई तिमी ज्ञान दृष्टिले नै देखेर जानि लिन्छौ ॥ २० ॥ किनकि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पवित्र भक्तिले गर्दा भगवान् सर्वदा तिम्रो हृदयमा विराजमान रहन्छन् । जस्तै सूर्य अन्धकारलाई नष्ट पार्दछ, त्यस्तै नै ती तिम्रो अज्ञानलाई नष्ट पार्दैरहन्छन्॥२१॥ तैपनि हे राजन् ! मैले जस्तो सुनेको छु, तदनुसार तिम्रो प्रश्नको उत्तर दिइरहेको छु । जो व्यक्ति आफ्नो अन्तःकरण शुद्ध पार्न चाहन्छन्, तिनले तिम्रो सम्मान गर्नैपर्दछ॥२२॥ हे प्रह्लाद ! अभिलषित ! भोगहरूलाई पनि जो कष्टपूर्वक तृप्त हुन सक्तछिन् र जो जन्म-मरणरूपी संसारचक्र चलाउँछिन् ती तृष्णा मद्वारा विविध कर्म गराएर मलाई सात योनिहरूमा ठक्कर खुवाइसकी* ॥२३॥ कर्मका प्रेरणाले विविध योनिहरूमा डुले पनि सौभाग्यवश मलाई यो मानव जन्म मिलेको छ—जुन स्वर्ग, तिर्यज्योनि, मोक्ष तथा मानवयोनिकोप्राप्ति-द्वार हो ॥२४॥ यसयोनिमापनि

धुनोति ध्वान्तमर्कवत् ॥ २१ ॥ अथापि ब्रूमहे प्रश्नाँस्तव राजन् यथाश्रुतम् ॥ सम्भावनीयो हि भवानात्मनः शुद्धिमिच्छताम् ॥ २२ ॥ तृष्णया भववाहिन्या योग्यैः कामैरपूरया ॥ कर्माणि कार्यमाणोऽयं नानायोनिषु योजितः ॥२३॥ यदृच्छया लोकमिमं प्रापितः कर्मभिर्भ्रमन् ॥ स्वर्गापवर्ग-योर्द्वारं तिरश्चां पुनरस्य च ॥२४॥ अत्रापि दम्पतीनां च सुखायान्यापनुत्तये ॥ कर्माणि कुर्वतां दृष्ट्वा निवृत्तोऽस्मि विपर्ययम् ॥ २५ ॥ सुखमस्या-त्मनो रूपं सर्वेहोपरतिस्तनुः ॥ मनःसंस्पर्शजान्दृष्ट्वा भोगास्वप्स्यामि संविशन् ॥ २६ ॥ इत्येतदात्मनः स्वार्थं सन्तं विस्मृत्य वै पुमान् ॥ विचि-त्रामसति द्वैते घोरामाप्नोति संसृतिम् ॥२७॥ जलं तदुद्भवैश्छन्नं हित्वाऽज्ञो जलकाम्यया ॥ मृगतृष्णामुपाधावेद्यथान्यत्रार्थदृक् स्वतः ॥२८॥ देहा-

स्त्री-पुरुषको सुखको प्राप्ति र कष्टको निवृत्तिको निम्ति अनवरत प्रयत्न गर्दा पनि विपरीत फल आइलागेको देखेर म कर्मबाट पृथक् भएको छु ॥२५॥ हे राजन् ! सुख आत्माको स्वरूप हो र सबै चेष्टाहरूमा निवृत्त भएपछि त्यो स्वतः प्रकट हुन्छ । अनि सबै भोगहरूलाई तुच्छ ठानेर म प्रारब्ध-भोग भोग गर्दै यहाँ सुस्रिई रहन्छु ॥२६॥ प्राणी आफ्नू वास्तविक स्वार्थ बिर्सेर द्वैत प्रपञ्च वस्तुतः असत् हुनाले पनि जन्म-मरणरूपी विचित्र र भयङ्कर संसारचक्रमा निरन्तर घुमिरहन्छ ॥२७॥ जसरी अज्ञानी पुरुष जलबाट नै उत्पन्न स-साना काठ र सेवाली आदिले ढाकिएको जललाई छाडेर जलको कामनाले मृग-मरीचिकातिर दगुर्दै रहन्छ । त्यस्तै नै आत्माले पुरुषार्थ मान्ने प्राणी आत्मानुसन्धानबाट विमुख भएर

---

* दृष्टान्त (कर्म अनुसार जन्म पाइन्छ)—यौटा दाउरे आफ्नी पत्नी र छोरा-छोरीसित जंगलमा गएर दाउरा काट्दथ्यो र त्यो बेचेर जीविका चलाउँथ्यो । एक दिन नारद मुनि त्यही जङ्गलको बाटो जाँदा उनले तिनीहरूलाई कठोर परिश्रम गर्नलागेका देखे र दया लाग्यो अनि भगवान्कहाँ गएर तिनलाई सुखी पार्ने प्रार्थना गरे । भगवान्ले आज्ञाभयो—'मनुष्यको पूर्वजन्मको संस्कार अनुसार जन्म प्राप्त हुन्छ । तापनि तिमी तिनी-हरूलाई केही दिने खोज्दछौ भने ती तीनै जनालाई एक-एक वरदान देऊ ।' अनि जङ्गलमा गए र नारदजीले सबैभन्दा पहिले दाउरेकी पत्नीसित वर माग्न भने । त्यसले भनी–'म राजाकी रानी बन्ने वर माग्दछु ।' नारदले 'तथास्तु' भने । त्यसै बखत त्यो रूपवती भएर यौटा राजाकी रानी बनी ! अनि राजा त्यो नयाँ रानीलाई लिएर त्यही जङ्गलमा डुल्न हिंड्यो । त्यो देखेर दाउरे साह्रै दुःखी भयो र क्रोधित भएर त्यसले नारदसित यो वर माग्यो—'त्यो स्त्री जंगलमा डुल्ने कुकुरनी होओस् ।' अब त्यो कुकुरनी भएर त्यहीं डुल्नलागी । आमालाई दुःखी देखेर छोरोले यो वरदान माग्यो—'मेरी आमा फेरि पहिले जस्तै होउन् ।' त्यसले फेरि त्यो दाउरेकी स्त्री भई । ती तीनै जना फेरि उसै गरी दाउरा काटी, शिरमा बोकेर बेच्तै आजीविका चलाउन लागे । जब नारदजी फेरि त्यतातिर आए, तब तिनलाई पहिले जस्तै स्थितिमा देखेर विचार गरे—'भगवान्को कथन नै उचित रहेछ । मेरो वरदान व्यर्थ गयो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयहरूतिर दगुर्दछ ॥२८॥ जो मनुष्य दैवतन्त्रले शरीरादिले सुख प्राप्ति तथा दुःख निवृत्तिको चेष्टा गर्दछ, त्यस भाग्यहीन पुरुषले गरेका सारा क्रिया हरू व्यर्थ हुन्छन् ॥२९॥ कदाचित् केही सफलता प्राप्त भए पनि आध्यात्मिकादि दुःखहरूले कहिले पनि नछुट्ने मरणशील पुरुषलाई कष्टसाध्य अर्थ तथा भोगादि द्वारा के सुख प्राप्त हुन्छ ? ॥३०॥ धनका लोभी एवं अजितेन्द्रिय धनीहरूको क्लेश देखिरहेको छु । तिनलाई सर्वत्र सन्देह रहन्छ र भयले गर्दा निद्रा लाग्दैन ॥३१॥ प्राण तथा धन-सम्पन्न मनुष्यलाई राजा, चोर, शत्रु, स्वजन, पशु-पक्षी, याचक, काल एवं स्वयं आफ्नासित पनि भय बनिरहन्छ ॥३२॥ अतएव बुद्धिमान पुरुष शोक, मोह, भय, क्रोध, रोग, भीरूता, श्रम आदिको चक्रमा पान धन तथा प्राणको इच्छा सर्वथा त्यागिदेओस्॥३३॥ हे प्रह्लाद ! संसारमा महरो मौरी तथा अजिंगर यी दुवै मेरा परम गुरु हुन् । यिनैसित शिक्षा लिएर मैले वैराग्य तथा सन्तोष पाएको छु ॥३४॥ मह जस्तै ठूलो कष्टले एकत्र पारेको धन धनस्वामीलाई मारेर अन्य व्यक्ति बलपूर्वक खोसेर लैजान्छन् । यस प्रकार मौरीबाट मैले भोगबाट सधैं विरक्त रहने

दिभिर्दैवतन्त्रैरात्मनः सुखमीहतः ॥ दुःखात्ययं चानीशस्य क्रिया मोघाः कृताः कृताः ॥ २६ ॥ आध्यात्मिकादिभिर्दुःखैरविमुक्तस्य कर्हिचित् ॥ मर्त्यस्य कृच्छ्रोपनतैरर्थैः कामैः क्रियेत किम् ॥ ३० ॥ पश्यामि धनिनां क्लेशं लुब्धानामजितात्मनाम् ॥ भयादलब्धनिद्राणां सर्वतोऽभिविशङ्किनाम् ॥ ३१ ॥ राजतश्चोरतः शत्रोः स्वजनात्पशुपक्षितः ॥ अर्थिभ्यः कालतः स्वस्मान्नित्यं प्राणार्थवद्भयम् ॥३२॥ शोकमोहभयक्रोधरागक्लैब्यश्रमादयः ॥ यन्मूलाः स्युर्नृणां जह्यात्स्पृहां प्राणार्थयोर्बुधः ॥३३॥ मधुकारमहासर्पौ लोकेऽस्मिन्नो गुरूत्तमौ ॥ वैराग्यं परितोषं च प्राप्ता यच्छिक्षया वयम् ॥३४॥ विरागः सर्वकामेभ्यः शिक्षितो मे मधुव्रतात् ॥ कृच्छ्राप्तं मधुवद्वित्तं हत्वाऽप्यन्यो हरेत्पतिम् ॥ ३५ ॥ अनीहः परितुष्टात्मा यदृच्छोपनतादहम् ॥ नो· चेच्छये बह्वहानि महाहिरिवसत्त्ववान् ॥३६॥ क्वचिदल्पं क्वचिद्भूरि भुंजेऽन्नं स्वाद्वस्वादु वा ॥ क्वचिद्भूरि गुणोपेतं गुणहीनमुत क्वचित्॥३७॥ श्रद्धयोपाहृतं क्वापि कदाचिन्मानवर्जितम् ॥ भुंजे भुक्त्वाऽथ कस्मिश्चिद्दिवा नक्तं यदृच्छया ॥ ३८ ॥ क्षौमं दुकूलमजिनं चीरं वल्कलमेव वा ॥ वसेऽन्यदपि संप्राप्तं दिष्टभुक् तुष्टधीरहम् ॥३९॥ क्वचिच्छये धरोपस्थे तृणपर्णाश्मभस्मसु ॥ क्वचित्प्रासादपर्यंके कशिपौ वा परेच्छया ॥ ४० ॥ क्वचित्स्नातोऽनुलिप्ताङ्गः सुवासाः स्रग्व्यलंकृतः ॥ रथेभाश्वैश्चरे क्वापि दिग्वासा ग्रहवद्विभो ॥ ४१ ॥ नाहं निन्दे न च स्तौमि स्वभावविषमं जनम् ॥ एतेषां श्रेय आशासे

शिक्षा पाएँ । म अजिंगर जस्तै निश्चेष्टभावले शुतिरहेर दैववश जे मिल्दछ, त्यसैमा सन्तुष्ट रहन्छु । कहिले केही नपाए पनि धेरै दिनसम्म (निराहार) यसै बसिरहन्छु ॥३५॥३६॥ म कहिले थोरै खान्छु र कहिले धेरै खान्छु । कहिले स्वादिष्ट, कहिले नमिठो, अनेक गुणले युक्त, कहिले गुणहीन कहिले श्रद्धापूर्वक ल्याइए को र कहिले निरादरपूर्वक पाएको अन्न नै खाइदिन्छु कहिले एकपल्ट भोजन गरेर दिन या रातमा फेरि खाइदिन्छु ॥३७॥३८॥ म प्रारब्धभोक्ता र सन्तोषी जीव हुँ । मलाई रेशमी वा सूती वस्त्र, मृगचर्म, चीर, वल्कल तथा जस्तो वस्त्र प्राप्त हुन्छ, त्यही लगाइदिन्छु ॥३९॥ म कहिले पृथिवी, तृण, पात, ढुङ्गा तथा खरानीको थुप्रामा बसिरहन्छु र कहिले अर्काको इच्छाले महलमा पलंग तथा डसनाहरूमा सुतिदिन्छु ॥४०॥ हे समर्थ ! म कहिले स्नान गरेर देहमा चन्दन घसी, राम्रा वस्त्र र माला आदि पहिरेर रथ, हात्ती तथा घोडामा चढेर हिंड्दछु र कहिले

॥३०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिशाच जस्तै नाङ्गो-बुङ्गो पैदल डुलिरहन्छु ॥ ४१ ॥ म विभिन्न स्वभाव हुने मनुष्यमध्ये कसैको निन्दा वा स्तुति गर्दिन । म त सर्वदा सबैको मङ्गलकामना गर्दछु ॥४२॥ सत्यको खोजी गर्ने पुरुष द्रव्य-जाति आदि विभिन्न विकल्पको आफ्नो भेदग्राहिणी चित्तवृत्तिलाई पदार्थमा र पदार्थमा र पदार्थलाई भ्रमोत्पादक मनमा होमिदेओस् । मनको सात्त्विक अहङ्कारमा, अहङ्कारलाई क्रमशः महत्तत्व द्वारा मायामा र मायालाई आत्मानुभवमा होमिदेओस् । यसप्रकार आत्माको अनुभव द्वारा आत्मस्वरूपमा स्थित भई अरु सबै कर्म त्यागेर सर्वथा उपरत होओस् ॥४३-४४॥ हे असुर श्रेष्ठ ! लोक र शास्त्र विरुद्ध देखिने आफ्नो सबै वृत्तान्त अति गोप्य भएर पनि मैले तिमीलाई सुनाएँ, किनकि तिमी भगवान्‌का परम भक्त छौ ॥४५॥ नारदजी भन्दछन्–हे राजन् ! ती मुनीश्वरको मुखबाट परमहंसको धर्म सुनेर दैत्यपति प्रह्लादले तिनको पूजा गरे र आज्ञा लिएर प्रसन्न मनले घर फर्केर गए ॥ ४६ ॥ इति श्रीमद्भागते महापुराणे सप्तमस्कन्धे नेपाली भाषाटीकायां त्रयोदशोऽध्यायः ॥ १३ ॥ (गृहस्थको सदाचार निरूपण)–राजा युधिष्ठिरले भने–हे देवर्षे ! गृह आदिमा आसक्तचित्त

उतैकात्म्यं महात्मनि ॥ ४२॥ विकल्पं जुहुयाच्चित्तौ तां मनस्यर्थविभ्रमे ॥ मनो वैकारिके हुत्वा तन्मायायां जुहोत्यनु ॥ ४३ ॥ आत्मानुभूतौ तां मायां जुहुयात्सत्यदृङ् मुनिः ॥ ततो निरीहो विरमेत्स्वानुभूत्याऽऽत्मनि स्थितः ॥ ४४ ॥ स्वात्मवृत्तं मयेत्थं ते सुगुप्तमपि वर्णितम् ॥ व्यपेतं लोकशास्त्राभ्यां भवान् हि भगवत्परः ॥ ४५ ॥ नारद उवाच ॥ धर्मं पारमहंस्यं वै मुनेः श्रुत्वाऽसुरेश्वरः ॥ पूजयित्वा ततः प्रीत आमन्त्र्य प्रययौ गृहम् ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे युधिष्ठिरनारदसंवादे यतिधर्मे त्रयोदशोऽध्यायः ॥ १३ ॥ युधिष्ठिर उवाच ॥ गृहस्थ एतां पदवीं विधिना येन चाञ्जसा ॥ याति देवऋषे ब्रूहि मादृशो गृहमूढधीः ॥१॥ नारद उवाच ॥ गृहेष्ववस्थितो राजन्क्रियाः कुर्वन्गृहोचिताः ॥ वासुदेवार्पणं साक्षादुपासीत महामुनीन् ॥ २ ॥ शृण्वन्भवतोऽभीक्ष्णमवतारकथामृतम् ॥ श्रद्दधानो यथाकालमुपशान्तजनावृतः ॥ ३ ॥ सत्सङ्गाच्छनकैः सङ्गमात्मजायात्मजादिषु ॥ विमुच्येन्मुच्यमानेषु स्वयं स्वप्नवदुत्थितः ॥ ४ ॥ यावदर्थमुपासीनो देहे गेहे च पण्डितः ॥ विरक्तो रक्तवत्तत्र नृलोके नरतां न्यसेत् ॥ ५ ॥ ज्ञातयः पितरौ पुत्रा भ्रातरः सुहृदोऽपरे ॥ यद्वदन्ति यदिच्छन्ति चानुमोदेत निर्ममः ॥ ६ ॥ दिव्यं भौमं चान्तरिक्षं वित्तमच्युतनिर्मितम् ॥ तत्सर्वमुपयुञ्जान एतत्कुर्यात्स्वतो बुधः ॥ ७ ॥ यावद्भ्रियेत जठरं तावत्स्वत्वं हि देहिनाम् ॥ अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति ॥ ८ ॥

म झैं गृहस्थ पुरुष पनि जसले सहसा यो पद पाउनसकोस् त्यो उपाय मलाई भन्नुहवस् ॥ १ ॥ नारद भन्दछन्–हे राजन् ! गृहस्थाश्रमी पुरुष गृहस्थोचित काममा भगवदर्पण-पूर्वक गर्दै शान्त पुरुषसित बसेर भगवान्‌का अमृतमयी अवतार कथाहरूलाई श्रद्धापूर्वक सुनोस् र महामुनिहरूको सेवा गरोस् ॥२-३॥ जस्तै स्वप्नबाट बिउँझेको पुरुष स्वप्नका कल्पित सम्बन्धीहरूमा आसक्त हुँदैनन्, त्यस्तै नै सत्सङ्ग द्वारा बिस्तार-बिस्तार छुट्ने स्त्री-पुत्रादिको आसक्तिलाई स्वयं त्यागोस् ॥ ४ ॥ बुद्धिमान पुरुष केवल प्रयोजन-सिद्धिको निम्ति घर र शरीरसित सम्बन्ध राखेरभित्रबाट विरक्त र माथिबाट रोगी झैं आचरण गर्दै मृत्युलोकमा आफ्नू पुरुषार्थ साधन गरोस् ॥ ५ ॥ स्वजन, पितर, बालक, भाई, मित्र र अन्य सम्बन्धी जो भनुन् वा चाहुन् त्यसको ममताशून्य भावले अनुमोदन गरुन् ॥६॥ वर्षा आदिले उत्पन्न पृथ्वीबाट जायमान र अकस्मात् प्राप्त हुने द्रव्यादि तथा दैवी पदार्थको उपयोग गर्दै अवशिष्ट

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ साधुसेवादि राम्रा काम लगाओस् ॥ ७ ॥ किनकि सबैको अधिकार केवल त्यति नै द्रव्यमा छ, जतिले उदर पूर्ति हुन सकोस्। जो त्यो भन्दा बढी वस्तुमा आफ्नो अधिकार मान्दछ, त्यो चोर र दण्डको भागी हो ॥ ८ ॥ मृग, उँट, गदहा, मूसो, सर्प, पक्षी, माखो आदिलाई पनि छोरो झैं ठान्दछ, किनकि उनमा र छोरोमा अन्तर नै के छ ? ॥ ९ ॥ गृहस्थ पुरुष धर्म, अर्थ र कामोपार्जनमा विशेष नभई बरू देश-काल अनुसार दैवयोगले जे जति प्राप्त हुन्छ, त्यसैमा सन्तुष्ट रहोस् ॥ १० ॥ त्यो सबै भोग-सामग्री कुकुर, पतित, चाण्डालादिपर्यन्त सबैं प्राणीहरूलाई यथायोग्य बाँडेर भोगोस्—यतिसम्म भने आफ्नी स्त्रीलाई पनि—जसलाई मनुष्य आफ्नी मान्दछ—अतिथि आदिको सेवामा लगाइरहोस् ॥ ११ ॥ हे राजन् ! जुन स्त्रीको निम्ति मनुष्य प्राण पनि दिन सक्तछ, माता-पिता र गुरुलाई पनि मारिदिन्छ, त्यस स्त्रीमा जसले ममताको अभिमान राख्दैन, त्यो अजेय पुरुष परमात्मालाई पनि जित्न सक्तछ ॥ १२ ॥ कहाँ अन्त्यमा कृमि, विष्ठा वा भस्म हुने यो तुच्छ देह, कहाँ उसैको निम्ति जसमा प्रेम हुन्छ, त्यो स्त्री तथा कहाँ आकाशलाई ढाक्ने आत्मा ! (तात्पर्य के भने—

मृगोष्ट्रखरमर्काखुसरीसृप्खगमक्षिकाः ॥ आत्मनः पुत्रवत्पश्येत्तैरेषामन्तरं कियत् ॥ ९ ॥ त्रिवर्गं नातिकृच्छ्रेण भजेत गृहमेध्यपि ॥ यथादेशं यथाकालं यावद्दैवोपपादितम् ॥ १० ॥ आश्वाघान्तेवसायिभ्यः कामान्संविभजेद्यथा ॥ अप्येकामात्मनो दारां नृणां स्वत्वग्रहो यतः ॥ ११ ॥ जह्याद्यदर्थे स्वप्राणान्हन्याद्वा पितरं गुरुम् ॥ तस्यां स्वत्वं स्त्रियं जह्याद्यस्तेन ह्यजितो जितः ॥ १२ ॥ कृमिविड्भस्मनिष्ठान्तं क्वेदं तुच्छं कलेवरम् ॥ क्वतदीयरतिर्भार्या क्वायमात्मा नभश्छदिः ॥ १३ ॥ सिद्धैर्यज्ञावशिष्टार्थैः कल्पयेद्वृत्तिमात्मनः ॥ शेषे स्वत्वं त्यजन्प्राज्ञः पदवीं महतामियात् ॥ १४ ॥ देवानृषीन्नृभूतानि पितॄनात्मानमन्वहम् ॥ स्ववृत्त्यागतवित्तेन यजेत पुरुषं पृथक् ॥ १५ ॥ यर्ह्यात्मनोऽधिकाराद्याः सर्वाः स्युर्यज्ञसम्पदः ॥ वैतानिकेन विधिना अग्निहोत्रादिना यजेत् ॥ १६ ॥ न ह्यग्निमुखतोऽयं वै भगवान्सर्वयज्ञभुक् ॥ इज्येत हविषा राजन् यथा विप्रमुखे हुतैः ॥ १७ ॥ तस्माद्ब्राह्मणदेवेषु मर्त्यादिषु यथार्हतः ॥ तैस्तैः कामैर्यजस्वैनं क्षेत्रज्ञं ब्राह्मणाननु ॥ १८ ॥ कुर्यादापरपक्षीयं मासि प्रौष्ठपदे द्विजः ॥ श्राद्धं पित्रोर्यथावित्तं तद्बन्धूनां च वित्तवान् ॥ १९ ॥ अयने विषुवे कुर्याद्व्यतीपाते दिनक्षये ॥ चन्द्रादित्योपरागे च द्वादशीश्रवणेषु च ॥ २० ॥ तृतीयायां शुक्लपक्षे नवम्यामथ

अरु कुराको चिन्ता नगरेर केवल आत्मचिन्तन गरोस्) ॥ १३ ॥ गृहस्थ पुरुष दैवयोगले स्वतः प्राप्त तथा पञ्चयज्ञादिको अवशिष्ट अन्नले नै जीवन निर्वाह गरोस्। जो पुरुष यज्ञशिष्ट अन्नबाहेक अन्य पदार्थमा स्वत्व राख्दैन, त्यो महापुरुषको पद पाउँदछ ॥ १४ ॥ हे राजन् ! गृहस्थ पुरुष वर्णाश्रमविहित वृत्तिले प्राप्त द्रव्य नित्य देवता, ऋषि, मनुष्य, भूत, पितर र आफ्नो आत्माको पूजा गरोस्। यस्तो गर्नाले सर्वान्तरयामी परमेश्वरको आराधना हुन्छ ॥ १५ ॥ यदि आफूलाई अधिकारादि सारा यज्ञ सम्पत्तिहरू प्राप्त भए यज्ञविधि प्रतिपादक शास्त्रहरूको अनुसार अग्निहोत्रादि द्वारा भगवान्को पूजा गरोस्! ब्राह्मणका मुखमा अर्पित अन्नादिले सर्वयज्ञभुक् भगवान्को जस्तो पूजा हुन्छ, त्यस्तै अग्निको मुखमा हवन गरिएको हविले पनि हुन्छ ॥ १७ ॥ अतः ब्राह्मण, देवता र मनुष्यादिमा उनको समुचित भागद्वारा अन्तर्यामी नारायणको पूजा गरोस्। अरुलाई ब्राह्मणको पछि पूजोस् ॥ १८ ॥ विप्र आफ्नो सम्पत्तिको अनुसारको दोस्रो पक्षमा माता-पिताको महालय श्राद्ध गरोस् र पछि धनी भए त्यस धनले बन्धुहरूको पनि श्राद्ध गरोस् ॥ १९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अयन, त्रिपुत्र, व्यतीपात, दिनक्षय, चन्द्रग्रहण, तथा सूर्यग्रहणको अवसरमा, द्वादशी, श्रवणादि तीन नक्षत्रतमा तथा वैशाख शुक्लपक्षको तृतीया, कार्तिक शुक्ल नवमी एवं हेमन्त र शिशिर ऋतुका चार तिथिहरूमा माघशुक्लको सप्तमी तिथि, मघा नक्षत्र तथा पूर्णचन्द्र पूर्णिमाको योग भएमा, पूर्णचन्द्र अथवा एक कलाले हीन चन्द्रमायुक्त पूणिमासित चित्रा, ज्येष्ठा, आषाढ आदि मानस सत्रको योग भएमा, द्वादशी तिथिमा अनुराधा, श्रवण र तीनै उत्तरा नक्षत्र अथवा उत्तरा नक्षत्रहरूमा एकादशी योग भएमा र जन्म-नक्षत्र र श्रवण नक्षत्र परेमा पितृको श्राद्ध गरोस् ॥ २०-२३ ॥ हे राजन् ! श्रेय साधनका योग्य यी सबै काल मनुष्यका कल्याणको वृद्धि गर्दछन्। अनि यी अवसरमा श्राद्ध गरोस्, किनकि यसैमा जीवनको सफलता छ ॥२४॥ यी अवसरमा स्नान, जप, होम, व्रत एवं देवता तथा ब्राह्मणको जो पूजा गरिन्छ अथवा देवता, पितर, मनुष्य एवं अन्य जीवलाई जे गति दिइन्छ, त्यानै अक्षय फलदायक हुन्छ ॥२५॥ हे राजन् ! स्त्रीका पुंसवनादि, सन्तानका जातकर्मादि, आफ्ना यज्ञदीक्षादि वार्षिक श्राद्धको समय तथा आभ्युदयिक कर्महरूको अवसरमा पनि

कार्तिके ॥ चतसृष्वप्यष्टकासु हेमन्ते शिशिरे तथा ॥ २१ ॥ माघे च सितसप्तम्यां मघाराकासमागमे ॥ राकया चानुमत्या वा मासर्क्षाणि युतान्यपि ॥ २२ ॥ द्वादश्यामनुराधा स्याच्छ्रवणस्तिस्र उत्तराः ॥ तिसृष्वेकादशो वाऽऽसु जन्मर्क्षश्रोणयोगयुक् ॥ २३ ॥ त एते श्रेयसः काला नृणां श्रेयोविवर्धनाः ॥ कुर्यात्सर्वात्मनैतेषु श्रेयोऽमोघं तदायुषः ॥ २४ ॥ एषु स्नानं जपो होमो व्रतं देवद्विजार्चनम् ॥ पितृदेवनृभूतेभ्यो यद्दत्तं तद्ध्यनश्वरम्॥२५॥ संस्कारकालो जायाया अपत्यस्यात्मनस्तथा ॥ प्रेतसंस्था मृताहश्च कर्मण्यभ्युदये नृप ॥ २६ ॥ अथ देशान्प्रवक्ष्यामि धर्मादिश्रेय आवहन् ॥ स वै पुण्यतमो देशः सत्पात्रं यत्र लभ्यते ॥ २७ ॥ बिम्बं भगवतो यत्र सर्वमेतच्चराचरम् ॥ यत्र ह ब्राह्मणकुलं तपोविद्यादयान्वितम् ॥ २८ ॥ यत्र यत्र हरेरर्चा स देशः श्रेयसां पदम् ॥ यत्र गङ्गादयो नद्यः पुराणेषु च विश्रुताः ॥ २९ ॥ सरांसि पुष्करादीनि क्षेत्राण्यर्हाश्रितान्युत ॥ कुरुक्षेत्रं गयशिरः प्रयागः पुलहाश्रमः ॥३०॥ नैमिषं फाल्गुनं सेतुः प्रभासोऽथ कुशस्थली ॥ वाराणसी मधुपुरी पम्पा बिन्दुसरस्तथा ॥ ३१ ॥ नारायणाश्रमो नन्दा सीतारामाश्रमादयः ॥ सर्वे कुलाचला राजन्महेन्द्रमलयादयः ॥३२॥ एते पुण्यतमा देशा हरेरर्चाश्रिताश्च ये ॥ एतान्देशान्निषेवेत श्रेयस्कामो ह्यभीक्ष्णशः ॥ धर्मो ह्यत्रेहितः पुंसां समस्ताधिफलोदयः ॥ ३३ ॥ पात्रं त्वत्र निरुक्तं वै कविभिः पात्रवित्तमैः ॥ हरिरेवैक उर्वीश मन्मयं वै चराचरम्

गरिएका स्नानादि कर्म अक्षय फल दिन्छन् ॥२६॥ हे राजन् ! म अव धर्मादि श्रेयःप्राप्तिकारक देश भन्दछु । जुन देशमा सुपात्र पुरुष भेटिन्छन्, त्यही देश सबभन्दा बर्ता पवित्र हुन्छ ॥२७॥ जुन महाप्रभुमा चराचर जगत् स्थित छ, जहाँ ती भगवान्को प्रतिमा छ, जहाँ तप, विद्या र दया आदि गुणले युक्त ब्राह्मण-कुल छ, जहाँ भगवान्को पूजा हुन्छ, ती सबै देश परम कल्याणदायी हुन्छन् । जहाँ सिद्धजन-सेवित क्षेत्र छन्, ती सबै देश धेरै पवित्र हुन्छन् । जस्तै—कुरुक्षेत्र, गया, प्रयाग, पुलहाश्रम, नैमिषारण्य, फल्गुक्षेत्र, सेतुबन्ध, प्रभास, काशी, मथुरा, बिन्दुसरोवर, बदरिकाश्रम, नन्दा, महारानी सिता र रामचन्द्रका आश्रमादि महेन्द्र एवं मलयाचलादि कुल पर्वत र जहाँ जहाँ भगवान्को प्रतिमा छन् ती सबै देश परम पवित्र छन् । जसलाई आफ्नो कल्याण इच्छा छ, तिनले यी स्थानको बारम्बार सेवन गरुन्, किनकि यी स्थानमा गरिएका पुण्यकर्म हजार गुणा बर्ता फल दिन्छन् ॥२८-३३॥

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे पृथिवीपते ! पात्रज्ञ तथा विचारवान् व्यक्तिले केवल श्रीहरिलाई नै सत्पात्र भनेका छन्, किनकि समस्त जगत्को स्वरूप उनैको हो ।।३४।। तिम्रो यज्ञमा देवता, ऋषि,सिद्धर ब्रह्मपुत्र सनकादिक छँदाछँदै पनि अग्रपूजाका अधिकारी श्रीअच्युत नै मानिएका थिए ।।३५।। जीवसमूहले पूर्ण यस ब्रह्माण्डरूपी महावृक्षका मूल ती भगवान् नै हुन् । अतः उनको पूजाले सबै जीवलाई तृप्ति मिल्दछ ।।३६।। उनले मनुष्य, तिर्यक्, ऋषि तथा देवतादिका शरीररूपी पुरी रचेको छ । उनै ती पुरीमा जीवरूपले शयन गर्दछन् यसैले मानिसहरू उनलाई 'पुरुष' भन्दछन् ।।३७।। हे राजन् ! मनुष्यादि शरीरमा तारतम्यभावले सर्वत्र भगवान् नै विराजमान छन् । अतः ती पुरुष नै सर्वश्रेष्ठ पात्र हुन् । जुन मानव शरीरमा भगवान्को अंश जति बर्ता रहन्छ, त्यो उति नै बर्ता श्रेष्ठ हुन्छन् ।।३८।। हे राज० ! पुरुषहरूमा परस्पर अपमानादिको प्रवृत्ति देखेर विद्वान्हरूले त्रेता आदि युगमा उपासनाको निम्ति भगवत्प्रतिमाको कल्पना गरेका थिए । त्यसैवेलादेखि ठूलो श्रद्धा र प्रचुर सामग्रीले प्रतिमामै भगवान्को पूजा गर्नलागे, तर ती परम पुरुषका द्वेषी व्यक्तिलाई प्रतिमा पूजनले पनि पुरुषार्थको सिद्धि प्राप्त हुँदैन ।

।।३४।। देवर्ष्यर्हत्सु वै सत्सु तत्र ब्रह्मात्मजादिषु ।। राजन् यदग्रपूजायां मतः पात्रतयाऽच्युतः ।।३५।। जीवराशिभिराकीर्ण आण्डकोशांघ्रिपो महान् ।। तन्मूलत्वादच्युतेज्या सर्वजीवात्मतर्पणम् ।। ३६ ।। पुराण्यनेन सृष्टानि नृतिर्यगृषिदेवताः ।। शेते जीवेन रूपेण पुरेषु पुरुषो ह्यसौ ।। ३७ ।। तेष्वेषु भगवान् राजँस्तारतम्येन वर्तते ।। तस्मात्पात्रं हि पुरुषो यावानात्मा यथेयते ।। ३८ ।। दृष्ट्वा तेषां मिथो नृणामवज्ञानात्मतां नृप ।। त्रेतादिषु हरेरर्चा क्रियायै कविभिः कृता ।।३९।। ततोऽर्चायां हरिं केचित्संश्रद्धाय सपर्यया ।। उपासत उपास्ताऽपि नार्थदा पुरुषद्विषाम् ।। ४० ।। पुरुषेष्वपि राजेन्द्र सुपात्रं ब्राह्मणं विदुः ।। तपसा विद्यया तुष्ट्या धत्तेवेदं हरेस्तनुम् ।।४१।। नन्वस्य ब्राह्मणा राजन्कृष्णस्य जगदात्मनः ।। पुनन्तः पादरजसा त्रिलोकी· दैवतं महत् ।।४२।। इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे सदाचारनिर्णयो नाम चतुर्दशोऽध्यायः ।। १४ ।। नारद उवाच ।। कर्मनिष्ठा द्विजाः केचित्तपोनिष्ठा नृपापरे ।। स्वाध्यायेऽन्ये प्रवचने ये केचिज्ज्ञानयोगयोः ।। १ ।। ज्ञाननिष्ठाय देयानि कव्यान्यानन्त्यमिच्छता ।। दैवे च तदभावे स्यादि· तरेभ्यो यथार्हतः ।।२।। द्वौ दैवे पितृकार्ये त्रीनेकैकमुभयत्र वा ।। भोजयेत्सुसमृद्धोऽपि श्राद्धे कुर्यान्न विस्तरम् ।।३।। देशकालोचितश्रद्धाद्रव्यपात्रा·

हे राजेन्द्र ! त्यो पुरुष-शरीरमा ब्राह्मणलाई नै सुपात्र मानिएको छ, किनकि ती आफ्नो तप, विद्या तथा सन्तोष आदि गुणले नारायणको वेदस्वरूप शरीर धारण गर्दछ ।।३९-४१।। हे राजन् ! आफ्नो चरण-रजले तीनै लोकलाई पवित्र पार्ने ब्राह्मण भगवान्का पनि परम इष्टदेव हुँदै आएका छन् ।।४२।। इति श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे नेपाली भाषा-टीकायां चतुर्दशोऽध्यायः ।।१४।। (गृहस्थको निम्ति मोक्षको वर्णन)—नारदजी भन्दछन्–हे राजन् ! केही ब्राह्मण कर्मनिष्ठ र केही तपोनिष्ठ हुन्छन् । केही वेदाध्ययनमा तत्पर रहन्छन्, केही शास्त्रको व्याख्या गर्दछन् र केही ज्ञान एवं योगको अभ्यासमा लागिरहन्छन् ।। १ ।। गृहस्थ पुरुष आफ्नो कृत्यको अनन्त फल पाउन ज्ञानी विप्रलाई नै पितृ र देवताहरूको उद्देश्यले हव्य र कव्य प्रदान गरुन् । यदि त्यस्ता ब्राह्मण पाइएनन् भने अन्यलाई उनको योग्यतानुसार हव्य-कव्यको दान दिनु ।।२।। देवतासम्बन्धी काममा दुइ र पितृसम्बन्धीक र्ममा तीन ब्राह्मण अथवा दुवै कार्यमा एक-एक ब्राह्मणलाई भोजन गराउनु । धनी भएर पनि श्राद्ध-कर्ममा बर्ता विस्तार नगर्नू ।। ३ ।। किनकि धेरै स्वजनलाई डाकेर बर्ता विस्तार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नाले देशकालोचित श्रद्धा, पदार्थ, पात्र र पूजन आदिको उचित निर्वाह हुँदैन ॥४॥ यदि देश-काल अनुसार मुनिजनको योग्य खानेकुरा भगवदर्पण गरेर श्रद्धापूर्वक सुयोग्य व्यक्तिलाई खान दियो भने त्यसले सबै कामनाहरू पूर्ण पार्दछ र अक्षय फलदायक हुन्छ ॥ ५ ॥ हे राजन् ! देवता, ऋषि, पितर, भूतगण तथा स्वयं आफ्नो र आफ्ना स्वजन सम्बन्धीहरूको अन्नबाट यथोचित भाग दिनू र सबैलाई परमात्माको रूपमा देखोस् ॥ ६ ॥ धर्मको मर्मज्ञ मनुष्य श्राद्धमा मांस नपस्कून् र स्वयं पनि नखाउन् । पितृहरूलाई मुनिजनको व्रीहि अन्नले जति प्रसन्नता हुन्छ, त्यति पशुहिंसासले हुँदैन ॥७॥ संसारका प्राणीहरूको मन, वाणी र शरीरले अहित नगरोस् । सद्धर्माभिलाषीहरूको निम्ति योभन्दा ठूलो अरु कुनै कर्म छैन ॥ ८ ॥ यज्ञ-तत्त्वज्ञ अनेक निष्काम तथा ज्ञानी जन ज्ञानाग्निले प्रज्वलित मनोनिग्रहरूपी यज्ञाग्निमा यी कर्ममय यज्ञहरू होमिदिन्छन्, किनकि द्रव्यमय यज्ञद्वारा भगवान्का पूजक पुरुषलाई देखेर सबै जना मनमनै यो विचार गरेर डराउँछन्–आफ्नो प्राणको पोषक यो निर्दयी अज्ञानी पुरुष मलाई अवश्य मारिदिनेछ ॥ ९-१० ॥

र्हणानि च ॥ सम्यग्भवन्ति नैतानि विस्तरात्स्वजनार्पणात् ॥ ४ ॥ देशे काले च सम्प्राप्ते मुन्यन्नं हरिदैवतम् ॥ श्रद्धया विधिवत्पात्रे न्यस्तं कामधुगक्षयम् ॥ ५ ॥ देवर्षिपितृभूतेभ्य आत्मने स्वजनाय च ॥ अन्नं संविभजन्पश्येत्सर्वं तत्पुरुषात्मकम् ॥ ६ ॥ न दद्यादामिषं श्राद्धे न चाद्याद्धर्मतत्त्ववित् ॥ मुन्यन्नैः स्यात्परा प्रीतिर्यथा न पशुहिंसया ॥ ७ ॥ नैतादृशः परो धर्मो नृणां सद्धर्ममिच्छताम् ॥ न्यासो दण्डस्य भूतेषु मनोवाक्कायजस्य यः ॥८॥ एके कर्ममयान्यज्ञान् ज्ञानिनो यज्ञवित्तमाः ॥ आत्मसंयमनेऽहीना जुह्वति ज्ञानदीपिते ॥९॥ द्रव्ययज्ञैर्यक्ष्यमाणं दृष्ट्वा भूतानि बिभ्यति ॥ एष माऽकरुणो हन्यादतज्ज्ञो ह्यसुतृब्ध्रुवम् ॥१०॥ तस्माद्दैवोपपन्नेन मुन्यन्नेनापि धर्मवित् ॥ सन्तुष्टोऽहरहः कुर्यान्नित्यनैमित्तिकीः क्रियाः ॥११॥ विधर्मः परधर्मश्च आभास उपमा छलः ॥ अधर्मशाखाः पञ्चेमा धर्मज्ञोऽधर्मवत्त्यजेत् ॥१२॥ धर्मबाधो विधर्मः स्यात्परधर्मोऽन्यचोदितः ॥ उपधर्मस्तु पाखण्डो दम्भो वा शब्दभिच्छलः ॥ १३ ॥ यस्त्विच्छया कृतः पुम्भिराभासो ह्याश्रमात्पृथक् ॥ स्वभावविहितो धर्मः कस्य नेष्टः प्रशान्तये ॥ १४ ॥ धर्मार्थमपि नेहेत यात्रार्थं वाऽधनोधनम् ॥ अनीहानीहमानस्य महाहेरिवबृत्तिदा ॥ १५ ॥ सन्तुष्टस्य निरीहस्य स्वात्मारामस्य यत्सुखम् ॥ कुतस्तत्कामलोभेन धावतोऽर्थेहया दिशः ॥१६॥ सदा सन्तुष्टमनसः सर्वाः सुखमयादिशः ॥ शर्कराकण्टकादिभ्यो यथोपानत्पदः शिवम् ॥१७॥ सन्तुष्टः

अतएव धर्मज्ञ पुरुष नित्य प्रारब्धवश प्राप्त मुनि-अन्न द्वारा नै सन्तोषपूर्वक सबै नित्य-नैमित्यिक कार्य गरुन ॥११॥ हे राजन् ! धर्मात्मा पुरुष विधर्म, परधर्म परधर्म, आभास, उपमा तथा छल-अधर्मका यी पाँच शाखालाई अधर्मको नै सदृश ठानेर सर्वथा त्यागिदेओस् ॥ १२ ॥ जुन कार्य धर्म-बुद्धिले गर्दा पनि स्वधर्ममा बाधा पार्दछ, त्यो 'विधर्म' हो, कुनै अरु द्वारा अन्य व्यक्तिको निम्ति उपदिष्ट धर्म 'परधर्म, पाखण्ड र दम्भलाई 'उपधर्म' र अर्थान्तर गरेर वाक्यको अर्को अर्थ झिकिदिनु 'छल' कहिन्छ ॥१३॥ आफ्नो आश्रमको विपरीत पुरुषहरूको मनपर्दो धर्म 'आभास' कहिन्छ । हे राजन् । स्वभावानुसार शास्त्र-विहित धर्मले कसलाई शान्ति प्रदान गर्दैन र ? ॥१४॥ हे राजन् ! धनहीन पुरुष धर्म गर्नु अथवा शरीर निम्ति पनि धनेच्छा नगरोस्, किनकि निरुद्योगी एवं अजिङ्गर झैं निवृत्ति-परायण पुरुषको निर्वाह त्यसको निवृत्तिले नै गरिदिन्छ ॥ १५ ॥ सन्तुष्ट, निवृत्ति परायण पुरुषलाई

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन सुख प्राप्त हुन्छ, त्यो सुख कामना र लोभवश धनको निमित्त दगुर्ने व्यक्तिलाई कसरी प्राप्त हुन सक्छ ? ॥ १६ ॥ सन्तुष्ट चित पुरुषलाई सबै दिशाहरू उस्तै नै सधैं सुख दिन्छन्, जस्तै जुत्ता लगाएको व्यक्ति बाटोमा काँढा आदिले दुःखी हुँदैनन् ॥ १७ । जुन पुरुष उपस्थ र जिब्रोको विषयका वासनाले अधीन रहन्छ, त्यो कृपण प्राणी घरको रक्षार्थ पालेका कुकुर समान हीन भएर जान्छ । हे राजन् ! यो सबैं हुँदाहुँदै पनि मनुष्य दैवयोगले प्राप्त केवल जलले नै सन्तुष्ट किन रहन्न ? ॥ १८ ॥ जुन ब्राह्मण सन्तोषी हुँदैन, त्यसको तेज, विद्या, तप तथा यश त्यसको इन्द्रिय-लोलुपताले क्षीण भएर जान्छन् र विवेक पनि नष्ट हुन्छ ॥ १९ ॥ भोक प्यासको शान्ति भएपछि अन्न-जलको कामना नष्ट हुन्छ । क्रोधको परिणाम हिंसादि भइसकेपछि त्यो पनि शान्त हुन्छ, तर दसै दिशाहरू जितेर भूमिको भोग गरेर पनि मनुष्यको लोभ समाप्त हुँदैन ॥ २० ॥ हे राजन् ! विविध क्रियाहरूका ज्ञाता, अर्काको अनेक संशयका उच्छेदक र अनेक सभाहरूका सभापति अगणित पण्डित पनि असन्तोषले गर्दानै पतित भएर जान्छन् ॥ २१ ॥ हे धर्मराज !

केन वा राजन्न वर्तेतापि वारिणी ॥ औपस्थ्यजैह्वयकार्पण्याद्गृहपालायते जनः ॥ १८ ॥ असन्तुष्टस्य विप्रस्य तेजो विद्या तपोयशः ॥ स्रवन्तीन्द्रियलौल्येन ज्ञानं चैवावकीर्यते ॥ १६ ॥ कामस्यान्तं च क्षुत्तृड्भ्यां क्रोधस्यैतत्फलोदयात् ॥ जनो याति न लोभस्य जित्वा भुक्त्वा दिशो भुवः ॥२०॥ पण्डिता बहवो राजन्बहुज्ञाः संशयच्छिदः ॥ सदसस्पतयोऽप्येके असन्तोषात्पतन्त्यधः ॥२१॥ असङ्कल्पाज्जयेत्कामं क्रोधं कामविवर्जनात् ॥ अर्थानर्थेक्षया लोभं भयं तत्त्वावमर्शनात् ॥२२॥ आन्वीक्षिक्या शोकमोहौ दम्भं महदुपासया ॥ योगान्तरायान्मौनेन हिंसां कायाद्यनीहया ॥ २३ ॥ कृपया भूतजं दुःखं दैवं जह्यात्समाधिना ॥ आत्मजं योगवीर्येण निद्रां सत्त्वनिषेवया ॥ २४ ॥ रजस्तमश्च सत्त्वेन सत्त्वं चोपशमेन च ॥ एतत्सर्वं गुरौ भक्त्या पुरुषो ह्यञ्जसा जयेत् ॥ २५ ॥ यस्य साक्षाद्भगवति ज्ञानदीपप्रदे गुरौ ॥ मर्त्यासद्धीः श्रुतं तस्य सर्वं कुञ्जरशौचवत् ॥ २६ ॥ एष वै भगवान्साक्षात्प्रधानपुरुषेश्वरः ॥ योगेश्वरैर्विमृग्यांघ्रिर्लोको वै मन्यते नरम् ॥ २७ ॥ षड्वर्गसंयमैकान्ताः सर्वा नियमचोदनाः ॥ तदन्ता यदि नो योगानावहेयुः श्रमावहाः ॥२८॥ यथा वार्तादयो ह्यर्था योगस्यार्थं न बिभ्रति ॥ अनर्थाय भवेयुस्ते पूर्तमिष्टं तथाऽसतः ॥२६॥ यश्चित्तविजये यत्तः

सङ्कल्पको त्यागले कामलाई, कामनाको त्यागले क्रोधलाई, अर्थमा अनर्थबुद्धि गरेर, लोभलाई र तत्त्व-चिन्तनले भयलाई जितोस् ॥ २२ ॥ अध्यात्मविद्याले शोक मोहलाई, महापुरुषको सेवाले दम्भलाई, मौनले योगका विघ्नलाई, शरीरको निश्चेष्टताले हिंसालाई, कृपाले आधिभौतिक दुःखलाई, समाधिले आधिदैविक वेदनालाई, योगबलले आध्यात्मिक कष्टलाई, आहारादिले निद्रालाई, सत्त्वगुणले रजोगुण र तमोगुणलाई र उपरतिले सत्त्वगुणलाई जितोस् । प्रत्येक पुरुष यी बाधालाई गुरुभक्ति द्वारा जित्न सक्छ ॥ २३-२५ ॥ हे राजन् ! ज्ञानदीपद्वारा प्रकाशदाता तथा साक्षात् भगवत्स्वरूप गुरुमा जुन व्यक्तिको 'यो मनुष्य हो' यस्तो दुर्बुद्धि हुन्छ, तिनको ज्ञान गज-स्नान झैं निरर्थक हुन्छ ॥२६॥ ठूला-ठूला योगेश्वर जसका चरण-कमलको खोजी गर्दछन् र जो प्रधान पुरुषका पनि स्वामी छन्, तिनै भगवान् सबैका गुरुदेव हुन् । जो तिनलाई मनुष्य मान्दछन्, ती भूल गर्दछन् ॥२७॥ हे राजन् ! सबै नियमको लक्ष्य यौटै छ र त्यो हो—छ इन्द्रिय (मन र पाँच ज्ञानेन्द्रिय) लाई जित्नु । यदि ती नियम योग अर्थात् धारण, ध्यान र समाधि आदिका साधक बन्न सकेन भने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रममात्र हुन् ॥ २८ ॥ जस्तै खेती आदि कार्य योगका साधक नभएर अनर्थरूपी संसारलाई बढाउँछन्, त्यस्तै–ईश्वरदेखि बहिर्मुख व्यक्तिका इष्टापूर्तादि सबै कर्मबन्धनका नै कारण बन्दछन् ॥ २९ ॥ हे धर्मराज ! जो व्यक्ति मनमा विजय पाउन चाहन्छन्, परिग्रह र संग त्यागेर संन्यास लिउन् र एकान्तमा एक्लै बसेर भिक्षा वृत्तिले प्राप्त स्वल्प भोजन गरोस् ॥३०॥ हे राजन् ! त्यो पुरुष सम्म भूमिमा आसन लगाई शरीर सोझो र स्थिर पारेर सुखले बसोस् र ॐकारको जप गरोस् ॥३१॥ जबसम्म त्यसको चित्रले सङ्कल्प-विकल्पको त्याग गर्दैन तबसम्म त्यो नासिकाको अग्रभागमा दृष्टि गाडेर पूरक, कुम्भक र रेचक प्राणायामद्वारा प्राण तथा अपान वायुको गति रोकोस् ॥३२॥ कामनाको वशमा भएर रुमलिँदै मन जहाँ-जहाँ जान्छ, बुद्धिमान् पुरुष त्यसलाई उहाँबाट फर्काई बिस्तार-बिस्तार आफ्नो हृदयमा रोकोस् ॥३२॥ निरन्तर अभ्यासशील योगीको मन केही दिनपछि काष्ठ हीन आगो झैं शान्त हुन्छ ॥३४॥ कामादि वासनाका क्षोभले रहित योगीको मन चञ्चल हुँदैन र ब्रह्मानन्दको अनुभव गरेर त्यस पुरुषका सबै वृत्ति शान्त हुन्छन् ॥ ३५ ॥ जो प्राणी संन्यासी

स्यान्निःसङ्गोऽपरिग्रहः ॥ एको विविक्तशरणो भिक्षुर्भिक्षामिताशनः ॥ ३० ॥ देशे शुचौ समे राजन्संस्थाप्यासनमात्मनः ॥ स्थिरं समं सुखं तस्मिन्ना-सीतर्ज्वङ्ग ओमिति ॥३१॥ प्राणापानौ संनिरुन्ध्यात्पूरकुम्भकरेचकैः ॥ यावन्मनस्त्यजेत्कामान्स्वनासाग्रनिरीक्षणः ॥ ३२ ॥ यतो यतो निःसरति मनः कामहतं भ्रमत् ॥ ततस्तत उपाहृत्य हृदि रुन्ध्याच्छनैर्बुधः ॥३३॥ एवमभ्यसतश्चित्तं कालेनाल्पीयसा यतेः ॥ अनिशं तस्य निर्वाणं यात्यनिन्धव-ह्निवत् ॥३४॥कामादिभिरनाविद्धं प्रशान्ताखिलवृत्ति यत् ॥ चित्तं ब्रह्मसुखस्पृष्टं नैवोत्तिष्ठेत कर्हिचित् ॥३५॥यः प्रव्रज्य गृहात्पूर्वं त्रिवर्गावपनात्पुनः ॥ यदि सेवेत तान्भिक्षुः स वै वान्ताश्यपत्रपः ॥३६॥ यैः स्वदेहः स्मृतोऽनात्मा मर्त्यो विट्कृमिभस्मसात् ॥ त एनमात्मसात्कृत्वा श्लाघयन्ति ह्यसत्तमाः ॥३७॥ गृहस्थस्य क्रियात्यागो व्रतत्यागो वटोरपि ॥ तपस्विनो ग्रामसेवा भिक्षोरिन्द्रियलोलता ॥ ३८॥ आश्रमापसदा ह्येते खल्वाश्रमविडम्बकाः ॥ देवमायाविमूढांस्तानुपेक्षेतानुकम्पया ॥३९॥ आत्मानं चेद्विजानीयात्परं ज्ञानधुताशयः ॥ किमिच्छन्कस्य वा हेतोर्देहं पुष्णाति लम्पटः ॥४०॥ आहुः शरीरं रथमिन्द्रियाणि हयानभीषून्मन इन्द्रियेशम् ॥ वर्त्मानि मात्रा धिषणां च सूतं सत्त्वं बृहद्बन्धुरमीशसृष्टम् ॥ ४१ ॥ अक्षं दशप्राणमधर्मधर्मौ

भएर पनि धर्म र कामका दाता गृहस्थाश्रम त्यागेर फेरि उनै गृहस्थ-धर्मादिको सेवन गर्दछ त्यो मानो आफ्नै वमन खानो भएको ठूलो निर्लज्ज पुरुष हो ॥३६॥ आफ्नो देहलाई अनात्मा, मरणशील र परिणाममा विष्ठा, कृमि र भस्म मान्ने मूढ नै फेरि उसको सहनी गर्छन् ॥ ३७ ॥ हे राजन् ! गृहस्थ पुरुषले कर्म त्याग्नू, ब्रह्मचारीले व्रत त्याग्नू, तपस्वीले गाउँमा बस्नू र संन्यासीले इन्द्रिय लोलुप हुनु–यी चारै थरि नीच कर्म हुन् र आफाफ्ना आश्रमको विडम्बना गर्छन् । ईश्वरी मायाले विमोहित यस्ता मूर्खप्रति दया गरेर सर्वदा तिनका प्रति उपेक्षा नै गर्दैरहोस् ॥ ३८-३९ ॥ जो आफ्नो आत्मालाई ब्रह्मस्वरूप मानिसकेको छ र आत्मज्ञानद्वारा जसका वासना क्षीण भएका छन् अनि त्यो पुरुष कुन इच्छा र के हेतु इन्द्रियलोलुप बनेर आफ्नो शरीर परिपुष्ट पार्ला ? ॥४०॥ पंडित जनको कथन छ–यो शरीर रथ हो, इन्द्रियाधिपति मन लगाम हो शब्दादि विषय मार्ग हुन् बुद्धि सारथी हो, चित्त विशाल बन्धन हो, दसै प्राण धुरा हुन् धर्म र अधर्म दुइ चक्का हुन् र अभिमानी जीव यस रथको रथी हो त्यस रथीको धनुष ॐकार, वाण बीज र लक्ष्य परब्रह्म हो

Lokanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै धनुषमा वाण राखेर लक्ष्यमा छाडिन्छ, त्यस्तै ॐकार जप गरेर मनलाई अन्तरात्मामा लीन गरिदेओस् ॥ ४१-४२ ॥ राग, द्वेष, लोभ शोक, मोह भय, मानापमान, असूया (ईर्ष्या), छल, मत्सर, हिंसा, प्रमाद, क्षुधा र निद्रा–यी तथा जीवका अरु पनि अनेक शत्रु छन् । रजोगुण, तमोगुण र सतोगुण पनि शत्रुभावले प्रकट देखिन्छ ॥४३॥४४॥ अतः जबसम्म जीव इन्द्रियादि सबै सामग्रीले युक्त र आफ्नो अधीन यो मानव देहरूपी रथ धारण गरेको छ, अनिमात्र गुरुजनका चरण-सेवाको तीक्ष्ण ज्ञानरूपी खड्ग लिएर श्रीअच्युत भगवान्‌का चरणको आश्रय लेओस् । यी शत्रुलाई नष्ट गरेर मात्र शान्त होओस् अनि आत्मानन्दमा मग्न रहेर शरीररूपी रथको पनि उपेक्षा गरिदेओस् ॥४५॥ नभए असत् इन्द्रियरूपी घोडा र बुद्धिरूपी सारथी रथका स्वामीरूपी जीवलाई कुबाटोमा लगेर विषयरूपी डाकाको हातमा सुम्पिदेलान् र ती डाका सारथी र घोडाको संगसंगै यसलाई मृत्युरूपी डरलाग्दो अन्धकारमय संसार-कूपमा धुचेटी दिनेछन् ॥४६॥ हे राजन् ! वैदिक कर्म दुइ प्रकारका हुन्छन्-प्रवृत्तिपरक र निवृत्तिपरक । कर्मद्वारा जन्म-मरण प्राप्त हुन्छ र निवृत्तिपरक कर्मले अमृत पाइन्छ॥४७॥

चक्रेऽभिमानं रथिनं च जीवम् ॥ धनुर्हि तस्य प्रणवं पठन्ति शरं तु जीवं परमेव लक्ष्यम् ॥४२॥ रागो द्वेषश्च लोभश्च शोकमोहौ भयं मदः ॥ मानोऽवमानोऽसूया च माया हिंसा च मत्सरः ॥४३॥ रजः प्रमादः क्षुन्निद्रा शत्रवस्त्वेवमादयः ॥ रजस्तमःप्रकृतयः सत्त्वप्रकृतयः क्वचित् ॥४४॥ यावन्नृकायरथमात्मवशोपकल्पं धत्ते गरिष्ठचरणार्चनया निशातम् ॥ ज्ञानासिमच्युतबलो दधदस्तशत्रुः स्वाराज्यतुष्ट उपशान्त इदं विजह्यात् ॥४५॥ नो चेत्प्रमत्तमसदिन्द्रियवाजिसूता नीत्वोत्पथं विषयदस्युषु निक्षिपन्ति ॥ ते दस्यवः सहयसूतममुं तमोऽन्धे संसारकूप उरुमृत्युभये क्षिपन्ति ॥ ४६ ॥ प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम् ॥ आवर्तेत प्रवृत्तेत निवृत्तेनाश्नुतेऽमृतम् ॥ ४७ ॥ हिंस्रं द्रव्यमयं काम्यमग्निहोत्राद्यशान्तिदम् ॥ दर्शश्च पूर्णमासश्च चातुर्मास्यं पशुः सुतः ॥४८॥ एतदिष्टं प्रवृत्ताख्यं हुतं प्रहुतमेव च ॥ पूर्तं सुरालयारामकूपाजीव्यादिलक्षणम् ॥ ४९ ॥ द्रव्यसूक्ष्मविपाकश्च धूमो रात्रिरपक्षयः ॥ अयनं दक्षिणं सोमो दर्श ओषधिवीरुधः ॥ ५० ॥ अन्नं रेत इति क्ष्मेश पितृयानं पुनर्भवः ॥ एकैकश्येनानुपूर्वं भूत्वा भूत्वेह जायते ॥ ५१ ॥ निषेकादिश्मशानान्तैः संस्कारैः संस्कृतो द्विजः ॥ इन्द्रियेषु क्रियायज्ञान् ज्ञानदीपेषु जुह्वति ॥५२॥ इन्द्रियाणि मनस्यूर्मौ

शास्त्रोक्त श्येनयागादि हिंसामय कर्म मानिन्छन् । अग्निहोत्र, दर्शमास, चातुर्मास, पशुयाग, सोमयाग, हुत (वैश्वदेव) र प्रहुत (बलिहरण) आदि द्रव्यमय कर्म 'इष्ट' कहिन्छन् । देवालय, बगैंचा, कूप र पौशाला निर्माण आदि 'आपूर्त' कर्म कहिन्छन् । यी सबै कर्म प्रवृत्तिपरक हुन्छन् । यदि यी सकामभावले गरिन्छन् भने अत्यन्त अशान्ति उत्पन्न गर्दछन् ॥४८-४९॥ हे राजन् । सबै प्रवृत्तिपरायण पुरुष चरु-पुरोडाशादि द्रव्यको सूक्ष्म भागले बनेको शरीर धारण गरी धूमाभिमानी देवगणकहाँ जान्छन् र क्रमशः रात्रि, कृष्णपक्ष तथा दक्षिणायनका अभिमानी देवताकहाँ गएर ती चन्द्रलोकमा पुग्दछन् । भोग समाप्त भएपछि त्यहाँबाट औंसीमा अदृश्य चन्द्रमा झैं क्षीण भएर ती पितृयान-मार्गबाट क्रमशः औषधि, लता, अन्न र वीर्यको रूपमा परिणत भएर फेरि संसारमा जन्म पाउँछन् । गर्भाधान संस्कारबाट लिएर श्मशान सम्मका संस्कृत द्विज इष्टापूर्तादि कर्मलाई ज्ञानले प्रकाशित इन्द्रियमा हवन गरिदिन्छ ॥५२॥ ती इन्द्रियलाई सङ्कल्परूपी मनमा, वैकारिक मनलाई वाणीमा, वाणीलाई वर्णसमुदायमा, वर्णसमुदायलाई अभय यी स्वररूपी ॐकारमा, ॐकार-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई विन्दुमा, विन्दुलाई नादमा, नादलाई सूत्रात्मास्वरूप प्राणमा, प्राणलाई ब्रह्ममा लीन गरिदिन्छ ॥५३॥ निवृत्तिपरायण ज्ञानी, अग्नि, सूर्य, दिन, सायंकाल, शुक्लपक्ष, उत्तरायण-का अभिमानी देवताकहाँ गएर ब्रह्मलोकमा पुग्दछ र भोग सकिएपछि स्थूलोपाधिक 'विश्व' मा आफ्नो स्थूल उपाधिलाई लीन गरेर सूक्ष्मोपाधि 'तैजस' स्वरूप हुन्छ। सूक्ष्म उपाधिलाई कारणमा लीन गरी 'प्राज्ञ' रूपमा स्थित हुन्छ र अन्त्यमा कारणोपाधि पनि लीन भएपछि त्यो सर्वसाक्षी 'तुरीय' रूपमा स्थित हुन्छ। यस प्रकार हिडेर त्यो क्रमशः मोक्षपद पाउँदछ॥५४॥यसैलाई देवयान-मार्ग भन्दछन्। यस मार्गको पथिक आत्मा पोषक र शान्तात्मा प्राणी क्रमशः अग्निआदिका अभिमानी देवतामा प्राप्त हुँदै आत्मस्वरूपमा स्थित हुन पुग्दछ। त्यो फेरि यस (जन्म-मरणरूपी) संसारमा आउन्न ॥५५॥ हे राजन्! जुन पुरुष शास्त्ररूपी नेत्रद्वारा पितृयान तथा देवयान नामक वेदोक्तमार्गहरूलाई देख्दछ, त्यो जन-समुदायमा रहेर पनि मोहग्रस्त हुँदैन ॥५६॥ किनकि अवाधरूपले शरीरको आदि अन्त्य, भित्र-बाहिर, अग्लो-होचो, ज्ञान-ज्ञेय, वचन वाच्य, अथवा अन्धकार एवं प्रकाशरूप

वाचि वैकारिकं मनः ॥ वाचं वर्णसमाम्नाये तमोङ्कारे स्वरे न्यसेत् ॥ ओङ्कारं बिन्दौ नादे तं तं तु प्राणे महत्यमुम् ॥ ५३ ॥ अग्निः सूर्यो दिवा प्राह्णः शुक्लो राकोत्तरं स्वराट् ॥ विश्वश्च तेजसः प्राज्ञस्तुर्य आत्मा समन्वयात् ॥ ५४ ॥ देवयानमिदं प्राहुर्भूत्वा भूत्वाऽनुपूर्वशः ॥ आत्मयाज्युपशा-न्तात्मा ह्यात्मस्थो न निवर्तते ॥ ५५ ॥ य एते पितृदेवानामयने वेदनिर्मिते ॥ शास्त्रेण चक्षुषा वेद जनस्थोऽपि न मुह्यति ॥ ५६ ॥ आदावन्ते जनानां सद्बहिरन्तः परावरम् ॥ ज्ञानं ज्ञेयं वचो वाच्यं तमो ज्योतिस्त्वयं स्वयम् ॥ ५७ ॥ आबाधितोऽपि ह्याभासो यथा वस्तुतया स्मृतः ॥ दुर्घटत्वादैन्द्रियकं तद्वदर्थविकल्पितम् ॥५८॥ क्षित्यादीनामिहार्थानां छाया न कतमाऽपि हि ॥ न सङ्घातो विकारोऽपि न पृथङ्नान्वितो मृषा ॥५९॥ धातवोऽवयवित्वाच्च तन्मात्रावयवैर्विना ॥न स्युर्ह्यसत्यवयविन्यसन्नवयवोऽन्ततः ॥ ६० ॥ स्यात्सादृश्यभ्रमस्तावद्विकल्पे सति वस्तुनः ॥ जाग्रत्स्वापौ यथा स्वप्ने तथा विधिनिषेधता ॥ ६१ ॥ भावाद्वैतं क्रियाद्वैतं द्रव्याद्वैतं तथात्मनः ॥ वर्तयन्स्वानुभूत्येह त्रीन्स्वप्नान्धुनुते मुनिः ॥ ६२ ॥ कार्य-कारणवस्त्वैक्यमर्शनं पटतन्तुवत् ॥ अवस्तुत्वाद्विकल्पस्य भावाद्वैतं तदुच्यते ॥ ६३ ॥ यद्ब्रह्मणि परे साक्षात्सर्वकर्मसमर्पणम् ॥ मनोवाक्तनुभिः

जुन वस्तु छ, त्यो त स्वयमेव ज्ञानी छ ॥५७॥ जस्तै प्रतिबिम्बादि आभास बाधित भएर पनि वास्तविक ज्ञात हुन्छन्, त्यस्तै नै इन्द्रियका विषय असम्भव भए पनि सत्यझैं देखिन्छन् ॥५८॥ पृथ्वी आदि पञ्चभूतको छायारूपिणी यो देह वस्तुतः ती भूतहरूका संघात, विकार र परिणाम केही पनि होइन, किनकि यो आफ्ना अवयवले न पृथक् छ, न तिनना अनुगत नै छ, अतः यो मिथ्या छ ॥५९॥ शरीरको कारण पञ्चभूत पनि अवयवी हुनाले अवयवस्वरूप नैं हुन् र अवयवी असत् सिद्ध भएपछि अन्ततः अवयव पनि असत् नै हुन्छन्॥६०॥ जबसम्म मनुष्यमा अविद्याद्वारा कल्पित वस्तुको विकल्प बनिरहन्छ, तबसम्म सादृश्य भ्रम पनि रहिरहन्छ। जस्तै स्वप्नमा कहिले जागृतितिर र कहिले स्वप्नकै प्रतीति हुन्छ, त्यस्तै नै शास्त्रका विधिनिषेध पनि स्वप्न झैं देखिन्छन् ॥६१॥ हे राजन्! भावाद्वैत, क्रियाद्वैत र द्रव्याद्वैतको विवेचन मुनि आत्मानुभव द्वारा जाग्रत, स्वप्न तथा सुषुप्तिरूपी तीनैथरि स्वप्नहरू अर्थात् अवस्थाहरूलाई त्यागिदिन्छन् ॥६२॥ जस्तै लुगा तन्तुरूप छ, त्यस्तै नै कार्य-कारणरूप वस्तु पनि यौटा नै रहन्छ, किनकि विकल्प वस्तुतः असत्य छ। यो विचार भावाद्वैत कहिन्छ

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।६३।। ! हे पार्थ ! मन, वाणी तथा शरीरद्वारा गरिने कर्म परब्रह्मलाई अर्पण गरिदिनु नै क्रियाद्वैत कहिन्छ ।।६४।। स्त्री, पुत्रादि तथा अन्य सबै प्राणीहरूका स्वार्थ र भोग-हरूको एकता गर्नु नै द्रव्याद्वैत कहिन्छ ।।६५।। हे राजन् ! जुन पुरुषलाई जुन द्रव्य जुन वेला, जुन उपायले र जसबाट ग्रहण गर्नु शास्त्र-विरुद्ध छैन भने त कुनै आपत्ति-काल नहुँदा पनि उसैद्वारा आफ्ना सबै कार्य सम्पन्न गरोस्–अरुद्वारा होइन ।।६६।। हे राजन् ! यी कर्महरूको अनुसार व्यवहार गर्दैरहनाले मनुष्य भगवद्भक्ति पाएर गृहस्थीमा रहेर पनि प्रभुको भक्ति प्राप्त गर्दछ । हे नरेन्द्र ! भगवान् कृष्णको कृपाले जसरी तिमी दुस्तर विपत्तिहरूलाई नाघिसकेका छौ र उनकै चरण-कमलको सेवाको प्रभावले जसरी तिमीले दिग्गज-सम्मलाई जितेर राजसूय आदि यज्ञ गर्‍यौ, त्यस्तै नै ती प्रभुको कृपाले तिमी संसार-सागरबाट पारी तर्न सक्नेछौ ।।६७।।६८।। हेराजन् ! गत महाकल्पमा म सबै गन्धर्वद्वारा सम्मानित उपबर्हण नामको यौटा गन्धर्व थिएँ ।।६९।। रूप, सुकुमारता, मधुरता तथा मनोहर सुगन्धले गर्दा मेरो दर्शन सबैलाई निकै प्रिय थियो । स्त्रीहरूलाई त म साह्रै नै मनपर्दथे । यसैले

पार्थ क्रियाद्वैतं तदुच्यते ॥ ६४ ॥ आत्मजायासुतादीनामन्येषां सर्वदेहिनाम् ॥ यत्स्वार्थकामयो रैक्यं द्रव्याद्वैतं तदुच्यते ॥६५॥ यद्यस्य वाऽनिषिद्धं स्याद्येन यत्र यतो नृप ॥ स तेनेहेत कर्माणि नरो नान्यैरनापदि ॥ ६६ ॥ एतैरन्यैश्च वेदोक्तैर्वर्तमानः स्वकर्मभिः ॥ गृहेऽप्यस्य गतिं यायाद्राजंस्त-द्भक्तिभाङ्नरः ॥६७॥ यथा हि यूयं नृपदेव दुस्त्यजादापद्गणादुत्तरतात्मनः प्रभोः ॥ यत्पादपंकेरुहसेवयाभवानहारषीनिर्जितदिग्गजः क्रतून् ॥६८॥ अहं पुराऽभवं कश्चिद्गन्धर्व उपबर्हणः ॥ नाम्नाऽतीते महाकल्पे गन्धर्वाणां सुसम्मतः ॥ ६९ ॥ रूपपेशलमाधुर्यसौगन्ध्यप्रियदर्शनः ॥ स्त्रीणां प्रियतमो नित्यं मत्तस्तु पुरुलम्पटः ॥ ७० ॥ एकदा देवसत्रे तु गन्धर्वाप्सरसां गणाः ॥ उपहूता विश्वसृग्भिर्हरिगाथोपगायने ॥ ७१ ॥ अहं च गायंस्तद्वि-द्वान्स्त्रीभिः परिवृतो गतः ॥ ज्ञात्वा विश्वसृजस्तन्मे हेलनं शेपुरोजसा ॥ याहि त्वं शूद्रतामाशु नष्टश्रीः कृतहेलनः ॥ ७२ ॥ तावद्दास्यामहं जज्ञे तत्रापि ब्रह्मवादिनाम् ॥ शुश्रूषयाऽनुषङ्गेण प्राप्तोऽहं ब्रह्मपुत्रताम् ॥ ७३ ॥ धर्मस्ते गृहमेधीयो वर्णितः पापनाशनः ॥ गृहस्थो येन पदवीमञ्जसा न्यासिनामियात् ॥ ७४ ॥ यूयं नृलोके बत भूरिभागा लोकं पुनाना मुनयोऽभियन्ति ॥ येषां गृहानावसतीति साक्षाद्गूढं परं ब्रह्म मनुष्यलिङ्गम् ॥ ७५ ॥ स वा अयं ब्रह्म महद्विमृग्यकैवल्यनिर्वाणसुखानुभूतिः ॥ प्रियः सुहृद्वः खलु मातुलेय आत्माऽर्हणीयो विधिकृद्गुरुश्च ॥ ७६ ॥ न यस्य

म नित्य उन्मत्त रहन्थें ।।७०।। एक समय प्रजापतिहरूले भगवान्‌को चरित्र गानको निम्ति देवयज्ञमा अनेक गन्धर्व तथा अप्सराहरूलाई डाके ।।७१।। थाहा पाएपछि म पनि अगणित स्त्रीहरूका साथै उन्मत्ततामले गाउँदै त्यहाँ पुगें । मेरो त्यो उच्छृङ्खलता देखेर प्रजापतिहरूले मलाई श्राप दिंदै भने—'तैंले हाम्रो अपमान गरिस् । यसै निम्ति तत्काल श्रीहीन भएर शूद्र योनिमा जा' ।।७२।। तदनुसार मैले तुरुन्त यौटी दासीको गर्भबाट जन्म लिए । तर त्यहाँ पनि ब्रह्मवादीहरूको सेवा र सत्सङ्ग गर्नाले म फेरि ब्रह्माजीको पुत्र हुन पुगें ।।७३।। हे राजन् ! मैले तिमीलाई यो पापनाशक गृहस्थ-धर्म सुनाएँ—यसको आचरण गरेर गृहस्थ पुरुष पनि अनायास संन्यासीहरूको गति पाउँछ ।।७४।। हे युधिष्ठिर ! साँच्चै नै तिमीहरू ठूलो भाग्यमानी छौ, किनकि तिम्रो घरमा मनुष्य रूपमा लुकेका साक्षात् परब्रह्म निवास गर्दछन् । अतएव आफ्नो दर्शनले लोकलाई पवित्र पार्ने मुनिजन सबै तिरबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमीकहाँ जान्छन् ॥ ७५ ॥ हे राजन् ! जसलाई महात्माहरू खोज्ने गर्दछन्, ती अद्वितीय र निरूपाधिक परमानन्दानुभवस्वरूप परब्रह्म नै तिम्रा प्रिय सुहृद् मामाका छोरा आत्मीय, पूज्य, आज्ञाकारी तथा गुरु भगवान श्रीकृष्ण हुनुहुन्छ ॥ ७६ ॥ अहो ! साक्षात् शिवजी र ब्रह्माजी आदि पनि ठीक-ठीक जसको स्वरूप वर्णन गर्न सकेनन् । हामीद्वारा भक्ति, मौन, र मनः संयमले पूजित ती भक्तवत्सल भगवान हामीमाथि प्रसन्न होउन् ॥७७॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! नारदजीको यो कथन सुनेर भरतवंशमा श्रेष्ठ राजा युधिष्ठिरले प्रेमविह्वल

साक्षाद्भवपद्मजादिभी रूपं धिया वस्तुतयोपवर्णितम् ॥ मौनेन भक्तयोपशमेन पूजितः प्रसीदतामेष स सात्वतां पतिः ॥७७॥ श्रीशुक उवाच ॥ इति देवर्षिणा प्रोक्तं निशम्य भरतर्षभः ॥ पूजयामास सुप्रीतः कृष्णं च प्रेमविह्वलः ॥ ७८ ॥ कृष्णपार्थावुपामन्त्र्य पूजितः प्रययौ मुनिः श्रुत्वा कृष्णं परं ब्रह्म पार्थः परमविस्मितः ॥ ७९ ॥ इति दाक्षायणीनां ते पृथग्वंशाः प्रकीर्तिताः ॥ देवासुरमनुष्याद्या लोका यत्र चराचराः ॥ ८० ॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायां सप्तमस्कन्धे प्रह्लादानुचरिते युधिष्ठिरनारदसंवादे सदाचारनिर्णयो नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

भएर अतिशय प्रसन्नतापूर्वक नारद मुनि र श्रीकृष्णचन्द्रको पूजा गरे ॥७८॥ त्यसपछि भगवान श्रीकृष्ण तथा युधिष्ठिरसित अनुमति लिएर उनीद्वारा नमस्कृत भई नारदजी हिंडे । श्रीकृष्णचन्द्र परब्रह्म परमात्मा हुन् । यो जानेर राजा युधिष्ठिर निकै विस्मित भए ॥ ७९ ॥ हे राजन् ! यसरी मैले तिमीलाई देव, दैत्य तथा मनुष्यादि सबै जीवहरूकी जननी दक्षकन्याहरूको भिन्न-भिन्न वंशहरूको वृत्तान्त भनेर सुनाएँ ॥ ८० ॥ श्रीमद्भागवते महापुराणे सप्तमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां पञ्चदशोऽध्यायः ॥१५॥

॥ इति समाप्तोऽयं सप्तम स्कन्धः ॥

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते सप्तमः स्कन्धः समाप्तः ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते अष्टमः स्कन्धः प्रारभ्यते।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः (चारै मन्वन्तरको वर्णन)–राजा परीक्षितले सोधे–हे गुरुवर ! जसले प्रजापतिहरूको वंशपरम्परा बलेथ्यो, ती स्वायम्भुव मनुको वंश मैले राम्ररी सुनें। अब अन्य मनुहरूको वृत्तान्त सुन्न चाहन्छु ॥१॥ हे ब्रह्मन् ! जुन प्रसङ्गमा महामहिम श्रीहरिको जन्म-कर्मको कविहरूले वर्णन गरेका हुनन्, त्यो सबै हामी श्रोताहरूलाई सुनाउनोस् ॥२॥ हे ब्रह्मन् ! विश्वभावन भगवान्ले विगत मन्वन्तरमा जुन-जुन कर्म गरे, वर्तमान मन्वन्तरमा जे गरिरहेका छन् र जुन अगाडि गर्ने छन्, त्यो सबै भन्नुहवस् ॥३॥ शुकदेवजी भन्नु हुन्छ हे राजन् ! यस कल्पमा स्वायम्भुव आदि छ मन्वन्तर बिते। तीमध्ये जसमा देवता आदि उत्पन्न भएथे, त्यो पहिलो मन्वन्तरको वृत्तान्त मैले तिमीलाई सुनाइसकें ॥४॥ स्वायम्भुवमनुकी पुत्री आकूति र देवहूतिको गर्भबाट भगवान् धर्म तथा ज्ञानको उपदेश दिनका लागि यज्ञपुरुषको रूपमा अवतार लिएका थिए ॥५॥ हे कौरव ! देवहूतिका तनय भगवान् कपिलको वर्णन त मैले पहिल्यै गरिसकें। अब भगवान् यज्ञपुरुषले जे गति गरेथे–त्यो भन्दछु ॥६॥ हे राजन ! शतरूपाका पति मनु सबै कामना र भोगबाट विरक्त भए र आफ्नो राज्य-पाठ

ॐ नमो भगवते वासुदेवाय ॥ राजोवाच ॥ स्वायम्भुवस्येह गुरो वंशोऽयं विस्तराच्छ्रुतः ॥ यत्र विश्वसृजां सर्गो मनून्यान् वदस्व नः ॥ १ ॥ यत्र यत्र हरेर्जन्म कर्माणि च महीयसः ॥ गृणन्ति कवयो ब्रह्मँस्तानि नो वद शृण्वताम् ॥ २ ॥ यद्यस्मिन्नन्तरे ब्रह्मन्भगवान्विश्वभावनः ॥ कृतवान्कुरुते कर्ता ह्यतीतेऽनागतेऽद्य वा ॥३॥ ऋषिरुवाच ॥ मनवोऽस्मिन्व्यतीताः षट् कल्पे स्वायम्भुवादयः ॥ आद्यस्ते कथितो यत्र देवादीनां च संभवः ॥४॥ आकूत्यां देवहूत्यां च दुहित्रोस्तस्य वै मनोः ॥ धर्मज्ञानोपदेशार्थं भगवान्पुत्रतां गतः ॥५॥ कृतं पुरा भगवतः कपिलस्यानुवर्णितम् ॥ आख्यास्ये भगवान् यज्ञो यच्चकार कुरूद्वह ॥ ६ ॥ विरक्तः कामभोगेषु शतरूपापतिः प्रभुः ॥ विसृज्य राज्यं तपसे सभार्यो वनमाविशत् ॥ ७ ॥ सुनन्दायां वर्षशतं पदैकेन भुवं स्पृशन् ॥ तप्यमानस्तपो घोरमिदमन्वाह भारत ॥ ८ ॥ मनुरुवाच ॥ येन चेतयते विश्वं विश्वं चेतयते न यम् ॥ यो जागर्ति शयानेऽस्मिन्नायं तं वेद वेद सः ॥ ९ ॥ आत्मावास्यमिदं विश्वं यत्किञ्चिज्जगत्यां जगत् ॥ तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ॥ १० ॥ यं न पश्यति पश्यन्तं चक्षुर्यस्य न रिष्यति ॥ तं भूतनिलयं देवं सुपर्णमुपधावत ॥ ११ ॥ न यस्याद्यन्तौ न मध्यं च स्वः परो नान्तरं बहिः ॥ विश्वस्यामूनि यद्यस्माद्विश्वं च तदृतं महत् ॥ १२ ॥ स विश्वकायः पुरुहूत ईशः सत्यः स्वयंज्योतिरजः पुराणः ॥ धत्तेऽस्य

त्यागेर तपस्या गर्न पत्नीसहित वनमा हिंडे ॥७॥ हे भारत ! त्यहाँ सुनन्दा नदीको तटमा केवल यौटा खुट्टाले उभिएर कठोर तप गर्दै ती भन्ने गर्दथे ॥८॥ ती मनुजी भन्दथे–जसबाट सारा विश्व चेतना प्राप्त गर्दछ, तर समस्त विश्व जसलाई सचेत गर्न सक्तैन। जो विश्व निदाए पछि पनि जागै रहन्छ। यो जगत् जसलाई जान्न सक्तैन, तर त्यो परमात्मा यस जगत्लाई राम्ररी जान्दछ। संसारका सबै जीवसमुदाय परमात्माले व्याप्त छ। अतः त्यस परमात्मालाई नै अर्पण गरेर धनादिको उपभोग गर्नुपर्दछ। आफ्नो वा विरानो कसैको पनि धनमा आसक्त हुनु हुँदैन। जुन सर्वसाक्षी ईश्वरलाई चक्षु आदि इन्द्रियहरू देख्न सक्तैनन् र जसको ज्ञान कहिले पनि क्षीण हुँदैन, ती सर्वान्तर्यामी तथा असङ्ग परमात्माको तिमी भजन गर ॥९–११॥ जसको आदि, अन्त्य, मध्य, आफ्नो-विरानो र बाहिर-भित्र केही पनि छैन, तर जो स्वयं जगत्को

सबै हो । जसले यो सारा जगत् उत्पन्न भएको छ, त्यही सत्य र पूर्णब्रह्म हो ॥१२॥ ती परमात्मा विश्वरूप नाउँ हुने ईश्वर, सत्यरूप, अजन्मा र पुरातन छ । त्यो आफ्नी माया-शक्तिद्वारा नै जगत्‌को रचना, पालनादि कार्य गर्दछ । त्यो आफ्नो नित्यसिद्ध ज्ञानशक्तिले आसक्ति त्यागेर सधैं निरीह भावमा स्थित रहन्छ॥१३॥ अतः सबै मुनि पनि नैष्कर्म्य सिद्धिको निम्ति कर्म गर्दछन्, किनकि निष्काम कर्म गर्ने पुरुष नै निरीह (※त्यागी) हुन सक्तछ ॥ १४ ॥ भगवान् पनि कर्म गर्दछन्, किन्तु आत्मलाभले सदैव पूर्णकाम हुनाले नै ती त्यसमा आसक्त हुँदैनन् । त्यसै प्रकार उनका अनुयायी पुरुष पनि कर्ममा आसक्त हुँदैनन् ॥१५॥ अहो ! जुन ज्ञानवान, अहङ्कार रहित तथा पूर्णकाम हुनाले निष्काम

जन्माद्यजयाऽऽत्मशक्त्या तां विद्ययोदस्य निरीह आस्ते ॥१३॥ अथाग्रे ऋषयः कर्माणीहन्तेऽकर्महेतवे ॥ ईहमानो हि पुरुषः प्रायोऽनीहां प्रपद्यते ॥१४॥ ईहते भगवानीशो नहि यत्र विषज्जते ॥ आत्मलाभेन पूर्णार्थो नावसीदन्ति येऽनु तम् ॥ १५ ॥ तमीहमानं निरहंकृतं बुधं निराशिषं पूर्णम-नन्यचोदितम् ॥ नॄन् शिक्षयन्तं निजवर्त्मसंस्थितं प्रभुं प्रपद्येऽखिलधर्मभावनम् ॥१६। श्रीशुक उवाच ॥ इति मंत्रोपनिषदं व्याहरन्तं समाहितम् ॥ दृष्ट्वाऽसुरा यातुधाना जग्धुमभ्यद्रवन्क्षुधा ॥१७॥ तांस्तथाऽवसितान् वीक्ष्य यज्ञः सर्वगतो हरिः ॥ यामैः परिवृतो देवैर्हत्वाऽशासत्त्रिविष्टपम् ॥१८॥ स्वारोचिषो द्वितीयस्तु मनुरग्नेः सुतोऽभवत् ॥ द्युमत्सुषेणरोचिष्मत्प्रमुखास्तस्य चात्मजाः ॥ १९ ॥ तत्रेन्द्रो रोचनस्त्वासीद्देवाश्च तुषितादयः ॥

रहन्छन् र कुनै अन्यद्वारा प्रेषित हुँदैनन्, जो अन्यलाई अर्ति दिनको निम्ति आफ्नो बाटोमा स्थित भएर कर्मको राम्ररी आचरण गर्दछन्, ती परमेश्वरको म शरणमा छु॥१६॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! यस प्रकार मनुलाई एकाग्र चित्तले तन्त्रोपनिषद्‌को उच्चारण गर्न लागेका देखेर भोकले व्याकुल असुर, राक्षस तिनलाई खान त्यहाँ आए ॥१७॥ सर्वान्तर्यामी भगवान् यज्ञपुरुष तिनको त्यस्तो विचार जानेर याम नामक देवताहरूका साथै त्यहाँ आएर असुरहरूको संहार गरी स्वर्गको शासन गर्नलागे ॥१८॥ हे राजन् ! ती स्वायंभुव मनुपछि अग्निपुत्र स्वारोचिष नामका दोस्रा मनु भए । तिनका, द्युमान्, सुषेण र रोचिष्मान् आदि पुत्र थिए ॥१९॥ त्यो स्वारोचिष मन्वन्तरमा रोचन नामक इन्द्र, तुषित आदि

※ दृष्टान्त (योग्य त्यागी)—एकपल्ट व्यासजीले शुकदेवलाई जनकजीकहाँ उपदेश लिन पठाए । शुकदेवले राजाको द्वारमा गएर आफू आएको सूचना पठाए । जनकजीले–हेरौं इनलाई रिस उठ्छ कि उठ्दैन–यस्तो विचार गरेर भन्न पठाए–'अहिले त्यहीं पर्खिरहुन् ।' तीन घण्टासम्म शुकदेवजी ढोकामै उभिइरहे तर तिनलाई अलिकति पनि रिस उठेन । अनि राजा जनक स्वयं आएर उनलाई भित्र लगे । शुकदेवजीले भित्र गएर देखे–बस्नको लागि स्वर्णसिंहासन राखिएको छ । साथै ऐश्वर्यका सबै सामग्री उपस्थित छ । सेवाको लागि दासीहरूको अभाव छैन । शुकदेवले विचार गरे–'जुन राजा यस प्रकारका भोग-विलासमा मग्न छ, त्यो म त्यागीलाई के उपदेश दिन सक्ला ?' त्यसै बेला यौटा सेवक कराउँदै आयो र राजासित भन्नलाग्यो—'महाराज ! नगरमा आगो लागेको छ र त्यो राजभवनसम्म पनि आइसक्यो । यदि चाँडै नै उपाय नगरे राजभवन पनि भस्म हुनेछ।' जनकजी आत्तिएनन् साधारण बसिरहे, तर शुकदेवले भने–'महाराज ! द्वारमा मेरो दण्ड,कमण्डलु राखेको छ । म लिएर जाउँछु, नत्र त्यो पनि डढ्नेछ ।' त्यति सुन्नासाथ जनकजीले भने–'अनन्तवत्तु मे वित्तं यन्मे नास्ति हि किञ्चन । मिथिलायां प्रदग्धायां न मे दह्यति किञ्चन ॥' अर्थात् 'आत्मारूपी धन अनन्त छ, त्यसको नाश हुन सक्तैन । यो बलिरहेको मिथिलापुरीमा मेरो केही पनि डढ्न सक्तैन ।' यति सुनेपछि शुकदेवजीले बुझे–जनकजीको भनाई सत्य हो । घर त्यागेर नै कोही त्यागी बन्न सक्तैन ! गृहस्थाश्रममा रहेर नै जो राजा जनकको जस्तै पदार्थहरूमा अनासक्त छ, त्यही योग्य र सच्चा त्यागी हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवता तथा वेदवादी ऊर्जस्तम्भ आदि सप्तर्षिगण थिए ।।२०।। मुनिवर वेदशिराकी तुषिता नामकी पत्नी थिइन् । त्यस बखत तिनको गर्भबाट भगवान्‌ले विभुनामले प्रसिद्ध भएर अवतार लिएर ।। २१ ।। हे राजन् ! कौमार्य अवस्थादेखि नै ब्रह्मचर्यव्रती र यम-नियमादि साधनले युक्त अठासी हजार ऋषिहरूले ती विभुको आचरणलेनै व्रतको दीक्षा लिए ।।२२।। हे राजन् ! महाराज प्रियव्रतका छोरा उत्तम तेस्रा मनु थिए । उनका पवन, सृञ्जय तथा यज्ञहोत्रादि छोरा भए ।।२३।। वसिष्ठका प्रमद आदि पुत्र त्यस मन्वन्तरमा सप्तर्षि थिए । सत्य, वेदश्रुत, नामक देवता र सत्यजित् नामका इन्द्र थिए ।।२४।। त्यस समय धर्मकी सूनृता पत्नीबाट भगवान् पुरुषोत्तमले सत्यसेन नामले विख्यात भएर आफ्ना सत्यव्रत सहित अवतार लिएर ।।२५।। देवराज सत्यजित्‌का सखा भएर उनले असत्यपरायण, दुःशील र असत्स्वभाव हुने यक्ष-राक्षस एवं प्राणीहरूका द्रोही सबै जीवहरू नष्ट पारिदिएका थिए ।।२६।। उत्तमका भाई

ऊर्जस्तम्भादयः सप्त ऋषयो ब्रह्मवादिनः ।। २० ।। ऋषेस्तु वेदशिरसस्तुषिता नाम पत्न्यभूत् ।। तस्यां जज्ञे ततो देवो विभुरित्यभिविश्रुतः ।।२१।। अष्टाशीतिसहस्राणि मुनयो ये धृतव्रताः ।। अन्वशिक्षन्व्रतं तस्य कौमारब्रह्मचारिणः ।। २२ ।। तृतीय उत्तमो नाम प्रियव्रतसुतो मनुः ।। पवनः सृञ्जयो यज्ञहोत्राद्यास्तत्सुता नृप ।। २३ ।। वसिष्ठतनयाः सप्त ऋषयः प्रमदादयः ।। सत्यवेदश्रुता भद्रा देवा इन्द्रस्तु सत्यजित् ।। २४ ।। धर्मस्य सूनृतायां तु भगवान्पुरुषोत्तमः ।। सत्यसेन इति ख्यातो जातः सत्यव्रतैः सह ।।२५।। सोऽनृतव्रतदुःशीलानसतो यक्षराक्षसान् ।। भूतद्रुहो भूतगणांस्त्ववधीत्सत्यजित्सखः ।। २६ ।। चतुर्थ उत्तमभ्राता मनुर्नाम्ना च तामसः ।। पृथुः ख्यातिर्नरः केतुरित्याद्या दश तत्सुताः ।। २७ ।। सत्यका हरयो वीरा देवास्त्रिशिख ईश्वरः ।। ज्योतिर्धामादयः सप्त ऋषयस्तामसोऽन्तरे ।। २८ ।। देवा वैधृतयो नाम विधृतेस्तनया नृपः ।। नष्टाः कालेन यैर्वेदा विधृताः स्वेन तेजसा ।। २६ ।। तत्रापि जज्ञे भगवान्हरिण्यां हरिमेधसः ।। हरिरित्याहृतो येन गजेन्द्रो मोचितो ग्रहात् ।। ३० ।। राजोवाच ।। बादरायण एतत्ते श्रोतुमिच्छामहे वयम् ।। हरिर्यथा गजपतिं ग्राहग्रस्तममूमुचत् ।।३१।। तत्कथासु महत्पुण्यं धन्यं स्वस्त्ययनं शुभम् ।। यत्र यत्रोत्तमश्लोको भगवान्गीयते हरिः ।।३२।। सूत उवाच ।। परीक्षितैवं स तु बादरायणिः प्रायोपविष्टेन कथासु चोदितः ।। उवाच विप्राः प्रतिनन्द्य पार्थिवं मुदा मुनीनां सदसि स्म शृण्वताम् ।।३३।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे मन्वन्तरानुचरिते प्रथमोऽध्यायः ।।१।।

तामस नामका चतुर्थ मनु भए । उनका पृथु, नर तथा केतु आदि दस पुत्र भए ।।२७।। तामस मन्वन्तरमा सत्यक, हरि, वीर नामक देवता र त्रिशिख इन्द्र तथा ज्योतिर्धामादि सप्तर्षि भए ।।२८।। हे राजन् ! त्यस मन्तरमा विधृति नामका केही अरु पनि देवता भए, उनले कालक्रमद्वारा नष्ट वेदहरूको आफ्नो तेजले रक्षा गरे ।।२९।। त्यसै बखत हरिमेधा ऋषिकी भार्या हरिणीबाट भगवान्‌ले 'हरि' अवतार लिएर गजलाई ग्राहबाट मुक्त पारेका थिए ।।३०।। राजा परीक्षितले सोधे–हे व्यासतनय ! श्रीहरिले त्यो गजलाई जसरी छुटाए, त्यो चरित्र म हजुरको मुखबाट सुन्न खोज्दछु ।।३१।। किनकि सबै कथामा त्यो प्रसङ्ग परम पवित्र, धन्य, मङ्गलकारी र शुभ हुन्छ, जसमा पवित्रकीर्ति हरिको गुण-गान रहन्छ ।।३२।। सूतभन्दछन्– हे विप्र हो ! अन्न-जल त्याग गरेर बसेका राजा परीक्षित द्वारा यस प्रकार प्रेरित भएर शुकदेवजी कथा-श्रवणेच्छुक मुनिहरूको समूहमा राजा परीक्षितको प्रशंसा गर्दै भन्दछन्–।।३३।।

CC-0. Digitized by eGangotri and MDI - Delhi

इति श्रीमद्भागवते महापुराणे अष्टमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां प्रथमोऽध्यायः ॥ १ ॥

(गजराज ग्राहद्वारा पक्रिनु)–श्रीशुकदेव भन्दछन्—हे राजन् ! क्षीरसागरले परिवेष्ठित 'त्रिकूल' नामले विख्यात एउटा पर्वत थियो । त्यो निकै राम्रो र दस हजार योजन अग्लो थियो ॥ १ ॥ विस्तारमा पनि त्यों सबैतिरबाट उतिनै फैलिएको थियो । त्यो आफ्नो सुन, चाँदी र फलामका तीन शिखरले समुद्र, दिशा र आकाशलाई अलंकृत पारेको थियो ॥२॥ विविध प्रकारका रत्न तथा धातुहरूले चित्रित शृङ्ग, थरि-थरिका वृक्ष, लता, गुल्म र छहराहरूका निनादले सबै दिशाहरूलाई मुखरित पारिरहेको थियो ॥३॥ मूल प्रदेशमा क्षीरसागरको दुग्धमयी तरङ्गले पखालिएर त्यो हरितवर्णका मरकतमयी शिलाहरूले पृथ्वीलाई श्यामल वर्णकी बनाइरहेको थियो ॥४॥ क्रीडासक्त सिद्ध चारण, विद्याधर, नाग किन्नर र अप्सराहरूले त्यसका कन्दरा सुशोभित रहन्थे ॥ ५॥ तिनका गान-वाद्यको ध्वनिले कन्दराहरू प्रतिध्वनित भइरहन्थे र त्यस प्रदेशका निवासी सिंह अर्को सिंह आउने शंकाले ईर्ष्या र

श्रीशुक उवाच ॥ आसीद्गिरिवरोराजंस्त्रिकूट इति विश्रुतः ॥ क्षीरोदेनावृतः श्रीमान्योजनायुतमुच्छ्रितः ॥१॥ तावता विस्तृतः पर्यक् त्रिभिः शृङ्गैः पयो-
निधिम् ॥ दिशः खं रोचयन्नास्ते रौप्यायसहिरण्मयैः ॥२॥ अन्यैश्च ककुभः सर्वा रत्नधातुविचित्रितैः ॥ नानाद्रुमलतागुल्मैर्निर्घोषैर्निर्झराम्भसाम् ॥३॥
स चावनिज्यमानांघ्रिःसमन्तात्पयऊर्मिभिः ॥ करोति श्यामलां भूमिं हरिन्मरकताश्मभिः ॥४॥ सिद्धचारणगन्धर्वविद्याधरमहोरगैः ॥ किन्नरैरप्सरोभिश्च
क्रीडद्भिर्जुष्टकन्दरः ॥५॥ यत्र संगीतसन्नादैर्नदद्गुहममर्षया ॥ अभिगर्जंति हरयः श्लाघिनः परशंकया ॥६॥ नानारण्यपशुव्रातसंकुलद्रोण्यलंकृतः ॥
चित्रद्रमसुरोद्यानजलकण्ठविहङ्गमः ॥७॥ सरित्सरोभिरच्छोदैः पुलिनैर्मणिवालुकैः ॥ देवस्त्रीमज्जनामोदसौरभाम्ब्वनिलैर्युतः ॥ ८ ॥ तस्य द्रोण्यां
भगवतो वरुणस्य महात्मनः ॥ उद्यानमृतुमन्नाम आक्रीडं सुरयोषिताम् ॥९॥ सर्वतोऽलंकृतं दिव्यैर्नित्यं पुष्पफलद्रुमैः ॥ मन्दारैः पारिजातैश्च पाटला-
शोकचम्पकैः ॥१० ॥ चूतैः प्रियालैः पनसैराम्रैराम्रातकैरपि ॥ क्रमुकैर्नारिकेलैश्च खर्जूरैर्बीजपूरकैः ॥११॥ मधूकैः सालतालैश्च तमालैरसनार्जुनैः ॥
अरिष्टोदुम्बरप्लक्षैर्वटैः किंशुकचन्दनैः ॥ १२ ॥ पिचुमन्दैः कोविदारैः सरलैः सुरदारुभिः ॥ द्राक्षेक्षुरम्भाजम्बूभिर्बदर्यक्षाभयामलैः ॥ १३ ॥ बिल्वैः
कपित्थैर्जम्बीरैर्वृतो भल्लातकादिभिः ॥ तस्मिन्सरः सुविपुलं लसत्काञ्चनपङ्कजम् ॥ १४ ॥ कुमुदोत्पलकह्लारशतपत्रश्रियोर्जितम् ॥ मत्तषट्पदनिर्घुष्टं

असहिष्णुतावश सधैं गर्जिरहन्थे ॥६॥ त्यस पर्वतका कन्दराहरूमा विविध जङ्गली जीवका समूह निवास गरेर त्यसको शोभा बढाइरहेका थिए । अनेक थरिका वृक्षले संकुलित देवोद्यानान हरूमा पक्षी मधुर ध्वनि गर्दथे ॥७॥ विमल जलले भरिएका र तटमा मणिमयी वालुवाले सुशोभित अनेक नदी तथा तलाउ थिए । त्यहाँको जल-वायु देवाङ्गनाहरूको अवगाहनले सधैं आमोदित रहन्थ्यो ॥ ८ ॥ त्यस पर्वतको गुफामा वरुणजीको 'ऋतुमान्' नामको यौटा सुरम्य बगैचा थियो, जुन देवाङ्गनाहरूको क्रीडाभूमि थियो । त्यो सदैव फल-फूलले सुशोभित रहन्थ्यो । मन्दार, पारिजात, पाटल, चम्पक, अशोक, प्रियाल, आम्र, आम्रातक, क्रमुक, नरिवल, खजूर, बिजौरा, मधूक, साल, ताल, ताल, तमाल असन, अर्जुन, अरिष्ट, उदुम्बर, पाकरी वर, किंशुक, चन्दन, पिचुमन्द, सरल देवदारू, दाख, उखु, केरा, जामुनु, बयर, बर्रो, हर्रो, अमला, बेल, कपित्थ, कागती, भलायो आदिका वृक्षहरूले त्यो बगैंचा भरिएको थियो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यही पर्वतमा यौटा सुनौलो कमलहरूले भरिएको सरोवर थियो ॥ ९-१४ ॥ कुमुद, उत्पल, कल्हार र शतपत्रादिले त्यसको शोभा वर्ता वढेको थियो । उन्मत्त भ्रमर कलखकारी विहङ्गम सधैं बोल्दै रहन्थे । त्यो सरोवर हंस, कारण्डव, चक्रवाक, तथा सारसादिले पूर्ण एवं जलकुक्कुट, कोयष्टि तथा चखेवा आदिले कूजित रहन्थ्यो ॥१५-१६॥ त्यसको स्वच्छ जल कल्लोल गर्दै माछा तथा कछुआको धक्काले हल्लने कमल पुष्पबाट झरेका केसरले युक्त कदम्ब, वेत, नरकट, नीप तथा वञ्जुल आदिले आवेष्टित थियो ॥१७॥ त्यो सरोवरको तटमा उम्रेका कुन्द, कुरवक, अशोक शिरीष, कुटज, इन्दुक, कुब्जक (सुनौला जूही) नाग, पुन्नाग, मल्लिका, शतपत्र, माधवी र आलक आदि वृक्ष तथा सबै ऋतुका तरुवरहरूले शोभायमान थियो ॥ १८॥१९ ॥ एक दिन त्यही पर्वतको वनमा बस्ने यौटा यूथपति गजराज, जसको गन्धमात्रले सिंह, व्याघ्र, हात्ती, सर्प, मृग, गैडा, नाग तथा काला-खैरा रङ्गका सरभ र चमरी गाई आदि जङ्गली जीव डराएर भाग्दथे । त्यसको कृपाले सुँगुर, राँगो, भालु, ब्वाँसो, गोपुच्छ, कुकुर, वानर, हरिण र खरायो आदि क्षुद्र जीव निर्भय भावले डुल्दै

शकुन्तैश्चकलस्वनैः ॥ १५ ॥ हंसकारण्डवाकीर्णं चक्राह्वैः सारसैरपि ॥ जलकुक्कुटकोयष्टिदात्यूहकुलकूजितम् ॥ १६ ॥ मत्स्यकच्छपसञ्चारचलत्पद्मरजःपयः ॥ कदम्बवेतसनलनीपवंजुलकैर्वृतम् ॥ १७ ॥ कुन्दैः कुरबकाशोकैः शिरीषैः कुटजेङ्गुदैः ॥ कुब्जकैः स्वर्णयूथीभिर्नागपुन्नागजातिभिः ॥ १८ ॥ मल्लिकाशतपत्रैश्च माधवीजालकादिभिः ॥ शोभितं तीरजैश्चान्यैर्नित्यर्तुभिरलं द्रुमैः ॥ १९ ॥ तत्रैकदा तद्गिरिकाननाश्रयः करेणुभिर्वारणयूथपश्चरन् ॥ सकण्टकान्कीचकवेत्रवद्विशालगुल्मं प्ररुजन्वनस्पतीन् ॥ २० ॥ यद्गन्धमात्राद्धरयो गजेन्द्रा व्याघ्रादयो व्यालमृगाः सखड्गाः ॥ महोरगाश्चापि भयाद्द्रवन्ति सगौरकृष्णाः शरभाश्चमर्यः ॥ २१ ॥ वृका वराहा महिषर्क्षशल्या गोपुच्छसालावृकमर्कटाश्च ॥ अन्यत्र क्षुद्रा हरिणाः शशादयश्चरन्त्यभीता यदनुग्रहेण ॥ २२ ॥ स घर्मतप्तः करिभिः करेणुभिर्वृतो मदच्युत्कलभैरनुद्रुतः ॥ गिरिं गरिम्णा परितः प्रकम्पयन्निषेव्यमाणोऽलिकुलैर्मदाशनैः ॥२३॥ सरोऽनिलं पंकजरेणुरूषितं जिघ्रन्विदूरान्मदविह्वलेक्षणः ॥ वृतः स्वयूथेन तृषार्दितेन तत्सरोवराभ्याशमथागमद्द्रुतम् ॥२४॥ विगाह्य तस्मिन्नमृतांबु निर्मलं हेमारविन्दोत्पलरेणुवासितम् ॥ पपौ निकामं निजपुष्करोद्धृतमात्मानमद्भिः स्नपयन्गतक्लमः ॥२५॥ स्वपुष्करेणोद्धृतसीकरांबुभिर्निपाययन्संस्नपयन्यथा गृही ॥ घृणी करेणूः कलभांश्च दुर्मदो नाचष्ट कृच्छ्रं कृपणोऽजमायया ॥२६॥ तं तत्र कश्चिन्नृप दैवचो-

रहन्थे । पर्वबाट त्यस सरोवरका कमल केसरले सुशोभित पवनको गन्ध सुँघेर आफ्नी ढोईहरूसित डुल्दै-फिर्दै काँढा, हिलो, बाँस, वेत तथा ठूला-ठूला झाडीहरू किच्दै-मिच्दै आफ्ना गजयूथ सहित त्यो त्यस तडागको तटमा आयो । त्यस गजको कपोलबाट मद चुहिरहेको थियो र त्यो घामबाट आत्तिएको थियो । त्योसित धेरै हात्ती र ढोईहरूथिए । तिनका बच्चा पछि-पछि दगुर्दै थिए । त्यो आफ्नो दम्काले सारा पर्वत थर्काइरहेथ्यो । मदका लोभी मधुकर समूह त्यसको गण्डस्थलमा टाँसिइरहन्थे र त्यस गजका नेत्र मदले विह्वल भइरहेका थिए ॥२०-२४॥ त्यहाँ गएर त्यो सरोवरमा पस्यो र नुहायो । श्रमहीन भएर त्यसले आफ्नू सूँढले सरोवरको पहेंलो र रातो कमलको केसरले सुरभित सुधा झैं सुस्वादु जल पेटभरि पियो ॥२५॥ अनि त्यो गजराज गृहस्थ पुरुष जस्तै मोहग्रस्त भई सूँढको अग्रभागले जलको फुहारा छाडी-छाडी साथका ढोईहरू र बच्चाहरूलाई नुहाउन र जल प्याउन लाग्यो ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर भगवान्‌को मायाले मोहित त्यो उन्मत्त गजराजले आउनलागेको महाकष्ट जान्न सकेन ॥२६॥ हे राजन् ! त्यसै बखत दैवेच्छाले यौटा महाबलवान् ग्राहले रोषपूर्वक त्यसको खुट्टा समायो अकस्मात् विपत्तिग्रस्त भएपछि गजराजले ग्राहको मुखबाट खुट्टा फुस्काउने भएभरको सबै शक्ति लगायो, तर सफल भएन । आफ्नो यूथपतिको अतिबलवान् ग्राह-द्वारा बलपूर्वक तानिनाले व्याकुल भएको देखेर नगीचै उभिएका अन्य हात्ती र ढोईहरू अति आतुर भएर गर्जन लागे, किन्तु ती पनि त्यस सङ्कटबाट निकाल्नमा समर्थ भएनन् ॥२७-२८॥ हे राजन् ! ती महाबली गजराज तथा ग्राहले परस्पर युद्ध गर्दै र यौटाले अर्कोलाई जल भित्र र बाहिर तान्दा-तान्दै एक हजार वर्ष बित्यो । यसले देवताहरूलाई पनि ठूलो विस्मय भयो ॥२९॥ धेरै दिनसम्म पानीभित्र बारम्बार तानिनाले शिथिल गजराजको उत्साह बल तथा तेज बिस्तार-बिस्तार क्षीण हुन लाग्यो र त्यो जलचर ग्राहको निम्ति सबै कुरा त्यसको विपरी भए (अर्थात् त्यसको बल यस संघर्षले झन् बढ्दै गयो) ॥३०॥ अब जगराजमाथि प्राणसंकट उपस्थित भयो र त्यो आफूलाई मुक्त पार्न सर्वथा असमर्थभयो अनि धेरै समयसम्म विचरा

दितो ग्राहो बलीयांश्चरणे रुषाऽग्रहीत् ॥ यदृच्छयैवं व्यसनं गतो गजो यथाबलं सोऽतिबलो विचक्रमे ॥२७॥ तथातुरं यूथपतिं करेणवो विकृष्यमाणं तरसा बलीयसा ॥ विचक्रुशुर्दीनधियोऽपरे गजाः पार्ष्णिग्रहास्तारयितुं न चाशकन् ॥२८॥ नियुध्यतो रेवमिभेन्द्रनक्रयोर्विकर्षतोरन्तरतो बहिर्मिथः ॥ समाः सहस्रं व्यगमन्महीपते सप्राणयोश्चित्रममंसतामराः ॥२९॥ ततो गजेन्द्रस्य मनोबलौजसां कालेन दीर्घेण महानभूद्व्ययः ॥ विकृष्यमाणस्य जलेऽवसीदतो विपर्ययोऽभूत्सकलं जलौकसः ॥ ३० ॥ इत्थं गजेन्द्रः स यदाऽऽप सङ्कटं प्राणस्य देही विवशो यदृच्छया ॥ अपारयन्नात्मविमोक्षणे चिरं दध्याविमां बुद्धिमथाभ्यपद्यत ॥३१॥ न मामिमे ज्ञातय आतुरं गजाः कुतः करिण्यः प्रभवन्ति मोचितुम् ॥ ग्राहेण पाशेन विधातुरावृतोऽप्यहं च तं यामि परं परायणम् ॥ ३२ ॥ यः कश्चनेशो बलिनोऽन्तकोरगात्प्रचण्डवेगादभिधावतो भृशम् ॥ भीतं प्रपन्नं परिपाति यद्भयान्मृत्युः प्रधावत्यरणं तमीमहि ॥ ॥३३॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे मन्वन्तरानुवर्णने गजेन्द्रोपाख्याने द्वितीयोऽध्यायः ॥२॥

श्रीशुक उवाच ॥ एवं व्यवसितो बुद्ध्या समाधाय मनो हृदि ॥ जजाप परमं जाप्यं प्राग्जन्मन्यनुशिक्षितम् ॥१॥ गजेन्द्र उवाच ॥ ॐनमो भगवते तस्मै यत एतच्चिदात्मकम् ॥ पुरुषायादिबीजाय परेशायाभिधीमहि ॥२॥ यस्मिन्निदं यतश्चेदं येनेदं य इदं स्वयम् ॥ योऽस्मात्परस्ताच्च परस्तंप्रपद्ये

गरेर यस निश्चयमा पुग्यो ॥ ३१ ॥ अहो ! दैवप्रेरित यस ग्राहरूपी पाशमा परेर अत्यन्त आतुर मलाई जब यी मेरा साथी हातीले नै उतार्न सकेनन्, अनि ढोईहरू कसरी मुक्त पार्न सक्नन् ? अतः अब म सबैका परमाश्रय ती श्रीहरिको शरण पर्छु ॥ ३२-३३ ॥ इति श्रीमद्भागवते महापुराणे अष्टमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः ॥ २ ॥

(गजेन्द्रले भगवान् श्रीहरिको स्तुति गरेर मुक्त हुनु)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! यस्तो निश्चय गरेर गजेन्द्रले आफ्नो मन हृदयदेशमा स्थिर पार्‍यो र आफ्नो पूर्वजन्ममा सिकेको यो अत्यन्त श्रेष्ठ स्तोत्र पढ्न लाग्यो ॥ १ ॥ गजेन्द्रले भन्यो—यस शरीरलाई जसबाट चेतना प्राप्त हुन्छ, ती जागत्‌का आदिकारण परपुरुष भगवान्‌लाई म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमस्कार र स्मरण गर्दछु ॥२॥ सारा जगत् जसमा स्थित छ, यो जसबाट उत्पन्न भएको छ, जसले व्याप्त छ, जो स्वयमेव जगत् छन् र जो कार्य-कारणरूप जगत्भन्दा पनि पर छन्, ती भगवान् स्वयम्भूको म शरणमा छु ॥३॥ जसको दृष्टि कहिल्यै सुप्त हुँदैन, ती प्रभु आफ्नो मित्र र आफ्नी माया द्वारा स्थापित कहिले प्रकट, कहिले तिरोहित हुने भएका यी कार्य-कारण स्वरूप प्रपञ्चलाई साक्षी रूपले सधैं देखिरहन्छन् । कालक्रमले सबै लोक, लोकपाल र जगत्का कारणहरू नष्ट भएपछि, जब अति गहन र गम्भीर अन्धकार मात्र शेष रहन्छ, तब जो सर्वव्यापक भगवान् अन्धकारको पारिपट्टि विराजमान छन्, ती आत्मयोनि प्रभु मलाई बचाउन् ॥४॥५॥ अहो ! देवता र ऋषि पनि जसको स्वरूप जान्दैनन्, उनलाई अरु प्राणी कसरी जान्न वा भन्न सक्तछ ? विविध भेषधारी नट झैं विचित्र चेष्टाशील र दुर्गम लीलाधारी प्रभु मेरो उद्धार गरुन् ॥ ६ ॥ जसको स्वरूप देख्नको निम्ति सबै जीवका आत्मा, सुहृद्, असङ्ग तथा साधु स्वभाव मुनिजन वनमा बसेर अखण्ड भावले ब्रह्मचर्यादि व्रत पालन गर्दछन्, ती भगवान् मेरा गति हुन् ॥७॥ जसको जन्म-कर्म, नाम-रूप तथा गुण-दोषादि केही पनि

स्वयम्भुवम् ॥३॥ यः स्वात्मनीदं निजमाययाऽर्पितं क्वचिद्विभातं क्व च तत्तिरोहितम् ॥ अविद्धदृक्साक्ष्युभयं तदीक्षते स आत्ममूलोऽवतु मां परात्परः ॥ ४ ॥ कालेन पंचत्वमितेषु कृत्स्नशो लोकेषु पालेषु च सर्वहेतुषु ॥ तमस्तदाऽऽसीद्गहनं गभीरं यस्तस्य पारेऽभिविराजते विभुः ॥५॥ न यस्य देवा ऋषयः पदं विदुर्जन्तुः पुनः कोऽर्हति गन्तुमीरितुम् ॥ यथा नटस्याकृतिभिर्विचेष्टतो दुरत्ययानुक्रमणः स माऽवतु ॥ ६ ॥ दिदृक्षवो यस्य पदं सुमङ्गलं विमुक्तसङ्गा मुनयः सुसाधवः ॥ चरन्त्यलोकव्रतमव्रणं वने भूतात्मभूताः सुहृदः स मे गतिः ॥ ७ ॥ न विद्यते यस्य च जन्म कर्म वा न नामरूपे गुणदोष एव वा ॥ तथापि लोकाप्ययसम्भवाय यः स्वमायया तान्यनुकालमृच्छति ॥ ८ ॥ तस्मै नमः परेशाय ब्रह्मणेऽनन्तशक्तये ॥ अरूपायोरुरूपाय नम आश्चर्यकर्मणे ॥ ९ ॥ नम आत्मप्रदीपाय साक्षिणे परमात्मने ॥ नमो गिरां विदूराय मनसश्चेतसामपि ॥ १० ॥ सत्त्वेन प्रतिलभ्याय नैष्कर्म्येण विपश्चिता ॥ नमः कैवल्यनाथाय निर्वाणसुखसंविदे ॥ ११ ॥ नमः शान्ताय घोराय मूढाय गुणधर्मिणे ॥ निर्विशेषाय साम्याय नमो ज्ञानघनाय च ॥ १२ ॥ क्षेत्रज्ञाय नमस्तुभ्यं सर्वाध्यक्षाय साक्षिणे ॥ पुरुषायात्ममूलाय मूलप्रकृतये नमः ॥ १३ ॥ सर्वेन्द्रियगुणद्रष्ट्रे सर्वप्रत्ययहेतवे ॥ असतां छाययोक्ताय सदाभासाय ते नमः ॥ १४ ॥ नमो नमस्तेऽखिलकारणाय निष्कारणाद्भुतकारणाय ॥ सर्वागमाम्नायमहार्णवाय नमोऽपव-

हुँदैन, तापनि लोकहरूको रचना र प्रलयार्थ जो आफ्नी मायाले समयानुसार तिनलाई अंगीकार गरिलिन्छन्, ती अनन्त शक्तिसम्पन्न, आश्चर्यकर्मा र रूपाहित भएर पनि अनेक रूपधारी परब्रह्म परमेश्वरलाई बारम्बार प्रणाम छ ॥८॥९॥ जो स्वयं प्रकाशशील, सबैका साक्षी र चित्तबाट पनि टाढा छन्, ती परमात्मालाई अनेकशः प्रणाम छ ॥१०॥ जो संन्यास मार्ग द्वारा शुद्ध चित्तमा उपलब्ध हुन्छन्, ती निर्वाणानन्दानुभवरूपी मोक्षपतिलाई नमस्कार छ ॥११॥ जो शान्त, घोर, मूढरूप तथा सत्वादि गुणहरूको धर्मको अनुसरण गर्दछन्, ती निर्विशेष सर्वत्र समान भावले स्थित तथा विज्ञानघन परमात्मालाई नमस्कार गर्दछु ॥ १२ ॥ जो क्षेत्रज्ञ, सर्वाध्यक्ष, साक्षी, सबैभन्दा पहिलेदेखि विद्यमान, जीवका आदिकारण र मूल प्रकृतिका पनि उद्भवस्थान छन्, ती प्रभुलाई मेरो नमस्कार छ ॥१३॥ जो सबै इन्द्रियका विषयहरूलाई देख्दछन्, जो सबै प्रतीतीहरूका कारण छन्, छायारूपी असत् अहङ्कारादि द्वारा जसको सत्ता

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टिगोचर हुन्छ र जो सबै वस्तुहरूमा प्रकाशित हुन्छन्, त्यस्ता हजुरलाई प्रणाम छ ॥१४॥ जो सबैका कारण, कारणरहित तथा अद्भुत कारणस्वरूप हुन्, जो सबै वेद र शास्त्र हरूका महासागर, मोक्षस्वरूप र श्रेष्ठ पुरुषका आधार हुन्, त्यस्ता हजुरलाई प्रणाम छ ॥१५॥ जो गुणरूपी अरणिमा ज्ञानाग्निस्वरूप छन्, गुण-क्षोभले नै जसमा मनःस्फूर्ति हुन्छ, आत्मतत्त्वको भावनाले विधि-निषेधरूपी शास्त्रको उपेक्षा गरिदिने ज्ञानीहरूका प्रति जो स्वयं प्रकाशमय हुन्छन्, यस्ता हजुरलाई म नमस्कार गर्दछु ॥१६॥ जो मजस्ता शरणागत पशुपरूका पनि

र्गाय परायणाय ॥ १५ ॥ गुणारणिच्छन्नचिदूष्मपाय तत्क्षोभविस्फूर्जितमानसाय ॥ नैष्कर्म्यभावेन विवर्जितागमस्वयंप्रकाशाय नमस्करोमि ॥ १६ ॥ मादृक्प्रपन्नपशुपाशविमोक्षणाय मुक्ताय भूरिकरुणाय मनोलयाय ॥ स्वांशेन सर्वतनुभृन्मनसि प्रतीतप्रत्यग्दृशे भगवते बृहते नमस्ते ॥ १७ ॥ आत्मात्मजाप्तगृहवित्त जनेषु सक्तैर्दुष्प्रापणाय गुणसङ्गविवर्जिताय ॥ मुक्तात्मभिः स्वहृदये परिभाविताय ज्ञानात्मने भगवते नम ईश्वराय ॥ १८ ॥ यं धर्मकामार्थविमुक्तिकामा भजन्त इष्टां गतिमाप्नुवन्ति ॥ किं त्वाशिषो रात्यपि देहमव्ययं करोतु मेऽदभ्रदयो विमोक्षणम् ॥ १९ ॥ एकान्तिनो यस्य न

*सहायक छन्, जो मुक्तस्वरूप अति करुणामय तथा आलस्यहीन छन्, आफ्ना अंशले सबै देहधारीहरूका अन्तःकरणमा प्रतीयमान ती अपरिच्छिन्न तथा अन्तर्यामी भगवान्लाई प्रणाम छ ॥१७॥ जो देह, पुत्र, स्वजन, गृह, धन तथा सेवकादिमा आसक्त चित्त पुरुषलाई दुष्प्राप्य तथा गुणसंगले रहित छन् र जीवन्मुक्त पुरुषद्वारा हृदयमा सम्झिन्छन्, ती ज्ञानस्वरूप भगवान्लाई नमस्कार छ ॥१८॥ धर्म, अर्थ, काम र मोक्षका इच्छुक पुरुष जसलाई भजेर अभीष्ट गति प्राप्त गर्दछन् र जो प्रभु उनलाई त्रिविध भोग र बलियो शरीर दिन्छन्,

* उदाहरण (जसको ईश्वर सहायता गर्दछ, त्यसको कसैले पनि हानि गर्न सक्तैन)—कुनै ग्राममा यौटा ब्राह्मण बस्तथे। एक दिन ती राजाको दरबारमा पुगे। तिलक-चन्दन लगाएका ब्राह्मणलाई देखेर राजाले यी कुनै विद्वान् पुरुष होलान् भन्ने ठाने, अनि सोधे–'हे ब्राह्मण ! मेरो मुठीमा के छ ?' ब्राह्मणले भने—'सारा देशको हालत म के जानौं !' राजाले त्यस कुराको अर्थ यस्तो लगाए–समस्त देश नै हजुरको मुठीमा छ। अनि म सबैको हालत कसरी भन्न सक्छु। त्यसै दिनदेखि राजाले ब्राह्मणको सम्मान गर्नलागे। यो कुरा अन्य दरबारीहरूलाई कत्ति पनि मनपरेन। ती दरबारीहरू ब्राह्मणको कुभलो चिताउन लागे। ती ब्राह्मणलाई राजा दृष्टिबाट खसाल्ने विचार गरेर तिनीहरूले ब्राह्मणसित भने–'आज जब राजा आउँछन्, तब तिमी तिनको शिरको मुकुट झिकिदिनु।' विचरा ब्राह्मण साह्रै सोझा थिए। छक्का-पंजा केही पनि जान्दैनथे। राजा जब दरबारमा आए तब तिनले राजाको मुकुट झिकिदिए। दैवसंयोग मुकुटबाट यौटा सर्पको बच्चा निस्कियो। राजा ब्राह्मणको त्यस कामले निकै प्रसन्न भए र पहिले भन्दा पनि बर्ता सम्मान गर्नलागे। दरबारीहरूले अर्को उपाय सोचे। ब्राह्मणलाई भने–'आज राजा साहब दरबारमा आएपछि उनलाई एकान्तमा लगेर उनलो टाउको हातले मुसार्नु।' ब्राह्मणले त्यस्तै गरे। ब्राह्मणले राजालाई एकान्तमा लैजाने बित्तिकै महलको एक भाग अकस्मात् भत्कियो। त्यसमा धेरै व्यक्ति थिचिए। राजाले ब्राह्मणलाई प्राण रक्षक ठानेर धेरै बिर्ता दिए। यौटा मूर्ख ब्राह्मणले धन र बिर्ता पाएको देखेर दरबारीहरूले खप्न सकेनन्। अतएव तिनले ब्राह्मणलाई न्यूराउन यौटा अर्को उपाय झिके। तदनुसार राजासित दरबारीहरूले झूठो कुरा भने—'हे महाराज ! यो ब्राह्मण शिकार खेल्न निकै सिपालु छ। हजुर ब्राह्मणलाई लिएर एक दिन शिकार खेल्न पाल्नुहोस्।' भोलिपल्ट शिकार खेल्ने तयारी भयो। राजाले ब्राह्मणलाई पनि संगै जाने आज्ञा दिए। विचरा ब्राह्मण यौटा भाला र रामको नाम लिई हिंड्यो। बनमा यौटा सिंह देखियो। सबै जना यता उता भाग्नलागे। ब्राह्मणले अरु कुनै उपाय नदेखी दगुर्दै यौटा रुखमा चढ्यो सिंह त्यही रुखभनि आएर गर्जन लाग्यो। ब्राह्मण डरले काम्नलाग्यो। कामेको हुनाले हातबाट भाला तल खस्यो। सिंहले माथितिर मुख गरेको थियो, अतः भाला त्यसको मुखमा पस्यो। त्यस चोटले सिंह झन घुमेर पल्टियो र मर्‍यो। राजा साहेबले ठाने–अवश्य ब्राह्मण शिकार खेल्नमा कुशल छन्, नभए सिंहलाई कसरी मारे ? अब ब्राह्मण पहिले भन्दा पनि बर्ता सम्मानको योग्य मानिन लागे। तात्पर्य–'भाग्यं फलति सर्वत्र न विद्या न च पौरुषम्।' भाग्यमा छैन भने पुरुषार्थ र विद्याले पनि केही गर्न सक्तैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती परम दयालु प्रभु मलाई यस महासंकटबाट छुटाउन् ।। १९ ।। संसारका भगवत्परायण तथा अनन्य भक्त जसका अद्भुत र मङ्गलमय चरित्रहरूको गान गर्दै परमानन्दको समुद्रमा भएर केही पनि इच्छा गर्दैनन्, ती अविनाशी परमेश्वर, अव्यक्त, आत्मज्ञानले ज्ञेय, अतीन्द्रिय, सूक्ष्म, अति पर, अनन्त, आद्य एवं परिपूर्ण परब्रह्मको म स्तुति गर्दछु ।।२०-२१।। जसका अति सूक्ष्म अंश र नाम-रूपका भेदले ब्रह्मादि देवताहरू, सबै वेद तथा चराचर लोकहरूको सृष्टि भएको छ ।।२२।। जस्तै अग्निको ज्वाला र सूर्यको किरण सर्वदा अग्नि र सूर्यबाट नै निस्कन्छन् र उनैमा लय हुन्छन् । त्यस्तै नै जसबाट बुद्धि, मन तथा शरीरका गुणहरूको प्रवाह हुँदै रहन्छ, ती भगवान् देवता, असुर, मनुष्य, तिर्यक्, स्त्री, नपुंसक, पुरुष तथा जीव केही पनि होइनन्, फेरि न त ती गुण, कर्म सत् अथवा असत् नै छन् । अतः सबैले निषेध गरिदिंदा पनि जो निषेधावधिरूपले शेष रहिरहन्छन् ती सर्वरूप परमेश्वरको जय होस् ।।२३-२४।। म यस ग्राहको मुखबाट छुटेर बाँची रहन चाहन्न, किनकि बाहिर-भित्र सबैतिर अज्ञानले ढाकिएको हात्तीको योनिमा मेरो के लाभ हुन्छ ! म त आत्म-प्रकाशलाई ढाकिदिने अज्ञानबाट

कञ्चनार्थं वाञ्छन्ति ये वै भगवत्प्रपन्नाः ।। अत्यद्भुतं तच्चरितं सुमङ्गलं गायन्त आनन्दसमुद्रमग्नाः ।। २० ।। तमक्षरं ब्रह्म परं परेशमव्यक्तमाध्यात्मिकयोगगम्यम् ।। अतीन्द्रियं सूक्ष्ममिवातिदूरमनन्तमाद्यं परिपूर्णमीडे ।। २१ ।। यस्य ब्रह्मादयो देवा वेदा लोकाश्चराचराः ।। नामरूपविभेदेन वल्ग्व्य च कलया कृताः ।। २२ ।। यथाऽर्चिषाग्नेः सवितुर्गभस्तयो निर्यान्ति संयान्त्यसकृत्स्वरोचिषः ।। तथा यतोऽयं गुणसंप्रवाहो बुद्धिर्मनःखानि शरीरसर्गः ।।२३।। स वै न देवासुरमर्त्यतिर्यङ् न स्त्री न षण्ढो न पुमान्न जन्तुः ।। नायं गुणः कर्म न सन्न चासन्निषेधशेषो जयतादशेषः ।।२४।। जिजीविषे नाहमिहामुया किमन्तर्बहिश्चावृतयेभयोन्या ।। इच्छामि कालेन न यस्य विप्लवस्तस्यात्मलोकावरणस्य मोक्षम् ।। २५ ।। सोऽयं विश्वसृजं विश्वमविश्वं विश्ववेदसम् ।। विश्वात्मानमजं ब्रह्म प्रणतोऽस्मि परं पदम् ।। २६ ।। योगरन्धितकर्माणि हृदि योगविभाविते ।। योगिनो यं प्रपश्यन्ति योगेशं तं नतोऽस्म्यहम् ।। २७ ।। नमो नमस्तुभ्यमसह्यवेगशक्तित्रयायाखिलधीगुणाय ।। प्रपन्नपालाय दुरन्तशक्तये कदिन्द्रियाणामनवाप्यवर्त्मने ।।२८।। नायं वेद स्वमात्मानं यच्छक्त्याऽहंधिया हतम् ।। तं दुरत्ययमाहात्म्यं भगवन्तमितोऽस्म्यहम् ।।२९।। श्रीशुक उवाच ।। एवं गजेन्द्रमुपवर्णितनिर्विशेषं ब्रह्मादयो विविधलिङ्गभिदाभिमानाः ।। नैते यदोपससृपुर्निखिलात्मकत्वात्तत्राखिलामरमयो हरिराविरासीत् ।। ३० ।। तं तद्वदार्त्तमुपलभ्य

मुक्त हुन खोजिरहेको छु, जसको कालले पनि अन्त्य गर्न सक्तैन ।। २५ ।। संसारबाट मुक्त हुनको इच्छुक म ती परब्रह्मको शरणमा छु, जो समस्त विश्वका रचयिता, विश्वरूप, विश्वातीत, विश्वस्वरूप सामग्रीले कौतुक गर्ने भएका, विश्वका अन्तरात्मा छन् ।।२६।। योगाभ्यासले दग्धकर्मा योगीजन जसको आफ्नो योग विशुद्ध अन्तःकरणमा साक्षात्कार गर्दछन् ती योगेश्वरलाई प्रणाम छ ।।२७।। असह्य वेगमयी तीन शक्तिहरूले सम्पन्न, इन्द्रियहरूका शब्दादि गुण-रूपले प्रतीयमान, शरणागतका रक्षक र अजितेन्द्रिय पुरुष जसको प्राप्तिको बाटो फुकाउन सक्तैनन्, ती अनन्त-शक्ति सम्पन्न भगवान्लाई प्रणाम छ ।।२८।। यो जीव जसको मायाले उत्पन्न अहं-बुद्धिद्वारा आत्मस्वरूपलाई जान्न सक्तैन, ती दुस्तर महिमामय प्रभुलाई प्रणाम छ ।।२९।। शुकदेव भन्नुहुन्छ—हे राजन् ! गजेन्द्रले यसरी निर्विशेषभावले स्तुति गरेपछि जब भिन्न-भिन्न रूपका अभिमानी ब्रह्मादि देवताबाट कोही पनि उसलाई मुक्त पार्न

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएनन्, अनि सर्वरूपमय तथा सर्वदेवमय हरि स्वयं प्रकट भए ॥३०॥ गजेन्द्रलाई अत्यन्त आर्त देखेर तथा उनको स्तोत्र सुनेर जगन्निवास श्रीहरि, देवमय, गरुड़मा सवार भएर हातमा चक्ररूपी आयुध लिएर स्तुति गरिहेका देवताहरूको सामुन्ने, जहाँ गजेन्द्र थियो, उहीं शीघ्र पुगे ॥३१॥ सरोवरभित्र महाबली ग्राहद्वारा ग्रस्त तथा आर्त गजराजले जब आकाशबाट चक्रधारी श्रीहरिलाई गरुड़मा चढेर आउन लागेका देख्यो तब आफ्नो सूँढमा यौटा कमल-पुष्प लियो र त्यसलाई मास्तिर उचालेर ठूलो*दुःखले भन्यो–'हे नारायण ! हे अखिल-

जगन्निवासः स्तोत्रं निशम्य दिविजैः सह संस्तुवद्भिः ॥ छन्दोमयेन गरुडेन समुह्यमानश्चक्रायुधोऽभ्यगमदाशुयतो गजेन्द्रः ॥३१॥ सोऽन्तः सरस्युरुबलेन गृहीत आर्तो दृष्ट्वा गरुत्मति हरिं ख उपात्तचक्रम् ॥ उत्क्षिप्य साम्बुजकरं गिरमाह कृच्छ्रान्नारायणाखिलगुरो भगवन्नमस्ते ॥ ३२ ॥ तं वीक्ष्य पीडितमजः सहसाऽवतीर्य सग्राहमाशु सरसः कृपयोज्जहार: ॥ ग्राहाद्विपाटितमुखादरिणा गजेद्रं संपश्यतां हरिरमूमुचदुछ्रियाणम् ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे अष्टमस्कन्धे गजेन्द्रमोक्षणे तृतीयोऽध्यायः ॥३॥

गुरो ! हे भगवन् ! हजुरलाई प्रणाम छ ॥३२॥ गजेद्रलाई पीडित देखेर अजन्मा हरि गरुडको गति मन्द देखेर हाम्फाली कृपापूर्वक दगुरेर आफ्नो हातले ग्राहसहित गजलाई बाहिर झिकेर सबै देवताहरूको समक्ष श्रीहरिले सुदर्शन चक्रले ग्राहको मुख फोरेर गजराजलाई घुटाउनुभयो ॥३३॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां तृतीयोऽध्यायः ॥३॥

दृष्टान्त (विपत्तिमा जसको बुद्धि ठेगानमा रहन्छ, त्यसले अनेक कष्टदेखि निस्कन सक्तछ)—कुनै नदीको किनारमा जामुनोको वृक्षमाथि यौटा वानर बस्तथ्यो। त्यो नित्य पाके पाकेका जामुन खाने गर्दथ्यो। यौटा ग्राहले वानरलाई देखेर भन्यो—'मित्र ! रुख हल्लाइदेउ, पानीमा केही जामुनो खस्छन्, अनि म पनि खाउँला।' वानरले रुख हल्लादियो र ग्राहले खूब जामुनो खायो। यसै गरी ग्राह नित्य जामुनो खानको निम्ति रुखमनि आउने गर्दथ्यो। यहँदस्वरता दुवैको गहीरो मैत्री भयो। एक दिन ग्राहले आफ्नी पत्नीको निम्ति पनि अलिकति जामुनो लगिदियो। ग्राहिनीले जामुन खाएर ग्राहसित भनी—'यो अमृत झैं मीठो फल तपाईंले कहाँबाट ल्याउनु भयो ?' ग्राहले वानरसितको मित्रताको कुरा सबै सुनाइदियो। अनि उसले भनी—'जुन वानर यस्तो मीठो फल दिनहुँ खान्छ त्यसको कलेजो निकै स्वादिष्ट होला। अतः तिमी मेरो निम्ति त्यसको कलेजो ल्याइदेऊ।' ग्राहले धेरै बुझायो तर पत्नीले मानिन। अतएव ग्राह वानरलाई फकाएर नदीमा ल्याउनको निम्ति उसको नजीकै गएर भन्यो–'मित्र ! म त सधैं तिमीकहाँ आउँछु। तर तिमी कहिले पनि मेरो घर जाँदैनौ। यो कुरा मित्रताको रीतिको विपरीत छ। तिमी कृपा गरेर आज मेरो घर हिंड। तिम्री भाउज् तिमीलाई हेर्न उत्कण्ठित छ।' वानरले भन्यो–'म पानीमा कसरी हिंड्न सक्नेछु।' उसले भन्यो– मेरो पिठिउँमा बस, म तिमीलाई घर लिएर जान्छु।' वानरले स्वीकार गर्‍यो। तर वानरलाई आफ्नो पिठिउँमा बसालेर जब नदीको माझमा लग्यो, तब भन्न लाग्यो-मित्र ! मैले आफ्नी पत्नीको कुरा मानेर तिम्रो कलेजा लिनको लागि यो चाल चलेको हुँ। आज मेरी स्त्री तिमीलाई मारेर तिम्रो कलेजा खान्छे।' यति कुरा सुन्नासाथ वानरले आफ्नो मनमा विचार गर्‍यो—मैले राम्रो गरीन, यो विजातीमा विश्वास गरे, तर यो पश्चात्तापले अब केही लाभ छैन। बरू अब प्राण बँच्ने कुनै कति झिक्नु पर्‍यो। वानरले यति बिचार गरेर ग्राहसित भन्यो–'मित्र ! यस्तो भए तिमीले मलाई पहिले नै किन भनेनौ ? मैले त कलेजो झिकेर त्यहीं रुखमा झुण्ड्याइदिएको छु। त्यसैले म यौटा हाँगाबाट अर्को हाँगामा हाम्फाल्दै रहन्छु। अब मलाई छेउमा पुर्‍याउ, म कलेजो लिउँ, अनि तिम्री पत्नीकहाँ जाउँला।' ग्राहले त्यस्तै गर्‍यो। वानर किनारमा पुगेर रुखमा चढ्यो। ग्राहले भन्यो—मित्र ! छिटै आउ, अबेर भइरहेको छ।' वानरले भन्यो–'हे मूर्ख ! कसैले आफ्नो कलेजा पनि झिकेर रुखमा झुण्ड्याउन सक्छ ? जा, अब म तेरो जालमा अल्झने होइन। आजदेखि तैंले जामुनो पनि पाउन्नस्। ग्राह विचरा फर्केर गयो—समुत्पन्नेषु कार्येषु बुद्धिर्यस्य न हीयते, स एव दुर्गं तरति जलस्थो वानरो यथा।' अर्थात्—जसको बुद्धि मौकामा नष्ट हुँदैन, त्यो त्यसै प्रकार बाँच्दछ, जसरी जलमा स्थित त्यो बाँदर बचेको थियो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(गज र ग्राहको पूर्वजन्मको वृत्तान्त र तिनको उद्धार)---शुकदेवजी भन्दछन्–हे राजन् ! भगवान्‌को यो लीला देखेर ब्रह्मा, शिव र अरु देवता, ऋषि र गन्धर्व भगवान्‌को भक्तवत्सलताको प्रशंसा गर्दै उनमाथि पुष्प-वर्षा गर्नलागे ॥१॥ स्वर्गमा दिव्य दुन्दुभीहरू बज्नलागे र गन्धर्व नाच्न-गाउन थाले। उता ऋषि, चारण तथा सिद्धगण पुरुषोत्तम भगवान्‌को स्तुति गर्नलागे ॥२॥ हे राजन् ! त्यो ग्राह पूर्वजन्ममा गन्धर्वश्रेष्ठ हूहू थियो। अब भगवत्-करस्पर्शले उसले महात्मा देवलको श्रापबाट मुक्त भएर तुरुन्त आश्चर्यपूर्ण र दिव्य शरीर धारण गऱ्यो। त्यसपछि कीर्तनीय गुण एवं चरित्र हुने, कीर्तिधाम, उत्तमश्लोक र अविनाशी जगदीश्वरलाई उसले प्रणाम गरेर उनको पुनीत सुयश गाउन लाग्यो। भगवान्‌को कृपा-प्राप्त गरेर हूहूले उनको परिक्रमा गरेर सबैको समक्ष भगवान्‌लाई प्रणाम गरी तथा सबै पाप नष्ट पारेर आफ्नो लोकमा गयो ॥३-५॥ भगवान्‌का बाहुको स्पर्श पाएर गजराज पनि अज्ञानरूपी बन्धनबाट मुक्त भयो र पीताम्बरधारी चतुर्भुज स्वरूप धारण गरेर भगवान्‌को सारूप्यमा प्राप्त भयो ॥६॥ त्यो गजेन्द्र पूर्वजन्ममा पाण्ड्य-देशको 'इन्द्रद्युम्न' नामक सम्राट् थियो। उस

श्रीशुक उवाच ॥ तदा देवर्षिगन्धर्वा ब्रह्मेशानपुरोगमाः ॥ मुमुचुः कुसुमासारं शंसन्तः कर्म तद्धरेः ॥१॥ नेदुर्दुन्दुभयो दिव्यागन्धर्वाननृतुर्जगुः ॥ ऋषयश्चारणाः सिद्धास्तुष्टुवुः पुरुषोत्तमम् ॥२॥ योऽसौ ग्राहः स वै सद्यः परमाश्चर्यरूपधृक् ॥ मुक्तो देवलशापेन हूहूर्गन्धर्वसत्तमः ॥३॥ प्रणम्य शिरसाऽधीशमुत्तमश्लोकमव्ययम् ॥ अगायत यशोधाम कीर्तन्यगुणसत्कथम् ॥ ४ ॥ सोऽनुकम्पित ईशेन परिक्रम्य प्रणम्य तम् ॥ लोकस्य पश्यतो लोकं स्वमगान्मुक्तकिल्बिषः ॥५॥ गजेन्द्रो भगवत्स्पर्शाद्विमुक्तोऽज्ञानबन्धनात् ॥ प्राप्तो भगवतो रूपं पीतवासाश्चतुर्भुजः ॥ ६ ॥ स वै पूर्वमभूद्राजा पाण्ड्यो द्रविडसत्तमः ॥ इन्द्रद्युम्न इति ख्यातो विष्णुव्रतपरायणः ॥७॥ स एकदाराधनकाल आत्मवान्गृहीतमौनव्रतईश्वरं हरिम् ॥ जटाधरस्तापस आप्लुतोऽच्युतां समर्चयामास कुलाचलाश्रमः ॥८॥ यदृच्छया तत्र महायशा मुनिः समागमच्छिष्यगणैः परिश्रितः ॥ तं वीक्ष्य तूष्णीमकृतार्हणादिकं रहस्युपासीनमृषिश्चुकोप ह ॥९॥ तस्मा इमं शापमदादसाधुरयं दुरात्माऽकृतबुद्धिरद्य ॥ विप्रावमन्ता विशतां तमोऽन्धं यथा गजःस्तब्धमतिःसएव ॥१०॥ श्रीशुक उवाच ॥ एवं शप्त्वा गतोऽगस्त्यो भगवान्नृप सानुगः ॥ इंद्रद्युम्नोऽपि राजर्षिर्दिष्टं तदुपधारयन् ॥११॥आपन्नःकौञ्जरींयोनिमात्मस्मृतिविनाशिनीम् ॥ हर्यर्चनानुभावेन यद्गजत्वेऽप्यनुस्मृतिः ॥१२॥ एवं विमोक्ष्य गजयूथपमब्जनाभस्तेनापि पार्षदतिं गमितेन युक्तः ॥ गन्धर्वसिद्धविबुधैरुपगीय-

जन्ममा त्यो विष्णु भगवान्‌का अनन्य उपासक र द्रविडजातिमा सर्वश्रेष्ठ राजा थियो ॥ ७ ॥ एक दिन त्यो राजा जटा बढाएर तपस्यामा लीन रहेर मलयपर्वतको आफ्नो आश्रममा स्नान गरेर मौनावलम्बनपूर्वक अच्युत परमेश्वर श्रीहरिको उपासना गर्दै थिए ॥८॥ त्यसै बेला आफ्ना शिष्यगणसहित यशस्वी मुनिवर अगस्त्य त्यहाँ आइपुगे। उनले देखे–मेरो पूजन सत्कार आदि नगरेर राजा चुपचाप बसेका छन्–ती राजामाथि रिसाए ॥९॥ मुनिले तिनलाई श्राप दिंदै भने–तँ असाधु, दुरात्मा र मूर्ख रहिस्, त्यसैले त तैंले आज यस प्रकार ब्राह्मण-जातिको अपमान गरिस्। तँ हात्तीको जस्तै जडबुद्धि छस्। अतः उही अज्ञानमयी हात्तीको योनिमा जन्म लिन जा ॥१०॥ शुकदेवजी भन्दछन्—हे राजन् ! यस्तो श्राप दिएर अगस्त्यजी शिष्यसहित त्यहाँबाट फर्किए। राजा इन्द्रद्युम्नले त्यो प्रारब्ध भोग ठाने र आत्मज्ञानहीन हात्तीको योनि पाए। यस जन्ममा भक्तिपूर्वक भगवान्‌का आराधना गर्नाले

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजयोनिमा पनि उसलाई आत्मास्वरूपको स्मृति बनिरह्यो ॥११॥१२॥ त्यसको उद्धार गरेर भगवान् कमलनाभ पार्षदत्व प्राप्त गजेन्द्रलाई साथैं लिएर गरुड़मा बसी गन्धर्व, सिद्ध तथा देवताहरूको मुखबाट आफ्नो गुणगान सुन्दै आफ्नो धाममा गए ॥ १३ ॥ हे महाराज ! भगवान्‌को गजेन्द्र-मोक्षस्वरूप प्रभाव मैले सुनाएँ। यो कलिकालका सबै दोष तथा श्रोताहरूको दुःस्वप्नादि नष्ट गरेर उनलाई स्वर्ग तथा सुयश प्राप्त गराउँछ ॥१४॥ यसै निम्ति कल्याणेच्छु द्विज दुःस्वप्नादिको शान्तिकानिम्ति बिहानै उठेर पवित्र भई यसको पाठ गर्दछन्॥१५॥ हे कुरुसत्तम ! जाने वेलामा सर्वभूतमय भगवान्‌ले सबै प्राणीहरूको समक्ष गजेन्द्रसित भन्नुभयो ॥ १६ ॥ भगवान् आज्ञाहुन्छ—हेगजेन्द्र ! जो प्राणी बिहानीपख उठेर इन्द्रियनिग्रह-पूर्वक एकाग्र मनले मलाई, तिमीलाई, यो सरोवर, पर्वत, कन्दरा, वन वेंत, कीचक बाँसहरूको समूह, देववृक्ष, पर्वत-शिखर, मेरो, ब्रह्माजीको तथा श्रीशङ्करको निवास स्थान, मेरो प्रियधाम

मानकर्माद्भुतं स्वभवनं गरुडासनोऽगात् ॥१३॥ एतन्महाराज तवेरितो मया कृष्णानुभावो गजराजमोक्षणम् ॥ स्वर्ग्यं यशस्यं कलिकल्मषापहं दुःस्वप्ननाशं कुरुवर्य श्रृण्वताम् ॥१४॥ यथाऽनुकीर्तयन्त्येतच्छ्रेयस्कामा द्विजातयः ॥ शुचयः प्रातरुत्थाय दुःस्वप्नाद्युपशान्तये ॥१५॥ इदमाह हरिः प्रीतो गजेन्द्रं कुरुसत्तम ॥ श्रृण्वतां सर्वभूतानां सर्वभूतमयो विभुः ॥१६॥ श्रीभगवानुवाच ॥ ये मां त्वां च सरश्चेदं गिरिकन्दरकाननम् ॥ वेत्रकीचकवेणूनां गुल्मानि सुरपादपान् ॥ १७ ॥ श्रृङ्गाणीमानि धिष्ण्यानि ब्रह्मणो मे शिवस्य च ॥ क्षीरोदं मे प्रियं धाम श्वेतद्वीपं च भास्वरम् ॥ १८ ॥ श्रीवत्सं कौस्तुभं मालां गदां कौमोदकीं मम ॥ सुदर्शनं पाञ्चजन्यं सुपर्णं पतगेश्वरम् ॥ १९ ॥ शेषं च यत्कलां सूक्ष्मां श्रियं देवीं मदाश्रयाम् ॥ ब्रह्माणं नारदमृषिं भवं प्रह्लादमेव ॥ २० ॥ मत्स्यकूर्मवराहाद्यैरवतारैः कृतानि मे ॥ कर्माण्यनन्तपुण्यानि सूर्यं सोमं हुताशनम् ॥ २१ ॥ प्रणवं सत्यमव्यक्तं गोविप्रान्धर्ममव्ययम् ॥ दाक्षायणीर्धर्मपत्नीः सोमकश्यपयोरपि ॥ २२ ॥ गङ्गां सरस्वतीं नन्दां कालिन्दीं सितवारणम् ॥ ध्रुवं ब्रह्म ऋषीन्सप्त पुण्यश्लोकांश्च मानवान् ॥ २३ ॥ उत्थायापररात्रान्ते प्रयताः सुसमाहिताः ॥ स्मरन्ति मम रूपाणि मुच्यन्ते ह्येनसोऽखिलात् ॥ २४ ॥ ये मां स्तुवन्त्यनेनाङ्ग प्रतिबुध्य निशात्यये ॥ तेषां प्राणात्यये चाहं ददामि विमलां मतिम् ॥२५॥ श्रीशुक उवाच ॥ इत्यादिश्य हृषीकेशः प्रध्माय जलजोत्तमम् ॥ हर्षयन्विबुधानीकमारुरोह खगाधिपम् ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे गजेन्द्रमोक्षणं नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

बैकुण्ठ, क्षीरसागर, प्रकाशमय श्वेतद्वीप, श्रीवत्स, कौस्तुभमणि, वनमाला, कौमोदकी गदा, सुदर्शन चक्र, पाञ्चजन्य शङ्ख, पक्षिराज गरुड़, मेरा सूक्ष्मस्वरूप शेष, मेरो आश्रित रहने देवी लक्ष्मीजी, ब्रह्मा, देवर्षि नारद, शिवजी, प्रह्लाद, मत्स्य, कूर्म, वराह आदि अवताहरू द्वारा गरिएका मेरा पुण्ययुक्त चरित्र, सूर्य, चन्द्र, अग्नि, ॐकार, सत्य, अव्यक्त, गाई, ब्राह्मण, धर्म, चन्द्रमा, कश्यपकी पत्नीहरू, दक्षकन्याहरू, गङ्गा, सरस्वती, नन्दा, कालिन्दी, ऐरावत, ध्रुव, सात ब्रह्मर्षि तथा पवित्रकीर्ति मनुष्यादि मेरा रूपको स्मरण गर्न छन्, ती पापबाट मुक्त हुनेछन् ॥१७-२४॥ हे प्रिय ! जा-जो जन तिमीले गरिएको स्तोत्रले मेरो स्तुति गर्नेछन्, तिनलाई मर्न वेलामा म पवित्र पारिदिनेछु ॥ २५ ॥ शुकदेवजी भन्छन्–हे राजन् ! भगवान् हृषीकेश यति भनेर आफ्नो शङ्ख बजाई देवताहरूलाई आनन्दित पार्दै गरुड़मा चढ्नु भयो ॥२६॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(दैत्यहरू द्वारा पराजित देवताहरू ब्रह्माजीकहाँ जानु र ब्रह्माजीले देवताहरूको कष्ट निवारणको निमित्त भगवान्‌सित प्रार्थना गर्नु)–शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! यस प्रकार मैले पापहारी गजेन्द्रमोक्ष नामक भगवान्‌को पवित्र चरित्र सुनाएँ । अब रैवत मन्वन्तरको वृत्तान्त सुन ॥१॥ महात्मा तामस मनुका भाई रैवत पाँचौं मनु भए । उनका अर्जुन, बलि, विन्ध्यादि अनेक छोरा थिए ॥२॥ हे राजन् ! त्यस मन्वन्तरमा विभु नामका इन्द्र, भूतरथादि देवता र हिरण्यरोमा, वेदशिरा र ऊर्ध्वबाहु आदि सप्तर्षि थिए ॥३॥ शुभ्र-ऋषिकी भार्या विकुण्ठाको गर्भबाट भगवान्‌ले देवताहरू र आफ्नो अंशले वैकुण्ठ अवतार लिए ॥४॥ उनले लक्ष्मीजीको प्रीत्यर्थ उनको प्रार्थनाले लोक-नमस्कृत वैकुण्ठधाम रचेका थिए ॥५॥ वैकुण्ठ भगवानका परम उदार गुण र माहात्म्यको संक्षिप्त वृत्तान्त मैले पहिल्यै (तृतीयस्कन्धमा) भनिसकेको छु । त्यसो त जो प्राणी विष्णु भगवान्‌का सबै गुण गाउन सक्नन्,

श्रीशुक उवाच ॥ राजन्नुदितमेतत्ते हरेः कर्माघनाशनम् ॥ गजेन्द्रमोक्षणं पुण्यं रैवतं त्वन्तरं शृणु ॥ १ ॥ पञ्चमो रैवतो नाम मनुस्तामससोदरः ॥ बलिविन्ध्यादयस्तस्य सुता अर्जुनपूर्वकाः ॥२॥ विभुरिन्द्रः सुरगणा राजन्भूतरयादयः ॥ हिरण्यरोमा वेदशिरा उर्ध्वबाह्वादयो द्विजाः ॥३॥ पत्नी विकुण्ठा शुभ्रस्य वैकुण्ठैः सुरसत्तमैः ॥ तयोः स्वकलया जज्ञे वैकुण्ठो भगवान् स्वयम् ॥४॥ वैकुण्ठः कल्पितो येन लोको लोकनमस्कृतः ॥ रमया प्रार्थ्यमानेन देव्या तत्प्रियकाम्यया ॥५॥ तस्यानुभावः कथितो गुणाश्च परमोदयाः ॥ भौमान्रेणून्स विममे यो विष्णोर्वर्णयेद्गुणान् ॥ ६ ॥ षष्ठश्च चक्षुषः पुत्रश्चाक्षुषो नाम वै मनुः ॥ पूरुपूरुषसुद्युम्नप्रमुखाश्चाक्षुषात्मजाः ॥ ७ ॥ इन्द्रो मन्त्रद्रुमस्तत्र देवा आप्यादयो गणाः ॥ मुनयस्तत्र वै राजन्हविष्मद्वीरकादयः ॥८॥ तत्रापि देवः संभूत्यां वैराजस्याभवत्सुतः ॥ अजितो नाम भगवानंशेन जगतः पतिः ॥ ९ ॥ पयोधिं येन निर्मथ्य सुराणां साधिता सुधा ॥ भ्रममाणोऽम्भसि धृतः कूर्मरूपेण मन्दरः ॥ १० ॥ राजोवाच ॥ यथा भगवता ब्रह्मन्मथितः क्षीरसागरः ॥ यदर्थं वा यतश्चाद्रिं दधाराम्बुचरात्मना ॥ ११ ॥ यथाऽमृतं सुरैः प्राप्तं किञ्चान्यदभवत्ततः ॥ एतद्भगवतः कर्म वदस्व परमाद्भुतम् ॥ १२ ॥ त्वया संकथ्यमानेन महिम्ना सात्वतां पतेः ॥ नातितृप्यति मे चित्तं सुचिरं तापतापितम् ॥ १३ ॥ सूत उवाच ॥ सम्पृष्टो भगवानेवं द्वैपायनसुतो द्विजाः ॥ अभिनन्द्य हरेर्वीर्यमभ्याचष्टुं प्रचक्रमे ॥ १४ ॥ श्रीशुक उवाच ॥ यदा युद्धेऽसुरैर्देवा बाध्यमानाः शितायुधैः ॥ गतासवो निपतिता नोत्तिष्ठेरन्स्म

ती पृथ्वीका परमाणु पनि गन्न सक्नन् ॥६॥ छैठौं मनु चक्षुका छोरा चाक्षुष भए । उनका पूरु, पूरुष र सुद्युम्नादिअनेकपुत्रथिए ॥७॥ त्यस मन्वन्तरमा मन्त्रद्रुम इन्द्र, आप्यादि देवता तथा हविष्मान् र वीरक आदि सप्तर्षि थिए ॥८॥ चाक्षुष मन्वन्तरमा जगत्पति भगवान् आफ्नू अंशले वैराजकी भार्या सम्भूतिको गर्भबाट उत्पन्न भएर (अजित) नामले प्रसिद्ध भए ॥९॥ उनले समुद्र मथेर देवताहरूलाई अमृत पिलाएर र जलमा घुमिरहेको मन्दराचललाई कूर्मरूपले आफ्नो पिठिउँमा धारण गरेका थिए ॥१०॥ राजा परीक्षित्‌ले सोधे–हे ब्रह्मन् ! भगवान्‌ले क्षीरसागरलाई जसरी मथे, जसको निमित्त भगवान्‌ले कूर्मरूपद्वारा मन्दराचललाई पिठिउँमा धारण गरे , जस्तै––देवताहरूलाई अमृत मिलेको होस् र अरु पनि जुन-जुन पदार्थ निस्के भगवान्‌का सबै चरित्र सुनाउनोस् ॥११॥१२॥ विविध तापहरूले सन्तप्त मेरो मन हजुरले भनेका भगवान्‌का महिमा बारम्बार सुनेर पनि तृप्त भइरहेका छैनन् ॥१३॥ श्रीसूतजी भन्दछन्–

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे विभो ! राजाले त्यति भनेपछि व्यासपुत्र शुकदेवजीले तिनको फेरि-फेरि प्रशंसा गरे र श्रीहरिका चरित्रको वर्णन गर्नलागे ॥१४॥ शुकदेवजीले भने–हे राजन् ! जब देव दानव युद्धमा असुरका तीक्ष्ण आयुधले व्यथित एवंप्राणहीन भएर भूमिमा ढले, देवताहरूमा अधिकांश देवता उठ्न सकेनन् ॥१५॥ जब *दुर्वासा ऋषिको श्रापले इन्द्र समेत तीनैलोक श्रीविहीन भयो र यज्ञादि कर्महरूको मूलोच्छेदन भयो । यो दुर्दशा देखेर जब इन्द्र, वरुणादि देवता परस्पर मन्त्रणा गरेर पनि स्वयं कुनै निश्चय गर्न सकेनन्, तब ती सबै सुमेरु-शिखरमा स्थित ब्रह्माजीको सभामा पुगे र अति विनयभावले सबै कुरा ब्रह्माजीलाई भने ॥ १६–१८ ॥ ब्रह्माजीले देखे––इन्द्र, वायु आदि सबै देवता निःसत्व तथा कान्तिहीन भइरहेका छन् र लोक दुर्दशाग्रस्त भएका छन् । उता दैत्यगणको दशा सर्वथा त्यसको उल्टो छ । अनि भगवान् परमेष्ठीले एकाग्र मनले श्रीनारायणको चिन्तन गरेर प्रसन्न वदन भई उनीसित

सूयशः ॥ १५ ॥ यदा दुर्वाससः शापात्सेन्द्रा लोकास्त्रयो नृप ॥ निःश्रीकाश्चाभवंस्तत्र नेशुरिज्यादयः क्रियाः ॥ १६ ॥ निशाम्यैतत्सुरगणा महेन्द्रवरुणादयः ॥ नाध्यगच्छन्स्वयं मन्त्रैर्मन्त्रयन्तो विनिश्चयम् ॥ १७ ॥ ततो ब्रह्मसभां जग्मुर्मेरोर्मूर्धनि सर्वशः ॥ सर्वं विज्ञापयाञ्चक्रुः प्रणताः परमेष्ठिने ॥१८॥ स विलोक्येन्द्रवाय्वादीन्निःसत्वान्विगतप्रभान् ॥ लोकानमङ्गलप्रायानसुरानयथा विभुः ॥ १९ ॥ समाहितेन मनसा संस्मरन्पुरुषं परम् ॥ उवाचोत्फुल्लवदनो देवान्स भगवान्परः ॥ २० ॥ अहं भवो यूयमथोऽसुरादयो मनुष्यतिर्यग्द्रुमघर्मजातयः ॥ यस्यावतरांशकलाविसर्जिता व्रजाम सर्वे शरणं तमव्ययम् ॥ २१ ॥ न यस्य वध्यो न च रक्षणीयो नोपेक्षणीयादरणीयपक्षः ॥ अथापि सर्गस्थितिसंयमाय धत्ते रजः सत्त्वतमांसि काले ॥ २२ ॥ अयं च तस्य स्थितिपालनक्षणः सत्त्वं जुषाणस्य भवाय देहिनाम् ॥ तस्माद्व्रजामः शरणं जगद्गुरुं स्वानां स नो धास्यति शं सुरप्रियः ॥ २३ ॥ श्रीशुक उवाच ॥ इत्याभाष्य सुरान्वेधाः सह देवैररिन्दम ॥ अजितस्य पदं साक्षाज्जगाम तमसः परम् ॥ २४ ॥ तत्रादृष्टस्व-

भने–॥१९॥२०॥ हे देवता हो ! म, शिवजी, तिमीहरू, सबै असुर तथा मनुष्य, तिर्यक्, वृक्ष र स्वेदजादि सबै जीव पुरुषावतारका एक अंशको पनि अंशले रचित छन्, हामी उनै अविनाशी प्रभुका शरणमा जाउँ ॥२१॥ उनको दृष्टिमा कोही वध्य, रक्षणीय, उपेक्षणीय अथवा आदरणीय छैनन् । तैपनि संसारको उत्पत्ति, स्थिति तथा संहारको निम्ति ती वेला-वेलामा क्रम-क्रमले रजोगुण, सत्वगुण तथा तमोगुण धारण गर्दछन् ॥२२॥ यस वेला सबै प्राणीहरूको कल्याणार्थ ती सत्वगुण धारण गरेका छन् । यही उनले जगत्को रक्षा गर्ने सुअवसर छ । अतः हामी उनै जगद्गुरुको शरण लिन्छौं ती देवताहरूका प्रिय छन् । यसनिम्ति अवश्य हाम्रो मङ्गल गर्नेछन् ॥२३॥ शुकदेवजी भन्दछन्–हे शत्रुदमन ! देवतासित यति भनेर ब्रह्मालाई साथै लिई तमोगुणको पारी स्थित भगवान्को निवासस्थानमा गए ॥२४॥ त्यहाँ पुगेर इन्द्रिय एकाग्र पारेर जसको स्वरूप कहिल्यै कसैले देख्न पाएको थिएन तर

* उदाहरण—एक दिन दुर्वासा ऋषि वैकुण्ठलोकबाट आइरहेका थिए । बाटोमा ऐरावतमा चढेका देवराज इन्द्र भेटिए । दुर्वासाले उनलाई त्रिलोकाधिपति जानेर भगवान्को प्रसाद फूलको माला दिए । इन्द्रले मदमत्त भएर त्यसको केही पनि आदर नगरेर त्यो माला ऐरावतको मस्तकमा फ्याँकिदिए । ऐरावतले त्यो माला सूँढमा लिएर खुट्टाले कुल्ची दियो । अनि दुर्वासाले रिसाई इन्द्रलाई श्राप दिए—'तिमी तीनै लोक सहित शीघ्र श्रीहीन होऊ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिले मुनिसक्रिएको छ, ती भगवान्‌को वैदिकी वाणीले स्तुति गर्दै बोले ॥ २५ ॥ ब्रह्माजी भन्दछन्–जो निर्विकार, सत्य, अनन्त, आदिपुरुष, बुद्धिरूपिणी गुफामा स्थित, अतर्क्य, मनभन्दा अधि जाने, वाणीले अगोचर र भजनीय छन्, ती श्रेष्ठ देवतालाई हाम्रो प्रणाम छ ॥२६॥ जो प्राण, मन, बुद्धि तथा अहङ्कारका ज्ञाता, शब्दादि विषय एवं इन्द्रियहरूले भासमान अज्ञान-निद्राले शून्य तथा देहहीन छन् । जसमा जीवको प्रकाश तथा छाया वा गृध्रपक्षरूपिणी अविद्या हुदैं छैनन्, तो अक्षर आकाश-शरीर त्रियुगीको हामी शरणामा छौं ॥२७॥ जुन मनश्चक्रमा पन्ध्र धुरी र त्रिगुणमयी नाभि छ, जो विजुलीको सदृश चञ्चल तथा शीघ्रगामी छ, प्रकृति नै जसको नेमि छ र जो अजन्मा मायाले प्रेरित जीवको शरीररूपी चक्रमा आधार छन्, हामी ती सत्यस्वरूप भगवान्‌को शरणमा छौं ॥२८॥ जो ज्ञानस्वरूप, प्रकृतिदेखि पर, अदृश्य, अव्यक्त, अनन्तपार (परिच्छेद-शून्य) र जीवमा नियन्तारूपले छन्, ठूलठूला ज्ञानी योगमार्गद्वारा जसको उपासना गर्दछन् ॥२९॥ जोसित मोहित जीव आत्मस्वरूपलाई जान्न पाउन्न, जसको माया अपार छन् किन्तु जसले आफ्नी माया-शक्ति जितिलिएको छ,

रूपाय श्रुतपूर्वाय वै विभो ॥ स्तुतिमब्रूत दैवीभिर्गीर्भिस्त्ववहितेन्द्रियः ॥२५॥ ब्रह्मोवाच ॥ अविक्रियं सत्यमनंतमाद्यं गुहाशयं निष्कलमप्रतर्क्यम् ॥ मनोऽग्रयानं वचसाऽनिरुक्तं नमामहे देववरं वरेण्यम् ॥ २६ ॥ विपश्चितं प्राणमनोधियात्मनामर्थेन्द्रियाभासमनिद्रमव्रणम् ॥ छायातपौ तत्र न गृध्रपक्षौ तमक्षरं खं त्रियुगं व्रजामहे ॥ २७ ॥ अजस्य चक्रं त्वजयेर्यमाणं मनोमयं पञ्चदशारमाशु ॥ त्रिणाभि विद्युच्चलमष्टनेमि यदक्षमाहुस्तमृतं प्रपद्ये ॥ २८ ॥ य एकवर्णं तमसः परं तदलोकमव्यक्तमनन्तपारम् ॥ आसाञ्चकारोपसुपर्णमेनमुपासते योगरथेन धीराः ॥ २९ ॥ न यस्य कश्चातितितर्ति मायां यया जनो मुह्यति वेद नार्थम् ॥ तं निर्जितात्मात्मगुणं परेशं नमाम भूतेषु समं चरन्तम् ॥ ३० ॥ इमे वयं यत्प्रिययैव तन्वा सत्त्वेन सृष्टा बहिरन्तराविः ॥ गतिं न सूक्ष्मामृषयश्च विद्महे कुतोऽसुराद्या इतरप्रधानाः ॥ ३१ ॥ पादौ मही यं स्वकृतैव यस्य चतुर्विधो यत्र हि भूतसर्गः ॥ स वै महापूरुष आत्मतन्त्रः प्रसीदतां ब्रह्म महाविभूतिः ॥ ३२ ॥ अम्भस्तु यद्रेत उदारवीर्यं सिद्ध्यन्ति जीवन्त्युत वर्धमानाः ॥ लोकास्त्रयोऽथाखिललोकपालाः प्रसीदतां ब्रह्म महाविभूतिः ॥ ३३ ॥ सोमं मनो यस्य समामनन्ति दिवौकसां वै बलमन्ध आयुः ॥ ईशो नगानां प्रजनः प्रजानां प्रसीदतां नः स महाविभूतिः ॥ ३४ ॥ अग्निर्मुखं यस्य तु जातवेदा जातः क्रियाकाण्डनिमित्तजन्मा ॥ अन्तःसमुद्रेऽनुपचन्स्वधातून् प्रसीदतां नः

सबै प्राणीहरूमा समान भावले स्थित ती परमेश्वरलाई हाम्रो प्रणाम छ ॥३०॥ रजोगुण प्रधान असुरादिको के कुरा,सात्विकांशले जायमान जसका प्रिय हामी देवता तथा ऋषिगण पनि आफ्नो बाहिर-भित्र व्याप्त सूक्ष्म स्वरुपलाई जान्न पाउनौं, ती जगदीश्वरलाई हाम्रो प्रणाम छ ॥३१॥ जरायुज, अण्डज, स्वेदज र उद्भिज्ज यी चार थरिका प्राणीहरुको निवासस्थान पृथ्वी नै जसका चरण छन्, ती परम स्वतन्त्र परमेश्वर हामीमाथि प्रसन्न होउन् ॥३२॥ जसद्वारा तीनै लोक एवं सबै लोकपाल उत्पन्न हुँदै, बढ्दै तथा बाँच्दै छन्,महाशक्तिसम्पन्नजल जसको वीर्य छ, ती परम ऐश्वर्यसम्पन्न ब्रह्म हामीमाथि प्रसन्न होउन् ॥३३॥ देवताहरूको बल अन्न, वृक्षहजका अधीश्वर तथा प्रजावर्धक चन्द्रमा जसको मन छ, ती परमऐश्वर्यशाली प्रभु हामीमाथि प्रसन्न होउन् ॥३४॥ यज्ञादि कर्मकाण्डको सम्पादनार्थ जसको जन्म भएको छ जो जठराग्निरूपले देहभित्र, बडवानलरूपले समुद्रमा स्थित भएर सबै धातु, अन्न र जल पचाउँछ

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रव्यहरूको उत्पत्तिका कारण अग्नि जसको मुख छ, ती ऐश्वर्यसम्पन्नईश्वर हामीमाथि प्रसन्न होउन् ।।३५।। अर्चिरादि मार्गका अधिष्ठाता, वेदत्रयीमय, परब्रह्मोपासनाका आधार मुक्तिका द्वार एवं अमृतमय सूर्यदेव जसका नेत्र छन्, ती ऐश्वर्यसम्पन्न भगवान् प्रसन्न होउन् ॥ ३६ ॥ जो सचराचर जीवका मानसिक, शारीरिक तथा ऐन्द्रियक बल छ तथा चक्रवर्ती सम्राट्का अनुयायीहरू झैं हामी जसको अनुगमन गर्दछौं यी प्राणवायु जसका प्राणबाट उत्पन्न भएको छ, ती परम ऐश्वर्यवान् परमेश्वर हामीमाथि प्रसन्न होउन् ।।३७।। जसका श्रोतले दिशाहरू हृदयले इन्द्रियगोलक, नाभिले प्राण, इन्द्रिय, मन, नाग, कूर्म, कुकल, देवदत्त, धनञ्जय शरीरका आश्रय उत्पन्न भएको छ, ती परम ऐश्वर्यशाली प्रभु हामीमाथि प्रसन्न होउन् ॥३८॥ जसको बलले इन्द्र, प्रसादले देवता, क्रोधले शिवजी बुद्धिले ब्रह्मा, इन्द्रियहरूले वेद र ऋषिगण तथा शिश्नले प्रजापति उत्पन्न भए, ती परम ऐश्वर्यसम्पन्न भगवान् हामीमाथि प्रसन्न होउन् ।।३९।। जसको वक्षस्थलबाट लक्ष्मी, छायाबाट पितृ, स्तनबाटधर्म, पिठिउँबाट अधर्म मस्तकबाट आकाश र विहारबाट अप्सरा जन्मेका छन्, ती ऐश्वर्यवान् प्रभु हामीमाथि प्रसन्न होउन्

स महाविभूतिः ॥ ३५ ॥ यच्चक्षुरासीत्तरणिर्देवयानं त्रयीमयो ब्रह्मण एष धिष्ण्यम् ॥ द्वारं च मुक्तेरमृतं च मृत्युः प्रसीदतां नः स महाविभूतिः ॥ ३६ ॥ प्राणादभूद्यस्य चराचराणां प्राणः सहो बलमोजश्च वायुः ॥ अन्वास्म सम्राजमिवानुगा वयं प्रसीदतां नः स महाविभूतिः ॥ ३७ ॥ श्रोत्राद्दिशो यस्य हृदश्च खानि प्रजज्ञिरे खं पुरुषस्य नाभ्याः ॥ प्राणेन्द्रियात्मासु शरीरकेतं प्रसीदतां नः स महाविभूतिः ॥ ३८ ॥ बलान्महेन्द्र-स्त्रिदशाः प्रसादान्मन्योर्गिरीशो धिषणाद्विरिञ्चिः ॥ खेभ्यश्च छन्दांस्यृषयो मेढ्रतः कः प्रसीदतां नः स महाविभूतिः ॥ ३९ ॥ श्रीर्वक्षसः पितरश्छाय-याऽऽसन्धर्मः स्तनादितरः पृष्ठतोऽभूत् ॥ द्यौर्यस्य शीर्ष्णोऽप्सरसो विहारात्प्रसीदतां नः स महाविभूतिः ॥४०॥ विप्रो मुखं ब्रह्म च यस्य गुह्यं राजन्य आसीद्भुजयोर्बलं च ॥ ऊर्वोर्विडोजोऽङ्घ्रिरवेदशूद्रौ प्रसीदतां नः स महाविभूतिः ॥ ४१ ॥ लोभोऽधरात्प्रीतिरुपर्यभूद्द्युतिर्नस्तः पशव्यः स्पर्शेन कामः ॥ भ्रुवोर्यमः पक्ष्मभवस्तु कालः प्रसीदतां नः स महाविभूतिः ॥ ४२ ॥ द्रव्यं वयः कर्मगुणान्विशेषं यद्योगमायाविहितान्वदन्ति ॥ यद्दुर्वि-भाव्यं प्रबुधापबाधं प्रसीदतां नः स महाविभूतिः ॥ ४३ ॥ नमोऽस्तु तस्मा उपशान्तशक्तये स्वाराज्यलाभप्रतिपूरितात्मने ॥ गुणेषु मायारचितेषु वृत्तिभिर्न सज्जमानाय नभस्वदूतये ॥४४॥ स त्वं नो दर्शयात्मानमस्मत्करणगोचरम् ॥ प्रपन्नानां दिदृक्षूणां सस्मितं ते मुखाम्बुजम् ॥४५॥ तैस्तैः

।।४०।।जसको मुखबाट ब्राह्मण र ब्रह्म (वेद) बाहुबाट क्षत्रिय र बल, ऊरुबाट वैश्य र वैश्यवृत्ति अनि पाउबाट शुश्रूषादि वृत्तियुक्त शूद्र उत्पन्न भएका हुन् ती परमऐश्वर्य सम्पन्न नारायण हामीमाथि प्रसन्न होऊन् ।।४१।। जसको तल्लो ओठबाट लोभ, माथिल्लोबाट प्रीति, नासिकाबाट कान्ति, स्पर्शबाट पशुप्रिय काम, भृकुटीबाट यम, तथा आँखाका परेलाबाट काल जन्मेको छ ती ईश्वर हामीमाथि प्रसन्न होउन् ।।४२।। पञ्चभूत, काल, कर्म, सत्वादि तीनै गुण, अनिर्वचनीय एवं विद्वान्हरूद्वारा अनात्मरूपले त्याज्य सबै भौतिक प्रपञ्च यी जसरी योगमायबाट जायमान रहिन्छन्, ती महाविभूति प्रभु हामीमाथि प्रसन्न होउन् ।।४३।। जसमा सबै शक्तिहरू शान्त हुन्छन्, जसको मन आत्मानन्दको लाभले परिपूर्ण रहन्छ, जो दर्शनादिका वृत्तिहरूले मायिक गुणादिमा आसक्त हुँदैनन्, ती वायु झैं सर्वत्र असङ्गभावले क्रीडाशील परमात्मालाई प्रणाम छ ।। ४४ ।। उपर्युक्त महाविभूति हरूले सम्पन्न हजुर आफ्नो हास्यपूर्ण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुखारविन्दका दर्शनेच्छु हामी दासहरूलाई आफ्नो त्यो रूप देखाउनोस्, जो हाम्रा आँखाले देख्न सकून् ॥४५॥ हे प्रभो! वेला-वेलामा हजुर स्वेच्छाले विभिन्न रूप धारण गरेर हाम्रो निम्ति कठिन एवं दुष्कर काम गर्दछन् ॥४६॥ विषयासक्त पुरुषका कर्म क्लेशमय, सारहीन र निष्फल हुन्छन्, तर हजुरलाई समर्पित कर्म क्लेशमय, सारहीन र निष्फल हुन्नन् ॥४७॥ हजुर सबै जीवका आत्मा, प्रिय तथा हितकारी हुनुहुन्छ। अतः हजुरलाई समर्पित कर्माभास पनि विफल हुँदैन ॥४८॥ जस्तै वृक्षको जरोले जल पाएपछि पात र शाखाहरू पनि सिचिन्छन्, त्यस्तै नै हजुरको आराधनाले सबै देवताहरू र आत्माको पनि आराधना हुन्छ ॥ ४९ ॥ जो अनन्त, अचिन्त्यकर्मा, निर्गुण, गुणाधीश र सत्वस्थ हुनुहुन्छ, त्यस्ता हजुरलाई प्रणाम छ ॥५०॥ इति श्रीमद्भागवते महापुराणे अष्टमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां पञ्चमोऽध्यायः ॥५॥

(श्रीविष्णु भगवान्को आज्ञानुसार सबै देवताहरूद्वारा असुरगणसित समुद्र मन्थनको आयोजन)—शुकदेवजी भन्नुहुन्छ–हे राजन्! ती देवगणले विनय गरेपछि

स्वेच्छाधृतै रूपैः काले काले स्वयं विभो ॥ कर्म दुर्विषहं यन्नो भगवांस्तत्करोति हि ॥ ४६ ॥ क्लेशभूर्यल्पसाराणि कर्माणि विफलानि वा ॥ देहिनां विषयार्तानां न तथैवार्पितं त्वयि ॥ ४७ ॥ नावमः कर्मकल्पोऽपि विफलायेश्वरार्पितः ॥ कल्पते पुरुषस्यैष स ह्यात्मा दयितो हितः ॥ ४८ ॥ यथा हि स्कन्धशाखानां तरोर्मूलावसेचनम् ॥ एवमाराधनं विष्णोः सर्वेषामात्मनश्च हि ॥ ४९ ॥ नमस्तुभ्यमनन्ताय दुर्वितर्क्यात्मकर्मणे ॥ निर्गुणाय गुणेशाय सत्त्वस्थाय च साम्प्रतम् ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धेऽमृतमथने पञ्चमोऽध्यायः ॥ ५ ॥

श्रीशुक उवाच ॥ एवं स्तुतः सुरगणैर्भगवान्हरिरीश्वरः ॥ तेषामाविरभूद्राजन्सहस्रार्कोदयद्युतिः ॥ १ ॥ तेनैव महसा सर्वे देवाः प्रतिहतेक्षणाः ॥ नापश्यन्खं दिशः क्षोणिमात्मानं च कुतो विभुम् ॥ २ ॥ विरिञ्चो भगवान्दृष्ट्वा सह शर्वेण तां तनुम् ॥ स्वच्छां मरकतश्यामां कञ्जगर्भारुणेक्षणाम् ॥३॥ तप्तहेमावदातेन लसत्कौशेयवाससा ॥ प्रसन्नचारुसर्वाङ्गीं सुमुखीं सुन्दरभ्रुवम् ॥४॥ महामणिकिरीटेन केयूराभ्यां च भूपिताम् ॥ कर्णाभरणनिर्भातकपोलश्रीमुखाम्बुजाम् ॥ ५ ॥ काञ्चीकलापवलयहारनूपुरशोभिताम् ॥ कौस्तुभाभरणां लक्ष्मीं बिभ्रतीं वनमालिनीम् ॥६॥ सुदर्शनादिभिः स्वास्त्रैर्मूर्तिमद्भिरुपासिताम् ॥ तुष्टाव देवप्रवरः सशर्वः पुरुषं परम् ॥ सर्वामरगणैः साकं सर्वाङ्गैरवनिं गतैः ॥ ७ ॥ ब्रह्मोवाच ॥ अजातजन्मस्थितिसंयमाया-

हजार सूर्य झैं प्रकाशशील श्रीहरि प्रकट भए ॥ १ ॥ भगवान्को अतुल तेजले आँखा तिर्मिराएपछि प्रभुलाई मात्र होइन—आकाश, दिशा, पृथ्वी र स्वयं आफूलाई पनि देख्न सकेनन् ॥१॥ शिवजी र ब्रह्माले श्रीहरिको मणिमय श्याम तथा कमलको शन्निभ–अरुण नयनयुक्त विमल देह देखे। ती खारेको सुवर्ण जस्तै तेजयुक्त पीताम्बरले सुशोभित, प्रसन्न, राम्रा अंगयुक्त मनोहर मुख सुन्दर भृकुटि र मणिमय किरीट, केयूरले विभूषित थियो। उनको मुखकमल कानमा झुलेका कुण्डलको कान्तिले शोभित कपोलयुक्त थियो ती कंचुकीका लुङ र कंकण, हार र नूपुरले अलंकृत थिए। उनको कौस्तुभ मणि मण्डित वक्षस्थलमा लक्ष्मी थिइन् र घाँटीमा वनमाला। सुदर्शनचक्रादि आयुध विद्यमान थिए। उनलाई देख्नासाथ शिवजी पृथ्वीमा साष्टाङ्ग पल्टे, अरू देवता, ब्रह्माजी ती परमपुरुपको स्तुति गर्नलागे ॥३-७॥ ब्रह्माजीले भने–जसको जन्म, स्थिति र नाशकहिल्यै हुँदैन, ती निर्गुण, आनन्दका समुद्र,

Nepal ... Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अणु, अपरिच्छिन्न र महामहिम प्रभुलाई हाम्रो बारम्बार प्रणाम छ ॥८॥ हे पुरुषोत्तम ! आफ्नो श्रेय खोज्नेहरूको कर्तव्य हो––हजुरको यस दिव्यरूपको वैदिक तथा तान्त्रिक विधिले पूजा गरुन् । हे धातः ! हजुरको यस विश्वमूर्तिमा मलाई देवतासहित तीनैलोक देखिंदैछन् ॥९॥ सारा जगत् पहिले हजुरमै लीन थियो । मध्य र अन्त्यमा पनि हजुर स्वतन्त्र ईश्वरमा नै लीन रहने छ । घडाका उपादान कारण माटो जस्तै हजुर यस जगत्का आदि, मध्य र अन्त्यमा स्थित रहनु हुन्छ ॥१०॥ आफ्नी आश्रित मायाले हजुर यो जगत् रचेर यसमा अनुप्रविष्ट हुनुभएको छ । अतः ज्ञानी र शास्त्रज्ञ व्यक्ति गुणहरूका कार्यरूप संसारमा पनि सर्वत्र हजुरलाई नै देख्दछन् ॥११॥ जस्तै मनुष्य काठबाट अग्नि, गाईबाट दूध, भूमिबाट अन्न र जल तथा व्यापारबाट जीविका पाउँछन्, त्यस्तै नै व्यक्ति आफ्नो विशुद्ध बुद्धिले सबै विषयहरूमा हजुरलाई उपलब्ध गरेर हजुरका गुण-गान गर्दछन् ॥१२॥ हे पद्मनाभ ! जस्तै

गुणाय निर्वाणसुखार्णवाय ॥ अणोरणिम्नेऽपरिगण्यधाम्ने महानुभावाय नमो नमस्ते ॥ ८ ॥ रूपं तवैतत्पुरुषर्षभेज्यं श्रेयोऽर्थिभिर्वैदिकतान्त्रिकेण ॥ योगेन धातः सह नस्त्रिलोकान्पश्याम्यमुष्मिन्नु ह विश्वमूर्तौ ॥ ९ ॥ त्वय्यग्र आसीत्त्वयि मध्य आसीत्त्वय्यन्त आसीदिदमात्मतन्त्रे ॥ त्वमादिरन्तो जगतोऽस्य मध्यं घटस्य मृत्स्नेव परः परस्मात् ॥ १० ॥ त्वं माययात्माश्रयया स्वयेदं निर्माय विश्वं तदनुप्रविष्टः ॥ पश्यन्ति युक्ता मनसा मनीषिणो गुणव्यवायेऽप्यगुणं विपश्चितः ॥ ११ ॥ यथाऽग्निमेधस्यमृतं च गोषु भुव्यन्नमम्बूद्यमने च वृत्तिम् ॥ योगैर्मनुष्या अधियन्ति हि त्वां गुणेषु बुद्ध्या कवयो वदन्ति ॥ १२ ॥ तं त्वां वयं नाथ समुज्जिहानं सरोजनाभातिचिरेप्सितार्थम् ॥ दृष्ट्वा गता निर्वृतिमद्य सर्वे गजा दवार्ता इव गाङ्गमम्भः ॥ १३ ॥ स त्वं विधत्स्वाखिललोकपाला वयं यदर्थास्तव पादमूलम् ॥ समागतास्ते बहिरन्तरात्मन्किं वाऽन्यविज्ञाप्यमशेषसाक्षिणः ॥ १४ ॥ अहं गिरित्रश्च सुरादयो ये दक्षादयोऽग्नेरिव केतवस्ते ॥ किंवा विदामेश पृथग्विभाता विधत्स्व शं नो द्विजदेवमन्त्रम् ॥ १५ ॥ श्रीशुक उवाच ॥ एवं विरिञ्चादिभिरीडितस्तद्विज्ञाय तेषां हृदयं तथैव ॥ जगाद जीमूतगभीरया गिरा बद्धाञ्जलीन्संवृतसर्वकारकान् ॥ १६ ॥ एक एवेश्वरस्तस्मिन्सुरकार्ये सुरेश्वरः ॥ विहर्तुकामस्तानाह समुद्रोन्मथनादिभिः ॥ १७ ॥ श्रीभगवानुवाच ॥ हन्त ब्रह्मन्नहो शम्भो हे देवा मम भाषितम् ॥ शृणुतावहिताः सर्वे श्रेयो वः स्याद्यथा सुराः ॥ १८ ॥ यात दानवदैतेयैस्तावत्सन्धिर्विधीयताम् ॥ कालेनानुगृहीतैस्तैर्यावद्वो भव आत्मनः ॥ १९ ॥ अरयोऽपि

दावाग्निले पिल्सिएको हात्ती गङ्गाजल पिएर शान्त हुन्छ, त्यस्तै चिरकालदेखि दर्शनेच्छुक हामी हजुरलाई देखेर परमानन्दित भएका छौं॥ १३॥ हे बहिरन्तरात्मन् ! हामी लोकपाल जुन कामले हजुरको शरणमा आएका छौं, हाम्रो यो काम हजुर पूरा गरिदनोस् । हजुर त सबैका स्वामी हुनुहुन्छ, अनि हामी हजुरलाई विशेष के भनौं ? ॥१४॥ म, शिव, सबै देवता, दक्षादि प्रजापति अग्निबाट उत्पन्न झिल्काझैं छौं । अनि आफूलाई हजुरदेखि भिन्न जानेर के हामी आफ्नो श्रेयको बाटो स्वयं बुझ्न सक्तछौं ? हे ईश ! अब हजुर नै हामी देवगण तथा ब्राह्मणहरूको निम्ति उचित कर्तव्यको आज्ञा दिनुहोस् ॥१५॥ शुकदेवजी भन्छन्–ब्रह्मादि देवताले स्तुति गरेपछि श्रीहरिले तिनको आन्तरिक भाव बुझ्नुभयो । अनि सबै इन्द्रिय बटुलेर हात जोरी उभिएका देवताहरूसित मेघ झैं गम्भीर वाणीमा भन्नुभयो ॥१६॥ हे राजन् ! यद्यपि ती देवेश्वर देवताहरूको कार्य गर्न समर्थ थिए तैपनि समुद्रमन्थनादि लीला गर्नका लागि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचारेर भने ॥१७॥ श्रीभगवान् भन्नुहुन्छ–हे ब्रह्मन् ! हे शङ्करजी ! हे देवता हो ! तिमीहरू सावधान भएर मेरो कुरा सुन–यसले तिम्रो अवश्य कल्याण हुनेछ ॥१८॥ तिमीहरू जाओ । जबसम्म तिमीहरूको अभ्युदयको बेला आउन, त्यतिसम्मलाई दैत्य र दानवहरूसित्त सन्धि गर, किनकि यो समय उनीहरूकै अनुकूल छ ॥१९॥ हे देवता हो ! कुनै ठूलो काम निलाउन छ भने शत्रुसित पनि सन्धि गरिलिनु पर्दछ । काम पूरा भइसकेपछि सर्प र मूसो झैं व्यवहार गरोस्* ॥२०॥ दैत्यगणसित सन्धि गरेर, तिमीहरू सबै मिलेर त्यो अमृत झिक्ने उद्योग गर, जसलाई पिएपछि मरणशील जीव पनि अमर बन्दछ ॥२१॥ पहिले क्षीरसागरमा सबै प्रकारका तृण,लता र औषधिहरू हाल, अनि मन्दराचलको मथानी र वासुकि नागको डोरी बनाओ र मसित मिलेर त्यसलाई मथ । यसले ती दैत्यलाई केवल क्लेश मिल्नेछ र उसको सम्पूर्ण फल तिमीहरूलाई प्राप्त हुनेछ ॥२२॥२३॥ हे देवता हो ! यस बखत ती दैत्यले

हि सन्धेयाः सति कार्यार्थगौरवे ॥ अहिमूषकवद्देवा ह्यर्थस्य पदवीं गतैः ॥२०॥ अमृतोत्पादने यत्नः क्रियतामविलम्बितम् ॥ यस्य पीतस्य वै जन्तुर्मृत्युग्रस्तोऽमरो भवेत् ॥२१॥ क्षिप्त्वा क्षीरोदधौ सर्वा वीरुत्तृणलतौषधीः ॥ मन्थानं मन्दरं कृत्वा नेत्रं कृत्वा तु वासुकिम् ॥२२॥ सहायेन मया देवा निर्मन्थध्वमतन्द्रिताः ॥ क्लेशभाजो भविष्यन्ति दैत्या यूयं फलग्रहाः ॥ २३ ॥ यूयं तदनुमोदध्वं यदिच्छन्त्यसुराः सुराः ॥ न संरम्भेण सिद्ध्यन्ति सर्वेऽर्थाः सान्त्वया यथा ॥ २४ ॥ न भेतव्यं कालकूटाद्विषाज्जलधिसम्भवात् ॥ लोभः कार्यो न वो जातु रोषः कामस्तु वस्तुषु ॥ २५ ॥ श्रीशुक उवाच ॥ इति देवान्समादिश्य भगवान्पुरुषोत्तमः ॥ तेषामन्तर्दधे राजन्स्वच्छन्दगतिरीश्वरः ॥ २६ ॥ अथ तस्मै भगवते नमस्कृत्य पितामहः ॥ भवश्च जग्मतुः स्वं स्वं धामोपेयुर्बलिं सुराः ॥ २७ ॥ दृष्ट्वाऽरीनप्यसंयत्ताञ्जातक्षोभान्स्वनायकान् ॥ न्यषेधद्दैत्यराट् श्लोक्यः सन्धिविग्रहकालवित् ॥ २८ ॥ ते वैरोचनिमासीनं गुप्तं चासुरयूथपैः ॥ श्रिया परमया जुष्टं जिताशेषमुपागमन् ॥ २९ ॥ महेन्द्रः श्लक्ष्णया वाचा सान्त्वयित्वा महामतिः ॥ अभ्यभाषत तत्सर्वं शिक्षितं पुरुषोत्तमात् ॥ ३० ॥ तदरोचत दैत्यस्य तत्रान्ये येऽसुराधिपाः ॥ शम्बरोऽरिष्टनेमिश्च ये च

भन्दछन्, त्यही मानिलेओ, किनकि जसरी शान्तिपूर्वक कार्य सम्पन्न हुन्छन्, त्यसरी रिसले सम्पन्न हुँदैनन् ।२४॥ त्यस समुद्रबाट जुन कालकूल निस्कनेछ, त्यसले तिमीहरू नडराउनु अन्य रत्नका लागि पनि लोभ र कामना वा रिस नगर्नु ॥२५॥ शुकदेवजी भन्नुहुन्छ–हेराजन् ! देवताहरूलाई यस्तो आज्ञा दिएर स्वच्छन्द गति जगदीश्वर तिनको सामुन्ने अन्तर्धान हुनुभयो ॥२६॥ अनि भगवान्‌लाई नमस्कार गरेर ब्रह्माजी र शिवजी आफाफ्ना लोकमा फर्किए र सबै देवता बलिलाई भेट्न हिंडे ॥२७॥ अतः शत्रुगणलाई युद्धको निम्ति तत्पर भएका नदेखेर सन्धि-विग्रह योग्य अवसरका ज्ञाता बलिले आफ्ना क्षुब्ध सेना-नायकहरूलाई देवताहरूसित निहुँ खोज्न रोकिदिए ॥२८॥ अनि देवता असुर-सेनापतिसित सुरक्षित, र जसिंहासनासीन, अत्यन्त शोभासम्पन्न र सम्पूर्ण लोकका विजेता विरोचन-सुवन बलिको नजीकै गए ॥२९॥ त्यहाँ पुगेर महामति इन्द्रले मधुर वाणीमा राजा बलिसित यी सबै कुरा भने–

* दृष्टान्त—यौटा मूसा कहीं पिटारोमा थुनिएको थियो । त्यसमा यौटा सर्प पहिलेदेखिनै बन्द थियो । सर्पले मूसोसित त्यो पिटारी कतरी दिन भन्यो र बतायो कि बाटो बनेपछि हामी दुवै त्यही मार्गबाट बाहिर निस्कौंला । मूसोले सर्पको कुरा स्वीकार गर्‍यो र बाटो बनाइदियो । छिद्र तयार भएपछि सर्पले मूसोलाई खाइदियो र पिटारीबाट बाहिर निस्क्यो ।

...nath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

जुन तिनलाई पुरुषोत्तम भगवान्ले सिकाएका थिए ॥३०॥ इन्द्रको कुरा दैत्यपति वलि तथा त्यहाँ बसेका शम्बर, अरिष्टनेमि आदि त्रिपुरवासी असुर-यूथपलाई पनि मनपर्‍यो ॥३१॥ हे परन्तप ! अनि देवता र असुरहरूले सन्धि गरेर अमृतको निम्ति दुवैथरि मिलेर महान् उद्योग गर्नलागे ॥ ३२ ॥ परिघ सदृश बाहु हुने शक्तिसम्पन्न, दुर्मद देवगण तथा दैत्यहरूले ठूलो उत्साहपूर्वक मन्दराचल उखेले र गर्जन्दै त्यसलाई समुद्रको नगीचै ल्याए ॥३३॥ तर त्यो विशाल पर्वतलाई धेरै परसम्म ल्याउनाले इन्द्रादि देवता तथा राजा वलि आदि असुर थाके र अझ अगाडि लैजानमा असमर्थ भएर तिनीहरुले उसलाई बाटोमा पच्छारिदिए ॥ ३४ ॥ पच्छारिन लागेको मन्दराचलले आफ्नो ठूलो भारीले अनेक देवता र दानवलाई धूलो-पीठो पारिदियो ॥३५॥ देवता र दानवहरूको बाहु, अरु, काँध आदि अंग घायल भएका छन् र तिनको उत्साह मन्द परिसकेको छ भन्ने जानेर त्यहाँ भगवान् प्रकट हुनुभयो ॥३६॥ उनले देवगण र असुरहरूलाई पर्वत ढले र थिचिएका देखेर देवताहरूलाई आफ्नो दृष्टिले हेरेर नै स्वस्थ र जीवित पारिदिए—मानो उनलाई चोटै लागेको नहोस् ॥३७॥ अनि

त्रिपुरवासिनः ॥ ३१ ॥ ततो देवासुराः कृत्वा संविदं कृतसौहृदाः ॥ उद्यमं परमं चक्रुरमृतार्थे परंतप ॥ ३२ ॥ ततस्ते मन्दरगिरिमोजसोत्पाट्य दुर्मदाः ॥ नदन्त उदधिं निन्युः शक्ताः परिघबाहवः ॥ ३३ ॥ दूरभारोद्वहश्रान्ताः शक्रवैरोचनादयः ॥ अपारयन्तस्तं वोढुं विवशा विजहुः पथि ॥३४॥ निपत्य स गिरिस्तत्र बहूनमरदानवान् ॥ चूर्णयामास महता भारेण कनकाचलः ॥ ३५ ॥ तांस्तथा भग्नमनसो भग्नबाहूरुकन्धरान् ॥ विज्ञाय भगवांस्तत्र बभूव गरुडध्वजः ॥ ३६ ॥ गिरिपातविनिष्पिष्टान्विलोक्यामरदानवान् ॥ ईक्षया जीवयामास निर्जरान्निर्व्रणान्यथा ॥ ३७ ॥ गिरिं चारोप्य गरुडे हस्तेनैकेन लीलया ॥ आरुह्य प्रययावब्धिं सुरासुरगणैर्वृतः ॥ ३८ ॥ अवरोप्य गिरिं स्कन्धात्सुपर्णः पततां वरः ॥ ययौ जलान्त उत्सृज्य हरिणा स विसर्जितः ॥ ३९ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे अमृतमथने मन्दराचलानयनं नाम षष्ठोऽध्यायः ॥ ६ ॥

श्रीशुक उवाच ॥ ते नागराजमामन्त्र्य फलभागेन वासुकिम् ॥ परिवीय गिरौ तस्मिन्नेत्रमब्धिं मुदान्विताः ॥ १ ॥ आरेभिरे सुसंयत्ता अमृतार्थं कुरूद्वह ॥ हरिः पुरस्ताज्जगृहे पूर्वं देवास्ततोऽभवन् ॥२॥ तन्नैच्छन्दैत्यपतयो महापुरुषचेष्टितम् ॥ न गृह्णीमो वयं पुच्छमहेरङ्गममङ्गलम् ॥ ३ ॥ स्वाध्यायश्रुतसम्पन्नाः प्रख्याता जन्मकर्मभिः ॥ इति तूष्णीं स्थितान्दैत्यान्विलोक्य पुरुषोत्तमः ॥ स्मयमानो विसृज्याग्रं पुच्छं जग्राह सामरः ॥ ४ ॥

त्यस पर्वतलाई उनले ख्याल-ख्यालमै यौटा हातले उठाएर गरुडमाथि राखे अनि आफू पनि त्यसैमा चढेर देवता तथा असुरहरूका साथै समुद्रतटमा आए ॥३८॥ पक्षिश्रेष्ठ गरुड़ले पर्वतलाई काँधबाट जलमा बहाली दिए र भगवान्ले विदा दिएपछि फर्किए ॥३९॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥६॥

(श्री शिवजी द्वारा विष-पान)—शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! अनि उनले समुद्र-मन्थनबाट प्राप्तव्य फलमा साझीदार तुल्याएर नागराज वासुकीलाई आमन्त्रित गरी उनलाई पर्वतमा डोरी झैं बेन्हेर अमृत प्राप्तिको निम्ति देवता र दैत्य समुद्र मथ्नलागे । पहिले श्रीहरिले वासुकीको मुख समाए, अनि अरु देवता पनि उतैतिर लागे॥१॥२॥ दैत्यगणलाई हरिको यो चेष्टा मनपरेन । तिनले भने—हामी वेद-शास्त्रका ज्ञाता र जन्म-कर्मादिमा पनि उच्च छौं । अतः हामी सर्पको अमङ्गल अंग पुच्छर समाउन्नौं ।' यति भनेर दैत्यहरू चुपचाप बसेका देखेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुषोत्तम हरिले मुसुक्क हाँसेर मुख छाडिदिए र देवताहरू सहित गएर वासुकीको पुच्छर समाए ॥३॥४॥ यस प्रकार स्थानको विभाजन गरेर देवता तथा असुर दुवै थरि अमृत प्राप्तिको निम्ति ठूलो तत्परताले समुद्र मथ्नलागे ॥५॥ हे पाण्डुनन्दन ! समुद्र मन्थन गर्दा बलवान् देवता र असुरहरूको थाम्दा-थाम्दै पनि निराधार र ठूलो पर्वत जलमा भासिन लाग्यो ॥६॥ अतः बलवान् दैवद्वारा आफ्नो पुरुषार्थ नष्ट हुनलागेको देखेर ती मनमनै निकै खिन्न भए र तिनका मुखको कान्ति मलीन भयो ॥७॥ विघ्नेश्वर गणेशजी द्वारा उपस्थित गरिएको विघ्न देखेर अनन्त-पराक्रमी तथा अमोघ-सङ्कल्पधारी भगवान्ले अद्भुत र महान् कूर्मरूप धारण गरेर जलमा प्रवेश गर्नुभयो पर्वतलाई पिठिउँमा राखेर उचालिदिनुभयो ॥ ८ ॥ पर्वत अग्लो उठेको देखेर देवता तथा असुर फेरि समुद्र मथ्नलागे । अनि भगवान्ले अनि द्वीप जस्तै त्यो एकलाख योजन विस्तृत पर्वत आफ्नो पिठिउँमा धारण गर्नुभयो॥९॥ हे प्रिये ! देवताहरू र असुरगणको बाहुबलले प्रेरित भएर पिठिउँमा घुमिरहेको पर्वतलाई आदि कच्छप भगवान्ले आफ्नो अङ्गको चिलाई मेट्ने साधन ठाने ॥१०॥ त्यस बखत भगवान् असुरहरूको बल-वीर्य

कृतस्थानविभागास्त एवं कश्यपनन्दनाः ॥ मन्मथुः परमायत्ता अमृतार्थं पयोनिधिम् ॥ ५ ॥ मथ्यमानेऽर्णवे सोऽद्रिरनाधारो ह्यपोऽविशत् ॥ ध्रियमाणेऽपि बलिभिर्गौरवात्पाण्डुनन्दन ॥ ६ ॥ ते सुनिर्विण्णमनसः परिम्लानमुखश्रियः ॥ आसन्स्वपौरुषे नष्टे दैवेनातिबलीयसा ॥ ७ ॥ विलोक्य विघ्नेशविधिं तदेश्वरो दुरन्तवीर्योऽवितथाभिसन्धिः ॥ कृत्वा वपुः कच्छपमद्भुतं महत्प्रविश्य तोयं गिरिमुज्जहार ॥ ८ ॥ समुत्थितं वीक्ष्य कुलाचलं पुनः समुत्थिता निर्मथितुं सुरासुराः ॥ दधार पृष्ठेन स लक्षयोजनप्रस्तारिणा द्वीप इवापरो महान् ॥ ९ ॥ सुरासुरेन्द्रैर्भुजवीर्यवेपितं परिभ्रमन्तं गिरिमङ्ग पृष्ठतः ॥ बिभ्रत्तदावर्तनमादिकच्छपो मेनेऽङ्गकण्डूयनमप्रमेयः ॥ १० ॥ तथाऽसुरानाविशदासुरेण रूपेण तेषां बलवीर्यमीरयन् ॥ उद्दीपयन्देवगणांश्च विष्णुर्दैवेन नागेन्द्रमबोधरूपः ॥ ११ ॥ उपर्यगेन्द्रं गिरिराडिवान्य आक्रम्य हस्तेन सहस्रबाहुः ॥ तस्थौ दिवि ब्रह्मभवेन्द्रमुख्यैरभिष्टुवद्भिः सुमनोऽभिवृष्टः ॥ १२ ॥ उपर्यधश्चात्मनि गोत्रनेत्रयोः परेण ते प्राविशता समेधिताः ॥ ममन्थुरब्धिं तरसा मदोत्कटाः महाद्रिणा क्षोभितनक्रचक्रम् ॥ १३ ॥ अहीन्द्रसाहस्रकठोरदृङ्मुखश्वासाग्निधूमाहतवर्चसोऽसुराः ॥ पौलोमकालेयबलील्वलादयो दवाग्निदग्धाः सरला इवाभवन् ॥१४॥ देवांश्च तच्छ्वासशिखाहतप्रभान्धूम्राम्बरस्रग्वरकंचुकाननान् ॥ समभ्यवर्षन्भगवद्वशा घना ववुः समुद्रोर्म्युपगूढवायवः ॥ १५ ॥ मथ्य-

वृद्धिको निम्ति असुररूप, देवताहरूमा उत्साह बढाउनको निम्ति देवरूप तथा नागराज वासुकीमा निद्रारूपले प्रविष्ट भए ॥११॥ जब ती सहस्रबाहु प्रभु अन्य पर्वतराज झैं विशालरूप धारण गरेर त्यस पर्वतलाई हातले रोकेर माथितर स्थित भए, तब स्वर्गलोकमा स्थित ब्रह्मा, शिव र इन्द्रादि देवता स्तुति गर्दै उनीमाथि पुष्पवर्षा गर्नलागे॥१२॥त्यस पर्वतको तल-माथि आफ्नो शरीरमा, पवतमा तथा नेतीमा प्रविष्ट परमात्माको शक्तिले सम्पन्न तथा मदोन्मत्त देवता तथा असुर त्यो महान् पर्वतद्वारा ठूलो वेगसित समुद्रलाई त्यसको भित्र बस्ने नक्रादि जीवहरूलाई व्याकुल पार्दै मथ्नलागे । अनि नागराज वासुकीका हजारौं आँखा मुख तथा श्वासबाट निस्केका विषाग्निको धूआँले निस्तेज भएर पौलोम, कालेय, बलि तथा इल्वलादि दैत्य दावानलले डढेका वृक्ष झैं कालो हुन गए ॥१३॥१४॥ वासुकीको श्वासाग्निले नष्ट-कान्ति र जसका वस्त्र, माला, कंचुक अनुहार खैरो भएका थिए, ती देवतामाथि भगवान्का

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुचर मेघ जल-वर्षा गर्नलागे र समुद्रका तरङ्गको स्पर्शले शीतल वायु बग्नलाग्यो ॥ १५॥ जब निकै बेरसम्म देवताहरू र असुर यूथपहरूले मथ्दा पनि समुद्रबाट अमृत ननिस्कनाले भगवान् अजित स्वयं आएर मथ्नलागे॥१६॥अहो ! जसका कानमा स्वर्णकुण्डल बिजुली जस्तै झलिकिरहेथ्यो, जसको शिरमा हल्लेको अलकावली सुशोभित थियो, जो वनमाला पहिरेका थिए, ती पीताम्बरधारी,अरुणनयन तथा मेघ झैं श्याम-देह भगवान् जगत्‌लाई अभयदायक एवं आफ्ना विजयी बाहुद्वारा बासुकीलाई समाएर जब मन्दराचलरूपी मथानीले मथ्नलागे तब ती दोस्रो पर्वत झैं देखिए ॥१७॥ त्यसरी मथेपछि जसका माछा आत्तिए, सर्प तथा कच्छप माथितिर आए र तिमि मत्स्य, जल-हात्ती, ग्राह एवं तिमिङ्गिलादि जीव आत्तिए, अनि समुद्रबाट सर्वप्रथम हलाहलविष निस्क्यो* ।।१८।। सबै दिशा-विदिशाहरूमा तल-माथि फैलिने त्यस उग्रवेग तथा असह्य विषले अरक्षित प्रजापति र प्रजा भयभीत भएर श्रीशिवको

मानात्तथा सिन्धोर्देवासुरवरूथपैः ॥ यदा सुधा न जायेत निर्ममन्थाजितः स्वयम् ॥ १६ ॥ मेघश्यामः कनकपरिधिः कर्णविद्योतविद्युन्मूर्ध्नि भ्राजद्विलुलितकचः स्रग्धरो रक्तनेत्रः ॥ जैत्रैर्दोर्भिर्जगदभयदैर्दन्दशूकं गृहीत्वा मथ्नन्मथ्ना प्रतिगिरिरिवाशोभताथोद्धृताद्रिः ॥ १७ ॥ निर्मथ्यमानादुदधेरभूद्विषं महोल्बणं हालहलाह्वमग्रतः ॥ सम्भ्रान्तमीनोन्मकराहिकच्छपात्तिमिद्विपग्राहतिमिङ्गिलाकुलात् ॥ १८ ॥ तदुग्रवेगं दिशि दिश्युपर्यधो विसर्पदुत्सर्पदसह्यमप्रति ॥ भीताः प्रजा दुद्रुवुरङ्ग सेश्वरा अरक्ष्यमाणाः शरणं सदाशिवम् ॥ १६ ॥ विलोक्य तं देववरं त्रिलोक्या भवाय देव्याऽभिमतं मुनीनाम् ॥ आसीनमद्रावपवर्गहेतोस्तपो जुषाणं स्तुतिभिः प्रणेमुः ॥ २० ॥ प्रजापतय ऊचुः ॥ देवदेव महादेव भूतात्मन्भूतभावन ॥ त्राहि नः शरणापन्नांस्त्रैलोक्यदहनाद्विषात् ॥२१॥ त्वमेकः सर्वजगत ईश्वरो बन्धमोक्षयोः ॥ तं त्वामर्चन्ति कुशलाः प्रपन्नार्तिहरं गुरुम् ॥ २२ ॥ गुणमय्या स्वशक्त्याऽस्य सर्गस्थित्यप्ययान्विभो ॥ धत्से यदा स्वदृग्भूमन्ब्रह्मविष्णुशिवाभिदाम् ॥ २३ ॥ त्वं ब्रह्म परमं गुह्यं सदसद्भावभावनः ॥ नानाशक्तिभि-

शरणमा पुग्न गए ॥१९॥ श्री पार्वती सहित कैलास पर्वतमा बसेका ऋषि-मुनिका माननीय र मोक्षप्रदानार्थ तपस्यामा तत्पर शिवजीलाई देखेर प्रजापतिले त्रिलोकको कल्याणार्थ उनको स्तुति र प्रणाम गरे ॥२०॥ प्रजापति भन्छन्–हे देवदेव ! हे महादेव ! हे भूतभावन ! त्यो त्रैलोक्यदाहक विषबाट हजुर हामी शरणागतहरूको रक्षा गर्नुहवस् ॥२१॥ एउटा हजुरनै अखिल जगत्‌का बन्धन तथा मोक्षका स्वामी हुनुहुन्छ । त्यसैले विचक्षण पुरुष हजुर शरणागत भयहारी जगद्गुरुको पूजा गर्दछौं॥२२॥हे विभो ! हजुरको ज्ञान स्वतःसम्पन्न छ । आफ्नी गुणमयी शक्तिद्वारा जब जगत्‌को उत्पत्ति, स्थिति र लय गर्न आँट्तछन् तब हजुर नै ब्रह्मा, विष्णु र शिव बन्नुहुन्छ ॥२३। हजुर सबै प्राणीहरूका उत्पादक परमगुह्य परब्रह्म हुनुहुन्छ ।

* दृष्टान्त (यो बाटो नजाति रहेछ)–यौटा पसले राती चटाईमा गहीरो निद्रामा सुतिरहेको थियो । उसै बखत यौटा मूसा त्यसकोमाथि यताबाट उतातिर गयो । मूसा हिड्नाले पसले झसङ्ग भयो र कराएर बेसरी रुनलाग्यो । रोएको ध्वनि सुनेर घरका सबैजना आत्तिँदै दगुरे । सबैले रुने कारण सोधे । पसले भन्दछ–'मेरो छातीबाट यौटा मूसा यताबाट उतातिर गयो । अब म यो घरमा बस्न सक्तिन ।' सबैले भने–'मूसा गएर के भयो ? किन रोएका ?' पसलेले भन्यो–'जुन शरीरमा लाग्दछ, त्यसैले जान्दछ, अरु के जान्न सक्दछन् ? हे बन्धु हो ! मूसा गएर म रोएको होइन, रुन त यस निम्ति पर्‍यो कि यो बाटो जाति होइन । आज त मूसा नै गएको छ, भोलि सर्प गयो भने म कसरी बाँच्ने ?' नजाति कामलाई पहिल्यै रोकिदिनु पर्दछ, होइन भने त्यो सबैको निम्ति आफ्नो घर गरेर बस्तछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुर नै जगदीश्वर परमात्मा हुनुहुन्छ र आफ्ना विभिन्न शक्तिहरूले भासमान हुन्छन् ॥ २४ ॥ हजुर वेदका उद्भवस्थान, जगत्का आदिकारण, महत्तत्त्व, विविध अहङ्कार इन्द्रिय प्राण दश्महाभूत तथा शब्दादि गुणहरूका कारण हुनुहुन्छ । हजुर नै काल, सङ्कल्प, सत्य, ऋत एवं धर्म हुनुहुन्छ । वेदवादी मुनि त्रिगुणात्मिका मूल प्रकृति पनि हजुरकै अधीन मान्दछन् ॥२५॥ सर्वदेवमय अग्नि हजुरको मुख छ । पृथ्वी हजुरको चरण-कमल हुन् । हजुर सर्वदेवमय हुनुहुन्छ । काल हजुरको गति, दिशाहरू कान, वरुण जिब्रो, आकाश नाभि, वायुश्वास, सूर्य नेत्र, जल वीर्य र सबै उत्तमाधम जीवहरूका आश्रय नै हजुरको अहङ्कार छ । चन्द्रमा हजुरका मन र स्वर्ग मस्तक छ ॥२६-२७॥ हे प्रभो ! समुद्र हजुरको कुक्षि, पर्वत अस्थिसमूह, सबै औषधि र लताहरू रौं, गायत्री आदि छन्द, सातै धातुरूप र धर्म हजुरको हृदय छ ॥२८॥ हे ईश्वर ! जसबाट अडतीस मन्त्रहरूको समूह प्रकट भएको थियो ती तत्पुरुष, अघोर, सद्योजात वामदेव र ईशान, यी पाँच उपनिषद् हजुरका मुख हुन् । हे देव ! शिवनामक स्वयंप्रकाश परमार्थतत्त्व हजुरको उपरतावस्था हो॥२९॥दम्भ, लोभ आदि अधर्मका तरङ्ग हजुरका

राभातस्त्वमात्मा जगदीश्वरः ॥२४॥ त्वं शब्दयोनिर्जगदादिरात्मा प्राणेन्द्रियद्रव्यगुणस्वभावः ॥ कालः क्रतुः सत्यमृतं च धर्मस्त्वय्यक्षरं यत्त्रिवृदामनन्ति ॥ २५ ॥ अग्निर्मुखं तेऽखिलदेवतात्मा क्षितिं विदुर्लोकभवाङ्घ्रिपंकजम् ॥ कालं गतिं तेऽखिलदेवतात्मनो दिशश्च कर्णौ रसनं जलेशम् ॥ २६ ॥ नाभिर्नभस्ते श्वसनं नभस्वान्सूर्यश्च चक्षूंषि जलं स्मरेतः ॥ परावरात्माश्रयणं तवात्मा सोमो मनो द्यौर्भगवञ्छिरस्ते ॥२७॥ कुक्षिः समुद्रा गिरयोऽस्थिसंघा रोमाणि सर्वौषधिवीरुधस्ते ॥ छन्दांसि साक्षात्तव सप्त धातवस्त्रयीमयात्मन्हृदयं सर्वधर्मः ॥ २८ ॥ मुखानि पञ्चोपनिषदस्तवेश यैस्त्रिंशदष्टोत्तरमन्त्रवर्गः ॥ यत्तच्छिवाख्यं परमात्मतत्त्वं देव स्वयंज्योतिरवस्थितिस्ते ॥ २९ ॥ छाया त्वधर्मोर्मिषु यैर्विसर्गो नेत्रत्रयं सत्त्वरजस्तमांसि ॥ सांख्यात्मनः शास्त्रकृतस्तवेक्षा छंदोमयो देव ऋषिः पुराणः ॥३०॥ न ते गिरित्राखिललोकपालविरिञ्चिवैकुण्ठसुरेन्द्रगम्यम् ॥ ज्योतिः परं यत्र रजस्तमश्च सत्त्वं न यद्ब्रह्म निरस्तभेदम् ॥ ३१ ॥ कामाध्वरत्रिपुरकालगराद्यनेकभूतद्रुहः क्षपयतः स्तुतये न तत्ते ॥ यस्त्वन्तकाल इदमात्मकृतं स्वनेत्रवह्निस्फुलिंगशिखया भसितं न वेद ॥३२॥ ये त्वात्मरामगुरुभिर्हृदि चिन्तिताङ्घ्रिद्वन्द्वं चरन्तमुमया तपसाऽभितप्तम् ॥ कत्थन्त उग्रपुरुषं निरतं श्मशाने ते नूनमूतिमविदंस्तव हातलज्जाः ॥३३॥ तत्तस्य ते सदसतोः परतः परस्य नाञ्जः स्वरूपगमने प्रभवन्ति भूम्नः ॥ ब्रह्मादयः किमुत संस्तवने

छाया हुन्, जसबाट विश्वको सृष्टि हुन्छ, तो सत्त्व, रज र तमोगुण हजुरका तीन नेत्र हुन् । हे देव ! गायत्री आदि छन्दयुक्त सनातन वेद हजुर सांख्यकर्ताको ईक्षण (विचार) हो ॥३०॥ जसमा सत्त्व, रज, तम यी तीनै गुण नहुन्नन् र जो भेदहीन छन् हजुरको त्यो ब्रह्मरूप परम तेजलाई लोकपाल, ब्रह्मा, विष्णु र देवेन्द्र पनि जान्न सक्नैनन् ॥३१॥ हे नाथ ! हजुर कामदेव, यक्षवज्ञ, त्रिपुरासुर तथा कालकूटविष आदि अगणित भूतद्रोहीलाई नष्ट गरिसक्नु भएको छ, तैपनि यी सबै कर्म हजुरको स्तुति योग्य हुन सक्तैनन्, किनकि हजुर स्वरचित विश्वलाई प्रलयकालमा आफ्ना नेत्राग्निको ज्वालाले भस्म पारेर उतातिर हेर्नुहुन्छ ॥३२॥सबै आत्माराम, गुरुजन जसका चरणको ध्यान गर्दछन् र जो निरन्तर तपमा लीन रहन्छन्, यस्ता हजुरलाई मानिसहरू उमादेवीसित विहार गर्नमा आसक्त र श्मशानमा बस्नाले हिंस्र भन्दछन्, ती निर्लज्ज के हजुरका लीला जान्दछन्, वस्तुतः ती केही पनि जान्दैनन्॥३ ॥ हे प्रभो !

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरका सत्-असत् भन्दा पर रहने परात्पर स्वरूपलाई ब्रह्मादि देवता पनि जान्न सक्तैनन्, अनि अति अर्वाचीन हामीहरूले कसरी जान्ने र स्तुति गर्ने ? तैपनि हामीलो आफ्नो शक्ति पुगेजति हजुरको गुण-गान-गरेका छौं ॥३४॥ हे महेश्वर ! हामीलाई त हजुरको यो रूप नै सबभन्दा मनपर्दछ, किनकि हामी हजुरको सच्चा स्वरूप हेर्न सक्तैनौं । हे नाथ ! हजुर जस्तै अव्यक्तकर्मा प्रभुको आविर्भाव संसारको कल्याणार्थ नै हुन्छ ॥३५॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! देवताहरूमा आइलागेको महासङ्कट देखेर सर्वभूतरक्षक करुणाले सान्है दुःखी हुनुभयो र आफ्नी प्रिया सतीसित भन्नुभयो ॥३६॥ शिवजी आज्ञागर्नुहुन्छ–हे देवि ! क्षीरसागरको मथनबाट उत्पन्न कालकूट विषले प्रजामा कति ठूलो सङ्कट उत्पन्न भएको छ ॥३७॥ आफ्नो प्राणरक्षाको निम्ति व्याकुल यी सबैलाई मैले निर्भय पार्नै पर्दछ, किनकि दीन जनको रक्षा गर्नुनै समर्थ पुरुषको कार्य हुन्छ ॥३८॥ हे भद्रे ! साधुजन आफ्नो क्षणभंगुर प्राण दिएर पनि अर्काको रक्षा गर्दछन् । भगवान्को मायाले मोहमा परेका र परस्पर शत्रु बनेका जीवहरूमा जो दया गर्दछन्, तीमाथि सर्वात्मा भगवान् प्रसन्न हुन्छन् र उनी प्रसन्न भएपछि

वयं तु तत्सर्गसर्गविषया अपि शक्तिमात्रम् ॥३४॥ एतत्परं प्रपश्यामो न परं ते महेश्वर ॥ मृडनाय हि लोकस्य व्यक्तिस्तेऽव्यक्तकर्मणः ॥३५॥ श्रीशुक उवाच ॥ तद्वीक्ष्य व्यसनं तासां कृपया भृशपीडितः ॥ सर्वभूतसुहृद्देव इदमाह सतीं प्रियाम् ॥३६॥ शिव उवाच ॥ अहो बत भवान्येतत्प्रजानां पश्य वैशसम् ॥ क्षीरोदमथनोद्भूतात्कालकूटादुपस्थितम् ॥३७॥ आसां प्राणपरीप्सूनां विधेयमभयं हि मे ॥ एतावान् हि प्रभोरर्थो यद्दीनपरिपालनम् ॥३८॥ प्राणैः स्वैः प्राणिनः पान्ति साधवः क्षणभंगुरैः ॥ बद्धवैरेषु भूतेषु मोहितेष्वात्ममायया ॥३९॥ पुंसः कृपयतो भद्रे सर्वात्मा प्रीयते हरिः ॥ प्रीते हरौ भगवति प्रीयेऽहं सचराचरः ॥ तस्मादिदं गरं भुंजे प्रजानां स्वस्तिरस्तु मे ॥४०॥ श्रीशुक उवाच ॥ एवमामन्त्र्य भगवान्भवानीं विश्वभावनः ॥ तद्विषं जग्धुमारेभे प्रभावज्ञाऽन्वमोदत ॥४१॥ ततः करतलीकृत्य व्यापि हालाहलं विषम् ॥ अभक्षयन्महादेवः कृपया भूतभावनः ॥४२॥ तस्यापि दर्शयामास स्ववीर्यं जलकल्मषः ॥ यच्चकार गले नीलं तच्च साधोर्विभूषणम् ॥ ४३ ॥ तप्यन्ते लोकतापेन साधवः प्रायशो जनाः ॥ परमाराधनं तद्धि पुरुषस्याखिलात्मनः ॥४४॥ निशम्य कर्म तच्छम्भोर्देवदेवस्य मीढुषः ॥ प्रजा दाक्षायणी ब्रह्मा वैकुण्ठश्च शशंसिरे ॥ ४५ ॥ प्रस्कन्नं पिबतः पाणेर्यत्किञ्चिज्जगृहुः स्म तत् ॥ वृश्चिकाहिविषौषध्यो दन्दशूकाश्च येऽपरे ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धेऽमृतमथने सप्तमोऽध्यायः ॥ ७ ॥

चराचर विश्वसहित म पनि प्रसन्न हुन्छु । अतः म यो विष पिउँछु, यसले मेरा प्रजाको कल्याण हुनेछ ॥३९-४०॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! भवानीसित यति भनेर श्रीमहादेव त्यो विष पिउन तयार भएर उनको प्रभावबाट परिचित भवानीले पनि सम्मातिदिइन् ॥४१॥ त्यसै अनुसार सबै जीवमा दया गरेर भूतभावन शिवजीले सर्वत्र फैलिएको त्यस हलाहल विषलाई अंजुलीमा थापेर पिइदिए ॥४२॥ त्यो जलकल्मष गरलले शिवमाथि आफ्नो प्रभाव देखाइहाल्यो, जसले उनको घाँटी नीलो भयो, तर त्यो नीलोपन पनि साधु शिरोमणि भगवान् शङ्करको अलंकार बन्यो ॥४३॥ प्रायः सबै साधुजन संसारको दुःखले दुःखी हुन्छन्, किनकि अर्काको दुःखमा दुःखी रहनाले सर्वात्मा भगवान्को उत्कृष्ट आराधना हुन्छ ॥४४॥ देवदेव महादेवको त्यो पौरुष देखेर सारा प्रजा, दक्षकन्या सती, तथा विष्णु भगवान् उनको प्रशंसा गर्नलागे ॥ ४५ ॥ हे राजन् ! कालकूट विष पिउने वेलामा उनको अंजलीबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन एक-दुइ थोपार चुह्यो, त्यो सर्प, बिच्छी, विषालु औषधि र अन्य विषालु जीवले खाइदिए ।।४६।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां सप्तमोऽध्यायः।।७।।

(समुद्रबाट अनेक रत्न र अमृत निस्कनु)–शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! वृषध्वज श्रीमहादेवले विष-पान गरिसकेपछि सबै देवता र असुरगण धेरै प्रसन्न भएर ठूलो वेगले समुद्र मथ्नलागे । केही समयपछि त्यसबाट कामधेनु गाई निस्किन् ।। १ ।। अग्निहोत्रको सामग्री उत्पन्न गर्ने र ब्रह्मलोकको मार्गस्वरूप यज्ञादिमा उपयोगी हविसिद्ध गर्नको निम्ति त्यसलाई वेदवादी मुनिहरूले लिए ।। २ ।। त्यसपछि चन्द्रमा समान शुभ्रवर्ण उच्चैःश्रवा घोडा निस्क्यो । त्यो बलिले लिन खोजे र भगवान्को आदेशानुसार इन्द्रले बलिको मन फर्काए ।। ३ ।। अनि चन्द्रमा झैं शुभ तथा आफ्ना चार दाँतले भगवान् शिवका आश्रयस्वरूप कैलास पर्वतको कान्ति पनि हरण गर्ने ऐरावत नामको गजराज निस्क्यो ।।४।। त्यस पछि त्यो महासागरबाट कौस्तुभ नामको पद्मराग मणि प्रकट भयो । त्यो आफ्नो वक्षस्थललाई विभूषित पार्नको निम्ति श्रीहरिले लिए ।। ५ ।। त्यसपछि स्वर्गलोकको अङ्कार कल्पवृक्ष

श्रीशुक उवाच ।। पीत गरे वृषांकेण प्रीतास्तेऽमरदानवाः ।। ममन्थुस्तरसा सिन्धुं हविर्धानी ततोऽभवत् ।। १ ।। तामग्निहोत्रमृषयो जगृहु-र्ब्रह्मवादिनः ।। यज्ञस्य देवयानस्य मेध्याय हविषे नृप ।। २ ।। तत उच्चैःश्रवा नाम हयोऽभूच्चन्द्रपाण्डुरः ।। तस्मिन्बलिः स्पृहां चक्रे नेन्द्र ईश्वर-शिक्षया ।। ३ ।। ततः ऐरावतो नाम वारणेन्द्रो विनिर्गतः ।। दन्तैश्चतुर्भिः श्वेताद्रेर्हरन्भगवतो महिम् ।। ४ ।। कौस्तुभाख्यमभूद्रत्नं पद्मरागो महो-दधेः ।। तस्मिन्हरिः स्पृहां चक्रे वक्षोऽलंकरणे मणौ ।। ५ ।। ततोऽभवत्पारिजातः सुरलोकविभूषणः ।। पूरयत्यर्थिनो योऽर्थैः शश्वद्भुवि यथा भवान् ।। ६ ।। ततश्चाप्सरसो जाता निष्ककण्ठ्यः सुवाससः ।। रमण्यः स्वर्गिणां वल्गुगतिलीलावलोकनैः ।। ७ ।। ततश्चाविरभूत्साक्षाच्छ्री रमा भगवत्परा ।। रञ्जयन्ती दिशः कान्त्या विद्युत्सौदामनी यथा ।। ८ ।। तस्यां चक्रुः स्पृहां सर्वे ससुरासुरमानवाः ।। रूपौदार्यवयोवर्णमहिमाक्षिप्तचेतसः ।। ९ ।। तस्या आसनमानिन्ये महेन्द्रो महदद्भुतम् ।। मतिमत्यः सरिच्छ्रेष्ठाहेमकुम्भैर्जलं शुचि ।। १० ।। आभिषेचनिका भूमिराहरत्सकलौषधीः ।। गावः पञ्च पवित्राणि वसन्तो मधुमाधवौ ।। ११ ।। ऋषयः कल्पयाञ्चक्रुरभिषेकं यथाविधि ।। जगुर्भद्राणि गन्धर्वा नट्यश्च ननृतुर्जगुः ।। १२ ।। मेघा मृदंगपणवमुरजानकगोमुखान् ।। व्यनादयञ्छङ्खवेणुवीणास्तुमुलनिः स्वनाः ।। १३ ।। ततोऽभिषिषिचुर्देवीं श्रियं पद्मकरां सतीम् ।। दिगिभाः

निस्क्यो ! हे राजन् ! संसारमा जस्तै हजुर याचकका सबै इच्छा पूर्ण गर्नुहुन्छ यस्तै सबै वस्तु दिएर कल्पवृक्ष पनि कामना पूर्णगर्दछ ।।६।। अनि राम्रालुगा र घाँटीमा पदक धारण गर्ने अनेक अप्सराहरू प्रकट भए । आफ्ना मनोहारिणी गति र विलासपूर्ण हेराइले ती स्वर्गका देवगणलाई पुलकित पार्दैथिए ।।७।। फेरि 'सुदामा' पर्वतमा चम्कने बिजुली जस्तै आफ्ना अलौकिक कान्ति दसै दिशालाई रंगीन पार्दै भगवत्परायणा साक्षात् लक्ष्मी प्रकट भइन् ।। ८ ।। तिनको रूप, औदार्य, यौवन, वर्ण र महिमामा मुग्ध भएर देवता, असुर तथा मनुष्य आदि सबैले उनलाई प्राप्त गर्न खोजे ।।९।। देवराज इन्द्रले उनलाई अद्भुत आसन दिए र मुख्य नदीहरूले प्रकट भएर सुवर्णकलशमा पवित्र जलदिए । १०।। भूमिले अभिषेकको निम्ति उपयुक्त ओषधिहरू,गाईले दुग्धादि पञ्चगव्य र वसन्त ऋतुले चैत्र-वैशाखमा फल्ने फल-फूल अर्पे ।। ११ ।। अनि ऋषि-मुनिले उनको विधिवार अभिषेक गरे ; त्यससमय प्रसन्नताले

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धर्व गाउन लागे र नर्तकी नाच्नलागे ॥१२॥ मेघगण मृदङ्ग, पणव, मुरज, आनक, गोमुख शङ्ख, बाँसुरी र वीणा आदि गम्भीर ध्वनि हुने बाजा बजाउन लागे ॥१३॥ विप्रगणहरूले स्वस्तिवाचन पूर्वक दिग्गजहरूले भरिएका कलशले परम साध्वी पद्महस्त लक्ष्मीदेवीलाई अभिषेक गरे ॥१४॥ समुद्रले रेशमी पीताम्बर, वरुणले आफ्नो सुगन्ध र मधुकरलाई मस्त पार्ने वैजयन्ती माला, प्रजापति विश्वकर्माले विविध आभूषण, सरस्वतीले हार, ब्रह्माले कमल र नागहरूले दुइ कुण्डल दिए ॥१५-१६॥ ऋषिमुनि द्वारा स्वस्तिवाचन भइसकेपछि हातमा भ्रमरले गुञ्जायमान कमलको माला लिई आफ्ना कुण्डल मण्डित लज्जायुक्त हाँसोले शोभायमान लक्ष्मीजी अगिसरिन् ॥ १७ ॥ जसका दुवै स्तन दरस्पर टाँसिएका, समान र चन्दन-कुंकुमादिले अनुरंजित थिए। ती अत्यन्त कृशोदरी लक्ष्मीजी जहाँ-तहाँ नूपुरको मधुर झङ्कार गर्दै हिंडेर सुवर्णको लता झैं देखिइन् ॥ १८ ॥ ती त्यहाँ एकत्रित गन्धर्व, यक्ष, असुर, सिद्ध, चारण तथा देवता आदिबाट आफ्नो निम्ति कुनै यस्ता निर्दोष तथा निश्चल पतिरूपी आश्रय खोज्दै थिइन्, जुन सर्वगुणसम्पन्न हुन् । तर उनलाई कुनै वर

पूर्णकलशैः सूक्तवाक्यैर्द्विजेरितैः ॥ १४ ॥ समुद्रः पीतकौशेयवाससी समुपाहरत् ॥ वरुणः स्रजं वैजयन्तीं मधुना मत्तषट्पदाम् ॥ १५ ॥ भूषणानि विचित्राणि विश्वकर्मा प्रजापतिः ॥ हारं सरस्वती पद्ममजो नागाश्च कुण्डले ॥ १६ ॥ ततः कृतस्वस्त्ययनोत्पलस्रजं नदद्द्विरेफां परिगृह्य पाणिना ॥ चचाल वक्त्रं सुकपोलकुण्डलं सव्रीडहासं दधती सुशोभनम् ॥ १७ ॥ स्तनद्वयं चातिकृशोदरी समं निरन्तरं चन्दनकुंकुमोक्षितम् ॥ ततस्ततो नूपुरवल्गुसिञ्जितैर्विसर्पती हेमलतेव सा बभौ ॥१८॥ विलोकयन्ती निरवद्यमात्मनः पदं ध्रुवं चाव्यभिचारि सद्गुणम् ॥ गन्धर्वयक्षासुरसिद्धचारण-त्रैविष्टपेयादिषु नान्वविन्दत् ॥१९॥ नूनं ततो यस्य न मन्युनिर्जयो ज्ञानं क्वचित्तच्च न सङ्गवर्जितम् ॥ कश्चिन्महांस्तस्य न कामनिर्जयः स ईश्वरः किं परतो व्यपाश्रितः ॥ २० ॥ धर्मः क्वचित्तत्र न भूतसौहृदं त्यागः क्वचित्तत्र न मुक्तिकारणम् ॥ वीर्यं न पुंसोऽस्त्यजवेगनिष्कृतं नहि द्वितीयो गुणसङ्गवर्जितः ॥ २१ ॥ क्वचिच्चिरायुर्न हि शीलमंगलं क्वचित्तदप्यस्ति न वेद्यमायुषः ॥ यत्रोभयं कुत्र च सोऽप्यमंगलः सुमंगलः कश्चन कांक्षते हि माम् ॥ २२ ॥ एवं विमृश्याव्यभिचारिसद्गुणैर्वरं निजैकाश्रयतागुणाश्रयम् ॥ वव्रे वरं सर्वगुणैरपेक्षितं रमा मुकुन्दं निरपेक्षमीप्सितम् ॥ २३ ॥ तस्यांसदेश उशतीं नवकञ्जमालां माद्यन्मधुव्रतवरूथगिरोपघुष्टाम् ॥ तस्थौ निधाय निकटे तदुरः स्वधाम सव्री-

प्राप्त भइरहेको थिएन ॥१९॥ उनले देखिन् जुन दुर्वासा आदिमा तपस्या छ, तिनले रिसजित्न सकेका छैनन् । बृहस्पति आदिमा ज्ञान छ, भने उनमा निःसंगता छैन । ब्रह्मादि ठूला महत्त्वशाली छन् भने उनको कामलाई जित्न सकेका छैनन् र इन्द्रादि जुन अर्काको आश्रित छन्, तिनलाई कसरी ईश्वर भन्न सकिन्छ ! ॥२०॥ कतै अर्थात् पशुरामादिमा धर्म त छ तर प्राणीहरूप्रति सौहार्दभाव छैन । कतै अर्थात् राजा शिवि आदिमा त्याग छ. तर त्यो उनको मुक्तिको कारण हुन सक्तैन । कतै अर्थात् कार्तवीर्यादिमा बल छ, तर ती कालको वेगले मुक्त छैन । अन्य व्यक्ति विषयाशक्तिबाट रहित छन् तर समाधिनिष्ठ हुनाले पति बनाउनयोग्य छैनन्॥२१॥ मार्कण्डेय आदिमा दीर्घायु त छ तर स्त्रीहरूलाई प्रसन्न राख्ने शीलले रहित र अमङ्गलरूप देखिन्छन् । अँ, एक पुरुष विष्णुभगवान् मङ्गलमय छन्, किन्तु उनलाई मेरो चाह छैन ॥२२॥ यस्तो विचार गरेर लक्ष्मीले नित्य सद्गुणपूर्ण, प्राकृत गुणहरूदेखि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर, अणिमादि सबै सिद्धिहरूले सम्पन्न र आफ्ना एक मात्र आश्रयस्वरूप श्रीविष्णु भगवान्लाई उनका निरपेक्ष रहेर पनि पतिरूपमा वरण गरिलिइन् ॥२३॥ उनले मत्त मधुकर-समूहको गुञ्जारले युक्त त्यो नयाँ कमलको माला उनको घाँटीमा हालिदिइन् र लज्जापूर्ण हास्ययुक्त विकसित नेत्र द्वारा आफ्नो निवासस्थानरूपी भगवान्को वक्षःस्थल-तिर हेर्दै उनको नजीकै गएर उभिइन् ॥२४॥ हे राजन् ! जगत्पिता भगवान्ले आफ्नो वक्षःस्थललाई नै ती सर्वैश्वर्यशालिनी तथा जगज्जननी श्रीलक्ष्मीको निवासस्थान बनाए । त्यहाँ बसेर महारानी लक्ष्मीजीले करुणामयी दृष्टिले हेरेर प्रजान, लोकपाल र तीनै लोकको अभिवृद्धि गरिन् ॥२५॥ अनि शङ्ख, तूर्य र मृदङ्ग आदि बाजा र स्त्रीहरू सहित नृत्य-गान गर्नै देवानुचर (गन्धर्वगण) को महानिनाद हुन लाग्यो ॥२६॥ ब्रह्मा, शिव र अङ्गिरा आदि प्रजापति पुष्प-वर्षा गर्दै गुणप्रतिपादक मन्त्रहरूद्वारा भगवान्को स्तुति गर्नलागे ॥२७॥ श्रीलक्ष्मीले हेर्नासाथ सबै देवता र समस्त प्रजा तथा प्रजापति शीलादि गुणहरुले युक्त भएर आनन्दित भए ॥२८॥ हे राजन् ! जब लक्ष्मीले दैत्यगण र दानवहरूलाई

डहासविकसन्नयनेन याता ॥२४॥ तस्याः श्रियस्त्रिजगतो जनको जनन्या वक्षोनिवासमकरोत्परमं विभूतेः ॥ श्रीः स्वाः प्रजाः सकरुणेन निरीक्षणेन यत्र स्थितैधयत साधिपतींस्त्रिलोकान् ॥२५॥ शङ्खतूर्यमृदङ्गानां वादित्राणां पृथुः स्वनः ॥ देवानुगानां सस्त्रीणां नृत्यतां गायतामभूत् ॥२६॥ ब्रह्म-रुद्रांगिरोमुख्याः सर्वे विश्वसृजो विभुम् ॥ ईडिरेऽवितथैर्मन्त्रैस्तल्लिंगैः पुष्पवर्षिणः ॥२७॥ श्रिया विलोकिता देवाः सप्रजापतयः प्रजाः ॥ शीलादि-गुणसम्पन्ना लेभिरे निर्वृतिं पराम् ॥ २८ ॥ निःसत्त्वा लोलुपा राजन्निरुद्योगा गतत्रपाः ॥ यदा चोपेक्षिता लक्ष्म्या बभूवुर्दैत्यदानवाः ॥ २९ ॥ अथासीद्वारुणी देवी कन्या कमललोचना ॥ असुरा जगृहुस्तां वै हरेरनुमतेन ते ॥ ३० ॥ अथोदधेर्मथ्यमानात्काश्यपैरमृतार्थिभिः ॥ उदतिष्ठन्म-हाराज पुरुषः परमाद्भुतः ॥३१॥ दीर्घपीवरदोर्दण्डः कम्बुग्रीवोऽरुणेक्षणः ॥ श्यामलस्तरुणः स्रग्वी सर्वाभरणभूषित ॥ ३२ ॥ पीतवासा महो-रस्कः सुमृष्टमणिकुण्डलः ॥ स्निग्धकुंचितकेशांतः सुभगः सिंहविक्रमः ॥ ३३ ॥ अमृतापूर्णकलशं बिभ्रद्वलयभूषितः ॥ स वै भगवतः साक्षाद्वि-ष्णोरंशांशसम्भवः ॥ ३४ ॥ धन्वन्तरिरिति ख्यात आयुर्वेददृगिज्यभाक् ॥ तमालोक्यासुराः सर्वे कलशं चामृताभृतम् ॥ ३५ ॥ लिप्सन्त सर्वव-स्तूनि कलशं तरसाऽहरन् ॥ नीयमानेऽसुरैस्तस्मिन्कलशेऽमृतभाजने ॥ ३६ ॥ विषण्णमनसो देवा हरिं शरणमाययुः ॥ इति तद्दैन्यमालोक्य भग-

अस्वीकार गरिदिइन् तब ती असमर्थ, लोलुप, निरुद्यम तथा निर्लज्ज भए ॥२९॥ त्यसपछि त्यस मथ्यमान क्षीर समुद्रबाट कन्यारूपिणी कमलनयनी वारुणी निस्किन्, उनलाई भगवान्-को आज्ञाले असुरहरूले लिए ॥३०॥ अनि हे राजन् ! कश्यप-पुत्र देवता र असुरहरूले समुद्र मथेपछि यौटा अति अद्भुद पुरुष निस्क्यो॥३१॥ उसका भुजास्थूल र लामा-मामा थिएँ, उसको शङ्खसदृश सुन्दर घाँटी र नेत्र राता दिए । त्यो श्याम शरीर, तरुण, मालाधारी र सबै आभूषणले विभूपित थियो ॥३२॥ ऊ पीताम्बरधारी तथा चाक्लो छाती भएको थियो, कानमा अति स्वच्छ मणिमय कुण्डल पहिरेको थियो । अलक चिल्ला र बटारिएका थिए । ऊ देख्नमा राम्रो, सिंहसदृश पराक्रमी, कंकणादिले विभूषित थियो र अमृतपूर्ण कलश लिएको थियो । ती विष्णु अंशज प्रसिद्ध श्रीधन्वन्तरी थिए, जो आयुर्वेदका प्रवर्तक थिए र यज्ञमा भागपाउँदथे । उनलाई हातमा अमृतले भरिएको कलश लिएका देखे बर्ता लोभी असुर-

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूले तुरुन्त त्यो कलश उनका हातबाट खासे । अब दैत्यहरूले अमृत-पात्र लिएपछि देवतागण खिन्न भएर श्रीहरिको शरणमा गए । तिनको दीन-दशा देखेर भक्तका कामना पूर्ण गर्ने भगवान्‌ले भन्नुभयो—हे देवता हो ! तिमीहरू खेद नगर, म आफ्नो मायाले तिमीहरूको काम मिलाइदिन्छु ।।३३-३७।। अनि हे राजन् ! ती लोभी दैत्यहरूमा 'पहिले म पिउँछु—तँ होइन, तँ होइन' यस प्रकार परस्पर कलह हुनलाग्यो ।।८।। तिनमा दुर्बल दैत्य कलश लिएर जाने प्रबल दैत्यलाई ईर्ष्यावश बारम्बार यो भनेर रोक्नलागे—देवताहरूले समुद्र मन्थनमा बराबर परिश्रम गरेका छन्, अतएव उनलाई पनि यज्ञभागकै समान यसको पनि भाग पाउनुपर्दछ, यही सनातनधर्म हो* ।।३९-४०।। अनि उपायहरूका ज्ञाता विष्णु भगवान्‌ले अति

वा‌ञ्छितकामकृत् ।। मा खिद्यत मिथोऽर्थं वः साधयिष्ये स्वमायया ।। ३७ ।। मिथः कलिरभूत्तेषां तदर्थे तर्षचेतसाम् ।। अहं पूर्वमहं पूर्वं न त्वं न त्वमिति प्रभो ।। ३८ ।। देवाः स्वं भागमर्हन्ति ते तुल्यायासहेतवः ।। सत्रयाग इवैतस्मिन्नेष धर्मः सनातनः ।। ३९ ।। इति स्वान्प्रत्यषेधन्वै दैतेया जातमत्सरा ।। दुर्बलाः प्रबलान्राजन्गृहीतकलशान्मुहुः ।। ४० ।। एतस्मिन्नंतरे विष्णुः सर्वोपायविदीश्वरः ।। योषिद्रूपमनिर्देश्यं दधार परमाद्भुतम् ।। ४१ ।। प्रेक्षणीयोत्पलश्यामं सर्वावयवसुन्दरम् ।। समानकर्णाभरणं सुकपोलोन्नसाननम् ।। ४२ ।। नवयौवननिर्वृत्तस्तनभारकृशोदरम् ।। मुखामोदानुरक्तालिझङ्कारोद्विग्नलोचनम् ।। ४३ ।। बिभ्रत्स्वकेशभारेण मालामुत्फुल्लमल्लिकाम् ।। सुग्रीवकण्ठाभरणं सुभुजाङ्गदभूषितम् ।। ४४ ।। विरजाम्बरसंवीतनितम्बद्वीपशोभया ।। काञ्च्या प्रविलसद्वल्गुचलच्चरणनूपुरम् ।। ४५ ।। सव्रीडस्मितविक्षिप्तभ्रूविलासावलोकनैः ।। दैत्ययूथपचेतःसु काम-

अद्भुत तथा अनिर्वचनीय स्त्रीरूप धारण गरे ।।४१।। त्यो रूप अति दर्शनीय, नीलकमलसम श्याम,सर्वाङ्गसुन्दर सुकपोल एवं उन्नत नासिकाले युक्त तथा मनोहर मुखको थियो ।।४२।। नवयौवनको उन्माद तथा बाटुला र ठूला-ठूला स्तनका भारले उसको उदरदेश कृश भएको थियो । मुखारविन्दको गन्धका अनुगामी भ्रमरको झङ्कारले उसका नेत्र चञ्चल भइरहेका थिए ।।४३।। त्यो स्त्री आफ्ना केशपाशमा मल्लिका-कुसुमको माला बेरेकी थिई । त्यसको सुन्दर ग्रीवा र बाहुहरूमा अङ्गदादि भूषण विभूषित थिए ।। ४४ ।। त्यो (मोहिनी) निर्मल वस्त्रले वेष्टित र नितम्बमा विराजमान सुवर्णमयी कन्धनी सुशोभित थियो र उसका चञ्चल चरणमा रहेका नूपुर बजिरहेका थिए ।।४५।। ती सुन्दरी अद्भुत रूप लज्जायुक्त हाँसो र चलायमान

---

* दृष्टान्त (दुइ होइन, चारर भाग लगाओ—नवद्वीपमा प्रसिद्ध विद्वान् रामशिरोमणि र तिनका भाई विद्यारत्न सँगै बस्तथे । ती जस्ता विद्वान् थिए त्यस्तै मिलनसार र बुद्धिमान पनि थिए । ती दुवै बूढा भए तिनले यद्यपि धेरै कमाएका थिए, तापनि घरको सम्पत्तिमा अंश बण्डा भएको थिएन । जेठाका तीन र कान्छाको केवल यौटा छोरो थियो । एक दिन रामशिरोमणिले भने—अब आफ्नो अंश बण्डा गरिदिनु पर्दछ, किनकि छोराहरू ठूला-ठूला भइसके ।' रघुमणिले भने-'दाई, तपाईले यो के भन्नु भएको ? जसरी मूर्खहरू छुट्टिन्छन् त्यसै गरी हामी पण्डित भएर पनि छुट्टिने ? समाजले हामीलाई के भन्नेछन् ?' रामशिरोमणिले भने-'हामी दुवै छुट्टिने होइन, तर छोराहरूको भाग बाँडिदिए राम्रो हुनेछ । यस्तो गरिदिए भविष्यमा ती आफ्नो एकता स्थिर राख्नेछन् ।' रघुमणिले भन्यो—'तपाईको जस्तो इच्छा ।' पछि रामशिरोमणिले सम्पत्तिको दुइ भाग लगाए । एक भागमा आफ्ना तीन पुत्र, र अर्को भाग भाईको यौटा छोरोलाई दिए । यो अंशखण्डा देखेर रघुमणिले भने- दाई ! तिमीले यो के गरेका ? हामीहरू छुट्टिएका भए भाग उचित हुन्थ्यो, तर छोराहरू छुट्टिइरहेका छन । यसनिम्ति बराबर बराबर चार भाग गरेर चारै छोराहरूलाई दिएदेखि मलाई खुशी लाग्नेथियो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्रूभङ्गले हेर्दै दैत्य-यूथपतिहरूको हृदयमा बारम्बार कामोद्दीपन हुन लाग्यो ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायामष्टमोऽध्यायः ॥८॥
(मोहिनी रूपधारी भगवान् द्वारा अमृत बाँड्नू)–शुकदेवजी भन्दछन्–हे राजन्! जब ती दैत्य सौहार्द त्यागेर दस्यु-धर्ममा प्रवृत्त भई अमृतको निम्ति परस्पर खोसा-खोस गरिरहेका थिए, त्यसै बखत तिनले त्यहाँ आएकी सुन्दरी स्त्रीलाई देखे ॥१॥ उनलाई देख्नासाथ ती कामातुर दैत्यहरूले भने–'यसको कति राम्रो रूप छ! यसको कस्तो कमनीय कान्ति छ। कति नयाँ अवस्था छ!' यति भन्दै तिनको नगीचै गएर सोधे–॥२॥ हे कमल-लोचनी! तिमी को हौ? कहाँबाट आइरहेकी छौ? तिमी के गर्न खोजिरहेकी छौ? हे वरोरु! तिमी त हाम्रो चित्तलाई मानो मथिरहेकी छौ। लौ भन तिमी कसकी छोरी हौ? ॥३॥ हामी बुझिरहेका छौं–आजसम्म देवता, असुर, सिद्ध, गन्धर्व, चारण र लोकपाल पनि तिमीलाई छुन सकेका छैनन्। अनि मनुष्यको के कुरा ॥४॥ हे सुभ्रू! जस्तै विधाताले दया गरेर हामी देहधारीहरूका इन्द्रिय र मनलाई प्रसन्न पार्नको निम्ति तिमीलाई यहाँ पठाएका हुन् ॥५॥

मुद्दीपयन्मुहुः ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे भगवन्मायोपलम्भनं नामाष्टमोऽध्यायः ॥ ८ ॥
श्रीशुक उवाच ॥ तेऽन्योन्यतोऽसुराः पात्रं हरन्तस्त्यक्तसौहृदाः ॥ क्षिपन्तो दस्युधर्माण आयान्तीं ददृशुः स्त्रियम् ॥ १ ॥ अहो रूपमहो धाम अहो अस्या नवं वयः ॥ इति ते तामभिद्रुत्य पप्रच्छुर्जातहृच्छयाः ॥२॥ का त्वं कञ्जपलाशाक्षि कुतो वा किं चिकीर्षसि ॥ कस्यासि वद वामोरु मथ्नन्तीव मनांसि नः ॥३॥ न वयं त्वमरैर्दैत्यैः सिद्धगन्धर्वचारणैः ॥ नास्पृष्टपूर्वां जानीमो लोकेशैश्च कुतो नृभिः ॥ ४ ॥ नूनं त्वं विधिना सुभ्रूः प्रेषितासि शरीरिणाम् ॥ सर्वेन्द्रियमनः प्रीतिं विधातुं सघृणेन किम् ॥ ५ ॥ सा त्वं नः स्पर्धमानानामेकवस्तुनि मानिनि ॥ ज्ञातीनां बद्धवैराणां शं विधत्स्व सुमध्यमे ॥६॥ वयं कश्यपदायादा भ्रातरः कृतपौरुषाः ॥ विभजस्व यथान्यायं नैव भेदो यथा भवेत् ॥ ७ ॥ इत्युपामन्त्रितो दैत्यैर्मायायोषिद्वपुर्हरिः ॥ प्रहस्य रुचिरापाङ्गैर्निरीक्षन्निदमब्रवीत् ॥८॥ श्रीभगवानुवाच ॥ कथं कश्यपदायादाः पुंश्चल्यां मयि सङ्गताः ॥ विश्वासं पण्डितो जातु कामिनीषु नयाति हि ॥९॥ सालावृकाणां स्त्रीणां च स्वैरिणीनां सुरद्विषः ॥ सख्यान्याहुरनित्यानि नूत्नं नूत्नं विचिन्वताम् ॥१०॥ श्रीशुक उवाच ॥ इति ते क्ष्वेलितैस्तस्य आश्वस्तमनसोऽसुराः ॥ जहसुर्भावगम्भीरं ददुश्चामृतभाजनम् ॥११॥ ततो गृहीत्वाऽमृतभाजनं हरिर्बभाष ईषत्स्मितशोभया गिरा ॥

हे सुमध्यमे! यौटा वस्तुको निम्ति वैरत्व बाँधेर परस्पर लड्न खोज्ने हामी सजातीयहरूमा तिमी शान्ति स्थापित गरिद्यौ ॥ ६ ॥ हामी कश्यपजीका छोरा र भाई-भाई हौं। हामीले समान परिश्रम गरेकका छौं। हामी सबैमा यो अमृत उचित रीतिले बाँडिदेउ, जसले हामीहरूमा कुनै झगड़ा नहोस् ॥७॥ ती असुरहरूले प्रार्थना गरेपछि आफ्नी मायाले स्त्रीरूपधारी श्रीहरि हाँसेर कुटिल-कटाक्षले हेर्दै भन्नलागे ॥८॥ श्रीभगवानले भने–हे कश्यपपुत्र हो! तिमी म व्यभिचारिणीमा यति श्रद्धा किन गर्दैछौ? विज्ञजन नारीमा कहिल्यै विश्वास गर्दैनन् ॥९॥ हे दैत्य हो! कुकुर र व्यभिचारिणी स्त्रीको पवित्रता अनित्य हुन्छ, किनकि ती दिनहुँ नयाँ-नयाँ प्रेमी खोज्दै रहन्छन् ॥१०॥ शुकदेव भन्नुहुन्छ–हे राजन्! मोहिनी-भगवान्को त्यो ठट्टाको कुराले दैत्यहरूका तीमाथि झन दृढ विश्वास भयो। ती गम्भीरभावले हाँसे र तिनले त्यो अमृत-कलश उनको हातमा दिए ॥११॥ कलश लिएर मुसु-मुसु हाँस्तै भगवान्ले

Lokanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीठो वाणीमा भन्नुभयो–'म राम्रो गरुँ वा नराम्रो, त्यो मिमीहरूलाई मान्य हुन्छ भने म यो अमृत बाँडिदिन्छु'॥१२॥उनको सत्य स्वरूपबाट अनभिज्ञ असुरहरूले 'लौ हुन्छ' भनेर त्यो स्वीकार गरे ॥१३॥ त्यसपछि उपवास गरेर दैत्यले अर्को दिन स्नान गरे, अग्निमा हविष्यान्नको आहुति दिए, गाई ब्राह्मणदिलाई यथायोग्य दान दिए र ब्राह्मणद्वारा स्वस्तिवाचन गराई आफआफ्नो रुचि अनुसार नयाँ लुगा लगाएर राम्ररी विभूषित भएर पूर्वतिर अग्रभाग पारी विछाइएका कुशहरूमा गएर बसे ॥१४॥१५॥ हे राजन् ! सुगन्धित धूपले सुरभित माला तथा दीपमालाले सुशोभित यौटा राम्रो भवनमा जब सबै देवता र दैत्यगण पूर्वाभिमुख भएर बसिसके, तब दिव्य दुकूलले सुशोभित, गज-शावक झैं तिघ्राले युक्त र कलश जस्तै उन्नत स्तन तथा मदमत्त नयन हुने ती बाला हातमा अमृतको कलश लिई सुवर्णमय नूपुरको झङ्कार गर्दै त्यहाँ आइन् ॥१६-१७॥ तिनका कानमा सुवर्णका कुण्डल थिए । तिनका नाक गला र मुखमनोहर थियो र स्तनहरूको वस्त्र खस्केको थियो । लक्ष्मीकी सहचरी-स्वरूपिणी ती परदेवतालाइ देखेर उनको मनोहर र तेर्सो हेराई, मन्द हाँसोले सबै देवता एवं असुर व्याकुल

यद्यभ्युपेतं क्व च साध्वसाधुवा कृतं मया वो विभजे सुधामिमाम् ॥ १२ ॥ इत्यभिव्याहृतं तस्या आकर्ण्यासुरपुङ्गवाः ॥ अप्रमाणविदस्तस्यास्तत्तथेत्यन्वमंसत ॥१३॥ अथोपोष्य कृतस्नाना हुत्वा च हविषाऽनलम् ॥ दत्वा गोविप्रभूतेभ्यःकृतस्वस्त्ययना द्विजैः ॥ १४ ॥ यथापजोषं वासांसि परिधायाहतानि ते ॥ कुशेषुप्राविशन्सर्वे प्रागग्रेष्वभिभूषिताः ॥ १५ ॥ प्राङ्मुखेषूपविष्टेषु सुरेषु दितिजेषु च ॥ धूपामोदितशालायां जुष्टायां माल्यदीपकैः ॥ १६ ॥ तस्यां नरेन्द्र करभोरुरुशद्दुकूलश्रोणीतटालसगतिर्मदविह्वलाक्षी ॥ सा कूजती कनकनूपुरशिञ्जितेन कुम्भस्तनी कलशपाणिरथाविवेश ॥ १७ ॥ तां श्रीसखीं कनककुण्डलचारुकर्णनासाकपोलवदनां परदेवताख्याम् ॥ संवीक्ष्य संमुमुहुरुत्स्मितवीक्षणेन देवासुरा विगलितस्तनपट्टिकां ताम् ॥१८॥ असुराणां सुधादानं सर्पाणामिव दुर्नयम् ॥ मत्वा जातिनृशंसानां न तान् व्यभजदच्युतः ॥ १९ ॥ कल्पयित्वा पृथक्पंक्तीरुभयेषां जगत्पतिः ॥ तांश्चोपवेशयामास स्वेषु स्वेषु च पंक्तिषु ॥ २० ॥ दैत्यान्गृहीतकलशो वञ्चयन्नुपसञ्चरैः ॥ दूरस्थान्पाययामास जरामृत्युहरां सुधाम् ॥२१ ॥ ते पालयन्तः समयमसुराः स्वकृतं नृप ॥ तूष्णीमासन्कृतस्नेहाः स्त्रीविवादजुगुप्सया ॥ २२ ॥ तस्यां कृतातिप्रणयाः प्रणयापायकातराः ॥ बहुमानेन चाबद्धा नोचुः किञ्चन विप्रियम् ॥२३॥ देवलिङ्गप्रतिच्छन्नः स्वर्भानुर्देवसंसदि ॥ प्रविष्टः सोममपिबच्चन्द्रार्काभ्यां च सूचितः ॥२४॥

हुन गए ॥१८॥ मोहिनी रूपधारी भगवान्ले सर्पका समान स्वभावतः क्रूर दैत्यगणलाई अमृत पिलाउनु अनुचित ठानेर उनलाई नदिने नै निर्णय गरिन् ॥१९॥ पहिले तिनको दुइ पंक्ति बनाएर भिन्न-भिन्नै बसाले ॥२०॥ अनि कलश लिएर भगवान्ले दैत्यहरूलाई आफ्ना हाउ-भाउ र कटाक्षादिले छल्दै पर बसेका देवताहरूलाई त्यो मृत्यु-जरापहारी अमृत पिलाईदिए ॥२१॥ हे राजन् ! ती सबै असुरगण नारीप्रति झगड़ा गर्नु अनुचित हो र यिनले पनि हामीहरू प्रति प्रेम नै देखाइन्–यस्तो विचार गरेर पहिले दिएका वचनको पालन गर्दै शान्तभावले बसिरहे ॥२२॥ ती सुन्दरीमा उनको प्रेम प्रगाढ भइसकेको थियो। प्रणय-भङ्गको भय तथा आफ्नोप्रति प्रदर्शित सत्कारको बन्धनमा बाँधिएर कुनै अप्रिय वचन बोलेनन् ॥२३॥ त्यसैबीच राहु नामको दैत्यले देवताहरूको वेश बनाएर उनकै माझमा बसेर अमृत पिइहाल्यो । तत्काल चन्द्र-सूर्यले भगवान्लाई यो कुरा सुनाइदिए ॥२४॥ अनि प्रभुले अमृत पिइरहेकै मौकामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको सुदर्शन चक्रले त्यसको शिर काटेर जिउबाट छुट्याइदिए । अमृतको संसर्ग नहुनाले त्यसको धड त प्राणहीन भएर ढल्यो ।। २५ ।। तर सिर अमर भयो । अनि ब्रह्माजीले उसलाई पनि राहु नामको यौटा 'ग्रह' बनाइदिए । पूर्वको वैरत्वले अझ पनि पर्वदिन अर्थात् पूर्णिमा र औंसीमा चन्द्रमा र सूर्यलाई आक्रमण गर्न गर्दछ ।। २६ ।। देवताहरूले अमृत पिइसकेपछि लोकभावन भगवान्‌ले समस्त दैत्यले देख्दा-देख्दै फेरि आफ्नो अधिको रूप धारण गर्नुभयो ।। २७ ।। हे राजन् ! देश, काल, हेतु, अर्थ, कर्म र बुद्धि समान भएर पनि देवता र दैत्यहरूको प्राप्त फलमा भेद रह्यो, किनकि भगवान्‌का चरण-कमलको सेवन गर्नाले देवगणले सजिलैसित अमृत पिए र दैत्य त्यसबाट वञ्चित भए ।।२८।। मनुष्य जो आफ्नो प्राण, धन, कर्म, मन तथा वाणी आदि द्वारा शरीर र पुत्रादिको निमित्त विविध कर्म गर्दछ, त्यो भेदबुद्धिकृत हुनाले व्यर्थ हुन जान्छ र तिनै प्राणादिको योगले जुन काम ईश्वरको निम्ति गरिन्छ, त्यो अभेदभाव युक्त हुनाले सफल हुन्छ । त्यो त वृक्षको जरामा पानी हालेझैं सबैलाई लाभदायक छ ।।२९।। इति श्रीमद्भागवते महापुराणे अष्टमस्कन्धे नेपाली भाषाटीकायां नवमोऽध्यायः ।।९।।

चक्रेण क्षुरधाणो जहारः ।पबतः शिरः ।। हरिस्तस्य कबन्धस्तु सुधयाप्लावितऽपिबत् ।।२५।। शिरस्त्वमर तां नीतमजो ग्रहमचीक्लपत् ।। यस्तु पर्वणि चन्द्रार्कावभिधापति वैरधीः ।।२६।। पीतप्रायेऽमृते देवैर्भगवाँल्लोकभावनः ।। पश्यतामसुरेन्द्राणां स्व रूपं जगृहे हरिः ।। २७ ।। एवं सुरासुरगणाः समदेशकालहेत्वर्थकर्ममतयोऽपि फले विकल्पाः ।। तत्रामृतं सुरगणाः फलमंजसापुर्यत्पादपंकजरजः श्रयणान्न दैत्याः ।।२८।। यद्युज्यतेऽसुवसुकर्ममनोवचोभिर्देहात्मजादिषु नृभिस्तदसत्पृथक्त्वात् ।। तैरेव सद्भवति यत्क्रियतेऽपृथक्त्वसर्वस्य तद्भवति मूलनिषेचनं यत् ।। २९ ।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धेऽमृतमथने नवमोऽध्यायः ।। ९ ।।

श्रीशुक उवाच ।। इति दानवदैतेया नाविन्दन्नमृतं नृप ।। युक्ताः कर्मणि यत्ताश्च वासुदेवपराङ्मुखाः।।१।। साधयित्वाऽमृतं राजन्पाययित्वा स्वकान् सुरान् ।। पश्यतां सर्वभूतानां ययौ गरुडवाहनः ।।२।। सपत्नानां परामृद्धिं दृष्ट्वा ते दितिनंदनाः ।। अमृष्यमाणा उत्पेतुर्देवान्प्रत्युद्यतायुधाः ।।३।। ततः सुरगणाः सर्वे सुधया पीतयैधिताः ।। प्रतिसंयुयुधुः शस्त्रैर्नारायणपदाश्रयाः ।।४।। तत्र देवासुरो नाम रणः परमदारुणः ।। रोधस्युदन्वतो राजंस्तुमुलो रोमहर्षणः ।।५।। तत्रान्योन्यं सपत्नास्ते संरब्धमनसो रणे ।। समासाद्यासिभिर्बाणैर्निजघ्नुर्विविधायुधैः ।। ६ ।। शंखतूर्यमृदङ्गानां भेरीडमरुणां महान् ।।

(देवासुर संग्राम)–शुकदेवजी भन्दछन्–हे राजन् ! ठूलो परिश्रमले समुद्र-मन्थनरूपी महान् उद्योग गरेर पनि भगवान् वासुदेवदेखि विमुख दैत्य तथा दानवलाई अमृत प्राप्त भएन ।।१।। यस प्रकार गरुडवाहन विष्णु भगवान् अमृत लिई, त्यो आफ्ना भक्त देवगणलाई पिलाई सबै प्राणीहरूले देख्ता-देख्तै त्यहाँबाट हिंडिदिए ।। २ ।। तब शत्रु (देवताहरू) को ऐश्वर्य देखेर सहन सकेनन् र विविध शस्त्रास्त्र लिएर देवगणमाथि झम्टे ।। ३ ।। उता अमृत पिएर सबल र भगवच्चरणाश्रित देवता पनि विविध आयुध लिएर दैत्यहरूसित युद्ध गर्नलागे ।। ४ ।। हे राजन् ! यस प्रकार क्षीरसागरको तटमा 'देवासुर' नामको ठूलो र भयङ्कर रोमाञ्चकारी एवं घनघोर युद्ध हुनलाग्यो ।।५।। त्यस युद्धमा ती दुबै विपक्षी वीर रोषमा भरिएर परस्पर भिड़े र यौटाले अर्कोमाथि खड्ग बाणादि अनेक आयुधले आघात-प्रतिघात गर्नलागे । गजने हात्ती, घोडा, रथ, पैदल सैनिक, शङ्ख, मृदङ्ग, भेरी र डमरू आदि

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाद्यहरूको अति घनघोर नाद हुनलाग्यो ।। ६-७ ।। अनि रथिसित रथि, पैदल सेनासित पैदल सेना, घोडसवारसित घोडाचढेका र गजारोहीहरूसित गजारोही लड्नलागे ।। ८ ।। हे राजन् ! तिनमा केही वीर उँटमा, केही हात्तीमा र केही गदहामा चढेर जुझ्न थाले । केही गौरवर्ण मृगमा, केही भालुमा, केही व्याघ्रमा, केही सिंहमा, केही गिद्ध-कङ्क र बकुल्लामा, केही जल, स्थल एवं आकाशचारी विकराल शरीर हुने प्राणीहरूमा चढेर दुवै सेनाका माझमा पस्नपुगे ।।९-१२।। हे परीक्षित ! त्यस बखत विविध प्रकारका ध्वजा-पताका, शुभ्र एवं निर्मल छाता, रत्न दण्डयुक्त व्यजन, मयूर छत्र, चमर, वायुमा उड्ने पगरी कलँगी, कवच,आभूषण र सूर्यका किरण झैं टल्कने उज्ज्वल शस्त्रहरूले सम्पन्न दुवै सेनाहरू वीरश्रेणीरूपी जलचरहरूले युक्त दुइ महासागर झैं सुशोभित भए ।।१३-१५।। हे राजन् ! रणभूमिमा दैत्यसेना-नायक विरोचननन्दन बलि मयदानव-निर्मित वैहायस विमानमा बसी—जो आरोहीलाई

हस्त्यश्वरथपत्तीनांनदतां निःस्वनोऽभवत् ।।७।। रथिनो रथिभिस्तत्र पत्तिभिः सह पत्तयः ।। हया हयैरिभाश्चेभैः समसज्जन्त संयुगे ।।८।। उष्ट्रैः केचिदिभैः केचिदपरे युयुधुः खरैः ।। केचिद्गौरमृगैर्ऋक्षैर्द्वीपिभिर्हरिभिर्भटाः।।९।।गृध्रैः कंकैर्बकैरन्ये श्येनभासैस्तिमिङ्गिलैः ।। सरभैर्महिषैः खड्गैर्गोवृषैर्गवयारुणैः।।१०।। शिवाभिराखुभिःकेचित्कृकलासैःशशैर्नरैः ।। बस्तैरेके कृष्णसारैर्हंसैरन्ये च सूकरैः ।।११।। अन्ये जलस्थलखगैः सत्त्वैर्विकृतविग्रहैः ।। सेनयोरुभयोराजन्विविशुस्तेऽग्रतोऽग्रतः ।।१२।। चित्रध्वजपटै राजन्नातपत्रैः सितामलैः ।। महाधनैर्वज्रदण्डैर्व्यजनैर्बार्हचामरैः ।।१३।। वातोद्धूतोत्तरोष्णीषैरर्चिभिर्वर्मभूषणैः ।। स्फुरद्भिर्विशदैःशस्त्रैःसुतरां सूर्यरश्मिभिः ।।१४।। देवदानववीराणां ध्वजिन्यौ पाण्डुनन्दन ।। रेजतुर्वीरमालाभिर्यादसामिव सागरौ ।।१५।।वैरोचनो बलिः संख्ये सोऽसुराणां चमूपतिः ।। यानं वैहायसं नाम कामगं मयनिर्मितम् ।।१६।। सर्वसांग्रामिकोपेतं सर्वाश्चर्यमयं प्रभो ।। अप्रतर्क्यमनिर्देश्यं दृश्यमानमदर्शनम् ।।१७।। आस्थितस्तद्विमानाग्र्यं सर्वानीकाधिपैर्वृतः ।। वालव्यजनछत्राग्र्यै रेजे चन्द्र इवोदये ।।१८।। तस्यासन्सर्वतोयानैर्यूथानां पतयोऽसुराः ।। नमुचिःशम्बरो बाणो विप्रचित्तिरयोमुखः ।।१९।। द्विमूर्धा कालनाभोऽथ प्रहेतिर्हेतिरिल्वलः ।। शकुनिर्भूतसंतापो वज्रदंष्ट्रो विरोचनः।।२०।। हयग्रीवःशंकुशिराः कपिलो मेघदुन्दुभिः ।। तारकश्चक्रदृक्शुम्भो निशुम्भोजम्भउत्कलः ।।२१।। अरिष्टोऽरिष्टनेमिश्च मयश्च त्रिपुराधिपः ।। अन्ये पौलोमकालेया निवातकवचादयः ।। २२ ।। अलब्धभागाः सोमस्य केवलं क्लेशभागिनः ।। सर्व एते रणमुखे बहुशो निर्जितामराः ।।२३।। सिंहनादान्वि-

इच्छानुसार जहाँ पनि लैजाने, युद्ध-सामग्रीले परिपूर्ण, सर्वाश्चर्यमय, कहिले देखिने र कहिले अदृश्य भइदिने हुनाले अप्रतर्क्य तथा अनिर्देश्य थियो । त्यस श्रेष्ठ विमानमा बसेर सबै सेनापतिहरूले घेरिएर बलि अत्युत्तम चमर र छाताले युक्त भई उदीयमान चन्द्रमा समान सुशोभित भयो ।।१६-१८।। त्यसको सबैतिर आफ्ना-आफ्ना विमानहरूमा बसेका नमुचि, शम्बर, बाण, विप्रचित्ति, अयोमुख, द्विमूर्धा, कालनाभ, प्रहेति,हेति इल्वल, शकुनि, भूतसन्ताप, वज्रदंष्ट्र, विरोचन, हयग्रीव, शंकुशिरा, कपिल, मेघदुन्दुभि, तारक, चक्राक्ष, शुम्भ, निशुम्भ, जम्भ, उत्कल, अरिष्टनेमि, मय, त्रिपुराधिप, पौलोम, कालेय तथा निवातकवच आदि दैत्य-सेनापति थिए ।।१९-२२।। यी सबै दैत्य अमृतको भाग नपाउनाले केवल क्लेशका भागी बनेका थिए र पहिले युद्धमा धेरै पल्ट देवताहरूलाई जितिसकेका थिए ।।२३।। ती सबै गर्जन्दै चर्को ध्वनिले शङ्ख बजाउन लागे । आफ्ना शत्रुहरूलाई गर्वयुक्त देखेर देवराज इन्द्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रिसाए । मस्तकबाट मद चुहुने ऐरावत दिग्गजमा चढेर ती यस्ता राम्रा देखिए–जस्तै बगिरहेको झरनामा दिवस्पति सूर्य शोभा पाउँदछन् ॥२४-२५॥ तिनका सबैतिर विविध वाहन ध्वजा तथा आयुधहरूले युक्त देवता र आफ्ना गणसमेत वायु, अग्नि तथा वरुण आदि लोकपाल हिंडे ।।२६॥ ती सबै देवता र दैत्य एक अर्काको सामुन्ने गएर मर्मभेदी शस्त्रास्त्रहरू वर्षाउँदै र युद्धमा अगाडि बढ्दै एकले अर्कोलाई ललकादैं द्वन्द्व-युद्ध गर्नलागे ॥२७॥ हें राजन् ! इन्द्र र बलि, तारकासुर र स्वामिकर्तिकेय, हति र वरुण,प्रहेति र मित्र, कालनाम र यमराज, यम र विश्वकर्मा, त्वष्टा र शम्बरासुर, सविता र विरोचन, अपराजित तथा नमुचि, वृषपर्वा र अश्विनीकुमार अनि बलिका सय छोरा, जसमा वाणासुर सबैभन्दा जेठो थियो र सूर्य परस्पर युद्ध गर्नलागे । राहुसित चन्द्रमा एवं पुलोमासित वायुदेव लड्न लागे । निशुम्भ र शुम्भसित वेगवती देवी भद्रकाली, जम्भसित वृषाकपि (महादेव,) महिषासुर-

मुञ्चन्तः शङ्खान्दध्मुर्महास्वान् ॥ दृष्ट्वा सपत्नानुत्सिक्तान्बलभित्कुपितो भृशम् ॥२४॥ ऐरावतं दिक्करिणमारूढः शुशभे स्वराट् ॥ यथा स्रवत्प्रस्रवणमुदयाद्रिमहर्पतिः ॥ २५ ॥ तस्यासन्सर्वतो देवा नानावाहध्वजायुधाः ॥ लोकपालाः सह गणैर्वाय्वग्निवरुणादयः ॥ २६ ॥ तेऽन्योन्यमभिसंसृत्य क्षिपन्तो मर्मभिर्मिथः ॥ आह्वयन्तो विशन्तोऽग्रे युयुधुर्द्वन्द्वयोधिनः ॥२७॥ युयोध बलिरिन्द्रेण तारकेण गुहोऽस्युत ॥ वरुणो हेतिनाऽयुध्यन्मित्रो राजप्रहेतिना ॥२८॥ यमस्तु कालनाभेन विश्वकर्मा मयेन वै ॥ शम्बरो युयुधे त्वष्ट्रा सवित्रा तु विरोचनः ॥ २९ ॥ अपराजितेन नमुचिरश्विनौ वृषपर्वणा ॥ सूर्यो बलिसुतैर्देवो वाणज्येष्ठः शतेन च ॥३०॥ राहुणा च तथा सोमः पुलोम्ना युयुधेऽनिलः ॥ निशुम्भशुम्भयोर्देवी भद्रकाली तरस्विनी ॥३१॥ वृषाकपिस्तु जम्भेन महिषेण विभावसुः ॥ इल्वलः सह वातापिर्ब्रह्मपुत्रैररन्दिम ॥ ३२ ॥ कामदेवेन दुर्मर्ष उत्कलो मातृभिः सह ॥ बृहस्पतिश्चोशनसा नरकेण शनैश्चरः ॥३३॥ मरुतो निवातकवचैः कालेयैर्वसवोऽमराः ॥ विश्वेदेवास्तु पौलोमै रुद्राः क्रोधवशैः सह ॥३४॥ त एवमाजावसुराः सुरेन्द्रा द्वन्द्वेन संहत्य च युध्यमानाः ॥ अन्योन्यमासाद्य निजघ्नुरोजसा जिगीषवस्तीक्ष्णशरासितोमरैः ॥ ३५ ॥ भुशुंडिभिश्चक्रगदर्ष्टिपट्टिशैः शक्त्युल्मुकैः प्रासपरश्वधैरपि ॥ निस्त्रिंशभल्लैः परिघैः समुद्गरैः सभिन्दिपालैश्च शिरांसि चिच्छिदुः ॥३६॥ गजास्तुरङ्गाः सरथाः पदातयः सारोहवाहा विविधा विखण्डिताः ॥ निकृत्तबाहूरुशिरोधरांघ्रयश्छिन्नध्वजेष्वासतनुत्रभूषणाः ॥ ३७ ॥ तेषां पदाघातरथाङ्गचूर्णितादायोधनादुल्वण उत्थि

सित अग्निदेव तथा हे शत्रुमर्दन ! ब्रह्माजीका छोराहरूसित इल्वल र वातापी जुझ्न थाले ॥ २८-३२ ॥ कामदेवसित दुर्मर्ष, मातृगणसित उत्कल, शुक्राचार्यसित बृहस्पति, नरकासुरसित शनैश्चर, निवातकवचहरूसित रुद्रगण, कालेयहरूसित वसुगण, पौलोमादिसित विश्वेदेवगण र क्रोधवशसित रुद्रगण जुझ्नलागे ।। ३३-३४ ॥ यसरी ती दैत्य देवगण रणभूमिमा एकत्र भएर द्वन्द्वयुद्ध गर्दै एक आर्कासित भिडेर जयको कामनाले ठूलो उत्साहपूर्वक तीक्ष्ण बाण, तरवार, एवं भालाहरू प्रहार गर्नलागे ॥ ३५ ॥ ती भुशुण्डी, चक्र, गदा, ऋष्टि, पट्टिश, शक्ति, उल्मुक, प्रास, परश्वध, निस्त्रिंश, माला, मुद्गर, र भिन्दिपाल तथा परिघहरूले एक अर्काको मस्तक काट्न लागे ॥३६॥ आफ्ना आरोहीहरूसहित हात्ती घोडा, रथ आदि विविध वाहन र पैदल सिपाही मर्नलागे । केही सैनिकका पाखुरा, कसैका तिघ्रा, कसैका ग्रीवा र कसैका खुट्टा काटिए । कसैका ध्वजा, धनुष, कवच तथा आभूषणहरू

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छिन्न-भिन्न भए ॥३७॥ तिनका पादप्रहार र रथका पांग्राको आघातले मर्दित रणभूमिमा प्रचण्ड धूलो उड्नलाग्यो। धूलोले सबैदिशा तथा सूर्यसहित आकाश ढाकिदियो। तर बग्दो रक्तको धाराले भूमि भिज्नाले धूलो फेरि भूमिमै बस्यो ॥३८॥ जुन सैनिकको मुकुट, कुण्डल भैंमा खसेथे, उसका नेत्र रिसले भरिएका र ओंठ दाँतले थिचिएका थिए, त्यस्ता अगणित मस्तक, आभूषण, र आयुध सहित ठूला-ठूला भुजाहरू र हात्तीका सूँढ झैं तिघ्राहरूले सम्पूर्ण रणभूमि ढाकिएको थियो ॥ ३९ ॥ अनेक कबन्ध (शिर नभएको गीँड) उठेर उभिए, जो युद्धभूमिमा काटिएर गिरेका आफ्नै शिरलाई आँखाले देखेर अन्य शस्त्रास्त्र लिई अरू वीरतिर दगुर्न लागे ॥ ४० ॥ अनि बलिले दस बाण हानी इन्द्रलाई तीन बाणले ऐरावतलाई, चार शरले ऐरावतका चार-चार-रक्षक माहुते तथा यौटाले मुख्य माहुतेलाई लक्ष्य गरेर बाण छाडे ॥४१॥ तर पराक्रमी इन्द्रले बाणहरू पुग्नको अगावै भल्लनामक उतिनै तीक्ष्ण बाण छाडेर हाँसी-हाँसी बीचमै काटिदिए ॥४२॥ बलिले इन्द्रको उत्तम पराक्रम देखेर तथा त्यसलाई सहन नसक्नाले यौटा शक्ति उचाले, तर इन्द्रले उल्का समान बल्दो

तस्तदा ॥ रेणुर्दिशः खं द्युमणिं च छादयन्न्यवर्ततासृक्स्रुतिभिः परिप्लुतात् ॥३८॥ शिरोभिरुद्धूतकिरीटकुण्डलैः संरम्भदृग्भिः परिदष्टदच्छदैः ॥ महाभुजैः साभरणैः सहायुधैः सा प्रास्तृता भूः करभोरुभिर्बभौ ॥३९॥ कबन्धास्तत्र चोत्पेतुः पतितस्वशिरोऽक्षिभिः ॥ उद्यतायुधदोर्दण्डैराधावन्तो भटान्मृधे ॥४०॥ बलिर्महेन्द्रं दशभिस्त्रिभिरैरावतं शरैः ॥ चतुर्भिश्चतुरो वाहानेकेनारोहमर्च्छयत् ॥४१ ॥ स तानापततः शक्रस्तावद्भिः शीघ्रविक्रमः ॥ चिच्छेद निशितैर्भल्लैरसम्प्राप्तान्हसन्निव ॥४२॥ तस्य कर्मोत्तमं वीक्ष्य दुर्मर्षः शक्तिमाददे ॥ तां ज्वलन्तीं महोल्काभां हस्तस्थामच्छिनद्धरिः ॥४३॥ ततः शूलं ततः प्रासं ततस्तोमरमृष्टयः ॥ यद्यच्छस्त्रं समादद्यात्सर्वं तदच्छिनद्विभुः ॥ ४४ ॥ ससर्जाथासुरीं मायामन्तर्धानं गतोऽसुरः ॥ ततः प्रादुरभूच्छैलः सुरानीकोपरि प्रभो ॥ ४५ ॥ ततो निपेतुस्तरवो दह्यमाना दवाग्निना ॥ शिलाः सटङ्कशिखराश्चूर्णयन्त्यो द्विषद्बलम् ॥४६॥ महोरगाः समुत्पेतुर्दन्दशूकाः सवृश्चिकाः ॥ सिंहव्याघ्रवराहाश्च मर्दयन्तो महागजान् ॥ ४७ ॥ यातुधान्यश्च शतशः शूलहस्ता विवाससः ॥ छिन्धि भिन्धीति वादिन्यस्तथा रक्षोगणाः प्रभो ॥ ४८ ॥ ततो महाघना व्योम्नि गम्भीरपरुषस्वनाः ॥ अङ्गारान्मुमुचुर्वातैराहताः स्तनयित्नवः ॥ ४९ ॥ सृष्टो दैत्येन सुमहान्वह्निः श्वसनसारथिः ॥ सांवर्तक इवात्युग्रो विबुधध्वजिनीमधाक् ॥५०॥ ततः समुद्र उद्वेलः सर्वतः प्रत्यदृश्यत ॥ प्रचण्डवातै-

त्यो शक्ति उसको हातमै काटिदिए ॥४३॥ अनि बलिले फेरि एकेक गरेर क्रमशः शूल, प्रास, तोमर र शक्ति आदि जति पनि शस्त्र तातक खोजे, ती सबैलाई इन्द्रले काटेर छिन्न, भिन्न पारिदिए ॥४४॥ हे राजन् ! अनि त्यो असुर अन्तर्धान भएर आसुरी माया फैलाउन लाग्यो। तदनुसार देवसेनाका उपर एक पर्वत प्रकट भयो ॥ ४५ ॥ त्यसमाथिबाट दावाग्निले बल्दो वृक्ष, तीखो धार हुने शिखर एवं शिलाखण्ड ओइरिएर देवसेनालाई धूलो पार्नलागे ॥४६॥ ठूला-ठूला सर्प, बिच्छी र अन्य विषालु जन्तु, सिंह, व्याघ्र तथा वराह आदि पशु निस्केर ठूला-ठूला गजराजलाई धूलो पार्नलागे ॥४७॥ हे राजन् ! हातमा त्रिशूल लिएर 'काट-मार' कराउँदै सयकडौं नांगी राक्षसनी तथा राक्षसहरू प्रकट भए ॥ ४८ ॥ आकाशमा गम्भीर र कठोर निनाद गर्ने महामेघ र विजुलिहरू प्रकट भएर वायुले ढाकिई आगोको अङ्गारा वर्साउन लागे ॥ ४९ ॥ दैत्यराज बलिद्वारा उत्पन्न वायुरूपी सारथी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्त प्रलयकालीन अग्निसमान अतिप्रचण्ड एवं महान् अनल सारा देवसेनालाई भस्म पानलाग्यो ॥ ५० ॥ प्रवल प्रभञ्जनका झोंकाले उफ्रने तरङ्ग र भ्रमरले भीषण समुद्र सवै तिरवाट मर्यादा उल्लंघन गर्दो देखियो ॥५१॥ यस प्रकार अलक्ष्य गतिले गर्दा भीषण एवं महामायावी दैत्यका अनेक माया रचेपछि सुर-सैनिक सान्है दुःखी भए ॥५२॥ हे राजन् ! जव इन्द्रादि देवगणलाई ती विचित्र मायाहरू नाश हुने उपाय देखापरेन र तिनले स्मरण गर्नासाथ विश्व भावन विष्णु भगवान् तत्काल प्रकट भए ॥ ५३ ॥ ती गरुडजीको काँधमा आफ्ना सुकोमल चरण राखी, पीताम्बर पहिरेर र आफ्ना आठै भुजामा आयुध धारण गरी, लक्ष्मी, कौस्तुभमणि, वहुमूल्य मुकुट र कुण्डलहरूले विभूषित कमलसमान नेत्रभएका श्रीहरि त्यहाँ देखिए ॥५४॥ देवसेनामा भगवान्ले प्रवेश गर्नासाथ उनको तेजले दैत्यका कूटकर्मले उत्पन्न सारा माया त्यसै गरी तत्काल विनष्ट भए, जसरी जागेपछि स्वप्न नष्ट भएर जान्छ । यस्तै हुनुपर्दछ, किनकि भगवानका स्मरण नै प्राणीलाई सबै विपत्तिवाट मुक्त पार्दछ ॥५५॥ युद्धस्थलमा गरुडवाहन भगवान्‌लाई प्रकट भएका देखेर सिंहारोही कालनेमि दैत्यले

रुद्धूततरङ्गावर्तभीषणः ॥ ५१ ॥ एवं दैत्यैर्महामायैरलक्ष्यगतिभीषणैः ॥ सृज्यमानासु मायासु विषेदुः सुरसैनिकाः ॥ ५२ ॥ न तत्प्रतिविधिं यत्र विदुरिन्द्रादयो नृप ॥ ध्यातः प्रादुरभूत्तत्र भगवान्विश्वभावनः ॥ ५३ ॥ ततः सुपर्णांसकृतांघ्रिपल्लवः पिशङ्गवासा नवकञ्जलोचनः ॥ अदृश्यताष्टायुधबाहुरुल्लसच्छ्रीकौस्तुभानर्घ्यकिरीटकुण्डलः ॥ ५४ ॥ तस्मिन्प्रविष्टेऽसुरकूटकर्मजा माया विनेशुर्महिना महीयसः ॥ स्वप्नो यथा हि प्रतिबोध आगते हरिस्मृतिः सर्वविपद्विमोक्षणम् ॥ ५५ ॥ दृष्ट्वा मृधे गरुडवाहमिभारिवाह आविध्य शूलमहिनोदथ कालनेमिः ॥ तल्लीलया गरुडमूर्ध्नि पतद्गृहीत्वा तेनाहनन्नृप सवाहमरिं त्र्यधीशः ॥ ५६ ॥ मालीसुमाल्यतिबलौ युधि पेततुर्यच्चक्रेण कृत्तशिरसावथ माल्यवांस्तम् ॥ आहत्य तिग्मगदयाऽहनदण्डजेन्द्रं तावच्छिरोऽच्छिन्नदरेर्नदतोऽरिणाद्यः ॥ ५७ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे देवासुरसंग्रामे दशमोऽध्यायः ॥ १० ॥

श्रीशुक उवाच ॥ अथो सुराः प्रत्युपलब्धचेतसः परस्य पुंसः परयाऽनुकम्पया ॥ जघ्नुर्भृशं शक्रसमीरणादयस्तांस्तान्रणे यैरभिसंहताः पुरा॥१॥ वैरोचनाय संरब्धो भगवान्पाकशासनः ॥ उदयच्छद्यदा वज्रं प्रजा हाहेति चुक्रुशुः ॥२॥ वज्रपाणिस्तमाहेदं तिरस्कृत्य पुरःस्थितम् ॥ मनस्विनं सुसम्पन्नं विचरन्तं महामृधे ॥३॥ नटवन्मूढ मायाभिर्मायेशान्नो जिगीषसि ॥ जित्वा बालान्निबद्धाक्षान्नटो हरति तद्धनम् ॥४॥ आरुरुक्षन्ति मायाभिरुत्सिसृ-

उनीमाथि त्रिशूल फ्यांके । हे राजन ! त्यसलाई गरुडको मस्तकमा आउन लागेको देखेर भगवान् श्रीहरिले लीलाले नै समाइलिए र त्यही त्रिशूलले वाहनसमेत कालनेमीलाई मारिदिनु भयो ॥५६॥ भगवान्‌को चक्रद्वारा शिर काटिनाले माली र सुमाली नामका दैत्य पनि युद्धस्थलमा धराशायी भए । अनि माल्यवान्ले प्रचण्ड गदाले श्रीहरि र गरुडमाथि प्रहार गऱ्यो, तर तत्काल श्रीहरिले आफ्नू चक्रले गर्जिरहेका शत्रुको पनि शिर काटेर खसालिदियो ॥ ५७ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ॥ १० ॥

(देवासुर संग्रामको अन्त्य)—शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! परमपुरुष श्रीहरिको अनुकम्पाले सचेतभएर इन्द्रवायु आदि देवता जस-जसका हातवाट समरमा आहत भएका थिए, ती-ती दैत्यमाथि निर्मम प्रहार गर्नलागे ॥१॥ जव भगवान इन्द्रले कुपित भएर बलिलाई मार्नको निम्ति आफ्नू वज्र सहारे तव स्याहारे प्रजामा हाहाकार मच्चिन गयो ॥२॥ तव

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वज्र-पाणि इन्द्र युद्धस्थलमा निर्भयभावले आफ्ना साम्मु उपस्थित मनस्वी तथा शस्त्रास्त्र-सम्पन्न बलिको निरादर गर्दै भन्नलागे– ॥ ३ ॥ 'ए मूढ ! जस्तै बालकको आँखा बाँधेर तथा उनलाई आफ्नू अधीन पारेर नट तिनको पैसा लगिदिन्छन्, त्यस्तै तँ आफ्नू तुच्छ मायाहरू द्वारा हामी मायापतिलाई जित्न खोजिरहेको छस् ?॥४॥ संसारका जो पुरुष *मायाको बलले स्वर्ग जान खोज्दछन् र जसलाई स्वर्ग पनि नाघेर मुक्तिपद पाउने इच्छा रहन्छ, ती मूढलाई म उसको पूर्वपदबाट पनि तल घुन्याइदिने गर्दछु ॥५॥ हे मन्दात्मन् ! तँ थरि-थरिका दुष्ट मायाहरू रच्ने गर्दछस्, अब आज आफ्नो शतपर्वा वज्रले म तेरो शिर काटिदिन्छु। आफ्ना सम्बन्धीहरू सहित तँ यसबाट जोगिने उपाय गर' ॥६॥ बलिले भने–हे सुरेन्द्र ! कालको प्रेरणाले संग्राममा जुन सबै जनाको कीर्ति, जय-पराजय तथा मृत्यु आदि प्राप्त हुँदै रहन्छन् ॥७॥ यसैले विज्ञजन संसारलाई कालको अधीन जानेर, हर्ष अथवा शोक गर्दैनन्

प्सन्ति ये दिवम् ॥ तान्दस्यून्विधुनोम्यज्ञान्पूर्वस्माच्च पदादधः ॥ ५ ॥ सोऽहं दुर्मायिनस्तेऽद्य वज्रेण शतपर्वणा ॥ शिरो हरिष्ये मन्दात्मन्घटस्व ज्ञातिभिः सह ॥ ६ ॥ बलिरुवाच ॥ संग्रामे वर्तमानानां कालचोदितकर्मणाम् ॥ कीर्तिर्जयोऽजयो मृत्युः सर्वेषां स्युरनुक्रमात् ॥ ७ ॥ तदिदं कालर· शनं जनाः पश्यन्ति सूरयः ॥ न हृष्यन्ति न शोचन्ति तत्र यूयमपण्डिताः ॥ ८ ॥ न वयं मन्यमानानामात्मानं तत्र साधनम् ॥ गिरो वः साधुशो· च्यानां गृह्णीमो मर्मताडनाः ॥ ९ ॥ श्रीशुक उवाच ॥ इत्याक्षिप्य विभुं वीरो नाराचैर्वीरमर्दनः ॥ आकर्णपूर्णैरहनदाक्षेपैराहतः पुनः ॥ १० ॥ एवं निराकृतो देवो वैरिणा तथ्यवादिना ॥ नामृष्यत्तदधिक्षेपं तोत्राहत इव द्विपः ॥ ११ ॥ प्राहरत्कुलिशं तस्मा अमोघं परमर्दनः ॥ सयानो न्यपतद्भूमौ छिन्नपक्ष इवाचलः ॥ १२ ॥ सखायं पतितं दृष्ट्वा जम्भो बलिसखः सुहृत् ॥ अभ्ययात्सौहृदं सख्युर्हतस्यापि समाचरन् ॥१३॥ स सिंहवाह आसाद्य गदामुद्यम्य रंहसा ॥ जत्रावताडयच्छक्रं गजं च सुमहाबलः ॥१४॥ गदाप्रहारव्यथितो भृशं विह्वलितो गजः ॥ जानुभ्यां धरणीं स्पृष्ट्वा कश्मलं परमं

तर तिमीहरू मूर्ख हौ ॥८॥ जय-पराजय आदिको विषयमा आफूलाई नै साधन मान्ने एवं साधुजन द्वारा शोचनीय तिमीहरूका यी मर्म-भेदी कुरामा हामी केही पनि ध्यान दिँदैनौं ॥९॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! यस प्रकार इन्द्रलाई निरादर गरेर वीरमदमर्दक राजा बलले कानसम्म तानेको धनुष द्वारा बाण छाडेर आक्षेपहरूले विद्ध इन्द्रलाई बाणले पनि वेधिदिए ॥१०॥ सत्यवादी शत्रुद्वारा तिरस्कृत इन्द्रले उक्त ती आक्षेपलाई अंकुशले आहत गजराज झैं सहन सकेनन् ॥ ११ ॥ अनि शत्रुमर्दक इन्द्रले बलिमा आफ्नो अमोघ वज्र प्रहार गरे, त्यसले बलि प्वाँख काटिएको पर्वत सदृश वाहन समेत धराशायी भयो ॥१२॥ दम्भ आफ्नो मित्रलाई भूमिमा ढलेको देखेर मृत सखाको स्नेह, ऋण तिर्न इन्द्रको साम्मु गएर डट्यो ॥१३॥ सिंहमा चढेर आएको महाबली जम्भासुरले तुरुन्त आफ्नो गदाले इन्द्रको काँध र तिनको वाहन ऐरावतमाथि प्रहार गरिदिए ॥ १४ ॥ वीर जम्भासुरको गदाको

---

* उदाहरण (पुरुषार्थ गर्ने व्यक्ति नै पुरुष हुन्छ)–यौटा जङ्गलमा कुनै महात्मा बस्तथे। भोजन गर्नका लागि दिनहुँ गाउँ जान्थे। बाटोमा यौटी वेश्याको घर पर्दथ्यो। त्यो वेश्या नित्य ती महात्मासित सोद्धथी— 'तिमी पुरुष हौ कि स्त्री ?' महात्मा उत्तर दिन्थे—'यसको उत्तर फेरि कुनै दिन दिउँला।' यसपछि धेरै दिन बितेर गए। त्यसै बीच महात्मा बिरामी परे। अनि वेश्याले आएर भनी—'महात्माजी ! मेरो प्रश्नको उत्तर दिनुहोस्।' महात्माले भने—'म पुरुष हुँ, किनकि यस लोकमा अखण्ड र शुद्ध आचरण गरेर म परमधाम गइरहेको छु।' वेश्याले भनी—'पुरुष त तिमी पहिलेदेखि नै थियौ। अनि पहिले नै त्यो कुरा नभनेर आज किन भनिरहेका छौ ?' महात्माले भने—पुरुष जातमा जन्म लिएर नै कोही पुरुष हुँदैन। बरु पुरुषार्थका काम गरेर मनुष्यलाई पुरुषत्व प्राप्त हुन्छ। मलाई यस्तो लागिरहेको छ—मैले आफ्नो पुरुषार्थले पुरुष जातिलाई सार्थक पारेको छु।' यति भनेर महात्माले प्राण त्यागिदिए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रहारले व्यथित तथा व्याकुल ऐरावत पृथ्वीमा घुँडा टेकेर छटपटाउन लाग्यो ॥१५॥ अनि इन्द्र-सारथि मातलिले हजार अश्व जोतिएको रथ ल्याए र देवराज इन्द्र आहत हात्ती-लाई छाडेर रथमा सवार भए ॥१६॥ त्यो देखेर दानववीर जम्भले मातलि सारथीको त्यस कार्यको सन्हनीनी गऱ्यो र मुसुक्क हाँस्तै त्रिशूलले त्यसमाथि प्रहार गऱ्यो ॥१७॥ मातलीले धैर्य धारण गरेर त्यो दुःसह कष्ट सहन गरे । अनि इन्द्रले अतिशय क्रोधित भएर आफ्नो अमेघ वज्रले जम्भको मस्तक काटिदिए ॥ १८ ॥ जम्भ मरेपछि देवर्षि नारदको मुखबाट यो समाचार सुनेर जातिबन्धु नमुचि, बल तथा पाक तुरुन्त रणभूमिमा आएर डटे ॥१९॥ त्यहाँ आउनासाथ आफ्ना कटु-वाक्यले इन्द्रको मर्मस्थललाई पीडित पार्दै ती उनीमाथि यस प्रकार बाण वर्षा गर्नलागे—जस्तै मेघ पर्वतमा जलको थारो लगाइदिन्छन् ॥२०॥ बलले फुर्तिसाथ हात-चलाउँदै युद्धस्थलमा इन्द्रको रथका हजार अश्वलाई बाणहरूले घायल पारिदिए ॥२१॥ उता पाकले एकै साथ सय बाण धनुमा राख्दै र छोड्दै गरेर मातलि र अङ्गो पाङ्ग समेत रथलाईपृथक्-पृथक् पारिदियो । त्यसयुद्ध भूमिमा यो विचित्र कुराभयो॥४२॥नमुचिले

ययौ ॥ १५ ॥ ततो रथो मातलिना हरिभिर्दशशतैर्वृतः ॥ आनीतो द्विपमुत्सृज्य रथमारुरुहे भुवि ॥ १६ ॥ तस्य तत्पूजयन्कर्म यन्तुर्दानवसत्तमः ॥ शूलेन ज्वलता तं तु स्मयमानोऽहनन्मृधे ॥ १७ ॥ सेहे रुजं सुदुर्मर्षां सत्त्वमालम्ब्य मातलिः ॥ इन्द्रो जम्भस्य संक्रुद्धो वज्रेणापाहरच्छिरः ॥ १८ ॥ जम्भं श्रुत्वा हतं तस्य ज्ञातयो नारदादृषेः ॥ नमुचिश्च बलः पाकस्तत्रोपेतुस्त्वरान्विताः ॥१९॥ वचोभिः परुषैरिन्द्रमर्दयन्तोऽस्य मर्मसु ॥ शरैरवा-किरन्मेघा धाराभिरिव पर्वतम् ॥२०॥ हरीन्दश शतान्याजौ हर्यश्वस्य बलः शरैः ॥ तावद्भिरर्दयामास युगपल्लघुहस्तवान् ॥ २१ ॥ शताभ्यां मातलिं पाको रथं सावयवं पृथक् ॥ सकृत्सन्धानमोक्षेण तदद्भुतमभूद्रणे ॥२२॥ नमुचिः पंचदशभिः स्वर्णपुङ्खैर्महेषुभिः ॥ आहत्य व्यनदत्संख्ये सतोय इव तोयदः ॥ २३ ॥ सर्वतः शरकूटेन शक्रं सरथसारथिम् ॥ छादयामासुरसुराः प्रावृट्सूर्यमिवाम्बुदाः ॥ २४ ॥ अलक्षयन्तस्तमतीव विह्वला विचुक्रुशु-र्देवगणाः सहानुगाः ॥ अनायकाः शत्रुबलेन निर्जिता वणिक्पथा भिन्ननवो यथार्णवे ॥ २५ ॥ ततस्तुराषाड्रिपुवद्धपञ्जराद्विनिर्गतः साश्वरथध्वजा-ग्रणीः ॥ बभौ दिशः खं पृथिवीं च रोचयन्स्वतेजसा सूर्य इव क्षपात्यये ॥ २६ ॥ निरीक्ष्य पृतनां देवः परैरभ्यर्दितां रणे ॥ उदयच्छद्रिपुं हन्तुं वज्रं वज्रधरो रुषा ॥ २७ ॥ स तेनैवाष्टधारेण शिरसी बलपाकयोः ॥ ज्ञातीनां पश्यतां राजञ्जहार जनयन्भयम् ॥ २८ ॥ नमुचिस्तद्वधं दृष्ट्वा शोकामर्ष-

पनि सुवर्णपङ्ख युक्त पन्ध्र बाणले इन्द्रलाई आहत पारेर युद्धस्थलमा सजल मेघ झैं गम्भीर गर्जन गऱ्यो ॥ २३ ॥ त्यसपछि जसरी मेघ वर्षाकालमा सूर्यलाई ढाक्दछ, त्यस्तै नै ती दानवले रथ र सारथी समेत इन्द्रलाई सबैतिरबाट आफ्ना बाणसमूहद्वारा ढाकिदियो ॥२४॥ शत्रुसेनाद्वारा पराजितदेवता आफ्ना प्रभु देवराजलाई नदेखेर व्याकुल भए र नायक-विहीन भएर आफ्ना अनुचर सहित, ती वणिकहरू झैं—जसको डुङ्गा समुद्रको माझमा टुटेको होस्—हाहाकार मच्याउन लागे ॥२५॥ तत्काल इन्द्रदेव अश्व, रथ, ध्वजा र सारथी सहित शत्रुद्वारा त्यस बाण निर्मित पिंजराबाट बाहिर निस्केर आफ्नो तेजले दिशा, आकाश तथा पृथ्वीलाई प्रकाशित पार्दै रात्रिको अन्त्यमा उदित सूर्यनारायण सदृश सुशोभित भए ॥२६॥ आफ्ना सेनालाई समराङ्गणमा शत्रुहरूद्वारा पीडित देखेर वज्रधर इन्द्रले अति क्रोधित भएर शत्रुहरूलाई मार्नको निम्ति वज्र उठाए ॥२७॥ हे राजन्! इन्द्रले त्यो अष्टधार वज्रद्वारा अन्य जाति-

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बन्धुहरूले देख्ता-देख्तै दैत्य सेनामा भयका सचार गद वल र पाकका शिर काटादए ॥२८॥ हे राजन्! वल र पाक मरेका देखेर नमुचिले शोक, अमर्ष र रोषमा भरिएर इन्द्रलाई मार्नको निम्ति ठूलो उद्योग गऱ्यो ॥२९॥ त्यही आवेशमा त्यो घण्ट र सुवर्णका आभूषणहरूले आभूषित एक लौह-त्रिशूल उठाएर इन्द्रलाई झम्ट्यो र-हेर, अब तँ मारिस्!' यति भन्दै हपाऱ्यो र सिंह समान गर्जन गर्दै इन्द्रमाथि त्यो त्रिशूल चलाइदियो ॥३०॥ हे राजन्! ठूलो वेगले आफूतिर आउनलागेको त्रिशूल देखेर इन्द्रले अगणित बाण छाडेर आकाशमै त्यसका हजारौं टुक्रा पारिदिए र फेरि बर्ता रिसाएर त्यसको घाँटी काट्नको निम्ति गर्दन ताकेर वज्र प्रहार गरे ॥३१॥ तर इन्द्रद्वारा प्रयुक्त त्यो ओजस्वी वज्रले नमुचिको गर्थनको छालासम्म पनि काट्न सकेन। यो ठूलो आश्चर्यको कुरा थियो—जुन वज्रले महाबलवान् वृत्रासुरलाई पनि मारिदियो, त्यो नमुचिको गर्दनको छालासित पनि यति बर्ता तिरष्कृत भयो ॥३२॥ जब वज्रले शत्रुको कुनै हानि हुन सकेन तब इन्द्रलाई निकै भय भयो। ती विचार गर्नलागे—'हरे! दैवसंयोगले यो कस्तो लोकविमोहक व्यतिक्रम भयो?

रुषान्वितः ॥ जिघांसुरिन्द्रं नृपते चकार परमोद्यमम् ॥ २९ ॥ अश्मसारमयं शूलं घण्टावद्धेमभूषणम् ॥ प्रगृह्याभ्यद्रवत्क्रुद्धो हतोऽसीति वितर्जयन् ॥ प्राहिणोद्देवराजाय निनदन्मृगराडिव ॥३०॥ तदाऽपतद्गगनतले महाजवं विचिच्छिदे हरिरिषुभिः सहस्रधा ॥ तमाहनन्नृप कुलिशेन कन्धरे रुषान्वितस्त्रिदशपतिः शिरो हरन् ॥ ३१ ॥ न तस्य हि त्वचमपि वज्र ऊर्जितो विभेद यः सुरपतिनौजसेरितः ॥ तदद्भुतं परमतिवीर्यवृत्रभित्तिरस्कृतो नमुचिशिरोधरत्वचा ॥३२॥ तस्मादिन्द्रोऽबिभेच्छत्रोर्वज्रः प्रतिहतो यतः ॥ किमिदं दैवयोगेन भूतं लोकविमोहनम् ॥३३॥ येन मे पूर्वमद्रीणां पक्षच्छेदः प्रजात्यये ॥ कृतो निविशतां भारैः पतत्रैः पततां भुवि ॥३४॥ तपःसारमयं त्वाष्ट्रं वृत्रो येन विपाटितः ॥ अन्ते चापि बलोपेताः सर्वास्त्रैरक्षतत्वचः ॥ ३५ ॥ सोऽयं प्रतिहतो वज्रो मया मुक्तोऽसुरेऽल्पके ॥ नाहं तदाददे दण्डं ब्रह्मतेजोऽप्यकारणम् ॥३६॥ इति शक्रं विषीदन्तमाह वागशरीरिणी ॥ नायं शुष्कैरथो नार्द्रैर्वधमर्हति दानवः ॥ ३७ ॥ मयाऽस्मै यद्वरो दत्तो मृत्युर्नैवार्द्रशुष्कयोः ॥ अतोऽन्यश्चिन्तनीयस्त उपायो मघवन्रिपोः ॥ ३८ ॥ तां दैवीं गिरमाकर्ण्य मघवा सुसमाहितः ॥ ध्यायन्फेनमथापश्यदुपायमुभयात्मकम् ॥ ३९ ॥ न शुष्केण न चार्द्रेणजहारनमुचेः शिरः ॥ तं तुष्टुवुर्मुनिगणा माल्यैश्चावाकिरन्विभुम् ॥ ४० ॥ गन्धर्वमुख्यौ जगतुर्विश्वावसुपरावसू ॥ देवदुन्दुभयो नेदुर्नर्तक्यो ननृतुर्मुदा ॥ ४१ ॥ अन्येऽप्येवं प्रति·

परापूर्वमा प्वाँखले उडेर जताततै जाने तथा भारवश पृथ्वीमा झर्ने पर्वतहरूद्वारा प्रजाको नाश भएको देखेर जसद्वारा मैले तिनको पखेटा काटें, जसको द्वारा त्वष्टाको बलवती तपस्याको फल वृत्रासुरलाई मारिदियो तथा अन्य विविध शस्त्रास्त्रले जसको छाला पनि खोस्याउन सकेन, यस्ता कैयौं महाबली वीरहरू माऱ्यो। मेरो यो वज्र यस तुच्छ दानवलाई केही गर्न सकेन। अतः ब्रह्मतेजोमय भएर पनि अब म यस देकामे अस्त्र धारण गर्दिन ॥३४-३६॥ जब इन्द्र यसरी विषाद गरिरहेका थिए, त्यसै बखत आकाशवाणी भयो–'हे इन्द्र! यो दानव (नमुचि) कुनै चीसो वा सुखेको अस्त्रले मर्दैन, किनकि यसले वर पाएको छ–'कुनै चीसो वा सुकेको वस्तुले तेरो मृत्यु हुनेछैन।' अतः यसलाई मार्न तिमी कुनै अन्य उपाय विचार गर' ॥३७॥३८॥ आकाशवाणी सुनेर देवराजले अति सावधान मनले विचार गर्दै चीसो तथा भिजेको यी दुवै गुणले हीन जलको फींजले त्यसलाई मार्ने निश्चय गरे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।३९।। अतः चीसो र सुखेको गुणले रहित पानीको फींजले इन्द्रले नमुचिको घाटी काटे। अनि सबै मुनिजन देवराज इन्द्रमाथि पुष्पवर्षा गर्दै स्तुति गर्नलागे ।। ४० ।। उता गन्धर्वश्रेष्ठ विश्वावसु र परावसु तिनको गुण गाउन लागे, देव-दुन्दुभी बज्न थाले र नर्तकीहरू आनन्दले नाच्नलागे। वायु, अग्नि र वरुणादि अन्यान्य देवताहरूले पनि आफ्ना-आफ्ना प्रतिपक्षीहरूको शस्त्रसमूहले, सिंहले मृगलाई मारे झैं गरी मारिदिए ।।४१-४२।। हे राजन् ! अनि ब्रह्माजी द्वारा पठाइएका देवर्षि नारदले दानवहरू नष्ट भएका देखेर देवताहरूलाई अब युद्ध नगर भनी थामिदिए नारदजीले भने–भगवान्का भुजाको बलले तिमीहरूले अमृत पिउन पायौ र लक्ष्मीले तिम्रो वैभव वृद्धि गरिदिइन्। अब तिमीहरू युद्धबाट उपरत भएर विश्राम गर ।।४३-४४।। शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! त्यसै अनुसार देवता क्रोधको वेग रोकेर मुनिका वचनको सम्मान गर्दै स्वर्गलोक फर्किए। त्यस बखत तिनका अनुचरहरू उनकै गुण गान गरिरहेका थिए ।।४५।। त्यस भीषण युद्धबाट बाँचेका असुर नारदजीको अनुमतिले वज्राहत बलिलाई अस्ताचल लिएर गए ।।४६।। त्यहाँ जसको अङ्ग-भङ्ग भएको थिएन र जसको

न्वाय्वग्निवरुणादयः ।। सूदयामासुरस्त्रौघैर्मृगान्केसरिणो यथा ।। ४२ ।। ब्रह्मणा प्रेषितो देवान्देवर्षिर्नारदो नृप ।। वारयामास विबुधान्दृष्ट्वा दानवसंक्षयम् ।। ४३ ।। नारद उवाच ।। भवद्भिरमृतं प्राप्तं नारायणभुजाश्रयैः ।। श्रिया समेधिताः सर्व उपारमत विग्रहात् ।।४४।। श्रीशुक उवाच ।। संयम्य मन्युसंरम्भं मानयन्तो मुनेर्वचः ।। गीयमाना अनुचरैर्ययुः सर्वे त्रिविष्टपम् ।।४५।। येऽवशिष्टा रणे तस्मान्नारदानुमतेन ते ।। बलिं विपन्नमादाय अस्तंगिरिमुपागमन् ।।४६।। तत्राविनष्टावयवान्विद्यमानशिरोधरान् ।। उशना जीवयामास संजीविन्या स्वविद्यया ।। ४७ ।। बलिश्चोशनसा स्पृष्टः प्रत्यासन्नेन्द्रियस्मृतिः।।पराजितोऽपि नाखिद्यल्लोकतत्त्वविचक्षणः ।।४८।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कंधे देवासुरसंग्रामे एकादशोऽध्यायः ।।११।।

श्रीबादरायणिरुवाच ।। वृषध्वजो निशम्येदं योषिद्रूपेण दानवान् ।। मोहयित्वाऽसुरगणान्हरिः सोममपाययत् ।।१।। वृषमारुह्य गिरिशः सर्वभूतगणैर्वृतः ।। सह देव्या ययौ द्रष्टुं यत्रास्ते मधुसूदनः ।। २ ।। सभाजितो भगवता सादरं सोमया भवः ।। सूपविष्ट उवाचेदं प्रतिपूज्य स्मयन्हरिम् ।। ३ ।। श्रीमहादेव उवाच ।। देवदेव जगद्व्यापिञ्जगदीश जगन्मय ।। सर्वेषामपि भावानां त्वमात्मा हेतुरीश्वरः ।। ४ ।। आद्यन्तावस्य यन्मध्यमि-

गर्दन विद्यमान थियो, ती सबै दैत्यलाई श्रीशुक्राचार्यले आफ्नो सञ्जीवनी विद्याले पुनः जीवित गरिदिए ।। ४७ ।। राजा बलि शुक्राचार्यको हातको स्पर्श पाउनासाथ इन्द्रिय तथा स्मरण-शक्तिले सम्पन्न भए। ती संसारका तत्त्व जान्ने हुनाले पराजित भए पनि क्लेश भएन ।।४८।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपालीभाषाटीकायामेकादशोऽध्यायः।।११।।

(भगवान्को मोहिनी रूप देखेर शंकरजी मोहित हुनु)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! जब श्रीमहादेवले सुन्नुभयो–भगवान्ले स्त्रीरूपले दैत्यहरूलाई मोहमा पारेर देवताहरूलाई अमृत पिलाएका थिए, तब ती उनको त्यो अनूप रूप हेर्न साँढेमा चढेर आफ्ना सबै भूतगणले घेरिई, पार्वतीलाई पनि साथमा लिएर त्यस स्थानमा गए जहाँ मधुसूदन भगवान् विराजमान थिए ।।१-२।। भगवान्ले देवी उमासमेत श्रीमहादेवको यथोचित आदर-सत्कार गरे। स्वस्थचित्तले विराजमान भइसकेपछि श्रीमहादेवजी विष्णु भगवानको प्रशंसा गर्दै मुसु–मुसु हाँसेर भन्न लाग्नु भयो ।।३।। श्रीमहादेवजीले आज्ञा भयो—हे देवाधिदेव ! हे जगद्व्यापिन् ! हे जगन्मय ! हजुर सबै भावहरूका आत्मा एवं हेतु र ईश्वर हुनुहुन्छ ।। ४ ।। जसले यस

...th Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारकोको आदि, अन्त्य र मध्य हुनुहुन्छ, तर जुन अविनाशीको कुनै आदि, मध्य, अन्त्य छैन र जसमा न इदं अहम् (भोक्ता) र बाह्य (भोग) छ, त्यो सत्य र चेतनस्वरूप ब्रह्म हजुर नै हुनुहुन्छ ॥५॥ त्यसैले त निष्काम तथा कल्याणकामी मुनिजन इहलोक र परलोकको आसक्ति त्यागेर हजुरका पवित्र चरण-कमलको उपासना गर्दछन् ॥ ६ ॥ हजुर अमृतमय, विगुण, विशोक, आनन्दमात्र, निर्विकार सर्वमय तथा सबभन्दा पृथक् पूर्ण ब्रह्म छन् । तैपनि हजुर विश्वका जन्म, स्थिति तथा अन्त्यका कारण हुनुहुन्छ । हजुर नै उसका आत्मा, ईश्वर र शासक हुनुहुन्छ । स्वयं निरपेक्ष रहेर पनि हजुरले जीवहरूको अपेक्षा अनुसार उनलाई शुभाशुभ फल प्रदान गर्नुभएको छ ॥७॥ हे नाथ ! एकमात्र हजुर नै द्वैतरूप कार्यवर्ग र अद्वैतरूप कारण हुनुहुन्छ । जस्तै–कुण्डलादि कार्यरूपमा परिणत र प्राकृत सुवर्ण वास्तवमा यौटै हुन्छ । अज्ञानले मानिसहरू हजुरमा विकल्प मानिलिन्छन्, किनकि उपाधिहीन परमपुरुषमा गुणहरूका कारणले भेद देखिन्छ ॥८॥ हे प्रभो ! केही व्यक्ति (वेदान्ती) हजुरलाई ब्रह्म मान्दछन्, केही व्यक्ति (मीमांसक) हजुरलाई धर्म भनेर वर्णन गर्दछन् । केही व्यक्ति

दमन्यदहं वहिः ॥ यतोऽव्ययस्य नैतानि तत्सत्यं ब्रह्मविद्धवान् ॥ ५ ॥ तवैव चरणाम्भोजं श्रेयस्कामा निराशिषः ॥ विसृज्योभयतः सङ्गं मुनयः समुपासते ॥ ६ ॥ त्वं ब्रह्म पूर्णममृतं विगुणं विशोकमानंदमात्रमविकारनन्यदन्यत् ॥ विश्वस्य हेतुरुदयस्थितिसंयमानामात्मेश्वरश्च तदपेक्षतयाऽनपेक्षः ॥ ७ ॥ एकस्त्वमेव सदसद्द्वयमद्वयं च स्वर्णं कृताकृतमिवेह न वस्तुभेदः ॥ अज्ञानतस्त्वयि जनैर्विहितो विकल्पो यस्माद्गुणव्यतिकरो निरुपाधिकस्य ॥ ८ ॥ त्वां ब्रह्म केचिदवयन्त्युत धर्ममेक एके परं सदसतो पुरुषं परेशम् ॥ अन्येऽवयंति नवशक्तियुतं परं त्वां केचिन्महापुरुषमव्ययमात्मतंत्रम् ॥ ९ ॥ नाहं परायुर्ऋषयो न मरीचिमुख्या जानंति यद्विरचितं खलु सत्त्वसर्गाः ॥ यन्मायया मुषितचेतस ईश दैत्यमर्त्यादयः किमुत शश्वदभद्रवृत्ताः ॥ १० ॥ स त्वं समीहितमदः स्थितिजन्मनाशं भूतेहितं च जगतो भवबंधमोक्षौ ॥ वायुर्यथा विशति खं च चराचराख्यं सर्वं तदात्मतयावगमोऽवरुन्त्से ॥ ११ ॥ अवतारा मया दृष्टा रममाणस्य ते गुणैः ॥ सोऽहं तद्द्रष्टुमिच्छामि यत्ते योषिद्वपुर्धृतम् ॥ १२ ॥ येन सम्मोहिता दैत्याः पायिताश्चामृत सुराः ॥ तद्दिदृक्षव आयाताः परं कौतूहलं हि नः ॥ १३ ॥ श्रीशुक उवाच ॥ एवमभ्यर्थितो विष्णुर्भगवाञ्शूलपाणिना ॥

(सांख्यशास्त्री) प्रकृति र पुरुषभन्दा पनि पर परमेश्वर, केही व्यक्ति (पाञ्चरात्र-मतावलम्बी) नौ शक्तियुक्त परमपुरुष, केही व्यक्ति (पातञ्जल योगलाई मान्ने) हजुरलाई आत्मतन्त्र तथा अविनाशी ठान्दछन् ॥९॥ हे ईश ! सत्वगुणबाट उत्पन्न म, ब्रह्माजी र मरीचि आदि सबै मुनिजन हजुरले रचेको संसारलाई पनि जान्न सक्तैनन् । अनि उनै हजुरकी मायाले मोहित असदाचारी अर्थात् राजस-तामस-प्रकृतिका दैत्य तथा मनुष्यादि विचरा कसरी जान्न सक्तछन् ? ॥ १० ॥ हे प्रभो ! सर्वात्मक र ज्ञानस्वरूप हुनाले जस्तै वायु आकाशमा व्याप्त रहन्छ त्यस्तै हजुर जगत्मा अनुप्रविष्ट भएर त्यसको चेष्टा स्थिति, जन्म, नाश, प्राणीहरूका कर्म, संसारका बन्धन र मोक्ष सबै कुरा जान्दछन् ॥११॥ हे नाथ ! गुणको भरमा क्रीडाहरू गर्दै हजुरले जुन-जुन अवतार लिनुभएको छ, मैले ती सबै देखेको छु । अतः हजुरले उस बखत जुन मोहिनी रूप धारण गर्नुभएको थियो, त्यो म हेर्ने इच्छा राख्दछु ॥१२॥ जुन अनुपम रूपले दैत्यगणलाई मोहित पारेर देवताहरूलाई अमृतपान गराउनुभएको थियो, त्यो हेर्ने मेरो पनि इच्छा छ, त्यो रूप हेर्न नै आएको हुँ ॥१३॥ शुकदेव भन्नुहुन्छ–हे राजन्! शूलपाणि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शंकर भगवान्‌ले यस प्रकार प्रार्थना गरेपछि विष्णु भगवान्‌ले गम्भीरभावले हाँस्तै भन्नुभयो ।।१४।। श्रीभगवान् भन्नुहुन्छ–हे शङ्करजी ! जब अमृतको पात्र असुरका हातमा गयो तब देवगणको कार्य साधन र दैत्यगणलाई कुतूहलमा पार्नको लागि म स्त्री बनेको थिएँ ।।१५।। हे सुरसत्तम ! हजुर त्यसलाई हेर्न जब यति उत्सुक हुनुहुन्छ भने कामी पुरुषहरूलाई अत्यन्त आदरणीय र कामोद्दीपक मोहिनीरूप महजुलाई देखाउँछु ।।१६।। शुकदेव भन्नुहुन्छ–हे राजन् ! यति भनेर भगवान त्यहीं अन्तर्धान भए र पार्वती तथा शङ्कर भगवान चारैतिर आँखा डुलाएर हेर्नलागे ।।१७।। त्यही समयमा उनले रङ्ग-विरङ्गका फूलहरू र अरुणवर्ण नवपल्लवयुक्त वृक्षादिले शोभित उपवनमा डुलिरहेकी यौटी सुन्दरी स्त्री देखे–जो कन्दुक उफारिकन प्रसन्नता साथ खेलिरहेकी लिई र जसको देदीप्यमान दुकूलले समलंकृत नितम्ब प्रदेशमा कन्धनी झुण्डिइरहेको थियो ।।१८।। कन्दुक समाउने र उफार्नाले हल्लने मालाका भारले उसको पातलो कम्मर पद-पदमा मानों लच्कन्दै गइरहेको थियो । त्यो आफना चञ्चल चरण-पल्लवलाई पर्याँक्दै हिड्दथी ।।१९।। सबै दिशाहरूमा उफ्रने कन्दुकलाई चपलताले त्यस विशाल एवं

प्रहस्य भावगम्भीरं गिरिशं प्रत्यभाषत ।।१४।। श्रीभगवानुवाच ।। कौतूहलाय दैत्यानां योषिद्वेषो मया धृतः ।। पश्यता सुरकार्याणि गते पीयूषभाजने ।।१५।। तत्तेऽहं दर्शयिष्यामि दिदृक्षोः सुरसत्तम ।। कामिनां बहु मन्तव्यं सङ्कल्पप्रभवोदयम् ।। १६ ।। श्रीशुक उवाच ।। इति ब्रुवाणो भगवाँस्तत्रै-वान्तरधीयत ।। सर्वतश्चारयंश्चक्षुर्भव आस्ते सहोमया ।।१७।। ततो ददर्शोपवने वरस्त्रियं विचित्रपुष्पारुणपल्लवद्रुमे ।। विक्रीडतीं कन्दुकलीलया लसद्दुकूलपर्यस्तनितम्बमेखलाम् ।।१८।। आवर्तनोद्वर्तनकम्पितस्तनप्रकृष्टहारोरुभरैः पदे पदे ।। प्रभज्यमानामिव मध्यतश्चलत्पदप्रवालं नयतीं ततस्ततः ।। १९ ।। दिक्षु भ्रमत्कन्दुकचापलैर्भृशं प्रोद्विग्नतारायतलोललोचनाम् ।। स्वकर्णविभ्राजितकुण्डलोल्लसत्कपोलनीलालकमण्डिताननाम् ।। २० ।। श्लथद्दुकूलं कबरीं च विच्युतां सन्नह्यतीं वामकरेण वल्गुना ।। विनिघ्नतीमन्यकरेण कन्दुकं विमोहयन्तीं जगदात्ममायया ।। २१ ।। तां वीक्ष्य देव इति कन्दुकलीलयेषद्व्रीडास्फुटस्मितविसृष्टकटाक्षमुष्टः ।। स्त्रीप्रेक्षणप्रतिसमीक्षणविह्वलात्मा नात्मानमन्तिक उमां स्वगणांश्च वेद ।।२२।। तस्याः कराग्रात्स तु कन्दुको यदा गतो विदूरं तमनुव्रजत्स्त्रियाः ।। वासः ससूत्रं लघुमारुतोऽहरद्भवस्य देवस्य किलानुपश्यतः ।। २३ ।। एवं तां रुचिरापाङ्गीं दर्शनीयां मनोरमाम् ।। दृष्ट्वा तस्यां मनश्चक्रे विषज्जन्त्यां भवः किल ।। २४ ।। तयाऽपहृतविज्ञानस्तत्कृतस्मरविह्वलः ।। भवान्या अपि पश्यन्त्या गतह्री-

चञ्चल नयन भएकी तरुणीका नेत्रका तारा उद्विग्न भइरहेथे र कानमा झुलिरहेका राम्रा कुण्डलले सुशोभित कपोलमा छरिएका नीलो अलकले उसको मुखमण्डल अझ राम्रो देखिइरहेथ्यो ।।२०।। त्यो खुस्कन लागेको सारी एवं शिथिल वेणीलाई आफ्ना कमनीय बायाँ करकमलले सह्यादैं जान्थी र अर्को हातले कन्दुक उफारी–उफारी मायाले संसारलाई मोहित पारिरहेकी थिई ।।२१।। त्यो देखेर श्रीमहादेव कन्दुक-क्रीडाले सलज्ज र स्फुट हास्यपूर्ण कटाक्षमा मोहित हुन गए । त्यस कामिनीतिर हेर्ने र उसको द्वारा आफूलाई एकहरो दृष्टिले हेरिनाले उनको चित्त चञ्चल भएर आयो र आफ्नो नगीचै बसेकी पार्वती एवं गणहरूको पनि कुनै ध्यान रहेन ।।२२।। ती रमणीको हातबाट जब त्यो कन्दुक अलि पर गयो तब श्रीशिवजीको नगीचै कन्दुकको पछि-पछि दगुर्ने कामिनीको कटिसूत्रसहित मसीनो सारी वायुले उडाएर अलग्ग पारिदियो ।।२३।। त्यो सुन्दर कटाक्षयुक्त मनोहारिणीलाई देखेर उसलाई आफूतिर

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

आकर्षित र आसक्त जानेर श्रीमहादेवजीको मन त्यसैमा गएर अल्झियो । उसले शिवको विवेक हरिलियो र ती सुन्दरीको चेष्टाले कामातुर शिव पार्वतीलाई पनि छाडेर दगुरे॥२५॥ महादेवलाई आफूतिर आउनलागेका देखेर ती वस्त्रहीना कामिनी साह्रै लज्जित भइन् र हाँस्तै वृक्षको आडमा लुक्न गइन् ॥ २६ ॥ तर शङ्कर भगवान् इन्द्रिय हरिनाले यस प्रकार उसको पछि–पछि दगुरे, जसरी ढोईको पछि–पछि कामदेवले वशीभूत हात्ती दगुर्छ॥२७॥ शिवले वेगले गएर त्यसको केशपाश समाए र उसको इच्छा नभए पनि उसलाई आफ्ना दुवै भुजामा बेसरी अंग्याए ॥२८॥ अनिजसरी हात्तीढोईकोआलिङ्गनगर्दछ, त्यसै गरी शङ्करसित आलिङ्गित बाबा हात खुट्टा पछारेर आफूलाई मुक्त पार्नलागी, त्यसले उसका कपाल छरिए ॥ २९ ॥ त्यसै बीच हे तात ! आफूलाई शिवजीको बाहुपाशबाट मुक्त पारी ईश्वर-रचित त्यो स्थूल नितम्ब भएकी माया त्यहाँबाट भाग्दै हिंडी । आफ्नो शत्रु कामदेवसित पराजित शङ्कर अब ती अद्भुतकर्मा श्रीहरि पछि-पछि हिंडे ॥ ३० ॥ ३१ ॥ मैथुनको इच्छुक ढोईको पछि-पछि दगुर्ने मदोन्मत हात्तीको सदृश ती कामिनीको पछि-पछि दगुर्दै जाँदा अमोघवीर्य भएका

स्तत्पदं ययौ ॥२५॥ सा तमायान्तमालोक्य विवस्त्रा व्रीडिता भृशम्॥ निलीयमाना वृक्षेषु हसन्ती नान्वतिष्ठत ॥२६॥ तामन्वगच्छद्भगवान्भवःप्रमुषितेन्द्रियः ॥ कामस्य च वशं नीतःकरेणुमिव यूथपः ॥२७॥ सोऽनुव्रज्यातिवेगेनगृहीत्वाऽनिच्छतीं स्त्रियम् ॥ केशबन्ध उपानीयबाहुभ्यां परिषस्वजे॥२८॥ सोपगूढा भगवता करिणा करिणी यथा ॥ इतस्ततः प्रसर्पन्ती विप्रकीर्णशिरोरुहा ॥२९॥ आत्मानं मोचयित्वाऽङ्ग सुरर्षभभुजान्तरात् ॥ प्राद्रवत्सा पृथुश्रोणी माया देवविनिर्मिता ॥ ३० ॥ तस्यासौ पदवीं रुद्रो विष्णोरद्भुतकर्मणः ॥ प्रत्यपद्यत कामेन वैरिणेव विनिर्जितः ॥३१॥ तस्यानुधावतो रेतश्चस्कन्दामोघरेतसः ॥ शुष्मिणो यूथपस्येव वासितामनुधावतः ॥३२॥ यत्र यत्रापतन्मह्यां रेतस्तस्य महात्मनः ॥ तानि रूप्यस्य हेम्नश्च क्षेत्राण्यासन्महीपते ॥३३॥ सरित्सरःसु शैलेषु वनेषूपवनेषु च ॥ यत्र क्व चासन्नृषयस्तत्र संनिहितो हरः ॥३४॥ स्कन्ने रेतसि सोऽपश्यदात्मानं देवमायया ॥ जडीकृतं नृपश्रेष्ठ संन्यवर्तत कश्मलात् ॥३५॥ अथावगतमाहात्म्य आत्मनो जगदात्मनः ॥ अपरिज्ञेयवीर्यस्य न मेने तदुहाद्भुतम् ॥३६॥ तमविक्लवमव्रीडमालक्ष्य मधुसूदनः ॥ उवाच परमप्रीतो बिभ्रत्स्वां पौरुषीं तनुम् ॥ ३७ ॥ श्रीभगवानुवाच ॥ दिष्ट्या त्वं विबुधश्रेष्ठ स्वां निष्ठामात्मना स्थितः ॥ यन्मे स्त्रीरूपया स्वैरं मोहितोऽप्यङ्ग मायया ॥ ३८ ॥ को नु मेऽतितरेन्मायां विषक्तस्त्वदृते पुमान् ॥ तांस्तान्विसृजतीं भावान्दुस्तराम-

महादेवजीको वीर्य स्खलित भयो ॥३२॥ हे राजन् ! महात्मा रुद्र भगवान्को वीर्य पृथ्वीमा जहाँ-जहाँ चुह्यो त्यहीं-त्यही सुन र चाँदीका खानी हुनगए ॥३३॥ नदी, सरोवर पर्वत, वन, उपवन र जहाँ–जहाँ ऋषि मुनि बस्तथे, ती सबै स्थानहरूमा शङ्कर भगवान् ती मोहिनी भगवानलाई लखेट्दै उनको पछि-पछि दगुरीरहे । हे नृपसत्तम ! वीर्यपात भइ केवछि भगवा शङ्करजीले आफूलाई भगवानकी मायाले मोहित ठानेर विषयासक्तिबाट निवृत्त भए ॥३४॥३५॥ त्यस घटनालाई अचिन्त्यशक्ति जगन्मय परमात्माको महिमा जानेपछि उनलाई कुनै विस्मय भएन ॥३६॥ शिवजीलाई विषाद तथा लज्जाले रहित देखेर भगवान् मधुसूदन पुरुषरूपले प्रकट भएर प्रसन्न हुँदै भने– ॥ ३७ ॥ श्रीभगवानले आज्ञा भयो–हे देवश्रेष्ठ ! मेरी स्त्रीरूपिणी मायाको कामनावश अतिशय मेरो हित भएर पनि अन्त्यमा हजुर आफ्नू निष्ठामा स्थित हुनुभयो–यही साह्रै ठूलो कुरा छ ॥३८॥ हजुर बाहेक अरू कुन यस्तो पुरुष छ, जुन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचित्र हाउ-भाउयुक्त र अजितेन्द्रिय पुरुषहरूको निम्ति दुस्त्यज मेरी मायामा अल्झेर त्यसबाट पारी तर्नुभयो ॥ ३९ ॥ सृष्टिको कारण र कालस्वरूप म परमेश्वरको एक अंशयुक्त मेरी गुणमयी माया अब कहिल्यै पनि हजुरलाई जित्न सक्नेछैन ॥४०॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! श्रीवत्सलाञ्छन श्रीहरिद्वारा सत्कारपूर्वक महादेवजी उनीसित आज्ञा लिएर आफ्ना गणहरूका साथै आफ्नू धाममा पाल्नुभयो ॥४१॥ हे भारत ! सबै मुनिजनका सम्मुख शङ्कर आफ्नै अंशबाट उत्पन्न ती मायाको पार्वतीसित प्रसन्नतापूर्वक वर्णन गर्दै भन्न लाग्नुभयो– ॥४२॥ हे देवि ! ती परमपुरुष, परदेवता तथा अजन्मा श्रीहरिकी माया के कहिले तिमीले देखेकी छौ ? म यद्यपि भगवान्‌का कलाको ज्ञाताहरूमा श्रेष्ठ र स्वतन्त्र हुँ तैपनि म त्यसद्वारा मोहित भएँ, अनि अरु परतन्त्र जीवहरू मोहित हुनु त साधारण कुरा भयो ॥ ४३ ॥ एक हजार वर्षसम्म समाधिस्थ रहेर उपरत भएपछि जसको विषयमा तिमीले मसित सोधेकी थियौ, ती साक्षात् पुराण-पुरुष यिनै हुन् । यिनीसम्म न कालको गति छ न वेदको ॥ ४४ ॥ श्रीशुकदेव भन्नुहुन्छ––हे तात ! यसरी मैले तिमीलाई ती शार्ङ्गधन्वा विष्णुको माहात्म्य सुनाएँ,

कृतात्मभिः ॥ ३९ ॥ सेयं गुणमयी माया न त्वामभिभविष्यति ॥ मया समेता कालेन कालरूपेण भागशः ॥४०॥ श्रीशुक उवाच ॥ एवं भगवता राजञ्छ्रीवत्साङ्केन सत्कृतः ॥ आमन्त्र्यतं परिक्रम्य सगणः स्वालयं ययौ ॥४१॥ आत्मांशभूतां तां मायां भवानीं भगवान्भवः ॥ शंसतामृषिमुख्यानां प्रीत्याचष्टाथ भारत ॥४२॥ अपि व्यपश्यस्त्वमजस्य मायां परस्य पुंसः परदेवतायाः ॥ अहं कलानामृषभो विमुह्ये यस्या वशोऽन्ये किमुतास्वतन्त्राः ॥४३॥ य मामपृच्छस्त्वमुपेत्य योगात्समासहस्रान्त उपारतं वै ॥ स एष साक्षात्पुरुषः पुराणो न यत्र कालो विशते न वेदः ॥४४॥ श्रीशुक उवाच ॥ इति तेऽभिहितस्तात विक्रमः शार्ङ्गधन्वनः ॥ सिन्धोर्निर्मथने येन धृतः पृष्ठे महाचलः ॥४५॥ एतन्मुहुः कीर्तयतोऽनुशृण्वतो न रिष्यते जातु समुद्यमः क्वचित् ॥ यदुत्तमश्लोकगुणानुवर्णनं समस्तसंसारपरिश्रमापहम् ॥४६॥ असदविषयमङ्घ्रिं भावगम्यं प्रपन्नानमृतममरवर्यानाशयत्सिन्धुमथ्यम्॥कपटयुवतिवेषोमोहयन्यः सुरारींस्तमहमुपसृतानां कामपूरं नतोऽस्मि ॥४७॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धेशङ्करमोहनं नाम द्वादशोऽध्यायः॥१२॥

श्रीशुक उवाच ॥ मनुर्विवस्वतः पुत्रः श्राद्धदेव इति श्रुतः ॥ सप्तमो वर्तमानो यस्तदपत्यानि मे शृणु ॥ १ ॥ इक्ष्वाकुर्नभगश्चैव धृष्टः शर्यातिरेव च ॥ नरिष्यन्तोऽथ नाभागः सप्तमो दिष्ट उच्यते ॥ २ ॥ करूषश्च पृषध्रश्च दशमो वसुमान्स्मृतः ॥ मनोर्वैवस्वतस्यैते दश पुत्राः परन्तप

जसले समुद्र मन्थनको बेला मन्दराचललाई आफ्नो पिठिउँमा धारण गरेका थिए ॥४५॥ यो कथा बारम्बार श्रवण र कीर्तन गर्ने प्राणीको कहिल्यै कुनै उद्योग निष्फल जाँदैन । किनकि उत्तमश्लोक विष्णुको गुण-गान सारा संसारका श्रमलाई निवारण गरिदिन्छ ॥४६॥ आफ्नी मायाले मोहिनी युवती-रूपधारी जुन भगवान्‌ले देवद्रोही दानवहरूलाई मोहित पारेर असत् पुरुषलाई अप्राप्य तथा केवल भक्तिले नै प्राप्तव्य आफ्ना चरणको शरणमा आएका सुर समुदायलाई समुद्र-मन्थनजनित अमृत पान गराए, शरणागतका कामनाहरू पूर्ण पार्ने ती परमात्मालाई म प्रणाम गर्दछु ॥४७॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥१२॥

(भविष्यका सात मन्वन्तरहरूको वृत्तान्त)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! विवस्वान् सूर्यका छोरा श्राद्धदेव वर्तमानका सातौं मनु भए । उनका सन्तानको विवरण सुन–॥१॥

हे परन्तप ! इक्ष्वाकु, नभग, घृष्ट, शर्याति, नरिष्यन्त, नाभाग,करुष, पृषध्र र वसुमान–यी वैवस्वतमनुका पुत्रहरू थिए ॥२॥३॥यस मन्वन्तरका आदित्य, वसु रुद्र विश्वेदेव, मरुद्‌गगण, कुमार तथा ऋभुगण देवता र पुरन्दर इन्द्र थिए ॥४॥ कश्यप,अत्रि, वसिष्ठ, विश्वामित्र, गौतम, जमदग्नि, भरद्वाज–यी सप्तर्षि थिए ॥५॥ यस मन्वन्तरमा पनि कश्यपद्वारा अदितिबाट भगवान्‌को अवतार भयो । त्यस वेला विष्णु भगवान् द्वादशादित्यका अनुज वामनरूपमा प्रकट भएथे ॥ ६ ॥ हे राजन् ! यसरी संक्षेपमा मैले सात मन्वन्तरको विवरण सुनाइदिएँ । अब भगवान् विष्णुको शक्तियुक्त भविष्यका सात मन्वन्तरहरूको विवरण भन्छु ॥७॥ हे राजेन्द्र ! विश्वकर्माका दुइ पुत्री थिए–संज्ञा र छाया । ती विवस्वनकी पत्नी थिए–जसको वर्णन पहिल्यै गरेर आएको छु ॥८॥ केही व्यक्ति वडवा नामकी तेस्री स्त्री पनि थिइन् भन्छन् । तीमध्ये–यम, यमी र श्राद्धदेव-तीन संज्ञाका सन्तान थिए । छायाका छोराको वर्णन सुन ॥९॥

॥३॥ आदित्या वसवो रुद्रा विश्वेदेवा मरुद्‌गणाः ॥ अश्विनावृभवो राजन्निन्द्रस्तेषां पुरन्दरः ॥४॥ कश्यपोऽत्रिर्वसिष्ठश्च विश्वामित्रोऽथ गौतमः ॥ जमदग्निर्भरद्वाज इति सप्तर्षयः स्मृताः ॥ ५ ॥ अत्रापि भगवज्जन्म कश्यपाददितेरभूत् ॥ आदित्यानामवरजो विष्णुर्वामनरूपधृक् ॥ ६ ॥ संक्षेपतो मयोक्तानि सप्त मन्वन्तराणि ते ॥ भविष्याण्यथ वक्ष्यामि विष्णोः शक्त्यान्वितानि च ॥ ७ ॥ विवस्वतश्च द्वे जाये विश्वकर्मसुते उभे ॥ संज्ञा छाया च राजेन्द्र ये प्रागभिहिते तव ॥ ८ ॥ तृतीयां वडवामेके तासां संज्ञासुतास्त्रयः ॥ यमो यमी श्राद्धदेवश्छायायाश्च सुताञ्छृणु ॥ ९ ॥ सावर्णिस्तपती कन्या भार्या सम्वरणस्य या ॥ शनैश्चरस्तृतीयोऽभूदश्विनौ वडवात्मजौ ॥ १० ॥ अष्टमेऽन्तर आयाते सावर्णिर्भविता मनुः ॥ निर्मोकविरजस्काद्याः सावर्णितनया नृप ॥ ११ ॥ तत्र देवाः सुतपसो विरजा अमृतप्रभाः ॥ तेषां विरोचनसुतो बलिरिन्द्रो भविष्यति ॥ १२ ॥ दत्त्वेमां याचमानाय विष्णवे यः पदत्रयम् ॥ राद्धमिन्द्रपदं हित्वा ततः सिद्धिमवाप्स्यति ॥ १३ ॥ योऽसौ भगवता बद्धः प्रीतेन सुतले पुनः ॥ निवेशितोऽधिके स्वर्गादधुनाऽऽस्ते स्वराडिव ॥१४॥ गालवो दीप्तिमान् रामो द्रोणपुत्रः कृपस्तथा ॥ ऋष्यशृङ्गः पिताऽस्माकं भगवान्बादरायणः ॥१५॥ इमे सप्तर्षयस्तत्र भविष्यन्ति स्वयोगतः ॥ इदानीमासते राजन्स्वे स्व आश्रममण्डले ॥ १६ ॥ देवगुह्यात्सरस्वत्यां सार्वभौम इति प्रभुः ॥ स्थानं पुरन्दराद्‌धृत्वा बलये दास्यतीश्वरः ॥ १७ ॥ नवमो दक्षसावर्णिर्मनुर्वरुणसम्भवः ॥ भूतकेतुर्दीप्तकेतुरित्याद्यास्तत्सुता नृप ॥ १८ ॥ पारा मरीचिग-

सवर्णि पुत्र र तपती नामको कन्या–जो राजा संवरणकी पत्नी थिइन्–तथा शनैश्चर यी तीन छायाका सन्तान हुन् र अश्विनीकुमार वडवाका छोरा हुन्॥१०॥ जब आठौं मन्वन्तर लाग्नेछ तब सावर्णिमनु हुनेछन् र विरजस्क आदि उनका छोरा हुनन् ॥११॥ त्यस वेला सुतपा, विरज र अमृतप्रभ देवगण हुनन् । जसले तीन पाउ पृथ्वी मागेर विष्णुलाई सारा तीनै लोक दिएका थिए । उनलाई भगवान्‌ले बाँधिलिए र फेरि प्रसन्न भएर इन्द्रलोकभन्दा पनि ठूलो सुतललोकमा स्थापित गरिदिए । जो इन्द्रको ऐश्वर्य भोगिरहेका छन्, ती विरोचन-पुत्र बलि इन्द्र हुनेछन् । ती भगवान्‌को कृपाले इन्द्रपद पनि त्यागेर मोक्षपद प्राप्त गर्नेछन् ॥ १२-१४ ॥ हे राजन् ! त्यस वेला गालव, दीप्तिमान्, परशुराम, अश्वत्थामा, कृपाचार्य, ऋष्यशृङ्ग र हाम्रा पिता भगवान् बादरायण–यी सप्तर्षि हुनेछन् ; ती यस बखत आफाफ्ना आश्रममा योग-समाधिमा तल्लीन छन् ॥१५॥१६॥ त्यस मन्वन्तरमा महापुरुष भगवान् देवगुह्यकी भार्या

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरस्वतीको सार्वबाट सार्वभौम अवतार लिए र पुरन्दरबाट इन्द्रपद खोसेर बलिलाई दिनेछन् ॥१७॥ हे राजन् ! वरुणका छोरा दक्षसावर्णि नवौं मनु हुनन् र तिनका भूतकेतु आदि पुत्र हुन् ॥१८॥ पार र मरीचिगर्भ आदि तत्कालीन देवता, इन्द्र र द्युतिमान् आदि सप्तर्षि हुनेछन् ॥१९॥ त्यस मन्वन्तरमा आयुष्मान्की पत्नी अम्बुधाराको गर्भबाट ऋषभ नामक भगवान्का अंश अवतार लिनन्, जसले दिएको त्रैलोक्य अद्भुत इन्द्र भोग्नेछन् ॥२०॥ त्यसपछि उपश्लोकका छोरा अतिगुणवान् ब्रह्मसावर्णि दसौं मनु हुनन् । तिनका भूरिषेण आदि अनेक छोरहरू र हविष्मान् आदि ऋषि हुनेछन् ॥२१॥ हविष्मान् सुकृति, सत्य, जय तथा मूर्ति आदि सप्तर्षि, आदिदेवता र शम्भु इन्द्र हुनन् ॥२२॥ विश्वसृष्टाकहाँ विषूचिको गर्भबाट आफ्नो अंशले अवतीर्ण विष्वक्सेन इन्द्रको सहायता गर्नन् ॥२३॥ एघारौं धर्मसावर्णि मनु हुनन् । तिनका सत्य-धर्म आदि दस पुत्र हुनेछन् ॥२४॥ विहङ्गम कामगम एवं निर्वाणरुचि

र्भाद्या देवा इन्द्रोऽद्भुतः स्मृतः ॥ द्युतिमत्प्रमुखास्तत्र भविष्यन्त्यृषयस्ततः ॥१९॥ आयुष्मतोऽम्बुधारायामृषभो भगवत्कला ॥ भविता येन संराद्धां त्रिलोकीं भोक्ष्यतेऽद्भुतः ॥ २० ॥ दशमो ब्रह्मसावर्णिरुपश्लोकसुतो महान् ॥ तत्सुता भूरिषेणाद्या हविष्मत्प्रमुखा द्विजाः ॥२१॥ हविष्मान्सुकृतिः सत्यो जयो मूर्तिस्तदा द्विजाः ॥ सुवासनविरुद्धाद्या देवाः शम्भुः सुरेश्वरः ॥२२॥ विष्वक्सेनो विषूच्यां तु शम्भोः सख्यं करिष्यति ॥ जातःस्वांशेन भगवान्गृहे विश्वसृजो विभुः ॥२३॥ मनुर्वै धर्मसावर्णिरेकादशम आत्मवान् ॥ अनागतास्तत्सुताश्च सत्यधर्मादयो दश ॥२४॥ विहङ्गमाः कामगमा निर्वाणरुचयः सुराः ॥ इन्द्रश्च वैधृतस्तेषामृषयश्चारुणादयः ॥ २५ ॥ आर्यकस्य सुतस्तस्य धर्मसेतुरिति स्मृतः ॥ वैधृतायां हरेरंशस्त्रिलोकीं धारयिष्यति ॥२६॥ भविता रुद्रसावर्णी राजन्द्वादशमो मनुः ॥ देववानुपदेवश्च देवश्रेष्ठादयः सुताः ॥२७॥ ऋतधामा च तत्रेन्द्रो देवाश्च हरितादयः॥ऋषयश्च तपोमूर्तिस्तपस्व्याग्नीध्रकादयः ॥२८॥ स्वधामाख्यो हरेरंशः साधयिष्यति तन्मनोः ॥ अन्तरं सत्यसहसः सूनृतायाः सुतो विभुः ॥२९॥ मनुस्त्रयोदशो भाव्यो देवसावर्णिरात्मवान् ॥ चित्रसेनविचित्राद्या देवसावर्णिदेहजाः ॥३०॥ देवाः सुकर्मसुत्रामसंज्ञा इन्द्रो दिवस्पतिः ॥ निर्मोकतत्त्वदर्शाद्या भविष्यन्त्यृषयस्तदा ॥३१॥ देवहोत्रस्य तनय उपहर्ता दिवस्पतेः ॥ योगेश्वरो हरेरंशो बृहत्यां सम्भविष्यति ॥३२॥ मनुर्वा इन्द्रसावर्णिश्चतुर्दशम एष्यति ॥ उरुगम्भीरबुद्ध्याद्या इन्द्रसावर्णिवीर्यजाः ॥३३॥ पवित्राश्चाक्षुषा देवाः शुचिरिन्द्रो भविष्यति ॥ अग्निबाहुः शुचिः शुद्धो मागधाद्या-

देवता तथा वैधृत इन्द्र र अरुण आदि ऋषि हुनन् ॥ २५ ॥ वैधृताको गर्भबाट उत्पन्न आर्यकका छोरा धर्मसेतु नामले प्रख्यात भगवान हरिका अंश सबै त्रिलोकको पालन गर्नेछन् ॥२६॥ हे राजन् ! रुद्रसावर्णि बाहौं मनु हुनन् । उनका देववान्, उपदेव तथा देवश्रेष्ठ आदि अनेक छोरा हुनेछन् ॥ २७ ॥ त्यस वेला ऋतधामा इन्द्र, हरित आदि देवता र तपोमूर्ति एवं तपस्वी आग्नीध्रकादि सप्तर्षि हुनेछन् ॥२८॥ सत्यसहकी भार्या सूनृताका छोरा एवं भगवान्का स्वधा नामक अंश त्यस मन्वन्तरको रक्षा गर्नेछन् ॥२९॥ आत्मबली देवसावर्णि तेह्रौं मनु हुनेछन् । चित्रसेन र विचित्र आदि तिनका अनेक छोरा हुनेछन् ॥ ३० ॥ अनि सुत्राम आदि देवता, दिवस्पति इन्द्र तथा निर्मोक तत्त्वदर्श आदि सप्तर्षि हुनेछन् ॥३१॥ त्यस वेला भगवान्कै अंश बृहतीको गर्भबाट देवहोत्रका छोरा भएर योगेश्वर नामले विख्यात हुनेछन् र उनैले दिवस्पतिलाई इन्द्रपद दिनेछन् ॥ ३२ ॥ इन्द्रसावर्णि चौधौं

मनु हुनेछन् र अरु-गम्भीर बुद्धि आदि उनका अनेक छोरा हुनन् । त्यस वेला पवित्र, चाक्षुषादि देवता शुचि, इन्द्र, अग्निवाहु, शुद्ध तथा मागध आदि ऋषि हुनन् ॥ ३३ ॥ ३४ ॥ हे राजन् ! अनि वितानाको गर्भबाट उत्पन्न सत्रायणका छोरा बृहद्भानु नामक भगवान् हरि कर्मकाण्डको विस्तार गर्नेछन् ॥३५॥ हे राजन् ! यस प्रकार त्रिकालव्यापी चौधै मन्वन्तरको वृत्तान्त मैले तिमीलाई सुनाएँ । इनैद्वारा मनुष्य सहस्रयुग परिमित कल्पको अनुमान गर्दछन् ॥३६॥ इति श्रीद्भागवते महापुराणेऽष्टस्कन्धे नेपाली भाषाटीकायां त्रयोदशोऽध्यायः ॥१३॥

(उपरोक्त मनुहरूका कर्मको निर्देश)–राजा परीक्षितले भनें—हे भगवन् ! विभिन्न मन्वन्तरहरूमा हजुरले बताएका मनु आदि जस द्वारा जुन-जुन कामना नियत गरिनेछन्, त्यो भन्नुहवस ॥१॥ श्रीशुकदेव भन्दछन्–हे पृथ्वीपते ! मनुपुत्र, मुनिगण, इन्द्र तथा देवता–यी सबै परमात्माद्वारा शसित छन् ॥२॥ हे राजन् ! भगवान्का यज्ञपुरुष आदि विभिन्न रूपहरू बहिएका छन्, उनैको प्रेरणले मनु आदि संसार-यात्राको संचालन गर्दछन् ॥ ३ ॥ ती मन्वन्तरको मुनि चतुर्युगको अन्त्यमा कालको मुखमा परेकी श्रुतिको आफ्नो तपोबलले यथावत्

स्तपस्विनः ॥३४॥ सत्रायणस्य तनयो बृहद्भानुस्तदा हरिः ॥ वितानायां महाराज क्रियातन्तून्वितायिता ॥३५॥ राजंश्चतुर्दशैतानि त्रिकालानुगतानि ते ॥ प्रोक्तान्येभिर्मितः कल्पो युगसाहस्रपर्ययः ॥३६॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे मन्वन्तरानुवर्णनं नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

राजोवाच ॥ मन्वन्तरेषु भगवन् यथा मन्वादयस्त्विमे ॥ यस्मिन्कर्मणि ये येन नियुक्तास्तद्वदस्व मे ॥ १ ॥ ऋषिरुवाच ॥ मनवो मनुपुत्राश्च मुनयश्च महीपते ॥ इन्द्राः सुरगणश्चैव सर्वे पुरुषशासनाः ॥ २ ॥ यज्ञादयो याः कथिताः पौरुष्यस्तनवो नृप ॥ मन्वादयो जगद्यात्रां नयन्त्याभिः प्रचोदिताः ॥३॥ चतुर्युगान्ते कालेन ग्रस्ताञ्छ्रुतिगणान्यथा ॥ तपसा ऋषयोऽपश्यन् यतो धर्मः सनातनः ॥ ४ ॥ ततो धर्मं चतुष्पादं मनवो हरिणोदिताः ॥ युक्ताः सञ्चारयन्त्यद्धा स्वे स्वे काले महीं नृप ॥ ५ ॥ पालयन्ति प्रजापाला यावदन्तं विभागशः ॥ यज्ञभागभुजो ये च तत्र तत्रान्विताश्च तैः ॥६॥ इन्द्रो भगवता दत्तां त्रैलोक्यश्रियमूर्जिताम् ॥ भुञ्जानः पाति लोकांस्त्रीन्कामं लोके प्रवर्षति ॥ ७ ॥ ज्ञानं चानुयुगं ब्रूते हरिः सिद्धस्वरूपधृक् ॥ ऋषिरूपधरः कर्मयोगं योगेशरूपधृक् ॥ ८ ॥ सर्गं प्रजेशरूपेण दस्यून्हन्यात्स्वराड्वपुः ॥ कालरूपेण सर्वेषामभावाय पृथग्गुणः ॥ ९ ॥ स्तूयमानो जनैरेभिर्मायया नामरूपया ॥ विमोहितात्मभिर्नानादर्शनैर्न च दृश्यते ॥ १० ॥ एतत्कल्पविकल्पस्य प्रमाणं

साक्षात्कार गर्दछन्, यसैले सनातन-धर्मको रक्षा भइरहन्छ ॥४॥ हे राजन् ! भगवानकै प्रेरणाले ती मनु सावधानीपूर्वक आफाफ्ना समयमा पृथ्वीमा चार चरणले युक्त आचरण गराउँछ मनुका छोरा मन्वन्तरको अन्त्यसम्म पुत्र-पौत्रादिको क्रमले प्रजाको पालन गर्दछन् । पञ्चमहायज्ञादि कर्महरूमा जुन ऋषि, पितृ, भूत तथा मनुष्यादिका भोक्तारूपले सम्बन्ध रहन्छ, तिनीहरूसित देवता मन्वन्तर यज्ञको भाग पाउँदछन् ॥५-६॥ भगवान्ले दिएको त्रिभुवनको उत्कृष्ट लक्ष्मी भोग्दै इन्द्र तीनै लोकको रक्षा गर्दै रसंसारमा चाहिए जति जल वर्षा गराउँछन् ॥७॥ स्वयंश्रीहरि सनकादि सिद्धहरूको रूपमा अवतार लिएर प्रत्येक युगमा सबैलाई ज्ञानोपदेश दिन्छन् । उनै याज्ञवल्क्यादिरूपले कर्मकाण्डको प्रचार र दत्तात्रयादि योगेश्वरहरूको रूपमा योगमार्गको प्रवृत्ति गर्दछन् ॥८॥ उनै प्रजापतिरूपले सृष्टि गर्न, सम्राट् भएर चोर-बदमाशलाई मार्ने र शीतोष्णादि गुणहरूको संचार गर्दै कालरूपले सबैको संहार गर्दछन् ॥९॥

॥२४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती भगवान् नामरूपात्मिका मायाले मोहित पुरुषद्वारा शास्त्रले निरूपित गरिएपछि पनि दसैले जान्नसक्तैनन् ॥१०॥ हे राजन् ! यसरी तिमीलाई महाकल्प र अवान्तरकल्पहरूको परिमाण सुनाएँ, जसमध्ये अवान्तर कल्पमा पुरातत्त्वका ज्ञाता चौध मन्वन्तर भन्दछन् ॥११॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां चतुर्दशोऽध्यायः॥१४॥

(दैत्यराज बलिको स्वर्ग-विजय)—महाराज परीक्षितले सोधे–हे भगवन् ! श्रीहरि समस्त जगत्का ईश्वर भएर पनि दीन बनेर बलिसित तीन पाउ पृथ्वी माग्न किन गए ? फेरि मनोरथ सिद्ध भहसकेपछि उनले बलिलाई किन बाँधे ? ॥१॥ मलाई यो रहस्य जान्ने ठूलो कुतुहल छ । ती पूर्णकाम श्रीयज्ञेश्वरले भिक्षा माग्नु र निरपराध राजा बलिलाई बाँध्नु, यी दुवै कुरा अद्भुत छन् ॥२॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! देवासुर-संग्राममा जब इन्द्रद्वारा श्री र प्राणविहीन गरिएका राजा बलिलाई भृगु तनय शुक्राचार्यले जीवन-दान दिए तब उनका शिष्य बलि शुक्राचार्यलाई आफ्नो सर्वस्व अर्पण गरेर उनकै सेवा गर्नलागे ॥३॥ यस प्रकार प्रसन्न महानुभाव भृगुवंशी ब्राह्मणहरूले इच्छुक राजा बलिलाई विधिवत् ऐन्द्र

परिकीर्तितम् ॥ यत्र मन्वन्तराण्याहुश्चतुर्दश पुराविदः ॥ ११ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे चतुर्दशोऽध्यायः ॥ १४ ॥

राजोवाच ॥ बलेः पदत्रयं भूमेः कस्माद्धरिरयाचत ॥ भूतेश्वरः कृपणवल्लब्धार्थोऽपि बबन्ध तम् ॥ १ ॥ एतद्वेदितुमिच्छामो महत्कौतूहलं हि नः ॥ तत्रेश्वरस्य पूर्णस्य बन्धनं चाप्यनागसः ॥२॥ श्रीशुक उवाच ॥ पराजितश्रीरसुभिश्च हापितो हीन्द्रेण राजन्भृगुभिः स जीवितः ॥ सर्वात्मना तानभजद्भृगून्बलिः शिष्यो महात्माऽर्थनिवेदनेन ॥३॥ तं ब्राह्मणा भृगवः प्रीयमाणा अयाजयन्विश्वजिता त्रिणाकम् ॥ जिगीषमाणं विधिनाऽभिषिच्य महाभिषेकेण महानुभावाः ॥४॥ ततो रथः काञ्चनपट्टनद्धो हयाश्च हर्यश्वतुरङ्गवर्णाः ॥ ध्वजश्च सिंहेन विराजमानो हुताशनादाश हविर्भिरिष्टात् ॥५॥ धनुश्च दिव्यं पुरटोपनद्धं तूणावरिक्तौ कवचं च दिव्यम् ॥ पितामहस्तस्य ददौ च मालामम्लानपुष्पां जलजं च शुक्रः ॥ ६ ॥ एवं स विप्रार्जितयोधनार्थस्तैः कल्पितस्वस्त्ययनोऽथ विप्रान् ॥ प्रदक्षिणीकृत्य कृतप्रणामः प्रह्लादमामन्त्र्य नमश्चकार ॥७॥ अथारुह्य रथं दिव्यं भृगुदत्तं महारथः ॥ सुस्रग्धरोऽथ संनह्य धन्वी खड्गी धृतेषुधिः ॥८॥ हेमाङ्गदलसद्बाहुः स्फुरन्मकरकुण्डलः ॥ रराज रथमारूढो धिष्ण्यस्थ इव हव्यवाट् ॥९॥ तुल्यैश्वर्यबलश्रीभिः स्वयूथैर्दैत्ययूथपैः ॥ पिबद्भिरिव खं दृग्भिर्दहद्भिः परिधीनिव ॥१०॥ वृतो विकर्षन्महतीमासुरीं ध्वजिनीं विभुः ॥ ययाविन्द्रपुरीं स्वृद्धां कम्प-

महाभिषेकले अभिषिक्त गरेर उनैद्वारा विश्वजित् यज्ञ गराए ॥४॥ हे राजन् ! हविले पूजित अग्निद्वारा सुवर्णको पाताले मोरिएको रथ, इन्द्रका घोडा झैं हरियो वर्णका घोडा, सिंहको चिह्नले चिह्नित ध्वजा, सुवर्णजडित दिव्य धनुष, बाणले भरिएका दुइ ठोक्रा र दिव्यकवच प्रकट भए । बलिका पितामह प्रह्लादले कुसुमित पुष्पहरूको माला र शुक्राचार्यले शङ्खप्रदान गरे॥५॥६॥ ती ब्राह्मणहरूद्वारा युद्ध-सामग्री पाएर तथा उनले स्वस्तिवाचन गरेपछि महारथी बलिले प्रदक्षिणा गरेर उनलाई र आफ्ना पितामह प्रह्लादलाई नमस्कार गरे । अनि उनको अनुमति लिएर भृगुवंशी ब्राह्मणहरूले दिएको दिव्य रथमा चढेर, राम्रो माला पहिरी, धनुष, कवच, खड्ग, ठोक्रो धारण गरेर भुजामा सुनका बाजुबन्द र कानमा झुल्ने मकराकृति कुण्डलले सुशोभित एवं रथमा आरुढ बलि अग्निकुण्डमा बल्दो अग्नि समान सुशोभित भए ॥७-९॥ अनि ती मानो आकाशलाई पिएर आफ्ना नेत्रले दसै दिशाहरूलाई भस्म पारिरहेका

थिए । त्यस्ता ऐश्वर्यशाली, बल तथा विभूतियुक्त दैत्ययूथपति गणहरूसित ती ठूलो असुरसेना साथमा लिएर पृथ्वी तथा आकाशमण्डललाई कम्पित पार्दै परमसमृद्धिसम्पन्न इन्द्रपुरीमा गए ॥१०,११॥ जुन इन्द्रपुरी चिरबिर गर्ने पक्षीहरूका जोडा तथा गर्जने मत्तहात्ती, भ्रमरले शोभायुक्त नन्दनादि उपवनहरूले सुशोभित छ ॥१२॥ जुन पल्लव, फल-फूलको भारले न्यूरेका शाखाहरूले युक्त कल्पवृक्षले सम्पन्न छ । जहाँ हंस, सारस, चक्रवाक, कारण्डव आदि पक्षीहरूले पूर्ण सरोवर छन् र जहाँ सुरसेविता देवाङ्गनाहरू विहार गर्दछन् जो खाल्डोरूपी आकाशगङ्गा तथा अट्टालिका सहित अतिशय उन्नत अग्निवर्णका छर्दवालीले घेरिएको छ । जो विश्वकर्माले रचेको छ, सुवर्ण-पत्रले मोरेको झ्याल र द्वारहरू एवं स्फटिकका टाकुरा सुशोभित छ र जसमा अनेकौं मूल सड़क बनेका छन् ॥१३-१५॥ जुन सभाभवन, चौबाटो र गल्लीहरूले पूर्ण तथा दसकरोड विमानहरूले युक्त छ र जसमा मणिमय चोक तथा रत्न एवं विद्रुमका वेदीहरू बनेका छन् ॥१६॥ जहाँ नित्य नवयौवन तथा अमिट सौन्दर्ययुक्त षोडश-वर्षीया रमणीहरू स्वच्छ वस्त्र र अलङ्कारले विभूषित भएर ज्वालाहरूले देदीप्यमान अग्निझैं

यन्निव रोदसी ॥११॥ रम्यामुपवनोद्यानैः श्रीमद्भिर्नन्दनादिभिः ॥ कूजद्विहङ्गमिथुनैर्गायन्मत्तमधुव्रतैः ॥१२॥ प्रवालफलपुष्पोरुभारशाखामरद्रुमैः ॥ हंससारसचक्राह्वकारण्डवकुलाकुलाः ॥ नलिन्यो यत्र क्रीडन्ति प्रमदाः सुरसेविताः ॥१३॥ आकाशगङ्गया देव्या वृतां परिखभूतया ॥ प्राकारेणाग्निवर्णेन साट्टालेनोन्नतेन च ॥१४॥ रुक्मपट्टकपाटैश्च द्वारैःस्फटिकगोपुरैः ॥ जुष्टां विभक्तप्रपथां विश्वकर्मविनिर्मिताम् ॥१५॥ सभाचत्वररथ्याढ्यां विमानैर्न्यर्बुदैर्युताम् ॥ शृङ्गाटकैर्मणिमयैर्वज्रविद्रुमवेदिभिः ॥१६॥ यत्र नित्यवयोरूपाः श्यामा विरजवाससः ॥ भ्राजंते रूपवन्नार्यो ह्यर्चिर्भिरिव वह्नयः ॥१७॥ सुरस्त्रीकेशविभ्रष्टनवसौगंधिकस्रजाम् ॥ यत्रामोदमुपादाय मार्ग आवाति मारुतः ॥ १८ ॥ हेमजालाक्षनिर्गच्छद् धूमेनागुरुगंधिना ॥ पांडुरेण प्रतिच्छन्नमार्गे यान्ति सुरप्रियाः ॥ १६ ॥ मुक्तावितानैर्मणि हेमकेतुभिर्नानापताकावलभीभिरावृताम् ॥ शिखण्डिपारावतभृङ्गनादितां वैमानिकस्त्रीकलगीतमङ्गलाम् ॥ २० ॥ मृदङ्गशङ्खानकदुन्दुभिस्वनैः सतालवीणामुरजर्ष्टिवेणुभिः ॥ नृत्यैः सवाद्यैरुपदेवगीतकैर्मनोरमां स्वप्रभया जितप्रभाम् ॥ २१ ॥ यां न व्रजन्त्यधर्मिष्ठाः खला भूतद्रुहः शठाः ॥ मानिनः कामिनो लुब्धा एभिर्हीना व्रजन्ति यत् ॥२२॥ तां देवधानीं सवरूथिनीपतिर्बहिः समन्ताद्रुरुधे पृतन्यया ॥ आचार्यदत्तं जलजं महास्वनं दध्मौ प्रयुञ्जन्भयमिन्द्रयोषिताम् ॥२३॥ मघवांस्तमभिप्रेत्य बलेः परममुद्यमम् ॥ सर्वदेवगणोपेतो गुरु-

शोभित हुन्छन् । जहाँ वायु देवाङ्गनाहरूका केश पाशबाट झरेको नवीन सौगन्धिक पुष्पमयी मालाको मनोहर सुगन्ध लिएर बाटोलाई सुरभित पार्दै रहन्छ ॥१७॥१८॥ जहाँ सुवर्णमय आँखीझ्यालबाट निस्केका पाण्डुर वर्ण धूपको धूवाँले सुवासित मार्गमा नववधूहरू डुलिरहन्छन् । यसरी जो मुक्तादाममण्डित वितान, मणि तथा सुवर्णजडित ध्वजा र विविध पताकाहरू तथा बार्दलीले युक्त मयूर, कपोत एवं भ्रमरगणले शब्दायमान तथा देवाङ्गनाहरूको मधुर गायनले मङ्गलमयी बनिरहन्छ । मृदङ्ग, शङ्ख, आनक तथा दुन्दुभिहरूको घोषले तालयुक्त, वीणा, मुरज, ऋष्टि तथा बाँसुरी र गन्धर्वहरूको नृत्य, वाद्य र गानले जो मनोहर थाहा भइरहथ्यो । जसले आफ्नी अलौकिक प्रभाको अधिष्ठात्रीलाई पनि पराजित पारिदिएको छ । जसमा अधर्मी, दुष्ट, जीवद्रोही, ठग, मानी, कामी, लोभी, पुरुष जान पाउन्नन्, जहाँ केवल निर्दोष व्यक्तिनै जान्छन् ॥१९-२२॥ बलिले त्यस देवनगरीलाई विशाल सेनाले सबैतिरबाट घेरिलिए

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र इन्द्रकी महिलाहरूलाई भयभीत पार्दै शुक्राचार्यजीले दिएको घनघोर शब्द भएको शङ्ख बजाए ॥ २३ ॥ इन्द्रले बलिको त्यो ठूलो युद्धोद्योग देखेर देवता सहित आएर गुरु बृहस्पतिसित भने– ॥२४॥ 'हे भगवन् ! हाम्रो पूव शत्रुको यो ठूलो उद्योग हो । म यसलाई सर्वथा असह्य ठान्दछु । यो कसको तेजले यति बढिरहेको छ ?॥२५॥ यसलाई कुनै उपायले कसैले रोक्न सक्नैन ? यो त प्रलयाग्नि जस्तै सारा संसारलाईनै पिउँदै, दसै दिशाहरूलाई चाट्तै र नेत्रले सबै दिशाहरूलाई डढाउँदै यतैतिर बढ्दै आइरहेको छ ॥२६॥ हे गुरो ! मेरो शत्रुको यस दुर्धर्षताको कारण के हो ? यसलाई यस्तो इन्द्रिय, मन, शारीरिक बल र तेज कसरी प्राप्त भयो–यो यस्तो असह्य उधम गनलाई तयार छ' ॥२७॥ गुरु बृहस्पतिले भने– हे इन्द्र ! मलाई यसको उन्नतिको कारण थाहा छ । वेदवादी भृगुपुत्रहरूले आफ्नू शिष्यका लागि ठूलो तेज सम्पन्न गरेको छ ॥२८॥ परमेश्वर श्रीहरि बाहेक तिमी अथवा तिमी झैं अरु कोही यसको समक्ष त्यसै गरी टिक्न सक्तैन, जस्तै कालको सामुन्ने साधारण जीव टिक्न पाउन्नन् ॥२९॥ अतः अब तिमी स्वर्ग छाडेर कुनै अर्कै ठाउँमा लुकेर बस र शत्रुको अधः

मेतदुवाच ह ॥ २४ ॥ भगवन्नुद्यमो भूयान्बलेर्नः पूर्ववैरिणः ॥ अविषह्यमिमं मन्ये केनासीत्तेजसोर्जितः ॥ २५ ॥ नैनं कश्चित्कुतो वापि प्रतिव्योढुमधीश्वरः ॥ पिबन्निव मुखेनेदं लिहन्निव दिशो दश ॥ दहन्निव दिशो दृग्भिः संवर्ताग्निरिवोत्थितः ॥२६॥ ब्रूहि कारणमेतस्य दुर्धर्षत्वस्य मद्रिपोः ॥ ओजः सहो बलं तेजो यत एतत्समुद्यमः ॥२७॥ गुरुरुवाच ॥ जानामि मघवञ्छत्रोरुन्नतेरस्य कारणम् ॥ शिष्यायोपभृतं तेजो भृगुभिर्ब्रह्मवादिभिः ॥२८॥ भवद्विधो भवान्वापि वर्जयित्वेश्वरं हरिम् ॥ नास्य शक्तः पुरः स्थातु कृतान्तस्य यथा जनाः ॥ २९ ॥ तस्मान्निलयमुत्सृज्य यूयं सर्वे त्रिविष्टपम् ॥ यात कालं प्रतीक्षन्तो यतः शत्रोर्विपर्ययः ॥ ३० ॥ एष विप्रबलोदर्कः सम्प्रत्यूर्जितविक्रमः ॥ तेषामेवापमानेन सानुबन्धो विनंक्ष्यति ॥३१॥ एवं सुमन्त्रितार्थास्ते गुरुणाऽर्थानुदर्शिना ॥ हित्वा त्रिविष्टपं जग्मुर्गीर्वाणाः कामरूपिणः ॥ ३२ ॥ देवेष्वथ निलीनेषु बलिर्वैरोचनः पुरीम् ॥ देवधानीमधिष्ठाय वशं निन्ये जगत्त्रयम् ॥ ३३ ॥ तं विश्वजयिनं शिष्यं भृगवः शिष्यवत्सलाः ॥ शतेन हयमेधानामनुव्रतमयाजयन् ॥ ३४ ॥ ततस्तदनुभावेन भुवनत्रयविश्रुताम् ॥ कीर्तिं दिक्षु वितन्वानः स रेज उडुराडिव ॥ ३५ ॥ बुभुजे च श्रियं स्वृद्धां द्विजदेवोपलम्भिताम् ॥ कृतकृत्यमिवात्मानं मन्यमानो महामनाः ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे पञ्चदशोऽध्यायः ॥ १५ ॥

परनको मौकाको प्रतीक्षा गर ॥३०॥ यस बखत यो दैत्यपति ब्रह्मतेजले समृद्ध र परम पराक्रमी भएको छ । कहिले त्यो समय आउने छ, जब यो तिनै ब्राह्मणहरूको अपमान गरेर सकुटुम्ब नष्ट भएर जानेछ ॥ ३१ ॥ स्वार्थको यथार्थ स्वरूप बुझ्ने गुरुको सम्मतिले देवता स्वेच्छानुसार रूप धारण गरेर स्वर्गधाम छाडी यता-उता लुक्न गए ॥३२॥ देवताहरू लुकेपछि विरोचन-पुत्र बलिले देवपुरीमा अधिकार गरे र तीनै लोकलाई आफ्नो अधीन पारेर शासन गर्न लागे ॥३३॥ अनि शिष्यवत्सल भृगुपुत्रहरूले आफ्ना अनुगत शिष्य एवं विश्वविजयी बलिको हातले सय अश्वमेध यज्ञ गराउन प्रारम्भ गरे ॥३४॥ अदुश्वमेध यज्ञका प्रभावले बलि आफ्नो त्रिलोक विश्रुत कीर्ति दसै दिशाहरूमा फिंजाउँदै नक्षत्रराज चन्द्रमा जस्तै शोभित भए ॥३५॥ आफूलाई कृतकृत्य मान्दै बलि ब्राह्मण र देवताद्वारा प्राप्त त्यो राजलक्ष्मी भोग्नलागे ॥३६॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीयां पञ्चदशोऽध्यायः ॥१५॥

(महर्षि कश्यपद्वारा अदितिलाई पयोव्रतको उपदेश)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! आफ्ना छोराहरू भागेर लुक्ने र दैत्यहरू द्वारा स्वर्गलोक लिएपछि देवताहरूकी माता अदिति अनाथ जस्तै विलाप गर्न लागिन् ॥१॥ एक दिन भगवान् कश्यप चिरकालीन समाधिवाट उठेर उत्सव र आनन्दविहीन अदितिको आश्रममा गए ॥२॥ हे कुरुनन्दन ! त्यहाँ अदिति द्वारा विधिवत् सम्मानित र पूजित भएर आसनमा वसी उनले दीनवदना प्रिया अदितिसित भने–॥३॥ हे भद्रे ! लोकमा ब्राह्मणहरूको, धर्म अथवा मृत्युको अधीन पुरुषहरूको कुनै

श्रीशुक उवाच ॥ एवं पुत्रेषु नष्टेषु देवमाताऽदितिस्तदा ॥ हृते त्रिविष्टपे दैत्यैः पर्यतप्यदनाथवत् ॥१॥ एकदा कश्यपस्तस्या आश्रमं भगवान-गात् ॥ निरुत्सवं निरानन्दं समाधेर्विरतश्चिरात् ॥२॥ स पत्नीं दीनवदनां कृतासनपरिग्रहः ॥ सभाजितो यथान्यायमिदमाह कुरूद्वह ॥३॥ अप्यभद्रं न विप्राणां भद्रे लोकेऽधुनागतम् ॥ न धर्मस्य न लोकस्य मृत्योश्छन्दानुवर्तिनः ॥४॥ अपि वाऽकुशलं किञ्चिद्गृहेषुगृमेधिनि ॥ धर्मस्यार्थस्य कामस्य यत्र योगो ह्ययोगिनाम् ॥५॥ अपि वाऽतिथयोऽभ्येत्य कुटुम्बासक्तया त्वया ॥ गृहादपूजिता याताः प्रत्युत्थानेन वा क्वचित् ॥६॥ गृहेषु येष्वतिथयो नार्चिताः सलिलैरपि ॥ यदि निर्यान्ति ते नूनं फेरुराजगृहोपमाः ॥७॥ अप्यग्नयस्तु वेलायां न हुता हविषा सति ॥ त्वयोद्विग्नधिया भद्रे प्रोषिते मयि

अमङ्गल अनिष्ट त भएको छैन ॥ ४ ॥ हे गृहस्वामिनी ! जसले योगसाधनहीन व्यक्तिलाई पनि स्वधर्म पालनले योगको फल प्राप्त हुन्छ, त्यस गृहस्थीमा धर्म, अर्थ तथा काम हानि त भएको छैन ? ॥५॥ तिम्रो *गृहस्थीको कार्यमा व्यग्र रहनाले घरमा आएका अतिथि प्रत्युत्थानादि सत्कार नपाएर नै फर्केर गएका त छैनन् ? ॥६॥ जहाँ केवल जलले नै अतिथिको सत्कार हुँदैन र ती निराश फर्केर जान्छन, ती घर स्यालको समान हुन्छन् ॥७॥ हे भद्रे ! म बाहिर गएपछि उद्विग्न रहनाले होमाग्निहरूमा हविको आहुति दिन छाड़ेकी त छैनौ ?

---

* दृष्टान्त (गृहस्थाश्रम श्रेष्ठ हो वा संन्यासाश्रम)—यौटा राजाले कुनै महात्मासित सोधे—'संन्यास आश्रम श्रेष्ठ हो कि गृहस्थाश्रम ?' महात्माले भने—'मैले उत्तर दिन भन्दा अगावै पूर्वदिशामा जाउ। त्यहाँ तिमी स्वयं उत्तर पाउने छौ।' राजा जान्नका इच्छुक छँदैथिए। त्यसै निम्ति पूर्वदिशातिर हिंडे। जाँदा-जाँदा अँध्यारो भयो। बेसरी पानी पर्‍यो। यसैनिम्ति राजा यौटा वृक्षमनि आराम गर्न बसे। जाडोले राजा साहेब कामिरहेका थिए। त्यस वृक्षमाथि यौटा परेवाका दम्पति र त्यसका बच्चा बस्तथे। दम्पतिले विचार गरे–'हाम्रो आँगनमा आएर यो अतिथि दुःख पाइरहेको छ। यसको निम्ति कुनै उपाय गर्नुपर्दछ।' यस्तो विचार गरेर परेवा उड्यो र आफ्नो चुच्चोमा समातेर कतैबाट बल्दो यौटा काठ ल्यायो र त्यसमाथि आफ्नो गुँड खसालिदियो। त्यसले आगो दन्कियो। त्यो ताप्नाले राजाको जाडो हरायो। तिनलाई खानको निम्ति कपोत-दम्पती आफ्ना बच्चा समेत त्यही आगोमा हाम्फालेर भुटिए। भोको राजाले तिनैलाई खाएर आफ्नो भोक मेटे। त्यही वृक्षमा यौटा अर्को पक्षी बस्तथ्यो। त्यसले समाचार ल्यायो पश्चिमदेशको राजा आफ्नी कन्याको स्वयंवर गरिरहेका छन्। राजाकी ती कन्या जस्तो रूपवती अरु कुनै पनि यस पृथ्वीभरिमा छैनन्। त्यस राजालाई तिनै कन्यासित विवाह गर्ने इच्छा भयो। अतः पश्चिमतिर हिंड्यो। स्वयंवरमा धेरै देशका राजाहरू आएका थिए। कन्याका पिताको यो प्रतिज्ञा थियो–जो तातो तेलको कराहीमा स्नान गर्दछ, त्यही मेरी कन्याको पाणिग्रहण गर्न पाउँछ। तातो तेलमा नुहाउने साहस अरु कुनै राजाको भएन। त्यसै बखत राजालाई जुन महात्मा राज्यमा भेटिएका थिए, उनै आए र कराहीको तातो तेलमा स्नान गरेर ठिङ्ग उभिए। कन्या जयमाला लिएर सामुन्ने आइन्। महात्माले कन्यासित भने—तिमी अब मेरी भयौ। अब म आज्ञा दिन्छु—जयमाला यी राजालाई लगाइदेउ।' कन्याले आज्ञा पालन गरिन्। राजा साहेब निकै प्रसन्न भए र ती महात्मासित पहिलेको प्रश्नको उत्तर मागे। महात्माले भने–'अझ पनि तिमीले बुझेनौ ? जुन गृहस्थ ती परेवा दम्पति झैं द्वारमा आएका अतिथिको सत्कार गर्दछ त्यो गृहस्थमा श्रेष्ठ मानिन्छ। जो संन्यासी कुनै पनि वस्तुमा आसक्ति नराखेर अर्काको कल्याण गर्दछ त्यही संन्यासीहरूमा श्रेष्ठ गनिन्छ।' यति सुनेपछि।' राजाका प्रश्नको समाधान भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥८॥ जसको पूजा गर्नाले गृहस्थ पुरुष अभिलषित भोग दिने लोकहरूमा पुग्दछन्, ती ब्राह्मण र अग्नि सर्वदेवमय भगवान्का मुख हुन् ॥ ९ ॥ हे मनस्विनी ! तिम्रा सबै छोराहरू त राम्ररी बसेका छन् ? तिम्रो लक्षण देखेर म तिमीलाई अलि अस्वस्थ जस्ती देखिरहेको छु ॥१०॥ अदितिले भनिन्–हे ब्रह्मन् ! ब्राह्मण, धर्म तथा लोक सबै सकुशल छन् । हे गृहमेधिन् ! गृहस्थको घर धर्म, अर्थ, कामरूपी त्रिवर्गको मुख्य क्षेत्र हो ॥११॥ हे ब्रह्मन् ! हजुरको स्मरण गर्दै रहनाले मद्वारा अग्नि, अतिथि, भृत्यवर्ग तथा भोजनादि इच्छुक भिक्षुकहरूत्रो कहिल्यै पनि अपमान हुन पाएको छैन ॥१२॥ हे भगवन् ! जब हजुर जस्ता प्रजापति मलाई धर्मको उपदेश दिंदै रहनु भएपछि मेरो कसरी र कुन् अभिलाषा अपूर्ण रहन सक्तछ ?॥१३॥

कर्हिचित् ॥८॥ यत्पूजया कामदुघान्याति लोकान्गृहान्वितः ॥ ब्राह्मणोऽग्निश्च वै विष्णोः सर्वदेवात्मनो मुखम् ॥ ९ ॥ अपि सर्वे कुशलिनस्तव पुत्रा मनस्विनि ॥ लक्षयेऽस्वस्थमात्मानं भवत्या लक्षणैरहम् ॥ १० ॥ अदितिरुवाच ॥ भद्रं द्विजगवां ब्रह्मन्धर्मस्यास्यजनस्य च ॥ त्रिवर्गस्य परं क्षेत्रं गृहमेधिन्गृहा इमे ॥११॥ अग्नयोऽतिथयो भृत्या भिक्षवो ये च लिप्सवः ॥ सर्वं भगवतो ब्रह्मन्ननुध्यानान्नरिष्यति ॥१२॥ को नु मे भगवन्कामो न संपद्येत मानसः ॥ यस्या भवान्प्रजाध्यक्ष एवं धर्मान्प्रभाषते ॥१३॥ तथैव मारीच मनः शरीरजाः प्रजा इमाः सत्त्वरजस्तमोजुषः ॥ समो भवांस्तास्वसुरादिषु प्रभो तथापि भक्तं भजते महेश्वरः ॥१४॥ तस्मादीश भजन्त्या मे श्रेयश्चिन्तय सुव्रत ॥ हतश्रियो हतस्थानान्सपत्नैः पाहि नः प्रभो ॥१५॥ परैर्विवासिता साऽहं मग्ना व्यसनसागरे ॥ ऐश्वर्यं श्रीर्यशः स्थानं हृतानि प्रबलैर्मम ॥१६ ॥ यथा तानि पुनः साधो प्रपद्येरन्ममात्मजाः ॥ तथा विधेहि

हे मरीचि-सुवन ! सत्व रज तथा तमोगुणले युक्त समस्त प्रजा हजुरकै मन र शरीरबाट उत्पन्न भएका हुन् । यद्यपि असुरादि सबै प्रजाप्रति हजुर समान हुनुहुन्छ तैपनि स्वयं महेश्वरजी पनि त भक्तका इच्छा पूर्ण गर्दछन् ।।१४।। अतः हजुर आफ्नी सेविका म दासीका हितको अलिकति त विचार गर्नुहवस् । हे प्रभो ! *शत्रुहरूद्वारा श्रीहीन र पदच्युत देवतालाई हजुर रक्षा गर्नुहवस् ॥१५॥ हे नाथ ! प्रबल दैत्यहरूले मेरो ऐश्वर्य, धन, यश र स्थान खोसिलिए । ती दैत्यद्वारा निर्वासित भएर म शोकसागरमा डुबुल्की खाँदैछु ॥१६॥ हे साधो ! हजुर

* दृष्टान्त (बुद्धिमान वैरी) यौटा शहरमा दुइथरि क्षत्रिय परिवार बस्तथे । दुवै परिवारका प्रधान पुरुषहरूमा घोर शत्रुता थियो । केही दिन बितेपछि ती दुवैमा यौटा क्षत्रियको छोरो तन्नेरी भयो । विवाहको कुरा कानी छिनियो । अब सबैभन्दा कठिन यो समस्या सामुन्ने आयो—छोरोको विवाह गर्नको जाने ? किनकि बाबू डराउँथ्यो—कतै बाहिर निस्कनासाथ जुझ्नु पर्ने स्थिति आउन सक्दछ । गुप्तचरले त्यो समचार उसको शत्रु क्षत्रियलाई सुनाइसकेको थियो । त्यो सुन्नासाथ त्यो वीर क्षत्रियको सच्चा उदारता उम्लेर आयो । त्यसले उसै बखत केटाको बाबुलाई भन्न पठायो–'मेरो शत्रुता तिमीसित छ, तिम्रो छोरोसित होइन । त्यो त जस्तो तिम्रो छोरो, त्यस्तै मेरो पनि । मैले सुने–'तिमी मेरो डरले बाहिर निस्केर जन्ती ल्याउन पनि डर र सकोच मानिरहेका छौ । नभए आफ्नो छोराको विवाह मेरै हातबाट हुनदेउ । म शपथपूर्वक भन्दछु–तिम्रो छोरोको विवाह यस प्रकार गर्नेछु कि त्यो मेरो आफ्नै छोरो होस् ।' छोरोको बाबुले पनि अरु उपाय नदेखेर शत्रुको कुरा स्वीकार गऱ्यो । यस उदार शत्रुले पनि वेसरी धन खर्च गरेर धूम-धामसित जन्ती लग्यो र मन फुकाएर विवाह गऱ्यो । अब वधू विदा गराई जन्ती सकुशल फर्केर घर आइपुग्यो र त्यो शत्रु क्षत्रिय फर्केर केटोको पिताको घर पुग्यो तब केटाको बाबु पनि निश्चेष्ट रहन सकेन । ऊ घरबाट निस्केर आयो र शत्रुलाई अंकमाल गरेर भन्नलाग्यो–हे भाई ! लट्ठीको युद्धमा त सधैं म तिम्रो बराबरीमा थिएँ, तर यो उदारताको युद्धमा तिम्रो विजय र मेरो पराजय भयो । म तिम्रो यो साहस र वीरताको सामुन्ने आफ्नू शिर निहुराउँछु ।' केटाका पिताको कुरा सुनेर उसको शत्रुका आँखा सजल भए । त्यसै दिनदेखि ती दुवै क्षत्रियको शत्रुता घनिष्ठ मित्रताको रूपमा परिणत भयो ।

आफ्नो बुद्धिले विचार गरेर कुनै यस्तो उपाय गर्नुहवस्, मेरा छोरा फेरि आफ्नो ऐश्वर्य पाउन् ॥१७॥ हे राजन् ! देवमाता अदितिले त्यसरी प्रार्थना गरेपछि कश्यपजी केही विस्मित भए र उनले भने–'अहो ! भगवान्‌की माया कति प्रबल छन्–जसले सारा जगत् स्नेह-बन्धनमा बाँधिई रहन्छ ॥ १८ ॥ कहाँ भौतिक र अनात्मा यो शरीर र कहाँ प्रकृति भन्दा पनि पर रहने आत्मा ! यी पति-पुत्रादि पनि को र कसका हुन् ? यिनका स्नेह-बन्धनको कारण पनि मोह नै हो ॥१९॥ अतः तिमि अब प्राणीहरूका अन्तःकरणमा बसेका जगद्गुरु भगवान् जनार्दनको आराधना गर ॥ २० ॥ ती दीनवत्सल भगवान् तिम्रा सबै कामनाहरू पूर्ण गरिदिन्छन् । भगवान्‌को भक्ति अमोघ छ । अन्य कुनै देवताको भक्ति अमोघ हुन सक्तैन–यो मेरो विचार हो' ॥२१॥ अदितिले भनिन्–हे ब्रह्मन् ! म ती जगत्पतिको कस्तो उपासना गरूँ, जसले ती सत्यसङ्कल्प प्रभु मेरा कामनाहरू पूर्ण पारिदेउन् ॥२२॥ हे द्विजश्रेष्ठ ! हजुर मलाई उपासनाको यस्तो विधि बताउनोस्–जसले पुत्रहरूसहित कष्टमा परेकी म अबलामाथि भगवान् शीघ्र प्रसन्न होउन् ॥२३॥ कश्यपजीले भने–हे देवि ! एकपल्ट

कल्याणं धिया कल्याणसत्तम ॥१७॥ श्रीशुक उवाच ॥ एवमभ्यर्थितोऽदित्या कस्तामोह स्मयन्निव ॥ अहो मायाबलं विष्णोः स्नेहबद्धमिदं जगत् ॥१८॥ क्व देहो भौतिकोऽनात्मा क्व चात्मा प्रकृतेः परः ॥ कस्य के पतिपुत्राद्या मोह एव हि कारणम् ॥ १९ ॥ उपतिष्ठस्व पुरुषं भगवन्तं जनार्दनम् ॥ सर्वभूतगुहावासं वासुदेवं जगद्गुरुम् ॥२०॥ स विधास्यति ते कामान्हरिर्दीनानुकम्पनः ॥ अमोघा भगवद्भक्तिर्नेतरेति मतिर्मम ॥ २१ ॥ अदितिरुवाच ॥ केनाहं विधिना ब्रह्मन्नुपस्थास्ये जगत्पतिम् ॥ यथा मे सत्यसङ्कल्पो विदध्यात्स मनोरथम् ॥ २२ ॥ आदिश त्वं द्विजश्रेष्ठ विधिं तदुपधावनम् ॥ आशु तुष्यति मे देवः सीदन्त्याः सह पुत्रकैः ॥ २३ ॥ कश्यप उवाच ॥ एतन्मे भगवान्पृष्टः प्रजाकामस्य पद्मजः ॥ यदाह ते प्रवक्ष्यामि व्रतं केशवतोषणम् ॥२४॥ फाल्गुनस्यामले पक्षे द्वादशाहं पयोव्रतः ॥ अर्चयेदरविन्दाक्षं भक्त्या परमयाऽन्वितः ॥ २५ ॥ सिनीवाल्यां मृदं लिप्य स्नायात्क्रोडविदीर्णया ॥ यदि लभ्येत वै स्रोतस्येतं मन्त्रमुदीरयेत् ॥ २६ ॥ त्वं देव्यादिवराहेण रसायाः स्थानमिच्छता ॥ उद्धृताऽसि नमस्तुभ्यं पाप्मानं मे प्रणाशय ॥२७॥ निर्वर्तितात्मनियमो देवमर्चेत्समाहितः ॥ अर्चायां स्थण्डिले सूर्ये जले वह्नौ गुरावपि ॥ २८ ॥ नमस्तुभ्यं भगवते पुरुषाय महीयसे ॥ सर्वभूतनिवासाय वासुदेवाय साक्षिणे ॥२९॥ नमोऽव्यक्ताय सूक्ष्माय प्रधान पुरुषाय च ॥ चतुर्विंशद्गुणज्ञाय गुणसंख्या-

मैले सन्तानको इच्छा गरेर उपासनाको विषयमा श्रीब्रह्माजीसित सोधें र उनले भगवान्‌लाई शीघ्र प्रसन्न पार्ने जुन व्रत बताएका थिए, त्यही म तिमीलाई भन्दछु ॥२४॥ फाल्गुन शुक्ल पक्षमा बाह्र दिनसम्म केवल दूध पिएर रहोस् र अत्यन्त भक्तिपूर्वक कमल-नयन विष्णुको पूजा गरोस् ॥२५॥ औंसीको दिन शूकरले खनेको माटो यदि पाइन्छभने त्यो ल्याएर यो मन्त्र पढोस्–'हे देवि ! प्राणीहरूको स्थान मिलोस् यस इच्छाले आदिवाराह भगवानले तिमीलाई रसातलबाट ल्याएका थिए, तिमीलाई नमस्कार छ । तिमी मेरो पाप नष्ट गरिदेउ ।' त्यो माटो शरीरमा घसेर नदीमा स्नान गरोस् ॥२६-२७॥ अनि सबै नित्य-नैमित्यिक कर्महरू पूर्ण पारेर समाहित चित्तले मूर्ति, वेदी, सूर्य, जल, अग्नि तथा गुरुमा भावना गरेर भनोस्– ॥२८॥'हजुर समस्त प्राणीका निवासस्थान, सर्वान्तर्यामी हुनुहुन्छ । हजुरलाई प्रणाम छ॥२९॥हे अव्यक्त, सूक्ष्म, प्रधान पुरुष, चौबीस तत्वका ज्ञाता र सांख्यशास्त्रका प्रवर्तक हुनुहुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरलाई नमस्कार छ ॥३०॥ जसका दुइ सिर, तीन चरण, चार शृङ्ग, सात हात छन्, यस्ता यज्ञमूर्ति स्वरूप हजुरलाई त्रयीविद्यामय प्रभुलाई नमस्कार छ ॥३१॥ अखिल शक्तिधर अखिल विद्याहरूका प्रभु र सबै प्राणीहरूका स्वामी हजुर रुद्ररूपधारी शिवलाई प्रणाम छ ॥३२॥ जो प्राणस्वरूप, जगन्मय, योग, ऐश्वर्यमूर्ति र योगका हेतु छन्, ती हिरण्यगर्भरूपधारी हजुरलाई नमस्कार छ ॥३३॥ सबैका साक्षी आदिदेव नारायण तथा हरिरूप भगवान् नरलाई बारम्बार नमस्कार छ ॥३४॥ मरकतमणिमय श्याम शरीर, पीताम्बरधारी र श्रीसम्पन्न श्रीकेशव भगवान्लाई नमस्कार छ ॥३५॥ हे वरेण्य ! हे वरदानीहरूमा श्रेष्ठ ! हजुर सबै वर दिनुहुन्छ, यसैले धीर पुरुष आफ्नो कल्याणार्थ हजुरका पदपराग शिरमा चढाउँछौं ॥३६॥ जसका चरण-कमलको सुगन्धका इच्छुक देवता र लक्ष्मीजी सेवामा लागिरहन्छिन्, ती भगवान् मउपर प्रसन्न होउन्' ॥३७॥ हे अदिति ! यी मन्त्रले आवाहन गरेर भगवान् हृषीकेशको

नहेतवे ॥३०॥ नमो द्विशीर्ष्णे त्रिपदे चतुःशृङ्गाय तन्तवे ॥ सप्तहस्ताय यज्ञाय त्रयीविद्यात्मने नमः ॥ ३१ ॥ नमः शिवाय रुद्राय नमः शक्तिधराय च ॥ सर्वविद्याधिपतये भूतानां पतये नमः ॥३२॥ नमो हिरण्यगर्भाय प्राणाय जगदात्मने ॥ योगैश्वर्यशरीराय नमस्ते योगहेतवे ॥ ३३ ॥ नमस्त आदिदेवाय साक्षिभूताय ते नमः ॥ नारायणाय ऋषये नराय हरये नमः ॥ ३४ ॥ नमो मकरतश्यामवपुषेऽधिगतश्रिये ॥ केशवाय नमस्तुभ्यं नमस्ते पीतवाससे ॥३५॥ त्वं सर्ववरदः पुंसां वरेण्य वरदर्षभ ॥ अतस्ते श्रेयसे धीराः पादरेणुमुपासते ॥३६॥ अन्ववर्तन्त यं देवाः श्रीश्च तत्पादपद्मयोः ॥ स्पृहयन्त इवामोदं भगवान्मे प्रसीदताम् ॥ ३७ ॥ एतैर्मन्त्रैर्हृषीकेशमावाहनपुरस्कृतम् ॥ अर्चयेच्छ्रद्धया युक्तः पाद्योपस्पर्शनादिभिः ॥३८॥ अर्चित्वा गन्धमाल्याद्यैः पयसा स्नपयेद्विभुम् ॥ वस्त्रोपवीताभरणपाद्योपस्पर्शनैस्ततः ॥ गन्धधूपादिभिश्चार्चेद्द्वादशाक्षरविद्यया ॥ ३९ ॥ शृतं पयसि नैवेद्यं शाल्यन्नं विभवे सति ॥ ससर्पिः सगुडं दत्त्वा जुहुयान्मूलविद्यया ॥४०॥ निवेदितं तद्भक्ताय दद्याद्भुञ्जीत वा स्वयम् । दत्त्वाऽऽचमनमर्चित्वा ताम्बूलं च निवेदयेत् ॥ ४१ ॥ जपेदष्टोत्तरशतं स्तुवीत स्तुतिभिः प्रभुम् ॥ कृत्वा प्रदक्षिणं भूमौ प्रणमेद्दण्डवन्मुदा ॥४२॥ कृत्वा शिरसि तच्छेषान् देवमुद्वासयेत्ततः ॥ द्व्यवरान्भोजयेद्विप्रान्पायसेन यथोचितम् ॥ ४३ ॥ भुञ्जीत तैरनुज्ञातः शेषं सेष्टैः सभाजितैः ॥ ब्रह्मचार्यथ तद्रात्र्यां श्वोभूते प्रथमेऽहनि ॥ ४४ ॥ स्नातः शुचिर्यथोक्तेन विधिना सुसमाहितः ॥ पयसा स्नापयित्वाऽर्चेद्यावद्व्रतसमापनम् ॥ ४५ ॥ पयोभक्षो व्रतमिदं चरेद्विष्णवर्चनादृतः ॥

पाद्य-आचमनादि उपचारहरू द्वारा श्रद्धापूर्वक पूजा गरुन् ॥३८॥ गन्ध-पुष्पमाला आदिले पूजा गरेर प्रभुलाई दूधले स्नान गरायो र वस्त्र, जनै, आभूषण, आचमन, गन्ध, र धूपदीपादि सामग्रीहरूले द्वादशाक्षर मन्त्रोच्चारणपूर्वक पूजा गरोस् ॥३९॥ धन छ भने दूधमा पकाएको वा घिउ-शक्कर मिसेको चामल नैवेद्य दिई द्वादशक्षरमन्त्रले हवनगरोस् ॥४०॥ भगवान्लाई निवेदित अन्न भक्तजनमा देओस् वा स्वयं खाओस् । प्रभुलाई आचमन गराई पान अर्पणगरोस् ॥४१॥ मूलमन्त्र (ॐ नमोभगवते वासुदेवाय) एक सय आठ जप गरेर स्तुति मन्त्रहरूले भगवान्को स्तुति गरोस् र परिक्रमा गरेर प्रसन्न मनले साष्टाङ्ग प्रणाम गरोस् ॥४२॥अनि निर्माल्य शिरमा लगाएर विसर्जन गरोस् र सकेदेखि दुइ जनाभन्दा बढी ब्राह्मणलाई पायसको भोजन गराओस् ॥४३॥ अनि दक्षिणा आदिले सत्कृत ब्राह्मणहरूमित आज्ञा लिएरबन्धुजनसहित भोजन गरोस् । रातभरि ब्रह्मचर्यले रहेर (प्रतिपदा) कोदिन प्रातःकाल स्नानादिले पवित्र

CC-0. Digitized by eGangotri and MIDH - Delhi

भएर समाहित चितले भगवान्लाई विधिवत् स्नान गराएर व्रत समाप्ति सम्म नित्य यसै गरी पूजा गर्दै रहोस् ।।४४।।४५।। विष्णु पूजाको श्रद्धा हुने पुरुष केवल दुग्धाहार गर्दै यो व्रत गरोस् । प्रतिदिन द्वादशाक्षर मन्त्रले हवन गरेर ब्राह्मण-भोजन गराओस् ।।४६।। बाह्र दिनसम्म केवल दुग्धपान गरेर प्रतिदिन हवन, पूजा तथा ब्राह्मण-भोजन गराउँदै भगवान्को उपासना गरोस् ।।४७।। व्रतो प्रतिपदादेखि शुक्ल त्रयोदशीसम्म ब्रह्मचर्यले रही, भूमिमा शयन गरी, त्रिकाल (प्रातः सायं मध्याह्न) स्नान गरोस् ।।४१।। मिथ्या अनुचित भाषण साना-ठूला सबै भोगहरू त्यागिदेओस् । सबै प्राणीहरूको प्रति अहिंसा-भाव राखेर भगवान् वासुदेवको उपासनामा संलग्न रहोस् ।।५१।। त्रयोदशीको पूजा विधिका विशेषज्ञ ब्राह्मणद्वारा विष्णुको शास्त्र विधिले पञ्चामृतले स्नान गराओस् ।।५०।। धनको कृपणता त्यागेर धूम-धामले श्रीविष्णु भगवान्को पूजा गरोस् । त्यसपछि विष्णु भगवान्लाई दूधले बनेको चरु अर्पण गरेर त्यसैले एकाग्रचित्तद्वारा पुरुषोत्तम भगवान्को पूजा गरेर भगवान्लाई तुष्टिदायक गुणयुक्त नैवेद्य अर्पण गरोस् ।।५१।।५२।। अनि ज्ञानसम्पन्न आचार्य र ऋत्विक्लाई वस्त्र,

पूर्ववज्जुहुयादग्निं ब्राह्मणांश्चापि भोजयेत् ।। ४६ ।। एवं त्वहरहः कुर्याद्द्वादशाहं पयोव्रतः ।। हरेराराधनं होममर्हणं द्विजतर्पणम् ।।४७।। प्रतिपद्दिनमारभ्य यावच्छुक्लत्रयोदशी ।। ब्रह्मचर्यमधः स्वप्नं स्नानं त्रिषवणं चरेत् ।। ४८ ।। वर्जयेदसदालापं भोगानुच्चावचांस्तथा ।। अहिंस्रः सर्वभूतानां वासुदेवपरायणः ।। ४९ ।। त्रयोदश्यामथो विष्णोः स्नपनं पञ्चकैर्विभोः ।। कारयेच्छास्त्रदृष्टेन विधिना विधिकोविदैः ।।५०।। पूजां च महतीं कुर्याद्वित्तशाठ्यविवर्जितः ।। चरुं निरूप्य पयसि शिपिविष्टाय विष्णवे ।। ५१ ।। शृतेन तेन पुरुषं यजेत सुसमाहितः ।। नैवेद्यं चातिगुणवद्दद्यात्पुरुषतुष्टिदम् ।।५२।। आचार्यं ज्ञानसम्पन्नं वस्त्राभरणधेनुभिः ।। तोषयेदृत्विजश्चैव तद्विद्ध्याराधनं हरेः ।। ५३ ।। भोजयेत्तान्गुणवता सदन्नेन शुचिस्मिते ।। अन्यांश्च ब्राह्मणाञ्छक्त्या ये च तत्र समागताः ।।५४।। दक्षिणां गुरवे दद्यादृत्विग्भ्यश्च यथार्हतः ।। अन्नाद्येनाश्वपाकांश्च प्रीणयेत्समुपागतान् ।।५५।। भुक्तवत्सु च सर्वेषु दीनान्धकृपणेषु च ।। विष्णोस्तत्प्रीणनं विद्वान्भुञ्जीत सह बन्धुभिः ।। ५६ ।। नृत्यवादित्रगीतैश्च स्तुतिभिः स्वस्तिवाचकैः ।। कारयेत्तत्कथाभिश्च पूजां भगवतोऽन्वहम् ।। ५७ ।। एतत्पयोव्रतं नाम पुरुषाराधनं परम् ।। पितामहेनाभिहितं मया ते समुदाहृतम् ।। ५८ ।। त्वं चानेन महाभागे सम्यक्चीर्णेन केशवम् ।। आत्मना शुद्धभावेन नियतात्मा भजाव्ययम् ।। ५९ ।। अयं वै सर्वयज्ञाख्यः सर्वव्रतमिति स्मृतम् ।। तपः सारमिदं भद्रे दानं

आभूषण र गाई आदि दिएर प्रसन्न पारोस् । हे अदिति ! यसलाई पनि उनै भगवान्को आराधना जानोस् ।।५३।। व्रतको वेला जो अनिमन्त्रित ब्राह्मण त्यहाँ आए, तिनलाई पनि यथाशक्ति गुणयुक्त अन्न देओस् ।।५४।। गुरु र ऋत्विजहरूलाई समुचित दक्षिणा दिएर त्यहाँ आएका चाण्डालसम्मका प्राणीहरूलाई अन्नादि दिएर प्रसन्न पारोस् ।।५५।। दीन, अन्धा एवं कृपण पुरुषले भोजन गरे भने तिनको सत्कारलाई विष्णुभगवान्को प्रसन्नताको कारण मानोस् र अवशिष्ट अन्न आफ्ना बन्धुजनमा बाँडेर स्वयं भोजन गरोस् ।।५६।। यसरी प्रतिपदादेखि त्रयोदशीसम्म नित्य वाद्य, गान, स्तुति, स्वस्तिवाचन र भगवत्कथाद्वारा भगवान्को पूजन गराओस् ।।५७।। हे देवि ! पितामह ब्रह्माले मलाई विष्णु भगवान्को यो श्रेष्ठपूजन विधान (पयोव्रत) बताउनु भएको थियो, त्यो मैले तिमीलाई सुनाएँ ।।५८।। हे महाभागे ! तिमी जितेन्द्रिय तथा शुद्धभावको मनले यस व्रतको पालन गर्दै ती अविनाशी केशव भगवान्को

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपासना गर ॥ ५९ ॥ हे भद्रे ! यो व्रत भगवान्‌लाई प्रसन्न पार्दछ । यसैले यो 'सर्वयज्ञ' र 'सर्वव्रत' पनि कहिन्छ । यो व्रत तपस्याहरूको सार तथा सर्वश्रेष्ठ दान हो ॥ ६० ॥ हे देवि ! जे गर्नाले भगवान् प्रसन्न हुन्छन्, उही उत्तम नियत धर्म र उत्तम धर्म र त्यो नै तप, दान, व्रत तथा यज्ञ हो ॥६१॥ अतएव हे भद्रे ! संयत-चित्तले श्रद्धापूर्वक यस व्रतको पालन गर । यसले शीघ्र प्रसन्न भएर भगवान् तिम्रो कामना पूर्ण गर्नेछन् ॥६२॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकां षोडशोऽध्यायः ॥१६॥

(अदितिको पयोव्रतले प्रसन्न भएर भगवान् प्रकट हुनु र अदितिलाई वरदिनु) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! आफ्ना पतिदेव कश्यपसित यो उपदेश पाएर अदितिले धेरै सावधानीपूर्वक बाह्र दिनमा पूर्ण हुने त्यस व्रतको अनुष्ठान गरिन् ॥ १ ॥ त्यसै अनुसार उनले आफ्नो एकनिष्ठ बुद्धिले परमेश्वरको स्मरण गर्दै बुद्धिलाई सारथी तुल्याएर मनरूपी लगामले इन्द्रियरूपी दुष्ट घोडाहरूलाई आफ्नो अधीन पारिन् ॥२॥ आफ्नो एकाग्र बुद्धिद्वारा मनलाई सर्वात्मा हरिमा लगाएर ती पयोव्रतको अनुष्ठान गर्नलागिन् ॥३॥हेतात ! व्रतको

चेश्वरतर्पणम् ॥६०॥ त एव नियमाः साक्षात्त एव च यमोत्तमाः ॥ तपो दानं व्रतं यज्ञो येन तुष्यत्यधोक्षजः ॥६१॥ तस्मादेतद्व्रतं भद्रे प्रयता श्रद्धया चर ॥ भगवान्परितुष्टस्ते वरानाशु विधास्यति ॥ ६२ ॥ इति श्रीमद्भागवते महापुराणे अष्टमस्कन्धेऽदितिपयोव्रतं नाम षोडशोऽध्यायः ॥१६॥

श्रीशुक उवाच ॥ इत्युक्ता सादिती राजन्स्वभर्त्रा कश्यपेन वै ॥ अन्वतिष्ठद्व्रतमिदं द्वादशाहमतन्द्रिता ॥ १ ॥ चिन्तयन्त्येकया बुद्ध्या महापुरुषमीश्वरम् ॥ प्रगृह्येन्द्रियदुष्टाश्वान्मनसा बुद्धिसारथिः ॥ २ ॥ मनश्चैकाग्रया बुद्ध्या भगवत्यखिलात्मनि ॥ वासुदेवे समाधाय चचार ह पयोव्रतम् ॥ ३ ॥ तस्याः प्रादुरभूत्तात भगवानादिपूरुषः ॥ पीतवासाश्चतुर्बाहुः शङ्खचक्रगदाधरः ॥ ४ ॥ तं नेत्रगोचरं वीक्ष्य सहसोत्थाय सादरम् ॥ ननाम भुवि कायेन दण्डवत्प्रीतिविह्वला ॥ ५ ॥ सोत्थाय बद्धाञ्जलिरीडितुं स्थिता नोत्सेह आनन्दजलाकुलेक्षणा ॥ बभूव तूष्णीं पुलकाकुलाकृतिस्तद्दर्शनात्युत्सवगात्रवेपथुः ॥ ६ ॥ प्रीत्या शनैर्गद्गदया गिरा हरिं तुष्टाव सा देव्यदितिः कुरूद्वह ॥ उद्वीक्षती सा पिबतीव चक्षुषा रमापतिं यज्ञपतिं जगत्पतिम् ॥ ७ ॥ अदितिरुवाच ॥ यज्ञेश यज्ञपुरुषाच्युत तीर्थपाद तीर्थश्रवः श्रवणमङ्गलनामधेय ॥ आपन्नलोकवृजिनोपशमोदयाद्य शं नः कृधीश भगवन्नसि दीननाथः ॥ ८ ॥ विश्वाय विश्वभवनस्थितिसंयमाय स्वैरं गृहीतपुरुशक्तिगुणाय भूम्ने ॥ स्वस्थाय शश्वदुप-

प्रभावले पीताम्बर-सुशोभित चतुर्भुज मूर्ति शङ्ख-चक्र-गदाधारी भगवान आदिपुरुष उनको सामुन्ने प्रकट भए ॥ ४ ॥ नारायणलाई आफ्ना आँखाको सम्मुख देखेर अदिति सहसा ठिङ्ग उभिइन् र प्रेमविह्वल भई उनले पृथ्वीमा लठ्ठी समान लम्पसार परेर भगवान्‌लाई प्रणाम गरिन् ॥ ५ ॥ अनि उनि उभिएर अंजलि जोरी भगवान्‌को स्तुति गर्न तत्पर भइन्, तर स्तुति गर्न सकिनन्, किनकि तिनका आँखा आनन्दाश्रुले रसाएर आए, शरीर रोमाञ्चित भयो, भगवद्दर्शनको उल्लासवश शरीरमा कम्प आयो र ती मौन रहिन् ॥६॥ हे कुरुनन्दन ! जगन्नाथ यज्ञेश्वर भगवान् रमापतिलाई आँखाले नै निलुँला झैं उत्कण्ठाले हेर्दै अदिति प्रीतिपूर्वक मन्द-मन्द स्वरले भगवान्‌को यस प्रकार स्तुति गर्नलागिन्—॥७॥अदितिले भनिन्—हे यज्ञेश्वर ! यज्ञपुरुष ! हे अच्युत ! हे तीर्थपाद ! हे पवित्रकीर्ते ! हे श्रवण मात्रले मङ्गलकारी भएका ! हे शरणागत जनका सङ्कट टार्नको निम्ति प्रकट हुने आदिपुरुष ! हजुर दीजनका

CC-0. Digitized by eGangotri and MIDI - Delhi

नाथ हुनुहुन्छ । हे भगवन् ! हे ईश ! हजुर मेरो कल्याण गर्नुहवस् ॥८॥ जो सम्पूर्ण विश्वको उत्पत्ति, स्थिति र लयका कारण, स्वेच्छानुसार विविध शक्ति र गुणहरूलाई स्वीकार्ने, भूमा, आफ्नै स्वरूपमा स्थित एवं निरन्तर वर्धमान पूर्णबोधले आत्मान्धकारलाई टार्ने हुनुहुन्छ, त्यस्ता हजुर विश्वरूपधारी भगवान् श्रीहरिलाई नमस्कार छ ॥९॥ हे अनन्त ! हजुर प्रसन्न भइसकेपछि मनुष्यलाई पनि ब्रह्माजी जस्तो लामो आयु, इच्छित शरीर अतुलित ऐश्वर्य, स्वर्ग, पृथ्वी, पाताल, सबै योगसिद्धिहरू धर्म, अर्थ तथा कामरूपी त्रिवर्ग एवं मोक्षका साधनरूप ज्ञान–यी सबै प्राप्त हुन सक्छन् अनि शत्रुहरूमा विजय पाउने आदि कामनाहरूको के गन्ती छ ? ॥१०॥ शुकदेव भन्नहुन्छ–हे भारत ! अदितिको स्तुति सुनेर सबै प्राणीका अन्तरात्मा कमलनयन विष्णु भगवानले भन्नु भयो ॥११॥ श्रीभगवान भन्नुहुन्छ–हे देवमातः शत्रुहरूद्वारा हतश्री तथा पदच्युत आफ्ना छोराको विषयमा जो चिर-कालीन अभिलाषा छ, त्यो म जान्दछु ॥१२॥ तिमी दुर्मद र श्रेष्ठ दानवगणलाई युद्धमा जितेर विजयलक्ष्मी सम्पन्न आफ्ना छोहरूसित सुखले बस्न खोज्दैछौ ॥१३॥ तिमी इन्द्र आदि

बृंहितपूर्णबोधव्यापादितात्मतमसे हरये नमस्ते ॥ ६ ॥ आयुः परं वपुरभीष्टमतुल्यलक्ष्मीर्द्यौर्भूरसाः सकलयोगगुणास्त्रिवर्गः ॥ ज्ञानं च केवलमनन्त भवन्ति तुष्टात्त्वत्तो नृणां किमु सपत्नजयातिराशीः ॥ १० ॥ श्रीशुक उवाच ॥ अदित्यैवं स्तुतो राजन्भगवान्पुष्करेक्षणः ॥ क्षेत्रज्ञः सर्वभूतानामिति होवाच भारत ॥११॥ श्रीभगवानुवाच ॥ देवमातर्भवत्या मे विज्ञातं चिरकांक्षितम् ॥ यत्सपत्नैर्हृतश्रीणां च्यावितानां स्वधामतः ॥१२॥ तान्विनिर्जित्य समरे दुर्मदानसुरर्षभान् ॥ प्रतिलब्धजयश्रीभिः पुत्रैरिच्छस्युपासितुम् ॥ १३ ॥ इन्द्रज्येष्ठैः स्वतनयैर्हतानां युधि विद्विषाम् ॥ स्त्रियो रुदन्तीरासाद्य द्रष्टुमिच्छसि दुःखिता ॥ १४ ॥ आत्मजान्सुसमृद्धांस्त्वं प्रत्याहृतयशःश्रियः ॥ नाकपृष्ठमधिष्ठाय क्रीडतो द्रष्टुमिच्छसि ॥ १५ ॥ प्रायोऽधुना तेऽसुर-यूथनाथा अपारणीया इति देवि मे मतिः ॥ यत्तेऽनुकूलेश्वरविप्रगुप्ता न विक्रमस्तत्र सुखं ददाति ॥ १६ ॥ अथाप्युपायो मम देवि चिन्त्यः संतोषि-तस्य व्रतचर्यया ते ॥ ममार्चनं नार्हति गन्तुमन्यथा श्रद्धानुरूपं फलहेतुकत्वात् ॥ १७ ॥ त्वयाऽर्चितश्चाहमपत्यगुप्तये पयोव्रतेनानुगुणं समीडितः ॥ स्वांशेन पुत्रत्वमुपेत्य ते सुतान्गोप्ताऽस्मि मारीच तपस्यधिष्ठितः ॥ १८ ॥ उपधाव पतिं भद्रे प्रजापतिमकल्मषम् ॥ मां च भावयती पत्यावेवंरूपमव-स्थितम् ॥ १९ ॥ नैतत्परस्मा आख्येयं पृष्टयाऽपि कथंचन ॥ सर्वं सम्पद्यते देवि देवगुह्यं सुसंवृतम् ॥ २० ॥ श्रीशुक उवाच ॥ एतावदुक्त्वा भग-

आफ्ना छोराद्वारा मरेका शत्रुका स्त्रीहरूलाई आफ्नो नजीकै आएर रोइरहेका देख्ने इच्छुक छौ ॥१४॥ तिमीलाई आफ्नो गुमाएको यश र वैभव फेरि प्राप्त गरेर श्रीसम्पन्न छोराहरूलाई फेरि स्वर्गमा अधिकार गरेर क्रीडा गर्नलागेका हेर्ने अभिलाषा गर्दछ्यौ ॥१५॥ हे देवि ! मेरो त विचार छ–यी सबै असुर यूथपतिहरू अहिले प्रायः अजेय नै छन् किनकि यस बखत ती आफ्नो अनुकूल र समर्थ ब्राह्मण शुक्राचार्यद्वारा सुरक्षित छन् । अहिले तिनको प्रति गरिएको कुनै पनि उद्योग सफल हुन सक्तैन तथापि हे देवि ! म तिम्रो व्रतले धेरै प्रसन्न छु । मैले कुनै अर्को उपाय विचार्नु पर्नेछ, किनकि मेरो पूजन व्यर्थ जान सक्तैन, त्यो श्रद्धानुसार फल दिन्छ ॥१७॥ तिमीले पनि छोराहरूको रक्षाका लागि उचित रीतिले पयोव्रतद्वारा मेरो आराधना गरेकी छौ । अतः म आफ्नो एक अंशले पुत्ररूपमा मरीचिनन्दन कश्यपको तपस्यारूपी वीर्यमा स्थित भएर तिम्रा छोराहरूको रक्षा गर्नेछु ॥१८॥ हे भद्रे ! पुण्यात्मा पति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कश्यपजीमा मलाई यही रूपले विराजमान देखेर तिमी उनको सतत सेवा गर ॥१९॥ हे देवि ! यस विषयमा कसैले सोधे पनि तिमी केही नभन्नु, किनकि देवताहरूका सबै काम गुप्त रहेर नै सिद्ध हुन्छन् ॥२०॥ श्रीशुकदेव भन्नुहुन्छ—यति भनेर भगवान् अन्तर्धान हुनुभयो । अदिति मेरो गर्भमा साक्षात् श्रीहरिको जन्म हुनेछ, भन्ने जानेर मनमनै कृतकृत्य जस्ती भएर ठूलो भक्तिले पतिको सेवा गर्नलाग्निन् । यता ती अमोघ दृष्टि श्रीकश्यपले पनि समाधियोगद्वारा आफ्नो शरीरमा श्रीहरिको अंश प्रविष्ट भएको देखे । हे राजन् ! जस्तै वायुको घर्षणले आगो निस्कन्छ, त्यस्तै नै उनले समाहित चित्तले अदितिको गर्भमा आफ्नो चिरकालीन तपस्या द्वारा सुरक्षित वीर्य स्थापित गरिदिए ॥२१ २३॥ अदितिको गर्भमा सनातन पुरुषलाई स्थित जानेर ब्रह्माजी आए र उनका गुप्त नामहरूले स्तुति गर्नलागे ॥२४॥ श्रीब्रह्माजी भन्दछन्—हे परम कीर्तिमान् भगवान् ! हजुरको जयहोस ! हजुरलाई हाम्रो

वांस्तत्रैवान्तरधीयत ॥ अदितिर्दुर्लभं लब्ध्वा हरेर्जन्मात्मनि प्रभोः ॥२१॥ उपाधावत्पतिं भक्त्या परया कृतकृत्यवत् ॥ स वै समाधियोगेन कश्यपस्तदबुध्यत ॥ २२ ॥ प्रविष्टमात्मनि हरेरंशं ह्यवितथेक्षणः ॥ सोऽदित्यां वीर्यमाधत्त तपसा चिरसम्भृतम् ॥ समाहितमना राजन्दारुण्यग्नि यथाऽनिल ॥ २३ ॥ अदितेर्धिष्ठितं गर्भं भगवन्तं सनातनम् ॥ हिरण्यगर्भो विज्ञाय समीडे गुह्यनामभिः ॥२४॥ ब्रह्मोवाच ॥ जयोरुगाय भगवन्नुरुक्रम नमोऽस्तु ते ॥ नमो ब्रह्मण्यदेवाय त्रिगुणाय नमो नमः ॥२५॥ नमस्ते पृश्निगर्भाय वेदगर्भाय वेधसे ॥ त्रिनाभाय त्रिपृष्ठाय शिपिविष्टाय विष्णवे ॥ २६ ॥ त्वमादिरन्तो भुवनस्य मध्यमनन्तशक्तिं पुरुषं यमाहुः ॥ कालो भवानाक्षिपतीश विश्वं स्रोतो यथाऽन्तः पतितं गभीरम् ॥ २७ ॥ त्वं वै प्रजानां स्थिरजङ्गमानां प्रजावतीनामसि सम्भविष्णुः ॥ दिवौकसां देव दिवश्च्युतानां परायणं नौरिव मज्जतोऽप्सु ॥ २८ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे वामनप्रादुर्भावे सप्तदशोऽध्यायः ॥ १७ ॥

नमस्कार छ । हे ब्रह्मण्यदत्त ! हे त्रिगुणनियन्ता ! हजुरलाई धेरै नमस्कार छ ॥२५॥ जो पृश्निका पुत्र, वेदमा निहित तथा सबैका एकमात्र विधाता हुनुहुन्छ । जसको नाभिस्थानमा त्रिलोक स्थित छ, त्रिलोकको पृष्ठभाग वैकुण्ठ जसको निवासस्थान छ र जो सबै जीवको अन्तःकरणमा स्थित रहन्छन्, ती विष्णु भगवान्लाई नमस्कार छ ॥२६॥ केवल हजुर नै त्रिभुवनका आदि, अन्त्य र मध्य हुनुहुन्छ । यसैले शास्त्रमा हजुरलाई अनन्त-शक्ति सम्पन्न पुरुष कहिएको छ । हे ईश ! जलको प्रवाहले तृणादि बगाएर लैजान्छ, त्यस्तै हजुर कालरूपले जगत्लाई तानेर लैजानु हुन्छ ॥२७॥ हजुर नै चराचर प्रजा तथा प्रजापतिहरूका जनक हुनुहुन्छ र डुब्न लागेकालाई डुङ्गा समान हुनुहुन्छ । हजुरनै स्वर्गच्युत देवताहरूका आधार हुनुहुन्छ* ॥२८॥ इति श्रीमद्भागवते महापुरापुणेऽष्टमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां सप्तदशोऽध्यायः ॥१७॥

---

* अर्पन्छू धन, दार, पुत्र, घरको सम्पत्ति प्यारो धन । जे इच्छा मनमा छ त्यै गर प्रभो ! रोकेर मेरो मन ॥
रक्षामा असमर्थ छन् यि घरका सम्पत्ति दारा सुत । दल्ला प्राण विहीन यो तन जस्तै गर्छौं तिमी नै हित ॥
छैनन् क्वै तिमिदेखि भिन्न भवमा कल्याण गर्ने जन । यो संसार-समुद्र तर्न सहजै देऊ प्रभो ! दर्शन ॥

CC-0. Digitized by eGangotri and MIDI - Delhi

(वामन भगवान्‌को जन्म र उनी बलिको यज्ञशालामा जानु)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! ब्रह्माद्वारा आफ्नो कर्म र पराक्रमको स्तुति गरिएपछि ती शङ्ख, चक्र, गदा र पद्म तथा पीताम्बर धारी, जन्म-मृत्युदेखि रहित कमल-नयन र चतुर्भुजमूर्ति भगवान् देवमाता अदितिको गर्भबाट प्रकट भए ॥१॥ ती पुरुषोत्तम भगवान्‌को श्याम शरीर थियो। उनको मुखकमलको तेज मकराकृत कुण्डलको कान्तिले उल्लसित भइरहेथ्यो। उनको वक्षःस्थल श्रीवत्सचिह्नले सुशोभित थियो। अन्य अङ्गमा कङ्कण, केयूर, किरीट, कन्धनी र नूपुरादि सुशोभित थिए ॥२॥ ती श्रीहरि भ्रमर-समूहको गुञ्जारयुक्त वनमालाले विभूषित थिए र उनले घाँटीमा आफ्नू कान्तिले प्रजापति कश्यपका घरको अन्धकार नष्ट पार्ने कौस्तुभ मणि धारण गरिराखेका थिए ॥३॥ भगवान्‌को जन्म भएपछि सबै दिशाहरू र जलाशय निर्मल भए अनि प्रजावर्गलाई अपार हर्ष भयो। ऋतुहरू आफाफ्ना गुणले युक्त हुनगए र स्वर्गलोक, अन्तरिक्ष, पृथ्वी, देवता, गाई, विप्र तथा पर्वत यी सबै बर्ता हर्षित भए ॥४॥ हे राजन् ! जब चन्द्रमा श्रवण नक्षत्रमा गए, तब श्रावणको द्वादशी र अभिजित् मुहूर्तमा बामन भगवान्‌ले

श्रीशुक उवाच ॥ इत्थं विरिञ्चस्तुतकर्मवीर्यः प्रादुर्बभूवामृतभूरदित्याम् ॥ चतुर्भुजः शङ्खगदाब्जचक्रः पिशङ्गवासा नलिनायतेक्षणः ॥ १ ॥ श्यामावदातो झषराजकुण्डलत्विषोल्लसच्छ्रीवदनाम्बुजः पुमान् ॥ श्रीवत्सवक्षा वलयाङ्गदोल्लसत्किरीटकाञ्चीगुणचारुनूपुरः ॥ २ ॥ मधुव्रतव्रातविघुष्टया स्वया विराजिताः श्रीवनमालया हरिः ॥ प्रजापतेर्वेश्मतमः स्वरोचिषा विनाशयन्कण्ठनिविष्टकौस्तुभः ॥ ३ ॥ दिशः प्रसेदुः सलिलाशयास्तदा प्रजाः प्रहृष्टा ऋतवो गुणान्विताः ॥ द्यौरन्तरिक्षं क्षितिरग्निजिह्वा गावो द्विजाः सञ्जहृषुर्नगाश्च ॥ ४ ॥ श्रोणाश्रवणद्वादश्यां मुहूर्तेऽभिजिति प्रभुः ॥ सर्वे नक्षत्रताराद्याश्चक्रुस्तज्जन्म दक्षिणम् ॥ ५ ॥ द्वादश्यां सविता तिष्ठन्मध्यंदिनगतो नृप ॥ विजया नाम सा प्रोक्ता यस्यां जन्म विदुर्हरेः ॥ ६ ॥ शङ्खदुन्दुभयो नेदुर्मृदङ्गपणवानकाः ॥ चित्रवादित्रतूर्याणां निर्घोषस्तुमुलोऽभवत् ॥ ७ ॥ प्रीताश्चाप्सरसोऽनृत्यन्गन्धर्वप्रवरा जगुः ॥ तुष्टुवुर्मुनयो देवा मनवः पितरोऽग्नयः ॥ ८ ॥ सिद्धविद्याधरगणाः सकिम्पुरुषकिन्नराः ॥ चारणा यक्षरक्षांसि सुपर्णा भुजगोत्तमाः ॥ ९ ॥ गायन्तोऽतिप्रशंसन्तो नृत्यन्तो विबुधानुगाः ॥ आदित्या आश्रमपदं कुसुमैः समवाकिरन् ॥१०॥ दृष्ट्वाऽदितिस्तं निजगर्भसम्भवं परं पुमांसं मुदमाप विस्मिता ॥ गृहीतदेहं निजयोगमायया प्रजापतिश्चाह जयेति विस्मितः ॥ ११ ॥ यत्तद्वपुर्भाति विभूषणायुधैरव्यक्तचिद्व्यक्तमधारयद्धरिः ॥ बभूव तेनैव स वामनो वटुः संप-

अवतार लिए। त्यस वेला सबै नक्षत्र तथा ताराहरूले प्रभुको जन्मको मङ्गलमय सूचित गरे ॥५॥ हे राजन् ! जुन द्वादशीमा भगवान्‌को जन्म भयो, त्यो 'विजया द्वादशी' नामले विख्यात भयो। त्यस समय सूर्य मध्याह्नमा थिए ॥६॥ भगवान्‌ले अवतार लिनासाथ शङ्ख, दुन्दुभि, मृदङ्ग, पणव र आनक (ढ्यांग्रो) आदि बज्नलागे, थरि-थरिका बाजा, तूर्यादिका घनघोर निनाद हुनलाग्यो ॥७॥ अप्सराहरू प्रसन्न भएर नाच्नलागे र श्रेष्ठ गन्धर्वगणले गान आरम्भ गरे। मुनि, देव, पितार अग्निदेव स्तुति गर्नलागे ॥८॥ सिद्ध, विद्याधर, किम्पुरुष, किन्नर, चारण, यक्ष, राक्षस, पक्षी, मुख्य-मुख्य नाग र देवगणका अनुचर नाच्दै-गाउँदै, प्रशंसा गर्दै देवमाता अदितिको आश्रममा पुष्पवर्षा गर्नलागे ॥९॥१०॥ अदिति आफ्नो गर्भबाट जायमान ती परम पुरुषलाई देखेर अतिशय छक्क परिन्। प्रजापति कश्यपले पनि भगवान्‌ले आफ्नी योगमायाद्वारा शरीर धारण गरेको देखेर ठूलो विस्मयसाथ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जय-जयकार गरे ॥११॥ हे राजन् ! ती अव्यक्त तथा चित्-स्वरूप श्रीहरिको रूप योगमाया निर्मित आभूषण तथा आयुधादिले शोभायुक्त एवं व्यक्त थियो त्यसैले ती नट सदृश सबैका सामु वामन (बाउन्ने) भए। ती वामन बटुलाई देखेर सबै महर्षिहरूले कश्यप प्रजापतिलाई अघिलाएर उनको जातकर्म आदि संस्कार सानन्द सम्पन्न गराए। जब उनको उपनयन-संस्कार भइरहेको थियो, तब सविता देवताले उनलाई गायत्री मन्त्रको उपदेश दिए। बृहस्पतिले जनै लगाइदिए र स्वयं कश्यपजीले मेखला अर्पण गरे। पृथ्वीले कृष्ण-मृगचर्म, वनका अधिपति चन्द्रदेवले दण्ड, माताले कौपीन र ओढ्ने वस्त्र, स्वर्गले छत्र दिए॥१२-१५॥ हे महाराज ! ब्रह्माजीले ती अव्ययात्मालाई कमण्डलु, सप्तर्षिले कुश र सरस्वती देवीले अक्षमाला लगाइदिइन्। बन्धव भइसकेपछि यक्षपति कुवेरले भिक्षा-पात्र अर्पण गरे र सतीशिरोमणि साक्षात् अम्बिकादेवीले उनलाई भिक्षा दिइन्। यसरी सबैमित सम्भानित भएर ती श्रेष्ठ बटुवामन ब्रह्मर्षि सेवित सभामा सबैभन्दा बर्ता शोभित भए ॥१६-१८॥ ती द्विजश्रेष्ठले उपनयन संस्कारको निम्ति स्थापित एवं प्रज्वलित अग्निको परिसमूहन, परिस्तरण पूजन गरेर

श्यतोर्दिव्यगतिर्यथा नटः ॥१२॥ तं वटुं वामनं दृष्ट्वा मोदमाना महर्षयः ॥ कर्माणि कारयामासुः पुरस्कृत्य प्रजापतिम् ॥ १३ ॥ तस्योपनीयमानस्य सावित्रीं सविताऽब्रवीत् ॥ बृहस्पतिर्ब्रह्मसूत्रं मेखलां कश्यपोऽददात् ॥१४॥ ददौ कृष्णाजिनं भूमिर्दण्डं सोमो वनस्पतिः ॥ कौपीनाच्छादनं माता द्यौश्छत्रं जगतः पतेः ॥१५॥ कमण्डलुं वेतगर्भः कुशान्सप्तर्षयो ददुः ॥ अक्षमालां महाराज सरस्वत्यव्ययात्मनः ॥१६॥ तस्मा इत्युपनीताय यक्षराट् पात्रिकामदात् ॥ भिक्षां भगवती साक्षादुमाऽदादम्बिका सती ॥ १७ ॥ स ब्रह्मवर्चसेनैवं सभां सम्भावितो वटुः ॥ ब्रह्मर्षिगणसंजुष्टामत्यरोचत मारिषः ॥१८॥समिद्धमाहितं वह्निं कृत्वापरिसमूहनम् ॥ परिस्तीर्य समभ्यर्च्य समिद्भिरजुहोद्द्विजः ॥१९॥ श्रुत्वाऽश्वमेधैर्यजमानमूर्जितं बलिं भृगूणामुपकल्पितैस्ततः ॥ जगाम तत्राखिलसारसम्भृतो भारेण गां सन्नमयन्पदे पदे ॥२०॥ तं नर्मदायास्तट उत्तरे बलेर्य ऋत्विजस्ते भृगुकच्छसंज्ञके ॥ प्रवर्तयन्तोभृगवः क्रतूत्तमं व्यचक्षतारादुदितं यथा रविम् ॥२१॥त ऋत्विजो यजमानः सदस्या हतत्विषो वामवतेजसा नृप ॥ सूर्यः किलायात्युत वा विभावसुः सनत्कुमारोऽथ दिदृक्षया क्रतोः ॥२२॥ इत्थं सशिष्येषु भृगुष्वनेकधा वितर्क्यमाणो भगवान्स वामनः ॥ छत्रं सदण्डं सजलंकमण्डलुं विवेश बिभ्रद्धयमेधवाटम् ॥२३॥ मौञ्ज्या मेखलया वीतमुपवीताजिनोत्तरम् ॥ जटिलं वामनं विप्रं मायामाणवकं हरिम् ॥२४॥ प्रविष्टं वीक्ष्य भृगवः सशिष्यास्ते सहाग्निभिः ॥

समिधाहरूको आहुति दिए ॥ १९ ॥ हे राजन्। बलिलाई भृगुवंशी विप्रहरूद्वारा रचित अश्वमेध यज्ञद्वारा भगवानको यजन गरेको सुनी सर्वशक्ति सम्पन्न भएर पनि आफ्नू भारले सम्पूर्ण पृथ्वीलाई पाउ-पाउमा न्यूराउँदै वामन भगवान् यज्ञशालाको नगीचै पुगेर नर्मदा नदीको उत्तरतटमा भृगुकक्ष क्षेत्रमा अश्वमेध यज्ञको अनुष्ठान गर्ने बलिका भृगुगोत्रीय ऋत्विज-हरूले सूर्यसदृश वामन भगवान्लाई देखे ॥२०-२१॥ हे राजन् ! वामनजीको तेजले निस्तेज भएर ती ऋत्विज यजमान तथा सदस्य विचार गर्नलागे–'के यी साक्षात् सूर्य, अग्नि वा सनत्कुमार नै यज्ञ हेर्न यहाँ आइरहेका छन् ?' शिष्यहरू समेत भृगुवंशीले विविध तर्कना गर्दागर्दै वामन छत्र, दण्ड, जलपूर्ण कमाण्डलु लिएर अश्वमेध यज्ञको मण्डपमा पुगे॥२२-२३॥ मूजको मेखला, यज्ञोपवीत तथा कृष्ण-मृगचर्म धारण गरेका माया वटु तथा जटाधारी ब्राह्मणको रूपमा श्रीहरि यहाँ आएका देखेर उनको तेजले प्रभावित भई भृगुपुत्रहरूले शिष्यहरू र

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निको साथै उठेर तिनको स्वागत गरे। वामन भगवान्को त्यस रूपको अनुरूप अवयवयुक्त अति मनोहर तथा दर्शनीय आकृति देखेर यजमान (बलि) ले प्रसन्नताले उनलाई आसन दिए। अनि स्वागतोक्ति द्वारा भगवान्को अभिनन्दन गरेर राजा बलिले चरण पखाली ती निःसङ्ग तथा मनोरम प्रभुको पूजा गरे। तो धर्मज्ञ दैत्यराजले जीवका पाप-नाशक त्यो मङ्गलमय चरणोदक शिरमा चढ़ाई देवाधिदेव चन्द्रशेखर शङ्कर भगवान्ले भक्तिपूर्वक शिरमा धारण गरेका थिए ॥२४-२८॥ बलि भन्दछन्-हे ब्राह्मन् ! हामी हजुरको स्वागत गर्दछौं र हजुरलाई नमस्कार छ। म हजुरको के सेवा गर्नसक्तछु ? हे आर्य ! म त हजुरलाई ब्रह्मर्षिहरूका मूर्तिमान तप मान्दछु। आज यहाँ हजुर आउनाले मेरा पितृ तृप्त भए, हाम्रो सम्पूर्ण वंश पवित्र भयो र यज्ञ पनि पूर्ण हुनगयो। हे विप्रवटो ! हजुरको पाद-प्रक्षालनले निष्पाप भएर आज मैले विधिवत् अग्निमा होम गरिलिएँ। अहो ! हजुरको चरणोदक थी स-साना पाउले भूमि पवित्र भइन् ॥२९-३१॥ हे ब्राह्मण-कुमार ! म हजुरलाई याचक ठानिरहेको छु। हे वटो ! गाई, सुवर्ण, सामग्री समेत घर, पवित्र अन्न, जल, विप्रकन्या सम्पत्ति,

प्रत्यगृह्णन्समुत्थाय संक्षिप्तास्तस्य तेजसा ॥ २५ ॥ यजमानः प्रमुदितो दर्शनीयं मनोरमम् ॥ रूपानुरूपावयवं तस्मा आसनमाहरत् ॥२६॥ स्वागते-नाभिनन्द्याथ पादौ भगवतो बलिः ॥ अवनिज्यार्चयामास मुक्तसङ्गं मनोरमम् ॥२७॥ तत्पादशौचं जनकल्मषापहं स धर्मविन्मूर्ध्न्यदधात्सुमङ्गलम् ॥ यद्देवदेवो गिरिशश्चन्द्रमौलिर्दधार मूर्ध्ना परया च भक्त्या ॥ २८ ॥ बलिरुवाच ॥ स्वागतं ते नमस्तुभ्यं ब्रह्मन्किं करवाम ते ॥ ब्रह्मर्षीणां तपः साक्षान्मन्ये त्वार्यवपुर्धरम् ॥२९॥ अद्य नः पितरस्तृप्ता अद्य नः पावितं कुलम् ॥ अद्य स्विष्टः क्रतुरयं यद्भवानागतो गृहान् ॥ ३० ॥ अद्याग्नयो मे सुहुता यथाविधि द्विजात्मज त्वच्चरणावनेजनैः ॥ हतांहसो वार्भिरियं च भूरहो तथा पुनीता तनुभिः पदैस्तव ॥ ३१ ॥ यद्यद्वटो वांछसि तत्प्रतीच्छ मे त्वामर्थिनं विप्रसुतानुतर्कये ॥ गां काञ्चनं गुणवद्धाम मृष्टं तथान्नपेयमुत वा विप्रकन्याम् ॥ ग्रामान्समृद्धांस्तुरगान्गजान्वा रथांस्तथार्हत्तम सम्प्रतीच्छ ॥ ३२ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे वामनप्रादुर्भावे बलिवामनसम्वादेऽष्टादशोऽध्यायः ॥ १८ ॥

श्रीशुक उवाच ॥ इति वैरोचनेर्वाक्यं धर्मयुक्तं ससूनृतम् ॥ निशम्य भगवान्प्रीतः प्रतिनन्द्येदमब्रवीत् ॥ १॥ श्रीभगवानुवाच ॥ वचस्तवैतज्जनदेव सूनृतं कुलोचितं धर्मयुतं यशस्करम् ॥ यस्य प्रमाणं भृगवः सांपराये पितामहः कुलवृद्धः प्रशान्तः ॥२॥ न ह्येतस्मिन्कुले कश्चिन्निःसत्त्वः कृपणः पुमान् ॥

ग्राम, हात्ती, घोडा तथा रथ आदि जुन वस्तुको इच्छा छ, त्यो माग्नुहवस् ॥३२॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायामष्टादशोऽध्यायः ॥ १८ ॥

(वामन भगवानले तीन पाउ पृथिवी माग्नु)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! राजा बलिको धर्मयुक्त र मधुर वचन सुनेर भगवान् प्रसन्न मनले उनको प्रशंसा गर्दै बोल्नु-भयो॥१॥ श्रीभगवान् आज्ञा हुन्छ—हे नरदेव ! तिम्रो कीर्तिकारी धर्मसङ्गत र मधुर वचन तिम्रो कुलको अनुरूप नै छन्। जुन कुलमा पारलौकिक धर्ममा भृगुपुत्र शुक्राचार्य र तिम्रा कुलवृद्ध परम शान्त पितामह प्रह्लादजी प्रमाण भइसकेका छन् ॥२॥ यस कुलमा यस्तो निःसत्व तथा कृपण कुनै पुरुष भएको छन, जसले कुनै ब्राह्मणको याचना अस्वीकार गरेको होस् वा एकपल्ट कसैलाई केही दिने प्रतिज्ञा गरेर 'दिन्न' भनेको होस्। आकाशमा झल्कने भएका चन्द्रमा सदृश शुभ्र यस कुलमा प्रह्लादजी आफ्नो निर्मल यशले देदीप्यमान भइ-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकेका छन् । तिम्रो कुलमा यस्ता धैर्यहीन राजा कहिल्यै भएनन्, जो तीर्थ वा युद्धभूमिमा याचकले मागेपछि दान दिन पछि सरेका हुन् ॥३॥४॥ तिम्रो कुलमा हिरण्याक्षझैं वीर भइसके, जसलाई दिग्विजयको निम्ति गदा लिएर एक्लै सारा भूमण्डल डल्दै रहँदा पनि कुनै वीर शत्रु भेट्न सकेनथे ॥५॥ जुन वीरलाई पृथ्वीको उद्धार गर्ने वेलामा सामुन्ने आएपछि वराहरूपधारी विष्णु भगवान्ले पनि निकै कष्टले जितेका थिए र उनको अतुलित पराक्रमको स्मरण गरेर जितेर पनि आफूलाई विजयी मानेनन् ॥६॥ दाजुका वधको समचार पाएर जब हिरण्यकशिपु रिसाई दाजूको हत्यारा श्रीहरितिर लम्के, तब हातमा त्रिशूल लिएर काल समान आफूतिर आउन लागेको देखेर समयका ज्ञाता र मायावीहरूमा श्रीविष्णु भगवान्ले विचार गरे–॥७॥८॥ 'जस्तै मृत्यु प्राणी मात्रलाई लखेट्दछ, त्यस्तै नै यो बाह्यदर्शी दैत्य म जहाँ-जहाँ जानेछु, त्यहीं-त्यहीं मलाई लखेट्तै रहने छ । अनि म यसको हृदयमै किन प्रविष्ट नहोऊँ' ॥९॥ हे दैत्यपते ! यस्तो विचार गरेर ती विष्णु भगवान् जसको हृदय उद्विग्न भइरहेको थियो, आफूतिर दगुर्दै आइलागेको परमशत्रु हिरण्य-

प्रत्याख्याता प्रतिश्रुत्य यो वाऽदाता द्विजातये ॥३॥ न सन्ति तीर्थे युधि चार्थिनाऽर्थिताः पराङ्मुखा ये त्वमनस्विनो नृपाः ॥ युष्मत्कुले यद्यशसाऽमलेन प्रह्लाद उद्भाति यथोडुपः खे ॥४॥ यतो जातो हिरण्याक्षश्चरन्नेक इमां महीम् ॥ प्रतिवीरं दिग्विजये नाविन्दत गदायुधः ॥५॥ यं विनिर्जित्य कृच्छ्रेण विष्णुः क्ष्मोद्धार आगतम् ॥ नात्मानं जयिनं मेने तद्वीर्यं भूर्यनुस्मरन् ॥६॥ निशम्य तद्वधं भ्राता हिरण्यकशिपुः पुरा ॥ हन्तुं भ्रातृहणं क्रुद्धो जगाम निलयं हरेः ॥७॥ तमायान्तं समालोक्य शूलपाणिं कृतान्तवत् ॥ चिन्तयामास कालज्ञो विष्णुर्मायाविनां वरः ॥८॥ यतो यतोऽहं तत्रासौ मृत्युःप्राणभृतामिव ॥ अतोऽहमस्य हृदयं प्रवेक्ष्यामि पराग्दृशः ॥९॥ एवं स निश्चित्य रिपोःशरीरमाधावतो निर्विविशेऽसुरेन्द्र ॥ श्वासानिलान्तर्हितसूक्ष्मदेहस्तत्प्राणरन्ध्रेण विविग्नचेताः ॥ १० ॥ स तन्निकेतं परिमृश्य शून्यमपश्यमानः कुपितो ननाद ॥ क्ष्मां द्यां दिशः खं विवरान्समुद्रान्विष्णुं विचिन्वन्न ददर्श वीरः ॥११॥ अपश्यन्निति होवाच मयाऽन्विष्टमिदं जगत् ॥ भ्रातृहा मे गतो नूनं यतो नावर्ततेपुमान् ॥१२॥वैरानुबन्ध एतावानामृत्योरिह देहिनाम्॥ अज्ञानप्रभवो मन्युरहंमानोपबृंहितः ॥ १३ ॥ पिता प्रह्लादपुत्रस्ते तद्विद्वान्द्विजवत्सलः ॥ स्वमायुर्द्विजलिङ्गेभ्यो देवेभ्योऽदात्स याचितः ॥ १४ ॥ भवानाचरितान्धर्मानास्थितो गृहमेधिभिः ॥ ब्राह्मणैः पूर्वजैः शूरैरन्यैश्चोद्दामकीर्तिभिः॥१५॥ तस्मात्त्वत्तो महीमीषद्वृणेऽहं वरदर्षभात् ॥ पदानि त्रीणि

कशिपुको शरीर तथा श्वास वायुमा लीन हुनसक्ने योग्य सूक्ष्मशरीर धारण गरेर प्रविष्ट भए ॥१०॥ अनि त्यो शून्य स्थानमा सबैतिर खोज्दा पनि शत्रुलाई नभेटेर त्यो क्रोधपूर्वक गर्जनलाग्यो । त्यस वीर हिरण्यकशिपुले पृथ्वी, स्वर्ग, दिशा, आकाश, पाताल र समुद्रमा सबैतिर खोज्दा पनि विष्णु भगवान्लाई भेटेन ॥११॥उनलाई नदेखेर करायो–'मैले सम्पूर्ण संसार खोजिसकें, तर त्यो भेटिएन । जहाँ गएको प्राणी फेरि फर्केर आउन्न, मेरो दाजूको वधिक अवश्य त्यहीं गयो होला भन्ने अनुमान गर्‍यो ॥१२॥ अस्तु, देहधारीहरूको वैरभाव त्यस वेलासम्म रहन्छ, जबसम्म शत्रु मर्दैन । क्रोध अज्ञानले हुन्छ र त्यसको वृद्धि अहङ्कारले हुन्छ ॥१३॥ तिम्रा पिता तथा प्रह्लादका छोरा विरोचन पनि प्रबल ब्राह्मण-भक्त थिए । उनले जानी-बूझीकन ब्राह्मण वेषधारी देवताहरूलाई उनले मागेपछि आफ्नू आयु पनि दिएका थिए ॥१४॥ तिमी पनि शुक्राचार्य आदि गृहस्थ ब्राह्मण प्रह्लाद आदि आफ्ना पूर्वज र

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

अन्य कीर्तिसम्पन्न शूर-वीरहरूद्वारा आचरित धर्ममा नै स्थित छन् ।।१५।। अतः हे दैत्येन्द्र ! दानीहरूमा उत्तम तिमीसित म केवल यति पृथ्वी माग्दछु जो मेरा खुट्टाले नाप्दा तीन पाउमात्र होस् ।।१६।। हे राजन् ! तिमी ठूला उदार तथा सारा जगतका अधिपति छौ । म योबाहेक अरु केही माग्दिन, किनकि आफूलाई चाहिने जति मात्र दान लिने विद्वान्लाई कुनै पाप लाग्दैन ।।१७।। बलि भन्दछन्–हे ब्राह्मणवर ! तिम्रा कुरा त बूढा-पाकाका झैं छ, तर तिमी अहिले अबूझ बालक छौ, तिम्रो बुद्धि पनि बालक झैं छ, किनकि तिमी आफ्नू स्वार्थ पनि जान्दैनौ ।।१८।। तीनै लोकको एकमात्र अधिपति एवं सबै द्वीपलाई दान दिनमा समर्थ मलाई स्तुतिद्वारा प्रसन्न पारेर पनि तिमी केवल तीन पाउ पृथ्वी मागिरहेका छौ–यसले तिमी बुद्धिहीन झैं देखिन्छौ ।।१९।। हे वटो ! एकपल्ट मनेर माग्न आएको कुनै पुरुषले पनि अन्यत्र माग्ने आवश्यकता रहन्न । अतः तिमी मसित इच्छानुसार जीविका चलाउने योग्य जति इच्छा छ, उती भूमि माग ।।२०।। भगवान्ले भन्नुभयो–हे राजन् ! तीनैलोकमा जति प्रिय विषय छन्, सबै मिलेर यौटा पनि अजितेन्द्रिय पुरुषका मनोरथ पूर्ण पार्न सक्नैनन्

दैत्येन्द्र सम्मितानि पदा मम ।।१६।। नान्यत्ते कामये राजन्वदान्याज्जगदीश्वरात् ।। नैनः प्राप्नोति वै विद्वान्यावदर्थं प्रतिग्रह.।।१७।।बलिरुवाच ।। अहो ब्राह्मणदायाद वाचस्ते वृद्धसंमताः ।। त्वं बालो बालिशमतिःस्वार्थं प्रत्यबुधो यथा।।१८।। मां वाचोभिः समाराध्य लोकानामेकमीश्वरम् ।। पदत्रयं वृणीते योऽबुद्धिमान्द्वीपदायकम् ।। १६ ।। न पुमान्मामुपव्रज्य भूयो याचितुमर्हति ।। तस्माद्वृत्तिकरीं भूमिं वटो कामं प्रतीच्छ मे ।।२०।। श्रीभगवानुवाच ।। यावन्तो विषयाः प्रेष्ठास्त्रिलोक्यामजितेन्द्रियम् ।। न शक्नुवन्ति ते सर्वे प्रतिपूरयितुं नृप ।। २१ ।। त्रिभिः क्रमैरसन्तुष्टो द्वीपेनापि न पूर्यते ।। नववर्षसमेतेन सप्तद्वीपवरेच्छया ।।२२।। सप्तद्वीपाधिपतयो नृपा वैन्यगयादयः ।। अर्थैः कामैर्गताः नान्तं तृष्णाया इति नः श्रुतम् ।। २३ ।। यदृच्छयोपपन्नेन सन्तुष्टो वर्तते सुखम् ।। नासन्तुष्टस्त्रिभिर्लोकैरजितात्मोपसादितैः ।। २४ ।। पुंसोऽयं संसृतेर्हेतुरसन्तोषोऽर्थकामयोः ।। यदृच्छयोपपन्नेन सन्तोषो मुक्तये स्मृतः ।।२५।। यदृच्छालाभतुष्टस्य तेजो विप्रस्य वर्धते ।। तत्प्रशाम्यत्यसन्तोषादम्भसेवाशुशुक्षणिः ।।२६।। तस्मात्त्रीणि पदान्येव वृणे त्वद्वरदर्षभात् ।। एतावतैव सिद्धोऽहं वित्तं यावत्प्रयोजनम् ।।२७।। श्रीशुक उवाच ।। इत्युक्तः स हसन्नाह वाञ्छातःप्रतिगृह्यताम् ।। वामनाय महीं दातुं जग्राह जलभा-

।।२१।। जो प्राणी तीन पाउ पृथ्वीले सन्तुष्ट हुन सक्तैन, त्यो यदि सातै द्वीपको इच्छा गरोस् त एक द्वीपले पनि सन्तुष्ट हुँदैन ।।२२।। मैले सुनेको छु–जरा, पृथु तथा गय आदि राजा सप्तद्वीप पति भएर पनि धन तथा भोगको संग्रहले तृष्णा नदीलाई तर्न सकेका थिएनन् ।।२३।। प्रारब्धवश प्राप्त धनले सन्तुष्ट पुरुष सधैं सुखी रहन्छ तर असन्तुष्ट एवं अजितेन्द्रिय पुरुष तीनैलोक पाएर पनि सुखी हुन सक्तैन ।।२४।। अर्थ र कामले सन्तुष्ट नहुनु नै पुरुषको जन्म मरणरूपी संसारको कारण हुन्छ र स्वयं प्राप्त पदार्थहरूले सन्तुष्ट रहनु नै मोक्षको कारण मानिन्छ ।।२५।। आफैं आइलागेको पदार्थले सन्तुष्ट विप्रको तेज बढ्दछ र असन्तोषले त्यो तेज त्यसै गरी शान्त भएर जान्छ, जस्तै जलले अग्नि शान्त हुन्छ ।।२६।। तिमी जस्ता दानशिरोमणिसित म केवल तीन पाउ भूमि माग्दछु । त्यति भूमिले नै मेरो काम चल्दछ । आफूलाई चाहिने जति मात्र अर्थ संग्रह गर्नु नै राम्रो हुन्छ ।।२७। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! भगवान्ले यति भनेपछि राजा बलिले हाँस्तै भने–'हुन्छ, तिम्रो जे इच्छा छ, त्यही लेऊ ।' यति भनेर उनले वामन भगवान्लाइ पृथ्वी- ।।३२।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दान दिनको निम्ति जलपात्र उचाले ॥२८॥ ज्ञानीहरूमा श्रेष्ठ शुक्राचार्य नारायणको इच्छाले आफ्नू ज्ञानदृष्टिले देखेर पृथ्वीदान दिन उद्यत शिष्य दैत्यराज बलिसित भन्दछन् ॥२९॥ शुक्राचार्यले भने–हे विरोचन-नन्दन ! यी कश्यपका वीर्य र अदितिको गर्भबाट उत्पन्न अव्यक्त विष्णु देवताको कार्य साधन गर्न आएका हुन् ॥३०॥ तिमीले भावी अनर्थलाई नबुझेर इनलाई पृथ्वीदिन अङ्गीकार गरिलियौ, त्यो म उचित ठानिरहेको छैन । यस्तो गर्नाले दैत्यहरूप्रति ठूलो अन्याय हुनेछ ॥३०॥ यी माया-वामनरूपधारी विष्णु तिम्रो स्थान, ऐश्वर्य, लक्ष्मी, तेज र विश्वविदित यश खोसेर इन्द्रलाई दिन्छन् । दान पाउनासाथ यी आफ्नो विश्वरूपले तीन पाउमै सम्पूर्ण त्रिलोक नापिलिने छन् । मूढ ! यी विष्णुलाई आफ्नो सर्वस्व दिएर तिमी आफ्नू निर्वाह कसरी गर्नेछौ ? यी विश्वव्यापक भगवान् आफ्नो एक पाउने पृथिवी, अर्कोले स्वर्ग र विशाल शरीरले आकाश नापिलिन्छन् अनि तेस्रो पाउको के गति होला ? ॥३२-३४॥ प्रतिज्ञा गरेर दिएको वस्तु नदिंदा नरकगामी हुनेछौ, किनकि तिमी प्रतिज्ञापूर्ण गर्न कहिल्यै समर्थ हुनसक्तैनौ॥३५॥ जे गर्नाले आफ्नो जीविका पनि समाप्त होस्

जनम् ॥ २८ ॥ विष्णवे क्ष्मां प्रदास्यन्तमुशना असुरेश्वरम् ॥ जानंश्चिकीर्षितं विष्णोः शिष्यं प्राह विदांवरः ॥२९॥ शुक उवाच ॥ एष वैरोचने साक्षाद्भगवान्विष्णुरव्ययः ॥ कश्यपाददितेर्जातो देवानां कार्यसाधकः ॥ ३० ॥ प्रतिश्रुतं त्वयैतस्मै यदनर्थमजानता न साधु मन्ये दैत्यानां महानुपगतोऽनतः ॥३१॥ एष ते स्थानमैश्वर्यं श्रियं तेजो यशः श्रुतम् ॥ दास्यत्याच्छिद्य शक्राय मायामाणवको हरिः ॥३२॥ त्रिविक्रमैरिमाँल्लोकान्विश्वकायः क्रमिष्यति ॥ सर्वस्वं विष्णवे दत्त्वा मूढ वर्तिष्यसे कथम् ॥ ३३ ॥ क्रमतो गां पदैकेन द्वितीयेन दिवं विभोः ॥ खं च कायेन महता तार्तीयस्य कुतो गतिः ॥ ३४ ॥ निष्ठं ते नरके मन्ये ह्यप्रदातुः प्रतिश्रुतम् ॥ प्रतिश्रुतस्य योऽनीशः प्रतिपादयितुं भवान् ॥ ३५ ॥ न तद्दानं प्रशंसन्ति येन वृत्तिर्विपद्यते ॥ दानं यज्ञस्तपः कर्म लोके वृत्तिमतो यतः ॥ ३६ ॥ धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च ॥ पञ्चधा विभजन्वित्तमिहामुत्र च मोदते ॥ ३७ ॥ अत्रापि बह्वृचैर्गीतं शृणु मेऽसुरसत्तम ॥ सत्यमोमिति यत्प्रोक्तं यन्नेत्यहानृतं हि तत् ॥ ३८ ॥ सत्यं पुष्पफलं विद्यादात्मवृक्षस्य गीयते ॥ वृक्षेऽजीवति तन्न स्यादनृतं मूलमात्मनः ॥ ३९ ॥ तद्यथा वृक्ष उन्मूलः शुष्यत्युद्वर्ततेऽचिरात् ॥ एवं नष्टानृतः सद्य आत्मा शुष्येन्न संशयः ॥ ४० ॥ पराग्रिक्तमपूर्णं वा अक्षरं यत्तदोमिति ॥ यत्किञ्चिदोमिति ब्रूयात्तेन रिच्येत वै पुमान् ॥ भिक्षवे सर्वमोंकुर्वन्नालं कामेन चात्मने ॥ ४१ ॥

यस्ता दानको जान्नेहरू प्रशंसा गर्दैनन्, किनकि आजिविका सम्पन्न पुरुष दान, यज्ञ र तप गर्न सक्तछन् ॥३६॥ जो मनुष्य आफ्नो धनको पाँच भाग गरेर धर्म, यश, अर्थवृद्धि, भोग र स्वजनको काममा खर्च गर्दछ, त्यो यसलोक-परलोक दुवै ठाउँमा सुख पाउँछ ॥३७॥ यदि तिमी असत्यसित डराउँछौ भने हे असुरश्रेष्ठ ! यस सत्य-मिथ्याको विषयमा ऋग्वेदका श्रुतिहरूले भनेका छन्–लोकमा जुन कुरा ॐ भनेर स्वीकार गरिन्छ, त्यो सत्य र जुन 'न' यस्तो भनिन्छ, त्यही असत्य हुन्छ ॥३८॥ त्यही श्रुतिमा भनिएको छ–सत्यलाई देहरूपी वृक्षको फूल र फल ठानोस् । वृक्ष नै नरहेपछि फल-फूल पनि रहन पाउन्न । देहको मूल असत्य नै हो । जस्तै––जरो काटिएपछि वृक्ष शीघ्र सुकेर ढल्दछ, त्यसै गरी जसको असत्य नष्ट भइसकेको हुन्छ, त्यो शरीर निःसन्देह शीघ्र सुकेर जान्छ ॥३९॥४०॥ ॐ यो अक्षर त धनलाई टाढा लैजान्छ । अतएव यो अक्षर अपूर्ण र दातालाई धनहीन

CC-0. Digitized by eGangotri and MIDI - Delhi

पारिदिन्छ । जो भिक्षुकलाई आफ्नो सर्वस्व दिन स्वीकार गर्दछ, त्यो आफ्नो भोगहरू सुरक्षित राख्नमा समर्थ हुन सक्तैन ।।४१।। यसको विपरीत 'नाइँ' यो जुन मिथ्या वचन छ, त्यो आफूलाई पूर्ण गर्दछ, किन्तु जुन गर्वदा 'नाइँ' नै भन्ने गर्दछ, त्यो दुष्कीर्तिमा१ हुन्छ र श्वास फेरेर पनि मुर्दा झैं रहन्छ ।।४२ ।। हे राजन् ! स्त्रीसित परिहासका वेलामा, विवाहमा, आजीविकाको रक्षाका निम्ति, प्राण-सङ्कट उपस्थित भएपछि, गाई र ब्राह्मणका कल्याणार्थ तथा कसैका हिंसामा असत्य भाषण गर्नु निन्दनीय हुँदैन ।।४३।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे पं० गौरीशङ्कर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां एकोनविंशोऽध्यायः ।।१९।।

(बलिले वामन भगवान्लाई तीन पाउ पृथ्वी दिनु र वामन भगवान्को विश्वरूप धारण)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! कुलगुरु शुक्राचार्यको वचन सुनेर गृहस्थ राजा बलिले एकदिन मौन रहेर शान्त भावले भने ।।१।। राजा बलि भन्दछन्—हे भगवन् ! हजुरको कथन-जसले अर्थ, काम, यश एवं आजीविकामा कुनै बाधा नपर्ने काम गर्नुउचित छ तर म

अथैतत्पूर्णमध्यात्मं यच्च नेत्यनृतं वचः ।। सर्वंनेत्यनृतं ब्रूयात्स दुष्कीर्तिः श्वसन्मृतः ।। ४२ ।। स्त्रीषु नर्मविवाहे च वृत्त्यर्थे प्राणसङ्कटे ।। गोब्राह्मणार्थे हिंसायां नानृतं स्याज्जुगुप्सितम् ।। ४३ ।। इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे वामनप्रादुर्भावे एकोनविंशोऽध्यायः ।। १९ ।।

श्रीशुक उवाच ।। बलिरेवं गृहपतिः कुलाचार्येण भाषितः ।। तूष्णीं भूत्वा क्षणं राजन्नुवाचावहितो गुरुम् ।। १ ।। बलिरुवाच ।। सत्यं भगवता प्रोक्तं धर्मोऽयं गृहमेधिनाम् ।। अर्थं कामं यशो वृत्तिं यो न बाधते कर्हिचित् ।। २।। न चाहं वित्तलोभेन प्रत्याचक्षे कथं द्विजम् ।। प्रतिश्रुत्यददामीति प्राह्लादिः कितवो यथा ।।३।। न ह्यसत्यात्परोऽधर्म इति होवाचभूरियम् ।। सर्वं सोढुमलं मन्ये ऋतेऽलीकपरंनरम्।।४।।नाहंबिभेमि निरयान्नाधन्यादसुखार्णवात् ।। स्थानच्यवनान्मृत्योर्यथा विप्रप्रलम्भनात् ।। ५ ।। यद्यद्धास्यति लोकेऽस्मिन्संपरेतं धनादिकम् ।। तस्य त्यागे निमित्तं किं विप्रस्तुष्येन्न तेन चेत् ।। ६ ।। श्रेयः कुर्वन्ति भूतानां साधवो दुस्त्यजासुभिः ।। दध्यङ्शिबिप्रभृतयः को विकल्पो धरादिषु ।।७।। यैरियंबुभुजे ब्रह्मन्दैत्येन्द्रैरनिवर्तिभिः।। तेषां कालोऽग्रसल्लोकान्न यशोऽधिगतं भुवि ।। ८ ।। सुलभा युधि विप्रर्षे ह्यनिवृत्तास्तनुत्यजः ।। न तथा तीर्थ आयाते श्रद्धया ये धनत्यजः ।।९ ।।

प्रह्लादनन्दन विरोचनको पुत्र हुँ । अतः ब्राह्मणलाई एकपल्ट 'दिन्छु' भनेर धूर्त, कृपण झैं लोभले 'दिन्न' कसरी भनूँ ? पृथ्वीले पनि भनेकी छन्—'असत्यभन्दा ठूलो पाप केही छैन । झूठो पुरुषबाहेक अरु सबैलाई धारण गर्न समर्थ छु ।' म पनि ब्राह्मणको वञ्चना गर्नाले जति डराउँछु, त्यति नरकका दुःखको समुद्रझैं दरिद्रताले, पदच्युति र मृत्युबाट पनि डराउन्न । जुन धनादि मरेपछि यस जीवलाई एक दिन अवश्य छाड्छन्, जीवितावस्थामै त्यागिदिनमा के हानि छ ? यदि मेरोदानले ब्राह्मण सन्तुष्ट भएनन् भने के लाभ ? ।।२।।६ हे ब्रह्मन् ! दधीचि र शिवि आदि साधुजनले आफ्नो दुस्त्यज प्राणसम्म दिएर प्राणीहरूको कल्याण गरेका थिए भने पृथ्वी दिनको विषयमा के विचार गर्ने ? आफ्नो वचनबाट कहिल्यै पछि नहट्ने जुन दैत्यराजाहरूले यस भूमिलाई भोगेथे, तिनका लोकलाई कालले ग्रसिसक्यो र उनलाई पृथ्वीमा यश पनि मिलेन ।।७।।८।। हे ब्रह्मर्षे ! युद्धमा पीठ नदेखाई प्राण त्यागिदिने वीर धेरै छन्, तर पात्र उपस्थित भएपछि श्रद्धापूर्वक धन दिने पुरुष दुर्लभ छन् ।।९।। हे गुरो ! जब धैर्यशाली र दयालु पुरुषले साधारण याचकको इच्छा पूर्ण गर्नाले प्राप्त दुर्गति पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कल्याणरूपिणी हुन्छिन्, तब हजुर झैं ब्रह्मवेत्ताको कामना पूर्तिले प्राप्त दरिद्रताको विषयमा त भन्ने कुरै छैन ! अतः म यी वटुलाई यिनको अभीष्ट वस्तु अवश्य दिन्छु ।।१०।। हे मुने ! वेदविधिका ज्ञाता हजुरहरू यज्ञादिले जसको यजन गर्नुहुन्छ, यी ब्राह्मण वटु उनै वरदायक विष्णु भगवान् हुन् वा कोही अरु नै होस्, म इनले माने जति पृथ्वी अवश्य दिन्छु ।।११।। मेरो सर्वस्व लिएर म निरपराधलाई यी अधर्मपूर्वक बाँध्छन् भने पनि म इनको वध गर्ने छैन* किनकि शत्रु हुनाको नाताले यिनले अवश्य ब्राह्मण-वेश बनाएका छन् ।।१२।। यदि वास्तवमा यो पवित्रकीर्ति विष्णु भगवान् हुन् भने आफ्नू सुयश कदापि छाड्ने छैनन् । यी या त मलाई युद्धमा मारेर पृथ्वी हरण गर्नन् वा मेरो हातबाट मरेर युद्धस्थलमा सुत्नन्।।१३।। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! विधाताको प्रेरणाले गुरु शुक्राचार्य आफूमाथि अश्रद्धालु र आफ्नो आज्ञाको उल्लघन गर्ने भएका सत्यपरायण र मनस्वी शिष्यलाई श्राप दिंदै भने—

मनस्विनः कारुणिकस्य शोभनं यदर्थिकामोपनयेन दुर्गतिः ।। कुतः पुनर्ब्रह्मविदां भवादृशां ततो वटोरस्य ददामि वाञ्छितम् ।। १० ।। यजन्ति यज्ञक्रतुभिर्यमादृता भवन्त आम्नायविधानकोविदाः ।। स एव विष्णुर्वरदोऽस्तु वा परो दास्याम्यमुष्मै क्षितिमीप्सितां मुने ।। ११ ।। यद्प्यसावधर्मेण मां बध्नीयादनागसम् ।। तथाप्येनं न हिंसिष्ये भीतं ब्रह्मतनुं रिपुम् ।। १२ ।। एष वा उत्तमश्लोको न जिहासति तद्यशः ।। हत्वा मैनां हरेद्युद्धे शयीत निहतो मया ।।१३।। श्रीशुक उवाच ।। एवमश्रद्धितं शिष्यमनादेशकरं गुरुः ।। शशाप दैवप्रहितः सत्यसन्धं मनस्विनम् ।। १४ ।। दृढं पण्डितमान्यज्ञः स्तब्धोऽस्यस्मदुपेक्षया ।। मच्छासनातिगो यस्त्वमचिराद्भ्रश्यसे श्रियः ।।१५।। एवं शप्तः स्वगुरुणा सत्यान्न चलितो महान् ।। वामनाय ददावेनामर्चित्वोदकपूर्वकम् ।।१६।। विन्ध्यावलिस्तदागत्य पत्नी जालकमालिनी ।। आनिन्ये कलशं हैममवनेजन्यपां भृतम् ।। १७ ।।

।।१४।। 'अरे ! तँ अज्ञानी एवं मूढ छस् र आफूलाई ठूलो पण्ठित ठान्दछस् । तैंले उपेक्षाभावले मेरो अपमान गर्दै मेरो आज्ञा उल्लङ्घन गरिस् । अतः तँ शीघ्र ऐश्वर्यबाट भ्रष्ट भएर जा ।' यस प्रकार गुरुले श्राप दिंदा पनि महात्मा बलि सत्यबाट विचलित भएनन् । उनले बारम्बार वामनको पूजा गरेर हातमा जल लिई उनलाई तीन पाउ पृथ्वी दान दिए ।।१५।।१६।। मोतिहरूका आभूषण र मालाहरूले विभूषित राजपत्नी विन्ध्यावली त्यहाँ आइन् र उनले वामनको पाउ धुनका निम्ति जलपूर्ण सुवर्णको कलश राजाको हातमा दिइन्– ।।१७।। अनि

* दृष्टान्त–(क्षमा वीरका गहना हुन्)—एक दिन पैगम्बर मुहम्मद जङ्गलमा यौटा रुखमुनि सुतिरहेका थिए । त्यसै वखत यौटा विधर्मी दासुर तिनलाई एक्लै देखेर मार्न आयो । उसले तरवार खैंचेर गर्जन्दै भन्यो—'ए मुहम्मद ! उठ, सजग हो र भन्–यस बखत तँलाई कसले बचाउन सक्तछ !' हजरतले ठिङ्ग उभिएर भने–'बचाउने उही अल्लाह छ ।' यति भन्नानाथ उफ्रेर त्यसको गर्दन समाएर तरवार खोसे ! भने–'ए नापाक ! अब भन तँलाई कसले बचाउला !' दासुर पैगम्बरको साहस र वीरता देखेर डरायो र भन्नलाग्यो—'धिक्कार ! यस बखत मेरो रक्षा गर्ने कोही छैन ।' त्यसको दीनता पूर्ण वाणी सुनेर पैगम्बरले तरवार उसैको सामुन्ने फ्याँकिदिएर भने—'नादान ! आफ्नो तरवार उचाल र दया गर्न मसित सिख । आइज, तँलाई म राम्रो बाटो बताउँछु ।' यस प्रकार क्षमा र प्रेमपूर्ण वचन सुनेर दासुर लज्जित भयो । तत्काल त्यो उनैको शिष्य बनेर सप्रियो ।

‡ यस ठाउँमा अनेक कथाकार यस्तो उत्प्रेक्षा गर्दछन्—जब राजा बलिले भूमिको सङ्कल्प गर्ने र वामन भगवान्को पाउ पखाल्नको निम्ति जलको झारी उचाले तब शुक्राचार्य वायुरूप धारण गरेर झारीको टुटीमा यस निम्ति पसेका थिएकि त्यसबाट पानी नै ननिस्कोस् । वामन भगवान्ले यो कुरा थाहा पाएर यौटा कुश लिएर झारीको टुटीमा खोतलिदिए । त्यो कुशले शुक्राचार्यको यौटा आँखा फोरिदियो र उनी त्यहाँबाट भागे । त्यसैले उनी कानो भएका हुन् । तर यस कथाको श्रीमद्भागवतले पुष्टि गर्दैन अर्थात् मूलमा छैन । सम्भव छ—माननीय कथाकारले कुनै अन्य पुराणबाट यो कथा प्रक्षिप्त गरेका हुन् '

CC-0. Digitized by eGangotri and MIDI - Delhi

प्रसन्नतापूर्वक यजमान बलिले वामन भगवान्का पाउ धोए र त्यो त्रिलोक पावन चरणोदक शिरमा राखे ।।१८।। उता आकाशमा विराजमान गन्धर्व, विद्याधर र चारण राजा बलिको त्यो विहित कर्म र सरलताको वर्णन गर्दै अति आनन्दित भएर बलिमाथि पुष्पवर्षा गर्नलागे ।। १९ ।। बारम्बार हजारौं दुन्दुभी बज्नलागे र गन्धर्व, किम्पुरुष तथा किन्नरगण—'अहो ! यी मनस्वी दैत्यले जानी-जानी आफ्नो शत्रुलाई सारा त्रैलोक्य दान दिए । यिनले यो ठूलो दुष्कर कार्य गरिदिए ।' यति भनेर उनका गुण-गान गर्नलागे ।।२०।। उता सबैको सम्मुख भगवान् अनन्तको त्रिगुणात्मक वामनस्वरूप विचित्र ढङ्गले बढ्न लाग्यो र पृथिवी, आकाश, दिशा, स्वर्ग, पाताल, समुद्र, पक्षी, मनुष्य, देवता, ऋषि—यी सबै त्यसैमा विलाए ।।२१।। ती विभूति-सम्पन्न भगवान्को गुणमय शरीरमा ऋत्विक्, आचार्य र सदस्यगणसमेत राजा बलिले भूत, इन्द्रिय, विषय, अन्तःकरण र जीवका साथै सारा त्रिगुणमयजगत् स्थित

यजमानः स्वयं तस्य श्रीमत्पादयुगं मुदा ।। अवनिज्यावहन्मूर्ध्नि तदपो विश्वपावनीः ।। १८ ।। तदाऽसुरेन्द्रं दिवि देवतागणा गन्धर्वविद्याधरसिद्धचारणाः ।। तत्कर्म सर्वेऽपि गृणन्त आर्जवं प्रसूनवर्षैर्ववृषुर्मुदान्विताः ।।१९।। नेदुर्मुहुर्दुन्दुभयः सहस्रशो गन्धर्वकिंपूरुषकिन्नरा जगुः ।। मनस्विनाऽनेन कृतं सुदुष्करं विद्वानदाद्यद्रिपवे जगत्त्रयम् ।।२०।। तद्वामनं रूपमवर्द्धताद्भुतं हरेरनन्तस्य गुणत्रयात्मकम् ।। भूः खं दिशो द्यौर्विवराः पयोधयस्तिर्यङ्नृदेवा ऋषयो यदासत ।। २१ ।। काये बलिस्तस्य महाविभूतेः सहर्त्विगाचार्यसदस्य एतत् ।। ददर्श विश्वं त्रिगुणं गुणात्मके भूतेन्द्रियार्थाशयजीवयुक्तम् ।।२२।। रसामचष्टांघ्रितलेऽथ पादयोर्महीं महीध्रान्पुरुषस्य जङ्घयोः ।। पतत्त्रिणो जानुनि विश्वमूर्तेरुर्वोर्गणं मारुतमिन्द्रसेनः ।। २३ ।। सन्ध्यां विभोर्वाससि गुह्य ऐक्षत् प्रजापतीञ्जघने आत्ममुख्यान् ।। नाभ्यां नभः कुक्षिषु सप्तसिन्धूनुरुक्रमस्योरसि चर्क्षमालाम् ।। २४ ।। हृद्यङ्ग धर्मं स्तनयोर्मुरारेर्ऋतं च सत्यं च मनस्यथेन्दुम् ।। श्रियं च वक्षस्यरविन्दहस्तां कण्ठे च सामानि समस्तरेफान् ।। २५ ।। इन्द्रप्रधानानमरान्भुजेषु तत्कर्णयोः ककुभो द्यौश्च मूर्ध्नि ।। केशेषु मेघाञ्श्वसनं नासिकायामक्ष्णोश्च सूर्यं वदने च वह्निम् ।। २६ ।। वाण्यां च छन्दांसि रसे जलेशं भ्रुवोर्निषेधं च विधिं च पक्ष्मसु ।। अहश्चरात्रिं च परस्य पुंसो मन्युं ललाटेऽधर एव लोभम् ।। २७ ।। स्पर्शे च कामं नृप रेतसाम्भः पृष्ठे त्वधर्मं क्रमणेषु यज्ञम् ।। छायासु मृत्युं हसिते च मायां तनूरुहेष्वोषधिजातयश्च ।। २८ ।। नदीश्च नाडीषु शिला नखेषु बुद्धावजं देवगणानृषींश्च ।। प्राणेषु गात्रे

देखे ।।२२।। ती विश्वरूप भगवान्का चरणतलमा रसातल, चरणमा पृथ्वी, तिघ्रामा पर्वत, घुँडामा पक्षिवृन्द, उरुमा मरुद्गण, वस्त्रमा सन्ध्या, गुह्यप्रदेशमा प्रजापतिगण, जघन भागमा आफूसमेत सबै असुर, नाभिमा आकाश, कुक्षिमा सातैसमुद्र, उरःस्थलमा नक्षत्रमाला, हृदयमा धर्म, स्तनमा ऋत सत्य, मनमा चन्द्र, वक्षस्थलमा पद्म, हातमा लक्ष्मी, घाँटीमा साम श्रुति एवं सम्पूर्ण शब्द, भुजाहरूमा इन्द्रादि देवता, कानमा दिशाहरू, मस्तकमा स्वर्ग, रौंमा मेघमाला, नाकमा वायु, नेत्रमा सूर्य, मुखमा अग्नि, वाणीमा वेद, जिब्रोमा वरुण, भृकुटीमा विधि र निषेध, परेलामा दिन र रात, ललाटमा क्रोध, ओठमा लोभ, स्पर्शमा काम, वीर्यमा जल, पृष्ठभागमा अधर्म, पदन्यास (हिँड्नेडुल्ने) मा यज्ञ, छायामा मृत्यु, हाँसोमा माया, रोग-समूहमा सबै औषधिहरू, नाडीहरूमा नदीआदि, नङमा दिशाहरू, बुद्धिमा ब्रह्मादि देवता र ऋषि-मुनिहरूलाई देखे । यस प्रकार वीर बलिले भगवान्को प्राण र शरीरमा समस्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थावर-जंगम प्राणीहरूलाई स्थित देखे ॥२३-२९॥ हे तात ! ती सर्वात्मा भगवान्मा सम्पूर्ण भुवन देखेर सबै दैत्य आत्तिए । त्यसै बखत भगवान्को नगीचै असह्य तेजोमय सुदर्शनचक्र गर्जने बादल समान भयङ्कर टङ्कार गर्ने शार्ङ्ग धनुष, मेघसमान गम्भीर घोषयुक्त पाञ्चजन्य शङ्ख, अतिशय वेगवती कौमोदकी गदा, ढालसमेत विद्याधर नामक खड्ग, अक्षय बाण भरिएका दुइ ठोक्रा र लोकपाल समेत नन्द-सुनन्द आदि प्रमुख पार्षद आएर उपस्थित भए । हे राजन् ! ती भगवान् देदीप्यमान मुकुट, अंगद, मकराकृति कुण्डल, श्रीवत्स, कौस्तुभ मणि, मेखला पीताम्बर तथा मायाहरूले गुञ्जायमान वनमालाले विभूषित भएर अत्यन्त सुशोभित भए । तत्काल उनले आफ्नो एक पाउले सारा पृथिवी नापिलिए र शरीरले आकाश तथा भुजाहरूले सबै दिशाहरू ढाकिदिए ॥ ३० ॥ ३३ ॥ जब उनले दोस्रो पाउले स्वर्गलाई पनि ढाकिलिए, तब तेस्रो चरणका लागि कुनै स्थान शेष रहेन, किनकि भगवान् उरुक्रमको दोस्रो पाउ नै माथि-माथि गइरहेको महर्लोक, जनलोकभन्दा पनि माथि सत्यलोकमा पुगेको थियो ॥३४॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषा-टीकायां विंशोऽध्यायः॥२०॥

स्थिरजङ्गमानि सर्वाणि भूतानि ददर्श वीरः ॥२९॥ सर्वात्मनीदं भुवनं निरीक्ष्य सर्वेऽसुराः कश्मलापुरङ्ग ॥ सुदर्शनं चक्रमसह्यतेजो धनुश्च शार्ङ्गस्तन-
यित्नुघोषम् ॥३०॥ पर्जन्यघोषो जलजः पाञ्चजन्यः कौमोदकी विष्णुगदा तरस्विनी ॥ विद्याधरोऽसिः शतचन्द्रयुक्तस्तूणोत्तमावक्षयसायकौ च ॥३१॥
सुनन्दमुख्याउपतस्थुरीशं पार्षदमुख्याः सहलोकपालाः ॥ स्फुरत्किरीटाङ्गदमीनकुण्डलश्रीवत्सरत्नोत्तममेखलाम्बरैः ॥३२॥ मधुव्रतस्रग्वनमालया वृतो
रराज राजन्भगवानुरुक्रमः ॥ क्षितिं पदैकेन बलेर्विचक्रमे नभःशरीरेण दिशश्च बाहुभिः ॥३३॥ पदं द्वितीयं क्रमतस्त्रिविष्टपं न वै तृतीयाय तदीयमण्व-
पि ॥ उरुक्रमस्याङ्घ्रिरुपर्युपर्यथो महर्जनाभ्यां तपसः परं गतः॥३४॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कंधे विश्वरूपदर्शने विंशतितमोऽध्यायः॥२०॥
श्रीशुक उवाच ॥ सत्यं समीक्ष्याब्जभवो नखेन्दुभिर्हतस्वधामद्युतिरावृतोऽभ्यगात् ॥ मरीचिमिश्रा ऋषयो बृहद्व्रताः सनन्दनाद्या नरदेव
योगिनः ॥ १ ॥ वेदोपवेदा नियमान्विता यमास्तर्केतिहासाङ्गपुराणसंहिताः ॥ ये चापरे योगसमीरदीपितज्ञानाग्निना रन्धितकर्मकल्मषाः ॥ २ ॥
ववन्दिरे यत्स्मरणानुभावतः स्वायम्भुवं धाम गता अकर्मकम् ॥ अथाङ्घ्रये प्रोन्नमिताय विष्णोरुपाहरत्पद्मभवोऽर्हणोदकम् ॥ समर्च्य भक्त्या-
भ्यगृणाच्छुचिश्रवा यन्नाभिपंकेरुहसंभवः स्वयम् ॥ ३ ॥ धातुः कमण्डलुजलं तदुरुक्रमस्य पादावनेजनपवित्रयता नरेन्द्र ॥ स्वर्धुन्यभून्नभसि सा

(तीन पाउ पृथ्वी दान पूर्ण नहुनाले भगवान् द्वारा बलिलाई बाँध्नु)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! सत्यलोकमा प्राप्त भगवान्का चरण-कमल देखेर तिनका नख-चन्द्रको दीप्तिले जसका तेजको आभा मन्द भइरहेको थियो र जो स्वयं त्यसको कान्तिले ढाकिए झैं थिए, ती ब्रह्मा, मरीचि आदि ऋषि, सनकादि नैष्ठिक ब्रह्मचारी एवं योगीगण, वेद, उपवेद, नियमहरू समेत यम, तर्क, इतिहास, वेदाङ्ग, पुराण, संहिता तथा योगरूपी पवनले प्रज्वलित ज्ञानाग्निमा जसका कर्मरूपी मल डढिसकेका थिए, ती सबै योगी भगवान्को नगीचै आएर जसको स्मरण-जनित प्रभावले उनले कर्मकलापद्वारा अप्राप्य ब्रह्मलोक पाएका थिए, ती भगवच्चरणमा प्रणाम गरे ॥१॥२॥ अनि पवित्रकीर्ति ब्रह्माले–जसको नाभि-कमलबाट ती स्वयं उत्पन्न भएका थिए–ती विष्णु भगवान्को माथितिर उठेका चरणको पूजा गरेर अतिशय भक्तिभावले स्तुति गरे ॥३॥ हे राजेन्द्र ! भगवान् उरुक्रमका पाउ-प्रक्षालनले परम पवित्र

CC-0. Digitized by eGangotri and MIDI - Delhi

त्यो ब्रह्माजीको कमण्डलुको जल नै श्रीगङ्गाजीको रूपमा परिणत भयो । ती गङ्गा मानौं भगवान्‌को पवित्र कीर्ति थिइन् र अब पृथ्वीमा झरेर तीनै लोकलाई पवित्र पार्दै रहन्छिन् ॥४॥ जब भगवान्‌ले आफ्नो विस्तार घटाउनु भयो, तब अनुचरसहित ब्रह्मादि लोकपालहरूले वामन भगवान्‌लाई सादर दर्शन-भेट अर्पण गरे ॥ ५ ॥ जल, उपहार, माला, दिव्यगन्ध-युक्त अनुलेपन सुगन्धित धूप, दीप, माला, लावा, अक्षता, फल, यवाङ्कुर, भगवान्‌का महिमामय स्तोत्र, जयघोष, नृत्य-वाद्य-गान, शङ्ख र दुन्दुभीका शब्दले ती पूजा गर्नलागे ॥६॥७॥ मन झैं द्रुतगामी ऋक्षराज जाम्ववान् तत्काल ठूलो उत्साहले भेरी उजाउँदै सर्वत्र विजय-घोषणा गरेर आए ॥८॥ यस प्रकार तीन पाउ पृथिवीको याचनाको निहुँ पारेर यज्ञकर्ममा दीक्षित आफ्ना प्रभु ो सम्पूर्ण पृथिवी हरण भएको देखेर दैत्यगण सान्है क्रोधित भएर परस्पर कुरा गर्नलागे– ॥९॥ 'यो ब्राह्मण होइन, यो मायावीहरूको अग्रणी विष्णु नै हो र ब्राह्मण वेषमा देवताहरूको कार्य सिद्ध पार्न आएको हो ॥१०॥ हेर न, वहुरूप धारण गरेर याचना गर्दै यस शत्रुले हाम्रा स्वामीको–जसले यज्ञानुष्ठानमा दीक्षित भएर दण्ड-नीति त्यागिदिएका

पतती निमार्ष्टि लोकत्रयं भगवतो विशदेव कीर्तिः ॥४॥ ब्रह्मादयो लोकनाथाः स्वनाथाय समादृताः ॥ सानुगा बलिमाजह्रुः संक्षिप्तात्मविभूतये ॥५॥ तोयैः समर्हणैः स्रग्भिर्दिव्यगन्धानुलेपनैः ॥ धूपैर्दीपैः सुरभिभिर्लाजाक्षतफलाङ्कुरैः ॥६॥ स्तवनैर्जयशब्दैश्च तद्वीर्यमहिमाङ्कितैः ॥ नृत्यवादित्रगीतैश्च शङ्खदुन्दुभिनिःस्वनैः ॥ ७ ॥ जाम्बवानृक्षराजस्तु भेरीशब्दैर्मनोजवः ॥ विजवं दिक्षु सर्वासु महोत्सवमघोषयत् ॥ ८ ॥ महीं सर्वां हृतां दृष्ट्वा त्रिपदव्याजयाञ्चया ॥ ऊचुः स्वभर्तुरसुरा दीक्षितस्यात्यमर्षिताः ॥ ९ ॥ न वा अयं ब्रह्मबन्धुर्विष्णुर्मायाविनां वरः ॥ द्विजरूपप्रतिच्छन्नो देवकार्यं चिकीर्षति ॥ १० ॥ अनेन याचमानेन शत्रुणा वटुरूपिणा ॥ सर्वस्वं नो हृतं भर्तुर्न्यस्तदण्डस्य बर्हिषि ॥ ११ ॥ सत्यव्रतस्य सततं दीक्षितस्य विशेषतः ॥ नानृतं भाषितुं शक्यं ब्रह्मण्यस्य दयावतः ॥ १२ ॥ तस्मादस्य वधो धर्मो भर्तुः शुश्रूषणं च नः ॥ इत्यायुधानि जगृहुर्बलेरनुचरासुराः ॥ १३ ॥ ते सर्वे वामनं हन्तुं शूलपट्टिशपाणयः ॥ अनिच्छतो बले राजन्प्राद्रवञ्जातमन्यवः ॥ १४ ॥ तानभिद्रवतो दृष्ट्वा दितिजानीकपान्नृप ॥ प्रहस्यानुचरा विष्णोः प्रत्यषेधन्नुदायुधाः ॥१५॥ नन्दः सुनन्दोऽथ जयो विजयः प्रबलो बलः ॥ कुमुदः कुमुदाक्षश्च विष्वक्सेनः पतत्त्रिराट् ॥ १६ ॥ जयन्तः श्रुतदेवश्च पुष्पदन्तोऽथ सात्वतः ॥ सर्वे नागायुतप्राणश्चमूं ते जघ्नुरासुरीम् ॥ १७ ॥ हन्यमानान्स्वकान्दृष्ट्वा पुरुषानुचरैर्बलिः ॥ वारयामास संर-

थिए–सर्वस्व खोसिलिएको छ ॥११॥ हाम्रा स्वामी सत्यव्रती, ब्राह्मण-भक्त तथा अत्यन्त दयालु छन् । बसै निम्ति र विशेष गरेर दीक्षित हुनाले गर्दा ती झूठो त बोल्नै सक्तैन-थिए ॥१२॥ यस्तो स्थितिमा यस वटुलाई मारिदिनु नै धर्म हो र यस्तो गर्नाले हाम्रा स्वामीको उचित सेवा पनि हुन्छ ।' यस्तो सल्लाह गरेर बलिका अनुयायीहरूले विविध अस्त्र-शस्त्र खैंचिए ॥१३॥ हे राजन् ! ती सबै अति क्रोधित भएर राजा बलिको इच्छा नभए पनि शूल तथा पट्टिश आदि लिएर वामन भगवान्‌लाई मार्नको निम्ति झम्टे ॥१४॥ हे नृप ! दैत्य-सेनानायकहरूलाई शस्त्र खैंचेर आफूतिर आउन लागेका देखेर हाँस्तै विष्णु भगवान्‌का पार्षदहरूले आफ्ना शस्त्रास्त्रले तिनलाई रोकिदिए ॥१५॥ नन्द, सुनन्द, जय, विजय, प्रबल, बल, कुमुद, कुमुदाक्ष, विष्वक्सेन, गरुड, जयन्त, श्रुतदेव, पुष्पदन्त र सात्वत–यी दस-दस हजार हात्तीका बलले सम्पन्न पार्षदहरूले माग असुर-सेना ध्वस्त पारिदिए ॥१६॥१७॥ पार्षदहरू-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वारा आफ्ना रिसाएका अनुचरहरू मारिएका देखेर राजा बलिले शुक्राचार्यको श्राप स्मरण गरेर तिनलाई युद्धबाट रोकिदिए ॥१८॥ बलिले भने—'हे राहो ! हे नेमे ! मेरो कुरा सुन—अब युद्ध बन्द गर र पछि हट । अहिले यो समय कार्यसाधनको छैन ॥१९॥ हे दैत्यगण ! सबै प्राणीहरूलाई सुख-दुःखादिको प्राप्ति गराउममा समर्थ काललाई कुनै पुरुष आफ्नो पुरुषार्थ द्वारा विजयी हुन सक्तैन ॥२०॥ कुनै वेला जो हाम्रो उन्नति र देवताहरूको अवनतिका हेतु थिए, उनै भगवान काल अब हामीसित विपरीत भएका छन् ॥२१॥ बल, बुद्धि, दुर्ग, मन्त्र, औषधि तथा सामादि उपाय—यीमध्ये कुनैपनि साधनले मनुष्य काललाई पराजित पार्न सक्तैन ॥२२॥ जब विधाता अनुकूल थिए, तब तिमीहरूले भगवान्का यी पार्षदलाई धेरैपल्ट जित्यौ किन्तु आज तिनै हामीलाई जितेर यसरी गर्जिरहेका छन् । यदि कहिल्यै भाग्य अनुकूल भएछ भने हामी इनलाई फेरि जित्ने छौं । जसबाट हामीलाई सफलता प्राप्त हुनुछ, त्यो

न्धान्काव्यशापमनुस्मरम् ॥ १८ ॥ हे विप्रचित्ते हे राहो हे नेमे श्रूयतां वचः ॥ मा युध्यत निवर्तध्वं न नः कालोऽयमर्थकृत् ॥१९॥ यः प्रभुः सर्वभूतानां सुखदुःखोपपत्तये ॥ तं नातिवर्तितुं दैत्याः पौरुषैरीश्वरः पुमान् ॥२०॥ यो नो भवाय प्रागासीदभवाय दिवौकसाम् ॥ स एव भगवानद्य वर्तते तद्विपर्ययम् ॥ २१ ॥ बलेन सचिवैर्बुद्ध्या दुर्गैर्मन्त्रौषधादिभिः ॥ सामादिभिरुपायैश्च कालं नात्येति वै जनः ॥२२॥ भवद्भिर्निर्जिता ह्येते बहुशोऽनुचरा हरेः ॥ दैवेनर्द्धैस्त एवाद्य युधि जित्वा नदन्ति नः ॥२३॥ एतान् वयं विजेष्यामो यदि दैवं प्रसीदति ॥ तस्मात्कालं प्रतीक्षध्वं यो नोऽर्थत्वाय कल्पते ॥२४॥ श्रीशुक उवाच ॥ पत्युर्निगदितं श्रुत्वा दैत्यदानवयूथपाः ॥ रसां निर्विविशू राजन्विष्णुपार्षदताडिताः ॥ २५ ॥ अथ तार्क्ष्यसुतो ज्ञात्वा विराट् प्रभुचिकीर्षितम् ॥ बबन्ध वारुणैः पाशैर्बलिं सौत्येऽहनि क्रतौ ॥ २६ ॥ हाहाकारो महानासीद्रोदस्योः सर्वतो दिशम् ॥ गृह्यमाणेऽसुरपतौ विष्णुना प्रभविष्णुना ॥ २७ ॥ तं बद्धं वारुणैः पाशैर्भगवानाह वामनः ॥ नष्टश्रियं स्थितप्रज्ञमुदारयशसं नृप ॥ २८ ॥ पदानि त्रीणि दत्तानि भूमेर्मह्यं त्वयाऽसुर ॥ द्वाभ्यां क्रान्ता मही सर्वा तृतीयमुपकल्पय ॥ २९ ॥ यावत्तपत्यसौ गोभिर्यावदिन्दुः सहोडुभिः ॥ यावद्वर्षति

*कालको प्रतीक्षा गर ॥२३-२४॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! स्वामीका वचन सुनेर विष्णु भगवान्का पार्षदद्वारा प्रताडित ती दैत्य र दानवयूथतिप रसातल लोकमा गए ॥२५॥ अनि तार्क्ष्यनन्दन गरुडजीले विराड् भगवान्को अभिप्राय बुझेर यज्ञ समाप्त हुने दिन राजा बलिलाई वरुणदेवको पाशले बेसरी टन्काइदिए ॥२६॥ समर्थ भगवान् विष्णुद्वारा दैत्यराज बलिलाई बाँधिसकेपछि पृथिवी तथा आकाशमा चारैतिर हाहाकार मच्चियो ॥२७॥ हे राजन् ! यस प्रकार श्रीहीन भएर वरुण पाशले आबद्ध उदारकीर्ति एवं स्थितप्रज्ञ राजा बलिसित श्रीवामन भगवान् भन्नुहुन्छ—॥ २८ ॥ हे असुरराज ! तिमीले मलाई तीन पाउ पृथ्वी दिन्छु भनेका थियौ, त्यसमा दुइ पाउले सबै पृथिवी ढाकियो। अब तेस्रो पाउ पूर्ण पार ॥२९॥

---

* छन् एकै थरिका त चिन्नु कसरी, आफ्ना बिरा जन । आफ्नै दोष विचार्नु, छैन अरुको क्यै दोष हे सज्जन !
राख्ने छन् जबसम्म दृष्टि प्रभुले, हो भक्त आफ्नो भनी । त्यस्लाई सुख शान्ति मिल्दछ सदा, बस्नेछ ज्ञानी बनी ॥
मर्दैनन् जबसम्म ध्यान हरिले, साना, ठुलाका घर । जानै पर्दछ उच्च नीच नगनी, प्रत्येक नारी नर ॥
कैल्हे बिर्सनु हुन्न नाम प्रभुको, राख्नू सदा हिम्मत ! राख्नन् जुन रितले प्रसन्त मनले बस्तु चिताई हित ॥

CC-0. Digitized by eGangotri and MIDI - Delhi

जहाँसम्म सूर्य आफ्नो किरणले ताप पुऱ्याउँछन्, ग्रह समेत चन्द्रमा टल्कन्दै रहन्छन् र मेघ पानी पार्दै रहन्छन् त्यहाँसम्मको पृथ्वी एकमात्र तिम्रा अधिकारमा थिइन् ॥३०॥ अब देख्दा-देख्दै मैले आफ्नो एक पाउले सारा भूलोक, शरीरले आकाश र दशै दिशा तथा दोस्रो पाउले स्वर्गलोक ढाकिलिएँ ॥३१॥ अतः अब प्रतिज्ञा गरेको कुरा पूर्ण गर्न नसकेको अपराधमा तिमीले नरकगामी हुनुपर्दछ । यस विषयमा आफ्ना गुरुको अनुमतिअनुसार यिमी नरकमा जाकिन्छौ । जो प्रतिज्ञा गरेको वस्तु दिनमा याचकलाई धोका दिन्छ, त्यसका सबै मनोरथ व्यर्थ हुन्छन् र स्वर्ग त परै जाओस् उल्टो त्यसले नरकगामी हुनुपर्दछ ॥३२-३३॥ आफूलाई ठूलो धनी मान्ने तिमीले 'दिन्छु' भनेर मलाई धोका दियौ । अतः केही वर्षसम्म झूटो बोलेको फलस्वरूप तिमी नरक भोग ॥३४॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायामेकविंशोऽध्यायः ॥२१॥

(वामन भगवान् प्रसन्न भएर बलिलाई सुतललोक पठाउनु)–श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! वामन भगवानद्वारा तिरस्कृत भएर सत्यबाट डगाएपछि बलिले अलिकति पनि

पर्जन्यस्तावती भूरियं तव ॥ ३० ॥ पदैकेन मया क्रान्तो भूर्लोकः खं दिशस्तनोः ॥ स्वर्लोकस्तु द्वितीयेन पश्यतस्ते स्वमात्मना ॥ ३१ ॥ प्रति-श्रुतमदातुस्ते निरये वास इष्यते ॥ विश त्वं निरयं तस्माद्गुरुणा चानुमोदितः ॥ ३२ ॥ वृथा मनोरथस्तस्य दूरे स्वर्गः पतत्यधः ॥ प्रतिश्रुतस्य दानेन योऽर्थिनं विप्रलम्भते ॥ ३३ ॥ विप्रलब्धो ददामीति त्वयाऽहं चाढ्यमानिना ॥ तद्व्यलीकफलं भुंक्ष्व निरयं कतिचित्समाः ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे वामनप्रादुर्भावे बलिनिग्रहो नामैकविंशोऽध्यायः ॥२१॥

श्रीशुक उवाच ॥ एवं विप्रकृतो राजन्बलिर्भगवताऽसुरः ॥ भिद्यमानोऽप्यभिन्नात्माप्रत्याहाविक्लवं वचः॥१॥ बलिरुवाच ॥ यद्युत्तमश्लोक भवान्ममेरितं वचो व्यलीकं सुरवर्य मन्यते ॥ करोम्यृतं तन्न भवेत्प्रलम्भनंपदं तृतीयं कुरु शीर्ष्णि मे निजम्॥२॥ बिभेमिनाहं निरयात्पदच्युतो न पाशबन्धाद्व्यसनाद्दुरत्य-यात् ॥नैवार्थकृच्छ्राद्भवतो विनिग्रहादसाधुवादाद्भृशमुद्विजेयथा॥३॥पुंसां श्लाघ्यतमं मन्ये दण्डमर्हत्तमार्पितम् ॥ यं न माता पिता भ्राता सुहृदश्चादिशन्ति हि ॥४॥ त्वं नूनमसुराणां नः पारोक्ष्यः परमो गुरुः ॥ यो नोऽनेकमदान्धानां विभ्रंशं चक्षुरादिशत् ॥५॥ यस्मिन्वैरानुबन्धेन रूढेन विबुधेतराः॥बहवो लेभिरे सिद्धिं यामुहैकान्तयोगिनः ॥ ६ ॥ तेनाहं निगृहीतोऽस्मि भवता भूरिकर्मणा ॥ बद्धश्च वारुणैःपाशैर्नातिव्रीडे न विव्यथे ॥७॥ पितामहो मे भव-

विचलित नभइकन धैर्यपूर्वक भने– ॥१॥ राजा बलि भन्दछन्–हे पवित्रकीर्ति सुरश्रेष्ठ ! यदि हजुर मेरो वाक्य झूठो मान्नुहुन्छ भने म त्यसलाई सत्य पार्दछु । हजुरलाई धोका दिन्न । आउनुस्, हजुर आफ्नो तेस्रो पाउ मेरो माथमा राखेर नापिलिनुस् ॥२॥ हे भगवन् ! म अपकीर्तिले जति डराउँछु त्यति नरक, पदच्युति, पाश-बन्धन, दुस्तर कष्ट, अर्थकष्ट एवं हजुरले दिएका दण्डले पनि डराउन्न । मनुष्यका पूज्यतम पुरुषद्वारा प्रदत्त दण्डलाई अत्यन्त वाञ्छनीय मान्दछु, किनकि माता, पिता, भाइ तथा सुहृद् आदि मोहवश त्यस्ता दण्ड दिन समर्थ हुन सक्तैनन् । हजुर परोक्षरूपले हामी असुरहरूका गुरु हुनुहुन्छ, किनकि अनेक प्रकारका मदले अन्धा हामीलाई हजुर ऐश्वर्य-नाशरूपी नेत्र दिइरहनु भएकोछ ॥३-५॥ हजुरसित शत्रुता गरेर अनेक दैत्यगणले त्यो परमसिद्धि पाएका छन, जुन केवल योगीले पाउन सक्तछन्, अरु होइन ॥६॥ उनैले मलाई समाउनु भएको छ र म वरुण-पाशले बाँधिएको छु । यसनिम्ति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई न लाज छ न कुनै व्यथा नै छ ॥७॥ हे प्रभो ! जसको कीर्ति विश्वविख्यात छ, ती मेरा पितामह प्रह्लाद हजुरका आफ्ना जनमा श्रेष्ठ मानिएका थिए। ती केवल हजुरकै अधीन थिए। यसै निम्ति उनलाई हजुरका विरोधी पिता हिरण्यकशिपुद्वारा अनेक यातना दिइयो ॥८॥ तर मेरा ती अगाधबोध तथा साधुश्रेष्ठ पितामहले यो विचारेर–'जो आयु पूर्ण भएपछि एक दिन त्याग्नै पर्दछ, त्यस देहले जो केवल परधन हरण नै मुख्य मान्दछन्, ती स्वजननायक, चोरहरूसित, जन्म-मरणरूपी संसार-चक्रमा हेतुस्वरूप भार्यासित र गृह आदिले मरणधर्मा पुरुषलाई के लाभ होला ? यिनमा केवल आयु नै नष्ट हुन्छ ।' जन-संघर्षले भयभीत भई आफ्नै पक्षलाई नष्ट पार्ने हजुरका निर्भय एवं निश्चल पादपद्मको मैले सहारा लिएका थिएँ ॥९॥१०॥ अनि जोसित पुरुष उन्मत्त भएर मृत्युको नगीच उभिई आफ्नो जीवनलाई अनिश्चित मान्दैन, त्यस वैभवबाट हठात् वञ्चित पारेर विधाताले मलाई पनि आफ्नो शत्रु-रूपीपरमेश्वरको नगीच पुर्‍यारदिएको छ ॥११॥ श्रीशुकदेव भन्नुहुन्छ–हे कुरुश्रेष्ठ ! जब राजा बलि यसरी भनिरहेका थिए, उसै बेला चन्द्रमा समान भगवान्‌का प्रिय भक्त प्रह्लाद पनि

दीयसम्मतः प्रह्लाद आविष्कृतसाधुवादः ॥ भवद्विपक्षेण विचित्रवैशसं संप्रापितस्त्वत्परमः स्वपित्रा ॥८॥ किमात्मनानेन जहाति योऽन्ततः किं रिक्थहारैः स्वजनाख्यदस्युभिः ॥ किं जायया संसृतिहेतुभूतया मर्त्यस्य गेहैः किमिहायुषो व्ययः ॥९॥ इत्थं स निश्चित्य पितामहो महानगाधबोधो भवतः पादपद्मम् ॥ ध्रुवं प्रपेदे ह्यकुतोभयं जनाद्भीतः स्वपक्षक्षपणस्य सत्तमः ॥१०॥ अथाहमप्यात्मरिपोस्तवांतिकं दैवेन नीतः प्रसभं त्याजितश्रीः ॥ इदं कृतांतांतिकवर्ति जीवितं तथाऽध्रुवं स्तब्धमतिर्न बुध्यते ॥११॥ श्रीशुक उवाच ॥ तस्येत्थं भाषमाणस्य प्रह्लादो भगवत्प्रियः ॥ आजगाम कुरुश्रेष्ठ राकापतिरिवोत्थितः ॥१२॥ तमिन्द्रसेनः स्वपितामहं श्रिया विराजमानं नलिनायतेक्षणम् ॥ पांशुं पिशङ्गाम्बरमञ्जनत्विषं प्रलम्बबाहुं सुभगं समैक्षत ॥१३॥ तस्मै बलिर्वारुणपाशयन्त्रितः समर्हणं नोपजहार पूर्ववत् ॥ ननाम मूर्ध्नाऽश्रुविलोललोचनः सव्रीडनीचीनमुखो बभूव ह ॥१४॥ स तत्र हासीनमुदीक्ष्य सत्पतिं सुनंदनंदाद्यनुगैरुपासितम् ॥ उपेत्य भूमौ शिरसा महामना ननाम मूर्ध्ना पुलकाश्रुविक्लवः ॥१५॥ प्रह्लाद उवाच ॥ त्वयैव दत्तं पदमैन्द्रमूर्जितं हृतं तदेवाद्य तथैव शोभनम् ॥ मन्ये महानस्य कृतो ह्यनुग्रहो विभ्रंशितो यच्छ्रिय आत्ममोहनात् ॥१६॥ यया हि विद्वानपि मुह्यते यतस्तत्को विचष्टे गतिमात्मनो यथा ॥ तस्मै नमस्ते जगदीश्वराय वै नारायणायाखिललोकसाक्षिणे ॥ १७ ॥ श्रीशुक उवाच ॥ तस्यानुशृण्वतो राजन्प्रह्लादस्य कृता-

त्यहाँ आइपुगे ॥१२॥ तब दैत्यराज बलिले श्रीसम्पन्न, कमल झैं विशाल नयन हुने, उन्नतकाय, पीताम्बरधारी, श्याम कान्तियुक्त, विशालबाहु एवं अतिमनोहर पितामहलाई आफ्नो सामुन्ने देखे॥१३॥तर वरुण-पाशले बाँधिएका हुनाले बलिले उनको पूर्ववत् पूजा गर्न सकेनन् । उनले अश्रुपूर्ण नेत्रले उनलाई मस्तक न्यूराएर प्रणाम गरे र सान्है लाज मानी मुख तल न्यूराए ॥१४॥ पुलकावली एवं नेत्रमा जल भरिनाले विह्वल महामना प्रह्लादले नन्द-सुनन्दादि पार्षदहरूले सेवित साधुजनका अधिपति श्रीहरिलाई त्यहाँ विराजमान देखी तथा उनको नगीच गएर पृथ्वीमा शिर राखेर प्रणाम गरे ॥१५॥ प्रह्लादले भने–हे प्रभो ! हजुरले नै बलिलाई अति समृद्धिशाली इन्द्रपद दिनुभयो र हजुरले नै आज त्यो खोस्नु भयो । हजुरले यो सान्है राम्रो गर्नुभयो, जो यसलाई आत्माको निम्ति मोहस्वरूपा राज्यलक्ष्मीबाट भ्रष्ट पारिदिनु भयो, यो धेरै ठूलो अनुग्रह भयो ॥१६॥ जसले ठूला-ठूला विद्वान् पनि मोहित

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् । ती लक्ष्मी रहेसम्म यस्तो को छ, जो स्व-स्वरूपलाई राम्ररी जान्न सकोस् ? अतः लक्ष्मीलाई हरण गर्ने हजुर अखिल लोकका साक्षी जगदीश्वर नारायणलाई प्रणाम छ ॥१७॥ शुकदेव भन्नुहुन्छ–हे राजन् ! हात जोरेर उभिएका प्रह्लादको समक्ष भगवान् ब्रह्मा श्रीमधुसूदनप्रति केही भन्न उद्यत भए ॥१८॥ यतिमै आफ्ना पतिलाई बाँधिएका देखेर बलिकी साध्वी पत्नी विन्ध्यावली डरले व्याकुल भइ तल मुख पारी अतिशय विनीतभावले हात जोरेर वामन भगवान्प्रति बोलिन्–॥१९॥ उनी भन्दछिन्–हेईश ! हजुरले क्रीडाका लागि जग रचना गर्नुभएको छ ! कुबुद्धि व्यक्ति आफ्नो प्रभुत्व मान्दछन् । हजुरले नै तिनमा कर्तृत्वको आरोप गर्नुभएको छ ! तो निर्लज्जहजुरलाई के अर्पण गर्नन् ॥ २० ॥ ब्रह्मा भन्दछन् हे भूतभावन ! हे भूतेश्वर ! हे देवाधिदेव ! हे विश्वरूप ! अब हजुर यसलाई छाडिदिनोस्, यसको सर्वस्व खोसिइसक्यो । अब यो दण्डको भागी रहेन ॥२१॥ यसले आफ्नो मनमा मैलो नल्याएर सम्पूर्ण पृथ्वी, पुण्यकर्मद्वारा उपार्जित लोक र शरीरसम्म हजुरलाई दियो ॥ २२ ॥ हे नाथ ! जसका पवित्र चरणकमलमा कपटहीन भावले जलको अर्घ्य र दूध तथा

बलेः ॥ हिरण्यगर्भो भगवानुवाच मधुसूदनम् ॥१८॥ बद्धं वीक्ष्य पतिं साध्वीं तपत्नीं भयविह्वला ॥ प्राञ्जलिः प्रणतोपेन्द्रं बभाषेऽवाङ्मुखी नृप ॥१९॥ विंध्यावलिरुवाच ॥ क्रीडार्थमात्मन इदं त्रिजगत्कृतं ते स्वाम्यं तु तत्र कुधियोऽपर ईश कुर्युः ॥ कर्तुः प्रभोस्तव किमस्यत आवहन्ति त्यक्तह्रियस्त्व-दवरोपितकर्तृवादाः ॥२०॥ ब्रह्मोवाच ॥ भूतभावन भूतेश देवदेव जगन्मय ॥ मुञ्चैनं हृतसर्वस्वं नायमर्हति निग्रहम् ॥२१॥ कृतस्ना तेऽनेन दत्ता भूर्लोकाः कर्मार्जिताश्च ये ॥ निवेदितं च सर्वस्वमात्माविक्लवया धिया ॥२२॥ यत्पादयोरशठधीः सलिलं प्रदाय दूर्वाङ्कुरैरपि विधाय सतीं सपर्याम् ॥ अप्युत्तमां गतिमसौ भजते त्रिलोकीं दाश्वानविक्लवमनाः कथमार्तिमृच्छेत् ॥ २३ ॥ श्रीभगवानुवाच ॥ ब्रह्मन् यमनुगृह्णामि तद्विशो विधुनोम्यहम् ॥ यन्मदः पुरुषः स्तब्धो लोकं मां चावमन्यते ॥२४॥ यदा कदाचिज्जीवात्मा संसरन्निजकर्मभिः ॥ नानायोनिष्वनीशोऽयं पौरुषीं गतिमाव्रजेत् ॥२५॥ जन्मकर्मवयोरूपविद्यैश्वर्यधनादिभिः ॥ यद्यस्य न भवेत्स्तम्भस्तत्रायं मदनुग्रहः ॥ २६ ॥ मानस्तम्भनिमित्तानां जन्मादीनां समन्ततः ॥ सर्वश्रेयः-प्रतीपानां हन्त मुह्येन्न मत्परः ॥ २७ ॥ एष दानवदैत्यानामग्रणीः कीर्तिवर्धनः ॥ अजैषीदजयां मायां सीदन्नपि न मुह्यति ॥ २८ ॥ क्षीणरिक्थ-श्च्युतः स्थानात्क्षिप्तो बद्धश्च शत्रुभिः ॥ ज्ञातिभिश्च परित्यक्तो यातनामनुयापितः ॥ २९ ॥ गुरुणा भर्त्सितः शप्तो जहौ सत्यं न सुव्रतः ॥ छलैरुक्तो

अंकुरहरूले नै पूजा गरेर उत्तम गति पाउँछ भने उनै हजुरलाई अभिन्न चित्तले सम्पूर्ण त्रिलोक अर्पिने बलि कष्ट कसरी पाउला ? ॥ २३ ॥ प्रभुले भन्नुभयो–हे ब्रह्मन् ! म जसमाथि कृपा गर्दछु, त्यसको सम्पूर्ण धन खोसिलिन्छु, किनकि धनको मदले उन्मत्त भएर प्राणी मेरा पुण्यलोकहरूको निरादर गर्न लाग्दछ ॥२४॥ कर्मले विवश जीवात्मा विविध योनिहरूमा चक्र झैं घुम्दै कहिले काहीं मनुष्य देह पाउँछ ॥२५॥ मानव तनमा यदि जन्म, कर्म, अवस्था, रूप विद्या, ऐश्वर्य र धनादिको गर्व छैन भने त्यसलाई मेरो अनुग्रह नै ठान ॥२६॥ जो पुरुष मेरो शरणमा आउँछ, त्यसलाई सबै श्रेयको विरोधी मानेर उद्धतताको हेतु स्वरूप जात-भातको अभिमानले कुनै प्रकार पनि मोहित पार्दैनन् ॥२७॥ हे राजन् ! दैत्य र दानव-हरूमा श्रेष्ठ र आफ्नो कीर्ति बढाउने राजा बलिले जित्न नसकिने मायालाई जितिलिए । यसै कारणले यति कष्ट पाउँदा पनि यी मोहमा प्राप्त भएनन् ॥२८॥ यो धनहीन भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो स्थानबाट भ्रष्ट भयो, शत्रुहरूद्वारा तिरस्कृत गरियो, बन्धनमा बाँधियो र जात-समाजद्वारा त्यागिदिइयो। यस प्रकार यसलाई विविध प्रकारका यातनाहरू दिइए। यसलाई गुरुद्वारा डर देखाउन लगाइयो र श्राप पनि दिइयो। तैपनि दृढ सङ्कल्प हुनाले गर्दा यसले आफ्नो सत्य वचनलाई त्यागेन यद्यपि मैले यो सित छलपूर्वक कुरा गरें, तैपनि यस सत्यभाषीले आफ्नो धर्म छाडेन ॥२९-३०॥ अतः मैले यसलाई यो उत्तम स्थान प्रदान गरेको हुँ, जो देवताहरूलाई पनि दुष्प्राप्य छ। पछि गएर सावर्णि मन्वन्तरमा यो मेरो आश्रयमा रहने इन्द्र बन्नेछ ॥३१॥ त्यतिसम्म यो विश्वकर्माले बनाएको त्यो सुतललोकमा बसोस्। जहाँ बस्नेलाई मेरो कुनै प्रकारको आधि-व्यधि, क्लान्ति, तन्द्रा, पराभव तथा विघ्नले कष्ट दिन्न ॥३२॥ हे महाराज इन्द्रसेन! तिम्रो मङ्गल होस्, तिमी आफ्ना सबै जाति-बन्धुहरू सहित देवताहरूको पनि अभीष्ट सुतललोकमा जाऊ ॥३३॥ त्यहाँ बसेपछि लोकपालगण पनि तिम्रो पराभव गर्न सक्तैनन्–अनि अरुको त कुरै छैन। जुन दैत्य तिम्रो आज्ञा उल्लङ्घन गर्नन्, तिनलाई मेरो चक्रले नष्ट गरिदिनेछ ॥३४॥ हे वीर! त्यहाँ सबै

मया धर्मो नायं त्यजति सत्यवाक्॥३०॥ एष मे प्रापितः स्थानं दुष्प्रापममरैरपि ॥ सावर्णेरन्तरस्यायं भवितेन्द्रो मदाश्रयः ॥३१॥ तावत्सुतलमध्यास्तां विश्वकर्मविनिर्मितम्॥यत्राधयो व्याधयश्चक्लमस्तन्द्रापराभवः॥ नोपसर्गोनिवसतां सम्भवन्ति ममेक्षया॥३२॥ इन्द्रसेन महाराज याहि भो भद्रमस्तु ते ॥ सुतलं स्वर्गिभिः प्रार्थ्यं ज्ञातिभिः परिवारितः ॥३३॥ न त्वामभिभविष्यन्ति लोकेशाः किमुतापरे ॥ त्वच्छासनातिगान्दैत्यांश्चक्रं मे सूदयिष्यति॥३४॥ रक्षिष्ये सर्वतोहं त्वां सानुगं सपरिच्छदम् ॥ सदा सन्निहितं वीर तत्र मां द्रक्ष्यते भवान् ॥३५॥ तत्रदानवदैत्यानां सङ्गात्ते भाव आसुरः॥ दृष्ट्वा मदनुभावं वै सद्यः कुण्ठो विनङ्क्ष्यति ॥३६॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे वामनप्रादुर्भावे बलिवामनसंवादो नाम द्वाविंशोऽध्याध्यायः ॥२२॥

श्रीशुक उवाच ॥ इत्युक्तवन्तं पुरुषं पुरातनं महानुभावोऽखिलसाधुसम्मतः ॥ बद्धाञ्जलिर्बाष्पकलाकुलेक्षणो भक्त्युद्गलो गद्गदया गिराऽब्रवीत् ॥ १ ॥ बलिरुवाच ॥ अहो प्रणामाय कृतः समुद्यमः प्रपन्नभक्तार्थविधौ समाहितः यल्लोकपालैस्त्वदनुग्रहोऽमरैरलब्धपूर्वोऽपसदेऽसुरेऽर्पितः ॥ २ ॥ श्रीशुक उवाच ॥ इत्युक्त्वा हरिमानम्य ब्रह्माणं सम्भवं ततः ॥ विवेश सुतलं प्रीतो बलिर्मुक्तः महासुरैः॥ ३ ॥ एवमिन्द्राय भगवान्प्र-

अनुचरगण र भोग-सामग्रीहरू सहित निवास गर्दा म सबै प्रकारले रक्षा गर्नेछु र तिमी मलाई सर्वदा आफ्नो नगीचै विद्यमान देख्नेछौ ॥३५॥ त्यहाँ दैत्य र दानवहरूको सहवासले प्राप्त तिम्रो सारा आसुरभाव मेरो प्रभावले कुण्ठित भएर तत्काल नष्ट हुनेछ ॥३६॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां द्वाविंशोऽध्याय॥२२॥

(राजा बलि सुतललोकमा जानु र वामन भगवान्ले उपेन्द्र पद पाउनु)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन्! भगवान्ले यसरी आज्ञा भएपछि अश्रुजलको भेलले टलपल-टलपल नेत्र हुने र साधु-सम्मानित महानुभाव राजा बलिले हात जोरेर भावावेशवश घाँटी रुद्धभए पनि गद्गद वाणीमा भने–॥१॥ राजा बलि भन्दछन्–अहो! हजुरलाई दण्डवत् प्रणाम गर्नेको निम्ति गरिएको उद्योग पनि आज शरणागत भक्तलाई प्राप्त हुने फल दिनमा समर्थ हुनगयो। हजुरको जुन कृपा लोकपाल देवताहरूलाई पनि कहिल्यै प्राप्त भएको थिएन, त्यो आज हजुरले म असुराधमलाई बक्सियो ॥ २ ॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन्! त्यसपछि महाराज बलि वरुण-पाशबाट मुक्त भएर महादेव तथा ब्रह्माजी समेत भगवान् श्रीहरिलाई प्रणाम

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर अन्य असुरगण साथमा लिएर प्रसन्नतापूर्वक सुतललोक जाँदा भए ।।३।। यस प्रकार ती भगवान्ले बलिसित स्वर्गलोक खोसेर इन्द्रलाई दिए र अदितिको कामना पूर्ण पारेर स्वयं उपेन्द्ररूपमा संसारको शासन गर्न लागे ।।४।। त्यसपछि आफ्नो वंशधर पौत्र बलिलाई भगवान्को कृपा प्राप्त गरेर वरुण-पाशबाट मुक्त देखेर श्रीप्रह्लादले भक्तिले विनम्र भई यस प्रकार भने–।।५।। प्रह्लादजी भन्दछन्–हे प्रभो ! जसको सबै चराचर जीव वन्दना गर्दछन्, ती ब्रह्मादिक देवता पनि जसका चरणलाई नमस्कार गर्ने गर्दछन् । उनै हजुर हामी असुरहरूका दुर्गपाल बन्नुभयो । हजुरको यस्तो कृपा त ब्रह्माजी, लक्ष्मी र महादेवजीलाई पनि प्राप्त हुनसकेको थिएन । अनि अरुको विषयमा त कुरै छैन ।।६।। हे शरणदाता प्रभो ! जसका चरण-कमलका मकरन्दको सेवन गरेर । नै ब्रह्मादि देवताहरूलाई सृष्टि-रचना आदिका विभूतिहरू उपलब्ध भएका थिए, उनै हजुरका दयादृष्टिका पात्र हामी कुमार्गी एवं दुष्ट योनिमा उत्पन्न किन बनाइदियो ? ।।७।। अहो ! हजुरको लीला पनि बडो विचित्र हुन्छ, जसले आफ्नी अपरिमित योगमायाको लीलाले नै सारा जगत् रचेको छ । ती सर्वज्ञ, सर्वात्मा तथा समदर्शी

त्यानीय त्रिविष्टपम् ।। पूरयित्वाऽदितेः काममशासत्सकलं जगत् ।। ४ ।। लब्धप्रसादं निर्मुक्तं पौत्रं वंशधरं बलिम् ।। निशाम्य भक्तिप्रवणः प्रह्लाद इदमब्रवीत् ।। ५ ।। प्रह्लाद उवाच ।। नेमं विरिञ्चो लभते प्रसादं न श्रीर्न सर्वः किमुतापरे ते ।। यन्नोऽसुराणामसि दुर्गपालो विश्वाभिवन्द्यै-रपि वन्दिताङ्घ्रिः ।। ६ ।। यत्पादपद्ममकरन्दनिषेवणेन ब्रह्मादयः शरणदाश्नुवते विभूतीः ।। कस्माद्वयं कुसृतयः खलयोनयस्ते दाक्षिण्यदृष्टिपदवीं भवतः प्रणीताः ।। ७ ।। चित्रं तवेहितमहोऽमितयोगमायालीलाविसृष्टभुवनस्य विशारदस्य ।। सर्वात्मनः समदृशो विषमः स्वभावो भक्तप्रियो यदसि कल्पतरुस्वभावः ।। श्रीभगवानुवाच ।। वत्स प्रह्लाद भद्रं ते प्रयाहि सुतलालयम् ।। मोदमानः स्वपौत्रेण ज्ञातीनां सुखमावह ।। ८ ।। नित्यं द्रष्टासि मां तत्र गदापाणिमवस्थितम् ।। मद्दर्शनमहाह्लादध्वस्तकर्मनिबन्धनः ।। १० ।। श्रीशुक उवाच ।। आज्ञां भगवतो राजन्प्रह्लादो बलिना सह ।। बाढमित्यमलप्रज्ञो मूर्ध्न्याधाय कृताञ्जलिः ।। ११ ।। परिक्रम्यादिपुरुषं सर्वासुरचमूपतिः ।। प्रणतस्तदनुज्ञातः प्रविवेश महाबिलम् ।। १२ ।। अथा-होशनसं राजन्हरिर्नारायणोऽन्तिके ।। आसीनमृत्विजां मध्ये सदसि ब्रह्मवादिनाम् ।। १३ ।। ब्रह्मन्संतनुशिष्यस्य कर्मच्छिद्रं वितन्वतः ।। यत्तत्क-र्मसु वैषम्यं ब्रह्मदृष्टं समं भवेत् ।। १४ ।। श्रीशुक उवाच ।। कुतस्तत्कर्मवैषम्यं यस्य कर्मेश्वरो भवान् ।। यज्ञेशो यज्ञपुरुषः सर्वभावेन पूजितः ।।१५।।

हजुरको यो भक्तवत्सलता निकै विषम ज्ञात भइरहेको छ, तर हजुर त कल्पवृक्ष जस्तै हुनुहुन्छ ।।८।। श्रीभगवान् आज्ञा हुन्छ–हे वत्स प्रह्लाद ! तिम्रो कल्याण होस् । तिमी पनि सुतललोक जाऊ र पौत्रासित सानन्द बस्तै आफ्ना जाति बन्धुलाई आनन्दित पार ।।९।। त्यहाँ तिमी मलाई गदा लिएर सधैं उपस्थित पाउने छौ र मेरो दर्शन जनित परमानन्दले तिम्रो सबै कर्मबन्धन काटिने छन् ।।१०।। श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! भगवान्ले यति भनेपछि राजा बलिसहित दैत्य-सेनानायक एवं निर्मल-बुद्धिसम्पन्न श्रीप्रह्लादले हात जोरेर 'हुन्छ' मात्र भने । भगवान्को आज्ञा विनम्रभावले उनले शिरोधार्य गरे र आदि पुरुष भगवान्को परिक्रमा गरेर तथा उनको आज्ञा पाएर सुतललोक गए ।।११-१२ ।। हे राजन् ! त्यसपछि नारायण आफ्नै नजीक वेदवादी-ऋत्विजहरूको समूह माझ बसेका श्रीशुक्राचार्यसित भन्नुभयो ।।१३।। हे ब्रह्मन् ! कर्मानुष्ठान गर्ने वेलामा हजुरका शिष्यको यज्ञमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि कुनै त्रुटि रहनगएको छ भने त्यसलाई हजुर पूर्ण गरिदिनोस् । कर्मको 'विषमता' त ब्राह्मणको दृष्टि पर्नासाथ 'सम' भइजाने गर्दछ ॥१४॥ शुक्राचार्य भन्दछन्–हे प्रभो ! जुन बलिले आफ्नो सर्वस्व अर्पण गरेर कर्म तथा यज्ञादिका अधीश्वर हजुर यज्ञपुरुषको यजन गरिसकेको छ । त्यसको कर्ममा कुनै विषमता कसरी हुन सक्तछ ? ॥ १५ ॥ हे प्रभो ! हजुरको नाम-कीर्तन न मन्त्र, तन्त्र, देश, काल, पात्र तथा वस्तुले गर्दा हुने सबै त्रुटिहरूलाई पूर्ण पारिदिने गर्दछ ॥१६॥ हे भूमन् ! तैपनि हजुर आज्ञा गर्नुहुन्छ भने म हजुरको आज्ञा पालन अवश्य गर्नेछु । संसारी मनुष्यहरूको सबैभन्दा ठूलो श्रेय यसैमा छ–*शुद्धप्रेमले हजुरको आज्ञा पालन गरियोस् ॥१७॥ हे राजन् ! यस प्रकार वामन भगवान्ले बलिसित पृथिवी मागेर

मन्त्रतस्तन्त्रतश्छिद्रं देशकालार्हवस्तुः ॥ सर्वं करोति निश्छिद्रं नामसंकीर्तनं तव ॥ १६ ॥ तथापि वदतो भूमन्करिष्याम्यनुशासनम् ॥ एतच्छ्रेयः परं पुंसां यत्तवाज्ञानुपालनम् ॥१७॥ श्रीशुक उवाच ॥ अभिनन्द्य हरेराज्ञामुशना भगवानिति ॥ यज्ञच्छिद्रं समाधत्त बलेर्विप्रर्षिभिः सह ॥१८॥ एवं बलेर्महीं राजन्भिक्षित्वा वामनो हरिः ॥ ददौ भ्रात्रे महेन्द्राय त्रिदिवं यत्परैर्हृतम् ॥ १९ ॥ प्रजापतिपतिर्ब्रह्मा देवर्षिपितृभूमिपैः ॥ दक्षभृग्वङ्गिरोमुख्यैः कुमारेण भवेन च ॥ २० ॥ कश्यपस्यादितेः प्रीत्यै सर्वभूतभवाय च ॥ लोकपालानामकरोद्वामनं पतिम् ॥ २१ ॥ वेदानां सर्वदेवानां धर्मस्य यशसः श्रियः ॥ मङ्गलानां व्रतानां च कल्पं स्वर्गापवर्गयोः ॥२२॥ उपेन्द्रं कल्पयाञ्चक्रे पतिं सर्वविभूतये ॥ तदा सर्वाणि भूतानि भृशं मुमुदिरे नृप ॥२३॥ ततस्त्विन्द्रः पुरस्कृत्य देवयानेन वामनम् ॥ लोकपालैर्दिवं निन्ये ब्रह्मणा चानुमोदितः ॥२४॥ प्राप्य त्रिभुवनं चेन्द्रउपेन्द्रभुजपालितः ॥

आफ्ना भाई इन्द्रदेवलाई त्यो स्वर्गलोक सुम्पीदिए, जुन पहिले उनीहरूसित बलपूर्वक खोसिलिएका थिए ॥१९॥ अनि महादेव, सनत्कुमार, दक्ष, भृगु तथा अंगिरा आदि मुनि देवता ऋषि, पितृ एवं राजाहरूसमेत सबै प्रजापतिका स्वामी ब्रह्माजीले प्रजापति कश्यप तथा अदितिको प्रसन्नता र सबै प्राणीको पालनका निम्ति वामन भगवानलाई सबै लोक र लोकपाल हरूका अधिपति बनाइए । २०-२१॥ हे राजन् ! वेद, सबै देवता, धर्म, यश,लक्ष्मी,मङ्गल,व्रत, स्वर्ग एवं अपवर्ग यी सबैको रक्षा गर्नमा समर्थ श्रीवामनलाई उनीहरूले सबैको उत्कर्षका लागि उपेन्द्र बनाइदिए । यसले सबै प्राणीहरुलाई ठूलो आनन्द प्राप्त भयो ॥२२-२३॥ त्यसपछि ब्रह्माजीको आज्ञा पाएर सबै लोकपाल समेत देवराज इन्द्र वामन भगवान्लाई विमान माथि चढाएर र आफ्नो अघि लगाएर देवलोक लगे ॥२४॥ यस प्रकार ती उपेन्द्र भगवानको बाहु बलले सुरक्षित देवराज इन्द्र तीनैलोकको आधिपत्य पाएपछि परम ऐश्वर्यले

---

* दृष्टान्त (पवित्र र शुद्ध प्रेमको परीक्षा)—श्रीरामकृष्ण परमहंस एक दिन विवेकानन्द आदि शिष्यहरूका साथै बसेका थिए । उसै बखत यौटा दुर्बल किसान धूलो भरिएको जुत्ता र मैला लुगा लगाएको, आयो र भन्या—'हे रामकृष्ण ! तिमी राम्री त छौ ?' यति भनेर ऊ तिनको मुख्य आसनमा गएर बस्यो र तिनको पिठिउँ मुसार्न लाग्यो । अनि फेरि भन्यो–'हे मित्र ! एक चिलम तमाखु भरेर ल्याउ न ।' रामकृष्ण तुरुन्त उठे र तमाखु भर्न हिंडे । शिष्यहरू दगुर्दै गएर चिलिम लिए तमाखू भरेर किसानलाई दिए । त्यो किसान रामकृष्णकै गाउँमा चरने बाल-सखा थियो । तमाखू खाएर एक छिनपछि त्यो गयो । जाने बेलामा उसले भन्यो—तिमी त जस्ताको तस्तै छौ । मैले सुनेको थिएँ–तिमी धेरै बिग्रिसकेका छौ । लौ त, म जान्छु, राम ! राम !' यति भनेर किसान गयो यस प्रकार परमहंस रामकृष्णले त्यो किसान प्रति पनि पवित्र र शुद्ध प्रेमको प्रदर्शन गरे

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पन्न भई एवं निर्भय भएर अतिशय आनन्दित भए ॥२५॥ हे राजन् ! ब्रह्मा, शिव, सनत्कुमार एवं भृगु आदि मुनि, सबै पितृ, समस्त भूत, सिद्ध र अन्य विमानारोही देवता विष्णु भगवान्का अति अद्भुत तथा महान् गुण-गान गर्दै आफाफ्ना स्थानमा गए । ती सबैले अदितिको प्रशंसा गरे ॥२६-२७॥ हे कुलनन्दन ! यस प्रकार श्रोताहरूका सबै पाप नष्ट पार्ने भएको यो उरुक्रम भगवान्को सारा चरित्र मैले तिमीलाई सुनाएँ ॥ २८ ॥ जो मनुष्य ती परम पराक्रमी भगवान्को महिमाबाट पार पाउने विचार गर्दछ, त्यो कदाचित् पृथ्वीका परमाणुहरूलाई पनि गन्न सक्नेछ । जुन महाप्रभुको विषयमा मन्त्रद्रष्टा ऋषि वसिष्ठजीले भनेका थिए—वर्तमान र भविष्यमा उत्पन्न हुने के कुनै पनि यस्तो पुरुष होला, जो हजुरका महिमाको पार पाउन सकोस् ?' ॥२९॥ जो प्राणी ती अद्भुतकर्मा देवदेव भगवान्को यस अवतार चरितलाई सुन्दछ, त्यो परमगति पाउँदछ ॥३०॥ देवयज्ञ, पितृयज्ञ र मनुष्यज्ञ आदि गर्ने वेलामा यस चरित्रको कीर्तन गरे ती कर्म सहज सम्पन्न हुन्छन् । यो कुरा थाहा छ ॥३१॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे नेपाली भाषाटीकायां त्रयोविंशोऽध्यायः ॥२३॥

श्रिया परमया जुष्टो मुमुदे गतसाध्वसः ॥२५॥ ब्रह्मा शर्वः कुमारश्च भृग्वाद्या मुनयो नृप ॥ पितरः सर्वभूतानि सिद्धा वैमानिकाश्च ये॥२६॥सुमहत्कर्म तद्विष्णोर्गायन्तः परमाद्भुतम् ॥ धिष्ण्यानि स्वानि ते जग्मुरदितिं च शशंसिरे ॥२७॥ सर्वमेतन्मयाख्यातं भवतःकुलनन्दन ॥ उरुक्रमस्य चरितं श्रोतॄणामघमोचनम् ॥२८॥ पारं महिम्न उरुविक्रमतो गृणानो यः पार्थिवानि विममे स रजांसि मर्त्यः ॥ किं जायमान उतजात उपैति मर्त्य इत्याह मन्त्रदृगृषिः पुरुषस्य यस्य ॥२९॥ य इदं देवदेवस्य हरेरद्भुतकर्मणः ॥ अवतारानुचरितं शृण्वन्याति परां गतिम् ॥३०॥ क्रियमाणे कर्मणीदं दैवे पित्र्येऽथ मानुषे ॥ यत्र यत्रानुकीर्त्येत तत्तेषां सुकृतं विदुः ॥३१॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे वामनावतारचरिते त्रयोविंशतितमोऽध्यायः ॥२३॥

राजोवाच ॥ भगवञ्छ्रोतुमिच्छामि हरेरद्भुतकर्मणः ॥ अवतारकथामाद्यां मायामत्स्यविडम्बनम् ॥ १ ॥ यदर्थमदधाद्रूपं मात्स्यं लोकजुगुप्सितम् ॥ तमःप्रकृति दुर्मर्षं कर्मग्रस्त इवेश्वरः ॥ २ ॥ एतन्नो भगवन्सर्वं यथावद्वक्तुमर्हसि ॥ मश्लोकचरितं सर्वलोकसुखावहम् ॥ ३ ॥ सूत उवाच ॥ इत्युक्तो विष्णुरातेन भगवान्बादरायणिः ॥ उवाच चरितं विष्णोर्मत्स्यरूपेण यत्कृतम् ॥ ४ ॥ नोच्चावचत्वं गोविप्रसुरसाधूनां छन्दसामपि चेश्वरः ॥ रक्षामिच्छंस्तनूर्धत्ते धर्मस्यार्थस्य चैव हि ॥ ५ ॥ उच्चावचेषु भूतेषु चरन्वायुरिवेश्वरः ॥ नोच्चावचत्वं भजते निर्गुणत्वाद्धि

(भगवानको मत्स्यावतार)—राजा परीक्षित् भन्दछन्—हे भगवन् ! म ती अद्भुतकर्मा श्रीहरिको प्रथम अवतार-कथा सुन्ने इच्छा गर्दछु जसमा उनले आफ्नी मायाले मत्स्य (माछा) रूप धारण गरेका थिए ॥१॥ हे स्वामिन् ! सर्वसमर्थ भएर पनि उनले कर्म बन्धनमा बाँधिएका जीवहरूको समान जसका निम्ति ती अत्यन्त तमोगुणी, लोकमा निन्दनीय तथा दुःसह मत्स्य-शरीर धारण गरेका थिए, सबैलाई सुख दिने त्यो चरित्र मलाई सुनाउनुहवस् ॥२-३॥ सूतजी भन्दछन्—राजा परीक्षित्ले त्यसरी सोधेपछि शुकदेवजी भगवानको त्यो चरित्र भन्नलागे, जुन प्रभुले मत्स्यरूपले सम्पन्न गरेका थिए ॥४॥ शुकदेवजी भन्दछन्—हे राजन् ! यद्यपि भगवान सर्वेश्वर हुन्, तैपनि गाई, ब्राह्मण, देवता, साधु-सन्त, वेद, धर्म एवं अर्थको रक्षार्थ वेला-वेलामा ती शरीरी बन्दछन् ॥ ५ ॥ती निर्गुण छन, वायु सदृश उच्चावच सबै प्राणीहरूमा नियन्तारूपले रहेर पनि ती गुणहरूद्वारा सबाभावले भेटिन्नन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।६।। हे राजन् ! गत कल्पान्तरमा जब ब्राह्म नामक नैमित्तिक प्रलय भएको थियो, तब भूआदि सबै लोक समुद्रमा डुबेका थिए ।।७।। कालक्रमले ब्रह्माजी निदाएपछि उनको मुखबाट निस्केका वेदलाई हयग्रीव दैत्यले हरेर लग्यो ।।८।। दानवराज हयग्रीवको यो चेष्टा देखेर सर्वेश्वर भगवान् श्रीहरिले मत्स्यरूप धारण गरे ।।९।। हे राजन् : त्यसै बखत महान् राजर्षि सत्यव्रत एकमात्र भगवत्परायण भएर केवल पानी मात्र पिएर तपस्या गरिरहेका थिए ।।१०।। त्यस महाकल्पमा भगवान् सूर्यका पुत्र श्राद्धदेव नामले विख्यात थिए र उनको श्रीहरिले मनुपदमा नियुक्त गरिराखेका थिए ।।११।। एक बखत सत्यव्रत कृतमाला नदीमा तर्पण गरिरहेका थिए, उसै बखत तिनको अंजलिमा यौटा सानू माछा आयो ।।१२।। हे भारत ! सत्यव्रत अथवा श्राद्धदेव अंजलिमा आएको माछालाई जलमा छाड्नलागे ।।१३।। त्यो माछाले परम दयालु राजा सित निकै करुणाले भन्यो–'हे राजन् ! हे दीनवत्सल ! जातिहिंसक

यो गुणैः ॥ ६ ॥ आसीदतीतकल्पान्ते ब्राह्मो नैमित्तिको लयः ॥ समुद्रोपप्लुतास्तत्र लोका भूरादयो नृप ॥ ७ ॥ कालेनागतनिद्रस्य धातुः शिशयिषोर्बली ॥ मुखतो निःसृतान्वेदान्हयग्रीवोऽन्तिकेऽहरत् ॥ ८ ॥ ज्ञात्वा तद्दानवेन्द्रस्य हयग्रीवस्य चेष्टितम् ॥ दधार शफरीरूपं भगवान्हरिरीश्वरः ॥९॥ तत्र राजऋषिः कश्चिन्नाम्ना सत्यव्रतो महान् ॥ नारायणपरोऽतप्यत्तपः स सलिलाशनः ॥१०॥ योऽसावस्मिन्महाकल्पे तनयः स विवस्वतः ॥ श्राद्धदेव इति ख्यातो मनुत्वे हरिणाऽर्पितः ॥११॥ एकदा कृतमालायां कुर्वतो जलतर्पणम् ॥ तस्याञ्जल्युदके काचिच्छफर्येकाऽभ्यपद्यत॥१२॥ सत्यव्रतोऽञ्जलिगतां सह तोयेन भारत ॥ उत्ससर्ज नदीतोये शफरीं द्रविडेश्वरः ॥ १३ ॥ तमाह सातिकरुणं महाकारुणिकं नपम् ॥ यादोभ्यो ज्ञातिघातिभ्यो दीनां मां दीनवत्सल ॥ कथं विसृजसे राजन्भीतामस्मिन्सरिज्जले ॥१४॥ तमात्मनोऽनुग्रहार्थं प्रीत्या मत्स्यवपुर्धरम् ॥ अजानन्रक्षणार्थाय शफर्याः स मनो दधे ॥ १५ ॥ तस्या दीनतरं वाक्यमाश्रुत्य स महीपतिः ॥ कलशाप्सु निधायैनां दयालुर्निन्य आश्रमम् ॥ १६ ॥ सा तु तत्रैकरात्रेण वर्धमाना कमण्डलौ ॥ अलब्ध्वाऽऽत्मावकाशं सा इदमाह महीपतिम् ॥१७॥ नाहं कमण्डलावस्मिन्कृच्छ्रं वस्तुमिहोत्सहे ॥ कल्पयौकः सुविपुलं यत्राहं निवसे सुखम् ॥ १८ ॥ स एनां तत आदाय न्यधादौदञ्चनोदके ॥ तत्र क्षिप्ता मुहूर्तेन हस्तत्रयमवर्धत ॥ १९ ॥ न म एतदलं राजन्सुखं वस्तुमुदञ्चनम् ॥ पृथु देहि पदं मह्यं यत्त्वाहं शरणं गता ॥२०॥ तत आदाय सा राज्ञा क्षिप्ता राजन्सरोवरे ॥ तदावृत्यात्मना सोऽयं महामीनोऽन्ववर्धत

जल-जन्तुहरूसित डराएर आएकी म दीनलाई हजुर फेरि यस जलमा किन फाल्दै हुनुहुन्छ ?' ।।१४।। अनि राजा सत्यव्रतले अनुग्रह गर्नको लागि मत्स्यरूपधारी भगवान्लाई नचिनेर माछाको रक्षा गर्ने निश्चय गरे ।।१५।। माछाको अत्यन्त दीन वचन स्मरण गरेर दयालु राजाले कमण्डलुको जलमा राखेर आश्रममा ल्याए ।।१६।। त्यो माछा रातभरिमै यतिबढ्याकि कमण्डलुमा आफ्नो योग्य स्थान नपाएर राजासित भन्यो–।।१७।। 'अब म कष्ट सहेर पनि यो कमण्डलुमा बस्न नसक्ने भएँ । मेरोनिम्ति हजुर कुनै विस्तृत स्थान ठीक पारिदिनुस्, जहाँ म सुखले बस्न सकूँ ।।१८।। अनि राजाले त्यसलाई कमण्डलुबाट झिकेर गाग्रोको जलमा राखिदिए, तर त्यहाँ पनि त्यो एक मुहूर्तमै तीन हात अरु बढ्यो र राजासित भन्यो– ।।१९।। हे राजन् ! यो गाग्रो पनि मैले सुखसित बस्नेलायक स्थान रहेन । म हजुरको शरणमा छु । मेरो निम्ति कुनै अरु ठूलो स्थान रोज्नुहवस ।।२०।। हे राजन् ! अनि राजा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यव्रतले त्यसलाई गाग्रोबाट झिकेर योटा तलाउमा हालिदिए, तर त्यो महामत्स्य आफ्नो शरीरले त्यो सरोवरलाई पनि ढाक्यो र बोल्यो–॥२१॥ 'हे राजन् ! म जलचरको निम्ति यो सरोवर पनि सुखले बस्ने लायक रहेन, अतः मलाई कुनै ठूलो सरोवरमा राखिदिनोस्' ॥२२॥ अनि राजा सत्यव्रतले उसलाई एकैक गरेर ठूला-ठूला सरोवरमा राखे र ऊ बराबर बढ्दै गयो । अन्तमा उसलाई लगेर समुद्रमा हाल्न लागे ॥२३॥ अनि माछाले भन्यो—'हे वीर ! यहाँ मलाई बलवान् मकरादि प्रबल जीवले खान्छन् । कृपा गरेर मलाई समुद्रमा नफाल्नु हवस्' ॥२४॥ त्यो मधुरभाषी माछाको कुराले मोहित भएर राजाले भने–'यो विचित्र मत्स्यरूपले मलाई मोहमा पारिदिने तिमी को हौ ? ॥२५॥ अहो ! एक दिनमै हजुरले आफ्नो सय योजन विस्तारले ढाकिलियौ । यस्तो बली जलजीव त मैले आजसम्म देखे सुनेको पनि थिएन ॥२६॥ अतः अवश्य हजुर अविनाशी नारायण हुनुहुन्छ । हजुरले जगतका जीवमा कृपा गर्नको लागि नै मत्स्यरूप धारण गरेको हो ॥२७॥ जगत्को उत्पत्ति, स्थिति तथा विनाश गर्नमा समर्थ हे पुरुषश्रेष्ठ ! हजुरलाई प्रणाम छ । हे विभो! हामीजस्ता

॥२१॥ नैतन्मे स्वस्तये राजन्नुदकं सलिलौकसः ॥ निधेहि रक्षायोगेन ह्रदे मामविनाशिनि ॥२२॥ इत्युक्तः सोऽनयन्मत्स्यं तत्रतत्राविनाशिनि ॥ जलाशये संमितं तं समुद्रे प्राक्षिपज्झषम् ॥ २३ ॥ क्षिप्यमाणस्तमाहेदमिह मां मकरादयः ॥ अदन्त्यतिबला वीर मां नेहोत्स्रष्टुमर्हसि ॥ २४ ॥ एवं विमोहितस्तेन वदता वल्गु भारतीम् ॥ तमाह को भवानस्मान्मत्स्यरूपेण मोहयन् ॥ २५ ॥ नैवंवीर्यो जलचरो दृष्टोऽस्माभिः श्रुतोऽपि च ॥ यो भवान्योजनशतमह्नाऽभिव्यानशे सरः ॥२६॥ नूनं त्वं भगवान्साक्षाद्धरिर्नारायणोऽव्ययः ॥ अनुग्रहाय भूतानां धत्से रूपं जलौकसाम् ॥२७॥नमस्ते पुरुषश्रेष्ठ स्थित्युत्पत्त्यप्ययेश्वरः ॥ भक्तानां नः प्रपन्नानां मुख्यो ह्यात्मगतिर्विभो ॥ २८ ॥ सर्वे लीलावतारास्ते भूतानां भूतिहेतवः ॥ ज्ञातुमिच्छाम्यदो रूपं यदर्थं भवता धृतम् ॥२९॥ न तेऽरविन्दाक्ष पदोपसर्पणं मृषा भवेत्सर्वसुहृत्प्रियात्मनः ॥ यथेतरेषां पृथगात्मनां सतामदीदृशो यद्वपुरद्भुतं हि नः ॥ ३० ॥ श्रीशुक उवाच ॥ इति ब्रुवाणं नृपतिं जगत्पतिः सत्यव्रतं मत्स्यवपुर्युगक्षये ॥ विहर्तुकामः प्रलयार्णवेऽब्रवीच्चिकीर्षुरेकान्तजनप्रियः प्रियम् ॥ ३१ ॥ श्रीभगवानुवाच ॥ सप्तमेऽद्यतनादूर्ध्वमहन्येतदरिन्दम ॥ निमङ्क्ष्यत्यप्ययाम्भोधौ त्रैलोक्यं भूर्भुवादिकम् ॥ ३२ ॥ त्रिलोक्यां लीयमानायां संवर्ताम्भसि वै तदा ॥ उपस्थास्यति नौः काचिद्विशाला त्वां मयेरिता ॥ ३३ ॥ त्वं तावदोषधीः सर्वा बीजान्युच्चावचानि च ॥ सप्तर्षिभिः परि·

भक्तका हजुर नै आत्मा तथा गति हुनुहुन्छ ॥२८॥ त्यसो त हजुरका सबै लीलावतार प्राणीहरूको अभ्युदयकै निम्ति हुन्छ, तापनि जसको निम्ति हजुरले यो मत्स्यरूप धारण गरेको हो, त्यो जान्न म उत्सुक छु ॥२९॥ हे कमलनयन ! देहादि अनात्मामै आत्मतत्त्वका अभिमानी पुरुषका आश्रय जसरी व्यर्थ हुन्छन्, त्यस्तै सर्वसुहृद्, प्रिय आत्मस्वरूप हजुरका चरणकमलको शरण पर्नु व्यर्थ हुँदैन । हजुरले मलाई जुन रूप देखाउनु भयो, त्यो साह्रै अद्भुत छ ॥३०॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! भक्तका हितकारी जगत्पति मत्स्य-भगवान्ले भक्तको कल्याणार्थ कल्पको अन्त्यमा प्रलयकालीन समुद्रमा विहार गर्न भने ॥३१॥ मत्स्य-भगवान् भन्दछन्–हे शत्रुदमन ! आजको सातौं दिन भूः भुवः आदि तीनैलोक समुद्रमा डुब्छन् । जब तीनैलोक प्रलय जलमा डुब्न लाग्छ तब मेरो प्रेरणाले तिम्रो नगीच योटा ठूलो डुङ्गा उपस्थित हुनेछ ॥३२॥३३॥ अनि तिमी सबै प्राणाद्वारा सम्मानित भएर सप्तर्षिहरूका साथ सबै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

औषधिहरू र साना ठूला जीवहरूका साथै त्यस विशाल डुङ्गामा चढेर सूर्यादिको प्रकाश नभए पनि सप्तर्षिहरूको तेजले नै आलोकित हुँदै निश्चिन्तभावले त्यस जलमा डुल्नेछौ। जब डुङ्गा प्रचण्ड वायुको वेगले हल्लन लाग्नेछ, अनि म तिमीनेर आउनेछु। त्यस बखत तिमी डुङ्गालाई वासुकी नागद्वारा मेरो सीङमा बाँधिदिनु ॥३८-३६॥ हे राजन्! जबसम्म ब्रह्माजीको रात्रि रहन्छ, तबसम्म म त्यो डुङ्गा र सप्तर्षिसहित तिमीलाई तान्दै प्रलयकालको समुद्रमा डुल्नेछु। अनि तिमीले प्रश्न गरेपछि मेरो अनुग्रहपूर्ण उपदेशले तिमी आफ्नो हृदयमा अपरोक्षरूपले अनुभूत परब्रह्मको रूपमा कहिने मेरो महिमा जान्नेछौ। राजा सत्यव्रतलाई यस्तो आदेशदिए भगवान् अन्तर्धान हुनुभयो र उनले जे भनेको थियो, राजा सत्यव्रत त्यस समयको प्रतीक्षा गर्नलागे ॥३७-३९॥ ती पूर्वलाई अग्रभाग पारेर बिछाएका कुशमा पूर्वोत्तर मुख भएर बसे, अनि ती मत्स्यरूपधारी श्रीहरिका चरणको ध्यानमा लीन भए ॥४०॥ अकस्मात् वर्षिरहेका महामेघहरूबाट वढेको समुद्र मार्यादा नाघेर चारैतिरबाट पृथिवीलाई डुबाइरहेको देखियो ॥४१॥ अनि तिनले भगवानका आज्ञाको स्मरण गर्नासाथ, त्यहाँ

वृतः सर्वसत्त्वोपबृंहितः ॥३४॥ आरुह्यबृहतीं नावं विचरिष्यस्यविक्लवः ॥ एकार्णवे निरालोके ऋषीणामेव वर्चसा ॥ ३५ ॥ दोधूयमानां तां नावं समीरेण बलीयसा ॥ उपस्थितस्य मे शृङ्गे निबध्नीहि महाहिना ॥३६॥ अहं त्वामृषिभिः साकं सह नावमुदन्वति ॥ विकर्षन्विचरिष्यामि यावद्ब्राह्मी निशा प्रभो ॥३७॥ मदीयं महिमानं च परं ब्रह्मेति शब्दितम् ॥ वेत्स्यस्यनुगृहीतं मे संप्रश्नैर्विवृतं हृदि ॥३८॥ इत्थमादिश्य राजानं हरिरन्तरधीयत ॥ सोऽन्ववैक्षत तं कालं यं हृषीकेश आदिशत् ॥ ३९ ॥ आस्तीर्य दर्भान्प्राक्कूलान्राजर्षिः प्रागुदङ्मुखः ॥ निषसाद हरेः पादौ चिन्तयन्मत्स्यरूपिणः ॥४०॥ ततः समुद्र उद्वेलः सर्वतः प्लावयन्महीम् ॥ वर्धमानो महामेघैर्वर्षद्भिः समदृश्यत ॥४१॥ ध्यायन्भगवदादेशं ददृशे नावमागताम् ॥ तामारुरोह विप्रेन्द्रैरादायौषधिवीरुधः ॥४२॥ तमूचुर्मुनयः प्रीता राजन्ध्यायस्व केशवम् ॥ स वै नः सङ्कटादस्मादविता शं विधास्यति ॥ ४३ ॥ सोऽनुध्यातस्ततो राज्ञा प्रादुरासीन्महार्णवे ॥ एकशृङ्गधरो मत्स्यो हैमो नियुतयोजनः ॥ ४४ ॥ निबध्य नावं तच्छृङ्गे यथोक्तो हरिणा पुरा ॥ वरत्रेणाहिना तुष्टस्तुष्टाव मधुसूदनम् ॥ ४५ ॥ राजोवाच ॥ अनाद्यविद्योपहतात्मसंविदस्तन्मूलसंसारपरिश्रमातुराः ॥ यदृच्छयेहोपसृता यमाप्नुयुर्विमुक्तिदो नः परमो गुरुर्भवान् ॥४६ ॥ जनोऽबुधोऽयं निजकर्मबन्धनः सुखेच्छया कर्म समीहतेऽसुखम् ॥ यत्सेवया तां विधुनोत्यसन्मतिं ग्रन्थिं स भिन्द्याद्धृदयं

यौटा ठूलो र विशाल डुङ्गा आएर उपस्थित भयो। त्यसमा ती सबै औषधि र बीजहरू लिएर सप्तर्षिहरूसित चढे ॥४२॥ तब राजाप्रति प्रसन्न मुनिहरूले भने–'हे राजन्! श्रीकेशव भगवान्को ध्यान गर। उनै हामीलाई महासङ्कट बाट झिकेर हाम्रो कल्याण गर्नन्' ॥४३॥ तदनुसार राजाले ध्यान गर्नासाथ महासमुद्रमा लाख योजन विस्तृत एक शृङ्गको सुवर्णमय महामत्स्य देखियो ॥४४॥ भगवान्को पूर्व आदेशानुसार राजाले वासुकीनागरूपी डोरीले त्यो डुङ्गा उसको सीङमा बाँधिदिए र प्रसन्नमनले मधुसूदन भगवान्को स्तुति गर्नलागे ॥४५॥ राजा भन्छन्–अविद्याले जसको आत्मज्ञान ढाकिएको छ, यस्ता अविद्यामूलक संसार-श्रमले आतुर पुरुष जसको अनुग्रहले हजुरको शरणमा पुगेर हजुरलाई पाउँछन्, यिनै हजुर हाम्रा मुक्तिदाता र परमगुरु छन् ॥४६॥ जसले अज्ञानी पुरुष कर्मबन्धनमा अल्झेर सुखको आशाले दुःखमय कर्ममा गाडिन्छ, त्यस असद्बुद्धिलाई, जसको सेवाको प्रभावले त्याग्न सक्तछ, हाम्रा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमगुरु हजुर मेरो हृदय-ग्रन्थि फुकाइदिनुस् ।।४७' जसरी आगो सुन-चाँदीको मल सफा गरिदिन्छ, त्यस्तै जसको सेवा गरेर अन्तःकरण अज्ञानरूपी मल त्यागेर शुद्धस्वरूपमा
स्थित हुन्छ, ती गुरुजनका पनि परमगुरु हजुर अविनाशी ईश्वर हाम्रा गुरु बन्नोस ।।४८।। हे प्रभो ! देवता, गुरु तथा अन्य सबै जना मिलेर पनि जसका अनुग्रहको दस हजारौं अंशको
समान पनि कसैमाथि स्वयं कृपा गर्न सक्तैनन्, त्यस्ता हजुरको म शरणमा छु ।।४९।। जस्तै कुनै अन्धोलाई नाइके तुल्याउनु, त्यस्तै अज्ञानी पुरुषले विवेकहीन पुरुषलाई गुरु तुल्याउनु
व्यर्थ हुन जान्छ। हजुर सूर्य जस्तै स्वयं प्रकाशित तथा सबै इन्द्रियका साक्षी छन् । यसैनिम्ति आत्मतत्त्वको जिज्ञासु मैले हजुरलाई आफ्नो गुरु तुल्याएँ ।।५०।। अज्ञानी पुरुष त अन्य
अज्ञानी जनलाई अर्थ, कामादि विषयको असद्बुद्धिको नै उपदेश दिनेछ । जसले ती दुस्तर अन्धकारमा गाडिउन्, तर हजुर त अक्षय र अमोघ ज्ञानको उपदेश दिनुहुन्छ जसले मनुष्य
सहजै आत्मस्वरूप प्राप्त गर्दछ ।। ५१।। हजुर संसारका सुहृद्, प्रिय, ईश्वर, आत्मा, गुरु, ज्ञान र इच्छित फल हुनुहुन्छ, तर यो मोहान्ध तथा विषयासक्त संसार आफ्नो हृदयमा विराज

स नो गुरुः ।।४७।। यत्सेवयाग्नेरिव रुद्ररोदनं पुमान्विजह्यान्मलमात्मनस्तमः ।। भजेत वर्णं निजमेष सोऽव्ययो भूयात्स ईशः परमो गुरोर्गुरुः ।।४८।।
न यत्प्रसादायुतभागलेशमन्ये च देवा गुरवो जनाः स्वयम् ।। कर्तुं समेताःप्रभवन्ति पुंसस्तमीश्वरं त्वां शरणं प्रपद्ये ।। ४९ ।। अचक्षुरन्धस्य यथाग्रणीः
कृतस्तथा जनस्याविदुषोऽबुधो गुरुः ।। त्वमर्कदृक् सर्वदृशां समीक्षणो वृतो गुरुर्नः स्वगतिं बुभुत्सताम् ।। ५० ।। जनो जनस्यादिशतेऽसतीं मतिं
यथा प्रपद्येत दुरत्ययं तमः ।। तं त्वव्ययं ज्ञानममोघमञ्जसा प्रपद्यते येन जनो निजं पदम् ।। ५१ ।। त्वं सर्वलोकस्य सुहृत्प्रियेश्वरो ह्यात्मा गुरुर्ज्ञान-
मभीष्टसिद्धिः ।। तथापि लोको न भवन्तमन्धधीर्जानाति सन्तं हृदि बद्धकामः ।। ५२ ।। तं त्वामहं देववरं वरेण्यं प्रपद्य ईशं प्रतिबोधनाय ।। छिन्ध्य-
र्थदीपैर्भगवन्वचोभिर्ग्रन्थीन्हृदय्यान्विवृणु स्वमोकः ।।५३।। श्रीशुक उवाच ।। इत्युक्तवन्तं नृपतिं भगवानादिपूरुषः ।। मत्स्यरूपी महाम्भोधौ विहरंस्तत्त्व-
मब्रवीत् ।।५४।। पुराणसंहितां दिव्यां सांख्ययोगक्रियावतीम् ।। सत्यव्रतस्य राजर्षेरात्मगुह्यमशेषतः ।। ५५ ।। अश्रौषीदृषिभिः साकमात्मतत्त्वमसंश-
यम् ।। नाव्यासीनो भगवता प्रोक्तं ब्रह्म सनातनम् ।।५६।। अतीतप्रलयापाय उत्थिताय स वेधसे ।। हत्वाऽसुरं हयग्रीवं वेदान्प्रत्याहरद्धरिः ।।५७।।
स तु सत्यव्रतो राजा ज्ञानविज्ञानसंयुतः ।। विष्णोः प्रसादात्कल्पेऽस्मिन्नासीद्वैवस्वतो मनुः ।। ५८ ।। सत्यव्रतस्य राजर्षेर्मायामत्स्यस्य शार्ङ्गिणः ।।

मान हजुर परमेश्वरलाई देख्दैन ।।५२।। अब त म तत्त्वज्ञान विषयक उपदेश पाउने इच्छाले हजुर देवश्रेष्ठ तथा परम पूजनीय परमेश्वरको शरणमा आएको छु । हे भगवन् !
हजुर आफ्नो परमार्थ-प्रकाशक वचनहरूले मेरो संशय-ग्रन्थि छिनालेर आफ्नो स्वरूप प्रकाशित गर्नुहवस् ।।३५।। शुकदेव भन्नुहुन्छ—हे राजन् ! मत्स्यस्वरूपले प्रलयकालीन महासागरमा
डुल्दै रहने भगवान् आदिपुरुषले प्रार्थी राजा सत्यव्रतलाई आत्मतत्त्वको उपदेश दिए ।।५४।।मत्स्य-भगवान्ले जसमा सांख्य, योग तथा कर्मको उल्लेख छ, त्यो आत्मरहस्ययुक्त मत्स्य-
पुराण संहिताको पूर्णरूपेण वर्णन गरेर र ऋषिहरूका साथै डुङ्गामा विराजमान राजा सत्यव्रतले भगवान्ले भनेका सनातन ब्रह्मतत्त्व सन्दिग्धभावले सुने ।। ५।।५६।। जब प्रलयको
अन्त्य भयो र ब्रह्माजी सुतेर उठे तब मत्स्य-भगवान्ले हयग्रीव दैत्यलाई मारेर त्योसित चारै वेद खोसेर ब्रह्मालाई दिए ।। ५७ ।। ज्ञान विज्ञान सम्पन्न राजा सत्यव्रत नै श्रीविष्णु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्‌को कृपाले यस कल्पमा वैवस्वत मनु भए ॥५८॥ हे राजन ! राजर्षि सत्यव्रत तथा मत्स्यरूपधारी श्रीविष्णु भगवान्‌को संवाद स्वरूप यस महान् आख्यान् लाई सुनेर मनुष्य सबै पापबाट मुक्त हुन्छन् ॥५९॥ जो पुरुष भगवान श्रीहरिको मत्स्यावतारको नित्य कीर्तन गर्दछ, त्यसका सबै मनोरथ सिद्ध हुन्छन्, त्यो पुरुष परमगति पाउँदछ ॥६०॥

संवादं महदाख्यानं श्रुत्वा मुच्येत किल्बिषात् ॥५९॥ अवतारो हरेर्योऽयं कीर्तयेदन्वहंनरः॥ सङ्कल्पास्तस्यसिद्ध्यन्ति सयाति परमांगतिम्॥६०॥ प्रलयपयसि धातुः सुप्तशक्तेर्मुखेभ्यः श्रुतिगणमपनीतं प्रत्युपादत्त हत्वा ॥ दितिजमकथयद्यो ब्रह्म सत्यव्रतानां तमहमखिलहेतुं जिह्ममीनं नतोऽस्मि ॥६१॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायामष्टमस्कन्धे मत्स्यावतारचरितानुवर्णनं नाम चतुर्विंशोऽध्याय ॥ २४ ॥

जसले प्रलयकालको जलमा सुतेका ब्रह्माजीको मुखबाट उपहृत वेदहरू हयग्रीव व दैत्यलाई मारेर पुनः प्राप्त गरेर सप्तर्षिहरू* समेत राजा सत्यव्रतलाई ब्रह्मज्ञानको उपदेश दिए, ती निखिल जगका कारण मत्स्यस्वरूपी श्रीहरिलाई म प्रणाम गर्दछु ॥६१॥ इति श्रीमद्भागवते महापुराणेऽष्टमस्कन्धे पं० गौरीशंकर 'वशिष्ठ'कृत नेपालीभाषाटीकायां चतुर्विंशोऽध्यायः॥२४॥

॥ समाप्तोऽयमष्टमः स्कन्धः ॥

॥ श्रीकृष्णार्पणमस्तु ॥

---

* सत्सङ्गवार्ता–१. ऋषि जगत्का ठूला उपकारक हुन्छन् । ती मन्त्रद्रष्टा र मन्त्रहरूका प्रचारक हुन । वैदिक, तान्त्रिक, आदि जति मन्त्र छन्, तिनको साधना कसरी गर्नुपर्दछ यो जगत्ले जानेका छन् । उनै ऋषिहरूको कृपाले नै ऋषिहरुको ऋण जगत् कहिल्यै तिर्न सक्तैन । समस्त साधनका प्रवर्तक र समस्त साधनहरूले शक्ति दिने पनि ऋषि नै हुन् । २. भक्तिको यो विषमता छ–दीन-हीन तुल्याइराख्छ, उसलाई निरभिमानी तुल्याउँछ । भक्तमा कहिल्यै योगी-ज्ञानी झैं सिद्धावस्थाको अभिमान आउन्न । भक्त यदि येही गर्दछ भने केवल विचार गर्दछ–'यो त सान्है थोरै भयो ।' त्यो त निरन्तर यही विचार्दछ–मसित केही हुँदैन । ३–लीलामयको लीला पद-पदमा अत्यन्त विस्मयकारी एवं मधुर हुन्छ । ४. भगवानलाई जुन भोग लगाइन्छ, त्यो यस्तो ज्ञात हुन्छ, जस्तै मनै खाइरहेको छु । भगवान्का श्रीविग्रहलाई पूजा गरोस् र मनोस्–भगवान् त वासनाका भोका छन् र उनलाई नताछेर बोक्रा समेत फलादि भोग लगाइयोस् यस्तो उपेक्षा भाव हुने पुरुषले लगाएको भोग भगवान् खाँदैनन् । जति तत्परताले हामी आफ्नो अत्यन्त आदरणीय प्रेमीको निम्ति खाने वस्तु तयार पार्दछौं, त्यो भन्दा पनि बर्ता प्रेमले भोग लगायो भने त्यो भगवान् अवश्य खान्छन् । ५. भक्तको वाणी सत्य पार्नको निम्ति भगवान् सदैव सचेष्ट रहन्छन् । यदि भक्तको वचन सत्य पार्नमा उनले आफ्नो वचनको परित्याग गर्न परे त्यो पनि सहर्ष स्वीकार गर्दछन् । कुनै बेला भक्तको वचनसित भगवानको विरोध पर्न जान्छ, वहाँ भक्तको वाक्य रहन्छ, भगवान्को रहन्न । यस्तो भक्त को छ ? उही हो जसको वचनको रक्षाका लागि भगवान आफ्नो वचन छाडि-देउन् । ६. भगवान् अर्काको वचन तोडिदिन्छन्, तर प्रेमी भक्तलाई दिएको प्रेम-बन्धन तोड्न सक्तैनन् । ७. जीवनका सफलता के हो ? हाम्रो हृदयमा सद्गुण आउन्, हाम्रो मुख भगवानतिर फर्कियोस्, हाम्रो जीवनमा दैवीगुण आओस् र त्यो भगवद्भजनको मूर्तिमान् स्वरूप बनोस् । ८–जुन सांसारिक उन्नति भगवान्को प्रीतिमा बाधक होस्, त्यो उन्नति, होइन अवनति हो ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते अष्टमः स्कन्धः समाप्तः ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते नवमः स्कन्धः प्रारभ्यते।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरिः (वैवस्वत मनुका पुत्र महाराज सुद्युम्नको वृत्तान्त) यति कथा सुनेर राजा परीक्षितले भने—हे भगवन् ! मैले हजुर द्वारा वर्णित सबै मन्वन्तर र तिनमा गरिएका अनन्तवीर्य श्रीहरिका पराक्रमको वृत्तान्त सुनें ॥१॥ हजुरकै मुखबाट मैले यो पनि सुनें–जुन राजर्षि सत्यव्रत नामका द्रविडेश्वर थिए र तिनले विगत कल्पको अन्त्यमा भगवान्का सेवाको प्रभावले ज्ञान प्राप्त गरेका थिए, उनै सूर्यनारायणका पुत्र वैवस्वत मनु भए । हजुरले इक्ष्वाकु आदि राजाहरूलाई उनकै पुत्र भन्नुभयो, हे ब्रह्मन् ! हे महाभाग ! अब हजुर मलाई तिनको वंश तथा तिनमा उत्पन्न राजाहरूको चरित्र सुनाउनोस्, किनकि हामी यस्ता कथाहरू सुन्नका निम्ति सधैं उत्सुक रहन्छौं ॥२-४॥ ती मनुवंशमा जुन राजाहरू पहिले भइसके,

ॐ नमो भगवते वासुदेवाय ॥ राजोवाच ॥ मन्वन्तराणि सर्वाणि त्वयोक्तानि श्रुतानि मे ॥ वीर्याण्यनंतवीर्यस्य हरेस्तत्र कृतानि च ॥ १ ॥ योऽसौ सत्यव्रतो नाम राजर्षिर्द्रविडेश्वरः ॥ ज्ञानं योऽतीतकल्पान्ते लेभे पुरुषसेवया ॥ २ ॥ स वै विवस्वतः पुत्रो मनुरासीदिति श्रुतम् ॥ त्वत्तस्तस्य सुताश्चोक्ता इक्ष्वाकुप्रमुखा नृपाः ॥ ३ ॥ तेषां वंशं पृथग्ब्रह्मन्वंश्यानुचरितानि च ॥ कीर्तयस्व महाभाग नित्यं शुश्रूषतां हि नः ॥ ४ ॥ ये भूता ये भविष्याश्च भवन्त्यद्यतनाश्च ये ॥ तेषां नः पुण्यकीर्तीनां सर्वेषां वद विक्रमान् ॥ ५ ॥ सूत उवाच ॥ एवं परीक्षिता राज्ञा सदसि ब्रह्मवादिनाम् ॥ पृष्टः प्रोवाच भगवाञ्छुकः परमधर्मवित् ॥ ६ ॥ श्रीशुक उवाच ॥ श्रूयतां मानवो वंशः प्राचुर्येण परंतप ॥ न शक्यते विस्तरतो वक्तुं वर्षशतैरपि ॥ ७ ॥ परावरेषां भूतानामात्मा यः पुरुषः परः ॥ स एवासीदिदं विश्वं कल्पान्तेऽन्यन्न किञ्चन ॥ ८ ॥ तस्य नाभेः समभवत्पद्मकोशो हिरण्मयः ॥ तस्मिञ्जज्ञे महाराज स्वयंभूश्चतुराननः ॥ ९ ॥ मरीचिर्मनसस्तस्य जज्ञे तस्यापि कश्यपः ॥ दाक्षायण्यां ततोऽदित्यां विवस्वान्·

जो भविष्यमा हुनेछन् र जो यस समय वर्तमान छन्, ती सबै पवित्रकीर्तिशाली भूपालहरूको वृत्तान्त हजुर मलाई सुनाउनोस् ॥५ । सूतजी भन्दछन्–'हे महामुने ! ती ब्रह्मवादी मुनीश्वरहरूका सभामा राजा परीक्षित्ले यस प्रकार सोधेपछि धर्मात्मा भगवान् शुकदेवजी मुसुक्क हाँसेर भन्नलागे ॥ ६ ॥ श्रीशुकदेव भन्नुहुन्छ–हे परन्तप ! तिमी संक्षिप्तरूपमा मनुवंशको वर्णन सुन । त्यसको विस्तारपूर्वक वर्णन त सयकडौं वर्षमा पनि हुन सक्तैन ॥७॥ परमात्मा संसारका सारा-ठूला सबै प्राणीहरूका आत्मा हुन् । प्रलयकालमा सारा जगत् तद्रूप थियो* त्यस बेला उनी बाहेक अरु केही पनि विद्यमान थिएन ॥८॥ हे राजन् ! कालान्तरमा उनको नाभिबाट सुवर्णको कमलकोश उत्पन्न भयो र त्यसबाट ब्रह्माजी जान्मे ॥९॥ तिनको मरीचि र

---

* दृष्टान्त (प्रभु कस्ता छन् !)—यौटा मानिस नास्तिक थियो । त्यसको ईश्वरप्रति अलिकति पनि निष्ठा थिएन । ईश्वरका आस्तित्वका उक्तिहरू त्यसको हृदयमा गड्दैनथ्यो । एक दिन त्यो कतै बाहिर गइरहेको थियो । बाटोमा सीधा-सादा र स्वच्छ हृदयको ग्रामीण भेटियो । नास्तिकले सोध्यो— हे भाई ! कता जान लागेका ?' ग्रामीणले उत्तर दियो—'मन्दिरमा ।' नास्तिकले सोध्यो—'त्यहाँ गएर के गर्दछौ ?' उसले उत्तर दियो—'ईश्वरको प्रार्थना गर्दछु ।' नास्तिकले सोध्यो– असल हो तर तिम्रो ईश्वर सानो छ कि ठूलो छ, यो कुरा भन त ?' ग्रामीणले उत्तर दियो—'महाशय ! त्यो दुवै छ । सानो पनि, ठूलो पनि ।' नास्तिकले भन्यो—'यस्तो कसरी हुन सक्तछ ? सानो–ठूलो दुवै कसरी होला ?' ग्रामीणले भन्यो—'प्रभु यति ठूलो छ कि स्वर्गभन्दा पनि बढोस र सबै ब्रह्माण्ड त्यसैमा अटाइजाओस् । सानो पनि त्यो यत्ति सानो छ कि मेरो र तिम्रो सानो हृदयमा पनि त्यो बसेको छ ।' ग्रामीणको त्यस्तो उतर सुनेर नास्तिक चूपलाग्यो । त्यसै दिनदेखि उसले ईश्वरको अस्तित्व स्वीकार गरेर प्रबल आस्तिक बन्न गयो ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरीचिका छोरा कश्यप भए। कश्यपकी पत्नी दक्षकुमारी अदितिको गर्भबाट विवस्वान् नामको छोरो उत्पन्न भयो ॥१०॥ हे भारत ! विवस्वान्की पत्नी संज्ञाको गर्भबाट श्राद्धदेव मनु भय। ती महामनस्वी महाराज श्राद्धदेवले आफ्नो पत्नी श्रद्धाबाट इक्ष्वाकु, नृग, शर्याति, दिष्ट, धृष्ट, करुण, नरिष्यन्त, नभग तथा कवि यी दश छोराहरू उत्पन्न गरे ॥११॥ ॥१२॥ जब कि वैवस्वत मनु निःसन्तान थिय, अनि वसिष्ठजीले छोरो हुनको निम्ति उनीद्वारा मित्रा-वरुण यज्ञ गराए ॥१३॥ अनि केवल दूध मात्र आहार गरेर रहने भएकी मनुकी पत्नी श्रद्धा होताको नगीचै गई प्रणाम गरेर यौटी कन्या मागिन् ॥ १४ ॥ त्यसपछि अध्वर्युको प्रेरणाले ब्राह्मण होताले मनु-पत्नीको कथन ध्यानमा राखेर एकाग्र चित्तले वषट्कारको उच्चारण गरेर हवि छाडे ॥१५॥ ती होताको यो विपरीत कर्मले त्यो सन्तान इला नामकी कन्या भई जन्मिइन्। तिनलाई देखेर मनुले चित्तमा केही विशेष प्रसन्न नभई आफ्ना गुरु वसिष्ठसित भने–॥१६॥ ‘हे भगवन् ! हजुर जस्तो वेदवादीको कर्म यस प्रकार विकार विपरीत किन भयो ? अहो ! यो साह्रै दुःखको कुरा हो ! कुनै पनि वैदिक

भवत्सुतः ॥ १० ॥ ततो मनुः श्राद्धदेवः संज्ञायामास भारत ॥ श्रद्धायां जनयामास दश पुत्रान्स आत्मवान् ॥ ११ ॥ इक्ष्वाकुनृगशर्यातीन्दिष्टधृष्टकरूषकान् ॥ नरिष्यन्तं पृषध्रं च नभगं च कविं विभुः ॥१२॥ अप्रजस्य मनोः पूर्वं वसिष्ठो भगवान्किल ॥ मित्रावरुणयोरिष्टिं प्रजार्थमकरोत्प्रभुः ॥१३॥ तत्र श्रद्धा मनोः पत्नीं होतारं समयाचत ॥ दुहित्रर्थमुपागत्य प्रणिपत्य पयोव्रता ॥ १४ ॥ प्रेरितोऽध्वर्युणा होता ध्यायंस्तत्सुसमाहितः ॥ हविषि व्यचरत्तेन वषट्कारं गृणन्द्विजः ॥१५॥ होतुस्तद्व्यभिचारेण कन्येला नाम साऽभवत् ॥ तां विलोक्य मनुःप्राह नातिहृष्टमना गुरुम् ॥१६॥ भगवन्किमिदं जातं कर्म वो ब्रह्मवादिनाम् ॥ विपर्ययमहो कष्टं मैवं स्याद्ब्रह्मविक्रिया ॥१७॥ यूयं मंत्रविदो युक्तास्तपसा दग्धकिल्बिषाः॥कुतः सङ्कल्पवैषम्यमनृतं विबुधेष्विव ॥१८॥ तन्निशम्य वचस्तस्य भगवान् प्रपितामहः होतुर्व्यतिक्रमं ज्ञात्वा बभाषे रविनंदनम् ॥१९॥ एतत्संकल्पवैषम्यं होतुस्ते व्यभिचारतः ॥ तथापि साधयिष्ये ते सुप्रजास्त्वं स्वतेजसा ॥ २० ॥ एवं व्यवसितो राजन्भगवान्स महायशः ॥ अस्तौषीदादिपुरुषमिलायाः पुंस्त्वकाम्या ॥२१॥ तस्मै कामवरं तुष्टो भगवान्हरिरीश्वरः ॥ ददाविलाऽभवत्तेन सुद्युम्नः पुरुषर्षभः ॥२२॥ स एकदा महाराज विचरन् मृगयां वने ॥ वृतः कतिपयामात्यैरश्वमारुह्य सैंधवम् ॥२३॥ प्रगृह्य रुचिरं चापं शरांश्च परमाद्भुतान् ॥ दंशितोऽनुमृगं वीरो जगाम दिशमुत्तराम् ॥२४॥ सकुमारो

कामको फल यस्तो विपरीत त नहुनु पर्ने हो ॥१७॥ हजुरहरू मन्त्र-शास्त्रवेत्ता र जितेन्द्रिय हुनुहुन्छ। हजुर आफ्नो तपको प्रभावले आफ्ना सबै पाप भस्म पारिसक्नु भएको छ। अनि देवताहरूमा असत्य प्राप्ति जस्तै हजुरको सङ्कल्पको यो विपरीत फल किन भयो ?’ ॥१८॥ तिनका यस्ता कुरा सुनेर हाम्रा प्रपितामह भगवान् वसिष्ठले होताको व्यतिक्रम थाहा पाए र ती सूर्यपुत्र मनुसित भन्नलागे—॥१९॥ ‘हे राजन् ! होताको विपरीत आचरणले नै सङ्कल्पको विपरीत फल भएको हो तथापि आफ्नो तेजोबलले म एक श्रेष्ठ पुत्र बनाउँला ॥ २० ॥ हे राजन् ! यस्तो निश्चय गरेर महायशस्वी भगवान् वसिष्ठले इलालाई पुरुषत्व प्राप्त गराउनको लागि आदि आदिपुरुष श्री नारायणको स्तुति गरे ॥ २१ ॥ अनि भगवान् श्रीहरिले प्रसन्न भएर उनलाई अभिलषित वर दिए। यसले इला पुरुषश्रेष्ठ सुद्युम्नको रूपमा परिणत भइन् ॥ २२ ॥ हे महाराज ! एक समय–राजा सुद्युम्न कवच लगाई तथा हातमा राम्रो धनुष

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं अति अद्भुत त्राण लिएर यौटा सिन्धुदेशीय घोड़ामा चढी आफ्ना केही मन्त्रीगण साथमा लिई शिकार खेल्नको निम्ति वनमा गए । त्यहाँ ती वीर यौटा मृगलाई लखेट्दै उत्तर दिशातिर हानिए ॥२३॥२४॥ जाँदा-जाँदा ती सुमेरुपर्वतको फेदीको यौटा वनमा पसे, जहाँ पार्वतीजीसित भगवान् शङ्कर विहार गर्दै थिए ॥२५॥ हे राजन् ! त्यस वनमा पस्नासाथ शत्रुदमन सुद्युम्नले आफूलाई स्त्री तथा घोडालाई घोडीको रूपमा परिवर्तित देखे ॥ २६ ॥ त्यसैगरी उनका सबै साथीहरूले पनि आफ्आफ्ना स्वरूप स्त्री रूपमा पाए । यसले ती यौटा अर्कोतिर हेर्दै सार्है खिन्न भए ॥२७॥ राजा परीक्षित्‌ले सोधे—हे भगवन् ! त्यस प्रदेशमा त्यस्तो गुण किन थियो र त्यो गुण कसले उत्पन्न गरेको थियो ? कृपा गरेर हजुर मेरो यस प्रश्नको उत्तर दिनुहवस् । मलाई यो जान्ने निकै उत्कण्ठा छ ॥२८॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! कुनै वेला आफ्नो तेजले दशै दिशाको अन्धकार नाश गरिदिने केही व्रतशील ऋषिगण श्रीशङ्करजीको दर्शन गर्नका निम्ति त्यस वनमा ॥२९॥ तिनलाई देखेर वस्त्रहीना अम्बिकादेवीलाई सार्है लाज लाग्यो र तुरुन्त पतिदेवको काखबाट वर्लेर छिटो-छिटो वस्त्र

वनं मेरोरधस्तात्प्रविवेश ह ॥ यत्रास्ते भगवाञ्छर्वो रममाणः सहोमया ॥ २५ ॥ तस्मिन्प्रविष्ट एवासौ सुद्युम्नः परवीरहा ॥ अपश्यत्स्त्रियमात्मानमश्वं च वडवां नृप ॥ २६ ॥ तथा तदनुगाः सर्वे आत्मलिङ्गविपर्ययम् ॥ दृष्ट्वा विमनसोऽभूवन्वीक्षमाणाः परस्परम् ॥ २७ ॥ राजोवाच ॥ कथमेवंगुणो देशः केन वा भगवन्कृतः ॥ प्रश्नमेनं समाचक्ष्व परं कौतूहलं हि नः ॥ २८ ॥ श्रीशुक उवाच ॥ एकदा गिरिशं द्रष्टुमृषयस्तत्र सुव्रताः ॥ दिशो वितिमिराभासाः कुर्वन्तः समुपागमन् ॥ २९ ॥ तान्विलोक्याम्बिका देवी विवासा व्रीडिता भृशम् ॥ भर्तुरङ्कात्समुत्थाय नीवीमाश्वथ पर्यधात् ॥ ३० ॥ ऋषयोऽपि तयोर्वीक्ष्य प्रसङ्गं रममाणयोः ॥ निवृत्ताः प्रययुस्तस्मान्नरनारायणाश्रमम् ॥ ३१ ॥ तदेदं भगवानाह प्रियायाः प्रियकाम्यया ॥ स्थानं यः प्रविशेदेतत्स वै योषिद्भवेदिति ॥ ३२ ॥ तत ऊर्ध्वं वनं तद्वै पुरुषा वर्जयन्ति हि ॥ सा चानुचरसंयुक्ता विचचार वनाद्वनम् ॥ ३३ ॥ अथ तामाश्रमाभ्याशे चरन्तीं प्रमदोत्तमाम् ॥ स्त्रीभिः परिवृतां वीक्ष्य चकमे भगवान्बुधः ॥ ३४ ॥ साऽपि तं चकमे सुभ्रूः सोमराजसुतं पतिम् ॥ स तस्यां जनयामास पुरूरवसमात्मजम् ॥ ३५ ॥ एवं स्त्रीत्वमनुप्राप्तः सुद्युम्नो मानवो नृपः ॥ सस्मार स्वकुलाचार्यं वसिष्ठमिति शुश्रुम ॥ ३६ ॥ स तस्य तां दशां दृष्ट्वा कृपया भृशपीडितः ॥ सुद्युम्नस्याशयन्पुंस्त्वमुपाधावत शङ्करम् ॥३७॥ तुष्टस्तस्मै स भगवानृषये प्रियमावहन् ॥ स्वां च वाच·

लगाइन् ॥३०॥ ती सबै ऋषि पनि शिव-पार्वतीलाई रमण गर्नलागेका देखेर त्यहाँबाट फर्केर नर-नारायणको आश्रममा जाँदा भए ॥ ३१ ॥ अनि शङ्कर भगवान्‌ले आफ्नी प्रियतमाको चित्त प्रसन्न गर्ने इच्छाले भने–'आजदेखि जो पुरुष यस बनमा प्रवेश गर्ला, त्यो स्त्री हुनेछ' ॥३२॥ हे राजन् ! त्यसै दिनदेखि सबै पुरुषले त्यस वनलाई छाडिदिएका थिए । अब त्यो स्त्री (सुद्युम्न) अनुचर संगै वन-वनमा डुल्न लागिन् ॥३३॥ ती अति सुन्दरीलाई अन्य स्त्रीहरूका संगै आफ्नो आश्रम नगीचै नै डुलिरहेकी देखेर भगवान् बुध तिनीमाथि मोहित भए ॥३४॥ तब ती सुभ्रू नारीले पनि ती चन्द्रतनयलाई आफ्नो पति तुल्याइन् । केही समयपछि, बुधले उनीबाट पुरुरवा नामका एक पुत्र उत्पन्न गरे ॥३५॥ मैले सुनेको छु–यस प्रकार स्त्रीत्वमा प्राप्त मनुपुत्र राजा सुद्युम्नले आफ्ना कुलगुरु वसिष्ठको स्मरण गरे ॥ ३६ ॥ तत्काल त्यहाँ पुगेर तथा सुद्युम्नको दशा देखेर दयालु वसिष्ठजी सार्है दुःखी भई

Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसलाई फेरि पुरुषत्व प्राप्त गराउनका लागि भगवान् *शङ्करको उपासना गर्नलागे ॥३७॥ हे राजन् ! वसिष्ठको उपासनाले प्रसन्न भएर श्रीशिवजीले तिनको उपकार गर्न र आफ्नो वचन सत्य पार्नको निम्ति भने–'यो सुद्युम्न एक महीना स्त्री र एक महीनासम्म तिम्रो गोत्रज पुरुष रहने छ। यस प्रकार आफ्नो व्यवस्थाको अनुसार यो भूमण्डलको यथेच्छ पालन गरोस्।' गुरु वसिष्ठजीको कृपाले यस प्रकारको व्यवस्थाले पुरुषत्व प्राप्त गरेर ती पृथ्वीमा शासन गर्नलागे। तर तिनले यसरी स्त्री-पुरुष भइरहनु प्रजालाई मनपर्दैनथ्यो ॥३८-४०॥ हे राजन् ! सुद्युम्नका उत्कल, गय तथा विमल नामका तीन छोरा भए, जुन ठूला धर्मात्मा र दक्षिणापथका राजा थिए ॥४१॥ कालान्तरमा वृद्धावस्था प्राप्त

मृतां कुर्वन्निदमाह विशांपते ॥ ३८ ॥ मासं पुमान्स भविता मासं स्त्री तव गोत्रजः ॥ इत्थं व्यवस्थया कामं सुद्युम्नोऽवतु मेदिनीम् ॥३९॥ आचार्यानुग्रहात्कामं लब्ध्वा पुंस्त्वं व्यवस्थया ॥ पालयामास जगतीं नाभ्यनन्दन्स्म तं प्रजाः ॥ ४० ॥ तस्योत्कलो गयो राजन्विमलश्च सुतास्त्रयः ॥ दक्षिणापथराजानो बभूवुर्धर्मवत्सलाः ॥ ४१ ॥ ततः परिणते काले प्रतिष्ठानपतिः प्रभुः ॥ पुरूरवस उत्सृज्य गां पुत्राय गतो वनम् ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे इलोपाख्याने प्रथमोऽध्यायः ॥ १ ॥

श्रीशुक उवाच ॥ एवं गतेऽथ सुद्युम्ने मनुर्वैवस्वतः सुते ॥ पुत्रकामस्तपस्तेपे यमुनायां शतं समाः ॥१॥ ततोऽयजन्मनुर्देवमपत्यार्थं हरिं प्रभुम् ॥

भएपछि ती प्रतिष्ठानपुरका स्वामी राजा सुद्युम्न आफ्नो छोरो पुरुरवालाई राज्य दिई वन गए ॥४२॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपालीभाषाटीकायां प्रथमोऽध्यायः ॥१॥

(मनुपुत्र पृषध्र, कवि, करुष, नरिष्यन्त र दिष्टका वंशको वर्णन)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! आफ्ना पुत्र सुद्युम्न वनगएपछि महाराज वैवस्वतमनुले पुत्र पाउनेकामनाले यमुनाजीको तटमा सय वर्षसम्म कठोर तपस्या गरे ॥१॥ त्यसपछि मनुले सन्तानको निमित्त यज्ञ द्वारा देवाधिदेव भगवान् श्रीहरिको उपासना गरे। त्यस्तो गरेपछि उनका आफ्नो

---

* दृष्टान्त (उपासक हुनाले किसानले सुनको थाल पायो)—काशी विश्वनाथको मन्दिरमा एक पल्ट शिवरात्रिको दिन यौटा सुनको थाल माथिबाट वर्लियो। त्यसमा लेखिएको थियो–'शङ्कर भगवान्मा जसको अच्चा प्रेम होला, उसैलाई यो थाल मिल्नेछ।' काशीराजले झ्याली पिटाएर धेरै मानिसहरू जम्मा पारे र सच्चा प्रेमालाई सबैको सामुन्ने आउन भने। सर्वप्रथम यौटा शास्त्रीजी सामुन्ने आए ! तिनले भने – 'म नित्य रुद्राभिषेक गर्दछु र शिवजीको दर्शन नगरी केही पनि खान्न। अतः थाल मेरो हातमा दिनुस्। थाल शास्त्रीजीको हातमा पर्नासाथ पीतलको भयो। अतः शास्त्रीजी लज्जित भए। त्यसपछि काशीराज स्वयं अघिसरे र भन्नलागे—'मैले विश्वनाथजीमा सुनको कलश सच्चा प्रेमले चढाएको थिएँ र आज शिवरात्रिको दिन दर्शन गर्न सच्चा प्रेमले आएको छु।' राजाको हातमा पर्नासाथ थाल ललामको भयो। यसले ती पनि लज्जित भए। त्यसपछि यौटा ठूला सेठ आए र भने– विश्वनाथको जलधारी मैले नै बनाउन लगाएको हुँ। भूमिमा रुपियाँ मैले नै जडाएको हुँ र हजारौं कोश परबाट प्रेमवश म यहाँ आएको छु, यसनिम्ति थालको वास्तविक अधिकारी मनै हुँ।' उसलाई दिंदा पनि थालको पहिले झैं गति भयो। त्यसै बेला एक किसान–जो धेरै दिनदेखि श्रीविश्वनाथको दर्शनेच्छु थियो, तर पैसा नहुनाले र प्रायः खेतीको कामना लागिरहनाले काशी आउन पाएको थिएन। तर आज त्यो निकै कष्टले केही पैसा शिवजीमा चढाउन र खानका लागि सातु पोको पारेर काशी आइरहेको थियो। बाटोमा एक स्थानमा भोक-प्यासले व्याकुल यौटा मनुष्य पडिरहेको थियो। त्यतातिर कसैको पनि दृष्टि गएन, किनकि धेरै जनालाई त सुनको थाल लिनु थियो। अनि त्यो दरिद्रनारायणलाई को सोध्ने ? त्यस किसानले त्यो गरीबलाई सातु खान दियो र पानी पिलायो, अनि नगीचैको धर्मशालामा पुऱ्याइदियो। त्यसपछि किसान काशी विश्वनाथको मन्दिरमा गयो। विश्वनाथको पूजा गरेर जब त्यो बाहिर निस्कन लाग्यो, तब कसैले ठट्टा गरेर हाँस्तै भन्यो—'महादेवजीको यो सच्चा भक्त आयो ? यसनिम्ति थाल यसैलाई दिइदेओ।' त्यसले त्यति भन्नासाथ थाल पुजारीको हातबाट चिप्लिएर त्यस किसानको हातमा पुगेर सुवर्णकै रूपमा टल्कन लाग्यो। शास्त्री, राजा र पुजारीहरूको आश्चर्यको टेगान रहेन र सबै जना किसानलाई धन्यवाद दिन लागे।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदृश वीर इक्ष्वाकु आदि दस पुत्र उत्पन्न भए ॥२॥ गुरु वसिष्ठले मनुका छोरा पृषध्रलाई गाईहरूको रक्षामा नियुक्त गरिदिएका थिए । यसै निम्ति रात्रिको वेला त्यो सावधानपूर्वक योगासनमा बसेर गाईहरूको रक्षा गर्ने गर्दथ्यो ॥३॥ एक दिन जब कि रातमा पानी पर्दै थियो, ती गाईहरूको वथानमा यौटा व्याघ्र आएर पस्यो व्याघ्रसित भयभीत भएर सुतेका गाईहरू धर्मराउँदै उठे र गोठमा यता-उता दगुर्न लागे ॥४॥ अवसर पाएर त्यस बलवान् व्याघ्रले यौटी गाई समात्यो । त्यो विपत्तिमा गाई अत्यन्त भयभीत भएर कराउन लागी । त्यसले कराएको सुनेर पृषध्र गाईको नगीचै पुग्यो ।.५॥ र तुरुन्त तलवार झिकेर तारासम्म नदेखिने अन्धकारपूर्ण रातमा उसले थाहै नपाइकन व्याघ्र ठानेर तुरुन्त त्यस कपिला गाई-को सिर काटिदियो ॥६॥ त्यही तरवारको टुप्पाले कान फाटिएको हुनाले व्याघ्र पनि सान्है भयभीत भएर बाटोभरि रगत चुहाउँदै भागेर गयो ॥ ७ ॥ अतएव शत्रुसूदन पृषध्रले ठान्यो–व्याघ्र मर्‍यो । रात वितेपछि आफ्नै हातले मारिएकी गाईलाई देखेर पृषध्र सान्है दुःखी भयो ॥ ८ ॥ त्यसपछि यसरी अनिच्छापूर्वक अपराध गर्ने पृषध्रलाई कुलगुरु

इक्ष्वाकुपूर्वजान्पुत्राँल्लेभे स्वसदृशान्दश ॥ २ ॥ पृषध्रस्तु मनोः पुत्रो गोपालो गुरुणाकृतः ॥ पालयामास गां यत्तो रात्र्यां वीरासनव्रतः ॥३॥ एकदा प्राविशद्गोष्ठे शार्दूलो निशि वर्षति ॥ शयाना गाव उत्थाय भीतास्ता बभ्रमुर्व्रजे ॥४॥ एकां जग्राह बलवान्सा चुक्रोश भयातुरा ॥ तस्यास्तत्क्रन्दितं श्रुत्वा पृषध्रोऽभिससार ह ॥५॥ खड्गमादाय तरसा प्रलीनोडुगणैर्निशि ॥ अजानन्नहनद्बभ्रोः शिर शार्दूशङ्कया ॥६॥ व्याघ्रोऽपि वृक्णश्रवणो निस्त्रिं-शाग्राहतस्ततः ॥ निश्चक्राम भृशं भीतो रक्तं पथि समुत्सृजन् ॥ ६ ॥ मन्यमानो हतं व्याघ्रं पृषध्रः परवीरहा ॥ अद्राक्षीत्स्वहतां बभ्रुंव्युष्टायां निशि दुःखितः ॥८॥ तं शशाप कुलाचार्यःकृतागसमकामतः ॥ न क्षत्रबन्धुः शूद्रस्त्वं कर्मणा भविताऽमुना ॥९॥ एवं शप्तस्तु गुरुणा प्रत्यगृह्णात्कृताञ्जलिः॥ अधारयद्व्रतं वीरं ऊर्ध्वरेता मुनिप्रियम् ॥१०॥ वासुदेवे भगवति सर्वात्मनि परेऽमले ॥ एकान्तित्वं गतो भक्त्या सर्वभूतसुहृत्समः ॥११॥ विमुक्तसङ्गः शान्तात्मा संयताक्षोऽपरिग्रहः ॥ यदृच्छयोपपन्नेन कल्पयन्वृत्तिमात्मनः ॥ १२ ॥ आत्मन्यात्मानमाधाय ज्ञानतृप्तः समाहितः ॥ विचचार महीमेतां जडान्धबधिराकृतिः ॥ १३ ॥ एवंवृत्तो वनं गत्वा दृष्ट्वा दावाग्निमुत्थितम् ॥ तेनोपयुक्तकरणो ब्रह्म प्राप परं मुनिः ॥ १४ ॥ कविः कनीयान्विषयेषु निःस्पृहो विसृज्य राज्यं सह बन्धुभिर्वनम् ॥ निवेश्य चित्ते पुरुषं स्वरोचिषं विवेश कैशोरवयाः परं गतः ॥ १५ ॥ करूषान्मानवादासन्कारूषाः

वसिष्ठजीले श्राप दिंदै भने—'ए ! यस दुष्कर्मले त तँ अधम श्रेणीको पनि क्षत्रिय रहिनस्, बरू तँ शूद्र भइस् जा' ॥ ९ ॥ यस प्रकार गुरुले श्राप दिएपछि वीरवर पृषध्रले हात जोरेर श्राप अङ्गीकार गरी मुनिहरूलाई मनपर्ने ब्रह्मचर्य-व्रत ग्रहण गर्‍यो ॥ १० ॥ त्यस स्थितिमा त्यो सबै प्राणीहरूको सुहृद र समदर्शी भएर ठूलो भक्तिभावले परमविशुद्ध सर्वात्मा भगवान् वासुदेवको अनन्य भावमा प्राप्त भयो ॥११॥ उसले सबै सङ्ग त्यागिदियो र शान्तचित्त, जितेन्द्रिय र परिग्रह-विहीन भई दैववश प्राप्त आहारले नै निर्वाह गर्दो छँदो आफ्नो चित्त परमात्मामा लगाए ज्ञानामृतले तृप्त तथा समाहित चित्त भएर जड, अन्धो एवं बहिरो जस्तै भूमण्डलमा विचरण गर्न लाग्यो ॥ १२-१३ ॥ यस्तो वृत्ति धारण गरेर त्यो वनमा गयो र त्यहाँ दावानल लागेको देखेर, उसैमा सबै इन्द्रियहरूका साथै आफ्नो शरीर पनि भस्म पारेर त्यस मुनिले परब्रह्मरूप प्राप्त गर्‍यो ॥ १४ ॥ त्यसपछि मनुको सबभन्दा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कान्छो छोरो कवि पनि सबै विषयबाट उदासीन भई तथा आफ्ना बन्धुजन सहित राज्य त्यागेर वनमा हिंडिदियो र आफ्नो हृदयमा स्वयं प्रकाशशील पुरुषोत्तम भगवानलाई विराजमान पारी किशोरावस्थामानै परमपदमा प्राप्त भएर लीन हुनगयो ॥ १५ ॥ करुषबाट कारुष नामका क्षत्रिय भए, जुन उत्तरायण क्षेत्रका रक्षक, ब्राह्मण-भक्त ओघवान् भयो र ती धार्ष्ट नामका क्षत्रिए भए, जो आफ्ना सुकर्मले ब्राह्मण भएका थिए। नृगको छोरो सुमति, सुमतिको भूतज्योति, भूतज्योतिको वसु वसुको प्रतीक र प्रतीकको छोरो ओघवान भयो र त्यो ओघवान नामकै पुत्रको पिता बन्यो। त्यस ओघवानकी ओघवती कन्या थिई जसको विवाह सुदर्शनसित भयो ॥१७-१८॥ त्यसै गरी नरिष्यन्तको छोरो चित्रसेन, त्यसको ऋक्ष, ऋक्षको मीढ्वान्, उसको कूर्च, कूर्चको छोरो इन्द्रसेन भयो ॥१९॥ इन्द्रसेनका वीतिहोत्र, वीतिहोत्रका सत्यश्रवा, सत्यश्रवाका, उरुश्रवा, उरुश्रवाको देवदत्त नामक छोरो भयो ॥२०॥ त्यस देवदत्तको घरमा अग्निवेश्य नामले प्रसिद्ध स्वयं अग्नि भगवान पुत्ररूपले जन्मे। पछि गएर ती कानीन र महर्षि जातूकर्ण्य यस नामले प्रसिद्ध भए ॥२१॥ हे

क्षत्रजातयः ॥ उत्तरापथगोप्तारो ब्रह्मण्या धर्मवत्सलाः ॥ १६ ॥ धृष्टाद्धार्ष्टमभूत्क्षत्रं ब्रह्मभूयं गतं क्षितौ ॥ नृगस्य वंशः सुमतिर्भूतज्योतिस्ततो वसुः ॥ १७ ॥ वसोः प्रतीकस्तत्पुत्र ओघवानोघवत्पिता ॥ कन्या चौघवती नाम सुदर्शन उवाह ताम् ॥ १८ ॥ चित्रसेनो नरिष्यन्तादृक्षस्तस्य सुतोऽभवत् ॥ तस्य मीढ्वांस्ततः कूर्च इन्द्रसेनस्तु तत्सुतः ॥१९॥ वीतिहोत्रस्त्विन्द्रसेनात्तस्य सत्यश्रवा अभूत् ॥ अरुश्रवाः सुतस्तस्य देवदत्तस्ततोऽभवत् ॥२०॥ ततोऽग्निवेश्यो भगवानग्निः स्वयमभूत्सुतः ॥ कानीन इति विख्यातो जातूकर्ण्यो महानृषिः ॥ २१ ॥ ततो ब्रह्मकुलं जातमाग्निवेश्यायनं नृप ॥ नरिष्यन्तान्वयः प्रोक्तो दिष्टवंशमतः शृणु ॥ २२ ॥ नाभागो दिष्टपुत्रोऽन्यः कर्मणा वैश्यतां गतः ॥ भलन्दनः सुतस्तस्य वत्सप्रीतिर्भलन्दनात् ॥२३॥ वत्सप्रीतेः सुतः प्रांशुस्तत्सुतं प्रमतिं विदुः ॥ खनित्रः प्रमतेस्तस्माच्चाक्षुषोऽथ विविंशतिः ॥ २४ ॥ बिविंशतिसुतो रम्भः खनिनेत्रोऽस्य धार्मिकः ॥ करन्धमो महाराजस्तस्यासीदात्मजो नृप ॥२५॥ तस्यावीक्षित्सुतो यस्य मरुत्तश्चक्रवर्त्यभूत् ॥ संवर्तोऽयाजयद्यं वै महायोग्यङ्गिरःसुतः ॥ २६ ॥ मरुत्तस्य यथा यज्ञो न तथाऽन्यस्य कश्चन ॥ सर्वं हिरण्मयं त्वासीद्यत्किञ्चिच्चास्य शोभनम् ॥ २७ ॥ अमाद्यदिन्द्रः सोमेन दक्षिणाभिर्द्विजातयः ॥ मरुतः परिवेष्टारो विश्वेदेवाः सभासदः ॥२८॥ मरुत्तस्य दमः पुत्रस्तस्यासीद्राज्यवर्धनः ॥ सुधृतिस्तत्सुतो जज्ञे सौधृतेयो नरः सुतः

राजन् ! उनैबाट अग्नि वेश्यायन गोत्रका ब्राह्मणवंशको विस्तार भयो। यसरी मैले नरिष्यन्तका संतानको वर्णन गरिदिएँ। अब दिष्टको वंश-विस्तार सुन–॥२२॥ दिष्टको छोरो नाभाग भयो। यो अगाडि कहिने नाभागभन्दा दोस्रो नाभाग हो। यो आफ्नो कर्मले वैश्य भएको थियो। यसको पुत्र भलन्दन र उसको पुत्र वत्सप्रीतिभयो ॥२३॥ जन्मप्रीतिको छोरो पांशु र उसको पुत्र प्रमति भयो ! प्रमतिबाट खनित्र, खनित्रबाट चाक्षुषको विविंशति नामक पुत्र भयो ॥ २४ ॥ हे राजन् ! विविंशतिको पुत्र रम्भ, रम्भको धर्मात्मा खनिनेत्र र खनिनेत्रको करन्धमा भए ॥२५॥ राजा करन्धमका अविक्षित र उनका चक्रवर्ती महाराज मरुत भए, जसको द्वारा अङ्गिरा ऋषिका सुपुत्र संवर्तले यज्ञ गराएका थिए ॥२६॥ मरुतको जस्तो यज्ञ भएको थियो, त्यस्तो कसैको भएन। उनको यज्ञमा जति पात्रादि थिए, सबै सुनका बनेका थिए ॥२७॥ त्यस यज्ञमा इन्द्र सोमरस पिएर मस्त भएका थिए र ब्राह्मण दक्षिणाहरूले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ण सन्तुष्ट भएथे। दिनमा पस्कने व्यक्ति मरुद्गण र सभासद् विश्वेदेवगण थिए ॥ २८ ॥ मरुतका दम, दमका राज्यवर्धन उनका सुधृति र सुधृतिका नर नामका पुत्र जन्मे ॥ २८ ॥ नरको छोरो केवल,केवलको बन्धुमान्, बन्धुमान्को वेगवान् वेगवान्को छोरो बन्धु र बन्धुको पृथ्वीपति तृणबिन्दु भयो ।।३०।। सबै सेवनीय गुणहरूका आश्रयस्वरूप थिए। अलम्बुषा नामकी एक श्रेष्ठ अप्सराले तृणबिन्दुलाई पति रोजी, जसबाट अनेक पुत्र र इडविडा नामकी यौटी कन्या जन्मी ॥ ३१ ॥ मुनिवर विश्रवाले आफ्ना पिता पुलस्त्यसित उत्तम विद्या प्राप्त गरेर इडविडाबाट कुबेर नामको पुत्र उत्पन्न गरे ।।३२।। महाराज तृणबिन्दुका विशाल, शून्यबन्धु र धूम्रकेतु पुत्र थिए। तिनमा वंशवर्धक राजा विशालले वैशाली नामको नगर बसाले ।।३३।। ती विशालको पुत्र हेमचन्द्रका हेमचन्द्र धूम्राक्ष, धूम्राक्षको छोरो संयम र संयमको कुशाश्व र सहदेवज नामका दुइ पुत्र भए ।।३४।। उनमा कुशाश्वको सोमदत्त नामक छोरो उत्पन्न भयो। जसले कैयौं अश्वमेध यज्ञद्वारा परमपुरुष भगवान यज्ञेश्वरको आराधना गरेर योगेश्वरहरूको आश्रय लिएर उत्तम गति पाए ।।३५।। उनै सोमदत्तका छोरा सुमति र

।।२६।। तत्सुतः केवलस्तस्माद्बन्धुमान्वेगवांस्ततः ॥ बन्धुस्तस्याभवद्यस्य तृणबिन्दुर्महीपतिः ॥ ३० ॥ तं भेजेऽलम्बुषा देवी भजनीयगुणालयम् ॥ वराप्सरा यतः पुत्राः कन्या चेडविडाऽभवत् ।।३१।। तस्यामुत्पादयामास विश्रवा धनदं सुतम् ॥ प्रादाय विद्यां परमामृषिर्योगेश्वरात्पितुः ।।३२।। विशालः शून्यबन्धुश्च धूम्रकेतुश्च तत्सुताः ॥ विशालो वंशकृद्राजा वैशालीं निर्ममे पुरीम् ।।३३।। हेमचन्द्रः सुतस्तस्य धूम्राक्षस्तस्य चात्मजः ॥ तत्पुत्रात्संयमा-दासीत्कृशाश्वः सहदेवजः ।।३४।। कृशाश्वात्सोमदत्तोऽभूद्योऽश्वमेधैरिडस्पतिम् ॥ इष्ट्वा पुरुषमापाग्र्यां गतिं योगेश्वराश्रितः ।।३५।। सौमदत्तिस्तु सुमति-स्तत्सुतो जनमेजयः ॥ एते वैशालभूपालास्तृणबिन्दोर्यशोधराः ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे द्वितीयोऽध्यायः ।।२।।

शुक उवाच ॥ शर्यातिर्मानवो राजा ब्रह्मिष्ठः स बभूव ह ॥ यो वा अङ्गिरसां सत्रे द्वितीयमह ऊचिवान् ॥ १ ॥ सुकन्या नाम तस्या-सीत्कन्या कमललोचना ॥ तया सार्धं वनगतो ह्यगमच्च्यवनाश्रमम् ॥ २ ॥ सा सखीभिः परिवृता विचिन्वन्त्यंघ्रिपान्वने ॥ बल्मीकरन्ध्रे ददृशे खद्योते इव ज्योतिषी ॥ ३ ॥ ते दैवनोदिता बाला ज्योतिषी कण्टकेन वै ॥ अविध्यन्मुग्धभावेन सुस्रावासृक् ततो बहु ॥ ४ ॥ शकृन्मूत्रनि-

सुमतिका छोरा जन्मेजय भए। तृणबिन्दुको यश बढाउने यी सबै विशालबंशी राजा थिए ।।३६।। इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः।।२।।

(महर्षि च्यवन र देवी सुकन्याको वृत्तान्त र श्रीबलरामको रेवतीसित विवाह)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन्! यस्तो पनि कहिन्छ कि मनुका छोरा राजा शर्याति वेदहरूका तत्वज्ञाता थिए, किनकि उनले अङ्गिरागोत्र भएका ऋषिहरूको यज्ञमा दोस्रो दिनको कर्महरू उनलाई सिकाएका थिए ॥ १ ॥ तिनकी यौटी कमलनयनी कन्या थिइन्–जसको नाम थियो सुकन्या। एक समय सुकन्या सहित बनमा गएका शर्याति महर्षि च्यवन ऋषिको आश्रममा पुगे ॥ २ ॥ सुकन्या आफ्नी सखीहरूसित त्यस वनको सौन्दर्य हेर्दै डुलिरहेकी थिइन्। त्यसै बखत उनले कुनै यौटा वल्मीक (धमेरो) को सानो प्वालबाट जुनकिरी जस्तै दुइटा ज्योति टल्केको देखिन् ॥ ३ ॥ अनि ती बालाले विधाताको प्रेरणावश मुग्धभावले यौटा काँढा लिएर ती दुवै ज्योतिमा घोचिदिइन्, त्यसबाट निकै नै रगत बग्न लाग्यो ॥ ४ ॥ त्यसै बखत महाराज शर्यातिका सेनाका सैनिहरूको

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल, मूत्र अवरुद्ध भयो । यस्तो व्यतिक्रम देखेर राजर्षि शर्यातिले अतिशय विस्मित भावले आफ्ना सैनिकहरूलाई सोधे—॥५॥ 'तिमीहरूले भृगुवंशी महर्षि च्यवनको कुनै अपकार त गरेनौ ? मलाई त यस्तो लागिरहेको छ–हामीहरूमध्ये कसैले अवश्य तिनको आश्रममा कुनै अनर्थ गरेको छ' ॥ ६ ॥ अनि मनमनै डराउँदै सुकन्या पितासित भन्दछिन्–'हे पिताजी ! मैले केही अपराध अवश्य गरेकी छु, किनकि थाहै नपाई मैले दुइटा ज्योतिमा काँढाले घोचिदिएकी छु' ॥७॥ आफ्नी छोरीका कुरा सुनेर राजा शर्याति आत्तिए र वल्मीकले ढाकिएका च्यवन मुनिकहाँ गएर उनलाई सुझाउन लागे ॥ ८ ॥ केही बेरपछि मुनिको अभिप्राय जानेर राजाले आफ्नी कन्या उनैलाई सुम्पिदिए र त्यस सङ्कटबाट मुक्त भई, आज्ञा लिएर समाहित चित्तले आफ्नो नगरमा फर्किए ॥९॥ यता सुकन्याले ती महाक्रोधी च्यवन मुनिलाई पतिरूपमा पाएर उनको मनोवृत्ति जानी निकै सावधानीपूर्वक सेवा गरेर उनलाई प्रसन्न पारिलिइन् ॥१०॥ एक दिस उनको आश्रममा दुवै अश्विनीकुमार आए । उनको यथोचित सत्कार गरेर च्यवन मुनिले भने–'तिमी दुवै यो काम गर्न समर्थ छौ, अतः मलाई युवावस्था

रोधोऽभूत्सैनिकानां च तत्क्षणात् ॥ राजर्षिस्तमुपालक्ष्य पुरुषान्विस्मितोऽब्रवीत् ॥ ५ ॥ अप्यभद्रं न युस्माभिर्भार्गवस्य विचेष्टितम् ॥ व्यक्तं केनापि नस्तस्य कृतमाश्रमदूषणम् ॥६॥ सुकन्या प्राह पितरं भीता किञ्चित्कृतं मया ॥ द्वे ज्योतिषी अजानन्त्या निर्भिन्ने कण्टकेन च ॥ ७ ॥ दुहितुस्तद्वचः श्रुत्वा शर्यातिर्जातसाध्वसः ॥ मुनिं प्रसादयामास वल्मीकान्तहितं शनैः ॥ ८ ॥ तदभिप्रायमाज्ञाय प्रादाद्दुहितरं मुनेः ॥ कृच्छ्रान्मुक्तस्तमामन्त्र्य पुरं प्रायात्समाहितः ॥ ९ ॥ सुकन्या च्यवनं प्राप्य पतिं परमकोपनम् ॥ प्रीणयामास चित्तज्ञा अप्रमत्ताऽनुवृत्तिभिः । १०॥ कस्यचित्त्वथ कालस्य नासत्यावाश्रमागतौ ॥ तौ पूजयित्वा प्रोवाच वयो मे दत्तमीश्वरौ ॥ ११ ॥ ग्रहं ग्रहीष्ये सोमस्य यज्ञे वामप्यसोमपोः ॥ क्रियतां मे वयो रूपं प्रमदानां यदीप्सितम् ॥ १२ ॥ बाढमित्यूचतुर्विप्रमभिनन्द्य भिषक्तमौ ॥ निमज्जतां भवानस्मिन्ह्रदे सिद्धविनिर्मिते ॥ १३ ॥ इत्युक्त्वा जरया ग्रस्तदेहो धमनिसन्ततः ॥ ह्रदं प्रवेशितोऽश्विभ्यां वलीपलितविप्रियः ॥ १४ ॥ पुरुषास्त्रय उत्तस्थुरपीच्या वनिताप्रियाः ॥ पद्मस्रजः कुण्डलिनस्तुल्यरूपाः सुवाससः ॥ १५ ॥ तान्निरीक्ष्य वरारोहा सरूपान्सूर्यवर्चसः ॥ अजानती पतिं साध्वी अश्विनौ शरणं ययौ ॥ १६ ॥ दर्शयित्वा पति तस्यै पातिव्रत्येन तोषितौ ॥ ऋषिमामन्त्र्य ययतुर्विमानेन त्रिविष्टपम् ॥ १७ ॥ यक्ष्यमाणोऽथ शर्यातिश्च्यवनस्याश्रमं गतः ॥ ददर्श दुहितु पार्श्वे

प्रदान गर ॥११॥ तिमी मेरो रूप र मेरो अवस्था यस्तो तुल्याइदेओ जुन युवती स्त्रीहरूलाई मनपरोस् । त्यसको साटो म तिमीहरूलाई सोमपानको अधिकार नभए पनि यज्ञमा सोमरसको भाग प्रदान गर्हूँला' । १२ ॥ ती वैद्य-श्रेष्ठले च्यवन मुनिको अभिनन्दन गरेर 'हुन्छ' भनी अनि 'सिद्धगणले बनाएको यस कुण्डमा स्नान गर्नुहवस्' यति भनेर जरावस्थाले जीर्ण भइसकेका धमनीहरू (नसाहरू) ले व्याप्त र च्याउरिएको छाला, पाकेका केश आदिले अत्यन्त कुरूप देह हुने ती च्यवन मुनिलाई आफ्नो संगसंगै कुण्डमा प्रविष्ट गराए ॥१३-१४॥ त्यस्तो गर्नाले तत्काल कुण्डबाट अति सुन्दर र कामिनीहरूका प्रिय तीन पुरुष प्रकटभए । ती तीनैजना एकैनासे रूपवान् थिए र पुष्पमाला कुण्डल र राम्रा वस्त्र पहिरेका थिए ॥ १५ ॥ ती सूर्यजस्तै तेजस्वी तथा एकसमान रूपधारी तीनै जना पुरुषहरूलाई देखेर परमसाध्वी सुकन्याले आफ्ना स्वामी चिन्ह सक्किनन् । यसकारण तिनले दुवै अश्विनीकुमारहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'नै शरणा छु' भनिन् ॥१६॥ तिनको पातिव्रतले सन्तुष्ट अश्विनीकुमारले उनलाई च्यवन मुनि चिन्हाइदिए र ती मुनिको आज्ञा लिई विमानमा बसी स्वर्ग जाँदाभए ॥१७॥ त्यस पछि केही समयपछिको कुरा हा–राजा शर्याति यज्ञ गर्न उद्यत भई च्यवन ऋषिको आश्रममा गए । त्यहाँ उनले आफ्नी छोरीको नगीचै (वृद्ध च्यवन मुनिको स्थानमा) सूर्यनारायण समान तेजस्वी यौटा अन्य पुरुषलाई उपस्थित देखे ॥१८॥ राजा शर्यातिले आफूलाई ढोग्न आएकी छोरीसित केही रिसाए झैं गरेर आशीर्वाद पनि नदिई भन्नलागे–॥१९॥ 'ऐ व्यभिचारिणी ! तँ के गर्न खोज्दैछस् ? के यस्तो ठानेर 'यो भिखारी* बूढो हुनाले मेरो कामको छैन' तैंले आफ्ना सर्वलोक-नमस्कृत पति च्यवन मुनिलाई धोखा दिइस् र उनलाई त्यागेर यौटा बाटो हिंड्ने जार पुरुषको चाकरी गरिरहेकी छस् ? ॥२०॥ हे सत्कुल-प्रसूते ! तेरो मनमा यस्तो विपरीत धारणा किन उत्पन्न भयो ? तेरो यो व्यवहारले त कुलमा कलङ्क

पुरुषं सूर्यवर्चसम् ॥ १८ ॥ राजा दुहितरं प्राह कृतपादाभिवन्दनाम् ॥ आशिषश्चाप्रयुञ्जानो नातिप्रीतमना इव ॥ १९ ॥ चिकीर्षितं ते किमिदं पतिस्त्वा प्रलम्भितो लोकनमस्कृतो मुनिः ॥ यत्त्वं जराग्रस्तसमस्तसम्मतं विहाय जारं भजसेऽमुमध्वगम् ॥२०॥ कथं मतिस्ते विगताऽन्यथा सतां कुलप्रसूते कुलदूषणं त्विदम् ॥ बिभर्षि जारं यदपत्रपा कुलं पितुश्च भर्तुश्च नयस्यधस्तमः ॥ २१ ॥ एवं ब्रुवाणं पितरं स्मयमाना शुचिस्मिता ॥ उवाच तात जामाता तवैष भृगुनन्दनः ॥ २२ ॥ शशंस पित्रे तत्सर्वं वयोरूपाभिलम्भनम् ॥ विस्मितः परमप्रीतस्तनयां परिषस्वजे ॥ २३ ॥ सोमेन याजयन्वीरं ग्रहं सोमस्य चाग्रहीत् ॥ असोमपोरप्यश्विनोश्च्यवनः स्वेन तेजसा ॥ २४ ॥ हन्तुं तमाददे वज्रं सद्योमन्युरमर्षितः ॥ सवज्रं स्तम्भयामास भुजमिन्द्रस्य भार्गवः ॥ २५ ॥ अन्वजानंस्ततः सर्वे ग्रहं सोमस्य चाश्विनोः ॥ भिषजाविति यत्पूर्वं सोमाहुत्या बहिष्कृतौ

लगाइदिन्छ, किनकि तैंले लज्जा त्यागेर जार पुरुषलाई आश्रय दिएकी छस् । हे पापिनी ! तँ त आफ्ना पिता र पति दुवैको नै कुललाई नरकमा लैजाने योजना बनाउँदै छस्' ॥२१॥ आफ्ना पिताले त्यस्तो भनेपछि मंजुहासिनी सुकन्याले हाँस्तै भनिन्–'हे पिता ! यी हजुरका ज्वाई भृगुनन्दन च्यवन मुनि नै हुन् ॥२२॥ अनि उनले जसरी उनलाई रूप र यौवन प्राप्त भएको थियो, त्यो सबै वृत्तान्त आफ्ना पितालाई सुनाइन् । त्यसपछि राजा शर्यातिले सान्है छक्क परेर आफ्नी छोरीलाई ठूलो प्रेमले अंकमाल गरे ॥२३॥ अनि महर्षि च्यवनले शर्यातिसित सोमयज्ञको अनुष्ठान गराई आफ्नो कर्तव्य निष्ठा तथा तपोबलले ती सोमपानका अनधिकारी अश्विनीकुमारलाई सोमरसको भाग प्रदान गरे ॥ २४ ॥ अनि शीघ्र नै क्रोधित हुने देवराजले रिसाई महाराज शर्यातिलाई मार्नको निम्ति आफ्नो वज्र ताके, तर भृगुश्रेष्ठ च्यवनले वज्रसमेत उनको हात बीचमै स्तम्भित अर्थात् अड्याइदिए ॥ २५ ॥

* दृष्टान्त–बम्बईमा जब भिक्षुक सप्ताह मनाइएको थियो, त्यसै बेलाको कुरा–'बाबूजी ! एक पैसा, हिजो बिहानैदेखि केही खाएको छैन…।' मैले फर्केर हेरें । यौटा केटो रेलको बट्टामा मेरो पछाडि उभिएको सन्नै-सित पैसा मागिरहेको थियो । मनेर एक जना परिचित सज्जन बसेका थिए । उनले त्यो केटोसित सोधे—'टाठो-बाठो, भएर भीख माग्छस् ? तँ नोकरी गर्छस् भने म तँलाई नोकरी दिलाउन सक्तछु ।' केटोले हाँसेर भन्यो–'नोकरी ! तर कति रुपियाँ तलब दिलाउनु हुन्छ, महाशय ?' 'पैंतालीस रुपियाँ महीना । बिहान नौ बजेदेखि साँझ सात बजेसम्म काम गर्नुपर्दछ !' केटोले मुसुक्क हाँसेर भन्यो–'महाशय ! अहिले त मलाई थोरै पनि दिनको पाँच रुपिया मिल्दैछ । म के गर्छु तपाईको नोकरी लिएर ?' परिचित सज्जन छक्क परे र सोधे–'पाँच रुपियाँ दिनको कमाउँछौ ? कसरी ?' केटोले भन्यो—ऊ स्टेशनको नगीचै बस्तछ र बिहान चार बजेदेखि राति एघार बजेसम्म रेलहरूमा भीख माग्दछ । बीचमा कैयौं पटक पुलिससित जोगिन र विश्राम गर्नको निम्ति घर जान्छ । धेरै दिन भइसक्यो, अझ पनि रात्रिको अन्धकारमा भिखारी केटो हाँस्तै यो भनिरहेको देखिन्छ–'महाशय ! मिहिनेत नगरेर नै मलाई दिनको पाँच रुपियाँ मिल्दछ ।' अनि मैले धेरै दिन पहिले पढेको यो वाक्य संझना हुन्छ–भिक्षा दिनेहरूले नै मलाई माग्न सिकाए । परिश्रम नगरेर नै पेट भर्ने बाटो सहजै देखाइदिए ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसै वेलादेखि सबै देवताहरूले ती अश्विनीकुमारलाई पनि सोमारसको भाग दिन स्वीकार गरे, जसलाई पहिले 'वैद्य' हुनाले सोमरस-पानको अधिकारबाट वञ्चित पारिराखेका थिए ॥२६॥ हे राजन् ! शर्यातिका उत्तानबर्हि, आनर्त र भूरिषेण यी तीन छोरा उत्पन्न भए। तिनमा आनर्तबाट रेवतको उत्पत्ति भयो ॥२७॥ हे शत्रुसूदन ! राजा रेवत समुद्रको माझमा कुशस्थली नामको यौटी नगरी बसाएर त्यसैमा बस्तै आनर्तादि देशहरूको राज्य गर्दथे ॥२८॥ ती रेवतका एक सय उत्तम छोरा उत्पन्न भए। तिनमा सबभन्दा जेठा ककुद्मी थिए। राजा ककुद्मी आफ्नी कन्या रेवतीलाई लिएर वर सोध्नको निम्ति कुनै प्रकारको रोक-छेक नहुनाले सरासर ब्रह्मलोकमा ब्रह्माजीकहाँ पुगे, तर त्यस वेला त्यहाँ नाच-गानको धूम-धाम थियो। त्यसै कारण कुरा-कानीको निम्ति मौका नपाइ ती एकछिनसम्म बाहिरनै उभिइरहे ॥२९-३०॥ त्यसपछि आदिदेव भगवान् ब्रह्माजीलाई नमस्कार गरेर उनले ब्रह्माजीलाई आगमनको कारण बताए। त्यो सुनेर ब्रह्माजीले हाँस्तै भने—॥३१॥ 'हे राजन् ! तिमीले जस-जसलाई यिनको वर मनोनीत गरेका थियौ, ती सबै कालको मुखमा पसिसके। यस वेला

॥ २६ ॥ उत्तानबर्हिरानर्तो भूरिषेण इति त्रयः ॥ शर्यातेरभवन्पुत्रा आनर्ताद्रेवतोऽभवत् ॥ २७ ॥ सोऽन्तःसमुद्रे नगरीं विनिर्माय कुशस्थलीम् ॥ आस्थितोऽभुङ्क्त विषयानानर्तादीनरिन्दम ॥ २८ ॥ तस्य पुत्रशतं जज्ञे ककुद्मिज्येष्ठमुत्तमम् ॥ ककुद्मी रेवतीं कन्यां स्वामादाय विभुं गतः ॥ २९ ॥ कन्यावरं परिप्रष्टुं ब्रह्मलोकमपावृतम् ॥ आवर्तमाने गान्धर्वे स्थितोऽलब्धक्षणः क्षणम् ॥ ३० ॥ तदन्त आद्यमानम्य स्वाभिप्रायं न्यवेदयत् ॥ तच्छ्रुत्वा भगवान्ब्रह्मा प्रहस्य तमुवाच ह ॥ ३१ ॥ अहो राजन्निरुद्धास्ते कालेन हृदि ये कृताः ॥ तत्पुत्रपौत्रनप्तॄणां गोत्राणि च न शृण्महे ॥ ३२ ॥ कालोऽभियातस्त्रिणवचतुर्युगविकल्पितः ॥ तद्गच्छ देवदेवांशो बलदेवो महाबलः ॥ ३३ ॥ कन्यारत्नमिदं राजन्नररत्नाय देहि भोः ॥ भुवो भारावताराय भगवान्भूतभावनः ॥ ३४ ॥ अवतीर्णो निजांशेन पुण्यश्रवणकीर्तनः ॥ इत्यादिष्टोऽभिवन्द्याजं नृपः स्वपुरमागतः ॥ त्यक्तं पुण्यजनत्रासाद्भ्रातृभिर्दिक्ष्ववस्थितैः ॥ ३५ ॥ सुतां दत्त्वाऽनवद्याङ्गीं बलाय बलशालिने ॥ बदर्याख्यं गतो राजा तप्तुं नारायणाश्रमम् ॥३६॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे तृतीयोऽध्यायः ॥ ३ ॥

त मलाई तिनका पुत्र, पौत्र, नाती पनाती तथा वंशधरको विषयमा पनि केही थाहा छैन ॥३२॥ अहिलेसम्म सत्ताईस चतुर्युगीको समय व्यतीत भइसक्यो। यस निम्ति तिमी जाऊ। अब देवाधिदेव नारायणका अंशभूत महाबली श्रीबलरामले पृथ्वीमा अवतार लिइसकेका छन् ॥३३॥ हे राजन् ! यी कन्यारत्न तिमी उनै नर-नरत्नलाई देऊ, जुन बलरामजीको श्रवण र कीर्तन धेरै पवित्र छ, ती भूतभावन भगवान् यस वेला पृथिवीको भार हरण गर्नको निम्ति आफ्नो अंशले अवतीर्ण भएका छन्। ब्रह्माजीको आज्ञा पाएर राजा ककुद्मीले उनलाई प्रणाम गरेर आफ्नो नगरमा फर्के, यसै बीच दिशा-विदिशामा बस्ने उनका बन्धु-बान्धवहरूले यक्षहरूको भयले त्यस नगरलाई सर्वथा त्यागिदिएका थिए ॥३४-३५॥ त्यसपछि महाबलवान् बलरामजीलाई उनले आफ्नी सर्वाङ्ग सुन्दरी कन्या रेवती दिए र स्वयं राजा ककुद्मी तपस्या गर्नको निम्ति नारायणका परमधामस्वरूप बदरिकाश्रमको निम्ति हिंडे ॥३६॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां तृतीयोऽध्यायः ॥३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(महाराज नाभाग तथा अम्बरीषको वृत्तान्त)–श्रीशुकदेव मन्नुहुन्छ–मनुका छोरा नभगका यौटा पुत्र नाभाग थिए, जसका जेठा दाजूले (अन्याय गरेर) गुरुकुलबाट फर्केर आएको आफ्नो कान्छो भाई ब्रह्मचारी एवं विद्वान् नाभागलाई अंशमा केवल पिता नै दिएका थिए, अरु केही थिएन ॥१॥ उसले गुरुकुलबाट फर्केपछि आफ्ना दाजूहरूसित सोध्यो–'दाजू हो ! हजुरहरूले मेरो निम्ति के अंशको भाग लगाउनु भयो ?' उनीहरूले भने–'हामी पिताजीलाई नै तिमीलाई सुम्पिदिन्छौं ।' त्यसमा उसले आफ्ना पितानेर गएर भन्यो–'हे तात ! मलाई मेरा दाजूहरूले हजुरलाई नै मेरो अंशको रूपमा सुम्पेका छन् ।' पिताले भने–'बाबु ! तँ तिनका कुरा स्वीकार नगर ।।२॥ हेर, धेरै बुद्धिमान् आंगिरस गोत्रका ब्राह्मण यज्ञ गर्न तयार छन्, तर ती प्रत्येक छैठौं दिन त्यो यज्ञकर्ममा केही बिर्सिदिन्छन् ॥३॥ अतः तिमी गएर उनीहरूलाई वैश्वदेवका ती इद्रमित्थारौद्रम्' र 'यज्ञेनदक्षिणया' इत्यादि दुइ सूत्र सुनाऊ । यज्ञ समाप्त गरेर जब ती स्वर्गलोक जानलाग्दछन्, तब यज्ञबाट उब्रेको सबै धन तिमीलाई दिएर जानेछन् । यस निम्तिः अब तिमी तुरुन्त त्यहाँ जाऊ ।' अनि नाभागले त्यसै गरे, जुन पिताले भनेका थिए । ती ऋषि यज्ञबाट उब्रेको धन नाभागलाई दिएर स्वर्ग गए ॥४॥५॥ धन लिने वेलामा यौटा कृष्णवर्ण पुरुष (रुद्र) ले उत्तर दिशाबाट नाभागसित भन्यो–उब्रेको धन मेरो

श्रीशुक उवाच ॥ नाभागो नभगापत्यं यं ततं भ्रातरं कविम् ॥ यविष्ठं व्यभजन्दायं ब्रह्मचारिणमागतम् ॥ १ ॥ भ्रातरोऽड्क्त किं मह्यं भजाम पितरं तव ॥ त्वां ममार्यास्ततोऽभाङ्क्षुर्मा पुत्रक तदादृथाः ॥२॥ इमे आङ्गिरसःसत्रमासतेऽद्य सुमेधसः ॥ षष्ठं षष्ठमुपेत्याहःकवे मुह्यन्ति कर्मणि ॥३॥ तांस्त्वं शंसय सूक्ते द्वे वैश्वदेवे महात्मनः ॥ ते स्वर्यन्तो धनं सत्रपरिशेषितमात्मनः ॥४॥ दास्यन्त्यथ ततो गच्छ तथा स कृतवान् यथा ॥ तस्मै दत्त्वा ययुः स्वर्गं ते सत्रपरिशेषितम् ॥५॥तं कश्चित्स्वीकरिष्यन्तं पुरुषः कृष्णदर्शनः॥ उवाचोत्तरतोऽभ्येत्य ममेदं वास्तुकं वास्तुकं वसु॥६॥ममेदमृषिभिः दत्तमिति तर्हि स्म नानवः ॥ स्यान्नौ ते पितरि प्रश्नः पृष्टवान्पितरं तथा ॥७॥ यज्ञवास्तुगतं सर्वमुच्छिष्टमुच्छिष्टमृषःक्वचित्॥चक्रुर्विभागं रुद्राय स देवः सर्वमर्हति ॥८॥ नाभागस्तं प्रणम्याह तवेश किल वास्तुकम् ॥ इत्याह मे पिता ब्रह्मञ्छिरसा त्वां प्रसादये ॥९॥ यत्ते पिताऽवदद्धर्मं त्वं च सत्यं प्रभाषसे ॥ ददामिते मन्त्रदृशे ज्ञानं ब्रह्म सनातनम् ॥१०॥ गृहाण द्रविणं दत्तं मत्सत्रे परिशेषितम् ॥ त्युक्त्वाऽन्तर्हितो रुद्रो भगवान्सत्यवत्सलः ॥११॥

हो ॥६॥ मनुपुत्र नाभागले भने–'ऋषिहरूले यो धन मलाई दिएका हुन् । अतएव यो धन मेरो हो ।' त्यसमा रुद्रले भने–'हाम्रो दुवैको विवादमा तिम्रा पितालाई नै मध्यस्थ राख्नु उचित छ । अनि नाभागले यस विषयमा आफ्ना पितासित गएर प्रश्न गरे ॥७॥ उनका बाबूले भने–'कहीं अन्तै कुनै समय ऋषिहरूले यस्तो निश्चित गरिदिएका छन्–यज्ञभूमिको शेष सारा धन रुद्रको भाग हुनेछ । अतः यो धन रुद्र भगवान्लाई मिल्नुपर्दछ' ॥८॥ यति सुनेपछि नाभागले फर्केर गई रुद्रदेवलाइ प्रणाम गरेर भने–'हे भगवन् ! यी सबैवस्तु हजुरका नै हुन्–मेरा पिताको वचन छ । हे ब्रह्मन् ! म हजुरसित क्षमा माजिरहेको छु ।'॥९॥ श्रीरुद्रले भने–'हे सौम्य ! तिम्रो पिताले धर्मसंगत वचन भनेका हुन् र तिमी पनि सत्य बोलिरहेका छौ । वेदको अर्थ जान्ने तिमीलाई म सनातन ब्रह्मज्ञानको उपदेश दिन्छु ॥ १० ॥ साथै यो धन पनि तिमी नै लेऊ ।' यति भनेर ती रुद्र भगवान् अन्तर्धान भए । राम्ररी एकाग्रचित्र भएर जो पुरुष बिहान र सायंकालको वेलामा यो आख्यान स्मरण र मनन गर्दछ, त्यो विद्वान् तथा वेदज्ञ बन्दछ र पछि गएर अचिन्त्यरूप नारायण भगवान्को

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मस्वरूप पनि प्राप्त गर्न सक्छ ॥११-१२॥ महाभाग नाभागबाट ठूला भगवद्भक्त एवं उदार-स्वभाव अम्बरीष उत्पन्न भए, जसलाई कहिल्यै प्रतिहत नहुने भएको ब्रह्मशापले पनि स्पर्श गर्न सकेको थिएन ॥ १३ ॥ परीक्षितले सोधे–हे भगवन् ! म ती परम बुद्धिमान् राजर्षि अम्बरीषको चरित्र सुन्ने इच्छा गर्दछु–जममाथि छाडिएको दुस्तर ब्रह्मदण्डसम्मले आफ्नो कुनै प्रभाव प्रकट गर्न सकेको थिएन ॥१४॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! ती महाभाग अम्बरीषले सप्तद्वीपवती पृथिवी र यस भूतलमा प्राणीहरूको निम्ति अत्यन्त दुर्लभ र अविचल सम्पत्ति तथा अतुलित ऐश्वर्य पाएर पनि ती सबैलाई स्वप्नमा पाएको पदार्थहरू झैं मिथ्या ठानेका थिए । जसले गर्दा मनुष्य अज्ञानको अन्धकारमा डुबिरहन्छ, त्यसको नाश हुने उनलाई राम्ररी ज्ञान थियो ॥१५-१६॥उनलाई भगवान् वासुदेव तथा उनका साधुस्वभाव भक्तगणमा त्यो परम भक्ति प्राप्त थियो–जसले गर्दा सारा जगत्को सम्पत्ति माटोको डल्लो झैं तुच्छ ठानिने गरिन्छ ॥१७॥ ती भक्तप्रवरले आफ्नो मन कृष्णचन्द्रका चरणमा, आफ्नो वाणी भगवान्को गुणगानमा, आफ्ना हात भगवान्को स्वच्छता राख्ने आदिमा, कानहरूलाई

य एतत्संस्मरेत्प्रातः सायं च सुसमाहितः ॥ कविर्भवति मन्त्रज्ञो गतिं चैव तथात्मनः ॥ १२ ॥ नाभागादम्बरीषोऽभून्महाभागवतः कृती ॥ नास्पृशद्ब्रह्मशापोऽपि यं न प्रतिहतः क्वचित् ॥ १३ ॥ राजोवाच ॥ भगवच्छ्रोतुमिच्छामि राजर्षेस्तस्य धीमतः ॥ न प्राभूद्यत्र निर्मुक्तो ब्रह्मदण्डो दुरत्ययः ॥१४॥ श्रीशुक उवाच ॥ अम्बरीषो महाभागः सप्तद्वीपवतीं महीम् ॥ अव्ययां च श्रियं लब्ध्वा विभवं चातुलं भुवि ॥१५॥ मेनेऽतिदुर्लभं पुंसां सर्वं तत्स्वप्नसंस्तुतम् ॥ विद्वान्विभवनिर्वाणं तमो विशति यत्पुमान् ॥१६॥ वासुदेवे भगवति तद्भक्तेषु च साधुषु ॥ प्राप्तो भावं परं विश्वं येनेदं लोष्ठवत्स्मृतम् ॥१७॥ स वै मनः कृष्णपदारविन्दयोर्वचांसि वैकुण्ठगुणानुवर्णने ॥ करौ हरेर्मन्दिरमार्जनादिषु श्रुतिं चकाराच्युतसत्कथोदये ॥१८॥ मुकुन्दलिङ्गालयदर्शने दृशौ तद्भृत्यगात्रस्पर्शेऽङ्गसङ्गमम् ॥ घ्राणं च तत्पादसरोजसौरभे श्रीमत्तुलस्या रसनां तदर्पिते ॥ १९ ॥ पादौ हरेः क्षेत्रपदानुसर्पणे शिरो हृषीकेशपदाभिवन्दने ॥ कामं च दास्ये न तु कामकाम्यया यथोत्तमश्लोकजनाश्रया रतिः ॥२०॥ एवं सदा कर्मकलापमात्मनः परेऽधियज्ञे भगवत्यधोक्षजे ॥ सर्वात्मभावं विदधन्महीमिमां तन्निष्ठविप्राभिहितःशशास ह ॥२१॥ ईजेऽश्वमेधैरधियज्ञमीश्वरं महाविभूत्योपचिताङ्गदक्षिणैः ॥ ततैर्वसिष्ठासितगौतमादिभिर्धन्वन्यभिस्रोतमसौ सरस्वतीम् ॥ २२ ॥ यस्य क्रतुषु गीर्वाणैः सदस्या ऋत्विजो जनाः ॥ तुल्यरूपाश्चानिमिषा व्यदृश्यन्त सुवाससः

श्रीअच्युतको कथा सुन्नमा, आँखालाई भगवान्को मूर्ति र मन्दिर हेरिरहनलाई, आफ्ना अङ्गहरूलाई भगवद्भक्तका सेवामा, नासिकालाई भगवान्का चरण-कमलमा चढाइएका तुलसीको जिब्रो प्रभुलाई अर्पित नैवेद्यादिमा पाउ, भगवान्का क्षेत्रादिको यात्रामा, मस्तक श्रीहृषीकेशका चरणको वन्दनामा र माला चन्दनादि सबै भोग-सामग्री उनले यस निम्ति भगवत्-सेवामा लगाइदिएका थिए कि जसले उनलाई हरिभक्तहरूको आश्रित भएर रहने भगवत्प्रीति प्राप्तहोस् ॥१८-२०॥ यसरी ती यज्ञपुरुष अधोक्षजलाई सबैका आत्मा जानेर आफ्ना सबै कर्म अर्पण गर्ने भगवद्भक्त ब्राह्मणहरूको आदेशले राज्य गर्नलागे ॥२१॥ उनले धन्व अर्थात् मारवाडदेशमा सरस्वती नदीको प्रवाहको सम्मुख वसिष्ठ, असित, गौतमादि आचार्यहरुद्वारा महान् ऐश्वर्यले सम्पन्न तथा धेरै-धेरै दक्षिणाहरूले युक्त अश्वमेध यज्ञहरुद्वारा यज्ञपुरुष नारायणको यजन गरे ॥२२॥ तिनका सबै यज्ञहरुमा देवताहरू समेत सबै सदस्य र ऋत्विज पनि आफ्ना

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रा-राम्रा वेष-भूषाले देवताहरू जस्तै सुन्दर र निर्निमेष देखिन्थे ।।२३।। भगवान्‌का लीलाहरूको श्रवण गर्ने र उनका आश्रित भक्त पुरुष त देवताहरूको मनपर्ने र प्रिय स्वर्गको पनि इच्छा गर्दैनन् ।। २४ ।। किनकि आफ्नो हृदयमा मुक्तिदाता भगवान्‌को साक्षात्कार गर्ने व्यक्तिहरूलाई स्वर्ग के हो र ? सिद्ध पुरुषहरूका लागि पनि दुर्लभ भोग्य पदार्थहरू पनि आत्मानन्दबाट तिरस्कृत गरिनाले गर्दा हर्षित पार्न सक्तैनन् । हे राजन् ! ती महाराज अम्बरीषले यस प्रकार तपस्याले युक्त भक्तियोग तथा आफ्नो धर्मद्वारा भगवान्‌लाई प्रसन्न पार्दै त्रि तार विस्तार सबै आसक्तिहरूलाई पर-पर सारिदिए ।।२५-२६।। गृह, स्त्री, पुत्र, बन्धु, उत्तम हात्ती, रथ घोडा, पैदल सेना, रत्न, आभूषण तथा आयुध आदि सबै वस्तुहरू र द हिल्यै पनि समाप्त नहुने ढुकुटी-खजानाहरूमा उनले 'यी सबै मिथ्या हुन्' यस्तो भावना गरेका थिय ।।२७।। महाराज अम्बरीषको अनन्य भक्तिभावले प्रसन्न भएर भगवान्‌ले उनलाई भक्तहरूका रक्षक र विरोधीहरूलाई भयदायक आफ्नो सुदर्शनचक्र दिइराख्नुभएको थियो ।।२८।। एक समयको कुरा हो– राजा अम्बरीषले भगवान् कृष्णको उपासना गर्नका निमित्त

।।२३।। स्वर्गो न प्रार्थितो यस्य मनुजैरमरप्रियः ।। शृण्वद्भिरुपगायद्भिरुत्तमश्लोकचेष्टितम् ।। २४ ।। समर्द्धयन्ति तान्कामाः स्वाराज्यपरि भविताः ।। दुर्लभा नापि सिद्धानां मुकुन्दं हृदि पश्यतः ।।२५।। स इत्थं भक्तियोगेन तपोयुक्तेन पार्थिवः ।। स्वधर्मेण हरिं प्रीणन्सङ्गान्सर्वाञ्छनैर्जहौ ।।२६।। गृहेषु दारेषु सुतेषु बन्धुषु द्विपोत्तमस्यन्दनवाजिपत्तिषु ।। अक्षय्यरत्नाभरणायुधादिष्वनन्तकोशेष्वकरोदसन्मतिम् ।। २७ ।। तस्मा अदाद्धरिश्चक्रं प्रत्यनीकभयावहम् ।। एकान्तभक्तिभावेन प्रीतो भृत्याभिरक्षणम् ।।२८।। आरिराधयिषुः कृष्णं महिष्या तुल्यशीलया ।। युक्तं सांवत्सरं वीरो दधार द्वादशीव्रतम् ।। २९ ।। व्रतान्ते कार्तिके मासि त्रिरात्रं समुपोषितः ।। स्नातः कदाचित्कालिन्द्यां हरिं मधुवनेऽर्चयत् ।। ३० ।। महाभिषेकविधिना सर्वोपस्करसम्पदा ।। अभिषिच्याम्बराकल्पैर्गन्धमाल्यार्हणादिभिः ।। ३१ ।। तद्गतान्तरभावेन पूजयामास केशवम् ।। ब्राह्मणांश्च महाभागान्सिद्धार्थानपि भक्तितः ।। ३२ ।। गवां रुक्मविषाणीनां रूप्याङ्घ्रीणां सुवाससाम् ।। वयःशीलवयोरूपवत्सोपस्करसम्पदाम् ।। ३ ।। प्राहिणोत्साधुविप्रेभ्यो गृहेषु न्यर्बुदानि षट् ।। भोजयित्वा द्विजानग्रे स्वाद्वन्नं गुणवत्तमम् ।। ३४ ।। लब्धकामैरनुज्ञातः पारणायोपचक्रमे ।। तस्य तर्ह्यतिथिः साक्षाद्दुर्वासा भगवानभूत् ।। ३५ ।। तमानर्चातिथिं भूपः प्रत्युत्थानासनार्हणैः ।। ययाचेऽभ्यवहाराय पादमूलमुपागतः ।। ३६ । प्रति-

आफूजस्तै स्वभावकी राजरानी सहित एक वर्षसम्म एकादशीको व्रत गर्ने सङ्कल्प गरे ।।२८।। व्रतको समाप्ति भएपछि कार्तिक महीनामा तीन रातसम्म उपवास गरेर उनले यमुनाजीमा स्नान र मधुवनमा भगवान् कृष्णचन्द्रको पूजा गरे ।।३०।। त्यसपछि महाभिषेक विधिको अनुसार सामग्री र सम्पत्तिहरूद्वारा अभिषेक तथा वस्त्र, आभूषण, चन्दन, फूल-माला एवं पाद्य-अर्घ्यादिद्वारा पूर्ण तन्मयभावले श्रीकेशव भगवान्‌को पूजन गरेर सबै प्रकारले सन्तुष्ट ब्राह्मणहरूलाई पनि ठूलो भक्तिभावले सत्कृत पारे ।।३१-३२।। त्यस पछि ती द्विजश्रेष्ठहरूलाई अतिशय गुणहरूले युक्त स्वादिष्ट अन्न भोजन गराए । त्यसपछि जसका सीङ सुवर्णले, खुर चाँदीले मोरिएका थिए, उत्तम वस्त्रले सुसज्जित एवं दूध,शील,नवयौवन,रूप तथा वस्त्राभूषणले युक्त साठी करोड़ गाईहरू दान गरेर साधु ब्राह्मणहरूको घरघरै पठाइदिए ।।३३-३४।। यस प्रकार आफ्ना अभिलषित पदार्थहरू पाएर जब ब्राह्मणहरूले आज्ञा दिए, तब अम्बरीषले पारण

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न तयारी गरे । त्यस्तै वेला भगवान् दुर्वासा राजाका अतिथि भई उपस्थित भए ॥ ३५ ॥ राजा अम्बरीषले अभ्युत्थान, आसन र पूजादि द्वारा अतिथिदेवको विधिवत् पूजा गरेर गरेर उनका चरणमा प्रणाम र भोजनको निम्ति प्रार्थना गर ॥३६॥ दुर्वासा उनको प्रार्थना स्वीकार गरेर आवश्यक कृत्यबाट निवृत्त हुनको निम्ति गए । यता परब्रह्म परमात्माको ध्यान गर्दै श्रीयमुनाजीको पवित्र जलमा अवगाहन (स्नान) गर्नलागे ॥३७॥ जब द्वादशी केवल आधा मुहूर्त मात्र शेष रह्यो तब धर्मज्ञ अम्बरीषले ठूलो धर्मसङ्कटमा परेर पारण गर्नको विषयमा विद्वान् ब्राह्मणहरूसित परामर्श गरे ॥३८॥ उनले भने–'हे विप्र हो ! ब्राह्मणलाई भोजन नगराई स्वयं खानु र द्वादशीको पारण नगर्नु–दुवै नै सान्है ठूला दोष हुन्छन् । अतः यस बखत जे गर्नाले कल्याण हुन्छ र मलाई पाप लाग्दैन, त्यो भन्नु हवस् ॥३९॥ हे ब्राह्मण हो ! केवल जल लिएर पिउनु भोजन गर्ने या नगर्ने दुवैको समान नै हुन्छ । यो श्रुतिहरूको भनाई छ । अतएव म केवल जलले पारण गरिरहेको छु' ॥ ४० ॥ हे कुरुश्रेष्ठ ! यस प्रकार विचार गरेर रोजर्षि अम्बरीष केवल पिएर आफ्नो मनमा श्रीअच्युत

नन्द्य स तद्यार्श्चं कर्तुमावश्यकं गतः ॥ निममज्ज बृहद्ध्यायन्कालिन्दीसलिले शुभे ॥ ३७ ॥ मुहूर्तार्धावशिष्टायां द्वादश्यां पारणं प्रति ॥ चिन्तयामास धर्मज्ञो द्विजैस्तद्धर्मसङ्कटे ॥ ३८ ॥ ब्राह्मणातिक्रमे दोषो द्वादश्यां यदपारणे ॥ यत्कृत्वा साधु मे भूयादधर्मो वा न मां स्पृशेत् ॥ ३९ ॥ अम्भसा केवलेनाथ करिष्ये व्रतपारणम् ॥ प्राहुरब्भक्षणं विप्रा ह्यशितं नाशितं च तत् ॥ ४० ॥ इत्यपः प्राश्य राजर्षिश्चिन्तयन्मनसाऽच्युतम् ॥ प्रत्याचष्ट कुरुश्रेष्ठ द्विजागमनमेव सः ॥ ४१ ॥ दुर्वासा यमुनाकूलात्कृतावश्यक आगतः ॥ राज्ञाऽभिनन्दितस्तस्य बुबुधे चेष्टितं धिया ॥ ४२ ॥ मन्युना प्रचलद्गात्रो भ्रुकुटीकुटिलाननः ॥ बुभुक्षितश्च सुतरां कृताञ्जलिमभाषत ॥४३॥ अहो अस्य नृशंसस्य श्रियोन्मत्तस्य पश्यत ॥ धर्मव्यतिक्रमं विष्णोरभक्तस्येशमानिनः ॥४४॥ यो मामतिथिमायातमातिथ्येन निमन्त्र्य च ॥ अदत्त्वा भुक्तवांस्तस्य सद्यस्ते दर्शये फलम् ॥ ४५ ॥ एवं ब्रुवाण उत्कृत्य जटां रोषविदीपितः ॥ तया स निर्ममे तस्मै कृत्यां कालानलोपमाम् ॥ ४६ ॥ तामापतन्तीं ज्वलतीमसिहस्तां तदा भुवम् ॥ वेपयन्तीं समुद्वीक्ष्य न चचाल पदान्नृपः ॥ ४७ ॥ प्राग्दिष्टो भृत्यरक्षायां पुरुषेण महात्मना ॥ ददाह कृत्यां तां चक्रः क्रुद्धाहिमिव पावकः ॥ ४८ ॥

भगवान्‌को चिन्तन गर्दै दुर्वासाको आगमनको प्रतीक्षा गर्नलागे ॥४१॥ त्यसै बखत दुर्वासा पनि सबै आवश्यक कर्मबाट निवृत्त भएर यमुना तटबाट फर्केर आए र राजा अम्बरीषले प्रणाम गर्नासाथ उनले आफ्नो बुद्धिबलले तिनका सबै चेष्टाहरू जाने ॥४२॥ त्यस वेला उनलाई बेसरी भोक लागेको थियो । अतः म नआउँदै राजाले पारण गरिसके भन्ने कुरा जानेर, उनको शरीर क्रोधले थर-थर काम्नलाग्यो र भृकुटी उचालिनाले उनको अनुहार विकराल भयो । हात जोरेर उभिएका राजा अम्बरीषसित भने–॥४३॥ अहो ! भगवद्भक्तिले रहित र आफूलाई समर्थ मान्ने यी धनका उन्मादो एवं क्रूर राजाका अन्याय त हेर ॥ ४४ ॥ यिनले अतिथिरूपमा आएको मलाई आतिथ्यभावले निम्ता दिएर भोजन नदिई नै भोजन गरिलिए । हेर, म शीघ्र नै तिमीलाई यसको फल चाख्न दिन्छु' ॥४५॥ यति भन्दै उनले रिसले प्रज्वलित भएर आफ्नो जटाको यौटा रौं उखेले र त्यसले राजा अम्बरीषलाई मार्नको निम्ति प्रलयाग्निको समान भीषण यौटी कृत्या उत्पन्न गरे ॥ ४६ ॥ ती जलजलाउँदी कृत्यालाई हातमा खड्ग लिई तथा पादप्रहारले पृथ्वी कम्पित पार्दै आफूतिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आउन लागेको देखेर राजा अम्बरीष स्थानबाट अलिकति पनि हटेनन् ।।४७।। तर भगवान् पुरुषोत्तम द्वारा भक्तको रक्षाका निम्ति पहिलेदेखि नै नियुक्त सुदर्शन चक्रले, अग्निले क्रोधित सर्पलाई भस्म पारे झैं त्यस कृत्यालाई पोलेर भस्म पारिदियो ।।४८।। यस प्रकार आफ्नो प्रयास निष्फल तथा चक्रलाई आफूतिर आएको देखेर महर्षि दुर्वासा अत्यन्त भयभीत भएर प्राण रक्षाको निम्ति सबै दिशा-विदिशाहरूमा भाग्न लागे ।।४९।। जसरी सर्पको पछि-पछि अग्लो-अग्लो दावानल दगुर्छ, त्यस्तै नै पछि-पछि भगवान्‌को सुदर्शन चक्र दगुर्न लाग्यो । यस प्रकार चक्र आफ्नो पछिलागेको देखेर दुर्वासाजो सुमेरु पर्वतको गुफामा लुक्नको विचारले भागे ।। ५० ।। ती मुनीश्वर दिशा, आकाश, पृथ्वी, अतल-वितल आदि सात भूविवर समुद्र लोकपाल समेत समस्त लोक र स्वर्गलोकसम्म पुगे । ती जहाँ-जहाँ पुगे त्यहीं-त्यहीं त्यो दुःसह सुदर्शन चक्रलाई आफ्नो पछि-पछि आएको देखे ।।५१।। जब उनलाई कहीं कोही रक्षक भेटिएन, अनि भयभीत भावले कोही आश्रय खोज्दै देवाधिदेव ब्रह्माजीको नगीचै पुगेर भने–'हे विधाता ! हे आत्मयोने श्रीविष्णु भगवान्‌को यस तेजबाट हजुर

तदभिद्रवदुद्वीक्ष्य स्वप्रयासं च निष्फलम् ।। दुर्वासा दुद्रुवे भीतो दिक्षु प्राणपरीप्सया ।। ४६ ।। तमन्वधावद्भगवद्रथाङ्गं दावाग्निरुद्धूतशिखो यथाऽहिम् ।। तथाऽनुषक्तं मुनिरीक्षमाणो गुहां विविक्षुः प्रससार मेरोः ।। ५० ।। दिशो नभः क्ष्मां विवरान्समुद्राँल्लोकान्सपालाँस्त्रिदिवं गतः सः ।। यतो यतो धावति तत्र तत्र सुदर्शनं दुष्प्रसहं ददर्श ।। ५१ ।। अलब्धनाथः स यदा कुतश्चित्संत्रस्तचित्तोऽरणमेषमाणः ।। देवं विरिञ्चं समगाद्विधातस्त्राह्यात्मयोनेऽजिततेजसो माम् ।। ५२ ।। ब्रह्मोवाच ।। स्थानं मदीयं सहविश्वमेतत्क्रीडावसाने द्विपरार्धसंज्ञे ।। भ्रूभङ्गमात्रेण हि संदिधक्षोः कालात्मनो यस्य तिरोभविष्यति ।।५३।। अहं भवो दक्षभृगुप्रधानाः प्रजेशभूतेशसुरेशमुख्याः ।। सर्वे वयं यन्नियमं प्रपन्ना मूर्ध्न्यर्पितं लोकहितं वहामः ।।५४।। प्रत्याख्यातो विरिञ्चेन विष्णुचक्रोपतापितः ।। दुर्वासा शरणं यातः शर्वं कैलासवासिनम् ।। ५५ ।। श्रीरुद्र उवाच ।। वयं न तात प्रभवाम भूम्नि यस्मिन्परेऽन्येऽप्यजजीवकोशाः ।। भवन्ति काले न भवन्ति हीदृशाः सहस्रशो यत्र वयं भ्रमामः ।। ५६ ।। अहं सनत्कुमारश्च नारदो भगवानजः ।। कपिलोऽपान्तरतमो देवलो धर्म आसुरिः ।। ५७ ।। मरीचिप्रमुखाश्चान्ये सिद्धेशाः पारदर्शिनः ।। विदाम न वयं सर्वे यन्मायां माय-

मेरो रक्षा गर्नुहवस ।।५२।। ब्रह्माजीले भने–द्विपरार्धसंज्ञक समयको समाप्ति भएपछि जब भगवान्‌को यस सृष्टिमयी लीलाको अन्त्य हुने वेला आउँछ, अनि सारा संसारलाई दग्ध पार्ने इच्छुक कालरूपी श्रीहरिको केवल भ्रुभङ्ग मात्रले समस्त विश्वसमेत मेरो यो स्थान पनि लुप्त हुनेछ ।।५३।। जसको नियममा बाँधिएर म, शिवजी, दक्ष तथा भृगु आदि सबै प्रजापति भूतेश्वर र देवेश्वर उनको आज्ञालाई शिरमा राखेर लोकहितमा संलग्न रहन्छौं, ती विष्णु भगवान्‌का भक्तसित द्रोह गर्ने प्राणीको रक्षा म गर्न सक्तिन ।।५४।। यस प्रकार ब्रह्माजीले अस्वीकार गरिदिएपछि विष्णु भगवान्‌को चक्रले सन्तप्त दुर्वासा कैलास निवासी श्रीमहादेवको शरणमा पुगे ।। ५५ ।। श्रीमहादेवले आज्ञा भयो–हे तात ! जुन महाप्रभुमा हामी जस्ता हजारौं लोकपाल भौंतारी रहन्छन्, यस्ता-यस्ता अगणित ब्रह्माण्ड जुन परमात्मामा कालक्रमले कहिले उत्पन्न र कहिले विलीन हुँदैरहन्छन् उनको चक्रबाट रक्षा गर्ने ममा कुनै प्रकारको सामर्थ्य छैन ।।५६।। म सनत्कुमार, नारद, ब्रह्माजी, कपिलदेव, अपान्तरतम, देवल, धर्म, आसुरि ।। ५७ ।। तथा मरीचि आदि सर्वज्ञ सिद्धेश्वरगण––यी सबै जसको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायाको मायाले नै आवृत्त रहनाले जान्न सक्तैनन् ।।५८।। ती विश्वेश्वर भगवान्‌को यो शस्त्र हाम्रो निम्ति सर्वथा असह्य छ । अतः तिमी उनैको शरणमा जाऊ । ती श्रीहरि अवश्य तिम्रो मङ्गल गर्नेछन् ।।५८।। सबैतिरबाट निराश भएर अन्त्यमा दुर्वासा भगवान्‌को वैकुण्ठ लोकमा गए, जहाँ लक्ष्मीपति विष्णु महारानी लक्ष्मीसित नित्य निवास गर्दछन्।।६०।। वैकुण्ठमा पुगेर सुदर्शन चक्रको ज्वालाले सन्तप्त भएर थर-थर काम्दै भगवान्‌का चरणमा लम्पसार परे र उनको गुणगान गर्दै भन्न लागे–'हे अच्युत ! हे भक्तप्रिय ! हे प्रभो ! हे विश्वभावन ! म अपराधीको रक्षा गर्नुहवस् ।। ६१ ।। हे भगवन् ! हजुरको प्रभावले अनभिज्ञ हुनाले गर्दा मैले हजुरका प्रिय भक्तको ठूलो अपराध गरेको छु । हे विधाता !

याऽऽवृताः ।। ५८ ।। तस्य विश्वेश्वरस्येदं शस्त्रं दुर्विषहं हि नः ।। तमेव शरणं याहि हरिस्ते शं विधास्यति ।। ५९ ।। ततो निराशो दुर्वासा पदं भगवतो ययौ ।। वैकुण्ठाख्यं यदध्यास्ते श्रीनिवासः श्रिया सह ।।६०।। संदह्यमानोऽजितशस्त्रवह्निना तत्पादमूले पतितः सवेपथुः ।। आहाच्युतानन्त सदीप्सित प्रभो कृतागसं माऽव हि विश्वभावन ।।६१।। अजानता ते परमानुभावं कृतं मयाघं भवतः प्रियाणाम् ।। विधेहि तस्यापचितिं विधातर्मुच्येत यन्नाम्न्युदिते नारकोऽपि ।। ६२ ।। श्रीभगवानुवाच ।। अहं भक्तपराधीनो ह्यस्वतन्त्र इव द्विज ।। साधुभिर्ग्रस्तहृदयो भक्तैर्भक्तजनप्रियः ।। ६३ ।। नाहमात्मानमाशासे मद्भक्तैः साधुभिर्विना ।। श्रियं चात्यन्तिकीं ब्रह्मन् येषां गतिरहं परा ।। ६४ ।। ये दारागारपुत्राप्तान्प्राणान्वित्तमिमं परम् ।। हित्वा मां शरणं याताः कथं तांस्त्यक्तुमुत्सहे ।। ६५ ।। मयि निर्बद्धहृदयाः साधवः समदर्शनाः ।। वशे कुर्वन्ति मां भक्त्या सत्स्त्रियः सत्पतिं यथा ।। ६६ ।। मत्सेवया प्रतीतं च सालोक्यादिचतुष्टयम् ।। नेच्छन्ति सेवया पूर्णाः कुतोऽन्यत्कालविद्रुतम् ।। ६७ ।। साधवो हृदयं मह्यं

हजुर मलाई बचाउनोस्, किनकि हजुरको नामोच्चारण गरेर नारकी प्राणी पनि मुक्त हुन्छ' ।। ६२ ।। श्रीभगवान् भन्न लाग्नुभयो—'हे द्विज ! म अस्वतन्त्र झैं सदा भक्तका अधीन रहन्छु । साधु भक्तहरूले मेरो हृदयमा आफ्नो अधिकार गरिराखेका छन् र म पनि ती भक्तजनको सधैं नै प्रिय रहेर आएको छु ।। ६३ ।। हे ब्रह्मन् ! जसको एकमात्र परम आधार म नै छु । ती आफ्ना साधु-स्वभाव भक्तगणलाई र अनपायिनी लक्ष्मीको पनि इच्छा गर्दिन ।। ६४ ।। जो आफ्नी स्त्री, पुत्र, घर, परमप्रिय प्राण, धन, इहलोक तथा परलोक सबै छाडेर मेरो शरणा आइसकेका हुन्छन्, ती भक्तजनलाई म कसरी छाड्न सक्तछु ? ।। ६५ ।। जस्तै पतिव्रता नारी पतिलाई आफ्ना वशमा पारेर राख्न समर्थ हुन्छन्,

* दृष्टान्त (गायन त ईश्वरको नै गरिन्छ)—एक दिन तानसेनको गानाले प्रसन्न भएर बादशाह अकबरले सोधे–'यति राम्रो गायन तिमीले कोसित सिख्यौ ?' तानसेनले उत्तर दिए 'आफ्ना गुरु बाबा हरिदाससित सिखें ।' अकबरले भने—'हिड उनीकहाँ जाऊँ ।' त्यसपछि अकबर तानसेनलाई लिएर आफ्ना सारा मण्डलीसमेत लिएर हरिदासको घर पुगे । हरिदास दिव्य ईश्वर-भक्तिमा लीन रहन्थे । ती ईश्वरको भजन बाहेक अरु कुनै गाना गाउँदैनथे । बादशाहले हरिदाससित कुनै गाना सुनाउने प्रार्थना गरे । बादशाहको आग्रहले उनले यौटा सुन्दर भजन सुनाए । बादशाह धेरै प्रसन्न भए र उनको यथोचित सत्कार गरेर फर्किए । एक दिन कचहरीमा अकबरले तानसेन उसदिन सुनेको भजन गाउन भने । तानसेनले भजन गाए, तर बादशाहलाई उस दिनको जस्तो आनन्द आएन । अकबरले उनीसित सोधे–'उस दिन जस्तो आनन्द आज किन आएन ?' तानसेनले उत्तर दिए– म हजुरलाई प्रसन्न पार्नको निम्ति नै गाउँछु, तर हाम्रा गुरुजीले हजुरलाई खुसी तुल्याउन गाएका होइनन्, उनले त बादशाहहरूका पनि बादशाहलाई प्रसन्न पार्नको निम्ति गाए । यसै कारण यो अन्तर देखिएको हो । वस्तुतः भजन त उही हो ।' यो सुनेर बादशाह प्रसन्न भयो र त्यसै बेलादेखि ती हरिदासको सम्पर्कमा विशेष रहन लागे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै नै जसले आफ्नो हृदय ममा लगाइदिएको छ, ती समदर्शी साधु पुरुष मलाई आफ्नो अधीन पारिलिने गर्दछन् ॥६६॥ मेरा अनन्य भक्त त मेरो सेवाले नै सन्तुष्ट रहेर त्यस सेवाको प्रभावले प्राप्त हुने सालोक्य, सारूप्य, सार्ष्टि तथा सायुज्य नामक चारै थरिका मुक्ति पनि खोज्दैनन् । अनि कालक्रमले नष्ट भएर जाने अन्यभोगहरूको कुरा किन हुन सक्छ? ॥६८॥ बर्ता कति भनौं, ती साधु पुरुष साक्षात् मेरा हृदय हुन् र म उनको हृदय हुँ, किनकी ती म बाहेक अरु कुनै वस्तुलाई पनि प्रिय मान्दैनन् र मलाई पनि ती बाहेक अरु कुनै वस्तु अलिकति पनि प्रिय लाग्दैन ॥६८॥ हे प्रिय ! सुन–म यौटा उपाय बताउँछु । जसमाथि अभिचार प्रयोग गरेको कारण तिमीलाई यो विपरीत फल प्राप्त भयो, तिमी उनै अम्बरीषकहाँ जाऊ, किनकि निरपराध साधु पुरुषमा प्रयुक्त तेज प्रयोक्ताको नै अमङ्गल गर्दछ ॥६९॥ तप तथा विद्या, यी दुवै ब्राह्मणहरूका कल्याणका कारण हुन्छन् । किन्तु तिनै अन्यायी ब्राह्मणलाई विपरीत फल दिन थाल्दछन् ॥७०॥ यस निम्ति हे ब्रह्मन् ! तिम्रो कल्याण होस् । तिमी राजा अम्बरीषकहाँ जाऊ र ती महाभागसित नै आफ्नो अपराध

साधूनां हृदयं त्वहम् ॥ मदन्यत्ते न जानन्ति नाहं तेभ्यो मनागपि ॥ ६८ ॥ उपायं कथयिष्यामि तव विप्र शृणुष्व तत् ॥ अयं ह्यात्माभिचारस्ते यतस्तं यातु वै भगान् ॥ साधुषु प्रहितं तेजः प्रहर्तुः कुरुतेऽशिवम् ॥ ६९ ॥ तपो विद्या च विप्राणां निःश्रेयसकरे उभे ॥ त एव दुर्विनीतस्य कल्पेते कर्तुरन्यथा ॥ ७० ॥ ब्रह्मंस्तद्गच्छ भद्रं ते नाभागतनयं नृपम् ॥ क्षमापय महाभागं ततः शान्तिर्भविष्यति ॥ ७१ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धेऽम्बरीषचरिते चतुर्थोऽध्यायः ॥ ४ ॥

श्रीशुक उवाच ॥ एवं भगवतादिष्टो दुर्वासाश्चक्रतापिताः ॥ अम्बरीषमुपावृत्य तत्पादौ दुःखितोऽग्रहीत् ॥१॥ तस्य सोद्यमनं वीक्ष्य पादस्पर्शविलज्जितः ॥ अस्तावीत्तद्धरेरस्त्रं कृपया पीडितो भृशम् ॥२॥ अम्बरीष उवाच ॥ त्वमग्निर्भगवान् सूर्यस्त्वं सोमो ज्योतिषां पतिः ॥ त्वमापस्त्वं क्षितिर्व्योम वायुर्मात्रेन्द्रियाणि च ॥३॥ सुदर्शन नमस्तुभ्यं सहस्राराच्युतप्रिय ॥ सर्वास्त्रघातिन्विप्राय स्वस्ति भूया इडस्पते ॥४॥ त्वं धर्मस्त्वमृतं सत्यं त्वं यज्ञोऽखिलयज्ञभुक् ॥ त्वं लोकपालः सर्वात्मा त्वं तेजः पौरुषं परम् ॥५॥ नमः सुनाभाखिलधर्मसेतवे ह्यधर्मशीलासुरधूमकेतवे ॥ त्रैलोक्यगोपाय विशुद्ध-

क्षमा गराऊ । यसले अवश्य तिमीलाई शान्ति प्राप्त हुनेछ ॥७१॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ'कृत नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥४॥

(महर्षि दुर्वासाको कष्ट निवारण)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! भगवान्बाट यस्तो आज्ञा पाएर सुदर्शन चक्रले सन्तप्त दुर्वासा अम्बरीषसहाँ पुगे र अत्यन्त दुःखी भएर उनले तिनका पाउ समाते ॥१॥ दुर्वासाको यो चेष्टा देखेर, चरण स्पर्शले लज्जित राजा अम्बरीष करुणाले द्रवीभूत भएर भगवान्को त्यो अस्त्रको स्तुति गर्नलागे । राजा अम्बरीषले भने–हे सुदर्शन ! तिमी अग्नि हौ, तिमी भगवान् सूर्य हौ र तिमी नै नक्षत्रनाथ चन्द्रमा हौ । तिमी जल, पृथ्वी, आकाश, वायु, पञ्चतन्मात्रा र सम्पूर्ण इन्द्रिय हौ ॥२॥३॥ हे प्रभुका प्रिय एवं सहस्र धार हुने सुदर्शनचक्र ! तिमीलाई प्रणाम ! हे सर्वशस्त्र संहारक, पृथ्वीका रक्षक ! यी विप्रको कल्याण गर । तिमी धर्म, ऋत र सत्य हौ, तिमी यज्ञ र सम्पूर्ण यज्ञका फलभोक्ता यज्ञपुरुष हौ, तिमी लोकका रक्षक, सर्वस्वरूप, हौ । एकमात्र तिमी नै परमपुरुष नारायणका उत्कृष्ट तेज हौ ॥४॥५॥ हे सुनाभ ! तिमी मर्यादाका रक्षक, अधर्मी जनहरूलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पोल्नको निम्ति अग्निस्वरूप, त्रैलोक्यका रक्षक, विशुद्ध तेजोमय, मन झैं द्रुतगामी र अद्भुत कर्म गर्ने हौ । म तिम्रो स्तुति गर्दछु ।।६।। हे वाणीका पति ! तिम्रो धर्ममय तेजले अगणित महापुरुषहरूको अज्ञान नष्ट गरिदिएको छ र तिमीले सूर्यादिको तेजलाई धारण गरेका छौ । तिम्रो महिमाको पार पाउनु कठिन काम छ । यो कार्य-करणात्मक साग संसार तिम्रो नै स्वरूप हो ।।७।। हे अजित ! जब तिमी निरञ्जनदेव द्वारा प्रहार गरिएपछि दैत्य-दानव सेनामा प्रविष्ट हुन्छौ तब तिनको भुजा, उदर, ऊरु, चरण र ग्रीवा आदि काट्तै युद्धस्थलमा सान्है राम्रा देखिन्छौ ।।८।। हे विश्वरक्षक ! तिमी युद्धमा शत्रुका प्रहार सहन सक्तछौ । ती भगवान् गदाधरले दुष्टहरूको दमनका निम्ति नै तिमीलाई नियुक्तःगरिराखेयोछ । अब तिमी हाम्रो कुलको भाग्योदय गर्नको निम्ति यी विप्रको कल्याण गर । हामीमाथि तिम्रो यो ठूलो कृपा हुनेछ ।। ९ ।। यदि मैले दान, यज्ञ तथा आफ्नो धर्मको राम्ररी पालन गरेको भए र यदि हाम्रो कुल सधैंदेखि ब्राह्मण-भक्त रहँदै आएको छ भने यी विप्रवर सबै तरहबाट दुःख-मुक्त होउन् ।। १० ।। यदि सबै प्राणीहरूमा परमेश्वरलाई आत्मास्वरूपले

वर्चसे मनोजवायाद्भुतकर्मणे गृणे ।।६।। त्वत्तेजसा धर्ममयेन संहृतं तमः प्रकाशश्च धृतो महात्मनाम् ।। दुरत्ययस्ते महिमा गिरां पते तद्रूपमेतत्सदस-
त्परावरम् ।।७।। यदा विसृष्टस्त्वमनञ्जनेन वै बलं प्रविष्टोऽजित दैत्यदानवम् ।। बाहूदरोर्वङ्घ्रिशिरोधराणि वृश्चन्नजस्रं प्रधने विराजसे ।।८।। स त्वं
जगत्त्राण खलप्रहाणये निरूपितः सर्वसहो गदाभृता ।। विप्रस्य चास्मत्कुलदैवहेतवे विधेहि भद्रं तदनुग्रहो हि नः ।।९ । यद्यस्ति दत्तमिष्टं वा स्वधर्मो
वा स्वनुष्ठित. ।। कुलं नो विप्रदैवं चेद्द्विजो भवतु विज्वरः ।।१०।। यदि नो भगवान्प्रीत एकः सर्वगुणाश्रयः ।। सर्वभूतात्मभावेन द्विजो भवतु विज्वरः
।। ११ ।। श्रीशुक उवाच ।। इति संस्तुवतो राज्ञो विष्णुचक्रं सुदर्शनम् ।। अशाम्यत्सर्वतो विप्रं प्रदहद्राजयाञ्चया ।। १२ ।। स मुक्तोऽस्त्राग्नि-
तापेन दुर्वासाः स्वस्तिमाँस्ततः ।। प्रशशंस तमुर्वीशं तमुर्वीशं युञ्जानः परमाशिषः ।। १३ ।। दुर्वासा उवाच ।। अहो अनन्तदासानां महत्त्वं दृष्टमद्य मे ।।
कृतागसोऽपि यद्राजन्मङ्गलानि समीहसे ।। १४ ।। दुष्करः को नु साधूनां दुस्त्यजो वा महात्मनाम् ।। यैः संगृहीतो भगवान्सात्वतामृषभो हरिः
।। १५ ।। यन्नामश्रुतिमात्रेण पुमान्भवति निर्मलः ।। तस्य तीर्थपदः किं वा दासानामवशिष्यते ।।१६।। राजन्ननुगृहीतोऽहं त्वयाऽतिकरुणात्मना ।।
मदघं पृष्ठतः कृत्वा प्राणा यन्मेऽभिरक्षिताः ।। १७ ।। राजा तमकृताहारः प्रत्यागमनकाङ्क्षया ।। चरणावुपसंगृह्य प्रसाद्य समभोजयत् ।। १८ ।।

स्थिर देख्नाले गर्दा सबै गुणहरूका आधारस्वरूप श्रीभगवान् ममाथि प्रसन्न छन् भने यी ब्राह्मण-देवता तुरुन्त क्लेश-मुक्त होउन् ।।११।। शुकदेव भन्नुहुन्छ—हे राजन् ! यसरी राजा अम्बरीषले स्तुति गरेपछि महामुनि दुर्वासालाई चारैतिरबाट पोल्ने भगवान्को सुदर्शनचक्र शान्त भयो । त्यो भयावह शस्त्राग्निको तापले मुक्त र स्वस्थ चित्त दुर्वासा राजा अम्बरीषलाई आशीर्वाद दिंदै उनको धेरै-धेरै प्रशंसा गर्नलागे ।।१२।।१३।। दुर्वासाले भने—अहो ! राजन् ! मैले भगवान् अनन्तका भक्तको महिमा देखें, किनकि मैले अपराध गर्दा पनि तिमी यसरी मेरो मङ्गल कामना गरिरहेका छौ ।। १४ ।। जसले भक्तका परम आराध्यदेव भगवान् हरिलाई बलले समातेका छ, ती साधु पुरुषका निम्ति के वस्तु दुष्कर, अप्राप्य हुन सक्तछ ? ती महात्मा कुन वस्तु त्याग्न सक्तैनन् ? ।। १५ ।। जसको केवल हरिनाम-स्मरणले पुरुष निर्मल-हृदय भइजान्छ, ती तीर्थपाद भगवान्को निम्ति कुन यस्तो कर्तव्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शेष रहन्छ ? ॥१६॥ हे राजन् ! परम कारुणिक-स्वभाव-सम्पन्न तिमीले मेरो अपराधमा दृष्टिपात नगरेर जुन मेरो प्राणको रक्षा गऱ्यौ, यसले म तिमो अत्यन्त अनुगृहीत छु ॥१९॥ त्यसपछि हे राजन् ! जो अझसम्म दुर्वासा फर्कने प्रतीक्षामा निराहार बसिरहे, ती राजा अम्बरीषले उनको पाउ समातेर उनलाई प्रसन्न पारेर भोजन गराए ॥१८॥ ती दुर्वासाले राजा द्वारा सादर ल्याइएको सबै कामनाहरू पूर्ण पार्ने अन्न भोजन गरेर चित्तमा सन्तुष्ट भई राजा अम्बरीषसित आदरपूर्वक भने–'अब तिमी पनि गएर भोजन गर ॥ १९ ॥ हे राजन् ! तिमी ठूला भगवद्भक्त हौ, म तिम्रो अनुगृहीत भएर तिम्रो दर्शन, स्पर्श वार्तालाप र परमात्मामा मन लगाउने हुनाले आतिथ्यले प्रसन्न भएको छु ॥२०॥ तिम्रो यस पवित्र कर्मको स्वर्गका देवाङ्गनाहरू बारम्बार गान गर्नेन् र यी पृथ्वी पनि तिम्रो परम पावन कीर्तिको बखान गर्नेछन् ।' ॥२१॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् । यसरी परम प्रसन्न दुर्वासा र राजा अम्बरीषको गुण-कीर्तन गरेर र उनीसित आज्ञा लिई आकाशमार्गले ब्रह्मलोक गए, जुन केवल निष्काम कर्म द्वारा नै प्राप्त गर्न सकिन्छ–अन्यथा सकिन्न ॥२२॥

सोऽशित्वाऽऽहृतमानीतमातिथ्यं सार्वकामिकम् ॥ तृप्तात्मा नृपतिं प्राह भुज्यतामिति सादरम् ॥१९॥प्रीतोऽस्म्यनुगृहीतोऽस्मि तव भागवतस्य वै॥दर्शन-स्पर्शनालापैरातिथ्येनात्ममेधसा ॥२०॥कर्मावदातमेतत्ते गायन्ति स्वःस्त्रियो मुहुः ॥ कीर्तिं परमपुण्यां च कीर्तयिष्यति भूरियम् ॥२१॥ श्रीशुक उवाच ॥ एवं सङ्कीर्त्य राजानं दुर्वासा परितोषितः ॥ ययौ विहायसाऽऽमन्त्र्य ब्रह्मलोकमहैतुकम् ॥२२॥ संवत्सरोऽत्यगात्तावद्यावता नागतो गतः ॥ मुनिस्तद्दर्शनाकाङ्क्षी राजाऽब्भक्षो बभूव ह ॥ २३ ॥ गते च दुर्वाससि सोऽम्बरीषो द्विजोपयोगातिपवित्रमाहरत् ॥ ऋषेर्विमोक्षं व्यसनं च बुद्ध्वा मेने स्ववीर्यं च परानुभावम् ॥२४॥ एवंविधानेकगुणः स राजा परात्मनि ब्रह्मणि वासुदेवे ॥ क्रियाकलापैः समुवाह भक्तिं यया विरिञ्चान्निरयाँश्चकार ॥ २५ ॥ अथाम्बरीषस्तनयेषु राज्यं समानशीलेषु विसृज्य धीरः ॥ वनं विवेशात्मनि वासुदेवे मनो दधद्ध्वस्तगुणप्रवाहः ॥२६॥ इत्येतत्पुण्यमाख्यानमम्बरीषस्य भूपतेः ॥ सङ्कीर्तयन्ननुध्यायन्भक्तो भगवतो भवेत् ॥ २७ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धेऽम्बरीषचरितं नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

श्रीशुक उवाच ॥ विरूपः केतुमाञ्छम्भुरम्बरीषसुतास्त्रयः ॥ विरूपात्पृषदश्वोऽभूत्तत्पुत्रस्तु रथीतरः ॥ १ ॥ रथीतरस्याप्रजस्य भार्यायां

जबसम्म सुदर्शन चक्रको डरले भागेका दुर्वासा ऋषि फर्केर आएनन्, त्यतिमा एक वर्षको समय बितिसकेको थियो, तर उनको दर्शनाभिलाषी महाराज अम्बरीष तबसम्म केवल पानी पिएर बसे ॥२३॥ मुनिराज दुर्वासा गएपछि महाराज अम्बरीषले ब्राह्मणको भोजनबाट अवशिष्ट अतिशय पवित्र अन्न भोजन गरे र दुर्वासाको कष्ट र कष्ट निवृत्तिलाई देखेर उनले आफ्नो त्यस प्रभावलाई पनि परमात्माको प्रभाव नै माने ॥ २४ ॥ यस प्रकार ती अनेक गुण सम्पन्न राजाले विविध प्रकारका क्रियाकलापहरू द्वारा परब्रह्म भगवान् वसुदेवमा आफ्नो भक्तिभाव बढाए, जसले ती ब्रह्मलोकसमेत सबै भोगलाई नरक झैं हेय ठान्नलागे ॥ २५ ॥ केही समयपछि जितेन्द्रिय राजा अम्बरीष आफू जस्तै स्वभावका छोराहरूलाई आफ्नो राज्य दिएर वनमा गए र भगवान् वासुदेवमा मन लगाई गुणका प्रवाहरूपी संसार-बन्धनबाट सदाको निम्ति मुक्त भए ॥२६॥ हे राजन् ! राजा अम्बरीषको यो परम पवित्र आख्यान-को संकीर्तन तथा मनन गर्नाले प्राणी भगवान्को भक्त बन्दछ ॥२७॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायां पञ्चमोऽध्याय ॥ ५ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDT - Delhi

(महाराज इक्ष्वाकुको वंश वृत्तान्त एवं मान्धात र सौभरि ऋषिको चरित्र)—श्री शुकदेव भन्नुहुन्छ–हे राजन् ! राजा अम्बरीषका विरूप, केतुमान् र शम्भु नामक तीन पुत्र भए। विरूपबाट पृषदश्व र पृषदश्वका छोरा रथीतर भए ॥ १ ॥ रथीतरका कुनै सन्तान थिएनन् । जब सन्तानको निम्ति उनले प्रार्थना गरे, तब महर्षि अङ्गिराले प्रयत्न गरेपछि उनकी भार्याबाट अनेक ब्रह्मतेजयुक्त जन्मिए ॥ २ ॥ रथीतरकी भार्याको गर्भबाट उत्पन्न ती पुत्र आङ्गिरस कहिए र रथीतरका अन्य छोरोको अपेक्षा ती श्रेष्ठ थिए । ती सबै क्षत्रियकर्मले युक्त ब्राह्मण भए ।।३।। हे राजन् ! एकपल्ट मनुलाई हाछिउँ आयो र तिनको वाकबाट इक्ष्वाकु नामका पुत्र जन्मे । उनका सय पुत्रहरूमा विकुक्षि, निमि र दण्डक–यी तीन सबश्रेष्ठ थिए ।।४।। हे नृप ! ती भन्दा कांछा पचीस पुत्र आर्यावर्त देशको पूर्वीभाग र पचीस पश्चिमी भागका राजा भए। तीन जना जेठा छोरा मध्यभागका र शेष सैंतालीस इक्ष्वाकु-पुत्र दक्षिणादि अन्य देशका राजा भए ।।५। एक समय राजा इक्ष्वाकुले, जब अष्टका श्राद्ध हुने भएको थियो, तब आफ्नो जेठो छोरोलाई भने—'हे विकुक्षे ! तिमी झट्ट श्राद्धको योग्य मासु

तन्तवेऽर्थिवः ॥ अङ्गिरा जनयामास ब्रह्मवर्चस्विनः सुतान् ॥ २ ॥ एते क्षेत्रे प्रसूता वै पुनस्त्वाङ्गिरसाः स्मृताः ॥ रथीतराणां प्रवराः क्षत्रोपेता द्विजातयः ॥ ३ ॥ क्षुवतस्तु मनोर्जज्ञे इक्ष्वाकुर्घ्राणतः सुतः ॥ तस्य पुत्रशतज्येष्ठा विकुक्षिनिमिदण्डकाः ॥ ४ ॥ तेषां पुरस्ताद- भवन्नार्यावर्ते नृपा नृप ॥ पञ्चविंशति पश्चाच्च त्रयो मध्ये परेऽन्यतः ॥ ५ ॥ स एकदाऽष्टकाश्राद्ध इक्ष्वाकुः सुतमादिशत् ॥ मांसमानीयतां मेध्यं विकुक्षे गच्छ मा चिरम् ॥ ६ ॥ तथेति स वनं गत्वा मृगान्हत्वा क्रियार्हणान् ॥ श्रान्तो बुभुक्षितो वीरः शशं चाददपस्मृतिः ॥ ७ ॥ शेषं निवेदयामास पित्रे तेन च तद्गुरुः ॥ चोदितः प्रोक्षणायाह दुष्टमेतदकर्मकम् ॥ ८ ॥ ज्ञात्वा पुत्रस्य तत्कर्म गुरुणाऽभिहितं नृपः ॥ देशान्निः- सारयामास सुतं त्यक्तविधिं रुषा ॥ ९ ॥ स तु विप्रेण संवादं जापकेन समाचरन् ॥ त्यक्त्वा कलेवरं योगी स तेनावाप यत्परम् ॥ १० ॥ पित- र्युपरतेऽभ्येत्य विकुक्षिः पृथिवीमिमाम् ॥ शासदीजे हरिं यज्ञैः शशाद इति विश्रुतः ॥ ११ ॥ पुरञ्जयस्तस्य सुत इन्द्रवाह इतीरितः ॥ ककुत्स्थ इति चाप्युक्तः शृणु नामानि कर्मभिः ॥ १२ ॥ कृतान्त आसीत्समरो देवानां सह दानवैः ॥ पार्ष्णिग्राहो वृतो राजा देवैर्दैत्यपराजितैः ॥ १३ ॥

ल्याऊ-अबेर नगरे' ।।६।। त्यसै अनुसार वीरवर विकुक्षि 'हुन्छ' भनेर वनमा गएर त्यहाँ श्राद्धयोग्य मृगहरूको वध गरेर बर्ता थकाई लागेपछि श्राद्धको निम्ति मारेका पशु खान हुँदैन- यो कुरा बिर्सेर उनले यौटा खरायो मारेर खाए ।।७।। शेष मासु ल्याएर उसले पितालाई सुम्पिदिए । जब पिता इक्ष्वाकुले त्यसको प्रोक्षण गर्नको निम्ति भने तब गुरु वसिष्ठले त्यसलाई दूषित तथा श्राद्धको निम्ति अयोग्य ठहराए ।।८।। हे राजन् ! आफ्नो छोरोको त्यो कर्म जानेर गुरुको आज्ञानुसार इक्ष्वाकुले शास्त्रविधिको उल्लंघन गर्ने छोरो (विकुक्षि) लाई रिसले देशबाट निकालिदिए ॥ ९ ।। त्यसपछि गुरु वसिष्ठसित तत्वज्ञानका विषयको कुरा गरेर र योगयुक्त भई इक्ष्वाकुले शरीर त्यागिदिए र आफ्नू तत्वनिष्ठाले परमपद पाए ।।१०।। पिताको देहान्त भएपछि विकुक्षि फर्केर घर आए र यस पृथ्वीको शासन गर्नलागे र 'शशाद' नामले विख्यात भएर अनेक यज्ञद्वारा उनले श्रीहरिको उपासना गरे ।।११।। तिनको छोरोको नाम पुरञ्जय थियो, जो 'इन्द्रवाह' नामले प्रख्यात भए, तिनै 'ककुत्स्थ' पनि कहलाए। हे राजन् ! जुन कर्मले उनलाई यो ज्ञान भयो, त्यो वृत्तान्त ॥ १२ ॥ सत्ययुगको अन्त्यमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवता र दानवहरूको घोर संग्राम भयो। त्यस युद्धमा दैत्यगणद्वारा पराजित देवताहरूले राजा पुरञ्जनलाई आफ्नो सहायतार्थ डाके॥१३॥ अनि वाहनरूपले वरण गरिएका देवराज इन्द्र अखिलात्मा देवदेव विष्णु भगवान्को आदेशले उनको निम्ति ठूलो गोरू बने ॥१४॥ त्यस बखत युद्धको निम्ति तत्पर महाराज पुरञ्जय परम पुरुष परमात्मा विष्णु भगवान्को तेजले अतिशय वृद्धिमा प्राप्त भए। उनले कवच धारण गरे, हातमा दिव्य धनुष र तीखा बाण लिएर र त्यस महावृषभमा आरूढ भई उसको ककुद्म (जुरो) मा बसे। अनि देवताहरू साथै उनले दैत्यहरूको नगरमा पश्चिमतिरबाट घेरिलिए ॥ १५ ॥ १६ ॥ त्यसपछि दैत्यहरूसित उनको घोर एवं रोमाञ्चकारी संग्राम भयो। त्यस युद्धस्थलमा जुन-जुन दैत्य उनलाई

वचनाद्देवदेवस्य विष्णोर्विश्वात्मनः प्रभोः ॥ वाहनत्वे वृतस्तस्य बभूवेन्द्रो महावृषः ॥१४॥ स सन्नद्धो धनुर्दिव्यमादाय विशिखान्सितान् ॥ स्तूयमानः समारुह्य युयुत्सुः ककुदि स्थितः ॥ १५ ॥ तेजसाप्यायितो विष्णोः पुरुषस्य परात्मनः ॥ प्रतीच्यां दिशि दैत्यानां न्यरुणत्त्रिदशैः पुरम् ॥ १६ ॥ तैस्तस्य चाभूत्प्रधनं तुमुलं लोमहर्षणम् ॥ यमाय भल्लैरनयद्दैत्यान् येऽभिययुर्मृधे ॥ १७ ॥ तस्येषुपाताभिमुखं युगान्ताग्निमिवोल्बणम् ॥ विसृज्य दुद्रुवुर्दैत्या हन्यमानाः स्वमालयम् ॥ १८ ॥ जित्वा पुरं धनं सर्वं सश्रीकं वज्रपाणये ॥ प्रत्ययच्छत्स राजर्षिरिति नामभिराहृतः ॥ १९ ॥ पुरञ्जयस्य पुत्रोऽभूदनेनास्तत्सुतः पृथुः ॥ विश्वरन्धिस्ततश्चन्द्रो युवनाश्वश्चतत्सुतः ॥२०॥ शाबस्तस्तत्सुतो येन शाबस्ती निर्ममे पुरीं ॥ वृहदश्वस्तु शाबस्तिस्ततः कुवलयाश्वकः ॥ २१ ॥ यः प्रियार्थमुतङ्कस्य धुन्धुनामासुरं वली ॥ सुतानामेकविंशत्या सहस्रैरहनद्वृतः ॥ २२ ॥ धुन्धुमार इति ख्यातस्तत्सुतास्ते

देखिए, तिनलाई पुरञ्जयले आफ्ना बाणले यमराजको घर पठाइदिए ॥१७॥ अनेक दैत्य प्रलयाग्नि जस्तै उनको बाणवर्षाको समक्ष टिक्नमा असमर्थ भएर युद्धस्थलबाट आफ्ना घर भागेर गए ॥१८॥ अनि ती राजर्षिले दैत्यहरूको सम्पत्तिका साथै तिनका पुर तथा धन जितेर त्यो सबै इन्द्रलाई दिए। त्यसले ती 'इन्द्रवाह' र 'ककुत्स्थ' यी *पदवीहरूले युक्त नामले प्रख्यात भए ॥१९॥ पुरञ्जयका छोरा अनेना र अनेनाका पृथु भए। पृथुका छोरा विश्वरन्धि र उनका चन्द्र, चन्द्रका छोरा युवनाश्व भए ॥ २० ॥ युवनाश्वका छोरा शावस्त भए। उनले शावस्ती नगरी बसाले। शावस्तका वृहदश्व र कुवलयाश्व नामका पुत्र उत्पन्न भए ॥ २१ ॥ राजा कुवलयाश्वले उत्तङ्क ऋषिको प्रिय गर्नका लागि आफ्ना एक्काईस

दृष्टान्त (पदवीमा प्रतिष्ठा छ वा मनुष्यतामा ?)—एकपल्ट सिकन्दरले आफ्नो एक सज्जन सेनापतिलाई अकारण सूबेदारको पदबाट हटाइदियो। केही दिनपछि कुनै काम परेर सिकन्दरले उसलाई डाक्यो। प्रसन्न मनले ऊ गयो। सिकन्दरले भन्यो–'म तिमीलाई पहिले जस्तै प्रसन्न देखिरहेको छु। यसको कारण के हो ?' सूबेदारले भन्यो—'अब मलाई झन् राम्रो लागिरहेछ। सारा फौजका सूबेदार मेरो विशेष सम्मान गर्दथे र विनयले सल्लाह माग्दथे। साधारण सिपाही जुन पहिले मनेर आउन गाह्रो मान्दथे, ती अब खुशीले आउँछन्, र अब म तिनलाई राम्रो सल्लाह दिन सक्छु, किनकि अब म यौटा सम्मानित मनुष्य भएको छु।' सिकन्दरले सोध्यो–'घर बसिरहँदा दुःख लाग्दैन ?' सूबेदारले भन्यो–'इज्जत दर्जामा छ वा मनुष्यतामा ? जो मनुष्य आफ्नो काम राम्रो गर्दछ र अरूलाई मद्दत दिन्छ, त्यसैलाई सबैले भलादमी भन्दछन्। उच्च पदमा बसेर जो घूस वा सौगात (कोसेली) लिन्छन्, त्यो त सिपाही भन्दा पनि हेय मानिन्छ।' यो सत्य कुरा सुनेर सिकन्दर साह्रै प्रसन्न भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

हजार छोराहरू लिएर धुन्धु नामको दैत्यलाई मारेका थिए ॥२२॥ यसै कारण उसको 'धुन्धुमार' नाम हुनगयो। त्यस घोर युद्धमा धुन्धु दानवको मुखबाट निस्केको ज्वालामा कुवलयाश्वका तीन पुत्र बाहेक शेष सबै डढेर मरे ॥१३॥ हे भारत ! ती तीनजनाको नाम-दृढाश्व, कपिलाश्व र भद्राश्व थियो। दृढाश्वका छोरा हर्यश्व र उसको छोरो निकुम्भ भयो ॥२४॥ निकुम्भको बर्हणाश्व नामक पुत्र भयो। त्यस बर्हणाश्वको कृशाश्व, कृशाश्वको सेनजित् र सेनजित्का युवनाश्व नामका पुत्र भए। युवनाश्व पुत्रहीन थिए। यसैनिम्ति खिन्न भएर आफ्नी सय भार्याहरूसित वनमा हिंडिदिए। त्यहाँ कृपालु मुनीश्वरहरूले युवनाश्वलाई पुत्र प्राप्त गराउनको निम्ति सावधान मनले 'ऐन्द्र' यज्ञ गराए ॥२५॥२६॥ एक दिन रात्रिको वेलामा प्यासले व्याकुल राजा यज्ञशालामा गएर ऋषिहरूलाई निदाएका देखेर मन्त्राभिषिक्त पानी पिइदिए ॥ २७ ॥ हे राजन् ! विहान उठेर जब ऋषिहरूले कलश रित्तो देखे तब सोधे–'यो काम कसको हो ? कसले यो पुंसवन (पुत्र उत्पन्न गर्ने) जल पियो ?' ॥ २८ ॥ त्यसपछि ईश्वरको प्रेरणाले राजाले नै त्यो जल पिए भन्ने कुरा जानेपछि

च जज्वलुः ॥ धुन्धोर्मुखाग्निना सर्वे त्रय एवावशेषिताः ॥ २३ ॥ दृढाश्वः कपिलाश्वश्च भद्राश्व इति भारत ॥ दृढाश्वपुत्रो हर्यश्वो निकुम्भस्तत्सुतः स्मृतः ॥२४॥ बर्हणाश्वो निकुम्भस्य कृशाश्वोऽथास्य सेनजित् ॥ युवनाश्वोऽभवत्तस्य सोऽनपत्यो वनं गतः ॥ २५ ॥भार्याशतेन निर्विण्ण ऋषयोऽस्य कृपालवः ॥ इष्टिं स्म वर्तयाञ्चक्रुरैन्द्रीं ते सुसमाहिताः ॥ २६ ॥ राजा तद्यज्ञसदनं प्रविष्टो निशि तर्षितः ॥ दृष्ट्वा शयानान्विप्रांस्तान्पपौ मन्त्रजलं स्वयम् ॥ २७ ॥ उत्थितास्ते निशाम्याथ व्युदकं कलशं प्रभो ॥ पप्रच्छुः कस्य कर्मेदं पीतं पुंसवनं जलम् ॥२८॥ राज्ञा पीतं विदित्वाऽथईश्वरप्रहितेन ते ॥ ईश्वराय नमश्चक्रुरहो दैवबलं बलम् ॥ २९ ॥ ततः काल उपावृत्ते कुक्षिं निर्भिद्य दक्षिणम् ॥ युवनाश्वस्य तनयश्चक्रवर्ती जजान ह ॥ ३० ॥ कं धास्यति कुमारोऽयं स्तन्यं रोरूयते भृशम् ॥ मां धाता वत्स मारोदीरितीन्द्रो देशिनीमदात् ॥ ३१ ॥ न ममार पिता तस्य विप्रदेवप्रसादतः ॥ युवनाश्वोऽथ तत्रैव तपसा सिद्धिमन्वगात् ॥ ३२ ॥ त्रसद्दस्युरितीन्द्रोऽङ्ग विदधे नाम तस्य वै ॥ यस्मात्त्रसन्ति ह्युद्विग्ना दस्यवो रावणादयः ॥ ३३ ॥ यौवनाश्वोऽथ मान्धाता चक्रवर्त्यवनीं प्रभुः ॥ सप्तद्वीपवतीमेकः शशासाच्युततेजसा ॥ ३४ ॥ ईजे च यज्ञं क्रतुभिरात्मविद्भूरिदक्षिणैः ॥ सर्वदेवमयं देवं सर्वात्मकमतीन्द्रियम् ॥ ३५ ॥ द्रव्यं मन्त्रो विधिर्यज्ञो यजमानस्तथर्त्विजः ॥ धर्मो देशश्च कालश्च सर्वमेतद्यदात्मकम् ॥ ३६ ॥

उनले भने–'अहो ! दैवबल नै सर्वप्रधान बल हो, यस्तो भन्दै ईश्वरलाई नमस्कार गरे ॥ २९ ॥ जब प्रसवको वेला आयो, तब राजा युवनाश्वको दाहिने कोखा फोरेर यौटा चक्रवर्ती छोरो जन्मियो ॥३०॥ जब त्यो बालक दूध पिउनको लागि वेस्सरी रुन लाग्यो तब ऋषिहरूले भने–'यो कसको दूध पिउँछ ?' अनि इन्द्रले भने–'मां धाता' अर्थात् मलाई पिउँछ र 'वत्स ! नरोउ' यति भनेर उनले आफ्नो तर्जनी औंला उसको मुखमा राखिदिए ॥३१॥ त्यसका पिता युवनाश्वले पनि ब्राह्मण र देवताहरूको कृपाले तपस्याद्वारा त्यसै स्थानमा सिद्धि प्राप्त गरे ॥३२॥ हे अङ्ग (तात) ! इन्द्रले त्यस बालकको नाम 'त्रयदस्यु' राखे, किनकि त्यसबाट उद्विग्न भएर रावणादि ठूला-ठूला दस्यु भयभीत भएका थिए ॥ ३३ ॥ जब युवनाश्व-तनय मान्धाता सार्वभौम (चक्रवर्ती) राजा भएर भगवान् नारायणको तेजले सम्पन्न भई एक्लै नै सातै द्वीपकी पृथिवीमा शासन गर्नलागे ॥ ३४ ॥ तब

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले आत्मज्ञान-सम्पन्न भएर द्रव्य (यज्ञसामग्री) मन्त्र, विधि, यज्ञ, यजमान, ऋत्विज, धर्म, देश तथा काल–यी सबै जसका स्वरूप छन्, ती सर्वदेवमय सर्वात्मक अद्वितीय देवाधिदेव भगवान् यज्ञपुरुषको अनेक ठूला-ठूला दक्षिणायुक्त यज्ञहरूले आराधना गरे ॥ ३५-३६ ॥ जहाँ सूर्यको उदय हुन्छ र जहाँ अस्त हुन्छ, त्यहाँसम्मको सम्पूर्ण देश युवनाश्व-तनय मान्धाताको नै क्षेत्र अर्थात् अधिकृत भूमण्डल कहिन्थ्यो ॥ ३७ ॥ ती राजा मान्धाताले शशबिन्दुकी कन्या बिन्दुमतीसित पुरुकुत्स, अम्बरीष तथा योगी मुचुकुन्द नामका तीन पुत्र उत्पन्न गरे । तिनका पचास बहिनीहरूले सौभरि ऋषिलाई पतिरूपमा छाने ॥ ३८ ॥ परम तपस्वी सौभरि यमुनाको जलमा डुबेर तपस्या गर्दथे । एकपल्ट त्यहाँ मैथुन-धर्ममा मत्स्यराजको सुख देखेर उनलाई पनि विवाह गर्ने अभिलाषा भयो ! अतः उनले राजा मान्धाताकहाँ गएर उनीसित यौटी कन्या मागे । त्यो सुनेर राजाले भने—'हे ब्रह्मन् ! स्वयंवरमा यदि कन्याले हजुरलाई वरण गरे हजुर प्रसन्नतापूर्वक यौटी कन्या लिन सक्नुहुन्छ' ॥ ३९॥४० ॥ अनि ती ऋषि सौभरिले विचार गरे–'राजाले ठानेका

यावत्सूर्य उदेति स्म यावच्च प्रतितिष्ठति ॥ सर्वं तद्यौवनाश्वस्य मान्धातुः क्षेत्रमुच्यते ॥ ३७ ॥ शशबिन्दोर्दुहितरि बिन्दुमत्यामधान्नृपः ॥ पुरुकुत्समम्बरीष मुचुकुन्दं च योगिनम् ॥ तेषां स्वसारः पञ्चाशत्सौभरि वव्रिरे पतिम् ॥ ३८ ॥ यमुनान्तर्जले मग्नस्तप्यमानः परं तपः ॥ निर्वृतिं मीनराजस्य वीक्ष्य मैथुनधर्मिणः ॥३९॥ जातस्पृहो नृपं विप्रः कन्यामेकामयाचत ॥ सोऽप्याह गृह्यतां ब्रह्मन्कामं कन्या स्वयंवरे ॥ ४० ॥ स विचिन्त्याप्रियं स्त्रीणां जरठोऽयमसम्मतः ॥ वलीपलित एजत्क इत्यहं प्रत्युदाहृतः ॥ ४१ ॥ साधयिष्ये तथात्मानं सुरस्त्रीणामपीप्सितम् ॥ किं पुनर्मनुजेन्द्राणामिति व्यवसितः प्रभुः ॥ ४२ ॥ मुनिः प्रवेशितः क्षत्त्रा कन्यान्तःपुरमृद्धिमत् ॥ वृतश्च राजकन्याभिरेकः पञ्चशता वरः ॥४३॥ तासां कलिरभूद्भूयांस्तदर्थेऽपोह्य सौहृदम् ॥ ममानुरूपो नायं व इति तद्गतचेतसाम् ॥ ४४ ॥ बह्वृचस्ताभिरपारणीयतपः श्रियाऽनर्घ्यपरिच्छदेषु ॥ गृहेषु नानोपवनामलाम्भःसरःसु सौगन्धिककाननेषु ॥ ४५ ॥ महार्हशय्यासनवस्त्रभूषणस्नानानुलेपाभ्यवहारमाल्यकैः ॥ स्वलंकृतस्त्रीपुरुषेषु नित्यदा रेमेऽनुगायद्द्विजभृङ्गबन्दिषु ॥ ४६ ॥ यद्गार्हस्थ्यं तु संवीक्ष्य सप्तद्वीपवतीपतिः ॥ विस्मितः स्तम्भमजहात्सार्वभौमश्रियाऽन्वितम् ॥ ४७ ॥ एवं

होलान् यो बूढो छ, यसै निम्ति स्त्रीहरूलाई मनपर्दैन । यसको सारा शरीर चाउरी परेको छ । यसको कपाल पाकिसकेको छ र टाउको हल्लन्छ । यही विचारेर उनले मलाई खरो उत्तर दिएका हुन् ॥ ४१ ॥ यसै निम्ति म आफूलाई यस्तो तुल्याउँछु कि सुरसुन्दरी पनि मलाई रोज्न लाग्नेछन्'—यस्तो विचारेर ती समर्थ सौभरिले यसै गरे ॥४२॥ अनि अन्तः-पुरको रक्षकले ती मुनिश्रेष्ठलाई कन्याहरूको समृद्धिशाली अन्तःपुरमा पुऱ्यायो । त्यहाँ ती पचासै कन्याहरूले सौभरिलाई नै आफ्नो पति रोजे ॥४३॥ उनैमा सबैको मन लाग्नाले ती कन्याहरूले सौहार्द्र त्यागेर 'यी त मेरै योग्य छन्–तिम्रो होइन' भनेर सौभरिको निम्ति उनमा परस्पर कलह हुनलाग्यो ॥ ४४ ॥ हे राजन् ! अनि ऋग्वेदी सौभरि ऋषि आफ्नो अपार तपोबलले बहुमूल्य सामग्रीहरूले युक्त घरहरूमा, अनेक उपवनले सुशोभित तथा निर्मल जलले पूर्ण सरोवरहरूमा, कमलको वनमा, पक्षीहरू र वन्दीजनहरूले गुञ्जायमान एवं राम्रा गहनाले भूषित स्त्री पुरुषहरूले सुशोभित महलहरूमा, बहुमूल्य शय्या, आसन, वस्त्र, आभूषण, बुकुवा,मीठो भोजन र फूल-मालाहरूको उपभोग गर्दै विहार गर्नलागे ॥४५-४६॥ उनको गार्हस्थ्य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDT - Delhi

सुख देखेर सप्तद्वीपवती पृथिवीका अधिपति महाराज मान्धाताले विस्मित भावले आफू सार्वभौम र सम्पत्तिवान् भएको गर्व त्यागिदिए ॥ ४७ ॥ यस प्रकार गार्हस्थ्य-भोगमा आसक्त भएर ऋषि सौभरि विषयहरूलाई अनेक इन्द्रियहरूले भोग्दै जाँदा पनि तृप्त भएनन्, जस्तै घिउका थोपाले अग्नि तृप्त हुँदैनन् । एक दिन बसिरहेका ती ऋग्वेदाचार्य मनमनै माछाको सहवासले प्राप्त आफ्नो तपोभङ्गमा विचार गर्दै भन्न लागे–॥४८-४९॥ 'अहो ! जसले राम्ररी व्रतादिको पालन गरेको थियो, त्यस्तो म तपस्वीको यस्तो पतन भएको हेर ! जुन ब्रह्मतेजलाई मैले धेरै दिनदेखि धारण गरिराखेको थिएँ, त्यो म जलभित्रको यौटा जल-जन्तुको संगले भ्रष्ट हुनगएँ ॥५०॥ प्रत्येक मोक्षाभिलाषी पुरुषको यो कर्तव्य हो कि त्यो सबै दाम्पत्य-धर्ममा रत रहने समस्त प्राणीहरूको सहवास त्यागिदेओस र आफ्ना इन्द्रियहरूलाई अलिकति पनि बहिर्मुख हुन नदेओस् । त्यो सदा एकान्त प्रदेशमा एक्लै विचरण गर्दै एकमात्र अनन्त ईश्वरमा नै मन लगाओस् । यदि उसलाई संग नै गर्ने इच्छा छ भने भगवत्-परायण साधु पुरुषहरूको सङ्गत गरोस् ॥५१॥ अहो ! पहिले म एक्लो तपस्वी थिएँ ।

गृहेष्वभिरतो विषयान्विविधैः सुखैः ॥ सेवमानो न चातुष्यदाज्यस्तोकैरिवानलः ॥ ४८ ॥ स कदाचिदुपासीन आत्मापह्नवमात्मनः ॥ ददर्श बह्वृचाचार्यो मीनसङ्गसमुत्थितम् ॥ ४९ ॥ अहो इमं पश्यत मे विनाशं तपस्विनः सच्चरितव्रतस्य ॥ अन्तर्जले वारिचरप्रसङ्गात्प्रच्यावितं ब्रह्म परं धृतं यत् ॥५० ॥ सङ्गं त्यजेत मिथुनव्रतिनां मुमुक्षुः सर्वात्मना न विसृजेद्बहिरिन्द्रियाणि ॥ एकश्चरन्रहसि चित्तमनन्त ईशे युञ्जीत तद्व्रतिषु साधुषु चेत्प्रसङ्गः ॥ ५१ ॥ एकस्तपस्व्यहमथाम्भसि मत्स्यसङ्गात् पञ्चाशदासमुत पञ्चसहस्रसर्गः ॥ नान्तं व्रजाम्युभयकृत्यमनोरथानां मायागुणैर्हृतमतिर्विषयेऽर्थभावः ॥ ५२ ॥ एवं वसन्गृहे कालं विरक्तो न्यासमास्थितः ॥ वनं जगामानुययुस्तत्पत्न्यः पतिदेवताः ॥ ५३ ॥ तत्र तप्त्वा तपस्तीक्ष्णमात्मकर्षणमात्मवान् ॥ सहैवाग्निभिरात्मानं युयोज परमात्मनि ॥ ५४ ॥ ताः स्वपत्युर्महाराज निरीक्ष्याध्यात्मिकीं गतिम् ॥ अन्वीयुस्तत्प्रभावेण वह्निं शान्तमिवार्चिषः ॥ ५५ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे सौभर्याख्याने षष्ठोऽध्यायः ॥ ६ ॥

श्रीशुक उवाच ॥ मान्धातुः पुत्रप्रवरो योऽम्बरीषः प्रकीर्तितः ॥ पितामहेन प्रवृतो यौवनाश्वश्च तत्सुतः ॥ हारीतस्तस्य पुत्रोऽभून्मान्धातृप्रवरा

जलमा माछाको सङ्गति गरेर पचास स्त्रीहरूको पति बनेर यौटाबाट पचास भएँ फेरि सन्तानरूपले बढेर पाँच हजार भए । विषयहरूमा मेरो अब सत्यबुद्धि भइसकेको छ । बुद्धि मायाका गुणमा अल्झेर म आफ्नो ऐहिक तथा पारलौकिक दुवै नै प्रकारका मनोरथलाई तर्न सकिरहेको छैन' ॥ ५२ ॥ यसरी विचार गर्दै ती केही समयसम्म घर त्यागिदिएर बनको बाटो समाए । तिनको संगसंगै तिनका पतिपरायण पत्नीहरू पनि गए ॥५३॥ त्यहाँ आत्मचिन्तनमा संलग्न सौभरिले शरीरलाई सुखाउने तपमा तत्पर भएर आहवनीयादि अग्निहरू सहित स्वयं आफूलाई परमात्मामा लय गराए ॥५४॥ हे महाराज ! आफ्ना पतिको आध्यात्मिक गति देखेर तिनका पत्नीहरू पनि उनैको प्रभावले अग्निमा लीन भएर शान्त ज्वालाहरूको समान उनको अनुगमन गर्दै सबै सती भएर गए ॥५५॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषा टीकायां षष्ठोऽध्यायः ॥ ६ ॥

(महाराज त्रिशंकुर र रहिश्चन्द्रका वृत्तान्त)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! मान्धाताका सबै छोराहरूमा जेठा अम्बरीषको वर्णन गरिसकिएको छ । उनलाई तिनका पितामह

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युवनाश्वले छोरो भनेर मानेका थिए। अम्बरीषका छोरा यौवनाश्व र उनका हारीत नामक छोरा भए। यी तीनै मान्धातृ-गोत्रमा प्रवर वा अवान्तर गोत्रका प्रवर्तक भए ॥१॥ नर्मदालाई तिनका भाई नागहरूले पुरुकुत्ससित विवाह गरिदिएका थिए। ती नागराजको कथनानुसार राजा पुरुकुत्सलाई रसातल लिएर गए ॥२॥ त्यहाँ उनले विष्णुको शक्ति-सम्पन्न भई वधको योग्य गन्धर्वहरूलाई मारे र नागराजले यो वरदान पाए–'जो जन यस आख्यानको स्मरण गर्छन्, तिनलाई सर्पको भयर हनेछैन' ॥ ३ ॥ पुरुकुत्सको छोरो त्रयदस्यु भए। त्रयदस्यु अनरण्यको पिता थिए। उनका पुत्र हर्यश्व, उनका अरुण र अरुणका त्रिबन्धन पुत्र भए ॥४॥ त्रिबन्धनका छोरा सत्यव्रत भए। जो पछि 'त्रिशंकु' यस नामले विख्यात भए। ती गुरु वसिष्ठको श्रापले चाण्डाल भएका थिए, तापनि विश्वामित्रको तपोबलले सशरीर स्वर्गलोक गए। त्यहाँबाट देवताहरूले तिनलाई तल टाउको पारेर घुचेटी दिए। तर उनै विश्वामित्रको तपोबलले हठात् बीचमैं रोकिदिनाले अझसम्म पनि ती आकाशनै झुण्डिएका देखिन्छन् ॥५॥६॥ *तिनै त्रिशंकुका छोरा हरिश्चन्द्र भए, जसको निम्ति परस्पर श्रापले पक्षीको रूपमा

इमे ॥१॥ नर्मदा भ्रातृभिर्दत्ता पुरुकुत्साय योरगैः ॥ तया रसातलं नीतो भुजगेन्द्रप्रयुक्तया ॥२॥ गन्धर्वानवधीत्तत्रवध्यान्वै विष्णुशक्तिधृक् ॥ नागा-लब्धवरः सर्पादभयं स्मरतामिदम् ॥३॥ त्रसदस्युः पौरुकुत्सो योऽनरण्यस्य देहकृत् ॥ हर्यश्वस्तत्सुतस्तस्मादरुणोऽथ त्रिबन्धनः ॥४॥ तस्य सत्यव्रतः पुत्रस्त्रिशंकुरिति विश्रुतः ॥ प्राप्तश्चाण्डालतां शापाद्गुरोः कौशिकतेजसा ॥५॥ सशरीरो गतः स्वर्गमद्यापि दिवि दृश्यते ॥ पातितोऽवाक्शिरा देवैस्ते-नैव स्तम्भितो बलात् ॥६॥ त्रैशङ्कवो हरिश्चन्द्रो विश्वामित्रवसिष्ठयोः ॥ यन्निमित्तमभूद्युद्धं पक्षिणोर्बहुवार्षिकम् ॥७॥ सोऽनपत्योविषण्णात्मा नारदस्यो-पदेशतः ॥ वरुणं शरणं यातः पुत्रो मे जायतां प्रभो ॥८॥ यदि वीरो महाराज तेनैव त्वां यजे इति ॥ तथेति वरुणेनास्य पुत्रो जातस्तु रोहितः ॥ ९ ॥ जातः सुतो ह्यनेनाङ्ग मां यजस्वेति सोऽब्रवीत् ॥ यदा पशुर्निर्दशः स्यादथ मेध्यो भवेदिति ॥ १० ॥ निर्दशे च स आगत्य जयस्वेत्याह सोऽब्रवीत् ॥ दन्ताः पशोर्यज्जायेरन्नथ मेध्यो भवेदिति ॥ ११ ॥ जाता दन्ता यजस्वेति स प्रत्याहाथ सोऽब्रवीत् ॥ यदा पतन्त्यस्य दन्ता अथ

परिणत विश्वामित्र र वसिष्ठजीमा धेरै वर्षसम्म युद्ध चलिरह्यो ॥७॥ राजा हरिश्चन्द्रका छोरा थिएनन्। यसै निम्ति साह्रै खिन्न भएर ती नारदका उपदेश अनुसार वरुणको शरणमा गए र उनीसित प्रार्थना गर्दै भने–'हे प्रभो ! मेरो पुत्रहोस् ॥८॥ हे महाराज ! मेरो वीरपुत्र भयो भने म त्यसैको बलि दिएर हजुरको पूजा गर्नेछु।' तब वरुणले 'लौ, हुन्छ' भनेर स्वीकार गरेपछि उनको रोहित नामको छोरो जन्म्यो ॥९॥ त्यो छोरो जन्मनासाथ वरुणले आई भने–'हे तात ! तिम्रो छोरो भयो, अब यसैले मेरो पूजा गर।' राजाले प्रार्थना गरे—'पुत्ररूप पशु जब दस दिनको हुनेछ, अनिमात्र मेध्य (पवित्र) होला' ॥१०॥ दस दिन बितिसकेपछि वरुणले फेरि आएर भने—'लौ त, अब मेरो पूजा गर।' अनि राजाले टार्दै भने–'जब पशुका दाँत निस्कन्छन्, अनि मात्र यो पवित्र होला' ॥११॥ दाँत निस्किसकेपछि वरुणदेव आएर फेरि भने–'यसका दाँत पनि निस्किए, अब तिमी मेरो पूजा गर।' अनि हरिश्चन्द्रले

* कुनै बखत राजा त्रिशंकुले विवाह हुँदा एउटी ब्राह्मण-कन्याको अपहरण गरेका थिए अतएव उनका पिताले उनलाई श्राप दिए। यसै प्रकार अज्ञानवश गुरु वसिष्ठकी गाईको वध गर्नाले वसिष्ठले पनि उनलाई श्राप दिएका थिए। महर्षि विश्वामित्रले हरिश्चन्द्रसित राजसूय यज्ञ गराएर सारा धन लिए। त्यसले कुपित भएर कुलगुरु वसिष्ठले उनलाई श्राप दिए–'तिमी आडी नामको पक्षी होइजाऊ। अनि विश्वामित्रले पनि वसिष्ठमाई बकपक्षी हुने श्राप दिए। यस प्रकार परस्परको श्रापले आडी र बक पक्षी भएपछि तिनमा धेरै वर्षसम्म युद्ध चल्दै रह्यो।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDT - Delhi

भने–'जब यसका दाँत साटिन्छन्, तब यो मेध्य हुनेछ' ।। १२।। दाँत साटिएपछि जब वरुणले भने–'अब त यसका दाँत पनि साटिइसके, मेरो पूजन गर ।' राजाले भने–'अब यसको फेरि नयाँ दाँत उम्रन्छन्, अनि योग्य मेध्य हुनेछ' ।।१३।। त्यसपछि जब वरुणले भने–'अब त यसका नयाँ दाँत पनि उम्रिसकेका छन्, यसनिन्ति मेरो यज्ञ गर ।' राजाले फेरि भने–हे देवता ! अब राजपुरुषरूपी पशु कवच धारण गर्ने योग्य होओस्, अनि यो पवित्र मानिने छ' ।। १४ ।। यसरी आफ्नू पुत्र-प्रेममा स्नेहयुक्त मनले बराबर समय बिताउँदै गरेर ती भिन्न-भिन्न समय माग्दै गए र वरुणदेव पनि समयको प्रतीक्षा गर्दै रहे ।।१५।। जब रोहितलाई आफ्ना पिताको सङ्कल्पित समयको राम्ररी ज्ञान भयो, तब हातमा धनुष बाण लिएर आफ्नो प्राण बचाउनको लागि वनमा भागेर गयो ।।१६।। केही दिनपछि आफ्ना पितालाई वरुण देवताले ग्रस्त तथा महोदररोगले पीडित छन् भन्ने सुनेर रोहित जब घर फर्कनलाग्यो, तब इन्द्रले उसलाई रोकिदिए ।। १७ ।। इन्द्रले रोहितसित भने–'हे वत्स ! यज्ञ पशु बनेर मर्नुभन्दा अनेक पुण्यक्षेत्रहरूमा भ्रमण गर्दै पृथिवीमा चारैतिर डुलिरहनु धेरै राम्रो हुनेछ ।'

मेध्यो भवेदिति ॥ १२ ॥ पशोर्निपतिता दन्ता यजस्वेत्याह सोऽब्रवीत् ॥ यदा पशोः पुनर्दन्ता जायन्तेऽथ पशुः शुचिः ॥ १३ ॥ पुनर्जाता यजस्वेति स प्रत्याहाथ सोऽब्रवीत् ॥ सान्नाहिको यदा राजन्राजन्योऽथ पशुः शुचिः ॥ १४ ॥ इति पुत्रानुरागेण स्नेहयन्त्रितचेतसा ॥ कालं वञ्चयता तं तमुक्तो देवस्तमैक्षत ॥ १५ ॥ रोहितस्तदभिज्ञाय पितुः कर्म चिकीर्षितम् ॥ प्राणप्रेप्सुर्धनुष्पाणिररण्यं प्रत्यपद्यत ॥ १६ ॥ पितरं वरुणग्रस्तं श्रुत्वा जातमहोदरम् ॥ रोहितो ग्राममेयाय तदेन्द्रः प्रत्यषेधत ॥ १७ ॥ भूमेः पर्यटनं पुण्यं तीर्थक्षेत्रनिषेवणैः ॥ रोहितायादिशच्छक्रः सोऽप्यरण्येऽवसत्समाम् ॥ १८ ॥ एवं द्वितीये तृतीये चतुर्थे पञ्चमे तथा ॥ अभ्येत्याभ्येत्य स्थविरो विप्रो भूत्वाऽऽह वृत्रहा ॥ १९ ॥ षष्ठं संवत्सरं तत्र चरित्वा रोहितः पुरीम् ॥ उपव्रजज्जीगर्तादक्रीणान्मध्यमं सुतम् ॥ २० ॥ शुनःशेपं पशुं पित्रे प्रदाय समवन्दत ॥ ततः पुरुषमेधेन हरिश्चन्द्रो महायशाः ॥ २१ ॥ मुक्तोदरोऽयजद्देवान्वरुणादीन्महत्कथः ॥ विश्वामित्रोऽऽभवत्तस्मिन्होता चाध्वर्युरात्मवान् ॥ २२ ॥ जमदग्निरभूद्ब्रह्मा वसिष्ठोऽथास्य सामगः ॥ तस्मै तुष्टो ददाविन्द्रः शातकौम्भमयं रथम् ॥ २३ ॥ शुनःशेपस्य माहात्म्यमुपरिष्टात्प्रचक्ष्यते । सत्यसारां धृतिं दृष्ट्वा सभार्यस्य चमूपतेः ॥ २४ ॥ विश्वामित्रो भृशं प्रीतो ददावविहतां गतिम् ॥ मनः पृथिव्यां तामद्भिस्तेजसापोऽनिलेनतत् ॥ २५ ॥ खे वायुं धारयंस्तच्च भूतादौ

यस्तो उपदेश पाएर रोहित एक वर्षसम्म अरु वनमै लुकिरहे ।।१८।। यसरी दोस्रो, तेस्रो, चौथो र पाँचौं वर्ष बितेपछि पनि इन्द्र वृद्ध ब्राह्मणको रूपमा आएर बराबर उसलाई तीर्थयात्रा गरिरहने उपदेश दिंदैरहे ।।१९।। छैठौं वर्षको समाप्तिमा रोहित आफ्ना नगरमा फर्कन लाग्दा उसले अजीगर्तबाट त्यसको शुनःशेप नामक माहिलो छोरो किनेर त्यसलाई यज्ञ पशुको रूपमा आफ्ना पितालाई सुम्पिदिई प्रणाम गरे । अनि महायशस्वी र महापुरुषबाट कीर्तित गुण हुने राजा हरिश्चन्द्रले उदररोगबाट मुक्त पाई नरमेध यज्ञद्वारा वरुणादि देवताहरूको आराधना गरे । त्यस यज्ञमा विश्वामित्र होता, आत्मवान् जमदग्नि अध्वर्यु, वसिष्ठ ब्रह्मा, अयास्य मुनि उद्गाता बनेका थिए । त्यसले प्रसन्न भई इन्द्रले राजा हरिश्चन्द्रलाई एउटा स्वर्णरथ प्रदान गरेका थिए ।।२०-२३।। हे राजन् ! शुनःशेपको महिमा अगाडि गएर विश्वामित्रका छोराहरूको प्रसङ्गमा बताउनेछु । आफ्नी स्त्रीसहित राजा हरिश्चन्द्रको सत्यमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृढता देखेर विश्वामित्र निकै प्रसन्न भए र उनलाई तत्त्वज्ञानको उपदेश दिए। राजा हरिश्चन्द्रले आफ्नो मन पृथ्वीमा, पृथिवीलाई जलमा, जललाई तेजमा, तेजलाई वायुमा, वायुलाई आकाशमा, आकाशलाई भूतादिमा तथा भूतादिलाई महत्तत्त्वमा लीन गरिदिए। महत्तत्त्वमा ज्ञानकलाको गर्दै उनले आफ्नो अज्ञान भस्म पारिदिए ॥ २४-२६ ॥ त्यसपछि निर्वाण सुखको अनुभवद्वारा त्यस ज्ञानकलालाई पनि त्यागेर सबै बन्धनहरूबाट निस्केर, जसको कथन तथा अनुमान पनि गर्न सकिन्न, यस्ता स्व-स्वरूपमा स्थित हुन पुगे ॥ २७ ॥
इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषा-टीकायां सप्तमोऽध्यायः ॥ ७ ॥
(राजा सगरको चरित्र)-श्रीशुकदेव भन्नहुन्छ-हे राजन्! रोहितको छोरो हरितबाट चम्प भयो, जसले चम्पापुरी बसालेको थियो। चम्पकको छोरो सुदेव र सुदेवको विजय नामको

तं महात्मनि ॥ तस्मिञ्ज्ञानकलां ध्यात्वा तयाऽज्ञानं विनिर्दहन् ॥ २६ ॥ हित्वा तां स्वेन भावेन निर्वाणसुखसंविदा ॥ अनिर्देश्याप्रतर्क्येण तस्थौ विध्वस्तबन्धनः ॥ २७ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे हरिश्चन्द्रोपाख्यानं नाम सप्तमोऽध्यायः ॥ ७ ॥

श्रीशुक उवाच ॥ हरितो रोहितसुतश्चम्पस्तस्माद्विनिर्मिता ॥ चम्पापुरी सुदेवोऽतो विजयो यस्य चात्मजः ॥१॥ भरुकस्तत्सुतस्तस्माद्वृकस्तस्यापि बाहुकः ॥ सोऽरिभिर्हृतभू राजा सभार्यो वनमाविशत् ॥२॥ वृद्धं तं पञ्चतां प्राप्तं महिष्यनुमरिष्यती ॥ और्वेण जानतात्मानं प्रजावन्तं निवारिता॥३॥ आज्ञायास्यै सपत्नीभिर्गरो दत्तोऽन्धसा सह ॥ सह तेनैव संजातःसगराख्यो महायशाः॥४॥सगरश्चक्रवर्त्यासीत्सागरो यत्सुतैः कृतः ॥ यस्तालजङ्घान्यवनाञ्छकान्हैहयबर्बरान् ॥ ५ ॥ नावधीद्गुरुवाक्येन चक्रे विकृतवेषिणः ॥ मुण्डाञ्छ्मश्रुधरान्कांश्चिन्मुक्तकेशार्धमुण्डितान् ॥ ६ ॥ अनन्वाससः

छोरो भयो ॥ १ ॥ विजयका पुत्र भरुक, भरुकबाट वृक, वृकबाट बाहुक भयो। बाहुक शत्रुहरूद्वारा पृथिवी हरण गरिनाले आफ्नी स्त्रीहरूसमेत वनमा भागेर गए ॥ २ ॥ उनी त्यहाँ वृद्धावस्थामा राजा मरेपछि तिनकी राजमहिषी सती जान तयार भइन्, तर गुरुवर और्वले गर्भवती थाहा पाएर तिनलाई सती जान दिएनन् ॥ ३ ॥ जब तिनका सौताहरूले यो समचार थाहा पाए तब त्यसलाई खानेकुरासित विष ख्वाइदिए, तर त्यो यशस्वी बालक गरल (विष) का साथै उत्पन्न भयो, त्यसै कारण उसको 'सगर' नाम भयो ॥४॥ सगर चक्रवर्ती राजा भयो। सगरका छोराहरूले सागर खनेका थिए। गुरु और्वले भने अनुसार लालजङ्घ, यवन, शक, हैहय तथा बर्बर जातिका मनुष्यलाई मारेन बरू तिनलाई कुरूप छाडिदियो। तीमध्ये

---

* उदाहरण (छोरो परमात्माको नासो हो)--लिरवरिया यौटी उच्च विचारकी महिला थिई। त्यसका पतिको नाम थियो—'महात्मा रब्बी।' ऊ पनि ठूलो विद्वान र ज्ञानी थियो। उसका आफैं समान प्रतिभा-सम्पन्न दुइ छोरा थिए! दुर्भाग्यवश ती दुवै यौटा अग्लो ठाउँबाट लडेर मरे। त्यस बखत महात्मा रब्बी घरमा थिएनन्। यस आघातले ती महिलालाई ठूलो कष्ट भयो, तर पछि विचार आयो—जन्म मरणलाई कसैले रोक्न सक्दैन। परमात्माको माया यस्तै रहेछ। पति घरमा उपस्थित नरहनाले उसले शवलाई यौटा कोठामा राखिदिई। उसका पति रब्बी जब घर आए तब केही पनि नभए जस्तै मुसु-मुसु हाँस्तै मेटी र रुग्मानपूर्वक बसाली। पछि प्रेमपूर्वक सोधी-'तिमीसित यौटा कसैको नासो राखिएको छ, त्यो म फर्काइदिउँ?' रब्बीले भन्यो-'फर्काइदेउ।' त्यसपछि उसले दुवै छोराको मृत शरीर देखाई। ती छक्क परे। स्त्रीले भनी-' परमात्माले दिए र उनैले लगे। यसमा आफ्नो के थियो र?' रब्बी आफ्नी पत्नीको ज्ञान देखेर प्रसन्न भयो। यस्तै नारीहरू गृहलक्ष्मी कहिन्छन् र तिनैले घरको शोभा बढ्दछ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDT - Delhi

कतिको टाउको मुडाउन लगायो, कतिको जुँगा-दाही काट्न लगाए, कतिलाई फुकेका केशको पार्नलाए र कतिलाई आधा मुडेर छाडिदिए ॥ ५ ॥ ६ ॥ कतिलाई, केवल ओढने लुगा र कतिलाई केवल लँगोटी मात्र लाउनदिए । अनि महाराज सगरले और्व ऋषिको उपदिष्ट विधि अनुसार सम्पूर्ण वेद र देवस्वरूप परमात्मा जगदीश्वर श्रीहरिको पूजनार्थ अश्वमेध यज्ञ आरम्भ गरे, त्यसै बखत यज्ञमा छाडेका यज्ञपशुरूपी घोडालाई इन्द्रले हरण गरे ।।७-८।। अनि राजाकी सुमति नामकी महारानीका पुरुषार्थी र पिताका आज्ञापालक पुत्रहरूले त्यस यज्ञको अश्वलाई खोज्दा-खोज्दै सारा पृथ्वी खनिदिए ॥९॥ अन्त्यमा उनलाई पूर्वोत्तर दिशामा कपिल मुनिकहाँ बाँधेको आफ्नो घोडा देखियो । त्यसलाई देखेर ती साठी हजार छोरा आफाफ्ना शस्त्रास्त्र लिएर–'हेर ! यो घोडा चोर्ने यहाँ आँखा चिम्लेर बांसरहेको छ । यस पापीलाई तुरुन्त मारिदेओ' यस्तो भन्दै मुनितिर हम्के, तब *मौन कपिल मुनिले नेत्र उघारे

काश्चिदबहिर्वाससोऽपरान् ॥ सोऽश्वमेधैरयजत् सर्ववेदसुरात्मकम् ॥ ७ ॥ और्वोपदिष्टयोगेन हरिमात्मानमीश्वरम् ॥ तस्योत्सृष्टं पशुं यज्ञे जहाराश्वं पुरन्दरः ॥ ८ ॥ सुमत्यास्तनया दृप्ताः पितुरादेशकारिणः ॥ हयमन्वेषमाणास्ते समन्तान्न्यखनन् महीम् ॥ ९ ॥ प्रागुदीच्यां दिशि हयं ददृशुः कपिलान्तिके ॥ एष वाजिहरश्चौर आस्ते मीलितलोचनः ॥ १० ॥ हन्यतां हन्यतां पाप इति षष्टिसहस्रिणः ॥ उदायुधा अभिययुरुन्मिमेष तदा मुनिः ॥ ११ ॥ स्वशरीराग्निना तावन्महेन्द्रहृतचेतसः ॥ महद्व्यतिक्रमहता भस्मसादभवन्क्षणात् ॥ १२ ॥ न साधुवादो मुनिकोपभर्जिता नृपेन्द्र-पुत्रा इति सत्त्वधामनि ॥ कथं तमो रोषमयं विभाव्यते जगत्पवित्रात्मनि खे रजो भुवः ॥ १३ ॥ यस्येरिता सांख्यमयी दृढेह नौर्यया मुमुक्षुस्त-रते दुरत्ययम् ॥ भवार्णवं मृत्युपथं विपश्चितः परात्मभूतस्य कथं पृथङ्मतिः ॥ १४ ॥ योऽसमञ्जस इत्युक्तः स केशिन्या नृपात्मजः ॥ तस्य पुत्रोंऽ-

॥१०॥११॥ इन्द्रको मायाले विमुग्ध सबै राजकुमार महात्मा कपिलका अपराधी हुनाले उनको दृष्टि पर्नासाथ एक क्षणमै उत्पन्न अग्निद्वारा डढेर खरानीको थुप्रो हुन गए ॥ १२ ॥ हे राजन् ! सगरका पुत्र कपिल मुनिको क्रोधले भस्म भए, यो भन्नु अनुचित हो । जसको शरीर सम्पूर्ण जगत्लाई पवित्र पारिरहेथ्यो, ती सत्वरूप कपिल मुनिमा क्रोधरूपी तमोगुणको कल्पना कसरी गर्न सकिन्छ ? पृथ्वीका रजको कहिल्यै आकाशसित सम्बन्ध हुन सक्ला ? ॥१३॥ जसको मुमुक्षु व्यक्ति मृत्युको मार्गरूपी यस तरिनसक्नु संसार सागरलाई नाघेर पारितर्दछन्, ती सांख्यमयी बलियो डुङ्गा जसले यस लोकमा प्रवृत्त गरे, ती परमात्मा स्वरूप तथा सर्वज्ञ मुनिलाई 'अमुक व्यक्ति शत्रु हो' यो भेद-बुद्धि किन र कसरी हुन

---

* दृष्टान्त (मौनका नौ गुण)—यौटी विदुषी नारीकहाँ त्यसकी छिमेकी स्त्री आएर भन्न लागी–'दिदी ! मेरा पतिको रिस साह्रै नजाती छ । त्यो देखेर मलाई पनि रिस उठेर आउँछ । यसैले गर्दा कहिले काहीं तयार भइसकेको खाने कुरा पनि त्यसै रहिरहन्छ र हामी भोकै सुत्न बाध्य हुन्छौं । हामी आपसमा बाझी रहन्छौं र क्रोधाग्नि दन्कन्दै जान्छ ।' विदुषी स्त्रीले भनी—'हरे ! यो कुन ठूलो कुरा हो र ! म सित यौटा यस्तो औषधि छ—जसले तिम्रो वाणी रोकिने छ । जसै तिम्रा पति बोल्न थाल्दछन् उसै बखत औषधिको पानी मुखमा राख र नबोलीकन चुपलागेर बस । यति भनेर उसले औषधिको शीशी दिई । त्यस स्त्रीले घर गएर उस्तै गरी, त्यसले गर्दा उसको पति एकछिन कराएर चुपलाग्यो । त्यसपछि उसले विदुषी स्त्रीकहाँ गएर भनी–'दिदी ! तिम्रो औषधि साह्रै असल रहेछ ।' विदुषीले भनी–'यसमा कुनै औषधि छैन । त्यो त केवल पानी थियो । मुखमा पानी भएपछि बोल्न सकिन्न । तिमी नबोलेपछि उनी पनि एक छिन बोलेर स्वयं चुपलाग्छ । यही यसको रहस्य हो ।' छिमेकीले कुरा बुझी र पति-पत्नी प्रेमपूर्वक बस्नलागे । 'मौनका नौगुण' भन्ने उखान पनि छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्तछ ? ॥१४॥ हे राजन् ! सगरका जुन छोरा 'असमञ्जस' नामले विख्यात भए, ती सगरकी केशिनी रानीका छोरा थिए । ती असमञ्जसका छोरा अंशुमान् सदैव आफ्ना पितामहको हितमा लागिरहन्थे ॥१५॥ असमञ्जस पूर्वजन्ममा योगी थिए, तर नजाति सङ्गतमा परेर योगभ्रष्ट हुन गएका थिए । उनलाई आफ्नो पूर्वजन्मको सबै कुरा याद थियो । अतएव 'मलाई फेरि कुसङ्ग नपरोस्' यस भावनाले ती संसारमा आफ्ना बन्धुहरूलाई अप्रिय वा निन्दनीय कर्म गर्दै विपरीत आचरण देखाउँदथे । ती आफ्ना प्रजा-जनहरूलाई उद्विग्न पार्नको निम्ति तिनका खेलिरहेका बालकहरूलाई सरयू नदीमा फालिदिने गर्दथे ॥१६॥१७॥ तिनको त्यस्तो विपरीत आचरण देखेर पिताले पुत्रस्नेह त्यागी उनलाई देशबाट निकालिदिए । अनि ती आफ्नो योगबलले ती मरिसकेका बालकहरू फेरि जीवित पारेर हिँडिदिए ॥१८॥ आफ्ना बालक फेरि आएका देखेर सबै अयोध्यावासी आश्चर्यमा परे र राजालाई पनि पछितो पर्नगयो ॥१९॥ जब राजा सगरको आज्ञाले अंशुमान घोडा खोज्न गए र उनले पितृव्यहरूले खनेको बाटोबाट जाँदा-जाँदा त्यस घोडालाई खरानीको थुप्रोनेर उभिएको देखे ॥२०॥

शुमान्नाम पितामहहिते रतः ॥१५॥ असमञ्जस आत्मानं दर्शयन्नसमञ्जसम् ॥ जातिस्मरः पुरा सङ्गाद्योगी योगाद्विचालितः ॥ १६ ॥ आचरन्गर्हितं लोके ज्ञातीनां कर्म विप्रियम् ॥ सरय्वां क्रीडतो बालान्प्रास्यदुद्वेजयञ्जनम् ॥ १७ ॥ एवंवृत्तः परित्यक्तः पित्रा स्नेहमपोह्य वै ॥ योगैश्वर्येण बालांस्तान्दर्शयित्वा ततो ययौ ॥ १८ ॥ अयोध्यावासिनः सर्वे बालकान्पुनरागतान् ॥ दृष्ट्वा विसिस्मिरे राजन्राजा चाप्यन्वतप्यत ॥ १९ ॥ अंशुमांश्चोदितो राज्ञा तुरङ्गान्वेषणे ययौ ॥ पितृव्यखातानुपथं भस्मान्ति ददृशे हयम् ॥ २० ॥ तत्रासीनं मुनिं वीक्ष्य कपिलाख्यमधोक्षजम् ॥ अस्तौत्समाहितमनाः प्राञ्जलिः प्रणतो महान् ॥ २१ ॥ अंशुमानुवाच ॥ न पश्यति त्वां परमात्मनोऽजनो न बुध्यतेऽद्यापि समाधियुक्तिभिः ॥ कुतोऽपरे तस्य मनः शरीरधीर्विसर्गसृष्टा वयमप्रकाशाः ॥ २२ ॥ ये देहभाजस्त्रिगुणप्रधाना गुणान्विपश्यन्त्युत वा तमश्च ॥ यन्मायया मोहितचेतसस्ते विदुः स्वसंस्थं न बहिःप्रकाशाः ॥ २३ ॥ तं त्वामहं ज्ञानघनं स्वभावप्रध्वस्तमायागुणभेदमोहैः ॥ सनन्दनाद्यैर्मुनिभिर्विभाव्यं कथं हि मूढः परिभावयामि ॥ २४ ॥ प्रशान्तमायागुणकर्मलिङ्गमनामरूपं सदसद्विमुक्तम् ॥ ज्ञानोपदेशाय गृहीतदेहं नमामहे त्वां पुरुषं पुराणम् ॥ २५ ॥

त्यहाँ साक्षात् भगवान्का अवतार कपिल मुनिलाई बसेका देखेर ती अतिशय समाहित चित्तले हात जोरी विनयपूर्वक स्तुति गर्दै भन्नलागे ॥ २१ ॥ अंशुमानले भने–'भगवन् ! जब अजन्मा भगवान् ब्रह्माजी पनि आफूभन्दा पनि अतीत हजुरलाई प्रत्यक्ष देख्न पाउन्नन्, न आजसम्म समाधि तथा मुक्तिबाट हजुरलाई परोक्षरूपले नै जान्नसके । अनि तिनको मन, बुद्धि र शरीरले हुने सृष्टिद्वारा देवता, मनुष्यादिको रूपमा रचित हामी अज्ञानी जन हजुरलाई कसरी जान्न सक्दछौं ? ॥२२॥ जुन हजुरको मायाले मोहित चित्त देहधारी प्राणी जो तीनै

१७ गुणहरूका वशीभूत रहन्छन्, ती जाग्रत र स्वप्नमा केवल गुणमय पदार्थ र अज्ञानलाई नै देख्दछन् र बहिर्मुख हुनाले गर्दा आफ्नो अन्तःकरणमा स्थित हजुरलाई देख्न सक्तैनन् ॥२३॥ उनै ज्ञानस्वरूप हजुरको भावना म मूढमति कसरी गर्न सक्तछु ? किनकि हजुर त जसको आत्मस्वरूपको अनुभवले गुणमय वेदरूपी मोह टरिसकेको रहन्छ, ती सनन्दनादि मुनिहरूद्वारा ध्यान गरिने योग्य हुनुहुन्छ ॥२४॥ अतः जसमा मायिक गुण, कर्म, लिंग र नाम-रूपको तिरोभाव भइसकेको छ, जो कार्यकारणभावले रहित छन्, ती केवल ज्ञानोपदेशको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDT

निम्ति नै शरीर धारण गर्ने हजुर पुराण पुरुषलाई म प्रणाम गर्दछु ॥२५॥ हे प्रभो ! काम, लोभ, ईर्ष्या तथा मोहादिले भ्रान्त-चित्त भएका पुरुष हजुरको मायाले रचित यस लोकमा परमार्थ-बुद्धि गरेर गृहस्थी आदिमा भौंतारिई रहन्छन् ॥२६॥ हे सर्वभूतात्मन् ! आज हजुरको दर्शन पाएर विषयाभिलाषी, कर्म र इन्द्रियहरूका आश्रयरूपी मेरो बलियो मोहपाश राम्ररी काटियो ॥२७॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! यसरी आफ्नो प्रभावको वर्णन सुनेर भगवान् कपिल मुनि अंशुमानप्रति हृदयले अनुग्रह गर्दै यस प्रकार भन्न लागे ॥२८॥ कपिलजी भन्दछन्–हे वत्स ! यो घोडा तिम्रा पितामहको यज्ञ पशु हो, तिमी यसलाई लिएर जाऊ । यी तिम्रा दग्ध पितृगण गङ्गाजल पाएरनै तर्न सक्दछन् ॥२९॥ त्यसपछि अंशुमानले कपिल मुनिको परिक्रमा गरी, शिर न्युराई प्रणाम गरे त त्यो घोडा यज्ञ मण्डपमा ल्याए । अनि सगरले त्यस यज्ञपशुले आफ्नो यज्ञ पूर्ण गरे ॥३०॥ त्यसपछि अंशुमानलाई राज्य दिएर निःस्पृह र बन्धनहीन भएर और्व ऋषिको उपादिष्ट मार्गबाट परमपद पाए ॥३१॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायामष्टमोऽध्यायः ॥८॥

त्वन्मायारचिते लोके वस्तुबुद्ध्या गृहादिषु ॥ भ्रमन्ति कामलोभेर्ष्यामोहविभ्रान्तचेतसः ॥ २६ ॥ अद्यनः सर्वभूतात्मन्कामकर्मेन्द्रियाशयः ॥ मोहपाशो दृढश्छिन्नो भगवंस्तव दर्शनात् ॥ २७ ॥ श्रीशुक उवाच ॥ इत्थं गीतानुभावस्तं भगवान्कपिलो मुनिः ॥ अंशुमन्तमुवाचेदमनुगृह्य धिया नृप ॥२८॥ श्रीभगवानुवाच ॥ अश्वोऽयं नीयतां वत्स पितामहपशुस्तव ॥ इमे च पितरो दग्धा गङ्गाम्भोऽर्हन्ति नेतरम् ॥ २९ ॥ तं परिक्रम्य शिरसा प्रसाद्य हयमानयत् ॥ सगरस्तेन पशुना क्रतुशेषं समापयत् ॥ ३० ॥ राज्यमंशुमति न्यस्य निःस्पृहो मुक्तबन्धनः ॥ और्वोपदिष्टमार्गेण लेभे गतिमनुत्तमाम् ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे सगरोपाख्यानेऽष्टमोऽध्यायः ॥ ८ ॥

श्रीशुक उवाच ॥ अंशुमांश्च तपस्तेपे गङ्गानयनकाम्यया ॥ कालं महान्तं नाशक्नोत्ततः कालेन संस्थितः ॥१॥ दिलीपस्तत्सुतस्तद्वदशक्तः कालमेयिवान् ॥ भगीरथस्तस्य पुत्रस्तेपे स सुमहत्तपः ॥२॥ दर्शयामास तं देवी प्रसन्ना वरदाऽस्मि ते ॥ इत्युक्तः स्वमभिप्रायं शशंसावनतो नृपः ॥३॥ कोऽपि धारयिता वेगं पतन्त्या मे महीतले ॥ अन्यथा भूतलं भित्त्वा नृप यास्ये रसातलम् ॥४॥ किं चाहं न भुवं यास्ये नरा मय्यामृजन्त्यघम् ॥ मृजामि तदघं कुत्र राजंस्तत्र विचिन्त्यताम् ॥५॥ भगीरथ उवाच ॥ साधवो न्यासिनः शान्ता ब्रह्मिष्ठा लोकपावनाः ॥ हरन्त्यघं तेऽङ्गसङ्गात्तेष्वास्ते

॥१६॥

(गङ्गाजीको अवतरण र राजा सौदासको वृत्तान्त) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! राजा अंशुमानले गङ्गाजीलाई ल्याउनका निम्ति चिरकालसम्म तपस्या गरे, तर ती आफ्नो काममा सफल भएनन् र अन्त्यमा काल उपस्थित भएपछि परमधाम गए ॥१॥ त्यस्तै तिनका पुत्र दिलीप पनि असफल भएर नै देहत्याग गरेर गए । त्यसपछि दिलीपका पुत्र भगीरथले अत्यन्त घोर तपस्या गरे ॥२॥ त्यसले प्रसन्न भएर गङ्गादेवीले उनलाई दर्शन दिइन् र भनिन्–'म तिमीलाई वर दिन आएकी हुँ ।' अनि राजा भगीरथले अति विनयपूर्वक आफ्नो अभिप्राय भनेर सुनाए ॥३॥ गङ्गाजीले भनिन्–हे राजन् ! जब म स्वर्गबाट पृथिवीतलमा झर्नेछु, तब कोही मेरो वेग थाम्न सक्ने पनि त चाहियो ! नभए म पृथिवीलाई फोरेर सोझै रसातलमा पुग्नेछु ॥४॥ यसको अतिरिक्त यौटा कारण अर्को पनि छ, जसले म पृथिवीमा आउनै सक्तिन, किनकि त्यहाँका मानिसहरू ममा आफ्ना सबै पाप

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पखाल्नेछन्, अनि मैले ती पापहरू कहाँ पखाल्ने ? यो पनि विचार गर ।।५।। राजा भगीरथले भने–'हे माता ! तीनै थरिका एषणाहरू त्यागिसकेका शान्त, ब्रह्मनिष्ठ र लोकहरूलाई पवित्र पार्ने सज्जन आफ्ना अङ्ग-अङ्गबाट हजुरका सबै पाप नष्ट पारिदिन्छन् किनकि उनमा सर्वपापहारी भगवान् विद्यमान रहनु हुन्छ ।।६।। जसमा यो सारा जगत् धागोमा वस्त्र जस्तै एकाकार रहन्छ, ती सबै देहधारीहरूका आत्मा रुद्रभगवान् हजुरको वेग थाम्छन् ।।७।। यति भनेर राजा भगीरथले तपस्याद्वारा शिवजीलाई प्रसन्न पारे। हे राजन् ! थोरै नै समयमा भगवान शिव राजामाथि प्रसन्न भए ।। ८ ।। अनि सर्वलोक-हितकारी श्रीशङ्कर भगवान्ले राजाको कथनलाई 'तथास्तु' भनेर स्वीकार गरेर र जसको पावन जल भगवान् विष्णुको चरणोदक हुनाले पवित्र मानिएको छ, तीं गङ्गालाई आफ्नो मस्तकमा धारण गरे ।। ९ ।। त्यसपछि राजर्षि भगीरथ त्रिभुवन पावनी गङ्गालाई त्यहाँ लिएर हिंडे, जहाँ उनका पितृ भस्मीभूत भएर पडिरहेका थिए ।।१०।। वायु झैं वेग हुने रथमा गइरहेको अनुगमन गर्ने भएकी गङ्गाजीले सबै देश-देशान्तरहरूलाई पवित्र पार्दै भस्मीभूत सगर-पुत्रहरूलाई आफ्नो जलले

ह्यघभिद्धरिः।।६।।धारयिष्यति ते वेगं रुद्रस्त्वात्मा शरीरिणाम्।। यस्मिन्नोतमिदं प्रोतं विश्वं शाटीव तन्तुषु ।।७।। इत्युक्त्वा स नृपो देवं तपसाऽतोषयच्छिवम् ।। कालेनाल्पीयसा राजँस्तस्येशः समतुष्यत ।। ८ ।। तथेति राज्ञाऽभिहितं सर्वलोकहितः शिवः ।। दधारावहितो गङ्गां पादपूतजलां हरेः ।। ९ ।। भगीरथः स राजर्षिर्निन्ये भुवनपावनीम् ।। यत्र स्वपितॄणां देहा भस्मीभूताः स्म शेरते ।। १० ।। रथेन वायुवेगेन प्रयान्तमनुधावती ।। देशान्पुनन्ती निर्दग्धनासिञ्चत्सगरात्मजान् ।।११।। यज्जलस्पर्शमात्रेण ब्रह्मदण्डहता अपि ।। सगरात्मजा दिवं जग्मुः केवलं देहभस्मभिः ।। १२ ।। भस्मीभूताङ्गसङ्गेन स्वर्याताः सगरात्मजाः ।। किं पुनः श्रद्धया देवीं ये सेवन्ते धृतव्रताः ।।१३।। न ह्येतत्परमाश्चर्यं स्वर्धुन्या यदिहोदितम् ।। अनन्तचरणाम्भोज प्रसूताया भवच्छिदः ।।१४।। तन्निवेश्य मनो यस्मिञ्छ्रद्धया मुनयोऽमलाः ।। त्रैगुण्यं दुस्त्यजं हित्वा सद्यो यातास्तदात्मताम् ।। १५ ।। श्रुतो भगीरथाज्जज्ञे तस्या नाभोऽपरोऽभवत् ।। सिन्धुद्वीपस्ततस्तस्मादयुतायुस्ततोऽभवत् ।। १६ ।। ऋतुपर्णो नलसखो योऽश्वविद्यामयान्नलात् ।। दत्त्वाऽक्षहृदयं चास्मै सर्वकामाँस्तु तत्सुतः ।। १७ ।। ततः सुदासस्तत्पुत्रो मदयन्तीपतिर्नृप ।। आहुर्मित्रसहं यं वै कल्माषांघ्रिमुत क्वचित् ।। वसिष्ठशापाद्रक्षोऽभूदनपत्य.

सिंची दिइन् ।।११।। आफ्ना भस्मीभूत शरीरमा त्यस जलको स्पर्शमात्र हुनाले गर्दा सगर-पुत्र ब्रह्मशापले हत भएका भए पनि स्वर्गवासी भए। अहो ! ती सगर-पुत्र त त्यस जलले केवल आफ्नो भस्मीभूत शरीरहरूको संसर्ग हुनाले नै स्वर्ग गएका थिए–अनि जो व्रती जन गङ्गाजीको श्रद्धापूर्वक नित्य सेवन गर्दछन् उनको विषयमा भन्ने कुरा नै के छ ?।।१२-१३।। जसमा निर्मल स्वभावका मुनिजन श्रद्धासाथ चित्त लगाएर, जसबाट मुक्त हुनु कठिन छ, तीनै गुणलाई त्यागेर तद्रूप हुन्छन्। ती भव-बन्धनाशक भगवच्चरणारविन्दबाट निस्केकी पवित्र श्रीगाङ्गाको विषयमा यहाँ जे जति भनिएको छ, त्यो कुनै छक्क पर्ने कुरा होइन ।।१४-१५।। राजा भगीरथबाट श्रुत, त्यसबाट नाम, नामबाट सिन्धुद्वीप र त्यसबाट अयुतायु नामको छोरो उत्पन्न भयो। त्यस युतायुबाट राजा ऋतुपर्ण नलको मित्र जन्मियो। ऋतुपर्णले नललाई पासा फ्याँक्ने विद्याको रहस्य सिकाएर उनीबाट अश्वविद्या सिकेका थिए। त्यसको छोरो सर्वकाम जन्म्यो ।।१६-१७।। सर्वकामको छोरो सुदास भयो, जो दमयन्तीको पति थियो। यसैलाई कहीं मित्रसह र कहीं कल्माषपाद पनि भन्दछन्। वसिष्ठको श्रापले त्यो राक्षस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

भएको थियो र आफ्नो कर्मले जीवनभरि सन्तानहीन रह्यो । यति कथा सुनेर राजा परीक्षितले भने–हे भगवन् ! म यो जान्न इच्छा गर्दछु–महात्मा सौदासलाई गुरुको श्राप किन परेको थियो ? यदि यो कुरा गोपनीय छैन भने हजुर सुनाउनु हवस् ॥१८-१९॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! कुनै एक समयको कुरा हो–राजा सौदासले शिकार खेल्ने प्रसङ्गमा कुनै राक्षसलाई मारिदिए, तर त्यसको भाईलाई छाडिदिए । अनि त्यो (राक्षसको भाई) त्यसको साटो फेर्ने इच्छाले भान्से बनेर राजाकहाँ बस्नलाग्यो र भोजन इच्छुक गुरु वसिष्ठलाई मानिसको मासु पकाएर पस्किदियो ॥२०-२१॥ त्यस अभक्ष्य भोजन पस्केको देखेर वसिष्ठजीले सहसा रिसाएर राजालाई श्राप दिए—मलाई नर-मांस दिने अपराधमा तँ राक्षस हुनेछस्' ॥२२॥ जब उनले यो त राक्षसको काम हो भन्ने थाहा पाए तब त्यस श्रापको अवधि बाह्र वर्ष निश्चित गरिदिए । अनि सौदास पनि अंजलिमा जल लिएर गुरु वसिष्ठलाई श्रापदिनको निम्ति उद्यत भए ॥२३॥ तर रानी मदयन्तीले छेकिन् र उनले त्यो श्राप-जल दिशा, आकाश तथा पृथ्वी सबैलाई जीवमय जानेर अन्यत्र नछाडेर आफ्नै खुट्टामा

स्वकर्मणा ॥ १८ ॥ राजोवाच ॥ किंनिमित्तो गुरोः शापः सौदासस्य महात्मनः ॥ एतद्वेदितुमिच्छामः कथ्यतां न रहो यदि ॥ १९ ॥ श्रीशुक उवाच ॥ सौदासो मृगयां किञ्चिच्चरन्रक्षो जघान ह ॥ मुमोच भ्रातरं सोऽथ गतः प्रतिचिकीर्षया ॥२०॥ स चिन्तयन्नघं राज्ञः सूदरूपधरो गृहे ॥ गुरवे भोक्तुकामाय पक्त्वा निन्ये नरामिषम् ॥२१॥ परिवेक्ष्यमाणं भगवान्विलोक्याभक्ष्यमञ्जसा ॥ राजानमशपत्क्रुद्धो रक्षो ह्येवं भविष्यसि ॥२२॥ रक्षःकृतं तद्विदित्वा चक्रे द्वादशवार्षिकम् ॥ सोऽप्यापोऽञ्जलिनादाय गुरुं शप्तुं समुद्यतः ॥ २३ ॥ वारितो मदयन्त्यापो रुशतीः पादयोर्जहौ ॥ दिशः खमवनीं सर्वं पश्यञ्जीवमयं नृपः ॥ २४ ॥ राक्षसं भावमापन्नः पादे कल्माषतां गतः ॥ व्यवायकाले ददृशे वनौकोदम्पती द्विजौ ॥ २५ ॥ क्षुधार्तो जगृहे विप्रं तत्पत्न्याहाकृतार्थवत् ॥ न भवान्राक्षसः साक्षादिक्ष्वाकूणां महारथः ॥२६॥ मदयन्त्याः पतिर्वीर नाधर्मं कर्तुमर्हसि ॥ देहि मेऽपत्यकामाया अकृतार्थं पतिं द्विजम् ॥२७॥ देहोऽयं मानुषो राजन्पुरुषस्याखिलार्थदः ॥ तस्मादस्य वधो वीर सर्वार्थवध उच्यते ॥२८॥ एषहि ब्राह्मणो विद्वांस्तपःशीलगुणान्वितः ॥ आरिराधयिषुर्ब्रह्म महापुरुषसंज्ञितम् ॥ सर्वभूतात्मभावेन भूतेष्वन्तर्हितं गुणैः ॥ २९ ॥ सोऽयं ब्रह्मर्षिवर्यस्ते राज-

खन्याए । यस प्रकार मित्र अर्थात् पत्नीको कुरा स्वीकार गर्नाले ती 'मित्रसह' यस नामले विख्यात भए ॥२४॥ यस प्रकार ती राक्षस भावमा प्राप्त भए तर त्यस श्रापको जल पर्नाले तिनका खुट्टा कल्माषवर्णका भए । यसै कारण उनको नाम 'कल्माषपाद' भन्ने रह्यो । एक दिन तिनले मैथुन कार्यमा रत ब्राह्मण दम्पतीलाई देखे । ती दम्पत्ती वनवासी थिए । 'भोको हुनाले उनले ब्राह्मणलाई समाए । पत्नीको अपूर्ण कामा जस्ती भएर बोलिन्–'वास्तवमा तिमी राक्षस होइनौ, तिमी साक्षात् इक्ष्वाकु वंशमा उत्पन्न र महारानी मदयन्तीका पति तथा यौटा धेरै ठूला महारथी हौ । हे वीर ! तिमीले अधर्म गर्नु उचित छैन । म सन्तानकी इच्छुक छु । यसै निम्ति तिमी मलाई अकृतार्थ पति फर्काइदेऊ ॥२५-२७॥ हे राजन् ! यो मानव शरीर जीवका सबै पुरुषार्थको दाता छ । अतएव हे वीर ! यसको वध सबै पुरुषार्थहरूको वध मानिन्छ, फेरि यो ब्राह्मण त असाधारण विद्वान् तथा तप, शील र गुणहरूले युक्त छन् । यी अहङ्कारादि गुणका कार्यहरू द्वारा सबै प्राणीहरूमा लुकेको परमपुरुषसंज्ञक परब्रह्म परमात्माको सबै प्राणीहरूका आत्मस्वरूपले उपासना गर्नको अभिलाषी छन् ॥२८॥२९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे समर्थ ! हे धर्मज्ञ ! पिताको हातबाट पुत्र-वधको समान तिमी राजर्षि-श्रेष्ठका हातबाट यी ब्रह्मर्षिश्रेष्ठको वध कसरी उचित हुन सक्तछ ? ॥३०॥ तिमी त साधु-समाजमा आदरणीय मानिन्छौ । अनि यौटी कपिला गाईको समान यी साधु-स्वभाव, निर्दोष, श्रोत्रिय तथा वेदवादी ब्राह्मणको वध किन गर्न खोजिरहेका छौ ? ॥३१॥ यदि तिमी यिनलाई आफ्नो भक्ष्य बनाउन भन्दा पहिले मलाई मारेर खाऊ किनकि यिनी नभएपछि म मृतक समान भएर एक क्षण पनि बाँच्न सक्नेछैन' ॥३२॥ ती करुणभाषिणी अबलाले यस प्रकार अनाथिनी जस्तै

र्षिप्रवराद्विभो ॥ कथमर्हति धर्मज्ञ वधं पितुरिवात्मजः ॥ ३० ॥ तस्य साधोरपापस्य भ्रूणस्य ब्रह्मवादिनः ॥ कथं वधं यथा बभ्रोर्मन्यते सम्मतो भवान् ॥ ३१ ॥ यद्ययं क्रियते भक्षस्तर्हिमां खाद पूर्वतः ॥ न जीविष्ये विना येन क्षणं च मृतकं यथा ॥ ३२ ॥ एवं करुणभाषिण्या विलपन्त्या अनाथवत् ॥ व्याघ्रः पशुमिवाखादत्सौदासः शापमोहितः ॥ ३३ ॥ ब्राह्मणी वीक्ष्य दिधिषुं पुरुषादेन भक्षितम् ॥ शोचात्यात्मानमुर्वीशमशपत्कुपिता सती ॥३४॥ यस्मान्मे भक्षितः पाप कामार्तायाः पतिस्त्वया ॥ तवापि मृत्युराधानादकृतप्रज्ञ दर्शितः ॥३५॥ एवं मित्रसहं शप्त्वा पतिलोकपरायणा ॥ तदस्थीनि समिद्धेऽग्नौ प्रास्य भर्तुर्गतिं गता ॥ ३६ ॥ विशापो द्वादशाब्दान्ते मैथुनाय समुद्यतः ॥ विज्ञाय ब्राह्मणीशापं महिष्या

धेरै विलाप गरेपछि पनि श्रापग्रस्त सौदासले ती ब्राह्मणलाई यस प्रकार खाइदिए, जसरी *व्याघ्र पशुलाई खाइदिन्छ ॥३३॥ ती ब्राह्मणीले आफ्नो गर्भाधानकारी ब्राह्मणलाई राक्षसद्वारा खाइएको देखेर शोक गर्दागर्दै बेसरी रिसाएर उनले राजालाई यस्तो श्राप दिइन्–॥३४॥ हे पापी ! तैंले म कामविह्वला नारीको पतिलाई खाइदिएको छस् । अतएव हे मन्दमते ! तेरो मृत्यु पनि गर्भाधान गर्नाको कारणले नै हुनेछ' ॥३५॥ मित्रसह (सौदास) लाई यसरी श्राप दिएर ती पति पतिपरायणा ब्राह्मणी आफ्ना पतिको हाड़हरू बालेर अग्निमा हालिन् र

---

* उदाहरण (उपकारी वैद्य र घाइते बाघ)—यौटा बाघ कुनै शिकारीको अस्त्रले घाइते भएर झाडीभित्र छटपटाइरहेको थियो । त्यहीं मार्गबाट यौटा दयालु वैद्य पनि जाँदै थिए । बाघको विकलता देखेर वैद्यलाई दया लाग्यो र त्यसको घाउ धोई-पुछी, मलहमपट्टी गरिदिएर जाने निश्चय गरे । त्यहीं अग्लो वृक्षमा यौटा चखेवा बसेको थियो । त्यसले वैद्यलाई सावधान गर्दै भन्यो—'बाघ ठूलो घातक र पातकी प्राणी हुन्छ । यसलाई निको पारेर केही लाभ छैन ।' वैद्यले भने– 'बाघले आफ्नो स्वभावको अनुसरण गरे पनि मैले त यौटा दयालु मनुष्यको कर्तव्य पालन गर्नैपर्दछ ।' यति भनेर बाघको उपचार गरेर त्यहाँबाट हिंडिदिए । त्यति मात्र होइन ती दिनहुँ गएर त्यसको पट्टी फेरेर त्यसको घाउ निको पार्दै रहे । अन्त्यमा जब बाघ राम्रै निको भयो, तब वैद्यले त्यसलाई नमस्कार गरे । वैद्यलाई आशा थियो—बाघ मेरो यस उत्तम सेवामा आभार मान्ला र कुनै ठूलो वस्तु देला, तर तिनले ठूलो दुःख र आश्चर्यले देखे—बाघ आफ्नो पंजा उनको घाँटीमा राखेर भन्न लाग्यो— 'वैद्यराज ! तिमी यसै उम्केर जान सक्तैनौ । निकै दिनदेखि खान नपाएर भोकले मर्नलागेको छु । यस वनमा कुनै अर्को शिकार पनि पाइन्न । अतः तिम्रो नै शिकार गर्नु बाहेक अरु कुनै उपाय पनि छैन । क्षमा गर्नोस् वैद्यजी ! तिमीले मेरो धेरै ठूलो सेवा गरेका छौ । तर मैले पनि यतिका दिनसम्म तिमीलाई ज्यूँदै घर जान दिएँ, यो तिम्रो सेवा को साटो कुनै साधारण पुरस्कार होइन ।' यति सुनेर वैद्यलाई आफ्नो मूर्खतामा ठूलो पछितो भयो, तर तिनले साहस छाडेनन् । समयसूचक व्यवहार गर्दै उनले भने–'वनराज ! तिमी मलाई खान खोज्दैछौ, त्यसमा मलाई कुनै आपत्ति छैन । तिम्रो भक्ष्य बनेपछि मलाई मुक्ति मिल्नेछ । तर अहिले तिम्रा आँखामा दृष्टि पर्नासाथ मैले थाहा पाएँ–तिमीलाई डरलाग्दो नेत्ररोग भएको छ । यसको उपचार गरेनौ भने तिमी चाँडै नै मर्नेछौ । यति सुन्नासाथ बाघ नम्र भएर भन्न लाग्यो –'जसरी भए पनि मेरो यो रोग निको पारिदेउ । म जन्मभरि तिम्रो उपकार मान्नेछु र तिमीलाई जीवन-दान पनि दिनेछु ।' वैद्यले स्वीकार गरेर त्यसलाई यौटा औषधि खान दिए । त्यो विषयुक्त थियो । त्यो औषधि खानासाथ बाघ पच्छारियो र तत्काल मर्‍यो । घातक, धोखा दिने र कृतघ्न मनुष्यमा दया गर्नाले अपकार नै हुन्छ । तीबाट भलो होला भन्ने आशा गर्नू मूर्खता हो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDT - Delhi

उसैसित सती भएर आफू पनि पतिकै गतिमा प्राप्त भई ॥ ३६ ॥ यता बाह वर्ष वितिसकेपछि जब राजा मित्रसह श्रापबाट मुक्त भएर मैथुन गर्न प्रवृत्त भए, तब महारानीले उनै ब्राह्मणीको श्राप स्मरण गरेर तिनलाई राम्ररी बुझाएर राखिन् ॥३७॥ त्यसै समयदेखि तिनले स्त्रीसुख पूर्णरूपेण त्यागिदिए । यस प्रकार आफ्नो कर्मवश जन्मभरि ती सन्तानहीन बनिरहे । त्यसपछि उनको अनुमतिले वसिष्ठजीले रानी मदयन्तीमा सन्तान उत्पन्न गर्ने अभिप्रायले गर्भाधान गरे ॥३८॥ रानीले सात वर्षसम्म त्यो गर्भ धारण गरिरहिन्, तैपनि बालक उत्पन्न भएन । अनि वसिष्ठले त्यसको पेटमा ढुङ्गाले हिर्काए । त्यसले जुन बालक जन्मियो, त्यो 'अश्मक' यस नामले प्रख्यात भयो ॥३९॥ अश्मकबाट मूलक उत्पन्न भयो । परशुरामले पृथ्वीलाई क्षत्रियहीन पार्ने वेलामा स्त्रीहरूले उसलाई बचाएका थिए । अतः उसको 'नारी-कवच' पनि नाम रह्यो र पृथ्वी क्षत्रिय-हीन भइसकेपछि त्यही क्षत्रियवंशको मूल बन्यो॥४०॥ त्यस मूलकका दशरथ, दशरथबाट ऐडविड, ऐडविडबाट राजा विश्वसह र विश्वसहका छोरा चक्रवर्ती खट्वाङ्ग भए ॥४१॥ त्यस दुर्जय वीर खट्वाङ्गले देवगणले विनय गरेपछि युद्धमा

स निवारितः ॥ ३७ ॥ तत ऊर्ध्वं स तत्याज स्त्रीसुखं कर्मणाऽप्रजः ॥ वसिष्ठस्तदनुज्ञातो मदयन्त्यां प्रजामधात् ॥ ३८ ॥ सा वै सप्त समा गर्भमबिभ्रन्न व्यजायत ॥ जघ्नेऽश्मनोदरं तस्याः सोऽश्मकस्तेन कथ्यते ॥ ३९ ॥ अश्मकान्मूलको जज्ञे यः स्त्रीभिः परिरक्षितः ॥ नारीकवच इत्युक्तो निःक्षत्रे मूलकोऽभवत् ॥४०॥ ततो दशरथस्तस्मात्तस्मात्पुत्र ऐडविडस्ततः ॥ राजा विश्वसहो यस्य खट्वाङ्गश्चक्रवर्त्यभूत् ॥ ४१ ॥ यो देवैरर्थितो दैत्यानवधीद्युधि दुर्जयः ॥ मुहूर्तमायुर्ज्ञात्वैत्य स्वपुरं सन्दधे मनः ॥४२॥ न मे ब्रह्मकुलात्प्राणाः कुलदैवान्न चात्मजाः ॥ न श्रियो न मही राज्यं न दाराश्चातिवल्लभाः ॥ ४३ ॥ न बाल्येऽपि मतिर्मह्यमधर्मे रमते क्वचित् ॥ नापश्यमुत्तमश्लोकादन्यत्किञ्चन यस्त्वहम् ॥ ४४ ॥ देवैः कामवरो दत्तो मह्यं त्रिभुवनेश्वरैः ॥ न वृणे यमहं कामं भूतभावनभावतः ॥ ४५ ॥ ये विक्षिप्तेन्द्रियधियो देवास्ते स्वहृदि स्थितम् ॥ न विन्दन्ति प्रियं शश्वदात्मानं किमुतापरे ॥ ४६ ॥ अथेशमायारचितेषु सङ्गं गुणेषु गन्धर्वपुरोपमेषु ॥ रूढं प्रकृत्यात्मनि विश्वकर्तुर्भावेन हित्वा तमहं प्रपद्ये ॥४७॥ इति व्यवसितो बुद्ध्या नारायणगृहीतया ॥ हित्वाऽन्यभावमज्ञानं ततः स्वं भावमाश्रितः ॥ ४८ ॥ यत्तद्ब्रह्म परं सूक्ष्ममशून्यं शून्यकल्पितम् ॥

दैत्यहरूलाई मारेका र आयु केवल एक मुहूर्त मात्रको थाहा पाएर नगरमा आई उनले आफ्नो मन भगवान्मा लगाइदिए ॥ ४२ ॥ उनले विचारे—मलाई कुलदेव स्वरूप ब्राह्मणवंशभन्दा बढी प्राण, पुत्र, धन, धरती, राज्य र रानीहरू पनि प्रिय थिएनन् ॥ ४३ ॥ मेरो बुद्धि बाल्यावस्थामै पनि कहिल्यै अधर्ममा लागेन र मैले पवित्रकीर्ति श्रीहरि बाहेक अरु केही वस्तु देखेकै छैन ॥४४॥ त्रिभुवनपति देवगणले मलाई अभिलषित दिन्छु भनेका थिए, तर ती भूतभावन भगवानमा नै नित्य भावना राख्नाले नै मैले उनीसित केही पनि भोग्य पदार्थ मागीन ॥४५॥ किनकि जसको चित्त र इन्द्रियवर्ग चञ्चल रहन्छन्, ती सत्त्वप्रधान भएर पनि आफ्नो अन्तःकरणमा स्थित परमप्रिय सनातन आत्मा श्रीहरिलाई प्राप्त गर्न असमर्थ हुन्छन् भने अरुको विषयमा के कुरा गर्ने ? ॥४६॥ अतएव भगवानकी मायाले रचित गन्धर्व-नगर सदृश विषयहरूको आसक्ति, जो स्वभावैले चित्तमा टाँसिएको छ, त्यागेर जगत्कर्ता जगदीश्वरको भावनाले म उनैको शरण पर्दछु ॥४७॥ हे राजन् ! भगवदाकृष्ट-बुद्धिद्वारा यस्तो निश्चय गरेर राजा खट्वाङ्ग अनन्यभावले गृहादिमा आत्मबुद्धिरूपी अज्ञानलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यागेर त्यो आत्मस्वरूपमा स्थित भए, जुन अतिशय सूक्ष्म परब्रह्म शून्य समान भएर पनि अशून्य तथा सत्यरूपले भासमान हुन्छ र जसलाई भक्तजन 'भगवान् वासुदेव' भन्दछन् ॥४८॥ ९॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां नवमोऽध्यायः ॥९॥

(श्रीरामचन्द्रको चरित्र)—श्रीशुकदेव भन्नुहुन्छ—राजा खट्वाङ्गबाट दीर्घायु, दीर्घायुबाट रघु, रघुबाट आज र अजबाट महाराज दशरथको जन्म भयो ॥१॥ देवताहरूले प्रार्थना गरेपछि राजा दशरथकहाँ साक्षात् ब्रह्मस्वरूप भगवान् हरि आफ्ना अंशांशले राम, लक्ष्मण, भरत र शत्रुघ्न चार रूप धारण गरेर पुत्रभावमा प्राप्त भए ॥२॥ हे राजन्! ती सीतापति रामचन्द्रको चरित्र धेरै तत्त्वज्ञानी मुनीश्वरहरूले अनेक प्रकारले वर्णन गरेका छन् र तिमीले पनि धेरैपल्ट सुनिसकेका छौ, तैपनि योप्रसङ्ग संक्षेपमा वर्णन गर्दछु ॥३॥ राम आफ्ना पिताको आज्ञा पालन गर्न राज्य त्यागेर आफ्नी प्रिया सीताका करपल्लवको स्पर्श सहन गर्नमा पनि असमर्थ सुकुमार चरणकमल द्वारा वन-वन डुले। अनि कपिराज हनुमान

भगवान्वासुदेवेति यं गृणन्ति हि सात्वताः ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे सूर्यवंशानुवर्णने नवमोऽध्यायः ॥ ९ ॥

श्रीशुक उवाच ॥ खट्वाङ्गाद्दीर्घबाहुश्च रघुस्तस्मात्पृथुश्रवाः ॥ अजस्ततो महाराजस्तस्माद्दशरथोऽभवत् ॥ १ ॥ तस्यापि भगवानेष साक्षाद्ब्रह्ममयो हरिः ॥ अंशांशेन चतुर्धाऽगात्पुत्रत्वं प्रार्थितः सुरैः ॥ रामलक्ष्मणभरतशत्रुघ्ना इति संज्ञया ॥२॥ तस्यानुचरितं राजन्नृषिभिस्तत्त्वदर्शिभिः ॥ श्रुतं हि वर्णितं भूरि त्वया सीतापतेर्मुहुः ॥ ३ ॥ गुर्वर्थे त्यक्तराज्यो व्यचरदनुवनं पद्मपद्भ्यां प्रियायाः पाणिस्पर्शाक्षमाभ्यां मृजितपथरुजो यो हरीन्द्रानुजाभ्याम् ॥ वैरूप्याच्छूर्पणख्याः प्रियविरहरुषारोपितभ्रूविजृम्भत्रस्ताब्धिर्बद्धसेतुः खलदवदहनः कोसलेन्द्रोऽवतान्नः ॥४॥ विश्वामित्राध्वरे येन मारीचाद्या निशाचराः ॥ पश्यतो लक्ष्मणस्यैव हता नैर्ऋतपुङ्गवाः ॥५॥ यो लोकवीरसमितौ धनुरैशमुग्रं सीतास्वयंवरगृहे त्रिशतोपनीतम् ॥ आदाय बालगजलील इवेक्षुयष्टिं सज्जीकृतं नृप विकृष्य बभञ्ज मध्ये ॥ ६ ॥ जित्वाऽनुरूपगुणशीलवयोऽङ्गरूपां सीताभिधां श्रियमुरस्यभिलब्धमानाम् ॥ मार्गे व्रजन्भृगुपतेर्व्यनयत्प्ररूढं दर्पं महीमकृत यः स्थिरराजबीजाम् ॥ ७ ॥ यः सत्यपाशपरिवीतपितुर्निदेशं स्त्रैणस्य चापि शिरसा जगृहे सभार्यः ॥ राज्यं

तथा लक्ष्मणजी जसको बाटोका बाधाहरू हटाउँदै थिए, रावणकी बहिनी शूर्पणखालाई विरूप पार्नाले प्राप्त प्रिया-विरहले क्रोधवश खैंचिएका भृकुटीले समुद्र पनि डराएका थिए र समुद्रमा पुल बाँधेर दुष्टदलरूपी वनको निम्ति दावानल सिद्ध भएका थिए, ती कोसलपति भगवान् राम हाम्रो रक्षा गरुन् ॥ ४ ॥ जसले विश्वामित्रको यज्ञमा लक्ष्मणको सामुन्ने राक्षसहरूमा प्रधान मारीच आदिलाई मारे ॥५॥ हे नृप! जसले सीता-स्वयंवर तथा संसारका सबै वीरहरूको सभामा तीन सय वीरले ल्याइएको शिवको प्रचण्ड धनुष, उखु भाँचिदिने बालगज झैं ख्याल-ख्यालमै उचालेर ताँदो चढाएर तान्दा भाँचियो ॥५॥ यस्तो पुरुषार्ज देखाई जसले पहिलेदेखि नै आफ्नो हृदयमा बसालेकी रूप, गुण, शील अवस्था र शरीरको बनोटमा आफ्नै अनुरूप सीता नामकी लक्ष्मीलाई जिते र बाटोमा जाँदा पृथिवीलाई एक्काईस पल्ट क्षत्रियहीन पार्ने परशुरामको बढेको गर्वलाई खर्व गरेका थिए ॥७॥ जुन राम र तिनकी प्राणप्रिया सीताले स्त्रीको वशीभूत भएर पनि सत्यपाशमा बद्ध आफ्ना पिताको आज्ञालाई स्वीकार गरे र प्राण झैं प्रियराज्य, सम्पत्ति, प्रेमी, सुहृद् र निवास-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थान त्यागी असङ्ग भावले बनमा हिंडिदिए, ती कोसलपति राम हाम्रो कल्याण गरुन् ॥ ८ ॥ अयोध्याबाट वनमा पुगेर श्रीरामले राक्षसराज रावणकी बहिनी तथा अशुद्ध बुद्धि सूर्पणखालाई कुरूप पारे । त्यसका पृष्ठपोषक खर, दूषण र त्रिशिरा आदि चौध हजार राक्षस-बन्धुहरूलाई मारे र हातमा दुर्जय धनुष धारण गरी डुल्दै ठूलो कष्टपूर्वक वनमा निवास गरे ।।९।। हे राजन् ! त्यसपछि सूर्पणखाको मुखबाट सीताजीको सौन्दर्यको कुरा सुनेर कामातुर रावणले पठाएको विचित्र मृगवेषधारी मारीचद्वारा आश्रमबाट निकै पर पुन्याएपछि भगवान् रामले त्यसलाई एकै बाणले यस प्रकार यति छिटै मारिदिए, जसरी दक्षप्रजापतिलाई वीरभद्रले मारेका थिए ।।१०।। त्यसैवेला मौका पाएर परोक्षमा हिंसक जन्तु झैं राक्षसाधम रावण द्वारा विदेह राजकुमारी जानकी हरिएपछि 'स्त्रीमा आसक्त पुरुषहरूको गति यस्तै हुन्छ' भन्ने देखाउनका लागि आफ्नी प्रियासित वियुक्त भएर अत्यन्त दीन जस्तै भएर भाई लक्ष्मणका साथै वनमा डुल्न लागे ॥११॥ अति भगवत्सेवा रूपी विचित्र कृत्यले जसको सबै कर्मसमूह दग्ध भइसकेका थिए, ती जटायुको दाह गरेरकबन्धलाई मारेअनि

श्रियं प्रणयिनः सुहृदो निवासं त्यक्त्वा ययौ वनमसूनिव मुक्तसङ्गः ॥ ८ ॥ रक्षःस्वसुर्व्यकृत रूपमशुद्धबुद्धेस्तस्याः खरत्रिशिरदूषणमुख्यबन्धून् ॥ जघ्ने चतुर्दशसहस्रमपारणीयकोदण्डपाणिरटमान उवास कृच्छ्रम् ॥६॥ सीताकथाश्रवणदीपितहृच्छयेन सृष्टं विलोक्य नृपतेर्दशकन्धरेण ॥ जघ्नेऽद्भुतैणवपुषाऽऽश्रमतोऽपकृष्टो मारीचमाशु विशिखेन यथा कमुग्रः ॥१०॥ रक्षोऽधमेन वृकवद्विपिनेऽसमक्षं वैदेहराजदुहितर्यपवापितायाम् ॥ भ्राता वने कृपणवत्प्रियया वियुक्तः स्त्रीसङ्गिनां गतिमिति प्रथयंश्चचार ॥ ११ ॥ दग्ध्वात्मकृत्यहतकृत्यमहन्कबन्धं सख्यं विधाय कपिभिर्दयितागतिं तैः ॥ बुद्ध्वाथ वालिनि हते प्लवगेन्द्रसैन्यैर्वेलामगात्स मनुजोऽजभवार्चिताङ्घ्रिः ॥ १२ ॥ यद्रोषविभ्रमविवृत्तकटाक्षपातसंभ्रान्तनक्रमकरो भयगीर्णघोषः ॥ सिन्धुः शिरस्यर्हणं परिगृह्य रूपी पादारविन्दमुपगम्य बभाष एतत् ॥ १३ ॥ न त्वां वयं जडधियो नु विदाम भूमन् कूटस्थमादिपुरुषं जगतामधीशम् ॥ यत्सत्त्वत सुरगणा रजसः प्रजेशा मन्योश्च भूतपतयः स भवान्गुणेशः ॥१४॥ कामं प्रयाहि जहि विश्रवसोऽवमेहं त्रैलोक्यरावणमवाप्नुहि वीर पत्नीम् ॥ बध्नीहि सेतुमिह ते यशसो वितत्यै गायन्ति दिग्विजयिनो यमुपेत्य भूपाः ॥१५॥ बद्ध्वोदधौ रघुपतिर्विविधाद्रिकूटैः सेतुं कपीन्द्रकरकम्पितभूरुहाङ्गैः ॥

बानरसंग मित्रता गरेर तिनैद्वारा आफ्नी प्रियाको पत्तो लगाए र जसका चरण कमल ब्रह्मा तथा महादेवद्वारा पूजित थिए, ती मायामनुष्य-रूपधारी रघुनाथजी वानरराजको सेनाका साथै समुद्रतटमा गए ।१२॥ त्यसबेला जब कि क्रोधले गर्दा फैलिएका उनका कटाक्षभङ्गीले समुद्रका नक्र-मकर आदि जीव आत्तिनलागे र भयले गर्दा, गर्जिरहने सिन्धुको गर्जन स्तम्भित भएको थियो, त्यो समुद्र मूर्तिमान् भएर आफ्नो सिरमा अनेक रत्न बोकी उनका चरण कमलमा उपस्थित भएर भन्नलागे– ।।१३।। 'हे भूमन् ! जडबुद्धि भएको हुनाले म हजुरलाई जान्न सक्तिन । हजूर कूटस्थ आदिपुरुष र सबै लोकका अधीश्वर हुनुहुन्छ। हजुरको सत्वगुणले देवता, रजोगुणले प्रजापति र तमोगुणले भूतपति उत्पन्न भएका हुन् र हजुर सबै गुणका नियन्ता हुनुहुन्छ ॥१४॥ हे वीर ! हजुर प्रसन्नताले जानुस् र तीनै लोकलाई रुवाउने विश्रवाका मलरूपी रावणलाई मारेर आफ्नी प्रियालाई प्राप्त गर्नुस् । सुयशको विस्तारार्थ यहाँ यस्तो सेतु तयार गर्नुहवस् जसको नगीच पुगेर सबै दिग्विजयी भूपाल हजुरको कीर्तिगान गरुन्' ॥ १५ ॥ त्यसपछि रघुनाथजी वृक्षका हाँगाहरूले युक्त एवं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वानर वीरहरूका बाहुले ल्याइएका अनेक शैल-शिखरहरूले समुद्रमा सेतु बनाएर विभीषणले देखाएका मार्गबाट सुग्रीव, नल तथा हनुमान आदि वानर यूथपतिका साथै त्यस लंकामा पसे, जसलाई पहिले हनुमानजीले पोलेर भस्म पारेका थिए ॥१६॥ ती लङ्कापुरीका क्रीडास्थान, धान्यागार गृहद्वार, पुरद्वार, सभा-भवन, अट्टालिका र पक्षीहरू बस्ने स्थान वानरराज (सुग्रीव) का सेनाले व्याप्त भए र वेदी, ध्वजा, सुवर्णकलशमय चौबाटाहरू भत्किनाले गजयूथ द्वारा मर्दित नदी जस्तै त्यो पुरी अस्तव्यस्त भयो ॥१७॥ नगरको त्यस्तो दशा देखेर राक्षस-राज रावणले निकुम्भ, कुम्भ, धूम्राक्ष, दुर्मुख, सुरान्तक, नरान्तक, आफ्नो छोरो मेघनाद, प्रहस्त, अतिकाय र विकम्पन आदि आफ्ना सबै अनुयायीहरूलाई र अन्त्यमा कुम्भकर्णलाई पनि भगवान् रामसित युद्ध गर्नका निम्ति संग्रामभूमिमा पठायो । अनि तरवार-त्रिशूल, बाण, ऋष्टि, शक्ति, पाश, माला र खड्ग आदि शस्त्रास्त्रले दुगम त्यो राक्षस-सेनासित लड्नको लागि श्रीरामचन्द्र, सुग्रीव, लक्ष्मण, गन्धमादन, नील, अंगद, जम्बवान् एव पनस आदि वीरहरूसाथै अघिबढे ॥ ८-१८॥ रघुनाथका अङ्गदादि सेनापति राक्षसहरूका हात्ती

सुग्रीवनीलहनुमत्प्रमुखैरनीकैर्लङ्कां विभीषणदृशाऽऽविशदग्रदग्धाम् ॥ १६ ॥ सा वानरेन्द्रबलरुद्धविहारकोष्ठश्रीद्वारगोपुरसदोबलभीविटङ्का ॥ निर्भज्यमानधिषणध्वजहेमकुम्भशृङ्गाटका गजकुलैर्ह्रदिनीव घूर्णा ॥ १७ ॥ रक्षःपतिस्तदवलोक्य निकुम्भकुम्भधूम्राक्षदुर्मुखसुरान्तनरान्तकादीन् ॥ पुत्रं प्रहस्तमतिकायविकम्पनादीन्सर्वानुगान्समहिनोदथ कुम्भकर्णम् ॥१८॥ तां यातुधानपृतनामसिशूलचापप्रासर्ष्टिशक्तिशरतोमरखड्गदुर्गाम् ॥ सुग्रीवलक्ष्मणमरुत्सुतगन्धमादनीलाङ्गदर्क्षपनसादिभिरन्वितोऽगात्॥१९॥तेऽनीकपा रघुपतेरभिपत्य सर्वे द्वन्द्वं वरूथमिभपत्तिरथाश्वयोधैः ॥ जघ्नुर्द्रुमैर्गिरिगदेषुभिरङ्गदाद्याःसीताभिमर्शहतमङ्गलरावणेशान्॥२०॥रक्षःपतिःस्वबलनष्टिमवेक्ष्य रुष्ट आरुह्य यानकमथाभिससार रामम् ॥ स्वः स्यन्दनेद्युमति मातलिनोपनीते विभ्राजमानमहनन्निशितैः क्षुरप्रैः ॥२१॥ रामस्तमाह पुरुषादपुरीष यन्नः कान्ताऽसमक्षमसतापहृता श्ववत्ते ॥ त्यक्तत्रपस्य फलमद्य जुगुप्सितस्य यच्छामि काल इव कर्तुरलङ्घ्यवीर्यः ॥२२॥ एवं क्षिपन्धनुषि सन्धितमुत्ससर्ज बाणं स वज्रमिव तद्धृदयं बिभेद ॥ सोऽसृग्वमन्दशमुखैर्न्यपतद्विमानाद्धाहेति जल्पति जने सुकृतीव रिक्तः ॥२३॥ ततो निष्क्रम्य लङ्काया यातुधान्यः सहस्रशः ॥ मन्दोदर्या समं तस्मिन्प्ररुदत्य उपाद्रवन् ॥२४॥

रथ, अश्व-सवार र पैदल सेनासित द्वन्द्वयुद्धको रीतिले लड्नलागेर सीताजीको स्पर्श गर्नाले मङ्गलहीन रावण नै जसको स्वामी थियो, ती वीरहरूलाई वृक्ष, पर्वतशिखर, गदा तथा बाणहरूले मार्नलागे ॥२०॥ यस प्रकार आफ्ना सेना विध्वंस भएको देखेर कुपित राक्षसराज रावण विमानमा बढेर भगवान् रामको साम्मुन्ने आयो र मातलिद्वारा हाँकिएको त्यो परम तेजस्वी स्वर्गीय रथमा विराजमान श्रीरामचन्द्रमाथि तीखा-तीखा बाणले आक्रमण गर्दै झम्टियो ॥ २१ ॥ अनि भगवान् रामले रावणसित भन्नुभयो—ए राक्षसहरूको विष्ठारूपी पापिष्ट रावण ! तँ कुकुर जस्तै लुकेर गएर हाम्रो अनुपस्थितिमा मेरी प्राणप्रियालाई चोरेर ल्याइस् । अतः जस्तै अमोघवीर्य पापकर्मा पुरुषलाई त्यसका पापको फल दिन्छ, त्यस्तै नै तँ दुष्ट निर्लज्जलाई आज म तेरा निन्दित कर्मको फल दिइरहेको छु ॥२२॥ यस प्रकार रावणको तिरस्कार गर्दै भगवान्ले आफ्नो धनुषमा राखेको बाण छाड्नुभयो र उसले वज्र समान कठोर रावणको हृदय विदीर्ण पारिदियो । अतः पुण्यकर्महरू समाप्त भएपछि स्वर्गबाट झरेका पुण्यात्मा व्यक्ति झैं रावण दसै मुखबाट रक्त वमन गर्दै पुष्पक विमानबाट लड्यो । यस्तो देखेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

त्यहाँ भएका सबै हाहाकार गर्नलागे ॥२३॥ अनि मन्दोदरीसमेत हजारौं राक्षसीहरू लङ्काबाट बाहिर निस्केर रुँदै त्यहाँ पुगे। युद्धभूमिमा लक्ष्मणजीका बाणले दलित आफ्आफ्ना बन्धु-बान्धवलाई हृदयमा टाँसेर ती आफ्नो छाती पिट्तै अतिशय दीन भएर उच्चस्वरले विलाप गर्न लागे ॥२४-२५॥ ती बोले—हरे! सबै लोकलाई थर्काउने महाप्रभु रावण! आज तिमी नहुँदा हामी मर्ने भयौं। अब तिम्रो अभावमा शत्रुद्वारा पीडित यो लङ्कापुरी कसको शरणमा जानेछ? ॥२६॥ हे महाभाग! कामको वशीभूत भएर तिमीले यो कुरा बुझ्न सकेनौ कि सीताजीको तेजको प्रभाव कस्तो छ। यसैले आज तिम्रो यो दशा भयो ॥२७॥ हे कुलनन्दन! महारानी सीताको हरण गरेर तिमीले लङ्कापुरीका हामी सबैलाई विधवा तुल्याइदियौ तिमीले आफ्नो शरीर गिद्धको आहार तथा आफ्नो आत्मालाई नरकमा जानेयोग्य तुल्यायौ' ॥२८॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन्! अनि कोसलराज श्रीरामचन्द्रको अनुमति पाएर विभीषणले आफ्ना सबै कुटुम्बहरूको पितृयज्ञको विधानले, शास्त्रले जे भनेको छ, त्यो सबै और्ध्वदैहिक कर्म सम्पन्न गरे ॥ २९ ॥ त्यसपछि भगवान् रामचन्द्रले अशोकवनको आश्रममा

स्वान्स्वान्बन्धुन्परिष्वज्य लक्ष्मणेषुभिरर्दितान् ॥ रुरुदुः सुस्वरं दीना घ्नन्त्य आत्मानमात्मना ॥ २५ ॥ हा हताः स्म वयं नाथ लोकरावण रावण ॥ कं यायाच्छरणं लङ्का त्वद्विहीना परार्दिता ॥ २६ ॥ नैवं वेद महाभाग भवान्कामवशं गतः ॥ तेजोऽनुभावं सीताया येन नीतो दशामिमाम् ॥२७॥ कृतैषा विधवा लङ्कां वयं च कुलनन्दन ॥ देहः कृतोऽन्नं गृध्राणामात्मा नरकहेतवे ॥ २८ ॥ श्रीशुक उवाच ॥ स्वानां विभीषणश्चक्रे कोसलेन्द्रानुमोदितः ॥ पितृमेधाविधानेन यदुक्तं साम्परायिकम् ॥२९॥ ततो ददर्श भगवानशोकवनिकाश्रमे ॥ क्षामां स्वविरहव्याधिं शिंशपामूलमास्थिताम् ॥३०॥ रामः प्रियतमां भार्यां दीनां वीक्ष्यान्वकम्पत ॥ आत्मसंदर्शनाह्लादविकसन्मुखपङ्कजाम् ॥ ३१ ॥ आरोप्यारुरुहे यानं भ्रातृभ्यां हनुमद्युतः। विभीषणाय भगवान्दत्त्वा रक्षोगणेशताम् ॥ ३२ ॥ लङ्कामायुश्च कल्पातं ययौ चीर्णव्रतः पुरीम् ॥ अवकीर्यमाणः कुसुमैर्लोकपालार्पितैः पथि ॥ ३३ ॥ उपगीयमानचरितः शतधृत्यादिभिर्मुदा ॥ गोमूत्रयावकं श्रुत्वा भ्रातरं वल्कलाम्बरम् ॥३४॥ महाकारुणिकोऽतप्यज्जटिलं स्थण्डिलेशयम् ॥ भरतः प्राप्तमाकर्ण्य पौरामात्यपुरोहितैः ॥ ३५ ॥ पादुके शिरसि न्यस्य रामं प्रत्युद्यतोऽग्रजम् ॥ नन्दिग्रामात्स्वशिबिराद्गीतवादित्रनिःस्वनैः ॥ ३६ ॥

यौटा शिंशपा वृक्षको तल बसेकी आफ्नो विरहको व्याधिले अतिशय दुर्बल सीतालाई देख्नुभयो ॥३०॥ अनि आफ्नो दर्शनजनित आह्लादले प्रसन्न मुखारविन्द अत्यन्त दीन प्राण-प्रिया सीतालाई देखेर रामचन्द्रले उनीमाथि अनुकम्पा गर्नुभयो ॥३१॥ विभीषणलाई राक्षसहरूको आधिपत्य, लङ्कापुरी र एककल्पको आयु दिएर पहिले सीताजीलाई विमानमा चढाए अनि भाताहरू, लक्ष्मण र सुग्रीव एवं हनुमानको साथै स्वयं पनि त्यसमा बस्नुभयो। चौधवर्ष वनमा बस्ने नियम पूरा गरेर मार्गमा लोकपालहरूले गरेको पुष्पवर्षाले ढाकिँदै रामले आफ्न पुरीमा प्रस्थान गरे ॥३२-३३॥ हे राजन्! ब्रह्मादि लोकेश्वरराज पनि अति आनन्दित भएर जसको गुण गाउँछन्, ती महाकारुणिक रघुनाथजीले यो सुनेर—मेरा भाई भरतजी म वनवास गएको दिनदेखि भूमिको वेदीमा सुतेर जटा एवं वल्कल वस्त्र धारण गरेर गोमूत्रमा पकाएको जौको भ्याक्तल खाएर बस्तछन्, अनि राम साह्रै दुःखी भए। यता आफ्ना दाजू रामको आगमन सुन्नासाथ भरत पुरवासी र पुरोहितादिलाई लिएर भगवान्को पादुका सिरमा राखेर उनको स्वागत गर्न हिंडे। ती आफ्नो निवासस्थान नन्दिग्रामबाट वेदध्वनिका साथो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारम्बार स्तुतिपाठ गर्दै वेदपाठी ब्राह्मणहरूका साथै आनन्दपूर्वक गान-भजान गर्दै सुनहला पुङ्का भएका ध्वजा-पताका र चित्र-विचित्र फूल मालाहरूले सुशोमित सामग्रीले सज्जित-राम्रा घोडाहरूले युक्त रथ, कनक-कवचधारी योद्धा, वाराङ्गनाहरूको समूह, पैदल सेवक तथा महाराजाहरूको योग्य सबै साना-ठूला सामग्री लिएर प्रेमले गद्गद् हृदय एवं आँखामा आँसु भरेर भरत भगवान्का चरणमा लम्पसार परे । अनि भगवान्को सामुन्ने उनको पादुका राखेर हा तजोरी आँसुका धारा बगाउँदै उठेर उभिए । भगवान्ले तिनलाई हृदयमा टाँसेर धेरै बेरसम्म आफ्नू नेत्र-जलले स्नान गराउनुभयो ॥३९-४०॥ अनि सीता र लक्ष्मणका साथै भगवान् रामले प्रजावर्गसित नमस्कृत हुँदै ब्राह्मणहरू तथा अन्य पूजनीय जनहरूलाई स्वयं प्रणाम गरे ॥४१॥ भगवान् अयोध्या पुगेपछि आफ्ना स्वामी धेरै दिनपछि पाल्नुभएको देखेर सबै उत्तरकोसल देशका निवासी आफ्ना उत्तरीय वस्त्र अर्थात् ओढ्ने हल्लाउँदै र फूल छर्दै अपार आनन्दमा विह्वल भएर नाच्नलागे ॥४२॥ अनि भरतजीले भगवान्का पादुका (खराउ) उचाले, विभीषण र सुग्रीवले उत्तम चँमर र व्यजन (पंखा) लिएर । हनुमानजीले

ब्रह्मघोषेण च मुहुः पठद्भिर्ब्रह्मवादिभिः ॥ स्वर्णकक्षपताकाभिर्हैमैश्चित्रध्वजै रथः ॥ ३७ ॥ सदश्वै रुक्मसन्नाहैर्भटैः पुरटवर्मभिः ॥ श्रेणीभिर्वार-मुख्याभिर्भृत्यैश्चैव पदानुगैः ॥ ३८ ॥ पारमेष्ठ्यान्युपादाय पण्यान्युच्चावचानि च ॥ पादयोर्न्यपतत्प्रेम्णा प्रक्लिन्नहृदयेक्षणः ॥ ३९ ॥ पादुके न्यस्य पुरतः प्राञ्जलिर्बाष्पलोचनः ॥ तमाश्लिष्य चिरं दोर्भ्यां स्नापयन्नेत्रजैर्जलैः ॥ ४० ॥ रामो लक्ष्मणसीताभ्यां विप्रेभ्यो येऽर्हसत्तमाः ॥ तेभ्यः स्वयं नमश्चक्रे प्रजाभिश्च नमस्कृतः ॥ ४१ ॥ धुन्वन्त उत्तरासङ्गान्पतिं वीक्ष्य चिरागतम् ॥ उत्तराः कोसला माल्यैः किरन्तो ननृतुर्मुद ॥ ४२ ॥ पादुके भरतोऽगृह्णाच्चामरव्यजनोत्तमे ॥ विभीषणः ससुग्रीवः श्वेतच्छत्रं मरुत्सुतः ॥ ४३ ॥ धनुर्निषङ्गाञ्छत्रुघ्नः सीता तीर्थकमण्डलुम् ॥ अबिभ्रदङ्गदः खड्गं हैमं चर्मर्क्षराण्नृप ॥ ४४ ॥ पुष्पकस्थोऽन्वितः स्त्रीभिः स्तूयमानश्च बन्दिभिः ॥ विरेजे भगवान्राजन्ग्रहैश्चन्द्र इवोदितः ॥ ४५ ॥ भ्रातृभिर्वन्दितः सोऽपि सोत्सवां प्राविशत्पुरीम् ॥ प्रविश्य राजभवनं गुरुपत्नीः स्वमातरम् ॥ ४६ ॥ गुरून्वयस्यावरजान्पूजितः प्रत्यपूजयतः ॥ वैदेही लक्ष्मणश्चैव यथावत्समुपेयतुः ॥ ४७ ॥ पुत्रान्स्वमातरस्तास्तु प्राणाँस्तन्व इवोत्थिताः ॥ आरोप्याङ्केऽभिषिञ्चन्त्यो बाष्पौघैर्विजहुः शुचः ॥ ४८ ॥ जटा निर्मुच्य विधिवत्कुलवृद्धैः समं गुरुः ॥ अभ्यषिञ्चद्यथैवेन्द्रं चतुःसिन्धुजलादिभिः ॥ ४९ ॥ एवं कृतशिरःस्नानः सुवासाः स्रग्व्यलं-

श्वेत छत्र उठाए ॥४३॥ हे नृप ! शत्रुघ्नजीले धनुष र ठोक्रो समाते, सीताजीले तीर्थहरूका जलले भरिएको कमण्डलु लिइन् र वालितनय अङ्गदले सुवर्णजडित खड्ग र जाम्बवान्ले ढाल लिए ॥४४॥ हे राजन् ! पुष्पक विमानमा नारीहरूका माझमा बसेका तथा वन्दीजनले स्तूयमान हुँदै भगवान् राम नक्षत्र-मण्डलको माझमा उदाएका चन्द्रमा झैं सुशोभित भए । यसरी आफ्ना भाइहरूद्वारा सम्मानित भएर राम कृपापूर्वक अयोध्यापुरीमा प्रविष्ट हुनुभयो र राजभवनमा पुगेर आफ्नी माताहरू—पिता दशरथजीका अन्य पत्नीहरू, गुरुपत्नी, समवयस्कहरू र आफूभन्दा सानाको यथोचित स्वागत गरे र उनीहरूले पनि प्रभुको उचित सम्मान गरे । यसै प्रकार महारानी जानकीजी र लक्ष्मणजी पनि सबैसित यथोचित व्यवहार गर्दै उनको साथ-साथै गए ॥४५-४७॥ जस्तै गएको प्राण फर्कन्दा शरीर सजीव हुन्छ, त्यस्तै गरी कौशल्या आदि आमाहरू आफाफ्ना छोरालाई काखमा लिई उनलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MiDi - Delhi

नेत्र-जलले स्नान गराएर आफ्नो शोक धपाउन लागे ।।४८।। त्यसपछि गुरु वसिष्ठले अन्य कुलवृद्धा का साथै विधिपूर्वक भगवान्का जटा खौराउन लगाई समुद्रको जलले उनको अभिषेक गरे, जस्तै बृहस्पतिले इन्द्रको गरेका थिए ।।४९।। यसरी स्नान गरेर राम्रा लुगा र मालाहरूले विभूषित भगवान् राम सुन्दर वस्त्रालङ्कारले सुसज्जित भएर भार्या तथा भाईहरूका साथै शोभायमान भए ।।५०।। त्यसपछि भाई भरतले प्रणामपूर्वक प्रार्थना गरेदा दुनाले भगवान् रामचन्द्रले अतिशय प्रसन्न भएर राजसिंहासन स्वीकार गरेर आफ्नो धर्ममा तत्पर एवं वर्णाश्रम-धर्मयुक्त प्रजाहरूको पिताको समान पालन गर्नलागे । ती रामचन्द्रजीका प्रजा पनि उनलाई पिताको सदृश मान्दथे ।।५१।। हे राजन् ! सबै प्राणीहरूका सुखदायक तथा परम धर्मज्ञ श्रीरामचन्द्र राजा भएपछि त्रेतायुग नै भए पनि त्यस समय सत्ययुगको समान भएको थियो ।।५२।। हे भरत-श्रेष्ठ ! वन, नदीहरू, पर्वत, देश, द्वीप तथा समुद्र यी सबै प्रजाजनहरूलाई अभिलषित वस्तु दिनलाग ।। ५३ ।। जब भगवान् राम राज्य-शासन गर्दथे तब आधि, व्याधि, जरा, ग्लानि, दुःख, शोक, भय तथा थकाईको अभाव भएको थियो

कृतः ।। स्वलंकृतैः सुवासोभिर्भ्रातृभिर्भार्यया बभौ ।।५०।। अग्रहीदासनं भ्रात्रा प्रणिपत्य प्रसादितः ।। प्रजाः स्वधर्मनिरता वर्णाश्रमगुणान्विताः ।। जुगोप पितृवद्रामो मेनिरे पितरं च तम् ।।५१।। त्रेतायां वर्तमानायां कालः कृतसमोऽभवत् ।। रामे राजनि धर्मज्ञे सर्वभूतसुखावहे ।।५२।। वनानि नद्यो गिरयो वर्षाणि द्वीपसिन्धवः ।। सर्वे कामदुघा आसन्प्रजानां भरतर्षभ ।।५३।। नाधिव्याधिजराग्लानिदुःखशोकभयक्लमाः ।। मृत्युश्चानिच्छतां नासीद्रामे राजन्यधोक्षजे ।। ५४ ।। एकपत्नीव्रतधरो राजर्षिचरितः शुचिः ।। स्वधर्मं गृहमेधीयं शिक्षयन्स्वयमाचरन् ।।५५।। प्रेम्णाऽनुवृत्त्या शीलेन प्रश्रयावनता सती ।। धिया ह्रिया च भावज्ञा भर्तुः सीताऽहरन्मनः ।।५६।। इति श्रीमद्भागवतेमहापुराणे नवमस्कन्धे रामचरिते दशमोऽध्यायः ।।१०।।

श्रीशुक उवाच ।। भगवानात्मनात्मानं राम उत्तमकल्पकैः ।। सर्वदेवमयं देवमीज आचार्यवान्मखैः ।। १ ।। होत्रेऽददाद्दिशं प्राचीं ब्रह्मणे दक्षिणां प्रभुः ।। अध्वर्यवे प्रतीचीं च उदीचीं सामगाय सः ।। २ ।। आचार्याय ददौ शेषां यावती भूस्तदन्तरा ।। मन्यमान इदं कृत्स्नं ब्राह्मणोऽर्हति निस्पृहः ।। ३ ।। इत्ययं तदलङ्कारवासोभ्यामवशेषितः ।। तथा राक्ष्यपि वैदेही सौमङ्गल्यावशेषिता ।। ४ ।। ते तु ब्रह्मण्यदेवस्य वात्सल्यं वीक्ष्य संस्तु-

र उमेर नपुगी कसैको पनि मृत्यु हुँदैनथ्यो ।।५४।। ती श्रीरामचन्द्र भगवान् एकपत्नीव्रती, राजर्षिहरू जस्तै आचरणशील तथा राग-द्वेषादिले रहित थिए । गृहस्थहरूलाई धर्म-शिक्षा दिनका लागि स्वयं पनि धर्मको आचरण गर्न गर्दथे ।।५५।। आफ्ना स्वामीको मनोभाव राम्ररी जान्ने भएकी विनयावनत सती सीताजीले पनि प्रेम, सेवा, साधुस्वभाव, बुद्धि तथा लज्जा आदि गुणहरू द्वारा आफ्नू पतिको मन जितिसकेकी थिइन् ।।५६।। इति श्रीमद्भागवते महापुराणे नमस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ।।१०।।

(श्रीरामचन्द्रका अन्य चरित्र) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! भगवान् रामचन्द्रले वसिष्ठजीलाई आचार्य तुल्याएर उत्तम सामग्रीहरुले युक्त यज्ञद्वारा सवदेवमय, प्रकाशस्वरूप आफ्नो नै यजन गरे । त्यस यज्ञमा उनले होतालाई पूर्व, ब्रह्मालाई दक्षिण, अध्वर्युलाई पश्चिम र उद्गातालाई उत्तर दिशाको प्रदेश दान दिए । आचार्यलाई तिनका माझको शेष सम्पूर्ण भूमि दिए, किनकि उनको यस्तो विश्वास थियो—निस्पृह ब्राह्मण नै सारा भूमण्डल पाउने अधिकारी हुन् ।।१-३।। यस प्रकार यज्ञमा सर्वस्व दान दिएर उनले आफ्नो शरीर पहिरेका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्त्र र अलङ्कार मात्र आफूसित राखे। यसै प्रकार महारानी सीताजीसित पनि केवल माङ्गलिक वस्त्राभूषण नै शेष रहन गए। उनले पनि आफ्नो सर्वस्व दान गरेर दिइन् ॥४॥ ती ब्रह्मण्यदेव भगवान् रामचन्द्रको ब्राह्मणहरू प्रति यस्तो प्रशंसनीय वात्सल्यभाव देखेर ती आचार्यादि साह्रै प्रसन्न भए र प्रेमार्द्रहृदयले उनलाई त्यो सबै फर्काइदिएर यस प्रकार भन्नलागे– ॥५॥ 'हे सर्वलोकेश्वर भगवन् ! हजुर जब हाम्रा अन्तःकरणमा विराजमान भएर आफ्नो कान्तिले हाम्रो अज्ञानान्धकार नष्ट गरिरहनु भएको छ, तब हजुरले हामीलाई के दिनु भएन ? ॥६॥ ब्राह्मणलाई देवता मान्ने, अकुण्ठबुद्धि, पुण्यश्लोक शिरोमणि र पर-पीडा नाश गरिदिने मुनीश्वरका निम्ति आफ्ना चरण-कमल अर्पण गरिदिने भगवान् रामलाई हामी प्रणाम

तम् ॥ प्रीताः क्लिन्नधियस्तस्मै प्रत्यर्प्येदं बभाषिरे ॥ ५ ॥ अप्रत्तं नस्त्वया किं नु भगवान्भुवनेश्वर ॥ यन्नोऽन्तर्हृदयं विश्यनमोहंसि स्वरोचिषा ॥ ६ ॥ नमो ब्रह्मण्यदेवाय रामायाकुण्ठमेधसे ॥ उत्तमश्लोकधुर्याय न्यस्तदण्डार्पिताङ्घ्रये ॥ ७ ॥ कदाचिल्लोकजिज्ञासुर्गूढो रात्र्यामलक्षितः ॥ चरन्वाचोऽशृणोद्रामो भार्यामुद्दिश्य कस्यचित् ॥ ८ ॥ नाहं बिभर्मि त्वां दुष्टामसतीं परवेश्मगाम् ॥ स्त्रीलोभी बिभृयात्सीतां रामो नाहं भजे पुनः ॥ ९ ॥ इति लोकाद्बहुमुखाद्दुराराध्यादसंविदः ॥ पत्या भीतेन सा त्यक्ता प्राप्ता प्राचेतसाश्रमम् ॥ १० ॥ अन्तर्वत्न्यागते काले यमौ सा सुषुवे सुतौ ॥ कुशो लव इति ख्यातौ तयोश्चक्रे क्रिया मुनिः ॥११॥ अङ्गदश्चित्रकेतुश्च लक्ष्मणस्यात्मजौ स्मृतौ ॥ तक्षः पुष्कल इत्यास्तां भरतस्य महीपते

गर्दछौं' ॥७॥ हे राजन् ! एक समयको कुरा हो–'साधारण मानिस मेरो विषयमा के भन्दछन्' यो जान्नको निम्ति अज्ञातरूपमा रात्रिको वेला डुलिरहेका भगवान् रामले यौटा पुरुष (धोबी)ले आफ्नी भार्यासित भनेको सुने–॥८॥ ए दुष्टा ! अर्काको घरमा बस्न जाने तँलाई अब म आफ्नूघरमा राख्न तयार छैन स्त्रीलोभी राम नै सीतालाई स्वीकार गर्न सक्तछ, म तँलाई अब केही गर पनि स्वीकार गर्न तयार छैन ॥९॥ यस प्रकार अनेक थरिका कुरा गर्न भएका, हठी र मूर्ख व्यक्तिहरूसित भयभीत भएर आफ्ना पतिदेवले त्यागिदिएपछि सीताजी महर्षि वाल्मीकिका आश्रममा गइन् ॥१०॥ ती गर्भवती थिइन् आश्रममा गएपछि उनले कुश र लव नामले दुइ यमज (जम्ल्याहा) पुत्र उत्पन्न गरिन् । तिनको जातकर्मादि

कथान्तर (जोइटिंग्रे)—एक दिन यौटा भलादमी कुनै महात्मासित गृहस्थ-विरक्तहरूको चर्चा गरिरहेका थिए। महात्माले भने–महाशय ! तपाईलाई गृहस्थ विरक्त हुन्छन् भन्ने के थाहा छ ! ती जे जति धन कमाउँछन्, स्त्रीलाई सुम्पिदिन्छन् र पत्न ले नै सबै खर्च गर्दछिन् । यस प्रकार आफ्नो काम चलाउँछन् र भन्दै हिंड्छन्–'म त रुपियाँ हातले पनि छुन्न, फेरि मलाई धन-सम्पत्तिको के काम ? यौटा त्यस्तै खालका गृहस्थ विरक्त थिए । एक दिन कुनै ब्राह्मण तिनीकहाँ केही माग्न आए । विरक्तले भने–तिमी मलाई किन दिक्क पारिरहेका छौ ! म त रुपियाँ पैसा छुँदा पनि छुन्न ।' परन्तु त्यति हुँदा पनि ब्राह्मणले विरक्तलाई छाडेनन् । अनि विरक्तले यी ब्राह्मण साह्रै दीन-हीन रहेछन् । यिनलाई एक रुपियाँ दिनै पर्‍यो त्यस्तो विचार गरेर ब्राह्मणलाई भने–'तिमी भोली आऊ । तिम्रो भाग्यमा जे जति होला, पाउने छौ ।' ब्राह्मण फर्केर गएपछि गृहस्थ विरक्तले घरमा गएर पत्नीसित भने—'ती ब्राह्मण साह्रै दुःखी रहेछन्, तिनलाई एक रुपियाँ दिनुपर्दछ ।' पत्नीलाई लोग्नेमाथि निकै रिस उठ्यो र झर्किन्दै भन्नलागी—'रुपियाँ तपाईका आँखामा बिझाइरहेका छन् ? दूलादानी बन्न खोजिरहेछौ ! म एक रुपियाँ त कदापि दिन्न । यदि मान्दैनौ भने एक आना लैजाऊ, बाहुनलाई दिनु ।' विरक्त के गर्न सक्थे र नबोलिकन एकन्नी लिएर हिंडे । भोलिपल्ट जब ब्राह्मण आए तब उनलाई एक आना मात्र प्राप्त भने–'त्यसैले त भन्दछु–गृहस्थ विरक्त कहिल्यै धर्मात्मा हुँदैनन्, बरू जोइटिंग्रे हुन्छन् ।' ती भूरिसंख्यक साधु जसका पन्थ भेद अनन्त छन् । अवधूत, पतिः नागा, उदासी, सन्त र महन्त छन् । हरे ! ती गृहस्थ भन्दा बर्ता आज रागी देखिन्छन् । बरू अल्पज्ञ नै सच्चा विरागी र त्यागी देखिन्छन् ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाल्मीकिले स्वयं गरे ॥ ११ ॥ हे राजन् ! लक्ष्मणजीका अङ्गद चित्रकेतु तथा तक्ष र पुष्कल भरतजीका छोरा कहिन्छन् ॥१२॥ सुबाहु र श्रुतसेन यी दुवै पुत्र शत्रुघ्नका थिए । पछि दिग्विजयको प्रसङ्गमा भरतले करोडौं गन्धर्वलाई मारे ॥१३॥ अनि तिनको सबै धन ल्याएर महाराज रामलाई अर्पण गरिदिए । उता शत्रुघ्नले मधुको छोरो लवण राक्षसलाई मारेर मधुवनमा मथुरापुरी बसाले ॥ १४ ॥ यता पतिद्वारा निर्वासित सीताजी मुनिवर वाल्मीकिलाई आफ्ना दुवै छोरा सुम्पेर श्रीरामका चरणको ध्यान गर्दै पृथ्वीमा विलीन भइन् ॥ १५॥ त्यो समचार सुनेर श्रीरामचन्द्रले आफ्नो बुद्धिबल द्वारा शोकावेग रोक्न खोजे, तर परम समर्थ भएर पनि सीताका भिन्न-भिन्न गुणहरूको सम्झना भइदिनाले गर्दा उनी त्यसलाई रोक्नमा समर्थ भएनन् ॥ १६ ॥ स्त्री-पुरुषको सम्बन्ध सर्वत्र यसै गरी त्रास दिन्छ । ठूला-ठूला सामर्थ्यवान् पनि यसले विचलित हुन्छन् भने साधारण गृहासक्त विषयी पुरुषका विषयमा के भन्ने ! ॥ १७ ॥ हे राजन् ! त्यसपछि श्रीरामले ब्रह्मचर्य-व्रत धारण गरेर तेह्र हजार वर्षसम्म अखण्डित रूपले अग्निहोत्र गरे ॥१८॥ त्यसपछि आफ्नू स्मरण गर्नेहरूको र

॥ १२ ॥ सुबाहु श्रुतसेनश्च शत्रुघ्नश्च बभूवतुः ॥ गन्धर्वान्कोटिशो जघ्ने भरतो विजये दिशाम् ॥ १३ ॥ तदीयं धनमानीय सर्वं राज्ञे न्यवेदयत् ॥ शत्रुघ्नश्च मधोः पुत्रं लवणं नाम राक्षसम् ॥ हत्वा मधुवने चक्रे मथुरां नाम वै पुरीम् ॥ १४ ॥ मुनौ निक्षिप्य तनयौ सीता भर्त्रा विवासिता ॥ ध्यायन्ती रामचरणौ विवरं प्रविवेश ह ॥ १५ ॥ तच्छ्रुत्वा भगवान् रामो रुन्धन्नपि धिया शुचः ॥ स्मरंस्तस्या गुणाँस्ताँस्तान्नाशक्नोद्रोद्धुमीश्वरः ॥ १६ ॥ स्त्रीपुंप्रसङ्ग एतादृक्सर्वत्र त्रासमावहः ॥ अपीश्वराणां किमुत ग्राम्यस्य गृहचेतसः ॥ १७ ॥ तत ऊर्ध्वं ब्रह्मचर्यं धारयन्नजुहोत्प्रभुः ॥ त्रयोदशाब्दसाहस्रमग्निहोत्रमखण्डितम् ॥ १८ ॥ स्मरतां हृदि विन्यस्य विद्धं दण्डककण्टकैः ॥ स्वपादपल्लवं राम आत्मज्योतिरगात्ततः ॥ १९ ॥ नेदं यशो रघुपतेः सुरयाच्ञयात्तलीलातनोरधिकसाम्यविमुक्तधाम्नः ॥ रक्षोवधो जलधिबन्धनमस्त्रपूगैः किं तस्य शत्रुहनने कपयः सहायाः ॥२०॥ यस्यामलं नृपसदःसु यशोऽधुनापि गायन्त्यघघ्नमृषयो दिगिभेन्द्रपट्टम् ॥ तं नाकपालवसुपालकिरीटजुष्टपादाम्बुजं रघुपतिं शरणं प्रपद्ये ॥ २१ ॥ स यैः स्पृष्टोऽभिदृष्टो वा सम्विष्टोऽनुगतोऽपि वा ॥ कोशलास्ते ययुः स्थानं यत्र गच्छन्ति योगिनः ॥२२॥ पुरुषो रामचरितं श्रवणैरुपधारयन् ॥ आनृशंस्यपरो राजन्कर्मबन्धैर्विमुच्यते ॥ २३ ॥ राजोवाच ॥ कथं स भगवान्रामो भ्रातॄन्वा स्वयमात्मनः ॥ तस्मिन्वा तेऽन्व-

भक्तजनको हृदयमा दण्डकारण्यका काँढाले छेडेका आफ्ना चरण-कमल स्थापित गरेर भगवान् राम आफ्नो धाममा पाल्नुभयो ॥१९॥ हे राजन् ! जुन भगवानभन्दा ठूलो वा जसको समकक्ष प्रतापशाली कोही छैन, देवताहरूको प्रार्थनाले लीला-मानवरूपधारी ती रघुनाथजीले शस्त्रसमूहद्वारा राक्षसलाई मार्नु र समुद्रमा सेतु बाँधिदिनु कुनै ठूलो सुयशको काम थिएन । ती लीलाधारीलाई आफ्ना शत्रुहरूको संहार गर्नका निम्ति वानरहरूको सहायताको के आवश्यकता थियो ? तात्पर्य के भने यो सबै उनका लीला थिए ॥२०॥ सबै दिशा-विदिशामा समस्त दिग्गजलाई आच्छादित पार्ने वस्त्र झैं जसको पापापहारी निर्मल सुयश यस वेला पनि मार्कण्डेयादि मुनि, युधिष्ठिरादि भूपालका सभाहरूमा गाउने गर्दछन् र जसका चरण-कमल देवेन्द्र र नरेन्द्रका मुकुटहरूले सेव्यमान छन्, म ती रघुनाथजीलाई प्रणाम गर्दछु ॥२१॥ जस-जसले श्रीरामको स्पर्श, दर्शन, सहवास तथा अनुगमन गरेका थिए, ती र सबै अवध निवासी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस स्थानमा गएर प्राप्त भए, जहाँ अन्तमा योगी-महात्मा पुग्दछन् ॥२२॥ हे राजन् ! जो प्राणी यो रामचरित्रलाई श्रवणपुटले श्रवण गर्दछन्, ती कोमलता, सरलता, आदि गुणहरूले युक्त भएर सबै कर्मबन्धनबाट मुक्त भएर जान्छन् ॥२३॥ यति कथा सुनिसकेर राजा परीक्षितले सोधे–ती भगवान् रामचन्द्र आफ्नै अंशस्वरूप भाइहरूसित स्वयं के कस्तो व्यवहार गर्दथे र रामको प्रति तिनका भाई, प्रजाजन एवं पुरवासी आदि सबैको व्यवहार कस्तो हुन्थ्यो ? ॥२४॥ श्री शुकदेव भन्नुहुन्छ–हे राजन् ! त्रिभुवनपति भगवान् रामले राजसिंहासनमा बसेपछि आफ्ना भाइहरूलाई दिग्विजय गर्ने आज्ञा दिए र स्वयं पुरवासीहरूलाई दर्शन-भेट दिंदै आफ्ना अनुचरका साथै पुरीको हेर-बिचार गर्नलागे ॥२५॥ रामराज्यमा अयोध्याका सबै मार्ग सुगन्धित जल र मत्ता हात्तीहरूका मदकणले सिंचिा रहन्थे र त्यो पुरी आफ्ना स्वामीलाई हेरी-हेरी मतवाली झैं भइरहेकी थिई ॥२६॥ पुरीका महल, नगर-द्वार, सभा, चैत्य तथा देवालयहरूमा सुवर्ण-कलश राखिएका थिए र त्यो चारैतिर ध्वजा-पताकाले सज्जित रहन्थ्यो ॥२७॥ फलका गुच्छा समेत पूगीफल, कदली-वृक्ष, राम्रा वस्त्रले त्यो अलंकृत

वर्तन्त प्रजाः पौराश्च ईश्वरे ॥ २४ ॥ श्रीशुक उवाच ॥ अथादिशद्दिग्विजये भ्रातॄंस्त्रिभुवनेश्वरः ॥ आत्मानं दर्शयन्स्वानां पुरीमैक्षत सानुगः ॥२५॥ आसिक्तमार्गां गन्धोदैः करिणां मदशीकरैः ॥ स्वामिनं प्राप्तमालोक्य मत्तां वा सुतरामिह ॥ २६ ॥ प्रासादगोपुरसभाचैत्यदेवगृहादिषु ॥ विन्यस्तहेमकलशैः पताकाभिश्च मण्डिताम् ॥ २७ ॥ पूगैः सवृन्तै रम्भाभिः पट्टिकाभिः सुवाससाम् ॥ आदर्शैरंशुकैः स्रग्भिः कृतकौतुकतोरणाम् ॥२८॥ तमुपेयुस्तत्र तत्र पौरा अर्हणपाणयः ॥ आशिषो युयुजुर्देव पाहीमां प्राक् त्वयोद्धृताम् ॥ २९ ॥ ततः प्रजा वीक्ष्य पतिं चिरागतं दिदृक्षयोत्सृष्टगृहाः स्त्रियो नराः ॥ आरुह्य हर्म्याण्यरविन्दलोचनं ह्यतृप्तनेत्राः कुसुमैरवाकिरन् ॥३०॥ अथ प्रविष्टः स्वगृहं जुष्टं स्वैः पूर्वराजभिः ॥ अनन्ताखिलकोशाढ्यमनर्घ्योरुपरिच्छदम् ॥३१॥ विद्रुमोदुम्बरद्वारैर्वैदूर्यस्तम्भपंक्तिभिः ॥ स्थलैर्मारकतैः स्वच्छैर्भ्राजत्स्फटिकभित्तिभिः ॥३२॥ चित्रस्रग्भिः पट्टिकाभिर्वासोमणिगणांशुकैः ॥ मुक्ताफलैश्चिदुल्लासैः कान्तकामोपपत्तिभिः ॥ ३३ ॥ धूपदीपैः सुरभिभिर्मण्डितं पुष्पमण्डनैः ॥ स्त्रीपुम्भिः सुरसंकाशैर्जुष्टं भूषणभूषणैः ॥३४॥ तस्मिन्स भगवान्रामः स्निग्धया प्रिययेष्टया ॥ रेमे स्वारामधीराणामृषभः सीतया किल ॥३५॥ बुभुजे च यथाकालं कामान्धर्ममपीडयन् ॥

र दर्पण, वस्त्र तथा मालाहरूका उत्सवमयी झालरहरूले सुसज्जित रहिरहन्थ्यो ॥२८॥ एक समय जहाँ तहाँबाट अगणित पुरवासी धेरै भेट लिएर भगवान्को नगीच आए र उनीहरूले प्रार्थना गरे–'हे देव ! पूर्वकालमा अर्थात् वाराहरूपले स्वयं द्वारा उद्धार गरिएकी यस पृथ्वीको हजुर पालन गर्नुहवस् ।' हे राजन् ! त्यसवेला धेरै दिनपछि आफ्ना स्वामीलाई आएका भन्ने जानेर प्रभुलाई हेनको निम्ति नगरका सबैजसो नर-नारी आफ्ना-आफ्ना घर-द्वार छाडेर अटालीहरूमा चढ्दै कमल-लोचन रामलाई अतृप्त नेत्रले हेर्दै प्रभुमाथि पुष्प-वर्षा गर्नलागे । अनि भगवान् राम आफ्ना पूर्वजद्वारा सेवित, सबै खजानाले पूर्ण र बहुमूल्य सामग्रीले युक्त महलमा प्रविष्ट भए ॥२९-३१॥ महलका-द्वार विद्रुम रत्नले बनेका थिए । त्यसका स्तम्भ वैदूर्य मणिका थिए । त्यसका पटाङ्गिनी मरकत मणिका थिए ॥३२॥ रङ्गी-चङ्गी माला, पताका, वस्त्र, भोग-सामग्री, सुगन्धित धूप र पुष्पका आभूषणहरूले सुसज्जित पारिएको थियो र त्यो महल सबै आभूषणलाई पनि विभूषित पार्ने देवता तुल्य स्त्री-पुरुषले सुसेवित थियो ॥३३॥३४॥ हे राजन् ! ती महलमा आत्माराम तथा जितेन्द्रिय पुरुषमा श्रेष्ठ

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् रामचन्द्र आफ्नी प्रियतमा सीताजीसित विहार गर्दथे ॥३५॥ सबै जना जसका पदपल्लवको ध्यान गर्दछन्, ती भगवान् रामचन्द्रले धर्मको अतिक्रमण नगरेर अनेक वर्षसम्म सबै प्रकारका भोगहरूको उपभोग गरे । सबै प्रजानन उनको गुण-गान गर्दथे ॥३६॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायामेकादशोऽध्यायः ॥११॥

(इक्ष्वाकुका शेष राजाहरूको वर्णन) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! कुशका छोरा अतिथि भए । अतिथिका निषध, निषधका नभ, नभका पुण्डरीक तथा पुण्डरीकका क्षेमधन्वा नामका छोरा उत्पन्न भए ॥१॥ क्षमधन्वाका देवानीक, देवानीकका छोरा पारियात्र, पारियात्रका छोरा बलस्थल तथा उनैबाट सूर्यको अंशले उत्पन्न पुत्र वज्रनाभ जायमान भए ॥२॥ वज्रनाभका खगण, खगणका विधृत र विधृतबाट हिरण्यनाभको जन्म भयो, जुन जैमिनिका शिष्य तथा योगाचार्य पनि थिए । कोसलदेशवासी याज्ञवल्क्य ऋषिले तिनका शिष्य बनेर हृदयका संशयरूपिणी ग्रन्थि छेदन गर्ने र महान् सिद्धिप्रद आत्मयोगको शिक्षा पाएका थिए ॥३॥४॥ हिरण्यनाभका छोरा पुष्प, पुष्पका ध्रुवसन्धि, ध्रुव-

वर्षपूगान्बहूनृणामभिध्यातांघ्रिपल्लवः ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे श्रीरामोपाख्याने एकादशोऽध्यायः ॥ ११ ॥

श्रीशुक उवाच ॥ कुशस्य चातिथिस्तस्मान्निषधस्तत्सुतो नभः ॥ पुण्डरीकोऽथ तत्पुत्रः क्षेमधन्वाऽभवत्ततः ॥ १ ॥ देवानीकस्ततोऽनीहः पारियात्रोऽथ तत्सुतः ॥ ततो बलस्थलस्तस्माद्वज्रनाभोऽर्कसम्भवः ॥ २ ॥ खगणस्तत्सुतस्तस्माद्विधृतिश्चाभवत्सुतः ॥ ततो हिरण्यनाभोऽभूद्यो- गाचार्यस्तु जैमिनेः ॥ ३ ॥ शिष्यः कौसल्य अध्यात्मं याज्ञवल्क्योऽध्यगाद्यतः ॥ योगं महोदयमृषिर्हृदयग्रन्थिभेदकम् ॥ ४ ॥ पुष्यो हिरण्यना- भस्य ध्रुवसन्धिस्ततोऽभवत् ॥ सुदर्शनोऽथाग्निवर्णः शीघ्रस्तस्य मरुः सुतः ॥ ५ ॥ योऽसावास्ते योगसिद्धः कलापग्राममाश्रितः ॥ कलेरन्ते सूर्यवंशं नष्टं भावयिता पुनः ॥ ६ ॥ तस्मात्प्रसुश्रुतस्तस्य सन्धिस्तस्याप्यमर्षणः ॥ महस्वांस्तत्सुतस्तस्माद्विश्वसाह्वोऽन्वजायत ॥ ७ ॥ ततः प्रसेन- जित्तस्मात्तक्षको भविता पुनः ॥ ततो बृहद्बलो यस्तु पित्रा ते समरे हतः ॥ ८ ॥ एते हीक्ष्वाकुभूपाला अतीताः शृण्वनागतान् ॥ बृहद्बलस्य भविता पुत्रो नाम बृहद्रणः ॥९॥ उरुक्रियस्ततस्तस्य वत्सवृद्धो भविष्यति ॥ प्रतिव्योमस्ततो भानुर्दिवाको वाहिनीपतिः ॥१०॥ सहदेवस्ततो वीरो बृहदश्वोऽथ भानुमान् ॥ प्रतीकाश्वो भानुमतः सुप्रतीकोऽथ तत्सुतः ॥ ११ ॥ भविता मरुदेवोऽथ सुनक्षत्रोऽथ पुष्करः ॥ तस्यान्तरिक्षस्तत्पुत्रः

सन्धिका छोरा सुदर्शन, सुदर्शनका पुत्र अग्निवर्ण, अग्निवर्णका शीघ्र तथा शीघ्रका पुत्र मरु भए ॥ ५ ॥ जुन यस बखत योगसिद्धि प्राप्त गरेर कलाप- ग्राममा बसिरहेछन् र कलियुगको अन्त्यमा नष्ट सूर्यवंशलाई पुनः फिंजाउने कार्य गर्नेछन् ॥ ६ ॥ मरुका प्रसुश्रुत, प्रसुश्रुतका सन्धि, सन्धिका अघमर्षण, अघमर्षणका महस्वान्, तिनका विश्वसाह्व नामका पुत्र जन्मिए ॥७॥ विश्वसाह्वका प्रसेनजित्, प्रसेनजित्का तक्षक र उनका बृहद्बल पुत्र जन्मे, जसको तिम्रा पिता अभिमन्युले युद्ध मा वध गरेका थिए ॥८॥ हे राजन् ! यी सबै इक्ष्वाकु-वंशका राजा पूर्वकालमा भइसकेका छन् । अगाडि हुने राजाहरूको विषयमा पनि भन्दछु सुन । पछि गएर भविष्यमा बृहद्बलको छोरा बृहद्रण हुनेछन् ॥९॥ बृहद्रणका उरुक्रिय, उरुक्रियका वत्सवृद्ध, वत्सवृद्धका प्रतिव्योम, भानु र भानुका सेनापति दिवाक नामका पुत्र हुनेछन् ॥१०॥ दिवाकका वीरवर तथा वीरवरका सहदेव, सहदेवका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बृहदश्व, उनका भानुमान्, भानुमानका प्रतीकाय र प्रतीकायका सुप्रतीक नामका पुत्र हुनन् ।। ११ ।। सुप्रतीकका मरुदेव उनका सुनक्षत्र, सुनक्षत्रका पुष्कर, पुष्करका अन्तरिक्ष, तिनका सुतपा र सुतपाका अमित्रजित् नामका पुत्र हुनन् ।।१२।। अमित्रजित्का बृहद्राज, उनका बर्हि, बर्हिका कृतञ्जय, कृतञ्जयका रणञ्जय र उनका सञ्जय पुत्र हुनन् ।।१३।। सञ्जयका शाक्य, शाक्यका शुद्धोद र शुद्धोदका लाङ्गल नामक पुत्र जन्मनन् । लाङ्गलका प्रसेनित् र उनका क्षुद्रक नामका छोरा हुनन् ।। १४ ।। क्षुद्रकका रणक, रणकका सुरथ र सुरथका यस वंशका अन्तिम राजा सुमित्र हुनन् । यी सबै राजा बृहद्बलका वंशधर मानिने छन् ।। १५ ।। यो इक्ष्वाकु राजाहरूका वंश सुमित्रपर्यन्त नै चल्नेछ किनकि ती राजापछि कलियुगमा यस वंशको अन्त्य हुनेछ ।।१६।। इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ।।१२।।

सुतपास्तदमित्रजित् ।। १२ ।। बृहद्राजस्तु तस्यापि बर्हिस्तस्मात्कृतञ्जयः ।। रणञ्जयस्तस्य सुतः सञ्जयो भविता ततः ।। १३ ।। तस्माच्छाक्योऽथ शुद्धोदो लाङ्गलस्तत्सुतः स्मृतः ।। ततः प्रसेनजित्तस्मात्क्षुद्रको भविता ततः ।। १४ ।। रणको भविता तस्मात्सुरथस्तनयस्ततः ।। सुमित्रो नाम निष्ठान्त एते बार्हद्बलान्वयाः ।। १५ ।। इक्ष्वाकूणामयं वंशः सुमित्रान्तो भविष्यति ।। यतस्तं प्राप्य राजानं संस्थां प्राप्स्यति वै कलौ ।। १६ ।। इति श्रीमद्भागवते महापुराणे नवमस्न्धे इक्ष्वाकुवंशवर्णनं नाम द्वादशोऽध्यायः ।। १२ ।।

श्रीशुक उवाच ।। निमिरिक्ष्वाकुतनयो वसिष्ठमवृतर्त्विजम् ।। आरभ्य सत्रं सोऽप्याह शक्रेण प्राग्वृतोऽस्मि भोः ।। १ ।। निर्वर्त्यागमिष्यामि तावन्मां प्रतिपालय ।। तूष्णीमासीद्गृहपतिः सोऽपीन्द्रस्याकरोन्मखम् ।। २ ।। निमिश्चलमिदं विद्वान्सत्रमारभतात्मवान् ।। ऋत्विग्भिरपरैस्तावन्नागमद्यावता गुरुः ।।३।। शिष्यव्यतिक्रमं वीक्ष्य निवर्त्य गुरुरागतः ।। अशपत्पतताद्देहो निमेः पण्डितमानिनः।।४।। निमिः प्रतिददौ शापं गुरवेऽधर्मवर्तिने ।। तवापि

(निमि-वंशको वृत्तान्त) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! राजा इक्ष्वाकुका छोरा महाराज निमिले यज्ञ आरम्भ गरेर त्यसको निम्ति वसिष्ठलाई ऋत्विज नियत गरे । वसिष्ठले भने–'इन्द्रले मलाई पहिले नै वरण गरिसकेका छन् ।। १ ।। अतः जबसम्म म उनको यज्ञ सकेर फर्कन्न, तबसम्म मेरो बाटो हेरिरहनु ।' वसिष्ठको यो कुरा सुनेर यजमान राजा निमी केही पनि बोलेनन् र वसिष्ठले इन्द्रको यज्ञ आरम्भ गराइदिए ।। २ ।। यता केही काल प्रतीक्षा गरेर आत्मज्ञानी निमिले विचार गरे–जीवन साह्रै चञ्चल छ । यसनिम्ति गुरुजी फर्केर आएनन् अनि अन्य ऋत्विजद्वारा उनले यज्ञ आरम्भ गराइदिए ।। ३ ।। इन्द्रको यज्ञ गराएर फर्केपछि जब गुरु वसिष्ठले शिष्यद्वारा आफ्नो आज्ञा उल्लङ्घन गरेको देखेर तत्काल श्राप दिए–'आफूलाई पण्डित मान्ने राजा निमिको देह पतनहोओस्' ।।४।। निमिले पनि अधर्ममा प्रवृत्त गुरु वसिष्ठको श्रापको साटो यो श्रापदिए–'तिमीले *लोभवशआफ्नो धर्म जान्नसकेनौ

* दृष्टान्त (लोभ पापको मूल)–यौटा हजाम रूखमुनिबाट कतै गइरहेको थियो । उसै बखत यो शब्द त्यसका कानमा परे—तँ सुनले भरिएका सातोटा गाग्रा लिन्छस् ?' हजामले छक्क परेर चारैतिर हेऱ्यो, तर कोही पनि देखिएन, तर सातोटा सुनले भरिएका गागाको नाम सुनेर त्यसको मनमा लोभ जाग्यो र उसले कराएर भन्यो—अँ, म सुनले भरिएका सातोटा गाग्रा लिन्छु ।' त्यतिमै अर्को शब्द त्यसका कानमा परे–'तँ आफ्नो घर जा, मैले सुनभरिएका सात गाग्रा तेरा घर पुऱ्याइदिएको छु ।' यो कुरा सत्य हो कि होइन भन्ने जान्नको निम्ति हजाम दगुर्दै घर पुग्यो र सातोटा घडा सामुन्ने राखेको देखेर छक्क पऱ्यो । जब त्यसले घडाको मुख उघारेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैनिम्ति तिम्रो देह पनि नष्ट होओस् ॥५॥ यति भनेर आत्मविद्यामा निपुण निमिले आफ्नू शरीर त्यागिदिए र हाम्रा प्रपितामह वशिष्ठले पनि आफ्नू शरीर त्यागेर उर्वशीको गर्भबाट मित्रावरुणको वीर्यद्वारा जन्म ग्रहण गरे ॥६॥ उता राजा निमिको देहलाई उनका ऋत्विज मुनिहरूले सुगन्धित वस्तुहरूमा राखिदिए र यज्ञ पूर्ण भएपछि त्यहाँ आएका देवताहरूसित भने—॥७॥ हे देवा हो ! यदि यस यज्ञले हजुरहरू प्रसन्न भए राजा निमिको यो देह सजीव भएर उठोस ।' देवताहरूले 'तथास्तु' भनेपछि जीवित हुनासाथ निमिले भने–'मलाई देहको बन्धन प्राप्त नहोस्, किनकि सबै भगवत् परायण मुनिजन यसको वियोगले डराएर यसको संयोग कदापि खोज्दैनन् । अतः तीं सर्वदा भगवत् चरणारविन्दलाई

पतताद्देहो लोभाद्धर्ममजानतः ॥५॥ इत्युत्ससर्ज स्वं देहं निमिरध्यात्मकोविदः ॥ मित्रावरुणयोर्जज्ञे उर्वश्यां प्रपितामहः ॥६॥ गन्धवस्तुषु तद्देहं निधाय मुनिसत्तमाः ॥ समाप्ते सत्रयागेऽथ देवानूचुः समागतान् ॥७॥ राज्ञो जीवतु देहोऽयं प्रसन्नाःप्रभवो यदि ॥ तथेत्युक्ते निमिः प्राह माभून्मेदेहबन्धनम् ॥८॥यस्ययोगं न वांछन्ति वियोगभयकातराः ॥ भजन्ति चरणाम्भोजं मुनयो हरिमेधसः ॥९॥ देहं नावरुरुत्सेऽहं दुःखशोकभयावहम् ॥ सर्वत्रास्य यतो मृत्युर्मत्स्यानामुदके यथा ॥१०॥ देवा ऊचुः ॥ विदेह उष्यतां कामं लोचनेषु शरीरिणाम् ॥ उन्मेषणनिमेषाभ्यां लक्षितोऽध्यात्मसंस्थितः ॥११॥ अराजकभयं नृणां मन्यमाना महर्षयः ॥ देहं ममन्थुः स्म निमेः कुमारः समजायत ॥ १२ ॥ जन्मना जनकः सोऽभूद्वैदेहस्तु विदेहजः ॥ मिथिलो

भजिरहन्छन ॥ ८-९ ॥ यसैनिम्ति दुःख, शोक र भय प्राप्त गराउने यो देह ग्रहण गर्ने मेरो अलिकति पनि इच्छा छैन । किनकि जलमा बस्ने माछा जस्तै यसको सर्वत्र नै मृत्यु हुन सक्छ' ॥१०॥ देवताहरूले भने–हे मुनिजन हो ! यी राजा निमि आफ्नू इच्छानुसार शरीर धारण नगरेर नै सबै देहधारीका आँखाका परेलामा निवास गर्नेछन् । यी सबैका नेत्रमा आँखा चिम्लने र उघार्नेले लक्षित हुनेछन् ॥११॥ तब राजाविना मनुष्यहरूमा अराजकता फैलिने भयले महर्षिहरूले निमिको शरीर मथे, उनको देहबाट यौटा बालक उत्पन्नभयो॥१२.

हन्यो, तब छओटा घडा सुनले भरिएका र यौटा आधामात्र भरिएको थियो । त्यो आधा घडा देखेर हजामको मनमा चिन्ता उठ्यो—जबसम्म यो सातौं घडा भरिन्न तबसम्म मलाई पूर्ण सुख प्राप्त हुन सक्तैन । अनि उनले घरका सबै सुन-चाँदीका गहना बेचेर अशर्फीहरू किनेर घडामा हाल्यो। तर घडा भरिएन । अनि उसले सबै खर्च घटाइदियो र भोकै बसेर रुपियां जम्मा पार्‍यो । त्यस रुपियाँले अशर्फी किनेर घडामा हाल्यो । त्यो घडा तैपनि भरिएन । हजाम राजाको नोकरी गर्दथ्यो र राजा त्योसित प्रसन्न थिए । उसले राजासित प्रार्थना गर्‍यो–'मलाई खान पुगेन, कष्ट छ ।' राजाले उसको तलब दोब्बर गरि दए । हजामले त्यो पनि सबै जम्मा गरेर अशर्फीहरू किनेर त्यही घडामा हाल्यो । घडा तैपनि भरिएन । त्यसपछि हजाम घरघरै भिक्षा माग्न लाग्यो र जे जति काम गरेर प्राप्त हुन्थ्यो, त्यो सबै त्यही घडामा हाल्दैजान्थ्यो, तर घडा तैपनि रित्तो नै रहन्थ्यो। एक दिन राजाले त्यस हजामलाई भने–'तँ यति दुःखी र खिन्न किन रहन्छस् ! जब तेरो तलब आधा थियो तब तँ प्रसन्न थिइस्, तर जबदेखि तेरो तलब बढाइयो, तँ झन् दुःखी देखिन्छस् । कतै तैंले सातौटा घडा त भेट्टाइनस् ?' राजाको कुरा सुनेर हजाम छक्क पर्‍यो र भन्यो—'महाराज ! हजुरलाई यो कुरा कसले सुनायो ?' राजाले भने—'यो लक्षण त्यसैको हो भन्ने तँलाई थाहा छैन, यक्ष जसलाई आफ्ना सात घडा दिन्छ। उसको यही गति हो । मलाई पनि ती सात घडा लेउ भनेको थियो । मैले यक्षसित सोधें–घडा खर्चको निम्ति हो कि जम्मा पार्नको निम्ति हो ?' यति सुन्नासाथ यक्ष भाग्यो। तँलाई त्यो धन खर्च गर्न सक्तैन भन्ने थाहा छैन ? त्यो घडा लिनेलाई केवल धन बढ्ने इच्छा बढ्दछ । अहिल्यै गएर फर्काइदे । हजामले घडा फर्काइदियो जसले रुपियाँ जम्मा पारेर सद्व्यय गर्न जान्दैन, त्यसको यहीं गति हुन्छ । यो भन्दा त रुपियाँ नहुनु नै असल छ, व्यर्थका चिन्ताबाट त मुक्ति पाइन्छ । —'जति कमायो धन-धान्य सम्पति, दुरन्त तृष्णा-लहरी उति उति —भनेको सत्य हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले जन्मद्वारा 'जनक' विदेहबाट उत्पन्न हुनाले 'वैदेह' र मन्थनबाट उत्पन्न हुनाले 'मिथिल' कहिए। उनैले मिथिलापुरी बसालेका थिए ॥ १३ ॥ हे राजन् ! जनकबाट उदावसु भए, उदावसुका छोरा नन्दिवर्धन, तिनका पुत्र सुकेतु र सुकेतुका छोरा देवरात भए ॥१४॥ देवरातका बृहद्रथ, उनका सुधृति तिनका महावीर्य, सुधृतिका धृष्टकेतु, धृष्टकेतुका हर्यश्व र हर्यश्वका मरु नामका छोरा जन्मिए ॥ १५ ॥ मरुका प्रतीपक, प्रतीपकका कृतिरथ, कृतिरथका देवमीढ, देवमीढका विश्रुत र विश्रुतका महाधृति पुत्र जन्मे ॥ १६ ॥ महाधृतिका कृतिरात तथा कृतिरातबाट महारोमाको जन्म भयो। महारोमाका पुत्र स्वर्णरोमा र स्वर्णरोमा, उनका ह्रस्वरोमा पुत्र जन्मिए ॥१७॥ ह्रस्वरोमाका सीरध्वज नामका छोरा जन्मिए। एकसमय महाराज सीरध्वज यज्ञको निम्ति भूमि जोतिरहेका थिए, तब उनको सीर अर्थात् हलोको अग्रभाग फालीबाट सीताजी निस्केकी थिइन्। त्यसैले ती 'सीरध्वज' कहिए ॥ १८ ॥ सीरध्वजका पुत्र कुशध्वज, उनका धर्मध्वज भए। धर्मध्वजका कृतध्वज र मितध्वज दुई छोरा भए ॥१९॥ उनमा कृतध्वजबाट केशिध्वज, उनका मितध्वज र मितध्वजबाट खाण्डिक्य

मथनाज्जातो मिथिला येन निर्मिता ॥१३॥ तस्मादुदावसुस्तस्य पुत्रोऽभून्नन्दिवर्धनः ॥ ततः सुकेतुस्तस्यापि देवरातो महीपते ॥१४॥ तस्माद्बृहद्रथस्तस्य महावीर्यः सुधृतिपिता ॥ सुधृतेर्धृष्टकेतुर्वै हर्यश्वोऽथ मरुस्ततः ॥१५॥ मरोःप्रतीपकस्तस्माज्जातः कृतिरथो यतः ॥देवमीढस्तस्य सुतो विश्रुतो थ महाधृतिः ॥१६॥ कृतिरातस्ततस्तस्मान्महारोमाऽथ तत्सुतः ॥ स्वर्णरोमा सुतस्तस्य ह्रस्वरोमा व्यजायत ॥१७॥ ततः सीरध्वजो जज्ञे यज्ञार्थं कर्षतो महीम् ॥ सीता सीराग्रतो जाता तस्मात्सीरध्वजः स्मृतः ॥१८॥ कुशध्वजस्तस्य पुत्रस्ततो धर्मध्वजो नृपः ॥ धर्मध्वजस्य द्वौ पुत्रौ कृतध्वजमितध्वजौ ॥१९॥ कृतध्वजात्केशिध्वजः खाण्डिक्यस्तु मितध्वजात् ॥ कृतध्वजसुतो राजन्नात्मविद्याविशारदः ॥ २० ॥ खाण्डिक्यः कर्मतत्त्वज्ञो भीतः केशिध्वजाद्द्रुतः ॥ भानुमाँस्तस्य पुत्रोऽभूच्छतद्युम्नस्तु तत्सुतः ॥ २१ ॥ शुचिस्तत्तनयस्तस्मात्सनद्वाजस्ततोऽभवत् ॥ ऊर्ध्वकेतुः सनद्वाजादजोऽथ पुरुजित्सुतः ॥२२॥ अरिष्टनेमिस्तस्यापि श्रुतायुस्तत्सुपार्श्वकः ॥ ततश्चित्ररथो यस्य क्षेमधिर्मिथिलाधिपः ॥२३॥ तस्मात्समरथस्तस्य सुतः सत्यरथस्ततः॥ आसीदुपगुरुस्तस्मादुपगुप्तोऽग्निसंभवः ॥२४॥ वस्वनन्तोऽथ तत्पुत्रो युयुधो यत्सुभाषणः ॥ श्रुतस्ततो जयस्तस्माद्विजयोऽस्मादृतः सुतः ॥२५॥ शुनकस्तत्सुतो जज्ञे वीतहव्यो धृतिस्ततः ॥ बहुलाश्वो धृतेस्तस्य कृतिरस्य महावशी ॥२६॥ एते वै मैथिला राजन्नात्मविद्याविशारदाः ॥ योगेश्वर-

जन्मे। हे राजन् ! कृतध्वजका छोरा केशिध्वज आत्मविद्यामा निपुण थिए ॥२०॥ खाण्डिक्य कर्मकाण्डका पण्डित थिए। ती केशिध्वजको डरले भागे। केशिध्वजका छोरा भानुमान् र उनका पुत्र शतद्युम्न भए ॥२१॥ शतद्युम्नका छोरा शुचि, शुचिका सनद्वाज, सनद्वाजका ऊर्ध्वकेतु, उनका अज र अजका छोरा पुरुजित् भए॥२२॥उनका अरिष्टनेमि, अरिष्टनेमिका श्रुतायु, श्रुतायुका सुपार्श्वक सुपार्श्वका चित्ररथ र चित्ररथका मिथिलापति क्षेमधि नामका छोरा जन्मिए ॥ २३ ॥ क्षेमाधिका समरथ, समरथका सत्यरथ, सत्यरथका उपगुरु र उपगुरुका अग्निका अंशज उपगुप्त नामका छोरा उत्पन्न भए ॥२४॥ उपगुप्तबाट वस्वनन्त, वस्वनन्तबाट युयुध, उनका सुभाषण, सुभाषणका श्रुत, श्रुतका जय, जयका विजय, विजयका ऋत नामका पुत्र उत्पन्न भए ॥२५॥ ऋतका शुनक नामका छोरा भए। शुनकका वीतहव्य, वीतहव्यका धृति, धृतिका बहुलाश्व, बहुलाश्वका कृति र कृतिका महावशी भन्ने पुत्र उत्पन्न

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए ॥२६॥ हे राजन् ! यी मिथिल-वंशमा उत्पन्न राजाहरू आत्मविद्यामा कुशल थिए र याज्ञवल्क्यादि योगेश्वरहरूका कृपाले गृहस्थाश्रममा रहेर पनि सबै प्रकारका द्वन्द्वबाट परै बस्तथे ॥२७॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली-भाषा टीकायां त्रयोदशोऽध्यायः ॥१३॥

(चन्द्रवंशी राजाहरूको वृत्तान्त, बुधको जन्म र राजा पुरूरवाको चरित्र)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! अब म जसमा पुरूरवा आदि पवित्रकीर्ति राजाहरूका गुण गाइएका छन्, त्यो पवित्र चन्द्रवंशको वर्णन गर्दछु सुन ॥ १ ॥ सहस्रशिर भगवान् नारायणका नाभि-सरोवरबाट उत्पन्न कमल द्वारा जन्मेका ब्रह्माजीबाट उनकै समान गुणवान् अत्रि नामका पुत्र उत्पन्न भए ॥२॥ अत्रिका नेत्रबाट अमृतमय चन्द्रमा नामका यौटा छोरा उत्पन्न भए । तिनलाई ब्रह्माजीले ब्राह्मण वर्ग, औषधिहरू तथा नक्षत्रगणका अधिपति बनाइदिए। उसले सारा त्रैलोक्य जितेर राजसूय यज्ञको द्वारा भगवान्को यजन गरे र गर्वले गर्दा बृहस्पतिकी पत्नी ताराको बलपूर्वक अपहरण गरे ॥३॥४॥ देवगुरु बृहस्पतिले बारम्बार

प्रसादेन द्वन्द्वैर्मुक्ता गृहेष्वपि ॥ २७ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे निमिवंशानुवर्णनं नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

श्रीशुक उवाच ॥ अथातः श्रूयतां राजन्वंशः सोमस्य पावनः ॥ यस्मिन्नैलादयो भूपाः कीर्त्यन्ते पुण्यकीर्तयः ॥ १ ॥ सहस्रशिरसः पुंसो नाभिह्रदसरोरुहात् ॥ जातस्यासीत्सुतो धातुरत्रिः पितृसमो गुणैः ॥ २ ॥ तस्य दृग्भ्योऽभवत्पुत्रः सोमोऽमृतमयः किल ॥ विप्रौषध्युडुगणानां ब्रह्मणा कल्पित पतिः ॥ ३ ॥ सोऽयजद्राजसूयेन विजित्य भुवनत्रयम् ॥ पत्नीं बृहस्पतेर्दर्पात्तारां नामाहरद्बलात् ॥ ४ ॥ यदा स देवगुरुणा याचितोऽभीक्ष्णशो मदात् ॥ नात्यजत्तत्कृते जज्ञे सुरदानवविग्रहः ॥ ५ ॥ शुक्रो बृहस्पतेर्द्वेषादग्रहीत्सासुरोडुपम् ॥ हरो गुरुसुतं स्नेहात्सर्वभूतगणावृतः ॥ ६ ॥ सर्वदेवगणोपेतो महेन्द्रो गुरुमन्वगात् ॥ सुरासुरविनाशोऽभूत्समरस्तारकामयः ॥ ७ ॥ निवेदितोऽथाङ्गिरसा सोमं निर्भर्त्स्य विश्वकृत् ॥ तारां स्वभर्त्रे प्रायच्छदन्तर्वत्नीमवैत्पतिः ॥ ८ ॥ त्यज त्यजाशु दुष्प्रज्ञे मत्क्षेत्रादाहितं परैः ॥ नाहं त्वां भस्मसात्कुर्यां स्त्रियं सान्तानिकः सति ॥ ९ ॥ तत्याज व्रीडिता तारा कुमारं कनकप्रभम् ॥ स्पृहामाङ्गिरसश्चक्रे कुमारे सोम एव च ॥ १० ॥ ममायं न तवेत्युच्चैस्तस्मिन्विव-

माग्दा पनि जब चन्द्रमाले अभिमानवश तारालाई छाडेनन्, अनि त्यसको निम्ति देवासुर संग्राम मच्चियो ॥५॥ बृहस्पतिको द्वेषले शुक्राचार्यले आफ्ना शिष्य असुर सहित चन्द्रको पक्ष लिएर शिवजीले स्नेहवश सबै गणका साथ गुरुपुत्र* बृहस्पतिको मद्दत दिन स्वीकार गरे ॥६॥ इन्द्रले पनि सबै देवगण सहित गुरु बृहस्पतिको अनुसरण गरे । यस प्रकार ताराको निम्ति देवताहरू र असुरहरूको नाश पारिदिने घोर तारकामय संग्राम हुन लाग्यो ॥७॥ तब महामुनि अङ्गिराले भनेपछि जगत्-रचयिता भगवान् ब्रह्माले चन्द्रमालाई हप्काएर तीबाट तारा बृहस्पतिलाई फिर्ता दिलाए । बृहस्पतिले तारालाई गर्भिणी जानेर भने–॥८॥ 'हे दुष्ट बुद्धि भएकी स्त्री ! मेरो क्षेत्रमा अन्य पुरुष द्वारा स्थापित यस गर्भलाई तुरुन्त फालिदेउ । म तिमीलाई भस्म पार्दिन, किनकि तिमीद्वारा मलाई सन्तान उत्पन्न गर्ने कामना छ' ॥९॥ अनि ताराले लज्जित भएर आफ्नो गर्भबाट यौटा सुवर्ण समान कान्ति भएको बालक

* कुनै समय श्री शिवजीले बृहस्पति का पिता अङ्गिरासित विद्या पढेका थिए । त्यही नाताले बृहस्पति उनका गुरुभाइ थिए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पन्न गरिन् । त्यो बालकलाई चन्द्रमा र बृहस्पति दुवैले लिन खोजे ॥१०॥ तिनीहरू 'यो मेरो हो, तिम्रो होइन' भनी परस्पर बाझन लागेका देखेर र ऋषिहरूले यस विषयमा तारालाई नै केर-कार पारे तर तिनले लज्जावश केही भनिनन् ॥११॥ अनि ताराको लाजले रिसाई बालकले स्वयं आमारिसत भन्यो–'ए पापाचारिणी ! तिमी किन बोलिरहेकी छैनौ ! मलाई झट्ट कुकर्मको कुरा भन' ॥१२॥ अनि ब्रह्माजीले एकान्तमा डाकेर फकाई सोधे । ताराले बिस्तारै भनिन्–'यो गर्भ चन्द्रमाको थियो ।' अतः बालक चन्द्रमाले नै पाए ॥१३॥ हे राजन् ! भगवान् ब्रह्माजीले त्यस बालकको 'बुध' भन्ने नाम राखे, किनकि ऊ गम्भीर बुद्धिले सम्पन्न थियो । छोरो पाएर चन्द्रमालाई ठूलो आनन्द मिल्यो ॥१४॥ बुधद्वारा इलाको गर्भबाट राजा पुरूरवाको जन्म भयो–यसको उल्लेख मैले पहिले नै गरिसकेको छु । हे राजन् ! एकपल्ट इन्द्र-भवनमा देवर्षि नारद द्वारा पुरूरवाको रूप, गुण, औदार्य, शील, सम्पत्ति तथा पराक्रमको गाथा सुनेर उर्वशी नामकी देवाङ्गना कामवाणले विद्ध भएर उनीकहाँ पुगी ॥१५-१६॥ उर्वशीलाई मित्रावरुणको श्राप थियो । यसै निम्ति उसले मर्त्यमण्डलमा आउनु

दमानयोः ॥ प्रपच्छुर्ऋषयो देवा नैवोचे व्रीडिता तु सा ॥११॥ कुमारो मातरं प्राह कुपितोऽलीकलज्जया ॥ किं न वोचस्यसद्वृत्ते आत्मावद्यं वदाशुभ ॥१२॥ ब्रह्मा तां रह आहूय समप्राक्षीच्च सान्त्वयन् ॥ सोमस्येत्याह शनकैः सोमस्तं तावदग्रहीत् ॥ १३ ॥ तस्यात्मयोनिरकृत बुध इत्यभिधां नृप ॥ बुद्ध्या गंभीरया येन पुत्रेणापोडुराण्मुदम् ॥ १४ ॥ ततः पुरूरवा जज्ञे इलायां य उदाहृतः ॥ तस्य रूपगुणौदार्यशीलद्रविणविक्रमान् ॥ १५ ॥ श्रुत्वोर्वशीन्द्रभवने गीयमानान्सुरर्षिणा ॥ यदन्तिकमुपेयाय देवी स्मरशरार्दिता ॥ १६ ॥ मित्रावरुणयोः शापादापन्ना नरलोकताम् ॥ निशम्य पुरुषश्रेष्ठं कन्दर्पमिव रूपिणम् ॥ धृतिं विष्टभ्य ललना उपतस्थे तदन्तिके ॥१७॥ तां विलोक्य नृपतिर्हर्षेणोत्फुल्ललोचनः ॥ उवाच श्लक्ष्णया वाचा देवीं हृष्टतनूरुहः ॥ १८ ॥ राजोवाच ॥ स्वागतं ते वरारोहे आस्यतां करवाम किम् ॥ संरमस्व मया साकं रतिर्नौ शाश्वतीः समाः ॥१९॥ उर्वश्युवाच ॥ कस्यास्त्वयि न सज्जेत मनो दृष्टिश्च सुन्दर ॥ यदङ्गान्तरमासाद्य च्यवते ह रिरंसया ॥२०॥ एतावुरणकौ राजन्न्यासो रक्षस्व मानद ॥ संरंस्ये भवता साकं श्लाघ्यः स्त्रीणां वरः स्मृतः ॥ २१ ॥ घृतं मे वीर भक्ष्यं स्यान्नेक्षे त्वाऽन्यत्र मैथुनात् ॥ विवाससं तत्तथेति प्रतिपेदे महामनाः

पर्‍यो तर ती पुरुष श्रेष्ठलाई कामदेव झैं राम्रा सुनेर धैर्य धारण गरेर ती सुरसुन्दरी उनको नगीचं आएर उपस्थित भइन् ॥ १७ ॥ तिनलाई देखेर राजा पुरूरवाका नेत्र हर्षले प्रफुल्लित भए र फुलकित-शरीर भएर ती अति मधुर वाणीमा बोले ॥१८॥ राजाले भने–हे सुमध्यमे ! तिमी आयौ, राम्रो भयो । बस, म तिम्रो के सेवा गरूँ ? मेरो इच्छा छ तिमी मसित रमण गर र तिम्रो र मेरो विहार अनन्त कालसम्म चलिरहोस् ॥ १९ ॥ उर्वशीले भनिन्–हे सुन्दर ! तिमीलाई देखेर कुन कामिनीका नेत्र र मन तिमीमा नअल्झनन् ? जब कि तिम्रो वक्षस्थल हेरेर म देवाङ्गनाको पनि मन र नेत्र रमणको इच्छाले अन्त कसै गइरहेका छैनन् ॥२०॥ हे राजन् ! जो पुरुष आफ्नू रूप, गुण आदिले प्रशंसनीय हुन्छन् तिनै स्त्रीहरूलाई मनपर्दछन् । अतः म तिमीसित रमण गर्छु । तर हे मानद ! यौटा प्रतिज्ञा छ—भेडाका या बच्चा म तिमीलाइ नासोको रूपमा दिन्छु यिनकी तिमी यत्नपूर्वक रक्षा गर ॥२०॥ मेरो आहार केवल घिउ हुनेछ र म मैथुन बाहेक अरु कुनै वेला तिमीलाई नांगो देख्ने छैन । यदि यी कुरा स्वीकार भए म तिमीसित बस्न तयार छु । अनि उदारचित्त

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरूरवाले 'हुन्छ' भनेर तिनका कुरा स्वीकार गरें ॥२२॥ र भने—'अहो ! सारा मानव-समाजलाई मोहित पार्ने तिम्रो रूप र भाव कति राम्रो छ ! नडाकीकन स्वयं आएकी तिमी झैं सुरसुन्दरीसित रमण नगर्ने कुन पुरुष होला ?' ॥ २३ ॥ हे राजन् ! अनि यथायोग्य सेवा गर्ने भएकी ती देवाङ्गनासित पुरुषश्रेष्ठ पुरूरवा देवताहरूको सुरम्य क्रीडास्थल चैत्ररथ, नन्दन आदि बनहरूमा यथेच्छ विहारगर्नलागे ॥ २४ ॥ कमल-केसर जस्तै सुगन्धयुक्त ती कामिनीसित रमण गर्दै ती उनको मुखको सुगन्धले मुग्ध भएर धेरै वर्षसम्म आनन्द गर्दै रहे ॥२५॥ उता उर्वशीलाई नदेखेर एक दिन देवराज इन्द्र 'उर्वशी विना मलाई यो स्थान मनपरेन' भन्दै उसलाई ल्याउन गन्धर्वहरूलाई पठाए ॥२६॥ ती गन्धर्व आधारातको अँध्यारोमा उर्वशीका दुवै भेडालाई, जुन उसले राजकहाँ नासोको रूपमा राखेकी थिई—लिएर भागे ॥ २७ ॥ यसरी हेरेर लगिरहेका ती भेडाले रोएको सुनेर उर्वशीले भनिन्—'हरे ! आफूलाई असाधारण वीर मान्ने यी नपुंसक र निन्दनीय पतिले गर्दा मेरा पुत्रतुल्य र सर्वस्व नष्ट भएर गयो ॥ २८ ॥

॥ २२ ॥ अहो रूपमहो भावो नरलोकविमोहनः ॥ को न सेवेत मनुजो देवीं त्वां स्वयमागताम् ॥ २३ ॥ तया स पुरुषश्रेष्ठो रमयन्त्या यथार्हतः ॥ रेमे सुरविहारेषु कामं चैत्ररथादिषु ॥२४॥ रममाणस्तया देव्या पद्मकिञ्जल्कगन्धया ॥ तन्मुखामोदमुषितो मुमुदेऽहर्गणान्बहून् ॥२५॥ अपश्यन्नुर्वशीमिन्द्रो गन्धर्वान्समनोदयत् ॥ उर्वशीरहितं मह्यमास्थानं नातिशोभते ॥ २६ ॥ ते उपेत्य महारात्रे तमसि प्रत्युपस्थिते ॥ उर्वश्या उरणौ जह्रुर्न्यस्तौ राजनि जायया ॥ २७ ॥ निशम्याक्रन्दितं देवी पुत्रयोर्नीयमानयोः ॥ हताऽस्म्यहं कुनाथेन नपुंसा वीरमानिना ॥ २८ ॥ यद्विश्रम्भादहं नष्टा हतापत्या च दस्युभिः ॥ यः शेते निसि संत्रस्तो यथा नारी दिवा पुमान् ॥ २६ ॥ इति वाक्सायकैर्विद्धः प्रतोत्रैरिव कुञ्जरः ॥ निशि निर्स्त्रिंशमादाय विवस्त्रोऽभ्यद्रवद्रुषा ॥ ३० ॥ ते विसृज्योरणौ तत्र व्यद्योतन्त स्म विद्युतः ॥ आदाय मेषावायान्तं नग्नमैक्षत सा पतिम् ॥ ३१ ॥ ऐलोऽपि शयने जायामपश्यन्विमना इव ॥ तच्चित्तो विह्वलः शोचन्बभ्रामोन्मत्तवन्महीम् ॥ ३२ ॥ स तां वीक्ष्य कुरुक्षेत्रे सरस्वत्यां च तत्सखीः ॥ पञ्च प्रहृष्टवदनाः प्राह सूक्तं पुरूरवाः ॥३३॥ अहो जाये तिष्ठ तिष्ठ घोरे न त्यक्तुमर्हसि ॥ मां त्वमद्याप्यनिर्वृत्य वचांसि कृणवावहै ॥ ३४ ॥ सुदेहोऽयं

यिनको भरमा परेर दस्युहरूद्वारा आफ्ना पुत्र हरण गरिनाले मैले यसरी नष्ट हुनु पऱ्यो । अहो ! यी दिउँसो त मर्द बन्दछन्, तर रात्रिमा भयभीत भएर स्त्रीहरू झैं सुतिरहन्छन्' ॥२९॥ हे राजन् ! अंकुशले घोचिएको हात्ती झैं उर्वशीका वचन-वाणले घोचिएर पुरूरवा निकै रिसाएर तथा त्यो रात्रिको अन्धकारमा तरवार लिएर नाङ्गै गन्धर्वलाई लखेट्तै दगुरे ॥३०॥ राजा आएका देखेर गन्धर्वले भेडा त्यहीं छाडिदिए र बिजुली जस्तै तेजस्वी भएर झल्कन लागे । अतः उर्वशीले भेडाहरू लिएर आउन लागेका आफ्ना पतिलाई नाङ्गो देखिन् र तत्काल राजालाई छाडेर गइन् ॥३१॥ हे राजन् ! राजा पुरूरवाले आफ्नो शयनागारमा जब प्रियतमालाई देखेनन्, तब ती अन्यमनस्क भएर उनैमा मन लगाई शोकले विह्वल भई उन्मत्त झैं पृथ्वीमा यता-उता घुम्नलागे ॥३२॥ एक पल्ट उनले कुरुक्षेत्रमा सरस्वती नदीको किनारमा उर्वशी र उसका पाँच प्रसन्नमुखी सखीहरूलाई देखेर मीठो वचन भने—॥ ३३ ॥ हे प्रिये ! पर्ख, पर्ख ! मलाई राम्ररी आनन्दित नपारेर नै यस घोर कष्टमा छाडेर तिमी कहीं नजाऊ । आऊ हामी दुवै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक छिन कुरा त गरौं ॥३४॥ हेर, तिमीले मेरो सुन्दर शरीर आफूबाट टाढा पारिदियौ । यो यहीं मरेर ढल्नेछ र यसलाई काग, गिद्ध आदिले खानेछन् । के तिमी मेरो यो कुराले पनि प्रसन्न हुन्नौ ? ॥ ३५ ॥ उर्वशी बोलिन्--हे राजन् ! तिमी पुरुष भएर यसरी प्राण नत्यागा हेर तिमी यस्तो गर कि तिमीलाई गिद्धले खान नपाउन् । स्त्रीहरूको मैत्री कसैसित पनि स्थायी रहन्न । चितुवा झैं यिनको हृदय क्रूर हुन्छ ॥ ३६ ॥ नारी निर्दयी, निष्ठुर र असहनशील हुन्छन् । ती आफ्नो सुखको निम्ति आँट्नै नसकिने साहसका काम पनि गरिदिन्छन् । आफ्नो सानो स्वार्थका लागि ती विश्वासपात्र पति तथा भाईलाई पनि मारिदिन्छन् भने अरुको त कुरै छैन ॥ ३७ ॥ यी एकदम सौहार्दशून्य हुन्छन् । यी

पतत्यत्र देवि दूरं हृदस्त्वया ॥ खादन्त्येनं वृका गृध्रास्त्वत्प्रसादस्य नास्पदम् ॥ ३५ ॥ उर्वश्युवाच ॥ मा मृथाः पुरुषोऽसि त्वां मा स्म त्वाद्युर्वृका इमे क्वापि सख्यं न वै स्त्रीणां वृकाणां हृदयं यथा ॥ ३६ ॥ स्त्रियो ह्यकरुणाः क्रूरा दुर्मर्षाः प्रियसाहसाः ॥ घ्नन्त्यल्पार्थेऽपि विश्रब्धं पतिं भ्रातरमप्युत ॥३७॥ विधायालीकविश्रम्भमज्ञेषु त्यक्तसौहृदाः ॥ नवं नवमभीप्सन्त्यः पुंश्चल्यः स्वैरवृत्तयः ॥३८॥ सम्वत्सरान्ते हि भवानेकरात्रं महेश्वर ॥ वत्स्यत्यानि च ते भविष्यन्त्यपराणि भोः ॥ ३९ ॥ अन्तर्वत्नीमुपालक्ष्य देवीं स प्रययौ पुरम् ॥ पुनस्तत्र गतोऽब्दान्ते उर्वशीं वीरमातरम् ॥४०॥ उपलभ्य मुदा युक्तः समुवास तया निशाम् ॥ अथैनमुर्वशी प्राह कृपणं विरहातुरम् ॥ ४१ ॥ गन्धर्वानुपमावेमाँस्तुभ्यं दास्यन्ति मामिति ॥ तस्य संस्तुवतस्तुष्ट अग्निस्थालीं ददुर्नृप ॥ उर्वशीं मन्यमानस्तां सोऽबुध्यत चरन्वने ॥ ४२ ॥ स्थालीं न्यस्य वने गत्वा गृहानाध्यायतो निशि ॥

लाटो-सोझो पुरुषलाई मिथ्या विश्वासमा पारेर व्यभिचारिणी र स्वेच्छाचारिण भएर नित्य नयाँ-नयाँ पति खोज्दै रहन्छन्* ॥ ३८ ॥ हे राजेश्वर ! एक वर्षपछि फेरि तिमी एक रात मसंग रहने छौ, अनि अरु पनि अनेक सन्तान उत्पन्न हुनेछन् ॥ ३९ ॥ राजा पुरूरवा उर्वशीलाई गर्भवती जानेर आफ्नो नगरमा फर्के । एक वर्ष वितेपछि ती फेरि उहीं पुगेर वीरमाता उर्वशीलाई देखेर आनन्दित भई एक रात उसैसित बसे । तब उर्वशीले आफ्नो विरह-व्यथाले पीडित र दीन राजासित भनिन्– ॥४०-४१॥ 'हे राजन् ! यदि तिमीले गन्धर्वको स्तुति गरे यी मलाई तिम्रो जिम्मा लाउन सक्दछन् ।' हे राजा परीक्षित ! पुरूरवाको प्रार्थनाले प्रसन्न गन्धर्वहरूले यौटा थाल दिए । ती राजा त्यसैलाई उर्वशी मानेर

उदाहरण (त्रिया चरित्र)--कुनै बेला यौटा पुरुष र स्त्रीमा यस कुराको विवाद चल्यो– स्त्री र पुरुषमा कुन चर्तो बुद्धिमान र बाठा हुन्छन् । स्त्री आफ्नो जातको प्रशंसा गर्दथी र पुरुष आफूलाई श्रेष्ठ भन्दथ्यो । अनि एक दिन स्त्री संचो भएन भनेर सुतिरही । त्यसको पतिले धेरै औषधि गर्‍यो तर केही लाभ भएन । चार-पाँच दिनपछि स्त्रीले भनी—'यदि तिमी आफ्नो आमाको कपाल खौराएर गदहामा चढाई मेरो सामुन्ने ल्याउँछौ भने मलाई निको हुन्छ ।' पतिले बुझ्यो—यो मलाई मूर्ख तुल्याउन खोजिरहेकी छ । अतः उसले ससुराली गएर आफ्नी सासुलाई भन्यो—'तिम्री छोरी मरणासन्न छ । यदि कपाल मुडाएर गदहामा बसी त्यसको सामुन्ने हिंड अनिमात्र बाँच्न सक्छे । अरु कुनै उपाय छैन ।' आमाहरू छोरी भनेपछि जे गर्न पनि तत्पर रहन्छन् । उसले कपाल मुडाएर गदहा चढी छोरीकहाँ पुगी । त्यस स्त्रीले उसलाई आफ्नी सासु ठानेर भनी—'देख्यौ त्रिया चरित्र ?' लोग्नेले भन्यो–'देख्यौ पुरुषको चातुर्य ! आमा तिम्रो हुन् कि मेरो ।' यति सुन्नासाथ आफ्नी आमाको दुर्दशा देखेर त्यो सारै लज्जित भई ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदयमा हाँसेर वन-वनै डुलिरहन्थे । जब तिनलाई चेतना आयो, तब त्यो थाल वनमै छाडेर ती घर फर्केर आएर एक रात सदा झैं उर्वशीको ध्यान गर्दागर्दै त्रेतायुगको प्रारम्भमा उसको हृदयमा अकस्मात् वेदत्रयीको आविर्भाव भयो ॥ ४२ ॥ ४३ ॥ अनि थाल फालेको स्थानमा गएर उनले शमीको गर्भबाट उत्पन्न यौटा पीपलको वृक्ष देखे । त्यसको दुइटा अरणि अर्थात् मन्थन-काष्ठ बनाएर उनले उर्वशीलोकको इच्छावश तल्लो अणिलाई उर्वशी र माथिल्लो अरणिलाई पुरूरवा तथा माझको काठलाई पुत्र मानेर अग्नि प्रज्वलित पार्ने मन्त्रद्वारा मथे ॥ ४४ ॥ ४५ ॥ त्यसबाट जुन जातवेदा नामक अग्नि निस्के, त्यसलाई त्रयीविद्याको आहवनीय, गार्हपत्य र दक्षिणाग्नि यी तीन भागहरूमा विभक्त गरेर आफ्नू पुत्ररूपले स्वीकार गरिलिए ॥ ४६ ॥ अनि उर्वशीलोकको पाउने इच्छाले पुरूरवाले त्यो त्रिविध अग्निद्वारा सर्वदेवमय, अधोक्षज एवं यज्ञेश्वर भगवान् विष्णुको यजन गरे ।।४७।। हे राजन् ! यो भन्दा पहिले अर्थात् सत्ययुगमा केवल सर्ववाङ्मय ॐकार नै वेद थियो । एकमात्र नारायण नै देवता थिए–तीबाहेक अरु कुनै पनि देवता

त्रेतायां सम्प्रवृत्तायां मनसि त्रय्यवर्तत ॥४३॥ स्थालीस्थानं गतोऽश्वत्थं शमीगर्भं विलक्ष्य सः ॥ तेन द्वे अरणी कृत्वा उर्वशीलोककाम्यया ॥४४॥ उर्वशीं मन्त्रतो ध्यायन्नधरारणिमुत्तराम् ॥ आत्मानमुभयोर्मध्ये यत्तत्प्रजननं प्रभुः ॥ ४५ ॥ तस्य निर्मथनाज्जातो जातवेदा विभावसुः ॥ त्रय्या स विद्यया राज्ञा पुत्रत्वे कल्पितस्त्रिवृत् ॥४६॥ तेनायजत यज्ञेशं भगवन्तमधोक्षजम् ॥ उर्वशीलोकमन्विच्छन्सर्वदेवमयं हरिम् ॥ ४७ ॥ एक एव पुरा वेदः प्रणवः सर्वाङ्मयः ॥ देवो नारायणो नान्य एकोग्निर्वर्ण एव च ॥ ४८ ॥ पुरूरवस एवासीत्त्रयी त्रेतामुखे नृप ॥ अग्निना प्रजया राजा लोकं गन्धर्वमेयिवान् ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे ऐलोपाख्याने चतुर्दशोऽध्यायः ॥ १४ ॥

श्रीशुक उवाच ॥ ऐलस्य चोर्वशीगर्भात्षडासन्नात्मजा नृप॥ आयुः श्रुतायुः सत्यायू रयोऽथ विजयो जयः ॥१॥ श्रुतायोर्वसुमान्पुत्रः सत्यायोश्च श्रुतञ्जयः ॥ रयस्य सुत एकश्च जयस्तत्तनयोऽमितः ॥२॥ भीमस्तु विजयस्याथ कांचनो होत्रकस्ततः ॥ तस्य जन्हुः सुतो गङ्गां गण्डूषीकृत्य योऽपिबत् ॥ जह्नोस्तु पूरुस्तत्पुत्रो बलाकश्चात्मजोऽजकः ॥३॥ ततः कुशः कुशस्यापि कुशाम्बुस्तनयो वसुः ॥ कुशनाभश्च चत्वारो गाधिरासीत्कुशाम्बुजः॥४॥ तस्य सत्यवतीं कन्यामृचीकोऽयाचत द्विजः ॥ वरं विसदृशं मत्वा गाधिर्भार्गवमब्रवीत् ॥५। एकतः श्यामकर्णानां हयानां चन्द्रवर्चसाम् ॥ सहस्रं दीयतां शुल्कं

थिएनन् र यौटा लौकिक अग्नि तथा हंस नामको केवल यौटै वर्ण थियो ॥ ४८ ॥ हे नृप ! त्रेतायुगको आरम्भमा पुरूरवाबाट नै अग्नि उत्पन्न भयो । पुत्ररूपमा परिणत त्यस अग्निद्वारा पुरूरवा गन्धर्वलोकमा पुगे ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषा-टीकायां चतुर्दशोऽध्यायः ॥ १४ ॥

(ऋचीक, जमदग्नि र परशुरामको चरित्र) श्रीशुकदेव भन्नुहुन्छ––हे राजन् ! उर्वशीको गर्भबाट पुरूरवा आयु, श्रुतायु, रय, विजय र जय—यी छ पुत्र उत्पन्न भए ॥ १ ॥ तिनमा श्रुतायुबाट वसुमान्, सत्यायुका श्रुतञ्जय, रयका एक र जयका अगणित पुत्र भए ॥ २ ॥ विजयका पुत्र भीम भए । तिनका काञ्चन, काञ्चनका होत्र र होत्रका जन्हु पुत्र जन्मे जसले गङ्गालाई अञ्जलीमा लिएका थिए । उनका पुरू, पुरूका बलाक, बलाकका अजक पुत्र भए ॥३॥ अजकका कुश, कुशका कुशाम्बु, तनय, वसु, कुशनाभ—चार पुत्र उत्पन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए र कुशाम्बुका छोरा गाधि भए ॥४॥ हे राजन् ! गाधिसित महर्षि ऋचीकले तिनकी कन्या सत्यवती मागे । उनकी कन्याको योग्य वर नठानेर गाधिले भृगुवंशज ऋचीकसित भने–॥५। 'हे मुने ! हामी कुशिकवंशी हौं । अतः हाम्री कन्या पाउनु कठिन छ । (यदि मान्नु हुन्न भने) श्यामवर्णका कान हुने र चन्द्रमा समान सेता एक सहस्र घोडा हाम्री कन्याको शुल्करूपमा दिनुहवस्' ॥६॥ राजा गाधिले यस्तो भनेपछि मुनिवर ऋचीक उनको अभिप्राय बुझी तत्काल उनले वरुणकहाँबाट त्यस्तै घोडाहरू ल्याएर राजालाई दिए र ती सुमुखीसित विवाह गरे ॥ ७ ॥ एकपल्ट महर्षि ऋचीकसित उनकी पत्नी र सासुले पुत्र-प्राप्तिका लागि प्रार्थना गरे, तब ती दुवैका लागि भिन्न-भिन्न मन्त्रले चरुसिद्ध पारेर मुनि स्नान गर्न नदीमा गए ॥ ८ ॥ त्यसै बेला सत्यवतीकी आमाले—पत्नीमा विशेष प्रेम हुनाले छोरी सत्यवतीको चरु उत्तम होला, भन्ने ठानेर छोरीको चरु मागिन् । त्यसै अनुसार सत्यवतीले आफ्नू, चरु आमालाई दिएर स्वयं आमाको चरु खाइन् । जब मुनिले यो कुरा थाहा पाए तब उनले पत्नीसित भने—'यो तिमीले ठूलो अनर्थ गरिदियौ । तिम्रो छोरो दुर्दण्ड एवं घोर प्रकृतिको हुनेछ र तिम्रो भाइ सबै ब्रह्मवेत्तामा श्रेष्ठ हुनेछ' ॥९॥१०॥ सत्यवतीले 'यस्तो नहुनु पर्ने हो'

कन्यायाः कुशिका वयम् ॥ ६ ॥ इत्युक्तस्तन्मतं ज्ञात्वा गतः स वरुणान्तिकम् ॥ आनीय दत्वा तानश्वानुपयेमे वराननाम् ॥ ७ ॥ स ऋषिः प्रार्थितः पत्न्या श्वश्र्वा चापत्यकाम्यया ॥ श्रपयित्वोभयैर्मन्त्रैश्चरुं स्नातुं गतो मुनिः ॥८॥ तावत्सत्यवती मात्रा स्वचरुं याचिता सती ॥ श्रेष्ठं मत्वा तयाऽयच्छन्मात्रे मातुरदत्स्वयम् ॥ ९ ॥ तद्विज्ञाय मुनिः प्राह पत्नीं कष्टमकारषीः ॥ घोरो दण्डधरः पुत्रो भ्राता ते ब्रह्मवित्तमः ॥१०॥ प्रसादितः सत्यवत्या मैवं भूदिति भार्गवः ॥ अथ तर्हि भवेत्पौत्रो जमदग्निस्ततोऽभवत् ॥ ११ ॥ सा चाभूत्सुमहापुण्या कौशिकी लोकपावनी ॥ रेणोः सुतां रेणुकां वै जमदग्निरुवाह याम् ॥ १२ ॥ तस्या वै भार्गवऋषेः सुता वसुमदादयः ॥ यवीयाञ्जज्ञ एतेषां राम इत्यभिविश्रुतः ॥ १३ ॥ यमाहुर्वासुदेवांशं हैहयानां कुलान्तकम् ॥ त्रिःसप्तकृत्वो य इमां चक्रे निःक्षत्रियां महीम् ॥ १४ ॥ दुष्टं क्षत्रं भुवो भारमब्रह्मण्यमनीनशत् ॥ रजस्तमोवृतमहन्फल्गुन्यपि कृतेंऽहसि ॥ १५ ॥ राजोवाच ॥ किं तदंहो भगवतो राजन्यैरजितात्मभिः ॥ कृतं येन कुलं नष्टं क्षत्रियाणामभीक्ष्णशः ॥ १६ ॥ श्रीशुक उवाच॥

भनेर प्रार्थना गरेपछि ती भृगुनन्दन ऋचीकले प्रसन्न भएर भने—'हुन्छ, छोरो त त्यस्तो हुने छैन तर पौत्र त्यस्तै होला ।' अनि तिनैबाट महर्षि जमदग्नि जन्मे ॥ ११ ॥ त्यसपछि सत्यवती सबै लोकलाई पवित्र पार्ने परम पुण्यवती कौशिकी नदीको रूपमा परिणत भइन् । महर्षि जमदग्निले रेणु ऋषिकी कन्या रेणुकासित विवाह गरे ॥ १२ ॥ तिनैबाट जमदग्निका वसुमान् आदि अनेक छोरा जन्मिए । तिनमा सबै भन्दा कान्छा 'राम' यस नामले विख्यात भए ॥१३॥ इनलाई सबै भगवान् वासुदेवका अंश भन्दथे । इनैले हैहयवंशको अन्त्य गरेर एक्काइसपल्ट पृथिवीलाई क्षत्रिय-विहीन पारेका थिए ॥ १४ ॥ ती वीरले सानो अपराधमा पृथ्वीका भारभूत, अब्रह्मण्य, रजोगुण र तमोगुणमयी वृत्ति हुने दुष्ट क्षत्रियहरूको
३८ अन्त्य गरेका थिए ॥१५॥ राजा परीक्षितले सोधे–हे प्रभो ! ती अजितेन्द्रिय राजाहरूले भगवान् परशुरामको के हानि गरेका थिए, जसको निम्ति उनले बारम्बार क्षत्रिय कुलको संहार गरे ? श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! क्षत्रियहरूमा श्रेष्ठ हैहयराज अर्जुनले साक्षात् भगवान्का अंशावतार दत्तात्रयको अनेक प्रकारले सेवा गरेर चिरकालसम्म

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदयमा हाँ सेर वन-वनै डुलिरहन्थे । जब तिनलाई चेतना आयो, ...

आराधना गरेर उनकै कृपाले हजार हात र शत्रुबाट अपराजित, अव्याहत इन्द्रियबल, धन, तेज, यश, पुरुषार्थ एवं बल पाएका थिए ॥ १६ – १८ ॥ यस प्रकार जसमा अणिमादि सबै सिद्धिहरू विद्यमान थिए, त्यो योगेश्वररूपी ऐश्वर्य प्राप्त गरेर ती वायु समान अव्याहत गतिले सबै लोकमा डुल्नलागे ॥ १९ ॥ एकपल्ट घाँटीमा वैजयन्ती माला लगाई रमणी रत्नहरूले घेरिएर मदोन्मत्त सहस्रार्जुन नर्मदा नदीमा जल-विहार गरिरहेका थिए । त्यही बखत सहसा आफ्ना भुजाहरूले नदीको प्रवाह रोकिदिए ॥ २० ॥ त्यसले नदी उल्टो बग्न लाग्यो र त्यो बढ्दो जलले आफ्नो शिविर डुब्न लागेको देखेर आफूलाई असाधारण मान्ने रावणले तिनको पराक्रम सहन सकेन ॥ २१ ॥ तर स्त्रीहरूकै साथुन्ने आफ्नो अपमान गर्ने रावणलाई सहस्रार्जुनले समातेर माहिष्मती पुरीमा लगेर बानर झैं थुनिदिए र पछि पुलस्त्यले अनुनय-विनय गरेपछि छाडिदिए ॥ २२ ॥ एक दिन वनमा शिकार खेल्दै वीर सहस्रार्जुन जमदग्नि मुनिको आश्रममा पुगे ॥ २३ ॥ ती तपोधन

हैहयानामधिपतिरर्जुनः क्षत्रियर्षभः ॥ दत्तं नारायणस्यांशमाराध्य परिकर्मभिः ॥ १७ ॥ बाहून्दशशतं लेभे दुर्धर्षत्वमरातिषु ॥ अव्याहतेन्द्रियौजः श्रीतेजोवीर्ययशोबलम् ॥ १८ ॥ योगेश्वरत्वमैश्वर्यं गुणा यत्राणिमादयः ॥ चचाराव्याहतगतिर्लोकेषु पवनो यथा ॥१९॥ स्त्रीरत्नैरावृतः क्रीडन्रेवाम्भसि मदोत्कटः ॥ वैजयन्तीं स्रजं बिभ्रद्रुरोध सरितं भुजैः ॥ २० ॥ विप्लावित स्वशिबिरं प्रतिस्रोतः सरिज्जलैः ॥ नामृष्यत्तस्य तद्वीर्यं वीरमानी दशाननः ॥ २१ ॥ गृहीतो लीलया स्त्रीणां समक्षं कृतकिल्बिषः ॥ माहिष्मत्यां सन्निरुद्धो मुक्तो येन कपिर्यथा ॥ २२ ॥ स एकदा तु मृगयां विचरन्विजने वने ॥ यदृच्छयाश्रमपदं जमदग्नेरुपाविशत् ॥ २३ ॥ तस्मै स नरदेवाय मुनिरर्हणमाहरत् ॥ ससैन्यामात्यवाहाय हविष्मत्या तपोधनः ॥ २४ ॥ स वीरस्तत्र तद्दृष्ट्वा आत्मैश्वर्यातिशायनम् ॥ तन्नाद्रियताग्निहोत्र्यां साभिलाषः स हैहयः ॥ २५ ॥ हविर्धानीमृषेर्दर्पान्नरान्हर्तुमचोदयत् ॥ ते च माहिष्मतीं निन्युः सवत्सां क्रन्दतीं बलात् ॥ २६ ॥ अथ राजनि निर्याते राम आश्रम आगतः ॥ श्रुत्वा तत्तस्य दौरात्म्यं चुक्रोधाहिरिवाहतः ॥ २७ ॥ घोरमादाय परशुं सतूणं चर्म कार्मुकम् ॥ अन्वधावत दुर्धर्षो मृगेन्द्र इव यूथपम् ॥ २८ ॥ तमापतन्तं भृगुवर्यमोजसा धनुर्धरं बाणपरश्वधायुधम् ॥ ऐणेयचर्माम्बरमर्कधामभिर्युतं जटाभिर्ददृशे पुरीं विशन् ॥ २९ ॥ अचोदयद्धस्तिरथाश्वपत्तिभिर्गदासिबाण

मुनिले आफ्नी कामधेनु द्वारा सेना, मन्त्रिमण्डल र हात्ती-घोडा आदि सहित राजाको राम्ररी आतिथ्य सत्कार गरे ॥ २४ ॥ अन्य हैहय क्षत्रियहरू समेत वीरवर सहस्रार्जुनले जब ती मुनिको ऐश्वर्य आफ्नो ऐश्वर्यभन्दा बढ्ता देखे तब आतिथ्य सत्कारको विचारै नराखी तिनकी कामधेनुलाई लैजान खोजे ॥ २५ ॥ तत्काल उनले शेखी गरेर आफ्ना सेवकलाई जमदग्नि ऋषिकी कामधेनु खोसिलिने आज्ञा दिए र सेनाले ती कराइरहेकी कामधेनुलाई बाछोसहित माहिष्मती लगे ॥ २६ ॥ राजा आश्रमबाट निस्कनासाथ परशुराम आइपुगे । त्यसको दुष्टताको वृत्तान्त सुनेर ती घाइते सर्प झैं रिसाए ॥ २७ ॥ अनि डरलाग्दो परशु, बाण, ठोक्रो र धनुष लिएर गजराजतिर दगुर्ने दुर्धर्ष सिंह झैं हिंडे ॥ २८ ॥ उता कार्तवीर्यले नगरमा प्रवेश गर्नलाग्दा नै देखे—हातमा धनुष बाण र परशु लिई कृष्ण मृगचर्म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाएका सूर्य समान तेजिला जटाजूट धारण गरेका भृगुश्रेष्ठ परशुराम आइरहेका छन् ॥ २९ ॥ उनलाई देखेर तिनले गदा, खड्ग, वाण, ऋष्टि, शतघ्नी र शक्ति आदि शस्त्रास्त्रयुक्त हात्ती, रथ र पैदल सेनाले सम्पन्न भयङ्कर सत्र अक्षौहिणी सेना पठाए, तर परशुरामले सारा सेना एक्लैले मारिदिए ॥ ३० ॥ मन तथा वायु समान वेगवान् एवं शत्रु-सेनाको संहार गर्ने परशुराम जता आफ्नो परशु फर्काउँथे, उता जसका सारथी र वाहन नष्ट भइसकेका थिए—त्यस्ता अनेक वीर भुजा, ऊरु र ग्रीवा आदि काटिनाले पृथ्वीमा सुत्तथे ॥ ३१ ॥ परशुरामको कुठार र वाणहरू द्वारा ढाल, ध्वजा, धनुष र शरीर छिन्न-भिन्न हुनाले गर्दा आफ्ना सेना युद्धस्थलमा रगतको हीलोमा सुछिएका देखेर हैहयराज अर्जुन रिसाए र स्वयं लडाईं गर्न युद्धस्थलमा पुगे ॥ ३२ ॥ तिनले आफ्ना हजारौं भुजाले एकै साथ पाँच सय धनुषमा वाण राखेर सबै परशुराम-तर्फ छाडे, तर शस्त्रधारीहरूमा श्रेष्ठ परशुरामले ती सबै आफ्नो एउटै धनुषले छाडेका वाणहरूद्वारा काटिदिए ॥ ३३ ॥ त्यसपछि हातमा पर्वत र वृक्षादि लिएर

र्ष्टिशतघ्निशक्तिभिः ॥ अक्षौहिणीः सप्तदशातिभीषणास्ता राम एको भगवानसूदयत् ॥३०॥ यतो यतोऽसौ प्रहरत्परश्वधो मनोऽनिलौजाः परचक्रसूदनः॥ ततस्ततश्छिन्नभुजोरुकन्धरा निपेतुरुर्व्यां हतसूतवाहनाः ॥ ३१ ॥ दृष्ट्वा स्वसैन्यं रुधिरौघकर्दमे रणाजिरे रामकुठारसायकैः ॥ विवृक्णचर्मध्वजचाप-विग्रहं निपातितं हैहय आपतद्रुषा ॥ ३२ ॥ अथार्जुनः पञ्चशतेषु बाहुभिर्धनुःषु बाणान्युगपत्स सन्दधे ॥ रामाय रामोऽस्त्रभृतां समग्रणीस्तान्येक-धन्वेषुभिराच्छिनत्समम् ॥ ३३ ॥ पुनः स्वहस्तैरचलान्मृधेऽङ्घ्रिपानुत्क्षिप्य वेगादभिधावतो युधि ॥ भुजान्कुठारेण कठोरनेमिना चिच्छेद रामः प्रसभं त्वहेरिव ॥ ३४ ॥ कृत्तबाहोः शिरस्तस्य गिरेः शृङ्गमिवाहरत् ॥ हते पितरि तत्पुत्रा अयुतं दुद्रुवुर्भयात् ॥ ३५ ॥ अग्निहोत्रमुपावर्त्य सवत्सां परवीरहा ॥ समुपेत्याश्रमं पित्रे परिक्लिष्टां समर्पयत् ॥३६॥ स्वकर्म तत्कृतं रामः पित्रे भ्रातृभ्य एव च ॥ वर्णयामास तच्छ्रुत्वाजमदग्निरभाषत ॥३७॥ राम राम महाबाहो भवान्पापमकारषीत् ॥ अवधीन्नरदेवं यत्सर्वदेवमयं वृथा ॥३८॥ वयं हि ब्राह्मणास्तात क्षमयाऽर्हणतां गताः ॥ यया लोकगुरुर्देवः पारमेष्ठ्यमगात्पदम् ॥ ३९ ॥ क्षमया रोचते लक्ष्मीर्ब्राह्मी सौरी यथा प्रभा ॥ क्षमिणामाशु भगवांस्तुष्यते हरिरीश्वरः ॥ ४० ॥ राज्ञो मूर्धाभिषिक्त-स्य वधो ब्रह्मवधाद्गुरुः ॥ तीर्थसंसेवया चांहो जह्यङ्गाच्युतचेतनः ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पञ्चदशोऽध्यायः ॥ १५ ॥

युद्धस्थलमा वेगले सामुन्ने आएका सहस्रार्जुनको सबै भुजाहरू परशुरामले आफ्ना तीखा वाण र परशुले रुखका हाँगा झैं एकेक गरेर छिमलिदिए ॥ ३४ ॥ यसरी भुजा काटिए-पछि उनले तिनको पर्वत-शिखर समान ठूलो शिर पनि काटिदिए ॥ ३५ ॥ यसरी आफ्ना पिता मारिएको सुनेर तिनका दस हजार छोराहरू डराई यता-उता भागे अनि शत्रुको दमन गर्ने परशुरामले अति दुःखित भएकी कामधेनुलाई बाछो समेत आफ्नू आश्रममा ल्याएर पितालाई अर्पण गरे ॥ ३६ ॥ अनि आफूले गरेका सारा कर्म पिता र दाजूहरूलाई सुनाए । त्यो सुनेर जमदग्नि भन्दछन्– ॥ ३७ ॥ हे राम ! तिमीले यो ठूलो पाप गर्‍यौ–जुन व्यर्थ ती सर्वदेवमय राजालाई मारिदियौ ॥ ३८ ॥ हे तात ! हामी ब्राह्मण हौं । क्षमाले गर्दा नै हामी पूजनीय मानिन्छौं । क्षमाको प्रभावले नै लोकगुरु ब्रह्माले ब्रह्मपद पाए ॥ ३९ ॥ क्षमाले नै उनको ब्रह्म सम्पत्ति सूर्यको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDPI

प्रभा झैं प्रकाशित भइरहन्छ र भगवान् क्षमाशीलसित नै चाँडै प्रसन्न हुन्छन् ॥ ४० ॥ हे तात ! कुनै सार्वभौम राजाको वध ब्राह्मण-वध भन्दा पनि ठूलो पाप हो । अतः तिमी पनि भगवानमा चित्त लगाए र तीर्थ-सेवनले यो पाप पखाल' ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायां पञ्चदशोऽध्यायः ॥ १५ ॥

(महर्षि जमदग्निको वध, परशुराम द्वारा क्षत्रियहरूको संहार र विश्वामित्रका सन्ततिको वर्णन) श्री शुकदेव भन्नुहुन्छ—हे राजन् ! पिताले त्यसरी आज्ञा दिएपछि परशुरामले स्वीकार गरे र एक वर्षसम्म तीर्थयात्रा गरेर आश्रममा फर्किए ॥ १ ॥ एक दिन तिनकी आमा रेणुका जल ल्याउन गङ्गाजी गइन् । त्यहाँ तिनले कमलको माला धारण गरेका गन्धर्वराज चित्ररथलाई अप्सराहरूसित विहार गरेको देखिन् ॥ २ ॥ जल ल्याउन गएकी रेणुकालाई तिनको क्रीडा देखेर होमको समयको ध्यान रहेन र तिनको मन अलि-अलि चित्ररथतिर लाग्यो ॥ ३ ॥ उता हवनकाल बितेको जानेर ती जमदग्निको श्रापको आशङ्का गरी तुरुन्त फर्केर आइन् र जलपूर्ण कलश सामुन्ने राखी हात जोरेर उभिइन् ॥ ४ ॥ आफ्नो योगबलले पत्नीको मानसिक व्यभिचार सहजै जानेर जमदग्निले रिसाई भने—'हे पुत्र हो ! तिमी

श्रीशुक उवाच ॥ पित्रोपशिक्षितो रामस्तथेति कुरुनन्दन ॥ संवत्सरं तीर्थयात्रां चरित्वाऽऽश्रममाव्रजत् ॥ १ ॥ कदाचिद्रेणुका याता गङ्गायां पद्ममालिनम् ॥ गन्धर्वराजं क्रीडन्तमप्सरोभिरपश्यत ॥ २ ॥ विलोकयन्ती क्रीडन्तमुदकार्थं नदीं गता ॥ होमवेलां न सस्मार किञ्चिच्चित्ररथस्पृहा ॥ ३ ॥ कालात्ययं तं विलोक्य मुनेः शापविशङ्किता ॥ आगत्य कलशं तस्थौ पुरोधाय कृताञ्जलिः ॥ ४ ॥ व्यभिचारं मुनिर्ज्ञात्वा पत्न्याः प्रकुपितोऽब्रवीत् ॥ घ्नतैनां पुत्रकाः पापामित्युक्तास्ते न चक्रिरे ॥ ५ ॥ रामः सञ्चोदितः पित्रा भ्रातॄन्मात्रा सहावधीत् ॥ प्रभावज्ञो मुनेः सम्यक् समाधेस्तपसश्च सः ॥ ६ ॥ वरेण छन्दयामास प्रीतः सत्यवतीसुतः वव्रे हतानां रामोऽपि जीवितं चास्मृतिं वधे ॥ ७ ॥ उत्तस्थुस्ते कुशलिनो निद्रापाय इवाञ्जसा ॥ पितुर्विद्वांस्तपोवीर्यं रामश्चक्रे सुहृद्वधम् ॥ ८ ॥ येऽर्जुनस्य सुता राजन्स्मरन्तः स्वपितुर्वधम् ॥ रामवीर्यपराभूता लेभिरे शर्म न क्वचित् ॥ ९ ॥ एकदाऽऽश्रमतो रामे सभ्रातरि वनं गते ॥ वैरं सिसाधयिषवो लब्धच्छिद्रा उपागमन् ॥ १० ॥ दृष्ट्वाग्न्यगार

यस पापिनीलाई मारिदेओ ।' तर तिनले भन्दा पनि उनीहरूले मारेनन् ॥ ५ ॥ तर पिताको योग र तपको प्रभावबाट राम्ररी परिचित परशुरामले पिताले भन्नासाथ आमासमेत आफ्ना सबै दाजूलाई मारिदिए ॥ ६ ॥ तिनको त्यस कार्यले प्रसन्न भएर सत्यवती सुत जमदग्निले 'इच्छित वर माग' भने । अनि परशुरामले मरेकी आमा र दाजूहरू पुनः बाँचुन् र उनलाई आफ्नो मृत्युको स्मरण नहोस् भन्ने वर मागे ॥ ७ ॥ अनि ती सबै निद्राबाट उठेका मानिस झैं सहसा कुशलतापूर्वक उठेर बसे । यस प्रकार आफ्ना पिताको प्रभाव जानेर नै परशुरामले आमा र दाजूहरूलाई मारेका थिए ॥ ८ ॥ हे राजन् ! उता सहस्रार्जुनका जुन पुत्र परशुरामको पराक्रमले पराजित भई भागेका थिए, तिनलाई आफ्ना पिता मारिएको सम्झना रहिरहेको हुनाले कुनै बेला पनि शान्ति मिल्दैनथ्यो ॥ ९ ॥ एक दिन जब परशुराम दाजूहरू सहित बनमा गएका थिए, त्यही अवसर पाएर साटो फेर्न ती सबै वीरहरू आइपुगे ॥ १० ॥ त्यहाँ जमदग्नि मुनिलाई भगवानमा मन लगाई अग्निशालामा बसेका देखेर तिनको वधरूपी पापको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चय गरेर आएका राजपुत्रले उनलाई मारिदिए र ती क्षत्रियाधम—परशुरामकी आमा रेणुकाले अति दीनतापूर्वक प्रार्थना गरेर छेक्दा पनि हठात् तिनको शिर काटेर लगे ॥ ११ ॥ १२ ॥ तब दुःख तथा शोकले व्याकुल रेणुका छाती ठोक्दै 'हे राम ! शीघ्र आऊ' भन्दै बेसरी चिच्याउन लागिन् ॥ १३ ॥ परैबाट 'हा राम ! हे तात !' यस्तो करुण क्रन्दन सुनेर परशुराम तीव्रगतिले आश्रममा पुगे, त्यहाँ उनले पितालाई मृत पाए ॥ १४ ॥ तिनको वियोगले जायमान दुःख, क्रोध, असहनशीलता, दीनता तथा शोकले विमुग्ध भएर—'हा तात ! हा साधो ! हा धर्मिष्ठ ! हजुर हामी सबैलाई छाडेर स्वर्गलोक जानु भयो ?' यस प्रकार विलाप गर्न लागे । अनि आफ्ना पिताको शरीर

आसीनमावेशितधियं मुनिम् ॥ भगवत्युत्तमश्लोके जघ्नुस्ते पापनिश्चयाः ॥११॥ याच्यमानाः कृपणया राममात्राऽतिदारुणाः ॥ प्रसह्य शिर उत्कृत्य निन्युस्ते क्षत्रबन्धवः ॥ १२ ॥ रेणुका दुःखशोकार्ता निघ्नत्यात्मानमात्मना ॥ राम रामेति तातेति विचुक्रोशोच्चकैः सती ॥ १३ ॥ तदुपश्रुत्य दूरस्थो हा रामेत्यार्तवत्स्वनम् ॥ त्वरयाऽऽश्रममासाद्य ददृशे पितरं हतम् ॥ १४ ॥ तद्दुःखरोषामर्षार्तिशोकवेगविमोहितः ॥ हा तात साधो धर्मिष्ठ त्यक्त्वाऽस्मान्स्वर्गतो भवान् ॥ १५ ॥ विलप्यैवं पितुर्देहं निधाय भ्रातृषु स्वयम् ॥ प्रगृह्य परशुं रामः क्षत्रान्ताय मनो दधे ॥ १६ ॥ गत्वा माहिष्मतीं रामो ब्रह्मघ्नविहतश्रियम् ॥ तेषां स शीर्षभी राजन्मध्ये चक्रे महागिरिम् ॥ १७ ॥ तद्रक्तेन नदीं घोरामब्रह्मण्यभयावहाम् ॥ हेतुं कृत्वा पितृवधं क्षत्रेऽमङ्गलकारिणीम् ॥ १८ ॥ त्रिःसप्तकृत्वः पृथिवीं कृत्वा निःक्षत्रियां प्रभुः ॥ समन्तपञ्चके चक्रे शोणितोदान ह्रदान्नव ॥ १९ ॥

दाजूहरूलाई सुम्पिदिए र हातमा परशु लिएर उनले मनमनै क्षत्रियवंशको अन्त्य गरिदिने निश्चय गरिलिए ॥ १५ ॥ १६ ॥ त्यसपछि हे राजन् ! परशुरामले ती घातक *राजाहरूले गर्दा श्रीहीन माहिष्मतीपुरीमा गएर राजकुमारहरूका शिर काटेर यौटा ठूलो पर्वत पारिदिए र रक्तले ब्राह्मण-द्रोहीहरूलाई भय उत्पन्न पार्ने यौटी घोर नदी नै प्रवाहित पारिनिए । यस प्रकार क्षत्रियहरू अत्याचारी भएपछि महाप्रभु परशुरामले पिताको वधलाई निमित्त बनाएर एक्काइस पल्ट सम्पूर्ण पृथ्वीलाई क्षत्रियविहीन पारेर

---

* दृष्टान्त (राजाहरूको कर्तव्य)—बालोऽहं जगदानन्द न मे बाला सरस्वती । अपूर्णे पञ्चमे वर्षे वर्णयामि जगत्त्रयम् । —हे जगत्का आनन्ददाता राजन् ! म बालक छु, तर मेरी वाणी बालिका छैनन् । अहिले मेरो पाँचौं वर्ष पूर्ण भएको छैन । तैपनि म समस्त संसारको वर्णन गर्दछु । शङ्कर मिश्र बाल्यकालदेखि नै प्रतिभाशाली थिए । एकपल्ट त्यस देशको राजा डुल्दै तिनको गाउँमा पुगे । गाउँमा त यदि कुनै साधारण अफिसर पनि पुग्यो भने बालकहरू झुम्मिन्छन् अनि राजाको त कुरै छैन ! बालकहरूको साथै शङ्कर मिश्र पनि थिए । तिनको उमेर पाँच वर्ष पनि नपुग्दै तिनको हास्ययुक्त अनुहारमा राजाको दृष्टि पर्‍यो । राजाले उनलाई नगीचै डाकेर सोधे—'वत्स ! कुनै कविता सुनाउँदछौ ?' शङ्कर मिश्रले भने—'कविता आफैले बनाएको सुनाउँ कि अर्काले बनाएको ?' राजाले भने—'तिमी कविता लेख्न पनि जान्दछौ ? उत्तरमा शङ्करले माथि उल्लिखित श्लोक सुनाइदिए । राजाले स्याबासी दिए । पछि अर्काले बनाएको कविता सुनाउने आग्रह गरे । तब शङ्कर मिश्रले 'सहस्रशीर्षा' यस सूक्तको अर्थ बताउँदै भने—'हे राजन् ! तिमी ईश्वरांश हौ, यसै निमित्त तिमीले ईश्वर समान नै प्रजाको पालन गर्नुपर्दछ ।' यो सुनेर राजा प्रसन्न भएर आफ्नो बहुमूल्य हार उनलाई लगाइदिए । त्यो लिएर शङ्कर मिश्र आफ्नो घर गए । तिनकी आमाले त्यो हार देखेर छोरोलाई उम्याई दासीलाई डाकेर भनिन्—'यस बालकको जन्म समयमा यसको प्रथम कमाई तिमीलाई दिन्छु भनेकी थिएँ, अतः यो तिमी लेऊ ।' दासीले भनी—'तर यस्तो ठूलो कमाई लिएर म के गर्नें ?' तर आमाको प्रबल आग्रहले दासीले हार लिई । तर उसले हारलाई आफ्नो काममा खर्च नगरेर त्यसको मूल्यले यौटा ठूलो पोखरी खनाउन लगाई । आज पनि त्यो दरभङ्गामा 'दाईको तलाऊ' भन्ने नामले प्रसिद्ध छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

स्यमन्तपञ्चक क्षेत्रमा रक्तरूपी जलले भरिएका नौ तलाऊ बनाए ॥ १७-१९ ॥ अनि आफ्ना मृत पिताको शिर ल्याएर उनको शरीरसित जोरेर अनेकौं यज्ञद्वारा सर्वदेवमय सर्वात्मा ईश्वरको यजन गरे ॥२०॥ ती यज्ञमा उनले होतालाई पूर्व, ब्रह्मालाई दक्षिण, अध्वर्युलाई पश्चिम र उद्गातालाई उत्तर दिशा दक्षिणाको रूपमा दान गरिदिए ॥२१॥ यसै प्रकार अन्य ऋत्विजहरूलाई अग्निकोण आदि विदिशाहरू दक्षिणामा दिए कश्यपलाई मध्यभूमि दिए, उपद्रष्टालाई आर्यावर्त र सदस्यहरूलाई अन्यान्य देश दिए ॥२२॥ अनि ब्रह्मनदी सरस्वतीमा अवभृथ स्नानद्वारा सबै पापबाट मुक्त भएर ती मेघावरणहीन सूर्य झैं सुशोभित भए ॥ २३ ॥ त्यसपछि परशुरामद्वारा पूजित महर्षि जमदग्नि आफ्नो संकल्पमय शरीर धारण गरेर कश्यपादि ऋषिहरूको समूहमा सातौं ऋषिको रूपमा थित भए ॥ २४ ॥ हे राजन् ! ती जमदग्नितनय कमल-नयन भगवान् परशुराम आगामी मन्वन्तरमा वेदको प्रचार गर्नेछन् ॥२५॥ अझ पनि ती सबैप्रकारका दण्ड त्यागेर शान्तचित्तले महेन्द्र-पर्वतमा विराजमान छन् । त्यहाँ सिद्ध, गन्धर्व र चारणगण उनको चरित्रगान गर्दछन् ॥ २६ ॥ हे राजन् ! यस

पितुः कायेन सन्धाय शिर आदाय बर्हिषि ॥ सर्वदेवमयं देवमात्मानमयजन्मखैः ॥ २० ॥ ददौ प्राचीं दिशं होत्रे ब्रह्मणे दक्षिणां दिशम् ॥ अध्वर्यवे प्रतीचीं वै उद्गात्रे उत्तरां दिशम् ॥ २१ ॥ अन्येभ्योऽवान्तरदिशः कश्यपाय च मध्यतः ॥ आर्यावर्तमुपद्रष्ट्रे सदस्येभ्यस्ततः परम् ॥२२॥ ततश्चावभृथस्नानविधूताशेषकिल्बिषः ॥ सरस्वत्यां ब्रह्मनद्यां रेजे व्यभ्र इवांशुमान् ॥ २३ ॥ स्वदेहं जमदग्निस्तु लब्ध्वा संज्ञानलक्षणम् ॥ ऋषीणां मण्डले सोऽभूत्सप्तमो रामपूजितः ॥ २४ ॥ जामदग्न्योऽपि भगवान्रामः कमललोचनः ॥ आगामिन्यन्तरे राजन्वर्तयिष्यति वै बृहत् ॥ २५ ॥ आस्तेऽद्यापि महेन्द्राद्रौ न्यस्तदण्डः प्रशान्तधीः ॥ उपगीयमानचरितः सिद्धगन्धर्वचारणैः ॥ २६ ॥ एवं भृगुषु विश्वात्मा भगवान्हरिरीश्वरः ॥ अवतीर्य परं भारं भुवोऽहन्बहुशो नृपान् ॥ २७ ॥ गाधेरभून्महातेजाः समिद्ध इव पावकः ॥ तपसा क्षात्रमुत्सृज्य यो लेभे ब्रह्मवर्चसम् ॥ २८ ॥ विश्वामित्रस्य चैवासन्पुत्रा एकशतं नृप ॥ मध्यमस्तु मधुच्छन्दा मधुच्छन्दस एव ते ॥२९॥ पुत्रं कृत्वा शुनःशेपं देवरातं च भार्गवम् ॥ आजीगर्तं सुतानाह ज्येष्ठ एष प्रकल्प्यताम् ॥ ३० ॥ यो वै हरिश्चन्द्रमखे विक्रीतः पुरुष पशुः ॥ स्तुत्वा देवान्प्रजेशादीन्मुमुचे पाशबंधनात् ॥३१॥ यो रातो देवयजने देवैर्गाधिषु तापसः ॥ देवरात इति ख्यातः शुनःशेपः स भार्गवः ॥ ३२ ॥ ये मधुच्छन्दसो ज्येष्ठाः कुशलं मेनिरे न तत् ॥ अशपत्तान्मुनिः

प्रकार ती विश्वात्मा र विश्वेश्वर भगवान् हरिले भृगुकुलमा अवतार लिएर पृथ्वीका भाररूप राजाहरूको अनेक पल्ट वध गरे ॥ २७ ॥ महाराज गाधिबाट प्रज्वलित अग्नि झैं प्रभावशाली विश्वामित्रको जन्म भयो । उनले तपस्या गरेर क्षत्रियत्व त्यागी ब्रह्मतेज प्राप्त गरेका थिए ॥ २८ ॥ हे राजन् ! ती विश्वामित्रका सय छोरा थिए । तिनमा महिला पुत्रको नाम मधुच्छन्दा थियो । यसै कारण विश्वामित्रका सबै छोरा मधुच्छन्दस् कहिन्थे ॥ २९ ॥ विश्वामित्रले भृगुकुलमा उत्पन्न आफ्ना भांजा अजीगर्तका छोरा शुनःशेपलाई, जुन देवरात नामले पनि विख्यात थिए, आफ्ना पुत्र मान्दै अन्य छोराहरूसित भने–तिमीहरू यसलाई दाजू मान ॥३०॥ यसैलाई राजा हरिश्चन्द्रले आफ्नू यज्ञका लागि पुरुष–पशुको रूपमा किनेका थिए र प्रजापति आदि देवताले स्तुति गरेर यसैलाई विश्वामित्रले बन्धनबाट, मृत्युको मुखबाट मुक्त पारेका थिए । यज्ञमा देवताहरूद्वारा दिइनाले गाधिकुलमा ती शुनःशेप 'देवरात' ॥३०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामले प्रसिद्ध भए ॥३१॥३२॥ तिनका छोरा मधुच्छन्दाहरूमा जेठा छोराहरूलाई विश्वामित्रको कुरा मनपरेन । त्यसैनिम्ति विश्वामित्र रिसाएर तिनलाई श्राप दिंदै भने–हे दुष्ट हो ! तिमी सबै म्लेच्छ होइजाओ' ॥ ३३ ॥ त्यसमा आफूभन्दा कांछा पचास भाइहरूले भने–'हजुर हामीलाई जे आज्ञा दिनुहुन्छ, हामी मान्न तयार छौं' ॥ ३४ ॥ त्यसपछि 'हामी सबै तिम्रा अनुयायी छौं' यस्तो भन्दै तिनले ती मन्त्रद्रष्टा देवरातलाई आफ्नो दाजू माने । अनि विश्वामित्रले भने–'तिमी सबैले मेरो सम्मानको रक्षा गर्दै मलाई पुत्रवान् तुल्यायौ । अतः तिमीहरू पनि पुत्रवान् हुनेछौ ॥ ३५ ॥ हे कुशिक हो ! मेरो वीर छोरो देवरात पनि तिम्रै गोत्रमा सम्मिलित भएको छ । अतः तिमीहरू यसको अनुसरण गर ।' यी बाहेक विश्वामित्रका अष्टक, हारीत, जय र क्रतुमान् आदि अरु पनि छोरा थिए ॥३६॥ यस प्रकार विश्वामित्रका ती सन्तानले गर्दा कौशिक गोत्रमा अनेक शाखा भए र देवरातलाई जेठो मानेका हुनाले त्यस गोत्रको प्रवर अर्कै भयो ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायां षोडशोऽध्यायः ॥१६॥

क्रुद्धो म्लेच्छा भवत दुर्जनाः ॥ ३३ ॥ स होवाच मधुच्छन्दाः सार्धं पञ्चाशता ततः ॥ यन्नो भवान्संजानीते तस्मिंस्तिष्ठामहे वयम् ॥३४॥ ज्येष्ठं मन्त्रदृशं चक्रुस्त्वामन्वञ्चो वयं स्म हि ॥ विश्वामित्रः सुतानाह वीरवन्तो भविष्यथ ॥ ये मानं मेऽनुगृह्णन्तो वीरवन्तमकर्त माम् ॥३५॥ एष वः कुशिका वीरो देवरातस्तमन्वित ॥ अन्ये चाष्टकहारीतजयक्रतुमदादयः ॥ ३६ ॥ एवं कौशिकगोत्रं तु विश्वामित्रैः पृथग्विधम् ॥ प्रवरान्तरमापन्नं तद्धि चैवं प्रकल्पितम् ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे षोडशोऽध्यायः ॥ १६ ॥

श्रीशुक उवाच ॥ यः पुरूरवसः पुत्र आयुस्तस्याभवन्सुताः ॥ नहुषः क्षत्रवृद्धश्च रजी रम्भश्च वीर्यवान् ॥ १ ॥ अनेना इति राजेन्द्र शृणु क्षत्रवृधोऽन्वयम् ॥ क्षत्रवृद्धसुतस्यासन्सुहोत्रस्यात्मजास्त्रयः ॥२॥ काश्यः कुशो गृत्समद इति गृत्समदादभूत् ॥ शुनकः शौनको यस्य बह्वृचप्रवरो मुनिः ॥३॥ काश्यस्य काशिस्तत्पुत्रो राष्ट्रो दीर्घतमः पिता॥धन्वन्तरिर्दैर्घतम आयुर्वेदप्रवर्तकः ॥४॥ यज्ञभुग्वासुदेवांशः स्मृतामात्रर्तिनाशनः॥तत्पुत्रः केतुमानस्य जज्ञे भीमरथस्तत ॥५॥ दिवोदासो द्युमांस्तस्मात्प्रतर्दन इति स्मृतः ॥ स एव शत्रुजिद्वत्स ऋतध्वज इतीरितः॥ तथा कुवलयाश्वेति प्रोक्तोऽलर्कादयस्ततः ॥६॥ षष्टिवर्षसहस्राणि षष्टिवर्षशतानि च ॥ नालर्कादवरो राजन्मेदिनीं बुभुजे युवा ॥ ७ ॥ अलर्कात्सन्ततिस्तस्मात्सुनीथोऽथ सुके·

(क्षत्रवृद्ध, रजि, रम्भ र अनेनाको वंश विस्तार)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! पुरूरवाको आयु नामक छोराबाट नहुष, क्षत्रवृद्ध, रजि, रम्भ र अनेना–पाँच पुत्र उत्पन्न भए । तिनमा क्षत्रवृद्धको वंश-वृत्तान्त सुन । क्षत्रवृद्धका छोरा सुहोत्र र सुहोत्रका काश्य, कुश र गृत्समद तीन पुत्र भए । गृत्समदका छोरा शुनक र तिनका ऋग्वेदीहरूमा श्रेष्ठ मुनिवर शौनक जन्मिए ॥ १-३ ॥ काश्यपका छोरा काशि तिनका पुत्र दीर्घतमाका पिता राष्ट्र भए । दीर्घतमाका छोरा आयुर्वेदका प्रवर्तक धन्वन्तरी भए ॥४॥ ती यज्ञभागका भोक्ता, भगवान् वासुदेवका अंशज थिए र आफ्नो स्मरणमात्रले सबै रोग निको पारिदिन्थे । तिनका छोरा केतुमान्का भीमरथ, भीमरथका दिवोदास र दिवोदासका छोरा द्युमान् भए, जो 'प्रतर्दन' पनि कहिए । हे वत्स ! तिनै शत्रुजित्, ऋतध्वज र कुवलयाश्व यी नामले पनि विख्यात थिए । द्युमान्का अलर्क आदि अनेक छोरा भए ॥५॥६॥ हे राजन् ! अलर्कका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

अतिरिक्त अरु कुनै पनि राजाले छयसट्ठी हजार वर्षसम्म युवा रहेर पृथ्वीको राज्य भोग्न पाएका थिएनन् ॥७॥ अलर्कका सन्तति, सन्ततिका सुनीथ, सुनीथका सुकेतन, उनका धर्मकेतु र तिनका पुत्र सत्यकेतु भए ॥८॥ सत्यकेतुका धृष्ट केतु र धृष्टकेतुका पृथिवीपति सुकुमारको जन्मभयो ! सुकुमारको वीतिहोत्र, वीतिहोत्रका भर्ग र भर्गका राजा भार्गभूमि उत्पन्न भए ॥९॥ यी सबै क्षत्रवृद्धका वंशमा जन्मेका काशिबाट उत्पन्न राजा भए । यसै प्रकार रम्भका रभस, रभसका गम्भीर र उनका अक्रिय भए ॥१०॥ तिनकी स्त्रीबाट ब्राह्मण-सन्तति जन्मे । अब अनेनाको वंश वृत्तान्त सुन—अनेनाका छोरा शुद्ध भए, तिनका शुचि, शुचिका त्रिककुद् र त्रिककुद्का धर्मसारथि नामका छोरा भए र धर्मसारथिका शान्तरथ भए । ती कृतकृत्य र आत्मज्ञानी थिए । यस कारण तिनले कुनै सन्तान उत्पन्न गरेनन् । हे राजन् ! आयुका पुत्र रजि उनका ठूला तेजस्वी पाँच सय पुत्र उत्पन्न भएका थिए ॥११॥१२॥ ती रजिले देवताहरूको विनय सुनेर दैत्यहरू मारिदिए र इन्द्रलाई स्वर्गलोक दिए । तर प्रह्लाद आदि आफ्ना शत्रुबाट भयभीत रहनाले गर्दा इन्द्रले त्यो स्वर्गको राज्य फेरि

तनः ॥ धर्मकेतुः सुतस्तस्मात्सत्यकेतुरजायत ॥ ८ ॥ धृष्टकेतुः सुतस्तस्मात्सुकुमारः क्षितीश्वरः ॥ वीतिहोत्रस्य भर्गोऽतो भार्गभूमिरभून्नृपः
॥ ९ ॥ इतीमे काशयो भूपाः क्षत्रवृद्धान्ववायिनः ॥ रम्भस्य रभसः पुत्रो गम्भीरश्चाक्रियस्ततः ॥ १० ॥ तस्य क्षेत्रे ब्रह्म जज्ञे शृणु वंशमनेनसः ॥
शुद्धस्ततः शुचिस्तस्मात्त्रिककुद्धर्मसारथिः ॥ ११ ॥ ततः शान्तरयो जज्ञे कृतकृत्यः स आत्मवान् ॥ रजेः पञ्चशतान्यासन्पुत्राणाममितौजसाम्
॥ १२ ॥ देवैरभ्यर्थितो दैत्यान्हत्वेन्द्रायाददाद्दिवम् ॥ इन्द्रस्तस्मै पुनर्दत्त्वा गृहीत्वा चरणौ रजेः ॥ १३ ॥ आत्मानमर्पयामास प्रह्लादाद्यरि-
शङ्कितः ॥ पितर्युपरते पुत्रा याचमानाय नो ददुः ॥ १४ ॥ त्रिविष्टपं महेन्द्राय यज्ञभागान्समाददुः ॥ गुरुणा हूयमानेऽग्नौ बलिभित्तनयान्रजेः
॥ १५ ॥ अवधीद्भ्रंशितान्मार्गान्न कश्चिदवशेषितः ॥ कुशात्प्रतिः क्षात्रवृद्धात्सञ्जयस्तत्सुतो जयः ॥ १६ ॥ ततः कृतः कृतस्यापि जज्ञे हर्यवनो
नृपः ॥ सहदेवस्ततो हीनो जयसेनस्तु तत्सुतः ॥ १७ ॥ संकृतिस्तस्य च जयः क्षत्रधर्मा महारथः ॥ क्षत्रवृद्धान्वया भूपाः शृणु वंशं च नाहुषात्
॥ १८ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे चन्द्रवंशानुवर्णने सप्तदशोऽध्यायः ॥ १७ ॥

श्रीशुक उवाच ॥ यतिर्ययातिः संयातिरायतिर्वियतिः कृतिः ॥ षडिमे नहुषस्यासन्निन्द्रियाणीव देहिनः ॥१॥ राज्यं नैच्छद्यतिः पित्रा दत्तं तत्परि-

रजिलाई नै फर्काएर तिनका चरण समाती आत्मसमर्पण गरिदिए । रजि मरेपछि तिनका छोराहरूले देवराज इन्द्रले मागे पनि स्वर्गलोक फर्काएनन् र ती स्वयं यज्ञका भाग पनि भोग्नलागे । अनि देवगुरु बृहस्पतिको अभिचारिकी क्रिया द्वारा अग्निमा आहुति दिएपछि धर्ममार्गबाट भ्रष्ट रजि-पुत्रहरूको इन्द्रले संहार गरिदिए । तिनमा कोही पनि बाँचेन। क्षत्रवृद्धको वंशमा जन्मेका कुशबाट प्रति, प्रतिबाट सञ्जय र सञ्जयबाट जयको जन्म भयो ॥१३-१६॥ जयका कृत, कृतका राजा हर्यवन, हर्यवनका सहदेव, सहदेवका हीन र हीनका जयसेन नामक पुत्र उत्पन्न भए ॥१७॥ जयसेनका संस्कृति, संस्कृतिका जय, जयका महारथी क्षत्रधर्मा उत्पन्न भए । यी सबै क्षत्रवृद्धका वंशज थिए । अब नहुषबाट उत्पन्न राजाहरूको वृत्तान्त सुन ॥१८॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां सप्तदशोऽध्यायः ॥ १७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(महाराज ययातिको चरित्र) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! जस्तै देहधारी जीवका सहायक इन्द्रिय हुन्छन्, त्यस्तै नै राजा नहुषका यति, ययाति, आयति, वियति तथा कृति नामका छ पुत्र थिए।।१।।जसमा गाडिएर मनुष्य आत्मतत्व बिर्सन्छ,त्यस राज्यको परिणामबाट अनभिज्ञ यतिले पिताद्वारा दिइएको राज्य खोजेनन् ।।२।। यसनिम्ति इन्द्राणिसित भोग गर्नका इच्छुक हुनाले ब्राह्मणद्वारा पिता नहुष स्थानभ्रष्ट गरिनाले र तिनी अजिगर योनिमा गएपछि ययाति राजा भए।।३।।तिनले आफ्ना चारैजना कांछाभाइहरूलाई चार दिशामा नियुक्त गरिदिए र शुक्राचार्य एवं वृषपर्वाकी कन्याहरूलाई पत्नी तुल्याएर पृथिवीको रक्षा गर्नलागे ।।४।। राजा परीक्षितले सोधे—हे भगवन् ! शुक्राचार्य ब्राह्मण थिए र ययाति क्षत्रिय थिए । अनि क्षत्रिय वर एवं ब्राह्मण-कन्याको विधिको विपरीत कसरी विवाह भयो ? ।। ५ ।। श्रीशुकदेव भन्नुहुन्छ—एक दिन गुरुपत्नी देवयानी र दानवराज वृषपर्वाकी मानिनी कन्या शर्मिष्ठा आफ्ना हजारौं सखीहरू साथमा लिएर फले-फुलेका वृक्षहरूले परिपूर्ण नगरोद्यानमा भ्रमराहरूको गुञ्जारयुक्त कमल पुष्पले भरिएको जलाशयको सुरम्य तटमा

णामवित् ।। यत्र प्रविष्टः पुरुष आत्मनं नावबुध्यते ।।२।। पितरि भ्रंशिते स्थानादिन्द्राण्या धर्षणाद्द्विजैः ।। प्रापितेऽजगरत्वं वै ययातिरभवन्नृपः ।।३।। चतसृष्वादिशद्दिक्षु भ्रातॄन्भ्राता यवीयसः ।। कृतदारो जुगोपोर्वीं काव्यस्य वृषपर्वणः ।। ४ ।। राजोवाच ।। ब्रह्मर्षिर्भगवान्काव्यः क्षत्रबन्धुश्च नाहुषः ।। राजन्यविप्रयोःकस्माद्विवाहःप्रतिलोमकः।।५।। श्रीशुक उवाच ।। एकदा दानवेन्द्रस्य शर्मिष्ठा नाम कन्यका।। सखीसहस्रसंयुक्तागुरुपुत्र्या च मानिनी।।६।। देवयान्या पुरोद्याने पुष्पितद्रुमसंकुले ।। व्यचरत्कलगीतालिनलिनीपुलिनेऽबला ।। ७ ।। ता जलाशयमासाद्य कन्याः कमललोचनाः ।। तीरे न्यस्य दुकूलानि विजह्रुः सिंचतीर्मिथः।।८।। वीक्ष्य व्रजन्तं गिरिशं सह देव्या वृषस्थितम् ।। सहसोत्तीर्य वासांसि पर्यधुर्व्रीडिताः स्त्रियः ।।९।। शर्मिष्ठाऽजानती वासो गुरुपुत्र्याः समव्ययत् ।। स्वीयं मत्वा प्रकुपिता देवयानीदमब्रवीत् ।।१०।। अहो निरीक्ष्यतामस्या दास्याः कर्म ह्यसांप्रतम् ।। अस्मद्धार्यं धृतवती सुनीव हविरध्वरे ।। ११ ।। यैरिदं तपसा सृष्टं मुखं पुंसः परस्य ये ।। धार्यते यैरिह ज्योतिः शिवः पन्थाश्च दर्शितः ।। १२ ।। यान् वन्दन्त्युपतिष्ठन्ते लोकनाथाः सुरेश्वराः ।। भगवानपि विश्वात्मा पावनः श्रीनिकेतनः ।। १३ ।। वयं तत्रापि भृगवः शिष्योऽस्य नः पिताऽसुरः ।। अस्मद्धार्यं

यताउता डुलिरहेकी थिइन् ।। ६ ।। ७ ।। ती सबै कमल-नयनी कन्या त्यो जलाशयको नगीच पुगेर किनारमा आफ्ना लुगा राखी परस्पर यौटीले अर्कीमाथि जल उफार्दै जल-बिहार गर्न लागे ।। ८ ।। त्यसै बखत पार्वतीसित श्रीमहादेव साँढेमा चढेर त्यतैबाट जान लागेका देखी ती अबलाहरू लाज मानी तत्काल सरोवरबाट निस्की आफाफ्ना लुगा लगाए ।। ९ ।। शर्मिष्ठाले थाहा नपाएर गुरुपुत्रीका लुगा लगाएकी थिइन् । अतः देवयानी रिसाएर भनिन्—।।१०।। 'अहो ! यस दासीको यो अनुचित व्यवहार हेर त ! जस्तै कुकुरनीले यज्ञको हवि खाइदेओस्, त्यस्तै नै यसले मैले लगाउने योग्य लुगा स्वयं लगाएकी छ ।।११।। जसले आफ्नो तपोबल द्वारा सम्पूर्ण जगत्लाई उत्पन्न गरेका छन्, जो परमपुरुष परमात्माका मुख छन्, जो आफ्नो हृदयमा ज्योतिस्वरूप परब्रह्मलाई धारण गरिरहन्छन् र जसले जगत्लाई कल्याणमय बाटो देखाएको छ ।।१२।। लोकपाल, देवेश्वरगण पनि जसको पूजा-वन्दना गर्छन्, यति मात्र हो र सर्वात्मा लक्ष्मीपति नारायण पनि जसको स्तुति गर्दछन् ।। १३ ।। ती ब्राह्मणमा पनि श्रेष्ठ हामी भृगुवंशी हौं र यसको असुर जातीय

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

पिता हाम्रो शिष्य हो। शूद्रले वेद पढ्न लागे जस्तै यस दुष्टाले मेरो वस्त्र आफूले लगाएकी छ' ॥ १४ ॥ यस्ता दुर्वचन बोल्दै गुरु-पुत्रीको प्रति नागिनी जस्तै श्वास छाउँदै शर्मिष्ठा आफ्ना ओठ दाँतले थिचेर भन्न लागिन्—॥ १५ ॥ 'ए भिक्षुकी ! तँ आफ्नो भिक्षा माग्ने वृत्ति नजानेर नै यति बढेर कुरा गरिरहेकी छस् ! बलिभोगी कुकुर तथा कागहरूको जस्तै के तँ हाम्रो घरतिर हेरिरहन्नस्?' ॥ १६ ॥ यस्तै प्रकारका अरु पनि कटु वाक्यहरूले ती साध्वी गुरुपुत्रीको तिरस्कार गरेर शर्मिष्ठाले अत्यन्त क्रोध गरी आफ्ना लुगा खोसेर उसलाई कुवामा घुचेटी दिइन् ॥ १७ ॥ शर्मिष्ठा घर गइसकेपछि राजा ययाति शिकार खेल्दै दैवयोगले पानी पिउनको निम्ति त्यही इनारमा आए र त्यसमा देवयानीलाई देखे ॥१८॥ तत्काल दयालु राजाले ती नाङ्गी कन्यालाई आफ्नो ओढ्ने दिए र आफ्नो हातले तिनको हात समाती कुआबाट झिकिदिए ॥१९॥ अनि शुक्र-पुत्री देवयानीले ययातिप्रति प्रेमपूर्ण वचन भनिन्–'हे शत्रुहरूका नगर विजय गर्ने राजन् ! तिमीले मेरो हात समातेका छौ ॥२०॥ अतः अब यस्तो गर–तिमीद्वारा पाणिगृहीता भएपछि अब कुनै अन्य पुरुषले मेरो

धृतव्रती शूद्रो वेदमिवासती ॥१४॥ एवं शपन्तीं शर्मिष्ठा गुरुपुत्रीमभाषत ॥ रुषा श्वसन्त्युरङ्गीव धर्षिता दष्टदच्छदा ॥ १५ ॥ आत्मवृत्तमविज्ञाय कत्थसे बहु भिक्षुकि ॥ किं न प्रतीक्षसेऽस्माकं गृहान्बलिभुजो यथा ॥१६॥ एवंविधैः सुपरुषैः क्षिप्त्वाऽऽचार्यसुतां सतीम् ॥ शर्मिष्ठा प्राक्षिपत्कूपे वास आदाय मन्युना ॥ १७ ॥ तस्यां गतायां स्वगृहं ययातिर्मृगयां चरन् ॥ प्राप्तो यदृच्छया कूपे जलार्थी तां ददर्श ह ॥ १८ ॥ दत्त्वा स्वमुत्तरं वासस्तस्यै राजा विवाससे ॥ गृहीत्वा पाणिना पाणिमुज्जहार दयापरः ॥ १९ ॥ तं वीरमाहौशनसी प्रेमनिर्भरया गिरा ॥ राजंस्त्वया गृहीतो मे पाणि परपुरञ्जय ॥ २० ॥ हस्तग्राहो परो माभूद्गृहीतायास्त्वया हि मे ॥ एप ईशकृतो वीर सम्बन्धो नौ न पौरुषः ॥ यदिदं कूपलग्नाया भवतो दर्शनं मम ॥ २१ ॥ न ब्राह्मणो मे भविता हस्तग्राहो महाभुज ॥ कचस्य बार्हस्पत्यस्य शापाद्यमशपम्पुरा ॥ २२ ॥ ययातिरनभिप्रेतं दैवोपहतमात्मनः ॥ मनस्तु तद्गतं बुद्ध्वा प्रतिजग्राह तद्वचः ॥ २३ ॥ गते राजनि सा वीरे तत्र स्म रुदती पितुः ॥ न्यवेदयत्ततः सर्वमुक्तं शर्मिष्ठया कृतम् ॥ २४ ॥ दुर्मना भगवान्काव्यः पौरोहित्यं विगर्हयन् ॥ स्तुवन् वृत्तिं च कापोतीं दुहित्रा स ययौ पुरात् ॥२५॥ वृषपर्वा तमाज्ञाय

हात समाउन नपाओस् ! हे वीर ! यस बखत जब कि म कुआमा परेकी थिएँ, तब जो मलाई हजुरको अकस्मात् दर्शन भएको छ, यो हामी दुवैको सम्बन्ध मनुष्य-कृत होइन, यो ईश्वर-कृत हो ॥२१॥ हे महाबाहो ! पूर्वकालमा जसलाई मैले श्राप दिएकी थिएँ, ती बृहस्पतितनय कचको श्रापले मसित विवाह गर्ने पुरुष ब्राह्मण नभएर अरु नै कोही हुनेछ ॥२२॥ राजा ययातिले अनिच्छित किन्तु दैववश प्राप्त देवयानीका वचन सुनेर र मनलाई उनैतिर ढल्केको जानेर देवयानीका कुरा स्वीकार गरे ॥२३॥ त्यसपछि जब वीरवर राजा ययाति गए, तब रूँदै देवयानीले आफ्ना पिताको समीप गएर त्यो सबै वृत्तान्त सुनाइन्, जस्तो कि शर्मिष्ठाले भनेकी र गरेकी थिइन् ॥ २४ ॥ छोरीका कुरा सुनेर शुक्राचार्यजी मनमनै दुःखी

कथान्तर—देवगुरु बृहस्पतिका छोरा कच शुक्राचार्यसित मृतसंजीवनी विद्या पढिरहेका थिए। अध्ययन समाप्त गरेपछि जब कच घर जानलागे तब देवयानीले उसलाई आफ्नो पति बचाउने इच्छा गरिन्, परन्तु गुरुपुत्रीसित विवाह अनुचित ठानेर कचले त्यो कुरा स्वीकार गरेनन्। अनि देवयानीले उसलाई श्राप दिइन्—'तिमीले पढेको विद्या निष्फल हुनेछ।' कचले पनि श्राप दिए—'तिमीले पनि ब्राह्मण पति पाउने छैनौ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर पौरोहित्य वृत्तिको निन्दा र शिलोञ्छ वृत्तिको प्रशंसा गर्दै आफ्नी छोरी सहित त्यस नगरबाट हिंडिदिए ॥२५॥ वृषपर्वाले यो कुरा जानेर–आचार्य हाम्रा शत्रुहरूलाई विजय दिलाउन खोज्दैछन्—बाटोमा गएर गुरूका चरणमा मस्तक राखी उनलाई प्रसन्न तुल्याए ॥२६॥ भगवान् शुक्राचार्यको रिस त एक क्षणमै शान्त भयो । अनि उनले आफ्ना शिष्यसित भने–'हे राजन् ! म पुत्री देवयानीलाई छाड्न सक्तिन । अतः यसले जे भन्दछे, त्यो गर' ॥ २७ ॥ अनि 'तथास्तु' भनेर उभिएका वृषपर्वासित देवयानीले आफ्नो अभिप्राय बुझाउँदै भनिन्–'म 'पिताद्वारा कन्यादान दिएर जहाँ जानेछु, त्यहीं शर्मिष्ठा आफ्ना एक हजार सखीहरू सहित मेरी दासी बनेर सेवाको निम्ति जाओस्' ॥ २८ ॥ आफ्ना सबै सम्बन्धीहरूमा सङ्कट आउने सम्भावना देखेर र उनका कामको गुरुता बुझेर शर्मिष्ठा आफ्ना एक हजार सखीहरू सहित देवयानीकी दासी बनेर सेवा गर्न लागिन्

प्रत्यनीकविवक्षितम् ॥ गुरुं प्रसादयन्मूर्ध्ना पादयोः पतितः पथि ॥ २६ ॥ क्षणार्धमन्युर्भगवान् शिष्यं व्याचष्ट भार्गवः ॥ कामोऽस्याः क्रियतां राजन्नैनां त्यक्तुमिहोत्सहे ॥ २७ ॥ तथेत्यवस्थिते प्राह देवयानी मनोगतम् ॥ पित्रा दत्ता यतो यास्ये सानुगा यातु मामनु ॥ २८ ॥ स्वानां तत्सङ्कटं वीक्ष्य तदर्थस्य च गौरवम् ॥ देवयानीं पर्यचरत्स्त्रीसहस्रेण दासिवत् ॥२६॥ नाहुषाय सुतां दत्त्वा सह शर्मिष्ठयोशना ॥ तमाह राजञ्छर्मिष्ठामाधास्तल्पे न कर्हिचित् ॥ ३० ॥ विलोक्यौशनसीं राजञ्छर्मिष्ठा सप्रजां क्वचित् ॥ तमेव वव्रे रहसि सख्याः पतिमृतौ सती ॥३१॥ राजपुत्र्यार्थितोऽपत्ये धर्मं चावेक्ष्य धर्मवित् ॥ स्मरञ्छुक्रवचः काले दिष्टमेवाभ्यपद्यत ॥ ३२ ॥ यदुं च तुर्वसुं चैव देवयानी व्यजायत ॥ द्रुह्युं चानुं च शर्मिष्ठा वार्षपर्वणी ॥ ३३ ॥ गर्भसम्भवमासुर्या भर्तुर्विज्ञाय मानिनी ॥ देवयानी पितुर्गेहं ययौ क्रोधविमूर्च्छिता ॥ ३४ ॥ प्रियामनुगतः कामी वचोभिरुपमन्त्रयन् ॥

॥२९॥ त्यसपछि शुक्राचार्यले राजा ययातिलाई शर्मिष्ठाका साथै आफ्नी छोरी दिएर भने–'हे राजन् ! तिमी आफ्नू शय्यामा शर्मिष्ठालाई कहिल्यै आउन नदिए ॥३०॥ केही दिनपछि एकपल्ट ऋतुमती भएपछि शर्मिष्ठाले शुक्रसुता देवयानीलाई पुत्रवती देखेर आफ्नी सखीका पति राजा ययातिसित एकान्तमा संभोगको निम्ति प्रार्थना गरिन् ॥३१॥ यस प्रकार यौटी राजपुत्रीद्वारा सन्तानको निम्ति प्रार्थित भएर धर्मज्ञ ययातिले आफ्नो धर्म जानेर दैत्यगुरु शुक्रार्यको वचन सम्झिरहे पनि दैवको नै अनुसरण गरे । यस प्रकार देवयानीका यदु र तुर्वसु तथा वृषपर्वातनया शर्मिष्ठाका द्रुह्यु, अनु र पुरु नामका तीन छोरा भए ॥ ३३ ॥ ती *मानिनी देवयानीलाई जब यो कुरा थाहा भयो कि मेरै पतिद्वारा शर्मिष्ठालाई गर्भ

* उदाहरण—(स्वास्तीले लोग्नेलाई कुटी)—संसारमा अनेक विदुषी नारीलाई कठोर पति र अनेक विद्वान् पुरुषलाई कर्कशा नारी प्राप्त हुन्छन् । तैपनि विचारशील स्त्री-पुरुष आफ्नो विवेकले घर स्वर्ग तुल्याउँछन् । महान् सन्त तुकारामकी पत्नी कर्कशा स्त्री थिइन् । तुकारामको काम सन्त सेवा, समाज-सेवा र न्यायपूर्ण जीवन बिताउनु थियो तर तिनकी स्त्रीलाई यो कुरा मनपर्दैनथ्यो, किनकि ती स्वार्थी र बझौटी थइन् । एक दिन तुकाराम खेतबाट उखूको भारी बोकेर घर आइरहेका थिए । बाटोमा निर्धन व्यक्ति र तिनका बालक उभिएका देखिए । तुकारामलाई तीमाथि दया लागेर आयो र उखू बाँड्न लागे । बाँड्दा-बाँड्दै यौटा उखू बाँकी रह्यो । त्यो लिएर गई पत्नीलाई दिए । पत्नीले बाटोमै उखू बाँडेको कुरा जानिसकेकी थिइन् । अतः रिसाएर बसेकै थिइन् । उखू हातमा पर्नासाथ तुकारामको ढिँडमा बजारिन्, त्यसले उखू दुइ टुक्रा भयो । तुकारामले हाँसेर भने–'वाह ! तिमी कति बुद्धिमती छौ, तिम्रो मप्रति कस्तो प्रेम छ ! उखू जस्तो वस्तु पनि तिमीलाई एक्लै खान मन लागेन । त्यसै कारण तिमीले यसको दुइ टुक्रा पारिदियौ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

रहेको छ–रिसाएर ती आफ्ना पिताको घर गइन् ।।३४।। कामी राजा ययाति पनि पछि-पछि गए तर खुट्टा छोएर पनि राजाले उनलाई फर्काएर ल्याउन सकेनन् ।।३५।। देवयानीबाट सबै कुरा सुनेर रिसाएका शुक्राचार्यले भने–'ए स्त्रीकामी, मन्दमति र झूठो पुरुष ! तँलाई मनुष्यलाई कुरूप पारिदिने वृद्धावस्था तत्काल प्राप्त होओस् ॥ ३६ ॥ अनि राजा ययातिले भने–हे ब्रह्मन् ! अझ हजुरकी छोरीसित विषय भोग गरेर तृप्त भएको छैन ।' शुक्राचार्यले भने–'उसो भए यदि कोही स्वेच्छाले आफ्नो यौवन दिन्छ भने तिमी उसलाई वृद्धावस्था दिएर साट्न सक्दछौ ।।३७।। शुक्राचार्य द्वारा यस्तो, व्यवस्था पाएर ययाति आफ्नो जेठो छोरो यदुसित भन्दछन्–हे वत्स ! तिमी आफ्ना हजुर बाबाले दिएको वृद्धावस्था लिएर मलाई आफ्नो यौवन दिनसक्दछौ ? किनकि म अझ सांसारिक विषयबाट तृप्त भएको छैन । तिम्रो यौवन पाएर केही वर्ष अझ विहार गर्दछु' ।।३८।।३९।। यदुले भने–'हे पिता ! म बेला नपुग्दै प्राप्त हजुरको वृद्धावस्था लिएर बाँच्न चाहन्न, किनकि विषय-सुखको अनुभव नगर्दै मनुष्य त्यतातिरबाट विरक्त हुन सक्तैन ॥ ४० ॥

न प्रसादयितुं शेके पादसंवाहनादिभिः ।।३५।। शुक्रस्तमाह कुपितः स्त्रीकामानृतपूरुष ॥ त्वां जरा विशतां मंद विरूपकरणी नृणाम् ॥३६॥ ययातिरुवाच ॥ अतृप्तोऽस्म्यद्य कामानां ब्रह्मन्दुहितरि स्म ते ॥ व्यत्यस्यतां यथाकामं वयसो योऽभिधास्यति ॥३७॥ इति लब्धव्यवस्थानः पुत्रं ज्येष्ठमवोचत ॥ यदो तात प्रतीच्छेमां जरां देहि निजं वयः ॥३८॥ मातामहकृतां वत्स न तृप्तो विषयेष्वहम् ॥ वयसा भवदीयेन रंस्ये कतिपयाःसमाः ॥३९॥यदुरुवाच ॥ नोत्सहे जरसा स्थातुमन्तरा प्राप्तया तव ॥ अविदित्वा सुखं ग्राम्यं वैतृष्ण्यं नैति पूरुषः ॥४०॥ तुर्वसुश्चोदितः पित्रा द्रुह्युश्चानुश्च भारत ॥ प्रत्याचख्युरधर्मज्ञा ह्यनित्ये नित्यबुद्धयः ॥४१॥ अपृच्छत्तनयं पूरुं वयसोनं गुणाधिकम् ॥ न त्वमग्रजवद्वत्स मां प्रत्याख्यातुमर्हसि ॥४२॥ पूरुरुवाच॥को नु लोके मनुष्येन्द्र पितुरात्मकृतः पुमान् ॥ प्रतिकर्तुं क्षमो यस्य प्रसादाद्विन्दते परम् ॥४३॥ उत्तमश्चिन्तितं कुर्यात्प्रोक्तकारी तु मध्यमः ॥ अधमोऽश्रद्धया कुर्यादकर्तोच्चरितं पितुः ॥४४॥ इति प्रमुदितः पूरुः प्रत्यगृह्णाज्जरां पितुः ॥ सोऽपि तद्वयसा कामान् यथावज्जुजुषे नृपः ॥४५॥ सप्तद्वीपपतिःसम्यक् पितृवत्पालयन्प्रजाः ॥ यथोपजोषं विषयाञ्जुजुषेऽव्याहतेन्द्रियः ॥ ४६ ॥ देवयान्यप्यनुदिनं मनोवाग्देहवस्तुभिः ॥ प्रेयसः परमां प्रीतिमुवाह

हे राजन् ! त्यसै गरी तुर्वसु र द्रुह्यु, अनुले पनि पिताको प्रार्थना सुनेनन्, किनकि ती धर्म जान्दैनथे र देहादि अनित्य वस्तुलाई नै नित्य ठान्दथे ।।४१।। अनि राजा ययातिले अवस्थामा सबैभन्दा सानो र गुणमा सबभन्दा ठूलो आफ्नो पूरु नामक छोरोसित भने–'बाबू ! यो आफ्ना दाजूहरू झैं तिमीले त मेरो कुरा अस्वीकार गर्न छैनौ ॥ ४२ ॥ पूरुले भने-'हे नरेन्द्र ! जुन पिताको कृपाले मनुष्य परमपदसम्म पाउँदछ, आफ्नो शरीरलाई उत्पन्न गर्ने त्यस पिताको ऋण यस लोकमा कसले तिर्न सक्ला ? ।।४३।। जुन पुत्र पिताले विचार मात्र गरेका काम सम्पन्न पार्दछ, त्यो उत्तम हो । जो भनेर गर्दछ, त्यो मध्यम हो र जो अश्रद्धाले गर्दछ, त्यो अधम पुत्र हुन्छ । जो भनेपछि पनि गर्दैन, त्यो माता-पिताको (छोरो नभएर) मल-मूत्र एव विष्ठा नै हो ।।४४।। हे राजन् ! यति भनेर पूरुले खुशीसाथ पिताको वृद्धावस्था स्वीकार गरे र राजा ययाति उसको यौवन पाएर मनपर्दो काइदाले विषय सेवन गर्नलागे ।।४५।। उनले सातै द्वीपको प्रभुता पाएर आफ्ना पिता जस्तै प्रजाको राम्ररी पालन गरे र आफ्ना इन्द्रिय हरूका शक्तिलाई अक्षुण्ण राख्दै यथेच्छ विषयहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोगे ।।४६।। तिनकी प्रेयसी देवयानी पनि एकान्तमा मन, वाणी, देह र अन्य सबै वस्तुले आफ्ना प्रियतमलाई सर्वदा प्रसन्न राख्न लागिन् ।। ४७ ।। आफ्नो राज्यकालमा ययातिले सबै वेदका आधार सर्वदेवमय यज्ञपुरुषको अनेक ठूला-ठूला दक्षिणा दिइने यज्ञ द्वारा यजन गरे ।।४८।। जसमा आकाशस्थ मेघमाला झैं रचित यो जगत् स्वप्न, माया तथा मनोरथजनित पदार्थका झैं कहिले विविधरूपले भासमान् र कहिले भासमान हुँदैन पनि, उनैं सर्व भूतान्तर्यामी सूक्ष्मातिसूक्ष्म श्रीनारायणलाई आफ्नो हृदयमा ध्यान गर्दै उनले निष्काम भावले भगवान्को उपासना गरे ।।४९।।५०।। यस प्रकार जसमा मन छैठौं छ, ती आफ्ना उच्छृङ्खल इन्द्रियहरू द्वारा एक हजार वर्षसम्म मनपर्दो आनन्द-दायक भोग अहर्निशि भोगेर पनि ती चक्रवर्ती राजा तृप्त हुन सकेनन् ।।५१।। इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायामष्टादशोऽध्यायः ।।१८।।

(राजा ययातिको गृहत्याग) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! यसरी स्त्रीको वशवर्ती भएर सबै भोगहरू भोग्दै राजा ययातिले जब आफ्नो आत्माको डरलाग्दो पतन जाने

प्रेयसी रहः ।। ४७ ।। अयजद्यज्ञपुरुषं क्रतुभिर्भूरिदक्षिणैः ।। सर्ववेदमयं देवं सर्ववेदमयं हरिम् ।। ४८ ।। यस्मिन्निदं विरचितं व्योम्नीव जलदावलिः ।। नानेन भाति नाभाति स्वप्नमायामनोरथः ।। ४९ ।। तमेव हृदि विन्यस्य वासुदेवं गुहाशयम् ।। नारायणमणीयांसं निराशीरयजत्प्रभुम् ।।५०।। एवं वर्षसहस्राणि मनःषष्ठैर्मनःसुखम् ।। विदधानोऽपि नातृप्यत्सार्वभौमः कदिन्द्रियः ।। ५१ ।। इति श्रीमद्भागवते नवमस्कन्धेऽष्टादशोऽध्यायः ।। १८ ।।

श्रीशुक उवाच ।। स इत्थमाचरन्कामान्स्त्रैणोऽपह्नवमात्मनः ।। बुद्ध्वा प्रियायै निर्विण्णो गाथामेतामगायत ।। १ ।। शृणु भार्गव्यमूं गाथां मद्विधाचरितां भुवि ।। धीरा यस्यानुशोचन्ति वने ग्रामनिवासिनः ।। २ ।। बस्त एको वने कश्चिद्विचिन्वन्प्रियमात्मनः ।। ददर्श कूपे पतितां स्वकर्मवशगामजाम् ।। ३ ।। तस्य उद्धरणोपायं बस्तः कामी विचिन्तयन् ।। व्यधत्त तीर्थमुद्धृत्य विषाणाग्रेण रोधसी ।। ४ ।। सोत्तीर्य कूपात्सुश्रोण तमेव चकमे किल ।। तया वृतं समुद्वीक्ष्य बह्व्योऽजाः कान्तकामिनीः ।। ५ ।। पीवानं श्मश्रुलं प्रेष्ठं मीढ्वांसं याभकोविदम् ।। स एकोऽजवृषस्तासां बह्वीनां रतिवर्धनः ।। रेमे कामग्रहग्रस्त आत्मानं नावबुध्यत ।। ६ ।। तमेव प्रेष्ठतमया रममाणमजाऽन्यया ।। विलोक्य

विषयबाट एकदम विरक्त भएर एक दिन आफ्नी प्रियासित भने–।।१।। 'हे शुक्रपुत्री ! यस पृथ्वीतलमा जसको विषयमा सबै वनवासी र जितेन्द्रिय पुरुष–'हरे ! यसको उद्धार कसरी होला ?' यस्तो शोक गर्छन्, यस्तै म झैं यौटा ग्राम-निवासीद्वारा आचारित यो गाथा सुन–।।२।। एक समय यौटा बोकोले वनमा आफूलाई मनपर्ने भोगहरू खोज्दा-खोज्दै निजकर्मवश कुवामा परेकी यौटी बाख्री देख्यो ।।३।। त्यो कामी बोकोले त्यसलाई बाहिर झिक्ने यत्न विचारेर आफ्ना सींगले कूपको नगीचैको भूमि खनेर बाटो बनायो।।४।।कूपबाट बाहिर निस्केर त्यो बाख्रीले उसैलाई पति तुल्याई । त्यसद्वारा वरण गरिएको त्यो बोकाको पुष्ट शरीर, लामो दाह्री, रति-सुखदायक र मैथुन-कर्ममा कुशल देखेर पतिको इच्छा भएका अरु पनि अनेक बाख्रीहरूले उसैलाई वरण गरे । यस प्रकार यौटै बोको कामरूपी पिशाचको फेला परेर अनेक बाख्रीहरूको रतिसुख बढाउँदै तिनीहरूसित रमण गर्न लाग्यो र आफ्नो सुद्धि-बुद्धिसमेत बिर्सिदियो ।। ५ ।। ६ ।। त्यसले अन्य बाख्रीसित रमण गरेको देखेर त्यसकी पहिली पत्नी, जसलाई उसले कूआबाट बाहिर झिकेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

थियो, त्यसन्ले त्यो कर्म सहन सकिन र त्यो रिसले अत्यन्त दुःखी भएर त्यो इन्द्रियलोलुप, क्षणिक प्रीति हुने सुहृद्रूपी शत्रु पतिलाई त्यागेर आफ्नो अघिको स्वामी अर्थात् पाल्नेकहाँ फर्केर गई ॥ ७॥८ ॥ यस्तो स्थितिमा स्त्रीलोलुप बोको उसलाई फकाउन पछि-पछि दगुर्‍यो, तर बाटोमा त्यसले उसलाई बुझाएर फर्काउन सकेन ॥९॥ त्यसै बखत बाख्रीका ब्राह्मण स्वामीले बोकाको झुण्डिएका अण्डकोश काटिदिए । फेरि आफ्नी बाख्रीको स्वार्थ साधनका लागि त्यसलाई जस्ताको तस्तै पार्न जान्ने ती ब्राह्मणले पहिले जस्तै पारिदिए ॥१०॥ हे भद्रे ! अण्डकोश जोरिएपछि बोको कुवामा भेटिएकी बाख्रीसित धेरै दिनसम्म अनेक थरिका भोग भोगेर पनि तृप्ति पाउन सकेन ॥११॥ हे सुभ्रू ! त्यो जस्तै म पनि तिम्रो प्रेम-पाशमा बाँधिएर अत्यन्त दीन-हीन र तिम्रो मायाले मोहित भई स्वयं आफूलाई एकदम बिर्सिदिएको छु ॥१२॥ हे प्रिये ! संसारमा जति पनि धन-धान्य, पशु, नारीहरू छन्, ती सबै मिलेर पनि कुनै यौटा विषयी पुरुषको असन्तुष्ट चितलाई सन्तुष्ट पार्नमा समर्थ हुन सक्तैनन् ॥१३॥

कोपसंविग्ना नारूष्यद्धस्तकर्म तत् ॥ ७ ॥ तं दुर्हृदं सुहृद्रूपं कामिनं क्षणसौहृदम् ॥ इन्द्रियाराममुत्सृज्य स्वामिनं दुःखिता ययौ ॥ ८ ॥ सोऽपि चानुगतः स्त्रैणः कृपणस्तां प्रसादितुम् ॥ कुर्वन्निडविडाकारं नाशक्नोत्पथि संधितुम् ॥९॥ तस्यास्तत्र द्विजः कश्चिदजास्वाम्यच्छिनद्रुषा ॥ लम्बन्तं वृषणं भूयः सन्दधेऽर्थाय योगवित् ॥ १० ॥ सम्बद्धवृषणः सोऽपि ह्यजया कूपलब्धया ॥ कालं बहुतिथं भद्रे कामैर्नाद्यापि तुष्यति ॥ ११ ॥ तथाऽहं कृपणः सुभ्रु भवत्याः प्रेमयन्त्रितः ॥ आत्मानं नाभिजानामि मोहितस्तव मायया ॥१२॥ यत्पृथिव्यां व्रीहियवं हिरण्यं पशवः स्त्रिय ॥ न दुह्यन्ति मनःप्रीतिं पुंसः कामहतस्य ते ॥ १३ ॥ न जातु कामः कामनामुपभोगेन शाम्यति ॥ हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते ॥ १४ ॥ यदा न कुरुते भावं सर्वभूतेष्वमङ्गलम् ॥ समदृष्टेस्तदा पुंसः सर्वाः सुखमया दिशः ॥ १५ ॥ या दुस्त्यजा दुर्मतिभिर्जीर्यतो या न जीर्यते ॥ तां तृष्णां दुःखनिवहां शर्मकामी द्रुतं त्यजेत् ॥ १६ ॥ मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत् ॥ बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ॥ १७ ॥ पूर्णं वर्षसहस्रं मे विषयान्सेवतोऽसकृत् ॥ तथापि चानुसवनं तृष्णा तेषूपजायते ॥१८॥ तस्मादेतामहं त्यक्त्वा ब्रह्मण्याधाय मानम् ॥ निर्द्वन्द्वो निरहंकारश्चरिष्यामि मृगैः सह ॥ १९ ॥ दृष्टं श्रुतमसद्बुध्वा नानुध्यायेन्न संविशेत् ॥ संसृतिं चात्मनाशं च तत्र विद्वान्स

विषयलाई सधैँ भोग्नाले वासना कहल्यै शान्त हुँदैन । त्यो त घिउको आहुति पाउने अग्नि झैं झन्-झन् बढ्दै जान्छ ॥१४॥ जो मनुष्य सबै प्राणीमा अमङ्गलको भाव राख्दैन, त्यो समदर्शीका लागि सबै दिशा आनन्ददायिनी हुन्छन् ॥१५॥ जुन कुबुद्धि पुरुषका लागि त्यागिनसक्नु छ र जो शरीर बूढो भएर पनि जीर्ण हुँदैन, त्यो दुःखबहुल तृष्णा सुख खोज्ने व्यक्ति तत्काल छाडोस् ॥ १६ ॥ प्रत्येक व्यक्तिको कर्तव्य हो—आफ्नी आमा, बहिनी र छोरीसित पनि एकान्तमा नबसोस्, किनकि इन्द्रियहरू धेरै बलिया हुन्छन्, त्यो विचारशील व्यक्तिलाई पनि विचलित पारिदिन्छन् ॥ १६ ॥ हेर न, मैले विषय-सेवन गरेको एक हजार वर्ष बितिसक्यो, तथापि तिनमा मेरो मनको लालसा बढ्दै नै गइरहेछ ॥ १८ ॥ अतः अब म विषयको आशा त्यागेर आफ्नो मन परब्रह्ममा लगाई निर्द्वन्द्व र अहङ्कार शून्य भई वनमा मृगहरूसित विचरण गर्दछु ॥ १९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन व्यक्ति देखे-सुनेका पदार्थलाई असत्य जानी--तिनको आसक्तिबाट जन्म-मरणरूपी संसारको प्राप्ति र आत्मनाश हुन्छ--यो जानेर जो तिनको चिन्तन र भोग गर्दैन त्यही आत्मज्ञानी हुन्छ' ॥ २० ॥ हे राजन् ! आफ्नी पत्नी देवयानीसित यति भनेर राजा ययाति विषयबाट विरक्त भई पूरुको युवावस्था फर्काई आफ्नो वृद्धावस्था लिए ।।२१।। त्यसपछि दक्षिण-पूर्व दिशामा द्रुह्युलाई, पश्चिममा तुर्वसुलाई, दक्षिणमा यदु र उत्तरमा अनुलाई मण्डलेश्वर तुल्याई संसारको सबै सम्पत्ति पाउने योग्य पात्र पुरूलाई समस्त भूमण्डलको राज्यमा अभिषिक्त पारी, दाजूहरूलाई उसकै अधीन तुल्याई आफू वनमा गए। जस्तै प्वाँख निस्केपछि चराले गुँड छाड्दछन्, त्यस्तै राजा ययातिले शब्दादि सबै विषय अनेक वर्षसम्म भोगेका इन्द्रिय सुख एक क्षण मै त्यागिदिए ॥ २३ ॥ २४ ॥ लोक-विख्यात राजा ययातिले वनमा बसेर संगतिबाट छुटेर आत्मानुभव द्वारा त्रिगुणमय लिङ्ग-देहबाट शुक्त भएर सबै दोषबाट रहित वासुदेव परब्रह्मको तादात्म्यरुपिणी गति पाए ॥ २५ ॥ देवयानीले यो कथा सुनेर आफ्नो निम्ति उपालम्भ, हेलाँ ठानिन् । उनले बुझिन्--

आत्मदृक् ॥ २० ॥ इत्युक्त्वा नाहुषो जायां तदीयं पूरवे वयः ॥ दत्त्वा स्वां जरसं तस्मादाददे विगतस्पृहः ॥ २१ ॥ दिशि दक्षिणपूर्वस्यां द्रुह्युं दक्षिणतो यदुम् ॥ प्रतीच्यां तुर्वसुं चक्र उदीच्यामनुमीश्वरम् ॥ २२ ॥ भूमण्डलस्य सर्वस्य पूरुमर्हत्तमं विशाम् ॥ अभिषिच्याग्रजाँस्तस्य वशे स्थाप्य वनं ययौ ॥२३॥ आसेवितं वर्षपूगान्षड्वर्गं विषयेषु सः ॥ क्षणेन मुमुचे नीडं जातपक्ष इव द्विजः ॥२४॥ स तत्र निर्मुक्तसमस्तसंग आत्मानुभूत्या विधुतत्रिलिङ्गः ॥ परेऽमले ब्रह्मणि वासुदेवे लेभे गतिं भागवतीं प्रतीतः ॥ २५ ॥ श्रुत्वा गाथां देवयानी मेने प्रस्तोभमात्मनः ॥ स्त्रीपुंसोः स्नेह-वैक्लव्यात्परिहासमिवेरितम् ॥ २६ ॥ सा संनिवासं सुहृदां प्रपायामिव गच्छताम् ॥ विज्ञायेश्वरतन्त्राणां मायाविरचितं प्रभोः ॥ २७ ॥ सर्वत्र सङ्गमु-त्सृज्य स्वप्नौपम्येन भार्गवी ॥ कृष्णे मनः समावेश्य व्यधुनोल्लिङ्गमात्मनः ॥ २८ ॥ नमस्तुभ्यं भगवते वासुदेवाय वेधसे ॥ सर्वभूताधिवासाय शान्ताय बृहते नमः ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे एकोनविंशोऽध्यायः ॥ १९ ॥

श्रीशुक उवाच पूरोर्वंशं प्रवक्ष्यामि यत्र जातोऽसि भारत ॥ यत्र राजर्षयो वंश्या ब्रह्मवंश्याश्च जज्ञिरे ॥१॥ जन्मेजयो ह्यभूत्पूरोः प्रचिन्वांस्तत्सुत-स्ततः ॥ प्रवीरोऽथ नमस्युर्वै तस्माच्चारुपदोऽभवत् ॥२॥ तस्य सुद्युरभूत्पुत्रस्तस्माद्बहुगवस्ततः ॥ संयातिस्तस्याहंयाती रौद्राश्वस्तत्सुतः स्मृतः ॥३॥

स्त्री-पुरुषको स्नेहको असारताले गर्दा नै यस्तो भनेर मेरो परिहास गरिएको हो । यसै निम्ति देवयानीले ईश्वराधीन सुहृद्को सहवासलाई पाटीमा एकत्रित व्यक्तिको सहवास झैं क्षणिक, भगवानको मायाले निर्मित र सबै संसारलाई स्वप्न झैं मिथ्या ठानेर तिनले शरीर त्यागिदिइन् ॥२६-२८॥ देह त्याग्दा उनले भनिन्--'सम्पूर्ण जगतका रचयिता, सबै प्राणीहरूका आश्रय, शान्त स्वरूप र सर्वव्यापक वासुदेव भगवानूलाई प्रणाम छ' ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपाली भाषाटीकायामेकोनविंशोऽध्यायः ॥ १९ ॥

(पुरुवंशको चरित्र र राजा दुष्यन्त, भरतको वृत्तान्त)--श्रीशुकदेव भन्नुहुन्छ--हे राजन् ! अब जसमा तिम्रो जन्म भएको छ र जसका वंशधर अनेक राजर्षि तथा ब्रह्मर्षि भइ-सकेका छन्, त्यस पुरुवंशको वर्णन सुन ॥१॥ पुरुबाट जन्मेजय, तिनका प्रचिन्वान, उनका प्रवीर, प्रवीरबाट नमस्यु र नमस्युबाट चारुपदको जन्म भयो ॥२॥ चारुपदका सुद्यु, उनका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

बृहद्गव, बृहद्गवका संयाति, संयातिबाट अहंयाति र अहंयातिका छोरा रौद्राश्व भए।।३।। हे जन् ! जसरी मुख्य प्राणबाट दस इन्द्रिय उत्पन्न हुन्छन्, त्यस्तै नै रौद्राश्वका घृताची अप्सराबाट ऋतेयु, कुक्षेयु, स्थण्डिलेयु, कृतेयु, जलेयु, सन्ततेयु, धर्मेयु, सत्येयु व्रतेयु र सबभन्दा कोछा वनेयु—यी दस पुत्र जन्मिए ॥ ४॥५ ॥ हे नृपः तिनमा ऋतेयुका रन्तिभार उत्पन्न भए। उनका सुमति, ध्रुव र अप्रतिरथ नामका तीन छोरा भए। तीमध्ये अप्रतिरथका छोरा कण्व जन्मिए ॥ ६ ॥ उनका मेधातिथि थिए, जसको द्वारा प्रस्कण्व आदि ब्राह्मण उत्पन्न भए। सुमतिका छोरा रैभ्य र रैभ्यका दुष्यन्त नामले प्रसिद्ध भए ॥ ७ ॥ एक समय केही सैनिक लिई राजा दुष्यन्त शिकार खेल्न वनमा गए रकण्व मुनिको आश्रममा पुगे। त्यहाँ लक्ष्मी समान आफ्नो कान्तिले त्यस आश्रमलाई सुशोभित पार्ने यौटी देवमाया जस्ती मनोहारिणी कन्या बसेकी देखेर राजा तत्काल मोहित भए र ती सुन्दरीसित कुरा गर्नलागे। त्यसको दर्शनले आसन्दिता भएर थकाई मारिसकेपछि ती कामसन्तप्त राजाले हाँस्तै मीठो स्वरमा भने ॥ ८-१० ॥ हे कमल-नयनी ? तिमी को हौ ? हे कल्याणि !

ऋतेयुस्तस्य कुक्षेयुः स्थण्डिलेयुः कृतेयुकः ॥ जलेयुः सन्ततेयुश्च धर्मसत्यव्रतेयवः ॥४॥ दशैतेऽप्सरसः पुत्रा वनेयुश्चावमः स्मृतः ॥ घृताच्यामिन्द्रियाणीव मुख्यस्य जगदात्मनः ॥५॥ ऋतेयो रन्तिभारोऽभूत्त्रयस्तस्यात्मजा नृप ॥ सुमतिर्ध्रुवोऽप्रतिरथः कण्वोऽप्रतिरथात्मजः ॥६॥ तस्य मेधातिथिस्तस्मात्प्रस्कण्वाद्या द्विजातयः ॥ पुत्रोऽभूत्सुमते रैभ्यो दुष्यन्तस्तत्सुतो मतः ॥७॥ दुष्यन्तो मृगयां यातः कण्वाश्रमपदं गतः ॥ तत्रासीनां स्वप्रभया मण्डयन्तीं रमामिव ॥८॥ विलोक्य सद्यो मुमुहे देवमायामिव स्त्रियम् ॥ बभाषेतां वरारोहां भटैः कतिपयैर्वृतः ॥९॥ तद्दर्शनप्रमुदितः संनिवृत्तपरिश्रमः ॥ पप्रच्छ कामसन्तप्तः प्रहसञ्श्लक्ष्णया गिरा ॥१०॥ का त्वं कमलपत्राक्षि कस्यासि हृदयङ्गमे ॥ किं वा चिकीर्षितं त्वत्र भवत्या निर्जनेवने ॥११॥ व्यक्तं राजन्यतनयां वेद्म्यहं त्वां सुमध्यमे ॥ न हि चेतः पौरवाणामधर्मे रमते क्वचित् ॥ १२ ॥ शकुन्तलोवाच ॥ विश्वामित्रात्मजैवाहं त्यक्ता मेनकया वने ॥ वेदैतद्भगवान्कण्वो वीर किं करवाम ते ॥१३॥ आस्यतां ह्यरविन्दाक्ष गृह्यतामर्हणं च नः ॥ भुज्यतां सन्ति नीवारा उष्यतां यदि रोचते ॥ १४ ॥ दुष्यन्त उवाच ॥ उपपन्नमिदं सुभ्रु जातायाः कुशिकान्वये ॥ स्वयं हि वृणते राज्ञां कन्यकाः सदृशं वरम् ॥ १५ ॥ ओमित्युक्ते यथाधर्ममुपयेमे शकुन्तलाम् ॥ गान्धर्वविधिना राजा देशकालविधानवित् ॥१६॥ अमोघवीर्यो राजर्षिर्महिष्यां वीर्यमादधे ॥ श्वोभूते स्वपुरं यातः कालेनासूत सा

तिमी कसकी छोरी हौ ? हे मनोरमे ! यस निर्जन वनमा तिमी किन डुल्दैछौ ! ॥ ११ ॥ हे सुमध्यमे ! तिमी क्षत्रिय-कन्या हौ भन्ने म स्पष्ट देखिरहेको छु, किनकि पूरुवंशीको चित्त कहिल्यै अधर्ममा प्रवृत्त हुँदैन' ॥ १२ ॥ शकुन्तला बोलिन्—म मेनका अप्सराबाट उत्पन्न महर्षि विश्वामित्रकी छोरी हुँ। मलाई मेनका यही वनमा छाडेर गएकी थिइन्। यो कुरा भगवान कण्व जान्दछन्। हे वीर ! म हजुरको के सेवा गरौं ? ॥१३॥ हे महाराज ! यहाँ बसेर हामीले अर्पित आसनादि स्वीकार गर्नोस्। यहाँ जे जति छ, खान-पान गरेर आज रातभरि यहीं आश्रममै विश्राम गर्नुहवस् ॥ १४ ॥ दुष्यन्तले भने—हे सुभ्रू ! कुशिक वंशमा उत्पन्न भएको नाताले तिम्रो भनाई अनुचित छैन, किनकि राजकन्याहरू आफ्नो अनुरूप वर स्वयं रोज्दछन् ॥ १५ ॥ यसपछि शकुन्तलाले 'हुन्छ' भनेपछि देश, काल र विधिका ज्ञाता राजा दुष्यन्तले सुन्दरी शकुन्तलासित धर्मानुसार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धर्व बिहाह गरे ॥१६॥ अनि अमोघवीर्य वी राजाले शकुन्तलामा गर्भाधान गरे र भोलिपल्ट बिहानै आफ्नो नगरमा फर्केर गए। त्यसपछि शकुन्तलाले यथा समय यौटा पुत्ररत्नलाई जन्मदिइन् ॥ १७ ॥ महर्षि कण्वले वनमा नै बालकको जातकर्मादि सबै संस्कारहरू सम्पन्न गरे। त्यो वीर बालक बलपूर्वक सिंहलाई बाँधेर त्योसित खेल्ने गर्दथ्यो ॥ १८ ॥ केही समयपछि स्त्रीहरूमा श्रेष्ठ शकुन्तला श्रीहरिको अंशले उत्पन्न ती अपरिमित शक्तिशाली बालक लिएर आफ्ना पति राजा दुष्यन्तकहाँ गइन् ॥ १९ ॥ तर जब राजाले ती निर्दोष पत्नी र पुत्रलाई अस्वीकार गरे तब सबै प्राणीहरूलाई सुनाउँदै आकाशबाट अशरीरिणी (आकाश) वाणी भयो—॥२०॥ 'आमा त कामीको खलाँती जस्तै हुन्छन्। बस्तुतः पुत्र पिताको नै हुन्छ, किनकि त्यो जसद्वारा उत्पन्न हुन्छ, त्यसैको स्वरूप भइजान्छ। अतः हे राजा दुष्यन्त! तिमी यस पुत्रको पालन गर—शकुन्तलाको अपमान हुन नपाओस् ॥२१॥ हे नरदेव! वीर्यसेचन द्वारा जायमान एवं वंश-वृद्धि गर्ने छोरोले आफ्ना पितालाई नरक जानबाट बचाउँछ। शकुन्तलाको भनाई सत्य हो। यस गर्भका

सुतम् ॥ १७ ॥ कण्वः कुमारस्य वने चक्रे समुचिताः क्रियाः ॥ बद्ध्वा मृगेन्द्रांस्तरसा क्रीडति स्म स बालकः ॥ १८ ॥ तं दुरत्ययविक्रान्तमादाय प्रमदोत्तमा ॥ हरेरंशांसम्भूतं भर्तुरन्तिकमागमत् ॥ १९ ॥ यदा न जगृहे राजा भार्यापुत्रावनिन्दितौ ॥ शृण्वतां सर्वभूतानां खे वागाहाशरीरिणी ॥२०॥ माता भस्त्रा पितुः पुत्रो येन जातः स एव सः ॥ भरस्व पुत्रं दुष्यन्त मावमंस्थाः शकुन्तलाम् ॥ २१ ॥ रेतोधाः पुत्रो नयति नरदेव यमक्षतात् ॥ त्वं चास्य धाता गर्भस्य सत्यमाह शकुन्तला ॥२२॥ पितर्युपरते सोऽपि चक्रवर्ती महायशाः ॥ महिमा गीयते तस्य हरेरंशभुवो भुवि ॥२३॥ चक्रं दक्षिणहस्तेऽस्य पद्मकोशोऽस्य पादयोः ॥ ईजे महाभिषेकेण सोऽभिषिक्तोऽधिराड् विभुः ॥ २४ ॥ पञ्चपञ्चशता मेध्यैर्गङ्गायामनु वाजिभिः ॥ मामतेयं पुरोधाय यमुनायामनु प्रभुः ॥ २५ ॥ अष्टसप्ततिमेध्याश्वान्बबन्ध प्रददद्वसु ॥ भरतस्य हि दौष्यन्तेरग्निः साचीगुणे चितः ॥ सहस्रं बद्वशो यस्मिन्ब्राह्मणा गा विभेजिरे ॥ २६ ॥ त्रयस्त्रिंशच्छतं ह्यश्वान्बद्ध्वा विस्मापयन्नृपान् ॥ दौष्यन्तिरत्यगान्मायां देवानां गुरुमाययौ ॥ २७ ॥ मृगाण्छुक्लदतः कृष्णान्हिरण्येन परीवृतान् ॥ अदात्कर्मणि मष्णारे नियुतानि चतुर्दश ॥ २८ ॥ भरतस्य महत्कर्म न पूर्वे

स्थापक तिमी नै हौ' ॥ २२ ॥ हे राजन्! उसका पिता दुष्यन्तले देह त्यागेपछि बालक भरत महायशस्वी र चक्रवर्ती राजा भए। ती भगवदंशले उत्पन्न बालकको महिमा सम्पूर्ण पृथ्वीतलमा अझसम्म गान गरिन्छ ॥ २३ ॥ त्यसका दाहिने हातमा चक्र र पद्मकोशको चिन्ह विद्यमान थियो। ती परम समर्थ भरतले महाभिषेकविधि अनुसार राजाधिराज-पदमा अभिषिक्त भएर ममताका छोरा दीर्घतमा ऋषिलाई पुरोहित तुल्याई गङ्गातटमा लगातार पचपन्न पवित्र अश्वमेध यज्ञ गरे र अठार पवित्र अश्व यमुनातटमा बाँधे र धेरै धन दान दिए। ती भरतको यज्ञाग्निको उत्तम स्थानमा चयन गरिएको थियो। त्यस अग्निचयनको स्थानमा हजार ब्राह्मणमा प्रत्येक ब्राह्मणमा प्रत्येक ब्राह्मणले एकेक बद्व अर्थात् १३०८४ गाईहरू परस्पर बाँडेर पाएका थिए ॥ २४-२६ ॥ राजा भरतले यज्ञमा ३३ सय घोडा बाँधेर सबै राजाहरूलाई चकित पारिदिए र देवताको ऐश्वर्यलाई पनि सानो देखाएर परम पूजनीय श्रीहरिलाई प्राप्त गरेका थिए ॥ २७ ॥ उनले यज्ञको मष्णार नामक कर्ममा सुवर्णले विभूषित, सेता दाँत र कालो रंगका चौधलाख हात्ती ब्राह्मणहरूलाई दिए ॥२८॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDI - Delhi

भा न.

जस्तै कोई आफ्ना हातले आकाश छुन सक्तैन, त्यस्तै राजा भरतको महान् यशलाई न उसका पूर्ववर्ती राजाहरूले प्राप्त गर्नसके, न पछि हुनेले नै प्राप्त गर्न सक्नेछन् । दिग्विजयकोअव-
सरमा उनले किरात, हूण, यवन, आन्ध्र, कङ्क, खश र शक आदि सबै विप्रद्रोही राजाको वध गरिदिएका थिए । पूर्वसमयमा जुन बलवान् दैत्यले देवताहरूलाई जितेर रसातलमा गएर
बस्न लागे, तिनले जुन देवाङ्गनाहरूलाई समातेर रसातल लगेकाथिए, तिनलाई राजा भरतले मुक्त पारेर ल्याएका थिए ॥२९-३१॥ उनको राज्यमा पृथ्वी तथा आकाश प्रजाका सबै
कामनाहरू पूर्ण पार्दथे । यसरी सत्ताइस हजार वर्षसम्म उनले दसै दिशाको शासन गरे ॥३२॥ अन्त्यमा सम्राट् भरत सबै लोकपालका *महल आदिको ऐश्वर्य, सार्वभौम सम्पति,
॥३६॥ अटल अनुशासन तथा प्रिय प्राण–यी सबै मिथ्या हुन्–यो विचार गरेर सबै भोगबाट उपरत भए ॥३३॥ हे राजन् ! विदर्भराजका तीन कन्याहरू राजा भरतका मनपरेका पत्नीहरू

नापरे नृपाः ॥ नैवापुर्नैव प्राप्स्यन्ति बाहुभ्यां त्रिदिवं यथा ॥ २९ ॥ किरातहूणान् यवनानान्ध्रान्कङ्कान्खशाञ्छकान् ॥ अब्रह्मण्यान्नृपांश्चाहन्म्लेच्छा-
न्दिग्विजयेऽखिलाम् ॥ ३० ॥ जित्वा पुरा सुरा देवान् ये रसौकांसि भेजिरे ॥ देवस्त्रियो रसां नीताः प्राणिभिः पुनराहरत् ॥ ३१ ॥ सर्वकामान्दु-
दुहतुः प्रजानां तस्य रोदसी ॥ समास्त्रिणवसाहस्रीर्दिक्षु चक्रमवर्तयत् ॥ ३२ ॥ स सम्राट् लोकपालाख्यमैश्वर्यमधिराट् श्रियम् ॥ चक्रं चास्खलितं
प्राणान्मृषेत्युपरराम ह ॥ ३३ ॥ तस्यासन्नृप वैदर्भ्यः पत्न्यस्तिस्रः सुसम्मताः ॥ जघ्नुस्त्यागभयात्पुत्रान्नानुरूपा इतीरिते ॥ ३४ ॥ तस्यैवं
वितथे वंशे तदर्थं यजतः सुतम् ॥ मरुत्स्तोमेन मरुतो भरद्वाजमुपाददुः ॥ ३५ ॥ अन्तर्वत्न्यां भ्रातृपत्न्यां मैथुनाय बृहस्पतिः ॥ प्रवृत्तो वारितो
गर्भं शप्त्वा वीर्यमवासृजत् ॥ ३६ ॥ तां त्यक्तुकामां ममतां भर्तृत्यागविशङ्किताम् ॥ नामनिर्वचनं तस्य श्लोकमेनं सुरा जगुः ॥ ३७ ॥

थिए । तिनले आफ्ना छोराहरूलाई मेरो अनुरूप अर्थात् मेरा छोरा कहिने योग्य छैनन् भनेर त्यागिदिन्छन् भन्ने ठानी, राजाको डरले तिमीहरूलाई–छोराहरूलाई–मारिदिए ॥३४॥
यसरी वंश वितथ अर्थात् व्यर्थ भएपछि उनले सन्तानको निम्ति मरुत्स्तोम नामको यज्ञ गरे । अनि मरुद्गणले 'भरद्वाज' नामका पुत्र ल्याएर दिए ॥३५॥ उनको उत्पत्तिको कथा यस
प्रकार छ–एक दिन बृहस्पति आफ्नो भाइ (उतथ्य) की गर्भिणी पत्नीसित मैथुन गर्न उद्यत भए । अनि गर्भस्थ बालक (दीर्घतमा) ले रोकेपछि उनले त्यसलाई अन्धो हुने श्राप दिए
र वीर्य-पात गरिदिए ॥३६॥ अब 'पतिले मलाई त्यागिदिन्छन्' भन्ने डरले बृहस्पतिको वीर्यबाट उत्पन्न बालकलाई त्याग्न इच्छुक ममतासित देवताहरूले उसको नामको निर्णय गर्ने

* दृष्टान्त (धर्मशाला वा महल)–यौटा ठूला विरक्त साधु थिए । ती डुल्दै कुनै नगरमा पुगे । यौटा ठूलो घरलाई धर्मशाला ठानेर ती त्यहीँ गएर बसे । त्यसै बखत सिपाही आइपुगे र साधुलाई हप्काएर भने—'तँ राजमहलमा किन पसेको ?' साधुले भने–'मैले यसलाई धर्मशाला ठानेको थिएँ ।' त्यति सुनेर सिपाही रिसयो र जे मनमा आयो त्यो जाती नजतिसुनायो । सत्ता पाएपछि मनुष्य वर्ता अहङ्कारी हुन्छ भन्ने कुरा सर्वविदित छ । सूर्यका किरण जति तातो हुँदैनन्, त्यो भन्दा बर्ता बालुवा तातो हुन्छ । सिपाही जब गाली गरिरहेकै थिए, राजा पनि संयोगले त्यहीँ आइपुगे । राजाले साधुतिर हेरेर भने —महाराज ! तपाईं बिर्सिरहनु भएको छ, धर्मशाला पल्लोतिर छ । यो त राजमहल हो ।' साधुले भने—'राजन् ! यी सबै घर धर्मशाला नै हुन् र यसमा बस्ने जति सबै यात्री हुन् यहाँ कोही पनि अमर छैन । म त यसलाई पनि धर्मशाला नै ठान्दछु, किनकि तिम्रा पूर्वज यस महलमा यात्री झैं बसेर गए । अब तिमी छौ तिम्रोपछि तिम्रा छोरा बस्नेछन्, साधुका कुरा सुनेर राजा प्रसन्न भयो र क्षमा माग्न लाग्यो ।

भा. टी.
अ.
॥३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो श्लोक भन्यो—॥३७॥ 'हे मूर्खा ! यो द्वाज अर्थात् हामी दुवैद्वारा उत्पन्न भएको छ । अतः तँ नै बृहस्पतिको पुत्र भरद्वाजलाई पालन-पोषण गर ।' यति भनेर उसका माता-पिता हिंडीदिए । यसरी त्यो बालक भरद्वाज कहियो ॥३८॥ देवताहरूले त्यसरी भन्दा पनि त्यस बालकलाई व्यभिचारजनित हुनाले वितथ अर्थात् अन्यायपूर्ण जानेर ममताले त्यागिदिइन् । अनि मरुत्गणले त्यसलाई पाले र भरतवंश उच्छिन्न हुन लागेको देखेर राजा भरतलाई दिए ॥३९॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे नेपालीभाषाटीकायां विंशोऽध्यायः॥२०॥

(भरत वंशको विस्तार र राजा रन्तिदेवको वृत्तान्त)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! वितथका पुत्र मन्यु भए । उनका बृहत्क्षत्र, जय, महावीर्य,नर तथा गर्ग नामका पाँच छोरा उत्पन्न भए । तीमध्ये नरका पुत्र संस्कृति थिए ॥१॥ हे पाण्डुनन्दन ! संस्कृतिबाट गुरु त[illegible] रन्तिदेवको जन्म भयो । जसमा रन्तिदेवको यश यस लोक र परलोक दुवैमा आज पनि गान गरिन्छ ॥२॥ निरुद्योगी, प्रारब्धको अधीन भएर बस्ने, प्राप्त पदार्थको दान गरेर दिने भएका, वर्ता भोका, अकिञ्चन, धैर्यशाली र अत्यन्त दुःखी कुटुम्ब हुने रन्तिदेवलाई

मूढे भर द्वाजमिमं भरद्वाजं बृहस्पतेः ॥ यातौ यदुक्त्वा पितरौ भरद्वाजस्ततस्त्वयम् ॥ ३८ ॥ चोद्यमाना सुरैरेवं मत्वा वितथमात्मजम् ॥ व्यसृजन्मरुतोऽबिभ्रन्दत्तोऽयं वितथेऽन्वये ॥ ३९ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे विंशोऽध्यायः ॥ २० ॥

श्रीशुक उवाच ॥ वितथस्य सुतो मन्युर्बृहत्क्षत्रो जयस्ततः ॥ महावीर्यो नरो गर्गः संकृतिस्तु नरात्मजः ॥१॥ गुरुश्च रन्तिदेवश्च संकृतेः पाण्डुनन्दन ॥ रन्तिदेवस्य हि यश इहामुत्र च गीयते ॥२॥ वियद्वित्तस्य ददतो लब्धं लब्धं बुभुक्षतः ॥ निष्किञ्चनस्य धीरस्य सकुटुम्बस्य सीदतः ॥ ३ ॥ व्यतीयुरष्टचत्वारिंशदहान्यपिबतः किल ॥ घृतपायससंयावं तोयं प्रातरुपस्थितम् ॥४॥ कृच्छ्रप्राप्तकुटुम्बस्य क्षुत्तृड्भ्यां जातवेपथोः ॥ अतिथिर्ब्राह्मणः काले भोक्तुकामस्य चागमत् ॥५॥ तस्मै संव्यभजत्सोऽन्नमादृत्य श्रद्धयाऽन्वितः ॥ हरिं सर्वत्र सम्पश्यन्स भुक्त्वा प्रययौ द्विजः ॥ ६ ॥ अथान्यो भोक्ष्यमाणस्य विभक्तस्य महीपते ॥ विभक्तं व्यभजत्तस्मै वृषलाय हरिं स्मरन् ॥७॥ याते शूद्रे तमन्योऽगादतिथिः श्वभिरावृतः ॥ राजन्मे दीयतामन्नं सगणाय बुभुक्षते ॥ ८ ॥ स आदृत्यावशिष्टं यद्बहुमानपुरस्कृतम् ॥ तच्च दत्त्वा नमश्चक्रे श्वभ्यः श्वपतये विभुः ॥ ९ ॥ पानीयमात्रमुच्छेषं

एकपल्ट पानी पनि नपिएर अठचालीस दिन बिते । उनञ्चासौं दिन बिहानै कतैबाट अलिकति घिउ, खीर र लप्सी तथा जल प्राप्त भयो ॥ ३ ॥ ४ ॥ यस प्रकार अत्यन्त संकटग्रस्त कुटुम्ब भएका र भोक-प्यासले कामिरहेका थिए, ती राजा रन्तिदेव जसै भोजन गर्न तयार परे, अकस्मात् यौटा पाहुना ब्राह्मण आइपुगे ॥ ५ ॥ अनि सर्वत्र भगवान्लाई विराजमान ठानेर उनले निकै आदर र श्रद्धापूर्वक त्यस अन्नबाट अलिकति उनलाई दिए । त्यो खाएर ब्राह्मण आफ्नो बाटो लागे ॥६॥ हे महीपते ! ती हिंडिसकेपछि शेष अन्न जब ती परस्पर बाँडेर खान बसे, तब यौटा शूद्र अतिथि आइपुग्यो । अनि उनले भगवान्को स्मरण गर्दै त्यो अवशिष्ट अन्नबाट केही भाग त्यस शूद्रलाई पनि दिए ॥७॥ शूद्र हिंडेपछि कुकुरहरू सहित यौटा अर्को पाहुना आयो र भन्न लाग्यो—'हे राजन् ! म सार्है भोको छु, कृपया हजुर मेरा गणसहित मलाई पनि अन्न प्रदान गर्नुहवस्' ॥ ८ ॥ अनि राजा रन्तिदेवले ठूलो आदर र सम्मानसहित शेष अन्न पनि उनलाई दिएर कुकुर तथा उनको स्वामीलाई पनि प्रणाम गरे ॥९॥ अन्त्यमा केवल जलमात्र बाँकी रह्यो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

र त्यो पनि एक प्राणीलाई मात्र तृप्त पार्ने जति थियो, अनि त्यही बाँडेर पिउन तयार भएर उसै बखत यौटा चाण्डाल आइपुग्यो र भन्नलाग्यो—'यो जल म नीचलाई पिलाइदिनोस्' ॥१०॥ त्यसको चर्थाईपूर्ण दीन वचन सुनेर राजाले करुणावश अतिशय सन्तप्त भएर अमृतमा मुछिए झैं वचन बोले–॥११॥ म भगवान्‌को अष्टैश्वर्ययुक्त परमगति माग्दिन र मलाई मोक्ष पनि चाहिन्न । म त सबै देहधारीहरूको हृदयमा बसेर तिनको कष्ट स्वयं सहन चाहन्छु, जसले तिनको कष्ट निवारण होस् ॥१२॥ अहो ! यसरी बाँच्ने इच्छा भएका दीन प्राणीलाई जीवनरूपी जल दिएपछि मेरो भोक, प्यास, श्रम, देहको शिथिलता, दीनता, ग्लानि, शोक, विषाद र मोह निवृत्त भएका छन्'॥१३॥ हे राजन् ! यति भनेर स्वयं पानीको इच्छा भए पनि स्वभावतः कारुणिक र धैर्यशाली राजा रन्तिदेवले त्यो जल चाण्डाललाई खानदिए ॥ १४ ॥ महाराज रन्तिदेवको धैर्यको परीक्षा लिइसकेपछि भगवान्‌को मायाले ब्राह्मण तथा शूद्रादिको रूप लुकाएर फलका इच्छुकहरूलाई सबै थरिका फलदाता त्रिलोकेश्वर ब्रह्मा, विष्णु तथा महादेवले उनलाई प्रत्यक्ष दर्शन दिए ॥१५॥ किन्तु ती निःसङ्ग

तच्चैकपरितर्पणम् ॥ पास्यतः पुल्कसोऽभ्यागादपो देह्यशुभस्य मे ॥ १० ॥ तस्य तां करुणां वाचं निशम्य विपुलश्रमाम् ॥ कृपया भृशसन्तप्त इदमा· हामृतं वचः ॥ ११ ॥ न कामयेऽहं गतिमीश्वरात्परामष्टर्द्धियुक्तामपुनर्भवं वा ॥ आर्तिं प्रपद्येऽखिलदेहभाजामन्तःस्थितो येन भवन्त्यदुःखाः ॥१२॥ क्षुत्तृट्श्रमो गात्रपरिश्रमश्च दैन्यं क्लमः शोकविषादमोहाः ॥ सर्वे निवृत्ताः कृपणस्य जन्तोर्जिजीविषोर्जीवजलार्पणान्मे ॥ १३ ॥ इति प्रभाष्य पानीयं म्रियमाणः पिपासया ॥ पुल्कसायाददाद्धीरो निसर्गकरुणो नृपः ॥ १४ ॥ तस्य त्रिभुवनाधीशाः फलदाः फलमिच्छताम् ॥ आत्मानं दर्शयाञ्चक्रुर्माया विष्णुविनिर्मिताः ॥ १५ ॥ स वै तेभ्यो नमस्कृत्य निःसङ्गो विगतस्पृहः ॥ वासुदेवे भगवति भक्त्या चक्रे मनः परम् ॥ १६ ॥ ईश्वरालम्बनं चित्तं कुर्वतोऽनन्यराधसः ॥ माया गुणमयी राजन्स्वप्नवत्प्रत्यलीयत ॥ १७ ॥ तत्प्रसङ्गानुभावेन रन्तिदेवानुवर्तिनः ॥ अभवन् योगिनः सर्वे नारायणपरायणाः ॥ १८ ॥ गर्गाच्छिनिस्ततो गार्ग्यः क्षत्राद्ब्रह्म ह्यवर्तत ॥ दुरितक्षयो महावीर्यात्तस्य त्र्य्यारुणिः कविः ॥ १९ ॥ पुष्करारुणिरित्यत्र ये ब्राह्मणगतिं गताः ॥ बृहत्क्षत्रस्य पुत्रोऽभूद्धस्ती यद्धस्तिनापुरम् ॥ २० ॥ अजमीढो द्विमीढश्च पुरुमीढश्च हस्तिनः ॥ अजमीढस्य वंश्याः स्युः प्रियमेधादयो द्विजाः ॥ २१ ॥ अजमीढाद्बृहदिषुस्तस्य पुत्रो बृहद्धनुः ॥ बृहत्कायस्ततस्तस्य पुत्र आसीज्जयद्रथः

एव निरीह राजा रन्तिदेवले उनलाई नमस्कार गरेर भगवान् वासुदेवमा बलियो भक्तिले आफ्नो मन लगाए—उनोसित केही पनि मागेनन् ॥१६॥ हे राजन् ! यसरी ईश्वर बाहेक कुनै अन्य फलको इच्छा नगरेर चित्तलाई अनन्यभावले उनैमा लगाइदिनाले राजा रन्तिदेवकी त्रिगुणमयी माया स्वप्नजस्तै विलीन भया र ती जीवनमुक्त भए ॥ ७॥ यसले राजा रन्तिदेवका सबै अनुयायी पनि तिनको संगतिको प्रभावले योगी एवं नारायण-परायण भए ॥१८॥ मन्युका छोरा गर्गबाट शिनिको जन्म भयो । तीबाट गार्ग्य उत्पन्न भए, जो क्षत्रिय भएर पनि उनीद्वारा ब्राह्मणहरूको उत्पत्ति भएको थियो । महावीर्यबाट दुरितक्षय नामक पुत्र जन्मिए । तिनका त्र्य्यारुणि, कवि र पुष्करारुणि—यी तीन छोरा उत्पन्न भएर ब्राह्मण बने । बृहत्क्षत्रका छोरा हस्ती भए, जसबाट हस्तिनापुरी बसेको थियो ॥१९॥२०॥ हस्तीका पुत्र अजमोढ, द्विमीढ र पुरुमीढ भए । तीमध्ये अजमोढका वंशज प्रियमेधादि ब्राह्मण भए

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥२१॥ ती अजमीढबाट नै वृहदिषु उत्पन्न भए । तिनका छोरा वृहद्धनु, वृहद्धनुबाट वृहत्काय र उनका जयद्रथ भए ॥ २२ ॥ उनका पुत्र विशद र विशदका छोरा सेनजित् भए । रुचिराश्व, दृढहनु, काश्य तथा वत्स–यी सेनजित्का छोरा थिए ॥२३॥ तीमध्ये रुचिराश्वका पुत्र पार र तिनका छोरा पृथुसेन भए । पारका अर्का छोरा नीप थिए, नीपका सय पुत्र भए ॥२४॥ ती नीपद्वारा नै *शुकदेवकी कृत्वी नामकी कन्याबाट ब्रह्मदत्त उत्पन्न भए । ब्रह्मदत्त योगीश्वर थिए । उनले आफ्नी पत्नी सरस्वतीको गर्भबाट विष्वक्सेन नामका पुत्र उत्पन्न तिनैले महर्षि जैगीषव्यको उवदेशले योगशास्त्रको रचना गरे । उनका पुत्र उदक्स्वम भए र तीबाट भल्लादको जन्म भयो । ये सबै वृहदिषुका वंशज कहिएका छन् ॥२६॥ द्विमीढका छोरो यवीनर र यवीन्तरका कृतिमान् कहिए । उनका सत्य धृति तथा सत्यधृतिका छोरा दृढनेमि भए, जसले सुपार्श्वलाई उत्पन्न गरे ॥ २७ ॥ सुपार्श्वबाट सुमति भए । उनका

॥२२॥ तत्सुतो विशदस्तस्य सेनजित्समजायत ॥ रुचिराश्वरो दृढहनुः काश्यो वत्सश्च तत्सुताः ॥२३॥ रुचिराश्वसुतः पारः पृथुसेनस्तदात्मजः ॥ पारस्य तनयो नीपस्तस्य पुत्रशतं त्वभूत् ॥२४॥ स कृत्व्यां शुककन्यायां ब्रह्मदत्तमजीजनत् ॥ स योगी गवि भार्यायां विष्वक्सेनमधात्सुतम् ॥२५॥ जैगीषव्योपदेशेन योगतन्त्रं चकार ह ॥ उदक्स्वनस्ततस्तस्माद्भल्लादो बार्हदीषवः ॥ २६ ॥ यवीनरो द्विमीढस्य कृतिमांस्तत्सुतः स्मृतः ॥ नाम्ना सत्यधृतिर्यस्य दृढनेमिः सुपार्श्वकृत् ॥ २७ ॥ सुपार्श्वात्सुमतिस्तस्य पुत्रः सन्नतिमांस्ततः ॥ कृतिर्हिरण्यनाभाद्यो योगं प्राप्य जगो स्म षट् ॥ २८ ॥ संहिताः प्राच्यसाम्नां वै नीपो ह्युग्रायुधस्ततः ॥ तस्य क्षेम्यः सुवीरोऽथ सुवीरस्य रिपुञ्जयः ॥ २९ ॥ ततो बहुरथो नाम पुरुमीढोऽप्रजोऽभवत् ॥ नलिन्यामजमीढस्य नीलः शान्तिः सुतस्ततः ॥ ३० ॥ शान्तेः सुशान्तिस्तत्पुत्रः पुरुजोऽर्कस्ततोऽभवत् ॥ भर्म्याश्वस्तनयस्तस्य पञ्चासन्मुद्गलादयः ॥ ३१ ॥ यवीनरो वृहदिषुः काम्पिल्यः संजयः सुताः ॥ भर्म्याश्वः प्राह पुत्रा मे पञ्चानां रक्षणाय हि ॥ ३२ ॥ विषयाणामलमिमे इति पञ्चालसंज्ञिताः ॥ मुद्गलाद्ब्रह्म निर्वृत्तं गोत्रं मौद्गल्यसंज्ञितम् ॥३३॥ मिथुनं मुद्गलाद्भार्म्याद्दिवोदासः पुमानभूत् ॥ अहल्या कन्यका यस्यां शतानन्दस्तु

छोरा सन्नतिमान् थिए । तीबाट कृतिको जन्म भयो । उनले हिरण्यनाभसित योगविद्या प्राप्त गरेर प्राच्य साम ऋचाहरूको छ संहिताहरू रचे । उनका पुत्र नीपका उग्रायुध, तीबाट क्षेम्य, क्षेम्यका सुवीर र सुवीरका रिपुञ्जय पुत्र जन्मे ॥२८-२९॥ रिपुञ्जयबाट बहुरथ नामक पुत्र जन्मे । द्विमीढका भाई पुरुमीढ निःसन्तान थिए । अजमीढकी पत्नी नलिनीबाट नील र नीलबाट शान्ति नामक छोरो भयो ॥३०॥ शान्तिबाट सुशान्ति, उनीबाट पुरुज, पुरुजका अर्क, अर्कका भर्म्याश्व तथा भर्म्याश्वका मुद्गल आदि पाँच पुत्र जन्मे ॥३१॥ ती पाँचको नाम मुद्गल, यवीनर, वृहदिषु काम्पिल्य र सन्जय थियो । भर्म्याश्वले भने–'मेरा यी पाँच पुत्र पाँच देशको शासन गर्न समर्थ छन् । यसैले यिनको नाम पाञ्चाल पनि छ ।' तीमध्ये मुद्गलद्वारा मौद्गल्य नामका ब्राह्मण गोत्रको उत्पत्ति भयो ॥ ३२-३३ ॥ भर्म्याश्वका छोरा मुद्गलबाट दिवोदास नामका पुत्र र अहिल्या नामकी

* कथान्तर—श्री शुकदेव त जन्मदेखि नै असङ्ग थिए, तापनि उनले वन जाने वेलामा आफ्ना पिता व्यासजीलाई विरहाकुल भावले आफ्नो पछि-पछि आएका देखेर यौटा छाया-शुक रचेर छाडिदिएका थिए । ती छाया शुकले नै सबै गृहस्थोचित व्यवहार सम्पन्न गरेका थिए र आफ्नी छोरी कृत्वीलाई उत्पन्न गरेका थए ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

वन्या—यी जम्ल्याहा सन्तान भए। तीमध्ये अहिल्याबाट गौतमद्वारा शतानन्द जन्मे ॥३४॥ उनका पुत्र सत्यधृति धनुर्विद्यामा निपुण थिए। तीबाट शरद्वान् जन्मिए, यस्तो भनिन्छ—एकपल्ट उर्वशीलाई देखेर कुशको झाडीमा शरद्वान्को वीर्यपात भयो। त्यसबाट यौटा शुभ लक्षणले युक्त पुत्र-पुत्री उत्पन्न भए। तिनलाई देखेर शिकार खेल्न वनमा गएका राजा शन्तनुले कृपा गरेर घर ल्याए र छोरोको नाम कृपाचार्य, छोरीको कृपि भयो जो द्रोणकी पत्नी थिइन् ॥३५-३६॥ इति श्रीमद्भागवते नवमस्कन्धे भाषाटीकायामेकविंशोऽध्याय ॥२१॥

(पाञ्चाल, कौरव र मगधवंशीय राजाहरूको वृत्तान्त) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन्! दिवोदासका छोरा मित्रेयु भए। तिनका च्यवन, सुदास, सहदेव र जन्तुका पिता सोमक उत्पन्न भए। सोमकका सय पुत्र थिए। तिनमा जन्तु सबभन्दा जेठा थिए र पृषत् सबैमा कान्छा। पृषत्सा छोरा द्रुपद भए। तीबाट द्रौपदी नामकी कन्या र दृष्टद्युम्न आदि अनेक छोरा जन्मिए ॥ १ । २ ॥ धृष्टद्युम्नका धृष्टकेतु जन्मे। भर्याश्वका वंशज सबै राजा 'पाञ्चाल' कहिन्थे। अजमीठका ऋक्षनामका अर्का छोराबाट संवरण उत्पन्न

गौतमात् ॥३४॥ तस्य सत्यधृतिः पुत्रो धनुर्वेदविशारदः ॥ शरद्वाँस्तत्सुतो यस्मादुर्वशीदर्शनात्किल ॥३५॥ शरस्तम्बेऽपतद्रेतो मिथुनं तदभूच्छुभम्॥ तद्दृष्ट्वा कृपयाऽगृह्णाच्छन्तनुर्मृगयां चरन् ॥ कृपः कुमारः कन्या च द्रोणपत्न्य भवत्कृपी॥३६॥ इति श्रीमद्भागवते नवमस्कन्धे एकविंशोध्यायः ॥२१॥

श्रीशुक उवाच ॥ मित्रेयुश्च दिवोदासाच्च्यवनस्तत्सुतो नृप ॥ सुदासः सहदेवोऽथ सोमको जन्तुजन्मकृत् ॥ १ ॥ तस्य पुत्रशतं तेषां यवीयान्पृषतः सुतः ॥ द्रुपदो द्रौपदी तस्य धृष्टद्युम्नादयः सुताः ॥ २ ॥ धृष्टद्युम्नाद्धृष्टकेतुर्भार्म्याः पाञ्चालका इमे ॥ योऽजमीढसुतो ह्यस्य ऋक्षः संवरणस्ततः ॥ ३ ॥ तपत्यां सूर्यकन्यायां कुरुक्षेत्रपतिः कुरुः ॥ परीक्षित्सुधनुर्जह्नुर्निषधाश्वः कुरोः सुताः ॥ ४ ॥ सुहोत्रोऽभूत्सुधनुषश्च्यवनोऽथ ततः कृती ॥ वसुस्तस्योपरिचरो बृहद्रथमुखास्ततः ॥ ५ ॥ कुशाम्बमत्स्यप्रत्यग्रचेदिपाद्याश्च चेदिपाः ॥ बृहद्रथात्कुशाग्रोऽभूदृषभस्तस्य तत्सुतः ॥ ६ ॥ जज्ञे सत्यहितोऽपत्यं पुष्पवांस्तत्सुतो जहुः ॥ अन्यस्यां चापि भार्यायां शकले द्वे बृहद्रथात् ॥ ७ ॥ ते मात्रा बहिरुत्सृष्टे जरया चाभिसन्धिते ॥ जीव जीवेति क्रीडन्त्या जरासन्धोऽभवत्सुतः ॥ ८ ॥ ततश्च सहदेवोऽभूत्सोमापिर्यच्छ्रुतश्रवाः ॥ परीक्षिदनपत्योऽभूत्सुरथो नाम जाह्नवः ॥ ९ ॥ ततो विदूरथस्तस्मात्सार्वभौमस्ततोऽभवत् ॥ जयसेनस्तत्तनयो राधिकोऽतोऽ-

भए ॥३॥ उनीद्वारा सूर्यकी कन्या तपतीको गर्भबाट कुरुक्षेत्रका अधिपति कुरुको जन्म भयो। कुरुका परीक्षित, जन्हु र निषधाश्व नामका तीन पुत्र जन्मिए ॥ ४ ॥ तिनमा सुधनुका सुहोत्र उनका च्यवन, च्यवनका कृति, कृतिका वसु, वसुका उपरिचर र बृहद्रथ आदि छोरा जन्मे ॥५॥ यी चेदिनरेश बृहद्रथ, कुशाम्ब, मत्स्य, प्रत्यग्र र चेदिय नामले प्रख्यात भए। तिनमा बृहद्रथबाट कुशाग्र, तिनका ऋषभ, ऋषभका सत्यहित, सत्यहितका पुण्यवान्, पुण्यवान्का जन्हु भए। बृहद्रथकी अर्की पत्नीबाट उत्पन्न बालकको शरीर दुई टुक्रा भएको थियो ॥ ६-७ ॥ तिनलाई आमाले बाहिर पयाँकिदिएकी थिइन् अनि जरा नामकी राक्षसीले ती दुवै टुक्रालाई 'जीवित होओ' भन्नासाथ ख्याल-ख्यालमै जोरिदिई। अनि ती जरासन्ध नामका बालक भए ॥ ८ ॥ जरासन्धका छोरा सहदेव भए। सहदेवका सोमापि र सोमापिका श्रुतश्रवा उत्पन्न भए। कुरुका निःसन्तान छोरा परीक्षित् थिए। जन्हुबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरथ नामक पुत्र भए ॥९॥ तीबाट विदूरथ, विदूरथका सार्वभौम र सार्वभौमबाट जयसेनको जन्म भयो । जयसेनका छोरा राधिक र राधिकका पुत्र अयुत भए ॥१०॥ अयुतका क्रोधन, क्रोधनका देवातिथि, देवातिथिका ऋष्य, ऋष्यका दिलीप र दिलीपका प्रतीप पुत्र जन्मिए । प्रतीपका देवापि, शान्तनु र बाह्लीक नामका तीन पुत्र उत्पन्न भए । तिनमा देवापि पिताको राज्य त्यागेर वनमा गए ॥११॥१२॥ अतएव तिनका भाई शन्तनु राजा भए । पहिले तिनको नाम महाभिष थियो । तिनले जुनसुकै व्यक्तिलाई पनि हातले छोइदिनासाथ, त्यो बूढो भए पनि फेरि यौवन प्राप्त गर्दथ्यो ॥१३॥ यस्तो गर्नाले उनलाई ठूलो आनन्द प्राप्त हुन्थ्यो । यस कर्मले नै ती 'शन्तनु' कहिएका थिए । एकपल्ट जब पूरा बाह वर्षसम्म तिनको राज्यमा पानी परेन, तब ब्राह्मणहरूले शन्तनुसित भने—'आफूभन्दा जेठो दाजूको राज्य भोग्ने राजा * परिवेत्ता हुन्छ । यसैनिम्ति तिमी आफ्नो नगर र राष्ट्र हितको निम्ति यो राज्य आफ्ना दाजूलाई फर्काई देऊ' ॥१४॥१५॥ ती ब्राह्मणहरूले त्यस्तो भनेपछि शन्तनुले आफ्ना दाजूलाई राज्य स्वीकार गर्ने आग्रह गरे, तर

युतो ह्यभूत् ॥ १० ॥ ततश्च क्रोधनस्तस्माद्देवातिथिरमुष्य च ॥ ऋष्यस्तस्य दिलीपोऽभूत्प्रतीपस्तस्य चात्मजः ॥११॥ देवापिः शन्तनुस्तस्य बाह्लीक इति चात्मजः ॥ पितृराज्यं परित्यज्य देवापिस्तु वनं गतः ॥ १२ ॥ अभवच्छन्तनू राजा प्राङ्महाभिषुसंज्ञितः ॥ यं यं कराभ्यां स्पृशति जीर्णं यौवनमेति सः ॥१३॥ शान्तिमाप्नोति चैवाग्र्यां कर्मणा तेन शन्तनुः ॥ समा द्वादश तद्राज्ये न ववर्ष यदा विभुः ॥१४॥ शन्तनुर्ब्राह्मणैरुक्तः परिवेत्ताऽयमग्रभुक् ॥ राज्यं देह्यग्रजायाशु पुरराष्ट्रविवृद्धये ॥ १५ ॥ एवमुक्तो द्विजैर्ज्येष्ठं छन्दयामास सोऽब्रवीत् ॥ तन्मन्त्रिप्रहितैर्विप्रैर्वेदाद्विभ्रंशितो गिरा ॥ १६ ॥ वेदवादातिवादान्वै तदादेवो ववर्ष ह ॥ देवापिर्योगमास्थाय कलापग्राममाश्रितः ॥ १७ ॥ सोमवंशे कलौ नष्टे कृतादौ स्थापयिष्यति ॥ बाह्लिकात्सोमदत्तोऽभूद्भूरिर्भूरिश्रवास्ततः ॥ १८ ॥ शलश्च शन्तनोरासीद्गङ्गायां भीष्म आत्मवान् ॥ सर्वधर्मविदां श्रेष्ठो महाभागवतः कविः ॥१९॥ वीरयूथाग्रणीर्येन रामोऽपि युधि तोषितः ॥ शन्तनोर्दाशकन्यायां जज्ञे चित्राङ्गदः सुतः ॥ २० ॥ विचित्रवीर्यश्चावरजो नाम्ना चित्राङ्गदो हतः ॥

देवापीलाई शन्तनुद्वारा पठाइएका ब्राह्मणहरूले वेदविदूषक वेदमार्गबाट भ्रष्ट पारिसकेका थिए । अतः उसले वेदको निन्दासूचक वचन भने । यस प्रकार वेदविरोधी हुनाले देवापिलाई राज्यको अधिकार नहुनाले पानी पर्नलाग्यो । आज पनि देवापि योगसाधनमा लागेर कलाप ग्राममा छन् ॥१६॥१७॥ कलियुगमा जब चन्द्रवंशको अन्त्य हुनेछ, तब ती सत्ययुगको आरम्भमा त्यसलाई फेरि स्थापित गर्ने छन् । कान्छोभाई शन्तनुका बाह्लीक, उनका सोमदत्त जन्मिए । तिनका भूरि, भूरिश्रवा र शल नामका तीन छोरा उत्पन्न भए । शन्तनुकी गङ्गा नामकी पत्नीबाट परम आत्मबली भीष्मको जन्म भयो । जो सबै धर्मवान्हरूमा श्रेष्ठ, असाधारण भगवद्भक्त, आत्मज्ञ एवं वीरसमूहका अगुवा, नाइके थिए । उनले युद्धमा आफ्ना गुरु श्रीपरशुरामलाई पनि प्रसन्न पारेका थिए । राजा शन्तनुको यौटा माझीकी छोरीबाट चित्राङ्गद नामक पुत्र उत्पन्न भए ॥ १८-२० ॥ तिनका भाईको नाम

---

* टिप्पणी—दाराग्निहोत्र संयोगं कुरुते योऽग्रजे स्थिते । परिवेत्ता स विज्ञेयः परिवित्तिस्तु पूर्वजः ॥ जो पुरुष आफ्नो जेठो दाजु छँदाछँदै पनि पहिले आफ्नो विवाह गरेर अग्निहोत्र ग्रहण गर्दछ, त्यसलाई 'परिवेत्ता' र जेठो दाजू 'परिवित्ति' कहिन्छ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

विचित्रवीर्य थियो। युद्धमा चित्राङ्गदको चित्राङ्गद नामकै योटा गन्धर्वद्वारा वध भयो। दाश-कन्या सत्यवतीबाट साक्षात् श्रीहरिको अंशस्वरूप र वेदहरूका रक्षक महर्षि कृष्ण-द्वैपायन व्यासले अवतार लिए। जोसित मैले श्रीमद्भागवत अध्ययन गरें। ती भगवान् बादरायणले यो परम गुह्य संहिता आफ्ना पैल आदि शिष्यहरूलाई नपढाएर म शान्त-स्वभाव पुत्रलाई नै पढाएका थिए। विचित्रवीर्यले स्वयंवरमा बलपूर्वक हरेर ल्याइएकी काशिराजकी अम्बिका र अम्बालिका नामका दुइ कन्यासित विवाह गरेका थिए। तिनमा बर्ता आसक्त रहनाले क्षयरोग लागेर मरे ॥२१-२४॥ त्यसपछि माता सत्यवतीको कथनानुसार महर्षि बादरायण व्यासले आफ्ना सन्तानहीन भाइका स्त्रीबाट धृतराष्ट्र, पाण्डु र विदुर नामका तीन छोरा जन्माए ॥२५॥ हे राजन्! धृतराष्ट्रद्वारा आफ्नी पत्नी गान्धारीको गर्भबाट सय पुत्र जन्मिए। ती सबैमा जेठा दुर्योधन थिए। यीबाहेक धृतराष्ट्रकी दुःशला नामकी योटी छोरी पनि थिइन्। पाण्डु पूर्वकालमा शापवश मैथुनधर्मबाट रोकिएका थिए। अतः उनकी पत्नी कुन्तीबाट धर्म, वायु र इन्द्रद्वारा क्रमशः युधिष्ठिर, अर्जुन र

यस्यां पराशरात्साक्षादवतीर्णो हरेः कला ॥ २१ ॥ वेदगुप्तो मुनिः कृष्णो यतोऽहमिदमध्यगाम् ॥ हित्वा स्वशिष्यान्पैलादीन्भगवान्बादरा-यणः ॥ २२ ॥ मह्यं पुत्राय शान्ताय परं गुह्यमिदं जगौ ॥ विचित्रवीर्योऽथोवाह काशिराजसुतां बलात् ॥ २३ ॥ स्वयंवरादुपानीते अम्बिकाऽ-म्बालिके उभे ॥ ययोरासक्तहृदयो गृहीतो यक्ष्मणा मृतः ॥ २४ ॥ क्षेत्रेऽप्रजस्य वै भ्रातुर्मात्रोक्तो बादरायणः ॥ धृतराष्ट्रं च पाण्डुं च विदुरं चाप्यजीजनत् ॥ २५ ॥ गन्धार्यां धृतराष्ट्रस्य जज्ञे पुत्रशतं नृप ॥ तत्र दुर्योधनो ज्येष्ठो दुःशला चापि कन्यका ॥ २६ ॥ शापान्मैथुनरुद्धस्य पाण्डोः कुन्त्यां महारथाः ॥ जाता धर्मानिलेन्द्रेभ्यो युधिष्ठिरमुखास्त्रयः ॥ २७ ॥ नकुलः सहदेवश्च माद्र्यां नासत्यदस्रयोः ॥ द्रौपद्यां पञ्च पञ्चभ्यः पुत्रास्ते पितरोऽभवन् ॥ २८ ॥ युधिष्ठिरात्प्रतिविन्ध्यः श्रुतसेनो वृकोदरात् ॥ अर्जुनाच्छ्रुतकीर्तिस्तु शतानीकस्तु नाकुलिः ॥ २९ ॥ सहदेवसुतो राजञ्छ्रुतकर्मा तथापरे ॥ युधिष्ठिरात्तु पौरव्यां देवकोऽथ घटोत्कचः ॥ ३० ॥ भीमसेनाद्धिडिम्बायां काल्यां सर्वगतस्ततः ॥ सहदेवात्सुहोत्रं तु विजयाऽसूत पार्वती ॥ ३१ ॥ करेणुमत्यां नकुलो निरमित्रं तथार्जुनः ॥ इरावन्तमुलूप्यां वै सुतायां बभ्रुवाहनम् ॥ मणिपूरपतेः सोऽपि तत्पुत्रः पुत्रिकासुतः ॥ ३२ ॥ तव तातः सुभद्रायामभिमन्युरजायत ॥ सर्वातिरथजिद्वीर उत्तरायां ततो भवान् ॥ ३३ ॥ परिक्षीणेषु कुरुषु द्रौणेर्ब्रह्मा-

भीम तीन महारथी छोरा जन्मिए ॥२६॥२७॥ माद्रीबाट दुवै अश्विनी कुमारद्वारा नकुल र सहदेव जन्मे। ती पाँचद्वारा द्रौपदीका तिम्रा पितृव्य पाँच पुत्र जन्मे ॥२८॥ हे राजन्! युधिष्ठिरका प्रतिविन्ध्य, भीमसेनका श्रुतसेन, अर्जुनका श्रुतकीर्ति, नकुलका शतानीक र सहदेवका श्रुतकर्मा नामक पुत्र जन्मिए। यी बाहेक युधिष्ठिरकी पौरवी नामकी स्त्रीबाट देवक, भीमसेनकी हिडिम्बाबाट घटोत्कच र कालीबाट सर्वगत, सहदेवकी स्त्री विजयाबाट सुहोत्र, नकुलकी रेणुमतिबाट निरमित्र र अर्जुनकी नागकन्या उलूपीबाट इरावन् र पुत्रिका धर्मले विवाह गरिएकी मणिपुर नरेशकी कन्याबाट बभ्रुवाहन नामका पुत्र भए, जो अर्जुनको छोरो भएर पनि मातामहका छोरा कहिए ॥२९-३२॥ अर्जुनकी सुभद्रा पत्नीबाट तिम्रा पिता अभिमन्यु जन्मिए, जो सबै महारथीहरूका विजेता वीर थिए। अभिमन्यु द्वारा उत्तराको गर्भबाट तिमी जन्मियौ ॥ ३३ ॥ हे राजन्! कौरवहरू नष्ट भइसकेपछि जब

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी अश्वत्थामाको ब्रह्मास्त्रजनित तेजले डढ्न लागेका थियौ, तब भगवान् कृष्णको प्रभावले मृत्युबाट जोगियौ ।।३४।। हे तात ! यी पराक्रमी जनमेजय, श्रुतसेन भीमसेन र उग्रसेन तिम्रा छोरा हुन् ।।३५।। तिम्रो पुत्र जनमेजय तिमीलाई तक्षकले टोकेर मरेका भन्ने सुनेर साह्रै रिसाई अनेक सर्पलाई सर्पयज्ञको अग्निमा हवन गरिदिनेछन् ।। ३६ ।। यी बालक अश्वमेध यज्ञ गर्नेछन् र कावषेय गोत्रमा उत्पन्न तुर नामक ऋषिलाई पुरोहित बनाई तथा पृथ्वीलाई सबैतिरबाट जितेर यज्ञद्वारा नारायणको पूजन गर्नेछन् । जनमेजयको छोरा शतानीक याज्ञवल्क्य ऋषिसित वेदत्रयी र कर्मकाण्ड पढेर कृपाचार्यसित अस्त्र विद्या सिक्ने छन् र शौनकजीकहाँ गएर आत्मज्ञान प्राप्त गर्नेछन् । शतानीकका छोरा सहस्रानीक, तिनका अश्वमेधज, उनका असीमकृष्ण, असीमकृष्णको छोरा नेमिचक्र हुनन् ।।३७-३९।। हस्तिनापुर गङ्गामा प्रवाहित भएपछि ती कौशाम्बी नगरीमा गएर सुखपूर्वक बस्नेछन् । तिनका छोरा चित्ररथ र चित्ररथका कविरथ हुनन् ।।४०।। तीबाट वृष्टिमानका पृथ्वीपति र, पृथ्वीपतिका सुषेण, उनका सुनीथ, सुनीथका नृचक्षु र उनका छोरा सुखीनल हुनन् । सुखी-

स्त्रतेजसा ।। त्वं च कृष्णानुभावेन सजीवो मोचितोऽन्तकात् ।। ३४ ।। तवेमे तनयास्तात जनमेजयपूर्वकाः ।। श्रुतसेनो भीमसेन उग्रसेनश्च वीर्यवान् ।। ३५ ।। जममेजयस्त्वां विदित्वा तक्षकान्निधनं गतम् ।। सर्पान्वै सर्पयागाग्नौ स होष्यति रुषान्वितः ।। ३६ ।। कावषेयं पुरोधाय तुरं तुरगमेधयाट् ।। समन्तात्पृथिवीं सर्वां जित्वा यक्ष्यति चाध्वरैः ।। ३७ ।। तस्य पुत्रः शतानीको याज्ञवल्क्यात्त्रयीं पठन् ।। अस्त्रज्ञानं क्रियाज्ञानं शौनकात्परमेष्यति ।।३८।। सहस्रानीकस्तत्पुत्रस्ततश्चैवाश्वमेधजः ।। असीमकृष्णस्तस्यापि नेमिचक्रस्तु तत्सुतः ।। ३९ ।। गजाह्वये हृते नद्यां कौशाम्ब्यां साधु वत्स्यति ।। उक्तस्ततश्चित्ररथस्तस्मात्कविरथः सुतः ।।४०।। तस्माच्च वृष्टिमांस्तस्य सुषेणोऽथ महीपतिः ।। सुनीथस्तस्य भविता नृचक्षुर्यत्सुखीनलः ।।४१।। परिप्लवः सुतस्तस्मान्मेधावी सुनयात्मजः ।। नृपञ्जयस्ततो दूर्वस्तिमिस्तस्माज्जनिष्यति ।। ४२ ।। तिमेर्बृहद्रथस्तस्माच्छतानीकः सुदासजः ।। शतानीकाद्दुर्दमनस्तस्यापत्यं वहीनरः ।। ४३ ।। दण्डपाणिर्निमिस्तस्य क्षेमको भविता नृपः ।। ब्रह्मक्षत्रस्य वै प्रोक्तो वंशो देवर्षिसत्कृतः ।।४४।। क्षेमकं प्राप्य राजानं संस्थां प्राप्स्यति वै कलौ ।। अथ मागधराजानो भवितारो वदामि ते ।। ४५ ।। भविता सहदेवस्य मार्जारिर्यच्छ्रुतश्रवाः ।। ततो युतायुस्तस्यापि नरमित्रोऽथ तत्सुतः ।। ४६ ।। सुनक्षत्रः सुनक्षत्राद्बृहत्सेनोऽथ नर्मजित् ।। ततः सृतञ्जयाद्विप्रः शुचिस्तस्य भविष्यति ।।४७।।

नलका छोरा परिप्लव, उनका सुनय, तिनका मेधाव मेधावीका नृपञ्जय, तिनका दूर्व, दूर्वका छोरा तिमि हुनन् ।।४१-४२।। तिमीका बृहद्रथ, उनका सुदास, सुदासका शतानीक, शतानीकका दुर्दमन, तिनका वहीनर पुत्र उत्पन्न हुनन् ।। ४३ ।। वहीनरका दण्डपाणी, दण्डपाणीका निमि, निमिका छोरा राजा क्षेमक हुनन् । यस प्रकार मैले तिमीलाई देवता र ऋषिहरूबाट सत्कृत बृहत्क्षत्रको वंश सुनाएँ ।। ४४ ।। यो वंश राजा क्षेमक भएपछि कलियुगमा समाप्त हुनेछ । अब भविष्यमा हुने मगधवंशी राजाहरूको नाम म सुनाउँछु ।। ४५ ।। जरासन्धको छोरो सहदेवबाट मार्जारि उनका श्रुतश्रवा, श्रुतश्रवाका युतायु, युतायुका नरमित्र नामका छोरा जन्मनन् ।। ४६ ।। नरमित्रका सुनक्षत्र, सुनक्षत्रका बृहत्सेन, बृहत्सेनका कर्मजित्, कर्मजित्का सृतञ्जय, सृतञ्जयका विप्र र विप्रका शुचि नामका छोरा हुनन् । शुचिका क्षेम, क्षेमका सुव्रत, सुव्रतका शम, शमका द्युमत्सेन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

द्युमत्सेनका सुमति र सुमतिका सुबल पुत्र हुनन् ॥ ४७-४८ ॥ सुबलका छोरा सुनीथ, सुनीथका सत्यजित्, सत्यजित्का विश्वजित् एवं विश्वजित्का रिपुञ्जय नामक पुत्र होलान् । यी बृहद्रथ वंशका सबै राजा एक हजार वर्षको भित्र उत्पन्न हुनेछन् ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां द्वाविंशोऽध्यायः ॥ २२ ॥

(अनु, द्रुह्यु, तुर्वसु र यदुको वंश वृत्तान्त) श्रीशुकदेव भन्नु हुन्छ—हे राजन् ! राजा ययातिका छोरा अनुका सभानर, चक्षु र परोक्ष तीन पुत्र उत्पन्न भए । सभानरका कालनर, कालनरका सृञ्जय पुत्र भए । सृञ्जयका जनमेजय, उनका महाशक्ति, महाशक्तिका महामना र महामनाका उशीनर एवं तितिक्षु नामका दुइ पुत्र जन्मिए ॥ १-२ ॥ शिवि, वन, शमी, तथा दक्ष–यी चार उशीनरका छोरा थिए । इनका शिविका वृषादर्भ, वृषादर्भका सुवीर, मद्र तथा कैकय नामक चार पुत्र जन्मे । उशीनरका भ्राता तितिक्षुका रुशद्रथक नामका पुत्र उत्पन्न भए । तिनका हेम, हेमका सुतपा र सुतपाका बलि नामका छोरा जन्मिए ॥ ३-४ ॥ हे राजन ! दैत्यराज बलिकी स्त्रीको गर्भबाट दीर्घतमा नामका मुनिको वीर्यले

क्षेमोऽय सुव्रतस्यस्माद्धर्मसूत्रः शमस्ततः ॥ द्युमत्सेनोऽथ सुमतिः सुबलो जनिता ततः ॥ ४८ ॥ सुनीथः सत्यजिदथ विश्वजिद्यजिद्रिपुञ्जयः ॥ बार्हद्रथाश्च भूपाला भाव्याः साहस्रवत्सरम् ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे द्वाविंशोऽध्यायः ॥२२॥

श्रीशुक उवाच ॥ अनोः सभानरश्चक्षुः परोक्षश्च त्रयः सुताः ॥ सभानरात्कालनरः सृञ्जयस्तत्सुतस्ततः ॥ १ ॥ जनमेजयस्तस्य पुत्रो महाशीलो महामनः ॥ उशीनरस्तितिक्षुश्च महामनस आत्मजौ ॥ २ ॥ शिबिर्वनः शमिर्दक्षश्चत्वारोशीनरात्मजाः ॥ वृषादर्भः सुवीरश्च मद्रः कैकय आत्मजः ॥ ३ ॥ शिबेश्चत्वार एवासंस्तितिक्षोश्च रुशद्रथः ॥ ततो हेमोऽथ सुतपा बलिः सुतपसोऽभवत् ॥ ४ ॥ अङ्गवङ्गकलिङ्गाद्याः सुह्मपुण्ड्रान्ध्रसंज्ञिताः ॥ जज्ञिरे दीर्घतमसो बलेः क्षेत्रे महीक्षितः ॥ ५ ॥ चक्रुः स्वनाम्नाविषयान्षडिमान्प्राच्यकांश्चते ॥ खनपानोऽङ्गतोजज्ञे तस्माद्दिविरथस्ततः ॥६॥ सुतो धर्मरथो यस्य जज्ञे चित्ररथोऽप्रजः ॥ रोमपाद इति ख्यातस्तस्मै दशरथः सखा ॥ ७ ॥ शान्तां स्वकन्यां प्रायच्छदृष्यशृङ्ग उवाह ताम् ॥ देवेऽवर्षति यं रामा आनिन्युर्हरिणीसुतम् ॥ ८ ॥ नाट्यसङ्गीतवादित्रैर्विभ्रमालिङ्गनार्हणैः ॥ स तु राज्ञोऽनपत्यस्य निरूप्येष्टिं मरुत्वतः ॥ ९ ॥ प्रजामदाद्दशरथो येन लेभेऽप्रजः प्रजाः ॥ चतुरङ्गो रोमपादात्पृथुलाक्षस्तु तत्सुतः ॥ १० ॥ बृहद्रथो बृहत्कर्मा बृहद्भानुश्च तत्सुतः ॥ आद्याद्बृहन्म-

अङ्ग, वङ्ग, कलिङ्ग, सुह्म, पुण्ड्र तथा अन्ध्र नामका छोरा जन्मिए ॥५॥ तिनीहरूले छ दिशाहरूमा आफ्नो नै नामहरूका छ देश बसाले । अङ्गबाट खनपान र तिनीबाट दिविरथको जन्म भयो ॥ ६ ॥ दिविरथका छोरा धर्मरथ थिए । तिनका रोमपाद यस नामले विख्यात चित्ररथ नामका छोरा जन्मिए । चित्ररथका छोरा थिएनन् । यसै निम्ति तिनलाई तिनका मित्र राजा दशरथले शान्ता नामकी आफ्नी कन्या प्रदान गरे, जसलाई ऋष्यशृङ्गले विवाह गरेका थिए, जो हरिणीका छोरा थिए र जसलाई रोमपादको राज्यमा वर्षा नहुनाले गणिकाहरू नृत्य, गान, वाद्य, हाउ-भाउ, आलिङ्गन र विविध प्रकारका उपचारद्वारा मोहित पारी अयोध्या ल्याएका थिए । तिनले नै पुत्रहीन राजा दशरथलाई यज्ञ गराई वर प्रदान गराएर उनैले यज्ञ गरेपछि ती पुत्रहीन राजा दशरथले राम आदि चार पुत्र पाए । रोमपादका चतुरङ्ग र उनका पुत्र पृथुलाक्ष भए ॥७-१०॥ पृथुलाक्षका बृहद्रथ बृहत्कर्मा एवं बृहद्भानु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामका तीन पुत्र जन्मे । तिनमा बृहद्रथबाट बृहन्मनाका जयद्रथ जन्मिए ॥११॥ जयद्रथकी सम्भूति नामकी भार्याबाट विजय जन्मे । विजयका धृति, धृतिका धृतव्रत, धृतव्रतका सत्यकर्मा र सत्यकर्माबाट अधिरथ नामका छोरा जन्मिए ॥ १२ ॥ अधिरथ पुत्रहीन थिए । उनले एकपल्ट गङ्गाको तटमा क्रीडा गर्दा कुन्तीको कन्यावस्थामा उत्पन्न बालक कर्णलाई, जसलाई उनले बाकसमा हालेर बगाएकी थिइन्, पाएर आफ्नै पुत्ररूपमा पाले ॥१३॥ हे राजन् ! ती राजा कर्णका पुत्र वृषसेन भए । ययातिका छोरा द्रुह्युअनका छोरा बभ्रु भए । तिनका छोरा सेतु र सेतुबाट आरब्ध जन्मे । आरब्धका गान्धार, गान्धारका धर्म, धर्मका धृत, धृतका दुर्मना, उनका प्रचेता र प्रचेताका सय छोरा जन्मे ॥ १४-१५ ॥ यी सबै उत्तर दिशामा गएर बसे र म्लेच्छहरूका राजा बने । ययाति तनय तुर्वसुका छोरा वह्नि, उनका भर्ग र भर्ग र भर्गबाट भानुमान् उत्पन्न भए ॥ १६ ॥ तिनका पुत्र त्रिभानु, त्रिभानुका उदारबुद्धि र करन्धमका मरुत् नामका छोरा उत्पन्न भए । मरुत् पुत्रहीन थिए । अतः उनले पूरुवंशी दुष्यन्तलाई आफ्नो पुत्र माने । तर दुष्यन्त राज्यको लोभले फेरि आफ्नै

नास्तस्माज्जयद्रथ उदाहृतः ॥११॥ विजयस्तस्य सम्भूत्यां ततो धृतिरजायत ॥ ततो धृतव्रतस्तस्य सत्यकर्माधिरथस्ततः ॥ १२ ॥ यो सौ गङ्गातटे क्रीडन्मञ्जूषान्तर्गतं शिशुम् ॥ कुन्त्याऽपविद्धं कानीनमनपत्योऽकरोत्सुतम् ॥ १३ ॥ वृषसेनः सुतस्तस्य कर्णस्य जगतीपतेः ॥ द्रुह्योश्च तनयो बभ्रुः सेतुस्तस्यात्मजस्ततः ॥१४॥ आरब्धस्तस्य गान्धारस्तस्य धर्मसुतो धृतः ॥ धृतस्य दुर्मनास्तस्मात्प्रचेताः प्राचेतसं शतम् ॥ १५ ॥ म्लेच्छाधिपतयोऽभूवन्नुदीचीं दिशमाश्रिताः ॥ तुर्वसोश्च सुतो वह्निर्वह्नेर्भर्गोऽथ भानुमान् ॥ १६ ॥ त्रिभानुस्तत्सुतोऽस्यापि करंधम उदारधीः ॥ मरुतस्तत्सुतोऽपुत्रः पुत्रं पौरवमन्वभूत् ॥ १७ ॥ दुष्यन्तः स पुनर्भेजे स्वं वंशं राज्यकामुकः ॥ ययातेर्ज्येष्ठपुत्रस्य यदोर्वंशं नरर्षभः ॥ १८ ॥ वर्णयामि महापुण्यं सर्वपापहरं नृणाम् ॥ यदोर्वंशं नरः श्रुत्वा सर्वपापैः प्रमुच्यते ॥ १९ ॥ यत्रावतीर्णो भगवान्परमात्मा नराकृतिः ॥ यदोः सहस्रजित्क्रोष्टा नलो रिपुरिति श्रुताः ॥ २० ॥ चत्वारः सूनवस्तत्र शतजित्प्रथमात्मजः ॥ महाहयो वेणुहयो हैहयश्चेति तत्सुताः ॥ २१ ॥ धर्मस्तु हैहयसुतो नेत्रः कुन्तेः पिता ततः ॥ सोहञ्जिरभवत्कुन्तेर्महिष्मान्भद्रसेनकः ॥ २२ ॥ दुर्मदो भद्रसेनस्य धनकः कृतवीर्यसूः ॥ कृताग्निः कृतवर्मा च कृतौजा धनकात्मजाः ॥२३॥ अर्जुनः कृतवीर्यस्य सप्तद्वीपेश्वरोऽभवत् ॥ दत्तात्रेयाद्धरेरंशात्प्राप्तयोगो महागुणः ॥ २४ ॥ न नूनं कार्तवीर्यस्य गतिं यास्यन्ति पार्थिवाः ॥ यज्ञदान-

वंशमा फर्के । हे राजन् ! अब म राजा ययातिका जेठा छोरा यदुको पवित्र एवं मनुष्यका सबै पापहरू नष्ट पारिदिने वंशको वृत्तान्त भन्छु, किनकि यदुवंशको गाथा सुनेर प्राणी सबै पापबाट छुट्छ ॥ १७-१८ ॥ यही पवित्र वंशमा परमात्मा विष्णु भगवान्ले जन्म लिएका थिए । यदुका सहस्रजित्, क्रोष्टा, नल र रिपु नामका चार छोरा जन्माए । तिनमा प्रथम सहस्रजित्बाट शतजित् नामका पुत्र जन्मे । तिनका महाहय, वेणुहय र हैहय नामका तीन पुत्र भए ॥ २०-२१ ॥ तीमध्ये हैहयका छोरा धर्मबाट कुन्तीका पिता नेत्रको जन्म भयो । कुन्तीका पुत्र सोहञ्जि, तिनका महिष्मान् र महिष्मान्का भद्रसेन नामका पुत्र भए ॥ २२ ॥ भद्रसेनका दुर्मद र कृतवीर्यका पिता धनक—यी पुत्र जन्मे कृताग्नि कृतवर्मा तथा कृतौजा—यी तीन धनककै छोरा थिए ॥ २३ ॥ कृतवीर्यका छोरा सप्तद्वीपका अधिपति अर्जुन भए, जसले भगवान्का अंशावतार दत्तात्रय-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDR - Delhi

मित योग विद्या सिके र अणिमादि अष्टसिद्धि प्राप्त गरे ॥ २४ ॥ यज्ञ, दान, तप, योग, विद्या, वीर्य तथा जय आदि गुणहरूमा कृतवीर्यतनय सहस्रार्जुनको समान संसारका राजा गर्न सक्तैनन् ।२५॥ उनले प्रजाको हजार वर्षसम्म आफ्नो शरीरिक बल अव्याहत राखेर, आफ्नो धन नाशको ध्यान नगरी छ इन्द्रियका अविनाशी भोग भोगेका थिए ॥२६॥ तिनका एक हजार छोरा मध्ये केवल जयध्वज, शूरसेन वृषभ, मधु र ऊर्जित–यी पाँच मात्र परशुरामसितको युद्धमा बाँचेका थिए ॥ २७॥ तिनमा जयध्वजका तालजङ्घ उत्पन्न भए । तालजङ्घका सय छोरा थिए, जसबाट उत्पन्न तालजङ्घ नामका क्षत्रियहरूलाई राजा सगरले महर्षि और्वको प्रभावले मारेका थिए । उपर्युक्त सय छोरामा जेठो वीतिहोत्र थिए । ती वीतिहोत्रका छोरा मधु र मधुका छोरा वृष्णि भए । मधुका सय छोरामा सबभन्दा जेठा वृष्णि थिए । यी मधु, वृष्णि र यदुकै कारण यो वंश माधव, वार्ष्णेय र यादव यी नामले विख्यात भयो । यदुका छोरा क्रोष्टुका वृजिनवान् नामक पुत्र थिए । उनका स्वाहि, श्वाहिका रुशेकु, उनका चित्ररथ र चित्ररथका महायोगी तथा परम ऐश्वर्यवान्

तपोयोगश्रुतवीर्यजयादिभिः ॥ २५ ॥ पञ्चाशीतिसहस्राणि ह्यव्याहतबलः समाः ॥ अनष्टवित्तस्मरणो बुभुजेऽक्षय्यषड्वसु ॥ २६ ॥ तस्य पुत्रसहस्रेषु पञ्चैवोर्वरिता मृधे ॥ जयध्वजः शूरसेनो वृषभो मधुरूर्जितः ॥ २७ ॥ जयध्वजात्तालजङ्घस्तस्य पुत्रशतं त्वभूत् ॥ क्षत्रं यत्तालजङ्घाख्य-मौर्वतेजोपसंहृतम् ॥ २८ ॥ तेषां ज्येष्ठो वीतिहोत्रो वृष्णिः पुत्रो मधोः स्मृतः ॥ तस्य पुत्रशतं त्वासीद्वृष्णिज्येष्ठं यतः कुलम् ॥ २९ ॥ माधवा वृष्णयो राजन्यादवश्चेति संज्ञिताः ॥ यदुपुत्रस्य च क्रोष्टोः पुत्रो वृजिनवांस्ततः ॥ ३० ॥ श्वाहिस्ततो रुशेकुर्वै तस्य चित्ररथस्ततः ॥ शश-बिन्दुर्महायोगी महाभोगो महानभूत् ॥ ३१ ॥ चतुर्दशमहारत्नश्चक्रवर्त्यपराजितः ॥ तस्य पत्नीसहस्राणां दशानां सुमहायशाः ॥ ३२ ॥ दशलक्ष-सहस्राणि पुत्राणां तास्वजीजनत् ॥ तेषां तु षट्प्रधानानां पृथुश्रवस आत्मजः ॥ ३३ ॥ धर्मो नामोशना तस्य हयमेधशतस्य याट् ॥ तत्सुतो रुच-कस्तस्य पञ्चासन्नात्मजाः शृणु ॥ ३४ ॥ पुरुजिद्रुक्मरुक्मेषुपृथुज्यामघसंज्ञिताः ॥ ज्यामघस्त्वप्रजोऽप्यन्यां भार्यां शैब्यापतिर्भयात् ॥३५॥ नाविंदच्छ-त्रुभवनाद्भोज्यां कन्यामहारषीत् ॥ रथस्थां तां निरीक्ष्याह शैब्या पतिममर्षिता ॥ ३६ ॥ केयं कुहक मत्स्थानं रथमारोपितेति वै ॥ स्नुषा तवेत्यभि-हिते स्मयन्ती पतिमब्रवीत् ॥ ३७ ॥ अहं वन्ध्याऽसपत्नी च स्नुषा मे युज्यते कथम् ॥ जनयिष्यसि यं राज्ञि तस्येयमुपयुज्यते ॥ ३८ ॥ अ न्वमोदन्त

शशबिन्दु उत्पन्न भए ॥२९-३१॥ ती चौ चौध्र महारत्नका अधिपति, चक्रवर्ती र युद्धमा अजेय थिए र (हात्ती, रथ, स्त्री, बाण, ढुकुटी, माला, वृक्ष, शक्ति, पाश, मणि, वस्त्र, छत्र र विमान–यी चौध्र महारत्न हुन्) तिनका दस हजार पत्नीबाट दस लाख हजार अर्थात् एक अरब यशश्वी छोरा जन्मिए । तिनमा छ जना प्रधान पुत्रमध्ये पृथुश्रवाका धर्म नामक पुत्र जन्मे । उनका सय अश्वमेज यज्ञ गर्ने उशनाका छोरा रुचक थिए तिनका पाँच पुत्र भए । अब तिनको नाम सुन–॥३२-३४॥ तिनको नामथियो–पुरुजित् रुक्म, रुक्मेषु पृथु र ज्यामघ । शैब्याका पति ज्यामघ निस्सन्तान थिए, तर उनले आफ्नी भार्याको डरले अर्को विवाह गरेनन् । एकपल्ट तिनले आफ्नू शत्रुको घरबाट भोज्या नामकी कन्या हरेर ल्याए । कन्यालाई रथमा बसेको देखेर शैब्याले रिसाइ आफ्ना पतिलाई भनिन्—॥ ३५-३६ ॥ 'हे कपटी ! मैले बस्ने स्थानमा आज तिमीले रथमा कसलाई बसालि राखेका छौ ?'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजाले भने–'यी तिम्री बुहारी हुन् ।' अनि तिनले भनिन्– ३७।। 'म त बाँझी छु र मेरा कुनै सौता पनि छैनन्, अनि यो मेरी बुहारी कसरी हुन्छे ?' राजाले भने–'भविष्यमा तिमी जुन पुत्र उत्पन्न गरौली, यो उसैकी स्त्री हुनेछ' ।।३८।। विश्वेदेव र पितृगणले राजाका वचनको समर्थन गरे । अतः वेलामा शैव्या गर्भवती भइन् र तिनले यौटा सुन्दर बालकलाई जन्म दिइन् । त्यो छोरा विदर्भ कहियो र उसले शैव्याकी सती बुहारीसित विवाह गरे ।।३९।। इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे 'वासिष्ठी' टीकायां त्रयोविंशोऽध्याय, ।।२३।।

(विदर्भवंशको वर्णन) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! राजा विदर्भले त्यस भोज्याबाट कुश, क्रथ र विदर्भकुल-नन्दन रोमपाद–तीन पुत्र उत्पन्न गरे ।।१।। रोमपादका छोरा बभ्रु भए । बभ्रुका कृति, उनका छोरा उशिक र उशिकबाट चेदि भए, जसबाट चैद्य आदि राजा उत्पन्न भए ।। २ ।। क्रथका छोरा कुन्ति, उनका धृष्टि, धृष्टिका निर्वृति, निर्वृतिका दशार्ह र दशार्हका छोरा व्योम भए ।। ३ ।। व्योमका छोरा जीमूत, जीमूतका विकृति, विकृतिका भीमरथ, भीमरथका नवरथ र नवरथका छोरा दशरथ भए ।।४।।

तद्विश्वेदेवाः पितर एव च ।। शैव्या गर्भमधात्काले कुमारं सुषुवे शुभम् ।। स विदर्भ इति प्रोक्त उपयेमे स्नुषां सतीम् ।। ३६ ।। इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे यदुवंशानुवर्णने त्रयोविंशोऽध्यायः ।। २३ ।।

श्रीशुक उवाच ।। तस्यां विदर्भोऽजनयत्पुत्रौ नाम्ना कुशक्रथौ ।। तृतीयं रोमपादं च विदर्भकुलनन्दम् ।।१।। रोमपादसुतो बभ्रुर्बभ्रोः कृतिरजायत ।। उसिकस्तत्सुतस्तमाच्चेदिश्चैद्यादयोनृपाः ।।२।। क्रथस्य कुन्तिः पुत्रोऽभूद् धृष्टिस्तस्याथ निर्वृतिः।। ततो दशार्हो नाम्नाऽभूत्तस्त व्योमः सुतस्ततः ।।३।। जीमूतो विकृतिस्तस्य यस्य भीमरथः सुतः ।। ततो नवरथः पुत्रो जातो दशरथस्ततः ।।४।। करम्भिः शकुनेः पुत्रो देवरातस्तदात्मजः ।। देवक्षत्रस्तत–स्तस्य मधुः कुरुवशादनुः ।।५।। पुरुहोत्रस्त्वनोः पुत्रस्तस्यायुः सात्वतस्ततः ।। भजमानो भजिर्दिव्यो वृष्णिर्देवावृधोन्धकः ।। सात्वतस्य सुताः सप्त महाभोजश्च मारिष ।। भजमानस्य निम्लोचिः किङ्किणो धृष्टिरेव च ।।७।। एकस्यामात्मजः पत्न्यामन्यस्यां च त्रयः सुताः।। शताजिच्च सहस्राजिदयुताजिदिति प्रभो ।।८।। बभ्रुर्देवावृधसुतस्तस्योःश्लोकौ पठयन्त्यमू ।। यथैव शृणुमो दूरात्सम्पश्यामस्तथाऽन्तिकात् ।।६।। बभ्रुः श्रेष्ठो मनुष्याणां देवैर्देवावृधः समः ।। पुरुषाःपञ्चषष्टिश्च षट् सहस्राणि चाष्ट च ।।१०।। तेऽमृतत्वमनुप्राप्ता बभ्रोर्देवावृधादपि ।। महाभोजोऽपि धर्मात्मा भोजा आसंस्तदन्वये ।।११।।

दशरथका शकुनि, शकुनिका करम्भि र तिनका छोरा देवरात भए । देवरातका देवक्षत्र, देवक्षत्रका मधु, मधुका कुरुवंश र कुरुवंशका छोरा अनु भए ।।५।। अनुका छोरा पुरुहोत्र, तिनका आयु र आयुका छोरा सात्वत भए । हे आर्य ! सात्वतका भजमान, भजि, दिव्य, वृष्णि, देवावृध, अन्धक र महाभोज नामका सात छोरा जन्मे । हे राजन् ! तिनमा भजमानकी यौटी स्त्रीबाट निम्लोचि, किङ्किण र धृष्टि नामका तीन छोरा जन्मिए । उनकी अर्की पत्नीबाट शताजित् सहस्राजित् र अयुताजित् नामका तीन पुत्र भए ।।६-८।। देवावृधका छोरा बभ्रु भए । ती दुवै बाबु-छोराको विषयमा यी दुइ-श्लोक कहिन्छन्–'हामीले परैबाट सुनेको अनुसार नजीकैबाट पनि देखियो ।। ९ ।। बभ्रु सबै मनुष्यमा श्रेष्ठ छन् र देवावृध देवता समान छन्, किनकि बभ्रु र देवावृधबाट उपदेश पाएर चौध्र हजार पैंसट्ठी मनुष्यले अमरपद प्राप्त गरिसकेका छन् ।।१०।। सात्वत-तनय महाभोज पनि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

ठूला धर्मात्मा थिए, तिनका सन्तानमा भोजवंशी यादव जन्मिए ॥११॥ हे शत्रुसूदन ! वृष्णिका सुमित्र र युधाजित् दुइ छोरा भए । तिनमा युधाजित्का शिनि र अनमित्र
उत्पन्न भए । अनमित्रका निम्न नामका छोरा भए ॥१२॥ सत्राजित् र प्रसेन यी दुवै पनि निम्नका छोरा थिए । अनमित्रका शिनि नामका छोराका छोरा सत्यक भए ॥१३॥ ती
सत्यकका छोरा युयुधान अर्थात् सात्यकि थिए । तिनका जय, जयका कुणि र कुणिका युगन्धर नामका छोरा जन्मिए । अनमित्रका यौटा छोरा वृष्णि थिए, जसका श्वफल्क तथा
चित्ररथ दुइ पुत्र जन्मे । तिनमा श्वफल्कद्वारा गान्दिनीको गर्भबाट आसंग आदि बाह र अक्रूरसमेत तेह पुत्र जन्मिए ॥१४॥१५॥ तिनका नाम थि —आसङ्ग, सारमेय, मृदुर,
मृदुवित्, गिरि, धर्मवृद्ध, सुधर्मा, क्षेत्रोपेक्ष, अरिमर्दन, शत्रुघ्न, गन्धमाद, प्रतिबाहु र अक्रूर । तिनकी सुचिरा नामकी यौटी बहिनी पनि थिइन् । अक्रूरका छोरा देववान्, उपदेव,
तथा श्वफल्कका भाई चित्ररथका छोरा पृथु र विदूरथ आदि अनेक वृष्णिवंशी यादव उत्पन्न भए ॥१६-१८॥ सात्वत-पुत्र अन्तकका कुकुर, भोजमान, शुचि र कम्बलबर्हि

वृष्णेः सुमित्रः पुत्रोऽभूद्युधाजिच्च परंतप ॥ शिनिस्तस्यानमित्रश्च निम्नोऽभूदनमित्रतः ॥१२॥ सत्राजितः प्रसेनश्च निम्नस्याप्यासतुः सुतौ ॥ अनमि-
त्रसुतो योऽन्यः शिनिस्तस्याथ सत्यकः ॥१३॥ युयुधानः सात्यकिर्वै जयस्तस्य कुणिस्ततः ॥ युगन्धरोऽनमित्रस्य वृष्णिः पुत्रोऽपरस्ततः॥१४॥ श्वफ-
ल्कश्चित्ररथश्च गान्दिन्यां च श्वफल्कतः ॥ अक्रूरप्रमुखा आसन्पुत्रा द्वादश विश्रुताः ॥१५॥ आसङ्गः सारमेयश्च मृदुरो मृदुविद्गिरिः ॥ धर्मवृद्धः सुधर्मा च
क्षेत्रोपेक्षोऽरिमर्दनः ॥१६॥ शत्रुघ्नो गन्धमादश्च प्रतिबाहुश्च द्वादश ॥ तेषां स्वसा सुचीराख्या द्वावक्रूरसुतावपि ॥१७॥ देववानुपदेवश्च तथा चित्ररथा-
त्मजाः ॥ पृथुर्विदूरथाद्याश्च बहवो वृष्णिनन्दनाः ॥१८॥ कुकुरो भजमानश्च शुचिः कम्बलबर्हिषः ॥ कुकुरस्य सुतो वह्निर्विलोमा तनयस्ततः ॥१९॥
कपोतरोमा तस्यानुः सखा यस्य च तुम्बुरुः ॥ अन्धको दुन्दुभिस्तस्मादरिद्योतः पुनर्वसुः ॥ २० ॥ तस्याहुकश्चाहुकी च कन्या चैवाहुकात्मजौ ॥
देवकश्चोग्रसेनश्च चत्वारो देवकात्मजाः ॥ २१ ॥ देववानुपदेवश्च सुदेवो देववर्धनः ॥ तेषां स्वसारः सप्तासन्धृतदेवादयो नृप ॥ २२ ॥ शान्ति-
देवोपदेवा च श्रीदेवा देवरक्षिता ॥ सहदेवा देवकी च वसुदेव उवाह ताः ॥ २३ ॥ कंसः सुनामा न्यग्रोधः कङ्कः शंकुः सुहूस्तथा ॥ राष्ट्रपालोऽथ
सृष्टिश्च तुष्टिमानौग्रसेनयः ॥ २४ ॥ कंसा कंसवती कङ्का शूरभू राष्ट्रपालिका ॥ उग्रसेनदुहितरो वसुदेवानुजस्त्रियः ॥ २५ ॥ शूरो विदूरथादासी-

नामका चार पुत्र जन्मिए । तिनमा कुकुरका छोरा वह्नि, उनका विलोमा ॥ १९ ॥ विलोमाका कपोतरोमा र कपोतरोमाका अनु भए । जसका सखा तुम्बुरु नामका गन्धर्व थिए ।
तिनका अन्धक र अन्धकका दुन्दुभि, उनका अरिद्योत र अरिद्योतका पुनर्वसु नामका बालक उत्पन्न भए ॥२०॥ पुनर्वसुका आहुक नामका छोरा र आहुकी नामकी यौटी कन्या
जन्मी । आहुकका छोरा देवक र उग्रसेन भए । तिनमा देवकका देववान्, उपदेव, सुदेव र देववर्धन चार पुत्र भए । उनकी धृतदेवा आदि सात बहिनी थिए ॥ २१॥२२ ॥ तिनका
नाम थिए–धृतदेवा, शान्तिदेवा, उपदेवा, श्रीदेवा, देवरक्षिता, सहदेवा र देवकी । ती सबैको विवाह वसुदेवसित भएको थियो ॥२३॥ कंस, सुनामा, न्यग्रोध, कङ्क, शंकु, सुहू, राष्ट्रपाल,
सृष्टि र तुष्टिमान्–यी उग्रसेनका छोरा थिए ॥ २४ ॥ कंसा, कंसवती, कङ्का, शूरभू र राष्ट्रपालिका–यी उग्रसेनकी छोरीहरू वसुदेवका भाइहरूकी पत्नी थिए ॥२५॥ चित्ररथका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालक विदूरथबाट शूर नामका पुत्र जन्मे । शूरका भजमान, तिनका शिनि, शिनिका स्वयंभोज र स्वयम्भोजका हृदीक नामका छोरा जन्मिए ॥२६॥ हृदीकका छोरा देवबाहु, शतधनु र कृतवर्मा थिए : देवमीढका छोरा शूरकी पत्नीको नाम मारिषा थियो ॥२७॥ तिनैद्वारा उनले—वसुदेव, देवभाग, देवश्रवा, आनक, सृन्जय, श्यामक, कङ्क, शमीक, वत्सक र वृक-यी दस पुण्यात्मा बालक जन्माए । ती बालक जन्मदा देवताहरूको दुन्दुभि तथा आनक (वाद्यविशेष) आदि बाजा बजेका थिए । अतः श्रीहरिको जन्मस्थानरूप ती वसुदेवलाई आनक दुन्दुभि पनि भन्दछन् । शूरसेनकी पृथा, श्रुतदेवा, श्रुतश्रवा र राजाधिदेवी—यी पाँच कन्याहरू यी वसुदेव आदिकी बहिनी थिए । पिता शूरसेनले आफ्ना सन्तानहीन सखा कुन्तिभोजलाई आफ्नी छोरी पृथा दिए ॥ २८-३१ ॥ पृथाले आफूप्रति प्रसन्न दुर्वासा ऋषिसित देवताहरूलाई डाक्ने विद्या प्राप्त गरेकी थिइन् । त्यस विद्याको प्रभावलाई जान्नको निम्ति उनले सर्वप्रथम सूर्यलाई आवाहन गरिन् ॥ ३२ ॥ सूर्य भगवान्लाई तत्काल उपस्थित देखेर उनले भनिन्—'भगवन् ! क्षमा गर्नुहवस् मैले केवल परीक्षाको निम्ति यस विद्याको

द्भजमानः सुतस्ततः ॥ शिनिस्तस्मात्स्वयम्भोजो हृदीकस्तत्सुतो मतः ॥ ६॥ देवबाहुः शतधनुः कृतवर्मेति तत्सुताः ॥ देवमीढस्य शूरस्यमारिषा नाम पत्न्यभूत् ॥ २७ ॥ तस्यां स जनयामास दश पुत्रानकल्मषान् ॥ वसुदेवं देवभागं देवश्रवसमानकम् ॥ २८ ॥ सृञ्जयं श्यामकं कङ्कं शमीकं वत्सकं वृकम् ॥ देवदुन्दुभयो नेदुरानका यस्य जन्मनि ॥ २६ ॥ वसुदेवं हरेः स्थानं वदन्त्यानकदुन्दुभिम् ॥ पृथा च श्रुतदेवा च श्रुतकीर्तिः श्रुतश्रवाः ॥३० ॥ राजाधिदेवी चैतेषां भगिन्यः पञ्च कन्यकाः ॥ कुन्तेः सख्युः पिता शूरो ह्यपुत्रस्य पृथामदात् ॥ ३१ ॥ साऽऽप दुर्वाससो विद्यां देवहूतीं प्रतोषितात् ॥ तस्य वीर्यपरीक्षार्थमाजुहाव रविं शुचिम् ॥ ३२ ॥ तदैवोपागतं देवं वीक्ष्य विस्मितमानसा ॥ प्रत्ययार्थं प्रयुक्ता मे याहि देव क्षमस्व मे ॥३३ ॥ अमोघं दर्शनं देवि आधत्से त्वयि चात्मजम् ॥ योनिर्यथा न दुष्येत कर्ताऽहं ते सुमध्यमे ॥ ३४ ॥ इति तस्यां स आधाय गर्भं सूर्यो दिवं गतः ॥ सद्यः कुमारः संजज्ञे द्वितीय इव भास्करः ॥ ३५ ॥ तं साऽत्यजन्नदीतोये कृच्छ्राल्लोकस्य बिभ्यती ॥ प्रपितामहस्तामुवाह पाण्डुर्वै सत्यविक्रमः ॥ ३६ ॥ श्रुतदेवां तु कारूषो वृद्धशर्मा समग्रहीत् ॥ यस्यामभूद्दन्तवक्त्र ऋषिशप्तो दितेः सुतः ॥ ३७ ॥ कैकेयो धृष्टकेतुश्च श्रुतकीर्तिमविन्दत ॥ सन्तर्दनादयस्तस्य पञ्चासन्कैकयाः सुताः ॥ ३८ ॥ राजाधिदेव्यामावन्त्यो जयसेनोऽजनिष्ट ह ॥ दमघोषश्चेदिराजः श्रुतश्रवसमग्रहीत्

प्रयोग गरेकी हुँ, अब हजुर जानोस्' ॥३३॥ सूर्यले भने—'हे देवि ! मेरो दर्शन व्यर्थ जाँदैन । अतः हे सुन्दरी ! म तिम्रो गर्भमा यसरी पुत्र स्थापित गर्नेछु कि तिम्रो योनि दूषित हुनेछैन' ॥ ३४ ॥ यति भनेर गर्भस्थापित गरी सूर्यदेव फर्किए । त्यस गर्भबाट अर्को सूर्य समान तेजस्वी पुत्र तत्काल उत्पन्न भए ॥ ३५ ॥ लोक-निन्दाको डरले भयभीत भएर तिनले दुःख मान्दै त्यस बालकलाई नदीको जलमा बगाइदिइन् । हे राजन् ! तिम्रा हजूरबा शूरवीर महाराज पाण्डुसित पृथाको विवाह भएको थियो ॥ ३६ ॥ हे राजन् ! पृथाकी कान्छी बहिनी श्रुतदेवालाई करूषदेशका नरेश वृद्धशर्माले रोजे । जसबाट दन्तवक्त्र नामका पुत्र जन्मिए । जुन् कि पूर्वजन्ममा सनकादि मुनिहरूको श्रापले दितिको पुत्र हिरण्याक्ष भएको थियो ॥ ३७ ॥ केकयदेशका नरेश धृष्टकेतुले श्रुतकीर्तिसित विवाह गरे । तीबाट सन्तर्दन आदि पाँच कैकयराजकुमार उत्पन्न भए ॥ ३८ ॥ राजधिदेवीबाट राजा जयसेनले विन्द

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MDI – Delhi

र अनुविन्द नामका दुइ अवन्ति नरेश उत्पन्न गरे। श्रुतश्रवाको चेदिराज दमघोषसित विवाह भयो ॥ ३९ ॥ तिनका पुत्र शिशुपाल थिए। इनका जीवनको वृत्तान्त पहिले नै वताइसकेको छु। वसुदेवका कान्छा भाई देवभागद्वारा कंसाका गर्भबाट चित्रकेतु र बृहद्बल नामका दुइ पुत्र जन्मिए। देवाकी स्त्री कंसवतीका सुवीर तथा इषुमान उत्पन्न भए र आनक-को वीर्यबाट कङ्काका सत्यजित् तथा पुरुजित् नामका दुइ पुत्र जन्मिए ॥ ४० ॥ सृञ्जयकी पत्नी राष्ट्रपालिकाबाट वृष र दुर्मर्षणादिको जन्म भयो। श्यामकले शूरभूमिको गर्भबाट हरिकेश र हिरण्याक्ष नामका दुइ पुत्र जन्माए ॥ ४२ । वत्सकले मिश्रकेशी नामकी अप्सराबाट वृकादि र वृकले दूर्वाक्षी द्वारा तक्ष, पुष्कर एवं शाल आदि अनेक छोरा जन्माए। शमीकको वीर्यबाट त्यसकी भार्या सुदामिनीले सुमित्र र अर्जुनपाल आदि एवं बालक र कङ्कले कर्णिकाबाट ऋतधाम र जयलाई जन्माए ॥४३-४४॥ वसुदेवकी पौरवी, रोहिणी, भद्रा, मदिरा, रोचना, इला र देवकी आदि अनेक पत्नी थिए ॥४५॥ तीमध्ये वसुदेवले रोहिणीको गर्भबाट बल, गद, सारण, दुर्मद, विपुल, ध्रुव तथा कृत आदि छोरालाई जन्म दिए

॥ ३९ ॥ शिशुपालः सुतस्तस्याः कथितस्तस्य सम्भवः ॥ देवभागस्य कंसायां चित्रकेतुबृहद्बलौ ॥४०॥ कंसवत्यां देवश्रवसः सुवीर इषुमांस्तथा ॥ कङ्कायामानकाज्जातः सत्यजित्पुरुजित्तथा ॥ ४१ ॥ सृञ्जयो राष्ट्रपाल्यां च वृषदुर्मर्षणादिकान् ॥ हरिकेशहिरण्याक्षौ शूरभूम्यां च श्यामकः ॥४२॥ मिश्रकेश्यामप्सरसि वृकादीन्वत्सकस्तथा ॥ तक्षपुष्करशालादीन्दुर्वाक्ष्यां वृक आदधे ॥ ४३ ॥ सुमित्रार्जुनपालादीञ्छमीकात्तु सुदामिनी ॥ कङ्कश्च कर्णिकायां वै ऋतधामजयावपि ॥ ४४ ॥ पौरवी रोहिणी भद्रा मदिरा रोचना इला ॥ देवकीप्रमुखा आसन्पत्न्य आनकदुन्दुभेः ॥४५॥ बलं गदं सारणं च दुर्मदं विपुलं ध्रुवम् ॥ वसुदेवस्तु रोहिण्यां कृतादीनुदपादयत् ॥ ४६ ॥ सुभद्रो भद्रबाहश्च दुर्मदो भद्र एव च ॥ पौरव्यास्तनया ह्येते भूताद्या द्वादशाभवन् ॥ ४७ ॥ नन्दोपनन्दकृतकशूराद्या मदिरात्मजाः ॥ कौसल्या केशिनं त्वेकमसूत कुलनन्दनम् ॥ ४८ ॥ रोचनायामतो जाता हस्तहेमाङ्गदादयः ॥ इलाया मुरुवल्कादीन्यदुमुख्यानजीजनत् ॥ ४९ ॥ विपृष्ठो धृतदेवायामेक आनकदुन्दुभेः ॥ शान्तिदेवात्मजा राजन् श्रमप्रतिश्रुतादयः ॥ ५० ॥ राजानः कल्पवर्षाद्या उपदेवासुता दश ॥ वसुहंससुवंशाद्याः श्रीदेवायास्तु षट् सुताः ॥ ५१ ॥ देवरक्षितया लब्धा नव चात्र गदादयः ॥ वसुदेवः सुतानष्टावादधे सहदेवया ॥ ५२ ॥ पुरुविश्रुतमुख्यांस्तु साक्षाद्धर्मो वसूनिव ॥ वसुदेवस्तु देवक्यामष्ट पुत्रानजी-

॥ ४६ ॥ ती वसुदेवले नै पौरवीबाट सुभद्र, भद्रवाह, दुर्मद, भद्र र भूत आदि सुप्रसिद्ध बाह्र पुत्र उत्पन्न गरे ॥४७॥ नन्द, उपनन्द, कृतक तथा शूर आदि मदिरा छोरा र कौसल्याले केशी नामको योटै कुलदीपक छोरो जन्माइन् ॥ ४८ ॥ रोजना द्वारा ती (वसुदेव) का हस्त तथा हेमाङ्गदादि छोरा जन्मिए र इलाबाट उनल गुरु र वल्क आदि यदुश्रेष्ठहरूलाई जन्म दिए ॥ ४९ ॥ हे राजन् ! तिनकी पत्नी धृतदेवाको गर्भबाट आनकदुन्दुभि द्वारा विपृष्ठ नामका योटा छोरा जन्मिए र शान्तिदेवाका छोरा श्रम, प्रतिश्रुत आदि जन्मिए। ॥५० ॥ उपदेवाका छोरा कल्प वर्ष आदि दस राजा भए र श्रीदेवाका वसु, हंस र सुवंश आदि छ पुत्र जन्मिए ॥५१॥ देवरक्षिताबाट उनका गद आदि नौ पुत्र भए। जस्तै—साक्षात् धर्मराजले आठ वसुहरूलाई उत्पन्न गरेका थिए, त्यसैगरी सहदेवाबाट उनले पुरु, विश्रुतादि आठ पुत्रहरूलाई जन्म दिए। त्यसैगरी देवकीबाट वसुदेवका आठ छोरा भए। जसमा सात ॥४३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कीर्तिमान, सुषेण, उदारधी, भद्रसेन, सम्मर्दन, भद्र तथा शेषावतार श्री संकर्षण भए ॥५२-५४॥ तिनमा आठौं पुत्र साक्षात् भगवान् श्रीहरि थिए। हे राजन्! तिम्री हजुरामा महाभागा सुभद्रा पनि देवकीकी नै छोरी थिइन् ॥५५॥ संसारमा जब-जब धर्मको नाश र अधर्मको अभ्युदय हुन्छ, तब-तब सर्वेश्वर भगवान् श्रीहरि अवतार लिने गर्दछन् ॥५६॥ हे महीपते! सबै जगतीतलका नियन्ता, साक्षी र अन्तरात्मा स्वरूप ती असंग परमात्माको जन्म एवं कर्मकी सँगिनी आफ्नी माया बाहेक अरु कोही पनि रहन्न ॥५७॥ जसको माया-विलासमात्र जीवको उत्पत्ति, स्थिति र मृत्युको कारण हुन्छ र जसको अनुग्रह नै जन्म-मरणादिको निवृत्ति र आत्मस्वरूप प्राप्त गर्ने हेतु रहन्छ ॥५८॥ ती हे राजन्! कति नै अक्षौहिणी सेनाको अतिरिक्त राजवेषधारी असुरहरूद्वारा जब पृथ्वीलाई भारी भयो, तब त्यसको भार उतार्न भगवान् मधुसूदन—श्रीसङ्कर्षणका साथै धरातलमा आएर यस्ता अनेकौं कार्य गरे, जसको देवेश्वरगण पनि आफ्नू मनले अनुमान गर्न सक्तैनन् ॥५९॥ उनले भक्तजनमा कृपा गर्नका लागि कलिमा उत्पन्न सबै जीवको कष्ट,

जनत् ॥५३॥ कीर्तिमन्तं सुषेणं च भद्रसेनमुदारधीः ॥ ऋजुं सम्मर्दनं भद्रं संकर्षणमहीश्वरम् ॥ ५४ ॥ अष्टमस्तु तयोरासीत्स्वयमेव हरिः किल ॥ सुभद्रा च महाभागा तव राजन्पितामही ॥ ५५ ॥ यदा यदेह धर्मस्य क्षयो वृद्धिश्च पाप्मनः ॥ तदा तु भगवानीश आत्मानं सृजते हरिः ॥५६॥ न ह्यस्य जन्मनो हेतुः कर्मणो वा महीपते ॥ आत्ममायां विनेशस्य परस्य द्रष्टुरात्मनः ॥ ५७ ॥ यन्मायाचेष्टितं पुंसः स्थित्युत्पत्त्यप्ययाय हि ॥ अनुग्रहस्तन्निवृत्तेरात्मलाभाय चेष्यते ॥ ५८ ॥ अक्षौहिणीनां पतिभिरसुरैर्नृपलाञ्छनैः ॥ भुव आक्रम्यमाणाया अभाराय कृतोद्यमः ॥ ५९ ॥ कर्माण्यपरिमेयानि मनसापि सुरेश्वरैः ॥ सहसंकर्षणश्चक्रे भगवान्मधुसूदनः ॥ ६० ॥ कलौ जनिष्यमाणानां दुःखशोकतमोनुदम् ॥ अनुग्रहाय भक्तानां सुपुण्यं व्यतनोद्यशः ॥६१॥ यस्मिन्सत्कर्णपीयूषे यशस्तीर्थवरे सकृत् ॥ श्रोत्राञ्जलिभिरुपस्पृश्य धुनुते कर्मवासनाम् ॥६२॥ भोजवृष्ण्यन्धकमधुशूरसेनदशार्हकैः ॥ श्लाघनीयेहितः शश्वत्कुरुसृञ्जयपाण्डुभिः ॥ ६३ ॥ स्निग्धस्मितेक्षितोदारैर्वाक्यैर्विक्रमलीलया ॥ नृलोकं रमयामास मूर्त्या सर्वाङ्गरम्यया ॥ ६४ ॥ तस्याननं मकरकुण्डलचारुकर्णभ्राजत्कपोलसुभगं सविलासहासम् ॥ नित्योत्सवं न ततृपुर्दृशिभिः पिबन्त्यो नार्यो नराश्च मुदिताः कुपिता निमेश्च ॥ ६५ ॥ जातो गतः पितृगृहाद्व्रजमेधितार्थो हत्वा रिपून्सुतशतानि कृतोरुदारः ॥ उत्पाद्य तेषु पुरुषः क्रतुभिः

शोक र अज्ञान निवृत्त गर्ने आफ्नू पवित्र यश संसारमा विस्तृत पारे ॥६१॥ जसको यशरूपी पवित्र तीर्थ साधुजनका कानको निम्ति अमृत समान सुखदायक छ। जसमा श्रोत्ररूपी अंजलीले जो व्यक्ति एकपल्ट पनि आचमन गर्दछ, त्यो मोक्षको प्रतिबन्धस्वरूप कर्म वासनालाई तत्काल त्यागिदिन्छ ॥६२॥ हे राजन्! जसका मनोहारिणी लीलाहरू भोज, वृष्णि, अन्धक, मधु, शूरसेन, दशार्ह, कुरु, सृञ्जय र पाण्डुवंशी वीरले सदा प्रशंसित हुँदै रहन्थिन्, ती श्रीहरि भगवान् आफ्नो स्नेहयुक्त मन्दहास्यको हेराई, अमृतझैं मीठा वचन, विक्रममयी लीला र सर्वाङ्ग सुन्दर स्वरूपले मानव-समाजलाई सुखी पारे ॥६३॥६४॥ जो मकराकृति कुण्डलले अलंकृत कमनीय कर्ण तथा कान्तिमय कपोलले अत्यन्त सुशोभित भइरहेका थियो, तिनका त्यो विलासमय हास्यपूर्ण नित्य प्रफुल्लित रहिरहने मुखारविन्दलाई नयन युगलले आनन्दसाथ पिउँदै समस्त नर-नारी कहिल्यै पनि अघाउन्नथे, बरू

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

निमिमाथि यस निम्ति रिसाउँथे कि तिनका परेका बारम्बार खुल्दै र बन्द हुँदै गर्दथे ॥६५॥ जन्म लिएपछि ती आफ्ना पिताको घर व्रज गए, त्यहाँ पालन-पोषण गरिएर उनले आफ्ना शत्रुको संहार गरे र अनेक कन्याहरूसित विवाह गरेर अनेक पुत्र उत्पन्न गरे अनि संसारमा वेदको मर्यादा स्थापित गर्नका लागि अनेक यज्ञादिद्वारा भगवान् स्वयं आफ्नो यजन

समीजे आत्मानमात्मनिगमं प्रथयञ्जनेषु ॥ ६६ ॥ पृथ्व्याः स वै गुरुभरं क्षपयन्कुरूणामन्तःसमुत्थकलिना युधि भूपचम्वः ॥ दृष्ट्या विधूय विजये जयमुद्विघोष्य प्रोच्योद्धवाय च परं समगात्स्वधाम ॥ ६७ ॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यांपारमहंस्यां संहितायां नवमस्कन्धे श्रीसूर्यसोमवंशानुकीर्तने यदुवंशानुकीर्तनं नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥

गरे ॥६६॥ त्यसपछि पृथ्वीको अतिशय बढेको भार उतार्नको निम्ति कौरव तथा पाण्डवहरूमा उत्पन्न कलहले महाभारतको रणभूमिमा आफ्नू दृष्टिमात्रले राजाहरूका सम्पूर्ण सेनाको विध्वंस पार्न लगाएर अर्जुनको विजयघोष गराए र उद्धवलाई आत्मज्ञानको उपदेश दिई आफ्नू धाममा गए ॥६७॥

इति श्रीमद्भागवते महापुराणे नवमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपालीभाषाटीकायां चतुर्विंशोऽध्यायः ॥२४॥

❀ समाप्तोऽयं नवमः स्कन्धः ❀

(श्रीकृष्णार्पणमस्तु)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते नवमः स्कन्धः समाप्तः।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते दशमः स्कन्धः 'पूर्वार्द्धम्'।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ नमो भगवते वासुदेवाय ।। वंशी विभूषितकरान्नवनीरदाभात्पीताम्बरादरुणबिम्बफलाधरोष्ठात् ।। पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्कृष्णात्परं किमपि तत्त्वमहं न जाने ।। १ ।। वाङ्मये विग्रहेन्वस्मिन् राजते यो रसात्मना ।। तमानन्दमयं वन्दे नन्दनन्दनमीश्वरम् ।।२।। राधा भक्तिर्हरिर्ध्यानं ताभ्यां या च समन्वितम् ।। ता श्रीभागवतीगाथां वन्दे युगलरूपिणीम् ।। ।। यो लीला ल स्य संलग्नो गतोऽलोलोऽपि लोलताम् ।। तं लीलावपुषं बालं वन्दे लीलार्थसिद्धये। ।४।। यस्यदीप्तिलवेनैव देवता देवतांगताः।। तं वन्दे देवदेवेशं सर्वदेवमयं हरिम्।।५।।

(पृथिवीलाई आश्वासन, वसुदेव-देवकीको विवाह र कंसद्वारा देवकीका छ पुत्रको वध)–राजा परीक्षित् भन्दछन्–हे मुने ! हजुरले चन्द्रवंश र सूर्यवंशको विस्तारले वर्णन गर्नुभयो र ती दुवै वंशमा उत्पन्न राजाहरूको चरित्र भन्नुभयो ।। १ ।। धर्मपरायण राजा यदुको पनि वंश वर्णन गर्नुभयो ! अब त्यही वंशमा आफ्नू अंशले उत्पन्न भगवान् विष्णुको चरित्र भन्नुहवस् ।। २ ।। जीवहरूका पालनकर्ता ईश्वरले यदुवंशमा अवतार लिएर जुन-जुन लीलाहरू गरे त्यो विस्तारपूर्वक भन्नुहवस् ।। ३ ।। किनकि उनका गुणहरू निस्पृह महात्मा पनि

ॐ नमो भगवते वासुदेवाय ।। राजोवाच ।। कथितो वंशविस्तारो भवता सोमसूर्ययोः ।। राज्ञां चोभयवंश्यानां चरितं परमाद्भुतम् ।। १ ।। यदोश्च धर्मशीलस्य नितरां मुनिसत्तम ।। तत्रांशेनावतीर्णस्य विष्णोर्वीर्याणि शंस नः ।।२।। अवतीर्य यदोर्वंशे भगवान्भूतभावनः ।। कृतवान् यानि विश्वात्मा तानि नो वद विस्तरात् ।। ३ ।। निवृत्ततर्षैरुपगीयमानाद्भवौषधाच्छ्रोत्रमनोऽभिरामात् ।। क उत्तमश्लोकगुणानुवादात् पुमान्विरज्येत विना पशुघ्नात् ।। ४ ।। पितामहो मे समरेऽमरञ्जयैर्देवव्रताद्यातिरथैस्तिमिङ्गिलैः ।। दुरत्ययं कौरवसैन्यसागरं कृत्वाऽतरन्वत्सपदं स्म यत्प्लवाः ।। ५ ।। द्रौण्यस्त्रविप्लुष्टमिदं मदङ्गं सन्तानबीजं कुरुपाण्डवानाम् ।। जुगोप कुक्षिं गत आत्तचक्रो मातुश्च मे यः शरणं गतायाः ।। ६ ।। वीर्याणि तस्याखिलदेहभाजामन्तर्बहिःपूरुषकालरूपैः ।। प्रयच्छतो मृत्युमुतामृतं च मायामनुष्यस्य वदस्व विद्वन् ।। ७ ।। रोहिण्यास्तनयः प्रोक्तो रामः सङ्कर्षणस्त्वया ।। देवक्या गर्भसम्बन्धः कुतो देहान्तरं विना ।। ८ ।। कस्मान्मुकुन्दो भगवान्पितुर्गेहाद्व्रजं गतः ।। क्व वासं ज्ञातिभिः सार्धं कृतवान्सात्वतां पतिः ।। ९ ।। व्रजे वसन्किमकरोन्मधुपुर्यां च केशवः ।। भ्रातरं चावधीत्कंसं मातुरद्धाऽतदर्हणम् ।। १० ।। देहं मानुषमाश्रित्य कति वर्षाणि वृष्णिभिः ।।

गान गर्दछन् । जो मुमुक्षुजनका लागि संसाररूपी रोगको एकमात्र औषधि छन्, जो विषयी जनको पनि मनलाई अत्यन्त प्रिय छन्, ती भगवान् उत्तमश्लोकका गुणानुवाद सुन्नाले आत्मघाती, पशु-हिंसक व्यक्ति बाहेक अरू कुन प्राणी विमुख होला ? ।। ४ ।। कौरव सैन्यरूपी विशाल समुद्र तिमिङ्गिल अर्थात् सिन्धुमा बस्ने महामत्स्यरूपी भीष्मादि देवविजयी महारथी छँदै दुस्तर थियो, त्यसलाई श्रीकृष्णरूपी डुङ्गाको आश्रय पाएर हाम्रा पितामहहरूले गोपद झैं सहजै पारी तरे ।। ५ ।। जुन वेला द्रोण-सुत अश्वत्थामाको ब्रह्मास्त्रले कौरव पाण्डवंशका बीजस्वरूप मेरो शरीर दग्ध भइरहेको थियो, तब मेरी शरणागत माताको गर्भमा प्रविष्ट भएर जसले आफ्नू सुदर्शन चक्र द्वारा मम शरीरको रक्षा गरेका थिए ।। ६ ।। जो समस्त देहधारीहरूको भित्र र बाहिर कालरूपले स्थित रहेर उसलाई जीवन र मृत्यु दिन्छन् । हे विद्वन् ! ती मानवरूपधारी नारायणका लीलाहरूको वर्णन गर्नोस् ।।७।। हे भगवन् ! हजुरले बलरामलाई रोहिणीका छोरा भन्नुभयो र देवकीका आठ पुत्रमा तिनको गणना गर्नुभयो । के अर्को जन्म नलिएर नै उनको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवकीको गर्भबाट कसरी सम्भव भयो ? ।।८।। भगवान कृष्ण पिताको घर छाडेर व्रजमा किन गए र ती यादवेशले आफ्ना जातका व्यक्तिहरूसित कहाँ-कहाँ निवास गरे ? ।। ९ ।। ती भगवान्‌ले व्रज तथा मथुरापुरीमा निवास गर्दा के-के गरे ? आफ्नी आमाको दाजु कंसलाई किन मारे ? उनका हातबाट मामाको मृत्यु हुनु त उचित थिएन ।। १० ।। मानव देह धारण गरेर भगवान् यादवहरूसित कति वर्ष द्वारकामा बसे र तिनका कति पत्नीहरू थिए ? ।। ११ ।। हे मुने ! हे सर्वज्ञ ! श्रीकृष्णको चरित्र सुन्ने प्रबल इच्छा छ । अतः ती र तिनको बाहेक अरु पनि जो लीलाहरू छन्, ती विस्तारले भन्नोस् ।।१२।। यद्यपि मैले पानी पनि त्यागिदिएको छु, हजुरका मुखबाट निस्कने हरिकथारूपी अमृत पिउँदै रहनाले भोक-प्यासको कष्ट छैन ।। १३ ।। सूतजी भन्दछन्–हे शौनक ! राजा परीक्षित्‌का यस्ता राम्रा प्रश्न सुनेर भगवान्‌का भक्त शुकदेवजीले तिनको सहनी गरे र भगवान् श्रीकृष्णका कलिमलनाशक चरित्रहरू वर्णन गर्नथाले ।।१४।। शुकदेवजी भन्दछन्–हे राजन् ! तिम्रो बुद्धि राम्रो स्थानमा लागेको छ, त्यसै हुनाले श्रीकृष्णका कथाहरूमा यस्तो अनुराग

यदुपुर्यां सहावात्सीत्पत्न्यः कत्यभवन्प्रभोः ॥ ११ ॥ एतदन्यच्च सर्वं मे मुने कृष्णविचेष्टितम् ॥ वक्तुमर्हसि सर्वज्ञ श्रद्दधानाय विस्तृतम् ॥ १२ ॥ नैषाऽतिदुःसहा क्षुन्मां त्यक्तोदमपि बाधते ॥ पिबन्तं त्वन्मुखाम्भोजच्युतं हरिकथामृतम् ॥ १३ ॥ सूत उवाच ॥ एवं निशम्य भृगुनन्दन साधुवादं वैयासकिः स भगवानथ विष्णुरातम् ॥ प्रत्यर्च्य कृष्णचरितं कलिकल्मषघ्नं व्याहर्तुमारभत भागवतप्रधानः ॥ १४ ॥ श्रीशुक उवाच ॥ सम्यग्व्यव-सिता बुद्धिस्तव राजर्षिसत्तम ॥ वासुदेवकथायां ते यज्जाता नैष्ठिकी रतिः ॥ १५ ॥ वासुदेवकथाप्रश्नः पुरुषाँस्त्रीन्पुनाति हि ॥ वक्तारं पृच्छकं श्रोतॄँस्तत्पादसलिलं यथा ॥ १६ ॥ भूमिर्दृप्तनृपव्याजदैत्यानीकशतायुतैः ॥ आक्रान्ता भूरिभारेण ब्रह्माणं शरणं ययौ ॥ १७ ॥ गौर्भूत्वाऽश्रुमुखी खिन्ना क्रन्दन्ती करुणं विभोः ॥ उपस्थिताऽन्तिके तस्मै व्यसनं स्वमवोचत ॥१८॥ ब्रह्मा तदुपधार्याथ सह देवैस्तया सह ॥ जगाम सत्रिनयनस्तीरं क्षीरपयोनिधेः ॥ १९ ॥ तत्र गत्वा जगन्नाथं देवदेवं वृषाकपिम् ॥ पुरुषं पुरुषसूक्तेन उपतस्थे समाहितः ॥ २० ॥ गिरं समाधौ गगने समीरितां निशम्य वेधास्त्रिदशानुवाच ह ॥ गां पौरुषीं मे शृणुतामराः पुनर्विधीयतामाशु तथैव मा चिरम् ॥ २१ ॥ पुरैव पुंसाऽवधृतो धराज्वरो भवद्भिरं-

उत्पन्न भएको छ ।।१५।। भगवान्‌का चरणबाट निस्केको गङ्गाजल झैं पवित्र उनका कथासित सम्बन्ध राख्ने प्रश्न श्रोता, वक्ता र प्रश्नकर्ता यी तीनै व्यक्तिलाई पवित्र पारिदिन्छ ।।१६।। अब तिनका प्रश्नको उत्तर दिन्छन्—जब उन्मत्त राजाहरूको रूपमा असंख्य दैत्य पृथ्वीमा मनपरि अत्यार गर्नलागे, अनि तिनको भारले पीडित पृथ्वी गोरूप धारण गरेर मन खिन्न, आँखामा आँसु र दीन स्वरले विलाप गर्दै ब्रह्माको शरणमा गइन् र उनलाई कष्ट सुनाइन् ।।१७।।१८।। तिनको व्यथापूर्ण कथा सुनेर ब्रह्माजी पृथ्वीसित महादेव तथा देवगण सहित क्षीरसमुद्रको तटमा गए ।।१९।। त्यहाँ पुगेर तिनले एकाग्रचित्तले देवाधिदेव, जगत्पत्ति, परमपुरुष, भगवान्‌को पुरुषसूक्तले स्तुति गरे ।।२०।। अनि समाधि अवस्थामा तिनलाई आकाशवाणी सुनियो । त्यो सुनेर ब्रह्माजीले देवताहरूसित भने–हे देवता हो ! मैले जुन ईश्वरीय वाणी सुनें, त्यो सुन र तसै अनुसार काम गर ।। २१ ।। पृथ्वीको कष्ट भगवान्‌लाई पहिलेदेखि नै थाहा छ । अतः जबसम्म ती आफ्नो कालशक्तिले भूमिको भार हलुको पार्दै भूलोकमा बस्छन्, तबसम्म तिमीहरू आफाफ्ना अंशले यदुकुलमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पन्न भएर त्यहीं बस ॥२२॥ साक्षात् परमपुरुष परमात्माको वसुदेवकहाँ जन्म हुनेछ । उनलाई प्रसन्न राख्नको निम्ति देवाङ्गना पनि मृत्युलोकमा जन्म लिनेछन् ॥ २३ ॥ भगवान् वासुदेवका कलास्वरूप स्वयं प्रकाशशील सहस्रवदन शेष पनि श्रीहरिको प्रिय गर्न उनीभन्दा पहिल्यै अवतीर्ण हुनन् ॥२४॥ जसले सम्पूर्ण जगत्लाई मोहित पारिराखेकी छन्,ती भगवती विष्णुमाया पनि प्रभुकै आज्ञाले उनको कार्य गर्न अंशरूपले अवतीर्ण हुनेछन् ॥२५॥ शुकदेव भन्नुहुन्छ—प्रजापतिहरूमा श्रेष्ठ ब्रह्माजी देवगणलाई यस्तो आज्ञा दिएर पृथ्वीलाई धैर्य दिई आफ्नो धाममा पाल्नुभयो ॥२६॥ अब मूल विषयमा आउँछन्—पूर्वकालमा राजा शूरसेन मथुरापुरीमा बसेर माथुर र शूरसेन देशको शासन गर्दथे ॥२७॥ त्यसःबखत मधुरापुरी नै यदुवंशीको राजधानी थियो, जहाँ भगवान् सदैव विराजमान रहन्छन् ॥२८॥ एक पल्ट त्यही नगरीमा शूरसेन-नन्दन वसुदेव देवकीसित विवाह गरेर आफ्नो घर फर्कनको निम्ति

शैर्यदुषूपजन्यताम् ॥ स यावदुर्व्या भरमीश्वरेश्वरः स्वकालशक्त्या क्षपयँश्चरेद्भुवि ॥ २२ ॥ वसुदेवगृहे साक्षीद्भगवान्पुरुषः परः ॥ जनिष्यते तत्प्रियार्थं सम्भवन्तु सुरस्त्रियः ॥ २३ ॥ वासुदेवकलानन्तः सहस्रवदनः स्वराट् ॥ अग्रतो भविता देवो हरेः प्रियाचिकीर्षया ॥ २४ ॥ विष्णोर्माया भगवती यया सम्मोहितं जगत् ॥ अदिष्टा प्रभुणांशेन कार्यार्थे सम्भविष्यति ॥ २५ ॥ श्रीशुक उवाच ॥ इत्यादिश्यामरगणान्प्रजापतिपतिर्विभुः ॥ आश्वास्य च महीं गीर्भिः स्वधाम परमं ययौ ॥ २६ ॥ शूरसेनो यदुपतिर्मथुरामावसत्पुरीम् ॥ माथुराञ्छूरसेनाँश्च विषायान्बुभुजे पुरा ॥ २७ ॥ राजधानी ततः साऽभूत्सर्वयादवभूभुजाम् ॥ मथुरा भगवान् यत्र नित्यं संनिहितो हरिः ॥२८॥ तस्यां तु कर्हिचिच्छौरिर्वसुदेवः कृतोद्वहः ॥ देवक्या भार्यया सार्धं प्रयाणे रथमारुहत् ॥ २९ ॥ उग्रसेनसुतः कंसः स्वसुः प्रियचिकीर्षया ॥ रश्मीन्हयानां जग्राह रौक्मै रथशतैर्वृतः ॥ ३० ॥ चतुःशतं परिवर्हं गजानां हेममालिनाम् ॥ अश्वानामयुतं सार्धं रथानां च त्रिषट्शतम् ॥ ३१ ॥ दासीनां सुकुमारीणां द्वे शते समलंकृते ॥ दुहित्रे देवकः प्रादाद्याने दुहितृवत्सलः ॥ ३२ ॥ शङ्खतूर्यमृदङ्गाश्च नेदुर्दुन्दुभयः समम् ॥ प्रयाणप्रक्रमे तावद्वरवध्वोः सुमङ्गलम् ॥ ३३ ॥ पथि प्रग्रहिणं कंसमाभाष्याहाशरीरवाक् अस्यास्त्वामष्टमो गर्भो हन्ता यां वहसेऽबुध ॥ ३४ ॥ इत्युक्तः स खलः पापो भोजानां कुलपांसनः ॥ भगिनीं हन्तुमारब्धः खड्गपाणिः कचेऽग्रहीत् ॥ ३५ ॥ तं जुगुप्सितकर्माणं नृशंसं निरपत्रपम् ॥ वसुदेवो महाभाग उवाच परिसान्त्वयन् ॥ ३६ ॥ श्लाघनीयगुणः शूरै—

आफ्नी वधूसित रथमा बसे ॥२९॥ त्यस बखत राजा उग्रसेनको छोरो कंस उनलाई तीन सय सुवर्णमय रथका साथ पुऱ्याउन हिंड्यो र आफ्नी बहिनीको प्रसन्नताका लागि घोडाको रास स्वयं पक्रियो ॥३०॥ महाराज देवकले आफ्नी प्रिय कन्यालाई विदा गर्दा सुवर्णमालाले आभूषित चार सय हात्ती, दस हजार घोडा, अठार सय रथ, अनेक वस्त्राभूषणले भूषित दुइ सय सुकुमारी दासी दाइजो दिए ॥३१॥३२॥ वर-वधू विदा हुने वेलामा शङ्ख, तूर्य, मृदङ्ग र दुन्दुभी आदि अनेक मङ्गल बाजा संगसँगै बज्नलागे ॥३३॥ जुन वेला मार्गमा कंस रथ हाँकिरहेको थियो, उसै वेला यो आकाशवाणी सुनियो—हे मूर्ख ! यही देवकीको आठौं बालकले तँलाई मार्नेछ । यो आकाशवाणी सुनेर महापापी भोजकुलकलङ्क र दुष्ट कंस तरवार खैंचेर देवकीलाई मार्न तयार भयो र उनको चुल्ठो समायो ॥ ३४ ॥ ३५ ॥ निर्लज्ज र क्रूर कंसलाई त्यस्तो निन्द्य कर्म गर्नलागेको देखेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसुदेवले त्यसलाई बुझाउँदै भने—॥३६॥ वसुदेवजी भन्दछन्—हे कंस ! तिमीले भोजवंशको यश बढाएका छौ र सबै शूरवीर तिम्रा गुणको प्रशंसा गर्दछन् । यस्ता वीर *गृहस्थ भएर तिमी विवाहोत्सवको वेला आफ्नी बहिनीलाई मार्न किन तयार भयौ ? ॥३७॥ हे वीर ! मृत्यु त जन्म लिने सबै जीवहरूको साथैं उत्पन्न हुन्छ । आज अथवा सय वर्षपछि प्राणीको मृत्यु निश्चित नै रहन्छ ॥३८॥ शरीर नष्ट भएपछि जीवले आफ्नो कर्मानुसार विवश भएर अन्य देह ग्रहण गरेर पहिलो शरीर त्यागिदिन पर्दछ ॥३९॥ जस्तै हिड्दा मानिस यौटा खुट्टा राम्ररी टेकेपछि मात्र अर्कों खुट्टा उचाल्छन् अथवा तृण जलूका नामक एक प्रकारको कीरा जस्तै—जीव आफ्नो कर्मानुसार यौटा देहबाट अर्को देहमा जान्छ ॥४०॥ जस्तै—मनुष्य देखे-सुनेका पदार्थको संस्कारयुक्त मनले चिन्तन गरर स्वप्नामा उस्तै कुनै देह देख्दछ भने त्यसैमा सङ्कल्पद्वारा आत्मभाव प्राप्त हुनाले जाग्रत्कालीन शरीर

र्भवान्भोजशश्करः ॥ स कथं भगिनीं हन्यात्स्त्रियमुद्वाहपर्वणि ॥ ३७ ॥ मृत्युर्जन्मवतां वीर देहेन सह जायते ॥ अद्य वाऽब्दशतान्ते वा मृत्युर्वै प्राणिनां ध्रुवः ॥ ३८ ॥ देहे पञ्चत्वमापन्ने देही कर्मानुगोऽवशः ॥ देहान्तरमनुप्राप्य प्राक्तनं त्यजते वपुः ॥ ३९ ॥ व्रजँस्तिष्ठन्पदैकेन यथैवैकेन गच्छति ॥ यथा तृणजलूकैवं देही कर्मगतिं गतः ॥ ४० ॥ स्वप्ने यथा पश्यति देहमीदृशं मनोरथेनाभिनिविष्टचेतनः ॥ दृष्टश्रुताभ्यां मनसाऽनुचिन्तयन् प्रपद्यते तत्किमपि ह्यपस्मृतिः ॥ ४१ ॥ यतो धावति दैवचोदितं मनो विकारात्मकमाप पञ्चसु ॥ गुणेषु मायारचितेषु देह्यसौ प्रपद्यमानः सह तेन जायते ॥ ४२ ॥ ज्योतिर्यथैवोदकपार्थिवेष्वदः समीरवेगानुगतं विभाव्यते ॥ एवं स्वमायारचितेष्वसौ पुमान् गुणेषु रागानुगतो विमुह्यति ॥ ४३ तस्मान्न कस्यचिद्द्रोहमाचरेत्स तथाविधः ॥ आत्मनः क्षेममन्विच्छन्द्रोग्धुर्वै परतो भयम् ॥ ४४ ॥ एषा तवानुजा बाला कृपणा पुत्रिकोपमा ॥

बिर्सन्छ । त्यसै गरी विविध कामनाहरूमा चित्त गाडिनाले देहान्तर प्राप्त हुन्छ । जीव त्यसैमा दृढ अभिमान गर्दछ र आफ्ना पूर्वकर्महरूलाई बिर्सिदिन्छ ॥४१॥ जब अन्त्य समय आएर उपस्थित हुन्छ तब नाना विकारयुक्त मन आफ्ना प्रारब्ध कर्मको प्रेरणाले मायाद्वारा विविध देहरूपले रचित पञ्चभूतमा जुन-जुनतिर दगुर्दछ र तिनमा जस-जसलाई उपलब्ध गर्दछ, उसै-उसैमा आत्मभावना प्राणी उसैसित जन्मलिन्छ ॥ ४२ ॥ जस्तै—सूर्य-चन्द्रादि ज्योतिर्मय पदार्थ जलपूर्ण घड़ा आदिमा प्रतिबिम्बित भएर वायुको वेगले चञ्चल प्रतीत हुन्छन्, त्यस्तै जीव मायाद्वारा रचित विषयमा आसक्त भएर मोहित हुन्छ ॥४३॥ अतएव आफ्नो कल्याण गर्न खोज्ने व्यक्ति कहिल्यै पनि कसैसित द्रोह नगरून् किनकि द्वेषी जनलाई नै अर्कासित भय भइरहन्छ ॥४४॥ अत, यो हजुरकी बहिनी त अहिले सानी छ । यो अत्यन्त दीन र हजुरकी छोरीसमान छ । हजुरदीन जनमा दया गर्दै आउनुभएको

* उपदेश (गृहस्थका लागि राम्रा शिक्षा)—१. यो घर प्रभुको हो र तिमी प्रभुका दास हौ, यो कहिल्यै नबिर्स । २. प्रभुसित डराउ, उनलाई कदापि नबिर्स । ३. पवित्रता धारण गर, जीवन सरल सादा राख । ४. सधैं उच्च विचारलाई हृदयङ्गम गर । ५ घरमा शान्ति राख ! केवल सेवाभाव मनमा राख्यौ भने आफैं शान्ति रहन्छ । ६. विभिन्न प्रकारका सत् चर्चाहरू मर्यादामा रहेर गर । ७. सत्यका साथै मीठो बोली गर ! ८. वाद-विवाद नै कलहको मूल हो, यसबाट जोगिय । ९. नवागन्तुक जीव आफ्नो प्रारब्ध आफूसित लिएर आउँछ, यो समझिराख । १०. अतिथिको उसको योग्यतानुसार अवश्य स्वागत गर । ११. प्रत्येक वस्तु योग्य र तोकिएको स्थानमा राख । १२. काम नलाग्ने वस्तुहरू नथुपार । १३. बालक र सेवकहरूसित नम्रताले बोल, दयाभाव राख । १४. भोलिको विषयमा आजै विचार गरिराख । १५. आजको काम भोलिलाई नराख, आजै पूर्ण पार । १६. सबै काम धैर्य र शान्तिले गर । १७. शत्रुलाई प्रेमले जित । १८. सुखको विस्तार गर्नमा कृपण नबन । १९. गृहस्थको राम्रो गहना नम्रता हो । २०. सबै दुःखको मूल कारण असन्तोषलाई पर फालिदेउ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ, त्यसैले यी कल्याणी बालिकालाई मार्नु उचित छैन ।।४५।। श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! यसरी वसुदेवले साम, दाम र भेदनीतिले कंसलाई बुझाए, तर राक्षसी वृत्तिको अनुसरण गर्ने कंस त्यो दु,साहसबाट विमुख भएन ।।४६।। त्यसको हठ देखेर मौका टार्ने विचार गर्दै वसुदेवले मनमनै सोचे—।।४७।। 'बुद्धिमान् मनुष्य जहाँसम्म उसको बुद्धि र बलले काम दिन्छ, त्यहाँसम्म मृत्युलाई टार्ने प्रयत्न गर्दै रहोस् । त्यति गर्दा पनि टर्दैन भने त्यसमा मनुष्यको कुनै अपराध छैन' ।। ४८ ।। अतः म यस मृ युरूपधारी कंसलाई देवकीका छोराहरू दिने प्रतिज्ञा गरेर अबलाको प्राण बचाउँछु । यदि मेरा पुत्र हुनन् र तबसम्म कंस मरेन भने पनि यसको विचारमा परिवर्तन हुन सक्तैन ? विधाताको गति दुर्गम

हन्तुं नार्हसि कल्याणीमिमां त्वं दीनवत्सलः ॥ ४५ ॥ श्रीशुक उवाच ॥ एवं स सामभिर्भेदैर्बोध्यमानोऽपि दारुणः ॥ न न्यवर्तत कौरव्य पुरुषादाननुव्रतः ॥ ४६ ॥ निर्बन्धं तस्य तं ज्ञात्वा विचिन्त्यानकदुन्दुभिः ॥ प्राप्तं कालं प्रतिव्योढुमिदं तत्रान्वपद्यत ॥ ४७ ॥ मृत्युर्बुद्धिमताऽपोह्यो यावद्बुद्धिबलोदयम् ॥ यद्यसौ न निवर्तेत नापराधोऽस्ति देहिनः ॥ ४८ ॥ प्रदाय मृत्यवे पुत्रान्मोचये कृपणामिमाम् ॥ सुता मे यदि जायेरन्मृत्युर्वा न म्रियेत चेत् ॥ ४९ ॥ विपर्ययो वा किं न स्याद्गतिर्धातुर्दुरत्यया ॥ उपस्थितो निवर्तेत निवृत्तः पुनरापतेत् ॥५०॥ अग्नेर्यथा दारुवियोगयोगयोरदृष्टतोऽन्यन्न निमित्तमस्ति ॥ एवं हि जन्तोरपि दुर्विभाव्यः शरीरसंयोगवियोगहेतुः ॥ ५१ ॥ एवं विमृश्य तं पापं यावदात्मनिदर्शनम् ॥ पूजयामास वै शौरिर्बहुमानपुरःसरम् ॥ ५२ ॥ प्रसन्नवदनाम्भोजो नृशंसं निरपत्रपम् ॥ मनसा दूयमानेन विहसन्निदमब्रवीत् ॥ ५३ ॥ वसुदेव उवाच ॥ न ह्यस्यास्ते भयं सौम्य यद्वै साहाशरीरवाक् ॥ पुत्रान्समर्पयिष्येऽस्या यतस्ते भयमुत्थितम् ॥ ५४ ॥ श्रीशुक उवाच ॥ स्वसुर्वधान्निववृते कंसस्तद्वा·

छ । कहिले काहीं उपस्थित मृत्यु टर्दछ र टरिसकेको मृत्यु फेरि आएर उपस्थित हुन्छ* ।।४९।।५०।। जसरी आगोसित काठको संयोग हुन र नहुनमा अदृष्ट बाहेक अरु कुनै कारण हुन सक्तैन । त्यस्तै नै जीवसित शरीरको वियोगको हेतु पनि अचिन्तनीय नैं हुन्छ' ।।५१।। आफ्नू बुद्धिअनुसार यस्तो निश्चय गरेर शूरनन्दन वसुदेले निकै नम्र र सम्मान देखाउँदे त्यस पापीको प्रशंसा गरे ।.५२।। फेरि भित्रैबाट दुःखी हुँदै र माथिवाट प्रसन्न अनुहारले हाँस्तै त्यो निर्लज्ज र नृशंस कंससित बोले ।।५३।। वसुदेवले भने—हे सौम्य ! आकाशवाणीको कथनानुसार हजुरलाई देवकीबाट कुनै भय छैन । जसको हजुरलाई डर छ, ती इनका सबै छोरा म हजुरलाई दिनेछु ।.५४।। श्रीशुकदेव भन्नुहुन्छ—वसुदेवजीको भनाई उचित जानेर

---

* दृष्टान्त (असम्भव पनि सम्भव हुन सक्तछ)—यौटा बूढो किसान घरको एक्लो थियो । वृद्धावस्थामा मनमा विचार आयो—तीर्थयात्रा गरेर आफ्नू परलोक सपार्नें । अस्तु, घरमा अरू जति सामान थियो, त्यो घरमै शुनिदियो । केवल यौटा घोडा शेष थियो । त्यो यौटा साहूकारकहाँ—हजुर यसलाई राख्नुहवस् र योसित काम पनि लिनुस् । जब म तीर्थयात्राबाट फर्कन्छु अनि मेरो घोडा मलाई फर्काइदिनु होला—भन्ने कबोलमा छाडिदियो र आफू तीर्थयात्रामा हिंड्यो । केही दिन बितेपछि साहूले घोडा वेचिदियो र रुपियाँ लियो । छ-सात महीनापछि जब त्यो किसान तीर्थयात्राबाट फर्केर आयो, तब उसले साहूसित घोडा माग्यो । साहूले भन्यो—'तिमी गएपछि नै घोडा मर्‍यो ।' किसान चुप लाग्यो । दुइ-चार दिनपछि किसानले गाउँलेहरूसित सुन्यो—घोडा मरेको होइन, यसले वेचेर खायो । अनि किसान फेरि साहूकहाँ गयो र भन्यो—'साहूजी ! मेरो मरेको घोडा कहाँ फालिएको थियो ?' उसले किसानलाई साथै लगेर जंगलमा गयो र त्यहाँ यौटा गोरूको कंकाल फ्याँकिएको थियो, त्यही देखाएर भन्नलाग्यो—'हेर यही तिम्रो घोडा थियो ।' किसानले सोध्यो—'घोडाको सीङ हुँदैन, यसको छ र घोडाका दाँत तल-माथि दुवैतिर हुन्छन्, तर यसको एकातिर मात्र छ ।' साहूले रून्चे मुख बराएर भन्यो—'हेर भाइ ! यही रोग त भएको थियो—यो घोडाबाट गोरू बनेको थियो ।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कंसले बहिनीलाई मार्ने विचार त्यागिदियो र वसुदेवजी त्यसको प्रशंसा गर्दै हर्षपूर्वक आफ्नो घर गए ॥ ५५ ॥ कालक्रमले सर्वदेवतामयी देवकीको गर्भबाट प्रतिवर्ष एक-एक गरेर आठ पुत्र भए र यौटी कन्या जन्मिइन् ॥ ५६ ॥ वसुदेवजीले आफ्नो मनमा दुःखो भएर पनि कीर्तिमान नामक पहिलो छोरो कंसलाई दिए, किनकि ती झूठोदेखि साह्रै डराउँथे ॥ ५७ ॥ यो कथन उचित हो—साधुजनलाई के असह्य हुन्छ ? ज्ञानी जन के कुरा को अपेक्षा राख्दछन् ? नीच व्यक्ति कुन कुकर्म गर्न सक्तैनन् ? जितेन्द्रिय पुरुष के त्याग्न सक्तैनन् ? ॥ ५८ ॥ हे राजन् ! वसुदेवको त्यस्तो समता र सत्य-तत्परता देखेर कंस सन्तुष्ट भयो र उसले हाँस्तै भन्यो—॥५९॥ तपाईं यस बालकलाई लैजानुस्, यसबाट मलाई कुनै भय छैन। मेरो मृत्यु त देवकीको आठौं पुत्रद्वारा हुने भएको छ ॥६०॥ 'असल हो' भनी वसुदेव बालक लिएर घर फर्किए, तर उनलाई कंसका कुराको

क्यसारवित् ॥ वसुदेवोऽपि तं प्रीतः प्रशस्य प्राविशद्गृहम् ॥ ५५ ॥ अथ काल उपावृत्ते देवकी सर्वदेवता ॥ पुत्रान्प्रसुषुवे चाष्टौ कन्या चैवानुवत्सरम् ॥ ५६ ॥ कीर्तिमन्तं प्रथमजं कंसायानकदुन्दुभिः ॥ अर्पयामास कृच्छ्रेण सोऽनृतादतिविह्वलः ॥ ५७ ॥ किं दुःसहं नु साधूनां विदुषां किमपेक्षितम् ॥ किमकार्यं कदर्याणां दुस्त्यजं किं धृतात्मनाम् ॥ ५८ ॥ दृष्ट्वा समत्वं तच्छौरेः सत्ये चैव व्यवस्थितम् ॥ कंसस्तुष्टमना राजन्प्रहसन्निदमब्रवीत् ॥ ५९ ॥ प्रतियातु कुमारोऽयं न ह्यस्मादस्ति मे भयम् ॥ अष्टमाद्युवयोर्गर्भान्मृत्युर्मे विहितः किल ॥ ६० ॥ तथेति सुतमादाय ययावानकदुन्दुभिः ॥ नाभ्यनन्दत तद्वाक्यमसतोऽविजितात्मनः ॥ ६१ ॥ नन्दाद्या ये व्रजे गोपा याश्चामीषां च योषितः ॥ वृष्णयो वसुदेवाद्या देवक्याद्या यदुस्त्रियः ॥ ६२ ॥ सर्वे वै देवताप्राया उभयोरपि भारत ॥ ज्ञातयो बन्धुसुहृदो ये च कंसमनुव्रताः ॥ ६३ ॥ एतत्कंसाय भगवाञ्शशंसाभ्येत्य नारदः ॥ भूमेर्भारायमाणानां दैत्यानां च वधोद्यमम् ॥ ६४ ॥ ऋषेर्विनिर्गमे कंसो यदून्मत्वा सुरानिति ॥ देवक्या गर्भसम्भूतं विष्णुं च स्ववधं प्रति ॥ ६५ ॥ देवकीं वसुदेवं च निगृह्य निगडैर्गृहे ॥ जातं जातमहन्पुत्रं तयोरजनशङ्कया ॥ ६६ ॥ मातरं पितरं भ्रातन्सर्वांश्च सुहृदस्तथा ॥ घ्नन्ति ह्यसुतृपो लुब्धा राजानः प्रायशो भुवि ॥ ६७ ॥ आत्मानमिह सञ्जातं जानन्प्राग्विष्णुना हतम् ॥ महासुरं कालनेमिं यदुभिः स व्यरुध्यत ॥ ६८ ॥ उग्रसेनं च पितरं यदुभोजान्धकाधिपम् ॥ स्वयं निगृह्य बुभुजे शूर·

विश्वास भएन, किनकि कंस दुष्ट छ र उसको मन पनि वशमा छैन भन्ने कुरा उनी जान्दथे ॥ ६१ ॥ उसै बखत देवर्षि नारदले कंसकहाँ गएर भने—हे राजन् ! व्रजमा बस्ने नन्दादि गोप, तिनका स्त्रीहरू, वसुदेवादि वृष्णिवंशी यादव, देवकी आदि यदुकुलका स्त्रीहरू, यी दुवैका जाति बन्धु र मित्र, जो देख्दा तिम्रो चाकरी गर्दछन्—तर यी सबै देवता हुन्। पृथ्वीका भाररूप दैत्यहरूको संहार गर्नका लागि नै देवताहरूले यो उद्योग गरेका हुन् ॥६२-६४॥ यति भनेर देवर्षि नारद गएपछि कंसले यादवहरूलाई देवता र देवकीका छोराहरूलाई आफ्नो वध गर्नका लागि प्रकट भएका विष्णु जानेर वसुदेव-देवकीलाई पक्राउ गरी नेल ठोकेर झ्यालखानमा थुन्न लगायो र देवकीको गर्भबाट उत्पन्न प्रत्येक बालकलाई विष्णुको आशंकाले मार्न लाग्यो ॥६५॥६६॥ आफ्नै प्राणको पालन गर्ने लोभी राजा माता-पिता, भाइ र मित्रको समेत हत्या गर्दछन् ॥ ६७ ॥ कंसलाई थाहा थियो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि म पूर्वजन्ममा कालनेमि नामक महादैत्य थिएँ र त्यस बेला विष्णुको हातबाट मरेर यहाँ उत्पन्न भएको छु । यसै निम्ति उसले यादवहरूसित शत्रुता राख्दथ्यो ॥६८॥ त्यो महाबली दैत्यले यदु, भोज र अन्धकवंशी यादवहरूका नायक आफ्ना पिता उग्रसेनलाई पनि झ्यालखानमा थुनायो र शूरसेन देशको राज्य गर्नलाग्यो, किनकि त्यसको विरोध गर्नसक्ने कोही थिएन ॥६९॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे श्रीकृष्णावतारोपक्रमे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां प्रथमोऽध्यायः ॥१॥

(भगवान्को गर्भ-प्रवेश) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! महाबली कंस मगधराज जरासन्धको मद्दतले प्रलम्बासुर, बकासुर, चनणूर, तृणावर्त, अघासुर, मुष्टिक, अरिष्टासुर, द्विविद, पूतना, केशी, धेनुक, बाणासुर र भौमासुर आदि अन्य दैत्य-राजाहरूसित मिलेर यादवहरूलाई दुःख दिन लागे ॥१॥२॥ कंसद्वारा पीडित भएर सबै यादव, कुरु, पांचाल, केकय, शाल्व, विदर्भ, विदह र कोसलादि देशमा गएर बसोबास गरे ॥३॥ अलिकति यादवगण कंसको चित्तवृत्तिको अनुसरण गर्दै त्यहीं बसेर कंसको चाकरी गर्दै रहे। जब

सेनान्महाबलः ॥ ६६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे श्रीकृष्णावतारोपक्रमे प्रथमोऽध्यायः ॥ १ ॥

श्रीशुक उवाच ॥ प्रलम्बबकचाणूरतृणावर्तमहाशनैः ॥ मुष्टिकारिष्टद्विविदपूतनाकेशिधेनुकैः ॥१॥ अन्यैश्चासुरभूपालैर्बाणभौमादिभिर्युतः ॥ यदूनां कदनं चक्रे बली मागधसंश्रयः ॥२॥ ते पीडिता निविविशुः कुरुपाञ्चालकेकयान् ॥ शाल्वान्विदर्भान्निषधान्विदेहान्कोसलानपि ॥३॥ एके तमनुरुन्धाना ज्ञातयः पर्युपासते ॥ हतेषु षट्सु बालेषु देवक्या औग्रसेनिना ॥ ४ ॥ सप्तमो वैष्णवं धाम यमनन्तं प्रचक्षते ॥ गर्भो बभूव देवक्या हर्षशोकविवर्धनः ॥५॥ भगवानपि विश्वात्मा विदित्वा कंसजं भयम् ॥ यदूनां निजनाथानां योगमायां समादिशत् ॥६॥ गच्छ देवि व्रजं भद्रे गोपगोभिरलंकृतम् ॥ रोहिणी वसुदेवस्य भार्याऽऽस्ते नन्दगोकुले ॥ अन्याश्च कंससंविग्ना विवरेषु वसन्ति हि ॥ ७ ॥ देवक्या जठरे गर्भं शेषाख्यं धाम मामकम् ॥ तत्संनिकृष्य रोहिण्या उदरे सन्निवेशय ॥ ८ ॥ अथाहमंशभागेन देवक्याः पुत्रतां शुभे ॥ प्राप्स्यामि त्वं यशोदायां नन्दपत्न्यां भविष्यसि ॥९॥ अर्चिष्यन्ति मनुष्यास्त्वां सर्वकामवरेश्वरीम् ॥ धूपोपहारबलिभिः सर्वकामवरप्रदाम् ॥ १० ॥ नामधेयानि कुर्वन्ति स्थानानि च नरा भुवि ॥ दुर्गेति भद्रकालीति विजया वैष्णवीति च ॥ ११ ॥ कुमुदा चण्डिका कृष्णा माधवी कन्यकेति च ॥ माया नारायणीशानी शारदेत्यम्बिकेति च ॥१२॥

कंसले देवकीका क्रमशः छजना छोरा मारिदियो तब जसलाई 'अनन्त' भन्दछन्, ती भगवान् विष्णुका अंश शेषजी माता देवकीको हर्ष र शोकको वृद्धि गर्न सातौं गर्भमा भए ॥४॥५॥ जब विश्वात्मा भगवान् वासुदेवले आफ्नै आश्रित यादवहरूलाई कंसबाट भयभीत देख्नुभयो तब आफ्नी योगमायालाई भन्नुभयो—॥६॥ हे देवि ! हे भद्रे ! तिमी गाई र गोपगणले अलंकृत व्रजमा जाउ । हिजो-आज वसुदेवकी पत्नी रोहिणी गोकुलमा नन्दकहाँ छन् । तिनकी अन्य स्त्री पनि कंससित भयभीत भएर गुप्त स्थानमा बसेका छन् ॥७॥ मेरो शेष नामक तेजोमय अंश अहिले देवकीको गर्भमा छ, तिनलाई झिकेर रोहिणीको गर्भमा प्रविष्ट गराउ ॥८॥ हे शुभे ! अनि म आफ्ना अंशसहित पूर्णरूपले अवतार लिएर देवकीको पुत्र हुनेछु र तिमी नन्द-पत्नी यशोदाको गर्भबाट जन्म लेउ ॥९॥ तिमी सबै कामना र वर दिने देवी हुनेछौ । सबै तिमीलाई कामना र वरकी देवी ईश्वरी मानेर धूप-दीप र अनेक थरिका सामग्रीले तिम्रो पूजा गर्नेछन् ॥१०॥ संसारी मनुष्य तिम्रा अनेक नाम राख्नेछन् र अनेक मन्दिर बनाउने छन् । तिम्रा दुर्गा, भद्रकाली, विजया, वैष्णवी, कुमुदा, चण्डिका,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णा, माधवी, कन्यका, माया, नारायणी, ईशानी, शारदा र अम्बिका नाम लिनेछन् ॥११॥१२॥ गर्भको आकर्षण गर्नाले ती बालक संसारमा 'सङ्कर्षण' यस नामले प्रख्यात हुनन् । लोकरञ्जन गर्नाले उनी 'राम' र सबै बलवान्हरूमा प्रबल हुनाले 'बलभद्र' कहिने छन् ॥१३॥ यस प्रकार भगवान्ले आज्ञा दिएपछि भगवती योगमायाले 'जो आज्ञा' भनेर स्वीकार गरिन् र प्रभुको परिक्रमा गरी भूलोकमा आएर त्यस्तै गरिन् ॥१४॥ योगमायाले जब देवकीको गर्भ रोहिणीको उदरमा स्थित गरिदिइन् तब सबै पुरवासी 'हरे ! देवकीको गर्भपात भएछ' यसरी चारैतिर चर्चा गर्नलागे ॥ १५ ॥ त्यसपछि भक्तभयहारी विश्वात्मा भूतभावन भगवान्ले आफ्ना सम्पूर्ण कलाहरूसित वसुदेवको अन्तःकरणमा प्रवेश गरे ॥१६॥ भगवान्को दिव्य तेज धारण गर्नाले वसुदेव सूर्य झैं तेजिला देखिए र समस्त प्राणीका लागि असह्य र अदम्य भए ॥१७॥ अनि अखिल जगत्का मङ्गलकारी आत्मास्वरूप सर्वात्मा श्रीअच्युतको दिव्य तेज वसुदेवद्वारा आधान (स्थापित) गरिएपछि देवकीले पनि विशुद्ध मनले उस्तै गरी गर्भ धारण गरिन्

गर्भसंकर्षणात्तं वै प्राहुः संकर्षणं भुवि ॥ रामेति लोकरमणाद्बलं बलवदुच्छ्रयात् ॥ १३ ॥ सन्दिष्टैवं भगवता तत्रेत्योमिति तद्वचः ॥ प्रतिगृह्य परिक्रम्य गां गता तत्तथाऽकरोत् ॥ १४ ॥ गर्भे प्रणीते देवक्या रोहिणीं योगनिद्रया ॥ अहो विस्रंसितो गर्भ इति पौरा विचुक्रुशुः ॥ १५ ॥ भगवानपि विश्वात्मा भक्तानामभयंकरः ॥ आविवेशांशभागेन मन आनकदुन्दुभेः ॥ १६ ॥ स बिभ्रत्पौरुषं धाम भ्राजमानो यथा रविः ॥ दुरासदोऽतिदुर्धर्षो भूतानां सम्बभूव ह ॥ १७ ॥ ततो जगन्मङ्गलमच्युतांशं समाहितं शूरसुतेन देवी ॥ दधार सर्वात्मकमात्मभूतं काष्ठा यथानन्दकरं मनस्तः ॥ १८ ॥ सा देवकी सर्वजगन्निवासनिवासभूता नितरां न रेजे ॥ भोजेन्द्रगेहेऽग्निशिखेव रुद्धा सरस्वती ज्ञानखले यथा सती ॥ १९ ॥ तां वीक्ष्य कंसः प्रभया जितान्तरां विरोचयन्तीं भवनं शुचिस्मिताम् ॥ आहैष मे प्राणहरो हरिर्गुहां ध्रुवं श्रितो यन्न पुरेयमीदृशी ॥२०॥ किमद्य तस्मिन्करणीयमाशु मे यदर्थतन्त्रो न विहन्ति विक्रमम् ॥ स्त्रियाः स्वसुर्गुरुमत्या वधोऽयं यतः श्रियं हन्त्यनुकालमायुः ॥२१॥ स एष जीवन्खलु सम्परेतो वर्तेत योऽत्यन्तनृशंसितेन ॥ देहे मृते तं मनुजाः शपन्ति गन्ता तमोऽन्धं तनुमानिनो ध्रुवम् ॥ २२ ॥ इति घोरतमाद्भावात्सन्निवृत्तः

जसरी पूर्वदिशा पूर्ण चन्द्रमालाई धारण गर्दछ ॥१८॥ तर जगत्का आश्रयस्वरूप भगवान्को आश्रित भएर पनि पूर्ण शोभित भइनन्, किनकि घटादिमा थुनिएको बत्ती वा ज्ञानवञ्चकका अन्तःकरणमा रहने सद्विद्याको समान ती कंसको थुमामा थिइन् ॥१९॥ अजेय भगवान् जसको गर्भमा थिए, ती मन्द-हास्य हुने देवकीले आफ्नो दिव्य तेजले कारागारलाई उज्यालो पारेकी देखेर कंसले मनमनै भन्यो—यसपल्ट अवश्य यसको गर्भमा मेरो प्राण लिने विष्णुले प्रवेश गरेको छ, किनकी यी पहिले यस्ती तेजवती थिइनन् ॥२०॥ अब म श्रीहरिको नाशको झट्ट के उपाय गरूँ ? वीर पुरुष आफ्नो स्वार्थवश पराक्रम दूषित पार्दैनन् । यिनको वध गर्नाले स्त्रीवध, भगिनीवध र गर्भिणीवधको पाप लाग्नेछ, जुन तत्काल यश, श्री र आयु नष्ट पार्दछ ॥२१॥ जुन पुरुष भर्ता हिंसापरायण हुन्छ, त्यो बाँचेर पनि मरेकै समान रहन्छ । त्यो मरेपछि सबै जन त्यसको निन्दा गर्दै भन्दछन् कि यो अवश्य देहाभिमानीहरूको योग्य तमोमय लोकमा प्राप्त हुनेछ ॥२२॥ यस्तो विचार गरेर समर्थ भएर पनि स्वयं देवकीको वधरूपी विचारबाट निवृत्त भयो र भगवान्सित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रुभाव राखेर उनको जन्म हुने प्रतीक्षा गर्नलाग्यो ॥२३॥ त्यो उठ्दा-बस्दा, खाँदा-पिउँदा र पृथ्वीमा हिंड्दा-डुल्दा हरबखत भगवान्कै चिन्तामा लीन रहन लाग्यो । कतिसम्म भने कंसलाई जगतै विष्णुमय देखिनलाग्यो ॥ २४ ॥ हे राजन् ! त्यसै बेला नारदादि मुनि र देवगणका साथै ब्रह्मा र शिवजी देवकीको निवासस्थानमा आएर मधुर वाणीले भगवान्को स्तुति गर्नलागे-॥ २५ ॥ हे प्रभो ! हजुर सत्यव्रत हुनुहुन्छ, सत्य नै हजुरलाई प्राप्त गर्ने साधन छ र हजुर तीनै कालमा सत्य हुनुहुन्छ । हजुर सत्यका आदिकारण, सत्यमा नै स्थित र सत्यका पनि सत्य हुनुहुन्छ । ऋतसत्य (राम्रो वाणी र समदर्शन) नै हजुरका नेत्र (नयन) हुन् । हे सत्यस्वरूप ! हामी हजुरका शरणमा छौं ॥२६॥ यस संसाररूपी सनातन वृक्षको यौटी मात्र प्रकृति आश्रय छन्, सुख-दुःख दुइ फल र जरा तीन गुण छन् । धर्म, अर्थ, काम र मोक्षरूपी चार रस छन् । पाँच ज्ञानेन्द्रिय जानिलिने साधन छन् । शोक, मोह, जरा, मृत्यु, भोक र प्यास-यी छ स्वभाव छन् । सात (धातु) त्वचा छन् । पंचभूतर मन, बुद्धि, अहङ्कार-यी आठ हात र आँखा-नाकादि नौ छिद्र छन्। दस

स्वयं प्रभुः ॥ आस्ते प्रतीक्षँस्तज्जन्म हरेर्वैरानुबन्धकृत् ॥ २३ ॥ आसीनः संविशँस्तिष्ठन्भुञ्जानः पर्यटन्महीम् ॥ चिन्तयानो हृषीकेशमपश्यत्तन्मयं जगत् ॥ २४ ॥ ब्रह्मा भवश्च तत्रैत्य मुनिभिर्नारदादिभिः ॥ देवैः सानुचरैः साकं गीर्भिर्वृषणमैडयन् ॥ २५ ॥ सत्यव्रतं सत्यपरं त्रिसत्यं सत्यस्य योनिं निहितं च सत्ये ॥ सत्यस्य सत्यमृतसत्यनेत्रं सत्यात्मकं त्वां शरणं प्रपन्नाः ॥२६॥ एकायनोऽसौ द्विफलस्त्रिमूलश्चतुरसः पञ्चविधः षडात्मा ॥ सप्तत्वगष्टविटपो विदितो नवाक्षो दशच्छदो द्विखगो ह्यादिवृक्षः ॥ २७ ॥ त्वमेक एवास्य सतः प्रसूतिस्त्वं सन्निधानं त्वमनुग्रहश्च ॥ त्वन्मायया संवृतचेतसस्त्वां पश्यन्ति नाना न विपश्चितो ये ॥ २८ ॥ बिभर्षि रूपाण्यवबोध आत्मा क्षेमाय लोकस्य चराचरस्य ॥ सत्त्वोपपन्नानि सुखावहानि सतामभद्राणि मुहुः खलानाम् ॥ २९ ॥ त्वय्यम्बुजाक्षाखिलसत्त्वधाम्नि समाधिनावेशितचेतसैके ॥ त्वत्पादपोतेन महत्कृतेन कुर्वन्ति गोवत्सपदं भवाब्धिम् ॥ ३० ॥ स्वयं समुत्तीर्य सुदुस्तरं द्युमन् भवार्णवं भीममदभ्रसौहृदाः ॥ भवत्पदाम्भोरुहनावमत्र ते निधाय याताः सदनुग्रहो भवान् ॥ ३१ ॥ येऽन्येऽरविन्दाक्ष विमुक्तमानिनस्त्वय्यस्तभावादविशुद्धबुद्धयः ॥ आरुह्य कृच्छ्रेण परं पदं ततः पतन्त्यधोऽनादृतयुष्मदङ्घ्रयः

छन् र यसमा जीवात्मा र परमात्मारूपी दुइ पक्षी बस्तछन् ॥२७॥ यस संसार-वृक्षका हजुर नै उत्पत्तिस्थान हुनुहुन्छ । हजुरनै अधिष्ठाता, पालक हुनुहुन्छ । हजुरकी मायाले ढाकिएका व्यक्ति हजुरलाई अनेक रूपमा देख्दछन् ॥२८॥ हजुर ज्ञानस्वरूप भए पनि चराचर जगत्को कल्याणका लागि नै अनेक विशुद्ध सत्वमय रूप धारण गर्नु हुन्छ । हजुरको त्यो रूप साधु जनका निम्ति सुखदिने र दुर्जनको अमङ्गल गर्ने हुन्छ ॥२९॥ हे कमलनयन ! हजुर निखिल सत्त्वस्वरूपमा समाधियोगद्वारा चित्त लगाएर महापुरुषहरू द्वारा सेवित हजुरका चरणकमल रूपी डुङ्गाको आश्रय लिएर यस संसार-समुद्रलाई गोपद झैं पारी तर्दछन् ॥ ३० ॥ हे कान्तिमय ! हजुर सत्पुरुषमा कृपा गर्नुहुन्छ, हजुरका प्रेमी भक्तजन त स्वयं यस महाभयङ्कर र दुस्तर संसार-समुद्र तर्छन् र अरुको कल्यार्थ हजुरका चरण-कमलरूपी डुङ्गालाई यहीं छाडेर जान्छन् अर्थात् भक्तिमार्ग प्रवृत्त पारेर जाने गर्दछन् ॥ ३१ ॥ हे कमल लोचन ! हजुरका भक्तगणको अतिरिक्त अन्य पुरुष हुने व्यर्थ अभिमान गर्दछन् । हजुरको भक्तिभावले रहित हुनाको कारण जसको चित्त शुद्ध छैन, ती परिश्रमले स्वर्गादि उत्तम लोकमा जान्छन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि हजुरका चरणका आराधनाबाट विमुख हुनाले ती त्यहाँबाट तल झर्दछन् ॥ ३२ ॥ हे माधव ! जो हजुरमै बलियो प्रेम राख्ने भक्तजन छन्, ती ज्ञानाभिमानीहरूको जस्तै कहिल्यै सन्मार्गबाट भ्रष्ट हुँदैनन् । हे प्रभो ! हजुरद्वारा सुरक्षित भएर ती विघ्नका नाइकेको टाउकोमा खुट्टा राख्दै निर्भय विचरण गर्दछन् ॥३३॥ हे भगवन् ! हजुर संसारको स्थितिका निम्ति विशुद्ध सत्त्वको आश्रय लिएर देहधारीहरूको कल्याणसाधनस्वरूप दिव्यदेह धारण गर्दछन्, जसले व्यक्ति त्यस रूपद्वारा हजुरको वेद (ज्ञान), क्रिया, योग, तप र समाधि आदिले पूजन गर्दछन् ॥३४॥ हे विधाता ! यदि हजुर यो विशुद्ध सत्त्वमय स्वरूप धारण गर्नुहुन्न भने अज्ञान र भेदभाव नष्ट पार्ने हजुरको अपरोक्ष ज्ञान हुन सक्ने थिएन, किनकि जसका यी गुण छन् र जसले सबै प्रकाशित हुन्छन्, ती सर्वाधिष्ठान र सर्वसाक्षी नै परमात्मा हुन् । यसरी गुणका प्रकाशले नै हजुरको अनुमान हुन्छ ॥३५॥ हे देव ! मन र वेद-वाणी द्वारा जसका स्वभावको केवल अनुमान गरिन्छ, यस्ता हजुर साक्षीको नाम र रूपको गुण, कर्म र जन्मादिद्वारा वर्णन गर्न सकिन्न, तथापि हजुरका भक्तजन उपासना

॥ ३२ ॥ तथा न ते माधव तावकाः क्वचिद्भ्रश्यन्ति मार्गात्त्वयि बद्धसौहृदाः ॥ त्वयाऽभिगुप्ता विचरन्ति निर्भया विनायकानीकपमूर्धसु प्रभो ॥ ३३ ॥ सत्त्वं विशुद्धं श्रयते भवान्स्थितौ शरीरिणां श्रेय उपायनं वपुः ॥ वेदक्रियायोगतपःसमाधिभिस्तवार्हणं येन जनः समीहते ॥ ३४ ॥ सत्त्वं न चेद्धातरिदं निजं भवेद्विज्ञानमज्ञानभिदापमार्जनम् ॥ गुणप्रकाशैरनुमीयते भवान् प्रकाशते यस्य च येन वा गुणः ॥३५॥ न नामरूपे गुणजन्मकर्मभिर्निरूपितव्ये तव तस्य साक्षिणः ॥ मनोवचोभ्यामनुमेयवर्त्मनो देव क्रियायां प्रतियन्त्यथापि हि ॥ ३६ ॥ शृण्वन्गृणन्संस्मरयंश्च चिन्तयन्नामानि रूपाणि च मङ्गलानि ते ॥ क्रियासु यस्त्वच्चरणारविन्दयोराविष्टचेता न भवाय कल्पते ॥ ३७ ॥ दिष्ट्या हरेऽस्या भवत. पदो भुवो विनोदं वत तर्कयामहे ॥ भवो निरोधः स्थितिरप्यविद्यया कृता यतस्त्वय्यभयाश्रयात्मनि ॥ ३९ ॥ मत्स्याश्वकच्छपनृसिंहवराहहंसराजन्यविप्रविबुधेषु कृतावतारः ॥ त्वं पासि नस्त्रिभुवनं च यथाऽधुनेश भारं भुवो हर यदूत्तम वन्दनं ते ॥ ४० ॥ दिष्ट्याऽम्ब ते कुक्षिगतः परः पुमानंशेन

आदि क्रियाहरूले हजुरको साक्षात्कार गर्दछन् ॥३६॥ जो प्राणी हजुरका चरणमा चित्त लगाएर लौकिक-वैदिक कर्म गर्दा हजुरको मङ्गलमय नाम र रूपको श्रवण, कीर्तन, स्मरण र ध्यान गर्दछन्, ती फेरि संसारमा आउन्न ॥३७॥ अब हजुर सर्वसमर्थ श्रीहरि अवतीर्ण भएपछि पृथ्वीको भार हलुङ्गो हुनेछ । हामी भाग्यमानी रहेछौं, जो यस पृथ्वीतलमा हजुरका राम्रा चरण-चिह्नले अङ्कित र स्वर्गलाई हजुरको कृपाले कृतार्थ देख्नेछौं ॥३८॥ हे ईश ! वास्तवमा हजुर अजन्मा हुनुहुन्छ, हामीलाई हजुरका जन्मको कारण विनोदबाहेक अरु केही पनि थाहा पाइन्न । त्यति मात्र होइन, संसारको उत्पत्ति, स्थिति र निरोध पनि हजुर निर्भय अधिष्ठानरूपी सर्वात्मामा अविद्याकृत नै छन् ॥ ३९ ॥ जसरी हजुर पूर्वकालमा माछा, अश्व अर्थात् हयग्रीव, कच्छप, नृसिंह, वराह, हंस, क्षत्रिय, ब्राह्मण र देवताहरूको अवतार लिएर हाम्रो र त्रिलोकको रक्षा गर्दै आउनु भएको छ, त्यसै गरी अब पनि पृथ्वीको भार हर्नोस् । हामी हजुरको वन्दना गर्दछौं ॥४०॥ हे माता देवकी ! तिम्रो ठूलो भाग्य रहेछ, जुन तिम्रो गर्भमा हामी सबैका अभ्युदय गर्नको निम्ति, साक्षात् परमपुरुष परमात्मा आफ्नू पूर्ण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलाहरूसहित आउनभएको छ अब तिमी मरणासन्न कंसको डर नमान। तिम्रो छोरो यदुकुलको रक्षक हुनेछ ॥ ४१ ॥ श्रीशुकदेव भन्नुहुन्छ –हे राजन्! जसको रूप यो दृश्य प्रपञ्च बाट भिन्न थियो, ती सर्वसमर्थ प्रभुको यसरी स्तुति गरेर देवगण स्वर्गलोक फर्किए ॥ ४२ ॥ इति श्रीमद्भागवते दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां द्वितीयोऽध्याय: ॥ २ ॥

श्रीशुकदेव भन्नुहुन्छ– हे महाराज! जुन बेला परम सुन्दर र सर्वगुणसम्पन्न समय आयो, रोहिणी नक्षत्रको उदय भयो, अश्विन्यादि सबै नक्षत्र ग्रह र तारागण शान्त भए ॥१॥ सबै दिशाहरू निर्मल भए र आकाशमा कान्तियुक्त तारागण टल्कन लागे। पुर, ग्राम, गोष्ठ र रत्नादिका खानीसहित पृथ्वी मङ्गलमय भइन् ॥२॥ नदीहरूको जल निर्मल भयो, फक्रेका कमलले सरोवरहरूको शोभा बढ्यो, वनश्रेणी पक्षिहरू र भ्रमरका गुञ्जायमान र फूलका गुच्छाले शोभित भए ॥ ३ ॥ परम सुखदायक सुगन्धयुक्त

साक्षाद्भगवान्भवाय नः ॥ माऽभूद्भयं भोजपतेर्मुमूर्षोर्गोप्ता यदूनां भविता तवात्मजः ॥४१॥ श्रीशुक उवाच ॥ इत्यभिष्टूय पुरुषं यद्रूपमनिदं यथा ॥ ब्रह्मेशानौ पुरोधाय देवाः प्रतिययुर्दिवम् ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे गर्भगतविष्णोर्ब्रह्मादिकृतस्तुतिर्नाम द्वितीयोऽध्यायः ॥२॥

श्रीशुक उवाच ॥ अथ सर्वगुणोपेतः कालः परमशोभनः ॥ यर्ह्येवाजनजन्मर्क्षं शान्तर्क्षग्रहतारकम् ॥ १ ॥ दिशः प्रसेदुर्गगनं निर्मलोडुगणोदयम् ॥ मही मङ्गलभूयिष्ठा पुरग्रामव्रजाकरा ॥ २ ॥ नद्यः प्रसन्न सलिला ह्रदा जलरुहश्रियः ॥ द्विजालिकुलसन्नादस्तबका वनराजयः ॥ ३ ॥ ववौ वायुः सुखस्पर्शः पुण्यगन्धवहः शुचिः ॥ अग्नयश्च द्विजातीनां शान्तास्तत्र समिन्धतः ॥ ४ ॥ मनांस्यासन्प्रसन्नानि साधूनामसुरद्रुहाम् ॥ जयमानेऽजने तस्मिन्नेदुर्दुन्दुभयो दिवि ॥ ५ ॥ जगुः किन्नरगन्धर्वास्तुष्टुवुः सिद्धचारणाः ॥ विद्याधर्यश्च ननृतुरप्सरोभिः समं तदा ॥ ६ ॥ मुमुचुर्मुनयो देवाः सुमनांसि मुदान्विताः ॥ मन्दं मन्दं जलधरा जगर्जुरनुसागरम् ॥७॥ निशीथे तम उद्भूते जायमाने जनार्दने ॥ देवक्यां देवरूपिण्यां विष्णुः सर्वगुहाशयः ॥ आविरासीद्यथा प्राच्यां दिशीन्दुरिव पुष्कलः ॥ ८ ॥ तमद्भुतं बालकमम्बुजेक्षणं चतुर्भुजं शङ्खगदाद्युदायुधम् ॥ श्रीवत्सलक्ष्मं

स्वच्छ वायु बग्न लाग्यो र अग्निहोत्र–गृहमा ब्राह्मणका संचित होमानल शान्त भएर फेरि स्वयं प्रज्वलित भयो ॥ ४ ॥ देवतागण र साधुजनको चित्त प्रसन्न भयो। अनि अजन्मा भगवानको आविर्भाव हुने बेलामा आकाशमा देव–दुन्दुभी बज्नलागे ॥ ५ ॥ किन्नर र गन्धर्व गान गर्नलागे, सिद्ध–चारणादिले स्तुति आरम्भ गरे र अप्सरागण तथा विद्याधरीहरू नाच्नथाले ॥ ६ ॥ देवता र मुनिगण आनन्दले पुष्प-वर्षा गर्नलागे। त्यो अन्धकारमयी अर्धरात्रीमा श्रीजनार्दन प्रकट हुने बेलामा समुद्र तथा मेघगण मन्द स्वरले गर्जन लागे। जस्तै पूर्व दिशामा पूर्णचन्द्रको प्रादुर्भाव हुन्छ, त्यस्तै गरी देवीरूपीणी देवकीको गर्भबाट सर्वान्तर्यामी श्रीहरि प्रकट भए ॥ ७ ॥ ती अद्भुत बालकको—

* सर्वसमर्थ—सक्छन् पार्न सुमेरु चूर्ण कि धुलो, लाई सुमेरु गरून्। पार्छन् भूपतिलाई भिक्षु, नृपती, नै रङ्क पारी दिउन् ॥
हात्ती बाँधि समुद्र तार्न कमिला, को पाउमा सक्छ जो। त्यो सक्तैन उतार्न पारि भवको ? भक्ती बुझी भक्तको ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसका नेत्र कमल झैं राम्रा थिए, जसमा चारै हातमा शङ्ख, चक्र, गदापद्म आदि आयुध, वक्षस्थलमा श्रीवत्स–चिह्न, घाँटीमा कौस्तुभ मणि शोभित थियो। जो पीताम्बर धारण गरेका थिए र जसको वर्ण सजल मेघ झैं श्याम थियो, उनलाई श्रीवसुदेवले देखे ॥ ९ ॥ उनका छरिएका र औंठी झैं वेरिएका अलकावली, बहुमूल्य रत्नमय किरीट र कुण्डलका कान्तिले झलमल्ल थियो। उनको सुन्दर श्याम देह देदीप्यमाह मेखला, भुजबन्द एवं कङ्कणादिले विभूषित थियो ॥ १० ॥ भगवानलाई पुत्ररूपमा अवतीर्ण देखेर वसुदेवका नेत्र विस्मय र आनन्दले विभोर भए । उनले तुरन्त कृष्णावतारको महोत्सव मनाउने अत्याहटमा आनन्दमग्न भएर ब्राह्मणहरूलाई दस हजार गाई दिने संकल्प गरे ॥११॥ हे परीक्षित् ! आफ्नो तेजले सूतिका गृहलाई आलोकित पार्दै ती बालकलाई साक्षात् नारायण जाने उनको प्रभाव जान्नेर वसुदेवजीको भय हराएर गयो र ती नतमस्तक भई हात जोरेर यस प्रकार स्तुति गर्न लागे ॥ १२ ॥ वसुदेवजी भन्दछन्–! म हजुरलाई जान्दछु। हजुर प्रकृतिदेखि पर साक्षात् परम पुरुष हुनुहुन्छ। हजुर विशुद्ध

गलशोभिकौस्तुभं पीताम्बरं सान्द्रपयोदसौभगम् ॥ ९ ॥ महार्हवैदूर्यकिरीटकुण्डलत्विषा परिष्वक्तसहस्रकुन्तलम् ॥ उद्दामकाञ्च्यङ्गदकङ्कणादिभिः विरोचमानं वसुदेव ऐक्षत ॥ १० ॥ स विस्मयोत्फुल्लविलोचनो हरिं सूतं विलोक्यानकदुन्दुभिस्तदा ॥ कृष्णावतारोत्सवसम्भ्रमोऽस्पृशन्मुदा द्विजेभ्योऽयुतमाप्लुतो गवाम् ॥ ११ ॥ अथैनमस्तौदवधार्य पूरुषं परं नताङ्गः कृतधीः कृताञ्जलिः ॥ स्वरोचिषा भारत सूतिकागृहं विरोचयन्तं गत भीः प्रभाववित् ॥ १२ ॥ वसुदेव उवाच ॥ विदितोऽसि भवान्साक्षात्पुरुषः प्रकृतेः परः ॥ केवलानुभवानन्दस्वरूपः सर्वबुद्धिदृक् ॥ १३ ॥ स एव स्वप्रकृत्येदं सृष्ट्वाग्रे त्रिगुणात्मकम् ॥ तदनु त्वं ह्यप्रविष्टः प्रविष्ट इव भाव्यसे ॥ १४ ॥ यथेमेऽविकृता भावास्तथा ते विकृतैः सह ॥ नानावीर्याः पृथग्भूता विराजं जनयन्ति हि ॥ १५ ॥ सन्निपत्य समुत्पाद्य दृश्यन्तेऽनुगता इव ॥ प्रागेव विद्यमानत्वान्न तेषामिह सम्भवः ॥ १६ ॥ एवं भवान्बुद्ध्यनुमेयलक्षणैर्ग्राह्यैर्गुणैः सन्नपि तद्गुणाग्रहः ॥ अनावृतत्वाद्बहिरन्तरं न ते सर्वस्य सर्वात्मन आत्मवस्तुनः ॥ १७ ॥ य आत्मनो दृश्यगुणेषु सन्निति व्यवस्यते स्वव्यतिरेकतोऽबुधः ॥ विनानुवादं न च तन्मनीषितं सम्यग्यतस्त्यक्तमुपाददत्पुमान् ॥ १८ ॥ त्वत्तोऽस्य जन्मस्थितिसंयमा–

ज्ञानान्दस्वरूप र सबैका बुद्धिद्रष्टा हुनुहुन्छ ॥ १३ ॥ पहिले हजुर नै आफ्नो मायाले यो त्रिगुणात्मक संसार रच्नुहुन्छ र त्यसमा प्रविष्ट नभए पनि प्रविष्ट जस्तै देखिनु हुन्छ ॥ १४ ॥ जस्तै महत्तत्त्वादि कारण भिन्न-भिन्न रहेसम्म भिन्न-भिन्न सामर्थ्य भएका रहनु हुन्छ, जसले कुनै विशेष कार्य गर्न सक्तैनन्, किनकि इन्द्रियादि सोह्र विकारसित मिसिएर नै हजुर यस ब्रह्माण्डको रचना र यसलाई उत्पन्न गरेर यसैमा अनुप्रविष्ट जस्तै देखिनु हुन्छ, वास्तवमा हजुरको जन्म हुँदैन, किनकि हजुर कारणरूपले सदा विद्यमान रहनु हुन्छ ॥१५॥ ॥ १६ ॥ यसै प्रकार केवल बुद्धिद्वारा जसका लक्षणहरूको अनुमान गरिन्छ र जो इन्द्रियहरूद्वारा ग्रहण गरिन्छन्, ती गुणहरूमा व्याप्त रहेर पनि हजुरको ग्रहण हुँदैन, किनकि ती गुणले आवृत्त नहुनाले सर्वस्वरूप, सर्वान्तर्यामी एवं परमार्थ आत्मस्वरूप हजुरमा बाहिरी–भित्री कल्पना नै छैन ॥ १७ ॥ व्यक्ति आत्माको दृश्य देहादिलाई आफू भन्दा पृथक् र सत्य मान्दछ, त्यो अज्ञानी र विचारपूर्वक जुन विचारको बाध्य भएको छ, त्यसलाई सत्य मान्नाले त्यो मूढ हो ॥ १८ ॥ हे ! प्रभो ! यस्ता भन्दछन् कि हजुर निष्क्रिय,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्गुण र निर्विकारबाट सृष्टिको उत्पत्ति-स्थिति हुन्छ, त्यो उचित हो किनकि हजुर सर्वसमर्थ र ब्रह्म अर्थात् सर्वाधिष्ठान हुनुहुन्छ। सत्वादि तीनै गुण हजुरको आश्रित रहन्छन्। उनको कार्यस्वरूप उत्पत्ति आदिको हजुरमा आरोप गरिन्छ ॥ १९ ॥ आफ्नी मायाद्वारा हजुर नै त्रैलोक्यको रक्षार्थ सात्त्विक शुक्लवर्ण, रजः प्रधान रक्तवर्ण र संहारार्थ तमोमय कृष्णवर्ण धारण गर्नुहुन्छ ॥ २० ॥ अहिले यस लोकको रक्षार्थ हजुरले मकहाँ अवतार लिनुभयो। हे अखिलेश्वर! हजुर यस रूपले राजा-नामधारी करोडौं असुर-सेनापतिहरूद्वारा संचालित असंख्य सेनाको संहार गर्नु हुनेछ ॥ २१ ॥ हे सुरेश! यहाँ हजुरले अवतार लिएको सूचना पाएर दुष्ट कंसले हजुरका दाजुहरूलाई मारिदियो। अब पनि दूतद्वारा हजुर प्रकट भएको समचार सुन्नासाथ शस्त्र लिएर आइपुग्छ ॥ २२ ॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन्! आफ्ना पुत्रमा नारायणको लक्षण देखेर मुसु मुसु हाँस्तै देवकी आनन्दित भएर पनि कंसको डर मान्दै स्तुति गर्न लागिन्–॥२३॥ हे प्रभो! जुन परमार्थतत्त्वलाई वेदमा आदिकारण कहिएको छ, जसलाई अव्यक्त, ब्रह्म (बृहत्), ज्योतिर्मय,

न्विभो वदन्त्यनीहादगुणादविक्रियात् ॥ त्वयीश्वरे ब्रह्मणि नो विरुध्यते त्वदाश्रयात्वादुपचर्यते गुणैः ॥ १९ ॥ स त्वं त्रिलोकस्थितये स्वमायया बिभर्षि शुक्लं खलु वर्णमात्मनः ॥ सर्गाय रक्तं रजसोपबृंहितं कृष्णं च वर्णं तमसा जनात्यये ॥२०॥ त्वमस्य लोकस्य विभो रिरक्षिषुर्गृहेऽवतीर्णोऽसि ममाखिलेश्वर ॥ राजन्यसंज्ञासुरकोटियूथपैर्निर्व्यूह्यमाना निहनिष्यसे चमूः ॥२१॥ अयं त्वसभ्यस्तव जन्म नौ गृहे श्रुत्वाऽग्रजाँस्ते न्यवधीत्सुरेश्वर ॥ स तेऽवतारं पुरुषैः समर्पितं श्रुत्वाऽधुनैवाभिसरत्युदायुधः ॥ २२ ॥ श्रीशुक उवाच ॥ अथैनमात्मजं वीक्ष्य महापुरुषलक्षणम् ॥ देवकी तमुपाधावत्कंसाद्भीता शुचिस्मिता ॥ २३ ॥ देवक्युवाच ॥ रूपं यत्तत्प्राहुरव्यक्तमाद्यं ब्रह्म ज्योतिर्निर्गुणं निर्विकारम् ॥ सत्तामात्रं निर्विशेषं निरीहं स त्वं साक्षाद्विष्णुरध्यात्मदीपः ॥ २४ ॥ नष्टे लोके द्विपरार्धावसाने महाभूतेष्वादिभूतं गतेषु ॥ व्यक्तेऽव्यक्तं कालवेगेन याते भवानेकः शिष्यते शेषसंज्ञः ॥ २५ ॥ योऽयं कालस्तस्य तेऽव्यक्तबन्धो चेष्टामाहुश्चेष्टते येन विश्वम् ॥ निमेषादिर्वत्सरान्तो महीयाँस्तं त्वेशानं क्षेमधाम प्रपद्ये ॥ २६ ॥ मर्त्यो मृत्युव्यालभीतः पलायन् लोकान्सर्वान्निर्भयं नाध्यगच्छत् ॥ त्वत्पादाब्जं प्राप्य यदृच्छयाऽद्य स्वस्थः शेते मृत्युरस्मादपैति ॥ २७ ॥ स त्वं घोरादुग्रसेनात्मजान्नस्त्राहि त्रस्तान्भृत्यवित्रासहाऽसि ॥ रूपं चेदं पौरुषं ध्यानधिष्ण्यं मा प्रत्यक्षं मांसदृशां कृषीष्ठाः ॥ २८ ॥ जन्म ते मय्यसौ पापो मा

निर्गुण सत्तामात्र निर्विशेष र निरीह भनेर वर्णन गरिएको छ, ती बुद्धि आदिका प्रकाशक साक्षात् विष्णु भगवान् हजुर नै हुनुहुन्छ ॥ २४ ॥ जब प्रजापति ब्रह्माको परमायुको द्विपरार्ध समाप्त भएर कालको वेगले संसार नष्ट भएर जान्छ र सबै तत्व आफ्ना कारणस्वरूप अहङ्कारमा लीन हुन्छन् तथा अहङ्कार महत्तत्त्वमा र महत्तत्त्व प्रकृतिमा लीन हुन्छ, तब हजुर नै शेषरूपमा रहनु हुन्छ ॥२५॥ हे प्रभो! जसको चेष्टाले सारा विश्व चेष्टा गरिरहेको छ, यो एक निमेषदेखि प्रलयपर्यन्तको महाकाल पनि हजुरकै लीला कहिन्छ। हजुर जगत्का ईश्वर र अभयस्थान हुनुहुन्छ, म हजूरको शरणमा छु ॥ २६ ॥ हे प्रभो! यो मरणधर्मा जीव मृत्युरूपी सर्पबाट डराएर सबै लोकमा डुल्दै कहीं कुनै निर्भय स्थान पाउन सकेन। आज त्यो हजुरको शरण पाएर सुखपूर्वक सुतिरहेछ, किनकि अब मृत्यु यसबाट पर गएको छ ॥ २७ ॥ हे नाथ! हजुर भक्त-भयहारी हुनाले यस दुष्ट कंसको भयबाट हाम्रो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रक्षा गर्नुहवस् । किनकि हामी त्योसित सार्‍है भयभीत छौं । यो पनि प्रार्थना छ–हजुर यो ध्यानगम्यरूप चर्मचक्षु हुने व्यक्तिका सामु प्रकट नगर्नोस् ॥२८॥ हे मधुसूदन ! मेरो गर्भबाट हजुर भएको वृत्तान्त त्यस पापी कंसले थाहा नपाओस् । म सार्‍है अधीर छु । अतः हजुरको निम्ति पनि मलाई कंसको डर लागिरहेछ ॥२९॥ हे विश्वात्मन् ! शङ्ख, चक्र गदा र पद्मको शोभोले युक्त आफ्नो यो अलौकिक चतुर्भुज स्वरूप गुप्त पार्नुहवस् ॥३०॥ प्रलयको वेला जो सम्पूर्ण विश्वलाई आफ्नो देहमा यथावकाश धारण गर्दछन् उनै पुरुष हजुर मेरो गर्भबाट प्रकट हुनुभयो ! यो हजुरको अद्भुत लीला हो ॥३१॥ भगवान् भन्नुहुन्छ–हे देवि ! पूर्वजन्ममा स्वायम्भुव मन्वन्तरको वेला तिमी पृश्नि थियौ र त्यस वेला यी वसुदेव सुतपा नामक प्रजापति थिए ॥३२॥ जब ब्रह्माले तिमी दुवैलाई प्रजा उत्पन्न गर्न आज्ञा दिए, तब तिमी इन्द्रिय दमन गरेर तपस्यामा लाग्यौ ॥ ३३ ॥ तिमी दुवैले वर्षा, वायु, शीत, ताप आदि कालका गुणहरू सहेर कठोर तपस्या गर्‍यौ र प्राणायामले तिम्रा मनको मैलो पखालियो ॥३४॥ तब तिमी दुवै सुकेका पात वायु पिएर मसित अभिलषित वरदान प्राप्त गर्ने इच्छा राखी

विद्यान्मधुसूदन ॥ समुद्विजे भवद्धेतोः कंसादहमधीरधीः ॥ २९ ॥ उपसंहर विश्वात्मन्नदो रूपमलौकिकम् ॥ शङ्खचक्रगदापद्मश्रिया जुष्टं चतुर्भुजम् ॥३०॥ विश्वं यदेतत्स्वतनौ निशान्ते यथावकाशं पुरुषः परो भवान् ॥ बिभर्ति सोऽयं मम गर्भगोऽभूदहो नृलोकस्य विडम्बनं हि तत् ॥ ३१ ॥ श्रीभगवानुवाच ॥ त्वमेव पूर्वसर्गेऽभूः पृश्निःस्वायम्भुवे सति ॥ तदाऽयं सुतपा नाम प्रजापतिरकल्मषः ॥ ३२ ॥ युवां वै ब्रह्मणाऽऽदिष्टौ प्रजासर्गे यदा ततः । सन्नियम्येन्द्रियग्रामं तेपाथे परमं तपः ॥ ३३ ॥ वर्षवातातपहिमघर्मकालगुणाननु ॥ सहमानौ श्वासरोधविनिर्धूतमनोमलौ ॥ ३४ ॥ शीर्णपर्णानिलाहारावुपशान्तेन चेतसा ॥ मत्तः कामानभीप्सन्तौ मदाराधनमीहतुः ॥ ३५ ॥ एवं वां तप्यतोस्तीव्रं तपः परमदुष्करम् ॥ दिव्यवर्षसहस्राणि द्वादशेयुर्मदात्मनोः ॥ ३६ ॥ तदा वां परितुष्टोऽहममुना वपुषाऽनघे ॥ तपसा श्रद्धया नित्यं भक्त्या च हृदि भावितः ॥३७॥ प्रादुरासं वरदराड् युवयोः कामदित्सया ॥ व्रियतां वर इत्युक्ते मादृशो वां वृतः सुतः ॥३८॥ अजुष्टग्राम्यविषयावनपत्यौ च दम्पती ॥ न वव्राथेऽपवर्गं मे मोहितौ देवमायया ॥ ३९ ॥ गते मयि युवां लब्ध्वा वरं मत्सदृशं सुतम् ॥ ग्राम्यान्भोगानभुञ्जाथां युवां प्राप्तमनोरथौ ॥ ४० ॥ अदृष्ट्वाऽन्यतमं लोके शीलौदार्यगुणैः समम् ॥ अहं सुतो वामभवं पृश्निगर्भ इति श्रुतः ॥ ४१ ॥ तयोर्वां पुनरेवाहमदित्यामास कश्यपात् ॥ उपेन्द्र इति विख्यातो

शान्त-चित्तले मेरो आराधना गर्नलाग्यौ ॥ ३५ ॥ यसरी अति दुष्कर र घोर तप गर्दै ममा नै चित्त लगाएर दिव्य बाह हजार वर्ष बिते ॥ ३६ ॥ हे अनघे ! जब तिमी दुवैले यसरी तप, श्रद्धा र भक्तिपूर्वक आफ्नू हृदयमा मेरो निरन्तर चिन्तन गर्‍यौ अनि म प्रसन्न भएर तिमी दुवैलाई इच्छित वर दिने इच्छाले यही रूपमा प्रकट भएँ र जब मैले भनें–'वरदान माग' तब तिमीले मजस्तै पुत्र माग्यौ ॥३७-३८॥ त्यस वेलासम्म तिमीहरू विषय-भोगबाट रहित थियौ र तिम्रा सन्तान थिएनन् । अतः मेरी मायाले मोहित भएर तिमीले मोक्ष माग्न सकीनौ ॥३९॥ म गएपाछ तिमी दुवैले म जस्तै पुत्र हुने वर पाएर सफल-मनोरथ भई विषय-भोगमा लाग्यौ ॥४०॥ मलाई यस लोकमा शील उदारता आदि गुणहरूमा आफू समान कोही अरु देखिएन । यसै निम्ति म स्वयं तिम्रो पुत्र भएर 'पृश्निगर्भ' नामले विख्यात भएँ ॥ ४१ ॥ अर्को जन्ममा जब तिमी दुवै कश्यप र अदिति भयौ, तब मैले तिमीकहाँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'उपेन्द्र' नामले जन्म लिएँ, त्यस बखत मेरो देह सानो हुनाले 'वामन' कहिएँ ॥ ४२ ॥ हे सती ! अब तेस्रो जन्ममा म फेरि उही रूपले तिमीकहाँ उत्पन्न भएको छु । यसरी पूर्व-कालमा मैले तिमीलाई जुन वचन दिएको थिएँ, त्यो सत्य भयो ॥४३॥ यस बेला मैले आफ्नू यो रूप देखाउने कारण हो—तिमी मेरा पूर्व अवतारको पनि स्मरण गर, किनकि केवल मनुष्य शरीरले मेरो जन्मको ज्ञान हुन सक्तैन ॥ ४४ ॥ अब तिमी पुत्रभाव र ब्रह्मभावले मेरो चिन्तन गर्दै ममा प्रीति बढाउने छौ र अन्त्यमा अलभ्य परमपद प्राप्त गर्ने छौ ॥४५॥ यदि तिमीलाई कंसको डर छ भने मलाई गोकुल लिएर हिंड, त्यहाँ यशोदाको गर्भबाट उत्पन्न मेरी योगमायालाई लिएर फर्क ॥ ४६ ॥ श्रीशुकदेव भन्नुहुन्छ—यति भनेर भगवान्. वसुदेवले हेर्दाहेर्दै आफ्नी मायाले साधारण बालक बनिदिए ॥ ४७ ॥ जुन बेला वसुदेव, भगवान्को आज्ञाले विष्णुरूपधारी श्रीहरिलाई लिएर सूतिका गृहबाट बाहिर निस्के, उसै बेला नन्दरानी यशोदाको गर्भबाट भगवान्की अजन्मा योगमाया जन्मिन् ॥ ४८ ॥ उनै योगमाया द्वारा समस्त इन्द्रिय वृत्तिहरूको ज्ञान

वामनत्वाच्च वामनः ॥ ४२ ॥ तृतीयेऽस्मिन्भवेऽहं वै तेनैव वपुषाऽथ वाम् ॥ जातो भूयस्तयोरेव सत्यं मे व्याहृतं सति ॥ ४३ ॥ एतद्वां दर्शितं रूपं प्राग्जन्मस्मरणाय मे ॥ नान्यथा मद्भवं ज्ञानं मर्त्यलिङ्गेन जायते ॥ ४४ ॥ युवां मां पुत्रभावेन ब्रह्मभावेन चासकृत् ॥ चिन्तयन्तौ कृतस्नेहौ यास्येथे सद्गतिं पराम् ॥ ४५ ॥ यदि कंसाद्बिभेषि त्वं तर्हि मां गोकुलं नय ॥ मन्मायामानयाशु त्वं यशोदागर्भसम्भवाम् ॥ ४६ ॥ श्रीशुक उवाच ॥ इत्युक्त्वासीद्धरिस्तूष्णीं भगवानात्ममायया ॥ पित्रोः सम्पश्यतोः सद्यो बभूव प्राकृतः शिशुः ॥ ४७ ॥ ततश्च शौरिर्भगवत्प्रचोदितः सुतं समादाय स सूतिकागृहात् ॥ यदा बहिर्गन्तुमियेष तर्ह्यजा या योगमायाऽजनि नन्दजायया ॥४८॥ तया हतप्रत्ययसर्ववृत्तिषु द्वाःस्थेषु पौरेष्वपि शायते-ष्वथ ॥ द्वारस्तु सर्वाः पिहिता दुरत्यया बृहत्कपाटायसकीलशृङ्खलैः ॥ ४९ ॥ ताः कृष्णवाहे वसुदेव आगते स्वयं व्यवर्यन्त यथा तमो रवेः ॥ ववर्ष पर्जन्य उपांशुगर्जितः शेषोऽन्वगाद्वारि निवारयन्फणैः ॥ ५० ॥ मघोनि वर्षत्यसकृद्यमानुजा गम्भीरतोयौघजवोर्मिफेनिला ॥ भयानकावर्तशताकुला नदी मार्गं ददौ सिन्धुरिव श्रियः पतेः ॥ ५१ ॥ नन्दव्रजं शौरिरुपेत्य तत्र तान् गोपान्प्रसुप्तानुपलभ्य निद्रया ॥ सुतं यशोदाशयने निधाय तत्सुता-मुपादाय पुनर्गृहानगात् ॥ ५२ ॥ देवक्याः शयने न्यस्य वसुदेवोऽथ दारिकाम् ॥ प्रतिमुच्य पदोर्लोहमास्ते पूर्ववदावृतः ॥५३॥ यशोदा नन्दपत्नी च

हरण गरिनाले कंसका द्वारपाल र पुरवासी सबै अचेत भएर निदाए । झ्यालखानका ढोका बन्द थिए, तिनमा फलामका सिक्री र ताल्चा लागेका थिए, । अतः कोही बाहिर निस्कन सक्तैनथ्यो ॥४९॥ तर वसुदेवले श्रीकृष्णचन्द्रलाई लिएर निस्कन खोज्नासाथ ती सबै ढोकाहरू आफैं खुले, जस्तै सूर्योदय भएपछि अन्धकार नष्ट भएर जान्छ त्यस्तैभयो । त्यस बेला मन्द-मन्द गर्जेर मेघ पानी पारिरहेका थिए र शेषजी आफ्ना फणाको छायाले जल निवारण गर्दै तिनको पछि-पछि हिंडिरहेका थिए ॥ ५० ॥ लगातार पानी परिरहनाले यमुनाको प्रवाह तीव्र र डरलाग्दो भएको थियो, तिनका तरंगहरूले जलमा फींज उठिरहेको थियो र अनेक भयंकर भुमरी परिरहेका थिए, तर समुद्रले जसरी रामचन्द्रलाई बाटो दिएको थियो, त्यस्तै यमुनाजीले पनि वसुदेवलाई पारी जान बाटो छाडि दिइन् ॥५१॥ नन्दजीको घर पुगेर वसुदेवजीले देखे—समस्त गोपगण निद्राले अचेत भएका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए । अतः ती तुरुन्त बालक कृष्णलाई यशोदाको नजीकै सुताएर उनकी भरखर जन्मिएकी योगमायारूपिणी बालिकालाई लिएर कारागारमा फर्किए ॥ ५२ ॥ यहाँ आएर उनले कन्यालाई देवकीका नजीकै सुताइदिए र आफ्ना खुट्टामा स्वयं सिक्री लगाएर पहिले जस्तै थुनामा थुनिए ॥ ५३ ॥ उता यशोदाले यति मात्र जानिन्–मलाई कुनै सन्तान भएको छ, तर श्रम र निद्राले छोरो हो कि छोरी जान्न सकिनन् ॥५४॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां तृतीयोऽध्यायः ॥३॥

(योगमायाको भविष्यवाणी र कंसको पश्चात्ताप) श्रीशुकदेव भन्दछन्–हे राजन् ! नन्दकहाँबाट फर्केपछि सबै झ्याल-ढोकाहरू पहिले जस्तै वन्द भएका थिए । एकै छिनपछि शिशु रोएको सुनेर सबै द्वारपाल उठे ॥१॥ तिनले तुरुन्त राजा कंसकहाँ गएर देवकीको सन्तान जन्मेको कुरा सुनाए, जसको निम्ति कंस उद्विग्न भएर प्रतीक्षा गर्दै थियो ॥ २ ॥ यति सुन्नासाथ त्यो शय्या त्यागेर जुरुक्क उठ्यो र नाङ्गो शिर तथा कपाल फुकेको र लरवराँदै झ्यालखानमा पुग्यो । 'यो मेरो मृत्यु हो' यस भावउाले आकुल-व्याकुल भइरहेथ्यो ॥३॥

जातं परमबुध्यत ॥ न तल्लिङ्गं परिश्रांता निद्रयाऽपगतस्मृतिः॥५४॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे कृष्णजन्मनि तृतीयोऽध्यायः॥३॥

श्रीशुक उवाच ॥ बहिरन्तपुरद्वारः सर्वाः पूर्ववदावृताः ॥ ततो बालध्वनिं श्रुत्वा गृहपालाः समुत्थिताः ॥ १ ॥ ते तु तूर्णमुपव्रज्य देवक्या गर्भजन्म तत् ॥ आचख्युर्भोजराजाय यदुद्विग्नः प्रतीक्षते ॥ २ ॥ स तल्पात्तूर्णमुत्थाय कालोऽयमिति विह्वलः ॥ सूतीगृहमगात्तूर्णं प्रस्खलन्मुक्तमूर्धजः ॥ ३ ॥ तमाह भ्रातरं देवी कृपणा करुणं सती ॥ स्नुषेयं तव कल्याणी स्त्रियं मा हन्तुमर्हसि ॥ ४ ॥ बहवो हिंसिता भ्रातः शिशवः पावकोपमाः ॥ त्वया दैवनिसृष्टेन पुत्रिकैका प्रदीयताम् ॥ ५ ॥ नन्वहं ते ह्यवरजा दीना हतसुता प्रभो ॥ दातुमर्हसि मन्दाया अङ्गेमां चरमां प्रजाम् ॥ ६ ॥ श्रीशुक उवाच ॥ उपगुह्यात्मजामेवं रुदत्या दीनदीनवत् ॥ याचितस्तां विनिर्भर्त्स्य हस्तादाचिच्छिदे खलः ॥ ७ ॥ तां गृहीत्वां चरणयोर्जातमात्रां स्वसुः सुताम् ॥ अपोथयच्छिलापृष्ठे स्वार्थोन्मूलितसौहृदः ॥ ८ ॥ सा तद्धस्तात्समुत्पत्य सद्यो देव्यम्बरं गता ॥ अदृश्यतानुजा विष्णोः सायुधाऽष्टमहाभुजा ॥ ९ ॥ दिव्यस्रगम्बरालेपरत्नाभरणभूषिता ॥ धनुःशूलेषुचर्मासिशङ्खचक्रगदाधरा ॥ १० ॥

सामुन्ने आएको दाजू कंससित देवकीले साह्रै दुःखी भएर दीन वाणीमा भनिन्–हे भद्र ! यो त हजुरकी बुहारी झैं हो, हजुर यस कन्याको वध नगर्नुस् ॥४॥ दाजू ! दैववश तिमीले मेरा अग्निसमान तेजस्वी अनेक बालक मारिदिनुभयो, अब यो यौटी कन्या नैं मलाई दिनोस् ॥५॥ हे प्रभो ! म तिम्री बहिनी हुँ, आफ्ना बालकहरू मारिनाले म साह्रै दीन भएकी छु । हे तात ! म अभागिनीको यो अन्तिम सन्तान छाढिदेऊ ॥६॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! यति भनेर कन्यालाई काखमा लुकाई देवकीले दीन भावले रोएर धेरै अनुनय-विनय गरिन् तर दुष्ट कंसले उनको हातबाट कन्या खोस्यो ॥७॥ भर्खर जन्मेकी आफ्नी भाञ्जीको खुट्टा समातेर त्यसले यौटा शिलामा पछारिदियो, किनकि स्वार्थले उसको सौहार्द नष्ट पारिदिएको थियो ॥८॥ तर ती उसको हातबाट फुस्केर देवीरूप भई आकाशमा गइन् । त्यहींबाट भगवान् विष्णुकी बहिनी योगमाया आयुध सहित अष्टभुजाको रूपमा देखिइन् ॥९॥ ती दिव्य माला, वस्त्र, चन्दन र मणिमय गहनाले आभूषित थिइन् र हातमा धनुष, त्रिशूल, बाण, ढाल, खड्ग, शङ्ख, चक्र र गदा लिएकी थिइन् । तिनका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारैतिर सिद्ध, धारण, गन्धर्व, अप्सरा, किन्नर र नागगण अनेक रत्न समर्पण गरेर स्तुति गर्दै थिए । ती देवीले कंसलाई भनिन्–॥१०-११॥ 'हे मूर्ख ! मलाई मारेर तँलाई के प्राप्त हुन्छ ? तेरो पूर्वशत्रु र तँलाई मार्ने त अन्तै कहीं उत्पन्न भइसकेको छ । अब तँ व्यर्थ निर्दोष बालकको हत्या नगर* ॥१२॥ उसलाई त्यति भनेर देवी योगमाया अन्तर्धान भइन् र उनै पृथ्वीका अनेक स्थानमा भिन्न-भिन्न नामले प्रख्यात भइन् । १३ ॥ देवीको वचन सुनेर कंसलाई ठूलो विस्मय भयो । त्यसले तुरुन्त वसुदेव-देवकीलाई बन्धन-मुक्त पारेर विनयपूर्वक भन्यो—॥ १४ ॥ 'हे भगिनी ! हे भागिनेय ! राक्षस जस्तै म पापीले तिम्रा धेरै सन्तान मारिदिएँ ॥ १५ ॥ करुणा, जाति र सुहृद् जनहरूको स्नेह छाड्ने म मरेर कुन

सिद्धचारणगंधर्वैरप्सरः किन्नरोरगैः ॥ उपाहृतोरुबलिभिः स्तूयमानेदमब्रवीत् ॥ ११ ॥ किं मया हतया मन्द जातः खलु तवान्तकृत् ॥ यत्र क्व वा पूर्वशत्रुर्मा हिंसीः कृपणान्वृथा ॥ १२ ॥ इति प्रभाष्य तं देवी माया भगवती भुवि ॥ बहुनामनिकेतेषु बहुनामा बभूव ह ॥ १३ ॥ तयाऽभिहितमाकर्ण्य कंसः परमविस्मितः ॥ देवकीं वसुदेवं च विमुच्य प्रश्रितोऽब्रवीत् ॥ १४ ॥ अहो भगिन्यहो भास मया वां वत पाप्मना ॥ पुरुषाद इवापत्यं हवो हिंसिताः सुताः ॥ १५ ॥ स त्वहं त्यक्तकारुण्यस्त्यक्तज्ञातिसुहृत्खलः ॥ काँल्लोकान्वै गमिष्यामि ब्रह्महेव मृतः श्वसन् ॥ १६ ॥ दैवमप्यनृतं वक्ति न मर्त्या एव केवलम् ॥ यद्विश्रम्भादहं पापः स्वसुर्निहतवाञ्छिशून् ॥ १७ ॥ मा शोचत महाभागावात्मजान्स्वकृतम्भुजः ॥ जन्तवो न सदैकत्र दैवाधीनास्तदासते ॥ १८ ॥ भुवि भौमानि भूतानि यथा यान्त्यपयान्ति च ॥ नायमात्मा तथैतेषु विपर्येति यथैव भूः ॥ १९ ॥ यथानेवंविदो भेदो यत आत्मविपर्ययः ॥ देहयोगवियोगौ च संसृतिर्न निवर्तते ॥ २० ॥ तस्मा-

लोकमा जाउँला ? अहिले म ब्रह्मघाती समान सास फेरेर पनि मरे जस्तै छु ॥ १६ ॥ अब थाहा पाएँ–मनुष्य मात्र होइन कि देवता पनि मिथ्या बोल्दा रहेछन् । त्यसैको भ्रममा परेर म पापीले आफ्नी बहिनीका बालक मारेको हुँ ॥१७ । हे महाभागा ! तिमी आफ्ना पुत्रको शोक नगर । तिनको प्रारब्धमा यस्तै भोग तोकिएको थियो । सबै जीव दैवाधीन रहन्छन् । ती सधैं यौटै स्थानमा टिक्तैनन् ॥ १८ ॥ जस्तै माटोले बनेका पदार्थ बन्दै र बिग्रँदै रहन्छन्, तर माटोमा कुनै परिवर्तन आउन्न । त्यसै गरी प्राणीमात्रका देहादिको उत्पत्ति र नाश हुँदै रहन्छ । यसले आत्मामा कुनै प्रकारको विकार आउन्न ॥ १९ ॥ जो यो तत्त्व जान्दैनन्, तिनकै देहादि अनात्म पदार्थमा आत्मबुद्धि हुन्छ । देहादिमा

* दृष्टान्त (बिर्ता फर्काउन सकिन)–गुजरातका सुलतान जफर शाहको शासनकालमा यौटा नपुंसक अफिसरले यौटा मरिसकेको जमीन्दारको बिर्ता खोसेर उसको सर्वस्व गरी धन ल्याएर बादशाहको अघिल्तिर राखिदियो । बादशाहले सोध्यो–'यो कसको धन हो ?' अफिसरले भन्यो– हजुरको हो किनकि हजुरका पूर्वजहरूको बेलामा यो बिर्ता धार्मिक व्यक्तिहरूलाई इनाममा दिइएको थियो । अब बिर्ताको आमदानी बढ्दै गएको छ । मेरो खोजीले थाहा भएको छ–ती जमीन्दारमध्ये धेरै मरिसके । अतः ती बिर्ताको आमदानी जम्मा पारेर ल्याएको हुँ ।' बादशाहले हप्काएर भने–'हे मूर्ख ! यदि तँ पुरुष भए नामर्द र स्त्री भए कुलटा भने थिएँ- तर तँ त पुरुष स्त्री, दुवैका अवगुण तँमा छन् । जो जमीन्दार मरिसके तिनका छोरा हुनन् र दुवै नभए कुटुम्बी त अवश्य होलान् एकपल्ट जुन वस्तु दिइयो, त्यो कसरी खोस्न सकिन्छ ! तैंले यो साह्रै नराम्रो काम गरिस् । बस-जसको यो धन लिएको हो, उनलाई फर्काइदे र ती गरीबका हृदयसित क्षमा माग ।' पछि बादशाहले भयाली पिटाए–'जुन अफिसर यस्तो काम गर्ला, उसले कठोर दण्ड पाउने छ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मबुद्धि हुनाले भेदज्ञान हुन्छ र भेदज्ञानले नै शरीरका संयोग-वियोग हुन्छन् । यसैले तिनको सुख-दुखःरूपी संसारबाट निवृत्ति हुँदैन ॥ २० ॥ अतएव हे भद्रे ! तिम्रा जो पुत्र म द्वारा मारिए, तिनको तिमी शोक नगर किनकि सबै जीव आफ्ना कर्मको फल भोग्दछन् ॥ २१ ॥ जबसम्म जीव स्वयंप्रकाश भएर पनि आफूलाई 'म मारिन्छु वा मार्दछु' यस्तो मान्दछ, तबसम्म देहको उत्पत्ति र उसको नाशको अभिमान गर्नाले त्यो अज्ञानवश बाध्य-बाधक भावमा प्राप्त हुँदै रहन्छ । तिमी दुवै साधु-स्वभाव र दीन-रक्षक छौ । अतः तिमी मेरो यस कुटिलतालाई क्षमा गरिदेओ ।' यति भनेर कंसले आँखाबाट आँसु बगाई आफ्नी बहिनी र ज्वाइँको पाउ समात्यो ॥ २२-२३ ॥ कन्यारूपिणी योगमायाको कथनमा विश्वास गरेर स्नेह देखाउँदै उपले दुवै जनालाई बन्धन-मुक्त गरिदियो ॥ २४ ॥ आफ्नू दाजूले यसरी पछुतो गरेको देखेर देवकीको रिस शान्त भयो र दाजूको अपराध बिर्सिइन् । वसुदेवले पनि हाँस्तै भने–॥ २५ ॥ 'हे महाभाग ! हजुरले भनेको सत्य हो । देहधारीहरूलाई अज्ञानले नै अहं-बुद्धि प्राप्त हुन्छ, त्यसैले आफ्नू-बिरानोको भेद प्रतीत

द्भद्रे स्वतनयान्मया व्यापदितानपि ॥ माऽनुशोच यतः सर्वः स्वकृतं विन्दतेऽवशः ॥ २१ ॥ यावद्धतोऽस्मि हन्ताऽस्मीत्यात्मानं मन्यते स्वदृक् ॥ तावत्तदभिमान्यज्ञो बाध्यबाधकतामियात् ॥२२॥ क्षमध्वं मम दौरात्म्यं साधवो दीनवत्सलाः ॥ इत्युक्त्वाऽश्रुमुखः पादौ श्यालः स्वस्रोरथाग्रहीत् ॥ २३ ॥ मोचयामास निगडाद्विश्रब्धः कन्यकागिरा ॥ देवकीं वसुदेवं च दर्शयन्नात्मसौहृदयम् ॥२४॥ भ्रातुः समनुतप्तस्य क्षान्तरोष च देवकी ॥ व्यसृजद्वसुदेवश्च प्रहस्य तमुवाच ह ॥ २५ ॥ एवमेतन्महाभाग यथा वदसि देहिनाम् ॥ अज्ञानप्रभवाहंधीः स्वपरेति भिदा यतः ॥ २६ ॥ शोक-हर्षभयद्वेषलोभमोहमदान्विताः ॥ मिथो घ्नन्तं न पश्यन्ति भावैर्भावं पृथग्दृशः ॥२७॥ श्रीशुक उवाच ॥ कंस एवं प्रसन्नाभ्यां विशुद्धं प्रतिभाषितः ॥ देवकीवसुदेवाभ्यामनुज्ञातोऽविशद्गृहम् ॥ २८ ॥ तस्यां रात्र्यां व्यतीतायां कंस आहूय मन्त्रिणः ॥ तेभ्य आचष्ट तत्सर्वं यदुक्तं योगनिद्रया ॥२९॥ आकर्ण्य भर्तुर्गदितं तमूचुर्देवशत्रवः ॥ देवान्प्रति कृतामर्षा दैतेया नातिकोविदाः ॥३०॥ एवं चेत्तर्हि भोजेन्द्र पुरग्रामव्रजादिषु ॥ अनिर्दशान्निर्दशांश्च हनिष्यामोऽद्य वै शिशून् ॥ ३१ ॥ किमुद्यमैः करिष्यन्ति देवाः समरभीरवः ॥ नित्यमुद्विग्नमनसो ज्याघोषैर्धनुषस्तव ॥ ३२ ॥ अस्यतस्ते शरव्रातैर्हन्यमानाः समन्ततः ॥ जिजीविषव उत्सृज्य पलायनपरा ययुः ॥ ३३ ॥ केचित्प्राञ्जलयो दीना न्यस्तशस्त्रा दिवौकसः ॥ मुक्त-

हुन थाल्दछ ॥ २६ ॥ ती भेददर्शी व्यक्ति कहिल्यैहर्ष, शोक, भय, द्वेष, लोभ-मोह र मदले अन्धा भएर परस्पर यौटाले अर्कोको नाश गराउने सबैका प्रेरक परमात्मालाई देख्दैनन्' ॥ २७ ॥ श्रीशुकदेव भन्नुहुन्छ–वसुदेव-देवकीले प्रसन्न भएर कुरा गरेपछि तिनको आज्ञा लिएर कंस महलमा फर्कियो ॥ २८ ॥ भोलिपल्ट बिहानै उसले आफ्ना मन्त्रीहरूलाई डाकेर ती सबै कुरा सुनायो, जुन योगमायाले भनेकी थिइन् ॥ २९ ॥ स्वामीको कथन सुनेर देवद्रोही र मन्दमति दैत्य देवतामाथि रिसाएर भन्नलागे— ॥ ३० ॥ 'हे भजराज ! यदि यस्तो कुरा हो भने हामी आजै सम्पूर्ण पुर, ग्राम र व्रजमा उत्पन्न दस दिन भित्रका सबै बालकहरूलाई मारिदिन्छौं ॥ ३१ ॥ ती रणभीरु देवता उद्योग गरेर पनि हाम्रो के बिगार्न सक्छन् ? ती त हजुरको प्रत्यञ्चाको शब्दमात्र सुनेर नै आत्तिन्छन्, भाग्दछन् ॥ ३२ ॥ पूर्वकालमा युद्ध गर्दाजब देवता हजुरका बाण द्वार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैतिरबाट मारिन आँटेरहेछि तीमध्ये जो बाँच्न चाहन्थे ती युद्धभूमि छोडेर भागे ॥ ३३ ॥ कति देवता आफ्ना शस्त्र फ्याँकेर हजुरका सामु हात जोर्नलागे र कति कपाल र ढेका फुकाएर शरण पर्न आई भन्नलागे—म भयभीत छु, मेरो रक्षा गर्नोस् ॥ ३४ ॥ अनि युद्धनीति अनुसार तीमध्ये शस्त्र छाड्ने र जो रथहीन, भयभीत, अन्यमनस्क वा युद्धबाट विमुख भएका थिए अथवा जसका धनुष भाँचिइसकेका थिए ती युद्ध नगर्ने शत्रुहरूलाई हजुरले कहिल्यै मार्नुभएन ॥ ३५ ॥ यी देवगण जहाँ भय रहन्न त्यहीं वीर बन्दछन् र युद्ध छाडेर अन्यत्र नै ठूला-ठूला कुरा गर्छन् । अनि त्यस्तासित हामीलाई के डर छ ? यिनमा विष्णु एकान्तसेवी र महादेव वनवासी छन् । इन्द्रको पराक्रम सान्है अल्प छ र ब्रह्मा केवल तपस्वी छ ॥ ३६ ॥ तथापि देवता हाम्रा शत्रु हुन्, अतः हामीले तिनको उपेक्षा गर्नु हुँदैन । अब तिनको जरो उखेल्नका लागि हजुर हामी सेवकहरूलाई नियुक्त गर्नोस् ॥ ३७ ॥ जस्तै मनुष्यले उपेक्षा गर्दा शरीरमा बढेको रोग असाध्य हुनजान्छ, जस्तै इन्द्रियको उपेक्षा गर्नाले ती अगम्य हुन्छन् । त्यसै गरी शत्रुको उपेक्षा गर्नाले जब उसको बल बढ्दछ, तब

कच्छशिखाः केचिद्भीताः स्म इति वादिनः ॥ ३४ ॥ न त्वंविस्मृतशस्त्रास्त्रान्विरथान्भयसंवृतान् ॥ हंस्यन्यासक्तविमुखान्भग्नचापानयुध्यत ॥३५॥ किं क्षेमशूरैर्विबुधैरसंयुगविकत्थनैः ॥ रहोजुषा किं हरिणा शम्भुना वा वनौकसा ॥ किमिन्द्रेणाल्पवीर्येण ब्रह्मणा वा तपस्यता ॥ ३६ ॥ तथापि देवाः सापत्न्यान्नोपेक्ष्या इति मन्महे ॥ ततस्तन्मूलखनने नियुंक्ष्वास्माननुव्रतान् ॥ ३७ ॥ यथाऽऽमयोऽङ्गे समुपेक्षितो नृभिर्न शक्यते रूढपदश्चिकित्सितुम् ॥ यथेन्द्रियग्राम उपेक्षितस्तथा रिपुर्महान्बद्धबलो न चाल्यते ॥ ३८ ॥ मूलं हि विष्णुर्देवानां यत्र धर्मः सनातनः ॥ तस्य च ब्रह्मगोविप्रास्तपोयज्ञाः सदक्षिणाः ॥ ३९ ॥ तस्मात्सर्वात्मना राजन्ब्राह्मणान्ब्रह्मवादिनः ॥ तपस्विनो यज्ञशीलान्गाश्च हन्मो हविर्दुघाः ॥ ४० ॥ विप्रा गावश्च वेदाश्च तपः सत्यं दमः शमः ॥ श्रद्धा दया तितिक्षा च क्रतवश्च हरेस्तनूः ॥ ४१ ॥ स हि सर्वसुराध्यक्षो ह्यसुरद्विड्गुहाशयः ॥ तन्मूला देवताः सर्वाः सेश्वराः सचतुर्मुखाः ॥ अयं वै तद्वधोपायो यदृषीणां विहिंसनम् ॥ ४२ ॥ श्रीशुक उवाच ॥ एवं दुर्मन्त्रिभिः कंसः सह सम्मन्त्र्य दुर्मतिः ॥ ब्रह्महिंसां हितं मेने कालपाशावृतोऽसुरः ॥ ४३ ॥ सन्दिश्य साधुलोकस्य कदने कदनप्रियान् ॥ कामरूपधरान्दिक्षु दानवान्गृहमाविशत् ॥ ४४ ॥ ते वै रजःप्रकृतयस्तमसा मूढचेतसः ॥ सतां विद्वेषमाचेरुरारादागतमृत्यवः ॥ ४५ ॥ आयुः श्रियं यशो धर्मं लोकाना-

उसलाई विचलित पार्न सकिन्न ॥ ३८ ॥ देवताको जरो विष्णु हो र जहाँ सनातनधर्म छ, त्यहीं त्यो पुग्दछ । सनातनधर्मका मूल वेद, गाई, ब्राह्मण तपस्या र दक्षिणा सहितका यज्ञ हुन् ॥ ३९ ॥ अतः हे राजन् ! वेदवेत्ता, तपस्वी, यज्ञपरायण ब्राह्मणहरू र हव्य दिने गाईको हामी सबै प्रकारले संहार गर्नेछौं ॥ ४० ॥ ब्राह्मण, गाई, वेद, तप, सत्य, दम, शम, दया, तितिक्षा र यज्ञ यी सबै विष्णुका शरीर हुन् ॥ ४१ ॥ त्यो दैत्यको द्रोही र सबैको अन्तर्यामी विष्णु नै सबै देवताका रक्षक छ । महादेव र ब्रह्मा सहित सबै देवता उनका आश्रित रहन्छन् र तिनको नाश हुने यौटा उपाय छ—ऋषिहरूको वध गर्नु ॥ ४२ ॥ श्रीशुकदेव भन्नुहुन्छ—आफ्ना दुष्ट मन्त्रीगणको यस्तो सल्लाह पाएर काल-पाशमा परेको दुर्मति कंसले ब्रह्महत्यामै आफ्नो कल्याण ठान्यो । अनि इच्छानुसार रूप लिने र हिंसाप्रिय दानवहरूलाई साधुजनको संहार गर्ने आज्ञा दिएर आफ्नू अन्तःपुरमा गय

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥४३-४४॥ ती दुष्टको प्रकृति रजोगुणले ढाकिएको थियो र उनको चित्त विवेकशून्य थियो। तिनको मृत्यु नगीचै आइसकेको थियो । अतः ती साधुजनसित द्वेष गर्नलागे ॥ ४५ ॥ हे राजन् ! महापुरुषको अनादरले व्यक्तिको आयु, यश, श्री, धर्म, स्वर्गादि लोक र कल्याण नष्ट गरिदिन्छ ॥४६॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥

(गोकुलमा कृष्ण-जन्मोत्सव) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! पुत्रको जन्म भएपछि नन्दजीलाई ठूलो आनन्द प्राप्त भयो। उनले ज्योतिषी र ब्राह्मणहरू डाकेर स्नान गरी पवित्र वस्त्र र आभूषण धारण गरे ॥१॥ अनि ब्राह्मणद्वारा स्वस्तिवाचन गराई विधिपूर्वक पुत्रको जातकर्म-संस्कार गरेर देवताहरू र पितृगणको पूजा गरे ॥ २॥ उनले राम्ररी सुसज्जित दुइ लाख गाई, रत्नसमूह र उत्तम वस्त्रले ढाकिएका सात तिलपर्वत ब्राह्मणलाई दान दिए। तिलको त्यो थुप्रो—जसको दुइतिर उभिएका दुइ मानिस यौटाले अर्कोलाई देख्न नसकोस्–त्यो 'तिलपर्वत' कहिन्छ ॥ ३ ॥ सबै द्रव्यको शुद्धि क्रमशः काल, स्नान, शौच, संस्कार, तप, यज्ञ, दान र सन्तोषले हुन्छ, अनि आत्माको शुद्धि आत्मज्ञानले हुन्छ

शिष एव च ॥ हन्ति श्रेयांसि सर्वाणि पुंसो महदतिक्रमः ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे चतुर्थोऽध्यायः ॥ ४ ॥

श्रीशुक उवाच ॥ नन्दस्यात्मज उत्पन्ने जाताह्लादो महामनाः ॥ आहूय विप्रान्वेदज्ञान्स्नातः शुचिरलंकृतः ॥ १ ॥ वाचयित्वा स्वस्त्ययनं जातकर्मात्मजस्य वै ॥ कारयामास विधिवत्पितृदेवार्चनं तथा ॥ २ ॥ धेनूनां नियुते प्रादाद्विप्रेभ्यः समलंकृते ॥ तिलाद्रीन्सप्त रत्नौघशातकौम्भाम्बरावृतान् ॥३॥ कालेन स्नानशौचाभ्यां संस्कारैस्तपसेज्यया ॥ शुद्ध्यन्ति दानैः सन्तुष्ट्या द्रव्याण्यध्यात्मविद्यया ॥ ४ ॥ सौमङ्गल्यगिरो विप्राः सूतमागधवन्दिनः ॥ गायकाश्च जगुर्नेदुर्भेर्यो दुन्दुभयो मुहुः ॥ ५ ॥ व्रजः सम्मृष्टसंसिक्तद्वाराजिरगृहान्तरः ॥ चित्रध्वजपताकास्रक्चैलपल्लवतोरणैः ॥ ६ । गावो वृषा वत्सतरा हरिद्रातैलरूषिताः ॥ विचित्रधातुबर्हस्रग्वस्त्रकाञ्चनमालिनः ॥ ७ ॥ महार्हवस्त्राभरणकञ्चुकोष्णीषभूषिताः ॥ गोपाः समाययू राजन्नानोपायनपाणयः ॥ ८ ॥ गोप्यश्चाकर्ण्य मुदिता यशोदायाः सुतोद्भवम् ॥ आत्मानं भूषयाञ्चक्रुर्वस्त्राकल्पाञ्जनादिभिः ॥ ९ ॥ नवकुङ्कुमकिञ्जल्कमुखपङ्कजभूतयः ॥ बलिभिस्त्वरितं जग्मुः पृथुश्रोण्यश्चलत्कुचाः ॥ १० ॥ गोप्यः सुमृष्टमणिकुण्डलनिष्ककण्ठ्यश्चित्राम्बराः पथि शिखा-

॥ ४ ॥ उसै वेला ब्राह्मण आशीर्वाद दिनलागे। सूत, मागध र वन्दीजन स्तुति गान गर्नलागे, गवैया गाउन थाले। भेरी दुन्दुभी आदि बाजा बज्नलागे ॥ ५ ॥ त्यस दिन व्रजमा सबै घरका द्वार, आँगन र भित्री भाग बढारी तिनमा सुगन्धित जल छर्कियो र तिनलाई चित्र-विचित्र ध्वजा, पताका, माला र रङ्ग-विरङ्गका वस्त्र र फूल-मालाले सजाइए ॥ ६ ॥ गाई गोरू र बाछालाई बेसार, गेरू तथा तेलले सिंगारेर मयूर-पङ्ख, माला वस्त्र र सुनका सिक्री गहना लगाइदिए ॥ ७॥ अनि सबै गोप बहुमूल्य वस्त्र, गहना दौरा पगरीले विभूषित भई हातमा उपहारका सामग्री लिई नन्दकहाँ आउन लागे ॥ ८ ॥ यशोदाकहाँ पुत्रको उत्पत्ति सुनेर गोपीहरूलाई ठूलो आनन्द भयो र ती राम्रा वस्त्राभूषण र आँजनादिले श्रृङ्गार गर्नलागे ॥ ९ ॥ उनको मुख-कमल केसरले सुशोभित थियो। ती उपहार लिएर छिटो-छिटो यशोदाको घर हिंडे। छिटो-छिटो हिड्नाले गर्दा ती स्थूल नितम्ब हुने व्रजाङ्गनाहरूका पीन पयोधन हल्लिरहेका थिए ॥ १० ॥ त्यहाँ आउने गोपीहरूका कानमा मणिमय कुण्डल र घाँटीमा अनेक प्रकारका मणि, रत्न आदि जडिएका उत्तम हारले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुशोभित थिए । तिनले चित्र-विचित्र वस्त्र पहिरेका थिए । बाटोमा हिंड्दा तिनका केशपाशबाट फूलको वर्षा हुँदै जान्थ्यो । तिनका हातमा जडाऊ बाला थिए र हिंड्दा तिनका कुण्डल, स्तन र हार हल्लिन्थे । यसरी नन्दभवनतिर जानलागेका ती गोपाङ्गनाको अपूर्व शोभा भइरहेथ्यो ॥११॥ नन्दको घर पुगेर तिनले 'बालक चिरञ्जीव होउन्' यस्तो भनेर आशीर्वाद दिए र तेल-बेसार मिसाएको जल यता-उता छर्दै उच्चस्वरले गान गर्नलागे ॥१२॥ जब अखिल विश्वका स्वामी अनन्तनामा श्रीकृष्णचन्द्र नन्दजीको व्रजमा अवतरित भए त्यस वेला उनको आगमन-महोत्सवमा अनेक थरिका मङ्गलमय बाजा बज्नलागे ॥१३॥ व्रजका गोप हर्षले आपुसमै दही-दूध, घिउ र जल छर्कन्दै यौटाले अर्कोको मुखमा नौनी घसिदिंदै खेल्नलागे ॥१४॥ उदार नन्दजीले तिनलाई वस्त्र, गहना र गाईहरू दिए । सूत, मागध, वन्दीजन र नृत्य-वाद्य आदि विद्याले नै आजीविका कमाउने अन्यान्य गुणीजनहरूलाई प्रसन्नतापूर्वक मागेका वस्तु दिएर उनले भगवान्को प्रसन्नता र छोराको अभ्युदयको निम्ति यथोचित सत्कार गरे ॥१५॥१६॥ नन्दगोप द्वारा सत्कृत रोहिणी

च्युतमाल्यवर्षाः ॥ नन्दालयं सवलया व्रजतीर्विरेजुर्व्यालोलकुण्डलपयोधरहारशोभाः ॥ ११ ॥ ता आशिषः प्रयुञ्जानाश्चिरं पाहीति बालके ॥ हरिद्राचूर्णतैलाद्भिः सिञ्चन्त्यो जनमुज्जगुः ॥१२॥ अवाद्यन्त विचित्राणि वादित्राणि महोत्सवे ॥ कृष्णे विश्वेश्वरेऽनन्ते नन्दस्य व्रजमागते ॥१३॥ गोपाः परस्परं हृष्टा दधिक्षीरघृताम्बुभिः ॥ आसिञ्चन्तो विलिम्पन्तो नवनीतैश्च चिक्षिपुः ॥१४॥ नन्दो महामनास्तेभ्यो वासोऽलङ्कारगोधनम् ॥ सूतमागधबंदिभ्यो येऽन्ये विद्योपजीविनः ॥१५॥ तैस्तैः कामैरदीनात्मा यथोचितमपूजयत् ॥ विष्णोराराधनार्थाय स्वपुत्रस्योदयाय च ॥१६॥ रोहिणी च महाभागा नन्दगोपाभिनन्दिता ॥ व्यचरद्दिव्यवासःस्रक्कण्ठाभरणभूषिता ॥१७॥ तत आरभ्य नन्दस्य व्रजः सर्वसमृद्धिमान् ॥ हरेर्निवासात्मगुणै रमाक्रीडमभून्नृप ॥१८॥ गोपान्गोकुलरक्षायां निरूप्य मथुरां गतः ॥ नन्दः कंसस्य वार्षिक्यं करं दातुं कुरुद्वह ॥१९॥ वसुदेव उपश्रुत्य भ्रातरं नन्दमागतम् ॥ ज्ञात्वा दत्तकरं राज्ञे ययौ तदवमोचनम् ॥२०॥ तं दृष्ट्वा सहसोत्थाय देहः प्राणमिवागतम् ॥ प्रीतः प्रियतमं दोर्भ्यां सस्वजे प्रेमविह्वलः ॥२१॥ पूजितः सुखमासीनः पृष्ट्वाऽनामयमादृतः ॥ प्रसक्तधीः स्वात्मजयोरिदमाह विशांपते ॥२२॥ दिष्ट्या भ्रातः प्रवयस इदानीमप्रजस्य ते ॥ प्रजाशाया निवृत्तस्य प्रजा यत्समपद्यत ॥ २३ ॥ दिष्ट्या संसारचक्रेऽस्मिन्वर्तमानः पुनर्भवः ॥ उपलब्धो भवानद्य दुर्लभं प्रियदर्शनम् ॥ २४ ॥ नैकत्र प्रियसंवासः सुहृदां चित्र-

दिव्य वस्त्र, माला र घाँटीका गहनाहरूले विभूषित भएर डुलिरहेकी थिइन् ॥ १७ ॥ हे राजन् ! उसै वेलादेखि व्रजभूमि सबै सम्पत्तिहरूले परिपूर्ण भयो । श्रीहरिको निवास र आफ्ना स्वाभाविक गुणले गर्दा त्यो लक्ष्मीको क्रीडास्थल बन्यो ॥१८॥ हे कुरुपुङ्गव ! एक दिन गोकुलको रक्षाको भार गोपहरूलाई सुम्पेर नन्दजी वार्षिक कर बुझाउन मथुरा गए ॥१९॥ जब वसुदेवले सुने–भाई नन्द आएका छन् र राजालाई वार्षिक कर बुझाइसके–तब उनको डेरामा भेट्न गए ॥२०॥ वसुदेवजीलाई देख्नासाथ नन्दजी यसरी जुरुक्क उठे, जस्तै प्राण फर्केर आउनाले प्राणहीन देह उठेको होस् । ती प्रेम-विह्वल भएर आफ्ना सखा वसुदेवसित प्रसन्नतापूर्वक दुवै हात फिंजाएर अंकमाल गरे ॥२१॥ पाद्यार्घ्य गरेर नन्दले उनको पूजा गरे । हे राजन् ! वसुदेवजी सुखपूर्वक आसनमा बसेर बालकहरूमै चित्त लागिरहेको हुनाले नन्दजीसित भन्न लागे– ॥ २२ ॥ हे

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाई ! तिमी बूढो भइरहेका थियौ, तिम्रा सन्तान थिएनन् र हुने आशा पनि थिएन । तर यो आनन्दको कुरा छ कि अहिले तिमीलाई पुत्र प्राप्त भयो । यो पनि सौभाग्यको कुरा हो–यस ससार-चक्रमा हामी दुवैको समागम भयो । । मित्रको दर्शन दुर्लभ हुन्छ । आज मेरो र तिम्रो पुनर्जन्म भयो ॥२४॥२४॥ जसरी नदीको प्रबल प्रवाहमा बग्ने काठ-पातको सर्वदा एकत्र रहनु असम्भव छ, त्यसै गरी भिन्न भिन्न प्रारब्ध हुने प्रियजन पनि संगै बस्नु सम्भव हुँदैन ॥ २५ ॥ यस बखत जुन विशाल वनमा तिमी आफ्ना बन्धु-बान्धवका साथ बस्तछौ, त्यसमा घाँस, पानी र लता-पत्रको बहुलता होला । त्यो वन तिम्रा पशु आदिको लागि हितकर र रोग रहित छ कि छैन ? हे भाई ! हाम्रो यौटा छोरो आफ्नी आमासित तिम्रो व्रजमा बस्तछ, त्यसलाई संचै छ ? त्यो त तिमीलाई आफ्ना पिता मान्दो होला, किनकि यशोदा र तिमीले नै त्यसको लालन-पालन गरेका छौं ॥२७॥ पुरुषका निम्ति त्यही त्रिवर्ग (धर्म, अर्थ र काम) शास्त्रविहित छ, जसले उसका आत्मीयजनलाई पनि सुख मिलोस् । जसले आफ्ना बन्धुजनलाई कष्ट हुन्छ, त्यो त्रिवर्गले लाभ हुन्न

कर्मणाम् ॥ ओघेन व्यूह्यमानानां प्लवानां स्रोतसो यथा ॥२५॥ कच्चित्पशव्यं निरुजं भूर्यम्बुतृणवीरुधम् ॥ बृहद्वनं तदधुना यत्रास्से त्वं सुहृद्वृतः ॥२६॥ भ्रातर्मम सुतः कच्चिन्मात्रा सह भवद्व्रजे ॥ तातं भवन्तं मन्वानो भवद्भ्यामुपलालितः ॥ २७ ॥ पुंसस्त्रिवर्गो विहितः सुहृदो ह्यनुभावितः ॥ न तेषु क्लिश्यमानेषु त्रिवर्गोऽर्थाय कल्पते ॥२८॥ नन्द उवाच ॥ अहो ते देवकीपुत्राः कंसेन बहवो हताः ॥ एकावशिष्टाऽवरजा कन्यासापि दिवंगता॥२९॥ नूनं ह्यदृष्टनिष्ठोऽयमदृष्टपरमो जनः ॥ अदृष्टमात्मनस्तत्त्वं यो वेद न स मुह्यति ॥३०॥ वसुदेव उवाच ॥ करो वै वार्षिको दत्तो राज्ञेदृष्टावयं च वः ॥ नेह स्थेयं बहुतिथं सन्त्युत्पाताश्च गोकुले ॥३१॥ श्रीशुक उवाच ॥ इति नन्दादयो गोपा प्रोक्तास्ते शौरिणा ययुः ॥ अनोभिरनडुद्युक्तैस्तमनुज्ञाप्य गोकुलम् ॥ ३२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे नंदवसुदेवसङ्गमो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

श्रीशुक उवाच ॥ नंदः पथि वचः शौरेर्न मृषेति विचिंतयन् ॥ हरिं जगाम शरणमुत्पातागमशङ्कितः ॥ १ ॥ कंसेन प्रहिता घोरा पूतना बालघातिनी ॥ शिशूँश्चचार निघ्नन्ती पुरग्रामव्रजादिषु ॥ २ ॥ न यत्र श्रवणादीनि रक्षोघ्नानि स्वकर्मसु ॥ कुर्वन्ति सात्वतां

॥२८॥ नन्दजी भन्दछन्–हरे शिव ! देवकीको गर्भबाट उत्पन्न तिम्रो पुत्रहरू पापी कंसले मारिदियो । अन्त्यमा यौटी छोरी भएकी थिई, त्यो पनि स्वर्गलोक गई ॥२९॥ सबै मनुष्यका सुख-दुःख भाग्यमा नै अवलम्बित रहन्छ र भाग्यनै उसको एकमात्र आश्रय छ । जुन व्यक्ति भाग्यलाई नै आफ्नो सुख-दुःखको कारण ठान्दछ, त्यो ती कष्ट प्राप्त भएर पनि मोहग्रस्त हुँदैन ॥३०॥ वसुदेवजी भन्दछन्–हे मित्र ! तिमीले राजालाई कर दिइसक्यौ र मसित पनि भेट भइसक्यो, अब यहाँ अबेर नगर, किनकि हिजो-आज गोकुलमा अनेक उत्पात भइरहेका छन् ॥३१॥ श्रीशुकदेव भन्दछन्—वसुदेवले त्यति भनेपछि नन्दादि गोप उनीसित आज्ञा लिइ गाडामा बसेर गोकुल गर्किए ॥३२॥ इति पञ्चमोऽध्यायः ॥५॥

(पूतनावध) श्रीशुकदेव भन्दछन्–हे राजन् ! बाटोमा नन्दजीले विचार गरे–वसुदेवको कथन झूठो हुन सक्तैन । उत्पातको आशङ्काले ती मनमनै नारायणका शरणमा गए ॥१॥ यता कंसले पठाएकी भयङ्कर राक्षसी र बाल-घातिनी पूतना पुगेर पुर, ग्राम र व्रज आदिमा अनेक बालकहरूलाई मार्दै डुलिरहेकी थिई ॥२॥ हे राजन् ! जहाँका मानिस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्यकर्ममा भक्तरक्षक र राक्षसादिको भय निवारण गर्ने भगवान्को स्मरण गर्दैनन्, त्यहीं राक्षसी तथा उनका पुरुषहरूको वल बढ्दछ ॥ ३ ॥ एक दिन त्यो आकाशचारिणी र इच्छानुसार डुल्ने पूतना नन्दको गोकुलमा पुगी र मायाले राम्रो रूप बनाएर गोकुल भित्र पसी ॥ ४ ॥ त्यस सुन्दरीको जुरोमा फूलको माला बाँधिएको थियो, त्यसको कम्मर पातलो थियो, शरीरमा राम्रा वस्त्र थिए र उसको मनोहर मुख कानमा हल्लने कुण्डलका कान्ति र झल्कने अलकावलीले सुशोभित भइरहेथ्यो ॥ ५ ॥ मनोहर हाँसो र कटाक्षपूर्ण हेराइले व्रजवासीहरूको मन हरण गर्दै त्यो रूपवती स्त्रीलाई हातमा कमल लिएर आउन लागेकी देखी गोपिनीले ठाने स्वयं लक्ष्मी आफ्नो पतिको दर्शन गर्न आएकी हुन् ॥६॥ बालकका निम्ति ग्रहस्वरूपा पूतना बालकलाई खोज्दै स्वेच्छाले नन्दजीको घरमा पसी। *त्यहाँ उसले शय्यामा सुतेका बालक कृष्णलाई देखी, जो दुष्टका

भर्तुर्यातुधान्यश्च तत्र हि ॥ ३ ॥ सा खेचर्येकदोपेत्य पूतना नन्दगोकुलम् ॥ योषित्वा माययाऽऽत्मानं प्राविशत्कामचारिणी ॥ ४ ॥ तां केशबन्धव्यतिषक्तमल्लिकां बृहन्नितम्बस्तनकृच्छ्रमध्यमाम् ॥ सुवाससं कम्पितकर्णभूषणत्विषोल्लसत्कुन्तलमण्डिताननाम् ॥ ५ ॥ वल्गुस्मितापाङ्ग-विसर्गवीक्षितैर्मनो हरन्तीं वनितां व्रजौकसाम् ॥ अमंसताम्भोजकरेण रूपिणीं गोप्यः श्रियं द्रष्टुमिवागतां पतिम् ॥ ६ ॥ बालग्रहस्तत्र विचिन्वती शिशून् यदृच्छया नन्दगृहेऽसदन्तकम् ॥ बालं प्रतिच्छन्ननिजोरुतेजसं ददर्श तल्पेऽग्निमिवाहितं भसि ॥ ७ ॥ विबुध्य तां बालक-मारिकाग्रहं चराचरात्मा स निमीलितेक्षणः ॥ अनन्तमारोपयदङ्कमन्तकं यथोरगं सुप्तमबुद्धिरज्जुधीः ॥ ८ ॥ तां तीक्ष्णचित्तामतिवामचेष्टितां वीक्ष्यान्तराकोशपरिच्छदासिवत् ॥ वरस्त्रियं तत्प्रभया च धर्षिते निरीक्ष्यमाणे जननी ह्यतिष्ठताम् ॥ ९ ॥ तस्मिन्स्तनं दुर्जरवीर्यमुल्बणं घोराङ्क-मादाय शिशोर्ददावथ ॥ गाढं कराभ्यां भगवान्प्रपीड्य तत्प्राणैः समं रोषसमन्वितोऽपिबत् ॥ १० ॥ सा मुञ्च मुञ्चालमिति प्रभाषिणी निष्पीड्य-

निम्ति काल समान थिए, उनले खरानीमा लुकेको आगो झैं आफ्नो प्रचण्ड तेज लुकाइराखेका थिए ॥ ७ ॥ त्यसलाई बालघातिनी ग्रह जानेर चराचरका आत्मा कृष्णले आंखा चिम्ले उसले आफ्ना कालरूप अनन्त भगवान्लाई यस प्रकार काखामा उचाली, जसरी भ्रममा डोरी ठानेर सुतेको सर्पलाई उठाओस् ॥ ८ ॥ राम्रो उध्याएको धारिलो तरवारको समान पूतनाको हृदय साह्रै कुटिल थियो, बाहिरबाट उसको व्यवहार निकै राम्रो थियो। त्यो कुनै भद्र महिला जस्ती ज्ञात हुन्थी। अतः त्यसको तेजले प्रभावित भएर माता यशोदा र रोहिणीले पनि कुनै रोक-छेक गरेनन्—ती चुपचाप उभिइरहे ॥ ९ ॥ त्यसै बखत घोरस्वभाव पूतनाले बालक कृष्णलाई काखामा लिई र उनको मुखमा कालकूट विषयुक्त स्तन हालिदिई र भगवान क्रोधपूर्वक दुवै हातले थिचेर त्यसको प्राणको साथसाथै दूध पिउनलागे ॥ १० ॥ त्यसले पूतनाको ममस्थानमा पीडा हुन लाग्यो र त्यो 'छोड-छोड, अब भयो,

* त्यो प्रासाद समान दिव्य घरमा आनन्द मानीकन। हेर्थिन् लुब्ध भई मुहार जननी हर्षित् गराई मन।
त्यै बेला घरमा अनिन्द्य सुमुखी पुग्दी भई पूतना। हेर्थी· यो प्रभुतर्फ नै धरि-धरी राखेर दुर्भावना ॥
आएकी प्रभुलाई मार्न विषले त्यो पूतना तैपनि । पाई आदर नाथबाट जननी, जस्तै बनी मानिनी ॥
त्यस्तीलाई पनी दिने शुभ गती त्रैलोक्यका ईश्वर। गर्छन् भाव बुझी कृपा यदुपती, सद्भक्तको आदर।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाड' यसरी कराउँदै बारम्बार हात-खुट्टा फालेर रुन लागी । त्यसका आँखा मास्तिर फर्किए, शरीर पानी-पानी भयो ॥ ११ ॥ त्यसको चर्को शब्दले पर्वतहरू सहित भूमि र ग्रह सहित आकाश हल्लन लाग्यो । सप्त-पाताल र दिशाहरू गुम्म भए र अनेक व्यक्ति वज्रपातको आशङ्काले पृथ्वीमा लडे ॥ १२ ॥ हे राजन् ! यसरी स्तनमा अत्यन्त पीडा हुनाले त्यो राक्षसी आफ्नू रूपमा प्रकट भई र प्राण त्यागेर, मुख बाई, कपाल फिंजाई, हात-खुट्टा फैलाई गोठमा यसरी पछारिई––जसरी इन्द्रको वज्रले वृत्रासुर पछारिएको थियो ॥ १३ ॥ हे राजेन्द्र ! पूतनाको शरीरले पछारिंदा पनि तीन गव्यूति अर्थात् छ कोशका वृक्ष ढलायो । यो निकै अद्भुत घटना घट्यो ॥ १४ ॥ हलोको फाली झैं तीक्ष्ण र उग्र दाह्राले युक्त मुख हुने पूतनाको नाक गिरि-कन्दरा समान गम्भीर थिए । त्यसको गण्डस्थल पर्वतबाट ढलेको शिला झैं स्थूल र चारैतिर फिंजिएका राता-राता कपाल थिए ॥ १५ ॥ त्यसका आँखा अँध्यारो कूप झैं गहीग, तिघ्रा नदीका किनार झैं भयङ्कर र बाहु, घुँडा र खुट्टा नदीमाथिको पुल झैं थिए । त्यसको पेट पानी नभएको

माना॓ऽखिलजीवमर्मणि ॥ निवृत्य नेत्रे चरणौ भुजौ मुहुः प्रस्विन्नगात्रा क्षिपती रुरोद ह ॥ ११ ॥ तस्याः स्वनेनातिगभीररंहसा साद्रिर्मही द्यौश्च चचाल सग्रहा ॥ रसा दिशश्च प्रतिनेदिरे जनाः पेतुः क्षितौ वज्रनिपातशङ्कया ॥ १२ ॥ निशाचरीत्थं व्यथितस्तना व्यसुर्व्यादाय केशाँश्चरणौ भुजा· वपि ॥ प्रसार्य गोष्ठे निजरूपमास्थिता वज्राहते वृत्र इवापतन्नृप ॥१३॥पतमानोऽपि तद्देहस्त्रिगव्यूत्यन्तरद्रुमान् ॥ चूर्णयामास राजेन्द्र महदासीत्त· दद्भुतम् ॥ १४ ॥ ईषामात्रोग्रदंष्ट्रास्यं गिरिकन्दरनासिकम् ॥ गण्डशैलस्तनं रौद्रं प्रकीर्णारुणमूर्धजम् ॥ १५ ॥ अन्धकूपगभीराक्षं पुलिनारोह· भीषणम् ॥ बद्धसेतुभुजोर्वङ्घ्रिशून्यतोयह्रदोदरम् ॥ १६ ॥ सन्तत्रसुः स्म तद्वीक्ष्य गोपा गोप्यः कलेवरम् ॥ पूर्वं तु तन्निःस्वनितभिन्नहृत्कर्ण· मस्तकाः ॥ १७ ॥ बालं च तस्या उरसि क्रीडन्तमकुतोभयम् ॥ गोप्यस्तूर्णं समभ्येत्य जगृहुर्जातसम्भ्रमाः ॥ १८ ॥ यशोदारोहिणीभ्यां ताः समं बालस्य सर्वतः ॥ रक्षां विदधिरे सम्यग्गोपुच्छभ्रमणादिभिः ॥ १९ ॥ गोमूत्रेण स्नापयित्वा पुनर्गोरजसाऽर्भकम् ॥ रक्षां चक्रुश्च शकृता द्वादशाङ्गेषु नामभिः ॥ २० ॥ गोप्यः संस्पृष्टसलिला अङ्गेषु करयोः पृथक् ॥ न्यास्यात्मन्यथ बालस्य बीजन्यासमकुर्वत ॥ २१ ॥ अव्यादजोऽङ्घ्रि मणिमां· स्तव जान्वथोरू यज्ञोऽच्युतः कटितटं जठरं हयास्यः ॥ हृत्केशवस्त्वदुर ईश इनस्तु कण्ठं विष्णुर्भुजं मुखमुरुक्रम ईश्वरः कम् ॥ २२ ॥ चक्र्यग्रतः

तलाउ झैं थियो ॥ १६ ॥ पूतनाको देह देखेर सबै गोप-गोपी डराए । त्यसको चीत्कार सुनेर तिनको हृदय, कान र मस्तक थर्किया ॥ १७ ॥ परन्तु बाल-कृष्ण पूतनाको वक्षःस्थलमा निर्भय भएर खेलिरहेका थिए । गोपिनीहरू आत्तिएर दगुर्दै आइपुगे र तिनले कृष्णलाई उचाले ॥१८॥ यशोदा, रोहिणी सबै गोपिनीहरूले गाईको पुच्छरले पुछिदिए र घुमाउने आदि उपायले बालकका अङ्गको राम्ररी रक्षा गरे ॥ १९ ॥ तिनले बालकलाई गोमूत्रले स्नान गराए, अनि अङ्गमा गोरज लगाए र बान्है अङ्गहरूमा गोबर लगाएर भगवान्‌का केशव आदि नामले रक्षा गरे ॥ २० ॥ अनि गोपीहरूले आचमन गरेर आदि एघार बीजमन्त्रले आफ्ना अंगमा अङ्गन्यास, करन्यास, गरेर बालकको अङ्गमा बीजन्यास गरे ॥ २१ ॥ 'तिम्रा चरणयुगलको अजन्मा भगवान्, जानुको मणिमान्, ऊरुको यज्ञ पुरुष, कटिको अच्युत, उदरको र हृदयको केशव, वक्षस्थलको ईश, घाँटीको सूर्य, दुबै भुजाको विष्णु,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुखको उरुक्रम र शिरको ईश्वर रक्षा गरुन् ॥२२॥ अगाडि चक्रधर, पछाडि गदाधर, दुवै छेउमा धनुष र खड्गधारी भगवान मधुसूदन र अजन्मा, चारै कोणको शङ्खधारी उरुगाय, माथि उपेन्द्र, तल गरुड, पृथ्वीमा हलधर र सबैतिर भगवान् परमपुरुष विद्यमान रहेर तिम्रो रक्षा गरुन् ॥२३॥ तिम्रा इन्द्रियको हृषीकेश, प्राणको नारायण, चित्तको श्वेतद्वीपपति, मनको योगेश्वर, बुद्धिको पृश्निगर्भ र अहङ्कारको षडैश्वर्यसम्पन्न परमात्मा रक्षा गरुन् । खेल्दा गोविन्द, निदाउँदा माधव, हिड्दा-डुल्दा वैकुण्ठ, बस्ता श्रीपति र खाने वेलामा सबै ग्रहलाई भयभीत पार्ने यज्ञभोक्ता भगवान्को रक्षा गरुन् ॥२४-२६॥ डाकिनी, यातुधानी र कूष्माण्डा आदि बालग्रह, भूत, प्रेत, पिशाच, यक्ष, राक्षस, विनायक, कोटरा, रेवती, ज्येष्ठा, पूतना र मातृका आदि तथा शरीर, इन्द्रिय र प्राणको नाश गर्ने उन्माद एवं अपस्मार आदि रोग, सपनामा देखिएका ठूला उत्पात, वृद्धग्रह र बालग्रह आदि सबै अनिष्ट भगवान् विष्णुको नामोच्चारण मात्र गर्नाले भयभीत भई नष्ट होउन् ॥२७-२९॥ श्रीशुकदेव भन्नुहुन्छ—प्रेमपाशमा आबद्ध गोपीहरूले यसरी बालग्रह शान्त गरिसकेपछि

सहगदो हरिरस्तु पश्चात्त्वत्पार्श्वयोर्धनुरसी मधुहाऽजनश्च ॥ कोणेषु शङ्ख उरुगाय उपर्युपेन्द्रस्तार्क्ष्यः क्षितौ हलधरः पुरुषः सतन्तात् ॥ २३ ॥ इन्द्रियाणि हृषीकेशः प्राणान्नारायणोऽवतु ॥ श्वेतद्वीपपतिश्चित्तं मनो योगेश्वरोऽवतु ॥ २४ ॥ पृश्निगर्भस्तु ते बुद्धिमात्मानं भगवान्परः ॥ क्रीडन्तं पातु गोविंदः शयानं पातु माधवः ॥ २५ ॥ व्रजन्तमव्याद्वैकुण्ठ आसीनं त्वां श्रियः पतिः ॥ भुञ्जानं यज्ञभुक्पातु सर्वग्रहभयङ्करः ॥ २६ ॥ डाकिन्यो यातुधान्यश्च कूष्माण्डा येऽर्भकग्रहाः ॥ भूतप्रेतपिशाचाश्च यक्षरक्षोविनायकाः ॥ २७ ॥ कोटरा रेवती ज्येष्ठा पूतना मातृकादयः ॥ उन्मादा ये ह्यपस्मारा देहप्राणेन्द्रियद्रुहः ॥२८॥ स्वप्नदृष्टा महोत्पाता वृद्धबालग्रहाश्च ये ॥ सर्वे नश्यन्तु ते विष्णोर्नामग्रहणभीरवः ॥ २९ ॥ श्रीशुक उवाच ॥ इति प्रणयबद्धाभिर्गोपीभिः कृतरक्षणम् ॥ पाययित्वा स्तनं माता संन्यवेशयदात्मजम् ॥३०॥ तावन्नन्दादयो गोपा मथुराया व्रजं गताः ॥ विलोक्य पूतनादेहं बभूवुरतिविस्मिताः ॥ ३१ ॥ नूनं बतर्षिः संजातो योगेशो वा समास सः ॥ स एव दृष्टो ह्युत्पातो यदाहानकदुन्दुभिः ॥ ३२ ॥ कलेवरं परशुभिश्छित्त्वा तत्ते व्रजौकसः ॥ दूरे क्षिप्त्वाऽवयवशो न्यदहन्काष्ठधिष्ठितम् ॥ ३३ ॥ दह्यमानस्य देहस्य धूमश्चागुरुसौरभः ॥ उत्थितः कृष्णनिर्भुक्तः सपद्याहतपाप्मनः ॥ ३४ ॥ पूतना लोकबालघ्नी राक्षसी रुधिराशना ॥ जिघांसयाऽपि हरये स्तनं दत्त्वाऽऽप सद्गतिम् ॥ ३५ ॥

माता यशोदाले स्तन-पान गराई बालक कृष्णलाई सुताइन् ॥३०॥ उसै वेला नन्दादि गोप मथुराबाट व्रजमा पुगे र पूतनाको डरलाग्दो शरीर देखेर साह्रै छक्क परे र आपसमै भन्नलागे—॥३१॥ निःसन्देह वसुदेवको रूपमा कुनै ऋषि प्रकट भएछन् अथवा पूर्वजन्ममा ती कुनै योगेश्वर थिए, किनकि जस्तो उनले भनेका थिए, उस्तै उत्पात यहाँ देखिइरहेछ' ॥३२॥ अनि व्रजवासीहरूले बञ्चराले पूतनाको शरीर टुक्रा-टुक्रा पारेर गोकुलदेखि निकै पर पुर्याई काठमाथि राखेर पोलिदिए ॥३३॥ डढ्ने वेलामा त्यसको शरीरबाट जुन धुवाँ निस्क्यो, त्यसबाट श्रीखण्ड जस्तै सुगन्ध आउँध्यो, किनकि भगवान्ले स्तनपान गर्नाले त्यसका सबै पाप नष्ट भइसकेका थिए ॥३४॥ पूतना संसारका बालकहरूलाई मार्ने र तिनको रगत पिउने राक्षसी थिई । त्यसले भगवान्लाई मार्ने इच्छाले दूध खुवाएकी थिई, तथापि उसले सद्गति पाई ॥३५॥ अनि जसले परमात्मा कृष्णलाई माताको समान

* यस्तो कथा पनि छ—जब ब्रह्माजी ग्वालबाल र बाछाहरू हरेर लगेका थिए, तब भगवान् स्वयं नै ग्वाल-बाल र बाछा हरू बनेर मित्रै गोप र बाछाका आमाहरूका स्तनपान गरेका थिए ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्नेहपूवक श्रद्धा र भक्तिले उनका इच्छित वस्तुहरू दिए, ती गोपिनीहरूका सद्गतिको विषयमा त केही भन्ने कुरै छैन ॥३६॥ जसका अङ्गमा भगवान्‌ले आफ्ना लोकवन्ध, देवता पनि पूज्य र भक्तका हृदयमा निरन्तर विराजमान रहने चरणले चढेर स्तनपान गरेका थिए, त्यो पूतना राक्षसी भएर पनि जब आमाले पाउने योग्य परमगतिरूप स्वर्गलोकमा पुगी भने जसका स्तन दूध भगवान्‌ले स्वयं पिएका थिए, ती गाई र माताहरूको कुरै छैन * ॥३७॥३८॥ हे राजन्! कैवल्य आदि मुक्तिहरूका दाता भगवान् देवकीनन्दनले पुत्र-स्नेहले स्वयं बगिरहेको जसको दूध पिउनु भयो, ती कृष्णमा निरन्तर पुत्रभाव राख्ने ती गाई र गोपीहरूले फेरि कहिल्यै अज्ञानजन्य संसारको प्राप्ति कसरी हुन सक्तथ्यो? ॥३९॥४०॥ नन्दजीसित आउने सबै व्रजवासी चिताको धूवाँको सुगन्ध पाएर–'यो के हो? कहाँबाट यो सुगन्ध आइरहेको छ?' यस्ता कुरा गर्दै व्रजमा पुगे ॥ ४१ ॥

किं पुनः श्रद्धया भक्त्या कृष्णाय परमात्मने ॥ यच्छन्प्रियतमं किं नु रक्तास्तन्मातरो यथा ॥ ३६ ॥ पद्भ्यां भक्तहृदिस्थाभ्यां वन्द्याभ्यां लोकवन्दितैः ॥ अङ्गं यस्याः समाक्रम्य भगवानपिबत्स्तनम् ॥ ३७ ॥ यातुधान्यपि सा स्वर्गमवाप जननीगतिम् ॥ कृष्णभुक्तस्तनक्षीराः किमु गावो नु मातरः ॥ ३८ ॥ पयांसि यासामपिबत्पुत्रस्नेहस्नुतान्यलम् ॥ भगवान्देवकीपुत्रः कैवल्याद्यखिलप्रदः ॥ ३९ ॥ तासामविरतं कृष्णे कुर्वतीनां सुतेक्षणम् ॥ न पुनः कल्पते राजन्संसारोऽज्ञानसम्भवः ॥ ४० ॥ कटधूमस्य सौरभ्यमवघ्राय व्रजौकसः ॥ किमिदं कुत एवेति वदन्तो व्रजमाययुः ॥ ४१ ॥ ते तत्र वर्णितं गोपैः पूतनागमनादिकम् ॥ श्रुत्वा तन्निधनं स्वस्ति शिशोश्चासन्सुविस्मिताः ॥ ४२ ॥ नन्दः स्वपुत्रमादाय प्रेत्यागतमुदारधीः ॥ मूर्ध्न्युपाघ्राय परमां मुदं लेभे कुरूद्वह ॥ ४३ ॥ य एतत्पूतनामोक्षं कृष्णस्यार्भकमद्भुतम् ॥ शृणुयाच्छ्रद्धया मर्त्यो गोविन्दे लभते रतिम् ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे षष्ठोऽध्यायः ॥ ६ ॥

राजोवाच ॥ येन येनावतारेण भगवान् हरिरीश्वरः ॥ करोति कर्णरम्याणि मनोज्ञानि च नः प्रभो॥१॥यच्छृण्वतोऽपैत्यरतिर्वितृष्णा सत्त्वं च शुद्ध्य-

त्यहाँ उनीहरूले गोपगणको मुखबाट पूतनाको आगमन वृत्तान्त सुने। 'पूतना मरी र बालक कुशलपूर्वक बाँचे' यस्तो कुरा सुनेर तिनलाई आश्चर्य लाग्यो ॥४२॥ हे कुरुनन्दन! उदारबुद्धि नन्दले मृत्युको मुखबाट बाँचेका आफ्नू बालकलाई काखमा उठाएर बारम्बार उनको शिर सुँघेर मनमनै धेरै प्रसन्न भए ॥ ४३ ॥ जो पुरुष बालकृष्णको यो 'पूतना-मोक्ष' नामको अद्भुत लीला श्रद्धापूर्वक सुन्दछ, त्यसको भगवान् कृष्णमा अचल प्रेम हुन्छ ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे पं० गौरीशंकर कृष्ण 'वासिष्ठी' भाषाटीकायां षष्ठोऽध्यायः ॥ ६ ॥

राजा परीक्षितले सोधे–हे प्रभो! भगवान् जुन-जुन अवतार लिएर जस्ता-जस्ता श्रवण-सुख लीलाहरू गर्दछन्, ती सबै मलाई आनन्दित पार्दछन् ॥ १ ॥ जो सुन्नाले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

मनको मल र विषय-तृष्णा हराएर जान्छ, अन्तःकरण शुद्ध हुन्छ, भगवानमा भक्ति र भक्तजनमा प्रीति बढ्दछ, तिनै हरि-चरित्रहरू यदि हजुरको इच्छा भए वर्णन गर्नुहवस् ॥ १ ॥ श्रीकृष्णले मर्त्यलोकमा आएर मानवी लीलाहरूको अनुसरण गरेर जुन अद्भुत बाललीलाहरू गरे, ती पनि वर्णन गर्नुहवस् ॥ ३ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! एक दिन श्रीकृष्णको औत्थानिक अर्थात् कोल्टे फर्कने अभिकोत्सव थियो र उसै दिन उनको जन्म-नक्षत्र (रोहिणी) पनि थियो । अतः यशोदाले घरमा डाकेका गोपिनीहरूको गान बजान र ब्राह्मणहरूद्वारा मन्त्रपाठ गराई छोरोको अभिषेक गराइन् ॥ ४ ॥ फेरि उनले अन्न, वस्त्र, पुष्प, गाई आदि माङ्गलिक वस्तुले पूजित ब्राह्मणहरूद्वारा स्वस्तिवाचन गराई अभिषेकादि सकिएपछि छोरो उँघन लागेको देखेर शय्यामा सुताइदिइन् ॥ ५ ॥ एक छिनमा जब भगवान्का आँखा खुले तब ती स्तनपानको निम्ति रुनलागे । उत्सवमा आएका व्रजका ती गोप-गोपिनीको सत्कारमा तल्लीन भएकी यशोदाले छोरो रोएको सुनिनन् । उता कृष्णचन्द्र रुँदा-रुँदा आफ्ना पाउ पछार्नलागे ॥ ६ ॥ त्यस वेला श्रीकृष्ण यौटा शकट (गाडा)

त्यचिरेण पुंसः ॥ भक्तिर्हरौ तत्पुरुषे च सख्यं तदेव हारं वद मन्यसे चेत्॥२॥अथान्यदपि कृष्णस्य तोकाचरितमद्भुतम् ॥ मानुषं लोकमासाद्यतज्जाति मनुरुन्धतः॥३॥ श्रीशुक उवाच ॥ कदाचिदौत्थानिककौतुकाप्लवे जन्मर्क्षयोगे समवेतयोषिताम् ॥ वादित्रगीतद्विजमन्त्रवाचकैश्चकार सूनोरभिषेचनं सती ॥४॥ नन्दस्य पत्नी कृतमज्जनादिकं विप्रैः कृतस्वस्त्ययनं सुपूजितैः ॥ अन्नाद्यवासः स्रगभीष्टधेनुभिःसंजातनिद्राक्षमशीशयच्छनैः ॥५॥ औत्थानिकौत्सुक्यमना मनस्विनी समागतान्पूजयती व्रजौकसः ॥ नैवाशृणोद्वै रुदितं सुतस्य सा रुदन्स्तनार्थी चरणावुदक्षिपत् ॥६॥ अधः शयानस्य शिशोरनोऽल्पकप्रवालमृद्वङ्घ्रिहतं व्यवर्तत ॥ विध्वस्तनानारसकुप्यभाजनं व्यत्यस्तचक्राक्षविभिन्नकूबरम् ॥७॥ दृष्ट्वा यशोदाप्रमुखा व्रजस्त्रिय औत्थानिके कर्मणि याः समागताः ॥ नन्दादयश्चाद्भुतदर्शनाकुलाः कथं स्वयं वै शकटं विपर्यगात् ॥ ८ ॥ ऊचुरव्यवसितमतीन्गोपान्गोपीश्च बालकाः ॥ रुदताऽनेन पादेन क्षिप्तमेतन्न संशयः ॥ ९ ॥ न ते श्रद्दधिरे गोपा बालभाषितमित्युत ॥ अप्रमेयं बलं तस्य बालकस्य न ते विदुः ॥ १० ॥ रुदन्तं सुतमादाय यशोदा ग्रहशङ्किता ॥ कृतस्वस्त्ययनं विप्रैः सूक्तैः स्तनमपाययत् ॥ ११ ॥ पूर्ववत्स्थापितं गोपैर्बलिभिः सपरिच्छदम् ॥ विप्रा हुत्वाऽर्चयाञ्चक्रुर्दध्यक्षतकुशाम्बुभिः ॥ १२ ॥ येऽसूयानृतदम्भेर्ष्याहिंसामानविवर्जिताः ॥ न तेषां सत्यशीलानामाशिषो विफलाः कृताः ॥ १३ ॥ इति बालकमादाय

मुनि सुतेका थिए तिनको नवपल्लव झैं कोमल र सानू पाउ लाग्नासाथ गाडा पल्टियो । त्यसमाथि राखिएका दूध-दही आदि रसहरूले भरिएका जो भाँडा थिए ती सबै फुटे । गाडाको चक्का र धुरा यता-उता फालिए र जूआ भाँच्चियो ॥ ७ ॥ यशोदा र उत्सवमा आएका व्रजबालाहरू र नन्दादि गोपगण त्यो विचित्र घटना देखेर निकै चकित हुनगए अनि आपसमा कुरा गर्नलागे—यो के भयो ? गाडा स्वयं कसरी पल्टियो ?' ॥ ८ ॥ तर तिनले यसको कुनै कारण निधो गर्न सकेनन् । अनि त्यहाँ खेलिरहेका बालकहरूले गोप-गोपीसित भने—'कृष्णले नै रोई-रोई आफ्ना पाउले हिर्काएर यो पल्टाइदिए—यसमा शंका छैन' ॥ ९ ॥ तर ठूलाले 'साना बालको कुरा' मानेर विश्वास गरेनन्, किनकि ती बालक श्रीकृष्ण अतुलित बलबाट अनभिज्ञ थिए ॥ १० ॥ अनि यशोदाले रोइरहेका बालकलाई बोकिन् र ग्रहादिको उत्पात ठानी ब्राह्मणद्वारा वेदमन्त्रले शान्तिपाठ गराई स्तनपान गराइन् ॥ ११ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

द.पू ५॥

अनि बलिया गोपहरूले गाडा सोझो पारेर त्यसमा पहिले झैं सामग्री राखिदिए। अनि ब्राह्मणद्वारा हवन गराएर दही, अक्षता र कुशोदकले पूजन गरे ॥ १२ ॥ जो दोष दृष्टि, मिथ्या-भाषण, दम्भ, हिंसा र सम्मान रहित हुन्छन्, ती सत्यशील ब्राह्मणको आशिर्वाद कहिल्यै विफल हुन्नन्' ॥ १३ ॥ यस्तो ठानेर नन्दजीले बालकलाई काखामा लिएर ब्राह्मणद्वारा ऋक्, साम र यजुर्वेदका मन्त्रले संस्कृत एवं पवित्र औषधि मिसाएको जलले अभिषेक गराए। उनले स्वस्तिवाचन गराए अग्निहोत्र गरे र ब्राह्मणहरूलाई उत्तम अन्नको भोजन गराए ॥ १४-१५ ॥ अनि उनले पुत्रको अभ्युदयको इच्छाले अनेक वस्त्र र सुवर्णका मालाहरूले विभूषित सर्वगुण सम्पन्न गाईहरू ब्राह्मणहरूलाई दान गरेर दिए र ब्राह्मणहरूले अमोघ आशीर्वाद दिए ॥ १६ ॥ वेदवेत्ता र योगयुक्त ब्राह्मणहरूको आशीर्वाद कहिल्यै विफल हुँदैन—यो कुरा स्पष्ट छ ॥ १७ ॥ एक दिन

सामर्ग्यजुरुपाकृतैः ॥ जलैः पवित्रौषधिभिरभिषिच्य द्विजोत्तमैः ॥ १४ ॥ वाचयित्वा स्वस्त्ययनं नन्दगोपः समाहितः ॥ हुत्वा चाग्निं द्विजातिभ्यः प्रादादन्नं महागुणम् ॥ १५ ॥ गावः सर्वगुणोपेता वासःस्रग्रुक्ममालिनीः ॥ आत्मजाभ्युदयार्थाय प्रादात्ते चान्वयुञ्जत ॥ १६ ॥ विप्रा मन्त्रविदो युक्तास्तैर्याः प्रोक्तास्तथाशिषः ॥ ता निष्फला भविष्यन्ति न कदाचिदपि स्फुटम् ॥ १७ ॥ एकदारोहमारूढं लालयन्ती सुतं सती ॥ गरिमाणं शिशोर्वोढुं न सेहे गिरिकूटवत् ॥ १८ ॥ भूमौ निधाय तं गोपी विस्मिता भारपीडिता ॥ महापुरुषमादध्यौ जगतामास कर्मसु ॥ १९ ॥ दैत्यो नाम्ना तृणावर्तः कंसभृत्यःप्रणोदितः ॥ चक्रवातस्वरूपेण जहारासीनमर्भकम् ॥ २० ॥ गोकुलं सर्वमावृण्वन्मुष्णंश्चक्षूंषिरेणुभिः ॥ ईरयन्सुमहाघोरशब्देन प्रदिशो दिशः ॥ २१ ॥ मुहूर्तमभवद्गोष्ठं रजसा तमसाऽऽवृतम् ॥ सुतं यशोदा नापश्यत्तस्मिन्न्यस्तवती यतः ॥ २२ ॥ नापश्यत्कश्चनात्मानं परं चापि विमोहितः ॥ तृणावर्तनिसृष्टाभिः शर्कराभिरुपद्रुतः ॥ २३ ॥ इति खरपवनचक्रपांसुवर्षे सुतपदवीमबला विलक्ष्य माता ॥ अतिकरुणमनुस्मरन्त्यशोच॰

यशोदा पुत्रलाई *काखामा लिएर खेलाइरहेकी थिइन्। अकस्मात् कृष्ण पर्वत-शिखर झैं गह्रौं लागेर तिनले प्रभुको भार सहन सकिनन् ॥ १८ ॥ अन्त्यमा भगवान्‌को भारले पीडित भएर यशोदाले पृथ्वीमा बसालिदिइन् र छक्क पर्दै जगदीश्वरको ध्यान गर्दै घरका काममा लागिन् ॥ १९ ॥ त्यसै वेला कंसले पठाएको उनको सेवक तृणावर्त दैत्य आँधीको रूपमा त्यहाँ आयो र बसेका बालक कृष्णलाई लिएर आकाशमा उड्यो ॥ २० ॥ त्यसले सारा व्रजमण्डललाई धूलोले ढाकिदिएर सबैका नेत्र बन्द पारिदियो र आफ्नो डरलाग्दो शब्दले सबै दिशाहरूलाई गुन्जायमान पारिदियो ॥ २१ ॥ एक मुहूर्तसम्म व्रजमा धूलो र घोर अन्धकारले ढाकिरह्यो। यशोदा जब छोरोलाई हेर्न गइन् तब जहाँ बसालेर गएकी थिइन्, त्यहाँ बालक कृष्णलाई देखिनन् ॥ २२ ॥ त्यस बखत तृणावर्तले उडाएको हुनाले सबै जना उद्विग्न भइरहेका थिए कि उनलाई आफ्ना विरानाको ज्ञान भइरहेको थिएन

---

* यस विषयमा सूरदासका अनेक पद्यहरू प्रचलित छन्, यसमा यौटा पद्यको सारांश यस्तो थियो—यशोदा कृष्णलाई झूलामा राखेर झुलाउँदै गीत गाउँथिन्। ती गीत पनि केवल कृष्णको कल्याण गर्ने विषयमा नै हुन्थे। यशोदाको गान सुनेर कृष्ण कुनै वेला आँखा उघार्ने र कुनै वेला चिम्लने गर्दथे। कुनै वेला ओठमात्र हल्लाउंथे। त्यसै वेला आत्तिए झैं गरेर हरि उठे अनि यशोदा मधुर स्वरमा गान गर्दै रहिन्। त्यस वेला सुर मुनिलाई भए भन्दा पनि दुर्लभ सुख नन्दकी भामिनी यशोदाले प्राप्त गरिन्।

भा.टी. अ ७ ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥२३॥ यस्तो आँधी र धूलोको वेगमा छोरोलाई नदेखेर अत्यन्त करुणाले उनलाई सम्झन्दै रुन लागिन् र जसको बाछो मरिसकेको होस त्यो गाई जस्तै शुद्धि हराएर पृथ्वीमा लडिन् ॥२४ ॥ चक्रवात (आँधी) शान्त भएपछि जब धूलो उड्न छाड्यो तब अरु गोपिनी पनि यशोदा रोएकी सुनेर त्यहाँ धमाधम आइपुगे र नन्दलाल लाई नभेटेर मनमनै सन्ताप मान्दै र आँसु बगाउँदै रुनलागे ॥ २५ ॥ उता आँधीको रूपधारी तृणावर्त जब भगवान् कृष्णलाई उडाएर आकाशमा लग्यो, तब उनको सान्है गन्हौं भार थाम्न नसक्नाले त्यसको वेग शान्त भयो । अतः त्यो बर्ता जान सकेन ॥२६॥ भगवान् सान्है गन्हौं भइदिएका थिए । ती उसलाई यौटा ठूलो शिला समान गन्हुँ लागिरहेका थिए । सहसा श्रीकृष्णले त्यसको घाँटी थिचिदिए त्यसै कारण त्यो विचित्र बालकलाई छाड्न पनि पाइरहेको थिएन ॥ २७ ॥ आफ्नू घाँटी बर्ता थिचिनाले त्यो दैत्य निश्चेष्ट भयो, त्यसका आँखा पल्टिए, शब्द बन्द भयो र त्यो प्राणहीन भएर बालक कृष्णका साथै ब्रजमा पछारियो ॥ २८ ॥ त्यहाँ जम्मा भएर विलाप गरिरहने नारीहरूले महा-

र्भुवि पतिता मृतवत्सका यथा गौः ॥२४॥ रुदितमनु निशम्य तत्र गोप्यो भृशमनुतप्तधियोऽश्रुपूर्णमुख्यः ॥ रुरुदुरनुपलभ्य नन्दसूनुं पवन उपारतपांसुवर्षवेगे ॥ २५ ॥ तृणावर्तः शान्तरयो वात्यारूपधरो हरन् ॥ कृष्णं नभोगतो गन्तुं नाशक्नोद्भूरिभारभृत् ॥ २६ ॥ तमश्मानं मन्यमान आत्मनो गुरुमत्तया ॥ गले गृहीत उत्स्रष्टुं नाशक्नोदद्भुतार्भकम् ॥ २७ ॥ गलग्रहणनिश्चेष्टो दैत्यो निर्गतलोचनः ॥ अव्यक्तरावो न्यपतत्सहबालो व्यसुर्व्रजे ॥ २८ ॥ तमन्तरिक्षात्पतितं शिलायां विशीर्णसर्वावयवं करालम् ॥ पुरं यथा रुद्रशरेण विद्धं स्त्रियो रुदत्यो ददृशुः समेताः ॥ २९ ॥ आदाय मात्रे प्रतिहृत्य विस्मिताः कृष्णं च तस्योरसि लम्बमानम् ॥ तं स्वस्तिमन्तं पुरुषादनीतं विहायसा मृत्युमुखात्प्रमुक्तम् ॥ गोप्यश्च गोपाः किल नन्दमुख्या लब्ध्वा पुनः प्रापुरतीव मोदम् ॥ ३० ॥ अहो बतात्यद्भुतमेष रक्षसा बालो निवृत्तिंगमितोऽभ्यगात्पुनः ॥ हिंस्रः स्वपापेन विहिंसितः खलः साधुः समत्वेन भयाद्विमुच्यते ॥ ३१ ॥ किं नस्तपश्चीर्णमधोक्षजार्चनं पूर्तेष्टदत्तमुत भूतसौहृदम् ॥ यत्संपरेतः पुनरेव बालको दिष्ट्या स्वबन्धून्प्रणयन्नुपस्थितः ॥३२॥ दृष्ट्वाऽद्भुतानि बहुशो नन्दगोपो बृहद्वने ॥ वसुदेववचो भूयो मानयामास विस्मितः ॥३३॥ एकदाऽर्भकमादाय स्वाङ्कमारोप्य भामिनी ॥ प्रस्नुतं पाययामास स्तनं स्नेहपरिप्लुता ॥ ३४ ॥ पीतप्रायस्य जननी सा तस्य रुचिरस्मितम् ॥ मुखं लालयती

देवका बाणले विद्ध त्रिपुर समान डरलाग्दो दैत्यलाई आकाशबाट पृथ्वीमा पछारिएको र त्यसका अवयवहरू धूलोपीठो भएको देखे ॥ २९ ॥ अनि तिनले छक्क परेर त्यसको छातीमा झुण्डिएका कृष्णलाई तुरुन्त उचालेर यशोदालाई दिए । जसलाई राक्षसले आकाशमा लगेको थियो, मृत्युको मुखबाट सकुशल फर्केका ती बालकलाई फेरि भेट्टाएर गोपिनी एवं नन्दादि गोपहरूलाई अपार आनन्द भयो ॥३०॥ ती भन्नलागे–'यो कति आश्चर्यको कुरा छ कि बालक राक्षसद्वारा मृत्युमा प्राप्त भएर पनि जीवित आएको र हिंसक दैत्य आफ्ना छल र पापले स्वयं मारियो । सत्य हो, साधुजन आफ्नो साम्य बुद्धि द्वारा सबै प्रकारका भयबाट जोगिन्छन् ॥३१॥ हामीले यस्तो कुन तप, विष्णु भगवान्को पूजन, यज्ञ, दान अथवा प्राणीहरूको प्रिय कार्य गरेको थियो, जसले सौभाग्यवश आफ्ना स्वजनलाई आनन्दित पार्नको निम्ति एक प्रकारले मरिसकेको बालक फेरि फर्केर आए !' ॥३२॥ यसरी गोकुलमा अनेक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

अद्भुत घटनाहरू घटित भएका देखेर छक्क परेका नन्दले वसुदेवको भनाइ बारम्बार समर्थन गरे ।।३३।। एक दिन यशोदाले पुत्रलाई काखमा लिएर आफ्ना दूधले भरिएका स्तन पिलाइन् ।।३४।। हे राजन् ! जब बालकले दूध पिइसके र यशोदा उनको मनोहर मुखमा म्वाइँ खाइरहेकी थिइन्, त्यसै बेला बालकले 'हाई' गरे । अनि यशोदाले उनको मुखमा आकाश, अन्तरिक्ष, ज्योतिर्मण्डल, सबै दिशा, सूर्य चन्द्रमा, अग्नि, वायु, समुद्र, द्वीप,पर्वत तथा तिनैबाटःउत्पन्न सबै नदीहरू, वन,स्थावर-जङ्गम समस्त प्राणी त्यही मुखमा विराजमान देखिन ।।३५।।३६।। हे महाराज ! आफ्ना छोराको मुखमा एक-एक गरेर सारा जगत् उपस्थित देखेर यशोदा डरले काम्न लागिन् र ती मृगनयनीले अतिशय विस्मित भएर आफ्ना आँखा चिम्लिइन् ।।३७।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर वसिष्ठकृत 'वासिष्ठी' भाषाटीकायां सप्तमोऽध्यायः ।।७।।

(वासुदेवको नामकरण संस्कार र बाललीला) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! एक दिन यादवहरूका कुल पुरोहित गर्गमुनि वसुदेवले पठाएर नन्दको गोकुलमा पुगे ।।१।।

राजञ्जृम्भतो ददृशे इदम् ॥ ३५ ॥ खं रोदसी ज्योतिरनीकमाशाः सूर्येन्दुवह्निश्वसनाम्बुधींश्च ॥ द्वीपान्नगाँस्तद्दुहितॄर्वनानि भूतानि यानि स्थिरजङ्गमानि ॥ ३६ ॥ सा वीक्ष्य विश्वं सहसा राजन्सञ्जातवेपथुः ॥ सम्मील्य मृगशावाक्षी नेत्रे आसीत्सुविस्मिता ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे तृणावर्तमोक्षो नाम सप्तमोऽध्यायः ॥ ७ ॥

श्रीशुक उवाच ॥ गर्गः पुरोहितो राजन्यदूनां सुमहातपाः ॥ व्रजं जगाम नन्दस्य वसुदेवप्रचोदितः ।।१।। तं दृष्ट्वा परमप्रीतः प्रत्युत्थाय कृताञ्जलिः।। आनर्चाधोक्षजधिया प्रणिपातपुरःसरम् ।।२।। सूपविष्टं कृतातिथ्यं गिरा सूनृतया मुनिम् ॥ नन्दयित्वाऽब्रवीद्ब्रह्मन्पूर्णस्यकरवाम किम् ।।३।। महद्विचलनं नृणां गृहिणां दीनचेतसाम् ॥ निःश्रेयसाय भगवन्कल्पते नान्यथा क्वचित् ।।४।। ज्योतिषामयनं साक्षाद्यत्तज्ज्ञानमतीन्द्रियम् ॥ प्रणीतं भवता येन पुमान्वेद परावरम् ।।५।। त्वं हि ब्रह्मविदां श्रेष्ठः संस्कारान्कर्तुमर्हसि ॥ बालयोरनयोर्नॄणां जन्मना ब्राह्मणो गुरुः ।।६।। गर्ग उवाच ॥ यदूनामहमाचार्यः ख्यातश्च भुवि सर्वतः ॥ सुतं मया संस्कृतं ते मन्यते देवकीसुतम् ।।७।।कंसः पापमतिः सख्यं तव चानकदुन्दुभेः ॥ देवक्या अष्टमो गर्भो न स्त्री भवितुमर्हति ।।८।।

उनलाई देख्नासाथ नन्दजीले जुरुक्क उठेर दुवै हात जोरी प्रणाम गरे र विष्णु-बुद्धिले उनको पूजा गरे ।।२।। गर्गमुनि जब नन्दको उत्तम आतिथ्य पाएर राम्ररी बसे, अनि उनले नम्र वाणीमा गर्गमुनिको प्रशंसा गर्दै भने–'हे भगवन् ! हजुर पूर्णकाम हुनुहुन्छ, म हजुरको के सेवा गरौं ? ॥ ३ ॥ महात्माहरूको आगमन–दीन हृदय गृहस्थको कल्याणका लागि नै हुन्छ, उनको अरु कुनै प्रयोजन रहन्न ॥ ४ ॥ जो इन्द्रिय देखिपरै छन् र जसद्वारा मानिस भूत-भविष्यको वृत्तान्त जान्न सक्तछन्, हजुरले त्यस्तो ज्योतिष शास्त्रको रचना गर्नुभएको छ ॥ ५ ॥ हजुर ब्रह्मवेत्तामा प्रधान हुनुहुन्छ । अतः यी दुवै बालकको नामकरण संस्कार गरिदिनोस्, किनकी ब्राह्मण जन्मेदेखि मानिसका गुरु हुन्छन् ।।६।। गर्गले भने–हे नन्दजी ! यदुकुलको आचार्य हुँ भन्ने कुरा सबैलाई थाहा छ, अतः यस बेला यदि म तिम्रा पुत्रको संस्कार गरौं भने सबैले देवकीका छोरा ठान्नेछन् । कंसको बुद्धि पापमयी छ । तिम्रो र वसुदेवको मित्रता पनि उसले जान्दछ र देववाणीको कथनानुसार देवकीको आठौं सन्तान कन्या हुन सक्तिन भन्ने त्यसको विश्वास अटल भइसकेको छ ॥ ७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥८॥ यी कुरा विचारेर देवकीकी कन्याको कथनानुसार र मैले संस्कार गर्नाले सन्देहवश उसले यदि तिम्रा बालकलाई मारिदियो भने ठूलो अनर्थ हुनेछ ॥ ९ ॥ नन्दजी भन्न-लागे—हे मुने ! अरुको त कुरै छैन, मेरा आफ्नाको पनि आँखा नपर्ने गरी हजुर यो एकान्त गोशालामा स्वस्तिवाचन गरेर यिनको द्विजाति संस्कार गरिदिनोस् ॥१०॥ श्रीशुकदेव भन्नुहुन्छ—गर्गमुनि त्यै कामको निम्ति आएकै थिए, अतः नन्दको प्रार्थना सुनेर एकान्तमा गुप्तभावले दुवै बालकको नामकरण संस्कार गरे ॥ ११ ॥ *गर्गमुनिले भने—यो रोहिणी छोरा आफ्ना अनेक गुणले स्वजनलाई खुसी पार्नन्, अतः यिनको नाम 'राम' हुनेछ। बर्ता बल हुनाले 'बलभद्र' कहिनेछन् र मेल गराउनाले यिनलाई 'सङ्कर्षण' भन्नेछन् ॥१२॥ तिम्रो यो दोस्रो छोरो पहिलेका तीन युगमा अवतीर्ण भइसकेको छ। तब इनको क्रमशः सेतो, पहेलो र रातो वर्ण थियो। यसपल्ट कालोवर्ण भएर प्रकट भएको छ।

इति सञ्चिन्तयञ्छ्रुत्वा देवक्या दारिकावचः ॥ अपि हन्ताऽऽगताशङ्कस्तर्हि तन्नोऽनयो भवेत् ॥ ९ ॥ नन्द उवाच ॥ अलक्षितोऽस्मिन्रहसि मामकैरपि गोव्रजे ॥ कुरु द्विजातिसंस्कारं स्वस्तिवाचनपूर्वकम् ॥१०॥ श्रीशुक उवाच ॥ एवं सम्प्रार्थितो विप्रः स्वचिकीर्षितमेव तत् ॥ चकार नामकरणं गूढो रहसि बालयोः ॥११॥ गर्ग उवाच ॥ अयं हि रोहिणीपुत्रो रमयन्सुहृदो गुणैः ॥ आख्यास्यते राम इति बलाधिक्याद्बलं विदुः ॥ यदूनामपृथग्भावा-त्सङ्कर्षणमुशन्त्युत ॥ १२ ॥ आसन्वर्णास्त्रयो ह्यस्य गृह्णतोऽनुयुगं तनूः ॥ शुक्लो रक्तस्तथा पीत इदानीं कृष्णतां गतः ॥ १३ ॥ प्रागयं वसुदेवस्य क्वचिज्जातस्तवात्मजः ॥ वासुदेव इति श्रीमानभिज्ञाः सम्प्रचक्षते ॥ १४ ॥ बहूनि सन्ति नामानि रूपाणि च सुतस्य ते ॥ गुणकर्मानुरूपाणि तान्यहं वेद नो जनाः ॥ १५ ॥ एष वः श्रेय आधास्यद्गोपगोकुलनन्दनः ॥ अनेन सर्वदुर्गाणि यूयमञ्जस्तरिष्यथ ॥ १६ ॥ पुराऽनेन व्रजपते साधवो दस्युपीडिताः ॥ अराजके रक्ष्यमाणा जिग्युर्दस्यून्समेधिताः ॥ १७ ॥ य एतस्मिन्महाभागाः प्रीतिं कुर्वन्ति मानवाः ॥ नारयोऽभिभव-

यसै निम्ति यसको नाम कृष्ण हुनेछ। यो पहिले वसुदेवकहाँ पनि उत्पन्न भएको हुनाले विद्वान्हरू यस श्रीमान् बालकको नाम 'वासुदेव' पनि भन्दछन् ॥ १३ ॥ १४ ॥ गुण र कर्मानुसार तिम्रा पुत्रको अरु पनि नाम र रूप छन्। त्यो म जान्दछु, तर साधारण व्यक्ति जान्दैनन् ॥ १५ ॥ यो बालक तिम्रो कल्याण-साधन गर्दै सबै गोपगण र गाईहरू-लाई आनन्दित गर्नेछ। यसैको सहायताले तिमीहरू अनेक दुस्तर विपत्तिहरू सहजै तर्नेछौ ॥ १६ ॥ हे व्रजराज ! पूर्वकालमा अराजकताको मौकामा यसले दुष्ट द्वारा पीडित साधुजनको रक्षा गरेको थियो। यसद्वारा रक्षित भएर नै ती साधुहरूले दुष्टजनमा विजय पाएका थिए ॥ १७ ॥ भाग्यमानी व्यक्ति नै योसित प्रेम गर्दछन्, उनलाई तिनका शत्रुले

---

* कुनै कविले वर्णन गरेका छन्—उत्तम संवाद, भाद्र महीना, अष्टमी तिथि, बुधवार, कृष्णपक्ष, रोहिणी नक्षत्र, आधारात, उदार हर्षण योग। वृष लग्न र उच्च स्थानमा चन्द्रमा तन-मनलाई सुख दिने। सिंह राशिका चतुर्थ सूर्य हुनाले समस्त पृथ्वीलाई जित्नेछन्। पञ्चम स्थानमा बुधले छोरा-छोरी धेरै फैलाउने छन्। छैठौं शनियुत तुलाका शुक्र शत्रुको बिऊ पनि रहन दिने छैनन्। सातौं राहु परेको हुनाले अनेक पत्नीहरू हुनेछन्। भूमिपुत्र मकर राशि, भाग्यभवन हुनाले अपरिमित ऐश्वर्य हुनेछ। लाभ-भवनमा मीन बृहस्पति अष्टसिद्धि र नवनिधि घरमा ल्याउने छन्। कर्म-भवनमा ईश शनिश्चर श्याम वर्णको शरीर दिनेछन्।

थिच्न सक्तैनन्, जस्तै विष्णु भगवान्‌द्वारा रक्षित देवगणलाई असुरहरूले थिच्न सक्तैनन् ॥ १८ ॥ तिम्रो यो बालक गुण, कीर्ति र प्रभावमा नारायण समान छ। तिमी यसको रक्षा राम्ररी गर ॥ १९ ॥ यसरी नन्दजीलाई बुझाएर गर्गमुनि फर्किए। नन्दजी तिनको कथनले आनन्दित भएर आफूलाई पूर्ण ठान्न लागे ॥ २० ॥ केही दिनपछि राम र कृष्ण गोकुलमा चार हात खुट्टा टेकेर धस्रन र हिड्न थाले ॥ २१ ॥ जब दुवै भाई आफ्ना स-साना पाउ गोठको हिलोमा घिसार्दै हिंड्‌दथे, तब तिनका पाउ र कम्मरका गहनाको शब्द सार्‍है मीठो सुनिन्थ्यो। त्यो सुनेर ती प्रसन्न हुन्थे। *कहिले परसम्म कसैको पछि-पछि जान्थे र मुग्ध एवं भयभीत भएर आफ्नी आमाकहाँ फर्केर आउँथे ॥ २२ ॥ त्यस वेला स्नेहले माताका स्तनबाट दूध बग्न लाग्दथ्यो र उनी हीलोरूपी अङ्गराग लाग्नाले राम्रा प्रतीत हुने आफ्ना बालक-लाई दुवै हातले काखमा लिएर हृदयमा टाँस्तथे र तिनलाई स्तनपान गराउँथे। जब कृष्ण-बलराम दूध पिउन लाग्दथे तब स-साना दन्तावलीले युक्त तिनको मुखारविन्द

न्त्येतान्विष्णुपक्षानिवासुराः ॥ १८ ॥ तस्मान्नन्दात्मजोऽयं ते नारायणसमो गुणैः ॥ श्रिया कीर्त्याऽनुभावेन गोपायस्व समाहितः ॥ १९ ॥ इत्या· त्मानं समादिश्य गर्गे च स्वगृहं गते ॥ नन्दः प्रमुदितो मेने आत्मानं पूर्णमाशिषाम् ॥ २० ॥ कालेन व्रजताऽल्पेन गोकुले रामकेशवौ ॥ जानुभ्यां सह पाणिभ्यां रिङ्गमाणौ विजह्रतुः ॥ २१ ॥ तावङ्घ्रियुग्ममनुकृष्य सरीसृपन्तौ घोषप्रघोषरुचिरं व्रजकर्दमेषु ॥ तन्नादहृष्टमनसावनुसृत्य लोकं मुग्धप्रभीतवदुपेयतुरन्ति मात्रोः ॥ २२ ॥ तन्मातरौ निजसुतौ घृणया स्नुवन्त्यौ पङ्काङ्गरागरुचिरावुपगुह्य दोर्भ्याम् ॥ दत्त्वा स्तनं प्रपिबतोः स्म मुखं निरीक्ष्य मुग्धस्मिताल्पदशनं ययतुः प्रमोदम् ॥ २३ ॥ यर्ह्यङ्गनादर्शनीयकुमारलीलावन्तर्व्रजे तदबला प्रगृहीतपुच्छैः ॥ वत्सैरितस्तत उभाव· नुकृष्यमाणौ प्रेक्षन्त्य उज्झितगृहा जहृषुर्हसन्त्यः ॥ २४ ॥ शृङ्ग्यग्निदंष्ट्र्यसिजलद्विजकण्टकेभ्यः क्रीडापरावतिचलौ स्वसुतौ निषेद्धुम् ॥ गृह्याणि कर्तुमपि यत्र न तज्जनन्यौ शेकात आपतुरलं मनसोऽनवस्थाम् ॥ २५ ॥ कालेनाल्पेन राजर्षे रामः कृष्णश्च गोकुले ॥ अघृष्टजानुभिः पद्भिर्वि· चक्रमतुरञ्जसा ॥२६॥ ततस्तु भगवान्कृष्णो वयस्यैर्व्रजबालकैः ॥ सहरामो व्रजस्त्रीणां चिक्रीडे जनयन्मुदम् ॥२७॥ कृष्णस्य गोप्यो रुचिरं वीक्ष्य

हेरेर यशोदा-रोहिणी आनन्दमग्न हुन्थे ॥ २३ ॥ ती दुवै भाई अलि ठूला भएपछि व्रजमा गोपीहरूले हेर्नयोग्य अचम्मका बाललीलाहरू गर्दै बाछाको पुच्छर समातेर, उनले यता-उता तान्दा गोपिनीहरू घरबाट निस्केर तिनलाई देख्दै आनन्दले हाँस्तथे ॥ २४ ॥ जब माता यशोदा र रोहिणी आफ्ना दुवै अत्यन्त बाठा र चपल बालकलाई खेल्दा गाई-गोरू आदि सींग हुने पशु, अग्नि र कुकुर आदि जीवसित तथा तरवार आदि शस्त्रसित र जल, पक्षी एवं टोक्ने जन्तु, बिझ्ने काँढासित जोगाउने काममा अल्झेर घरका काममा बाधा पर्दा तिनको मन उद्विग्न हुन्थ्यो ॥ २५ ॥ हे राजन् ! केही दिनपछि राम-कृष्ण घुँडाको सहायता नलिएरै सजिलोसित दुवै खुट्टाले हिंड्न लागे ॥ २६ ॥ अब बलराम र श्रीकृष्ण व्रजबालाहरूलाई आनन्दित पार्दै व्रजका अन्यान्य समवयस्क बालकहरूसित खेल्न लागे ॥ २७ ॥ श्रीकृष्णचन्द्रको मनोहर

* कुनै कविले वर्णन गरेका छन्—छम-छम बज्ने श्यामका पाउजेबको ध्वनि सुन्दै, पुत्रको दुवै हातका औंला समातेर हिंड्न सिकाउने गर्दथिन्। श्याम वर्णमा पहेंलो झिगुलिया (बालकलाई लगाइदिने एक प्रकारको गहना) प्रभुलाई—जुन ब्रह्मा पनि भाग्न-बुझ्न सक्तैनथे-तिनलाई खेलाउँथे व्रजका ग्वालिनी।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाल-चपलता देखेर गोपिनीहरू नन्दको घर आउँथे र यशोदासित भन्दथे—॥ २८ ॥ 'यशोदा ! तिम्रो कृष्ण साह्रै चञ्चल भएको छ । त्यो गएर कहिले गाई दुहुने वेला नहुँदै बाछा फुकाइदिन्छ । त्यस वेला हामीले हप्कायौं भने हाँस्न लाग्दछ । कहिले हाम्रो मीठो दही र दूध अनेक यत्न गरेर चोरी आफू खान्छ र वानरहरूलाई पनि बाँडेर खुवाउँदछ । यदि त्यतिबाट पनि चित्त बुझेन भने दूध-दहीका भाँडा फोरिदिन्छ । यदि कहिले कुनै वस्तु पनि पाइएन भने घरपट्टिसित रिसाई साना-साना बालकलाई कुटेर भाग्दछ ॥ २९ ॥ जब हामी यसको भयले दूध-दहीको भाँडो अग्लो स्थानमा राखिदिन्छौं, तब यदि यसको हात त्यहाँसम्म पुगेन भने ओखल, पीह्रा माथि चढेर उहाँसम्म पुग्ने उपाय गरिहाल्छ । त्यतिमा पनि भाँडो झिक्न सकेन भने माथिको भाँडामा प्वाल पारिदिन्छ । यदि हामीले ती वस्तुहरूलाई नदेखिने अँध्यारोमा लुकाएर राखे पनि यसले जुन मणि जडित गहना लगाइराखेको छ, तिनैको उज्यालोमा यसलाई सबै स्पष्ट देखिन चाल्दछ । फेरि मणिका के कुरा, यसको शरीर नै सबै पदार्थलाई

कौमारचापलम् ॥ शृण्वत्याः किल तन्मातरिति होचुः समागताः ॥ २८ ॥ वत्सान्मुञ्चन्क्वचिदसमये क्रोशसंजातहासः स्तेयं स्वाद्वत्त्यथ दधि पयः कल्पितैः स्तेययोगैः ॥ मर्कान्भोक्ष्यन्विभजति स चेन्नात्ति भाण्डं भिनत्ति द्रव्यालाभे स गृहकुपितो यात्युपक्रोश्य तोकान् ॥ २९ ॥ हस्ताग्राह्ये रचयति विधिं पीठकोलूखलाद्यैश्छिद्रं ह्यन्तर्निहितवयुनः शिक्यभाण्डेषु तद्वित् ॥ ध्वान्तागारे धृतमणिगणं स्वाङ्गमर्थप्रदीपं काले गोप्यो यर्हि गृहकृत्येषु सुव्यग्रचित्ताः ॥ ३० ॥ एवं धार्ष्ट्यान्युशति कुरुते मेहनादीनि वास्तौ स्तेयोपायैर्विरचितकृतिः सुप्रतीको यथाऽऽस्ते ॥ इत्थं स्त्रीभिः सभयनयनश्रीमुखालोकिनीभिर्व्याख्यातार्था प्रहसितमुखी न ह्युपालब्धुमैच्छत् ॥ ३१ ॥ एकदा क्रीडमानास्ते रामाद्या गोपदारकाः ॥ कृष्णो मृदं भक्षितवानिति मात्रे न्यवेदयन् ॥ ३२ ॥ सा गृहीत्वा करे कृष्णमुपालभ्य हितैषिणी ॥ यशोदा भयसम्भ्रान्तप्रेक्षणाक्षमभाषत ॥ ३३ ॥ कस्मान्मृदमदान्तात्मन्भवान्भक्षितवान्रहः ॥ वदन्ति तावका ह्येते कुमारास्तेऽग्रजोऽप्ययम् ॥ ३४ ॥ कृष्ण उवाच ॥ नाहं भक्षितवानम्ब सर्वे मिथ्याभिशंसिनः ॥ यदि सत्यगिरस्तर्हि समक्षं पश्य मे मुखम् ॥ ३५ ॥ यद्येवं तर्हि व्यादेहीत्युक्तः स भगवान्हरिः ॥ व्यादत्ताव्याहतैश्वर्यः क्रीडामनुज-

प्रकाशित पार्ने बत्ती झैं छ । जुन वेला हामी गोपिनीहरू घर-धन्दामा लागेका रहन्छौं, उसै वेला यो उत्पात गर्दछ ॥३०॥ यो धृष्टताको कुरा पनि गर्दछ । कहिले काहीं त हाम्रो लिपे-पोतेको घरमा मल-मूत्र त्यागिदिन्छ । यो जुन वेला पनि चोर्ने युक्ति खोजिरहन्छ । तर हेर, अहिले करतो साधु झैं चुपलागेर बसिरहेको छ !' यस प्रकार जब ती गोपिनीहरू भयपूर्ण नेत्र हुने कृष्णको मुखतिर हेर्दै यशोदासित उसका सबै कुरा सुनाउँथे तब यशोदालाई पनि हाँसो उठ्थ्यो र कृष्णलाई हप्काउने पनि इच्छा हुँदैनथ्यो ॥ ३१ ॥ एक दिन बलराम र ग्वाल-बाल खेलिरहेको वेला उनले गएर यशोदासित भने—कृष्णले माटो खाएका छन् ॥ ३२ ॥ अनि जसका नेत्र भयले चञ्चल हेराइयुक्त देखिइ रहेथ्यो, ती बालक कृष्णको हात समाएर यशोदाले उनैको हितका लागि हप्काउँदै भनिन्—॥ ३३ ॥ 'कसो हो ! तैले एकान्तमा लुकेर माटो किन खाएको ? हेर, तेरा यी मित्र र तेरा दाजू बलराम पनि भनिरहेका छन् ?' ॥ ३४ ॥ अनि कृष्णचन्द्र भन्नलागे—आमा ! मैले माटो खाइन । यी सबै

CC-0. Digitized by eGangotri and MIDI - Delhi

झूठो बोल्दैछन्, यदि यिनको भनाई सत्य हो भने लौ, मेरो मुख हेर ॥३५॥ यशोदाले भनिन्—'हुन्छ, यदि यही कुरा हो भने मुख उघार ।' आमाले भनेको सुनी लीलाको निम्ति नै मनुष्यरूपधारी र अखण्ड ऐश्वर्यशाली भगवान्ले मुख खोलिदिए ॥ ३६ ॥ अनि यशोदाले त्यस मुखमा सम्पूर्ण चराचर जगत्, आकाश, दिशा, द्वीप र समुद्र सहित सम्पूर्ण भूलोक, वायु, अग्नि, चन्द्रमा, तारागण सहित सबै ज्योतिर्मण्डल, जल, तेज, पवन आदि पञ्चभूत, वैकारिक अहंकारका कार्य, इन्द्रियाधिष्ठान-देवता, मन, इन्द्रिय तथा पञ्च तन्मात्राहरू, तीनै गुण विद्यमान देखिन् ॥३७॥३८॥ यसरी जीव, काल, कर्म, स्वभाव, आशय र विविश शरीरले गर्दा विचित्र भेदयुक्त सम्पूर्ण विश्व र आफूसहित समस्त व्रजमण्डल छोरोको सानो मुखमा देखेर यशोदालाई शंका भयो ॥३९॥ ती विचार्न लागिन्–यो सपना हो कि भगवान्को माया हो, मेरो बुद्धिमा नै कुनै भ्रम भएको छ वा मेरो बालकमै कुनै अलौकिक योगसिद्धि छ ॥ ४० ॥ जुन मन, चित्त, वाणी र कर्मद्वारा राम्ररी जान्न सकिन्न, जसमा यो जगत् स्थित छ तथा जुन

बालकः ॥ ३६ ॥ स तत्र ददृशे विश्वं जगत्स्थास्नु च खं दिशः ॥ साद्रिद्वीपाब्धिभूगोलं सवाय्वग्नीन्दुतारकम् ॥ ३७ ॥ ज्योतिश्चक्रं जलं तेजो नभस्वान्वियदेव च ॥ वैकारिकाणीन्द्रियाणि मनो मात्रा गुणास्त्रयः ॥ ३८ ॥ एतद्विचित्रं सह जीवकालस्वभावकर्माशयलिङ्गभेदम् ॥ सूनोस्तनौ वीक्ष्य विदारितास्ये व्रजं सहात्मानमवाप शङ्काम् ॥३९॥ किं स्वप्न एतदुत देवमाया किं वा मदीयो बत बुद्धिमोहः ॥ अथो अमुष्यैव ममार्भकस्य यः कश्चनौत्पत्तिक आत्मयोगः ॥४०॥ अथो यथावन्न वितर्कगोचरं चेतोमनः कर्मवचोभिरञ्जसा ॥ यदाश्रयं येन यतः प्रतीयते सुदुर्विभाव्यं प्रणतोऽस्मि तत्पदम् ॥ ४१ ॥ अहं ममासौ पतिरेष मे सुतो व्रजेश्वरस्याखिलवित्तया सती ॥ गोप्यश्च गोपाः सहगोधनाश्च मे यन्माययेत्थं कुमतिः स मे गतिः ॥ ४२ ॥ इत्थं विदिततत्त्वायां गोपिकायां स ईश्वरः ॥ वैष्णवीं व्यतनोन्मायां पुत्रस्नेहमयीं विभुः ॥ ४३ ॥ सद्यो नष्टस्मृतिर्गोपी सारोप्यारोहमात्मजम् ॥ प्रवृद्धस्वेदकलिलहृदयाऽऽसीद्यथा पुरा ॥ ४४ ॥ त्रय्या चोपनिषद्भिश्च सांख्ययोगैश्च सात्वतैः ॥ उपगीयमानमाहात्म्यं हरिं साऽमन्यतात्मजम् ॥ ४५ ॥ राजोवाच ॥ नन्दः किमकरोद्ब्रह्मञ्छ्रेय एवं महोदयम् ॥ यशोदा च महाभागा पपौ यस्याः स्तनं हरिः ॥ ४६ ॥ पितरौ

इन्द्रियाधिष्ठाता र बुद्धिका प्रेरकद्वारा यसको प्रतीति हुन्छ, ती अचिन्त्य शक्ति परमात्मालाई प्रणाम छ ॥४१॥ 'यो म हुँ, यो मेरो पति, यो मेरो पुत्र हो, म व्रजराज नन्दको समस्त सम्पत्तिकी स्वामिनी हुँ, समस्त गोप-गोपी र जो थन मेरा अधीन छन्, जसको मायाले मलाई यस्ता कुमतिले घेरेको छ, ती भगवान् नै मेरा एकमात्र गति छन्' ॥४२॥ यशोदालाई यसरी तत्त्वज्ञान भएको जानेर भगवान्ले आफ्नी पुत्रस्नेहमयी वैष्णवी मायाले ढाकिदिए ॥४३॥ तिनले तुरुन्त त्यो दृश्य बिर्सिइन् र तिनले छोरोलाई काखामा बोकिन् । हृदयमा प्रेमको बाढी उर्लेर ती पहिले जस्ती थिइन् उस्तै फेरि भइन् ॥ ४४ ॥ तीनै वेद, उपनिषद्, सांख्य, योग र भक्तजन जसको यशगान गर्दछन्, तिनलाई तिनलाई यशोदा आफ्नो छोरो ठान्दथिन् ॥४५॥ यति कथा सुनेर परीक्षितले सोधे–हे ब्रह्मन् ! नन्द र यशोदाले कुन यस्तो तपस्या र पुण्य गरेका थिए, जसको प्रभावले गर्दा प्रभुले तिनको स्तन-पान गरे । जो तीनै लोकको ताप शान्त पार्ने र कविजन जसको आज पनि गान गर्दछन् भगवान कृष्णका ती उदार बाललीला देख्न पाउने सुख तिनका माता-पिता

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसुदेव-देवकीलाई पनि प्राप्त भएन। फेरि जसले साक्षात् अनुभव गरेका थिए, ती नन्द-यशोदाका भाग्यको विषयमा के भन्नु छ ? श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! आफ्नी भार्या धरासहित वसुश्रेष्ठ द्रोणले ब्रह्माको आज्ञा स्वीकार गरर भनेका थिए—॥ ४८ ॥ 'हे भगवन् ! जब म पृथ्वीमा उत्पन्न हुनेछु तब देवाधिदेव विश्वपति श्री हरिमा यस्तो अविचल भक्तिहोस्, जसले जीव सहजै दुर्गतिबाट पारी तरोस्' ॥ ४९ ॥ ब्रह्माजीले भने—'त्यस्तै हुनेछ ।' त्यसै अनुसार उनै द्रोण व्रजमा उत्पन्न भएर नन्द नामले प्रख्यात भए। तिनकी पत्नी 'यशोदा' भइन् ॥ ५० ॥ हे भारत ! पुत्र रूपले उत्पन्न भगवान्मा सबै गोप-गोपिनीको अपेक्षा यी दुबै स्त्री-पुरुषको बर्ता भक्ति थियो ॥ ५१ ॥

नान्वविन्देतां कृष्णदारार्भकेहितम् ॥ गायन्त्यद्यापि कवयो यल्लोकशमलापहम् ॥ ४७ ॥ श्रीशुक उवाच ॥ द्रोणो वसूनां प्रवरो धरया सह भार्यया ॥ करिष्यमाण आदेशान्ब्रह्मणस्तमुवाच ह ॥ ४८ ॥ जातयोर्नौ महादेवे भुवि विश्वेश्वरे हरौ ॥ भक्तिः स्यात्परमा लोके ययाऽञ्जो दुर्गतिं तरेत् ॥ ४९ ॥ अस्त्वित्युक्तः स भगवान्व्रजे द्रोणो महायशाः ॥ जज्ञे नन्द इति ख्यातो यशोदा सा धराऽभवत् ॥५०॥ ततो भक्तिर्भगवति पुत्रीभूते जनार्दने ॥ दम्पत्योर्नितरामासीद्गोपगोपीषु भारत ॥ ५१ ॥ कृष्णो ब्रह्मण आदेशं सत्यं कर्तुं व्रजे विभुः ॥ सहरामो वसँश्चक्रे तेषां प्रीतिं स्वलीलया ॥५२॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे विश्वरूपदर्शनेऽष्टमोऽध्यायः ॥८॥

श्रीशुक उवाच ॥ एकदा गृहदासीषु यशोदा नन्दगेहिनी ॥ कर्मान्तरनियुक्तासु निर्ममन्थ स्वयं दधि ॥१॥ यानि यानीह गीतानि तद्बालचरितानि

भगवान कृष्ण पनि ब्रह्माजीको वाक्य सत्य पार्नको निम्ति बलराम सहित व्रजमा बसेर * माता-पिताको सेवा गर्दै सबै व्रजवासीहरूलाई आफ्ना बाललीलाले आनन्दित पार्नलागे ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां अष्टमोऽध्यायः ॥ ८ ॥

(भगवान कृष्ण ओखलमा बाँधिनु) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! एक दिन घरका दासीहरू अन्य काममा लागेका थिए, त्यसैले नन्द-रानी यशोदा आफैं दही मथ्न लागिन् ॥ १ ॥ कृष्णका जुन-जुन बाललीलाको यहाँसम्म वर्णन गरियो ती सबैको स्मरण गर्दै ती दही मथ्दा गान गर्दै जांन्थिन् ॥ २ ॥ ती आफ्नू स्थूल कटिभागमा कटिबन्धनले

---

* दृष्टान्त (माता-पिताको सेवा)–पूर्वकालमा मिथिला नगरीमा ज्ञानी महाराज जनक बस्तथे। कुनै बेला तिनको कीर्ति सुनेर महर्षि विश्वामित्र उनीसित ज्ञान प्राप्त गर्न गइरहेका थिए,तर धर्मव्याधाले नै तिनलाई यथार्थ ज्ञानको उपदेश दिए। कौशिकजी निकै प्रसन्न भए र उनलाई आश्चर्य भयो--यस्तो महापापी व्याधालाई यो ज्ञान कसरी प्राप्त भयो ? व्याधाले ऋषिको विचार जानेर भन्यो-'मैले तिमीलाई जुन ज्ञान दिएँ, त्यो त कथाको ज्ञान हो। अब वास्तविक ज्ञान हेर्न मेरो घर हिंड।' यति भनेर घर लग्यो। व्याधाका आमा-बाबूले जुरुक्क उठेर ऋषिको स्वागत गरे। अनि व्याधाले आमा-बाबूलाई स्नान गराई पीढामा बसालेर तिनको पूजा गर्‍यो पङ्खा हम्कन्दै उनलाई खानेकुरा खान दियो। अनि आफैले बिछौना लगाएर तिनलाई सुतायो। यो सबै देखेर कौशिकले–चकित हुनै पर्‍यो। बिहानै गएर उसले आमा-बाबू ढोग्यो र आफ्नो काममा आज्ञा माग्यो। ती दुवैले भने–'बाबू! तिमी धर्मात्मा भए, धर्म तिम्रो रक्षा गरोस र दीर्घायु रहे।' त्यसपछि व्याधा हिंड्यो। ऋषिले भने–'संध्यावन्दन, देवदर्शन आदि नित्यकर्म नगरेर तिमी किन हिंडेका ! व्याधाले भन्यो–'हे मुने ! देवता, यज्ञ वेद आदि सत्कर्म सबै मेरा आमा-बाबू हुन्। आफ्ना स्त्री-पुत्रलाई मैले इनकै सेवामा खटाएको छु। हे मुने ! मेरो यो सिद्धान्त छ—कल्याणको इच्छा हुने व्यक्ति माताको सेवा गरुन्।' कौशिक व्याधाको मातृ-पितृ भक्ति देखेर प्रसन्न भएर आफ्नो आश्रममा फर्के।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

समेत रेशमी वस्त्र लगाएकी थिइन् । तिनका स्तन हल्लिरहेथे र पुत्रस्नेहले दूध चुहिरहेथे । नेति तान्नाले थाकेका बाहुका कङ्कण र कानका कुण्डल हल्लिरहेथे । तिनको मुखमा पसीनाका थोपा आए र तिनको चुल्ठोमा बाँधेको मालती पुष्प झरिरहेको थियो । यसरी भृकुटी हुने यशोदा-रानी दही मथिरहेकी थिइन् ॥ ३ ॥ जुन बेला ती दधिमन्थनमा तल्लीन थिइन्, त्यसै बेला स्तन-पानका लागि श्रीकृष्ण तिनको नगचै पुगे र आमालाई आनन्दित पार्दै मथानी समाएर दही मथ्ने काम छेकिदिए ॥ ४ ॥ आमाले काखमा उचालिन् र तिनका मनोहर हास्ययुक्त मुखारविन्दमा हेर्दै स्नेहले आफैं बगिरहेको दूध पिलाउन लागिन् । त्यसै बखत आगोमा बसालेको कराहीबाट दूध तातेर उम्लन लाग्यो । अनि यशोदाले तिनलाई अतृप्तनै छाडेर झट्ट दगुरिन् ॥५॥ त्यसले भगवान् कृष्ण मनमनै रिसाए । उनले आफ्ना कामिरहेका अरुण अधर दाँतले थिचेर झट्ट लोहोरोले हानी दहीको भाँडो फोरिदिए र नक्कली आँसु बगाउँदै घरभित्र गएर नौनी खान लागे ॥ ६ ॥ जब यशोदा तातेको दूध झिकेर फेरि मन्थन-गृहमा आइन् तब उनले दहीको भाँडो फुटिसकेको देखिन् । तिनलाई

च ॥ दधिनिर्मन्थने काले स्मरन्ती तान्यगायत ॥२॥ क्षौमं वासः पृथुकटितटे बिभ्रती सूत्रनद्धं पुत्रस्नेहस्नुतकुचयुगं जातकम्पं च सुभ्रूः ॥ रज्ज्वाकर्षश्रमभुजचलत्कङ्कणौ कुण्डले च स्विन्नं वक्त्रं कबरविगलन्मालती निर्ममन्थ॥३॥तां स्तन्यकाम आसाद्यमथ्नन्तीं जननीं हरिः ॥ गृहीत्वा दधिमन्थानं न्यषेधत्प्रीतिमावहन् ॥४॥ तमङ्कमारूढमपाययत्स्तनं स्नेहस्नुतं सस्मितमीक्षती मुखम् ॥ अतृप्तमुत्सृज्य जवेन सा यथावत्सिच्यमाने पयसि त्वधिश्रिते ॥५॥ सञ्जातकोपः स्फुरितारुणाधरं संदश्य दद्भिर्दधिमन्थभाजनम् ॥ भित्त्वा मृषाश्रुर्दृषदश्मना रहो जघास हैयङ्गवमन्तरं गतः ॥ ६ ॥ उत्तीर्य गोपी सुशृतं पयः पुनः प्रविश्य सन्दृश्य च दध्यमत्रकम् ॥ भग्नं विलोक्य स्वसुतस्य कर्म तज्जहास तं चापि न तत्र पश्यती ॥७॥ उलूखलाङ्घ्रेरुपरि व्यवस्थितं मर्काय कामं ददतं शिचि स्थितम् ॥ हैयङ्गवं चौर्यविशङ्कितेक्षणं निरीक्ष्य पश्चात्सुतमागमच्छनैः ॥ ८ ॥ तामात्तयष्टिं प्रसमीक्ष्य सत्वरस्ततोऽवरुह्यापससार भीतवत् ॥ गोप्यन्वधावन्न यमाप योगिनां क्षेमं प्रवेष्टुं तपसेरितं मनः ॥ ९ ॥ अन्वञ्चमाना जननी बृहच्चलच्छ्रोणीभराक्रान्तगतिः सुमध्यमा ॥ जवेन विस्रंसितकेशबन्धनच्युतप्रसूनानुगतिः परामृशत् ॥ १० ॥ कृतागसं तं प्ररुदन्तमक्षिणी कषन्तमञ्जन्मषिणी स्वपाणिना ॥ उद्वीक्षमाणं

यो सबै काम त्यसैको हो भन्ने बुझ्न बेर लागेन र कृष्णलाई त्यहाँ नदेखी हाँस्न लागिन् ॥ ७ ॥ यता-उता खोज्दा तिनले देखिन् श्रीकृष्ण योटा उल्टो ओखलमा उक्लेर माथि झुण्ड्याएर राखेको नौनी झिकेर इच्छानुसार वानरहरूलाई दिइरहेका छन् । चोरी पक्रियो भन्ने डरले ती सतर्क भएर यता-उता हेर्न लागे । त्यसै बेला यशोदा सुटुक्क नगीचै पुगिन् ॥ ८ ॥ छडी लिएकी मातालाई नगीचै आएकी देखेर ओखलबाट हाम्फाली डराएर भागे । अनि जसलाई योगीहरूको तपस्या द्वारा प्रेरित र भगवत्तत्त्वमा प्रवेश गर्नमा समर्थ मन पनि प्राप्त गर्न सक्तैन, तिनै भगवानलाई समाउन यशोदाजी छडी लिएर तिनका पछि-पछि दगुरिन् ॥ ९ ॥ यसरी कृष्णको पछि-पछि दगुर्दा स्थूल नितम्बले गर्दा जसको गति मन्द भइसकेको थियो, वेगले दगुरेर जसको केशपाश खुकुलो भएको थियो र त्यसमा लगाएको फूल झरिसकेका थिए, ती राम्रो कटि हुने माता यशोदाले पुत्रलाई समातिन् ॥ १० ॥ कृष्ण अपराधी हुनाले रुन लागे । हातले आँखा मिचेका हुनाले तिनको मुखभरि गाजल फिंजियो र चुटाई खाने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डरले व्याकुल नेत्रद्वारा मास्तिर हेर्नलागे। यशोदाले तिनलाई समातेर चर्को स्वरले हप्काउन लागिन् ॥ ११ ॥ छोरो धेरै डरायो भन्ने जानेर पुत्रवत्सला यशोदाले हातको छडी पर फ्याँकि दिइन् र तिनको प्रभाव नजान्नाले उनले श्रीकृष्णलाई डोरीले बाँध्ने इच्छा गरिन् ॥१२॥ जसको कोही बाहिर-भित्र अथवा पूर्व र पर छैनन्, जो स्वयं सम्पूर्ण जगत्को बाहिर-भित्र र आदि-अन्त्यमा जगत्-रूपले विद्यमान छन्, ती मानवरूपधारी, इन्द्रियातीत, अव्यक्त प्रभुलाई छोरो ठानेर यशोदा साधारण बालक झैं डोरीले ओखलमा बाँध्न लागिन् ॥१३-१४॥ जुन डोरीले ती आफ्नो अपराधी बालकलाई बाँधन खोज्दै थिइन्, त्यो दुइ अङ्गुल सानो भयो। अतः उनले अर्को डोरी गाँसिन् ॥ १५ ॥ जब त्यो पनि सानो भयो तब अर्को गाँसिन्। यसरी तिनले जति डोरी गाँसिन् सबै दुइ अङ्गुल सानो हुँदै गयो ॥ १६ ॥ जब यशोदाले घरका सबै डोरी गाँसेर पनि भगवानलाई बाँध्न सकिनन्, तब त्यस असफलताले मुसु-मुसु हाँसिरहेका अन्य गोपिनीका साथै आफू पनि हांसेर छक्क परिन् ॥ १७ ॥ जब कृष्णचन्द्रले देखे—माताको शरीर पसीनाले भिजिसक्यो र

भयविह्वलेक्षणं हस्ते गृहीत्वाभिषयन्त्यवागुरत् ॥११॥ त्यक्त्वा यष्टिं सुतं भीतं विज्ञायार्भकवत्सला ॥ इयेष किल तं बद्धुं दाम्नाऽतद्वीर्यकोविदा ॥१२॥ न चान्तर्न बहिर्यस्य न पूर्वं नापि चापरन् ॥ पूर्वापरं बहिश्चान्तर्जगतो यो जगच्चयः ॥१३॥ तं मत्वात्मजमव्यक्तं मर्त्यलिङ्गमधोक्षजम् ॥ गोपिकोलूखले दाम्ना बबन्ध प्राकृतं यथा ॥१४॥ तद्दाम बध्यमानस्य स्वार्भकस्य कृतागसः ॥ द्व्यङ्गुलोनमभूत्तेन सन्दधेऽन्यच्च गोपिका ॥ १५ ॥ यदासीत्तदपि न्यूनं तेनान्यदपि सन्दधे ॥ तदपि द्व्यङ्गुलं न्यूनं यद्यदादत्तबन्धनम् ॥१६॥ एवं स्वगेहदामानि यशोदा सन्दधत्यपि ॥ गोपीनां सुस्मयन्तीनां स्मयन्ती विस्मिताऽभवत् ॥१७॥ स्वमातुः स्विन्नगात्राया विस्रस्तकबरस्रजः ॥ दृष्ट्वा परिश्रमं कृष्णः कृपयाऽऽसीत्स्वबन्धने ॥ १८ ॥ एवं सन्दर्शिता ह्यङ्ग हरिणा भृत्यवश्यता ॥ स्ववशेनापि कृष्णेन यस्येदं सेश्वरं वशे ॥ १९ ॥ नेमं विरिञ्चो न भवो न श्रीरप्यङ्गसंश्रया ॥ प्रसादं लेभिरे गोपी यत्तत्प्राप विमुक्तिदात् ॥ २० ॥ नायं सुखापो भगवान्देहिनां गोपिकासुतः ॥ ज्ञानिनां चात्मभूतानां यथा भक्तिमतामिह ॥ २१ ॥ कृष्णस्तु गृहकृत्येषु व्यग्रायां मातरि प्रभुः ॥ अद्राक्षीदर्जुनौ पूर्वं गुह्यकौ धनदात्मजौ ॥ २२ ॥ पुरा नारदशापेन वृक्षतां प्रापितौ मदात् ॥ नलकूबरमणिग्रीवाविति ख्यातौ श्रियान्वितौ ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे पूर्वार्धे गोपीप्रसादो नाम नवमोऽध्यायः ॥ ९ ॥

तिनको जुरोमा लगाइएको फूलको माला फुस्किएको छ, तब ती उनको अथक परिश्रम देखेर दयावश स्वयं बन्धनमा बाँधिए ॥ १८ ॥ हे राजन्! ब्रह्मादि लोकपाल सहित सम्पूर्ण विश्व जसको वशीभूत छ, ती स्वाधीन भगवान् कृष्णले माताको बन्धनमा बाँधिएर स्पष्ट पारिदिए—म भक्तका वशमा रहन्छु ॥ १९ ॥ यसरी मुक्तिदाता भगवान्को जुन कृपा ब्रह्मा, शिव र तिनका अङ्गमा स्थित लक्ष्मीजीलाई पनि प्राप्त भएको थिएन त्यो गोपी यशोदाले पाइन् ॥ २० ॥ यशोदानन्द श्रीकृष्ण जस्तो सजिलोसित भक्तजनलाई प्राप्त हुन सक्तछन्, त्यस्तो अन्य मनुष्य र आफ्नो आत्मस्वरूप तत्त्वज्ञानीलाई पनि प्राप्त हुन सक्तैनन् ॥ २१ ॥ अनि यशोदा घर-धन्दामा लागित् उता कृष्णको दृष्टि आँगमा उभिएका यमलार्जुन नामका दुइ वृक्षमा परे, जो पूर्वजन्ममा यक्षपति कुबेरका छोरा थिए ॥२२॥ उस जन्ममा ती नलकूबर र मणिग्रीव नामले प्रख्यात यक्ष थिए र नारदको श्रापले यस जन्ममा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

वृक्ष भएका थिए ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वसिष्ठी' भाषाटीकायां नवमोऽध्यायः ॥ ९ ॥

(यमलार्जुन उद्धार वर्णन)—यति कथा सुनेर राजा परीक्षितले भने–हे भगवन् ! अब हजुर नलकूबर र मणिग्रीवले श्राप पाउने कारण के थियो, भन्नुहवस् । तिनले कुन यस्तो निन्दनीय काम गरेका थिए, जसले देवर्षि नारद रिसाए ! ॥ १ ॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! राजन् ! कुबेरका ती दुवै छोरा रुद्रका सेवक थिए । यसको तिनलाई निकै गर्व थियो । वारुणी मदिराको मातले तिनका आँखा घुमिरहेका थिए । ती मदोन्मत्त यक्ष कैलासको रमणीक मन्दाकिनीको तटमा गान-बजान गर्ने स्त्रीहरूसित उपवनमा डुलिरहेका थिए ॥२-३॥ डुल्दा-डुल्दै ती कमल-पुष्पले शोभित गङ्गाजीमा पसिए । जसरी ढोईसित हात्तीले विहार गर्दछ, त्यस्तै ती युवतीहरूसित जलक्रीडा गर्न लागे ॥ ४ ॥ हे कुरुनन्दन ! । संयोगले देवर्षि नारद त्यतै आइपुगे । तिनले ती यक्ष-युवकहरूलाई देखेर मतवाला भइरहेका छन् भन्ने ठाने ॥ ५ ॥ देवर्षिलाई देखेर वस्त्रहीना अप्सरागणले

राजोवाच ॥ कथ्यतां भगवन्नेतत्तयोः शापस्य कारणम् ॥ यत्तद्विगर्हितं कर्म येन वा देवर्षेस्तमः ॥ १ ॥ श्रीशुक उवाच ॥ रुद्रस्यानुचरौ भूत्वा सुदृप्तौ धनदात्मजौ ॥ कैलासोपवने रम्ये मन्दाकिन्यां मदोत्कटौ ॥ २ ॥ वारुणीं मदिरां पीत्वा मदाघूर्णितलोचनौ ॥ स्त्रीजनैरनुगायद्भिश्चेरतुः पुष्पिते वने ॥ ३ ॥ अन्तः प्रविश्य गङ्गायामम्भोजवनराजिनि ॥ चिक्रीडतुर्युवतिभिर्गजाविव करेणुभिः ॥ ४ ॥ यदृच्छया च देवर्षिर्भगवाँस्तत्र कौरव ॥ अपश्यन्नारदो देवौ क्षीबाणौ समबुध्यत ॥ ५ ॥ तं दृष्ट्वा व्रीडिता देव्यो विवस्त्राः शापशङ्किताः ॥ वासांसि पर्यधुः शीघ्रं विवस्त्रौ नैव गुह्यकौ ॥ ६ ॥ तौ दृष्ट्वा मदिरामत्तौ श्रीमदान्धौ सुरात्मजौ ॥ तयोरनुग्रहार्थाय शापं दास्यन्निदं जगौ ॥ ७ ॥ नारद उवाच ॥ न ह्यन्यो जुषतो जोष्यान्बुद्धिभ्रंशो रजोगुणः ॥ श्रीमदाभिजात्यादिर्यत्र स्त्रीद्यूतमासवः ॥ ८ ॥ वध्यन्ते पशवो यत्र निर्दयैरजितात्मभिः ॥ मन्यमानैरिमं देहमजरामृत्युनश्वरम् ॥ ९ ॥ देवसंज्ञितमप्यन्ते कृमिविड्भस्मसंज्ञितम् ॥ भूतध्रुक् तत्कृते स्वार्थं किं वेद निरयो यतः ॥१०॥ देहं किमन्नदातुः स्वं निषेक्तुर्मातुरेव च ॥ मातुः पितुर्वा बलिनः क्रेतुरग्नेः शुनोऽपि वा ॥ ११ ॥ एवं साधारणं देहमव्यक्तप्रभवाप्ययम् ॥

त लाज श्रापको डरले झट्ट आफ्नापना लुगा लगाए, तर ती यक्षले लगाएनन् ॥ ६ ॥ ती देवपुत्रलाई मद्यपानले उन्मत्त ऐश्वर्य-मदले अन्धा देखेर देवर्षि नारदले तिनको प्रति कृपा गर्नको निम्ति श्राप दिंदै भने ॥ ७ ॥ नारदजी भन्दछन्–विषय सेवन गर्ने पुरुषहरूलाई ऐश्वर्यमद जति बुद्धि भ्रष्ट पार्दछ, त्यति बन्धु आदिको मद वा रजोगुणका कार्य हास्यादि पार्दैनन्, किनकि धनको बेलामा जाँड, जूआ र जारीको नै बहुलता रहन्छ ॥ ८ ॥ धन-मदले अन्धा, निर्दयी र अजितेन्द्रिय व्यक्ति आफ्नो नाशवान् देहलाई कहिल्यै नमर्ने ठानेर पशु-हत्या गर्दै हिंड्दछन् ॥ ९ ॥ जुन शरीरलाई 'देव' भनिन्छ त्यो पनि अन्त्यमा किरा, विष्ठा वा भस्मरूप हुन्छ, त्यस शरीरको निम्ति जुन पुरुष प्राणीहरूसित द्रोह गर्दछ, जसले गर्दा नरकमा जानुपर्दछ, के त्यो आफ्नो वास्तविक स्वार्थ जान्दछ ? ॥ १० ॥ यस देहलाई कसको सम्पत्ति भनौं ? अन्न दिनेको, वीर्यदाताको, उदरमा धारण गर्ने आमाको, मातामहको, बलवान्को, किन्ने व्यक्तिको, अग्निको वा कुकुरको ? ॥ ११ ॥ यो अव्यक्तबाट उत्पन्न हुन्छ र उसैमा लीन हुन्छ । जब कि यस्तो साधारण वस्तु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ भने अधम पुरुष बाहेक अरु कुन बुद्धिमान होला, जो यसलाई आत्मा मानेर यसको निम्ति जीव-हत्या गर्नेछ ? ॥१२॥ जुन असत्पुरुष ऐश्वर्य-मदले अन्धो भएको छ, उसको निम्ति दरिद्रता नै उत्तम अंजन छ, किनकि दरिद्र पुरुष अन्य जीवलाई पनि आफू झैं देख्दछ ॥१३॥ जसको अङ्गमा काँढा विझ्दछ, त्यो आफू जस्तै अन्य जीवको पीडाको तुल्यता गरेर अर्काको निम्ति त्यस व्यथाको अभाव चाहन्छ, त्यस्तो त्यो पुरुष-जसलाई काँढा बिझेको व्यथा अनुभव नै छैन—चाहन्न ॥१४॥ दरिद्र पुरुष अहङ्कारले हुने औद्धत्य र सबै प्रकारका मदबाट रहित हुन्छ। त्यसलाई दैवयोगले जो कष्ट प्राप्त हुन्छ, त्यही त्यसको तपस्या हो ॥ १५ ॥ जसको देह भोकले क्षीण हुन्छ र जो सदैव अन्नको खोजीमा रहिरहन्छ, त्यस्ता दरिद्र पुरुषका इन्द्रिय शीघ्र शुष्क हुन्छन् र तिनमा हिंसावृत्ति पनि रहन्न ॥१६॥ समदर्शी साधु पुरुषको समागम पनि त्यस्तालाई नै प्राप्त हुन्छ। यिनको सत्संगले त्यो विषय-तृष्णालाई त्यागिदिन्छ र छिटै नै शुद्ध हुन्छ ॥१७॥ भगवच्चरणारविन्दका रसिक साधु पुरुष दुर्गुणले युक्त एवं धन-मानमदले मत्त

को विद्वानात्मसात्कृत्वा हन्ति जन्तून्‌तेऽसतः ॥ १२ ॥ असतः श्रीमदान्धस्य दारिद्र्यं परमञ्जनम् ॥ आत्मौपम्येन भूतानि दरिद्रः परमीक्षते ॥ १३ ॥ यथा कण्टकविद्धाङ्गो जन्तोर्नेच्छति तां व्यथाम् ॥ जीवसाम्यं गतो लिङ्गैर्न तथाऽविद्धकण्टकः ॥ १४ ॥ दरिद्रो निरहंस्तम्भो मुक्तः सर्वमदैरिह ॥ कृच्छ्रं यदृच्छयाप्नोति तद्धि तस्य परं तपः ॥ १५ ॥ नित्यं क्षुत्क्षामदेहस्य दरिद्रस्यान्नकांक्षिणः ॥ इन्द्रियाण्यनुशुष्यन्ति हिंसाऽपि विनिवर्तते ॥ १६ ॥ दरिद्रस्यैव युज्यन्ते साधवः समदर्शिनः ॥ सद्भिः क्षिणोति तं तर्षं तत आराद्विशुद्ध्यति ॥१७॥ साधूनां समचित्तानां मुकुन्दचरणैषिणाम् ॥ उपेक्ष्यैः किं धनस्तम्भैरसद्भिरसदाश्रयैः ॥ १८ ॥ तदहं मत्तयोर्माध्व्या वारुण्या श्रीमदान्धयोः ॥ तमोमदं हरिष्यामि स्त्रैणयोरजितात्मनोः ॥ १९ ॥ यदिमौ लोकपालस्य पुत्रौ भूत्वा तमःप्लुतौ ॥ न विवाससमात्मानं विजानीतः सुदुर्मदौ ॥ २० ॥ अतोऽर्हतः स्थावरतां स्यातां मैवं यथा पुनः ॥ स्मृतिः स्यान्मत्प्रसादेन तत्रापि मदनुग्रहात् ॥ २१ ॥ वासुदेवस्य सान्निध्यं लब्ध्वा दिव्यशरच्छते ॥ वृत्ते स्वर्लोकतां भूयो लब्धभक्ती भविष्यतः ॥ २२ ॥ श्रीशुक उवाच ॥ एवमुक्त्वा स देवर्षिर्गतो नारायणाश्रमम् ॥ नलकूबरमणिग्रीवावासतुर्यमलार्जुनौ ॥ २३ ॥ ऋषेर्भागवतमुख्यस्य सत्यं कर्तुं वचो हरिः ॥ जगाम शनकैस्तत्र यत्रास्तां यमलार्जुनौ ॥ २४ ॥ देवर्षिर्मे प्रियतमो यदिमौ धनदात्मजौ ॥ तत्तथा

तथा उपेक्षणीय दुर्जनसित कुनै प्रयोजन रहन्न ॥१८॥ अतः वारुणी मदिरा पिएर यी मत्त, ऐश्वर्यले अन्धा, र इन्द्रिय-लम्पट यक्षको अज्ञानजनित मद म धूलो पारिदिन्छु ॥१९॥ त्यत्रा लोकपाल कुबेरका पुत्र भएर पनि यी मदले गर्दा अज्ञानमा यसरी डुबेका छन् कि इनलाई नांगो भएको पनि ज्ञान छैन ॥२०॥ अतः यी वृक्ष योनिमा जाने योग्य छन्, जसले कि फेरि इनलाई यस्तो अज्ञान नहोस्, तर मेरो कृपाले इनलाई त्यस अवस्थामा पनि यस जन्मको स्मरण रहिरहने छ ॥ २१ ॥ दिव्य सय वर्ष वितेपछि इनलाई वासुदेवको सन्निधि प्राप्त हुनेछ, अनि भगवान्‌को भक्ति पाएर यी फेरि स्वर्गका अधिकारी हुनेछन् ॥ २२ ॥ श्रीशुकदेव भन्नुहुन्छ—यति भनेर नारद नारायणको वदरिकाश्रममा गए र नलकूबर तथा मणिग्रीव यमलार्जुन वृक्ष भए ॥ २३ ॥ उनै देवर्षिको वचन सत्य पार्नको निम्ति श्रीकृष्ण जहाँ नलकूबर वृक्ष थिए, विस्तार-विस्तार त्यहीं पुगे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ २४ ॥ भगवान्ले विचार गर्नुभयो–'नारद मेरा प्रिय-भक्त छन् र यी पनि कुवेरका पुत्र हुन् । अतः नारदले जे जति भनेका छन्, त्यो म पूर्ण गर्नेछु ॥२५॥ यति विचारेर श्रीकृष्ण ती दुवै वृक्षको माझबाट निस्के । उनी निस्कनासाथ ओखल तेर्सियो र वृक्षमा अड्कियो । अनि जसको कम्मरमा डोरा कसिएको थियो. तीकृष्णले पछि-पछि लड्दै आएको ओखललाई बलपूर्वक तान्नासाथ उनको परम पराक्रमले दुवै वृक्षका शाखा-प्रशाखा र पातसमेत विचलित भएर घोर शब्द गर्दै उखेलिएर पृथ्वीमा ढले ॥ २६-२७ ॥ तत्काल ती वृक्षबाट अग्नि झैं तेजस्वी दुइ सिद्ध पुरुष आफ्नो कान्तिले सबै दिशा उज्यालो पार्दै प्रकट भए । ती निर्मल दिव्य पुरुषले समस्त लोकहरूका एकमात्र स्वामी श्री कृष्णचन्द्रलाई शिर निहुराएर प्रणाम गरे र हात जोरी भन्नलागे–॥ २८ ॥ 'हे कृष्ण ! हे महायोगिन् ! हजुर प्रकृतिदेखि पर आदिपुरुष हुनुहुन्छ । समस्त वेदवादी ब्राह्मण सम्पूर्ण व्यक्त र अव्यक्त विश्वलाई हजुरकै रूप मान्दछन् ॥ २९ ॥ हजुर नै समस्त जीवका देह, प्राण, आत्मा र इन्द्रियका ईश्वर हुनुहुन्छ । हजुर नै काल र अव्यय ईश्वर श्रीविष्णु

साधयिष्यामि यद्गीतं तन्महात्मना ॥ २५ ॥ इत्यन्तरेणार्जुनयोः कृष्णस्तु यमयोर्ययौ ॥ आत्मनिर्वेशमात्रेण तिर्यग्गतमुलूखलम् ॥ २६ ॥ बालेन निष्कर्षयताऽन्वगुलूखलं तद्दामोदरेण तरसोत्कलिताङ्घ्रिबन्धौ ॥ निष्पेततुः परमविक्रमितातिवेपस्कन्धप्रवालविटपौ कृतचण्डशब्दौ ॥ २७ ॥ तत्र श्रिया परमया ककुभः स्फुरन्तौ सिद्धावुपेत्य कुजयोरिव जातवेदाः ॥ कृष्णं प्रणम्य शिरसाऽखिललोकनाथं बद्धाञ्जली विरजसाविदमूचतुः स्म ॥ २८ ॥ कृष्ण कृष्ण महायोगिंस्त्वमाद्यः पुरुषः परः ॥ व्यक्ताव्यक्तमिदं विश्वं रूपं ते ब्राह्मणा विदुः ॥ २९ ॥ त्वमेकः सर्वभूतानां देहस्वात्मेन्द्रियेश्वरः ॥ त्वमेव कालो भगवान्विष्णुरव्यय ईश्वरः ॥ ३० ॥ त्वं महान्प्रकृतिः सूक्ष्मा रजःसत्वतमोमयी ॥ त्वमेव पुरुषोऽध्यक्षः सर्वक्षेत्रविकारवित् ॥ ३१ ॥ गृह्यमाणैस्त्वमग्राह्यो विकारैः प्राकृतैर्गुणैः ॥ को न्विहार्हति विज्ञातुं प्राक् सिद्धं गुणसंवृतः ॥ ३२ ॥ तस्मै तुभ्यं भगवते वासुदेवाय वेधसे ॥ आत्मद्योतगुणैश्छन्नमहिम्ने ब्रह्मणे नमः ॥ ३३ ॥ यस्यावतारा ज्ञायन्ते शरीरेष्वशरीरिणः ॥ तैस्तैस्तुल्यातिशयैर्वीर्यैर्देहिष्वसंगतैः ॥ ३४ ॥ स भवान्सर्वलोकस्य भवाय विभवाय च ॥ अवतीर्णोऽंशभागेन साम्प्रतं पतिराशिषाम् ॥ ३५ ॥ नमः परमकल्याण नमः परममङ्गल ॥ वासुदेवाय शान्ताय यदूनां पतये नमः ॥ ३६ ॥ अनुजानीहि नौ भूमँस्तवानुचरकिङ्करौ ॥ दर्शनं नौ भगवत ऋषेरासीदनुग्रहात् ॥ ३७ ॥ वाणी गुणानुकथने

हुनुहुन्छ ॥ ३० ॥ हजुर नै महत्तत्त्व र त्रिगुणमयी सूक्ष्म प्रकृति हुनुहुन्छ । हजुर नै सबै अन्तःकरणका विकारलाई जान्ने सर्वसाक्षी पुरुष हुनुहुन्छ ॥३१॥ जो ग्रहण गरिन्छ, ती प्राकृत गुणका विकारद्वारा हजुरको ग्रहण हुन सक्तैन । हजुर जीवहरूको उत्पत्ति भन्दा पनि पहिले विद्यमान रहँदै आउनु भएको छ । अतः देहादिले ढाकिएको कुन यस्तो प्राणी छ, जो हजुरलाई जानोस् ? ॥ ३२ ॥ हजुर वासुदेव र जगत्का विधाता हुनुहुन्छ । हजुरको स्वरूप हजुरले नै प्रकाशित गुणद्वारा ढाकिएको छ । हजुर साक्षात् परब्रह्मलाई हामी नमस्कार गर्दछौं ॥३३॥ साधारण पुरुषमा जसको हुनु सम्भव छैन, यस्तो निरतिशय कर्मबाट जुन देहरहित हजुरको देहधारीमा अवतार मानिन्छ, त्यही सबै कामनाहरू पूर्ण पार्ने हजुर सबै लोकको रक्षार्थ र उन्नतिको निम्ति यस बखत आफ्ना पूर्ण कलाहरूका साथ अवतरित हुनुभएको छ ॥ ३५ ॥ अतः कल्याणस्वरूप र मङ्गलमय हजुर शान्त-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूप भगवान् वासुदेवलाई नमस्कार छ ।। ३६ ।। हे भगवन् ! हामी हजुरका दासका पनि दास हौं । देवर्षि नारदको अनुग्रहले नै हजुरको दर्शन भयो । अब हजुर हामीलाई आफ्नो लोक जाने आज्ञा दिनुहवस् ।।३७।। हे प्रभो ! हाम्रो वाणी हजुरको गुणानुवादमा, कान कथाश्रवणमा, हात परिचर्यामा, मन चरण-कमलको चिन्तनमा, शिर हजुरको निवासस्थान स्वरूप जगत्लाई प्रणाम गर्नमा र नेत्र हजुरको विग्रहस्वरूप साधुजनको दर्शनमा लगिरहुन्* ।। ३८ ।। श्रीशुकदेव भन्नुहुन्छ—यक्षकुमार नलकूवर र मणिग्रीवले यसरी स्तुति गरेपछि डोरीले ओखलमा बाँधिएका भगवान्ले हाँसेर भन्नुभयो ।। ३९ ।। श्रीभगवान् आज्ञा हुन्छ—म यो पहिल्यैदेखि जान्दछु—तिमी दुवै ऐश्वर्यमदले अन्धा भएका थियौ, अनि दयालु नारदले श्राप दिएर ऐश्वर्य नष्टपारी तिमीमाथि अनुग्रह गरेका थिए ।।४०।। जसको मनसधैं ममा नै लागिरहन्छ, ती समदर्शी महात्माको दर्शनले समस्त प्राणीका प्रत्येक

श्रवणौ कथायां हस्तौ च कर्मसु मनस्तव पादयोर्नः ।। स्मृत्यां शिरस्तव निवासजगत्प्रणामे दृष्टिः सतां दर्शनेऽस्तु भवत्तनूनाम् ।। ३८ ।। श्रीशुक उवाच ।। इत्थं संकीर्तितस्ताभ्यां भगवान्गोकुलेश्वरः ।। दाम्ना चोलूखले बद्धः प्रहसन्नाह गुह्यकौ ।। ३९ ।। श्रीभगवानुवाच ।। ज्ञातं मम पुरैवैतदृषिणा करुणात्मना ।। यच्छ्रीमदान्धयोर्वाग्भिर्विभ्रंशोऽनुग्रहः कृतः ।। ४० ।। साधूनां समचित्तानां सुतरां मत्कृतात्मनाम् ।। दर्शनान्नो भवेद्बन्धः पुंसोऽक्ष्णोः सवितुर्यथा ।। ४१ ।। तद्गच्छतं मत्परमौ नलकूबर सादनम् ।। सञ्जातो मयि भावो वामीप्सितः परमोऽभवः ।। ४२ ।। श्रीशुक उवाच ।। इत्युक्तौ तौ परिक्रम्य प्रणम्य च पुनः पुनः ।। बद्धोलूखलमामन्त्र्य जग्मतुर्दिशमुत्तराम् ।। ४३ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे नारदशापो नाम दशमोऽध्यायः ।। १० ।।

श्रीशुक उवाच ।। गोपा नन्दादयः श्रुत्वा द्रुमयोः पततो रवम् ।। तत्राजग्मुः कुरुश्रेष्ठ निर्घातभयशङ्किता ।।१।। भूम्यां निपतितौ तत्र ददृशुर्यमला-

संसार-बन्धन मुक्त हुन्छन् । जस्तै सूर्योदय भएपछि नेत्रको अन्धकार नष्ट हुन्छ ।। ४१ ।। अतः हे नलकूवर ! मणिग्रीव ! तिमी दुवै मेरो स्मरण गर्दै आफ्नो घर जाओ । तिमी जे खोज्दथ्यौ, त्यो संसार बन्धन छिनाल्ने मेरो स्नेह तिमीलाई प्राप्त भयो ।। ४२ ।। श्रीशुकदेव भन्नुहुन्छ—भगवान्ले त्यति आज्ञा भएपछि दुवै भाई ओखलमा बाँधिएका कृष्णलाई प्रणाम र परिक्रमा गरेर तथा उनको आज्ञा पाएर उत्तर दिशातिर गए ।।४३।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ।।१०।।

(ब्रजका गोपहरू गोकुलबाट वृन्दावन जानु र बकासुरको वध)—श्रीशुकदेव भन्नुहुन्छ—हे कुरुश्रेष्ठ ! ती वृक्ष ढलेको ठूलो शब्द सुनेर नन्दादि सबै गोप वज्रपातको शंकाले त्याँ जम्मा भए ।।१।। त्यहाँ उनले दुवै अर्जुन-वृक्षलाई ढलेका देखे—यद्यपि वृक्ष ढलाउने बालरूप कृष्ण भगवान् तिनको सामुन्ने नै डोरीले ओखलमा बाँधिएका, त्यसलाई

---

* कुनै कविले समर्पणको भावमा स्तुति गरेका छन्—हे प्रभो ! तिमी अन्तर्यामी, मनको प्रेम कसरी लुकाऊँ तिमीसित, हे जीवन-स्वामी ! तिमी सर्वज्ञ, समर्थ म मूढ छु । म चातक तिमी स्वाती । तिमी दीनबन्धु, दयालु छौ, म वंचक अतिकामी । यो भवपारावार अगम छ, तिमी नै नाविक मेरा । इच्छा भए पारी तारिदेऊ, म त केवल अनुगामी छु । रूप देखेको छैन, बास जानेको छैन—छन् नाना मार्ग मतान्तर । के भनेर र तिमी-लाई डाकूँ ! हे अज्ञेय ! अनामी ! (यो भक्तको आत्मसमर्पण भाव हो ।)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तानिरहेका थिए तैपनि ती गोपले वृक्ष ढलेको कारण निश्चित गर्न सकेनन् । अतः ती भ्रममा परे–'यो कसको उत्पात हो ? यस्तो किन भयो ?' यस्तो तर्कगर्दै कुनै उत्पातको आशंकाले व्याकुल भए ।।२-३।। उसै वेला केही बालकले भने–यी वृक्षको माझमा कृष्णले नै ओखल अड्काएर बेसरी तानी दुवै वृक्ष ढलाएका हुन् । हामीले त यसबाट निस्केका दुइजना दिव्य पुरुषलाई पनि देख्यौं ।। ४ ।। तर गोपगणले तिनका कुरा पत्याएनन् । तां भन्नलागे–'यौटा सानो बालकले यति पुरानो र बलियो वृक्षलाई उखेले–यस्तो हुन सक्तैन !' तीमध्ये कतिपयलाई कृष्णको पूर्वचरित्र संझना हुनाले संशय पनि भयो ।। ५ ।। नन्दजीले देखे–साँच्चै नै उनको बालक डोरीले बाँधिई ओखल तानिरहेका छन् । अनि उनले झट्ट उनको बन्धन फुकाइदिए ।। ६ ।। यसै गरी भगवान् कृष्ण अनेक *बाललीला गर्दथे । ती कहिले गोपीहरूले फकाउँदा साधारण बालक झैं नाच्न लाग्दथे भने कहिले कठपुतली झैं तिनको

र्जुनौ ।। ब्रभ्रमुस्तदविज्ञाय लक्ष्यं पतनकारणम् ।।२।। उलूखलं विकर्षन्तं दाम्ना बद्धं च बालकम् ।। कस्येदं कुत आश्चर्यमुत्पात इति कातराः ।।३।। बाला ऊचुरनेनेति तिर्यग्गतमुलूखलम् ।। विकर्षता मध्यगेन पुरुषावप्यचक्ष्महि ।।४।। न ते तदुक्तं जगृहुर्न घटेतेति तस्य तत् ।। बालस्योत्पाटनं तर्वोः केचित्सन्दिग्धचेतसः ।।५।। उलूखलं विकर्षन्तं दाम्ना बद्धं स्वमात्मजम् ।। विलोक्य नन्दः प्रहसद्वदनो विमुमोच ह ।।६।। गोपीभिः स्तोभितोऽनृत्यद्भगवान्बालवत्क्वचित् ।। उद्गायति क्वचिन्मुग्धस्तद्वशो दारुयंत्रवत् ।।७।। बिभर्ति क्वचिदाज्ञप्तः पीठकोन्मानपादुकम् ।। बाहुक्षेपं च कुरुते स्वानां च प्रीतिमावहन् ।।८।। दर्शयँस्तद्विदां लोक आत्मनो भृत्यवश्यताम् ।। व्रजस्योवाह वै हर्षं भगवान्बालचेष्टितैः ।।९।। क्रीणीहि भोः फलानीति श्रुत्वा सत्वरमच्युतः ।। फलार्थी धान्यमादाय ययौ सर्वफलप्रदः ।।१०।। फलविक्रयिणी तस्य च्युतधान्यं करद्वयम् ।। फलैरपूरयद्रत्नैः फलभाण्डमपूरि च ।। ११ ।। सरित्तीरगतं कृष्णं

वशमा भइदिन्थे र उनले भन्दा साधारण बालक झैं गान गर्दथे ।। ७ ।। कहिले आज्ञा दिएपछि पीढा, खराऊ आदि उचालेर ल्याइदिन्थे र कहिले आफ्ना कुटुम्बीहरू सबैलाई आनन्दित पार्दै ताल ठोक्न थाल्दथे ।। ८ ।। यसै गरी लोकमा ज्ञानी जनलाई आफ्नो भक्ति-परवशता देखाउन ती विविध बाललीला गर्दै व्रजवासीहरूलाई आनन्दित पार्नलागे ।।९।। एक दिन यौटी फल बेच्ने स्त्री कराइरहेकी थिई–'फल लेओ, फल !' त्यो सुनेर सबै थरिका फलदाता श्रीकृष्ण तुरुन्त अन्न लिएर फल किन्न दगुरे ।।१०।। अकस्मात् भगवान्का हातको अन्न छरियो । अनि फल बेच्ने स्त्रीले तिनका दुवै हात फलले भरिदिई र भगवान्ले त्यसको पात्र रत्नादिले भरिदिए ।। ११ ।। यमलार्जुन वृक्ष उखेलिएपछि एक

* कुनै कविले प्रभुको रूप सौन्दर्यको वर्णन गर्दै भनेका छन्—श्याम गात, गालामा औंठी झैं बटारिएका कपाल अर्थात् गुडाकेश, निधारमा श्रीखण्ड चन्दनले भक्तको मन प्रसन्न पारिरहेको छ । आँखाका चञ्चल परेला, हृदयमा उत्साह बढाउने भाव दर्शाउँथे । प्रभुको त्यो सौन्दर्यका दर्शनाभिलाषी घरको मूल द्वारमा उभिएर बाटो हेरिरहन्थे । शरीरमा लगाएको पहेंलो वस्त्र दुइ पाइला दगुर्नासाथ अल्झिएर लड्ने र उठ्ने गरेको तथा कटिमा पहिरेका किंकिणी पाइलैपिछे ध्वनि गर्दा रतिको बोलीलाई पनि परे बस भन्दथे । सुक, पिक, चातक, मयूर घनश्यामको सौन्दर्य हेर्न नगीचै आउँथे । तिनको सुषमा कसरी वर्णन गर्न सकिन्छ, जसको चरणरज नै पवित्र पार्दछ । त्यस सौन्दर्यको दर्शन पाउनासाथ अनुराग बढेर आउँछ, विरागको भावना हटाउँछ । त्यो अनुपम रूप हेरिरहने भक्त कहिल्यै भव-पाशमा बाँधिन्न । आफ्नो-बिरानो, भाव-कुभाव आदि सबै त्यागेर उनकै दास बनेर रहने भक्तको मनमा दुर्भावना निवास गर्न सक्तैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन बलराम र कृष्ण निकै बेरदेखि अन्य बालकहरूसित यमुना-तटमा खेलिरहेका थिए । अतः तिनलाई डाक्न रोहिणी पुगिन् ।। १२ ।। तर ती खेलनमा तल्लीन हुनाले डाक्ता पनि आएनन् अनि रोहिणीले तिनलाई डाक्न पुत्रवत्सला यशोदालाई पठाइन् ।। १३ ।। पुत्रस्नेहवश माता यशोदाका स्तनमा दूध भरिएर आएको थियो । धेरै बेरदेखि बालकहरूसित खेलिरहेका बलराम र कृष्णलाई ती बेसरी चिच्याएर डाक्नलागिन्–॥१४॥ 'हे कृष्ण ! हे कमल-नयन कृष्ण ! हे तात ! तिमी खेल्दा-खेल्दै थाक्यो होला ! बाबू ! आऊ । अब खेलन छाडेर दूध पिय ।। १५ ।। हे कुलनन्दन बलराम ! हे तात ! आफ्नो भाइलाई लिएर झट्ट आऊ । आज त तिमीले बिहानैदेखि खाजा मात्र खाएका थियौ । आऊ अब केही खाऊ ॥१६॥ हे दशार्ह ! हेर व्रजराज नन्दजी खानको निम्ति तिम्रो बाटो हेरिरहेका छन् । आऊ, अब हामीलाई सुखी तुल्याऊ । ए बालक हो ! तिमीहरू पनि आफाफ्ना घर जाओ ॥१७॥ बाबू ! तिम्रो अङ्गमा धूलो भरिएको छ । आऊ, छिटै स्नान गर । आज तिम्रो जन्म-नक्षत्र हो । अतः स्नानादिबाट निवृत्त भएर ब्राह्मणलाई गोदान देऊ ॥१८॥ हेर, तिम्रो साथीहरूलाई

भमार्जुनमथाह्वयत् ॥ रामं च रोहिणी देवी क्रीडन्तं बालकैर्भृशम् ॥१२॥ नोपेयातां यदाहूतौ क्रीडासङ्गेन पुत्रकौ ॥ यशोदां प्रेषयामास रोहिणी पुत्रवत्सलाम् ॥१३॥ क्रीडन्तं सा सुतं बालैरतिवेलं सहाग्रजम् ॥ यशोदाऽजोहवीत्कृष्णं पुत्रस्नेहस्नुतस्तनी ॥ १४ ॥ कृष्ण कृष्णारविन्दाक्ष तात एहि स्तनं पिब ॥ अलं विहारैः क्षुत्क्षान्तः क्रीडाश्रान्तोऽसि पुत्रक ॥१५॥ हे रामागच्छ ताताशु सानुजः कुलनंदन ॥ प्रातरेव कृताहारस्तद्भवान्भोक्तुमर्हति ॥ १६ ॥ प्रतीक्षते त्वां दाशार्ह भोक्ष्यमाणो व्रजाधिपः ॥ एह्यावयोः प्रियं धेहि स्वगृहान्यात बालकाः ॥ १७ ॥ धूलिधूसरिताङ्गस्त्वं पुत्र मज्जनमावह ॥ जन्मर्क्षमद्य भवतो विप्रेभ्यो देहि गाः शुचिः ॥ १८ ॥ पश्य पश्य वयस्याँस्ते मातृमृष्टान्स्वलङ्कृतान् ॥ त्वं च स्नातः कृताहारो विहरस्व स्वलङ्कृतः ॥ १९ ॥ इत्थं यशोदा तमशेषशेखरं मत्वा सुतं स्नेहनिबद्धधीर्नृप ॥ हस्ते गृहीत्वा सहराममच्युतं नीत्वा स्ववाटं कृतवत्यथोदयम् ॥ २० ॥ गोपवृद्धा महोत्पातानानुभूय बृहद्वने ॥ नन्दादयः समागम्य व्रजकार्यममन्त्रयन् ॥ २१ ॥ तत्रोपनन्दनामाऽऽह गोपो ज्ञानवयोऽधिकः ॥ देशकालार्थतत्त्वज्ञः प्रियकृद्रामकृष्णयोः ॥ २२ ॥ उत्थातव्यमितोऽस्माभिर्गोकुलस्य हितैषिभिः ॥ आयांत्यत्र महोत्पाता बालानां नाशहेतवः ॥ २३ ॥ मुक्तः कथञ्चिद्राक्षस्या बालघ्न्या बालको ह्यसौ ॥ हरेरनुग्रहान्नूनमनश्चोपरि नापतत् ॥ २४ ॥ चक्रवातेन नीतोऽयं दैत्येन विपदं

उनका आमाले स्नान गराई राम्रा वस्त्र र आभूषण लगाइदिएका छन् । तिमी पनि स्नान गरेर खान-पिन सकी राम्रा राम्रा आभूषण धारण गर अनि खेल ॥१९॥ हे राजन् ! यसरी पुत्र-स्नेहमा बाँधिएकी यशोदा सबै चराचरका मुकुटमणि भगवान् कृष्णलाई पुत्र मानेर बलराम सहित तिनको हात समातेर घर लगिन् र जो मङ्गलकृत्य गर्नु थियो, त्यो सबै गरिन् ॥२०॥ गोकुलमा भयङ्कर उत्पात भएका देखेर नन्दादि बूढा-पाका गोप जम्मा भएर 'व्रजवासीहरूले के गर्नुपर्दछ ?' यस विषयमा विचार गर्नलागे ॥२१॥ तिनमा उपनन्द नामक ज्ञानवृद्ध गोप थिए । ती देश-काल र वस्तुको तत्त्व जान्ने, राम-कृष्णका अत्यन्त हितैषी थिए, तिनले भने–॥ २२ ॥ गोकुलमा बालकहरूको अनिष्ट गर्ने अनेक थरिका उत्पात दिनहुँ भइरहन्छन् । अतः यदि हामी गोकुलको कुशल चाहन्छौं भने हामीले यहाँबाट हिंडिदिनु पर्दछ ॥ २३ ॥ हेर, पहिले बालक कृष्ण बालघातिनी पूतनाको हातबाट

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोगिए। फेरि हेरन, भगवान्को कृपाले नै बालक माथि गाडा ढलेन ॥२४॥ त्यसपछि चक्रवातरूपधारी दैत्य तृणावर्त विपत्तिका घरलाई आकाशमा लग्यो र जब ढुङ्गामा पच्छारियो तब यहाँ ईश्वरले नै बालकको रक्षा गरे ॥ २५ ॥ यमलार्जुन वृक्ष ढल्दा त्यसको माझमा परेर पनि यी अथवा अरु कुनै बालक नमर्नु–त्यो पनि त उनै अच्युत भगवानकै द्वारा यिनको रक्षा गरियो ॥२६॥ अतः अर्को कुनै दैवी विपत्ति आएर व्रजलाई ढाक्न नपाउँदै हामी बालकहरू लिएर अनुगामी गोपहरूका साथै कुनै अन्य स्थानमा जाऔं ॥२७॥ यहाँ नगीचै नयाँ वनावलीले सुशोभित वृन्दावन नामको यौटा वन छ, त्यो पशुहरूका लागि पनि स्वास्थ्यकर छ। त्यहाँ पवित्र पर्वत, दूध र लता वृक्ष आदि छन्। त्यो गोप, गोपी र गाई सबै बस्न लायक छ ॥ २८ ॥ हामी आजै त्यहाँ जाऔं, तिमीहरू गाडा जोत, अब अबेर नगर। यदि उचित ठान्दछौ भने गोधन आदि पहिल्यै पठाइदेऔं ॥ २९ ॥ उपनन्दका कुरा सबैलाई मनपर्‍यो र उनीहरूले 'राम्रो हो, ठीक छ' भनेर त्यो कुरा एकमतले स्वीकार गरे र आफ्ना-आफ्ना गोधन, सबै सामग्रीहरू एकत्रित पारेर गाडा-

वियत् ॥ शिलायां पतितस्तत्र परित्रातः सुरेश्वरैः ॥ २५ ॥ यन्न म्रियेत द्रुमयोरन्तरं प्राप्य बालकः ॥ असावन्यतमो वापि तदप्यच्युतरक्षणम् ॥२६॥ यावदौत्पातिकोऽरिष्टो व्रजं नाभिभवेदितः ॥ तावद्बालानुपादाय यास्यामोऽन्यत्र सानुगाः ॥ २७ ॥ वनं वृन्दावनं नाम पशव्यं नवकाननम् ॥ गोपगोपीगवां सेव्यं पुण्याद्रितृणवीरुधम् ॥ २८ ॥ तत्तत्राद्यैव यास्यामः शकटान्युङ्क्त मा चिरम् ॥ गोधनान्यग्रतो यान्तु भवतां यदि रोचते ॥ २९ ॥ तच्छ्रुत्वैकधियो गोपाः साधु साध्विति वादिनः ॥ व्रजान्स्वान्स्वान्समायुज्य ययू रूढपरिच्छदाः ॥ ३० ॥ वृद्धान्बालान्स्त्रियो राजन्सर्वोपकरणानि च ॥ अनःस्वारोप्य गोपाला यत्ता आत्तशरासनाः ॥ ३१ ॥ गोधनानि पुरस्कृत्य शृङ्गाण्यापूर्य सर्वतः ॥ तूर्यघोषेण महता ययुः सहपुरोहिताः ॥ ३२ ॥ गोप्यो रूढरथा नूत्नकुचकुंकुमकान्तयः ॥ कृष्णलीला जगुः प्रीता निष्ककण्ठ्यः सुवाससः ॥ ३३ ॥ तथा यशोदारोहिण्यावेकं शकटमास्थिते ॥ रेजतुः कृष्णरामाभ्यां तत्कथाश्रवणोत्सुके ॥ ३४ ॥ वृन्दावनं सम्प्रविश्य सर्वकालसुखावहम् ॥ यत्र चक्रुर्व्रजावासं शकटैरर्धचन्द्रवत् ॥ ३५ ॥ वृन्दावनं गोवर्धनं यमुनापुलिनानि च ॥ वीक्ष्यासीदुत्तमा प्रीती राममाधवयोर्नृप ॥ ३६ ॥ एवं व्रजौकसां प्रीती यच्छ-

हरूमा सामग्री राखे र वृन्दावनका लागि प्रस्थान गरिदिए ॥ ३० ॥ हे राजन्! गोपहरूले आफ्ना सबै वस्तु गाडाहरूमा राखेर त्यसमा वृद्धजन, बालक र स्त्रीहरूलाई बसाले स्वयं धनुष बाण लिएर सावधानीले तिनको संगै हिंडे ॥ ३१ ॥ बाटोमा तिनले गाई र बाछाहरू अघिलगाए र तिनको पछि-पछि अनेक बाजा बजाउँदै आफ्ना कुलपुरोहितका साथै हिंडे ॥३२॥ कुचमा नवीन कुंकुम लगाई र नवीन वस्त्र एवं घाँटीमा गहना लगाई गोपाङ्गनाहरू रथमा चढेर आनन्दपूर्वक श्रीकृष्ण लीला-गान गर्दै वृन्दावनको निम्ति हिंडे ॥ ३३ ॥ आफ्ना बालकहरूका बाललीलाहरू अत्यन्त उत्सुकताले सुन्दै यशोदा र रोहिणी कृष्ण तथा बलरामसित यौटै गाडामा बसेर सुशोभित भइरहेका थिए ॥ ३४ ॥ यस प्रकार सबै ऋतुमा सुखदायक वृन्दावनमा पुगेर गोपगणले गाडाहरू अर्धचन्द्राकाररूपमा उभ्याएर गोधनलाई बस्ने योग्य स्थान बनाए ॥ ३५ ॥ हे राजन्! वृन्दावनको जंगल, गोवर्धन पर्वत र यमुनाको तट देखेर बलराम र कृष्ण प्रसन्न भए। यस प्रकार मीठो वाणी र बाललीलाहरूले व्रजवासी सबैगोप-गोपीलाई प्रसन्न पार्दै राम र कृष्ण केही समयपछि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वत्सपाल (गोठालो) भए ॥३६-३७॥ अनेक थरिका वस्त्राभूषणले विभूषित भएर ती वृन्दावनमा गोप-बालकहरूसित थरि-थरिका खेल खेल्दै बाछा चराउन लागे ॥ ३८ ॥ त्यहाँ कहिले वंशी बजाउने, कहिले डल्ला फाल्ने र कहिले खुट्टाका घुँघुरू बजाउने र कहिले नकली गाई वा गोरू बनेर खेल्दथे ॥ ३८ ॥ ती कहिले दुइटा साँढे जस्तै बनेर परस्पर गर्जन्थे र लडाइँ गर्दथे, कहिले साधारण बालकको समान मयूर आदि पक्षीहरू बोल्दै डुल्दथे ॥ ४० ॥ एक दिन जब राम र कृष्ण आफ्ना समवयस्क बालकहरूसित यमुनाजीको तटमा बाछा चराइरहेका थिए, तब तिनलाई मार्न यौटा दैत्य आयो ॥ ४१ ॥ त्यो बाछोको रूप लिएर अन्य बाछाहरूमा मिसिएको कृष्णले देखे । त्यसपछि दाजूलाई पनि देखाएर आफू बिस्तार-बिस्तार त्यसको नगीचै पुगे ॥४२॥ अनि कृष्णले तत्काल त्यसको पुच्छरसमेत पछाडिका दुबै खुट्टा समातेर अन्तरिक्षमा फन्न घुमाई यौटा वृक्षमाथि फ्याँकिदिए । त्यतिले नै प्राणहीन भएर अनेक वृक्षहरू ढाल्दै पृथ्वीमा पच्छारियो ॥ ४३ ॥ त्यो देखेर छक्क परेका गोप बालकले 'साधु-साधु' भनेर, देवगणले प्रसन्न भएर उनमाथि पुष्प वर्षा गरे ॥ ४४ ॥

न्तौ बालचेष्टितैः ॥ कलवाक्यैः स्वकालेन वत्सपालौ बभूवतुः ॥ ३७ ॥ अविदूरे व्रजभुवः सह गोपालदारकैः ॥ चारयामासर्वत्सान्नानाक्रीडा-परिच्छदौ ॥ ३८ ॥ क्वचिद्वादयतो वेणुं क्षेपणैः क्षिपतः क्वचित् ॥ क्वचित्पादैः किङ्किणीभिः क्वचित्कृत्रिमगोवृषैः ॥ ३९ ॥ वृषायमाणौ नर्दन्तौ युयुधाते परस्परम् ॥ अनुकृत्य रुतैर्जन्तूँश्चेरतुः प्राकृतौ यथा ॥ ४० ॥ कदाचिद्यमुनातीरे वत्साँश्चारयतोः स्वकैः ॥ वयस्यैः कृष्णबलयोर्जिघांसु-र्दैत्य आगमत् ॥ ४१ ॥ तं वत्सरूपिणं वीक्ष्य वत्सयूथगतं हरिः ॥ दर्शयन् बलदेवाय शनैर्मुग्ध इवासदत् ॥४२॥ गृहीत्वाऽपरपादाभ्यां सहलांगूल-मच्युतः ॥ भ्रामयित्वा कपित्थाग्रे प्राहिणोद्गतजीवितम् ॥ स कपित्थैर्महाकायः पात्यतानैः पपात ह ॥ ४३ ॥ तं वीक्ष्य विस्मिता बालाः शशंसुः साधुसाध्विति ॥ देवाश्च परिसन्तुष्टा बभुवुः पुष्पवर्षिणः ॥ ४४ ॥ तौ वत्सपालकौ भूत्वा सर्वलोकैकपालकौ ॥ सप्रातराशौ गोवत्साँश्चारयन्तौ विचेरतुः ॥ ४५ ॥ स्वं स्वं वत्सकुलं सर्वे वाययिष्यन्त एकदा ॥ गत्वा जलाशयाभ्याशं पाययित्वा पपुर्जलम् ॥ ४६ ॥ ते तत्र ददृशुर्बाला महा-सत्त्वमुपस्थितम् ॥ तत्र सुवंज्रनिर्भिन्नं गिरेः शृङ्गमिवच्युतम् ॥ ४७ ॥ स वै बको नाम महानसुरो बकरूपधृक् ॥ आगत्य सहसा कृष्णं तीक्ष्णतु-ण्डोऽग्रसद्बली ॥ ४८ ॥ कृष्णं महाबकग्रस्तं दृष्ट्वा रामादयोऽर्भकाः ॥ बभूवुरिन्द्रियाणीव विना प्राणं विचेतसः ॥ ४९ ॥ तं तालुमूलं प्रदहन्त-

यस प्रकार सबै लोकको पालन गर्ने राम र कृष्ण गोठालो भएर आफ्नो खाजा लिएर जान्थे र वनमा बाछा चराउँदै डुल्ने गर्दथे ॥ ४५ ॥ एकदिन सबै ग्वाल-बाल आफाफना बाछाहरूलाई जलाशयमा पानी खुवाउन लगे र तिनलाई पानी खुवाई आफूले पनि खाए ॥ ४६ ॥ सहसा बालकहरूले त्यहाँ बसेको यौटा निकै ठूलो जीव देखे, जुन द्वारा काटिएर ढलेको पर्वत शिखर झैं देखिन्थ्यो । त्यसलाई देखनाथ ती भयभीत भए ॥ ४७ ॥ त्यो बकासुर नामको दैत्य थियो, जुन बकुल्लाको रूप लिएर आएको थियो । अकस्मात् त्यो धारिलो चुचो भएको दैत्यले झम्टेर कृष्णलाई निल्यो ॥ ४८ ॥ कृष्णलाई यौटा भीमकाय बकुल्लाको मुखमा पुगेका देखेर बलराम आदि ग्वालबाल अचेत झैं भए—जस्तै प्राणहीन इन्द्रियहरू अचेत हुन्छन् । उता जगद्गुरु र ब्रह्माका पिता श्रीकृष्ण असुरका मुखमा गएर त्यसको तालु अग्नि झैं पोल्न लागे, त्यसले उनलाई कुनै क्षति नपुऱ्याई जस्ताको त्यस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तुरुन्त उकेलिदियो। अत्यन्त रिसाएर त्यो भगवान् कृष्णलाई चुच्चोले हिर्काउन दगुऱ्यो ।। ४९-५० ।। कंसको सखा बकासुरले आक्रमण गर्नासाथ देवता रूहकाआनन्ददाता, रक्षक र सत्पुरुषका स्वामी भगवान् श्रीकृष्णले दुवै हातले त्यसको चुच्चो समातेर सबै ग्वाल-बालले देख्दा-देख्दै त्यसलाई काँस चिरे झैं ख्याल-ख्याल मैं चिरीदिए ।। ५१ ।। त्यसले प्रसन्न भएर स्वर्गका देवताहरूले बकासुरका शत्रु भगवान कृष्णमाथि नन्दनवनको मल्लिका आदि पुष्पको वर्षा गरे र बाजा बजाएर उनको स्तुति गर्नलागे। त्यो देखेर ग्वालबाललाई आश्चर्य भयो ।। ५२ ।। श्रकृीष्णलाई बकुल्लोको मुखबाट बाहिर निस्केर आफूतिर आउन लागेका देखेर बलराम आदि सबै जनालाई यस्तो आनन्द भयो—जस्तो प्राण फर्केर आउँदा इन्द्रियहरूलाई हुन्छ। ती अतिशय प्रवन्नतापूर्वक अंकमाल गरेर आफाक्ना बाछा लिएर व्रजमा फर्के। घरमा आएर उनले वनमा घटेको सारा घटना वर्णन गरेर सुनाए ।। ५३ ।। कृष्णको त्यो अद्भुत चरित्र सुनेर गोप-गोपिनीहरूलाई आश्चर्य भयो। जस्तै कोही प्रियजन मरेर फेरि आउँदा हुन्छ, त्यतै ती उनलाई प्रेम र आनन्दले आकुल नेत्रले हेर्नलागे

मभिवद्गोपालसूनुं षितरं जगद्गुरोः ।। चच्छर्द सद्योऽतिरुपाक्षतं बकस्तुण्डेन हन्तुं पुनरभ्यपद्यत ।। ५० ।। तमापतन्तं स निगृह्य तुण्डयोर्दोर्भ्यों बकं कंससखं सतां पतिः ।। पश्यत्सु बालेषु ददार लीलया मुदावहो वारणवद्दिवौकसाम् ।। ५१ ।। तदा बकारिं सुरलोकवासिनः समाकिरन्नन्दनमल्लिकादिभिः ।। समीडिरे चानकशङ्खसंस्तवैस्तद्वीक्ष्य गोपालसुता विसिस्मिरे ।। ५२ ।। मुक्तं बकास्यादुपलभ्य बालका रामादयः प्राणमिवैन्द्रियो गणः ।। स्थानागतं तं परिलभ्य निर्वृताः प्रणीय वत्सान्व्रजमेत्य तज्जगुः ।। ५३ ।। श्रुत्वा तद्विस्मिता गोपा गोप्यश्चातिप्रियादृताः ।। प्रेत्यागतमिवौत्सुक्यादैक्षन्त तृषितेक्षणाः ।। ५४ ।। अहो बतास्य बालस्य बहवो मृत्यवोऽभवन् ।। अप्यासीद्विप्रियं तेषां कृतं पूर्वं यतो भयम् ।। ५५ ।। अथाप्यभिभवन्त्येनं नैव ते घोरदर्शनाः ।। जिघांसयैनमासाद्य नश्यन्त्यग्नौ पतङ्गवम् ।। ५६ ।। अहो ब्रह्मविदां वाचो नासत्याः सन्ति कर्हिचित् ।। गर्गो यदाह भगवानन्वभावि तथैव तत् ।।५७।। इति नन्दादयो गोपाः कृष्णरामकथां मुदा ।। कुर्वन्तो रममाणाश्च नाविन्दन्भववेदनाम् ।। ५८ ।। एवं विहारैः कौमारैः कौमारं जहतुर्व्रजे ।। निलायनैः सेतुबन्धैर्मर्कटोत्प्लवनादिभिः ।। ५९ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे वत्सबकवधो नामैकादशोऽध्यायः ।। ११ ।।

।।५४।। ती परस्पर भन्दथे–अहो ! आश्चर्यको कुरा छ। यस बालकलाई मृत्युले अनेक पल्ट घेऱ्यो, तर जसले इनलाई भय देखायो, उसैको अनिष्ट भयो–यसको केही हानि भएन ।।५५।। अहो ! ती डरलाग्दा असुरले यसको केही अनिष्ट गर्न पाउन्नन्। उल्टै यसलाई मार्न आउने दैत्य बत्तीका पुतली झैं स्वयं नष्ट भएर जान्छन् ।। ५६ ।। ब्रह्मवेत्ता ज्ञानीहरूको वचन झूठो हुन सक्तैन। हेरन, गर्ग मुनिले जे-जे कुरा भनेका थिए ती सबै जस्ताको तस्तै सत्य हुँदै गइरहेको छ ।।५७।। हे राजन् ! नन्दादि गोपगणलाई राम-कृष्णका लीलाहरूको आनन्दपूर्वक स्मरण गर्नाले कुनै सांसारिक कष्ट हुँदैनथ्यो ।। ५८ ।। यसै गरी व्रजमा 'आँखा छुन्ने, पुल बाँध्ने र वानर झैं उफ्रने' आदि बाल्यावस्थाका अनेक थरिका खेल खेल्दा-खेल्दै भगवान् बलदेव र कृष्णको कौमारावस्था वित्यो ।। ५९ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायामेकादशोऽध्यायः ।। ११ ।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अघासुर-वध) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! एक दिन भगवान् उठेर वनमै खाने विचारले आफ्नो मनोहर निनादले सबै साथीहरूलाई डाकेर व्रजमण्डलबाट निस्के ॥ १ ॥ उनका प्रेमी हजारौं बालक खानेकुरा, लट्ठी, बाँसुरी र आफ्ना हजारभन्दा पनि बर्ता बाछा-बाछी अघि लगाएर प्रसन्नतापूर्वक गाउँबाट बाहिर निस्के ॥ २ ॥ ती सबैले कृष्णचन्द्रका सबै बाछामा आफ्ना पनि मिसाए र तिनलाई चराउदै, अनेक बाल-लीला गर्दै खेल्न लागे ॥ ३ ॥ यद्यपि ती सबै बालक, काँच, गुञ्जा, मणि तथा सुवर्णका आभूषणहरूले विभूषित थिए, तापनि उनले आफूलाई अनेक थरिका फल, पात, फूल, गुच्छा, मयूरपुच्छ र गेरू आदि धातुले अझ बढी अलंकृत पारे ॥ ४ ॥ ती यौटाले अर्कोको खानेकुरा चोर्दथे र उसले थाहा पाएपछि त्यो चोर्ने व्यक्ति अरु कुनै तर्फ फ्याँकिदिन्थ्यो, त्यो व्यक्ति अझ पर फालिदिन्थ्यो। जसको खाने कुरा हो, त्यो व्यक्ति दिक्क भएपछि ती हाँस्तै उसलाई खानेकुराको भाँडो फर्काइदिन्थे ॥ ५ ॥ भगवान् कृष्ण वनको शोभा हेर्नका लागि कहिले वनमा अलि पर जाँदा उनलाई 'पहिले म छुन्छु' भन्दै

श्रीशुक उवाच ॥ क्वचिद्वनाशाय मनो दधद्व्रजात्प्रातः समुत्थाय वयस्यवत्सपान् ॥ प्रबोधयञ्छृङ्गरवेण चारुणा विनिर्वतो वत्सपुरःसरो हरिः ॥१॥ तेनैव साकं पृथुकाः सहस्रशः स्निग्धाः सुशिग्वेत्रविषाणवेणवः ॥ स्वान्स्वान्सहस्रोपरिसंख्ययाऽन्वितान् वत्सान्पुरस्कृत्य विनिर्ययुर्मुदा ॥२॥ कृष्ण-वत्सैरसंख्यातैर्यूथीकृत्य स्ववत्सकान् ॥ चारयन्तोऽर्भलीलाभिर्विजहुस्तत्र तत्रह ॥ ३ ॥ फलप्रवालस्तबकसुमनः पिच्छधातुभिः ॥ काचगुञ्जामणिस्वर्ण-भूषिता अप्यभूषयन् ॥ ४ ॥ मुष्णन्तोऽन्योन्यशिक्यादीन्ज्ञातानाराच्च चिक्षिपुः ॥ तत्रत्याश्च पुनर्दूराद्धसन्तश्च पुनर्ददुः ॥ ५ ॥ यदि दूरं गतः कृष्णो वनशोभेक्षणाय तम् ॥ अहं पूर्वमहं पूर्वमिति संस्पृश्य रेमिरे ॥ ६ ॥ केचिद्वेणून्वादयन्तो ध्मान्तः शृङ्गानि केचन ॥ केचिद्भृङ्गैः प्रगायन्तः कूजन्तः कोकिलैः परे ॥७॥ विच्छायाभिः प्रधावन्तो गच्छन्तः साधु हंसकैः ॥ बकैरुपविशन्तश्च नृत्यन्तश्च कलापिभिः ॥८॥ विकर्षन्तः कीशबालानारोहन्तश्च तैर्द्रुमान् ॥ विकुर्वन्तश्च तैः साकं प्लवन्तश्च पलाशिषु ॥ ९ ॥ साकं भेकैर्विलंघन्तः सरित्प्रस्रवसम्प्लुताः ॥ विहसन्तः प्रतिच्छायाः शपन्तश्च प्रति-

कराएर ग्वालबाल उनलाई छोएर प्रसन्न हुन्थे ॥ ६ ॥ कोही बाँसुरी बजाउँथे, कोही नरसिंघाको शब्द गर्दथे, कोही भमराका साथै गएर र कोही बालक कोइलीका साथै कुहू-कुहू'गरेर आनन्दित हुन्थे ॥ ७ ॥ कुनै आकाशतिर उफ्रन्थे, कोही पक्षीहरूका छायासित दगुर्थे, कोही हँससित हिंड्दथे, कोही बकुल्लाको नगीचै साबधु जस्तै बनेर बस्तथे र कोही मयूरहरूकासाथै मिलेर नाच्न थाल्दथे ॥ ८ ॥ कोही बाँदरका बच्चा समातेर तान्दथे र तिनैसित आफू पनि वृक्षमाथि चढेर तथा उनीतिर मुख बज्याएर गिज्याउन र घुर्की देखाउँदै यौटा हाँगाबाट अर्को हाँगामा उफ्रन्दै जाने गर्दथे ॥ ९ ॥ कोही यमुना नदीको भङ्गालोमा बग्ने थोरै पानीमा डुबुल्की लगाउँथे र भ्यागुतो झैं उसैसित आफू पनि उफ्रन थाल्दथे। कोही आफ्नो नै प्रतिध्वनिलाई जाति-नजाति भन्न लाग्दथे। हे राजन् ! यसरी तत्त्वज्ञानी सत्पुरुषका लागि ब्रह्मानन्दानुभव-स्वरूप, दास्यभावमा प्राप्त भक्तजनका लागि परमदेवता र *माया-मोहित

* उदारण—मायाको प्रबलताका विषयमा ज्ञानी सूरदासको भनाई छ–हे हेरि ! तिम्रो भजन गर्न सकिन। संसारमा आएपछि तिम्री मायाले मति भ्रमित पारिदिइन्। साधु कहिएँ अर्काको धन हरण गर्न तयार हुन्छु–जस्तै कुनै नटले नकली रूप धारण गरेर जादू देखाए जस्तै मायाले आफ्नू प्रबलता देखाउँछिन्। कति युक्ति गरेर हजुरको भजन गर्न खोज्दा पनि उनै मायाले भुलाइदिन्छिन्। हे प्रभो! धन्य छन् हजुरकी माया!

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यक्तिको निम्ति बालक-रूपधारी श्रीकृष्णसित ती ठूलो भाग्यशाली गोप-कुमारहरू खेल्दथे ॥ १०॥११ ॥ अनेक जन्मसम्म कष्ट सहेर इन्द्रिय र मनको संयम गर्न सक्ने ती योगिहरूलाई पनि जसको चरण-रज प्राप्त हुन कठिन छ, ती भगवान् जसका आँखाको साम्नुन्ने सधैँ विद्यमान रहन्थे, ती व्रजवासीहरूका भाग्यको वर्णन कति गर्नूँ ? ॥ १२ ॥ हे राजन् ! एक दिन ती बालकहरूको आनन्द-दायक क्रीडा हेर्न नसक्ने डाही अघासुर नामक दैत्य त्यहाँ आयो। यद्यपि देवगण अमृत-पानले अमर भइसकेका थिए, तापनि आफ्नो प्राणरक्षाका लागि त्यस अघासुरको छिद्र अर्थात् मृत्युको प्रतीक्षा गरिरहन्थे ॥ १३ ॥ अघासुर पूतना र बकासुरको कांछो भाई थियो। त्यो कंसको आज्ञाले व्रजमा आयो र कृष्ण आदि बालकहरूलाई देखेर विचार गर्नलाग्यो–यो मेरा सहोदर दाजू र दिदी—दुवैको घातक हो। अतः आज यसका साथीसमेत म यसलाई मार्नेछु ॥१४॥ यी सबै मरेर जब मेरा मृत बन्धुका लागि तिलोदकरूप हुनेछन्, तब सबै व्रजवासी म जस्तै असहाय हुनेछन्, किनकि सन्तान नै प्राणीहरूका प्राण हुन्छन्। अतः यी सबै प्राण नष्ट भएपछि

स्वनात् ॥१०॥ इत्थं सतां ब्रह्मसुखानुभूत्या दास्यं गतानां परदैवतेन ॥ मायाश्रितानां नरदारकेण साकं विजह्रुः कृतपुण्यपुञ्जाः ॥११॥ यत्पादपांसुर्बहुजन्मकृच्छ्रतो धृतात्मभिर्योगिभिरप्यगम्यः ॥ स एव यद्दृग्विषयः स्वयं स्थितः किं वर्ण्यते दिष्टमतो व्रजौकसाम् ॥१२॥ अथाघनामाऽभ्यपतन्महासुरस्तेषां सुखक्रीडनवीक्षणाक्षमः ॥ नित्यं यदन्तर्निजजीवितेप्सुभिः पीतामृतैरप्यमरैः प्रतीक्ष्यते ॥१३॥ दृष्ट्वाऽर्भकान्कृष्णमुखानघासुरः कंसानुशिष्टः स बकीबकानुजः ॥ अयं तु मे सोदरनाशकृत्तयोर्द्वयोर्ममैनं सबलं हनिष्ये ॥१४॥ एते यदा मत्सुहृदोस्तिलापः कृतास्तदा नष्टसमा व्रजौकसः ॥ प्राणे गते वर्ष्मसु का नु चिन्ता प्रजासवः प्राणभृतो हि ये ते ॥ १५ ॥ इति व्यवस्याजगरं बृहद्वपुः स योजनायाममहाद्रिपीवरम् ॥ कृत्वाऽद्भुतं व्यात्तगुहाननं तदा पथि व्यशेत ग्रसनाशया खलः ॥ १६ ॥ धराधरोष्ठो जलदोत्तरोष्ठो दर्याननान्तो गिरिशृङ्गदंष्ट्रः ॥ ध्वान्तान्तरास्यो वितताध्वजिह्वः परुषानिलश्वसदवेक्षणोष्णः ॥१७॥ दृष्ट्वा तं तादृशं सर्वे मत्वा वृन्दावनश्रियम् ॥ व्यात्ताजगरतुण्डेन ह्युत्प्रेक्षन्ते स्म लीलया ॥ १८ ॥ अहो मित्राणि गदत सत्त्वकूटं पुरःस्थितम् ॥ अस्मत्संग्रसनव्यात्तव्यालतुण्डायते न वा ॥१९॥ सत्यमर्ककरारक्तमुत्तराहनुवद्धनम् ॥ अधराहनुवद्रोधस्तत्प्रतिच्छा-

शरीरको चिन्ता नैं के रहने छ ? ॥ १५ ॥ यस्तो विचार गरेर त्यो दुष्ट दैत्यले एक योजन लामो महापर्वत समान अत्यन्त स्थूल, विचित्र र धेरै लामो अजिङ्गरको रूप धारण गर्‍यो र ती सबै बालकलाई निल्नको निम्ति कन्दरा जस्तै मुख फिंजाएर बाटोमा पल्टियो ॥१६॥ त्यसको तल्लो ओठ पृथ्वीसित र माथिल्लो आकाशमा टाँसिएको थियो। त्यसका डरलाग्दा दाहा कन्दरा समान थिए। त्यसका बङ्गारा गिरि-शिखर जस्तै थिए। मुखभित्र घोर अन्धकार थियो। जिभ्रो लामो रातो सड़क झैं देखिन्थ्यो। त्यसको श्वास प्रचण्ड वायुसमान थियो र नेत्र दावानल झैं प्रज्वलित भइरहेका थिए ॥१७॥ पापी अघासुरको त्यस्तो भीषण रूप देखेर बालकहरूले त्यसलाई पनि वनको शोभा नै ठाने, अनि कौतुकवश त्यसको उघ्रेको मुखसित अजिंगरकै तुलना गर्नलागे ॥ १८ ॥ ती भन्छन्—'मित्र हो ! लौ भन त, साम्नुन्ने यो कुनै जीव झैं पल्टेको हामीलाई निल्नको निम्ति अजिंगरको खुला मुखझैं देखिरहेको छैन ? ॥ १९ ॥ हेर, सूर्यका किरण पर्नाले राता-राता मेघमण्डल ठीक यसको माथिल्लो ओठ जस्तै प्रतीत हुन्छ र यसको छायाले तलको भूमि केही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रातो छुनाले तलका ओंठ ज्ञात भइरहेछ ॥२०॥ हरे, यी दायाँ र बायाँतिर गिरिकन्दरा झैं यसका दाह्रासित होडबाजी गर्दैछन् र अग्ला शिखर पंक्ति यसका बङ्गारा जस्तै
देखिन्छन् ॥२१॥ यो चाक्लो सड्क यसको जिब्रो झैं देखिंदैछ र भित्रको अन्धकार मुखको आन्तरिक शून्यभाग झैं देखिन्छ ॥ २२ ॥ यो दावानलको उष्ण र तीक्ष्ण वायु यसको
श्वास झै बुझिन्छ । यसद्वारा दग्ध जीवहरूको दुर्गन्ध अजिंगरको भित्रबाट निस्कने मासुको गन्ध जस्तै थाहा भइरहेको छ ॥ २३॥ यसभित्र गएमा के यो हामीलाई सलक्क निल्नेछ ?
तर यस्तो गऱ्यो भने बकासुर जस्तै यो पनि हाम्रा कृष्णको हातबाट मारिने छ।' यति भनेर बालकहरूले बकासुरलाई मार्ने श्रीकृष्णचन्द्रको मोहक मुखतिर हेरे र दुवै हातले ताली
बजाउँदै, हाँस्तै त्यसको मुखभित्र पसे ॥ २४ ॥ ती अज्ञानी बालकले भनेका भ्रमपूर्ण कुरा सुनेर कृष्णले विचार गर्नुभयो—यिनलाई सत्य सर्प पनि मिथ्या प्रतीत भइरहेको छ ।
भगवान् सर्वान्तरयामी थिए । यो राक्षस हो भन्ने उनले तत्काल जाने र आफ्ना मित्रहरूलाई राक्षसको मुखमा जानबाट रोक्ने विचार गरे ॥ २५ ॥ तर त्यतिवेलासम्म सबै

यथाऽरुणम् ॥ २० ॥ प्रतिस्पर्धेते सृक्किभ्यां सव्यासव्ये नगोदरे ॥ तुङ्गशृङ्गालयोऽप्येतास्तद्दंष्ट्राभिश्च पश्यत ॥ २१ ॥ आस्तृतायाममार्गोऽयं रसनां
प्रतिगर्जति ॥ एषामन्तर्गतं ध्वान्तमेतदप्यन्तराननम् ॥ २२ ॥ दावोष्णखरवातोऽयं श्वासवद्भाति पश्यत ॥ तद्दग्धसत्त्वदुर्गन्धोऽप्यन्तरामिषगन्धवत्
॥२३॥ अस्मान्किमत्र ग्रसिता निविष्टानयं तथा चेद्बकवद्विनङ्क्ष्यति ॥ क्षणादनेनेति बकार्युशन्मुखं वीक्ष्योद्धसन्तः करताडनैर्ययुः ॥ २४ ॥ इत्थं
मिथोऽतथ्यमतज्ज्ञभाषितं श्रुत्वा विचिन्त्येत्यमृषा मृषायते ॥ रक्षो विदित्वाऽखिलभूतहृत्स्थितःस्वानां निरोद्धुं भगवान्मनो दधे ॥ २५ ॥ तावत्प्रविष्टा-
स्त्वसुरोदरान्तरं परं न गीर्णाः शिशवः सवत्साः ॥ प्रतीक्षमाणेन बकारिवेशनं हतस्वकांतस्मरणेन रक्षसा ॥ २६ ॥ तान्वीक्ष्य कृष्णः सकलाभयप्रदो
ह्यनन्यनाथान्स्वकरादवच्युतान् ॥ दीनाँश्चमृत्योर्जठराग्निघासान् घृणार्दितो दिष्टकृतेन विस्मितः ॥ २७ ॥ कृत्यं किमत्रास्य खलस्य जीवनं न वा
अमीषां च सतां विहिंसनम् ॥ द्वयं कथं स्यादिति संविचिन्त्य तज्ज्ञात्वाऽविशत्तुण्डमशेषदृग्घरिः ॥ २८ ॥ तदा घनच्छदा देवा भयाद्धाहेति चुक्रुशुः ॥
जहृषुर्ये च कंसाद्याः कौणपास्त्वघबान्धवाः ॥ २९ ॥ तच्छ्रुत्वा भगवान् कृष्णस्त्वव्ययः सार्भवत्सकम् ॥ चूर्णीचिकीर्षोरात्मानं तरसा ववृधे गले ॥३०॥

दैत्यको उदरमा पसिसके, तथापि अघासुरले बाछासमेत बालकहरूलाई निलेन, किनकि त्यो आफ्ना स्वजन (दाजू-बहिनी) को वध सम्झेर बकासुरका शत्रु श्रीकृष्ण मुखमा
पसुन् भनी पर्खिरहेको थियो ॥ २६ ॥ सबैका अभयदाता श्रीकृष्णले देखे—यी दीन बालकहरूको मबाहेक अरु कोही रक्षक छैन । ती मेरा हातबाट उम्केर यो मृत्युरूप जठरानलको
गाँस बनिसकेका छन् । अतः उनलाई बालकहरू प्रति दया लाग्यो र साथै दैवको विचित्र लीलामा आश्चर्य पनि भयो ॥ २७ ॥ ती विचार्न लागे—'अब म के गरूँ,
जसले यस दुष्टको मृत्यु होओस् र सोझा-सादा बालकको बत्या नहोस्, तर यी दुवै काम कसरी हुनन् ?' यसरी विचार गर्दागर्दै सर्वद्रष्टाले आफ्नो कर्तव्य बुझेर आफू पनि
त्यसको मुखमा पसे ॥२८ ॥ त्यो देखेर मेघमण्डलमा लुकेका देवता हाहाकार गर्नलागे र अघासुरका बन्धु कंसादि राक्षस अत्यन्त आनन्दित भए ॥ २९ ॥ अघासुरको
मुखमा श्रीकृष्ण पसेपछि उसले बाछा र बालकहरू सबैलाई धूलो पार्न खोज्यो, त्यसै वेला—अविनाशी भगवान् कृष्णले देवताको हाहाकार सुनेर त्यस असुरको घाँटीमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुगेर आफ्नू शरीर ठूलो पारिदिए ॥ ३० ॥ यसले त्यस असुरको घाँटी रोकियो अनि त्यसका आँखा पल्टिए र त्यो व्याकुल भएर छटपटाउन लाग्यो। जब श्वास रोकिएर त्यसको शरीर वायुले फुल्यो, तब त्यो वायु ब्रह्मरन्ध्र फोरेर बाहिर निस्कियो ॥३१॥ जब प्राणसितै त्यसका इन्द्रिय पनि शरीरबाट बाहिर निस्किए, तब भगवान्‌ले मरिसकेका बाछा र ग्वाल-बाललाई आफ्नो अमृतमयी दृष्टिले हेरेर जीवित पारिदिनुभयो र सबैलाई साथै लिएर अघासुरको मुखबाट बाहिर निस्के ॥ ३२ ॥ अनि त्यो अजिंगरको देहबाट यौटा अद्भुत र महान् ज्योति निस्क्यो, जो आफ्नू प्रकाशले सबै दिशाहरू प्रकाशित पार्दै भगवान बाहिर निस्केर आउने प्रतीक्षामा आकाशमै अडिएको थियो। त्यो भगवान् बाहिर निस्कना साथ देवगणले हेर्दाहेर्दै उनैमा लीन भयो ॥ ३३ ॥ त्यसवेला देवताले फूल वर्षाएर अप्सराले नाचेर, गन्धर्वले गाएर, विद्याधरले बाजा बजाएर, ब्राह्मणले स्तुति पाठ र पार्षदले जय-जयकार गरेर आफ्नू काम सम्पन्न पार्ने श्रीकृष्णको आनन्दपूर्वक अभिनन्दन गरे ॥ ३४ ॥ ती अद्भुत स्तुति, सुन्दर बाजा, गीत र जय-जयकारको शब्दले युक्त अनेक

ततोऽतिकायस्य निरुद्धमार्गिणो ह्युद्गीर्णदृष्टेर्भ्रमतस्त्वितस्ततः ॥ पूर्णोऽन्तरङ्गे पवनो निरुद्धो मूर्धन्विनिष्पाट्य विनिर्गतो बहिः ॥ ३१ ॥ तेनैव सर्वेषु बहिर्गतेषु प्राणेषु वत्सान्सुहृदः परेतान् ॥ दृष्ट्या स्वयोत्थाप्य तदन्वितः पुनर्वक्त्रान्मुकुन्दो भगवान्विनिर्ययौ ॥ ३२ ॥ पीनाहिभोगोत्थितमद्भुतं महज्ज्योतिः स्वधाम्ना ज्वलयद्दिशो दश ॥ प्रतीक्ष्य खेऽवस्थितमीशनिर्गमं विवेश तस्मिन्मिषतां दिवौकसाम् ॥ ३३ ॥ ततोऽतिहृष्टाः स्वकृतोऽकृतार्हणं पुष्पैः सुरा अप्सरसश्च नर्तनैः ॥ गीतैः सुगा वाद्यधराश्च वाद्यकैः स्तवैश्च विप्रा जयनिःस्वनैर्गणाः ॥ ३४ ॥ तदद्भुतस्तोत्रसुवाद्यगीतिकाजयादिनैकोत्सवमङ्गलस्वनान् ॥ श्रुत्वा स्वधाम्नोऽन्त्यज आगतोऽचिराद्दृष्ट्वा महीशस्य जगाम विस्मयम् ॥ ३५ ॥ राजन्नाजगरं चर्म शुष्कं वृन्दावनेऽद्भुतम् ॥ व्रजौकसां बहुतिथं बभूवाक्रीडगह्वरम् ॥ ३६ ॥ एतत्कौमारजं कर्म हरेरात्माऽहिमोक्षणम् ॥ मृत्योः पौगण्डके बाला दृष्ट्वोचुर्विस्मिता व्रजे ॥३७॥ नैतद्विचित्रं मनुजार्भमायिनः परावराणां परमस्य वेधसः ॥ अघोऽपि यत्स्पर्शनधौतपातकः प्रापात्मसाम्यं त्वसतां सुदुर्लभम् ॥ ३८ ॥ सकृद्यदङ्गप्रतिमान्तराहिता मनोमयी भागवतीं ददौ गतिम् ॥ एव नित्यात्मसुखानुभूत्यभिव्युदस्तमायोऽन्तर्गतो हि किं पुनः ॥ ३९ ॥

थरिका आनन्दोत्सवको मङ्गलध्वनि आफ्नू लोकको नगीचै सुनेर ब्रह्माजी शीघ्र त्यहाँ आए र ती जगत्पतिको महिमा देखेर निकै विस्मयमा परे ॥ ३५ ॥ हे राजन् ! त्यो मरेको अजिङ्गरको अद्भुत छाला वृन्दावनमा सुकेर धेरै दिनसम्म व्रजवासी केटाकेटीलाई खेल्ने यौटा गुफा झैं बनेको थियो ॥ ३६ ॥ अजिंगररूपी कालको मुखबाट आफ्नू रक्षा र सर्प-मोक्ष—यो भगवान्‌को कौमार अर्थात् पाँच वर्षको उमेरको काम थियो, किन्तु बालकहरूले उनलाई पौगण्ड अर्थात् छ वर्षको उमेरमा व्रजमा गएर अत्यन्त आश्चर्यपूर्वक वर्णन गरे ॥३७॥ हे राजन् ! जसको अङ्ग स्पर्शले निष्पाप भएर अघासुर जस्तो पापीले त्यो गति पायो, जुन असत् पुरुषका लागि अत्यन्त दुर्लभ छ। ती सम्पूर्ण जगत्‌का विधाता र मायाले नै मानव-शिशुको रूप धारण गर्ने श्रीहरिको निम्ति यो कुनै आश्चर्यको कुरा थिएन ॥ ३८ ॥ जसका स्वरूपको मनोमयी दिव्य प्रतिमा अन्तःकरणमा केवल एकपल्ट धारण गर्नाले प्रह्लाद आदिलाई भगवती गति प्राप्त भयो, उनै आत्मानन्दानुभवस्वरूप र मायातीत भगवान्‌ले जो भित्र स्वयं प्रवेश गरे, त्यसको सद्गतिमा के संशय हुन सक्तछ ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ३९ ॥ सूतजी भन्दछन्–हे द्विजगण ! यदुवंशका कुलदेव भगवान् कृष्णले जसलाई जीवनदान दिएका थिए, ती परीक्षित्‌ले आफ्ना जीवनदाताको चरित्र सुनेर व्यास-पुत्र श्रीशुक-देवसित फेरि उनैको पवित्र लीलाका विषयमा प्रश्न गरे, किनकि उस बखत तिमको मन हरिचर्चामै लीन लियो ॥४०॥ परीक्षित्‌ले भने–हे भगवन् ! जुन काम अर्को समयमा गरियो, त्यो उसै बखत गरियो भन्ने कसरी हुन सक्छ ? फेरि भगवान्‌को कौमारावस्थामा गरिएको कर्म बालकहरूले गोपाललाई पौगण्डावस्थामा कसरी सुनाए ? ॥४१॥ हे गुरो ! हजुरको यो कुराले मलाई कुतूहल भइरहेको छ । हे महायोगिन् ! यसको के रहस्य हो, मलाई बुझाउनोस् । यसमा अवश्य भगवान्‌को गुनै माया छ, नभए कसै गरेर पनि यस्तो हुन सक्तैन ॥४२॥ हे गुरुवर ! हामी क्षत्रिय भएर पनि संसारमा ठूला भाग्यमानी छौं जुन बारम्बार हजुरको मुखबाट निस्केको कृष्णकथारूपी अमृत-पान गर्दछौं ॥४३॥ सूतजी भन्दछन्–हे भगवद्भक्तहरूमा

सूतउवाच ॥ इत्थं द्विजा यादवदेवदत्तः श्रुत्वा स्वरातुश्चरितं विचित्रम् ॥ पप्रच्छ भूयोऽपि तदेव पुण्यं वैयासकिं यन्निगृहीतचेताः ॥ ४० ॥ राजोवाच ॥ ब्रह्मन्कालान्तरकृतं तत्कालीनं कथं भवेत् ॥ यत्कौमारे हरिकृतं जगुः पौगण्डकेऽर्भकाः ॥ ४१ ॥ तद्ब्रूहि मे महायोगिन्परं कौतूहलं गुरो ॥ नूनमेतद्धरेरेव माया भवति नान्यथा ॥ ४२ ॥ वयं धन्यतमा लोके गुरोऽपि क्षत्रबन्धवः ॥ यत्पिबामो मुहुस्त्वत्तः पुण्यं कृष्णकथामृतम् ॥ ४३ ॥ सूत उवाच ॥ इत्थं स्म पृष्टः स तु बादरायणिस्तत्स्मारितानन्तहृताखिलेन्द्रियः ॥ कृच्छ्रात्पुनर्लब्धबहिर्दृशिः शनैः प्रत्याहतं भगवतोत्त-मोत्तम ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्दे पूर्वार्धे द्वादशोऽध्यायः ॥ १२ ॥

श्रीशुक उवाच ॥ साधु पृष्टं महाभाग त्वया भागवतोत्तम ॥ यन्नूतनयसीशस्य शृण्वन्नपि कथां मुहुः ॥ १ ॥ सतामयं सारभृतां निसर्गो यदर्थवा-

श्रेष्ठ शौनकजी ! यसरी राजा परीक्षितको प्रश्न आफूप्रति *प्रत्युपकार ठानेर श्रीकृष्णको स्मरण हुनाले गर्दा श्रीशुकदेवका इन्द्रिय-वृत्ति शून्य भए । अनि उनले निकै कष्टपूर्वक त्यो शून्य हटाएर फेरि बाह्य दृष्टि प्राप्त गरे र राजा परीक्षित्‌सित ती यस प्रकार भन्नलागे ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥१२॥

(ब्रह्माजीको मोह र त्यस मोहको नाश)–श्रीशुकदेव भन्नुहुन्छ–! हे भागवत प्रधान ! तिम्रो प्रश्न निकै उत्तम छ । तिमी भगवान्‌का कथाहरू सुनी-सुनी र त्यसमा नयाँ-नयाँ प्रश्न गरेर त्यसलाई नयाँ बनाइदिन्छौ ॥ १ ॥ जसले आफ्नू मन, वाणी र कान भगवान्‌को चर्चामा नै लगाइदिएका छन्, ती सार-संग्रही साधुजनको यो स्वभाव नै हुन्छ कि उनलाई भगवान्‌का कथाहरू क्षण-क्षणमा नवीन प्रतीत हुन्छन् । जस्तै स्त्रैण पुरुषहरूलाई स्त्रीविषयक चर्चामा नयाँ-नयाँ रसको अनुभव हुन्छ ॥ २ ॥ हे राजन् ! तिमी सावधान मनले

* दृष्टान्त (प्रत्युपकार)–यौटा कमिलालाई प्यास लाग्यो । त्यो नदी किनारमा पानी पिउन गयो । त्यसै बखत नदीमा यौटा छाल आयो र कमिलालाई पानीमा बगाएर लग्यो । बिचरा कमिला डुब्नलाग्यो । नदीको किनारमा यौटा परेवा बसेको थियो । त्यसले कमिलालाई मृत्युसित लड्न लागेको देखेर तत्काल यौटा सिन्का लिएर उड्यो र कमिलाको नगीचै खसालिदियो । डुब्नलागेकोलाई सिन्काको भर प्राप्त भयो । कमिला सिन्कामा बस्यो । सिन्का छेउलाग्यो । कमिला बाँचियो । उसले विचार गर्‍यो–मैले यसको प्रत्युपकार गर्नुपर्दछ । एक दिन यौटा व्याधाले त्यही वृक्षमुनि आएर धनुषमा बाण राख्यो । शिकारीले परेवालाई मार्न आँटेको कमिलाले देख्यो र दगुर्दै आएर उसले व्याधाको खुट्टामा बेसरी टोकिदियो । शिकारी आत्तियो । निशाना बिग्रियो । परेवा भाग्यो र त्यसको प्राणरक्षा भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन–म तिमीलाई यौटा अत्यन्त गुप्त कुरा भन्दछु, किनकि गुरुजन आफ्नू मनपरेको शिष्यलाई गुप्त रहस्य पनि भनिदिन्छन् ॥३॥ भगवान्‌ले आफ्ना साथी लाई अघासुरको मुखबाट बचाए र फेरि तिनलाई यमुना-तटमा ल्याएर भने–॥४॥ मित्र हो ! हेर, यो यमुनाको तट कति रमाइलो छ ? यहाँ हामीले खेल्ने सबै सामग्री प्रस्तुत छ । यहाँको स्वच्छ बालुवा निकै कोमल छ । यो स्थान फक्रेका कमलको सुवासद्वारा आकृष्ट भ्रमरको गुञ्जार र पक्षिहरूको कलरवको प्रतिध्वनिले सुशोभित वृक्षबाट कस्तो हरियो-भरिलो देखिन्छ ? ॥५॥ हे भाइ हो ! दिन पनि मध्याह्न भयो, हामीहरू भोकले कष्ट पाइरहेका छौं । आओ, यहाँ बसेर खानेकुरा खाऔं र हाम्रा बाछा पनि पानी खाएर विस्तार-विस्तार चरून् ॥६॥ कृष्णचन्द्रले यति भनेपछि सबै बालकले 'गम्रो हो' भनेर बाछालाई पानी ख्वाई चर्न छाडिदिए र आफ्आफ्ना पोका फुकाएर प्रसन्नतापूर्वक भगवान्‌सित खानथाले ॥ ७ ॥ कृष्ण-दर्शनको आनन्दले जसका नेत्र फक्रेका थिए, ती सबै ग्वाल-बाल अनेक गोलाकार पंक्ति बनाएर भगवान्‌का चारैतिर उनैतर्फ मुख पारेर यौटा अर्कोसित टाँसिएर बसेका थिए । त्यस वनमा

णीश्रुतिचेतसामपि ॥ प्रतिक्षणं नव्यवदच्युतस्य यत्स्त्रिया विटानामिव साधुवार्ता ॥२॥ शृणुष्वावहितो राजन्नपि गुह्यं वदामिते ॥ ब्रूयुःस्निग्धस्यशिष्यस्य गुरवो गुह्यमप्युत ॥३॥तथाघवदनान्मृत्यो रक्षित्वा वत्सबालकान् ॥ सरित्पुलिनमानीय भगवानिदमब्रवीत् ॥४॥ अहोऽतिरम्यं पुलिनं वयस्याःस्वकेलि-सम्पन्मृदुलाच्छबालुकम्॥स्फुटत्सरोगन्धहतालिपत्रिकध्वनिप्रतिध्वानलसद्द्रुमाकुलम् ॥५॥ अत्र भोक्तव्यमस्माभिर्दिवारूढं क्षुधार्दिताः ॥ वत्साःसमीपे-ऽपः पीत्वा चरन्तु शनकैस्तृणम् ॥६॥ तथेति पाययित्वाऽर्भा वत्सानारुध्य शाद्वले ॥ मुक्त्वा शिक्यानि बुभुजुः समंभगवता मुदा ॥७॥कृष्णस्यविष्वक् पुरुराजिमण्डलैरभ्याननाः फुल्लदृशो व्रजार्भकाः ॥ सहोपविष्टा विपिने विरेजुश्छदा यथाम्भोरुहकर्णिकायाः॥८॥ केचित्पुष्पैर्दलैः केचित्पल्लवैरंकुरैः फलैः ॥ शिग्भिस्त्वग्भिर्दृषद्भिश्च बुभुजुः कृतभोजनाः ॥९॥ सर्वे मिथो दर्शयन्तः स्वस्वभोज्यरुचि पृथक् ॥ हसन्तो हासयन्तश्चाभ्यवजह्रुः सहेश्वराः ॥१०॥ बिभ्र-द्वेणुं जठरपटयोः शृङ्गवेत्रे च कक्षे वामे पाणौ मसृणकवले तत्फलान्यङ्गुलीषु ॥ तिष्ठन्मध्ये स्वपरिसुहृदो हासयन्नर्मभिः स्वैः स्वर्गे लोके मिषति बुभुजे यज्ञभुग्बालकेलिः ॥११॥ भारतैवं वत्सपेषु भुञ्जानेष्वच्युतात्मसु ॥ वत्सास्त्वन्तर्वने दूरं विविशुस्तृणलोभिताः ॥१२॥ तान्दृष्ट्वा भयसन्त्रस्तानूचे कृष्णोऽ-स्य भीभयम् ॥ मित्राण्यशान्मा विरमतेहानेष्ये वत्सकानहम् ॥१३॥ इत्युक्त्वाऽद्रिदरीकुञ्जगह्वरेष्वात्मवत्सकान् ॥ विचिन्वन्भगवान् कृष्णः सपाणिक-

कृष्णका चारैतिर ती यस्ता देखिइरहेका थिए, जस्तै कुनै कमलका कर्णिकाको चारैतिर स-साना दल फैलिएका हुन् ॥८॥ तीमध्ये कोही फूलमा, कोही पातमा,कोही कोपिलामा, अंकुरमा, कोही फलमा, कोही वृक्षको बोक्रामा र कोही ढुङ्गामा नै आफ्नू खानेकुरा राखेर खानलागे ॥९॥ भगवान् कृष्णसित ती सबै बालक खानमा आफ्नो भिन्न-भिन्न रुचि देखाउँथे र यौटा अर्कोलाई हँसाउँदै खाइरहेका थिए ॥१०॥ यज्ञभाग भोक्ता भगवान् कृष्ण बाल-लीला गर्दै कम्मरमा मुरली घुसारी, सींग र वेंत काखी च्यापी, दाहिने हातमा स्निग्ध गाँस लिई, औंलामा फलको अचार थिचेर माझमा बसी आफ्नो चारैतिर बसेका साथीहरूलाई मीठा-मीठा कुराले हँसाउंदै खानलागे । स्वर्गवासी देवगण त्यस बेला पनि भगवान्‌को त्यो बाललीला हेरिरहेका थिए ॥११॥ हे भारत ! जब सबै ग्वाल-बाल भगवान्‌मा दत्तचित्त भएर खाँदै थिए तब तिनका बाछा नयाँ-नयाँ दूबोको लोभमा निकै पर पुग्न गए ॥१२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसले आफ्ना साथी बालकहरूलाई डराएका देखेर जगत्‌को भयलाई पनि भयभीत पार्नसक्ने भगवानले तीमित्त भन्नुभयो–'मित्र हो ! तिमीहरू खाओ, म बाछा फर्काएर ल्याउँछु ।' ग्वालबाललाई यति भनेरे कृष्ण हातमा गाँस लिएरै आफ्ना र साथीहरूका बाछा खोज्दै पर्वत, कन्दरा, कुञ्ज र गह्वरादि अन्यान्य अगम्य स्थानहरूमा घुम्नलागे ॥ १३-१४ ॥ हे कौरव ! ब्रह्मलोकमा स्थित ब्रह्माजीलाई अघासुरको मुक्ति देखेर विस्मय भएको थियो । अतः कमलयोनि ब्रह्मा मायाबालक-रूपधारी हरिको कुनै अर्को महिमा हेर्नका लागि अनुकूल अवसर जानेर पहिले बाछाहरू चोरेर लगे, फेरि बालकहरूलाई पनि अन्तै लुकाएर अलक्षित भए ॥ १५ ॥ बाछा नपाएर श्रीकृष्ण यमुनातटको बालुवामा आए तर त्यहाँ ग्वाल-बाल पनि देखिएनन्, अनि ती दुवैलाई वनमा यता-उता खोज्नलागे ॥ १६ ॥ भगवान्‌ले जब बाछा र ग्वाल-बाललाई वनमा कहीं पनि पाएनन् ती विश्ववेत्ता हुनाले तुरुन्त ब्रह्माको काम हो भन्ने जाने ॥ १७ ॥ अनि विश्व रचयिता भगवान् कृष्णले बालकका आमा र ब्रह्माजीको हित गर्नका लागि आफूलाई नै बाछा र बालकहरू तुल्याए*

वलो ययौ ॥ १४ ॥ अम्भोजन्मजनिस्तदन्तरगतो मायार्भकस्येशितुर्द्रष्टुं मंजुमहित्वमन्यदपि तद्वत्सानितो वत्सपान् ॥ नीत्वाऽन्यत्र कुरूद्वहान्तर· दधात्खेऽवस्थितो यः पुरा दृष्ट्वाऽघासुरमोक्षणं प्रभवतः प्राप्तः परं विस्मयम् ॥ १५ ॥ ततो वत्सानदृष्ट्वैत्य पुलिनेऽपि च वत्सपान् ॥ उभावपि वने कृष्णो विचिकाय समन्ततः ॥ १६ ॥ क्वाप्यदृष्ट्वाऽन्तविपिने वत्सान्पालाँश्च विश्ववित् ॥ सर्वं विधिकृतं कृष्णः सहसाऽवजगाम ह ॥ १७ ॥ ततः कृष्णो मुदं कर्तुं तन्मातॄणां च कस्य च ॥ उभयायितमात्मानं चक्रे विश्वकृदीश्वरः ॥ १८ ॥ यावद्वत्सपवत्सकाल्पकवपुर्यावत्कराङ्घ्र्यादिकं याव· द्यष्टिविषाणवेणुदलशिग्यावद्विभूषाम्बरम् ॥ यावच्छीलगुणाभिधाकृतिवयो यावद्विहारादिकं सर्वं विष्णुमयं गिरोऽङ्गवदजः सर्वस्वरूपो बभौ ॥ १९ ॥ स्वयमात्मात्मगोवत्सान्प्रतिवार्यात्मवत्सपैः ॥ क्रीडन्नात्मविहारैश्च सर्वात्मा प्राविशद्व्रजम् ॥ २० ॥ तत्तद्वत्सान्पृथङ् नीत्वा तत्तद्गोष्ठे निवेश्य सः ॥ तत्तदात्माऽभवद्राजंस्तत्तत्सद्म प्रविष्टवान् ॥ २१ ॥ तन्मातरो वेणुरवत्वरोत्थिता उत्थाप्य दोर्भिः परिरभ्य निर्भरम् ॥ स्नेहस्नुतस्तन्यपयः सुधासवं मत्वा परं ब्रह्म सुतानपाययन् ॥ २२ ॥ ततो नृपोन्मर्दनमज्जलेपनालंकाररक्षातिलकाशनादिभिः ॥ संलालितः स्वाचरितैः प्रहर्षयन् सायं गतो याम·

॥१८॥ ती सबै बालक र बाछाहरूको जस्तो स-साना हात-खुट्टा थिए, जस्ता लट्ठी, सींग, बाँसुरी, पात र भाँडा थिए, जस्ता तिनका लुगा र आभूषण थिए, जस्तो तिनको स्वभाव, गुण, नाम, रूप र अवस्था तथा आहार थिए, सर्वस्वरूप भगवान ठीक उस्तै प्रकार प्रकट भएर 'सम्पूर्ण जगत् विष्णुरूप छ' यो कथन सार्थक पार्दै शोभित भए ॥ १९ ॥ सर्वात्मा भगवान् कृष्ण वत्सरूप आफूलाई ग्वाल-बालरूपको घेरामा पारेर आफैंसित विहार गर्दै व्रजमा प्रविष्ट भए ॥ २० ॥ व्रजमा जुन-जुन ग्वालका जो-जो बाछाहरू थिए, उनलाई उही-उही रूपले पृथक् पृथक् लगेर उनको घारीमा थुनिदिए र भिन्न-भिन्न बालकका रूपमा भिन्न-भिन्न घरमा गए ॥ २१ ॥ तिनका आमाहरू बाँसुरीको शब्द सुन्नासाथ दगुरे र सक्षात् परब्रह्मलाई नै आफाफ्ना छोरा मानेर तिनलाई प्रेमपूर्वक काखामा बोके र अंकमाल गरेर स्नेहवश स्वयं ने बगिरहेको आफ्नू सुधामधुर स्तनपान गराए ॥२२॥

* भगवान्‌ले इच्छा गरेको भए ब्रह्माजीले चोरेका ग्वाल-बाल र र बाछाहरू ल्याउन सक्थे तर त्यसले ब्रह्माको मोह भंग हुने थिएन र ती भगवानको दिव्य मायाको ऐश्वर्य पनि देखन पाउने थिएनन् । यसै निमित्त भगवान् ती ग्वाल-बाल र बाछाहरूलाई नल्याएर स्वयं ग्वाल बाल र बाछा बने ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे राजन् ! यसै प्रकार नित्य साँझमा फर्केर भगवान् आमाहरूलाई आफ्नो लीलाले आनन्दित पार्दथे र ती पनि बुकुवा लगाउने, चन्दनादिको लेप गर्ने, वस्त्राभूषण लगाइदिनु, रक्षा गर्नु, चन्दन लगाउनु र भोजन गराउनु आदि उपायहरूले तिनको लालन-पालन गर्दथे ॥ २३ ॥ यसै गरी गाई पनि जब छिटै-छिटै हिंडेर आफ्नो व्रजमा पुग्दथे, तब हुङ्कार शब्द गरेर डाकेपछि आफ्नो नगीचै आएका आफाफ्ना बाछालाई चाट्‌थे र तिनलाई आफ्नो थुनबाट स्नेहवश बगिरहेको दूध पिउन दिन्थे ॥ २४ ॥ भगवान्‌माथि गाई र गोपीहरूको पहिले जस्तै मातृभाव बनिरह्यो । अँ, यस मौकामा स्नेहको अधिकता थियो । भगवान्‌ले पनि पहिले जस्तै उनलाई पुत्रभाव देखाउनुभयो, तर यो सम्बन्धमा मोह थिएन ॥२५॥ व्रजवासीहरूको पहिले जस्तो असीम स्नेह थियो, उत्तै यशोदा-नन्दन कृष्णमा र आफ्ना पुत्रहरूमा उनको स्नेह वर्षदिनसम्म दिनहुँ बढ्दै र असीम हुँदै गयो ॥ २६ ॥ यस प्रकार भगवान् आफूलाई वत्सपाल (गोठालो) र बाछाको रूपमा परिवर्तित गरेर सबैलाई स्वयं पालन गर्दै एक वर्षसम्म व्रज र वनमा खेल्दै रहे ॥ २७ ॥ वर्ष पूर्ण हुनमा केवल

यमेन माधवः ॥ २३ ॥ गावस्ततो गोष्ठमुपेत्य सत्वरं हुङ्कारघोषैः परिहूतसङ्गतान् ॥ स्वकान्स्वकान्वत्सतरानपाययन् मुहुर्लिहन्त्यः स्रवदौधसं पयः ॥२४॥ गोगोपीनां मातृताऽस्मिन्सर्वा स्नेहर्धिकां विना ॥ पुरोवदास्वपि हरेस्तोकता मायया विना ॥ २५ ॥ व्रजौकसां स्वतोकेषु स्नेहवल्ल्याब्दमन्वहम् ॥ शनैर्निःसीम ववृधे यथा कृष्णे त्वपूर्ववत् ॥२६॥ इत्थमात्मात्मनात्मानं वत्सपालमिषेण सः ॥ पालयन्वत्सपो वर्षं चिक्रीडे वनगोष्ठयोः ॥२७॥ एकदा चारयन्वत्सान्सरामो वनमाविशत् ॥ पञ्चषासु त्रियामासु हायनापूरणीष्वजः ॥ २८ ॥ ततो विदूराच्चरतो गावो वत्सानुपव्रजम् ॥ गोवर्धनाद्रिशिरसि चरन्त्यो ददृशुस्तृणम् ॥ २९ ॥ दृष्ट्वाऽथ तत्स्नेहवशोऽस्मृतात्मा स गोव्रजोऽत्यात्मपदुर्गमार्गः ॥ द्विपात्ककुद्ग्रीव उदास्यपुच्छोऽगाद्धुंकृतैरास्नुपया जवेन ॥ ३० ॥ समेत्य गावोऽधोवत्सान्वत्सवत्योऽप्यपाययन् ॥ गिलन्त्य इव चाङ्गानि लिहन्त्यः स्वौधसं पयः ॥ ३१ ॥ गोपस्तद्रोधनायासमौघ्यलज्जोरुमन्युना ॥ दुर्गाध्वकृच्छ्रतोऽभ्येत्य गोवत्सैर्ददृशुः सुतान् ॥ ३२ ॥ तदीक्षणोत्प्रेमरसाप्लुताशया जातानुरागा गतमन्यवोऽर्भकान् ॥ उदुह्य दोर्भिः परिरभ्य मूर्धनि घ्राणैरवापुः परमां मुदं ते ॥ ३३ ॥ ततः प्रवयसो गोपास्तोकाश्लेषसुनिर्वृताः ॥ कृच्छ्राच्छनैरपगतास्तदनु-

पाँच वा छ रात बाँकी थियो, तब अजन्मा भगवान् कृष्ण बलरामसित बाछा चराउँदै वनमा गए ॥ २८ ॥ त्यस दिन निकै पर गोवर्धनको शिखरमा चरिरहेका गाईहरूले व्रजको नजीक नै आफ्ना बाछाहरू चरेको देखे ॥ २९ ॥ आफ्ना बाछालाई देख्नासाथ गाईहरूको मन स्नेह-विभोर भयो र ती ग्वालाहरूले रोकेको विचारै नराखी हुङ्कार गर्दै त्यो दुर्गम बाटोमा ठूलो वेगले दगुरे । त्यस बेला तिनका स्तनबाट दूध बगिरहेको थियो, तिनको ठाडो घाँटी ककुद्म (गजुर) टाँसिए झैं थियो र पुच्छर ठाडो पारेर वेगले दगुर्नाले ती खुट्टाका जस्तै देखिन्थे ॥ ३० ॥ ती गाईका अरू बाछा पनि थिए, तापनि ती गोवर्धनको फेदीमा आफ्ना पहिलेका बाछाहरूको नगीच पुगेर स्नेहले स्वयं बगिरहेको दूध पिलाउन लागे । ती उनका अङ्ग यस्तो स्नेहले चाटिरहेका थिए—सलक्क निल्छन् कि जस्तो गरेर ॥ ३१ ॥ गोठालाले तिनलाई रोक्ने प्रयत्न गरेका हुन्, तर ती सफल भएनन् । अतः जब ती लाज र क्रोधवश निकै कष्टले त्यो दुर्गम बाटो नाघेर त्यहाँ आए, तब तिनले बाछासहित आफ्ना बालकहरू पनि देखे ॥ ३२ ॥ तिनलाई देख्नासाथ उनको मन प्रेमरसमा डुब्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालकहरूको अनुरागले तिनको रिस पनि शान्त भएको थियो । उनले आफ्आफ्ना बाछालाई बोकेर हृदयमा टाँसे र तिनको सिर सुँघेर अतिशय आनन्दित भए ॥३३॥ आफ्ना बालकको अङ्कमालले वृद्ध गोपहरूलाई निकै सुख प्राप्त भयो । ती उनलाई छाडेर निकै कष्टले घर जानसके । तिनको स्मरण हुनासाथ उनका नेत्रमा पानी भरिन्थ्यो । उता बलरामले देख्नुभयो—आज व्रजवासीहरूको आफ्ना छोरामा क्षण-क्षण प्रेम बढिरहेको छ र जसले दूध पिइसके, त्यस्ता बाछाहरूमा पनि गाईहरूको स्नेह प्रबल छ । निकै विचार गर्दा पनि उनले त्यसको कुनै कारण जान्न सकेनन् । अतः मनमनै विचार लागे–॥३४॥३५॥ यो कस्तो विचित्र कुरा छ—सर्वात्मा भगवन्मा व्रजवासीहरूको जस्तो अपूर्व स्नेह थियो, त्यस्तै नै आफ्ना छोराहरूमा पनि बढ्दै गइरहेको छ ॥३६॥ यो कस्तो माया हो र कहाँबाट आयो ? यो कुनै देवता, मनुष्य वा राक्षसी माया त हुनै सक्तैन ! यो मेरा प्रभुको नै कुनै लीला हो ! किनकि अरु कसैको मायाले मलाई मोहित पार्न सक्तैन ॥३७॥ यस्तो विचार गरेर यादव-श्रेष्ठ बलरामले ज्ञानदृष्टि द्वारा हेर्दा त सबै बाछा र ग्वाल-बाल, उनलाई विष्णुरूप देखिए ॥३८॥ त्यस्तो देखेर बलरामले श्रीकृष्णसित भन्नुभयो–हे भगवन् ! यी ग्वाल-बाल र बाछाहरू त देवता तथा ऋषि कोही पनि होइनन् । यी विभिन्न उपाधिमा हजुर नै

स्मृत्युदश्रवः ॥ ३४ ॥ व्रजस्य रामः प्रेमर्धेर्वीक्ष्यौत्कण्ठ्यमनुक्षणम् ॥ मुक्तस्तनेष्वपत्येष्वप्यहेतुविदचिन्तयत् ॥३५॥ किमेतदद्भुतमिव वासुदेवेऽखिलात्मनि ॥ व्रजस्य सात्मनस्तोकेष्वपूर्वं प्रेम वर्धते ॥३६॥ केयं वा कुत आयाता दैवी वा नार्युतासुरी ॥ प्रायो मायास्तु मे भर्तुर्नान्या मेऽपि विमोहिनी ॥ ३७ ॥ इति सञ्चिन्त्य दाशार्हो वत्सान्सवयसानपि ॥ सर्वानाचष्ट वैकुण्ठं चक्षुषा वयुनेन सः ॥ ३८ ॥ नैते सुरेशा ऋषयो न चैते त्वमेव भासीश भिदाश्रयेऽपि ॥ सर्वं पृथक्त्वं निगमात्कथं वदेत्युक्तेन वृत्तं प्रभुणा बलोऽवैत् ॥ ३९ ॥ तावदेत्यात्मभूरात्ममानेन त्रुट्यनेहसा ॥ पुरोवदब्दं क्रीडन्तं ददृशे सकलं हरिम् ॥ ४० ॥ यावतो गोकुले बालाः सवत्साः सर्व एव हि ॥ मायाशये शयाना मे नाद्यापि पुनरुत्थिताः ॥ ४१ ॥ इत एतेऽत्र कुत्रत्या मन्मायामोहितेतरे ॥ तावन्त एव तत्राब्दं क्रीडन्तो विष्णुना समम् ॥ ४२ ॥ एवमेतेषु भेदेषु चिरं ध्यात्वा स आत्मभूः ॥ सत्याः के कतरे नेति ज्ञातुं नेष्टे कथञ्चन ॥ ४३ ॥ एवं सम्मोहयन्विष्णुं विमोहं विश्वमोहनम् ॥ स्वयैव माययाऽजोऽपि स्वयमेव विमोहितः ॥४४॥ यस्यां

देखिइरहनु भएको छ । अब मलाई स्पष्ट रूपले भन्नुहवस्–यो सबै कसरी भयो ? भगवान्ले बुझाएपछि बलरामलाई ब्रह्माका मोहको कुरा ज्ञात भयो ॥ ३९ ॥ उसै बेला अत्यन्त थोरै समय बितेपछि स्वयम्भू ब्रह्माले आएर हेर्दा भगवान् पहिले जस्तै बाछा र ग्वाल-बालहरूसित व्रजमा एक वर्षदेखि क्रीडा गरिरहेका छन् ।।४०॥ त्यो देखेर ब्रह्मा विचार्नलागे–'गोकुलमा जति ग्वालबाल र बाछा थिएँ, तिनलाई मैले आफ्नी मायाद्वारा अचेत पारेर गएका थिए, ती अझ पनि सचेत भएका छैनन् ॥ ४१ ॥ अनि मेरो मायाले मोहित ग्वालबाल र बाछा बाहेक यी उत्तिनै कहाँबाट आइपुगे–जुन एक वर्षदेखि भगवान्सित क्रीडा गर्दैछन् ॥४२॥ ती ग्वालबाल र बाछाको विषयमा निकै विचार गर्दा पनि आत्मयोनि ब्रह्माले यो निर्णय गर्न सकेनन् कि कुन ग्वालबाल सत्य हुन र कुन मिथ्या ? ॥ ४३ ॥ यसरी संसारलाई मोहमा गाड्ने मोहरहित भगवान् विष्णुलाई मोहित पार्नमा प्रवृत्त ब्रह्मा आफ्नी मायाले स्वयं मोहमा गाडिए ॥ ४४ ॥ जस्तै कुइराको अन्धकारले रात्रिको अन्धकारलाई थिच्न सक्तैन र जसरी जुनकिरीको प्रकाश दिनको उज्यालोमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयं विलीन हुन्छ, त्यस्तै नै महापुरुषमा प्रयोग गरिने तुच्छ माया उनको त केही बिगार्न सक्तैन, बरु आफ्नै सामर्थ्य क्षीण* पार्दछ ॥ ४५ ॥ ब्रह्माजीले हेर्दाहेर्दै तत्काल सबै ग्वाल-बाल र बाछा विष्णुरूप देखिनलागे । तिनको वर्ण सजल मेघ झैं श्याम थियो र ती सबै पहेलो रंगको रेशमी वस्त्र लगाएका थिए ॥ ४६ ॥ ती सबैका चार-चार भुजा थिए र तिनमा शङ्ख, चक्र गदा र पद्म शोभित थिए तथा सबै ग्वाल-बाल मुकुट, कुण्डल, हार र बनमालाले सुशोभित भइरहेका थिए ॥ ४७ ॥ तिनका वक्षस्थलमा श्रीवत्स चिह्न, बाहुमा बाजूबन्द, हातमा शङ्खका उत्तम कंगण, पाऊमा नूपुर र हातमा बाला तथा कम्मरमा कन्धनी र औंलाहरूमा औंटी सुशोभित थिए ॥ ४८ ॥ तिनका पाउदेखि सिरसम्म सबै अंग पुण्यवान् भक्तगणले अर्पण गरेका कोमल तुलसीका मालाहरूले ढाकिएको थियो ॥ ४९ ॥ ती सबै आफ्ना अरुण वर्ण नेत्रका कटाक्ष र चन्द्रिका झैं उज्ज्वल हास्यले

तमोवन्नैहारं खद्योतार्चिरिवाहनि ॥ महतीतरमायैश्यं निहन्त्यात्मनि युञ्जतः ॥ ४५ ॥ तावत्सर्वे वत्सपालाः पश्यतोऽजस्य तत्क्षणात् ॥ व्यदृश्यन्त घनश्यामाः पीतकौशेयवाससः ॥ ४६ ॥ चतुर्भुजाः शङ्खचक्रगदाराजीवपाणयः ॥ किरीटिनः कुण्डलिनो हारिणो वनमालिनः ॥ ४७ ॥ श्रीवत्साङ्गददोरत्नकम्बुकङ्कणपाणयः ॥ नूपुरैः कटकैर्भाताः कटिसूत्राङ्गुलीयकैः ॥ ४८ ॥ अङ्घ्रिमस्तकमापूर्णास्तुलसीनवदामभिः ॥ कोमलैः सर्वगात्रेषु भूरिपुण्यवदर्पितैः ॥ ४९ ॥ चन्द्रिकाविशदस्मेरैः सारुणापाङ्गवीक्षितैः ॥ स्वकार्थानामिव रजःसत्त्वाभ्यां स्रष्टृपालकाः ॥ ५० ॥ आत्मादिस्तम्बपर्यन्तैर्मूर्तिमद्भिश्चराचरैः ॥ नृत्यगीताद्यनेकार्हैः पृथक्पृथगुपासिताः ॥ ५१ ॥ अणिमाद्यैर्महिमभिरजाद्याभिर्विभूतिभिः ॥ चतुर्विंशतिभिस्तत्त्वैः परीता महदादिभिः ॥ ५२ ॥ कालस्वभावसंस्कारकामकर्मगुणादिभिः ॥ स्वमहिध्वस्तमहिभिर्मूर्तिमद्भिरुपासिताः ॥ ५३ ॥ सत्यज्ञानन्तानन्दमात्रैकरसमूर्तयः ॥ अस्पृष्टभूरिमाहात्म्या अपि ह्युपनिषद्दृशाम् ॥ ५४ ॥ एवं सकृद्ददर्शाजः परब्रह्मात्मनोऽखिलान् ॥ यस्य भासा सर्वमिदं विभाति सच-

यस्ता देखिन्थे, जस्तै रजोगुण र सत्वगुणले आफ्ना भक्तको रचना र पालन गरिरहेका छन् ॥ ५० ॥ ब्रह्माजीले यो पनि देखे–ता अर्थात् ब्रह्मादेखि लिएर लघु कीट पतंगपर्यन्त सबै चराचर जीव मूर्तिमान् भएर नृत्य-गीतादि अनेक उपचारले उनको पृथक्-पृथक् पूजा गरिरहेका छन् ॥ ५१ ॥ ती सबैतिरबाट अणिमादि सिद्धि, माया आदि विभूति तथा महत्तत्त्वादि चौबीस तत्त्वले ढाकिएका छन् ॥ ५२ ॥ भगवान्को महिमाले नष्ट महिमा भएका काल, स्वभाव, संस्कार, कर्म आदि पनि मूर्तिमान् भएर उपासना गरिरहेछन् ॥ ५३ ॥ उनले देखे–ती सत्य, ज्ञान र आनन्दरूप तथा सजातीय-विजातीय भेद रहित भएर एकरसस्वरूप छन् । उनको महिमा उपनिषदादिका मर्मज्ञ विद्वान् पनि जान्न सकिरहेका

---

* दृष्टान्त (आफ्नो स्थिति हेर)—यौटा राजाका धेरै नोकर थिए । नोकरसित राजा परिवार झैं सम्बन्ध राख्दथे । खाँचो परेमा तिनको औकात अनुसार धन पनि दिन्थे । एक पल्टखाता जाँच्दा यौटा नोकरमाथि राजाको हजार रुपियाँ भइसकेछ । कर्मचारीले त्यसलाई समातेर राजाकहाँ पुन्याए । ऋण तिर्ने त्यो नोकरसित कुनै साधन थिएन । अतः त्यो टाउको निहुराएर उभिइरह्यो । पहिलेका राजाहरूमा ईश्वरको अंश रहन्थ्यो, त्यसै हुनाले त्यसलाई देखेर राजालाई दया लाग्यो र त्यसको ऋण माफ गरिदिए । राजाले जुन सेवकको ऋण माफ गरिदिएका थिए, त्यसको रुपियाँ यौटा अर्को मानिससित लिनु थियो । त्यो माग्न गयो । अर्को मानिसले भन्यो—'मेरो घरमा संचो छैन, अतः दुइ-चार दिनपछि आउनु ।' त्यतिमै राजसेवक रिसाएर त्यसको घाँटी थिचिदियो । त्यस मनुष्यले हात जोरेर भन्यो–'रुपियाँ त तयार छ, घरमा संचो नहुनाले ल्याउन पाएको छैन ।' तर त्यो राजकर्मचारी किन मान्दथ्यो ! उसले राजाकहाँ उजूर गरिदियो । राजाले नोकरलाई डाकेर भने—'मूर्ख ! तैंले आफ्ना दिन बिर्सिदिइस ? राज्यको ऋण हजार रुपियाँ तँ अहिल्यै ल्याएर बुझा । मैले तँलाई माफी दिएको थिएँ—अर्कालाई माफ गर्नको निम्ति–अन्यलाई कष्ट दिन होइन ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैनन् ॥ ५४ ॥ यसरी ब्रह्माजीले ती सबैलाई उनै परब्रह्मको रूपमा देखे, जसको कान्तिले चराचर जगत् भासमान भइरहेको छ ॥ ५५ । त्यसपछि अत्यन्त कौतुहलवश जसका एघारै इन्द्रियहरू क्षुब्ध र स्तब्ध भएका थिए, ती ब्रह्माजी सबैको तेजले अभिभूत भएर आत्मविभोर भए। उस बखत ती यस्ता देखिंदै थिए—मानो व्रजकी अधिष्ठात्री देवीका प्रतिरूप उभिएका हुन् ॥ ५६ ॥ यसरी तर्कभन्दा पर, स्वयं प्रकाशानन्दरूप, मायाले अतीत र अनात्म पदार्थका बाध गर्ने श्रुतिद्वारा जानिने आफ्नो महिमाको विषयमा वाक्पति ब्रह्मालाई 'यो के हो ?' यस्तो विचारेर मुग्ध हुने, फेरि त्यतातिर हेर्नमा पनि असमर्थ जस्तै भएका जानेर परमपुरुष श्रीकृष्णचन्द्रले तुरुन्त आफ्नी मायाको पर्दा हटाइदिनुभयो ॥५७॥ अनि ब्रह्मालाई बाह्यज्ञान भयो। ती मरेर जागेको व्यक्ति झैं सचेत भएर उठे र कुनै प्रकारले आँखा खोल्नासाथ आफू सहित यो सम्पूर्ण जगत् प्रत्यक्ष देखियो ॥ ५८ ॥ फेरि सामुन्ने सबैतिर दृष्टि घुमाउँदा उनले जीवमात्रलाई सदा जीवन दिने वृक्षहरूले पूर्ण वृन्दावनको त्यो भूमि देखे ॥ ५९ ॥ जहाँ श्रीकृष्णचन्द्रको निवासले क्रोध र लोभ

राचरम् ॥५५॥ ततोऽतिकुतुकोद्वृत्तस्तिमितैकादशेन्द्रियः ॥ तद्धाम्नाऽभूदजस्तूष्णीं पूर्देव्यन्तीव पुत्रिकाः ॥ ५६ ॥ इतीरेशेऽतर्क्ये निजमहिमनि स्वप्रमितिके परत्राजातोऽतन्निरसनमुखब्रह्मकमितौ ॥ अनीशेऽपि द्रष्टुं किमिदमिति वा मुह्यति सति चच्छादाजो ज्ञात्वा सपदि परमोऽजाजवनिकाम् ॥ ५७ ॥ ततोऽर्वाक्प्रतिलब्धाक्षः कः परेतवदुत्थितः ॥ कृच्छ्रादुन्मील्य वै दृष्टीराचष्टेदं महात्मना ॥ ५८ ॥ सपद्येवाभितः पश्यन्दिशोऽपश्यत्पुरः स्थितम् ॥ वृन्दावनं जनाजीव्यद्रुमाकीर्णं समाप्रियम् ॥ ५९ ॥ यत्र नैसर्गदुर्वैराः सहासन्नृमृगादयः ॥ मित्राणीवाजितावासद्रुतरुट्तर्षकादिकम् ॥ ६० ॥ तत्रोद्वहत्पशुपवंशशिशुत्वनाट्यं ब्रह्माद्वयं परमनन्तमगाधबोधम् ॥ वत्सान्सखीनिव पुरा परितो विचिन्वदेकं सपाणिकवलं परमेष्ठ्यचष्ट॥६१॥ दृष्ट्वा त्वरेण निजधोरणतोऽवतीर्य पृथ्व्यां वपुः कनकदण्डमिवाभिपात्य ॥ स्पृष्ट्वा चतुर्मुकुटकोटिभिरङ्घ्रियुग्मं नत्वा मुदश्रुसुजलैरकृताभिषेकम् ॥ ६२ ॥ उत्थायोत्थाय कृष्णस्य चिरस्य पादयोः पतन् ॥ आस्ते महित्वं प्राग्दृष्टं स्मृत्वा स्मृत्वा पुनः पुनः ॥६३॥ शनैरथोत्थाय विमृज्य लोचने मुकुन्दमुद्वीक्ष्य विनम्रकन्धरः॥कृताञ्जलिःप्रश्रयवान्समाहितः सवेपथुर्गद्गदयैलतेलया ॥६४॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे त्रयोदशोऽध्यायः ॥१३॥

आदिको अन्त्य भइसकेको थियो। जसमा स्वभावतः शत्रुता थियो, ती मनुष्य र मृग आदि जीव मित्र झैं परस्पर मिलेर त्यहाँ रहेका थिए ॥ ६० ॥ अनि ब्रह्माले देखे—अद्वितीय परमपुरुष ब्रह्म नै गोपवंशीय बालकको रूप धारण गरेर त्यहाँ यौटा हातमा गाँस लिएका एक्लै आफ्ना साथी ग्वाल-बाल र बाछाहरूलाई खोज्दैछन् ६१ ॥ ती भगवानलाई देख्नासाथ ब्रह्माजी तुरुन्त आफ्नू वाहनबाट वर्लिए र स्वर्णदण्ड जस्तै पृथ्वीमा लम्पसार परेर उनका चरणलाई आफ्ना चारै मुकुटको टुप्पाले स्पर्श गर्दै आनन्दाश्रुले अभिषिक्त गर्नलागे। श्रीहरिका पहिल्यै देखेका लीलाहरू बारम्बार स्मरण गर्दै ती उठ्दै-सुत्दै बारम्बार गरेर उनका चरणमा परेर धेरै बेरसम्म लुटुपुटु गरिरहे ॥६२॥६३॥ तिकै बेरपछि बिस्तार-बिस्तार उठेर आँखा पुछी भगवान्तिर हेर्दै शिर निहुराएर दुवै हात जोरी अत्यन्त विनय र सावधानीपूर्वक भयले काम्दै ब्रह्माजी गद्गद वाणीमा स्तुति गर्दै भन्नलागे—॥६४॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां त्रयोदशोऽध्यायः ॥१३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ब्रह्मा द्वारा श्रीकृष्णको स्तुति र बाछा एवं ग्वालबाल पाउनु)–ब्रह्माजी भन्दछन्–हे प्रभो ! सजल जलधर जस्तै श्यामवर्ण, विजुली झैं कान्ति, सुन्दर पीताम्बर धारी, गुञ्जाका गहनाले विभूपित, कुण्डल र मुकुटले अत्यन्त उद्भासित मुख, घाँटीमा वनमालाले सुशोभित, अत्यन्त सुकुमार चरण भएका, खानेकुराको गाँस, छडी, सींग र बाँसुरी आदि चिह्नले अपूर्व शोभायुक्त हजुर गोपाल-नन्दनलाई म प्रणाम गर्दछु । हे देव ! हजुरले ममाथि कृपा गर्नका लागि–जो आफ्नू इच्छाले नै धारण गर्नु भएको छ जो पाँच भौतिक नभएर शुद्ध सत्वमय छ । यस्तो हजुरको यो शरीरको पनि महिमा जान्न म वा अरु कुनै पनि समर्थ छैनन् । आत्मानन्दानुभवस्वरूप हजुरको महिमा एकाग्रचित्तले विचार गरेर पनि कसैले सहजै दसरी जान्न सक्तछ ? ॥ १-२ ॥ हे नाथ ! जो ज्ञान प्राप्तिको लागि प्रयास गर्न छाडेर आफ्नू स्थानमै सत्पुरुषका मुखबाट निस्केको कथावार्ता सुनेर मन, वाणी र शरीरले तिनको सत्कार गर्दै जीवन-निर्वाह गर्दछन् । हे अजित ! त्रिलोकमा ती प्रायः हजुरलाई जितिलिन्छन् ॥ ३ ॥ हे विभो ! जो जन कल्याण-प्राप्तिको मार्गरूपिणी हजुरको भक्ति छाडेर केवल

ब्रह्मोवाच ॥ नौमीड्य तेऽभ्रवपुषे तडिदम्बराय गुञ्जावतंसपरिपिच्छलसन्मुखाय ॥ वन्यस्रजे कवलवेत्रविषाणवेणुलक्ष्मश्रिये मृदुपदे पशुपाङ्गजाय ॥ १ ॥ अस्यापि देव वपुषो मदनुग्रहस्य स्वेच्छामयस्य न तु भूतमयस्य कोऽपि ॥ नेशे महित्ववसितुं मनसाऽऽन्तरेण साक्षात्तवैव किमुतात्मसुखानुभूतेः ॥ २ ॥ ज्ञाने प्रयासमुदपास्य नमन्त एव जीवन्ति सन्मुखरितां भवदीयवार्ताम् ॥ स्थाने स्थिताः श्रुतिगतां तनुवाङ्मनोभिर्ये प्रायशोऽजित जितोऽप्यसि तैस्त्रिलोक्याम् ॥ ३ ॥ श्रेयःसृतिं भक्तिमुदस्य ते विभो क्लिश्यन्ति ते केवलबोधलब्धये ॥ तेषामसौ क्लेशल एव शिष्यते नान्यद्यथा स्थूलतुषावघातिनाम् ॥ ४ ॥ पुरेह भूमन्बहवोऽपि योगिनस्त्वदर्पितेहा निजकर्मलब्धया ॥ विबुध्य भक्त्यैव कथोपनीतया प्रपेदिरेऽञ्जोऽच्युत ते गतिं पराम् ॥ ५ ॥ तथापि भूमन्महिमागुणस्य ते विबोद्धुमर्हत्यमलान्तरात्मभिः ॥ अविक्रियात्स्वानुभवादरूपतो ह्यनन्यबोध्यात्मतया न चान्यथा ॥ ६ ॥ गुणात्मनस्तेऽपि गुणान्विमातुं हितावतीर्णस्य क ईशिरेऽस्य ॥ कालेन यैर्वा विमिताः सुकल्पैर्भूपांसवः खे मिहिका द्युभासः ॥ ७ ॥ तत्तेऽनुकम्पां सुसमीक्षमाणो भुञ्जान एवात्मकृतं विपाकम् ॥ हृद्वाग्वपुर्भिर्विदधन्नमस्ते जीवेत यो मुक्तिपदे स दायभाक्

ज्ञानलाभको निम्ति क्लेश बोक्तछन्, तिनको निम्ति केवल कष्ट नै शेष रहन्छ—तिनलाई केही प्राप्त हुन्न । जस्तै धानको भुस कुट्नेलाई श्रमबाहेक केही मिल्दैन ॥४॥ हे अच्युत ! यस लोकमा अनेक योगीजन हजुरलाई आफ्नू लौकिक वैदिक कर्म अर्पण गरेर ती कर्म तथा-वार्ताबाट प्राप्त भक्तिद्वारा हजुरको सत्यस्वरूप जानेर सजिलै परमपद प्राप्त गरिसकेका छन् ॥५॥ यद्यपि हजुरका सगुण र निर्गुण दुवै रूपको महिमा जान्न कठिन छ, तापनि हजुरको निर्गुणरूपको महिमा त जसको अन्तःकारण शुद्ध, निर्मल भइसकेको छ, उनै पुरुष स्वयं प्रकाश आत्मरूपले जान्न सक्तछन्–कुनै अन्य प्रकारले होइन, किनकि हजुर निर्विकार स्वानुभवस्वरूप र इन्द्रियादिदेखि धेरै पर हुनुहुन्छ ॥ ६ ॥ हे प्रभो ! जसले धेरै समयपछि पृथ्वीका परमाणु, आकाशका हिमकण र नक्षत्रहरूलाई गनिसकेका छ–यस्ता कति पुरुष छन्, जो संसारको कल्याणार्थ अवतीर्ण हजुर सगुणका गुणहरू गन्नेछन् ॥ ७ ॥ अतः जो प्राणी 'हजुरको कृपा कहिले होला ?' यो उत्सुकताले वेलाको प्रतीक्षा गर्दै आफ्नो प्रारब्ध-फल भोग्दै रहन्छन् र मन, वाणी र शरीरले हजुरलाई नमस्कार गर्दै सानन्द जीवन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारण गर्दछ, त्यही मुक्तिपदको अधिकारी हुन सक्तछ * ॥ ८ ॥ ब्रह्माजी भन्दछन्–हे प्रभो ! मेरो कुटिलता हेर्नुहवस् ! हजुर अनन्त, आदिपुरुष, परमात्मा र समस्त मायावीहरूलाई मोहित तुल्याउनु हुन्छ । तैपनि हजुरमाथि आफ्नू माया फिजाएर हजुरको एश्वर्य हेर्न खोजेको थिएँ । अहो ! आगोको अघिल्तिर झिल्का झैं म हजुरको सामुन्ने के गर्न सक्तथें ? ॥९॥ हे अच्युत ! म रजोगुणबाट उत्पन्न हुनाले अज्ञानवश हजुरदेखि भिन्न स्वयं आफूलाई स्वामी मानेको थिएँ । 'म अजन्मा-जगत्कर्ता हुँ' यस्तो मदपूर्ण *अभिमानरूपी बाक्लो अन्धकारले मेरो विवेकरूपी नेत्र नष्ट भएका थिए । यसै निम्ति यो ठानेर कि म हुनाले नै यो संसार सनाथ भएको छ । अतः यसमा कृपया गर्नुगर्दछ । हजुर मेरो अपराध क्षमा गर्नोस्

॥ ८ ॥ पश्येश मेऽनार्यमनन्त आद्ये परात्मनि त्वय्यपि मायिमायिनि ॥ मायां वितत्येक्षितुमात्मवैभवं ह्यहं कियानैच्छमिवार्चिरग्नौ ॥ ९ ॥ अतः क्षमस्वाच्युत मे रजोभुवो ह्यजानतस्त्वत्पृथगीशमानिनः ॥ अजावलेपान्धतमोऽन्धचक्षुष एषोऽनुकम्प्यो मयि नाथवानिति ॥ १० ॥ क्वाहं तमोमहदहंखचराग्निवार्भूसंवेष्टिताण्डघटसप्तवितस्तिकायः ॥ क्वेदृग्विधाविगणिताण्डपराणुचर्यावाताध्वरोमविवरस्य च ते महित्वम् ॥ ११ ॥ उत्क्षेपणं गर्भगतस्य पादयोः किं कल्पते मातुरधोक्षजागसे ॥ किमस्तिनास्तिव्यपदेशभूषितं तवास्ति कुक्षेः कियदप्यनन्तः ॥ १२ ॥ जगत्त्रयान्तोदधिसम्प्लवोदे

॥१०॥ हे नाथ ! कहाँ प्रकृति, महत्तत्त्व, आकाश, वायु, अग्नि, जल र पृथ्वीरूपी आवरणहरूले ढाकिएको यो ब्रह्माण्ड नैजसको सात कुरेनकोशरीर छ, त्यो म ! कहाँजसका रोमकूपरूपी झ्यालमा अगणित ब्रह्माण्ड परमाणु झैं आउने जाने गर्दछन्, त्यस्ता हजुरको महिमा ॥११॥ हे अधोक्षज ! गर्भमा स्थित बालकले खुट्टा उफारे आमाले त्यसको त्यो अपराध मान्ली ? तथा 'छ' र 'छैन' यी शब्दले कहिने के कुनै यस्तो वस्तु छ, जो हजुरको भित्र विद्यमान नहोस् ? ॥१२॥ 'जुन बेला स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा प्रलयकालीन जलमा

* उदाहरण—दुइ जना भक्त थिए । दुवै जना निकै तत्परताले ईश्वर-प्राप्तिका लागि आराधना गरिरहेका थिए । तिनमा यौटा अलि उत्ताउलो थियो, अर्को गम्भीर । यौटा वटवृक्षमुनि आसन जमाएर बसेको थियो भने अर्को अमिलीको रूखमुनि । एक दिन डुल्दै नारदजी त्यतैबाट जाँदा पहिले वटवृक्षमुनि बस्ने भक्तकहाँ गए । उसले मुनिको सत्कार गरेर निकै आतुरताले सोध्यो–'मलाई भगवान् कहिले दर्शन दिनुहुन्छ ?' नारजीले भने—'भजन गर्दै गर । यस वटवृक्षमा जति पात छन् त्यति नै वर्षपछि भगवान्ले दर्शन दिनेछन् ।' यति सुन्दा त्यसको धैर्यले ठाउँ छाड्यो । उसले भन्यो—'भयो, मलाई चाहिएन यस्तो ईश्वरको दर्शन । यो वटवृक्षमा धति पात छन्, उति वर्षसम्म यो कष्ट सहनु पर्ने हो ।' अनि त्यसले लट्ठी र कमण्डलु फ्याँक्यो र फेरि पर-गृहस्थीमा लाग्यो । त्यहाँबाट नारदजी अमिलीको बृक्षमुनि बस्ने भक्तकहाँ पुगे । उसले पनि मुनिको पूजा र सत्कार गरेर सोध्यो–'भगवन् ! ममाथि भगवान्को कहिले कृपा होला ?' नारदजीले भने–यस अमिलीको वृक्षमा जति पात छन्, त्यति वर्षपछि । त्यति सुन्नासाथ भक्त आनन्द विभोर भएर नाच्नलाग्यो । उसलाई आफ्नो शरीरको पनि ध्यान रहेन । उसै बखत भगवान् ती भक्तको जगाडि प्रकट भए र त्यसलाई काखामा बोकेर आफ्नू लोक लैजानुभयो । नारदले सोधे—'प्रभो ! यो के भयो ?' भगवान्ले भन्नुभयो–'तिमीले भनेको समय यही हो ।'

* दृष्टान्त नारदको अभिमान भंग भयो)—नारदजीलाई 'म जस्तो भगवद्भक्त अरू कोही छैन' भन्ने अभिमान थियो । यो कुरा भगवान्ले थाहा पाउनु भयो । अनि नारदजीलाई संगै लिएर एक दिन जङ्गलमा डुल्न जानुभयो । त्यहाँ यौटा दुर्बल ब्राह्मण कम्मरमा तरवार लिएर सुकेका पात चपाइरहेको थियो । नारदले विचार गरे–यो सुकेका पात खाइरहेको छ, तर हरियो पात टिप्दैन त्यो कति ठूलो अहिंसक रहेछ । गर अर्कोतिर हिंसाको साधन स्वरूप तरवार पनि बाँधिराखेको छ ।' नारदले त्योसित सोधे–'तिमीले यो तरवार किन बाँधिराखेका छौ ?' उसले उत्तर दियो —'यो तरवार भगवान्का तीन जना शत्रुलाई मार्न बाँधेको हुँ ।' नारदजीले फेरि सोधे— ती तीन जना को-को हुन् ?' ब्राह्मणले भने–'यौटा अर्जुन, जसले हाम्रा भगवान्लाई सारथि तुल्यायो । दोस्रो द्रौपदी–जसले हाम्रा भगवान्सित साडी मागी । तेस्रो नारदजो हाम्रा प्रभुलाई एक दिन राम्ररी सास फेरेर बस्न पनि दिदैनन् ! नारदजी ब्राह्मणका कुरा सुनेर चुपलागे र भगवान्ले ब्राह्मण-भक्तलाई तत्काल दर्शन दिएर कृतार्थ पार्नुभयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमग्न थिए, त्यस वखत नारायणको नाभिवाट उत्पन्न कमलद्वारा ब्रह्माको जन्म भयो ।' यो कथन कुनै प्रकारले पनि मिथ्या छैन । अतः हे ईश ! के म हजुरबाट नै उत्पन्न भएको होइन ? ॥१३॥ हे सबैका अधीश्वर ! सम्पूर्ण जीवका आत्मा र सम्पूर्ण लोकहरूमा साक्षी हुनाले के हजुर नै नारायण नामले विख्यात हुनुहुन्न ? नरबाट उत्पन्न जलमा निवासगर्नाले जसको नारायण संज्ञा छ, त्यो पनि हजुरको नै अंश छ, किन्तु हजुर जल आदि कुनै एक देशमा स्थित हुनु पनि वास्तविक होइन, त्यो हजुरकी माया नै हुन् ॥१४॥ यदि हजुरको यो विराट् स्वरूप साँच्चै नै जलमा थियो भने त्यस वेला कमलनालको बाटोमा जलबाट सय वर्षसम्म अत्यन्त खोज्दा पनि मैले त्यसलाई किन देख्न सकिन ? फेरि तपस्या गरेपछि तत्काल आफ्नो हृदयमा नै मलाई उसको दर्शन कसरी प्राप्त भयो ? फेरि तुरुन्त त्यो अन्तर्धान किन भयो ? यो हजुरकी मायाको नै प्रभाव हो भन्ने ज्ञात भइरहेको छ ॥१५॥ हे माया-नाशक ! हजुरले यस अवतारमा पनि बाहिर स्पष्टरूपमा उद्भासित हुने यो जगत् आफ्नी आमाको उदरमा देखाएर यसको माया प्रकट गरिदिएको छ ॥१६॥ जब कि हजुर

नारायणस्योदरनाभिनालात् ॥ विनिर्गतोऽजस्त्विति वाङ् न वै मृषा किन्त्वीश्वर त्वन्न विनिर्गतोऽस्मि ॥ १३ ॥ नारायणस्त्वं न हि सर्वदेहिना- मात्मास्यधीशाखिललोकसाक्षी ॥ नारायणोऽङ्ग नरभूजलायनात्तच्चापि सत्यं न तवैव माया ॥ १४ ॥ तच्चेज्जलस्थं तव सज्जगद्वपुः किं मे न दृष्टं भगवँस्तदैव ॥ किं वा सुदृष्टं हृदि मे तदैव किं नो सपद्येव पुनर्व्यदर्शि ॥ १५ ॥ अत्रैव मायाधमनावतारे ह्यस्य प्रपञ्चस्य बहिः स्फुटस्य ॥ कृत्स्नस्य चान्तर्जठरे जनन्या मायात्वमेव प्रकटीकृतं ते ॥१६॥ यस्य कुक्षाविदं सर्वं सात्मं भाति यथा तथा ॥ तत्त्वय्यपीह तत्सर्वं किमिदं मायया विना ॥ १७ ॥ अद्यैव त्वदृतेऽस्य किं मम न ते मायात्वमादर्शितमेकोऽसि प्रथमं ततो व्रजसुहृद्वत्साः समस्ता अपि ॥ तावन्तोऽसि चतुर्भुजास्तद- खिलैः साकं मयोपासितास्तावन्त्येव जगन्त्यभूस्तदमितं ब्रह्माद्वयं शिष्यते ॥ १८ ॥ अजानतां त्वत्पदवीमनात्मन्यात्मात्मना भासि वितत्य मायाम् ॥ सृष्टाविवाहं जगतो विधान इव त्वमेषोऽन्त इव त्रिनेत्रः ॥ १९ ॥ सुरेष्वृषिष्वीश तथैव नृष्वपि तिर्यक्षु यादःस्वपि तेऽजनस्य ॥ जन्मासतां दुर्मदनिग्रहाय प्रभो विधातः सदनुग्रहाय च ॥ २० ॥ को वेत्ति भूमन्भगवन्परात्मन्योगेश्वरोतीर्भवतस्त्रिलोक्याम् ॥ क्व वा कथं वा

समेत सम्पूर्ण विश्व जस्तो बाहिर देखिन्छ, त्यस्तै हजुरको उदरमा पनि प्रतीत भयो भने के यी सबै हजुरको माया नभएर नै प्रतीत भएको थियो ? ॥ १७ ॥ यस बखत पनि के हजुरले मलाई आफू बाहेक अखिल विश्वको माया र मोह देखाउनु भएको होइन ? पहिले हजुर एक्लै हुनुहुन्थ्यो, फेरि सबै ग्वालबाल र बाछा पनि स्वयं बन्नुभयो, उसपछि मैले देखें– हजुरका यी सबै मूर्ति चतुर्भुज छन् र म समेत सबै तत्त्वहरूले सेवित छन् । हजुरले भिन्न-भिन्न उतिनै ब्रह्माण्डको रूप पनि धारण गर्नुभयो । अब अन्त्यमा फेरि आफ्नो अपरिमित अद्वितीय ब्रह्मरूपले केवल हजुर नै अवशिष्ट रहनु भएको छ ॥ १८ ॥ जो व्यक्ति अज्ञानवश हजुरको स्वरूप जान्दैनन्, उनैलाई अनात्मामा स्थित आत्मरूप तीयाथि मायाको पर्दाले ढाकेर सृष्टिको वेला मेरो रूपले, पालनकालनमा विष्णुरूपले र संहारको वेला त्रिनयन शिवको रूपमा भासमान हुनुहुन्छ ॥१९॥ हे जगन्नियन्ता प्रभो ! हे विधात ! हजुर अजन्मा हुनुहुन्छ, तैपनि देवता, ऋषि, मनुष्य, तिर्यक् र जल-थलचरादि योनिहरूमा हजुरका अवतार हुन्छन् । ती असत्पुरुषका मदको मन्थन र सत्पुरुष हरूमा कृपा गर्नको निम्ति नै हुँदै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहन्छन् ॥२०॥ हे भगवन् ! हजुर सर्वव्यापक र परमात्मा योगेश्वर हुनुहुन्छ । जुन आफ्नी योगमायाको विस्तार गरेर क्रीडा गर्नुहुन्छ त्यस वेला त्रिलोकमा यस्तो कुन छ, जो यो जान्न सकोस्–हजुरको लीला कहाँ, कसरी र कहिले हुन्छ ? ॥ २१ ॥ अतः यो सम्पूर्ण जगत् स्वप्न जस्तै असत्, ज्ञानशून्य र उत्तरोत्तर दुःखमय छ । यी मायाले उत्पन्न भए पनि नित्यानन्दस्वरूप हजुर अनन्तमा स्थित हुनाले गर्दा यो सत्य जस्तै प्रतीत हुन्छ ॥ २२ ॥ हजुर संसारका एकमात्र पुराण-पुरुष, सत्य तथा स्वयंप्रकाश, अनन्त, आदिपुरुष, नित्य, अक्षर, निरन्तर सुख-स्वरूप, निरञ्जन, परिपूर्ण, अद्वितीय, उपाधिरहित र अमृतरूप हुनुहुन्छ ॥२३॥ उपर्युक्त सबै महिमाहरूले युक्त हजुर परमात्मालाई जो जन सबै प्राणिहरू-का आत्मा जानेर सूर्यस्वरूप गुरुबाट प्राप्त उपनिषद्रूपी ज्ञाननेत्र द्वारा आत्मारूपले देख्दछन्, ती यस असत्य संसार-सागरलाई तर्दछन् ॥ २४ ॥ जो पुरुष आत्मालाई आत्मा मान्दैनन्, तिनलाई यस अज्ञानले नै यो सबै प्रपञ्च सत्य प्रतीत हुन्छ । ज्ञान हुनासाथ यो अज्ञान विलीन भएर जान्छ । जस्तै डोरीमा भ्रमवश प्रतीत हुने सर्प भ्रम नष्ट हुनासाथ हराउँछ ॥२५॥

कति वा कदेति विस्तारयन्क्रीडसि योगमायाम् ॥ २१ ॥ तस्मादिदं जगदशेषमसत्स्वरूपं स्वाप्नाभमस्तधिषणं पुरुदुःखदुःखम् ॥ त्वय्येव नित्य-सुखबोधतनावनन्ते मायात उद्यदपि यत्सदिवावभाति ॥ २२ ॥ एकस्त्वमात्मा पुरुषः पुराणः सत्यः स्वयंज्योतिरनंत आद्यः ॥ नित्योऽक्षरोऽ-जस्रसुखो निरञ्जनः पूर्णोऽद्वयो मुक्त उपाधितोऽमृतः ॥ २३ ॥ एवंविधं त्वां सकलात्मनामपि स्वात्मानमात्मात्मतया विचक्षते ॥ गुर्वर्कलब्धोपनि-षत्सुचक्षुषा ये ते तरन्तीव भवानृताम्बुधिम् ॥ २४ ॥ आत्मानमेवात्मतयाऽविजानतां तेनैव जातं निखिलं प्रपञ्चितम् ॥ ज्ञानेन भूयोऽपि च तत्प्रलीयते रज्ज्वामहेर्भोगभवाभवौ यथा ॥ २५ ॥ अज्ञानसंज्ञौ भवबन्धमोक्षौ द्वौ नाम नान्यौ स्त ऋतज्ञभावात् ॥ अजस्रचित्यात्मनि केवले परे विचार्यमाणे तरणाविवाहनी ॥२६॥ त्वामात्मानं परं मत्वा परमात्मानमेव च ॥ आत्मा पुनर्बहिर्मृग्य अहोऽज्ञजनताऽज्ञता ॥ २७ ॥ अन्तर्भवेऽ-नंत भवंतमेव ह्यतत्त्यजन्तो मृगयन्ति सन्तः ॥ असंतमप्यंत्यहिमन्तरेण संतं गुणं तं किमु यंति सन्तः ॥ २८ ॥ अथापि ते देव पदाम्बुज-द्वयप्रसादलेशानुगृहीत एव हि ॥ जानाति तत्त्वं भगवन्महिम्नो न चान्य एकोऽपि चिरं विचिन्वन् ॥ २९ ॥ तदस्तु मे नाथ स भूरिभागो भवेऽत्र वान्यत्र तु वा तिरश्चाम् ॥ येनाहमेकोऽपि भवज्जनानां भूत्वा निषेवे तव पादपल्लवम् ॥ ३० ॥ अहोऽतिधन्या व्रजगोरमण्यः स्तन्यामृतं पीतमतीव

जसको संज्ञा अज्ञानले नै कल्पित छ, ती संसार-सम्बन्धी बन्धन र मोक्ष दुवै नै सत्य र ज्ञानस्वरूप परमात्माबाट अलग्ग छैनन् । जस्तै सूर्यमा दिन र रात्रिका अभाव छन् त्यस्तै नै विचार गर्दा अण्डचेतनस्वरूप अद्वितीय परमात्मामा बन्धन र मोक्षको भाव रहन्न ॥ २६ ॥ अहो ! अज्ञानता छ–हजुर आत्मालाई अन्य मानेर अरु देहादिलाई आत्मा मानेर सत्य आत्मालाई बाहिर खोज्दछन् ॥ २७ ॥ हे अनन्त ! सन्तजन अनात्म वस्तुको त्याग गर्दै आफ्नू अन्तःकरणमा विराजमान हजुरलाई खोज्दछन्, किनकि ती सन्तजन डोरीको स्पर्श नभएरै पनि के असत् सर्पको बाध नगरीकन सत्य डोरीलाई जान्न सक्तछन् ? ॥ २८ ॥ यस्तो भएर पनि हे देव ! जो प्राणी हजुरका चरणकमल युगललाई लेशमात्र प्रसादले अनुग्रहीत हुन्छ, त्यही हजुरको महिमाको तत्त्व, प्रभाव जान्न सक्तछ । अर्को धेरै कालसम्म खोजी गर्दै रहे पनि जान्न सक्तैन ॥ २९ ॥ अतएव हे प्रभो ! मलाई यस्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सौभाग्य प्राप्त होस्, जसले म यो जन्ममा अथवा कुनै तिर्यक्योनिमा नै जन्म लिएर हजुरका दासहरूमा यौटा दास भएर हजुरका चरणको सेवा गरूँ ।। ३० ।। अहिलेसम्म सम्पूर्ण यज्ञले जसको तृप्ति गर्न सकेनन्, उमै परमेश्वरले जसका स्तनको दुग्धामृत बाछा र बालकरूपले आनन्दपूर्वक पिए, ती व्रजका गाई र ग्वालिनीहरू सबै परम धन्य हुन् ।। ३१ ।। अहो ! नन्दादि व्रजवासी गोप धन्य हुन्, जसका सुहृद् परमानन्दस्वरूप सनातन पूर्णब्रह्म हजुर हुनुहुन्छ ।। ३२ ।। हे अच्युत ! यी वजवासीहरूको सौभाग्यको महिमा त भिन्नै रहोस्—म, शिवजी आदि एघार इन्द्रियाधिष्ठाता देवताहरूको पनि ठूलो भाग्य रहेछ, जो मन आदि एघार इन्द्रियहरूलाई कठोर तुल्याएर हजुरका अमृतमयी मधुर मदिरा पिउँछौं ।। ३३ ।। यस व्रजभूमिको कुनै वनमा र त्यसमा पनि गोकुलमा जन्म पाउनु परम सौभाग्य हो, जसले कहिले कुनै गोकुलवासीका चरणरजले अभिषिक्त हुने अवसर पाइन्छ किनकि जसको पदरजलाई श्रुति आज पनि खोज्दै रहन्छन्, ती हजुर भगवान् मुकुन्द नै यी व्रजबालाहरूका एकमात्र आधार, स्वामी हुनुहुन्छ ।। ३४ ।। हे देव !

ते मुदा ।। यासां विभो वत्सतरात्मजात्मना यत्तृप्तयेऽद्यापि न चालमध्वराः ।। ३१ ।। अहो भाग्यमहो भाग्यं नंदगोपव्रजौकसाम् ।। यन्मित्रं परमानन्दं पूर्णं ब्रह्म सनातनम् ।। ३२ ।। एषां तु भाग्यमहिमाऽच्युत तावदास्तामेकादशैव हि वयं बत भूरिभागाः ।। एतद्धृषीकचषकैरसकृत्पिबामः शर्वादयोऽङ्घ्र्युदजमध्वमृतासवं ते ।। ३३ ।। तद्भूरिभाग्यमिह जन्म किमप्यटव्यां यद्गोकुलेऽपि कतमाङ्घ्रिरजोऽभिषेकम् ।। यज्जीवितं तु निखिलं भगवान् मुकुन्दस्त्वद्यापि यत्पदरजः श्रुतिमृग्यमेव ।। ३४ ।। एषां घोषनिवासिनामुत भवान्किं देव रातेति नश्चेतो विश्वफलात्फलं त्वदपरं कुत्राप्ययन् मुह्यति ।। सद्वेषादिव पूतनाऽपि सकुला त्वामेव देवापिता यद्धामार्थसुहृत्प्रियात्मतनयप्राणाशयास्त्वत्कृते ।। ३५ ।। तावद्रागादयः स्तेनास्तावत्कारागृहं गृहम् ।। तावन्मोहोऽङ्घ्रिनिगडो यावत्कृष्ण न ते जनाः ।। ३६ ।। प्रपञ्चं निष्प्रपञ्चोऽपि विडम्बयसि भूतले ।। प्रपन्नजनतानन्दसन्दोहं प्रथितुं प्रभो ।। ३७ ।। जानंत एव जानन्तु किं बहूक्त्या न मे प्रभो ।। मनसो वपुषो वाचो वैभवं तव गोचरम् ।। ३८ ।। अनुजानीहि मां कृष्ण सर्वं त्वं वेत्सि सर्वदृक् ।। त्वमेव जगतां नाथो जगदेतत्तवार्पितम् ।। ३९ ।। श्रीकृष्ण वृष्णिकुलपुष्कर जोषदायिन् क्ष्मानिर्जरद्विजपशूदधि·

यी व्रजवासीहरूलाई इनका सेवाको साटो हजुर के फल बक्सिन्छ ? सम्पूर्ण फलका फलरूप हजुरको स्वरूप भन्दा वर्ता अरु कुनै फल नदेखिनाले हाम्रो चित्त मोहित भइरहेछ । यदि म उनलाई आफ्नो स्वरूपनै दिएर अऋणी हुनेछु भने पनि हजुरको स्वरूपलाई त नारी वेष तुल्याएर आएकी पूतनाले पनि आफ्ना सम्बन्धी (अघासुर-बकासुर) सहित प्राप्त गरिसकेकी थिई । येरि जसले आफ्नो घर, धन, स्वजन, प्रिय, शरीर, पुत्र, प्राण र मन सबै हजुरलाई नै अर्पण गरिदिएका छन्, ती व्रजवासीहरूलाई पनि त्यही फल दिएर हजुर अऋणी कसरी हुने ? ।। ३५ ।। हे कृष्ण ! जबसम्म मनुष्य हजुरको भक्त बन्दैन, तबसम्म उसको लागि राग-द्वेषादि चोर झैं, घर झ्यालखान झैं र मोह नेल ठोकिएको समान ।।३६।। हे प्रभो ! निष्प्रपञ्च भएर पनि हजुर आफ्ना शरणागत भक्तका आनन्द राशि बढाउनु संसारमा अवतार लिएर प्रपञ्चको अनुसरण गर्नुहुन्छ ।। ३७ ।। हे स्वमिन् ! धेरै भनेर के हुन्छ, जो जन हजुरको वैभव जान्दछन्, ती जान्दैरहुन् । हजुरको वैभव त मेरो मन, वाणी र शरीरको विषय होइन।।३८।। हे कृष्णचन्द्र ! अब मलाई आज्ञा दिनोस् । हजुर समदर्शी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनुहुन्छ, त्यसैले सबै जान्नुहुन्छ। हजुर नै सम्पूर्ण जगत्का स्वामी हुनुहुन्छ। यी सबै प्रपञ्च हजुरमै स्थित छन् ॥ ३९ ॥ हे कृष्ण! हजुर वृष्णिकुलकमललाई विकसित पार्ने (सूर्य) तथा पृथ्वी, देवता, ब्राह्मण र पशुरूपी समुद्रलाई बढाउने चन्द्रमा हुनुहुन्छ। हजुर पाखण्ड-धर्मरूपिणी रात्रिलाई नष्ट पार्ने, पृथ्वीमा राक्षसहरूसित द्वेष गर्ने र सूर्यपर्यन्त समस्त देवताका पूज्य पिता हुनुहुन्छ। हे भगवन्! हजुरलाई कल्पपर्यन्त नमस्कार छ ॥ ४० ॥ श्रीशुकदेव भन्नुहुन्छ! यसरी स्तुति गरेर ब्रह्माजीले लीलाको निम्ति नै अवतीर्ण सर्वव्यापक भगवान् कृष्णको तीन परिक्रमा गरेर उनका चरण-कमलाई प्रणाम गरी आफ्नो लोक फर्किए ॥ ४१ ॥ ब्रह्मालाई विदा गरेर कृष्णचन्द्र उनैद्वारा पहिले नै उपस्थित गरिएका बाछाहरू लिएर यमुनाको जुन बालुवामा आफ्ना अघिका सखाहरूलाई छाडेर गएका थिए, त्यहीं आए ॥ ४२ ॥ हे राजन्! ती बालकहरूका प्राणाधार कृष्णको वियोगमा एक वर्ष बितेको थियो, तापनि भगवान्‌की मायाले मोहित हुनाले तिनलाई त्यो समय आधा क्षण झैं प्रतीत भयो ॥ ४३ ॥ जोसित मोहित भएर सारा जगत् निरन्तर आफ्नो आत्मालाई बिर्सेको

वृद्धिकारिन् ॥ उद्धर्मशार्वरहर क्षितिराक्षसध्रुगाकल्पमार्कमर्हन्भगवन्नमस्ते ॥ ४० ॥ श्रीशुक उवाच ॥ इत्यभिष्टूय भूमानं त्रिः परिक्रम्य पादयोः ॥ नत्वाऽभीष्टं जगद्धाता स्वधाम प्रत्यपद्यत ॥ ४१ ॥ ततोऽनुज्ञाप्य भगवान्स्वभुवं प्रागवस्थितान् ॥ वासान्पुलिनमानिन्ये यथापूर्वसखं स्वकम् ॥४२॥ एकस्मिन्नपि यातेऽब्दे प्राणेशं चान्तरात्मनः ॥ कृष्णमायाहता राजन्क्षणार्धं मेनिरेऽर्भकाः ॥ ४३ ॥ किं किं न विस्मरन्तीह मायामोहितचेतसः ॥ यन्मोहितं जगत्सर्वमभीक्ष्णं विस्मृतात्मकम् ॥४४॥ ऊचुश्च सुहृदः सर्वे स्वागतं तेऽतिरंहसा ॥ नैकोऽप्यभोजि कवल एहीतः साधु भुज्यताम् ॥४५॥ ततो हसन्हृषीकेशोऽभ्यवहृत्य सहार्भकैः दर्शयँश्चर्माजगरं न्यवर्तत वनाद्व्रजम् ॥ ४६ ॥ बर्हप्रसूननवधातुविचित्रिताङ्गः प्रोद्दामवेणुदलशृङ्गरवोत्सवाढ्यः ॥ वत्सान्गृणन्ननुगगीतपवित्रकीर्तिर्गोपीदृगुत्सवदृशिः प्रविवेश गोष्ठम् ॥ ४७ ॥ अद्यानेन महाव्यालो यशोदानन्दसूनुना ॥ हतोऽविता वयं चास्मादिति बाला व्रजे जगुः ॥४८॥ राजोवाच ॥ ब्रह्मन्परोद्भवे कृष्णे इयान्प्रेमा कथं भवेत् ॥ योऽभूतपूर्वस्तोकेषु स्वोद्भवेष्वपि कथ्यताम् ॥४९॥ श्रीशुक उवाच ॥ सर्वेषामपि भूतानां नृप स्वात्मैव वल्लभः ॥ इतरेऽपत्यवित्ताद्यास्तद्वल्लभतयैव हि ॥ ५० ॥ तद्राजेन्द्र यथा स्नेहः स्वस्वकात्मनि

छ, त्यो मायाले जसको चित्त मोहित पारेको छ, ती के-के भूल गर्न सक्तैनन् ॥ ४४ ॥ भगवान् कृष्णलाई देख्नासाथ बालकहरूले भने—हे भाई! तिमी त खूब आयौ, हामीले त तिमी नहुताले एक गाँस पनि खाएका छैनौं। यता आऊ, बसेर आनन्दले खाऊ ॥ ४५ ॥ अनि हाँस्तै भगवानले सखाहरूसित भोजन गरे र उनलाई अजिंगर (अघासुर) को कंकाल देखाउँदै वनबाट व्रजमा फर्किए ॥ ४६ ॥ अनि जसको शरीर मयूरपंख, पुष्प र गेरू आदि धातुले चित्रित थियो, जो आफ्नो बाँसुरी र नरसिंघाको उच्च स्वरले सबैको चित्तमा उल्लास बढाइरहेथे, भक्तजन जसको पवित्र कीर्तिगान गर्दछन् र जो आफ्नू दर्शनले गोपीजनका नेत्रलाई आनन्दित पार्दथे ती कृष्णले बाछाहरूको नाम लिएर डाक्तै आफ्नू गोठमा प्रवेश गरे ॥ ४७ ॥ त्यसै दिन बालकहरूले व्रजमा गएर भने–आज यी नन्द-यशोदाका पुत्र कृष्णले वनमा यौटा ठूलो अजिङ्गर मारेर हाम्रो रक्षा गरे ॥ ४८ ॥ राजा परीक्षितले सोधे–हे भगवन्! अब यो भन्नोस्–अर्काका छोरा कृष्णमा व्रजवासी र ग्वाल-बालहरूको त्यस्तो प्रेम किन भयो, जस्तो कि तिनलाई आफ्नै छोराम। पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिएन ? ॥ ४९ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! समस्त प्राणीलाई आफ्नू आत्मा नै सबभन्दा बर्ता प्रिय हुन्छ र पुत्र-वित्तादि त ऊ प्रिय हुनाले नै प्रिय हुन्छन् ॥ ५० ॥ अतः हे राजन् ! देहधारीहरूको जस्तो आफूमा प्रेम हुन्छ, त्यस्तो आफ्ना कहिने पुत्र, धन र घर आदिमा हुँदैन ॥ ५१ ॥ हे क्षत्रियश्रेष्ठ ! देहात्मवादी पुरुषहरूलाई पनि देह जति प्रिय हुन्छ, त्यति तीसित सम्बद्ध पुत्र-मित्रादि प्रिय हुँदैनन् ॥ ५२ ॥ जब विवेक भएर देह नै ममत्वको पात्र बन्दछ, तब यो आत्मा समान प्रिय रहन्न, नभए त यी देह जराग्रस्त भएर पनि बाँच्ने आशा प्रबल किन बनिरहन्थ्यो ? ॥ ५३ ॥ अतएव सबै देहधारीहरूलाई आफ्नू आत्मा नै सबभन्दा बर्ता प्रिय छ र उसैको निम्ति यो समस्त चराचर जगत् प्रिय प्रतीत हुन्छ ॥ ५४ ॥ हे राजन् ! यी कृष्णलाई नै तिमी समस्त आत्मा (जीवका) आत्मा अर्थात् परमात्मा ठान । यी सबै संसारको कल्याणका लागि नै मायामय देहधारी समान देखिन्छन् ॥ ५५ ॥ जो वास्तविक तत्त्वलाई जान्दछन् तिनको दृष्टिमा स्थावर-जङ्गम सबै जीव कृष्णरूप नै देखिन्छन् । सम्पूर्ण जगत कृष्णमय छ । कृष्णबाहेक कुनै पनि वस्तु

देहिनाम् ॥ न तथा ममतालम्बिपुत्रवित्तगृहादिषु ॥ ५१ ॥ देहात्मवादिनां पुंसामपि राजन्यसत्तम ॥ यथा देहः प्रियतमस्तथा न ह्यनुये च तम् ॥५२॥ देहोऽपि ममताभाक्चेत्तर्ह्यसौ नात्मवत्प्रियः यज्जीर्यत्यपि देहेऽस्मिञ्जीविताशा बलीयसी ॥ ५३ ॥ तस्मात्प्रियतमः स्वात्मा सर्वेषामपि देहिनाम् ॥ तदर्थमेव सकलं जगदेतच्चराचरम् ॥ ५४ ॥ कृष्णमेनमवेहि त्वमात्मानमखिलात्मनाम् ॥ जगद्धिताय सोऽप्यत्र देहीवाभाति मायया ॥ ५५ ॥ वस्तुततो जानतामत्र कृष्णं स्थास्नु चरिष्णु च ॥ भगवद्रुपमखिलं नान्यद्वस्त्विह किञ्चन ॥ ५६ ॥ सर्वेषामपि वस्तूनां भावार्थो भवति स्थितः ॥ तस्यापि भगवान्कृष्णः किमतद्वस्तु रूप्यताम् ॥ ५७ ॥ समाश्रिता ये पदपल्लवप्लवं महत्पदं पुण्ययशो मुरारेः ॥ भवाम्बुधिर्वत्सपदं परं पदं पदं पदं यद्विपदां न तेषाम् ॥५८॥ एतत्ते सर्वमाख्यातं यत्पृष्टोऽहमिह त्वया ॥ यत्कौमारे हरिकृतं पौगण्डे परिकीर्तितम् ॥ ५९ ॥ एतत्सुहृद्भिश्चरितं मुरारेरघार्दनं शाद्वलजेमनं च ॥ व्यक्तेतरद्रूपमजोर्वभीष्टवं शृण्वन्गृणन्नेतिनरोऽखिलार्थान् ॥६०॥ एवं विहारैः कौमारैः कौमारं जहतुर्व्रजे ॥ निलायनैः सेतुबन्धैर्मर्कटोत्प्लवनादिभिः ॥ ६१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे ब्रह्मस्तुतिर्नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

आफ्ना कारणरूपले स्थित छन् र भगवान् श्रीकृष्ण त्यस कारणका पनि कारण हुन्, अनि यी सबै वस्तु कृष्णरूप बाहेक अरु के हुन् ? ॥ ५७ ॥ अतः यस अनित्य संसारमा जसले पुण्यकीर्ति श्रीकृष्णका चरणकमलरूपी डुङ्गाको–जुन महापुरुषको आधार हो–आश्रय लिए, तिनको निम्ति यो संसार-समुद्र बाछाको खुर समान छ र परमपद नै उनको पाउ हो। जो विपत्तिको पद (स्थान) छ, त्यस संसारमा उनले कहिल्यै आउनुपर्दैन ॥ ५८ ॥ हे राजन् ! तिमीले जे सोधेका थियौ–'भगवान्ले जुन कर्म कौमारावस्थामा गरेका थिए, त्यो बालकहरूले उनका पौगण्डावस्थामा व्रजमा गएर कसरी भने ?' यो रहस्य तिमीलाई बुझाएँ ॥ ५९ ॥ जो यो ग्वाल-बालसित वनक्रीडा, अघासुरको दमन, हरियो-हरियो घाँसले युक्त भूमिमा बसेर खानेकुरा खाएको, जड़ प्रपञ्चदेखि भिन्न शुद्ध सत्वमय बाछा र बालकहरूको रूप धारण गर्नु तथा ब्रह्माजीले गरेको महती स्तुति आदि लीलाहरू सुन्दछ वा भन्दछ, त्यसका सबै कामना पूर्ण हुन्छन् ॥ ६० ॥ हे महाराज ! यसरी श्रीबलराम र कृष्णचन्द्रले खेल खेल्नु, पुल बनाउनु, बाँदर झैं उफ्रनु तथा हाम्फाल्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि बालसुलभ लीलाहरू गर्दै व्रजमा कुमारावस्था विताए ॥६१॥ इति श्रीमद्भागवते दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां चतुर्दशोऽध्यायः ॥१४॥

(कृष्णले गाई चराउनु, धेनुक वध र कालीय नागको विषबाट बालकहरूको मुक्ति)–श्री शुकदेव भन्नुहुन्छ–हे राजन् ! पौगण्ड अर्थात् पाँच वर्षभन्दा वर्ता अवस्थामा प्रवेश गरेपछि बलराम र कृष्ण व्रज-भूमिमा गाई चराउने योग्य मानिए । अनि ती आफ्ना मित्र ग्वालवालसित गाई चराउँदै आफ्ना चरण-चिह्नले वृन्दावन पवित्र पार्नलागे ॥१॥ एक दिन आफ्नो सुयश गान गर्ने ग्वालवालले घेरिएर श्रीकृष्ण वन विहार गर्ने इच्छाले दाजू सहित वंशी बजाउँदै गाईहरू अघिलाएर यौटा पुष्प-प्रचुर वनमा प्रवेश गरे, जहाँ पशुहरूले चर्ने सबै प्रकारले राम्रा थियो ॥२॥ त्यस वनलाई गुञ्जार गर्ने भ्रमर, मृग र पक्षिहरूले पूर्ण, महात्माहरूको चित्त झैं स्वच्छ जलका सरोवरले युक्त र कमलगन्ध-सुरभित वायुले मनोरम देखेर भगवान्‌ले त्यहीं क्रीडा गर्ने निधो गरे ॥३॥ ती आदि पुरुष भगवान्‌ले जताततै ननबपल्लवको तरुण कान्ति र फल-फूलका भारले न्युरेर चरण स्पर्श गर्ने

श्रीशुक उवाच ॥ ततश्च पौगण्डवयःश्रितो व्रजे बभूवतुस्तौ पशुपालसम्मतौ ॥ गाश्चारयन्तौ सखिभिः समं पदैर्वृन्दावनं पुण्यमतीव चक्रतुः॥१॥
तन्माधवो वेणुमुदीरयन्वृतो गोपैर्गृणद्भिः स्वयशो बलान्वितः ॥ पशून्पुरस्कृत्य पशव्यमाविशद्विहर्तुकामः कुसुमाकरं वनम् ॥ २ ॥ तन्मञ्जुघोषालि-
मृगद्विजाकुलं महन्मनःप्रख्यपयःसरस्वता ॥ वातेन जुष्टं शतपत्रगन्धिना निरीक्ष्य रन्तुं भगवान्मनो दधे ॥ ३ ॥ स तत्रतत्रारुणपल्लवश्रिया
फलप्रसूनोरुभरेण पादयोः ॥ स्पृशच्छिखान्वीक्ष्य वनस्पतीन्मुदा स्मयन्निवाहाग्रजमादिपूरुषः ॥ ४ ॥ श्रीभगवानुवाच ॥ अहो अमी देववरामरार्चितं
पादाम्बुजं ते सुमनःफलार्हणम् ॥ नमन्त्युपादाय शिखाभिरात्मनस्तमोऽपहत्यै तरुजन्म यत्कृतम् ॥ ५ ॥ एतेऽलिनस्तव यशोऽखिललोकतीर्थं
गायन्त आदिपुरुषानुपदं भजन्ते ॥ प्रायो अमी मुनिगणा भवदीयमुख्या गूढं वनेऽपि न जहत्यनघात्मदैवम् ॥ ६ ॥ नृत्यन्त्यमी शिखिन ईड्य मुदा
हरिण्यः कुर्वन्ति गोप्य इव ते प्रियमीक्षणेन ॥ सूक्तैश्च कोकिलगणा गृहमागताय धन्या वनौकस इयान्हि सतां निसर्गः ॥ ७ ॥ धन्येयमद्य धरणी

शाखाग्रहरूले युक्त वृक्षहरू देखेर आफ्ना दाजू बलरामसित मुसु-मुसु हाँस्तै भने ॥ ४ ॥ श्रीभगवान् भन्नुहुन्छ–हे देवश्रेष्ठ ! यी वृक्ष जुन कारले यिनलाई वृक्षयोनि प्राप्त भएको छ, ती पाप नष्ट पार्नको निम्ति आफ्ना हाँगाद्वारा फल-फूल आदि पूजा-सामग्री लिएर हजुरका चरणकमलको पूजा, प्रणाम गर्दैछन्॥५॥हे आदि पुरुष ! यी भ्रमर सम्पूर्ण लोकलाई पवित्र पार्ने तीर्थस्वरूप हजुरको गुण-गान गर्दै हजुरलाई नै भन्दछन् । हे अनघ ! वास्तवमा यी हजुरका भक्त मुनिगण हुन्, यो वनमा गूढभावले रहेर आफ्ना इष्टदेव हजुरलाई यहाँ पनि छोड्ने मन गर्दैनन् ॥६॥ हे स्तुत्य ! हेर्नोस्, हजुर घर आएको देखेर यी मयूरगण हजुरको दर्शनले आनन्दित भएर नाचिरहेछन्, मृगीहरू मृगनयनी गोपिनीहरूको समान आफ्ना प्रेम कटाक्षले हजुरको प्रिय कार्य गरिरहेछन् र कोकिलाहरू मनोरम वाणीले हजुरको स्वागत गर्दैछन् । यी वनवासी पशु-पक्षी पनि धन्य छन् किनकि यो *सत्पुरुषको स्वभाव हो

* दृष्टान्त (सत्पुरुषका कुरा)– एक दिन नानक डुल्दै यौटा पहाडको फेदीमा गए र गाउँको यौटा बगैनामा बसे । त्यहाँ लान यौटा किसान मकैको रोटी र तोरीको साग लिएर आयो । त्यसै बेला यौटा धनीले अनेक थरिका स्वादिष्ट सामग्री बनाएर उनको सामुन्ने ल्याएर राख्यो । गुरू नानकले किसानको रोटी खाए, धनीको पक्वान्न हातले छोएर फर्काइदिए । धनीले त्यसको कारण सोध्यो । नानकले भने–यो किसानले स्वयं परिश्रम गरेर अन्न फलायो र प्रेमले पकाएर मकहाँ ल्याएको छ । अतः यो रोटी अमृत समान छ । तिमीले छल-कपटद्वारा अर्काको धन चुसेर जम्मा पारेका छौ र कीर्ति पाउनका लागि खाने कुरा यहाँ ल्याएका छौ । यस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥७॥ आज हजुरका चरण-स्पर्शले तृण र लता-गुल्म समेत यहाँकी भूमि, वृक्ष र लताहरू हजुरका करकमलका नङको सङ्गले—नदी, पर्वत, मृग र पक्षी हजुरको कृपा कटाक्षले, जसको निम्ति लक्ष्मी पनि लालायित रहन्छिन्, ती हजुरका भुजा र वक्षःस्थलको आलिङ्गनले गोपिनी कृतार्थ भएका छन् ॥८॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! यसरी वृन्दावनलाई देखेर प्रसन्न श्रीकृष्ण आफ्ना मित्र ग्वालबालसित प्रसन्नतापूर्वक गिरिराजको समीपवर्ती यमुनातटमा गाई चराउँदै क्रीडा गर्नलागे ॥ ९ ॥ भक्तिजन जसको सुयश गाउँदछन्, घाँटीमा वनमाला पैन्हेका ती भगवान् कृष्ण कहिले दाजूसँगै गीत गाउँथे ॥ १० ॥ कहिले आफ्ना साथीहरूलाई हँसाउँदै राजहंस झैं ध्वनि निकाल्दथे र कहिले नाच्दै मयूरका साथैं नाच्न थाल्दथे ॥११॥ कहिले गाई र गोपालको चित्त चोर्ने आफ्नो मेघ समान गम्भीर वाणीले पर पुगेका पशुलाई तिनको नाम लिएर डाक्तथे ॥१२॥ कहिले चकोर,

तृणीवीरुधस्त्वत्पादस्पृशो द्रुमलताः करजाभिमृष्टाः ॥ नद्योऽद्रयः खगमृगाः सदयावलोकैर्गोप्योऽन्तरेण भुजयोरपि यत्स्पृहा श्रीः ॥ ८ ॥ श्रीशुक उवाच ॥ एवं वृन्दावनं श्रीमत्कृष्णः प्रीतमनाः पशून् ॥ रेमे सञ्चारयन्नद्रेः सरिद्रोधःसु सानुगः ॥ ९ ॥ क्वचिद्गायति गायत्सु मदान्धालिष्वनुव्रतैः ॥ उपगीयमानचरितः स्रग्वी सङ्कर्षणान्वितः ॥१०॥ क्वचिच्च कलहंसानामनुकूजति कूजितम् ॥ अभिनृत्यति नृत्यन्तं बर्हिणं हासयन्क्वचित् ॥११॥ मेघगम्भीरया वाचा नामभिर्दूरगान्पशून् ॥ क्वचिदाह्वयति प्रीत्या गोगोपालमनोज्ञया ॥ १२ ॥ चकोरक्रौञ्चचक्राह्वभारद्वाजांश्च बर्हिणः ॥ अनुरौति स्म सत्त्वानां भीतवद्व्याघ्रसिंहयोः ॥ १३ ॥ क्वचित्क्रीडापरिश्रान्तं गोपोत्सङ्गोपबर्हणम् ॥ स्वयं विश्रमयत्यार्यं पादसंवाहनादिभिः ॥ १४ ॥ नृत्यतो गायतः क्वापि वल्गतो युध्यतो मिथः ॥ गृहीतहस्तौ गोपालान्हसन्तौ प्रशशंसतुः ॥ १५ ॥ क्वचित्पल्लवतल्पेषु नियुद्धश्रमकर्शितः ॥ वृक्षमूलाश्रयः शेते गोपोत्सङ्गोपबर्हणः ॥ १६ ॥ पादसंवाहनं चक्रुः केचित्तस्य महात्मनः ॥ अपरे हतपाप्मानो व्यजनैः समवीजयन् ॥ १७ ॥ अन्ये तदनुरूपाणि मनोज्ञानि महात्मनः ॥ गायन्ति स्म महाराज स्नेहक्लिन्नधियः शनैः ॥ १८ ॥ एवं निगूढात्मगतिः स्वमायया गोपात्मजत्वं चरितैर्विडम्बयन् ॥ रेमे

क्रौञ्च, चखेवा, भारद्वाज र मयूर आदि पक्षिको जस्तै बोली बोल्दथे र कहिले व्याघ्र-सिंहादिका शब्दले डराएका जीवहरू झैं आफू पनि भयभीत जस्तै आचरण गर्दथे ॥ १३ ॥ कहिले खेल्दाखेल्दै थाकेर कुनै ग्वाल-बालको काखमा शिर राखेर पल्टिई दाजू बलरामको पाउ मिचेर उनको श्रम निवारण गर्दथे ॥१४॥ कहिले दुवै भाई हातेमालो गरेर उभिन्थे र नाच्दै-गाउँदै, तिघ्रा ठटाएर कुश्ती लड्दै साथीहरूका हाँसी-हाँसी प्रशंसा गर्दथे ॥ १५ ॥ कहिले मल्लयुद्धमा थाकेर वृक्षको जटाको भरमा कोमल पातको शय्यामा कुनै ग्वाल-बालको काखमा शिर राखेर सुत्तथे ॥ १६ ॥ हे महाराज ! त्यस बेला कुनै-कुनै पुण्यात्मा ग्वाल-बाल महात्मा कृष्णका पाउ मिच्दथे, कोही पङ्खा हम्कन्थे र कोही स्नेहार्द्र भएर मन्द-मन्द स्वरमा भगवान्का लीलाहरूको अनुरूप उनको चित्तलाई मनपर्ने मनोहर गीत गाउँथे ॥ १७ ॥ साक्षात् लक्ष्मी जसका चरणका सेवा गर्दछिन्,

कारण तेरो साधुन्ने यो रगत समान छ ।' यति भनेर उनले छोपेको थालबाट रुमाल हटाइदिनासाथ खाँच्चै नै पूरा थाल रगतले भरिएको देखियो । त्यो लेखेर धनी गुरु नानकका पाउमा घोप्टियो र उनीबाट सदुपदेश लिई घर फर्कियो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनै भगवान आफ्नी मायाद्वारा आफ्नू वास्तविक स्वरूप लुकाएर आफ्ना आचरणले गोपकुमारको अनुकरण गर्दै ग्रामीण बालकहरूका साथै उनै जस्ता क्रीडा गर्नलागे ॥ १९ ॥ एक दिनको कुरा हो–बलराम र कृष्णका सखा श्रीदामा नामका गोप तथा सुवल र तोककृष्ण आदि अन्य बालकहरूले दुवै भाइसित प्रेमले भने–॥२०॥ हे महावाहो बलराम ! हे दुष्ट-दलन कृष्ण ! यहाँबाट अलि पर तालवृक्षले पूर्ण यौटा ठूलो वन छ ॥ १६ ॥ त्यहाँ धेरै तालफल पाकेर नित्य भैंमा गर्दै रहन्छन् र झरेका पनि छन् तर दुष्ट धेनुकासुरले त्यो सबै आफ्नू अधिकारमा पारिराखेको छ ॥ २२ ॥ हे राम ! हे कृष्ण ! त्यो गर्दभरूपधारी दैत्य स्वयं निकै बलियो छ र आफू जस्तै अरु पनि धेरै बलबान् दैत्यहरू साथैमा राख्दछ ॥ २३ ॥ हे शत्रुदमन ! त्यस दैत्यले अनेक मनुष्य खाइसक्यो यसै निम्ति डराई कोही पनि त्यो पशु-पक्षी विहीन वनमा जाँदैनन् ॥ २७ ॥ त्यहाँको बास्ना आउने मीठा-फल हामीले कहिल्यै खाएका छैनौं । हेर्नोस, चारैतिर त्यसैको सुगन्धले पूर्ण पवनको सुगन्ध आइरहेको छ ॥ २५ ॥ तिनको सुगन्धीले हाम्रो चित्त लोभिइरहेछ । अतः हे कृष्ण ! हामीलाई

रमालालितपादपल्लवो ग्राम्यैः समं ग्राम्यवदीशचेष्टितः ॥ १६ ॥ श्रीदामा नाम गोपालो रामकेशवयोः सखा ॥ सुबलस्तोककृष्णाद्या गोपाः प्रेम्णे-दमब्रुवन् ॥२०॥ राम राम महाबाहो कृष्ण दुष्टनिबर्हण ॥ इतोऽविदूरे सुमहद्वनं तालालिसङ्कुलम् ॥ २१ ॥ फलानि तत्र भूरीणि पतन्ति पति-तानि च ॥ सन्ति किन्त्ववरुद्धानि धेनुकेन दुरात्मना ॥२२॥ सोऽतिवीर्योऽसुरो राम हे कृष्ण खररूपधृक् ॥ आत्मतुल्यबलैरन्यैर्ज्ञातिभिर्बहुभिर्वृतः ॥ २३ ॥ तस्मात्कृतनराहाराद्भीतैर्नृभिरमित्रहन् ॥ न सेव्यते पशुगणैः पक्षिसङ्घैर्विवर्जितम् ॥ २४ ॥ विद्यन्तेऽभुक्तपूर्वाणि फलानि सुरभीणि च ॥ एष वै सुरभिर्गन्धो विषूचीनोऽवगृह्यते ॥ २५ ॥ प्रयच्छ तानि नः कृष्ण गन्धलोभितचेतसाम् ॥ वाञ्छाऽस्ति महती राम गम्यतां यदि रोचते॥ ६॥ एवं सुहृद्वचः श्रुत्वा सुहृत्प्रियचिकीर्षया ॥ प्रहस्य जग्मतुर्गोपैर्वृतौ तालवनं प्रभू ॥ २७ ॥ बलः प्रविश्य बाहुभ्यां तालान्सम्परिकम्पयन् ॥ फलानि पातयामास मतङ्गज इवौजसा ॥ २८ ॥ फलानां पततां शब्दं निशम्यासुररासभः ॥ अभ्य धावत्क्षितितलं सनगं परिकम्पयन् ॥ २६ ॥ समेत्य तरसा प्रत्यग्द्वाभ्यां पद्भ्यां बलं बली ॥ निहत्योरसि काशब्दं मुञ्चन्पर्यसरत्खलः ॥ ३० ॥ पुनरासाद्य संरब्ध उपक्रोष्टा पराक् स्थितः ॥ चरणावपरौ राजन्बलाय प्राक्षिपद्रुषा ॥ ३१ ॥ स तं गृहीत्वा प्रपदोर्भ्रामयित्वैकपाणिना ॥ चिक्षेप तृणराजाग्रे भ्रामणत्यक्तजीवितम् ॥ ३२ ॥

ती फल दिनु हवस् । हामीलाई त्यसफलको अभिलाषा छ । हे बलराम ! यदि हजुरको इच्छा भए जाऔं ॥ २६ ॥ आफ्ना सखाहरूको वचन सुनेर भगवान राम र कृष्ण तिनको प्रिय कार्य गर्ने इच्छाले मित्रसंग खेल्दै तालवनमा गए ॥ २७ ॥ त्यस वनमा पुग्नासाथ त्यहाँका तालवृक्षहरूलाई हात्ती मत्ता झैं वीर बलरामले बेसरी हल्लाएर धेरै फल खसालिदिए ॥२८॥ फल भैंमा झरेको शब्द सुनेर गर्दभ रूपधारी धेनुक पर्वत सहित समस्त भूमण्डललाई कम्पायमान पार्दै उनको अघितिर दगुर्दै आयो ॥ २९ ॥ त्यो महाबलवान् दैत्यले निकै वेगले बलरामको सामुन्ने आएर आफ्ना पछिल्ला खुट्टाले उनको छातीमा हिर्कायो र कर्कश गर्दभ-नाद गर्दै त्यहाँबाट भाग्यो ॥ ३० ॥ एकै छिनपछि फेरि घोर शब्द गर्दै त्यो गदहाले दोस्रोपल्ट वेगले बलरामको नगीकै गई रामतिर पिठिउँ पारेर ठूलो क्रोधले उनीमाथि आफ्ना पछिल्ला दुवै खुट्टाले हिर्कायो ॥३१॥ अनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलरामले आफ्नो यौटै हातले त्यसका दुवै खुट्टा समाएर अन्तरिक्षमा फन्न घुमाई पच्छारिदिए। घुमाउँदा नै त्यसको प्राण गइसकेको थियो। मरेको दैत्यलाई बलरामले यौटा ताल वृक्षमाथि फालिदिए ॥ ३२ ॥ त्या अघातले फैलिएको शिखर हुने महान तालवृक्ष थर्र कामेर आफ्ना वरिपरिका वृक्ष ढाल्दै ढल्यो। उसले अर्को र दोस्रोले तेस्रोलाई गर्दै यौटाले अर्कोलाई ढाल्दै अनेक तालवृक्ष ढले ॥ ३३॥ बलरामद्वारा लीलापूर्वक पछारिएको धेनुकासुरको शरीरले आहत भएर ती सबै तालवृक्ष चक्रवातले विचलित पारिए झैं कम्पायमान भए ॥ ३४ ॥ हे तात! जगत्पति भगवान् अनन्तको निम्ति यो कुनै ठूलो कुरा थिएन, उनमा तपन्मा तन्तुहरूको समान सारा विश्व भरिएको छ ॥ ३५ ॥ धेनुकासुरका अन्य जात भाई आफ्नो बन्धु मारिनाले कुपित भएर घस्रन्दै निकै वेगले राम र कृष्णमाथि झम्टिए ॥ ३६ ॥ हे राजन्! तिनमा जुन-जुन दैत्य उनको नगीच आए, तिनलाई बलभद्र र कृष्णले लीलाले नै पछिल्ला खुट्टा समातेर तालवृक्षहरूमा फ्याँकिदिए ॥ ३७॥ त्यस वेला फालेका समूह, भाँच्चिएका वृक्ष र दैत्यका प्राणीहीन देहले भरिएर त्यो भूमि

तेनाहतो महातालो वेपमानो बृहच्छिराः ॥ पार्श्वस्थं कम्पयन्भग्नः स चान्यं सोऽपि चापरम् ॥ ३३ ॥ बलस्य लीलयोत्सृष्टखरदेहहताहताः ॥ तालाश्चकम्पिरे सर्वे महावातेरिता इव ॥ ३४ ॥ नैतच्चित्रं भगवति ह्यनन्ते जगदीश्वरे ॥ ओतप्रोतमिदं यस्मिंस्तन्तुष्वङ्ग यथा पटः ॥ ३५ ॥ ततः कृष्णं च रामं च ज्ञातयो धेनुकस्य ये ॥ क्रोष्टारोऽभ्यद्रवन्सर्वे संरब्धा हतबान्धवाः ॥ ३६ ॥ ताँस्तानापततः कृष्णो रामश्च नृप लीलया ॥ गृहीतपश्चाच्चरणान्प्राहिणोत्तृणराजसु ॥ ३७ ॥ फलप्रकरसङ्कीर्णं दैत्यदेहैर्गतासुभिः रराज भूः सतालाग्रैर्घनैरिव नभस्तलम् ॥ ३८ ॥ तयोस्तत्सुमहत्कर्म निशम्य विबुधादयः ॥ मुमुचुः पुष्पवर्षाणि चक्रुर्वाद्यानि तुष्टुवुः ॥३९॥ अथ तालफलान्यादन्मनुष्या गतसाध्वसाः ॥ तृणं च पशवश्चेरुर्हतधेनुककानने ॥ ४० ॥ कृष्णः कमलपत्राक्षः पुण्यश्रवणकीर्तनः ॥ स्तूयमानोऽनुगैर्गोपैः साग्रजो व्रजमाव्रजत् ॥ ४१ ॥ तं गोरजश्छुरितकुन्तलबद्धबर्हबन्धप्रसूनरुचिरेक्षणचारुहासम् ॥ वेणुं क्वणन्तमनुगैरनुगीतकीर्तिं गोप्यो दिदृक्षितदृशोऽभ्यगमन्समेताः ॥ ४२ ॥ पीत्वा मुकुन्दमुखसारघमक्षिभृङ्गैस्तापं जहुर्विरहजं व्रजयोषितोऽह्नि ॥ तत्सत्कृतिं समधिगम्य विवेश गोष्ठं सव्रीडहासविनयं यदपाङ्गमोक्षम् ॥४३॥ तयोर्यशोदारोहिण्यौ पुत्रयोः

मेघमालाले ढाकिएको आकाश समान सुशोभित भए ॥ ३८ ॥ श्रीराम र कृष्णचन्द्रको त्यो महान कार्य देखेर देवताले पुष्पवर्षा र बाजा बजाउँदै स्तुति गर्न लागे ॥ ३९ ॥ धेनुकासुर मारिनाले त्यस वनमा सबैजना निर्भय भएर तालफल खाने र पशु स्वच्छन्दतापूर्वक घाँस चर्नलागे ॥ ४० ॥ सायंकालमा, जसको श्रवण र कीर्तन अत्यन्त पुण्यदायक छ, ती कमलनयन भगवान कृष्ण आफ्ना साथी ग्वालबालद्वारा प्रशंसित हुँदै दाजू बलरामसित व्रजमा आए ॥ ४१ ॥ त्यस बेला जसका बाटिएका अलक गोरजले धूसरित थिए, जसको शिरमा मयूरपिच्छ र वन्य-पुष्प सुशोभित थिए, जसको कमनीय कटाक्षभङ्गी थियो र मन्द हास्यले अपूर्व शोभा फिंजिइरहेको थियो, साथी ग्वाल-बालद्वारा जसको कीर्तिगान भइरहेको थियो र जो मधुर मुरली बजाइरहेका थिए ती कृष्णलाई हेर्नको निम्ति उत्कण्ठित नेत्र हुने गोपिनी एकैपल्ट व्रजको बाहिर दगुर्दै आए ॥ ४२ ॥ गोपीहरूले आफ्ना नेत्ररूपी भ्रमरले भगवान्‌का मुखारविन्दको मकरन्द पान गरेर आफ्ना विरह-तापलाई शान्त पारे। भगवान् पनि उनको सलज्ज हास्यपूर्ण विनय र प्रणय-कटाक्षरूपी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्कार स्वीकार गरेर व्रजमा प्रविष्ट भए ॥ ४३ ॥ घर पुगेपछि पुत्रवत्सला यशोदा र रोहिणीले बालकहरूलाई समयानुसार यथोचित आशीर्वाद दिए ॥४४॥ बाटोको थकाई मरेपछि उनलाई बुकुवा लगाएर स्नान गराए । राम्रा लुगा लगाएर दिव्य पुष्पमाला र चन्दनले विभूषित पारे ॥ ४५ ॥ फेरि आमाद्वारा प्रेमपूर्वक पस्किएको सुस्वादु अन्न खाएर दुवै भाई गोठमा राम्रा शय्यामा पल्टेर सुखपूर्वक निदाए ॥ ४६ ॥ यसरी विहार गर्दै भगवान् कृष्णचन्द्र एक दिन दाजूलाई नलिई एक्लै आफ्ना मित्र ग्वाल-बालहरूलाई साथै लिई यमुना-तटमा गए ॥ ४७ ॥ त्यस दिन ग्रीष्म ऋतुको घामले पीडित गाई र ग्वाल-बालहरूले सान्है प्यास लाग्नाले यमुनाजीको विष-दूषित जल पिए ॥ ४८ ॥ हे कुरुनन्दन ! त्यो विषमिश्रित पानी पिउनासाथ दैववश तिनको बुद्धि मोहित भयो र ती सबै गाई, ग्वालबाल प्राणहीन भएर जलकै किनारमा ढले ॥ ४९ ॥ यस्तो अवस्थामा तिनलाई देखेर योगेश्वरका पनि योगेश्वर भगवान् कृष्णले आफ्ना आश्रित गोप र गाईलाई आफ्नू अमृत वर्षाउने दृष्टिले जीवित पारिदिए ॥५०॥ स्मृतिलाभ भएपछि ती सबै

पुत्रवत्सले ॥ यथाकामं यथाकालं व्यधत्तां परमाशिषः ॥ ४४ ॥ गताध्वानश्रमौ तत्र मज्जनोन्मर्दनादिभिः ॥ नीवीं वसित्वा रुचिरां दिव्यस्रग्गन्धमण्डितौ ॥ ४५ ॥ जनन्युपहृतं प्राश्य स्वाद्वन्नमुपलालितौ ॥ संविश्य वरशय्यायां सुखं सुषुपतुर्व्रजे ॥ ४३ ॥ एवं स भगवान्कृष्णो वृन्दावनचरः क्वचित् ॥ ययौ राममृते राजन्कालिन्दीं सखिभिर्वृतः ॥ ४७ ॥ अथ गावश्च गोपाश्च निदाघातपपीडिताः ॥ दुष्टं जलं पपुस्तस्यास्तृषार्ता विषदूषितम् ॥ ४८ ॥ विषाम्भस्तदुपस्पृश्य दैवोपहतचेतसः ॥ निपेतुर्व्यसवः सर्वे सलिलान्ते कुरूद्वह ॥ ४६ ॥ वीक्ष्य तान्वै तथाभूतान्कृष्णो योगेश्वरेश्वरः ॥ ईक्षयाऽमृतवर्षिण्या स्वनाथान्समजीवयत् ॥ ५० ॥ ते सम्प्रतीतस्मृतयः समुत्थाय जलान्तिकात् ॥ आसन्सुविस्मिताः सर्वे वीक्षमाणाः परस्परम् ॥ ५१ ॥ अन्वमंसत तद्राजन्गोविन्दानुग्रहेक्षितत् ॥ पीत्वा विषं परेतस्य पुनरुत्थानमात्मनः ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे धेनुकवधो नाम पंचदशोऽध्यायः ॥ १५ ॥

श्रीशुक उवाच ॥ विलोक्य दूषितां कृष्णः कृष्णकृष्णाहिनाविभुः॥तस्या विशुद्धिमन्विच्छन्सर्पं तमुदवासयत् ॥१॥ राजोवाच ॥ कथमन्तर्जलेऽगाधे न्यगृह्णाद्भगवानहिम्॥तस्यवै बहुयुगावासं यथासीद्विप्र कथ्यताम् ॥२॥ ब्रह्मन्भगवतस्तस्य भूम्नःस्वच्छन्दवर्तिनः॥गोपालोदारचरितं कस्तृप्येतामृतंजुषन्

उठेर बसे र यौटाले अर्कोतिर हेरेर आश्चर्यचकित भए ॥ ५१ ॥ हे राजन् ! अन्त्यमा उनले ठाने—हामी जुन विष-पानले मरेर फेरि बाँच्यौं, यो श्रीगोविन्दकोनै कृपादृष्टिको फल हो ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषा-टीकायां पञ्चदशोऽध्यायः ॥ १५ ॥

(कालीय नाग दमन) श्री शुकदेव भन्नुहुन्छ—हे राजन् ! कालीय नागद्वारा यमुनाको जल दूषित देखेर कृष्णले त्यसलाई शुद्ध पार्न त्यो सर्पलाई त्यहाँबाट झिकेर बाहिर धपाए ॥ १ ॥ राजा परीक्षितले सोधे—हे विप्र ! यमुनाजीको अगाध जलमा भगवान्ले त्यो सर्पलाई कसरी पछारे ? यो पनि भन्नुस् कि त्यो सर्प कति युगदेखि त्यो जलमा बसिरहेको थियो ? ॥ २ ॥ हे ब्रह्मन् ! सर्वव्यापी र स्वेच्छाचारी भगवान्ले गोपरूपमा गरेका लीलारूपिणी सुधा पिएर को तृप्त हुन सक्दछ ? श्रीशुकदेव भन्दछन्—हे राजन् !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यमुनामा कालियदह नामको यौटा कुण्ड थियो । त्यसको जल विषको ज्वालाले सधैं छड्किरहन्थ्यो । त्यसमाथि उड्ने पक्षीसम्म ढलेर झर्दथे । त्यसको विषयुक्त जलका तरङ्गहरू बग्दै जलकणयुक्त वायुको स्पर्श हुनाले नै किनारमा चर र अचर जीव मर्दथे ॥ ३-५ ॥ त्यो प्रचण्ड वेगवान् विषको शक्तिले बलवान् कालियनाग र त्यसले दूषित पारिएको यमुनालाई देखेर दुष्टलाई दमन गर्नको निम्ति नै जसको अवतार भएको थियो, ती कृष्णचन्द्र यौटा अग्लो कदम्बवृक्षमा चढेर कम्मर बाँधी त्यो दूषित जलमा हाम्फाले ॥६॥ भगवान् कृष्णले हाम्फालेको वेगले सर्पविषद्वारा उम्लिरहेको जल क्षुभित भयो, जसमा विष मिसिएको हुनाले राता-नीला तरङ्गहरू उठिरहेका थिए । त्यो कालियदह यता उता उम्लेर सय धनुष (चार सय हात) सम्म फैलियो । बलशाली भगवान्को निम्ति यो कुनै विचित्र कुरा थिएन ॥७॥ हे प्रिय ! महान् गजराज झैं पराक्रमी भगवान् कृष्णले त्यस सरोवरमा जल-क्रीडा गर्नाले तिनका बाहुसित ठक्कर खाने जलमा ठूलो खलबली मच्चियो । त्यो शब्द सुनेर तथा आफ्नू स्थानको तिरस्कार देखेर कालिय-

॥ ३ ॥ श्रीशुक उवाच ॥ कालिन्द्यां कालियस्यासीद्ध्रदः कश्चिद्विषाग्निना ॥ श्रप्यमाणपया यस्मिन्पतंत्युपरिगाः खगाः ॥४॥ विप्रुष्मता विषोदोर्मिमा-रुतेनाभिमर्शिताः ॥ म्रियन्ते तीरगा यस्य प्राणिनः स्थिरजङ्गमाः ॥ ५ ॥ तं चण्डवेगविषवीर्यमवेक्ष्य तेन दुष्टां नदीं च खलसंयमनावतारः ॥ कृष्णः कदम्बमधिरुह्य ततोऽतितुङ्गमास्फोट्य गाढरशनो न्यपतद्विषोदे ॥ ६ ॥ सर्पह्रदः पुरुषसारनिपातवेगसंक्षोभितोरगविषोच्छसिताम्बुराशिः ॥ पर्य-क्प्लुतो विषकषायविभीषणोर्मिर्धावन्धनुःशतमनन्तबलस्य किं तत् ॥ ७ ॥ तस्य ह्रदे विहरतो भुजदण्डघूर्णं वार्घोषमङ्ग वरवारणविक्रमस्य ॥ आश्रुत्य तत्स्वसदनाभिभवं निरीक्ष्य चक्षुःश्रवा समसरत्तदमृष्यमाणः ॥ ८ ॥ तं प्रेक्षणीयसुकुमारघनावदातं श्रीवत्सपीतवसनं स्मितसुन्दरास्यम् ॥ क्रीडन्तम-प्रतिभयं कमलोदरांघ्रिं सन्दश्य मर्मसु रुषा भुजया चछाद ॥ ९ ॥ तं नागभोगपरिवीतमदृष्टचेष्टमालोक्य तत्प्रियसखाः पशुपा भृशार्ताः ॥ कृष्णेऽर्पिता-त्मसुहृदर्थकलत्रकामा दुःखानुशोकभयमूढधियो निपेतुः ॥१०॥ गावो वृषा वत्सतर्यः क्रन्दमानाः सुदुःखिताः ॥ कृष्णे न्यस्तेक्षणा भीता रुदत्य इव तस्थिरे ॥११॥ अथ व्रजे महोत्पातास्त्रिविधा ह्यतिदारुणाः ॥ उत्पेतुर्भुवि दिव्यात्मन्यासन्न भयशंसिनः ॥१२॥ तानालक्ष्य भयोद्विग्ना गोपा नन्द-पुरोगमाः ॥ विना रामेण गाः कृष्णं ज्ञात्वा चारयितुं गतम् ॥१३॥ तैर्दुर्निमित्तैर्निधनं मत्वा प्राप्तमतद्विदः ॥ तत्प्राणास्तन्मनस्कास्ते दुःखशोकभयातुराः

नागलाई असह्य भयो र त्यो तुरुन्त कृष्णको साम्नुन्ने आयो ॥ ८ ॥ उसले देख्यो—यौटा अत्यन्त दर्शनीय, मेघ झैं राम्रो र सुकुमार श्रीवत्सचिह्न र पीताम्बरले सुशोभित, मधुर हास्ययुक्त र मनोहर मुख हुने बालक, जसका चरण कमलकोश झैं अत्यन्त कोमल छन्, निर्भय भएर खेलिरहेको छ । त्यो देखेर सर्पले रिसाई कृष्णका मर्मस्थानमा टोक्तै उनलाई आफ्नू देहको बन्धनमा कस्यो ॥ ९ ॥ श्रीकृष्णलाई नागपाशमा बाँधिएर निश्चेष्ट देखेर उनका सखा ग्वालबाल पीडित भई दुःख, पश्चात्ताप र भयले मूर्छित भई पृथ्वीमा ढले, किनकि उनले आफ्नू शरीर, सुहृद्, धन, स्त्री-पुत्र र कामना सबै श्रीकृष्णलाई नै अर्पण गरिसकेका थिए ॥ १० ॥ गाई र बाछा-बाछी दुःखले कराउँदै कृष्णचन्द्रतिर नै एकहरो दृष्टि लगाई भयभीत भावले रुँदै निचेष्ट भएर हेर्दै रहे ॥ ११ ॥ यता व्रजमा पृथ्वी, आकाश र शरीरमा कुनै आगामी भयको सूत्रमा दिने तीन थरिका निकै भयङ्कर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पात देखिन लागे ।।१२।। ती उत्पात देखेर नन्दादि गोपगण यो थाहा पाएर–आज श्रीकृष्ण दाजूलाई पनि साथमा नलिई एक्लै गाई चराउन गएका छन्–भयले व्याकुल भए।।१३।। तिनीहरू भगवान्को प्रभाव जान्दैनथे। यसैले ती अपशकुनले उनको मृत्युको अनुमान गरेर ती दुःख, शोक र डरले कातर भए, किनकि तिनको प्राण र मन कृष्णमा नै बस्तथ्यो ।।१४।। हे प्रिय ! अनि पशु (गाईहरू) झैं अत्यन्त वत्सल स्वभावका बालक वृद्ध र स्त्रीहरू तथा सबै व्रजवासी अत्यन्त दीन र श्रीकृष्णचन्द्रको दर्शन गर्ने उत्कट इच्छाले आत्तिए झैं भएर गोकुलबाट निस्किए ।।१५।। तिनलाई त्यसरी आतुर भएका देखेर मधुवंशमा उत्पन्न श्रीबलराम मनमनै हाँस्न लागे, किनकि ती आफ्नो भाईको प्रभाव जान्दथे, तर व्रजवासीहरूसित उनले केही भने-सुनेनन् ।।१६।। आफ्ना प्रिय कृष्णलाई सबैतिर खोज्दै ती गोप-गोपीगण भगवल्लक्षणले युक्त उनका चरण-चिह्नले उनको जाने बाटो पैल्याउँदै यमुनातटतर्फ दगुरे ।।१७।। हे राजन् ! ती गोप गाईहरू जाने बाटोमा जता-ततै कमल, जौ, अङ्कुश, वज्र र ध्वजा आदि चिह्नले युक्त गोपबालक भगवान् श्रीकृष्णका चरण-

॥ १४ ॥ आबालवृद्धवनिताः सर्वेऽङ्ग पशुवृत्तयः ॥ निर्जग्मुर्गोकुलाद्दीनाः कृष्णदर्शनलालसाः ॥ १५ ॥ तांस्तथा कातरान्वीक्ष्य भगवान्माधवो बलः ॥ प्रहस्य किञ्चिन्नोवाच प्रभावज्ञोऽनुजस्य सः ॥ १६ ॥ तेऽन्वेषमाणा दयितं कृष्णं सूचितया पदैः ॥ भगवल्लक्षणैर्जग्मुः पदव्या यमुनातटम् ॥ १७ ॥ ते तत्र तत्राब्जयवाङ्कुशाशनिध्वजोपपन्नानि पदानि विश्पतेः ॥ मार्गे गवामन्यपदान्तरान्तरे निरीक्षमाणा ययुरङ्ग सत्वराः ॥ १८ ॥ अन्तर्ह्रदे भुजगभोगपरीतमारात्कृष्णं निरीहमुपलभ्य जलाशयान्ते ॥ गोपांश्च मूढधिषणान्परितः पशूंश्च संक्रन्दतः परमकश्मलमापुरार्ताः ॥ १९ ॥ गोप्योऽनुरक्तमनसो भगवत्यनन्ते तत्सौहृदस्मितविलोकगिरः स्मरन्त्यः ॥ ग्रस्तेऽहिना प्रियतमे भृशदुःखतप्ताः शून्यं प्रियव्यतिहृतं ददृशुस्त्रिलोकम् ॥ २० ॥ ताः कृष्णमातरमपत्यमनुप्रविष्टास्तुल्यव्यथाः समनुगृह्य शुचः स्रवन्त्यः ॥ तास्ता व्रजप्रियकथाः कथयन्त्य आसन् कृष्णाननेऽर्पितदृशो मृतकप्रतीकाः ॥ २१ ॥ कृष्णप्राणान्निर्विशतो नन्दादीन्वीक्ष्य तं ह्रदम् ॥ प्रत्यषेधत्स भगवान्रामः कृष्णानुभाववित् ॥ २२ ॥ इत्थं स्वगोकुलमनन्यगतिं निरीक्ष्य सस्त्रीकुमारमतिदुःखितमात्महेतोः ॥ आज्ञाय मर्त्यपदवीमनुवर्तमानः स्थित्वा मुहूर्तमुदतिष्ठदुरङ्गबन्धात् ॥२३॥ तत्प्रथ्यमानवपुषा

चिह्न तथा अन्य पद-चिह्नका माझमा हेर्दै निकै छिटो-छिटो हिंडे ।।१८।। पश्चात नै कालियदहमा सर्प-शरीरको बन्धनमा जकडिएर निश्चेष्ट कृष्णलाई र अचेत अवस्थामा जलाशयको छेउमा ढलेका ग्वालबाल र सबैतिर आर्तस्वरले डुक्रने गाईहरूलाई देखेर ती अत्यन्त व्याकुल तथा मूर्च्छित भए ।। १९ ।। गोपिनीहरूलाई पनि, जसको भगवान् अनन्तमा अत्यन्त अनुराग थियो, आफ्ना प्रियतमलाई सर्पको पाशमा परेका देखेर उनको सौहार्द, हाँस्ने, हेराई र सुमधुर वचनहरू स्मरण गरेर सार्है दुःखी भए र आफ्ना प्रिय बिना उनलाई त्रिलोक नै शून्य देखिन लाग्यो ।।२०।। भगवान् कृष्णकी आमा यशोदालाई आफ्नो पुत्रको निम्ति कुण्डमा हाम्फाल्न लागेकी देखेर उनैजस्ती दुःखिनी गोपिनीहरूले समातेर रोकेर ती श्रीकृष्णको मुखचन्द्रतिर हेर्दै एवं शोकले मरे समान भएर आँखाबाट आँसु बगाउँदै मुरलीधरका विविध लीलाहरू भन्नलागिन् ।।२१।। कृष्ण नै जसका प्राण थिए, ती नन्दादि गोप जब दहमा हाम्फाल्न तयार भए तब तिनलाई श्रीकृष्णको प्रभाव जान्ने भगवान् बलरामले छेक्नुभयो ।।२२।। जसको आफू बाहेक अरु कुनै आधार थिएन, ती स्त्रीहरू र बालकगण समेत

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रजवासीहरूलाई आफ्नू निम्ति अत्यन्त व्याकुल देखेर लीलाकै निम्ति मनुष्यभावको अनुसरण गर्ने कृष्णचन्द्र एकैछिन सर्पको बन्धनमा रहेर बाहिर निस्के ।।२३।। बन्धनमा परेका भगवान्‌ले जब आफ्नो शरीर फुलाए तब शरीर अत्यन्त व्यथित हुनाले सर्पले उनलाई छाडिदियो र क्रोधपूर्वक फणा उचालेर स्वाँ-स्वाँ गर्दै प्रभुतिर एकहरो दृष्टि पारेर हेर्नलाग्या। त्यस बखत सर्पको नाकबाट विष निस्किरहेको थियो ; त्यसका स्थिर नेत्र खलाँतीमा तताएको फलाम जस्तै राता भइरहेका थिए र त्यसका मुखबाट आगोको ज्वाला निस्किरहेको थियो ।।२४।। अनि आफ्ना चिरिएका जिब्रोले ओंठको छेउ चाट्‌तै भयङ्कर विषाग्निमयी दृष्टि हुने त्यस सर्पको चारैतिर श्रीकृष्ण क्रीडा गर्दै गरुड झैं निर्भय–भावले फनफनी घुम्नलागे । कालिय पनि उनीमाथि प्रहार गर्ने अवसर खोज्दै फनफनी घुम्न लाग्यो ।।५५।। यसरी निकै वेरसम्म घुम्नाले उसको बल क्षीण भयो, अनि सबै विद्याका आदिपुरुष भगवान् कृष्ण त्यो उन्नत मस्तक हुने सर्पलाई न्बूराएर त्यसका विशाल शिरमा चढेर नृत्य गर्नलागे । त्यस बखत नागका मणिहरूको स्पर्शले भगवान्‌का चरणकमल

व्यथितात्मभोगस्त्यक्त्वोन्नमय्य कुपितः स्वफणान्भुजङ्गः ॥ तस्थौ श्वसञ्छ्वसनरन्ध्रविषाम्बरीषस्तब्धेक्षणोल्मुकमुखो हरिमीक्षमाणः ॥ २४ ॥ तं जिह्वया द्विशिखया परिलेलिहानं द्वे सृक्किणी ह्यतिकरालविषाग्निदृष्टिम् ॥ क्रीडन्नमुं परिससार यथा खगेन्द्रो बभ्राम सोऽप्यवसरं प्रसमीक्षमाणः ॥ २५ ॥ एवं परिभ्रमहतौजसमुन्नतांसमानम्य तत्पृथुशिरःस्वधिरूढ आद्यः ॥ तन्मूर्धरत्ननिकरस्पर्शातिताम्रपादाम्बुजोऽखिलकलादिगुरुर्ननर्त ॥ २६ ॥ तं नर्तुमुद्यतमवेक्ष्य तदा तदीयगन्धर्वसिद्धसुरचारणदेववध्वः ॥ प्रीत्या मृदङ्गपणवानकवाद्यगीतपुष्पोपहारनुतिभिः सहसोपसेदुः ॥ २७ ॥ यद्यच्छिरो न नमतेऽङ्ग शतैकशीर्ष्णस्तत्तन्ममर्द खरदण्डधरोऽङ्घ्रिपातैः ॥ क्षीणायुषो भ्रमत उल्बणमास्यतोऽसृङ् नस्तो वमन्परमकश्मलमाप नागः ॥ २८ ॥ तस्याक्षिभिर्गरलमुद्वमतः शिरःसु यद्यत्समुन्नमति निःश्वसतो रुषोच्चैः ॥ नृत्यन्पदानुनमयन्दमयाम्बभूव पुष्पैः प्रपूजित इवेह पुमान्पुराणः ॥ २९ ॥ तच्चित्रताण्डवविरुग्णफणातपत्रो रक्तं मुखैरुरु वमन्नृप भग्नगात्रः ॥ स्मृत्वा चराचरगुरुं पुरुषं पुराणं नारायणं तमरणं मनसा जगाम ॥ ३० ॥ कृष्णस्य गर्भजगतोऽतिभरावसन्नं पार्ष्णिप्रहारपरिरुग्णफणातपत्रम् ॥ दृष्ट्वा तमाद्यमुपसेदुरमुष्य पत्न्य आर्ताः श्लथद्वसन·

अझ बर्ता राता भएका थिए ।।२६।। भगवान्‌लाई नृत्यमा उद्यत भएका देखेर उनका सेवक गन्धर्व, सिद्ध, देवता, चारण र अप्सरा आदि प्रसन्नतापूर्वक मृदङ्ग, पणव, आनक आदि बाजा बजाएर गाउन लागे । पुष्पहरूको वर्षा र प्रणाम गर्दै ती सबै श्रीहरिको नगीचै गए ।।२७।। हे राजन् ! कालियनागका एक सय एक मस्तक थिए । त्यो जुन सिर झुकाउँदैनथ्यो त्यसैलाई प्रचण्ड-दण्डधारी भगवान् आफ्ना पाद-प्रहारले थिचिदिन्थे । यसले कालिय नागको आयु क्षीण भयो । त्यो मुख र नाकबाट तीव्र रक्त फ्याँक्तै फनफनि घुम्न लाग्यो र अन्त्यमा मूर्च्छित भयो ।।२८।। आफ्ना नेत्रबाट विष वमन गर्दै रिसले वेसरी श्वास छाड्दै त्यो आफ्ना सिरमध्ये जुन-जुन अग्लो पार्दथ्यो, त्यही-त्यही सिरमा नृत्य गर्दै रहने भगवान् आफ्ना चरणले हिर्काएर निहुराई थिचिदिन्थे । त्यस बखत स्वर्गका देवताहरू द्वारा वर्षा गरिएका पुष्पहरूले पूजित भएर पुराण पुरुष शेषशायी विष्णुभगवान्‌को समान शोभित भए ।।२९।। हे राजन् ! भगवान्‌को विचित्र ताण्डव नृत्यले कालियका फणारूप छत्र छिन्न-भिन्न भए, त्यसका अङ्ग-प्रत्यङ्ग धूलो-पिठो भए र त्यो मुखबाट रगत फ्याँक्नलाग्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्त्यमा मनमनै पुराणपुरुष नारायणको स्मरण गर्दै त्यो उनकै शरणमा गयो ॥ ३० ॥ सारा विश्व जसको गर्भमा छ, ती श्रीकृष्णको ठूलो भारले कालियनागलाई भ्रमित र त्यसका छत्र समान फणालाई प्रभुका करकुच्चाका प्रहारले घायल देखेर त्यसका पत्नीहरू आर्त भएर आदिपुरुष भगवान कृष्णकहाँ आए। आतुरतावश तिनका वस्त्र, आभूषण र केशपाश शिथिल भएका थिए ॥ ३१ ती साध्वी नागपत्नीहरूले आफ्ना छोरा-छोरी अघिलाएर अत्यन्त उद्विग्न-चित्तले पृथ्वीमा लम्पसार भएर निखिल भूतपति भगवानलाई प्रणाम गरे र आफ्ना अपराधी पतिलाई बन्धन-मुक्त गराउन हात जोरेर आश्रयदाता श्रीहरिका शरणमा परे ॥ ३२ ॥ नागपत्नीहरू *स्तुति गर्दै भन्नलागे—हे भगवन् ! यस अपराधीलाई हजुरले दण्ड दिनुभयो, यो उचित छ किनकि हजुरको अवतार दुष्टको दमन गर्नका निम्ति नै भएको हो, तर शत्रु र पुत्र दुवैमा समान दृष्टि राख्नु हुन्छ। यसै निम्ति पापको

भूषणकेशबन्धाः ॥ ३१ ॥ तास्तं सुविग्नमनसोऽथ पुरस्कृतार्भाः कायं निधाय भुवि भूतपतिं प्रणेमुः ॥ साध्व्यः कृताञ्जलिपुटाः शमलस्य भर्तुर्मोक्षेप्सवः शरणदं शरणं प्रपन्नाः ॥ ३२ ॥ नागपत्न्य ऊचुः ॥ न्याय्यो हि दण्डः कृतकिल्बिषेऽस्मिंस्तवावतारः खलनिग्रहाय ॥ रिपोः सुतानामपि तुल्यदृष्टेर्धत्से दमं फलमेवानुशंसन् ॥ ३३ ॥ अनुग्रहोऽयं भवतः कृतो हि नो दण्डोऽसतां ते खलु कल्मषापहः ॥ यद्दन्दशूकत्वममुष्य देहिनः क्रोधोऽपि तेऽनुग्रह एव सम्मतः ॥ ३४ ॥ तपः सुतप्तं किमनेन पूर्वं निरस्तमानेन च मानदेन ॥ धर्मोऽथ वा सर्वजनानुकम्पया यतो भवाँस्तुष्यति सर्वजीवः ॥ ३५ ॥ कस्यानुभावोऽस्य न देव विद्महे तवाङ्घ्रिरेणुस्पर्शाधिकारः ॥ यद्वाञ्छया श्रीर्ललनाऽचरत्तपो विहाय कामान्सुचिरं धृतव्रता ॥ ३६ ॥ न नाकपृष्ठं च सार्वभौमं न पारमेष्ठ्यं न रसाधिपत्यम् ॥ न योगसिद्धीरपुनर्भवं वा वाञ्छन्ति यत्पादरजः प्रपन्नाः ॥ ३७ ॥ तदेष

प्रायश्चित्त ठानेर नै हजुर आफ्ना शत्रुलाई दण्ड दिनुहुन्छ ॥ ३३ ॥ हजुरको दण्ड दुष्टजनका पापको नाशक हुन्छ। यस प्राणीलाई यो जुन सर्पयोनि मिलेको छ, यसले यो कुबुद्धिको पाप त प्रत्यक्ष नै छ। अतः हजुरले हामीमाथि कृपा गरेको हो। हामी त हजुरको रिस पनि अनुग्रह मान्दछौं ॥ ३४ ॥ यसले पूर्वजन्ममा मानरहित भएर अर्काको सम्मान गर्दै कुन यस्तो ठूलो तप गरेको छ ? अथवा सबै जीवमा दया गर्दै यस्तो कुन धर्म गरेको छ, जसले हजुर यसमाथि सन्तुष्ट हुनुभयो ॥३५॥ हे देव ! हामीलाई थाहा छैन कि यो यसको कुन धर्मको प्रभाव हो—जसले यसलाई हजुरका ती चरण-रज स्पर्श गर्ने अधिकार मिल्यो, जसको निम्ति स्त्री भएर पनि लक्ष्मीले सबै कामनाहरू छाडेर कठोर तपस्या गरकी थिइन् ॥ ३६ ॥ अहो ! हजुरका चरणरजका शरणमा आएका भक्तजन स्वर्गलोक, सार्वभौम साम्राज्य, ब्रह्मपद, पृथ्वीको आधिपत्य, योगका सिद्धिहरू अथवा कैवल्यमुक्ति आदि कुनै पनि

---

* सानु बिन्दु कृपा हुँदा हजुरको, त्यो सिन्धु झैं बन्दछ। हेर्लौं हुन्छ हजुरलाई करुणा का सिन्धु जो भन्दछ।
भज्ने हो कसरी म जान्दिन प्रभो ! कुन् पाप के पुण्य हो ! पाए दर्शन मात्र पुग्छ मनको विश्वास मेरो छ यो ।।
कुन यस्तो कुबुद्धि मनमा उपन्न भयो र तैंले आफ्ना प्रभुलाई बिर्सिई चित्त अन्तै लगाइस्। विषयरूपी सुखको लोभले प्रभुको सम्झना पनि हराएर गयो ! यो त ढुङ्गाले अमूल्य रत्न घूलो पारे समान भयो। यस्तो अमूल्य नरदेह पाएर पनि आफ्ना अनन्य प्रभुलाई बिर्सिदिने मनुष्यलाई बारम्बार धिक्कार छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महान फलको इच्छा गर्दैनन् ॥ ३७ ॥ हे नाथ ! नागराज कालिय अत्यन्त रिसाहा र तमोगुणी योनिमा उत्पन्न भएका थिए, तथापि यिनलाई हजुरको चरणरज प्राप्त भयो जो अरुलाई दुर्लभ छ र जसको इच्छामात्रले संसार-चक्रमा परेका जीवलाई वैभव प्राप्त हुन्छ॥३८॥हे प्रभो ! हामी हजुरलाई प्रणाम गर्दछौं । हजुर षडैश्वर्य युक्त भै... अन्तःकरणमा विराजमान, सबै प्राणीका आश्रयस्थान, सर्वभूतस्वरूप, प्रकृतिदेखि अतीत र परमपिता परमात्मा हुनुहुन्छ ॥ ३९ ॥ हजुर ज्ञान-विज्ञान निधान प्रकृतिका प्रवर्तक, निर्गुण, निर्विकार र अनन्त शक्ति ब्रह्म हुनुहुन्छ, हाम्रो हजुरलाई प्रणाम छ ॥ ४० ॥ हजुर काल, कालशक्तिका आश्रय र कालका अङ्गभूत सृष्टि-प्रलयादिका साक्षीरूप ... नै समस्त विश्वका एकमात्र साक्षी, विश्वकर्ता र विश्वका निदान हुनुहुन्छ ॥ ४१ ॥ पञ्चभूत, तन्मात्राहरू, इन्द्रिय, प्राण, मन, बुद्धि र चित्त--यी सबै हजुर नै हुनुहुन्छ । त्रिगुणात्मक अभिमानद्वारा हजुरले आफ्नू आत्मानुभव लुकाउनु भएको छ ॥ ४२ ॥ हजुर अनन्त, सूक्ष्म, उपाधिका विकारले रहित र सर्वज्ञ हुनुहुन्छ । हजुर नै अस्ति, नास्ति, सर्वज्ञ र अल्पज्ञादि नाना थरिका

नाथाप दुरापमन्यैस्तमोजनिः क्रोधवशोऽप्यहीशः ॥ संसारचक्रे भ्रमतः शरीरिणो यदिच्छतः स्याद्विभवः समक्षः ॥ ३८ ॥ नमस्तुभ्यं भगवते पुरुषाय महात्मने ॥ भूतावासाय भूताय पराय परमात्मने ॥ ३९ ॥ ज्ञानविज्ञाननिधये ब्रह्मणेऽनन्तशक्तये ॥ अगुणायाविकाराय नमस्ते प्राकृताय च ॥ ४० ॥ कालाय कालनाभाय कालावयवसाक्षिणे ॥ विश्वाय तदुपद्रष्ट्रे तत्कर्त्रे विश्वहेतवे ॥ ४१ ॥ भूतमात्रेन्द्रियप्राणमनोबुद्ध्याशयात्मने ॥ त्रिगुणेनाभिमानेन गूढस्वात्मानुभूतये ॥ ४२ ॥ नमोऽनन्ताय सूक्ष्माय कूटस्थाय विपश्चिते ॥ नानावादानुरोधाय वाच्यवाचकशक्तये ॥ ४३ ॥ नमः प्रमाणमूलाय कवये शास्त्रयोनये ॥ प्रवृत्ताय निवृत्ताय निगमाय नमो नमः ॥ ४४ ॥ नमः कृष्णाय रामाय वसुदेवसुताय च ॥ प्रद्युम्नायानिरुद्धाय सात्वतां पतये नमः ॥ ४५ ॥ नमो गुणप्रदीपाय गुणात्मच्छादनाय च ॥ गुणवृत्त्युपलक्ष्याय गुणद्रष्ट्रे स्वसंविदे ॥ ४६ ॥ अव्याकृतविहाराय सर्वव्याकृतसिद्धये ॥ हृषीकेश नमस्तेऽस्तु मुनये मौनशीलिने ॥ ४७ ॥ परावरगतिज्ञाय सर्वाध्यक्षायते नमः ॥ अविश्वाय च विश्वाय तद्द्रष्ट्रेऽस्य च हेतवे ॥ ४८ ॥ त्वं ह्यस्य जन्मस्थितिसंयमान्प्रभो गुणैरनीहोऽकृत कालशक्तिधृक् ॥ तत्तत्स्वभावान्प्रतिबोधयन्सतः समीक्षयाऽमोघविहार

मत-मतान्तरको अनुवर्तन गर्नुहुन्छ र शब्द एवं अर्थ पनि हजुरकै शक्ति छन्, हजुरलाई नमस्कार छ ॥ ४३ ॥ हजुर प्रत्यक्षादि प्रमाणका मूल, स्वतःसिद्ध, ज्ञानवान् र शास्त्रका उत्पत्ति स्थान तथा विधिनिषेधरूपी वेद हुनुहुन्छ । हामी हजुरलाई नमस्कार गर्दछौं ॥४४॥ हजुर शुद्ध सत्त्वमय वसुदेवका पुत्र (वासुदेवका) संकर्षण, प्रद्युम्न र अनिरुद्ध हुनुहुन्छ । यस्ता हजुर सात्वत अर्थात् यादवहरूका स्वामी श्रीकृष्णलाई हाम्रो नमस्कार छ ॥४५॥ हजुर अन्तःकारण चतुष्टयरूपी गुणका प्रकाशक आफ्नो स्वरूपलाई गुणले ढाकेर विभिन्न रूपमा प्रकट हुने, अन्तःकरणका वृत्तिले उलक्षित तथा ती वृत्तिहरूका साक्षी र स्वयंप्रकाश हुनुहन्छ, हजुरलाई नमस्कार ॥ ४६ ॥ हे हृषीकेश ! हजुरका लीला जान्न सकिन्न र सबै व्यवत वस्तुहरू हजुरद्वारा नै सिद्ध हुन्छन् । हजुर आत्माराम हुनाले आत्मामै रमण गर्ने हजुरको स्वभाव छ । हजुरलाई हाम्रो नमस्कार छ ॥४७॥ हजुर स्थूल-सूक्ष्म गतिका ज्ञाता सबैका साक्षी, विश्वरहित, विश्वरूप, विश्वका साक्षी र त्यसका कारण हुनुहुन्छ । हामी हजुरलाइ बारम्बार नमस्कार गर्दछौं ॥४८॥ हे प्रभो ! हजुर निष्क्रिय भएर पनि आफ्नी कलाशक्तिलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारण गरेर प्रकृतिका गुणद्वारा संसारको उत्पत्ति-स्थिति आदि कार्य गर्दछन् । अमोघ लीलाहरू गर्ने हजुर जीवमा संस्काररूपले विद्यमान स्वभावलाई आफ्नो इच्छाशक्तिले जागृत गरेर विविध क्रीडाहरू गर्नुहुन्छ ।।४९।। त्रिलोकमा जो शान्त अर्थात् सात्विक, अशान्त, राजस र मूढ अर्थात् तामस योनिहरू छन्, ती सबै हजुरकै क्रीडा हुन् । यस बखत हजुरले साधुजनको रक्षाका लागि अवतार लिनुभयो र तिनको धर्म-रक्षा गर्नको निम्ति नै हजुर सतत चेष्टा गर्नुहुन्छ । अतः हजुरलाई शान्त योनि नै मनपर्छ ।।५०।। हे प्रभो ! आफ्ना सेवकले गरेको पहिलो अपराध स्वामीले सहनै पर्दछ । हे शान्तात्मन् ! यो सर्प मूढ हो, यो हजुरलाई जान्दैन । अतः हजुर यसको अपराध क्षमा गर्नोस् ।।५१।। हेर्नोस्—यो सर्प अब मर्न तयार छ । हे भगवन् ! यसलाई क्षमा गर्नोस् । साथै-पुरुषका दयापात्र हामी अबला स्त्रीलाई हाम्रा प्राणस्वरूप पति दान गरेर दिनु हवस् ॥ ५२ ॥ हामी हजुरका दासी हौं, हामीलाई आज्ञा गर्नोस् । हामी हजुरको के सेवा गरौं ? किनकि श्रद्धापूर्वक हजुरको सेवा गर्ने प्राणी समस्त भयबाट मुक्ति पाउँछ ॥ ५३ ॥ श्रीशुकदेव भन्नुहुन्छ—यसरी

ईहसे ॥ ४९ ॥ तस्यैव तेऽमूस्तनवस्त्रिलोक्यां शान्ता अशान्ता उत मूढयोनयः ॥ शान्ताः प्रियास्ते ह्यधुनाऽवितुं सतां स्थातुश्च ते धर्मपरीप्सयेहतः ॥ ५० ॥ अपराधः सकृद्भर्त्रा सोढव्यः स्वप्रजाकृतः ॥ क्षन्तुमर्हसि शान्तात्मन्मूढस्य त्वामजानतः ॥ ५१ ॥ अनुगृह्णीष्व भगवन्प्राणाँस्त्यजति पन्नगः ॥ स्त्रीणां साधुशोच्यानां पतिः प्राणः प्रदीयताम् ॥ ५२ ॥ विधेहि ते किङ्करीणामनुष्ठेयं तवाज्ञया ॥ यच्छ्रद्धयाऽनुतिष्ठन्वै मुच्यते सर्वतो भयात् ॥५३॥ श्रीशुक उवाच ॥ इत्थं स नागपत्नीभिर्भगवान्समभिष्टुतः ॥ मूर्च्छितं भग्नशिरसं विससर्जाङ्घ्रिकुट्टनैः ॥ ५४ ॥ प्रतिलब्धेन्द्रियप्राणः कालियः शनकैर्हरिम् ॥ कृच्छ्रात्समुच्छ्वसन्दीनः कृष्णं प्राह कृताञ्जलिः ॥ ५५ ॥ कालिय उवाच ॥ वयं खलाः सहोत्पत्त्या तामसा दीर्घमन्यवः ॥ स्वभावो दुस्त्यजो नाथ लोकानां यदसद्ग्रहः ॥ ५६ ॥ त्वया सृष्टमिमं विश्वं धातुर्गुणविसर्जनम् ॥ नानास्वभाववीर्यौजोयोनिबीजाशयाकृति ॥ ५७ ॥ वयं च तत्र भगवन्सर्पा जात्युरुमन्यवः ॥ कथं त्यजामस्त्वन्मायां दुस्त्यजां मोहिताः स्वयम् ॥ ५८ ॥ भवान्हि कारणं तत्र सर्वज्ञो जगदीश्वरः ॥ अनुग्रहं निग्रहं वा मन्यसे तद्विधेहि नः ॥ ५९ ॥ श्रीशुक उवाच ॥ इत्याकर्ण्य वचः प्राह भगवान्कार्यमानुषः ॥ नात्र स्थेयं

नागपत्नीहरूले स्तुति गरेपछि भगवान्ले आफ्ना पाउका आघातद्वारा जसका फणा छिन्न-भिन्न पारिदिएथे र जो चेतना शून्य भइरहेको थियो, त्यो नागलाई छाडिदिए । अनि बिस्तार-बिस्तार प्राणलाभ हुनाले केही सचेत भई कालियले लामो श्वास फेर्दै अत्यन्त दीनतापूर्वक हात जोरेर श्रीकृष्णसित भन्यो ।।५४।५५।। नाग भन्दछ—हे नाथ ! जन्मैदेखि साह्रै दुष्ट, तमोगुणी स्वभाव र महाक्रोधी छन् । स्वभाव सबै जीवका लागि मिथ्या अभिनिवेश झैं अत्यन्त दुस्त्यज हुन्छ ॥ ५६ ॥ हे विधाता ! हजुर यस जगत्का गुणविभाग गरेर अनेक थरिका स्वभाव, वीर्य, बल, योनि, बीज, चित्त र आकाश रच्नुभयो ॥ ५७ ॥ हे भगवन् ! हजुरको सृष्टिमा हामी सर्पगण जन्मैदेखि रिसाहा हुँदै आएका छौं । हामी मोहित जीव हजुरको मायालाई स्वयं कसरी त्याग्न सक्छौं ? ।।५८।। फेरि सर्वज्ञ र सम्पूर्ण जगत्का स्वामी हुनुहुन्छ, हजुर नै हामीलाई त्यस मायाबाट छुटाउन सक्नु हुन्छ । अब हजुर दया र दण्ड जो उचित लाग्छ, त्यही गर्नुहवस् ।.५९।। श्रीशुकदेव भन्नुहुन्छ—कालियका कुरा सुनेर लीलारूपधारी कृष्णचन्द्रले भन्नुभयो—हे सर्प ! यहाँ बस्नु उचित छैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी आफ्ना बन्धु, छोरा र पत्नी सहित यहाँबाट जाऊ–यसले यमुनाको जल गाई र मनुष्य इच्छानुसार उपभोग गर्न सकून् ।।६०।। जो व्यक्ति तिमीले पाएको यो दमन र आदेशको कथा प्रातः सायं स्मरण तथा कीर्तन गर्नन्, उनलाई सर्पको भय हुनेछैन ।।६१।। जो मेरो क्रीडास्थल स्वरूप यो कालियदहमा स्नान गरेर देवता पितृलाई जलले तर्पण गर्ला र उपवास, ध्यान गर्दै मेरो पूजा गर्ला, त्यो सबै पापबाट मुक्त हुनेछ ।।६२।। जसको भयले तिमीले रमणक द्वीप छाडेर यस कुण्डको आश्रय लिएका थियौ, त्यो गरुड अब मेरो चरण चिह्नले अंकित देखेर तिमीलाई खाने छैन' ।।६३।। श्रीशुकदेव भन्नुहुन्छ–भगवान् कृष्णले यति भनेपछि कालिय र त्यसका पत्नीहरूले प्रसन्न भएर दिव्य वस्त्र, माला, मणि, बहुमूल्य आभूषण र दिव्य गन्ध युक्त चन्दनादि लेप र उत्तम कमलका मालाले सादर उनको पूजा गरे ।। ६४ ।। ।। ६५ ।। कालियले गरुडध्वज भगवान् जगन्नाथको यसरी पूजा गरेर प्रसन्न तुल्याए, अनि उनको आवज्ञा लिएर भगवान्‌को परिक्रमा गरेर बन्दना गरी छोरा, मित्र र

त्वया सर्प समुद्रं याहि मा चिरम् ।। स्वज्ञात्यपत्यदाराढ्यो गोनृभिर्भुज्यतां नदी ।। ६० ।। य एतत्संस्मरेन्मर्त्यस्तुभ्यं यदनुशासनम् ।। कीर्तयन्नुभयोः सन्ध्ययोर्न युष्मद्भयमाप्नुयात् ।।६१।। योऽस्मिन्स्नात्वा मदाक्रीडे देवादींस्तर्पयेज्जलैः ।। उपोष्य मां स्मरन्नर्चेत्सर्वपापैः प्रमुच्यते।।६२।। द्वीपं रमणकं हित्वा ह्रदमेतमुपाश्रितः ।। यद्भयात्स सुपर्णस्त्वां नाद्यान्मत्पदलाञ्छितम् ।।६३।। श्रीशुक उवाच ।। एवमुक्तो भगवता कृष्णेनाद्भुतकर्मणा ।। तं पूजयामास मुदा नागपत्न्यश्च सादरम् ।।६४।। दिव्याम्बरस्रङ्मणिभिः परार्ध्यैरपि भूषणैः ।। दिव्यगन्धानुलेपैश्च महत्योत्पलमालया ।।६५।। पूजयित्वा जगन्नाथं प्रसाद्य गरुडध्वजम् ।। ततः प्रीतोऽभ्यनुज्ञातः परिक्रम्याभिवन्द्य तम् ।।६६।। सकलत्रसुहृत्पुत्रो द्वीपमब्धेर्जगाम ह ।। तदैवसाऽमृतजला यमुना निर्विषाऽभवत् ।। अनुग्रहाद्भगवतः क्रीडामानुषरूपिणः ।। ६७ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे कालियमोक्षणं नाम षोडशोऽध्यायः ।। १६ ।।

राजोवाच ।। नागालयं रमणकं कस्मात्तत्याज कालियः ।। कृतं किं वा सुपर्णस्य तेनैकेनासमञ्जसम् ।। १ ।। श्रीशुक उवाच ।। उपहार्यैः सर्पजनैर्मासि मासीह यो बलिः ।। वानस्पत्यो महाबाहो नागानां प्राङ्निरूपितः ।। २ ।। स्वं स्वं भागं प्रयच्छन्ति नागाः पर्वणि पर्वणि ।। गोपीथायात्मनः सर्वे सुपर्णाय महात्मने ।। ३ ।। विषवीर्यमदाविष्टः काद्रवेयस्तु कालियः ।। कदर्थीकृत्य गरुडं स्वयं तं बुभुजे

कलत्रहरूका साथ समुद्रको माझमा स्थित रमणक द्वीपमा गए । त्यसै दिनदेखि लीलामानवरूपधारी भगवान् कृष्णको अनुग्रहले यमुनाजी विषहीन भएर अमृत झैं स्वादिष्ट जलमयी भइन् ।।६६।।६७।। इति श्रीमद्भागवते महापुराणे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां षोडशोऽध्यायः ।।१६।।

(कालिय नाग त्यो दहमा आउने कथा र भगवान्‌द्वारा व्रजवासीहरूलाई दावानलबाट रक्षा गर्नु)—यति कथा सुनेर राजा परीक्षित्‌ले सोधे—हे भगवन् ! कालियले सर्पहरूको निवासस्थान रमणक द्वीप किन छाड्यो र त्यसले गरुडको के हानि गरेको थियो ।।१।। श्रीशुकदेव भन्नुहुन्छ–हे महाबाहो ! गरुडका भक्ष्य सर्पहरूले महीनै पिछे यौटा वृक्षमनि एक सर्पको बलि दिने नियम बनाएका थिए ।।१।। तदनुसार औंसीको दिन सबै सर्प आफ्नो रक्षाका लागि गरुडलाई आफआफ्नो भाग दिने गर्दथे, तर विषको बलले उत्पन्न कद्रूपुत्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालियले गरुडलाई तुच्छ ठानेर उनको भाग स्वयं खाइदिन्थ्यो ॥ ३-४ ॥ हे राजन् ! यो सुनेर भगवान्‌का प्रिय पार्षद गरुड रिसाएर कालियलाई मार्न ठूलो वेगले झम्टे ॥५॥ गरुड द्रुतगतिले आफूतिर आउन लागेका देखेर विष र दाँतको अस्त्र धारण गर्ने एवं उग्र नेत्र हुने कालिय जिब्रो र फणा फिंजाएर आफ्ना अनेक शिर उचालेर गरुडतिर लम्क्यो र दाँतले टोक्नलाग्यो ॥ ६ ॥ अनि मधुसूदन भगवान्‌का वाहन र पराक्रमी गरुडले कालियलाई आफ्नो देहबाट छुटाएर पर फ्याँकी आफ्नो स्वर्णवर्ण दाहिने पखेटाले क्रोधपूर्वक आघात गरे ॥ ७ ॥ गरुडका पखेटाको चोटले कालिय विह्वल भएर यमुनाको कुण्डमा भाग्यो, जुन गरुडको निम्ति अगम्य र अत्यन्त गम्भीर हुनाले गर्दा अन्य पुरुषका लागि दुर्गम थियो ॥ ८ ॥ यस विषयमा यौटा इतिहास छ—कुनै दिन त्यहाँ सौभारि ऋषिले छेक्ता पनि गरुडले बर्ता भोको हुनाले आफ्नो रुचिले भक्ष्यरूप यौटा ठूलो माछा बलपूर्वक खाइदिए ॥ ९ ॥ त्यो मत्स्यराज मारिनाले सबै माछालाई अत्यन्त दीन र व्याकुल देखेर दयावश त्यस कुण्डमा बसी अन्य जीवहरूको रक्षा र कुशलताका लागि महर्षि सौभरिले

बलिम् ॥ ४ ॥ तच्छ्रुत्वा कुपितो राजन्भगवान्भगवत्प्रियः ॥ विजिघांसुर्महावेगः कालियं समुपाद्रवत् ॥ ५ ॥ तमापतन्तं तरसा विषायुधः प्रत्यभ्य-यादुच्छ्रितनैकमस्तकः ॥ दद्भिः सुपर्णं व्यदशद्ददायुधः करालजिह्वोच्छ्वसितोग्रलोचनः ॥ ६ ॥ तं तार्क्ष्यपुत्रः स निरस्य मन्युमान् प्रचण्डवेगो मधु-सूदनासनः ॥ पक्षेण सव्येन हिरण्यरोचिषा जघान कद्रुसुतमुग्रविक्रमः ॥ ७ ॥ सुपर्णपक्षाभिहतः कालियोऽतीव विह्वलः ॥ ह्रदं विवेश कालिंद्यास्त दगम्यं दुरासदम् ॥ ८ ॥ तत्रैकदा जलचरं गरुडो भक्ष्यमीप्सितम् ॥ निवारितः सौभरिणा प्रसह्य क्षुधितोऽहरत् ॥९॥ मीनान्सुदुःखितान्दृष्ट्वा दीना-न्मीनपतौ हते ॥ कृपया सौभरिः प्राह तत्रत्यक्षेममाचरन् ॥ १० ॥ अत्र प्रविश्य गरुडो यदि मत्स्यान्स खादति ॥ सद्यः प्राणैर्वियुज्येत सत्यमेत-द्ब्रवीम्यहम् ॥ ११ ॥ तं कालियः परं वेद नान्यः कश्चन लेलिहः ॥ अवात्सीद्गरुडाद्भीतः कृष्णेन च विवासितः ॥ १२ ॥ कृष्णं ह्रदाद्विनिष्क्रान्तं दिव्यस्रग्गन्धवाससम् ॥ महामणिगणाकीर्णं जाम्बूनदपरिष्कृतम् ॥ १३ ॥ उपलभ्योत्थिताः सर्वे लब्धप्राणा इवासवः ॥ प्रमोदनिभृतात्मानो गोपाः प्रीत्याभिरेभिरे ॥ १४ ॥ यशोदा रोहिणी नन्दो गोप्यो गोपाश्च कौरव ॥ कृष्णं समेत्य लब्धेहा आसँल्लब्धमनोरथाः ॥ १५ ॥ रामश्चाच्युतमा-लिङ्ग्य जहासास्यानुभाववित् ॥ नगा गावो वृषा वत्सा लेभिरे परमां मुदम् ॥ १६ ॥ नन्दं विप्राः समागत्य गुरवः सकलत्रकाः ॥ ऊचुस्ते कालिय-

भने–॥१०॥ 'यदि आजदेखि गरुड यस कुण्डमा पसेर माछा खायो भने तुरुन्त मर्नेछ, म सत्य भन्दैछु' म सत्य भन्दैछु ॥ ११ ॥ यो कुरा कालिय नागबाहेक अरु कुनै सर्प पनि जान्दैनथे । यसै निम्ति त्यो गरुडको डरले त्यहाँ बस्न लागेको थियो र यस बखत श्रीकृष्णचन्द्रले त्यसलाई दहबाट निकालेर बाहर पारिदिए ॥१२॥ हे राजन् ! यता श्रीकृष्णलाई दिव्य माला, गन्ध, वस्त्र र बहुमूल्य मणिमय आभूषण सुवर्णमय गहनाले विभूषित भएर त्यस कुण्डबाट बाहिर निस्कनलागेका देखेर सबै यसरी उभिए, जसरी गइसकेको प्राण फर्केर आउँदा इन्द्रिय सचेत हुन्छन् । ती सबै गोप प्रसन्नतापूर्वक भगवान्‌को अलिङ्गन गर्नलागे ॥ १३-१४ ॥ हे कुरुनन्दन ! यशोदा, रोहिणी, नन्द, सबै गोपिनी र गोपगण श्रीकृष्णलाई पाएर सफल-मनोरथ भई गद्गद् भए ॥ १५ ॥ त्यस वेला भगवान्‌को प्रभाव राम्ररी जान्ने बलरामजी उनको आलिङ्गन गरेर हाँस्नलागे । उतावृक्ष, गाई, गोरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र बाछा-बाछीलाई पनि अपार आनन्द प्राप्त भयो ॥ १६ ॥ त्यसपछि गोपका कुलगुरु ब्राह्मणहरूले आफ्नी पत्नी सहित नन्दकहाँ गएर भने–'हे नन्दजी ! तिम्रो भाग्य ठूलो छ, त्यसैले तिम्रो बालक कालियले समातेर पनि सकुशल फर्के ॥ १७ ॥ कृष्णको प्राण-रक्षा भयो, अतः तपाईं ब्राह्मणहरूलाई दान दिनोस् ।' अनि नन्दजी खुसी भएर ब्राह्मणहरूलाई गाई र सुवर्ण दान दिए ॥ १८ ॥ उता यशोदा-मृत्युको मुखबाट फर्केर आएका छोरालाई काखमा लिएर आलिङ्गन गर्दै बारम्बार आँसु बगाउन लागिन् ॥ १९ ॥ हे राजेन्द्र ! सबै व्रजवासी र गाई बाछा भोक-प्यासले गर्दा अतिशय दुर्वल भइरहेका थिए । त्यसैले त्यो रात सबै जना यमुनातटमै बसे ॥ २० ॥ अकस्मात् आधा रातमा ग्रीष्म ऋतुमा सुखेको वनमा सहसा दन्केर आएको दावानलले सुतेका व्रजवासीहरूलाई चारैतिरबाट छेकेर पोल्न लाग्यो ॥ २१ ॥ आगोले दग्ध व्रजवासी आत्तिएर उठे र मायामानव रूपधारी भगवान् कृष्णका शरण-मा परे ॥२२॥ ती सबै भन्नलागे–'हे कृष्ण ! हे कृष्ण ! हे महाभाग ! हे अमितविक्रम बलराम ! हेर, यो भयङ्कर दावानल हजुरका स्वजन हाम्रो सबैलाई भस्म पार्न लागिरहेछ ॥२३॥हे

ग्रस्तो दिष्ट्या मुक्तस्तवात्मजः ॥१७॥ देहि दानं द्विजातीनां कृष्णनिर्मुक्तिहेतवे ॥ नन्दः प्रीतमना राजन् गाः सुवर्णं तदादिशत् ॥१८॥ यशोदाऽपि महाभागा नष्टलब्धप्रजा सती ॥ परिष्वज्याङ्कमारोप्य मुमोचाश्रुकलां मुहुः ॥१९॥ तां रात्रिं तत्र राजेन्द्र क्षुत्तृड्भ्यां श्रमकर्शिताः ॥ ऊषुर्व्रजौकसो गावः कालिन्द्या उपकूलतः ॥२०॥ तदा शुचिवनोद्भूतो दावाग्निःसर्वतो व्रजम् ॥ सुप्तं निशीथ आवृत्य प्रदग्धुमुपचक्रमे॥२१॥तत उत्थाय सम्भ्रान्ता दह्यमाना व्रजौकसः ॥ कृष्णं ययुस्ते शरणं मायामनुजमीश्वरम्॥२२॥ कृष्ण कृष्ण महाभाग हे रामामितविक्रम ॥ एष घोरतमो वह्निस्तावकान्ग्रसते हि नः ॥२३॥ सुदुस्तरान्नः स्वान्पाहि कालग्नेः सुहृदः प्रभो ॥ न शक्नुमस्त्वच्चरणं सन्त्यक्तुमकुतोभयम् ॥२४॥ इत्थं स्वजनवैक्लव्यं निरीक्ष्य जगदीश्वरः॥ तमग्निमपिबत्तीव्रमनन्तोऽनन्तशक्तिधृक् ॥ २५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे दावाग्निमोचनं नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

श्रीशुक उवाच ॥ अथ कृष्णः परिवृतो ज्ञातिभिर्मुदितात्मभिः ॥ अनुगीयमानो न्यविशद्व्रजं गोकुलमण्डितम् ॥ १ ॥ व्रजे विक्रीडतोरेवं गोपालच्छद्ममायया ॥ ग्रीष्मो नामर्तुरभवन्नातिप्रेयान् शरीरिणाम् ॥ २ ॥ स च वृन्दावनगुणैर्वसन्त इव लक्षितः ॥ यत्रास्ते भगवान्साक्षाद्रामेण सह केशवः ॥ ३ ॥ यत्र निर्झरनिर्ह्रादनिवृत्तस्वनझिल्लिकम् ॥ शश्वत्तच्छीकरर्जीषद्द्रुममण्डलमण्डितम् ॥ ४ ॥ सरित्सरः प्रस्र-

प्रभो ! हामी हजुरका सुहृद् हौं । अतः यो दुस्तर दावानलबाट हाम्रो रक्षा गर्नोस् । हामी हजुरका अभयदायक चरण त्याग्न सक्तैनौं ॥ २४ ॥ स्वजनको यस्तो व्याकुलता देखेर अनन्त-शक्तिधारी जगत्पति भगवान कृष्णले त्यो अग्नि पिइदिनुभयो ॥ २५ ॥ इति श्रीमद्भागवते दशमस्कन्धे पूर्वार्धे 'वासिष्ठी' भाषाटीकायां सप्तदशोऽध्यायः ॥ १७ ॥

(प्रलम्बासुर बध) श्रीशुकदेव भन्नु हुन्छ–हे राजन् ! आफ्ना स्वजनलाई दावानलबाट रक्षा गरेर प्रसन्नचित्त सजातीय गोपगणले घेरिएर आफ्नू सुयश सुन्दै श्रीकृष्णले गाईहरूले भरिएको व्रजमा प्रवेश गरे ॥ १ ॥ यसरी दुबै मायामय गोपाल वेषले व्रजमा क्रीडा गर्दागर्दै ग्रीष्म ऋतु आयो, जुन व्यक्तिलाई केही मनपर्दैन ॥ २ ॥ तर जहाँ बलराम सहित साक्षात् भगवान श्रीकृष्ण विहार गर्दथे, त्यस वृन्दावनको आफ्ना गुणले गर्दा त्यो ग्रीष्म ऋतु पनि वसन्त जस्तै देखिन्थ्यो ॥ ३ ॥ जुन वृन्दावनमा झरनाको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कल-कल निनाद झ्याउँकिरीको झनकार थिचिएको थियो र जहाँकी भूमि झरनाहरूको निरन्तर उड्ने जल-कणले गर्दा आर्द्र वृक्षले परिपूर्ण थिए ॥ ४ ॥ त्यो हरित-तृणपूर्ण भूमिमा वनवासीहरूलाई नदी, सरोवर र झरनाका तरङ्ग मिसिएर बग्ने तथा कह्लार, कमल र उत्पलका परागलाई हरण गर्ने वायु चल्नाले घाम, अग्नि वा सूर्यको तापले कष्ट दिँदैनथ्यो ॥ ५ ॥ त्यहाँको अगाध जल हुने नदीको तटमा पालैँसित आइरहने तरङ्गले हीलो भएको तटभूमिको आर्द्रता र तृणको हरियालीलाई विषझैँ तीक्ष्ण सूर्यका किरण पनि सुखाउन सक्तैनथ्यो ॥ ६ ॥ अत्यन्त राम्रा विचित्र मृग र पक्षी जहाँ सुशोभित थिए। गान गर्ने मयुर, भ्रमर मनोहर पर्दै कोकिल र सारसादि पक्षीहरूले पूर्ण तथा फक्रेका फूलहरूबाट आउने सुगन्ध युक्त वृन्दावनमा विहार गर्ने इच्छाले श्रीकृष्ण बलराम सहित गोपीहरू र गाईहरूले घेरिएर मधुर मुरली बजाउँदै प्रवेश गरे ॥ ७-८ ॥ अनि बलराम र कृष्ण आदि समस्त गोपगण आफ्ना शरीरलाई मूगा, मयूरपंख, फूलका गुच्छा, माला र गेरू आदि धातुले सिंगारेर नाच्च-गाउन र परस्पर मल्लयुद्ध गर्नलागे ॥ ९ ॥ श्रीकृष्णले नाच्ने

वर्णोर्मिवायुना कह्लारकञ्जोत्पलरेणुहारिणा ॥ न विद्यते यत्र वनौकसां दवो निदाघवह्न्यर्कभवोऽतिशाद्वले ॥ ५ ॥ अगाधतोयह्रदिनीतटोर्मिभिर्द्रवत्पुरीष्याः पुलिनैः समन्ततः ॥ न यत्र चण्डांशुकरा विषोल्बणा भुवो रसं शाद्वलितं च गृह्णते ॥ ६ ॥ वनं कुसुमितं श्रीमन्नदच्चित्रमृगद्विजम् ॥ गायन्मयूरभ्रमरं कूजत्कोकिलसारसम् ॥ ७ ॥ क्रीडिष्यमाणस्तत्कृष्णो भगवान्बलसंयुतः ॥ वेणुं विरणयन्गोपैर्गोधनैः संवृतोऽविशत् ॥ ८ ॥ प्रवालबर्हस्तवकस्रग्धातुकृतभूषणाः ॥ रामकृष्णादयो गोपा ननृतुर्युयुधुर्जगुः ॥ ९ ॥ कृष्णस्य नृत्यतः केचिज्जगुः केचिदवादयन् ॥ वेणुपाणितलैः शृङ्गैः प्रशशंसुरथापरे ॥ १० ॥ गोपजातिप्रतिच्छन्ना देवा गोपालरूपिणः ॥ ईडिरे कृष्णरामौ च नटा इव नटौ नृप ॥ ११ ॥ भ्रामणैर्लङ्घनैः क्षेपैरास्फोटनविकर्षणैः ॥ चिक्रीडतुर्नियुद्धेन काकपक्षधरौ क्वचित् ॥ १२ ॥ क्वचिन्नृत्यत्सु चान्येषु गायकौ वादकौ स्वयम् ॥ शशंसतुर्महाराज साधु साध्विति वादिनौ ॥ १३ ॥ क्वचिद्बिल्वैः क्वचित्कुम्भैः क्व चामलकमुष्टिभिः ॥ अस्पृश्यनेत्रबन्धाद्यैः क्वचिन्मृगखगेहया ॥ १४ ॥ क्वचिच्च दर्दुरप्लावैर्विविधैरुपहासकैः ॥ कदाचित्स्पन्दोलिकया कर्हिचिन्नृपचेष्टया ॥ १५ ॥ एवं तौ लोकसिद्धाभिः क्रीडाभिश्चेरतुर्वने ॥ नद्यद्रिद्रोणिकुञ्जेषु

बेलामा केही बालक गाउने, केही वंशी, थपरी नरसिंघा बजाउँदै र केही उनको प्रशंसा गर्दथे ॥ १० ॥ हे राजन् ! यौटा नट जसरी अर्को नटको प्रशंसा गर्दछ, त्यस्तै नै गोपजातिमा अवतार लिएर लुकेका गोपवेषधारी देवता श्रीकृष्ण बलरामको स्तुति गरिरहेका थिए ॥ ११ ॥ शिरमा काकपक्ष धारण गरेका कृष्ण र बलराम बेलामा घुम्ने, भकुण्डो फ्याक्ने, ताल ठोक्ने, यौटाले अर्कोलाई तान्ने र परस्पर मल्लयुद्ध गर्दै खेलिरहेका थिए ॥ १२ ॥ हे महाराज ! ती कहिले अर्काले नाच्ना स्वयं गाउन बजाउन थाल्दथे र कहिले 'वाह ! वाह' भनेर उसको प्रशंसा गर्न थाल्दथे ॥ १३ ॥ कहिले यौटाले अर्कोमाथि बेल, जलकुम्भी वा अमला हातमा लिएर फ्याँक्दथे, कहिले आँखा थुन्ने र छुनेर स्पर्श गर्ने बालक भन्दा पर भागेर नछोइने र कहिले मृग र पक्षिहरूको चेष्टाको नक्कल गर्ने आदि खेल खेल्दथे ॥ १४ ॥ ती कहिले भ्यागुतो झैं उफ्रेर हिँड्थे र कहिले उपहास गर्दथे, कहिले दुइ जना गोपको बाहुद्वारा डोली बनाएर झूला झुल्दथे र कहिले राजाको अनेक नकल आदि खेल खेल्दथे ॥ ५ ॥ यस प्रकार विविध लोक-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसिद्ध खेल खेल्दै राम र कृष्ण वृन्दाबनका पर्वत, नदी, कन्दरा, कुञ्ज, वन र सरोवरमा नित्य विचरण गर्दथे ॥ १६ ॥ एक दिनको कुरा हो–जब राम र कृष्ण अन्य गोपहरूका संगै वनमा गाई चराइरहेका थिए, त्यसै वेला उनलाई हरण गरेर लैजानका लागि प्रलम्बासुर नामको दैत्य गोपवेष धारण गरेर त्यहाँ आयो ॥ १७ ॥ यद्यपि सर्वद्रष्टा यदुनाथले चिन्हिसकेका थिए तापनि त्यसलाई मार्ने विचार गर्दै त्यसलाई आफ्ना साथीहरूमा मिसाउन स्वीकार गरिदिए ॥१८॥ क्रीडाकुशल कृष्णले सबै गोपलाई डाकेर भने–'हे मित्र हो ! अब एकैनासे दुइ दल बनाएर खेल्ने' ॥१९॥ अतः गोपगणले राम र कृष्णलाई दुवै दलका नाइके तुल्याए र तीमध्ये केही कृष्णका दलमा र केही बलरामको दलमा सम्मिलित भए ॥ २० ॥ जसमा एकदल अर्को दलका व्यक्तिलाई पिठिउँमा बोकेर यौटा निर्दिष्ट स्थानसम्म पुन्याउँथे। यस्तै अनेक खेल खेले। ती खेलमा जित्ने पक्ष पिठिउँमा चढ्दथे। हार्ने पक्ष आफ्नो पिठिउँमा बोक्तथे ॥ २१ ॥ यसरी यौटा अर्कोको पिठिउँमा चढ्दा चढ्दै ती कृष्ण आदि सबै बालक गाई, बाछा चराउँदै माण्डीरक वटको नगीचै पुगे ॥ २२ ॥

काननेषु सरःसु च ॥ १६ ॥ पशूँश्चारयतो गोपैस्तद्वने रामकृष्णयोः ॥ गोपरूपी प्रलम्बोऽगादसुरस्तज्जिहीर्षया ॥ १७ ॥ तं विद्वानपि दाशार्हो भगवान्सर्वदर्शनः ॥ अन्वमोदत तत्सख्यं वधं तस्य विचिन्तयन् ॥ १८ ॥ तत्रोपाहूय गोपालान्कृष्णः प्राह विहारवित् ॥ हे गोपा विहरिष्यामो द्वन्द्वीभूय यथायथम् ॥ १९ ॥ तत्र चक्रुः परिवृढौ गोपा रामजनार्दनौ ॥ कृष्णसंघट्टिनः केचिदासन्रामस्य चापरे ॥२०॥ अचेरुर्विविधाः क्रीडा वाह्यवाहकलक्षणाः ॥ यत्रारोहंति जेतारो वहंति च पराजिताः ॥ २१ ॥ वहंतो वाह्यमानाश्च चारयंतश्च गोधनम् ॥ भाण्डीरकं नाम वटं जग्मुः कृष्णपुरोगमाः ॥ २२ ॥ रामसंघट्टिनो यर्हि श्रीदामवृषभादयः ॥ क्रीडायां जयिनस्ताँस्तानूहुः कृष्णादयो नृप ॥ २३ ॥ उवाह कृष्णो भगवान् श्रीदामानं पराजितः ॥ वृषभं भद्रसेनस्तु प्रलम्बो रोहिणीसुतम् ॥ २४ ॥ अविषह्यं मन्यमानः कृष्णं दानवपुङ्गवः ॥ वहन्द्रुततरं प्रागादवरोहणतः परम् ॥ २५ ॥ तमुद्वहन्धरणिधरेन्द्रगौरवं महासुरो विगतरयो निजं वपुः ॥ स आस्थितः पुरटपरिच्छदो बभौ तडिद्द्युमानुडुपतिवाडिवाम्बुदः ॥२६॥ निरीक्ष्य तद्वपुरलमम्बरे चरत्प्रदीप्तदृग्भ्रुकुटितटोग्रदंष्ट्रकम् ॥ ज्वलच्छिखं कटककिरीटकुण्डलत्विषाद्भुतं हलधर ईषदत्रसत् ॥२७॥ अथागतस्मृतिरभयो रिपुं बलो विहाय सार्थमिव हरन्तमात्मनः ॥ रुषाऽहनच्छिरसि दृढेन मुष्टिना सुराधिपो गिरिमिव वज्ररंहसा ॥२८॥

हे राजन् ! त्यस खेलमा एकपल्ट बलरामका दलले श्रीदामा र वृषभ गोपालकले जिते र कृष्ण आदि गोप आफ्नो पिठिउँमा बोकेर हिंडे ॥ २३ ॥ हारेका भगवान् श्रीकृष्णले श्रीदामालाई, भद्रसेनले वृषभलाई र प्रलम्बले बलरामलाई बोक्यो ॥ २४ ॥ प्रलम्बासुर कृष्णको भार असह्य ठानेर बलरामलाई लिई वेगले भाग्यो र पिठिउँबाट बराल्नको निम्ति तोकिएको स्थानभन्दा पनि पर पुन्यायो ॥ २५ ॥ पृथ्वीलाई धारण गर्ने अनन्तदेवको ठूलो भार पिठिउँमा बोकेर लैजानाले निकै थाक्यो र त्यो महादैत्यको वेग केही थामियो र उसले आफ्नो स्वाभाविक स्वरूप धारण गन्यो। त्यस दैत्यको कालो शरीरमा सुनका गहना थिए त्यसले त्यो यस्तो देखिन्थ्यो कि विजुलीयुक्त श्यामघेघले चन्द्रमालाई आफूमा धारण गरेको होस्। ॥२६॥ त्यस दैत्यका नेत्र अत्यन्त प्रज्वलित थिए र दाह्रा भृकुटीसम्म फैलिएका थिए। त्यो साह्रै डरलाग्दो थियो। त्यसका कपाल अग्निशिखा झैं राता थिए

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो दानव किरीट र कुण्डलको कान्तिले अत्यन्त अद्भुत देखिरहेथ्यो। उसलाई वेगले आकाशमा गएको देखेर पहिले त बलराम अलिकति भयभीत हुनुभयो ॥२७॥ फेरि सावधान हुनासाथ उनको डर हरायो। उनले देखे—यो शत्रु धन चोर्नेर भएको चोर जस्तै मलाई आकाशमा लगिरहेको छ। अनि उनले अत्यन्त क्रोधित भएर जस्तै इन्द्रले पर्वतहरू माथि वज्र प्रहार गरेका थिए उसै गरी दुष्टको मस्तकमा एक मुड्की हिर्काए ॥२८॥ रामको मुड्की लाग्नासाथ उसको टाउको फुट्यो, मुखबाट रगत वमन गर्नलाग्यो, उसको चेतना हरायो र डरलाग्दो शब्द गर्दै त्यो इन्द्रको वज्रले आहत पर्वत समान तुरुन्त मरेर धराशायी भयो ॥ २९ ॥ बलवान् बलरामको हातबाट प्रलम्बासुर मरेको देखेर सबै गोप सान्है छक्क परे र उनलाई बारम्बार धन्यवाद दिनलागे ॥३०॥ ती प्रशंसाका योग्य बलरामलाई आशीर्वाद दिंदै र उनको प्रशंसा गर्दै मृत्युको मुखबाट फर्केको समान उनलाई अङ्कमाल गरे। उस वेला तिनको हृदय प्रेमले विह्वल भयो ॥ ३१ ॥ त्यो पापी प्रलम्बासुर मारिनाले देवताहरू धेरै आनन्दित भए र बलरामजी माथि फूलको

स आहतः सपदि विशीर्णमस्तको मुखाद्वमन्रुधिरमपस्मृतोऽसुरः ॥ महारवं व्यसुरपतत्समीरयन् गिरिर्यथा मघवत आयुधाहतः ॥२९॥ दृष्ट्वा प्रलम्बं निहतं बलेन बलशालिना ॥ गोपाः सुविस्मिता आसन्साधु साध्विति वादिनः ॥३०॥ आशिषोऽभिगृणन्तस्तं प्रशशंसुस्तदर्हणम् ॥ प्रेत्यागतमिवालिङ्ग्य प्रेमविह्वलचेतसः ॥ ३१ ॥ पापे प्रलम्बे निहते देवाः परमनिर्वृताः ॥ अभ्यवर्षन्बलं माल्यैः शशंसुः साधु साध्विति ॥ ३२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे प्रलम्बवधो नामाष्टादशोऽध्यायः ॥ १८ ॥

बादरायणिरुवाच ॥ क्रीडासक्तेषु गोपेषु तद्गावो दूरचारिणः ॥ स्वैरं चरन्त्यो विविशुस्तृणलोभेन गह्वरम् ॥१॥ अजा गावो महिष्यश्च निर्विशन्त्यो वनाद्वनम् ॥ इषीकाटवीं निर्विविशुः क्रन्दन्त्यो दावतर्षिताः ॥२॥ तेऽपश्यन्तः पशून्गोपाः कृष्णरामादयस्तदा ॥ जातानुतापा न विदुर्विचिन्वन्तो गवां गतिम्॥३॥तृणैस्तत्खुरदच्छिन्नैर्गोष्पदैरङ्कितैर्गवाम् ॥ मार्गमन्वगमन्सर्वे नष्टाजीव्या विचेतसः ॥४॥मुञ्जाटव्यां भ्रष्टमार्गं क्रन्दमानं स्वगोधनम् ॥ सम्प्राप्य तृषिताः श्रान्तास्ततस्ते संन्यवर्तयन् ॥५॥ ता आहूता भगवता मेघगम्भीरया गिरा ॥ स्वनाम्नां निनदं श्रुत्वा प्रतिनेदुः प्रहर्षिताः ॥६॥ततः समन्ताद्वन-

वर्षा गर्नलागे र 'साधु-साधु' भन्नलागे ॥३२॥ इति श्रीमद्भागवते दशमस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायामष्टादशोऽध्यायः ॥१८॥

(भगवान्द्वारा गाई र गोपहरूलाई दावानलबाट बचाउन्) श्रीशुकदेव भन्नुहुन्छ—त्यसपछि गोपगण फेरि खेल कूदमा लागे। त्यसै वेला गाईहरू स्वच्छन्दताले चर्दै हरियो-हरियो घाँसको लोभमा यौटा गहन वनसा निकै पर पुगे ॥१॥ तिनका बाख्रा, गाई र भैंसी यौटा वनबाट अर्को वनमा जाँदा गर्मीको तापले तृषित भएर कराउँदै काँसको वनमा पसे ॥२॥ पशुहरू नदेखिनाले राम-कृष्ण आदि गोप दुःखी भए र यता-उता खोज्दा पनि तिनको पत्ता लाग्नसकेन। आफ्नू जीविका नष्ट हुनाले ती आत्तिएर अचेत झैं भइरहेका थिए। अतः गाईका खुर र दाँतले छिन्न-भिन्न घाँस र पृथ्वीमा बनेको खुर पैल्याउँदै अघि बढ्दै गए ॥३॥४॥ अन्तमा आफ्ना गोधनलाई बाटो बिराएर यौटा मुञ्ज वनमा डुक्रिरहेका भेटेर ती अत्यन्त प्यास लागेका र थाकेको स्थितिमा फर्केर आए ॥५॥ अनि भगवान् मेघ झैं गम्भीर वाणीमा तिनलाई नाम लिई-लिईकन डाक्नलागे। ती गाई आफ्ना नाम सुनेर हर्षले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डुक्रन्दै प्रतिध्वनि गर्नलागे ॥६॥ उसै वेला त्यस वनमा अकस्मात् वनवासी जीवलाई नष्ट पार्ने दावानल लाग्यो। वायुद्वारा प्रेरित भएर डरलाग्दो ज्वालामा बढेर त्यो सबै स्थावर-जङ्गम जीवहरूलाई भस्म पार्नलाग्यो ॥७॥ त्यो दावानल चारैतिरबाट आफूतिर आउन लागेको देखेर गाई, गोपगण भयभीत भए। जस्तै मृत्युको भयले डराएका जीव *आर्तनाद गर्दै हरिको शरणमा जान्छन्, उसै गरी ती सबै राम र कृष्णका शरणमा भएर उनलाई डाक्नलागे ॥८॥ उनले भने–हे कृष्ण ! हे कृष्ण ! हे महावीर ! हे अमितबलशाली बलराम ! हामी हजुरका शरणागत दास भएर पनि यो दावानलले पोलिन लाग्यौं, हाम्रो रक्षा गर्नोस् ॥९॥ हे कृष्ण ! हजुरका बन्धु-बान्धव कष्ट पाउने योग्य छैनन्। हे धर्मज्ञ ! हाम्रा हजुर नै

धूमकेतुर्यदृच्छयाऽभूत्क्षयकृद्वनौकसाम्॥ समीरितः सारथिनोल्बणोल्मुकैर्विलेलिहानः स्थिरजङ्गमान्महान् ॥७॥ तमापतन्तं परितो दवाग्निं गोपाश्च गावः प्रसमीक्ष्य भीताः ॥ ऊचुश्च कृष्णं सबलं प्रपन्ना यथा हरिं मृत्युभयार्दिता जनाः ॥८॥ कृष्ण कृष्ण महावीर हे रामामितविक्रम ॥ दावाग्निना दह्यमाना-न्प्रपन्नाँस्त्रातुमर्हथः ॥ ९ ॥ नूनं त्वद्बान्धवाः कृष्ण न चार्हन्त्यवसादितुम् ॥ वयं हि सर्वधर्मज्ञ त्वन्नाथास्त्वत्परायणाः ॥ १० ॥ श्रीशुक उवाच ॥ वचो निशम्य कृपणं बन्धूनां भगवान्हरिः ॥ निमीलयत मा भैष्ट लोचनानीत्यभाषत ॥ ११ ॥ तथेति मीलिताक्षेषु भगवानग्निमुल्बणम् ॥ पीत्वा मुखेन तान्कृच्छ्राद्योगाधीशो व्यमोचयत् ॥ १२ ॥ ततश्च तेऽक्षीण्युन्मील्य पुनर्भाण्डीरमापिताः ॥ निशाम्य विस्मिता आसन्नात्मानं गाश्च मोचिताः ॥ १३ ॥ कृष्णस्य योगवीर्यं तद्योगमायानुभावितम् ॥ दावाग्नेरात्मनः क्षेमं वीक्ष्य ते मेनिरेऽमरम् ॥ १४ ॥ गाः सन्निवर्त्य सायाह्ने

प्रभु र एकमात्र गति हुनुहुन्छ' ॥१०॥ श्रीशुकदेव भन्नुहुन्छ–आफ्ना मित्रको दीन वचन सुनेर भगवान्ले भन्नुभयो–'नडराओ तिमीहरू आफाफ्ना आँखा चिम्ल' ॥ ११ ॥ भगवान्को आज्ञानुसार जब तिनले 'हुन्छ' भनेर आँखा चिम्ले अनि योगेश्वर भगवान् कृष्णले त्यो प्रचण्ड अग्नि आफ्नो मुखले पिएर तिनलाई महान् सङ्कटबाट रक्षा गरे ॥१२॥ ग्वाल-बालले आफाफ्ना आँखा खोल्नासाथ देखे--ती भाण्डीरवटको नगीचै पुगेका छन्। यसरी गाई समेत आफूहरुलाई दावानलबाट मुक्त देखेर जी साह्रै छक्क परे ॥१३॥ श्रीकृष्णको त्यो योग-सामर्थ्य, योगमायाको प्रभाव र दावानलबाट आफ्नो सकुशल मुक्ति देखेर तिनले श्रीकृष्णलाई कुनै देवता ठाने ॥ १४ ॥ साँझ परेपछि बलराम र कृष्णचन्द्र आफ्ना

---

* आर्तनाद—मसित के छैन र म अरुसित केही मागूँ। जति धन भए पनि कसैको तृष्णा आजसम्म मेटिएको छ ? कसैसित पनि के छ र मलाई अब के देला ? हे प्रभु ! तिमी नै मलाई पुग्ने गरी दिने छँदैछौ। म सत्य, प्रेम र तिम्रो बिना तलबको दास हुँ। म तिम्रो सेवक भइसकेपछि अब साधारण मानवसित के पाइन्छ र मागूँ ? तिमी मेरा नगीचैका साथी भएपछि म अरुसित किन सहायता मागूँ र किन डराऊँ कुनै पनि दानवसित ? तिमीभन्दा बर्ता मलाई मनपराउने अरु कोही छैन। तिमी सबैभन्दा उज्ज्वल र राम्रोमा पनि अति राम्रा छौ। म तिम्रो गुण गान गर्दछु र म तिम्रो सेवक हुँ। तिमी नै कर्ता-धर्ता हौ भन्ने मैले जानिसकेको छु। सबैलाई भर्ने र हर्ने पनि तिमी नै हौ। तिम्रो अतुलित बलको सामुन्ने अरु कसैको शक्ति पुग्न सक्तैन भन्ने पनि जान्दछु। तिम्रो बल पाएर नै म अभिमानछे हीन भएको तिम्रो सेवकको पनि सेवक हुँ। तिमीभन्दा ठूलो कोही छैन र मभन्दा सानो खोजे पनि पाइन्न। तिमीभन्दा पवित्र कोही छैन र मभन्दा अपवित्र खोजेर पाइन्न तापनि म तिम्रो सेवक हुँ। तिमी ठूला दानी छौ, त्यसैले म तिमीलाई नै भिक्षामा माग्ने भिखारी हुँ। म हृदय चिरेर देखाउन सक्छु—म तिम्रो चाकर हुँ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाईहरू फर्काएर बाँसुरी बजाउँदै र ग्वालवाल द्वारा प्रशंसित हुँदै व्रजमा फर्किए ॥ १५ ॥ व्रजमा श्रीकृष्णको दर्शन पाएर त्यहाँका गोपिनीहरूलाई अन्यन्त आनन्द प्राप्त भयो किनकि आफ्ना प्रिय नहुँदा उनको एकेक क्षण सय-सय युग झैं भइरहेथ्यो ॥ १६ ॥ इति श्रीमद्भागवते दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायामेकोनविंशोऽध्यायः ॥ १९ ॥

(वर्षा र शरद्‌ऋतुको वर्णन) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! घर पुगेपछि आफ्नू रक्षा र प्रलम्बासुरवध, राम र कृष्णका यी दुवै अद्भुत काम गोपिनीहरूलाई सुनाए ॥ १ ॥ ती विचित्र चरित्रहरू सुनेर वयोवृद्ध गोपिनीहरू सान्है छक्क परे र उनले मनमनै ठाने—यी राम र कृष्णको रूपमा कुनै निकै ठूला देवता व्रजमा आएका हुन् ॥ २ ॥ केही दिनपछि नवै जीवलाई उत्पन्न गर्ने वर्षाऋतुको आगमन भयो । उस बेला चन्द्रमा र सूर्यको चारैतिर प्रकाशपूर्ण मण्डल देखिन लाग्यो र आकाशमा कोलाहल झैं मच्चियो

सहरामो जनार्दनः ॥ वेणुं विरणयन्गोष्ठमगाद्‌गोपैरभिष्टुतः ॥ १५ ॥ गोपीनां परमानन्द आसीद्‌गोविन्ददर्शने ॥ क्षणं युगशतमिव यासां येन विनाऽभवत् ॥ १६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे दावाग्निपानं नामैकोनविंशोऽध्यायः ॥ १६ ॥

श्रीशुक उवाच ॥ तयोस्तदद्भुतं कर्म दावाग्नेर्मोक्षमात्मनः ॥ गोपाः स्त्रीभ्यः समाचख्युः प्रलम्बवधमेव च ॥१॥ गोपा वृद्धाश्च गोप्यश्च तदुपाकर्ण्य विस्मिताः ॥ मेनिरे देवप्रवरौ कृष्णरामौ व्रजं गतौ ॥ २ ॥ ततः प्रावर्तत प्रावृट् सर्वसत्त्वसमुद्भवा ॥ विद्योतमानपरिधिर्विस्फूर्जितनभस्तला ॥३॥ सान्द्रनीलाम्बुदैर्व्योम सविद्युत्स्तनयित्नुभिः ॥ अस्पष्टज्योतिराच्छन्नं ब्रह्मेव सगुणं बभौ ॥ ४ ॥ अष्टौ मासान्निपीतं यद्भूम्याश्चोदमयं वसु ॥ स्वगोभिर्मोक्तुमारेभे पर्जन्यः काल आगते ॥ ५ ॥ तडित्वन्तो महामेघाश्चण्डश्वसनवेपिताः ॥ प्रीणनं जीवनं ह्यस्य मुमुचुः करुणा इव ॥६॥ ततः कृशा देवमीढा आसीद्वर्षीयसी मही ॥ यथैव काम्यतपसस्तुः सम्प्राप्य तत्फलम् ॥७॥ निशामुखेषु खद्योतास्तामसा भान्ति न ग्रहाः ॥ यथा पापेन पाखण्डा

॥ ३ ॥ आकाशमा विजुली र घोर गर्जनयुक्त बाक्लो र नीलो-कालो मेघले ढाकेर सूर्यको ज्योति स्पष्ट नदेखिनाले गुणहरूले ढाकिदिएका ब्रह्म समान ज्ञात हुन्थ्यो ॥ ४ ॥ सूर्यदेवले आफ्ना किरण द्वारा आठ महीनासम्म पृथ्वीको जुन जलरूपी धन तानेका थिए, त्यो वर्षा आउनाले मेघरूपी किरणले वर्षाउन थाले ॥ ५ ॥ जस्तै दयालु पुरुष संसारलाई सन्तप्त देखेर आनन्दित पार्नको लागि आफ्नो देह र जीवन पनि अर्पि दिन्छन्, त्यस्तै नै दामिनी (बिजुली) युक्त मेघ प्रबल वायुको वेगले उडेर आफ्नो जीवन-रूप जल वर्षाउन लागे ॥ ६ ॥ ग्रीष्मऋतुको तापले सुखेकी पृथ्वी वर्षाको जलले *अभिषिक्त भएर हरिलो भरिलो भइन्, जस्तै—कुनै सकाम तपस्याले दुर्बल शरीर उसको फल पाएपछि

* उदाहरण—जसको प्रभाव योगीजन, सिद्ध, महात्मा जान्न सक्तैनन्, जसको प्रभाव शारदा (सरस्वती) पनि जान्न समर्थ हुन्नन्, नारद आदि ब्रह्मवादी मुनिथनले जीवन भरि त्याग तपस्याले जसको अन्त्य जान्न सकेनन्, ठूला ठूला दानी राजा, त्यागी तपस्वी, मनीषि, योग्य पण्डित आदिले जीवतभरि प्रयत्न गरेर पनि जसलाई जान्न सक्तैनन् अष्टसिद्धि, नवनिधि निस्य जसको गुणगान गर्दछन्, फेरि अखण्ड समाधि लगाएर स्वयं महादेव जसको विषयमा जान्न बुझ्न प्रयत्नशील रहन्छन्, जसलाई श्रुतिहरू 'नेति-नेति' भनेर हार मान्दछन्—तिनै नानारूपधारी वृन्दावन विहारी, मोहन-मुरारीलाई व्रजका गोपिनीहरू आफ्नो प्रेम, स्नेहले बितेर—इच्छानुसार काठका पुतलीलाई नर्तकले नचाए झैं—नचाउँछन् र तिनकै निमित्त रासलीला गर्दछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुष्ट भएर आओस् ॥ ७ ॥ रात्रिमा बादलहरूको घोर अन्धकारमा जुनकिरीको प्रकाश टल्कन लाग्यो र ग्रह-नक्षत्रको दर्शन दुर्लभ हुनगयो, जस्तै कलिमा पापको प्रबलताले पाखण्डवाद-को प्रचार वर्ता हुन जान्छ र वैदिक सम्प्रदाय वा धर्म लुप्त हुन्छन् ॥ . ॥ अहिलेसम्म भ्यागुता मौन थिए, मेघको गर्जन सुनेर बोल्नलागे । जस्तै––नित्य नियमबाट निवृत्त भएर आफ्ना आचार्यको आदेश पाई ब्राह्मण वेद-पाठमा लाग्दछन् (भ्यागुताको ध्वनि थाल्यो चर्को सुनिन वेसरी । वेद पढ्ने बसी साना शिशुले झैं मिठो गरी ।) ॥ ९ ॥ ग्रीष्ममा सुकेका ससाना नदी हाहाकार गर्दै आफ्तो सीमा उल्लङ्घन गरेर वेगले बग्नलागे, जस्तै—अजितेन्द्रिय पुरुषको मन र धन कुमार्गमा नै लाग्दछ (वेगले बग्न लागे ती नदी क्षुद्र बढी अति । उर्लन्छन् धन पाएर थोरै जसरी दुर्मति) ॥ १० ॥ हरियो-भरिलो घाँसले सज्जित राता र छत्रक (गोबरे छाता) का पुष्पले छत्रयुक्त भएर पृथ्वी राजाको सम्पत्ति जस्तै सुशोभित हुन लागिन् ॥१ ॥ अन्नदात्री भूमि आफ्नू अन्नरूप सम्पत्तिले कृषकलाई खुशी पार्न लागिन् र 'हानि लाभ दैवाधीन छ' यो कुरा नमान्ने धनी सन्तप्त हुनलागे ॥१२॥ नयाँ

न हि वेदाः कलौ युगे ॥ ८ ॥ श्रुत्वा पर्जन्यनिनदं मण्डूका व्यसृजन्गिरः ॥ तूष्णीं शयानाः प्राग्वयद्ब्राह्मणा नियमात्यये ॥ ९ ॥ आसन्नुत्पथवाहिन्यः क्षुद्रनद्योऽनुशुष्यतीः ॥ पुंसो यथाऽस्वतन्त्रस्य देहद्रविणसम्पदः ॥ १० ॥ हरिता हरिभिः शष्पैरिन्द्रगोपैश्च लोहिताः ॥ उच्छिलीन्ध्रकृतच्छाया नृणां श्रीरिव भूरभूत् ॥ ११ ॥ क्षेत्राणि सस्यसम्पद्भिः कर्षकाणां मुदं ददुः ॥ धनिनामुपतापं च दैवाधीनमजानताम् ॥ १२ ॥ जलस्थलौकसः सर्वे नववारिनिषेवया ॥ अबिभ्रन् रुचिरं रूपं यथा हरिनिषेवया ॥ १३ ॥ सरिद्भिः सङ्गतः सिन्धुश्चुक्षुभे श्वसनोर्मिमान् ॥ अपक्वयोगिनश्चित्तं कामाक्तं गुणयुग्यथा ॥१४॥ गिरयो वर्षधाराभिर्हन्यमाना न विव्यथुः ॥ अभिभूयमाना व्यसनैर्यथाऽधोक्षजचेतसः ॥१५॥ मार्गा बभूवुः सन्दिग्धास्तृणैश्छन्ना ह्यसंस्कृताः ॥ नाभ्यस्यमानाः श्रुतयो द्विजैः कालहता इव ॥ १६ ॥ लोकबन्धुषु मेघेषु विद्युतश्चलसौहृदाः ॥ स्थैर्यं न चक्रुः कामिन्यः पुरुषेषु गुणिष्विव ॥ १७ ॥ धनुर्वियति माहेन्द्रं निर्गुणं च गुणिन्यभात् ॥ व्यक्ते गुणव्यतिकरेऽगुणवान्पुरुषो यथा ॥ १८ ॥ न रराजोडुपश्छन्नः स्वज्योत्स्नाराजितैर्घनैः ॥ अहंमत्या भासितया स्वभासा पुरुषो यथा ॥ १९ ॥ मेघागमोत्सवा हृष्टाः प्रत्यनन्दञ्छिखण्डिनः ॥ गृहेषु

जलको सेवन गर्नाले जल र स्थलमा बस्ने सबै जीवको रूप राम्रो भएर आयो, जस्तै–भगवान्‌को सेवाले मनुष्यको आकृति राम्रो बन्दै जान्छ ॥ १३ ॥ जसका वासना क्षीण हुँदैनन् त्यस योगीको चित्त जसरी विषयहरूको संगतिले वासनापूर्ण बन्दछ, त्यस्तै वायुले गर्दा तरल तरङ्ग हुने समुद्र नदीहरूका जलले क्षुब्ध भयो ॥१४॥ वर्षाका धाराको चोट खाएर पनि पर्वतलाई केही कष्ट हुँदैन, जस्तै–दुःखका लबटा खाएर पनि भगवान्‌का भक्त चलायमान हुँदैनन् ॥ १५ ॥ जसको कहिल्यै सफाई हुँदैन, बाटोहरू पनि घाँस-पातले ढाकिएर नदेखिने लुप्त जस्तै भएका छन् । जस्तै—अभ्यास नगर्नाले ब्राह्मणहरूले पढेका श्रुतिहरू कालक्रमले विस्मृत हुन्छन् ॥१६॥ लोकोपकारी मेघमा विजुली स्थिर भएर रहन्न, जस्तै––चंचल प्रेम हुने व्यभिचारिणी नारीहरू गुणी पुरुषसित टिक्न सक्तैनन् ॥ १७ ॥ गुण (डोरी) नभएको इन्द्रेनी गर्जनादि गुणहरूले युक्त आकाशमा यस प्रकार शोभित हुन लाग्यो, जस्तै–गुणको क्षोभले उत्पन्न हुने प्रपञ्चमा निर्गुण पुरुष सुशोभित हुन्छ ॥ १८ ॥ आफ्नू कान्तिले देदीप्यमान र बादलले ढाकिएको चन्द्रमा उसै प्रकार शोभित हुँदैन, जस्तै––आफ्नो नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आभासले आभासित तर अहङ्कारले ढाकिएको पुरुष प्रकाशित हुन सक्तैन ।। १९ ।। जसको निम्ति मेघको आगमन उत्सव जस्तै आनन्ददायी हुन्छ, ती मयूरगण हर्षित भएर प्रसन्नता प्रकट गर्नलागे । जस्तै–गृहस्थाश्रममा तीनै तापले सन्तप्त र उद्विग्न पुरुष हरिभक्तको आगमनले प्रसन्न हुन्छन् ।। २० ।। ग्रीष्ममा सुखेका वृक्ष आफ्ना जराले जल पिएर अनेक रूपले सम्पन्न भए, जस्तै–तपस्याले दुर्बल *प्रेमी-तपस्वी आफ्नो कामना सिद्धि भएपछि पुष्ट हुन्छन् ।। २१ ।। हे राजन् ! सरोवरका तट काँढा र हिलोले भरिएपछि पनि सारस पक्षी त्यहीं रहन्छन् । जस्तै–विषयी मनुष्य झ्याउलोमा गाडिएर गृहस्थाश्रममै बस्तछन् ।। २२ ।। घोर वर्षाका जलको वेग बढ्नाले नदीहरूका बाँध पनि भत्किए, जस्तै—कलिमा पाखण्डीहरूको मिथ्या मतले वैदिक मार्ग लुप्त हुन्छन् ।। २३ ।। वायुद्वारा प्रेरित भएर मेघ प्राणीहरूका निम्ति अमृत (जल) वर्साउन लागे, जस्तै–ब्राह्मणको प्रेरणाले अनेक राजाहरू

तथा निर्विण्णा यथाऽच्युतजनागमे ।। २० ।। पीत्वाऽपः पादपाः पद्भिरासन्नानात्ममूर्तयः ।। प्राक्क्षामास्तपसा श्रान्ती यथा कामानुसेवया ।। २१ ।। सरःस्वशान्तरोधः न्यूषुरङ्गापि सारसाः ।। गृहेष्वशान्तकृत्येषु ग्राम्या इव दुराशयाः ।। २२ ।। जलौघैर्निरभिद्यन्त सेतवो वर्षतीश्वरे ।। पाखण्डिनामसद्वादैर्वेदमार्गाः कलौ यथा ।। २३ ।। व्यमुञ्चन्वायुभिर्नुन्ना भूतेभ्योऽथामृतं घनाः ।। यथाशिषो विश्पतयः काले काले द्विजेरिताः ।। २४ ।। एवं वनं तद्वर्षिष्ठं पक्वखर्जूरजम्बुमत् ।। गौगोपालैर्वृतो रन्तुं सबलः प्राविशद्धरिः ।। २५ ।। धेनवो मन्दगामिन्य ऊधोभारेण भूयसा ।। ययुर्भगवताहूता द्रुतं प्रीत्या स्नुतस्तनीः ।। २६ ।। वनौकसः प्रमुदिता वनराजीर्मधुच्युतः ।। जलधारा गिरेर्नादादासन्ना ददृशे गुहाः ।। २७ ।। क्वचिद्वनस्पतिक्रोडे गुहायां चाभिवर्षति ।। निर्विश्य भगवान्रेमे कन्दमूलफलाशनः ।। २८ ।। दध्योदनं समानीतं शिलायां सलिलान्तिके ।। सम्भोजनीयैर्बुभुजे गोपैः सङ्कर्षणान्वितः ।। २९ ।। शाद्वलोपरि संविश्य चर्वतो मीलितेक्षणम् ।। तृप्तान्वृषान्वत्सतरान्गाश्च स्वोधोभरश्रमाः ।। ३० ।। प्रावृट् श्रियं च तां

वेलामा प्रजाका कामनाहरू पूर्ण पार्दै रहन्छन् ।। २४ ।। यसैगरी वर्षाले पाकेका खजूर र जामुनोले युक्त वनमा विहार गर्न राम र कृष्णचन्द्रले गाई र गोपसहित प्रवेश गरे ।।२५ ।। थनको भारले सुस्त-सुस्त गाई भगवान्ले डाक्दा दगुरेर आइपुग्दथे । त्यस वेला प्रीतिवश तिनका स्तनबाट दूध बगिरहन्थ्यो । २६ ।। श्रीकृष्णचन्द्रले प्रसन्न वनवासी भिल्ल-भिल्लिनीलाई महको वर्षा गर्ने वनावली र पर्वतबाट निस्कने जलधारा देखे तथा जुन निर्झरको निनाद र उनका वर-परको गुफा पनि देखे ।। २७ ।। त्यसताका भगवान् पानी परेको वेला कहिले कुनै सघन वृक्षमनि गुफामा बसेर कन्द-मूल फल खाँदै आफ्ना साथीहरूसित क्रीडा गर्दथे ।। २८ ।। कुनै वेला जलको नगीचै ढुङ्गामा बसेर बलराम र अन्य ग्वालबाल मित्रहरूसित घरबाट ल्याएको दही र भात खान्थे ।। २९ ।। त्यस वेला राम्ररी तृप्त भएर हरियो-हरियो घाँसमाथि बसेर आँखा चिम्ली उग्राउने गोरु, बाछा र थुनका

*प्रेमी तपस्वी—यौटा मानिस कुनै राम्री राजकन्यामा मुग्ध भएछ र उसलाई पाउन खोज्दा सकेन । अन्तमा उसले निश्चय गऱ्यो—म संन्यासी भएर तपस्या गर्दछु । ममा तपोबल आएपछि त्यो कन्या सहजै प्राप्त हुनेछ । त्यही निश्चय अनुसार त्यो दरिद्र संसार त्यागेर उग्र तपस्यामा प्रवृत्त गयो । केही दिनमै तपस्या गर्नाले त्यसको ख्याति बढ्दै गयो । धनी-दरिद्र सबै श्रेणीका मानिस त्यस तपस्वीको दर्शन गर्न आउनलागे । विस्तार-विस्तार उसको ख्याति राजदरबारसम्म पुग्यो । एक दिन त्यो राजकन्या स्वयं त्यस तपस्वीको दर्शन गर्न आई । त्यसलाई सामुन्ने देख्नासाथ तपस्वीका भित्री आँखा खुले । उसले विचार गऱ्यो—जुन प्रभुको प्रेमले आज यो राजकन्या मेरो दर्शन गर्न आएकी छ । अब ती प्रभुको प्रेम त्यागेर यो राजकन्याप्रति प्रेम गर्नु उचित छैन । परिणाममा तपस्वीको हृदयमा ऐहिक प्रेम हरायो र पारमार्थिक प्रेममा मग्न भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भारले भरिएका गाई र आफ्नै प्रभावले वढेका समस्त प्राणीहरूलाई आनन्दित पार्ने वर्षाऋतुको शोभा देखेर भगवान् इनको प्रशंसा गर्नलागे ॥ ३०॥३१ ॥ राम र कृष्ण यस प्रकार व्रजमा रहँदा बस्ता मेघमालाले रहित तथा स्वच्छ जल र शान्त वायुले सुशोभित भएको शरद् ऋतुको आगमन भयो ॥ ३२ ॥ शरद् ऋतुमा कमल फुल्नाले जलाशय स्वच्छ भए, जस्तै–योगभ्रष्ट पुरुषको चित्त योगाभ्यासले निर्मल हुन्छ ॥ ३३ ॥ शरद् ऋतुले आकाशका मेघ, वर्षाकालमा वढेका जीव, पृथ्वीको हिलो-माटो, जलमा जमेको मल नष्ट पारिदियो, जस्तै–भगवान्‌को भक्ति चारै आश्रमीका पाप नष्ट पारिदिन्छ ॥३४॥ मेघगण आफ्नो जलरूपी सर्वस्व त्यागेर शुभ्र कान्तिले शोभित हुन लागे, जस्तै—विविध एषणाहरू त्यागेर पुण्यात्मा र शान्त स्वभाव मुनिजन शोभित हुन्छन् ॥ ३५ ॥ पर्वतगण कतै झर्नाबाट स्वच्छ जल छाड्थे र कतै छाड्दैनथे, जस्तै–ज्ञानीजन वेला-वेलामा ज्ञानामृतको वर्षा गर्दछन र कहिले गर्दैनन् पनि ॥ ३६ ॥ थोरै जलमा बस्ने जीवहरू नित्य प्रति हुने क्षीणता जान्दैनन् जस्तै—कुटुम्बमा आसक्त मूढ प्राणी आफ्नो नित्य क्षीण हुँदै गएको आयुष्य-

वीक्ष्य सर्वभूतमुदावहाम् ॥ भगवान्पूजयाञ्चक्रे आत्मशक्त्युपबृंहिताम् ॥ ३१ ॥ एवं निवसतोस्तस्मिन्रामकेशवयोर्व्रजे ॥ शरत्समभवद्व्यभ्रा स्वच्छाम्ब्वपरुषानिला ॥ ३२ ॥ शरदा नीरजोत्पत्त्या नीराणि प्रकृतिं ययुः ॥ भ्रष्टानामिव चेतांसि पुनर्योगनिषेवया ॥ ३३ ॥ व्योम्नोऽब्दं भूतशावल्यं भुवः पङ्कमपां मलम् ॥ शरज्जहाराश्रमिणां कृष्णे भक्तिर्यथाऽशुभम् ॥ ३४ ॥ सर्वस्वं जलदा हित्वा विरेजुः शुभ्रवर्चसः ॥ यथा त्यक्तैषणाः शान्ता मुनयो मुक्तकिल्बिषाः ॥ ३५ ॥ गिरयो मुमुचुस्तोयं क्वचिन्न मुमुचुः शिवम् ॥ यथा ज्ञानामृतं काले ज्ञानिनो ददते न वा ॥ ३६ ॥ नैवाविदन्क्षीयमाणं जलं गाधजलेचराः ॥ यमायुरन्वहं क्षय्यं नरा मूढाः कुटुम्बिनः ॥ ३७ ॥ गाधवारिचरास्तापमविन्दञ्छरदर्कजम् ॥ यथा दरिद्रः कृपणः कुटुम्ब्यविजितेन्द्रियः ॥३८॥ शनैः शनैर्जहुः पङ्कं स्थलान्यामं च वीरुधः ॥ यथाऽहंममतां धीराः शरीरादिष्वनात्मसु ॥ ३९ ॥ निश्चलाम्बुरभूत्तूष्णीं समुद्रः शरदागमे ॥ आत्मन्युपरते सम्यङ्मुनिर्व्युपरतागमः ॥ ४० ॥ केदारेभ्यस्त्वपोऽगृह्णन्कर्षका दृढसेतुभिः ॥ यथा प्राणैः स्रवज्ज्ञानं तन्निरोधेन योगिनः ॥ ४१ ॥ शरदर्कांशुजाँस्तापान्भूतानामुडुपोऽहरत् ॥ देहाभिमानजं बोधो मुकुन्दो व्रजयोषिताम् ॥ ४२ ॥ खमशोभत निर्मेघं शरद्वि-

लाई जान्न सक्तैन ॥ ३७ ॥ थोरै जलमा बस्ने प्राणीहरूलाई शरत्कालीन सूर्यको तापले यसरी सन्तप्त पार्नलाग्यो, जसरी अजितेन्द्रिय, दरिद्र र कृपण कुटुम्बीलाई विविध सांसारिक कष्ट दुःख दिइरहन्छ ॥ ३८ ॥ पृथ्वी हिलोलाई र लताहरू आफ्नो कमलोपन विस्तार-विस्तार यसरी छाड्न लागे, जस्तै धीर पुरुष शरीरादि अनात्म पदार्थमा विस्तार-विस्तार ममता र अहन्‌लाई त्यागिदिन्छन् ॥ ३९ ॥ शरद्‌ऋतु गएपछि जलको वेग शान्त हुनाले समुद्र गर्जन रहित भयो, जस्तै–मनबाट उपरत भएपछि मुनिजन वैदिक कर्मकाण्ड छाडेर शान्त हुन्छन् ॥४० ॥ कृषक खेतका आलीहरू फोरेर निस्कने पानी बलियो बाँध बाँधेर रोक्नलागे। जस्तै–योगिराजहरू इन्द्रिय-द्वारहरूलाई रोकेर तिनीहरू द्वारा क्षीण हुने ज्ञानका रक्षक बन्दछन् । ४१ ॥ शरत्कालीन सूर्यका किरणले हुने प्राणीहरूको तापलाई चन्द्रमा आफ्ना शीतल किरणहरूले शान्त पार्न लागे जस्तै—देहभिमान जनिता दुःखलाई ज्ञान र व्रजवनिताहरूका तापलाई श्रीकृष्णचन्द्र सहजै निवारण गरेर पर सारिदिन्थे ॥ ४२ ॥ शरद्‌ऋतुको निर्मल र मेघहीन आकाश रातमा तारागणका समूहले मनोहर र सुशोभित हुन लागे,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै–वेदको वास्तविक अर्थ जान्ने सत्त्वगुणी चित्त शोभायमान हुन्छ ॥४३॥ आकाशमा तारागणका साथै अखण्ड मण्डलले समलंकृत चन्द्रमा शोभित हुन लाग्यो, जस्तै–पृथ्वीतलमा यादवहरूका माझ यदुपति कृष्ण सुशोभित हुन्छन् ॥४४॥ वनका पुष्पसित टक्कर खाएर आएको समशीतोष्ण वायुको स्पर्श पाएर सबैलोकको ताप हराएर गयो, तर जसको चित्त कृष्णले चोरिसकेका थिए, ती गोपिजीले आफ्नू विरह ताप शान्त पार्न सकेनन् ॥४५॥ शरदृऋतुमा गाई, मृग, पक्षी र नारीहरू ऋतुमती भएर तिनका पति त्यसको अनुमत्र गर्नलागे । जस्तै–कुनै समर्थ सत्पुरुष द्वारा विधिवत् गरिएका क्रियाहरूका फल उनको अनुसरण गर्दछन् ॥४६॥ हे राजन् ! जस्तै–राजालाई देखेर चोर बाहेक अन्य सबै निर्भय हुन्छन्, त्यस्तै नै सूर्यको उदय भएपछि कुमुदिनी बाहेक अन्य सबै प्रकारका सरसिज प्रफुल्लित हुन्छन् ॥४७॥ त्यस बखत पुर र गाउँमा नवान्न प्रासन आदि वैदिक र इन्द्रिय सम्बन्धी लौकिक उत्सव-हरूले शोभायमान र पाकेका अन्नले सम्पन्न भूमि श्रीहरिका दुवै कला अर्थात् राम र कृष्णले शोभित भइन् ॥४८॥ जस्तै–सिद्धगण मौका उपस्थित भएपछि देवादि शरीर प्राप्त

मलतारकम् ॥ सत्त्वयुक्तं यथा चित्तं शब्दब्रह्मार्थदर्शनम् ॥ ४३ ॥ अखण्डमण्डले व्योम्नि रराजोडुगणैः शशी ॥ यथा यदुपतिः कृष्णो वृष्णिचक्रवृतो भुवि ॥४४॥ आश्लिष्य समशीतोष्णं प्रसूनवनमारुतम् ॥ जनास्तापं जहुर्गोप्यो न कृष्णहृतचेतसः ॥४५॥ गावो मृगाः खगा नार्यः पुष्पिण्यः शरदाऽभवन् ॥ अन्वीयमानाः स्ववृषैः फलैरीशक्रिया इव ॥ ४६ ॥ उदहृष्यन्वारिजानि सूर्योत्थाने कुमुद्विना ॥ राज्ञा तु निर्भया लोका यथा दस्यून्विना नृप ॥४७॥ पुरग्रामेष्वाग्रयणै रैन्द्रियैश्च महोत्सवैः ॥ बभौ भूः पक्वसस्याढ्या कलाभ्यां नितरां हरेः ॥४८॥ वणिङ्मुनिनृपस्नाता निर्गम्यार्थान्प्रपेदिरे ॥ वर्षरुद्धा यथा सिद्धाः स्वपिण्डान्काल आगते ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे प्रावृट्शरद्वर्णनं नाम विंशतितमोऽध्यायः ॥२०॥

श्रीशुक उवाच ॥ इत्थं शरत्स्वच्छजलं पद्माकरसुगन्धिना ॥ न्यविशद्वायुना वातं सगोगोपालकोऽच्युतः ॥ १ ॥ कुसुमितवनराजिशुष्मिभृङ्गद्विजकुलघुष्टसरःसरिन्महीध्रम् ॥ मधुपतिरवगाह्य चारयन्गाः सहपशुपालबलश्चुकूज वेणुम् ॥ २ ॥ तद्व्रजस्त्रिय आश्रुत्य वेणुगीतं स्मरोदयम् ॥ काश्चित्परोक्षं कृष्णस्य स्वसखीभ्योऽन्ववर्णयन् ॥ ३ ॥ तद्वर्णयितुमारब्धाः स्मरन्त्यः कृष्णचेष्टितम् ॥ नाशकन्स्मरवेगेन विक्षिप्तमनसो नृप ॥ ४ ॥ बर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारं बिभ्रद्वासः कनककपिशं वैजयन्तीं च मालाम् ॥ रन्ध्रान्वेणोरधरसुधया पूरयन्गो-

गर्दछन्, त्यस्तै नै वैश्य, मुनि, राजा र ब्रह्मचारी आदि गएर आफ्नाफ्ना काममा लागे ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां विंशोऽध्यायः ॥२०॥

(वेणुगीत) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! शरत्काल आउनाले जसका जलाशयहरूको जल निर्मल भइसकेको थियो र जसमा कमलवनको सुमधुर सुगन्धले सुरभित मन्द-मन्दवायु चल्न थालिसकेको थियो, त्यस वनमा श्रीअच्युतले गाईहरू र गोपालहरूका साथै प्रवेश गरे ॥ १ ॥ जहाँ फुलेका वनको पंक्तिहरूमा मदमत्त भ्रमरगण र पक्षीहरूले बोल्नाले सरोवर, नदी र पर्वत गुञ्जायमान भइरहेथे, त्यस वृन्दावनमा पुगेर श्रीकृष्णले बलरामजी तथा अन्य व्रजका ग्वालबालका साथै गाई चराउँदै आफ्नो बाँसुरी बजाए ॥ २ ॥ कामदेवलाई उद्दीप्त पार्ने त्यो वेणुनाद सुनेर केही गोपिनी आफ्ना संगिनीसित श्रीकृष्णका गुणहरू वर्णन गर्न लागी ॥ ३ ॥ तिनले भन्न थाल्नासाथ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णका चरित्रको सम्झना भएर आयो, जसले कामवेगले गर्दा तिनको चित्त चञ्चल हुन गयो र ती बर्ता बोल्न सकेननू ॥ ४ ॥ तिनले विचार गरे–'दुवै कानमा फूल लगाएका सुवर्ण झैं प्रकाशित पीताम्बर पैन्हेका र घाँटीमा वैजयन्ती माला लगाएका नटवर, चित्तचोर श्रीकृष्णचन्द्रले बाँसुरीको छिद्रलाई अधरामृतले पूर्ण पार्दै आफ्ना चरण-चिह्नहरूले सुशोभित वृन्दावनमा ग्वालबालका मुखवाट आफ्नो सुयश सुन्दै प्रवेश गरे होलान्' ॥ ५ ॥ हे राजन् ! सबै प्राणीका मन हरण गर्ने मुरलीको मधुर ध्वनि सुनेर व्रजवासीहरू परस्पर कुरा गर्दै मनमनै भगवान्को मनोहर मूर्तिलाई अंकमाल गर्नलागे ॥ ६ ॥ गोपिनीहरू भन्नलागे–हे संगिनी हो ! आफ्ना मित्रहरूसित वनवाट फर्कका र गाई-बाछाका पछि-पछि हिंडेर व्रजमा प्रवेश गर्ने वेला दुवै व्रजराजकुमारका, बजेको वंशीबाट सुशोभित प्रणयकटाक्षयुक्त मुखामृतलाई जसले नेत्रद्वारा पान गरेको होला, ती व्यक्ति धन्य हुन्, किनकि हामी त नेत्रको परम लाभ यही मान्दछौं ॥ ७ ॥ अर्की गोपिनी भन्दछे–'अहो ! नूतन आम्रपल्लव, मयुर पिच्छ, फूलका गुच्छा तथा स्थल र जल दुवैमा उत्पन्न हुने कमल-कुसुमहरूका माला तथा नीलो र पहेंलो वस्त्र लगाएका विचित्र वेषधारी बलराम र कृष्ण गोपालहरूको गोष्ठीमा जुन वेला प्रवेश गर्दछन्, तब यस्ता देखिन्छन्, जस्तै रङ्ग भूमिमा

पद्मैर्वृन्दारण्यं स्वपदरमणं प्राविशद्गीतकीर्तिः ॥ ५ ॥ इति वेणुरवं राजन्सर्वभूतमनोहरम् ॥ श्रुत्वा व्रजस्त्रियः सर्वा वर्णयन्त्योऽभिरेभिरे ॥ ६ ॥ गोप्य ऊचुः ॥ अक्षण्वतां फलमिदं न परं विदामः सख्यः पशूननु विवेशयतोर्वयस्यैः ॥ वक्त्रं व्रजेशसुतयोरनुवेणुजुष्टं यैर्वा निपीतमनुरक्तकटाक्षमोक्षम् ॥ ७ ॥ चूतप्रवालबर्हस्तबकोत्पलाब्जमालानुपृक्तपरिधानविचित्रवेषौ ॥ मध्ये विरेजतुरलं पशुपालगोष्ठ्यां रङ्गे यथा नटवरौ क्व च गायमानौ ॥ ८ ॥ गोप्यः किमाचरदयं कुशलं स्म वेणुर्दामोदराधरसुधामपि गोपिकानाम् ॥ भुङ्क्ते स्वयं यदवशिष्टरसं ह्रदिन्यो हृष्यत्त्वचोऽश्रु मुमुचुस्तरवो यथार्याः ॥ ९ ॥ वृन्दावनं सखि भुवो वितनोति कीर्तिं यद्देवकीसुतपदाम्बुजलब्धलक्ष्म ॥ गोविन्दवेणुमनु मत्तमयूरनृत्यं प्रेक्ष्याद्रिसान्वपरतान्यसमस्तसत्त्वम् ॥१०॥ धन्याः स्म मूढमतयोऽपि हरिण्य एता या नन्दनन्दनमुपात्तविचित्रवेषम् ॥ आकर्ण्य वेणुरणितं सहकृष्णसाराः पूजां दधुर्विरचितां प्रणयावलोकैः ॥११॥ कृष्णं निरीक्ष्य वनितोत्सवरूपशीलं श्रुत्वा च तत्क्वणितवेणुविचित्रगीतम् ॥ देव्यो विमानगतयः स्मरनुन्नसारा भ्रश्य-

दुइ श्रेष्ठ नट विराजमान छन्' ॥८॥ अर्की गोपी भन्दछे–'ए गोपिनी हो ! यो बाँसुरीले यस्तो कुन पुण्य गरेकी रहिछ र यो गोपिनीहरूको भोग्य भगवान्को अधरामृत स्वयं पान गरेर अर्काको निम्ति केवल उब्रेको जूठो छाडिदिन्छे, किनकि जस्तै–भद्रजन आनन्दित हुन्छन्, त्यस्तै नै रोमाञ्चयुक्त देखिइहेका छन् र यी बाँसका वृक्ष कुलका बुढापाका झैं आनन्दाश्रु बगाइरहेका छन्' ॥ ९ ॥ अर्की गोपिनी भन्दछे—'हे सखी ! यो वृन्दावन त भूलोकको कीर्ति फिंजिरहेछ, किनकि देवकीनन्दनका चरण-चिह्नले यसलाई अपूर्व शोभा प्राप्त भएको छ । जुन वेला भगवान् बाँसुरी बजाउँछन् त्यस वेला मन्द-नन्द गर्जने मेघ ठानेर मत्तमयूर नाच्न थाल्दछन् । तिनको नृत्य देखेर पर्वत माथि डुल्ने प्राणी निश्चेष्ट भएर चुपचाप उभिइरहन्छन्' ॥ १० ॥ अर्की भन्दछे—'ए संगिनी ! मूढ बुद्धि भए पनि ती मृगीहरू धन्य हुन्, जो बाँसुरीको स्वर सुन्नासाथ आफ्नू पति कृष्णसार मृगसित आएर आफ्ना प्रणय-कटाक्षले विचित्र वेषधारी नन्दनन्दनको पूजा गर्दछन्' ॥११॥ यौटी गोपी भन्दछे—'जसको रूप र जसको स्वभाव सबै स्त्रीलाई आनन्दित पार्दछ, ती वासुदेव श्रीकृष्ण-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रलाई देखेर तथा उनले बजाएको बाँसुरीको विचित्र स्वर सुनेर आफ्ना पतिसित विमानमा बसेर आएका सुर-सुन्दरीहरू कामवेगले यति वर्ता *अधीर भएका थिए कि तिनको कपालबाट फूल खस्न लाग्यो, तिनका कटिवस्त्र सर्नलागे, तर तिनलाई त्यसको केही ज्ञान थिएन ॥१२॥ यौटी भन्दछे—हेर, भगवान्‌का मुखबाट निस्केको वेणुगीतरूपी अमृत आफ्ना श्रवण पुटले पिउँदै तथा सजल नेत्रद्वारा उनको मधुर मूर्ति हृदयङ्गम गरेर आलिङ्गन गर्दै गाईहरू निचेष्ट झैं भइरहेका थिए र तिनका बाछा पनि दूध बागिरहेको थुनको घुट्का मुखबाट बगाउँदै निश्चेष्ट झैं उभिएका छन् ॥१३॥ अर्की भन्दछे—सखि हो ! यस वनका पक्षी मुनि हुन्, किनकि यी जहाँबाट श्रीकृष्णदर्शन सुविस्ताले हुन्छ, त्यस्ता वृक्षका पल्लवयुक्तहाँगा-

त्प्रसूनकबरा मुमुहुर्विनीव्यः ॥ १२ ॥ गावश्च कृष्णमुखनिर्गतवेणुगीतपीयूषमुत्तभितकर्णपुटैः पिबन्त्यः ॥ शावाः स्नुतस्तनपयः कवलाः स्म तस्थुर्गो-विन्दमात्मनि दृशाऽश्रुकलाः स्पृशन्त्यः ॥ १३ ॥ प्रायो बताम्ब विहगा मुनयो वनेऽस्मिन्कृष्णेक्षितं तदुदितं कलवेणुगीतम् ॥ आरुह्य ये द्रुमभुजा-न्रुचिरप्रवालान् शृण्वन्त्यमीलितदृशो विगतान्यवाचः ॥ १४ ॥ नद्यस्तदा तदुपधार्य मुकुन्दगीतमावर्तलक्षितमनोभवभग्नवेगाः ॥ आलिङ्गनस्थ-गितमूर्मिभुजैर्मुरारेर्गृह्णन्ति पादयुगलं कमलोपहाराः ॥ १५ ॥ दृष्ट्वाऽऽतपे व्रजपशून्सह रामगोपैः सञ्चारयन्तमनु वेणुमुदीरयन्तम् ॥ प्रेमप्रवृद्ध उदितः

हरूमा बसेर आफ्नो कलरव छाडी निर्निमेष नयनले उनैतिर हेर्दै एकाग्रभावले उनको मनोहर वेणुवाद सुनिरहेका छन् । १४॥ अर्की गोपीले भनी—सचेतन प्राणीहरूको के कुरा, भ्रमरद्वारा लक्षित हुने कामविकारले जसको वेग अडिएको छ, ती नदीहरू पनि श्रीकृष्ण भगवान्‌को वेणुगीत सुनेर आफ्नो तरङ्गरूपी भुजाले कमल-कुसुमको भेट अर्पण गर्दै गाढ आलिङ्गनले खिन्न कृष्णका चरणयुगल चुमिरहेका छन् ॥१५॥ अर्की गोपी भन्दछे—हेर, चर्को घामको बेला बलरामजी र अन्यान्य गोपगणका साथै भगवान् कृष्णलाई गाई-

---

* भक्तिको आवश्यकता—मनुष्य भगवान्‌को सनातन अंश हो । उनको आफ्नै अभिन्न अङ्ग हो-(ममैवांशो जीवलोके, जीवभूतः सनातनः), तर त्यो भगवान्‌सित बिछडिए झैं छ । यो कुरा उसलाई ज्ञात नहोस् वा त्यो कुनै मायाद्वारा व्यक्त गर्न नसकोस्, तर उसको साधारण आकांक्षा रहन्छ-भगवान् भेटिनु, उनलाई कुनै बाधा बिना आलिङ्गन गरेर उनैमा एकाकार हुने । यसैनिम्ति त्यो नित्य आनन्द, ऐश्वर्य, नित्य माधुर्य, नित्य स्वातन्त्र्य, नित्य स्वामित्व र नित्य जीवनलाई सम्पूर्णरूपमा पाउन खोज्दछ । यही कारण हो—उसलाई संसारको कुनै पनि स्थितिमा, त्यो देख्दा जति नै अग्लो होस् र त्यसमा कति नै रस आउँदो होस्, तर शान्ति मिल्दैन । त्यसलाई अत्यास लागिरहन्छ । तर अज्ञानवश उसलाई भोगमा जुन रसको प्रतीति हुनलाग्यो, त्यसैले उसमा भोग-वासनाहरू देखिन लागे र ती भोग वासनाको आवरणले उसको आफ्नो भगवान्‌सित भेट्ने स्वाभाविक आवश्यकता रोकियो । यसैनिम्ति त्यो न त आफ्नो आवश्यकता भन्न सक्छ, न त्यसको पूर्ति बिना त्यसलाई शान्ति प्राप्त हुन्छ । भगवानसित उसको त्यस्तो सजातीयता र आत्मीयता छ कि भगवान् उसित भेट्न बाध्य छन्, यही संसारी र संसारको अत्यासको मूल कारण हो । खाँचो छ उनलाई पाउने, त्यो खाँचोलाई जाग्रत गर्ने र उनलाई नपाउञ्जेल छटपटाउने, जस्तै—दीर्घकालको प्यासो व्यक्ति पानीको निम्ति छटपटाउँछ, त्यस्तो आवश्यकताले जब भगवान्‌लाई भेट्ने तीव्रतम आकांक्षा उत्पन्न गरिदिन्छ, अनि अरु सारा कामनाहरू स्वयमेव उसै गरी नष्ट हुन्छन्, जसरी सूर्यको प्रकाशले अन्धकार मेटिन्छ । त्यो आवश्यकताको जागृति हुन्छ भोगहरू दुःखमय भन्ने जानेर उनको यथार्थ ज्ञान भएपछि । भोगका वरूप जानेपछि उनमा रस आउन समाप्त हुन्छ । अनि स्वयं नै तीबाट अरुचि भएर आउँछ, तीतो लाग्न थाल्दछन् । जति जति त्यसबाट अरुचि हुन्छ, उति-उति भगवत्प्राप्तिको, नित्य राम्रो र अनन्तलाई पाउने तीव्र इच्छा जाग्दछ । अनि एक दिन पनि प्रभुविना टिक्न सकिन्न र यस्तो तीव्रतम आकांक्षाले तत्काल ती प्रियतमसित भेट गराइदिन्छ । अतः भोगका यथार्थ रूप जान्ने र आफूलाई भगवान्‌को बनाउने चेष्टा गर । यो नियम बुझ—यस सत्यलाई धारण गर—भगवान न परचक्री छन् न तिमीदेखि पर छन्, नदुर्लभ नै छन् । तिमी उनका बनेर,आतुर र भएर जब इच्छा गर्नेछौ, तत्काल ती पनि दगुर्दै आएर आफ्ना बाहुपाशमा बाँधी आफूमा मिलाएर कृतार्थ पार्ने छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

चराउँदै र बाँसुरी बजाएका देखेर उनको प्रेमवश उर्लेर आएको मेघ कुसुमावलि जस्तै जलका थोपा सहित आफ्नू शरीरले आफ्ना सखा कृष्णमाथि छत्र लगाइरहेको छ'। १६।। अर्कीले भनी–यी वनका भिल्लिनी पनि धन्य हुन्, किनकि जुन कुमकुम श्रीकृष्णकी प्रियतमा गोपिनी आफ्ना स्तनमा लगाउँछन्, उही जब कृष्णका चरणमा लागेर तिनको अरुण कान्तिले रंजित भएर वनको घाँसमा लाग्दछ, तब उसलाई देखेर इनको मनमा कामवेग उत्पन्न हुन्छ र ती त्यो कुमकुम आफ्ना मुख र कुचमा लगाएर आफ्नू व्यथा फाल्दछन् ।।१७।। एक गोपिनीले भनी–ए गोपिनी हो ! यो गोवर्धन पर्वत अवश्य हरिभक्तहरूमा श्रेष्ठ छ किनकि राम र कृष्णका चरणको स्पर्श पाउनाले आनन्दित भएर यो जल, हरिया घाँस, कन्दरा र कन्दमूलादि दिएर गाई र ग्वाल-बालसित उनको आदर-सत्कार गर्दछ ।।१८।। अर्कीले भनो—'हे सखि हो ! यो कति छक्क पर्ने कुरा हो–जसका काँधमा गाई-हरू बाँध्ने डोरी सुशोभित भइरहेको छ, ती राम र कृष्ण जब आफ्ना मित्रहरूसित गाई लिएर यौटा वनबाट अर्को वनमा जान्छन्, त्यस वेला उनका मधुर पदयुक्त उदार

कुसुमावलीभिः सख्युर्व्यधात् स्ववपुषाऽम्बुद आतपत्रम् ॥ १६ ॥ पूर्णाः पुलिन्द्य उरुगायपदाब्जरागश्रीकुंकुमेन दयितास्तनमण्डितेन ॥ तद्दर्शन-स्मररुजस्तृणरूषितेन लिम्पन्त्य आननकुचेषु जहुस्तदाधिम् ॥ १७ ॥ हन्तायमद्रिरबला हरिदासवर्यो यद्रामकृष्णचरणस्पर्शप्रमोद ॥ मानं तनोति सहगोगणयोस्तयोर्यत्पानीयसूयवसकन्दरकन्दमूलैः ॥ १८ ॥ गा गोपकैरनुवनं नयतोरुदारवेणुस्वनैः कलपदैस्तनुभृत्सु सख्यः ॥ अस्पन्दनं गतिमतां पुलकस्तरूणां निर्योगपाशकृतलक्षणयोर्विचित्रम् ॥ १ ॥ एवंविधा भगवतो या वृन्दावनचारिणः ॥ वर्णयन्त्यो मिथो गोप्यः क्रीडा-स्तन्मयतां ययुः ॥ २० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे वेणुगीतं नाम एकविंशोऽध्यायः ॥ २१ ॥

श्रीशुक उवाच ॥ हेमन्ते प्रथमे मासि नन्दव्रजकुमारिकाः ॥ चेरुर्हविष्यं भुञ्जानाः कात्यायन्यर्चनव्रतम् ॥१॥ आप्लुत्याम्भसि कालिन्द्या जलान्ते चोदितेऽरुणे ॥ कृत्वा प्रतिकृति देवीमानर्चुर्नृप सैकतीम् ॥ २ ॥ गन्धैर्माल्यैःसुरभिभिर्बलिभिर्धूपदीपकैः ॥ उच्चावचैश्चोपहारैः प्रवालफलतण्डुलैः ॥ ३ ॥ कात्यायनि महामाये महायोगिन्यधीश्वरि ॥ नन्दगोपसुतं देवि पतिं मे कुरु ते नमः ॥ इति मन्त्रं जपन्त्यस्ताः पूजां चक्रुः कुमारिकाः ॥४॥ एवं मासं

*वेणुनाद सुनेर जङ्गम जीव स्थिर हुन्छन् र वृक्षलाई रोमाञ्चित भएर आउँछ' ।।१९।। श्रीवृन्दावन-विहारीका लीलाहरू यस प्रकार गान गर्दै गोपिनीहरू उनका प्रेमरसमा लीन भए ।।२०।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायामेकविंशोऽध्यायः ।।२१।।

(चीरहरण लीला)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! हेमन्त ऋतुको प्रथम अर्थात् मार्गशीर्षमा नन्दको व्रजका बालिकाले हविष्यान्न खाएर कात्यायनी देवीको पूजाको व्रत लिए ।।१।। हे नृप ! ती सबै गोपिनी अरुणोदयको वेला यमुनामा स्नान गरेर तटमै देवीको बालुकामयी प्रतिमा बनाई चन्दन, माला, थरि-थरिका नैवेद्य, धूप-दीप, साना-ठूला अनेक प्रकारका उपहार र पल्लव, फल-फूल र तण्डुलादिले पूजा गन गर्दथे ।।२।।३।। पूजाको अन्त्यमा ती भन्दथे–हे कात्यायनि । हे महामाये ! हे महायोगिनी ! हे अधीश्वरि ! हजुर

*: कहले हेर बजाउँदैछ रसिलो, राम्रो, मिठो बाँसुरी । जस्को तान सुनेर जीव जड औ निर्जीव लाटो सरी ।। सुन्दैछन् सब ल्हिएर बनमा आश्चर्य लाग्ने गरी । त्यागी लाज नमानि धाक मनमा हेर्छन् कता छन् हरि ।। ऐल्हे छन् मजमा म शूर बलियो छू वीर भन्ने जति । लत्रन्छन् सहजै सुनेर ध्वनि त्यो सम्झन्छ चाँडो मति ।। त्यागी यो घरबार पुत्र पति वा नाना थरी सम्पति । सक्तैनौं घर बस्न आज निधिमा जाऊँ छिटै हे सति ।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नन्द-गोपका पुत्र कृष्णलाई हाम्रो पति बनाउनोस् । हे देवि ! हामी हजुरलाई नमस्कार गर्दछौं ।' यो मन्त्र जप्तै ती कुमारीहरू देवीको उपासना गर्दथे ॥ ४ ॥ यसरी भगवान् कृष्णमा मन लगाएर गोपकुमारीहरूले कत्यायनी व्रतको पालन गर्दै 'नन्दका छोरा हाम्रो पति होऊन्' यस अभिलाषाले एक महीनासम्म भद्रकालीको पूजा गरे ॥ ५ ॥ ती दिनहुँ बिहानै अरुणोदय भन्दा पहिल्यै उठेर, परस्पर नाम लिएर सबै उठाई यमुनामा स्नान गर्न संगै जान्थे । त्यस वेला ती यौटीले अर्कीको हात समाएर उच्च स्वरले कृष्णचन्द्रका लीला गान गर्दै हिँड्दथे ॥ ६ ॥ एक दिन सबै गोपिनी नित्य झैं यमुनाजी गए र आफाफ्ना वस्त्र तटमा राखेर श्रीकृष्णको गुण-गान गर्दै प्रसन्नतापूर्वक जल विहार गर्नलागे ॥ ७ ॥ उसै वेला योगेश्वरका पनि ईश्वर भगवान् कृष्ण उनको अभिप्राय जानेर तिनको व्रत सफल तुल्याउन आफ्ना साथी ग्वालबाल संगै यमुनाजी पुगे ॥ ८ ॥ त्यहाँ उनको वस्त्र लिएर तुरुन्त कदम्बको वृक्षमा उक्ले र हास्य निमग्न अन्य सखाहरूसित स्वयं पनि हास्यनिमग्न भएर भन्नलागे—॥९॥ हे गोपिका हो ! तिमीहरू यहाँ आएर आफाफ्ना वस्त्र लैजाओ । म

व्रतं चेरुः कुमार्यः कृष्णचेतसः भद्रकाली समानर्चुर्भूयान्नन्दसुतः पतिः ॥ ५ ॥ उषस्युत्थाय गोत्रैः स्वैरन्योन्याबद्धबाहवः ॥ कृष्णमुच्चैर्जगुर्यान्त्यः कालिन्द्यां स्नातुमन्वहन् ॥ ६ ॥ नद्यां कदाचिदागत्य तीरे निक्षिप्य पूर्ववत् ॥ वासांसि कृष्णं गायन्त्यो विजह्रुः सलिले मुदा ॥ ७ ॥ भगवाँस्तदभिप्रेत्य कृष्णो योगेश्वरेश्वरः ॥ वयस्यैरावृतस्तत्र गतस्तत्कर्मसिद्धये ॥ ८ ॥ तासां वासांस्युपादाय नीपमारुह्य सत्वरः ॥ हसद्भिः प्रहसन्बालैः परिहासमुवाच ह ॥ ९ ॥ अत्रागत्याबलाः कामं स्वं स्वं वासः प्रगृह्यताम् ॥ सत्यं ब्रवाणि नो नर्म यद्यूयं व्रतकर्शिताः ॥ १० ॥ न मयोदितपूर्वं वा अनृतं तदिमे विदुः ॥ एकैकशः प्रतीच्छध्वं सहैवोत सुमध्यमाः ॥ ११ ॥ तस्य तत्क्ष्वेलितं दृष्ट्वा गोप्यः प्रेमपरिप्लुताः ॥ व्रीडिताः प्रेक्ष्य चान्योन्यं जातहासा न निर्ययुः ॥ १२ ॥ एवं ब्रुवति गोविन्दे नर्मणाक्षिप्तचेतसः ॥ आकण्ठमग्नाः शीतोदे वेपमानास्तमब्रुवन् ॥ १३ ॥ माऽनयं भोः कृथास्त्वां तु नन्दगोपसुतं प्रियम् ॥ जानीमोऽङ्ग व्रजश्लाघ्यं देहि वासांसि वेपिताः ॥ १४ ॥ श्यामसुन्दर ते दास्यः करवाम तवोदितम् ॥ देहि वासांसि धर्मज्ञ नो चेद्राज्ञे ब्रवामहे ॥ १५ ॥ श्रीभगवानुवाच ॥ भवत्यो यदि मे दास्यो मयोक्तं वा करिष्यथ ॥ अत्रागत्य स्ववासांसि प्रतीच्छन्तु शुचिस्मिताः

तिमीहरूसित सत्य भन्दछु—ठट्टा होइन, किनकि व्रत गरेर अहिले सान्है दुर्बल भएकाछौ ॥ १० ॥ हेर, यी सबै बालक जान्दछन्, म कहिल्यै झुठो बोल्दिन । हे सुन्दरी हो ! तिमीहरू पालैसित वा एकैपल्ट आफाफ्ना वस्त्र लैजाओ ॥ ११ ॥ भगवान्ले यसरी ठट्टा गरेको देखेर गोपिनीहरू प्रेममग्न भए । ती लाजले यौटी अर्कोतिर हेरेर मुसुक्क हाँस्तै जलको बाहिर निस्केनन् ॥ १२ ॥ भगवान्ले ठट्टामै त्यसरी भन्नाले तिनको मन उनैतिर तानियो र ती शीतल जलमा घाँटीसम्म डुबेर चिसोले काम्दै उनसित अनुनय-विनय गर्दै भन्नलागे—॥१३॥ 'मोहन ! यस्तो अन्याय नगर, हामी जान्दछौं—तिमी नन्दजीका प्रिय पुत्र हौ र हाम्रा प्रिय सखा हौ । व्रजवासी तिम्रो बढाई गर्दछन् । हेर, हामी जाडोले कामिरहेका छौं तिमी हाम्रा लुगा हामीलाई देऊ ॥ १४ ॥ हे श्यामसुन्दर ! हामी तिम्रा दासी हौं । तिमी जे आज्ञा दिनेछौ. हामी त्यही गर्नेछौं । तिमी ठूला धर्मज्ञ छौ, अतः हाम्रा वस्त्र देऊ । नभए हामी राजा कंस वा नन्दजीसित कुरा लाउँछौं ॥ १५ ॥ भगवान भन्दछन्—यदि तिमीहरू मेरा दासी हौ र मेरो आज्ञा मान्नलाई सबै तयार छौ भने यहाँ मनेर आएर आफ्ना लुगा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लैजाऔ ॥ १६ ॥ अनि चीसोले कामिरहेका ती सबै गोपिनी जाडोले हार मानेर गुप्ताङ्गलाई हातले छोपी जलाशयको बाहिर निस्के। यो देखेर तिनको शुद्ध भावले प्रसन्न भई भगवान्‌ले तिनका वस्त्र काँधमा राखेर मुसु-मुसु हाँस्तै भन्नलागे—॥ १७-१८ ॥ तिमीहरूले कात्यायनी देवीको पूजाको व्रत लिएर पनि जुन वस्त्रहीन भएर जलमा स्नान गर्‍यौ, यसले वरुणदेवको अपमान भयो। त्यस दोषको शान्तिका लागि तिमीहरू शिरमा दुवै हात राखी न्यूरेर प्रणाम गर अनि आफ्ना लुगा लेओ ॥ १९ ॥ भगवान्‌ले यति भने पछि व्रजबालाहरूले ठाने–वस्त्रहीन भएर स्नान गर्नाले हाम्रो व्रत खण्डित भयो। अतः त्यसको निर्विघ्न समाप्तिका लागि तिनले समस्त कर्मकासाक्षी कृष्णलाई प्रणाम गरे किनकि उनै सबै पाप नाश गर्ने महाप्रभु थिए ॥२०॥ यस प्रकार देवकीनन्दन भगवान् कृष्ण तिनलाई आफ्नो आज्ञानुसार प्रणाम गरेका देखेर प्रसन्न भए र दयापूर्वक तिनका वस्त्र फर्काइदिए ॥२१॥ राजन् ! कृष्णले गोपीहरूसित छलका कुरा गरे, तिनको लज्जा समाप्त पारे, ती सित ठट्टा गरे, तिनलाई काठका पुतली झैं नचाएर तिनका वस्त्र हरण गरे, तापनि ती प्रभुसित

॥१६॥ ततो जलाशयात्सर्वा दारिकाः शीतवेपिता ॥ पाणिभ्यां योनिमाच्छाद्य प्रोत्तेरुः शीतकर्शिताः ॥ १७ ॥ भगवानाह ता वीक्ष्य शुद्धभाव-प्रसादितः ॥ स्कन्धे निधाय वासांसि प्रीतः प्रोवाच सस्मितम् ॥ १८ ॥ यूयं विवस्त्रा यदपो धृतव्रता व्यगाहतैतत्तदु देवहेलनम् ॥ बद्ध्वाञ्जलि मूर्ध्न्य-पनुत्तयेंऽहसः कृत्वा नमोऽधो वसनं प्रगृह्यताम् ॥ १६ ॥ इत्यच्युतेनाभिहितं व्रजाबला मत्वा विवस्त्राप्लवनं व्रतच्युतिम् ॥ तत्पूर्तिकामास्तदशेष-कर्मणां साक्षात्कृतं नेमुरवद्यमृग्यतः ॥ २० ॥ तास्तथाऽवनता दृष्ट्वा भगवान्देवकीसुतः ॥ वासांसि ताभ्यः प्रायच्छत्करुणस्तेन तोषितः ॥ २१ ॥ दृढं प्रलब्धास्त्रपया च हापिताः प्रस्तोभिताः क्रीडनवच्च कारिताः ॥ वस्त्राणि चैवापहृतान्यथाप्यमुं ता नाभ्यसूयन्प्रियसङ्गनिर्वृताः ॥२२॥ परिधाय स्ववासांसि प्रेष्ठसङ्गमसज्जिताः ॥ गृहीतचित्ता नो चेलुस्तस्मिंल्लज्जायितेक्षणाः ॥ २३ ॥ तासां विज्ञाय भगवान्स्वपादस्पर्शकाम्यया ॥ धृतव्रतानां संकल्पमाह दामोदरोऽबलाः ॥ २४ ॥ सङ्कल्पो विदितः साध्व्यो भवतीनां मदर्चनम् ॥ मयाऽनुमोदितः सोऽसौ सत्यो भवितुमर्हति ॥ २५ ॥ न मय्यावेशितधियां कामः कामाय कल्पते ॥ भर्जिताः क्वथिता धानाः प्रायो बीजाय नेष्यते ॥ २६ ॥ यातावला व्रजं सिद्धा मयेमा रंस्यथ क्षपाः ॥ यदुद्दिश्य व्रतमिदं चेरुरार्यार्चनं सतीः ॥ २७ ॥ श्रीशुक उवाच ॥ इत्यादिष्टा भगवता लब्धकामाः कुमारिकाः ॥ ध्यायन्त्यस्तत्पदाम्भोजं

रिसाएनन्, बरु आफ्ना प्रियतमको यति संगतले नै ती कृतार्थ भए ॥२२॥ तिनीहरूले आफ्ना लुगा लगाए, तर प्रियतमको त्यस समागमले तिनको चित्त यस्तो अनुरक्त भयो कि ती त्यहाँबाट जान सकेनन् अझ लज्जित दृष्टिले उनैतिर एकहोरो हेरिनै रहे ॥२३॥ भगवान्‌ले देखे–ती व्रतवती कुमारीहरूको कात्यायनी-पूजनको सङ्कल्प उनको चरण स्पर्शको कामनाले नै हो। अतः तिनले भने–॥ २४ ॥ 'हे साध्वी हो ! म तिमीहरूको विचार जान्दछु–तिमी मेरो पूजा गर्न खोज्दै खोज्दैछौ। म पनि यसको अनुमोदन गर्दछु। तिम्रो सङ्कल्प सत्य हुनेछ अर्थात् तिमीहरूले मलाई पाउने छौ ॥ २५ ॥ किनकि जसको चित्त ममा लागिरहन्छ, तिनका कामना सांसारिक भोगको विषयमा कहिल्यै पनि लोभिन्न वा उत्पन्न हुँदैन। जस्तै–भुटेको वा उमालेको धान आदि अन्न अंकुर उत्पन्न गर्न सक्तैनन्––यी मिथ्या काममा पनि त्यस्तै हुन् ॥ २६ ॥ हे साध्वी हो ! अब तिमीहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रजमा जाओ, तिम्रो व्रत पूर्ण भयो। अब आउने शरद् ऋतुको रात्रिहरूमा मसित रमण गर्नेछौ। यसैको निम्ति यो कात्यायनीको व्रत पूजा तिमीहरूले गरेका थियौ*।' ॥२७॥ श्रीशुकदेव भन्नुहुन्छ—यसरी भगवान्को आज्ञा पाएर व्रजबालाहरू सफल-मनोरथ भएर उनका चरण-कमलको चिन्तन गर्दै निकै कष्ट मानेर व्रजमा फर्किए ॥ २८ ॥ त्यसपछि गोपगणले घेरिएका भगवान् देवकीनन्दन दाजू बलराम सहित गाई चराउँदै वृन्दावनबाट निकै पर पुगे ॥ २९ ॥ मार्गमा ग्रीष्मऋतुको सूर्यको प्रचण्ड घाममा आफ्नो छायाले छत्र-को काम गर्दै रहेका वृक्षहरू देखेर भगवान्ले व्रजवासीहरूसित भन्नुभयो—हे स्तोककृष्ण! हे अंशो! हे श्रीदामन्! हे सुबल! हे अर्जुन! हे विशाल! हे ऋषभ! हे तेजस्विन्!

कृच्छ्रान्निविविशुर्व्रजन् ॥ २८ ॥ अथ गोपैः परिवृतो भगवान्देवकीसुतः ॥ वृन्दावनाद्गतो दूरं चारयन्गाः सहाग्रजः ॥ २९ ॥ निदाघार्कातपे तिग्मे छायाभिः स्वाभिरात्मनः ॥ आतपत्रायितान्वीक्ष्य द्रुमानाह व्रजौकसः ॥ ३० ॥ हे स्तोककृष्ण हे अंशो श्रीदामन्सुबलार्जुन ॥ विशालर्षभ तेजस्विन्देवप्रस्थ वरूथप ॥ ३१ ॥ पश्यतैतान्महाभागान्परार्थैकान्तजीवितान् ॥ वातवर्षातपहिमान्सहन्तो वारयन्ति नः ॥ ३२ ॥ अहो एषां वरं जन्म सर्वप्राण्युपजीवनम् ॥ सुजनस्येव येषां वै विमुखा यान्ति नार्थिनः ॥ ३३ ॥ पत्रपुष्पफलच्छायामूलवल्कलदारुभिः ॥ गन्धनिर्यासभस्मास्थितोक्मैः कामान्वितन्वते ॥ ३४ ॥ एतावज्जन्मसाफल्यं देहिनामिह देहिषु ॥ प्राणैरर्थैर्धिया वाचा श्रेय एवाचरेत्सदा ॥ ३५ ॥ इति प्रवालस्य

हे देवप्रस्थ! हे वरूथप! ॥ ३१ ॥ एकमात्र अर्काको निम्ति जीवन धारण गर्ने यी महाभाग वृक्षलाई हेर। यी, वायु, वर्षा, घाम र तुषारो आदि सहन गर्दै हाम्रो रक्षा गर्दछन् ॥३२॥ समस्त प्राणीहरूका जीवनाधार यी वृक्षको जीवन धन्य छ। हेर, सत्पुरुष झैं अर्थी पुरुष इनीकहाँ आएर कहिल्यै विमुख भई फर्कन्नन् ॥ ३३ ॥ यी आफ्ना पत्र, पुष्प, फल, छाया, जरो, बोक्रा, काठ, गन्ध, गूँद, भस्म, कोपिला र अंकुरादिले सबैको कामना पूर्ण गर्दछन् ॥ ३४ ॥ यस लोकमा देहधारीहरूका जन्मको सफलता यसैमा छ—ती आफ्नो प्राण-

---

* टिप्पणी—हिजो-आजका अल्पज्ञ व्यक्ति भगवान्को चीरहरण-प्रसंगमा अनेक कुतर्क उपस्थित गरेर साधारण मानिसमा भ्रमको बीजारोपण गरिरहेछन्। यो यसैनिम्ति भइरहेको छ कि ती यसको वास्तविक अभिप्राय बुझ्दैनन्। भगवान्ले चीरहरण गरेर यो भन्नु थियो कि केवल शुद्धात्मा अर्पण गरिन्छ। मनुष्यका तीन उपाधि वा उसको जड शरीर त्रिगुणात्मक हुनाले विकारवान् रहन्छ। अतः त्यो समर्पित हुन सक्तैन। ती उपाधिका आसक्ति त्यागेर जब जीवात्माको आफ्नो शुद्ध स्वरूपमा स्थित हुन्छ अनिमात्र ईश्वरको नगीच जानेयोग्य बन्दछ। भगवानको नगीच त केवल नाङ्गो भएर अर्थात् केवल शुद्धात्मा बनेर जानाले नै आत्मसमर्पण स्वीकार हुनेछ र ती प्रिय भेटिन्छन्। अनात्म उपाधिहरूमा आसक्ति राख्नाले ती भेटिन्नन्, किनकि लज्जा आदिको आवरण बोकिराख्नाले भने जस्तो मिलन असम्भव छ। फेरि शरीरलाई आत्मा मान्नु घोर अज्ञान हो। ज्ञान योभन्दा सर्वथा भिन्नै छ—अर्थात् आफूलाई आत्मा मान्नु हो। नाङ्गो हुने लज्जा भगवान्को साक्षात्कार भएपछि पनि उसैलाई हुन्छ—जो आफूलाई आत्मा नमानेर शरीर मान्दछ र भगवान्लाई पनि सच्चिदानन्द नमानेर केवल यौटा देहधारी मनुष्य ठान्दछ। भक्तको यौटा यो पनि लक्ष्य छ कि त्यो भगवान्को आज्ञा पालन विचारै नगरी तुरुन्त गरोस्। आफ्नो इच्छा—अनिच्छा वा उचित अनुचित हुने कुराको विचार गर्नु भक्तको निम्ति कर्तव्यच्युत हुनु हो। चीरहरणको लीलाले भगवानले यसै लक्षणको अनुसार पनि गोपिनीहरूको परीक्षा लिए। नभए उनका निम्ति जस्ता सवस्त्रा गोपिनी थिए उस्तै अवस्त्रा।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन बुद्धि र वाणीले सदा श्रेयको नै आचरण गरोस् ॥ ३५ ॥ यसरी भगवान् कृष्ण वृक्षको प्रशंसा गर्दै नवपल्लव, गुच्छा, फल-फूल रपातहरूले जसका हाँगा न्यूरिएका थिए, ती तम निकुञ्जहरू जाँदै यमुना तटमा पुगे ॥३६॥ हे राजन् ! त्यहाँ गोपहरूले गाईलाई यमुनाको मधुर, शीतल, स्वादिष्ट स्वच्छ जल खान दिए र आफूले पनि पेट भरि पानी दिए ॥३७॥ जब ती यमुनाको तटवर्ती वनमा स्वच्छन्दतापूर्वक गाईहरू चराइरहेका थिए र ग्वालबालहरूले श्रीकृष्ण र र बलरामको नगीचै गएर भने–॥३८॥इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां द्वाविंशोऽध्यायः ॥ २२ ॥

(यज्ञपत्नीमा भगवान्‌को कृपा) गोहगण भन्नलागे—हे महाबलशाली बलराम ! हे दुष्ट दलन कृष्ण ! हामी भोकामौं । हजुरहरू कुनै उपायले भोक शान्त पार्नुहवस् ॥१॥ श्रीशुक देव भन्दछन्–यसरी गोपगणले भनेपछि कृष्णले भक्त ब्राह्मणीमा अनुग्रह गर्नका लागि भन्नुभयो–॥२॥ यहाँबाट अलि पर केही वेदपाठी ब्राह्मणण स्वर्ग पाउने इच्छाले आङ्गिरस यज्ञ

बकफलपुष्पदलोत्करैः ॥ तरूणां नम्रशाखानां मध्येन यमुनां गतः ॥ ३६ ॥ तत्र गाः पासयित्वाऽपः सुमृष्टाः शीतलाः शिवाः ॥ ततो नृप स्वयं गोपाः कामं स्वादु वपुर्जलम् ॥ ३७ ॥ तस्या उपवने कामं चारयन्तः पशून्नृप ॥ कृष्णरामावुपागम्य क्षुधार्ता इदमब्रुवन् ॥ ३८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे गोपीवस्त्रापहारो नाम द्वाविंशोऽध्यायः ॥२२॥

गोपा ऊचुः ॥ राम राम महावीर्य कृष्ण दुष्टनिबर्हण ॥ एषावै बाधते क्षुन्नस्तच्छांन्तिं कर्तुमर्हथः ॥१॥ शुक उवाच ॥ इति विज्ञापितो गोपैर्भगवान्देवकीसुतः ॥ भक्ताया विप्रभार्यायाः प्रसीदन्निदमब्रवीत् ॥२॥ प्रयात देवयजन ब्राह्मणा ब्रह्मवादिनः ॥ सत्रमाङ्गिरसं नाम ह्यासते स्वर्गकाम्यया ॥३॥ तत्र गत्वौदनं गोपा याचतास्मद्विसर्जिताः कीर्तयन्तो भगवत आर्यस्य मम चाभिधाम् ॥ ४ ॥ इत्यादिष्टा भगवता गत्वाऽयाचन्त ते तथा ॥ कृताञ्जलिपुटा विप्रान्दण्डवत्पतिता भुवि ॥ ५ ॥ हे भूमिदेवाः शृणुत कृष्णस्यादेशकारिणः ॥ प्राप्ताञ्जानीत भद्रं वो गोपान्नो रामचोमितान् ॥ ६ ॥ गाश्चारयन्तावविदूर ओदनं रामाच्युतौ वो लषतो बुभुक्षितौ॥तयोर्द्विजा ओदनमर्थिनोर्यदि श्रद्धा च वो यच्छत धर्मवित्तमाः ॥७॥ दीक्षायाः पशुसंस्थायाः सौत्रामण्याश्च सत्तमाः ॥ अन्यत्र दीक्षितस्यापि नान्नमश्नन्हि दुष्यति ॥ ८ ॥ इति ते भगवद्याञ्चां शृण्वन्तोऽपि न शुश्रुवुः ॥ क्षुद्राशा भूरिकर्माणो

गर्दैछन् । तिमीहरू उनको यज्ञशालामा जाओ ॥ ३ ॥ त्यहाँ गएर बलभद्र र मेरो नाम भनेर उनीसित अलिकति भात मागेर ल्याओ ॥ ४ ॥ यसरी भगवान्‌को आज्ञा पाएर गोपहरू गएर यज्ञकर्ता ब्राह्मणहरूसित अन्न मागे । तिनले भूमिमा लट्ठी झैं लम्पसार परेर प्रणाम गरेर भने ॥ ५ ॥ हे भूदेवगण ! हजुरको कल्याण होस् । हामी भगवान् कृष्णका आज्ञाकारी गोप हौं । हामी राम र कृष्णको आज्ञाले हजुरहरूकहाँ आयौं ॥ ६ ॥ राम र कृष्ण यहीं नगीचै गाई चराइरहेका छन् उनलाई भोक लागेको हुनाले ती हजुरसित केही खानेकुरा माग्दछन् । हजुरहरू धर्मज्ञमा श्रेष्ठ हुनुहुन्छ । यदि श्रद्धा भए ती भोकाहरूलाई अलिकति भात दिनुहोस् ॥ ७ ॥ हे सज्जन हो ! यज्ञको दीक्षा लिएपछि अग्निष्टोमीय पशुको बलिदानभन्दा पहिले पूर्वदीक्षितको अन्न दूषित मानिन्छ र सौत्रामणीमा सधैं दीक्षित अन्न अग्राह्य हुन्छ । अन्यत्र दीक्षित पुरुषको अन्न खाने पनि दोषी हुन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ८ ॥ यस प्रकार भगवान्‌को अन्न-याचनको कुरा सुनेर क्षुद्रहृदय र आफूलाई ठूलो कर्मकाण्डी मान्ने मूर्ख ब्राह्मणहरूले सुनेको पनि नसुन्यै गरिदिए। देश, काल, द्रव्य, मन्त्र, तन्त्र, ऋत्विज्, अग्नि, देवता, यजमान र यज्ञ, धर्म जुन भगवान्‌का स्वरूप हुन्, यस्ता साक्षात् परब्रह्म अधोक्षजलाई ती मन्दमति ब्राह्मणले यौटा साधारण मनुष्य ठानेर तिनको सम्मान गरेनन्* ॥ ९-११ ॥ हे परन्तप ! तिनले, 'दिन्छ वा दिन्न' केही पनि भनेनन्। अनि ग्वाल-बाल निराश भएर त्यहाँबाट राम र कृष्णकहाँ फर्केर आए र उनलाई सबै वृत्तान्त सुनाए ॥१२॥ तिनका कुरा सुनेर लौकिक गति देखाउँदै जगत्पति भगवान् कृष्णले हाँसेर तिनीहरूसित भन्नुभयो—॥ १३ ॥ 'अब फेरि गएर तिमीहरू तिनका पत्नीहरूलाई बलराम सहित म यहाँ आएको कुरा भन। ममा तिनको अत्यन्त प्रीति छ र तिनको चित्त सदा मसा लागिरहन्छ, अतः उनीहरूले अवश्य मागेजति अन्न दिन्छन्' ॥ १४ ॥ त्यसै अनुसार गोप-बालक पत्नीशालामा गए र उनले वस्त्रालङ्कारले सुसज्जित भएर बसेका विप्रपत्नीहरूलाई देखेर नमस्कार गरी नम्रभावले भने—॥ १५ ॥ 'हे विप्रबन्धु हो ! हामी नमस्कार गर्दछौं, हाम्रो कुरा सुन। यहीं नगीचै बसेका भगवान् कृष्णले हामीलाई हजुरहरूकहाँ पठाएका हुन् ॥१६॥ ती हामी ग्वालबाल र बलरामको साथै गाई चराउँदै

बालिशा वृद्धमानिनः ॥ ९ ॥ देशः कालः पृथग्द्रव्यं मन्त्रतन्त्रर्त्विजोऽग्नयः ॥ देवता यजमानश्च क्रतुर्धर्मश्च यन्मयः ॥ १० ॥ तं ब्रह्म परमं साक्षाद्भगवन्तमधोक्षजम् ॥ मनुष्यदृष्ट्या दुष्प्रज्ञा मर्त्यात्मानो न मेनिरे ॥ ११ ॥ न ते यदोमिति प्रोचुर्न नेति च परन्तप ॥ गोपा निराशाः प्रत्येत्य तथोचुः कृष्णरामयोः ॥ १२ ॥ तदुपाकर्ण्य भगवान्प्रहस्य जगदीश्वरः ॥ व्याजहार पुनर्गोपान्दर्शयँल्लौकिकीं गतिम् ॥ १३ ॥ मां ज्ञापयत पत्नीभ्यः ससङ्कर्षणमागतम् ॥ दास्यन्ति काममन्नं वः स्निग्धा मय्युषिता धिया ॥ १४ ॥ गत्वाऽथ पत्नीशालायां दृष्ट्वाऽऽसीनाः स्वलंकृताः ॥ नत्वा द्विजसतीर्गोपाः प्रश्रिता इदमब्रुवन् ॥ १५ ॥ नमो वो विप्रपत्नीभ्यो निबोधत वचांसि नः ॥ इतोऽविदूरे चरता कृष्णेनेहेषिता वयम् ॥ १६ ॥ गाश्चारयन्स गोपालैः सरामो दूरमागतः ॥ बुभुक्षितस्य तस्यान्नं सानुगस्य प्रदीयताम् ॥ १७ ॥ श्रुत्वाऽच्युतमुपायातं नित्यं तद्दर्शनोत्सुकाः ॥

---

* उदाहरण (ईश्वरलाई सर्वद्रष्टा जानेर मनुष्यले पापबाट जोगिनुपर्दछ) यौटा गुरुकहाँ तीन जना गएर प्रार्थना गरे—हे गुरो ! हामीलाई धर्मको उपदेश दिनुस्। गुरुले तीनै जनालाई माटोको एकेक पात्र दिएर भने—'जाओ, यस पात्रलाई कसैले नदेख्ने स्थानमा फोर, अनि म धर्मको उपदेश दिनेछु।' तीनै जना एकेक पात्र लिएर हिंडे। पहिलो व्यक्ति चाँडैनै फर्केर आयो। गुरुले सोधे—'तिमीले त्यो पात्र कहाँ फोर्‍यौ ?' उसले उत्तर दियो— 'महाराज ! म हजुरको कुटी पछाडि गएँ, त्यहाँ वरपर कोही देखिएन। अतः मैले पात्र त्यहीं फोरिदिएँ।' त्यतिमै दोस्रो व्यक्ति पनि आइपुग्यो। गुरुले त्योसित सोधे— तिमीले पात्र कहाँ फुटायौ ?' उसले उत्तर दियो 'म यहाँबाट जङ्गलमा गएँ। यौटा रुखमुनि बसेर यता उता हेरें, मानिसको त के कुरा चराचुरुङ्गी पनि त्यहाँ देखिएन। अतः मैले पात्र त्यहीं फुटाइदिएँ।' निकै बेरपछि तेस्रो व्यक्ति पनि फर्केर आयो, तर त्यसको हातमा पात्र जस्तो दिएको उस्तै थियो। अनि गुरुले सोधे—'तिमीले आफ्नो पात्र किन फोरेनौ ?' उसले भन्यो—महाराज ! गहन बनमा, निर्जन कन्दरामा, गहीरो नदीको तटमा हेर्दै गएँ, तर कहीं पनि मैले यस्तो स्थान भेटिन जहाँ ईश्वरले हेरिरहेको नहोस्। यसै निम्ति मैले आफ्नू पात्र फोरिन।' गुरुले भने—'सत्य हो, यस्तो कुनै स्थान छैन, जहाँ ईश्वर नहोस्। मनुष्य पाप गर्ने बेलामा मलाई कसैले पनि देखिरहेको छैन भन्ने ठान्दछ तर यो उसको मूर्खता हो। जो सबैका पाप पुण्यको फलदाता छ, त्यो ईश्वर सबै कुरा देखि नै रहन्छ। अरूले नदेखेर के भयो ?' गुरुले तेस्रो व्यक्तिलाई रोकेर अरू दुवैलाई यो भनेर धपाए—'तिमी दुवै धर्मोपदेशका अधिकारी छैनौ' बिदा गरिदिए।' तात्पर्य—चराचर जगत् देख्ने ईश्वरले देखेन भनेर कुनै पनि पाप नगर।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकै पर आएका छन् अहिले उनलाई साह्रै भोक लागेका छ । उनलाई केही खानेकुरा दिनुहवस्' ॥१७॥ ती ब्राह्मणीहरूको मन सधैं हरिचर्चामै लागिरहन्थ्यो अतएव भगवान् नगीचै आएका छन् भन्ने सुनेर दर्शनको लोभले तिनको चित्त चञ्चल भयो ॥ १८ ॥ पूर्णकीर्ति भगवान् कृष्णको कीर्ति सुन्दै रहनाले तिनको चित्त उनैमा लागिरहन्थ्यो । अतः ती सबै नारी आफ्ना पति, भाई, बन्धु र पुत्रले छेक्ता पनि पात्रहरूमा अनेक गुणयुक्त चार थरिका अन्न लिएर आफ्ना प्रियतमकहाँ यसरी हिंडिन्–जसरी नदीहरू समुद्रतिर जान्छन् ॥१९-२०॥ तिनले यमुनाको तटमा नवपल्लवले मण्डित अशोक वनमा श्रीकृष्णलाई दाजू बलरामका साथै गोपहरूले घेरिएर डुलिरहेका देखे । भगवान्को श्याम शरीर थियो ; ती स्वर्णवर्णका पीताम्बर लगाएका थिए । नयाँ फूलको माला, मयूरपिच्छ, अनेक धातु र नवपल्लवहरूले ती आफ्नो नटुवा वेष बनाएका थिए । कृष्णले यौटा हात कुनै सखाको काँधमा राखेका थिएर अर्को हातले कमलको फूल घुमाइरहेका थिए र उनका कानमा कमल-पुष्प, गालामा अलकावली र मुखा विन्दमा मनोहर हास्य अपूर्व शोभा छरिरहेथ्यो ॥२१-२२॥

तत्कथाक्षिप्तमनसो बभूवुर्जातसम्भ्रमाः ॥ १८ ॥ चतुर्विधं बहुगुणमन्नमादाय भाजनैः ॥ अभिसस्रुः प्रियं सर्वाः समुद्रमिव निम्नगाः ॥ १९ ॥
निषिध्यमानाः पतिभिर्भ्रातृभिर्बन्धुभिः सुतैः ॥ भगवत्युत्तमश्लोके दीर्घश्रुतधृताशयाः ॥ २० ॥ यमुनोपवनेऽशोकनवपल्लवमण्डिते ॥ विचरन्तं
वृतं गोपैः साग्रजं ददृशुः स्त्रियः ॥ २१ ॥ श्यामं हिरण्यपरिधिं नवमाल्यबर्हधातुप्रवालनटवेषमनुव्रतांसे ॥ विन्यस्तहस्तमितरेण धुनानमब्जं
कर्णोत्पलालककपोलमुखाब्जहासम् ॥२२॥ प्रायः श्रुतप्रियतमोदयकर्णपूरैर्यस्मिन्निमग्नमनसस्तमथाक्षिरन्ध्रैः ॥ अन्तः प्रवेश्य सुचिरं परिरभ्य तापं
प्राज्ञं यथाऽभिमतयो विजहुर्नरेन्द्र ॥ २३ ॥ तास्तथा त्यक्तसर्वाशाः प्राप्ता आत्मदिदृक्षया ॥ विज्ञायाखिलदृग्द्रष्टा प्राह प्रहसिताननः ॥ २४ ॥
स्वागतं वो महाभागा आस्यतां करवाम किम् ॥ यन्नो दिदृक्षया प्राप्ता उपपन्नमिदं हि वः ॥ २५ ॥ नन्वद्धा मयि कुर्वन्ति कुशलाः स्वार्थदर्शनाः ॥
अहैतुक्यव्यवहितां भक्तिमात्मप्रिये यथा ॥ २६ ॥ प्राणबुद्धिमनः स्वात्मदारापत्यधनादयः ॥ यत्सम्पर्कात्प्रिया आसंस्ततः कोन्वपरः प्रियः ॥ २७ ॥
तद्यात देवयजनं पतयो वो द्विजातयः ॥ स्वसत्रं पारयिष्यन्ति युष्माभिर्गृहमेधिनः ॥ २८ ॥ द्विजपत्न्यः ऊचुः ॥ मैवं विभोऽर्हति भवान्गदितुं

हे राजन् ! अबसम्म जसको सुयश कानमा पर्दै रहनाले मन तन्मय भएको थियो, उनै श्यामसुन्दरलाई सामुन्ने पाएर ब्राह्मणीहरूले आफ्ना आँखाबाट हृदयमा थन्क्याए । जस्तै अहंवृत्तिहरू सुषुप्तिको अभिमानी प्राणीलाई पाएर उसैमा लीन हुन्छन् उसै गरी मनमनै उनको आलिङ्गन गरी ती आफ्नो मनको ताप मेट्दै रहे ॥ २३ ॥ जब भगवान्‌ले जाने कि अरु-अरु कामनाहरू छाडेर केवल आफ्नो दर्शन गर्ने इच्छाले नै आएका हुन्, तब हाँस्तै भने–॥२४ ॥ 'हे महाभागा हो ! हामी तिमीहरूको स्वागत गर्दछौं । आओ बस, भन हामी के सेवा गरौं ? तिमीहरू यहाँ हाम्रो दर्शन गर्न आउनु पनि उचित हो ॥ २५ ॥ किनकि ज्ञानी व्यक्ति आफ्नो स्वार्थ जान्दछन् यसै निम्ति ती आफ्ना प्रियतमको समान ममा अहैतुकी र निष्कपट भक्ति गर्दछन् ॥ २६ ॥ प्राण, बुद्धि, मन, देह, स्त्री, पुत्र र यी सबै जसको सम्पर्कले प्रिय ज्ञात हुन्छन्, त्यो भन्दा बर्ता प्रिय अरु को हुन सक्तछ ? ॥ २७ ॥ असल भयो, अब तिमीहरू आफ्नो यज्ञशालामा फर्केर जाओ । अनि तिम्रा गृहस्थ पति तिमीहरूसित मिलेर आफ्नो यज्ञ पूर्ण गरुन्' ॥ २८ ॥ विप्रपत्नीहरू भन्दछन्—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे विभो ! हजुर यस्तो कठोर नबन्नुस् । हजुर आफ्ना वेदवाक्य सत्य पार्नोस् । हामी आफ्ना सबै स्वजनलाई त्यागेर हजुरका चरणबाट झरेको तुलसीको माला आफ्ना केशमा धारण गर्ने इच्छाले हजुरका चरणमा आएका छौं ॥२९॥ हे नाथ ! अरुको के कुरा, अब हाम्रा पति, माता-पिता, पुत्र, भाई बन्धु र सुहृद्गण पनि हामीलाई स्वीकार गर्दैनन् । अतः हे शत्रुसूदन ! हजुरका शरणमा आएका हामी अबलाको अब कोही सहायक छैन । यसै निम्ति हजुर नै हामीलाई आश्रय दिनोस् ।३०॥ श्रीकृष्ण भन्नुहुन्छ–मेरो आज्ञाले गएपछि तिम्रा पति, माता-पिता, भाई, पुत्रादि र अरुले पनि तिमीहरूको अपमान गर्दैनन्, किनकि देवता पनि मेरा कुराको अनुमोदन गर्दछन् ॥३१॥ संसारमा मेरो अङ्ग-सङ्गनै मनुष्यहरूको प्रीति वा अनुरागको कारण हुँदैन । ममा चित्त लगाउनाले नै मलाई छिटै भेट्टाउने छौ ॥ ३२ ॥ श्रीशुकदेव भन्नुहुन्छ–भगवान्‌ले त्यति भनेपछि ती मुनिपत्नीहरू फेरि यज्ञशालामा फर्के । त्यहाँ ती ब्राह्मणहरूले आफ्नी पत्नीको केही पनि अपमान नगरेर उनैसित आफ्नो यज्ञ पूर्ण पारे ॥३३॥ श्रीकृष्णकहाँ जाने वेलामा ती स्त्रीमध्ये यौटीलाई उसको

नृशंसं सत्यं कुरुष्व निगमं तव पादमूलम् ॥ प्राप्ता वयं तुलसिदामपदावसृष्टं केशैर्निवोढुमतिलङ्घ्य समस्तबन्धून् ॥ २९ ॥ गृह्णन्ति नो न पतयः पितरौ सुता वा न भ्रातृबन्धुसुहृदः कुत एव चान्ये ॥ तस्माद्भवत्प्रपदयोः पतितात्मनां नो नान्या भवेद्गतिररिन्दम तद्विधेहि ॥ ३० ॥ श्रीभगवानुवाच ॥ पतयो नाभ्यसूयेरन्पितृमातृसुतादयः ॥ लोकाश्च वो मयोपेता देवा अप्यनुमन्वते ॥ ३१ ॥ न प्रीतये नुरागाय ह्यङ्गसङ्गो नृणामिह ॥ तन्मनो मयि युञ्जाना अचिरान्मामवाप्स्यथ ॥ ३२ ॥ श्रीशुक उवाच ॥ इत्युक्ता मुनिपत्न्यस्ता यज्ञवाटं पुनर्गताः ॥ ते चानसूयवः स्वाभिः स्त्रीभिः सत्रमपारयन् ॥ ३३ ॥ तत्रैका विधृता भर्त्रा भगवन्तं यथाश्रुतम् ॥ हृदोपगुह्य विजहौ देहं कर्मानुबन्धनम् ॥ ३४ ॥ भगवानपि गोविन्दस्तेनैवान्नेन गोपकान् ॥ चतुर्विधेनाशयित्वा स्वयं च बुभुजे प्रभुः ॥ ३५ ॥ एवं लीलानरवपुर्नृलोकमनुशीलयन् ॥ रेमे गोगोपगोपीनां रमयन्रूपवाक्कृतैः ॥ ३६ ॥ अथानुस्मृत्य विप्रास्ते अन्वतप्यन्कृतागसः ॥ यद्विश्वेश्वरयोर्याच्ञामहन्म नृविडम्बयोः ॥ ३७ ॥ दृष्ट्वा स्त्रीणां भगवति कृष्णे भक्तिमलौकिकीम् ॥ आत्मानं च तथा हीनमनुतप्ता व्यगर्हयन् ॥ ३८ ॥ धिग्जन्म नस्त्रिवृद्विद्यां धिग्व्रतं धिग्बहुज्ञताम् ॥ धिक्कुलं धिक् क्रियादाक्ष्यं

पतिले बलपूर्वक छेकेका थिए । ती ब्राह्मणीले भगवान्‌को जुन रूप सुनेकी थिइन्, उही हृदयमा धारण गरेर कर्मको परिणामभूत आफ्नो शरीर नै त्यागिदिइन् ।।३४।। यता श्रीकृष्णले ब्राह्मणीले ल्याएका चार थरिका अन्न सबै गोपलाई खान दिएर आफूले पनि खानुभयो ।।३५।। माया मानवरूपधारी भगवान् यसै गरी मानव-चरित्रहरूको अनुसरण गरेर आफ्नो रूप, वाणी र कर्मले गाई, गोप र गोपनीलाई आनन्दित पार्दै विविध लीलाहरू गर्न गर्दथे ।।३६।। उता जब ब्राह्मण हरूले थाहा पाए तब यो विचार गरेर कि हामीले मानवरूपधारी दुवै जगदीश्वरको याचना अनादर गरेर ठूलो अपराध गर्‍यौं–ती मनमनै पछितो गर्नलागे।।३७।।आफ्ना स्त्रीहरूको श्रीकृष्णमा यस प्रकारको अलौकिक भक्ति देखेर स्वयं आफूलाई भक्ति बाट रहित जानेर निकै पछितो गर्दै ती आफैं आफ्नो निन्दा गर्नलागे–।।३८।। हरे ! हामी श्रीकृष्णसित विमुख छौं, त्यसैले हाम्रा तीनैथरिका जन्म, शौक्ल अर्थात् जुन आमाको गर्भबाट हुन्छ, अर्को सावित्र जुन गायत्रीका उपदेश ग्रहण गरेपछि हुन्छ र दैक्ष जुन यज्ञको दीक्षा लिएपछि हुन्छ–यी सबै जन्म व्यर्थ छन्, विद्या, ब्रह्मचर्यादि व्रत र हाम्रा बढे–चढेका ज्ञान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि धिक्कार छ ! हाम्रो उच्च कुल र यज्ञादि-क्रियाहरूको कुशलतालाई पनि बारम्बार धिक्कार छ ॥३९॥ भगवान्‌को मायाले योगीहरूलाई पनि मोहित पार्दछ, त्यसैले मनुष्यका गुरु हामी ब्राह्मण पनि आफ्नू परमस्वार्थको विषयमा मोहित भयौं ॥ ४० ॥ अहो ! स्त्री भएर पनि इनका जगद्गुरु भगवान् कृष्णमा कस्तो अटूट प्रेम छ ! त्यसैले त यिनले मृत्युको पाशरूप गार्हस्थ्य-सम्बन्ध पनि छिनालिदिए ॥४१॥ न यिनको द्विजातीको योग्य यज्ञोपवीतादि संस्कार भएको छ, न यी गुरुकुलमै बस्तछन्, न यिनले तपस्या गरेका छन्, न आत्मतत्त्वको खोजी गरेका छन्, न यिनमा शौच र शुभकर्म नै छ ॥ ४२ ॥ तैपनि योगेश्वरका पनि ईश्वर भगवान् कृष्णमा यिनको यस्तो दृढभक्ति छ । हामी त स्वार्थले विमुख भएर गृहस्थीमै मतवाला भइरहेछौं । अवश्य यसैले सत्पुरुषका इष्टदेव भगवान् कृष्णले हामीलाई ती गोपद्वारा सचेत पारेका हुन् ॥४३॥४४॥ नभए जो स्वयं पूर्णकाम र सबै लोक-लाई इच्छित कैवल्यादि मुक्तिका स्वामी छन्, ती ईश्वरलाई हामी भृत्यसित के प्रयोजन थियो ? यो त उनको यौटा निहुँ मात्र थियो ॥४५॥ अहो ! साक्षात् लक्ष्मीपनि आफ्नू चंचलता

विमुखा ये त्वधोक्षजे ॥ ३९ ॥ नूनं भगवतो माया योगिनामपि मोहिनी ॥ यद्वयं गुरवो नृणां स्वार्थे मुह्यामहे द्विजाः ॥ ४० ॥ अहो पश्यत नारीणामपि कृष्णे जगद्गुरौ ॥ दुरन्तभावं योऽविध्यन्मृत्युपाशान्गृहाभिधान् ॥ ४१ ॥ नासां द्विजातिसंस्कारो न निवासो गुरावपि ॥ न तपो नात्ममीमांसा न शौचं न क्रियाः शुभाः ॥ ४२ ॥ अथापि ह्युत्तमश्लोके कृष्णे योगेश्वरेश्वरे ॥ भक्तिर्दृढा न चास्माकं संस्कारादिमतामपि ॥ ४३ ॥ ननु स्वार्थविमूढानां प्रमत्तानां गृहेहया ॥ अहो नः स्मारयामास गोपवाक्यैः सतां गतिः ॥ ४४ ॥ अन्यथा पूर्णकामस्य कैवल्याद्याशिषां पतेः ॥ ईशितव्यैः किमस्माभिरीशस्यैतद्विडम्बनम् ॥ ४५ ॥ हित्वाऽन्यान्भजते यं श्रीः पादस्पर्शाशयाऽसकृत् ॥ आत्मदोषापवर्गेण तद्याच्ञा जनमोहिनी ॥ ४६ ॥ देशः कालः पृथग्द्रव्यं मन्त्रतन्त्रर्त्विजोऽग्नयः ॥ देवता यजमानश्च क्रतुर्धर्मश्च यन्मयः ॥ ४७ ॥ स एष भगवान्साक्षाद्विष्णुर्योगेश्वरेश्वरः ॥ जातो यदुष्वित्यशृण्म ह्यपि मूढा न विद्महे ॥ ४८ ॥ अहो वयं धन्यतमा येषां नस्तादृशीः स्त्रियः ॥ भक्त्या यासां मतिर्जाता अस्माकं निश्चला हरौ ॥ ४९ ॥ नमस्तुभ्यं भगवते कृष्णायाकुण्ठमेधसे ॥ यन्मायामोहितधियो भ्रमामः कर्मवर्त्मसु ॥ ५० ॥ स वै न आद्यः पुरुषः स्वमायामोहितात्मनाम् ॥ अविज्ञातानुभावानां क्षन्तुमर्हत्यतिक्रमम् ॥ ५१ ॥ इति स्वाघमनुस्मृत्य कृष्णे ते कृतहेलनाः ॥ दिदृक्षवोऽप्यच्युतयोः कंसाद्भीत्या न

र अवगुणहरू त्यागेर जसको चरण-सेवाको इच्छाले अरु सबै देवतालाई छाडेर उनैलाई भज्दछिन्, तिनले अन्नादि माग्नु हामीलाई मोहित पार्नका लागि नै थियो ॥४६॥ हामीले सुनेका थियौं—देश, काल, समस्त द्रव्य, मन्त्र, तन्त्र ऋत्विज्, अग्नि, देवता, यजमान, यज्ञ र धर्म जसका रूप छन्, ती सर्वलोकेश्वर भगवान् विष्णुले नै यदुकुलमा अवतार लिएका छन्, तैपनि हामी मूढ उनलाई जान्न सकेनौं ॥४७॥४८॥ अहो ! हामी ठूला भाग्यमानी छौं, किनकि हाम्रा पत्नी यस्ता छन्—जसको भक्तिले भगवान्मा हाम्रो पनि बुद्धि निश्चल भएको छ ॥४९॥ जसको बुद्धि कहिल्यै कुण्ठित हुँदैन र जसको मायाले मोहित भएर नै हामी कर्ममार्गमा भौंतारी रहेथ्यौं, यस्ता भगवान् कृष्णलाई हाम्रो नमस्कार छ ॥५०॥ ती आदिपुरुष भगवान् कृष्ण आफ्नी मायाले मोहित र आफ्नो प्रभाव नजान्ने हामी अज्ञानीहरूको अपराध क्षमा गर्नोस्' ॥५१॥ यसरी कृष्ण-तिरस्काररूपी आफ्नो ॥५०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपराध सम्झेर भगवान्‌को दर्शन गर्ने प्रबल इच्छा भए पनि कंसको डरले कृष्णकहाँ जानसकेनन् ।।५२।। इति श्रीमद्‌भागवते दशमस्कन्धे नेपालीभाषाटीकायां त्रयोविंशोऽध्यायः ।।२३।।

(भगवान द्वारा इन्द्र-यज्ञ भङ्ग हुनु) श्रीशुकदेव भन्नुहुन्छ—व्रजमा बलरामसित बस्तै एक दिन सबै गोपालाई इन्द्र-यज्ञको तर्खर गर्नलागेका देख्नुभयो ।।१।। भगवान् कृष्ण त सबैका आत्मा र सर्वज्ञ थिए। सबै कुरा जानेर पनि उनले विनयपूर्वक नन्दादि वृद्धजनलाई सोधे—।। २ ।। हे पिताजी ! यो कुन उत्सव हुन लागेको हो ? यस यज्ञको के फल प्राप्त हुन्छ ? कुन उद्देश्यले कुन व्यक्ति यो गर्दछन् ? ।। ३ ।। हे पिताजी ! यो सबै कुरा जान्ने मलाई प्रबल उत्कण्ठा छ। हजुर मलाई यसको विवरण भन्नुहवस्। सज्जन व्यक्ति सबैलाई आफ्नो आत्मा मान्दछन्। जसलाई आफ्नो र बिरानोको भेदभाव हुँदैन, त्यो शत्रु-मित्र र उदासीनभावले रहित साधु पुरुषका लागि कुनै कुरा लुकाउने योग्य रहन्न र यदि भेदभाव मानियोस् तापनि शत्रुको समान केवल उदासीन नै त्याज्य छ, मित्र त आत्माको समान प्रिय कहिएको छ।। ४-५ मानव समाज कुनै कर्म राम्ररी बुझेर गर्दछ र कुनै-कुनै कर्म नबुझेर

चाचलन् ।।५२।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे यज्ञपत्न्युद्धरणं नाम त्रयोविंशोऽध्यायः ।। २३ ।।

श्रीशुक उवाच ।। भगवानपि तत्रैव बलदेवेन संयुतः ।। अपश्यन्निवसन्गोपानिन्द्रयागकृतोद्यमान् ।। १ ।। तदभिज्ञोऽपि भगवान्सर्वात्मा सर्वदर्शनः ।। प्रश्रयावनतोऽपृच्छद्वृद्धान्नन्दपुरोगमान् ।। २ ।। कथ्यतां मे पितः कोऽयं सम्भ्रमो व उपागतः ।। किं फलं कस्य चोद्देशः केन वा साध्यते मखः ।। ३ ।। एतद्ब्रूहि महान्कामो मह्यं शुश्रूषवे पितः ।। न हि गोप्यं हि साधूनां कृत्यं सर्वात्मनामिह ।। ४ ।। अस्त्यस्वपरदृष्टीनाममित्रोदास्तविद्विषाम् ।। उदासीनोऽरिवद्वर्ज्य आत्मवत्सुहृदुच्यते ।। ५ ।। ज्ञात्वाऽज्ञात्वा न कर्माणि जनोऽयमनुतिष्ठति । विदुषः कर्मसिद्धिः स्यात्तथा नाविदुषो भवेत् ।। ६ ।। तत्र तावत्क्रियायोगो भवतां किं विचारितः ।। अथवा लौकिकस्तन्मे पृच्छतः साधु भण्यताम् ।। ७ ।। नन्द उवाच ।। पर्जन्यो भगवानिन्द्रो मेघास्तस्यात्ममूर्तयः ।। तेऽभिवर्षन्ति भूतानां प्रीणनं जीवनं पयः ।। ८ ।। तं तात वयमन्ये च वार्मुचां पतिमीश्वरम् ।। द्रव्यैस्तद्रेतसा सिद्धैर्यजन्ते क्रतुभिर्नराः ।। ९ ।। तच्छेषेणोपजीवन्ति त्रिवर्गफलहेतवे ।। पुंसां पुरुषकाराणां पर्जन्यः फलभावनः ।। १० ।। य एवं विसृजेद्धर्मं पारम्पर्यागतं नरः ।। कामाल्लोभाद्भयाद्द्वेषात्स वै नाप्नोति शोभनम् ।। ११ ।। श्रीशुक उवाच ।। वचो निशम्य नन्दस्य तथाऽन्येषां व्रजौकसाम् ।। इन्द्राय मन्युं जनय-

गरिदिन्छ। अतः राम्ररी बुझेर नै गर्ने व्यक्तिहरूलाई कर्मका फल जस्तो हुन्छ; त्यस्तो नबुझेर गर्ने व्यक्तिहरूका कर्मको फल प्राप्त हुँदैन ।। ६ ।। अतएव यस बखत हजुर जुन कर्म गर्न खोज्दै हुनुहुन्छ, त्यो कर्म शास्त्रसम्मत हो वा केवल लौकिक हो ? म यही जान्न खोजिरहेको छु, कृपया सफा-सफा बुझाउनोस्' ।।७।। नन्दजीले भने—बाबु ! भगवान इन्द्र जल वर्षा गर्दछन्। मेघ ती इन्द्रका प्रतिमूर्ति हुन्। ती प्राणीहरूलाई प्रसन्न पार्ने जल बर्साउँछन् जुन सबैको जीवन हो ।। ८ ।। हे तात ! हामी र अरू सबैजना तिनले बनाएका रेतस्रूप जलबाट उत्पन्न अन्न आदिद्वारा यज्ञ गरेर ती मेघपति भगवान् इन्द्रको प्रतिवर्ष पूजा गर्दछौं ।। ९ ।। यज्ञबाट उब्रेको अन्न हामी धर्म-अर्थ कामरूपी त्रिवर्ग साधन गर्नको निम्ति आफ्नो जीवन निर्वाह गर्दछौं। श्रमजीवी व्यक्तिका पुरुषार्थको फलदाता मेघ नै हुन् ।।१०।। जो जन परम्परादेखि चलिआएको आफ्नो धर्मको काम, भय, लोभ या द्वेषले छाड्दछन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनको कल्याण हुँदैन ॥११॥ श्रीशुकदेव भन्नुहुन्छ—नन्दजी र अन्याय व्रजवासीहरूका ती वचन सुनेर श्रीकृष्ण इन्द्रलाई क्रोधित पार्दै आफ्ना पितासित भन्नलागे—॥१२॥ श्रीभगवान् भन्नुहुन्छ—सबै जीव आफ्दा कर्मानुसार उत्पन्न हुन्छन् र मर्दछन् । कर्मानुसार नै उनलाई सुख-दुःख, भय र क्षेम प्राप्त हुन्छ ॥ १३ ॥ यदि कर्मफल दिने कुनै अर्को ईश्वर छ भने त्यो पनि कर्मठ पुरुषलाई नै फल दिनसक्छ, अच्छीहरूलाई फल दिनमा त त्यो पनि असमर्थ हुन्छ ॥१४॥ जीव आफाफ्ना कर्मको फल नै भोग्दछन् भने इन्द्रका यज्ञको के प्रयोजन छ ? किनकि पूर्वसंस्कारवश मनुष्यको भाग्यमा जे तोकिएको हुन्छ, त्यो स्वयं उसले पनि मेट्नसक्तैन ॥१५॥ मनुष्य आफ्नो बानी (स्वभाव) को अधीन रहन्छ । त्यो उसैको अनुसरण गर्दै देवता, असुर र मनुष्य सहित यो सारा जगत् स्वभावमा नै स्थित रहन्छ ॥ १६ ॥ संसारका प्रत्येक जीव आफ्ना कर्मानुसार उत्तम र अधम शरीरहरू ग्रहण गर्दछ र छाड्दै रहन्छ । आफ्ना कर्मको अनुसार नै ती शत्रु, मित्र र उदासीनको व्यवहार गर्दछन् । यसले सिद्ध हुन्छ कि कर्म नै सबैको गुरु र उही सबैको ईश्वर हो ॥ १७ ॥ अतएव

न्पितरं प्राह केशवः ॥ १२ ॥ श्रीभगवानुवाच ॥ कर्मणा जायते जन्तुः कर्मणैव विलीयते ॥ सुखं दुःखं भयं क्षेमं कर्मणैवाभिपद्यते ॥ १३ ॥ अस्ति चेदीश्वरः कश्चित्फलरूप्यन्यकर्मणाम् ॥ कर्तारं भजते सोऽपि न ह्यकर्तुः प्रभुर्हि सः ॥ १४ ॥ किमिन्द्रेणेह भूतानां स्वस्वकर्मानुवर्तिनाम् ॥ अनीशेनान्यथा कर्तुं स्वभावविहितं नृणाम् ॥ १५ ॥ स्वभावतन्त्रो हि जनः स्वभावमनुवर्तते ॥ स्वभावस्थमिदं सर्वं सदेवासुरमानुषम् ॥ १६ ॥ देहानुच्चावचाञ्जन्तुः प्राप्योत्सृजति कर्मणा ॥ शत्रुर्मित्रमुदासीनः कर्मैव गुरुरीश्वरः ॥ १७ ॥ तस्मात्सम्पूजयेत्कर्म स्वभावस्थः स्वकर्मकृत् ॥ अञ्जसा येन वर्तेत तदेवास्य हि दैवतम् ॥ १८ ॥ आजीव्यैकतरं भावं यस्त्वन्यमुपजीवति ॥ न तस्माद्विन्दते क्षेमं जारं नार्यसती यथा ॥ १९ ॥ वर्तेत ब्रह्मणा विप्रो राजन्यो रक्षया भुवः ॥ वैश्यस्तु वार्तया जीवेच्छूद्रस्तु द्विजसेवया ॥ २० ॥ कृषिवाणिज्यगोरक्षा कुसीदं तुर्यमुच्यते ॥ वार्ता चतुर्विधा तत्र वयं गोवृत्तयोऽनिशम् ॥ २१ ॥ सत्त्वं रजस्तम इति स्थित्युत्पत्त्यन्त हेतवः ॥ रजसोत्पद्यते विश्वमन्योन्यं विविधं जगत् ॥ २२ ॥ रजसा चोदिता मेघा वर्षन्त्यम्बूनि सर्वतः ॥ प्रजास्तैरेव सिद्ध्यन्ति महेन्द्रः किं करिष्यति ॥ २३ ॥ न नः पुरो जनपदा न ग्रामा न गृहा

विज्ञ पुरुषको कर्तव्य हो—पूर्वसंस्कार अनुसार आफ्नो वर्णाश्रम धर्महरूको पालन गर्दै रहोस् र सदैव कर्मको नै आदर गरोस् किनकि यसैले उसको जीविका सजिलैसित चल्दछ । वास्तवमा कर्म नै उसको इष्टदेव हुन्छ ॥ १८ ॥ जस्तै व्यभिचारिणी स्त्री कहिल्यै शान्ति लाभ गर्न पाउन्न त्यस्तै नै जो पुरुष आफ्नो जीविका चलाउने कुनै यौटा देवतालाई छाडेर अन्य देवताको उपासना गर्न थाल्दछन्, तिनलाई कहिल्यै सुख शान्ति मिल्दैन ॥ १९ ॥ ब्राह्मणको कर्तव्य हो—वेदाध्ययनबाट, क्षत्रिय प्रजापालनबाट वैश्य व्यापारबाट र शूद्र द्विजातिका सेवाबाट आफ्नो आजीविका चलाउन् ॥ २० ॥ वैश्यका वृत्ति चार थरिका हुन्छन्—कृषि, वाणिज्य, गोरक्षा र व्याज लिनु । हामी गोपालनले नै आफ्नो जीविका चलाउँदै आएका छौं ॥ २१ ॥ संसारको उत्पत्ति, स्थिति र संहारको कारण क्रमशः सत्वगुण, रजोगुण र तमोगुण नै हुन् । यो सबै संसार स्त्री-पुरुषको रजोगुणद्वारा उत्पन्न हुन्छ ॥ २२ ॥ रजोगुणले प्रेरित भएर नै मेघ पानी पार्दछन् र उसैले अन्न उत्पन्न हुने हुनाले सबै जीवनयापन गर्दछन् । यसमा इन्द्रको के कृपा छ ? ॥ २३ ॥ हाम्रा पुर, नगर,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्राम वा घर केही पनि त छैनन् । हे पिताजी ! हामी वन वा पर्वत आदिमा बस्ने वनवासी गोप हौं ॥२४॥ त्यसैले हजुरहरू पनि गाई, ब्राह्मण र गिरिराजको पूजा गर्ने तयारी गर्नोस् । हजुरले जुन इन्द्रको यज्ञका लागि सामग्री जम्मा पार्नुभएको छ, त्यसैले यस यज्ञको अनुष्ठान हुन्छ ॥२५॥ अतः दाल, खीर, पूरी आदि सबै पक्वान्न तयार गर्नोस् । सबै गाईको दूध जम्मा पार्नोस् ॥२६॥ वेदवादी ब्राह्मणहरू द्वारा राम्ररी अग्निहोत्र गराई उनलाई दक्षिणामा अनेक थरिका अन्न र गाई दान दिनोस् ॥२७॥ त्यसपछि कुकुर, चाण्डाल र पतित-पर्यन्त सबैलाई यथायोग्य वस्तुहरू दिएर गाईलाई खान दिई गिरिराजलाई भोग लगाउनोस् ॥२८॥ अनि स्वयं खान-पान गरिसकेपछि राम्रा वस्त्र र आभूषणहरू धारण गरेर सुगन्धित चन्दन लगाउनू र गाई, ब्राह्मण, आग्नि तथा पर्वतराजको परिक्रमा गरौं ॥२९॥ हे पिताजी ! मेरो त यही सम्मति छ । यदि हजुरलाई पनि मनपरे त्यस्तै गर्नोस् । यो यज्ञ गाई, ब्राह्मण, पर्वतराज र मलाई पनि प्रिय हुनेछ ॥३०॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! कालात्मा भगवान्‌ले इन्द्रको अभिमान धूलो पार्न जुन कुरा भने, त्यो सुनेर नन्दादि

वयम् ॥ वनौकसस्तात नित्यं वनशैलनिवासिनः ॥ २४ ॥ तस्माद्गवां ब्राह्मणानामद्रेश्चारभ्यतां मखः ॥ य इन्द्रयागसम्भारास्तैरयं साध्यतां मखः ॥ २५ ॥ पच्यन्तां विविधाः पाकाः सूपान्ताः पायसादयः ॥ संयावापूपशष्कुल्यः सर्वदोहश्च गृह्यताम् ॥ २६ ॥ हूयन्तामग्नयः सम्यग्ब्राह्मणैर्ब्रह्मवादिभिः ॥ अन्नं बहुविधं तेभ्यो देयं वो धेनुदक्षिणाः ॥ २७ ॥ अन्येभ्यश्चाश्वचाण्डालपतितेभ्यो यथार्हतः ॥ यवसं च गवां दत्त्वा गिरये दीयतां बलिः ॥ २८ ॥ स्वलंकृता भुक्तवन्तः स्वनुलिप्ताः सुवाससः ॥ प्रदक्षिणं च कुरुत गोविप्रानलपर्वतान् ॥ २९ ॥ एतन्मम मतं तात क्रियतां यदि रोचते ॥ अयं गोब्राह्मणाद्रीणां मह्यं च दयितो मखः ॥ ३० ॥ श्रीशुक उवाच ॥ कालात्मना भगवता शक्रदर्पं जिघांसता ॥ प्रोक्तं निशम्य नन्दाद्याः साध्वगृह्णन्त तद्वचः ॥३१॥ तथा च व्यदधुः सर्वं यथाऽऽह मधुसूदनः ॥ वाचयित्वास्वस्त्ययनं तद्द्रव्येण गिरिद्विजान् ॥ ३२ ॥ उपहृत्य बलीन्सर्वानादृता यवसं गवाम् ॥ गोधनानि पुरस्कृत्य गिरिं चक्रुः प्रदक्षिणम् ॥ ३३ ॥ अनांस्यनडुद्युक्तानि ते चारुह्य स्वलंकृताः ॥ गोप्यश्च कृष्णवीर्याणि गायन्त्यः सद्विजाशिषः ॥ ३४ ॥ कृष्णस्त्वन्यतमं रूपं गोपविश्रम्भणं गतः ॥ शैलोऽस्मीति ब्रुवन्भूरि बलिमादद्बृहद्वपुः ॥ ३५ ॥ तस्मै नमो व्रजजनैः सह चक्रेऽऽत्मनाऽऽत्मने ॥ अहो पश्यत शैलोऽसौ रूपी नोऽनुग्रहं व्यधात् ॥ ३६ ॥ एषोऽवजानतो मर्त्यान्कामरूपी

गोपगणले प्रसन्नतापूर्वक स्वीकार गरे ॥३१॥ मधुसूदनले जे-जे भनेका थिए, त्यसै अनुसार सबै काम भयो । पहिले स्वस्तिवाचन गराएर त्यही सामग्रीले गिरिराज गोवर्धन र सबै ब्राह्मणको सादर पूजा गरे र गाईहरूलाई हरिया-हरिया घाँस ख्वाए । त्यसपछि ब्राह्मणहरूबाट आशिर्वाद लिई नन्दादि गोप र राम्ररी सिंगारिएका सबै व्रजबालाहरू गोरु अघिलाएर गोरूले तान्ने गाडाहरूमा चढी श्रीकृष्णका लीलाहरू गान गर्दै गोवर्धनको प्रदक्षिणा गर्नलागे ॥३२-३४॥ गोपहरूलाई पत्यार पार्नको निम्ति भगवान् कृष्णले गिरिराजको टाकुरामा यौटा अर्को विशालकाय रूप प्रकट गरेर 'म गिरिराज हुँ' यस्तो भन्दै पूजा ग्रहण गर्नुभयो ॥३५॥ त्यो आफ्नै स्वरूपलाई अन्य व्रजवासी संगै भगवान्‌ले स्वयं पनि प्रणाम गरे र भने—'लौ हेर, कस्तो आश्चर्य छ ! गिरिराज प्रत्यक्ष प्रकट भएर हामीमाथि कृपा गरे ॥३६॥ यी इच्छानुसार रूप धारण गर्न सक्तछन् । जो वनवासी यिनको अनादर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछन्, तिनलाई यी नष्ट गरिदिन्छन् । आओ, हामीहरू आफ्नो र गोधनको कल्याण गर्ने यी गिरिराजमाई प्रणाम गरौं ।।२७।। भगवान् वासुदेवले यति भनेपछि गिरिराज र ब्राह्मणको पूजा-प्रणाम गरेर कृष्णचन्द्र संगै ती समस्त गोप व्रजमा फर्किए ।।३८।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपालीभाषाटीकायां चतुर्विंशोऽध्यायः ।। २४ ।।

(भगवानद्वारा गोवर्धन धारण) श्रीशुकदेव भन्दछन्—हे राजन् ! आफ्नू पूजामा विघ्न परेको देखेर इन्द्रले–कृष्ण जसका रक्षक थिए–ती नन्दादि गोपप्रति क्रोध गरे ।।१।। स्वयं आफूलाई ईश्वर मान्ने देवराज इन्द्रले प्रलयङ्कर मेघको संवर्तक नामक गणलाई व्रजमा हमला गर्ने आज्ञा दिए र यती रिसाएर भने—।। २ ।। 'अहो ! वनवासी गोपको

वनौकसः ॥ हन्ति ह्यस्मै नमस्यामः शर्मणे आत्मनो गवाम् ॥ ३७ ॥ इत्यद्रिगोद्विजमखं वासुदेवप्रणोदिताः ॥ यथा विधाय ते गोपाः सहकृष्णा व्रजं ययुः ॥ ३८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे चतुर्विंशतितमोऽध्यायः ॥ २४ ॥

श्रीशुक उवाच ॥ इन्द्रस्तदात्मनः पूजां विज्ञाय विहतां नृप ॥ गोपेभ्यः कृष्णनाथेभ्यो नन्दादिभ्यश्चुकोप सः ॥१॥ गणं सांवर्तकं नाम मेघानां चान्तकारिणाम्॥ इन्द्रःप्राचोदयत्क्रुद्धो वाक्यं चाहेश मान्युत ॥२॥ अहो श्रीमदमाहात्म्यं गोपानां काननौकसाम्॥कृष्णं मर्त्यमुपाश्रित्य ये चक्रुर्देवहेलनम् ॥३॥ यथा दृढैः कर्ममयैः क्रतुभिर्नाम नौनिभैः ॥ विद्यामान्वीक्षिकीं हित्वा तितीर्षन्ति भवार्णवम् ॥४॥ वाचालंबालिशं स्तब्धमज्ञं पण्डितमानिनम् ॥ कृष्णं मर्त्यमुपाश्रित्य गोपा मे चक्रुरप्रियम् ॥ ५ ॥ एषां श्रियाऽवलिप्तानां कृष्णेनाध्मायितात्मनाम् ॥ धुनुत श्रीमदस्तम्भं पशून्नयत संक्षयम् ॥ ६ ॥ अहं चैरावतं नागमारुह्यानुव्रजे व्रजम् ॥ मरुद्गणैर्महावीर्यैर्नन्दगोष्ठजिघांसया ॥ ७ ॥ श्रीशुक उवाच ॥ इत्थं मघवताऽऽज्ञप्ता मेघा निर्मुक्तबन्धनाः ॥

धनले उत्पन्न गर्व हेर त ! मनुष्य कृष्णको भरमा तिनले म देवराजको पनि अपमान गरिदिए ।। ३ ।। जस्तै कुनै मन्दबुद्धि मनुष्य ब्रह्मविद्या छाडेर अन्य दुर्बल डुङ्गारूप कर्ममय यज्ञले यो भवसागर पारी तर्न खोज्दछ ।।४।। गोपगणले यो बकवादी, मूर्ख, अभिमानी, अज्ञानी र आफूलाई बुद्धिमान् ठान्ने मरणधर्मा कृष्णको आश्रय लिएर मेरो तिरस्कार गरे ।।५।। अतः तिमी यी धनोन्मत्त *अज्ञानी र कृष्णद्वारा उचालिएका ग्वालबालको ऐश्वर्य-मद धूलो पारिदेउ र तिनका पशुहरू नष्ट पार ।।६।। म पनि व्रजलाई नाश पार्नको निम्ति महापराक्रमी मरुद्गणलाई लिएर, ऐरावत हात्तीमा चढी तिम्रो पछि-पछि आउँछु' ।। ७ ।। श्रीशुकदेव भन्दछन्–हे राजन् ! इन्द्रको यस्तो आज्ञा पाएर

---

* (अज्ञानीहरूको भ्रम)—चार जना अन्धा हात्ती हेर्न हिंडे । योटा अन्धोले हात्तीको खुट्टा छुन पायो । उसले भन्यो —'हात्ती खाँबो जस्तै हुन्छ ।' अर्को अन्धोले हात्तीको सूँड छोयो र भन्यो–हे भाई ! हात्ती त लट्ठा जस्तै हुन्छ ।' तेस्रोले हात्तीको पेट छोयो र भन्यो—'हे भाई ! हात्ती घडा जस्तै हुन्छ ।' चौथोले कान छोएर भन्यो—'हात्ती नाङ्लो जस्तो हुन्छ ।' यसै गरी चारै जना अन्धा हात्तीको स्वरूपको विषयमा लड्न आँटे । योटा भन्थ्यो यस्तो छ, अर्को भन्थ्यो-होइन यस्तो छ । त्यतिमै योटा अर्को मानिस आयो र उसले अन्धाहरूसित सोध्यो–'तिमीहरू किन आपुसमा लडिरहेका छौ ?' अन्धाहरूले सबै कुरा विस्तार गरिसकेर भने–'हजुरलाई हामीले पंच मान्यौं, न्याय गर्नुहवस् ।' पञ्चले भन्यो–'तिमीहरूमध्ये कसैले पनि हात्ती देखेका छैनौ । हात्ती खाँबो जस्तो हुँदैन—हात्तीका खुट्टा खाँबा जस्ता हुन्छन् । हात्ती गाग्रो जस्तो हुँदैन, तर त्यसको पेट गाग्रो जस्तै हुन्छ । हात्ती नाङ्लो जस्तो हुँदैन, त्यसका कान नाङ्लो जस्तो हुन्छ । हात्ती लट्ठा जस्तो पनि हुँदैन, त्यसको सूँड लट्ठा जस्तै हुन्छ ।' यसै गरी भिन्न-भिन्न मत हुने परस्पर लड्दछन् । कोही भन्दछ ईश्वर यस्तो छ, अर्को भन्छ—होइन, म जस्तो भन्दछु, त्यस्तै छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेघहरूले बन्धन-मुक्त भई पानी पारेर नन्दको ब्रजलाई दुःख दिनथाले । बिजुलीको चमक र बादलको ध्वनिका साथै प्रचण्ड वायुले प्रेरित भएर ती मेघसमूह असिना पार्नलागे । मेघले हात्तीको सूँढ झैं पानी पार्नाले पृथ्वी जलमग्न भइन् र उसको अग्लो-होचो भाग पनि देखिन छाड्यो ॥ ८-१० ॥ अत्यन्त वर्षा र प्रबल पवनको वेगले गर्दा पशुहरू काम्नलागे तथा गोपी-गोप जाडोले अत्यन्त व्याकुल भएर श्रीकृष्णको शरणमा गए । धारा प्रवाह वृष्टिले व्याकुल गाईहरू आफ्नो शिर र बाछालाई शरीरले ढाकेर थुर-थर काम्दै भगवान्‌को शरणमा पुगे ॥११॥१२॥ गोपिनीहरूले व्याकुल भएर भने–'हे कृष्ण ! हे महाभाग ! यस गोकुलका एकमात्र स्वामी हजुर नै हुनुहुन्छ । हे प्रभो ! हे भक्त-वत्सल ! यस वर्षाबाट हजुर हाम्रो रक्षा गर्नुहवस्, ॥१३॥ ब्रजलाई असिना र पानीको प्रहारले पीडित, अचेत देखेर यो सबै काम रिसाएका इन्द्रको हो भन्ने श्रीकृष्णले बुझे ॥१४॥ हामीद्वारा आफ्नो यज्ञ भङ्ग भएको देखेर इन्द्र नै ब्रजलाई नष्ट पार्नको लागि कुसमयमै प्रचण्ड वायु तथा असिना सहित यो घोर वर्षा गराइरहेका छन् ॥ १५ ॥ हुन्छ, म पनि

नन्दगोकुलमासारैः पीडयामासुरोजसा ॥ ८ ॥ विद्योतमाना विद्युद्भिः स्तनन्तः स्तनयित्नुभिः ॥ तीव्रैर्मरुद्गणैर्नुन्ना ववृषुर्जलशर्कराः ॥ ९ ॥ स्थूणास्थूला वर्षधारा मुञ्चत्स्वभ्रेष्वभीक्ष्णशः ॥ जलौघैः प्लाव्यमाना भूर्नादृश्यत नतोन्नतम् ॥ १० ॥ अत्यासारातिवातेन पशवो जातवेपना ॥ गोपा गोप्यश्च शीतार्ता गोविन्दं शरणं ययुः ॥ ११ ॥ शिरः सुतांश्च कायेन प्रच्छाद्यासारपीडिताः ॥ वेपमाना भगवतः पादमूलमुपाययुः ॥१२॥ कृष्ण कृष्ण महाभाग त्वन्नाथं गोकुलं प्रभो ॥ त्रातुमर्हसि देवान्नः कुपिताद्भक्तवत्सल ॥ १३ ॥ शिलावर्षनिपातेन हन्यमानमचेतनम् ॥ निरीक्ष्य भगवान्मेने कुपितेन्द्रकृतं हरिः ॥ १४ ॥ अपर्त्त्वत्युल्बणं वर्षमतिवातं शिलामयम् ॥ स्वयागे निहतेऽस्माभिरिन्द्रो नाशाय वर्षति ॥ १५ ॥ तत्र प्रतिविधिं सम्यगात्मयोगेन साधये ॥ लोकेशमानिनां मौढ्याद्धरिष्ये श्रीमदं तमः ॥ १६ ॥ नहि सद्भावयुक्तानां सुराणामीशविस्मयः ॥ मत्तोऽसतां मानभङ्गः प्रशमायोपकल्पते ॥१७॥ तस्मान्मच्छरणं गोष्ठं मन्नाथं मत्परिग्रहम् ॥ गोपाये स्वात्मयोगेन सोऽयं मे व्रत आहितः ॥१८॥ इत्युक्त्वैकेन हस्तेन कृत्वा गोवर्धनाचलम् ॥ दधार लीलया कृष्णश्छत्राकमिव बालकः ॥१९॥ अथाह भगवान्गोपान्हेऽम्ब तात व्रजौकसः ॥ यथोपजोषं विशत गिरिगर्तं सगोधनाः ॥ २० ॥ न त्रास इह वः कार्यो मद्धस्तादद्रिपातेन ॥ वातवर्षभयेनालं तत्त्राणं विहितं हि वः ॥ २१ ॥ तथा निर्विविशुर्गर्तं

आफ्नो योगमायाद्वारा राम्ररी साटो फेर्नेछु । मूढतावश आफूलाई लोकपाल मान्ने यी इन्द्रादि देवगणको ऐश्वर्यमद मधूलो पारिदिनेछु ॥ १६ ॥ सगुण हुनाले देवगणलाई आफ्नो ईश्वरत्वको अभिमान नहुनु पर्ने । अतः ती दुष्ट देवताहरूलाई मद्वारा हुने मानभङ्ग पनि शान्तिदायक नै हुनेछ ॥ १७ ॥ अतः जसको म नै एकमात्र आश्रय र रक्षक छु, ती शरणागत ब्रजवासीहरूको म आफ्नो योगमार्गले रक्षा गर्नेछु । यही मेरो निश्चित व्रत, प्रतिज्ञा छ ॥ १८ ॥ यति भनेर श्रीकृष्णले लीला द्वारा आफ्नू यौटा हातले गोवर्धन पर्वत उखेलेर कुनै बालकले गोबरे छाता उचाले झैं उठाएर ॥१९॥ अनि प्रभुले भने–'हे माता ! हे पिता ! हे समस्त ब्रजवासी हो ! आफ्ना गाई समेत यस पर्वतको खाडलमा आएर सानन्द बस्नुहोस् ॥२०॥ मेरो हातबाट पर्वत खस्तछ कि भन्ने शंका नगर्नुहोला, किनकि सबैलाई वर्षा र वायुबाट रक्षा गर्न नै मैले यो सजिलो यत्न गरेको हुँ' ॥२१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णले यति भनेर साहस दिएपछि गोप गोधन, गाडा, आफ्ना पुरोहित र भृत्यगणलाई साथमा लिएर गोवर्धनको त्यो खाडलमा गएर बसे ॥२१॥ भगवान् स्वयं भोक-प्यासको बाछा र विश्रामको अपेक्षाले रहित रहेर ती व्रजवासीले देख्ता-देख्तै सात दिनसम्म पर्वत उचालेर उभिइरहे। त्यतिसम्म ती अलिकति पनि हल-चल गरेनन् ॥ २३ ॥ श्रीकृष्णको त्यस्तो योगशक्ति देखेर इद्रलाई विस्मय भयो। तिनको संकल्प नष्ट भयो र उनले छक्क परेर आफ्ना मेघलाई पानी थाम्न लगाए ॥२४॥ भयङ्कर वर्षा र वायुवेग शान्त र आकाश मेघहीन हुनाले सूर्य उदाएका देखेर गोवर्धनधारीले गोपसित भने—॥२५॥ हे गोपगण! अब तिमी डर फालिदेओ र आफ्ना स्त्री, गोधन तथा बालकहरू सहित बाहिर आओ। अब वर्षा र वायु शान्त भईशकेको छ र नदीको जल पनि प्रायः घटिसकेको छ' ॥२६॥ अनि सबै गोप आफाफ्ना गोधन, स्त्री, बालक र बूढाहरूलाई साथमा लिएर तथा आफ्नो सामग्री हरू गोरू-गाडामा राखेर विस्तार पर्वतको खाण्डालबाट निस्केर आए ॥२७॥ अनि भगवान्ले पनि सबै प्राणीहरूले देख्ता-देख्तै लीलाले नै त्यस पर्वतलाई

कृष्णाश्वासितमानसाः ॥ यथावकाशं सधनाः सव्रजाः सोपजीविनः ॥ २२ ॥ क्षुत्तृड्व्यथां सुखापेक्षां हित्वा तैर्व्रजवासिभिः ॥ वीक्ष्यमाणो दधावद्रिं सप्ताहं नाचलत्पदात् ॥ २३ ॥ कृष्णयोगानुभावं तं निशाम्येन्द्रोऽविस्मितः ॥ निःस्तम्भो भ्रष्टसङ्कल्पः स्वान्मेघान्संन्यवारयत् ॥२४॥ खं व्यभ्रमुदितादित्यं वातवर्षं च दारुणम् ॥ निशाम्योपरतं गोपान्गोवर्धनधरोऽब्रवीत् ॥ २५ ॥ निर्यात त्यजत त्रासं गोपाः सस्त्रीधनार्भकाः ॥ उपारतं वातवर्षं व्युदप्रायाश्च निम्नगाः ॥ २६ ॥ ततस्ते निर्ययुर्गोपाः स्व स्वमादाय गोधनम् ॥ शकटोढोपकरणं स्त्रीबालस्थविराः शनैः ॥२७॥ भगवानपि तं शैलं स्वस्थाने पूर्ववत्प्रभुः ॥ पश्यतां सर्वभूतानां स्थापयामास लीलया ॥ २८ ॥ तं प्रेमवेगान्निभृता व्रजौकसो यथा समीयुः परिरम्भणादिभिः ॥ गोप्यश्च सस्नेहमपूजयन्मुदा दध्यक्षताद्भिर्युयुजुः सदाशिषः ॥ २९ ॥ यशोदा रोहिणी नन्दो रामश्च बलिनां वरः ॥ कृष्णमालिङ्ग्य युयुजुराशिषः स्नेहकातराः ॥३०॥ दिवि देवगणाः साध्या सिद्धगन्धर्वचारणाः ॥ तष्टुवुर्मुमुचुस्तुष्टाः पुष्पवर्षाणि पार्थिव ॥३१॥ शङ्खदुन्दुभयो नेदुर्दिवि देवप्रणोदिताः ॥ जगुर्गन्धर्वपतयस्तुम्बुरुप्रमुखा नृप ॥३२॥ ततोऽनुरक्तैः पशुपैः परिश्रितो राजन्स गोष्ठं सबलोऽव्रजद्धरिः ॥ तथाविधान्यस्य कृतानि गोपिका गायन्त्य ईयुर्मुदिता हृदिस्पृशः ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे पञ्चविंशोऽध्यायः ॥ २५ ॥

पहिले जस्तै यथास्थान राखिदिए ॥२८॥ अनि प्रेमपूर्ण व्रजवासीले भगवान्को नगीचै आएर उनको आलिङ्गनादिले सत्कार गरेर गोपिनीहरूले दही, अक्षता आदिले अति आनन्द र प्रेमपूर्वक पूजा गरेर शुभ आशीर्वाद दिए ॥ २९ ॥ यशोदा, रोहिणी, नन्द र बलवान्हरूमा श्रेष्ठ बलरामले पनि स्नेहातुर भएर भाई श्रीकृष्णचन्द्रको आलिङ्गन गरे र उनलाई आर्शीर्वाद दिए ॥ ३० ॥ हे राजन्! त्यस वेला आकाशमा स्थित देवता, साध्य, सिद्ध र चारणादि प्रसन्न भएर भगवान्को स्तुति गर्दै पुष्प वर्षा गर्नलागे ॥३१॥ हे राजन्! स्वर्गमा देवताहरूले बजाएका शङ्ख र दुन्दुभीहरूको निनाद हुन लाग्यो र तुम्बुरु आदि गन्धर्व गान गर्नलागे ॥३२॥ हे राजन्! आफ्नो अनुरक्त गोपद्वारा पूजित भगवान् कृष्ण बलराम समेत व्रजमा प्रवेश गरे। उनैसित गोपिनीहरू पनि भगवान्का लीलाहरूको गान गर्दै गए ॥३३॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपालीभाषाटीकायां पञ्चविंशोऽध्यायः ॥२५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(श्रीकृष्णको प्रभावको विषयमा) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! भगवान् कृष्णको यस्तो अद्भुत पुरुषार्थ देखेर उनको प्रभावबाट अनभिज्ञ गोपगण सान्है छक्क परेर परस्पर कुरा गर्नलागे–॥ १ ॥ यस बालकका सबै कर्म सान्है विचित्र छन् । यिनले हामी ग्रामीणमा जन्म लिनु कसरी उचित हुन सक्तछ ? अहो ! जस्तै यौटा गजराज कमल-पुष्पलाई उठाउँछ त्यस्तै नै सात वर्षको यस बालकले सात दिनसम्म ख्याल-ख्यालमै यौटै हातमा गिरिराज गोवर्धनलाई उचालिराखे ॥ २-३ ॥ जस्तै काल शरीरलाई नष्ट पार्दछ, त्यसै गरी सानो अवस्थामै आँखा चिम्लेर नै यो बालकले महाबलवती पूयनाको प्राण सहित त्यसको स्तन-पान गरे ॥४॥ जब यी तीन महीनाका थिए तब यौटा गाडाको तल झुलामा पल्टेर रुँदा-रुँदै यिनले मास्तिर पाउ उफारेर यिनको लात्ती लाग्नाले गाडा पल्टियो ॥ ५ ॥ एक वर्षकै अवस्थामा यिनले आँगनमा बसी-बसी तृणावर्त दैत्यले आकाशमा लगेपछि उसको घाँटी थिचेर मारिदिए ॥६॥ एक पल्ट नौनी चोर्दा जब यशोदाले यिनलाई बाँधिदिइन् तब यी घुँडाले घस्रन्दै गएर दुई अर्जुन वृक्षको माझमा गएर ती वृक्ष मूला उखेले झैं

श्रीशुक उवाच ॥ एवंविधानि कर्माणि गोपाः कृष्णस्य वीक्ष्य ते ॥ अतद्वीर्यविदः प्रोचुः समभ्येत्य सुविस्मिताः ॥ १ ॥ बालककस्य यदेतानि कर्माण्यत्यद्भुतानि वै ॥ कथमर्हत्यसौ जन्म ग्राम्येष्वात्मजुगुप्सितम् ॥ २ ॥ यः सप्तहायनो बालः करेणैकेन लीलया ॥ कथं बिभ्रद्-गिरिवरं पुष्करं गजराडिव ॥ ३ ॥ तोकेनामीलिताक्षेण पूतनाया महौजसः ॥ पीतः स्तनः सह प्राणैः कालेनेव वयस्तनोः ॥ ४ ॥ हिन्वतोऽधः शयानस्य मास्यस्य चरणावुदक् ॥ अनोऽपतद्विपर्यस्तं रुदतः प्रपदाहतम् ॥ ५ ॥ एकहायन आसीनो ह्रियमाणो विहायसा ॥ दैत्येन यस्तृणा-वर्तमहन्कण्ठग्रहातुरम् ॥ ६ ॥ क्वचिद्धैयङ्गवस्तैन्ये मात्रा बद्ध उलूखले ॥ गच्छन्नर्जुनयोर्मध्ये बाहुभ्यां तावपातयत् ॥ ७ ॥ वने सञ्चारयन्वत्सान्सरामो बालकैर्वृतः ॥ हन्तुकामं बकं दोर्भ्यां मुखतोऽरिमपाटयत् ॥ ८ ॥ वत्सेषु वत्सरूपेण प्रविशन्तं जिघांसया ॥ हत्वा न्यापातयत्तेनकपित्थानि च लीलया ॥ ९ ॥ हत्वा रासभदैतेयं तद्बन्धूंश्च बलान्वितः ॥ चक्रे तालवनं क्षेमं परिपक्वफलान्वितम् ॥ १० ॥ प्रलम्बं घातयित्वोग्रं बलेन बलशालिना ॥ अमोचयद्व्रजपशून्गोपाँश्चारण्यवह्नितः ॥ ११ ॥ आशीविषतमाहीन्द्रं दमित्वा विमदं ह्रदात् ॥ प्रसह्योद्वास्य यमुनां चक्रेऽसौ निर्विषोदकाम् ॥ १२ ॥ दुस्त्यजश्चानुरागोऽस्मिन्सर्वेषां नो व्रजौकसाम् ॥ नन्द ते तनयेऽस्मासु तस्याप्यौत्पत्तिकः कथम् ॥ १३ ॥ क

उखेलेर धराशायी पारिदिए ॥ ७ ॥ यी जब बलरामसित अनेक ग्वाल-बालहरूले घेरिएर गाई चराईरहेका थिए, त्यस बेला यिनले आफ्नू वध गर्न इच्छुक बकासुरलाई देखेपछि आफ्ना बाहुले त्यसको चुच्चो फट्याएर मारिदिए ॥८॥ यसै प्रकार यिनको वध गर्ने इच्छाहरूमा मिसिएको वत्सासुरलालाई पनि मारिदिए र त्यसलाई कैथको वृक्षमा पछारेर सबै वृक्षहरू ढलाइदिए ॥९॥ बलरामसित मिलेर यिनले गर्दभरूपधारी धेनुकासुर र त्यसका बन्धु-बान्धवलाई मारे तथा पाकेका फलले पूर्ण तालवनलाई निर्भय पारे ॥१०॥ महाबलवान् बलराम द्वारा घोर दैत्य प्रलम्बासुरको वध गराएर यिनले पशुहरू र ग्वाललाई दावानलबाट बचाए ॥ ११ ॥ यसै प्रकार विषम विषधर नागराज कालीयको दमन गरेर उसको मान मर्दन गरे र बलपूर्वक उसलाई कालिय-दहबाट निकालेर युमनाको जल विषहीन पारिदिए ॥१२॥ हे नन्दीनी ! हामी त देख्दैछौं—तिम्रो यी बालकमा हामा व्रजवासीहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलियो अनुराग छ र यसको पनि मप्रति उस्तै प्रेम छ, यसको कारण के हो ? कहाँ सात वर्षको बालक र कहाँ महान् गोवर्धन उचाल्नु ! अतएव हे व्रजराज ! यी सबै अद्भुत कुराहरू-ले हामी तिम्रो पुत्रको विषयमा निकै संशय भइरहेछ। नन्दजीले भने–हे गोपगण ! मेरो कुरा सुन–यसले यो बालकको विषयमा उत्पन्न तिमीहरूको शंका निवारण हुनेछ। यस बालकको विषयमा गर्गजीले कुरा भनेका थिए, त्यो म तिमीहरूलाई सुनाउँछु ।। १४-१५ ।। उनले भनेका थिए—'यस बालकले प्रत्येक युगमा अवतार लिएपछि क्रमश सेतो, रातो र पहेलो यी तीन वर्ण थिए। यस बखत यी कृष्णवर्णका उत्पन्न भएका छन् ।। १६ ।। तिम्रो बालक कहिले वसुदेवकहाँ पनि उत्पन्न भएका थिए। यसै निम्ति विद्वान्हरू यिनलाई 'वासुदेव' भन्दछन् ।।१७।। गुण र कर्म अनुसार तिम्रो पुत्रका अनेक नाम र रूप छन्। उनलाई म जान्दछु, अरु व्यक्ति जान्दैनन् ।। १८ ।। यी बालक गोप र गोकुललाई आनन्दित पार्नेछन्। यिनको द्वारा तिम्रो ठूलो कल्याण हुनेछ। यिनकै सहायताले तिमीहरू सबै विपत्तिहरूबाट जोगिने छौ ।। १९ ।। हे व्रजराज ! पूर्व समयमा अराजकताको वेला दुष्ट दस्युहरूले

सप्तहायनो बालः क महाद्रिविधारणम् ।। ततो नो जायते शङ्का व्रजनाथ तवात्मजे ।। १४ ।। नन्द उवाच ।। श्रूयतां मे वचो गोपा व्येतु शङ्का च वोऽर्भके ।। एनं कुमारमुद्दिश्य गर्गो मे यदुवाच ह ।। १५ ।। वर्णास्त्रयः किलास्यासन्गृह्णतोऽनुयुगं तनुः ।। शुक्लो रक्तस्तथा पीत इदानीं कृष्णतां गतः ।। १६ ।। प्रागयं वसुदेवस्य क्वचिज्जातस्तवात्मजः ।। वासुदेव इति श्रीमानभिज्ञाः सम्प्रचक्षते ।। १७ ।। बहूनि सन्ति नामानि रूपाणि च सुतस्य ते ।। गुणकर्मानुरूपाणि तान्यहं वेद नो जनाः ।। १८ ।। एष वः श्रेय आधास्यद्गोपगोकुलनन्दनः ।। अनेन सर्वदुर्गाणि यूयमञ्जस्तरिष्यथ ।।१९।। पुराऽनेन व्रजपते साधवो दस्युपीडिताः ।। अराजके रक्ष्यमाणा जिग्युर्दस्यून्समेधिताः ।।२०।। य एतस्मिन्महाभागाः प्रीति कुर्वन्ति मानवाः ।। नारयोऽभिभवन्त्येतान्विष्णुपक्षानिवासुराः ।। २१ ।। तस्मान्नन्द कुमारोऽयं नारायणसमो गुणैः ।। श्रिया कीर्त्याऽनुभावेन तत्कर्मसु न विस्मयः ।। २२ ।। इत्यद्धा मां समादिश्य गर्गे च स्वगृहं गते ।। मन्ये नारायणस्यांशं कृष्णमक्लिष्टकारिणम् ।। २३ ।। इति नन्दवचः श्रुत्वा गर्गगीतं व्रजौकसः ।। मुदिता नन्दमानर्चुः कृष्णं च गतविस्मयाः ।। २४ ।। देवे वर्षति यज्ञविप्लवरुषा वज्राश्मवर्षानिलैः सीदत्पालपशुस्त्रि आत्मशरणं दृष्ट्वानुकम्प्युत्स्मयन् ।। उत्पाट्यैककरेण शैलमबलो लीलोच्छिलीन्ध्रं यथा बिभ्रद्गोष्ठमपान्महेन्द्रमदभित्प्रीयान्न इन्द्रो गवाम् ।। २५ ।।

पीडित साधुजनहरूले यिनै द्वारा सुरक्षित र सबल भएर दस्युमाथि विजय पाएका थिए ।।२०।। जो सौभाग्यशाली पुरुष यीसित प्रेम गर्दछन्, तिनलाई शत्रुले थिच्न सक्तैनन् जसरी विष्णुभगवान्का समर्थक देवतालाई दैत्यले जित्न सक्तैनन् ।।२१।। हे नन्दजी ! यी बालक गुण, श्री, कीर्ति र प्रभावको दृष्टिले साक्षात् नारायण झैं छन्। यिनका कर्महरू देखेर कुनै प्रकारको पनि आश्चर्य गर्नु पर्दैन' ।।२२।। यसरी आदेश दिएर गर्गमुनि आफ्नू घर फर्किए। त्यसै दिनदेखि म सर्वसमर्थ कृष्णलाई नारायणको अंश मानिरहेको छु ।।२३।। नन्दजीको मुखबाट गर्ग मुनिको कथन सुनेर व्रजवासी निकै प्रसन्न भए। तिनको विस्मय हरायो र ती नन्द र कृष्ण भगवानको भूरि-भूरि प्रशंसा तथा स्तुति गर्नलागे ।।२४।। यज्ञभङ्गले कुपित भएर जब इन्द्र घोर वर्षा गरिरहेका थिए, त्यस वेला स्त्रीहरू र गोधनका साथै समस्त व्रजवासी वज्रपात, असिना, बाछिटा र प्रचण्ड वायुले पीडित भई आफ्नू शरणमा आएका ॥४५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखेर कृष्णले तिनमा कृपा गर्नको निम्ति कुनै दुर्बल बालकले ख्याल-ख्यालमै गोबरे च्याउ उखेले झैं, हाँसी-हाँसी योटै हातले गोवर्धन पर्वत औंलोमा उचाले र सम्पूर्ण व्रजको रक्षा गरे। इन्द्रको मद धूलो पार्ने गोविन्द हामीमाथि प्रसन्न रहुन ॥ २५ ॥ इति श्रीमद्भागवते दशमस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां षड्विंशोऽध्यायः ॥२६॥

(भगवान् कृष्णचन्द्रको अभिषेक) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! आफ्नू *कृपाशक्तिले गोवर्धन उचालेर मुसलधारे वृष्टिबाट व्रजवासीको रक्षा गरिसकेपछि श्रीकृष्णकहाँ गोलोकबाट

इति श्रीमद्भागवते महापुराणे दशमस्न्धे पूर्वार्धे षड्विंशतितमोऽध्यायः ॥ २६ ॥

श्रीशुक उवाच ॥ गोवर्धने धृते शैल आसाराद्रक्षिते व्रजे ॥ गोलोकादाव्रजत्कृष्णं सुरभिःशक्र एव च ॥१॥ विविक्त उपसङ्गम्य व्रीडित·कृतहेलनः॥ पस्पर्श पादयोरेनं किरीटेनार्कवर्चसा॥२॥ दृष्टश्रुतानुभावोऽस्य कृष्णस्यामिततेजसः ॥ नष्टत्रिलोकेशमद इंद्र आह कृताञ्जलिः॥३॥ इंद्र उवाच ॥ विशुद्धसत्त्वं तव धाम शान्तं तपोमयं ध्वस्तरजस्तमस्कम् ॥ मायामयोऽयं गुणसम्प्रवाहो न विद्यतेतेऽनुग्रहणानुबन्धः ॥४॥ कुतो नु तद्धेतव ईश तत्कृतालोभादयो येऽबुध·

कामधेनु र स्वर्गबाट देवराज इन्द्र व्रजमा आए ॥ १ ॥ भगवान्को अवहेलना गरेकोमा मनमनै लज्जित इन्द्रले एकान्तमा गोविन्दको नगीचै गएर सूर्य झैं तेजस्वी मुकुटले उनको चरण स्पर्श गरे ॥ २ ॥ असाधारण तेजस्वी भगवान् कृष्णको प्रभाव देखे सुनेर इन्द्रको त्रिलोक पति हुने मद चूर्ण भयो र हात जोरेर उनले भने ॥३॥ देवराज इन्द्र भन्दछन्–हे प्रभो ! हजुर शुद्ध सत्वमय तेज शान्त, ज्ञानमय र रजोगुण रहित छ। यो गुणप्रवाहस्वरूप प्रपञ्च मायामय छ। हजुरमा यसको लेश पनि छैन। यो हजुरमा अज्ञानले नै भास-

---

* सत्संगका कुरा—१. भगवान्को कृपाशक्ति यस्तो बलवती हुन्छे कि सबै शक्ति उसकै अनुगत रहन्छन्। भगवान् पनि उसकै वशमा परेर भक्तको निम्ति थरि·थरिका बन्धन स्वीकार गर्दछन्। २—भगवान्का जति लीलाहरू छन् उनमा बाललीला भैरै उदार छ। अन्य लीलाहरूमा यदि भगवान् कसैलाई दिउन्, राक्षसलाई मारुन् अथवा कसैलाई राजा तुल्याउन् तपनि कुनै महत्व छैन। ठूलो यदि ठूलै बन्दछ भने कुनै महत्व छैन, ठूलो सानु बन्दछ भने उसमा महत्व छ। बाललीलामा भगवान्लाई अज्ञ बालक बन्नुपर्दछ, अज्ञ बालकद्वारा उचित स्वयं सम्मिलित भएर त्यस्तै नै लीला गर्नुपर्दछ र यसैमा उदारता छ। ३–भगवान्का माता पिता, आभूषण, धन-धाम, लीलावस्तु आदि सबै भगवान्का नै रूप हुन् र सबै नित्य छन्। भक्तिको प्रकाशमा तारतम्यको हिसाबले अवतारहरूका नाममा तारतम्य मिल्दछ। जुन भगवान् कूर्म हुन् उनै मत्स्य हुन् र उनै श्रीकृष्ण हुन्। शक्ति प्राकट्यको भेदानुसार अवताहरूको संज्ञा हुन्छ। भगवान् मत्स्य·कूर्म आदि देह धारण गर्दछन् भन्ने कुरा होइन। उनको जुन नित्य-शुद्ध स्वरूप छ, त्यही संसारमा आविर्भूत हुन्छ। भगवान्का जति चिन्मय स्वरूप हुन्, सबै अनादिकालदेखि नित्यधामका दिव्यलोकहरूमा नित्य विराजित ती र श्रीविग्रह लीलादिलसको निमित प्रकट हुन्छन्। योटै भगवान् अनन्त स्वरूपमा बनेका छन्। तिनमा भेद भए पनि अभेद र अभेद भए पनि भेद छ। वस्तुतः तिनमा केही पनि भेद छैन। अंशरूपमा आउन् अथवा अंशीरूपमा। स्वयं भगवान् जब अवतार लिन्छन् तब सारा अवतार आएर उनैमा मिसिन्छन्। भगवान् कृष्णमा मत्स्य कूर्म आदि सबै अवतारहरूका कार्य हुन्छन्। कहीं पनि सानो ठूलोको भाव ठान्नु हुँदैन। यो त भगवान्को लीला हो। ५. भगवान्को अचिन्त्य महाशक्तिमा विश्वास नगरीकन लीलाहरूमा रस आउँदैन। त्यसको स्थान-स्थानमा सन्देह उत्पन्न हुन्छ वा ती लीलाहरूको आध्यात्मिक अर्थ लगाएर तिनको अर्थ नष्ट पारी दिइन्छ। भगवान्का लीलावलि भक्तगणका सानुन्ने नित्य छ र वास्तवमा त्यो सत्य नै छ। ६–भगवान्मा सम्पूर्ण शक्तिहरू छन्, तर ती भक्तको प्रेमबाट अलग्ग रहन सक्तैनन्। अतः स्वयं अवतार लिन्छन्। ती अन्य कसैद्वारा भक्तको सङ्कट निवारण गर्न चाहन्नन्। यहाँ कर्तव्य पूरा हुँदैन, किनकि प्रेममा प्रतिनिधित्व हुन सक्तैन। ७–प्रेममा नित्य योरै भएको बोध हुन्छ। जो व्यक्ति आफूमा वर्ता र अन्यमा योरै प्रेमको कल्पना गर्दछन्, ती सत्य प्रेमी होइनन्। प्रेममा आफूमै योरै छ भन्ने प्रतीति हुन्छ। ८—प्रेमी भक्तगणको प्रेमले गर्दा भगवान्को ऐश्वर्य पाउ-पाउमा पराभव स्वीकार गर्दछन्। भगवान् आप्तकाम छन्, तर प्रेमी-भक्तहरूको प्रेमोपहार स्वीकार गर्नको निमित्त लालायित हुन्छन्। नित्य अकाममा पनि तीव्रकाम उत्पन्न हुन्छ। ९. प्रेमी भक्तहरूको प्रेम कार्यहरू जान्नका लागि उनकै जस्तो प्रेमी चित्त चाहिन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान मारदेछ ।। ४ ।। हजुरको सम्बन्ध अज्ञान र त्यसबाट प्राप्त हुने देहादिबाट पनि छैन । अनि ती देहादिको प्राप्तिका मूल कारण र तिनैबाट हुने लोभादिको त कुरै छैन ती अज्ञानका नै लक्षण हुन् । यसरी यो अज्ञानजनित जगत्सित हजुरको कुनै सम्बन्ध छैन तापनि धर्मको रक्षा र दुष्टजनको दमन गर्न हजुर बेला-बेलामा दण्ड धारण गर्ने गर्नुहुन्छ ।। ५ ।। हजुर जगत्का पिता, गुरु र स्वामी हुनुहुन्छ । हजुर यसको स्खालन गर्नका लागि कालरूपी दुस्तर दण्ड लिनु भएको छ । हजुर आफ्नो इच्छाले लीलामय शरीर धारण गरेर हामी जस्ता अभिमानीहरूको मद-मर्दन गर्दै संसारको कल्याणार्थ अनेक लीलाहरू गर्नुहुन्छ ।।६।। जुन म जस्ता अभिमानी र जगदीश्वर हुँ भन्ने अज्ञानी छन्, ती हजुरलाई भयको अवसरमा पनि निर्भय रहेको देखेर शीघ्र नै आफ्नू मद छाडी निरभिमानी विज्ञ जनको योग्य भक्ति मार्गको अवलम्बन गर्दछन् । हजुरका चेष्टा दुष्टजनमा मात्र शासन गर्दछन् ।।७।। हे भगवन् ! म ऐश्वर्यको मदले मत्त भएर हजुरको प्रभाव जान्न सकिन । हजुर म मन्दमतिको अपराध क्षमा गरिदिनुहवस् र अब यस्तो कृपा गर्नुहवसस् कि फेहिले पनि ममा

लिङ्गभावाः ।। तथापि दण्डं भगवान्बिभर्ति धर्मस्य गुप्त्यै खलनिग्रहाय ।। ५ ।। पिता गुरुस्त्वं जगतामधीशो दुरत्ययः काल उपात्तदण्डः ।। हिताय स्वेच्छातनुभिः समीहसे मानं विधुन्वन् जगदीशमानिनाम् ।। ६ ।। ये मद्विधाज्ञा जगदीशमानिनस्त्वां वीक्ष्य कालेऽभयमाशु तन्मदम् ।। हित्वाऽऽर्यमार्गं प्रभजन्त्यपस्मया ईहा खलानामपि तेऽनुशासनम् ।। ७ ।। स त्वं ममैश्वर्यमदप्लुतस्य कृतागसस्तेऽविदुषः प्रभावम् ।। क्षन्तुं प्रभोऽथार्हसि मूढचेतसो मैवं पुनर्भून्मतिरीश मेऽसती ।। ८ ।। तवावतारोऽयमधोक्षजेह स्वयम्भराणामुरुभारजन्मनाम् ।। चमूपतीनामभवाय देव भवाय युष्मच्चरणानुवर्तिनाम् ।। ९ ।। नमस्तुभ्यं भगवते पुरुषाय महात्मने ।। वासुदेवाय कृष्णाय सात्वतां पतये नमः ।। १० ।। स्वच्छन्दोपात्तदेहाय विशुद्धज्ञानमूर्तये ।। सर्वस्य सर्वबीजाय सर्वभूतात्मने नमः ।। ११ ।। मयेदं भगवन्गोष्ठनाशायासारवायुभिः ।। चेष्टितं विहते यज्ञे मानिना तीव्रमन्युना ।। १२ ।। त्वयेशानुगृहीतोऽस्मि ध्वस्तस्तम्भो वृथोद्यमः ।। ईश्वरं गुरुमात्मानं त्वामहं शरणं गतः ।। १३ ।। श्रीशुक उवाच ।। एवं सङ्कीर्तितः कृष्णो मघोना भगवानमुम् ।। मेघगम्भीरया वाचा प्रहसन्निदमब्रवीत् ।। १४ ।। श्रीभगवानुवाच ।। मया तेऽकारि मघवन्मखभङ्गोऽनुगृह्णता ।। मदनु·

यस्तो मूढता उत्पन्न नहोस् ।। ८ ।। हे देव ! हे अधोक्षज । जुन असुर-सेनापपि केवल आफ्नू भरण-पोषण गर्ने र पृथ्वीमा ठूलो भार उत्पन्न गर्ने कारण छन्, तिनको नाश गर्न र आफ्ना चरण-चिह्नका अनुगामी भक्तहरूको रक्षाका लागि नै हजुरको अवतार भएको छ ।। ९ ।। हे भगवन् ! सबै जीवका अन्तःकरणमा विराजमान सर्वव्यापक वासुदेव तथा यादपाधीश हजुर श्रीकृष्णचन्द्रलाई मेरो बारम्बार नमस्कार छ ।।१०।। हजुर इच्छित शरीरधारी विशुद्ध विज्ञानस्वरूप, सर्वमय, सबैका मूल कारण र सर्वभूत हुनुहुन्छ । हजुरलाई म नमस्कार गर्दछु ।। ११ ।। हे भगवन् ! म ठूलो अभिमानी थिएँ, यसै निम्ति आफ्नू यज्ञ-भङ्ग देखेर मैले अत्यन्त रिसले वर्षा र वायुद्वारा व्रजलाई नष्ट पार्न खोजें ।। १२ ।। तर हे ईश ! हजुरले ममाथि ठूलो कृपा गर्नुभयो, किनकि यसरी उद्यम व्यर्थ भएपछि मेरो जगदीश्वरतासम्बन्धी अभिमान हरायो । हजुर मेरा स्वामी, गुरु र आत्मा हुनुहुन्छ । म हजुरको शरणमा छु ।। १३ ।। शुकदेव भन्नुहुन्छ—हे राजन् ! यस प्रकार स्तुति गरेपछि भगवान् कृष्णले हाँसेर आफ्नू मेघ झैं गम्भीर वाणीमा भन्नुभयो ।। १४ ।। श्रीभगवान्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्नुहुन्छ–हे इन्द्र ! तिमी ऐश्वर्यको मदले उन्मत्त भएका थियौ । अतः तिमीमाथि कृपा गर्नको निम्ति मैले तिम्रो यज्ञ-भङ्ग गरेको हुँ । यसले तिमीलाई मेरो सम्झना भइरहनेछ ॥१५॥ जो ऐश्वर्य र लक्ष्मीको मदले अन्धो भएको हुन्छ, त्यो पुरुष म दण्डपाणिलाई देख्दैन । अतः म जसमाथि कृपा गर्नचाहन्छु, त्यसको ऐश्वर्य हरण गरिदिन्छु ॥१६॥ हे देवराज ! तिम्रो कल्याण होस, अब तिमी जाऊ र मेरो आज्ञा पालन गर्दै आफ्ना गर्वरहित सहयोगीहरूसित आफ्ना अधिकारको उपयोग गर ॥१७॥ त्यसपछि अफ्ना सन्तान सहित महामनस्विनी कामधेनुले गोरूपधारण गरी श्रीकृष्णलाई सम्बोधित गरिन् र उनको वन्दना गर्दै भनिन् ॥१८॥ सुरभी भन्दछिन्–हे कृष्ण ! हे कृष्ण ! हे महायोगिन् ! हे विश्वका उत्पत्तिस्थान ! हे अच्युत ! हजुर त्रिलोकपति द्वारा हामी सबै सनाथ भइसक्यौं, किनकि हामीलाई मार्न तत्पर इन्द्रको चेष्टा विफल पार्दै हजुरले हाम्रो रक्षा गर्नुभयो ॥१९॥ हे जगत्पते ! हजुर हाम्रा परम पूजनीय देवता हुनुहुन्छ । यसैनिम्ति हजुर नै गाई, ब्राह्मण, देवता र साधुजनको रक्षाका निम्ति हाम्रा इन्द्र बन्नोस् । हामी ब्रह्माको प्रेरणाले हजुरलाई आफ्ना इन्द्र मानेर हजुरको

स्मृतये नित्यं मत्तस्येन्द्रश्रिया भृशम् ॥१५॥ मामैश्वर्यश्रीमदान्धो दण्डपाणिं न पश्यति ॥ तं भ्रंशयामि सम्पद्भ्यो यस्य चेच्छाम्यनुग्रहम् ॥१६॥ गम्यतां शक्र भद्रं वः क्रियतां मेऽनुशासनम्॥स्थीयतां स्वाधिकारेषु युक्तैर्वः स्तम्भवर्जितैः॥१७॥अथाह सुरभिः कृष्णमभिवन्द्य मनस्विनी ॥ स्वसन्तानैरुपामन्त्र्य गोपरूपिणमीश्वरम् ॥१८॥ सुरभिरुवाच ॥ कृष्ण कृष्ण महायोगिन्विश्वात्मन्विश्वसम्भव ॥ भवता लोकनाथेन सनाथा वयमच्युत ॥१९॥ त्वं नः परमकं दैवं त्वं न इन्द्रो जगत्पते ॥ भवाय भव गोविप्रदेवानां ये च साधवः ॥२०॥इन्द्रं नस्त्वाऽभिषेक्ष्यामो ब्रह्मणानोदिता वयम् ॥ अवतीर्णोऽसि विश्वात्मन्भूमेर्भारापनुत्तये ॥२१॥ श्रीशुक उवाच ॥ एवं कृष्णमुपामन्त्र्य सुरभिः पयसात्मनः ॥ जलैराकाशगङ्गाया ऐरावतकरोद्धृतैः ॥२२॥ इन्द्रःसुरर्षिभिःसाकं नोदितो देवमातृभिः ॥ अभ्यषिञ्चत दाशार्हं गोविन्द इति चाभ्यधात् ॥२३॥ तत्रागतास्तुम्बुरुनारदादयो गन्धर्वविद्याधरसिद्धचारणाः॥ जगुर्यशो लोकमलापहं हरेःसुराङ्गनाः संननृतुर्मुदान्विताः ॥२४॥ तं तुष्टुवुर्देवनिकायकेतवो ह्यवाकिरँश्चाद्भुतपुष्पवृष्टिभिः ॥ लोकाः परां निर्वृतिमाप्नुवँस्त्रयो गावस्तदा गामनयन्पयोद्रुताम् ॥ २५ ॥ नानारसौघाः सरितो वृक्षा आसन्मधुस्रवाः ॥ अकृष्टपच्यौषधयो गिरयोऽबिभ्रदुन्मणीन् ॥ २६ ॥ कृष्णेऽभिषिक्त एतानि सत्त्वानि कुरुनन्दन ॥ निर्वैराण्यभवँस्तात क्रूराण्यपि निसर्गतः ॥ २७ ॥ इति गोगोकुलपतिं गोविन्दमभिषिच्य सः ॥ अनुज्ञातो ययौ

अभिषेक गर्दछौं । हे विश्वात्मन ! हजुरले पृथ्वीको भार हलुको पार्नलाई नै यस भूमण्डलमा अवतार लिनुभयो ॥२०॥२१॥ श्रीशुकदेव भन्नुहुन्छ–कामधेनुले भगवान् कृष्णसित यति भनेर आफ्नू दूधले र देवमाता अदितिको प्रेरणानुसार देवर्षिहरूका साथै इन्द्रले ऐरावत द्वारा आफ्नू सूँडमा ल्याएको आकाशगङ्गाको जलले श्रीकृष्णको अभिषेकगरेर उनलाई 'गोविन्द' नामले डाके ॥२२॥२३॥ त्यसै वेला नारद र तुम्बुरु आदि त्यहाँ आए र गन्धर्व, विद्याधर, सिद्ध र चारण आदि मिलेर भगवान्को निखिल दोषापहारी निर्मल गानगर्नलागे । अप्सराहरू अत्यन्त आनन्दित भएर नृत्य गर्नलागे ॥२४॥ त्यस वेला मुख्य-मुख्य देवताहरूले भगवानको स्तुति गर्दै प्रभुमाथि स्वर्गलोकबाट विचित्र पुष्पहरूको वर्षा गरे । तीनै लोकहरूमा परमानन्द व्याप्त भयो र गाईहरूका स्तनबाट स्वयं बगेको दूधले पृथिवी भिजिन् ॥२५॥ सबै नदीहरू थरि-थरिका रसले परिपूर्ण भए, वृक्षबाट मह बग्न लाग्यो र जसलो सर्दा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खन-जोत नगरेका औषधि अर्थात् अन्न उत्पन्न हुन्छन्, त्यस्ता पर्वतले प्रकट रूपबाट मणि धारण गरे ॥२६॥ हे कुरुनन्दन ! कृष्णको अभिषेक भइसकेपछि जुन जीव स्वभावैले क्रूर थिए, ती पनि वैरभावले हीन भए ॥२७॥ गाईहरू र समस्त गोकुलका अधिपति श्रीगोविन्दको यस प्रकार अभिषेक गरेर तथा उनको आज्ञा पाएर इन्द्र आफ्ना साथी देवताहरूसित स्वर्गलोक फर्किए ॥२८॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां सप्तविंशोऽध्यायः ॥२७॥

(भगवान्ले नन्दलाई वरुणकहाँबाट फर्काई ल्याउनु)–श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! एक दिनको कुरा हो, नन्दजीले एकादशीको निराहार व्रत गरेर भगवान्को पूजा गरे अनि द्वादशीको स्नान गन यमुनाको जलमा बलिए ॥१॥ त्यस वेला केही रात बाँकि नै थियो, तर थाहै नपाई नन्दजीले त्यो आसुरीवेलामा जलप्रवेश गर्नासाथ वरुणको दूत असुरले उनलाई समातेर आफ्ना स्वामी वरुणदेवकहाँ पुऱ्यायो ॥२॥ नन्दजी हराएपछि सबै गोप 'हे कृष्ण ! हे राम !' भन्दै रुन लागे । हे राजन् ! आत्मीय जनहरूका अभयदाता भगवान् गोविन्दले

शक्रो वृतो देवादिभिर्दिवम् ॥ २८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे इन्द्रस्तुतिर्नाम सप्तविंशोऽध्यायः ॥ २७ ॥

श्रीशुक उवाच ॥ एकादश्यां निराहारः समभ्यर्च्य जनार्दनम् ॥ स्नातुं नन्दस्तु कालिन्द्यां द्वादश्यां जलमाविशत् ॥१॥ तं गृहीत्वाऽनयद्भृत्यो वरुणस्यासुरोऽन्तिकम् ॥ अविज्ञायासुरीं वेलां प्रविष्टमुदकं निशि ॥ २ ॥ चुक्रुशुस्तमपश्यन्तः कृष्ण रामेति गोपकाः ॥ भगवाँस्तदुपश्रुत्य पितरं वरुणाहृतम् ॥ तदन्तिकं गतो राजन्स्वानामभयदो विभुः ॥३॥ प्राप्तं वीक्ष्य हृषीकेशं लोकपालः सपर्यया ॥ महत्या पूजयित्वाऽऽह तद्दर्शनमहोत्सवः ॥ ४ ॥ वरुण उवाच ॥ अद्य मे निभृतो देहोऽद्यैवार्थोऽधिगतः प्रभो ॥ त्वत्पादभाजो भगवन्नवापुः पारमध्वनः ॥ ५ ॥ नमस्तुभ्यं भगवते ब्रह्मणे परमात्मने ॥ न यत्र श्रूयते माया लोकसृष्टिविकल्पना ॥ ६ ॥ अजानता मामकेन मूढेनाकार्यवेदिना ॥ आनीतोऽयं तव पिता तद्भवान्क्षन्तुमर्हति ॥ ७ ॥ ममाप्यनुग्रहं कृष्ण कर्तुमर्हस्यशेषदृक् ॥ गोविन्द नीयतामेष पिता ते पितृवत्सल ॥ ८ ॥ श्रीशुक उवाच ॥ एवं प्रसादितः कृष्णो भगवानीश्वरेश्वरः ॥ आदायागात्स्वपितरं बन्धूनां चावहन्मुदम् ॥ ९ ॥ नन्दस्त्वतीन्द्रियं दृष्ट्वा लोकपालमहोदयम् ॥ कृष्णे च सन्नतिं

तिनको करुण क्रन्दन सुनेर तथा यो थाहा पाएर कि 'पिताजीलाई वरुणका दूतले लगे, वरुणकहाँ पुगे ॥३॥ भगवान् हृषीकेशलाई सम्मुख देखेर लोकपाल वरुणले उनको दर्शनले अत्यन्त आनन्दित भएर धेरै पूजा सामग्री द्वारा उनको पूजा गरेर भने ॥४॥ वरुण भन्दछन्–हे प्रभो ! आज मैले शरीर धारण गरेको सफल भयो र आज मेरा सबै मनोरथ सिद्ध भए । हे भगवन् ! हजुरका चरणको सेवा गर्ने व्यक्तिहरू यस संसारबाट पारी तरेर जान्छन् ॥५॥ जुन महाप्रभुमा लोक सृष्टिको कल्पना गर्ने माया सुन्न पाइन्न, त्यस्ता हजुर षडैश्वर्यले पूर्ण, सर्वत्र व्याप्त र सबैका आत्मा हुनुहुन्छ । हजुरलाई मेरो प्रणाम छ॥६॥ हे प्रभो ! आफ्नो कर्तव्यले अनभिज्ञ मेरो यौटा भृत्यले थाहै नपाई हजुरको पितालाई ल्याएको छ, हजुर त्यसको अपराध क्षमा गर्नुहवस् ॥७॥ हे पितृवत्सल ! यी हजुरका पिता हुन् । यिनलाई लैजानुहवस् । हजुर सबैका साक्षी हुनुहुन्छ । हे गोविन्द ! ममाथि कृपा गर्नोस् ॥८॥ शुकदेव भन्दछन्–ब्रह्मादि ईश्वरका पनि ईश्वर भगवान् कृष्ण वरुणद्वारा यसरी आफ्नो विजय गरेपछि बन्धु-बान्धवहरूलाई प्रसन्न पार्दै पिता नन्दलाई लिएर व्रजमा फर्किए ॥९॥ नन्दजीले लोकपाल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरुणको अतीन्द्रिय वैभव र श्रीकृष्णप्रति उनको विनय देखेका थिए, अतः विस्मित भावले आफ्ना जाति-भाइलाई सारा वृत्तान्त सुनाए ॥१०॥ यसले गोपहरूले श्रीकृष्णलाई ईश्वर ठाने र ती अतिउत्सुक भएर मनमनै विचार्न लागे 'के सर्वेश्वर कृष्ण कहिले हामीलाई पनि आफ्नू यस सूक्ष्मगतिसम्म पुऱ्याउलान् ?॥११॥ अन्तर्यामी स्वजनको त्यस्तो विचारले जानेर त्यसलाई पूर्ण पार्ने उपाय विचार्न लाग्नुभयो–॥१२॥ यस लोकमा जीव, अज्ञान कामना र कर्मले अनेक योनिहरूमा घुम्दै आफ्नू वास्तविक गतिलाई राम्ररी बुझ्न सक्तैन ॥१३॥ मनमा यस्तो बिचार गरेर करुणामूर्ति भगवान्‌ले ती गोपलाई आफ्नो अज्ञानातीत परमधाम देखाउनु भयो ॥१४॥ जुन सत्य, ज्ञान, अनन्त र सनातन ब्रह्मज्योति रूप छ । जसलाई मुनिजन गुणसम्बन्ध त्यागिदिएपछि एकाग्रचित भएर देख्दछन् ॥१५॥ त्यस ब्रह्मपदलाई पाएर ती सबै गोप त्यसैमा लीन भए । अनि कृष्णले तिनलाई उसबाट झिक्नुभयो । त्यसबाट बाहिर आएर गोपहरूले सगुण ब्रह्मको त्यो लोक देखे, जुन पहिले अक्रूरले देखिसकेका थिए ॥१६॥ त्यो दिव्यलोक देखेर नन्दादि गोपगणलाई आनन्द प्राप्त भयो । त्यहाँ श्रीकृष्णलाई

तेषां ज्ञातिभ्यो विस्मितोऽब्रवीत् ॥ १० ॥ ते त्वौत्सुक्यधियो राजन्मत्वा गोपास्तमीश्वरम् ॥ अपि नः स्वगतिं सूक्ष्मामुपाधास्यदधीश्वरः ॥ ११ ॥ इति स्वानां स भगवान्विज्ञायाखिलदृक् स्वयम् ॥ सङ्कल्पसिद्धये तेषां कृपयैतदचिन्तयत् ॥ १२ ॥ जनो वै लोक एतस्मिन्नविद्याकामकर्मभिः ॥ उच्चावचासु गतिषु न वेद स्वां गतिं भ्रमन् ॥ १३ ॥ इति सञ्चिन्त्य भगवान्महाकारुणिको हरिः ॥ दर्शयामास लोकं स्वं गोपानां तमसः परम् ॥ १४ ॥ सत्यं ज्ञानमनन्तं यद्ब्रह्मज्योतिः सनातनम् ॥ यद्धि पश्यन्ति मुनयो गुणापाये समाहिताः ॥ १५ ॥ ते तु ब्रह्महृदं नीता मग्नाः कृष्णेन चोद्धृताः ॥ ददृशुर्ब्रह्मणो लोकं यत्राक्रूरोऽध्यगात्पुरा ॥ १६ ॥ नन्दादयस्तु तं दृष्ट्वा परमानन्दनिर्वृताः ॥ कृष्णं च तत्र छन्दोभिः स्तूयमानं सुविस्मिताः ॥ १७ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धेऽष्टाविंशतितमोऽध्यायः ॥ २८ ॥

श्रीशुक उवाच ॥ भगवानपि ता रात्रीः शरदोत्फुल्लमल्लिकाः ॥ वीक्ष्य रन्तुं मनश्चक्रे योगमायामुपाश्रितः ॥ १ ॥ तदोडुराजः ककुभः करैर्मुखं प्राच्या विलिम्पन्नरुणेन शन्तमैः ॥ स चर्षणीनामुदगाच्छुचो मृजन् प्रियः प्रियाया इव दीर्घदर्शनः ॥ २ ॥ दृष्ट्वा कुमुद्वन्तमखण्डमण्डलं रमाननाभं नवकुंकुमारुणम् ॥ वनं च तत्कोमलगोभिरञ्जितं जगौ कलं वामदृशां मनोहरम् ॥ ३ ॥ निशम्य गीतं तदनङ्गवर्धनं व्रजस्त्रियः

वेदादि द्वारा स्तूयमान देखेर उनलाई ठूलो विस्मय भयो ॥१७॥ इति श्रीमद्भागवते महापुराणे पूर्वार्धे पं० गौरीशंकरकृत 'वासिष्ठी' भाषाटीकायामष्टाविंशतितमोऽध्यायः ॥२८॥

(रासलीला) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! मल्लिकाको विकसित कुसुम भएको शरद् ऋतुको रमणीय रात्रि देखेर भगवान्‌ले योगमायाको आश्रय लिई रमण गर्ने इच्छा गरे ॥१॥ जस्तै परदेशबाट धेरै दिनमा फर्केको पति आफ्नी प्रियालाई कुंकुमरागले रंजित गरेर आनन्दित पार्दछ, त्यस्तै नै किरणहर द्वारा आफ्नो लालिमाले प्राचीदिशाको मुख रंजित पार्दै पूर्ण चन्द्रमा निस्के । किरणहरू उदित हुनासाथ सबै जीवको ताप नष्ट भयो॥२॥ आकाशमा लक्ष्मीको मुखमण्डल समान राम्रो र नवकुसुम समान अरुण अखण्ड चन्द्रदेव तथा तिनका कोमल किरणहरूले रंजित वृन्दावन देखेर भगवान्‌ले व्रज-सुन्दरीहरूको मन हरण गर्ने मधुर गान गाले ॥३॥ त्यो कामोद्दीपक गान सुन्नासाथ सबै व्रजबालाहरू कृष्णमा संलग्नचित्त भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यौटीले अकौंसित आफ्ना चेष्टा छल्काउँदै आफ्ना कान्त कृष्णकहाँ दगुरे । अत्यन्त वेगले हिंड्दा ती गोपिनीका कमनीय कुण्डल हल्लन थाल्दथे॥ ४॥ उस वेला तिनीहरूमध्ये केही गोपिनी दूध दुहिरहेका थिए, ती उत्सुकतावश दुहुन छाडेर हिंडे । कोही चुल्होमा बसालेको दूध त्यहीं छाडेर र कोही छड्कीरहेको लप्सी त्यसै छाडेर दगुरे॥५॥ कतिपय गोपिनीहरू पति-पुत्रको निम्ति खानेकुरा पस्किरहेका थिए, त्यो पस्कन छाडेर दगुरे । यसै प्रकार बालकलाई दूध ख्वाउनलागेका गोपिनी दूध ख्वाउन छाडेर, पतिको सेवा गर्ने त्यो सेवा छाडेर, खानलागेका गोपिनी खानेकुरा छाडेर दगुरे । ती मध्ये कोही चन्दनादि लगाउँदै तथा काहो बुकुवा घस्तै थिए र केही आँखामा अंजन लगाइरहेका थिए । ती सबै आफाफ्ना शृङ्गार छाडेर दगुरे । केही गोपिनी हडबडीमा शरीरमा उल्टो-सुल्टो वस्त्राभूषण लगाई श्रीकृष्णकहाँ भागे र ॥६॥७॥ यद्यपि तिनका पति, पिता, भ्राता र बन्धुहरूले सकेसम्म रोक्न खोजे तापनि श्रीकृष्णले तिनको मन यसरी हरिसकेका थिए कि ती मुग्धा गोपिनी तिनले छेकेर मानेनन् ॥८॥ केही गोपिनी घर भित्र थिए, ती घरवालालेछेकि दिनाले बाहिर निस्कनपाएनन् अनि

कृष्णगृहीतमानसाः ॥ आजग्मुरन्योन्यमलक्षितोद्यमाः स यत्र कान्तो जवलोलकुण्डलाः ॥ ४ ॥ दुहन्त्योऽभिययुः काश्चिद्दोहं हित्वा समुत्सुकाः ॥ पयोऽधिश्रित्य संयावमनुद्वास्यापरा ययुः ॥ ५ ॥ परिवेषयन्त्यस्तद्धित्वा पाययन्त्यः शिशून्पयः ॥ शुश्रूषन्त्यः पतीन्काश्चिदश्नन्त्योऽपास्य भोजनम् ॥ ६ ॥ लिम्पन्त्यः प्रमृजन्त्योऽन्या अञ्जन्त्यः काश्च लोचने ॥ व्यत्यस्तवस्त्राभरणाः काश्चित्कृष्णान्तिकं ययुः ॥ ७ ॥ ता वार्यमाणाः पतिभिः पितृभिर्भ्रातृबन्धुभिः ॥ गोविन्दापहृतात्मानो न न्यवर्तन्त मोहिताः ॥ ८ ॥ अन्तर्गृहगता काश्चिद्गोप्योऽलब्धविनिर्गमाः ॥ कृष्णं तद्भावनायुक्ता दध्युर्मीलितलोचनाः ॥ ९ ॥ दुःसहप्रेष्ठविरहतीव्रतापधुताशुभाः ॥ ध्यानप्राप्ताच्युताश्लेषनिर्वृत्या क्षीणमङ्गलाः ॥ १० ॥ तमेव परमात्मानं जारबुद्ध्याऽपि सङ्गताः ॥ जहुर्गुणमयं देहं सद्यः प्रक्षीणबन्धनाः ॥ ११ ॥ राजोवाच ॥ कृष्णं विदुः परं कान्तं न तु ब्रह्मतया मुने ॥ गुणप्रवाहोपरमस्तासां गुणधियां कथम् ॥ १२ ॥ श्रीशुक उवाच ॥ उक्तं पुरस्तादेतत्ते चैद्यः सिद्धिं यथा गतः ॥ द्विषन्नपि हृषीकेशं किमुताधोक्षजप्रियाः ॥ १३ ॥ नृणां निःश्रेयसार्थाय व्यक्तिर्भगवतो नृप ॥ अव्ययस्याप्रमेयस्य निर्गुणस्य गुणात्मनः ॥ १४ ॥ कामं क्रोधं

श्रीकृष्णको भावनाले उनमै तन्मय भएर आँखा चिम्ली आफ्नू हृदयमा नै उनको ध्यान गर्नलागे ॥९॥ आफ्ना पियतम कृष्णको दुःसह विरहले तिनका सबै अशुभ कर्म भस्म भएर गए र ध्यानावस्थामा प्राप्त प्रभुको आलिङ्गन गरेको परमानन्दले तिनका शुभकर्म पनि रहेनन् ॥१०॥ यसरी जार बुद्धिले पनि परमात्मा कृष्णको संगति हुनाले तिनका कर्मबन्धन भाँचिएर तिनले तुरुन्त आफ्नू त्रिगुणमयी देह त्यागिदिए ॥११॥ यति कथा सुनेर राजा परीक्षितले सोधे–हे मुने ! ती व्रजबालाहरू त भगवान् कृष्णचन्द्रलाई आफ्ना परम प्रिय पति मान्दथे, तिनको उनमा ब्रह्मभाव कहिले पनि थिएन । अनि गुणमयी बुद्धिले युक्त भएर पनि तिनको गुणप्रवाहरूपी संसार कसरी समाप्त भयो ? ॥१२॥ शुकदेवल भन्नुभयो—हे राजन् ! मैले पहिल्यै भनिसकेको छु–शिशुपालले द्वेषभावले भगवान्को चिन्तन गरेर पनि परमपद प्राप्त गरेको थियो । फेरि जो श्रीकृष्णका अनन्य प्रिय थिए, ती गोपिनीको विषयमा के भन्ने ? ॥१३॥ हे राजन् ! वास्तवमा भगवान् अव्यय, अप्रमेय, निर्गुण र गुणहरूका अधिष्ठान हुन् । मनुष्यको कल्याणार्थ नै उनको सगुण अवतार हुन्छ ॥१४॥ जो व्यक्ति सधैं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्मा काम, क्रोध, भय, स्नेह, ऐक्य वा सौहार्दको भाव राख्दथे, ती पनि उनको तन्मयतामा प्राप्त हुन पुग्दथे ॥ १५ ॥ हे राजन् ! पिमीले योगेश्वर र अजन्मा कृष्णको विषयमा यस्तो संशय गर्नु उचित छैन, किनकि उनको कृपाले सारा संसार मुक्त हुन सक्छ ॥ १६ ॥ अँ, ती व्रजबालाहरूलाई आफूकहाँ आएका देखेर वक्ताहरूमा श्रेष्ठ भगवान् कृष्ण आफ्नू वाक्चतुर्यद्वारा मोहित पार्दै भन्नुभयो ॥ १६ ॥ श्रीकृष्ण भगवान् भन्नुहुन्छ–हे महाभागा हो ! तिमीहरूको स्वागत छ । भन, म तिमीहरूको कुन प्रिय काम गरूँ ? व्रजमा त सबै कुशल छ ? यस बखत तिमीहरू यहाँ आउने कारण बताओ ॥ १८ ॥ हे सुन्दरी हो ! रात निकै डरलाग्दो छ र अनेक हिंसक जीव यता-उता डुलिरहेका छन् । अतएव तिमीहरू तुरुन्त घर फर्क । यहाँ स्त्रीहरूले धेरै बेर बस्नु उचित छैन ॥१९॥ तिमीहरूलाई नदेखेर पिम्रा पिता-माता, पुत्र, दाजू-भाइ र पति आदि खोज्दै होलान् । व्यर्थ आफ्ना बन्धुलाई अत्यास नपार ॥२०॥ यहाँ आएर सबैले चन्द्रमाका किरणले रंगीन, यमुना जलको स्पर्शले शीतल, मन्द पवनको गतिले हल्लने सुशोभित र मनोहर वृन्दावनको शोभा हेरिसक्यौ ॥२१॥

भयं स्नेहमैक्यं सौहृदमेव च ॥ नित्यं हरौ विदधतो यान्ति तन्मयतां हि ते ॥ १५ ॥ न चैवं विस्मयः कार्यो भगवता भगवत्यजे ॥ योगेश्वरेश्वरे कृष्णे यत एतद्विमुच्यते ॥ १६ ॥ ता दृष्ट्वान्तिकमायाता भगवान्व्रजयोषितः ॥ अवदद्वदतां श्रेष्ठो वाचः पेशैर्विमोहयन् ॥ १७ ॥ श्रीभगवानुवाच ॥ स्वागतं वो महाभागाः प्रियं किं करवाणि वः ॥ व्रजस्यानामयं कच्चिद्ब्रूतागमनकारणम् ॥ १८ ॥ रजन्येषा घोररूपा घोरसत्त्वनिषेविता ॥ प्रतियात व्रजं नेह स्थेयं स्त्रीभिः सुमध्यमाः ॥ १६ ॥ मातरः पितरः पुत्रा भ्रातरः पतयश्च वः ॥ विचिन्वन्ति ह्यपश्यन्तो मा कृढ्वं बन्धुसाध्वसम् ॥ २० ॥ दृष्टं वनं कुसुमितं राकेशकररञ्जितम् ॥ यमुनानिललीलैजत्तरुपल्लवशोभितम् ॥ २१ ॥ तद्यात मा चिरं गोष्ठं शुश्रूषध्वं पतीन् सतीः ॥ क्रन्दति वत्सा बालाश्च तान्पाययत दुह्यत ॥ २२ ॥ अथवा मदभिस्नेहाद्भवत्यो यन्त्रिताशयाः ॥ आगता ह्युपपन्नं वः प्रीयन्ते मयि जन्तवः ॥ २३ ॥ भर्तुः शुश्रूषणं स्त्रीणां परो धर्मो ह्यमायया ॥ तद्बन्धूनां च कल्याण्यः प्रजानां चानुपोषणम् ॥ २४ ॥ दुःशीलो दुर्भगो वृद्धो जडो रोग्यधनोऽपि वा ॥ पतिः स्त्रीभिर्न हातव्यो लोकेप्सुभिरपातकी ॥ २५ ॥ अस्वर्ग्यमयशस्यं च फल्गु कृच्छ्रं भयावहम् ॥ जुगुप्सितं च सर्वत्र औपपत्यं कुलस्त्रियाः ॥ २६ ॥ श्रवणाद्दर्शनाद्ध्यानान्मयि भावोऽनुकीर्तनात् ॥ न तथा सन्निकर्षेण प्रतियात ततो गृहान् ॥ २७ ॥

अतः हे सती हो ! अब अबेर नगर, तुरुन्त घरघरै जाओ र आफाफ्ना पतिको सेवा गर । घरमा तिम्रा बालक र बाछाहरू रोइरहेका होलान्, तिनलाई दूध देओ र गाईहरू दुह ॥२२॥ यदि मेरो स्नेहले आसक्त-चित्त भएर सबै यहाँ आएका हौ भने यो पनि अनुचित होइन, किनकि सबै प्राणी मसित प्रेम गर्दछन् ॥ २३ ॥ हे कल्याणी हो ! पति र पतिका बन्धुहरूको निष्कपट भावले सेवा गर्नु र सन्तानको पालन-पोषण गर्नु नै नारीको सर्वश्रेष्ठ धर्म हो ॥ २४ ॥ जुन स्त्रीलाई शुभगति प्राप्त गर्ने इच्छा छ, ती पातकी बाहेक अरु कुनै पनि स्थितिमा पतिलाई नत्यागुन् । फेरि त्यो नजाति बानी भएको, अभागी, वृद्ध, मूर्ख, रोगी र निर्धन भए पनि नत्याग्नु ॥ २५ ॥ कुलवधुहरूको निम्ति जार-सेवा सर्वथा वर्जित छ, निन्दनीय छ । यसले तिनलाई स्वर्ग प्राप्त हुँदैन र संसारमा तिनको अपयश हुन्छ । यो अत्यन्त तुच्छ, कष्टदायक कर्म हो ॥ २६ ॥ यदि तिमीहरूलाई मेरो अनन्य प्रेमको नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छा भए मेरो गुन श्रवण, दर्शन ध्यान र नामकीर्तन गर्नाले मप्रति जस्तो प्रेम हुन्छ, त्यस्तो मैनेर बस्नाले हुँदैन। अतः तिमीहरू आफआफ्ना घर जाओ ।। २७ ।। श्रीशुकदेव भन्नुहुन्छ—हे राजन्! गोविन्दको यो कठोर भाषण सुनेर गोपिनीहरू खिन्न भए र आशा भङ्ग हुनाले तिनीहरूलाई ठूलो चिन्ता पर्‍यो ।।२८।। शोकवश लामो र तातो निःश्वासले जसका अधरपुट सुकेका थिए, त्यस्तो अनुहार न्यूराएर ती गोपिनी आफ्ना खुट्टाका नङले भूमि कोप्याउन लागे। नेत्रका गाजलको कालिमा मिसिएर निस्कने आँसुले

श्रीशुक उवाच ।। इति विप्रियमाकर्ण्य गोप्यो गोविन्दभाषितम् ।। विषण्णा भग्नसङ्कल्पाश्चिन्तामापुर्दुरत्ययाम् ।। २८ ।। कृत्वा मुखान्यवशुचः श्वसनेन शुष्यद्बिम्बाधराणि चरणेन भुवं लिखन्त्यः ।। अस्रैरुपात्तमषिभिः कुचकुंकुमानि तस्थुर्मृजन्त्य उरुदुःखभराः स्म तूष्णीम् ।। २९ ।। प्रेष्ठं प्रियेतरमिव प्रतिभाषमाणं कृष्णं तदर्थविनिवर्तितसर्वकामाः ।। नेत्रे विमृज्य रुदितोपहते स्म किञ्चित्संरम्भगद्गदगिरोऽब्रुवतानुरक्ताः ।। ३० ।। गोप्य ऊचुः ।। मैवं विभोऽर्हति भगान्गदितुं नृशंसं सन्त्यज्य सर्वविषयाँस्तव पादमूलम् ।। भक्तं भजस्व दुरवग्रह मा त्यजास्मान् देवो यथाऽऽदिपुरुषो भजते

आफ्ना कुच-कुङ्कुम पखाल्दै कष्टको ठूलो भारीले थिचिएर ती मौन उभिइरहे※। २९।। आफ्ना प्यारा कृष्णको निम्ति जसले सबै विषय छाडिदिएका थिए, ती अनुरागिणी गोपिनीहरू रुनाले आँसुले भरिएका नेत्र पुछेर प्रणय-कोपयुक्त गद्गद् वाणीमा प्रियतम भएर पनि यस्तो अप्रिय भाषण दिने कृष्णचन्द्रसित भन्नलागे ।। ३० ।। गोपिनीहरूले भने—हे विभो! हजुरले यस्ता कठोर वचन नभन्नु पर्ने. हामी अन्य विषयहरू छाडेर केवल हजुरका चरण-कमलमा नै संलग्न छौं। अतएव हे स्वच्छन्द! आदिपुरुष नारायण मुमुक्षु जनहरूलाई

※ सत्संगचर्चा—१. भगवानका लीलाको सम्बन्धमा जुन बेला कुनै संदेह हुन्छ, त्यस बेला हामी भगवान्लाई भगवान् मान्दैनौं, उनलाई आफ्नो श्रेणीमा ल्याउँछौं, नभए कुनै सन्देह हुन सक्तैन। भगवान्को प्रत्येक कार्य र वाणी देख्दा विषम भए पनि तत्वतः सत्य छ। २. कोही आफ्नू बुद्धिले सन्देह मेट्न खोजे पनि मेटिन, झन् बढ्दछन्। सन्देह मेट्ने एकमात्र उपाय हो नारायणका चरणमा शरणापन्न हुनु, सन्देह त्यहीं भाग्छ ३. राधा-कृष्ण हामी जस्तै कर्मले जन्मने पाँचभौतिक देहधारी होइनन् र स्त्री-पुरुष पनि होइनन्। साक्षात् सच्चिदनन्दघन स्वस्वरूप हुन् र योटै लीलाको लागि दुइ रूपमा प्रकट भएका हुन्। राधा श्रीकृष्णकी शक्ति हुन्। राधा नै कृष्ण र कृष्ण नै राधा हुन्। राधा कृष्णकी पत्नी होइनन्, राधा भगवान् हुन्। श्रीकृष्ण राधाका पति होइनन, भगवान् राधा हुन्। फेरि राधा-कृष्ण स्त्री-पुरुष, पति-पत्नी, प्रकृति-पुरुष र पुरुषोत्तम पनि हुन्। ती दुवैको महिमा कसले जान्न सक्दछ! ४. भगवान्को देह छैन, त्यहाँ देह-देहीको भेद छैन, भगवान्को देह मायिक पाञ्चभौतिक एवं कर्मफलजन्य छैन। भगवान् र उनको देहमा कुनै भेद छैन। ५. सेवकको धर्म हो—स्वामीलाई जुन बेला के चाहिन्छ, यो आफैं जानोस्। सेवक सेवाको अवसर स्वयं खोजोस्। स्वामीले आज्ञा दिने मौकै नपाउन्। ६. सेवाका तीन भेद छन्—(क) निकृष्ट—जुन व्यवहार वा लोकनिन्दाको डरले गर्नै पर्दछ, तर मनमा गाह्रो लाग्दछ। (ख) मध्यम—सेवा गर्नु कर्तव्य र धर्म हो। नगर्नाले कर्तव्य र धर्मबाट च्युत होइन्छ। (ग) उत्तम—नगरी बस्नै सकिन्न। यस्तो सेवा प्रेम र स्नेहले वा स्वभावले हुन्छ। कर्तव्य र स्वार्थादिले होइन। ७. जो प्रति जसको वास्तविक प्रेम छ, उसको सेवा आफ्नै हातले गर्दछ। प्रेमको परीक्षा सेवाले नै हुन्छ। कुनै रोगीको नगीच मैले दस जना सेवक राखिदिएँ, प्रशस्त धन दिएँ तर त्यो प्रेम हुन सक्तैन। प्रेमले त यस्तो स्थितिउत्पन्न गरिदिन्छ कि स्वयं आफ्नै हातले सेवा नगरी बस्नै सकिन्न। त्यस बीच कुनै स्वार्थ आउन्न। हाम्रो स्वार्थ त्यसैमा छ। ८. प्रेमी भक्त नित्य प्रेमको वरदान माग्दछन्। त्यो प्रेमको आफ्नो स्वभाव नै हो—नित्य प्रेमको इच्छा गर्नु। जुन प्रेम घटी बढी रहन्छ, त्यो प्रेम होइन। ९. सकाम भक्त दुवै भगवान्सित वरदान माग्दछन्, तर सकाम भक्त यस्तो वरदान माग्दछ जसले आफ्नो हित होस् तर शुद्ध भक्त यस्तो वरदान माग्छन्—जसले जगत्को कल्याण होस र प्रेमी भक्त—भगवान्सित भगवान्कै सुखको वरदान माग्दछ, आफू जसोतुकै स्थितिमा रहुन्! १०. भगवान्लाई वशमा पार्ने प्रेम नहोस् तर उसमा भगवान्को कृपा छैन भने प्रेम भएर पनि हामी भगवान्लाई प्रेम-बन्धनमा बाँध्न सक्तैनौं।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भज्दछन्, त्यस्तै नै हजुर हामीलाई अङ्गीकार गर्नुहवस्–नत्याग्नोस् ॥३१॥ हे कृष्ण ! धर्मका विशेषज्ञ हजुरले भन्नुभएको छ–पति, पुत्र र बान्धवजनको सेवा नै नारीको धर्म हो, त्यही उपदेशको विषयभूत हजुर ईश्वरमा नै हाम्रो यस्ता भाव हुन्, किनकि सबै देहधारीहरूका प्रियतम, बन्धु र आत्मा एकमात्र हजुर नै हुनुहुन्छ ॥३२॥ कुशल पुरुष नित्यप्रिय आत्मस्वरूप हजुरसित नै प्रेम गर्दछन् । संसारमा सदा कष्ट दिने पति-पुत्रादिसित उनलाई के चासो ? अतः हे परमेश्वर ! प्रसन्न हुनोस् । हे कमलनयन ! हामीधेरै दिनदेखि आशा गरिरहेका छौं, हजुर हाम्रो आशालाई छिन्न नपार्नोस् ॥३३॥ जबसम्म हाम्रो चित्त घरमा आसक्त थियो, त्यसलाई हजुरले हरण गर्नुभयो । हाम्रा हात घर-धन्धामा लागेका थिए,ती पनि निश्चेष्ट भए र हाम्रा खुट्टा हजुरका चरणकमलको निकटता छाडेर एक पाइला पनि पछि सर्न मान्दैनन्, अनि हामी कसरी व्रजमा फर्कने ? त्यहाँ ग र पनि के गर्ने ? प्रियतम ! हजुरको मन्द-मन्द हास्ययुक्त हेराई र हजुरको मनोहर गीतले हाम्रो हृदयमा कामानल प्रज्वलित भइरहेछ । त्यसलाई आफ्ना अधरामृतको प्रवाहले भिजाएर शान्त पार्नोन्, नत्र हजुरको विरहले उत्पन्न

मुमुक्षून् ॥ ३१ ॥ यत्पत्यपत्यसुहृदामनुवृत्तिरङ्ग स्त्रीणां स्वधर्म इति धर्मविदा त्वयोक्तम् ॥ अस्त्वेवमेतदुपदेशपदे त्वयीशे प्रेष्ठो भवाँस्तनुभृतां किल बन्धुरात्मा ॥ ३२ ॥ कुर्वन्ति हि त्वयि रतिं कुशलाः स्व आत्मन्नित्यप्रिये पतिसुतादिभिरार्तिदैः किम् ॥ तन्नः प्रसीद परमेश्वर मा स्म छिन्द्या आशां भृतां त्वयि चिरादरविन्दनेत्र ॥ ३३ ॥ चित्तं सुखेन भवताऽपहृतं गृहेषु यन्निर्विशत्युत करावपि गृह्यकृत्ये ॥ पादौ पदं न चलतस्तव पादमूलाद्यामः कथं व्रजमथो करवाम किं वा ॥ ३४ ॥ सिञ्चाङ्ग नस्त्वदधरामृतपूरकेण हासावलोककलगीतजहृच्छयाग्निम् ॥ नोचेद्वयं विरहजाग्न्युपयुक्तदेहा ध्यानेन याम पदयोः पदवीं सखे ते ॥ ३५ ॥ यर्ह्यम्बुजाक्ष तव पादतलं रमाया दत्तक्षणं क्वचिदरण्यजनप्रियस्य ॥ अस्प्राक्ष्म तत्प्रभृति नान्यसमक्षमङ्ग स्थातुं त्वयाभिरमिता बत पारयामः ॥ ३६ ॥ श्रीर्यत्पदाम्बुजरजश्चकमे तुलस्या लब्ध्वाऽपि वक्षसि पदं किल भृत्यजुष्टम् ॥ यस्याः स्ववीक्षणकृतेऽन्यसुरप्रयासस्तद्वद्वयं च तव पादरजःप्रपन्नाः ॥ ३७ ॥ तन्नः प्रसीद वृजिनार्दन तेऽङ्घ्रिमूलं प्राप्ता विसृज्य वसतीस्त्वदुपासनाशाः ॥ त्वत्सुंदरस्मितनिरीक्षणतीव्रकामतप्तात्मनां पुरुषभूषण देहि दास्यम् ॥३८॥ वीक्ष्यालकावृतमुखं तव कुण्डलश्रीगण्डस्थलाधरसुधं हसितावलोकम् ॥

अग्निमा हाम्रो शरीर भस्म हुनेछ । हे सखे ! हामी हजुरको ध्यान गरेर हजुरका चरणको सामीप्य प्राप्त गर्नेछौं ॥३५॥ हे कमलनयन ! बनवासीहरूका प्रिय हजुर लक्ष्मीलाई पनि आफ्ना जुन चरणको सेवा गर्ने अवसर कहिले काहीं मात्र दिनुहुन्छ, हजुरका ती चरणकमल मैले जुन वेला स्पर्श गरेथें र हामीलाई आनन्दित पार्नु भएको थियो, उसैवेलादेखि अरू कसैको सामुन्ने टिक्न सकेनौं ॥३६॥ जसको कृपाकटाक्षका निम्ति सबै देवता प्रयास गरिरहन्छन्, ती लक्ष्मी कुनै प्रतिद्वन्द्वी नभई हजुरको वक्षस्थलमा स्थान पाएर पनि तुलसी र अन्य भक्तजनद्वारा सेवित हजुरका जुन चरणरजको इच्छा गर्दछिन्,उनी जस्तै हामी पनि तिनै चरणको सेवामा आएका छौं ॥३७॥ अतः हे दुःखदलन ! हजुर हामीमाथि प्रसन्न हुनुहवस् । हामी हजुरको सेवा गर्ने आशाले नै आफाफ्ना घर छाडेर हजुरको शरणमा आएका छौं । हे पुरुषभूषण ! हजुरको मन्दहास्यपूर्ण हेराईले हाम्रो चित्त अत्यन्त काम-सन्तप्त भइरहेको छ, हजुर हामीलाई आफ्ना दासी तुल्याउनोस् । ३८॥ हे प्रियतम ! अलकावलीले आवृत्त हजुरको मुख, कुण्डलको कान्तिले शोभित कपोल र अधरामृत, मनोहर हास्यपूण हेराई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभयादायक दुवै हात र एकमात्र लक्ष्मीको क्रीडास्थल हजुरको विशाल वक्षस्थल देखेर हामी दासी बनिसकेका छौं ॥३९॥ हामी मात्र होइन–तीनै लोकमा कुन स्त्री होली जो मधुरपदावलीले युक्त र उच्च स्वरले गान गरिने हजुरको स्वरालाप सुनेर, यो त्रिलोक-सुन्दर स्वरूप देखेर–जसले गाई, पक्षी, वृक्ष र मृगादिलाई पनि रोमाञ्च भएर आउँछ— आफ्नू आर्य चरित्रले विचलित हुँदैनन् ? ॥४०॥ यो कुरा स्पष्ट छ कि आदिपुरुष नारायण झैं देवगणका रक्षक हजुरले व्रजमण्डलको भय र दुःख हटाउनका लागि अवतार लिनुभएको छ । अतः हे दीनबन्धो ! हजुर हामी दासीहरूका वक्षःस्थल र शिरमा आफ्ना करकमल राख्नोस् ॥४१॥ श्रीशुकदेव भन्नुहुन्छ–गोपिनीका यस्ता विह्वल कुरा सुनेर योगेश्वर भगवान् कृष्ण मुसुक्क हाँसे र आत्माराम भएर पनि ती गोपिनीहरूसित रमण गर्नलागे ॥४२॥ मनोहर कटाक्ष र प्रफुल्लवदना गोपाङ्गनाले घेरिई उदार-चरित्र भगवान् कृष्ण मनोहर हास्य र कुन्दकली झैं दाँतहरूको कान्तिले यस्तो शोभित भइरहेका थिए, जस्तै तारामण्डलले आवृत्त चन्द्रमा ॥४३॥ ती सबै स्त्रीका यूथपति भगवान् कृष्णउनीहरूद्वारा कीर्तित

दत्ताभयं च भुजदंडयुगं विलोक्य वक्षः श्रियैकरमणं च भवाम दास्यः ॥ ३९ ॥ का स्त्र्यङ्ग ते कलपदायतमूर्च्छितेन सम्मोहिताऽऽर्यचरितान्न चलेत्त्रिलोक्याम् । त्रैलोक्यसौभगमिदं च निरीक्ष्य रूपं यद्गोद्विजद्रुममृगाः पुलकान्यबिभ्रन् ॥ ४० ॥ व्यक्तं भवान्व्रजभयार्तिहरोऽभिजातो देवो यथादिपुरुषः सुरलोकगोप्ता ॥ तन्नो निधेहि करपङ्कजमार्तबन्धो तप्तस्तनेषु च शिरःसु च किङ्करीणाम् ॥ ४१ ॥ श्रीशुक उवाच ॥ इति विक्लवितं तासां श्रुत्वा योगेश्वरेश्वरः ॥ प्रहस्य सदयं गोपीरात्मारामोऽप्यरीरमत् ॥ ४२ ॥ ताभिः समेताभिरुदारचेष्टितः प्रियेक्षणोत्फुल्लमुखीभिरच्युतः ॥ उदारहासद्विजकुन्ददीधितिर्व्यरोचतैणाङ्क इवोडुभिर्वृतः ॥ ४३ ॥ उपगीयमान उद्गायन्वनिताशतयूथपः ॥ मालां बिभ्रद्वैजयन्तीं व्यचरन्मण्डयन्वनम् ॥ ४४ ॥ नद्याः पुलिनमाविश्य गोपीभिर्हिमवालुकम् ॥ रेमे तत्तरलानन्दकुमुदामोदवायुना ॥ ४५ ॥ बाहुप्रसारपरिरम्भकरालकोरुनीवीस्तनाल- भननर्मनखाग्रपातैः ॥ क्ष्वेल्यावलोकहसितैर्व्रजसुन्दरीणामुत्तम्भयन्रतिपतिं रमयाञ्चकार ॥ ४६ ॥ एवं भगवतः कृष्णाल्लब्धमाना महात्मनः ॥ आत्मानं मेनिरे स्त्रीणां मानिन्योऽभ्यधिकं भुवि ॥ ४७ ॥ तासां तत्सौभगमदं वीक्ष्य मानं च केशवः ॥ प्रशमाय प्रसादाय तत्रैवान्तरधीयत ॥ ४८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे भगवतो रासक्रीडावर्णनं नामैकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

भएर पनि उनैसित उच्चस्वरले गाउँदै घाँटीमा वैजयन्ती माला धारण गरेका श्रीकृष्ण त्यो वनलाई विभूषित पार्दै डुल्नलागे । त्यसपछि उनले शीतल बालुकामय यमुनाजीको तटमा गएर गोपिनीहरूसित क्रीडा गरे । त्यो स्थान यमुनाको चञ्चल तरङ्गहरूको सम्पर्कले शीतल र कुमुदिनीको गन्धयुक्त सुगन्धित वायुले सेवित हुनाले गर्दा अतिशय आनन्दप्रद भइरहेको थियो ॥४४॥४५॥ हात फैलाउनु, आलिङ्गन गर्नु, कर,अलक, तिघ्रा,कटि वस्त्रको बन्धन र स्तन आदिको स्पर्श, ठट्टा र नखक्षत गर्न, विनोदपूर्ण चितवनले हेर्नु र मन्द-मन्द मुसुकान आदि चेष्टाहरूले व्रजबालाहरूको कामरस उद्दीप्त पार्दै ,भगवान् कृष्ण ती व्रजवनिताहरूसित विहार गर्नलागे ॥४६॥ परमात्मा भगवान् कृष्णद्वारा यस प्रकार सम्मान पाएर ती मानवती गोपाङ्गनाहरूले आफूलाई संसारका सबै नारीभन्दा श्रेष्ठ ठाने ॥४७॥ त्यो सौन्दर्यमदलाई शान्त र तीप्रति कृपा गर्ने इच्छाले भगवान् कृष्णचन्द्र सहसा तिनको माझबाट

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्धान भए ॥ ४८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकरकृत 'वासिष्ठी' भाषाटीकायामेकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

(श्रीकृष्णको खोजी) शुकदेव भन्नुहुन्छ—भगवान् सहसा अन्तर्धान भएपछि उनलाई नदेखेर गोपिनीहरू यस्तो व्याकुल भए, जस्तै यूथपति गजराज नहुनाले ढोईहरू व्याकुल हुन्छन् ॥ १ ॥ ती कृष्णको चाल-ढाल, प्रेमपूर्ण मुस्कान, विलासमयी हेराई, मोहक कुराकानी र लीला विलासले जसको चित्त उनैतिर आकर्षित भइसकेके थियो, ती गोपाङ्गना तन्मय भावले उनका भिन्न—भिन्न चेष्टाका अभिनय गर्नलागे ॥२॥ आफ्ना प्रियतमको गति, हाँसो र भाषणादिमा आसक्त भएरतन्मय हुने ती व्रजवालाहरू भगवान्का लीलाको अभिनय गर्दै 'म नै कृष्ण हुँ' यस्तो भन्नलागे ॥ ३ ॥ ती सबै मिलेर उच्चस्वरले गुणगान गर्दै उन्मत्त झैं यौटा बनबाट अर्को वनमा गएर वनका वृक्षहरूसित सबै प्राणीहरूमा भित्र-बाहिर व्याप्त आकाश झैं सर्वान्तर्यामी हरिको ठेगाना सोध्नलागे ॥ ४ ॥ यौटी भन्छे—हे अश्वत्थ ! हे प्लक्ष ! हे न्यग्रोध ! हाम्रा प्यारा नन्दनन्दन आफ्नू हाँसोले हाम्रो मन हरण गरी हिंडे,

श्रीशुक उवाच ॥ अन्तर्हिते भगवति सहसैव व्रजाङ्गनाः ॥ अतप्यँस्तमचक्षाणाः करिण्य इव यूथपम् ॥१॥ गत्यानुरागस्मितविभ्रमेक्षितैर्मनोरमालापविहारविभ्रमैः ॥ आक्षिप्तचित्ताः प्रमदा रमापतेस्तास्ता विचेष्टा जगृहुस्तदात्मिकाः ॥२॥ गतिस्मितप्रेक्षणभाषणादिषु प्रियाः प्रियस्य प्रतिरूढमूर्तयः ॥ असावहं त्वित्यबलास्तदात्मिकान्यवेदिषुः कृष्णविहारविभ्रमाः ॥३॥ गायन्त्य उच्चैरमुमेव संहता विचिक्युरुन्मत्तकवद्वनाद्वनम् ॥ पप्रच्छुराकाशवदन्तरं बहिर्भूतेषु सन्तं पुरुषं वनस्पतीन् ॥ ४ ॥ दृष्टो वः कच्चिदश्वत्थ प्लक्ष न्यग्रोध नो मनः ॥ नन्दसूनुर्गतो हृत्वा प्रेमहासावलोकनैः ॥ ५ ॥ कच्चित्कुरबकाशोकनागपुन्नागचम्पकाः ॥ रामानुजो मानिनीनामितो दर्पहरस्मितः ॥ ६ ॥ कच्चित्तुलसि कल्याणि गोविन्दचरणप्रिये ॥ सह त्वालिकुलैर्बिभ्रद्दृष्टस्तेऽतिप्रियोऽच्युतः ॥ ७ ॥ मालत्यदर्शि वः कच्चिन्मल्लिके जाति यूथिके ॥ प्रीतिं वो जनयन्यातः करस्पर्शेन माधवः ॥ ८ ॥ चूतप्रियालपनशासनकोविदारजम्ब्वर्कबिल्वबकुलाम्रकदम्बनीपाः ॥ येऽन्ये परार्थभवका यमुनोपकूलाः शंसन्तु कृष्णपदवीं रहितात्मनां नः ॥ ९ ॥ किं ते कृतं क्षिति तपो बत केशवाङ्घ्रिस्पर्शोत्सवोत्पुलकिताङ्गरुहैर्विभासि ॥ अप्यङ्घ्रिसम्भव उरुक्रमविक्रमाद्वा आहो वराहवपुषः परिरम्भणेन ॥ १० ॥ अप्येणपत्न्युपगतः प्रिययेह गात्रैस्तन्वन्दृशां सखि सुनिर्वृतिमच्युतो वः ॥ कान्ताङ्गसङ्गकुचकुङ्कुमरञ्जितायाः कुन्दस्रजः कुलपतेरिह वाति गन्धः

तिमीले कतै देख्यौ ? ॥ ५ ॥ हे कुरवक हे अशोक ! हे नाग ! हे पुन्नाग ! हे चम्पक ! आफ्नो मीठी हाँसोले मानिनीहरूको मान मर्दन गर्ने र बलरामका भाई कृष्ण यता आए ? ॥ ६ ॥ हे कल्याणि तुलसी ! हे गोविन्दचरणप्रिये ! भ्रमर निकर समेत तिमीलाई धारण गर्ने आफ्ना प्रियतम कृष्णलाई देख्यौ ? हे मालति ! हे मल्लिके ! हे जाति ! हे युथिके ! तिमीले माधवलाई देख्यौ ? ती आफ्ना करस्पर्शले तिमीलाई आनन्दित पार्दै यताबाट गए ? ॥ ७-८ ॥ हे रसाल ! हे प्रियाल ! हे पनस, हे कोविदार ! हे जामुन ! हे अर्क, हे बिल्व, हे कदम्ब ! हे नीम ! हे परोपकारको निम्ति नै जीवन धारण गर्ने यमुनातटवर्ती अन्य तरुवर हो ! हामी कृष्णको विरहमा अचेत भइरहेका छौं, तिमी हामीलाई बाटो देखाऊ ॥ ९ ॥ हे धरणि ! तिमीले यस्तो कुन तप गरेकी छौ, जो श्रीकृष्णको चरणस्पर्शले आनन्दित भएर तृण-लतादिकोरूपमा आफ्नो रोमांच प्रकट गरिहेकी छौ ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रो यो उल्लास श्रीकृष्णको चरणस्पर्शले नै हो वा वामन भगवान्‌को पादक्रमणले हो अथवा त्योभन्दा पनि पहिले वराहको अङ्गसङ्गले हो ? ॥ १० ॥ ए सखी मृगी हो ! आफ्ना अङ्गको सौन्दर्यले तिम्रा नेत्रलाई प्रसन्न पार्दै श्रीकृष्ण आफ्नी प्रियतमासित यसैबाट गए ? किनकि यहाँ प्रियाका अङ्गसङ्ग तथा उनको कुचकुङ्कुमले रंजित कुलपति श्रीकृष्णको कुन्द कलीको मालाको मीठो गन्ध आइरहेछ ।।११॥ हे तरुवर हो ! जसको पछि-पछि तुलसीका गन्धको लोभी भ्रमर गइरहेछन् ती कृष्णले यौटा हातमा क्रीडाका लागि कमल धारण गरेका र अर्को हात प्रियाका काँधमा राखेर यहाँ डुल्दै आफ्नो प्रणयकटाक्षले तिम्रो वन्दनाको अभिनन्दन गरेका हुन् ? ॥१२॥ अर्की गोपिनी बोली–हे सखि हो ! यी लताहरूसित सोध ! हेर, यी आफ्ना भुजाले वृक्षलाई आलिङ्गन गरेका छन्, तापनि भगवान्‌का नङको स्पर्श पाउनाले रोमाञ्चित भइरहेछन् ॥ १३ ॥ यसरी श्रीकृष्णको खोजीमा व्याकुल गोपिनीहरू उन्मत्त जस्तै प्रलाप गर्दै तद्रूप भएर भगवानका लीलाहरूको अनुकरण गर्नलागे॥१४॥ यौटी कृष्ण बनेकी गोपिनीले पूतना बनेकी अर्की गोपिनीको स्तन-पान गरी र यौटी बालक बनेकी

॥ ११ बाहुं प्रियांस उपधाय गृहीतपद्मो रामानुजस्तुलसिकालिकुलैर्मदान्धैः ॥ अन्वीयमान इह वस्तरवः प्रणामं किं वाभिनन्दति चरन्प्रणया-
वलोकैः ॥ १२ ॥ पृच्छतेमा लता बाहूनप्याश्लिष्टा वनस्पतेः ॥ नूनं तत्करजस्पृष्टा बिभ्रत्युत्पुलकान्यहो ॥ १३ ॥ इत्युन्मत्तवचो गोप्यः कृष्णा-
न्वेषणकातराः ॥ लीला भगवतस्तास्ता ह्यनुचक्रुस्तदात्मिकाः ॥ १४ ॥ कस्याश्चित्पूतनायन्त्याः कृष्णायन्त्यपिबत्स्तनम् ॥ तोकायित्वा रुदत्यन्या
पदाऽहञ्छकटायतीम् ॥ १५ ॥ दैत्यायित्वा जहारान्यामेका कृष्णार्भभावनाम् ॥ रिङ्गयामास काप्यङ्घ्री कर्षन्ती घोषनिःस्वनैः ॥ १६ ॥ कृष्णरामा
यिते द्वे तु गोपायन्त्यश्च काश्चन ॥ वत्सायतीं हन्ति चान्या तत्रैका तु बकायतीम् ॥ १७ ॥ आहूय दूरगा यद्वत्कृष्णस्तमनुकुर्वतीम् ॥ वेणुं
क्वणन्तीं क्रीडन्तीमन्याः शंसन्ति साध्विति ॥ १८ ॥ कस्यांचित्स्वभुजं न्यस्य चलन्त्याहापरा ननु ॥ कृष्णोऽहं पश्यत गतिं ललितामिति तन्मनाः
॥ १९ ॥ मा भैष्ट वातवर्षाभ्यां तत्त्राणं विहितं मया ॥ इत्युक्त्वैकेन हस्तेन यतन्त्युन्निदधेऽम्बरम् ॥ २० ॥ आरुह्यैका पदाक्रम्य शिरस्याहापरां
नृप ॥ दुष्टाहे गच्छ जातोऽहं खलानां ननु दण्डधृक् ॥ २१ ॥ तत्रैकोवाच हे गोपा दावाग्निं पश्यतोल्बणम् ॥ चक्षूंष्याश्वपिदध्वं वो विधास्ये

गोपिनीले शकटासुर बनेकी अर्की गोपिनीलाई खुट्टाले हानेर पल्टाइदिई ॥ १५ ॥ यौटी गोपिनी तृष्णावर्त दैत्य बनी । त्यो कृष्ण बनेकी अर्कीलाई हरेर लगी । एक चाहिं आफ्नू नूपुरको शब्द गर्दै चार हात-खुट्टा टेकेर बामे सर्दै हिंड्नलागी ॥ १६ ॥ दुइटी कृष्ण र बलराम बने; अरु केही ग्वाल-बाल बने । तिनैहरूमध्ये यौटी कृष्णको अनुकरण गर्दै वत्सासुर बनेकी गोपिनीलाई र अर्कीले बकासुर बनेकी गोपिनीलाई मारे झैं गरे ॥ १७ ॥ फेरि अर्की गोपिनीले श्रीकृष्णको अनुकरण गरेर बाँसुरी बजाउँदै पर गएका गाई, बाछा आदि पशुहरूलाई डाक्ने क्रीडा गर्नथाली र अर्की 'स्याबास' भनेर उत्साह दिन थाली ॥ १८ ॥ यौटी सखीको घाँटीमा हात राखेर हिंड्न थाली र अर्की कृष्णमा मन दिएकी गोपिनीले अन्य गोपाङ्गनाहरूसित भनी–'हे मित्र हो ! म कृष्ण हुँ, तिमी मेरो मनोहर गतितर्फ हेर ॥ १९ ॥ हे व्रजवासी हो ! तिमीहरू वर्षा र वायुको डर नमान, मैले यसबाट जोगिने यत्न गरिसकेको छु'–यति भनेर कृष्ण बनेकी गोपिनीले गोवर्धन-धारणको अभिनय गर्दै आफ्नू ओढ्ने फिंजाएर मास्तिर उचाली ॥२०॥ हे राजन् ! यौटी गोपिनी कालिय बनेकी गोपिनीको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिरमा खुट्टा राखेर उक्लिई र भन्नलागी–'ए दुष्ट सर्प ! तँ यहाँबाट हिंडीजा म दुष्टको दमन गर्न नै उत्पन्न भएको हुँ' ॥२१॥ यत्तिकैमा यौटी अर्की गोपिनी बोल्नलागी–हे गोप-गण हो ! उता हेर, भयङ्कर दावानल दन्किरहेछ । तिमीहरू आफ्आफ्ना आँखा चिम्ल, म तिमीहरूलाई सहजै बचाउनेछु' ॥२२॥ यौटी अर्की गोपिनीलाई यशोदा बनेकी अर्की गोपिनीले फूलको मालाले ओखलमा बाँधिदिई । अनि त्यो सुनयनी गोपिनी दुवै हातले मुख ढाकेर भयको अभिनय गर्नलागी ॥ २३ ॥ यसरी कृष्णलीला गरिसकेपछि वृन्दावनका वृक्ष र लतादिसित कृष्णचन्द्रको ठेगान सोधी सोधी जाने गोपिनीहरूले एक स्थानमा भगवान्का चरण-चिह्न देखे ॥२४॥ अनि परस्पर भन्नलागे—हे सखि ! अवश्य नै यी ध्वजा, कमल, वज्र, अंकुश र यवादिका चिह्नले युक्त महात्मा नन्दनन्दनका नै चरण चिह्न ॥२५॥ तिनै चिह्न पैल्याउँदै ती अबलाहरूले अलि पर गएपछि उनकै चिह्नसित कुनै यौटी स्त्रीको पनि चरणचिह्न देखे । त्यो देखेर ती व्याकुल भएर परस्पर भन्न लागे–॥२६॥ 'जसरी ढोई हात्तीसित पछिलाग्छे, त्यसै गरी नन्दनन्दनसित तिनको काँधमा हात राखेर गएकी कुन

क्षेममञ्जसा ॥ २२ ॥ बद्धाऽन्यया स्रजा काचित्तन्वी तत्र उलूखले ॥ भीता सुदृक् पिधायास्यं भेजे भीतिविडम्बनम् ॥ २३ ॥ एवं कृष्णं पृच्छमाना वृन्दावनलतास्तरून् ॥ व्यचक्षत वनोद्देशे पदानि परमात्मनः ॥ २४ ॥ पदानि व्यक्तमेतानि नन्दसूनोर्महात्मनः ॥ लक्ष्यन्ते हि ध्वजाम्भोजवज्रांकुशयवादिभिः ॥२५॥ तैस्तैः पदैस्तत्पदवीमन्विच्छन्त्योऽग्रतोऽबलाः ॥ वध्वाः पदैः सुपृक्तानि विलोक्यार्ताः समब्रुवन् ॥२६॥ कस्याः पदानि चैतानि जायाया नन्दसूनुना ॥ अंसन्यस्तप्रकोष्ठायाः करेणोः करिणा यथा ॥ २७ ॥ अनयाऽऽराधितो नूनं भगवान्हरिरीश्वरः ॥ यन्नो विहाय गोविन्दः प्रीतो यामनयद्रहः ॥ २८ ॥ धन्या अहो अमी आल्यो गोविन्दाङ्घ्रयब्जरेणवः ॥ यान्ब्रह्मेशो रमा देवी दधुर्मूर्ध्न्यघनुत्तये ॥ २९ ॥ तस्या अमूनि नः क्षोभं कुर्वन्त्युच्चैः पदानि यत् ॥ यैकापहृत्य गोपीनां रहो भुंक्तेऽच्युताधरम् ॥ ३० ॥ न लक्ष्यन्ते पदान्यत्र तस्या नूनं तृणाङ्कुरैः ॥ खिद्यत्सुजाताङ्घ्रितलामुन्निन्ये प्रेयसीं प्रियः ॥ ३१ ॥ अत्रावरोपिता कांता पुष्पहेतोर्महात्मना ॥ अत्र प्रसूनावचयः प्रियार्थे प्रेयसा कृतः ॥ प्रपदाक्रमणे एते पश्यतासकले पदे ॥ ३२ ॥ केशप्रसाधनं त्वत्र कामिन्याः कामिना कृतम् ॥ तानि चूडयता कांतामुपविष्टमिह ध्रुवम्

भाग्यमानी गोपिनीका यी चरण-चिह्न हुन् ! ॥२७॥ अवश्य नै उसले भगवान् कृष्णको आराधना गरेकी होली । यसै निम्ति त प्रसन्न भएर गोविन्दले हामीलाई छाडेर यसलाई आफूसित एकान्तमा लगेछन् ॥ २८ ॥ अहो सखी हो ! श्रीकृष्णका चरणकमलका ती रजःकण धन्य हुन, जसलाई ब्रह्मा, शिव र लक्ष्मी पनि आफ्ना पाप नष्ट पार्न शिरमा राख्दछन्' ॥ २९ ॥ अर्की गोपिनी भन्न लागी–'जे भए पनि, यो जुन हामी सबैका सर्वस्व गोविन्दलाई एकान्तमा लगेर एक्लै तिनका अधरामृत पान गरिरहेकी छ । त्यस गोपिनीका उचालिएका चरणचिह्न हाम्रो चित्तमा क्षोभ उत्पन्न गरिरहेका छन्' ॥३०॥ अलि पर गएपछि त्यसका चरणचिह्न नदेखेर ती भन्नलागे–'हेर, यहाँ त्यस स्त्रीका चिह्न देखिन्नन् । यस्तो ज्ञात भइरहेको छ कि यहाँ आफ्नी प्रियाका सुकुमार चरणलाई घाँसका टुप्पाले कष्ट भएको देखेर हाम्रा प्राणप्रियले उसलाई आफ्नू काँधमा बोके होलान् ॥३१॥ यहाँ ती कृष्णले फूल टिप्नको निम्ति आफ्नी प्रियालाई तल बराले छन् यहाँ उसको निम्ति तिनले फूल टिपेछन् । यसैले हेर, लम्केर फूल टिप्दा यहाँ तिनका चरणको अग्रभागको मात्र चिह्न देखिन्छ ॥३२॥ यहाँ ती कामी कृष्णले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नी प्रियाको कपाल कोरिदिएछन् । जम्मा पारेका फूलले त्यसको केशपाशलाई विभूषित पार्नका लागि श्रीकृष्ण अवश्य यहाँ बसे हुनन्' ॥३३॥ हे राजन ! स्वयं आफूमै रमण गर्न भएका र निरन्तर आत्मरत भएर पनि भगवान् कृष्णले कामिनीहरूको दीनता र स्त्रीहरूको दुरात्मा देखाउन त्यहाँ वास्तवमा त्यस गोपिनीसित रमण गरेका थिए ॥ ३४ ॥ यस प्रकार

॥ ३३ ॥ रेमे तया चात्मरत आत्मारामोऽप्यखण्डितः ॥ कामिनां दर्शयन्दैन्यं स्त्रीणां चैव दुरात्मताम् ॥ ३४ ॥ इत्येवं दर्शयन्त्यस्ताश्चेरुर्गोप्यो विचेतसः ॥ यां गोपीमनयत्कृष्णो विहायान्याः स्त्रियो वने ॥ ३५ ॥ सा च मेने तदाऽऽत्मानं वरिष्ठं सर्वयोषिताम् ॥ हित्वा गोपीः कामयाना

बौलाही* जस्ती भएर कृष्णलाई खोज्दै ती गोपिनी वनमा भौंतारिन थाले । यता कृष्ण सबै गोपिनीलाई वनमा छाडेर जुन गोपिनीलाई एकान्तमा लिएर गएका थिए, उसले ठानी सबै गोपिनीहरूमा मनै श्रेष्ठ हुँ, त्यसैले त अरु सबै कामातुरा कामिनीहरूलाई छाडेर मेरा प्राणप्रियले मेरो नै सम्मान गरे ॥३५॥३६॥ यसै कारण त्यो प्रेम-गर्विता गोपाङ्गनाले वनमा

---

* यौटी उन्मत्त गोपिनीको प्रलाप—हे मनमोहन ! मबाट अपराध भयो । मैले आफूलाई स्वच्छ राख्दीनयँ, अंगराज लगाउन्नयँ, लामा र राम्रा कपालको तिम्रो वेणीमा लट्टा परेका थिए । तिनमा तेल हाल्न र कोर्न छाडि दिएकी थिएँ । आँखामा गाजल लगाउन्नयँ । हरे, यस्तो मैले किन गरें ? यिनलाई सिंगार्न मलाई पूरा अधिकार छ ? यी सबै त तिम्रा वस्तु थिए र अझ पनि छन् । यी तिम्रा मनपरेका वस्तु हुन् । अतः मैले यी सबै सुरक्षित राख्नु पर्ने थियो । तिमी आफ्ना वस्तु छाडेर गयौ, संगै लगेनौ, मलाई सुम्पेर गएपछि के मैले यसलाई नष्ट हुन दिनु मेरो धर्म हो ? होइन, प्रियतम ! मेरो यो धर्म होइन । मैले बल्ल बुझें । तिमी कुन बेला आउने छौ, थाहा छैन, आएर आफ्ना वस्तुहरू यस अवस्थामा देखेर मलाई के भन्ने छौ ? हेर, प्रियतम ! आज मैले राम्ररी स्नान गरेकी छु, तिमीलाई मनपर्ने गोरो, रामो र चिल्लो अंग बनाएकी छु, सुगन्धित अङ्गराग पनि लगाएकी छु । हेर माधव ! मेरो यो वस्त्र कति राम्रो छ ! मेरो आजको यो वेश-भूषा देख्न पाए भन्दध्यौ—श्वेत र सुगन्धित पुष्पले युक्त मेरो बेणी कस्तो राम्रो देखिंदैछ ! तर यो सबै त गरिसकें, अब के गरूँ ? हेर ! कतै तिमी कदम्बमा चढेर मीठो स्वरमा मुरली बजाउँथ्यौ, अहिले पनि बसेकै छौ कि के बाह ! यहाँ बसेर के गर्नु छ र बरू उतैतिर जान्छु । घरमा काम नगर्ने भनेर कहलिएकी छु । पति र सासूले झपारेको सुन्ने त पहिले नै बानि परिसकेको छ । अब कहिले काहीं चुटाई पनि खानुपर्दछ । त्यसको पनि मलाई चिन्ता छैन । चुटाई खाँदा म कल्पना गर्दछु—चंचल मोहन मेरो पिठिउँमा बाँसुरीले धाप दिंदैछन् । हरे ! केही पनि नबोध प्रियतम ! अनि थाहै पाउन्न—त्यो चुटने मानिस कहिले फर्केर गयो । अँ, यौटा कुरा सम्झें—मलाई यसरी सुसज्जित देखेर सासूलाई रिस उठ्छ कि यदि यस्तो बखतमा कुटाई खानुपर्‍यो भने तिम्रो प्रिय रूपको अपमान हुनेछ । यस निम्ति बिस्तारै हिड्नु पर्‍यो । अहिले सासू चिपरी बनाउँदै छन् । यो के हो ? यो के हो ? सबै जना मतिर किन हेरिरहेका छन् ? मैले कुनै नयाँ कुरा गरेकी छु र ? केही दिन अघि त दिनहुँ यस्तै श्रृङ्गार गर्दथें । अनि आज के कुरा भयो र सबै छक्क परेर हेरिरहेका छन् ? हेर्न देऊ । मैले झट्ट पाइला चालेर हिंडिदिनु पर्दछ । दुष्ट भ्रमर ! तं किन पछिलागेको ? सबैका आँखा छलिसकें भनेको तँ आइपुगिस् । तलाई हास जोर्दछु—एक छिनको निम्ति मानिदे । बहाँ जान्छु, यदि प्रिय भेटिए भने पेटभरि कराएस् । तर तँ किन मान्दथिस् ; कालो कुटिल भ्रमर । नै त होस् । तँ निर्दयताको प्रत्यक्ष रूप होस् । दिनभरि अनेक कोपिला माथि गुन-गुन गरेर झूठो प्रेम देखाउँछस् । ती तँलाई बुझ्न सक्तैनन्, तेरो झूठो प्रेममा भुलिन्छन् र आफ्नो सर्वस्व तँलाई अर्पण गरिदिन्छन् । अनि तँ चाहिं रस लियो, भाग्यो । बिचरा कोपिला आफ्नो सर्वस्व गुमाएर हात माड्दै रहन्छन् । जो दिनभरि यसै गरिरहन्छ, त्यसको चित्तमा दया कहाँ ? लौ, म कान थुन्दछु । त्यो कदम्बको बृक्ष पनि नजीकै छ । तँ गइनस् ? तँ पनि निष्ठुरलाई हेर्न जाने हो ? हुन्छ, हिंड् तर मभन्दा अलि परै बस् । मेरो कपालबाट निस्केको सुगन्ध जूठो नपार । बृक्ष त देखिन्छ, तर पीताम्बर देख्दीन । मित्र भ्रमर ! सुन, तँ माथि गएर हेरेर आइज—मेरा चित्तचोर कुन हाँगामा छन् । तँ गइनस् ! भयो, मसंग नै हिंड् दुष्ट ! हरे ! मोहन देखिन्नन् ! कुनै पनि हाँगामा छैनन् । हरे ! मेरो त्यस्तो भाग्य छैन भन्ने पहिल्यै जान्दथें । हेर प्रियतम ! म कसरी सिंगारिएर आएकी छु । हरे ! कसलाई देखाऊँ ? पापी भ्रमर ! अब त मेरो प्राण छाडिदे । हेर, म कति असहाय छु, यो सानो भ्रमर पनि मेरो कुरा सुन्दैन । हे भ्रमर । दया गर ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुगेर भगवान् कृष्णसित भनो–'हे प्रियतम ! अब त म थाकें, हिंड्न सक्तिन । तिम्रो जहाँ जाने इच्छा छ, मलाई काँधमा बोकेर लैजाऊ' ॥ ३७ ॥ गोपिनीका कुरा सुनेर भगवान्ले आज्ञा भयो–'हुन्छ आऊ, मेरो काँधमा बस' यति सुनेर जसै त्यो काँधमा बस्न तयार भई, तसै भगवान् अन्तर्धान हुनुभयो, अनि त्यो सुन्दरी मनमनै पछितो गर्दै भन्नलागी– ॥३८॥ हा नाथ ! हा रमण ! प्रियतम ! हे महाबाहो ! तिमी कहाँ छौ–कता छौ ? प्रियतम ! यो दीन दासीको नगीचै आएर भट्ट दर्शन देऊ' ॥ ३९ ॥ त्यसै बेला भगवान्का पाइला खोज्दै प्रियतमको वियोगले व्याकुल र अचेत अन्य गोपिनीहरू पनि त्यसैकहाँ आइपुगे ॥ ४० ॥ उसको द्वारा कृष्णले सम्मान गरेको र आफ्नू नै कुटिलताले तिरस्कृत भएको समाचार सुनेर ती सबैलाई ठूलो आश्चर्य भयो ॥४१॥ यस प्रकार जबसम्म वनमा चन्द्रमाको प्रकाश थियो, तबसम्म ती गोपिनीहरू कृष्णलाई खोज्दै रहे र अन्धकार फैलिन लागेको देखेर निराश भई फर्किए ॥ ४२ ॥ श्रीकृष्णमै मन लागि रहनाले, उनकै चर्चा गरिरहनाले उनैका चेष्टाको अनुकरण गर्नाले र उनकै ध्यानमा लीन लीन हुनाले उनकै गुणगान गर्दै रहे । तिनलाई

मामसौ भजते प्रियः ॥ ३६ ॥ ततो गत्वा वनोद्देशं दृप्ता केशवमब्रवीत् ॥ न पारयेऽहं चलितुं नय मां यत्र ते मनः ॥ ३७ ॥ एवमुक्तः प्रियामाह स्कन्ध आरुह्यतामिति ॥ ततश्चान्तर्दधे कृष्णः सा वधूरन्वतप्यत ॥ ३८ ॥ हा नाथ रमण प्रेष्ठ क्वासि क्वासि महाभुज ॥ दास्यास्ते कृपणाया मे सखे दर्शय सन्निधिम् ॥ ३९ ॥ अन्विच्छन्त्यो भगवतो मार्गं गोप्योऽविदूरतः ॥ ददृशुः प्रियविश्लेषमोहितां दुःखितां सखीम् ॥ ४० ॥ तया कथितमाकर्ण्य मानप्राप्तिं च माधवात् ॥ अवमानं च दौरात्म्याद्विस्मयं परमं ययुः ॥ ४१ ॥ ततोऽविशन् वनं चन्द्रज्योत्स्ना यावद्विभाव्यते ॥ तमः प्रविष्टमालक्ष्य ततो निववृतुः स्त्रियः ॥ ४२ ॥ तन्मनस्कास्तदालापास्तद्विचेष्टास्तदात्मिकाः ॥ तद्गुणानेव गायन्त्यो नात्मागाराणि सस्मरुः ॥ ४३ ॥ पुनः पुलिनमागत्य कालिन्द्याः कृष्णभावनाः ॥ समवेता जगुः कृष्णं तदागमनकांक्षिताः ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे रासक्रीडायां कृष्णान्वेषणं नाम त्रिंशोऽध्यायः ॥ ३० ॥

गोप्य ऊचुः ॥ जयति तेऽधिकं जन्मना व्रजः श्रयत इन्दिरा शश्वदत्र हि ॥ दयित दृश्यतां दिक्षु तावकास्त्वां धृतासवस्त्वां विचिन्वते ॥ १ ॥ शरदुदाशये साधु जातसत्सरसिजोदर श्रीमुषा दृशा ॥ सुरतनाथ तेऽशुल्कदासिका वरद निघ्नतो नेह किं वधः ॥२॥ विषजलाप्ययाद्व्यालराक्षसाद्वर्षमारु-

आफ्नू घरको पनि सम्झना रहेन ॥४३॥ श्रीकृष्णको आगमनको निम्ति उत्सुक सबै गोपिनी उनकै स्मरण गर्दै फेरि यमुनाको बालुवामा फर्के र सबै मिलेर उनकै गुणगान गर्नलागे ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां त्रिंशोऽध्यायः ॥३०॥

(गोपिका स्तुति) गोपिनी भन्दछन्–हे प्रियतम ! यो व्रजभूमि तिमीले जन्म लिनाले नै ठूली र धन्य मानिएकी छन् र यसै निम्ति लक्ष्मी पनि यहाँ सदा निवास गर्दछिन् एकमात्र तिम्रो निम्ति नै जीवन धारण गर्ने हामी तिम्रा दासीहरू सबै दिशाहरूमा खोजिरहेका छौं । तिमी हामीलाई आफ्नू मनोहर दर्शन देऊ ॥१॥ हे सुरतनाथ ! तिमी शरत्कालीन सरोवरमा उत्पन्न सुन्दर कमलका मध्य भागको शोभा हरण गर्ने आफ्ना नयनका तीखो प्रहारले हामी सबै बिना मूल्य किनिएका दासीहरूलाई मारेर गयौ । हे वरदायक !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

के यो स्त्रीवध गरिहन्‍छौ ? ॥१॥ हे नरपते ! तिमीले कालीयको विषयुक्त जलबाट हुने मृत्यु, अजिङ्गररूपी अघासुर, वर्षा, आँधी, बिजुली, दावानल, वत्सासुर र मयासुरको छोरो व्योमासुर तथा अरु सबै संकटबाट हाम्रो बारम्बार रक्षा गरेका छौ। तिमी केवल यशोदाका पुत्र होइनौ वरु सबै देहधारीहरूका अन्तरात्माका द्रष्टा हौ। हे सखे ! ब्रह्माको प्रार्थनाले तिमी संसारको रक्षा गर्नका लागि यदुकुलमा जन्मियौ ॥ ३-४ ॥ हे यदुश्रेष्ठ ! जो जन संसारको भयले डराएर तिम्रा कोमल शरणको शरणमा प्राप्त भएका छन्, तिनलाई तिमीले अभय पारिदिएका छौ। हे कान्त ! जसरी तिमीले लक्ष्मीको हात समाएका थियौ, आफ्नू त्यो कामपूरक करकमल हाम्रो शिरमा राख ॥५॥ हे व्रजवासीहरूको कष्ट निवारण गर्ने यदुवीर ! तिम्रो मनोहर हास्य भक्तजननको गर्व नष्ट पारिदिन्छ। हामी तिम्रा दासी हौं। हे सखे ! तिमी हामीलाई स्वीकार गर। हामी अबलाहरूलाई आफ्नू मनोहर मुखकमल देखाऊ ॥६॥ जो शरणागत जीवका पाप नष्ट पार्ने र वनमा पशुका पछि पछि डुल्ने तथा जसलाई तिमीले कालियनागको शिरमा अंकित गरेका थियौ तिनै पवित्र चरणकमल हाम्रा

ताद्वैद्युतानलात् ॥ वृषमयात्मजाद्विश्वतो भयादृषभ ते वयं रक्षिता मुहुः ॥ ३ ॥ न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक् ॥ विखनसार्थितो विश्वगुप्तये सख उदेयिवान्सात्वतां कुले ॥४॥ विरचिताभयं वृष्णिधुर्य ते चरणमीयुषां संसृतेर्भयात् ॥ करसरोरुहं कान्त कामदं शिरसि धेहि नः श्रीकरग्रहम् ॥ ५ ॥ व्रजजनार्तिहन्वीरयोषितां निजजनस्मयध्वंसनस्मित ॥ भज सखे भवत्किङ्करीः स्म नो जलरुहाननं चारु दर्शय ॥ ६ ॥ प्रणदेहिनां पापकर्शनं तृणचरानुगं श्रीनिकेतनम् ॥ फणिफणार्पितं ते पदाम्बुजं कृणु कुचेषु नः कृन्धि हृच्छयम् ॥ ७ ॥ मधुरया गिरा वल्गुवाक्यया बुधमनोज्ञया पुष्करेक्षण ॥ विधिकरीरिमा वीर मुह्यतीरधरसीधुनाप्याययस्व नः ॥ ८ ॥ तव कथामृतं तप्तजीवनं कविभिरीडितं कल्मषापहम् ॥ श्रवणमङ्गलं श्रीमदाततं भुवि गृणन्ति ते भूरिदा जनाः ॥ ९ ॥ प्रहसितं प्रिय प्रेमवीक्षणं विहरणं च ते ध्यानमङ्गलम् ॥ रहसि संविदो या हृदिस्पृशः कुहक नो मनः क्षोभयन्ति हि ॥ १० ॥ चलसि यद्व्रजाच्चारयन्पशून्नलिनसुन्दरं नाथ ते पदम् ॥ शिलतृणाङ्कुरैः सीदतीति नः कलिलतां मनः कान्त गच्छति ॥ ११ ॥ दिनपरिक्षये नीलकुन्तलैर्वनरुहाननं बिभ्रदावृतम् ॥ घनरजस्वलं दर्शयन्मुहुर्मनसि नः स्मरं वीर यच्छसि ॥ १२ ॥ प्रणतकामदं

स्तनमा राखेर हाम्रो कामाग्नि निभाइदेऊ ॥ ७ ॥ हे कमलनयन ! हे वीर ! विद्वानको मनलाई पनि मनपर्ने र मनोहर पदले युक्त तिम्रो वाणीले हामी तिम्रा दासीहरू मोहित भइरहेका छौं। तिमी आफ्नो अधरामृत पिलाएर हामीलाई जीवन-दान देऊ ॥ ८ ॥ हे प्रभो ! जुन सन्तप्त जीवलाई जीवन दिने, कविजन-कीर्तित, पापनाशिनी, सुन्नाले नै मङ्गल पारिदिने र अत्यन्त शान्ति[illegible]नी तिम्रो अमृतमयी कथाहरूको संसारमा प्रचार गर्दछन्, तिनै सबैभन्दा दानी हुन् ॥ ९ ॥ हे कपटमा कुशल प्रियतम ! ध्यान मात्रले पनि मङ्गल गर्ने तिम्रो मधुर हास्य, प्रेमपूर्ण हेराई, क्रीडाहरू र एकान्तको हृदयहारिणी ठट्टाको सम्झना भएर हाम्रो चित्त क्षुब्ध पारिरहेछ ॥१०॥ हे नाथ ! तिमी गाईहरू चराउनको निम्ति प्रस्थान गर्दछौ तब तिम्रो कमल समान कोमल र सुन्दर चरण तृण, ढुङ्गा र काँढाले व्यथित हुँदा हुनन्। यस चिन्ताले हाम्रो चित्त उद्विग्न भएर आउँछ ॥ ११ ॥ हे वीर ! दिन ढल्केपछि जब तिमी घर फर्कन्छौ, तब धूलि धूसरित र नीलो अलकावलीले ढकेको आफ्नू मनोहर मुखारविन्द हामी व्रजवासीहरूलाई देखाएर हामीमा कामवासना उत्पन्न गरिदिने गर्दछौ ॥ १२ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे रमण ! हे मनोव्यथानाशक ! शरणागत भक्तजनका कामनाहरू पूर्ण पार्ने, लक्ष्मीद्वारा पूजित, पृथ्वीलाई विभूषित पार्ने र आपत्तिमा स्मरण गरिने योग्य तिम्रो त्यो परम शान्तिमय चरणकमल तिम्री हाम्रा तप्त स्तनमा राख ॥ १३ ॥ हे वीर ! कामसुख बढाउने, शोक निवारण गर्ने, बजिरहेको प्रिय बाँसुरी द्वारा राम्ररी चुम्बित र मनुष्यहरूका आसक्तिलाई बिर्साइदिने आफ्नू मधुर अधरामृत हामीलाई पिलाऊ ॥ १४ ॥ जब तिमी दिउँसो वनमा डुल्न जान्छौ तब तिमीलाई हेर्न नपाउनाले हामी एकेक क्षण युग समान मान्न थाल्दछौं । फेरि सायंकालमा जब हामी गुडाकेश अलकावलीले मण्डित तिम्रो मुख देख्दछौं तब हामीलाई परेला बनाउने ब्रह्मा जड झैं लाग्न थाल्दछन् ॥ १५ ॥ हे अच्युत ! हामी गानविद्या जान्ने कामिनीहरू तिम्रो गानले मोहित भएर आफ्ना पति, पुत्र, कुटुम्ब, भ्राता र बन्धुहरू छाडेर तिम्रो नजीक आएका छौं । हे ककप्टी ! यस प्रकार रात्रिमा आफैं आएका हामी नारीहरूलाई तिमी बाहेक अरु कसले त्याग्न सक्ला ? ॥ १६ ॥ हे प्रिय ! कामोद्दीपक तिम्रो एकान्तमा गरिएको ठट्टा, मधुर हाँसो, वक्रदृष्टि र मुखारविन्द,

पद्मजार्चितं धरणिमण्डनं ध्येयमापदि ॥ चरणपङ्कजं शन्तमं च ते रमण नः स्तनेष्वर्पयाधिहन् ॥ १३ ॥ सुरतवर्धनं शोकनाशनं स्वरितवेणुना सुष्ठु चुम्बितम् ॥ इतररागविस्मारणं नृणां वितर वीर नस्तेऽधरामृतम् ॥ १४ ॥ अटति यद्भवानह्नि काननं त्रुटिर्युगायते त्वामपश्यताम् ॥ कुटिल· कुन्तलं श्रीमुखं च ते जड उदीक्षतां पक्ष्मकृद्दृशाम् ॥ १५ ॥ पतिसुतान्वयभ्रातृबान्धवानतिविलङ्घ्य तेऽन्त्यच्युतागताः ॥ गतिविदस्तवोद्गीत· मोहिताः कितव योषितः कस्त्यजेन्निशि ॥ १६ ॥ रहसि संविदं हृच्छयोदयं प्रहसिताननं प्रेमवीक्षणम् ॥ बृहदुरः श्रियो वीक्ष्य धाम ते मुहुरतिस्पृहा मुह्यते मनः ॥ १७ ॥ व्रजवनौकसां व्यक्तिरङ्ग ते वृजिमहन्त्र्यलं विश्वमङ्गलम् ॥ त्यज मनाक्च नस्त्वत्स्पृहात्मनां स्वजनहृद्रुजां यन्निषूदनम् ॥१८॥ यत्ते सुजातचरणाम्बुरुहं स्तनेषु भीताः शनैः प्रिय दधीमहि कर्कशेषु ॥ तेनाटवीमटसि तद्व्यथते न किंस्वित् कूर्पादिभिर्भ्रमति धीर्भवदायुषां नः ॥ १९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे रासक्रीडायां गोपीगीतं नामैकत्रिंशोऽध्यायः ॥ ३१ ॥

श्रीशुक उवाच ॥ इति गोप्यः प्रगायन्त्यः प्रलपन्त्यश्च चित्रधा ॥ रुरुदुः सुस्वरं राजन्कृष्णदर्शनलालसाः ॥१॥ तासामाविरभूच्छौरिः स्मयमानमु-

प्रेम र सम्पूर्ण हेराई र लक्ष्मीको निवासस्थान विशाल वक्षःस्थल देखेर हामीलाई तिम्रो सामीप्यको इच्छा हुन्छ र हाम्रो मन बारम्बार मोहित हुन थाल्दछ ॥ १७ ॥ हे प्रिय ! तिम्रो अवतार सबै व्रजवासीहरूको दुःख टार्न र संसारको कल्याण गर्नका लागि भएको हो । हाम्रो मन तिम्रो निम्ति साह्रै व्यग्र छ । हामीलाई कुनै यस्तो औषधि देऊ, जसले हाम्रो हृदयलाई शान्त पार्न सकोस् ॥ १८ ॥ हे प्रियतम ! तिम्रा जुन सुकुमार चरणकमललाई हामी डराई-डराई बिस्तारै आफ्ना कठोर कुचमा राख्दछौं, तिनै चरणले तिमी वनवनै डुल्दा काँढा, ढुङ्गा आदिले केही कष्ट हुँदैन ? तिम्रो निम्ति नै जीवन धारण गर्ने भएका हामी अबलाहरूको बुद्धि यही विचार गरेर भ्रान्त भइरहेको छ ॥ १९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकरकृत 'वाग्मिष्ठी' भाषाटीकायां एकत्रिंशोऽध्यायः ॥३१॥

(श्रीकृष्ण प्रकट भएर तिनलाई आश्वासन दिनु) शुकदेव भन्नुहुन्छ–हे राजन् ! यसरी गुणगान र प्रलाप गर्दै ती कृष्ण दर्शनको लालसाले विह्वल भएर रुन लागे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

।: १ ॥ त्यसै वेला कामदेवको मन पनि व्यथित पार्ने भगवान् पीताम्बर र वनमाला धारण गरेर मुसु-मुसु हाँस्तै तिनको सामुन्ने प्रकट भए ॥ २ ॥ आफ्ना प्रियतमलाई सामुन्ने देखेर व्रजबालाका नेत्र विकसित भए र ती सबै एकैपल्ट जुरुक्क उठेर ठिङ्ग उभिए, जस्तै प्राण फर्कन्दा शरीर उठेर बस्तछ ॥३॥ तीमध्ये यौटीले प्रसन्न भएर आफ्नो हत्केलाले उनको करकमल समाती । अर्कीले उनको चन्दन-चर्चित उनको बाहु आफ्नु काँधमा राखी ॥४॥ कुनै कृशाङ्गीले उनले चपाएको पान थापी । अर्की विरहसन्तप्ता गापीले आफ्ना कुचमा उनका चरणकमल टाँसी ॥ ५ ॥ अर्की प्रणयकोपले आफ्ना धनुष झैं बांगा भृकुटी उचालेर दाँतले ओंठ थिची कटाक्ष बाणले हान्दै उनैतिर एकहरो दृष्टिले हेर्नलागी ॥ ६ ॥ अर्की यौटी निर्मिमेष दृष्टिले उनको मुखकमल यसरी हेरी, जस्तै भक्तजन भगवानका चरण जति हेरे पनि अघाउन्नन्, त्यस्तै त्यो बारम्बार प्रियको मुखामृत पान गरेर पनि तृप्त हुन सकिरहेकी थिइन ॥ ७ ॥ यौटीले भगवान्को मधुर मूर्ति आँखाको प्वालबाट हृदयमा लगेर आँखा चिम्ली । मनमनै आलिङ्गन गर्नाले त्यसको शरीरमा रोमाञ्च भएर आयो र त्यो योगीको

खाम्बुज ॥ पीताम्बरधरः स्रग्वी साक्षान्मन्मथमन्मथः ॥२॥ तं विलोक्यागतं प्रेष्ठं प्रीत्युत्फुल्लदृशोऽबलाः ॥ उत्तस्थुर्युगपत्सर्वास्तन्वः प्राणमिवागतम् ॥३॥
काचित्कराम्बुजं शौरेर्जगृहेऽञ्जलिना मुदा ॥ काचिद्दधार तद्बाहुमंसे चन्दनभूषितम् ॥४॥ काचिदञ्जलिनाऽगृह्णात्तन्वती ताम्बूलचर्वितम् ॥ एका तदङ्घ्रि-
कमलं सन्तप्ता स्तनयोरधात् ॥५॥ एका भ्रुकुटिमाबध्य प्रेमसंरम्भविह्वला ॥ घ्नंतीवैक्षत्कटाक्षेपैः संदष्टदशनच्छदा ॥६॥ अपराऽनिमिषद्दृग्भ्यां जुषाणा
तन्मुखाम्बुजम् ॥ आपीतमपि नातृप्यत्सन्तस्तच्चरणं यथा ॥ ७ ॥ तं काचिन्नेत्ररन्ध्रेण हृदि कृत्य निमील्य च ॥ पुलकाङ्ग्युपगुह्यास्ते योगीवानन्दस-
म्प्लुता ॥ ८ ॥ सर्वास्ताः केशवालोकपरमोत्सवनिर्वृताः ॥ जहुर्विरहजं तापं प्राज्ञं प्राप्य यथा जनाः ॥९॥ ताभिर्विधूतशोकाभिर्भगवानच्युतो वृतः ॥
व्यरोचताधिकं तात पुरुषः शक्तिभिर्यथा ॥ १० ॥ ताः समादाय कालिन्द्या निर्विश्य पुलिनं विभुः ॥ विकसत्कुन्दमन्दारसुरभ्यनिल-
षट्पदम् ॥ ११ ॥ शरच्चन्द्रांशुसन्दोहध्वस्तदोषातमः शिवम् ॥ कृष्णाया हस्ततरलाचितकोमलवालुकम् ॥ १२ ॥ तद्दर्शनाह्लादविधूतहृद्रुजो मनो-
रथान्तं श्रुतयो यथा ययुः ॥ स्वैरुत्तरीयैः कुचकुङ्कुमांकितैरचीक्लृपन्नासनमात्मबन्धवे ॥ १३ ॥ तत्रोपविष्टो भगवान्स ईश्वरो योगेश्वरान्तर्हृदि

समान परमानन्दमा निमग्न भइ ॥ ८ ॥ जस्तै मुमुक्षुजन कुनै ब्रह्मवेत्तालाई पाएर सांसारिक तापबाट मुक्त हुन्छन्, कृष्णदर्शनको उल्लासले प्रसन्न भएर समस्त गोपाङ्गनाको विरहताप हरायो ॥ ९ ॥ हे राजन् ! ती शोकहीन सुकुमारीहरूले घेरिएर श्रीकृष्ण यस्तो शोभित भए जस्तै आफ्ना शक्तिले घेरिएर पुराणपुरुष परमात्मा शोभित हुन्छन् ॥ १० ॥ त्यसपछि भगवान कृष्ण ती सबै व्रजसुन्दरीहरूलाई लिएर यमुनाको किनारमा पुगे । त्यहाँ फक्रेका कुन्द र मन्दारका पुष्पले सुगन्धित वायु चलिरहेको थियो र त्यसैसित मदमत्त भ्रमर यता-उता उडिरहेका थिए ॥ ११ ॥ शरत्कालका कमनीय चन्द्रकिरणले अन्धकार हराउनाले त्यो स्थान रमणीक भइरहेको थियो र यमुनाको कररूपी तरङ्गले त्यहाँ त्यहाँ सुकोमल बालुवा बछ्याइदिएको थियो ॥ १२ ॥ कृष्णदर्शनको आनन्दले गोपिनीका हृदयको ताप शान्त भयो, ती ज्ञानकाण्डका श्रुतिहरू झैं पूर्णकाम भए । तिनले आफ्ना प्रियतम कृष्णलाई बस्नको निम्ति आफ्ना कुच-कुङ्कुममण्डित दुकूलको आसन बनाई बछ्याइदिए ॥ १३ ॥ योगीका अन्तःकरणमा निवास गर्ने भगवान् कृष्णचन्द्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोपिनीको गोष्ठीमा बसे र तीद्वारा पूजित भएर त्रिलोकका शोभाको एकमात्र आश्रय श्रीकृष्ण सुन्दर शरीर धारण गरेका हुनाले सान्है राम्रा देखिए ॥१४॥ मधुर हास्ययुक्त र लीला-कटाक्ष, भ्रूविक्षेप तथा आफ्नो काखमा राखेका उनका चरण र पाणिपल्लवको स्पर्श गरेर आफ्ना कामोद्दीपक प्रियतमलाई सम्मानित गरेर उनको प्रशंसा गर्दै गोपिनीहरूले प्रणय-कोप देखाउँदै भने ॥१५॥ गोपिनी भन्दछन्–हे कृष्ण ! केही व्यक्ति आफ्ना प्रेमीसित नै प्रेम गर्दछन्, केही प्रेम नगर्नेलाई पनि स्नेह गर्दछन् र केही व्यक्ति दुवै थरिकासित माया-प्रेम गर्दैनन् । यी तीनै थरिमा कुन उत्तम छ, हामीलाई भन्नुहवस् ॥१६॥ भगवान् भन्नुहुन्छ–हे सखी हो ! जो परस्पर यौटाले अर्कोलाई स्नेह गर्दछन्, तिनको प्रेम केवल स्वार्थको निम्ति हुन्छ । तिनमा न सौहार्द हुन्छ, न धर्मको भाव नै रहन्छ । तिनको स्नेह स्वार्थान्ध हुन्छ । तिनका स्नेहको अरु कुनै हेतु रहन्न ॥१७॥ हे सुन्दरी हो ! जुन पुरुष सेवा नगर्नेहरूसित पनि माया-प्रीति गर्दछन्, ती कृपालु र माता-पिताको समान स्नेही हुन्छन् । उनको व्यवहारमा निर्दोष धर्म र सौहार्द दुवैको समावेश रहन्छ ॥१८॥ केही व्यक्ति यस्ता हुन्छन् कि

कल्पितासनः ॥ चकास गोपीपरिषद्गतोऽर्चितस्त्रैलोक्यलक्ष्म्येकपदं वपुर्दधत् ॥ १४ ॥ सभाजयित्वा तमनङ्गदीपनं सहासलीलेक्षणविभ्रमभ्रुवा ॥ संस्पर्शनेनाङ्ककृतांघ्रिहस्तयोः संस्तुत्य ईषत्कुपिता बभाषिरे ॥१५॥ गोप्य ऊचुः ॥ भजतोऽनुभजन्त्येक एक एतद्विपर्ययम् ॥ नोभयाँश्च भजन्त्येक एतन्नो ब्रूहि साधु भोः ॥ १६ ॥ श्रीभगवानुवाच ॥ मिथो भजन्ति ये सख्यः स्वार्थैकान्तोद्यमा हि ते ॥ न तत्र सौहृदं धर्मः स्वार्थार्थं तद्धि नान्यथा ॥१७॥ भजन्त्यभजतो ये वै करुणा पितरौ यथा ॥ धर्मो निरपवादोऽत्र सौहृदं च सुमध्यमाः ॥ १८ ॥ भजतोऽपि न वै केचिद्भजन्त्य-भजतः कुतः ॥ आत्मारामा ह्याप्तकामा अकृतज्ञा गुरुद्रुहः ॥ १९ ॥ नाहं तु सख्यो भजतोऽपि जन्तून् भजाम्यमीषामनुवृत्तिवृत्तये ॥ यथाऽधनो लब्धधने विनष्टे तच्चिन्तयाऽन्यन्निभृतो न वेद ॥ २० ॥ एवं मदर्थोज्झितलोकवेदस्वानां हि वो मय्यनुवृत्तयेऽबलाः ॥ मया परोक्षं भजता तिरोहितं मासूयितुं मार्हथ तत्प्रियं प्रियाः ॥ २१ ॥ न पारयेऽहं निरवद्यसंयुजां स्वसाधु कृत्यं विबुधायुषापि वः ॥ या माऽभजन्दुर्जरगेहशृङ्खलाः संवृश्च्य तद्वः प्रतियातु साधुना ॥ २२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे रासक्रीडायां गोपीसान्त्वनं नाम द्वात्रिंशोऽध्यायः ॥ ३२ ॥

श्रीशुक उवाच ॥ इत्थं भगवतो गोप्यः श्रुत्वा वाचः सुपेशलाः ॥ जहुर्विरहजं तापं तदङ्गोपचिताशिषः ॥१॥ तत्रारभत गोविन्दो रासक्रीडामनु-

जो आफूलाई न भज्नेको त कुरै छैन, भज्नेलाई पनि भज्दैनन् । ती पूर्णकाम, आत्माराम, कृतघ्न र गुरुद्रोही–चार प्रकारका हुन्छन् ।१९॥ तर हे सखी हो ! जो व्यक्ति मलाई भज्दछन्, तिनलाई पनि म भज्दिन । त्यो यसै निम्ति कि तिनको मनोवृत्ति निरन्तर मतिर लागिरहोस् । जस्तै–निर्धन पुरुष पाएको धन नष्ट हुँदा त्यसैको चिन्ताले व्याकुल भएर अरू केही विचार गर्दैन । त्यसै प्रकार हे अबला हो ! मेरो निम्ति लोक, धर्म र कुटुम्बीहरूलाई छाड्ने तिमी सबैको मनोवृत्ति ममा लागिरहोस् । यसैनिम्ति तिमीहरू मलाई देख्न नपाओ, म त्यही ढङ्गले लुकेको थिएँ । अतः हे प्रिया हो ! तिमीहरू मप्रति दोषारोपण नगर ॥२०॥२१॥ तिमीहरूले घलियो गृह-शृङ्खला तोडेर मेरो भजन गरेका छौ, तिम्रो मिलन निर्दोषछ । म देवगण झैं लामू आयु पाएर पनि तिमीहरूको उपकारको साटो फेर्न सक्तिन । तिम्रो नै सुशीलताले तिम्रा उपकारको प्रत्युपकार हुन सक्छ—मेरो पुरुषार्थले होइन । अर्थात्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

तिमीहरूको इच्छा भए मलाई अऋणी तुल्याउन सक्तछौ, म आफ्नो उद्योगले तिर्न सक्तिन*॥२२॥इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां द्वात्रिंशोऽध्यायः॥३२॥

(रासलीला) श्रीशुकदेव भन्दछन्–हे राजन् ! भगवान्‌का मधुर कुरा सुनेर गोपिनीहरूको विरहजनित ताप हराएर गयो र तिनको अङ्गसङ्ग भइदिनाले ती सबै सफल-मनोरथ हुन गए ॥१॥ अनि त्यहाँ श्रीकृष्णले परम प्रसन्न, अनुगत र परस्पर पाखुरामा पाखुरा जोरेर ती स्त्रीरत्नहरूसित रासक्रीडा आरम्भ गरे ॥२॥ गोपिनीहरूको मण्डलले सुशोभित रासोत्सवको आरम्भ भयो । ती स्त्रीहरूमध्ये दुइ-दुइका माझमा एकेक योगेश्वर भगवान् कृष्ण तिनको घाँटीमा हात हालेर उभिए । त्यस वेला सबै स्त्रीहरूले उनलाई आफ्नै नजीक ठाने ॥३॥ त्यस वेला रासोत्सव हेर्नका लागि आफाफ्ना पत्नीसहित आएका अत्यन्त उत्सुक देवगणमा अगणित विमानहरूले सारा आकाशमण्डल भरियो ॥ ४ ॥ तत्काल दुन्दुभीहरूको गड़-गड़ ध्वनिको साथै आकाशबाट पुष्पहरूको वर्षा हुन लाग्यो र गन्धर्वगण आफ्नी प्रियाहरू सहित कृष्णको पवित्र यश-गान गर्नलागे ॥ ५ ॥ यता त्यस रास-मण्डलमा आफ्ना प्रियतमसित

व्रतैः ॥ स्त्रीरत्नैरन्वितः प्रीतैरन्योन्याबद्धबाहुभिः॥२॥ रासोत्सवः सम्प्रवृत्तो गोपीमण्डलमण्डितः ॥ योगेश्वरेण कृष्णेन तासां मध्ये द्वयोर्द्वयोः॥ प्रविष्टेन गृहीतानां कण्ठे स्वनिकटं स्त्रियः ॥३॥ यं मन्येरन्नभस्तावद्विमानशतसंकुलम् ॥ दिवौकसां सदाराणामौत्सुक्यापहृतात्मनाम् ॥ ४ ॥ ततोदुन्दुभयोनेदु-र्निपेतुः पुष्पवृष्टयः ॥ जगुर्गन्धर्वपतयः सस्त्रीकास्तद्यशोऽमलम् ॥ ५ ॥ बलयानां नूपुराणां किङ्किणीनां च योषिताम् ॥ सप्रियाणामभूच्छब्दस्तुमुलो रासमण्डले ॥ ६ ॥ तत्रातिशुशुभे ताभिर्भगवान्देवकीसुतः ॥ मध्ये मणीनां हैमानां महामारकतो यथा ॥ ७ ॥ पादन्यासैर्भुजविधुतिभिः सस्मितैर्भ्रू-विलासैर्भज्यन्मध्यैश्चलकुचपटैः कुण्डलैर्गण्डलोलैः ॥ स्विद्यन्मुख्यः कबररशनाग्रन्थयः कृष्णवध्वो गायन्त्यस्तं तडित इव ता मेघचक्रे विरेजुः ॥ ८ ॥ उच्चैर्जगुर्नृत्यमाना रक्तकण्ठ्यो रतिप्रियाः ॥ कृष्णाभिमर्शमुदिता यद्गीतेनेदमावृतम् ॥ ९ ॥ काचित्समं मुकुन्देन स्वरजातीरमिश्रिताः ॥ उन्निन्ये

नृत्य गर्ने गोपाङ्गनाहरूका कङ्कण, पाउजेब र कन्धनीको स-साना घण्टीहरूको सम्मिलित निनाद हुनलाग्यो ॥ ६ ॥ ती व्रजसुन्दरीहरूको माझमा भगवान् देवकीनन्दन सुवर्णमय मणि-हरूको माझमा महामरकतमणि झैं अत्यन्त सुशोभित भए ॥७॥ त्यस वेला उनको मुखमा पसीनाका थोपा झल्कीरहेका थिए र आफ्ना कपाल र कटिको गाँठो टन्काएर बाँधेका थिए । सबै कृष्ण-प्रिया गोपिनी भगवान् कृष्णका पवित्र यशोगान गर्दै विचित्र पद विन्यास, बाहुविक्षेप, मधुर हास्ययुक्त भृकुटी-विलास, कम्मरको लचक, चन्चल अञ्चल र गालाहरूका नगीचै हल्लने कुण्डलहरूले ती मेघ-मण्डलमा टल्किरहेको बिजुली झैं सुशोभित भए ॥८॥ ती क्रीडासक्त कलकण्ठी गोपिनीहरू श्रीकृष्णको अङ्गसङ्गले आनन्दित भएर नाच्तै ती चर्को स्वरले मनोहर गायन गर्नलागे । तिनको सुमधुर गानले समस्त भूमण्डल गुन्जायमान भयो ॥९॥ कुनै गोपिनी कृष्णसित गान गर्दै अत्यन्त उच्च स्वरले आलाप लिनलागे । उसका

* प्रेमको अद्‌भुत गति—वाणीले भन्न नसकिने प्रेमको बान्है अद्‌भुत गति छ ! आँखामा दर्शनको भोकले झन्-झन् भोक बढाइदिन्छ । यो अद्‌भुत गति हुने प्रेम, स्नेही आएर हेर्दा कतै-कतै ढुक्रिएको, कतै जोरि-एको र कतै गाँठो परेको भान हुन्छ । हे स्नेही ! यो प्रेमको अद्‌भुत भाव आएर हेर–जसको सम्झना हुनासाथ सबै सुद्धि-बुद्धि हराएर जान्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आलापको ध्वनि भगवान्‌भन्दा पनि उत्तम र विलक्षण थियो। त्यसले प्रसन्न भएर श्रीकृष्णले 'स्याबास' भनेर प्रशंसा गर्नुभयो। त्यही लय समातेर गाउने अन्यको पनि प्रभुले सहनी गर्नुभयो ॥१०॥ कुनै गोपी नाच्ता-नाच्ता थाकी। त्यसका नारीको कङ्कण र कपालको मल्लिकपुष्प खस्नलाग्यो। अनि उसले नगीचै उभिएका मुरलीधरको काँध आफ्ना भुजाले च्याप्य पक्रिई ॥११॥ अर्की गोपीले आफ्नू काँधमा राखेका कमलकुसुम समान सुगन्धित र चन्दन-चर्चित भगवान्‌का भुजाहरू सूँघी र आनन्दले पुलकित भएर चुम्बन लिई ॥ १२ ॥ अर्कीले नाचको कारण हल्लिरहेका कुण्डलहरूको कान्तिले टल्किरहेको आफ्नू कपोल श्रीकृष्णको कपोलसित टाँसिदिई। अनि भगवान्‌ले उसको मुखमा आफूले चपाएको पान दिनुभयो ॥१३॥ यौटी गोपिनी नूपुर र मेखलाको झनकार गर्दै नाचिरहेकी थिई। त्यो जब बर्ता थाकी तब उसले छेउमै स्थित श्रीकृष्णचन्द्रको कल्याणकारी कर-कमल आफ्ना स्तनद्वयमा राखी ॥१४॥ हे राजन्! एकमात्र लक्ष्मीका प्रियतम भगवान् कृष्णलाई एकान्तरूपमा पाएर गोपिनीहरू, जसका घाँटी उनकी भुजपाशमा बाँधिएका थिए, भगवान्‌का गुण गाउँदै

पूजिता तेन प्रीयता साधु साध्विति ॥ तदेव ध्रुवमुन्निन्ये तस्यै मानं बह्वदात् ॥१०॥ काचिद्रासपरिश्रान्ता पार्श्वस्थस्य गदाभृतः ॥ जग्राह बाहुना स्कन्धं श्लथद्वलयमल्लिका ॥ ११ ॥ तत्रैकांसगतं बाहुं कृष्णस्योत्पलसौरभम् ॥ चन्दनालिप्तमाघ्राय हृष्टरोमा चुचुम्ब ह ॥ १२ ॥ कस्याश्चिन्नाट्यविक्षिप्तकुण्डलत्विषमण्डितम् ॥ गण्डं गण्डे सन्दधत्या अदात्ताम्बूलचर्वितम् ॥ १३ ॥ नृत्यन्ती गायती काचित्कूजन्नूपुरमेखला ॥ पार्श्वस्थाच्युतहस्ताब्जं शान्ताऽधात्स्तनयोः शिवम् ॥ १४ ॥ गोप्यो लब्ध्वाऽच्युतं कान्तं श्रिय एकान्तवल्लभम् ॥ गृहीतकण्ठ्यस्तद्दोर्भ्यां गायन्त्यस्तं विजह्रिरे ॥ १५ ॥ कर्णोत्पलालकविटङ्ककपोलघर्मवक्त्रश्रियो वलयनूपुरघोषवाद्यैः ॥ गोप्यः समं भगवता ननृतुः स्वकेशस्रस्तस्रजो भ्रमरगायकरासगोष्ठ्याम् ॥ १६ ॥ एवं परिष्वङ्गकराभिमर्शस्निग्धेक्षणोद्दामविलासहासैः ॥ रेमे रमेशो व्रजसुन्दरीभिर्यथाऽर्भकः स्वप्रतिबिम्बविभ्रमः ॥ १७ ॥ तदंगसंगप्रमुदाकुलेन्द्रियाः केशान्दुकूलं कुचपट्टिकां वा ॥ नाञ्जः प्रतिव्योढुमलं व्रजस्त्रियो विस्रस्तमालाभरणाः कुरूद्वह ॥ १८ ॥ कृष्णविक्रीडितं वीक्ष्य

उनैसित रमण गर्नलागे ॥१५॥ कानमा कमल-कुसुम, अलकावलीले अलंकृत कपोल र पसीनाका थोपाले सुशोभित मुख हुने ती गोपिनी—भ्रमर नै जसमा गायक थिए—त्यो रास-मण्डलमा आफ्ना कङ्कण र नुपुररूपी बाजाहरूको शब्द गर्दै भगवान्‌सित नृत्य गर्न थाले। त्यस बखत तिनका केशपाशमा सिउरेका पुष्पका मालाहरू टुक्रा-टुक्रा भएर छरिइन्थे ॥१६॥ जस्तै बालक आफ्नू छायासित स्वयं खेल्दछ, त्यस्तै नै रमारमण भगवान् कृष्णले आलिङ्गन, अङ्गस्पर्श, प्रणय-कटाक्ष र मनोहर मुसकान छर्दै ब्रज-रमणीहरूसित रमण गरे ॥१७॥ हे कुरुनन्दन! भगवान्‌को अङ्गस्पर्शजनित आनन्द र प्रभुका *श्रीचरणको प्राप्तिवश इन्द्रियहरू विह्वल भइदिनाले गर्दा जसका पुष्पहार र शरीरका वस्त्र-आभूषण अस्त-

* जीवनको लक्ष्य—जीवनको लक्ष्य हुनुपर्दछ—भगवान्‌का चरणको प्राप्ति र यसैलाई परम पुरुषार्थ मान्नुपर्दछ। जति पनि पुरुषार्थ र प्राप्त गर्ने योग्य पदार्थ छन्, ती सबै तल झार्ने खालका छन्। जबसम्म यो निश्चय हुँदैन कि भगवान्‌लाई प्राप्त गर्नु नै परम पुरुषार्थ हो, तथा यही जीवनको चरम लक्ष्य हो, तबसम्म मनुष्य कहीं पनि शान्ति पाउन सक्तैन। २—भगवान्‌का चरण प्राप्त गर्ने अनन्य लालसा नै जीवनको चरम ध्येय हो। भगवान्‌को प्राप्ति सजिलो छ, तर उनका चरणाश्रय प्राप्त गर्ने लालसा साह्रै दुर्लभ छ। ३—भगवान्‌लाई जान्ने इच्छा हुनुपर्दछ भजन गर्ने, उनका चरणको आश्रय ग्रहण गर्ने। हाम्रो काम भगवान्‌लाई जान्ने होइन, प्राप्त गर्ने हो। त्यो प्राप्त हुन्छ भजनले, उनका चरणको कृपाले। कुनै ठूलो राजालाई मात्र जान्नाले केही हात लाग्दैन, तर यदि ऊसित मैत्री भए काम बन्दछ। यसै गरी जो केवल तर्क र युक्तिले भगवान्‌लाई जान्ने इच्छा गर्दछन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

व्यस्त भइसकेका थिए, ती व्रजबालाहरू आफ्ना केश-बन्धन, दुकूल र कंचुकीलाई पनि स्याहारीरहेका थिएनन् ॥१८॥ भगवान्को रासक्रीडा देखेर आकाशमा सुरसुन्दरीहरू कामातुरा भएर मोहित भए र ग्रहगण समेत चकित चन्द्रमा कामार्दित हुनगए ॥१९॥ यद्यपि भगवान् आत्माराम थिए, तापनि त्यहाँ जति गोपिनी थिए, त्यतिनै रूपधारणगरेर उनले लीलापूर्वक तिनीहरूको साथमा रमण गरे । त्यसपछि हे तात ! अत्यन्त विहार गर्नाले थाकेका ती गोपाङ्गनाहरूका मुख करुणाधाक कृष्णले प्रेमपूर्वक आफ्नो शान्तिदायक करकमलले पुछिदिए ॥२०॥२१॥ भगवान्का नखस्पर्शले आनन्दित गोपिनीगण आफ्ना टल्कने सुवर्ण-कुण्डल र बटारिएका अलकावली युक्त कान्तिमण्डित कपोलको शोभा र सुमधुर मुसुकानमयी

मुमुहुः खेचरस्त्रियः ॥ कामार्दितः शशाङ्कश्च सगणो विस्मितोऽभवत् ॥ १९ ॥ कृत्वा तावन्तमात्मानं यावतीर्गोपयोषितः ॥ रेमे स भगवाँस्ताभि-रात्मारामोऽपि लीलया ॥ २० ॥ तासामतिविहारेण श्रान्तानां वदनानि सः ॥ प्रामृजत्करुणः प्रेम्णा शन्तमेनाङ्ग पाणिना ॥ २१ ॥ गोप्यः स्फुरत्पुरटकुण्डलकुन्तलत्विड्गण्डश्रिया सुधितहासनिरीक्षणेन ॥ मानं दधत्य ऋषभस्य जगुः कृतानि पुण्यानि तत्कररुहस्पर्शप्रमोदाः ॥२२॥ ताभिर्युतः श्रममपोहितुमङ्गसङ्गघृष्टस्रजः सकुचकुंकुमरञ्जितायाः ॥ गन्धर्वपालिभिरनुद्रुत आविशद्वाः श्रान्तो गजीभिरिभराडिव भिन्नसेतुः ॥ २३ ॥ सोऽम्भस्यलं युवतिभिः परिषिच्यमानः प्रेम्णेक्षितः प्रहसतीभिरितस्ततोऽङ्ग ॥ वैमानिकैः कुसुमवर्षिभिरीड्यमानो रेमे स्वयं स्वरतिरत्र गजेन्द्रलीलः

दृष्टिले सम्मानित गर्दै ती नरश्रेष्ठका परम पवित्र लीलाहरूको गान गर्नलागे ॥२२॥ तदनन्तर जस्तै थाकेको गजराज आफ्नी मनपरेकी ढोईसित जलमा पसेर जलविहार गर्दछ, त्यसै गरी लोक र वेदको मर्यादा भङ्ग पारी भगवान् आफ्नू थकाई मार्नको निम्ति ती कामिनीहरूसित जलक्रीडा गर्नका लागि यमुनाको जलमा पसे । त्यस बखत गोपिनीका अङ्गसंगले मलिएको र उनका कुचकुंकुमले रंजित वनमालामा डुल्ने भ्रमर गन्धर्वराज झैं गुञ्जार गर्दै तिनको पछिलागे ॥२३॥ हे राजन् ! जलमा पुगेपछि सबै व्रजबालाहरू

तिनको हात केही लाग्दैन । अतः भगवान्लाई जान्न र रहस्यमा प्रवेशगर्नको निम्ति इच्छा त्यागेर भजनमा लाग्नुपर्दछ । भजन गनाले हाम्रो निम्ति ने जान्न आवश्यक हुन्छ, त्यो भगवान् स्वयं जनाइदिन्छन् र त्यही जान्नु यथार्थ जान्नु हो । ४—दुःख के हो ! भगवान्को परमानन्द स्वरूपमा विश्वास नहुनु र संसारका क्षुद्र पदार्थमा सुखको लोभले आसक्त हुनु । ५—जो भगवान्को छ, जो भगवान्को भइसकेको छ, जसलाई उनको मात्र योटा आश्रय छ, यस्तो बालक, वृद्ध, पशु-पक्षी जो भए पनि ती सबैको भार भगवान्मै रहन्छ । तिनलाई कहिले र कुन वेला के चाहिन्छ, त्यसको जाँच भगवान् नै गर्दछन् । ६—जसले श्रीकृष्णका चरणको स्पर्श पाइसकेका छन्, तिनको त कुरै छैन, जसलाई यो निश्चय भइसकेको छ कि धेरै लामो समयपछि श्रीकृष्णका चरणको स्पर्श प्राप्त हुन्छ, तिनमा पनि विषय-विषको प्रभाव पर्न सक्तैन । जसलाई भगवान्को चरणको नङ्को टुप्पा पनि प्राप्त भयो अथवा हुनेछ उनमा जगतको विष व्याप्त हुन सक्तैन । ७—जति अवतार छन्, तिनमा भगवान् परवश छैनन्, स्ववश छन् तर यो श्रीकृष्णावतारमा ती स्वजन परवश छन् अर्थात् आफ्ना प्रेमीहरूको वशमा रहन्छन् र उनले जे भन्दछन्, त्यही गर्दछन् । ८—जो सबैलाई आकर्षित पारोस्, कतिसम्म भने जीवन्मुक्त पुरुषहरूको चित्तलाई पनि हरोस्, त्यसको नाम हो 'कृष्ण' । भगवान् कृष्ण यस्तै छन् । यसैले उनको योटा नाम हो 'आत्माराम-गुणाकर्षी ।' उनका गुण नै यस्ता छन् । ती आत्माराम महापुरुषहरूलाई पनि अहैतुक प्रेम गर्नको निम्ति बाध्य पारिदिन्छन् । 'आत्मारामाश्च मुनयो निर्ग्रन्था अप्युरुक्रमे । कुर्वन्त्यहैतुकीं भक्तिमित्थं भूतगुणो हरिः ।' ९—पक्षी आकाशमा उड्छ, त्यसलाई पिंजरामा हुन निकै राम्रो लाग्दछ, तर त्यसलाई समाउने फन्दरी ! जो त्यसलाई पक्रने युक्ति जान्दछन्, जिनीकहाँ गएर प्रार्थना गरियो भने त्यसलाई समाउनमा सफलता पाउन सकिन्छ । यसै प्रकार भगवान्का नित्यपार्षद, प्रेमी भक्तजनको सहायता बिना श्रीकृष्णका पाउको सेवा गर्ने अधिकार पाउन कठिन छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारैतिरबाट प्रणय-कटाक्ष गर्दै बेसरी हाँस्तै भगवान्माथि पानीको प्रहार गर्नलागे र विमानमा बसेका देवगण पुष्पवर्षा गरेर उनको स्तुति गर्नलागे । यसरी त्यहाँ स्वयं आत्माराम भगवान्ले यौटा गजराज समान जलक्रीडा गरे ॥ २४ ॥ अनि युवती मण्डल र भ्रमरहरूले घेरिएका श्रीहरि जहाँ सबैतिर जल र स्थल पुष्पहरूको बास्नाले सुवासित वायु चल्दै थियो, यमुनातटको त्यो रमणीय उपवनमा यसरी डुल्न लागे, जसरी मद बगाउने हात्ती ढोईहरूका समूहसित डुल्दछ ॥ २५ ॥ हे राजन् ! चन्द्रमाको चन्द्रिकाले चर्चित र काव्य वर्णित शरत्कालीन सामग्रीहरूले सम्पन्न ती रात्रिहरूमा सत्यसङ्कल्प र अस्खलितवीर्य प्रभुले आफ्नी अनुचरी ललनाहरूसित विहार गरे ॥ २६ ॥ यति कथा सुनेर राजा परीक्षितले सोधे—हे भगवन् ! जगत्पति कृष्ण धर्मको स्थापना र अधर्मको नाश गर्नका लागि नै पूर्ण अंशले अवतीर्ण भए ॥२७॥ अनि धर्ममर्यादाका वक्ता, रचयिता र रक्षक भएर पनि उनले परस्त्री-गमन जस्तो धर्म-विरुद्ध कार्य कसरी गरे ? ॥ २८ ॥ कृष्ण भगवान् पूर्णकाम भएर पनि त्यस्तो निन्दनीय कामनामा किन प्रवृत्त भए, यसको आशय मैले बुझ्न सकिन । हे

॥ २४ ॥ ततश्च कृष्णोपवने जलस्थलप्रसूनगन्धानिलजुष्टदिक्तटे ॥ चचार भृङ्गप्रमदागणावृतो यथा मदच्युद्द्विरदः करेणुभिः ॥ २५ ॥ एवं शशाङ्कांशुविराजिता निशाः स सत्यकामोऽनुरताबलागणः ॥ सिषेव आत्मन्यवरुद्धसौरतः सर्वाः शरत्काव्यकथारसाश्रयाः ॥ २६ ॥ राजोवाच ॥ संस्थापनाय धर्मस्य प्रशमायेतरस्य च ॥ अवतीर्णो हि भगवानंशेन जगदीश्वरः ॥ २७ ॥ स कथं धर्मसेतूनां वक्ता कर्ताऽभिरक्षिता ॥ प्रतीपमाच- रद्ब्रह्मन्परदाराभिमर्शनम् ॥ २८ ॥ आप्तकामो यदुपतिः कृतवान्वै जुगुप्सितम् ॥ किमभिप्राय एतं नः सशयं छिन्धि सुव्रत ॥ २९ ॥ श्रीशुक उवाच ॥ धर्मव्यतिक्रमो दृष्ट ईश्वराणां च साहसम् ॥ तेजीयसां न दोषाय वह्नेः सर्वभुजो यथा ॥ ३० ॥ नैतत्समाचरेज्जातु मनसाऽपि ह्यनीश्वरः ॥ विनश्यत्याचरन्मौढ्याद्यथा रुद्रोऽब्धिजं विषम् ॥ ३१ ॥ ईश्वराणां वचः सत्यं तथैवाचरितं क्वचित् ॥ तेषां यत्स्ववचोयुक्तं बुद्धिमांस्तत्समाचरेत् ॥३२॥ कुशलाचरितेनैषामिह स्वार्थो न विद्यते ॥ विपर्ययेण वाऽनर्थो निरहंकारिणां प्रभो ॥ ३३ ॥ किमुताखिलसत्त्वानां तिर्यङ्मर्त्यदिवौकसाम् ॥ ईशितुश्चेशितव्यानां कुशलाकुशलान्वयः ॥ ३४ ॥ यत्पादपङ्कजपरागनिषेवतृप्ता योगप्रभावविधुताखिलकर्मबन्धाः ॥ स्वैरं चरन्ति मुनयोऽपि न

सुव्रत ! तपाईं मेरो यो सन्देह मेटिदिनुस् ॥ २९ ॥ श्रीशुकदेवले भने—हे राजन् ! कहिले काहीं पुरुषद्वारा धर्मको उल्लङ्घन गरेर पनि हठपूर्वक साहसका काम भएका देखिन्छन्, तर त्यसले ती तेजस्वीलाई कुनै दोष लाग्दैन । जस्तै–सबै वस्तु भक्षण गर्ने अग्नि असत्पदार्थका गुण-दोषले दूषित हुँदैन ॥ ३० । जो व्यक्ति असमर्थ छन् तिनले त्यस्तो आचरण मनले पनि गर्नुहुँदैन । यदि कोही मूर्खताले त्यस्तो आचरण गर्दछ भने त्यो नष्ट हुनेछ । जस्तै-समुद्रबाट उत्पन्न विष शिवले पिउनु भयो, त्यस्तै शिवको अनुकरण गर्ने व्यक्ति नष्ट भएर जान्छ ॥ ३१ ॥ ईश्वरका वचन सत्य हुन्छन् । अतएव तिनैको पालन गर्नुपर्दछ । कहीं कहीं तिनका आचरण पनि अनु- करणीय हुन्छन् । अतः उनको जुन आचरण उनैको उपदेशको अनुकूल छ, बुद्धिमान पुरुष त्यसैको अनुकरण गरुन् ॥ ३२ ॥ हे राजन् ! गर्वहीन समर्थ पुरुषका शुभ उद्योगमा उनको उद्योगमा उनको कुनै आफ्नू स्वार्थ हुँदैन । अतः अशुभ कर्मले उनको कुनै हानि अथवा अनर्थ पनि हुँदैन ॥३३॥ जब ईश्वरको शुभाशुभ कर्मले कुनै हानि हुन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

तब तिर्यक् मनुष्य र देवता आदि समस्त जीवका एकमात्र सर्वेश्वर श्रीहरिको कुनै शुभाशुभ कर्मले हानि वा लाभ कसरी हुन सक्तछ ? ॥ ३४ ॥ जसका चरण कमलको धूलो सेवनले तृप्त भक्तजन र योगसाधनको प्रभाववश समस्त कर्मबन्धनबाट मुक्त योगीजन सबै थरिका निषेधरूपी बन्धनबाट मुक्त भएर स्वच्छन्द डुल्दछन्, अनि ती स्वेच्छाशरीरधारी श्रीकृष्णलाई कसरी कुनै कर्मबन्धनले बाँध्नसक्तछ ॥३५॥ जुन गोपिनी, तिनका पति र सबै देहधारीको अन्तःकरणमा विराजमान थिए, ती सर्वसाक्षी भगवान्‌ले नै लीलामय शरीर धारण गरेर संसारमा अवतार लिएका थिए ॥ ३६ ॥ भगवान् जीवहरूमा कृपा गर्नका लागि नै मनुष्यरूप धारण गरेर यस्ता-यस्ता लीला गर्दछन् कि तिनको स्मरण गरेर मानिस भगवत्परायण हुने गर्दछन् ॥३७॥ उता व्रतमा भगवान्‌को मायाले मोहित भएर व्रजवासीहरूले आफ्आफ्ना स्त्रीहरूलाई घरमै भएका ठाने र भगवान कृष्णको तर्फपाट केही पनि आफ्नू मनमा दुर्भावना आउन दिएनन् ॥३८॥ ब्राह्ममुहूर्त भएपछि प्रभुको आज्ञा पाएर उनकी प्रिया गोपाङ्गनाहरू इच्छा नभए पनि आफ्आफ्ना घर हिंडे ॥ ३९ ॥ जो धैर्यशाली पुरुष व्रजबालाहरू

मुह्यमानास्तस्येच्छयाऽऽत्तवपुषः कुत एव बन्धः ॥३५॥ गोपीनां तत्पतीनां च सर्वेषामेव देहिनाम् ॥ योऽन्तश्चरति सोऽध्यक्षः क्रीडनेनेह देहभाक् ॥३६॥ अनुग्रहाय भूतानां मानुषं देहमास्थितः ॥ भजते तादृशीः क्रीडा या श्रुत्वा तत्परो भवेत् ॥ ३७ ॥ नासूयन्खलु कृष्णाय मोहितास्तस्य मायया ॥ मन्यमानाः स्वपार्श्वस्थान्स्वान्स्वान्दारान् व्रजौकसः ॥ ३८ ॥ ब्रह्मरात्र उपावृत्ते वासुदेवानुमोदिताः ॥ अनिच्छन्त्यो ययुर्गोप्यः स्वगृहान्भगवत्प्रियाः ॥ ३९ ॥ विक्रीडितं व्रजवधूभिरिदं च विष्णोः श्रद्धान्वितोऽनुशृणुयादथ वर्णयेद्यः ॥ भक्ति परां भगवति प्रतिलभ्य कामं हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे रासक्रीडावर्णनं नाम त्रयस्त्रिंशोऽध्यायः ॥ ३३ ॥

श्रीशुक उवाच ॥ एकदा देवयात्रायां गोपाला जातकौतुकाः ॥ अनोभिरनडुद्युक्तैः प्रययुस्तेऽम्बिकावनम् ॥ १ ॥ तत्र स्नात्वा सरस्वत्यां देवं पशुपतिं विभुम् ॥ आनर्चुरर्हणैर्भक्त्या देवीं च नृपतेऽम्बिकाम्॥२॥ गावो हिरण्यं वासांसि मधु मध्वन्नमादृताः ॥ ब्राह्मणेभ्यो ददुः सर्वे देवो नः प्रीयतामिति ॥३॥ ऊषुःसरस्वतीतीरे जलं प्राश्य धृतव्रताः ॥ रजनीं तां महाभागा नन्दसुनन्दकादय ॥ ४ ॥ कश्चिन्महानहिस्तस्मिन्विपिनेऽतिबुभुक्षितः ॥ यदृच्छयाऽऽगतो नंदं शयानमुरगोऽग्रसीत् ॥ ५ ॥ स चुक्रोशाहिना ग्रस्तः कृष्ण कृष्ण महानयम् ॥ सर्पो मां ग्रसते तात प्रपन्नं परिमोचय ॥६॥ तस्य

सित गरिएको भगवान् कृष्णको रासलीलाको कथा श्रद्धापूर्वक वारम्बार सुन्छन् वा भन्दछन् ती शीघ्र भगवान्‌की पराभक्ति प्राप्त गरेर हृदयका रोगरूपी कामविकारलाई फाल्नेछन् ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे पं० गौरीशंकरकृत 'वासिष्ठी' भाषाटीकायां त्रयस्त्रिंशोऽध्यायः ॥ ३३ ॥

(सुदर्शनको उद्धार र शङ्खचूड वध) श्रीशुकदेव भन्दछन्—हे राजन् ! एक दिन देवयात्राको प्रसंगमा सबै गोप ठूलो उत्साहले गोरू गाडामा बसेर अम्बिका-वनमा गए ॥ १ ॥ त्यहाँ सरस्वती नदीमा स्नान गरेर तिनले अनेक थरिका सामग्रीले शिवजी र अम्बिकादेवीको ठूलो भक्तिले पूजा गरे ॥२॥ अनि 'देवाधिदेव शिव हामीसित प्रसन्न होउन्' यस कामनाले तिनले आदरसाथ धेरै गाई सुवर्ण, वस्त्र, मधु र मीठो अन्न ब्राह्मणलाई दान दिए ॥ ३ ॥ त्यो रात पासी पिएर नन्द र सुनन्द आदि गोपगण त्यहीं सरस्वतीको तटमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपवास गरेर बसे । त्यसै बेला त्यो वनमा यौटा भोको अजिंगर आएर सुतेका नन्दजीलाई समातेर निल्नलाग्यो ॥४॥५॥ आफूलाई सर्पले तिल्न लागेको जानेर नन्दजी भयभीत भई वराउन लागे–'हे कृष्ण ! हेर, यो महासर्प मलाई मिल्न तयार छ । बाबू ! शरणागत लाई यस सङ्कटबाट छुटाऊ ।' ॥ ६ ॥ नन्दीजीले कराएको सुनेर सबै गोप सहसा उठेर उभिए । नन्दलाई अजिङ्गरको मुखमा देखेर ती निकै आत्तिए र सर्पलाई बल्दो अगुल्टोले पोल्नलागे ॥ ७ ॥ तर त्यो अगुल्टोले दग्ध भएर पनि त्यस भुजङ्गले नन्दजीलाई छाडेन । त्यतिमैं यदुपति कृष्ण त्यहाँ पुगेर त्यसलाई आफ्ना पाउले छोइदिए ॥८॥ श्रीकृष्णको चरण-स्पर्श हुनासाथ त्यसका सबै अशुभ नष्ट भएर गए र उसले तुरुन्त सर्प-शरीर त्यागेर विद्याधरद्वारा वन्दित सुन्दर रूप प्राप्त गऱ्यो ॥ ९ ॥ उसको शरीर दिव्य तेजले टल्किरहेको थियो र उसको घाँटीमा सुवर्णको माला थियो । उसलाई अत्यन्त विनयकपूर्वक उभिएको देखेर भगवान्‌ले सोध्नुभयो–॥१०॥ तिमी को हौ ? तिम्रो दिव्य देह निकै राम्रो देखिरहेछ । तिमी त अद्भुत तेजस्वी देखिंदैछौ । अनि तिमीलाई यो निन्दित गति अर्थात् सर्पयोनि

चाक्रन्दितं श्रुत्वा गोपालाः सहसोत्थिताः ॥ ग्रस्तं च दृष्ट्वा विभ्रान्ताः सर्पं विव्यधुरुल्मुकैः ॥ ७ ॥ अलातैर्दह्यमानोऽपि नामुञ्चत्तमुरङ्गमः ॥ तमस्पृशत्पदाऽभ्येत्य भगवान्सात्वतां पतिः ॥ ८ ॥ स वै भगवतः श्रीमत्पादस्पर्शहताशुभः ॥ भेजे सर्पवपुर्हित्वा रूपं विद्याधरार्चितम् ॥ ९ ॥ तमपृच्छद्धृषीकेशः प्रणतं समुपस्थितम् ॥ दीप्यमानेन वपुषा पुरुषं हेममालिनम् ॥ १० ॥ को भवान्परया लक्ष्म्या रोचतेऽद्भुतदर्शनः ॥ कथं जुगुप्सितामेतां गतिं वा प्रापितोऽवशः ॥ ११ ॥ सर्प उवाच ॥ अहं विद्याधरः कश्चित्सुदर्शन इति श्रुतः ॥ श्रिया स्वरूपसम्पत्त्या विमानेनाचरं दिशः ॥ १२ ॥ ऋषीन्विरूपानाङ्गिरसः प्राहसं रूपदर्पितः ॥ तैरिमां प्रापितो योनिं प्रलब्धैः स्वेन पाप्मना ॥ १३ ॥ शापो मेऽनुग्रहायैव कृतस्तैः करुणात्मभिः ॥ यदहं लोकगुरुणा पदा स्पृष्टो हताशुभः ॥ १४ ॥ तं त्वाऽहं भवभीतानां प्रपन्नानां भयापहम् ॥ आपृच्छे शापनिर्मुक्तः पादस्पर्शादमीवहन् ॥ १५ ॥ प्रपन्नोऽस्मि महायोगिन्महापुरुष सत्पते ॥ अनुजानीहि मां देव सर्वलोकेश्वरेश्वर ॥ १६ ॥ ब्रह्मदण्डाद्विमुक्तोऽहं सद्यस्तेऽच्युत दर्शनात् ॥ यन्नाम गृह्णन्नखिलाञ्श्रोतॄनात्मानमेव च ॥ सद्यः पुनाति किं भूयस्तस्य स्पृष्टः पदा हि ते ॥ १७ ॥ इत्यनुज्ञाप्य दाशार्हं परिक्रम्याभिवन्द्य च ॥ सुदर्शनो

कसरी प्राप्त भयो ? ॥११॥ सर्पले भन्यो–म सुदर्शन नामको यौटा प्रख्यात विद्याधर थिएँ । त्यस बेला कान्ति र रूप-सम्पत्तिले सम्पन्न भएर म इच्छित स्थानमा डुल्दथें ॥१२॥ म आफ्नू सौन्दर्य-मदले उन्मत्त थिएँ । अतः एक दिन बाटोमा अङ्गिरा वंशका कुरूप मुनिहरूलाई देखेर म हाँस्नलागें । मेरो त्यस कर्मले कुपित ती मुनिगणले मलाई श्राप दिएर यो अधम योनिमा पठाइदिए ॥१३॥ सत्य कुरा के भने, ती कारुणिक मुनिजनले ममाथि कृपा गर्नको निम्ति नै श्राप दिएका थिए । त्यसैको प्रभावले आज हजुरको चरण-स्पर्श प्राप्त भएको छ र मेरा सबै पाप निखारिए ॥१४॥ हजुर संसारका भयभीत आफ्ना भक्तहरूको भय नाश गरिदिनु हुन्छ । हे प्रभो ! हजुरको चरण-स्पर्शले श्रापमुक्त भएर अब म आफ्नू लोकमा जाने-आज्ञा पाऊँ ॥१५॥ हे महायोगिन् ! हे परमपुरुष ! हे सज्जनका स्वामी ! हे लोकेश्वर ! म हजुरको शरणमा छु, जाने आज्ञा पाऊँ ॥१६॥ हे अच्युत ! म हजुरको दर्शन पाउनासाथ ती ब्राह्मणहरूको शापबाट मुक्त भएँ । जसको नामोच्चारण गर्नाले प्राणी श्रोतासहित आफूलाई पवित्र पारिलिन्छ भने साक्षात् उनै परमेश्वरको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

चरण-स्पर्श भएपछि मेरो पाप मुक्त हुनु कुन ठूलो कुरा हो ? ॥१७॥ यस प्रकार स्तुति गरेर ती दयाधामको आज्ञा पाई उनको प्रदक्षिणा गरेर सुदर्शनले प्रणाम गरे र तत्काल स्वर्गलोक गए। उता नन्दजी पनि यो ठूलो सङ्कटबाट मुक्त भए ॥ १८ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन्! भगवान् कृष्णको यस्तो अद्भुत प्रभाव देखेर ती व्रजवासीहरूलाई आश्चर्य भयो र ती आफ्नू यात्रा समाप्त गरेर भगवानका गाथा-गान गर्दै फेरि व्रजमा फर्के ॥ १९ ॥ एक दिनको कुरा हो, भगवान् कृष्ण र अद्भुत पराक्रमी बलराम रात्रिको वेलामा व्रजका सुन्दरीहरूसित वन-विहार गर्दै थिए ॥ २० ॥ त्यस वेला उनमा अनुराग राख्ने व्रजबाला मधुर स्वरले उनको गुणगान गर्दै थिए। ती दुवै भाई राम्रा अलङ्कार, मनोहर माला र सफा वस्त्र पहिरेका थिए र तिनका अङ्ग सुगन्धित चन्दनले-चर्चित थिए ॥ २१ ॥ अनि जसमा तारागण सहित चन्द्रमा उदाएका थिए र जो मल्लिकाको बासनाले उन्मत्त भ्रमरगण र कुमुद कुसुमको सुगन्धले सुवासित वायुले युक्त थियो, त्यस रात्रिको प्रथम प्रहरको आदर गर्दै दुवै भाई संसारका समस्त प्राणीको

दिवं यातः कृच्छ्रान्नन्दश्च मोचितः ॥ १८ ॥ निशाम्य कृष्णस्य तदात्मवैभवं व्रजौकसो विस्मितचेतसस्ततः ॥ समाप्य तस्मिन्नियमं पुनर्व्रजं नृपा ययुस्तत्कथयन्त आदृताः ॥ १९ ॥ कदाचिदथ गोविन्दो रामश्चाद्भुतविक्रमः ॥ विजह्रतुर्वने रात्र्यां मध्यगो व्रजयोषिताम् ॥ २० ॥ उपगीयमानौ ललितं स्त्रीजनैर्बद्धसौहृदैः ॥ स्वलंकृतानुलिप्ताङ्गौ स्रग्विणौ विरजोऽम्बरौ ॥ २१ ॥ निशामुखं मानयन्तावुदितोडुपतारकम् ॥ मल्लिकागन्धमत्तालिजुष्टं कुमुदवायुना ॥ २२ ॥ जगतः सर्वभूतानां मनः श्रवणमङ्गलम् ॥ तौ कल्पयन्तौ युगपत्स्वरमण्डलमूर्च्छितम् ॥ २३ ॥ गोप्यस्तद्गीतमाकर्ण्य मूर्च्छिता नाविदन्नृप ॥ स्रंसद्दुकूलमात्मानं स्रस्तकेशस्रजं ततः ॥ २४ ॥ एवं विक्रीडतोः स्वैरं गायतोः सम्प्रमत्तवत् ॥ शङ्खचूड इति ख्यातो धनदानुचरोऽभ्यगात् ॥ २५ ॥ तयोर्निरीक्षतो राजंस्तन्नाथं प्रमदाजनम् ॥ क्रोशन्तं कालयामास दिश्युदीच्यामशङ्कितः ॥ २६ ॥ क्रोशन्तं कृष्ण रामेति विलोक्य स्वपरिग्रहम् ॥ यथा गा दस्युना ग्रस्ता भ्रातरावन्वधावताम् ॥२७॥ मा भैष्टेत्यभयारावौ शालपाणी तरस्विनौ ॥ ओसदतुस्तं तरसा त्वरितं गुह्यकाधमम् ॥ २८ ॥ स वीक्ष्य तावनुप्राप्तौ कालमृत्यू इवोद्विजन् ॥ विसृज्य स्त्रीजनं मूढः प्राद्रवज्जीवितेच्छया ॥२९॥ तमन्वधावद्गोविन्दो

मन र श्रवणलाई पुलकित पार्ने स्वरको मीठो तानले गीत गाउन लागे ॥ २२ ॥ २३ ॥ हे राजन्! तिनको मनमोहक गान सुनेर गोपिनीहरू यस प्रकार मोहित भए कि तिनलाई आफ्नू साड़ी तल खुस्केको र केशकलापको माला झरेको तथा आफ्नू देहको केही ज्ञान रहेन ॥ २४ ॥ जब भगवान् कृष्ण र बलराम यस प्रकार स्वच्छन्दतापूर्वक विहार गर्दै उन्मत्त गायक झैं गाउन लागे, त्यसै वेला शङ्खचूड नामको यौटा विख्यात कुवेरको दूत त्यहाँ आयो ॥ २५ ॥ हे राजन्! ती दुवै भाईको सामुन्ने नै ताद्वारा सुरक्षित व्रजसुन्दरीहरूलाई निःशङ्क भावले बलपूर्वक बोकेर उत्तर दिशातिर भाग्यो। त्यस वेला ती सबै गोपिनी रुनलागे ॥२६॥ डाकूद्वारा हठपूर्वक हरेर लगिएकी गाईहरू झैं आफ्नी प्रियाले 'हा कृष्ण! हा राम!' भनेर कराएकी देखेर ती दुवै भाइ त्यसको पछि-पछि दगुरे ॥ २७ ॥ तिनलाई अभय पान भनी 'नडराओ-नडराओ' यस्तो भन्दै हातमा एकेक शालवृक्ष लिई ठूलो वेगले दगुर्दै त्यो दुष्ट यक्षकहाँ पुगे ॥ २८ ॥ काल र मृत्यु झैं भयङ्कर ती दुवै जना वीर, धीरलाई आफूतिर आएका देखेर त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूढ आत्तियो र आफ्नू प्राण-रक्षाका लागि ती स्त्रीलाई त्यहीं छाडेर भाग्यो ।। २९ ।। तब बलरामजी तिनको रक्षाका लागि त्यहीं उभिए, तर कृष्णचन्द्र त्यसको शिरको चूडामणि प्राप्त गर्नका लागि पछि-पछि दगुरे ।। ३० ।। हे नृप ! अलि पर पुगेर उनले त्यसलाई समाते र एक मुड्की दिंदा, चूडामणि समेत त्यसको शिर घाँटीबाट छुट्टियो ।। ३१ ।। यसरी शङ्खचूडलाई मारेर त्यसको प्रकाशमय मणि लिई भगवान् फर्किए र सबै स्त्रीहरूका समक्ष त्यो दिव्य मणि उनले प्रसन्नतापूर्वक आफ्ना दाजू बलरामजीलाई सुम्पिदिए ।। ३२ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां चतुस्त्रिंशोऽध्यायः ।। ३४ ।।

(युगलगीत) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! जब भगवान् कृष्ण वनमा गाई चराउन जान्थे, तब व्रजका गोपिनीहरूको मन उनैमा अड्किरहन्थ्यो र ती उनका चरित्र गान गर्दै कष्टले दिन काट्तथे ।। १ ।। ती भन्दथे—'हे सखि ! जब बायाँ हत्केलामा बायाँ गाला राखेर बाङ्गो भ्रुकुटी नचाउँदै ओंठमा राखेको बाँसुरीका प्वालमा कोमल औंला

यत्र यत्र स धावति ॥ जिहीर्षुस्तच्छिरोरत्नं तस्थौ रक्षन्स्त्रियो बलः ॥ ३० ॥ अविदूर इवाभ्येत्य शिरस्तस्य दुरात्मनः ॥ जहार मुष्टिनैङ्ग सहचूडामणिं विभुः ॥ ३१ ॥ शङ्खचूडं निहत्यैवं मणिमादाय भास्वरम् ॥ अग्रजायाददात्प्रीत्या पश्यन्तीनां च योषिताम् ॥ ३२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे शङ्खचूडवधो नाम चतुस्त्रिंशत्तमोऽध्यायः ॥ ३४ ॥

श्रीशुक उवाच ॥ गोप्यः कृष्णे वनं याते तमनुद्रुतचेतसः ॥ कृष्णलीलाः प्रगायन्त्यो निन्युर्दुःखेन वासरान् ॥१॥ गोप्य ऊचुः॥वामबाहुकृतवामकपोलो वल्गितभ्रुरधरार्पितवेणुम् ॥ कोमलाङ्गुलिभिराश्रितमार्गं गोप्य ईरयति यत्र मुकुन्दः ॥ २ ॥ व्योमयानवनिताः सह सिद्धैर्विस्मितः स्तदुपधार्य सलज्जाः ॥ काममार्गणसमर्पितचित्ताः कश्मलं ययुरपस्मृतनीव्यः ॥३॥ हन्त चित्रमबलाः शृणुतेदं हारहास उरसि स्थिरविद्युत् ॥ नन्दसूनुरयमार्तजनानां नर्मदो यर्हि कूजितवेणुः ॥४॥ वृन्दशो व्रजवृषा मृगगावो वेणुवाद्यहृतचेतस आरात् ॥ दन्तदष्टकवला धृतकर्णा निद्रिता लिखितचित्रमिवासन् ॥ ५ ॥ बर्हिणस्तबकधातुपलाशैर्बद्धमल्लपरिबर्हविडम्बः ॥ कर्हिचित्सबल आलि स गोपैर्गाः समाह्वयति यत्र मुकुन्दः ॥६॥ तर्हि भग्नगतयः सरितो वै तत्पदाम्बु

फिराउँदै बजाउँछन् तब त्यसको मधुर स्वर सुनेर आकाशमा आफ्ना पति सिद्धगणसित विमानमा बसेर सिद्धपत्नीहरू कामबाणले विद्ध हुनाले लज्जावश अतिशय विस्मय भएर यस्तो अचेत हुन्थे कि आफ्नो नीवी सुस्केको पनि ज्ञान हुँदैनथ्यो ।। ३ ।। हे अबला हो ! यौटा अर्को छकरु पर्ने कुरा सुन—जसको हाँसो हारको समान शुभ्र छ र जसको वक्षःस्थलमा बिजुली झैं चञ्चला लक्ष्मी अचल भएर विराजमान रहन्छिन्, ती आर्तजनका आनन्ददाता नन्दनन्दन जब बाँसुरी बजाउँछन् तब परैबाट त्यसको ध्वनिले मुग्ध भएर व्रजका गोरू, गाई, मृग आदि पशु दाँतले चारो पक्री, कान उचाली र निदाए झैं आँखा चिम्लो चित्रलिखित झैं उभिइरहन्छन् ।। ४-५ ।। हे सखी ! जब कहिले मयूरका प्वाँख, फूलका झुप्पा, गेरू आदि धातुहरू र कोमल पल्लवहरूले सजिएर पहलवान झैं वेष बनाई हाम्रा बलराम र दयावान श्रीकृष्ण अन्य ग्वालाहरूसित गाईहरूलाई डाक्छन् तब वायुद्वारा उडाइएको उनको चरणरज पाउने लोभले यमुनाको गतिसम्म रोकिन्छ, तर ती पनि हामी जस्तै अभागिनी छन्, जो प्रेमवश कामिरहेका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

बाहु झैं दुइ-तिर तरंग उछालेर फेरि निश्चल हुन्छिन् ॥ ६ ॥ ७ ॥ हे सखी हो ! जसका अनुगामी गोप भगवान्‌का विचित्र चरित्र गान गर्दछन्, आदिपुरुष नारायण समान अविचल ऐश्वर्ययुक्त भगवान् कृष्ण जब वनमा डुल्दै गिरि-शिखरमा चर्ने गाईलाई बाँसुरी बजाएर डाक्तछन् तब वनलताहरू र पुष्प र फलका भारले नम्र वन-वृक्ष आफूमा विष्णु भगवानको सत्ता प्रकट गर्दै प्रेमले पुलकित भएर महको धारा बगाउन थाल्दछन् ॥ ८ ॥ ९ ॥ जुन भगवान्‌को मस्तकमा दर्शनीय तिलक शोभित छ, जो राम्रा पुरुषमा श्रेष्ठ छन्, ती श्रीकृष्ण जब आफ्नू घाँटीमा रहेको वनमालाको सुगन्धयुक्त तुलसीको मीठो मधुले उन्मत्त मधुपको उच्च स्वरले गाइएको अनुकुल गानको आदर गर्दै वंशी बजाउँछन्, त्यस वेला उनको मधुर गीतमा मुग्ध भएर सरोवरमा वस्ने सारस र हंस आदि पक्षि भगवान्‌को नगीचै आएर आफ्ना आँखा चिम्ली मौन धारण गरेर संयत चित्तले उनको उपासना गर्न लाग्दछन् ॥ १० ॥ ११ ॥ हे सखी हो ! पुष्प कर्णाभूषणले जसको अद्भुत शोभा भइरहेछ, ती श्याम सुन्दर आफ्ना दाजू बलराम सहित पर्वतको माथि

जरजोऽनिलनीतम् ॥ स्पृहयतीर्वयमिवाबहुपुण्याः प्रेमवेपितभुजाः स्तिमितापः ॥ ७ ॥ अनुचरैः समनुवर्णितवीर्य आदिपूरूष इवाचलभूतिः ॥ वनचरो गिरितटेषु चरन्तीर्वेणुनाऽऽह्वयति गाः स यदा हि ॥ ८ ॥ वनलतास्तरव आत्मनि विष्णुं व्यञ्जयन्त्य इव पुष्पफलाढ्याः ॥ प्रणतभारविटपा मधुधाराः प्रेमहृष्टतनवः ससृजुः स्म ॥ ९ ॥ दर्शनीयतिलको वनमालादिव्यगन्धतुलसीमधुमत्तैः ॥ अलिकुलैरलघुगीतमभीष्टमाद्रियन्यर्हि सन्धितवेणुः ॥ १० ॥ सरसि सारसहंसविहङ्गाश्चारुगीतहृतचेतस एत्य ॥ हरिमुपासत ते यतचित्ता हन्त मीलितदृशो धृतमौनाः ॥ ११ ॥ सहबलः स्रगवतंसविलासः सानुषु क्षितिभृतो व्रजदेव्यः ॥ हर्षयन्यर्हि वेणुरवेण जातहर्ष उपरम्भति विश्वम् ॥ १२ ॥ महदतिक्रमणशङ्कितचेता मन्दमन्दमनुगर्जति मेघः ॥ सुहृदमभ्यवर्षत्सुमनोभिश्छायया च विदधत्प्रतपत्रम् ॥ १३ ॥ विविधगोपचरणेषु विदग्धो वेणुवाद्य उरुधा निजशिक्षाः ॥ तव सुतः सति यदाऽधरबिम्बे दत्तवेणुरनयत्स्वरजातीः ॥ १४ ॥ सवनशस्तदुपधार्य सुरेशाः शक्रशर्वपरमेष्ठिपुरोगाः ॥ कवय आनतकन्धरचित्ताः कश्मलं ययुरनिश्चिततत्त्वाः ॥ १५ ॥ निजपदाब्जदलैर्ध्वजवज्रनीरजाङ्कुशविचित्रललामैः ॥ व्रजभुवः शमयन्खुरतोदं वर्ष्मधुर्यगतिरीडितवेणुः ॥ १६ ॥ व्रजति तेन वयं सविलासवीक्षणार्पितम-

उभिएर स्वयं आनन्दित भई संसारलाई आनन्दित पार्दै जब जगतलाई वेणुनादले पूरित पार्दछन् तब महान पुरुष श्रीकृष्णको अतिक्रमण नहोस्, यो डरले मेघ उनको वंशी-ध्वनिसित मिसिएर बिस्तार-बिस्तार गर्जन्छन् र आफ्ना सुहृद कृष्णमा आफ्नै छायाको छाता लगाएर उनमाथि पुष्पवर्षा गर्दछन् ॥१२॥१३॥ हे नन्दरानी ! व्रजका गोपहरूको विविध क्रीडाहरूमा निपुण तिम्रो पुत्र कृष्ण अब ओंठमा बाँसुरी राखेर स्वयं सिखेको ऋषभ, निषाद, षड्ज आदि स्वरहरूलाई ह्रस्व, मध्यम र दीर्घ आदि भेदहरूले आलाप लिन्छन्, उस वेलामा वंशीको ध्वनी सुनेर ती स्वरको मर्म जान्न नसकेर इन्द्र, शिव र ब्रह्मा आदि प्रधान देवता पनि शिर निहुराएर मोहित हुन्छन् ॥ १४ ॥ १५ ॥ हे सखी हो ! जब भगवान् कृष्ण ध्वजा, वज्र, कमल र अंकुश आदि विचित्र तथा सुन्दर चिन्ह युक्त आफ्नू पल्लव सदृश सुकुमार चरण-कमलले व्रजभूमिको गोखुर जनित व्यथा मेट्दै र गजराज झैं मन्द-मन्द हिंड्दै बाँसुरी बजाउँदैछन् त्यस वेला उनको लीला विलासमयी हेराइद्वारा प्राप्त कामवेगले वृक्ष झैं जडवत् हुनाले गर्दा मोहवश हामी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना वस्त्र र वेणी शिथिल भएको पनि थाहा पाउन्नौं ॥१६॥१७॥ मणिहरूका हार र प्रियंगुको गन्धयुक्त तुलसीको माला धारण गरेका श्रीकृष्ण जब गाईहरू गन्दै, कुनै प्रियसखाको घाँटीमा पाखुरा राखेर गाउन थाल्दछन् तब तिनको बाँसुरीको स्वरले मोहित मृगीहरू आएर गुणागार कृष्णलाई घेर्दछन् र हामी मुग्धा गोपिनीहरू झैं घर फर्कने इच्छा छाडेर त्यही मौन उभिइरहन्छौं ॥१८॥१९॥ हे यशोदा ! जब कुन्दकलीको मालालाले विचित्र वेष बनाई आफ्ना प्रेमीलाई प्रसन्न पार्ने तिम्रा पुत्र श्रीनन्दनन्दन यमुनाको तटमा गोपाल र गाईहरूले घेरिएर विहार गर्दछन् तब चन्दन झैं आफ्नू शीतल स्पर्शले उनको सम्मान गर्दै मन्द-मन्द र अनुकूल वायु चल्न थाल्दछ र वन्दीगण-हरूःझैं गन्धर्वादि उपदेवगण गान-बजान र अनेक थरिका भेट दिंदै सबैतिरबाट घेरेर उनको उपासना गर्न लाग्दछन् ॥ २० ॥ २१ ॥ हेर, दिनको अन्त भएपछि सबै गाईहरू एकत्र पारेर व्रजवासी र गाईहरूका हितकारी कृष्ण आफ्ना सखा द्वारा कीर्तित र बाटोमा ब्रह्मादि लोकगुरुहरूद्वारा सम्मानित, वन्दित भएर वेणुनाद गर्दै आइरहेका छन् । तिनका घाँटीको

नोभववेगाः ॥ कुजगतिं गमिता न विदामः कश्मलेन कबरं वसनं वा ॥ १७ ॥ मणिधरः क्वचिदगणयन्गा मालया दयितगन्धतुलस्याः ॥ प्रणयि-नोऽनुचरस्य कदांसे प्रक्षिपन्भुजमगायत यत्र ॥ १८ ॥ क्वणितवेणुरववञ्चितचित्ताः कृष्णमन्वसत कृष्णगृहिण्यः ॥ गुणगणार्णमनुगत्य हरिण्यो गोपिका इव विमुक्तगृहाशाः ॥ १६ ॥ कुन्ददामकृतकोतुकवेषो गोपगोधनवृतो यमुनायाम् ॥ नन्दसूनुरनघे तव वत्सो नर्मदः प्रणयिनां विजहार ॥२०॥ मन्दवायुरुपवात्यनुकूलं मानयन्मलयजस्पर्शेन ॥ वन्दिनस्तमुपदेवगणा ये वाद्यगीतबलिभिः परिवव्रुः ॥ २१ ॥ वत्सलो व्रजगवां यदगध्रो वन्द्यमानचरणः पथि वृद्धैः ॥ कृत्स्नगोधनमुपोह्य दिनान्ते गीतवेणुरनुगेडितकीर्तिः ॥२२॥ उत्सवं श्रमरुचाऽपि दृशीनामुन्नयन्खुररजश्छुरितस्रक् ॥ दित्सयैति सुहृदाशिष एष देवकीजठरभूरुडुराजः ॥ २३ ॥ मदविघूर्णितलोचन ईषन्मानदः स्वसुहृदां वनमाली ॥ बदरपाण्डुवदनो मृदुगण्डं मण्ड-यन्कनककुण्डललक्ष्म्या ॥ २४ ॥ यदुपतिर्द्विरदराजविहारो यामिनीपतिरिवैष दिनान्ते ॥ मुदितवक्त्र उपयाति दुरन्तं मोचयन्व्रजगवां दिनतापम् ॥ २५ ॥ श्रीशुक उवाच ॥ एवं व्रजस्त्रियो राजन्कृष्णलीलानुगायतीः ॥ रेमिरेऽहःसु तच्चित्तास्तन्मनस्का महोदयाः ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे वृन्दावनक्रीडायां गोपिकायुगलगीतं नाम पञ्चत्रिंशोऽध्यायः ॥ ३५ ॥

माला गाईका खुरले उडेको धूलोले फुस्लिएको र ती थाकेका भए पनि आफ्नू कान्तिले हाम्रा नयनलाई आनन्दित पार्दछन् । हेर, आफ्ना मित्रका इच्छा पूर्ण पार्न देवकीको गर्भबाट उत्पन्न चन्द्रमा झैं राम्रा श्रीकृष्ण आइरहेछन् ॥ २२ ॥ २३ ॥ अहो ! जसका नेत्र मदले केही अरुण वर्ण भइरहेछन्, कनक निर्मित कुण्डलमा कान्ति र गालाको शोभाले जसको मुख पाकेको बयर झैं पाण्डुवर्णको देखिन्छ, आफ्ना सुहृद्लाई सम्मान दिने यदुनन्दन भई व्रजवासी र गाईका दुरन्त ताप नष्ट पार्दै सायंकालको वेलामा चन्द्रमा तथा गजराज झैं बिस्तार-बिस्तार आइरहेछन् ॥२४॥२५॥ शुकदेव भन्दछन्–हे राजन् ! श्रीकृष्णमा नै जसको मन लागेको थियो, ती गोपिनीहरू यसै प्रकार उनको चिन्तन र लीला-गरन गार्दै मनमनै दिनभरि उनैसित रलण गर्मे गर्दथे ॥ २६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां पञ्चत्रिंशोऽध्यायः ॥३५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

अरिष्टासुरवध, अक्रूर व्रजागमन)—शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! त्यसै वेला अरिष्टासुर गोरूको रूप धारण गरेर आफ्ना खुरले भूमि खन्दै र पृथ्वी
कम्पित पार्दै व्रजमा आयो । उसको ककुद् (जुरो) र देह ठूलो थियो ॥१॥ त्यो वेसरी डुक्रन्दै, खुरले भूमि खन्दै र पुच्छर उचालेर सींगले खेतका आलिहरू ढाल्दै वेगले
हिंड्दथ्यो ॥२॥ बीच-बीचमा बारम्बार मल-मूत्र त्याग्दै र आँखा पल्टाई यता-उता हेर्दै दगुरिरहेको थियो । त्यसको कर्कश निनादले आकालमै मरिने भयले गाईहरू र गर्भवती
स्त्रीहरूका गर्भ-पतन हुन्थे र मेघगण पर्वत ठानेर त्यसको जुरोमा अडिन्थे ॥ ३ ॥ ४ ॥ हे राजन् ! त्यो तीक्ष्णशृङ्ग दैत्यलाई देखेर गोपिनी र गोपगण सान्है,
भयभीत भए र व्रजका पशु डरले गोड छाडेर भागे ॥ ५ ॥ अनि सबै व्रजवासी 'हे कृष्ण ! हे राम !' भनेर कराउँदै श्रीकृष्ण भगवान्का शरणमा आइपुगे । अनि भगवान्ले
जब गोकुललाई अत्यन्त भयभीत देखे तब 'नडरओ' भन्ने अभय-वाणीले तिनलाई धैर्य दिए र त्यस वृषभासुरलाई चर्को स्वरले कराई भने—'ए मन्दमति दुष्ट पापी ! यी गाई र

रम्भमाणःखरतरं पदा च विलिखन्महीम्॥
श्रीशुक उवाच ॥ अथ तर्ह्यागतो गोष्ठमरिष्टो वृषभासुरः ॥ महीं महाककुत्कायः कम्पयन्खुरविक्षताम् ॥१॥ पतन्त्य-
उद्यम्य पुच्छं वप्राणि विषाणाग्रेण चोद्धरन् ॥२॥ किञ्चित्किञ्चिच्छकृन्मुञ्चन्मूत्रयन् स्तब्धलोचनः ॥ यस्य निर्ह्रादितेनाङ्ग निष्ठुरेण गवां नृणाम्॥ ३॥
कालतो गर्भाः स्रवन्ति स्म भयेन वै ॥ निविशन्ति घना यस्य ककुद्यचलशङ्कया ॥४॥ तं तीक्ष्णशृङ्गमुद्वीक्ष्य गोप्यो गोपाश्च तत्रसुः ॥ पशवो दुद्रुवुर्भीता
राजन्संत्यज्य गोकुलम् ॥५॥ कृष्ण कृष्णेति ते सर्वे गोविन्दं शरणं ययुः ॥ भगवानपि तद्वीक्ष्य गोकुलं भयविद्रुतम् ॥६॥ मा भैष्टेति गिराऽऽश्वास्य
वृषासुरमुपाह्वयत् ॥ गोपालैः पशुभिर्मन्द त्रासितैः किमसत्तम ॥७॥ बलदर्पहाऽहं दुष्टानां त्वद्विधानां दुरात्मनाम् ॥ इत्यास्फोट्याच्युतोऽरिष्टं तालशब्देन
कोपयन् ॥ ८ ॥ सख्युरंसे भुजा भोगं प्रसार्यावस्थितो हरिः ॥ सोऽप्येवं कोपितोऽरिष्टः खुरेणावनिमुल्लिखन् ॥ उद्यत्पुच्छभ्रमन्मेघः क्रुद्धः कृष्णमुपाद्रवत्
॥९॥ अग्रन्यस्तविषाणाग्रः स्तब्धासृग्लोचनोऽच्युतम् ॥ कटाक्षिप्याद्रवत्तूर्णमिन्द्रमुक्तोऽशनिर्यथा ॥ १० ॥ गृहीत्वा शृङ्गयोस्तं वा अष्टादश पदानि
सः ॥ प्रत्यपोवाह भगवान्गजः प्रतिगजं यथा ॥ ११ ॥ सोऽपविद्धो भगवता पुनरुत्थाय सत्वरः ॥ आपतत्स्विन्नसर्वाङ्गो निःश्वसन्क्रोधमूर्च्छितः
॥ १२ ॥ तमापतन्तं स निगृह्य शृङ्गयोः पदा समाक्रम्य निपात्य भूतले ॥ निष्पीडयामास यथार्द्रमम्बरं कृत्वा विषाणेन जघान सोऽपतत् ॥१३॥

गोपाललाई व्यर्थ डराउनमा के पुरुषार्थ छ ? हेर, तँ जस्ता दुरात्माको बल-दर्प धूलो पार्ने म यता छु, यता !' यति भनेर तिघ्रा ठटाई भगवान्ले अरिष्टासुरलाई जिस्क्याई दिए
॥ ६-८ ॥ त्यस वेला भगवान् यौटा मित्रको काँधमा सर्प झैं बाहु राखेर उभिएका थिए । तिनको कुरा सुनेर कुपित अरिष्टासुर खुरले पृथ्वी खन्दै र आकाशतिर उचालेको पुच्छरले
मेघलाई घुमाउँदै श्रीकृष्णतिर लम्क्यो ॥ ९ ॥ त्यो दुष्ट गीखा सींग अगाडितिर सोझ्याएर राता-राता आँखाले एकहरो श्रीकृष्णमाथि तेर्सो दृष्टिले निकै वेर हेरेर अनि इन्द्रको
हातबाट छुटेका वज्र झैं वेगले दगुर्‍यो ॥१०॥ अनि यौटा हात्तीसित जुधेको अर्को हात्ती जसरी पछाडि घुच्याउँछ । त्यसै गरी सींग समातेर भगवान्ले अठार पाइला पछाडि घुच्याइदिए
॥११॥ भगवान्ले हटाएपछि त्यो तुरुन्त ठिङ्ग उभियो । यद्यपि श्रीकृष्णको एक धक्काले नै त्यसको शरीर पसीनाले नुहाए झैं भइसकेको थियो, तैपनि रिसले अचेत भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लामू सास छाड्दै प्रभुमाथि फेरि झम्ट्यो ॥ १२ ॥ सामुन्ने आए पनि कृष्णले त्यस असुरको सींग समाते र भूमिमा पच्छारी आफ्ना पाउले यसरी किचिमिचि पारे, जस्तै मानिस लुगा पच्छार्छन् । अनि त्यसका सींग उखेलेर त्यसले प्रहार गर्नलागे। अतः त्यो दैत्य रगतै वमन र मल-मूत्र त्याग्दै पच्छारियो। त्यसका आँखाका परेला उचालिए र त्यो चारै खुट्टा पच्छार्दै ठूलो कष्टले मरेर यमराजको घर गयो। त्यो मरेको देखेर देवता भगवान्‌माथि पुष्प-वर्षा गरेर स्तुति गर्नलागे ॥ १३ ॥ १४॥ गोपिनीका नेत्रलाई आनन्दित पार्ने वासुदेव त्यसरी वृषभासुरलाई मारेर आफ्ना जात-भाइद्वारा प्रशंसित हुँदै बलराम सहित व्रजमा प्रविष्ट भए ॥ १५ ॥ हे राजन् ! अद्भुतकर्मा श्रीकृष्णद्वारा अरिष्टासुर मारिएपछि एक दिन देवतातुल्य दर्शनीय नारदजीले गएर कंसलाई भने– ॥ १६ ॥ जुन कन्या देवकीको गर्भबाट उत्पन्न भनिएकी थिइन्, वास्तवमा ती यशोदाकी छोरी थिइन् । देवकीका आठौं पुत्र कृष्ण नै हुन् रोहिणीका पुत्ररूपले प्रसिद्ध बलराम पनि देवकीकै सातौं पुत्र हुन् । यी दुवैलाई वसुदेवले तिम्रो डर मानी आफ्ना मित्र नन्दकहाँ पठाएका

असृग्वमन्मूत्रशकृत्समुत्सृजन् क्षिपंश्च पादाननवस्थितेक्षणः ॥ जगाम कृच्छ्रं निर्ऋतेरथ क्षयं तुष्पैः किरन्तो हरिमीडिरे सुराः ॥ १४ एवं ककुद्मिनं हत्वा स्तूयमानः स्वजातिभिः ॥ विवेश गोष्ठं सबलो गोपीनां नयनोत्सवः ॥ १५ ॥ अरिष्टे निहते दैत्ये कृष्णेनाद्भुतकर्मणा ॥ कंसयाथाह भगवान्नारदो देवदर्शनः ॥ १६ ॥ यशोदायाः सुतां कन्यां देवक्याः कृष्णमेव च ॥ रामं च रोहिणीपुत्रं वसुदेवेन बिभ्यता ॥ १७ ॥ न्यस्तौ स्वमित्रे नन्दे वै याभ्यां ते पुरुषा हताः ॥ निशम्य तद्भोजपतिः कोपात्प्रचलितेन्द्रियः ॥ १८ ॥ निशातमसिमादत्त वसुदेवजिघांसया ॥ निवारितो नारदेन तत्सुतौ मृत्युमात्मनः ॥१९ ॥ ज्ञात्वा लौहमयैः पाशैर्बबन्ध सह भार्यया ॥ प्रतियाते तु देवर्षौ कंस आभाष्य केशिनम् ॥ २० ॥ प्रेषयामास हन्येतां भवता रामकेशवौ ॥ ततो मुष्टिकचाणूरशलतोशलकादिकान् ॥ २१ ॥ अमात्यान्हस्तिपाँश्चैव समाहूयाह भोजराट् ॥ भो भो निशम्यतामेतद्वीर चाणूरमुष्टिकौ ॥ २२ ॥ नन्दव्रजे किलासाते सुतावानकदुन्दुभेः ॥ रामकृष्णौ ततो मह्यं मृत्युः किल निदर्शितः ॥ २३ ॥ भवद्भ्यामिह सम्प्राप्तौ हन्येतां मल्ललीलया ॥ मञ्चाः क्रियन्तां विविधा मल्लरङ्गपरिश्रिताः ॥ पौरा जानपदाः सर्वे पश्यन्तु स्वैरसंयुगम् ॥ २४ ॥ महामात्र त्वया भद्र रङ्ग–

थिए । तिनै दुइ जनाले तिम्रा अनेक सेवक मारेका हुन् । यति कुरा सुन्नासाथ भोजराज कंसका सबै इन्द्रिय रिसले चञ्चल भए ॥ १७ ॥ १८ ॥ उपले वसुदेवलाई मार्नको निम्ति आफ्नो तीखो तरवार झिक्यो, तर नारदजीले रोकिदिए। अनि वसुदेवका छोरालाई नै आफ्नू काल ठानेर उनकी भार्या देवकीलाई र उनलाई नेलले कसेर झ्यालखानमा थुनायो। देवर्षि नारदजी गएपछि दुष्ट कंसले केशीलाई डाक्यो र आज्ञा दियो—'केशि ! तँ गएर कृष्णलाई मारिदे ।' अनि मुष्टिक, चाणूर, शल र तोशल आदि मल्लहरु तथा मन्त्रीगण तथा माहुते आदि सबैलाई डाकी भोजदेशको राजा कंसले भन्यो–हे वीरवर ! चाणूर र मुष्टिक ! सुन– ॥ १९ ॥ २० ॥ २१ ॥ २२ ॥ वसुदेवका दुई पुत्र बलराम र कृष्ण नन्दगोपको व्रजमा बस्तछन् । तिनको हातबाट मेरो मृत्यु हुन्छ भन्ने मैले सुनेको छु ॥ २३ ॥ अतएव जब ती यहाँ आउँछन् तब तिमीहरू उनलाई मल्लयुद्धको निहुँले मारिदिनु । अब राम्रा-राम्रा मंच बनाओ र अखाडाको चारैतिर घाटुलो सजाओ । त्यहीं बसेर सबै पुरवासी र जनपदवासी त्यो युद्ध हेरुन् ॥ २४ ॥ हे माहुते ! तँ रंगभूमिको मुख्य द्वारमा कुवलयापीड

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

हात्ती लैजाञु र मेरा शत्रुलाई कुल्चाएर मारिदिनु ॥ २५ ॥ यही चतुर्दशीमा विधिवत् धनुषयज्ञ आरम्भ गरिदेओ र उसको सफलता लागि भूतनाथ भैरवलाई अनेक पवित्र वस्तु ो बलिदेओ' ॥ २६ ॥ आफ्नू स्वार्थ साधनमा निपुण कंसले माहुते र मल्लगणलाई यस प्रकार आज्ञा दिएर यादवश्रेष्ठ अक्रूरलाई डाक्यो र उनको हात आफ्नू हातमा लिई आदरपूर्वक भन्यो—॥ २७ ॥ 'हे यादवपते ! तिमी मेरो आदरका पात्र छौ। आज तिमी मेरो निम्ति यौटा मित्रोचित कार्य गर किनकि सबै भोज र वृष्णिवंशीहरूमा मेरो तिमी भन्दा ठूलो हितकारी अर्को छैन ॥ २८ ॥ अतएव हे सौम्य ! यो ठूलो काम गर्नको निम्ति मैले त्यसै गरी तिम्रो सहारा लिएको छु, जसरी समर्थ भएर पनि इन्द्रले विष्णुको सहायताले आफ्नू कार्य सिद्धि गरेका थिए ॥ २९ ॥ तिमी नन्दको व्रजमा जाऊ। त्यहाँ वसुदेवका जुन दुइ बालक छन्, तिनलाई रथमा बसालेर यहाँ ल्याऊ–अब ढीलो नगर ॥ ३० ॥ विष्णुका

द्वार्युपनीयताम् ॥ द्विपः कुवलयापीडो जहि तेन ममाहितौ ॥ २५ ॥ आरभ्यतां धनुर्यागश्चतुर्दश्यां यथाविधि ॥ विशसन्तु पशून्मेध्यान्भूतराजाय मीढुषे ॥ २६ ॥ इत्याज्ञाप्यार्थतन्त्रज्ञ आहूय यदुपुङ्गवम् ॥ गृहीत्वा पाणिना पाणिं ततोऽक्रूरमुवाच ह ॥ २७ ॥ भो भो दानपते मह्यं क्रियतां मैत्रमादृतः ॥ नान्यस्त्वत्तो हिततमो विद्यते भोजवृष्णिषु ॥२८॥ अतस्त्वामाश्रितः सौम्य कार्यगौरवसाधनम् ॥ यथेन्द्रो विष्णुमाश्रित्य स्वार्थमध्यगमद्विभुः ॥ २९ ॥ गच्छ नन्दव्रजं तत्र सुतावानकदुन्दुभेः ॥ आसाते ताविहानेन रथेनानय मा चिरम् ॥ ३० ॥ निसृष्टः किल मे मृत्युर्देवैर्वैकुण्ठसंश्रयैः ॥ तावानय समं गोपैर्नन्दाद्यैः साभ्युपायनैः ॥३१॥ घातयिष्य इहानीतौ कालकल्पेन हस्तिना ॥ यदि मुक्तौ ततो मल्लैर्घातये वैद्युतोपमैः ॥३२॥ तयोर्निहतयोस्तप्तान्वसुदेवपुरोगमान् ॥ तद्बन्धून्निहनिष्यामि वृष्णिभोजदशार्हकान् ॥३३॥ उग्रसेनं च पितरं स्थविरं राज्यकामुकम् ॥ तद्भ्रातरं देवकं च ये चान्ये विद्विषो मम ॥३४॥ ततश्चैषा मही मित्र भवित्री नष्टकण्टका ॥ जरासन्धो मम गुरुर्द्विविदो दयितः सखा ॥३५॥ शम्बरो नरको बाणो मय्येव कृतसौहृदाः ॥ तैरहं सुरपक्षीयान्हत्वा भोक्ष्ये महीं नृपान् ॥३६॥ एतज्ज्ञात्वाऽऽनय क्षिप्रं रामकृष्णाविहार्भकौ ॥ धनुर्मखनिरीक्षार्थं

आश्रित देवताहरूले तिनैलाई मेरो काल बनाएर पठाएका हुन्। अतः तिमी भेट लिएर आउने नन्दादि गोपसित तिनलाई पनि यहाँ ल्याऊ ॥ ३१ ॥ यहाँ आएपछि भीषण कुवलयापीड हात्तीद्वारा मार्न लगाउँछु। यदि त्योसित बाँचे भने मेरा विजुली झैं छिटा-छरिता मल्ल तिनलाई मारिदिन्छन् ॥ ३२ ॥ ती मारिएपछि शोकाकुल वसुदेवादि उनका वृष्णि-भोज र दाशार्हवंशी बन्धुहरूलाई पनि म मारिदिनेछु ॥ ३३ ॥ अनि राज्यका लोभी आफ्ना वृद्ध पिता उग्रसेन र तिनका भाई देवक तथा अरु पनि मसित द्वेष राख्ने जुन-जुन यादव छन्, ती सबैलाई नष्ट पारिदिन्छु ॥ ३४ ॥ हे सखे ! अनि यी पृथ्वी निष्कण्टक हुनेछन्। मेरा ससुरा जरासन्ध ठूला विज्ञ गुरु छन् ॥ ३५ ॥ शम्बरासुर, नरकासुर र बाणासुर पनि मसित मित्रता राख्दछन्। ती सबैको सहायताले म देवपक्षका सबै राजालाई मारेर निष्कण्टक राज्य भोग्नेछु* ॥ ३६ ॥ यस्तो जानेर तिमी शीघ्र धनुषयज्ञ र यादवहरूका राजधानी

* उदाहरण—शेखचिल्ली नामको यौटा मानिस रेलवे स्टेशनमा कुलीको काम गर्दथ्यो। एक दिन यौटा बाबूसाहेबले शेख चिल्लीसित भने–'ए लठुवा, यो घिउको गाग्रो त्यहाँ परसम्म पुर्‍याइदिन्छस् ?' शेखचिल्लीले भन्यो—'हजूर ! मेरो काम नै के हो ? के दिनु हुन्छ ?' साहेबले भने–'दुइ आना।' अनि शेख चिल्लीले गाग्रो उठायो। अघि-अघि बाबूसाहेब र पछि-पछि शेखचिल्ली हिंडे।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मथुराको शोभा देखाउने निहुँले कृष्ण र बलराम दुवै जनालाई यहाँ लिएर आऊ' ॥३७॥ अक्रूरजी भन्दछन्–हे राजन् ! हजुर आफ्नू कल्याण चाहनु हुन्छ, त्यो उचित हो । मनुष्यले सफलता असफलतामा समान रहेर आफ्नू कर्तव्य पालन गर्नुपर्दछ, किनकि फलदाता दैव नै छन् ॥३८॥ मनुष्य प्रारब्ध द्वारा नष्ट गरिएका पनि ठूला-ठूला मनोरथहरूको इच्छा गर्दछन्, तिनको सिद्धि वा असिद्धिले हर्ष-शोक दुवै भोग्नुपर्दछ तथापि म हजुरको आज्ञा पालन गर्दछु ॥३९॥ शुकदेव भन्नुहुन्छ—यस प्रकार अक्रूरजीलाई आज्ञा दिएर कंसले मन्त्रीहरूलाई बिदा दियो । अनि अन्तःपुरमा गयो र अक्रूर पनि घर फर्के ॥४०॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायां षट्त्रिंशोऽध्यायः ॥३६॥

(केशी र व्योमासुर-वध तथा नारद द्वारा भगवान्‌को स्तुति)–श्रीशुकदेव भन्छन्–हे राजन् ! यता कंसले पठाएको केशी नामक दैत्य यौटा विशालकाय घोडाको रूप धारण

द्रष्टुं यदुपुरश्रियम् ॥ ३७ ॥ अक्रूर उवाच ॥ राजन्मनीषितं सम्यक् तव स्वावद्यमार्जनम् ॥ सिद्ध्यसिद्ध्योः समं कुर्याद्दैवं हि फलसाधनम् ॥ ३८ ॥ मनोरथान्करोत्युच्चैर्जनो दैवहतानपि ॥ युज्यते हर्षशोकाभ्यां तथाप्याज्ञां करोमि ते ॥३९॥ एवमादिश्य चाक्रूरं मन्त्रिणश्च विसृज्य सः ॥ प्रविवेश गृहं कंसस्तथाऽक्रूरः स्वमालयम् ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धेऽक्रूरसंप्रेषणं नाम षट्त्रिंशोऽध्यायः ॥ ३६ ॥

श्रीशुक उवाच ॥ केशी तु कंसप्रहितः खुरैर्महीं महाहयो निर्जरयन्मनोजवः ॥ सटावधूताभ्रविमानसंकुलं कुर्वन्नभो हेषितभीषिताखिलः ॥१॥ तं त्रासयन्तं भगवान्स्वगोकुलं तद्धेषितैर्बालविघूर्णिताम्बुदम् ॥ आत्मानमाजौ मृगयन्तमग्रणीरुपाह्वयत्स व्यनदन्मृगेन्द्रवत् ॥२॥ स तं निशाम्याभिमुखो मुखेन खं पिबन्निवाभ्यद्रवदत्यमर्षणः ॥ जघान पद्भ्यामरविन्दलोचनं दुरासदश्चण्डजवो दुरत्ययः ॥ ३ ॥ तद्वञ्चयित्वा तमधोक्षजो रुषा प्रगृह्य दोर्भ्यां

गरेर मनको समान वेगले दगुर्दै, आफ्ना खुट्टाको प्रहारले पृथ्वी विदीर्ण पार्दै, हावाले छरिएका मेघ, विमानले भरिएको आकाश र आफ्नो हिहिल्याइँले सबै लोकलाई व्यग्र पार्दै व्रजमा पुग्यो ॥१॥ भगवान्‌ले देख्नुभयो–बारम्बार कराएर सारा गोकुललाई भयभीत पारिरहेको छ, आफ्नू पुच्छरका रौंले बादललाई छिन्न-भिन्न पारिरहेको छ र युद्धको निम्ति मलाई खोज्दै हिंडिरहेको छ, तब अगाडि आएर प्रभुले त्यसलाई ललकार्नु भयो र सिंह झैं भयङ्कर गर्जन गर्नुभयो ॥ २ ॥ भगवान्‌को डरलाग्दो गर्जन सुनेर सहन नसकी त्यो प्रचण्ड वेगवान् दुर्जय एवं दुर्दम्य दैत्य आकाश नै निलूँला झैं त्यो यसरी मुख उघारेर प्रभुतिर दगुर्‍यो र कमल-नयन भगवान् कृष्णलाई उसले पछिल्ला दुवै खुट्टाले

शेखचिल्ली आफ्नू मनमा विचार्न लाग्यो—आज दुइ आनाको कुखुरा किन्छु । त्यसका धेरै फूल र चल्ला हुन्छन् । तिंनलाई बेचेर बाखो किन्छु । त्यसका पाठापाठी हुन्छन्, ती बेचेर गाई किन्छु, गाईका बाछा हुन्छन्, ती बेचेर भैंसी किन्छु । भैंसीले बर्ता लाभ हुन्छ अनि घर बनाउँछु । घर बनिएपछि बिहे गर्दछु । केही दिनपछि छोरा-छोरी हुनन् । जब कुनै बालक आएर भन्ला–'हिंड बाबू ! खानेकुरा खान आमा डाक्तछन् ।' अनि म यसरी टाउको हल्लाई-हल्लाई भन्नेछु—'अहिले म खान्न ।' टाउको हल्लनासाथ घिउको गाग्रो खस्यो र फूट्यो । बाबू साहबले पछाडि फर्केर हेरेर भने—'यो के गरेको मूर्ख ! गाग्रो फुटाइस ?' शेखचिल्लीले भन्यो–साहेब ! तिम्रो त घिउको गाग्रो नै हानि भयो, मेरो त बसालिसकेको घर नै भत्कियो ।' बाबू साहेबले उसलाई दुइ कोर्रा हिर्काए । त्यो कराउँदै भाग्यो । जो मनका लड्डू घिउसित खाने गर्दछन् तिनको यही गति हुन्छ ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

हिर्कायो । त्यो चोट छलेर भगवानले रिसाई आफ्ना दुवै हातले उसका दुवै पछिल्ला खुट्टा समाते र जसरी गरुडजी कुनै सर्पलाई झड्कारेर फालिदिन्छन्, त्यसै गरी उसलाई अवज्ञा-पूर्वक सय धनुष अर्थात् चार सय हात पर फ्याँकिदिए ।। ३ ।। ४ ।। केही बेरपछि चेत आएर केशी उठ्यो र रोषपूर्वक मुख खोलेर ठूलो वेगले भगवान्माथि झम्टियो । अनि भगवान्ले मुसुक्क हाँस्तै जसरी सर्प प्वालमा पस्तछ, उसै गरी त्यसको मुखमा आफ्नो बायाँ भुजा घुसारिदिए ।।५।। भगवान्का भुजाको स्पर्श हुनासाथ केशीका सबै दाँत फुक्लिए । तातो फलामले छोए झैं भयो । त्यसको मुखभित्र पुगेको भगवानको भुजा उपेक्षित रोग झैं बढ्न लाग्यो ।। ६ ।। श्रीकृष्णको बाहु बर्ता बढ्दै जानाले उसको सास रोकियो, शरीरबाट पसीना बग्न थाल्यो र आँखा पल्टिए, त्यो खुट्टा पछार्दै तथा मल-त्याग गर्दै प्राणहीन भएर धराशायी भयो ।।७।। अनि महाबाहु भगवान् कृष्णले स्वतः चिरिएको काँक्रो झैं त्यसको प्राणहीन शरीरबाट आफ्नू बाहु झिके। उनलाई यसले केही विस्मय भएन, तर स्वर्गका देवता अत्यन्त विस्मित भएर विना प्रयत्नको नै शत्रुलाई मार्ने भएका

परिविद्धय पादयोः ।। सावज्ञमुत्सृज्य धनुःशतान्तरे यथोरगं तार्क्ष्यसुतो व्यवस्थितः ।। ४ ।। स लब्धसंज्ञः पुनरुत्थितो रुषा व्यादाय केशी तरसाऽपतद्धरिम् ।। सोऽप्यस्य वक्त्रे भुजमुत्तरं स्मयन् प्रवेशयामास यथोरगं बिले ।। ५ ।। दन्ता निपेतुर्भगवद्भुजस्पृशस्ते केशिनस्तप्तमयः स्पृशो यथा ।। बाहुश्च तद्देहगतो महात्मनो यथाऽऽमयः संववृधे उपेक्षितः ।। ६ ।। समेधमानेन स कृष्णबाहुना निरुद्धवायुश्चरणाँश्च विक्षिपन् ।। प्रस्विन्नगात्रः परिवृत्तलोचनः पपात लेण्डं विसृजन्क्षितौ व्यसुः ।। ७ ।। तद्देहतः कर्कटिकाफलोपमाद्व्यसोरपाकृष्य भुजं महाभुजः ।। अविस्मितोऽयत्नहतारिरुत्स्मयैः प्रसूनवर्षैर्दिविषद्भिरीडितः ।। ८ ।। देवर्षिरुपसङ्गम्य भागवतप्रवरो नृप ।। कृष्णमक्लिष्टकर्माणं रहस्येतदभाषत ।। ९ ।। कृष्ण कृष्णाप्रमेयात्मन्योगेश जगदीश्वरः ।। वासुदेवाखिलावास सात्वतां प्रवर प्रभो ।। १० ।। त्वमात्मा सर्वभूतानामेको ज्योतिरिवैधसाम् ।। गूढो गुहाशयः साक्षी महापुरुष ईश्वरः ।। ११ ।। आत्मनात्माश्रयः पूर्वं मायया ससृजे गुणान् ।। तैरिदं सत्यसंकल्प सृजस्यत्स्यवसीश्वरः ।। १२ ।। स त्वं भूधरभूतानां दैत्यप्रमथरक्षसाम् ।। अवतीर्णो विनाशाय सेतूनां रक्षणाय च ।। १३ ।। दिष्ट्या ते निहतो दैत्यो लीलयाऽयं हयाकृतिः ।। यस्य हेषितसंत्रस्तास्त्यजन्त्यनिमिषा दिवम् ।। १४ ।। चाणूरं मुष्टिकं चैव मल्लानन्याँश्च हस्तिनम् ।। कंसं च निहतं द्रक्ष्ये परश्वोऽहनि ते विभो

भगवान् माथि पुष्प वर्षा गर्दै स्तुति गर्नलागे– ।। ८ ।। हे राजन् ! उसै बेला भागवतप्रवर देवर्षि नारदले अक्लिष्टकर्मा भगवान् कृष्णको नगीचै गएर उनलाई एकान्तमा भने–।।९।। 'हे कृष्ण ! हे कृष्ण ! हे अप्रमेयस्वरूप ! हे योगेश्वर ! हे जगत्पते ! हे वासुदेव ! हे सर्वधिष्ठान ! हे यदुवंशीहरूमा श्रेष्ठ ! हे प्रभो ! ।। १० ।। काठहरूमा लुकेको अग्नि समान केवल हजुर नै सबै प्राणीहरूका आत्मा, बुद्धिका आश्रय तथा साक्षी हुनुहुन्छ । हे प्रभो ! हजुर महापुरुष र सबैका स्वामी हुनुहुन्छ ।।११।। सृष्टिको आदिमा हजुरले आफ्नी मायाको भरले नै त्रिगुणको रचना गर्नु भएथ्यो । हजुर सत्य सङ्कल्प परमेश्वर हुनुहुन्छ । त्रिगुणको सहायताले नै हजुर संसारको उत्पत्ति, स्थिति र संहार गर्नुहुन्छ ।।१२।। यस बेला हजुरले राजवेषधारी दैत्य, प्रमथ र राक्षसहरूलाई नष्ट गर्न र धर्मको रक्षाका लागि अवतार लिनु भएको छ । यो हर्षको कुरा हो—हजुरले यी अश्वरूपधारी दैत्यलाई मार्नुभयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसको चर्को स्वरले डराएर देवता पनि स्वर्ग छाडेर भाग्दथे ॥ १३ ॥ १४ ॥ 'हे विभो ! पर्सी म हजुरको हातबाट चाणूर-मुष्टिक आदि अन्यान्य मल्लहरू र कुवलयापीड हात्ती तथा कंस मरेको देख्नेछु ॥ १५ ॥ त्यसपछि हे जगत्पते ! शङ्खासुर, कालयवन, मुर र नरकासुर आदि मारिनु र स्वर्गबाट पारिजात हरेर ल्याउनु, इन्द्रका पराजय, पराक्रमको मूल्यमा राजकन्याहरूसित विवाह भएको, द्वारकामा बस्ता राजा नृगको शाप-मुक्ति, आफ्नी भार्या जाम्बवती सहित स्यमन्तकमणि पाउनु, ब्राह्मणका मृत-पुत्रलाई आफ्नू धाम अर्थात् महाकाल पुरबाट ल्याउनु, पौण्ड्रक-वध, काशीपुरी डढाउनु, दन्तवक्त्र-वध तथा राजसूय यज्ञमा शिशुपालको मृत्यु आदि हजुरका चरित्र म देख्नेछु ॥ १६-१९ ॥ त्यस बाहेक हजुर द्वारकामा रहेर पृथ्वीतलमा कविहरू द्वारा गान गरिने योग्य अरु पनि जे-जे कर्म गर्नु हुनेछ, त्यो सबै म प्रत्यक्ष देख्नेछु ॥ २० ॥ फेरि हजुर आफ्नू कालरूपले पृथ्वीको भार टार्नको निम्ति पार्थको सारथी बनेर अनेक अक्षौहिणी सेनाको संहार गरेको पनि म देख्नेछु ॥ २१ ॥ हे देव ! हजुर विशुद्ध विज्ञानघन, नित्य परमानन्द स्वरूपमा

॥ १५ ॥ तस्यानु शंखयवनमुराणां नरकस्य च ॥ पारिजातापहरणमिन्द्रस्य च पराजयम् ॥ १६ ॥ उद्वाहं वीरकन्यानां वीर्यशुल्कादिलक्षणम् ॥ नृगस्य मोक्षणं शापाद्द्वारकायां जगत्पते ॥ १७ ॥ स्यमन्तकस्य च मणेरादानं सह भार्यया ॥ मृतपुत्रप्रदानं च ब्राह्मणस्य स्वधामतः ॥ १८ ॥ पौण्ड्रकस्य वधं पश्चात्काशिपुर्याश्च दीपनम् ॥ दन्तवक्त्रस्य निधनं चैद्यस्य च महाक्रतौ ॥ १९ ॥ यानि चान्यानि वीर्याणि द्वारकामावसन्भवान् ॥ कर्ता द्रक्ष्याम्यहं तानि गेयानि कविभिर्भुवि ॥ २० ॥ अथ ते कालरूपस्य क्षपयिष्णोरमुष्य वै ॥ अक्षौहिणीनां निधनं द्रक्ष्याम्यर्जुनसारथेः ॥ २१ ॥ विशुद्धविज्ञानघनं स्वसंस्थया समाप्तसर्वार्थममोघवाञ्छितम् स्वतेजसा नित्यनिवृत्तमायागुणप्रवाहं भगवन्तमीमहि ॥ २२ ॥ त्वामीश्वरं स्वाश्रयमात्ममायया विनिर्मिताशेषविशेषकल्पनम् ॥ क्रीडार्थमद्यात्तमनुष्यविग्रहं नतोऽस्मि धुर्यं यदुवृष्णिसात्वताम् ॥ २३ ॥ श्रीशुक उवाच ॥ एवं यदुपतिं कृष्णं भागवतप्रवरो मुनिः ॥ प्रणिपत्याभ्यनुज्ञातो ययौ तद्दर्शनोत्सवः ॥२४॥ भगवानपि गोविन्दो हत्वा केशिनमाहवे ॥ पशूनपालयत्पालैः प्रीतैर्व्रजसुखावहः ॥ २५ ॥ एकदा ते पशून्पालाँश्चारयन्तोऽद्रिसानुषु ॥ चक्रुर्निलायनक्रीडाश्चोरपालापदेशतः ॥ २६ ॥ तत्रासन्कतिचिच्चोराः पालाश्च कतिचिन्नृप ॥ मेषायिताश्च तत्रैके विजह्रुरकुतोभयाः ॥२७॥ मयपुत्रो महामायो व्योमो गोपालवेषधृक् ॥ मेषायितानपोवाह प्रायश्चोरायितो

स्थित रहनाले हजुरलाई सबै पदार्थ सुलभ छन् । हजुरको इच्छाशक्ति अमोघ छ । हजुरको तेजले यो गुणप्रवाहरूपी संसार सदा बाधित रहन्छ । म षडैश्वर्यसम्पन्न हजुरको शरणमा छु ॥ २२ ॥ हजुर सर्वेश्वर तथा स्वतन्त्र रही आफ्नी मायाले समस्त भेदकल्पनाहरूको रचना गर्नुहुन्छ । हजुरले लीलाको निम्ति नै यो अवतार लिनु भएको । हजुर यदु, वृष्णि र सात्वतवंशीमा अग्रणी हुनुहुन्छ । म हजुरलाई नमस्कार गर्दछु' ॥२३॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! भक्तश्रेष्ठ नारद मुनिले यदुपति श्रीकृष्णको यस प्रकार स्तुति र प्रणाम गरेर उनको दर्शनले आनन्दित भई, उनको आज्ञा पाएर फर्किए ॥२४॥ यता भगवान् कृष्ण युद्धमा केशी दैत्यलाई मारेर व्रजवासीलाई सुख दिंदै अन्य ग्वाल-बालका साथमा प्रसन्नतापूर्वक गाई चराउन लागे ॥२५॥ एक दिन सबै ग्वाल-बाल पर्वतमा गाई चराउने वेला चोर र रक्षक बनेर लुक्ने-पक्रने खेल खेल्नलागे ॥२६॥ तीमध्ये केही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

ग्वाल वाल चोर बने, केही मेडा चराउने र केही भेडा बने । यसरी बती निःशङ्क भावले खेल्नलागे ॥२७॥ त्यसै अवसरमा मयासुरको महामायावी पुत्र व्योमासुर ग्वालवाल बनेर त्यहाँ आयो र स्वयं चोर बनेर धेरै भेड़ा बनेका बालकलाई लगेर लुकायो ॥ २८ ॥ त्यो दैत्य तिनलाई लगेर यौटा गुफामा राखेर आउँथ्यो र गुफाको द्वार ठूलो शिलाले छोपिदिन्थ्यो । यसरी बिस्तार-बिस्तार सबै लुप्त भएर केवल चार-पाँच जना मात्र रहे ॥२९॥ अनि सज्जनका शरणदाता भगवान्‌ले उसको कुकर्म थाहा पाए । अतः उसले बालकलाई लिएर गइरहेको वेला उनले सिहले स्याललाई घ्याँके झैं थिचे ॥ ३० ॥ अब त्यो असुरले तुरुन्त आफ्नू पर्वताकार रूप प्रकट गरिदियो । भगवान्‌को हातमा अँठिनाले त्यो व्याकुल भएर उम्कने निकै चेष्टा गऱ्यो, तर सफल हुन सकेन । अनि भगवान्‌ले उसलाई दुवै हातले समातेर भूमिमा पच्छारिदिए र आकाशमा स्थित देवगणले हेर्दाहेर्दै बलिपशु झैं मारिदिए ॥ ३१ ॥ ३२ ॥ अनि गुफाको शिला फोरेर भगवान्‌ले ग्वाल-बाललाई त्यो सङ्कटपूर्ण स्थानबाट बाहिर झिके र देवगण तथा

बहून् ॥२८॥ गिरिदयों विनिक्षिप्य नीतं नीतं महासुरः ॥ शिलया पिदधे द्वारं चतुःपञ्चावशेषिताः ॥२९॥ तस्य तत्कर्म विज्ञाय कृष्णःशरणदःसताम् ॥ गोपान्नयन्तं जग्राह वृकं हरिरिवोजसा ॥३०॥ स निजं रूपमास्थाय गिरीन्द्रसदृशं बली ॥ इच्छन्विमोक्तुमात्मानं नाशक्नोद्ग्रहणातुरः ॥३१॥ तं निगृह्याच्युतो दोर्भ्यां पातयित्वा महीतले ॥ पश्यतां दिवि देवानां पशुमारममारयत् ॥३२॥ गुहापिधानं निर्भिद्य गोपान्निःसार्य कृच्छ्रतः॥स्तूयमानः सुरैर्गोपैः प्रविवेश स्वगोकुलम् ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे व्योमासुरवधो नाम सप्तत्रिंशोऽध्यायः ॥ ३७ ॥

श्रीशुक उवाच ॥ अक्रूरोऽपि च तां रात्रिं मधुपुर्यां महामतिः ॥ उषित्वा रथमास्थाय प्रययौ नन्दगोकुलम् ॥ १ ॥ गच्छन्पथि महाभागो भगवत्यम्बुजेक्षणे ॥ भक्तिं परामुपगत एवमेतदचिन्तयत् ॥ २ ॥ किं मयाऽऽचरितं भद्रं किं तप्तं परमं तपः ॥ किं वाऽथाप्यर्हते दत्तं यद्द्रक्ष्याम्यद्य केशवम् ॥ ३ ॥ ममैतद्दुर्लभं मन्य उत्तमश्लोकदर्शनम् ॥ विषयात्मनो यथा ब्रह्मकीर्तनं शूद्रजन्मनः ॥ ४ ॥ मैवं ममाधमस्यापि स्यादेवाच्युतदर्शनम् ॥ ह्रियमाणः कालनद्या क्वचित्तरति कश्चन ॥ ५ ॥ ममाद्यामङ्गलं नष्टं फलवांश्चैव मे भवः ॥ यन्नमस्ये भगवतो योगिध्येयांघ्रिपङ्कजम् ॥ ६ ॥ कंसो बताद्याकृत मेऽत्यनुग्रहं द्रक्ष्येऽङ्घ्रिपद्मं प्रहितोऽमुना हरेः ॥ कृतावतारस्य दुरत्ययं

गोपद्वारा प्रशंसित हुँदै व्रजमा फर्किए ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायां सप्तत्रिंशोऽध्यायः ॥ ३७ ॥

(अक्रूरजीको व्रज-यात्रा) श्रीशुकदेव भन्दछन्–हे राजन् ! कंसको आज्ञा पाएर महामति अक्रूरजी त्यो रात मधुरापुरीमैं बसेर भोलिपल्ट बिहानै रथमा चढेर नन्दजीको गोकुल जान हिंडे ॥ १ ॥ बाटोमा जाँदा अक्रूरजीको हृदयमा भगवान् कृष्णको पराभक्तिको उदय भयो र ती विचार गर्नलागे ॥२॥ मैले कुन यस्तो शुभकर्म गरेछु, कुन ठूलो तपस्या गरेछु अथवा कुनै सत्पात्रलाई के यस्तु दानमा दिएछु, जसले आज श्रीकृष्णको दर्शन पाउने भएँ ॥३॥ म त आफ्नू निम्ति भगवान्‌को दर्शन पाउनु यस्तो नै दुर्लभ ठान्दछु, जस्तै विषयी तथा शूद्र कुलमा उत्पन्न पुरुषले वेद पढनु ॥४॥ तर सर्वथा यस्तो कुरा पनि होइन । म अधमलाई पनि भगवान् दर्शन दिन सक्तछन्, किनकि कालरूपी नदीमा बग्ने जीवबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिले कुनै जीव अनायास संसार पारी तर्दछन् ।।५।। आज मेरा सबै पाप नष्ट भए र मेरो जन्म सफल भयो किनकि आज म ईश्वरका ती चरण-कमलमा सादर प्रणाम गर्नेछु, जसको योगीजन ध्यान गर्दछन् ।।६।। कंसले आज ममाथि ठूलो कृपा गरेको छ, किनकि उसले पठाएर नै म अहिले ती पृथिवीमा अवतार लिने भगवान्‌का अति पवित्र चरण-कमलको दर्शन गर्नेछु, जसका स्वच्छ नङको कान्तिको ध्यान गरेर पहिल्यै अनेक महानुभाव दुस्तर अज्ञानान्धकारबाट पारी तरे ।।७।। ब्रह्मा र शिवादि देवगण, देवी लक्ष्मीजी तथा भक्त-मण्डली सहित समस्त गुणीजन जसको पूजन गर्दछन्, ती गाई चराउन आफ्ना साथी ग्वाल-बालसित वनमा डुल्दछन् र जो व्रजका गोपिनीहरूका कुच-कुङ्कुमले रंजित छन् ।। ८ ।। सुन्दर कपोल, राम्रो नासिका, मनोहर हास्यपूर्ण हेराई, अरुण कमल-नयन र घुगुरिएका अलकावलीले अलंकृत भगवान् कृष्णको मुखकमल आज म अवश्य देख्न पाउने छु किनकि मृगादि जन्तु मलाई दाहिने पारेर हिंड्दै छन् ।।९।। जो पृथ्वीको भार टार्न आफ्नू इच्छाले नै मनुष्य देह धारण गरेका छन्, के आज मलाई ती सौन्दर्यधाम श्रीकृष्ण भगवान्‌को

तमः पूर्वेऽतरन्तन्नखमण्डलत्विषा ।।७।। यदर्चितं ब्रह्मभवादिभिः सुरैः श्रिया च देव्या मुनिभिः ससात्वतैः ।। गोचारणायानुचरैश्चरद्वने यद्गोपिकानां कुचकुंकुमाङ्कितम् ।। ८ ।। द्रक्ष्यामि नूनं सुकपोलनासिकं स्मितावलोकारुणकञ्जलोचनम् ।। मुखं मुकुन्दस्य गुडालकावृतं प्रदक्षिणं मे प्रचरन्ति वै मृगाः ।। ९ ।। अप्यद्य विष्णोर्मनुजत्वमीयुषो भरावताराय भुवो निजेच्छया ।। लावण्यधाम्नो भवितोपलम्भनं मह्यं न न स्यात्फलमञ्जसा दृशः ।। १० ।। य ईक्षिताहंरहितोऽप्यसत्सतोः स्वतेजसाऽपास्ततमोभिदाभ्रमः ।। स्वमाययात्मन्रचितैस्तदीक्षया प्राणाक्षधीभिः सदनेष्वभीयते ।। ११ ।। यस्याखिलामीवहभिः सुमङ्गलैर्वाचो विमिश्रा गुणकर्मजन्मभिः प्राणन्ति शुम्भन्ति पुनन्ति वै जगद्यास्तद्विरक्ताः शवशोभना मताः ।। १२ ।। स चावतीर्णः किल सात्वतान्वये स्वसेतुपालामरवर्यशर्मकृत् ।। यशो वितन्वन्व्रज आस्त ईश्वरो गायन्ति देवा यदशेषमङ्गलम् ।। १३ ।। तं त्वद्य नूनं महतां गतिं गुरुं त्रैलोक्यकान्तं दृशिमन्महोत्सवम् ।। रूपं दधानं श्रिय ईप्सितास्पदं द्रक्ष्ये ममासन्नुषसः सुदर्शनाः ।। १४ ।। अथावरूढः सपदीशयो रथात्प्रधानपुंसोश्चरणं स्वलब्धये ।। धिया धृतं योगिभिरप्यहं ध्रुवं नमस्य आभ्यां च सखीन्वनौकसः ।। १५ ।।

दर्शन प्राप्त हुनेछ ? के यसले अनायास नेत्रको फल मिल्नेछैन ? ।।१०।। जो अहङ्कार रहित भएर पनि कार्य-कारणरूप यस प्रपञ्चका द्रष्टा छन् र जो आफ्नू चिन्मय तेजले अज्ञानजनित भेद-भ्रमलाई नष्ट पारिदिन्छन्, तैपनि आफ्नी मायाको भरमा अवलोकन मात्रले पनि प्राण, इन्द्रिय, बुद्धि सहित आफूमै रचेका अनेक जीवहरूसंग वृन्दावनका मनोहर कुञ्ज तथा गोपिनीहरूका घरमा खेलेका देखिन्छन् ।।११।। जसका पापनाशक र मङ्गलमय गुण, कर्म तथा जन्मका कथाहरूले मिश्रित वाणी संसारलाई जीवित, शोभित र पवित्र पार्दछन् । ती भगवत् गुण आदिले हीन वाणी सुसज्जित मुर्दा झैं शोभायमान मानिन्छ ।। १२ ।। मैले सुनेको छु—आफूले रचेका वर्णाश्रमधर्मको मर्यादा पालन तथा देवताहरूको समुचित कल्याण गर्नको निम्ति श्रीहरिले यदुकुलमा अवतार लिए । यस बेला ती ईश्वर जसको सर्वमङ्गलमय सुयश देवता पनि गान गर्दछन्, आफ्नू कीर्तिको विस्तार गर्दै व्रजमा विद्यमान छन् ।। १३ ।। ती ईश्वर महापुरुषका एकमात्र आश्रय र गुरु हुन् । उनले आँखा हुनेलाई परमानन्द दिने र लक्ष्मीको इच्छाको आश्रयरूपी त्रिलोक सुन्दर स्वरूप धारण गरेका छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज म अवश्य उनको दर्शन गर्नेछु, किनकि उषाकालदेखि नै म राम्रा शकुन देखिरहेको छु ॥ १४ ॥ ती भगवान्‌लाई देख्नासाथ म रथबाट वर्लन्छु र प्रधान-पुरुषस्वरूप बलराम र
कृष्णका चरणकमललाई–जसको योगीजन आत्मलाभको निम्ति केवल मनले ध्यान गर्दछन्–प्रणाम गर्नेछु र उनका वनवासी सखा ग्वाल-बाललाई पनि नमस्कार गर्नेछु ॥ १५ ॥
के ती भगवान् आफ्ना पाउमा न्यूरेको मेरो शिरमा त्यो करकमल राख्लान्, जुन कालसर्पको भयले उद्विग्न भएर तिनका चरण-कमलका इच्छुक व्यक्तिलाई अभयदान दिन्छन् ॥१६॥
जसलाई सबै पूजासामग्री समर्पण गरेर इन्द्र र बलिले त्रिलोकको आधिपत्य प्राप्त गरेका छन्, जुन कमलको सुगन्धयुक्त करकमलले विहार गर्दा व्रजबालाहरूको श्रम हरण
गरेको थियो ॥१७॥ यद्यपि मलाई कंसले आफ्नू दूत बनाएर पठाएको छ, तर ती सर्वसाक्षी भगवान् मसित शत्रुभाव राख्ने छैनन्, किनकि क्षेत्रज्ञरूपले सबैका अन्तःकरण भित्र र
बाहिरका सबै कार्य आफ्नू निर्मल ज्ञानदृष्टिले देख्दछन् ॥ १८ ॥ जब म तिनको सामुन्ने विनम्रभावले हात जोरेर उभिनेछु, त्यस वेला ती आफ्नू मधुर हास्यपूर्ण दया-

अप्यङ्घ्रिमूले पतितस्य मे विभुः शिरस्यधास्यन्निजहस्तपङ्कजम् ॥ दत्ताभयं कालभुजङ्गरंहसा प्रोद्वेजितानां शरणैषिणां नृणाम् ॥ १६ ॥ समर्हणं
यत्र निधाय कौशिकस्तथा बलिश्चाप जगत्त्रयेन्द्रताम् ॥ यद्वा विहारे व्रजयोषितां श्रमं स्पर्शेन सौगन्धिकगन्ध्यपानुदत् ॥ १७ ॥ न मय्युपैष्यत्य-
रिबुद्धिमच्युतः कंसस्य दूतः प्रहितोऽपि विश्वदृक् ॥ योऽन्तर्बहिश्चेतस एतदीहितं क्षेत्रज्ञ ईक्षत्यमलेन चक्षुषा ॥ १८ ॥ अप्यङ्घ्रिमूलेऽवहितं कृता-
ञ्जलिं मामीक्षिता सस्मितमार्द्रया दृशा ॥ सपद्यपध्वस्तसमस्तकिल्बिषो वोढा मुदं वीतविशङ्क ऊर्जिताम् ॥ १६ ॥ सुहृत्तमं ज्ञातिमनन्यदैवतं दोर्भ्यां
बृहद्भ्यां परिरप्स्यतेऽथ माम् ॥ आत्मा हि तीर्थीक्रियते तदैव मे बन्धश्च कर्मात्मक उच्छ्वसित्यतः ॥ २० ॥ लब्धाङ्गसङ्गं प्रणतं कृताञ्जलिं मां
वक्ष्यतेऽक्रूर ततेत्युरुश्रवाः ॥ तदा वयं जन्मभृतो महीयसा नैवादृतो यो धिगमुष्य जन्म तत् ॥ २१ ॥ न तस्य कश्चिद्दयितः सुहृत्तमो न चाप्रियो
द्वेष्य उपेक्ष्य एव वा ॥ तथापि भक्तान्भजते यथा तथा सुरद्रुमो यद्वदुपाश्रितोऽर्थदः ॥ २२ ॥ किञ्चाग्रजो मावनतं यदूत्तमः स्मयन्परिष्वज्य गृहीत-
मञ्जलौ ॥ गृहं प्रवेश्याप्तसमस्तसत्कृतं संप्रक्ष्यते कंसकृतं स्वबन्धुषु ॥ २३ ॥ श्रीशुक उवाच ॥ इति सञ्चिन्तयन्कृष्णं श्वफल्कतनयोऽध्वनि ॥ रथेन

दृष्टिले मतिर हेर्नेछन् । उनको दृष्टि पर्नासाथ मेरा सबै पाप सखाप हुनेछन् र म निःशङ्कभावले परमानन्दमा निमग्न हुनेछु ॥ १९ ॥ म उनको प्रिय र जाति-बन्धु हुँ । ती
बाहेक मेरा अरु कुनै इष्टदेव छैनन् । यो विचारेर जब ती आफ्ना विशाल बाहुले मेरो आलिङ्गन गर्नन्, तब मेरो देह पवित्र हुनेछ र मेरा सबै कर्म-बन्धन टुक्रिनेछन् ॥ २० ॥
उनको अङ्गसङ्गले प्रसन्न भएर म जब हात जोरर विनीत भावले उनको सामुन्ने उभिनेछु र ती अनन्तकीर्ति भगवान् मलाई 'तात अक्रूर !' भन्नन्, तब म आफूलाई सबै
प्राणीहरूमा सौभाग्यवान् ठान्नेछु । जो परम-पुरुष परमात्माका आदरपात्र हुन्नन्, तिनको जीवनलाई धिक्कार छ ॥ २१ ॥ भगवान्‌लाई न कोही प्रिय छन् न अप्रिय, न सुहृद्,
न शत्रु, न उपेक्षणीय छन्, तापनि जस्तै कल्पवृक्ष आफ्नू नगीच आउने सबैको कामना पूर्ण पारिदिन्छ, त्यसै गरी भगवान् आफ्ना भक्तलाई उनको भावानुसार फल दिन्छन्
॥ २२ ॥ अहो ! आफ्नू सामुन्ने विनीतभावले उभिएको मलाई यदुश्रेष्ठ बलरामजी आलिङ्गन गरेर मेरो दुवै हात समातेर घर लैजानन् र मेरो सबै तरहले सत्कार गरेर मसित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना वन्धुजनको प्रति कंसको व्यहाहर विषयमा प्रश्न गर्नन् ॥ २३ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! श्वफल्कतनय अक्रूर यसरी श्रीकृष्णको चिन्तत गर्दा–गर्दै रथमा बसेर नन्दगाउँ पुगेर र उता सूर्यदेव अस्ताचलमा पुगे ॥ २४ ॥ जसको निर्मल पदरजलाई समस्त लोकपाल आफ्ना मुकुटमा धारण गर्दछन्, त्यहाँ पुगेर अक्रूरले ती श्रीकृष्णचन्द्रको परम पवित्र चरण चिन्ह देखे। जो पृथ्वीको शोभा बढाउने र कमल, यव र अंकुशादि चिह्नले सुशोभित थिए ॥ २५ ॥ उनको दर्शनजनित आनन्दले ती अतिशय विह्वल भए। प्रेमवश उनको देहमा रोमाञ्च भयो र आँखामा जल भरियो। ती शापनू रथवाट वर्लेर 'अहो! यो प्रभु का चरणको रज हो' यस्तो भन्दै त्यहाँको धूलोमा लडिबुडी गर्नलागे ॥ २६ ॥ जब कंसको आज्ञा मिलेथ्यो, तबदेखि यहाँ पुग्दासम्म अक्रूरको विचित्र दशा थियो। दम्भ, भय र शोक त्यागेर भगवानका श्रीविग्रहको दर्शन र उनको गुणश्रवण आदि सौभाग्यको उपार्जन गर्नु नै देहधारीहरूको ठूलो लाभ हो ॥ २७ ॥ व्रजमा पुगेर उनले कृष्ण र बलराम–दुवै भाईलाई गोदोहन-स्थानमा विद्यमान देखे। ती दुवै

गोकुलं प्राप्तः सूर्यश्चास्तगिरिं नृप ॥ २४ ॥ पदानि तस्याखिललोकपालकिरीटजुष्टामलपादरेणोः ॥ ददर्श गोष्टे क्षितिकौतुकानि विलक्षितान्य-ब्जयवांकुशाद्यैः ॥ २५ ॥ तद्दर्शनाह्लादविवृद्धसम्भ्रमः प्रेम्णोर्ध्वरोमाऽश्रुकलाकुलेक्षणः ॥ रथादवस्कन्द्य स तेष्वचेष्टत प्रभोरमून्यङ्घ्रिरजांस्यहो इति ॥ २६ ॥ देहंभृतामियानर्थो हित्वा दम्भं भियं शुचम् ॥ सन्देसाद्यो हरेर्लिङ्गदर्शनश्रवणादिभिः ॥ २७ ॥ ददर्श कृष्णं रामं च व्रजे गोदोहनं गतौ ॥ पीतनीलाम्वरधरौ शरदम्वुरुहेक्षणौ ॥ २८ ॥ किशोरौ श्यामलश्वेतौ श्रीनिकेतौ बृहद्भुजौ ॥ सुमुखौ सुन्दरवरौ बालद्विरदविक्रमौ ॥ २९ ॥ ध्वजवज्रांकुशाम्भोजैश्चिह्नितैरङ्घ्रिभिर्व्रजम् ॥ शोभयन्तौ महात्मानावनुक्रोशस्मितेक्षणौ ॥ ३० ॥ उदाररुचिरक्रीडौ स्रग्विणौ वनमालिनौ ॥ पुण्यगन्धानुलिप्ताङ्गौ स्नातौ विरजवाससौ ॥ ३१ ॥ प्रधानपुरुषावाद्यौ जगद्धेतू जगत्पती ॥ अवतीर्णौ जगत्यर्थे स्वांशेन बलकेशवौ ॥ ३२ ॥

उस वेला क्रमशः पहेंलो र नीलो लुगा लगाएका थिए र तिनका नेत्र शरत्कालको कमल सदृश फक्रेका थिए ॥ २८ ॥ त्यस वेला उनको किशोर अवस्था थियो, दुवैको श्याम र गौर शरीर थियो, दुवैका लामा-लामा भुजा थिए। ती लक्ष्मीको निवास स्थान, सुन्दर देह, मनोहर र वालगजराज जस्तै पराक्रमी थिए ॥ २९ ॥ ती दुवै नै महात्मा ध्वजा, वज्र, अंकुश र कमल आदिका चिन्हले युक्त आफ्ना चरणले व्रजको शोभा बढाइरहेका थिए र तिनको हास्यपूर्ण हेराइबाट अनुग्रहभाव प्रकट भइरहेथ्यो ॥ ३० ॥ तिनका लीलाहरू निकै उदार र मोहक थिए। उनको घाँटीमा मणिमाला र वनमाला शोभित थियो र स्नान गरेर उनले देहमा अङ्गराग मलेर स्वच्छ वस्त्र धारण गरेका थिए ॥ ३१ ॥ अक्रूरले देखे—समस्त जगत्का आदिकारण स्वयं जगत्का प्रधान पुरूष नै संसारको रक्षाका लागि आफ्ना सबै अंशले बलराम र कृष्णको रूपमा अवतीर्ण भएर सुवर्णभूषित मरकतमणि

विरहव्याख्या–हे प्रभो ! म यी आँखाले हजुरलाई कहिले देख्न पाउँला ? श्याम सुन्दर मनोहर मूर्ति, प्रत्येक अंग सुख दिने भएका तथा वृन्दावनमा दिनहुँ विहार गर्ने, गोपवृन्दसित गाई चराउने, हाँसी-हाँसी सबैसित मिलेर दही नौनी बाँडेर खाने–यस्ता प्रभुको दर्शन पाउने आशाले धेरै दिन वितिसके। अब उनको दर्शन नपाई मनलाई शान्ति हुँदैन। हे मेरा गिरिधर ! छिटै आएर दर्शन दिई सफल मदोरथ तुल्याऊ। भक्तको आश पुऱ्याऊ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं चाँदीका दुइ पर्वत समान आफ्नू प्रभावले सबै दिशाको अन्धकार नष्ट पार्दै विराजमान थिए ॥३२॥३३॥ तिनलाई देख्नासाथ अक्रूरजी स्नेहाकुल भएर रथबाट बलीं कृष्ण तथा बलरामका चरणमा दण्ड झैं लम्पसार परे ॥३४॥ हे राजन् ! भगवद्दर्शनको आनन्दले तिनका नेत्रमा जल भरिए, उनको सारा शरीर पुलकित भयो र घाँटी अवरुद्ध हुनाले ती आफ्नू परिचय पनि दिन सकेनन् ॥३५॥ शरणागतवत्सल भगवान्ले तिनको मनोभाव जानेर उनलाई प्रसन्नतापूर्वक आफ्ना चक्राङ्कित हातले उठाएर अङ्कमाल गरे। महामना, दाजू बलरामले पनि निकै विनम्रभावले उभिएका अक्रूरलाई अङ्कमाल गरेर आफ्नू यौटा हातले उनका दुवै हात समातेर भाई कृष्ण सहित उनलाई घरमा पुऱ्याए ॥ ३६ ॥ ३७ ॥ अनि

दिशो वितिमिरा राजन्कुर्वाणो प्रभया स्वया ॥ यथा मारकतः शैलो रौप्यश्च कनकाचितौ ॥ ३३ ॥ रथात्तूर्णमवप्लुत्य सोऽक्रूरः स्नेहविह्वलः ॥ पपात चरणोपान्ते दण्डवद्रामकृष्णयोः ॥ ३४ ॥ भगवद्दर्शनाह्लादबाष्पपर्याकुलेक्षणः ॥ पुलकाचिताङ्ग औत्कण्ठ्यात्स्वाख्याने नाशकन्नृप ॥ ३५ ॥ भगवाँस्तमभिप्रेत्य रथाङ्गाङ्कितपाणिना ॥ परिरेभेऽभ्युपाकृष्य प्रीतः प्रणतवत्सलः ॥ ३६ ॥ सङ्कर्षणश्च प्रणतमुपगुह्य महामनाः ॥ गृहीत्वा पाणिना पाणी अनयत्सानुजो गृहम् ॥ ३७ ॥ पृष्ट्वाऽथ स्वागतं तस्मै निवेद्य च वरासनम् ॥ प्रक्षाल्य विधिवत्पादौ मधुपर्कार्हणमाहरत् ॥ ३८ ॥ निवेद्य गां चातिथये संवाह्य श्रान्तमादृतः ॥ अन्नं बहुगुणं मेध्यं श्रद्धयोपाहरद्विभुः ॥ ३९ ॥ तस्मै भक्तवते प्रीत्या रामः परमधर्मवित् ॥ मुखवासैर्गन्धमाल्यैः परां प्रीतिं व्यधात्पुनः ॥ ४० ॥ पप्रच्छ सत्कृतं नन्दः कथं स्थ निरनुग्रहे ॥ कंसे जीवति दाशार्ह सौनपाला इवावयः ॥ ४१ ॥ योऽवधीत्स्वस्वसुस्तोकान् क्रोशन्त्या असुतृप् खलः ॥ किंनुस्वित्तत्प्रजानां वः कुशलं विमृशामहे ॥ ४२ ॥ इत्थं सूनृतया वाचा नन्देन सुसभाजितः ॥ अक्रूरः

कुशल प्रश्नपछि उनलाई राम्रो आसन दिएर विधिवत् पाउ पखालेर मधुपर्क आदि पूजन सामग्री अर्पण गरे ॥३८॥ भगवान्ले एक सय गाइ दिई चरण सेवा आदि गरेर तिनको बाटोको थकाई निवारण गरेर अनेक गुणयुक्त पवित्र पक्वान्न ल्याएर प्रेमले भोजन गराए ॥ ३९ ॥ खाइसकेपछि उनलाई परम धर्मज्ञ सङ्कर्षणले पान खान दिए र सुगन्धित माला पहिराई अतिशय आनन्दित पारे ॥४०॥ सत्कार भइसकेपछि नन्दजीले सोधे—'हे दाशार्ह ! जसको रक्षक कसाई होस् यस्ता भेडा-बाख्रा झैं हजुरहरू पापी कंस जीवित रहेसम्म कसरी आफ्ना दिन बिताइरहनु भएको छ ?* ॥ ४१ ॥ अहो ! आफ्नै प्राणको पोषण गर्ने जुन दुष्टले आफ्नी गाईजस्ती बहिनीका बालकहरू निर्दय भावले मारिदियो र तिनका प्रजास्वरूप

*दृष्टान्त (जसको ईश्वरले रक्षा गर्दछन् त्यसलाई कसैले मार्न सक्तैन)—डेकन नगरको बब्बाकुम्ब ग्रामको निवासी जॉन लीको घटना हो--यसमा शीघ्र विश्वास गर्न कठिन छ। तर कुरा पूर्णरूपेण सत्य हो। श्रीमती केपीजको हत्याको अभियोग लगाएर 'ली'लाई फाँसीको आज्ञा भयो। मृत्युदेखि नडराएर लीले न्यायाधीशको सामुन्ने आफूलाई निर्दोष बताएर भन्यो—मैले यो काम गरेको होइन। सबैका स्वामी भगवान् जान्दछन् म निर्दोष छु। ती प्रभु मलाई फाँसी द्वारा कहिल्यै मर्न दिंदैनन्। उनले मलाई निर्भय रहनु भनेका छन्। उता फाँसीको सबै व्यवस्था भइसक्यो। डोरी जाँच्न यौटा पुतली झुण्ड्याइएको थियो। सबै कुरा ठीक थियो। त्यो दृश्य हेर्न यौटा उन्मत्त भीड सास रोकेर उभिएको थियो। सिपाहीले 'ली'लाई फाँसीको चौकीमा उभ्यायो। अनि त्यसलाई कालो लुगा ओढाएर डोरी तानियो। तर त्यो निर्दोष 'ली' जहाँको त्यहीं जीवित उभिएकै थियो। छक्क परेको यौटा निरीक्षक सिपाही अपराधीको स्थानमा गएर उभियो। त्यस पटक जब पोडेले डोरी तान्यो, तब सिपाही झ्याम्म पछारियो र त्यसको यौटा खुट्टा भाँचियो। अनि तत्काल फाँसीको सजाय एक सप्ताहको निम्ति टारियो। तर अर्कोपल्ट पनि 'ली'लाई फाँसी दिने कुनै पनि उपाय सफल भएन र जबसम्म पुतली झुण्ड्याएर परीक्षा गरिन्थ्यो, तबसम्म डोरी तान्नु सार्थक हुन्थ्यो, तर जब

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुरहरूको कुशलताको म विचार पनि कसरी गर्न सक्छु ?' ॥४२॥ जुन नन्दले अक्रूरसित प्रश्न गरेका थिए, उनको द्वारा यसरी विनम्र वाणी द्वारा सत्कार पाइसकेपछि अक्रूरको सबै थकाई मेटियो ॥४३॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' भाषाटीकायामष्टत्रिंशोऽध्यायः ॥३८॥

(श्रीकृष्ण-बलरामको मथुरा प्रस्थान)–श्रीशुकदेव भन्नुहुन्छ–बलराम द्वारा राम्ररी सम्मानित भएर अक्रूरजी आनन्दले पलङ्गमा बसे। उनले बाटोमा जे-जे इच्छाहरू गरेका थिए, ती सबै पूर्ण भए ॥१॥ हे राजन् ! लक्ष्मीपति प्रसन्न भएपछि यस्तो कुन वस्तु छ, जुन प्राप्त नहोस्। तैपनि भगवत्परायण व्यक्ति कुनै पदार्थको इच्छा गर्दैनन् ॥२॥ सायंकालको खान पान गरिसकेपछि भगवान् देवकीनन्दनले अक्रूरको नजीकै बसेर आफ्ना बन्धु-बान्धवसित कंसको कस्तो व्यवहार छ र अब त्यो के गर्न खोजिरहेको छ, यस विषयमा धेरै थरि कुरा सोधे ॥३॥ भगवान् भन्दछन्—हे तात ! हे सौभाग्य ! हजुर यहाँ निर्विघ्न पाल्नुभयो न ? हजुरको स्वागत छ, कल्याण होस्। हजुरका सबै जात-भाई आनन्द र निरोग छन् ? ॥४॥

परिपृष्टेन जहावध्वपरिश्रमम् ॥ ४३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धेऽक्रूरागमनं नामाष्टत्रिंशत्तमोऽध्यायः ॥ ३८ ॥

श्रीशुक उवाच ॥ सुखोपविष्टः पर्यंके रामकृष्णोरुमानितः ॥ लेभे मनोरथान्सर्वान्पथि यान्स चकार ह ॥ १ ॥ किमलभ्यं भगवति प्रसन्ने श्रीनिकेतने ॥ तथापि तत्परा राजन्न हि वाञ्छन्ति किञ्चन ॥२॥ सायंतनाशनं कृत्वा भगवान्देवकीसुतः ॥ सुहृत्सु वृत्तं कंसस्य पप्रच्छान्यच्चिकीर्षितम् ॥३॥ श्रीभगवानुवाच ॥ तात सौम्यागतः कच्चित्स्वागतं भद्रमस्तु वः ॥ अपि स्वज्ञातिबन्धूनामनमीवमनामयम् ॥ ४ ॥ किं नु नः कुशलं पृच्छे एधमाने कुलामये ॥ कंसे मातुलनाम्न्यङ्ग स्वानां नस्तत्प्रजासु च ॥ ५ ॥ अहो अस्मदभूद्भूरि पित्रोर्वृजिनमार्ययोः ॥ यद्धेतोः पुत्रमरणं यद्धेतोर्बन्धनं तयोः ॥ ६ ॥ दिष्ट्याऽद्य दर्शनं स्वानां मह्यं वः सौम्य कांक्षितम् ॥ सञ्जातं वर्ण्यतां तात तवागमनकारणम् ॥ ७ ॥ श्रीशुक उवाच ॥ पृष्टो भगवता सर्वं वर्णयामास माधवः ॥ वैरानुबन्धं यदुषु वसुदेववधोद्यमम् ॥ ८ ॥ यत्संदेशो यदर्थं वा दूतः संप्रेषितः स्वयम् ॥ यदुक्तं नारदेनास्य स्वजन्मानकदुन्दुभेः

म आफ्नू कुलको कुशल के सोधौं ? हाम्रो कुलको निम्ति रोगरूप र नाममात्रको मामा कंस बाँचेसम्म हाम्रा स्वजन वा तिनका सन्तान सकुशल कसरी रहन सक्छन् ? ॥५॥ अहो ! हाम्रो निम्ति भद्र पिताले ठूलो कष्ट भोग्नु पर्‍यो, हाम्रो नै कारण अनेक पुत्र मारिए र हाम्रो निम्ति नै उनले धेरै दिनसम्म बन्धनमा बस्नुपर्‍यो ॥ ६ ॥ हे सौम्य ! आज ठूलो सौभाग्यले आफ्ना स्वजनस्वरूप हजुरको दर्शन लाभ भयो। मलाई पनि यसको निकै अभिलाषा थियो। हे तात ! अब हजुर यहाँ आउने कारण भन्नुहवस् ॥७॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! यसरी भगवान्ले सोधेपछि अक्रूरजीले कंसद्वारा यदुवंशीसित शत्रुता राख्ने र वसुदेवको वध गर्ने उद्योग आदि सारा वृत्तान्त एकेक वर्णन गरेर सुनाए ॥८॥ कंसको जो

लीलाई ल्याएर त्यहाँ उभ्याएपछि, डोरीले काम गर्दैनथ्यो। त्यहाँको न्यायाधीश यौटा सौम्य र धर्मभीरु पुरुष थियो। उसले तार द्वारा गृह-सचिवसित सल्लाह माग्यो। वहाँबाट उत्तर आयो 'फाँसीको काम पूरा गर्नु।' स्थानीय नागरिकहरूले अत्यन्त उत्तेजित भएर लीलाई छाडिदिने माँग गरे। तर अधिकारी विचरालाई त आज्ञा पालन गर्नु थियो। तिनले फेरि यो घोर कर्म पूरा गर्ने चेष्टा गरे, तर ती सफल हुन सकेनन्। चार भिन्न-भिन्न दिन फाँसी दिने प्रयत्न गरियो, तर प्रत्येक पल्ट डोरीले ठीक काम गरेन। त्यतिमै गृह-सचिवको फेरि तार आयो। त्यसमा जॉन लीलाई प्राणदण्ड दिने आज्ञा निरस्त गरिएको थियो। केही समयपछि क्षमा दान दिएर छाडी पनि दिए।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनुषयज्ञ सम्बन्धी कपटपूर्ण सन्देश थियो, जसको निम्ति उनलाई दूत तुल्याएर पठाइएको थियो र देवर्षिले जो वसुदेव द्वारा भगवान्को जन्म-रहस्य कंसलाई भनेका थिए, त्यो वृत्तान्त पनि उनले भगवान्लाई सुनाए ।।९।। विपक्षी वीरहरूको संहारमा निपुण कृष्ण र बलराम अक्रूरका कुरा सुनेर हाँसे। उनले पिता नन्दलाई राजा कंसको आज्ञा सुनाए ।। १० ।। त्यसै अनुसार नन्दले सबै गोपगणलाई आज्ञा दिए–'सबै गोरस एकत्रित पार, दर्शन भेटको सामग्री र आफाफ्ना गाड़ा ठिक पार ।। ११ ।। भोलि हामी सबै जना मथुरापुरी जाने हो र राजा कंसलाई गोरस अर्पण गर्ने हो। त्यहाँ गएर हामी यौटा ठूलो उत्सव हेर्ने छौं, जसलाई हेर्न पर-परबाट मानिस आइरहेछन्।' नन्दजीले व्रजभरि यो घोषणा गराइदिए ।।१२।। जब गोपिनीहरूले सुने–राम र कृष्णलाई मथुरा लैजान व्रजमा अक्रूर आएका छन्–ती साह्रै दुःखी भए ।। १३ ।। हृदयको तातो श्वासले कतिको मुख सुकेर आयो, केही अचेत जस्तै भए, कुनैका वस्त्र खुकुला भए र कंकण, केशपाश खुकुला भएर फुस्किए ।। १४ ।। भगवान्को चिन्तनले केही गोपिनीहरूको समस्त चित्त

।। ९ ।। श्रुत्वाऽक्रूरवचः कृष्णो बलश्च परवीरहा ।। प्रहस्य नन्दं पितरं राज्ञादिष्टं विजज्ञतुः ।। १० ।। गोपान्समादिशत्सोऽपि गृह्यतां सर्वगोरसः ।। उपायनानि गृह्णीध्वं युज्यन्तां शकटानि च ।।११।। यास्यामः श्वो मधुपुरीं दास्यामो नृपते रसान् ।। द्रक्ष्यामः सुमहत्पर्व यान्ति जानपदाः किल ।। एवमाघोषयत्क्षत्रा नन्दगोपः स्वगोकुले ।। १२ ।। गोप्यस्तास्तदुपश्रुत्य बभूवुर्व्यथिता भृशम् ।। रामकृष्णौ पुरीं नेतुमक्रूरं व्रजमागतम् ।। १३ ।। काश्चित्तत्कृतहृत्तापश्वासम्लानमुखश्रियः ।। स्रंसद्दुकूलवलयकेशग्रन्थ्यश्च काश्चन ।। १४ ।। अन्याश्च तदनुध्याननिवृत्ताशेषवृत्तयः ।। नाभ्यजानन्निमं लोकमात्मलोकं गता इव ।। १५ ।। स्मरन्त्यश्चापराः शौरेरनुरागस्मितेरिताः ।। हृदिस्पृशश्चित्रपदा गिरः संमुमुहुः स्त्रियः ।। १६ ।। गतिं सुललितां चेष्टां स्निग्धहासावलोकनम् ।। शोकापहानि नर्माणि प्रोद्दामचरितानि च ।। १७ ।। चिन्तयन्त्यो मुकुन्दस्य भीता विरहकातराः ।। समेताः संघशः प्रोचुरश्रुमुख्योऽच्युताशयः ।। १८ ।। गोप्य ऊचुः ।। अहो विधातस्तव न क्वचिद्दया संयोज्य मैत्र्या प्रणयेन देहिनः ।। ताँश्चाकृतार्थान्वियुनङ्क्ष्यपार्थकं विक्रीडितं तेऽर्भकचेष्टितं यथा ।।१९।। यस्त्वं प्रदर्श्यासितकुन्तलावृतं मुकुन्दवक्त्रं सुकपोलमुन्नसम् ।। शोकापनोदस्मितलेशसुन्दरं

वृत्ति शान्त भए र मुक्त पुरुष झैं उनलाई आफ्नू देहको पनि ज्ञान रहेन ।। १५ ।। कतिपय गोपिनी भगवान्को प्रणय, हास्य तथा विचित्र पदावली युक्त हृदयहारिणी कुराहरू सम्झनाले अचेत भए ।। १६ ।। भगवान्को ललित गति, विचित्र लीला, स्नेहयुक्त तथा हास्यपूर्ण हेराई, शोक नाश पार्ने ठट्टा र उदार चरित्रहरूको सम्झना गरेर उनीसित वियोगको सम्भावनाले व्याकुल र भयभीत भई सबै गोपिनी, जसको चित्त सदा भगवान्मै लागिरहन्थ्यो, एक स्थानमा जम्मा भएर आँखाबाट आँसुका धारा बगाउदै परस्पर यस प्रकार कुरा गनलागे–।।१७।।१८।। गोपिनी भन्दछन्–'ए विधाता ! तँलाई कसैमाथि दया लाग्दैन ? तँ प्राणीहरूलाई मित्रता र स्नेहको बन्धनमा बाँधेर मनोरथ सिद्ध हुनुभन्दा पहिले नै तिनको वियोग गराइदिन्छस् ! तेरो यो काम बालकहरूका खेलबाड झैं तुच्छ छ ।। १९ ।। तँ जो हामीलाई श्रीकृष्णको श्याम अलकावलीले ढाकिएको कपोल तथा उन्नत नासिकाले शोभित र शोक हटाउने मन्दहास्ययुक्त मनोहर मुख देखाएर अब उनलाई हाम्रा आँखाबाट पर पारिदिन खोज्दैछस्। अतः तेरो यो काम राम्रो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्न सक्किन्न॥२०॥हरे. विधाता ! त साऱ्है क्रूर छस् , तँ नै आज अक्रूरको नामले मूर्खको समान यहाँ आएर आफैंले दिएको हाम्रा ती नेत्रलाई खोसेर लगिरहेको छस् , जसद्वारा हामी भगवान मधुसूदनका प्रत्येक अङ्गमा तेरो सृष्टिको समस्त सौन्दर्य हेर्ने गर्दथ्यौं॥२१॥फेरि ती सबै परस्पर भन्नलागे– अहो ! यी नन्दनन्दनलाई पनि नित्य नयाँ-नयाँ व्यक्तिसित नै स्नेह बढाउन मनपर्दछ । इनको त्यो स्नेह एक क्षणमै भङ्ग हुन्छ । हेर–हामीले आफ्ना घर, स्वजन पति र पुत्रादि सबै छाडेर यिनका दासी बन्न स्वीकार गर्‍यौं, तर ती आफ्नै निम्ति आतुर हामी गोपिनीहरूतिर हेरिरहेका पनि छैनन् ॥२२। अवश्य मथुराका नारीहरूको निम्ति आउने रात निकै मङ्गलमर्या हुनेछ । तिनका सबै इच्छाहरू पूर्ण हुनेछन्, किनकि ती नगरीमा व्रजराजले प्रवेश गरेपछि, ती आफ्ना कटाक्षले इनको हास्ययुक्त मुखको माधुरी पिउने छन् ॥२३॥ यद्यपि कृष्ण ठूला मनस्वी छन्, तथापि ती मथुरा निवासिनीका मह झैं मधुर वचनमा आसक्त भई, लज्जायुक्त हास-विलासले विभोर भई हामी काँठे ग्वालिनीहरू तर्फ कसरी आउन सक्तछन् ? ॥ २४ ॥ अहो ! आज भगवान्को दर्शन गरेर

करोषि पारोक्ष्यमसाधु ये कृतम् ॥ २० ॥ क्रूरस्त्वमक्रूरसमाख्यया स्म नश्चक्षुर्हि दत्तं हरसे बताज्ञवत् ॥ येनैकदेशेऽखिलसर्गसौष्ठवं त्वदीयमद्राक्ष्म
वयं मधुद्विषः ॥ २१ ॥ न नन्दसूनुः क्षणभङ्गसौहृदः समीक्षते नः स्वकृतातुरा बत ॥ विहाय गेहान्स्वजनान्सुतान्पतींस्तद्दास्यमद्धोपगता नवप्रियः
॥ २२ ॥ सुखं प्रभाता रजनीयमाशिषः सत्या बभूवुः पुरयोषितां ध्रुवम् ॥ याः संप्रविष्टस्य मुखं व्रजस्पतेः पास्यन्त्यपाङ्गोत्कलितस्मितासवम् ॥२३॥
तासां मुकुन्दो मधुमञ्जुभाषितैर्गृहीतचित्तः परवान्मनस्व्यपि ॥ कथं पुनर्नः प्रतियास्यतेऽबला ग्राम्याः सलज्जस्मितविभ्रमैर्भ्रमन् ॥२४॥ अद्य ध्रुवं तत्र
दृशो भविष्यते दाशार्हभोजान्धकवृष्णिसात्वताम् ॥ महोत्सवः श्रीरमणं गुणास्पदं द्रक्ष्यन्ति ये चाध्वनि देवकीसुतम् ॥ २५ ॥ मैतद्विधस्याकरुणस्य
नामभूदक्रूर इत्येतदतीव दारुणः ॥ योऽसावनाश्वास्य सुदुःखितं जनं प्रियात्प्रियं नेष्यति पारमध्वनः ॥ २६ ॥ अनार्द्रधीरेष समास्थितो रथं तम-
न्वमी च त्वरयन्ति दुर्मदाः ॥ गोपा अनोभिः स्थविरैरुपेक्षितं दैवं च नोऽद्य प्रतिकूलमीहते ॥ २७ ॥ निवारयामः समुपेत्य माधवं किं नोऽकरिष्य-
न्कुलवृद्धबान्धवाः ॥ मुकुन्दसङ्गान्निमिषार्धदुस्त्यजाद्दैवेन विध्वंसितदीनचेतसाम् ॥ २८ ॥ यस्यानुरागललितस्मितवल्गुमन्त्रलीलावलोकपरिरम्भण-

अवश्य नै मथुरापुरीका दशार्ह, भोज, अन्धक र वृष्णिवंशी यादवहरूका नेत्रलाई परमानन्द प्राप्त हुनेछ । जसले मार्गमा रमारमण र गुणागार भगवान् देवकीनन्दनको दर्शन गर्नेछन् तिनका नेत्रको निम्ति पनि ठूलो उत्सव हुनेछ॥२५॥फेरि अक्रूरतिर लक्ष्य गरेर गोपिनीहरू भन्नलागे–अहो ! यी अक्रूर साऱ्है निष्ठुर छन्, यी हामी अबलाहरूलाई धैर्यसम्म पनि नदिएर हाम्रा प्राणप्रिय नन्दनन्दनलाई हाम्रो दृष्टिपथबाट पर भगाएर लैजान खोज्दैछन् । यस्ता क्रूर पुरुषको नाम 'अक्रूर' कसले राख्यो होला!॥२६॥ हेर, निष्ठुर श्रीकृष्ण पनि रथमा गएरबसे । यी ग्वालाहरू पनि गाडाद्वारा उनीसित जानको निम्ति कति छिटो-छिटो गरिरहेका छन् ! यस बखत गाउँका बूढापाका उदासीन भएर बसेका छन्–ती पनि यिनलाई रोकिरहेका छैनन् । मुख्य कुरा त यो हो कि विधाता पनि आज हाम्रो प्रतिकूल नै सबै काम गरिरहेको छ ॥२७॥ हिंड, हामी स्वयं गएर श्रीकृष्णलाई रोकौं । कुलका बूढा-पाका र बन्धु-बान्धव हामीलाई के गर्न सक्तछन् ? किनकि जसलाई आधापलको निम्ति पनि छाड्न कठिन छ, दुर्दैववश कृष्णको सहवासको विच्छेद हुनाले गर्दा हामी दीन भइरहेका छौं ॥२८॥ जसको पूर्ण, ललित

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हास्ययुक्त मीठा-मीठा कुरा, लीलामय कटाक्ष र आलिङ्गनादिले युक्त रासमण्डलमा हामीले ती रात एक क्षणको समान बिताएका थियौं। हे सखि हो! अब तीनै नभई हामी उनको विरह व्यथाबाट कसरी पारी तर्ने? ॥२९॥ साँझको वेला गाईको खुरबाट उडेको धूलोले धूसरित अलकावली र पुष्प-मालादिले मण्डित भएर जुन कृष्ण अनेक गोप-मित्रहरूले घेरिएर बाँसुरी बजाउँदै आफ्नू मधुर मुसकान र कटाक्षयुक्त हेराईले हाम्रो हृदय घायल पार्दथे, तिनी नभई हामी कसरी बाँच्नेछौं? ॥३०॥ श्रीशुकदेव भन्दछन्–हे राजन्! विरहले आतुर भएर यसै प्रकार कुरा गन र कृष्णमै आसक्त-चित्त ती व्रजाङ्गनाहरू लोकलाज त्यागेर–'हे गोविन्द! हे माधव!' यस्तो भन्दै मुटुमा गाँठो पारेर रुन लागे ॥३१॥ रोएर रात बितेर गयो, सूर्योदय भयो। अनि अक्रूरले सन्ध्यावन्दनादि प्रातःकालीन कृत्य समाप्त पारी रथ हाँके ॥ ३२ ॥ उनैसित नन्दादि गोपगण पनि धेरै थरि उपहार सामग्रीहरू र गोरस भरिएका गाग्रा साथमा लिई गाडाहरूमा हिंडे ॥ ३३ ॥ त्यसै वेला गोपिनीहरू आफ्ना प्रिय कृष्णको दर्शन पाएर केही आश्वस्त भएर भगवान्को आदेश पाउने आकांक्षाले

रासगोष्ठ्याम् ॥ नीताः स्म नः क्षणमिव क्षणदा विना तं गोप्यः कथं न्वतितरेम तमो दुरन्तम् ॥ २९ ॥ योऽह्नः क्षये व्रजमनन्तसखः परीतो गोपै- र्विशन्खुररजश्छुरितालक स्रक् ॥ वेणुं क्वणन्स्मितकटाक्षनिरीक्षणेन चित्तं क्षिणोत्यमुमृते नु कथं भवेम। ३० ॥ श्रीशुक उवाच ॥ एवं ब्रुवाणा विरहातुरा भृशं व्रजस्त्रियः कृष्णविषक्तमानसाः ॥ विसृज्य लज्जां रुरुदुः स्म सुस्वरं गोविन्द दामोदर माधवेति ॥ ३१ ॥ स्त्रीणामेवं रुदन्तीनामुदिते सवितर्यथ ॥ अक्रूरश्चोदयामास कृतमैत्रादिको रथम् ॥ ३२ ॥ गोपास्तमन्वसज्जन्त नन्दाद्याः शकटैस्ततः ॥ आदायोपायनं भूरि कुम्भान्गोरस- सम्भृतान् ॥३३॥ गोप्यश्च दयितं कृष्णमनुव्रज्यानुरञ्जिताः ॥ प्रत्यादेशं भगवतः काङ्क्षन्त्यश्चावतस्थिरे ॥ ३४ ॥ तास्तथा तप्यतीर्वीक्ष्य स्वप्र- स्थाने यदूत्तमः ॥ सान्त्वयामास सप्रेमैरायास्य इति दौत्यकैः ॥ ३५ ॥ यावदालक्ष्यते केतुर्यावद्रेणू रथस्य च ॥ अनुप्रस्थापितात्मानो लेख्यानीवोपल- क्षिताः ॥ ३६ ॥ ता निराशा निववृतुर्गोविन्दविनिवर्तने ॥ विशोका अहनी निन्युर्गायन्त्यः प्रियचेष्टितम् ॥ ३७ ॥ भगवानपि सम्प्राप्तो रामाक्रूर- युतो नृप ॥ रथेन वायुवेगेन कालिन्दीमघनाशिनीम् ॥ ३८ ॥ तत्रोपस्पृश्य पानीयं पीत्वा मृष्टं मणिप्रभम् ॥ वृक्षषण्डमुपव्रज्य सरामो रथमाविशत् ॥ ३९ ॥ अक्रूरस्तावुपामन्त्र्य निवेश्य च रथोपरि ॥ कालिन्द्या ह्रदमागत्य स्नानं विधिवदाचरत् ॥ ४० ॥ निमज्ज्य तस्मिन्सलिले जपन्ब्रह्म सना-

उनको साम्नुन्ने ठिङ्ग उभिए ॥ ३४ ॥ आफ्नू मथुरा यात्राले गोपिनीहरूलाई सन्तप्त देखेर श्रीयदुनन्दनले प्रेमपूर्वक यो सन्देश दिए—'म छिटै नै फर्केर आउँछु' यत्तिले गोपिनी-हरूलाई धैर्य दियो ॥ ३५ ॥ विरह-व्यथित गोपिनीहरूलाई जबसम्म रथको ध्वजा र चक्काले उडाएको धूलो देखियो, तबसम्म ती तस्वीर झैं त्यही स्थानमा उभिएर उतैतिर एकहरो हेरिरहे, तर तिनको मन चाहिं आफ्ना प्यारा कृष्णसित गइसकेको थियो ॥ ३६ ॥ जब गोविन्द फर्कने आशा हराएर गयो, अनि ती निराश भएर आफाफ्नो घर फर्केर गए र आफ्ना प्रियतमको चरित्र गान गरी-गरी शोक शान्त पार्दै समय बिताउन लागे ॥ ३७ ॥ यता भगवान् कृष्ण र बलराम अक्रूरसित वायु समान वेगले हिंड्ने रथमा चढेर एक छिनमै पाप नाशिनी यमुनाजीको तटमा पुग्दाभए ॥ ३८ ॥ त्यहाँ श्रीकृष्णले हात-पाउ धोएर इन्द्र-नीलमणि समान स्वच्छ यमुनाको पानी पिएर फेरि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्यामल परेको वृक्षमुनि गएर बलरामसित रथमा बसे । ३९ ॥ अक्रूरले ती दुवै भाईलाई रथमा बसालेर उनको आज्ञा लिई यमुनाको कुण्ड अर्थात् अनन्त तीर्थको जलमा बलिएर विधिवत् स्नान गरे ॥ ४० ॥ अनि जलमा डुबुल्की मारेर गायत्री जप गर्नलागे । जप गर्दागर्दै तिनले जल भित्र व राम र कृष्ण दुवै भाई संगसंगै बसेका देखे ॥ ४१ ॥ अनि यस्तो विचार गरे— 'वसुदेवका दुवै बालक त रथमा बसेका थिए, ती यहाँ कसरी आए ? यदि यहाँ छन् भने सम्भव उहाँ नहोउन्' तिनले जलको बाहिर शिर निकालेर हेरे ॥ ४२ ॥ ती दुवै उहाँ पनि पहिलेकै समान रथमा बसेका देखिए। अनि यस्तो विचार गरे—'मैले तिनलाई जलभित्र देखेको थिएँ, के त्यो मेरो भ्रम थियो ?' फेरि डुबुल्की मारे त्यहाँ फेरि उनै अनन्तदेवलाई विद्यमान देखे—जसको सिद्ध, चारण, गन्धर्व र असुरगण मस्तक न्यूराएर स्तुति गरिरहेका छन् ॥ ४३ ॥ ४४ ॥ ती अनन्तदेवका हजार शिर थिए । ती आफ्ना हजार फणामा हजारै मुकुट र आफ्नू कमलनाल समान श्वेत शरीरमा नीलाम्बर लगाएका थिए । तिनको सुन्दर शरीर सहस्र शिखायुक्त कैलाश पर्वत झैं शुभ्र देखिइरहेथ्यो

तनम् ॥ तावेव ददृशेऽक्रूरो रामकृष्णौ समन्वितौ ॥ ४१ ॥ तौ रथस्थौ कथमिह सुतावानकदुन्दुभेः ॥ तर्हिस्वित्स्यन्दने न स्त इत्युन्मज्ज्य व्यचष्ट सः ॥ ४२ ॥ तत्रापि च यथापूर्वमासीनौ पुनरेव सः ॥ न्यमज्ज्यद्दर्शनं यन्मे मृषा किं सलिले तयोः ॥४३॥ भूयस्तत्रापि सोऽद्राक्षीत्स्तूयमानमहीश्वरम् ॥ सिद्धचारणगन्धर्वैरसुरैर्नतकन्धरैः ॥४४॥ सहस्रशिरसं देवं सहस्रफणमौलिनम् ॥ नीलाम्बरं बिसश्वेतं शृङ्गैः श्वेतमिव स्थितम् ॥ ४५ ॥ तस्योत्सङ्गे घन-श्यामं पीतकौशेयवाससम् ॥ चतुर्भुजं नरं शान्तं पद्मपत्रारुणेक्षणम् ॥ ४६ ॥ चारुप्रसन्नवदनं चारुहासनिरीक्षणम् ॥ सुभ्रून्नसं चारुकर्णं सुकपोलारु-णाधरम् ॥ ४७ ॥ प्रलम्बपीवरभुजं तुङ्गांसोरःस्थलश्रियम् ॥ कम्बुकण्ठं निम्ननाभिं बलिमत्पल्लवोदरम् ॥४८॥ बृहत्कटितटश्रोणिकरभोरुद्वयान्वितम् ॥ चारुजानुयुगं चारुजङ्घायुगलसंयुतम् ॥४९॥ तुङ्गगुल्फारुणनखव्रातदीधितिभिर्वृतम् ॥ नवाङ्गुल्यङ्गुष्ठदलैर्विलसत्पादपङ्कजम् ॥५०॥ सुमहार्हमणिव्रातकि-रीटकटकाङ्गदैः ॥ कटिसूत्रब्रह्मसूत्रहारनूपुरकुण्डलैः ॥ ५१ ॥ भ्राजनं पद्मकरं शङ्खचक्रगदाधरम् ॥ श्रीवत्सवक्षसं भ्राजत्कौस्तुभं वनमालिनम् ॥ ५२ ॥ सुनन्दनन्दप्रमुखैः पार्षदैः सनकादिभिः ॥ सुरेशैर्ब्रह्मरुद्राद्यैर्नवभिश्च द्विजोत्तमैः ॥ ५३ ॥ प्रह्लादनारदवसुप्रमुखैर्भागवतोत्तमैः ॥ स्तूयमानं पृथग्भावैर्व-

॥ ४५ ॥ उनले देखे–ती शेष भगवानको काखामा यौटा रेशमी पीताम्बर धारण गरेका मेघ झैं श्याम शरीर चतुर्भुज पुरूषको शान्त मूर्ति बसेको छ। तिनका नेत्र कमलदल झैं विशाल र अरुणवर्ण थिए ॥ ४६ ॥ उनको मुख अति राम्रो र प्रसन्न थियो । उनको हास्ययुक्त चितवन निकै मनोहर थियो। भृकुटी र नासिका अग्लो र सुहाउने थियो। ती राम्रा कर्णपुट मनोहर कपोल र अरुण अधरले सुशोभित थिए । ॥ ४७ ॥ उनका भुजा लमा र स्थूल थिए । काँध अग्लो थियो र वक्षःस्थलमा लक्ष्मीजी विरामान थिइन् । घाँटी शङ्खको समान सलक परेको तथा नाभि गहीरो थियो र त्रिवलीयुक्त उदर पीपलको पात झैं शोभायमान थियो ॥ ४८ ॥ उनको विशाल कटिप्रदेश दुवै नितम्ब तथा हात्तीको सूँढ झैं दुवै उरुले सुशोभित थिए, उनका अति राम्रा दृढ जानु एवं दुवै तिघ्रा थिए ॥ ४९ ॥ ती अग्लो गुल्फ र अरुणवर्ण नङका कान्तिले युक्त थियो । उनका चरण-कमल कोमल औंला-हरूले र बूढीऔंलाले शोभायमान थिए ॥ ५१ ॥ ती बहुमूल्य मणिहरू जडित किरीट, कटक, अङ्गद कटिसूत्र, यज्ञोपवीत, हार, नूपुर र कुण्डलले देदीप्यमान भइरहेका थिए। उनका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातमा शङ्ख, चक्र, गदा, पद्म, वक्षःस्थलमा श्रीवत्स र गलामा वनमाला तथा कौस्तुभमणि विराजमान थिए॥५१॥५२॥ ती नन्द-सुनन्दादि पार्षद, सनकादि महर्षिहरू, ब्रह्मा शिवादि देवगण, मरीचि आदि नौ ब्राह्मण र प्रह्लाद, नारद तथा अष्टवसु आदि निर्मलात्मा भक्तद्वारा भिन्न-भिन्न प्रकारले स्तूयमान भइरहेका थिए।५३॥५४॥ श्री, पुष्टि, वाणी, कान्ति, कीर्ति, तुष्टि, इला, ऊर्जा, विद्या-अविद्या आदि शक्तिहरू तथा माया उनको सेवा गरिरहेका थिए॥५५॥त्यो दृश्य देखेर अक्रूरलाई आनन्द प्राप्त भयो। ती निगूढ भक्तिभावले भरिए-उनको शरीरमा रोमाञ्च भएर आयो र भावोद्रेकले गर्दा तिनका नेत्रबाट आँसु बग्न लाग्यो॥५६॥ अनि अक्रूरले धैर्यधारण गरेर भगवान्का चरणमा शिर न्युराई प्रणाम गरे र हात जोरी गद्गद् वाणीले विस्तार-विस्तार यस प्रकार स्तुति गर्नलागे॥५७॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धेपूर्वार्धे नेपाली भाषाटीकायामेकोनचत्वारिंशोऽध्यायः॥३९॥

(अक्रूरद्वारा गरिएको भगवत् तुति)—अक्रूर भन्दछन्—हे कृष्ण! जसद्वारा यो सम्पूर्ण लोक उत्पन्न भएको थियो, ती ब्रह्मा जसको नाभिबाट उत्पन्नकमलकोशबाट प्रकटभएका हुन्, ती

चोभिरमलात्मभिः॥५४॥ श्रिया पुष्ट्या गिरा कान्त्या कीर्त्या तुष्ट्येलयोर्जया॥ विद्ययाऽविद्यया शक्त्या मायया च निषेवितम्॥ ५५॥ विलोक्य सुभृत प्रीतो भक्त्या परमया युतः॥ हृष्यत्तनूरुहो भावपरिक्लिन्नात्मलोचनः॥५६॥ गिरागद्गदयास्तौषीत्सत्त्वमालम्ब्य सात्वत॥ प्रणम्य मूर्ध्नाऽवहित कृताञ्जलिपुटः शनैः॥ ५७॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धेऽक्रूरप्रतियाने एकोनचत्वारिंशोऽध्यायः॥ ३९॥

अक्रूर उवाच॥ नतोऽस्म्यहं त्वाऽखिलहेतुहेतुं नारायणं पूरुषमाद्यमव्ययम्॥ यन्नाभिजातादरविन्दकोशाद्ब्रह्माऽऽविरासीद्यत एष लोकः॥ १॥ भूस्तोयमग्निः पवनः खमादिर्महानजादिर्मन इन्द्रियाणि॥ सर्वेन्द्रियार्था विबुधाश्च सर्वे ये हेतवस्ते जगतोऽङ्गभूताः॥ २॥ नैते स्वरूप विदुरात्मनस्ते ह्यजादयोऽनात्मतया गृहीताः॥ अजोऽनुबद्धः स गुणैरजाया गुणात्परं वेद न ते स्वरूपम्॥ ३॥ त्वां योगिनो यजन्त्यद्धा महापुरुषमीश्वरम्॥ साध्यात्मं साधिभूतं च साधिदैवं च साधवः॥ ४॥ त्रय्या च विद्यया केचित्त्वां वै वैतानिका द्विजाः॥ यजन्ते विततैर्यज्ञैर्नानारूपामराख्यया॥५॥ एके त्वाऽखिलकर्माणि संन्यस्योपशमं गताः॥ ज्ञानिनो ज्ञानयज्ञेन यजन्ति ज्ञानविग्रहम्॥ ६॥ अन्ये च संस्कृतात्मानो विधिनाऽभिहितेन ते॥ यजन्ति त्वन्मयास्त्वां वै बहुमूर्त्येकमूर्तिकम्॥ ७॥ त्वामेवान्ये शिवोक्तेन मार्गेण शिवरूपिणम्॥ बह्वाचार्यविभेदेन

सबै कारणहरूका कारण र अविनाशी हजुर आदिपुरुष नारायणलाई म नमस्कार गर्दछु॥१॥ पृथ्वी, जल, अग्नि, वायु, आकाश, महतत्त्व, प्रकृति, पुरुष तथा मन, इन्द्रिय, इन्द्रियहरूका विषय र उनका अधिष्ठाता देवता यी जति जगत्का मूलकारण छन्, ती सबै हजुरका अङ्ग हुन्॥२॥ अनात्मरूपले ग्रहण गरिने मायादिको कारण सबैका आत्मारूप हजुर परमात्माको स्वरूपलाई कोही जान्न सक्तैनन्। ब्रह्मा पनि हजुरकी माया गुणले युक्त छन्। अतः ती पनि हजुरको गुणातीत स्वरूप जान्न सक्तैनन्॥३॥ योगीजन पनि अध्यात्म, अधिभूत र अधिदैव सहित हजुर परमपुरुष परमेश्वरको नै पूजा गर्दछन्॥ ४॥ यसै प्रकार अनेकौं कर्मकाण्डी ब्राह्मण वेदत्रयीको विधिले अनेक यज्ञद्वारा इन्द्रादि विभिन्न नाम र रूपले हजुरको नै योग-यज्ञ गर्दछन्॥ ५॥ कतिपय ज्ञानीजन पनि आफ्ना कर्महरूलाई त्यागेर तथा शान्तभावमा स्थित भएर ज्ञानयज्ञद्वारा हजुर ज्ञान स्वरूपको नै पूजा गर्दछन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ६ ॥ यसै प्रकार अनेक शुद्धचित्त वैष्णव हजुरले नै आज्ञा भएको पाञ्चरात्रोक्त विधिले तन्मय भएर वासुदेव, सङ्कर्षण आदि अनेक र नारायण नामक एक मूर्तिले हजुरको नै पूजा गर्दछन् ॥७॥ हे भगवन् ! केही व्यक्ति शिवजीले बताएको आचार भेदले शैव-पाशुपत आदि अनेक भेद हुने मार्गले शिवरूपमा हजुरकै उपासना गर्दछन् ॥८॥ हे प्रभो ! जो अन्य देवताका भक्त छन्, ती यद्यपि भेदबुद्धि भएका हुन्, तापनि हजुर सर्वदेवमय हुनुहुन्छ । यसै निम्ति ती सबै पनि हजुर परमेश्वरको नै पूजा गर्दछन् ॥९॥ जस्तै पर्वतबाट निस्कने नदी मेघको जलले उम्लेर सबैतिर बग्दै समुद्रमै मिल्दछन् । त्यसै गरी हे प्रभो ! सबै उपासना-मार्ग अन्त्यमा हजुरकै प्राप्ति गराउँछन् ॥१०॥ सत्व, रज र तम यी हजुरकै मायाका गुण (धागो) हुन् र इनैमा ब्रह्मादेखि स्थावरपर्यन्त जीव उनिएका छन् ॥११॥ हजुर सर्वरूप र सबैका बुद्धिहरूका साक्षी हुनुहुन्छ । हजुरको दृष्टि निर्लिप्त छ । हजुरलाई म प्रणाम गर्दछु । सबै जीव अविद्याकृत गुणप्रवाहले देव, मनुष्य र तिर्यगादि योनिमा प्रवृत्त हुन्छन्, तर हजुर यसबाट सर्वथा अलिप्त रहनु हुन्छ १२॥ अग्नि हजुरको मुख हो, पृथ्वी चरण, सूर्य नेत्र,

भगवन्समुपासते ॥ ८ ॥ सर्व एव यजन्ति त्वां सर्वदेवमयेश्वरम् ॥ येऽप्यन्यदेवताभक्ता यद्यप्यन्यधियः प्रभो ॥ ९ ॥ यथाऽद्रिप्रभवा नद्यः पर्जन्यापूरिताः प्रभो ॥ विशन्ति सर्वतः सिन्धुं तद्वत्त्वां गतयोऽन्ततः ॥ १० ॥ सत्त्वं रजस्तम इति भवतः प्रकृतेर्गुणाः ॥ तेषु हि प्राकृताः प्रोता आब्रह्मस्थावरादयः ॥ ११ ॥ तुभ्यं नमस्तेऽस्त्वविषक्तदृष्टये सर्वात्मने सर्वधियां च साक्षिणे ॥ गुणप्रवाहोऽयमविद्यया कृतः प्रवर्तते देवनृतिर्यगात्मसु ॥ १२ ॥ अग्निर्मुखं तेऽवनिरङ्घ्रिरीक्षणं सूर्यो नभो नाभिरथो दिशः श्रुतिः ॥ द्यौः कं सुरेन्द्रास्तव बाहवोऽर्णवाः कुक्षिर्मरुत्प्राणबलं प्रकल्पितम् ॥ १३ ॥ रोमाणि वृक्षौषधयः शिरोरुहा मेघाः परस्यास्थिनखानि तेऽद्रयः ॥ निमेषणं रात्र्यहनी प्रजापतिर्मेढ्रस्तु वृष्टिस्तव वीर्यमिष्यते ॥ १४ ॥ त्वय्यव्ययात्मन्पुरुषे प्रकल्पिता लोकाः सपाला बहुजीवसङ्कुलाः ॥ यथा जले सञ्जिहते जलौकसोऽप्युदुम्बरे वा मशका मनोमये ॥ १५ ॥ यानि यानीह रूपाणि क्रीडनार्थं बिभर्षि हि ॥ तैरामृष्टशुचो लोका मुदा गायन्ति ते यशः ॥ १६ ॥ नमः कारणमत्स्याय प्रलयाब्धिचराय च ॥ हयशीर्ष्णे नमस्तुभ्यं मधुकैटभमृत्यवे ॥ १७ ॥ अकूपाराय बृहते नमो मन्दरधारिणे ॥ क्षित्युद्धारविहाराय नमः सूकरमूर्तये ॥ १८ ॥ नमस्तेऽद्भुत-

आकाश नाभि, दिशाहरू कान, स्वर्ग शिर हो, देवेन्द्रगण भुजा हुन्, समुद्र कोखा हो, वायु प्राणशक्ति हो ॥१३॥ वृक्ष र औषधि रौं हुन्, मेघ कपालका रौं, पर्वत हजुरका अस्थि-समूह र नङ हुन्, रात्रि र दिन आँखा चिम्लनु र खोल्नु हो, प्रजापति लिङ्ग र वृष्टि हजुरको वीर्य हो ॥१४॥ हे अव्ययात्मन् ! लोकपाल समेत अनेक प्राणीहरूले युक्त सबै लोक जस्तै—जलमा अनेक जलचर जीव र गूलरको फलभित्र भुसुना आदि रहन्छन्, त्यसै गरी हजुर मनोमय ज्ञानस्वरूप परमपुरुषमा नै कल्पित हुनुहुन्छ ॥१५॥ हजुरलीला निम्ति पृथ्वीमा जे-जस्तो रूप धारण गर्नुहुन्छ, तिनको प्रभावले शोकरहित भएर मानिस हजुरको गुणगान गर्दछन् ॥१६॥ कारणवश मत्स्यावतार धारण गरेर प्रलय-सागरमा क्रीडा गर्ने हजुर परमेश्वर-लाई मेरो नमस्कार छ । मधुर कैटभ नामका दैत्यलाई मार्ने हजुर हयग्रीव भगवान्लाई नमस्कार छ ॥१७॥ मन्दराचल पर्वत धारण गर्ने बृहत्काय कूर्म भगवान्लाई नमस्कार छ । पृथिवीको लीलापूर्वक उद्धार गर्ने वाराहरूपधारी भगवान्लाई नमस्कार छ ॥१८॥ हे सज्जनको भय निवारण गर्ने प्रभो ! अद्भुत नृसिंह रूप धारण गर्ने हजुरलाई नमस्कार

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। आफ्ना पाउनाले तीनै लोक ढाकिलिने वामनरूपधारीलाई नमस्कार छ ॥१९॥ उन्मत्त क्षत्रियरूपी वनलाई छिमलिदिने भृगुपति परशुरामरूपधारी हजुरलाई नमस्कार छ। रावणको संहार गर्ने हजुर रघुनाथलाई नमस्कार छ ॥२०॥ यादवहरूका स्वामी वासुदेव, सङ्कर्षण, अनिरुद्ध र प्रद्युम्नरूपधारी हजुर परमेश्वरलाई नमस्कार छ ॥२१॥ दैत्यगण र दानवगणलाई मोहित पार्न तथा म्लेच्छ झैं आचरणशील शुद्धचित्त बुद्ध भगवानलाई नमस्कार छ र म्लेच्छ प्रायः क्षत्रियहरूको संहार गर्ने कल्कि भगवान्‌लाई नमस्कार छ ॥२२॥ हे भगवन् ! सृष्टिका सम्पूर्ण जीव हजुरका मायाले मोहित भएर नै 'म र यो मेरो हो' यस्तो असत आग्रह गरेर कर्ममार्गमा घुमिरहेका छन् ॥२३॥ म मूर्ख पनि शरीर, पुत्र, घर, स्त्री, धन र स्वजन आदि स्वप्न जस्तै पदार्थलाई सत्य मानेर त्यसैमा भुलिएको छु ॥२४॥ म अनित्य, अनात्म र कष्टरूप पदार्थमा विपरीत अर्थात् आत्मा र सुखबुद्धि गरेर अज्ञानवश सुख-दुःखादि द्वन्द्वहरूमा रमिरहेको छु र आफ्ना प्रिय हजुर परमेश्वरलाई जान्दिन ॥ २५ ॥ जस्तै–कुनै अज्ञानी पुरुष जलघाटै उत्पन्न तृण-शैवालादि पदार्थले ढाकिएको जल छाडेर

सिंहाय साधुलोकभयापह ॥ वामनाय नमस्तुभ्यं क्रान्तत्रिभुवनाय च ॥ १९ ॥ नमो भृगूणां पतये दृप्तक्षत्रवनच्छिदे ॥ नमस्ते रघुवर्याय रावणान्तकराय च ॥ २० ॥ नमस्ते वासुदेवाय नमः सङ्कर्षणाय च ॥ प्रद्युम्नायानिरुद्धाय सात्वतां पतये नमः ॥ २१ ॥ नमो बुद्धाय शुद्धाय दैत्यदानवमोहिने ॥ म्लेच्छप्रायक्षत्रहन्त्रे नमस्ते कल्किरूपिणे ॥ २२ ॥ भगवञ्जीवलोकोऽयं मोहितस्तव मायया ॥ अहंममेत्यसद्ग्राहो भ्राम्यते कर्मवर्त्मसु ॥२३॥ अहं चात्मात्मजागारदारार्थस्वजनादिषु ॥ भ्रमामि स्वप्नकल्पेषु मूढः सत्यधिया विभो ॥ २४ ॥ अनित्यानात्मदुःखेषु विपर्ययमतिर्ह्यहम् ॥ द्वन्द्वारामस्तमोविष्टो न जाने त्वात्मनः प्रियम् ॥ २५ ॥ यथाऽबुधो जलं हित्वा प्रतिच्छन्नं तदुद्भवैः ॥ अभ्येति मृगतृष्णां वै तद्वत्त्वाहं पराङ्मुखः ॥२६॥ नोत्सहेऽहं कृपणधीः कामकर्महतं मनः ॥ रोद्धुं प्रमाथिभिश्चाक्षैर्ह्रियमाणमितस्ततः ॥ २७ ॥ सोऽहं तवाङ्घ्र्युपगतोऽस्म्यसतां दुरापं तच्चाप्यहं भवदनुग्रह ईश मन्ये ॥ पुंसो भवेद्यर्हि संसरणापवर्गस्त्वय्यब्जनाभ सदुपासनया मतिः स्यात् ॥२८॥ नमो विज्ञानमात्राय सर्वप्रत्ययहेतवे ॥ पुरुषेशप्रधानाय ब्रह्मणेऽनन्तशक्तये ॥ २९ ॥ नमस्ते वासुदेवाय सर्वभूतक्षयाय च ॥ हृषीकेश नमस्तुभ्यं प्रपन्नं पाहि मां प्रभो ॥ ३० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धेऽक्रूरस्तुतिर्नाम चत्वारिंशत्तमोऽध्यायः ॥ ४० ॥

मृग-मरीचिकातिर दगुर्दछ, त्यस्तै–आफ्नै मायाले ढाकिएका हजुरलाई छाडेर म विषयहरूमा भौंतारिरहेको छु ॥ २६ ॥ वासनाले गर्दा मेरो बुद्धि हीन भएको छ। यसै निम्ति काम्यकर्म र कामनाहरूले चञ्चल तथा बलिया इन्द्रियद्वारा यता-उता अलमल्याइएको आफ्नू एकाग्र पार्न असमर्थ छु ॥ २७ ॥ हे ईश ! अब म हजुरको चरण-शरणमा आएको छु। हजुरका चरण असत्पुरुषका निम्ति सर्वथा अप्राप्य छन्। 'म अधमलाई उनको दर्शन मिल्यो' यो म हजुरका कृपाको फल मान्दछु। हे पद्मनाभ ! जब प्राणीका संसार बन्धनका अन्त हुने वेला छ, त्यसैले उसको बुद्धि हजुरमा लाग्दछ ॥२८॥ हे प्रभो ! हजुर केवल विज्ञानमूर्ति, समस्त प्रतीतिहरूका आश्रय र पुरुषहरूलाई सुख-दुःखादि प्राप्त गराउने काल, कर्म र स्वभावादिका नियन्ता छन्। यस्ता अनन्त शक्ति हजुर परब्रह्मलाई मेरो नमस्कार छ ॥२९॥ हजुर वासुदेव, सबै प्राणीहरूका आश्रय सङ्कर्षणदेव, हृषीकेश अर्थात् बुद्धि र मनका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिष्ठाता प्रद्युम्न र अनिरुद्धलाई नमस्कार । हे प्रभो हजुर म शरणागतको रक्षा गर्नुहवस् ॥३०॥ इति श्रीमद्भागवते दशमस्कन्धेपूर्वार्धे नेपाली भाषाटीकायां चत्वारिंशोऽध्यायः ॥ ४० ॥

(श्रीकृष्णको मथुरा प्रवेश) शुकदेवजी भन्दछन्–हे राजन् ! यसरी स्तुति गर्ने अक्रूरलाई जलभित्र आफ्नो अनुपम रूप देखाएर भगवान्ले नाट्यवेषधारी नटुवा जस्तै त्यसलाई फेरि लुकाए ॥ १ ॥ त्यस रूपलाई अन्तर्धान भएको देखेर अक्रूर जलबाहिर निस्केर झट्ट आवश्यक कार्य समाप्त पारी छक्कपर्दै रथमा फर्केर आए ॥२॥ त्यहाँ कृष्ण भगवान्ले भन्नु भयो—'हे अक्रूरजी ! के हजुरले पृथ्वी, आकाश, वा जलमा कुनै विचित्र कुरा देख्नुभयो ! किनकि हजुरको आकृतिले त्यस्तै प्रकट गरिरहेको छ' ॥ ३ ॥ उनले भने–हे प्रभो ! पृथ्वी, आकाश र जलमा जति अद्भुत पदार्थ छन्, हजुर सर्वस्वरूपलाई देखेपछि तीमध्ये मैले नदेखेको कुनै पदार्थ बाँकी रहन्न ॥ ४ ॥ पृथ्वी, आकाश वा जलमा जति अद्भुत पदार्थ छन्, ती सबै हजुरमै विराजमान छ । अतः हे विभो ! हजुरलाई देखेपछि मैले हजुर बाहेक अरु के अद्भुत वस्तु देखे हुँला ॥ ५ ॥ भगवानसित यति भनेर ती गान्दिनी-पुत्र अक्रूरले

श्रीशुक उवाच ॥ स्तुवतस्तस्य भगवान्दर्शयित्वा जले वपुः ॥ भूयः समाहरत्कृष्णो नटो नाट्यमिवात्मनः ॥१॥ सोऽपि चान्तर्हितं वीक्ष्य जलादुन्मज्ज्य सत्वरः ॥ कृत्वा चावश्यकं सर्वं विस्मितो रथमागमत्॥२॥तमपृच्छद्धृषीकेशः किं ते दृष्टमिवाद्भुतम्॥भूमौ वियति तोये वा तथा त्वां लक्षयामहे॥३॥ अक्रूर उवाच ॥ अद्भुतानीह यावन्ति भूमौ वियति वा जले ॥त्वयि विश्वात्मके तानि किं मेऽदृष्टं विपश्यतः॥४॥यत्राद्भुतानि सर्वाणि भूमौ वियतिवाजले॥ तं त्वानुपश्यतो ब्रह्मन्किं मेऽदृष्टमिहाद्भुतम्॥५॥ इत्युक्त्वा चोदयामास स्यन्दनं गान्दिनीसुतः ॥ मथुरामनयद्रामं कृष्णं चैव दिनात्यये ॥६॥ मार्गे ग्रामजना राजंस्तत्र तत्रोपसंगताः ॥ वसुदेवसुतौ वीक्ष्य प्रीता दृष्टि न चाददुः ॥७॥ तावद्व्रजौकसस्तत्र नन्दगोपादयोऽग्रतः ॥ पुरोपवनमासाद्य प्रतीक्षन्तोऽवतस्थिरे ॥८॥ तान्समेत्याह भगवानक्रूरं जगदीश्वरः ॥ गृहीत्वा पाणिना पाणिं प्रश्रितं प्रहसन्निव ॥ ९ ॥ भवान्प्रविशतामग्रे सहयानः पुरीं गृहम् ॥ वयं त्विहावमुच्याथ ततो द्रक्ष्यामहे पुरीम् ॥ १० ॥ अक्रूर उवाच ॥ नाहं भवद्भ्यां रहितः प्रवेक्ष्ये मथुरां प्रभो ॥ त्यक्तुं नार्हसि मां नाथ भक्तं ते भक्तवत्सल ॥ ११ ॥ आगच्छ याम गेहान्नः सनाथान्कुर्वधोक्षज ॥ सहाग्रजः सगोपालैः सुहृद्भिश्च सुहृत्तम ॥ १२ ॥ पुनीहि पादरजसा गृहान्नो गृहमेधिनाम् ॥ यच्छौचेनानुतृप्यन्ति पितरः साग्नयः सुराः ॥१३॥ अवनिज्यांघ्रियुगलमासीच्छ्लोक्यो बलिर्महान् ॥ ऐश्वर्यमतुलं लेभे गतिं चैका·

आफ्नू रथ हिंडाए र सायंकालको वेला राम र कृष्णलाई लिएर मथुरापुरी पुगे ॥ ६ ॥ हे राजन् ! बाटोमा जहाँ-तहाँ भेटिने ग्रामीण वसुदेव देवकीका बालक दुबैलाई देखेर उनको रूपमाधुरीले आनन्दित भएर उनको तर्फबाट आफ्नो दृष्टि फर्काइरहेका थिएनन् ॥ ७ ॥ नन्दादि व्रजवासी गोपगण राम-कृष्ण पुग्नुभन्दा पहिले नै मथुरा पुगिसकेका थिए र नगर बाहिर उपवनमा बसेर तिनको प्रतीक्षा गरिरहेका थिए । तिनको नजीक पुगेपछि–जगत्पति भगवान् कृष्णले अक्रूरको हात समातेर मुसु-मुसु हाँस्तै नम्र वाणीमा भने—॥ ९ ॥ हजुर रथ लिएर नगरमा प्रवेश गर्दै घर जानुहवस् । हामी एकछिन यहाँ बसेर नगरको शोभा हेर्न निस्कनेछौं' ॥ १० ॥ उनले हात जोरेर भने—हे प्रभो ! म हजुरलाई नलिई एक्लै मथुरामा जान सक्तिन हे भक्तवत्सल ! म हजुरको भक्त हुँ । हे नाथ ! हजुर मलाई नछाड्नुहवस् ॥ ११ ॥ हे अधोक्षज ! आउनोस्, संगै जाऊँ । हे सुहृत्तम ! दाजू बलराम र सखा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

ग्वालबाल सहित गएर मेरो घर सनाथ तुल्याउनोस् ॥ १२ ॥ हे नाथ ! हजुर हामी गृहस्थका घरलाई आफ्ना ती चरणरजले पवित्र पार्नोस्, जुन चरण पखालिएको जल अर्थात् गङ्गा-देखि अग्निहरूसहित पितृगण र सबै देवता तृप्त हुन्छन् ॥१३॥ हे प्रभो ! हजुरका चरणयुगल पखाल्नाले नै राजा बलि परमयशस्वी भएका थिए र उनलाई अतुल ऐश्वर्य एवं हजुरका अनन्य भक्तगणलाई प्राप्त हुने योग्य गति प्राप्त भएको थियो ॥१४॥ हजुरका चरण जलले तीनैलोक पवित्र पारेको छ। त्यो शिवजी पनि आफ्नू माथमा धारण गर्दछन् र उनैको स्पर्श हुनाले सगरका सबै पुत्र स्वर्गलोक गएका थिए ॥ १५ ॥ हे देवदेव ! दे पुण्यश्रवणकीर्तन ! हे यदुश्रेष्ठ ! हे पुण्यकीर्ते ! हे नारायण ! हजुरलाई अनेकशः नमस्कार छ ॥ १६ ॥ भगवान् भन्नुहुन्छ--म यदुवंशको द्रोही कंसलाई मारेर दाजूको साथै हजुरको घर अवश्य आउनेछु र आफ्ना सुहृद्हरूको भलो गर्नेछु ॥ १७ ॥ श्रीशुकदेव भन्दछन्–भगवान्ले यसरी भने पछि अक्रूर गाऱ्हो मानेर मथुरामा प्रवेश गरे र कंसलाई राम-कृष्ण आगमनको समाचार सुनाएर आफ्नू घर गए ॥ १८ ॥ अनि सङ्कर्षण सहित भगवान् श्रीकृष्णले अपराह्णकालमा

न्तिनां तु या ॥ १४ ॥ आपस्तेऽङ्घ्र्यवनेजन्यस्त्रींल्लोकाञ्छुचयोऽपुनन् ॥ शिरसाऽधत्त याः शर्वः स्वर्याताः सगरात्मजाः ॥ १५ ॥ देवदेव जगन्नाथ पुण्यश्रवणकीर्तन ॥ मदूत्तमोत्तमश्लोक नारायण नमोऽस्तु ते ॥ १६ ॥ श्रीभगवानुवाच ॥ आयास्ये भवतो गेहमहमार्यसमन्वितः ॥ यदुचक्रद्रुहं हत्वा वितरिष्ये सुहृत्प्रियम् ॥१७॥ श्रीशुक उवाच ॥ एवमुक्तो भगवता सोऽक्रूरो विमना इव ॥ पुरीं प्रविष्टः कंसाय कर्मावेद्य गृहं ययौ ॥ १८ ॥ अथापराह्णे भगवान्कृष्णः संकर्षणान्वितः ॥ मथुरां प्राविशद्गोपैर्दिदृक्षुः परिवारितः ॥१९॥ ददर्श तां स्फाटिकतुङ्गगोपुरद्वारां बृहद्धेमकपाटतोरणाम् ॥ ताम्रारकोष्ठां परिखादुरासदामुद्यानरम्योपवनोपशोभिताम् ॥ २० ॥ सौवर्णशृङ्गाटकहर्म्यनिष्कुटैः श्रेणीसभाभिर्भवनैरुपस्कृताम् ॥ वैदूर्यवज्रामलनील-विद्रुमैर्मुक्ताहरिद्भिर्वलभीषु वेदिषु ॥ २१ ॥ जुष्टेषु जालामुखरन्ध्रकुट्टिमेष्वाविष्टपारावतबर्हिनादिताम् ॥ संसिक्तरथ्यापणमार्गचत्वरां प्रकीर्णमाल्यां-कुरलाजतण्डुलाम् ॥ २२ ॥ आपर्णकुम्भैर्दधिचन्दनोक्षितैः प्रसूनदीपावलिभिः सपल्लवैः ॥ सवृन्दरम्भाक्रमुकैः सकेतुभिः स्वलंकृतद्वारगृहां सपट्टिकैः ॥२३॥ तां सम्प्रविष्टौ वसुदेवनन्दनौ वृतौ वयस्यैर्नरदेववर्त्मना ॥ द्रष्टुं समीयुस्त्वरिताः पुरस्त्रियोहर्म्याणि चैवारुरुहुर्नृपोत्सुकाः ॥ २४ ॥ काश्चि-

मथुरापुरी हेर्न गोपालहरू सहित नगरमा प्रवेश गरे ॥१९॥ त्यहाँ भगवान्ले देख्नुभयो—नगरका अग्ला-अग्ला द्वार स्फटिकका बनेका छन्। तिनमा सुनका ठूला-ठूला फाटकहरू लगाइएका छन् र उत्सवले गर्दा सबैतिर ध्वजा पताका झुण्ड्याइएका छन्। धान्यागार र कोष तामा र पीतलले मोरेका छन्। नगरको सबैतिर नगरका चारैतिर यौटा खाडल खनिएको थियो, जसले शत्रु आउन सक्तैनथे। त्यो पुरी सबैतिरबाट सुरम्य उपवनले सुशोभित थियो ॥ २० ॥ सुनको चौबाटो, धनिकहरूका महल, महलका बगैंचा तथा श्रेणीवद्ध सभाभवन र अन्यान्य भवन नगरको शोभा बढाइरहेका थिए। वैदूर्य, वज्र, नीलमणि, विद्रुम, मोती र हीरा जडिएका वेदी, आँखीझ्याल एवं दलान आदि जगमगाइरहेका छन्। तिनको स्थान-स्थानमा परेवा, मयूरआदिपक्षी थरि-थरिका बोली बोलीरहेछन्। गल्ली, बजार, मूलबाटो र चौतारामा जल छर्केको घर जहाँ-जहाँ फूलका माला, दूध, लावा र चामल राखिएका छन् ॥ २१'२२ ॥ सबै भवनमा मूल द्वार जल र दहीले भरिएका र चन्दन चर्चित कलश, पुष्प, धूप, दीप, नवपल्लव,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फल सहित केराका वृक्ष, सुपारीका वृक्ष र ससाना झण्डा सबै रेशमी वस्त्रले राम्ररी सजिएका छन् ॥ २३ ॥ हे राजन् ! मथुरापुरी पुगेका वसुदेवनन्दन राम र कृष्ण जब आफ्ना सखाहरूसित राजमार्गबाट जानलागे, तब उनलाई हेर्न नगरका नारीहरू एकत्रित भएर ठूलो उत्सुकताले आफाफ्ना महलको कौशीमा उक्ले ॥ २४ ॥ आतुरीले गर्दा कोही उल्टो वस्त्राभूषण लगाएर, कोही दुइ-दुइ लगाइने आभूषण मध्ये यौटा मात्र लगाएर, कोही यौटै कानको छेउमा पत्र रचना गरेर, कोही योटै खुट्टामा नूपुर लगाएर; कोही यौटै आँखामा गाजल लगाएर अर्को आँखामा नलगाई दगुरे ॥२५॥ केही मामिनीहरू खान लागेका थिए, ती उत्साहले गर्दा हातको गाँस छाडेर हिंडे कोही बुकुवा घस्न लाउँदै थिए, तर स्नान नगरे नै दगुरेर । यसै प्रकार जो निदाएका थिए, ती कोलाहल सुनेर जुरुक्क उठी तत्काल हिंडे । जो वालकलाई दूध ख्वाउँदै थिए, ती बालकलाई त्यसै छाडेर हिंडे ॥२६॥ मस्त गजराज झैं पराक्रमी कमलनयन कृष्णले आफ्नू रमारमण श्याम शरीरले त्यहाँका पुरवासीहरूको नेत्र आनन्दित पार्दै आफ्नू विलासमयी प्रगल्भ हाँसो र हेराईले तिनको चित्त बलपूर्वक हरिलिए ॥ २७ ॥ हे शत्रुदमन ! धेरै दिनदेखि श्रीकृष्णसम्बन्धी कुरा सुनिरहनाले तिनको चित्त चंचल भइरहेको थियो ।

द्विपर्यग्धृतवस्त्रभूषणा विस्मृत्य चैकं युगलेष्वथापराः ॥ कृतैकपत्रश्रवणैकनूपुरा नाङ्क्त्वा द्वितीयं त्वपराश्च लोचनम् ॥२५॥ अश्नन्त्य एकास्तद्-
पास्य सोत्सवा अभ्यज्यमाना अकृतोपमज्जनाः ॥ स्वपन्त्य उत्थाय निशम्य निःस्वनं प्रपाययन्त्योऽर्भमपोह्य मातरः ॥२६॥ मनांसि तासामरविन्द-
लोचनः प्रगल्भलीलाहसितावलोकैः ॥ जहार मत्तद्विरदेन्द्रविक्रमो दृशां ददच्छ्रीरमणात्मनोत्सवम् ॥ २७ ॥ दृष्ट्वा मुहुः श्रुतमनुद्रुतचेतसस्तं तत्प्रेक्षणो-
त्स्मितसुधोक्षणलब्धमानाः ॥ आनन्दमूर्तिमुपगुह्य दृशात्मलब्धं हृष्यत्त्वचो जहुरनन्तमरिंदमाधिम् ॥ २८ ॥ प्रासादशिखरारूढाः प्रीत्युत्फुल्लमु-
खाम्बुजाः ॥ अभ्यवर्षन्सौमनस्यैः प्रमदा बलकेशवौ ॥ २९ ॥ दध्यक्षतैः सोदपात्रैः स्रग्गन्धैरभ्युपायनैः ॥ तावानर्चुः प्रमुदितास्तत्र तत्र द्विजा-
तयः ॥ ३० ॥ ऊचुः पौरा अहो गोप्यस्तपः किमचरन्महत् ॥ या ह्येतावनुपश्यन्ति नरलोकमहोत्सवौ ॥ ३१ ॥ रजकं कञ्चिदायान्तं रङ्गकारं
गदाग्रजः ॥ दृष्ट्वाऽयाचत वासांसि धौतान्यत्युत्तमानि च ॥ ३२ ॥ देह्यावयोः समुचितान्यङ्ग वासांसि चार्हतोः ॥ भविष्यति परं श्रेयो दातुस्ते नात्र

आज उनलाई देखेर तथा उनका रूपको हास्य-सुधाले सिंचित भएर ती कृतकृत्य भए । त्यो आनन्दमयी तथा मनोहर मूर्ति आफ्ना नयनपथबाट हृदयमा ल्याएर त्यसको आलिंगन गरे र पुलकित भई अनन्त विरहव्यथाबाट मुक्त भए ॥ २८ ॥ अत्यन्त हर्षले जसका मुखकमल फक्रेका थिए, ती मथुराका नारीहरू आफ्ना घरको अटालीमा उक्लेर बलराम र कृष्णमाथि पुष्पवर्षा गर्नलागे ॥ २९ ॥ जताततै ब्राह्मणादि द्विजातिहरूले दही, अक्षता र जलले भरिएका पात्र, फूलका माला एवं चन्दनादि सामग्रीले ती दुवै दाजू भाईको अत्यन्त हर्षले पूजा गरे ॥३०॥ प्रभुलाई देखेर सबै पुरवासी भन्नलागे—'अहो ! व्रजका गोपिनीहरूले यस्तो कुन तप गरेका थिए, जसले ती मनुष्यमात्रलाई आनन्दित पार्ने यी दुवै मनोहर मूर्ति दिनहुँ देख्दछन्' ॥३१॥ उसै बेला यौटा धोबी जो लुगा रंगाउने काम गर्दथ्यो, आफूतिर आउन लागेको देखियो । भगवान् कृष्णले त्यासित अति उत्तम धोएका लुगा मागे ॥ ३२ ॥ भगवान्‌ले भने—हे भाई ! तिमी हामीलाई ठिक्क हुने केही वस्त्र देऊ । यी लुगा हामीहरूकै योग्य छन् । हामीलाई लुगाहरू दिनाले तिम्रो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कल्याण हुनेछ—यसमा कुनै सन्देह छैन' ॥२३॥ त्यो रजक राजाको सेवक हुनाले निकै अभिमानी थियो। अतः पूर्णकाम भगवान् कृष्णले वस्त्र मागेपछि रिसाएर आक्षेप गर्दै भन्यो–॥२४॥ 'तिमी पहाड़ र वनमा डुल्ने ग्वाला के सधैं यस्तो लुगा लगाउँथ्यौ ? ए, यता अघिसरेर किन आइरहेछौ ? तिमी त राजाका लुगा लगाउन खोजिरहेका छौ ? ॥ २५ ॥ ए मूर्ख हो ! जाओ, यदि बाँच्न मन छ भने फेरि यस्ता वस्त्र कहिल्यै नमाग्नु ! हेर, तिमी जस्ता उद्धत व्यक्तिलाई राजकर्मचारी बेसरी बाँधेर चुट्छन् र तिनीसित जे भएको सबै वस्तु खोसेर धपाइदिन्छन्' ॥२६॥ यस प्रकार धाक लगाउने त्यो रजकप्रति कुपित भएर भगवान् देवकीनन्दनले आफ्नू हातको अग्रभाग (नङ) ले त्यसको शिर काटेर धडबाट छुट्याइदिए ॥२७॥ त्यसको स्थिति देखेर जो धोबी त्यसको आश्रित रहेर आफ्नू आजीविका चलाइरहेथे, ती सबै लुगाको पोको त्यहीं फालेर यता उता भागेर गए। अनि भगवान्‌ले ती सबै लुगा लिए ॥ २८ ॥ श्रीकृष्ण र बलरामले तीमध्ये आफूलाई मनपरेका लुगा लगाए र जो बच्यो, गोपालहरूलाई दिए र केही त्यहीं छाडेर हिंडे ॥ २९ ॥ अलि

संशयः ॥ २३ ॥ स याचितो भगवता परिपूर्णेन सर्वतः ॥ साक्षेपं रुषित प्राह भृत्यो राज्ञः सुदुर्मदः ॥ २४ ॥ ईदृशान्येव वासांसि नित्यं गिरिवनेचराः ॥ परिधत्त किमुद्वृत्ता राजद्रव्याण्यभीप्सथ ॥ २५ ॥ याताशु बालिशा मैवं प्रार्थ्यं यदि जिजीविषा ॥ बध्नन्ति घ्नन्ति लुम्पन्ति दृप्तं राजकुलानि वै ॥ २६ ॥ एवं विकत्थमानस्य कुपितो देवकीसुतः ॥ रजकस्य कराग्रेण शिरः कायादपादयत् ॥ २७ ॥ तस्यानुजीविनः सर्वे वासःकोशान्विसृज्य वै दुद्रुवुः सर्वतो मार्गं वासांसि जगृहेऽच्युतः ॥ २८ ॥ वसित्वात्मप्रिये वस्त्रे कृष्णः संकर्षणस्तथा ॥ शेषाण्यादत्त गोपेभ्यो विसृज्य भुवि कानिचित् ॥ २९ ॥ ततस्तु वायकः प्रीतस्तयो र्वेषमकल्पयत् ॥ विचित्रवर्णैश्चैलेयैराकल्पैरनुरूपतः ॥ ४० ॥ नानालक्षणवेषाभ्यां कृष्णरामौ विरेजतुः ॥ स्वलंकृतौ बालगजौ पर्वणीव सितेतरौ ॥ ४१ ॥ तस्य प्रसन्नो भगवान्प्रादात्सारूप्यमात्मनः ॥ श्रियं च परमां लोके बलैश्वर्यस्मृतीन्द्रियम् ॥ ४२ ॥ ततः सुदाम्नो भवनं मालाकारस्य जग्मतुः ॥ तौ दृष्ट्वा स समुत्थाय ननाम शिरसा भुवि ॥ ४३ ॥ तयोरासनमानीय पाद्यं चार्थार्हणादिभिः ॥ पूजां सानुगयोश्चक्रे स्रक्ताम्बूलानुलेपनैः ॥ ४४ ॥ प्राह नः सार्थकं जन्म पावितं च कुलं प्रभो ॥ पितृदेवर्षयो मह्यं तुष्टा ह्यागमनेन वाम् ॥ ४५ ॥ भवन्तौ किल विश्वस्य जगतः कारणं परम् ॥ अवतीर्णाविहांशेन क्षेमाय च भवाय च ॥ ४६ ॥ न हि वां

अघि गएपछि यौटा सूजीकार भेटियो। त्यसले उनको अनुपम रूपमा मुग्ध भएर थरि-थरिका लुगाको सजावटले तिनको निकै राम्रो वेष बनाइदियो ॥४०॥ ती वस्त्रले विभूषित राम र कृष्ण उत्सवको मौकामा राम्ररी सजाइएका श्वेत र श्याम वर्णका दुइ बाल्य अवस्था हुने हात्ती देखिनलागे ॥४१॥ भगवान्‌ले त्यो सूजिकारमाथि प्रसन्न भएर झैं परलोकमा सारूप्य मुक्ति दिए र यस लोकमा अत्यधिक धन, बल, ऐश्वर्य, स्मृति र कहिल्यै शिथिल नहुने इन्द्रिय शक्ति दिए ॥४२॥ यसरी डुल्दै ती सुदामा नामको मालीको घरमा पुगे। भगवान् कृष्ण र बलरामलाई देखेर सुदामा झट्ट उभिए र पृथ्वीमा शिर न्यूराएर प्रणाम गरे ॥ ४३ ॥ अनि उनलाई आसन दिएर ग्वाल-बाल सहित दुबै दाजू-भाईको पाद्य, अर्घ्य, माला, पान र चन्दनादिले पूजा गरे ॥ ४४ ॥ उनले भने–'हे प्रभो ! हजुर आइदिनाले मेरो जन्म सफल भयो र कुल पनि पवित्र भयो। हाम्रा पितृगण, ऋषिगण र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवगण सप्रति सन्तुष्ट भए ॥ ४५ ॥ हजुर समस्त संसारका परमकारण हुनुहुन्छ । हजुर संसारको कल्याणार्थ र उन्नतिको निम्ति नै आफ्ना कलाले पृथ्वीमा अवतीर्ण हुनुभएको छ ॥ ४६ ॥ यद्यपि हजुर भजन गर्नेलाई नै भज्नु हुन्छ तापनि हजुरमा विषम दृष्टि छैन, किनकि हजुर जगत्‌का परम सुहृद् र आत्मा हुनुहुन्छ । हजुरको दृष्टिमा सबै जीव समान छन् ॥ ४७ ॥ हे राजेन्द्र ! म हजुरको दास हुँ । हजुर मलाई आज्ञा दिनोस म हजुरको के सेवा गरूँ ? हे भगवन् ! हजुरको आज्ञा पालन गर्ने अवसर पाइयोस्. यही जीवप्रति सबभन्दा ठूलो दया हो ?' ॥४८॥ हे राजेन्द्र ! यति भनेर सुदामाले प्रभुको अभिप्राय जाने र उनलाई प्रसन्न मनले सुगन्धित फूलले बनेका माला लगाइदिए ॥ ४९ ॥ सखा ग्वाल-बालका साथै राम्ररी अलंकृत भएर वरदायक श्रीकृष्णचन्द्र र बलरामले प्रसन्न भएर विनीत र शरणागत सुदामासित माग्नको निम्ति भने ॥ ५० ॥ अनि सुदामाले ती सर्वात्मा श्रीहरिमा अचला भक्ति, उनका भक्तहरूमा प्रेम र समस्त जीवका प्रति दयाको वर मागे ॥ ५१ ॥ उसले मागेको वर र संगसंगै सन्तान-वृद्धि गर्ने लक्ष्मी, बल, आयु, यश र कान्ति आदि दिएर दाजू

विषमा दृष्टिः सुहृदोर्जगदात्मनोः ॥ समयोः सर्वभूतेषु भजन्तं भजतोऽपि ॥ ४७ ॥ तावाज्ञापयतं भृत्यं किमहं करवाणि वाम् ॥ पुंसोऽत्यनुग्रहो ह्येष भवद्भिर्यन्नियुज्यते ॥ ४८ ॥ इत्यभिप्रेत्य राजेन्द्र सुदामा प्रीतमानसः ॥ शस्तैः सुगन्धैः कुसुमैर्मालां विरचितां ददौ ॥ ४९ ॥ ताभिः स्वलंकृतौ प्रीतौ कृष्णरामौ सहानुगौ ॥ प्रणताय प्रपन्नाय ददतुर्वरदो वरान् ॥ ५० ॥ सोऽपि वव्रेऽचलां भक्तिं तस्मिन्नेवाखिलात्मनि ॥ तद्भक्तेषु च सौहार्दं भूतेषु च दयां पराम् ॥ ५१ ॥ इति तस्मै वरं दत्त्वा श्रियं चान्वयवर्धिनीम् ॥ बलमायुर्यशः कान्तिं निर्जगाम सहाग्रजः ॥ ५२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे पूरप्रवेशो नाम एकचत्वारिंशोऽध्यायः ॥ ४१ ॥

श्रीशुक उवाच ॥ अथ व्रजन्राजपथेन माधवः स्त्रियं गृहीतांगविलेपभाजनाम् ॥ विलोक्य कुब्जां युवतीं वराननां पप्रच्छयान्तीं प्रहसन्रसप्रदः ॥१॥ का त्वं वरोर्वेतदुहानुलेपनं कस्याङ्गने वा कथयस्व साधु नः ॥ देह्यावयोरङ्गविलेपमुत्तमं श्रेयस्ततस्ते न चिराद्भविष्यति ॥ २ ॥ सैरन्ध्र्युवाच ॥ दास्यस्म्यहं सुन्दर कंससम्मता त्रिवक्रनामा ह्यनुलेपकर्मणि ॥ मद्भावितं भोजपतेरतिप्रियं विनायुवां कोऽन्यतमस्तदर्हति ॥ ३ ॥ रूपपेशलमाधुर्यहसितालापवीक्षितैः

बलरामसहित नन्दनन्दन त्यहाँबाट निस्कनु भयो ॥५२॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकरकृत 'वासिष्ठी' भाषाटीकायामेकचत्वारिंशोऽध्यायः ॥ ४१ ॥

(कुब्जामाथि कृपा, धनुर्भङ्ग र मल्लशालाको साजसज्जा) शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! अनि भगवान् कृष्णले राजमार्गबाट गइरहेकी यौटी युवती स्त्रीलाई देख्नु भयो, जसको मुख सुन्दर थियो, तर त्यो कुब्जा (बाङ्गी) थिई । त्यो आफ्नू हातमा चन्दनको पात्र बोकेकी थिई । त्यसलाई देखेर प्रेमरस प्रदान गन भगवान्‌ले हाँस्तै सोधे–॥१॥ हे वरोरु ! तिमी को हौ ? यो चन्दन कसको निम्ति लगिरहेकी छौ ? हे कल्याणि ! मलाई सबै कुरा साँचो-साँचो भन । यो अत्युत्तम अनुलेप हामीलाई पनि देऊ, यसले तत्काल तिम्रो कल्याण हुनेछ' ॥ २ ॥ सैरन्ध्रीले भनी–हे सुन्दर ! म कंसरी प्रिय दासी हुँ, मेरो नाम त्रिवक्रा' हो । म राजाकहाँ चन्दन घोटने काम गर्दछु । मैले घोटेको चन्दन भोजराज कंसलाई मान्है मनपर्दछ, तर अब हजुरबाहेक अरु को यस चन्दनको सबभन्दा बर्ता उपयुक्त पात्र हुन सक्तछ ? ॥३॥ यति भनेर कुब्जाले भगवानको रूप, सुकुमारता, माधुर्य र मधुर हास्ययुक्त

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुराकानी एवं सौन्दर्यमा मुग्ध भएर ती दुवै दाजू-भाइलाई त्यो उत्तम चन्दन अर्पण गरिदिइन् । अनि आफ्नू श्याम र गौरवर्णदेखि भिन्न पहेंली र रक्तवर्णको अंगराग द्वारा नाभिदेखि माथिको भागमा अनुरंजित भएर श्रीकृष्ण र बलराम सार्‍है रामा देखिनलागे ।५।। भगवान्‌ले आफ्नू दर्शनको प्रत्यक्ष फल देखाउनको निम्ति तीन स्थानबाट बाङ्गी र सुन्दर मुख हुने कुब्जालाई सोझी पार्ने विचार गर्नुभयो ।।६।। त्यसलाई सपार्ने निश्चय गरेर भगवान्‌ले आफ्नू पाउले कुब्जाको खुट्टामा थिच्नु भयो र माथ्तिर उचालेका आफ्नू बाहुका दुइ औंला त्यसको चिउँडोमा लगाएर त्यसको शरीरलाई माथ्तिर उचालिदिनुभयो ।।७।। त्यतिले नै उसका सबै अंग सोझा भए । श्रीमुकुन्दको करस्पर्शले त्यो तत्काल विशाल नितम्ब र पीन पयोधरले युक्त यौटी उत्तम नारी बन्नलाई ।।८।। रूप, गुण र उदारताले सम्पन्न भएपछि कुब्जाको हृदयमा प्रेम उत्पन्न भयो र उसले भगवानको ओढ्नेको छेउ समातेर हाँस्तै भनी–।।९।। हें वीर! आउनोस् घर-जाऔं । अब म हजुरलाई यहाँ छाड्न सक्तिन, किनकि हजुरले मनमा खलबली उत्पन्न गरिदिनुभयो । हे पुरुषश्रेष्ठ ! हजुर यो दासीमाथि प्रसन्न हुनुहवस्'।।१०।। बलराम-

धर्षितात्मा ददौ सान्द्रमुभयोरनुलेपनम् ।।४।। ततस्तावङ्गरागेण स्ववर्णेतरशोभिना ।। सम्प्राप्तपरभागेन शुशुभातेऽनुरञ्जितौ ।।५।। प्रसन्नो भगवान्कुब्जां त्रिवक्रां रुचिराननाम् ।। ऋज्वीं कर्तुं मनश्चक्रे दर्शयन्दर्शने फलम् ।। ६ ।। पद्भ्यामाक्रम्य प्रपदे द्व्यङ्गुल्युत्तानपाणिना ।। प्रगृह्य चिबुकेऽध्यात्ममुदनीनमदच्युतः ।।७।। सा तदर्जुसमानाङ्गी बृहच्छ्रोणिपयोधरा ।। मुकुन्दस्पर्शनात्सद्यो बभूव प्रमदोत्तमा ।।८।। ततो रूपगुणौदार्यसम्पन्ना प्राहकेशवम् ।। उत्तरीयान्तमाकृष्य स्मयन्ती जातहृच्छया ।।९।। एहि वीर गृहं यामो न त्वां त्यक्तुमिहोत्सहे ।। त्वयोन्मथितचित्तायाः प्रसीद पुरुषर्षभ ।।१०।। एवं स्त्रिया याच्यमानः कृष्णो रामस्य पश्यतः ।। मुखं वीक्ष्यानु गोपानां प्रहसंस्तामुवाच ह ।। ११ ।। एष्यामि ते गृहं सुभ्रूः पुंसामाधिविकर्शनम् ।। साधितार्थोऽगृहाणां नः पान्थानां त्वं परायणम् ।। १२ ।। विसृज्य माध्व्या वाण्या तां व्रजन्मार्गे वणिक्पथैः ।। नानोपायनताम्बूलस्रग्गन्धैः साग्रजोऽर्चितः ।। १३ ।। तद्दर्शनस्मरक्षोभादात्मानं नाविदन्स्त्रियः ।। विस्रस्तवासःकबरवलयालेख्यमूर्तयः ।। १४ ।। ततः पौरान्पृच्छमानो धनुषः स्थानमच्युतः ।। तस्मिन्प्रविष्टो ददृशे धनुरैन्द्रमिवाद्भुतम् ।। १५ ।। पुरुषैर्बहुभिर्गुप्तमर्चितं परमर्द्धिमत् ।। वार्यमाणो नृभिः कृष्णः प्रसह्य धनुराददे

जीको सामुन्ने त्यस रमणीले त्यसरी प्रार्थना गरेपछि भगवानले गोपहरूको मुखतर्फ हेर्दै हाँसेर भन्नुभयो ।।११।। हे सुभ्रु ! म आफ्नू काम पूरा गरेर पुरुषको मनोव्यथा निवारण गर्ने तिम्रो घर अवश्य आउने छु । हामी जस्ता निराश्रय बटुवाको निम्ति तिमी परमाश्रय हौ' ।।१२।। यसरी मधुर वाणीले उसलाई बिदा गरेर भगवान हिंड्नु भयो । जब व्यापारीहरूको बजारमा पुग्नुभयो तब राम-कृष्ण दुवैको पान-माला र चन्दनादिले राम्ररी पूजा भयो ।।१३।। केवल उनको दर्शनले नै प्रेमको आवेग बढ्नाले स्त्रीगणलाई आफ्नो शरीरको पनि सुद्धि रहन सक्तैनथ्यो । उनका वस्त्र केशबन्धन र कंकण खुकुला भए र ती चित्रलिखित मूर्ति जस्तै नबोलिकन उभिइरहे ।। १४ ।। त्यसपछि पुरवासीहरूसित धनुषको स्थान सोधेर श्रीकृष्ण रङ्गशालामा पुगे र त्यहाँ इन्द्रधनुष झैं यौटा विचित्र धनुष राखेको देखे ।।१५।। त्यो धनुष अनेक रक्षकले सुरक्षित विशाल वैभवशाली थियो कृष्णले रक्षक द्वारा रोक्ता-रोक्तै पनि बल-पूर्वक धनुष उचाले र जस्तै कुनै पराक्रमी हात्ती उखूको लाँक्रा भाँचिदिन्छ, त्यसै गरी भगवान्‌ले सबैको सामुन्ने धनुष बायाँ हातले उठाएर ताँदो चढाउँदै पलमा तानेर दुइ टुक्रा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिदिए ॥१६॥१७॥ धनुष भाँचिएको शब्दले आकाश, पृथ्वी र दशै दिशा प्रतिध्वनित भयो। त्यो सुनेर कंसलाई ठूलो डर लाग्न लाग्यो ॥ १८ ॥ धनुषका रक्षक आततायी असुर आफ्ना अनुचर सहित साह्रै रिसाएर उनलाई समाउने इच्छाले—'पक्र, झट्ट बाँध' यस्तो भनेर कोलाहल मच्याउन लागे ॥१९॥ तिनको दूषित इच्छा जानेर श्रीबलराम तथा कृष्णलाई पनि रिस उठ्यो र ती धनुषका दुवै टुक्रा लिएर तिनलाई चुट्न लागे ॥२०॥ यसरी कंसले पठाएका सबै सेना विध्वंश पारेर ती धनुषशालाबाट बाहिर निस्केर आए र आनन्द-पूर्वक मथुरापुरीको शोभा हेर्दै डुल्नलागे ॥२१॥ ती दुवै भाइका अद्भुत पराक्रम, प्रचण्डतेज र प्रगल्भता एवं अनुपम रूप देखेर पुरवासीहरूले उनलाई कुनै ठूला देवता नै ठाने ॥२२॥ यस प्रकार कृष्ण र बलराम स्वेच्छापूर्वक नगरमा डुलिरहेकै थिए—सूर्यास्त भयो। अनि गोपालले घेरिएका गोविन्द र बलराम मथुरापुरीको बाहिरतिर आफ्नू डेरामा, जहाँ गाडा उभ्याइएका थिए, फर्केर आए ॥२३॥ आफूलाई मनपराउने ब्रह्मादिक अन्य देवताहरूले छाडेर स्वयं लक्ष्मी जसको निश्चल भावले भज्दछिन्, ती भगवान् कृष्णका

॥ १६ ॥ करेण वामेन सलीलमुद्धृतं सज्यं च कृत्वा निमिषेण पश्यताम् ॥ नृणां विकृष्य प्रबभञ्ज मध्यतो यथेक्षुदण्डं मदकर्युरुक्रमः ॥ १७ ॥ धनुषो भज्यमानस्य शब्दः खं रोदसी दिशः ॥ पूरयामास यं श्रुत्वा कंसस्त्रासमुपागमत् ॥ १८ ॥ तद्रक्षिणः सानुचराः कुपिता आततायिनः ॥ ग्रहीतुकामा आवव्रुर्गृह्यतां बध्यतामिति ॥ १९ ॥ अथ तान्दुरभिप्रायान्विलोक्य बलकेशवौ ॥ क्रुद्धौ धन्वन आदाय शकले तांश्च जघ्नतुः ॥ २० ॥ बलं च कंसप्रहितं हत्वा शालामुखात्ततः ॥ निष्क्रम्य चेरतुर्हृष्टौ निरीक्ष्य पुरसम्पदः ॥ २१ ॥ तयोस्तदद्भुतं वीर्यं निशाम्य पुरवासिनः ॥ तेजः प्रागल्भ्यं रूपं च मेनिरे विबुधोत्तमौ ॥ २२ ॥ तयोर्विचरतोः स्वैरमादित्योऽस्तमुपेयिवान् ॥ कृष्णरामौ वृतौ गोपैः पुराच्छकटमीयतुः ॥ २३ ॥ गोप्यो मुकुन्दविगमे विरहातुरा या आशासताऽऽशिष ऋता मधुपुर्यभूवन् ॥ सम्पश्यतां पुरुषभूषणगात्रलक्ष्मीं हित्वेतरान्नु भजतश्चकमेऽयनं श्रीः ॥ २४ ॥ अवनिक्ताङ्घ्रियुगलौ भुक्त्वा क्षीरोपसेचनम् ॥ ऊषतुस्तां सुखं रात्रिं ज्ञात्वा कंसचिकीर्षितम् ॥ २५ ॥ कंसस्तु धनुषो भङ्गं रक्षिणां स्वबलस्य च ॥ वधं निशम्य गोविन्दरामविक्रीडितं परम् ॥२६॥ दीर्घप्रजागरो भीतो दुर्निमित्तानि दुर्मतिः ॥ बहून्यचष्टोभयथा मृत्योर्दौत्यकराणि च ॥ २७ ॥ अदर्शनं स्वशिरसः प्रतिरूपे च सत्यपि ॥ असत्यपि द्वितीये च द्वैरूप्यं ज्योतिषां तथा ॥ २८ ॥ छिद्रप्रतीतिश्छायायां प्राणघोषानुपश्रुतिः ॥ स्वर्ण-

अङ्गहरूको शोभा हेर्ने मथुरा निवासीको विषयमा भगवान्‌स्थित छुट्टिने बेलामा विरहातुर गोपिनीले जे जति भनेका थिए, ती सबै मधुपुरीमा अक्षरशः सत्य भए ॥२४॥ हे राजन्! अनि हात-पाउ धोएर राम र कृष्णले दुग्ध-मिश्रित (पायस आदि) अन्न भोजन गरे र 'कंसको इच्छा के छ?' यो जानेर राती सानन्द सुते ॥२५॥ जब कंसले सुन्यो—राम र र कृष्णले ख्याल-ख्यालमै धनुष भाँचिदिए र धनुषका रक्षक र मेरा सेनाको वध गरिदिए, तब भयवश रात्रिमा धेरै बेरसम्म सुत्न सकेन, त्यो दुर्मतिलाई सुत्दा र उठ्दा पनि विविध मृत्युसूचक अपशकुन देखिए ॥२६॥२७॥ उसले देख्यो—जल वा ऐनामा उसको प्रतिबिम्ब देखिन्थ्यो तर टाउको थिएन। कुनै आड नभए पनि चन्द्रमा, तारा र बत्ती आदिका ज्योति दुइ-दुइवटा भएर देखिन्थे। छायामा अनेक छिद्र देखिन्थे, कानमा प्राणको धू-धू शब्द सुनिन्नथ्यो, वृक्षको रङ्ग सुवर्ण झैं पहेंलो देखिन्थ्यो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF, Delhi

र वालुवा या हीलोमा खुट्टाका चिह्न देखिन्दैनथे ।। २८।।२९ ।। कंसले स्वप्नमा देख्यो–ऊ प्रेतसित अङ्कमाल गरेर गधा माथि चढेर हिंडीरहेको छ, विष भक्षण गर्दैछ र टाउकोदेखि खुट्टासम्म तेल पोतेर घाँटीमा जपाकुसुमको माला लगाई नाङ्गो शरीर एक्लै डुलिरहेको छ ।।३०।। स्वप्न र जाग्रत्अवस्थामा उसले यस्तै अरु पनि अपशकुन देख्यो। चिन्ता र मृत्युको डरले उसलाई त्यो रात निद्रा लागेन ।।३१।। कुनै प्रकारले रात वित्यो र सूर्यनारायण समुद्रको जलबाट माथि उठे। अनि हे कुरुनन्दन ! राजा कंसले मल्लयुद्धको उत्सव आरम्भ गरायो ।।३२। सेवकले रङ्ग-भूमिलाई राम्ररी सजाएका थिए। भेरी तुरही आदि बाजा बज्नलागे र पूरा मञ्च माला, पताका, झण्डा र तोरणादिले राम्ररी सजाइएको थियो ।।३३।। त्यहाँ ब्राह्मण र क्षत्रिय आदि पुरवासी र जनपदवासी आफाप्ना योग्यतानुसार बसे । सबै राजाहरू पनि आफाप्ना आसनमा आएर बसे ।।३४।। स्वयं राजा कंस आफ्ना मन्त्रीगणसित मण्डलेश्वरको माझमा राजसिंहासनमा बस्यो। त्यस वेला पनि त्यसको चित्त उद्विग्न थियो। अनि मल्लहरूले ताल ठोक्नाका साथै बाजाहरू

प्रतीतिर्वृक्षेषु स्वपादानामदर्शनम् ।। २६ ।। स्वप्ने प्रेतपरिष्वङ्गः खरयानं विषादनम् ।। यायान्नलदमाल्येकस्तैलाभ्यक्तो दिगम्बरः ।। ३० ।। अन्यानि चेत्थंभूतानि स्वप्नजागरितानि च ।। पश्यन्मरणसन्त्रस्तो निद्रां लेभे न चिन्तया ।। ३१ ।। व्युष्टायां निशि कौरव्य सूर्ये चाद्भ्यः समुत्थिते ।। कारयामास वै कंसो मल्लक्रीडामहोत्सवम् ।। ३२ ।। आनर्चुः पुरुषा रङ्गं तूर्यभेर्यश्च जघ्निरे ।। मञ्चाश्चालंकृताः स्रग्भिः पताकाचैलतोरणैः ।। ३३ ।। तेषु पौरा जानपदा ब्रह्मक्षत्रपुरोगमाः ।। यथोपजोषं विविशू राजनश्च कृतासनाः ।। ३४ ।। कंसः परिवृतोऽमात्यै राजमञ्च उपाविशत् ।। मण्डलेश्वरमध्यस्थो हृदयेन विदूयता ।। ३५ ।। वाद्यमानेषु तूर्येषु मल्लतालोत्तरेषु च ।। मल्लाः स्वलंकृता दृप्ताः सोपाध्यायाः समासत ।। ३६ ।। चाणूरो मुष्टिकः कूटः शलस्तोशल एव च ।। त आसेदुरुपस्थानं वल्गुवाद्यप्रहर्षिताः ।। ३७ ।। नन्दगोपादयो गोपा भोजराजसमाहुताः ।। निवेदितोपायनास्त एकस्मिन्मञ्च आविशन् ।। ३५ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे मल्लरङ्गोपवर्णनं नाम द्विचत्वारिंशोऽध्यायः ।। ४२ ।।

श्रीशुक उवाच ।। अथ कृष्णश्च रामश्च कृतशौचौ परन्तप ।। मल्लदुन्दुभिनिर्घोषं श्रुत्वा द्रष्टुमुपेयतुः ।। १ ।। रङ्गद्वारं समासाद्य तस्मिन्नागमवस्थितम् ।। अपश्यत्कुवलयापीडं कृष्णोऽम्बष्ठप्रचोदितम् ।। २ ।। बद्ध्वा परिकरं शौरिः समूह्य कुटिलालकान् ।। उवाच हस्तिपं वाचा

बज्न लागे र अभिमानी पहलवान राम्ररी सुसज्जित भएर आफाप्ना शिक्षकसित रङ्गभूमिमा पुगे ।।३६।। अनेक बाधको मधुर ध्वनिले उत्साहित चाणूर मुष्टिक, कूट, शल र तोशल आदि ठूला-ठूला मल्ल अखाडामा गएर बसे ।।३७।। त्यसै वेला नन्दादि गोप कंसले डाकेर रङ्गभूमिमा आए र ल्याएको सौगात राजा कंसलाई समर्पण गरेर यौटा मञ्चमा गएर बसे ।।३८।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे ६० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां द्विचत्वारिंशोऽध्यायः ।।४२।।

(कुवलयापीड-बध र राम-कृष्णको मल्लशालामा प्रवेश)–श्रीशुकदेव भन्नुहुन्छ–हे परन्तप ! विहानै राम-कृष्ण नित्यक्रियाबाट निवृत्त भई मल्लहरूका ताल र बाजाहरूको शब्द सुनेर मल्लक्रीडा हेन उत्सव-भवन हिंडे ।।१।। रङ्गभूमिको द्वारमा पुगेर श्रीकृष्णले देखे–त्यहाँ माहुतेको प्रेरणाले कुवलयापीड हात्ती उभिएको छ ।।१।। अनि वसुदेवनन्दन कृष्णले कम्मर कसेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र घुँगुरिएको अलकावली सघारेर त्यो माहुतेलाई मेघ झैं गम्भीर वाणीमा भने–॥ ३ ॥ 'हे माहुते ! बाटो छाड, बाटोबाट हट । अवेर नगर, नभए म हात्तीसमेत तँलाई अहिल्यै यमपुरी पठाउने छु' ॥ ४ ॥ भगवान कृष्णले यसरी हप्काएपछि माहुते रिसाएर अन्तक, काल र यम समान त्यो भयङ्कर कुवलयापीड हात्तीलाई अंकुश प्रहारले कुपित पारेर ती दुवै भाइतिर बढायो ॥ ५ ॥ हात्तीले कृष्णतिर झम्टेर सूँढद्वारा उनलाई समात्यो, तर ती तत्काल फुत्के र एक मुड्की हिर्काएर हात्तीको खुट्टामुनि गएर लुके ॥६॥ भगवानलाई आफ्नू सामुन्ने नदेखेर कुवलयापीड निकै रिसायो र सुँघेर नै जान्नसक्ने त्यो गजराजले भगवानलाई सूँढले छामेर थाहा पायो तर फेरि बलपूर्वक भगवान छुटिगए ॥७॥ अनि भगवान त्यो महाबलवान् गजराजको पुच्छर समातेर, जसरी गरुडले सर्पलाई तान्दछन् त्यसै गरी पच्चीस धनुष अर्थात् सय हात परसम्म तानेर लगे ॥ ८ ॥ पुच्छर पक्रिएपछि फनफनी घुम्ने बाछोसित जसरी बालक घुम्दछ, त्यसै गरी दायाँ-बायाँतिर डल्दै हात्तीसित स्वयं पनि घुम्न लागे ॥ ९ ॥ एकाएक भगवानले हात्तीको सामुन्ने गएर त्यसलाई एक लबटा

मेघनादगभीरया ॥ ३ ॥ अम्बष्ठाम्बष्ठ मार्गं नौ देह्यपक्रम मा चिरम् ॥ नो चेत्सकुञ्जरं त्वाद्य नयामि यमसादनम् ॥ ४ ॥ एवं निर्भर्त्सि-सोऽम्बष्ठः कुपितः कोपितं गजम् ॥ चोदयामास कृष्णाय कालान्तकयमोपमम् ॥ ५ ॥ करीन्द्रस्तमभिद्रुत्य करेण तरसाऽग्रहीत् ॥ कराद्विगलितः सोऽमुं निहत्याङ्घ्रिष्वलीयत ॥ ६ ॥ संक्रुद्धस्तमचक्षाणो घ्राणदृष्टिः स केशवम् ॥ परामृशत्पुष्करेण स प्रसह्य विनिर्गतः ॥ ७ ॥ पुच्छे प्रगृह्यातिबलं धनुषः पञ्चविंशतिम् ॥ विचकर्ष यथा नागं सुपर्ण इव लीलया ॥ ८ ॥ स पर्यावर्तमानेन सव्यदक्षिणतोऽच्युतः ॥ बभ्राम भ्राम्य-माणेन गोवत्सेनेव बालकः ॥ ९ ॥ ततोऽभिमुखमभ्येत्य पाणिनाऽऽहत्य वारणम् ॥ प्राद्रवन्पातयामास स्पृश्यमानः पदे पदे ॥ १० ॥ स धावन्क्रीडया भूमौ पतित्वा सहसोत्थितः ॥ तं मत्वा पतितं क्रुद्धो दन्ताभ्यां सोऽहनत्क्षितिम् ॥ ११ ॥ स्वविक्रमे प्रतिहते कुञ्जरेन्द्रोऽत्यमर्षितः ॥ चोद्यमानो महामात्रैः कृष्णमभ्यद्रवद्रुषा ॥ १२ ॥ तमापतन्तमासाद्य भगवान्मधुसूदनः ॥ निगृह्य पाणिना हस्तं पातयामास भूतले ॥ १३ ॥ पतितस्य पदा-क्रम्य मृगेन्द्र इव लीलया ॥ दन्तमुत्पाट्य तेनेभं हस्तिपांश्चाहनद्धरिः ॥ १४ ॥ मृतकं द्विपमुत्सृज्य दन्तपाणिः समाविशत् ॥ असन्यस्तविषाणोऽसृ-इद्बिन्दुभिरङ्कितः ॥ विरूढस्वेदकणिकावदनाम्बुरुहो बभौ ॥ १५ ॥ वृतौ गोपैः कतिपयैर्बलदेवजनार्दनौ ॥ रङ्गं विविशतू राजन्गजदन्तवरा-

हिर्काए र पद-पदमा स्पृश्यमान भएर उसको वरिपरि दगुरेर त्यसलाई थकाउन लागे ॥ १० ॥ दगुर्दा दगुर्दै भगवान पृथ्वीमा लडे झैं गरेर तुरुन्त उठे । उनलाई ढलेका जानेर हात्ती रिसाई आफ्नू दाँतले पृथ्वीमा कठोर प्रहार गऱ्यो ॥ ११ ॥ आफ्नो आक्रमण व्यर्थ हुनाले कुवलयापीड सा्है नै रिसायो र त्यो माहुतेको प्रेरणाले अतिशय क्रोध गरेर कृष्णचन्द्र माथि झम्टियो ॥१२ ॥ त्यो आउन लागेको देखेर भगवान् मधुसूदनले त्यसको सूँढ समातेर पृथिवीमा पछारिदिए ॥१३॥ ढलेको गजराजलाई खुट्टाले थिचेर भगववान्‌ले सिंह समान लीलाले नै त्यसका दुवै दाँत उखेले र तिनै दाँतको प्रहारले हात्ती र माहुतेलाई धराशायी पारिदिए ॥ १४ ॥ अनि मृत हात्तीलाई छाडेर भगवान् कृष्णले हातमा दाँत लिएरै रङ्गशालामा प्रवेश गरे । उनका काँधमा दाँत राखिएको थियो । उनको शरीर रगत र गजमदका थोपाले रंगिएको थियो । अनुहार पसीनाले भरिएको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो ॥१५॥ हे राजन् ! हातमा आयुधको रूपमा हात्तीको दाँत लिएरै श्रीबलराम र कृष्ण ग्वाल-बाल सहित रङ्गभूमिमा प्रवेश गरेर ॥१६॥ आर्य बलरामका साथै रङ्गभूमिमा आएका कृष्ण मल्ललाई वज्र, मनुष्यलाई नररत्न, स्त्रीहरूलाई साक्षात् कामदेव, गोपगणलाई स्वजन, दुष्ट राजाहरूलाई शासक, पिता-मातालाई बालक, कंसलाई मृत्यु, अज्ञानीलाई विराट्, योगीहरूलाई परमतत्त्व र वृष्णिवंशी यादवहरूलाई इष्टदेवको रूपमा देखिए ॥१७॥ हे राजन् ! कंस ठूलो वीर थियो, तापनि कुवलयापीड मारिनाले ती दुवै भाइलाई दुर्जय जानेर त्यो निकै डरायो ॥१८॥ विचित्र वेष, आभूषण, माला र वस्त्रादि धारण गरेका ती महाबाहु नररत्न राम-कृष्ण रङ्गशालामा आफ्नो कान्तिले दर्शकको चित्त चोर्दै यस्ता [illegible] भए, मानो दुइ सुन्दर वेषमा सुसज्जित, कुनै अभिनेता होस् ॥१९॥ हे राजन् ! मञ्चहरूमा बसेका नगर-निवासी तथा देशवासी व्यक्तिका नेत्र र मुख ती दुवै नरवीरलाई देखेर आनन्दले प्रफुल्लित भए ती नेत्रले उनको मुख-माधुर्य पानगर्नलागे, किन्तु निकै बेरसम्म एकहरो दृष्टिले हेर्दै रहँदा पनि तृप्त भएनन् ॥ २० ॥ तिनलाई देखेपछि यस्तो लाग्दथ्यो––मानो ती उनलाई नेत्रलेनै

युधौ ॥ १६ ॥ मल्लानामशनिर्नृणां नरवरः स्त्रीणां स्मरो मूर्तिमान् गोपानां स्वजनोऽसतां क्षितिभुजां शास्ता स्वपित्रोः शिशुः ॥ मृत्युर्भोजपतेर्विराडविदुषां तत्त्वं परं योगिनां वृष्णीनां परदेवतेति विदितो रङ्गं गतः साग्रजः ॥१७॥ हतं कुवलयापीडं दृष्ट्वा तावपि दुर्जयौ ॥ कंसो मनस्व्यपि तदा भृशमुद्विविजे नृप ॥ १८ ॥ तौ रेजतू रङ्गगतौ महाभुजौ विचित्रवेषाभरणस्रगम्बरौ ॥ यथा नटावुत्तमवेषधारिणौ मनः क्षिपन्तौ प्रभया निरीक्षताम् ॥ १६ ॥ निरीक्ष्य तावुत्तमपूरुषौ जना मञ्चस्थिता नागरराष्ट्रका नृप ॥ प्रहर्षवेगोत्कलितेक्षणानना: पपुर्न तृप्ता नयनैस्तदाननम् ॥ २६ ॥ पिबन्त इव चक्षुर्भ्यां लिहन्त इव जिह्वया ॥ जिघ्रन्त इव नासाभ्यां श्लिष्यन्त इव बाहुभिः ॥ २१ ॥ ऊचुः परस्परं ते वै यथादृष्टं यथाश्रुतम् ॥ तद्रूपगुणमाधुर्यप्रागल्भ्यस्मारिता इव ॥ २२ ॥ एतौ भगवतः साक्षाद्धरेर्नारायणस्य हि ॥ अवतीर्णाविहांशेन वसुदेवस्य वेश्मनि ॥ २३ ॥ एष वै किल देवक्यां जातो नीतश्च गोकुलम् ॥ कालमेतं वसन्गूढो ववृधे नन्दवेश्मनि ॥२४। पूतनाऽनेन नीताऽन्तं चक्रवातश्च दानवः ॥ अर्जुनौ गुह्यकः केशी धेनुकोऽन्ये च तद्विधाः ॥२५॥ गावः सपाला एतेन दावाग्नेः परिमोचिताः ॥ कालियो दमितः सर्प इन्द्रश्च विमदः कृतः ॥ २६ ॥ सप्ताहमेकहस्तेन धृतोऽद्रिप्रवरोऽमुना ॥ वर्षवाताशनिभ्यश्च परित्रातं च गोकुलम् ॥ २७ ॥ गोप्योऽस्य नित्यमुदितं हसितप्रेक्षणं मुखम् ॥ पश्यन्त्यो विवि-

घुटुक निल्छन्, जिब्रोले चाट्छन्, नाकले सुँघछन् या बाहुले अङ्कमाल गर्दछन् ॥२०॥ दुवै भाईका रूप गुण, माधुर्य र निर्भयताले मानो दर्शकलाई तिनका लीलाको सम्झना गराइदिएको थियो। उनीहरूले जस्तो तिनको विषयमा सुनेका थिए, उस्तै परस्पर कुरा गर्नलागे ॥२२॥ ती भन्दछन्–यी दुवै बालक साक्षात् नारायणकै अंशले पृथ्वीमा वसुदेवजीकहाँ अवतरित भए ॥ २३ ॥ यी श्याम सुन्दर देवकीको गर्भबाट उत्पन्न भएका हुन्। यिनलाई वसुदेवले गोकुल पुन्याएर आएका थिए र यी नन्दकहाँ गुप्तरीतले बढेका हुन्। यिनैका हातबाट पूतना, तृणावर्त, यमलार्जुन, शङ्खचूड, गुह्यक, केशी, धेनुकादि अनेक दानवको वध भयो ॥ २४-२५ ॥ यिनले नै गाई र गोपाललाई दावानलबाट रक्षा गरे। यिनले कालिया नागको दमन गरे र इन्द्रको मान मर्दन गरेका थिए ॥ २६ ॥ यिनले नै सात दिनसम्म यौटै हातले गिरिराजलाई उचाले र वर्षा, वायु, विजुलीबाट गोकुलको रक्षा गरे ॥ २७ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनको मधुर हास्यपूर्ण हेर ई, सुन्दर मुखारविन्दको दर्शनले आनन्दित भएर गोपिनीहरू नाना प्रकारका सन्तापबाट सहजै पारी तर्दथे ॥ २८ ॥ कसैको यस्तो भनाई छ– यिनी बाट सुरक्षित भएर यो प्रख्यात यदुवंश महत्व, श्री, यश र गौरव प्राप्त गर्नेछ ॥ २९ ॥ यी यिनका दाजू श्रीमान बलरामजी हुन्। यिनले प्रलम्बासुर, वत्सासुर र बकासुर आदि दैत्यहरू मारे' ॥३०॥ दर्शकहरूमा जब यो चर्चा भइरहेको थियो र अखाड़ामा भेरीको शब्द भइरहेको थियो, उसै बेला चाणूरले राम र कृष्णलाई डाकेर भन्यो–॥३१॥ 'हे नन्दनन्दन ! हे बलराम ! तिमी दुवै ठूला वीर मानिन्छौ। तिमीलाई मल्लयुद्धमा निपुण मानेर महाराज कंसले तिम्रो कौशल हेर्नको निम्ति नै यहाँ डाकेको हो ॥ ३२ ॥ मन, वचन, कर्मले राजाको प्रिय गर्नाले कल्याण हुन्छ। जो यस्तो गर्दैनन्, तिनले यसको विपरीत फल भोग्नुपर्दछ ॥३३॥ यी कुरा सबै जान्दछन्–गाई-बाछा चराउने ग्वाला दिनहुँ आनन्दपूर्वक वनमा मल्ल-युद्ध खेल खेल्दै गाईहरू चराउँछन् ॥ ३४ ॥ तब आऊ, हामी र तिमी मिलेर राजालाई प्रसन्न पारौं। यस्तो गर्नाले हामीसित सबै जना

धांस्तापांस्तरन्तिस्म श्रमं मुदा ॥ २८ ॥ वदन्त्यनेन वंशोऽयं यदोः सुबहुविश्रुतः ॥ श्रितं यशो महत्त्वं च लप्स्यते परिरक्षितः ॥२९॥ अयं चास्याग्रजः श्रीमान्रामः कमललोचनः ॥ प्रलम्बो निहतो येन वत्सको ये बकादयः ॥ ३० ॥ जनेष्वेवं ब्रुवाणेषु तूर्येषु निनदत्सु च ॥ कृष्णरामौ समाभाष्य चाणूरो वाक्यमब्रवीत् ॥ ३१ ॥ हे नन्दसूनो हे राम भवन्तौ वीरसम्मतौ ॥ नियुद्धकुशलौ श्रुत्वा राज्ञाहूतौ दिदृक्षुणा ॥ ३२ ॥ प्रियं राज्ञः प्रकुर्वन्त्यः श्रेयो विन्दन्ति वै प्रजाः ॥ मनसा कर्मणा वाचा विपरीतमतोऽन्यथा ॥ ३३ ॥ नित्यं प्रमुदिता गोपा वत्सपाला यथा स्फुटम् ॥ वनेषु मल्लयुद्धेन क्रीडन्तश्चारयन्ति गाः ॥ ३४ ॥ तस्माद्राज्ञः प्रियं यूयं वयं च करवामहे ॥ भूतानि नः प्रसीदन्ति सर्वभूतमयो नृपः ॥ ३५ ॥ तन्निशम्याब्रवीत्कृष्णो देशकालोचितं वचः ॥ नियुद्धमात्मनोऽभीष्टं मन्यमानोऽभिनन्द्य च ॥ ३६ ॥ प्रजा भोजपतेरस्य वयं चापि वनेचराः ॥ करवाम प्रियं नित्यं तन्नः परमनुग्रहः ॥३७॥ बाला वयं तुल्यबलैः क्रीडिष्यामो यथोचितम् ॥ भवेन्नियुद्धं माऽधर्मः स्पृशेन्मल्ल सभासदः ॥३८॥ चाणूर उवाच ॥ न बालो न किशोरस्त्वं बलश्च बलिनां वरः ॥ लीलयेभो हतो येन सहस्रद्विपसत्त्वभृत् ॥३९॥ तस्माद्भवद्भ्यां बलिभिर्योद्धव्यंनानयोऽत्र वै ॥ मयि विक्रम वार्ष्णेय बलेन सह मुष्टिकः ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे कुवलयापीडवधो नाम त्रिचत्वारिंशोऽध्यायः ॥४३॥

प्रसन्न हुनेछन्, किनकि राजा सर्वभूतमय मानिन्छन्' ॥ ३५ ॥ उनीसित मल्लयुद्ध गर्ने त उनको इच्छा नै थियो। अतएव त्यति सुनेर उनले चाणूरको प्रशंसा गरे र देश, काल अनुसार कुरा गरे--॥ ३६ ॥ उनले भने—हामी यी भोजराज महाराज कंसका बनवासी प्रजा हौं। अतएव हामीले यिनीलाई प्रसन्न पार्ने प्रयत्न गर्नैपर्दछ। यसैले यी हामीमाथि प्रसन्न हुनेछन्। हे मल्ल ! हामी त अहिले बालकै छौं, यस निम्ति हामी आफू समान बलवान् बालकसित नै मल्ल युद्ध गर्नेछौं। कुश्ती समान बलशालीसित नै हुनुपर्दछ, जसले सभासदहरूलाई अन्याय ज्ञात नहोस् ॥३७॥३८॥ चाणूरले भन्यो–तिमी बलवानमा श्रेष्ठ छौ। बालक वा कुमार होइनौ। एकै छिन पहिले हजार हात्तीको समान बलियो कुवलयापीडलाई तिमीले ख्याल-ख्यालमै मारिदियौ ॥३९॥ तिमी दुवैले हामी जस्ता बलवान्‌सित नै मल्लयुद्ध गर्नु योग्य छ। यसमा कुनै अन्यायको कुरा छैन। हे वार्ष्णेय कृष्ण ! तिमी ममाथि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो पराक्रम देखाऊ र बलराम माथि मुष्टिक आफ्नू पराक्रम प्रदर्शित गरोस् ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां त्रिचत्वारिंशोऽध्यायः ॥४३॥

(चाणूर-मुष्टिक आदि मल्ल र कंस-वध)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! योजनानुसार श्रीकृष्ण चाणूरसित र रोहिणीनन्दन बलराम मुष्टिकसित जुध्नलागे ॥ १ ॥ ती हातले हात र खुट्टाले खुट्टा जोरेर विजयको इच्छाले यौटा अर्कोलाई बलपूर्वक तान्नलागे ॥ २ ॥ ती दुवैले यौटाले अर्कोको नारीमा नारीले, तिघ्रामा तिघ्राले शिरमा शिरले र छातीमा छातीले प्रहार गरे ॥ ३ ॥ ती परिभ्रमण अर्थात् हात समातेर चारैतिर घुमनू, बिक्षेप अर्थात् वुच्याउनु, परिरम्भ अर्थात् टाँसिनु, अवपातन अर्थात् पछार्नु, उत्सर्पण वा फुत्केर अलग्ग हुनु र अपसर्पण अर्थात् पछाडि हटनु आदि दाउमा यौटाले अर्कोलाई रोक्तै जित्ने इच्छाले लड्न लागे। उत्थापन अर्थात् तल गिरेको मल्लको खुट्टा र तिघ्रा एकत्र पारेर उठाउनु, उन्नयन अर्थात् हातले समातेर उठाउनु, चालन अर्थात् घाँटीमा टाँसिएकोलाई पर हटाउनु र स्थापन अर्थात् हात-खुट्टा समेटेर थचक्क बस्नु आदि उपायले यौटा अर्कोको

श्रीशुक उवाच ॥ एवं चर्चितसंकल्पो भगवान्मधुसूदनः ॥ आससादाथ चाणूरं मुष्टिकं रोहिणीसुतः ॥ १ ॥ हस्ताभ्यां हस्तयोर्बद्ध्वा पद्भ्यामेव च पादयोः ॥ विचकर्षतुरन्योन्यं प्रसह्य विजिगीषया ॥ २ ॥ अरत्नी द्वे अरत्निभ्यां जानुभ्यां चैव जानुनी ॥ शिरः शीर्ष्णोरसोरस्ता- वन्योन्यमभिजघ्नतुः ॥ ३ ॥ परिभ्रामणविक्षेपपरिरम्भावपातनैः ॥ उत्सर्पणापसर्पणैश्चान्योन्यं प्रत्यरुन्धताम् ॥ ४ ॥ उत्थापनैरुन्नयनैश्चालनैः स्थापनैरपि ॥ परस्परं जिगीषन्तावुपचक्रतुरात्मनः ॥ ५ ॥ तद्बलाबलवद्युद्धं समेताः सर्वयोषितः ॥ ऊचुः परस्परं राजन्सानुकम्पा वरूथशः ॥ ६ ॥ महानयं बताधर्म एषां राजसभासदाम् ॥ ये बलाबलवद्युद्धं राज्ञोऽन्विच्छन्ति पश्यतः ॥ ७ ॥ क्व वज्रसारसर्वाङ्गौ मल्लौ शैलेन्द्रसन्निभौ ॥ क्व चातिसुकुमाराङ्गौ किशोरौ नाप्तयौवनौ ॥ ८ ॥ धर्मव्यतिक्रमो ह्यस्य समाजस्य ध्रुवं भवेत् ॥ यत्राधर्मः समुत्तिष्ठेन्न स्थेयं तत्र कर्हिचित् ॥ ९ ॥ न सभां प्रविशेत्प्राज्ञः सभ्यदोषाननुस्मरन् ॥ अब्रुवन्विब्रुवन्नज्ञो नरः किल्बिषमश्नुते ॥१०॥ वल्गतः शत्रुमभितः कृष्णस्य वदनाम्बुजम् ॥ वीक्ष्यतां श्रमवार्युप्तं पद्मकोशमिवाम्बुभिः ॥११॥ किं न पश्यत रामस्य मुखमाताम्रलोचनम् ॥ मुष्टिकं प्रति सामर्षं हाससंरम्भशोभितम् ॥ १२ ॥

शरीरमा प्रहार गरे ॥४॥५॥ हे राजन् ! बलवान् र निर्वलको मल्लयुद्ध देखेर यूथका यूथ नगरका नारीहरू परस्पर भन्नलागे–॥६॥ 'यी सभासद् यो ठूलो अन्याय गरिरहेका छन्, जुन राजाको साम्मुन्ने बलवान् र निर्वलको युद्धको समर्थन गर्दछन् ॥७॥ हेर न, कहाँ यी हात्ती झैं अङ्ग हुने पर्वतराज समान दुवै योद्धा र कहाँ जसले अझै युवावस्थामा पनि प्रवेश गरेका छैनन्, यस्ता सुकुमार शरीर हुने यी बालक ! ॥ ८ ॥ यस सभालाई अवश्य धर्मोल्लङ्घनको पाप लाग्नेछ । जाऊँ, अब यहाँ नबसौं, किनकि जहाँ अधर्मको प्रधानता हुन्छ, त्यहाँ कहिल्यै पनि नबस्नु ॥९॥ सभासदका अवगुण जान्नेभएका बुद्धिमान् मनुष्यको कर्तव्य हो कि यथा सम्भव यस्तो सभामा नजाउन्, किनकि ती अवगुणहरू भन्ने, नभन्ने अथवा (म जान्दिन) यस्तो भन्नाले पनि मनुष्यले पापको भागी हुनै पर्दछ ॥१०॥ हेर न, शत्रुका चारैतिर फन-फनि घुम्ने कृष्णका कमल कोश जस्तै मुखकमल पसीनाका थोपाले कसरी भरिएको छ' ॥ ११ ॥ यौटी अर्की स्त्रीले भनी—'ए संगिनी ! तिमी बलरामको अरुण-नयनयुक्त मनोहर मुख देख्दिनौ ! हेर, मुष्टिक प्रति क्रोधित भएर पनि ती कस्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनोहर हास्यले सुशोभित भइरहेछन् ॥ १२ ॥ अहो ! त्यो व्रजभूमि धन्य हो, जहाँ मनुष्यरूपमा लुकेका साक्षात् भगवान् पुराणपुरुष, जसका चरणको श्रीमहादेव र लक्ष्मी पनि पूजा गर्दछिन्, विचित्र वनमाला धारण गरेर बाँसुरी बजाउँदै श्रीबलभद्रका संगै गाई चराई तथा विविध प्रकारका लीला गर्दै वन-वनमै डुल्दछन् ॥१३॥ ती गोपिनीहरूले कुन यस्तो तपस्या-गरे जसले आफ्ना नेत्रद्वारा इनका नित्य नूतन र दुर्लभ रूपमाधुर्यको पान गर्दछन्। भगवान्को यो रूप सौन्दर्यका सार हो। यसको समान तथा यो भन्दा पनि बर्ता अरु कुनै रूप छैन। त्यो स्वयं सिद्धि, यश, श्री एवं ऐश्वर्यका एक मात्र आश्रय छ ॥१४॥ हे सखि हो ! ती व्रजाङ्गना धन्य हुन्, जो सदैव भगवान्मा नै चित्त लगाएर गाई दुहुन् धान आदि कूट्न्, दही मन्थन गर्नु, घर लिप्नू, बाललाई झुलाउनु, रोएका बालकलाई चुप लगाउनु र स्नान गराई लुगा फेराउनु, घर सफा पार्नु आदि सबै घर-धन्दा गर्ने बेलामा पनि तन्मयभावले गद्‌गद् कण्ठद्वारा इनकै गुणगान गर्दछन् ॥१५॥ श्रीकृष्ण बिहानै गाई चराउनको निम्ति वनमा जान्छन्। सायंकालको बेला जब गाईहरू लिएर बाँसुरी बजाउँदै आउँछन्

पुण्या बत व्रजभुवो यदयं नृलिङ्गगूढः पुराणपुरुषो वनचित्रमाल्यः ॥ गाः पालयन्सहबलः क्वणयंश्च वेणुं विक्रीडयाऽञ्चति गिरित्ररमार्चिताङ्घ्रिः ॥ १३ ॥ गोप्यस्तपः किमचरन्यदमुष्य रूपं लावण्यसारमसमोर्ध्वमनन्यसिद्धम् ॥ दृग्भिः पिबन्त्यनुसवाभिनवं दुरापमेकान्तधाम यशसः श्रिय ऐश्वरस्य ॥ १४ ॥ या दोहनेऽवहनने मथनोपलेपप्रेङ्खेङ्खनार्भरुदितोक्षणमार्जनादौ ॥ गायन्ति चैनमनुरक्तधियाऽश्रुकण्ठयो धन्या व्रजस्त्रिय उरुक्रमचित्तयानाः ॥ १५ ॥ प्रातर्व्रजाद्व्रजत आविशतश्च सायं गोभिः समं क्वणयतोऽस्य निशम्य वेणुम् ॥ निर्गम्यतूर्णमबलाः पथि भूरिपुण्याः ॥ पश्यन्ति सस्मितमुखं सदयावलोकम् ॥ १६ ॥ एवं प्रभाषमाणासु स्त्रीषु योगेश्वरो हरिः ॥ शत्रुं हन्तुं मनश्चक्रे भगवान्भरतर्षभ ॥ १७ ॥ सभयाः स्त्रीगिरः श्रुत्वा पुत्रस्नेहशुचातुरौ ॥ पितरावन्वतप्येतां पुत्रयोरबुधौ बलम् ॥ १८ ॥ तैस्तैर्नियुद्धविधिभिर्विविधैरच्युतेतरौ ॥ युयुधाते यथाऽन्योन्यं तथैव बलमुष्टिकौ ॥ १९ ॥ भगवद्गात्रनिष्पातैर्वज्रनिष्पेषनिष्ठुरैः ॥ चाणूरो भज्यमानाङ्गो मुहुर्ग्लानिमवाप ह ॥२०॥ स श्येनवेग उत्पत्य मुष्टीकृत्य करावुभौ ॥ भगवन्तं वासुदेवं क्रुद्धो वक्षस्यबाधत ॥ २१ ॥ नाचलत्तत्प्रहारेण मालाहत इव द्विपः ॥ बाह्वोर्निगृह्य चाणूरं बहुशो भ्रामयन्हरिः

तब यिनको मुरलीको ध्वनि सुनेर जो गोपिनी तुरुन्त आफ्नो घरबाट निस्केर बाटोमा उभिई यिनको मधुर मुसकानयुक्त मुख र कृपाकटाक्ष हेरिरहन्छन्, अवश्य नै तिनले पूर्वजन्ममा धेरै ठूलो पुण्य गरेका होलान ॥१६॥ हे भरत श्रेष्ठ ! जुन बेला पुरवासी स्त्रीहरू यस प्रकार कुरा गरिरहेका थिए, त्यसै बेला योगेश्वर भगवान् कृष्णले शत्रुलाई मार्ने विचार गरे ॥१७॥ यता स्त्रीहरूको कुरा सुनेर आफ्ना छोराको बल नजान्ने पिता वसुदेव र आमा देवकी पुत्रस्नेहले विह्वल भएर अत्यन्त चिन्ताग्रस्त भए, किनकि वसुदेव-देवकी त्यहीं बसेका थिए ॥१८॥

१७५ उता भगवान कृष्ण र उनको प्रतिद्वन्द्वी चाणूर दुवै नै थरि-थरिका दाउ पेंचले लडिरहेका थिए। त्यसै गरी बलराम र मुष्टिक पनि परस्पर जोल्टिएका थिए ॥१९॥ भगवानको वज्रकूट सदृश कठोर अङ्गका घर्षणले चाणूरका अङ्ग प्रत्यङ्ग शिथिल हुन गए र त्यो बारम्बार मूर्च्छा पर्न लाग्यो ॥ २० ॥ अनि अत्यन्त क्रोधित भई बाज पक्षी झैं झम्टेर उसले दुवै हातका मुड्की बटारेर भगवान कृष्णको छातीमा हिर्कायो ॥२१॥ तर पुष्पमालाले आहत गजराज जस्तै त्यस प्रहारले भगवान् अलिकति पनि विचलित भएनन्। उनले चम्केर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाणूरका दुवै पाखुर समातेर उसलाई आकाशमा धेरै पल्ट घुमाएर पृथिवीमा पच्छारिदिए। त्यो चोटले तुरुन्त त्यसको प्राण निस्कियो र वेष-भूषा तथा माला आदि अस्तव्यस्त भइदिनाले इन्द्रको ध्वजा समान पृथिवीमा पल्टियो ॥ २२-२३ ॥ उसै गरी मुष्टिकको मुड्कीले आहत महाबलवान् बलभद्रजीले त्यसलाई एक लब्टा हिर्काए ॥ २४ ॥ लबटा लाग्नाले नै त्यो काम्नलाग्यो र आँधीले उखेलिएका वृक्षको समान अत्यन्त व्यथित भएर मुखबाट रक्त वमन गर्दै प्राणहीन भएर धराशायी हुनगयो ॥ २५ ॥ हे राजन् ! प्रकार गर्नेहरूमा श्रेष्ठ श्रीबलरामले आफ्नो साम्मुन्ने आएको कूट नामक मल्ललाई लीलाले नै उपेक्षापूर्वक आफ्नू बाँयाहातको मुड्कीले हिर्काए र त्यहीं समाप्त भयो ॥२६॥ उसै वेला शल र तोशल पनि भगवान कृष्णका पाद-प्रहारले टाउको फुटेर त्यहीं प्राणहीन भई ढले ॥ २७ ॥ यसरी चाणूर मुष्टिक, कूट, शल र तोशल मारिएपछि शेष सबै मल्ल आफ्नू-आफ्नू प्राण बचाउने इच्छाले भागे ॥ २८ ॥ मल्लहरू भागेपछि कृष्ण र बलराम आफ्ना समवयस्क गोपहरूलाई अखाडामा तानेर तिनैसित मल्लयुद्ध गर्दै नाच-नचाएर जेरीको ध्वनिसंगै आफ्ना

॥२२॥ भूपृष्ठे पोथयामास तरसा क्षीणजीवितम् ॥ विस्रस्ताकल्पकेशस्रगिन्द्रध्वज इवापतत् ॥ २३ ॥ तथैव मुष्टिकः पूर्वं स्वमुष्ट्याऽभिहतेन वै ॥ बलभद्रेण बलिना तलेनाभिहतो भृशम् ॥२४॥ प्रवेपितः स रुधिरमुद्वमन्मुखतोऽर्दितः ॥ व्यसुः पपातोर्व्युपस्थे वाताहत इवाङ्घ्रिपः ॥ २५ ॥ ततः कूटमनुप्राप्तं रामः प्रहरतां वरः ॥ अवधीत्लीलया राजन्सावज्ञं वाममुष्टिना ॥२६॥ तर्ह्येव हि शलः कृष्णपदापहतशीर्षकः ॥ द्विधा विदीर्ण स्तोशलक उभावपि निपेततुः ॥२७॥ चाणूरे मुष्टिके कूटे शले तोशलके हते ॥ शेषाः प्रदुद्रुवुर्मल्लाः सर्वे प्राणपरीप्सवः ॥२८॥ गोपान्वयस्या-नाकृष्य तैः संसृज्य विजह्रतुः ॥ वाद्यमानेषु तूर्येषु वल्गन्तौ रुतनूपुरौ ॥२९॥ जनाः प्रजहृषुः सर्वे कर्मणा रामकृष्णयोः ॥ ऋते कंसं विप्रमुख्याः साधवः साधु साध्विति ॥ ३० ॥ हतेषु मल्लवर्येषु विद्रुतेषु च भोजराट् ॥ न्यवारयत्स्वतूर्याणि वाक्यं चेदमुवाच ह ॥ ३१ ॥ निःसारयत दुर्वृत्तौ वसुदेवात्मजौ पुरात् ॥ धनं हरत गोपानां नन्दं बध्नीत दुर्मतिम् ॥ ३२ ॥ वसुदेवस्तु दुर्मेधा हन्यतामाश्वसत्तमः ॥ उग्रसेनः पिता चापि सानुगः परपक्षगः ॥ ३३ ॥ एवं विकत्थमाने वै कंसे प्रकुपितोऽव्ययः ॥ लघिम्नोत्पत्य तरसा मञ्चमुत्तुङ्गमारुहत् ॥ ३४ ॥ तमाविशन्तमालोक्य मृत्युमात्मन आसनात् ॥ मनस्वी सहसोत्थाय जगृहे सोऽसिचर्मणी ॥ ३५ ॥ तं खड्गपाणिं विचरन्तमाशु श्येनं यथा दक्षिणसव्यमम्बरे ॥ समग्रहीद्दुर्विषहोग्रतेजा

चरण नूपुरका ध्वनिसित मिलाउँदै परस्पर मल्लयुद्ध देखाउन लागे ॥ २९ ॥ बलराम र भगवान कृष्णको अद्भुत पराक्रम देखेर कंस बाहेक अरु सबै ब्राह्मणादि सज्जन पुरुष 'धन्य हो ! धन्य हो !' यस्तो भन्दै अत्यन्त प्रसन्न भए। आफ्ना मुख्य-मुख्य मल्लहरू मारिएका र बाँचेका पनि भागिसकेपछि भोजरात कंसले भेरीको बाजा बन्द गराइदियो र भन्यो— ॥३०-३१॥ ए यहाँ कोही छ ? वसुदेवका यी दुश्चरित्र बालकलाई नगरबाट बाहिर धपाइदेओ। गोपहरूको सारा धन खोस र मन्दमति नन्दलाई पनि मारिदेओ ॥ ३२ ॥ वसुदेव ठूलो दुर्बुद्धि र असाधु छ, त्यसलाई तुरुन्त मार। मेरो पिता उग्रसेन पनि आफ्ना अनुयायी समेत शत्रुपक्षसित मिलेको छ। अतः उसलाई पनि समाप्त पार ॥ ३३ ॥ कंस यसै गरी कराइरहेकै थियो कि भगवान् कृष्ण रिसाएर वेगले उफ्री अग्लो मञ्चमा उक्लिए ॥ ३४ ॥ कंस पनि निकै धीर-वीर थियो। अतःउसले मृत्युरूप भगवानलाई नगीचै देखेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहसा आसनबाट उठेर ढाल-तरवार सह्यान्यो ॥३५॥ हातमा तरवार लिएर ऊ प्रहार गर्ने अवसर खोज्दै आकाशमा उडिरहेको बाज पक्षी झैं भगवान्‌का दायाँ र बायाँतिर फनफनी घुम्नलाग्यो। तर जसको प्रचण्ड तेज अत्यन्त दुःसह थियो, ती कृष्णचन्द्रले—गरुड़ जस्तै सर्पलाई पक्रन्छन्—त्यस्तै नै कंसलाई समाते। ३६॥ त्यसले कंसको मुकुट भुँमा खस्यो र भगवान्‌ले जुल्फी समातेर त्यो अग्लो मञ्चबाट रङ्गभूमिमा ल्याएर पच्छारे। त्यसको माथि विश्वका आश्रय र आत्मतन्त्र भगवान् कलमनाभ स्वयं पनि हाम्फालेर आए ॥३७॥ त्यसैले कंसको प्राण निस्कियो। अनि भगवान् कंसको मृत्युलाई सबैले हेर्दाहेर्दै, जस्तै सिंह हात्तीलाई तान्दछ, उसै गरी त्यसको कपाल समातेर पृथिवीमा घिच्याउन लागे। हे नरेन्द्र! त्यस वेला उहाँ बसेका सबै जनाको मुखबाट घोर हाहाकारको शब्द निस्कियो ॥३८॥ कंस खाने-पिउने, कुरा-कानी, सुत्ने र श्वास लिने आदि सबै क्रियाको समय अत्यन्त व्यग्रताले सदासर्वदा भगवान् चक्रधर नारायणलाई नै आफ्ना आँखाको सामुन्ने देख्दथ्यो, अतः अत्यन्त दुष्प्राप्य भए पनि उसलाई त्यही रूपको प्राप्ति भयो ॥३९॥ कंसका कङ्क र न्यग्रोधादि

यथोरगं तार्क्ष्यसुतः प्रसह्य ॥ ३६ ॥ प्रगृह्य केशेषु चलत्किरीटं निपात्य रङ्गोपरि तुङ्गमञ्चात् ॥ तस्योपरिष्टात्स्वयमब्जनाभः पपात विश्वाश्रय आत्मतन्त्रः ॥ ३७ ॥ तं सम्परेतं विचकर्ष भूमौ हरिर्यथेभं जगतो विपश्यतः ॥ हाहेति शब्दः सुमहाँस्तदाऽभूदुदीरितः सर्वजनैर्नरेन्द्र ॥३८॥ स नित्यदोद्विग्नधिया तमीश्वरं पिबन्वदन्वा विचरन्स्वपञ्छ्वसन् ॥ ददर्श चक्रायुधमग्रतो यतस्तदेव रूपं दुरवापमाप ॥ ३९ ॥ तस्यानुजा भ्रातरोऽष्टौ कङ्कन्यग्रोधकादयः ॥ अभ्यधावन्नभिक्रुद्धा भ्रातुर्निर्वेशकारिणः ॥ ४० ॥ तथाऽतिरभसास्तांस्तु संयत्तान्रोहिणीसुतः ॥ अहन्परिघमुद्यम्य पशूनिव मृगाधिपः ॥ ४१ ॥ नेदुर्दुन्दुभयो व्योम्नि ब्रह्मेशाद्या विभूतयः ॥ पुष्पैः किरन्तस्तं प्रीताः शशंसुर्ननृतुः स्त्रियः ॥ ४२ ॥ तेषां स्त्रियो महाराज सुहृन्मरणदुःखिताः ॥ तत्राभीयुर्विनिघ्नन्त्यः शीर्षाण्यश्रुविलोचनाः ॥ ४३ ॥ शयानान्वीरशय्यायां पतीनालिङ्ग्य शोचतीः ॥ विलेपुः सुस्वरं नार्यो विसृजन्त्यो मुहुः शुचः ॥ ४४ ॥ हा नाथ प्रिय धर्मज्ञ करुणानाथ वत्सल ॥ त्वया हतेन निहता वयं ते सगृहप्रजाः ॥ ४५ ॥ त्वया विरहिता पत्या पुरीयं पुरुषर्षभ ॥ न शोभते वयमिव निवृत्तोत्सवमङ्गला ॥ ४६ ॥ अनागसां त्वं भूतानां कृतवान्द्रोहमुल्बणम् ॥ तेनेमां भो दशां नीतो भूतध्रुको लभेत

आठ कान्छा भाई थिए। त्यसै वेला ती सबै मृत दाजूको साटो फेर्न अतिशय क्रोधित भएर राम र कृष्णको सम्मुख आए ॥४०॥ तर सिंह जसरी पशुलाई मार्दछ, त्यसै गरी युद्धका निम्ति उद्यत भएर अत्यन्त वेगले आइलागेका ती सबैलाई रोहिणीसुत बलरामले यौटा परिघले मारिदिए ॥ ४१ ॥ तत्काल आकाशमा दुन्दुभी बज्न लागे र भगवान्‌का विभूतिस्वरूप ब्रह्मा र शिव आदि देवता पुष्पवर्षा गर्दै प्रेमपूर्वक उनको प्रशंसा गर्नलागे र अप्सराहरू नाच्न लागे ॥ ४२ ॥ हे राजन्! शत्रुका स्त्रीहरू आफ्ना स्वजनहरूको मृत्युले दुःखित भएर आँखाबाट जल बगाउँदै र टाउको ठटाउँदै त्यहाँ आए ॥ ४३ ॥ ती वीरशय्यामा सुतेका पतिसित अंकमाल गरेर आँसु बगाउँदै चर्को स्वरले यसरी विलाप गर्न लाने—॥ ४४ ॥ 'हा नाथ! हा प्रिय! हा धर्मज्ञ! हे करुणामय! हे अनाथवत्सल! तिमी मारिनाले घर-सन्तान सहित हामी सबै पनि मारिनगयौं ॥४५॥ हे नरश्रेष्ठ! आफ्ना स्वामी तिमी नहुनाले सबै उत्सव र मङ्गलहरूले हीन यो पुरी पनि हामी जस्तै खिन्न भएकी छ ॥ ४६ ॥ हेर! तिमीले निरपराध प्राणीसित ठूलो द्वेष गरेका थियौ। त्यसैले तिम्रो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो गति भयो । सत्य हो, सबै प्राणीसित द्रोह गर्ने कुन पुरुष शान्ति प्राप्त गर्न सक्दछ ? ॥४७॥ समस्त प्राणीका उत्पत्ति र लयका स्थान यी श्रीकृष्ण हुन् । यिनै सबैको रक्षा गर्दछन् । इनको अपमान गर्ने प्राणी कहिल्यै सुखी रहन सक्तैन ॥ ४८ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! त्यसपछि संसारको पालन गर्ने भगवान् कृष्णले ती रानीहरूलाई सान्त्वना दिनुभयो र ती मरेका कंसादिको, शास्त्रमा जुन अन्त्येष्टि आदि लौकिकी क्रियाहरू कहिएका छन्, ती सबै गराए ॥४९॥ त्यसपछि भगवान् राम र कृष्णले माता-पितालाई बन्धन-मुक्त पारेर उनका पाउमा शिर राखी दण्डवत् गरे ॥ ५० ॥ तर तिनले प्रणाम गर्दा पनि देवकी र वसुदेवले उनलाई साक्षात् जगदीश्वर ठानेर शंकित-चित्त भएर हृदयमा टाँस्न सकेनन्, बरू हात जोरेर नबोली उभिइरहे ॥ ५१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे 'वासिष्ठी' भाषाटीकायां चतुश्चत्वारिंशोऽध्यायः ॥४४॥

(श्रीकृष्ण र बलरामको उपनयन संस्कार विद्याध्ययन) श्रीशुकदेव भन्दछन्—हे राजन् ! पुरुषोत्तम भगवान् कृष्णले–मेरा माता-पितालाई पारमार्थिक स्वरूपको ज्ञान

शम् ॥ ४७ ॥ सर्वेषामिह भूतानामेष हि प्रभवाप्ययः ॥ गोप्ता च तदवध्यायी न क्वचित्सुखमेधते ॥ ४८ ॥ श्रीशुक उवाच ॥ राजयोषित आश्वास्य भगवाँल्लोकभावनः ॥ यामाहुर्लौकिकीं संस्थां हतानां समकारयत् ॥ ४९ ॥ मातरं पितरं चैव मोचयित्वाऽथ बन्धनात् ॥ कृष्णरामौ ववन्दाते शिरसा स्पृश्य पादयोः ॥ ५० ॥ देवकी वसुदेवश्च विज्ञाय जगदीश्वरौ ॥ कृतसंवन्दनौ पुत्रौ सस्वजाते न शङ्कितौ ॥ ५१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे कंसवधो नाम चतुश्चत्वारिंशोऽध्यायः ॥ ४४ ॥

श्रीशुक उवाच ॥ पितरावुपलब्धार्थौ विदित्वा पुरुषोत्तमः ॥मा भूदिति निजां मायां ततान जनमोहिनीम्॥ १॥उवाचपितरावेत्यसाग्रजःसात्वतर्षभः॥ प्रश्रयावनता प्रीणन्नम्ब तातेति सादरम् ॥२॥ नास्मत्तो युवयोस्तात नित्योत्कण्ठितयोरपि ॥ बाल्यपौगण्डकैशोराः पुत्राभ्यामभवन्कचित् ॥३॥ न लब्धो दैवहतयोर्वासो नौ भवदन्तिके॥ यां बालाःपितृगेहस्था विन्दते लालिता मुदम् ॥४॥ सर्वार्थसम्भवो देहो जनितः पोषितः यतः॥ नतयोर्याति निर्वेशं पित्रो-र्मर्त्यः शतायुषा ॥ ५ ॥ यस्तयोरात्मजः कल्प आत्मना च धनेन च ॥ वृत्तिं न दद्यात्तं प्रेत्य स्वमांसं खादयन्ति हि ॥६॥ मातरं पितरं वृद्धं भार्यां साध्वीं सुतं शिशुम् ॥ गुरुं विप्रं प्रपन्नं च कल्पोऽबिभ्रच्छ्वसन्मृतः ॥७॥ तन्नावकल्पयोःकंसान्नित्यमुद्विग्नचेतसोः ॥ मोघमेते व्यतिक्रान्तादिवसा वाम-

भइसकेछ भन्ने जानेर, तिनको बुद्धिमा आफ्नी मोहिनी मायाको पर्दा हालिदिए–जसले गर्दा त्यो ज्ञान नरहोस् । अनि दाजू बलराम सहित यदुनाथले उनको नगीचै गएर अतिशय आदर र विनयपूर्वक–हे माता ! हे पिता !' आदि मधुर वाणीले प्रसन्न पारेर भन्नुभयो–॥१॥२॥ 'हे तात ! हामी हजुरका छोरा हौं । हजुर हाम्रो निम्ति उत्कण्ठित रहनु हुन्थ्यो । तैपनि हजुरलाई हाम्रो बाल्य, पौगण्ड र किशोर अवस्थाका सुख प्राप्त भएनन् । अभाग्यले हामी दुबैले हजुरका नगीच बस्ने सौभाग्य पाएनौं । यसैले हामीलाई पनि माता-पिताको घरमा बसेर तिनको स्नेहको जुन आनन्द मिल्न सक्तथ्यो, त्यो मिलेन ॥३॥४॥ जसद्वारा सबै फलको साधनभूत शरीर उत्पन्न हुन्छ र जसद्वारा यसको पालन-पोषण हुन्छ, ती माता-पिताको सय वर्ष सेवा गरेर पनि मनुष्य उऋण हुन सक्तैन । जो समर्थ पुत्र शरीर र धनले माता-पिताको सेवा गर्दैनन् ती मरेपछि यमदूत तिनलाई उनकै देहको मासु ख्वाउँदछन् ॥५॥६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन पुरुष समर्थ भएर पनि माता-पिता, वृद्ध, सती भार्या, बालक, सन्तान, ब्राह्मण र शरणागतको रक्षा गर्दैन, त्यो बाँचेर पनि मरेकै समान रहन्छ ॥ ७ ॥ अतः हाम्रा यति दिन व्यर्थ बितेर गएर। किनकि कंसको भयले नित्य उद्विग्न रहनाले गर्दा हजुरको सेवा गर्नमा समर्थ हुन सकेनौं ॥ ८ ॥ अतः हे तात ! हे माता ! हजुर दुवै जना हामीलाई क्षमा गर्नु हवस्। दुष्ट कंसले हजुरलाई कति कष्ट पुऱ्यायो, परन्तु परतन्त्र हुनाले गर्दा हजुरको कुनै सेवा गर्न पाएनौं' ॥ ९ ॥ श्रीशुकदेव भन्दछन्–माया-मानवरूपधारी विश्वात्मा श्रीकृष्णका वचन सुनेर वसुदेव र देवकी मोहित भए। उनले राम र कृष्णलाई काखामा उचालेर पुत्रस्नेहले छातीमा टाँसेर ती दुवै आनन्दमग्न भए ॥ १० ॥ हे राजन् ! स्नेह-पाशमा बाँधिएर मोहित भएका वसुदेवजी उनलाई आँसुका धाराले भिजाउन लागे र तिनको घाँटी अवरुद्ध भयो। अतः ती केही बोल्न सकेनन् ॥ ११ ॥ यसरी आफ्ना माता-पितालाई सान्त्वना दिएर भगवान् मधुसूदनले आफ्ना मातामह अर्थात् उग्रसेनलाई यादवहरूका राजा तुल्याए ॥ १२ ॥ र भने—'हे महाराज ! हामी हजुरका प्रजा हौं, हजुर हामीलाई आज्ञा दिनोस्।

नर्चतोः ॥ ८ ॥ तत्क्षन्तुमर्हथस्तात मातर्नौ परतन्त्रयोः ॥ अकुर्वतोर्वां शुश्रूषां क्लिष्टयोर्दुर्हृदा भृशम् ॥ ९ ॥ श्रीशुक उवाच ॥ इति मायामनुष्यस्य हरेर्विश्वात्मनो गिरा ॥ मोहितावङ्कमारोप्य परिष्वज्यापतुर्मुदम् ॥ १० ॥ सिञ्चन्तावश्रुधाराभिः स्नेहपाशेन चावृतौ ॥ न किंञ्चिदूचतू राजन्बाष्पकण्ठौ विमोहितौ ॥ ११ ॥ एवमाश्वास्य पितरौ भगवान्देवकीसुतः ॥ मातामहं तूग्रसेनं यदूनामकरोन्नृपम् ॥ १२ ॥ आह चास्मान्महाराज प्रजाश्चाज्ञातुमर्हसि ॥ ययातिशापाद्यदुभिर्नासितव्यं नृपासने ॥ १३ ॥ मयि भृत्य उपासीने भवतो विबुधादयः ॥ बलिं हरन्त्यवनताः किमुतान्ये नराधिपाः ॥ १४ ॥ सर्वान्स्वान्ज्ञातिसंबन्धान्दिग्भ्यः कंसभयाकुलान् ॥ यदुवृष्ण्यन्धकमधुदाशार्हकुकुरादिकान् ॥ १५ ॥ सभाजितान्समाश्वास्य विदेशावासकर्शितान् ॥ न्यवासयत्स्वगेहेषु वित्तैः संतर्प्य विश्वकृत् ॥ १६ ॥ कृष्णसंकर्षणभुजैर्गुप्ता लब्धमनोरथाः ॥ गृहेषु रेमिरे सिद्धाः कृष्णरामगतज्वराः ॥ १७ ॥ वीक्षन्तोऽहरहः प्रीता मुकुन्दवदनाम्बुजम् ॥ नित्यं प्रमुदितं श्रीमत्सदयस्मितवीक्षणम् ॥ १८ ॥ तत्र प्रवयसोऽप्यासन्युवानोऽतिबलौजसः ॥ पिबन्तोऽक्षैर्मुकुन्दस्य मुखाम्बुजसुधां मुहुः ॥ १९ ॥ अथ नन्दं समासाद्य भगवान्देवकीसुतः ॥ संकर्षणश्च राजेन्द्र परिष्वज्येदमू-

स्वर्गीय महाराज ययातिको श्राप हुनाले यदुवंशी राजसिंहासनमा बस्तैनन्। यद्यपि हजुर पनि यदुकुलमै उत्पन्न हुनुहुन्छ, तर मेरो आज्ञाले हजुरलाई कुनै दोष लाग्दैन ॥ १३ ॥ म सेवक रहेपछि अन्य राजाको त कुरै छैन, देवता पनि अतिशय विनीत भावले हजुरलाई भेट अर्पण गर्नन् ॥ १४ ॥ अनि विश्वकर्ता भगवान्‌ले यदु, वृष्णि, अन्धक, मधु, दाशार्ह र कुकुर आदि वंशमा उत्पन्न आफ्ना समस्त सजातीय सम्बन्धीहरूको, जो कंसको भयले दिशा-विदिशाहरूमा भागेका थिए, डाके। परदेशमा रहनाले कष्टले दुब्ताएका थिए। भगवान्‌ले तिनको सत्कार गरेर सान्त्वना दिए र धनादिले उनलाई प्रसन्न पारे, त्यसैले ती आफाफ्ना घरमा सानन्द बस्नलागे ॥ १५-१६ ॥ राम र कृष्णका भुजाले सुरक्षित यादव राम-कृष्णको कृपाले निर्भय, पूर्णकाम र सफल-मनोरथ भएर नित्य मुकुन्दका सदय र कृपाकटाक्षयुक्त नित्य प्रसन्न अनुहार हेरेर आनन्दित हुँदै आफ्ना आफ्ना घरमा सुखले रहन लागे ॥ १७-१८ ॥ आफ्ना नेत्रले निरन्तर श्रीमुकुन्दको सौन्दर्यामृत पान गर्दै रहनाले त्यहाँ वृद्ध पुरुष पनि युवक समान अत्यन्त बलवान् तथा उत्साही

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिइरहेका थिए ॥१९॥ हे राजेन्द्र ! अनि भगवान देवकीनन्दन र बलरामजी नन्दजीकहाँ पुगे र अंकमाल गरेर भने–॥२०॥ 'हे पिताजी ! माता यशोदा र हजुरले हाम्रो अत्यन्त स्नेहपूर्वक लालन-पालन गर्नुभयो। यसमा कुनै संशय छैन। सन्तानमा माता-पिताको प्रीति आफ्नू शरीर भन्दा पनि बर्ता हुने गर्दछ ॥ २१ ॥ जसलाई पाल्न असमर्थ हुनाले स्वजनले त्यागिदिएका छन्, ती बालकलाई जो पुरुष तथा स्त्री आफ्ना पुत्र झैं पाल्दछन्, उनै तिनका वास्तविक पिता र माता हुन् ॥२२॥ हे पिताजी ! अब हजुर व्रजमा जानुहोस्। हामी आफ्ना सुहृदहरूलाई सुखी पारेर केही दिनमा आफ्नू विरहले व्याकुल हजुर आफ्ना स्नेही बन्धुसित भेट्न अवश्य आउने छौं ॥ २३ ॥ अन्य व्रजवासीहरूसहित नन्दजीलाई यसरी सम्झाई-बुझाई श्रीकृष्णले वस्त्र-आभूषण र विविध धातुका भाँडा आदि दिएर उनको सत्कार गरे ॥२४॥ श्रीकृष्ण भगवानका वचन सुनेर नन्दजीले प्रेमाकुल भएर दुवै भाईलाई छातीमा टाँसे र आँखामा आँसु टलपल पारेर गोपालहरू सहित व्रजमा फर्के। हे राजन् ! अनि शूरनन्दन वसुदेवले आफ्ना पुरोहित अन्य ब्राह्मणद्वारा दुवै छोराहरूको यथाविधि

चतुः ॥ २० ॥ पितर्युवाभ्यां स्निग्धाभ्यां पोषितौ भृशम् ॥ पित्रोरभ्यधिका प्रीतिरात्मजेष्वात्मनोऽपि हि ॥ २१ ॥ स पिता सा च जननी यो पुष्णीतां स्वपुत्रवत् ॥ शिशून्बन्धुभिरुत्सृष्टानकल्पैः पोषरक्षणे ॥ २२ ॥ यात यूयं व्रजं तात वयं च स्नेहदुःखितान् ॥ ज्ञातीन्वो द्रष्टुमेष्यामो विधाय सुहृदां सुखम् ॥२३॥ एवं सान्त्वय्य भगवान्नन्दं सव्रजमच्युतः ॥ वासोऽलङ्कारकुप्याद्यैरर्हयामास सादरम् ॥ २४ ॥ इत्युक्तस्तौ परिष्वज्य नन्दः प्रणयविह्वलः ॥ पूरयन्नश्रुभिर्नेत्रे सह गोपैर्व्रजं ययौ ॥ २५ ॥ अथ शूरसुतो राजन्पुत्रयोः समकारयत् ॥ पुरोधसा ब्राह्मणैश्च यथावद्द्विज-संस्कृतिम् ॥२६॥ तेभ्योऽदाद्दक्षिणा गावो रुक्ममालाः स्वलङ्कृताः ॥ स्वलङ्कृतेभ्यः संपूज्य सवत्साः क्षौममालिनीः ॥ २७ ॥ याः कृष्णरामज-न्मर्क्षे मनोदत्ता महामतिः ताश्चाददादनुस्मृत्य कंसेनाधर्मतो हृताः ॥ २८ ॥ ततश्च लब्धसंस्कारौ द्विजत्वं प्राप्य सुव्रतौ ॥ गर्गाद्यदुकुला-चार्याद्गायत्रं व्रतमास्थितौ ॥ २९ ॥ प्रभवौ सर्वविद्यानां सर्वज्ञौ जगदीश्वरौ ॥ नान्यसिद्धामलज्ञानं गूहमानौ नरेहितैः ॥ ३० ॥ अहो गुरुकुले वासमिच्छन्तावुपजग्मतुः ॥ काश्यं सान्दीपनिं नाम ह्यवन्तीपुरवासिनम् ॥ ३१ ॥ यथोपसाद्य तौ दान्तौ गुरौ वृत्तिमनिन्दिताम् ॥ ग्राहयन्तावुपेतौ स्म भक्त्या देवमिवादृतौ ॥ ३२ ॥ तयोर्द्विजवरस्तुष्टः शुद्धभावानुवृत्तिभिः ॥ प्रोवाच वेदानखिलान्साङ्गोपनिषदो गुरुः ॥ ३४ ॥ सरहस्यं धनुर्वेदं

यज्ञोपवीत संस्कार गराए ॥ २५-२६ ॥ उनले ब्राह्मणहरूलाई नाना प्रकारका वस्त्राभूषणले अलंकृत पारेर तिनको पूजा गरे र घाँटीमा सुनको माला र पिठिउँमा रेशमी वस्त्रले सुसज्जित धेरै सवत्सा गाई दक्षिणामा दिए ॥ २७ ॥ महामति वसुदेवले कृष्ण र बलरामका जन्म-नक्षत्रको मौका जति गाई संकल्प गरेर दान दिए र ती सबै कंसले अधर्मपूर्वक हरण गरेको थियो, ती सबैलाई पनि सम्झेर फर्काइदिए ॥ २८ ॥ यदुकुलका पुरोहित गर्गाचार्यले संस्कार द्वारा द्विजत्व प्राप्त गरेपछि सुव्रत राम र कृष्णले ब्रह्मचर्यव्रत धारण गरे ॥२९॥ कृष्ण भगवान र बलराम सबै विद्याहरूका उत्पत्ति स्थान, सर्वज्ञ र जगदीश्वर भएर पनि आफ्नू स्वतः सिद्ध ज्ञान मानवलीला गरेर लुकाएका थिए ॥ ३० ॥ तदुपरान्त गुरुकुलमा बस्ने इच्छाले दुवै भाई काशीमा जन्मेका र अवन्तीपुरका निवासी सान्दीपनि नामक आचार्यकहाँ गए ॥ ३१ ॥ नियमानुसार गुरुकहाँ गएर इन्द्रियदमनपूर्वक बस्तथे र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुद्वारा पनि सत्कृत ती दुवै भाई संसारलाई उत्तम गुरुसेवाको शिक्षा दिँदै गुरुलाई इष्टदेवको समान मानेर भक्तिपूर्वक गुरुको सेवा गर्नलागे ॥३२॥ तिनको निष्कपट सेवाले सन्तुष्ट भएर ब्राह्मणप्रवर गुरु सान्दीपनीले उनलाई षडङ्ग र उपनिषद् समेत चारै वेदको शिक्षा दिए ॥३३॥ यो बाहेक रहस्य अर्थात् मन्त्र र देवता-ज्ञान सहित धनुर्वेद, मनु आदि धर्मशास्त्र, मीमांसा, न्यायशास्त्र, आन्वीक्षिकी, तर्कविद्या, आत्मविद्या र सन्धि-विग्रह आदि छ थरिका राजनीतिको शिक्षा दिए ॥३४॥ हे राजन् ! सबै शिक्षाका प्रवर्तक तथा नरवरमा श्रेष्ठ श्रीकृष्ण र बलरामले ती विद्यालाई केवल एकपल्ट बुझाउँदा नै कण्ठस्थ पारे ॥३५॥ हे महाराज ! ती दुवै भाईले संयत चित्त भएर चौंसट्ठी कलाहरू दिन-रातमै सिखिलिए। यसरी अध्ययन समाप्त भइसकेपछि तिनले गुरुसित इच्छानुसार गुरुदक्षिणा माग्ने प्रार्थना गरे ॥ ३६ ॥ भगवान् कृष्णको अद्भुत महिमा र अलौकिक बुद्धि देखेर गुरुले आफ्नी भार्यासित सल्लाह गरेर प्रभास क्षेत्रमा समुद्रमा डुबेर मरेको आफ्नू बालक मागे ॥ ३७ ॥ अनि ती दुवै महापराक्रमी र वीर 'हुन्छ' भनेर आफ्नू वेगवान् रथद्वारा समुद्रतटमा

धर्मान् न्यायपथाँस्तथा ॥ तथा चान्वीक्षिकीं विद्यां राजनीतिं च षड्विधाम् ॥ ३४ ॥ सर्वं नरवरश्रेष्ठौ सर्वविद्याप्रवर्तकौ ॥ सकृन्निगदमात्रेण तां संजगृहतुर्नृप ॥ ३५ ॥ अहोरात्रैश्चतुःषष्ट्या संयत्तौ तावतीः कलाः ॥ गुरुदक्षिणयाऽऽचार्यं छन्दयामासतुर्नृप ॥ ३६ ॥ द्विजस्तयोस्तं महिमानमद्भुतं संलक्ष्य राजन्नतिमानुषीं मतिम् ॥ सम्मन्त्र्य पत्न्या स महार्णवे मृतं बालं प्रभासे वरयाम्बभूव ह ॥ ३७ ॥ तथेत्यथारुह्य महारथौ रथं प्रभासमासाद्य दुरन्तविक्रमौ ॥ वेलामुपव्रज्य निषीदतुः क्षणं सिन्धुर्विदित्वाऽर्हणमाहरत्तयोः ॥ ३८ ॥ तमाह भगवानाशु गुरुपुत्रः प्रदीयताम् ॥ योऽसाविह त्वया ग्रस्तो बालको महतोर्मिणा ॥ ३९ ॥ समुद्र उवाच ॥ नैवाहार्षमहं देव दैत्यः पञ्चजनो महान् ॥ अन्तर्जलचरः कृष्ण शङ्खरूपधरोऽसुरः ॥ ४० ॥ आस्ते तेनाहृतो नूनं तच्छ्रुत्वा सत्वरं प्रभुः ॥ जलमाविश्य तं हत्वा नापश्यदुदरेऽर्भकम् ॥ ४१ ॥ तदङ्गप्रभवं शङ्खमादाय रथमागमत् ॥ ततः संयमनीं नाम यमस्य दयितां पुरीम् ॥ ४२ ॥ गत्वा जनार्दनः शङ्खं प्रदध्मौ सहलायुधः ॥ शङ्खनिर्ह्रादमाकर्ण्य प्रजासंयमनो यमः ॥ ४३ ॥ तयोः सपर्यां महतीं चक्रे भक्त्युपबृंहिताम् ॥ उवाचावनतः कृष्णं सर्वभूताशयालयम् ॥ लीलामनुष्य हे विष्णो युवयोः करवाम किम् ॥ ४४ ॥ श्रीभगवानुवाच ॥ गुरुपुत्रमिहानीतं निजकर्मनिबन्धनम् ॥ आनयस्व महाराज मच्छासनपुरस्कृतः ॥ ४५ ॥ तथेति तेनोपानीतं गुरुपुत्रं

पुगे। त्यहाँ एक दिन बसे। उनलाई परमेश्वर जानेर समुद्र पूजा-सामग्री लिएर उनको सामुन्ने आए ॥ ३८ ॥ भगवान्‌ले समुद्रसित भने—'तिमीले यहाँ जुन बालकलाई आफ्नू तरङ्गमा बगाएर ल्याएका छौ, ती हाम्रा गुरुपुत्रलाई तुरुन्त ल्याएर देऊ' ॥ ३९ ॥ समुद्रले भने—'हे भगवन् ! मैले ती बालक ल्याएको होइन। मेरो जलमा शङ्खरूपधारी पञ्चजन नामक यौटा ठूलो दैत्य बस्तछ, उसैले चोरेको छ।' यति सुनासाथ भगवान् जलमा हाम्फाले र त्यो दैत्यलाई मारे, तर ती बालक त्यसको पेटमा पनि पाइएनन् ॥ ४० ॥ ॥ ४१ ॥ अनि त्यसको देहबाट निस्केको पाञ्चजन्य शङ्ख लिएर भगवान् रथमा बसी यमराजको नगर संयमनी पुरीमा पुगे। राम र कृष्णले त्यहाँ पुगेर शङ्खनाद गरे। समस्त प्रजाको नियन्त्रण गर्ने यमराजले शङ्खको शब्द सुनेर हर्षोल्लासपूर्वक भगवान्‌को पूजा गरे अनि सबैका अन्तःकरण निवासी श्रीकृष्णसित विनयपूर्वक भने—हे माया मानव—

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपधारी विष्णो ! म दुवै जनाको के सेवा गरूँ ! ॥ ४२–४४ ॥ भगवान्ले भन्नुभयो–हे महाराज ! हाम्रा गुरुपुत्र कर्मबन्धनमा परेर ल्याइएका छन् । उनलाई तिमी हाम्रो आज्ञाले ल्याऊ ॥ ४५ ॥ यमराजले 'हुन्छ' भनेर ल्याइदिए र त्यस बालकलाई यदुश्रेष्ठ कृष्ण र बलरामले गुरुलाई सुम्पेर भने–'अब अर्को कुनै वर माग्नु हवस्' ॥ ४६ ॥ गुरूले भने–बाबु तिमी दुवैले मलाई राम्ररी गुरुदक्षिणा दियौ । जुन पुरुष तिमी जस्ताको गुरू छ, त्यसको कुन इच्छा अपूर्ण रहन सक्तछ ? ॥४७॥ हे वीर हो ! अब तिमी दुवै आफ्नू घर जाओ । तिम्रो सुयश सबैलाई पवित्र पार्ने हवस् र तिमीले पढेको विद्या यो लोक र परलोकमा सदा नयाँ बनिरहोस्–कहिल्यै नबिर्सियोस् ॥ ४८ ॥ हे तात ! यसरी गुरुले आज्ञा दिएपछि राम र कृष्ण वायु झैं वेगवान् र मेघ झैं गर्जन गर्ने रथमा बसेर आफ्नू नगर फर्किए ॥ ४९ ॥ जसलाई निकै दिनदेखि देखेको थिएन, ती राम र कृष्णलाई देखेर सबै प्रजा यसरी आनन्दित भए, जसरी हराएको धन पाइएको होस् ॥ ५० ॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायां पंचचत्वारिंशोऽध्यायः ॥ ४५ ॥

यदूत्तमौ ॥ दत्त्वा स्वगुरवे भूयो वृणीष्वेति तमूचतुः ॥ ४६ ॥ गुरुरुवाच ॥ सम्यक्संपादितो वत्स भवद्भ्यां गुरुनिष्क्रयः ॥ को नु युष्मद्विधगुरोः कामानामवशिष्यते ॥ ४७ ॥ गच्छतं स्वगृहं वीरौ कीर्तिर्वामस्तु पावनी ॥ छन्दांस्ययातयामानि भवन्त्विह परत्र च ॥ ४८ ॥ गुरुणैवमनुज्ञातौ रथेनानिलरंहसा ॥ आयातौ स्वपुरं तात पर्जन्यनिनदेन वै ॥ ४९ ॥ समनन्दन्प्रजाः सर्वा दृष्ट्वा रामजनार्दनौ ॥ अपश्यन्त्यो बह्वहानि नष्टलब्ध-धना इव ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे गुरुपुत्रानयनं नाम पञ्चचत्वारिंशोऽध्यायः ॥ ४५ ॥

श्रीशुक उवाच ॥ वृष्णीनां प्रवरो मन्त्री कृष्णस्य दयितः सखा ॥ शिष्यो बृहस्पतेः साक्षादुद्धवो बुद्धिसत्तमः ॥१॥ तमाह भगवान्प्रेष्ठं भक्तमेका-न्तिनं क्वचित् ॥ गृहित्वा पाणिना पाणिं प्रपन्नार्तिहरो हरिः ॥ २ ॥ गच्छोद्धव व्रजं सौम्य पित्रोर्नौ प्रीतिमावह ॥ गोपीनां मद्वियोगाधिं मत्सन्देशै-र्विमोचय ॥३॥ ता मन्मनस्का मत्प्राणा मदर्थे त्यक्तदैहिकाः ॥ ये त्यक्तलोकधर्माश्च मदर्थे तान्बिभर्म्यहम् ॥४॥ मयि ताः प्रेयसां प्रेष्ठे दूरस्थे गोकुल-स्त्रियः ॥ स्मरन्त्योऽङ्ग विमुह्यन्ति विरहौत्कण्ठ्यविह्वलाः ॥५॥ धारयन्त्यतिकृच्छ्रेण प्रायः प्राणान्कथञ्चन॥प्रत्यागमनसन्देशैर्बल्लव्यो मे मदात्मिकाः ॥६॥

(उद्धवको व्रज-यात्रा) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! वृष्णिवंशी यादवहरूमा श्रेष्ठ र साक्षात् बृहस्पतिका शिष्य परम बुद्धिमान् उद्धवजी भगवान् श्रीकृष्णका प्रिय मित्र र मन्त्री दुवै थिए ॥ १ ॥ एक दिन शरणागतको पीडा हरण गर्ने श्रीहरिले आफ्ना एक मात्र परम प्रिय भक्त उद्धवको हात आफ्नू हातमा लिएर भने—॥ २ ॥ हे सौम्य उद्धव ! तिमी व्रजमा जाऊ र मेरा माता-पितालाई आनन्दित पार र ती गोपिनीहरूलाई, जुन मेरो वियोगले मानसिक वेदना भोगिरहेका छन्, तिनलाई मेरो समाचार सुनाएर शान्त पार ॥ ३ ॥ तिनको चित्त सदा ममा नै लागिरहन्छ । म नै तिनको प्राण हुँ । मेरो निम्ति तिनीहरूले आफ्ना पति-पुत्रादि सबै सम्बन्धी त्यागिदिएका छन् । जो जन मेरो निम्ति आफ्ना सम्पूर्ण लौकिक र पारलौकिक धर्महरू छाडिदिन्छन् तिनको भरण-पोषण म स्वयं गर्दछु ॥ ४ ॥ हे प्रिय ! म तिनको परम प्रियतम हुँ । म पर भएपछि मेरो निम्ति गोकुलका स्त्रीहरू मेरो नै स्मरण गरेर विरह-व्यथाले विह्वल भएर अचेत भइरहेका हुनन् ॥५॥ मैले हिड्ने वेलामा तीसित छिटै फर्कन्छु भनेको थिएँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म फर्कने आशाले नै ममा तन्म र गोपिनीहरू जस्तो-तसो कष्टपूर्वक आफ्नो प्राण-रक्षा गरिरहेका छन् ॥ ६ ॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! यति सुनेर स्वामीको सन्देश आदरपूर्वक
ग्रहण गरी उद्धव रथमा बसेर नन्दजीको गोकुल अर्थात् नन्दगाउँ हिंडे ॥ ७ ॥ सूर्यास्त हुने वेलाला उद्धवजी नन्दको व्रजमा पुगे। त्यस वेला वनमा चरेर फर्केका गाईहरूका खुरले
उडेको धूलोमा तिनको रथ लुके झैं भयो ॥८॥९॥ त्यो व्रजभूमि ऋतुमती गाईहरूको निम्ति आपुसमा लड्ने उन्मत्त साँढेहरूको शब्द र थनका भारले थिचिएका आफ्ना बाछातिर
दगुर्ने गाईहरूले सुशोभित भइरहेथ्यो। यता-उता उफ्रने अनेक सेतो रंगका बाछा र गोदोहन तथा बाँसुरीको शब्दले त्यस वेला त्यहाँको अपूर्व शोभा भइरहेथ्यो ॥१०॥ राम र
कृष्णका पवित्र लीलाहरूको गान गर्दै राम्रा वस्त्राभूषणले सुसज्जित गोप-गोपिनी त्यहाँको शोभा बढाइरहेका थिए ॥ ११ ॥ आगो, सूर्य, अतिथि ब्राह्मण पितृगण र देवगणको पूजा
सित सम्बन्ध राख्ने धूप दीप मालाहरूले सुसज्जित गोपहरूका घरबाट त्यो भूमि मनोरम देखिइरहेथ्यो ॥ १२ ॥ त्यहाँ सबैतिर पक्षी र भ्रमरगणले गुञ्जायमान वन थिए र हंस-

श्रीशुक उवाच ॥ इत्युक्त उद्धवो राजन्संदेशं भर्तुरादृतः ॥ आदाय रथमारुह्य प्रययौ नन्दगोकुलम् ॥ ७ ॥ प्राप्तो नन्दव्रतं श्रीमान्म्लोचति विभा-
वसौ ॥ छन्नयानः प्रविशतां पशूनां खुररेणुभिः ॥ ८ ॥ वासितार्थेऽभियुध्यद्भिर्नादितं शुष्मिभिर्वृषैः ॥ धावन्तीभिश्च वास्राभिरूधोभारैः स्ववत्सकान्
॥ ६ ॥ इतस्ततो विलंघद्भिर्गोवत्सैर्मण्डितं सितैः ॥ गोदोहशब्दाभिरवं वेणूनां निःस्वनेन च ॥ १० ॥ गायन्तीभिश्च कर्माणि शुभानि बलकृष्णयोः॥
स्वलंकृताभिर्गोपीभिर्गोपैश्च सुविराजितम् ॥ ११ ॥ अग्न्यर्कातिथिगोविप्रपितृदेवार्चनान्वितैः ॥ धूपदीपैश्च माल्यैश्च गोपावासैर्मनोरमम् ॥ १२ ॥
सर्वतः पुष्पितवनं द्विजालिकुलनादितम् ॥ हंसकारण्डवाकीर्णैः पद्मषण्डैश्च मण्डितम् ॥ १३ ॥ तमागतं समागम्य कृष्णस्यानुचरं प्रियम् ॥ नन्दः
प्रीतः परिष्वज्य वासुदेवधियाऽर्चयत् ॥ १४ ॥ भोजितं परमान्नेन संविष्टं कशिपौ सुखम् ॥ गतश्रमं पर्यपृच्छत्पादसंवाहनादिभिः ॥१५॥ कच्चिदङ्ग
महाभाग सखः नः शूरनन्दनः ॥ आस्ते कुशल्यपत्याद्यैर्युक्तो मुक्तः सुहृद्वृतः ॥ दिष्ट्या कंसो हतः पापः सानुगः स्वेन पाप्मना ॥ साधूनां
धर्मशीलानां यदूनां द्वेष्टि यः सदा ॥ १७ ॥ अपि स्मरति नः कृष्णो मातरं सुहृदः सखान् ॥ गोपान्व्रजं चात्मनाथं गावो वृन्दावनं गिरिम्
॥ १८ ॥ अप्यायास्यति गोविन्दः स्वजनान्सकृदीक्षितुम् ॥ तर्हि द्रक्ष्याम तद्वक्त्रं सुनसं सुस्मितेक्षणम् ॥ १६ ॥ दावाग्नेर्वातवर्षाच्च वृषसर्पाच्च

कारण्डवादि पक्षीले युक्त कमलवन त्यहाँको शोभा बढाइरहेका थिए ॥ १३ ॥ हे राजन् ! श्रीकृष्णका प्रिय अनुचर उद्धव पुगेपछि नन्दनी उनीसित भेटेर निकै प्रसन्न भएर अंकमाल
गरेर उनले साक्षात् वासुदेव कृष्ण ठानेर पूजा गरे ॥ १४ ॥ तिनलाई उत्तम अन्नको भोजन गराए र जब ती सुखपूर्वक शय्यामा पल्टिए, अनि खुट्टा मिच्ने आदि सत्कारले तिनको
थकाई मेटे ॥१५॥ नन्दजीले भने–'हे महाभाग उद्धव ! हाम्रा सखा शूरनन्दन वसुदेवजी बन्धन-मुक्त भएर अब आफ्ना सुहृद्गण र छोराहरूका साथ सकुशल छन् ॥ १६ ॥
राम्रो भयो, त्यो पापी कंस आफ्ना अनुयायी सहित आफ्नै पापले मारियो। त्यो धर्मशील र साधु स्वभाव यादवहरूसित सर्वदा द्वेष गर्न गर्दथ्यो ॥ १७ ॥ अँ, कृष्णचन्द्र कहिले
हामीहरूको, आफ्नी आमाको, सुहृद्हरूको, सखा आदिको, आफ्नै आश्रित व्रजभूमिको वृन्दावनको र गोवर्धन पर्वतको सम्झना गर्दछन् कि गर्दनन् ? ॥ १८ ॥ के श्रीकृष्ण एक पल्ट

...nath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि हामी आमीयहरूलाई हेर्न भेट्न यहाँ आउलान् ? सुन्दर नासिका र मनोहर हास्ययुक्त तेर्सो हेराईले युक्त उनको मुखमण्डल के हामी फेरि यहीं देख्न पाउने छौं ? ॥ १९ ॥ ती महात्मा कृष्णले दावानल, आँधी, वर्षा, वृषासुर र सर्परूपी अघासुर आदि दुस्तर मृत्युहरूबाट हाम्रो बारम्बार रक्षा गरेका थिए ॥ २०-२१ ॥ हे तात ! कृष्णका विचित्र चरित्र, लीला-कटाक्षपूर्ण चितवन, मनोहर हाँसो र कुरा गरेको सम्झना हुनासाथ हाम्रा सबै क्रिया फितला हुन्छन्। श्रीकृष्णका चरण-चिह्नले भूषित नदी, पर्वत, वन तथा उनका क्रीडा स्थलहरू देख्नाले हाम्रो चित्त कृष्णमय हुन्थ्यो ॥ २२ ॥ म त गर्गजीको कथनानुसार यही मानिरहेको छु कि बलराम र कृष्ण कुनै ठूला देवता हुन् र उनले देवताहरूको ठूलो कार्य गर्नको निम्ति नै पृथ्वीमा अवतार लिएका हुन् ॥ २३ ॥ अहो ! सिंह जस्ता पशुहरूलाई मारिदिनु, त्यस्तै नै उनले हजार हात्तीको बल हुने कंस, दुवै मल्ल र कुवलयापीड हात्तीलाई ख्याल-ख्यालमै मारिदिए ॥ २४ ॥ उनले तीन ताल अर्थात् दुइ सय हात लामो र अत्यन्त बलियो धनुष-

रक्षिताः ॥ दुरत्ययेभ्यो मृत्युभ्यः कृष्णेन सुमहात्मना ॥ २० ॥ स्मरतां कृष्णवीर्याणि लीलापाङ्गनिरीक्षितम् ॥ हसितं भाषितं चाङ्ग सर्वा नः शिथिलाः क्रियाः ॥ २१ ॥ सरिच्छैलवनोद्देशान्मुकुन्दपदभूषितान् ॥ आक्रीडानीक्षमाणानां मनो याति तदात्मताम् ॥ २२ ॥ मन्ये कृष्णं च रामं च प्राप्ताविह सुरोत्तमौ ॥ सुराणां महदर्थाय गर्गस्य वचनं यथा ॥ २३ ॥ कंसं नागायुतप्राणं मल्लौ गजपतिं तथा ॥ अवधिष्टां लीलयैव पशूनिव मृगाधिपः ॥ २४ ॥ तालत्रयं महासारं धनुर्यष्टिमिवेभराट् ॥ बभञ्जैकेन हस्तेन सप्ताहमदधाद्गिरिम् ॥ २५ ॥ प्रलम्बो धेनुकोऽरिष्ट-स्तृणावर्तो बकादयः ॥ दैत्याः सुरासुरजिता हता येनेह लीलया ॥ २६ ॥ श्रीशुक उवाच ॥ इति संस्मृत्य संस्मृत्य नन्दः कृष्णानुरक्तधीः ॥ अत्युत्कण्ठोऽभवत्तूष्णीं प्रेमप्रसरविह्वलः ॥ २७ ॥ यशोदा वर्ण्यमानानि पुत्रस्य चरितानि च ॥ शृण्वत्यश्रूण्यवास्राक्षीत्स्नेहस्नुतपयोधरा ॥ २८ ॥ तयोरित्थं भगवति कृष्णे नन्दयशोदयोः ॥ वीक्ष्यानुरागं परमं नन्दमाहोद्धवो मुदा ॥ २९ ॥ उद्धव उवाच ॥ युवां श्लाघ्यतमौ नूनं देहिनामिह मानद ॥ नारायणेऽखिलगुरौ यत्कृता मतिरीदृशी ॥ ३० ॥ एतौ हि विश्वस्य च बीजयोनी रामो मुकुन्दः पुरुषः प्रधानम् ॥ अन्वीय भूतेषु

लाई त्यसै गरी भाँचिदिए, जसरी हात्ती कुनै सानो काठ भाँच्तछ र ती सात दिनसम्म यौटै हातमा गिरिराज गोवर्धनलाई उचालिराखे ॥ २५ ॥ जसले देवता र असुर सबैलाई जितेका थिए, ती प्रलम्बासुर, धेनुकासुर, अरिष्टासुर तृणावर्त र बकासुर आदि दैत्यहरूलाई लीलैले मारिदिएका थिए ॥ २६ ॥ शुकदेवजी भन्दछन्–हे राजन् ! श्रीकृष्णमा जसको चित्त अनुरक्त थियो, ती नन्दजी उसको यसरी बारम्बार स्मरण गरेर प्रेमको आवेगले विह्वल भई उत्कण्ठावश चुपलागे ॥ २७ ॥ आफ्ना छोराको चरित्रहरू वर्णन गरेको सुनी माता यशोदाका नेत्रमा जल भरिए र स्नेहवश उनका स्तनबाट दूधको धारा बग्नलाग्यो ॥ २८ ॥ श्रीकृष्णमा नन्द र यशोदाको यस्तो बलियो अनुराग देखेर उद्धवजी अति प्रसन्न भएर नन्दजीसित भन्नलागे ॥ २९ ॥ उद्धव भन्दछन्––हे मानद ! यसमा संशय छैन कि हजुर दुवै स्त्री-पुरुष सबै देहधारीहरूमा प्रशंसाको योग्य हुनुहुन्छ किनकि जगद्गुरु श्रीकृष्णमा हजुरले यस प्रकार आफ्नू बुद्धि लगाउनु भएको छ ॥ ३० ॥ राम र कृष्ण नै प्रधान पुरुषरूपमा सारा संसारका मूल कारण हुन्। यिनै पुराणपुरुषरूपले प्राणिमात्रमा अनुप्रविष्ट भएर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनका भिन्न-भिन्न उपाधिहरू र शासकस्वरूप जीवको नियमन गर्दछन् ॥ ३१ ॥ प्राणान्तको वेलामा एकक्षण पनि उनमा आफ्नू चित्त लगाउनाले जीव वासना छाडेर ब्रह्ममय हुन्छ र सूर्य समान तेजस्वी स्वरूप धारण गरेर परमगति पाउँदछ ॥ ३२ ॥ हे महात्मन् ! सबैका आत्मा, कारण र पृथ्वीको भार टार्नको निम्ति मनुष्य रूप धारण गर्ने भएका श्रीकृष्ण भगवान्मा अब हजुर यस्तो बलियो अनुराग राख्नु हुन्छ, अनि हजुरको निम्ति अरु कुन शुभकर्म गर्न शेष रहन्छ ? ॥ ३३ ॥ यादवगणका स्वामी अच्युत भगवान् चाँडै नै व्रजमा आउँछन् र आफ्ना आमा बाबुलाई प्रसन्न पार्दछन् ॥ ३४ ॥ सबै यादवको शत्रु कंसलाई रङ्गभूमिमा मारेपछि श्रीकृष्णले हजुरको नगीच आएरजे जतिभन्नुभयो, त्यो सबै सत्यपार्दछन् ॥३५॥ हे महाभाग ! हजुरहरू शोक नगर्नोस् । हजुर श्रीकृष्णलाई छिटै नै आफ्नू नगीच देख्नु हुनेछ । काठमा व्याप्त आगो झैं सबै प्राणीका अन्तःकरणमा विद्यमान रहन्छन् ॥३६॥ ती भगवान् मान रहित छन्, उनको कोही प्रिय वा अप्रिय छैनन् । ती समदर्शी छन् । अतः उनको दृष्टिमा कोही उत्तम, मध्यम वा अधम छैनन् ॥ ३७ ॥ उनको न माता, न पत्नी,

विलक्षणस्य ज्ञानस्य चेशात इमौ पुराणौ ॥ ३१ ॥ यस्मिञ्जनः प्राणवियोगकाले क्षणं समावेश्य मनो विशुद्धम् ॥ निर्हृत्य कर्माशयमाशु याति परां गतिं ब्रह्ममयोऽर्कवर्णः ॥ ३२ ॥ तस्मिन्भवन्तावखिलात्महेतौ नारायणे कारण मर्त्यमूर्तौ ॥ भावं विधत्तां नितरां महात्मन् किंवाऽवशिष्टं युवयोः सुकृत्यम् ॥ ३३ ॥ आगमिष्यत्यदीर्घेण कालेन व्रजमच्युतः ॥ प्रियं विधास्यते पित्रोर्भगवान्सात्वतां पतिः ॥ ३४ ॥ हत्वा कंसं रङ्गमध्ये प्रतीपं सर्वसात्वताम् ॥ यदाह वः समागत्य कृष्णः सत्यं करोति तत् ॥ ३५ ॥ मा खिद्यतं महाभागौ द्रक्ष्यथः कृष्णमन्तिके ॥ अन्तर्हृदि स भूतानामास्ते ज्योतिरिवैधसि ॥ ३६ ॥ न ह्यस्यास्ति प्रियः कश्चिन्नाप्रियो वाऽस्त्यमानितः ॥ नोत्तमो नाधमो नापि समानस्यासमोऽपि वा ॥ ३७ ॥ न माता न पिता तस्य न भार्या न सुतादयः ॥ नात्मीयो न परश्चापि न देहो जन्म एव च ॥ ३८ ॥ न चास्य कर्म वा लोके सदसन्मिश्रयोनिषु ॥ क्रीडार्थः सोऽपि साधूनां परित्राणाय कल्पते ॥ ३९ ॥ सत्त्वं रजस्तम इति भजते निर्गुणो गुणान् ॥ क्रीडन्नतीतोऽत्र गुणैः सृजत्यवति हन्त्यजः ॥ ४० ॥ यथा भ्रमरिकादृष्ट्या भ्राम्यतीव महीपते ॥ चित्ते कर्त्तरि तत्रात्मा कर्तेवाहंधिया स्मृतः ॥ ४१ ॥ युवयोरेव नेवायमात्मजो भगवान्हरिः ॥ सर्वेषामात्मजो ह्यात्मा पिता माता स ईश्वरः ॥ ४२ ॥ दृष्टं श्रुतं भूतभवद्भविष्यत्स्थास्नुश्चरिष्णुर्महदल्पकं च ॥ विनाच्युताद्वस्तुतरां न वाच्यं स एव सर्वं

न सन्तान, न आफ्ना छन्, न विराना छन् र न देह वा उसको जन्म नै छ ॥ ३८ ॥ यस लोकमा उनले कुनै कर्म गर्नु पर्ने रहन्न । यद्यपि साधुजनको रक्षा र केवल लीला गर्नको निम्ति नै उत्तम अर्थात् देवादि सात्विक, अधम अर्थात् मत्स्यादि तामस र मिश्र अर्थात् मनुष्यादि राजस योनिहरूमा जन्म लिन्छन् ॥ ३९ ॥ ती अजन्मा श्रीकृष्ण भगवान् वास्तवमा गुणहीन छन् तथापि केवल लीलाको निम्ति सत्व, रज र तम तीनै गुणलाई स्वीकार गर्छन् र गुणातीत भएर पनि मायाका गुणले संसारको रचना, पालन र संहार गर्दै रहन्छन् ॥ ४० ॥ जस्तै फनफनी घुम्ने व्यक्तिको दृष्टिमा पृथ्वी घुमे झैं प्रतीत हुन्छ, त्यस्तै चित्त कर्ता भएपछि पनि अहंबुद्धिले गर्दा व्यक्तिहरूलाई आत्मा नै कर्ता ज्ञात हुन्छ ॥४१॥ भगवान् श्रीकृष्ण केवल कृष्णानुगामी तिमी दुवैका मात्र पुत्र होइनन् । ती सबैका पुत्र, पिता, आत्मा र ईश्वर सबै हुन् ॥ ४२ ॥ यस्तो कुनै देखे सुनेको भूत, भविष्य, वर्तमान, स्थावर,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जङ्गम, महान वा अल्प वस्तु छैन, जुन अच्युत भगवान्‌देखि पृथक् होस् । श्रीअच्युत बाहेक 'वस्तु' कहिने योग्य केही पनि छँदैछैन । एकमात्र उनै परमार्थ वस्तु हुन् ।।४३।। हे राजन् ! उद्धव तथा नन्दजीले यसरी कुरा गर्दागर्दै सम्पूर्ण रात बित्यो । केही रात शेष रहेपछि गोपिनीहरू उठे र बत्ती बाली घरको आँगनमा वासुदेवको पूजा गरेर दही मथ्न लागे ।।४४।। अनि जसका नेति तानिरहेका हातमा सुवर्ण-वलय सुशोभित थिए, जसका नितम्ब, स्तन र हार हल्लिरहेका थिए तथा हल्लिरहेका कुण्डलको कान्ति पर्नाले जसका कुंकुम-मण्डित कपोल केही राता भइरहेथे, ती गोपाङ्गना बत्तीको दीप्तिले टल्कने आभूषणहरूका मणिले शोभायमान प्रतीत हुन्थे ।। ४५ ।। त्यस बेला कमलनयन भगवानका पवित्र चरित्रलाई जमले सबै दिशाका पाप नष्ट हुन्छन्, उच्च स्वरले गान गर्दै रहेका व्रजवनिताको ध्वनि दही मथेको शब्दमा मिलेर स्वर्गलोकसम्म पुग्यो ।। ६ ।। सूर्य नारायणको उदय भएपछि व्रजका गोपिनी नन्दजीको द्वारमा यौटा सुवर्णमय रथ उभिएको देखेर परस्पर भन्नलागे—'यो कसको रथ हो ?' ।। ४७ ।। कंसको कार्य सिद्ध पार्ने अक्रूर नै आएको हो कि !

परमार्थभूतः ।। ४३ ।। एवं निशा सा ब्रुवतोर्व्यतीता नन्दस्य कृष्णानुचरस्य राजन् ।। गोप्यः समुत्थाय निरूप्य दीपान्वास्तून्समभ्यर्च्य दधीन्य· मध्नन् ।। ४४ ।। ता दीपदीप्तैर्मणिभिर्विरेजू रज्जूर्विकर्षद्भुजकङ्कणस्रजः ।। चलन्नितम्बस्तनहारकुण्डलत्विषत्कपोलारुणकुङ्कुमाननाः ।। ४५ ।। उद्गायतीनामरविन्दलोचनं व्रजाङ्गनानां दिवमस्पृशद्ध्वनिः ।। दध्नश्च निर्मन्थनशब्दमिश्रितो निरस्यते येन दिशाममङ्गलम् ।। ४६ ।। भगवत्युदिते सूर्ये नन्दद्वारि व्रजौकसः ।। दृष्ट्वा रथं शातकौम्भं कस्यायमिति चाब्रुवन् ।। ४७ ।। अक्रूर आगतः किं वा यः कंसस्यार्थसाधकः ।। येन नीतो मधुपुरीं कृष्णः कमललोचनः ।। ४८ ।। किं साधयिष्यत्यस्माभिर्भर्तुः प्रेतस्य निष्कृतिम् ।। इति स्त्रीणां वदन्तीनामुद्धवोऽगात्कृताह्निकः ।। ४९ ।।
इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे नन्दशोकापनयनं नाम षट्चत्वारिंशोऽध्यायः ।। ४६ ।।

श्रीशुक उवाच ।। तं वीक्ष्य कृष्णानुचरं व्रजस्त्रियः प्रलम्बबाहुं नवकञ्जलोचनम् ।। पीताम्बरं पुष्करमालिनं लसन्मुखारविन्दं मणिमृष्टकुण्डलम् ।।१।। सुचिस्मिताः कोऽयमपीच्यदर्शनः कुतश्च कस्याच्युतवेषभूषणः ।। इति स्म सर्वाः परिवव्रुरुत्सुकास्तमुत्तमश्लोकपदाम्बुजाश्रयम् ।।२।। तं प्रश्रयेणावनताः

जसले पहिल्यै हाम्रा कमल नयन कृष्णलाई यहाँबाट मथुरा लगेको थियो ? त्यो के अब हामीलाई लगेर हाम्रो मालिकले आफ्ना मरेका स्वामीको और्ध्वदैहिक (पिण्डदानादि) कर्म सम्पन्न गर्छ ? जब व्रजका गोपिनी यसरी कुरा गर्दै थिए, उद्धव नित्यकर्म सकेर फर्के ।।४८।।४९।। इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायां षट्चत्वारिंशोऽध्यायः ।।४६।।

'उद्धव र गोपिकाहरूको वार्तालाप र भ्रमरगीत)—श्री शुकदेव भन्दछन्—हे राजन् ! नूतन कमल झैं नेत्र हुने, पीताम्बरधारी तथा कमल-कुसुमको माला धारण गरेका तथा मणिजडित कुण्डल लगाएका, देदीप्यमान अनुहार र आजानुबाहु कृष्णानुचर उद्धवजीलाई देखेर सुन्दर हास्य हुने व्रजबालाहरू देख्नमा परम सुन्दर र श्रीकृष्ण भगवान समान नै वेष-भूषाले युक्त यो पुरुष को हो ? कहाँबाट आएको हो ? कसको दूत हो ? यो जान्नको निम्ति अत्यन्त उत्कण्ठावश पवित्र-कीर्ति श्रीहरिका चरण-कमलका मात्र आश्रित उद्धवजीलाई चारैतिरबाट छेकेर ठिङ्ग उभिए ।। १।।२ ।। जब गोपिनीहरूले थाहा पाए कि यी श्रीकृष्णको समचार ल्याएका उनका दूत हुन्, तब तिनले विनयावनत भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लज्जा र मुसुक्क हाँसेर मधुर वाणीले तिनको राम्ररी सत्कार गरे र एकान्तमा लगेर भने–।। ३ ।। 'हामीलाई थाहा छ–हजुर यहाँ श्रीकृष्णका दूत भएर आउनुभएको हो। हजुरका स्वामीले आफ्ना माता-पिताको प्रिय गर्ने इच्छाले नै यहाँ पठाएका हुन् ।। ४ ।। उनी बाहेक यस गोकुलमा अरु कुनै यस्त छैनन् जसको उनलाई सम्झना होस्। अँ, आफ्ना स्वजनको स्नेहबन्धन तोड्न मुनिलाई पनि कठिन हुन्छ। त्यसैले आफ्ना माता-पिताको सम्झना उनलाई पनि अवश्य हुँदोहोला ।। ५ ।। स्वजन बाहेक अरुसित कुनै न कुनै प्रयोजनले नै प्रेम गरिन्छ। जबसम्म प्रयोजन रहन्छ, तबसम्म स्नेह पनि रहिरहन्छ। काम सकिनासाथ त्यो नक्ली प्रेमको पनि अन्त्य हुन्छ। प्रत्येक पुरुषको नारीसित र भ्रमराको फूलसित प्रायः यस्तै प्रेम हुनेगर्दछ ।। ६ ।। संसारमा यस्तै प्रीति बर्ता देखिन्छ। हेर न, वेश्या आफ्ना धनहीन प्रेमीलाई त्यागिदिन्छन्, प्रजा असमर्थ राजालाई छाडिदिन्छन्, विद्या प्राप्त गरिसकेपछि शिष्य गुरुलाई छाडिदिन्छन् र दक्षिणा पाएपछि ऋत्विक् यजमानलाई छाडेर जान्छन् ।। ७ ।। फल रित्तिएपछि वृक्षलाई त्यागिदिन्छन्, खाइसकेपछि अतिथि

सुसत्कृतं सव्रीडहासेक्षणसूनृतादिभिः ।। रहस्यपृच्छन्नुपविष्टमासने विज्ञाय सन्देशहरं रमापतेः ।। ३ ।। जानीमस्त्वां यदुपतेः पार्षदं समुपागतम् ।। भर्त्रेह प्रेषितः पित्रोर्भवान्प्रियचिकीर्षया ।।४।। अन्यथा गोव्रजे तस्य स्मरणीयं न चक्ष्महे ।। स्नेहानुबन्धो बन्धूनां मुनेरपि सुदुस्त्यजः ।।५।। अन्येष्वर्थकृता मैत्री यावदर्थविडम्बनम् ।। पुम्भिः स्त्रीषु कृता यद्वत्सुमनःस्विव षट्पदैः ।।६।। निःस्वं त्यजन्ति गणिका अकल्पं नृपतिं प्रजाः ।। अधीतविद्या आचार्य-मृत्विजो दत्तदक्षिणम् ।। ७ ।। खगा वीतफलं वृक्षं भुक्त्वा चातिथयो गृहम् ।। दग्धं मृगास्तथाऽरण्यं जारो भुक्त्वा रतां स्त्रियम् ।। ८ ।। इति गोप्यो हि गोविन्दे गतवाक्कायमानसाः ।। कृष्णदूते व्रजं याते उद्धवे त्यक्तलौकिकाः ।। ९ ।। गायन्त्यः प्रियकर्माणि रुदत्यश्च गतह्रियः ।। तस्य संस्मृत्य संस्मृत्य यानि कैशोरबाल्ययोः ।। १० ।। काचिन्मधुकरं दृष्ट्वा ध्यायन्ती कृष्णसङ्गमम् ।। प्रियप्रस्थापितं दूतं कल्पयित्वेदमब्रवीत् ।। ११ ।। गोप्युवाच ।। ११ ।। मधुप कितवबन्धो मा स्पृशाङ्घ्रिं सपत्न्याः कुचविलुलितमालाकुंकुमश्मश्रुभिर्नः ।। वहतु मधुपतिस्तन्मानिनीनां प्रसादं यदुसदसि विडम्ब्यं यस्य दूतस्त्वमीदृक् ।। १२ ।। सकृदधरसुधां स्वां मोहिनीं पाययित्वा सुमनस इव सद्यस्त-

छाडेर हिँडिदिन्छन्, वनमा आगो लागेपछि मृगगण अन्तै जान्छन् र लम्पट पुरुष भोग सकेपछि अतृप्त र अनुरागिणी स्त्रीलाई त्यागिदिन्छन् ।। ८ ।। यसरी जसको मन, वाणी र शरीर श्रीगोविन्दमै लागिरहन्थ्यो, ती गोपिनी, उद्धव व्रजमा आएपछि आफ्ना सबै लौकिक कार्यहरू छाडेर केवल उनकै चर्चा गर्नलागे ।।९।। अन्त्यमा श्रीकृष्णको किशोर र बाल्यावस्थाको अद्भुत कर्महरू बारम्बार सम्झेर उनकै गुणगान गर्दागर्दै लज्जा त्यागेर रुनलागे ।। १० ।। तीमध्ये यौटी कृष्ण-समागमको स्मरण गर्दै थिई। त्यसै वेला यौटा भ्रमरा देखियो त्यसलाई आफ्ना प्रियले पठाएका दूतको कल्पना गरेर भन्नलागी ।।११।। ए धूर्तको मित्र भ्रमर! तेरा जुँघा मेरी सौताका स्तनमा भएको मालामा लागेको कुंकुमलिप्त छ, त्यसैले तँ हाम्रा खुट्टा न छो। यस्तो क्षणिक प्रेमी तँ जसको दूत होस्, ती कृष्ण आफ्नी मानिनीहरूको यो प्रसाद जुन यादवका सभामा उपहास पाउने योग्य छ,आफैं राखुन् ।१२।। ऊ पनि तँजस्तै स्वार्थी छन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रिनकि उनले हामीलाई एकपटलट आफ्नू अधरामृत प्याएर उसै गरी छाडिदिए, जसरी तँ रस चुसिसकेर फूललाई छाडिदिन्छन् । ती चञ्चला लक्ष्मी कसरी तिनका चरण कमलको सेवा गर्दछिन् ? सम्भवतः भगवान्‌का मीठा-मीठा कुराले तिनको चित्त आफूतिर तानिसकेको होला ॥१३॥ ए भ्रमर ! तँ हामी वनवासिनीको अघि बारम्बार पुराण-पुरुष यदुनाथ कृष्णका गुण किन गाउँछस् ! तँ यो कीर्तिकथा पार्थसखा श्रीकृष्णका मथुरावासिनी नयाँ प्रियाहरूलाई सुना । कृष्णको दर्शनले जसको हृदय-रोग शान्त भइसकेको छ तिनै यस चाटुकारिताले प्रसन्न भएर तेरो इच्छा पूर्ण गर्नन् ॥ १४ ॥ 'यस्तो नभन, मलाई कृष्णले तिमीलाई बुझाउन पठाएको हो' भन्छस भने यो कुरा पनि ठीक होइन, किनकि स्वर्ग, पृथिवी र पातालमा यस्ती कुन स्त्री छ, जो उनका कपटपूर्ण मनोहर हास्य र वक्र-भृकुटी विलासयुक्त श्यामसुन्दरलाई मिल्न सक्नैनन् । साक्षात् लक्ष्मी जसका चरण कमलको सेवन गर्दछिन् उनको निम्ति हामी गोपिनीको के गणना छ ? तर उर्नासित भन्नु—हजुरको 'उत्तमश्लोक' नाम त दीनजनमा दया गर्नाले नै सार्थक हुन्छ ॥१५॥ भ्रमरलाई आफ्ना चरणनेर आएर भ्रूँ-भ्रूँ गरेको देखी यस्तो ठानेर कि यो क्षमा गराउन खोजिरहेछ । गोपिनी भन्नलागी—ए भ्रमर ! तँ मेरो पाउबाट आफ्नू शिर हटा । म जान्दछु कि तँ कृष्णको यो चाटुकारिता सिकेर

त्यजेऽस्मान्भवादृक् ॥ परिचरति कथं तत्पादपद्मं तु पद्मा ह्यपि तव हृतचेता उत्तमश्लोकजल्पैः ॥ १३ ॥ किमिह बहु षडङ्घ्रे गायसि त्वं यदूनाम-
धिपतिमगृहाणामग्रतो नः पुराणम् ॥ विजयसखसखीनां गीयतां तत्प्रसङ्गः क्षपितकुचरुजस्ते कल्पयन्तीष्टमिष्टाः ॥ १४ ॥ दिवि भुवि च रसायां
काः स्त्रियस्तद्दुरापाः कपटरुचिरहासभ्रूविजृम्भस्य याः स्युः ॥ चरणरज उपास्ते यस्य भूतिर्वयं का अपि च कृपणपक्षे ह्युत्तमश्लोकशब्दः ॥ १५ ॥
विसृज शिरसि पादं वेद्म्यहं चाटुकारैरनुनयविदुषस्तेऽभ्येत्य दौत्यैर्मुकुन्दात् ॥ स्वकृत इह विसृष्टापत्यपत्यन्यलोका व्यसृजदकृतचेता किं नु
सन्धेयमस्मिन् ॥ १६ ॥ मृगयुरिव कपीन्द्रं विव्यधे लुब्धधर्मा स्त्रियमकृत विरूपां स्त्रीजितः कामयानाम् ॥ बलिमपि बलिमत्त्वावेष्टयद्ध्वाङ्क्षवद्य-
स्तदलमसितसख्यैर्दुस्त्यजस्तत्कथार्थः ॥ १७ ॥ यदनुचरितलीलाकर्णपीयूषविप्रुट्सकृददनविधूतद्वन्द्वधर्मा विनष्टाः ॥ सपदि गृहकुटुम्बं दीनमुत्सृज्य दीना
बहव इह विहङ्गा भिक्षुचर्यां चरन्ति ॥१८॥ वयमृतमिव जिह्मव्याहृतं श्रद्दधानाः कलितरुतमिवाज्ञाः कृष्णवध्वो हरिण्यः ॥ ददृशुरसकृदेतत्तन्नखस्पर्शतीव्रस्म-

आएको होस । दूतकर्म र मीठा-मीठा कुराले अनुनय-विनय गर्नमा तँ निपुण छस् । तर जुन अकृतज्ञले आफ्नै निम्ति पुत्र, नपति र समस्त लोकलाई त्यागिदिने भएका हामी गोपिनी-हरूलाई यस प्रकार त्यागिदिए, के तिनको फेरि विश्वास गर्न सकिन्छ ? । १६॥ हेर, कृष्ण साह्रै क्रूर छन् । उनले रामावतारमा व्याधा झैं क्रूर बनेर निरपराध बालीलाई मारिदिए । शूर्पणखा कामवश भएर उनीकहाँ गएकी थिइ, तर उनले आफ्नी स्त्री सीताले भए र त्यस अबलाको नाक-नाक काटेर कुरूप पारिदिए । वामनावतारमा काक झैं कुटिल बनेर उनले राजा बलिको भिक्षा लिएर पनि वरुणपाशले बाँधे । अतः हामी ती काला कृष्णको मैत्रीदेखि परै बस्छौं । अब हामी तिनको चर्चा पनि गर्दैनौं ॥ १७ ॥ किनकि कानलाई अमृतको समान मधुर लाग्ने उनका लीलाहरूको एक टुक्रा पनि एकपल्ट चाखेपछि अनेक धीर वीर-वीरपुरुष राग-द्वेषादि द्वन्द्वबाट छुटेर दीनतामय घर र कुटुम्बलाई पनि तुरुन्त त्यागेर पक्षिहरूको समान भिक्षावृत्तिमा जीवन-यापन गर्न थाल्दछन् ॥ १८ ॥ जस्तै कालो मृगकी पत्नी अबोध मृगीहरू व्याधाको मुग्धपार्ने मधुर शब्दमा विश्वास गरेर मारिन्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थवा दुखो कष्ट भोग्दछन् । त्यस्तै नै कपटी कृष्णको कुरामा विश्वास गरेर हामी पनि उनको नखस्पर्शले हुने कामव्यथा बारम्बार अनुभव गरिसकेका छौं । अतएव हे दूत ! अब अरू कुनै कुरा सुना ॥१९॥ भ्रमरा जलि पर गएर फेरि फर्केर आयो । त्यो देखेर गोपिनीले भनिन्—हे मेरा प्रियतमको सखा ! तँफेरि फर्केर आइस् ? के भगवानले तँलाई वास्तवमानै पठाएको हो ? हे तात ! तिमी हाम्रा माननीय हौ । मन, तिमीलाई के चाहियो ? जसको संगति छाड्न सान्है कठिन छ, तीकृष्णकहाँ हामीलाई कसरी लैजान्छौ ? किनकि हे सौम्य ! उनको वक्षस्थलमा त सदा लक्ष्मीरूपिणी नववधू बसिरहन्छिन् ॥२०॥ हे सौम्य ! के आर्यपुत्र कृष्णचन्द्र अहिले मथुरामै छन् ? के ती आफ्ना पिता नन्द र गोपालहरूलाई पनि कहिल्यै सम्झना गर्दैनन् ? ती हामी दासीहरूको पनि कुनै चर्चा चलाउँछन् ? अहो, धूपको सुगन्धले युक्त आफ्ना बाहुलाई के कहिल्यै हाम्रो मस्तकमा राख्नेछन् ? ॥२१॥ श्रीशुकदेव भन्नुहुन्छ- हे राजन् ! कृष्णचन्द्रको निम्ति छटपटाउने ती व्रजबालाका वचन सुनेर उद्धवले तिनलाई प्रिय समाचारले सान्त्वना दिंदै भने ॥२२॥ उद्धवजी भन्दछन्—हे गोपिनी हो ! तिमीहरू

ररुज उपमन्त्रिन्भण्यतामन्यवार्ता ॥ १९ ॥ प्रियसख पुनरागाः प्रेयसा प्रेषितः किं वरय किमनुरुन्धे माननीयोऽसि मेऽङ्ग ॥ नयसि कथमिहास्मान्दुस्त्यजद्वन्द्वपार्श्वं सततमुरसि सौम्य श्रीर्वधूः साकमास्ते ॥ २० ॥ अपि बत मधुपुर्यामार्यपुत्रोऽधुनाऽऽस्ते स्मरति स पितृगेहान्सौम्य बन्धूंश्च गोपान् ॥ क्वचिदपि स कथा नः किङ्करीणां गृणीते भुजमगुरुसुगन्धं मूर्ध्न्यधास्यत्कदा नु ॥ २१ ॥ श्रीशुक उवाच ॥ अथोद्धवो निशम्यैवं कृष्णदर्शनलालसाः ॥ सान्त्वयन्प्रियसन्देशैर्गोपीरिदमभाषत ॥ २२ ॥ उद्धव उवाच ॥ अहो यूयं स्म पूर्णार्था भवत्यो लोकपूजिताः ॥ वासुदेवे भगवति यासामित्यर्पितं मनः ॥ २३ ॥ दानव्रततपोहोमजपस्वाध्यायसंयमैः ॥ श्रेयोभिर्विविधैश्चान्यैः कृष्णे भक्तिर्हि साध्यते ॥ २४ ॥ भगवत्युत्तमश्लोके भवतीभिरनुत्तमा ॥ भक्तिः प्रवर्तिता दिष्ट्या मुनीनामपि दुर्लभा ॥ २५ ॥ दिष्ट्या पुत्रान्पतीन्देहान्स्वजनान्भवनानि च ॥ हित्वा वृणीत यूयं यत्कृष्णाख्यं पुरुषं परम् ॥ २६ ॥ सर्वात्मभावोऽधिगतो भवतीनामधोक्षजे ॥ विरहेण महाभागा महान्मेऽनुग्रहः कृतः ॥ २७ ॥ श्रूयतां प्रियसन्देशो भवतीनां सुखावहः ॥ यामादायागतो भद्रा अहं भर्तू रहस्करः ॥ २८ ॥ श्रीभगवानुवाच ॥ भवतीनां वियोगो मे न हि सर्वात्मना

साँच्चै नै कृतार्थ छौ । तिमी सबै संसारका पूजनीया छौ, किनकि भगवान वासुदेवमा तिम्रो चित्त यसरी लागेको छ ॥२३॥ दान, व्रत, तप, होम, जप, स्वाध्याय र इन्द्रिय-दमन तथा अनेक कल्याणकारक कर्मले केवल श्रीकृष्णको भक्ति नै सिद्ध गर्न सकिन्छ ? ॥ २४ ॥ तर सौभाग्यवश मुनिजनलाई पनि दुष्प्राप्य पवित्र-कीर्ति भगवान् कृष्णको प्रेम-लक्षणा उत्तम भक्ति प्राप्त गरेर संसारमा त्यसको प्रसार गरेका छौ ॥ २५ ॥ तिमीहरूले आफ्ना पति, देह, स्वजन र घरहरू छाडेर परमपुरुष भगवान् कृष्णलाई हृदयले रोजेका छौ । यो सानो सौभाग्यको कुरा होइन ॥२६॥ हे महाभागा गोपि हो ! कृष्णको वियोगले तिमीहरूले जुन दृढ-भक्ति पाएका थियौ, त्यो देखाएर तिमीले ममाथि ठूलो कृपा गर्‍यौ ॥२७॥ हे कल्याणी हो ! म आफ्ना स्वामी कृष्णको यौटा गुप्त कार्यकर्ता हुँ र यहाँ उनैको समाचार बोकेर आएको छु । तिमी आफ्ना प्रियतमको परमानन्ददायी समचार सुन ॥२८॥ भगवान्ले आज्ञा भएको छ—म सबैको आत्मा हुँ । यसैले मसित तिम्रो कहिल्यै वियोग हुन सक्तैन । जस्तै आकाश, वायु, अग्नि, जल र पृथिवी यी पाँच तत्त्व सबै पदार्थमा व्याप्त रहन्छन्, त्यसै

Lakshminath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरीं म पनि मन, प्राण, जीव, इन्द्रिय र गुणका आश्रयरूप भएर सर्वत्र व्याप्त छु ॥ २९ ॥ आफ्नी मायाको प्रभावले म नै पञ्चतत्व, इन्द्रिय र गुणरूप भएर आफैं द्वारा आफूलाई नै रचना, पालन र लीन गरिलिन्छु ॥ ३० ॥ आत्मा माया र मायाका कार्यबाट सदा पृथक् रहन्छ । त्यो ज्ञानस्वरूप शुद्ध र गुणातीत छ । सुषुप्ति, स्वप्न र जाग्रत मायाका वृत्तिहरूलेनै त्यो प्राज्ञ, तैजस र विश्वरूप प्रतीत हुन्छ ॥३१॥ मनुष्यको यो कर्तव्य हो कि स्वप्नमा देखने पदार्थको समान मिथ्या प्रतीत हुने इन्द्रियहरूका सबै विषयहरूको जो मन द्वारा चिन्तन गर्दछ उसलाई इन्द्रिय सहित रोकेको र सुतेर उठेको मनुष्य जस्तै अज्ञान-निद्राले रहित भएर मेरो साक्षात्कार गरोस् ॥ ३२ ॥ जस्तै—सबै नदीहरू गएर समुद्रमा नै मिल्दछन्, त्यस्तै नै मनस्वी पुरुषहरू वेदाभ्यास, योग, आत्मा-अनात्मा विवेक, त्याग, तप, दम तथा सत्य आदि सबै धर्म मेरो प्राप्तिमै समाप्त हुन्छन् ॥ ३३ ॥ म जुन तिम्रा नयनलाई प्रिय भएर पनि तिमीहरू भन्दा यति पर छु, यसको यही उद्देश्य हो कि तिमीहरू निरन्तर मेरो ध्यान गर र तिमीहरूको मन सदैव ममा नै रमिरहोस् ॥ ३४ ॥ किनकि स्त्रीहरू तथा

क्वचित् ॥ यथा भूतानि भूतेषु खं वाय्वग्निर्जलं मही ॥ तथाऽहं च मनःप्राणभूयेन्द्रियगुणाश्रयः ॥ २९ ॥ आत्मन्येवात्मनाऽऽत्मानं सृजे हन्म्यनु-
पालये ॥ आत्ममायानुभवेन भूतेन्द्रियगुणात्मना ॥ ३० ॥ आत्मा ज्ञानमयः शुद्धो व्यतिरिक्तोऽगुणान्वयः ॥ सुषुप्तिस्वप्नजाग्रद्भिर्मायावृत्तिभि-
रीयते ॥ ३१ ॥ येनेन्द्रियार्थान्ध्यायेत मृषा स्वप्नवदुत्थितः ॥ तन्निरुध्यादिन्द्रियाणि विनिद्रः प्रत्यपद्यत ॥ ३२ ॥ एतदन्तः समाम्नायो योगः सांख्यं
मनीषिणाम् ॥ त्यागस्तपो दमः सत्यं समुद्रान्ता इवापगाः ॥ ३३ ॥ यत्त्वहं भवतीनां वै दूरे वर्ते प्रियो दृशाम् ॥ मनसः सन्निकर्षार्थं मदनुध्यान-
काम्यया ॥ ३४ ॥ यथा दूरचरे प्रेष्ठे मन आविश्य वर्तते ॥ स्त्रीणां च न तथा चेतः सन्निकृष्टेऽक्षिगोचरे ॥ ३५ ॥ मय्यावेश्य मनः कृत्स्नं विमुक्ता
शेषवृत्ति यत् ॥ आनुस्मरन्त्यो मां नित्यमचिरान्मामुपैष्यथ ॥ ३६ ॥ या मया क्रीडता रात्र्यां वनेऽस्मिन्व्रज आस्थिताः ॥ अलब्धरासाः कल्याण्यो
मापुर्मद्वीर्यचिन्तया ॥ ३७ ॥ श्रीशुक उवाच ॥ एवं प्रियतमादिष्टमाकर्ण्य व्रजयोषितः ॥ ता ऊचुरुद्धवं प्रीतास्तत्सन्देशागतस्मृतीः ॥ ३८ ॥
गोप्य ऊचुः ॥ दिष्ट्याऽहितो हतः कंसो यदूनां सानुगोऽघकृत् ॥ दिष्ट्याप्तैर्लब्धसर्वार्थैः कुशल्यास्तेऽच्युतोऽधुना ॥ ३९ ॥ कच्चिद्गदाग्रजः सौम्य

अन्यान्य प्रेमीहरूको चित्त जस्तै पर गएका प्रियतममा निश्चल भावले लागिरहन्छ, त्यस्तो आँखाको सामुन्ने रहँदा लाग्दैन ॥३५॥ त्यस्तो जसको सङ्कल्प-विकल्पादि सबै वृत्तिहरू शान्त भइसकेका रहन्छन्, त्यो आफ्नो मनलाई पूर्णतया ममा नै लगाएर तिमी निरन्तर मेरो नै स्मरण गर्दै रहेर शीघ्र मलाई प्राप्त गर्नेछौ ॥ ३६ ॥ हे कल्याणी हो ! जब मैले बृन्दावनमा रात्रिको वेला रासक्रीडा गरेको थिएँ, तब जुन गोपिनी स्वजनले छेकेर मसित रास-विहारमा सम्मिलित हुन सकेका थिएनन्, ती केवल मेरा लीलाहरूको स्मरण गरेर नै मलाई प्राप्त गरेका थिए ॥३७॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! आफ्ना प्रियतमको सन्देश सुनेर गोपिनीहरूलाई ठूलो आनन्द भयो । प्रियको सन्देशले उनलाई तिनको स्मरण भएर आयो र ती उद्धवसित भन्नलागे ॥३८॥ गोपिनी भन्दछन्—हे उद्धवजी ! यी निकै तर्कको कुरा हो—यादवहरूलाई कष्ट दिने दुष्ट कंस आफ्ना सहायक सहित मारियो । अब श्रीकृष्णचन्द्र धन-धान्यले पूर्ण भएर आफ्ना कुटुम्बहरूसित सकुशल छन्, यो पनि कम सौभाग्यको कुरा होइन ॥ ३९ ॥ तर हे सौम्य ! अब यो भन कि हाम्रा प्रियतम नन्दनन्दन श्यामसुन्दर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो स्नेहयुक्त सलज्ज हाँसा र मनोहर दृष्टिले पूर्जित भएर जसरी हामीसित प्रेम गर्दथे, त्यस्तै नै अब मथुरापुरीका स्त्रीहरूसित प्रेम गर्दछन् कि गर्दैनन् ? ॥ ४० ॥ कृष्णचन्द्र ठूला रतिचतुर छन् र सबै स्त्रीहरू उनलाई मनपराउँछन् । अनि ती मथुरापुरीकी भद्र महिलाहरूको वाग्विलास र केलिकलापले सम्मानित भएर उनमा किन आसक्त नहुन् ? ॥ ४१ ॥ हे साधो ! यो त भन–जब कहिले पुरनारीहरूको सभामा कुरा चल्दछ तब आफ्नू स्वतन्त्र वार्तालापको प्रसंगमा गोविन्द कहिल्यै हामी काँठे ग्वालिनीलाई पनि सम्झन्छन् ? ॥ ४२ ॥ जब कुन्द-कुसुमले शोभित र चन्द्रिका चर्चित वृन्दावनमा रास रचाएर हामी प्रियाहरूसित चरणका नूपुरको ध्वनि गर्दै रमण गरेका थिए र हामी सबै उनकै मनमोहिनी गाथा गाउँथ्यौं, ती रात्रिको पनि ती सम्झना गर्दछन् ? ॥ ४३ ॥ हे उद्धव ! हामी सबै उनैको विरहानलमा डढीरहेका छौं । इन्द्रदेव जसरी पानी पारेर वन हरियो-भरिलो पारिदिन्छन्, त्यस्तै नै आफ्ना करस्पर्शादिले हामीलाई जीवनदान दिनका लागि कहिले यहाँ आउलान् ? ॥ ४४ ॥ यौटी गोपिनी बोली–ए सखी ! सखी ! जब उनले शत्रु

करोति पुरयोषिताम् ॥ प्रीति नः स्निग्धसव्रीडहासोदारेक्षणार्चितः ॥ ४० ॥ कथं रतिविशेषज्ञः प्रियश्च परयोषिताम् ॥ नानुबध्येत तद्वाक्यैर्विभ्र-मैश्चानुभाजितः ॥ ४१ ॥ अपि स्मरति नः साधो गोविन्दः प्रस्तुते क्वचित् ॥ गोष्ठीमध्ये पुरस्त्रीणां ग्राम्याः स्वैरकथान्तरे ॥ ४२ ॥ ताः किं निशाः स्मरति यासु तदा प्रियाभिर्वृन्दावने कुमुदकुन्दशशाङ्करम्ये ॥ रेमे क्वणच्चरणनूपुररासगोष्ठ्यामस्माभिरीडितमनोज्ञकथः कदाचित् ॥ ४३ ॥ अप्ये-ष्यतीह दाशार्हस्तप्ताः स्वकृतया शुचा ॥ सञ्जीवयन्नु नो गात्रैर्यथेन्द्रो वनमम्बुदैः ॥ ४४ ॥ कस्मात्कृष्ण इहायाति प्राप्तराज्यो हताहितः ॥ नरेन्द्रकन्या उद्वाह्य प्रीतः सर्वसुहृद्वृतः ॥ ४५ ॥ किमस्माभिर्वनौकोभिरन्याभिर्वा महात्मनः ॥ श्रीपतेराप्तकामस्य क्रियेतार्थः कृतात्मनः ॥ ४६ ॥ परं सौख्यं हि नैराश्यं स्वैरिण्यप्याह पिङ्गला ॥ तज्जानतीनां नः कृष्णे तथाप्याशा दुरत्यया ॥ ४७ ॥ क उत्सहेत सन्त्यक्तुमुत्तमश्लोकसंविदम् ॥ अनिच्छतोऽपि यस्य श्रीरङ्गान्न च्यवते क्वचित् ॥ ४८ ॥ सरिच्छैलवनोद्देशा गावो वेणुरवा इमे ॥ सङ्कर्षणसहायेन कृष्णेनाचरितः प्रभो ॥ ४९ ॥ पुनः पुनः स्मारयन्ति नन्दगोपसुतं बत ॥ श्रीनिकेतैस्तत्पदकैर्विस्मर्तुं नैव शक्नुमः ॥ ५० ॥ गत्या ललितयोदारहासलीलावलोकनैः ॥ माध्व्या

लाई मारेर राज्य पाए । राजकन्याहरूसित विवाह गरेर आफ्ना स्वजन सहित सुखपूर्वक मधुवाला बस्तछन् अति ती सबै भोग छाडेर यहाँ किन आउँथे ? ॥ ४५ ॥ अर्की सखी बोली–होइन, श्रीकृष्ण साक्षात् लक्ष्मीपति हुन् । ती पूर्णकाम र कृतकृत्य छन् । हामी बनवासी, र अन्य राजकन्यासित उनलाई के प्रयोजन ? ॥ ४६ ॥ कामचारिणी वेश्या पिङ्गलाले पनि भनेकी थिई 'संसारमा कसैको आशा नगर्नु नै सर्वश्रेष्ठ सुख हो । हामी यो कुरा जान्दछौं, तापनि कृष्णचन्द्रको आशा त्याग्नु हाम्रोनिम्ति कठिन काम छ ॥ ४७ ॥ पुण्यकीर्ति श्रीकृष्णको चर्चा त्याग्ने दुःसाहस कसले गर्न सक्ला ? हेर भगवानको इच्छा नभए पनि लक्ष्मी कहिल्यै पनि उनलाई छाड्न सक्तिनन् ॥ ४८ ॥ हे प्रभो ! बलरामजी र कृष्णचन्द्र द्वारा सेवित यी नदी, पर्वत वन र गाई तथा बाँसुरीको ध्वनि बारम्बार नन्द गोपसुत कृष्णको स्मरण गराउने गर्दछ । यहाँको भूमिमा विद्यमान उनका श्रीनिकेतन चिन्हको कारण हामी उनलाई कसै गरे पनि बिर्सन सक्तैनौं ॥ ४९-५० ॥ उनको ललित चाला, उनको अत्यन्त उदार हाँसो, उनको विचित्र लीला, उनको तेर्सो हेराई र मधुर वाणीले हाम्रो मन

Janardan Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरेण गरेको छ, अनि हामी उनलाई कसरी बिर्सने ? ॥ ५१ ॥ हे रमानाथ ! हे व्रजनाथ ! हे आर्तिभञ्जन ! हे गोविन्द ! आज हजुरको गोकुल दुःखको सागरमा डुबिरहेछ, हजुर यसको उद्धार गर्नुहवस् ॥५२॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! भगवान् कृष्णको त्यस्तो सन्देश सुनेर व्रजका गोपिनीहरूको विरह-ताप शान्त भयो। उनीहरूले भगवान्लाई इन्द्रियदेखि अतीत तथा सबैका आत्मा जानेर उद्धवको राम्ररी स्वागत-सत्कार गरे ॥ ५३ ॥ यस प्रकार उद्धवजी गोपिनीहरूको विरह-व्यथा शान्त पार्दै केही महीनासम्म व्रजमा नै बसे र श्रीकृष्णका लीला-कथाहरू भनेर व्रजवासीहरूको मनोरञ्जन गर्दै रहे ॥ ५४ ॥ जति दिन उद्धवजी गोकुल तथा नन्दगाँउमा बसे, त्यति समयसम्म व्रजवासीहरूलाई कृष्ण-चर्चाको कारण एक क्षणको समान बिते झैं थाहा भयो ॥ ५५ ॥ भक्तवर उद्धव व्रजका नदी, वन, पर्वत, कन्दरा र फुलेका वृक्षहरू हेर्दै तथा व्रजवासीहरूलाई कृष्णचन्द्रको स्मरण गराउँदै त्यहाँ ठूलो आनन्दले बसे ॥ ५६ ॥ श्रीकृष्ण प्रेमले गर्दा गोपिनीका मनको विकलता देखेर उद्धवजी निकै आनन्दित भए उनलाई प्रणाम गरेर भन्न लागे ॥ ५७ ॥

गिरा हृतधियः कथं तं विस्मरामहे ॥ ५१ ॥ हे नाथ हे रमानाथ व्रजनाथार्तिनाशन ॥ मग्नमुद्धर गोविन्द गोकुलं वृजिनार्णवात् ॥ ५२ ॥ श्रीशुक उवाच ॥ ततस्ताः कृष्णसन्देशैर्व्यपेतविरहज्वराः ॥ उद्धवं पूजयाञ्चक्रुर्ज्ञात्वात्मानमधोक्षजम् ॥ ५३ ॥ उवास कतिचिन्मासान्गोपीनां विनुदञ्छुचः ॥ कृष्णलीलाकथां गायन् रमयामास गोकुलम् ॥ ५४ ॥ यावन्त्यहानि नन्दस्य व्रजेऽवात्सीत्स उद्धवः ॥ व्रजौकसां क्षणप्रायाण्यासन्कृष्णस्य वार्तया ॥ ५५ ॥ सरिद्वनगिरिद्रोणीर्वीक्षन्कुसुमितान्द्रुमान् ॥ कृष्णं संस्मारयन्रेमे हरिदासो व्रजौकसाम् ॥ ५६ ॥ दृष्ट्वैवमादि गोपीनां कृष्णावेशात्मविक्लवम् ॥ उद्धवः परमप्रीतस्ता नमस्यन्निदं जगौ ॥ ५७ ॥ एताः परं तनुभृतो भुवि गोपवध्वो गोविन्द एव निखिलात्मनि रूढभावा ॥ वाञ्छन्ति यद्भवभियो मुनयो वयञ्च किं ब्रह्मजन्मभिरनन्तकथारसस्य ॥ ५८ ॥ क्वेमाः स्त्रियो वनचरीर्व्यभिचारदुष्टाः कृष्णे क्व चैव परमात्मनि रूढभावाः ॥ नन्वीश्वरोऽनुभजतोऽविदुषोऽपि साक्षाच्छ्रेयस्तनोत्यगदराज इवोपयुक्तः ॥ ५९ ॥ नायं श्रियोऽङ्ग उ नितान्तरतेः ॥ प्रसादः स्वर्योषितां नलिनगन्धरुचां कुतोऽन्याः ॥ रासोत्सवेऽस्य भुजदण्डगृहीतकण्ठलब्धाशिषां य उदगाद्व्रजवल्लवीनाम् ॥ ६० ॥ आसामहो चरणरेणुजुषां

'यी गोपाङ्गनाहरू संसारका समस्त देहधारीहरू भन्दा श्रेष्ठ छन्, किनकि यिनको चित्त तो सर्वात्मा श्रीकृष्णमा नै आसक्त भइरहेछ । संसारको भयले डराउने मुनिजन र हामी भक्तजन पनि जसको इच्छा गर्दछन् । सत्य कुरा यो हो कि जो श्रीअनन्तका कथाका रसिक छन्, उनलाई ब्राह्मणको मातृगर्भबाट हुने, सावित्र अर्थात् यज्ञोपवीत संस्कार जन्य र याज्ञिक अर्थात् यज्ञ दीक्षाले हुने जन्मको के आवश्यकता छ ? ॥५८॥ अहो ! कहाँ यी व्यभिचार-दूषिता वनवासिनी स्त्री र कहाँ यिनका परमात्मा कृष्णमा यस्तो बलियो अनुराग यसले सिद्ध हुन्छ कि यदि अज्ञानी पनि भगवान्को भजन गर्दछ भने त्यसको पनि कल्याण गर्दछन् । जस्तै–अमृत नजानेर पनि त्यसले पिउने व्यक्तिलाई अमरत्व दिन्छ ॥ ५९ ॥ रासोत्सवको वेला बाँटीमा भगवान्का भुजाको संगत पाएर पूर्णकाम गोपिनीलाई श्रीहरिको जुन कृपा प्राप्त भएको थियो, त्यो निरन्तर उनैको वक्षःस्थलमा रमणशील लक्ष्मी र कमल झैं कान्ति र गन्धले युक्त सुर-सुन्दरीहरूलाई पनि प्राप्त हुन सकेन, अनि अरु स्त्रीको विषयमा के कुरा भन्ने ? ॥ ६० ॥ यदि म पनि वृन्दावनमै गोपिनीका चरणरजको सेवन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने लता, औषधि वा अन्य कुनै वृक्ष हुन पाए कस्तो हुन्थ्यो ! धन्य हुन् यी गोपिनी जसले आफ्ना बन्धु र आर्यधर्मसम्म त्याए श्रुतिहरूले खोज्ने योग्य भगवत् प्राप्तिको बाटोको अनुसरण गरेका छन् ।।६१।। अहो ! साक्षात् लक्ष्मी जसको पूजा गर्दछिन् र ब्रह्मादि पूर्णकाम योगेश्वर पनि जसको चिन्तन गर्दछन, भगवान् कृष्णका ती चरणको रासविलासको वेला आफ्ना स्तनमा राखेर आफ्नू विरह-व्यथा मेटेका थिए र जसका हरिकथामय गायन त्रिलोकलाई पवित्र पार्दछ. ब्रजका ती गोपिनीहरूका चरणरजलाई म बारम्बार प्रणाम गर्दछु ।।६२।।६३।। श्री शुकदेव भन्नुहुन्छ–हे राजन् ! व्रजमा केही महीना बिताएर उद्धव, गोपिनी, नन्द यशोदा र अन्य गोपगणसित सोधेर तथा उनको अनुमति लिएर रथमा बसे ।।६४।। व्रजमा बाहिर पुगेपछि नन्दादि गोप धेरै सौगात लिएर उनीकहाँ आई प्रेमवश आँखामा आँसु ल्याएर भने ।। ६५ ।। 'हाम्रो इच्छा छ–हाम्रा मनका वृत्तिहरू सदैव श्रीकृष्णकै चरण-कमलमा रमिरहुन्, हाम्रा वाणी उनैको नाम सङ्कीर्तन गरुन् र हाम्रो शरीर उनैलाई प्रणामादि गर्नमा लागि रहून् ।। ६६ ।। विविध कर्मवश घुम्दै जहाँ-जहाँ उनको इच्छाले

बहं स्यां बृन्दावने किमपि गुल्मलतौषधीनाम् ।। या दुस्त्यजं स्वजनमार्यपथं च हित्वा भेजुर्मुकुन्दपदवीं श्रुतिभिर्विमृग्याम् ।।६१।।या वै श्रियार्चितमजादि-भिराप्तकामैर्योगेश्वरैरपि यदात्मनि रासगोष्ठ्याम् ।। कृष्णस्य तद्भगवतश्चरणारविन्दं न्यस्तं स्तनेषु विजहुः परिरभ्य तापम् ।।६२।। वन्देनन्दव्रजस्त्रीणां पाद-रेणुमभीक्ष्णशः ।। यासां हरिकथोद्गीतं पुनाति भुवनत्रयम् ।।६३।। श्रीशुक उवाच ।। अथ गोपीरनुज्ञाप्य यशोदांनन्दमेव च ।। गोपानामन्त्र्य दाशार्हो यास्यन्नारुरुहे रथम् ।।६४।। तं निर्गतं समासाद्य नानोपायनपाणयः ।। नन्दादयोऽनुरागेण प्रावोचन्नश्रुलोचनाः ।।६५।। मनसो वृत्तयो नः स्युः कृष्ण-पादाम्बुजाश्रयाः ।। वाचोऽभिधायिनीर्नाम्नां कायस्तत्प्रह्वणादिषु ।।६६।। कर्मभिर्भ्राम्यमाणानां यत्र क्वापीश्वरेच्छया ।। मङ्गलाचरितैर्दानै रतिर्नः कृष्ण ईश्व-रे ।। ६७ ।। एवं सभाजितो गोपैः कृष्णभक्त्या नराधिप ।। उद्धवः पुनरागच्छन्मथुरां कृष्णपालिताम् ।। ६८ ।। कृष्णाय प्रणिपत्याह भक्त्युद्रेकं व्रजौ-कसाम् ।। वासुदेवाय रामाय राज्ञे चोपायनान्यदात् ।।६९।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धे उद्धवप्रतियाने सप्तचत्वारिंशोऽध्यायः।।४७।।

श्रीशुक उवाच ।। अथ विज्ञाय भगवान्सर्वात्मा देवदर्शनः ।। सैरन्ध्र्याः कामतप्तायाः प्रियमिच्छन्गृहं ययौ ।। १ ।। महार्होपस्करैराढ्यं कामोपायोपबृंहितम् ।। मुक्तादामपताकाभिर्वितानशयनासनैः ।। धूपैः सुरभिभिर्दीपैः स्रग्गन्धैरपि मण्डितम् ।। २ ।। गृहं तमायान्तमवेक्ष्य

हाम्रो जन्म हुन्छ, त्यहीँ हाम्रा शुभकर्म र दानादिको परिणामले हामीलाई कृष्णकै भक्ति मिलोस् ।' हे राजन् ! गोप द्वारा यसरी कृष्ण भक्तिले सम्मानित उद्धव भगवान् कृष्ण द्वारा सुरक्षित मथुरा फर्के ।।६७।।६८।। त्यहाँ पुगेर उनले श्रीकृष्णलाई प्रणाम गरेर ब्रजवासीहरूको भक्तिको अतिरेकता विस्तारले वर्णन गरे । नन्दजीले जो सौगात दिएका थिए, त्यो सबै राम-कृष्ण र राजा उग्रसेनलाई अर्पण गरिदिए ।।६९।। इति श्रीमद्भागवते दशमस्कन्धे पूर्वार्धे नेपाली-भाषाटीकायां सप्तचत्वारिंशोऽध्यायः ।।४७।।

(कुब्जा र अक्रूरको घर गएर भगवान्ले उनलाई हस्तिनापुर पठाउनु) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! अन्तर्यामी तथा सर्वदर्शी भगवान् गोविन्द आफ्नू प्रेममा व्याकुल कुब्जाको प्रिय गर्न उसको घर जानुभयो ।।१।। कुब्जाको भवन कामोद्दीपक र बहुमूल्य सामग्रीहरूले सुसज्जित थियो । मोतिका माला, ध्वजा-पताका, चँदुवा, शय्या,

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थरि-थरिका आसन, सुगन्धित धूप, दीप, चन्दन र पुष्प-मालाले त्यसको घरको शोभा मद्दरहेको थियो ॥ २ ॥ भगवान् आउनलागेका देखेर हड्बड गर्दै शीघ्र शय्याबाट उठी र सखी-हरूका साथै अगाडि आएर स्वागत गरी । अनि राम्रो आसन दिएर विधिवत् प्रभुको पूजा गरी ॥ ३ ॥ उद्धवले पनि त्यसको पूजा ग्रहण गरे र आसनलाई केवल छोएर भूमिमै बसे । भगवान् कृष्ण लोकाचारको अनुसरण गर्दै तुरुन्त उसको बहुमूल्य शय्यामा गएर बस्नु भयो ॥ ४ ॥ अनि कुब्जा स्नान, अनुलेपन, वस्त्राभूषण, हार, गन्ध, ताम्बूल र सुरासव आदिले सुसज्जित भई लीलामयी सलज्ज हास्य र विलास-विभ्रम सहित भगवानतिर हेर्दै उनको नजीकै आई ॥ ५ ॥ श्याम सुन्दरले नवमिलनको संकोचले शंकित कुब्जालाई अङ्ग नगीचै डाक्नुभयो र त्यसको कङ्कण-भूषित हात समातेर छेउमा बसाल्नुभयो । अनि चन्दन दानको पुण्यले युक्त त्यस रमणीसित विहार गर्न लागे ॥ ६ ॥

साऽऽसनात्सद्यः समुत्थाय हि जातसम्भ्रमा ॥ यथोपसङ्गम्य सखीभिरच्युतं सभाजयामास सदासनादिभिः ॥ ३ ॥ तथोद्धवः साधु तयाऽभिपूजितो न्यषीददुर्व्यामभिमृश्य चासनम् ॥ कृष्णोऽपि तूर्णं शयनं महाधनं विवेश लोकाचरितान्यनुव्रतः ॥ ४ ॥ सा मज्जनालेपदुकूलभूषण-स्रग्गन्धताम्बूलसुधाऽऽसवादिभिः ॥ प्रसाधितात्मोपससार माधवं सव्रीडलीलोत्स्मितविभ्रमेक्षितैः ॥ ५ ॥ आहूय कान्तां नवसङ्गमह्रिया विशङ्कितां कंकणभूषिते करे ॥ प्रगृह्य शय्यामधिवेश्य रामया रेमेऽनुलेपार्पणपुण्यलेशया ॥ ६ ॥ साऽनङ्गतप्तकुचयोरुरसस्तथाऽक्ष्णोर्जिघ्रन्त्यनन्तचरणेन रुजो मृजन्ती ॥ दोर्भ्यां स्तनान्तरगतः परिरभ्य कान्तमानन्दमूर्तिमजहादतिदीर्घतापम् ॥ ७ ॥ सैवं कैवल्यनाथं तं प्राप्य दुष्प्रापमीश्वरम् ॥ अङ्गरागार्पणेनाहो दुर्भगेदमयाचत ॥ ८ ॥ आहोष्यतामिह प्रेष्ठ दिनानि कतिचिन्मया ॥ रमस्व नोत्सहे त्यक्तुं संगं तेऽम्बुरुहेक्षण ॥ ९ ॥ तस्यै कामवरं दत्त्वा मानयित्वा च मानदः ॥ सहोद्धवेन सर्वेशः स्वधामगमदर्चितम् ॥१०॥ दुराराध्यं समाराध्य विष्णुं सर्वेश्वरेश्वरम् ॥ यो वृणीते मनोग्राह्यमसत्त्वात्कुमनीष्यसौ ॥ ११ ॥ अक्रूरभवनं कृष्णः सहरामोद्धवः प्रभुः ॥ किञ्चिच्चिकीर्षयन्प्रागादक्रूरप्रियकाम्यया ॥ १२ ॥ स तान्नरवर-

उसले अनन्तका चरण आफ्नू हृदय, वक्षस्थल र आँखामा टाँसेर बास्ना लिंदै आफ्नू मनःकामना पूर्ण पारी र हृदयमा प्रियतमको आनन्दमयी मूर्ति बसालेर आफ्नू चिरकालीन विरह व्यथा शान्त पारी ॥७॥ अहो ! केवल चन्दन-दानले ती अत्यन्त दुष्प्राप्य तथा मोक्षका अधीश्वर भगवान् कृष्णलाई पाएर पनि त्यस अभागिनीले केवल यही वर मागी—'हे प्रियतम ! हजुर केही दिन यहाँ बसेर मसित विहार गर्नुहवस्, किनकि हे कमलनयन ! म हजुरको संगति छाड्न सक्तिन' ॥ ८ ॥ सबैको मान राख्ने सर्वेश्वरले उसलाई अभीष्ट वर दिएर सम्मानित गरेर उसद्वारा पूजित भई प्रिय भक्त उद्धसित घर फर्कनु भयो ॥ ९ ॥ १० ॥ ईश्वरका पनि ईश्वर र अति कष्टले आराधनीय श्रीविष्णु भगवान्को आराधना गरेर पनि जो व्यक्ति उनीसित तुच्छ र मिथ्या *स्वार्थमय विषय सुख माग्दछ, त्यो साह्रै ठूलो अभागी हो ॥११। एक दिन श्रीकृष्ण अक्रूरको प्रिय

* दृष्टान्त (स्वार्थको मैत्री)—यौटा वटवृक्षमा चार जीव बस्तथे—न्याउरी, उल्लू, विरालो र मूसो । न्याउरी र मूसो आफाफ्नो प्वालमा, उल्लू पातको माझमा र विरालो वृक्षको कोटरमा बस्तथे । मूसालाई तीनोटैले मार्न सक्थे र विरालो तीनोटैको घातक थियो । अतः विरालो निर्भय डुल्दथ्यो, तर ती तीनै अवसर पाएर नै चर्न जान्थे । एक दिन खेतमा किसानले जाल थाप्यो । विरालो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न र उनीद्वारा केही कार्य गराउने इच्छाले बलराम र उद्धवसित उनको घर गए ॥ १२ ॥ स्वजनलाई अकस्मात् सम्मुख देखेर अक्रूर आनन्दित भई जुरुक्क उठे तथा राम र कृष्णको अभिनन्दन एवं आलिङ्गन गरेर उनलाई प्रणाम गरे। उनले पनि अक्रूरलाई अभिवादन गरेर उनीहरू बसेपछि अक्रूरले उनको विधिवत् पूजा गरे ॥१३-१४॥ हे राजन् ! अक्रूरले उनको पवित्र चरणोदक शिरमा छरे र विविध पूजा सामग्री, वस्त्र, दिव्यगन्ध माला र श्रेष्ठ आभूषणहरूले पूजा गरेर नतमस्तक भई प्रणाम गरे। तब राम र कृष्णका चरण काखमा राखेर मिच्तै उनले नम्रतापूर्वक सोधे–॥१५-१६ ॥ 'सौभाग्यको कुरा हो—पापी कंस आफ्ना सहायक समेत मारियो। त्यसलाई मारेर हजुर दुवैले आफ्नो कुललाई ठूलो

श्रेष्ठानाराद्वीद्य स्वबान्धवान् ॥ प्रत्युत्थाय प्रमुदितः परिष्वज्याभिवाद्य च ॥ १३ ॥ ननाम कृष्णं रामं च स तैरप्यभिवादितः ॥ पूजयामास विधिवत्कृतासनपरिग्रहान् ॥ १४ ॥ पादावनेजनीरापो धारयञ्छरसा नृप ॥ अर्हणेनाम्बरैर्दिव्यैर्गन्धस्रग्भूषणोत्तमैः ॥ १५ ॥ अर्चित्वा शिरसाऽऽनम्य पादावङ्कगतो मृजन् ॥ प्रश्रयावनतोऽक्रूरः कृष्णरामावभाषत ॥ १६ ॥ दिष्ट्या पापो हतः कंसः सानुगो वामिदं कुलम् ॥ भवद्भ्यामुद्धृतं कृच्छ्राद्दुरन्ताच्च समेधितम् ॥ १७ ॥ युवां प्रधानपुरुषौ जगद्धेतू जगन्मयौ ॥ भवद्भ्यां न विना किञ्चित्परमस्ति न चापरम् ॥ १८ ॥ आत्मसृष्टमिदं विश्वमन्वाविश्य स्वशक्तिभिः ॥ ईयते बहुधा ब्रह्मञ्छ्रुतप्रत्यक्षगोचरम् ॥ १९ ॥ यथा हि भूतेषु चराचरेषु मह्यादयो योनिषु भान्ति नाना ॥ एवं भवान्केवल आत्मयोनिष्वात्मात्मतन्त्रो बहुधा विभाति ॥ २० ॥ सृजस्यथो लुम्पसि पासि विश्वं रजस्तमःसत्त्वगुणैः स्वशक्तिभिः ॥ न बध्यसे

संकटबाट झिकेर उन्नत र समृद्ध पार्नुभयो ॥ १७ ॥ हजुर दुवै जगत्का कारण र जगन्मय प्रधान पुरुष हुनुहुन्छ। संसारका कार्य-कारणरूप कुनै वस्तु पनि हजुरसित पृथक् छैन ॥१८॥ हे ब्रह्मन् ! यो स्वरचित विश्वमा मायादि शक्तिले प्रविष्ट भएर हजुर विविध रूपमा देखिनुहुन्छ ॥१९॥ जस्तै पृथ्वी आदि कारण तत्त्व आफ्ना कार्यस्वरूप–स्थावर, जङ्गम प्राणीहरूमा अनुप्रविष्ट भएर विविधरूपमा भासमान हुन्छन्, त्यस्तै हजुर स्वतन्त्र आत्मरूपले एक भएर पनि अनेक ज्ञान हुनुहुन्छ ॥ २० ॥ हजुर त्रिगुणरूपिणी शक्तिले उत्पत्ति, स्थिति तथा संहार गर्नुहुन्छ। किन्तु ती गुणहरू अथवा ती कर्म-बन्धनमा बाँधिनुन्न, किनकि हजुर शुद्ध ज्ञान स्वरूप हुनुहुन्छ। अतः हजुरको बन्धनको कुनै कारण नै छैन ॥ २१ ॥ यी देहादि

मूसाको खोबीमा निस्केकी जालमा अल्झिई। मूसो पनि विस्तारै त्यही खेतमा पुग्यो र बिरालोलाई जालभित्र देखेर आनन्दले उफ्रन लाग्यो। त्यतिमै न्याउरी र उल्लू पनि आउनलागेका देखिए। जब ती दुवैले बिरालोलाई जालमा परेको देखे तब मूसालाई समाउने विचार गरे। मूसाले सोच्यो यदि म दगुरेर बिरालोनेर जाउँभने यी डरले उनको नगीचै आउन सक्तैनन् तर बिरालोले नै मलाई के बाँकिराख्ला र ! यदि म बिरालोभन्दा परैबसौं भने यी दुवैले मलाई मार्छन्। अनि मूसो बिस्तारै बिरालोको नगीच गएर भन्न लाग्यो—'तिमीलाई जालमा अल्झेको देखेर मलाई दुःख लागिरहेको छ। यदि तिमी भन्छौ भने म आफ्ना दाँतले जाल काटिदिन सक्दछु। तर तिम्रो मनमा के छ, वो बिचार गरेर तिमीनेर आउन डर लागिरहेछ।' बिरालोले भन्यो–'मित्र ! जब तिमी मेरो प्राणरक्षा गर्नेछौ, तब म पनि यस्तो कृतघ्न छैन कि आफ्नू उपकारीको कुभलो चिताउँ। तिमी ढीलो नगर, रात बितै आँटेको छ। अतएव डोरी छिटै काट।' मूसो बिस्तार-बिस्तार दाँत चलाउन लाग्यो। त्यो जानी-जानी यस कारण ढीलो गरिरहेको थियो—खेतको स्वामी आइहालोस्। उल्लू र न्याउरीले बिरालोनेर मूसोलाई देखेर आफ्नू बाटो तताए। रात बितेपछि जबै किसान आउन लागेको देखियो, बिरालीले भनी— मित्र ! छिटो गर।' मूसोले झटाझट जाल काटिदियो। बिराली मालिकको डरले आफ्नू ज्यान बचाएर भागी र मूसा मृत्युको मुखबाट बाँचेर बस्ने स्थानमा गयो। भोलिपल्ट बिरालीले मूसोलाई आफ्नू नगीचै डाकी र मूसोले उत्तर दियो—'मौकाले गर्दा कहिले काहीं शत्रु पनि मित्र बन्दछ, तर सधैं मित्रताको व्यवहार गर्दैन।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाधिहरू मिथ्या हुन् । अतः जीवात्मामा पनि जन्म वा जन्मजनित भेद सिद्ध हुन सक्तैन । अतः हजुरमा न बन्धन छ न मोक्ष । हजुरमा बन्धन-मोक्षको कल्पना गर्नु व्यक्तिको अज्ञान हो ॥२२ ॥ हजुरले संसारको कल्याणार्थ सनातन वेदमार्गलाई प्रकट गर्नुभयो । जब-जब यसलाई मिथ्या पाखण्डपूर्ण पन्थले कुनै क्षति पुग्दछ, तब-तब हजुर शुद्धसत्वमय शरीर धारण गर्नुहुन्छ ॥ २३ ॥ हे प्रभो ! यस बेला हजुर असुरका अंशज राजाहरूका सयौं अक्षौहिणी सेनाको संहार गरेर पृथ्वीको भारी हलुको पार्न आफ्ना अंश बलराम सहित वसुदेवकहाँ अवतार लिएर यदुकुलको यश बढाउँदै हुनुहुन्छ ॥२४॥ हे ईश्वर ! हे अधोक्षज ! पञ्चयज्ञका देवता, पितृगण र सबै राजा जसका मूर्ति हुन् र जसका चरणोदक त्रिलोक पवित्र पार्दछ, त्यस्ता जगद्गुरु भगवान् मेरोघर पाल्नुभो । अतएव म आफ्नू ठूलो सौभाग्य मान्दछु ।२५॥ हे प्रभो ! हजुर भक्तका हितकारी; सत्यवक्ता, सुहृद् र कृतज्ञ हुनुहुन्छ । अनि कुनै बुद्धि-

तद्गुणकर्मभिर्वा ज्ञानात्मनस्ते क्व च बन्धहेतुः ॥ २१ ॥ देहाद्युपाधेरनिरूपितत्वाद्भवो न साक्षान्न भिदाऽऽत्मनः स्यात् ॥ अतो न बन्धस्तव नैव मोक्षः स्यातां निकामस्त्वयि नोऽविवेकः ॥ २२ ॥ त्वयोदितोऽयं जगतो हिताय यदा यदा वेदपथः पुराणः ॥ बाध्येत पाखण्डपथैरसद्भिस्तदा भवान्सत्त्वगुणं बिभर्ति ॥ २३ ॥ स त्वं प्रभोऽद्य वसुदेवगृहेऽवतीर्णः स्वांशेन भारमपनेतुमिहासि भूमेः ॥ अक्षौहिणीशतवधेन सुरेतरांशराज्ञाममुष्य च कुलस्य यशो वितन्वन् ॥२४ ॥ अद्येश नो वसतयः खलु भूरिभागा यः सर्वदेवपितृदेवमूर्तिः ॥ यत्पादशौचसलिलं त्रिजगत्पुनाति स त्वं जगद्गुरुरधोक्षज याः प्रविष्टः ॥२५॥ कः पण्डितस्त्वदपरं शरणं समीयाद्भक्तप्रियादृतगिरः सुहृदः कृतज्ञात् ॥ सर्वान्ददाति सुहृदो यजतोऽभिकामा-नात्मानमप्युपचयापचयौ न यस्य ॥ २६ ॥ दिष्ट्या जनार्दन भवानिह नः प्रतीतो योगेश्वरैरपि दुरापगतिः सुरेशैः ॥ छिन्ध्याशु नः सुतकलत्रधनाप्त-गेहदेहादिमोहरशनां भवदीयमायाम् ॥ २७ ॥ श्रीशुक उवाच ॥ इत्यर्चितः संस्तुतश्च भक्तेन भगवान्हरिः ॥ अक्रूरं सस्मितं प्राह गीर्भिः सम्मोहय-न्निव ॥ २८ ॥ श्रीभगवनुवाच ॥ त्वं नो गुरुः पितृव्यश्च श्लाघ्यो बन्धुश्च नित्यदा ॥ वयं तु रक्ष्याः पोष्याश्च अनुकम्प्याः प्रजा हि वः ॥२९॥ भवद्विधा महाभागा निषेव्या अर्हसत्तमाः ॥ श्रेयस्कामैर्नृभिर्नित्यं देवाः स्वार्था न साधवः ॥ ३० ॥ न ह्यम्मयानितीर्थानि न देवा मृच्छिलामयाः

मान पुरुष बाहेक अरु कसैको पनि शरणमा किन जानेछ ? हजुर आफ्ना भक्तको सबै कामना पूर्ण पार्नुहुन्छ । यति सम्म कि जसको कहिल्यै क्षति वा वृद्धि हुँदैन यस्ता स्वयंलाई पनि दिन सक्तछन् ॥२६॥ हे जनार्दन ! ठूला-ठूला योगी र सुरेश्वर पनि हजुरको गति जान्न सक्तैनन् । तर मलाई हजुरको दर्शन प्राप्त भयो, यो मेरो सौभाग्य हो । हे प्रभो ! स्त्री-पुत्र, धन, स्वजन भवन र देह आदि मेरो–मोहपाशरूपी आफ्नी मायाका हजुर सबै बन्धन काटिदिनोस् ॥२७॥ श्रीशुकदेव भन्दछन् ! भक्त अक्रूरद्वारा पूजित र प्रार्थित भएर भगवान कृष्णले उनलाई आफ्नी वाणीले मोहित पार्दै मुसुक्क हाँसेर भन्नुभयो ॥२८-२९॥ हे तात ! हजुर हाम्रा गुरु, काका र प्रशंसनीय स्वजन हुनुहुन्छ । हामी हजुरका बालक हौं र सदा रक्षा, पालन तथा कृपापात्र रहँदै आएका छौं । आफ्ना शुभचिन्तक पुरुषले हजुर जस्तै परमपूजनीय महापुरुषको सदा सेवा गर्नुपर्दछ किनकि देवता स्वार्थसाधनमा निरत रहन्छन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर साधुजन यस्ता हुँदैनन् ॥३०॥ जलमय तीर्थ र माटो वा ढुङ्गाका देवता नै देवता हुन्नन् । साधुजन तीभन्दा पनि ठूला तीर्थ र देवता हुन्छन् किनकि तीर्थ र मूर्ति त धेरै दिनसम्म सेवा गर्नाले पवित्र पार्दछन्, तर साधुजन दर्शनले नै पवित्र पारिदिन्छन् ॥३१॥ हे तात ! हजुर सुहृद्हरूमा महान् हुनुहुन्छ । अतः हजुर पाण्डवहरूको कल्याणार्थ तथा तिनको कुशल-क्षेम जान्नका लागि हस्तिनापुर जानोस् ॥३२॥ हामीले सुनेका छौं–पिता पाण्डु मरेपछि दुःखी युधिष्ठिरादि बालक र उनकी आमा कुन्तीलाई राजा धृतराष्ट्रले हस्तिापुर लगेका छन् र ती सबै अब त्यहीं बस्तछन् ॥३३॥अम्बिकातनय महाराज धृतराष्ट्र अन्धा र हीनबुद्धि छन् । ती सदा आफ्नू कुटिल पुत्र दुर्योधनकै अधीन रहन्छन् । अतः आफ्ना भतीजा-हरूसित तिनको आफ्ना छोराहरू झैं व्यवहार हुँदैन ॥३४॥ हजुर गएर तिनको स्थिति जान्नुहवस् । उनको समाचार पाएर म यस्तो प्रयत्न गर्नेछु जसले मेरा सुहृद्लाई सुख प्राप्त होस् ॥३५॥ अक्रूरलाई यस्तो आज्ञा दिएर राम, कृष्ण र उद्धवसित आफ्नो भवनमा गए ॥३६॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपालीभाषाटीकायामष्टचत्वारिंशोऽध्यायः ॥४८॥

ते पुनन्त्युरुकालेन दर्शनादेव साधवः ॥ ३१ ॥ स भवान्सुहृदां वै नः श्रेयाञ्छ्रेयश्चिकीर्षया ॥ जिज्ञासार्थं पाण्डवानां गच्छ त्वं गजमाह्वयम् ॥ ३२ ॥ पितर्युपरते बालाः सह मात्रा सुदुःखिताः ॥ आनीताः स्वपुरं राज्ञा वसन्त इति शुश्रुम ॥ ३३ ॥ तेषु राजाऽम्बिकापुत्रो भ्रातृपुत्रेषु दीनधीः ॥ समो न वर्तते नूनं दुष्पुत्रवशगोऽन्धदृक् ॥ ३४ ॥ गच्छ जानीहि तद्वृत्तमधुना साध्वसाधु वा ॥ विज्ञाय तद्विधास्यामो यथा शं सुहृदां भवेत् ॥ ३५ ॥ इत्यक्रूरं समादिश्य भगवान्हरिरीश्वरः ॥ सङ्कर्षणोद्धवाभ्यां वै ततः स्वभवनं ययौ ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पूर्वार्धेऽष्टचत्वारिंशोऽध्यायः ॥ ४८ ॥

श्रीशुक उवाच ॥ स गत्वा हास्तिनपुरं पौरवेन्द्रयशोऽङ्कितम् ॥ ददर्श तत्राम्बिकेयं सभीष्मं विदुरं पृथाम् ॥ १ ॥ सहपुत्रं च बाह्लीकं भारद्वाजं सगौतमम् ॥ कर्णं सुयोधनं द्रौणिं पाण्डवान्सुहृदोऽपरान् ॥ २ ॥ यथावदुपसङ्गम्य बन्धुभिर्गान्दिनीसुतः ॥ सम्पृष्टस्तैः सुहृद्वार्तां स्वयं चापृच्छदव्ययम् ॥ ३ ॥ उवास कतिचिन्मासान्राज्ञो वृत्तविवित्सया ॥ दुष्प्रजस्याल्पसारस्य खलच्छन्दानुवर्तिनः ॥ ४ ॥ तेज ओजो बलं वीर्यं प्रश्रयादींश्च सद्गुणान् ॥ प्रजानुरागं पार्थेषु च सहद्भिश्चिकीर्षितम् ॥५॥ कृतं च धार्तराष्ट्रैर्यद्गरदानाद्यपेशलम् ॥ आचख्यौ सर्वमेवास्मै पृथा विदुर एव च ॥६॥

(अक्रूरजीको हस्तिनापुर प्रस्थान) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! पुरुवंशी राजाहरूको सुयशले व्याप्त हस्तिपुरीमा पुगेर अक्रूर धृतराष्ट्र, भीष्म, विदुर, कुन्ती, सोमदत्त, बाह्लीक भारद्वाज, गौतम, द्रोणाचार्य, कृपाचार्य, कर्ण, दुर्योधन, अश्वत्थामा, पाण्डवगण र अन्यान्य सुहृद्लाई भेटे ॥१॥२॥ उनी जब सुहृद जुन हरूसित भेटिसके र उनकोकुशल-मंगलसोधेपछि आफ्नू पनि कुशल-क्षेम बताए ॥३॥ कर्ण आदि कुटिल मन्त्रीको सल्लाहमा हिंड्ने र दुष्ट पुत्रहरूले युक्त राजा धृतराष्ट्रको प्रवृत्ति जान्नको लागि ती केही महीनासम्म हस्तिनापुरमै बसे ॥४॥ त्यसै वेला कुन्ती र विदुरले उनलाई पाण्डवको तेज, शस्त्र-कौशल, बल, वीर्य र विनय आदि गुणहरूको, उनका प्रति प्रजाको अनुरागको, उनको उत्कर्ष सहन नसक्ने धृतराष्ट्र-पुत्र दुर्योधन आदि जे जति गर्न खोज्दै थिए तथा 'विष-दान' आदि जो अनुचित व्यवहार तिनले पहिल्यै सकिसकेका थिए, त्यो सबै वृत्तान्त सुनाए ॥ ५ । ६ ॥ भाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्रूरलाई देखेर कुन्ती उनीकहाँ गइन् र आफ्नो जन्म-स्थानको सम्झना भएर आँखामा आँसु भरिए तापनि भनिन्–।।७।। हे सौम्य ! हाम्रा माता-पिता, भाई बहिनी, भतीजा, कुलका स्त्रीहरू तथा सखीहरू कहिलें हामीलाई सम्झन्छन् ? ।। ८ ।। मेरा भ्रातृपुत्र शरणागत वत्सल, भक्त हितकारी भगवन् कृष्ण र कमलनयन बलराम के कहिले म आफ्नी फुपूका छोराहरूको पनि सम्झना गर्दछन् ? ।।९।। बाघको माझमा परेकी मृगी झैं आफ्ना शत्रुहरूको माझमा बस्ने म ठूलो दुःखका छु । के ती कहिले यहाँ आएर मलाई र टुहुरा बालकहरूलाई सान्त्वना देलान् ? ।।१०।। हे कृष्ण ! हे महायोगिन् ! हे विश्वरूप ! हे विश्वपालक ! हे गोविन्द ! आफ्ना बालकहरुसित म ठूलो कष्ट भोगिरहेकी छु । हजुर मेरो रक्षा गर्नोस् ।। ११ ।। हे देव ! यस मृत्युरूपी संसारदेखि भयभीत जीवका लागि मलाई हजुर ईश्वरको मोक्षप्रद चरणकमल छाडेर अरु कुनै निर्भय आश्रय देखिइरहेको छैन ।।१२।।हजुर शुद्धस्वरूप, ज्ञानात्मा, योगेश्वर र परब्रह्म परमात्मा भगवान् कृष्णलाई म नमस्कार गर्दछु ! हे देव ! म हजुरको शरणमा छु ।। १३ ।। श्रीशुकदेव भन्दछन्–हे राजन् ! यस प्रकार जगत्पति

पृथा तु भ्रातरं प्राप्तमक्रूरमुपसृत्य तम् ।। उवाच जन्मनिलयं स्मरन्त्यश्रुकलेक्षणा।।७।।अपि स्मरन्ति नः सौम्य पितरौ भ्रातरश्च मे ।। भगिन्यो भ्रातृपुत्राश्च जामयः सख्य एव च ।।८।। भ्रात्रेयो भगवान्कृष्णः शरण्यो भक्तवत्सलः ।। पैतृष्वस्रेयान्स्मरति रामश्चाम्बुरुहेक्षणः ।।९।। सापत्नमध्ये शोचन्ती वृकाणां हरिणीमिव ।। सान्त्वयिष्यति मां वाक्यैः पितृहीनांश्च बालकान् ।।१०।। कृष्ण कृष्ण महायोगिन्विश्वात्मन्विश्वभावन ।। प्रपन्नां पाहि गोविन्द शिशुभिश्चावसीदतीम्।।११।।नान्यत्तव पदाम्भोजात्पश्यामि शरणं नृणाम् ।। बिभ्यतां मृत्युसंसारादीश्वरस्यापवर्गिकात्।।१२।।नमःकृष्णाय शुद्धाय ब्रह्मणे परमात्मने ।। योगेश्वराय योगाय त्वामहं शरणं गता ।।१३।। श्रीशुक उवाच।।इत्यनुस्मृत्य स्वजनं कृष्णं च जगदीश्वरम् ।। प्रारुदद्दुःखिताराजन्भवतां प्रपितामही।।१४।। समदुःखसुखोऽक्रूरो विदुरश्च महायशाः ।। सान्त्वयामासतुः कुन्तीं तत्पुत्रोत्पत्तिहेतुभिः ।।१५।। यास्यन्राजानमभ्येत्य विषमं पुत्रलालसम् ।। अवदत्सुहृदां मध्ये बन्धुभिः सौहृदोदितम्।।१६।। अक्रूर उवाच ।। भो भो वैचित्रवीर्य त्वं कुरूणां कीर्तिवर्धनः ।। भ्रातर्युपरतेपाण्डावधुनाऽऽसनमास्थितः ।।१७।। धर्मेण पालयन्नुर्वीं प्रजाः शीलेन रञ्जयन् ।। वर्तमानः समः स्वेषु श्रेयः कीर्तिमवाप्स्यसि ।। १८ ।। अन्यथा त्वाचरँल्लोके गर्हितो यास्यसे तमः ।। तस्मा·

कृष्ण र आफ्ना बन्धुहरूको सम्झना गरेर तिम्री प्रपितामही कुन्ती दुःखी भई वेसरी रुन लागिन् ।। १४।। अनि सुख-दुःखमा सर्वदा समान रहने अक्रूर र महायशस्वी विदुरजीले उनलाई तिनका पुत्रहरूको उत्पत्तिका कारणभूत धर्म, वायु तथा इन्द्रादि देवताहरूको संझना गराएर सान्त्वना दिए ।।१५।। जब अक्रूर मथुरा फर्कन लागे तब ती भतीजाहरूसित विषम व्यवहार गर्ने भएका पुत्रवत्सल राजा धृतराष्ट्रकहाँ गए र उनलाई कृष्ण-बलराम आदि यादव बन्धुहरूको जो समचार दिएका थिए, त्यो सबै सुनाए । धृतराष्ट्र त्यसवेलाआफ्नाबन्धुहरूकोमाझमा बसेका थिए । अक्रूरले भने–हे कौरवकुलका कीर्ति र विचित्रवीर्यका पुत्र महाराज धृतराष्ट्र ! हजुरले आफ्ना दाजू पाण्डु परलोक भएपछि यो राजसिंहासन पाएको हो ।।१६।१७।। अतः हजुर यदि पृथिवीको धर्मपूर्वक पालन गर्नोस् । आफ्नू राम्रो स्वभावले प्रजालाई प्रसन्न राख्नोस् र आफ्ना स्वजनसित उचित व्यवहार गर्नुभयो भने हजुरको अवश्य कल्याण होला र संसारमा कीर्ति फैलेला ।। १८ ।। यदि यस्तो गर्नुभएन भने लोकमा निन्दा हुनेछ र मरेपछि नरकगामी हुनुपर्नेछ। अतः पाण्डुका र आफ्ना छोरासित हजुर समान व्यवहार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥१९। हे राजन् ! यहाँ कोही कसैसित धेरैदिन बस्तैन । सन्तानको के कुरा, आफ्नू देह पनि सधैं रहन्न ॥२०॥ जीव एक्लै जन्मन्छ र जान्छ, एक्लै आफ्ना कर्मको जाति-नजाति फल भोग्दछ ॥२१॥ स्त्री-पुत्रादि साथै भए पनि 'हामी तिमीद्वारा पालिने योग्य छौं' यही निहुँले अल्पबुद्धि पुरुषको अधर्मले एकत्रित धन खोस्तछन्, जस्तै जलमा बस्ने माछाको जीवनाधार जलमा त्यसका सन्तान आफ्नू स्वत्व स्थापित गर्छन् ॥२२॥ त्यो मूर्ख जीव जसलाई आफ्ना भनेर अधर्मले पाल्दछ, ती प्राण, धन र स्त्री पुत्रादि त्यसलाई असन्तुष्ट अवस्थामै छाडेर छुट्टिन्छन् ॥२३॥ अनि स्वधर्मविमुख र स्वार्थले अनभिज्ञ प्राणी तिनले त्यागनाले विफल-मनोरथ र पापको भारी लिएर घोर नरकमा जाकिन्छ ॥२४॥ अतः हे राजन् ! हजुर यस राज्यलाई स्वप्न, माया र मनोराज्य झैं मिथ्या जानेर चित्त संयम गरी समदर्शी र शान्त बन्नोस् ॥ २५ ॥ धृतराष्ट्र भन्दछन्–हे अक्रूरजी ! हजुरले जति शुभ वचन भन्नुभयो,

त्समत्वे पाण्डवेष्वात्मजेषु च ॥ १९ ॥ नेह चात्यन्तसंवासः कर्हिचित्केनचित्सह ॥ राजन्स्वेनापि देहेन किमु जायात्मजादिभिः ॥ २० ॥ एकः प्रसूयते जन्तुरेक एव प्रलीयते ॥ एकोऽनुभुङ्क्ते सुकृतमेक एव च दुष्कृतम् ॥ २१ ॥ अधर्मोपचितं वित्तं हरन्त्यन्तेऽल्पमेधः ॥ सम्भोजनीयापदेशैर्जलानीव जलौकसः ॥२२॥ पुष्णाति यानधर्मेण स्वबुद्ध्या तमपण्डितम् ॥ तेऽकृतार्थं प्रहिण्वन्ति प्राणा रायः सुतादयः ॥ २३ ॥ स्वयं किल्बिषमादाय तैस्त्यक्तो नार्थकोविदः ॥ असिद्धार्थो विशत्यन्धं स्वधर्मविमुखस्ततः ॥ २४ ॥ तस्माल्लोकमिमं राजन्स्वप्नमायामनोरथम् ॥ वीक्ष्यायम्यात्मनात्मानं समः शान्तो भव प्रभो ॥ २५ ॥ धृतराष्ट्र उवाच ॥ यथा वदति कल्याणीं वाचं दानपते भवान् ॥ तथाऽनया न तृप्यामि मर्त्यः प्राप्य यथामृतम् ॥ २६ ॥ तथापि सूनृता सौम्य हृदि न स्थीयते चले ॥ पुत्रानुरागविषमे विद्युत्सौदामिनी यथा ॥ २७ ॥ ईश्वरस्य विधिं को नु विधुनोत्यन्यथा पुमान् ॥ भूमेर्भारावताराय योऽवतीर्णो यदोः कुले ॥२८॥ यो दुर्विमर्शपथया निजमाययेदं सृष्ट्वा गुणान्विभजते तदनुप्रविष्टः ॥ तस्मै नमो दुरवबोधविहारतन्त्र संसारचक्रगतये परमेश्वराय ॥ २९ ॥ श्रीशुक उवाच ॥ इत्यभिप्रेत्य नृपतेरभिप्रायं स यादवः ॥ सुहृद्भिः समनुज्ञातः पुनर्यदुपुरीमगात् ॥ ३० ॥ शशंस रामकृष्णाभ्यां धृतराष्ट्रविचेष्टितम् ॥ पाण्डवान्प्रति कौरव्य यदर्थं प्रेषितः स्वयम् ॥ ३१ ॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायां दशमस्कन्धे पूर्वार्धे एकोनपञ्चाशत्तमोऽध्यायः ॥ ४९ ॥

त्यसले मेरो चित्त त्यसैगरी तृप्त हुँदैन जस्तै अमृत पिएर मनुष्यको तृप्ति हुन्न ॥ २६ ॥ तैपनि मेरो चित्त पुत्र-स्नेहमा यस्तो विषम भएको छ—त्यसमाथि हजुरको यो उत्तम शिक्षा बादलमा चम्कने बिजुली झैं टिक्तैन । ईश्वरको विधान टार्नसक्ने को छ ? जसले पृथ्वीको भार टार्न यदुवंशमा अवतार लिएका छन्, जो आफ्नी अचिन्त्य मायाले संसार रचेर कर्म र कर्मफलको विभाजन गर्दछन् र जसको अगम्य लीला संसार-चक्रको प्रधान कारण छ, ती परमेश्वरलाई प्रणाम छ ॥२७-२९॥ शुकदेवजी भन्दछन्—हे राजन्, यसरी महाराज धृतराष्ट्रको अभिप्राय बुझेर अक्रूर कुरुवंशीय सुहृद्‌सित बिदा भएर फेरि मथुरा फर्के । यहाँ राम-कृष्णलाई पाण्डवहरूसित राजा धृतराष्ट्रको व्यवहार को सबै हालत वर्णन गरेर सुनाए जसको निम्ति ती हस्तिनापुर गएका थिए ॥३१॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायामेकोनपंचाशत्तमोऽध्यायः ॥ ४९ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते दशमः स्कन्धः 'पूर्वार्द्धम्'।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते दशमः स्कन्धः "उत्तरार्द्धम्"

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीहरि (श्रीकृष्णको जरासन्धसित घोरयुद्ध र द्वारकापुरीको रचना)—श्रीशुकदेव भन्दछन्—हे भरत श्रेष्ठ ! पति मारिएपछि कंसका रानी अस्ति र प्राप्ति कष्टले पीडित भएर आफ्ना पिता मगधराज जरासन्धको घर गए ॥ १ ॥ त्यहाँ गएर तिनले अति दुःखित भई पितालाई आफू विधवा हुने जुन कारण थियो, सबै वृत्तान्त सुनाए ॥ २ ॥ हे राजन् ! त्यो अप्रिय समाचार सुनेर अत्यन्त शोक र रिसले राजा जरासन्धले सम्पूर्ण पृथ्वीलाई यादव-शून्य पार्ने प्रतिज्ञा गऱ्यो ॥ ३ ॥ त्यस अनुसार आफ्ना तेईस अक्षौहिणी सेना लिएर यादवहरूको राजधानी मथुरामा युद्धार्थ आयो र चारैतिरबाट नगरलाई छेक्यो ॥ ४ ॥ उर्लने समुद्र झैं त्यो अपार सेनाको बाढीले आफ्नू नगर पूरा घेरिएपछि स्वजनलाई भयभीत देखेर कारणवश मनुष्यरूप धारी श्रीकृष्ण भगवानले देश-काल स्थितिअनुसार आफ्नू अवतारको प्रयोजनमा विचार गरे—॥ ५-६ ॥ 'मगधराज जरासन्ध आफ्नू वशवर्ती राजाहरूको पैदल, घोड़सवार, रथ र हात्तीहरूले युक्त अनेक अक्षौहिणी सेना लिएर आइरहेछ । जस्तै सारा पृथ्वीको भारी नै एकत्र भएर यहाँ आएको होस् । म यी सेना

ॐ नमो भगवते वासुदेवाय ॥ श्रीशुक उवाच ॥ अस्तिः प्राप्तिश्च कंसस्य महिष्यौ भरतर्षभ ॥ मृते भर्तरि दुःखार्ते ईयतुः स्म पितृर्गृहान् ॥ १ ॥ पित्रे मगधराजाय जरासन्धाय दुःखिते ॥ वेदयाञ्चक्रतुः सर्वमात्मवैधव्यकारणम् ॥ २ ॥ स तदप्रियमाकर्ण्य शोकामर्षयुतो नृप ॥ अयादवीं महीं कर्तुं चक्रे परममुद्यमम् ॥ ३ ॥ अक्षौहिणीभिर्विंशत्या तिसृभिश्चापि संवृतः ॥ यदुराजधानीं मथुरां न्यरुणत्सर्वतो दिशम् ॥ ४ ॥ निरीक्ष्य तद्बलं कृष्ण ऊद्वेलमिव सागरम् ॥ स्वपुरं तेन संरुद्धं स्वजनं च भयाकुलम् ॥ ५ ॥ चिन्तयामास भगवान्हरिः कारणमानुषः ॥ तद्देशकालानुगुणं स्वावतार-प्रयोजनम् ॥६॥ हनिष्यामि बलं ह्येतद्भुवि भारं समाहितम् ॥ मागधेन ससानीतं वश्यानां सर्वभूभुजाम् ॥७॥ अक्षौहिणीभिः संख्यातं भटाश्वरथकुञ्जरैः ॥ मागधस्तु न हन्तव्यो भूयः कर्ता बलोद्यमम् ॥८॥ एतदर्थोऽवतारोऽयं भूभारहरणाय मे ॥ संरक्षणाय साधूनां कृतोऽन्येषां वधाय च ॥९॥ अन्योऽपि धर्मरक्षायै देहः संभ्रियते मया ॥ विरामायाप्यधर्मस्य काले प्रभवतः क्वचित् ॥ १० ॥ एवं ध्यायति गोविन्द आकाशात्सूर्यवर्चसौ ॥ रथावुपस्थितौ सद्यः ससूतौ सपरिच्छदौ ॥११॥ आयुधानि च दिव्यानि पुराणानि यदृच्छया ॥ दृष्ट्वा तानि हृषीकेशः सङ्कर्षणमथाब्रवीत ॥१२॥ पश्यार्य व्यसनं प्राप्तं यदूनां त्वावतां प्रभो ॥ एष ते रथ आयातो दयितान्यायुधानि च ॥१३॥ यानमास्थाय जह्येतद्व्यसनात्स्वान्समुद्धर ॥ एतदर्थं हि नौ जन्म

मार्नेछु, तर अहिल्यै जरासन्धलाई मार्नू उचित हुँदैन किनकि यो अरु सेना संचित गर्ने उद्योग गर्नेछ ॥ ७-८ ॥ मेरो अवतार साधु-सज्जनको रक्षा तथा अनेक दुष्टहरूको संहार गर्न र पृथ्वीको भारी हलुको पार्न भएको छ ॥ ९ ॥ म जब अवतार लिन्छु, तब मेरो देह-धारणको प्रयोजन धर्मको सुरक्षा र समयानुसार बढ्ने अधर्मको नाश गर्नु नै हुन्छ' ॥१०॥ भगवान् कृष्ण यस्तो विचार गर्दै थिए, उसैबेला त्यहाँ सारथी र सबै युद्ध-सामग्रीले सम्पन्न सूर्य झैं देदीप्यमान दुइ रथ आकाशबाट वर्लिए ॥ ११ ॥ त्यसै अवसरमा उनका सनातन दिव्यायुध पनि त्यहीं आएर स्वयं उपस्थित भए । तिनलाई देखेर श्रीकृष्णले दाजूलाई भने—॥१२॥ 'हे राम ! हेर्नुहोस्, जसका हजुर नै एकमात्र रक्षक हुनुहुन्छ, ती यादवमाथि ठूलो विपत्ति आइलाग्यो । हे प्रभो ! हजुरका प्रिय शस्त्र र रथ पनि उपस्थित छन् ॥ १३ ॥ अब हजुर रथमा चढेर शत्रुसेनाको संहार गर्नोस् र आफ्ना वन्धुको यस

...th Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विपत्तिबाट रक्षा गर्नोस् । हे ईश ! हामी दुवैको जन्म साधुजनको कल्याणका निम्ति भएको हो ॥ १४ ॥ हजुर पृथ्वीका तेईस अक्षौहिणी सेनाको संहार गर्नोस् । यस्तो सल्लाह गरेर दुवै यदुवीर कवच धारण गरी रथमा बसे र आफ्ना आयुधसहित थोरै सेना लिएर मथुरानगर-बाहिर निस्के । तब दासक सारथी हुने कृष्णले पाञ्चजन्य शङ्ख बजाए ॥१-१६॥ त्यो शङ्खनादको कठोर र विलक्षण ध्वनिले भयभीत विपक्षको हृदय काम्नलाग्यो । प्रभुलाई देखेर जरासन्धले भने—ए पुरुषाधम कृष्ण ! तँ बालकै छस् तँसित लड्न मलाई लाज लाग्दैछ । अतः सबैका माझमा लुकेको तँसित लड्दीन । हे मन्द ! यद्यपि तैंले मेरो बन्धु कंसलाई मारिस् तापनि म तँसित लड्न चाहन्न । अतः तँ यहाँबाट भागेर जा ॥ १७-१८ ॥ अँ, बलराम यदि तेरो इच्छा भए साहसपूर्वक मसित युद्ध गर । अनि किन मेरा वाणले छिन्न-भिन्न आफ्नू शरीर छाडेर स्वर्ग जा वा मलाई मारिदे' ॥ १९ ॥ श्रीकृष्णले भन्नुभयो—हे राजन् ! शूरवीर संग्राम भूमिमा प्रलाप गर्दैनन्, युद्धमा पुरुषार्थ देखाउँछन् ? तिमी अहिले बर्ता

साधूनामीश शर्मकृत् ॥ १४ ॥ त्रयोविंशत्यनीकाख्यं भूमेर्भारमपाकुरु ॥ एवं सम्मंत्र्य दाशार्हौ दंशितौ रथिनौ पुरात् ॥१५॥ निर्जग्मतुः स्वायुधाढ्यौ बलेनाल्पीयसा वृतौ ॥ शंखं दध्मौ विनिर्गत्य हरिर्दारुकसारथिः ॥१६॥ ततोऽभूत्परसैन्यानां हृदि वित्रासवेपथुः ॥ तावाह मागधो वीक्ष्य हे कृष्ण पुरुषाधम ॥१७॥ न त्वया योद्धुमिच्छामि बालेनैकेन लज्जया ॥ गुप्तेन हि त्वया मन्द न योत्स्ये याहि बन्धुहन् ॥१८॥तव राम यदि श्रद्धा युध्यस्व धैर्यमुद्वह ॥ हित्वा वा मच्छरैश्छिन्नं देहं स्वर्याहि मां जहि मां जहि ॥१९॥ श्रीभगवाच न वै शूरा विकत्थन्ते दर्शयन्त्येव पौरुषम् ॥ न गृह्णीमो वचो राजन्नातुरस्य मुमूर्षतः ॥२०॥ श्रीशुक उवाच ॥ जरासुतस्तावभिसृत्य महाबलौघेन बलीयसाऽऽवृणोत् ॥ ससैन्ययानध्वजवाजिसारथी सूर्यानलौ वायुरिवाभ्ररेणुभिः ॥ २१ ॥ सुपर्णतालध्वजचिह्नितौ रथावलक्षयन्त्यौ हरिराममयोर्मृधे ॥ स्त्रियः पुराट्टालकहर्म्यगोपुरं समाश्रिताः संमुमुहुः शुचार्दिताः ॥२२॥ हरिः पुरानीकपयोमुचां मुचां मुहुः शिलीमुखात्युल्बणवर्षपीडितम् ॥ स्वसैन्यमालोक्य सुरासुरार्चितं व्यस्फूर्जयच्छार्ङ्गशरासनोत्तमम् ॥२३॥ गृह्णन्निषङ्गादथ सन्दधच्छरान् विकृष्य मुञ्चञ्छितबाणपूगान ॥ निघ्नन्रथान्कुञ्जरवाजिपत्तीन्निरन्तरं यद्वदलातचक्रम् ॥ २४ ॥ निर्भिन्नकुम्भाः

आतुर छौ र झट्ट मर्न खोज्दैछौ । अतः म तिम्रो कुराको नजाति मान्दिन ॥ २० ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! जस्तै वायु मेघमण्डल र धूलोले सूर्य तथा अग्निलाई ढाकिदिन्छ, त्यस्तै नै जरासुत मगधराजले बलराम र श्रीकृष्णको सामुन्ने आएर आफ्ना प्रचण्ड सेनाको प्रहारले रथ, ध्वजा, अश्व र सारथीसमेत ढाकिदियो ॥ २१ ॥ त्यस बखत मथुरापुरीका नारीहरू आफाफ्ना महलको अटालीमा उक्लेर युद्धको भीषण दृश्य हेरिरहेथे । राम र कृष्णको गरुड र तालचिह्न युक्त ध्वजा हुने त्वरित गाते हुने रथ नदेखेर शोकयुक्त र मूर्च्छित जस्तै भए ॥ २२ ॥ श्रीकृष्ण भगवानूले आफ्ना सेनालाई शत्रु सेनारूपी मेघमण्डलबाट आएको तथा प्रचण्ड पाषाणवर्षाले पीडित देखेर आफ्नू सुरपूजित शार्ङ्गधनुको अत्यन्त भीषण टङ्कार गरे ॥ २३ ॥ बारम्बार ठोक्काबाट झिकेर तीखा वाणहरूको समूहले वर्षा गर्दै भगवान् कृष्ण रथ, हात्ती, र पैदल सेनाको संहार गर्नलागे । त्यस वेला उनको विशाल धनुष निरन्तर घुम्ने अलात चक्रको समान देखिईरहेको थियो ॥ २४ ॥ अनेक हात्ति, अश्व र सेनाका शिर काटिकाले मरेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढलका र बाण-प्रहारले अनेक अश्वका शिर डिंडबाट छुट्टिएर पल्टिए । घोडा, ध्वजा, सारथी र रथीहरू मारिनाले रित्तिएका अनेक रथहरू धूलो भए र पैदल सिपाहीहरूका भुजा र मस्तकादि अङ्ग छिन्न-भिन्न भए ॥ २५ ॥ त्यस युद्धमा अतुल तेजस्वी बलरामले आफ्नू मुसल द्वारा अनेक मदमत्त शत्रुलाई मारेर, मनुष्य, रथ तथा हात्ती र घोडाका काटिएका अङ्गहरूबाट उत्पन्न रगतका अनेक नदी बगाए । ती नदी मनुष्यका भुजारूप सर्प र शिररूपी कछुवाले भरिएका झैं देखिइरहेका थिए । तिनमा हात्तीका शरीर द्वीपजस्ता र घोडा ग्राह झैं देखिन्थे । ती नदी हात र तिघ्रारूपी माछा तथा मनुष्यका केशरूपी सैवाल (झ्याऊ), धनुषरूपी तरङ्ग र अस्त्र-शस्त्ररूपी गुल्मले भरिएका थिए । तिनमा ढाल भ्रमर समान र मणिहरूका आभूषण ढुङ्गाका टुक्रा समान देखिन्थे । ती नदी भीरुलाई भयभीत र वीरहरूलाई अत्यन्त उत्साहित पार्दथे ॥ २६ २८ ॥ हे राजन् ! मगधराज द्वारा सुरक्षित त्यो समुद्र जस्तै दुर्गम, भयावह र अपार सेनालाई वसुदेवनन्दन बलराम र श्रीकृष्णले केही बेरमै नष्ट-भ्रष्ट पारिदिए । ती जगदीश्वरका निम्ति त्यो एक साधारण खेल

करिणो निपेतुरनेकशोऽश्वाः शरवृक्णकन्धराः ॥ रथा हताश्वध्वजसूतनायकाः पदातयश्छिन्नभुजोरुकन्धराः ॥ २५ ॥ संछिद्यमानद्विपदेभ-वाजिनामङ्गप्रसूताः शतशोऽसृगापगाः ॥ भुजाहयः पूरुषशीर्षकच्छपा हतद्विपद्वीपिहयग्रहाकुलाः ॥२६॥ करोरुमीना नरकेशशैवला धनुस्तरङ्गायुध-गुल्मसङ्कुलाः ॥ अच्छूरिकावर्तभयानका महामणिप्रवेकाभरणाश्मशर्कराः ॥ २७ ॥ प्रवर्तिता भीरुभयावहा मृधे मनस्विनां हर्षकरीः परस्परम् ॥ विनिघ्नतारीन्मुसलेन दुर्मदान् सङ्कर्षणेनापरिमेयतेजसा ॥ २८ ॥ बलं तदङ्गार्णवदुर्गभैरवं दुरन्तपारं मगधेन्द्रपालितम् ॥ क्षयं प्रणीतं वसुदेवपुत्र-योर्विक्रीडितं तज्जगदीशयोः परम् ॥ २९ ॥ स्थित्युद्भवान्तं भुवनत्रयस्य यः समीहतेऽनन्तगुणः स्वलीलया ॥ न तस्य चित्रं परपक्षनिग्रहस्तथापि मर्त्यानुविधस्य वर्ण्यते ॥ ३० ॥ जग्राह विरथं रामो जरासन्धं महाबलम् ॥ हतानीकावशिष्टासुं सिंहः सिंहमिवौजसा ॥३१॥ बोध्यमानं हताराति पाशैर्वारुणमानुषैः ॥ वारयामास गोविन्दस्तेन कार्यचिकीर्षया ॥३२॥ स मुक्तो लोकनाथाभ्यां व्रीडितो वीरसम्मतः ॥ तपसे कृतसङ्कल्पो वारितः पथि राजभिः ॥ ३३ ॥ वाक्यैः पवित्रार्थपदैर्नयनैः प्राकृतैरपि ॥ स्वकर्मबन्धप्राप्तोऽयं यदुभिस्ते पराभवः ॥ ३४ ॥ हतेषु सर्वानीकेषु नृपो बार्हद्रथ-

जस्तै थियो ॥ २९ ॥ जुन अनन्तगुणसम्पन्न कृष्ण लीलाले नै त्रैलोक्यको उत्पत्ति, स्थिति र संहार गर्दछन्, तिनको निम्ति विपक्षको दमन गर्नु केही ठूलो कुरा थिएन । तथापि उनले मानव चरित्रको अनुसरण गरेका थिए । यसै निम्ति उनका यी कर्मको वर्णन गरिन्छ ॥ ३० ॥ यसरी जरासन्धका सबै सेना मारिए, रथ भाँचिए र केवल त्यसको आफ्नू जीवन मात्र शेष रह्यो । अनि त्यस महाबली वीरलाई, यौटा सिंह जसरी अर्को सिंहलाई पक्रन्छ, त्यसै गरी श्रीबलरामले बलपूर्वक समाए ॥ ३१ ॥ ३२ ॥ त्यस जरासन्धले धेरै विपक्षी राजाहरूलाई मारेको थियो, त्यसै कारण वध-योग्य थियो, तर बलरामले त्यसलाई मार्नको निम्ति वारुण र मनुष्य पाशले बाँध्न लागे, तब श्रीकृष्णचन्द्रले त्यसै द्वारा आफ्नू कार्य सम्पन्न गराउने इच्छाले दाजूलाई छेक्नु भयो । जरासन्ध वीरहरूमा माननीय थियो । अतः ती जगदीश्वरका हात बाट छुटेर, लज्जित भई उसले तपस्या गर्ने निश्चय गऱ्यो, तर बाटोमा उसका मित्र राजाहरूले–'प्रारब्धले नै तुच्छ यादवहरूका सामुन्ने आज हजुरले न्यूरनु पऱ्यो ।' भन्ने यस्तै शिक्षापूर्ण अन्यान्य वाक्यहरूले र लौकिक नीतिले बुझाएर रोकि-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिए* ॥ ३३ ॥ ३४ ॥ सबै सेना मारिनाले र बलराममले हेलाँ गरेर छाडिदिए, त्यसपछि जरासन्ध मनमा अत्यन्त खिन्न भएर आफ्नू मगधदेश फर्कियो ॥ ३५ ॥ यस्ता जसका सेनाको यौटा सैनिक पनि घायल भएको थिएन, ती नन्दनन्दन भगवान् श्रीकृष्णचन्द्र शत्रुसेनारूपी समुद्रलाई सहजै पारी तरेर भयमुक्त भएका र प्रसन्न चित्त मथुरानिवासीलाई भेटे। त्यसै वेला देवताहरूले पुष्प-वर्षा गरे तथा सूत, मागध, वन्दीजन उनको विजयगाथा गान गरिरहेका थिए ॥ ३६ ॥ ३७ ॥ त्यसपछि भगवान् नगरमा यस्ता शङ्ख, भेरी, दुन्दुभी, वीणा र मृदङ्गादि अनेक बाजाको घोष हुन लाग्यो ॥ ३८ ॥ त्यसै वेला मथुरापुरीका बाटोहरूमा जल छर्कियो। सर्वैतिर प्रसन्न भएका नागरिकको हर्षध्वनि भइरहेको थियो। सारा नगर ध्वजा-पताकाले सुसज्जित, वेदध्वनिले गुञ्जायमान र उत्जवले गर्दा चँदुवा आदिले मथुरा नगरीका सबै मूलबाटोहरू अलंकृत थियो ॥ ३९ ॥ स्त्रीहरूले अनन्य प्रीतिपूर्वक

स्तदा ॥ उपेक्षितो भगवता मगधान्दुर्मना ययौ ॥ ३५ ॥ मुकुन्दोऽप्यक्षतबलो निस्तीर्णारिबलार्णवः ॥ विकीर्यमाणः कुसुमैस्त्रिदशैरनुमोदितः ॥ ३६ ॥ माथुरैरुपसङ्गम्य विज्वरैर्मुदितात्मभिः ॥ उपगीयमानविजयः सूतमागधवन्दिभिः ॥ ३७ ॥ शङ्खदुन्दुभयो नेदुर्भेरीतूर्याण्यनेकशः ॥ वीणा-वेणुमृदङ्गानि पुरं प्रविशति प्रभौ ॥ ३८ ॥ सिक्तमार्गां हृष्टजनां पताकाभिरलंकृताम् ॥ निर्घुष्टां ब्रह्मघोषेण कौतुकाबद्धतोरणाम् ॥ ३९ ॥ निचीय-मानो नारीभिर्माल्यदध्यक्षताङ्कुरैः ॥ निरीक्ष्यमाणः सस्नेहं प्रीत्युत्कलितलोचनैः ॥ ४० ॥ आयोधनगतं वित्तमनन्तं वीरभूषणम् ॥ यदुराजाय तत्सर्वमाहृतं प्रादिशत्प्रभुः ॥ ४१ ॥ एवं सप्तदशकृत्वस्तावत्यक्षौहिणीबलः ॥ युयुधे मागधो राजा यदुभिः कृष्णपालितैः ॥४२॥ अक्षिण्वंस्तद्बलं सर्वं वृष्णयः कृष्णतेजसा ॥ हतेषु स्वेष्वनीकेषु त्यक्तोऽयादरिभिर्नृपः ॥ ४३ ॥ अष्टादशमसंग्रामे आगामिनि तदन्तरा ॥ नारदप्रेषितो वीरो

नेत्रले हेर्दै बलराममलाई पुष्पमाला, दही, अक्षता र यवाङ्कुरादिले ढाकिदिए ॥ ४० ॥ श्रीकृष्णले रणभूमिबाट वीरहरूका जो धेरै धन, वस्त्र, अलङ्कार र रत्नादि ल्याएका थिए, त्यो सबै उनले राजा उग्रसेनलाई सुम्पिदिए ॥ ४१ ॥ त्यसै गरी पहिले जत्तिकै सेना जम्मा पारेर राजा जरासन्धले श्रीकृष्णचन्द्र द्वारा रक्षित मथुरा पुरीका समस्त यादवहरूसित सत्रपल्ट युद्ध गर्‍यो ॥ ४२ ॥ तर यादवहरूले श्रीकृष्णको प्रभावद्वारा सबै पल्ट उसका सेना नष्ट पारिदिए र जरासन्ध आफ्ना सेना मारिएपछि खिन्नचित्त तथा हताश र हेलाँ भएर नै आफ्नू राजधानी फर्कियो ॥ ४३ ॥ फेरि जब अठारौँ पल्ट युद्ध हुने तयारी भयो तब नारद मुनिले पठाएको कालयवन वीर देखियो। युद्धमा त्यसका सामुन्ने टिक्नसक्ने वीर संसारमा

---

* दृष्टान्त (ज्याद्रो ऋणि —एक व्यक्तिको अर्को व्यक्तिमाथि सय रुपियाँको ऋण थियो। ऋणी ज्याद्रो र लोभी हुनाले रुपियाँ भएर पनि तिर्दैनथ्यो। एक दिन साहूले गएर भन्यो—'रुपियाँ दिने भए ल्या, नभए एक सय प्याज खा।' लोभीले स्वीकार गरेर प्याज खान थाल्यो। तर सात-आठ प्याज भन्दा बर्ता खान सकेन। अनि साहूले भन्या—' उसो भए एक सय खुर्सानी खा।' लोभी त्यो पनि स्वीकार गरेर खान लाग्यो तर त्यो पनि पूरा पार्न सकेन। अनि साहूले भन्यो—'रुपियाँ दे, नभए सय जुत्ता हिर्काउन दे।' लोभीले त्यो पनि स्वीकार गर्‍यो, तर पाँच-दस जुत्ता खाने बित्तिकै कराउन लाग्यो। अनि साहूले भन्यो—'तँ रुपियाँ दिन्नस र जुत्ता पनि खान्नस् भने म यो कुरा स्वीकार गर्न तयार छैन। दिन्नस् भने अदालतमा नालिस गरेर लिन्छु।' बल्ल लोभीले रुपियाँ गनिदियो र जुत्ता खायो ब्याजमा। यसको तात्पर्य यो हो—मनुष्य अनेक थरिका कष्ट भोगेर अन्त्यमा ईश्वरको भर पर्दछ र त्यसलाई मुक्ति लाभ हुन्छ। अनि आरम्भदेखि नै ईश्वरको आश्रय लिएर मुक्ति पाउने प्रयत्न किन नगर्नु ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोही थिएन ॥ ४४ ॥ उसले यादवहरूलाई आफूसमान बलवान् छन् भन्ने सुनेर तीन करोड म्लेच्छसेना लिई मथुरामा आयो र चारैतिरबाट नगरलाई छेक्यो ॥ ४५ ॥ त्यो अपार सैन्य समुद्र देखेर श्रीकृष्णले दाजूसित भन्नुभयो–'अहो ! अहिले यादवहरूमाथि दोहोरो विपत्ति आइलाग्यो ॥ ४६ । आज यो दुष्टात्मा, बलवान र कालयवनले पनि हामीलाई देख्यो । मगधराज जरासन्ध पनि आजै-भोलि सम्म अवश्य आउन्यै छ ॥ ४७ ॥ यदि योसित युद्ध गर्दा बलवान जरासन्ध पनि आइपुग्यो भने उसले कि त हामीद्वारा रक्षित हाम्रा बन्धुहरूलाई समाप्त पार्छ या थुनेर आफ्नू नगरमा लैजान्छ ॥ ४८ ॥ अतः आज म यस्तो बलियो दुर्गको रचना गर्दछु, जहाँ कुनै पनि मनुष्य पुग्न कठिन हुनेछ । अनि आफ्ना स्वजनलाई त्यहाँ थन्क्याएर म यस पापी कालयवनलाई मार्नेछु' ॥ ४९ ॥ यसरी दाजूसित सल्लाह गरी भगवान्ले अपार समुद्रको माझमा बाह्र योजन ठूलो दुर्गम दुर्ग तयार गराउनुभयो, त्यो सबै विचित्रताहरूले पूर्ण थियो ॥ ५० ॥ त्यसमा विश्वकर्माको सारा विज्ञान र शिल्प चातुर्य स्पष्ट देखिन्थ्यो । त्यो नगर शिल्प शास्त्रानुसार समस्त राजमार्ग

यवनः प्रत्यदृश्यत ॥ ४४ ॥ रुरोध मथुरामेत्य तिसृभिर्म्लेच्छकोटिभिः ॥ नृलोके चाप्रतिद्वन्द्वो वृष्णीञ्छ्रुत्वात्मसम्मितान् ॥४५॥ तं दृष्ट्वाऽचिन्तयत्कृष्णः संकर्षणसहायवान् ॥ अहो यदूनां वृजिनं प्राप्तं ह्युभयतो महत् ॥४६॥ यवनोऽयं निरुद्धेऽस्मानद्य तावन्महाबलः ॥ मागधोऽप्यद्य वा श्वो वा परश्वो वाऽऽगमिष्यति ॥४७॥ आवयोर्युध्यतोरस्य यद्यागन्ता जरासुतः ॥ बन्धून्वधिष्यत्यथवा नेष्यते स्वपुरं बली ॥ ४८ ॥ तस्मादद्य विधास्यामो दुर्गं द्विपददुर्गमम् ॥ तत्र ज्ञातीन्समाधाय यवनं घातयामहे ॥ ४९ ॥ इति सम्मन्त्र्य भगवान्दुर्गं द्वादशयोजनम् ॥ अन्तःसमुद्रे नगरं कृत्स्नाद्भुतमचीकरत् ॥५०॥ दृश्यते यत्र हि त्वाष्ट्रं विज्ञानं शिल्पनैपुणम् ॥ रथ्याचत्वरवीथीभिर्यथावास्तु विनिर्मितम् ॥ ५१ ॥ सुरद्रुमलतोद्यानविचित्रोपवनान्वितम् ॥ हेमशृङ्गैर्दिविस्पृग्भिः स्फाटिकाट्टालगोपुरैः ॥५२॥ राजतारकुटैः कोष्ठैर्हेमकुम्भैरलंकृतैः ॥ रत्नकूटैर्गृहैर्हैमैर्महामरकतस्थलैः ॥ ५३ ॥ वास्तोष्पतीनां च गृहैर्वलभीभिश्च निर्मितम् ॥ चातुर्वर्ण्यजनाकीर्णं यदुदेवगृहोल्लसत् ॥५४॥ सुधर्मां पारिजातं च महेन्द्रः प्राहिणोद्धरेः ॥ यत्र चावस्थितो मर्त्यो मर्त्यधर्मैर्न युज्यते ॥५५॥ श्यामैककर्णान्वरुणो हयाञ्शुक्लान्मनोजवान् ॥ अष्टौ निधिपतिः कोशाँल्लोकपालो निजोदयान् ॥ ५६ ॥ यद्यद्भगवता दत्तमाधिपत्यं स्वसिद्धये ॥ सर्वं प्रत्यर्पयामासुर्हरौ भूमिगते नृप ॥५७॥ तत्र योगप्रभावेण नीत्वा सर्वजनं हरिः ॥ प्रजापालेन रामेण कृष्णः समनुमन्त्रितः ॥

चौबाटो र गोरेटोको विभाजन गरेर बनाइएको थियो ॥ ५१ ॥ त्यसको चारैतिर देववृक्ष पुष्पित तथा लता, कुञ्ज, उद्यान र बगैंचाहरू थिए । गगनस्पर्शी शिखर, स्फटिकका खाँबाहरू एवं ढोका उसको शोभा बढाइरहेका थिए ॥ ५२ ॥ त्यसमा सुवर्ण कलशले सुशोभित चाँदी र पीतलमा अन्नकोष्ठ र आश्वशालाहरू थिए । रत्नजडित शिखर मणियुक्त भूमि भएका सुवर्ण-निर्मित भवन बनेका थिए ॥ ५३ ॥ त्यस नगरमा वास्तु-देवताका मन्दिर, चन्द्रशाला र अट्टालिकाहरू बनाएका थिए । त्यहाँ चारै वर्णका व्यक्ति सानन्द बस्तथे र माझमा श्रीकृष्णको महल त्यस नगरको शोभा बढाइरहेको थियो ॥ ५४ ॥ इन्द्रले श्रीकृष्णकहाँ कल्पवृक्ष र सुधर्मा सभा पठाइदिए । त्यस सुधर्मा सभामा बस्ने व्यक्ति भोक-प्यास आदि मानव-धर्मले युक्त हुँदैनथे ॥ ५५-५६ ॥ वरुणले, जसको यौटा कान श्याम वर्णको थियो, यस्तो मन झैं वेग हुने अनेक घोडा त्यहाँ पठाए । धनपति कुबेरल अष्टसिद्धि–नवनिधिहरू पठाए र अन्यान्य लोकपालहरूले पनि आफाफ्ना विभूतिहरू भगवान यशोदानन्दनकहाँ पठाइदिए । हे राजन् ! यसरी भिन्न-भिन्न लोकपाललाई आफाफ्ना अधिकार चलाउनको निम्ति

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन सिद्धिहरूको प्रभुत्व दिंएका थिए, ती सबै भगवान भूलोकमा आएपछि फर्काइदिए ॥ ५७ ॥ श्रीकृष्ण भगवान्‌ले आफ्नू योगबलले मथुरा निवासी सबै प्रजाहरूलाई त्यही नगरमा पुऱ्याइदिए र प्रजा-पालनको लागि बलरामलाई नियुक्त गरेर स्वयं नगरको द्वारबाट बाहिर निस्किए । त्यस वेला भगवान्‌ले कमल-पुष्पको माला पहिरेका थिए र उनीसित कुनै पनि शस्त्रास्त्र थिएन ॥ ५८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां पञ्चाशत्त मोऽध्यायः ॥ ५० ॥

(राजा मुचुकुन्दको कथा) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! नगरबाट निकन्दा श्रीकृष्ण यस्तो देखिइरहेथे मानो पूर्वतिर उदाएका सूर्य हुन् । उनको तमाम शरीर सान्है राम्रो थियो र ती रेशमी पीताम्बर तहिरेका 'वक्षस्थलमा श्री वत्स र घाँटीमा देदीप्यमान कौस्तुन मणि शोभित थियो । चारै भुजा बिशाल र नेत्र रक्त-कमलको समान अरुण वर्णका थियो । उनको सदा प्रसन्न र शोभायुक्त मुख, कपोल र मनोहर हास्यले शोभित थियो । उनका कानमा मकराकृत कुण्डल हल्लिरहेथे । उनलाई देखेर पराक्रमी म्लेच्छ कालयवनले

निर्जगाम पुरद्वारात्पद्ममाली निरायुधः ॥ ५८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे दुर्गनिवेशनं नाम पञ्चाशत्तमोऽध्यायः ॥ ५० ॥

श्रीशुक उवाच ॥ तं विलोक्य विनिष्क्रान्तमुज्जिहानमिवोडुपम् ॥ दर्शनीयतमं श्यामं पीतकौशेयवाससम् ॥ १ ॥ श्रीवत्सवक्षसं भ्राजत्कौस्तुभामुक्तकन्धरम् ॥ पृथुदीर्घचतुर्बाहुं नवकञ्जारुणेक्षणम् ॥ २ ॥ नित्यप्रमुदितं श्रीमत्सुकपोलं शुचिस्मितम् ॥ मुखारविन्दं बिभ्राणं स्फुरन्मकरकुण्डलम् ॥ ३ ॥ वासुदेवो ह्ययमिति पुमाञ्छ्रीवत्सलाञ्छनः ॥ चतुर्भुजोऽरविन्दाक्षो वन्यमाल्यतिसुन्दरः ॥ ४ ॥ लक्षणैर्नारदप्रोक्तैर्नान्यो भवितुमर्हति ॥ निरायुधश्चलन्पद्भ्यां योत्स्येऽनेन निरायुधः ॥ ५ ॥ इति निश्चित्य यवनः प्राद्रवन्तं पराङ्मुखम् ॥ अन्वधावज्जिघृक्षुस्तं दुरापमपि योगिनाम् ॥ ६ ॥ हस्तप्राप्तमिवात्मानं हरिणा स पदे पदे ॥ नीतो दर्शयता दूरं यवनेशोऽद्रिकन्दरम् ॥ ७ ॥ पलायनं यदुकुले जातस्य तव नोचितम् ॥ इति क्षिपन्ननुगतो नैनं प्रापाहताशुभः ॥ ८ ॥ एवं क्षिप्तोऽपि भगवानविशद्‌गिरिकन्दराम् ॥ सोऽपि प्रविष्टस्तत्राथ शयानं ददृशे नरम् ॥ ९ ॥ नन्वसौ दूरमानीय शेते मामिह साधुवत् ॥ इति मत्वाऽच्युतं मूढस्तं पदा समताडयत् ॥ १० ॥ स उत्थाय चिरं सुप्तः

ठान्यो—यिनै वसुदेव-नन्दन कृष्णा हुन् किनकि नारदले बताएका लक्षण अनुसार श्रीवत्स चिह्नयुक्त, चार भुजा, कमल-नयन र वनमालाधारी सुन्दर पुरुष अरु कोही पनि हुन सक्तैनन । यी शस्त्रास्त्र नलिई पैदल आइरहेका छन् । अतः म पनि यीसित हतियार नलिई यसै लड्‌दछु ॥ १–५ ॥ यस्तो निश्चय गरेर कालयवन, योगीहरूलाई पनि दुर्लभ आफ्नू साम्नुन्ने मागिरहेका श्रीहरिलाई पक्रन पछि-पछि दगुऱ्यो ॥ ६ ॥ भगवान् पनि अब समातिएँ, अब समातिएँ भने जस्तो पारी त्यस यवनलाई निकै पर यौटा पर्वतको गुफामा लैजानुभयो ॥ ७ ॥ अनि पापी कालयवन भन्दछ—'ए कृष्ण ! तँ यदुकुलमा जन्मेको वीर होस् । यसरी भाग्नु कदापि उचित छैन ।' यस्तो आक्षेप गर्दै भगवान्‌को पछि-पछि दगुर्दै रह्यो, तर समाउन सकेन ॥ ८ ॥ यसरी यवनले बारम्बार आक्षेप गर्दा पनि भगवान् भाग्दै जानुभयो र पर्वतको यौटा कन्दरामा पस्नुभयो । कालयवन पनि पछि-पछि त्यही गुफामा पस्यो र त्यहाँ उसले सुतेका एक अन्य महापुरुषलाई देख्यो ॥९॥ अनि उनैलाई मूर्ख कालयवनले कृष्ण भन्ने ठानेर तथा—'मलाई यति पर ल्याई यहाँ थाकेर कस्तो साधु बनेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुतिरहेछ' भन्दै उनलाई लात्तिले हिर्कायो ॥१०॥ ती महापुरुष त्यहाँ धेरै दिनदेखि सुतेका थिए। तिनले उठेर विस्तारै आँखा खोलो सबैतिर हेरे, नगीचै उभिएको त्यो वीर कालयवनलाई देखे ॥ ११ ॥ हे भारत ! ती क्रुद्ध पुरुषको दृष्टि पर्नासाथ कालयवन आफ्नै अंगबाट उत्पन्न अग्निद्वारा जलेर एक क्षणमै भस्म खरानी भयो ॥ १२ ॥ यति कथा सुनेर परीक्षितले सोधे—हे ब्रह्मन् ! त्यो यवनलाई भस्म पार्ने ती को थिए ? कसका पुत्र थिए ? उनको पराक्रम र तेज कस्तो थियो ? ती किन त्यस गुफामा आएर सुतेका थिए ? ॥१३॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! ती इक्ष्वाकु वंशमा उत्पन्न महाराज मान्धाताका छोरा, ब्रह्मण्यदेव र वीर महाराज मुचुकुन्द थिए ॥१४॥ एकपल्ट स्वर्गमा इन्द्रादि देवताहरूले दैत्यद्वारा त्रस्त भएर उनीसित आफ्नू रक्षाका लागि प्रार्थना गरे। अनि उनले धेरै दिनसम्म स्वर्गमा सबै देवताको रक्षा गरेका थिए ॥ १५ ॥ पछि देवगणलाई स्वर्गको रक्षा गर्न देवसेनापति कार्तिकेय भेटिए। अनि उनले मुचुकुन्दसित भने—'राजन् ! अब तपाई हाम्रो रक्षाबाट निवृत्त हुन सक्नुहुन्छ ॥ १६ ॥ किनभने हे वीर ! तपाईं मर्त्यलोकको आफ्नू

शनैरुन्मील्य लोचने ॥ दिशो विलोकयन्पार्श्वे तमद्राक्षीदवस्थितम् ॥ ११ ॥ स तावत्तस्य रुष्टस्य दृष्टिपातेन भारत ॥ देहजेनाग्निना दग्धो भस्मसाद्भवत्क्षणात् ॥ १२ ॥ राजोवाच ॥ को नाम स पुमान्ब्रह्मन्कस्य किंवीर्य एव च ॥ कस्माद्गुहां गतः शिश्ये किंतेजा यवनार्दनः ॥ १३ ॥ श्रीशुक उवाच ॥ स इक्ष्वाकुकुले जातो मान्धातृतनयो महान् ॥ मुचुकुन्द इति ख्यातो ब्रह्मण्यः सत्यसङ्गरः ॥ १४ ॥ स याचितः सुरगणैरिन्द्राद्यैरात्मरक्षणे ॥ असुरेभ्यः परित्रस्तैस्तद्रक्षां सोऽकरोच्चिरम् ॥ १५ ॥ लब्ध्वा गुहं ते स्वःपालं मुचुकुन्दमथाब्रुवन् ॥ राजन्विरमतां कृच्छ्राद्भवान्नः परिपालनात् ॥ १६ ॥ नरलोके परित्यज्य राज्यं निहतकण्टकम् ॥ अस्मान्पालयतो वीर कामास्ते सर्व उज्झिताः ॥ १७ ॥ सुता महिष्यो भवतो ज्ञातयोऽमात्यमन्त्रिणः ॥ प्रजाश्च तुल्यकालीया नाधुना सन्ति कालिताः ॥ १८ ॥ कालो बलीयान्बलिनां भगवानीश्वरोऽव्ययः ॥ प्रजाः कालयते क्रीडन्पशुपालो यथा पशून् ॥ १९ ॥ वरं वृणीष्व भद्रं ते ऋते कैवल्यमद्य नः ॥ एक एवेश्वरस्तस्य भगवान्विष्णुरव्ययः ॥ २० ॥ एवमुक्तः स वै देवानभिवन्द्य महायशाः ॥ अशयिष्ट गुहाविष्टो निद्रया देवदत्तया ॥ २१ ॥ स्वापं यातं यस्तु मध्ये बोधयेत्त्वामचेतनः ॥ स त्वया दृष्टमात्रस्तु भस्मीभवतु तत्क्षणात् ॥ २२ ॥ यवने भस्मसान्नीते भगवान्सात्वतर्षभः ॥ आत्मानं दर्शयामास मुचुकुन्दाय धीमते ॥ २३ ॥ तमालोक्य घन-

निष्कण्टक राज्य छाडेर हामीहरूको पालन गरेर सम्पूर्ण भोग त्यागि दिनुभयो ॥ १७ ॥ अब तपाईका आफ्ना स्त्री, पुत्र, जाति-बन्धु, अमात्य एवं समकालीन प्रजावर्गमध्ये अब त्यहाँ कोही पनि बाँचेको छैनन्, ती सबै कालका मुखमा गइशकेका छन् ॥ १८ ॥ काल सबैभन्दा बलियो छ। त्यही अविनाशी ईश्वर हो। जसरी गोपगण पशुहरूको संचालन गर्छन्, त्यसै गरी काल ठट्टामै प्रजाको नियन्त्रण गर्दछ ॥ १९ ॥ हे राजन् ! हजुर मोक्ष बाहेक अरु कुनै पनि वरदान माग्नुहवस्, दिन्छौं किनकि मोक्ष दिने सामर्थ्य ती एकमात्र अव्यय भगवान् विष्णुमा नै छ' ॥ २० ॥ यस प्रकार देवताहरूले भनेपछि महायशस्वी मुचुकुन्दले उनलाई प्रणाम गरेर धेरै दिनदेखि थाकेकाले निद्राको वरदान मागे। देवताहरूले भने—'हे राजन् ! जसले सुतेका हजुरलाई उठाउला, त्यो तुरुन्त भस्म हुनेछ !' यस प्रकार देवताले दिएको निद्राका वशीभूत भएर मुचुकुन्द त्यही गुफामा गएर सुतेका थिए ॥ २१ ॥ २२ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालयवन भस्मीभूत भएपछि भगवान् कृष्णले बुद्धिमान राजा मुचुकुन्दलाई दर्शन दिनुभयो ॥ २३ ॥ भगवान्को शरीर मेघ जस्तै श्यामवर्णको थियो। ती रेशमी पीताम्बर पहिरेका र वक्षस्थलमा श्रीवत्सचिह्न एवं कौस्तुभ मणि धारण गरेका थिए। उनका लामा-लामा चार बाहु थिए र घाँटीमा वैजयन्ती मालाले विभूषित थिए। उनको सुन्दर मुख प्रसन्न थियो। उनका कानमा मकराकृत कुण्डल टल्किरहेका थिए। उनको हेराई हास्य-पूर्ण थियो। ती मनुष्यमात्रका निम्ति दर्शनीयथिए। तरुण अवस्था भएका ती भगवान् मृगराज जस्तै उनमा प्रबल पराक्रम थियो। भगवान्को त्यो तेजयुक्त दिव्यरूप देखेर बुद्धिमान राजा मुचुकुन्दले त्यस तेजले प्रतिहत र सशंकित चित्त भएर विस्तारै सोधे— ॥ २४ ॥ २५ ॥ २६ ॥ २७ ॥ मुचुकुन्दले सोधे—'हजुर को हुनुहुन्छ? कंटकपूर्ण यस वनमा आफ्ना कमलदल समान सुकुमार चरणारविन्दले डुल्दै यस गिरिकन्दरामा किन आउनुभयो? ॥ २८ ॥ हजुर सबै तेजस्वीहरूका तेज साक्षात् अग्निदेव त हुनुहुन्न? सूर्य, चन्द्र, इन्द्र अथवा अन्यान्य लोकपालमध्ये कोही हुनुहुन्छ? ॥२९॥ मेरो विचारमा हजुर सबै

श्यामं पीतकौशेयवाससम् ॥ श्रीवत्सवक्षसं भ्राजत्कौस्तुभेन विराजितम् ॥ २४ ॥ चतुर्भुजं रोचमानं वैजयन्त्या च मालया ॥ चारुप्रसन्नवदनं स्फुरन्मकरकुण्डलम् ॥२५॥ प्रेक्षणीयं नृलोकस्य सानुरागस्मितेक्षणम् ॥ अपीच्यवयसं मत्तमृगेन्द्रोदारविक्रमम् ॥ २६ ॥ पर्यपृच्छन्महाबुद्धिस्तेजसा तस्य धर्षितः ॥ शङ्कितः शनकै राजा दुर्धर्षमिव तेजसा ॥ २७ ॥ मुचुकुन्द उवाच ॥ को भवानिह सम्प्राप्तो विपिने गिरिगह्वरे ॥ पद्भ्यां पद्मपलाशाभ्यां विचरस्युरुकण्टके ॥ २८ ॥ किंस्वित्तेजस्विनां तेजो भगवान्वा विभावसुः ॥ सूर्यः सोमो महेन्द्रो वा लोकपालोऽपरोऽपि वा ॥ २९ ॥ मन्ये त्वां देवदेवानां त्रयाणां पुरुषर्षभम् ॥ यद्बाधसे गुहाध्वान्तं प्रदीपः प्रभया यथा ॥ ३० ॥ शुश्रूषतामव्यलीकमस्माकं नरपुङ्गव ॥ स्वजन्म कर्म गोत्रं वा कथ्यतां यदि रोचते ॥ ३१ ॥ वयं तु पुरुषव्याघ्र ऐक्ष्वाकाः क्षत्रबन्धवः ॥ मुचुकुन्द इति प्रोक्तो यौवनाश्वात्मजः प्रभो ॥ ३२ ॥ चिरप्रजागरश्रान्तो निद्रयापहतेन्द्रियः ॥ शयेऽस्मिन्विजने कामं केनाप्युत्थापितोऽधुना ॥ ३३ ॥ सोऽपि भस्मीकृतो नूनमात्मीयेनैव पाप्मना ॥ अनन्तरं भवाञ्छ्रीमाँल्लक्षितोऽमित्रशातनः ॥ ३४ ॥ तेजसा तेऽविषह्येण भूरि द्रष्टुं न शक्नुमः ॥ हतौजसो महाभाग माननीयोऽसि देहिनाम् ॥ ३५ ॥

देवताहरूका पनि देवता ब्रह्मा, विष्णु र शिव यी मध्ये साक्षात् नारायण नै हुनुहुन्छ, किनकि प्रज्वलित बत्ती समान आफ्नू तेजले यस गुफाको अन्धकार नष्ट पारिरहनुभएको छ॥३०॥ हे नरश्रेष्ठ! यदि हजुरको इच्छा भए मलाई आफ्नू जन्म, कर्म र गोत्र बताउनु हवस्। त्यो सुन्ने मेरो ठूलो इच्छा छ ॥ ३१ ॥ हे पुरुषसिंह! म त इक्ष्वाकु कुलमा उत्पन्न यौटा क्षत्रिय हूँ। हे प्रभो! मेरो नाम मुचुकुन्द हो र म युवनाश्वनन्दन महाराज मान्धाताको छोरो हुँ ॥ ३२ ॥ म धेरै दिनसम्म नसुत्नाले थाकेको थिएँ र निद्राले अचेत भएर यस निर्जन स्थानमा इच्छानुसार सुतेको थिएँ। अहिले मलाई कसैले उठाइदियो ॥ ३३ ॥ त्यो आफ्नै पापले डढेर भस्म भयो अनि मैले आफ्ना शत्रुहरूलाई नष्ट पार्ने हजुरको दर्शन पाएँ ॥ ३४ ॥ हे महाभाग! हजुर समस्त देहधारीहरूमा माननीय हुनुहुन्छ। हजुरको असह्य तेजले आँखा तिरिमिरि भएर म वर्ता बेरसम्म हजुरतिर हेरिरहन सकिरहको छैन ॥३५॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रजावत्सल* राजा मुचुकुन्दले त्यति भनेपछि भगवान् कृष्णले मेघ झैं गम्भीर वाणीमा भन्नुभयो ॥ ३६ ॥ भगवान् आज्ञा हुन्छ—हे तात ! मेरो जन्म-कर्म र नाम हजारौं छन् । त्यसको कुनै अन्त्य छैन । स्वयं म पनि तिनको गणना गर्न सक्तिन ॥ ३७ ॥ कोही व्यक्ति अनेक जन्ममा पृथ्वीका रजकणहरू गन्न सक्ला, तर मेरो जन्म, गुण, कर्म र नामहरू कोही कदापि गन्न सक्तैन ॥ ३८ ॥ हे राजन् ! सबै महर्षि पनि मेरो त्रिकालसि जन्म-कर्मन गर्दैं रहेर पनि कहिल्यै तिनको अन्त्य भेट्टाउन्नन ॥ ३९ ॥ तैपनि म आफ्नो वर्तमान जन्म-कर्म र नामको वर्णन गर्दछु, सुन–पूर्वकालमा मसित ब्रह्माले धर्मको रक्षा तथा पृथ्वीका भाररूप दैत्यगणको संहार गर्ने प्रार्थना गरेका थिए

एवं सम्भाषितो राज्ञा भगवान्भूतभावनः ॥ प्रत्याह प्रहसन्वाण्या मेघनादगभीरया ॥ ३६ ॥ श्रीभगवानुवाच ॥ जन्मकर्माभिधानानि सन्ति मेऽङ्ग सहस्रशः ॥ शक्यन्तेऽनुसंख्यातुमनन्तत्वान्मयाऽपि हि ॥३७॥ क्वचिद्रजांसि विममे पार्थिवान्युरुजन्मभिः ॥ गुणकर्माभिधानानि न मे जन्मानि कर्हिचित् ॥ ३८ ॥ कालत्रयोपपन्नानि जन्मकर्माणि मे नृप ॥ अनुक्रमन्तो नैवान्तं गच्छन्ति परमर्षयः ॥ ३९ ॥ तथाप्यद्य तनान्यङ्ग शृणुष्व गदतो मम ॥ विज्ञापितो विरिञ्चेन पुराऽहं धर्मगुप्तये ॥ भूमेर्भारायमाणानामसुराणां क्षयाय च ॥ ४० ॥ अवतीर्णो यदुकुले गृह आनकदुन्दुभेः ॥ वदन्ति वासुदेवेति वसुदेवसुतं हि माम् ॥ ४१ ॥ कालनेमिर्हतः कंसः प्रलम्बाद्याश्च सद्द्विषः ॥ अयं च यवनो दग्धो राजंस्ते तिग्मचक्षुषा ॥ ४२ ॥ सोऽहं तवानुग्रहार्थं गुहामेतामुपागतः ॥ प्रार्थितः प्रचुरं पूर्वं त्वयाऽहं भक्तवत्सलः ॥ ४३ ॥ वरान्वृणीष्व राजर्षे सर्वान्कामान्ददामि ते ॥ मां प्रपन्नो जनः कश्चिन्न भूयोऽर्हति शोचितुम् ॥ ४४ ॥ श्रीशुक उवाच ॥ इत्युक्तस्तं प्रणम्याह मुचुकुन्दो मुदान्वितः ॥ ज्ञात्वा नारायणं देवं गर्गवाक्यमनुस्मरन्

॥ ४० ॥ उनको प्रार्थनाले नै म यदुकुलमा वसुदेवकहाँ अवतार लिएँ । वसुदेवको छोरो हुनाले सबै मलाई वासुदेव भन्दछन् ॥ ४१ ॥ आजपर्यन्त मेरै हातबाट कालनेमीको दोस्रो अवतार कंस र प्रलम्बासुर आदि अनेक सज्जन-द्रोही मारिइसके । हे राजन् ! अहिले पनि यो कालयवन मेरै प्रेरणाले तीम्रो तीक्ष्ण दृष्टि द्वारा भस्म भएको हो ॥ ४२ ॥ म तिमीमाथि कृपा गर्नको निम्ति नै यस गुफामा आएको हुँ । म भक्तवत्सल हुँ र तिमीले पहिल्यै मेरो धेरै आराधना गरेका थियौ ॥४३॥ हे राजन् ! तिमी मसित इच्छित वर माग, म तिम्रा सबै इच्छा पूर्ण पारिदिन्छु । जुन व्यक्ति मेरो शरणमा आउँछ, त्यसलाई कुनै चिन्ता रहन्न॥४४॥ शुकदेव भन्नुहुन्छ–भगवानको यस्ता वचन सुनेर राजालाई ठूलो आनन्द भयो

* उदाहरण (राजाको प्रजाप्रेम)–दिल्लीका बादशाह जहाँगीरको समयमा एक वर्ष मालपोत खातामा धेरै धन जम्मा भयो । राजाले मन्त्रीसित सोध्यो--'अरु वर्ष त यति बर्ता आमदानी भएको थिएन, अनि यस वर्ष यति फरक किन भयो ?' वजीरले भन्यो–'जहाँपनाह ! हामीले अनुचित काइदाले किसानलाई दुःख दिएको होइन, बरू स्वाभाविक रीतिले यसपाली गङ्गाको पानी बर्ता पर गयो, बर्ता भूमि खेतीको निम्ति पाइयो र फसल राम्रो भयो । यसैले आमदनी बढ्यो ।' बादशाह त्यस बेला त केही बोलेन, राती महलमा गएपछि निद्रा लागेन । राति नै ऊ मन्त्रीकहाँ गयो र भन्यो–राज्यको अपराधले नै गङ्गाजीमा पानी घटेको थियो । त्यसमाथि पनि तिमीले गङ्गाद्वारा छाडिएको भूमिको पनि मालपोत लियौ । यसरी त अर्को वर्ष गङ्गाजीमा पानी नै रहने छैन । यस अपराधको निम्ति परमा मासित प्रार्थना गर्दछु–गंगाजीलाई सदा जलले भरिएको राखुन् । तिमी पनि त्यस्तै प्रार्थना गर । बर्ता आएको मालपोत राज्यको काममा नलगाएर गङ्गातटका निवासी कृषकहरूमा बाँडिदिनु जसमा तिनको आशीर्वाद प्राप्त भएर आफ्नो राज्य टिकीरहोस् । राज्यका आधार कृषक आबाद रहे भने राज्य पनि आबाद रहने छ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनको गर्गमुनिको वाक्य अर्थात् 'अट्ठाइसौं द्वापर युगमा विष्णु भगवान् वसुदेव कहाँ अवतार लिनेछन्' स्मरण गर्दै उनलाई साक्षात् नारायण माने र भन्न लागे।।४५।।मुचुकुन्द भन्दछन् हे ईश ! हजुरकी मायाले मोहित भएर संसारका नर-नारी हजुरलाई भज्दैनन् । तिनको दृष्टि अनर्थरूप संसारमै लागिरहन्छ र यौटा अर्को द्वारा परस्पर ठगिएर पनि सुखको आशाले दुःखपूर्ण गार्हस्थ्यमा गाडिरहन्छन् ॥ ४६ ॥ हे अनघ ! यस कर्म भूमिमा सम्पूर्ण अङ्गले युक्त अतिशय दुर्लभ मनुष्य शरीर पाएर पनि जीव तुच्छ विषय-सुखमा आसक्त रहनाले हजुरका चरणकमलको भजन गर्दैनन् र तृणको लो भले अँध्यारो कूपमा परेको पशु झैं गृहरूपी अन्धकूपमा गाडिन्छन् ।।४७।। हे अजित ! म राजा थिएँ, राज्यलक्ष्मीको मदले मलाई उन्मत्त पारिदिएको थियो । म आफ्नू देहलाई नै आत्मा मान्दथे र स्त्री-पुत्र, राजकोषमा मेरो ठूलो आसक्ति थियो। यस्तो दुरन्त चिन्तामा लागेर मेरो धेरै समय व्यर्थ बितेर गयो ॥ ४८ ॥ घडा र भित्ता झैं यस शरीरमा 'म राजा हुँ, यस्तो दृढ अभिमान मलाई भइसकेको थियो। म हजुरको स्मरण गर्न छाडेर रथ, हात्ती, घोडा र पैदल चतुरङ्गिणी सेना सहित अत्यन्त मदान्ध भएर पृथ्वीमा डुल्दथे ॥ ४९ ॥ 'मैले के गर्नु छ' यस चिन्तामा मनुष्य उन्मत्त रहन्छ, किनकि उसलाई विषयहरूको अत्यन्त लालसा

॥ ४५ ॥ मुचुकुन्द उवाच ॥ विमोहितोऽयं जन ईश मायया त्वदीयया त्वां न भजत्यनर्थदृक्ः ॥ सुखाय दुःखप्रभवेषु सज्जये गृहेषु योषित्पुरुषश्च वञ्चितः ॥ ४६ ॥ लब्ध्वाजनो दुर्लभमत्र मानुषं कथञ्चिदभ्यङ्गमयत्नतोऽनघ ॥ पदारविन्दं न भजत्यसन्मतिर्गृहान्धकूपे पतितो यथा पशुः ॥ ४७ ॥ ममैषकालोऽजित निष्फलो गतो राज्यश्रियोन्नद्धमदस्य भूपतेः ॥ मर्त्यात्मबुद्धेः सुतदारकोशभूष्वासज्जमानस्य दुरन्तचिन्तया ॥ ४८ ॥ कैलेवरेऽस्मिन्घटकुड्यसन्निभे निरूढमानो नरदेव इत्यहम् ॥ वृतो रथेमाश्वपदात्यनीकपैर्गां पर्यटंस्त्वांऽगणयन्सुदुर्मदः ॥४९॥ प्रमत्तमुच्चैरितिकृत्यचिन्तया प्रवृद्धलोभं विषयेषु लालसम् ॥ त्वमप्रमत्तः सहसाऽभिपद्यसे क्षुल्लेलिहानोऽहिरिवाखुमन्तकः ॥५०॥ पुरा रथैर्हेमपरिष्कृतैश्चरन्मतङ्गजैर्वा नरदेवसंज्ञितः ॥ स एव कालेन दुरत्ययेन ते कलेवरो विट्कृमिभस्मसंज्ञितः ॥ ५१ ॥ निर्जित्य दिक्चक्रमभूतविग्रहो वरासनस्थः समराजवन्दितः ॥ गृहेषु मैथुन्यसुखेषु योषितां क्रीडामृगः पूरुष ईश नीयते ॥ ५२ ॥ करोति कर्माणि तपःसु निष्ठितो निवृत्तभोगस्तदपेक्षया ददत् ॥ पुनश्च भूयेयमहं स्वराडिति प्रवृद्धतर्षो न सुखाय कल्पते ॥ ५३ ॥ भवापवर्गो भ्रमतो यदा भवेज्जनस्य तर्ह्यच्युत सत्समागमः ॥ सत्सङ्गमो यर्हि सदैव तद्गतौ परावरेशे त्वयि जायते मतिः

रहन्छ र विषय प्राप्त भएपछि पनि प्रतिदिन उसको तृष्णा बढ्दै जान्छ तर जस्तै क्षुधावश जिब्रो भित्र-बाहिर पार्ने सर्प असावधान मूसालाई पक्रन्छ, त्यस्तै नै सदैव सावधान रहने कालरूपी हजुर त्यसलाई अकस्मात् आएर पक्रिलिनु हुन्छ ॥ ५० ॥ पहिले जुन देह 'राजा' बनेर सुवर्णमय रथमा र मदमत्त हात्तीहरूमा चढेर हिड्थ्यो, उही एक दिन दुर्निवार कालको ग्रास भएर विष्ठा, कृमि वा भस्म बन्दछ ॥ ५१ ॥ हे ईश ! मनं भन्दा पहिले जो सबै दिशाहरू जितेर युद्ध समाप्त गरिसकेको हुन्छ र श्रेष्ठ सिंहासनमा बसेर आफ्ना समकक्ष राजाहरूसित पूजित हुन्छ, त्यही व्यक्ति विषय-सुखको निम्ति नारीहरूको क्रीडामृग (पालतु पशू) बन्दछ ॥ ५२ ॥ फेरि त्यो उही राज्यादि भोगहरूको इच्छाले दान-पुण्य गर्दछ । पछि भोगहरू छाडेर तपस्यामा स्थित रही त्यो 'म अर्को जन्ममा स्वतन्त्र सम्राट् हुन पाउँ यस अभिलाषाले नाना थरिका कर्म गर्दछ । यस प्रकार तृष्णा बढ्नाले अलिकति पनि शान्ति पाउन्न । हे अच्युत ! जब संसार-बन्धनको अन्त्य नजीक आउँछ, तब प्राणीलाई सत्सङ्ग प्राप्त हुन्छ, आनि सत्पुरुषहरूको आश्रय एवं कार्य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारणका नियन्ता हजुरमा उसको मन लाग्दछ ॥ ५३-५४ ॥ हे ईश ! मेरो राज्य-बन्धन स्वयं टुटिसकेको छ । यो म हजुरको अनुग्रह नै मान्दछु, किनकि जो साधुस्वभाव चक्रवर्ती राजा राज्य छाडेर तपस्या गर्नका लागि वनमा जान खोज्दछन् ती पनि यो राज्यानुरागबाट मुक्त हुनको निम्ति हजुरसित प्रार्थना गर्दछन् ॥५५॥ हे विभो ! निरभिमानी पुरुष जो अत्यन्त प्रार्थनीय छ, त्यो हजुरका चरण-सेवा बाहेक म केही पनि वर माग्दिन । हे हरे ! हजुर जस्ता मोक्षप्रद प्रभुको आराधना गरेर कुनै पनि विचारवान् पुरुष आफूलाई बन्धनमा पार्ने वरदान कसरी माग्न सक्तछ ? ॥ ५६ ॥ हे ईश ! म सत्त्वगुण, रजोगुण र तमोगुणले सम्बद्ध सबै कामनाहरू छाडेर हजुर निर्मल, अद्वय र विशुद्ध चिन्मात्र परम पुरुषको शरण पर्दछु ॥५७॥ म चिरकालीन आफ्ना कर्मफलले पीडित थिएँ । तिनका दुःखद परिणाम मलाई निरन्तर पोलिरहेका थिए । आफ्ना छ शत्रुहरू अर्थात् पाँच ज्ञानेन्द्रिय र छैठौं मनको तृष्णा शान्त नहुनाले मलाई शान्ति प्राप्त भइरहेको छैन । हे परमात्मन् ! अब म भय, मृत्यु र शोकले रहित हजुरका चरणकमलको शरणमा आएको छु । हे ईश ! हजुर म

॥ ५४ ॥ मन्ये ममानुग्रह ईश ते कृतो राज्यानुबन्धापगमो यदृच्छया ॥ यः प्रार्थ्यते साधुभिरेकचर्यया वनं विविक्षद्भिरखण्डभूमिपैः ॥ ५५ ॥ न कामयेऽन्यं तव पादसेवनादकिञ्चनप्रार्थ्यतमाद्वरं विभो ॥ आराध्य कस्त्वां ह्यपवर्गदं हरे वृणीत आर्यो वरमात्मबन्धनम् ॥ ५६ ॥ तस्माद्वि-सृज्याशिष ईष सर्वतो रजस्तमःसत्त्वगुणानुबन्धनाः ॥ निरञ्जनं निर्गुणमद्वयं परं त्वां ज्ञप्ति मात्रं पुरुषं व्रजाम्यहम् ॥ ५७ ॥ चिरमिह वृजिनातस्त-प्यमानोऽनुतापैरवितृषषडमित्रोऽलब्धशान्तिः कथञ्चित् ॥ शरणद समुपेतस्त्वत्पदाब्जं परात्मन्नभयमृतमशोकं पाहि मापन्नमीश ॥ ५८ ॥ श्रीभग-वानुवाच ॥ सार्वभौम महाराज मतिस्ते विमलोर्जिता ॥ वरैः प्रलोभितस्यापि न कामैर्विहता यतः ॥ ५९ ॥ प्रलोभितो वरैर्यत्त्वमप्रमादाय विद्धि तत् ॥ न धीर्मय्येकभक्तानामाशीर्भिर्भिद्यते क्वचित् ॥ ६० ॥ युञ्जानानामभक्तानां प्राणायामादिभिर्मनः ॥ अक्षीणवासनं राजन्दृश्यते पुनरुत्थितम् ॥ ६१ ॥ विचरस्व महीं कामं मय्यावेशितमानसः ॥ अस्त्वेव नित्यदा तुभ्यं भक्तिर्मय्यनपायिनी ॥६२॥ क्षात्रधर्मस्थितो जन्तून्यवधीर्मृगयादिभिः ॥ समाहितस्तत्तपसा जह्यघं मदुपाश्रितः ॥ ६३ ॥ जन्मन्यनन्तरे राजन्सर्वभूतसुहृत्तमः ॥ भूत्वा द्विजवरस्त्वं वै मामुपैष्यसि केवलम् ॥ ६४ ॥ इति

शरणागतको रक्षा गर्नुहवस् ॥ ५८ ॥ भगवानले भन्नुभयो—हे सार्वभौम महाराज ! तिम्रो बुद्धि निर्मल र उच्च छ । त्यसैले मद्वारा वरको निम्ति लोभ देखाउँदा पनि त्यो कामनाहरू-को वशमा परिनौ ॥ ५९ ॥ मैले तिमीलाई वरदान दिने जुन लोभ देखाएको थिएँ, त्यो तिमी आफ्नो सावधानीको परीक्षाको निम्ति नै जान । किनकि मेरो अनन्य भक्तहरूको बुद्धि कहिल्यै कामनाहरूले ग्रसित हुँदैन ॥ ६० ॥ जो भक्त हुन्छन्, उनको मन प्राणायामादि साधन द्वारा आफ्नू वशमा गर्ने उद्योग गर्दै रहे पनि वासनाहरूको क्षय नभएर विषयतिर नै दगुरिरहन्छ ॥६१॥ अब तिमी मन लगाएर स्वेच्छानुसार पृथ्वीमा विचरण गर । ममा तिम्रो अनपायनी भक्ति बनिरहने छ ॥६२॥ तिमीले क्षात्रधर्मको आचरण गर्न बेलामा मृगया आदिमा अनेक जीव मार्‍यौ । अब समाहित चित्तले मेरो उपासना गर्दै कठोर तपस्या द्वारा त्यस पापलाई क्षीण पार । हे राजन् ! अर्को जन्ममा तिमी सबैका परम सुहृद र श्रेष्ठ

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मण हुनेछौ । त्यस वेला म कैवल्यस्वरूप परमात्मालाई पाउने छौ ॥ ६३-६४ ॥ इति श्रीमद्भागवते महापुराणे नेपाली भाषाटीकायामेकपञ्चाशत्तमोऽध्यायः ॥ ५१ ॥

(भगवानको द्वारका गमन, बलरामको विवाह र श्रीकृष्णले रुक्मिणीको विवाह-समचार पाउनु) श्रीशुकदेव भन्दछन्—हे तात ! इक्ष्वाकुतनय महाराज मुचुकुन्द श्रीकृष्णसित

त्यसरी अनुगृहीत भई प्रदक्षिणा र प्रणाम गरेर गुफाबाट निस्के ॥ १ ॥ उसले बाहिर आएर देखे—पशु मनुष्य, लता र वृक्ष साना आकारका भइसकेका छन् । यी लक्षणहरूले

अब कलियुग आइसकेछ भन्ने जानी ती तपस्या गर्न उत्तराखण्ड गए ॥ २२ ॥ महाराज मुचुकुन्द श्रद्धा-सम्पन्न परमत्र परम धीर र सबै संगति तथा संशयबाट रहित थिए । ती

श्री कृष्णको चिन्तन गर्दै गन्धमादन पर्वतमा पुगे ॥ ३ ॥ त्यहाँ नर-नारायकको तपोभूमि बद्रिकाश्रममा गई सबै द्वन्द्व सहँदै शान्तभावले तपस्या द्वारा श्रीकृष्णको

श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे मुचुकुन्दस्तुतिर्नामैकपञ्चाशत्तमोऽध्यायः ॥ ५१ ॥

श्रीशुक उवाच ॥ इत्थं सोऽनुगृहीतोऽङ्ग कृष्णेनेक्ष्वाकुनन्दनः ॥ तं परिक्रम्य सन्नम्य निश्चक्राम गुहामुखात् ॥१॥ स वीक्ष्य क्षुल्लकान्मर्त्यान्पशून्वीरु
द्वनस्पतीन् ॥ मत्वा कलियुगं प्राप्तं जगाम दिशमुत्तराम् ॥२॥तपः श्रद्धायुतो धीरो निःसङ्गो मुक्तसंशयः॥समाधाय मनःकृष्णेप्राविशद्गन्धमादनम् ॥३॥
बदर्याश्रममासाद्य नरनारायणालयम् ॥ सर्वद्वन्द्वसहः शान्तस्तपसाराधयद्धरिम् ॥४॥ भगवान्पुनराव्रज्य पुरीं यवनवेष्टिताम् ॥ हत्वा म्लेच्छबलं निन्ये
तदीयं द्वारकां धनम् ॥५॥ नीयमाने धने गोभिर्नृभिश्चाच्युतचोदिते॥आजगामजरासन्धस्त्रयोविंशत्यनीकपः ॥६॥ विलोक्यवेगरभसंरिपुसैन्यस्यमाधवौ ॥
मनुष्यचेष्टामापन्नौ राजन्दुद्रुवद्रुतम्॥७॥ विहाय वित्तं प्रचुरमभीतौ भीरुभीतवत् ॥ पद्भ्यां पद्मपलाशाभ्यां चेलतुर्बहुयोजनम् ॥८॥ पलायमानौ तौ दृष्ट्वा
मागधः प्रहसन्बली ॥ अन्वधावद्रथानीकैरीशयोरप्रमाणवित् ॥९॥ प्रद्रुत्य दूरं संश्रान्तौ तुङ्गमारुहतां गिरिम् ॥ प्रवर्षणाख्यं भगवान्नित्यदा यत्र वर्षति
॥१०॥ गिरौ निलीनावाज्ञाय नाधिगम्य पदं नृप ॥ ददाह गिरिमेधोभिः समन्तादग्निमुत्सृजन् ॥ ११ ॥ तत उत्पत्य तरसा दह्यमानतटादुभौ ॥

आराधना गर्न लागे ॥ ४ ॥ यता भगवान वासुदेव मथुरा फर्केर आए र म्लेच्छदलको संहार गरेर सबै. धन लिई द्वारका हिंडे ॥ ५ ॥ श्रीकृष्णको आज्ञाले जब त्यो धन ज्यामी र गोरूमाथि राखेर लगिरहेका थिए, तब सेनाले घेरिएको मथुरापुरीमा फेरि जरासन्ध तेईस अक्षौहिणी सेना लिएर आयो ॥ ६ ॥ हे राजन् ! शत्रु-सेनाको प्रवल वेग देखेर श्रीराम र कृष्ण मानवी लीलाको अनुसरण गर्दै त्यसको सामुन्नेबाट भागे ॥ ७ ॥ यद्यपि उनलाई केही डर थिएन, तापनि अत्यन्त डराए जस्तै भई, त्यो सारा सम्पत्ति त्यहीं छाडेर कमलदल समान सुकुमार चरणले पैदल नै भागे ॥ ८ ॥ उनलाई भागिरहेका देखेर मगधराज जरासन्ध, ती ईश्वरको प्रभाव जान्न नसक्नाले गर्दा आफ्ना रथी सैनिकहरू सहित पछि लाग्यो ॥ ९ ॥ जब निकै परसम्म दगुरेर भगवान थाके, तब अग्लो प्रवर्षण नामको पर्वतमा उक्लिए, त्यहाँ नित्य पानी परिरहन्थ्यो ॥ १० ॥ हे राजन् ! उनलाई पर्वतमा लुकेका भन्ने जानेर तथा उनको कतै तत्तो नपाई जरासन्धले काठ बटुल्न लगाई पर्वतको चारैतिर आगो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाइदियो ।। ११ ।। जब पर्वतको पार्श्वभाग बल्न लाग्यो अनि दुवै भाई वेगले हाम्फालेर एघार योजन अग्लो पर्वतबाट तल आए ।।१२।। हे राजन् ! ती यदुश्रेष्ठ जरासन्धसित लुकेर आफ्ना मित्र सहित द्वारकापुरी पुगे, जसको चारैतिर समुद्र थियो ।। १३ ।। यता जरासन्ध 'कृष्ण र राम दुवै डढे' भन्ने ठानेर आफ्ना समस्त सेना लिई मगधदेश फर्कियो ।। १४ ।। हे राजन् ! यो कुरा पहिले नै भनिसकिएको छ कि आनर्त नरेश श्रीमान् रैवतले ब्रह्माजीको भनाइअनुसार आफ्नी छोरी रेवतीको विवाह बलरामसित गरेका थिए ।। १५ ।। त्यसपछि हे कुरुनन्दन ! श्रीकृष्णले पनि स्वयंवरमा आएका शिशुपालका पक्षधर शाल्वादि अनेक राजाको मानमर्दन गरेर गरुडले अमृत हरण गरे झैं ती सबैको सामुन्नेबाट विदर्भ देशमा जन्मेकी महाराज भीष्मककी कन्या लक्ष्मीकी अंशावतार रुक्मिणीको हरण गरेका थिए ।। १६ ।। १७ ।। यति सुनेर राजा परीक्षितले सोधे—मैले त सुनेको छ—भगवान् श्रीकृष्णले महाराज भीष्मकी सुन्दरी छोरी रुक्मिणीसित राक्षस-विवाहको विधिले विहे गरेका थिए ।। १८ ।। हे भगवन् ! अमित पराक्रमी भगवान् कृष्णले

दशैकयोजनोत्तुङ्गान्निपेततुरधो भुवि ।। १२ ।। अलक्ष्यमाणौ रिपुणा सानुगेन यदूत्तमौ ।। स्वपुरं पुनरायातौ समुद्रपरिखां नृप ।। १३ ।। सोऽपि दग्धाविति मृषा मन्वानो बलकेशवौ ।। बलमाकृष्य सुमहन्मगधान्मागधो ययौ ।।१४।। आनर्त्ताधिपतिः श्रीमान्रैवतो रेवतीं नृप ।। ब्राह्मणा चोदितः प्रादाद्बलायेति पुरोदितम् ।। १५ ।। भगवानपि गोविन्द उपयेमे कुरूद्वह ।। वैदर्भीं भीष्मकसुतां श्रियो मात्रां स्वयंवरे ।।१६।। प्रमथ्य तरसा राज्ञः शाल्वादींश्चैद्यपक्षगान् ।। पश्यतां सर्वलोकानां तार्क्ष्यपुत्रः सुधामिव ।। १७ ।। राजोवाच ।। भगवान्भीष्मकसुतां रुक्मिणीं रुचिराननाम् ।। राक्षसेन विधानेन उपयेम इति श्रुतम् ।। १८ ।। भगवञ्छ्रोतुमिच्छामि कृष्णस्यामिततेजसः ।। यथा मागधशाल्वादीञ्जित्वा कन्यामुपाहरत् ।।१९।। ब्रह्मन्कृष्णकथाः पुण्या माध्वीर्लोकमलापहाः ।। को नु तृप्येत शृण्वानः श्रुतज्ञो नित्यनूतनाः ।।२०।। श्रीशुक उवाच ।। राजाऽऽसीद्भीष्मको नाम विदर्भाधिपतिर्महान् ।। तस्य पञ्चाभवन्पुत्राः कन्यैका च वरानना ।। २१ ।। रुक्म्यग्रजो रुक्मरथो रुक्मबाहुरनन्तरः ।। रुक्मकेशो रुक्ममाली रुक्मिण्येषां स्वसा सती ।।२२।। सोपश्रुत्य मुकुन्दस्य रूपवीर्यगुणश्रियः ।। गृहागतैर्गीयमानास्तं मेने सदृशं पतिम् ।।२३।। तां बुद्धिलक्षणौदार्यरूपशीलगुणाश्रयाम् ।। कृष्णश्च सदृशीं भार्यां समुद्वोढुं मनो दधे ।। २४ ।। बन्धूनामिच्छतां दातुं कृष्णाय भगिनीं नृप ।। ततो निवार्य कृष्णद्विड् रुक्मी चैद्य-

जरासन्ध शाल्वादि वीरलाई जितेर कसरी कन्या-हरण गरे, यो वृत्तान्त म सुन्न चाहन्छु ।। १९ ।। हे ब्रह्मन् ! कृष्ण-भगवान्का गाथाहरू अतिशय पवित्र, मधुर र संसाररूपी मलको मार्जन गर्ने हुन्छन् । ती नित्य नयाँ कथाहरू सुन्दै रहनाले कुन कथा-मर्मज्ञ श्रोता तृप्त हुन सक्छ ? ।। २० ।। शुकदेवजीले भने—हे राजन् ! महाराज भीष्मक विदर्भदेशका स्वामी थिए । तिनका पाँच पुत्र र यौटी सुमुखी कन्या थिइन् ।। २१ ।। ती सन्तानमा रुक्मी जेठा थिए । तीबाहेक रुक्मरथ, रुक्मबाहु, रुक्मकेश र रुक्ममाली यी चार भाई र सती रुक्मिणी तिनकी बहिनी थिइन् ।। २२ ।। रुक्मिणीले आफ्नू घरमा आउने पाहुनाहरू द्वारा श्रीकृष्णको रूप, बल, गुण र वैभवको प्रशंसा सुनेर उनलाई नै आफ्नू अनुरूप पति मानिराखेकी थिइन् ।। २३ ।। यता श्रीकृष्णले पनि बुद्धि, लक्षण, उदारता, रूप, शील र गुणकी खानी रुक्मिणीलाई आफ्नू योग्य भार्या ठानेर मनमनै उनैसित विवाह गर्ने निश्चय गरिसकेका थिए ।। २४ ।। कृष्ण-द्रोही रुक्मीले जब देखे—माता-पिता र बन्धुजन बहिनी रुक्मिणीको विवाह श्रीकृष्णसित नै गरिदिन चाहन्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि उनले सबैलाई छेकेर चेदिराज शिशुपाललाई रुक्मिणीको वर माने ॥ २५ ॥ दाजूको विचार जानेर श्यामलोचना विदर्भराजकुमारी रुक्मिणी मनमनै साह्रै दुःखी भइन् । उनले विचार गरेर यौटा विश्वासपात्र ब्राह्मणलाई तुरुन्त श्रीकृष्णकहाँ द्वारका पठाइन् ॥ २६ ॥ उहाँ पुगेपछि ती विप्रलाई द्वारपालले राजभवन भित्र लग्यो । त्यहाँ उनले आदिपुरुष भगवान् कृष्णलाई सुनका सिंहासनमा बसेका देखे ॥ २७ ॥ ब्रह्मण्य भगवान् कृष्ण ती ब्राह्मणलाई देख्नासाथ आसानबाट उठेर उनलाई आफ्नू आसनमा बसाले र जसरी देवता भगवान्को पूजा गर्दछन्, उसै गरी ती ब्राह्मणको पूजा गरे ॥ २८ ॥ ब्राह्मण देवताले खान-पान सकेर केही बेर विश्राम गरिसकेपछि सज्जनहरूका एकमात्र गति भगवान् कृष्ण उनीकहाँ पाल्नुभयो र आफ्ना कोमल हातले तिनका खुट्टा मिच्तै शान्त भावले सोध्नुभयो—॥ २९ ॥ 'हे विप्रवर ! हजूरको चित्त सदा प्रसन्न रहन्छ ? हजुरलाई आफ्ना पूर्वपुरुषहरू द्वारा निश्चित नियम पालन गर्न कुनै कष्ट त हुँदैन ? ॥ ३० ॥ जे-जति पाइन्छ त्यसैमा सन्तुष्ट रहेर यदि ब्राह्मण आफ्नू धर्मबाट डग्दैन भने उसका

ममन्यत ॥२५॥ तदवेत्यासितापाङ्गी वैदर्भी दुर्मना भृशम् ॥ विचिन्त्याप्तं द्विजं कञ्चित्कृष्णाय प्राहिणोद् द्रुतम् ॥ २६ ॥ द्वारकां स समभ्येत्य प्रतीहारैः प्रवेशितः ॥ अपश्यदाद्यं पुरुषमासीनं काञ्चनासने ॥ २७ ॥ दृष्ट्वा ब्रह्मण्यदेवस्तमवरुह्य निजासनात् ॥ उपवेश्यार्हयाञ्चक्रे यथात्मानं दिवौकसः ॥ २८ ॥ तं भुक्तवन्तं विश्रान्तमुपगम्य सतां गतिः ॥ पाणिनाऽभिमृशन्पादावव्यग्रस्तमपृच्छत ॥ २९ ॥ कच्चिद्द्विजवरश्रेष्ठ धर्मस्ते वृद्धसम्मतः ॥ वर्तते नातिकृच्छ्रेण संतुष्टमनसः सदा ॥३०॥ संतुष्टो यर्हि वर्तेत ब्राह्मणो येन केनचित् ॥ अहीयमानः स्वाद्धर्मात्स ह्यस्याखिलकामधुक् ॥ ३१ ॥ असन्तुष्टोऽसकृल्लोकानाप्नोत्यपि सुरेश्वरः ॥ अकिञ्चनोऽपि संतुष्टः शेते सर्वाङ्गविज्वरः ॥३२॥ विप्रान्स्वलाभसंतुष्टान्साधून्भूतसुहृत्तमान् ॥ निरहंकारिणः शान्तान्नमस्ये शिरसाऽसकृत् ॥३३॥ कच्चिद्वः कुशलं ब्रह्मन्राजतो यस्य हि प्रजाः ॥ सुखं वसन्ति विषये पाल्यमानाः स मे प्रियः ॥ ३४ ॥ यतस्त्वमागतो दुर्गं निस्तीर्येह यदृच्छया ॥ सर्वं नो ब्रूह्यगुह्यं चेत्किं कार्यं करवाम ते ॥ ३५ ॥ एवं सम्पृष्टसम्प्रश्नो ब्राह्मणः परमेष्ठिना ॥ लीलागृहीतदेहेन तस्मै सर्वमवर्णयत् ॥ ३६ ॥ रुक्मिण्युवाच ॥ श्रुत्वा गुणान्भुवनसुन्दर शृण्वतां ते निर्विश्य कर्णविवरैर्हरतोऽङ्गतापम् ॥ रूपं दृशां

सबै कामना पूर्ण हुन्छन् ॥ ३१ ॥ यदि सन्तोष छैन भने देवराज इन्द्रलाई पनि सुखको खोजीमा एक लोकबाट अर्को लोकमा भौंतारिनु पर्दछ । यसको विपरीत सन्तोष छ भने जोसित केही पनि छैन, त्यो पनि सबै प्रकारका सन्ताप रहित भएर सदा सुखी रहन्छ ॥ ३२ ॥ जो आत्मला भन्ने सन्तुष्ट साधुस्वभाव, समस्त प्राणीका सुहृद्, अहङ्कार हीन र शान्तस्वभाव छन्, ती ब्राह्मणलाई म बारम्बार शिर न्यूराएर प्रणाम गर्दछु ॥ ३३ ॥ हे ब्रह्मन् ! हजूर जसको राज्यमा बस्नुहुन्छ, त्यसको तर्फबाट सबै जना कुशल छन् ? जुन राजाका राज्यमा प्रजाको उचित पालन हुन्छ र प्रजा आनन्दपूर्वक रहन्छन्, त्यही राजा मलाई मनपर्छ ॥ ३४ ॥ हे विप्र ! अब हजूर जुन कामको निम्ति यो समुद्रको खाल्डो नाघेर यस दुर्गमा आउनु भयो, त्यो सबै वृत्तान्त यदि गोपनीय छैन भने मलाई भन्नुहवस् । हजूरको म के सेवा गरौं भन्नोस् ? ॥ ३५ ॥ लीलादेहधारी श्रीकृष्णले यसरी सोधेपछि ब्राह्मणले सबै वृत्तान्त सुनाउँदै भने—॥ ३६ ॥ रुक्मिणीजीले भनेकीछन्—हे भुवन-सुन्दर ! हे गोविन्द ! सुन्नेहरूका कर्ण विवरमा प्रविष्ट भएर सबैको शारीरिक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्ताप शान्त पार्ने हजूरका गुण र नेत्र हुनेको सम्पूर्ण लाभ दिने हजूरको रूपको महिमा सुनेर हे अच्युत ! मेरो चित्त लाज छाडेर हजुरमै रमिएको छ ॥ ३७ ॥ हे मुकुन्द ! हजुर कुल, शील, रूप, विद्या, अवस्था र धन-धर्मादिमा आफ्नै तुल्य हुनुहुन्छ ! हजूर मनुष्य मात्रको मनलाई आनन्द दिनुहुन्छ । हे पुरुषसिंह ! विवाहको वेला यस्ती कुन कुलवती परम गुणवती र धैर्यवती कन्या होली, जो हजुरलाई पतिरूपमा वरण नगर्ली ॥३८॥ यसै निम्ति हे नाथ ! म हजूरलाई आत्मसर्पण गरिसकेकी छु । हे विभो ! हजूर यहाँ आएर मलाई आफ्नी पत्नी तुल्याउनोस् । हे कमलनयन ! जसरी सिंहको भाग स्याल लैजान सक्तैन त्यसै गरी हे वीर ! म हजूरकी भाग हुँ । हेर्नुहोस् *अभिमानी शिशुपाल मेरो नजीक आएर

दृशिमतामखिलार्थलाभं त्वय्यच्युताविशति चित्तमपत्रपं मे ॥३७॥ का त्वां मुकुन्द महती कुलशीलरूपा विद्यावयोद्रविणामभिरात्मतुल्यम् ॥ धीरा पतिं कुलवती न वृणीत कन्या काले नृसिंह नरलोकमनोऽभिरामम् ॥३८॥तन्मे भवान्खलुवृतः पतिरङ्गजायामात्माऽर्पितश्च भवतोऽत्र विभो विधेहि ॥ मा वीर भागमभिमर्शतु चैद्य आराद्गोमायुवन्मृगपतेर्बलिमम्बुजाक्ष ॥३९॥ पूर्तेष्टदत्तनियमव्रतदेवविप्रगुर्वचनादिभिरलं भगवान् परेशः ॥ आराधितो यदि गदाग्रज एत्य पाणिं गृह्णन्तु मे न दमघोषसुतादयोऽन्ये ॥ ४० ॥ श्वोभाविनि त्वमजितोद्वहने विदर्भान् गुप्तः समेत्य पृतनापतिभिः परीतः ॥ निर्मथ्य चैद्यमगधेन्द्रबलं प्रसह्य मां राक्षसेन विधिनोद्वह वीर्यशुल्काम् ॥ ४१ ॥ अन्तःपुरान्तरचरीमनिहत्य बन्धूँस्त्वामुद्वहे कथमिति प्रवदाम्युपायम् ॥ पूर्वे

मलाई छुन नपाओस् ॥ ३९ ॥ पूर्त अर्थात् कूपादि खनाउनु इष्ट अर्थात् यज्ञादि गर्नु, व्रत यथा देवता, ब्राह्मण र गुरु आदिको पूजाद्वारा मैले यदि भगवान परमेश्वरको केही पनि आराधना गरेकी भए श्रीकृष्ण आएर मेरो पाणि-ग्रहण गरून् । तीवाहेक दमघोषतनय शिशुपाल आदि अन्य कोही पुरुष मलाई छुन नसकून् ॥ ४० ॥ हे अजित ! मेरो विवाह हुनु भन्दा अघिल्लो दिन यादव-सेनापहिहरूका साथै गुप्तरूले बिदर्भदेशमा पाल्नुहवस् र शिशुपाल तथा जरासन्धादिका सेनालाई बलपूर्वक नष्ट पारेर केवल पराक्रमरूपी मूल्य दिएर मसित राक्षस विधिको अनुसार विवाह गर्नुहवस् ॥ ४१ ॥ यदि हजूर भन्नुहोला—म अन्तःपुरमा बस्तछु, म तिम्रा बन्धुहरूलाई नमारी कसरी विवाह गर्न

* दृष्टान्त (अभिमानीको एकान्तवास)—योटा साधकको मनमा अहङ्कार पस्यो र त्यो विचार गर्न लाग्यो—'भजन साधनामा मेरो उन्नति भयो । अतः अब गएर कुनै निर्जन स्थानमा बस्नु पर्दछ ।' यस्तो विचारेर योटा निर्जन स्थानमा बस्न थाल्यो । त्यहाँ दिनहुँ रात्रिमा योटा ऊँट आएर साधकसित भन्दथ्यो—'हिंड, तिमीलाई स्वर्ग लैजान्छु ।' त्यो ऊँटमाथि बस्तथ्यो र ऊँट उसलाई योटा रमणीक स्थानमा लैजान्थ्यो । त्यहाँ गएर त्यो मीठो पक्वान्न र दास-दासीहरूसित सेवा गराउँथ्यो । रातभरि त्यहाँ सुख भोगेर बिहानै उठेर हेर्दा आफूलाई उही निर्जन स्थानमा पाउँथ्यो । 'मलाई सधैं देवता स्वर्ग लैजान्छन् !' यस्तो ठानेर त्यो अझ बर्ता अभिमानी भयो । त्यसका गुरुले त्यो समचार सुनेर उसको छुपडीमा आए । उसको अभिमानको सीँध छैन भन्ने स्पष्ट देखे । सोधेपछि साधकले सबै कुरा सुनाइदियो । त्यसमा गुरुले भने—'आज राति डाक्न आयो भने तीनपल्ट भन्नु—छि, छि धिक्कार छ, तिमीलाई ।' सधैं जस्तो राती आयो र उही स्थानमा पुग्यो । त्यहाँ पुगेर गुरुले सिकाए झैं तीन पल्ट छिः छिः शब्द गर्‍यो । एकपलमै त्यहाँका सबै वस्तु चिच्याएर बेपत्ता भए । त्यो अहङ्कारी साधक एक्लै रह्यो । उसले देख्यो—त्यो पनि निकृष्ट स्थान रहेछ । मरेका जीवहरूको हाड थुप्रिएको छ र दुर्गन्ध आइरहेको छ । अब उसलाई आफ्नू भूल थाहा भयो र फेरि गुरुको शरणमा गयो । काँचो शिष्यले एक्लै बस्नु भयङ्कर भूल हो भन्ने कुरा साधकले बल्ल बुझ्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्तछु—त्यसको य यौटा युक्ति भन्दछु । हामीकहाँ विवाहको दिन कुलदेवीको यात्रा हुन्छ । त्यसमा नववधू नगर बाहिर पार्वती-मन्दिरमा पूजा गर्न जान्छन् । उसै वेला हजूर मलाई हरेर लैजान सक्नुहुन्छ ॥ ४२ ॥ हे अम्बुज-नयन ! शंकर भगवान् जस्ता महापुरुष पनि अन्तःअज्ञान नष्ट गर्नका लागि जसको चरणरजले स्नान गर्न खोज्दछन् हजूरको त्यो प्रसाद यदि पाउन सकिन भने व्रतद्वारा शरीर सुखाएर प्राण त्यागिदिनेछु । सय जन्ममा त हजूरको कृपा हुन्यैछ ॥४३॥ ब्राह्मण भन्छन्—हे यदुदेव ! म हजुरकहाँ यही गुप्त समचार ल्याएको छु । यस विषयमा जे गर्नुछ, त्यसमा तत्काल विचार गरेर हजूर निर्णय गर्नोस् ॥ ४४ ॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायां द्विपञ्चाशतमोऽध्यायः । ५२ ॥

(रुक्मिणीहरण)—श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! विदर्भकुमारी रुक्मिणीको यो समचार सुनेर यदुनन्दन कृष्णचन्द्रले ब्राह्मणको हात आफ्नू हातमा लिएर हाँस्तै भने— ॥ १ ॥ भगवान् भन्नुहुन्छ—हे विप्रवर । जसरी विदर्भराजकुमारीको चित्त ममा लागेको छ, उसैगरी मेरो पनि मन उनैमा आसक्त छ । मलाई राती निद्रा लाग्दैन । फेरि यो पनि

श्वुरस्ति महती कुलदेवियात्रा यस्यां बहिर्नववधूर्गिरिजामुपेयात् ॥४२॥ यस्यांघ्रिपङ्कजरजः स्नपनं महान्तो वाञ्छन्त्युमापतिरिवात्मतमोपहत्यै ॥ यर्ह्य- म्बुजाक्ष न लभेय भवत्प्रसादं जह्यामसून्व्रतकृशाञ्छतजन्मभिः स्यात् ॥४३॥ ब्राह्मण उवाच ॥ इत्येते गुह्यसन्देशा यदुदेव मयाऽऽहृताः ॥ विमृश्य कर्तुं यच्चात्र क्रियता तदनन्तरम् ॥४४॥ इति श्रीमद्भागवते महापुणे दशमस्कन्धे उत्तरार्धे रुक्मिण्युद्वाहप्रस्तावे द्विपञ्चाशत्तमोऽध्याया ॥ ५२ ॥

श्रीशुक उवाच ॥ वैदर्भ्याः तु स सन्देशं निशम्य यदुनन्दनः ॥ प्रगृह्य पाणिना पाणिं प्रहसन्निदमब्रवीत् ॥ १ ॥ श्रीभगवानुवाच ॥ तथाऽहमपि तच्चित्तो निद्रां च न लभे निशि ॥ वेदाहं रुक्मिणो द्वेषान्ममोद्वाहो निवारितः ॥ २ ॥ तामानयिष्य उन्मथ्य राजन्यापसदान्मृधे ॥ मत्परामनवद्याङ्गीमेधसोऽग्निशिखामिव ॥ ३ ॥ श्रीशुक उवाच ॥ उद्वाहर्क्षं च विज्ञाय रुक्मिण्या मधुसूदनः ॥ रथः संयुज्यतामाशु दारुकेत्याह सारथिम् ॥ ४ ॥ स चाश्वैः शैब्यसुग्रीवमेघपुष्पवलाहकैः ॥ युक्तं रथमुपानीय तस्थौ प्राञ्जलिरग्रतः ॥ ५ ॥ आरुह्य स्यन्दनं शौरिर्द्विजमारोप्य तूर्णगैः ॥ आनर्त्तादेकरात्रेण विदर्भानगमद्धयैः ॥ ६ ॥ राजा स कुण्डिनपतिः पुत्रस्नेहवशं गतः ॥ शिशुपालाय स्वां कन्यां दास्यन्कर्माण्य-

मलाई थाहा छ—रुक्मी द्वेषवश मसित उनको विवाह सम्बन्ध हुन दिन चाहन्न ॥२॥ तर केही चिन्ताको कुरा छैन, जस्तै अरणी काठ मथेर मनुष्य त्यसबाट आगो निकाल्दछन्, त्यसै गरी म पनि सबै अधम राजाहरूलाई युद्धमा पराजित पारेर ती एकमात्र मलाई नै भज्ने भएकी सुन्दरी राजकन्यालाई अवश्य हरेर ल्याउँछु ॥३॥ श्रीशुकदेव भन्दछन्—हे राजन् ! रुक्मिणीको विवाह मुहूर्त पर्सी रातीको नै छ । यो जानेर भगवान्ले सारथीलाई डाकेर भन्नुभयो—'हे दारुक ! शीघ्र रथ तयार पारेर ल्याऊ' ॥ ४ ॥ भगवान्को आज्ञा पाएर दारुक शैब्य, सुग्रीव, मेघपुष्प र बलाहक नामका चार जोडा जोतिएका रथ ल्याए र हात जोरेर सामुन्ने उभिए ॥ ५ ॥ भगवान् ती ब्राह्मणलाई रथमा चढाएर आफू पनि चढ्नु भयो र द्रुतगामी अश्व द्वारा एक रातमै आनर्तबाट विदर्भ देश पुगे ॥ ६ ॥ यता कुण्डिनपुर-पति महाराज भीष्मक पुत्र-स्नेहवश आफ्नी गुणवती कन्या शिशुपाललाई नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनको निम्ति विवाहोत्सवको तयारीमा लागे ।। ७ ।। नगरका राजपथ, गल्ली-गोरेटो र चौबाटोहरू बढारी पानी छर्केर लगाए। तिनका चित्र-विचित्र ध्वजा, पताका र तोरणादिले राम्ररी सुसज्जित तुल्याए। सारा नगर माला, चन्दन, हार, आभूषण र स्वच्छ वस्त्रादिले विभूषित नर नारीहरूले सुशोभित थियो। त्यहाँका भव्य भवन धूपको धूवाँले सुवासित भएर त्यस नगरको शोभा बढाइरहेका थिए ।। ८-९ ।। राजा भीष्मकलले पितृ र देवताहरूको यथाविधि पूजा गरेर ब्राह्मणहरूलाई भोजन गराए र तीबाट यथानियम मङ्गल पाठ गराए ।। १० ।। ती ब्राह्मणहरूले राम्ररी स्नान गराएर मङ्गलमय सूत्र, नयाँ वस्त्र र विविध आभूषणहरूले विभूषित ती राम्रा दाँत हुने राजकन्या रुक्मिणीलाई साम-ऋक् र यजुर्वेदका मन्त्रले अभिमन्त्रित गरी उनको रक्षा गरे। अथर्व वेदका ज्ञाता पुरोहितले ग्रहशान्तिको निम्ति हवन गरे ।। ११-१२ ।। सवै वेदविधि जान्नेहरूमा श्रेष्ठ

कारयत् ।। ७ ।। पुरं सम्मृष्टसंसिक्तमार्गरथ्याचतुष्पथम् ।। चित्रध्वजपताकाभिस्तोरणैः समलंकृतम् ।। ८ ।। स्रग्गन्धमाल्याभरणैर्विरजोऽम्बर-भूषितैः ।। जुष्टं स्त्रीपुरुषैः श्रीमद्गृहैरगुरुधूपितैः ।। ९ ।। पितॄन्देवान्समभ्यर्च्य विप्रांश्च विधिवन्नृप ।। भोजयित्वा यथान्यायं वाचयामास मङ्गलम् ।। १० ।। सुस्नातां सुदतीं कन्यां कृतकौतुमङ्गलाम् ।। अहतांशुकयुग्मेन भूषितां भूषणोत्तमैः ।। ११ ।। चक्रुः सामर्ग्यजुर्मन्त्रैर्बद्ध्वा रक्षां द्विजोत्तमाः ।। पुरोहितोऽथर्वविद्वै जुहाव ग्रहशान्तये ।। १२ ।। हिरण्यरूप्यवासांसि तिलांश्च गुडमिश्रितान् ।। प्रादाद्धेनूश्च विप्रेभ्यो राजा विधिविदां वरः ।। १३ ।। एवं चेदिपती राजा दमघोषः सुताय वै ।। कारयामास मन्त्रज्ञैः सर्वमभ्युदयोचितम् ।। १४ ।। मदच्युद्भिर्गजानीकैः स्यन्दनैर्हेममालिभिः ।। पत्त्यश्वसङ्कुलः सैन्यैः परीतः कुण्डिनं ययौ ।। १५ ।। तं वै विदर्भाधिपतिः समभ्येत्याभिपूज्य च ।। निवेशयामास मुदा कल्पितान्यनिवेशने ।। १६ ।। तत्र शाल्वो जरासन्धो दन्तवक्त्रो विदूरथः ।। आजग्मुश्चैद्यपक्षीयाः पौण्ड्रकाद्याः सहस्रशः ।। १७ ।। कृष्णरामद्विषो यत्ताः कन्यां चैद्याय साधितुम् ।। यद्यागत्य हरेत्कृष्णो रामाद्यैर्यदुभिर्वृतः ।। १८ ।। योत्स्यामः संहतास्तेन इति निश्चित-मानसाः ।। आजग्मुर्भूभुजः सर्वे समग्रबलवाहनाः ।। १९ ।। श्रुत्वैतद्भगवान्रामो विपक्षीयनृपोद्यमम् ।। कृष्णं चैकं गतं हर्तुं कन्यां कलहश-

राजा भीष्मकले ब्राह्मणहरूलाई सुन, चाँदी, वस्त्र, तिल-गुण तथा अनेक गाई दान दिए ।।१३।। उता चेदिपति महाराज दमघोषले मन्त्रविद् ब्राह्मणहरू द्वारा शिशुपालका अभ्युदय योग्य सबै कृत्य गराए ।।१४।। शिशुपाल पनि मद चुहाउने हात्ती, सुवर्णमाला-मण्डित रथ र पैदल एवं घोडा चढेका सेना लिएर कुण्डिनपुर पुगे ।। १५ ।। विदर्भराज महाराज भीष्मकले परसम्म गएर उनको पूजा गरे र उनलाई निकै आनन्दले पूर्वनिश्चित यौटा भवनमा स्थान दिए ।। १६ ।। त्यस जन्तीमा शाल्व, जरासन्ध, दन्तवक्त्र, विदूरथ र पौण्ड्रक आदि शिशुपालका हजारौं मित्र राजा आएका थिए ।। १७ ।। ती सबै राजा राम र कृष्णका विरोधी थिए। तिनले मित्र शिशुपाललाई नै कन्या दिलाउनको निम्ति यस्तो निश्चय गरेका थिए—'यदि यादवहरू आएर कन्या हरण गरे भने हामी सवै मिलेर युद्ध गर्नेछौं।' यसै निम्ति सबै आफाफ्ना सेनाले सुसज्जित भएर आएका थिए ।। १८-१९ ।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वारकामा जब बलरामले विपक्षी राजाहरूका विचार र श्रीकृष्ण एक्लै नै कन्या-हरणको निम्ति गएको समचार सुनेर कलहको भयले भ्रातृस्नेहवश हात्ती, घोडा, रथ र पदाति (पैदल) को चतुरंगिणी सेना लिएर तुरुन्त कुण्डितपुर जान हिंडे ॥ २० २१ ॥ यता भीष्मकसुता रुक्मिणी कृष्णको आगमनको बाटो हेरिरहेकी थिइन्। ती आफूले पठाएका ब्राह्मण नफर्कंका देखेर विचार गर्नलागिन्—॥२२॥ 'अहो! अब म अभागिनीको विवाह हुनमा केवल एक रात शेष छ, तर कमलनयन श्रीकृष्णचन्द्र अझसम्म पनि आएनन्—यसको कुनै कारण पनि जान्न सकिन। जुन ब्राह्मण-देवता मेरो समचार लिएर गएका थिए, ती पनि अझसम्म फर्कंनन् ॥ २३ ॥ ज्ञात भइरहेको छ—अनिन्दितात्मा भगवान् कृष्ण ममा केही दोष देखेर नै मेरो पाणिग्रहण गर्ने कुनै प्रयत्न गरेर आइरहेका छैनन् ॥ २४ ॥ विधाता र शिवजी पनि म अभागिनीको अनुकूल छैनन् भने झैं लागिरहेको छ र रुद्रपत्नी गिरिराजकुमारी पार्वती पनि मदेखि विमुख छन्' ॥ २५ ॥ भगवानद्वारा हृदय हरिएकी र समयको गति जान्ने राजकन्या रुक्मिणीले यस्तै चिन्तन गर्दै आफ्ना अश्रुपूर्ण आँखा

ङ्कितः ॥ २० ॥ बलेन महता सार्धं भ्रातृस्नेहपरिप्लुतः ॥ कुण्डिनं प्रागादुगजाश्वरथपत्तिभिः ॥ २१ ॥ भीष्मकन्या वरारोहा कांक्षन्त्यागमनं हरेः ॥ प्रत्यापत्तिमपश्यन्ती द्विजस्याचिन्तयत्तदा ॥ २२ ॥ अहो त्रियामाऽन्तरिता उद्वाहो मेऽल्पराधसः ॥ सोऽपि नावर्ततेऽद्यापि सत्सन्देशहरो द्विजः ॥ २३ ॥ अपि मय्यनवद्यात्मा दृष्ट्वा किञ्चिज्जुगुप्सितम् ॥ मत्पाणिग्रहणे नूनं नायाति हि कृतोद्यमः ॥ २४ ॥ दुर्भगाया न मे धाता नानुकूलो महेश्वरः ॥ देवी वा विमुखा गौरी रुद्राणी गिरिजा सती ॥ २५ ॥ एवं चिन्तयती बाला गोविन्दहृतमानसा ॥ न्यमीलयत कालज्ञा नेत्रे चाश्रुकलाकुले ॥ २६ ॥ एवं वध्वाः प्रतीक्षन्त्या गोविन्दागमनं नृप ॥ वाम ऊरुर्भुजो नेत्रमस्फुरन्प्रियभाषिण ॥ २७ ॥ अथ कृष्ण-विनिर्दिष्टः स एव द्विजसत्तमः ॥ अन्तःपुरचरीं देवीं राजपुत्रीं ददर्श ह ॥ २८ ॥ सा तं प्रहृष्टवदनमव्यग्रात्मगतिं सती ॥ आलक्ष्य लक्षणाभिज्ञा समपृच्छच्छुचिस्मिता ॥२९॥ तस्या आवेदयत्प्राप्तं शशंस यदुनन्दनम् ॥ उक्तं च ॥ उक्तं च सत्यवचनमात्मोपनयनं प्रति ॥३०॥ तमागतं समाज्ञाय वैदर्भी हृष्टमानसा ॥ न पश्यन्ती ब्राह्मणाय प्रियमन्यन्ननाम सा ॥ ३१ ॥ प्राप्तौ श्रुत्वा स्वदुहितुरुद्वाहप्रेक्षणोत्सुकौ । अभ्ययात्तूर्यघोषेण

चिम्लिन् ॥ २६ ॥ हे राजन्! जब नववधू रुक्मिणी यसरी भगवान्का आगमनको प्रतीक्षा गर्दै थिइन्, उसै वेला तिनको बायाँ तिघ्रा, हात र आँखा कुनै मंगल सूचना दिंदै फरफराउन लागे ॥२७॥ त्यतिमै श्रीकृष्णले पठाएका ती ब्राह्मण अन्तःपुरमा व्यग्र राजकुमारी रुक्मिणीलाई भेट्न आए ॥ २८ ॥ लक्षणहरूकी ज्ञाता सती रुक्मिणीले तिनलाई प्रसन्नमुख र नआत्तिएका देखेर मुसुक्क हाँस्तै कामको सफलताका विषयमा सोधिन् ॥ २९ ॥ तब ब्राह्मणले कृष्णको प्रशंसा गर्दै उनी तत्काल आउने शुभ समाचार सुनाएर र कृष्ण भगवान्ले रुक्मिणीलाई लैजाने जो सत्य प्रतिज्ञा गरेका थिए, त्यो पनि सुनाए ॥ ३० ॥ भगवान् आइपुगे भन्ने जानेर विदर्भनन्दिनी रुक्मिणी धेरै प्रसन्न भइन् र ब्राह्मणलाई त्यस वेला दिने योग्य कुनै प्रिय वस्तु नदेखेर केवल नमस्कार मात्र गरिन् ॥ ३१ ॥ महाराज भीष्मकले बलराम तथा श्रीकृष्णलाई आफ्नी कन्याको विवाहोत्सव

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हर्नको लागि आए भन्ने सुनेर तूर्यनाद सहित पूजा-सामग्रीले उनको स्वागत गरे ॥ ३२ ॥ मधुपर्क, निर्मल वस्त्र र उत्तम उपहार आदि अर्पण गरेर विधिपूर्वक उनको पूजा गरे ॥ ३३ ॥ ३४ ॥ राजा भीष्मकले सेना साथीहरू सहित श्रीकृष्णलाई सर्वभोगसम्पन्न निवासस्थान दिएर यथायोग्य आतिथ्य-सत्कार गरे। यसै गरी विदर्भराजले आफूकहाँ निम्तामा आएका सबै राजाहरूको उनको पराक्रम, अवस्था, बल र धनको अनुसार अभिलषित वस्तु दिएर राम्ररी सत्कार गरे ॥ ३५ ॥ भगवान् कृष्णको आगमन सुनेर विदर्भ-नगरमा बस्ने सबै जना उनको निवासस्थानमा आए र आफ्ना नयनाञ्जलिले उनको मुखारविन्दको मकरन्द पिउन लागे ॥ ३६ ॥ तिनले भने–'रुक्मिणी इनैकी स्त्री हुन योग्य छन् र यी अनिन्दितात्मा रुक्मिणीको योग्य वर छन्। अरु कुनै पनि कन्या यिनकी स्त्री हुन योग्य छैनन् ॥ ३७ ॥ यदि हामीहरूबाट केही पनि पुण्य गरिएको छ भने तीनैलोकका विधाता श्रीविष्णु भगवान् प्रसन्न भएर यस्तो कृपा गरुन् कि श्रीकृष्ण नै विदर्भराजकुमारीको पाणिग्रहण गरुन्' ॥३८॥ श्रीकृष्णको प्रेमपाशमा बाँधिएका पुरवासीगण जब यस्तो भनिरहेका थिए,

रामकृष्णौ समर्हणैः ॥ ३२ ॥ मधुपर्कमुपानीतं वासांसि विरजांसि सः ॥ उपायनान्यभीष्टानि विधिवत्समपूजयत् ॥३३॥ तयोर्निवेशनं श्रीमदुपकल्प्य महामतिः ॥ ससैन्ययोः सानुगयोरातिथ्यं विदधे यथा ॥ ३४ ॥ एवं राज्ञां समेतानां यथावीर्यं यथा वयः ॥ यथाबलं यथावित्तं सर्वैः कामैः समर्हयत् ॥३५॥ कृष्णमागतमाकर्ण्य विदर्भपुरवासिनः ॥ आगत्य नेत्राञ्जलिभिः पपुस्तन्मुखपङ्कजम् ॥३६॥ अस्यैव भार्या भवितुं रुक्मिण्यर्हति नापरा ॥ असावप्यनवद्यात्मा भैष्म्याः समुचितः पतिः ॥३७॥ किञ्चित्सुचरितं यन्नस्तेन तुष्टस्त्रिलोककृत् ॥ अनुगृह्णातु गृह्णातु वैदर्भ्याः पाणिमच्युतः ॥ ३८ ॥ एवं प्रेमकलाबद्धा वदन्तिस्म पुरौकसः ॥ कन्या चान्तःपुरात्प्रागाद्भटैर्गुप्ताऽम्बिकालयम् ॥ ३९ ॥ पद्भ्यां विनिर्ययौ द्रष्टुं भवान्याः पादपल्लवम् ॥ सा चानुध्यायती सम्यङ्मुकुन्दचरणाम्बुजम् ॥ ४० ॥ यतवाङ्मातृभिः सार्धं सखीभिः परिवारिता ॥ गुप्ता राजभटैः शूरैः सन्नद्धैरुद्यतायुधैः ॥ मृदङ्गशङ्खपणवास्तूर्यभेर्यश्च जघ्निरे ॥ ४१ ॥ नानोपहारबलिभिर्वारमुख्यः सहस्रशः ॥ स्रग्गन्धवस्त्राभरणैर्द्विजपत्न्यः स्वलंकृताः ॥४२॥ गायन्तश्च स्तुवन्तश्च गायका वाद्यवादकाः ॥ परिवार्य वधूं जग्मुः सूतमागधवन्दिनः ॥ ४३ ॥ आसाद्य देवीसदनं धौतपादकराम्बुजा ॥ उपस्पृश्य शुचिः शान्ता प्रविवेशाम्बिकान्तिकम् ॥ ४४ ॥ तां वै प्रवयसो बालां विधिज्ञा विप्रयोषितः ॥ भवानीं वन्दयाञ्चक्रुर्भवपत्नीं भवा-

उसैबेला राजकन्या रुक्मिणी अन्तःपुरबाट निस्केर वीर सैनिकहरूको संरक्षणमा अम्बिकादेवीको मन्दिर हिंडिन् ॥ ३९ ॥ ती मनमनै श्रीकृष्णको ध्यान गर्दै श्रीपार्वतीजीको पाद-पल्लवको दर्शन गर्नका लागि पैदल नै गइरहेकी थिइन् ॥ ४० ॥ त्यस बेला उनले मौन धारण गरेकी थिइन् र ती माता आदि वृद्धा र सखीहरूले घेरिएर हातमा खुला हतियार लिएका सन्नद्ध शूरवीर राजसैनिकहरूको रक्षामा हिंडिरहेकी थिइन्। त्यसबेला मृदङ्ग, शङ्ख, पणव, तूर्य र भेरी आदि बाजाको तुमुल निनाद भइरहेथ्यो। ४१॥ माला,चन्दन,वस्त्रालंकार, विविध उपहार र पूजन-सामग्री सहित राम्ररी अलंकृत द्विजपत्नीहरू, हजारौं गणिका, गान र स्तुति गर्ने गायक, बाजा बजाउने र सूत, मागध र बन्दीजन–ती सबै नववधू रुक्मिणीको चारैतिरबाट छेकेर गइरहेका थिए ॥ ४२ ॥ ४३ ॥ देवीको मन्दिरमा पुगेर रुक्मिणीले हात-पाउ धोइन् र आचमन गरेर पवित्र भई शान्तभावले अम्बिका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवीको नजीक गइन् ॥ ४४ ॥ अनि विधिविधान जान्ने वृद्धा ब्राह्मणीहरूले शङ्कर भगवान् र पार्वतीलाई प्रणाम गर्न लगाए ॥ ४६ ॥ रुक्मिणी प्रार्थना गर्द भन्न लागिन्— 'हे अम्बिके ! हजुरका पुत्र गणेश र हजूर कल्याणकारिणी देवीलाई म बारम्बार प्रणाम गर्दछु । हजूर मलाई यस्तो आशिर्वाद दिनोस्–जसले भगवान् कृष्ण नै मेरा पति हउन्' ॥४६॥ अनि रुक्मिणीले जल, चन्दन, अक्षता, धूप, वस्त्र, माला, आभूषण, अनेक प्रकारका उपहार, भेटी, दीप माला आदि सामग्रीले अम्बिका देवीको पूजा गरिन् ॥ ४७ ॥ त्यसपछि त्यही सामग्री र नुनिलो, पूआ, पान, कण्ठसूत्र, फल, ऊखूले सधवा ब्राह्मणीहरूको पूजा गरिन् ॥ ४८ ॥ ब्राह्मणीहरूले उनलाई प्रसाद र आशीर्वाद दिए । नववधू रुक्मिणीले ब्राह्मणी तथा देवीलाई नमस्कार गरेर प्रसाद खाइन् ॥ ४९ ॥ अनि मौनव्रत भङ्ग गरेर रत्नमुद्रिका-शोभित करकमलले यौटी सखीको हात समाती त्यहाँबाट बाहिर निस्किन् ॥५०॥ देवमाया समान सुन्दर रुक्मिणी ठूलठूला वीर-वीरलाई पनि मोहित पार्दथिन् । उनको कटि अति राम्रो र मुखमण्डल कुण्डलका कान्तिले सुशोभित थियो । उनको नूतन अवस्था

न्विताम् ॥४५॥ नमस्ये त्वाऽम्बिकेऽभीक्ष्णं स्वसन्तानयुतां शिवाम् ॥ भूयात्पतिर्मे भगवान्कृष्णस्तदनुमोदताम् ॥४६॥ अद्भिर्गन्धाक्षतैर्धूपैर्वासःस्रङ्माल्यभूषणैः ॥ नानोपहारबलिभिः प्रदीपावलिभिः पृथक् ॥ ४७ ॥ विप्रस्त्रियः पतिमतीस्तथा तैः समपूजयत् ॥ लवणापूपताम्बूलकण्ठसूत्रफलेक्षुभिः ॥४८॥ तस्यै स्त्रियस्ताः प्रददुः शेषा युयुजुराशिषः ॥ ताभ्यो देव्यै नमश्चक्रे शेषां च जगृहे वधूः ॥ ४९ ॥ मुनिव्रतमथ त्यक्त्वा निश्चक्रामाम्बिकागृहात् ॥ प्रगृह्य पाणिना भृत्यां रत्नमुद्रोपशोभिना ॥५०॥ तां देवमातामिव वीरमोहिनीं सुमध्यमां कुण्डलमण्डिताननाम् ॥ श्यामां नितम्बार्पितरत्नमेखलां व्यञ्जत्स्तनीं कुन्तलशङ्कितेक्षणाम् ॥५१॥ शुचिस्मितां बिम्बफलाधरद्युति शोणायमानद्विजकुन्दकुड्मलाम् ॥ पदा चलन्तीं कलहंसगामिनीं सिञ्जत्कलानूपुरधामशोभिना ॥ विलोक्य वीरा मुमुहुः समागता यशस्विनस्तत्कृतहृच्छयार्दिताः ॥ ५२ ॥ तां वीक्ष्य ते नृपतयस्तदुदारहासव्रीडावलोकहृतचेतस उज्झितास्त्राः ॥ पेतुः क्षितौ गजरथाश्वगता विमूढा यात्राच्छलेन हरयेऽर्पयतीं स्वशोभाम् ॥ ५३ ॥ सैवं शनैश्चलयती चलपद्मकोशौ प्राप्तिं तदा भगवतः प्रसमीक्षमाणा ॥ उत्सार्य वामकरजैरलकानपाङ्गैः प्राप्तान् ह्रियैक्षत नृपान्ददृशेऽच्युतं सा ॥ ५४ ॥ तां राजकन्यां रथमारुरुक्षतीं

थियो । कटि भागमा रत्न जडित मेखला थियो । पीन पयोधर व्यञ्जित भइरहेथे । उनको मुखमा अलकावली छरिएका थिए । ती सशंक दृष्टिले यता-उता हेर्थिन् । उनको हास्य मनोहारिणी थियो । बिम्बफल समान अरुण अधरको कान्तिले उनको कुन्दकलिका झैं दन्तावली केही अरुणवर्ण भएका थिए । ती नूपुरको कान्तिले शोभित आफ्ना सुकुमार चरणकमल द्वारा राजहंसको गतिले पैदल नै हिंडिरहेकी थिइन् । उनको त्यो अपूर्व तथा मनोहर मूर्ति देखेर उत्तेजित कामपीडाले त्यहाँ उपस्थित सबै वीर मोहित भए ॥५१॥५२॥ रुक्मिणी अब हिंड्ने निहुँले श्रीहरिलाई आफ्नू शोभा देखाइरहेकी थिइन्, अनि उनलाई देखेर उनको मनोहर हास्य र सलज्ज हेराइले त्यहाँ आएका राजागणको चित्त हरियो । उनका हातबाट शस्त्रास्त्र झरे र ती स्वयं मोहित भएर हात्ती, रथ र घोडाबाट भूमिमा लडे ॥ ५३ ॥ यसरी चकित रुक्मिणी भगवान् कृष्णचन्द्रको आगमनको प्रतीक्षामा कमल कोश जस्तै आफ्ना सुकुमार चरण बिस्तार-बिस्तार अघि सार्दै गइरहेकी थिइन् । उसै बेला तिनले आफ्नू बायाँ हातका औंलाले मुखमा छरिएका सुन्दर अलक पन्छाएर त्यहाँ उपस्थित राजाहरूतिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लज्जापूर्ण नेत्रले हेर्दा श्रीकृष्ण देखिए ॥ ५४ ॥ राजकन्या रुक्मिणी आफ्नू रथमा गएर बस्नै आँटेकी थिइन् तर श्रीकृष्णचन्द्रले झम्टेर सबै शत्रुहरूले देख्दा-देख्दै उनलाई उचालेर समस्त क्षत्रियमण्डलीको तिरस्कार गरी आफ्नू गरुड चिह्न अङ्कित ध्वजा भएको रथमा बसाले। सिंहले स्यालसित आफ्नू भाग खोसे झैं रुक्मिणीलाई लिएर श्रीकृष्णचन्द्र दाजू बलराम आदि यादवसित उहाँबाट हिंडे ॥५५॥५६॥ जरासन्धका अधीन अन्य अभिमानी राजा आफ्नू पराजय र अपकीर्ति सहन नसकेर भन्नलागे—'अहो ! हामीलाई धिक्कार छ। आज हामी धनुर्धारीहरूको यश ती ग्वालाले यसरी लगिदिए, जस्तै सिंहको भाग मृगले खोसोस्' ॥५७॥ इति श्रीमद्भागवते दशमस्कन्धे भाषाटीकायां त्रिपञ्चाशत्तमोऽध्यायः ॥ ५३ ॥

(शिशुपाल पक्षका राजा र रुक्मीको पराजय, रुक्मिणीको विवाह) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! यसरी ती सबै राजाहरू रिसाई कवच धारण गरेर आफ्ना-आफ्ना वाहनमा चढेर आफ.फ्ना सैनिक सहित धनुष धारण गरी श्रीकृष्णलाई लखेट्तै गए ॥ १ ॥ तिनलाई आएका देखेर यादव सेनाका नायक उनैतिर फर्केर ठिङ्ग उभिए

जहार कृष्णो द्विषतां समीक्षताम् ॥ रथं समारोप्य सुपर्णलक्षणं राजन्यचक्रं परिभूय माधवः ॥ ५५ ॥ ततो ययौ रामपुरोगमैः शनैः शृगालमध्यादिव भागहद्धरिः ॥ ५६ ॥ तं मानिनः स्वाभिभवं यशःक्षयं परे जरासन्धवशा न सेहिरे ॥ अहो धिगस्मान्यश आत्तधन्वनो गोपैर्हृतं केसरिणां मृगैरिव ॥ ५७ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे रुक्मिणीहरणं नाम त्रिपञ्चाशत्तमोऽध्यायः ॥ ५३ ॥

श्रीशुक उवाच ॥ इति सर्वे सुसंरब्धा वाहानारुह्य दंशिताः ॥ स्वैः स्वैर्बलैः परिक्रान्ता अन्वीयुर्धृतकार्मुका ॥१॥ तानापतत आलोक्ययादवानीकयूथपाः ॥ तस्थुस्तत्संमुखा राजन्विस्फूर्ज्य स्वधनूंषि ते ॥२॥ अश्वपृष्ठे गजस्कन्धे रथोपस्थे च कोविदाः ॥ मुमुचुः शरवर्षाणि मेघा अद्रिष्वपो यथा ॥३॥ पत्युर्बलं शरासारैश्छन्नं वीक्ष्य सुमध्यमा ॥ सव्रीडमैक्षत्तद्वक्त्रं भयविह्वललोचना ॥४॥ प्रहस्य भगवानाह मा स्म भैर्वामलोचने ॥ विनंक्ष्यत्यधुनैवैतत्तावकैः शात्रवं बलम् ॥५॥ तेषां तद्विक्रमं वीरा गदसङ्कर्षणादयः ॥ अमृष्यमाणा नाराचैर्जघ्नुर्हयगजान्रथान् ॥६॥पेतुः शिरांसि रथिनामश्विनां गजिनां भुवि ॥ सकुण्डलकिरीटानि सोष्णीषाणि च कोटिशः ॥ ७ ॥ हस्ताः सासिगदेष्वासाः करभा ऊरवोऽङ्घ्रयः ॥ अश्वाश्वतरनागोष्ट्रखरमर्त्यशिरांसि च ॥ ८ ॥ हन्यमानबलानीका वृष्णिभिर्जयकांक्षिभिः ॥ राजानो विमुखा जग्मुर्जरासन्धपुरःसराः ॥ ६ ॥ शिशुपालं समभ्येत्य हृतदारमिवा-

र आफ्ना धनुषको टङ्कार गर्नलागे ॥२॥ घोडा र हात्तीमाथि तथा रथमा बसेका शस्त्र-प्रहारमा कुशल राजा यादव-सेनामा यस प्रकार वाण-वर्षा गर्नलागे, जस्तै—मेघ पर्वतमा जल वर्षाउँछन् ॥ ३ ॥ आफ्ना पति श्रीकृष्णका सेना वाणवर्षाले ढाकिएका देखेर राम्रो कम्मर हुने रुक्मिणीले डरले चचल नेत्रद्वारा भगवान् कृष्णतिर लज्जापूर्वक हेर्न लागिन् ॥ ४ ॥ अनि भगवान् कृष्णले हाँस्तै भन्नुभयो—'हे सुनयनी ! तिम्रा सेनाद्वारा तिम्रा शत्रुपक्षका समस्त सेना शीघ्र नष्ट हुनेछन्' ॥ ५ ॥ ६ ॥ यता गद र सङ्कर्षण आदि यादव वीर आफ्ना शत्रुको पराक्रम अझ बर्ता सहन सकेनन् र तिनका हात्ती, अश्व तथा रथहरूलाई आफ्ना वाणले छिन्न-भिन्न पार्न लागे ॥ ७ ॥ तिनका वाणले रथ र हात्तीमाथि बसेका विपक्षी वीरहरूका कवच, कुण्डल, किरीट र फेटाहरूले सुशोभित करोडौं शिर—खड्ग, गदा र धनुषयुक्त हात, कुहुना, ऊरु र पाऊ छिमलिएर पृथ्वीमा धमाधम झर्नलागे। यसै प्रकार घोड़ा, खच्चर, हात्ती, ऊँट गदहा र मनुष्यहरूका शिर पनि टुक्रा-टुक्रा भई युद्धभूमिमा पल्टिन लागे। अन्त्यमा जयका इच्छुक यादवहरूद्वारा आफ्ना सेना नष्टप्राय देखेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जरासन्ध आदि राजा युद्धबाट मुख फर्काएर भागे ॥ ८ ॥ ९ ॥ ती सबै श्री, तेज, वीरता खोसिनाले आतुर, तेजहीन, हतोत्साह र शुष्क-मुख सरासर शिशुपालकहाँ पुगेर भन्नलागे— ॥ १० ॥ 'हे पुरुषसिंह ! खिन्नता त्याग, किनकि हे राजन् ! जीवको कुनै प्रिय वा अप्रिय सधैं उपस्थित देखिंदन ॥ ११ ॥ जस्तै—काठको पुतली नटको इच्छानुसार नाचिरहन्छ, त्यस्तै यो जीव ईश्वराधीन रहेर सुख-दुःख प्राप्त गर्दछ' ॥ १२ ॥ जरासन्ध भन्छ—'हेर, इनैं कृष्णले तेइस अक्षौहिणी सेना सहित मलाई सत्रपल्ट युद्धमा पराजित गरे र अठारौं पल्ट मैले उनलाई जितें ॥ १३ ॥ यसैले न म कहिल्यै शोक गर्दछु न हर्ष नै मान्दछु। किनकि म जान्दछु—सारा जगत् दैव-प्रेरित सदैव काल द्वारा नै भिन्न-भिन्न अवस्थाहरूमा पर्दछ ॥ १४ ॥ यस वेला हामी वीर यूथपका यूथपति उपस्थित रहेर पनि कृष्णद्वारा सुरक्षित यादवका थोरै सेनासित परास्त भयौं ॥ १५ ॥ यसपल्ट फेरि हाम्रा शत्रुलेनै जिते। किनकि समय उनकै अनुकूल थियो। जब समय हाम्रो अनुकूल हुनेछ, तब हामी उनलाई जितौंला ॥ १६ ॥ यसरी मित्रगणले बुझाएपछि चेदिराज आफ्ना समस्त अनुचर

तुरम् ॥ नष्टत्विषं गतोत्साहं शुष्यद्वदनमब्रुवन् ॥१०॥ भो भोः पुरुषशार्दूल दौर्मनस्यमिदं त्यज ॥ नैव प्रियाप्रियो राजन्निष्ठा देहिषु दृश्यते ॥११॥ यथा दारुमयी योषिन्नृत्यते कुहकेच्छया ॥ एवमीश्वरतन्त्रोऽयमीहते सुखदुःखयोः ॥ १२ ॥ शौरेः सप्तदशाहं वै संयुगानि पराजितः ॥ त्रयोविंशतिभिः सैन्यैर्जिग्य एकमहं परम् ॥ १३ ॥ तथाप्यहं न शोचामि न प्रहृष्यामि कर्हिचित् ॥ कालेन दैवयुक्तेन जानन्विद्रावितं जगत् ॥ १४ ॥ अधुनाऽपि वयं सर्वे वीरयूथपयूथपाः ॥ पराजिताः फल्गुतन्त्रैर्यदुभिः कृष्णपालितैः ॥ १५ ॥ रिपवो जिग्युरधुना काल आत्मानुसारिणि ॥ तदा वयं विजेष्यामो यदा कालः प्रदक्षिणः ॥ १६ ॥ एवं प्रबोधितो मित्रैश्चैद्योऽगात्सानुगः पुरम् ॥ हतशेषाः पुनस्तेऽपि ययुः स्वं स्वं पुरं नृपाः ॥ १७ ॥ रुक्मी तु राक्षसोद्वाहं कृष्णद्विडसहन्स्वसुः ॥ पृष्ठतोऽन्वगमत्कृष्णमक्षौहिण्याऽऽवृतो बली ॥ १८ ॥ रुक्म्यमर्षी सुसंरब्धः शृण्वतां सर्वभूभुजाम् ॥ प्रतिजज्ञे महाबाहुर्दंशितः सशरासनः ॥ १९ ॥ अहत्वा समरे कृष्णमप्रत्यूह्य च रुक्मिणीम् ॥ कुण्डिनं च प्रवेक्ष्यामि सत्यमेतद्ब्रवीमि वः ॥ २० ॥ इत्युक्त्वा रथमारुह्य सारथिं प्राह सत्वरः ॥ चोदयाश्वान् यतः कृष्णस्तस्य मे संयुगं भवेत् ॥ २१ ॥ अद्याहं निशितैर्बाणैर्गोपालस्य सुदुर्मतेः ॥ नेष्ये वीर्यमदं येन स्वसा मे प्रसभं हृता ॥ २२ ॥ विकत्थमानः कुमतिरीश्वरस्याप्रमाणवित् ॥ रथेनैकेन गोविन्दं तिष्ठ तिष्ठेत्यथा·

सहित राजधानी फर्किए। उसका मित्र राजाहरूमध्ये जो मारिनबाट जोगिएका थिए, ती पनि आफाफ्ना नगरमा फर्किए ॥ १७ ॥ तर कृष्ण-द्रोही रुक्मी आफ्नी बहिनाको यसरी राक्षसी विवाह विधिले हरण गरिनु सहन सकेनन् र एक अक्षौहिणी सेना साथमा लिएर भगवान्को पछि-पछि गए ॥ १८ ॥ यस अपमानलाई असह्य ठान्ने महाबली रुक्मीले कवच र धनुष-बाण धारण गरेर सबैलाई सुनाउँदै अत्यन्त क्रोधपूर्वक भने—। १९ ॥ 'म सबैको सामुन्ने सत्य प्रतिज्ञा गर्दछु—संग्राममा कृष्णलाई मारेर बैन्हो रुक्मिणीलाई नलिई म कुण्डिनपुर फर्केर आउन्न' ॥ २० ॥ सबैसित यसरी प्रतिज्ञा गरेर ती रुक्मी रथमा बसी आफ्नो सारथीलाई आज्ञा दिए—'जतातिर त्यो कृष्ण गएको छ, उतैतिर शीघ्र घोडाहरू लिएर हिंड, किनकि आज मेरो उनैसित युद्ध हुनेछ ॥ २१ ॥ म आफ्ना तीक्ष्ण बाणले त्यो दुर्बुद्धि ग्वालाको वीर्यमद, सैन्य-बल सबै धूलो पारिदिनेछु, जसले उन्मत्त भएर त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरी बहिनीलाई बलपूर्वक हरेर लगेको छ' ॥ २२ ॥ ईश्वरको महिमा नजान्ने मन्दमति रुक्मी यसरी निकै बर्ता कुरा गरेर एक्लै रथमा बसेर वेगले दगुर्दै भगवान्‌कहाँ पुग्यो र पर्खी-पर्खी भन्दै हकार्न लाग्यो ॥ २३ ॥ उसले आफ्नू बलियो धनुष खैंचेर भगवान्‌लाई तीन बाण हान्यो र भन्यो—ए यदुकुल-कलङ्क ! एक छिन पर्खेर अडिई ॥ २४ ॥ हे दुष्ट ! कागले जसरी हवि चोर्दछ, त्यसै गरी मेरी बहिनीलाई लिएर तँ कहाँ भागिरहेको छस् ? हे मन्द ! तँ ठूलो मायावी पनि छस्। तँ कपट-युद्धमै कुशल छस्। आज म तेरो सारा गर्व धूलो पारिदिन्छु ॥ २५ ॥ हेर, मेरो बाणले तँ मरेर भूमिमा नढल्दै यो बालिकालाई छाडिदे। यति आक्षेप सुनेर पनि श्रीकृष्णचन्द्र मुसुक्क हाँसे र अन्तर्यामी प्रभुले रुक्मीको धनुष काटेर उसलाई छ बाणले घायल पारिदिए ॥ २६ ॥ हरिले अरु आठ बाणले त्यसका चारै घोड़ा, दुइटाले सारथीलाई र तीन बाणले रथको ध्वजा काटिदिए। अनि रुक्मीले झट्ट अर्को धनुष लिएर कृष्णलाईलाई पाँच बाण हान्यो ॥२७॥ ती बाण लाग्नासाथ अच्युतले उसको त्यो धनुष पनि काटिदिए। अनि रुक्मीले अर्को धनुष लियो, तर प्रभुले त्यो पनि

ह्वयत् ॥ २३ ॥ धनुर्विकृष्य सुदृढं जघ्ने कृष्णं त्रिभिः शरैः ॥ आह चात्र क्षणं तिष्ठ यदूनां कुलपांसन ॥ २४ ॥ कुत्र यासि स्वसारं मे मुषित्वा ध्वाङ्क्षवद्धविः ॥ हरिष्येऽद्य मदं मन्द मायिनः कूटयोधिनः ॥ २५ ॥ यावन्न मे हतो बाणैः शयीथा मुञ्च दारिकाम् ॥ स्मयन्कृष्णो धनुश्छित्त्वा षड्भिर्विव्याध रुक्मिणम् ॥२६॥ अष्टभिश्चतुरो वाहान्द्वाभ्यां सूतं ध्वजं त्रिभिः ॥ स चान्यद्धनुरादायकृष्णं विव्याध पञ्चभिः ॥ २७ ॥ तैस्ताडितः शरौघैस्तु चिच्छेद धनुरच्युतः ॥ पुनरन्यदुपादत्त तदप्यच्छिनदव्ययः ॥ २८ ॥ परिघं पट्टिशं शूलं चर्मासी शक्तितोमरौ ॥ यद्यदायुधमादत्त तत्सर्वं सोऽच्छिनद्धरिः ॥ २९ ॥ ततो रथादवप्लुत्य खड्गपाणिर्जिघांसया ॥ कृष्णमभ्यद्रवत्क्रुद्धः पतङ्ग इव पावकम् ॥ ३० ॥ तस्य चापततः खड्गं तिलशश्चर्म चेषुभिः ॥ छित्त्वाऽसिमाददे तिग्मं रुक्मिणं हन्तुमुद्यतः ॥ ३१ ॥ दृष्ट्वा भ्रातृवधोद्योगं रुक्मिणी भयविह्वला ॥ पतित्वा पादयोर्भर्तुरुवाच करुणं सती ॥ ३२ ॥ योगेश्वराप्रमेयात्मन्देवदेव जगत्पते ॥ हन्तुं नार्हसि कल्याण भ्रातरं मे महाभुज ॥ ३३ ॥ श्रीशुक उवाच ॥ तया परित्रासविकम्पिताङ्गया शुचाऽवशुष्यन्मुखरुद्धकण्ठया ॥ कातर्यविस्रंसितहेममालया गृहीतपादः करुणो न्यवर्तत ॥ ३४ ॥ चैलेन बद्ध्वा

काटिदिए ॥ २८ ॥ यसरी रुक्मीले परिघ, पट्टिश, ढाल, तरवार र तोमरादि जे-जे अस्त्र उचाल्यो, ती सबैलाई श्रीहरिले काटिदिए ॥ २९ ॥ अन्त्यमा श्रीकृष्णचन्द्रलाई मार्ने इच्छाले त्यो हातमा तरवार लिएर रथबाट हाम्फाली बत्तीमा पुतली दगुरे जस्तै अतिशय क्रोधित भई श्रीकृष्णातिर झम्टियो ॥ ३० ॥ त्यो रुक्मीलाई आफूतिर निकै वेगले आउन लागेको देखेर भगवान्‌ले बाण-वर्षा गरी त्यसका हातको ढाल-तरवार धूलो-पीठो पारेर काटिदिए र त्यसलाई मार्नको निम्ति तत्पर भएर यौटा तीक्ष्ण तरवार झिके ॥ ३१ ॥ आफ्नू दाजूको तयारी देखेर रुक्मिणी डरले व्याकुल भइन् र ती परम साध्वीले पतिको चरण समातेर विनयपूर्वक भनिन् ॥ ३२ ॥ 'हे अप्रमेयात्मन् ! हे देवदेव ! हे जगत्पते ! हे प्रभो ! हे कल्याण-स्वरूप ! हे महाबाहो ! यी मेरा दाजू हुन्। यिनलाई हजुरले मार्नु उचित छैन ॥ ३३ ॥ श्रीशुकदेव भन्दछन्—रुक्मिणीको शरीर डरले कामिरहेको थियो। शोकले तिनको मुख सुकेर आयो, घाँटी अवरुद्ध भयो र आतुरतावश सुवर्णका माला तिनको घाँटीबाट तल खस्यो। जब उनको चरण समातेर प्रार्थना गरिन् तब करुणामय भगवान्‌ले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुक्मीको वध गर्ने विचार त्यागिदिए ॥३४॥ उनले रुक्मीलाई रुमालले बाँधेर दाह्री र कपाल आधा काटी उसलाई कुरूप पारिदिए। उसै वेला ती यादववीरहरूले हात्ती जसरी कमल वनलाई फाँडिदिन्छ, त्यसै गरी त्यो अद्भुत सेनालाई किचि-मिची पारिदिए ॥ ३५ ॥ अनि ती भगवान् कृष्णकहाँ आएर उनले रुक्मीलाई मरेजस्तै अवस्थामा उपस्थित देखे। उसलाई त्यस्तो स्थितिमा देखेर भगवान् सङ्कर्षणलाई दया लाग्यो। उनले बन्धन फुकाएर उसलाई छाडिदिनुभयो र श्रीकृष्णसित भन्नुभयो—॥ ३६ ॥ 'हे कृष्ण! तिमीले यो राम्रो गरेनौ। हाम्रो निम्ति यो निन्दाको कुरा हो। आफ्नू सम्बन्धीको दाह्री-कपाल काटेर कुरूप पारिदिनु उसको वध गरे समान हो' ॥ ३७ ॥ फेरि रुक्मिणीसित भने—'हे साध्वी! दाजूलाई कुरूप पारिदिए भनी हामीमाथि दोषारोपण नगरे। कुनै व्यक्तिलाई सुख-दुःख दिने अरु कोही हुँदैन, त्यो आफ्नै कर्मको फल भोग्दछ' ॥ ३८ ॥ श्रीकृष्णसित उनले भने—'आफ्नू कुनै बंधुले यदि वधको योग्य आपराध गरे पनि त्यो बन्धुकै द्वारा मारिने योग्य हुँदैन। उसलाई छाडिदिनु पर्दछ, किनकि त्यो त आफ्नू दोषले नै मरे झैं भएको हुन्छ। फेरि त्यसलाई मार्नमा के पुरुषार्थ छ?' ॥ ३९ ॥ फेरि रुक्मिणीसित भने—'प्रजापति ब्रह्माले क्षत्रियको धर्म नै यस्तो बनाएका छन्—जसले भाई-भाईलाई मार्दछ। अतः यो धर्म

तमसाधुकारिणं सश्मश्रुकेशं प्रवपन्व्यरूपयत् ॥ तावन्ममर्दुः परसैन्यमद्भुतं यदुप्रवीरा नलिनीं यथा गजाः ॥ ३५ ॥ कृष्णान्तिकमुपव्रज्य ददृशुस्तत्र रुक्मिणम् ॥ तथाभूतं हतप्रायं दृष्ट्वा सङ्कर्षणो विभुः ॥ विमुच्य बद्धं करुणो भगवान्कृष्णमब्रवीत् ॥ ३६ ॥ असाध्विदं त्वया कृष्ण कृतमस्मज्जुगुप्सितम् ॥ वपनं श्मश्रुकेशानां वैरूप्यं सुहृदो वधः ॥ ३७ ॥ मैवास्मान्साध्व्यसूयेथा भ्रातुर्वैरूप्यचिन्तया ॥ सुखदुःखदो न चान्योऽस्ति यतः स्वकृतभुक्पुमान् ॥ ३८ ॥ बन्धुर्वधार्हदोषोऽपि न बन्धोर्वधमर्हति ॥ त्याज्यः स्वेनैव दोषेण हतः किं हन्यते पुनः ॥ ३९ ॥ क्षत्रियाणामयं धर्मः प्रजापतिविनिर्मितः ॥ भ्राताऽपि भ्रातरं हन्याद्येन घोरतरस्ततः ॥ ४० ॥ राज्यस्य भूमेर्वित्तस्य स्त्रियो मानस्य तेजसः ॥ मानिनोऽन्यस्य वा हेतोः श्रीमदान्धाः क्षिपन्ति हि ॥४१॥ तवेयं विषमा बुद्धिः सर्वभूतेषु दुर्हृदाम् ॥ यन्मन्यसे सदाऽभद्रं सुहृदां भद्रमज्ञवत् ॥४२॥ आत्ममोहो नृणामेषकल्प्यते देवमायया ॥ सुहृद्दुर्हृदुदासीन इति देहात्ममानिनाम् ॥४३॥ एक एव परो ह्यात्मा सर्वेषामपि देहिनाम् ॥ नानेव गृह्यते मूढैर्यथा ज्योतिर्यथा नभः ॥४४॥ देह आद्यन्तवानेव द्रव्यप्राणगुणात्मकः ॥ आत्मन्यविद्यया क्लृप्तः संसारयति देहिनम् ॥४५॥ नात्मनोऽन्येन संयोगो वियोगश्चासतः सति ॥

अत्यन्त कठोर छ' ॥ ४० ॥ फेरि कृष्णसित भन्नलागे—'हे भाई! यो उचित हो—जो अभिमानी धनमदले अन्धा भइरहेछन् ती राज्य, पृथ्वी, धन, स्त्री, मान, तेज वा कुनै अरु कारणवश आफ्ना बन्धुको पनि तिरस्कार गर्दछन् तर हामीले त्यसो गर्नु अनुचित हो ॥ ४१ ॥ फेरि रुक्मिणीसित भने—हे शुभे! समस्त प्राणीसित द्रोह गर्ने आफ्ना बन्धु जनको निम्ति मङ्गलमय द[illegible]नलाई पनि तिमीले अज्ञानी झैं अमङ्गल मानिरहीछौ, यो तिम्रो बुद्धिको प्रभाव हो ॥ ४२-४३ ॥ जो व्यक्ति देहलाई नै आत्मा मान्दछन् उनलाई नै 'यो मित्र हो, यो शत्रु र यो उदासीन' यस्तो आत्मविषयक मोह भगवान्को मायाले उत्पन्न हुन्छ। सबै देहधारीका आत्मा एक हुन् र त्यो अत्यन्त शुद्ध छ। सुन—जल र घटादि उपाधिले जस्तै सूर्य-चन्द्रादि ज्योति र आकाश अनेक झैं प्रतीत हुन्छन्, त्यस्तै नै अज्ञानीजन ती एकमात्र शुद्ध आत्मालाई नै अनेक छन् भन्ने देख्दछन् ॥ ४४ ॥ यो शरीर द्रव्य, प्राण र गुणमय छ तथा आदि-अन्त्य युक्त छ। यो आत्मामा अविद्याले कल्पित छ र देहधारी जीवलाई संसार-चक्रमा पारिदिन्छ ॥ ४५ ॥ हे सती! सूर्यनारायण द्वारा नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशित हुनाले नेत्र र रूपसित उसको संयोग वा वियोग हुँदैन, त्यस्तै नै आत्माको अन्य असत् पदार्थसित संयो-वियोग हुँदैन, किनकि उनको प्रसिद्धि त आत्माको नै अधीन रहन्छ ॥४६॥-मृत्यु पनि देहका विकार नै हुन्, आत्माका होइनन्, तथापि आत्माको मृत्यु कहिन्छ । जसरी दिनहुँ क्षय-वृद्धि कलाहरूको नै हुन्छ, चन्द्रमाको होइन । तथापि औंसीको दिन चन्द्रमाको नै क्षय मानिन्छ ॥ ४७ ॥ जस्तै—कुनै सुतेको व्यक्ति नै पदार्थ नभए पनि स्वप्नमा भोक्ता, भोग्य र भोगका फलहरूको अनुभव गर्दछ, त्यसै प्रकार अज्ञानी जन मिथ्या संसार-चक्रमा पर्दछन् ॥ ४८ ॥ अतः हे शुचिस्मिते ! चित्तलाई दुखाउने र मोहित पार्ने यस अज्ञानजनित शोकलाई तत्त्वज्ञानले पर फालेर तिमी शान्त होऊ' ॥ ४९ ॥ शुकदेव भन्नुहुन्छ—हे राजन् ! बलरामले यसरी बुझाएपछि कृशाङ्गी रुक्मिणीले आफ्नू वैमनस्य हटाइन् र विवेक-बुद्धिले चित्तलाई शान्त पारिन् ॥ ५० ॥ जसको तेज र सेना नष्ट भइसकेका थिए तथा जसको प्राणमात्र शेष रहेका थियो, त्यस रुक्मीले शत्रुका हातबाट मुक्त भएर कृष्ण द्वारा आफू सान्है विरूप पारिएको स्मरण गरेर

तद्धेतुत्वात्तत्प्रसिद्धेर्दृग्रूपाभ्यां यथा रवेः ॥ ४६ ॥ जन्मादयस्तु देहस्य विक्रिया नात्मनः क्वचित् ॥ कलानामिव नैवेन्दोर्मृतिर्ह्यस्य कुहूरिव ॥ ४७ ॥ यथा शयान आत्मानं विषयान्फलमेव च ॥ अनुभुङ्क्तेऽप्यसत्यर्थे यथाप्नोत्यबुधो भवम् ॥ ४८ ॥ तस्मादज्ञानजं शोकमात्मशोषविमोहनम् ॥ तत्त्वज्ञानेन निर्हृत्य स्वस्था भव शुचिस्मिते ॥४९॥ श्रीशुक उवाच ॥ एवं भगवता तन्वी रामेण प्रतिबोधिता ॥ वैमनस्यं परित्यज्य मनो बुद्ध्या समादधे ॥५०॥ प्राणावशेष उत्सृष्टो द्विड्भिर्हतबलप्रभः ॥ स्मरन्विरूपकरणं वितथात्ममनोरथः ॥ ५१ ॥ चक्रे भोजकटं नाम निवासाय महत्पुरम् ॥ अहत्वा दुर्मतिं कृष्णमप्रत्यूह्य यवीयसीम् ॥ कुण्डिनं न प्रवेक्ष्यामीत्युक्त्वाऽत्रासवद्रुषा ॥५२॥ भगवान्भीष्मकसुतामेवं निर्जित्य भूमिपान् ॥ पुरमानीय विधिवदुपयेमे कुरूद्वह ॥ ५३ ॥ तदा महोत्सवो नृणां यदुपुर्यां गृहे गृहे अभूदनन्यभावानां कृष्णे यदुपतौ नृप ॥ ५४ ॥ नरा नार्यश्च मुदिताः प्रमृष्टमणिकुण्डलाः ॥ पारिबर्हमुपाजह्रुर्वरयोश्चित्रवाससोः ॥५५॥ सा वृष्णिपर्युत्तभितेन्द्रकेतुभिर्विचित्रमाल्याम्बररत्नतोरणैः ॥ बभौ प्रतिद्वार्युपक्लृप्तमङ्गलैरापूर्णकुम्भागुरुधूपदीपकैः ॥५६॥ सिक्तमार्गा मदच्युद्भिराहूतप्रेष्ठभूभुजाम् ॥ गजैर्द्वाःसु परामृष्टरम्भापूगोपशोभिता ॥५७॥ कुरुसृञ्जयकैकेयविदर्भ-

त्यहीं नै आफू बस्नको निम्ति भोजकट नामको यौटा ठूलो नगर बसाए, किनकि ती यस्तो प्रतिज्ञा गरेर आएका थिए—दुर्बुद्धि कृष्णलाई नमारी तथा आफ्नी कांछी बहिनीलाई नछुटाई म कुण्डिनपुरमा प्रवेश गर्नेछैन । यसै कारण ती रोषपूर्वक भोजकटमै बस्नलागे ॥ ५१ ॥ ५२ ॥ हे राजन् ! यसरी सबै राजालाई जितेर भगवान् कृष्ण राजा भीष्मककी पुत्री रुक्मिणीलाई आफ्नू नगरमा ल्याए र त्यहाँ उनीसित विधिपूर्वक विवाह गरे ॥ ५३ ॥ त्यस वेला द्वारका भित्र यदुनाथ कृष्णमा अनन्य प्रेम राख्ने यादवहरूको घर-घरै ठूलो उत्सव मनाए ॥ ५४ ॥ मणिमय कुण्डल धारण गरेका द्वारकाका प्रसन्न-चित्त नर-नारीहरूले विचित्र वस्त्र धारण गरेकी वधूलाई अनेक उपाहार भेटी टक्राए ॥ ५५ ॥ अग्लोमा फर्फराइरहेका ठूला-ठूला पताका, रङ्गी-चङ्गी माला, वस्त्र र रत्नका बन्दनवार, ढोका-ढोकामा राखिएका लावा-दुर्वादि माङ्गलिक वस्तुहरू, जलपूर्ण कलश, अगरु, धूप र दीपादिले यदुपुरी द्वारकाको अपूर्व शोभा भइरहेको थियो ॥५६॥ निमन्त्रित इष्ट-मित्र र राजाका मदस्रावी हात्तीहरूको मदले बाटोभरि जल छर्के झैं भयो। ढोकामा लगाइएका कदलीस्तम्भ र सुपारीका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुच्छाले द्वारकापुरी राम्रो देखिइरहेको थियो ॥५७॥ त्यस उत्सवमा कुतूहलवश यता-उता दगुर्ने आफ्ना बन्धु-वर्ग, कुरु, सृञ्जय, कैकेय, विदर्भ, यदु र कुन्तिभोज आदि वंशका व्यक्ति ※सबै काम छाडेर परस्पर आनन्द मनाइरहेका थिए ॥३८॥ जताततै रुक्मिणीहरणको चर्चा सुनेर राजाहरू र राजकन्याहरूलाई विस्मय भयो ॥५९॥ हे राजन् ! लक्ष्मीपति कृष्णलाई लक्ष्मीकी अवतार रुक्मिणीसित देखेर नगरका नागरिक अ यन्त प्रसन्न भए ॥६०॥ इति श्रीमद्भागवते दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायां चतुष्पञ्चाशत्तमोऽध्यायः ॥ ५४ ॥

(प्रद्युम्नको जन्म र शम्बरासुर-वध) शुकदेव भन्नुहुन्छ—हे राजन् ! वासुदेवकै अंश कामदेवले—जो भगवान् शङ्करको क्रोधले भस्म भएका थिए—फेरि शरीर प्राप्तिको निम्ति उनै वासुदेवको आश्रय लिएर ॥१॥ उनै कामदेव श्रीकृष्णको वीर्यद्वारा रुक्मिणीको गर्भबाट उत्पन्न भएर प्रद्युम्न नामले विख्यात भए । ती आफ्ना पिताभन्दा कुनै पनि कुरामा

यदुकुन्तयः ॥ मिथो मुमुदिरे तस्मिन्संभ्रमात्परिधावताम् ॥ ५८ ॥ रुक्मिण्या हरणं श्रुत्वा गीयमानं ततस्ततः ॥ राजानो राजकन्याश्च बभूवुर्भृशविस्मिताः ॥५९॥ द्वारकायामभूद्राजन्महामोदः पुरौकसाम् ॥ रुक्मिण्या रमयोपेतं दृष्ट्वा कृष्णं श्रियः पतिम् ॥६०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे रुक्मिण्युद्वाहे चतुःपञ्चाशत्तमोऽध्यायः ॥ ५४ ॥

श्रीशुक उवाच ॥ कामस्तु वासुदेवांशो दग्धः प्राग्रुद्रमन्युना ॥ देहोपपत्तये भूयस्तमेव प्रत्यपद्यत ॥ १ ॥ स एव जातो वैदर्भ्यां कृष्णवीर्यसमुद्भवः ॥ प्रद्युम्न इति विख्यातः सर्वतोऽनवमः पितुः ॥२॥ तं शम्बरः कामरूपी हृत्वा तोकमनिर्दशम् ॥ स विदित्वात्मनः शत्रुं प्रास्योदन्वत्यगाद्गृहम् ॥ ३ ॥ तं निर्जगार बलवान्मीनः सोऽप्यपरैः सह ॥ वृतो जालेन महता गृहीतो मत्स्यजीविभिः ॥ ४ ॥ तं शम्बराय कैवर्ता उपाजह्रुरुपायनम् ॥ सूदा महानसं नीत्वाऽवद्यन्स्वधितिनाऽद्भुतम् ॥५॥ दृष्ट्वा तदुदरे बालं मायावत्यै न्यवेदयन् ॥ नारदोऽकथयत्सर्वं तस्याः शङ्कितचेतसः ॥

कम थिएनन् ॥२॥ बालक प्रद्युम्न दस दिनका पनि नहुँदै उनलाई यथेच्छ रूपधारी शम्बरासुरले आफ्ना पूर्वशत्रु जानेर हऱ्यो र समुद्रमा फ्याँकेर आफ्नू घर फर्कियो ॥३॥ शिशुलाई यौटा माछाले निल्यो र त्यो माछालाई यौटा माझीले जालमा अल्झायो ॥ ४ ॥ माझीले माछा शम्बरासुरकहाँ लग्यो र उपहारमा माछा टक्राइदियो । अनि शम्बरासुरको भान्सेले त्यो अद्भुत माछा भान्सामा लगेर चिऱ्यो ॥ ५ ॥ त्यसको पेटबाट यौटा बालक पाएर त्यो भान्सेले मायावतीलाई सुम्पिदियो । त्यसको सबै वृत्तान्त जानेर मायावतीलाई ठूलो विस्मय भयो । अनि देवर्षि नारद आएर ती बालकको उत्पत्ति र माछाको पेटमा जाने सबै भेद मायावतीलाई सुनाइदिए । तिनै मायावती कामदेवकी यशस्विनी पत्नी रति थिइन् ।

※ दृष्टान्त (ईश्वरलो काम पहिले गर)—एक दिन मक्का शहरमा यौटा हजाम कुनै गृहस्थको कपाल काट्तै थियो । उसै वेला जुन्नैद फकीर त्यहाँ आएर भने—'खुदाको निम्ति मेरो कपाल पनि बनाइदेऊ ।' खुदाको नाम सुनेर हजामका आँखामा जल भरियो । उसले गृहस्थ ग्राहकसित भन्यो—'अब म हजुरको कपाल बनाउन सक्तिन । एक छिनको लागि हजुर उठ्नुहवस् । अहिले म खुदाको निम्ति यी फकीरको कपाल बनाउँछु । खुदाको काम पहिले गर्नुपर्दछ, किनकि उनको दयाले नै हाम्रो व्यवहार चल्दछ ।' यति भनेर उसले गृहस्थलाई उठाइदियो र फकीरलाई बसाली कपाल बनाइदियो र नमस्कार गरी विदागऱ्यो । त्यसपछि गृहस्थको कपाल बनाइदियो । केही दिनपछि बसराको यौटा धनीले उनै फकीरलाई रुपियाँको तोडा दिए । त्यो लिएर फर्क र हजामलाई दिन पुग्यो, तर हजामले लिएन र भन्यो—'तिमीलाई लाज लागेन ? तिमीले खुदाको निम्ति कपाल बनाउन भन्यौ, रुपियाँको निम्ति होइन ।' आफ्ना भक्त मण्डलीमा जुबैद भन्ने गर्दथे—'निष्काम ईश्वर भक्ति मैले यौटा हजानसित सिकेको हुँ ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती शङ्कर भगवान्‌को कोपानलमा डढेका पतिको प्रतीक्षा गर्दै थिइन् ॥ ६-७ । मायावतीलाई शम्बरासुरले भान्सामा खटाइराखेको थियो । ती बालकलाई पति कामदेवको अवतार जानेर ती बराबर आफ्नो स्नेह बढाउन लागिन् ॥ ८ ॥ केहीपछि कृष्ण-कुमार प्रद्युम्न युवास्थामा पुगे र हेर्नें नारीहरूको मनलाई मोहित पार्न लागे ॥ ९ ॥ हे राजन् ! मायावती कमलदलको समान विशाल नयन, आजानुबाहु र नरलोक-सुन्दर स्वामीलाई लज्जापूर्ण हाँसो र बांगो दृष्टिले हेर्दथिन् तथा रतिकालोचित चेष्टा प्रदर्शन गर्दै *स्वच्छ मनले तिनको चाकरी गर्नलागिन् ॥ १० ॥ तिनको भावना परिवर्तन देखेर कृष्ण-तनय भगवान प्रद्युम्नले भने—'हे माता ! तिम्रो बुद्धि अकैं थरिको विपरीत किन भइरहेको छ ? म देखि-

बालस्य तत्त्वमुत्पत्तिं मत्स्योदरनिवेशनम् ॥६॥ सा च कामस्य वै पत्नी रतिर्नाम यशस्विनी ॥ पत्युर्निर्दग्धदेहस्यदेहोत्पत्तिं प्रतीक्षती ॥७॥ निरूपिता शम्बरेण सा सूपौदनसाधने ॥ कामदेवं शिशुं बुद्ध्वा चक्रे स्नेहंतदाऽर्भके ॥८॥ नातिदीर्घेण कालेन स कार्ष्णी रूढयौवनः ॥ जनयामास नारीणां वीक्षन्तीनां च विभ्रमम् ॥६॥ सा तं पतिं पद्मदलायतेक्षणं प्रलम्बबाहुं नरलोकसुन्दरम् ॥ सव्रीडहासोत्तभितभ्रुवेक्षती प्रीत्योपपस्थे रतिरङ्गसौरतैः ॥ १० ॥ तामाह भगवान्कार्ष्णिर्मातस्ते मतिरन्यथा ॥ मातृभावमतिक्रम्य वर्तसे कामिनी यथा ॥११॥ रतिरुवाच ॥ भवान्नारायणसुतःशम्बरेणाहृतो गृहात् ॥ अहं तेऽधिकृता पत्नी रतिः कामो भवान्प्रभो ॥१२॥ एष त्वाऽनिर्दशं सिन्धावाक्षिपच्छम्बरोऽसुरः ॥ मत्स्योऽग्रसीत्तदुदरादितः प्राप्तो भवान्प्रभो ॥१३॥ तमिमं जहि दुर्धर्षं दुर्जयं शत्रुमात्मनः ॥ मायाशतविदं त्वं च मायाभिर्मोहनादिभि ॥१४॥ परिशोचति ते माता कुररीव गतप्रजा ॥ पुत्रस्नेहाकुलादीना विवत्सा गौरिवातुरा ॥ १५ ॥ प्रभाष्यैवं ददौ विद्यां प्रद्युम्नाय महात्मने ॥ मायावती महामायां सर्वमायाविनाशिनीम् ॥ १६ ॥ स च सम्बरमभ्येत्य

रहेको छु—तिमी मसित मातृभाव छाडेर कामिनी झैं आचरण गरिरहेकी छौ ।' ॥ ११ । अनि रति बोलिन्—हे प्रभो ! हजुर साक्षात् नारायणका छोरा हुनुहुन्छ । शम्बरासुर हजुरकै घरबाट ल्यायो । हजुर साक्षात् कामदेव र म हजुरकी धर्मपत्नी रति हुँ ॥ १२ ॥ हजुर दस दिनका पनि नपुग्दै शम्बरासुरले हरण गरेर समुद्रमा फालिदिएको थियो । त्यहाँ हजुरलाई यौटा माछाले निल्यो र त्यसैको पेटबाट हजुर यहाँ निस्कनु भयो ॥ १३ ॥ अब हजुर यो अत्यन्त दुर्दम्य, दुर्जय र सयकडौं माया जान्ने शत्रुलाई मोहन आदि मायामय शस्त्रले मार्नुहवस् ॥ १४ ॥ बाछो हराएकी गाई जसरी व्याकुल हुन्छिन्, त्यस्तै आफ्नू पुत्र हजुर हराउनाले पुत्र-स्नेहले आकुल माता रुक्मिणी दीन र दुःखी भई कुररी पक्षी

दृष्टान्त (सत्यको साटो) सन् १९१० मा सहारनपुर जिल्लाका नहरको यौटा गोरा अफिसरको सुनका गिन्नीले भरिएको थैली बाटोमा खस्यो । त्यतैबाट यौटा बटुवा गइरहेको थियो, त्यसले थैली भेट्यो । गोरा साहेबले निकै खोज्दा पनि पाउन सकेन । अब त्यो घोडा दगुराउँदै फर्कियो । त्यस बेला बटुवा वृक्षको छायामा बसेको थियो । उसले थैली अफिसरलाई बुझायो । उसले गिन्नी गनेर भन्यो—'तीन गिन्नी छैन । बटुवाले भन्यो—'मलाई थाहा छैन ।' तर साहेबले त्यसलाई समातेर सहारनपुरको अदालतमा हाजिर गरायो । हाकिमले बटुवाको बयान लियो । त्यसका कुराले यो मानिस ईमानदार छ भन्ने हाकिमले बुझ्यो । अनि उसले तीन गिन्नी मगाई अफिसरलाई दियो र भन्यो—'लो, यी तीन गिन्नी थैलीमा राख ।' थैली पूरा भरिएको हुनाले तीन गिन्नी पनि अटाएन । न्यायाधीशले फैसला सुनायो—तिम्रो थैली तीन गिन्नी अझ अटाउने स्थान भएको थियो । अतः जाऊ, त्यो थैली खोज । यो तिम्रो थैली होइन !' भनि भनेर थैली बटुवालाई दियो । बटुवाले थैली लिन्न भन्यो, तर न्यायाधीशले बलपूर्वक उसैलाई दियो । गोरा अधिकारी यो निर्णय सुनेर लज्जित भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झैं विलाप गर्छिन् ॥१५॥ प्रद्युम्नसित त्यति कुरा गरेर मायावतीले उनलाई सबै माया नष्ट पार्ने महामाया नामको विद्या सिखाइन् ॥ १६ ॥ अनि प्रद्युम्नले शम्बरासुरको सामुन्ने गएर असह्य कठोर वचनले तिरस्कार गर्दै कलहपूर्वक उत्तेजित पारी युद्धको निम्ति हाँक दिए ॥ १७ ॥ शम्बरासुर पाद प्रहारले रिसाएको सर्प झैं तिनका कटुवचनले क्षुब्ध भई रिसले राता-राता आँखा पारेर हातमा गदा लिई बाहिर निस्क्यो ॥ १८ ॥ उसले त्यो गदा ठूलो वेगले बेपरी घुमाई प्रद्युम्न माथि प्रहार गरिदियो र विजुलीको चर्को स्वर झैं चिच्याउन लाग्यो ॥ १९ ॥ गदा आफूतिर आउन लागेको देखेर भगवान् प्रद्युम्नले त्यसलाई आफ्नू गदाले नष्ट पारिदिए र रिसाई शत्रुमाथि आफ्नू उत्तम गदा प्रहार गरे ॥ २० ॥ अनि त्यो बलवान् दैत्य मयासुरले आसुरी मायाको आश्रय लिएर आकाशमा उड्यो र प्रद्युम्न माथि विविध शस्त्रास्त्रको वर्षा गर्न लाग्यो ॥ २० ॥ त्यो अस्त्र-वर्षाले व्यथित भएर महारथी प्रद्युम्नले सबै मायालाई शान्त पार्ने सत्त्वयी महामाया विद्याको प्रयोग गरे ॥ २२ ॥ अनि शम्बरासुरले यक्ष, गन्धर्व, पिशाच, सर्प र राक्षसका

संयुगाय समाह्वयत् ॥ अविषह्यैस्तमाक्षेपैः क्षिपन्सञ्जनयन्कलिम् ॥ १७ ॥ सोऽधिक्षिप्तो दुर्वचोभिः पदा हत इवोरगः ॥ निश्चक्राम गदापाणिरमर्षात्ताम्रलोचनः ॥ १८ ॥ गदामाविध्य तरसा प्रद्युम्नाय महात्मने ॥ प्रक्षिप्य व्यनदन्नादं वज्रनिष्पेषनिष्ठुरम् ॥ १९ ॥ तामपतन्तीं भगवान्प्रद्युम्नो गदया गदाम् ॥ अपास्य शत्रवे क्रुद्धः प्राहिणोत्स्वगदां नृप ॥ २० ॥ स च मायां समाश्रित्य दैतेयीं मयदर्शिताम् ॥ मुमुचेऽस्त्रमयं वर्षं कार्ष्णौ वैहायसोऽसुरः ॥ २१ ॥ बाध्यमानोऽस्त्रवर्षेण रौक्मिणेयो महारथः ॥ सत्त्वात्मिकां महाविद्यां सर्वमायोपमर्दिनीम् ॥ २२ ॥ ततो गौह्यकगान्धर्वपैशाचोरगराक्षसीः ॥ प्रायुङ्क्त शतशो दैत्यः कार्ष्णिर्व्यधमयत्स ताः ॥ २३ ॥ निशातमसिमुद्यम्य सकिरीटं सकुण्डलम् ॥ शम्बरस्य शिरः कायात्ताम्रश्मश्र्वोजसाऽहरत् ॥ २४ ॥ आकीर्यमाणो दिविजैः स्तुवद्भिः कुसुमोत्करैः ॥ भार्ययाऽम्बरचारिण्या पुरं नीतो विहायसा ॥ २५ ॥ अन्तःपुरवरं राजन्ललनाशतसङ्कुलम् ॥ विवेश पत्न्या गगनाद्विद्युतेव बलाहकः ॥ २६ ॥ तं दृष्ट्वा जलदश्यामं पीतकौशेयवाससम् ॥ प्रलम्बबाहुं ताम्राक्षं सुस्मितं रुचिराननम् ॥ २७ ॥ स्वलङ्कृतमुखाम्भोजं नीलवक्त्रालकालिभिः ॥ कृष्णं मत्वा स्त्रियो ह्रीता निलिल्युस्तत्र तत्र ह ॥ २८ ॥ अवधार्य शनैरीषद्वैलक्षण्येन योषितः ॥ उपजग्मुः प्रमुदिताः सस्त्रीरत्नं सुविस्मिताः ॥ २९ ॥ अथ तत्रासितापाङ्गी वैदर्भी वल्गुभाषिणी ॥

सयकडौं मायाहरू एकैपल्ट प्रयोग गरिदियो, तर कृष्णकुमार प्रद्युम्नले ती सबै तत्काल शान्त पारे ॥ २३ ॥ त्यसपछि यौटा तीक्ष्ण र धारिलो तरवार झिकेर शम्बरासुरको किरीट तथा कुण्डल सहितको र अरुण वर्णको दाह्री-जुँघा हुने शिर घाँटीबाट छुट्याइदिए ॥ २४ ॥ अनि स्तुति गरिरहेका स्वर्ग निवासी समस्त देवताको पुष्पवृष्टिले ढाकिई प्रद्युम्नलाई उनकी आकाशचारिणी भार्या मायावतीले आकाशमार्गबाट द्वारकापुरी लगिन् ॥ २५ ॥ हे राजन् ! दामिनी विमण्डित श्याम मेघ झैं राम्रा प्रद्युम्नले मायावती सहित आकाशबाट वलेर अनेकौं रमणी-रत्नले भरिएको द्वारकाको राजभवनमा प्रवेश गरे ॥ २६ ॥ मेघ झैं श्यामवर्ण, पीताम्बरधारी, विशाल बाहु, अरुण-नयन हास्ययुक्त मुख तथा नीलो र घुगुरिएको अलकावलीरूपी भ्रमरले अलङ्कृत मुखारविन्दयुक्त प्रद्युम्नलाई देखेर महिलाहरूले साक्षात् कृष्ण ठाने । अतः लाज मानेर यताउता लुक्नलागे ॥ २७ ॥ २८ ॥ विस्तार-विस्तार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही विलक्षणता देखेर कृष्ण होइनन् भन्ने जाने। अनि ती अतिशय आनन्दित र विस्मित भएर आफ्नी स्त्रीसित आएका ती पुरुषरत्नकहाँ आए ॥२९॥ उसै बेला श्यामनयना र मंजुभाषिणी रुक्मिणीलाई आफ्नो हराएको बालक स्मरण भयो र पुत्र स्नेहले तिनका स्तनबाट दूधको धारा बग्यो ॥३०॥ उनले विचार गरिन्—यो नर-रत्न को हो ? यो कमल नयन पुत्र कसको हो ? कुन भाग्यमानीले यसलाई आफ्नू गर्भमा धारण गरेकी होली ? यसले कुन स्त्री भेट्यो ॥३१॥ मेरो छोरो पनि, जुन सूतिकागृहबाट नै हराएको थियो, त्यो कहीं बाँचेकै भए उसको अवस्था र आकृति पनि यस्तै होला ॥३२॥ अङ्गहरूको गठन र चाल-ढाल, बोल-चाल, हाँसो र हेराई श्रीकृष्ण झैं कसरी प्राप्तभयो ? ॥३३॥ यो मैले गर्भमा धारण गरेको बालक नै हो कि ? किनकि यसमाथि मेरो स्नेह किन हो, वारम्बार बढिरहेको छ र मेरो बायाँ अङ्ग फर्फराइरहेछ' ॥३४॥ जब महारानी रुक्मिणी यस्तै तर्कमा परेकी थिइन् त्यसै बेला माता देवकी र वसुदेवका पुण्यकीर्ति पुत्र भगवान् कृष्ण उहीं आइपुगे ॥३५॥ श्रीजनार्दन यो सबै रहस्य जान्नथे तर उनले केही पनि भनेनन्। त्यतिमै देवर्षि आइपुगे र उनले प्रद्युम्न सूतिका-

अस्मरत्स्वसुतं नष्टं स्नेहस्नुतपयोधरा ॥ ३० ॥ को न्वयं नरवैदूर्यः कस्य वा कमलेक्षणः ॥ धृतः कया वा जठरे केयं लब्धा त्वनेन वा ॥३१॥ मम चाप्यात्मजो नष्टो नीतो यः सूतिकागृहात् ॥ एतत्तुल्यवयोरूपो यदि जीवति कुत्रचित् ॥ ३२ ॥ कथं त्वेनेन संप्राप्तं सारूप्यं शार्ङ्गधन्वनः ॥ आकृत्यावयवैर्गत्या स्वरहासावलोकनैः ॥३३॥ स एव वा भवेन्नूनं यो मे गर्भे धृतोऽर्भकः ॥ अमुष्मिन्प्रीतिरधिका वामः स्फुरति मे भुजः ॥ ३४॥ एवं मीमांसमानायां वैदर्भ्यां देवकीसुतः ॥ देवक्यानकदुन्दुभ्यामुत्तमश्लोक आगमत् ॥३५॥ विज्ञातार्थोऽपि भगवाँस्तूष्णीमास जनार्दनः ॥ नारदोऽकथयत्सर्वं शम्बराहरणादिकम् ॥३६॥ तच्छ्रुत्वा महादाश्चर्यं कृष्णान्तःपुरयोषितः ॥ अभ्यनन्दन्बहूनब्दान्नष्टं मृतमिवागतम् ॥ ३७ ॥ देवकी वसुदेवश्च कृष्णरामौ तथा स्त्रियः ॥ दम्पती तौ परिष्वज्य रुक्मिणी च ययुर्मुदम् ॥ ३८ ॥ नष्टं प्रद्युम्नमायातमाकर्ण्य द्वारकौकसः ॥ अहो मृत इवायातो बालो दिष्ट्येति चाब्रुवन् ॥ ३९ ॥ यं वै मुहुः पितृसरूपनिजेशभावास्तन्मातरो यदभजन् रहरूढभावाः ॥ चित्रं न तत्खलु रमास्पदबिम्बबिम्बेकामे स्मरेऽ-

गृहबाट शम्बरासुर द्वारा हरण गरिएका सबै कुरा सुनाए ॥ ३६ ॥ नारदबाट यो विचित्र वृत्तान्त सुनेर कृष्णका अन्तःपुरका नारीहरू, कुनै मरेको सुहृद् फेरि जीवित भएर आए झैं उनलाई धेरै वर्षपछि देखेर प्रसन्न भए ॥ ३७ ॥ श्रीकृष्णचन्द्र र बलराम, देवकी, वसुदेव, रुक्मिणी र अन्तःपुरका अन्य स्त्रीहरू नववधू सहित वीर बालक प्रद्युम्नलाई अंकमाल गर्दै प्रसन्न मनले भेटे ॥ ३८ ॥ हराएका प्रद्युम्न फर्केर आए भन्ने सुनेर सबै द्वारकावासी भन्नलागे—'अहो ! कस्तो सौभाग्यको कुरा छ—जुन बालक हराएका थिए, ती फेरि मरेर फर्के झैं आइपुगे।' ॥ ३९ ॥ यस बखत प्रद्युम्नलाई देखेर पिताकै समान स्वरूप हुनाले उनमा आफ्ना पतिदेव अर्थात् श्रीकृष्णचन्द्रकै भावना भएको थियो त्यसैले तिनकी गुणवती आमा रुक्मिणी आदि नारीहरू मधुर भावमा निमग्न भएर त्यहाँबाट अन्तै एकान्तमा गए । लक्ष्मी निवास श्रीकृष्ण भगवान्का प्रतिबिम्बस्वरूप र स्मरणमात्रले क्षोभ उत्पन्न पार्ने कामदेवका अवतार प्रद्युम्न भेटिएपछि यस्तो हुनु कुनै ठूलो आश्चर्यको कुरा थिएन। जब तिनलाई देखेर माताहरूलाई पनि भावोदय भयो भने अरु साधारण स्त्रीहरूको के

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा ? ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां पञ्चपञ्चाशत्तमोऽध्यायः ।।५५।।

(स्यमन्तकोपाख्यान, जाम्बवती र सत्यभामासित श्रीकृष्णको बिवाह) श्रीशुकदेव भन्दछन्--हे राजन् ! सत्राजित नामका यादवले एकपल्ट कृष्णलाई अलङ्क लगाएका थिए । त्यस अपराधको शान्तिका लागि स्यमन्तक मणि र आफ्नी छोरी पनि दिएका थिए ॥ १ ॥ तब राजा परीक्षतले सोधे--हे ब्रह्मन् ! श्रीकृष्णले सत्राजितको के अपराध गरेका थिए ? उसलाई स्यमन्तक मणि कहाँबाट र कसरी प्राप्त भएको थियो ? र किन उनले मणी र आफ्नी छोरी श्रीकृष्णलाई दिए ? ॥ २ ॥ श्रीशुकदेवजी भन्दछन्—सूर्यनारायण आफ्ना भक्त सत्राजितको भक्तिले उनका मित्र भए । उनले सत्राजितको तपस्यामा खुसी भएर स्यमन्तक मणि दिएका थिए ॥ ३ ॥ त्यो मणि लगाएर ती सत्राजित सूर्यजस्तै देदीप्यमान भएर एक दिन द्वारकापुरी पुगे । त्यस मणिको प्रचण्ड तेजले तिनलाई कसैले चिह्न सकेनन् ॥ ४ ॥ परैबाट देखेर सबैका आँखा तिर्मिरिए र मणि पहिरेका सूर्यका भक्त ती सत्राजित

क्षिविषये किमुतान्यनार्यः ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे प्रद्युम्नोत्पत्तिनिरूणं नाम पञ्चपञ्चाशत्तमोऽध्यायः ॥ ५५ ॥

श्रीशुक उवाच ॥ सत्राजितः स्वतनयां कृष्णाय कृतकिल्बिषः ॥ स्यमन्तकेन मणिना स्वयमुद्यम्य दत्तवान् ॥ १ ॥ राजोवाच ॥ सत्राजितः किमकरोद्ब्रह्मन्कृष्णस्य किल्बिषम् ॥ स्यमन्तकः कुतस्तस्य कस्माद्दत्तः सुता हरेः ॥ २ ॥ शुक उवाच ॥ आसीत्सत्राजितः सूर्यो भक्तस्य परमः सखा ॥ प्रीतस्तस्मै मणिं प्रादात्सूर्यस्तुष्टः स्यमन्तकम् ॥ ३ ॥ स तं बिभ्रन्मणिं कण्ठे भ्राजमानो यथा रविः ॥ प्रविष्टो द्वारकां राजँस्तेजसा नोपलक्षितः ॥ ४ ॥ तं विलोक्य जना दूरात्तेजसा मुष्टदृष्टयः ॥ दीव्यतेऽक्षैर्भगवते शशंसुः सूर्यशङ्किताः ॥ ५ ॥ नारायण नमस्तेऽस्तु शङ्खचक्रगदाधर ॥ दामोदरारविन्दाक्ष गोविन्द यदुनन्दन ॥ ६ ॥ एष आयाति सविता त्वां दिदृक्षुर्जगत्पते ॥ मुष्णन्गभस्तिचक्रेण नृणां चक्षूंषि तिग्मगुः ॥ ७ ॥ नन्वन्विच्छन्ति ते मार्गं त्रिलोक्यां विबुधर्षभाः ॥ ज्ञात्वाऽद्य गूढं यदुषु द्रष्टुं त्वायात्यजः प्रभो ॥ ८ ॥ श्रीशुक उवाच ॥ निशम्य बालवचनं प्रहस्याम्बुजलोचनः ॥ प्राह नासौ रविर्देवः सत्राजिन्मणिना ज्वलन् ॥ ९ ॥ सत्राजित्स्वगृहं श्रीमत्कृतकौतुकमङ्गलम् ॥ प्रविश्य देवसदने मणिं विप्रैर्न्यवेशयत् ॥ १० ॥ दिने दिने स्वर्णभारानष्टौ स सृजति प्रभो ॥ दुर्भिक्षमार्यरिष्टानि सर्पाधिव्याधयोऽशुभाः ॥

लाई सूर्य ठानेर पासा खेलिरहेका श्रीकृष्णासित भने-- ॥ ५ ॥ 'हे नारायण ! हे शङ्ख-चक्र-गदाधर ! हे कमलनयन ! हे गोविन्द ! हे यदुनन्दन ! हे अच्युत ! हजुरलाई नमस्कार छ ॥ ६ ॥ हे जगत्पते ! हेर्नोस्, आफ्ना किरणले हामीहरू सबैका आँखा तिरिमिरि पार्दै प्रचण्डरश्मि सूर्यनारयण हजुरको दर्शन गर्न आइरहेका छन् ॥ ६ ॥ हे प्रभो ! त्रिलोकका सबै देवता हजुरलाई सदा खोजिरहन्छन । आज यदुकुलमा लुकेका जानेर सूर्य हजुरको दर्शनका निम्ति स्वयं आइरहेका छन् ।८॥ शुकदेवजी भन्दछन्—हे राजन् ! ती अनभिज्ञ व्यक्तिका कुरा सुनेर कमल-नयन श्रीकृष्णले हाँसेर भन्नुभयो--'यी सूर्य होइनन्, मणिले देदीप्यमान भएर सत्राजित आउँदैछन् ।' सत्राजितले मङ्गलोत्सवको द्वारा शोभायमान आफ्नू घरको देवमन्दिरमा ब्राह्मणद्वारा त्यस मणिको प्रतिष्ठा गराए ॥ ९ ॥ हे राजन् ! त्यो मणि दिनहुँ आठ भार सुन दिन्थ्यो । जहाँ त्यसको भक्तिपूर्वक पूजा गरिन्थ्यो, त्यहाँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुर्भिक्ष, महामारी, ग्रहपीडा, मानसिक र शारीरिक कष्ट, मायावी हरूको उपद्रवादि अशुभ हुँदैनथे ॥ १० ॥ ११ ॥ एक दिन कृष्णले त्यो मणि राजा उग्रसेनलाई दिन सत्राजितसित माग़े, किन्तु ती धनका लोभीले उनको आज्ञा-भङ्गको विचारै नगरी मणि दिएनन् ॥ १२ ॥ अर्को दिन सत्राजितको भाई प्रसेन त्यो प्रकाशमय मणि आफ्नू घाँटीमा लगाएर तथा घोडामा चढी वनमा शिकार खेल्न लागे ॥ १३ ॥ त्यहाँ यौटा सिंहले घोडा समेत प्रसेनलाई मारिदियो । अनि त्यो अपूर्व मणि लिएर ऊ यौटा गिरिगुफामा पस्न आँटेको वेला मणिको इच्छा राख्ने जाम्बवानले सिंहलाई बीचमै मारिदिए ॥ १४ ॥ अनि मणि उनले आफ्नू गुफामा लगेर त्यो मणि आफ्नू बालकलाई खेल्न दिए । प्रसेनका दाजू सत्राजित प्रसेनलाई नदेखेर शोक गर्नलागे ॥ १५ ॥ उनले कसैसित कुरा पनि गरे—'मेरो भाई मणि लगाएर वनमा गएको थियो । सम्भवतः उसलाई कृष्णले मार्न लगाए र मणि लिए होलान् ।' यो कुरा कानेखुसी गर्दागर्दै फैलियो र ॥ १६ ॥ जब भगवान्‌ले यो कलङ्क लागेको कुरा सुने तब त्यो मेट्न द्वारकावासीलाई साथै लिएर वनमा सत्राजितको भाई प्रसेनलाई

न सन्ति मायिनस्तत्र यत्रास्तेऽभ्यर्चितो मणिः ॥११॥ स याचितो मणिं दातुं यदुराजाय शौरिणा ॥ नैवार्थकामुकः प्रादाद्याच्ञाभङ्गमतर्कयन् ॥१२॥ तमेकदा मणिं कण्ठे प्रतिमुच्य महाप्रभम् ॥ प्रसेनो हयमारुह्य मृगयां व्यचरद्वने ॥ १३ ॥ प्रसेनं सहयं हत्वा मणिमाच्छिद्य केसरी ॥ गिरिं विशञ्जाम्बवता निहतो मणिमिच्छता ॥ १४ ॥ सोऽपि चक्रे कुमारस्य मणिं क्रीडनकं बिले ॥ अपश्यन्भ्रातरं भ्राता सत्राजित्पर्यतप्यत ॥१५॥ प्रायः कृष्णेन निहतो मणिग्रीवो वनं गतः ॥ भ्राता ममेति तच्छ्रुत्वा कर्णे कर्णेऽजपञ्जनाः ॥१६॥ भगवांस्तदुपश्रुत्य दुर्यशो लिप्तमात्मनि ॥ मार्ष्टुं प्रसेनपदवीमन्वपद्यत नागरैः ॥ १७ ॥ हतं प्रसेनमश्वं च वीक्ष्य केसरिणा वने ॥ तं चाद्रिपृष्ठे निहतमृक्षेण ददृशुर्जनाः ॥ १८ ॥ ऋक्षराजबिलं भीममन्धेन तमसाऽऽवृतम् ॥ एको विवेश भगवानवस्थाप्य बहिः प्रजाः ॥ १९ ॥ तत्र दृष्ट्वा मणिश्रेष्ठं बालक्रीडनकं कृतम् ॥ हर्तुं कृतमतिस्तस्मिन्नवतस्थेऽर्भकान्तिके ॥ २० ॥ तमपूर्वं नरं दृष्ट्वा धात्री चुक्रोश भीतवत् ॥ तच्छ्रुत्वाऽभ्यद्रवत्क्रुद्धो जाम्बवान्बलिनां वरः ॥ २१ ॥ स वै भगवता तेन युयुधे स्वामिनात्मनः ॥ पुरुषं प्राकृतं मत्वा कुपितो नानुभाववित् ॥ २२ ॥ द्वन्द्वयुद्धं सुतुमुलमुभयोर्विजिगीषतोः ॥ आयुधाश्मद्रुमैर्दोर्भिः क्रव्यार्थे श्येनयोरिव ॥ २३ ॥ आसीत्तदष्टाविंशाहमितरेतरमुष्टिभिः ॥ वज्रनिष्पेषपरुषैरविश्रममहर्निशम् ॥ २४ ॥ कृष्णमुष्टिविनिष्पातनिष्पिष्टाङ्गोरुबन्धनः ॥

खोज्न गए ॥ १७ ॥ वनमा खोज्दा सिंहद्वारा मारिएको प्रसेन र उसको घोड़ा मरेको तथा जाम्बवान्‌को हातबाट पर्वतमा मारिएको सिंहलाई पनि देखे ॥ १८ ॥ अनि श्रीकृष्ण सबैलाई बाहिर छाडेर अन्धकारपूर्ण ऋक्षराजको डरलाग्दो गुफामा एक्लै पसे ॥ १९ ॥ भित्र पुगेर देवकीनन्दन श्रीकृष्ण भगवान्‌ले देखे—त्यो श्रेष्ठ मणि बालकको खेल्ने वस्तु बनेको छ । त्यो लिने इच्छाले भगवान् बालकको नगीचै पुगे ॥ २० ॥ त्यहाँ यौटा मनुष्य देखेर बालककी धाई डराएर वेसरी चिच्याई । त्यसको चीत्कार सुनेर बलवान्‌हरूमा श्रेष्ठ जाम्बवान् रिसाई आइपुगे ॥ २१ ॥ २२ ॥ श्रीकृष्णलाई साधारण मनुष्य ठानेर उनको प्रभाव जान्न नसकेर जाम्बवान् आफ्ना प्रभु भगवान् श्रीकृष्णचन्द्रप्रति वेसरी कुपित भएर युद्ध गर्न लागे । जस्तै मासुको लागि दुइ बाज परस्पर लड्छन्, त्यसै गरी जयका अभिलाषी ती दुवै वीर शस्त्रास्त्र, वृक्ष, ढुङ्गा, मुड्की आदिले घोर द्वन्द्वयुद्ध गर्नलागे ॥ २३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसै गरी अट्ठाइस दिनसम्म रात-दिन वज्र झैं कठोर मुड्कीले परस्पर युद्ध हुँदै रह्यो ॥ २४ ॥ अन्त्यमा भगवान् कृष्णको मुड्की लागेर जाम्बवान्का अङ्ग-बन्धन धूलो भए झैं भयो उत्साह नष्ट भयो, शरीर पसीनाले भिज्यो र ती छक्क परेर भन्न लागे-- ॥ ३५ ॥ 'हे प्रभो ! मैले बल्ल जानें–हजुर सबै जीवका स्वामी, प्रतिपालक र पुराण-पुरुष उनै भगवान् विष्णु हुनुहुन्छ । हजुर नै सबै प्राणीमात्रका प्राण, इन्द्रियबल, मनोबल र शारीरिक बल हुनुहुन्छ ॥ २६ । हजुर विश्वका रचयिता ब्रह्मादिलाई पनि उत्पन्न गर्न, सृष्टिका कारण, नाश गर्नेहरूका नियामक काल र आत्माहरूका परमात्मा हुनुहुन्छ ॥२७॥ हे प्रभो ! जसको थोटा सानू रोषपूर्ण कटाक्षले सिन्धुका नक्र र तिमिङ्गिलादि क्षुब्ध भएपछि समुद्रले लङ्का जाने बाटो छाडिदिएथे । अनि जसले त्यसमाथि आफ्नू कीर्ति स्वरूप सेतु बाँधेर लङ्का विध्वंस गरे, जसका बाणहरूले काटिएर राक्षसका शिर पृथ्वीमा पल्टन लागेका थिए, ती भगवान् राम हजुर नै हुनुहुन्छ । हे महाराज ! ऋक्षपति जाम्बवानले मेरो भगवत्रूप जाने भन्ने देखेर देवकी-नन्दन गोविन्दले तिनको पीडा शान्त पार्नका लागि आफ्ना कल्याणकारी

क्षीणसत्त्वः स्विन्नगात्रस्तमाहातीव विस्मितः ॥ २५ ॥ जाने त्वां सर्वभूतानां प्राण ओजः सहो बलम् ॥ विष्णुं पुराणपुरुषं प्रभविष्णुमधीश्वरम् ॥ २६ ॥ त्वं हि विश्वसृजां स्रष्टा सृज्यानामपि यच्च सत् ॥ कालः कलयतामीशः पर आत्मा अथात्मनाम् ॥ २७ ॥ यस्येषदुत्कलितरोषकटाक्ष-मोक्षैर्वर्त्मादिशत्क्षुभितनक्रतिमिङ्गिलोऽब्धिः ॥ सेतुः कृतः स्वयश उज्ज्वलिता च लङ्का रक्षःशिरांसि भुवि पेतुरिषुक्षतानि ॥ २८ ॥ इति विज्ञात-विज्ञानमृक्षराजानमच्युतः ॥ व्याजहार महाराज भगवान्देवकीसुतः ॥ २९ ॥ अविमृश्यारविन्दाक्षः पाणिना शङ्करेण तम् ॥ कृपया परया भक्तया प्रेमगम्भीरया गिरा ॥ ३० ॥ मणिहेतोरिह प्राप्ता वयमृक्षपते बिलम् ॥ मिथ्याभिशापं प्रमृजन्नात्मनो मणिनाऽमुना ॥ ३१ ॥ इत्युक्तः स्वां दुहितरं कन्यां जाम्बवतीं मुदा ॥ अर्हणार्थं स मणिना कृष्णायोपजहार ह ॥ ३२ ॥ अदृष्ट्वा निर्गमं शौरेः प्रविष्टस्य बिलं जनाः ॥ प्रतीक्ष्य द्वादशाहानि दुःखिताः स्वपुरं ययुः ॥ ३३ ॥ निशम्य देवकी देवी रुक्मिण्यानकदुन्दुभिः ॥ सुहृदो ज्ञातयोऽशोचन्बिलात्कृष्णमनिर्गतम् ॥ ३४ ॥ सत्राजितं शपन्तस्ते दुःखिता द्वारकौकसः ॥ उपतस्थुर्महामायां दुर्गां कृष्णोपलब्धये ॥३५॥ तेषां तु देव्युपस्थानात्प्रत्यादिष्टाशिषा स च ॥ प्रादुर्बभूव सिद्धार्थः सदारो हर्षयन्हरिः ॥३६॥ उपलभ्य हृषीकेशं मृतं पुनरिवागतम् ॥ सह पत्न्या मणिग्रीवं सर्वे जातमहोत्सवाः ॥३७॥ सत्राजितं समाहूय सभायां

हातले देह मुसारिदिए र प्रेम गम्भीर वाणीमा ती आफ्ना भक्तसित भन्नुभयो—॥ २८ ॥ २९ ॥ ३० ॥ हे ऋक्षराज ! म यो मणिद्वारा आफ्नो मिथ्या कलङ्क हटाउन र यही मणि लिनका निम्ति तिम्रो कन्दरामा आएको हुँ' ॥ ३१ ॥ भगवान्ले त्यति भनेपछि जाम्बवान अति प्रसन्न भएर उनको सम्मान गर्दै त्यो अलभ्य मणि र आफ्नी कन्या जाम्बवती उनलाई अर्पण गरिदिए ॥ ३२ ॥ यता कन्दरामा गएका कृष्ण त्यसबाट बाहिर ननिस्केका हुनाले तिनका द्वारका निवासी समस्त साथी बाह दिनसम्म पर्खेर अत्यन्त दुःखी भई नगरमा फर्केर गए ॥ ३३ ॥ कृष्णचन्द्र गुफाबाट आएनन् भन्ने सुनेर वसुदेव, माता देवकी र रुक्मिणी आदि सुहृद्गण तथा अन्य बन्धु-बान्धवहरूलाई ठूलो शोक पर्‍यो ॥ ३४ ॥ सबै द्वारका निवासी दुःखी भएर सत्राजित्लाई भन्नु-नभन्नु भन्दै श्रीकृष्णलाई प्राप्त गर्न महामाया दुर्गादेवीको श्रद्धा-भक्तिपूर्वक उपासना गर्नलागे ॥ ३५ ॥ उपासनाले प्रसन्न भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवीले उनलाई इच्छित आशिर्वाद दिइन् । उसै वेला भगवान् कृष्ण सफल मनोरथ भएर सबैलाई प्रसन्न पार्दै नववधू जाम्बवती सहित त्यहीं आइपुगे ॥३६॥ सबै द्वारकावासी कोही मरेको व्यक्ति फर्केर आए झैं घाँटीमा मणि लगाई यौटी सुन्दरी स्त्रीसित श्रीकृष्ण आएका देखेर निकै प्रसन्न भए ॥ ३७ ॥ अनि भगवान्‌ले सत्राजित्‌लाई राजा उग्रसेनको सभामा डाकेर मणि प्राप्त भएको वृत्तान्त सुनाई त्यो मणि सुम्पिदिए ॥ ३८ ॥ सत्राजितले संकोच मान्दै मणि लिए तर आफ्नू अपराधको निम्ति अत्यन्त पश्चात्ताप गर्दैनबोली शिर न्यूराई घर फर्किए ॥ ३९ ॥ आफ्नू अपराधमा विचार गर्दै र यौटा बलियो व्यक्तिसित विरोध गरेकोमा मनमनै निकै व्याकुल भई ती विचार गर्नलागे––'म कसरी आफ्नू अपराध परिमार्जन गरौं ? श्रीहरि कसरी मसित प्रसन्न हुनन्* ॥ ४० ॥ म यस्तो के शुभकर्म गरौं, जसले मेरो कल्याण होस् र म क्षुद्र, मूर्ख तथा अर्थको लोभीलाई भन्नु-नभन्नु

राजसन्निधौ ॥ प्राप्तिं चाख्याय भगवान्मणिं तस्मै न्यवेदयत् ॥ ३८ ॥ स चातिव्रीडितो रत्नं गृहीत्वाऽवाङ्मुखस्ततः ॥ अनुतप्यमानो भवनमगमत्स्वेन पाप्मना ॥ ३९ ॥ सोऽनुध्यायंस्तदेवाघं बलवद्विग्रहाकुलः ॥ कथं मृजाम्यात्मरजः प्रसीदेद्वाऽच्युतः कथम् ॥ ४० ॥ किं कृत्वा साधु मह्यं स्यान्न शपेद्वा जनो यथा ॥ अदीर्घदर्शनं क्षुद्रं मूढं द्रविणलोलुपम् ॥ ४१ ॥ दास्ये दुहितरं तस्मै स्त्रीरत्नं रत्नमेव च ॥ उपायोऽयं समीचीनस्तस्य शान्तिर्न चान्यथा ॥ ४२ ॥ एवं व्यवसितो बुद्ध्या सत्राजित्स्वसुतां शुभाम् ॥ मणिं च स्वयमुद्यम्य कृष्णायोपजहार ह ॥ ४३ ॥ तां सत्यभामां भगवानुपयेमे यथाविधि ॥ बहुभिर्याचितां शीलरूपौदार्यगुणान्विताम् ॥ ४४ ॥ भगवानाह न मणिं प्रतीच्छामो वयं नृप ॥ तवास्त्यां देवभक्तस्य वयं च फलभागिनः ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे स्यमन्तकोपाख्याने षट्पञ्चाशत्तमोऽध्यायः ॥ ५६ ॥

नभनुन् ॥ ४१ ॥ हुन्छ, म श्रीकृष्णलाई स्त्रीहरूमा रत्नस्वरूपा आफ्नी कन्या सत्यभामा र यो मणि दिन्छु । अँ, यही युक्ति ठीक छ । यस विरोधको शान्ति अरु कुनै उपायले हुन सक्तैन' ॥ ४२ ॥ मनमा यस्तो अठोट गरेर सत्राजित्‌ले आफ्नी शुभलक्षणा कन्या र स्यमन्तक मणि स्वयं उद्योग गरेर श्री कृष्णलाई सुम्पिदिए ॥ ४३ ॥ सत्राजित्‌की कन्या सत्यभामा शील, रूप र गुणले युक्त थिइन् । अनेक राजाहरूले सत्राजित्‌सित कन्या मागेका थिए । अतः सत्यभामासित भगवान्‌ले प्रसन्न भई विधिवत् विहाह गरे ॥ ४४ ॥ हे राजन् ! अनि भगवान्‌ले सत्राजितसित भने—'यो मणि म लिन्न । तिमी सूर्यका भक्त छौ । अतः यो उनको प्रसाद तिमीसित नै रहनु पर्दछ । हामी त केवल यसको फलको नै भागी हुन सक्तछौं अर्थात् यसबाट प्राप्त सुवर्ण दिनुहोला ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे 'वासिष्ठी' भाषाटीकायां षट्पंचाशत्तमोऽध्यायः ॥ ५६ ॥

दृष्टान्त (मेरो उद्धार कसरी हुन्छ ?)–यौटा भक्त नियमपूर्वक भगवानको भजन-पूजन र दान-पुण्य गर्दथे । एक दिन नारद आइपुगे । नारदजीलाई देखेर तपस्वीले भने–यदि तिमी भगवानकहाँ गयौ भने उनीसित सोधेर आउनु मेरो मुक्ति कहिले हुन्छ ? किनकि मैले तपस्या गरेको अनेक वर्ष वितिसक्यो र यो पनि सोध्नु कि 'भक्तहरूमा मेरो कुन स्थान छ ?' नारदजीले भने–म उहीं गइरहेको छु, भगवानसित सोधौंला ।' नारदजी भगवानकहाँ गई जुन काम थियो, त्यो गरेर त्यो भक्तको विषयमा चर्चा चलाएर सोधे–त्यसको उद्धार कहिले हुन्छ र भक्तहरूमा उसको कुन स्थान छ ?' भगवानले आज्ञा भयो–हिसाबको बही छ, स्वयं हेर ।' नारदले दुइ पल्ट बही हेरे, त्यस भक्तको नाम कहीं पाइएन । नारदले सोधे–'प्रभो ! के हजुरको दरबारमा पनि अन्याय हुन्छ ? त्यती ठूलो भक्तको नाम बहीमा कतै छैन, किन ?' भगवानले आज्ञा भयो–'कोही जतिसुकै ठूलो पुण्यात्मा वा तपस्वी भए पनि यदि त्यो अभिमानी छ भने मकहाँ आउन सक्तैन ।' नारदजीले आएर तपस्वीलाई सबै कुरा बुझाए । नारदको कुरा सुनेर त्यसलाई ठूलो पछितो भयो र त्यसले उसै दिनदेखि त्यो निरभिमान भएर भगवद्भजन गर्नलाग्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(स्यमन्तकहरण, शतधन्वा वध र अक्रूरलाई द्वारका डाक्नु)–श्रीशुकदेव भन्दछन्––हे राजन् ! भगवान्लाई पाण्डव बाँचे भन्ने थाहा थियो तापनि कुन्ती र पाण्डवहरू लाक्षाभवनमा डढे भन्ने सुनेर कुलोचित व्यवहार गर्न दाजू सहित कुरुदेश गए ॥ १ ॥ त्यहाँ भीष्म, कृपाचार्य, विदुर, गान्धारी र द्रोणाचार्यतथा कर्णसित पनि भेटे र उनीहरू झैं दुःखित भएर राम-कृष्णले भने–'हरे ! त्यो कस्तो कष्टको कुरा छ !' ॥२॥ त्यसै वेला यता मौका पाएर अक्रूर र कृतवर्माले शतधन्वासित भने––'तिमी सत्राजितसित त्यो मणि किन खोसेर लिन्नौ ? ॥ ३ ॥ जसले मलाई आफ्नी कन्या दिन्छु भनेर हाम्रो तिरष्कार गरी कृष्णलाई दिए, त्यो मरेर चाँडै नै आफ्नू भाई प्रसेनको अनुकरण किन नगरोस् ? ॥ ४ ॥ जसको जीवन क्षीण भइसकेको थियो, त्यो, पापाचारी र दुष्ट शतधन्वाले यसरी अर्काको उक्साइमा परेर तथा मणिको लोभवश राती सुतेका सत्राजितलाई मार्‍यो ॥ ५ ॥ जसरी कसाई पशुलाई मार्दछ, त्यसै गरी सत्राजितलाई मारेर अनाथ स्त्रीहरूलाई रुँदै छाडेर आफू मणि लिई हिंड्यो। आफ्ना पितालाई त्यसरी मरेका देखेर सत्यभामा अत्यन्त शोकाकुल

श्रीशुक उवाच ॥ विज्ञातार्थोऽपि गोविन्दो दग्धानाकर्ण्य पाण्डवान् ॥ कुन्तीं च कुल्यकरणे सहरामो ययौ कुरून् ॥ १ ॥ भीष्मं कृपं सविदुरं गान्धारीं द्रोणमेव च ॥ तुल्यदुःखौ च सङ्गम्य हा कष्टमिति होचतुः ॥२॥ लब्ध्वैतदन्तरं राजञ्शतधन्वानमूचतुः ॥ अक्रूरकृतवर्माणौ मणिः कस्मान्न गृह्यते ॥३॥ योऽस्मभ्यं संप्रतिश्रुत्य कन्यारत्नं विगर्ह्यनः ॥ कृष्णायादान्न सत्राजित्कस्माद्भ्रातरमन्वियात् ॥ ४ ॥ एवं भिन्नमतिस्ताभ्यां सत्राजितस-त्तमः ॥ शयानमवधील्लोभात्स पापः क्षीणजीवितः ॥ ५ ॥ स्त्रीणां विक्रोशमानानां क्रन्दन्तीनामनाथवत् ॥ हत्वा पशून्सौनिकन्मणिमादाय जग्मि-वान् ॥ ६ ॥ सत्यभामा च पितरं हतं वीक्ष्य शुचाऽर्दिता ॥ व्यलपत्तात तातेति हा हताऽस्मीति मुह्यती ॥ ७ ॥ तैलद्रोण्यां मृतं प्रास्य जगाम गज-साह्वयम् ॥ कृष्णाय विदितार्थाय तप्ताऽऽचख्यौ पितुर्वधम् ॥ ८ ॥ तदाकर्ण्येश्वरौ राजन्ननुसृत्य नृलोकताम् ॥ अहो नः परमं कष्टमित्यस्राक्षौ विले-पतुः ॥ ९ ॥ आगत्य भगवांस्तस्मात्सभार्यः साग्रजः पुरम् ॥ शतधन्वानमारेभे हन्तुं हर्तुं मणिं ततः ॥ १० ॥ सोऽपि कृष्णोद्यमं ज्ञात्वा भीतः प्राण-परीप्सया ॥ साहाय्ये कृतवर्माणमयाचत स चाब्रवीत् ॥११॥ नाहमीश्वरयोः कुर्यां हेलनं रामकृष्णयोः ॥ को नु क्षेमाय कल्पेत तयोर्वृजिनमाचरन्

भई वारम्बार मूर्च्छा परेर 'हे तात ! म मारिएँ' भन्दै विलाप गर्न लागिन् । अनि शवलाई तेलमा राख्न लगाई ती हस्तिनापुर हिंडिन् । त्यहाँ पुगेर पहिलेदेखि नै सबै वृत्तान्त जान्ने भगवान् कृष्णसित कष्टपूर्वक पिता वधको समचार उनले सुनाइन् ॥ ६-८ ॥ हे राजन् ! त्यो अशुभ समचार सुनेर राम र कृष्ण ईश्वर भएर पनि मनुष्य-लीलाको अनुसरण गर्दै–'हरे ! हामी माथि यो ठूलो विपत्ति आइलाग्यो' भन्दै आँसु टलपल पारी विलाप गर्नलागे ॥ ९ ॥ अनि भगवान् कृष्ण दाजू वलराम र सत्यभामासित हस्तिनापुरवाट द्वारका आए र शतधन्वाई मार्ने र मणि खोस्ने उपाय गर्नलागे ॥ १० ॥ श्रीकृष्णले आफूलाई मार्ने उद्योग गर्दैछन् भन्ने जानेर शतधन्वा डरायो र उसले आफ्नू प्राणरक्षाको निम्ति कृतवर्मालाई भन्यो—॥ ११ ॥ 'हे मित्र ! सुन, म सर्वसमर्थ भगवान् कृष्ण र बलरामको अवहेलना गर्न सक्तिन । उनको अपराध गरेर को जीवित रहन सक्तछ ! जोसित द्वेष गरेर पराक्रमी कंसले सहयोगी समेत प्राण दिनुपर्‍यो र जरासन्ध जस्तो शूरवीर प्रतापी पनि सत्रपल्ट युद्धमा हार खायो र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रथहीन भएर फर्कनु परेथ्यो ? ॥ १२ ॥ १३ ॥ कृतवर्माबाट त्यस्तो स्वस्तो उत्तर पाएपछि ऊ अक्रूरसित सहायताको प्रार्थनागर्न गयो, अक्रूरले भने–'भाइ ! ती ईश्वरहरूको बल जान्नसक्ने कुन पुरुष होला, जो तीसित शत्रुता गरोस् ? ॥ १४ ॥ जो लीलैले सम्पूर्ण विश्वको रचना, पालन र संहार गर्दछन् । जसका चेष्टा विश्वरचयिता ब्रह्माजी पनि उनकै मायाले मोहित भई कारण जान्न सक्तैनन् र जसले सात वर्षको उमेरमैं गिरिराज गोवर्धनलाई उखेलेर, जसरी बालक गोवरे छाता उचाल्छन्, उसै गरी सात दिनसम्म लीलापूर्वक हातमा उचालेका थिए । ती अद्भुतकर्मा, अनन्त सर्वेश्वर आदिकारण र कूटस्थ आत्मा श्रीकृष्णलाई म बारम्बार नमस्कार गर्दछु' ॥ १५॥१७ ॥ अक्रूरले पनि सहायता नदिएपछि शतधन्वाले मणि उनैलाई सुम्पिई दिनको सय योजन जाने घोडामा चढी त्यहाँबाट भाग्यो ॥ १८ ॥ हे राजन् ! अनि राम र कृष्णले पनि गरुडध्वजा युक्त दिव्य रथमा चढेर वेगवान् अश्वद्वारा आफ्ना ससुरासित द्रोह गरेर उनको हत्या गर्ने त्यो शतधन्वालाई लखेटे ॥ १९ ॥ त्यसै वेला मिथिलापुरीको नगीच यौटा

॥ १२ ॥ कंसः सहानुगोऽपीतो यद्द्वेषात्त्याजितः श्रिया ॥ जरासन्धः सप्तदश संयुगान्विरथो गतः ॥ १३ ॥ प्रत्याख्यातः स चाक्रूरं पार्ष्णिग्राह-मयाचत ॥ सोऽप्याह को विरुध्येत विद्वानीश्वरयोर्बलम् ॥ १४ ॥ य इदं लीलया विश्वं सृजत्यवति हन्ति च ॥ चेष्टां विश्वसृजो यस्य न विदुर्मोहि-ताजया ॥ १५ ॥ यः सप्तहायनः शैलमुत्पाट्यैकेन पाणिना ॥ दधार लीलया बाल उच्छिलीन्ध्रमिवार्भकः ॥ १६ ॥ नमस्तस्मै भगवते कृष्णाया-द्भुतकर्मणे ॥ अनन्तायादिभूताय कूटस्थायात्मने नमः ॥ १७ ॥ प्रत्याख्यातः स तेनापि शतधन्वा महामणिम् ॥ तस्मिन्न्यस्याश्वमारुह्य शतयोज-नगं ययौ ॥१८॥ गरुडध्वजमारुह्य रथं रामजनार्दनौ ॥ अन्वयातां महावेगैरश्वैं राजन्गुरुद्रुहम् ॥ १९ ॥ मिथिलायामुपवने विसृज्य पतितं हयम् ॥ पद्भ्यामधावत्सन्त्रस्तः कृष्णोऽप्यन्वद्रवद्रुषा ॥ २० ॥ पदातेर्भगवांस्तस्य पदातिस्तिग्मनेमिना ॥ चक्रेण शिर उत्कृत्य वाससो व्यचिनोन्मणिम् ॥ २१ ॥ अलब्धमणिरागत्य कृष्ण आहाग्रजान्तिकम् ॥ वृथा हतः शतधनुर्मणिस्तत्र न विद्यते ॥ २२ ॥ तत आह बलो नूनं स मणिः शतध-न्वना ॥ कस्मिंश्चित्पुरुषे न्यस्तमन्वेषार्थं पुरं व्रज ॥ २३ ॥ अहं विदेहमिच्छामि द्रष्टुं प्रियतमं मम ॥ इत्युक्त्वा मिथिलां राजन्विवेश यदुनन्दनः ॥ २४ ॥ तं दृष्ट्वा सहसोत्थाय मैथिलः प्रीतमानसः ॥ अर्हयामास विधिवदर्हणीयं समर्हणैः ॥ २५ ॥ उवास तस्यां कतिचिन्मिथिलायां समा विभुः ॥

उपवनमा पुगेर शतधन्वाको घोडा पल्टियो । अनि त्यो दुष्ट साह्रै भयभीत भएर घोडा छाडी पैदल नै भाग्यो । अनि श्रीकृष्ण रिसाएर पैदल नै लखेटे ॥ २० ॥ शतधन्वा पैदल नै भागिरहेको थियो, त्यसैले भगवान् पनि पैदल नै लखेटेर तीक्ष्ण धार हुने चक्रले त्यसको शिर काटिदिए र त्यसको लुगामा मणि खोज्नलागे ॥२१॥ जब त्योसित मणि पाइएन तब दाजूकहाँ गएर उनले भने—'मैले शतधन्वालाई व्यर्थ मारें, किनकि स्यमन्तक मणि त्योसित छैन' ॥ २२ ॥ बलरामले भन्नुभयो–'सुन–शतधन्वाले अवश्य पनि त्यो मणि कसै कहाँ नासोरूपमा राखिदियो होला । अब तिमी द्वारका गएर त्यस व्यक्तिको पत्तो लगाऊ ॥२३॥ अहिले म आफ्ना परम मित्र विदेहराजसित भेट गर्न जान्छु' यति भनेर बलरामजी मिथिलापुरी गए । पूजनीय बलरामलाई आएका देखेर मिथिला नरेशले राजोचित विविध सामग्री द्वारा रामको विधिवत् पूजा गरे ॥ २४ ॥ २५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महात्मा जनक द्वारा प्रीतिपूर्वक सम्मानित भएर बलराम केही वर्ष मिथिलापुरीमै बस्नुभयो। उसै वेला अवसर पाएर धृतराष्ट्रपुत्र दुर्योधनले उनीसित गदायुद्ध सीखे ॥ २६ ॥ यता आफ्नी प्रियाको प्रिय गर्ने कृष्णले द्वारका आएर प्रियतमा सत्यभामालाई शतधन्वाको वध गरेको र मणि नपाइएको वृत्तान्त सुनाउनु भयो ॥ २७ ॥ अनि जुन-जुन कर्म मृतकको शुभगतिका लागि आवश्यक हुन्छन्, भगवान्‌ले सत्राजित्‌को ती सबै और्ध्वदैहिक कर्म उनकै सुहृद्‌द्वारा गराए ॥ २८ ॥ अक्रूर र कृतवर्माले शतधन्वालाई सत्राजित्‌को बधको निम्ति उचालेका थिए। अतः शतधन्वा मरेको समचार सुनेर साह्रै डराए र द्वारकाबाट परदेश भागे ॥ २९ ॥ हे राजन्! कसैको मनाइ छ—अक्रूर गएपछि द्वारकानिवासीमा अनेक कष्ट आए र ती निरन्तर शारीरिक, मानसिक, दैविक र भौतिक तापहरूले सन्तप्त रहन लागे। यी उपद्रवहरूका शान्तिका निम्ति अक्रूरलाई डाकियो ॥ ३० ॥ तर भगवान्‌मा पूर्वोक्त महात्म्य बिर्सेर नै यस्तो कहिएको हो। नभए जसमा सदा मुनिगण निवास गर्दछन्, ती कृष्णभगवान् भएपछि के कहिल्यै

मानितः प्रीतियुक्तेन जनकेन महात्मना ॥ ततोऽशिक्षद्‌गदां काले धार्तराष्ट्रः सुयोधनः ॥ २६ ॥ केशवो द्वारकामेत्य निधनं शतधन्वनः ॥ अप्राप्तिं च मणेः प्राह प्रियायाः प्रियकृद्विभुः ॥ २७ ॥ ततः स कारयामास क्रिया बन्धोर्हतस्य वै ॥ साकं सुहृद्भिर्भगवान्या याः स्यु साम्परायिकाः ॥२८॥ अक्रूरः कृतवर्मा च श्रुत्वा शतधनोर्वधम् ॥ व्यूषतुर्भयवित्रस्तौ द्वारकायाः प्रयोजकौ ॥ २९ ॥ अक्रूरे प्रोषितेऽरिष्टान्यासन्वै द्वारकौकसाम् ॥ शारीरा मानसास्तापा मुहुर्दैविकभौतिकाः ॥ ३० ॥ इत्यङ्गोपदिशन्त्येके विस्मृत्य प्रागुदाहृतम् ॥ मुनिवासनिवासे किं घटेतारिष्टदर्शनम् ॥ ३१ ॥ देवेऽवर्षति काशीशः श्वफल्कायागताय वै ॥ स्वसुतां गान्दिनीं प्रादात्ततोऽवर्षत्स्म काशिषु ॥३२॥ तत्सुतस्तत्प्रभावोऽसावक्रूरो यत्र यत्र ह ॥ देवोऽभिवर्षते तत्र नोपतापा न मारिकाः ॥ ३३ ॥ इति वृद्धवचः श्रुत्वा नैतावदिह कारणम् ॥ इति मत्वा समानाय्य प्राहाक्रूरं जनार्दनः ॥ ३४ ॥ पूजयित्वाऽभिभाष्यैनं कथयित्वा प्रियाः कथाः ॥ विज्ञाताखिलचित्तज्ञः स्मयमान उवाच ह ॥ ३५ ॥ ननु दानपते न्यस्तस्त्वय्यास्ते शतधन्वना ॥ स्यमन्तको मणिः श्रीमान्विदितः पूर्वमेव नः ॥ ३६ ॥ सत्राजितोऽनपत्यत्वाद्‌गृह्णीयुर्दुहितुः सुताः ॥ दायं निनीयापः पिण्डान्विमुच्यर्णं च शेषितम् ॥ ३७ ॥ तथापि दुर्धरस्त्वन्यस्त्वय्यास्तां सुव्रते मणिः ॥ किन्तु मामग्रजः सम्यङ् न प्रत्येति मणिं प्रति ॥ ३८ ॥ दर्शयस्व महाभागं बन्धूनां

कुनै अनर्थ हुन सक्तछ ? ॥ ३१ ॥ द्वारकाका वयोवृद्धको कथन छ—'पूर्व समयमा एकपल्ट काशीराज्यमा पानी परेन र काशीनरेशले आफ्नू नगरमा आएका महात्मा श्वफल्कसित गान्दिनी नामकी आफ्नी कन्याको विवाह गरिदिए, अनि त्यहाँ पानी पर्‍यो ॥ ३२ ॥ तिनका पुत्र अक्रूरको पनि त्यस्तै प्रभाव छ। ती जहाँ बस्तछन्, त्यहाँ खूब पानी पर्छ र कुनै कष्ट वा महामारी आदि उपद्रव त्यस स्थानमा हुँदैनन्' ॥ ३३ ॥ वृद्धजनको कुरा सुनेर भगवान्‌ले यो कुरा जानेर पनि—यो उपद्रवको मुख्य कारण केवल अक्रूरको अनुपस्थिति मात्र होइन—तैपनि अक्रूरलाई डाकेर तीसित कुरा गर्नुभयो ॥ ३४ ॥ सबैका मनको कुरा जान्ने भगवान् कृष्णले अक्रूरको सत्कार गरेर उनीसित निकै प्रिय गर्दै भन्नुभयो—॥ ३५ ॥ 'हे दानपते ! शतधन्वाले तिमीलाई स्यमन्तक मणि सुम्पेको थियो र मणि तिमीसितै छ–यो कुरा म पहिल्यैदेखि राम्ररी जान्दथें

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥३६॥ सत्राजित्का छोरा छैनन् । अतः तिनकी छोरीका छोराले तिलोदक र पिण्डदान गरेर उनको ऋणतिरी रहेको धन पाउन सक्छन् ॥३७॥ तर तिमीबाहेक अन्य कसैले पनि त्यो राख्न कठिन छ । तिमी सदा उत्तम व्रतको पालन गर्दछौ । अतः त्यो मणि तिमीसितै रहनुपर्दछ । तर मेरा दाजू बलरामलाई मणिको सम्बन्धमा मेरा कुराको विश्वास छैन । अतः हे महाभाग ! तिमी त्यो मणि देखाएर मेरा बन्धुहरूको सन्देह निवारण गरिदेऊ । त्यस मणिको प्रतापले नै तिमीकहाँ सुवर्णमयी वेदी हुने अखण्ड यज्ञ भइरहन्छन् ।' यसरी सामनीतिले बुझाएपछि अक्रूरले लुगामा बेरेको सूर्य सदृश देदीप्यमान मणि झिकेर भगवान् श्रीकृष्णलाई सुम्पिदिए ॥ ३८-४० ॥ अनि भगवान्ले स्यमन्तक मणि आफ्ना ज्ञाति-बान्धवलाई देखाई आफ्नू कलङ्क मेटे र मणि फेरि अक्रूरलाई नै फर्काइदिए ॥ ४१ ॥ जो प्राणी विष्णु भगवान्को पराक्रमले भरिएको यो पापनाशक र मङ्गलमय आख्यान सुन्छन् र पढ्छन् स्मरण गर्दछन्, ती सबै पापबाट मुक्त भएर शान्ति पाउँदछन् ॥४२॥ इति श्रीमद्भागवते महापुराणे उत्तरार्धे पं० गौरीशंकर'वसिष्ठ'कृत नेपाली भाषाटीकायां सप्तपञ्चाशतमोऽध्याय॥५७॥

शान्तिमावह ॥ अव्युच्छिन्नमखास्तेऽद्य वर्तन्ते रुक्मवेदयः ॥३९॥ एवं सामभिरालब्धः श्वफल्कतनयो मणिम् ॥ आदाय वाससाऽऽच्छन्नं ददौ सूर्यसमप्रभम् ॥ ४० ॥ स्यमन्तकं दर्शयित्वा ज्ञातिभ्यो रज आत्मनः ॥ विमृज्य मणिना भूयस्तस्मै प्रत्यर्पयत्प्रभुः ॥ ४१ ॥ यस्त्वेतद्भगवत ईश्वरस्य विष्णोर्वीर्याढ्यं वृजिनहरं सुमङ्गलं च ॥ आख्यानं पठति शृणोत्यनुस्मरेद्वा दुष्कीर्तिदुरितमपोह्य याति शान्तिम् ॥ ४२ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे स्यमन्तकोपाख्याने सप्तपञ्चाशत्तमोऽध्यायः ॥ ५७ ॥

श्रीशुक उवाच ॥ एकदा पाण्डवान्द्रष्टुंप्रतीतान्पुरुषोत्तमः ॥ इन्द्रप्रस्थं गतः श्रीमान्युयुधानादिभिर्वृतः ॥१॥ दृष्ट्वा तमागतं पार्था मुकुन्दमखिलेश्वरम्॥ उत्तस्थुर्युगपद्वीराः प्राणं मुख्यमिवागतम् ॥२॥ परिष्वज्याच्युतं वीरा अङ्गसङ्गहतैनसः ॥ सानुरागस्मितं वक्त्रं वीक्ष्य तस्य मुदं ययुः ॥३॥ युधिष्ठिरस्य भीमस्य कृत्वा पादाभिवन्दनम् ॥ फाल्गुनं परिरभ्याथ यमाभ्यां चाभिवन्दितः ॥ ४ ॥ परमासन आसीनं कृष्णा कृष्णमनिन्दिता ॥ नवोढा व्रीडिता किञ्चिच्छनैरेत्याभ्यवन्दत ॥ ५ ॥ तथैव सात्यकिः पार्थैः पूजितश्चाभिवन्दितः ॥ निषसादासनेऽन्ये च पूजिताः पर्युपासत ॥ ६ ॥ पृथां समागत्य

(भगवान कृष्णका अन्यान्य विहाह) श्रीशुकदेव भन्दछन्—हे राजन ! एक दिन श्रीकृष्ण भगवान् सत्यकि आदि यादवहरू लिएर पाण्डवलाई हेर्न गएर भगवान् कृष्णलाई देख्नासाथ वीर पाण्डव जुरुक्क उठे—जस्तै कुनै मृतकको प्राण आउनाले त्यसका अचेत इन्द्रियसचेत भएका हुन् । तिनले अच्युतलाई अङ्कमाल गरे । भगवान्को अङ्गसङ्गले पाण्डवका सबै पाप पखालिएर उनको मन्दहास्ययुक्त मुखारविन्द देखेर ती प्रसन्न भए ॥ १-३ ॥ भगवान्ले युधिष्ठिर र भीमसेनको पाउ छोएर प्रणाम गरे, सखा अर्जुनलाई अङ्कमाल गरेर नकुल र सहदेवले कृष्णका चरण-वन्दना गरे । अनि नवविवाहिता सुन्दरी द्रौपदीले लज्जापूर्वक विस्तार-विस्तार आएर सिंहासनमा विराजमान श्रीकृष्णचन्द्रलाई प्रणाम गरिन् । यसरी पाण्डवसित सम्मानित र अभिवादित भएर सात्यकि पनि आसनमा बसेर अन्य यादव पनि यथायोग्य सत्कृत भएर बसे ॥ ४-६ ॥ अनि भगवान्ले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन्तीकहाँ गएर उनलाई प्रणाम गरे । कुन्तीले स्नेहवश नेत्रमा जल भरी भगवान्‌लाई घाँटीमा टाँसिन् र आफ्ना बन्धु-बान्धवको क्षेम-कुशल सोधिन् । भगवान्‌ले पनि फुपूसित उनको र बुहारीहरूको कुशल सोधे । प्रेमको उद्वेगले अवरुद्ध घाँटी र आँखामा प्रेमाश्रु भरी कुन्ती पहिलेका क्लेश सम्झन्दै भक्तका क्लेश मेट्नको निम्ति त्यसरी आउने भएका कृष्णसित भनिन्—हे कृष्ण ! जब तिमीले हामी स्वजनको सम्झना गरेर मेरो भाई अक्रूरलाई हाम्रो कुशल जान्न पठाएका थियौ उसै, वेला हामी सबै सकुशल भइसकेका थियौं र तिमीले सनाथ पारिदिएका थियौ ॥ ७-९ ॥ तिमी जगत्‌का सुहृद् र आत्मा हौ तिमीलाई आफ्नू बिरानूको भ्रम छैन तापनि जो सदा तिम्रो स्मरण गर्दछन्, तिनको हृदयमा सदैव बसेर तिमी उनको कष्ट निवारण गर्दछौ ॥१०॥ युधिष्ठिरले भने–'हे अधीश्वर ! मलाई थाहा छैन कि हामीले यस्तो कुन पुण्य गरेका छौं, जसले योगेश्वरलाई पनि निकै ठूलो कष्टले देखिने हजुरले हामी कुटुम्बीहरूलाई दर्शन दिनुभयो ॥ ११ ॥ यसरी भगवान् कृष्ण युधिष्ठिर द्वारा सम्मानित भएर इन्द्रप्रस्थ निवासीहरूका नेत्रलाई आनन्दित पार्दै वर्षा ऋतुका केही

कृताभिवादनस्तयातिहार्द्रार्द्रदृशाऽभिरम्भितः ॥ आपृष्टवांस्तांकुशलं सहस्नुषां पितृष्वसारं परिपृष्टबान्धवः ॥७॥ तमाह प्रेमवैक्लव्यरुद्धकण्ठाश्रुलोचना ॥ स्मरन्ती तान्बहून्क्लेशान्क्लेशापायात्मदर्शनम् ॥८॥ तदैव कुशलं नोऽभूत्सनाथास्ते कृता वयम् ॥ ज्ञातीन्नः स्मरता कृष्ण भ्राता मे प्रेषितस्त्वया ॥ ९॥ न तेऽस्ति स्वपरभ्रान्तिर्विश्वस्य सुहृदात्मनः ॥ तथापि स्मरतां शश्वत्क्लेशान्हंसि हृदि स्थितः ॥१०॥ युधिष्ठिर उवाच ॥ किं न आचरितं श्रेयो न वेदाहमधीश्वर ॥ योगेश्वराणां दुर्दर्शो यन्नो दृष्टः कुमेधसाम् ॥११॥ इति वै वार्षिकान्मासान्राज्ञःसोऽभ्यर्थितः सुखम् ॥ जनयन्नयनानन्दमिन्द्रप्रस्थौकसां विभुः ॥१२॥ एकदा रथमारुह्य विजयी वानरध्वजम् ॥ गाण्डीवं धनुरादाय तूणौ चाक्षसायकौ ॥ १३ ॥ साकं कृष्णेन सन्नद्धो विहर्तुं गहनं वनम् ॥ बहुव्यालमृगाकीर्णं प्राविशत्परवीरहा ॥ १४ ॥ तत्राविध्यच्छरैर्व्याघ्रान्सूकरान्महिषान्रुरून् ॥ शरभान्गवयान्खड्गान्हरिणान् शशशल्लकान् ॥ १५ ॥ तान्निन्युः किङ्करा राज्ञे मेध्यान्पर्वण्युपागते ॥ तृट्परीतः परिश्रान्तो बीभत्सुर्यमुनामगात् ॥ १६ ॥ तत्रोपस्पृश्य विशदं पीत्वा वारि महारथौ ॥ कृष्णौ ददृशतुः कन्यां चरन्तीं चारुदर्शनाम् ॥ १७ ॥ तामासाद्य वरारोहां सुद्विजां रुचिराननाम् ॥ पप्रच्छ प्रेषितः सख्या फाल्गुनः प्रमदोत्तमाम् ॥ १८ ॥ का त्वं कस्यासि सुश्रोणि कुतोऽसि किं चिकीर्षसि ॥ मन्ये त्वां पतिमिच्छन्ती सर्वं कथय शोभने ॥ १९ ॥ कालिन्द्युवाच ॥

महीना त्यहीं बस्नुभयो ॥ १२ ॥ एकपल्ट वीरवर अर्जुन आफ्नू गाण्डीव धनु र अक्षय दुइ ठोक्रा लिएर कवच धारण गरी वानर-चिन्हले अंकित ध्वजायुक्त रथमा भगवान् कृष्णसित बसेर अनेक सिंह र मृगादिले भरिएका यौटा वनमा शिकार खेल्न गए ॥ १३-१४ ॥ त्यहाँ अनेक व्याघ्र, शूकर, राँगा, कृष्णमृग, शरभ, गैडा, हरिण, खरायो र दुम्सो आदि जीवलाई उनले आफ्ना बाणले मारे ॥ १५ ॥ तीमध्ये कति यज्ञयोग्य पशुलाई तिनका सेवक पर्वकाल उपस्थित भएपछि युधिष्ठिरकहाँ लगे । त्यस वेला अर्जुन शिकारको परिश्रमले थाकेका थिए र प्यास लागिरहेको थियो । अतः ती यमुनातटमा गए । यहाँ कृष्णार्जुन दुवैले हात-गाउ धोएर यमुनाको निर्मल जल पिए । त्यहीं उनलाई यमुनाको तटमा डुलिरहेकी यौटी सुन्दरी कन्या देखिइन् ॥ १६-१७ ॥ आफ्ना सखा कृष्णले पठाएपछि वीरवर अर्जुनले राम्रा ऊरु सुन्दर दाँत एवं राम्रो मुख हुने यौटी रमणीकहाँ गएर सोधे—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ १८ ॥ 'हे सुश्रोणी ! तिमी को हौ ? कसरी छोरी हौ ? कहाँबाट आएकी र के गर्ने इच्छा छ ? मेरो अनुमानले त तिमी यहाँ आएर आफ्नू योग्य पति खोजिरहेकी छौ। अब तिमी आफ्नु सबै वृत्तान्त भन। कालिन्दीले भनिन्–'म भगवान् सूर्यकी छोरी हुँ र श्रेष्ठतम वरदायक विष्णु भगवान्‌लाई आफ्नू पति बनाउने इच्छाले यहाँ बसेर कठोर तपस्मा गरिरहेकी छु ॥ १९ ॥२०॥ हे वीर ! लक्ष्मीका आश्रयस्थान श्रीकृष्ण भगवान् बाहेक म अरु कसैलाई वरण गर्न सक्तिन। ती अनाथका नाथ कृष्ण भगवान् ममाथि प्रसन्न होउन् ॥२१॥ मेरो नाम कालिन्दी हो। जबसम्म मलाई अच्युतको दर्शन हुँदैन, तबसम्म म यमुनाजलमा आफ्ना पिताले बनाइदिएको विशाल भवनमै बस्तछु ॥ २२ ॥ अनि पार्थन सबै वृत्तान्त भगवान्‌लाई सुनाए। उनी त सबै कुरा पहिलेदेखि नै जान्दथे। अतएव कालिन्दीको नगीचै गए र उनलाई आफ्नू रथमा बसालेर *सत्यप्रेमी महाराज युधिष्ठिरकहाँ लगे ॥ २३ ॥

अहं देवस्य सवितुर्दुहिता पतिमिच्छती ॥ विष्णुं वरेण्यं वरदं तपः परममास्थिता ॥ २० ॥ नान्यं पतिं वृणे वीर तमृते श्रीनिकेतनम् ॥ तुष्यतां मे स भगवान्मुकुन्दोऽनाथसंश्रयः ॥२१॥ कालिन्दीति समाख्याता वसामि यमुनाजले ॥ निर्मिते भवने पित्रा यावदच्युतदर्शनम् ॥२२॥ तथाऽवदद्गुडाकेशो वासुदेवाय सोऽपि ताम् ॥ रथमारोप्य तद्विद्वान्धर्मराजमुपागमत् ॥ २३ ॥ यदैव कृष्णः सन्दिष्टः पार्थानां परमाद्भुतम् ॥ कारयामास नगरं विचित्रं विश्वकर्मणा ॥ २४ ॥ भगवांस्तत्र निवसन्स्वानां प्रियचिकीर्षया ॥ आग्नये खाण्डवं दातुमर्जुनस्यास सारथिः ॥ २५ ॥ सोऽग्निस्तुष्टो धनुरदाद्धयाञ्छ्वेतान् रथं नृप ॥ अर्जुनायाक्षयौ तूणौ वर्म चाभेद्यमस्त्रिभिः ॥ २६ ॥ मयश्च मोचितो वह्नेः सभां सख्य उपाहरत् ॥ यस्मिन्दुर्योधनस्यासीज्जलस्थलदृशिभ्रमः ॥ २७ ॥ स तेन समनुज्ञातः सुहृद्भिश्चानुमोदितः ॥ आययौ द्वारकां भूयः सात्यकिप्रमुखैर्वृतः ॥ २८ ॥ अथोपयेमे

पाण्डवले प्रार्थना गरेपछि भगवान् कृष्णले तिनीहरू बस्नको लागि यौटा अद्भुत र विचित्र नगर बनाए ॥ २४ ॥ त्यसै गरी आफ्ना स्वजनको हित गर्न भगवान् श्रीकृष्ण त्यहाँ धेरै दिनसम्म बसे। उसै वेला अग्निलाई खाण्डव वन दिलाउनको लागि इन्द्र र पार्थको संग्राममा ती अर्जुनका सारथी बने ॥ २५ ॥ खाण्डवदाहले प्रसन्न अग्निले अर्जुनलाई गाण्डीव धनु, चार सेता अश्व, दुइ अक्षय बाण भएका ठोक्रा र अस्त्रधारी द्वारा अभेद्य कवच दिए ॥ २६ ॥ खाण्डवदाहमा अर्जुनले मयदानवलाई बचाएका थिए। त्यसैको साटो तिनं उसले मित्रता गरेर उनको लागि यौटा यस्तो भवन बनायो, जसमा दुर्योधनलाई जलमा स्थल र स्थलमा जलको भ्रम भएको थियो ॥ २७ ॥ अनि सखा विजयको आज्ञा र अन्यान्य बन्धुको अनुमति लिएर श्रीकृष्ण, सात्यकि आदि यादवसित फेरि द्वारकापुरी फर्किए ॥ २८ ॥ यहाँ आएर बिबाहको पुनीत नक्षत्र उपस्थित भएपछि स्वजनहरुलाई परमानन्द तथा

* दृष्टान्त सत्य प्रेमी) इंग्लैंडको अन्यायी राजा चार्ल्सको राज्य-प्रबन्धले वाक्क भएर तिनको विरुद्ध प्रजासत्तात्मक आन्दोलन चल्दै थियो र राजा पदभ्रष्ट गरिएका थिए। त्यस काममा जुन महापुरुषले अघि बढेर भाग लिएका थिए, तिनमा 'पीम नामका यौटा सद्‌गृहस्थ निकै सत्यप्रेमी थिए। [एक पल्ट पार्लियामेण्टमा उनले केही भन्नु थियो, तर सत्य भन्नाले उनको निजी हानि हुन्थ्यो। अतएव तिनका मित्रगणले सल्लाह दिए–'यस्तो मौकामा ईमानदार बन्नाले कुनै लाभ छैन। केही पनि जान्दिन भनेझैं गरेर मौन रहनु नै बुद्धिमत्ता हो। तर वीर पुरुषका निम्ति त सत्य नै सबैभन्दा अग्लो नीति रहन्छ। पीमले आफ्ना हितैषीहरूको सल्लाहलाई लत्याएर भने–'मेरो हानि भए होस्, तर सत्यको हानि मसित हुन सक्तैन। यसै निम्ति म सत्य बोल्नेछु। ने हुनु छ, त्यो होस्।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मङ्गल प्रदान गर्दै उनले कालिन्दीसित विधिपूर्वक विवाह गरे ।। २९ ।। अवन्तिदेशका राजा विन्द र अनुविन्द दुर्योधनका अधीन सामन्त थिए । उनले स्वयंवरमा श्रीकृष्णचन्द्रलाई पतिरूपमा रोज्न खोज्ने आफ्नी बहिनीलाई छेकिदिएका थिए ।। ३० ।। हे राजन् ! तर आफ्नी फुपू राजाधिदेवीकी कन्या मित्रविन्दालाई कृष्णले सबै राजाहरूले देख्दा-देख्दा हठात् हरण गरे ।। ३१ ।। हे राजन् ! यसै गरी कोशल देशका नग्नजित् नामका धार्मिक राजा थिए । तिनकी नाग्नजिती सत्या नामकी यौटी पुत्री थिइन् ।। ३२ ।। तीखा सींग हुने दुर्दम्य र वीरको गन्ध पनि सहन नसक्ने सात गोरूलाई जित्न नसक्नाले कोही पनि राजा उनीसित विवाहको साहस गर्न सकेका थिएनन् ।। ३३ ।। यो समाचार सुनेर—त्यो कन्या गोरूलाई जित्नेले नै पाउन सक्छ, भगवान् कृष्ण साथमा निकै सेना लिएर कोशलपुरी पुगे ।। ३४ ।। कोशलनरेश महाराज नग्नजित्ले प्रसन्न भएर उनको प्रत्युत्थान र आसनादि विविध सामग्रीले भगवान्को सत्कार गरे र भगवान्ले पनि उनको अभिनन्दन सादर स्वीकार गर्नुभयो ।। ३५ ।। राजकन्या सत्याले आफ्नू अभिलषित वर लक्ष्मीपति कृष्णलाई देखेर

कालिन्दीं सुपुण्यर्त्वृक्ष ऊर्जिते ।। वितन्वन्परमानन्दं स्वानां परममङ्गलम् ।। २९ ।। विन्दानुविन्दावावन्त्यौ दुर्योधनवशानुगौ ।। स्वयम्वरे स्वभगिनीं कृष्णे सक्तां न्यषेधताम् ।। ३० ।। राजाधिदेव्यास्तनयां मित्रविन्दां पितृष्वसुः ।। प्रसह्य हृतवान्कृष्णो राजन्राज्ञां प्रपश्यताम् ।। ३१ ।। नग्नजिन्नाम कौशल्य आसीद्राजाऽतिधार्मिकः ।। तस्य सत्याऽभवत्कन्या देवी नाग्नजिती नृप ।। ३२ ।। न तां शेकुर्नृपा वोढुमजित्वा सप्त गोवृषान् ।। तीक्ष्णशृङ्गान्सुदुर्धर्षान्वीरगन्धासहा खलान् ।। ३३ ।। तां श्रुत्वा वृषजिल्लभ्यां भगवान्सात्वतां पतिः ।। जगाम कौशल्यपुरं सैन्येन महता वृतः ।। ३४ ।। स कोशलपतिः प्रीतः प्रत्युत्थानासनादिभिः ।। अर्हणेनापि गुरुणा पूजयन्प्रतिनन्दितः ।। ३५ ।। वरं विलोक्याभिमतं समागतं नरेन्द्रकन्या चकमे रमापतिम् ।। भूयादयं मे पतिराशिषोऽमलाः करोतु सत्या यदि मे धृतो व्रतैः ।। ३६ ।। यत्पादपङ्कजरजः शिरसा बिभर्ति श्रीरब्जजः सगिरिशः सहलोकपालैः ।। लीलातनूः स्वकृतसेतुपरीप्सयेशः काले दधत्स भगवान्मम केन तुष्येत् ।। ३७ ।। अर्चितं पुनरित्याह नारायण जगत्पते ।। आत्मानन्देन पूर्णस्य करवाणि किमल्पकः ।। ३८ ।। श्रीशुक उवाच ।। तमाह भगवान्हृष्टः कृतासनपरिग्रहः ।। मेघगम्भीरया वाचा सस्मितं कुरुनन्दनः ।। ३९ ।। श्रीभगवानुवाच ।। नरेन्द्र याच्ञा कविभिर्विगर्हिता राजन्यबन्धोर्निजधर्मवर्तिनः ।। तथापि याचे तव सौहृदेच्छया कन्यां त्वदीयां

मनमनै भनिन्—यदि मैले कुनै व्रत नियम गरेकी भए यिनै मेरा पति होउन् र भगवान् मेरो शुद्ध कामना सत्य पारुन् ।। ३६ ।। जसका चरण कमलको रज लक्ष्मी, ब्रह्मा, शिव तथा अन्य लोकपाल समेत आफ्नू मस्तकमा धारण गर्दछन् र आफूले बाँधेका धर्म-मर्यादाको रक्षाका लागि जो धर्महासको वेला लीलावतार धारण गर्दछन्, ती परमपुरुष भगवान् ममाथि कसरी प्रसन्न हुनन् ? ।।३७। यता कृष्णको सत्कार भइसकेपछि राजा नग्नजित् भन्दछन्—'हे नारायण ! हे जगत्पते ! हजुर आत्मानन्द हुनुहुन्छ । म तुच्छ मनुष्य के सेवा गर्नसक्छु ?' ।। ३८ । शुकदेव भन्नुहुन्छ—हे कुरुनन्दन ! आसनादि ग्रहण गरिसकेपछि भगवान् कृष्णचन्द्र प्रसन्न भएर मेघ झैं गम्भीर वाणामा बोल्नुभयो ।। ३९ ।। श्रीभगवान भन्नुहुन्छ—हे राजन् ! आफ्नू धर्ममा रहने क्षत्रियको निम्ति विद्वान्ले केही पनि माग्न निषेध गरेका छन्, तापनि हजुरसित सम्बन्ध जोर्न इच्छाले म आज हजुरकी कन्या माग्दछु, किन्तु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामीकहाँ कन्याको कुनै मूल्य दिइन्न ॥ ४० ॥ राजा नग्नजित् बोले—हे नाथ ! जसको अङ्गमा निरन्तर लक्ष्मीको निवास रहिरहन्छ, ती एकमात्र गुणका खानी हजुरभन्दा ठूलो मेरी कन्याको निम्ति अरु कुन राम्रो वर हुनसक्तछ ? ॥ ४१ ॥ तर हे सात्वतर्षभ ! मैले कन्याको वर छान्नका लागि बलको परीक्षार्थ यौटा सानू प्रतिज्ञा गरिराखेको छु ॥४२ ॥ हे वीर ! मसित यी दुर्दमनीय र नसधाएका सात गोरू छन् । यिनले अनेक राजकुमारको अङ्ग-भङ्ग पारेर असफल तथा उत्साहहीन तुल्याइ सकेका छन् ॥ ४३ ॥ हे यदुनन्दन ! यदि हजुर यिनलाई आफ्नू बशमा पार्न सक्नुहुन्छ भने हे लक्ष्मीपते ! हजुर मेरी कन्याको इच्छित वर हुन सक्नुहुन्छ ॥ ४४ ॥ राजाको प्रतिज्ञा सुनेर कृष्णले कम्मर कसी आफ्नू सात रूप धारण गरेर ख्याल-ख्यालमैं सातै गोरूलाई नाथिदिए ॥ ४५ ॥ यसले तिनको दर्प धूलो भयो र ती तेजहीन भए । अनि कृष्णले ती सबैलाई डोरीले बाँधेर जस्तै बालक काठका गोरू तान्छन्, त्यसै गरी ताने ॥ ४६ ॥ अनि राजा नग्नजित् छक्क परेर प्रसन्न भई आफ्नी कन्या श्रीकृष्णलाई सुम्पे र समर्थ भगवान्‌ले पनि आफ्नू अनुरूप गुणवती

न हि शुल्कदा वयम् ॥ ४० ॥ राजोवाच ॥ कोऽन्यस्तेऽभ्यधिको नाथ कन्यावर इहेप्सितः ॥ गुणैकधाम्नो यस्याङ्गे श्रीर्वसत्यनपायिनी ॥ ४१ ॥ किंत्वस्माभिः कृतः पूर्वं समयः सात्वतर्षभ ॥ पुंसां वीर्यपरीक्षार्थं कन्यावरपरीप्सया ॥ ४२ ॥ सप्तैते गोवृषा वीर दुर्दान्ता दुरवग्रहाः ॥ एतैर्भग्नाः सुबहवो भिन्नगात्रा नृपात्मजाः ॥ ४३ ॥ यदीमे निगृहीताः स्युस्त्वयैव यदुनन्दन ॥ वरो भवानभिमतो दुहितुर्मे श्रियः पते ॥ ४४ ॥ एवं समयमाकर्ण्य बद्ध्वा परिकरं प्रभुः ॥ आत्मानं सप्तधा कृत्वा न्यगृह्णाल्लीलयैव तान् ॥ ४५ ॥ बद्ध्वा तान्दामभिः शौरिर्भग्नदर्पान्हतौजसः ॥ व्यकर्षल्लीलया बद्धान्बालो दारुमयान्यथा ॥४६॥ ततः प्रीतः सुतां राजा ददौ कृष्णाय विस्मितः ॥ तां प्रत्यगृह्णाद्भगवान्विधिवत्सदृशीं प्रभुः ॥ ४७ ॥ राजपत्न्यश्च दुहितुः कृष्णं लब्ध्वा प्रियं पतिम् ॥ लेभिरे परमानन्दं जातश्च परमोत्सवः ॥ ४८ ॥ शङ्खभेर्यानका नेदुर्गीतवाद्यद्विजाशिषः ॥ नरा नार्यः प्रमुदिताः सुवासःस्रगलङ्कृताः ॥ ४९ ॥ दशधेनुसहस्राणि पारिबर्हमदाद्विभुः ॥ युवतीनां त्रिसाहस्रं निष्कग्रीवसुवाससाम् ॥५०॥ नवनागसहस्राणि नागाच्छतगुणान्रथान् ॥ रथाच्छतगुणानश्वानश्वाच्छतगुणान्नरान् ॥ ५१ ॥ दम्पती रथमारोप्य महत्या सेनया वृतौ ॥ स्नेहप्रक्लिन्नहृदयो यापयामास कोशलः ॥ ५२ ॥ श्रुत्वैतद्रुरुधुर्भूपा नयन्तं पथि कन्यकाम् ॥ भग्नवीर्याः सुदुर्मर्षा यदुभिर्गोवृषैः पुरा ॥ ५३ ॥ तानस्यतः

भार्यालाई विधिवत् स्वीकार गरे ॥ ४७ ॥ आफ्नी कन्याको योग्य पति श्रीकृष्ण प्राप्त भएको देखेर राजपत्नीलाई पनि अपार हर्ष भयो । त्यस बेला सर्वत्र ठूलो उत्सव मनाइयो ॥४८॥ उत्सवको उपलक्ष्यमा शङ्ख, भेरी, ढोल आदि बाजा बज्न लागे । सबैतिर नाच-गान आरम्भ भयो । ब्राह्मणहरू आशीर्वाद दिन लागे र नगरका नर-नारीहरू अति आनन्दित भएर राम्रा लुगा र माला आदिले अलंकृत भए ॥ ४९ ॥ राजा नग्नजितले दस हजार गाई, राम्रा लुगा तथा गहना लगाएका तीन हजार दासी, नौ हजार हात्ती, हात्ती भन्दा सय गुना (नौं लाख) रथ, रथका सयगुना अर्थात् नौ करोड घोडा, घोडाभन्दा सयगुना अर्थात् नौ अरब सेवक दाइजो दिए ॥५०॥५१॥ कोशलपति राजा नग्नजित्‌ले छोरी-ज्वाईलाई रथमा बसालेर धेरै सेनासहित स्नेहार्द्र हृदयले बिदा गरे ॥ ५२ ॥ यो समचार सुनेर अनेक देशका राजाहरूले—जसको पराक्रम यादव र गोरूहरूले नष्ट पारिदिएका थिए, भगवान्‌को

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विजय सहन नसकेर कन्या लिएर जाँदा उनलाई बाटोमा छेके ॥ ५३ ॥ अनि बाणको वर्षा गर्दै ती राजागणलाई आफ्ना बन्धुको प्रिय गर्ने गाण्डीवधारी अर्जुनले, स-साना पशुलाई सिंह जसरी भगाउँछ, उसै गरी चूट-चाट पारेर यता-उता पारिदिए ॥ ५४ ॥ यदुश्रेष्ठ भगवान् देवकीनन्दन ठूलो दाइजो र शीलवती पत्नी सत्यासित द्वारकापुरी पुगे र त्यहीं बसेर आनन्द भोग्नलागे ॥ ५५ ॥ त्यसपछि श्रीकृष्णले आफ्नी फुपूकी छोरी केकयदेशीया भद्रासित विवाह गरे, जसलाई उनका दाजू सन्तर्दनादिले स्वयं विधिपूर्वक भगवान्लाई अर्पण गरिदिएका थिए ॥ ५६ ॥ त्यसपछि जसरी गरुडले अमृत खोसेर ल्याएथे, उसै गरी श्रीकृष्णले मद्रराजकी कन्या लक्ष्मणालाई एक्लै गएर उसको स्वयंवरबाट हरेर ल्याए ॥ ५७ ॥ ती बाहेक भगवान् कृष्णका अरु पनि ती हजारौं पत्नीहरू थिए, जुन सुन्दरीहरूलाई उनले भौमासुरलाई मारेर उसको बन्दीगृहबाट मुक्त पारेर ल्याएका थिए ॥ ५८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायामष्टपञ्चाशत्तमोऽध्यायः ॥ ५८ ॥

शरव्रातान्बन्धुप्रियकृदर्जुनः ॥ गाण्डीवी कालयामास सिंहः क्षुद्रमृगानिव ॥ ५४ ॥ पारिबर्हमुपागृह्य द्वारकामेत्य सत्यया ॥ रेमे यदूनामृषभो भगवान्देवकीसुतः ॥ ५५ ॥ श्रुतकीर्तेः सुतां भद्रामुपयेमे पितृष्वसुः ॥ कैकेयीं भ्रातृभिर्दत्तां कृष्णः सन्तर्दनादिभिः ॥ ५६ ॥ सुतां च मद्राधिपतेर्लक्ष्मणां लक्षणैर्युताम् ॥ स्वयंवरे जहारैकः स सुपर्णः सुधामिव ॥ ५७ ॥ अन्याश्चैवंविधा भार्याः कृष्णस्यासन्सहस्रशः ॥ भौमं हत्वा तन्निरोधादाहताश्चारुदर्शनाः ॥ ५८ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे अष्टमहिष्युद्वाहो नामाष्टपञ्चाशत्तमोऽध्यायः ॥ ५८ ॥

राजोवाच ॥ यथा हतो भगवता भौमो येन च ताः स्त्रियः ॥ निरुद्धा एतदाचक्ष्व विक्रमं शार्ङ्गधन्वनः ॥१॥ श्रीशुक उवाच ॥ इन्द्रेण हृतछत्रेण हृतकुंडलबन्धुना ॥ हृतमराद्रिस्थानेन ज्ञापितो भौमचेष्टितम् ॥ सभार्यो गरुडारूढःप्राग्ज्योतिषपुरं ययौ ॥२॥ गिरिदुर्गैः शस्त्रदुर्गैर्जलाग्न्यनिलदुर्गमम् ॥ मुरपाशायुतैर्घोरैर्दृढैः सर्वत आवृतम् ॥३॥ गदया निर्बिभेदाद्रीञ्छस्त्रदुर्गाणि सायकैः ॥ चक्रेणाग्निं जलं वायुं मुरपाशांस्तथाऽसिना ॥४॥ शङ्खनादेन यन्त्राणि हृदयानि मनस्विनाम् ॥ प्राकारं गदया गुर्व्या निर्बिभेद गदाधरः ॥ ५ ॥ पाञ्चजन्यध्वनिं श्रुत्वा युगान्ताशनिभीषणम् ॥ मुरः शयान

(श्रीकृष्णको भौमासुरलाई मारेर सोह हजार एक सय राजकन्यासित विवाह)--यति कथा सुनिसकेर राजा परीक्षितले सोधे--हे भगवन् ! श्रीकृष्णले भौमासुरलाई जसले हजारौं स्त्रीलाई ह्यालखानमा थुनेको थियो, किन र कसरी मारे ? शार्ङ्गधन्वा भगवान्को यो चरित्र मलाई सुनाउनोस् ॥ १ ॥ शुकदेव भन्नलागे—हे राजन् ! भौमासुर द्वारा वरुणको छत्र, माता अदितिको कुण्डल र मेरुपर्वत माथिको देवगणको मणिपर्वत स्थान खोसिएपछि देवराज इन्द्रले द्वारकापुरी गएर त्यसका सबै चेष्टा कृष्णलाई सुनाए, अनि भगवान् आफ्नी भार्या सत्यभामा सहित गरुडमा चढेर प्राग्ज्योतिषपुर गए ॥ २ ॥ त्यो नगर गिरि-दुर्ग, शस्त्र दुर्ग, जल, अग्नि र वायुको आवरणले दुर्गम थियो र त्यो सबैतिरबाट बलवान् मुरदैत्यको दस हजार बलियो पाशले घेरिएको थियो ॥ ३ ॥ भगवान त्यहाँ पुग्नासाथ पर्वतहरू आफ्ना गदाले, शस्त्रदुर्ग बाणले, अग्नि, जल र वायुका समस्त आवरणहरू आफ्नो सुदर्शन चक्रले, मुरदैत्यका पाशहरू खड्गले, यन्त्र र वीरहरूका हृदय शङ्खनादले र नगरका परखालहरू आफ्नो ठूलो गदाले धूलो-पीठो पारी भाचिदिए ॥४॥५॥ श्रीकृष्णको पांचजन्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्खको प्रलयकालीन वज्र झैं भयानक ध्वनि सुनेर जलभित्र सुतेको पाँच मस्तक हुने मुर दैत्य पानीबाट बाहिर निस्क्यो ॥ ६ ॥ हे राजन् ! त्यो दैत्य प्रलयकालका सूर्य र अग्नि झैं प्रचण्ड तेजोमय र कठिनले देखिने योग्य थियो। त्रिशूल उचालेर आफ्ना पाँचै मुखले तीनैलोक निल्ला झैं यस प्रकार ठूलो वेगले सर्पसमान प्रभुका वाहन गरुडतिर झम्टियो ॥ ७ ॥ उसले फुर्तिसाथ गरुडलाई ताकेर त्रिशूल फ्याँक्यो र पाँचै मुखले चिच्यायो। त्यो मुर दैत्यको घोर शब्द अन्तरिक्ष, सबै दिशा र आकाश-मण्डलमा फैलिएर सारा ब्रह्माण्ड प्रतिध्वनित भयो ॥ ८ ॥ त्रिशूल गरुडतिर आउन लागेको देखेर श्रीहरिले आफ्नू शस्त्र-कौशल देखाउँदै दुइ बाण छाँडेर त्यसको तीन टुक्रा पार्नुभयो र दैत्यको फैलिएको मुखमा अनेक बाण मारे। अनि मुरले रिसाएर भगवान्माथि आफ्नू गदा चलायो ॥ ९ ॥ विकराल गदा आफूतिर आउन लागेको देखेर श्रीकृष्णले आफ्नू गदाद्वारा त्यस गदाको सयकडौं टुक्रा पारिदिए। अनि त्यो दुवै बाहु फिंजाएर भगवान्तिर दगुर्‍यो र श्रीहरिले सुदर्शन चक्र द्वारा त्यसका पाँचै शिर काटिदिए ॥ १० ॥ सबै शिर काटिएपछि

उत्तस्थौ दैत्यः पञ्चशिरा जलात् ॥ ६ ॥ त्रिशूलमुद्यम्य सुदुर्निरीक्षो युगान्तसूर्यानलरोचिरुल्बणः ॥ ग्रसंस्त्रिलोकीमिव पञ्चभिर्मुखैरभ्यद्रवत्तार्क्ष्यसुतं यथोरगः ॥ ७ ॥ आविध्य शूलं तरसा गरुत्मते निरस्य वक्त्रैर्व्यनदत्स पञ्चभिः ॥ स रोदसी सर्वदिशोऽम्बरं महानापूरयन्नण्डकटाहमावृणोत् ॥८॥ तदा पतत्त्रैः त्रिशिखं गरुत्मते हरिः शराभ्यामभिनत्त्रिधौजसा ॥ मुखेषु तं चापि शरैरताडयत्तस्मै गदां सोऽपि रुषा व्यमुञ्चत ॥ ६ ॥ तामापतन्तीं गदया गदां मृधे गदाग्रजो निर्बिभिदे सहस्रधा ॥ उद्यम्य बाहूनभिधावतोऽजितः शिरांसि चक्रेण जहार लीलया ॥ १० ॥ व्यसुः पपाताम्भसि कृत्तशीर्षो निकृत्तशृङ्गोऽद्रिरिवेन्द्रतेजसा ॥ तस्यात्मजाः सप्त पितुर्वधातुराः प्रतिक्रियामर्षजुषः समुद्यताः ॥ ११ ॥ ताम्रोऽन्तरिक्षः श्रवणो विभावसुर्वसुर्नभस्वानरुणश्च सप्तमः ॥ पीठं पुरस्कृत्य चमूपतिं मृधे भौमप्रयुक्ता निरगन्धृतायुधाः ॥ १२ ॥ प्रायुञ्जतासाद्य शरानसीन्गदाः शक्त्यृष्टिशूलान्यजिते रुषोल्बणाः॥तच्छस्त्रकूटं भगवान्स्वमार्गणैरमोघवीर्यस्तिलशश्चकर्त ह ॥ १३ ॥ तान्पीठमुख्याननयद्यमक्षयं निकृत्तशीर्षोरुभुजांघ्रिवर्मणः ॥ स्वानीकपानच्युतचक्रसायकैस्तथा निरस्तान्नरको धरासुतः ॥ १४ ॥ निरीक्ष्य दुर्मर्षण आस्रवन्मदैर्गजैः पयोधिप्रभवैर्निराक्रमत् ॥ दृष्ट्वा सभार्यं

त्यो प्राणहीन भएर, इन्द्रको तेजले जसका शिखर ढलेका छन्, त्यस्तै पर्वत समान जलमा पर्‍यो। अनि त्यसका सात छोरा ताम्र, अन्तरिक्ष, श्रवण, विभावसु, वसु, नभस्वान् र अरुण पिताको वधले व्याकुल भएर क्रोधपूर्वक साटो फेर्नका लागि उद्यत भौमासुरको आज्ञाले पीठ नामक असुरलाई सेनापति तुल्याई शस्त्रास्त्रले सज्जित भई रणाङ्गणमा आइलागे ॥ ११ ॥ १२ ॥ त्यहाँ आएर श्रीअच्युतमाथि बाण, खड्ग, गदा, शक्ति, ऋष्टि र त्रिशूल आदि प्रचण्ड शस्त्रास्त्र वर्षा गर्नलागे। अमोघवीर्य भगवान्ले त्यसका शस्त्र आफ्ना बाणले टुक्र-टुक्रा पारिदिए ॥१३॥ अनि जसका शिर, ऊरू, भुजा, चरण र कवच काटिइसकेका थिए, ती पीठ आदि शूरवीर सबैलाई यमपुरी पठाइदिए। श्रीकृष्णको चक्र र अमोघ बाणहरूले आफ्ना सेनापति सबै मरेका देखेर पृथ्वीको छोरा नरकासुर अर्थात् भौमासुर* झोंक्किएर समुद्रबाट उत्पन्न मदस्रावी हात्तीका सेनाको साथ नगर बाहिर निस्क्यो। त्यो बेला

* उदारण (व्यर्थको झर्को-फर्को)—यौटा पसले आफ्नू पसलमा बसेर व्यवहार-शास्त्रको कुनै पुस्तक पढिरहेको थियो। त्यसै बेला यौटा सीधा-साधा सज्जन डुल्दै आइपुगे। कुतूहलवश उनले पसलमा बस्नेसित सोधे—'तपाई यो कुन ग्रन्थ पढि रहनु भएको छ ?' झर्किएर पसलेले उत्तर दियो—'तिमी मूर्ख यस ग्रन्थको अर्थके बुझ्न सक्तछौ ।' सज्जनले मुसुक्क हाँस्तै भने—'मैले तपाईका ग्रन्थको विषय बुझें। तपाईको ग्रन्थको विषय ज्योतिषशा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

मास्तिर बिजुलीयुक्त श्याम मेघ सुशोभित भए झैं भगवान् कृष्णलाई सत्यभामासित गरुड़मा बसेका देख्नासाथ यौटा शतघ्नी प्रहार गऱ्यो, त्योदेखेर त्यसका सबै सैनिकले एकैचल्ट कृष्णमाथि हमला गरे ॥१४॥१५॥ अनि भगवान्ले पनि आफ्ना तीखा प्वाँख हुने बाणहरूले भौमासुरको सेनाका प्रधान सैनिकहरूको हात, तिघ्रा, घाँटी र शरीर काटिदिए र तिनका घोडा, हात्ती नष्ट पारिदिए ॥ १६ ॥ हे कुरुनन्दन ! ती सैनिकले जे जे शस्त्रास्त्र चलाए, तीमध्ये प्रत्येक शस्त्रलाई भगवान्ले बीचमै आफ्ना अग्नि जस्ता बाणले काटिदिए ॥ १७ ॥ भगवान् आफ्ना प्वाँखले नै हात्ती मार्ने गरुड माथि बसेका थिए। गरुड़का चुच्चो, प्वाँख र नंग्राको प्रहारले पीडित भएर ती हात्ती फर्केर नगरमा पसे। अनि नरकासुर एक्लै भूमिमा उभिएर लड्दै रह्यो। उसले आफ्ना सेना गरुडको प्रहारले पीडित भएर भागेका देखी गरुडलाई यौटा ठूलो शक्तिले हिर्कायो, जसले इन्द्रको अमोघ

गरुडोपरि स्थितं सूर्योपरिष्टात्सतडिद्घनं यथा ॥ कृष्णं स तस्मै व्यसृजच्छतघ्नीं योधाश्च सर्वे युगपत्स्म विव्यधुः ॥ १५ ॥ तद्भौमसैन्यं भगवान्ग-
दाग्रजो विचित्रवाजैर्निशितैः शिलीमुखैः ॥ निकृत्तबाहूरुशिरोध्रविग्रहं चकार तर्ह्येव हताश्वकुञ्जरम् ॥ १६ ॥ यानि योधैः प्रयुक्तानि शस्त्रास्त्राणि
कुरूद्वह ॥ हरिस्तान्यच्छिनत्तीक्ष्णैः शरैरेकैकशस्त्रिभिः ॥ १७ ॥ उह्यमानः सुपर्णेन पक्षाभ्यां निघ्नता गजान् ॥ गरुत्मता हन्यमानास्तुण्डपक्षन-
खैर्गजाः ॥ १८ ॥ पुरमेवाविशन्नार्ता नरको युध्ययुध्यत ॥ दृष्ट्वा विद्रावितं सैन्यं गरुडेनार्दितं स्वकम् ॥ १९ ॥ तं भौमः प्राहरच्छक्त्या वज्रः
प्रतिहतो यतः ॥ नाकम्पत तया विद्धो मालाहत इव द्विपः ॥ २० ॥ शूलं भौमोऽच्युतं हन्तुमाददे वितथोद्यमः ॥ तद्विसर्गात्पूर्वमेव नरकस्य शिरो
हरिः ॥ अपाहरद्गजस्थस्य चक्रेण क्षुरनेमिना ॥ २१ ॥ सकुण्डलं चारुकिरीटभूषणं बभौ पृथिव्यां पतितं समुज्ज्वलत् ॥ हाहेति साध्वित्यृषयः
सुरेश्वरा माल्यैर्मुकुन्दं विकिरन्त ईडिरे ॥ २२ ॥ ततश्च भूः कृष्णमुपेत्य कुण्डले प्रतप्तजाम्बूनदरत्नभास्वरे ॥ सवैजयन्त्या वनमालयाऽर्पयत्प्रा-
चेतसं छत्रमथो महामणिम् ॥ २३ ॥ अस्तौषीदथ विश्वेशं देवी देववरार्चितम् ॥ प्राञ्जलिः प्रणता राजन्भक्तिप्रवणया धिया ॥ २४ ॥ नमस्ते देव-

वज्र पनि विफल पारिदिएको थियो। तर पक्षिराज गरुड पुष्पमालाले आहत हात्ती झैं अचल रहे ॥ १८ ॥ १९ ॥ यसरी आफ्नू उपाय विफल भएको देखेर दुष्ट भौमासुरले भगवान्-माथि प्रहार गर्न त्रिशूल उचाल्यो। त्यो छाड्नभन्दा पहिल्यै श्रीकृष्णले हात्तीमा बसेको नरकासुरको शिर छूरा झैं तीक्ष्ण धार हुने सुदर्शनचक्रले काटिदिनुभयो ॥२०॥२१॥ नरकासुरका टल्कने कुण्डल र सुन्दर किरीटले शोभित तथा जगमगाउँदो शिर पृथ्वीमा गिरेको देखेर उसका सबै सम्बन्धी हाहाकार गर्नलागे। ऋषिगण 'साधु-साधु' भन्नलागे र देवता भगवान् माथि पुष्पवर्षा गर्दै स्तुति गर्नलागे ॥२२॥ उसैबेला भूमिले भगवान्कहाँ आई उनलाई खारेको सुनले बनेको रत्न जडित कुण्डल, वैजयन्ती माला, वनमाला र वरुणको छाता अनि महामणि यी सबै वस्तु कृष्णलाई दिइन्। अनि हे राजन्! पृथ्वीले अत्यन्त भक्तियुक्त हृदयले हात जोरी प्रणाम गरेर देवगण द्वारा वन्दित श्रीकृष्णको यस प्रकार स्तुति गर्न

हो। त्यसैले त एकाएक बुझ्नुभयो–म मूर्ख हुँ।' यति सुनेर यसले लज्जित भई भन्नलाग्यो–'होइन, श्रीमान्! म ज्योतिषशास्त्रको होइन, व्यवहार शास्त्रको अध्ययन गरिरहेको छु।' सज्जनले हाँसेर भने–'त्यसैले होला तपाईंको व्यवहार यति राम्रो छ।' जो अकारण अर्कालाई अपमानित गर्दछन्, ती स्वयं पनि अपमानित हुन्छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागिन् ॥ २३ ॥ २४ ॥ पृथिवीले भनिन्–हे शङ्ख-चक्र-गदाधर र देवदेवेश्वर ! हजुरलाई नमस्कार छ । आफ्ना भक्तको इच्छानुसार हजुर विविध रूप धारण गर्नुहुन्छ । हे परमात्मन् ! हजुरलाई प्रणाम छ ॥२५॥ जसको नाभिबाट कमल उत्पन्न भएको थियो, जो कमल-पुष्पको माला धारण गरेका छन् र जसका चरण पनि कमल-पुष्प समान राम्रा छन्, त्यस्ता देवदेवलाई प्रणाम छ ॥२६॥ हजुर षडैश्वर्य पूर्ण, समस्त विश्वका आश्रय र व्यापक हुनुहुन्छ । हजुर सबै कार्य वर्गबाट पूर्वसिद्ध कारण हुनुहुन्छ । हजुर जगत्का आदिकारण र कारणका पनि कारण तथा पूर्ण बोधरूपलाई बारम्बार नमस्कार छ ॥ २७ ॥ जो स्वयं जन्म रहित छन् तथा यस संसारको उत्पत्ति गर्दछन्, ती अनन्त शक्ति ब्रह्मलाई नमस्कार छ । हे कार्य-कारणरूप, सर्वभूतमय परमात्मन् ! हजुरलाई बारम्बार नमस्कार छ ॥२८॥ हे प्रभो ! जब हजुर जगत् रचन खोज्नुहुन्छ, तब रजोगुण स्वीकार्नु हुन्छ र संसारको निम्ति तमोगुण र पालनको निम्ति सत्त्वगुण स्वीकार्नु हुन्छ, तापनि यी सामयिक गुणमा हजुर लिप्त रहनु हुन्न । हे जगत्पते ! हजुर काल, पुरुष र प्रधान भएर पनि तीबाट पर हुनुहुन्छ ॥ २९ ॥

देवेश शङ्खचक्रगदाधर ॥ भक्तेच्छोपात्तरूपाय परमात्मन्नमोऽस्तु ते ॥ २५ ॥ नमः पङ्कजनाभाय नमः पङ्कजमालिने ॥ नमः पङ्कजनेत्राय नमस्ते पङ्कजाङ्घ्रये ॥ २६ ॥ नमो भगवते तुभ्यं वासुदेवाय विष्णवे ॥ पुरुषायादिबीजाय पूर्णबोधाय ते नमः ॥ २७ ॥ अजाय जनयित्रेऽस्य ब्रह्मणेऽनन्तशक्तये ॥ परावरात्मन् भूतात्मन् परमात्मन्नमोऽस्तु ते ॥ २८ ॥ त्वं वै सिसृक्षू रज उत्कटं प्रभो तमोनिरोधाय बिभर्ष्यसंवृत ॥ स्थानाय सत्त्वं जगतो जगत्पते कालः प्रधानं पुरुषो भवान्परः ॥ २९ ॥ अहं पयो ज्योतिरथानिलो नभो मन्त्राणि देवा मन इन्द्रियाणि ॥ कर्ता महानित्यखिलं चराचरं त्वय्यद्वितीये भगवन्नयं भ्रमः ॥३०॥ तस्यात्मजोऽयं तव पादपङ्कजं भीतः प्रपन्नार्तिहरोपसादितः ॥ तत्पालयैनं कुरु हस्तपङ्कजं शिरस्यमुष्याखिलकल्मषापहम् ॥ ३१ ॥ श्रीशुक उवाच ॥ इति भूम्यार्थितो वाग्भिर्भगवान्भक्तिनम्रया ॥ दत्त्वाऽभयं भौमगृहं प्राविशत्सकलर्द्धिमत् ॥ ३२ ॥ तत्र राजन्यकन्यानां षट्सहस्राधिकायुतम् ॥ भौमाहृतानां विक्रम्य राजभ्यो ददृशे हरिः ॥३३॥ तं प्रविष्टं स्त्रियो वीक्ष्य नरवीरं विमोहिताः ॥ मनसा वव्रिरेऽभीष्टं पतिं दैवोपसादितम् ॥ ३४ ॥ भूयात्पतिरयं मह्यं धाता तदनुमोदताम् ॥ इति सर्वाः पृथक् कृष्णे भावेन हृदयं दधुः ॥ ३५ ॥ ताः प्राहि-

हे भगवन् ! म पृथ्वी, जल, अग्नि, वायु, आकाश, भूततन्मात्रा, इन्द्रियाधिष्ठाता देवता, मन, इन्द्रिय, अहङ्कार र महत्तत्त्वमय चराचर जगत्का हजुर अद्वितीय ब्रह्ममा नै भ्रम भइरहेको छ ॥ ३० ॥ हे शरणागत वत्सल ! यो भौमासुरको छोरो भगदत्त अत्यन्त भयभीत छ र हजुरको शरणमा ल्याइएको छ । हे प्रभो ! हजुर यसको रक्षा गर्नोस् र यसको शिरमाथि आफ्नू सर्वकल्याणकारी करकमल राख्नोस् ॥ ३१ ॥ शुकदेवजी भन्नुहुन्छ—भक्ति विनम्र पृथिवीले प्रार्थना गरेपछि भगवान् कृष्ण भगदत्तलाई अभय दान दिएर भौमासुरको भवनमा गए ॥ ३२ ॥ त्यहाँ श्रीकृष्णले भौमासुरद्वारा राजाहरूसित बलपूर्वक हरेर ल्याइएका सोह हजार राजकन्या देख्नुभयो ॥ ३३ ॥ श्रीकृष्ण अन्तःपुरमा आउनुभएको देखेर सबै रमणीहरू मोहित भए र तिनले दैववश प्राप्त श्रीकृष्णलाई मनमनै आफ्नू पति रोजे* ॥ ३४ ॥ 'विधाता मेरो यस इच्छालाई छिटै नै पूर्ण गरुन् र यी नरश्रेष्ठ मेरा पति होऊन्' यही भावले

* उदाहरण (तिमी के गर्दछौ !)—योटी नारी प्रेमले भगवान्को पूजा गर्दथी, तर आफ्ना कुटुम्ब र दरिद्र प्रति त्यसको व्यवहार जाति थिएन । त्यो भगवान्लाई राम्रा लुगा लगाई दिन्थी, राम्रा पदार्थहरूको नैवेद्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and ...

ती सबै कन्याहरूले भिन्ना *भिन्नै आफ्नू मन श्रीकृष्णमा लगाए ।।३५।। भगवान्‌ले ती राम्रा र निर्मल वस्त्रधारिणी राजकन्याहरूलाई उत्तम-उत्तम म्यानमा चढालेर द्वारकापुरी पठाइ-दिनुभयो र उनैसित धेरै ढुकुटी, रथ, घोडा, अटूट वैभव र ऐरावतको कुलमा उत्पन्न चार दाँत भएका शुक्लवर्णका चौँसट्ठी हात्ती र रथ पनि द्वारकापुरी पठाउनु भयो ।। ३६ ।। ।। ३७ ।। अनि भगवान्‌ले इन्द्र-भवनमा गएर अदितिलाई उनको कुण्डल दिए र इन्द्राणी सहित इन्द्रले उनको र सत्यभामाको पूजा गरे ।। ३८ ।। त्यहाँबाट फर्कन्दा उनले सत्यभामाले भनेपछि पारिजात उखेलेर गरुडको पिठिउँमा राखे र इन्द्रसहित सबै देवतालाई जितेर त्यो द्वारकापुरी ल्याए ।। ३९ ।। त्यहाँ ल्याएर पारिजात सत्यभामाको महलको बगैचामा लगाइ-दिए । त्यसले त्यो बगैचाको शोभा निकै बढ्यो । पारिजातको संगसंगै उसको गन्ध-मकरन्दका लोभी भ्रमरा पनि स्वर्गबाट उहीं आए ।।४०।। हे राजन्‌ ! हेर जुन इन्द्रले आफ्नू

णोद्द्वारवतीं सुमृष्टविरजोऽम्बराः ।। नरयानैर्महाकोशान्रथाश्वान्द्रविणं महत् ।।३६।। ऐरावतकुलेभांश्च चतुर्दन्तांस्तरस्विनः ।। पाण्डुरांश्च चतुःषष्टिं प्रेषयामास केशवः ।।३७।। गत्वा सुरेन्द्रभवनं दत्त्वाऽदित्यै च कुण्डले ।। पूजितस्त्रिदशेन्द्रेण सहेन्द्राण्या च सप्रियः ।।३८।। चोदितो भार्ययोत्पाट्य पारिजातं गरुत्मति ।। आरोप्य सेन्द्रान्विबुधान्निर्जित्योपानयत्पुरम् ।।३९।। स्थापितः सत्यभामाया गृहोद्यानोपशोभनः ।। अन्वगुर्भ्रमराः स्वर्गात्त-द्गन्धासवलम्पटाः ।।४०।। ययाच आनम्य किरीटकोटिभिः पादौ स्पृशन्नच्युतमर्थसाधनम् ।। सिद्धार्थ एतेन विगृह्यते महानहो सुराणां च तमो धिगा-ढ्यताम् ।। ४१ ।। अथो मुहूर्त एकस्मिन्नानागारेषु ताः स्त्रियः ।। यथोपयेमे भगवांस्तावद्रूपधरोऽव्ययः ।।४२।। गृहेषु तासामनपाय्यतर्क्यकृन्निरस्तसा-म्यातिशयेष्ववस्थितः ।। रेमे रमाभिर्निजकामसम्प्लुतो यथेतरो गार्हकमेधिकांश्चरन् ।। ४३ ।। इत्थं रमापतिमवाप्य पतिं स्त्रियस्ता ब्रह्मादयोऽपि न

काम बनाउनको निम्ति शिर न्यूराएर आफ्नू मुकुटको टुप्पाले श्रीकृष्णका चरण स्पर्श गरेर प्रार्थना गरेका थिए,उनैले काम सकिएपछि उनैसित विरोध गरे । अहो ! देवताहरूको प्रकृति पनि कति तामसी हुन्छ, इनको आढ्यतालाई धिक्कार छ ।।४१।। अनि भगवान्‌ले भिन्न-भिन्न भवनहरूमा भिन्न-भिन्न रूप धारण गरेर ती सबै राजकन्यासित यौटै मुहूर्तमा विधिवत् विवाह गरे ।।४२।। अनि जसको समान र जोभन्दा बढ्ता भोग-सामग्री अरु कहीं पनि थिएन, ती सोह्र हजार एक सय आठ रानीहरूका महलहरूमा, जसका कर्म अचिन्त्य थिए, ती निजानन्दपूर्ण श्रीकृष्ण अन्य साधारण गृहस्थहरूकै समान व्यवहार गर्दै लक्ष्मीका अंशस्वरूपा आफ्नी भार्याहरूसित आनन्दपूर्वक रमण गर्न लागे ।। ४३ ।। जसको प्रतिष्ठा मार्ग

चढाउँथी, प्रातः सबेरै उठेर स्नान गरी भगवानलाई पनि स्नान गराउँथी । यस्तो गर्दा त्यो आफ्नूलाई समेत बिर्सन्थी । यस्तो भक्ति यद्यपि निकै प्रेमपूर्वक गर्दथी, तापनि त्यो अभिमानिनी थिई । असुसित त्यो कठोर वाणी बोल्दथी, स साना बालकलाई नराम्रो गाली गर्दथी र एक पल्ट रिसाई भने दुइ दिनसम्म त्यसको रिस शान्त हुँदैनथ्यो । एक दिन यौटा उत्तम वैष्णव त्यसको घर आए । उनले त्यस स्त्रीलाई बुझ्दै भने–'आज तिम्रा भगवान् स्वप्नमा मसित भेटिएका थिए ।' स्त्रीले भनी–'तिमी ठूला भाग्यमानी रहेछौ । मलाई त कहिल्यै पनि दर्शन मिलेको छैन । अँ, उनले के भने ?' वैष्णवले उत्तर दिए—'उनले भनेका छन्–म धेरै दिनदेखि भोको छु । तिमी मलाई आफ्नू घर लिएर हिंड । मैले भनें–'नाथ ! यो स्त्री नित्य तिमीलाई नैवेद्य टक्राउँछे, तापनि किन यस्तो भनिरहेका छौ ?' भगवान्‌ले भने–'म त्यस नारीको नैवेद्यतिर फर्केर पनि हेर्दिन, त्यो मेरा बालकसित लडाई गर्दछे–तिनलाई भन्नु न भन्नु भन्दछे । यसैले मलाई त्यसले दिएको नैवेद्य मनपर्दैन । यदि तिम्रो छोरोलाई कसैले हप्काओस् अथवा कुटोस् र त्यो रुन लाग्यो भने के त्यो बेला चौरासी व्यञ्जन पनि तिमीलाई मनपर्ने छ ?' यति भनेर भगवान् अन्तर्धान भए । वैष्णवको भनाई त्यसले बुझी र उसै दिनदेखि सबैसित राम्रो व्यवहार गर्न थाली ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मादि देवता पनि जान्दैनन्, ती लक्ष्मीपतिलाई पतिरूपमा पाएर ती सबै सुन्दरीहरू अनुरागमय हास्य, विलासपूर्ण हेराई र नवसङ्गमका कुराकानीले मनमनैलाज मान्दै निरन्तर बढ्ने प्रसन्नताले भगवान्‌को सेवा गर्न लागे ॥ ४४ ॥ तीमध्ये प्रत्येक सुन्दरीको सेवामा सयकडौं दासीहरू रहन्थे तापनि भगवान् पाल्नुभएपछि उनलाई गह्र आदरपूर्वक ल्याउनु, आसन दिनु, अर्घ्यादिले पूजा गर्नु, पाउ पखाल्नु, पान दिनु, पाउ मिचेर श्रम हरण गर्नु, पङ्खा हम्कनु, चन्दन-मालादिले शृङ्गार गरेर कपाल कोर्नु, स्नान र शयन गराउनु तथा विविध उपहार दिनु आदि उपचारले स्वयं नै उनको सेवा गर्दथे ॥४५॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे 'वासिष्ठी' नेपाली भाषाटीकायामेकोनषष्ठितमोऽध्यायः ॥५९॥

(श्रीकृष्ण-रुक्मिणी वार्तालाप)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! एक दिन आफ्ना सखी सहित रुक्मिणी शय्यामा सुखपूर्वक बसेका आफ्ना पति भगवान् कृष्णलाई पङ्खा हम्किई उनको सेवा गरिरहेकी थिइन् ॥१॥ जो लीलाले नै विश्वको रचना, पालन र संहार गर्दछन्, ती स्वयं अजन्मा भगवान् नै आफूले निश्चित गरेको धर्ममर्यादाको रक्षा गर्नको लागि

विदुः पदवीं यदीयाम् ॥ भेजुर्मुदाविरतमेधितयाऽनुरागहासावलोकनवसङ्गमजल्पलज्जाः ॥ ४४ ॥ प्रत्युद्गमासनवरार्हणपादशौचताम्बूलविश्रमणवीजन-गन्धमाल्यैः ॥ केशप्रसारशयनस्नपनोपहार्यैर्दासीशता अपि विभोर्विदधुः स्म दास्यम् ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पारिजातहरणनरकवधो नाम एकोनषष्ठितमोऽध्यायः ॥ ५९ ॥

श्रीशुक उवाच ॥ कर्हिचित्सुखमासीनं स्वतल्पस्थं जगद्गुरुम् ॥ पतिं पर्यचरद्भैष्मी व्यजनेन सखीजनैः ॥ १ ॥ यस्त्वेतल्लीलया विश्वं सृजत्यत्त्यव-तीश्वरः ॥ स हि जातः स्वसेतूनां गोपीथाय यदुष्वजः ॥२॥ तस्मिन्नन्तर्गृहे भ्राजन्मुक्तादामविलम्बिना ॥ विराजिते वितानेन दीपैर्मणिमयैरपि ॥३॥ मल्लिकादामभिः पुष्पैर्द्विरेफकुलनादितैः ॥ जालरन्ध्रप्रविष्टैश्च गोभिश्चन्द्रमसोऽमलैः ॥४॥ पारिजातवनामोदवायुनोद्यानशालिना ॥ धूपैरगुरुजै राजन्जा-लरन्ध्रविनिर्गतैः ॥५॥ पयःफेननिभे शुभ्रपर्यङ्के कशिपूत्तमे ॥ उपतस्थे सुखासीनं जगतामीश्वरं पतिम् ॥६॥ वालव्यजनमादाय रत्नदण्डं सखीकरात् ॥ तेन वीजयती देवी उपासाञ्चक्र ईश्वरम् ॥७॥ सोपाच्युतं क्वणयतीमणिनूपुराभ्यां रेजेऽङ्गुलीयवलयव्यजनाग्रहस्ता ॥ वस्त्रान्तगूढकुचकुङ्कुमशोणहारभासा नितम्बधृतया च परार्ध्यकाञ्च्या ॥८॥ तां रूपिणीं श्रियमनन्यगतिं निरीक्ष्य या लीलया धृततनोरनुरूपरूपा ॥ प्रीतः स्मयन्नलककुण्डलनिष्ककण्ठवक्त्रो

यदुकुलमा अवतीर्ण भएका थिए ॥२॥ हे राजन् ! जो मोतिका झालर भएको चँदुवाले, मणिमय दीपले, मल्लिकाको मालाहरूले, भ्रमरहरूद्वारा गुन्जायमान पुष्पबाट, आँखीझ्यालको छिद्रबाट आएका निर्मल चन्द्रकिरण द्वारा, पारिजातको उपवनको मीठो सुगन्धले, सुवासित वायुको वेगले र स-साना झ्यालबाट निस्कने अगरुको धुवाँले सुशोभित थियो। त्यस भवनमा दुग्धफेन झैं उज्ज्वल र उत्तम बिछौनाले युक्त राम्रो पलंगमा सानन्द बसेका आफ्ना पति यदुनाथको रुक्मिणी स्वयं सेवा गर्दै थिइन् ॥३–६॥ अनि रुक्मिणीले यौटी सखीको हातबाट रत्नदण्डयुक्त चँवर लिइन् र स्वयं हम्कन्दै पतिको सेवा गर्न लागिन् ॥७॥ त्यस बेला रुक्मिणीका हातमा रत्नजडित औंठी, कङ्कन र पङ्खा धारण गरिराखेकी थिइन्। ती श्रीकृष्णको नजीकै आफ्ना मणि जडित नूपुरको सुमधुर ध्वनि गर्दै अंचलमा छोपिएका स्तनको कुङ्कुम र अरुणवर्ण हारको कान्ति एवं नितम्बमा झुण्डिएको बहुमूल्य करधनीले साह्रै राम्री देखिइरहेक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and

थिइन् ॥ ८ ॥ तिनको मुखचन्द्र अलक, कुण्डल, पदक विभूषित कण्ठा एवं मधुर मुसकानमय अमृतले सुशोभित थियो । जसले लीलाद्वारा मानवरूपधारी श्रीकृष्णको अनुरूप रूपधारण गरेकी थिइन्, ती कहिल्यै पृथक् नहुने मूर्तिमती लक्ष्मीलाई देखेर श्रीकृष्ण प्रसन्नतापूर्वक मुसुक्क हाँसेर बोले ॥९॥ भगवान् भन्नुहुन्छ—हे राजकुमारी ! रूप उदारता र बलादि गुणमा ठूला अनेक श्रीमान् र लोकपाल जस्तै ऐश्वर्यशाली महानुभाव राजा तिमीसित विवाह गर्न खोज्दथे ॥१०॥ तिम्रा पिता र दाजूलाई पनि तिनैसित तिम्रो विवाह गरिदिने इच्छा थियो । तैपनि तिमीले विवाह गर्न आएका कामोन्मत्त शिशुपालादिलाई छाडेर जुन कुनै प्रकार तिम्रो सदृश छैन, त्यो म जस्तोलाई किन पति रोज्यौ ? ॥११॥ हे सुभ्रू ! हामी त राजाहरूसित डराएर यो समुद्रको शरणमा आएर बसेका छौं । धेरै बलवान्हरूसित हामीले वैरत्व बाँधिराखेका छौं र प्रायः हामी राज्य-सिंहासनको अधिकारबाटपनि च्युत छौं ॥१२॥ हे प्रेयसि ! जसको कुनै स्पष्ट मार्ग छैन, जो सदा अलौकिक बाटोमा हिंड्दछन् अर्थात् जो स्त्रीहरूका वशवर्ती हुँदैनन्, ती महापुरुषको अनुसरण गर्ने स्त्रीहरूले प्रायः कष्ट नै भोग्नु

ल्लसत्स्मितसुधां हरिराबभाषे ॥९॥ श्रीभगवानुवाच ॥ राजपुत्रीप्सिता भूपैर्लोकपालविभूतिभिः ॥ महानुभावैः श्रीमद्भीरूपौदार्यबलोर्जितैः॥१०॥तान्प्राप्तानर्थिनो हित्वा चैद्यादीन्स्मरदुर्मदान् ॥ दत्ता भ्रात्रा स्वपित्रा च कस्मान्नो ववृषेऽसमान् ॥११॥ राजभ्योबिभ्यतः सुभ्रूः समुद्रं शरणं गतान्॥बलवद्भिः कृतद्वेषान्प्रायस्त्यक्तनृपासनान् ॥१२॥ अस्पष्टवर्त्मनां पुंसामलोकपथमीयुषाम्॥ आस्थिताः पदवीं सुभ्रूः प्रायः सीदन्ति योषितः॥१३॥ निष्किञ्चना वयं शश्वन्निष्किञ्चनजनप्रियाः॥ तस्मात्प्रायेण न ह्याढ्या मां भजन्ति सुमध्यमे ॥१४॥ ययोरात्मसमं वित्तं जन्मैश्वर्याकृतिर्भवः ॥ तयोर्विवाहो मैत्री च नोत्तमाधमयोः क्वचित् ॥१५॥वैदर्भ्येतदविज्ञाय त्वयाऽदीर्घसमीक्षया ॥ वृता वयं गुणैर्हीना भिक्षुभिः श्लाघिता मुधा ॥१६॥ अथात्मनोऽनुरूपं वै भजस्व क्षत्रियर्षभम् ॥ येन त्वमाशिषः सत्या इहामुत्र च लप्स्यसे ॥१७॥ चैद्यशाल्वजरासन्धदन्तवक्त्रादयो नृपाः ॥ मम द्विषन्ति वामोरु रुक्मी चापि तवाग्रजः ॥१८॥ तेषां वीर्यमदान्धानां दृप्तानां स्मयनुत्तये ॥ आनीतासि मया भद्रे तेजोऽपहरता सताम् ॥१९॥ उदासीना वयं नूनं न स्त्र्यपत्यार्थकामुकाः॥ आत्मलब्ध्यास्महे पूर्णा गेहयोर्ज्योतिरक्रियाः ॥२०॥ श्रीशुक उवाच ॥ एतावदुक्त्वा भगवानात्मानंवल्लभामिव ॥ मन्यमानामविश्लेषात्तद्दर्पघ्न उपारमत्

पर्दछ ॥१३॥ हे सुमध्यमे ! हामी त सदादेखि नै अकिञ्चन रहँदै आएका छौं र अकिञ्चनसित नै प्रेम राख्दछौं । अतएव सम्पत्तिशाली पुरुष प्रायः हामीलाई भज्दैनन् ॥१४॥ जसको धन, जात, ऐश्वर्य, रूप र आयु समान हुन्छ, विवाह अथवा मित्रताको सम्बन्ध प्रायः उनैमा हुन्छ । उत्तममा र मध्यममा हुनु राम्रो मानिन्न ॥१५॥ हे विदर्भ-नन्दिनी ! तिमीले आफ्नू अदूरदर्शिताले यी सबै कुरामा राम्ररी विचार नपुर्‍याई नारद आदि भिक्षुकहरू द्वारा प्रशंसित हामीजस्ता गुणहीन वरलाई रोज्यौ ॥ १६ ॥ अतएव तिमीले अझ पनि आफ्नू अनुरूप कुनै क्षत्रियश्रेष्ठलाई रोजे अमल हुनेछ । यसले तिम्रा सबै दुर्लभ कामनाहरू पूर्ण हुने छन् ॥१७॥ हे राम्रा तिघ्रा हुने सुन्दरी ! शिशुपाल, शाल्व, जरासन्ध र दन्तवक्त्रादि राजा र स्वयं तिम्रो दाजू रुक्मि—यी सबै मसित द्रोह गर्छन्॥१८॥ हे भद्रे ! ती वीर्यमदले अन्धा र मतवाला राजाहरूको मानमर्दन गर्नको निम्ति नै मैले तिमीलाई हरेर ल्याएको हुँ । किनकि म दुष्टको दर्प दलन गर्ने व्यक्ति हुँ ॥१९॥ हामी आत्मलाभले नै सन्तुष्ट रहन्छौं । हामीलाई स्त्री-पुत्रादिको इच्छा छैन । हामी देह-गेहबाट उदासीन र दीपकादिको ज्योति झैं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चल र केवल साक्षी मात्र छौं ॥२०॥ शुकदेवजी भन्दछन्–हे राजन् ! भगवान् रुक्मिणीसित कहिल्यै छुट्टिन्दैनथे । यसैनिम्ति रुक्मिणीलाई यो ठानेर मनमा केही बर्ता अभिमान भएको थियो—म नै उनलाई सबै भन्दा बर्ता मनपरेकी छु । अतः तिनको दर्प नाश गर्नका लागि भगवान्ले त्यति भनेर मौन हुनुभयो ॥२१॥ तिनैलोकका स्वामी र आफ्ना पतिको मुखबाट, जस्तो पहिले कहिल्यै सुनेको थिएन, त्यस्तो अप्रिय कुरा सुनेर देवीरुक्मिणीलाई निकै डर लाग्यो । उनको मुटु काम्न लाग्यो र ती रोएर अपार चिन्तामा डुबिन् ॥ २२ ॥ ती आफ्ना नङको आभायुक्त सुन्दर चरणले पृथ्वीतिर हेर्दै तथा अञ्जनरञ्जित आँसुका धाराले कुङ्कममण्डित कुचद्वय भिजाउँदै अपार दुःखले मस्तक निहुराई मौन रहिन् ॥ २३ ॥ अत्यन्त दुःख, भय र शोकले तिनैको बुद्धि नष्ट भयो । उनको हातबाट, जसमा कङ्कण खस्किसकेको थियो, पङ्खा झर्‍यो र बुद्धि व्याकुल हुनाले उनको शरीर पनि सहसा मूर्छित भएर वायुले उखेलेको कदली स्तम्भ झैं ढल्यो । त्यस बेला उनको वेणी फुस्केको र कपाल छरिएका थिए ॥ २४ ॥ त्यस्तो ठट्टाको अभिप्राय

॥ २१ ॥ इति त्रिलोकेशपतेस्तदात्मनः प्रियस्य देव्यश्रुतपूर्वमप्रियम् ॥ आश्रुत्य भीता हृदि जातवेपथुश्चिन्तां दुरन्तां रुदती जगाम ह ॥ २२ ॥ पदा सुजातेन नखारुणश्रिया भुवं लिखन्त्यश्रुभिरञ्जनासितैः ॥ आसिञ्चती कुङ्कुमरूषितौ स्तनौ तस्थावधोमुख्यतिदुःखरुद्धवाक् ॥ २३ ॥ तस्याः सुदुःखभयशोकविनष्टबुद्धेर्हस्ताच्छ्लथद्वलयतो व्यजनं पपात ॥ देहश्च विक्लवधियः सहसैव मुह्यन् रम्भेव वायुविहता प्रविकीर्य केशान् ॥२४॥ तद्दृष्ट्वा भगवान्कृष्णः प्रियायाः प्रेमबन्धनम् ॥ हास्यप्रौढिमजानन्त्याः करुणः सोऽन्वकम्पत ॥२५॥ पर्यङ्कादवरुह्याशु तामुत्थाप्य चतुर्भुजः ॥ केशान्समुह्य तद्वक्त्रं प्रामृजत्पद्मपाणिना ॥ २६ ॥ प्रमृज्याश्रुकले नेत्रे स्तनौ चोपहतौ शुचा ॥ आश्लिष्य बाहुना राजन्ननन्यविषयां सतीम् ॥ २७ ॥ सान्त्वयामास सान्त्वज्ञः कृपया कृपणां प्रभुः ॥ हास्यप्रौढिभ्रमच्चित्तामतदर्हां सतां गतिः ॥ २८ ॥ श्रीभगवानुवाच ॥ मा मा वैदर्भ्यसूयेथा जाने त्वां मत्परायणाम् ॥ त्वद्वचः श्रोतुकामेन क्ष्वेल्याचरितमङ्गने ॥ २९ ॥ मुखं च प्रेमसंरम्भस्फुरिताधरमीक्षितुम् ॥ कटाक्षेपारुणापाङ्गं सुन्दरभ्रुकुटीतटम् ॥ ३० ॥ अयं हि परमो लाभो गृहेषु गृहमेधिनाम् ॥ यन्नर्मैरीयते यामः प्रियया भीरु भामिनि ॥ ३१ ॥ श्रीशुक उवाच ॥ सैवं भगवता

नजान्ने आफ्नी प्रियाको त्यो प्रगाढ अनुराग देखेर करुणामय भगवान् श्रीकृष्णले उनीमाथि दया गर्नुभयो ॥ २५ ॥ ती तुरुन्त चतुर्भुजी भई पलंगबाट वर्लेर उनलाई उचाली उनका कपाल सम्याइदिँदै आफ्ना करकमलले मुख पुछिदिए ॥२६॥ हे राजन् ! अश्रुव्रणपूर्ण नेत्र र शोकाश्रुमिश्रित स्तन पुछेर श्रीकृष्ण भगवान्ले जसको, कुनै अरु आश्रय थिएन, ती सती-शिरोमणि रुक्मिणीलाई आफ्ना भुजाले जकडे ॥ २७ ॥ अनि कुरा बुझाउन सिपालु र सज्जनका एकमात्र आश्रय भगवान् कृष्णले ठट्टाले भ्रान्तचित्त, दीन-बुद्धि तथा हास्यकी अयोग्य रुक्मिणीलाई कृपापूर्वक यसरी सान्त्वना दिए ॥ २८ ॥ श्रीकृष्णले भन्नुभयो–हे वैदर्भी ! तिमी मसित नरिसाउ । मयो राम्ररी जान्दछु कि तिमी एकमात्र मलाई नै रुचाउँछ्यौ । हे कल्याणी ! मैले तिम्रा कुरा सुन्न र प्रणय कोपले काम्ने ओंठ, कटाक्ष विक्षेपले तेर्सा र अरुणवर्ण नयन एवं सुन्दरी तथा बाङ्गा भृकुटी युक्त तिम्रो मनोहर मुख हेर्नको निम्ति नै यस्तो ठट्टा गरेको हुँ ॥२९॥ ३०॥ हे भीरु ! हे सुन्दरि ! गृहस्थ पुरुषलाई यही सबै भन्दा ठूलो लाभ छ कि उनको समय आफ्नी प्रियतमासित हास्य-विनोद गर्दै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

बितेर जान्छ ॥ ३१ ॥ श्रीशुकदेव भन्दछन्—हे राजन् ! भगवान्‌ले त्यसरी बुझाएपछि जब रुक्मिणीले यो मसित ठट्टा गरेको भन्ने बुझिन्, तब उनले प्रियतम द्वारा त्यागिने डर त्यागिदिइन ।।३२।। त्यसपछि हे भारत ! ती सज्जन हाँसो र सुन्दर एवं प्रेमपूर्ण दृष्टिले पुरुषपुङ्गव भगवान् कृष्णको ऐश्वर्यपूर्ण मुखतिर हेरेर यस प्रकार भन्न लागिन् ।।३३।। रुक्मिणीले भनिन्—हे कमल-नयन ! हजुरको कथन उचित र ठीक हो । वास्तवमा ऐश्वर्यादि गुणले युक्त र सर्वव्यापक हजुर परमेश्वरको अनुरूप पत्नी म होइन । अहो ! कहाँ आफ्नै महिमामा रमण गर्ने र तीनै गुणहरूका स्वामी हजुर र कहाँ अज्ञानी पुरुष नै जसका चरण-सेवा गर्दछन्, त्यो त्रिगुणमय स्वभाव भएकी मूढ म ? ॥ ३४ ॥ हे उरुक्रम ! हजुरको यो कथन सर्वथा उचित नै छ । हजुर साँच्चै नै सत्वादि त्रिगुणदेखि डराएर अगाध समुद्ररूपी अन्तःकरणमा चैतन्यघन आत्मारूपले शयन गर्नुहुन्छ । कुत्सित इन्द्रियरूपी राजाहरूसित सदा हजुरको कलह भइरहन्छ र घोर अन्धकाररूपी राज्यसिंहासनलाई त सदा हजुरका भक्तले नै छाडिराखेका छन्, अनि हजुरको विषयमा के भन्ने ? ।।३५।। हजुरको

राजन्वैदर्भी परिसान्त्विता ॥ ज्ञात्वा तत्परिहासोक्तिं प्रियत्यागभयं जहौ ॥ ३२ ॥ बभाष ऋषभं पुंसां वीक्षन्ती भगवन्मुखम् ॥ सव्रीडहासरुचिर-स्निग्धापाङ्गेन भारत ॥ ३३ ॥ रुक्मिण्युवाच ॥ नन्वेवमेतदरविन्दविलोचनाहं यद्वै भवान्भगवतोऽसदृशी विभूम्नः ॥ क्व स्वे महिम्न्यभिरतो भगवां-स्त्र्यधीशः क्वाहं गुणप्रकृतिरज्ञगृहीतपादा ॥ ३४ ॥ सत्यं भयादिव गुणेभ्य उरुक्रमान्तः शेते समुद्र उपलम्भनमात्र आत्मा ॥ नित्यं कदिन्द्रिय-गणैः कृतविग्रहस्त्वं त्वत्सेवकैर्नृपपदं विधुतं तमोऽन्धम् ॥ ३५ ॥ त्वत्पादपद्ममकरन्दजुषां मुनीनां वर्त्मास्फुटं नृपशुभिर्ननु दुर्विभाव्यम् ॥ तस्माद-लौकिकमिवेहितमीश्वरस्य भूमंस्तवेहितमथो अनु ये भवन्तम् ॥ ३६ ॥ निष्किञ्चनो ननु भवान्न यतोऽस्ति किञ्चिद्यस्मै बलिं बलिभुजोऽपि हरन्त्य-जाद्याः ॥ न त्वा विदन्त्यसुतृपोऽन्तकमाढ्यतान्धा प्रेष्ठो भवान्बलिभुजामपि तेऽपि तुभ्यम् ॥ ३७ ॥ त्वं वै समस्तपुरुषार्थमयः फलात्मा यद्वाञ्छया सुमतयो विसृजन्ति कृत्स्नम् ॥ तेषां विभो समुचितो भवतः समाजः पुंसः स्त्रियाश्च रतयोः सुखदुःखिनोर्न ॥ ३८ ॥ त्वं न्यस्तदण्डमुनिभिर्गदि-तानुभाव आत्मात्मदश्च जगतामिति मे वृतोऽसि ॥ हित्वा भवद्भ्रुव उदीरितकालवेगध्वस्ताशिषोऽब्जभवनाकपतीकुतोऽन्ये ॥ ३९ ॥ जाड्यं

चरणकमलको मकरन्द पान गर्ने मुनिजनको मार्ग पनि स्पष्ट हुँदैन, अनि नररूपी पशुका निम्ति त्यसलाई बुझ्नु अझ बर्ता कठिन छ । अतः हे भूमन ! हजुर सर्वेश्वर तथा हजुरका अनुगामीहरूको चेष्टा अलौकिक झैं हुन्छन् ।।३६।। हजुर निष्किञ्चन अवश्य हुनुहुन्छ तर हजुरबाहेक अरु केही छँदैछैन । अरुद्वारा पूजित ब्रह्मादि लोकपाल पनि हजुरको पूजा गर्दछन्, हजुर ती पूजनीय देवश्रेष्ठका प्रिय हुनुहुन्छ । जो धन-सम्पत्ति आदिको मदले अन्धा भइरहेछन्, ती कालस्वरूप हजुर परमेश्वरलाई जान्दैनन् अतः ती केवल आफ्नू प्राणको पोषण गर्छन् ।।३७।। हजुर त धर्म, अर्थ, कामरूप समस्त पुरुषार्थमय र तिनका फल परमानन्दस्वरूप हुनुहुन्छ, जसको इच्छाले बुद्धिमान् व्यक्ति सबै त्यागिदिन्छन् । हे विभो ! ती विवेकी पुरुषहरूको हजुरसित सेव्य-सेवकरूप सम्बन्ध हुनुपर्दछ । जो जन स्त्री-पुरुषको रमणले प्राप्त सुख-दुःखका वशीभूत छन्, तिनको सम्बन्ध हजुरसित हुन पाउन्न ॥ ३८ ॥ जसले सबै प्राणीहरूको पीडारूपी दण्ड दिन त्यागि दिएको छ, ती मुनिजनहरूले हजुरका प्रभावको वर्णन गरेका छन् । हजुर अखिल जगत्‌का आत्मा र आफ्ना भक्तलाई आत्मस्वरूपका दाता

CC-0. Digitized by eGangotri
Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनुहुन्छ । अतः अरुको विषयमा के भन्ने ? हजुरको भृकुटिविलास द्वारा उत्पन्न कालको वेगले जसका सबै भोग नष्ट हुन्छन् , ती शिव, ब्रह्मा र इन्द्रादिलाई पनि त्यागेर मैले हजुरलाई रोजें ॥३९॥ हे ईश ! हे गदाग्रज ! जसरी सिंह पशुहरूका माझबाट आफ्नू भाग खोसेर लैजान्छ, त्यस्तै शार्ङ्गधनुषको टङ्कारले जरासन्धादि राजालाई भगाएर मलाई आफ्नू भाग जानेर ल्याउनुभयो । उनै हजुरको यो कथन—हामी राजाहरूको डरले समुद्रमा बसेका छौं, यो भूलको कुरा हो ॥४०॥ हे कमलनयन ! हजुरलाई पाउने इच्छाले अङ्ग, गय, पृथु, भरत, वैण्य, ययाति आदि अनेक राजा आफाफ्ना एकछत्र राज्य छाडेर वनवासी भएका थिए, अनि हजुरका मार्गको अनुसरण गर्ने ती राजाहरूले के कुनै कष्ट भोग्नुपरेको थियो ? ॥ ४१ ॥ आफ्नू हिताहित विचार गर्ने यस्ती को मानवी स्त्री होली, जो सर्वगुणधाम हजुरका सत्पुरुषहरूद्वारा कीर्तित, भक्तहरूलाई मोक्षदायक र लक्ष्मीको आश्रयस्थल हजुरका चरण कमलको सुगन्ध सुँघिसकेर फेरि उनलाई तिरस्कार गरेर जसलाई निरन्तर अधिकाधिक भय लागिरहन्छ, यस्ता कोही अन्य पुरुषलाई पतिरूपमा वरण गर्ली ? ॥ ४२ ॥ हे नाथ ! हजुर सारा

वचस्तव गदाग्रज यस्तु भूपान्विद्राव्य शार्ङ्गनिनदेन जहर्थ मां त्वम् ॥ सिंहो यथा स्वबलिमीश पशून्स्वभागं तेभ्यो भयाद्यदुदधिं शरणं प्रपन्नः ॥४०॥
यद्वाञ्छया नृपशिखामणयोऽङ्गवैन्यजायन्तनाहुषगयादय ऐकपत्यम् ॥ राज्यं विसृज्य विविशुर्वनमम्बुजाक्ष सीदन्ति तेऽनुपदवीं त इहास्थिताः किम्
॥४१॥ कान्यं श्रयेत तव पादसरोजगन्धमाघ्राय सन्मुखरितं जनतापवर्गम्॥ लक्ष्म्यालयं त्वयिगणय्य गुणालयस्य मर्त्या सदोरुभयमर्थविविक्तदृष्टिः॥४२॥
तं त्वानुरूपमभजं जगतामधीशमात्मानमत्र च परत्र च कामपूरम् ॥ स्यान्मे तवांघ्रिशरणं सृतिभिर्भ्रमन्त्या यो वै भजन्तमुपयात्यनृतापवर्गः॥४३॥तस्याः
स्युरच्युत नृपा भवतापदिष्टाः स्त्रीणां गृहेषु खरगोश्व विडालभृत्याः ॥ यत्कर्णमूलमरिकर्षण नोपयायाद्युष्मत्कथा मृडविरञ्चिसभासु गीता ॥ ४४ ॥
त्वक्श्मश्रुमोमनखकेशपिनद्धमन्तर्मांसास्थिरक्तकृमिविट्कफपित्तवातम् ॥ जीवच्छवं भजति कान्तमतिर्विमूढा या ते पदाब्जमकरन्दमजिघ्रती स्त्री ॥४५॥

संसारका अधीश्वर आत्मा र लोक-परलोकमा सबै कामनाहरू पूर्ण पार्ने प्रभु हुनुहुन्छ । मैले आफ्नू अनुरूप जानेर नै हजुरलाई रोजेकी हुँ । अब मेरो यही इच्छा छ—आफ्नू कर्मानुसार विभिन्न योनिहरूमा घुम्दै म सदा मिथ्या संसार-भ्रम निवृत्त पार्ने तथा आफ्ना भक्तलाई आफ्नू स्वरूपसम्म दिने हजुर परमेश्वरका शरणमै सदैव रहन पाऊँ ॥ ४३ ॥ हे अच्युत ! हे शत्रुसूदन ! हजुरले आज्ञा भएको शिशुपाल आदि राजा जुन गधा, कुकुर र बिरालो जस्ता कृपण, बकवादी* हिंसक र नोकर झैं स्त्रीको सेवामा लागिरहने हुन् । ती उही भाग्यहीना स्त्रीका पति होउन्, जसका कानमा महादेव, ब्रह्मा आदि देवेश्वरहरूको सभाहरूमा कीर्तित हजुरका कथाहरूले प्रवेश गरेका छैनन् ॥ ४४ ॥ हे प्रभो ! जसले हजुरका चरण-कमलका मकरन्दको स्वाद पाइसकेका छैनन्, त्यो अत्यन्त मूर्खा स्त्री नै, जो माथिबाट, त्वचा, श्मश्रु, रोम, नख र केशराशिले आवृत्त छ र भित्रबाट मांस, अस्थि, रक्त, कृमि, विष्ठा, कफ,

* उदाहरण (वदामि च ददामि न)—यौटा भाँट कुनै राजाकहाँ गयो र अनेक कविता सुनाई बढाई गर्‍यो । राजाले प्रसन्न भएर खजाञ्चीलाई आज्ञा दिए—इनलाई भोलि ५०००|- रुपियाँ दिनु । त्यतिले भाँट गम्म भयो, अब के मन्नु छ, पाँच हजार सित्तिमा पाइने भयो । भोलिपल्ट त्यो राजाकहाँ पुग्नासाथ उनले सोधे—'के चाहन्छौ ?' उसले उत्तर दियो—'सरकार ! हजुरले हिजो मलाई ५०००|- रुपियाँ दिनु भन्ने हुकुम भएको थियो, त्यो पाउनु पर्दछ ।' त्यति सुनी राजा साहेबले भने—'तिमीले मलाई कुराले प्रसन्न तुल्यायौ र मैले पनि तिमीलाई कुरैले खुशी पारिदिएँ । झिनु-दिनु त नामर्दको काम हो । जाऊ, अब कुनै मूर्खलाई फकाउनु जुन तिम्रा मीठा कुरा सुनेर रुपियाँ गनिदेओस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

पित्त र बातले पूर्ण छ, त्यस्तो त्यो जीवित नै मुर्दा समान देहलाई कान्तभावले भज्नेछ ॥४५॥ हे कमल-नयन ! हजुर आत्माराम हुनुहुन्छ र ममाथि हजुरको केही विशेष कृपाकृष्टि छैन । हे प्रभो ! हजुरका चरणमा मेरो अनुराग बनिरहोस् । हजुर जुन संसारको वृद्धिका लागि उत्कट रजोगुण स्वीकार गरेर मतिर हेर्नुहुन्छ, त्यो पनि म हजुरको ठूलो अनुकम्पा नै मान्दछु ॥ ४६ ॥ हे मधुसूदन ! हजुरले आज्ञा भयो–'अझ पनि कोही अनुरूप वर खोज'–त्यो हजुरको वचन म मिथ्या मान्दिन, किनकि कहिले काहीं यौटा पुरुषद्वारा जितिएर पनि काशिराजकी कन्या अम्बा झैं कुनै-कुनै कन्याको अन्य पुरुषसित पनि प्रीति हुन्छ ॥ ४७ ॥ कतिपय व्यभिचारिणी स्त्रीको मन विवाह भइसकेरछि पनि नयाँ-नयाँ पुरुषहरूतिर लहसिन्दै रहन्छ । बुद्धिमान् पुरुष त्यस्ती दुराचारिणी स्त्रीको भरण-पोषण नगरून् किनकि त्यस्ताको पालन-पोषण गर्ने प्राणी इहलोक र परलोक दुवैबाट पतित हुन्छन् ॥ ४८ ॥ अनि भगवान् भन्नुहुन्छ–हे साध्वी ! यी सबै कुरा सुन्नका लागि नै मैले तिमीसित ठट्टा गरेको थिएँ । मेरो भनाइको जुन अर्थ तिमीले बुझ्यौ, त्यही यथार्थ अथवा सत्य हो ॥ ४९ ॥

अस्त्वम्बुजाक्षमम ते चरणानुराग आत्मन्रतस्य मयि चानतिरिक्तदृष्टेः ॥ यर्ह्यस्य वृद्धय उपात्तरजोऽतिमात्रो मामीक्षते तदुह नः परमानुकम्पा ॥४६॥ नैवालीकमहं मन्ये वचस्ते मधुसूदन ॥ अम्बाया इव हि प्रायः कन्यायाः स्याद्रतिः क्वचित् ॥७॥ व्यूढायाश्चापि पुंश्चल्या मनोऽभ्येति नवं नवम् ॥ बुधोऽसतीं न बिभृयात्तां बिभ्रदुभयच्युतः ॥४८॥ श्री भगवानुवाच ॥ साध्व्येतच्छ्रोतुकामैस्त्वं राजपुत्रि प्रलम्भिता ॥ मयोदितं यदन्वात्थ सर्वं तत्सत्यमेव हि ॥ ४९ ॥ यान्यान्कामयसे कामान्मय्यकामाय भामिनि ॥ सन्ति ह्येकान्तभक्तायास्तव कल्याणि नित्यदा ॥ ५० ॥ उपलब्धं पतिप्रेम पातिव्रत्यं च तेऽनघे ॥ यद्वाक्यैश्चाल्यमानाया न धीर्मय्यपकर्षिता ॥ ५१ ॥ ये मां भजन्ति दाम्पत्ये तपसा व्रतचर्यया ॥ कामात्मानोऽपवर्गेशं मोहिता मम मायया ॥ ५२ ॥ मां प्राप्य मानिन्यपवर्गसम्पदं वाञ्छन्ति ये सम्पद एव तत्पतिम् ॥ ते मन्दभाग्या निरयेऽपि ये नृणां मात्रात्मकत्वान्निरयः सुसङ्गमः ॥५३॥ दिष्ट्या गृहेश्वर्यसकृन्मयि त्वया कृतानुवृत्तिर्भवमोचनी खलैः ॥ सुदुष्करासौ सुतरां दुराशिषो ह्यसुम्भराया निकृतिजुषः स्त्रियाः ॥५४॥ न त्वादृशीं प्रणयिनीं गृहिणीं गृहेषु पश्यामि मानिनि यथा स्वविवाहकाले ॥ प्राप्तान्नृपानवगणय्य रहोहरो मे प्रस्थापितो द्विज उपश्रुतसत्कथस्य

हे मानिनि ! तिमी मेरी अनन्य भक्त हौ, सकामभावको निवृत्तिका लागि तिमी मसित जे इच्छा छ त्यो हे कल्याणि ! तिमीलाई नित्य प्राप्त छ ॥५०॥ हे अनघे ! मैले तिम्रो पति-प्रेम र पातिव्रत्य पनि राम्ररी देखें । मैले आफ्ना दोष देखाएर तिम्रो बुद्धि विचलित पार्ने चेष्टा गरें तर त्यो अलिकति पनि डगेन ॥ ५१ ॥ हे शुभे ! जुन सकाम पुरुष नाना थरिका व्रत र तपस्या गर्दै स्त्री-पुरुषको विषयजनित सुखको अभिलाषाले म मोक्षाधीशको भजन गर्दछन्, ती मेरी मायाले मोहित प्राणी हुन् ॥ ५२ ॥ हे मानिनी ! मोक्ष र सबै सम्पत्तिका आश्रय एवं अधीश्वर म परमात्मालाई पाएर जो जन केवल लौकिक सम्पत्ति खोज्दछन्, ती अभागी हुन्, किनकि विषय-सुख त नरकमा पनि पाइन्छ, तर ती अभागीहरूको निर्धो मन विषयमै लीन रहन्छ, अतः तिनलाई नरक प्राप्ति पनि नराम्रो लाग्दैन ॥ ५३ ॥ हे गृहेश्वरि ! यो राम्रो कुरा हो–तिमीले अहिलेसम्म संसाररूपी बन्धनबाट मुक्त पार्ने मेरो निष्काम सेवाको हो । दुष्ट जन यस्तो कदापि गर्न सक्तैनन् । दूषित कामना हुने अनेक नारी पनि आफ्ना इन्द्रियको तृप्तिका लागि नाना थरिका छल-छन्द गर्छन् । तिनको निम्ति त यस्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभ कार्य गर्न ज्ञन् कष्टकर हुन्छ ॥५४॥ हे मानिनी ! मलाई आफ्नू धर्ममा तिमी जस्ती प्रणयिनी गृहिणी अरु कोही देखिँदैनन् किनकि तिमीले मेरो प्रशंसा मात्र सुनेर आफ्नू विवाहको मौकामा आएका सबै राजाको अवहेलना गरेर यौटा ब्राह्मणलाई दूत बनाई मकहाँ सुटुक्क समचार पठाएकी थियौ ॥ ५५ ॥ तिम्रो हरणमा मैले तिम्रो दाजूलाई युद्धमा जितेर कुरूप तुल्याएँ र अनिरुद्धको विवाहोत्सवमा बलरामले जूआको खेलमा उसलाई मारिदिनु भयो, तापनि हामीसित वियोगको आशंकाले तिमीले त्यो असह्य कष्ट पनि सहन गर्‍यौ र मसित केही भनिनौ । तिम्रो यो उदारताले मलाई आफ्नू मुठीमा पारेको छ ॥५६॥ तिमीले मलाई प्राप्त गर्ने निश्चय गरेर मकहाँ दूत पठायौ र जब म त्यहाँ पुग्न ढीलो भयो तब यस जगत्‌लाई शून्य ठानेर, आफ्नो शरीर कुनै अरुको योग्य नठानेर यसलाई त्याग्ने सम्मको सङ्कल्प गर्‍यौ । तिम्रो यो काम तिम्रो योग्य, उचित नै थियो । म यशको साटो फेर्न कदापि समर्थ छैन । केवल यसको अभिनन्दन मात्र गर्न सक्तछु । ५७ ॥ शुकदेवजी भन्नु हुन्छ—हे राजन् ! भगवान् कृष्ण यसरी मानव

॥५५॥ भ्रातुर्विरूपकरणं युधि निर्जितस्य प्रोद्वाहपर्वणि च तद्वधमक्षगोष्ठ्याम् ॥ दुःखं समुत्थमसहोऽस्मदयोगभीत्या नैवाब्रवीः किमपि तेन वयं जितास्ते ॥५६॥ दूतस्त्वयात्मलभने सुविविक्तमन्त्रः प्रस्थापितो मयि चिरायति शून्यमेतत् ॥ मत्वा जिहास इदमङ्गमनन्ययोग्यं तिष्ठेत तत्त्वयि वयं प्रतिनन्दयामः ॥५७॥ श्रीशुक उवाच ॥ एवं सौरतसंलापैर्भगवाञ्जगदीश्वरः ॥ स्वरतो रमया रेमे नरलोकं विडम्बयन् ॥५८॥ तथान्यासामपि विभुर्गृहेषु गृहवानिव ॥ आस्थितो गृहमेधीयान्धर्माल्लोकगुरुर्हरिः ॥५९॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे कृष्णरुक्मिणीसंवादोनाम षष्टितमोऽध्यायः ॥६०॥

श्रीशुक उवाच ॥ एकैकशस्ताः कृष्णस्य पुत्रान्दश दशाबलाः ॥ अजीजनन्नवमान्पितुः सर्वात्मसम्पदा ॥ १ ॥ गृहादनपगं वीक्ष्य राजपुत्र्योऽच्युतं स्थितम् ॥ प्रेष्ठं न्यमंसत स्वं स्वं न तत्तत्त्वविदः स्त्रियः ॥ २ ॥ चार्वब्जकोशवदनायतबाहुनेत्रसप्रेमहासरसवीक्षितवल्गुजल्पैः ॥ सम्मोहिता भगवतो न मनो विजेतुं स्वैर्विभ्रमैः समशकन्वनिता विभूम्नः ॥ ३ ॥ स्मायावलोकलवदर्शितभावहारिभ्रूमण्डलप्रहितसौरतमन्त्रशौण्डैः ॥ पत्न्यस्तु षोडशसहस्रमनङ्गबाणैर्यस्येन्द्रियं विमथितुं करणैर्न शेकुः ॥ ४ ॥ इत्थं रमापतिमवाप्य पतिं स्त्रियस्ता ब्रह्मादयोऽपि न

चरित्रको अनुसरण गर्दै आत्माराम भएर पनि विनोदपूर्ण वार्तालाप गरेर लक्ष्मी रूपिणी रुक्मिणीसित रमणगर्दथे ॥ ५८ ॥ जगद्गुरु भगवान् कृष्ण अरु रानीहरूको घरमा पनि यसै गरी साधारण गृहस्थ धर्मको पालन गर्दथे ॥५९॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे 'वासिष्ठी' भाषाटीकायां षष्टितमोऽध्यायः ॥६०॥

(श्रीकृष्णका सन्तानको वर्णन र अनिरुद्धको विवाहमा रुक्मी-वध) शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! श्रीकृष्णका भार्याहरूमध्ये प्रत्येक भार्याका दस-दस छोरा भए । ती रूप, बल आदि गुणहरूमा आफ्ना पिताकै समान थिए ॥ १ ॥ भगवान्‌की प्रत्येक रानी उनी कहीं अन्त नगएर निरन्तर आफाफना महलमै बसेका देखेर उनको वास्तविक महत्व नजान्नाले यस्तो ठान्दथे कि 'भगवान्‌की म सबभन्दा प्रिय पत्नी हुँ' ॥ २ ॥ तर ती सुन्दरीहरू निजानन्दपूर्ण भगवान् कृष्णको कमलको समान मनोहर मुखारविन्द, विशाल बाहु, र नेत्र, मधुर हास्ययुक्त कटाक्ष र मनमोहनी वार्तालापले स्वयं नै मोहित हुन्थे तर उनलाई मोहित पार्न सक्तैनथे ॥ ३ ॥ ती सोह हजार पत्नीहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

गूढ हर्षयुक्त हेराई र मनोहर भावपूर्ण भ्रूमण्डलबाट छाडेका सुरत-मन्त्र परिपुष्ट कामबाण र अन्यान्य साधनहरूले पनि उनका इन्द्रियहरूलाई चंचल पार्न सकेनन् ॥ ४ ॥ यसरी ब्रह्मादि देवता पनि जसको स्वरूप जान्दैनन्, ती लक्ष्मीपतिलाई पतिरूपमा पाएर ती स्त्रीहरूले सधैँ बढ्दो अनुराग, हास्ययुक्त दृष्टि र भवसंगमको लालसा आदि विविध हाउ-भाउले उनको सेवा गरे ॥ ५ ॥ तीमध्ये प्रत्येक कृष्ण-पत्नीको सेवामा सयौं दासीहरू रहन्थे, तर भगवान् आउनासाथ अगाडि ती स्वयं आएर उनलाई आदर पूर्वक ल्याउनु, आसन दिई अर्घ्यादिले पूजा गरेर पाउ पखाली, पान दिनु, पाउ मिचेर श्रम निवारण गर्नु, पङ्खा हम्कनु, चन्दनादि लगाइदिनु, कपाल सम्याउनु, शयन र स्नान गराई विविध प्रकारका उपहार दिनु आदि कार्यद्वारा स्वयं उनको सेवा गर्दथे। हे राजन् ! श्रीकृष्णका स्त्रीहरूमध्ये जुन आठ पुत्रवतीहरूको पहिले वर्णन भइसकेको छ, तिनका प्रद्युम्नादि छोराको वर्णन सुन ॥६॥७॥ रुक्मिणीको गर्भबाट प्रद्युम्न, चारुदेष्ण, सुदेष्ण, चारुदेह, सुचारु, चारुगुप्त, भद्रचारु, चारुचन्द्र, विचारु र चारु यी दस पुत्र भए। यी सबै आफ्ना पिता-

न विदुः पदवीं यदीयाम् ॥ भेजुर्मुदाऽविरतमेधितयाऽनुरागहासावलोकनवसङ्गमलालसाद्यम् ॥ ५ ॥ प्रत्युद्गमासनवरार्हणपादशौचताम्बूलविश्रमणवीजनगन्धमाल्यैः ॥ केशप्रसारशयनस्नपनोपहार्यैर्दासीशता अपि विभोर्विदधुः स्म दास्यम् ॥ ६ ॥ तासां या दशपुत्राणां कृष्णस्त्रीणां पुरोदिताः ॥ अष्टौ महिष्यस्तत्पुत्रान्प्रद्युम्नादीन्गृणामि ते ॥ ७ ॥ चारुदेष्णः सुदेष्णश्च चारुदेहश्च वीर्यवान् ॥ सुचारुश्चारुगुप्तश्च भद्रचारुस्तथापरः ॥ ८ ॥ चारुचन्द्रो विचारुश्च चारुश्च दशमो हरेः ॥ प्रद्युम्नप्रमुखा जाता रुक्मिण्या नावमाः पितुः ॥ ९ ॥ भानुः सुभानुः स्वर्भानुः प्रभानुर्भानुमांस्तथा ॥ चन्द्रभानुर्बृहद्भानुरतिभानुस्तथाऽष्टमः ॥ १० ॥ श्रीभानुः प्रतिभानुश्च सत्यभामात्मजा दश ॥ साम्बः सुमित्रः पुरुजिच्छतजिच्च सहस्रजित् ॥ ११ ॥ विजयश्चित्रकेतुश्च वसुमान्द्रविडः क्रतुः ॥ जाम्बवत्याः सुता ह्येते साम्बाद्याः पितृसंमताः ॥ १२ ॥ वीरश्चन्द्रोऽश्वसेनश्च चित्रगुर्वेगवान्वृषः ॥ आमः शंकुर्वसुः श्रीमान्कुन्तिर्नाग्नजितेः सुताः ॥ १३ ॥ श्रुतः कविर्वृषो वीरः सुबाहुर्भद्र एकलः ॥ शान्तिर्दर्शः पूर्णमासः कालिन्द्याः सोमकोऽवरः ॥ १४ ॥ प्रघोषो गात्रवान्सिंहो बलः प्रबल ऊर्ध्वगः ॥ माद्रयाः पुत्रा महाशक्तिः सह ओजोऽपराजितः ॥१५॥ वृको हर्षोऽनिलो गृध्रो वर्धनोऽन्नाद एव च ॥ महाशः पावनो वह्निर्मित्रविन्दात्मजः क्षुधिः ॥ १६ ॥ संग्रामजिद्बृहत्सेनः शूरः प्रहरणोऽरिजित् ॥

भन्दा, कुनै कुरामा हीन थिएनन् ॥८॥९॥ त्यसैगरी भानु, सुभानु, स्वर्भानु, प्रभानु, भानुमान, चन्द्रभानु, बृहद्भानु, अतिभानु, श्रीभानु र प्रतिभानु यी दस सत्यभामाका छोरा थिए। साम्ब, सुमित्र, पुरुजित्, शतजित् सहस्रजित्, विजय, चित्रकेतु, वसुमान, द्रविड र क्रतु—यी पराक्रमी दस पुत्र जाम्बवतीका थिए ॥१०-१२॥ वीर, चन्द्र, अश्वसेन, चित्रगुप्त, वेगवान्, धृष, आम, शंकु, वसु र तेजस्वी कुन्ति—यी दस नाग्नजितिका छोरा थिए ॥१३॥ श्रुत, कवि, वीर, सुबाहु, भद्र, एकल, शान्ति, दर्श, पूर्णमास र सबैभन्दा कान्छो सोमक—यी दस पुत्र कालिन्दीका थिए ॥१४॥ प्रघोष, गात्रवान्, सिंह, बल, प्रबल, ऊर्ध्वग, महाशक्ति, सह, ओज र अपराजि—यी दस लक्ष्मणाका गर्भबाट जन्मेका थिए ॥१५॥ वृक, हर्ष, अनिल, गृध्र, वर्धन, अन्नाद, महाश, पावन, वह्नि र क्षुधि—यी मित्रविन्दाका दस पुत्र थिए ॥ १६ ॥ अनि संग्रामजित्, बृहत्सेन, शूर, प्रहरण, अरिजित्, जय, सुभद्र,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम, आयु र सत्यक—यी भद्राका दस पुत्र थिए ॥१७॥ यीबाहेक अरु रोहिणी आदि सोह हजार एक सय आठ रानी थिए, तीबाट श्रीकृष्णका दीप्तिमान र ताम्रतप्तादि छोराहरू भए। हे राजन् ! प्रद्युम्नकी भार्या रुक्मवतीबाट, जो भोजकट नगरमा बस्ने रुक्मीकी छोरी थिइन्—महाबली अनिरुद्धको जन्म भयो। हे राजन् ! ती सबैका पनि पुत्र-पौत्रहरू मिलाएर ती करोडौंको संख्यामा भए, किनकि ती कृष्ण-पुत्रका त आमाहरू नै सोह हजार भन्दा बर्ता थिए ॥ १८ ॥ १९ ॥ यति कथा सुनिसकेर राजा परीक्षित्ले सोधे—हे भगवन् ! रुक्मीले आफ्नू शत्रु श्रीकृष्णका छोरासित आफ्नी छोरीको विवाह कसरी गरे ? ती त एकपल्ट भगवान्‌सित पराजित भएका थिए र सधैं उनलाई मारिदिने मौका खोजिरहन्थे। हे विद्वन् ! ती शत्रुहरूमा कसरी विवाह सम्बन्ध भयो ? यो हजुर भन्नुहवस् ॥ २० ॥ योगीजन भूत, भविष्य, वर्तमान, नजिकै र टाढा, व्यवहृत सबै कुराहरू स्पष्टरूपले देख्दछन् ॥ २१ ॥ शुकदेवजी भन्दछन्—हे राजन् ! रुक्मीकी छोरी रुक्मवतीले स्वयंवरमा मूर्तिमान् कामदेव प्रद्युम्नलाई नै रोजेकी थिइन्। त्यसै अनुसार प्रद्युम्न त्यहाँ एकत्रित भएका सबै

जयः सुभद्रो भद्राया वाम आयुश्च सत्यकः ॥ १७ ॥ दीप्तिमांस्ताम्रतप्ताद्या रोहिण्यास्तनया हरेः ॥ प्रद्युम्नाच्चानिरुद्धोऽभूद्रुक्मवत्यां महाबलः ॥ १८ ॥ पुत्र्यां तु रुक्मिणो राजन्नाम्ना भोजकटे पुरे ॥ एतेषां पुत्रपौत्राश्च बभूवुः कोटिशो नृप ॥ मातरः कृष्णजातानां सहस्राणि च षोडश ॥ १९ ॥ राजोवाच ॥ कथं रुक्म्यरिपुत्राय प्रादाद्दुहितरं युधि ॥ कृष्णेन परिभूतस्तं हन्तुं रन्ध्रं प्रतीक्षते ॥ एतदाख्याहि मे विद्वन्द्विषोर्वैवाहिकं मिथः ॥ २० ॥ अनागतमतीतं च वर्तमानमतीन्द्रियम् ॥ विप्रकृष्टं व्यवहितं सम्यक् पश्यन्ति योगिनः ॥ २१ ॥ श्रीशुक उवाच ॥ वृतः स्वयंवरे साक्षादनङ्गोऽङ्गयुतस्तया ॥ राज्ञः समेतान्निर्जित्य जहारैकरथो युधि ॥ २२ ॥ यद्यप्यनुस्मरन्वैरं रुक्मी कृष्णावमानितः ॥ व्यतरद्भागिनेयाय सुतां कुर्वन्स्वसुः प्रियम् ॥ २३ ॥ रुक्मिण्यास्तनयां राजन्कृतवर्मसुतो बली ॥ उपयेमे विशालाक्षीं कन्यां चारुमतीं किल ॥ २४ ॥ दौहित्रायानिरुद्धाय पौत्रीं रुक्म्यददाद्धरेः ॥ रोचनां बद्धवैरोऽपि स्वसुः प्रियचिकीर्षया ॥ जानन्नधर्मं तद्यौनं स्नेहपाशानुबन्धनः ॥ २५ ॥ तस्मिन्नभ्युदये राजन्रुक्मिणी रामकेशवौ ॥ पुरं भोजकटं जग्मुः साम्बप्रद्युम्नकादयः ॥ २६ ॥ तस्मिन्निवृत्त उद्वाहे कालिङ्गप्रमुखा नृपाः ॥ दृप्तास्ते रुक्मिणं प्रोचुर्बलमक्षैर्विनिर्जय ॥ २७ ॥ अनक्षज्ञो ह्ययं राजन्नपि तद्व्यसनं महत् ॥ इत्युक्तो बलमाहूय तेनाक्षै रुक्म्यदीव्यत ॥२८॥ शतं सहस्रमयुतं राम-

राजाहरूलाई युद्धमा जितेर एक्लै उनलाई हरेर ल्याएका थिए ॥ २२ ॥ यद्यपि भगवान् श्रीकृष्णसित अपमानित रुक्मीलाई पूर्व-वैरत्वको स्मरण थियो तथापि उसले आफ्नी बहिनी रुक्मिणीको प्रिय गर्नका लागि आफ्नी कन्या भाञ्जालाई दिए ॥२३॥ हे राजन् ! श्रीकृष्णका रानीहरूमध्ये प्रत्येकका एक-एक छोरी पनि थिए। तीमध्ये रुक्मिणीकी पुत्री चारुमतीको विवाह कृतवर्माका महाबली पुत्रसित भयो ॥ २४ ॥ यद्यपि रुक्मीको कृष्णसित पुरानो वैरत्व थियो, तर उसले स्नेहपाशमा बाँधिएर आफ्नी बहिनी रुक्मिणीलाई प्रसन्न तुल्याउन अनिरुद्धसित आफ्नी पौत्री रोचनाको विवाह गरिदियो ॥ २५ ॥ हे राजन् ! त्यस विवाहको उत्सवमा रुक्मिणी, बलराम, श्रीकृष्ण, प्रद्युम्न र साम्बादि यादवहरू भोजकट नगर गएका थिए ॥ २६ ॥ विवाह-संस्कार समाप्त भएपछि सभामा कलिङ्ग नरेश आदि अभिमानी राजाहरूले रुक्मीसित भने—हे राजन् ! तिमी बलरामलाई जूआमा जित। यद्यपि ती

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

द्यूतक्रीडामा निपुण छैनन् तापनि उनलाई यसको ठूलो व्यसन छ ।' यसरी राजाहरूले भनेपछि रुक्मीले बलरामलाई डाक्यो र उनीसित पासा खेल्न आरम्भ गरे ॥२७-२८॥ बलरामले क्रमशः सय, हजार र दस हजार मुद्राहरू थापे । त्यो सबै रुक्मीले जिते । अनि कलिङ्ग नरेश बलरामतिर हेरेर, दाँत डिच्याई अट्टहास गर्दै हाँस्नलागे । बलरामले यो सहन सकेनन् ॥२९॥ अनि रुक्मीले लाख मुद्रा थापे । त्यो बलरामले जिते, तर रुक्मीले कपटपूर्वक भन्यो–'तिमी होइन, मैंले जितेको हुँ ।' ॥३०॥ रुक्मीको यो धृष्टताले बलरामजी, जसका नेत्र स्वभावैले अरुणवर्णका थिए, पूर्वकालमा उर्लेको समुद्र झैं क्षुभित भए र उनले अत्यन्त क्रोधित भएर दस करोड मुद्रा थापिदिए ॥३१॥ त्यो पनि वास्तवमा बलरामले नै जितेका थिए परन्तु रुक्मीले छल गरेर भन्यो–'यो पनि मैले नै जितेको हुँ । यी मनेर बसेका प्रश्न-निर्णायक कलिङ्ग नरेश आदि नै भनुन्–यो बाजी कसले जितेको हो' ॥३२॥ उसै वेला आकाशवाणी भयो–'धर्मपूर्वक भन्ने हो भने यो बाजी बलरामले नै जितेको हो । रुक्मी मिथ्या बोलिरहेछ' ॥३३॥ तर काल-प्रेरित रुक्मीले दुष्ट राजाहरूको कुरामा लागेर आकाशवाणीको

स्तत्राददे पणम् ॥ तं तु रुक्म्यजयत्तत्र कालिङ्गः प्राहसद्बलम् ॥ दन्तान्सन्दर्शयन्नुच्चैर्नामृष्यत्तद्धलायुधः ॥ २९ ॥ ततो लक्षं रुक्म्यगृह्णाद् ग्लहं तत्राजयद्बलः ॥ जितवानहमित्याह रुक्मी कैतवमाश्रितः ॥ ३० ॥ मन्युना क्षुभितः श्रीमान्समुद्र इव पर्वणि ॥ जात्याऽरुणाक्षोऽतिरुषा न्यर्बुदं ग्लहमाददे ॥३१॥ तं चापि जितवान्रामो धर्मेण छलमाश्रितः ॥ रुक्मी जितं मयाऽत्रेमे वदन्तु प्राश्निका इति ॥३२॥ तदाऽब्रवीन्नभोवाणी बलेनैव जितो ग्लहः ॥ धर्मतो वचनेनैव रुक्मी वदति वै मृषा ॥३३॥ तामनादृत्य वैदर्भो दुष्टराजन्यनोदितः ॥ सङ्कर्षणं परिहसन्बभाषे कालचोदितः ॥३४॥ नैवाक्षकोविदा यूयं गोपाला वनगोचराः ॥ अक्षैर्दीव्यन्ति राजानो बाणैश्च न भवादृशाः ॥ ३५ ॥ रुक्मिणैवमधिक्षिप्तो राजभिश्चोपहासितः ॥ क्रुद्धः परिघमुद्यम्य जघ्ने तं नृम्णसंसदि ॥ ३६ ॥ कलिङ्गराजं तरसा गृहीत्वा दशमे पदे ॥ दन्तानपातयत्क्रुद्धो योऽहसद्विवृतैर्द्विजैः ॥ ३७ ॥ अन्ये निर्भिन्नबाहूरुशिरसो रुधिरोक्षिताः ॥ राजानो दुद्रुवुर्भीता बलेन परिघार्दिताः ॥ ३८ ॥ निहते रुक्मिणि श्याले नाब्रवीत्साध्वसाधु वा ॥ रुक्मिणीबलयो राजन्स्नेहभङ्गभयाद्धरिः ॥ ३९ ॥ ततोऽनिरुद्धं सह सूर्यया वरं रथं समारोप्य ययुः कुशस्थलीम् ॥ रामादयो भोजकटाद्दशार्हाः

ख्याल गरेन र बलरामको खिल्ली उडाउँदै भन्यो–॥३४॥ आखीर तिमीहरू वनमा गाई चराउने हौ । अनि पासा खेल्न के जान्दथ्यौ ! पासा र बाणद्वारा त राजाहरू नै खेल्दछन्-तिमी जस्ता ग्वाला खेल्न सक्तैनन् ॥३५॥ यसरी रुक्मीले आक्षेप गर्नु र राजाहरूले खिल्ली उडाएपछि बलराम साह्रै रिसाएर यौटा परिघ उचाले र त्यसैले माङ्गलिक सभामा-रुक्मीलाई मारिदिए । ३६॥ कलिङ्गराज बलरामलाई दाँत देखाएर हांसेको थियो, उनले त्यसलाई त्यहीं समाते र अतिशय क्रोधपूर्वक त्यसका सबै दाँतहरू फुकालिदिए ॥ ३७ ॥ ती बाहेक अन्य राजाहरू बलरामको परिघको चोट खाएर बाहु, तिघ्रा र टाउको आदि फुट्नाले रगताम्मे भएर डरले आफाफ्नू प्राण लिएर त्यहाँबाट निस्केर भागे ॥३८॥ हे राजन् ! रुक्मिणी र बलरामको स्नेहमा फरक नपरोस् भनेर श्रीकृष्णले आफ्ना जेठान रुक्मी मारिएकोमा पनि उसैलाई पनि जाति-नजाती केही भनेनन् ॥ ३९ ॥ यसरी शत्रुको वध र अनिरुद्धको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवाह आदि सबै कार्य सकिएपछि श्रीकृष्णचन्द्रका आश्रित बलरामजी आदि यादव नववधू सहित अनिरुद्धलाई उत्तम रथमा बसालेर भोजकटबाट द्वारका जाम हिंडे ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे 'वासिष्ठी' नेपाली भाषाटीकायामेकषष्टितमोऽध्यायः ॥६१॥

(उषा अनिरुद्धको समागम) यति कथा सुनेर राजा परीक्षितले सोधे–हे महायोगिन् ! युद्धवीर अनिरुद्धले बाणासुरकी छोरी उषालाई कसरी विवाह गरे र त्यस वेला भगवान शङ्कर र श्रीकृष्णको परस्पर घोर सग्राम भएको सबै चरित्र भन्नुहवस् ॥१॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! जुन महात्मा बलिले वामनरूपधारी श्रीहरिलाई सम्पूर्ण भूमण्डल दान दिएका थिए, तिनका सय छोरामा सबभन्दा जेठा बाणासुर थिए ॥२॥ बलिको औरस पुत्र बाणासुर भगवान् शङ्करको भक्तिमा गाडिइरहन्थे। ती माननीय, उदार चित्त,बुद्धिमान्

सिद्धाखिलार्था मधुसूदनाश्रयाः ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे अनिरुद्धविवाहे रुक्मिवधो नामैकषष्टितमोऽध्याय ॥६१॥

राजोवाच ॥ बाणस्य तनयामृषामुपयेमे यदूत्तमः ॥ तत्र युद्धमभूद्धोरं हरिशङ्करयोर्महत् ॥ एतत्सर्वं महायोगिन्समाख्यातुं त्वमर्हसि ॥ १ ॥ श्रीशुक उवाच ॥ बाणः पुत्रशतज्येष्ठो बलेरासीन्महात्मनः ॥ येन वामनरूपाय हरयेऽदायि मेदिनी ॥ २ ॥ तस्यौरसः सुतो बाणः शिवभक्तिरतः सदा ॥ मान्यो वदान्यः श्रीमांश्च सत्यसन्धो दृढव्रतः ॥ ३ ॥ शोणिताख्ये पुरे रम्ये स राज्यमकरोत्पुरा ॥ तस्य शम्भोः प्रसादेन किङ्करा इव तेऽमराः ॥ सहस्रबाहुवाद्येन ताण्डवेऽतोषयन्मृडम् ॥ ४ ॥ भगवान्सर्वभूतेशः शरण्यो भक्तवत्सलः ॥ वरेण छन्दयामास स तं वव्रे पुराधिपम् ॥ ५ ॥ स एकदाऽऽह गिरिशं पार्श्वस्थं वीर्यदुर्मदः ॥ किरीटेनार्कवर्णेन संस्पृशंस्तत्पदाम्बुजम् ॥ ६ ॥ नमस्ये त्वां महादेव लोकानां गुरुमीश्वरम् ॥ पुंसामपूर्णकामानां कामपूरामराङ्घ्रिपम् ॥ ७ ॥ दोःसहस्रं त्वया दत्तं परं भाराय मेऽभवत् ॥ त्रिलोक्यां प्रतियोद्धाऽहं

सत्य प्रसिद्ध र दृढव्रती थिए ॥३॥ पहिले ती सुरम्य शोणितपुरमा राज्य गर्दथे। भगवान् शङ्करको कृपाले सबै देवता उनका सेवक झैं आज्ञाकारी थिए। एक दिन ताण्डव-नृत्यको अवसरमा उनले आफ्ना सहस्र भुजाले एकैपल्ट अनेक थरिका बाजा बजाएर शिवलाई प्रसन्न पारे। अनि शरणागत वत्सल र भक्तहितकारी भगवान् भूतनाथले तीसित अभिलषित वर माग्न भने। अनि तिनले यही वर मागे–हजुर मेरो नगरको रक्षा गरिरहनोस् ॥४-५॥ एक दिन वीर्योन्मत्त बाणासुरले आफ्नो सूर्य झैं देदीप्यमान भृकुटीले समीपस्थ शङ्कर भगवानको चरण स्पर्श गर्दै भने–॥६॥ हे शिव ! म हजुरलाई प्रणाम गर्दछु। हजुर *क्षमाका अवतार सबै लोकका गुरु र स्वामी हुनुहुन्छ। जसका कामनाहरू पूर्ण भएका हुँदैनन्, तिनका सबै

* दृष्टान्त (क्षमाका अवतार) यौटी स्त्री व्यभिचार गर्दै पक्रिई। मानिस त्यो कलिङ्करहेकी स्त्रीलाई ईसाको सामुन्ने लिएर गए र भने–हजरत मूसाको नीति अनुसार यस स्त्रीलाई बारम्बार ढुङ्गाले हानेर मारिनु पर्ने हो।' त्यसमा ईशाले भने –'पहिले त्यही मनुष्य यसलाई ढुङ्गाले हानोस्, जसले कहिल्यै कुनै पाप गरेको छैन। नभए यसको हत्याको पाप उसैको टाउकोमा पर्नेछ।' यति सुनेर सबै जना लज्जित भएर चुपलागे किनकि त्यहाँ कुनै पनि यस्तो व्यक्ति थिएनन्, जसले जीवनमा कुनै पाप नगरेको होस्। अनि ईशाले प्रेमपूर्वक त्यस अपराधिनीतिर हेरेर भने–बहिनी ! तिमी आफ्नू सुधार गर। त्यो परमपिता अझ पनि तिम्रो अपराध क्षमा गरेर तिमीलाई आफ्नू छत्रछायामा शरण दिन तयार छन्।' यति सुनेपछि त्यो ईशाका पाउमा ढुप्टुटिई र त्यसै दिनदेखि ईश्वर-भक्त बनी।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

इच्छा पूर्ण पार्न हजुर कल्पवृक्ष हुनुहुन्छ ॥ ७ ॥ हे प्रभो ! मलाई जुन एक हजार भुजा दिनुभएको छ, यो मलाई भाररू भइरहेछन्, किनकि तीनैलोकमा हजुर बाहेक अरु कोही योद्धा म झैं बलवान देखिएन ॥८॥ हे आदिदेव ! मेरा बाहु चिलाउन लागे तब म दिग्गजहरूसित युद्ध गर्नको निम्ति बाटोमा पर्ने पर्वतहरूलाई धूलो-पीठो पार्दै हिंडें, तर ती पनि डराएर भागे' ॥ ९ ॥ यति सुनी शङ्करजी रिसाए र भने–'अरे मूढ ! जब तेरा ध्वजा भाँचिएला तब तेरो मझैं योद्धासित युद्ध हुनेछ र तेरो सम्पूर्ण गर्व नष्ट हुनेछ ॥ १० ॥ हे राजन् ! शिवले यति भने पछि मन्दमति बाणासुर प्रसन्न भएर घर फर्कियो र शङ्कर भगवान्ले आज्ञा भएको आफ्नो अभिमान धूलो-पीठो पार्ने संग्रामको प्रतीक्षा गर्नलाग्यो ॥ ११ ॥ त्यसकी उषा नामकी छोरी थिई । त्यसलाई बाल्यकालमै सपनामा जसलाई कहिल्यै देखे-सुनेको थिएन, ती प्रद्युम्न-कुमार अनिरुद्धसित रतिसुख प्राप्त भएको थियो ॥ १२ ॥ फेरि अकस्मात् बिउँझेर उसलाई नदेखेर उषा–'हे कान्त ! तिमी कहाँ छौं छौं ?' यसरी भन्दै व्याकुल भएर जुरुक्क उठेर बसी आफूलाई सखीहरूको

न लभे त्वदृते समम् ॥ ८ ॥ कण्डूत्या निभृतैर्दोर्भिर्युयुत्सुर्दिग्गजानहम् ॥ आद्यायां चूर्णयन्नद्रीन्भीतास्तेऽपि प्रदुद्रुवुः ॥ ९ ॥ तच्छ्रुत्वा भगवा-न्क्रुद्धः केतुस्ते भज्यते यदा ॥ त्वद्दर्पघ्नं भवेन्मूढ संयुगं मत्समेन ते ॥१०॥ इत्युक्तः कुमतिर्हृष्टः स्वगृहं प्राविशन्नृप ॥ प्रतीक्षन्गिरिशादेशं स्ववीर्य-नशनं कुधीः ॥ ११ ॥ तस्योषा नाम दुहिता स्वप्ने प्राद्युम्निना रतिम् ॥ कन्याऽलभत कान्तेन प्रागदृष्टश्रुतेन सा ॥१२॥ स तत्र तमापश्यन्ती क्वासि कान्तेति वादिनी ॥ सखीनां मध्य उत्तस्थौ विह्वला व्रीडिता भृशम् ॥ १३ ॥ वाणस्य मन्त्री कुम्भाण्डश्चित्रलेखा च तत्सुता ॥ सख्य-पृच्छत्सखीमूषां कौतूहलसमन्विता ॥ १४ ॥ कं त्वं मृगयसे सुभ्रूः कीदृशस्ते मनोरथः ॥ हस्तग्राहं न तेऽद्यापि राजपुत्र्युपलक्षये ॥ १५ ॥ ऊषोवाच ॥ दृष्टः कश्चिन्नरः स्वप्ने श्यामः कमललोचनः ॥ पीतवासा बृहद्बाहुर्योषितां हृदयङ्गमः ॥ १६ ॥ तमहं मृगये कान्तं पाययित्वाऽधरं मधु ॥ क्वापि यातः स्पृहयतीं क्षिप्त्वा मां वृजिनार्णवे ॥ १७ ॥ चित्रलेखोवाच ॥ व्यसनं तेऽऽपकर्षामि त्रिलोक्यां यदि भाव्यते ॥ तमानेष्ये नरं यस्ते मनोहर्ता तमादिश ॥ १८ ॥ इत्युक्त्वा देवगन्धर्वसिद्धचारणपन्नगान् ॥ दैत्यविद्याधरान्यक्षान्मनुजांश्च तथाऽलिखत् ॥१९॥ मनुजेषु च सा वृष्णीञ्छूरमानकदुन्दुभिम् ॥ व्यलिखद्रामकृष्णौ च प्रद्युम्नं वीक्ष्य लज्जिता ॥ २० ॥ अनिरुद्धं विलिखितं वीक्ष्योपाऽवाङ्मुखी ह्रिया ॥ सोऽसवा-

माझमा देखेर लज्जित भई ॥ १३ ॥ बाणासुरको मन्त्री कुम्भाण्ड थियो । त्यसकी छोरी चित्रलेखा उषाकी सखी थिई । त्यसले उषासित कुतुहलवश सोधी–'हे सुभ्रू ! तिमी कसलाई खोजिरहे राजपुत्री ! तिमीसित विवाह-सम्बन्ध गर्ने कुनै पुरुष मैले देखेकी छैन, अनि तिम्रो यो मनोरथ किन भयो ? ॥ १५ ॥ उषाले भनिन्—हे सखि ! मैले स्वप्नमा यौटा श्याम-वर्ण, कमलनयन, पीताम्बरधारी, विशालबाहुर स्त्रीको हृदयहारी नररत्न देखें ॥१६॥ त्यो मलाई आफ्नू अधरामृत पान गराई अतृप्तावस्थामै छाडेर कतै हिडिगयो । म त्यही प्रिय पुरुषलाई खोजिरहेकी छु ॥१७॥ चित्रलेखाले भनी–हे सखि ! तिम्रो चित्तचोर त्रिलोकमा जहाँ भए पनि म तिम्रो विरहव्यथा शान्त पार्नेछु । तिमी आफ्नू प्रियतम बताऊ, म उसलाई ल्याइदिन्छु ॥१८॥ यति भनेर चित्रलेखाले देवता, गन्धर्व, सिद्ध, चारण, पन्ना दैत्य, विद्याधर, यक्ष र मनुष्यहरूको चित्र देखाई ॥१९॥ मनुष्यमा वृष्णिवंशीशूरसेन, वसुदेव, बलराम र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् कृष्णको तस्वीर बनाई । जब उसले प्रद्युम्नको चित्र बनाई तब त्यो देखेर उषा लज्जित भई ॥ २० ॥ हे राजन् ! अनिरुद्धको चित्र देख्नासाथ उनले लाजले शिर निहुराइन् र मन्द-हास्यले भनिन्–'हो, त्यो यही हो ।' ॥२१॥ चित्रलेखा योगिनी थिई, अतएव उसले जानी–यी श्रीकृष्णका पौत्र अनिरुद्ध हुन् ! अनि ऊ आकाशमार्गबाट श्रीकृष्ण द्वारा पालित द्वारकापुरीमा पुगी ॥२२॥ त्यहाँ प्रद्युम्न तनय अनिरुद्ध पलंगमा सुतेका थिए । चित्रलेखाले उनलाई आफ्नू योगबलले उडाएर शोणितपुरमा ल्याई र आफ्नी सखीलाई उसका प्रियतमको दर्शन गराई ॥२३॥ ती परम सुन्दर वरलाई पाएर उषा निकै प्रसन्न भइन् र जहाँ कहिल्यै कुनै पुरुषको दृष्टि पुग्दैनथ्यो, त्यस्तो आफ्नू भित्री महलमा अनिरुद्धसित विहार गर्नलागिन् ॥२४॥ जसको प्रेम निरन्तर बढिरहेको थियो. ती उषाले बहुमूल्य वस्त्र, माला, चन्दन. धूप, दीप र आसनादि सामग्रीहरू र मधुर पेय भोज्य-भक्ष्य पदार्थहरू एवं मीठो वाणी र सेवाले सम्मानित गरेर अनिरुद्धको चित्तलाई यस्तो वशीभूत पारित कि ती कन्याको अन्तःपुरमा धेरै दिनसम्म उषामित वस्ता पनि धमाधमबितेका

विति प्राह स्मयमाना महीपते ॥ २१ ॥ चित्रलेखा तमाज्ञाय पौत्रं कृष्णस्य योगिनी ॥ ययौ विहायसा राजन्द्वारकां कृष्णपालिताम् ॥ २२ ॥ तत्र सुप्तं सुपर्यङ्के प्राद्युम्निं योगमास्थिता ॥ गृहीत्वा शोणितपुरं सख्यै प्रियमदर्शयत् ॥२३॥ सा च तं सुन्दरवरं विलोक्य मुदितानना ॥ दुष्प्रेक्ष्ये स्वगृहे पुम्भी रेमे प्राद्युम्निना समम् ॥ २४ ॥ परार्ध्यवासःस्रग्गन्धधूपदीपासनादिभिः ॥ पानभोजनभक्ष्यैश्च वाक्यैः शुश्रूषयाऽर्चितः ॥२५॥ गूढः कन्यापुरे शश्वत्प्रवृद्धस्नेहया तया ॥ नाहर्गणान्स बुबुधे ऊषयाऽपहृतेन्द्रियः ॥ २६ ॥ तां तथा यदुवीरेण भुज्यमानां हतव्रताम् ॥ हेतुभिर्लक्षयाञ्चक्रुराप्रीतां दुरवच्छदैः ॥ २७ ॥ भटा आवेदयाञ्चक्रू राजंते दुहितुर्वयम् ॥ विचेष्टितं लक्षयामः कन्यायाः कुलदूषणम् ॥ २८ ॥ अनपायिभिरस्माभिर्गुप्तायाश्च गृहे प्रभो ॥ कन्याया दूषणं पुम्भिर्दुष्प्रेक्षाया न विद्महे ॥ २९ ॥ ततः प्रव्यथितो बाणो दुहितुः श्रुतदूषणः ॥ त्वरितः कन्यकागारं प्राप्तोऽद्राक्षीद्यदूद्वहम् ॥ ३० ॥ कामात्मजं तं भुवनैकसुन्दरं श्यामं पिशङ्गाम्बरमम्बुजेक्षणम् ॥ बृहद्भुजं कुण्डलकुन्तलत्विषा स्मितावलोकेन च मण्डिताननम् ॥ ३१ ॥ दीव्यन्तमक्षैः प्रिययाऽभिनृम्णया तदङ्गसङ्गस्तनकुङ्कुमस्रजम् ॥ बाह्वोर्दधानं मधुमल्लिकाश्रितां तस्याग्र आसीनमवेक्ष्य विस्मितः ॥ ३२ ॥ स तं प्रविष्टं वृतमाततायिभिर्भटैरनीकैरवलोक्य माधवः ॥ उद्यम्य मौर्वं परिघं व्यवस्थितो यथाऽन्तको दण्डधरो जिघांसया

दिन थाहै भएन ॥ २५ ॥ २६ ॥ यदुवीर अनिरुद्ध द्वारा भोगिएकी उषालाई, जुन कष्टपूर्वक लुकाउन सकिन्थ्यो, यस्ता चिह्नहरूद्वारा कुमारी व्रतबाट स्खलित र अति प्रसन्न भएकी देखेर द्वारपालहरू ले बाणासुरसित भने---'राजन् ! हजुरकी अविवाहिता छोरीको चाल-ढाल आफ्नू ललाई कलङ्कित पार्ने जस्तै देखिई रहेछ ॥ २७ ॥ २८ ॥ हे प्रभो ! हामी सदा त्यस भवनको रक्षा गर्दछौं । कुनै पुरुषले राजकन्यातिर चियाउन पनि पाउन्न, अनि कसले तिनलाई दूषित पार्‍यो—यो हामी जान्दैनौं' ॥२९॥ कन्या दूषित भएको समचार सुनेर बाणासुर दुःखी भयो । त्यो तुरुन्त छोरीको अन्तःपुरमा पुग्यो र त्यहाँ कामदेवका छोरा, त्रिलोकमा सबैभन्दा राम्रा, श्यामवर्ण, पीताम्बरधारी, कमलनयन, विशालबाहु तथा कुण्डल र अलकावलीको झलक, मधुर हास्ययुक्त मुख भएका वीरवर अनिरुद्धलाई उपस्थित देख्यो ॥ ३० ॥ ३१ ॥ त्यस वेला ती प्रियालाई बाहुपाशमा जकडेर अङ्गसङ्ग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

तथा तिनका कुचकुंकुमले रंजित मल्लिका पुष्पको माला धारण गरेका उसको सम्मुख बसेर पासा खेल्दै थिए। तिनलाई देखेर। वाणासुर छक्क पर्‍यो ॥ ३२ ॥ त्यस असुरलाई अनेक शस्त्र सैनिक सहित भवनमा आएको देखेर अनिरुद्ध यौटा फलामको परिघ लिई दण्डधारी काल झैं ती सबैलाई मार्न उद्यत भए ॥३३॥ त्यसरी आफूलाई समात्न सबै तिरबाट दगुरेका सैनिकहरूलाई अनिरुद्ध यस प्रकार मान लागे, जस्तै शूकर-यूथपति कुकुरहरूलाई मार्दछ। अनिरुद्धको प्रहारले आफ्नू शिर, भुजा आदि अवयवहरू टुट-फूट हुनाले ती सैनिक त्यहाँबाट भागे ॥३४॥ अनि महाबली बाणासुर रिसाई आफ्ना सैनिकको संहार गर्ने अनिरुद्ध लाई नागपाशले बाँध्यो। आफ्ना प्रियतमलाई बन्धनमा परेका देखेर उषा शोक र विषादले व्याकुल भई रुन लागिन् ॥३५॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां द्विषष्टितमोऽध्यायः ॥६२॥

(कृष्ण र वाणासुरको संग्राम) श्रीशुकदेव भन्दछन्–हे भारत ! यता द्वारकामा अनिरुद्धलाई नदेखी बन्धु-बान्धवले शोक गर्दागर्दै वर्षाऋतुका चार महीना बितेर गए ॥१॥ अनि

॥ ३३ ॥ जिघृक्षया तान्परितः प्रसर्पतः शुनो यथा सूकरयूथपोऽहनत् ॥ ते हन्यमाना भवनाद्विनिर्गता निर्भिन्नमूर्धोरुभुजाः प्रदुद्रुवुः ॥ ३४ ॥ तं नागपाशैर्बलिनन्दनो बली घ्नन्तं स्वसैन्यं कुपितो बबन्ध ह ॥ ऊषा भृशं शोकविषादविह्वला बद्धं निशम्याश्रुकलाक्ष्यरोदिषीत् ॥ ३५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धेऽनिरुद्धबन्धो नाम द्विषष्टितमोऽध्यायः ॥ ६२ ॥

श्रीशुक उवाच ॥ अपश्यतां चानिरुद्धं तद्बन्धूनां च भारत ॥ चत्वारो वार्षिका मासा व्यतीयुरनुशोचताम् ॥१॥ नारदात्तदुपाकर्ण्य वार्तां बद्धस्य कर्म च ॥ प्रययुः शोणितपुरं वृष्णयः कृष्णदेवताः ॥२॥ प्रद्युम्नो युयुधानश्च गदः साम्बोऽथ सारणः॥ नंदोपनन्दभद्राद्या रामकृष्णानुवर्तिनः ॥३॥ अक्षौहिणीभिर्द्वादशभिः समेताः सर्वतो दिशम् ॥ रुरुधुर्बाणनगरं समन्तात्सात्वतर्षभाः ॥४॥ भज्यमानपुरोद्यानप्राकाराट्टालगोपुरम्॥ प्रेक्षमाणो रुषाविष्टस्तुल्यसैन्योऽभिनिर्ययौ ॥५॥ बाणार्थे भगवान्रुद्रः ससुतैः प्रमथैर्वृतः ॥ आरुह्य नन्दिवृषभं युयुधे रामकृष्णयोः ॥६॥ आसीत्सुतुमुलं युद्धमद्भुतं रोमहर्षणम् ॥ कृष्णशङ्करयो राजन्प्रद्युम्नगुहयोरपि ॥७॥ कुम्भाण्डकूपकर्णाभ्यां बलेन सह संयुगः ॥ साम्बस्य बाणपुत्रेण बाणेन सह सात्यकेः ॥ ८ ॥ ब्रह्मादयः सुराधीशा मुनयः सिद्धचारणाः ॥ गन्धर्वाप्सरसो यक्षा विमानैर्द्रष्टुमागमन् ॥ ९ ॥ शङ्करानुचराञ्छौरिर्भूतप्रमथगुह्यकान् ॥ डाकिनीर्यातुधानांश्च

नारदको मुखबाट अनिरुद्धको पराक्रम र वाणासुरले बन्दी तुल्याएको समचार सुनेर, जसका श्रीकृष्ण नै इष्टदेव थिए, ती यादवगण शोणितपुर हिंडे ॥२॥ भगवान् बलराम श्रीकृष्णका अनुयायी प्रद्युम्न, सात्याकि, गद, शाम्ब, सारण, नन्द, उपनन्द र इन्द्र आदि श्रेष्ठ यादवहरूले आफ्नू बाह्र अक्षौहिणी सेनाद्वारा वाणसुरको नगर चारैतिरबाट घेरिलिए ॥ ३ ॥ ४ ॥ यादव सेनाद्वारा नगरको उद्यान, अटाली, घर, छत र सिंहद्वारहरू तोडिएको देखेर वाणासुर साह्रै रिसायो र बाह्र अक्षौहिणी सेना लिएर नगरको बाहिर निस्कियो ॥ ५ ॥ त्यस वेला आफ्ना छोरा र गणहरू साथमा लिएर भगवान् शङ्कर पनि नन्दीश्वरमा चढेर वाणासुरको तर्फबाट बलराम र श्रीकृष्णचन्द्रसित डरलाग्दो युद्ध गरे ॥६॥ हे राजन् ! अनि भगवान् कृष्ण र शङ्करमा, प्रद्युम्न र स्वामि कार्तिकेयमा, कूष्माण्ड-कूपकर्णमा र बलरामजीमा, शाम्ब र वाणासुरको छोरोमा तथा सात्यकि र वाणासुरमा अत्यन्त भीषण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र रोमाञ्चकारी युद्ध पर्‍यो ॥ ७-८ ॥ त्यो संग्राम हेर्नका लागि ब्रह्मा आदि देवेश्वर, मुनि, सिद्ध, चारण, गन्धर्व, अप्सरा र यक्ष आदि विमानहरूमा चढेर आए ॥ ९ ॥ भगवान् कृष्णले आफ्नू शार्ङ्ग नामक धनुषद्वारा छाडेका तीखा बाणहरूले शिवका अनुचर प्रमथ, गुह्यक, डाकिनी, यातुधान, वेताल, विनायक, प्रेतगण, मातृगण, पिशाच, कूष्माण्ड र ब्रह्मराक्षसादिलाई चुटेर लखेटिदिए ॥ १०-११ ॥ पिनाकपाणि भगवान शिवले श्रीकृष्ण माथि थरि-थरिका शस्त्रास्त्र चलाए, तर शार्ङ्गपाणि श्रीहरिले सहजै उनलाई उनका विरोधी अस्त्रले शान्त पारिदिए ॥ ११ ॥ ब्रह्मास्त्रलाई ब्रह्मास्त्रले, वायव्यास्त्रलाई पर्वतास्त्रले, आग्नेयास्त्रलाई पर्जन्यास्त्रले, शिवको पाशुपतास्त्रलाई आफ्नू-नारायणास्त्रले शान्त पारे ॥१३॥ अनि जृम्भणास्त्रले कैलाशपतिलाई मोहित पारेर उनलाई 'हाई' गर्दै छाडेर भगवान् खड्ग, गदा र बाणादि आयुधहरूले बाणासुरका सेनाको संहार गर्नलागे ॥ १४ ॥ उता प्रद्युम्नका बाणले स्वामिकार्तिकलाई निकै कष्ट भयो । तिनको शरीरबाट रगत बग्नलाग्यो र ती आफ्नू वाहन मयूरमा चढेर भागे ॥ १५ ॥ कूष्माण्ड र कूपकर्ण यी दुवै नै श्रीबलरामको

वेतालान्सविनायकान् ॥ १० ॥ प्रेतमातृपिशाचांश्च कूष्माण्डान्ब्रह्मराक्षसान् ॥ द्रावयामास तीक्ष्णाग्रैः शरैः शार्ङ्गधनुश्च्युतैः ॥ ११ ॥ पृथग्विधानि प्रायुङ्क्त पिनाक्यस्त्राणि शार्ङ्गिणे ॥ प्रत्यस्त्रैः शमयामास शार्ङ्गपाणिरविस्मितः ॥ १२ ॥ ब्रह्मास्त्रस्य च ब्रह्मास्त्रं वायव्यस्य च पार्वतम् ॥ आग्नेयस्य च पार्जन्यं नैजं पाशुपतस्य च ॥ १३ ॥ मोहयित्वा तु गिरिशं जृम्भणास्त्रेण जृम्भितम् ॥ बाणस्य पृतनां शौरिर्जघानासिगदेषुभिः ॥ १४ ॥ स्कन्दः प्रद्युम्नबाणौघैरर्द्यमानः समन्ततः ॥ असृग्विमुञ्चन्गात्रेभ्यः शिखिनाऽपाक्रमद्रणात् ॥ १५ ॥ कुम्भाण्डः कूपकर्णश्च पेततुर्मुसलार्दितौ ॥ दुद्रुवुस्तदनीकानि हतनाथानि सर्वतः ॥ १६ ॥ विशीर्यमाणं स्वबलं दृष्ट्वा बाणोऽत्यमर्षणः ॥ कृष्णमभ्यद्रवत्संख्ये रथी हित्वैव सात्यकिम् ॥ १७ ॥ धनूंष्याकृष्य युगपद्बाणः पञ्चशतानि वै ॥ एकैकस्मिञ्छरौ द्वौ द्वौ सन्दधे रणदुर्मदः ॥ १८ ॥ तानि चिच्छेद भगवान्धनूंषि युगपद्धरिः ॥ सारथिं रथमश्वांश्च हत्वा शङ्खमपूरयत् ॥ १९ ॥ तन्माता कोटरा नाम नग्ना मुक्तशिरोरुहा ॥ पुरोऽवतस्थे कृष्णस्य पुत्रप्राणरिरक्षया ॥ २० ॥ ततस्तिर्यङ्मुखो नग्नामनिरीक्षन्गदाग्रजः ॥ बाणश्च तावद्विरथश्छिन्नधन्वाऽविशत्पुरम् ॥ २१ ॥ विद्राविते भूतगणे ज्वरस्तु त्रिशिरास्त्रिपात् ॥ अभ्यधावत दाशार्हं दहन्निव दिशो दश ॥ २२ ॥ अथ नारायणो देवस्तं दृष्ट्वा व्यसृजज्ज्वरम् ॥ माहेश्वरो वैष्णवश्च युयुधाते ज्वरावुभौ ॥ २३ ॥ माहेश्वरः

मूसलको चोट परेर मूर्च्छित भई धराशायी हुन गए र तिनका सेना आफ्ना स्वामीहरू मरेका देखेर भागे ॥ १६ ॥ यस प्रकार आफ्नू सेना छिन्न-भिन्न भएका देखेर महारथी बाणासुर निकै क्रोधित भयो । अनि त्यो सात्यकिलाई छाडेर रणभूमिमा श्रीकृष्णको सामुन्ने आइपुग्यो ॥ १७ ॥ त्यहाँ आएर त्यो रणोन्मत्त बाणासुरले एकैपल्ट पाँच सय धनु खैंचेर ती प्रत्येक धनुषमा दुइ-दुइ बाण चढायो ॥ १८ ॥ तर भगवान्ले ती धनुषहरूलाई एकै साथ काटिदिए र उसका सारथि रथ र घोडाहरू मारेर पाञ्चजन्य शङ्ख बजाए ॥ १९ ॥ अनि बाणासुरकी आमा कोटरा आफ्नू छोरोको प्राणरक्षाका लागि नग्नावस्थामा जगल्टा फिंजेर युद्धमा श्रीकृष्णको सामुन्ने आएर उभिई ॥ २० ॥ उसलाई नग्नावस्थामा नहेर्नका लागि भगवान्ले आफ्नू मुख फर्काए । उसै वेला रथ र धनुहीन बाणासुर नगरमा भागेर गयो ॥ २१ ॥ यता भूतगण छिन्न-भिन्न भएपछि शिवजीले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

छाडे । छाडेको तीन शिर र तीन खुट्टा हुने कालज्वर दसै दिशाहरू दग्ध पर्दै श्रीकृष्णतिर लम्कियो ॥ २२ ॥ त्यो आउन लागेको देखेर श्रीनारायणले पनि आफ्नू शीतज्वर अब दुवै ज्वर परस्पर लड्न लागे ॥२३॥ अन्त्यमा माहेश्वर ज्वर वैष्णवज्वर द्वारा पीडित भई साह्रै डराएर करायो र कहीं निर्भय स्थान नदेखेर अतिशय विनयपूर्वक हात जोरेर भगवान् कृष्णसित शरणदानको लागि प्रार्थना गर्नलाग्यो ॥ २४ ॥ ज्वरले भन्यो—हे देव ! अनन्तशक्ति, सबैका अन्तरात्मा, एकमात्र ज्ञानस्वरूप, संसारको उत्पत्ति, स्थिति र लयका कारण र वेदवाक्यले लक्षित हजुर शुद्ध ब्रह्म हुनुहुन्छ, यस्ता परमेश्वरलाई म प्रणाम गर्दछु ॥ १५ ॥ काल, दैव, कर्म, जीव, स्वभाव, भूत-सूक्ष्म, शरीर सूत्र, अहङ्कार, एघार इन्द्रिय र पञ्चभूत यी सबैका सङ्घातरूपी लिंगदेह र त्यो बीज उम्रनु, बढ्नु—यी सबै हजुरका माया हुन् । हजुर यी सबैबाट अलग्ग रहनु हुन्छ । म हजुरको शरणमा परेको छु ॥ २६ ॥ हे नाथ ! हजुर लीलाले नै धारण गरेका अनेक रूपले देवगण, साधुगण र लोकमर्यादाको रक्षा गर्नुहुन्छ र कुबाटोमा जाने तथा हिंसाले आजीविका चलाउनेहरूको

नमामि

समाक्रन्दवैष्णवेन बलार्दितः ॥ अलब्ध्वाऽभयमन्यत्र भीतो माहेश्वरो ज्वरः ॥ शरणार्थी हृषीकेशं तुष्टावप्रयताञ्जलिः ॥२४॥ ज्वर उवाच ॥ त्वाऽनन्तशक्तिं परेशं शर्वात्मानं केवलं ज्ञप्तिमात्रम् ॥ विश्वोत्पत्तिस्थानसंरोधहेतुं यत्तद्ब्रह्म ब्रह्मलिङ्गं प्रशान्तम् ॥ २५ ॥ कालो दैवं कर्म जीवः स्वभावो द्रव्यं क्षेत्रं प्राण आत्मा विकारः ॥ तत्सङ्घातो बीजरोहप्रवाहस्त्वन्मायैषा तन्निषेधं प्रपद्ये ॥ २६ ॥ नानाभावैर्लीलयैवोपपन्नैर्देवान्साधूँल्लोकसेतून्बिभर्षि ॥ हंस्युन्मार्गान्हिंसया वर्तमानान् जन्मैतत्ते भारहाराय भूमेः ॥ २७ ॥ तप्तोऽहंते तेजसा दुःसहेन शान्तोग्रेणात्युल्बणेन ज्वरेण ॥ तावत्तापो देहिनां तेऽङ्घ्रिमूलं नो सेवेरः यावदाशानुबद्धाः ॥ २८ ॥ श्रीभगवानुवाच ॥ त्रिशिरस्ते प्रसन्नोऽस्मि व्येतु ते मज्ज्वराद्भयम् ॥ यो नौ स्मरति संवादं तस्य त्वन्न भवेद्भयम् ॥ २९ ॥ इत्युक्तोऽच्युतमानम्य गतो माहेश्वरो ज्वरः ॥ बाणस्तु रथमारूढः प्रागाद्योत्स्यञ्जनार्दनम् ॥ ३० ॥ ततो बाहुसहस्रेण नानायुधधरोऽसुरः ॥ मुमोच परमक्रुद्धो बाणाँश्चक्रायुधे नृप ॥ ३१ ॥ तस्यास्यतोऽस्त्राण्यसकृच्चक्रेण क्षुरनेमिना ॥ चिच्छेद

संहार गर्नुहुन्छ । हजुरको यो अवतार पनि पृथ्वीको भारी हलुङ्गो पार्न भएको छ ॥ २७ ॥ हे प्रभो ! हजुरको शान्त, उग्र तथा डरलाग्दो दुःसह तेजरूप ज्वरले म साह्रै सन्तप्त भइरहेको छु । हे भगवन् ! देहधारी जीवलाई तबसम्म ताप रहन्छ, जबसम्म ती आशारूपी पाशमा बाँधिइ रहनाले हजुरका चरण-कमलको आश्रय लिंदैनन् । अतः अब म हजूरको शरणमा आएको छु, मेरो सबै ताप निवारण गरिदिनोस् ॥ २८ ॥ भगवान्ले आज्ञा भयो—हे त्रिशिर ज्वर ! म तिमीसित प्रसन्न छु, अब मेरो ज्वरसित नडराऊ । जो जन मेरो र तिम्रो यो संवाद स्मरण गर्नेछन, तिनलाई पनि तिम्रो भय रहने छैन ॥ २९ ॥ यसरी भगवान्ले आज्ञा भएपछि शिवजीको ज्वर उनलाई प्रणाम गरेर गयो । यतिमै *निराश बाणासुर रथमा बसेर भगवान्सित युद्ध गर्न रणभूमिमा आइपुग्यो ॥ ३० ॥ हे राजन् ! अनि बाणासुर निकै रिसाएर विविध शस्त्रास्त्र धारण गरेका आफ्ना हजार भुजाहरूले चक्रपाणि

* दृष्टान्त (आशाहि परमं दुःखं निराशा परमं सुखम्)—यौटा विद्वानले आफ्नू चेलोसित भने—यदि कसैले साध्यो भने तिमी मेरो नाम भनिसकेर भन्ने छौ कि मैले अमुक विद्वान्सित विद्या अथवा तत्वज्ञान प्राप्त गरेको छु। तिम्रो यो उत्तरमा उसले यो भनोस्—'तिम्रो गुरु महामूर्ख र अज्ञानी हो ।' अनि तिमी के भन्दछौ ?' त्यो शिष्य निरुत्तर भएपछि विद्वान्ले भने—'त्यस्तो स्थितिमा तिमी यतिमात्र भन्नु—मैले केवल दुइ कुरा सिकेको छु । पहिलो कुरा-जे जति प्राप्त हुन्छ, त्यसैमा सन्तोष राख्नु र यो सदा सम्झिरहनु कि आशा भन्दा निराशा राम्रो हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् कृष्णमाथि बाणवर्षा गर्नलाग्यो ॥ ३१ ॥ जब त्यसले पानी परे झैं शस्त्रास्त्रले ढाकिदियो तब भगवान्‌ले आफ्नू सुदर्शन चक्रले त्यसका भुजाहरूलाई वृक्षका हाँगा छिमले झैं छिमली दिए ॥३२॥ वाणासुरका हजारै हात काटिन लागेका देखेर भगवान् शङ्कर चक्रधारी श्रीकृष्णकहाँ पुगेर भन्नुभयो ।३३॥ श्रीशिवले आज्ञा भयो—'हे प्रभो ! हजुर वेद-वाक्यहरूमा लुकेको परम ज्योतिस्वरूप परब्रह्म हुनुहुन्छ । शुद्धचित्त साधुजन हजुरलाई आकाश झैं व्यापक र सदा निर्विकार देख्दछन् ॥३४॥ आकाश हजुरको नाभि र अग्नि मुख हो, जल वीर्य र स्वर्ग मस्तक हो, दिशाहरू श्रवण हुन्, पृथिवी चरण र चंद्रमा मन हुन्, सूर्य नेत्र र म शिव अहङ्कार हुँ, समुद्र पेट हो र देवराज इन्द्र भुजा हुन् ॥ ३५ ॥ औषधिहरू हजुरका रौं र ब्रह्मा बुद्धि हुन्, प्रजापति उपस्थ र धर्म हजुरको हृदय हो । यस प्रकार सबै लोकसित जसका अङ्गहरूको तुलना गरिन्छ, त्यो एकमात्र हजुर हुनुहुन्छ ॥ ३६ ॥ हे अक्षुण्ण तेजोमय प्रभो ! हजुरको अवतार धर्मको रक्षा र अभ्युदयको निम्ति भएको छ । म पनि हजुरकै प्रभावले प्रभावित भएर सातै भुवनको पालन-पोषण

भगवान्बाहूञ्छाखा इव वनस्पतेः ॥ ३२ ॥ बाहुषु छिद्यमानेषु बाणस्य भगवान्भवः ॥ भक्तानुकम्प्युपव्रज्य चक्रायुधमभाषत ॥ ३३ ॥ श्रीरुद्र उवाच ॥ त्वं हि ब्रह्म परं ज्योतिर्गूढं ब्रह्मणि वाङ्मये ॥ यं पश्यन्त्यमलात्मान आकाशमिव केवलम् ॥ ३४ ॥ नाभिर्नभोऽग्निर्मुखमम्बु रेतो द्यौः शीर्षमाशा श्रुतिरङ्घ्रिरुर्वी ॥ चन्द्रो मनो यस्य दृगर्क आत्मा अहं समुद्रो जठरं भुजेन्द्रः ॥ ३५ ॥ रोमाणि यस्यौषधयोऽम्बुवाहाः केशा विरिञ्चो धिषणा विसर्गः ॥ प्रजापतिर्हृदयं यस्य धर्मः स वै भवान्पुरुषो लोककल्पः ॥ ३६ ॥ तवावतारोऽयमकुण्ठधामन्धर्मस्य गुप्त्यै जगतो भवाय ॥ वयं च सर्वे भवताऽनुभाविता विभावयामो भुवनानि सप्त ॥ ३७ ॥ त्वमेक आद्यः पुरुषोऽद्वितीयस्तुर्यः स्वदृग्घेतुरहेतुरीशः ॥ प्रतीयसेऽथापि यथाविकारं स्वमायया सर्वगुणप्रसिद्ध्यै ॥ ३८ ॥ यथैव सूर्यः पिहितश्छायया स्वया छायां च रूपाणि च सञ्चकास्ति ॥ एवं गुणेनापिहितो गुणांस्त्वमात्मप्रदीपो गुणिनश्च भूमन् ॥ ३९ ॥ यन्मायामोहितधियः पुत्रदारगृहादिषु ॥ उन्मज्जन्ति निमज्जन्ति प्रसक्ता वृजिनार्णवे ॥ ४० ॥ देवदत्तमिमं लब्ध्वा नृलोकमजितेन्द्रियः ॥ यो नाद्रियेत त्वत्पादौ स शोच्यो ह्यात्मवञ्चकः ॥ ४१ ॥ यस्त्वां विसृजते मर्त्य आत्मानं प्रियमीश्वरम् ॥ विपर्ययेन्द्रियार्थार्थं विषमत्त्यमृतं त्यजन् ॥ ४२ ॥ अहं ब्रह्माऽथ विबुधा मुनयश्चामलाशयाः ॥ सर्वात्मना प्रपन्नास्त्वामात्मानं प्रेष्ठमीश्वरम् ॥४३॥ तं त्वा जगत्स्थित्युदयान्तहेतुं

गर्दछु ॥ ३७ ॥ हजुर एकमात्र आदिपुरुष, अद्वितीय, तुरीय, स्वप्रकाश, सबैका कारण, स्वयं कारणरहित सर्वेश्वर हुनुहुन्छ । तापनि सबै विषयलाई प्रभावित पार्न आफ्नी मायाको आश्रय लिएर गुणका विकाररूप देव–तिर्यक् मनुष्यादि शरीरमा भिन्न-भिन्न रूपले भासमान हुनुहुन्छ ॥ ३८ ॥ हे भूमन् ! जस्तै सूर्य मेघका छायाले आच्छादित भएर त्यस छायाका रूपलाई भिन्न-भिन्न रूपमा प्रकाशित पार्दछ, त्यस्तै स्वयं प्रकाश हजुर गुणले आच्छादित भएर ती सबै गुण तथा गुणाभिमानी जीवलाई प्रकाशित पार्नुहुन्छ ॥ ३९ ॥ ४० ।
१९० हे प्रभो ! हजुरको मायाले मोहित हुने र पुत्र, स्त्री र गृहादिमा आसक्त पुरुष नै संसाररूपी दुःखको सिन्धुमा डुब्दै-उत्रन्दै गर्दछन् । जो अजितेन्द्रिय पुरुष हजुरका पवित्र चरणमा अनुराग राख्दैनन्, ती स्वयंलाई धोखा दिने अत्यन्त शोचनीय मनुष्य हुन्छन् ॥ ४१ ॥ जो पुरुष दुःखरूप इन्द्रिय-सुखका लागि आफ्नू प्रिय आत्मारूप हजुर ईश्वरलाई त्यागि-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

दिन्छ, त्यो प्राणी अमृत छाडेर विष पिउँछ ॥४२॥ म, ब्रह्मा, सबै देवता र शुद्धचित्त मुनिगण आफ्ना आत्मा, प्रियतम र प्रभुरूप हजुर परमेश्वरको सबै प्रकारले शरणागत रहन्छन् ॥४३॥ हे देव ! जगत्को उत्पत्ति-स्थिति र प्रलयका कारण, शान्त, सबैका सुहृद्, आत्मा, ईश्वर, अद्वितीय र जगत्का एकमात्र अधिष्ठाता हजुरलाई संसारबाट मुक्त हुनको निम्ति भज्दछौं ॥४४। हे देव ! यो बाणासुर मेरो मनपरेको र इष्ट सेवक हो। मैले यसलाई अभय दिएको छु। हे प्रभो ! जस्तै प्रह्लादमा हजुरको कृपा थियो, त्यस्तै यो पनि हजुरको कृपा प्राप्त गरोस् ॥४५॥ भगवान् भन्नुहुन्छ—हे भगवन् ! हजुर जो भन्नुहुन्छ, हजुरको त्यो प्रियकार्य म अवश्य गर्नेछु। हजुरले जस्तो विचार्नु भएको थियो, मैले त्यसको अनुमोदन गरेको छु ॥ ४६ ॥ यो असुर विरोचनसुत बलिको छोरो हुनाले अवध्य छ। मैले प्रह्लादलाई पनि यही वर दिएको थिएँ-मेरो हातबाट तिम्रा सन्तानको वध हुनेछैन ॥ ४७ ॥ केवल यसको दर्प-दलन गर्न भुजाहरू छिमलिदिएँ र भूमिका भारस्वरूप यसका सेनाको संहार गरिदिएँ ॥४८॥ अब जुन यसका चार भुजाहरू शेष रहन गएका

समं प्रशान्तं सुहृदात्मदैवम् ॥ अनन्यमेकं जगदात्मकेतं भवापवर्गाय भजाम देवम् ॥४४॥ अयं ममेष्टो दयितोऽनुवर्ती मयाऽभयं दत्तममुष्य देव ॥ सम्पाद्यतां तद्भवतः प्रसादो यथा हि ते दैत्यपतौ प्रसादः ॥ ४५ ॥ श्रीभगवानुवाच ॥ यदात्थ भगवंस्त्वन्नः करवाम प्रियं तव ॥ भवता यद्व्यव- सितं तन्मे साध्वनुमोदितम् ॥ ४६ ॥ अवध्योऽयं ममाप्येष वैरोचनिसुतोऽसुरः ॥ प्रह्लादाय वरो दत्तो न वध्यो मे तवान्वयः ॥ ४७ ॥ दर्पोपशमना- यास्य प्रवृक्णा बाहवो मया ॥ सूदितं च बलं भूरि यच्च भारायितं भुवः ॥ ४८ ॥ चत्वारोऽस्य भुजाः शिष्टा भविष्यन्त्यजरामराः ॥ पार्षदमुख्यो भवतो न कुतश्चिद्भयोऽसुरः ॥ ४९ ॥ इति लब्ध्वाऽभयं कृष्णं प्रणम्य शिरसाऽसुरः ॥ प्राद्युम्निं रथमारोप्य सवध्वा समुपानयत् ॥५०॥ अक्षौहिण्या परिवृतं सुवासःसमलंकृतम् ॥ सपत्नीकं पुरस्कृत्य ययौ रुद्रानुमोदितः ॥ ५१ ॥ स्वराजधानीं समलंकृतां ध्वजैः सतोरणैरुक्षितमार्गचत्वराम् ॥ विवेश शङ्खानकदुन्दुभिस्वनैरभ्युद्यतः पौरसुहृद्द्विजातिभिः ॥ ५२ ॥ य एवं कृष्णविजयं शङ्करेण च संयुगम् ॥ संस्मरेत्प्रातरुत्थाय न तस्य स्यात्पराजयः ॥ ५३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धेऽनिरुद्धानयनं नाम त्रिषष्टितमोऽध्याय. ॥ ६३ ॥

छन्, ती अजर-अमर हुनेछन् र यो हजुरका पार्षदमा प्रधान हुनेछ। अब यो निर्भय रहने छ ॥ ४९ ॥ भगवान् द्वारा यस प्रकार जीवन र अभयदान पाएर बाणासुरले उनलाई आफ्नू मस्तक न्युराई प्रणाम गरे र प्रद्युम्नतनय अनिरुद्धलाई नववधू सहित रथमा बसालेर ल्याई उपस्थित गऱ्यो ॥ ५० ॥ अनि भगवान् कृष्णले श्रीमहादेवसित अनुमति लिएर एक अक्षौहिणी सेनाले रक्षित र वस्त्रालङ्कारहरूले अलंकृत नववधू सहित अनिरुद्धलाई अघिलगाई द्वारकाको निम्ति प्रस्थान गर्नुभयो ।।५१॥ त्यसपछि श्रीकृष्णले आफ्ना पुरवासी, स्वजन र ब्राह्मणहरूद्वारा स्वागत गरिंदै शङ्ख, ढोल, दुन्दुभी आदि बाजाका ध्वनिको साथै, जुन ध्वजा-पताका आदिले राम्ररी सजाइएकीथिई र जसको समस्त मार्ग तथा चौबाटामा पानी छर्किएको थियो, यस्ती राजधानी द्वारकामा प्रवेश गर्नुभयो ॥ ५२ ॥ हे राजन् ! जो प्राणी शंकर र कृष्णको युद्ध तथा विजय सम्बन्धी यो कथा बिहानै सम्झन्छ, त्यसको कहिल्यै पराभव हुँदैन ॥ ५३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां त्रिषष्टितमोऽध्यायः ॥ ६३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(राजा नृगको आख्यान) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! एक दिन साम्ब, प्रद्युम्न, चारु, भानु र गद आदि यादवकुमार उपवनमा विहार गर्न गएका थिए ॥ १ ॥ निकै बेरसम्म खेल्नाले तिनलाई तिर्खा लाग्यो । अनि उनीहरूले जल खोज्दा यौटा पानी नभएको कूपमा यौटा विचित्र जीव बसेको देखे ॥ २ ॥ त्यस कूपमा पर्वत समान धेरै ठूलो छेपारो देखेर तिनीहरूलाई निकै विस्मय भयो र ती कृपावश त्यसलाई बाहिर झिकिदिने प्रयत्न गर्नलागे ॥ ३ ॥ तर जब त्यो छेपारोलाई छाला र डोरीले बाँधीसकेर पनि बाहिर झिक्न सकेनन्, तब तिनले उत्सुक भएर सबै कुरा श्रीकृष्णसित भने ॥ ४ ॥ अनि कमलनयन भगवान् विश्वम्भरले स्वयं गएर त्यसलाई देखी आफ्नू बायाँ हातको भरमा अनायास कूपबाट बाहिर झिकिदिए ॥ ५ ॥ उत्तमश्लोक भगवान् कृष्णका बाहुको स्पर्श हुनासाथ उसले छेपारोको रूप त्यागिदियो र खारेको सुवर्ण समान सुन्दर र अतिविचित्र वस्त्र, आभूषण तथा माला धारण गरेका देवता सदृश भए ॥ ६ ॥ यद्यपि मुकुन्द भगवान् सर्वज्ञ थिए, तापनि अरू सबैलाई ती अधम योनिमा जाने कारण ज्ञात होस् भन्नाका लागि

श्रीशुक उवाच ॥ एकदोपवनं राजञ्जग्मुर्यदुकुमारकाः ॥ विहर्तुं साम्बप्रद्युम्नचारुभानुगदादयः ॥१॥ क्रीडित्वा सुचिरं तत्र विचिन्वन्तः पिपासिताः ॥ जलं निरुदके कूपे ददृशुः सत्त्वमद्भुतम् ॥२॥ कृकलासं गिरिनिभं वीक्ष्य विस्मितमानसाः ॥ तस्य चोद्धरणे यत्नं चक्रुस्ते कृपयान्विताः ॥३॥ चर्मजैस्तान्तवैः पाशैर्बद्ध्वा पतितमर्भकाः ॥ नाशक्नुवन्समुद्धर्तुं कृष्णायाचख्युरुत्सुकाः ॥४॥ तत्रागत्यारविन्दाक्षो भगवान्विश्वभावनः ॥ वीक्ष्योज्जहार वामेन तं करेण स लीलया ॥५॥ स उत्तमश्लोककराभिमृष्टो विहाय सद्यः कृकलासरूपम् ॥ सन्तप्तचामीकरचारुवर्णः स्वर्ग्यद्भुतालङ्करणाम्बरस्रक् ॥६॥ पप्रच्छ विद्वानपि तन्निदानं जनेषु विख्यापयितुं मुकुन्दः ॥ कस्त्वं महाभाग वरेण्यरूपो देवोत्तमं त्वां गणयामि नूनम् ॥७॥ दशामिमां वा कतमेन कर्मणा सम्प्रापितोऽस्यतदर्हः सुभद्र ॥ आत्मानमाख्याहि विवित्सतां नो यन्मन्यसे नः क्षणमत्र वक्तुम् ॥८॥ श्रीशुक उवाच ॥ इति स्म राजा सम्पृष्टः कृष्णेनानन्तमूर्तिना ॥ माधवं प्रणिपत्याह किरीटेनार्कवर्चसा ॥९॥ नृग उवाच ॥ नृगो नाम नरेन्द्रोऽहमिक्ष्वाकुतनयः प्रभो ॥ दानिष्वाख्यायमानेषु यदि ते कर्णमस्पृशम् ॥१०॥ किं नु तेऽविदितं नाथ सर्वभूतात्मसाक्षिणः ॥ कालेनाव्याहतदृशो वक्ष्येऽथापि तवाज्ञया ॥ ११ ॥ यावत्यः सिकता भूमेर्यावत्यो दिवि तारकाः ॥ यावत्यो वर्षधाराश्च तावतीरददां स्म गाः ॥ १२ ॥ पयस्विनीस्तरुणीः शीलरूपगुणोपपन्नाः कपिलाहेमशृङ्गीः ॥ न्यायार्जितारूप्यखुराः

उनले सोधे–'हे महाभाग ! तिमी को हौ ? तिम्रो रूप अति मनोहर छ । म त ठानिरहेको छु कि तिमी निश्चय पनि कुनै श्रेष्ठ देवता हौ ॥ ७ ॥ हे कल्याणमूर्ते ! तिमीलाई कुन कुकर्मले यो [illegible] योनि मिल्यो ? तिमी यस योनिको योग्य त हुनै सक्तैनौ । म तिम्रो वृत्तान्त जान्न चाहन्छु । यदि त्यो भन्नयोग्य ठान्दछौ भने आफ्नू सबै हाल सुनाऊ ॥ ८ ॥ श्रीशुकदेव भन्दछन्—हे राजन् ! अनन्तमूर्ति भगवान् कृष्णले यसरी सोधेपछि राजा नृगले आफ्नू सूर्य झैं तेजस्वी तथा मुकुटयुक्त मस्तक न्युराएर भगवान्लाई प्रणाम गरेर भन्न लागे ॥ ९ ॥ नृग बोले—हे प्रभो ! म महाराज इक्ष्वाकुको छोरो राजा नृग हुँ । सम्भवतः दानीहरूको गणनामा कहिले हजुरको कानमा पनि मेरो नाम परेको होला ॥ १० ॥ हे नाथ ! हजूर सबै प्राणीका अन्तःकरणका साक्षी हुनुहुन्छ–हजूरले नजानेको के छ ? फिनि [illegible] हजूरको दृष्टि काल पनि रोक्न समर्थ हुन सक्तैन । तापनि हजुरको आज्ञाले म आफ्नू

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृत्तान्त सुनाउँछु ॥ ११ ॥ हे प्रभो ! पृथ्वीमा जति रजःकण छन्, आकाशमा जति तारा छन् र वर्षातमा जति जलधारा खस्तछ, मैले त्यति नै गाई दान गरेर विज्ञ ब्राह्मणहरूलाई दिएको थिएँ ॥ १२॥ मैले दूध दिने तरुणी, शील, गुण सम्पन्न, धेरै घिउ दिने, सुनको सींग र चाँदीका खुर हुने, न्यायपूर्वक तथा वस्त्र-माला आदिले अलंकृत बाछा-बाछीले युक्त गाईहरू राम्रा वस्त्रादिले अलंकृत, गुणशील सम्पन्न, बहुकुटुम्बी, सत्यपरायण, तपस्वी वेदपाठी र शिष्यहरूलाई पढ़ाउने तथा सच्चरित्र युवक ब्राह्मणहरूलाई दिएको थिएँ ॥ १३ ॥ १४ ॥ यसरी मैले धेरै गाई, पृथ्वी, सुवर्ण, घर, अश्व, हात्ती र दासीहरूसहित कन्या, तिलपर्वत, चाँदी, शय्या, वस्त्र, परिच्छद अर्थात् रथ आदि दान दिएँ, अनेकौं यज्ञ गराएँ र धेरै कूप, पोखरी आदि पनि बनाउन लगाएँ ॥ १५ ॥ एकपल्ट यौटा ब्राह्मणकी गाई छुट्टिएर मेरो दान गर्ने गाईहरूको बीचमा मिसिई। मलाई त्यस कुराको ज्ञान थिएन। यसै निम्ति मैले ती गाई अर्कै ब्राह्मणलाई दान दिएँ ॥ १६ ॥ त्यो गाई लिएर जाँदा गाईका स्वामी ब्राह्मणले भने–यो गाई मेरी हुन् र दान थापेर लैजाने ब्राह्मणले भने–'होइन, यी गाई मेरी हुन् म

सवत्सा दुकूलमालाभरणा ददावहम् ॥ १३ ॥ स्वलंकृतेभ्यो गुणशीलवद्भ्यः सीदत्कुटुम्बेभ्य ऋतव्रतेभ्यः ॥ तपः श्रुतब्रह्मवदान्यसद्भ्यः प्रादां युवभ्यो द्विजपुङ्गवेभ्यः ॥ १४ ॥ गोभूहिरण्यायतनाश्वहस्तिः कन्याः सदासीस्तिलरूप्यशय्याः ॥ वासांसि रत्नानि परिच्छदान्रथानिष्टं च यज्ञैश्चरितं च पूर्तम् ॥ १५ ॥ कस्यचिद्द्विजमुख्यस्य भ्रष्टा गौर्मम गोधने ॥ सम्पृक्ताऽविदुषा सा च मया दत्ता द्विजातये ॥ १६ ॥ तां नीयमानां तत्स्वामी दृष्ट्वोवाच ममेति तम् ॥ ममेति प्रतिग्राह्याह नृगो मे दत्तवानिति ॥१७॥ विप्रौ विवदमानौ मामूचतुः स्वार्थसाधकौ ॥ भवान्दाताऽपहर्तेति तच्छ्रुत्वा मेऽभवद्भ्रमः ॥ १८ ॥ अनुनीतावुभौ विप्रौ धर्मकृच्छ्रगतेन वै ॥ गवां लक्षं प्रकृष्टानां दास्याम्येषा प्रदीयताम् ॥ १९ ॥ भवन्तावनुगृह्णीतां किङ्करस्याविजानतः ॥ समुद्धरत मां कृच्छ्रात्पतन्तं निरयेऽशुचौ ॥ २० ॥ नाहं प्रतीच्छे वै राजन्नित्युक्त्वा स्वाम्यपाक्रमत् ॥ नान्यद्गवामप्ययुतमिच्छामीत्यपरो ययौ ॥ २१ ॥ एतस्मिन्नन्तरे याम्यैर्दूतैर्नीतो यमक्षयम् ॥ यमेन पृष्टस्तत्राहं देवदेव जगत्पते ॥ २२ ॥ पूर्वं त्वमशुभं भुङ्क्षे उताहो नृपते शुभम् ॥ नान्तं दानस्य धर्मस्य पश्ये लोकस्य भास्वतः ॥ २३ ॥ पूर्वं देवाशुभं भुञ्ज इति प्राह पतेति सः ॥ तावदद्राक्षमात्मानं कृकलासं पतन्प्रभो ॥ २४ ॥

भरखर राजा नृगसित दान लिएर आउँदै छु ॥ १७ ॥ तब ती दुवै ब्राह्मण परस्पर झगडा गर्दै त्यसको निर्णय गराउन मकहाँ आए। तीमध्ये गाई लिएर जाने विप्रले भने—'यी गाई मलाई तिमीले दान गरेर दिएको हो' र गाईका स्वामीले भने—'तिमीले मेरी गाई चोरेका हौ।' त्यो पूरा प्रसङ्ग सुनेर मलाई भ्रम भयो ॥ १८ ॥ धर्मसङ्कटमा परेर मैले ती दुवै जना ब्राह्मणसित प्रार्थना गरें–तपाईं दुवैमध्ये एक जना यो अधिकार छाडिदिनोस्। म उनलाई यसको साटो एक लाख उत्तम गाई दिन्छु ॥ १९ ॥ थाहा नपाएर मसित यो अपराध भएको हो तपाईंहरू म सेवकमाथि कृपा गरेर मलाई घोर नरकमा जाने कष्टबाट जोगाउनोस्' ॥२०॥ अनि गाईका स्वामीले भने—'म यसको साटो केही पनि लिन्न' र ती तुरुन्त त्यहाँबाट हिंडिदिए। अनि गाई पाउने त्यस गाईका स्वामी अर्का ब्राह्मण पनि–'अब लाख माथि दस हजार अझ थपिदिए पनि म यसको साटो लिन्न', यति भनेर ती ब्राह्मण पनि त्यहाँबाट गए ॥ २१ ॥ कालान्तरमा यमका दूतले मलाई यमराज कहाँ लिएर गए। हे देवदेव जगदीश्वर ! मलाई यमराजले भने—॥ २२ ॥ हे राजन् ! मलाई यो कुरा भन कि तिमी पहिले पापको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फल भोग्दछौ वा पुण्यकर्महरूको ? तिमीलाई तेजोमय लोक प्राप्त गराउने तिम्रा दान र पुण्यकर्मको कुनै साँध छैन ॥ २३ ॥ अनि मैले भनें—'हे देव ! पहिले म पापको फल नै भोग्दछु ।' यमराजले भने–'लौ त जाऊ ।' हे प्रभो ! यमराजले त्यति भन्नासाथ मैले आफूलाई छेपारो रूपको भएर तल झरेको देखें ॥ २४ ॥ हे केशव ! म ब्राह्मणको भक्त, दानी र हजुरको दास थिएँ र मलाई हजुरको दर्शनको प्रबल लालसा थियो । अतः आजसम्म मेरो पूर्वजन्मको सम्झना हराएन ॥ २५ ॥ हे विभो ! हजुर परमात्मा हुनुहुन्छ । शुद्धचित्त योगेश्वरगण आफ्नी उपनिषद्रूपिणी दृष्टिले आफ्नू हृदयमा हजुरको ध्यान गर्दछन् । हे अधोक्षज ! यस्ता हजुर म अन्धबुद्धि मन्दमतिको समक्ष आज कसरी प्रकट हुनुभयो ? किनकि जसको संसारचक्र नष्टहुन खोज्दछ, उसैले हजुरको दर्शन पाउँछ ॥२६॥ हे देवदेव ! हे गोविन्द ! हे पुरुषोत्तम ! हे नारायण ! हे हृषीकेश ! हे पुण्यश्लोक ! हे अविनाशिन् ! ॥२७॥ हे कृष्ण ! अब म देवलोक जान्छु । हजुर मलाई आज्ञा बक्सियोस् । हे प्रभो ! हजुर यस्तो कृपा गर्नुहवस् कि म जहाँ रहे पनि मेरो चित्त सदा हजुरमै लीन रहोस् ॥ २८ ॥ सारा

ब्रह्मण्यस्य वदान्यस्य तव दासस्य केशव ॥ स्मृतिर्नाद्यापि विध्वस्ता भवत्सन्दर्शनार्थिनः ॥ २५ ॥ स त्वं कथं मम विभोऽक्षिपथः परात्मा योगेश्वरैः श्रुतिदृशामलहृद्विभाव्यः ॥ साक्षादधोक्षज उरुव्यसनान्धबुद्धेः स्यान्मेऽनुदृश्य इव यस्य भवापवर्गः ॥ २६ ॥ देवदेव जगन्नाथ गोविन्द पुरुषोत्तम ॥ नारायण हृषीकेश पुण्यश्लोकाच्युताव्यय ॥ २७ ॥ अनुजानीहि मां कृष्ण यान्तं देवगतिं प्रभो ॥ यत्र क्वापि सतश्चेतो भूयान्मे त्वत्पदास्पदम् ॥ २८ ॥ नमस्ते सर्वभावाय ब्रह्मणेऽनन्तशक्तये ॥ कृष्णाय वासुदेवाय योगानां पतये नमः ॥ २९ ॥ इत्युक्त्वा तं परिक्रम्य पादौ स्पृष्ट्वा स्वमौलिना ॥ अनुज्ञातो विमानाग्र्यमारुहत्पश्यतां नृणाम् ॥ ३० ॥ कृष्णः परिजनं प्राह भगवान्देवकीसुतः ॥ ब्रह्मण्यदेवो धर्मात्मा राजन्याननुशिक्षयन् ॥ ३१ ॥ दुर्जरं बत ब्रह्मस्वं भुक्तमग्नेर्मनागपि ॥ तेजीयसोऽपि किमुत राज्ञामीश्वरमानिनाम् ॥ ३२ ॥ नाहं हलाहलं मन्ये विषं यस्य प्रतिक्रिया ॥ ब्रह्मस्वं हि विषं प्रोक्तं नास्य प्रतिविधिर्भुवि ॥ ३३ ॥ हिनस्ति विषमत्तारं वह्निरद्भिः प्रशाम्यति ॥ कुलं समूलं दहति ब्रह्मस्वारणिपावकः ॥ ३४ ॥ ब्रह्मस्वं दुरनुज्ञातं भुक्तं हन्ति त्रिपूरुषम् ॥ प्रसह्य तु बलाद्भुक्तं दश पूर्वान्दशापरान् ॥ ३५ ॥ राजानो राजलक्ष्म्याऽन्धा

जगत्का उत्पत्तिस्थान, ब्रह्मस्वरूप, माया नामकी अनन्त शक्तिले सम्पन्न, नित्यानन्दस्वरूप र योगेश्वर वासुदेवलाई मेरो अनेक नमस्कार ॥२९॥३०॥ यति भनेर नृगले भगवान्को परिक्रमा गरी उनका पाउमा मस्तक न्यूराई प्रणाम गरे । अनि उनको आज्ञा पाएर राजा राजा नृग सबैले हेर्दाहेर्दै यौटा विमानमा बसेर गए । जब ब्रह्मण्यदेव देवकी नन्दन भगवान् कृष्णले यादव-राजकुमारहरूलाई शिक्षा दिंदै आफ्ना बन्धुगणलाई भन्नुभयो— ॥ ३१ ॥ 'अहो ! ब्राह्मणको धन ठूलो दुर्जय हुन्छ । त्यो अलिकति पनि खाएर अग्नि झैं तेजस्वी पुरुष पनि पचाउन सक्तैन । अनि आफैंलाई ईश्वर मान्ने राजाहरूको त कुरै छैन ॥ ३२ ॥ म हलाहल विषलाई विष मान्दिन, किनकि त्यसको प्रतिकार गर्न सकिन्छ । मेरो विचारमा त ब्राह्मणको धन नै सबभन्दा विषम विष हो । संसारमा यसको शमन गर्न सक्ने कुनै पदार्थ छैन ॥ ३३ ॥ विष केवल खाने व्यक्तिलाई नै मार्दछ र अग्नि पनि जलले शान्त हुन्छ, परन्तु ब्राह्मणको धनरूपी अरणीबाट उत्पन्न अग्नि सारा कुललाई नै भस्म पारिदिन्छ ॥ ३४ ॥ यदि ब्राह्मणको धन, स्त्री र उनको सम्पत्ति लिएर भोगेमा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

त्यो तीन पुस्तालाई र यदि हठपूर्वक भोगेमा अगाडि र पछाडिका बीस-बीस पुस्तालाई नष्ट गरिदिन्छ ॥ ३५ ॥ जुन राजा नरकमा लैजाने ब्रह्मस्व हरण गर्नु उचित ठान्दछन्, ती मूर्ख राजलक्ष्मीले अन्धा भएर आफ्नू पतनको विचार गर्दैनन् ॥ ३६ ॥ जसको वृत्ति खोसिएको छ ती उदार र उनका कुटुम्बी रोए भने तिनको आँसुका एकेक थोपाले जति रजःकण-भिज्दछन् भने तिनको सर्वस्व हरण गर्ने निरंकुश राजा र तिनका कुटुम्बी त्यति नै वर्षसम्म कुम्भीपाक नामको नरकमा घोर कष्ट भोग्दछन् ॥ ३७ ॥ ३८ ॥ जो आफूले वा अरुले दिएको विप्र-वृत्ति हरण गरेर लिन्छ, त्यो साठी हजार वर्षसम्म विष्ठाको कीरा हुँदै जन्मदै मद रहन्छ ॥३९। अतः मेरो त यही इच्छा रहन्छ—मेरो हातबाट कहिल्यै पनि कुनै ब्राह्मणको धन अपहरण नहोस्, किनकि त्यस्तो इच्छा गर्नेहरू पनि अल्पायु, शत्रुद्वारा पराजित र राज्यभ्रष्ट हुन्छन् । मरेपछि पनि ती अर्कालाई कष्ट दिने सर्प हुन्छन् ॥ ४० ॥ अतः हे सुहृद्गण ! ब्राह्मणले अपराध गरे पनि उसित द्वेष नगर । उनले मारे अथवा धेरैपल्ट श्राप दिए पनि उनलाई सदा नमस्कार नै गर ॥ ४१ ॥ जस्तै म वेला वेलामा श्रद्धा-

नात्मपातं विचक्षते ॥ निरयं येऽभिन्यन्ते ब्रह्मस्वं साधु बालिशाः ॥ ३६ ॥ गृह्णन्ति यावत पांसून्क्रन्दतामश्रुबिन्दवः ॥ विप्राणां हृतवृत्तीनां वदान्यानां कुटुम्बिनाम् ॥ ३७ ॥ राजानो राजकुल्याश्च तावतोऽब्दान्निरङ्कुशाः ॥ कुम्भीपाकेषु पच्यन्ते ब्रह्मदायापहारिणः ॥ ३८ ॥ स्वदत्तां परदत्तां वा ब्रह्मवृत्तिं हरेच्च यः ॥ षष्टिवर्षसहस्राणि विष्ठायां जायते कृमिः ॥ ३९ ॥ न मे ब्रह्मधनं भूयाद्यद्गृद्ध्वाऽल्पायुषो नराः ॥ पराजिताश्च्युता राज्याद्भवन्त्युद्वेजिनोऽहयः ॥ ४० ॥ विप्रं कृतागसमपि नैव द्रुह्येत मामकाः ॥ घ्नन्तं बहु शपन्तं वा नमस्कुरुत नित्यशः ॥ ४१ ॥ यथाहं प्रणमे विप्राननुकालं समाहितः ॥ तथा नमत यूयं च योऽन्यथा मे स दण्डभाक् ॥ ४२ ॥ ब्राह्मणार्थो ह्यपहृतो हर्तारं पातयत्यधः ॥ अजानन्तमपि ह्येनं नृगं ब्राह्मणगौरिव ॥ ४३ ॥ एवं विश्राव्य भगवान्मुकुन्दो द्वारकौकसः ॥ पावनः सर्वलोकानां विवेश निजमन्दिरम् ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नृगोपाख्यानं नाम चतुःषष्टितमोऽध्यायः ॥ ६४ ॥

श्रीशुक उवाच ॥ बलभद्रः कुरुश्रेष्ठ भगवान्रथमास्थितः ॥ सुहृद्दिदृक्षुरुत्कण्ठः प्रययौ नन्दगोकुलम् ॥१॥ परिष्वक्तश्चिरोत्कण्ठैर्गोपैर्गोपीभिरेव च ॥ रामोऽभिवाद्य पितरावाशीर्भिरभिनन्दितः ॥२॥ चिरं नः पाहि दाशार्ह सानुजो जगदीश्वर ॥ इत्यारोप्याङ्कमालिङ्ग्य नेत्रैः सिषिचतुर्जलैः ॥३॥ गोप-

पूर्वक ब्राह्मणलाई प्रणाम गर्दछु, त्यस्तै तिमीहरूले पनि गर्नु उचित छ । जो यस्तो गर्दैन, त्यो मबाट दण्डनीय हुनेछ ॥ ४२ ॥ ब्राह्मणको धन हरण गरिएपछि त्यो हरण गर्नेलाई अधोगतिमा पुर्‍याउँछ । जस्तै त्यस ब्राह्मणको गाईले नजानीकन हरण गरिनाले पनि ती महादानी राजा नृगलाई अधम योनिमा फालिदियो ! ॥ ४३ ॥ सबै लोकलाई पवित्र पार्ने भगवान् कृष्ण द्वारकावासीलाई यस्तो उपदेश दिएर महलमा जानुभयो ॥४४॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां चतुःषष्टितमोऽध्यायः ॥ ६४ ॥

(बलभद्रको व्रजागमन) श्रीशुकदेव भन्नुहुन्छ—हे कुरुश्रेष्ठ ! एकपल्ट भगवान् बलरामजी आफ्ना बन्धु-बान्धवहरूलाई भेट्न साह्रै उत्कण्ठित भई रथमा बसेर नन्दजीको गोकुलमा पुगे ॥ १ ॥ त्यहाँ चिरकालदेखि दर्शनको निम्ति उत्कण्ठित गोप र गोपीहरूसित आलिङ्गित भएर बलरामले आफ्ना माता-पिता यशोदा र नन्दजीलाई सादर प्रणाम गरे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रती दुवैसे आशीर्वाद दिएर अभिनन्दन गरे ॥ २ ॥ उनले भने—हे दाशाह ! तिमी आफ्नू भाई कृष्णसित हाम्रो चिरकालसम्म रक्षा गर यति भनेर नन्द र यशोदाले उनलाई काखामा लिएर हृदयमा टाँसे र प्रेमाश्रुले रुझाउन लागे ॥ ३ ॥ अनि बलरामले बूढा गोपहरू र सानाले बलरामलाई आफ्नू तथा सम्बन्ध अनुसार विधिवत् अभिवादन गरे ॥४॥ अनि समवयस्क ग्वाल-बालकहाँ गए र उनीतिस हाँसेर हात मिलाई भेटे। जब बलरामजी थकाई मारेर सुखपूर्वक बसे, तब कमलनयन भगवान् कृष्णको निम्ति समस्त भोग त्यागिदिने ग्वाल-बालले नगीचै आएर प्रेमगद्गद् वाणीले यादवहरूको कुशल सोधे र बलरामले पनि आरोग्यादिको विषयमा प्रश्न गरे ॥ ५-६ ॥ अनि ग्वाल-बाल भन्दछन्‌ले—'हे बलरामजी ! वसुदेव आदि हाम्रा सबै बन्धु-बान्धव सकुशल छन् ? अब त यहाँहरू स्त्री र सन्तानका पिता हुनुभयो। के कहिले हामीहरूकोपनि सम्झना गर्नुहुन्छ ? ॥ ७ ॥ यो ठूलो सौभाग्यको कुरा छ––पापी कंस मारियो हजुरका सुहृद्जन त्यसको बन्धनबाट मुक्त भए र हजुरहरू अब आफ्ना शत्रुहरूको संहार गरेर

वृद्धाँश्च विधिवद्यविष्ठैरभिवन्दितः ॥ यथा वयो यथा सख्यं यथा सम्बन्धमात्मनः ॥४॥ समुपेत्याथ गोपालान्हास्यहस्तग्रहादिभिः ॥ विश्रान्तं सुखमासीनं पप्रच्छुः पर्युपागताः ॥ ५ ॥ पृष्टाश्चानामयं स्वेषु प्रेमसगद्गदया गिरा ॥ कृष्णे कमलपत्राक्षे संन्यस्ताखिलराधसः ॥६॥ कच्चिन्नो बान्धवाराम सर्वं कुशलमासते ॥ कच्चित्स्मरथ नो राम यूयं दारसुतान्विताः ॥७॥ दिष्ट्या कंसो हतः पापो दिष्ट्या मुक्ताः सुहृज्जनाः ॥ निहत्य निर्जित्य रिपून्दिष्ट्या दुर्गं समाश्रिताः ॥ ८ ॥ गोप्यो हसन्त्यः पप्रच्छू रामसन्दर्शनादृताः ॥ कच्चिदास्ते सुखं कृष्णः पुरस्त्रीजनवल्लभः ॥ ९ ॥ कच्चित्स्मरति वा बन्धूनपितरं मातरं च सः ॥ अप्यसौ मातरं द्रष्टुं सकृदप्यागमिष्यति ॥ अपि वा स्मरतेऽस्माकमनुसेवां महाभुजः ॥ १० ॥ मातरं पितरं भ्रातॄन्पतीन्पुत्रान्स्वसॄरपि ॥ यदर्थे जहिम दाशार्ह दुस्त्यजान्स्वजनान्प्रभो ॥ ११ ॥ ता नः सद्यः परित्यज्य गतः संभिन्नसौहृदः ॥ कथं नु तादृशं स्त्रीभिर्न श्रद्धीयेत भाषितम् ॥ १२ ॥ कथं नुगृह्णन्त्यनवस्थितात्मनो वचः कृतघ्नस्य बुधाः पुरस्त्रियः ॥ गृह्णन्ति वै चित्रकथस्य सुन्दरस्मितावलोकोच्छ्वसितस्मरातुराः ॥१३॥ किं नस्तत्कथया गोप्यः कथाः कथयतापराः ॥ यात्यस्माभिर्विना कालो यदि तस्य तथैव नः ॥ १४ ॥ इति प्रहसितं शौरेर्जल्पितं

यौटा अभेद्य दुर्गमा बस्नु हुन्छ ॥ ८ ॥ अहिलेसम्म बलरामले बूढा पुरानासित नै भेटेका थिए। उसै बेला बलरामको स्नेह दृष्टिले सम्मानित गोपिनीहरू आएर हाँस्तै भने—'हे राम ! नगरकी नारीका वल्लभ श्रीकृष्ण प्रसन्न छन् ? ॥ ९ ॥ के ती कहिले आफ्ना बन्धु-बाधव र माता-पिताको पनि स्मरण गर्दछन् ? के ती आफ्नी आमालाई हेर्न र भेट्न एकपल्ट यहाँ आउलान् ? ती महाबाहुलाई के कहिले हाम्रा सेवाको पनि सम्झना हुन्छ ? ॥ १० ॥ हे दाशार्ह ! जसको निम्ति हामीले आफ्ना घर माता-पिता, पति-पुत्र, भाई-बहिनी आदि दुस्त्यज बन्धुलाई पनि त्यागिदिएका थियौं, हे प्रभो ! ती हाम्रो स्नेहबन्धन छिनालेर हामीलाई यति छिटै त्यागेर गए ? यदि–'उनलाई किन रोकेनौ' भन्नुहुन्छ भने 'म तिम्रो उपकारको साटो कहिल्यै फेर्न सक्तिन' आदि उनका कपटी कुरामा विश्वास नगर्ने कुन स्त्री होली ?' ॥ ११-१२ ॥ यौटी गोपी—हे बलभद्रजी ! नगरका स्त्रीहरू त धेरै बाठी हुन्छन्, ती अव्यवस्थित चित्त र कृष्णका कुरामा कसरी पत्यार मान्दा हुनन् ?' अर्कीले भनी—'श्रीकृष्ण विचित्र प्रकारले थरि-थरिका कुरा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाउन जान्दछन्, तिनको मनोहर हास्य, बांगो हेराई र उद्दीप्त प्रेमवश ती अवश्य तीमाथि विश्वास गर्दा हुनन् ॥ १३ ॥ यौटी अर्कीले भनी—'ए गोपिनी हो ! हामीलाई तिनका कुरासित के चासो ? कुनै अर्कै कुरा गर । यदि हामी नभए पनि तिनको समय बित्तछ भने हाम्रा दिन पनि तिनी नभएर बित्न सक्तछन् ॥ १४ ॥ यसै गरी श्रीकृष्णको हाँसो, उनको बोलचाल, उनको मनोहर रूप, गति र प्रेमालिङ्गनादिको स्मरण गर्दै ती व्रजबालाहरू रुन लागे ॥ १५ ॥ अनि विविध अनुनय-विनयमा कुशल भगवान् संकर्षणले तिनलाई कृष्णको मर्मस्पर्शी सन्देश सुनाएर सान्त्वना दिए ॥ १६ ॥ त्यसपछि भगवान राम रात्रिमा गोपिनीहरूको प्रेम बढाउँदै चैत र वैशाख दुइ महीना त्यहीं बसे ॥१७॥ व्रजनारीहरूले घेरिएका रोहिणी-नन्दन पूर्णचन्द्रको कान्तिले शोभायमान र कुसुम-पुष्पको सुगन्धले सुवासित यमुनाजीको सुरम्य कुञ्जमा यथेच्छ विहार गरे ॥१८॥ उसै वेला वरुणदेवले पठाएको वारुणी देवीले वृक्षकोटरबाट मधुधाराको रूपमा बगेर सारावनलाई आफ्नू सुगन्धले सुवासित पारिदिए। बलराम वायुले उडाएर ल्याएको त्यो

चारु वीक्षितम् ॥ गतिं प्रेमपरिष्वङ्गं स्मरन्त्यो रुरुदुः स्त्रियः ॥ १५ ॥ सङ्कर्षणस्ताः कृष्णस्य सन्देशैर्हृदयङ्गमैः ॥ सान्त्वयामास भगवान्नानाऽनुनय-कोविदः ॥ १६ ॥ द्वौ मासौ तत्र चावात्सीन्मधुं माधवमेव च ॥ रामः क्षपासु भगवान्गोपीनां रतिमावहन् ॥ १७ ॥ पूर्णचन्द्रकलामृष्टे कौमुदी-गन्धवायुना ॥ यमुनोपवने रेमे सेविते स्त्रीगणैर्वृतः ॥ १८ ॥ वरुणप्रेषिता देवी वारुणी वृक्षकोटरात् ॥ पतन्ती तद्वनं सर्वं स्वगन्धेनाध्यवासयत् ॥ १९ ॥ तं गन्धं मधुधाराया वायुनोपहृतं बलः ॥ आघ्रायोपगतस्तत्र ललनाभिः समं पपौ ॥ २० ॥ उपगीयमानचरितो वनिताभिर्हलायुधः ॥ वनेषु व्यचरत्क्षीबो मदविह्वललोचनः ॥२१॥ स्रग्व्येककुण्डलो मत्तो वैजयन्त्या च मालया ॥ बिभ्रत्स्मितमुखाम्भोजं स्वेदप्रालेयभूषितम् ॥ २२ ॥ स आजुहाव यमुनां जलक्रीडार्थमीश्वरः ॥ निजं वाक्यमनादृत्य मत्त इत्यापगां बलः ॥ अनागतां हलाग्रेण कुपितो विचकर्ष ह ॥ २३ ॥ पापे त्वं मामवज्ञाय यन्नायासि मयाहुता ॥ नेष्ये त्वां लाङ्गलाग्रेण शतधा कामचारिणीम् ॥ २४ ॥ एवं निर्भर्त्सिता भीता यमुना यदुनन्दनम् ॥

मधुधाराको बास्ना सुँघेर त्यहाँ पुगे र स्त्रीहरूका साथ त्यो पिए। अनि नशाको आनन्दमा जसका नेत्र विह्वल भइरहेका थिए, जसले घाँटीमा वनमाला र यौटै कानमा कुण्डल पहिरेका थिए, जो स्वभावैले मत्त थिए र जानुपर्यन्त लामो वैजयन्ती माला पहिरेका थिए तथा जसको हास्ययुक्त मुखारबिन्द स्वेदरूपी तुषार कणले विभूषित थिया, ती आनन्दोन्मत्त राम व्रजनारीहरू द्वारा आफ्नू सुयश सुन्दै वनमा यता-उता डुल्नलागे ॥ १९-२१ ॥ उसै वेला श्री बलभद्रले जल-क्रीडाको निम्ति यमुनालाई डाके। अनि जब ती उनलाई मतवाला ठानेर उनको आज्ञा अनादर गर्दै आइनन् तब उनले रिसाई उनलाई आफ्नू हलोको टुप्पाले बलपूर्वक ताने ॥ २३ ॥ अनि भने—'ए मानिनी ! तँ मैले डाकेपछि पनि मेरो अवहेलना गरेर नटेरेर नगीच आइरहेकी छैनस्। अएएव म यो हलोको टुप्पाले तँ स्वेच्छाचारिणीको अनेक टुक्रा पारिदिनेछु* ॥ २४ ॥ हे राजन् !

* दृष्टान्त (बलियोको लौरो टाउकोमा)—यौटा बाघ र दुइटा अन्य वनपशु शिकार गर्न गए। सबैले मिलेर यौटा हरिण मारे। जब भाग लगाउने वेला भयो तब बाघ स्वयं बाँड्न बस्यो। उसले शिकारको तीन भाग लगायो र भन्यो—'पहिलो भाग राजअंश हुनाले मेरो भयो, त्यो म लिन्छु। शिकारमा सब भन्दा बढ्ता परिश्रम मैले गरेको छु यसै निम्ति दोस्रो भाग पनि मैले पाउनु पर्दछ। अब रह्यो तेस्रो भाग, त्यो चाहिं जसको शरीरमा शक्ति छ, त्यो खोसोस्।' यति सुनेर अन्य पशु चुपचाप त्यहाँबाट हिंडे। जसको बल छ, उसैको सारा मुलुक छ। यदि बलवान् व्यक्ति स्वार्थी छ भने निर्बल माथि अत्याचार हुँदै रहन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलरामले यसरी हप्काएपछि यमुना डराइन् । ती चकितभावले आइन् र बलभद्रका न्युरेर भन्न लागिन–।। २४-२५ ।। हे राम ! हे महाबाहो ! हे जगत्पते ! हजुरले आफ्नू एक अंशले नै सम्पूर्ण विश्व उचालि राख्नुभएको छ, म हजुरको पराक्रम जान्दीनथें ।। २६ ।। हे भगवन् ! मैले हजुरको सच्चा स्वरूप बुझ्न सकेकी थिइन । अतः हे विश्वात्मन् ! मलाई छाडिदिनोस् । हे भक्तवत्सल ! म हजुरको शरणमा छु' ।। २७।। यसरी यमुनाले प्रार्थना गरेपछि बलरामले उसलाई छाडिदिनु भयो । फेरि हात्ती जसरी ढोईहरूसित जलक्रीडा गर्दछ, त्यसै गरी ती गोपिनीसित जलक्रीडा गर्नलागे ।। २८ ।। यथेष्ट जलविहार गरेर यमुनाबाट निस्के । अनि लक्ष्मीले उनलाई नीलो वस्त्र, बहुमूल्य आभूषण र यौटा राम्रो माला अर्पण गरिन् ।। २९ ।। बलराम नीलाम्बर लगाई घाँटीमा माला पहिरी, चन्दनादिको लेप गरेर ऐरावत हात्ती झैं शोभित भए ।।३०।। हे राजन् ! अझ पनि यमुनाजी उनैले बनाएको मार्गबाट बग्दै–बलरामको अपरिमित पराक्रमको सूचना दिए झैं छन् ।। ३१ ।। हे तात ! व्रजबालाहरूको माधुर्यले आकृष्ट भएर उनैसित व्रजमा क्रीडा गर्दै बलरामलाई यी दुइ महीनाका

उवाच चकिता वाचं पतिता पादयोर्नृप ।। २५ ।। राम राम महाबाहो न जाने तव विक्रमम् ।। यस्यैकांशेन विधृता जगती जगतः पते ।। २६ ।। परं भावं भगवतो भगवन्मामजानतीम् ।। मोक्तुमर्हसि विश्वात्मन्प्रपन्नां भक्तवत्सल ।। २७ ।। ततो व्यमुञ्चद्यमुनां याचितो भगवान्बलः ।। विजगाह जलं स्त्रीभिः करेणुभिरिवेभराट् ।। २८ ।। कामं विहृत्य सलिलादुत्तीर्णायासिताम्बरे ।। भूषणानि महार्हाणि ददौ लक्ष्मीः शुभां स्रजम् ।। २९ ।। वसित्वा वाससी नीले मालामामुच्य काञ्चनीम् ।। रेजे स्वलंकृतो लिप्तो माहेन्द्र इव वारणः ।। ३० ।। अद्यापि दृश्यते राजन्यमुना कृष्टवर्त्मना ।। बलस्यानन्तवीर्यस्य वीर्यं सूचयतीव हि ।। ३१ ।। एवं सर्वा निशा याता एकेव रमतो व्रजे ।। रामस्याक्षिप्तचित्तस्य माधुर्यैर्व्रजयोषिताम् ।। ३२ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे बलदेवविजये यमुनाकर्षणं नाम पञ्चषष्टितमोऽध्यायः ।। ६५ ।।

श्रीशुक उवाच ।। नन्दव्रजं गते रामे करूषाधिपतिर्नृप ।। वासुदेवोऽहमित्यज्ञो दूतं कृष्णाय प्राहिणोत् ।। १ ।। त्वं वासुदेवो भगवानवतीर्णो जगत्पतिः ।। इति प्रस्तोभितो बालैर्मेन आत्मानमच्युतम् ।। २ ।। दूतं च प्राहिणोन्मन्दः कृष्णायाव्यक्तवर्त्मने ।। द्वारकायां यथा बालो नृपो बालकृतोऽबुधः ।। ३ ।। दूतस्तु द्वारकामेत्य सभायामास्थितं प्रभुम् ।। कृष्णं कमलपत्राक्षं राजसन्देशमब्रवीत् ।। ४ ।। वासुदेवोऽवतीर्णोऽहमेक एव न

रात्रि एक रात झैं लागे ।। ३२ ।। इति श्री मद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायां पञ्चषष्टितमोऽध्यायः ।।६५।।

(पौण्ड्रकवधको कथा) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! बलरामजी व्रज गएपछि करूषदेशको राजा पौण्ड्रकले अज्ञानवश यो निश्चय गर्‍यो कि 'म नै वासुदेव हुँ' र उसले भगवान् कृष्णकहाँ आफ्नू दूत पठायो ।। १ ।। 'हजुर नै जगत्पति भगवान् वासुदेव भएर पृथिवीमा अवतरित हुनुभएको हो' यस्ता कुरा गरेर उसका चाटुकारहरूले धाक लगाइदिनाले त्यो आफूलाई नै वासुदेव ठान्न लाग्यो ।। २ ।। बालकहरूद्वारा खेलमा बनाएका राजाको समान कृष्ण बनेको त्यस मन्दमतिले द्वारकावासी तथा अचिन्त्यगति श्रीहरिकहाँ आफ्नू दूत पठायो ।। ३ ।। त्यस दूतले द्वारकापुरी गएर आफ्नू सभाभवनमा विराजमान कमलनयन भगवान कृष्णलाई आफ्नू स्वामीको जे समचार सुनायो, त्यो यो थियो ।।४।।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकमात्र मनै वासुदेव हुँ, अरु कोही होइन । मैले नै समस्त जीवहरूमा दया गर्नका लागि अवतार लिएको हुँ । तिमी झूठो आफूलाई 'वासुदेव' भन्न छाड ॥ ५ ॥ हे यादव ! तिमी मूर्खतावश मेरो जे-जे चिह्न गरिराख्दछौ त्यो त्याग, वा मेरो शरणमा आऊ, नभए मलाई आफूसित युद्ध गर्ने अवसर देऊ' ॥ ६ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! त्यो भन्दमति पौण्ड्रकको आत्मप्रशंसाले भरिएको समचार सुनेर उग्रसेन आदि सबै सभासद् वेसरी गलल हाँसे ॥ ७ ॥ अनि पौण्ड्रकको खिल्ली उडाउँदै भगवानले हाँस्तै त्यस दूतसित भन्नुभयो––'हे दूत ! तँ गएर आफ्नू राजासित भनिदे––हे मूढ ! म आफ्ना सुदर्शनचक्रादि चिन्हहरू—जसको उकसाईमा लागेर तँ बर्ता कुरा गर्दैछस्––ती माथि र तँमाथि पनि छाड्नेछु । जसरी तँ यति ठूलो बनेर कुरा गर्दछस्, त्यो आफ्नू मुख लुकाएर जब तँ कङ्क, गृध्र र वट आदि पक्षिहरूले घेरिएर रणभूमिमा मरेर ढल्लास, तब तँ कुकुरको शरणमा जालास्' ॥ ८-९ ॥ दूतले भगवान्‌को त्यो तिरस्कारपूर्ण उत्तर आफ्नू स्वामीलाई सुनायो । यता श्रीकृष्ण रथमा चढेर काशी जान हिंडे ॥१०॥ युद्धको निम्ति श्रीकृष्णचन्द्रको उद्योग

चापरः ॥ भूतानामनुकम्पार्थं त्वं तु मिथ्याभिधां त्यज ॥५॥ यानि त्वमस्मच्चिह्नानि मौढ्याद्बिभर्षि सात्वत ॥ त्यक्त्वैहि मां त्वं शरणं नो चेद्देहि ममाहवम् ॥६॥ श्रीशुक उवाच ॥ कत्थनं तदुपाकर्ण्य पौण्ड्रकस्याल्पमेधसः ॥ उग्रसेनादयः सभ्या उच्चकैर्जहसुस्तदा ॥७॥उवाच दूतं भगवान्परिहासकथामनु॥ उत्स्रक्ष्ये मूढ चिह्नानि यैस्त्वमेवं विकत्थसे ॥ ८ ॥ मुखं तदपिधायाज्ञ कङ्कगृध्रवटैर्वृतः ॥ शयिष्यसे हतस्तत्र भविता शरणं शुनाम् ॥ ९ ॥ इति दूतस्तदाक्षेपं स्वामिने सर्वमाहरत् ॥ कृष्णोऽपि रथमास्थाय काशीमुपजगाम ह ॥ १० ॥ पौण्ड्रकोऽपि तदुद्योगमुपलभ्य महारथः ॥ अक्षौहिणीभ्यां संयुक्तो निश्चक्राम पुराद् द्रुमम् ॥ ११ ॥ तस्य काशिपतिर्मित्रं पार्ष्णिग्राहोऽन्वयान्नृप ॥ अक्षौहिणीभिस्तिसृभिरपश्यत्पौण्ड्रकं हरिः ॥ १२ ॥ शङ्खार्यसिगदाशार्ङ्ग श्रीवत्साद्युपलक्षितम् ॥ बिभ्राणं कौस्तुभमणिं वनमालाविभूषितम् ॥ १३ ॥ कौशेयवाससी पीते वसानं गरुडध्वजम् ॥ अमूल्यमाल्याभरणं स्फुरन्मकरकुण्डलम् ॥ १४ ॥ दृष्ट्वा तमात्मनस्तुल्यवेषं कृत्रिममास्थितम् ॥ यथा नटं रङ्गगतं विजहास भृशं हरिः ॥ १५ ॥ शूलैर्गदाभिः परिघैः शक्त्यृष्टिप्रासतोमरैः ॥ असिभिः पट्टिशैर्बाणैः प्राहरन्नरयो हरिम् ॥ १६ ॥ कृष्णस्तु तत्पौण्ड्रककाशिराजयोर्बलं गजस्यन्दनवाजिपत्तिमत् ॥ गदासिचक्रेषुभिरार्दयद्भृशं यथा युगान्ते हुतभुक्पृथक्प्रजाः ॥ १७ ॥ आयोधनं तद्रथवाजिकुञ्जरद्विपत्खरोष्ट्रैररिणाऽवखण्डितैः ॥

देखेर महारथी पौण्ड्रक दुइ अक्षौहिणी सेना लिएर तुरुन्त आफ्नो नगरबाट बाहिर निस्क्यो । हे राजन् ! उही पौण्ड्रकको मित्र काशिराज पनि उसको सहायता गर्न तीन अक्षौहिणी सेना लिएर उसको पछि-पछि आइपुग्यो । त्यस वेला भगवान्‌ले पौण्ड्रकलाई देख्नुभयो––त्यो शङ्ख, चक्र, गदा, शार्ङ्गधनु र श्रीवत्सादि चिन्हले युक्त छ र घाँटीमा कौस्तुम मणि धारण गरेर वनमालाले सुशोभित छ ॥ ११-१२-१३ ॥ त्यो रेशमी पीताम्बर, मूल्यवान् मुकुट, आभूषण र झलझलाउँदो मकराकृत कुण्डल लगाएको र गरुड़चिन्ह युक्त ध्वजा भएको रथमा बसेको छ ॥ १४ ॥ नाट्यशालामा उपस्थित नट झैं उसलाई आफ्नै अनुरूप बनावटी वेष धारण गरेको देखेर श्रीकृष्ण मनमनै हाँसे ॥ १५ ॥ तत्काल ती सबै शत्रुहरूले संगसंगै भगवान्‌माथि त्रिशूल, गदा, परिघ, ऋष्टि, प्रास, तोमर, खड्ग, पट्टिश, वाण आदि अनेक थरिका शस्त्रास्त्रहरूले प्रहार गरे ॥ १६ ॥ जस्तै प्रलयकालीन अग्नि भिन्न-भिन्न

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकारले प्राणीहरूलाई कष्ट दिन्छ, त्यसै गरी श्रीकृष्णले पनि पौण्ड्रक र काशिराजका हात्ती-घोडा र पैदल सेनालाई आफ्नू गदा, खड्ग र चक्रादिले सखाप पारिदिए ॥ १७ ॥
॥ १७ ॥ त्यस वेला भगवान्‌को चक्राघातले खण्ड-खण्ड भएका रथ, घोड़ा, हात्ती, मनुष्य, ऊँट र गधाले रणभूमि भूतनाथ शङ्करको क्रीडास्थली समान शूरवीरहरूलाई आनन्ददायिनी
लाग्यो ॥१८॥ अनि भगवान्‌ले पौण्ड्रकलाई भन्नुभयो—'हे पौण्ड्रक ! तैंले जो मसित दूतद्वारा भनेको थिइस्, ती सुदर्शनादि आयुध अब म तँ माथि प्रहार गर्दछु ॥१९॥ ए मूर्ख !
तैंले जो मिथ्या मेरो नाम धारण गरिराखेको छस्, म त्यो पनि छुटाइदिन्छु र यदि मलाई तँसित युद्ध गर्ने साहस रहेन भने आज म तेरो शरणमा पर्न आउने छु, ॥२०॥ यस प्रकार
पौण्ड्रकको तिरस्कार गरेर भगवान्‌ले आफ्ना तीक्ष्ण बाणले उसलाई रथहीन पारिदिए र जसरी इन्द्रले वज्रद्वारा पर्वतका पखेटा काटेका थिए, त्यस्तै सुदर्शन चक्रले त्यसको शिर काटेर
छुट्याइदिए । आफ्ना बाणले काशिराजको पनि शिर काटेर उसलाई वायुसंचालित कमलकोश जस्तै काशीपुरीमा खसालिदिए ॥२१-२२॥ यस प्रकार जसको कथामृत सिद्धगण गान गर्ने

बभौ चितं मोदवहं मनस्विनामाक्रीडनं भूतपतेरिवोल्बणम् ॥ १८ ॥ अथाह पौण्ड्रकं शौरिर्भो भोः पौण्ड्रक यद्भवान् ॥ दूतवाक्येन मामाह तान्य-
स्त्रीण्युत्सृजामि ते ॥ १९ ॥ त्याजयिष्येऽभिधानं मे यत्त्वयाऽज्ञ मृषा धृतम् ॥ व्रजामि शरणं तेऽद्य यदि नेच्छामि संयुगम् ॥२०॥ इति क्षिप्त्वा शितै
र्बाणैर्विरथीकृत्य पौण्ड्रकम् ॥ शिरोऽवृश्चद्रथाङ्गेन वज्रेणेन्द्रो यथा गिरेः ॥ २१ ॥ तथा काशिपतेः कायाच्छिर उत्कृत्य पत्त्रिभिः ॥ न्यपातयत्का-
शिपुर्यां पद्मकोशमिवानिलः ॥२२॥ एवं मत्सरिणं हत्वा पौण्ड्रकं ससखं हरिः । द्वारकामाविशत्सिद्धैर्गीयमानकथामृतः ॥ २३ ॥ स नित्यं
भगवद्ध्यानप्रध्वस्ताखिलबन्धनः ॥ बिभ्राणश्च हरे राजन्स्वरूपं तन्मयोऽभवत् ॥ २४ ॥ शिरः पतितमालोक्य राजद्वारे सकुण्डलम् ॥ किमिदं
कस्य वा वक्त्रमिति संशयिरे जनाः ॥ २५ ॥ राज्ञः काशिपतेर्ज्ञात्वा महिष्यः पुत्रबान्धवाः ॥ पौराश्च हा हता राजन्नाथ नाथेति प्रारुदन् ॥ २६ ॥
सुदक्षिणस्तस्य सुतः कृत्वा संस्थाविधिं पितुः ॥ निहत्य पितृहन्तारं यास्याम्यपचितिं पितुः ॥ २७ ॥ इत्यात्मनाऽभिसन्धाय सोपाध्यायो महेश्वरम् ॥
सुदक्षिणोऽर्चयामास परमेण समाधिना ॥ २८ ॥ प्रीतोऽविमुक्ते भगवाँस्तस्मै वरमदाद्भवः ॥ पितृहन्तृवधोपायं स वव्रे वरमीप्सितम् ॥ २९ ॥

गर्दछन्, ती भगवान् कृष्णले आफूप्रति द्वेष राख्ने पौण्ड्रक र उसको मित्र काशीनरेशलाई मारेर द्वारकापुरी फर्कनु भयो ॥ २३ ॥ हे राजन् ! द्वेषाभावले नित्यप्रति भगवान्‌को ध्यान
गर्नाले त्यसका सबै कर्मबन्धन कटिसकेका थिए । अब त्यो पौण्ड्रक श्रीकृष्णको रूपधारण गर्नाले तद्रुप भयो ॥ २४ ॥ यता काशीपुरीको राजद्वारमा यौटा कुण्डलविमण्डित
मस्तक खसेको देखेर सबै जना सन्देह गर्नलागे—'यो के हो ? कसको शिर हो ?' ॥२५॥ अन्तमा त्यसलाई काशिराजको शिर भन्ने जानेर सबै रानीहरू, राजपुत्र, बन्धु-बान्धव र पुर-
वासीजन 'हरे ! हामी मारियौं ! हा राजन् ! हा नाथ !' भन्दै विलाप गर्न लागे ॥२६॥ अनि काशिराजको पुत्र सुदक्षिणले आफ्ना पिताको अन्त्येष्टि-संस्कार गरेर यो निश्चय गरे—म
आफ्ना पिताको वध गर्नेलाई मारेर पितृऋणबाट अऋणी हुन्छु । अतः त्यो उपाध्यायलाई लिएर तपद्वारा श्रीशिवजीको आराधना गर्नलाग्यो ॥२७-२८॥ अविमुक्त क्षेत्र काशीधाममा
त्यसको तपले प्रसन्न भएर शंकर भगवान्‌ले वर माग भन्नुभयो । अनि उसले आफ्ना पिताको वध गर्नेलाई मार्ने उपास्यस्वरूप आफ्नू इच्छित वर माग्यो ॥२९॥ त्यसमा श्रीरुद्रले भन्नु

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयो–'तिमी ब्राह्मणमित यज्ञका देवता र ऋत्विक्स्वरूप दक्षिणाग्निको अभिचारविधिले आराधना गर । त्यसले ती अग्नि प्रमथगणका साथ प्रकट भएर जो ब्राह्मणका भक्त छैनन्, तिनैमाथि प्रयुक्त भएपछि तिम्रो कामना पूरा गर्नेछ ।' शंकर भगवानको यस्तो आदेश पाएर सुदक्षिण ब्रह्मचर्यादि नियम पालन गर्दै श्रीकृष्णमाथि अभिचारमय अनुष्ठान गर्नलाग्यो ।।३०-३१।। त्यो अभिचार पूर्ण हुनासाथ हवनकुण्डबाट यौटा डरलाग्दो अग्निपुरुष मूर्तिमान भएर प्रकट भयो । त्यसका कपाल र दाह्री-जूँगा तताएको तामा झैं राता थिए र आँखा-बाट आगेको फिलुङ्गा निस्किरहेथे ।।३२।। त्यसको मुख उग्र दाह्रा र वक्र भृकुटीले गर्दा साह्रै क्रूर ज्ञात भइरहेथ्यो । उसको शरीर नाङ्गो थियो र ऊ जिब्रोले ओंठ चाट्तै अति तेजस्वी त्रिशूल घुमाइरहेको थियो ।।३३।। हे राजन् ! त्यो आफ्ना तलाऊ झैं खुट्टाले पृथ्वीकम्प पार्दै दसै दिशालाई दग्ध पार्दै भूतगणले घेरिएर द्वारकातिर हिंड्यो ।।३४।। त्यो अभिचारमय अग्नि आउनलागेको देखेर समस्त द्वारकावासी यस्तो भयभीत भए, जस्तै वनमा आगो लागेपछि वनवासी प्राणी व्याकुल हुन्छन् ।।३५।। ती भयातुर द्वारकावासीहरूले सभामा पासा

दक्षिणाग्निं परिचर ब्राह्मणैः सममृत्विजम् ।। अभिचारविधानेन स चाग्निः प्रमथैर्वृतः ।। ३० ।। साधयिष्यति सङ्कल्पमब्रह्मण्ये प्रयोजितः ।। इत्या-
दिष्टस्तथा चक्रे कृष्णायाभिचरन्व्रती ।। ३१ ।। ततोऽग्निरुत्थितः कुण्डान्मूर्तिमानतिभीषणः ।। तप्तताम्रशिखाश्मश्रुरङ्गारोद्गारिलोचनः ।। ३२ ।।
दंष्ट्रोग्रभ्रुकुटीदण्डकठोरास्यः स्वजिह्वया ।। आलिहन्सृक्किणी नग्नो विधुन्वंस्त्रिशिखं ज्वलत् ।। ३३ ।। पद्भ्यां तालप्रमाणाभ्यां कम्पयन्नवनीतलम् ।।
सोऽभ्यधावद् वृतो भूतैर्द्वारकां प्रदहन्दिशः ।। ३४ ।। तमभिचारदहनमायान्तं द्वारकौकसः ।। विलोक्य तत्रसुः सर्वे नवदाहे मृगा यथा ।।३५।। अक्षैः
सभायां क्रीडन्तं भगवन्तं भयातुराः ।। त्राहि त्राहि त्रिलोकेश वह्नेः प्रदहतः पुरम् ।। ३६ ।। श्रुत्वा तज्जनवैक्लव्यं दृष्ट्वा स्वानां च साध्वसम् ।। शरण्यः
सम्प्रहस्याह मा भैष्टेत्यविताऽस्म्यहम् ।।३७।। सर्वस्यान्तर्बहिः साक्षी कृत्यां माहेश्वरीं विभुः ।। विज्ञाय तद्विघातार्थं पार्श्वस्थं चक्रमादिशत् ।।३८।।
तत्सूर्यकोटिप्रतिमं सुदर्शनं जाज्वल्यमानं प्रलयानलप्रभम् ।। स्वतेजसा खं ककुभोऽथ रोदसी चक्रं मुकुन्दास्त्रमथाग्निमार्दयत् ।। ३९ ।। कृत्यानलः
प्रतिहतः स रथाङ्गपाणेरस्त्रौजसा न नृप भग्नमुखो निवृत्तः ।। वाराणसीं परिसमेत्य सुदक्षिणं तं सर्त्विग्जनं समदहत्स्वकृतोऽभिचारः ।। ४० ।।

खेलिरहेका भगवान कृष्णकहाँ गएर दीन स्वरले भने–'हे त्रिलोकीनाथ ! आज द्वारकापुरी अग्निले दग्ध हुन लागिरहेछ । हजुर यसको रक्षा गर्नुहवस्' ।।३६।। प्रजाको आर्तनाद र बन्धुहरूको व्याकुलता देखेर शरणागतवत्सल श्रीकृष्णले हाँसेर भन्नुभयो–'नडराओ म सबैको रक्षा गर्नेछु' ।।३७।। भगवान् सबैका भित्र-बाहिरका साक्षी थिए । उनले जाने–यो उनैको नाशका लागि प्रयोग गरिएको माहेश्वरी कृत्या हो । अतः त्यसलाई नष्ट गर्नको लागि भगवान्ले आफ्नू साथमा विद्यमान सुदर्शनचक्रलाई आज्ञा दिनुभयो ।। ३८ ।। करोडौं सूर्य झैं प्रकाशमान र प्रलयाग्निको समान तेजस्वी विष्णुको सुदर्शनचक्र आफ्नू तेजले आकाश,दिशा र अन्तरिक्षलाई आलोकित पार्दै त्यो अग्निलाई पीडित पार्नलाग्यो ।।३९।। भगवान्को अस्त्रतेजले अभिभूत र भग्नमुख हुनाले कृत्या फर्कियो र काशीमा पुगेर ऋत्विक्सहित सुदक्षिणलाईनै भस्म पारिदियो । उसले आफूले गरेको अभिचार नै नाशको कारण बन्यो* ।।४०।।

★ दृष्टान्त (जुन जसको काम हो उसैलाई सुहाउँछ) लाहोरमा यौटा धोबी बस्तथ्यो । त्यसको नाम थियो गुलजार । त्यो नवयुवक थियो । त्यसै वर्ष उसको विवाह भएको थियो । नयाँ सुन्दरी दुलही घरमा थिई । एक

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि त्यो सुदर्शनचक्रले पनि अट्टालिका, सभाभवन, बजार, नगरद्वार, द्वारका शिखर र घर आदिले पूर्ण कोश, हात्तीसार, अस्तबल, रथशाला र अन्नागार युक्त काशीपुरीमा प्रवेश गऱ्यो ॥४१॥ विष्णुभगवान्को सुदर्शन चक्र सारा काशी पोलेर फेरि महान् कर्म गर्ने भगवान् कृष्णकहाँ फर्केर आयो ॥ ४२ ॥ जो प्राणी ती पुण्यकीर्ति भगवान् कृष्णको यो चरित्र सुन्दछ वा सुनाउँछ, त्यो सबै पापबाट मुक्त हुन्छ ॥४३॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां षट्षष्टितमोऽध्यायः ॥ ६६ ॥

यति कथा सुनेर राजा परीक्षित्ले भने–हे भगवन् ! म अनन्त, अप्रमेय र अद्भुतकर्मा भगवान् बलरामको अरु चरित्र सुन्न चाहन्छु । सर्वसमर्थ बलरामजीले अरु जुन जुन

चक्रं च विष्णोस्तदनुप्रविष्टं वाराणसीं साट्टसभालयापणाम् ॥ सगोपुराट्टालककोष्ठसङ्कुलां सकोशहस्त्यश्वरथान्नशालाम् ॥४१॥ दग्ध्वा वाराणसीं सर्वां विष्णोश्चक्रं सुदर्शनम् ॥ भूयः पार्श्वमुपातिष्ठत्कृष्णस्याक्लिष्टकर्मणः ॥ ४२ ॥ य एवं श्रावयेन्मर्त्य उत्तमश्लोकविक्रमम् ॥ समाहितो वा शृणुयात्सर्वपापैः प्रमुच्यते ॥ ४३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पौण्ड्रकादिवधो नाम षट्षष्टितमोऽध्यायः ॥६६॥

राजोवाच ॥ भूयोऽहं श्रोतुमिच्छामि रामस्याद्भुतकर्मणः ॥ अनन्तस्याप्रमेयस्य यदन्यत्कृतवान्प्रभुः ॥१॥ श्रीशुक उवाच ॥ नरकस्य सखा कश्चिद् द्विविदो नाम वानरः ॥ सुग्रीवसचिवः सोऽथ भ्राता मैन्दस्य वीर्यवान् ॥ २ ॥ सख्युः सोऽपचितिं कुर्वन्वानरो राष्ट्रविप्लवम् ॥ पुरग्रामाकरान्घोषानदहद्वह्निमुत्सृजन् ॥ ३ ॥ क्वचित्स शैलानुत्पाट्य तैर्देशान्समचूर्णयत् ॥ आनर्तान्सुतरामेव यत्रास्ते मित्रहा हरिः ॥४॥ क्वचित्समुद्रमध्यस्थो दोर्भ्यामुत्क्षिप्य तज्जलम् ॥ देशान्नागायुतप्राणो वेलाकूलानमज्जयत् ॥ ५ ॥ आश्रमानृषिमुख्यानां कृत्वा भग्नवनस्पतीन् ॥ अदूषयच्छकृन्मूत्रैरग्नीन्वैतानिका·

कार्य गरे, त्यो सबै भन्नुहवस् ॥१॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! नरकासुरको मित्र महाबली द्विविद नामको यौटा वानर थियो । त्यो सुग्रीवको मन्त्री र मैन्दको दाजू थियो ॥ २ ॥ आफ्नो मित्र नरकासुरको साटो फेर्न भनेर त्यो समस्त राष्ट्रमा उपद्रव गर्दै पुर, ग्राम, नगर र घोषहरूमा आगो लगाएर भस्म पारिदिन्थ्यो ॥ ३ ॥ आनर्त देशमा जहाँ— त्यसका मित्रलाई मार्ने श्रीकृष्ण बस्तथे, उसले उपद्रव मचायो ।' त्यो कहिले पर्वतको टुक्रा पल्टाइदिएर कैयौं प्रदेश धूलो पारिदिन्थ्यो र कहिले दस हजार हात्तीको बल हुने

रात त्यो आफ्नी प्रेयसीसित सानन्द सुतिरहेको थियो । अन्दाजी दुइबजे त्यसको घरमा चोर पसे । आँगनमा त्यसको गधा र कुकुर बसिरहेका थिए । त्यस परिस्थितिमा गधाले कुकुरसित भन्यो—'मित्र ! यही तिम्रो कामको मौका हो, तिमी किन चुपचाप बसिरहेका छौ ? जोडरी भुक, जसले घरको स्वामी जागोस् ।' कुकुरले भन्यो–मित्र ! तिमी मेरो कामको समयको चर्चा नगर । के तिमीजान्दैनौ—म रात·दिन त्यसको घरको रक्षा गर्दछु, तैपनि त्यो मलाई पेटभरि खान दिँदैन । त्यो त मेरो आवश्यकता नै ठान्दैन किनकि हानि नभई प्रभुहरू आफ्ना आश्रितको उपयोगिता नै बुझ्दैनन् ।' गधाले भन्यो–'ए मूर्ख ! जो उचित मौकामा आफ्नू कार्य साधन गर्दछ, त्यो सेवक दुष्ट कहिन्छ ।' कुकुरले भन्यो–'उसे भए जो मौका परेपछि मात्र सेवकसित राम्रो मुखले बोल्दछ–त्यो पनि दुष्ट प्रभु हो ।' अनि गधाले रिसाएर भन्यो–'ए दुष्ट ! तँ कृतघ्न होस् । जो विपत्तिको बेलामा पनि स्वामीका कार्यको उपेक्षा गर्दछ । अस्तु, अब म नै कोही यस्तो उपाय गर्दछु, जसले मालिक निद्राबाट उठोस् र त्यसको घरमा चोरी हुन नपाओस् ।' यति भनेर त्यो जेसरी कराउन लाग्यो । धोबी गधा कराएको सुनेर उठ्यो र यौटा ठूलो लौरो लिएर बति बर्ता कुट्यो कि गधा ठाउँमै मऱ्यो । यसैले भनेको पनि छ–पराधिकारचर्चां यः कुर्यात् स्वामिहितेच्छया । स विषीदति चीत्कारात् गर्दभस्ताडितो यथा ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो दुष्ट वानर समुद्रको जलमा उभिएर आफ्ना भुजाले सिन्धुको जल उफारी किनारका ग्रामीण वस्तीहरू डुबाइदिन्थ्यो ॥ ४ ॥ ५ ॥ त्यां ऋषि-मुनिका आश्रमका वृक्ष आदि उखेलेर तिनको अग्निकुण्ड मल-मूत्रादिले दूषित पारिदिन्थ्यो ॥६॥ जस्तै भृङ्गी नामको कीरा अन्य कीरालाई लगेर आफ्नू प्वालमा थुनिदिन्छ, त्यस्तै त्यो बलले मदोन्मत्त वानर अनेक स्त्री र पुरुषलाई लगेर पर्वतका कन्दरामा थुनेर त्यसको द्वार ठूलो शिलाले थुनि दिन्थ्यो ॥ ७ ॥ यसरी त्यो दुष्ट वानर यता–उता अनेकानेक देशहरू ध्वस्त पार्दै तथा कुलाङ्गनाहरूलाई दूषित पार्दै मनोहर गायनको ध्वनि सुनेर रैवतक पर्वतमा पुग्यो ॥ ८ ॥ त्यहाँ उसले भामिनीहरूको बीचमा पद्ममाला विभूषित र सर्वाङ्ग सुन्दर यदुपति बलरामलाई मदिरा पान गरेर गाउन लागेका देख्यो । उस बखत तिनको नेत्र नशाको आनन्दले विह्वल भइरहेको थियो र उनको तुन्दिल शरीर मदस्रावी हात्ती झैं सुशोभित थियो ॥९॥१०॥ त्यो दुष्ट वानर वृक्षका हाँगामा चढेर हल्लाउँदै घरि-घरि स्त्रीहरूको सामुन्ने आएर डिच्च दाँत देखाउन लाग्यो ॥११॥ प्रायः सबै तरुणी स्त्रीहरू स्वभावैले चञ्चल र

न्वलः ॥ ६ ॥ पुरुषान्योषितो दृप्तः क्ष्माभृद्द्रोणीगुहासु सः ॥ निक्षिप्य चाप्यधाच्छैलैः पेशस्कारीव कीटकम् ॥७॥ एवं देशान्विप्रकुर्वन्दूषयंश्च कुल-
स्त्रियः ॥ श्रुत्वा सुललितं गीतं गिरिं रैवतकं ययौ ॥ ८ ॥ तत्रापश्यद्यदुपतिं रामं पुष्करमालिनम् ॥ सुदर्शनीयसर्वाङ्गं ललनायूथमध्यगम् ॥ ६ ॥
गायन्तं वारुणीं पीत्वा मदविह्वललोचनम् ॥ विभ्राजमानं वपुषा प्रभिन्नमिव वारणम् ॥ १० ॥ दुष्टः शाखामृगः शाखामारूढः कम्पयन्द्रुमान् ॥
चक्रे किलकिलाशब्दमात्मानं सम्प्रदर्शयन् ॥११॥ तस्य धाष्टर्यं कपेर्वीक्ष्य तरुण्यो जातिचापलाः ॥ हास्यप्रिया विजहसुर्बलदेवपरिग्रहाः ॥ १२ ॥
ता हेलयामास कपिर्भ्रूक्षेपैः सम्मुखादिभिः ॥ दर्शयन्स्वगुदं तासां रामस्य च निरीक्षतः ॥ १३ ॥ तं ग्राव्णा प्राहरत्क्रुद्धो बलः प्रहरतां वर. ॥
स वञ्चयित्वा ग्रावाणं मदिराकलशं कपिः ॥ १४ ॥ गृहीत्वा हेलयामास धूर्तस्तं कोपयन्हसन् ॥ निर्भिद्य कलशं दुष्टो वासांस्यस्फालयद्बलम्
॥ १५ ॥ कदर्थीकृत्य बलवान्विप्रचक्रे मदोद्धतः ॥ तं तस्याविनयं दृष्ट्वा देशांश्च तदुपद्रुतान् ॥ १६ ॥ क्रुद्धो मुसलमादत्त हलं चारिजिघांसया ॥
द्विविदोऽपि महावीर्यः शालमुद्यम्य पाणिना ॥ १७ ॥ अभ्येत्य तरसा तेन बलं मूर्धन्यताडयत् ॥ तं तु सङ्कर्षणो मूर्ध्नि पतन्तमचलो यथा ॥१८॥

हास्यप्रिय हुन्छन् । अतः वानरको धृष्टता देखेर बलरामको साथका स्त्रीहरू हाँस्न लागे ॥ १२ ॥ अनि त्यां वानर बलरामको सामुन्ने नै तिनलाई गुदा देखाएर आँखीभौं चम्काई, घुर्की देखाएर जिस्क्याउन लाग्यो ॥ १३ ॥ यसले प्रहार गर्नेहरूमा श्रेष्ठ बलरामजीले रिसाई वानरतिर सानो ढुङ्गा फाले, तर त्यो धूर्त ढुङ्गालाग्नबाट जोगिएर मद्यको घड़ा बोकेर भाग्यो । त्यो दुष्ट वानरले घडा फुटाइदियो र स्त्रीहरूका लुगा तानेर फारिदिन लाग्यो । यसरी बलरामको अवज्ञा गर्दै उनको अवहेलना गरी संकर्षणलाई क्रोधित पारिदियो ॥१४॥१५॥ त्यो मदोन्मत्त र बलवान् वानरले बलरामको उपेक्षा गरेर त्यस्तो अवज्ञा गरेपछि त्यसको धृष्टता तथा देश नाश गरेको सम्झी उनले त्यसको संहार गर्ने विचारले क्रोधित भई आफ्नू हलो र मूसल सम्हारे । पराक्रमी द्विविद पनि हातमा सालको वृक्ष लिएर बलरामतिर दगुर्‍यो र निकै वेगले त्यो वृक्ष उनको मस्तकमा बजार्‍यो । महाबलवान् बलरामजीले पर्वत झैं अडिग रहेर आफ्नू मस्तकमा गिर्नलागेको त्यो पर्वताकार वृक्ष बीचैमा हातले समातेर वानरमाथि आफ्नू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनन्द नामक मूसलले प्रहार गरे। त्यो मूसल लागेर द्विविदको टाउकोबाट रगतको धारा बग्नलाग्यो। त्यसले त्यो गेरुको धारायुक्त पर्वत झैं शोभित भयो, तर त्यसको चिन्ता नगरेर द्विविदले रिसाई यौटा अर्को वृक्ष उखेलेर त्यसका पात झारिदिई अत्यन्त वेगले बलराममाथि आक्रमण गऱ्यो। बलभद्रजीले त्यस वृक्षको पनि अनेक टुक्रा पारिदिए। त्यसपछि उसले राममाथि अर्को वृक्ष उखेलेर फ्याँक्यो, तर बलरामले त्यसको पनि सयौं टुक्रा पारिदिए॥ १६-२१॥ श्रीबलरामसित यसरी युद्ध गर्दागर्दै द्विविद यौटा वृक्ष नष्ट हुनासाथ अर्को लिने गरेर वनको वारिपरिका सारा ठूला-साना वृक्षहरू समाप्त पारिदियो र वन वृक्षहीन देखियो॥२२॥ वृक्षहरू सकिएपछि झन् बर्ता क्रोधित भएर त्यो दुष्ट द्विविदले बलराममाथि ढुङ्गाहरूको वर्षा गर्न लाग्यो, तर मूसलधारी बलरामजीले ख्याल-ख्यालमै ती ढुङ्गा-मुढा धूली पारिदिए॥ २३॥ अन्त्यमा त्यो कपीश्वर आफ्नू तालको समान लामा भुजाले-मुड्की पारेर रोहिणीनन्दन बलरामतिर झम्ट्यो र उनको वक्षस्थलमा प्रहार गरिदियो॥२४॥ बलरामजीले पनि कुपित भएर हलो र मूसल भूमिमा राखी आफ्ना दुवै हातले त्यसका भुजा र

प्रतिजग्राह बलवान्सुनन्देनाहनच्च तम्॥ मुसलाहतमस्तिष्को विरेजे रक्तधारया॥ १६॥ गिरिर्यथा गैरिकया प्रहारं नानुचिन्तयन्॥ पुनरन्यं समुत्क्षिप्य कृत्वा निष्पत्रमोजसा॥२०॥ तेनाहनत्सुसंक्रुद्धस्तं बलः शतधाऽच्छिनत्॥ ततोऽन्येन रुषा जघ्ने तं चापि शतधाऽच्छिनत्॥२१॥ एवं युध्यन्भगवता भग्ने भग्ने पुनः पुनः॥ आकृष्य सर्वतो वृक्षान्निर्वृक्षमकरोद्वनम्॥२२॥ ततोऽमुञ्चच्छिलावर्षं बलस्योपर्यमर्षितः॥ तत्सर्वं चूर्णयामास लीलया मुसलायुधः॥ २३॥ स बाहू तालसङ्काशौ मुष्टीकृत्य कपीश्वरः॥ आसाद्य रोहिणीपुत्रं द्वाभ्यां वक्षस्यरूरुजत्॥२४॥ यादवेन्द्रोऽपि तंदोर्भ्यां त्यक्त्वा मुसललाङ्गले॥ जत्रावभ्यर्दयत्क्रुद्धः सोऽपतद्रुधिरं वमन्॥ २५॥ चकम्पे तेन पतता सटङ्कः सवनस्पतिः॥ पर्वतःकुरु शार्दूल वायुना नौरिवाम्भसि॥२६॥ जयशब्दो नमःशब्दः साधु साध्विति चाम्बरे॥ सुरसिद्धमुनीन्द्राणामासीत्कुसुमवर्षिणाम्॥२७॥ एवं निहत्यद्विविदं जगद्व्यतिकरावहम्॥ संस्तूयमानो भगवाञ्जनैः स्वपुरमाविशत्॥२८॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे द्विविदवधो नाम सप्तषष्टितमोऽध्यायः॥ ६७॥

श्रीशुक उवाच॥ दुर्योधनसुतां राजँल्लक्ष्मणां समितिञ्जयः॥ स्वयंवरस्थामहरत्साम्बो जाम्बवतीसुतः॥ १॥ कौरवाः कुपिता ऊचुर्दुर्विनीतोऽयमर्भकः॥ कदर्थीकृत्य नः कन्यामकामामहरद्बलात्॥ २॥ बध्नीतेमं दुर्विनीतं किं करिष्यन्ति वृष्णयः॥ येऽस्मत्प्रसादोपचितां दत्तां नो

ग्रीवामा प्रहार गरे। त्यस चोटले दिविद मुखबाट रगत उकेल्दै भूमिमा पल्टियो॥ २५॥ हे कुरुश्रेष्ठ! हुरीले गर्दा जलमा जसरी डुङ्गा हल्लिन्छ, त्यसै गरी त्यो पृथ्वीमा ढल्नाले जलकुण्ड र वृक्षहरू समेत सारा पर्वत हल्लिए॥२६॥ बलरामजी माथि पुष्पवर्षा गर्ने देवता, सिद्ध र मुनीश्वरहरूको जय जयकार, नमस्कार र साधुको शब्दले आकाश भरियो॥२७॥ संसारलाई कष्ट दिने द्विविदलाई मारेर बलभद्रजी परिजनद्वारा स्तूयमान हुँदै नगरमा गए॥२८॥इति श्रीमद्भागते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायां सप्तषष्टितमोऽध्यायः॥६७॥

(जाम्बवती-तनय साम्बको विवाह) शुकदेवजी भन्दछन्—हे राजन्! जाम्बवतीका छोरा रणवीर साम्बले दुर्योधनकी छोरी लक्ष्मणाई उसको स्वयंवरबाट हरेर ल्याएका थिए॥१॥ त्यसले कौरव अत्यन्त कुपित भएर परस्पर भन्नलागे-'यो निकै अटेरी छ। हेर, यसको हाम्रो अवहेलना गरेर आफूलाई मनपराउने कान्याको बलपूर्वक अपहरण गरेर लगिदिए॥२॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'यस दुष्टलाई समातेर बाँध, ती यादवहरूले हामीलाई के गर्छन ? ती हामीले नै दिएको र हाम्रो कृपाले धन-धान्य सम्पन्न पृथ्वीको राज्य भोग्दछन् ॥ ३ ॥ यदि आफ्नू छोरोलाई बन्धनमा परेको सुनेर यादवहरू यहाँ आए भने पनि प्राणायामादि द्वारा राम्ररी वशीभूत पारिएको प्राणवायु समान दर्पहीन भएर शान्त हुने छन्' ॥ ४ ॥ यस्तो विचार गरेर कुरुवृद्ध भीष्मपितामहको पनि अनुमति लिएर कर्ण, शल, भूरिश्रवा, यज्ञकेतु र दुर्योधनादि वीर साम्बलाई पक्रने तर्खरमा जम्जमाए ॥ ५ ॥ महारथी साम्ब धृतराष्ट्रका छोराहरूलाई आफ्नू पछि-पछि आउन लागेका देखेर यौटा उत्तम धनुष लिएर सिंह झैं एक्लै डटे ॥ ६ ॥ यता उनलाई पक्रने इच्छाले आएका कर्णादि वीर धनुष धारण गरेर [illegible]— 'पर्खी-पर्खी' भन्दै कराई वाण-वर्षा गर्नलागे ॥ ७ ॥ हे कुरुश्रेष्ठ ! त्यरी कौरवहरूले आक्रमण गरेपछि यदुनन्दन कृष्णतनय साम्ब तिनको पराक्रम–क्षुद्र मृगको पराक्रम सिंहले सहन नसके झैं सहन सकेनन् ॥ ८ ॥ उनको आफ्नू उत्तम धनुषको टङ्कार गरेर त्यसबाट एकैसल्ट छाडेका छ-छ वाणहरूले ती कर्णादि वीरहरूलाई भिन्न भिन्न वेधन गऱ्यो ॥ ९ ॥ उनले

भुञ्जते महीम् ॥ ३ ॥ निगृहीतं सुतं श्रुत्वा यद्येष्यन्तीह वृष्णयः ॥ भग्नदर्पाः शमं यान्ति प्राणा इव सुसंयताः ॥ ४ ॥ इति कर्णः शलो भूरिर्यज्ञकेतुः सुयोधनः ॥ साम्बमारेभिरे बद्धुं कुरुवृद्धानुमोदिताः ॥ ५ ॥ दृष्ट्वाऽनुधावतः साम्बो धार्तराष्ट्रान्महारथः ॥ प्रगृह्यरुचिरं चापं तस्थौ सिंह इवैकलः ॥ ६ ॥ तं ते जिघृक्षवः क्रुद्धास्तिष्ठ तिष्ठेति भाषिणः ॥ आसाद्य धन्विनो बाणैः कर्णाग्रण्यः समाकिरन् ॥ ७ ॥ सोऽपविद्धः कुरुश्रेष्ठ कुरुभिर्यदुनन्दनः ॥ नामृष्यत्तदचिन्त्यार्भः सिंहः क्षुद्रमृगैरिव ॥ ८ ॥ विस्फूर्ज्य रुचिरं चापं सर्वान्विव्याध सायकैः ॥ कर्णादीन्षड्रथान्वीराँस्तावद्भिर्युगपत्पृथक् ॥ ९ ॥ चतुर्भिश्चतुरो वाहानेकैकेन च सारथीन् ॥ रथिनश्च महेष्वासांस्तस्य तत्तेऽभ्यपूजयन् ॥ १० ॥ तं तु ते विरथं चक्रुश्चत्वारश्चतुरो हयान् ॥ एकस्तु सारथिं जघ्ने चिच्छेदान्यः शरासनम् ॥ ११ ॥ तं बद्ध्वा विरथीकृत्य कृच्छ्रेण कुरवो युधि ॥ कुमारं स्वस्य कन्यां च स्वपुरं जयिनोऽविशन् ॥ १२ ॥ तच्छ्रुत्वा नारदोक्तेन राजन्सञ्जातमन्यवः ॥ कुरून्प्रत्युद्यमं चक्रुरुग्रसेनप्रचोदिताः ॥ १३ ॥ सान्त्वयित्वा तु तान्रामः सन्नद्धान्वृष्णिपुङ्गवान् ॥ नैच्छत्कुरूणां वृष्णीनां कलिं कलिमलापहः ॥ १४ ॥ जगाम हास्तिनपुरं रथेनादित्यवर्चसा ॥ ब्राह्मणैः कुलवृद्धैश्च वृतश्चन्द्र इव ग्रहैः ॥१५॥ गत्वा गजाह्वयं रामो बाह्योपवनमास्थितः ॥ उद्धवं प्रेषयामास धृतराष्ट्रं बुभुत्सया ॥ १६ ॥ सोऽभिवन्द्याम्बिकापुत्रं भीष्मं

आफ्ना चार-चार वाणले चार चार अश्व र एक-एकले महान् धनुर्धर छ रथिहरूलाई चोट पुऱ्याए। सिनको त्यो पराक्रममा विपक्षी वीरहरू पनि सन्हनी गर्न लागे ॥ १० ॥ अनि ती सबै मिलेर साम्बलाई रथहीन तुल्याए, अनि चार जनाले चार अश्व मारिदिए, यौटाले सारथीको वध गरे र एक्ले धनुष काटिदिए ॥ ११ ॥ यसरी ती वीर कौरवहरूले ठूलो कष्टपूर्वक साम्बलाई युद्धमा रथहीन पारी उनलाई बाँधेर आफ्नू विजयोत्सव मनाउदै कन्या सहित हस्तिनापुर लगे ॥ १२ ॥ हे राजन् ! यता नारदजीको मुखबाट यो समचार पाएर यादवहरूलाई निकै रिस उठ्यो र ती महाराज उग्रसेनको आज्ञाले चढाई गर्ने तर्खरमा लागे ॥ १३ ॥ कलिमल-विनाशक बलराम यो चाहन्नथे—कौरव र यादवहरूमा कुनै कलह उत्पन्न होस्। अतः उनले युद्धका लागि तत्पर यादव वीरहरूलाई बुझाएर शान्त पारिदिए ॥ १४ ॥ ग्रहहरू द्वारा घेरिएका चन्द्रमा समान ब्राह्मण त कुटुम्बका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बूढा-पुरानासित ती सूर्य जस्तै तेजस्वी रथमा बसेर हस्तिनापुरतिर हिंडे ॥ १५ ॥ हस्तिनापुर पुगेपछि उनले नगर बाहिरै यौटा बगैचामा बसे र ती कौरवहरूको अभिप्राय जान्न-बुझ्न उद्धवलाई धृतराष्ट्रकहाँ पठाए ॥१६॥ उद्धवले कौरवहरूको सभामा गएर अम्बिकानन्दन धृतराष्ट्र, भीष्म, द्रोण, कर्ण, बाह्लीक तथा दुर्योधनको यथाविधि अभ्यर्थना गरेर उनलाई बलरामजी पाल्नु भएको सूचना दिए ॥१७॥ आफ्ना अतिप्रिय सुहृद् बलराम पाल्नुभयो भन्ने समचार सुनेर ती प्रसन्न भए र उद्धवको सत्कार गरेर धेरै माङ्गलिक वस्तु-हरू लिई बलरामको समक्ष पुगे ॥१८॥ आफाफ्ना अवस्था अनुसार ती सबै यथायोग्य बलरामजीसित भेटे र उनलाई पाद्यार्घ्य, गाई आदि अर्पण गरे । ती कौरवहरू मध्ये जतिले बलरामको प्रभाव जान्दथे, तिनले मस्तक न्यूराएर उनलाई प्रणाम गरे ॥१९॥ अनि दुवै पक्षले परस्पर कुशल सोधे र यो सुनेर कि हाम्रा सबै बन्धुगण सकुशल छन्–श्रीबलराम यस्तो निर्भीक वाक्य बोल्नुभयो–॥२०॥ 'राजाधिराज उग्रसेनले तिमीहरूलाई जे आज्ञा दिएका छन्–त्यो शान्तचित्तले सुनेर तुरुन्त त्यसको पालन गर ॥२१॥ यहाँ

द्रोणं च वाह्लिकम् ॥ दुर्योधनं च विधिवद्राममागतमब्रवीत् ॥ १७ ॥ तेऽतिप्रीतास्तमाकर्ण्य प्राप्तं रामं सुहृत्तमम् ॥ तमर्चयित्वाऽभिययुः सर्वे मङ्गल-पाणयः ॥ १८ ॥ तं सङ्गम्य यथान्यायं गामर्घ्यं च न्यवेदयन् ॥ तेषां ये तत्प्रभावज्ञाः प्रणेमुः शिरसा बलम् ॥ १९ ॥ बन्धून्कुशलिनः श्रुत्वा पृष्ट्वा शिवमनामयम् ॥ परस्परमथो रामो बभाषेऽविक्लवं वचः ॥ २० ॥ उग्रसेनः क्षितीशेशो यद्व आज्ञापयत्प्रभुः ॥ तदव्यग्रधियः श्रुत्वा कुरुध्वं मा विल-म्बितम् ॥ २१ ॥ यद्ययं बहवस्त्वेकं जित्वाऽधर्मेण धार्मिकम् ॥ अबध्नीताथ तन्मृष्ये बन्धूनामैक्यकाम्यया ॥२२॥ वीर्यशौर्यबलोन्नद्धमात्मशक्तिसमं वचः ॥ कुरवो बलदेवस्य निशाम्योचुः प्रकोपिताः ॥२३॥ अहो महच्चित्रमिदं कालगत्या दुरत्यया ॥ आरुरुक्षत्युपानद्वै शिरो मुकुटसेवितम् ॥२४॥ एते यौनेन सम्बद्धाः सहशय्यासनाशनाः ॥ वृष्णयस्तुल्यतां नीता अस्मद्दत्तनृपासनाः ॥ २५ ॥ चामरव्यजने शङ्खमातपत्रं च पाण्डुरम् ॥ किरीट-मासनं शय्यां भुञ्जन्त्यस्मदुपेक्षया ॥ २६ ॥ अलं यदूनां नरदेवलाञ्छनैर्दातुः प्रतीपैः फणिनामिवामृतम् ॥ येऽस्मत्प्रसादोपचिता हि यादवा आज्ञाप-यन्त्यद्य गतत्रपा बत ॥ २७ ॥ कथमिन्द्रोऽपि कुरुभिर्भीष्मद्रोणार्जुनादिभिः ॥ अदत्तमवरुन्धीत सिंहग्रस्तमिवोरणः ॥२८॥ श्रीशुक उवाच ॥ जन्म-

अनेक वीरहरू मिलेर धार्मिक र एक्लो साम्बलाई जुन अधर्मपूर्वक जितेर बाँधेका छौ, त्यो मैले-'बन्धुहरूमा एकता बनिरहोस्' यस विचारले सहन गरें ॥२२॥ वीर्य, शौर्य र बलको उत्कर्षले पूर्ण तथा उनको शक्तिको अनुरूप बलरामका वचन सुनेर कौरवहरू रिसाई भन्नलागे ॥ २३ ॥ 'अहो! यो विचित्र कुरा छ । कालको गति पनि नाघिनसक्नु हुन्छ, जसले आज खुट्टाका जुत्ता मुकुटसेवित मस्तकमा पुग्न खोज्दैछ ॥२४॥ यी यादव कुन्तीको विवाह सम्बन्धले हाम्रा सम्बन्धी भए र हामीबाट राज्याधिकार पाएर नै हामीसित सुत्ने, बस्ने, संगै उठ्ने र खाने गर्दा यी हाम्रो बराबरीको पदमा पुगेका हुन् ॥२५॥ हाम्रो उपेक्षाले नै आज चमर, व्यजन, शङ्ख, श्वेत छत्र, मुकुट, राजसिंहासन तथा शय्या-आदिको उपभोग गर्दछन् ॥२६॥ सर्पलाई पिलाएको दूध जस्तै दुःखदायक हुन्छ, त्यस्तै यी यादवहरूका छत्र-चामरादि राजचिह्न आफ्ना दाताको नै प्रतिकूल गइरहेको छ ! अब इनको आवश्यकता छैन–यी सबै यादवहरूसित खोस्नुपर्दछ । जुन यादव हाम्रो नै कृपाले यति ठूला भए, ती अब निर्लज्ज भएर हामीलाई आज्ञा दिन्छन् ॥२७॥ जस्तै सिंहको अधिकारको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्तुलाई स्यालले भोग्न सक्तैन । त्यस्तै नै भीष्म,द्रोण र अर्जुन आदि कौरवहरूलाई नदिई इन्द्र पनि कुनै वस्तु कसरी उपभोग गर्नसक्तछन् ?' ॥२८॥ श्रीशुकदेव भन्नुहुन्छ—हे भरतश्रेष्ठ ! त्यस वेला ती असभ्य कौरव कुल-कुटुम्ब र सम्पत्तिको मदले उन्मत भइरहेका थिए। अतः बलरामलाई त्यस्ता दुर्वचन भनेर ती नगरमा फर्किए ॥२९॥ कौरवहरूको त्यस्तो धृष्टता देखेर तथा तिनका अवाच्य सुनेर बलराम बेसरी हाँसेर भन्नलागे—त्यस वेला रिसले उनको आकृति यस्तो उग्र भएको थियो कि उनको मुखतिर हेर्न पनि सकिन्नथ्यो ॥ ३० ॥ उनले भने—'अनेक थरिका मदले उन्मत्त दुष्टजन अशान्ति खोज्दछन्। तिनलाई पशु झैं लट्ठीले शान्त पार्ने उपाय केवल लौरो नै हुनसक्तछ ॥३१॥ यिनैको कल्याणार्थ म रिसले चूर युद्धको निम्ति तत्पर यादवहरू र कृष्णलाई कुनै युक्तिले बुझाएर यहाँ आएँ ॥ ३२ ॥ तर यी मन्दमति तथा कलहप्रिय दुष्ट कौरव यस्ता अभिमानी भइरहेछन् कि मेरो तिरस्कार गरेर यिनले यस्तो कठोर भाषण दिए ! ॥३३॥ इन्द्रादि लोकपाल पनि जसको आज्ञा मान्दछन्—ती भोज, वृष्णि र अन्धकवंशी यादवहरूका अधिपति उग्रसेन

बन्धुश्रियोन्नद्धमदास्ते भरतर्षभ ॥ आश्राव्य रामं दुर्वाच्यमसभ्याः पुरमाविशन् ॥ २९ ॥ दृष्ट्वा कुरूणां दौःशील्यं श्रुत्वाऽवाच्यानि चाच्युतः ॥ अवो‐
चत्कोपसंरब्धो दुष्प्रेक्ष्यः प्रहसन्मुहुः ॥ ३० ॥ नूनं नानामदोन्नद्धाः शान्तिं नेच्छन्त्यसाधवः ॥ तेषां हि प्रशमो दण्डः पशूनां लगुडो यथा ॥३१॥
अहो यदून्सुसंरब्धान्कृष्णं च कुपितं शनैः ॥ सान्त्वयित्वाऽहमेतेषां शममिच्छन्निहागतः ॥ ३२ ॥ त इमे मन्दमतयः कलहाभिरताः खलाः ॥ तं
मामवज्ञाय मुहुर्दुर्भाषान्मानिनोऽब्रुवन् ॥३३॥ नोग्रसेनः किल विभुर्भोजवृष्ण्यन्धकेश्वरः ॥ शक्रादयो लोकपाला यस्यादेशानुवर्तिनः ॥३४॥ सुध‐
र्माऽऽक्रम्यते येन पारिजातोऽमराङ्घ्रिपः ॥ आनीय भुज्यते सोऽसौ न किलाध्यासनार्हणः ॥३५॥ यस्य पादयुगं साक्षाच्छ्रीरुपास्तेऽखिलेश्वरी ॥
स नार्हति किल श्रीशो नरदेवपरिच्छदान् ॥ ३६ ॥ यस्याङ्घ्रिपङ्कजरजोऽखिललोकपालैर्मौल्युत्तमैर्धृतमुपासिततीर्थतीर्थम् ॥ ब्रह्मा भवोऽहमपि यस्य
कलाः कलायाः श्रीश्चोद्वहेम चिरमस्य नृपासनं क्व ॥३७॥ भुञ्जते कुरुभिर्दत्तं भूखण्डं वृष्णयः किल ॥ उपानहः किल वयं स्वयं तु कुरवः शिरः ॥३८॥
अहो ऐश्वर्यमत्तानां मत्तानामिव मानिनाम् ॥ असम्बद्धा गिरो रूक्षाः कः सहेतानुशासिता ॥ ३९ ॥ अद्य निष्कौरवीं पृथ्वीं करिष्यामीत्यमर्षितः ॥

के यिनीहरूलाई आज्ञा दिने सामर्थ्य राख्दैनन् ? ॥ ३४ ॥ जो सुधर्मा सभामा जान्छन् र जो देवगणको पारिजात वृक्ष ल्याएर भोग्दैछन्, ती कृष्णलाई के मनुष्यको राज्यासनको अधिकार प्राप्त छैन ? ॥३५॥ जसका चरणको सेवा साक्षात् लक्ष्मी गर्दछिन्, ती लक्ष्मीपति कृष्ण छत्र-चामरादि राजचिह्नहरूका योग्य छैनन् ? ॥३६॥ समस्त सन्तहरू द्वारा सेवित गङ्गादि तीर्थलाई पनि पवित्र पार्ने जसको चरणरज सबै लोकपाल आफ्ना मुकुटमण्डित मस्तकमा धारण गर्दछन्—ब्रह्मा, शिव, म र लक्ष्मी जसको अंशबाट उत्पन्न भएर उनकै चरणरज शिरमा राख्दछौं, ती कृष्णको निम्ति यो तुच्छ सिंहासन के वस्तु हो र ? ॥३७॥ यादवहरू कौरवले दिएको राज्य भोग्छन्, यो कुरा ठीक हो र यो पनि उचित नै हो—हामी जुत्ता हौं र कौरव मस्तक हुन ॥३८॥ अहो ! मतवाला पुरुष झैं ऐश्वर्यमदले उन्मत्त एवं अभिमानी कौरवहरूका यी शुष्क र असम्बद्ध कुराहरू, इनको शासक भएर पनि कसले सहन सक्ला ? ॥ ३९ ॥ अतः आज म सम्पूर्ण पृथ्वी कौरव विहीन पारिदिन्छु ।' यति भनेर अहिल्यै त्रिलोक भस्म पार्छन् कि भन्ने भावले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमर्षयुक्त भएर बलराम हलो लिई जुरुक्क उठे ॥ ४० ॥ त्यो हलोको टुप्पाले हस्तिनापुरीलाई उखेलेर नष्ट पारिदिन उसलाई गङ्गाजीतिर बेसरी तान्नलागे ॥ ४१ ॥ तिनका हलोले तानिएर नगर डुङ्गा झैं चक्कर खाएर गङ्गामा पर्न आँटेको देखेर कौरव आत्तिए ॥४२॥ अनि लक्ष्मणा समेत साम्बलाई आफ्नू प्राण रक्षाका लागि ती आफ्ना परिवारसमेत विनीत भावले हात जोरेर बलरामको शरणमा आए ॥ ४३ ॥ अनि भन्नलागे—हे राम ! हे राम ! हे अखिल जगत्का आधार ! हामी हजुरको र हजुरका आराधनाको प्रभाव जान्दैनथ्यौं । हे प्रभो ! हामी मूढ र दुर्बुद्धिहरूको अपराध क्षमा गर्नोस् ॥ ४४ ॥ हजुर नै सम्पूर्ण जगत्का उत्पत्ति, स्थिति र प्रलयका कारण हुनुहुन्छ । हजुरको अरु कुनै पनि

गृहीत्वा हलमुत्तस्थौ दहन्निव जगत्त्रयम् ॥४०॥ लाङ्गलाग्रेण नगरमुद्विदार्य गजाह्वयम् ॥ विचकर्ष स गङ्गायां प्रहरिष्यन्नमर्षितः ॥ ४१ ॥ जलयानमिवाघूर्णं गङ्गायां नगरं पतत् ॥ आकृष्यमाणमालोक्य कौरवा जातसम्भ्रमाः ॥ ४२ ॥ तमेव शरणं जग्मुः सकुटुम्बा जिजीषवः ॥ सलक्ष्मणं पुरस्कृत्य साम्बं प्राञ्जलयः प्रभुम् ॥ ४३ ॥ राम रामाखिलाधार प्रभावं न विदाम ते ॥ मूढानां नः कुबुद्धीनां क्षन्तुमर्हस्यतिक्रमम् ॥ ४४ ॥ स्थित्युत्पत्त्यप्ययानां त्वमेको हेतुर्निराश्रयः ॥ लोकान्क्रीडनकानीश क्रीडतस्ते वदन्ति हि ॥ ४५ ॥ त्वमेव मूर्ध्नीदमनन्त लीलया भूमण्डलं बिभर्षि सहस्रमूर्धन् ॥ अन्ते च यः स्वात्मनि रुद्धविश्वः शेषेऽद्वितीयः परिशिष्यमाणः ॥ ४६ ॥ कोपस्तेऽखिलशिक्षार्थं न द्वेषान्न च मत्सरात् ॥ बिभ्रतो भगवन् यत्त्वं स्थितिपालनतत्परः ॥ ४७ ॥ नमस्ते सर्वभूतात्मन्सर्वशक्तिधराव्यय ॥ विश्वकर्मन्नमस्तेऽस्तु त्वां वयं शरणं गताः ॥ ४८ ॥ श्रीशुक उवाच ॥

आधार छैन ! हे ईश ! जब हजुर क्रीडा गर्नुहुन्छ, तब सम्पूर्ण लोक हजुरका खेलौना बन्दछन्—यस्तो मुनिजनको भनाई छ ॥ ४५ ॥ हे सहस्रमूर्धन् ! हे अनन्त ! जो समस्त भूमण्डललाई लीलाले आफ्नू मस्तकमा धारण गर्ने तथा प्रलयकालमा सम्पूर्ण जगत्लाई आफूमा लीन गरेर स्वयं बाँचिरहने, ती शेषशायी नारायण हजुर हुनुहुन्छ ॥४६॥ हे भगवन् ! हजुर जगत्को स्थिति, पालनमा तत्पर रहनुहुन्छ, त्यसैले शुद्ध सत्वलाई धारण गर्नुहुन्छ । हजुरको क्रोध सबै प्राणीलाई शिक्षा दिनको निम्ति नैं हुन्छ, द्वेष वा मत्सरको निम्ति होइन ॥४७॥ हे सर्वभूतात्मन् ! हे सर्वशक्तिधर ! हे विश्वकर्मन् ! हजुरलाई नमस्कार छ । हामी हजुरका शरणमा छौं॥४८॥ शुकदेव भन्नुहुन्छ—हे राजन् ! जसका घर हल्लिइरहेका थिए, जो

दृष्टान्त (आराधनाको बल) शङ्ख र लिखित यी दुवै ऋषि यौटा नदीको किनारमा सःसाना आश्रम बनाएर बस्तथे । एक दिन लिखित शङ्ख ऋषिको आश्रममा गए । त्यहाँ राम्रा फलले लटरम्भ वृक्ष देखेर फल टिप्दै खानलागे । उसै वेला शङ्ख आइपुगे र भने—यी फल कहाँबाट ल्यायौ ?' लिखितले भने—'तिम्रो नै वृक्षका फल हुन् । मलाई भोक लागेको हुनाले खाइरहेको छु ।' शङ्खले रिसाएर भने-'के म कहीं गएको थिएँ र मसित नसोधी टिपेर खान लाग्यौ ? तिमीले यो अपराध गर्‍यौ । अतः राजाकहाँ गएर यस पापको प्रायश्चित गर ।' त्यसै अनुसार लिखित राजाकहाँ गएर दण्ड मागे । राजाले भने—मुनिजी ! यदि म तिमीलाई दण्ड दिने योग्य छु भने क्षमा पनि गर्न सक्तछु । जाऊ, मैले क्षमा गरिदिएँ ।' तर लिखितले हठपूर्वक भने-'मलाई कठोर दण्ड दिनुहवस् जसले म फेरि कुनै अपराध नगरूँ । विवश भइर राजाले तिनको हात काट्न लगाए । अब ठुटो हात लिएर लिखित शंखकहाँ गए र हाँस्तै उनको सामुन्ने उभिए । त्यो देखेर शङ्ख प्रसन्न भएर दगुर्दै गएर लिखितलाई अंकमाल गरे । अनि शंखले भने—'अब नदीमा गएर सूर्य-तर्पण गरी देवताहरूको ध्यान गर, अनि पाप-मुक्त हुनेछौ ।' लिखितले त्यस्तै गरे र सूर्य नारायणलाई अर्घ्य दिनको निम्ति जलमा हात हाल्नासाथ उनको हात पहिले झैं भयो र ती कमल जस्तै सुशोभित हुन लागे ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

निकै आत्तिएर शरणमा आएका थिए, ती कौरवहरूले यसरी प्रार्थना गरेपछि बलराम प्रसन्न भएर 'नडराओ' भन्दै तिनीहरूलाई अभय पारे ॥ ४९ ॥ अनि कन्यावत्सल दुर्योधनले लक्ष्मणाको दाइजोमा साठी वर्ष पुगेका बाह्र सय हात्ती, दस हजार घोडा, सूर्य झैं तेजस्वी र सुवर्णमण्डित छ हजार रथ र घाँटीमा माला धारण गरेका एक हजार दासीहरू दिए ॥५०-५१॥ यादव श्रेष्ठ बलराम यी सबै सामग्री र साम्ब तथा पुत्रवधू लक्ष्मणालाई लिई बन्धु-बान्धव द्वारा सत्कृत भई द्वारका फर्किए ॥५२॥ उहाँ पुगेर बलराम आफ्ना अनुरक्त स्वजनसित भेटे र यादवहरूको सभामा आफूले गरेका कार्य वर्णन गरेर सुनाए ॥ ५३ ॥ आज पनि हस्तिनापुर बलरामको पराक्रम सूचित गर्दै दक्षिणतिर अग्लो र गंगातिर न्युरेको देखिन्छ ॥ ५४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायामष्टषष्ठितमोऽध्यायः ॥६०॥

(देवर्षि नारद द्वारा भगवान्‌को दिनचर्या हेर्नु) श्री शुकदेव भन्नुहुन्छ—हे राजन् ! नरकासुरको वध र एक्लै श्रीकृष्णको अनेकौं स्त्रीहरूसित विवाह भएको समचार

एवं प्रपन्नैः संविग्नैर्वेपमानायनैर्बलः ॥ प्रसादितः सुप्रसन्नो मा भैष्टेत्यभयं ददौ ॥ ४९ ॥ दुर्योधनः पारिबर्हं कुञ्जरान्षष्टिहायनान् ॥ ददौ च द्वादशशतान्ययुतानि तुरङ्गमान् ॥ ५० ॥ रथानां षट्सहस्राणि रौक्माणां सूर्यवर्चसाम् ॥ दासीनां निष्ककण्ठीनां सहस्रं दुहितृवत्सलः ॥५१॥ प्रतिगृह्य तु तत्सर्वं भगवान्सात्वतर्षभः ॥ ससुतः सस्नुषः प्रागात्सुहृद्भिरभिनन्दितः ॥ ५२ ॥ ततः प्रविष्टः स्वपुरं हलायुधः समेत्य बन्धूननुरक्तचेतसः ॥ शशंस सर्वं यदुपुङ्गवानां मध्ये सभाया कुरुषु स्वचेष्टितम् ॥ ५३ ॥ अद्यापि च पुरं ह्येतत्सूचयद्रामविक्रमम् ॥ समुन्नतं दक्षिणतो गङ्गायामनुदृश्यते ॥५४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे हस्तिनापुरकर्षणरूपसङ्कर्षणविजयो नामाष्टषष्टितमोऽध्यायः ॥ ६८ ॥

शुक उवाच ॥ नरकं निहतं श्रुत्वा तथोद्वाहं च योषिताम् ॥ कृष्णनैकेन बह्वीनां तद्दिदृक्षुः स्म नारदः ॥ १ ॥ चित्रं बतैतदेकेन वपुषा युगपत्पृथक् ॥ गृहेषु द्व्यष्टसाहस्रं स्त्रिय एक उदावहत् ॥ २ ॥ इत्युत्सुको द्वारवतीं देवर्षिर्द्रष्टुमागमत् ॥ पुष्पितोपवनारामद्विजालिकुलनादिताम् ॥३॥ उत्फुल्लेन्दीवराम्भोजकह्लारकुमुदोत्पलैः ॥ छुरितेषु सरःसूच्चैः कूजितां हंससारसैः ॥४॥ प्रासादलक्षैर्नवभिर्जुष्टां स्फाटिकराजतैः ॥ महामरकतप्रख्यैः स्वर्णरत्नपरिच्छदैः ॥५॥ विभक्तरथ्यापथचत्वरापणैः शालासभाभी रुचिरां सुरालयैः ॥ संसिक्तमार्गाङ्गणवीथिदेहलीं पतत्पताकाध्वजवारितातपाम्

सुनेर नारदलाई भगवान्‌को दिनचर्या हेर्न मनलाग्यो ॥ १ ॥ उनले विचार गरे—'यो निकै विचित्र कुरा छ कि आफू एक्लो शरीरले पृथक्-पृथक् एक साथ सोह्र हजार स्त्रीहरूसित विवाह गरिसकेका छन्' ॥ २ ॥ यसरी कृष्णलीला हेर्नको निम्ति अति उत्सुक भएर देवर्षि नारद राम्रा बगैंचा र फल-फूलहरूले सुशोभित एवं पक्षीहरू र भ्रमरगणको स्वरले गुञ्जायमान द्वारकापुरीमा आए ॥३॥ त्यो द्वारकापुरी फक्रेका इन्दीवर, अम्भोज, कह्लार, कुमुद र उत्पलहरूले भरिएका सरोवरमा हंसा-सारसादि जलपक्षीले कूजित भइरहेथ्यो ॥४ । सुवर्ण र रत्नमय वस्तुले पूर्ण, मरकतमणि झैं उज्ज्वल त्यो पुरी स्फटिक र चाँदीका नौ लाख राजमन्दिरले सुशोभित भइरहेकोथियो ॥ ५ ॥ भिन्न-भिन्न गल्ली, बाटो, चौबाटो, हाट, शाला, सभा र देवालयहरूले सान्है राम्रो लागिरहेथ्यो । त्यसका सबै मार्ग र घर-अगाडि पानी छर्किएको थियो । फर्फराइरहेका राम्रा ध्वजा, पताकाहरू त्यहाँ आतप (घाम) को

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निवारण गर्दथे ॥६॥ त्यही द्वारकापुरीमा श्रीकृष्ण र उनका पत्नीहरूको सोन्ह हजार महलहरूले सुशोभित र लोकपाल हरूले पूजित, श्रीसम्पन्न अन्तःपुर थिए । जसको निर्माणमा विश्वकर्माले आफ्नू सबै शिल्प-चातुर्य खर्च गरेका थिए। तीमध्ये योँटा विशाल भवनमा नारदजी पुगे ॥ ७ ॥८ ॥ त्यो महलका खाँबा वैदूर्यले बनेका उत्तम चौखट, इन्द्रनील मणिका भित्ता–जसको कान्ति कहिल्यै मलीन हुँदैनथ्नो, त्यस्तो इन्द्रनीलमणिमयी भूमिले शोभित भइरहेको थियो ॥ ९ ॥ विश्वकर्मा द्वारा निर्मित मोतीहरूका झालर उनेका चँदुवा तथा उत्तम मणिजडित हात्ती-दाँतका आसन र पलंगहरूले ती भवन राम्ररी सुसज्जित थिए ॥१०॥ राम्रा लुगा र घाँटीमा हार लगाएका अनेक दासी र मरकत मणिमय कुण्डल र जामा-पगरीले शोभित परिचारकगण आफ्नू सौन्दर्यले अझ शोभा बढाइरहेका थिए ॥११॥ रत्ननिर्मित झलमल बत्तीको उज्यालोले गर्दा कतै पनि अन्धकार देखिँदैनथ्यो । त्यसका बुर्जामा बसेका मयूर, आँखीझ्यालबाट निस्कने धूपको धुवाँ देखेर मेघ बनी बेसरी के कारण गरेर नाचिरहेका थिए ॥ १२ ॥ त्यस भव्य भवनमा श्रीनारद मुनिले यदुनाथ कृष्णलाई आफ्नी

॥ ६ ॥ तस्यामन्तःपुरं श्रीमदर्चितं सर्वधिष्ण्यपैः ॥ हरेः स्वकौशलं यत्र त्वष्ट्रा कार्त्स्न्येन दर्शितम् ॥ ७ ॥ तत्र षोढशभिः सद्मसहस्रैः समलंकृतम् ॥ विवेशैकतमं शौरेः पत्नीनां भवनं महत् ॥८॥ विष्टब्धं विद्रुमस्तम्भै वैंदूर्यफलकोत्तमैः ॥ इन्द्रनीलमयैः कुडब्यैर्जगत्या चाहतत्विषा ॥ ६ ॥ वितानैर्निर्मितैस्त्वष्ट्रा मुक्तादामविलम्बिभिः ॥ दान्तैरासनपर्यङ्कैर्मण्युत्तमपरिष्कृतैः ॥ १० ॥ दासीभिर्निष्ककण्ठीभिः सुवासोभिरलंकृतम् ॥ पुम्भिः सकञ्चुकोष्णीषसुवस्त्रमणिकुण्डलैः ॥ ११ ॥ रत्नप्रदीपनिकरद्युतिभिर्निरस्तध्वान्तं विचित्रवलभीषु शिखण्डिनोऽङ्ग ॥ नृत्यन्ति यत्र विहितागुरुधूपमक्षनिर्यान्तमीक्ष्य घनबुद्धय उन्नदन्तः ॥ १२ ॥ तस्मिन्समानगुणरूपवयः सुवेषदासीसहस्रयुतयाऽनुगवं गृहिण्या ॥ विप्रो ददर्श चमरव्यजनेन रुक्मदण्डेन सात्वतपतिं परिवीजयन्त्या ॥ १३ ॥ तं सन्निरीक्ष्य भगवान्सहसोत्थितः श्रीपर्यङ्कतः सकलधर्मभृतां वरिष्ठः ॥ आनम्य पादयुगलं शिरसा किरीटजुष्टेन साञ्जलिरवीविशदासने स्वे ॥ १४ ॥ तस्यावनिज्य चरणौ तदपः स्वमूर्ध्ना बिभ्रज्जगद्गुरुपरोऽपि सतां पतिर्हि ॥ ब्रह्मण्यदेव इति यद्गुणनाम युक्तं तस्यैव यच्चरणशौचमशेषतीर्थम् ॥ १५ ॥ सम्पूज्य देवऋषिवर्यमृषिः पुराणो नारायणो नरसखो विधिनोदितेन ॥ वाण्याऽभिभाष्य मितयाऽमृतमिष्टया तं प्राह प्रभो भगवते करवामहे किम् ॥ १६ ॥ नारद उवाच ॥ नैवाद्भुतं त्वयि विभोऽखिललोकनाथे मैत्रीं जनेषु

गृहिणी रुक्मिणीसित बसेका देखे । आफ्नै समानरूप, गुण, अवस्था र वेष हुने दस हजार दासीहरूले घेरिएर रुक्मिणी बसेकी थिइन् । तैपनि सुनको डाँठ हुने चमर हम्केर निरन्तर भगवान्को सेवा स्वयं गर्दथिन् ॥ १३ ॥ नारदलाई देख्नासाथ धार्मिकहरूमा श्रेष्ठ भगवान् श्रीकृष्णचन्द्र सहर्ष रुक्मिणीको पलंगबाट उठेर ठिङ्ग उभिए र मुनिका चरणमा आफ्नू मुकुट विमण्डित मस्तक न्यूराई प्रणाम गरेर मुनिलाई आफ्नू आसनमा बसाले ॥ १४ ॥ जसको चरणोदकस्वरूपा (गङ्गा) भागीरथी सबैलाई पवित्र पार्दछिन्, जो स्वयं जगत्का गुरु र सत्यपुरुषका स्वामी छन्, ती श्रीहरिले नारदका पाउ पखालेर त्यो जल शिरमा लगाए । उनको 'ब्रह्मण्यदेव' नाम तिनै गुणको अनुरूप र उचित नै थियो ॥१५॥ यस प्रकार नरका सखा आदिऋषि नारायणले देवर्षि श्रेष्ठ नारदको विधिवत् पूजा गरेर अमृत समान मधुर र स्वल्पवाणीमा सम्भाषण गर्दै भन्नुभयो–हे प्रभो ! हे मुने ! भन्नुहवस्, म हजुरको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

ा द.उ. के सेवा गरौं ?' ॥१६॥ नारदजी भन्दछन्—हे विभो ! हजुर सबै लोकका स्वामी हुनुहुन्छ । हजुरले भक्तका प्रति मैत्री र दुष्टका प्रति दमन–यी दुवै गुण हजुरमै छन् । यो कुनै छक्क पर्ने कुरा होइन । हे महायशस्विन् ! म राम्ररी जान्दछु–हजुर जगत्‌को स्थिति र रक्षा गरेर उसको कल्याण गर्नको निम्ति नै स्वेच्छाले यहाँ यसरी अवतरित हुनुभएको छ ॥ १७ ॥ जो संसारमा मोक्ष दिने, अगाधबोध, ब्रह्मादि देवता द्वारा हृदयमा चिन्तनीय र संसारकूपमा गडेका व्यक्तिलाई बाहिर झिकिदिने एकमात्र अवलम्बन हुनुहुन्छ, त्यस्ता हजुरको चरणका आज मलाई दर्शन प्राप्त भयो । अब हजुर यस्तो कृपा गर्नुहवस्–जसले म हजुरका चरण-युगलको ध्यान गर्दै डुलिरहूँ र सदा मलाई त्यसको स्मझना भइरहोस् ॥१८॥ हे तात ! अनि योगेश्वरका ईश्वर भगवान् कृष्णको योगमायालाई हेर्न नारदजो उनकी अन्य पत्नीको महलमा पुगे ॥१९॥ त्यहाँ भगवान् आफ्नी प्रिया र उद्धवसित बसेर पाशा खेलिरहेका थिए । त्यहाँ पनि प्रत्युत्थान र आसनादिद्वारा नारदजीको सत्कार भयो ॥२०॥ अनि नजाने जस्तै भगवान्‌ले सोध्नु भयो—'भन्नुहवस्, हजुर कहिले पाल्नुभयो ? हजुर जस्ता आप्तकाम

।१४०। सकलेषु दमः खलानाम् ॥ निःश्रेयसाय हिं जगत्स्थितिरिक्षणाभ्यां स्वैरावतार उरुगाय विदाम सुष्ठु ॥ १७ ॥ दृष्टं तवाङ्घ्रियुगलं जनतापवर्गं ब्रह्मादिभिर्हृदि विचिन्त्यमगाधबोधैः ॥ संसारकूपपतितोत्तरणावलम्बं ध्यायंश्चराम्यनुगृहाण यथा स्मृतिः स्यात् ॥ १८ ॥ ततोऽन्यदाविशद्गेहं कृष्णपत्न्याः स नारद ॥ योगेश्वरेश्वरस्याङ्ग योगमायाविवित्सया ॥ १९ ॥ दीव्यन्तमक्षैस्तत्रापि प्रियया चोद्धवेन च ॥ पूजितः परया भक्त्या प्रत्युत्थानासनादिभिः ॥ २० ॥ पृष्टश्चाविदुषेवासो कदाऽऽयातो भवानिति ॥ क्रियते किं नुपूर्णानामपूर्णैरस्मदादिभिः ॥ २१ ॥ अथापि ब्रूहि नो ब्रह्मञ्जन्मैतच्छोभनं कुरु ॥ स तु विस्मित उत्थाय तूष्णीमयन्दगाद् गृहम् ॥ २२ ॥ तत्राप्याचष्ट गोविन्दं लालयन्तं सुतान्छिशून् ॥ ततोऽन्यस्मि-न्गृहेऽपश्यन्मज्जनाय कृतोद्यमम् ॥ २३ ॥ जुह्वन्तं च वितानाग्नीन्यजन्तं पञ्चभिर्मखैः ॥ भोजयन्तं द्विजान्क्वापि भुञ्जानमवशेषितम् ॥ २४ ॥ क्वापि सन्ध्यामुपासीनं जपन्तं ब्रह्म वाग्यतम् ॥ एकत्र चासिचर्मभ्यां चरन्तमसिवर्मसु ॥ २५ ॥ अश्वैर्गजे रथैः क्वापि विचरन्तं गदाग्रजम् ॥ क्वचिच्छयानं पर्यंके स्तूयमानं च वन्दिभिः ॥ २६ ॥ मन्त्रयन्तं च कस्मिश्चिन्मन्त्रिभिश्चोद्धवादिभिः ॥ जलक्रीडारतं क्वापि वारमुख्यबलावृतम् ॥ २७ ॥ कुत्रचिद्द्विजमुख्येभ्यो ददतं गाः स्वलंकृताः ॥ इतिहासपुराणानि शृण्वन्तं मङ्गलानि च ॥ २८ ॥ हसन्तं हास्यकथया कदाचित्प्रियया गृहे ॥

मुनिको हामी सकाम जन के सेवा गर्न सक्तछौं ? ॥ २१ ॥ तैपनि मलाई कुनै सेवाको आज्ञा दिएर मेरोजन्म सफल तुल्याउनोस् ।' यति सुनेर नारद छक्क पारेर चुपचाप अर्को महलमा हेर्न गए ॥२२॥ त्यहाँ उनले श्रीकृष्णलाई आफ्ना स-साना बालकलाई खेलाउन लागेका देखे । त्यहाँबाट नारद अर्को प्रसादमा पुग्दा भगवान्‌लाई स्नानको तयारी गर्नलागेका देखे ॥२३॥ यसै गरी कहीं यज्ञाग्निमा हवन गर्नलागेका, कहीं पञ्चमहायज्ञ द्वारा देवताको आराधना गर्दै, कहीं ब्राह्मण-भोजन गराउँदै, कहीं यज्ञ अवशिष्ट खात लागेका र कहीं सन्ध्योपासन गरेका, कहीं मौन भएर गायत्री जपेका, कहीं ढाल तरवार लिएर त्यसलाई चलाऊने रीति देखाइरहेका, कहीं हात्ती, घोडा, रथमा डुलिरहेका, कहो वन्दीजन द्वारा स्तूयमान भएका, कही पलँगमा शयन गरेका, कही उद्धवादि मन्त्रीहरूसित सल्लाह गरेका, कहीं स्त्रीहरूसित जलक्रीडा गरेका, कही श्रेष्ठ ब्राह्मणलाई सज्जित गाई दान दिइरहेका र

भा. टी. अ. ६ ।१४

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहीं इतिहास-पुराण र स्वस्तिवाचनादि सुनिरहेका देखे ॥ २७।२८ ॥ नारदले कहीं देखे–भगवान् आफ्नी प्रियासित ठट्टा गरेर हाँसिरहेका छन् । कहीं सद्धर्मको पालन गरिरहेका छन् । कहीं काम र अर्थको संचय गर्दैछन् ॥२९॥ कहीं नारदजीले देखे—भगवान् कृष्ण एकान्तमा बसेर आफ्नै स्वरूप तथा प्रकृतिसित अतीत पुराण-पुरुषको ध्यान गरिहेछन् र कहीं विचित्र प्रकारका इच्छित पदार्थ तथा भोग-सामग्री अर्पण गरेर गुरुजनको सेवा गरिरहेका छन् ॥ ३० ॥ त्यसै गरी कहीं कसैसित विग्रह र कसैसित सन्धि गरिहेका, कहीं बलरामसित सत्पुरुषका कल्याणको विषयमा सल्लाह गरेका, कहीं बेलामा छोरा र छोरीहरूको उनकै सदृश कन्या र वरसित धूमधामले विधिवत् विवाह गराइरहेका र कहीं छोरी विदा गर्न लोगका तथा अन्यत्रबाट डाक्ने र बालकहरूको जन्म-दिन मनाउने महोत्सव गरिरहेका देखे । योगेश्वरका पनि ईश्वर भगवान्का ती विचित्र महोत्सवहरू देखेर सबै जना छक्क परिरहेका थिए ॥३१-३३ नारदजीले देखे–कहीं भगवान् ठूला-ठूला यज्ञ गरेर देवताहरूको पूजा गरिरहेछन्, कहीं कूप, बगैचा र धर्मशाला आदि बनाउन लगाई पूर्त-कर्मको पालन गर्दैछन्, कहीं

क्वापि धर्मं सेवमानमर्थकामौ च कुत्रचित् ॥ २९ ॥ ध्यायन्तमेकमासीनं पुरुषं प्रकृतेः परम् ॥ शुश्रूषन्तं गुरून्क्वापि कामैर्भोगैः सपर्यया ॥ ३० ॥ कुर्वन्तं विग्रहं कैश्चित्सन्धिं चान्यत्र केशवम् ॥ कुत्रापि सह रामेण चिन्तयन्तं सतां शिवम् ॥ ३१ ॥ पुत्राणां दुहितॄणां च काले विध्युपयापनम् ॥ दारैर्वरैस्तत्सदृशैः कल्पयन्तं विभूतिभिः ॥ ३२ ॥ प्रस्थापनोपानयनैरपत्यानां महोत्सवान् ॥ वीक्ष्य योगेश्वरेशस्य येषां लोका विसिस्मिरे ॥ ३३ ॥ यजन्तं सकलान्देवान्क्वापि क्रतुभिरूर्जितैः ॥ पूर्तयन्तं क्वचिद्धर्मं कूपाराममठादिभिः ॥ ३४ ॥ चरन्तं मृगयां क्वापि हयमारुह्य सैन्धवम् ॥ घ्नन्तं ततः पशून्मेध्यान्परीतं यदुपुङ्गवैः ॥ ३५ ॥ अव्यक्तलिङ्गं प्रकृतिष्वन्तः पुरगृहादिषु ॥ क्वचिच्चरन्तं योगेशं तत्तद्भावबुभुत्सया ॥ ३६ ॥ अथोवाच हृषीकेशं नारदः प्रहसन्निव ॥ योगमायोदयं वीक्ष्य मानुषीमीयुषो गतिम् ॥ ३७ ॥ विदाम योगमायास्ते दुर्दर्शा अपि मायिनाम् ॥ योगेश्वरात्मन्निर्भाता भवत्पादनिषेवया ॥ ३८ ॥ अनुजानीहि मां देव लोकांस्ते यशसाप्लुतान् ॥ पर्यटामि तवोद्गायँल्लीलां भुवनपावनीम् ॥३९॥ श्रीभगवानुवाच ॥ ब्रह्मन्धर्मस्य वक्ताऽहं कर्ता तदनुमोदिता ॥ तच्छिक्षयँल्लोकमिमास्थितः पुत्र मा खिदः ॥ ४० ॥ श्रीशुक उवाच ॥ इत्याचरन्तं सद्धर्मान्पावनान्गृहमेधिनाम् ॥ तमेव सर्वगेहेषु सन्तमेकं ददर्श ह ॥ ४१ ॥ कृष्णस्यानन्तवीर्यस्य योगमायामहोदयम् ॥ मुहुर्दृष्ट्वा ऋषिरभूद्विस्मितो

सिन्धुदेशको घोडामा चढेर अन्य यादवहरूसित यज्ञको निम्ति शिकार गर्दैछन् र कहीं प्रजा तथा अन्तःपुरका निवासीहरूको मनोभाव जान्नका लागि योगेश्वर कृष्णचन्द्र रूप साटेर घुमिरहेका छन् । यसरी मानवी लीला गर्दै भगवान हृषीकेशकी योगमायाको ऐश्वर्य देखेर नारदजीले हाँस्तै भगवान्सित भने ॥३४-३७॥ 'हे योगेश्वर ! हे परमात्मन् ! म जान्दछु—ब्रह्मादिक मायावीहरूलाई पनि हजुरकी योगमाया देखिनु कठिन छ र हजुरका चरण-शरणले नै ती माया मलाई भासित भइन् ॥ ३८ ॥ हे देव ! हजुर मलाई यस्तो सामर्थ्य दिनोस्—जसले म हजुरको सुयशपूर्ण लोकहरूमा त्रिभुवनपावनी लीला-गान गर्दै विचरण गर्नसकूँ ॥ ३९ ॥ भगवान् भन्नुहुन्छ–हे ब्रह्मन् ! हे मुने ! म धर्मको वक्ता कर्ता र अनुमोदन गर्ने हुँ । संसारलाई धर्ममार्गको शिक्षा दिनका लागि नै म यस्तो आचरण गर्दछु । अतः हे वत्स ! तिमी मेरो योगमायालाई देखेर मनमा खिन्न नहोऊ ॥ ४० ॥ श्रीशुकदेवजी भन्दछन्—

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDI - Delhi

हे राजन् ! यसरी नारदजीले सबै घरमा यौटै श्रीकृष्णलाई गृहस्थका परमपवित्र धर्महरूको पालन गरिरहेका देखे ॥ ४१ ॥ बारम्बार अनन्तवीर्य भगवान् कृष्णकी योगमायाको वैभव देखेँर देवर्षिलाई कुतूहल र विस्मय दुबै भयो ॥ ४२ ॥ यसरी अर्थ, धर्म र काममा जसको अत्यन्त श्रद्धा थियो, ती श्रीकृष्णचन्द्र द्वारा सम्मानित भएर देवर्षि नारद प्रसन्न चित्तले उनैको स्मरण गर्दै हिंडे ॥ ४३ ॥ यस प्रकार जुन भगवान्ले सम्पूर्ण संसारको उत्कर्षका लागि नै आफ्नी माया शक्तिलाई स्वीकार गरेका थिए, ती नाराण भगवान् मानवी लीलाको अनुसरण गर्दै सोह्र हजार सुन्दरीहरूको लज्जायुक्त प्रणय कटाक्ष र मन्द हास्यले सत्कृत हुँदै उनीहरूसित रमण गर्दथे॥ ४४ ॥ विश्वको उत्पत्ति, स्थिति तथा लयका एकमात्र कारण श्रीहरिले, अन्य कसैले पनि नगर्न सकिने योग्य जे-जे कर्म गरेका थिए, हे प्रिय ! त्यो जो प्राणी गाउँछन्, सुन्दछन् वा अनुमोदन गर्दछन्, तिनको मोक्षदाता भगवान्मा अटल भक्ति हुन्छ ॥४५॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे 'वासिष्ठी' भाषाटीकायामेकोनसप्ततितमोऽध्यायः ॥ ६९ ॥

जातकौतुकः ॥ ४२ ॥ इत्यर्थकामधर्मेषु कृष्णेन श्रद्धितात्मना ॥ सम्यक् सभाजितः प्रीतस्तमेवानुस्मरन्ययौ ॥ ४३ ॥ एवं मनुष्यपदपदवीमनुवर्तमानो नारायणोऽखिलभवाय गृहीतशक्तिः ॥ रेमेऽङ्ग षोडशसहस्रवराङ्गनानां सव्रीडसौहृदनिरीक्षणहासजुष्टः ॥ ४४ ॥ यानीह विश्वविलयोद्भववृत्तिहेतुः कर्माण्यनन्यविषयाणि हरिश्चकार ॥ यस्त्वङ्ग गायति शृणोत्यनुमोदते वा भक्तिर्भवेद्भगवति ह्यपवर्गमार्गे ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे कृष्णगार्हस्थ्यदर्शनं नामैकोनसप्ततितमोऽध्यायः ॥ ६९ ॥

श्रीशुक उवाच ॥ अथोषस्युपवृत्तायां कुक्कुटान्कूजतोऽशपन् ॥ गृहीतकण्ठ्यः पतिभिर्माधव्यो विरहातुराः ॥ १ ॥ वयांस्यरूरुवन्कृष्णं बोधयन्तीव वन्दिनः ॥ गायत्स्वलिष्वनिद्राणि मन्दारवनवायुभिः ॥२॥ मुहूर्तं तं तु वैदर्भी नामृष्यदतिशोभनम् ॥ परिरम्भणविश्लेषात्प्रियबाह्वन्तरं गता ॥३॥ब्राह्मे मुहूर्त उत्थाय वार्युपस्पृश्य माधवः ॥ दध्यौ प्रसन्नकरण आत्मानं तमसः परम् ॥४॥ एकं स्वयंज्योतिरनन्यमव्ययं स्वसंस्थया नित्यनिरस्तकल्मषम् ॥ ब्रह्माख्यमस्योद्भवनाशहेतुभिः स्वशक्तिभिर्लक्षितभावनिर्वृतिम् ॥५॥ अथाप्लुतोऽम्भस्यमले यथाविधि क्रियाकलापं परिधाय वाससी ॥ चकार सन्ध्योपगमादि सत्तमो हुतानलो ब्रह्म जजाप वाग्यतः ॥६॥ उपस्थायार्कमुद्यन्तं तर्पयित्वात्मनः कलाः ॥ देवानृषीन्पितॄन्वृद्धान्विप्रानभ्यर्च्य चात्मवान् ॥ ७ ॥ धेनूनां

(श्रीकृष्ण भगवान्को दैनिक दिनचर्या र उनोकहाँ जरासन्धका कैदी राजाहरूको दूत आउनु) श्रीशुकदेव भन्दछन्–हे राजन् ! एकपल्ट उषाकालमा जब कुखुरा कराउन लागे, तब भगवान् द्वारा आलिङ्गित उनका भामिनीहरू प्रियवियोगको आशंकाले व्याकुल भए र ती कुखुराहरूलाई जाती-नजाती मनपरी भन्नलागे । उता उपवनको वायुले आकर्षित भई गुञ्जन गर्ने भ्रमरको शब्दले जागेका पक्षी सूत र मागध झैं श्रीकृष्णलाई जागा गराउँदै चिरबिराउन लागे॥ १-२ ॥ तर आफ्ना प्रियतमका बाहुमा बाँधिएर सुतिरहेकी रुक्मिणी प्रमुको आलिङ्गनबाट छुट्टिने भयले त्यो मनोहर समय पनि रुचाइनन् ॥३॥ श्रीकृष्ण ब्राह्म मुहूर्तमा उठेर हात-मुख धोई स्वस्थेन्द्रिय भई आफ्नो मायातीत, अखण्ड, स्वयंप्रकाश, अद्वितीय एवं अविनाशी स्वरूपले नित्य, निर्मल र जगत्को उत्पत्ति, नाशादिको हेतुभूता आफ्नी शक्तिहरूले लक्षित हुने सदानन्दस्वरूप ब्रह्मनामक आत्म चिन्तन गर्नलागे ॥४-५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि स्वच्छ जलले स्नान गरी वस्त्र पहिरेर सत्पुरुषमा श्रेष्ठ श्रीकृष्णले विधिवत् सन्ध्योपासनादि कर्म गरेर मौनभावले गायत्रीको जप गर्नलागे। अनि उदाउन लागेका सूर्यलाई नमस्कार गरेर महामनस्वी भगवान् कृष्णले आफ्नै अंशस्वरूप देवता, ऋषि र पितृहरूको तर्पण गरेर वृद्धजन र ब्राह्मणहरू सहित सूर्यनारायणको पूजा गरे ॥ ६-७ ॥ वस्त्राभूषणले सुसज्जित ब्राह्मणहरूलाई रेशमी लुगा, मृगचर्म तथा तिल सहित सुधी (नहान्ने) दूध दिने, पहिलो बेतको र बाछोसहित भएकी गाईहरू दान गरेर दिए। तिनका सींग सुवर्ण र खुर चाँदीले मोरिएका थिए। तिनका घाँटीमा मोतिका माला थिए र ती राम्रा वस्त्र अर्थात् झूलले विभूषित थिए। यस प्रकार उनले प्रतिदिन एक-एक बद्ध अर्थात् तेह्र हजार चौरासी गाईहरू दान गरेर दिए ॥ ८-९ ॥ फेरि आफ्नी विभूतिस्वरूप गाई, ब्राह्मण, देवता, वृद्ध तथा गुरु सबै प्राणीहरूलाई प्रणाम गरेर माङ्गलिक वस्तुहरूको स्पर्श गरे ॥१०॥ अनि आफ्नो नरलोकभूषण देहलाई पीताम्बरादि वस्त्राभूषण तथा दिव्य माला र चन्दनादिले विभूषित गरे ॥११॥ अनि उनले घिउमा प्रतिबिम्ब हेरेर गाई, गोरू, ब्राह्मण र देवताहरूको दर्शन गरे

रुक्मशृङ्गीणां साध्वीनां मौक्तिकस्रजाम् ॥ पयस्विनीनां गृष्टीनां सवत्सानां सुवाससाम् ॥ ८ ॥ ददौ रूप्यखुराग्राणां क्षौमाजिनतिलैः सह ॥ अलंकृतेभ्यो विप्रेभ्यो बद्धं बद्धं दिने दिने ॥९॥ गोविप्रदेवतावृद्धगुरून्भूतानिसर्वशः ॥ नमस्कृत्यात्मसम्भूतीर्मङ्गलानि समस्पृशत् ॥१०॥ आत्मानं भूषयामास नर-लोकविभूषणम् ॥ वासोभिर्भूषणैः स्वीयैर्दिव्यस्रगनुलेपनैः ॥११॥ आवेक्ष्याज्यं तथादर्शं गोवृषद्विजदेवताः ॥ कामांश्च सर्ववर्णानां पौरान्तःपुरचारि-णाम् ॥ प्रदाप्य प्रकृतीः कामैः प्रतोष्य प्रत्यनन्दत ॥ १२ ॥ संविभज्याग्रतो विप्रान्स्रक्ताम्बूलानुलेपनैः ॥ सुहृदः प्रकृतीर्दारानुपायुङ्क्त ततः स्वयम् ॥ १३ ॥ तावत्सूत उपानीय स्यन्दनं परमाद्भुतम् ॥ सुग्रीवाद्यैर्हयैर्युक्तं प्रणम्यावस्थितोऽग्रतः ॥१४॥ गृहीत्वा पाणिना पाणी सारथेस्तमथारुहत् ॥ सात्यक्युद्धवसंयुक्तः पूर्वाद्रिमिव भास्करः ॥ १५ ॥ ईक्षितोऽन्तःपुरस्त्रीणां सव्रीडप्रेमवीक्षितैः ॥ कृच्छ्राद्विसृष्टो निरगाज्जातहासो हरन्मनः ॥ १६ ॥ सुधर्माख्यां सभां सर्वैर्वृष्णिभिः परिवारितः ॥ प्राविशद्यन्निविष्टानां न सन्त्यङ्ग षडूर्मयः ॥ १७ ॥ तत्रोपविष्टः परमासने विभुर्बभौ स्वभासा ककुभोऽव-भासयन् ॥ वृतो नृसिंहैर्यदुभिर्यदूत्तमो यथोडुराजो दिवि तारकागणैः ॥ १८ ॥ तत्रोपमन्त्रिणो राजन्नानाहास्यरसैर्विभुम् ॥ उपतस्थुर्नटाचार्या नर्त-

अनि नगर तथा अन्तःपुरमा बस्ने सबै वर्ण र मन्त्रीहरूलाई उनको इच्छित पदार्थहरूले सन्तुष्ट पारेर आनन्द प्राप्त गरे र ॥१२॥ अनि माला, पान र चन्दनादि भोग-सामग्रीहरू पहिले ब्राह्मण, सुहृद्, मन्त्री र स्त्रीहरूलाई बाँडेर पछि स्वयं तिनको उपयोग गरे ॥१३॥ त्यति हुँदाहुँदै दारुक नामको सुग्रीवादि अश्वयुक्त भगवानको अति अद्भुत रथ लिएर आयो र प्रभु-लाई प्रणाम गरेर उनको सामुन्ने ठिङ्ग उभिइरह्यो ॥१४॥ त्यो रथ आइपुगेको देखी भगवान् सारथीको हातमा हात हालेर सात्यकी तथा उद्धव सहित उदयाचलमा उदीयमान सूर्यदेव समान त्यस रथमा बस्नुभयो ॥१५॥ आफ्ना अन्तःपुरका स्त्रीहरू द्वारा सलज्ज प्रणय-कटाक्षले हेरिन्दै केही हाँसो आइदिनाले गर्दा मानो उनको चित्त चोरेर उनीसित कष्टपूर्वक विदा भएर राजसभा जानुभयो ॥१६॥ हे तात ! अनि समस्त यादवहरूले घेरिएका भगवान् कृष्ण सुधर्मा सभामा प्रविष्ट हुनुभयो। जसमा प्रवेश गर्नेहरूलाई छ उर्मिहरू अर्थात् प्यास, शोक, मोह, जरा र मृत्युले कष्ट दिँदैनन् ॥ १७ ॥ सुधर्मा सभामा अन्यान्य यदुवंशी नर-वीरहरूद्वारा घेरिएर उत्तम राजसिंहासनमा आसीन यदुश्रेष्ठ भगवान् कृष्णचन्द्र आफ्नू कान्तिले दसै

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

दिशाहरू आलोकित पार्दै यस्ता राम्रा देखिए जस्तै आकाशमा नक्षत्रहरूका माझमा चन्द्रमा शोभित हुन्छन् ॥१८॥ त्यस सभामा हास्य-कुशल उपमन्त्रीगण त्रिविध प्रकारका हास्य-
द.उ. र सपूर्ण कुराले भगवान् कृष्णको मनोरंजन गर्नलागे । नटाचार्य नर्तकगण मृदङ्ग, वीणा, मुरज र बाँसुरीको लय तथा शङ्खध्वनिको अनुसार नाच-गान गर्नलागे । सूत, मागध तथा भा.गी.
बन्दीजन उनको स्तुति गर्नलागे ॥ १९॥२० ॥ त्यहाँ उपस्थित केही वेदवादी तथा ब्राह्मण वेदहरूको व्याख्या गर्दै पूर्वकालीन पवित्र कीर्ति भएका राजाहरूको सम्पूर्ण वृत्तान्त
४२। सुनाउन लागे ॥ २१ ॥ हे राजन् ! त्यसै वेला त्यहाँ यौटा यस्तो व्यक्ति आयो, जसलाई पहिले कसैले पनि देखे सुनेका वा चिनेको थिएन । भगवानलाई त्यो आएको सूचना अ ७०
दिइयो र उनको आज्ञाले द्वारपालले उसलाई त्यस सभामा ल्याएर उपस्थित गरायो ॥ २२-२३ ॥ सुधर्मा सभामा पुगेपछि उसले परमेश्वर भगवान् श्रीकृष्णलाई दुवै हात जोरेर
प्रणाम गन्यो र उसले जरासन्धको बन्दीगृहमा परेका राजाहरूको कष्ट सुनायो । जरासन्धको दिग्विजय प्रसङ्गमा जसले उसको साम्नु टाउको न्यूराएनथ्यो, ती बीस हजार

क्यस्ताण्डवैः पृथक् ॥ १९ ॥ मृदङ्गवीणामुरजवेणुतालदरस्वनैः ॥ ननृतुर्जगुस्तुष्टुवुश्च सूतमागधवन्दिनः ॥ २० ॥ तत्राहुर्ब्राह्मणाः केचिदासीना ब्रह्मवादिनः ॥ पूर्वेषां पुण्ययशसां राज्ञां चाकथयन्कथाः ॥ २१ ॥ तत्रैकः पुरुषो राजन्नागतोऽपूर्वदर्शनः ॥ विज्ञापितो भगवते प्रतीहारैः प्रवेशितः ॥२२॥ स नमस्कृत्य कृष्णाय परेशाय कृताञ्जलिः ॥ राज्ञामावेदयद्दुःखं जरासन्धनिरोधजम् ॥२३॥ ये च दिग्विजये तस्य संनतिं न ययुर्नृपाः ॥ प्रसह्यरुद्धास्तेनासन्नयुते द्वे गिरिव्रजे ॥ २४ ॥ कृष्ण कृष्णाप्रमेयात्मन्प्रपन्नभयभञ्जन ॥ वयं त्वां शरणं यामो भयभीताः पृथग्धियः ॥ २५ ॥ लोको विकर्मनिरतः कुशले प्रमत्तः कर्मण्ययं त्वदुदिते भवदर्चने स्वे ॥ यस्तावदस्य बलवानिह जीविताशां सद्यश्छिनत्त्यनिमिषाय नमोऽस्तु तस्मै ॥२६॥ लोके भवाञ्जगदिनः कलयावतीर्णः सद्रक्षणाय खलनिग्रहणाय चान्यः ॥ कश्चित्त्वदीयमतियाति निदेशमीश किं वा जनः स्वकृतमृच्छति तन्न विद्मः ॥ २७ ॥ स्वप्नायिते नृपसुखं परतन्त्रमीश शश्वद्भयेन मृतकेन धुरं वहामः ॥ हित्वा तदात्मनि सुखं त्वदनीहलभ्यं क्लिश्यामहेऽतिकृपणास्तव मायेह ॥ २८ ॥ तन्नो भवान्प्रणतशोकहराङ्घ्रियुग्मो बद्धान्वियुङ्क्ष्व मगधाह्वयकर्मपाशात् ॥ यो भूभुजोऽयुतमतङ्गजवीर्यमेको बिभ्रद्रुरोध भवने

राजाहरूलाई उसले बलपूर्वक आफ्नू गिरिव्रज नामको दुर्गमा थुनिदियो ॥ २४ ॥ ती राजाहरूको समाचार सुनाउँदै दूतले भन्यो—हे कृष्ण ! हे अप्रमेयात्मन् ! हे शरणागतका भय-भंजन गर्ने ! हामी भेदबुद्धि हुने प्राणी संसारको भयले डराएर हजुरको शरणमा छौं ॥ २५ ॥ यो जीव हजुरले आज्ञा भएका पूजना रूप कल्याणकारी कर्मबाट विमुख भएर सकाम कर्ममा संलग्न रहन्छ । यस्तो स्थितिमा जो यस विमूढ जीवको जीवन-आशालाई तुरुन्त नष्ट पारिदिन्छन्, ती महाबलशाली नित्य सावधान र कालरूप हजुरलाई प्रणाम छ ॥२६॥ हजुर समस्त जगत्का ईश्वर हुनुहुन्छ । सत्पुरुषको रक्षा र दुष्ट जनको दमन गर्नका लागि नै हजुर यस लोकमा आफ्ना सबै कलाहरूसहित अवतीर्ण हुनुभएको छ । हे ईश ! के
कुनै यस्तो बलवान् पुरुष छ, जो हजुरको आज्ञा उल्लङ्घन गर्नसकोस् । प्रत्येक व्यक्ति आफूले गरेका कर्मफल भोग्छ नै, यो हामीलाई थाहा छैन ॥२७॥ हे ईश ! हामी आफ्नू आत्मामा ।१४२॥
प्राप्त स्वतःसिद्ध सुख छाडेर हजुरकी मायाले दीन-हीन भएर कष्ट भोगिरहेका छौं, किनकि प्रारब्धाधीन हुनाले हामी परतन्त्र छौं र स्वप्नसमान राजसुख पाउने इच्छुक रहन्छौं । जसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदा भय बनिरहन्छ, त्यो मृतकतुल्य शरीरले हामी केवल स्त्री-पुत्रादिको चिन्तारूपी भारी बोकिरहेछौं।।२८।।हे प्रभो ! हजुरका चरणयुगल शरणागतका दुःख हटाइदिन्छन् । अतः हजुरनै जरासन्धरूपी कर्मबन्धनमा बाँधिएका हामीलाई* मुक्ति दिलाउनोस् । त्यो एक्लै दस हजार हस्तीको बल भएको हुनाले हामीलाई भेडा-बाख्रा झैं कैदमा थुनि राखेको छ ।। २९ ।। हे उदात्तचक्र ! जरासन्धले हजुरसित अठार पल्ट युद्ध गऱ्यो । त्यसमा सत्रपल्ट हजुरले त्यसको मानमर्दन गर्नुभयो, तैपनि अठारौं पल्ट मनुष्यलीलामा निरत तथा अनन्त-अमित पराक्रमी हजुरलाई एकपल्ट जित्यो, उसैबेलादेखि त्यो उन्मत्त भएर हजुरका प्रजास्वरूप हामीलाई अझ बढी यातना र कष्ट दिन थालिरहेछ । हे अजित ! अब जे उचित ठान्नु हुन्छ सोही गर्नोस्' ।। ३० ।। दूतले भन्यो–हे भगवन् ! जरासन्धका थुनुवा हजुरका दर्शनेच्छु राजाहरूले हजुरका चरणको शरण परेका छन् । कृपा गरेर तिनीहरूको कल्याण गर्नुहवस् ।।३१।। श्रीशुकदेव भन्दछन्–हे राजन् ! त्यो दूत यसरी प्रार्थना गर्दै थियो, त्यसै वेला पिङ्गलवर्ण, जटाधारी, तेजस्वी र सूर्य झैं प्रकाशमान् र ज्ञानी देवर्षि नारदजी त्यहीं आइपुगे

मृगराडिवावीः ।। २८ ।। यो वै त्वया द्विनवकृत्व उदात्तचक्र भग्नो मृधे खलु भवन्तमनन्तवीर्यम् ।। जित्वा नृलोकनिरतं सकृदूढदर्पो युष्मत्प्रजा रुजति नोऽजित तद्विधेहि ।।३०।। दूत उवाच ।। इति मागधसंरुद्धा भवद्दर्शनकांक्षिणः ।। प्रपन्नाः पादमूलं ते दीनानां शं विधीयताम् ।। ३१ ।। श्रीशुक उवाच ।। राजदूते ब्रुवत्येवं देवर्षिः परमद्युतिः ।। बिभ्रत्पिङ्गजटाभारं प्रादुरासीद्यथा रविः ।। ३२ ।। तं दृष्ट्वा भगवान्कृष्णः सर्वलोकेश्वरेश्वरः ।। ववन्द उत्थितः शीर्ष्णा ससभ्यः सानुगो मुदा ।।३३।। सभाजयित्वा विधिवत्कृतासनपरिग्रहम् ।। बभाषे सूनृतैर्वाक्यैः श्रद्धया तर्पयन्मुनिम् ।।३४।। अपिस्विदद्य लोकानां त्रयाणामकुतोभयम् ।। ननु भूयान्भगवतो लोकान्पर्यटतो गुणैः ।। ३५ ।। न हि तेऽविदितं किञ्चिल्लोकेष्वीश्वरकर्तृषु ।। अथ पृच्छामहे युष्मान्पाण्डवानां चिकीर्षितम् ।। ३६ ।। श्रीनारद उवाच ।। दृष्टा मया ते बहुशो दुरत्यया माया विभो विश्वसृजश्च मायिनः ।।

।। ३२ ।। तिनलाई देखनासाथ सबै लोकपालहरूका प्रभु श्रीकृष्ण सबै सभासद र अनुचर सहित जुरुक्क उठेर ठिङ्ग उभिए र प्रसन्नतापूर्वक शिर न्युराएर उनलाई प्रणाम गरे ।।३३।। उनले विधिवत् आसनादि दिएर सत्कार गरे र श्रद्धाले मुनिवरलाई सन्तुष्ट पार्दै मधुर वाणीमा भन्नुभयो—।।३४।। 'हे नारदजी ! हे मुने ! अब त्रिलोकमा कसैलाई भय त रहेन ? हजुर तीनै लोकमा डुल्नुहुन्छ, यसले हामीलाई यो ठूलो लाभ हुन्छ कि सबै लोकका समचार अनायास प्राप्त हुन्छन् ।।३५।। ईश्वरले रचेको तीनै लोकमा यस्तो कुनै कुरा छैन जो मुनिको निम्ति अज्ञात होस् । अतएव हामी हजुरसित यो जान्न खोज्दैछौं कि पाण्डवहरू अब के गर्न खोजिरहेका छन् ? ।। ३६ ।। नारदजीले भने–हे विभो ! हजुर समस्त

---

* दृष्टान्त (हामी त पिताद्वारा नै मुक्त हुन्छौं) अंग्रेज पहिले यस देशमा व्यापार गर्न आएका थिए । बिस्तार बिस्तार तिनको व्यापार बढ्दै गयो । अन्त्यमा १८५७ ई० को विद्रोहपछि तिनको सत्ता चलियो भयो। अंग्रेजी सत्ताको साथै तिनको शिक्षा, धर्म, रीति रिथति आदिको पनि खुट्टा दह्रा भए । त्यसैताका एक दिन यौटा पादरी उपदेश दिइरहेका थिए–'ईशाको शरण नपरी मुक्ति प्राप्त हुन सक्तैन ।' श्रोताले सोधे–'ईशू को हुन् ?' पादरीले भने–'ती ईश्वरका मनपरेका छोरा हुन् ।' श्रोताले फेरि सोधे–'ईश्वर बाँचेकै छन् कि छैनन् ?' पादरीले भने–'उनको कहिल्यै नाश हुँदैन–उनी अमर छन् ।' श्रोताले फेरि सोधे–'अहिले ईशू छन् कि छैनन् ?' पादरीले भने–'स्थूल रूपमा छैनन्, सूक्ष्म रूपमा छन् ।' श्रोताहरूले हाँसेर भने–पादरी साहेब ! तिमी के भनिरहेका छौ ? जबसम्म प्रभुरूपी पिता बसेकै छ, तब सम्म छोरोसित मुक्ति किन माग्ने । फेरे त्यो छोरो पनि जीवित छैन । अतः हामीलाई त जीवित पिताले नै मुक्ति दिन्छन् । के तिमी बाबु-छोरामा विरोध पनि खोजिरहेका छौ ?' यस्ति कुरा सुनेर पादरी चुपलाग्यो । उसले बुझ्यो–यहाँ मेरो कुरा सुन्ने कोही छैन । बसै निम्ति त्यो गाउँहरूमा गएर आफ्नू धर्म-प्रचार गर्न लाग्यो ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वका रचयिता र मायावी हुनुहुन्छ । मैले हजुरको दुस्तर मायालाई धेरैपल्ट देखेको छु । जस्तै दाउरामा ज्वालाविहीन अग्नि लुकेको हुन्छ, त्यस्तै हजुर आफ्नी मायाशक्तिले सबै प्राणीमा व्याप्त रहनु हुन्छ । अतः हजुरको यस्तो प्रश्न मेरो निम्ति कुनै अद्भुत कुरा होइन ॥३७॥ हे प्रभो ! सर्वथा मिथ्या भएर पनि सत्य झैं प्रतीत हुने प्रपञ्चलाई हजुर आफ्नी मायाले रचेर लय पार्नुहुन्छ । अतः हजुर परमेश्वरको अभिप्राय को जान्न सक्तछ ? हजुर अचिन्त्यमूर्ति ईश्वरलाई नमस्कार छ ॥३८॥ हजुरले अनर्थवादी शरीरबाट मुक्त हुने उपाय नजान्नाले गर्दा संसार-चक्रमा घुमिरहने जीवलाई मुक्त पार्नको निम्ति विविध लीलावतार धारण गरेर आफ्नू सुयशरूपी बत्ती प्रज्वलित पार्नु भएको छ । म हजुरको शरणामा छु ॥३९॥ हे प्रभो ! हजुर साक्षात् ब्रह्म हुनुहुन्छ, तर यस वेला मानवी लीलाको अनुसरण गर्नुभएको छ । यसै निम्ति म हजुरका फुपूका छोरा अनन्य भक्त राजा युधिष्ठिरलाई जे गर्ने इच्छा छ, त्यो भन्दछु ॥४०॥ पाण्डुतनय महाराज युधिष्ठिर चक्रवर्ती हुने इच्छाले राजसूय यज्ञद्वारा हजुरको पूजा गर्न खोजिरहेका छन्, हजुर तिनको अनुमोदन गर्नोस् ॥ ४१ ॥

भूतेषु भूमंश्चरतः स्वशक्तिभिर्वह्नेरिवच्छन्नरुचो न मेऽद्भुतम् ॥३७॥ तवेहितं कोऽर्हति साधु वेदितुं स्वमाययेदं सृजतो नियच्छतः ॥ यद्विद्यमाना-त्मतयाऽवभासते तस्मै नमस्ते स्वविलक्षणात्मने ॥३८॥ जीवस्य यः संसरतो विमोक्षणं न जानतोऽनर्थवहाच्छरीरः ॥ लीलावतारैः स्वयशःप्रदीपकं प्रज्वालयत्त्वा तमहं प्रपद्ये ॥ ३९ ॥ अथाप्याश्रावये ब्रह्मन् नरलोकविडम्बनम् ॥ राज्ञः पैतृष्वस्रेयस्य भक्तस्य च चिकीर्षितम् ॥ ४० ॥ यक्ष्यति त्वां मखेन्द्रेण राजसूयेन पाण्डवः ॥ पारमेष्ठ्यकामो नृपतिस्तद्भवाननुमोदताम् ॥ ४१ ॥ तस्मिन्देव क्रतुवरे भवन्तं वै सुरादयः ॥ दिदृ-क्षवः समेष्यन्ति राजानश्च यशस्विनः ॥ ४२ ॥ श्रवणात्कीर्तनाद्ध्यानात्पूयन्तेऽन्तेवसायिनः ॥ तव ब्रह्ममयस्येश किमुतेक्षाभिमर्शिनः ॥ ४३ ॥ यस्यामलं दिवि यशः प्रथितं रसायां भूमौ च ते भुवनमङ्गल दिग्वितानम् ॥ मन्दाकिनीति दिवि भोगवतीति चाधो गङ्गेति चेह चरणाम्बु पुनाति विश्वम् ॥ ४४ ॥ श्रीशुक उवाच ॥ तत्र तेष्वात्मपक्षेष्वगृह्णत्सु विजिगीषया ॥ वाचः पेशैः स्मयन्भृत्यमुद्धवं प्राह केशवः ॥४५॥ श्रीभगवानुवाच ॥ त्वं हि नः परमं चक्षुः सुहृन्मन्त्रार्थतत्त्ववित् ॥ तथाऽत्र ब्रूह्यनुष्ठेयं श्रद्दध्मः करवाम तत् ॥ ४६ ॥ इत्युपामन्त्रितो भर्त्रा सर्वज्ञेनापि मुग्धवत् ॥

हे देव ! त्यस उत्तम यज्ञमा सबै देवता र ठूला-ठूला यशस्वी राजा हजुरको दर्शन गर्न आउँछन् । हे ईश ! परब्रह्मरूप ईश्वरको श्रवण, कीर्तन मनन, ध्यान गर्नाले चाण्डाल पनि पवित्र हुन्छन् भने हजुरको साक्षात् दर्शन तथा स्पर्श गर्नेहरूको त कुरै छैन ! ॥४२॥४३॥ हे भुवनमङ्गल ! हजुरको पवित्र यश स्वर्ग, पाताल र पृथ्वी तथा दसै दिशाहरूमा व्याप्त छ । हे प्रभो ! हजुरको चरणोदक स्वर्गमा मन्दाकिनी, पातालमा भोगवती तथा भूलोकमा गङ्गा नामले विद्यमान भएर समस्त विश्वलाई पवित्र पार्ने गर्दछिन् ॥ ४४ ॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! आफ्ना पक्षका यादवहरू विजय प्राप्तिका लागि अति उत्सुक हुनाले नारदजीको कुरा स्वीकार नगरेका देखेर श्रीकृष्णले आफ्ना भृत्य उद्धवसित हाँस्तै भन्नुभयो ॥४५॥ श्रीकृष्ण आज्ञा हुन्छ–हे उद्धव ! तिमी सबै पदार्थका ज्ञाता, हाम्रा उत्तम चक्षु, शुभ सम्मतिका मर्मज्ञ र प्रिय सुहृद् हौ । अब तिमी नै भन हामीले के गर्नु उचित छ ? तिमी जे भन्नेछौ. हामी उसैमा विश्वास गरेर त्यही गर्नेछौं ॥४६॥ जब सर्वज्ञ भएर पनि आफ्ना स्वामी कृष्णले उद्धवसित थाहै नपाए झैं गरी आफ्नू कर्तव्य सोधेपछि उनले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि प्रभुको आज्ञा शिरोधार्य गरेर यसरी उत्तर दिए ॥४७॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्द्धे नेपाली भाषाटीकायां सप्ततितमोऽध्यायः ॥ ७० ॥

(भगवान्को इन्द्रप्रस्थ प्रस्थान) श्रीशुकदेव भन्दछन्—हे राजन् ! श्रीकृष्णका त्यस्ता वचन सुनेर तथा देवर्षि नारद, सबै सभासद र भगवान् कृष्णको मनोभाव जानेर महामति उद्धवले भने ॥ १ ॥ उद्धव बोले-—हे देव ! जस्तो देवर्षि नारदले भन्नुभयो, त्यस अनुसार हजुरले यज्ञ गर्न इच्छुक आफ्ना फुपूका छोरा युधिष्ठिरको नै सहायता गर्नु पर्दछ । ती शरणागत राजाहरूको रक्षा गर्नु पनि आवश्यक छ ॥ २६ ॥ हे प्रभो ! राजसूय यज्ञ त्यही व्यक्ति गर्न सक्तछ, जो सबै दिशाहरू जितोस् । अतः त्यो दिग्विजयको प्रसंगमा जरासन्धलाई जित्न पनि आवश्यक हुनेछ र जरासन्धलाई जितेपछि युधिष्ठरको यज्ञ र शरणागतहरूको रक्षा दुवै कार्य संगै सम्पन्न हुनेछ—यस्तो मेरो मन्तव्य छ ॥३॥ हे गोविन्द ! यदि यस्तो गरिन्छ भने दिग्विजयको उद्देश्य सफल होला र ती थुनामा परेका राजाहरू पनि मुक्त हुने छन् र हजुरको यश पनि चारैतिर फैलिने छ ॥ ४ ॥ राजा जरासन्ध दस हजार

निदेशं शिरसाऽऽधाय उद्धवः प्रत्यभाषत ॥ ४७ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे भगवद्यानविचारे सप्ततितमोऽध्यायः ॥७०॥

श्रीशुक उवाच ॥ इत्युदीरितमाकर्ण्य देवर्षेरुद्धवोऽब्रवीत ॥ सभ्यानां मतमाज्ञाय कृष्णस्य च महामतिः ॥ १ ॥ उद्धव उवाच ॥ यदुक्तमृषिणा देव साचिव्यं यक्ष्यतस्त्वया ॥ कार्यं पैतृष्वस्रेयस्य रक्षा च शरणैषिणाम् ॥ २ ॥ यष्टव्यं राजसूयेन दिक्चक्रजयिना विभो ॥ अतो जरासुतजय उभयार्थो मतो मम ॥ ३ ॥ अस्माकं च महानर्थो ह्येतेनैव भविष्यति ॥ यशश्च तव गोविन्द राज्ञो बद्धान्विमुञ्चतः ॥ ४ ॥ स वै दुर्विषहो राजा नागायुतसमो बले ॥ बलिनामपि चान्येषां भीमं समबलं विना ॥ ५ ॥ द्वैरथे स तु जेतव्यो मा शताक्षौहिणीयुतः ॥ ब्रह्मण्योऽभ्यर्थितो विप्रैर्न प्रत्याख्याति कर्हिचित् ॥ ६ ॥ ब्रह्मवेषधरो गत्वा तं भिक्षेत वृकोदरः ॥ हनिष्यति न सन्देहो द्वैरथे तव सन्निधौ ॥७॥ निमित्तं परमीशस्यविश्वसर्ग निरोधयोः ॥ हिरण्यगर्भः शर्वश्च कालस्यारूपिणस्तव ॥ ८ ॥ गायन्ति ते विशदकर्म गृहेषु देव्यो राज्ञां स्वशत्रुवधमात्मविमोक्षणं च ॥ गोप्यश्च कुञ्जरपतेर्जनकात्मजायाः पित्रोश्च लब्धशरणा मुनयो वयं च ॥ ९ ॥ जरासन्धवधः कृष्ण भूर्यर्थायोपकल्पते ॥ प्रायः पाकविपाकेन तव चाभिमतः

हात्तीको समान बलवान् छ । त्यसलाई उस्तै बलवान् भीमसेन बाहेक अरु कोहि बर्ता बलवान् भए पनि जित्न सक्तैन, किनकि त्यसको मृत्यु भीमसेनको हातबाट हुनु निश्चित छ ॥५॥ उसलाई द्वन्द युद्धमा जित्नु उचित हुनेछ । उसलाई जित्न सयौं अक्षौहिणी सेना लिएर जाने आवश्यकता छैन । त्यो निकै ब्राह्मण-भक्त छ । ब्राह्मणहरूको प्रार्थनालाई त्यो कदापि टार्दैन ॥ ६ ॥ अतः भीमसेन ब्राह्मण बनेर त्यसकहाँ जाउन् र द्वन्दयुद्धको भिक्षा मागुन् । अनि ती हजुरको सामुन्ने उसलाई द्वन्दयुद्धमा अवश्य मार्नेछन्, यसमा अलिकति पनि सन्देह छैन ॥ ७ ॥ हजुर निराकार र कालस्वरूप ईश्वर हुनुहुन्छ । जगत्को उत्पत्ति र प्रलयमा ब्रह्मा र शिव निमित्त मात्र हुन्, वस्तुतः हजुर नै गर्नुहुन्छ ॥ ८ ॥ जरासन्ध मरेपछि त्यसका बन्दी राजाहरूका स्त्रीगण शत्रुको वध, तथा पतिहरू बन्धनमुक्त भएका हुनाले हजुरका लीलाको आनन्दपूर्वक आफ्नाआफ्ना घरमा गान गर्नेछन्, जस्तै गोपिनीहरू शंखचूडबाट मुक्ति पाएर र मुनिगण ग्राहको मुखबाट छुटाउने र रावणकहाँबाट सीताजीलाई ल्याउने लीलाहरू गाउँछन् र हामी यादव कंसलाई मारेर माता-पितालाई उमको बन्धनचार मुक्त पारेको कीर्ति

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णन गर्दछन् ॥९॥ हे कृष्ण ! जरासन्धको बधले अनेक कार्य एकैपल्ट हुनेछन् र राजाहरूका पुण्यकर्म र जरासन्धको वध हजुरलाई पनि यज्ञ नै श्रेष्ठ र मान्य छ । अतः पहिले राजसूय यज्ञमा नैं जानुपर्दछ ॥ १० ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! श्रीकृष्णले देवर्षि नारद, वयोवृद्ध यादवहरूका कुराको समर्थन गर्नुभयो ॥११॥ अनि भगवान् देवकीनन्दले वसुदेव आदि गुरुजनसित आज्ञा लिएर दारुक तथा जैत्र आदि सेवकलाई इन्द्रप्रस्थ जाने तयारी गर्ने आज्ञा दिए ॥ १२ ॥ पहिले पुत्रहरू तथा अन्यान्य कुटुम्बीजन सहित शत्रुनाशक बलरामजीको पनि आज्ञा लिएर भगवान कृष्ण सारथीले ल्याएको गरुड़चिह्नले चिह्नित ध्वजायुक्त रथमा बस्नुभयो ॥१३। मृदङ्ग, भेरी, ढोल, नगरा, शङ्ख, पणव र गोमुख आदि बाजाहरूको घोषले दसै दिशाहरू मुखरित पार्दै रथ, हात्ती, घडा र पैदल चतुरंगिणी विशाल सेनाले घेरिएर श्रीकृष्ण नगर बाहिर निस्के ॥ १४ ॥ कृष्णका पतिपरायणा पत्नीहरू राम्रा-राम्रा आभूषण, चन्दन तथा माला आदिले अलंकृत भएर आफाफ्ना छोरा-छोरी सहित नरयान (पालकी) अश्वयान तथा सुवर्णमण्डित शिविकाहरूमा बसेर कृष्णभगवान्का रथको अघि-पछिलागे

क्रतुः ॥ १० ॥ श्रीशुक उवाच ॥ इत्युद्धववचो राजन्सर्वतोभद्रमच्युतम् ॥ देवर्षिर्यदुवृद्धाश्च कृष्णश्च प्रत्यपूजयन् ॥ ११ ॥ अथादिशत्प्रयाणाय भगवान्देवकीसुतः ॥ भृत्यान्दारुकजैत्रादीननुज्ञाप्य गुरून्विभुः ॥ १२ ॥ निर्गमय्यावरोधान्स्वान्सुतान्सपरिच्छदान् ॥ सङ्कर्षणमनुज्ञाप्य यदुराजं च शत्रुहन् ॥ सूतोपनीतं स्वरथमारुहद्गरुडध्वजम् ॥ १३ ॥ ततो रथद्विपभटसादिनायकैः करालया परिवृत आत्मसेनया ॥ मृदङ्गभेर्यानकशंखगोमुखैः प्रघोषघोषितककुभो निराक्रमत् ॥ १४ ॥ नृवाजिकाञ्चनशिबिकाभिरच्युतं सहात्मजाः पतिमनु सुव्रता ययुः ॥ वराम्बराभरणविलेपनस्रजः सुसंवृता नृभिरसिचर्मपाणिभिः ॥ १५ ॥ नरोष्ट्रगोमहिषखराश्वतर्यनःकरेणुभिः परिजनवारयोषितः ॥ स्वलंकृताः कटकुटिकम्बलाम्बराद्युपस्करा ययुरधियुज्य सर्वतः ॥ १६ ॥ बलं बृहद्ध्वजपटछत्रचामरैर्वरायुधाभरणकिरीटवर्मभिः ॥ दिवांशुभिस्तुमुलरवं बभौ रवेर्यथार्णवः क्षुभिततिमिङ्गिलोर्मिभिः ॥ १७ ॥ अथो मुनिर्यदुपतिना सभाजितः प्रणम्य तं हृदि विदधद्विहायसा ॥ निशम्य तद्व्यवसितमाहृतार्हणो मुकुन्दसन्दर्शननिर्वृतेन्द्रियः ॥ १८ ॥ राजदूतमुवाचेदं भगवान्प्रीणयन्गिरा ॥ माभैष्ट दूत भद्रं वो घातयिष्यामि मागधम् ॥ १९ ॥ इत्युक्त प्रस्थितो दूतो

तिनको सुरक्षाका निम्ति चारैतिर ढाल-तरवारले सुसज्जित सैनिकगण पहरा दिइरहेका थिए ॥ १५ । त्यसै प्रकार उनको अनुयायीका पत्नी तथा वाराङ्गना राम्ररी शृङ्गार गरेर खस-खस आदिले बनेका कृत्रिम भवन तथा कम्बल र वस्त्रादि घरका सामग्रीलाई गोरू आदि बाहनमा राखेर म्याना, गोरू, गधा, खच्चर गाड़ा तथा हात्तीहरूमा चढेर हिंडे ॥१६॥ त्यस महासमवायको तुमुल कोलाहलले व्याप्त त्यो सेना ठूला-ठूला ध्वजा, पताका, छत्र, चमर, उत्तम अस्त्र-शस्त्र, आभूषण, मुकुट तथा कवचादिले यस्तै शोभित भयो, जस्तै दिनमा सूर्यका किरण पर्नाले तथा उफ्रिरहेका ग्राह, माछा र तरङ्गहरूले समुद्रको शोभा हुने गर्दछ ॥१७॥ अनि श्रीयदुनाथद्वारा सम्मानित भएर उनको दर्शनले प्रसन्नचित्त नारदजी उनीबाट सत्कार पाएर उनको राजसूय यज्ञमा जाने पक्का निश्चय देखेर तथा प्रभुलाई प्रणाम गरी हृदयमा उनैको स्मरण गर्दै आकाशमार्गले गए ॥१८॥ अनि कृष्णले राजाहरूको त्यस दूतलाई आफ्नू सुधाझैं गुलियो वाणीले प्रसन्न पार्दै भन्नु भयो–'हे दूत ! तिमी गएर राजाहरूसंग भन–डराउनु पर्दैन, म शीघ्र जरासन्धलाई मारेर उनको कल्याण गर्न आउने छु'॥१९॥ हरिले यस्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज्ञा भएपछि दूत गएर राजाहरूलाई सबै वृत्तान्त यथावत् सुनाइदियो । ती राजा शीघ्र बन्धनमुक्त हुने आशाले भगवान् कृष्णको दर्शन पाउने प्रतीक्षा गर्नलागे ॥२०॥ यता भगवान् पनि आनर्त, सौवीर मरु तथा कुरुक्षेत्र नाघेर पर्वत, नदी, पुर, ग्राम, व्रज र आकरहरूलाई नाघेर दृषद्वती र सरस्वती नदी तरेर पाञ्चाल तथा मत्स्यदेशलाई उल्लंघन गर्दै इन्द्रप्रस्थको नगीचै पुगे ॥२१-२२॥ जसको दर्शन मनुष्यलाई अत्यन्त दुर्लभ थियो, ती श्रीकृष्णको आगमन समचार पाएर आफ्ना बन्धुवर्गले घेरिएर महाराज युधिष्ठिर अतिशय प्रसन्न भएर आफ्ना उपाध्याय सहित स्वागतका लागि नगरबाट बाहिर पुगे ॥ २३ ॥ जस्तै इन्द्रियहरू प्राणसित मिल्न गइरहेका हुन्, त्यस्तै ती बाजाको तुमुल घोर र वेदको मङ्गलकारी ध्वनि संगै भगवान्को साम्मु गए । श्रीकृष्ण र उनको भक्ति* परवशता देखेर युधिष्ठिरको चित्त प्रेमातिरेकले गद्गद भयो र ती धेरै दिनपछि प्राप्त भएका आफ्ना प्रिय सुहृद्लाई घरि-

यथावदवदन्नृपान् ॥ तेऽपि स·दर्शनं शौरेः प्रत्यैक्षन्यन्मुमुक्षवः ॥ २० ॥ आनर्तसौवीरमरूस्तीर्त्वा विनशनं हरिः ॥ गिरीन्नदीरतीयाय पुरग्राम- व्रजाकरान् ॥ २१ ॥ ततो दृषद्वतीं तीर्त्वा मुकुन्दोऽथ सरस्वतीम् ॥ पञ्चालानथ मत्स्यांश्च शक्रप्रस्थमथागमत् ॥ २२ ॥ तमुपागतमाकर्ण्य प्रीतो दुर्दर्शनं नृणान् ॥ अजातशत्रुर्निरगात्सोपाध्यायः सुहृद्वृतः ॥ २३ ॥ गीतवादित्रघोषेण ब्रह्मघोषेण भूयसा ॥ अभ्ययात्स हृषीकेशं प्राणाः प्राणमिवादृतः ॥ २४ ॥ दृष्ट्वा विक्लिन्नहृदयः कृष्णं स्नेहेन पाण्डवः ॥ चिराद्दृष्टं प्रियतमं सस्वजेऽथ पुनः पुनः ॥ २५ ॥ दोर्भ्यां परिष्वज्य रमा- मलालयं मुकुन्दगात्रं नृपतिर्हताशुभः ॥ लेभे परां निर्वृतिमश्रुलोचनो हृष्यत्तनुर्विस्मृतलोकविभ्रमः ॥ २६ ॥ तं मातुलेयं परिरभ्य निर्वृतो भीमः स्मयन्प्रेमजवाकुलेन्द्रियः ॥ यमौ किरीटी च सुहृत्तमं मुदा प्रवृद्धबाष्पाः परिरेभिरेऽच्युतम् ॥ २७ ॥ अर्जुनेन परिष्वक्तो यमाभ्यामभिवादितः ॥

घरि अङ्कमाल गरेर भेटे ॥ २४-२५ ॥ लक्ष्मीका परम आश्रयस्वरूप जगत्पति भगवान् कृष्णको दिव्य शरीरको आलिङ्गन गर्नाले नै युधिष्ठिरका सबै अशुभ निवारण भइसके र उनलाई परमानन्द-लाभ भयो । त्यस वेला उनका आँखामा हर्षाश्रु भरिएर आए, शरीरमा रोमाञ्च भयो र ती लोकपालसम्मलाइ बिर्सिए ॥२६॥ त्यसपछि भीमसेनले पनि आफ्ना पुत्रको मुसुक्क हाँसेर आलिङ्गन गरेर परमशान्ति पाए । प्रेमको उद्वेगले उनको चित्त चञ्चल भएर आयो । अनि नकुल-सहदेव र आनन्दले गर्दा उम्लेर आएको आँसुले भरिएका अर्जुनले पनि उनको आलिङ्गन गरे ॥ २७ ॥ अर्जुन द्वारा आलिङ्गित र नकुल-सहदेव द्वारा नमस्कृत भएर भगवान्ले ब्राह्मणवर्ग तथा बूढा-पाकालाई यथायोग्य नमस्कार गरे।

* उदाहरण (भगवान्को भक्तपरवशता) कर्माबाई भगवानलाई पुत्रभावले भज्दथिन् । जस्तै–आमा बिहान उठ्नासाथ आफ्नो बालकलाई सम्हाल्छिन्, त्यस्तै कर्माबाई उनले नुहाउने, खाने-पिउने आदिको ध्यान राख्दथिन । ती बिहान उठ्नासाथ स्नान नगरेर नै यौटा सानू भाँडामा खिचडी पकाएर भगवान्लाई भोग लगाउँथिन् र भगवान् तिनको काखमा बसेर खिचडी खाने गर्दथे । एकपल्ट कुनै पण्डितले उनलाई सल्लाह दिए–तिमी आचार-विचारको पालन गरेर प्रातः स्नान गरी भगवान्लाई भोग लगाउने गर ।' कर्माबाईले त्यस्तै गरिन् तर निकै बेर लाग्यो । भगवान् उसको काखमा बसेर खिचडी खाईरहेका थिए । त्यसै बेला जगन्नाथ-मन्दिरमा यौटा भक्तले भगवान्को सामुन्ने भोग राखे । अनि भगवान् हात-मुख नधोएर त्यस भक्तकहाँ दगुर्दै पुगे । भक्तले भगवानका हात र मुखमा जूठो लागेको देखेर सोधे–'हात र मुखमा जूठो कसरी लाग्यो ?' अनि भगवान्ले उत्तर दिनुभयो—'कर्माबाई मलाई बिहानै खिचडी ख्वाउने गर्दथिन् तर आज एउटा व्यक्तिले हो तिनलाई आचार विचारसित भोग लगाउनु भन्ने शिक्षा दिएछन्, त्यसैले अबेर भयो ।' ती भक्त गएर कर्मालाई यही कुरा सुनाए । अनि ती प्रसन्न भइन् र नित्य जस्तै ननुहाई खिचडी पकाएर भगवानलाई ख्वाउन थालिन् ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णले कुरु, सृञ्जय र केकय देशका राजाहरूद्वारा सम्मानित भएर स्वयं पनि सम्मान गरे। सूत, मागध, गन्धर्व, वन्दीजन उपासक र विप्रगण, मृदङ्ग, शङ्ख, वीणा, भेरी, पणव र गोमुख आदि बाजा बजाउँदै भगवान्‌को स्तुति र नाच-गाच गर्नलागे ॥ २८-३० ॥ यसरी आफ्ना बन्धुगणले घेरिएर पुण्यश्लोक-शिरोमणि भगवान् कृष्ण वन्दीजन द्वारा स्तुति गरिँदै त्यस नगरमा प्रविष्ट हुनुभयो ॥ ३१ ॥ जसको मूल सडकमा हात्तीहरूका मदले सुगन्धित जल छर्किएको थियो, जुन रङ्ग-बिरङ्गी ध्वजा-पताका र सुनौला वन्दनवार तथा जलपूर्ण कलश एवं स्नानादिले स्वच्छ भएर राम्रा वस्त्राभूषण र सुगन्धित मालाहरूले अलंकृत नर-नारीहरूले सुशोभित भइरहेको थियो ॥ ३२ ॥ श्रीकृष्ण भगवान्‌ले धर्मराजको राजधानीलाई प्रज्वलित बत्ती, उपहार, परका आँखीझ्यालबाट निस्कने अगरु-धूम, पताकाहरू र स्वर्णकलश राखिएका चाँदीका शिखरले अलंकृत भवनहरूले भरिको देखे ॥ ३३ ॥ सबै व्यक्तिका नेत्रको निम्ति अत्यन्त दर्शनीय भगवान् कृष्णचन्द्रको आगमन सुन्नासाथ नगरका नारीगण घर-धन्दा र शय्यामा सुतेका आफ्ना पति लाई त्यहीं छाडेर श्रीकृष्णलाई

ब्राह्मणेभ्यो नमस्कृत्य वृद्धेभ्यश्च यथार्हतः ॥ २८ ॥ मानितो मानयामास कुरुसृञ्जयकैकयान् ॥ सूतमागधगन्धर्वा वन्दिनश्चोपमन्त्रिणः ॥ २९ ॥
मृदङ्गशङ्खपटहवीणापणवगोमुखैः ॥ ब्राह्मणाश्चारविन्दाक्षं तुष्टुवुर्ननृतुर्जगुः ॥ ३० ॥ एवं सुहृद्भिः पर्यस्तः पुण्यश्लोकशिखामणिः ॥ संस्तूयमानो
भगवान्विवेशालंकृतं पुरम् ॥ ३१ ॥ संसिक्तवर्त्म करिणां मदगन्धतो यैश्चित्रध्वजैः कनकतोरणपूर्णकुम्भैः ॥ मृष्टात्मभिर्नवदुकूलविभूषणस्रग्गन्धैर्नृ-
भिर्युवतिभिश्च विराजमानम् ॥ ३२ ॥ उद्दीप्तदीपबलिभिः प्रतिसद्मजालनिर्यातधूपरुचिरं विलसत्पताकम् ॥ मूर्धन्यहेमकलशै रजतोरुशृङ्गैर्जुष्टं
ददर्श भवनैः कुरुराजधाम ॥ ३३ ॥ प्राप्तं निशम्य नरलोचनपानपात्रमौत्सुक्यविश्लथितकेशदुकूलबन्धाः ॥ सद्यो विसृज्य गृहकर्म पतींश्च तल्पे
द्रष्टुं ययुर्युवतयः स्म नरेन्द्रमार्गे ॥ ३४ ॥ तस्मिन्सुसङ्कुल इभाश्वरथद्विपद्भिः कृष्णं सभार्यमुपलभ्य गृहाधिरूढाः ॥ नार्यो विकीर्य कुसुमैर्मन-
सोपगुह्य सुस्वागतं विदधुरुत्स्मयवीक्षितेन ॥ ३५ ॥ ऊचुः स्त्रियः पथि निरीक्ष्य मुकुन्दपत्नीस्तारा यथोडुपसहाः किमकार्यमूभिः ॥ यच्चक्षुषां पुरुष-
मौलिरुदारहासलीलावलोककलयोत्सवमातनोति ॥ ३६ ॥ तत्र तत्रोपसंगम्य पौरा मङ्गलपाणयः ॥ चक्रुः सपर्यां कृष्णाय श्रेणीमुख्या हतैनसः ॥३७॥
अन्तःपुरजनैः प्रीत्या मुकुन्दः फुल्ललोचनैः ॥ ससम्भ्रमैरभ्युपेतः प्राविशद्राजमन्दिरम् ॥ ३८ ॥ पृथा विलोक्य भ्रात्रेयं कृष्णं त्रिभुवनेश्वरम् ॥

हेर्नको निम्ति राजमार्गमा आए। त्यस वेला उत्सुकताले गर्दा तिनका कपाल र लुगाका बन्धन शिथिल भएका थिए। अनि आफ्ना घरका अटालीमा उक्लेका ती नारीहरूले हात्ती घोडा, रथ र पैदल सेनाले आवृत्त श्रीकृष्णलाई आफ्ना रानीहरूसित राजमार्गमा गइरहेका देखेर ती माथि पुष्पवर्षा गरे र उनको मानसिक आलिङ्गन गरेर मुसु-मुसु हाँस्तै बाङ्गा नेत्रले स्वागत गरे ॥ ३४-३५ ॥ चन्द्रमासहित विराजमान तारागण जस्तै राजमार्गमा श्रीकृष्णसंग सुशोभित तिनकी रानीहरूलाई देखेर ती नगरका समस्त नारीहरू भन्नलागे— 'यी भाग्यमानीहरूले कुन पुण्य गरेका रहेछन् जसले पुरुषपुङ्गव श्रीकृष्ण आफ्नू उदार हाँसो र लीलामय दृष्टिले इनका नयनलाई बराबर आनन्द प्रदान गर्दछन्' ॥ ३६ ॥ जता तवै अनेक पुण्यात्मा, धनी मानी र शिल्पजीवी नागरिकहरूले घेरै माङ्गलिक वस्तु लिई अगाडि गएर श्रीकृष्ण भगवान्‌को पूजा गरे ॥ ३७ ॥ अनि श्रीकृष्ण भगवान् अन्तःपुरमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बस्ने पुरुषका विकसित र विह्वल नेत्रद्वारा प्रीतिपूर्वक स्वागत गरेपछि राजभवनमा पाल्नुभयो । ३८॥ अनि कुन्तीले पनि आफ्ना दाजूका छोरा एवं त्रैलोक्यनाथ कृष्णलाई आउपुलागेका देखेर प्रसन्नतापूर्वक पलंगबाट उठी आफ्नी पुत्रवधू द्रौपदीसहित अगाडि गएर आलिङ्गन गरिन् ॥ ३९ ॥ अनि भगवान् कृष्णलाई सादर आफ्नू महलमा लगेपछि महाराज युधिष्ठिरलाई आनन्दातिरेकले गर्दा पूजा आदि गर्ने क्रम नै बिर्सिए ॥४०॥ हे राजन् ! द्रौपदि र आफ्नी बहिनी सुभद्राद्वारा नमस्कृत भएर भगवान् कृष्णले पिताकी बहिनी कुन्ती र त्यहाँका अन्य बूढी-पुरानी स्त्रीहरूलाई प्रणाम गर्नुभयो ॥४१॥ सासु कुन्तीको प्रेरणाले द्रौपदीले रुक्मिणी, सत्यभामा, भद्रा, जाम्बवती, मित्रविन्दा, लक्ष्मणा र परमसाध्वी सत्या आदि कृष्णचन्द्रकी पत्नीहरू र उनीहरूसंग आएका जुन अन्यान्य स्त्री थिए, ती सबैलाई वस्त्र, माला र आभूषणादि दिएर राम्ररी सत्कार गरे ॥४२॥४३॥ अनि श्रीकृष्णले अर्जुनद्वारा खाण्डवदाह गराई अग्निलाई तृप्त पारे । त्यस प्रचण्ड अग्निकाण्डबाट मयदानवको रक्षा गरे त्यसैद्वारा महाराज युधिष्ठिरका निम्ति यौटा दिव्य भवन तयार गराउने श्रीजनार्दनलाई युधिष्ठिरले

प्रीतात्मोत्थाय पर्यङ्कात्सस्नुषा परिषस्वजे ॥ ३९ ॥ गोविन्दं गृहमानीय देवदेवेशमादृत ॥ पूजायां नाविदत्कृत्यं प्रमोदोपहतो नृपः ॥४०॥ पितृष्वसुर्गुरुस्त्रीणां कृष्णश्चक्रेऽभिवादनम् ॥ स्वयं च कृष्णया राजन्भगिन्या चाभिवन्दितः ॥ ४१ ॥ श्वश्र्वा संचोदिता कृष्णा कृष्णपत्नीश्च सर्वशः ॥ आनर्च रुक्मिणी सत्यां भद्रां जाम्बवतीं तथा ॥ ४२ ॥ कालिन्दीं मित्रविन्दां च शैब्यां नाग्नजितीं सतीम् ॥ अन्याश्चाभ्यागता यास्तु वासःस्रङ्मण्डनादिभिः ॥ ४३ ॥ सुखं निवासयामास धर्मराजो जनार्दनम् ॥ ससैन्यं सानुगामात्यं सभार्यं च नवं नवम् ॥ ४४ ॥ तर्पयित्वा खाण्डवेन वह्निं फाल्गुनसंयुतः ॥ मोचयित्वा मयं येन राज्ञे दिव्या सभा कृता ॥ ४५ ॥ उवास कतिचिन्मासान्राज्ञः प्रियचिकीर्षया ॥ विहरन्रथमारुह्य फाल्गुनेन भटैर्वृतः ॥ ४६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे कृष्णस्येन्द्रप्रस्थगमनं नामैकसप्ततितमोऽध्यायः ॥ ७१ ॥

श्रीशुक उवाच ॥ एकदा तु सभामध्य आस्थितो मुनिभिर्वृतः ॥ ब्राह्मणैः क्षत्रियैर्वैश्यैर्भ्रातृभिश्च युधिष्ठिरः ॥१॥ आचार्यैः कुलवृद्धैश्च ज्ञातिसम्बन्धिबान्धवैः ॥ शृण्वतामेव चैतेषामाभाष्येदमुवाच ह ॥ २ ॥ युधिष्ठिर उवाच ॥ क्रतुराजेन गोविन्द राजसूयेन पावनीः ॥ यक्ष्ये विभूतिर्भवतस्तत्सम्पादय नः प्रभो ॥ ३ ॥ त्वत्पादुके अविरतं परि ये चरन्ति ध्यायन्त्यभद्रनशने शुचयो गृणन्ति ॥ विदन्ति ते कमलनाभ भवापवर्गमाशासते यदि

उनका सेना, अनुचरगण, मन्त्रिमण्डल एवं पत्नीहरूलाई यस्तो बस्ने स्थान दिए, जहाँ तिनलाई नित्य नयाँ सुख प्राप्त होस् ॥ ४४॥४५ ।, अनि भगवान् कृष्ण अर्जुनसित रथमा बसेर अनेक सैनिकसित डुल्दै युधिष्ठिरको प्रिय गर्नाका लागि त्यहाँ केही महीना बस्नुभयो ॥४६॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायामेकसप्ततितमोऽध्यायः ॥७१॥

(युधिष्ठिरको राजसूय यज्ञको आयोजन, जरासन्ध-वध) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! एक दिन महाराज युधिष्ठिरले जब श्रीकृष्ण मुनि, विप्र, क्षत्रिय, वैश्य तथा भीमसेन आदि भ्राता, आचार्य, कुलका बूढा-पाका र जातका सम्बन्धी एवं बन्धु-बान्धवले घेरिएर राजसभामा बसेका थिए । उसै वेला उनले सबैको सामुन्ने भगवान् कृष्णलाई सम्बोधित गरेर भने ॥१॥२॥ युधिष्ठिर भन्दछन्—हे गोविन्द ! यज्ञहरूमा श्रेष्ठ राजसूय यज्ञद्वारा म हजुरको परम विभूतिस्वरूप इन्द्रादि देवताहरूको पूजा गर्न खोजिरहेको छु ।

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे प्रभो ! हजुर मेरो यो सङ्कल्प पूर्ण पारिदिनोस् ॥३॥ हे कमलनाभ ! शुद्ध चित्त जुन पुरुष पनि हजुरकी पापनाशिनी चरण-पादुका निरन्तर सेवन, ध्यान र कथोपकथन गर्दछन्, ती संसारका बन्धनबाट सदाको निम्ति मुक्त हुन्छन् । यदि ती भोग खोज्दछन् भने उनलाई यस्तो सबै प्रकारका भोग अनायास प्राप्त हुन्छन्,जो अन्यलाई प्राप्त हुन सक्तैनन् जसले गर्दा सबै जना हजुरका चरण-कमलको सेवाको महत्व बुझ्न सकून् । अतः हे प्रभो ! हजुर कुरु तथा सृञ्जयवंशी राजाहरूलाई आफ्नू सेवा गर्ने दुवै थरिका पुरुषहरूलाई निष्ठा देखाउनोस् ॥४॥ हे प्रभो ! हजुर सर्वात्मा, समदर्शी र आत्मानुभव परब्रह्म हुनुहुन्छ।हजुरमा आफ्नू-विरानोको भेद-भात्र केही पनि छैन तैपनिजस्तै कल्पवृक्ष आफ्नू सेवा गर्नेलाई उनको भावना अनुसार फल दिन्छ, त्यस्तै प्राणीलाई सेवाको अनुरूप फल मिल्दछ । यसैले हजुरप्रति भेद-भाव अथवा निर्दयताको दोषारोप हुन सक्तैन ॥५॥६॥ श्रीभगवान्ले आज्ञा भयो—हे शत्रुदनन राजन् ! हजुरले उचित विचार्नु भयो । यसले लोकमा हजुरको कल्याणकारी कीर्ति बढ्नेछ ॥७॥ यो यज्ञ राजा, ऋषि, पितृ, देवता आदि सबै प्राणी र हामी बन्धु-बान्धवादि

त आशिष ईश नान्ये ॥ ४ ॥ तद्देवदेव भवतश्चरणारविन्दसेवानुभावमिह पश्यतु लोक एषः ॥ ये त्वां भजन्ति न भजन्त्युत वोभयेषां निष्ठां प्रदर्शय विभो कुरुसृञ्जयानाम् ॥ ५ ॥ न ब्रह्मणः स्वपरभेदमतिस्तव स्यात् सर्वात्मनः समदृशः स्वसुखानुभूतेः ॥ संसेवतां सुरतरोरिव ते प्रसादः सेवानुरूपमुदयो न विपर्ययोऽत्र ॥ ६ ॥ श्रीभगवानुवाच ॥ सम्यग्व्यवसितं राजन्भवता शत्रुकर्शन ॥ कल्याणी येन ते कीर्तिर्लोकाननु भविष्यति ॥ ७ ॥ ऋषीणां पितृदेवानां सुहृदामपि नः प्रभो ॥ सर्वेषामपि भूतानामीप्सितः क्रतुराडयम् ॥ ८ ॥ विजित्य नृपतीन्सर्वान्कृत्वा च जगती वशे ॥ सम्भृत्य सर्वसम्भारानाहरस्व महाक्रतुम् ॥ ९ ॥ एते ते भ्रातरो राजन्लोकपालांशसम्भवाः ॥ जितोऽस्म्यात्मवता तेऽहं दुर्जयो योऽकृतात्मभिः ॥१०॥ न कश्चिन्मत्परं लोके तेजसा यशसा श्रिया ॥ विभूतिभिर्वाभिभवेद्देवोऽपि किमु पार्थिवः ॥११॥ श्रीशुक उवाच ॥ निशम्य भगवद्गीतं प्रीतः फुल्लमुखाम्बुजः ॥ भ्रातॄन्दिग्विजयेऽयुङ्क्त विष्णुतेजोपबृंहितान् ॥ १२ ॥ सहदेवं दक्षिणस्यामादिशत्सह सृञ्जयैः ॥ दिशि प्रतीच्यां नकुलमुदीच्यां सव्यसाचिनम् ॥ प्राच्यां वृकोदरं मत्स्यैः केकयैः सह मद्रकैः ॥ १३ ॥ ते विजित्य नृपान्वीरा आजह्रुर्दिग्भ्य ओजसा ॥ अजातशत्रवे भूरि द्रविणं

सबैलाई इष्ट छ ॥८॥ हजुर सबै राजाहरूलाई जितेर समस्त भूमण्डल आफ्नू वशीभूत पारी सबै यज्ञको सामग्री एकत्र पारिसकेपछि यो महायज्ञको अनुष्ठान गर्नुहवस् ॥९॥ हे राजन् ! हजुरका चारैभाई इन्द्रादि लोकपालहरूका अंशले उत्पन्न भएका छन् र हजुर पनि मनस्वी हुनुहुन्छ । त्यसैले आफ्नू प्रेमले मलाई जितिलिनुभयो । अन्य अजितेन्द्रिय पुरुषद्वारा म जितिन सक्तिन ॥१०॥ मेरो भक्तको कुनै देवता पनि तेज, यश, श्री वा विभूति आदिले तिरस्कार गर्न सक्तैन । अनि साधारण राजा तिनको केहीपनि हानि गर्न सक्तैनन् ॥११॥ शुकदेवजी भन्नुहुन्छ—हे राजन् ! भगवान्को कथन सुनेर युधिष्ठिरको मुखकमल प्रसन्नताले फक्रिएर आयो र उनले श्रीकृष्णको तेजले तेजस्वी भाइहरूलाई दिग्विजयको कार्यमा नियुक्त गरे । सहदेवलाई सृञ्जयदेशीय वीरहरूसित दक्षिण दिशामा जाने आदेश दिए । पश्चिम दिशामा नकुल, उत्तरतिर अर्जुन र पूर्वतिर भीमसेनलाई मत्स्य, केकय र मद्रदेशीय वीरहरूका साथमा पठाए ॥१२॥१३॥ हे राजन् ! अर्जुन आदि वीरहरूले आफ्नू पराक्रमले सबै दिशाका राजाहरूलाई जितेर यज्ञको निम्ति तत्पर युधिष्ठिरलाई पर्याप्त धन

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ल्याएर दिए ॥ १४ ॥ तब महाराज युधिष्ठिरले जरासन्धलाई अजेय सुने तब उसलाई जित्ने चिन्तामा गाडिए । आदिपुरुष भगवान्ले उनलाई त्यही यत्न बताउनु भयो जुन पहिले उद्धवजीले भनेका थिए ॥१५॥ हे तात ! त्यसै अनुसार भीमसेन, अर्जुन र कृष्ण तीनै जना ब्राह्मणवेश धारण गरेर गिरिव्रज दुर्गमा गए, जहाँ बृहद्रथ-पुत्र जरासन्ध बस्तथे ॥१६॥ ब्राह्मण-वेषधारी ती क्षत्रियले ब्राह्मण-भक्त तथा गृहस्थाश्रमी राजा जरासन्धको घर ठीक आतिथ्यको मौकामा पुगेर प्रार्थना गरे ॥ १७ ॥ उनले भने—'हे राजन् ! हजुरको कल्याण होस् । हजुर यस्तो जान्नुहवस् कि हामी अतिथि धेरै परबाट आएका छौं । हामी हजुरसित जे माग्न खोज्दैछौं, त्यो कृपा गरेर हजुर हामीलाई दिनुहवस् ॥१८॥ तितिक्षु जनका लागि के असह्य छ ? दुष्टजन के अनर्थ गर्न सक्तैनन् ! उदार व्यक्तिका लागि के अदेय वस्तु छ ? अनि समदर्शीहरूका लागि अर्काको वस्तु के हुनसक्तछ ? ॥ १९ ॥ जो पुरुष समर्थ भएर पनि यो नाशवान् शरीरले सज्जनहरूले गान गरिने योग्य सुयशको सम्पादन गर्दैनन्, ती निन्दनीय र शोचनीय कहिन्छन् । हरिचन्द्र, रन्तिदेव, शिलोञ्छवृत्तिमा बाँच्ने मुद्गल ऋषि,

नृप यक्ष्यते ॥१४॥ श्रुत्वाऽजितं जरासन्धं नृपतेर्ध्यायतो हरिः ॥ आहोपायं तमेवाद्य उद्धवो यमुवाच ह ॥ १५ ॥ भीमसेनोऽर्जुनः कृष्णो ब्रह्मलिङ्गधरास्त्रयः ॥ जग्मुर्गिरिव्रजं तात बृहद्रथसुतो यतः ॥ १६ ॥ ते गत्वाऽऽतिथ्यवेलायां गृहेषु गृहमेधिनम् ॥ ब्रह्मण्यं समयाचेरन्राजन्या ब्रह्मलिङ्गिनः ॥ १७ ॥ राजन्विद्ध्यतिथीन्प्राप्तानर्थिनो दूरमागतान् ॥ तन्नः प्रयच्छ भद्रं ते यद्वयं कामयामहे ॥१८॥ किं दुर्मर्षं तितिक्षूणां किमकार्यमसाधुभिः ॥ किं न देयं वदान्यानां कः परः समदर्शिनाम् ॥ १९ ॥ योऽनित्येन शरीरेण सतां गेयं यशो ध्रुवम् ॥ नाचिनोति स्वयं कल्पः स वाच्यः शोच्य एव सः ॥ २० ॥ हरिश्चन्द्रो रन्तिदेव उञ्छवृत्तिः शिबिर्बलिः ॥ व्याधः कपोतो बहवो ह्यध्रुवेण ध्रुवं गताः ॥ २१ ॥ श्रीशुक उवाच ॥ स्वरैराकृतिभिस्तांस्तु प्रकोष्ठैर्ज्याहतैरपि ॥ राजन्यबन्धून्विज्ञाय दृष्टपूर्वानचिन्तयत् ॥ २२ ॥ राजन्यबान्धवो ह्येते ब्रह्मलिङ्गानि बिभ्रति ॥ ददामि भिक्षितं तेभ्य आत्मानमपि दुस्त्यजम् ॥ २३ ॥ बलेर्नु श्रूयते कीर्तिर्वितता दिक्ष्वकल्मषा ॥ ऐश्वर्याद्भ्रंशितस्यापि विप्रव्याजेन विष्णुना ॥ २४ ॥ श्रियं जिहीर्षतेन्द्रस्य विष्णवे द्विजरूपिणे ॥ जानन्नपि महीं प्रादाद्वार्यमाणोऽपि दैत्यराट् ॥ २५ ॥ जीवता ब्राह्मणार्थाय को न्वर्थः क्षत्रबन्धुना ॥ देहेन पतमानेन नेहता विपुलं यशः ॥ २६ ॥ इत्युदारमतिः प्राह कृष्णार्जुनवृकोदरान् ॥ हे विप्रा व्रियतां कामो ददाम्यात्मशिरोऽपि वः ॥ २७ ॥

शिबि, बलि, व्याध र कपोत (परेवा) आदि अनेक प्राणीहरूले यस शरीरले नै अविनाशी पद प्राप्त गरेका थिए' ॥२१॥ शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! जरासन्धले तिनको स्वर, आकृति तथा पाखुराहरूमा परेका ठेला धनुषका ताँदोको चिह्नले तिनलाई आफूले पहिले देखेका क्षत्रिय ठानेर मनमनै विचार गरे—॥२२॥ यी वास्तवमा क्षत्रिय हुन्, तर इनले भयवश ब्राह्मण जस्तो वेष धारण गरेका छन् । अतएव इनले मागेपछि म आफ्नो दुस्त्यज शरीर पनि दिनसक्छु ॥२३॥ सुनिन्छ–बलिकहाँबाट इन्द्रको राज्यलक्ष्मी खोसिलिन का इच्छुक विष्णुले ब्राह्मण बनेर बलिको छलपूर्वक ऐश्वर्य भ्रष्ट पारिदिएका थिए । तापनि दसै दिशामा फैलिएको निर्मल कीर्ति आज पनि विद्यमान छ । शुक्राचार्यले छेक्ता पनि ती दैत्यराजले विप्रवेषधारी विष्णुलाई जानी-जानी सम्पूर्ण पृथ्वी दिएका थिए ॥ २४-२५ ॥ जुन क्षत्रिय ब्राह्मणको निम्ति जीवन धारण गर्दैन र अविनाशी यशको संचय गर्दैन, त्यसको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाशवान् शरीरले के लाभ? ॥२६॥ मनमनै यस्तो विचार गरेर उदारबुद्धि जरासन्धले कृष्ण, अर्जुन र भीमसेनसित भने–हे विप्र हो ! तिमीहरूको जे इच्छा छ, त्यो माग, म त काटेर आफ्नू मस्तक पनि काटेर दिन तयार छु ॥२७॥ भगवान्ले भन्नुभयो–हे राजेन्द्र ! यदि उचित ठान्दछौ भने तिमी हामीलाई द्वन्दयुद्धको भिक्षा देऊ। हामी क्षत्रिय हौं र युद्धको इच्छाले नै तिमीकहाँ आएका हौं। हामी अन्नका इच्छुक ब्राह्मण होइनौं ॥२८॥ यी पृथापुत्र भीमसेन हुन् र यी उनैका भाई अर्जुन हुन् र म तिम्रो कममाको छोरो तथा तिम्रो पुरानो शत्रु कृष्ण हुँ यस्तो बुझ ॥२९॥ यस प्रकार भगवान् कृष्णद्वारा सूचित गरेपछि मगराध जरासन्ध गललल हाँस्न लागे र उनले अलिकति रिसाएर भने–'ए मूर्ख हो ! यदि तिमीहरूको यही इच्छा छ भने म तिमीहरूलाई द्वन्दयुद्धको भिक्षा दिन्छु ॥३०॥ तर तिमी त डराउने र युद्धमा आत्तिने खालका जीव हौ। यसै निम्ति आफ्नू राजधानी मथुरा छाडेर समुद्रको शरणमा गएर बसेका छौ। अतः म तिमीसित लडाइँ गर्दिन ॥ ३१ ॥ अर्जुन पनि कुनै ठूलो योद्धा होइन। यद्यपि यी अवस्थामा मेरो समान छन् तापनि कुनै विशेष पराक्रमी नहुनाले मेरो

श्रीभगवानुवाच ॥ युद्धं नो देहि राजेन्द्र द्वन्द्वशो यदि मन्यसे ॥ युद्धार्थिनो वयं प्राप्ता राजन्या नान्नकाङ्क्षिणः ॥ २८ ॥ असौ वृकोदरः पार्थस्तस्य भ्राताऽर्जुनो ह्ययम् ॥ अनयोर्मातुलेयं मां कृष्णं जानीहि ते रिपुम् ॥ २९ ॥ एवमावेदितो राजा जहासोच्चैः स्म मागधः ॥ आह चामर्षितो मन्दा युद्धं तर्हि ददामि वः ॥ ३० ॥ न त्वया भीरुणा योत्स्ये युधि विक्लवचेतसा ॥ मथुरां स्वपुरीं त्यक्त्वा समुद्रं शरणं गतः ॥ ३१ ॥ अयं तु वयसा तुल्यो नातिसत्त्वो न मे समः ॥ अर्जुनो न भवेद्योद्धा भीमस्तुल्यबलो मम ॥ ३२ ॥ इत्युक्त्वा भीमसेनाय प्रादाय महतीं गदाम् ॥ द्वितीयां स्वयमादाय निर्जगाम पुराद्बहिः ॥ ३३ ॥ ततः समेखले वीरौ संयुक्ताावितरेतरौ ॥ जघ्नतुर्वज्रकल्पाभ्यां गदाभ्यां रणदुर्मदौ ॥ ३४ ॥ मण्डलानि विचित्राणि सव्यं दक्षिणमेव च ॥ चरतोः शुशुभे युद्धं नटयोरिव रङ्गिणोः ॥ ३५ ॥ ततश्चटचटाशब्दो वज्रनिष्पेषसन्निभः ॥ गदयोः क्षिप्तयो राजन्दन्तयोरिव दन्तिनोः ॥३६॥ ते वै गदे भुजजवेन निपात्यमाने अन्योन्यतोंऽसकटिपादकरोरुजत्रून् ॥ चूर्णीबभूवतुरुपेत्य यथार्कशाखे संयुध्यतोर्द्विरदयोरिव दीप्तमन्योः ॥३७॥ इत्थं तयोः प्रहतयोर्गदयोर्नृवीरौ बद्धौ स्वमुष्टिभिरयःस्पर्शैरपिष्टाम् ॥ शब्दस्तयोः प्रहरतोरिभयोरिवासी-

जोडि मिल्दैनन्। अँ, भीम अवश्य म झैं बलवान् छन्' यति भनेर जरासन्धले भीमसेनलाई यौटा ठूलो गदा दियो र अर्को गदा आफ्नू हातमा लिएर नगर बाहिर निस्के ॥३२॥३३॥ अब ती दुवै युद्धका मतवाला वीर यौटा समतल भूमिमा भिडे र आफ्ना वज्रसमान कठोर गदाले यौटा अर्कोमाथि प्रहार गर्नलागे ॥३४॥ ती दुवै दायाँ-बायाँ छल्दै र यता उता उफ्रन्दै यस्ता देखिइरहेथे, जस्तै दुइटा नट रणभूमिमा युद्ध गरिरहेछन् ॥ ३५ ॥ हे राजन् ! उस वेला यौटाले अर्कोमाथि हिर्काएको ठक्करले लड्न लागेका दुइ हात्तीका दाँत ठोकिए झैं र बिजुली झल्के झैं चट् चट् शब्द हुनलाग्यो ॥३६॥ ती गदा ठूलो वेगले यौटाले अर्कोमाथि काँध, कमर, चरण, हात, तिघ्रा र भुजामा लाग्नाले परस्पर ठक्कर गदा त्यसरी चूर्ण भएपछि ती नरवीर फलामे वन झैं देखिने मुड्कीले नै यौटाले अर्कोलाई थिलथिलो पार्नलागे। हात्ती झैं परस्पर प्रहार गर्ने मुड्कीको आघात खाई धूलो हुन्छन् ॥२७॥ तिनका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द वज्र परे झैं प्रचण्ड सुनिन्थ्यो ॥ ३८ ॥ हे राजन् ! समान शिक्षा, बल र उत्साह सम्पन्न ती दुवै डरलाग्दा वीरको असाधारण युद्ध भयो । त्यस युद्धमा ती दुवैमध्ये कसैको पनि उत्साह भङ्ग हुन पाएन ॥३९॥ हे महाराज ! यसरी दिउँसो युद्ध गर्दथे र रानी मित्रभावले बस्तावस्तै सत्ताइस दिन व्यतीत भए ॥ ४० ॥ अनि एक दिन भीमसेन आफ्ना मामाका पुत्र भगवान् कृष्णसित भन्दछन्–'हे कृष्णे ! म मगधराजलाई युद्धमा जित्न असमर्थ छु* ॥ ४१ ॥ श्रीकृष्ण भगवान् जरासन्धको जन्म र मरण दुवैको रहस्य जान्दथे । जसरी जरा राक्षसीले उसलाई जीवन-दान दिएकी थिई, त्यो पनि उनलाई थाहा थियो । अतः कुन्ती-तनय भीमसेनलाई आफ्नू तेजले उत्साहित पार्दै जरासन्ध वधको उपाय विचार्न लागे ॥४२॥ मोलिपल्ट अमोघ दर्शन श्रीकृष्णले युद्धको वेलामा भीमसेनलाई कुशको यौटा शाखा चिरेर देखाई संकेतले उसलाई मार्ने उपाय बताउनु भयो ॥४३॥ श्रेष्ठ प्रहारकर्ता एवं

न्निर्धातवज्रपरुषस्तलताडनोत्थः ॥ ३८ ॥ पयोरेवं प्रहरतोः समशिक्षाबलौजसोः ॥ निर्विशेषममूद्युद्धमक्षीणजवयोर्नृप ॥ ३९ ॥ एवं तयोर्महाराज युध्यतोः सप्तविंशतिः ॥ दिनानि निरगंस्तत्र सुहृद्वन्निशि तिष्ठतोः ॥ ४१ ॥ एकदा मातुलेयं वै प्राह राजन्वृकोदरः ॥ न शक्तोऽहं जरासन्धं निर्जेतुं युधि माधव ॥ ४१ ॥ शत्रोर्जन्ममृती विद्वाञ्जीवितं च जराकृतम् ॥ पार्थमाप्याययन्स्वेन तेजसाऽचिन्तयद्धरिः ॥ ४२ ॥ सञ्चिन्त्यारिवधोपायं भीमस्यामोघदर्शनः ॥ दर्शयामास विटपं पाटयन्निव संज्ञया ॥ ४३ ॥ तद्विज्ञाय महासत्त्वो भीमः प्रहरतां वरः ॥ गृहीत्वा पादयोः शत्रुं पातयामास भूतले ॥४४॥ एवं पादं पदाक्रम्य दोर्भ्यामन्यं प्रगृह्य सः ॥ गुदतःपाटयामास शाखामिव महागजः ॥४५॥ एकपादोरुवृषणकटिपृष्ठस्तनांसके ॥ एकबाह्वक्षिभ्रूकर्णे शकले ददृशुः प्रजाः ॥ ४६ ॥ हाहाकारो महासीन्निहते मगधेश्वरे ॥ पूजयामासतुर्भीमं परिरभ्य जयाच्युतौ ॥ ४७ ॥ सहदेवं तत्तनयं भगवान्भूतभावनः ॥ अभ्यषिञ्चदमेयात्मा मगधानां पतिं प्रभुः ॥ मोचयामास राजन्यान्संरुद्धा मागधेन ये ॥ ४८ ॥ इति श्रीमद्भागवते

महापराक्रमी भीमले कृष्ण भगवान्को संकेतले उसलाई मार्ने काइदा बुझे र उनले शत्रुको खुट्टा समातेर भूमिमा पच्छारिदिए ॥ ४४ ॥ अनि उसको यौटा खुट्टा आफ्नू बलियो खुट्टाले थिचेर अर्को खुट्टा भीमले दुवै हातले समाते र जसरी कुनै ठूलो गजराज कुनै वृक्षको हाँगा भाँच्तछ, उसै गरी गुदातिरबाट चीरेर उसको दुइ टुक्रा पारिदिए ॥ ४५ ॥ त्यस वेला प्रजाले देखे–उसको शरीरको चरण, गिध्रा, अण्डकोश, स्तन, काँध, बाहु नेत्र र कानयुक्त देहको दुइ खण्ड भयो ॥ ४६ ॥ जरासन्ध मारिएपछि त्यहाँ ठूलो हाहाकार मच्चियो । अनि अर्जुन र कृष्णले भीमसेनको आलिङ्गन गरेर उनको सत्कार गरे ॥ ४७ ॥ अनि ती अप्रमेयात्मा र भूतभावन कृष्णले जरासन्धको पुत्र सहदेवलाई मगधदेशको राज-

* उदाहरण (दुवैतिर हेर)—यौटा खच्चर कुनै ठूलो मानिसले पालेको थियो । त्यसैले बसी-बसी दाना-घाँस खान्थ्यो । त्योसित कुनै पनि काम गराइन्नथ्यो । बर्ता स्फूर्ति आउनाले त्यो निकै यता उता उफ्रने र दगुर्ने गर्दथ्यो । एक दिन त्यो निकै फुर्ति देखाई टाउको ठटाएर बोल्वो—'मेरी आमा रेस (घुड्दौड) की घोडी थिई । म पनि त आफ्नी आमाको छोरो हुँ, अनि किन त्यस्तै नहोऊँ ?' तर अर्को दिन अलिकति दगुर्दा नै लस्त भयो । बर्ता थकाई लाग्यो । त्यसैले एक पाइला सार्न पनि कठिन भयो । अनि त्यसको मनमा तर्क आयो—'मेरी आमा घुड्दौडकी घोडी भएर के भयो ? बाबु त यौटा साधारण गधा नै थियो ।' तात्पर्य के भने—प्रत्येक कुराको छेउ र टुप्पा दुइ हुन्छन् । दुवै धरिलाई राम्ररी नबुझीकन जो एकातिर मात्र लम्कन्छन्, ती बाठोमा गनिदैनन् ।

Jayanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिंहासनमा अभिषिक्त गरेर जरासन्धले थुनेका राजाहरूलाई कारागारबाट मुक्त गरिदिए ॥४८॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायां द्विसप्ततितमोऽध्यायः ॥७२॥

(झ्यालखानबाट मुक्त राजाहरूको बिदाई र भगवान् इन्द्रप्रस्थ फर्कनु) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! जरासन्धद्वारा संग्राममा सहजै पराजित बीस हजार आठ सय राजाहरू जब मैलो र फाटेका लुगा लगाई, भोकले दुर्बल, मलीन अनुहार र बन्धनको कष्टले कृशित गिरिव्रज नामको दुर्ग बाहिर निस्के तब तिनले भगवान् कृष्णलाई सामुन्ने उभिएका देखे । ती मेघ झैं श्यामवर्णका थिए र रेशमी पीताम्बर धारण गरेका थिए ॥ १-२ ॥ उनको श्रीवत्सचिह्न, चार बाहु, कमल कोश झैं अरुण नयन र मनोहर तथा प्रसन्न बदेको मुखारविन्द थियो र कानमा मकराकृति कुण्डल झलमल गर्दै थियो ॥ ३ ॥ ती एक हातमा कमल लिएका थिए । शङ्ख, गदा र चक्रादि आयुध उनका अन्य बाहुमा थिए । ती किरीट, हार, कटक, कन्धनी र केयूरादिले विभूषित थिए ॥४॥ ती घाँटीमा कौस्तुभमणि पहिरेका र वनमालाले आवेष्टित थिए । त्यस्ता श्री हरिलाई ती राजाहरूले नेत्रद्वारा पिउने जिह्वाले चाट्ने,

महापुराणे दशमस्कन्धे उत्तरार्धे जरासन्धवधो नाम द्विसप्ततितमोऽध्यायः ॥ ७२ ॥

श्रीशुक उवाच ॥ अयुते द्वे शतान्यष्टौ लीलया युधि निर्जिताः ॥ ते निर्गता गिरिद्रोण्यां मलिना मलवाससः ॥१॥ क्षुत्क्षामाः शुष्कवदनाः संरोधपरिकर्शिताः ॥ ददृशुस्ते घनश्यामं पीतकौशेयवाससम् ॥२॥ श्रीवत्साङ्कं चतुर्बाहुं पद्मगर्भारुणेक्षणम् ॥ चारुप्रसन्नवदनं स्फुरन्मकरकुण्डलम् ॥३॥ पद्महस्तं गदाशङ्खरथाङ्गैरुपलक्षितम् ॥ किरीटहारकटककटिसूत्राङ्गदाचितम् ॥ ४ ॥ भ्राजद्वरमणिग्रीवं निवीतं वनमालया ॥ पिबन्त इव चक्षुर्भ्यां लिहन्त इव जिह्वया ॥ ५ ॥ जिघ्रन्त इव नासाभ्यां रम्भन्त इव बाहुभिः ॥ प्रणेमुर्हतपाप्मानो मूर्धभिः पादयोर्हरेः ॥६॥ कृष्णसंदर्शनाह्लादध्वस्तसंरोधनक्लमाः ॥ प्रशशंसुर्हृषीकेशं गीर्भिः प्राञ्जलयो नृपाः ॥७॥ राजान ऊचुः ॥ नमस्ते देवदेवेश प्रपन्नार्तिहराव्यय ॥ प्रपन्नान्पाहि नः कृष्ण निर्विण्णान्घोरसंसृतेः ॥८॥ नैनं नाथान्वसूयामो मागधं मधुसूदन ॥ अनुग्रहो यद्भवतो राज्ञां राज्यच्युतिर्विभो ॥९॥ राज्यैश्वर्यमदोन्नद्धो न श्रेयो विन्दते नृपः ॥ त्वन्मायामोहितोऽनित्या मन्यते सम्पदोऽचलाः ॥१०॥ मृगतृष्णां यथा बाला मन्यन्त उदकाशयम् ॥ एवं वैकारिकीं मायामयुक्ता वस्तु चक्षते ॥११॥ वयं पुरा श्रीमदनष्टदृष्टयो जिगीषयास्या इतरेतरस्पृधः ॥ घ्नन्तः प्रजाः स्वा अतिनिर्घृणाः प्रभो मृत्युं पुरस्त्वाविगणय्य दुर्मदाः ॥१२॥ त एव कृष्णाद्यगभीररंहसा

नाकले सुँघने र बाहुले आलिङ्गन गरे जस्तै श्रीकृष्णका युगल चरणमा शिर राखेर प्रणाम गरे ॥ ५-६ ॥ कृष्ण दर्शन प्राप्तिको प्रसन्नताले जसको थुनामा बसेको सबै कष्ट नष्ट भएको थियो, ती राजाहरू हात जोरेर विनम्र वाणीमा श्रीहृषीकेशको यस प्रकार स्तुति गर्नलागे ॥७॥ राजाहरू भन्दछन्—हे शरणागत-भयहारी र गर्वनाशी देवेश्वर ! हजुरलाई प्रणाम छ । हे कृष्ण ! हामी यो घोर संसारबाट उदासीन भएर हजुरको शरणमा आएका छौं, हाम्रो रक्षा गर्नुहवस ॥८॥ हे नाथ ! हे मधुसूदन ! हामी जरासन्धलाई दोषी मान्दैनौं किनकि त्यसद्वारा जो हामीहरूले राज्यभ्रष्ट हुनुपर्‍यो, त्यो पनि हजुरको अनुग्रह नै भियो ॥९॥ राज्य र ऐश्वर्यका मदले उन्मत्त राजाको कहिल्यै कल्याण हुन सक्तैन । ती त हजुरकोमायाले रहनाले गर्दा अनित्य र चञ्चल धन-सम्पत्तिलाई नै नित्य र अचल मान्दछन् ॥१०॥ जस्तै मूढजन मृगतृष्णालाई जलाशय मान्दछन् त्यस्तै अज्ञानी ऽरूप विकारमयी मायालाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्य वस्तु मान्दछन् ॥११॥ हे प्रभो ! पहिले हामी लक्ष्मीको मदमा अन्धा भएर यौटा अर्कोसित ईर्ष्या गरेर शत्रुलाई जित्ने इच्छाले निरन्तर सम्मुख रहने मृत्युरूपी हजुरलाई पनि मदान्ध भएर केही नगनी निर्दयतापूर्वक आफ्नै प्रजाको नाश गर्दथ्यौं ॥१२॥ हे कृष्ण ! उनै हामी यस वखत हजुरको स्वरूपभूत तथा अनन्तवीर्य कालको गम्भीर गतिले श्रीहीन हुनाले गर्दा हजुरको कृपाले गर्वरहित भएर हजुरका चरणको स्मरण गर्दछौं ॥१३॥ हे विभो ! निरन्तर क्षीण हुने रोगादिको क्रीडा भूमिस्वरूप शरीरले सेवन गरिने योग्य मृग-तृष्णा झैं मिथ्या राज्य तथा मरेपछि पाइने र कानलाई मनपर्ने स्वर्गादि कर्मफलको पनि अब हामीलाई इच्छा छैन ॥ १४ ॥ अतः हे प्रभो ! अब हजुर त्यही उपाय आज्ञा हवस् कि जसले यस संसारका विविध योनिहरूमा भ्रमण गर्दै पनि हामी हजुरका चरण कमलको सम्झना नबिर्सौं ॥१५॥ वासुदेव, हरि, परमात्मा, शरणागतका क्लेश नष्ट पार्ने गोविन्द, भगवान कृष्णलाई अनेक प्रणाम छ ॥१६॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! बन्धन-मुक्त ती राजाहरूद्वारा यस प्रकार स्तूयमान भएर शरणागत वत्सल यथा करुणामय भगवान्ले

दुरन्तवीर्येण विचालिताः श्रियः ॥ कालेन तन्वा भवतोऽनुकम्पया विनष्टदर्पाश्चरणौ स्मराम ते ॥१३॥ अथो न राज्यं मृगतृष्णिरूपितं देहेन शश्वत्पतता रुजां भुवा ॥ उपासितव्यं स्पृहयामहे विभो क्रियाफलं प्रेत्य च कर्णरोचनम् ॥ १४ ॥ तं नः समादिशोपायं येन ते चरणाब्जयोः ॥ स्मृतिर्यथा न विरमेदपि संसरतामिह ॥ १५ ॥ कृष्णाय वासुदेवाय हरये परमात्मने ॥ प्रणतक्लेशनाशाय गोविन्दाय नमो नमः ॥ १६ ॥ श्रीशुक उवाच ॥ संस्तूयमानो भगवान्राजभिर्मुक्तबन्धनैः ॥ तानाह करुणस्तात शरण्यः श्लक्ष्णया गिरा ॥ १७ ॥ श्रीभगवानुवाच ॥ अद्यप्रभृति वो भूपा मय्यात्मन्यखिलेश्वरे ॥ सुदृढा जायते भक्तिर्बाढमाशंसितं तथा ॥ १८ ॥ दिष्ट्या व्यवसितं भूपा भवन्तो ऋतभाषिणः ॥ श्रियैश्वर्यमदोन्नाहं पश्य उन्मादकं नृणाम् ॥ १९ ॥ हैहयो नहुषो वेनो रावणो नरकोऽपरे ॥ श्रीमदाद्भ्रंशिताः स्थानाद्देवदैत्यनरेश्वराः ॥ २० ॥ भवन्त एतद्विज्ञाय देहाद्युत्पाद्यमन्तवत् ॥ मां यजन्तोऽध्वरैर्युक्ताः प्रजा धर्मेण रक्षथ ॥ २१ ॥ सन्तन्वन्तः प्रजातन्तून्सुखं दुःखं भवाभवौ ॥ प्राप्तं प्राप्तं च सेवन्तो मच्चित्ता विचरिष्यथ ॥ २२ ॥ उदासीनाश्च देहादावात्मारामा धृतव्रताः ॥ मय्यावेश्य मनः सम्यङ् मामन्ते ब्रह्म यास्यथ ॥ २३ ॥ श्रीशुक

उनलाई मधुरवाणीमा आज्ञा भयो॥१७॥भगवान् भन्नुहुन्छ—हे राजा हो ! तिमीहरूले जति भन्यौ, त्यो उचित हो । अबदेखि सबैको आत्मरूपी म सर्वेश्वरमा तिम्रो भक्ति हुनेछ ॥१८॥ हे राजा हो ! तिमीहरूले सत्य भन्यौ । श्री र ऐश्वर्यमदले हुने उच्छृङ्खलतालाई म मनुष्यलाई मतवाला तुल्याइदिने रुक्री मान्दछु ॥१९॥ हेर न, ऐश्वर्यमदले गर्दा नै हैहयवंशी सहस्रार्जुन, नहुष, वेन, रावण र नरकासुर आदि अनेक दैत्य, देवता तथा राजा आफ्नू स्थानबाट भ्रष्ट भइसकेका छन् ॥२०॥ अतः तिमीहरू उत्पन्नधर्मा देहादिलाई नाशवान् ठानेर सावधानीपूर्वक यज्ञादिद्वारा मेरो यजन गर्दै धर्मानुसार प्रजाको पालन गर ॥ २१ ॥ अब तिमीहरू सन्तान वृद्धि गर्दै र प्रारब्धानुसार प्राप्त हुने जन्म-मृत्यु, सुख दुःख र लाभालाभ भोग गर्दै र ममा चित्त लगाएर कालयापन गर ॥२२॥ देहादिबाट उदासीन, आत्माराम तथा नाना प्रकारका व्रत पालन गर्न बन । चित्तलाई राम्रो प्रकारमा ममा नै लगाएर अन्त्यमा तिमीहरू म ब्रह्ममा नै प्राप्त हुनेछौ ॥२३॥ शुकदेवजी भन्नुहुन्छ—जगत्पति भगवान् कृष्णले राजाहरूलाई यस्तो आज्ञा दिएर उनलाई स्नानादि गराउन स्त्री र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरूप-सेवक खटाउनु भयो ।।२४।। हे भारत ! जरासन्धको छोरो सहदेवद्वारा तिनलाई राजोचित वस्त्र, आभूषण, माला र चन्दनादि दिन लगाई सम्मानित तुल्याउनुभयो ।।२५।। यसरी राम्ररी स्नान गरेर वस्त्राभूषणले अलंकृत ती राजाहरूलाई उत्तम अन्न खान दिई ताम्बूल आदि विविध प्रकारका राजोचित भोग समर्पण गराए ।।२६।। श्रीकृष्णचन्द्रद्वारा कारागारबाट मुक्त पारिएका तथा सम्मानित ती नृपतिगण स्वच्छ कुण्डलका कान्तिले यस प्रकार शोभित भए, जसरी वर्षा ऋतुपछि तारागण शोभित हुन्छन् ।।२७।। त्यसपछि उत्तम घोडा जोतिएका तथा मणि र सुवर्ण जडित रथमाथि बसालेर श्रीकृष्णले मधुरवाणीले प्रसन्न पार्दै आफाफ्नू देश पठाइदिए ।।२८।। महात्मा कृष्णचन्द्रद्वारा क्लेशमुक्त भएर ती सबै राजाहरू ती श्रीकृष्ण र उनका लीलाहरूको ध्यान गर्दै आफाफ्नो देश हिंडे ।।२९।। उहाँ तिनले आफ्ना मन्त्री, सेनापति आदिसित महापुरुष भगवान् कृष्णको जरासन्ध-वध आदि अद्भुत कार्य

उवाच ।। इत्यादिश्य नृपान्कृष्णो भगवान्भुवनेश्वरः ।। तेषां न्ययुङ्क्त पुरुषान्स्त्रियो मज्जनकर्मणि ।। २४ ।। सपर्यां कारयामास सहदेवेन भारत ।। नरदेवोचितैर्वस्त्रैर्भूषणैः स्रग्विलेपनैः ।। २५ ।। भोजयित्वा वरान्नेन सुस्नातान्समलंकृतान् ।। भोगैश्च विविधैर्युक्तांस्ताम्बूलाद्यैर्नृपोचितैः ।। २६ ।। ते पूजिता मुकुन्देन राजानो मृष्टकुण्डलाः ।। विरेजुर्मोचिताः क्लेशात्प्रावृडन्ते यथा ग्रहाः ।। २७ ।। रथान्सदश्वानारोप्य मणिकाञ्चनभूषितान् ।। प्रीणय्य सूनृतैर्वाक्यैः स्वदेशान्प्रत्ययापयत् ।। २८ ।। त एवं मोचिताः कृच्छ्रात्कृष्णेन सुमहात्मना ।। ययुस्तमेव ध्यायन्तः कृतानि च जगत्पतेः ।। २९ ।। जगदुः प्रकृतिभ्यस्ते महापुरुषचेष्टितम् ।। यथान्वशासद्भगवांस्तथा चक्रुरतन्द्रिताः ।। ३० ।। जरासन्धं घातयित्वा भीमसेनेन केशवः ।। पार्थाभ्यां संयुतः प्रायात्सहदेवेन पूजितः ।। ३१ ।। गत्वा ते खाण्डवप्रस्थं शङ्खान्दध्मुर्जितारयः ।। हर्षयन्तः स्वसुहृदो दुर्हृदां चासुखावहाः ।।३२।। तच्छ्रुत्वा प्रीतमनस इन्द्रप्रस्थनिवासिनः ।। मेनिरे मागधं शांतं राजा चाप्तमनोरथः ।। ३३ ।। अभिवन्द्याथ राजानं भीमार्जुनजनार्दनाः ।। सर्वमाश्रवयाञ्चक्रुरात्मना यदनुष्ठितम् ।। ३४ ।। निशम्य धर्मराजस्तत्केशवेनानुकम्पितम् ।। आनन्दाश्रुकलां मुञ्चन्प्रेम्णा नोवाच किञ्चन ।। ३५ ।।
इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे कृष्णाद्यागमने त्रिसप्ततितमोऽध्यायः ।। ७३ ।।

श्रीशुक उवाच ।। एवं युधिष्ठिरो राजा जरासन्धवधं विभोः ।। कृष्णस्य चानुभावं तं श्रुत्वा प्रीतस्तमब्रवीत् ।। १ ।। युधिष्ठिर उवाच ।। ये स्युस्त्रै-

वर्णन गरेर सुनाए र भगवान्ले तिनलाई जस्तो गर्नु भनेर आज्ञा भएको थियो, त्यसै गरी सावधान रहेर सबै कार्य गर्नलागे ।।३०।। यता भीमसेनद्वारा जरासन्ध-वध गराएर कृष्ण, भीम, तथा विजय सहित सहदेवद्वारा सम्मानित भएर इन्द्रप्रस्थ फर्किए ।।३१।। शत्रुमा विजय प्राप्त गरेका ती वीरहरूले इन्द्रप्रस्थ पुगेर सुहृद्हरूलाई आनन्दित पार्दै द्वेषी जनलाई थर्काउँदै आफ्नू-आफ्नू शंख बजाए ।।३२।। त्यो शङ्खध्वनि सुनेर इन्द्रप्रस्थनिवासी प्रजा प्रसन्न भएर उनले बुझे–जरासन्ध मारियो र महाराज युधिष्ठिरको दिग्विजय स्वरूप मनोरथ पूर्ण भयो ।।३३।। अनि भीम, अर्जुन तथा भगवान् कृष्णले धर्मराज युधिष्ठिरको वन्दना गरेर उनलाई आफूले गरेका कार्य वर्णन गरेर सुनाए ।।३४।। भगवान् कृष्णको त्यो अनुग्रहपूर्ण कार्यको वृत्तान्त सुनेर धर्मराजका आँखामा आनन्दाश्रु उम्लियो, ती केही बोल्नसकेनन् ।।३५।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपालीभाषाटीकायां त्रिसप्ततितमोऽध्यायः।।७३।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(धर्मराज युधिष्ठिरको राजसूय यज्ञमा भगवान कृष्णको अग्रपूजा र शिशुपाल-वध) श्रीशुकदेव भन्दछन्—हे राजन् ! जरासन्धको वध र भगवान् कृष्णको प्रभाव सुनेर महाराज युधिष्ठिरले प्रसन्नतापूर्वक उनीसित भने ॥१॥ युधिष्ठिर भन्दछन्—हे कृष्ण ! तिमी त्रिलोकका गुरु र सम्पूर्ण लोकका महान् ईश्वरस्वरूप ब्रह्मादिक देवता पनि जसको दुर्लभ आज्ञा आफ्नू शिरमा धारण गर्दछन् । हे भूमन् ! उही कमलनेत्र हजुर, आफूलाई समर्थ ठान्ने हामीहरूको आज्ञा पालन गर्नुहुन्छ । यो सबै हजुरको लीला नै हो ॥ २-३ ॥ जस्तै सूर्यको तेज उदय हुँदा र अस्ताउँदा बढ्दै-घट्दै रहन्छ, त्यस्ता अद्वितीय एक ब्रह्म परमात्मारूपी हजुरको तेज कर्म अथवा नगर्नाले घट्दै-बढ्दै रहन्न ॥ ४ ॥ हे अजित ! हे माधव ! हजुरका भक्तहरूमा पशुहरू झैं आफ्नू शरीर र पुत्रादिमा 'म र मेरो' भन्ने भावना र अरुमा 'तँ र तेरो' भन्ने भावनाको सविकार भेदबुद्धि रहन सक्तैन ॥ ५ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! यति महाराज युधिष्ठिरले भगवान् कृष्णको अनुमति लिएर यज्ञको तिम्ति अनुकूल समय आएपछि यज्ञ क्रियामा कुशल वेदवादी ब्राह्मणहरूको ऋत्विक् आदिको रूपमा

लोक्यगुरवः सर्वे लोकमहेश्वराः ॥ वहन्ति दुर्लभंलब्ध्वा शिरसैवानुशासनम् ॥२॥ स भवानरविन्दाक्षो दीनानामीशमानिनाम् ॥ धत्तेऽनुशासनं भूमंस्त दत्यन्तविडम्बनम् ॥३॥ न ह्येकस्याद्वितीयस्य ब्रह्मणः परमात्मनः ॥ कर्मभिर्वर्धते तेजो ह्रसते च यथा रवेः ॥ ४ ॥ न वै तेऽजित भक्तानां ममाहमिति माधव ॥ त्वं तवेति च नाना धीः पशूनामिव वैकृता ॥५॥ श्रीशुक उवाच ॥ इत्युक्त्वा यज्ञिये काले वव्रेयुक्तान्स ऋत्विजः ॥ कृष्णानुमोदितः पार्थो ब्राह्मणान्ब्रह्मवादिनः ॥ ६ ॥ द्वैपायनो भरद्वाजः सुमन्तुर्गौतमोऽसितः ॥ वसिष्ठश्च्यवनः कण्वो मैत्रेयः कवषस्त्रितः ॥७॥ विश्वामित्रो वामदेव सुमति· जैमिनिः क्रतुः ॥ पैलः पराशरो गर्गो वैशम्पायन एव च ॥ ८ ॥ अथर्वा कश्यपो धौम्यो रामो भार्गव आसुरिः ॥ वीतिहोत्रो मधुच्छन्दा वीर· सेनोऽकृतव्रण ॥ ९ ॥ उपहूतास्तथा चान्ये द्रोणभीष्मकृपादयः ॥ धृतराष्ट्रः सहसुतो विदुरश्च महामतिः ॥ १० ॥ ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्रा यज्ञदिदृक्षवः तत्रेयुः सर्वराजानो राज्ञां प्रकृतयो नृप ॥ ११ ॥ ततस्ते देवयजनं ब्राह्मणाः स्वर्णलाङ्गलैः ॥ कृष्ट्वा तत्र यथाम्नायं दीक्षया· ञ्चक्रिरे नृपम् ॥ १२ ॥ हैमाः किलोपकरणा वरुणस्य यथा पुरा ॥ इन्द्रादयो लोकपाला विरिञ्चिभवसंयुताः ॥ १३ ॥ सगणाः सिद्धगन्धर्वा विद्या

वरण गरे ॥ ६ ॥ तिनमा द्वैपायन, भरद्वाज·सुमन्त, गौतम, असित, वसिष्ठ, च्यवन, कण्व, मैत्रेय, कवष, चित्र, विश्वामित्र, वामदेव, सुमति, जैमिनी, क्रतु, पैल, पराशर, गर्ग वैशम्पायन, अथर्व, कश्यप, धौम्य, राम, भार्गव, आसुरी, वीतिहोत्र, मधुच्छन्दा, वीरसेन तथा अकृतव्रण थिए ॥७॥९॥ यी बाहेक द्रोण, भीष्म र कृपाचार्य आदि तथा पुत्रसमेत धृतराष्ट्र, महामतिमान् विदुर र अरु पनि ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चारै वर्णका मानिस निमन्त्रित थिए । हे नृप ! ती सबै र अन्यान्य राजा तिनका मन्त्रीवर्ग पनि यज्ञ हेर्ने इच्छाले त्यहाँ आएर उपस्थित भएका थिए ॥ १०-११ ॥ वरण भइसकेपछि ऋत्विज ब्राह्मणहरूले त्यो यज्ञभूमिलाई स्वार्ण निर्मित हलोले जोत्न लगाई राजा युधिष्ठिरलाई विधिपूर्वक यज्ञको दीक्षा दिए ॥१२॥ पूर्वकालीन वरुणयज्ञ झैं त्यस यज्ञमा पनि सबै पात्र सुनका थिए । पाण्डुनन्दन महाराज युधिष्ठिरको त्यो राजसूय यज्ञमा ब्रह्मा, रुद्र, इन्द्रादि लोकपाल आफाफ्ना गणका साथ सिद्ध, गन्धर्व, विद्याधर, नाग, मुनि, यक्ष, राक्षस, पशु, पक्षी, किंन्नर, अप्सरा तथा सबै राजा र रानीहरू–यी सबै निमन्त्रित भएर आएर र उनले कुनै प्रकारको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्चर्य नगरीकन कृष्णभक्त युधिष्ठिरको यज्ञानुष्ठान उचित माने । अनि देवगण झैं तेज याजकहरूले महाराज युधिष्ठिरद्वारा त्यस्तै विधिवत् यजन गराए, जस्तो पूर्वकालमा देवगणले वरुणद्वारा गराएका थिए ॥ १३–१६ ॥ सोमवल्लीबाट रस निकाल्ने दिन पृथ्वीपाल महाराज युधिष्ठिरले महाभाग याजकगण र रमापतिको सावधानीपूर्वक पूजा गरे ॥ १७ ॥ जब सबै सभासद्‌गण अग्रपूजाको योग्य व्यक्तिको छनोट गर्ने बेलामा एकमत नहुनाले कुनै निर्णय गर्न सकेनन्, तब महादेवले भन्नुभयो—॥ १८ ॥ हे सभासद हो ! यस श्रेष्ठ पदका योग्य यदुनन्दन कृष्ण नै छन्, किनभने यिनै सबै देवता र देश, काल धनादिका मूर्त रूप छन् ॥ १९ ॥ समस्त विश्व यिनैको रूप छ र सबै यज्ञ कृष्णरूप नै छन् । अग्नि, आहुति, मन्त्र, सांख्य पूजा-पाठ र योगसाधन पनि इनकै निम्ति गरिन्छन् ॥ २० ॥ यिनै एक र अद्वितीय ब्रह्म हुन् । सम्पूर्ण जगत् इनैको स्वरूप हो । हे सभ्यगण !

धरमहोरगाः ॥ मुनयो यक्षरक्षांसि खगकिन्नरचारणाः ॥ १४ ॥ राजानश्च समाहूता राजपत्न्यश्च सर्वतः ॥ राजसूयं समीयुः स्म राज्ञः पाण्डुसुतस्य वै ॥ १५ ॥ मेनिरे कृष्णभक्तस्य सूपपन्नमविस्मिताः ॥ अयाजयन्महाराजं याजका देववर्चसः ॥ राजसूयेन विधिवत्प्राचेतसमिवामराः ॥१६॥ सुत्येऽहन्यवनीपालो याजकान्सदसस्पतीन् ॥ अपूजयन्महाभागान्यथावत्सुसमाहितः ॥१७॥ सदस्याग्र्यार्हणार्हं वै विमृशन्तः सभासदः ॥ नाध्यगच्छन्ननैकान्त्यात्सहदेवस्तदाऽब्रवीत् ॥१८॥ अर्हति ह्यच्युतः श्रैष्ठ्यं भगवान्सात्वतां पतिः ॥ एष वै देवताः सर्वा देशकालधनादयः ॥१९॥ यदात्मकमिदं विश्वं क्रतवश्च यदात्मकाः ॥ अग्निराहुतयो मन्त्राः सांख्यं योगश्च यत्परः ॥ २० ॥ एक एवाद्वितीयोऽसावैतदात्म्यमिदं जगत् ॥ अनात्मनात्माश्रयः सभ्याः सृजत्यवति हन्त्यजः ॥२१॥ विविधानीह कर्माणि जनयन्यदपेक्षया ॥ ईहते यदयं सर्वः श्रेयो धर्मादिलक्षणम् ॥२२॥ तस्मात्कृष्णाय महते दीयतां परमार्हणम् ॥ एवं चेत्सर्वभूतानामात्मनश्चार्हणं भवेत् ॥ २३ ॥ सर्वभूतात्मभूताय कृष्णायानन्यदर्शिने ॥ देयं शान्ताय पूर्णाय दत्तस्यानन्त्यमिच्छता ॥ २४॥ इत्युक्त्वा सहदेवोऽभूत्तूष्णीं कृष्णानुभाववित् ॥ तच्छ्रुत्वा तुष्टुवुः सर्वे साधु साध्विति सत्तमाः ॥२५॥ श्रुत्वा द्विजेरितं राजा ज्ञात्वा हार्दं सभासदाम् ॥ समर्हयद्धृषीकेशं प्रीतः प्रणयविह्वलः ॥ २६ ॥ तत्पादाववनिज्यापः शिरसा लोकपावनीः ॥ सभार्यः सानुजामात्यः सकुटुम्बोऽवहन्मुदा ॥ २७ ॥ वासोभिः पीतकौशेयैर्भूषणैश्च महाधनैः ॥ अर्हयित्वाऽश्रुपूर्णाक्षो नाशकत्समवेक्षितुम्

यी अजन्मा कृष्ण नै स्वयं आफूमै यसको रचना, पालन र संहार गर्दछन् ॥ २१ ॥ किनकि सारा जगत् केवल इनकै अनुग्रहले विविध प्रकारका कर्म गर्दै धर्मादि सबै पुरुषार्थको सिद्धि प्राप्त गर्दछ ॥ २२ ॥ अतः महात्मा कृष्णको नै अग्रपूजा हुनु उचित छ । इनको पूजा भएपछि सबै प्राणीको र आफ्नू पनि पूजा गरेको हुन्छ ॥ २३ ॥ आफ्नू दानको अनन्त फल खोज्ने प्राणी सबै प्राणीहरूका अन्तरात्मा शान्त र परिपूर्ण भगवान् कृष्णकै तृप्तिका लागि यज्ञ, दान र पूजा गर, ॥ २४ ॥ कृष्ण भगवानको प्रभाव जान्ने सहदेव यति भनेर मौन भए । तिनको भनाई सुनेर श्रेष्ठ साधुजन 'उचित हो' भन्दै उनको प्रशंसा गर्नलागे ॥ २५ ॥ ब्राह्मणहरूको त्यस्तो कथन सुनेर तथा सभासदहरूको अभिप्राय जानेर महाराज युधिष्ठिरले प्रेम-विह्वल भई अति प्रेमपूर्वक कृष्णको पूजा गरे ॥ २६ ॥ अनि स्त्री, भाई, मन्त्री र कुटुम्बीहरूका साथै अत्यन्त आनन्दित भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले भगवान्‌को त्रिलोक पावन चरणोदक मस्तकमा लगाए ॥ २७ ॥ रेशमी पीताम्बर तथा बहुमूल्य आभूषणहरूले उनको पूजा गरे । त्यस वेला तिनका नेत्रमा आँसु भरिनाले ती कुनै वस्तु पनि स्पष्ट देख्न सकिरहेका थिएनन् ॥२८॥ यसरी पूजित कृष्ण भगवान्‌लाई देखेर सबै प्रजाजनले हात जोरेर 'नमः' र 'जय-जय' भन्दै उनलाई प्रणाम गरेर उनमा थे पुष्पवर्षा गरे ॥२९॥ यसरी भगवान् कृष्णका गुणहरूको वर्णन सुनेर दमघोषका छोरा शिशुपाल आफ्नू आसनबाट जुरुक्क उठेर निकै क्रोधितभावले सभामा हात उचालेर निर्भयतापूर्वक कृष्णलाई कठोर वचन सुनाउँदै बोल्नलागे-॥३०॥ काल सर्वसमर्थ छ, कालको छेउ कसैले मेट्न सक्तैनन्, यो श्रुति वचन सत्य गरियो । हेर न, यस सभामा

॥ २८ ॥ इत्थं सभाजितं वीक्ष्य सर्वे प्राञ्जलयो जनाः ॥ नमो जयेति नेमुस्तं निपेतुः पुष्पवृष्टयः ॥२९॥ इत्थं निशम्य दमघोषसुतः स्वपीठादुत्थाय कृष्णगुणवर्णनजातमन्युः ॥ उत्क्षिप्य बाहुमिदमाह सदस्यमर्षी संश्रावयन्भगवते परुषाण्यभीतः ॥ ३० ॥ ईशो दुरत्ययः काल इति सत्यवती श्रुतिः ॥ वृद्धानामपि यद्बुद्धिर्बालवाक्यैर्विभिद्यते ॥ ३१ ॥ यूयं पात्रविदां श्रेष्ठा मा मन्ध्वं बालभाषितम् ॥ सदसस्पतयः सर्वे कृष्णो यत्सम्मतोऽर्हणे ॥ ३२ ॥ तपोविद्याव्रतधराञ्ज्ञानविध्वस्तकल्मषान् ॥ परमर्षीन्ब्रह्मनिष्ठांल्लोकपालैश्च पूजितान् ॥ ३३ ॥ सदस्पतीनतिक्रम्य गोपालः कुलपांसनः ॥ यथा काकः पुरोडाशं सपर्यां कथमर्हति ॥ ३४ ॥ वर्णाश्रमकुलापेतः सर्वधर्मबहिष्कृतः ॥ स्वैरवर्ती गुणैर्हीनः सपर्यां कथमर्हति ॥ ३५ ॥ ययातिनैषां हि कुलं शप्तं सद्भिर्बहिष्कृतम् ॥ वृथा पानरतं शश्वत्सपर्यां कथमर्हति ॥ ३६ ॥ ब्रह्मर्षिसेवितान्देशान्हित्वैतेऽब्रह्मवर्चसम् ॥

अनेक व्यक्ति अवस्था र ज्ञानमा ठूला छन् । तिनको बुद्धि पनि *भेडियाधसानमा पारेर बालकका कुराले भ्रान्त भएको छ ॥३१॥ हे सभापति हो ! तपाईहरू सत्पात्रका ज्ञाताहरूमा श्रेष्ठ हुनुहुन्छ । यसै निम्ति 'कृष्ण नै अग्रपूजाका योग्य छन्' बालकको यस कथनलाई उचित नठान्नुहवस् ॥३२॥ किनकि यो कुलकलङ्क ग्वाला ठूला-ठूला तपस्वी, विद्वान्, ज्ञानाग्निले नष्ट कल्मष, ब्रह्मनिष्ट र लोकपालगणले पूजित यज्ञका सभापति र महर्षीहरू छँदाछँदै यो कसरी पूजाको पात्र हुन सक्तछ ? काग पनि कहिले यज्ञको पुरोडाशको अधिकारी हुन्छ ? ॥३३॥३४॥ अनि वर्ण, आश्रम र कुलबाट पृथक्, सबै धर्मबाट बहिष्कृत, स्वेच्छाचारी र गुणहीन कृष्ण कसरी अग्रपूजाको योग्य हुन सक्तछ ? ॥३५॥ राजा ययातिले यी यादवका

* दृष्टान्त (भेडियाधसान)—यौटा साधुसित केही तामाका भाँडा थिए । जब साधु तीर्थाटनमा जान लाग्यो तब उसले यौटा जङ्गलमा आफ्ना भाँडा गाडेर चिन्हको निम्ति त्यहाँ यौटा माटोको थुप्रो बनाइदियो । यौटा व्यक्ति त्यो देखिरहेको थियो । उसले ठान्यो–यात्राको वेलामा जङ्गलमा माटोको थुप्रो बनाउनु शुभ होला, त्यसैले यो साधु यहाँ थुप्रो बनाउँदैछ । त्यस व्यक्तिले गाउँमा गएर यो कुरा प्रसिद्ध पारिदियो—'जो परदेश जान्छ, त्यो जङ्गलमा अमुक ठाउँमा माटोको यौटा थुप्रो बनाइदिने गरोस् । यस्तो गर्नाले तीर्थयात्राको विशेष फल पाइन्छ । भारतवर्षको भेडियाधसान प्रसिद्ध छँदैछ । कसैले पनि त्यो कुरा सत्य हो कि होइन भन्ने विचार गरेन । अब जो तीर्थयात्रा जान्थ्यो, त्यही स्थानमा माटोको उस्तै थुप्रो बनाइदिन्थ्यो । त्यसको परिणाम यो भयो कि केही दिनमै त्यस स्थानमा, जहाँ साधुले थुप्रो बनाएको थियो, अनेक थुप्रा तयार भए । जब त्यो साधु तीर्थयात्राबाट फर्केर आयो तब उसले भाँडा राखेको स्थानमा अनेक उस्तै माटोका थुप्रा देखे । साधुले कुन मेरो थुप्रो हो भन्ने जान्न सकेन । यसै निम्ति उसले आफ्नू भाँडो पाउन सकेन । अनि साधुले भन्यो–'गतानुगतिको लोको न लोकः पारमार्थिकः । पश्य लोकस्य मूर्खत्वं हृतं मे ताम्र भाजनम्' । संसारको चलन भेडियाधसान छ । परमार्थको विचार गर्ने कोही छैन । मानिसहरूको मूर्खताले मेरो तामाका भाँडा गयो ।' भाइ हो ! अब पुरानो चलनमा हिंड्नाले केही पनि हातलाग्दैन । अतः जतातिर समयको गति छ, तिमी पनि आफ्नू गति उतै फर्काउ । किनकि प्रतिकूल वायुमा डुङ्गा हिंड्न सक्तैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुललाई श्राप दिएका छन् । त्यसैले यो कुल सत्पुरुषबाट बहिष्कृत भएर मद्यपानादि दुष्कर्ममा तत्पर रहन्छ । अनि यो अग्रपूजाको योग्य कसरी हुन सक्तछ ? ।।३६।। यीचोर यादव ब्रह्मर्षिगण सेवित र ब्रह्मतेजयुक्त मथुरापुरी छाडेर समुद्रमा स्थित दुर्गको आश्रय लिएर आफ्ना प्रजालाई कष्ट दिइरहन्छन् ।।३७।। जसको सौभाग्य नष्ट भइसकेको थियो, त्यो शिशुपालले यस्तै अनेक कटु वाक्य भन्यो, तर जस्तै स्यालको शब्द सुनेर सिंह केही बोल्दैन, त्यस्तै भगवान्ले केही भनेनन् ।। ३८ ।। अनेक सभासद् भगवान्को यो दुःसह निन्दा सुनेर रोषले चेदिराज शिशुपाललाई जाति-नजाति कुरा भन्दै कान थुनेर त्यहाँबाट हिंडिदिए।।३९।। किनकि जो व्यक्ति भगवान्को अथवा भगवत्परायण भक्तको निन्दाका वचन सुनेर त्यहाँबाट पर हट्दैनन्, ती शुभ कर्मबाट भ्रष्ट भएर नीच गतिमा पुग्न जान्छन् ।।४०।। अनि सबै पाण्डव र मत्स्य, केकय र सृञ्जय देशका राजा रिसाई शिशुपाललाई मार्नको निम्ति आफ्ना-आफ्ना शस्त्रास्त्र सम्हारेर जुरुक्क उठे ।।४१।। हे भरतनन्दन ! शिशुपालले पनि त्यस बेला गाहारो नमानीकन भरिएको सभामा कृष्णपक्षीय राजाहरूलाई ललकार्दै, हराउँदै ढाल-तरवार उचाले

समुद्रं दुर्गमाश्रित्य बाधन्ते दस्यवः प्रजाः ।। ३७ ।। एवमादीन्यभद्राणि बभाषे नष्टमङ्गलः ।। नोवाच किञ्चिद्भगवान्यथा सिंह शिवारुतम् ।। ३८ ।। भगवन्निन्दनं श्रुत्वा दुःसहं तत्सभासदः ।। कर्णौ पिधाय निर्जग्मुः शपन्तश्चेदिपं रुषा ।। ३९ ।। निन्दां भगवतः शृण्वंस्तत्परस्य जनस्य वा ।। ततो नापैति यः सोऽपि यात्यधः सुकृताच्युतः ।। ४० ।। ततः पाण्डुसुताः क्रुद्धा मत्स्यकेकयसृञ्जयाः ।। उदायुधाः समुत्तस्थुः शिशुपालजिघांसवः ।। ४१ ।। ततश्चैद्यस्त्वसम्भ्रान्तो जगृहे खड्गचर्मणी ।। भर्त्सयन्कृष्णपक्षीयान्राज्ञः सदसि भारत ।। ४२ ।। तावदुत्थाय भगवान्स्वान्निवार्य स्वयं रुषा ।। शिरः क्षुरान्त चक्रेण जहारापततो रिपोः ।। ४३ ।। शब्दः कोलाहलोऽप्यासीच्छिशुपाले हते महान् ।। तस्यानुयायिनो भूपा दुद्रुवुर्जीवितैषिणः ।। ४४ ।। चैद्यदेहोत्थितं ज्योतिर्वासुदेवमुपाविशत् ।। पश्यतां सर्वभूतानामुल्केव भुवि खाच्च्युता ।। ४५ ।। जन्मत्रयानुगुणितवैरसंरब्धया धिया ।। ध्यायंस्तन्मयतां यातो भावो हि भवकारणम् ।। ४६ ।। ऋत्विग्भ्यः ससदस्येभ्यो दक्षिणां विपुलामदात् ।। सर्वान्सम्पूज्य विधिवच्चक्रेऽवभृथमेकराट् ।।४७।। साधयित्वा क्रतुं राज्ञः कृष्णो योगेश्वरेश्वरः ।। उवास कतिचिन्मासान्सुहृद्भिरभियाचितः ।। ४८ ।। ततोऽनुज्ञाप्य राजा·

।।४२।। अनि भगवान् उठेर आफ्ना सुहृद्हरूलाई शान्त पार्नुभयो र आफू उदार आक्रमण गर्न तत्पर शत्रु शिशुपालको शिर छुरा झैं तेजिलो धार हुने चक्रले काटिदिए । यस प्रकार शिशुपाल मारिएपछि त्यहाँ निकै कोलाहल मच्चियो र उसका अनुयायी राजा आफ्आफ्ना प्राण जोगाई भागे ।।४३।।४४।। त्यसै बेला शिशुपालको शरीरबाट निस्केको तेज सबै प्राणीहरूले हेर्दाहेर्दै यस प्रकार भगवान्मा विलीन भयो, जस्तै आकाशबाट झरेको उल्का पृथ्वीमै विलीन हुन्छ ।।४५।। तीन जन्मसम्म बराबर वैरभाव तथा द्वेषपूर्ण बुद्धिले भगवान्को ध्यान गर्नाले त्यो प्रत्यक्ष भगवान्मा लीन भएको थियो । किनकि भाव नै ध्येयकारितादिका प्राप्तिको कारण हुन्छ ।।४६।। अनि चक्रवर्ती महाराज युधिष्ठिरले सदस्यगण तथा ऋत्विजहरूलाई प्रसस्त दक्षिणा दिएर सबैको सत्कार गरी विधिपूर्वक अवभृथस्नान गरे ।। ४७ ।। यस प्रकार महाराज युधिष्ठिरको राजसूय यज्ञ सविधि पूर्ण गराई सर्वयोगेश्वर भगवान् सुहृद्गणको आग्रहले केही महीना त्यहीं बसे । अनि पाण्डवहरूको इच्छा नभए पनि राजा युधिष्ठिरसित आज्ञा लिएर भगवान्संग गएका जति सबैलाई लिई आफ्नू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजधानी फर्किए ॥ ४८-४९ । हे राजन् ! वैकुण्ठवासी जय र विजयको सनकादि मुनिको श्रापले जसरी बारम्बार जन्म भयो त्यो वृतान्त विस्तारपूर्वक मैले सुनाइदिएँ ।।५०।। उता महाराज युधिष्ठिर राजसूय यज्ञको अवभृथ स्नान गरेर ब्राह्मणवर्ग र क्षत्रियहरूको सभामा इन्द्र समान सुशोभित भए ॥ ५१ ।। त्यस बेला पाण्डवको बढेको सम्पत्ति देखेर जो त्यसलाई सहन सकेको थिएन, त्यो कुरुकुल पापी दुर्योधनबाहेक अरु सबै देवता, मनुष्य र प्रमथगण राजा युधिष्ठिरद्वारा सम्मानित भएर श्रीकृष्ण र राजसूय यज्ञको प्रशंसा गर्दै प्रसन्न भई आफ्नू घर फर्के !।५२-५३।। जो प्राणी श्रीकृष्णको शिशुपाल वध आदि कर्म र राजाहरूको मुक्ति तथा पाण्डवहरूको यज्ञानुष्ठानको वृत्तान्त कीर्तन गर्ला, त्यो सबै पापबाट मुक्त होला ।.५४। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्ध उत्तरार्धे नेपाली भाषाटीकायां चतुःसप्ततिमोऽध्यायः ।।७४।।

(राजसूयको अवभृथ स्नान-महोत्सवमा दुर्योधनको अपमान)—यति कथा सुनिसकेर राजा परीक्षितले सोधे—हे ब्रह्मन् ! अहिले भन्नुभयो अजातशत्रु युधिष्ठिरको

नमनिच्छन्तमपीश्वर. ॥ ययौ सभार्यः सामात्यः स्वपुरं देवकीसुतः ॥ ४९ ॥ वर्णितं तदुपाख्यानं मया ते बहुविस्तरम् ॥ वैकुण्ठवासिनोर्जन्मो विप्रशापात्पुनः पुनः ॥५०॥ राजसूयावभृथ्येन स्नातो राजा युधिष्ठिरः ॥ ब्रह्मक्षत्रसभामध्ये शुशुभे सुरराडिव ॥ ५१ ॥ राज्ञा सभाजिताः सर्वे सुरमानवखेचरा: ॥ कृष्णं क्रतुं च शंसन्तः स्वधामानि ययुर्मुदा ॥ ५२ ॥ दुर्योधनमृते पापं कलिं कुरुकुलामयम् ॥ यो न सेहे श्रियं स्फीतां दृष्ट्वा पाण्डुसुतस्य ताम् ॥ ५३ ॥ य इदं कीर्तयेद्विष्णोः कर्म चैद्यवधादिकम् ॥ राजमोक्षं वितानं च सर्वपापैः प्रमुच्यते ॥ ५४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे शिशुपालवधो नाम चतुःसप्ततितमोऽध्यायः ॥ ७४ ॥

राजोवाच ॥ अजातशत्रोस्तं दृष्ट्वा राजसूयमहोदयम् ॥ सर्वे मुमुदिरे ब्रह्मन्नृदेवा ये समागताः ॥ १ ॥ दुर्योधनं वर्जयित्वा राजानः सर्षयः सुराः॥ इति श्रुतं नो भगवंस्तत्र कारणमुच्यताम्॥२॥ ऋषिरुवाच ॥ पितामहस्य ते यज्ञे राजसूये महात्मनः ॥ बान्धवाः परिचर्यायां तस्यासन्प्रेमबन्धनाः ॥३॥ भीमो महानसाध्यक्षो धनाध्यक्षः सुयोधनः ॥ सहदेवस्तु पूजायां नकुलो द्रव्यसाधने॥४॥गुरुशुश्रूषणे जिष्णुः कृष्णः पादावनेजने ॥ परिवेषणे द्रुपदजा कर्णो दाने महामनाः ॥५॥ युयुधानो विकर्णश्च हार्दिक्यो विदुरादयः ॥ बाह्लीकपुत्रा भूर्याद्या ये च सन्तर्दनादयः ॥६॥निरूपिता महायज्ञे नानाकर्मसु

त्यो महान् यज्ञोत्सव देखेर त्यहाँ जो राजा, ऋषिगण र देवगण आएका थिए, तिनमा दुर्योधन बाहेक अरु सबै प्रसन्न भए। दुर्योधनलाई के कुशमा किन प्रसन्नता भएन ! यसको कारण के थियो ? श्री शुकदेव भन्नुहुन्छ—हे राजन ! तिम्रा पितामह महाराज युधिष्ठिरको राजसूय यज्ञमा सबै बन्धुगणले भिन्न-भिन्न सेवा-कार्य हातमा लिएका थिए। जसमा भीमसेन पाकशालाको हेर-विचार गर्दथे। दुर्योधन कोषाध्यक्ष थियो। सहदेव आउने-जानेको पूजा-सत्कार गर्दथे र नकुल-सहदेव अनेक थरिका सामग्री एकत्र पार्ने काम गर्दथे ॥ १-४ ॥ धनञ्जय पूज्य महानुभावहरूको सेवामा थिए, भगवान् कृष्ण अतिथिहरूको पाउ धुन्थे, द्रौपदी खानेकुरा पस्कन्थिन् र महामना कर्ण दान दिन्थे ।.५।। हे राजेन्द्र ! यसै गरी सात्यकि, विकर्ण, हार्दिक्य, विदुर र भूरिश्रवादि बाह्लीक पुत्र, सन्तर्दनादि राजा पनि त्यस यज्ञमा विभिन्न काममा नियुक्त भएर युधिष्ठिरको काम पूरा गर्न आफ्ना

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कामममा लागेका थिए ।। ६-७ ।। ऋत्विक्, सदस्य र बहुज्ञ पुरुषहरू तथा आफ्ना बन्धु-बान्धवका सुमधुर वचन, नाना प्रकारका सामग्री र दक्षिणादिले सत्कार पाउने तथा चेदिराज शिशुपालले शरीर त्यागेर भगवान् यदुनाथका चरणमा प्रविष्ट भइसकेपछि महाराज युधिष्ठिर गएर गङ्गाजीमा अवभृथ स्नान गरे ।। ८ ।। त्यो अवभृथ-स्नानोत्सवको शुभ अवसरमा मृदङ्ग, शङ्ख, पणव, ढोल, नगरा र गोमुख आदि विविध बाजा बज्न लागे ।। ९ ।। नर्तकीहरू आनन्दित भएर नाच्न लागे, अनेक गायक गाउन लागे, तथा उनीहरूको वेणु एवं थपरी मारेको महान शब्द आकाशमण्डलमा गुन्जायमान भयो ।।१०।। अनि यजमानलाई अघि लगाएर यदु, सृञ्जय, काम्बोज, कुरु, केकय र कोशल देशका राजा सुनका हारले भूषित भएर नाना प्रकारका ध्वजा पताकाहरू बोकी हात्ती, रथ, घोडा र राम्ररी सज्जित पैदल रथी सेनासंगै भूमण्डललाई कम्पित पार्दै नगर बाहिर निस्के ।।११-१२।। तिनीहरूका साथै सदस्य तथा ऋत्विक् आदि द्विजगण वेदध्वनि गर्दै हिंडे र देवता, पितृगण तथा गन्धर्व पुष्पवर्षा र स्तुति गर्नलागे ।।१३।। चन्दन, माला, आभूषण र वस्त्रादिले राम्ररी अलंकृत

ते तदा ।। प्रवर्तन्तेस्मराजेन्द्र राज्ञः प्रियचिकीर्षवः ।।७।। ऋत्विक्सदस्यबहुवित्सु सुमहत्तमेषु स्विष्टेषु सूनृतसमर्हणदक्षिणाभिः ।। चैद्ये च सात्वतपतेश्चरणं प्रविष्टे चक्रुस्ततस्त्ववभृथस्नपनं द्युनद्याम् ।।८।। मृदङ्गशङ्खपणवधुन्धुर्यानकगोमुखाः वादित्राणि विचित्राणि नेदुरावभृथोत्सवे ।।९।। नर्तक्यो नंनृतुर्हृष्टा गायका यूथशो जगुः ।। वीणावेणुतलोन्नादस्तेषां स दिवमस्पृशत् ।।१०।। चित्रध्वजपताकाग्रैरिभेन्द्ररथन्दनार्वभिः ।। स्वलंकृतैर्भटैर्भूपा निर्ययू रुक्ममालिनः ।।११।। यदुसृञ्जयकाम्बोजकुरुकेकयकोशलाः ।। कम्पयन्तो भुवं सैन्यैर्यजमानपुरःसराः।।१२।। सदस्यर्त्विग्द्विजश्रेष्ठा ब्रह्मघोषेण भूयसा ।। देवर्षिपितृगन्धर्वास्तुष्टुवुः पुष्पवर्षिणः।।१३।। स्वलंकृता नरा नार्यो गन्धस्रग्भूषणाम्बरैः ।। विलिम्पन्त्योऽभिषिञ्चन्त्यो विजह्रुर्विविधै रसैः ।।१४।। तैलगोरसगन्धोदहरिद्रासान्द्रकुङ्कुमैः ।। पुम्भिः क्षिप्ताः प्रलिम्पन्त्यो विजह्रुर्वारयोषितः ।। १५ ।। गुप्ता नृभिर्निरगमन्नुपलब्धुमेतद्देव्यो यथा दिवि विमानवरैर्नृदेव्यः ।। ता मातुलेयसखिभिः परिषिच्यमानाः सव्रीडहासविकसद्वदना विरेजुः ।। १६ ।। ता देवरानुत सखीन्सिषिचुर्दृतीभिः क्लिन्नाम्बरा विवृतगात्रकुचोरुमध्याः ।। औत्सुक्यमुक्तकबराच्च्यवमानमाल्याः क्षोभं दधुर्मलधियां रुचिरैर्विहारैः ।। १७ ।। स सम्राड्रथमारूढः सदश्वं रुक्ममालिनम् ।। व्यरोचत

नर-नारी यौटाले अर्कोको मुखमा नाना प्रकारका रसको लेपन गर्दै र भिजाउँदै उत्सव मनाउन लागे ।। १४ ।। वाराङ्गना-पुरुष द्वारा तेल, गोरस, चन्दन, बेसार र वाक्लो केसरले अनुलिप्तभएर स्वयं पनि उनको अङ्गमानिनै वस्तुहरू घस्तै क्रीडा गर्न लागे ।। १५ ।। त्यस बेला उक्त उत्सव हेर्नको निम्ति आकाशमा विमानमा बसेर आएका देवाङ्गना-हरू झैं राजमहिलाहरू रथ आदिमा बसेर अनेक सैनिक द्वारा सुरक्षित भएर नगरबाट बाहिर निस्के । पाण्डवका मामाका पुत्र श्रीकृष्ण, उनका मित्रद्वारा भिजाइएका राजरानीहरू लज्जापूर्ण हाँसोले प्रफुल्लवदन भएर अत्यन्त शोभामा प्राप्त भए ।। १६ ।। लुगा भिज्नाले जसको शरीर कुच, तिघ्रा र मध्यभाग आदि अलि-अलि देखिइरहेथे, ती राजमहिलाहरू आफ्ना देवर र तिनका सखागणलाई पिचकारीले भिजाउन लागे । बर्ता उत्सुकतावश तिनका केशपाश खुकुलो भए, तिनमा लगाएको पुष्पमाला विस्तारै फुस्क्यो । यसरी आफ्ना मनोहर क्रीडादिले ती मलिनबुद्धि पुरुषका मनमा क्षोभ उत्पन्न गर्नलागे ।।१७।। यौटा राम्रा घोडायुक्त र सुवर्णमाला विभूषित उत्तम रथमा आफ्नी पत्नी सहित बसेर महाराज युधिष्ठिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साक्षात् यज्ञपुरुष झैं सुशोभित भइरहेका थिए ॥ १८ ॥ अनि ऋत्विग्जनले युधिष्ठिरबाट 'पानीसंयान यज्ञ ! अवभृथ स्नान सम्बन्धी कर्म' गराई द्रौपदीसँग गङ्गाजीमा स्नान गराए ॥ १९ ॥ त्यस बेला मनुष्यका दुन्दुभीको साथै देवगणका दुन्दुभीको पनि निनाद हुन लाग्यो । देवता, ऋषि, पितृ र मनुष्य पुष्पवर्षा गर्नलागे ॥ २० ॥ यस प्रकार अवभृत स्नान भइसकेपछि सबै वर्ण र आश्रमका व्यक्तिले गङ्गाजीमा स्नान गरे, किनकि अवभृथ स्नान गर्नाले महापातकी पुरुष पनि पापबाट मुक्त हुन्छन् ॥२१॥ दुइटा नयाँ रेशमी वस्त्र तथा अरु पनि नाना प्रकारका आभूषण पहिरेका महाराज युधिष्ठिरले ऋत्विक्, सदस्य र अन्य ब्राह्मणलाई विविध प्रकारका वस्त्राभूषण दिएर बारम्बार सत्कार गरे ॥ २२ ॥ भगवत्परायण महाराज युधिष्ठिरले आफ्ना बन्धु-बान्धव, जात-भाई, राजागण र मित्र, सुहृद् तथा आएका सबैलाई सम्मान गरे ॥ २३ ॥ अनि सबै जना मणिमय कुण्डल, माला, फेटा, भोटो, ओढ्ने तथा बहुमूल्य हार पहिरेर देवता समान तेजोमय प्रतीत हुन लागे । युगल कुण्डल र अलकावलीले तिनको मनोहर मुखारविन्द अत्यन्त राम्रो र सुशोभित थिये । ती स्त्रीहरू कमरमा

स्वपत्नीभिः क्रियाभिः क्रतुराडिव ॥ १८ ॥ पत्नीसंयाजावभृथ्यैश्चरित्वा ते तमृत्विजः ॥ आचान्तं स्नानपयाञ्चक्रुर्गङ्गायां सह कृष्णया ॥ १९ ॥ देवदुन्दुभयो नेदुर्नरदुन्दुभिभिः समम् ॥ मुमुचुः पुष्पवर्षाणि देवर्षिपितृमानवाः ॥ २० ॥ सस्नुस्तत्र ततः सर्वे वर्णाश्रमयुता नराः ॥ महापातक्यपि यतः सद्यो मुच्येत किल्बिषात् ॥ २१ ॥ अथ राजाऽहते क्षौमे परिधाय स्वलङ्कृतः ॥ ऋत्विक्सदस्यविप्रादीनानर्चाभरणाम्बरैः ॥ २२ ॥ बन्धुज्ञातिनृपान्मित्रसुहृदोऽन्यांश्च सर्वशः ॥ अभीक्ष्णं पूजयामास नारायणपरो नृपः ॥ २३ ॥ सर्वे जनाः सुररुचो मणिकुण्डलस्रगुष्णीषकञ्चुकदुकूलमहार्घ्यहाराः ॥ नार्यश्च कुण्डलयुगालकवृन्दजुष्टवक्त्रश्रियः कनकमेखलया विरेजुः ॥ २४ ॥ अथर्त्विजो महाशीलाः सदस्या ब्रह्मवादिनः ॥ ब्रह्मक्षत्रियविट्शूद्रा राजानो ये समागताः ॥ २५ ॥ देवर्षिपितृभूतानि लोकपालाः सहानुगाः ॥ पूजितास्तमनुज्ञाप्य स्वधामानि ययुर्नृप ॥ २६ ॥ हरिदासस्य राजर्षे राजसूयमहोदयम् ॥ नैवातृप्यन्प्रशंसन्तः पिबन्मर्त्योऽमृतं यथा ॥ २७ ॥ ततो युधिष्ठिरो राजा सुहृत्सम्बन्धिबान्धवान् ॥ प्रेम्णा निवारयामास कृष्णं च त्यागकातरः ॥ २८ ॥ भगवानपि तत्राङ्ग न्यवात्सीत्तत्प्रियङ्करः ॥ प्रस्थाप्य यदुवीरांश्च साम्बादींश्च कुशस्थलीम् ॥ २९ ॥ इत्थं राजा धर्मसुतो मनोरथमहार्णवम् ॥ सुदुस्तरं समुत्तीर्य कृष्णेनासीद्गतज्वरः ॥३०॥ एकदाऽन्तःपुरं तस्य वीक्ष्य दुर्योधनः श्रियम् ॥ अतप्यद्रा-

सुवर्णमेखला धारण गरेर सारै शोभित भए ॥ २४ ॥ हे राजन् ! सर्वाधिक शोभित महामना ऋत्विग्गण र वेदवादी सदस्यगण यज्ञोत्सव हेर्नका निम्ति आएका अनेक ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र राजा तथा आफ्ना अनुयायी सहित देवता, ऋषि, पितृ, भूत र लोकपाल महापाल महाराज युधिष्ठिर द्वारा राम्ररी सम्मानित भएर तथा उनको अनुमति लिई आफ्नू-आफ्नू स्थानमा फर्केर गए ॥ २५-२६ ॥ हे राजर्षे ! जस्तै अमृतले मानिस कहिल्यै अघाउन्न, त्यस्तै भगवद्भक्त महाराज युधिष्ठिरको राजसूय यज्ञको विशेष प्रशंसा गर्दै जाँदा पनि उनको तृप्ति भएन ॥ २७ ॥ त्यस बेला उनको वियोग सहन असमर्थ हुनाले गर्दा राजा युधिष्ठिरले आफ्ना सुहृद्, सम्बधी, बान्धव तथा भगवान् श्रीकृष्णलाई प्रेमपूर्वक केही दिन त्यहीं रोकेर राखेर ॥ २८ ॥ अनि हे तात ! युधिष्ठिरका शुभचिन्तक भगवान् कृष्णले साम्बादि यादवहरूलाई द्वारका पठाइदिए र स्वयं आफू त्यहीं बसे ॥ २९ ॥ यस

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकार धर्मपुत्र महाराज युधिष्ठिर भगवान् कृष्णको कृपाले आफ्नू मनोरथरूपी दुस्तर समुद्र तरेर निश्चिन्त भए ॥ ३० ॥ एक दिन भगवद्भक्त राजा युधिष्ठिरको राजमहलको सम्पत्ति र राजसूय यज्ञद्वारा प्राप्त सम्मान देखेर दुर्योधनलाई ठूलो सन्ताप भयो ॥ ३१ ॥ जुन सभामा मयदानवले ल्याएको देवेन्द्र, दैत्येन्द्र, सुरेन्द्रका विविध सम्पत्तिहरू सुशोभित थिए । ती सामग्रीहरूले राजरानी द्रौपदी आफ्ना पतिहरूको परिचर्या गर्दथिन् । जुन राजभवनमा श्रीकृष्णका-कुच कुंकुम रजित रक्तवर्णहार तथा चञ्चल कुण्डल र अलकावलीले मण्डित मनोहर मुखारविन्दले हजारौं रानीहरू कटिभारवश मन्दगतिले हिँड्दा तिनका नूपुरको झङ्कार सुनिन्थ्यो, त्यो सबै देखेर द्रौपदीमा आसक्त दुर्योधनलाई वर्ता डाह-ईर्ष्या भयो ॥३२-३३॥ एक दिन महाराज युधिष्ठिर मयदानवले बनाइदिएको सभामा आफ्ना भाइहरू, बन्धुजन र आफ्ना नेता भगवान कृष्ण सहित साम्राज्य-लक्ष्मीले सुसम्पन्न भएर स्वर्ण-सिंहासनमा साक्षात् इन्द्र समान आसीन थिए र बन्दीजन उनको स्तुति गरिरहेका थिए, त्यसै वेला अभिमानी दुर्योधन किरीट, कुण्डल, माला र खड्गादिले सुसज्जित भएर आफ्ना

जसूयस्य महित्वं चाच्युतात्मनः ॥ ३१ ॥ तस्मिन्नरेन्द्रदितिजेन्द्रसुरेन्द्रलक्ष्मीर्नाना विभान्ति किल विश्वसृजोपक्लृप्ताः ॥ ताभिः पतीन्द्रुपदराजसुतोपतस्थे यस्तां विषक्तहृदयः कुरुराडतप्यत् ॥ ३२ ॥ यस्मिंस्तदा मधुपतेर्महिषीसहस्रं श्रोणीभरेण शनकैः क्वणदङ्घ्रिशोभम् ॥ मध्ये सुचारुकुचकुंकुमशोणहारं श्रीमन्मुखं प्रचलकुण्डलकुन्तलाढ्यम् ॥ ३३ ॥ सभायां मयक्लृप्तायां क्वापि धर्मसुतोऽधिराट् ॥ वृतोऽनुजैर्बन्धुभिश्च कृष्णेनापि स्वचक्षुषा ॥३४॥ आसीनः काञ्चे साक्षादासने मघवानिव ॥ पारमेष्ठ्यश्रिया जुष्टः स्तूयमानश्च बन्दिभिः ॥ ३५ ॥ तत्र दुर्योधनो मानी परीतो भ्रातृभिर्नृप ॥ किरीटमाली न्यविशदसिहस्तः क्षिपन्रुषा ॥ ३६ ॥ स्थलेऽभ्यगृह्णाद्वस्त्रान्तं जलं मत्वा स्थलेऽपतत् ॥ जले च स्थलवद्भ्रान्त्या मयमायाविमोहितः ॥३७॥ जहास भीमस्तं दृष्ट्वा स्त्रियो नृपतयोऽपरे ॥ निवार्यमाणा अप्यङ्ग राज्ञा कृष्णानुमोदिताः ॥३८॥ स व्रीडितोऽवाग्वदनो रुषा ज्वलन्निष्क्रम्य तूष्णीं प्रययौ गजाह्वयम् ॥ हाहेति शब्दःसुमहानभूत्सतामजातशत्रुर्विमना इवाभवत् ॥३९॥ बभूव तूष्णीं भगवान्भुवो भरं समुज्जिहीर्षुर्भ्र

भाइहरूसहित द्वारपालाई हप्काउँदै रिसाएर त्यहाँ आए ॥ ३४-३५-३६ ॥ उनले मयदानवको मायामा सहित झएर स्थललाई जल ठानी आफ्ना लुगा उचाले तथा जलमा स्थलको भ्रम भइदिनाले ती पानीमा वेसरी पछारिए ॥ ३७ ॥ हे तात ! ती लडेको देखेर भीमसेन, राजमहिलाहरू अरु राजा-महाराजा युधिष्ठिरले छेक्ता-छेक्तै पनि भगवान् कृष्णको भाव बुझेर हाँस्न लागे ॥ ३८ ॥ त्यसले ती दुर्योधन सार्‍है लज्जित भए र टाउको न्यूराई मनमनै क्रोधाग्निमा बल्दै सभाभवनबाट निस्केर हस्तिनापुर तिर प्रस्थान गरे । यो उपहासले भावी अनर्थको सम्भावना देखेर सज्जनवर्गमा हाहाकार मच्चियो र युधिष्ठिर अलि विचलित भए। तर जसको दृष्टिले दुर्योधन भ्रममा

* दृष्टान्त (भावी बलियो छ)—एक जना ब्राह्मण कहीं गइरहेका थिए ! बाटोमा तिनले यौटा केटो देखे, त्यो खेतमा सुतेको थियो। अकस्मात् यौटा सर्पले बालकलाई टोकिदियो र त्यो मर्‍यो। ब्राह्मणले सर्पसित सोधे—'तिमी को हौ ?' सर्पले भन्यो—'म काल हुँ। जसको मृत्यु तोकिएको हुन्छ, म त्यही रूप धारण गरेर त्यसको प्राणहरण गर्दछु ।' ब्राह्मणले भने-लौ भन त मेरो मृत्यु कहाँ र कसरी हुन्छ ?' सर्पले उत्तर दियो—गंगानदीमा ग्राहको रूप धरेर म तिमीलाई मार्नेछु ।' यो कुरा सुनेर ब्राह्मण विचार गर्न लागे—म कुन ठाउँमा जाऊँ जहाँ मैले गङ्गाजीमा जान नपरोस् । यदि गङ्गामा म नगएपछि ग्राहले मलाई कसरी मार्ला !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेका थिए, पृथिवीको भारी उतार्नका इच्छुक कृष्ण उस वेला केही पनि बोलेनन् ॥३९॥ हे राजन् ! तिमीले मसित जे सोधेका थियौ, त्यो मैले महान राजसूय यज्ञमा दुर्योधनको दुष्टताको वृत्तान्त सुनाएँ ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायां पंचसप्तसप्ततितमोऽध्यायः ॥ ७५ ॥

(शाल्व र यादवहरूको संग्राम)–शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! जस्तै सौभ विमानको स्वामी शाल्व मारिएको थियो, लीलाको निम्ति मानवस्वरूपधारी भगवान् कृष्णको त्यो चरित्र सुन शाल्व शिशुपालको मित्र थियो। जब त्यो रुक्मिणीको विवाहमा कुण्डिनपुर पुग्यो, तब जरासन्धादि राजाहरू झैं ऊ पनि यादवसित पराजित भएको थियो ॥२॥ अनि शाल्वलेसबै

मति स्म यद्दृशा ॥ ३९ ॥ एतत्तेऽभिहितं राजन्यत्पृष्टोऽमिह त्वया ॥ सुयोधनस्य दौरात्म्यं राजसूये महाक्रतौ ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे दुर्योधनमानभङ्गो नाम पञ्चसप्ततितमोऽध्यायः ॥ ७५ ॥

श्रीशुक उवाच ॥ अथान्यदपि कृष्णस्य शृणु कर्माद्भुतं नृप ॥ क्रीडानरशरीरस्य यथा सौभपतिर्हतः ॥१॥ शिशुपालसखा शाल्वो रुक्मिण्युद्वाह आगतः ॥ यदुभिर्निर्जितः संख्ये जरासन्धादयस्तथा ॥२॥ शाल्वः प्रतिज्ञामकरोच्छृण्वतां सर्वभूभुजाम् ॥ अयादवीं क्ष्मां करिष्ये पौरुषं ममपश्यत॥३॥ इति मूढः प्रतिज्ञाय देवं पशुपति प्रभुम् ॥ आराधयामास नृप पांसुमुष्टिं सकृद्ग्रसन् ॥४॥ संवत्सरान्ते भगवानाशुतोष उमापतिः ॥ वरेण छन्दयामास शाल्वं शरणमागतम् ॥५॥ देवासुरमनुष्याणां गन्धर्वोरगरक्षसाम्॥ अभेद्यं कामगं वव्रे स यानं वृष्णिभीषणम् ॥६॥ तथेति गिरिशादिष्टो मयः परपुर·

राजालाई सुनाएर प्रतिज्ञा गरेको थियो–'सबै मेरो पुरुपार्थ देखौंला, एक दिन म यो भूमि यादव विहिन पारिदिने छु' ॥३॥ हे राजन् ! यस्तो प्रतिज्ञा गरेर त्यो मूढ दिनको एकपल्ट एक मुठी धूलो फाँको मारेर देवाधिदेव पशुपतिनाथको आराधना गर्नलाग्यो ॥ ४ ॥ एक वर्ष वितेपछि आशुतोष भगवान् शङ्करले आफ्नू शरणागत भक्त शाल्वसित आफ्नू अभिलषित वरदान माग्न भने ॥५॥ अनि उसले यादवहरूलाई भयभीत पार्ने यौटा यस्तो विमान माग्यो, जुन चालकको इच्छानुसार सर्वत्र जानसकोस् र जसलाई देवता, असुर, मनुष्य र राक्षस

निकै विचारेर तिनले राजपूतानाको कुनै राज्यमा नोकरी समाते र ती ब्राह्मण राजकुमारसित यति बर्ता स्नेह बढेर गयो कि यौटालाई नदेखी अर्कोलाई शान्ति मिल्दैनथ्यो। जब राजकुमार तन्नेर भयो तब एक दिन भारत-भ्रमणको निम्ति निस्कियो। ब्राह्मण राजपुत्रसित जानु अनिवार्य थियो। अतः ऊ राजकुमारको पछि लाग्यो। राजकुमार अयोध्या जान खोजिरहेथ्यो। बाटोमा गङ्गाजी परिन्। राजपुत्रले स्नान गर्नु उचित ठानेर नुहाउन लागे। त्यो देखेर ब्राह्मणलाई पनि स्नान गर्न डाके। ब्राह्मणले मानेनन् र तिनले भने–'हे कुमार ! तीर्थमा केही दान दिनु पर्दछ। राजकुमारले जलमा उभिएर उनै ब्राह्मणसित भने—'तिमी जलको छेउमा उभिएर मसित मेरो औंठी दान थाप।' अनि ब्राह्मणले गङ्गा तटमा छुट्टा राखनासाथ यौटा ग्राह आएर तिनका खुट्टा समात्यो र पानीमा तानेर लग्यो। यस प्रकार ब्राह्मणको मृत्यु भयो र राजकुमार आदि उभिएर हेर्दै रहे।

अशम्भवं हेममृगस्य जन्म तथापि रामो लुलुभे मृगाय। प्रायः समापन्न विपत्ति काले धियोऽपि पुंसां मलिना भवन्ति।

तुलसी जस भवितव्यता तैसी मिले सहाय। आपु न जावे ताहि पै, ताहि तहाँ लैजाय॥

मज्जत्वम्भसि यातु मेरु शिखरे शत्रुञ्जयत्वाहवे, वाणिज्यं कृषि सेवनादि सकलं विद्याकला शिक्षिते। आकाशं विपुले प्रयातु खगवत्कृत्वा प्रयत्नं परं नाभाव्यं भवतीह कर्मवशतो भाव्यस्य नाशः कुतः॥

पानीमा डुबुल्की मारोस् कि मेरु शिखरमा चढोस्, व्यापार, कृषी, नोकरी आदि सबै विद्यामा निपुण भएर शासक बनोस् वा पक्षी झैं आकाशमा उडोस्, तर नहुने कुरा कहिल्यै हुन्न र हुने कुरा अवश्य हुन्छ, रोकिन्न।–'यदभाविनय तद्भावि भन्न भावि नतद्भवेत्।' –गीता।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैले पनि भाँच्न नसकून् ॥६॥ भगवान् शङ्करले 'तथास्तु' भन्नुभयो। तदनुसार उनकै आज्ञाले मयदानवले शत्रुको नगर जित्नसक्ने सौभ नामको उत्तम लौह-विमान बनाएर शाल्वलाई दिए ॥७॥ त्यो इच्छाचारी, अन्धकारमय र अभेद्य विमान पाएर शाल्व आफ्ना शत्रु यादवगणको पहिलो शत्रुता सम्झन्दै द्वारकापुरी पुग्यो ॥८॥ हे भरतर्षभ ! उसले धेरै ठूलो सेनाद्वारा द्वारकापुरी घेरिलियो र त्यहाँका उपवन, उद्यान, गोपुर, द्वार, प्रासाद, अट्टालिका र विहार-गृहहरू भत्काइदिन लाग्यो। उसवेला नदेखिने त्यस विमानबाट अनेक शस्त्रास्त्र वर्षा हुनलाग्यो ॥ ९ ॥ १० ॥ शिला, वृक्ष, वज्र, सर्प, र असिना पार्न लाग्यो र प्रचण्ड आँधीले गर्दा सबै दिशा धूलोले ढाकिए ॥ ११ ॥ हे राजन् ! पूर्वकालमा जस्तै त्रिपुरासुरद्वारा सम्पूर्ण पृथ्वी पीडित भएकी थिइन्, त्यस्तै सौभद्वारा अत्यन्त पीडित द्वारकालाई शान्ति प्राप्त भइरहेको थिएन ॥ १२ ॥ ठूला यशस्वी तथा भगवान प्रद्युम्नले आफ्ना प्रजालाई पीडित देखेर रथमा बसी 'नडराओ' भन्दै धैर्य दिए ॥ १३ ॥ त्यस वेला उनीसित सात्यकि, चारुदेष्ण, साम्ब भाइहरू समेत अक्रूर, हार्दिक्य, भानुविन्द,

ञ्जयः ॥ पुरं निर्माय शाल्वाय प्रादात्सौभमयस्मयम् ॥७॥ स लब्ध्वा कामगं यानं तमोधाम दुरासदम् ॥ ययौ द्वारवतीं शाल्वो वैरं वृष्णिकृतंस्मरन्॥८॥ निरुद्ध्य सेनया शाल्वो महत्या भरतर्षभ ॥ पुरीं बभञ्जोपवनान्युद्यानानि च सर्वशः ॥९॥ सगोपुराणि द्वाराणि प्रासादाट्टालतोलिकाः ॥ विहारान्स विमानाग्र्यान्निपेतुः शस्त्रवृष्टयः ॥१०॥ शिला द्रुमाश्चाशनयः सर्पा आसारशर्कराः ॥ प्रचण्डश्चक्रवातोऽभूद्रजसाच्छादिता दिशः ॥११॥ इत्यर्द्यमाना सौभेन कृष्णस्य नगरी भृशम् ॥ नाभ्यपद्यत शंराजस्त्रिपुरेण यथामही॥१२॥ प्रद्युम्नोभगवान्वीक्ष्य बाध्यमाना निजाः प्रजाः॥ माभैष्टेत्यभ्यधाद्वीरोरथारूढो महायशाः ॥१३॥ सात्यकिश्चारुदेष्णश्च साम्बोऽक्रूरः सहानुजः ॥ हार्दिक्यो भानुविन्दश्च गदश्च शुकसारणौ ॥ १४ ॥ अपरे च महेष्वासा रथयूथपयूथपाः ॥ निर्ययुर्दंशिता गुप्ता रथेभाश्वपदातिभिः ॥१५॥ ततः प्रववृते युद्धं शाल्वानां यदुभिः सह ॥ यथाऽसुराणां विबुधैस्तुमुलं लोमहर्षणम् ॥१६॥ ताश्च सौभपतेर्माया दिव्यास्त्रै रुक्मिणीसुतः ॥ क्षणेन नाशयामास नैशं तम इवोष्णगु ॥ १७ ॥ विव्याध पञ्चविंशत्या स्वर्णपुंखैरयोमुखैः ॥ शाल्वस्य ध्वजिनीपालं शरैः सन्नतपर्वभिः ॥ १८ ॥ शतेनाताडयच्छाल्वमेकैकेनास्य सैनिकान् ॥ दशभिर्दशभिर्नेतॄन्वाहनानि त्रिभिस्त्रिभिः ॥ १९ ॥ तदद्भुतं महत्कर्म प्रद्युम्नस्य महात्मनः ॥ दृष्ट्वा तं पूजयामासुः सर्वे स्वपरसैनिकाः ॥ २० ॥ बहुरूपैकरूपं तद्दृश्यते न च दृश्यते ॥ मायामयं मयकृतं

गद, शुक, सारण, हात्ती-घोडा र पैदल सेनाद्वारा सुसज्जित भई कवच धारण गरेर नगर बाहिर आए ॥ १४ ॥ १५ ॥ त्यहाँ जस्तै देवतासित दैत्यकोसंग्राम भएथ्यो, त्यस्तै यादवहरूसित शाल्वका सैनिकको घोर तथा रोमाञ्चकारी युद्ध हुनलाग्यो ॥ १६ ॥ सूर्य जसरी रात्रिको अन्धकार हटाउँछन्, त्यस्तै नै रुक्मिणी-नन्दन प्रद्युम्नले बलवान् शाल्वको त्यो सबै माया एक क्षणमै आफ्ना दिव्यास्त्रले नष्ट पारिदिए। ।१७॥ उनले शाल्वका सेनापतिलाई सुनका प्वाँख र फलामको टुप्पा हुने तथा जसको जोडा थिएन, त्यस्ता पच्चीस बाणले घायल पारे ॥१८॥ फेरि उनले सय बाणद्वारा शाल्वलाई, एकेकले सबै सैनिकलाई, दस-दसले सेनानायकलाई र तीन-तीन बाणले तिनका वाहनहरूलाई घायल पारिदिए ॥ १९ ॥ महात्मा प्रद्युम्नको त्यो अद्भुत र महान पराक्रम देखेर आफ्ना र बिराना सबै सैनिक प्रशंसा गर्नलागे ॥२०॥ शाल्वको त्यो मयदानव निर्मित मायामय विमान कहिले अनेक रूप

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र कहिले एक रूपको देखिन्थ्यो । त्यो छिनमा देखिने र छिनमै अदृश्य हुन्थ्यो । यस प्रकार उसका शत्रुलाई उसको गति केही पनि थाहा हुँदैनथ्यो ॥ २१ ॥ सौभ विमानको कुनै एक स्थानमा स्थिति हुँदैनथ्यो । त्यो कहिले पृथ्वीमा र कहिले आकाशमा, कहिले पर्वतशिखरमा र छिनमै अलातचक्र झैं फनफनि घुमेको देखिन्थ्यो ॥ २२ ॥ जहाँ-जहाँ सौभ विमान र आफ्ना सैनिकसित शाल्व देखिन्थ्यो, उतै-उतै यादवयूथपति बाण-वर्षा गर्दथे ॥ २३ ॥ यस प्रकार शाल्व शत्रुले छाडेका सूर्य तथा अग्नि समान तातो स्पर्शयुक्त र विषम विषधर समान असह्य बाण लागेर सैनिकगणसमेत पीडित भई मूर्च्छा पर्नगयो ॥ २४ ॥ यता इहलोक र परलोक दुवैलाई विजय गर्ने इच्छुक यादव वीरहरूले शाल्वका सैनिकहरूलाई शस्त्रास्त्र वर्षाले अत्यन्त पीडित भएर पनि रणभूमि छाडेनन् ॥ २५ ॥ उसै अवसरमा शाल्वको महामन्त्री द्युमानले, जसलाई एकपल्ट प्रद्युम्नले निकै व्यथित पारेका थिए, उनको सामुन्ने आयो र उनीमाथि वज्र-लौह निर्मित गदा प्रहार गरेर भयङ्कर सिंह झैं गर्जन गऱ्यो ॥ २६ ॥ त्यस गदाको प्रहारले शत्रुदमनकारी

दुर्विभाव्यं परैरभूत् ॥२१॥ क्वचिद्भूमौ क्वचिद्व्योम्नि गिरिमूर्ध्नि जले क्वचित् ॥ अलातचक्रवद्भ्राम्यत्सौभं तद्दुरवस्थितम् ॥ २२ ॥ यत्र यत्रोपलक्ष्येत ससौभः सहसैनिकः ॥ शाल्वस्ततस्ततोऽमुञ्चञ्छरान्सात्वतयूथपाः ॥२३॥ शरैरग्न्यर्कसंस्पर्शैराशीविषदुरासदैः ॥ पीड्यमानपुरानीकः शाल्वोऽमुह्यत्परेरितैः ॥२४॥ शाल्वानीकपशस्त्रौघैर्वृष्णिवीरा भृशार्दिताः ॥ न तत्यजू रणं स्वं स्वं लोकद्वयजिगीषवः ॥२५॥ शाल्वामात्यो द्युमान्नाम प्रद्युम्नं प्राक् प्रपीडितः ॥ आसाद्य गदया मौर्व्या व्याहत्य व्यनदद्बली ॥ २६ ॥ प्रद्युम्नं गदया शीर्णवक्षःस्थलमरिन्दमम् ॥ अपोवाह रणात्सूतो धर्मविद्दारुकात्मजः ॥२७॥ लब्धसंज्ञो मुहूर्तेन कार्ष्णिः सारथिमब्रवीत् ॥ अहो असाध्विदं सूत यद्रणान्मेऽपसर्पणम् ॥ २८ ॥ न यदूनां कुले जातः श्रूयते रणविच्युतः ॥ विना मत्क्लीबचित्तेन सूतेन प्राप्तकिल्बिषात् ॥ २९ ॥ किं नु वक्ष्येऽभिसङ्गम्य पितरौ रामकेशवौ ॥ युद्धात्सम्यगपक्रान्तः पृष्टस्तत्रात्मनः क्षमम् ॥ ३० ॥ व्यक्तं मे कथयिष्यन्ति हसन्त्यो भ्रातृजामयः ॥ क्लैब्यं कथं कथं वीर तवान्यैः कथ्यतां मृधे ॥ ३१ ॥ सारथिरुवाच ॥ धर्मं विजानताऽऽयुष्मन्मकृतमेतन्मया विभो ॥ सूतः कृच्छ्रगतं रक्षेद्रथिनं सारथिं रथी ॥३२॥एतद्विदित्वा तु भवान्मयाऽपोवाहितो रणात् ॥ उपसृष्टः परेणातिमूर्छितो गदया हतः ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे शाल्वयुद्धे षट्सप्ततितमोऽध्यायः ॥ ७६ ॥

प्रद्युम्नको वक्षस्थल विदीर्ण देखेर सारथ्यधर्म जान्ने उनको सारथी दारुक-पुत्रले उनलाई रणभूमिबाट हटाएर अन्तै लाग्यो ॥ २७ ॥ एक मुहूर्त बितेपछि जब प्रद्युम्नको चेतना आएपछि ती सारथीसित भने—'सूत ! यो निकै अनुचित भयो–जुन मलाई रणभूमिबाट हटायौ ॥२८॥ कायर सारथीले गर्दा जसलाई यस्तो अलंक प्राप्त भएको होस्, त्यस्तो मबाहेक यदुकुलमा अरु कोही वीर रणभूमिबाट हटेको सुनिएको छैन ॥ २९ ॥ अनि युद्धमा भागेको म आफ्ना पिता श्रीकृष्ण तथा बलरामसित भेटेर उनले सोधेपछि उनलाई म के उत्तर दिने ? ॥ ३० ॥ मेरा भाउजूहरू मेरो खिल्ली उडाउँदै जब मसित सोध्नेछन्—'हे वीर ! युद्धमा शत्रुहरूले तिमीलाई कायर कसरी तुल्याइदिए ?' ॥ ३१ ॥ सारथीले भन्यो—हे आयुष्मन् ! हे विभो ! सारथीका कर्तव्य हो कि संकटका रथीको रक्षा गरोस् र रथी पनि सारथीलाई बचाओस्—यस धर्मलाई उचित ठानेर नै मैले यस्तो काम गरें ॥ ३२ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुर शत्रुको प्रहारले अचेत हुनुभयो भन्ने जानेर मैले हजुरलाई रणभूमिबाट यहाँ ल्याएको हुँ ।।३३।। इति श्रीमद्भागवते महापुराणे नेपाली भाषाटीकायां षट्सप्ततितमोऽध्यायः।।७६।।

(शाल्व-वध) श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! अनि प्रद्युम्नले आचमन गरेर उत्तम कवच धारण गरी धनुष उचाले । अनि उनले सारथीसित भने–'मलाई वीरवर द्युमान्‌कहाँ लैजाऊ' ।। १ ।। त्यस वेला द्युमान यादवी सेनाको संहार गर्दै थियो । अतः त्यसकहाँ रुक्मिणी नन्दन प्रद्युम्नजीले रथ रोकाए र हाँस्तै उसलाई तीखा आठ आठ बाणले घायल पारे ।। २ ।। आफ्ना चार बाणले त्यसका चार घोड़ालाई, एक बाणले सारथीलाई, दुइ बाणले धनुष र रथको ध्वजा तथा एक बाणले उसको शिर काटिदिए ।। ३ ।। यता गद, सात्यकि र साम्ब आदि यादव शाल्वका सेनाको संहार गर्नलागे र सौभविमानमा बसेका समस्त सैनिकगण तिनका बाणले घाँटी काटिएर समुद्रमा पर्नलागे ।। ४ ।। यसरी सत्ताइस दिनसम्म यादव र शाल्व-सेनामा परस्पर यौटा अर्कोमाथि प्रहार गर्दै भयङ्कर युद्ध भयो ।। ५ ।। हे राजन् ! त्यस वेला कृष्ण भगवान् धर्मराज युधिष्ठिरले डाकेर इन्द्रप्रस्थ

श्रीशुक उवाच ।। स उपस्पृश्य सलिलं दंशितो धृतकार्मुकः ।। नय मां द्युमतः पार्श्वं वीरस्येत्याह सारथिम् ।।१।। विधमन्तं स्वसैन्यानि द्युमन्तं रुक्मिणीसुतः ।। प्रतिहत्य प्रत्यविध्यन्नाराचैरष्टभिः स्मयन् ।।२।। चतुर्भिश्चतुरो वाहान्सूतमेकेन चाहनत् ।। द्वाभ्यां धनुश्च केतुं च शरेणान्येनवै शिरः ।।३।। गदसात्यकिसाम्बाद्या जघ्नुः सौभपतेर्बलम् ।। पेतुः समुद्रे सौभेयाः सर्वे संछिन्नकन्धराः ।।४।। एवं यदूनां शाल्वानां निघ्नतामितरेतरम् ।। युधं त्रिणवरात्रं तदभूत्तमुलमुल्बणम् ।।५।। इन्द्रप्रस्थं गतः कृष्ण आहूतो धर्मसूनुना ।। राजसूयेऽथ निर्वृत्ते शिशुपाले च संस्थिते ।। ६ ।। कुरुवृद्धाननुज्ञाप्य मुनींश्च ससुतां पृथाम् ।। निमित्तान्यतिघोराणि पश्यन्द्वारवतीं ययौ ।। ७ ।। आह चाहमिहायात आर्यमिश्राभिसङ्गतः ।। राजन्याश्चैद्यपक्षीया नूनं हन्युः पुरीं मम ।। ८ ।। वीक्ष्य यत्कदनं स्वानां निरूप्य पुररक्षणम् ।। सौभं च शाल्वराजं च दारुकं प्राह केशवः ।। ९ ।। रथं प्रापय मे सूत शाल्वस्यान्तिकमाशु वै ।। सम्भ्रमस्ते न कर्तव्यो मायावी सौभराडयम् ।। १० ।। इत्युक्तश्चोदयामास रथमास्थाय दारुकः ।। विशन्तं ददृशुः सर्वे स्वे परे चारुणानुजम् ।। ११ ।। शाल्वश्च कृष्णमालोक्य हतप्रायबलेश्वरः ।। प्राहरत्कृष्णसूताय शक्तिं भीमरवां मृधे ।। १२ ।। तामापतन्तीं नभसि

गएका थिए । त्यहाँ राजसूय यज्ञ समाप्त भएर शिशुपाल परलोक भइसकेपछि अनेक थरिका अपशकुन भएका देखेर कुरुवंशी, बूढा-पाका मुनीश्वर र युधिष्ठिर आदि पुत्रहरू संगै कुन्तीसित आज्ञा लिएर श्रीकृष्ण द्वारकापुरी हिंडे ।। ६-७ ।। ती मनमनै विचार्न लागे–'म आर्य बलरामका साथै यहाँ आएको छु, उता शिशुपालको पक्ष लिने अनेक राजाहरू र तिनका असंख्य सेनाहरूले अवश्य मेरो पुरीमा आक्रमण गरे होलान्' ।। ८ ।। द्वारका पुगेर उनले आफ्ना स्वजनको कष्ट तथा सौभविमान र राजा शाल्वलाई उपस्थित देखेर बलरामलाई नगरको रक्षा गर्ने भार सुम्पेर दारुक सारथीलाई भन्नुभयो–।।९।। हे सूत ! मेरो रथ तुरुन्त शाल्वको सामुन्ने पुऱ्याऊ । सौभराज ठूलो मायावी छ, तर त्योसित नडराऊ ।।११।। भगवान् कृष्णको आज्ञा पाएर दारुकले रथमा बसी घोडाहरू दगुराए । त्यस वेला यादव तथा शाल्व दुवै पक्षका वीरले युद्धभूमिमा गरुडध्वज रथलाई आफूतिर आउन लागेको देखे ।।११।। अनि जसका प्रायः सेनापति मरिसकेका थिए त्यस शाल्वले भगवान् कृष्णलाई युद्धभूमिमा देखेर उनको सारथी दारुकमाथि यौटा भयङ्कर शब्द गर्ने बलियो शक्ति प्रहार गऱ्यो ।। १२ ।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाशमा बिजुली समान दसै दिशालाई प्रकाशित पार्दै त्यस शक्तिलाई ठूलो वेगले आएको देखेर श्रीकृष्णले बाण वर्षा गरी त्यसको अनेक टुक्रा पारिदिए ॥ १३ ॥ फेरि सोह्र बाणले शाल्वलाई घायल पारी उनले, सूर्यदेव जस्तै आफ्ना किरणले आकाशलाई व्याप्त पार्दछन्, त्यस्तै नै आकाशमा घुमिरहेको विमानलाई पनि आफ्ना बाणसमूहले छिन्न-भिन्न पारिदिए ॥१४॥ शाल्वले पनि आफ्नू एक बाणले शार्ङ्गधन्वा भगवान्‌को शार्ङ्ग धनुषयुक्त बायाँ बाहुमा घाउ लगाइदियो। त्यसले उनको हातको शार्ङ्गधनुष खत्रक्क झर्‍यो यो–मान्हैनै आश्चर्यजनक काम भयो ॥१५॥ त्यस महान् आश्चर्यलाई देखेर समस्त दर्शक हाहाकार गर्नलागे र सौभराजले भयङ्कर सिंहनाद गर्दै भगवान् कृष्णसित भन्यो ॥१६॥ —'हे मूढ ! तिमीहरुले हामी सबैको समक्ष हाम्रा मित्र र भाई शिशुपालकी पत्नी रुक्मिणीलाई हेरेर ल्यायौ। पछि असावधान स्थितिमा सखालाई पनि ठूलो सभामै मारिदियौ। यसले तिमी आफूलाई अजेय ठान्न लाग्यौ। आज तिमी मेरो सामुन्ने अडियौ भने म तिमीलाई आफ्ना बाणले त्यस लोकमा पठाइदिनेछु, जहाँ गएर प्राणी फेरि फर्कर आउन्न'

महोल्कामिव रंहसा ॥ भासयन्ती दिशः शौरिः शायकैः शतधाऽच्छिनत् ॥१३॥ तं च षोडशभिर्विद्ध्वा बाणैः सौभं च खेभ्रमत् ॥ अविध्यच्छ-रसन्दोहैः खं सूर्य इव रश्मिभिः ॥ १४ ॥ शाल्वः शौरेस्तु दोःसव्यं सशार्ङ्गं शार्ङ्गधन्वनः ॥ बिभेद न्यपतद्धस्ताच्छार्ङ्गमासीत्तदद्भुतम् ॥ १५ ॥ हाहाकारो महानासीद्भूतानां तत्र पश्यताम् ॥ निनद्य सौभराडुच्चैरिदमाह जनार्दनम् ॥ १६ ॥ यत्त्वया मूढ नः सख्युर्भ्रातुर्भार्या हृतेक्षताम् ॥ प्रमत्तः स सभामध्ये त्वया व्यापादितः सखा ॥ १७ ॥ तं त्वाऽद्य निशितैर्बाणैरपराजितमानिनम् ॥ नयाम्यपुनरावृत्तिं यदि तिष्ठेर्ममाग्रतः ॥ १८ ॥ श्रीभगवानुवाच ॥ वृथा त्वं कत्थसे मन्द न पश्यस्यन्तिकेऽन्तकम् ॥ पौरुषं दर्शयन्ति स्म शूरा न बहुभाषिणः ॥ १९ ॥ इत्युक्त्वा भगवाञ्छाल्वं गदया भीमवेगया ॥ तताड जत्रौ संरब्धः स चकम्पे वमन्नसृक् ॥ २० ॥ गदायां सन्निवृत्तायां शाल्वस्त्वन्तरधीयत ॥ ततो मुहूर्त आगत्य पुरुषः शिरसाऽच्युतम् ॥ देवक्या प्रहितोऽस्मीति नत्वा प्राह वचो रुदन् ॥ २१ ॥ कृष्ण कृष्ण महाबाहो पिता ते पितृवत्सल ॥ बद्ध्वाऽपनीतः शाल्वेन सौनिकेन यथा पशुः ॥ २२ ॥ निशम्य विप्रियं कृष्णो मानुषीं प्रकृतिं गतः ॥ विमनस्को घृणी स्नेहाद्बभाषे प्राकृतो यथा ॥ २३ ॥ कथं राममसम्भ्रान्तं जित्वाऽजेयं सुरासुरैः ॥ शाल्वेनाल्पीयसा नीतः पिता मे बलवान्विधिः ॥ २४ ॥ इति ब्रुवाणे गोविन्दे सौभराट्

। १७ ॥ १८ ॥ भगवान् भन्नुहुन्छ–'ए मन्दमति ! तँ व्यर्थ बकवाद गर्दछस् ! आफ्नू टाउकोमा नाच्ने काललाई देख्दैनस्। हे मूर्ख ! शूरवीर संग्राममा वीरता देखाउँछन्, म ठूलो भन्ने कुरा गरिरहन्नन् ॥ १९ ॥ यति भनेर भगवान् रिसाई यौटा अत्यन्त वेगवती गदाले शाल्वको काँधमा प्रहार गर्नुभयो, त्यही चोटले रगत वमन गर्दै त्यो वीर थर-थर काम्न लाग्यो ॥२०॥ गदा फर्केपछि शाल्व अन्तर्धान भयो। त्यसको एकैछिनपछि यौठा व्यक्ति आएर कृष्णलाई शिर निहुराएर प्रणाम गरी रोएर भन्न लाग्यो–'मलाई देवकी-ले पठाएकी हुन् र भनेकी छन्–'हे कृष्ण ! हे महाबाहो ! हे पितृवत्सल ! जस्तै कसाई पशु लैजान्छ, उसै गरी तिम्रा पितालाई शाल्वले बाँधेर लग्यो, ॥ २१ ॥ २२ ॥ यस्तो अप्रिय कुरा सुनेर भगवान् कृष्ण मानव-स्वभाव अनुसार करुणावश खिन्न भएर साधारण पुरुष झैं शोकाकुल भएर भन्नलागे ॥ २३ ॥ 'अहो आश्चर्य ! दैव साह्रै बलवान् छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जमलाई देवता, असुर कोही पनि जित्न सक्तैनथे, ती सदैव सावधान रहने बलरामलाई जितेर अति अल्पवीर्य शाल्वले कसरी मेरा पितालाई बाँधेर लग्यो ?' ॥ २४ ॥ भगवान् यस्तो विचार गर्दै थिए, त्यसै वेला शाल्व वसुदेव जस्तै यौटा माया-रचित पुरुषलाई लिएर त्यहाँ आयो र भन्नलाग्यो—॥ २५ ॥ 'ए मूर्ख ! हेर, यो तिम्रो जन्मदाता पिता हो—जसको निम्ति तिमी जीवन धारण गर्दछौ, म यसलाई तिम्रो सामुन्ने नै मारिरहेको छु । यदि सामर्थ्य छ भने, आएर रक्षा गर ॥२६॥ त्यो मायावी शाल्वले कृष्णलाई यसरी हप्काएर वसुदेवको टाउको काटिदियो र त्यो लिएर आकाशस्थ सौभ विमानमा गएर बस्यो ॥ २७ ॥ अनि भगवान् श्रीकृष्ण स्वयं ज्ञानवान् भएर पनि आफ्ना स्वजन वसुदेवको वियोगमा दुइ घडीसम्म साधारण पुरुषको समान शोकमा गाडिए, तर तुरुन्त थाहा पाए—यो त शाल्वले फिंजाएको मयदानवको आसुरी माया थियो ॥२८॥ तत्काल सचेत भएपछि भगवान्ले स्वप्नको समान त्यस रणभूमिमा न दूतलाई देखे, न आफ्ना पिता वसुदेवको शरीरनै उनले पाए । ती सौभ विमानमा स्थित आफ्नू शत्रु शाल्वलाई आकाशमा घुमिरहेको

प्रत्युपस्थितः ॥ वसुदेवमिवानीय कृष्णं चेदमुवाच सः ॥ २५ ॥ एष ते जनिता तातो यदर्थमिह जीवसि ॥ वधिष्ये वीक्षतस्तेऽमुमीशश्चेत्पाहि
बालिश ॥ २६ ॥ एवं निर्भर्त्स्य मायावी खड्गेनानकदुन्दुभेः ॥ उत्कृत्य शिर आदाय खस्थं सौभं समाविशत् ॥ २७ ॥ ततो मुहूर्तं प्रकृतावुपप्लुतः
स्वबोध आस्ते स्वजनानुषङ्गतः ॥ महानुभावस्तदबुद्ध्यदासुरीं मायां स शाल्वप्रसृतां मयोदिताम् ॥२८॥ न तत्र दूतं न पितुः कलेवरं प्रबुद्ध आजौ
समपश्यदच्युतः ॥ स्वाप्नं यथा चाम्बरचारिणं रिपुं सौभस्थमालोक्य निहन्तुमुद्यतः ॥२९॥ एवं वदन्ति राजर्षे ऋषयः केचनान्विताः ॥ यत्स्ववाचो
विरुध्येत नूनं तेन स्मरन्त्युत ॥ ३० ॥ क्व शोकमोहौ स्नेहो वा भयं वा येऽज्ञसम्भवाः ॥ क्व चाखण्डितविज्ञानज्ञानैश्वर्यस्त्वखण्डितः ॥३१॥ यत्पादसे-
वोर्जितयात्मविद्यया हिन्वन्त्यवद्यात्मविपर्ययग्रहम् ॥ लभन्त आत्मीयमनन्तमैश्वरं कुतो नु मोहः परमस्य सद्गतेः ॥ ३२ ॥ तं शस्त्रपूगैः प्रहरन्तमो-
जसा शाल्वं शरः शौरिरमोघविक्रमः ॥ विद्ध्वाऽच्छिनद्वर्म धनुः शिरोमणि सौभं च शत्रोर्गदया रुरोज ह ॥ ३३ ॥ तत्कृष्णहस्तेरितया विचूर्णितं
पपात तोये गदया सहस्रधा ॥ विसृज्य तद्भूतलमास्थितो गदामुद्यम्य शाल्वोऽच्युतमभ्यगाद्द्रुतम् ॥३४॥ आधावतःसगदं तस्य बाहुं भल्लेन छित्त्वाथ

देखेर त्यसलाई मार्न उद्यत भए ॥२९॥ हे राजन् ! पूर्वापरको विचार नगर्ने केही मुनीश्वरको यो कथन छ, किन्तु ती यस कुराको विचार गर्दैनन् अनि यस्तो भन्दा उनको वाक्यमा विरोध आउँदछ ॥३०॥ कहाँ अज्ञानीजनमा हुने शोक, मोह, स्नेह र भय आदि कहाँ कहिल्यै खण्डित नहुने विज्ञान र ऐश्वर्यले परिपूर्ण श्रीकृष्णचन्द्र ! ॥ ३१ ॥ जसका चरण-सेवाले प्राप्त आत्मज्ञानद्वारा पुनिजन अनादि अविद्याजनित विपरीत ज्ञानको नाश गरेर असाधारण आत्मवैभव प्राप्त गर्दछन्, ती सत्पुरुषहरूका एकमात्र गति परमात्मालाई कसरी मोह हुन सक्तछ ? ॥३२॥ हे राजन् ! त्यस वेला शाल्व ठूलो वेगले शस्त्रसमूहको वर्षा गरिरहेको थियो । अतः अमोघवीर्य कृष्णले उसलाई घाइते पारेर भयङ्कर गदा प्रहार द्वारा उसको कवच, धनुष, शिरस्त्राण र सौभविमान धूलो पारिदिए ॥३३॥ त्यो विमान श्रीकृष्णको हातबाट छुटेको गदाले हजारौं भागमा खण्ड-खण्ड भएर जलमा गई हरायो । अनि शाल्व त्यसलाई छाडेर पृथ्वीमा उभियो र गदा उचाली निकै वेगले भगवान्तिर झम्टियो ॥३४॥ त्यसलाई आफूतिर शीघ्रतापूर्वक आउनलागेको देखेर भगवान्ले बाणद्वारा गदा समेत

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हात काटिदिए र फेरि शाल्वलाई मार्नको निम्ति प्रलयकालीन सूर्य जस्तै तेजस्वी आफ्नू सुदर्शनचक्र उठाए । त्यस वेला ती सूर्य विराजित उदयाचल पर्वत समान राम्रा देखिन लागे ॥ ३५ ॥ भगवान्‌ले तत्काल त्यस चक्रद्वारा महामायावी शाल्वको किरीट-कुण्डल युक्त मस्तक यसरी काटिदिए जसरी इन्द्रले वज्रद्वारा वृत्रासुरको शिर काटेका थिए । त्यो देखेर शाल्वपक्षका वीरमा हाहाकार मच्चियो ॥३६॥ हे राजन् ! त्यो पापी शाल्व मरेपछि र गदाद्वारा सौभविमान नष्ट हुनाले आकाशमा देवगणद्वारा बजाइएको दुन्दुभीको निनाद हुन लाग्यो । यता आफ्ना मित्र शिशुपालादिको साटो फेर्न दन्तवक्र रिसाएर युद्धभूमिमा आयो ॥३७॥ इति श्रीमद्भागवते दशमस्कन्धे नेपाली भाषाटीकायां सप्तसप्ततिमोऽध्यायः ॥७७ ॥

रथाङ्गमद्भुतम् ॥ वधाय शाल्वस्य लयार्कसन्निभं बिभ्रद्बभौ सार्क इवोदयाचलः ॥ ३५ ॥ जहार तेनैव शिरः सकुण्डलं किरीटयुक्तं पुरुमायिनोहरिः ॥ वज्रेण वृत्रस्य यथा पुरन्दरो बभूव हाहेति वचस्तदा नृणाम् ॥३६॥तस्मिन्निपतिते पापे सौभे च गदया हते ॥ नेदुर्दुन्दुभयो राजन्दिवि देवगणेरिताः ॥ सखीनामपचितिं कुर्वन्दन्तवक्रो रुषाऽभ्यगात् ॥३७॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे सौभवधो नाम सप्तसप्ततितमोऽध्यायः॥७७॥

श्रीशुक उवाच ॥ शिशुपालस्य शाल्वस्य पौण्ड्रकस्यापि दुर्मतिः ॥ परलोकगतानां च कुर्वन्पारोक्ष्यसौहृदम् ॥ १ ॥ एकः पदातिः संक्रुद्धो गदापाणिः प्रकम्पयन् ॥ पद्भ्यामिमां महाराज महासत्त्वो व्यदृश्यत ॥ २ ॥ तं तथाऽऽयान्तमालोक्य गदामादाय सत्वरः ॥ अवप्लुत्य रथात्कृष्णः सिन्धुं वेलेव प्रत्ययात् ॥ ३ ॥ गदामुद्यम्य कारूषो मुकुन्दं प्राह दुर्मदः ॥ दिष्ट्या दिष्ट्या भवानद्य मम दृष्टिपथं गतः ॥ ४ ॥ त्वं मातुलेयो नः

(दन्तवक्र र विदूरथ-वध, तीर्थयात्रामा बलरामजीको हातबाट सूतको शिर काटिनु)—श्री शुकदेव भन्दछन्—हे महाराज ! आफ्ना परलोकगत शिशुपाल, शाल्व र पौण्ड्रकादिको परोक्षया भलो गर्नका लागि आएको महापराक्रमी एवं दुर्बुद्धि दन्तवक्र क्रोधित भएर हातमा गदा लिई पृथ्वी कम्पित पार्दै एक्लै र पैदल नै द्वारका पुरीनेर देखापर्‍यो ॥ १-२ ॥ त्यो आएको देखेर भगवान् कृष्ण हातमा गदा लिई तुरुन्त रथबाट हाम्फालेर किनारले समुद्रलाई रोके झैं त्यसलाई उहीं रोकिदिए ॥ ३ ॥ अनि करुष देशको अधिपति र परम *शठ दन्तवक्रले गदा उठाई श्रीकृष्णसित भन्यो—'आज ठूलो भाग्यले तिमी मेरो सामुन्ने आएका छौ ॥ ४ ॥ अरे ए कृष्ण ! तिमी हाम्रो मामाका

दृष्टान्तर (शठसित शठता नगरी मान्दैन) यौटा महात्मासित केही धन थियो । जब ती हरिद्वार जान लागे तब यौटा फलामको डण्डामा त्यो धन भरेर यौटा साहुकहाँ राखिदिए र भने-म आएपछि लिएर जाउँला । एक दिन साहुले पत्नीसित भन्यो—'यो डण्डा निकै गह्रौं छ, यसमा केही छ कि ? स्त्रीले पनि डण्डा उठाएर हेरी र सत्य लाग्यो । अनि साहुले लोभमा डण्डालाई फोरेर सबै रूपियाँ झिकिलिए । जब महात्मा फर्केर आएर साहुसित आफ्नू लोहदण्ड मागनलागे तब साहुले भने - हजुरको लोहदण्ड त छुछुन्द्रोले खाइदियो ।' महात्माले निकै प्रार्थना गरे, परन्तु साहु भन्दै रहे 'छुछुन्द्रोले खाइदियो ।' अनि यस दुष्टले मेरो धन खाइदियो, भन्ने कुरा महात्माले बुझे । महात्मा के गर्न सक्थे । नबोलिकन गए । केही महीनापछि महात्मा त्यही गाउँमा आएर केटाकेटी पढाउन लागे । साहुको एकमात्र छोरो पनि महात्मासित पढ्न लाग्यो । अनि महात्माले विचार गरे—अब त्यो दुष्टलाई दुष्टताको फल अवश्य चाख्न दिनुपर्दछ । तदनुसार एक दिन महात्माले साहुको छोरोलाई निकै हप्काएर भने— हेरेस् ! आज तँ चौबाटो सम्म गएर फेरि यहाँ फर्केर आइनस भने तेरो कुशल छैन भन्ने जानेस् ।' वेलुका छुट्टी भएपछि सबै बालकसित साहुको छोरो पनि घर जान हिंड्यो, तर अलि पर गएर मनमनै डराई (गुरुको भनाइ अनुसार) चौबाटोबाट

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरा हौ। यसै निम्ति मर्नयोग्य थिएनौ, तर अब तिमी मेरा मित्रहरूका घातक छौ र मलाई पनि मार्न तयार छौ। हे मन्द ! म तिमीलाई आफ्ना वज्रसमान गर्हौं गदाले मारिदिन्छु ॥ ५ ॥ हे जड़ ! आफ्ना मित्रको कल्याण गर्नको निम्ति आफ्नै शरीरबाट उत्पन्न रोगको समान आफ्नू बन्धुरूप शत्रु तिमीलाई मारेर आफ्ना मित्रबाट उऋण हुन्छु ॥६॥ अनि माहुतेले हात्तीलाई उत्तेजित पारे झैं, भगवान्‌लाई कटु वचनले उत्तेजित पारेर उसले प्रभुको मस्तकमा गदा प्रहार गरिदियो र सिंहसमान भयङ्कर गर्जन गर्‍यो ॥ ७ ॥ तर यदुनन्दन कृष्ण त्यसको गदाले आहत भएर रणभूमिमा अलिकति पनि विचलित हुनुभएन र प्रभुले कौमोदकी गदाले दन्तवक्रको वक्षस्थलमा अघात गर्नुभयो ॥८॥ गदा लाग्नाले त्यसको हृदय फुट्यो, मुखबाट रगतको धारा बग्नलाग्यो र त्यो प्राणहीन भई, हात-खुट्टा फ्याँकेर धराशायी भयो ॥९॥ हे राजन् ! जसरी शिशुपाल मरेपछि त्यसको मुखबाट निस्केको

कृष्ण मित्रध्रुङ्मां जिघांसया ॥ अतस्त्वां गदया मन्द हनिष्ये वज्रकल्पया ॥ ५ ॥ तर्ह्यानृण्यमुपैम्यज्ञ मित्राणां मित्रवत्सलः ॥ बन्धुरूपमरिं हत्वा व्याधिं देहचरं यथा ॥ ६ ॥ एवं रूक्षैस्तुदन्वाक्यैः कृष्णं तोत्रैरिव द्विपम् ॥ गदयाऽताडयन्मूर्ध्नि सिंहवद्व्यनदच्च सः ॥ ७ ॥ गदयाऽभिहतोऽप्याजौ न चचाल यदूद्वहः ॥ कृष्णोऽपि तमहन्गुर्व्या कौमोदक्या स्तनान्तरे ॥ ८ ॥ गदानिर्भिन्नहृदय उद्वमन् रुधिरं मुखात् ॥ प्रसार्य केशबाह्वंघ्रीन्धरण्यां न्यपतद्व्यसुः ॥९॥ ततः सूक्ष्मतरं ज्योतिः कृष्णमाविशदद्भुतम् ॥ पश्यतां सर्वभूतानां यथा चैद्यवधे नृप ॥ १० ॥ विदूरथस्तु तद्भ्राता भ्रातृशोकपरिप्लुतः ॥ आगच्छदसिचर्मभ्यामुच्छ्वसंस्तज्जिघांसया ॥ ११ ॥ तस्य चापततः कृष्णश्चक्रेण क्षुरनेमिना ॥ शिरो जहार राजेन्द्र सकिरीटं सकुण्डलम् ॥ १२ ॥ एवं सौभं च शाल्वं च दन्तवक्रं सहानुजम् ॥ हत्वा दुर्विषहानन्यैरीडितः सुरमानवैः ॥ १३ ॥ मुनिभिः सिद्धगन्धर्वै

ज्यो त भगवान्‌मा लीन भएको थियो। त्यसै गरी दन्तवक्रको मुखबाट निस्केको सूक्ष्म ज्योति पनि सबैले देख्दा-देख्दै भगवान श्रीकृष्णमा विलीन भयो ॥ १० ॥ अनि दन्तवक्रको भाई विदूरथ भ्रातृशोकले व्याकुल भएर भगवान् कृष्णलाई मार्ने इच्छाले ढाल-तरबार लिई लामू सास फेर्दै दगुर्दै आइपुग्यो ॥११॥ हे राजेन्द्र ! त्यसलाई आएको देखेर भगवान् कृष्णले त्यसको पनि किरीट-कुण्डल मण्डित मस्तक छूरा समान तीक्ष्ण धार हुने सुदर्शन चक्रले काटेर छुट्याइदिए ॥ १२ ॥ यसरी सौभ, शाल्व र भाई समेत दन्तवक्र यी दुर्धर्ष शत्रुहरूलाई मारेर देवता र मनुष्यहरूद्वारा स्तूयमान र ऋषि, मुनि, सिद्ध, योगी, गन्धर्व, विद्याधर, सर्प, अप्सरा, पितृगण, यक्ष, किन्नर र चारणादि द्वारा विजयगान र पुष्पवर्षाले

फर्केर आयो। महात्माले त्यसलाई यौटा कोठामा थुनिदिए। बेलुका जब सबै केटा आफाफ्नू घर पुगे र साहुको छोरो घर पुगेन। अनि साहु छोरो खोज्न पाठशालातिर गयो। बाटोमा थाहा पायो—केटो चौबाटोसम्म आएको थियो। तर त्यहाँबाट कता गयो, त्यो कसैले पनि भन्न सकेन। साहुले पढाउने महात्मालाई सोधे र उनले भने—'मैले त सबै केटासित उसलाई पनि छुट्टी दिएको हुँ, यो कुराको साक्षी अरु सबै बालकहरू छन्। अनि त्यो कहाँ गयो, मलाई केही थाहा छैन।' साहुले थानामा रिपोर्ट लेखाए। थानाको अधिकारी जाँचमा गए। सबै केटाहरूसित सोध-पूछ गर्दा तिनले चौबाटोसम्म गएको कुरा बताए। महात्मासित सोधेपछि उनले भने—'चौबाटोसम्म केटो गएको थियो भन्ने कुरा तपाईलाई थाहा भइहाल्यो। हिजो मैले यौटा गिद्धले बालक लिएर आकाशमा उडेको देखेथें त्यो केटो साहुकै छोरो थियो कि !' साहुले भने—हेर्नुहवस् हजूर ! इनको बदमाशी, कतै गिद्धले पनि बालक लिएर उड्न सक्तछ ?' महात्माले अधिकारीसित भने—शठस्य शाठ्य शठ एव वेत्ति नैवाशठो वेत्ति शठस्य शाठ्यम्। छुछुन्दरी खादति लौहदण्ड कथन्न गृध्रेण हतः कुमारः।' शठको शठता शठले नै बुझ्न सक्तछ, अशठले जान्दैन। जब छुछुन्द्रोले लौहदण्ड खान सक्तछ भने गिद्धले बालक लिएर उड्नू के असम्भव छ ? अनि साहुले लौहदण्ड फर्काइदिए र महात्माले केटोलाई धुँनेका केटालाई कोठाबाट बाहिर झिकेर साहुको जिम्मा लगाइदिए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिवर्षित भगवान् कृष्णले प्रमुख पार्षदका साथै राम्ररी सज्जित द्वारकापुरीमा प्रवेश गरे ॥ १३ ॥ १४ ॥ योगेश्वर तथा जगत्पति भगवान् कृष्ण यसै गरी अनेक लीलाहरू गर्दै रहन्थे, तर पशुहरू अर्थात् अज्ञानीका दृष्टिमा ती कहीं हारेका र कतै जितेका देखिन्थे ॥ १५ ॥ १६ ॥ एकपल्ट बलरामले कौरव र पाण्डवको संग्रामको तयारी सुनेर दुवैमा कसैको पनि पक्ष नलिई मध्यस्थ हुनाले गर्दा तीर्थस्नानको निहुँ गरी द्वारकाबाट निस्कनुभयो ॥ १७ ॥ त्यहाँबाट गएर उनले प्रभासक्षेत्रमा स्नान गरेर देवता, ऋषि र मनुष्यलाई तृप्त पारिसकेपछि विप्रगणका साथै प्रवाहाभिमुख भई सरस्वती नदीको किनारै-किनार हिंड्न लागे ॥१८॥ त्यहाँबाट पृथुदक, विन्दुसर, त्रितकूप, सुदर्शन, विशाल, ब्रह्मतीर्थ, चक्रतीर्थ तथा पूर्ववाहिनी सरस्वती आदि तीर्थमा गए ॥१९॥ हे भारत ! यमुना र गङ्गाका तटवर्ती तीर्थहरूमा डुल्दै ती नैमिषारण्य पुगे, त्यहाँ अनेक ऋषिहरू यज्ञ गरिरहेका थिए ॥ २० ॥ बलरामलाई देखेर दीर्घकालीन यज्ञको अनुष्ठान गर्ने भएका ती ऋषिहरूले आफाफ्ना आसनबाट उठेर उनको यथायोग्य अभिनन्दन, सत्कार र पूजा गरे ॥ २१ ॥ साथी समेत

विद्याधरमहोरगैः ॥ अप्सरोभिः पितृगणैर्यक्षैः किन्नरचारणैः ॥ १४ ॥ उपगीयमानविजयः कुसुमैरभिवर्षितः ॥ वृतश्च वृष्णिप्रवरैर्विवेशालंकृतां पुरीम् ॥ १५ ॥ एवं योगेश्वरः कृष्णो भगवाञ्जगदीश्वरः ॥ ईयते पशुदृष्टीनां निर्जितो जयतीति सः ॥ १६ ॥ श्रुत्वा युद्धोद्यमं रामः कुरूणां सह पाण्डवैः ॥ तीर्थाभिषेकव्याजेन मध्यस्थः प्रययौ किल ॥ १७ ॥ स्नात्वा प्रभासे सन्तर्प्य देवर्षिपितृमानवान् ॥ सरस्वतीं प्रतिस्रोतं ययौ ब्राह्मणसंवृतः ॥ १८ ॥ पृथूदकं बिन्दुसरस्त्रितकूपं सुदर्शनम् ॥ विशालं ब्रह्मतीर्थं च चक्रं प्राचीं सरस्वतीम् ॥ १९ ॥ यमुनामनु यान्नेव गङ्गामनु च भारत ॥ जगाम नैमिषं यत्र ऋषयः सत्रमासते ॥ २० ॥ तमागतमभिप्रेत्य मुनयो दीर्घसत्रिणः ॥ अभिनन्द्य यथान्यायं प्रणम्योत्थाय चार्चयन् ॥ २१ ॥ सोऽर्चितः सपरीवारः कृतासनपरिग्रहः ॥ रोमहर्षणमासीनं महर्षेः शिष्यमैक्षत ॥ २२ ॥ अप्रत्युत्थायिनं सूतमकृतप्रह्वणाञ्जलिम् ॥ अध्यासीनं च तान्विप्रांश्चुकोपोद्वीक्ष्य माधवः ॥ २३ ॥ यस्मादसाविमान्विप्रानध्यास्ते प्रतिलोमजः ॥ धर्मपालांस्तथैवास्मान्वधमर्हति दुर्मतिः ॥ २४ ॥ ऋषेर्भगवतो भूत्वा शिष्योऽधीत्य बहूनि च ॥ सेतिहासपुराणानि धर्मशास्त्राणि सर्वशः ॥ २५ ॥ अदान्तस्याविनीतस्य वृथा पण्डितमानिनः ॥ न गुणाय भवन्ति स्म नटस्येवाजितात्मनः ॥ २६ ॥ एतदर्थो हि लोकेऽस्मिन्नवतारो मया कृतः ॥ वध्या मे धर्मध्वजिनस्ते

उनीहरूद्वारा राम्ररी सम्मानित भई बलरामजी योग्य आसनमा आसीन भए । उसै वेला उनको दृष्टि व्यासासनमा बसेका महर्षि व्यासका सुयोग्य शिष्य रोमहर्षण माथि पर्‍यो ॥२२॥ यो देखेर—सूत जातिमा उत्पन्न भएर पनि रोमहर्षण बलराम आउँदा न आसनबाट उठे, न हात जोरेर प्रणाम नै गरे एवं ब्राह्मणहरू भन्दा पनि उच्चासना बसिरहेका छन्—यसले बलभद्रलाई रिस उठ्यो ॥ २३ ॥ उनले भने—यो रोमहर्षण प्रतिलोम जातिमा भएर पनि यी ब्राह्मणवर्ग र धर्मरक्षक हामीभन्दा पनि उच्चासनमा बसेको छ, यसैले यो दुष्ट वध-योग्य छ ॥२४॥ मुनिवर व्यासको शिष्य भएर यसले अनेक पुराण, इतिहास र धर्म-शास्त्र पढेको छ, तर त्यो अजितेन्द्रिय, अशिष्ट र स्वयं आफूलाई ठूलो पण्डित मान्ने भएको अजितात्मा सूतलाई ती शास्त्रहरूले उस्तै केहा लाभ भएन, जस्तै नटका सबै चेष्टा केवल देखाउनका लागि हुन्छन् ॥ २५ ॥ २६ ॥ धर्मको चिह्न

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारण गर्ने जो जन धर्मानुसार आचरण गर्दैनन्, ती अझ वर्ता पापी हुन्छन् । अतः ती मेरा वध योग्य हुन्' ॥ २७ ॥ हे राजन् ! यद्यपि भगवान् बलराम दुष्टजनलाई मार्ने विचार गर्दैनथे, तापनि भावीवश उनले यति कुरा भनेर कुशको टुप्पाले नै सूतलाई तत्काल मारिदिए ॥ २८ ॥ सूतको मृत्यु भएको देखेर समस्त मुनिगण हाहाकार गर्न लागे र श्रीसङ्कर्षणसित विन्ती गरे—'हे प्रभो ! हजुरले यो ठूलो अनर्थ गरिदिनु भयो ॥ २९ ॥ हे यदुनन्दन ! इनलाई हामीले नै यस ब्रह्मासनमा बसाएका थियौं । जबसम्म हाम्रो यज्ञ समाप्त हुन्न, त्यस वेलासम्मको निम्ति शारीरिक कष्टहीन आयु पनि दिएका थियौं । हजुरले नजानेर ब्रह्महत्या समान यो घोर पाप गर्नुभयो । हजुर योगेश्वर हुनाले वेद पनि हजुरमाथि शासन गर्दैनन् ॥ ३० ॥ ३१ ॥ तापनि हे लोकपावन ! यदि हजुर कसैको आदेशमा बाँधिएर यो ब्रह्महत्याको प्रायश्चित्त गर्नुहुन्छ भने यसले संसारलाई शिक्षा मिल्नेछ ॥ ३२ ॥ बलरामले आज्ञा भयो—म जनहितको निम्ति नै यस हत्याको प्रायश्चित्त गर्नेछु । यसको निम्ति जे जस्तो श्रेष्ठ प्रायश्चित्त छ, मलाई भन्नुहवस् ॥ ३३ ॥ यस सूतको निम्ति

हि पातकिनोऽधिकाः ॥ २७ ॥ एतावदुक्त्वा भगवान्निवृत्तोऽसद्वधादपि ॥ भावित्वात्तं कुशाग्रेण करस्थेनाहनत्प्रभुः ॥ २८ ॥ हाहेति वादिनः सर्वे मुनयः खिन्नमानसाः ॥ ऊचुः सङ्कर्षणं देवमधर्मस्ते कृतः प्रभो ॥ २९ ॥ अस्य ब्रह्मासनं दत्तमस्माभिर्यदुनन्दन ॥ आयुश्चात्माक्लमं तावद्यावत्सत्रं समाप्यते ॥ ३० ॥ अजानतैवाचरितस्त्वया ब्रह्मवधो यथा ॥ योगेश्वरस्य भवतो नाम्नायोऽपि नियामकः ॥ ३१ ॥ यद्येतद्ब्रह्महत्यायाः पावनं लोकपावन ॥ चरिष्यति भवाँल्लोकसंग्रहोऽनन्यचोदितः ॥ ३२ ॥ श्रीभगवानुवाच ॥ करिष्ये वधनिर्वेशं लोकानुग्रहकाम्यया ॥ नियमः प्रथमे कल्पे यावान्स तु विधीयताम् ॥ ३३ ॥ दीर्घमायुर्बतैतस्य सत्त्वमिन्द्रियमेव च ॥ आशासितं यत्तद्ब्रूत साधये योगमायया ॥ ३४ ॥ ऋषय ऊचुः ॥ अस्त्रस्य तव वीर्यस्य मृत्योरस्माकमेव च ॥ यथा भवेद्वचः सत्यं तथा राम विधीयताम् ॥ ३५ ॥ श्रीभगवानुवाच ॥ आत्मा वै पुत्र उत्पन्न इति वेदानुशासनम् ॥ तस्मादस्य भवेद्वक्ता आयुरिन्द्रियसत्त्ववान् ॥ ३६ ॥ किं वा कामो मुनिश्रेष्ठा ब्रूताहं करवाण्यथ ॥ अजानतस्त्वपचितिं यथा मे चिन्त्यतां बुधाः ॥३७॥ ऋषय ऊचुः ॥ इल्वलस्य सुतो घोरो बल्वलो नाम दानवः ॥ स दूषयति नः सत्रमेत्य पर्वणि पर्वणि ॥ ३८ ॥ तं पापं जहि दाशार्ह तन्नः शुश्रूषणं परम् ॥ पूयशोणितविण्मूत्रसुरामांसाभिवर्षिणम् ॥३९॥ ततश्च भारतं वर्षं परीत्य सुसमाहितः ॥ चरित्वा द्वादश

दीर्घ आयु, बल र इन्द्रियहरूका अक्षुण्णता आदि जे सबैजना भन्नुहुन्छ, म योगबलले तुरुन्त दिन सक्तछु' ॥ ३४ ॥ ऋषिहरू भन्छन्—हे बलराम ! अब कुनै यस्तो उपाय गर्नोस् जसले हजुरको शस्त्र, पराक्रम र यसको मृत्यु व्यर्थ नहोस् र हाम्रो वचन पनि असत्य नहोस् ॥ ३५ ॥ श्रीबलराम भन्नुहुन्छ—वेदमा कहिएको छ—'पिताको आत्मानै पुत्ररूपमा उत्पन्न हुन्छ' अतः यसको छोरो यही स्थानमा वक्ता बनोस् र दीर्घ आयु, इन्द्रिय र बल-सम्पन्न होस् ॥३६॥ हे मुनिश्रेष्ठ ! यो बाहेक पनि तपाईहरूको अरु जे इच्छा छ, भन्नुहवस्, म पूर्ण गर्नेछु । हे विद्वज्जन ! अज्ञानमा गरिएका पापको प्रायश्चित्त के छ ? त्यो पनि विचार गरेर भन्नु हवस् ॥ ३७ ॥ उनीहरूले भने—हे भगवन् ! इल्वल दानवको पुत्र बल्वल नामक घोर राक्षस छ । त्यो प्रत्येक पर्वमा आएर हाम्रो यज्ञ दूषित पारिदिन्छ ॥ ३८ ॥ हे यदुनन्दन ! पीप, रगत, विष्ठा, मूत्र, मद्य र मांसको वर्षा गर्ने त्यो अघोर पापी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राक्षसलाई मारिदिनीस् यही हाम्रो ठूलो सेवा हुनेछ ॥ ३९ ॥ अनि बाह्र महीनासम्म समाहित चित्तले विविध तीर्थहरूमा स्नान गर्दै भारतवर्षको परिक्रमा गरेपछि हजुर पापमुक्त ! बन्नु हुन्छ ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायामष्टसप्ततितमोऽध्यायः ॥७८॥

(बलरामजीको तीर्थयात्रा) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! पर्वकाल आएपछि धूलोको वर्षा गर्दै प्रचण्ड पवन चल्न लाग्यो, त्यसले चारैतिर दुर्गन्ध फैलियो ॥ १ ॥ अनि यज्ञशालामा बल्वलले फ्याँकेको मल-मूत्रादि अपवित्र वस्तु झर्न लागे र एकैछिनपछि त्यो भयङ्कर राक्षस हातमा त्रिशूल लिएको देखियो ॥ २ ॥ तताएको तामा झैं अरुण वर्णका केश, दाह्री जूँगा र बाङ्गा दाह्रा, भ्रुकुटिको कारण डरलाग्दो, काजलको थुप्रो झैं अत्यन्त कृष्णवर्ण र ठूलो देह हुने त्यो दैत्यलाई देखेर बलरामजीले शत्रुसेनाको संहार गर्ने आफ्नू मुसल र दैत्यलाई दलित पार्ने हलोको स्मरण गर्नु भयो र ती तुरुन्त उपस्थित भए ॥ ३-४ ॥ अनि बलरामले त्यो आकाशचारी र विप्रद्रोही बल्वललाई आफ्नू बलियो हलोका

मासांस्तीर्थस्नायी विशुद्धयसे॥४०॥इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे बलदेवचरित्रे बल्वलवधोपक्रमो नामाष्टसप्ततितमोऽध्यायः ॥७८॥

श्रीशुक उवाच ॥ ततः पर्वण्युपावृत्ते प्रचण्डः पांसुवर्षणः ॥ भीमो वायुरभूद्राजन्पूयगन्धस्तु सर्वशः ॥ १ ॥ ततोऽमेध्यमयं वर्षं बल्वलेन विनिर्मितम् ॥ अभवद्यज्ञशालायां सोऽन्वदृश्यत शूलधृक् ॥ २ ॥ तं विलोक्य बृहत्कायं भिन्नाञ्जनचयोपमम् ॥ तप्तताम्रशिखाश्मश्रुं दंष्ट्रोग्रभ्रुकुटीमुखम् ॥ ३ ॥ सस्मार मुसलं रामः परसैन्यविदारणम् ॥ हलं च दैत्यदमनं ते तूर्णमुपतस्थतुः ॥ ४ ॥ तमाकृष्य हलाग्रेण बल्वलं गगनेचरम् ॥ मुसलेनाहनत्क्रुद्धो मूर्ध्नि ब्रह्मद्रुहं बलः ॥ ५ ॥ सोऽपतद्भुवि निर्भिन्नललाटोऽसृक्समुत्सृजन् ॥ मुञ्चन्नार्तस्वरं शैलो यथा वज्रहतोऽरुणः ॥ ६ ॥ संस्तुत्य मुनयो रामं प्रयुज्यावितथाशिषः ॥ अभ्यषिञ्चन्महाभागा वृत्रघ्नं विबुधा यथा ॥ ७ ॥ वैजयन्तीं ददुर्मालां श्रीधामाम्लानपङ्कजाम् ॥ रामाय वाससी दिव्ये दिव्यान्याभरणानि च ॥ ८ ॥ अथ तैरभ्यनुज्ञातः कौशिकीमेत्य ब्राह्मणैः ॥ स्नात्वा सरोवरमगाद्यतः सरयुरास्रवत् ॥ ९ ॥ अनुस्रोतेन सरयूं प्रयागमुपगम्य सः ॥ स्नात्वा सन्तर्प्य देवादीञ्जगाम पुलहाश्रमम् ॥ १० ॥ गोमतीं गण्डकीं स्नात्वा विपाशां शोण आप्लुतः ॥ गयां गत्वा पितॄनिष्ट्वा गङ्गासागरसङ्गमे ॥ १० ॥ उपस्पृश्य महेन्द्राद्रौ रामं दृष्ट्वाऽभिवाद्य च ॥ सप्तगोदावरीं वेणां

अग्रभागले तानेर क्रोधित भई त्यसको शिरमा मुसल बजार्नु भयो ॥ ५ ॥ मुसलको चोटले त्यसको टाउको फुटी रगत बग्नलाग्यो र त्यो कष्टपूर्ण शब्द गर्दै वज्रको प्रहारले गेरुको पर्वत ढले जस्तै त्यहीं पछारियो ॥ ६ ॥ महर्षीहरूले बलरामजीको प्रशंसा गरेर आशीर्वाद दिए र उनलाई त्यसै प्रकार स्नान गराए, जसरी बलवान् वृत्रासुर मारिएकषछि इन्द्रलाई देवताहरूले स्नान गराएका थिए ॥ ७ ॥ महर्षिहरूले बलरामलाई कहिल्यै नओइलाउने, सधैं ताजा रहने कमलको वैजयन्ती मालादिए। उनले दिव्य वस्त्र र दिव्य आभूषण पनि दिए ॥ ८ ॥ अनि ऋषिहरूको आज्ञानुसार ब्राह्मणहरू सहित बलरामजी कौशिकी नदीमा आए । त्यहाँ सानन्द नुहाई मानस सरोवर जान हिंडे, जहाँबाट सरयू निस्केकी छन् ॥ ९ ॥ त्यसपछि सरयूको प्रवाह साथै ती प्रयाग पुगे । त्यहाँ त्रिवेणी स्नान गरेर उनले विविध देवताहरूलाई तृप्त पारे र पुलह ऋषिको आश्रम (हरिक्षेत्र)

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गए ।। १० ।। अनि गोमती, गण्डकी र विपाशामा स्नान गरेर उनले शोणभद्रमा नुहाए । गयामा पुगेर पितृहरूको पूजा श्राद्ध गरेर र त्यहाँबाट हिंडेपछि गङ्गासागर संगममा स्नान गरेर महेन्द्र पर्वतमा परशुरामको दर्शन र प्रणाम गरे । अनि सप्तगोदावरी, वेणी र पम्पाबाट सरासर भीमरथी पुगे ।। ११ ।। १२ ।। त्यसपछि सर्वसमर्थ भगवान् बलराम स्वामिकार्तिकेयको दर्शन गरेर शिवजीको निवास स्थान श्रीशैल पुगे र द्रविड देशमा परम पुण्यप्रद वेङ्कट-पर्वतको पनि दर्शन गरे ।। १३ ।। त्यसपछि ती संकर्षण कामकोष्णी काञ्चीपुरी र उत्तम नदी कावेरीबाट परम पुण्यप्रद श्रीरंग नामका स्नानमा गए, जहाँ भगवान् नित्य विद्यमान रहन्छन् ।। १४ ।। त्यसपछि ऋषभ पर्वत तथा हरिक्षेत्र र मथुरा हुँदै महापातक नष्ट पार्ने सेतुबन्ध तीर्थ पुगे ।। १५ ।। त्यहाँ बलरामजीले दस हजार गाई ब्राह्मणहरूलाई दान दिए । त्यहाँबाट कृतमाला र ताम्रपर्णीमा नुहाई कुलाचल अर्थात् मलयपर्वतमा पुगे ।। १६ ।। त्यस पर्वतमा विराजमान अगस्त्य ऋषिलाई नमस्कार तथा अभिवादन गरेर बलरामले तिनको आशीर्वाद प्राप्त गरे । अनि दक्षिण समुद्र तटमा

पम्पां भीमरथीं ततः ।। १२ ।। स्कन्दं दृष्ट्वा ययौ रामः श्रीशैलं गिरिशालयम् ।। द्रविडेषु महापुण्यं दृष्ट्वाऽद्रिं वेङ्कटं प्रभुः ।। १३ ।। कामकोष्णीं पुरीं काञ्चीं कावेरीं च सरिद्वराम् ।। श्रीरङ्गाख्यं महापुण्यं यत्र संनिहितो हरिः ।। १४ ।। ऋषभाद्रिं हरेः क्षेत्रं दक्षिणां मथुरां तथा ।। सामुद्रं सेतुमगमन्महापातकनाशनम् ।। १५ ।। तत्रायुतमदाद्धेनूर्ब्राह्मणेभ्यो हलायुधः ।। कृतमालां ताम्रपर्णीं मलयं च कुलाचलम् ।। १६ ।। तत्रागस्त्यं समासीनं नमस्कृत्याभिवाद्य च ।। योजितस्तेन चाशीर्भिरनुज्ञातो गतोऽर्णवम् ।। दक्षिणं तत्र कन्याख्यां दुर्गां देवीं ददर्श सः ।। १७ ।। ततः फाल्गुनमासाद्य पञ्चाप्सरसमुत्तमम् ।। विष्णुः सन्निहितो यत्र स्नात्वाऽस्पर्शद्गवायुतम् ।। १८ ।। ततोऽभिव्रज्य भगवान्केरलांस्तु त्रिगर्तकान् ।। गोकर्णाख्यं शिवक्षेत्रं सान्निध्यं यत्र धूर्जटेः ।।१९।। आर्यां द्वैपायनीं दृष्ट्वा शूर्पारकमगाद्बलः ।। तापीं पयोष्णीं निर्विन्ध्यामुपस्पृश्याथ दण्डकम् ।। २० ।। प्रविश्य रेवामगमद्यत्र माहिष्मती पुरी ।। मनुतीर्थमुपस्पृश्य प्रभासं पुनरागमत् ।। २१ ।। श्रुत्वा द्विजैः कथ्यमानं कुरुपाण्डवसंयुगे ।। सर्वराजन्यनिधनं भारं मेने हृतं भुवः ।। २२ ।। स भीमदुर्योधनयोर्गदाभ्यां युध्यतोर्मृधे ।। वारयिष्यन्विनशनं जगाम यदुनन्दनः ।। २३ ।। युधिष्ठिरस्तु तं दृष्ट्वा यमौ कृष्णार्जुनावपि ।। अभिवाद्याभवंस्तूष्णीं किं विवक्षुरिहागतः ।। २४ ।। गदापाणी उभौ दृष्ट्वा संरब्धौ विजयैषिणौ ।। मण्डलानि विचित्राणि

गएर कन्याकुमारी दुर्गादेवीको दर्शन गरे ।। १७ ।। अनि फल्गुतीर्थमा पुगे जहाँ सदा भगवान्को उपस्थिति रहन्छ त्यो पञ्चाप्सरस सरोवरमा स्नान गरेर उनले दस हजार गाई दान गरे ।। १८ ।। त्यसपछि केरल र त्रिगर्त आदि देशहरूमा डुल्दै ती गोकर्ण नामक शिवक्षेत्रमा पुगे, त्यहाँ भगवान् शङ्कर सर्वदा विद्यमान रहन्छन् ।। १९ ।। त्यहाँबाट उत्तम द्वीप निवासिनी आर्या देवीको दर्शन गरेर शूर्पारक क्षेत्र गए । अनि तापी, पयोष्णी, निर्विन्ध्या नदीहरूमा स्नान गरेर दण्डकारण्यमा प्रविष्ट भए । अनि नर्मदा नदीमा पुगे जहाँ माहिष्मतीपुरी छ र मनुतीर्थमा स्नान गरे । अनि प्रभास क्षेत्रमा फर्केर आए ।। २० ।। २१ ।। त्यहाँ ब्राह्मणको मुखबाट कौरव र पाण्डवहरूको युद्धमा सबै क्षत्रियहरूको संहार सुनेर उनले पृथ्वीको भारी हलुङ्गो भयो भन्ने जाने ।। २२ ।। अनि भीमसेन र दुर्योधन रणभूमिमा परस्पर गदायुद्ध गर्दैछन् भन्ने सुनेर तिनलाई युद्धबाट विरत पार्न कुरुक्षेत्रको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गए ॥ २३ ॥ बलराम जी आएका देखेर महाराज युधिष्ठिर, नकुल, सहदेव, कृष्ण र विजयले प्रणाम गरे र अब के भन्दछन् भन्ने जान्नको निम्ति केही नबोली ती सबै जना मौन उभिइरहे ॥ २४ ॥ बलरामले भीमसेन तथा दुर्योधन हातमा गदा लिएर यौटाले अर्कोलाई जित्नको निम्ति सान्है रिसाई थरि-थरिका युक्ति गरिरहेका देखेर भन्नु-भयो—'हे राजा दुर्योधन ! हे भीमसेन ! तिमी दुवै वीर समान बलशाली छौ । म तिमी दुवैमा भीमसेनलाई बलमा र दुर्योधनलाई गदायुद्धको कौशलमा श्रेष्ठ मान्दछु ॥२५॥ ॥२६॥ अतः तिमी समान बल हुने वीरमा कुनै यौटाको जय वा पराजय होस्—यस्तो म देखिरहेको छैन । अतः यस व्यर्थको युद्धबाट तिमी दुवै निवृत्त होओ' ॥ २७ ॥ हे राजन् ! बलरामको सल्लाह दुवैका लागि हितकारी थियो, तर पहिलेका कटु भाषण र दुर्व्यवहारहरू सम्झेर ती दुवैयोद्धामा परस्पर घोर शत्रुता भइसकेको थियो । अतः तिनले उनको अनुरोध मानेनन् ॥२८॥ दैवको त्यस्तै इच्छा जानेर बलराम द्वारकापुरी फर्के । त्यहाँ उग्रसेन आदि ज्ञाति-बन्धुहरूले अगाडि आएर उनको स्वागत गरे ॥ २९ ॥ त्यहाँबाट ती फेरि

चरन्ताविदमब्रवीत् ॥ २५ ॥ युवां तुल्यबलौ वीरौ हे राजन् हे वृकोदर ॥ एकं प्राणाधिकं मन्ये उतैकं शिक्षयाऽधिकम् ॥ २६ ॥ तस्मादेकतरस्येह युवयोः समवीर्ययोः ॥ न लक्ष्यते जयोऽन्यो वा विरमत्वफलो रणः ॥ २७ ॥ न तद्वाक्यं जगृहतुर्बद्धवैरौ नृपार्थवत् ॥ अनुस्मरन्तावन्योन्यं दुरुक्तं दुष्कृतानि च ॥२८॥ दिष्टं तदनुमन्वानो रामो द्वारावतीं ययौ ॥ उग्रसेनादिभिः प्रीतैर्ज्ञातिभिः समुपागतः ॥२९॥ तं पुनर्नैमिषं प्राप्तमृषयोऽयाजय-न्मुदा ॥ क्रत्वङ्गं क्रतुभिः सर्वैर्निवृत्ताखिलविग्रहम् ॥ ३० ॥ तेभ्यो विशुद्धविज्ञानं भगवान्व्यतरद्विभुः ॥ येनैवात्मन्यदो विश्वमात्मानं विश्वगं विदुः ॥३१॥ स्वपत्न्याऽवभृथस्नातो ज्ञातिबन्धुसुहृद्वृतः ॥ रेजे स्वज्योत्स्नयेवेन्दुः सुवासाः सुष्ठ्वलंकृतः॥३२॥ईदृग्विधान्यसंख्यानि बलस्य बलशालिनः ॥ अनन्तस्याप्रमेय मायामर्त्यस्य सन्ति हि ॥३३॥ योऽनुस्मरेत रामस्य कर्माण्यद्भुतकर्मणः ॥ सायं प्रातरनन्तस्य विष्णोः स दयितो भवेत् ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे बलदेवतीर्थयात्रानिरूपणं नामैकोनाशीतितमोऽध्यायः ॥ ७९ ॥

राजोवाच ॥ भगवन्यानि चान्यानि मुकुन्दस्य महात्मनः ॥ वीर्याण्यनन्तवीर्यस्य श्रोतुमिच्छामहे प्रभो ॥ १ ॥ को नु श्रुत्वाऽसकृद्ब्रह्म-

नैमिषारन्य गए । सबैसित विरोध भावले रहित ती यज्ञमूर्ति भगवान् बलराम द्वारा मुनिहरूले आनन्दपूर्वक सबै प्रकारका यज्ञ गराए ॥ ३० ॥ श्री बलरामले तिनलाई विशुद्ध विज्ञानको उपदेश दिए, जसद्वारा ती ऋषिहरूले बुझे—यस आत्मामा सारा जगत् र सारा जगत्मा यो आत्मा व्याप्त छ ॥३१॥ अनि आफ्नी पत्नी रेवती सहित यज्ञान्तको अवभृथ स्नान गरेर वस्त्र र आभूषणादिले अलंकृत भई आफ्ना ज्ञाति-बन्धुहरूले घेरिएका बलराम यस्ता सुशोभित भए, जस्तै—चन्द्रिकासित चन्द्रदेवको शोभा हुन्छ ॥ ३२ ॥ महाबलवान्, अनन्त, अप्रमेय र मायामानुष रूपधारी बलरामका यस्ता अनेक चरित्र छन् ॥ ३३ ॥ अद्भुत कर्म गर्ने शेषावतार बलरामका यी विचित्र चरित्रहरू जुन व्यक्तिले बिहान र बेलुका स्मरण गर्दछ, त्यो विष्णु भगवान्‌को प्रियभक्त बन्दछ ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायामेकोनाशीतितमोऽध्यायः ॥ ७९ ॥

(सुदामाको स्वागत-सत्कार) परीक्षित्‌ले भने—हे भगवन् ! हे प्रभो ! अनन्तवीर्य महात्मा कृष्णले पराक्रमका अन्य जो-जो कार्य गरे, त्यो पनि सुन्ने मेरो प्रबल इच्छा छ ॥ १ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे ब्रह्मन् ! जो विविध विषय भोगेर थाकेको छ, यस्तो सारग्रही कुन पुरुष होला जो भगवान् उत्तमश्लोकका शुभ चरित्रहरू बारम्बार सुनेर पनि ती लीलाहरूबाट तृप्त भएका होस् ॥ २ ॥ जुन वाणीले मनुष्य भगवान्को गुण-गान गर्दछ, वास्तवमा त्यही प्राणी सफल छ । जुन हात भगवान्को निम्ति काम गर्दछन्, तिनै हात सफल छन् । जुन मन विश्वमा विद्यमान भगवान्को स्मरण गर्दछ, उही मन सफल हो । जुन काम भगवान्का पवित्र कथाहरू सुन्दछन् तिनै कान सार्थक हुन्छन् ॥ ३ ॥ जुन मस्तक प्रभुका चल-अचल दुवै थरि मूर्तिका समक्ष न्युरन्छ, त्यही मस्तक सफल छ । जुन नेत्र भगवद्विग्रहको दर्शन गर्दछन्, तिनै नेत्र सफल हुन् । जुन अङ्ग भगवान् वा उनका भक्तगणको चरणोदक सेवन गर्दछन्, उनै अङ्ग सफल हुन्छन् ॥४॥ सूतजी भन्दछन्–राजा परीक्षित्ले यसरी सोधेपछि शुकदेवजीका मन भगवान् कृष्णमा लीन भयो र ती भन्नलागे ॥ ५ ॥ शुकदेवजी भन्दछन्–हे राजन् !

न्नुत्तमश्लोकसत्कथाः ॥ विरमेत विंशेषज्ञो विषण्णः काममार्गणैः ॥ २ ॥ सा वाग्यया तस्य गुणान् गृणीते करौ च तत्कर्मकरौ मनश्च ॥ स्मरेद्वसन्तं स्थिरजङ्गमेषु शृणोति तत्पुण्यकथाः स कर्णः ॥ ३ ॥ शिरस्तु तस्योभयलिङ्गमानमेत्तदेव यत्पश्यति तद्धि चक्षुः ॥ अङ्गानि विष्णोरथ तज्जनानां पादोदकं यानि भजन्ति नित्यम् ॥ ४ ॥ सूत उवाच ॥ विष्णुरातेन सम्पृष्टो भगवान्बादरायणिः ॥ वासुदेवे भगवति निमग्नहृदयोऽब्रवीत् ॥ ५ ॥ श्रीशुक उवाच ॥ कृष्णस्यासीत्सखा कश्चिद् ब्राह्मणो ब्रह्मवित्तमः ॥ विरक्त इन्द्रियार्थेषु प्रशान्तात्मा जितेन्द्रियः ॥ ६ ॥ यदृच्छयोपपन्नेन वर्तमानो गृहाश्रमी ॥ तस्य भार्या कुचैलस्य क्षुत्क्षामा च तथाविधा ॥ ७ ॥ पतिव्रता पतिं प्राह म्लायता वदनेन स ॥ दरिद्रा सीदमाना सा वेपमानाऽभिगम्य च ॥ ८ ॥ ननु ब्रह्मन्भगवतः सखा साक्षाच्छ्रियः पतिः ॥ ब्रह्मण्यश्च शरण्यश्च भगवान्सात्वतर्षभः ॥ ९ ॥ तमुपेहि महाभाग साधूनां च परायणम् ॥ दास्यति द्रविणं भूरि सीदते ते कुटुम्बिने ॥१०॥ आस्तेऽधुना द्वारवत्यां भोजवृष्ण्यन्धकेश्वरः ॥

ब्राह्मण सुदामा श्रीकृष्णका परम मित्र थिए । ती सुदामा सान्है विरक्त शान्तचित्त र जितेन्द्रिय थिए ॥ ६ ॥ ती गृहस्थ हुनाले प्रारब्धवश जे जति पाइन्थ्यो उसैमा निर्वाह गर्दथे । तिनका लुगा फाटेका र पुराना हुन्थे र उनकी स्त्री पनि उनी जस्तै भोकले कृश रहत्यिन् ॥ ७ ॥ एक दिन ती दुःखिनी, पतिव्रता ब्राह्मणी भयले थर-थर काम्दै पतिको नगीचै गएर मलीन अनुहारले भनिन्* ॥८॥ हे ब्रह्मन् ! हजुरका मित्र साक्षात् लक्ष्मीपति कृष्ण निकै ब्राह्मणका भक्त र शरणागतवत्सल छन् ॥ ९ ॥ ती साधुजनका एकमात्र गति छन् ।

* कवि नरोत्तमदास भन्दछन्–जसका भालमा दुःख मोचन तिलक छ, कानमा कुण्डल, शिरमा मणिजडित मुकुट छ, पीताम्बर ओढेका, घाँटीमा वैजयन्ती माला छ, चार बाहुमा शङ्ख, चक्र, गदा, पद्म धारण गरेका छन् । सान्दीपनी गुरुकहाँ संगै पढेका सखा भन्नुहुन्छ । उनै अनाथका नाथ द्वारकामा निवास गर्दछन् । आफ्नी पत्नीले भनेको सुनी सुदामाले भने–जो सम्पूर्ण संसारका शिक्षक छन्, तिनलाई अब तिमी के शिक्षा दिइरहेकी छौ ? जो तपस्याले परलोक सपार्छन्, तिनलाई सम्पत्तिको इच्छा रहन्न । मेरो हृदयमा त हरिको निवास छ,यसको घेरैपल्ट परीक्षा पनि भइसकेको छ । अरुलाई धन चाहिन्छ, हे बावरी (लाटी) ! ब्राह्मणको धन त केवल भिक्षा हो । फेरि दीनदयालुको बस्तै चाला छ, ती दीनजनको सम्झना सदैव गर्दछन् । द्रौपदी, गजराज, प्रह्लादको पुकारमा बिलम्ब लगाएका थिएनन् ! यसैले मेरो मनलाई दीनता नै मनपर्दछ । यदि ब्रजराजका चरणमा प्रीति छैन भने राजाको चाकरी पनि किन गर्नुपर्‍यो । केवल उनका पाउको स्मरण गर्नसके संसारमा केही पनि दुर्लभ वस्तु छैन । मेरो त यस्तै विचार छ, तिमी पनि सन्तोष राख, उनले अवश्य उत्तम गति प्रदान गर्दछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजुर उनैकहाँ जानुहवस् । हजुर गृहस्थी हुनाले साह्रै दुःखी रहनु हुन्छ । उनले हजुरलाई यथेच्छ धन दिन्छन् ॥ १० ॥ मैले सुनेकी छु–हिजोआज ती द्वारका पुरीमा भोज, अन्धक र वृष्णीवंशीय यादवहरूका स्वामी छन् । आफ्ना चरण-कमलको स्मरण गर्ने व्यक्तिलाई ती आफ्नू शरीर पनि दिन गाह्रो मान्दैनन् ॥ ११ ॥ अनि आफ्ना भक्तलाई उसको इच्छा नभए पनि अर्थ र काम दिन्छन् भने आश्चर्यको कुरै छैन ।' यसरी स्त्रीले बारम्बार प्रार्थना गरेपछि ती विप्रवरले आफ्नू मनमनै विचार गरे–त्यहाँ जानाले सबैभन्दा ठूलो लाभ यो हुनेछ कि भगवान् कृष्णको दर्शन पाइने छ । अनि उनले द्वारका जाने निश्चय गरे र पत्नीलाई भने—'हे कल्याणि ! घरमा केही लैजाने सौगात छ भने ल्याऊ' ॥ १२॥१३ ॥

स्मरतः पादकमलमात्मानमपि यच्छति ॥ किं न्वर्थकामान्भजतो नात्यभीष्टाञ्जगद्गुरुः ॥ ११ ॥ स एवं भार्यया विप्रो बहुशः प्रार्थितो मृदु ॥ अयं हि परमो लाभ उत्तमश्लोकदर्शनम् ॥ १२ ॥ इति सञ्चिन्त्य मनसा गमनाय मतिं दधे ॥ अप्यस्त्युपायनं किञ्चिद्गृहे कल्याणि दीयताम् ॥ १३ ॥ याचित्वा चतुरो मुष्टीन्विप्रान्पृथुकतण्डुलान् ॥ चैलखण्डेन तान्बद्ध्वा भर्त्रे प्रादादुपायनम् ॥ १४ ॥ स तानादाय विप्राग्र्यः प्रययौ द्वारकां किल ॥ कृष्णसन्दर्शनं मह्यं कथं स्यादिति चिन्तयन् ॥ १५ ॥ त्रीणि गुल्मान्यतीयाय तिस्रः कक्षाश्च स द्विजः ॥ विप्रोऽगम्या-न्धकवृष्णीनां गृहेष्वच्युतधर्मिणाम् ॥ १६ ॥ गृहं द्व्यष्टसहस्राणां महिषीणां हरेर्द्विजः ॥ विवेशैकतमं श्रीमद्ब्रह्मानन्दं गतो यथा ॥ १७ ॥

अनि ब्राह्मणी छिमेकी ब्राह्मणका घरबाट चार मुठी चिउरा मागेर ल्याइन् र यौटा टालोमा पोको पारेर पतिलाई सौगात दिन भनेर जिम्मा लगाइन् ॥ १५ ॥ त्यो पोको काखी च्यापेर मनमनै—मलाई भगवान् कृष्णको दर्शन कहिले र कसरी प्राप्त हुनेछ—यस्तो तर्क गर्दै द्वारकापुरी जान हिंडे ॥ १५ ॥ हे राजन् ! ※द्वारकापुरी पुगिसकेपछि सुदामा अन्यान्य ब्राह्मणवर्गका साथै सैनिकहरूका तीन पहरा र तीन ढोकाहरू नाघेर भगवद्धर्मको पालन गर्ने अन्धक र वृष्णिवंशी यादवका महलमा पुगे–सहजै त्यहाँ पुग्न कठिन थियो ॥६॥ जब ती विप्रले भगवान् कृष्णका सोह हजार रानीहरूका महलमा प्रवेश गरे–तत्र उनलाई ब्रह्मानन्दमा डुबेझैं भयो ॥ १७ ॥ सुदामालाई परैबाट आउन लागेका देखेर प्रियाको शय्यामा

※ अन्धक, वृष्णिवंशी यादवहरूका ती भव्य प्रसाद देखेर आँखा तिर्मिरिएका ती विप्र छक्क परेर हेरिर । जहाँ देवता समान सबैले मौन धारण गरेका छन् र कोही पनि कसैसित केही कुरा गर्दैनन्, त्यहाँ सुदामालाई देखेर पुरजनहरू सबैले सोधे–'कहाँ जान आएको ? कसलाई खोजेको ?' जनि सुदामाले भने– 'अधीरका धैर्य, अर्काको पीडा हरण गर्ने भएका ती बलवीर कृष्णको भवन कुन हो ?' सुदामाको प्रश्न सुनी द्वारपालले ब्राह्मण भन्ने जानेर । फेरि सोध्यो–'हे विप्र देवता ! आफ्नू नाम भन्नुहवस्, र के काम छ त्यो पनि भन्नुहवस् ।' अनि सुदामाले भने–'मेरो नाम सुदामा हो, यदुनाथ कृष्ण र म गुरुकुलमा संगै अध्ययन गर्दथ्यौं । उनी मेरा बालसखा हुन् । यो सबै कुरा यदुराय जान्दछन् ।' यति सुनेर द्वारपाल भगवान कृष्णको सामुन्ने गएर हात जोरी विन्ती गर्दछ–'हे नाथ ! शिरमा फेटा छैत अंगमा वस्त्र छैन, कुन ग्रामबाट आएका हुन् । फाटेको धोती छ, मैलो ओढ्ने छ, खुट्टामा उपानह (जुत्ता) छैन । देख्दा साह्रै दुर्बल ब्राह्मण बाहिर द्वारमा उभिएर चकित भई द्वारकानाथको भवन हेरिरहेका छन् र उनी दीनदयाल हजुरलाई सोधिरहेका छन् । उनले आफ्नू नाम सुदामा भन्दैछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराजमान श्रीहरि झट्ट उठेर द्वारतर्फ गई हर्षले उनलाई अंकमाल गरेर घाँटीमा टाँसे ॥ १८ ॥ आफ्ना प्रिय सखा सुदामाको अङ्गसङ्गले कमलनयन भगवान्लाई निकै आनन्द प्राप्त भयो र प्रेमवश नयनबाट जल बग्नलागे* ॥ १८ ॥ हे राजन् ! अनि करुणासिन्धु भगवान्ले आफ्ना सखालाई पलङ्गमा बसाले र स्वयं पूजाको सामग्री ल्याई तिनका पाउ पखालेर सबै लोकलाई पवित्र पार्नें प्रभुले त्यो चरणोदक शिरमा लगाए, अनि उनको शरीरमा सुगन्धित चन्दन, अगरु, कुङ्कुम आदि वस्तुको लेप गरिदिए ॥ २० ॥ २१ । अनि सुगन्धित धूप र दीपावलीले आफ्ना मित्रको पूजन गरेर ताम्बूल र गाई निवेदन गरेर उनीसित स्वागत वाक्यहरू पनि भने ॥ २२ ॥ विचरा सुदामा काटेको लुगाएका र अति दुर्बल मलिन र शिराजालले पूर्ण देखिन्थे । त्यस वेला लक्ष्मी स्वरूपा रुक्मिणीदेवी स्वयं तिनलाई पंखा हम्कन लागिन् ॥ २३ ॥ अनि पुण्यकीर्ति भगवान कृष्णले यौटा भिक्षुक

तं विलोक्याच्युतो दूरात्प्रियापर्यङ्कमास्थितः ॥ सहसोत्थाय चाभ्येत्य दोर्भ्यां पर्यग्रहीन्मुदा ॥ १८ ॥ सख्युः प्रियस्य विप्रर्षेरङ्गसङ्गातिनिर्वृतः ॥ प्रीतो व्यमुञ्चदब्बिन्दून्नेत्राभ्यां पुष्करेक्षणः ॥ १६ ॥ अथोपवेश्य पर्यङ्के स्वयं सख्युः समर्हणम् ॥ अपहृत्यावनिज्यास्य पादौ पादावनेजनीः ॥२०॥ अग्रहीच्छिरसा राजन्भगवांल्लोकपावनः ॥ व्यलिम्पद्दिव्यगन्धेन चन्दनागुरुकुङ्कुमैः ॥ २१ ॥ धूपैः सुरभिभिर्मित्रं प्रदीपावलिभिर्मुदा ॥ अर्चित्वावेद्य ताम्बूलं गां च स्वागतमब्रवीत् ॥२२॥ कुचैलं मलिनं क्षामं द्विजं धमनिसंततम् ॥ देवी पर्यचरत्साक्षाच्चामरव्यजनेन वै ॥ २३ ॥ अन्तःपुरजनो दृष्ट्वा कृष्णेनामलकीर्तिना ॥ विस्मितोऽभूदतिप्रीत्या अवधूतं सभाजितम् ॥ २४ ॥ किमनेन कृतं पुण्यमवधूतेन भिक्षुणा ॥ श्रिया हीनेन लोकेऽस्मिन्गर्हितेनाधमेन च ॥ २५ ॥ योऽसौ त्रिलोकगुरुणा श्रीनिवासेन सम्भृतः ॥ पर्यङ्कस्थां श्रियं हित्वा परिष्वक्तोऽग्रजो यथा ॥ २६ ॥ कथयाञ्चक्रतुर्गाथाः पूर्वा गुरुकुले सतोः ॥ आत्मनो ललिता राजन्करौ गृह्य परस्परम् ॥ २७ ॥ श्रीभगवानुवाच ॥ अपि ब्रह्मन्गुरुकुलाद्भवता लब्धदक्षिणात् ॥ समावृत्तेन धर्मज्ञ भार्योढा सदृशी न वा ॥ २८ ॥ प्रायो गृहेषु ते चित्तमकामविहतं तथा ॥ नैवातिप्रीयसे विद्वन्धने विदितं हि मे

ब्राह्मणको त्यसरी अत्यन्त प्रसन्नतापूर्वक पूजा गरेको देखेर सबै अन्तःपुरनिवासी आश्चर्यमा परे । २४ ॥ ती परस्पर भन्नलागे—'यी श्रीहीन, निर्धन, र सबै लोकमा निन्दनीय तथा अवधूत भिखारीले यस्तो कुन् महान् पुण्य गरेका थिए, जसले लक्ष्मीका आश्रयस्थान र जगद्गुरु श्रीकृष्णले आफ्नू शय्यामा विराजमान लक्ष्मीलाई पनि त्यागेर इनको आफ्नू दाजू झैं आलिंगन र सत्कार पनि गरे' ॥ २५-२६ ॥ हे राजन् ! अनि कृष्ण-सुदामा यौटाले अर्कोको हात समातेर गुरुकुलमा बस्ताको मनोहर कुरा-कानी गर्न लागे ॥ २७ ॥ श्रीभगवान्ले आज्ञा गर्नु भयो--हे धर्मज्ञ ! गुरुदक्षिणा दिएर गुरुकुलबाट हामीहरू फर्केपछि तिमीले कुनै सुयोग्या कन्यासित विवाह गर्‍यौ कि गरेनौ ? मेरो पक्का विश्वास छ—तिम्रो

* नयनमा जल भरिएका प्रभुलाई देख्ना साथ सुदामाका सबै दुःख हराएर गए। तिनी सुरराज इन्द्र भन्दा पनि श्रेष्ठ, कल्पवृक्ष भन्दा पनि उत्तम, कुवेर भन्दा पनि धनी भए वा रङ्कबाट राजा उसै वखत भए, जब लक्ष्मीपति भगवान्ले अंकमाल गरे। अनि भगवान्ले आज्ञा भयो–'हे सखे ! बुट्टा फुटेर चिरिएको छ, काँढाले पैताला चाल्नो पारेको छ, यस्तो महादुःखमा परेर पनि यति का दिनसम्म कहाँ हरायौ ? किन आएनौ ?' सुदामाको यस्तो दीनदशा देखेर करुणाले करुणानिधि रोए। ठूलो थालमा राखेको पानी हातले छोएनन्, आफ्ना नयनका जलले सखाको पाऊ पखाले।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्त गृहस्थीमा आसक्त छैन र तिमी धन पाएर पनि प्रसन्न हुँदैनौ ॥ २९ ॥ ईश्वरको मायाद्वारा निर्मित विषय-वासना त्याग गर्ने केही व्यक्ति विषयमा आसक्त नभए पनि म जस्तै केवल लोक-शिक्षाका लागि कर्म गर्दछन् ॥३०॥ हे ब्रह्मन् ! तिमीलाई उस वेलाको केही सम्झना छ, जब हामी संगसंगै गुरुकुलमा बस्तथ्यौं, जहाँ बसेर द्विज सबै ज्ञातव्य कुरा जानेर अज्ञात-सागरबाट पारी तर्दछन् ॥ ३१ ॥ हे मित्र ! गुरुकुल निवास नै द्विजलाई सत्कर्ममा लगाउने स्थान हो । त्यहाँ सबै आश्रमीहरूका ज्ञानदाता जगद्गुरु वस्तछन्, गुरुजन म जस्तै हुन्छन् ॥ ३२ ॥ हे ब्रह्मन् ! वर्णाश्रमीहरूमा जो व्यक्ति मेरै स्वरूप ठानेर गुरुको उपदेश द्वारा सहजै भवसागर पारी तर्न सक्तछन्, तिनै आफ्नू वास्तविक स्वार्थ जान्दछन् ॥ ३३ ॥ सबै प्राणीको अन्तरात्मा म जति गुरु-सेवाले प्रसन्न हुन्छु, त्यति यज्ञ, ब्रह्मचर्य, तप र व्रत तथा उपशम आदि कुनै पनि साधनले प्रसन्न हुन्न ॥ ३४ ॥ हे ब्रह्मन् ! गुरुकुलमा वस्ता जब एक दिन हामी दुवैलाई गुरुपत्नीले समिधा ल्याउन वनमा पठाएकी थिइन्, त्यस वखत जे भएको थियो, त्यो तिमीले सम्झेको छौ ? ॥३५॥ त्यसवेला

॥ २६ ॥ केचित्कुर्वन्ति कर्माणि कामैरहतचेतसः ॥ त्यजन्तः प्रकृतीर्दैवीर्यथाऽहं लोकसंग्रहम् ॥ ३० ॥ कच्चिद्गुरुकुले वासं ब्रह्मन्स्मरसि नौ यतः ॥ द्विजो विज्ञाय विज्ञेयं तमसः पारमश्नुते ॥३१॥ स वै सत्कर्मणां साक्षाद् द्विजातिरिह सम्भवः ॥ आद्योऽङ्ग यत्राश्रमिणां यथाऽहं ज्ञानदो गुरुः ॥३२॥ नन्वर्थकोविदा ब्रह्मन्वर्णाश्रमवतामिह ॥ ये मया गुरुणा वाचा तरन्त्यञ्जो भवार्णवम् ॥ ३३ ॥ नाहमिज्याप्रजातिभ्यां तपसोपशमेन वा ॥ तुष्येयं सर्वभूतात्मा गुरुशुश्रूषया यथा ॥ ३४ ॥ अपि नः स्मर्यते ब्रह्मन्वृत्तं निवसतां गुरौ ॥ गुरुदारैश्चोदितानामिन्धनानयने क्वचित् ॥ ३५ ॥ प्रविष्टानां महारण्यमपर्तौ सुमहद्द्विज ॥ वातवर्षमभूत्तीव्रं निष्ठुराः स्तनयित्नवः ॥ ३६ ॥ सूर्यश्चास्तं गतस्तावत्तमसा चावृता दिशः ॥ निम्नकूलं जलमयं न प्राज्ञायत किञ्चन ॥ ३७ ॥ वयं भृशं तत्र महानिलाम्बुभिर्निहन्यमाना मुहुरम्बुसम्प्लवे ॥ दिशोऽविदन्तोऽथ परस्परं वने गृहीतहस्ताः परिबभ्रिमातुराः ॥ ३८ ॥ एतद्विदित्वा उदिते रवौ सान्दीपनिर्गुरुः ॥ अन्वेषमाणो नः शिष्यानाचार्योऽपश्यदातुरान् ॥ ३९ ॥ अहो हे पुत्रका यूयमस्मदर्थेऽतिदुःखिताः ॥ आत्मा वै प्राणिनां प्रेष्ठस्तमनादृत्य मत्पराः ॥ ४० ॥ एतदेव हि सच्छिष्यैः कर्तव्यं गुरुनिष्कृतम् ॥ यद्वै विशुद्धभावेन

हामी यौटा डरलाग्दो वनमा जाँदा वर्षाऋतु नभए पनि प्रचण्ड आँधी सहित घनघोर वर्षा हुन लागेको थियो ॥ ३६ ॥ सूर्यनारायण ढाकिनाले दिशाहरूमा अन्धकार फैलियो र सारा भूमि जलमय भएको थियो, जसले अग्लो-होचो र बाटोको केही ज्ञान भइरहेको थिएन ॥ ३७ ॥ त्यो भयङ्कर जलप्रलयमा प्रचण्ड पवन तथा घनघोर वर्षाले अत्यन्त पीडित भएर हामी यस्तो अचेत झैं भयौं कि दिशा-विदिशाको ज्ञान पनि रहेन र हामी परस्पर हात समातेर अति व्याकुल भई वनमा यता-उता भौंतारिन लागेका थियौं ॥ ३८ ॥ जब सूर्योदय भयो तब हाम्रा गुरु सान्दीपिनीलाई यो वृत्तान्त ज्ञात भयो तब ती शिष्यलाई खोज्दै वनमा आए । त्यहाँ उनले हामी दुवैलाई व्याकुल दशामा भेट्टाए ॥ ३९ ॥ उनले भने— 'अहो ! बाबू हो ! तिमी दुवैले हाम्रो निम्ति ठूलो कष्ट भोग्नुपर्‍यो । सबै जीवलाई आफ्नू शरीर सर्भन्दा प्यारो हुन्छ, तर तिमी दुवैले त्यसको पनि विचार नराखी सेवा गर्‍यौ ॥ ४० ॥ सबै कामनाका साधनस्वरूप आफ्नू शरीरलाई पनि विशुद्धभावले गुरुको सेवामा लगाइदिनु राम्रा शिष्यद्वारा गर्नेयोग्य सबभन्दा गुरुनिष्कृति कहिएको छ ॥ ४१ ॥ हे विप्रवर !

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म तिमी प्रति प्रसन्न छु। तिम्रा सबै पूर्ण होउन् र तिम्रो विद्या यो लोक र परलोकमा पनि कहिल्यै निष्फल नहोस् ॥ ४२ ॥ हे ब्रह्मन्! गुरुकहाँ बस्ता यस्तै अनेक प्रसङ्ग आएका थिए, तिमी के ती सम्झन्छौ? प्रत्येक मनुष्य गुरु-कृपाले नै पूर्ण-मनोरथ भएर शान्तिलाभ गर्न योग्य हुन्छ ॥ ४३ ॥ सुदामाले भने—हे देवदेव! हे जगद्गुरो! अब हजुर सत्यसङ्कल्पसित गुरुकुलमा हाम्रो सहवास थियो, तब मैले आफ्नू कुन काम अपुरो छाडें? ॥ ४४ ॥ हे विभो! कल्याणको उद्भवस्थान छन्दोमय वेद नै जसको दिव्य शरीर छ, त्यस्ता हजुरले गुरुकुलमा बस्नु पनि विडम्बना थियो ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे नेपाली भाषाटीकायामशीतितमोऽध्यायः ॥ ८० ॥

(सुदामाको ऐश्वर्य वृद्धि) शुकदेव भन्हुन्छ—हे राजन्! ती द्विज-श्रेष्ठसित यस प्रकार वार्तालाप गरेर समस्त जीवमा व्यापक, सर्वज्ञ तथा ब्राह्मणका उत्तम भक्त तथा साधुजनका एकमात्र गति भगवान् कृष्णले आफ्ना सखा सुदामातिर प्रेमपूर्ण दृष्टिले हेर्दै मुसुक्क हाँसेर भन्नुभयो— । १ ॥ २ ॥ भगवान् बोल्नुभयो—हे ब्रह्मन्! तिमीले आफ्नू

सर्वार्थात्मार्पणं गुरौ ॥ ४१ ॥ तुष्टोऽहं भो द्विजश्रेष्ठाः सत्याः सन्तु मनोरथाः ॥ छन्दांस्ययातयामानि भवन्त्विह परत्र च ॥४२॥ इत्थं विधान्यनेकानि वसतां गुरुवेश्मसु ॥ गुरोरनुग्रहेणैव पुमान्पूर्णः प्रशान्तये ॥ ४३ ॥ ब्राह्मण उवाच ॥ किमस्माभिरनिर्वृत्तं देवदेव जगद्गुरो ॥ भवता सत्यकामेन येषां वासो गुरावभूत् ॥ ४४ ॥ यस्य छन्दोमयं ब्रह्म देह आवपनं विभो ॥ श्रेयसां तस्य गुरुषु वासोऽत्यन्तविडम्बनम् ॥ ४५ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे श्रीदामचरितेऽशीतितमोऽध्यायः ॥ ८० ॥

श्रीशुक उवाच ॥ स इत्थं द्विज मुख्येन सह सङ्कथयन्हरिः ॥ सर्वभूतमनोऽभिज्ञः स्मयमानउवाचतम्॥१॥ ब्रह्मण्यो ब्राह्मणं कृष्णोभगवान्प्रहसन्प्रियम्॥ प्रेम्णा निरीक्षणेनैव प्रेक्षन्खलु सतां गतिः ॥२॥ श्रीभगवानुवाच ॥ किमुपायनमानीतं ब्रह्मन्मे भवता गृहात् ॥ अण्वप्युपाहृतं भक्तैः प्रेम्णा भूर्येव मे भवेत् ॥ भूर्यप्यभक्तोपहृतं न मे तोषाय कल्पते ॥३॥ पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ॥ तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥ ४ ॥ इत्युक्तोऽपि द्विजस्तस्मै व्रीडितः पतये श्रियः ॥ पृथुकप्रसृतिं राजन्न प्रायच्छदवाङ्मुखः ॥५॥ सर्वभूतात्मदृक्साक्षात्तस्यागमनकारणम्॥ विज्ञायाचिन्तयन्नायं श्रीकामो माऽभजत्पुरा ॥६॥ पत्न्याः पतिव्रतायास्तु सखा प्रियचिकीर्षया ॥ प्राप्तो मामस्य दास्यामि सम्पदोऽमर्त्यदुर्लभाः ॥७॥ इत्थं विचिन्त्य

घरबार मलाई के सौगात ल्यायौ? मेरा भक्त मलाई प्रेमपूर्वक यदि केही थोरै वस्तु दिन्छन् भने पनि मेरो दृष्टिमा त्यो अत्यन्त धेरै हुन्छ, तर अभक्तले दिएका धेरै वस्तुले पनि मलाई सन्तुष्ट पार्न समर्थ हुन्नन् ॥ ३ ॥ जो व्यक्ति भक्तिपूर्वक पत्र, पुष्प, फल, जल जे अर्पण गर्दछ, त्यो प्रेमी भक्तले अर्पण गरेको सौगात म जति भए पनि प्रसन्न मनले स्वीकार गर्दछु ॥ ४ ॥ हे राजन्! भगवान्ले यसरी बुझाएर भन्दा पनि सुदामाले ती लक्ष्मीपतिलाई दिन ल्याएको त्यो चार मुठी चिउराको पोको दिन सकेनन् र सङ्कोचवश तल टाउको गरे ॥ ५ ॥ अनि सबै प्राणीका अन्तःकरणका ज्ञाता र साक्षी भगवान् श्रीकृष्ण उनी आएका कारण जानेर मनमनै विचार गर्नलागे—इनले कहिल्यै धनको इच्छाले मेरो भजन गरेनन्। यसैले ल्याएको आफ्नो अल्प सौगात मलाई दिन र आफ्नू कामना प्रकट गर्न इनलाई संकोच भइरहेको छ ॥ ६ ॥ मेरा यी मित्र केवल आफ्नी पत्नीको कामना पूर्ण गर्न-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै मकहाँ आएका हुन् । म इनलाई यस्तो अटूट सम्पत्ति दिन्छु, जुन देवतालाई पनि दुर्लभ हुनेछ ।। ७ ।। यति विचारेर भगवान्ले ती विप्रको फाटेको लुगामा बाँधेको चिउराको पोको 'यो के हो !' भन्दै खोस्नु भयो ।। ८ ।। अनि ठूलो आदरले भन्नुभयो—'मित्र ! तिमीले मलाई साह्रै मनपर्ने सौगात ल्याएका छौ, यो चिउराले त मलाई र मेरो आश्रयमा रहने समस्त विश्वलाई तृप्त पार्न सक्दछ ।। ९ ।। यति भनेर जब भगवान्ले एक मुठी चिउरा खाएर अर्को मुठी खाज आँट्नुभयो, तब लक्ष्मीरूपिणी श्रीरुक्मिणीले कृष्णको हात च्याप्प पक्रिइन् ।। १० ।। बनले भनिन्—'हे विश्वात्मन् ! कुनै मनुष्यलाई इहलोक र परलोकमा सबै सम्पत्तिको सुखभोग प्राप्त गराउन एक मुठी चिउरा नै पर्याप्त छ । तात्पर्य के भने यो भन्दा बर्ता उदारता देखाएर मलाई पनि इनकै अधीन नतुल्याउनोस् ।। ११ ।। ती विप्रले त्यो रात भगवान्कै भवनमा र विविध प्रकारका मीठा-मीठा खाने वस्तुहरू खाएर सुते र

वसनाचीरबद्धान्द्विजन्मनः ।। स्वयं जहार किमिदमिति पृथुकतण्डुलान् ।। ८ ।। नन्वेतदुपनीतं मे परमप्रीणनं सखे ।। तर्पयन्त्यङ्ग मां विश्वमेते पृथुकतण्डुलाः ।।९।। इति मुष्टिं सकृज्जग्ध्वा द्वितीयां जग्धुमाददे ।। तावच्छ्रीर्जगृहे हस्तं तत्परा परमेष्ठिनः ।।१०।। एतावताऽलं विश्वात्मन्सर्वसम्पत्समृद्धये ।। अस्मिँल्लोकेऽथवाऽमुष्मिन्पुंसस्त्वत्तोषकारणम् ।।११।। ब्राह्मणस्तां तु रजनीमुषित्वाऽच्युतमन्दिरे ।। भुक्त्वा पीत्वा सुखं मेने आत्मानं स्वर्गतं यथा ।।१२।। श्वोभूते विश्वभावेन स्वसुखेनाभिवन्दितः ।। जगाम स्वालयं तात पथ्यनुव्रज्य नन्दितः ।। १३ ।। स चालब्ध्वा धनं कृष्णान्न तुयाचितवान्स्वयम् ।। स्वगृहान्व्रीडितोऽगच्छन्महद्दर्शननिर्वृतः ।।१४।। अहो ब्रह्मण्यदेवस्य दृष्टा ब्रह्मण्यता मया ।। यद्दरिद्रतमो लक्ष्मीमाश्लिष्टो बिभ्रतोरसि ।। ५।। क्वाहं दरिद्रः पापीयान्क्व कृष्णः श्रीनिकेतनः ।। ब्रह्मबन्धुरिति स्माहं बाहुभ्यां परिरम्भितः ।। १६ ।। निवासितः प्रियाजुष्टे पर्यङ्के भ्रातरो यथा ।।

आफूलाई स्वर्गमै भए झैं ठाने ।। १२ ।। हे तात ! भोलिपल्ट सूर्योदय भएपछि जगन्नियन्ता र आत्मानन्दस्वरूप भगवान् कृष्णबाट अभिवन्दित भएर र उनी द्वारा परसम्म आएर तथा विनयपूर्वक विदा गरेपछि ती विप्रवर आफ्नू घरतिर फर्किए ।। १३ ।। कृष्णचन्द्रसित प्रत्यक्ष केही धन नपाए पनि उनले स्वयं प्रभुसित केही मागेनन् र आफ्नू चित्तको कृपणताले लज्जित तथा परमपुरुष परमात्माको दर्शनले आनन्दित हुँदै ती आफ्नू घर हिंडे ।। १४ ।। बाटोमा जाँदा ती आफ्नू मनमा विचार गर्नलागे—अहो ! आज मैले ब्रह्मण्यदेव भगवान् कृष्णचन्द्रको ब्राह्मण-भक्ति देखें । यद्यपि ती साक्षात् लक्ष्मीलाई धारण गर्दछन्, तापनी उनले महादरिद्रलाई अं.माल गरे ।। १५ ।। कहाँ म महापापी र दरिद्र ब्राह्मण र कहाँ लक्ष्मीपति भगवान् ! तथापि 'यी ब्राह्मण हुन्', यस्तो विचार गरेर मलाई छातीमा टाँसेर भेटे ।। १६ ।। श्रीकृष्णले आफ्नी प्रियाद्वारा सेवित पलंगमा मलाई आफ्नै भाईको समान

• कवि भन्दछन्—गुरुकुलमा बस्ता पनि गुरुआमाले दिएको चना एक्लै लायौ, मलाई दिएनौ, 'यो कुरा कृष्णले मुसुक्क हाँसेर सुदामासित भने—हे सखे ! युदुक्क चोर्ने बाजीमा प्रवीण तिमी आज पनि यो पोको कालीमा च्यापेर मलाई दिइरहेका छैनौ । तिम्रो चोर्ने बानी अझ गएको रहेनछ—त्यसैले भाउजूले दिएको सौगात पनि दिन मन गरिरहेका छैनौ । प्रभुले एक मुटी चिउरा फक्याउनासाथ लक्ष्मी कम्पित भइन् । अष्टसिद्धि नवनिधि कम्पित भए । जब दोश्रो फाँको लिए तब स्वर्गमा सुरराज इन्द्र डराए । सुमेरु पर्वत डराए, कुबेर भयभीत भए—अर्थात् अब त्रैलोक्य नै आफ्ना मित्रलाई दिन आँटे भनेर सबै डराए । आफ्ना भक्तलाई जति बेरै दिए पनि थोरै भयो भन्ने संकोच मान्ने प्रभुको बानी नै हो । —जो सम्पदा शिव रावणहिं दिन्हि दिए दस माथ । सोइ सम्पदा विभीषणहिं सकुचि दिन्ह रघुनाथ ।—तुलसी ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसाले। त्यति मात्र होइन, मलाई थाकेको देखेर स्वयं उनकी पटरानीले पङ्खा हम्किन् ॥ १७ ॥ फेरि ती ब्राह्मणका परम भक्त श्रीहरिले पाउ मिच्ने आदि अनेक सेवाले देवताहरू झैं मेरो पूजा गरे ॥ १८ ॥ ती कृष्ण भगवानका चरणको पूजा त सबैको निम्ति पृथिवी र पातालको सम्पत्ति, अणिकादि ऐश्वर्य र स्वर्ग तथा मोक्षादि प्राप्तिको पनि कारण छ ॥ १९ ॥ तैपनि ती करुणासिन्धुले यो ठानेर कि 'यो निर्धन छ, धन पायो भने उन्मत्त भएर मेरो सम्झना गर्नेछैन'——मलाई अलिकति पनि धन दिएनन्* ॥ २० ॥ जब सुदामा

महिष्या वीजितः श्रान्तो वालव्यजनहस्तया ॥ १७ ॥ शुश्रुषया परमया पादसंवाहनादिभिः ॥ पूजितो देवदेवेन विप्रदेवेन देववत् ॥ १८ ॥ स्वर्गापवर्गयोः पुंसां रसायां भुवि सम्पदाम् ॥ सर्वासामपि सिद्धीनां मूलं तच्चरणार्चनम् ॥ १९ ॥ अधनोऽयं धनं प्राप्तो माद्यन्नुच्चैर्न मां स्मरेत् ॥ इति कारुणिको नूनं धनं मे भूरि नाददात् ॥ २० ॥ इति तच्चिन्तयन्नन्तः प्राप्तो निजगृहान्तिकम् ॥ सूर्यानलेन्दुसङ्काशैर्विमानैः सर्वतो वृतम् ॥ २१ ॥ विचित्रोपवनोद्यानैः कूजद्द्विजकुलाकुलैः ॥ प्रोत्फुल्लकुमुदाम्भोजकह्लारोत्पलवारिभिः ॥ २२ ॥ जुष्टं स्वलंकृतैः पुम्भिः स्त्रीभिश्च हरिणा-

मनमनै यस्तो तर्क गर्दै घर पुगे, तब उनले देखे कि त्यो स्थान सूर्य-चन्द्र र अग्नि समान देदीप्यसमान अनेक ठूला-ठूला भवनहरूले भरिएको छ ॥२१॥ जसमा पक्षीगण मनोहर कलरव गरिरहेछन्। यस्ता चित्र-विचित्र बगैंचा—जसमा कुमुद, अम्भोज, कल्हार र उत्पल आदि अनेक थरिका कमल फक्रेका थिए, त्यस्ता उत्तम सरोवर तथा अनेक सुसज्जित पुरुषहरू र मृगनयनी नारीगणले त्यसको अपूर्व शोभा भइरहेको थियो। त्यो देखेर सुदामाले तर्क गरे—यो के भयो? यी कसका घर हुन्? मेरो स्थान यस्तो कसरी हुन गयो?' ॥ २२ ॥

---

* कविको कथन यस्तो पनि छ—जे जति दिन मन लाग्यो त्यो दिइसके तर सुदामाले जान्न सकेनन्। मनममै विचार गरे—गोपालले मेरो हातमा केही पनि दिएनन्। त्यो प्रसन्न हुनु, त्यो दगुर्दै आएर अंकमाल गर्नु ती आदरका कुरा गर्नु, ती सम्मान गर्नु, ! त्यो परसम्म पुऱ्याउन आउनु——गोपालका बात जानी र बुझ्न सक्नु छैनन्। जो दही र नौनीका निम्ति घरघरै डुलिरहन्थे, ती आज कत्रो शान-सज्जाका साथ बस्तछन्। म त आउन पनि मन गरिरहेको थिइन, पत्नीले नै बलपूर्वक पठाएकी हुन्। अब भन्दछु—ली, यो धन सबै राम्ररी राख। मेरो बालककालका सखा हुन् तिनलाई म के श्राप दिउँ—यति मात्र भन्दछु—जस्तो हरिले मलाई दिए त्योमन्दा पनि वर्ता यस्तै पाउन्। अरु वर्ता के भनौं—जहाँ कंचन सुनकै भवन-प्रासाद छन् तर मेरो सखाको हृदय सान्है कठोर रहेछ, मलाई सखा भनेर छ दाम केही पनि हातमा हालिदिन सकेनन। अनेक रत्नादिका भण्डार छन् जसका तिनले दिएनन् भनेर दोष दिनु पनि व्यर्थ छ, म त कुनै प्रकारको रिस गर्नु भन्दा बरू आफ्नै भाग्यलाई दोष दिन्छु। यस्तै अनेक कुराको तर्क र विचार गर्दै ती दरिद्र सुदामा मनमा पछितो मान्दै आफ्नू ग्रामको नगीचै आइपुगे र गौतम ऋषिको नाम स्मरण गरेर नगरमा प्रवेश गरे। त्यहाँ उनले द्वारकापुरी जस्तै हात्ती, घोडा, रथ अन्य अलभ्य वस्तु चारैतिर देखेर मनमनै छक्क परे। अनि विचार गरे—म फेरि बाटो बिर्सेर हरिका द्वारकापुरीमै आइपुगें कि भन्ने भ्रम भयो। उता हरिको दर्शनले सारा दुःख हराइसकेको थियो जसको ती विप्र सुदामा ती भवनहरू देखेर गाउँका अन्यान्य आफ्ना छिमेकीसित सोध्दै पहिले आफ्नू झुपडी भएको स्थानमा पुगे तर त्यहाँ झुपडीको कुनै पनि चिन्ह थिएन। त्यतिमै उनकी पतिव्रता पत्नीले देखेर दगुर्दै आई स्वामीलाई महलमा लगेर बसालिन्! ख। कुरा के भने यति ठूलो सम्पत्ति पाएर पनि सुदामाले हरिका चरणमा प्रेम गर्न छाडेनन्। निर्लिप्त भावले भौतिक सुख भोग्दै आफ्ना शेष दिन हरिको चिन्तनमा बिताए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ २३ ॥ ती यस्तै तर्कनामा गाडिएका थिए–उसै बेला देवता झैं तेजस्वी अनेक नर-नारी उत्साहपूर्वक गाना बजाना गर्दै उनको स्वागतका लागि आइपुगे ॥ २४ ॥ आफ्ना पतिको आगमन सुनेर उनकी रूपवती भार्या हर्ष र उत्साहसाथ तुरुन्त घरबाट बाहिर यसरी निस्किन्, मानो स्वयं लक्ष्मी आफ्नू स्थान अर्थात् कमलवनबाट निस्केर आइरहेकी हुन् ॥ २५ ॥ आफ्ना पतिलाई देख्नासाथ ती पतिव्रताका नेत्रमा हर्षका आँसू उम्लेर आए। उनको आँखा चिम्लेर प्रेमभावले पतिलाई नमस्कार गरिन् र मनमनै आलिङ्गन पनि गरिन् ॥ २६ ॥ आफ्नी पत्नीलाई घाँटीमा गहना लाएका दासीहरूको माझ विमानस्थित देवाङ्गना समान शोभायमान देखेर सुदामालाई ठूलो आश्चर्य भयो ॥ २७ ॥ ती प्रसन्न भएर उनीसित आफ्नू भवनमा गए, जुन इन्द्रको भवन समान सयकडौं मणिमय स्तम्भले अलंकृत थियो ॥ २८ ॥ त्यसमा दुग्धफेन समान सुकोमल बिछौना, हात्ती दाँतको सुवर्ण जडित उत्तम पलंग

क्षिभिः ॥ किमिदं कस्य वा स्थानं कथं तदिदमित्यभूत् ॥ २३ ॥ एवं मीमांसमानं तं नरा नार्योऽमरप्रभाः ॥ प्रत्यगृह्णन्महाभागं गीतवाद्येन भूयसा ॥ २४ ॥ पतिमागतमाकर्ण्य पत्न्युद्धर्षातिसम्भ्रमा ॥ निश्चक्राम गृहात्तूर्णं रूपिणी श्रीरिवालयात् ॥ २५ ॥ पतिव्रता पतिं दृष्ट्वा प्रेमोत्कण्ठाश्रुलोचना ॥ मीलिताक्ष्यनमद्बुद्ध्या मनसा परिषस्वजे ॥ २६ ॥ पत्नीं वीक्ष्य विस्फुरन्तीं देवीं वैमानिकीमिव ॥ दासीनां निष्ककण्ठीनां मध्ये भान्तीं स विस्मितः ॥ २७ । प्रीतः स्वयं तया युक्तः प्रविष्टो निजमन्दिरम् ॥ मणिस्तम्भशतोपेतं महेन्द्रभवनं यथा ॥ २८ ॥ पयःफेननिभा शय्या दान्ता रुक्मपरिच्छदाः ॥ पर्यङ्का हेमदण्डानि चामरव्यजनानि च ॥ २९ ॥ आसनानि च हैमानि मृदूपस्तरणानि च ॥ मुक्तादामविलम्बीनि वितानानि द्युमन्ति च ॥ ३० ॥ स्वच्छस्फटिककुड्येषु महामरकतेषु च ॥ रत्नदीपान्भ्राजमानाँल्ललनारत्नसंयुतान् ॥ ३१ ॥ विलोक्य ब्राह्मणस्तत्र समृद्धिं सर्वसम्पदाम् ॥ तर्कयामास निर्व्यग्रः स्वसमृद्धिमहैतुकीम् ॥ ३२ ॥ नूनं बतैतन्मम दुर्भगस्य शश्वद्दरिद्रस्य समृद्धिहेतुः ॥ महाविभूतेरवलोकतोऽन्यो नैवोपपद्येत यदूत्तमस्य ॥ ३३ ॥ नन्वब्रुवाणो दिशते समक्षं याचिष्णवे भूर्यपि भूरिभोगः ॥ पर्जन्यवत्तत्स्वयमीक्षमाणो दाशार्हकाणामृषभः सखा मे ॥ ३४ ॥ किञ्चित्करोत्युर्वपि यत्स्वदत्तं सुहृत्कृतं फल्ग्वपि भूरिकारी ॥ मयोपनीतां पृथुकैकमुष्टिं प्रत्यग्रहीत्प्रीतियुतो महात्मा ॥ ३५ ॥ तस्यैव मे सौहृदसख्यमैत्री दास्यं पुनर्जन्मनि जन्मनि स्यात् ॥ महानुभावेन गुणालयेन विषज्जतस्तत्पुरुषप्रसङ्गः ॥३६॥ भक्ताय चित्रा भगवान्हि सम्पदो

र सुनका दण्ड हुने चमर, पङ्खा विद्यमान थिए ॥ २९ ॥ त्यहाँ सुकोमल बिछौनायुक्त सुनको सिंहासन तथा मोतीका मालायुक्त झलमल गर्ने चँदुवा आदि सुशोभित भइरहेथे ॥ ३० ॥ अगणित रमणीरत्नले परिपूर्ण तथा स्वच्छ स्फटिक मणिका भित्ता र इन्द्रनीलमणिको भूमिले सुसज्जित त्यस महलको मणिमय बत्ती तथा तथा सबै सम्पत्तिहरू देखेर ती विप्रवर सावधानीपूर्वक सहसा प्राप्त आफ्नू सम्पत्तिको कारण विचार्न लागे ॥ ३१ ॥ ३२ ॥ उनले मनमनै विचार गरे–म अभागो र सदाको दरिद्रलाई महाविभूतिको उत्कर्षका कारण श्रीकृष्णको कृपा-कटाक्ष बाहेक अरु केही हुन सक्तैन ॥ ३३ ॥ अनन्त भोगहरूले सम्पन्न मेरा सखा श्रीकृष्णचन्द्र गम्भीर मेघ झैं अतिशय उदार छन्। अतएव याचना गर्नका इच्छुक आफ्ना भक्तलाई प्रत्यक्ष केही नदिए पनि उसको भावानुसार स्वतः केही दिन्छन् ॥ ३४ ॥ ती आफूले दिएको थोरै ठान्दछन् र भक्तको उपहारलाई पनि प्रशस्त ठूलै

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठान्दछन् । हेरन, ती महात्माले मेरो एक मुठी चिउरालाई पनि कति प्रेमले स्वीकार गरे ॥ ३५ ॥ मलाई जन्म-जन्म उनैको सौहार्द, सख्यभाव, मित्रता तथा दासता मिलोस् र ती विविध गुणहरूका आश्रयस्थल भगवान् कृष्णमा अनुराग राख्दै मलाई उनैका चरणको सत्सङ्ग प्राप्त होस् ॥ ३६ ॥ अपरिपक्व विचार हुने भक्तलाई ती धनीवर्गको ऐश्वर्यमदले हुने पतन देखेर कहिल्यै प्रचुर सम्पत्ति, राज्य र ऐश्वर्य आदि प्रदान गर्दैनन् ॥ ३७ ॥ भगवद्भक्त सुदामा आफ्नू मनमा यस्तो निश्चय गरेर आफ्नी पत्नी सहित अनासक्त भावले त्यागपूर्वक ती ईश्वरप्रदत्त विषय भोग्न लागे ॥ ३८ ॥ ती देवदेव यज्ञपति कृष्णका ब्राह्मण नै प्रभु र देवता हुन् । उनको निम्ति ब्राह्मणभन्दा श्रेष्ट अरु कोही पनि छैनन् ॥ ३९ ॥ ती विप्रवर सुदामाले कसैले पनि जित्न नसक्ने भगवान्लाई पनि आफ्ना भक्तगणसित हारेका देखेर उनैको ध्यानरूपी शस्त्रले आफ्नो अविद्यारूपिणी ग्रन्थिहरू छिनालेर केही समयमै सत्पुरुषहरूले पाउने योग्य भगवानको परमधाम् पाए ॥ ४० ॥ ब्राह्मणहितकारी भगवान श्रीकृष्णको यो ब्रह्मण्यता सुन्नाले मनुष्य उनको प्रेम पाएर शीघ्र सबै कर्मबन्धनबाट

राज्यं विभूतीर्न समर्थयत्यजः ॥ अदीर्घबोधाय विचक्षणः स्वयं पश्यन्निपातं धनिनां मदोद्भवम् ॥ ३७ ॥ इत्थं व्यवसितो बुद्ध्या भक्तोऽतीव जनार्दने ॥ विषयाञ्जायया त्यक्ष्यन्बुभुजे नातिलम्पटः ॥ ३८ ॥ तस्य वै देवदेवस्य हरेर्यज्ञपतेः प्रभोः ॥ ब्राह्मणाः प्रभवो दैवं न तेभ्यो विद्यते परम् ॥ ३९ ॥ एवं स विप्रो भगवत्सुहृत्तदा दृष्ट्वा स्वभृत्यैरजितं पराजितम् ॥ तद्ध्यानवेगोद्ग्रथितात्मबन्धनस्तद्धाम लेभेऽचिरतः सतां गतिम् ॥ ४० ॥ एतद्ब्रह्मण्यदेवस्य श्रुत्वा ब्रह्मण्यतां नरः ॥ लब्धभावो भगवति कर्मबन्धाद्विमुच्यते ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पृथुकोपाख्यानं नामैकाशीतितमोऽध्यायः ॥ ८१ ॥

श्रीशुक उवाच ॥ अथैकदा द्वारवत्यां वसतो रामकृष्णयोः ॥ सूर्योपरागः सुमहानासीत्कल्पक्षये यथा ॥ १ ॥ तं ज्ञात्वा मनुजा राजन्पुरस्तादेव सर्वतः ॥ स्यमन्तपञ्चकं क्षेत्रं ययुः श्रेयोविधित्सया ॥२॥ निःक्षत्रियां महीं कुर्वन्रामः शस्त्रभृतां वरः ॥ नृपाणां रुधिरौघेन यत्र चक्रे महाह्रदान् ॥३॥ ईजे च भगवान्रामो यत्रास्पृष्टोऽपि कर्मणा ॥ लोकस्य ग्राहयन्नीशो यथान्योऽघापपत्तये ॥ ४ ॥ महत्यां तीर्थयात्रायां तत्रागन्भारतीः प्रजाः ॥ वृष्ण-

मुक्त हुन्छन् ॥ ४१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर वशिष्ठकृत 'वासिष्ठी' भाषाटीकायामेकाशीतितमोऽध्यायः ॥ ८१ ॥

(व्रजका गोपहरूसित भगवान्को भेट) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन ! एक दिन राम-कृष्ण द्वारकापुरीमा बस्ता प्रलयकालीन ग्रहण झैं यौटा ठूलो सूर्यग्रहण उपस्थित भयो ॥ १ ॥ त्यो सूर्यग्रहणको कुरा ज्योतिषीहरूबाट पहिल्यै सुनेर देश-देशान्तरका धेरै मानिस पुण्य गर्ने इच्छाले स्यमन्त पञ्चक तीर्थ कुरुक्षेत्रमा गए ॥ २ ॥ शस्त्रधारीहरूमा श्रेष्ठ भगवान् परशुरामले जहाँ पृथ्वीलाई क्षत्रियहीन गर्दा क्षत्रिय राजाहरूको रक्तले भरेर अनेक ठूला-ठूला कुण्डहरू बनाइदिएका थिए । त्यहीं नै परशुरामले क्षत्रियवधको पापले अलिप्त भएर पनि केवल लोकशिक्षाको निम्ति अन्य साधारण पुरुष झैं पापमुक्त हुनको निम्ति अनेक यज्ञ गरेका थिए ॥ ३ ॥ ४ ॥ यस तीर्थयात्राको प्रसङ्गमा भारतवर्षका धेरजसो प्रजा कुरुक्षेत्र पुगेका थिए । हे भारत ! त्यस अवसरमा अक्रूर, वसुदेव, उग्रसेन, गद, प्रद्युम्न, साम्बादि यादव पनि आफ्ना पाप मार्जन गर्न कुरुक्षेत्र गएका थिए । सूर्य-चन्द्र, शुक र सारण सहित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनिरुद्ध एवं सेनापति कृतवर्मा ती सबैको रक्षा कार्यमा खटिएका थिए ॥ ५-७ ॥ घाँटीमा सुनको माला, दिव्य हार, दिव्य वस्त्र र दिव्य कवचले सुसज्जित भएर महातेजस्वी समस्त यादवगण आफाप्ना स्त्रीसहित देव-विमान झैं प्रकाशमान रथ, तरङ्गसमान तीव्र गति हुने घोडा र गम्भीर मेघ झैं गर्जनशील हात्तीहरूमा चढेर गइरहेका विद्याधरहरूको समान कान्तिमान् मनुष्यका माझ देवताहरू झैं राम्रा प्रतीत भइरहेका थिए । ती महाभाग यादवहरूले त्यहाँ स्नान र उपवासादि गरेर एकाग्रचित्तले ब्राह्मणलाई वस्त्र, पुष्पमाला र सुवर्णमय हारले विभूषित गाईहरू दान दिए ॥९॥ अनि ती यादवहरूले परशुरामका कुण्डहरूमा विधिवत् स्नान गरेर 'भगवान् कृष्णमा नित्य हाम्रो भक्ति बनिरहोस्' यस इच्छाले ब्राह्मणलाई उत्तम अन्नको भोजन गराए ॥ १० ॥ अनि श्रीकृष्ण नैं जसका एकमात्र देवता थिए, ती यादवगण उनको आज्ञा पाएर आफू पनि भोजन गरी शीतल छायमा वृक्षमुनि इच्छानुसार गएर बसे ॥११॥ हे राजन् ! त्यहाँ यादवहरूले तीर्थमा आएका आफ्ना सुहृद्, सम्बन्धी, मत्स्य, उशीनर, कोशल, विदर्भ, कुरु, सृञ्जय, काम्बोज, केकय, मद्र, कुन्ति, आनर्त, केरल

यश्च तथाऽक्रूरवसुदेवाहुकादयः॥५॥ययुर्भारत तत्क्षेत्रं स्वमघं क्षपयिष्णवः ॥ गदप्रद्युम्नसाम्बाद्याः सुचन्द्रशुकसारणैः ॥६॥ आस्तेऽनिरुद्धो रक्षायां कृतवर्मा च यूथपः ॥ ते रथैर्देवधिष्ण्याभैर्हयैश्च तरलप्लवैः ॥७॥ गजैर्नदद्भिरभ्राभैर्नृभिर्विद्याधरद्युभिः ॥ व्यरोचन्त महातेजाः पथि काञ्चनमालिनः ॥८॥ दिव्यस्रग्वस्त्रसन्नाहाः कलत्रैः खेचरा इव ॥ तत्र स्नात्वा महाभागा उपोष्य सुसमाहिताः ॥९॥ ब्राह्मणेभ्यो ददुर्धेनूर्वासःस्रग्रुक्ममालिनीः ॥ रामह्रदेषु विधिवत्पुनराप्लुत्य वृष्णयः ॥१०॥ ददुः स्वन्नं द्विजाग्र्येभ्यः कृष्णे नो भक्तिरस्त्विति ॥ स्वयं च तदनुज्ञाता वृष्णयः कृष्णदेवताः ॥११॥ भुक्त्वोपविविशुः कामं स्निग्धच्छायांघ्रिपांघ्रिषु ॥ तत्रागतांस्ते ददृशुः सुहृत्सम्बन्धिनो नृपान् ॥१२॥ मत्स्योशीनरकौसल्यविदर्भकुरुसृञ्जयान् ॥ काम्बोजकैकयान्मद्रान्कुन्तीनानर्तकेरलान् ॥१३॥ अन्यांश्चैवात्मपक्षीयान्परांश्च शतशो नृप ॥ नन्दादीन्सुहृदो गोपान्गोपीश्चोत्कण्ठिताश्चिरम् ॥१४॥ अन्योन्यसन्दर्शनहर्षरंहसा प्रोत्फुल्लहृद्वक्त्रसरोरुहश्रियः ॥ आश्लिष्य गाढं नयनैः स्रवज्जला हृष्यत्त्वचो रुद्धगिरो ययुर्मुदम् ॥१५॥ स्त्रियश्च संवीक्ष्य मिथोऽतिसौहृदस्मितामलापाङ्गदृशोऽभिरेभिरे ॥ स्तनैः स्तनान्कुङ्कुमपङ्करूषितान्निहत्य दोर्भिः प्रणयाश्रुलोचनाः ॥१६॥ ततोऽभिवाद्य ते वृद्धान्यविष्टैरभिवादिताः ॥ स्वागतं कुशलं पृष्ट्वा चक्रुः कृष्णकथा मिथः ॥ १७ ॥ पृथा भ्रातॄन्स्वसॄर्वीक्ष्य तत्पुत्रान्पितरावपि ॥ भ्रातृपत्नीर्मुकुन्दं च जहौ सङ्कथया शुचः ॥१८॥

आदि अनेक देश र आफ्ना-विराना पक्षका अरु पनि अनेक व्यक्तिलाई देखे । ती बाहेक परम स्नेही नन्दादि गोपहरू चिरकालदेखि प्रभुका दर्शनको निम्ति उत्कण्ठित गोपाङ्गनालाई पनि उनले देखे ॥१२-१४॥ यौटाले अर्कोलाई देख्नाले उत्पन्न आनन्दको आवेशवश तिनको हृदय र मुखको कान्ति फक्रियो, आँखाबाट प्रेमाश्रु बगाउँदै उनले परस्पर गाढ–आलिङ्गन गरे ॥१५॥ त्यसले तिनको देहमा रोमाञ्च भएर आयो, वाणी गद्गद् भयो र ती आनन्दमा गाडिए । त्यसै गरी स्नेह र हास्यले गर्दा जसको दृष्टि अत्यन्त निर्मल भएको थियो, ती नारीगण यौटी-अर्कीलाई देखेर आँखामा प्रेमाश्रु भरेर कुङ्कुम मण्डित कुचलाई आफ्ना कुचले थिच्दै परस्पर घाँटीमा टाँसिएर अंकमाल गरे ॥ १६ ॥ ती सबैले सानाबाट अभिवादित भएर बूढा-पाकालाई प्रणाम गरे । यौटाले अर्कोको स्वागत र कुशल प्रश्न गरेर ती आपसमा भगवान् कृष्ण-सम्बन्धी कुरा गर्न लागे ॥ १७ ॥ जब कुन्तीले आफ्ना भाई,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वहिनी, तिनका छोरा, आफ्ना माता-पिता, भाञ्जी र भगवान् कृष्णचन्द्रलाई देखेर उनको प्रेम वार्ताले आफ्ना सबै कष्ट बिर्सिइन् ॥ १८ ॥ अनि कुन्तीले वसुदेवसित भनिन्—दाजू ! म आफूलाई अभागिनी ठान्दछु किनकि विपत्तिको मौकामा हजुर जस्ता सम्बन्धीले पनि मेरो केही पनि सम्झना गर्दैनन् ॥ १९ ॥ विधाता विपरीत भएपछि आफ्ना बन्धु, पुत्र, दाजू-भाई र आमा-बाबू पनि आफ्ना स्वजनको स्मरण गर्दैनन् ॥ २० ॥ वसुदेव भन्दछन्—हे बहिनी ! हामी सबै विधाताका खेलाउने हौं । तिमी भलाई केही दोष नदेऊ । भगवान्‌का इच्छाले नै सबै जना विविध कर्मको भोग गर्दछन् ॥ २१ ॥ हामी सबै त स्वयं कंसद्वारा दुःखी भएर दशै दिशाहरूमा डरले भागेका थियौं । अहिले केही दिन मात्र भयो, विधाताले फेरि हामीलाई आफ्नू स्थानमा पुऱ्यायो ॥ २२ ॥ शुकदेवजी भन्दछन्—हे राजन् ! त्यहाँ आएका सबै राजाहरूको वसुदेव र राजा उग्रसेन आदि यादवले सत्कार गरे र ती श्रीकृष्णको दर्शन गरेर परमानन्दमा निमग्न भए ॥ २३ ॥ हे राजन् ! भीष्म, द्रोण, धृतराष्ट्र, पुत्र सहित गान्धारी, पत्नीसमेत पाण्डव, विदुर, कृप, कुन्ति भोज, कर्ण,

कुन्त्युवाच ॥ आर्य भ्रातरहं मन्ये आत्मानमकृताशिषम् ॥ यद्वा आपत्सु मद्वार्तां नानुस्मरथ सत्तमाः ॥ १९ ॥ सुहृदो ज्ञातयः पुत्रा भ्रातरः पितरावपि ॥ नानुस्मरन्ति स्वजनं यस्य दैवमदक्षिणम् ॥२०॥ वसुदेव उवाच ॥ अम्ब माऽस्मानसूयेथा दैवक्रीडनकान्नरान् ॥ ईशस्य हि वशे लोकः कुरुते कार्यतेऽथवा ॥२१॥ कंसप्रतापिताः सर्वे वयं याता दिशं दिशम् ॥ एतर्ह्येव पुनः स्थानं दैवेनासादिताः स्वसः ॥२२॥ श्रीशुक उवाच ॥ वसुदेवोग्रसेनाद्यैर्यदुभिस्तेऽर्चिता नृपाः ॥ आसन्नच्युतसन्दर्शपरमानन्दनिर्वृताः ॥ २३ ॥ भीष्मो द्रोणोऽम्बिकापुत्रो गान्धारी ससुता तथा ॥ सदाराः पाण्डवाः कुन्ती सृञ्जयो विदुरः कृपः ॥ २४ ॥ कुन्तिभोजो विराटश्च भीष्मको नग्नजिन्महान् ॥ पुरुजिद् द्रुपदः शल्यो धृष्टकेतुः सकाशिराट् ॥ २५ ॥ दमघोषो विशालाक्षो मैथिलो मद्रकेकयौ ॥ युधामन्युः सुशर्मा च ससुता वाह्लिकादयः ॥ २६ ॥ राजानो ये च राजेन्द्र युधिष्ठिरमनुव्रताः ॥ श्रीनिकेतं वपुः शौरेः सस्त्रीकं वीक्ष्य विस्मिताः ॥२७॥ अथ ते रामकृष्णाभ्यां सम्यक्प्राप्तसमर्हणाः ॥ प्रशशंसुर्मुदा युक्ता वृष्णीन्कृष्णपरिग्रहान् ॥ २८ ॥ अहो भोजपते यूयं जन्मभाजो नृणामिह ॥ यत्पश्यथासकृत्कृष्णं दुर्दर्शमपि योगिनाम् ॥२९॥ यद्विश्रुतिः श्रुतिनुतेदमलं पुनाति पादावनेजनपयश्च वचश्च शास्त्रम् ॥ भूः कालभर्जितभगाऽपि यदंघ्रिपद्मस्पर्शोत्थशक्तिरभिवर्षति नोऽखिलार्थान् ॥ ३० ॥ तद्दर्शनस्पर्शनानुपथ-

विराट्, भीष्मक, महाराज नग्नजित्, द्रुपद, शल्य, धृष्टकेतु, काशिराज, दमघोष, विशालाक्ष, मैथिल, मद्र, केकय, युधामन्यु, सुशर्मा र छोरासमेत राजा वाह्लिक जो युधिष्ठिरका अनुयायी प्रतापी राजाहरू सबै त्यहाँ आएका थिए, ती सबै भगवान् कृष्णचन्द्रलाई देखेर छक्क परे ॥ २४-२७ ॥ बलरामजी तथा श्रीकृष्णसित राम्ररी सम्मानित भएर ती राजाहरू कृष्णका मित्र यादवहरूको प्रशंसा गर्दै भन्न लागे ॥ २८ ॥ ती भन्दछन्—'हे भोजपति उग्रसेनजी ! संसारका सबै मनुष्यहरूमा अहिले हजुरहरूको नै जीवन सार्थक छ, किनकि योगीजनलाई पनि जसको दर्शन दुर्लभ छ, ती भगवान् कृष्णलाई हजुर सदैव आफ्नू नगीच देख्नुहुन्छ ॥ २९ ॥ वेदमा जसका कीर्ति वर्णित छन्, जसको चरणोदक गङ्गाजल छ र जसको श्वासरूपी वचन संसारलाई पवित्र पारिदिन्छ । कालक्रमले यो भाग्यहीन भूमि पनि जसका चरण-स्पर्श पाएर शक्ति सम्पन्न भई हामीहरूको निम्ति सबै थरिका अन्न उत्पन्न गर्दछिन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ३० ॥ ती कृष्णको दर्शन, स्पर्श, सहगमन, सुत्नु बस्नु र खान-पान आदि क्रियाले युक्त जसको विवाह र सबै दैहिक सम्बन्ध हुने गर्दछन् । संसाररूपी बन्धनका कारण स्वरूप घरमा बसेर पनि जसकहाँ स्वर्ग र अपवर्गलाई पनि पर सारिदिने साक्षात् विष्णु भगवान् विराजमान छन्, त्यस्ता हजुरहरूको नै जीवन सार्थक कहिन्छन्' ॥ ३१ ॥ श्रीशुकदेवजी भन्नलागे—कृष्ण आदि यादव त्यहाँ आए भन्ने जानेर नन्दजी उनलाई हेर्ने इच्छाले आफ्ना समस्त गोपगणसहित जम्मा भई सबै सामग्री गाडामा राखेर यादवकहाँ आइपुगे ॥ ३२ ॥ उनी आएको देखेर गइसकेको प्राण फर्केर आएर सचेत भए झैं प्रसन्न भए । निकै दिनदेखि ती उनको दर्शनको निम्ति लालयित थिए । अतएव तिनले तत्काल उनलाई गाढ आलिङ्गन गरे ॥ ३३ ॥ वसुदेवजीले अतिशय प्रीतिपूर्वक नन्दजीलाई अङ्कमाल गरेर कंसद्वारा दिइएका कष्ट तथा पुत्रलाई गोकुल पुऱ्याएको कुराहरू स्मरण गरेर असीम प्रेमवश अत्यन्त व्याकुल भए ॥ ३४ ॥ हे कुरुनन्दन ! राम तथा कृष्ण आफ्ना माता-पिता यशोदा र नन्दजीलाई प्रणाम र अंकमाल गरेर प्रेमवश आँखामा सहसा आंसू भरिनाले र घाँटी

प्रजल्पशय्यासनाशनसयौनसपिण्डबन्धः ॥ येषां गृहे निरयवर्त्मनि वर्ततां वः स्वर्गापवर्गविरमः स्वयमास विष्णुः ॥ ३१ ॥ श्रीशुक उवाच ॥ नन्दस्तत्र यदून्प्राप्ताञ्ज्ञात्वा कृष्णपुरोगमान् ॥ तत्रागमद्वृतो गोपैरनःस्थार्थैर्दिदृक्षया ॥ ३२ ॥ तं दृष्ट्वा वृष्णयो हृष्टास्तन्वः प्राणमिवोत्थिताः ॥ परिषस्वजिरे गाढं चिरदर्शनकातराः ॥३३॥ वसुदेवः परिष्वज्य सम्प्रीतः प्रेमविह्वलः ॥ स्मरन्कंसकृतान्क्लेशान्पुत्रन्यासं च गोकुले ॥ ३४ ॥ कृष्णरामौ परिष्वज्य पितरावभिवाद्य च ॥ न किञ्चनोचतुः प्रेम्णा साश्रुकण्ठौ कुरूद्वह ॥ ३५ ॥ तावात्मासनमारोप्य बाहुभ्यां परिरभ्य च ॥ यशोदा च महाभागा सुतौ विजहतुः शुचः ॥३६॥ रोहिणी देवकी देवकी चाथ परिष्वज्य व्रजेश्वरीम् ॥ स्मरन्त्यौ तत्कृतां मैत्रीं बाष्पकण्ठ्यौ समूचतुः ॥३७॥ का विस्मरेत वां मैत्रीमनिवृत्तां व्रजेश्वरि ॥ अवाप्याप्यैन्द्रमैश्वर्यं यस्या नेह प्रतिक्रिया ॥ ३८ ॥ एतावदृष्टपितरौ युवयोः स्म पित्रोः सम्प्रीणनाभ्युदपोषणपालनानि ॥ प्राप्योषतुर्भवति पक्ष्म ह यद्वदक्ष्णोर्न्यस्तस्तावत्र कुत्र च भयौ न सतां परःस्वः ॥३९॥ श्रीशुक उवाच ॥ गोप्यश्चकृष्णमुपलभ्य चिरादभीष्टंयत्प्रेक्षणे दृशिषु पक्ष्मकृतंशपन्ति ॥ दृग्भिर्हृदीकृतमलं परिरभ्य सर्वास्तद्भावमापुरपि नित्ययुजां दुरापम्॥४०॥भगवांस्तास्तथाभूता विविक्त उपसङ्गतः ॥ आश्लिष्यानामयं

अवरुद्ध हुनाले केही पनि बोल्न सकेनन् ॥ ३५ ॥ नन्दजी र महाभाग यशोदाले ती दुवै पुत्रलाई आफ्नू काखामा बसालेर आफ्ना दुवै बाहुले उनको गाढ आलिङ्गन गरेर र आफ्नू विरह-व्यथा शान्त पारे ॥ ३६ ॥ महारानी रोहिणी र देवकी व्रजरानी यशोदासित भेटे र उनको पूर्वकृत मित्रताको स्मरण गरेर गद्गद् कण्ठले बोलिन्– ॥ ३७ ॥ 'हे व्रजेश्वरि ! इन्द्रपद पाएर पनि जसको कुनै प्रकारले ऋण तिर्न सकिन्न त्यस्ती हजुरको कहिल्यै बिछोड नहुने मैत्रीलाई कुन स्त्री बिर्सन सक्तछे ? ॥ ३८ ॥ हे देवि ! यी राम र कृष्णले जब आफ्ना माता-पितालाई देखेका पनि थिएनन्, तब परेलाले आँखाको रक्षा गरे झैं यहाँले इनको रक्षा गर्नु भयो । हजुर द्वारा नै यी दुवैको लालन-पालन र अभ्युदय तथा पोषण पाएर सदा निर्भय रहे किनकि सज्जनका दृष्टिमा कोही आफ्नू र विरानो हुँदैन' ॥ श्रीशुकदेवजी भन्दछन्—हे राजन् ! भगवान् कृष्णको मधुर मूर्तिको दर्शन गर्ने वेलामा जा परेला बनाउने ब्रह्मालाई दोष दिन्थे, ती गोपिनी धेरै दिनदेखि जसको दर्शनको लालसा थियो, ती प्रियप्राण श्रीकृष्णको मनोहर मूर्ति नेत्र द्वारा हृदयमा लगेर आलिङ्गन गर्न

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागे, सुन नित्यका अभ्यासी योगीलाई पनि दुर्लभ थियो, ती त्यो भगवद्भावलाई प्राप्त भए । ४० ।। भगवान्ले पनि तिनको दशा देखेर एकान्तमा लगेर गाढ आलिङ्गन गरे र उनको कुशल सोधी हाँस्नुभयो– ।। ४१ ।। स्वजनको उपकार गर्नको निम्ति नै हामी मथुरा आएका थियौं । शत्रुपक्षको संहारमा लाग्नाले तिकै दिन वितिसक्दा पनि तिमीहरूलाई भेट्न सकिन । के तिमीहरू कहिलेकाहीं हामीलाई पनि सम्झन्थ्यौ ? ।। ४२ ।। तिमीहरू मलाई कृतघ्न ठानेर अवश्य निन्दा गर्दा हौ, तर यसमा हाम्रो कुनै पनि दोष छैन, किनकि ईश्वर नै सबै जीवको संयोग र वियोग गराउँछन् ।। ४३ ।। जस्तै वायु मेघमाला, पाँस-पात, रूओ र धूलो एकत्रित पारेर फेरि छरिदिन्छ, त्यस्तै नै विश्व-रचयिता भगवान् प्राणीहरूको संयोग-वियोग गराउँदै रहन्छन् ।। ४४ ।। मेरी भक्ति नै प्राणीहरूलाई मोक्ष दिन्छिन् । यो निकै सौभाग्यको कुरा छ कि मेरो वियोग प्राप्त भएर पनि तिमीहरूलाई म भेटिने सन्झना अझसम्म छँदैछ ।। ४५ ।। जस्तै सबै भौतिक पदार्थहरूमा आकाश, वायु, अग्नि, जल र पृथ्वी यी पाँचै तत्व व्याप्त रहन्छन् तिनको भोक्ता सबै प्राणीहरूको आदि-

पृष्ट्वा प्रहसन्निदमब्रवीत् ।। ४१ ।। अपि स्मरथ नः सख्यः स्वानामर्थचिकीर्षया ।। गताँश्चिरायिताञ्छत्रुपक्षक्षपणचेतसः ।। ४२ ।। अप्यवध्याथास्मान्स्विदकृतज्ञा विशङ्कया ।। नूनं भूतानि भगवान् युनक्ति वियुनक्ति च ।। ४३ ।। वायुर्यथा घनानीकं तृणं तूणं तूलं रजांसि च । संयोज्याक्षिपते भूयस्तथा भूतानि भूतकृत् ।।४४।। मयि भक्तिहि भूतानाममृतत्वाय कल्पते ।। दिष्ट्या यदासीन्मत्स्नेहो भवतीनां मदापनः ।। ४५ ।। अहं हि सर्वभूतानामादिरन्तोऽन्तरं बहिः ।। भौतिकानां यथा खं वार्भूर्वायुर्ज्योतिरङ्गनाः ।। ४६ ।। एवं ह्येतानि भूतानि भूतेष्वात्मात्मना ततः ।। उभयं मय्यथ परे पश्यताभातमक्षरे ।। ४७ ।। श्रीशुक उवाच ।। अध्यात्मशिक्षया गोप्य एवं कृष्णेन शिक्षिताः ।। तदनुस्मरणध्वस्तजीवकोशास्तमध्यगन् ।। ४८ ।। आहुश्च ते नलिननाभ पदारविन्दं योगेश्वरैर्हृदि विचिन्त्यमगाधबोधैः ।। संसारकूपपतितोत्तरणावलम्ब गेहञ्जुषामपि मनस्युदियात्सदा नः ।। ४९ ।। इति श्रीमद्भागते महापुराणे दशमस्कन्धे उत्तरार्धे वृष्णिगोपसङ्गमो नाम द्व्यशीतितमोऽध्यायः ।। ८२ ।।

श्रीशुक उवाच ।। तथाऽनुगृह्य भगवान्गोपीनां स गुरुर्गतिः ।। युधिष्ठिरमथापृच्छत्सर्वांश्च सुहृदोऽव्ययम् ।।१।। त एवं लोकनाथेन परिपृष्टाः सुस-

अन्त्य तथा बाहिर-भित्र म नै विराजमान रहन्छु ।।४६।। यसै गरी प्राणीहरूका शरीरमा पाँच तत्व व्याप्त छन् र आत्मा भोक्तारूपले व्याप्त रहन्छ । ती दुवै नै म अक्षररूप परमात्मामा प्रतीत भइरहेछन् भन्ने जान' ।। ४७ ।। श्रीशुकदेव भन्दछन्–हे राजन् ! यस प्रकार भगवान् कृष्णद्वारा अध्यात्मज्ञानको उपदेशले राम्ररी सम्झाइ-बुझाइ गरिएका ती गोपिनीहरू उनको स्मरणले लिङ्ग शरीरको नाश भएपछि प्रभुकै स्वरूपमा प्राप्त भए ।। ४८ ।। तिनले भने–'हे कमलनाभ ! अगाध ज्ञान सम्पन्न योगीहरूद्वारा हृदयमा जसको चिन्तन गरिन्छ र जो संसार-कूपमा परेका प्राणीलाई त्यसबाट झिक्नको निम्ति एक मात्र सहायक हुनुहुन्छ, हजुरका चरणकमल हामी गृहनिवासीका हृदयमा पनि सधैं विराजमान रहिरहून्' ।। ४९ ।। इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां द्व्यशीतितमोऽध्यायः ।। ८२ ।।

(श्रीकृष्ण-पत्नीहरूले द्रौपदीलाई आफ्नाफ्नू विवाह-वृत्तान्त सुनाउनु) शुकदेव भन्नुहुन्छ–हे राजन् ! गोपिनीका गुरु र एकमात्र गति कृष्णले ती माथि अपूर्ण अनुग्रह गर्नुभयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि धर्मराज युधिष्ठिर आदि सबैसित कुशल प्रश्न गर्नुभयो ॥ १ ॥ जगत्पति भगवान् द्वारा कुशल-प्रश्न र सत्कार पाएपछि पाण्डवादि बन्धु तिनका चरण कमलको दर्शनले निष्पाप भएर प्रसन्न मनले भन्नलागे– ॥ २ ॥ हे प्रभो ! देहधारीहरूलाई देहको प्राप्ति, अज्ञानको नाश पार्ने एवं महापुरुषका मुखबाट निस्कने तिम्रा पवित्र चरण-कमलका कथारूपिणी सुधा जो आफ्ना कर्णपुटले निरन्तर पान गर्दछन्, तिनको कहिल्यै कुनै प्रकारको अमङ्गल हुन सक्ला ? ॥ ३ ॥ अतः निजस्वरूपको प्रकाशले जहाँ बुद्धिको जाग्रत्, सुषुप्ति र तुरीय यी तीन अवस्था नष्ट हुन्छन्–यस्ता निर्भय, आनन्दपूर्ण, अखण्ड र कहिल्यै कुण्ठित नहुने ज्ञानस्वरूपभगवान् जसले कालक्रमद्वारा नष्ट भइरहेका वेदको रक्षा गर्नका निमित्त मनुष्यावतार

त्कृताः ॥ ग्रत्यू चुर्हृष्टमनसस्तत्पादेक्षाहतांहसः ॥ २ ॥ कुतोऽशिवं त्वच्चरणाम्बुजासवं महन्मनस्तो मुखनिःसृतं क्वचित् ॥ पिबन्ति ये कर्णपुटैरलं प्रभो देहम्भृतां देहकृदस्मृतिच्छिदम् ॥३॥ हित्वात्मधामविधुतात्मकृतत्र्यवस्थमानन्दसम्प्लवमखण्डमकुण्ठबोधम् ॥ कालोपसृष्टनिगमावन आत्तयोगमायाकृतिं परमहंसगतिं नताः स्मः ॥४॥ ऋषिरुवाच ॥ इत्युत्तमश्लोकशिखामणिं जनेष्वभिष्टुवत्स्वन्धककौरवस्त्रियः ॥ समेत्यगोविन्दकथा मिथोऽगृणंस्त्रिलोक–भीताः शृणु वर्णयामि ते ॥५॥ द्रौपद्युवाच ॥ हे वैदर्भ्यच्युते भद्रे जाम्बवति कौसले ॥ हे सत्यभामे कालिन्दि शैब्ये रोहिणि लक्ष्मणे ॥ ६ ॥ हे कृष्णपत्न्य एतन्नो ब्रूत वो भगवान्स्वयम् ॥ उपयेमे यथा लोकमनुकुर्वन्स्वमायया ॥ ७ ॥ रुक्मिण्युवाच ॥ चैद्याय मार्पयितुमुद्यतकार्मुकेषु राजस्वजेयभ–

लिएका छन् र जो परमहंसका एकमात्र गति छन्, तिनलाई हामी प्रणाम गर्दछौं ॥४॥ शुकदेव भन्नुहुन्छ–हे राजन् ! जब अन्य व्यक्ति यसरी पुण्यकीर्ति श्रीकृष्ण भगवान्को स्तुति गर्दै थिए, उसै वेला यादव र कौरवकुलका स्त्रीहरू एकत्र भएर परस्पर भगवान्का त्रिभुवन-विख्यात कथाहरू भन्नलागे । त्यो म भन्दछु, तिमी ध्यानपूर्वक सुन ॥५॥ द्रौपदीले भनिन्–हे रुक्मिणी ! भद्रे ! हे जाम्बवती ! हे सत्ये ! हे सत्यभामे ! हे कालिन्दी ! हेमित्रविन्दे !हेरोहिणीहेलक्ष्मणे !हेकृष्णपत्नीहो!तिमीहरू मलाईयोकुरा सुनाओ–आफ्नीमायालेलोकको अनुसरण गर्न भगवान् कृष्णले तिमीहरूसित कसरी विवाह गरेका थिए ? ॥६॥७॥ रुक्मिणीले भनिन्–मेरा दाजू र पिता शिशुपालसित *विचारै नगरी बिवाह गरिदिन तयार भए तब जरासंध

* दृष्टान्त (विचार नपुऱ्याएको विवाह)—यौटा सेठले आफ्नी सात वर्षकी कन्याको विवाहका लागि वर खोज्न यौटा हजामलाई पठाए । हजामले सेठसित केही धन लिएर दुइ दिनमै फर्केर आयो । उनले सधे–'ए नाऊ ! विवाह ठीक भयो ?' उसले भन्यो–'अँ, सेठजी मैले सबै ठीक पारेर आएँ ।' उनले सोधे—'वर कस्तो छ ?' हजामले भन्यो—'यति राम्रो छ कि हजुरले त्यस्तो वर कहिल्यै नदेख्नु भ[illegible]ा होला ।' उनले सोधे–उमेर कति होला ?' हजामले भन्यो—'बीस, बीस, बीस ।' सेठले सोधे—'धन-सम्पत्ति ?' हजामले उत्तर दियो—'धनको त कुरै छैन कोही यता उचालेर लैजान्छ, कोही उता, तर ती हेर्दा पनि हेर्दैनन् ।' सेठले सोधे–'वर कस्तो स्वभावका छन् ।' उसले भन्यो—सेठजी ! यस्तो सरल स्वभाव छ कि कसैको कसैले कति नै निन्दा गरोस्, ती सुन्दैनन् ।' सेठले सोधे–'सौजन्यता कस्तो छ ?' उसले भन्यो–'ठूला मानिसको सौजन्यताको के कुरा गर्नौ ? ती सबै चार बनाउँसित हिंड्छन् ।' सेठजी प्रसन्न भए र हजामलाई यस्तो सुयोग्य वर खोजेकोमा यौटा दोसल्ला बकस दिए । त्यसपछि गरिने विवाहका अन्य रीति पनि हजामले नै गरिदियो । जब बन्ती आए र विवाहको निम्ति वर मण्डपमा डाकिए तब सेठले हजामसित भने–'यो कस्तो वर हो ? तिमी त राम्रो छ भन्दथ्यौ !' उसले भन्यो–'मैले भनेकै थिएँ यस्तो वर हजुरले कहिल्यै नदेख्नु भएको होला ।' सेठले फेरि सोधे–'तिमी त बीस वर्षको छ भन्दथ्यौ, तर यो त बूढो छ ।' हजामले भन्यो–'हजुरले कुरा नबुझेकोमा मेरो के अपराध ; मैले त बीस बीस बीस वर्ष भनेको थिएँ के यी साठी वर्षभन्दा बूढो छन् ?' सेठजीले फेरि भने– यो त अन्धो पनि छ ।' हजामले भन्यो–'सेठजी ! हजुर मलाई दोष दिनुहुन्छ, मैले त भनेकै थिएँ–'कोही यता लिएर जान्छ, कोही उता, तर यी देख्दैनन् ।' पुरोहितले वरसित जब भने–'हातमा तिल कुश लिएर सङ्कल्प गर ।' त्यो कुरा वरले सुनेन । अनि सेठले फेरि हजामलाई भने–'यो वर त बहिरो पनि छ ।' हजामले उत्तर दियो–'सरकार ! मैले त पहिल्यै भनिदिएको थिएँ –कसैले जति नै निन्दा गरे पनि यी सुन्दैनन् ।' फेरि पुरोहितले वरसित भने–'तपाईं

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि राजा शस्त्रास्त्र लिएर युद्ध गर्न तयार भए, अनि ती अजेय वीरहरूको टाउकोमा जसका युगल चरणको रज मुकुटमणि झैं सुशोभित तथा जो भेडा-बाख्राका समूह समान त्यो राज-समूहबाट आफ्नो भागस्वरूप मलाई सिंह समान खोसेर ल्याउनु भयो, ती लक्ष्मीनिवास भगवान् श्रीकृष्णका चरणको म सदा पूजा गर्दछु ॥८॥ सत्यभामाले भनिन्—जब प्रसेनको वधले सन्तप्त मेरा पिताले कलङ्क लगाएपछि त्यो दोष निवारणको निम्ति भगवान् ऋक्षराज जाम्बवान्‌लाई जितेर स्यमन्तक मणि ल्याई त्यो मेरा पितालाई दिनुभयो, अनि मिथ्या कलङ्क लगाएको अपराधले डराएका मेरा पिता, यद्यपि पहिले मलाई अन्तै दिने विचार गरिसकेका थिए, तापनि महाप्रभु श्रीकृष्णलाई नै समर्पण गरिदिए ॥९॥ जाम्बवतीले भनिन्-मेरा पिता जाम्बवान्‌ले—श्रीकृष्ण मेरा प्रभु र कुलदेव भगवान् सीतापतिकै अवतार हुन् भन्ने थाहा पाए, तब सताईस दिनसम्म युद्ध गरेर परीक्षाद्वारा यिनलाई भगवान् राम नै हुन् भन्ने जानेर यिनका चरणमा परेर मणि समेत मलाई उपहारको रूपमा अर्पण गरिदिए । यसरी म यिनकी दासी भएँ ॥ १० ॥ अनि कालिन्दी भन्दछिन्—आफ्ना चरण-स्पर्शको कामनाले

टशेखरितांघ्रिरेणुः ॥ नित्ये मृगेन्द्र इव भागमजावियूथात् तच्छ्रीनिकेतचरणोऽस्तु ममार्चनाय ॥ ८ ॥ सत्यभामोवाच ॥ यो मे सनाभिवधतप्तहृदा ततेन लिप्ताभिशापमपमार्ष्टुमुपाजहार ॥ जित्वर्क्षराजमथ रत्नमदात्स तेन भीतः पिताऽदिशत मां प्रभवेऽपि दत्ताम् ॥ ६ ॥ जाम्बवत्युवाच ॥ प्राज्ञाय देहकृदमुं निजनाथदैवं सीतापतिं त्रिणवहान्यमुनाऽभ्ययुध्यत् ॥ ज्ञात्वा परीक्षित उपाहरदर्हणं मां पादौ प्रगृह्य मणिनाऽहममुष्य दासी ॥१०॥ कालि· न्द्युवाच ॥ तपश्चरन्तीमाज्ञाय स्वपादस्पर्शनाशया ॥ सख्योपेत्याग्रहीत्पाणि योऽहं तद्गृहमार्जनी ॥ ११ ॥ मित्रविन्दोवाच ॥ यो मां स्वयंवर उपेत्य विजित्य भूपान् निन्ये श्वयूथगमिवात्मबलिं द्विपारिः ॥ भ्रातॄंश्च मेऽपकुरुतः स्वपुरं श्रियौकस्तस्यास्तु मेऽनुभवमङ्घ्र्यवनेजनत्वम् ॥१२॥ सत्योवाच ॥ सप्तोक्षणोऽतिबलवीर्यसुतीक्ष्णशृङ्गान् पित्रा कृतान्क्षितिपवीर्यपरीक्षणाय ॥ तान्वीरदुर्मदहनस्तरसा निगृह्य क्रीडन्वबन्ध ह यथा शिशवोऽजतोकान् ॥ १३ ॥ य इत्थं वीर्यशुल्कां मां दासीभिश्चतुरङ्गिणीम् ॥ पथि निर्जित्य राजन्यान्निन्ये तद्दास्यमस्तु मे ॥ १४ ॥ भद्रोवाच ॥ पिता मे मातुलेयाय

तपस्या गरिरहेकी देखेर श्रीहरिले आफ्ना सखा अर्जुनसित मेरो नगीचै आई पाणिग्रहण गर्नुभयो । अब म उनकै घरमा कुचो लगाउने यौटी दासी छु ॥ ११ ॥ मित्रविन्दा भन्दछिन्—सिंह जसरी कुकुरसित भाग खोस्तछ त्यसै गरी मेरो स्वयंवरमा आएका अन्य राजा र मेरा अपकारी दाजू—भाईलाई जितेर मलाई द्वारकापुरी ल्याउनु भयो, ती श्रीकृष्ण भगवान्‌को पादप्रक्षालन गर्ने सौभाग्य मलाई प्रत्येक जन्म प्राप्त होस् ॥१२॥ सत्याले भनिन्—मेरा पिताले राजाहरूको पुरुषार्थ जाँचनको निम्ति बलवान् र पराक्रमी, तीखा-तीखा सींग भएका सात गोरू नियुक्त गरेका थिए । वीरहरूको मद चूर्ण पार्ने ती गोरूलाई भगवान् कृष्णले बलपूर्वक समातेर यसरी बाँधिदिए, जसरी बालक बाख्राको पाठोलाई सहजै बाँधिदिन्छन् ॥ १३ ॥ यसरी पुरुषार्थरूपी मूल्य दिएर बाटोमा विघ्न पार्ने राजाहरूलाई जितेर जसले मलाई चतुरङ्गिणी सेना तथा दासीहरू सहित आफ्नू पुरीमा ल्याए, ती भगवान् कृष्णको दास्यभाव मलाई

उतापछि पिन्ढामा बस्नुपर्‍यो । अनि चार जनाले तिनलाई बोकेर पिन्ढामा बसाले । त्यो देखेर सेठजी रिसाई हजामसित भन्नलागे—'यो केटो त लँगडो पनि रहेछ ।' हजामले उत्तर दियो—'सेठजी ! आफ्नू बुद्धिलाई दोष किन दिनु हुन्न ! मैले त सफा-सफा भनि दिएकै थिएँ—चार जना मानिसरि त हिंड्दछन् ।' सेठजी चुपलागे । उनले जस्तो गरे, उस्तै पाए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदा प्राप्त भइरहोस् ॥१४॥ भद्रा भन्दछिन्–हे द्रौपदी ! मलाई यिनैमा अनुरक्त जानेपछि मेरा पिताले मामाका छोरा यी श्रीकृष्णलाई डाकेर एक अक्षौहिणी सेना र दाइजोहरू समेत मलाई स्वयं अर्पण गरिदिएका थिए ॥ १५ ॥ म आफ्नू कर्मानुसार संसारमा जहाँ गए पनि, त्यही जन्म-जन्म मलाई इनको चरण-स्पर्श प्राप्त भइरहोस् । किनकि आत्माको परम कल्याण यसैमा छ ॥ १६ ॥ लक्ष्मणाले भनिन्–हे द्रौपदी ! नारदको मुखबाट श्रीकृष्णको दिव्यजन्म र दिव्य कर्महरूको वृत्तान्त सुनेर तथा विचार गरेर–अहो लक्ष्मीजीले पनि समस्त लोकपालहरूलाई त्यागेर विष्णु भगवान्‌लाई नै वरेकी थिइन्, त्यसै कारण मेरो मन श्रीकृष्णमा लीनभयो ॥ १७ ॥ हे साध्वि ! मेरो अभिप्राय जानेर मेरा पुत्रीवत्सला पिता राजा बृहत्सेनले त्यसको पूर्तिका निमित्त यौटा उपाय गरे ॥ १८ ॥ हे महारानी ! जस्तै अर्जुनलाई प्राप्त गर्नको निम्ति तिम्रा पिताले स्वयंवरमा मत्स्यवेधको आयोजन गरेका थिए, त्यस्तै मेरा पिताले पनि गरे । हामीकहाँको मत्स्य बाहिरबाट ढाकिएको थियो, केवल जलमा त्यसको प्रतिबिम्ब देखिन्थ्यो, यही विशेषता थियो ॥१९॥ जब मेरो स्वयंवरको समचार सुनेर

स्वयमाहूय दत्तवान् ॥ कृष्णे कृष्णाय तच्चित्तामक्षौहिण्या सखीजनैः ॥ १५ ॥ अस्य मे पादसंस्पर्शो भवेज्जन्मनि जन्मनि ॥ कर्मभिर्भ्राम्यमाणाया येन तच्छ्रेय आत्मनः ॥ १६ ॥ लक्ष्मणोवाच ॥ ममापि राज्यच्युतधन्मकर्म श्रुत्वा मुहुर्नारदगीतमाश ह ॥ चित्तं मुकुन्दे किल पद्महस्तया वृतः सुसंमृश्य विहाय लोकपान् ॥ १७ ॥ ज्ञात्वा मम मतं साध्वि पिता दुहितृवत्सलः ॥ बृहत्सेन इति ख्यातस्तत्रोपायमचीकरत् ॥१८॥ यथा स्वयंवरे राज्ञि मत्स्यः पार्थेप्सया कृतः ॥ अयं तु बहिराच्छन्नो दृश्यते स जले परम् ॥ १९ ॥ श्रुत्वैतत्सर्वतो भूपा आययुर्मत्पितुःपुरम् ॥ सर्वास्त्रशस्त्रतत्त्वज्ञाः सोपाध्यायाः सहस्रशः ॥ २० ॥ पित्रा सम्पूजिताः सर्वे यथावीर्यं यथावयः ॥ आददुः सशरं चापं वेद्धुं पर्षदि मद्धियः ॥२१॥ आदाय व्यसृजन्के-चित्सज्यं कर्तुमनीश्वराः ॥ आकोटि ज्यां समुत्कृष्य पेतुरेकेऽमुना हताः ॥ २२ ॥ सज्यं कृत्वा परे वीरा मागधाम्बष्ठचेदिपाः ॥ भीमो दुर्योधनः कर्णो नाविन्दस्तदवस्थितिम् ॥ २३ ॥ मत्स्याभासं जले वीक्ष्य ज्ञात्वा च तदवस्थितिम् ॥ पार्थो यत्तोऽसृजद्बाणं नाच्छिनत्पस्पृशे परम् ॥ २४ ॥ राजन्येषु निवृत्तेषु भग्नमानेषु मानिषु ॥ भगवान्धनुरादाय सज्यं कृत्वाऽथ लीलया ॥ २५ ॥ तस्मिन्सन्धाय विशिखं मत्स्यं वीक्ष्य सकृज्जले ॥ छित्त्वेषुणाऽपातयत्तं सूर्ये चाभिजिति स्थिते ॥ २६ ॥ दिवि दुन्दुभयो नेदुर्जयशब्दयुता भुवि ॥ देवाश्च कुसुमासारान्मुमुचुर्हर्षविह्वलाः ॥२७॥

सबै अस्त्र-शस्त्र प्रहार गर्नमा कुशल अनेक राजा आदि आफ्ना पुरोहित सहित आएर मेरा पिताको नगरमा जम्मा भए ॥ २० ॥ अनि मेरा पिताले बल र आयुको अनुसार ती सबैको सत्कार गरे र ती सबै राजाहरूले मलाई प्राप्त गर्ने इच्छाले मत्स्यवेध गर्न सभाका धनुष-बाण उचाले ॥ २१ ॥ तिनमा कतिले त धनुषमा ताँदो चढाउनमै असमर्थ भई त्यो जहाँको त्यहीं राखिदिए । कतिपयले त्यसको डोरी धनुषको टुप्पासम्म ताने तर त्यसको आघातले नै पछारिए ॥२२॥ जरासन्ध, अम्बष्ठ, शिशुपाल, भीमसेन, दुर्योधन र कर्ण आदि वीरहरूले त धनुमा ताँदोसम्म चढाए, तर उनलाई लक्ष्यको स्थिति राम्रो ज्ञात हुन सकेन ॥ २३ ॥ अर्जुनले जलमा माछाको छाया देखेर त्यसको स्थिति पनि बुझे, तर जब उनले सतर्क र निकै सावधान भई बाण छाडे तब त्यसले लक्ष्यवेध नभएर स्पर्शमात्र भयो ॥ २४ ॥ यसरी सभामा मानभङ्ग हुनाले जब सबै अभिमानी राजाहरू पर-पर हटे, तब भगवान् श्रीकृष्णले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनुष उठाएर ताँदो चढाई त्यसमा वाण राखेर सूर्य अभिजित् नक्षत्रमा आएपछि माछालाई एकपल्ट जलमा हेरे र वाणले हानी तल खसालिदिए ॥ २५-२६ ॥ त्यस बेला श्रीकृष्णको सारा भूमण्डलमा जय-जयकार भयो र काकाशमा दुन्दुभीहरूको निनाद हुनलाग्यो। त्यसको साथै देवगण हर्षले विह्वल भएर पुष्प-वर्षा गर्नलागे ॥ २७ ॥ तब म नयां र रेशमी वस्त्र लगाई कपालमा पुष्प-माला बाँधेर लज्जापूर्वक मुसुक्क हाँस्तै हातमा सुन तथा टल्कने माला लिई पाउजेबको मधुर ध्वनि गर्दै रङ्गशालामा गएँ ॥ २८ ॥ उत्तम अलकावली र कुण्डलका कान्तिल सुशोभित कपोल-युक्त आफ्नू मनोहर मुख उठाएर शरच्चन्द्र झैं मधुर हाँसो तथा कटाक्ष-भङ्गिमाले सबै राजासित दृष्टपात गर्दै मैले अनुरागपूर्ण चित्तले आफ्नू माला विस्तारै श्रीकृष्णको घाँटीमा हालिदिएँ ॥ २८ ॥ अनि मृदङ्ग, पटह, शङ्ख, भेरी र नगरा आदि बाजाको निनाद हुन लाग्यो। नट नर्तकीहरू नाच्न लागे र गायक गाउन

तद्रङ्गमाविशमहं कलनूपुराभ्यां पद्भ्यां प्रगृह्य कनकोज्ज्वलरत्नमालाम् ॥ नूत्ने निवीय परिधाय च कौशिकाग्र्ये सव्रीडहासवदना कबरीधृतस्रक् ॥ २८ ॥ उन्नीय वक्त्रमुरुकुन्तलकुण्डलत्विङ्गण्डस्थलं शिशिरहासकटाक्षमोक्षैः ॥ राज्ञो निरीक्ष्य परितः शकुनैर्मुरारेरंसेऽनुरक्तहृदया निदधे स्व-मालाम् ॥२६॥ तावन्मृदङ्गपटहाः शङ्खभेर्यानकादयः ॥ निनेदुर्नटनर्तक्यो ननृतुर्गायका जगुः ॥ ३० ॥ एवं वृते भगवति मायेशे नृपयूथपाः ॥ न सेहिरे याज्ञसेनि स्पर्धन्तो हृच्छयातुराः ॥३१॥ मां तावद्रथमारोप्य हयरत्नचतुष्टयम् ॥ शार्ङ्गमुद्यम्य सन्नद्धस्तस्थावाजौ चतुर्भुजः ॥ ३२ ॥ दारुकश्चोदयामास काञ्चनोपस्करं रथम् ॥ मिषतां भूभुजां राज्ञि मृगाणां मृगराडिव ॥ ३३ ॥ तेऽन्वसज्जन्त राजन्या निषेद्धुं पथि केचन ॥ संयत्ता उद्धृतेष्वासा ग्रामसिंहा यथा हरिम् ॥ ३४ ॥ ते शार्ङ्गच्युतबाणौघैः कृत्तबाह्वङ्घ्रिकन्धराः ॥ निपेतुः प्रधने केचिदेके सन्त्यज्य दुद्रुवुः ॥ ३५ ॥ ततः पुरीं यदुपतिरलंकृतां रविच्छदध्वजपटचित्रतोरणाम् ॥ कुशस्थलीं दिवि भुवि चाभिसंस्तुतां समाविशत्तरणिरिव स्वकेतनम् ॥ ३६ ॥ पिता मे पूजयामास सुहृत्सम्बन्धिबान्धवान् ॥ महार्हवासोऽलङ्कारैः शय्यासनपरिच्छदैः ॥ ३७ ॥ दासीभिः सर्वसम्पद्भिर्भटैभरथवाजिभिः आयुधानि महा-

लागे ॥ ३० ॥ हे याज्ञसेनी ! जब मैले त्यसरी मायापतिभगवान् कृष्णलाई वरण गरें, तब अन्य कामी राजालाई स्पर्धावश त्यो सहन हुन सकेन ॥ ३१ ॥ अनि भगवान्ले चतुर्भुज भएर मलाई आफ्ना चार उत्तम अश्वयुक्त रथमा राख्नुभयो र स्वयं कवच धारण गरेर शार्ङ्गधनुष उचाली युद्धमा उद्यत हुनुभयो ॥ ३२ ॥ हे महारानी ! अनि भगवान्क दारुकले सुवर्णविमण्डित रथ हिंडाए र जस्तै मृगहरूका माझबाट सिंह आफ्नू भाग हरेर लैजान्छ, त्यस्तै मलाई सबै राजाहरूले देख्दा-देख्दै प्रभुले हरेर ल्याए ॥ ३३ ॥ जस्तै कुकुर सिंहलाई छेक्न त्यसको पछि-पछि दगुर्छ, त्यस्तै केही राजा भगवान्लाई बाटोमा छेक्न धनुष-बाण लिई युद्ध गर्न तम्सिएर पछि-पछि आए ॥३४॥ तर तीमध्ये अनेक राजा त शार्ङ्गः धनुषबाट छुटेका बाण समूह द्वारा भुजा, चरण र टाउको आदि काटिनाले युद्धभूमिमा नै मरेर ढले र कति युद्धभूमि त्यागेर भागे ॥३५॥ अनि सूर्यदेव जसरी अस्ताचलतिर जान्छन् त्यस्तै नै यदुनाथ भगवान् स्वर्ग तथा भूलोकमा प्रशंसित आफ्नी नगरी द्वारकापुरीमा प्रविष्ट भए—जुन त्यस बेला नाना प्रकारका रंगी-रंगी ध्वजा-पताका तथा फूल-माला आदिले राजाइएको थियो ॥ ३६ ॥ मेरा पिताले सुहृद्, सम्बन्धी र बन्धुजनलाई थरि-थरिका बहुमूल्य वस्त्र, अलङ्कार, शय्या, आसन र पात्र आदि वस्तु दिएर राम्ररी सम्मानित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे ॥३७॥ पूर्णकाम भगवान्लाई पनि दासी, सबै थरिका सम्पत्ति, हात्ती घोडा, रथ र घोडाहरू समेत अनेक मूल्यवान् वस्त्र निकै भक्तिभावले अर्पण गरे ॥३८॥ हे द्रौपदि ! हामीले संग त्यागेर अवश्य कुनै ठूलो तप गरेका रहेछौं, जसको प्रभावले यस जन्ममा हामी आत्माराम भगवान् कृष्णका गृह-दासी हुनपायौं ॥३९॥ सोह्र हजार रानीहरूले भने—त्यो भौमासुरले भूमण्डलको दिग्विजय गर्दा जितेका अनेक राजाहरूका कन्यालाई आफ्नू महलमा रोकिराखेको छ—यो जानेर भगवान्ले युद्धमा सेनासहित त्यसको संहार गरेर आफू सबैतिरबाट पूर्णकाम भएर पनि संसारका भयबाट मुक्त पार्ने उनका चरणको स्मरण गर्ने हामी दासीहरूलाई बन्धनमुक्त पारेर उनले हाम्रो पाणिग्रहण गरे ॥ ४० ॥ हे साध्वि ! हामी साम्राज्य, इन्द्रपद अथवा यी दुवैका भोग, अणिमादि ऐश्वर्य, ब्रह्मपद, मोक्ष र सालोक्य-सामीप्य आदि मुक्ति—केही पनि खोज्दैनौं । उनको गाई चराउँदा गोप, व्रजका गोपिनी, भिल्लिनी, दूबो तथा हातादि पनि लक्ष्मीका कुच-कुंकुमका गन्धले सुगन्धित श्रीगदाधरका चरण-कमलको रज नै आफ्ना मस्तकमा धारण गर्ने कामना गर्दछ्यौं, हामीलाई पनि उनै चरणको

र्हाणि ददौ पूर्णस्य भक्तितः ॥३८॥ आत्मारामस्य तस्येमा वयं वै गृहदासिकाः ॥ सर्वसङ्गनिवृत्त्याऽद्धा तपसा च बभूविम ॥३९॥ महिष्य ऊचुः ॥ भौमं निहत्य सगणं युधि तेन रुद्धा ज्ञात्वाऽथ नः क्षितिजये जितराजकन्याः ॥ निर्मुच्य संसृतिविमोक्षमनुस्मरन्तीः पादाम्बुजं परिणिनाय य आप्तकामः ॥ ४० ॥ न वयं साध्वि साम्राज्यं स्वाराज्यं भौज्यमप्युत ॥ वैराज्यं पारमेष्ठ्यं च आनन्त्यं वा हरेः पदम् ॥ ४१ ॥ कामयामह एतस्य श्रीमत्पादरजःश्रियः ॥ कुचकुंकुमगन्धाढ्यं मूर्ध्ना वोढुं गदाभृतः ॥४२॥ व्रजस्त्रियो यद्वाञ्छन्ति पुलिन्द्यस्तृणवीरुधः ॥ गावश्चारयतो गोपाः पादस्पर्शं महात्मनः ॥ ४३ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे त्र्यशीतितमोऽध्यायः ॥ ८३ ॥

श्रीशुक उवाच ॥ श्रुत्वा पृथा सुबलपुत्र्यथ याज्ञसेनी माधव्यथक्षितिपपत्न्य उत स्वगोप्यः ॥ कृष्णेऽखिलात्मनि हरौ प्रणयानुबन्धं सर्वा विसिस्म्युरलमश्रुकलाकुलाक्ष्यः ॥१॥ इति सम्भाषमाणासु स्त्रीभिः स्त्रीषु नृभिर्नृषु ॥ आययुर्मुनयस्तत्र कृष्णरामदिदृक्षया ॥२॥ द्वैपायनो नारदश्च च्यवनो देवलोऽसितः ॥ विश्वामित्रः शतानन्दो भारद्वाजोऽथ गौतमः ॥ ३ ॥ रामः सशिष्यो भगवान्वसिष्ठो गालवो भृगुः ॥ पुलस्त्यः कश्यपोऽत्रिश्च मार्कण्डेयो बृहस्पतिः ॥४॥ द्वितस्त्रितश्चैकतश्च ब्रह्मपुत्रास्तथाऽङ्गिराः ॥ अगस्त्यो याज्ञवल्क्यश्च वामदेवादयोऽपरे ॥ ५ ॥ तान्दृष्ट्वा सहसोत्थाय प्रागासीना

अभिलाषा छ ॥४१॥४३॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकरकृत 'वाग्मिष्ठी' भाषाटीकायां त्र्यशीतितमोऽध्यायः ॥ ८३ ॥

(वसुदेवको यज्ञोत्सव) श्रीशुकदेव भन्दछन्—हे राजन् ! रुक्मिणी आदि कृष्णका पत्नीहरूको सर्वात्मा श्रीहरिमा यस्तो प्रेमानुबन्ध देखेर कुन्ती, गान्धारी, द्रौपदी, सुभद्रा आदि अन्य राजपत्नीहरू र श्रीकृष्णचन्द्रका प्रेयसी गोपिनीगण अतिशय विस्मित भए र तिनका नेत्रबाट आँसुका धारा बग्नलागे ॥ १ ॥ यसरी जब स्त्रीहरूका साथ सबै स्त्रीहरू र
०३ पुरुषहरूका साथ सबै पुरुषहरू परस्पर वार्तालाप गर्दै थिए, त्यसै बखत बलराम र कृष्णचन्द्रको दर्शनका निम्ति त्यहाँ व्यासदेव, नारद, च्यवन, देवल, असित, विश्वामित्र, शतानन्द, भरद्वाज, गौतम, शिष्यगण समेत परशुराम, भगवान् वसिष्ठ, गालव, भृगु, पुलस्त्य, कश्यप, अत्रि, मार्कण्डेय, बृहस्पति, द्वित, त्रित, एकत, ब्रह्माका छोरा सहकादि चारै भाई, अङ्गिरा,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगस्त्य, याज्ञवल्क्य तथा वामदेव आदि ऋषिगण आइपुगे ॥२-५॥ ती विश्वविख्यात मुनीश्वरहरूलाई देखेर राम, कृष्ण, पाण्डवगण र अन्य राजाहरूले—जो पहिलेदेखि नै त्यहाँ थिए–ती सबैले जुरुक्क उठेर उनलाई प्रणाम गरे ॥ ६ ॥ अनि स्वागत, आसन, पाद्य-अर्घ्य, माला, धूप-दीप, चन्दनादि उपचार द्वारा राजाहरू झैं बलराम सहित भगवान् कृष्णले तिनको पूजा गरे ॥ ७ ॥ धर्मको रक्षाका निम्ति नै शरीर धारण गर्ने श्रीहरिले सुखपूर्वक बसेका ती मुनीश्वरसित भने । त्यस वेला सभाका सबैजना मौनभावले भगवान्‌को भाषण सुनिरहेका थिए ॥८॥ भगवान्‌ले आज्ञा भयो—अहो ! आज हामी जन्मधारीलाई जन्म लिएको फल प्राप्त भयो किनकि जोसित भेट हुनु देवतालाई पनि कठिन छ, आज हामी उनै मुनीश्वरहरूको दर्शन गर्दैछौं ॥ ९ ॥ जसले थोरै तपस्या गरेको छ र जो केवल प्रतिमामा नै देवदृष्टि राख्दछन्, के तिनलाई कहिल्यै हजुरहरूको दर्शन, स्पर्श, कुशल प्रश्न, प्रणाम तथा पूजनादिको सुअवसर प्राप्त हुन सक्दछ ? ॥१० ॥ जलपूर्ण तीर्थ होइन, न माटो अथवा ढुङ्गाले बनेका देवता नै देवता हुन् । वास्तवमा साधुजन नै प्रधान तीर्थ र उत्तम

नृपादयः ॥ पाण्डवाः कृष्णरामौ च प्रणेमुर्विश्ववन्दितान् ॥ ६ ॥ तानानर्चुर्यथा सर्वे सहरामोऽच्युतोऽर्चयत् ॥ स्वागतासनपाद्यार्घ्यमाल्यधूपानुलेपनैः ॥७। उवाच सुखमासीनान्भगवान्धर्मगुप्तनुः ॥ सदसस्तस्य महतो यतवाचोऽनुशृण्वतः ॥८॥ श्रीभगवानुवाच ॥ अहो वयं जन्मभृतो लब्धा कार्त्स्न्येन तत्फलम् । देवानामपि दुष्प्रापं यद्योगेश्वरदर्शनम् ॥ ९ ॥ किं स्वल्पतपसां नृणामर्चायां देवचक्षुषाम् ॥ दर्शनस्पर्शनप्रश्नप्रह्वपादार्चनादिकम्॥१०॥ न ह्यम्मयानि तीर्थानि न देवा मृच्छिलामयाः ॥ ते पुनन्त्युरुकालेन दर्शनादेव साधवः ॥११॥ नाग्निर्न सूर्यो न च चन्द्रतारका न भूर्जलं खं श्वसनोऽथ वाङ्मन ॥ उपासिता भेदकृतो हरन्त्यघं विपश्चितो घ्नन्ति मुहूर्तसेवया ॥१२॥ यस्यात्मबुद्धिः कुणपे त्रिधातुके स्वधीः कलत्रादिषु भौम इज्यधीः ॥ यत्तीर्थबुद्धिः सलिले न कर्हिचिज्जनेष्वभिज्ञेषु स एव गोखरः ॥ १३ ॥ श्रीशुक उवाच ॥ निशम्येत्थं भगवतः कृष्णस्याकुण्ठमेधसः ॥ वचो दुरन्वयं विप्रास्तूष्णीमासन्भ्रमद्धियः ॥१४॥ चिरं विमृश्य मुनय ईश्वरस्येशितव्यताम् ॥ जनसंग्रह इत्यूचुः स्मयन्तस्तं जगद्गुरुम् ॥१५॥ मुनय ऊचुः ॥ यन्मायया तत्त्वविदुत्तमा वयं विमोहिता विश्वसृजामधीश्वराः ॥ यदीशितव्यायति गूढ ईहया अहो विचित्रं भगवद्विचेष्टितम् ॥ ॥१६॥ अनीह एतद्ब·

देवता हुन्छन्, किनकि तीर्थ त धेरै दिन सेवन गरेपछि नै पवित्र पार्दछन् र साधुजन केवल दर्शनले नै कृतार्थ पारिदिने गर्दछन् ॥ ११ ॥ अग्नि, सूर्य, चन्द्रमा, तारागण, पृथ्वी, जल, आकाश, वायु, वाणी र मनका अधिष्ठाता देवथा उपासना गरेर पनि भेदबुद्धि राख्ने प्राणीका पाप अर्थात् अज्ञानको नाश गर्दैनन्, तर ज्ञानी महात्मा जनको केवल एक मुहूर्तको सेवाले नै सबै अज्ञानको नाश गरिदिन्छन् ॥१२॥ जुन प्राणीलाई वात, पित्त र कफ—यी तीन धातुले बनेको शवतुल्य देहमा नै आत्मबुद्धि रहन्छ, जो स्त्री आदिलाई आफ्नू मान्दछन्, जसको केवल पार्थिव प्रतिमाहरूमा देवबुद्धि र केवल जलमा नै तीर्थबुद्धि रहन्छ र जो ज्ञानी महात्मा जनमा कहिल्यै पूज्यबुद्धि राख्दैन, त्यो गोरू र गदहा समान बाँच्दछ ॥१३॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! जसको बुद्धि कहिल्यै कुण्ठित हुन सक्तैन, ती कृष्ण भगवान्‌को गूढ भाषण सुनेर समस्त ऋषीश्वरहरूको बुद्धि भ्रममा पनगयो र ती चुपलागेर बसे ॥१४॥ धेरै बेरसम्म भगवान्‌को भगवत्तामा विचार गरेर ती मुनीश्वर जगद्गुरु श्रीकृष्णसित यो भनेर कि—'हजुरको कथन लोक संग्रहका निम्ति हो, मुसु-मुसु हाँस्तै भन्नलागे ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुनिजनले भने–जसको मायाले प्रजापतीहरूका अधीश्वर मरीचि आदि प्रजापति र तत्त्वज्ञानीहरूमा श्रेष्ठ हामी सबै मोहित भइरहेका छौं र जो आफ्नू गूढ चेष्टाले स्वयं ईश्वर भएर पनि परतन्त्र जीव झैं आचरण गर्दछन्, त्यस्ता हजुरको लीला विचित्र छ ॥ १६ ॥ जस्तै पार्थिव पदार्थहरूले पृथ्वी अनेक रूपकी देखिन्छिन्, त्यस्तै हजुर निश्चेष्ट भएर पनि एकमात्र आफू द्वारा नै यो बहुविध जगत्को रचना, पालन र संहार गर्नुहुन्छ, तापनि यसमा लिप्त रहनु हुन्न । अहो ! हजुर सर्वव्यापकको यो विचित्र कार्य केवल लीलामात्र हो ॥ १७ ॥ हे प्रभो ! हजुर प्रकृतिदेखि टाढा साक्षात् पुराणपुरुष भएर पनि बेला बेलामा आफ्ना भक्तजनको रक्षा र दुष्टजनको दमन गर्न विशुद्ध सत्त्वमय शरीर धारण गरी आफ्ना लीलारूपी

हुधैक आत्मना सृज्यत्यवत्यत्ति न बध्यते यथा ॥ भौमैर्हि भूमिर्बहुनामरूपिणी अहो विभूम्नश्चरितं विडम्बनम् ॥ १७ ॥ अथापि काले स्वजनाभिगुप्तये बिभर्षि सत्त्वं खलनिग्रहाय च ॥ स्वलीलया वेदपथं सनातनं वर्णाश्रमात्मा पुरुषः परो भवान् ॥ १८ ॥ ब्रह्म ते हृदयं शुक्लं तपःस्वाध्यायसंयमैः ॥ यत्रोपलब्धं सद्व्यक्तमव्यक्तं च ततः परम् ॥ १९ ॥ तस्माद्ब्रह्मकुलं ब्रह्मञ्छास्त्रयोनेस्त्वमात्मनः ॥ सभाजयसि सद्धाम यद्ब्रह्मण्याग्रणीर्भवान् २० ॥ अद्य नो जन्मसाफल्यं विद्यायास्तपसो दृशः ॥ त्वया सङ्गम्य सद्गत्य यदन्तः श्रेयसां परः ॥ २१ ॥ नमस्तस्मै भगवते कृष्णायाकुण्ठमेधसे ॥ स्वयोगमाययाच्छन्नमहिम्ने परमात्मने ॥ २२ ॥ न यं विदन्त्यमी भूपा एकारामाश्च वृष्णयः ॥ मायाजवनिकाच्छन्नमात्मानं काल-

आचरणले सनातन वेदमार्गको रक्षा गर्नुहुन्छ किनकि वर्णाश्रमका आत्मा हजुर नै हुनुहुन्छ ॥ १८ ॥ वेद हजुरको हृदय हो–जसले तप, स्वाध्याय र इन्द्रियनिग्रह द्वारा व्यक्त अर्थात् कार्य अव्यक्त अर्थात् कारण र यी दुवैबाट विलक्षण सत्स्वरूप परमात्माको प्राप्ति हुन्छ ॥ १९ ॥ अतः हे परमात्मन् ! वेदका आधारभूत हजुरका स्वरूपको उपलब्धि हुने जो स्थान छन् ती ब्राह्मणहरूको हजुर सम्मान गर्नुहुन्छ । यसै निम्ति हजुर सबै ब्राह्मणमा अग्रणी हुनुहुन्छ ॥ २० ॥ २१ ॥ सबै कल्याणका परमावधि र साधुजनका पारसमणिरूपी हजुर श्रीकृष्णलाई

---

* दृष्टान्त (पारसमणिको डल्लो)—यौटा योगीले एक सेठलाई यस्तो पारसमणि दिए, जसमा छुनासाथ फलाम, सुन बन्दथ्यो, तर योगीले भने यो डल्लो केवल सात दिनको निम्ति दिन्छु । त्यसपछि एक छिन पनि तिमी राख्न सक्नेनौ । सेठजी पारसमणि लिएर प्रसन्न हुँदै घर पुगे । उनले विचार गरे—घरमा फलाम कहाँ छ ? केवल कुटो, कोदालो, हँसिया, खुर्पी चक्कू यिनै हुन् त्यतिले के हुन्छ ? अहिले त सात दिन बाँकी छ । तुरुन्त आफ्ना कारिन्दालाई डाकेर यौटालाई जमशेदपुर र अर्कोलाई बम्बई पठाए र भने—जति सक्दो छिटो फलाम सात दिन भित्र नै यहाँ आइपुग्नु पर्दछ । तिनले बम्बई पुग्नमै दुइ दिन लाग्यो । त्यहाँ पुगेर फलाम लिई रेलमा ल्यासै दुइदिन बित्यो । फेरि फलाम पठाएको बाटोमा दुई दिन बित्यो । कुनै प्रकारले बल्ल-बल्ल सातौं दिन बिहान फलाम स्टेशनमा वरालियो । स्टेशनबाट सेठको घर पुग्दा साँझ पर्‍यो । फलाम बाहिर थुप्रिएको थियो । सेठले विचार गरे—यदि ढोकामै मणिले छोइदिने हो भने चोर डाकाले बोकेर लैजान्छन् । अतः सयकडौं सेवक लगाएर फलाम भित्र राख्न लाउँदै थिए, रातको बाह्र बज्यो । योगि आफ्नू कबोल अनुसार मणि लिन आइपुगे । उनले भने—ल्याउ मणि ।' सेठले भने–'अहिलेसम्म त फलाम भित्र्याउँदै थिएँ । मणिको स्पर्श गरेकै छैन पर्खनोस् ।' महात्माले भने—'एक छिनको त के कुरा, एक पल पनि पर्खन्न, ल्याउ मेरो मणि सेठले भने—'म अ हइयै गएर मणि स्पर्श गराई तुरुन्त आउँछु ।' यति भनेर सेठ उठ्नै लागेका थिए । तर योगीले मणि बलपूर्वक खोसेर लिए । यसको निष्कर्ष हो—परमात्मारूपी योगीले सेठलाई मनुष्य देहरूपी मणि सात दिनको निम्ति (केही दिन भनेको सात नै हुन्छ) दिएका थिए -- यसको उपयोगले मोक्षरूपी सुन बनाउन । तर जीवात्मा शरीर पाएर संसारी वस्तुहरूको संग्रहरूपी फलामको व्यवस्था गर्नैमै अलमलियो । सात दिन बितेपछि परमात्मा मणि माग्न आए तब जीव भन्दछ–यदि अझ केही दिन बाँच्न पाए धर्म-कर्म गर्ने थिएँ । अरु केही नभए पनि एक पल्ट श्रीमद्भागवत सप्ताह नै सुन्ने थिएँ, तर मृत्यु कसैको कुरा सुन्दैन । जीव यस मणिको कुनै पनि उपयोग गर्न पाएन । व्यर्थमै समय बितेर गयो र हातबाट मणि (जीवन) फुत्कियो । 'देश, जात र धर्मको निम्ति जे जति कर्तव्य हो, त्यो भोलि गर्ने, आजे गर आज गर्ने भए अहिल्यै गर जीवन क्षणिक छ,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेकशः—नमस्कार छ ॥ २२ ॥ सबैका आत्मा जगत्का आदिकारण र नियन्ता भएर पनि मायारूपी पर्दाले ढाकिएका छौ । अतः ती राजाहरू र हजुरसितै क्रीडा गर्ने यादव पनि हजुरलाई जान्न सक्तैनन् ॥ २३ ॥ जस्तै निदाएको पुरुष स्वप्नका मिथ्या पादर्थलाई सत्य ठान्दछ र इन्द्रियले प्रतीत हुने नाममात्रको स्वप्न देहलाई नैं वास्तविक देह हो भन्ने ठान्दछ र त्योदेखि भिन्न जाग्रत देहको केही सम्झना गर्दैन ॥ २४ ॥ त्यस्तै जाग्रत् अवस्थामा पनि जसको मन समस्त इन्द्रियका प्रवृत्तिरूपी मायाले मोहित भएर केवल नाममात्रको विषयमा डुलिरहन्छ, त्यो विवेकशक्ति आच्छादित भएपछि स्वयं आफूलाई जान्दैन ॥ २५ ॥ मलाई आज हजुरका ती युगल चरण कमलको दर्शन मिलेको छ, जसलाई मुनिजन

मीश्वरम् ॥२३॥ यथा शयानः पुरुष आत्मानं गुणतत्त्वदृक् ॥ नाममात्रेन्द्रियाभातं न वेद रहितं परम् ॥२४॥ एवं त्वां नाममात्रेषु विषयेष्विन्द्रियेहया ॥ मायया विभ्रमच्चित्तो न वेद स्मृत्युपप्लवात् ॥ २५ ॥ तस्याद्य ते ददृशिमाङ्घ्रिमघौघमर्षतीर्थास्पदं हृदि कृतं सुविपक्वयोगैः ॥ उत्सिक्तभक्त्युपहताशयजीवकोशा आपुर्भवद्गतिमथोऽनुगृहाण भक्तान् ॥ २६ ॥ श्रीशुक उवाच ॥ इत्यनुज्ञाप्य दाशार्हं धृतराष्ट्रं युधिष्ठिरम् ॥ राजर्षे स्वाश्रमान्गन्तुं मुनयो दधिरे मनः ॥ २७ ॥ तद्वीक्ष्य तानुपव्रज्य वसुदेवो महायशाः ॥ प्रणम्य चोपसंगृह्य बभाषेदं सुयन्त्रितः ॥ २८ ॥ वसुदेव उवाच ॥

योगबल द्वारा आफ्नू हृदयमा ध्यान गर्दछन् र जो पापराशिलाई विध्वंस पार्ने गंगाजीका पनि आधार हुनुहुन्छ । अतः हे देव ! हजुर हामी भक्तगणमा कृपा गर्नोस् किनकि जसको पक्षीसदृश लिंगदेहरूपी जीवकोश हजुरको उत्कृष्ट भक्तिले आर्द्र हुन्छ, उनै हजुरका परमपदमा प्राप्त हुन्छन् ॥ २६ ॥ शुकदेवजी भन्नुहुन्छ—हे राजर्षे ! भगवान्को यसरी स्तुति गरेर ती मुनीश्वरहरुले बलराम, श्रीकृष्ण, धृतराष्ट्र र युधिष्ठिरादिबाट आज्ञा लिएर सबैले आफाफ्ना आश्रममा जाने विचार गरे ॥ २७ ॥ तिनलाई त्यसरी जान उद्यत देखेर

※ दृष्टान्त (पक्षी) आफ्नू गुँडमा बसेको यौटा पक्षी मधुर स्वरले गाइरहेको थियो । प्रातः कालको मन्द-मन्द वायु चित्त प्रसन्न पारिरहेको थियो । भास्कर भगवान्को स्वागत गर्ने सहयोगी पक्षीहरूको कलरव आनन्द वर्षाइरहेको थियो । त्यो नैसर्गिक शोभा कुनै अलक्षित प्रेम-राज्यको स्मरण गराइरहेको थियो । अकस्मात् यौटा शिकारी आएर गुँडको अघिल्तिर उभियो । उसले भीषण हुङ्कार गरेर पक्षीलाई सचेत पार्‍यो र धनुषमा बाण सन्धान्यो । गुँड केराको पात झैं थर्र काम्यो । पक्षीले व्यग्र भएर भन्यो—'तिमी को हौ ?' शिकारीले कड्केर उत्तर दियो—मलाई सबै जना कराल काल भन्दछन् ।' पक्षीले फेरि सोध्यो—'तिमी आउने कारण के हो ?' शिकारीले निस्पृहतापूर्वक भन्यो—'म तिम्रो अन्त्य गर्न आएको हुँ ।' पक्षीले मुसुक्क हाँसेर उत्तर दियो—'मैले के अपराध गरें ?' शिकारीले भन्यो—'तिमीले कर्मसूत्र छिनालेनौ । तिम्रो अपराध यत्ति हो ।' पक्षी गललल हाँस्न लाग्यो र भृकुटी अग्लो पारेर भन्यो—'तिमी महामूर्ख छौ ।' शिकारीले भन्यो—'यो उद्दण्डता किन ? तिमी मलाई कुन आधारमा मूर्ख तुल्याइरहेका छौ ?' पक्षीले उत्तर दियो—'यो कुरा नजान्नु नै मूर्खता हो, जसलाई जीवको धम भन्दछन् ।' शिकारीले कराएर भन्यो—'म त्रिकालज्ञ हुँ, म के जान्न सक्तिन ?' पक्षी शान्त भावले बोल्यो—'उसो भए भन म को हुँ ?' शिकारी बोल्यो—पांच भौतक देहधारी संसारी जीव ?' पक्षीले अट्टहास गरेर भर्त्सना गर्दै भन्यो—'यही तिम्रो अज्ञान हो जुन तिमी गुँडलाई मेरो रूप मानिरहेका छौ । त्यसैले मलाई पाञ्चभौतिक भनिरहेका छौ । यो नष्ट भएर पनि म रहिरहने छु भन्ने जान्दैनौ ।' शिकारीले छक्कपरेर गुँडतिर हेरेर भन्यो—'लौ त, तिमी नै आफ्नू वास्तविक स्वरूप भन ।' पक्षीले भन्यो—'म उही हुँ, जसको भेद आजसम्म कसैले पनि पाउन न पाउन सक्नेछ । वेदले जसको अन्त्य पाएनन् जसमा सुख दुःखको प्रभाव पर्दैन । जो काल कर्म र स्वभावको बन्धनबाट मुक्त छ जसलाई नित्य, निरंजन र सच्चिदानन्द भन्दछन् ! शिकारी राता-राता आँखा पारेर करायो—यसको के प्रमाण छ ?' पक्षीले दृढतापूर्वक भन्यो—'प्रत्यक्षको निम्ति प्रमाणको आवश्यकता किन पर्‍यो, प्रयोग गरेर हेर ।' शिकारीले कानसम्म प्रत्यञ्चा तानेर बाण छाड्यो, त्यसले गुँड हाँगाको आधार त्यागेर तल खस्यो । शिकारीले देख्यो—घाँस-पात बाहेक त्यसमा अन्य कुनै पार्थिव पदार्थ छैन । एकै छिनपछि शिकारीले स्पष्ट देख्यो—अर्को गुँडमा बसेको उही पक्षी अत्यन्त ललित, आकर्षक एवं मधुर गीत गाइरहेको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महायशस्वी वसुदेवजी उनको नगीचै गए, उनलाई प्रणाम गरे र तिनको पाउ समातेर एकाग्र चित्तले यसरी भने ॥२८॥ वसुदेव भन्दछन्–हे सर्वदेवमय ऋषीश्वर हो ! हजुरलाई मेरो प्रणाम छ । हजुरहरू मेरो यौटा प्रार्थना सुन्नोस् । जुन कर्मको विधिवाट आचरण गर्नाले मोक्ष-मार्गका प्रतिबन्धक कर्महरू त्यग्नसकिन्छ, त्यो कर्म हजुर मलाई भन्नोस् ॥२९॥श्रीनारदजी भन्नलागे–हे विप्रगण ! आफ्ना पुत्र भगवान् कृष्णलाई बालक ठानेर र आफ्नू कल्याणका साधन जान्नको निम्ति जनलाई छाडेर जो हजुरले हामीसित प्रश्न गर्नु भयो,योकुनै छक्क पर्ने कुरा होइन ॥ ३० ॥ किनकि संसारमा समीपता मनुष्यका अनादरको कारण बन्दछ । जस्तै–गङ्गा तटमा बस्ने मानिस आफ्नू शुद्धिका लागि गङ्गाजल छाडेर अन्य तीर्थहरुमा जान्छन् ॥३१॥ जसको ज्ञान कालले, जगत्को उत्पत्ति, स्थिति र प्रलय द्वारा, आफूबाट अथवा अर्काबाट र गुणसंगले कहिल्यै क्षीण हुँदैन ॥ ३२ ॥ जसको ज्ञानमय स्वरूप राग-द्वेषादि क्लेश, पुण्य-पापमय कर्म, सुख-दुःखादि कर्मफल र सत्वादि गुणका प्रवाहले खण्डित हुँदैन, ती अद्वितीय परमेश्वरलाई साधारण व्यक्ति मेघ र कुइरोले ढाकिएका सूर्य झैं

नमो वः सर्वदेवेभ्य ऋषयः श्रोतुमर्हथ ॥ कर्मणा कर्मनिर्हारो यथा स्यान्नस्तदुच्यताम् ॥ २९ ॥ नारद उवाच ॥ नातिचित्रमिदं विप्रा वसुदेवो बुभुत्सया ॥ कृष्णं मत्वाऽर्भकं यन्नः पृच्छति श्रेय आत्मनः ॥ ३० ॥ सन्निकर्षोऽत्र मर्त्यानामनादरणकारणम् ॥ गाङ्गं हित्वा यथाऽन्याम्भस्तत्रत्यो याति शुद्धये ॥ ३१ ॥ यस्यानुभूतिः कालेन लयोत्पत्त्यादिनाऽस्य वै ॥ स्वतोऽन्यस्माच्च गुणतो न कुतश्चन रिष्यति ॥ ३२ ॥ तं क्लेशकर्मपरिपाकगुणप्रवाहैरव्याहतानुभवमीश्वरमद्वितीयम् ॥ प्राणादिभिः स्वविभवैरुपगूढमन्यो मन्येत सूर्यमिव मेघहिमोपरागैः ॥ ३३ ॥ अथोचुर्मुनयो राजन्नाभाष्यानकदुन्दुभिः ॥ सर्वेषां शृण्वतां राज्ञां तथैवाच्युतरामयोः ॥ ३४ ॥ कर्मणा कर्मनिर्हार एष साधु निरूपितः ॥ यच्छ्रद्धया यजेद्विष्णुं सर्वयज्ञेश्वरं मखैः ॥ ३५ ॥ चित्तस्योपशमोऽयं वै कविभिः शास्त्रचक्षुषा ॥ दर्शितः सुगमो योगो धर्मश्चात्ममुदावहः ॥३६॥ अयं स्वस्त्ययनः पन्था द्विजातेर्गृहमेधिनः ॥ यच्छ्रद्धयाप्तवित्तेन शुक्लेनेज्येत पूरुषः ॥ ३७ ॥ वित्तैषणां यज्ञदानैर्गृहैर्दारसुतैषणाम् ॥ आत्मलोकैषणां देव कालेन विसृजेद् बुधः ॥ ग्रामे त्यक्तैषणाः सर्वे ययुर्धीरास्तपोवनम् ॥ ३८ ॥ ऋणैस्त्रिभिर्द्विजो जातो देवर्षिपितॄणां प्रभो ॥ यज्ञाध्ययनपुत्रैस्तान्यनिस्तीर्य त्यजन्प-

इन्द्रियादिले आच्छादित ठान्दछन् ॥३३॥ अनि हे राजन् ! ती मुनीश्वरहरूले वसुदेवलाई सम्बोधित गरी बलराम र श्रीकृष्ण तथा अन्यान्य राजाहरूको समक्ष उनीसित भने—॥३४॥ कर्मद्वारा कर्म-नाश पार्ने सबैभन्दा सजिलो उपाय यही कहिएको छ––यज्ञादि द्वारा यज्ञपति भगवान् विष्णुको पूजा गरियोस् ॥ ३५ ॥ सुयोग्य विद्वान्‌ले शास्त्रदृष्टिबाट यही चित्तशान्तिको उपाय, सुगम मोक्ष-साधन र चित्त प्रसन्न पार्ने धर्म कहेका छन् ॥ ३६ ॥ व्यक्ति आफ्नू न्यायोपार्जित धनले श्रद्धापूर्वक पुरुषोत्तम भगवान्‌को पूजा गरोस् । यही नै द्विजातीय गृहस्थको निम्ति कल्याणकारी बाटो छ ॥३७॥ हे वसुदेव ! विचारशील पुरुषले यज्ञ-दानादि द्वारा वित्तैषणा, गृहस्थोचित्त भोगद्वारा स्त्री-पुरुषको एषणा र कालक्रमले स्वर्गादि पनि छुटेर जान्छन, यस विचारले लोकैषणा त्यागिदिनुपर्दछ । यसरी तीनै थरि एषणा घरमा बसेर नै त्यागेर पूर्वकालमा धीर पुरुष तपोवन जान्थे ॥ ३८ ॥ हे राजन् ! ब्राह्मण, क्षत्रिय र वैश्य यी द्विजातिमात्र तथा देवता, ऋषि, पितृ, सत्त्वादि त्रिगुणयुक्त उत्पन्न हुन्छन् र यज्ञ, अध्ययन तथा पुत्रोत्पत्ति आदि कर्मद्वारा तीबाट अऋणी नभई जो

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारलाई त्यागिदिन्छन्, ती पतित भएर जान्छन् ॥३९॥ हे महामते ! हजुर पितृऋण र ऋषिऋण दुवैबाट मुक्त हुनुभयो, अब यज्ञानुष्ठान द्वारा देवऋणबाट अऋणी भएर भगवान्‌को शरणमा जानोस् ॥४०॥ हे वसुदेव ! हजुरले अवश्य भक्तिपूर्वक जगत्पति विष्णुको पूजा गर्नुभएको छ। त्यसैले ती भगवान् हजुर दुवै दम्पतीकहाँ पुत्ररूपले अवतार लिएका छन् ॥४१॥ श्रीशुकदेव भन्दछन्—हे राजन् ! ऋषिगणका वचन सुनेर महामना वसुदेवले उनलाई न्युरेर प्रणाम गरे र ती सबैलाई प्रसन्न पार्दै आफ्ना ऋत्विक् तुल्याए ॥ ४२ ॥ हे राजन् ! धर्मपूर्वक वरण गरिएका ती ऋत्विक्‌हरूले त्यो पवित्र प्रभास क्षेत्रमा महामना वसुदेवजीले उत्तम सामग्री युक्त अनेक यज्ञहरूद्वारा नारायण भगवान्‌को पूजन गराए ॥ ४३ ॥ हे राजन् ! यौटा यज्ञमा जब वसुदेवले यज्ञको दीक्षा लिएपछि राम्ररी स्नान गरेर राम्रा वस्त्र र घाँटीमा कमलको माला लगाई सबै यादवगण तथा वस्त्रालङ्कारहरूले विभूषित सबै राजा तथा उत्तम वस्त्र, चन्दनादि अङ्गराज र घाँटीमा पदक धारण गरेका प्रसन्नवदना महारानीहरू हातमा अनेक प्रकारका सामग्री लिई यज्ञशालमा प्रविष्ट भइन् ॥४४॥४५॥ अनि मृदङ्ग, पटह, शङ्ख,

तेत् ॥ ३९ ॥ त्वं त्वद्य मुक्तो द्वाभ्यां वै ऋषिपित्रोर्महामते ॥ यज्ञैर्देवर्णमुन्मुच्य निरृणोऽशरणो भव ॥ ४० ॥ वसुदेव भवान्नूनं भक्त्या परमया हरिम् ॥ जगतामीश्वरं प्रार्चः स यद्वां पुत्रतां गतः ॥ ४१ ॥ श्रीशुक उवाच ॥ इति तद्वचनं श्रुत्वा वसुदेवो महामनाः ॥ तानृषीनृत्विजो वव्रे मूर्ध्नाऽऽनम्य प्रसाद्य च ॥ ४२ ॥ त एनमृषयो राजन्वृता धर्मेण धार्मिकम् ॥ तस्मिन्नयाजन्क्षेत्रे मखैरुत्तमकल्पकैः ॥ ४३ ॥ तद्दीक्षायां प्रवृत्तायां वृष्णयः पुष्करस्रजः ॥ स्नाताः सुवाससो राजन्राजानः सुष्ठ्वलंकृताः ॥ ४४ ॥ तन्महिष्यश्च मुदिता निष्ककण्ठ्यः सुवाससः ॥ दीक्षाशालामुपाजग्मुरालिप्ता वस्तुपाणयः ॥४५॥ नेदुर्मृदङ्गपटहशङ्खभेर्यानकादयः ॥ ननृतुर्नटनर्तक्यस्तुष्टुवुः सूतमागधाः ॥ जगुः सुकण्ठ्यो गन्धर्व्यः सङ्गीतं सहभर्तृकाः ॥ ४६ ॥ तमभ्यषिञ्चन्विधिवदक्तमभ्यक्तमृत्विजः ॥ पत्नीभिरष्टादशभिः सोमराजमिवोडुभिः ॥ ४७ ॥ ताभिर्दुकूलवलयैर्हारनूपुरकुण्डलैः ॥ स्वलंकृताभिर्विबभौ दीक्षितोऽजिनसंवृतः ॥ ४८ ॥ तस्यर्त्विजो महाराज रत्नकौशेयवाससः ॥ ससदस्या विरेजुस्ते यथा वृत्रहणोऽध्वरे ॥ ४९ ॥ तदा रामश्च कृष्णश्च स्वैः स्वैर्बन्धुभिरन्वितौ ॥ रेजतुः स्वसुतैर्दारैर्जीवेशौ स्वविभूतिभिः ॥ ५० ॥ ईजेऽनुयज्ञं विधिना अग्निहोत्रादिलक्षणैः ॥

भेरी र आनक आदि बाजा बज्न लागे, नट र नर्तकीहरू नाच्न लागे। सूत र मागध स्तुति-गान गर्नलागे र आफ्नाफ्ना पतिसहित सुन्दर स्वर हुने गन्धर्वका पत्नीहरू गान गर्नलागे। ॥४६॥ शरीरमा बेसार, तेल आदि अनेक थरिका बुकुवा लगाएका वसुदेवका ऋत्विज् जनले तिनका देवकी आदि अठार पट्टरानीहरूका साथै उसै गरी महाभिषेकको विधिले अभिषेक गराए, जसरी पूर्वकालमा नक्षत्र समेत चन्द्रमाको अभिषेक भएको थियो ॥ ४७ ॥ त्यस बेला यज्ञको दीक्षा ग्रहण गरेका हुनाले कृष्णमृगचर्मले आवृत्त वसुदेव राम्रा सारी, कङ्कण, हार, नूपुर र कुण्डलादि आभूषणले राम्ररी अलंकृत आफ्ना पत्नीहरूसहित अत्यन्त शोभित भए ॥४८॥ हे महाराज ! वसुदेवका ऋत्विक् तथा सदस्यगण रत्न जडित आभूषणहरू र रेशमी वस्त्र पहिरेर यस्ता सुशोभित भए—जस्तै पूर्वकालमा इन्द्र यज्ञमा शोभायमान भएका थिए ॥ ४९ ॥ त्यस बेला आफ्ना बन्धुहरूका साथै राम र कृष्ण आफ्ना अंशरूप छोरा र स्त्रीहरूसहित जीव र ईश्वर झैं देखिए ॥५०॥ फेरि वसुदेवले अग्निहोत्रादि स्वरूप अर्थात् अग्निष्टोम, दर्श तथा पौर्णमास आदि प्राकृत यज्ञ तथा सौरमन्त्रादि वैकृत यज्ञहरू द्वारा द्रव्य,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञ र क्रियाका अधिपति विष्णु भगवान्‌को पूजा गरे ॥ ५१ ॥ उनले वेलामा वस्त्रालङ्कारले सुसज्जित ब्राह्मणहरूलाई शास्त्राज्ञानुसार बहुमूल्य दक्षिणा, गाई पृथ्वी र राम्रा-राम्रा
कन्या दान गरे ॥ ५२ ॥ अनि ती महर्षीहरूले पत्नी सहित अवभृथ स्नानका सबै कृत्य गराए र यजमानलाई अघि लगाएर परशुरामले रचेका कुण्डमा स्नान गर्न लगाए ॥ ५२ ॥
स्नान गरिसकेपछि वसुदेव र तिनका पत्नीले वन्दीजनहरूलाई अनेक थरिका अलङ्कार र वस्त्रादि दिए र स्वयं पनि अनेक थरिका राम्रा वस्त्रालङ्कार धारण गरेर वसुदेवले सबै वर्ण र
श्वानपर्यन्त समस्त जीवलाई भोजन दिएर तृप्त पारे ॥ ५४ ॥ आफ्ना बन्धुगण, तिनका स्त्री-पुत्र तथा विदर्भ, कौशल, कुरु, काशी, केकय तथा सृञ्जय आदि देशका राजाहरू, सदस्य-
गण, ऋत्विज, देवता, मनुष्य, भूत, पितर तथा चारणादिलाई प्रचुर सामग्री दिई विदा गरे । ती पनि भगवान् लक्ष्मीपतिसित आज्ञा लिएर यज्ञको प्रशंसा गर्दै आफ्ना-आफ्ना घर गए
॥५५॥५६॥ उता धृतराष्ट्र, विदुर, कुन्तीका सबै छोरा युधिष्ठिर, भीम, अर्जुन, नकुल, सहदेव तथा भीष्म, द्रोणा कृप, नारद, भगवान् व्यासदेव तथा अन्य सुहृद्-सम्बन्धी र बान्धव-

प्राकृतैर्वैकृतैर्यज्ञैर्द्रव्यज्ञानक्रियेश्वरम् ॥ ५१ ॥ अथर्त्विग्भ्योऽददात्काले यथाऽऽम्नातं स दक्षिणाः ॥ स्वलंकृतेभ्योऽलङ्कृत्य गोभूकन्या महाधनाः
॥५२॥ पत्नीसंयाजावभृथ्यैश्चरित्वा ते महर्षयः ॥ सस्नू रामह्रदे विप्रा यजमानपुरःसराः ॥ ५३ ॥ स्नातोऽलङ्कारवासांसि बन्दिभ्योऽदात्तथा स्त्रियः ॥
ततः स्वलङ्कृतो वर्णानाश्वभ्योऽन्नेन पूजयत् ॥ ५४ ॥ बन्धून्सदारान्ससुतान्पारिबर्हेण भूयसा ॥ विदर्भकोसलकुरून्काशिकेकयसृञ्जयान् ॥ ५५ ॥
सदस्यर्त्विक्सुरगणान्नृभूतपितृचारणान् ॥ श्रीनिकेतमनुज्ञाप्य शंसन्तः प्रययुः क्रतुम् ॥ ५६ ॥ धृतराष्ट्रोऽनुजः पार्था भीष्मो द्रोणः पृथा यमौ ॥
नारदो भगवान्व्यासः सुहृत्सम्बन्धिबान्धवाः ॥ ५७ ॥ बन्धून्परिष्वज्य यदून्सौहृदाक्लिन्नचेतसः ॥ ययुर्विरहकृच्छ्रेण स्वदेशाँश्चापरे जनाः ॥ ५८ ॥
नन्दस्तु सह गोपालैर्बृहत्या पूजयाऽर्चितः ॥ कृष्णरामोग्रसेनाद्यैर्न्यवात्सीद्बन्धुवत्सलः ॥ ५९ ॥ वसुदेवोऽञ्जसोत्तीर्य मनोरथमहार्णवम् ॥ सुहृद्वृतः
प्रीतमना नन्दमाह करे स्पृशन् ॥ ६० ॥ वसुदेव उवाच ॥ भ्रातरीशकृतः पाशो नृणां यः स्नेहसंज्ञितः ॥ तं दुस्त्यजमहं मन्ये शूराणामपि योगिनाम्
॥६१॥ अस्मास्वप्रतिकल्पेयं यत्कृताऽज्ञेषु सत्तमैः ॥ मैत्र्यर्पिताऽफला वापि न निवर्तेत कर्हिचित् ॥ ६२ ॥ प्रागकल्पाच्च कुशलं भ्रातरो नाचरा-
मपि ॥ अधुना श्रीमदान्धाक्षा न पश्यामः पुरः सतः ॥ ६३ ॥ मा राज्यश्रीरभूत्पुंसः श्रेयस्कामस्य मानद ॥ स्वजनानुत बन्धून्वा न पश्यति

हरूले आफ्ना बन्धु यादवहरूलाई स्नेहार्द्र चित्तले आलिंगन गरे र तिनका विरह-व्यथाले आकुल भएर ती बडो कष्टले आफ्नू-आफ्नू देश फर्किए ॥ ५७ ॥ ५८ ॥ ती सुहृद् यादवप्रति
अत्यन्त प्रेम हुनाले गोपाल सहित नन्दजी, भगवान् कृष्ण, बलराम तथा उग्रसेन आदि यादवद्वारा विविध सामग्रीहरूले सत्कृत भई केही दिन त्यहीं निवास गरे ॥ ५९ ॥ अनि,
वसुदेवले सजिलैसित यज्ञ विषयक मनोरथरूपी समुद्रबाट पारी तरी आफ्ना बन्धुका साथै प्रसन्न मनले नन्दजीको हात समातेर भने ॥ ६० ॥ वसुदेवले भने—हे नन्दजी ! भगवान्‌ले
बनाएका मनुष्यको स्नेहपाश त्याग्नु म शूरवीर योगीहरूका निम्ति पनि कठिन मान्छु ॥ ६१ ॥ किनकि हामी अज्ञमाथि साधुशिरोमणि तिमीले जुन उपकार गरेका छौ, त्यसको
यद्यपि हामीले कुनै माटो फेर्न सकेनौं तापनि यो प्रेम-बन्धन कहिल्यै चुँडिने छैन ॥ ६२ ॥ हे भाई ! पहिले त हामी बन्दीगृहमा थुनिएर असमर्थ थियौं । अतः तिम्रो कुनै पनि उपकार

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न सकेनौं अब हाम्रा नेत्र श्रीमदले अति अन्धा भएका छन् कि हामी आफ्नू सामुन्ने उपस्थित भएर पनि तिमीलाई देखिरहेका छैनौं ॥ ६३ ॥ हे सम्मान दिने मित्र ! कल्याण कामी पुरुषलाई भगवान् कहिल्यै राज्यलक्ष्मी नदेउन्, किनकि त्यसद्वारा अन्धो भएको पुरुष आफ्ना अनुगामी बन्धुहरूलाई पनि देख्दैन ॥६४॥ श्रीशुकदेव भन्दछन्—यसरी प्रेमको प्रबलताले गद्गद् भएर वसुदेवजी नन्दजीको सौहार्द स्मरण गरेर आँखा रसाएर रुन लागे ॥ ६५ ॥ नन्दजी पनि आफ्ना सखाको मन राख्नको निम्ति र श्रीकृष्ण तथा बलरामको स्नेहवश यादवहरूसित सम्मानित भएर आज-भोलि गर्दागर्दै त्यहाँ तीन महीना बसे ॥६६॥ अनि नन्दजी गाई र गोपबान्धवहरू समेत बहुमूल्य वस्त्राभूषण र अनेक थरिका उत्तम भोजन सामग्रीले सत्कृत भई वसुदेव, उग्रसेन, कृष्ण र उद्धवादि द्वारा प्राप्त उपहारहरू ग्रहण गरेर सबैसित सादर बिदा भई आफ्नू घर हिंडे ॥ ६७ ॥ ६८ ॥ त्यस बखत नन्दजी र सबै गोपगण तथा गोपिनीहरू भगवान् कृष्णका चरणकमलमा लागेका मन त्यहाँबाट तान्न असमर्थ भएर नै मथुरा फर्के ॥ ६९ ॥ यसरी सबै बन्धुगण बिदा भएपछि—जसका कृष्ण नै एकमात्र

ययाऽन्धदृक् ॥ ६४ ॥ श्रीशुक उवाच ॥ एवं सौहृदशैथिल्यचित्त आनकदुन्दुभिः ॥ रुरोद तत्कृतां मैत्रीं स्मरन्नश्रुविलोचनः ॥ ६५ ॥ नन्दस्तु सख्युः प्रियकृत्प्रेम्णा गोविन्दरामयोः ॥ अद्य श्व इति मासाँन्यदुभिर्मानितोऽवसत् ॥ ६६ ॥ ततः कामैः पूर्यमाणः सव्रजः सहबान्धवः ॥ परार्ध्याभरणक्षौमनानाऽनर्घ्यपरिच्छदैः ॥ ६७ ॥ वसुदेवोग्रसेनाभ्यां कृष्णोद्धवबलादिभिः ॥ दत्तमादाय पारिबर्हं यापितो यदुभिर्ययौ ॥ ६८ ॥ नन्दो गोपाश्च गोप्यश्च गोविन्दचरणाम्बुजे ॥ मनः क्षिप्तं पुनर्हर्तुमनीशा मथुरां ययुः ॥ ६९ ॥ बन्धुषु प्रतियातेषु वृष्णयः कृष्णदेवताः ॥ वीक्ष्य प्रावृष-मासन्नां ययुर्द्वारवतीं पुनः ॥ ७० ॥ जनेभ्यः कथयाञ्चक्रुर्यदुदेवमहोत्सवम् ॥ यदासीत्तीर्थयात्रायां सुहृत्सन्दर्शनादिकम् ॥ ७१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे तीर्थयात्रानुवर्णनं नाम चतुरशीतितमोऽध्यायः ॥ ८४ ॥

श्रीबादरायणिरुवाच ॥ अथैकदात्मजौ प्राप्तौ कृतपादाभिवन्दनौ ॥ वसुदेवोऽभिनन्द्याह प्रीत्या सङ्कर्षणाच्युतौ ॥ १ ॥ मुनीनां स वचः श्रुत्वा पुत्रयोर्धामसूचकम् ॥ तद्वीर्यैर्जातविश्रम्भः परिभाष्याभ्यभाषत ॥ २ ॥ कृष्ण कृष्ण महायोगिन्सङ्कर्षण सनातन ॥ जाने वामस्य यत्साक्षात्प्रधानपुरुषौ

इष्टदेव थिए ती यादव पनि वर्षाकाल नगीचै आएको देखेर द्वारकापुरी फर्किए ॥ ७० ॥ द्वारका पुगेर तिनले सबैलाई वसुदेवको यज्ञोत्सव र तीर्थयात्रामा बन्धुगणको दर्शन-मिलनको वृत्तान्त सुनाए ॥ ७१ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायां चतुरशीतितमोऽध्यायः ॥ ८४ ॥

(वसुदेवको सर्वत्र भगवद्दृष्टि हुनु र भगवान् द्वारा परलोकबाट आफ्नी आमालाई उनको मरेका छोरा ल्याएर दिनु)—शुकदेवजी भन्दछन्—हे राजन ! एक दिनको कुरा हो वसुदेवले आफ्ना पुत्र बलराम र कृष्णले प्रणाम गरेपछि तिनलाई मनले आशीर्वाद दिएर केही भन्ने विचार गरे ॥ १ ॥ मुनिजनका मुखबाट आफ्ना छोराको प्रभाव सूचित गर्ने *उपदेश सुनेर तथा तिनको पराक्रम देखेर वसुदेवलाई तिनको ईश्वरतामा विश्वास भइसकेको थियो । अतः तिनले राम-कृष्णलाई सम्बोधित गरेर विनययुक्त स्वरमा भने—॥२॥

* उपदेश (परिस्थितमा विचार गर) मनुष्य पापलाई यो पाप हो भन्ने जान्दाजान्दै पनि पाप गर्दछ भने त्यसले त्यो पाप भन्नुमात्र हो—यथार्थमा पाप भन्ने बुझिरहेको छैन । शंखिया खाएले मानिस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'हे कृष्ण ! हे महायोगिन् ! हे सङ्कर्षण ! हे सनातन ! तिमी दुर्बलाई म जगत्का कारणस्वरूप प्रधान पुरुषका पनि कारण मान्दछु ॥३॥ संसारका जहाँ, जसद्वारा, जोसित, जसको जेको निम्ति, जुन जुन जसरी र जुन-जुन वेला जे-जे हुन्छ, तिनको प्रधान पुरुष र साक्षात् प्रभु एकमात्र हजुर नै हुनुहुन्छ ॥ ४ ॥ अतः हे अधोक्षज ! हे आत्मन् ! आफूद्वारा रचिएको यस विविध प्रकारको जग मा तिमी आफ्नू चेतनस्वरूपले प्रविष्ट भएर यसलाई जन्मादि विकार रहित तथा प्राणरूपले धारण गर्दछौं ॥५॥ यस जगत्लाई उत्पन्न गर्न प्राणादिमा जुन शक्ति रहन्छन्, तिनका कारणरूप परमात्मा तिमी नै हौ, किनकि ती अचेतन हुनाले र चेतन परमात्मा समान नहुनाले परतन्त्र छन् । संसारमा अचेतन प्राणी परमात्माको नै प्रेरणाले

परौ ॥ ३ ॥ यत्र येन यतो यस्य यस्मै यद्यद्यथा यदा ॥ स्यादिदं भगवान्साक्षात्प्रधानपुरुषेश्वरः ॥४॥ एतन्नानाविधं विश्वमात्मसृष्टमधोक्षज ॥ आत्मनाऽनुप्रविश्यात्मन्प्राणो जीवो बिभर्ष्यजः ॥५॥ प्राणादीनां विश्वसृजां शक्तयो याः परस्यताः ॥ पारतन्त्र्याद्वैसादृश्याद्द्वयोश्चेष्टैव चेष्टताम् ॥६॥ कान्तिस्तेजः प्रभा सत्ता चन्द्राग्न्यर्कर्क्षविद्युताम् ॥ यत्स्थैर्यं भूभृतां भूमेर्वृत्तिर्गन्धोऽर्थतो भवान् ॥ ७ ॥ तर्पणं प्राणनमपां देवत्वं ताश्च तद्रसः ॥ ओजः सहो बलं चेष्टा गतिर्वायोस्तवेश्वर ॥ ८ ॥ दिशां त्वमवकाशोऽसि दिशः खं स्फोट आश्रयः ॥ नादो वर्णस्त्वमोङ्कार आकृतीनां पृथक् कृतिः॥९॥ इन्द्रियं

चेष्टा गर्दछन् । अतः ती उनका चेष्टामात्र हुन् । तिनमा शक्ति परमेश्वरको नै रहन्छ ॥६॥ चन्द्रमाको कान्ति, अग्निको तेज, सूर्यको प्रभा, बिजुलीको सत्ता अर्थात् स्फुरण मात्र अस्ति व, पर्वतको स्थिरता र पृथ्वीको धारणशक्तिरूपिणी वृत्ति र गन्धगुण—यी सबै वस्तुतः हजुर नै हुनुहुन्छ ॥ ७ ॥ हे ईश्वर ! जलमा तृप्त पार्ने र जीवित राख्ने शक्ति एवं त्यसको देवत्व र रसगुण, वायुमा क्रियाशक्ति, गति र त्यसबाट हुने इन्द्रियबल, मनोबल र शारीरिक बल पनि हजुर नैं हुनुहुन्छ ॥ ८ ॥ दिशाहरूको अवकाश र दिशा पनि तिमी नै हौ । आकाश र

मर्दछ, यो पक्का विश्वास जसलाई हुन्छ, त्यो राम्रा देखिने मीठा लड्डूहरूमा पनि शंखियाको सन्देह भएपछि त्यो खान सक्तैन, किनकि उसले ठान्दछ-यो खाएँ भने मर्दछु । अथवा त्यो यति धर्ता उन्मत्त भइसकेको छ कि न ति-नजातिको ज्ञान हराइसकेको छ, अथवा उसको पापमा पाप बुद्धि छँदैछैन, केवल दम्भले तिनलाई पाप मन्दछ र परिस्थितिको निहुँ गरेर युक्तिवाद द्वारा आफ्नू दुर्बलतालाई कर्तव्य ठहराई उसैको समर्थन गर्दछ । धेरै पल्ट राम्रोको वेषमा नराम्रो आइलाग्छ, धर्मको नाममा अधर्म आउँछ र कर्तव्यको स्वरूप धारण गरेर नितान्त अकर्तव्य आइपुग्दछ । यस्तो अवस्थामा मनुष्य ती शास्त्रीय शब्द वा लोकोक्तिहरूको, जुन अवस्था-विशेषका निम्ति कर्तव्य हुन्छ, त्यसैको भरमा परेर अधर्म वा अकर्तव्यलाई खुशीले स्वीकार गर्दछ । जस्तै-(१) झूठो बोल्ने व्यापारी भन्दछ—व्यापारमा झूठो मिसिएको सत्य नभई काम चल्न सक्तैन । 'सत्यानृतं तु वाणिज्यम्' मनुको कथन छ । महाभारतादिको अनुसार-व्यापार-विवाह आदिमा झूठो बोल्नु अपराध मानिएको छैन । (२) परिवारमा मोहासक्ति राख्ने व्यक्ति विचार गर्दछ—भगवान्ले यिनीहरूलाई मेरो हातमा सुम्पेका छन्, अतः यिनको भरण-पोषण गर्नु मेरो धर्म हो । भरतजीले पनि यहीं गरेका थिए । (३) अल्छी भन्दछ—'अजगर करे न चाकरी पंछी करे न काम । दास मलूका कह गए सब के दाता राम । (४) भक्त बनेर पूजा गराउने भन्दछ—गुरु गोविन्द दोनो खड़े काके लागूँ पाँय । बलिहारी गुरुदेवकी गोविंन्द दियो मिलाय । (५) कठोर वचन बोल्ने भन्दछ—बुरे लगे हितके वचन हिये विचारे आप । कडवी भेषज बिनु पिए मिटे न तनको ताप ॥ (६) सन्त बनेर आफ्नू पूजा गराउने व्यक्ति रामचन्द्रका वचनको प्रमाण दिन्छ—'मो से अधिक सन्त करि लेखे । (७) चोर भन्दछ—श्रीकृष्णले स्वयं नौनी चोरेका थिए, त्यसैले उनलाई 'चौराग्रगण्य' भन्दछन् । ( ) जुआरी भन्दछ—'द्यूतं छलयतामस्मि' गीताको वचनानुसार जूआ भगवान्कै स्वरूप हो । (९) जँड्याहा र मांसाहारी मनुष्य प्रमाण दिन्छन्—न मांस भक्षणे दोषो न मद्ये न च मैथुने । अर्थात् न मासु खानमा दोष छ, न रक्सीमा तथा मैथुनमा । (१०) स्त्री र सेवकमा अत्याचार गर्ने व्यक्ति सारा दोष तुलसीदासको टाउकोमा राखेर भन्दछन् - ढोल गँवार शूद्र पशु नारी । ये सब ताडन के अधिकारी । (११) क्रोधी भन्दछ—साँच कहुँ होकर निडर कोई हो नाराज । मैंने तो सीखा यही साँच बोलिवे गाज ॥ (१२) माता पितालाई हेलाँ गरेर आफ्नू भनाईको समर्थन गर्ने भन्दछ—जाके प्रिय न राम वैदेही, तजिये ताहि कोटि वैरी सम जद्यपि परम सनेही ॥ (१३) झूठो आश्वासन दिने विचार गर्दछ—केही न केही भन्नु मात्र त हो नि, दिने होइन—'वचने का दरिद्रता ।' (१४) स-साना कुरामा हप्काउने भन्दछ—'सर्तले टोकेन भने 'पर्वा ···।' पनि नगरोस् ।' (१६) लोभवश झगडा गर्ने

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको आश्रय शब्द तथा नाद (परा), वर्ण (पश्यन्ती), ओङ्कार (मध्यमा) र वर्णहरूको विभाजन गर्ने (वैखरी) वाणी पनि हजुर नै हुनुहुन्छ ॥९॥ इन्द्रिय र त्यसका विषय-प्रकाशिनी शक्ति तथा तिनका अधिष्ठाता देवता हजुर नै हुनुपर्दछ । हजुर नै बुद्धिकी निश्चयात्मिका शक्ति र जीवको शुद्ध स्मृति हो ॥ १० ॥ प्राणिहरूको कारणरूप तामस अहङ्कार, उनका कारण राजस अहङ्कार, इन्द्रियमा अधिष्ठाता, देवतामा तिनका कारण स्वरूप सात्विक अहङ्कार र जीवको आवागमनको कारणरूपिणी माया पनि हजुर नै हुनुहुन्छ ॥ ११ ॥ जस्तै-मृत्तिका आदि द्रव्यका विकाररूप घट आदिमा मृत्तिका सधैं वर्तमान रहन्छ, त्यस्तै उपर्युक्त नश्वर पदार्थमा तिनका कारणरूपी अविनाशी तथा नित्यसत्य स्वरूपले हजुरनै सदा

त्वमिन्द्रियाणां त्वं देवश्च तदनुग्रहः ॥ अवबोधो भवान्बुद्धेर्जीवस्यानुस्मृतिः सती ॥ १० ॥ भूतानामसि भूतादिरिन्द्रियाणां च तैजसः ॥ वैकारिको विकल्पानां प्रधानमनुशायिनाम् ॥११॥नश्वरेष्विव भावेषु तदसि त्वमनश्वरम् ॥ यथा द्रव्यविकारेषु द्रव्यमात्रं निरूपितम् ॥१२॥ सत्त्वं रजस्तम इति गुणास्तद्वृत्तयश्च याः ॥ त्वय्यद्धा ब्रह्मणि परे कल्पिता योगमायया ॥१३॥ तस्मान्न सन्त्यमी भावा यर्हि त्वयि विकल्पिताः ॥ तं चामीषुविकारेषु ह्यन्य-दव्यावहारिकः ॥ १४ ॥ गुणप्रवाह एतस्मिन्नबुधास्त्वखिलात्मनः ॥ गतिं सूक्ष्मामबोधेन संसरन्तीह कर्मभिः ॥ १५ ॥ यदृच्छया नृतां प्राप्य सुकल्पामिह दुर्लभाम् ॥ स्वार्थे प्रमत्तस्य वयो गतं त्वन्माययेश्वर ॥ १६ ॥ असावहं ममैवैते देहे चास्यान्वयादिषु ॥ स्नेहपाशैर्निबध्नाति भवान्स-

विद्यमान हुनुहुन्छ ॥१२॥ सत्व, रज, तम-यी तीनै गुण तथा तिनका वृत्ति एवं महत्तत्त्वादि हजुर परब्रह्ममा योगमायाद्वारा कल्पित छन् । १३॥ अतएव ती सबै भावविकार हजुरमा वास्तविक होइनन् । जब हजुरमा यिनको कल्पना हुन्छ, तब हजुरनै यी विकारमा कारणरूपले अनुगत प्रतीत हुनुहुन्छ । कालान्तरमा निर्विकल्प रूपले एकमात्र हजुर नै शेष रहनु हुन्छ ॥१४॥ यस गुण प्रवाहरूपी जगत्मा हजुर सर्वात्माका सूक्ष्म गतिलाई नजान्नाले अज्ञानी जन आफ्ना कर्मानुसार जन्म-मरणरूपी संसारमा गाडिन्छन् ॥१५॥ हे ईश्वर ! मलाई भाग्यवश

दाजू भाई कौरव र पाण्डवको उदाहरण उपस्थित गर्दछन् ! (१७) अर्काको दोष र निन्दा गर्ने व्यक्ति प्रमाण दिन्छन्-वैद्यले रोग चिन्दैन र चिन्देर पनि भनिदिँदैन भने त्यो चिकित्सा धर्मबाट च्युत हुन्छ र रोगीको प्राण जान्छ । अझ भन्दछन्-यदि हामी कसैको दोष नदेखौं एवं त्यसको विषयमा बताएर सावधान नपारौं तब कसरी तिनको नराम्रो बानी छुट्दछ र कसरी मानिस त्यस दोषबाट बाँचिन्छन् । (१८) वर्णाश्रमानुकूल धर्म, सन्ध्या वन्दनादि त्याग्ने व्यक्ति आफूलाई प्रेमी घोषित गरेर भन्दछन्-'सुन भाई ! यी सबै त उनको निम्ति हुन्, जसले प्रेमको मुख देखेका छैनन् । प्रेम राज्यमा यिनको के काम ? ती नारायण स्वामीको यो दोहा सुनाउँछन्—'तब लौं यह फाँसी गले, वरनाश्रम व्रत नेम । नारायण जब लौ नहीं मुख दिखालावें प्रेम । धर्म-धैर्य संयम-नियम सोच विचार अनेक । नारायण प्रेमी निकट, इनमें रहे न एक । (१९) कर्तव्य कर्मको त्याग गर्ने व्यक्ति आफूलाई ज्ञानी मानेर भगवान्का वचन सुनाउँछ-यस्त्वात्मरतिरेवस्यादात्म तृप्तश्च मानवः । आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते । अर्थात् जसको आत्मामै तृप्ति छ र आत्मामै सन्तुष्ट छ, त्यसको निम्ति कुनै कर्तव्य कर्म छैन । (२०) आहार विहारमा पशुवत् व्यवहार गर्ने गीताका श्लोक सुनाउउँछ-विद्या विनय सम्पन्ने ब्राह्मणे गवि हस्तिनि । शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥ विद्या-विनय सम्पन्न ब्राह्मण, चाण्डाल, गाई, हात्ती, र कुकुर यी सबैमा ज्ञानी पुरुष समदर्शी हुन्छन् । यसै गरी अरु पनि अनेक थरिका उदाहरण हुन्छन्-नजाति वा नराम्रा कुराको समर्थन गर्नका लागि । वस्तुतः यो ती सद्विचार र सद्युक्तिहरूको भीषण दुरुपयोग र अनर्थ हो, जुन मूर्खता वा दम्भले आफ्नू दुर्बलता लुकाउनको निम्ति प्रयोग गरिन्छ । अतः आफ्नू हृदयलाई छामेर हेर्नुहवस्-त्यसमा लुकेकी कुनै यस्तो दोष त छैन—जुन युक्तिवादले परिस्थितिको निहुँ पारेर तपाईलाई भुलयाउँछ । फेरि यो धर्मको रक्षा-सेवक छ र भगवान्को पवित्र बाटोमा हिड्नु नै यो जीवनको परम कर्तव्य ठान्दछ, त्यसको निम्ति त खुला बाटो छ, त्यहाँ कुनै 'किन्तु-परन्तु' भन्ने स्थान नै छैन । त्यो त यस्तो कुयै पनि कर्म, कुनै पनि हेतुले गर्दैन, जुन अधर्ममा गनिन्छ र भगवानको पवित्र पथबाट खसाल्ने होस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियादिको सामर्थ्यले युक्त दुर्लभ मानव शरीर पाइयो, तर हजुरकी मायाको वशीभूत भएर आफ्नू मुख्य पदार्थबाट असावधान रहनाले आयुष्य व्यर्थ बितेर जान्छ ॥ १६ ॥ आफ्नू देहमा 'म हुँ' र देहका सम्बन्धीहरूमा 'यी मेरा हुन्' यस प्रकारका अभिमानरूपी स्नेहपाशले हजुरले सारा जगत्लाई बाँध्नुभएको छ ॥ १७ ॥ हजुर दुवै मेरा पुत्र होइनौं। बरू सारा जगत्का कारण, प्रधान र पुरुषका पनि अधीश्वर हुनुहुन्छ। 'मैले पृथ्वीका सारस्वरूप राजाहरूलाई मार्नको निम्ति नै अवतार लिएको हुँ' यस्तो पहिल्यै भन्नुभएको छ ॥१८॥ हे दीनबन्धो ! अब म शरणागतलाई संसारको भयबाट मुक्त पार्ने हजुरका चरणको शरणमा छु। यो इन्द्रियलोलुपताबाट म अघाएँ। यसैले गर्दा मलाई यो मरणशील शरीरमा आत्मबुद्धि तथा हजुर परमात्मामा पुत्रबुद्धि उत्पन्न भएको थियो ॥ १९ ॥ अजन्मा भएर पनि हजुरले स्वरचित धर्मको रक्षाका लागि युग-युगमा हामीकहाँ अवतार लिनुभएको छ। यो कुरा सूतिकागृहमै भन्नुभएको थियो। हजुर आकाश झैं अनेक देह धारण गरेर त्यागिरँदिनु हुन्छ। हे उरुगाय ! हजुरकी विभूति स्वरूपिणी मायालाई कसले जान्न सक्छ ?' ॥ २० ॥

वमिदं जगत् ॥ १७ ॥ युवां न नः सुतौ साक्षात्प्रधानपुरुषेश्वरौ ॥ भूभारक्षत्रक्षपण अवतीर्णौ तथाऽऽत्थ ह ॥ १८ ॥ तत्ते गतोऽस्म्यरणमद्य पदारविन्दमापन्नसंसृतिभयापहमार्तबन्धो ॥ एतावताऽलमलमिन्द्रियलालसेन मर्त्यात्मदृक् त्वयि परे यदपत्यबुद्धिः ॥ १९ ॥ सूतीगृ ननु जगाद भवानजो नौ संजज्ञ इत्यनुयुगं निजधर्मगुप्त्यै ॥ नानातनूर्गगनवद्विदधज्जहासि को वेद भूम्न उरुगायविभूतिमायाम् ॥ २० ॥ श्रीशुक उवाच ॥ आकर्ण्येत्थं पितुर्वाक्यं भगवान्सात्वतर्षभः ॥ प्रत्याह प्रश्रयानम्रः प्रहसन्श्लक्ष्णया गिरा ॥ २१ ॥ श्रीभगवानुवाच ॥ वचो वः समवेतार्थं तातैतदुपमन्महे ॥ यन्नः पुत्रान्समुद्दिश्य तत्त्वग्राम उदाहृतः ॥ २२ ॥ अहं यूयमसावार्य इमे च द्वारकौकसः ॥ सर्वेऽप्येवं यदुश्रेष्ठ विमृश्याः सचराचरम् ॥ २३ ॥ आत्मा ह्येकः स्वयंज्योतिर्नित्योऽन्यो निर्गुणो गुणैः ॥ आत्मसृष्टैस्तत्कृतेषु भूतेषु बहुधेयते ॥ २४ ॥ खं वायुर्ज्योतिरापो भूस्तत्कृतेषु यथाशयम् ॥ आविस्तिरोऽल्पभूर्येको नानात्वं यात्यसावपि ॥ २५ ॥ श्रीशुक उवाच ॥ एवं भगवता राजन्वसुदेव उदाहृतः ॥ श्रुत्वा विसृष्टनानाधीस्तूष्णीं प्रीतमना अभूत् ॥ २६ ॥ अथ तत्र कुरुश्रेष्ठ देवकी सर्वदेवता ॥ श्रुत्वाऽऽनीतं गुरोः पुत्रमात्मजाभ्यां सुविस्मिता ॥ २७ ॥ कृष्णरामौ

श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् । आफ्ना पिताको वचन सुनेर यदुश्रेष्ठ श्रीकृष्णले नम्रता पूर्वक हाँस्तै मधुरवाणीमा भन्नुभयो ॥ २१ ॥ श्रीभगवान भन्नहुन्छ—हे पिताजी ! हजुरले हामी छोरालाई जे तत्त्वोपदेश दिनुभतो, यो हामीलाई हजुरको भनाई, युक्तिसंगत लाग्दैछ ॥ २२ ॥ हे यदुश्रेष्ठ ! म, हजुर बलरामजी र सबै द्वारका निवासी समेत सबै चराचर जीव भगवत्स्वरूप नै हुन्—यस्तो जान्नोस् ॥ २३ ॥ जस्तै—वायु, आकाश, जल, अग्नि र पृथिवी—यी पञ्चमहाभूत आफ्ना कार्य हाटादिमा सानू-ठूलो, एक र अनेक जस्तै प्रती. हुन्छन, त्यस्तै नै स्वयं प्रकाश, नित्य र निर्गुण आत्मा पनि स्वरचित महत्तत्वादि गुण द्वारा तिनको कार्यरूप मनुष्यादि शरीरमा एक भए पनि अनेक र अनेकवत् भासमान हुन्छ ॥ २४ ॥ २५ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! भगवान्ले यति भनेपछि उनले बताएका एकताको निरूपण सुन्नाले भेदबुद्धि नष्ट भयो र वसुदेवजी अतिशय प्रसन्न भई मौन भए ॥ २६ ॥ हे कुरुश्रेष्ठ ! एक दिन सर्वदेवमयी देवकीलाई यो सुनेर विस्मय भयो—मेरा पुत्र कृष्ण-बलराम आफ्ना गुरु सान्दीपनिका मरेका पुत्रलाई परलोकबाट ल्याएका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए ॥ २७ ॥ अतः ती कंसका हातबाट मारिएका आफ्ना छोराहरूको स्मरण गरेर चिन्तित भइन् र अत्यन्त विह्वल भावले आँखामा आँसु भरेर राम-कृष्ण दुवैलाई सम्बोधन गरेर भनिन् ॥ २८ ॥ देवकी भन्दछिन्––हे राम ! हे अप्रमेयात्मन् ! हे योगेश्वर ! हे राम ! हे कृष्ण ! म जान्दछु तिमी प्रजापतिहरूका पति र आदिपुरुष साक्षात् नारायण हौ ॥ २९ ॥ कालक्रमले जुन राजाहरूको पुरुषार्थ क्षीण भएको छ, जो शास्त्र–मार्गको उल्लंघन गरेर हिंड्दछन् र जो भूमिको निम्ति भारस्वरूप हुन, ती राजाको नाश गर्न तिमी दुवै मेरो गर्भबाट उत्पन्न भएका छौ ॥ ३० ॥ हे विश्वात्मन् ! हे आद्य ! तिमी मायारूपी अंशाशले उत्पन्न गुणको लेश मात्रले जगत्‌को उत्पत्ति र लयादि हुन्छन् । म तिम्रो शरणमा छु ॥ ३१ ॥ मैले सुनेकी छु–तिम्रा गुरु सान्दीपनिले जब तिमीसित आफ्ना धेरै पहिले मरेका छोरा ल्याउन भने तव तिमी दुवैले गुरुदक्षिणास्वरूप त्यस बालकलाई यमराज कहाँबाट ल्याएर दिएका थियौ ॥ ३२ ॥ हे योगेश्वर ! गुरुजीको जस्तै तिमी मेरो इच्छा पनि पूर्ण पार । म पापी कंसद्वारा मारिएका आफ्ना पुत्रहरूलाई हेर्न चाहन्छु तिमी उनलाई

समाश्राव्य पुत्रान्कंसविहिंसितान् ॥ स्मरन्ती कृपणं प्राह वैक्लव्यादश्रुलोचना ॥ २८ ॥ देवक्युवाच ॥ राम रामाप्रमेयात्मन्कृष्ण योगेश्वरेश्वर ॥
वेदाहं वां विश्वसृजामीश्वरावादिपूरुषौ ॥ २९ ॥ कालविध्वस्तसत्त्वानां राज्ञामुच्छास्त्रवर्तिनाम् ॥ भूमेर्भारायमाणानामवतीर्णौ किलाद्य मे ॥ ३० ॥
यस्यांशांशभागेन विश्वोत्पत्तिलयोदयाः ॥ भवन्ति किल विश्वात्मंस्तं त्वाद्याहं गतिं गता ॥ ३१ ॥ चिरान्मृतसुतादाने गुरुणा किल चोदितौ ॥
आनिन्यथुः पितृस्थानाद्गुरवे गुरुदक्षिणाम् ॥ ३२ ॥ तथा मे कुरुतं कामं युवां योगेश्वरेश्वरौ ॥ भोजराजहतान्पुत्रान्कामये द्रष्टुमाहृतान् ॥३३॥
ऋषिरुवाच ॥ एवं सञ्चोदितौ मात्रा रामः कृष्णश्च भारत ॥ सुतलं संविविशतुर्योगमायामुपाश्रितौ ॥ ३४ ॥ तस्मिन्प्रविष्टावुपलभ्य दैत्यराड्
विश्वात्मदैवं सुतरां तथात्मनः ॥ तद्दर्शनाह्लादपरिप्लुताशयः सद्यः समुत्थाय ननाम सान्वयः ॥ ३५ ॥ तयोः समानीय वरासनं मुदा निविष्ट-
योस्तत्र महात्मनोस्तयोः ॥ दधार पादाववनिज्य तज्जलं सवृन्द आब्रह्म पुनद्यदम्बु ह ॥ ३६ ॥ समर्हयामास स तौ विभूतिभिर्महार्हवस्त्रा-
भरणानुलेपनैः ॥ ताम्बूलदीपामृतभक्षणादिभिः स्वगोत्रवित्तात्मसमर्पणेन च ॥ ३७ ॥ स इन्द्रसेनो भगवत्पदाम्बुजं बिभ्रन्मुहुः प्रेमविभिन्नया
धिया ॥ उवाच हानन्दजलाकुलेक्षणः प्रहृष्टरोमा नृप गद्गदाक्षरम् ॥ ३८ ॥ बलिरुवाच ॥ नमोऽनन्ताय बृहते नमः कृष्णाय वेधसे ॥ सांख्य-

ल्याऊ ॥ ३३ ॥ श्री शुकदेव भन्दछन्–हे भारत ! यस प्रकार आमाले भनेपछि भगवान् राम र कृष्ण योगमायाको आश्रय लिएर सुतललोकमा गए ॥ ३४ ॥ जगत्‌का आत्मा परमदेव तथा आफ्ना इष्टदेव ती बलराम र कृष्णलाई सुतललोकमा आएका देखेर दैत्यराज बलिले उनको दर्शनले आनन्दमा निमग्न भएर तत्काल आफ्ना कुटुम्बसहित सादर उठी प्रणाम गरे ॥ ३५ ॥ अनि प्रसन्न चित्तले उनलाई उत्तम आसन दिए र जब महात्मा बलराम र कृष्ण सुखपूर्वक बसे तब तिनका चरण पखालेर ब्रह्मालाई समेत पवित्र पार्ने त्यो चरणोदक कुटुम्ब सहित शिरमा लगाए ॥ ३६ ॥ बहुमूल्य वस्त्र, आभूषण, चन्दन, ताम्बूल, धूप-दीप र अमृत समान भोजन आदि सामग्रीले तथा आफ्ना पुत्र-पौत्र, धन र शरीरादिसमेत अर्पण गरेर बलिले उनको पूजन गरे ॥ ३७ ॥ हे राजन् ! राजा बलिले भगवान्‌का चरण-कमललाई प्रेमाकुल चित्तले समाते । उस बेला तिनका नेत्रमा आनन्दाश्रु उर्लेर आए र ती शरीरले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुलकित भएर गद्गद वाणीमा बोले ॥३८॥ बलिले भने–समस्त विश्वलाई आफ्ना फणामा धारण गर्ने बृहत्काय भगवान् अनन्त र निखिल विश्वका रचयिता श्रीकृष्णचन्द्रलाई नमस्कार छ। कपिलरूपले सांख्य र पतञ्जलि रूपले योग शास्त्रको विस्तार गर्ने हजुर ब्रह्मस्वरूप परमात्मालाई नमस्कार छ ॥३९॥ सबै जीवलाई हजुरको दर्शन दुर्लभ छ तापनि यदि हजुरको कृपा भयो भने त्यो पनि सुलभ हुन्छ, अतः कृपा गरेर नै आज हजुरले आफ्नू स्वेच्छाले मजस्तो रजोगुणी तथा तमोगुणविशिष्ट व्यक्तिलाई दर्शन बक्सियो ॥४०॥ हामी तथा हामी जस्तै अन्य दैत्य, दानव गन्धर्व, सिद्ध, विद्याधर, यक्ष, राक्षस, भूत, पिशाच र प्रमथगण आदि विशुद्ध सत्वस्वरूप हजुर देवमूर्तिसित नित्य वैरत्व राख्नु हुन्छ। तिनीमध्ये केही व्यक्ति शत्रुताले, कैयौं भक्तिले र अनेकानेक थरि-थरिका कामनाले ती परम पदमा प्राप्त भएका छन्, जसलाई हजुरका समीपस्थ सत्वप्रधान देवता पनि पाउन सक्तैनन्॥४१-४३॥ हे योगेश्वर! हजुरको योगमाया यही र इनै हुन्, यस विषयमा ठूला-ठूला योगेश्वर पनि जान्दैनन् भने मेरो गणना नै के छ? ॥ ४४ ॥ हे नाथ! अब हजुर यस्तो कृपा गर्नोस्

योगवितानाय ब्रह्मणे परमात्मने ॥ ३९ ॥ दर्शनं त्वां हि भूतानां दुष्प्रापं चाप्यदुर्लभम् ॥ रजस्तमःस्वभावानां यन्नः प्राप्तौ यदृच्छया ॥ ४० ॥ दैत्यदानवगन्धर्वाः सिद्धविद्याध्रचारणाः ॥ यक्षरक्षःपिशाचाश्च भूतप्रमथनायकाः ॥ ४१ ॥ विशुद्धसत्त्वधाम्न्यद्धा त्वयि शास्त्रशरीरिणि ॥ नित्यं निबद्धवैरास्ते वयं चान्ये च तादृशाः ॥ ४२ ॥ केचनोद्बद्धवैरेण भक्त्या केचन कामतः ॥ न तथा सत्त्वसंरब्धाः सन्निकृष्टाः सुरादयः ॥ ४३ ॥ इदमित्थमिति प्रायस्तव योगेश्वरेश्वर ॥ न विदन्त्यपि योगेशा योगमायां कुतो वयम् ॥ ४४ ॥ तन्नः प्रसीद निरपेक्षविमृग्ययुष्मत्पादारविन्द-धिषणान्यगृहान्धकूपात् ॥ निष्क्रम्य विश्वशरणांघ्र्युपलब्धवृत्तिः शान्तो यथैक उत सर्वसखैश्चरामि ॥ ४५ ॥ शाध्यस्मानीशितव्येश निष्पापान्कुरु नः प्रभो ॥ पुमान्यच्छ्रद्धया तिष्ठँश्चोदनाया विमुच्यते ॥ ४६ ॥ श्रीभगवानुवाच ॥ आसन्मरीचेः षट् पुत्रा ऊर्णायां प्रथमेऽन्तरे ॥ देवाः कं जहसुर्वीक्ष्य सुतां यभितुमुद्यतम् ॥ ४७ ॥ तेनासुरीमगन्योनिमधुनाऽवद्यकर्मणा ॥ हिरण्यकशिपोर्जाता नीतास्ते योगमायया ॥ ४८ ॥ देवक्या उदरे जाता राजन्कंसविहिंसिताः ॥ तांश्छोचत्यात्मजान्स्वाँस्त इमेऽध्यासयतेऽन्तिके ॥ ४९ ॥ इत एतान्प्रणेष्यामो मातृशोकापनुत्तये ॥ ततः शापाद्वि-

जसले निरपेक्ष पुरुषहरूले खोज्ने योग्य हजुरका चरणकमलरूपी आश्रय लिएर गृहरूपी अन्धकूपबाट निस्केर जगत्का एकमात्र आश्रय हजुरका चरण-कमलमा अनुरक्त भई म शान्त-भावले एक्लै तथा सबैको सखा साधुजनसित स्वेच्छानुसार डुलौं ॥ ४५ ॥ हे जीवका ईश! हे प्रभो! हजुरले भनेका जुन सदाचारको श्रद्धापूर्वक अवलम्बन गर्नाले पुरुष विधिनिषेध-रूपी बन्धनबाट मुक्त भएर जान्छ, आफ्नू यो आदेश कृपया मलाई पनि आज्ञा हवस् र मलाई निष्पाप तुल्याउनोस् ॥४६॥ भगवान् आज्ञा हुन्छ–प्रथम स्वायम्भुव मन्वन्तरमा मरीचि प्रजापतिकी ऊर्णा नामकी स्त्रीबाट छ पुत्र जन्मेका थिए। ती देवता झैं तेजस्वी ऋषिपुत्र प्रजापति ब्रह्माद्वारा आफ्नी कन्यासित संगम गर्न उद्यत देखेर हाँस्नलागे ॥४७॥ त्यस दुष्कर्मले ब्रह्माजीले तिनलाई श्राप दिए, जसले ती बालक दैत्ययोनिमा प्राप्त भए। पहिले ती हिरण्यकशिपुकहाँ उत्पन्न भए, फेरि योगमायाको प्रेरणाले तिनले देवकीको उदरबाट जन्म लिएर हे राजन्! त्यहाँ ती कंसको हातबाट मारिए। माता देवकी ती बालकाको निम्ति शोकाकुल छन् र ती बालक यस बखत तिमीकहाँ छन् ॥४ ॥४९॥ हामी आमाको शोक निवारण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न तिनलाई यहाँबाट अहिले लैजान्छौं पछि ती आपमुक्त भएर सुखपूर्वक फेरि आफ्नू लोकमा जानेछन् ॥ ५० ॥ मेरो कृपाले स्मर, उद्‌गीथ, परिष्वङ्ग, पतङ्ग, क्षुद्रभृत् र धृणी यी ६ बालक फेरि सद्‌गति प्राप्त गर्नेछन् ॥५१॥ यसरी भनेर ती बालकहरू लिई राम र कृष्ण बलिद्वारा पूजित भई द्वारकापुरी फर्केर आए र माता देवकीलाई ती पुत्र सुम्पिदिए ॥५२॥ तिनलाई देखेर पुत्रस्नेहवश देवकीका स्तनमा दूध उर्लेर आयो र तिनलाई छातीमा टाँसी काखामा लिई ती बारम्बार तिनको शिर सुँघ्न लागिन् ॥ ५३ ॥ फेरि जसद्वारा सारा सृष्टि चल्दछ, त्यस वैष्णवी मायाले मोहित भएर पुत्रहरूको स्पर्शले आनन्दित देवकीले तिनलाई प्रेमपूर्वक स्तनपान गराइन् ।.५४॥ श्रीकृष्णले पिएर रहेको त्यो अमृततुल्य दूध र भगवानूको सम्पर्कले आफ्नू देवता भएको ज्ञान पाएर ती गोविन्द, देवकीजी, वसुदेवजी र बलभद्रलाई नमस्कार गरेर सबैले देख्तादेख्तै देवलोक जाँदा भए ॥ ५५ ॥ ॥ ५६ ॥ हे राजन् ! आफ्ना छोराहरूको आगमन देखेर देवकीलाई ठूलो विस्मय भयो र उनले त्यसलाई भगवान् कृष्णद्वारा रचित अलौकिक माया ठानिन् ॥५७॥ हे भारत ! अनन्त बलशाली

निर्मुक्ता लोकं यास्यन्ति विज्वराः ॥ ५० ॥ स्मरोद्‌गीथः हरिष्वङ्गः पतङ्गः क्षुद्रभृद्‌घृणी ॥ षडिमे मत्प्रसादेन पुनर्यास्यन्ति सद्‌गतिम् ॥ ५१ ॥ इत्युक्त्वा तान्समादाय इन्द्रसेनेन पूजितौ ॥ पुनर्द्वारवतीमेत्य मातुः पुत्रानयच्छताम् ॥ ५२ ॥ तान्दृष्ट्वा बालकान्देवी पुत्रस्नेहस्नुतस्तनी ॥ परिष्वज्याङ्कमारोप्य मूर्ध्न्यजिघ्रदभीक्ष्णशः ॥५३॥ अपाययत्स्तनं प्रीता सुतस्पर्शपरिप्लुता ॥ मोहिता मायया विष्णोर्यया सृष्टिः प्रवर्तते ॥५४॥ पीत्वाऽमृतं पयस्तस्याः पीतशेषं गदाभृतः ॥ नारायणाङ्गसंस्पर्शप्रतिलब्धात्मदर्शनाः ॥५५॥ ते नमस्कृत्य गोविन्दं देवकीं पितरं बलम् ॥ मिषतां सर्वभूतानां ययुर्धाम दिवौकसाम् ॥ ५६ ॥ तं दृष्ट्वा देवकी देवी मृतागमननिर्गमम् ॥ मनःसु विस्मिता मायां कृष्णस्य रचितां नृप ॥ ५७ ॥ एवंविधान्यद्भुतानि कृष्णस्य परमात्मनः ॥ वीर्याण्यनन्तवीर्यस्य सन्त्यनन्तानि भारत ॥ ५८ ॥ सूत उवाच ॥ य इदमनुशृणोति श्रावयेद्वा मुरारेश्चरितममृतकीर्तेर्वर्णितं व्यासपुत्रैः ॥ जगदघभिदलं तद्भक्तसत्कर्णपूरं भगवति कृतचित्तो याति तत्क्षेमधाम ॥ ५९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे मृताग्रजानयनं नाम पञ्चाशीतितमोऽध्यायः ॥ ८५ ॥

राजोवाच ॥ ब्रह्मन्वेदितुमिच्छामः स्वसारं रामकृष्णयोः ॥ यथोपयेमे विजयो या ममासीत्पितामही ॥ १ ॥ श्रीशुक उवाच ॥ अर्जुनस्तीर्थया-

परमात्मा कृष्णका यस्तै अद्भुत र अगणित चरित्र छन् ॥ ५८ ॥ सूतजी भन्दछन्—जो प्राणी व्यासतनय भगवान् शुकदेव द्वारा वर्णित तथा संसारका पापलाई नष्ट पार्ने र भगवद्भक्तका कर्णपुटलाई आनन्दित पार्ने अमर कीर्ति भगवान् कृष्णको यस अद्भुत चरित्रलाई बाम्बार सुन्दछ अथवा भन्दछ, त्या अन्त्य समय भगवान्मा चित्त लगाएर तिनको कल्याणमय परमधाममा पुग्दछ ॥५९॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां पञ्चाशीतितमोऽध्यायः ॥८५॥

(अर्जुन द्वारा सुभद्रा हरण र श्रीकृष्ण मिथिला पुरीमा गई राजा जनक र श्रुतदेवसित भेट्नु)—यति कथा सुनेर परीक्षितले सोधे—हे ब्रह्मन् ! राम-कृष्णकी बहिनी तथा मेरी पितामही सुभद्र सित विजयले कसरी विवाह गरे ? यो प्रसङ्ग जान्ने इच्छा गर्दछु ॥१ शुकदेव भन्नुहुन्छ—हे राजन् ! एकपल्ट शत्रुको दमन गनमा समर्थ महावीर पार्थ तीर्थयात्राको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डुल्दै प्रभास क्षेत्रमा पुगे। त्यहाँ पुगेपछि उनले सुने—मेरो मामाकी पुत्री सुभद्रालाई बलराम दुर्योधनलाई दिने इच्छा गर्दैछन् तर अरु सबै जना यसमा सहमत छैनन्। उसै बेला सुभद्रालाई प्राप्त गर्ने इच्छाले त्रिदण्डी संन्यासीको रूप धारण गरेर अर्जुन द्वारकापुरी पुगे ॥२॥३॥ आफ्नू प्रयोजन सिद्ध पार्न ती चार महीनासम्म त्यहीं बसे। पुरवासीहरू र तिनले बसेको मर्म थाहा नपाउने बलरामले तिनको निकै सम्मान गरे ॥४॥ एक दिन बलरामले उनलाई भोजनको निम्ता दिए र आफ्नै घर ल्याई श्रद्धाले भिक्षान्न पस्के र दण्डीरूपधारी अर्जुनले भोजन गरे ॥५॥ त्यहाँ उनले वीर पुरुषको पनि मन हरण गर्ने यौटी तरुणी कन्या देखेर उनका नेत्र प्रसन्नताले प्रफुल्लित भए र उनले प्रेमभावले क्षुब्ध आफ्नू चित्त उनैमा लगाइदिए ॥६॥ ती कन्याले पनि कामिनीहरूका चित्त चोर्ने वीरवर अर्जुनलाई देखेर उनैलाई आफ्नू पति तुल्याउने इच्छा गरिन्। आफ्ना नेत्र र चित्त उनैमा लगाएर सलज्ज कटाक्ष विक्षेप सहित हाँस्तै ती उनैतिर हेर्न लागिन् ॥७॥ अनि मन-मनै उनकै चिन्तन गर्दै पार्थ तिनलाई हेरेर लैजाने मौका खोज्न लागे। त्यस बेला महाबली कामको वेगले तिनको चित्त

त्रायां पर्यटन्नवनीं प्रभुः ॥ गतः प्रभासमश्रृणोन्मातुलेयीं स आत्मनः॥२॥ दुर्योधनाय रामस्तां दास्यतीति न चापरे ॥ तल्लिप्सुः स यतिर्भूत्वा त्रिदण्डी द्वारकामगात् ॥३॥ तत्र वै वार्षिकान्मासानवात्सीत्स्वार्थसाधकः ॥ पौरैः सभाजितोऽभीक्ष्णं रामेणाजानता च सः ॥४॥ एकदा गृहमानीय आतिथ्येन निमन्त्र्य तम् ॥ श्रद्धयोपाहृतं भैक्ष्यं बलेन बुभुजे किल ॥५॥ सोऽपश्यत्तत्र महतीं कन्यां वीरमनोहराम् ॥ प्रीत्युत्फुल्लेक्षणस्तस्यां भावक्षुब्धं मनो दधे ॥६॥ सापि तं चकमे वीक्ष्य नारीणां हृदयङ्गमम् ॥ हसन्तीं व्रीडितापाङ्गी तन्न्यस्तहृदयेक्षणा ॥७॥ तां परं समनुध्यायन्नन्तरं प्रेप्सुरर्जुनः ॥ न लेभे शं भ्रमच्चित्तः कामेनातिबलीयसा ॥ ८ ॥ महत्यां देवयात्रायां रथस्थां दुर्गनिर्गताम् ॥ जहारानुमतः पित्रोः कृष्णस्य च महारथः ॥६॥ रथस्थो धनुरादाय शूरांश्चारुन्धतो भटान् ॥ विद्राव्य क्रोशतां स्वानां स्वभागं मृगराडिव ॥१०॥ तच्छ्रुत्वा क्षुभितो रामः पर्वणीव महार्णवः ॥ गृहीतपादः कृष्णेन सुहृद्भिश्चान्वशाम्यत ॥ ११ ॥ प्राहिणोत्पारिबर्हाणि वरवध्वोर्मुदा बलः ॥ महाधनोपस्करेभरथाश्वनरयोषितः ॥ १२ ॥ श्रीशुक उवाच ॥ कृष्णस्यासीद् द्विजश्रेष्ठ श्रुतदेव इति श्रुतः ॥ कृष्णैकभक्त्या पूर्णार्थः शान्तः कविरलम्पटः ॥ १३ ॥ स उवास विदेहेषु मिथिलायां गृहाश्रमी ॥ अनीहया

भ्रान्त भयो र बलरामको उचित सत्कारले पनि तिनलाई शान्ति मिलेन ॥८॥ एक दिन जब ती राजकुमारी देवयात्रा-महोत्सव हेर्न रथमा बसेर दुर्गबाट बाहिर निस्किन् तब तिनका माता-पिता र श्रीकृष्णको अनुमतिले महारथी किरीटिले सुभद्रालाई हरेर लगे ॥९॥ जति शूरवीर सैनिक छेक्न आए, सबैलाई रथारूढ धनञ्जयले आफ्नू गाण्डीव धनुष देखाई भगाइदिए। सबै जनाले रुलु-कराउनु गर्दा पनि उनलाई त्यसै गरी हरेरे लगे जसरी सिंह आफ्नू भाग हरेर लैजान्छ ॥१०॥ यो समचार सुनेर बलराम पूर्णिमामा उर्लने समुद्र झैं क्षुब्ध भए, तर श्रीकृष्ण तथा अन्य सुहृद्गणले पाउ समातेर शान्तिले बुझाएपछि बल्ल-बल्ल शान्त भए ॥११॥ अनि बलराम प्रसन्न भएर वर-वधूका निम्ति धन, सामग्री, घोडा, रथ, दास-दासीहरू दाइजोमा दिए ॥१२॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन्! श्रुतदेव नामका यौटा श्रेष्ठ ब्राह्मण भगवान् कृष्णका भक्त थिए। श्रीकृष्णको भक्तिले ती पूर्णकाम, शान्त, विषयको आशाले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहित र आसक्ति हीन थिए ॥ १३ ॥ ती विदेह जनकको मिथिलापुरीमा बस्तथे। गृहस्थ भएर पनि उद्योग नगरेरै जो मिल्दथ्यो उसैमा आफ्नू जीवन यापन गर्दथे ॥ १४ ॥
भाग्यवश तिनलाई दिनहुँ शरीरयात्रा गर्ने जति नै धन मिल्दथ्यो त्यो भन्दा बर्ताहोइन। ती त्यतिमै सन्तुष्ट रहन्थे ॥ १५ ॥ हे तात ! उनै जस्ता भक्त त्यस देशका राजा बहुलाश्व
 पनि थिए। मैथिल वंशमा उत्पन्न ती अहङ्कार हीन राजा थिए। ती दुवै श्रीकृष्ण भगवान्‌का प्रिय भक्त थिए। एक पल्ट दुवै माथि भगवान् श्रीहरि प्रसन्न भए र दारुक सारथी
द्वारा ल्याइएको रथमा बसेर अनेक मुनिजनका साथै विदेह देश गए ॥ १६ ॥ १७ ॥विज्ञ ऋषिहरूमा नारद, वामदेव, अत्रि, वेदव्यास, परशुराम, असित, आरुण, म अर्थात्
 शुकदेव, बृहस्पति, कण्व, मैत्रेग र च्यवन आदि थिए ॥ १८ ॥ हे राजन् ! बाटोमा ती जहाँ जहाँ पुग्दथे, त्यहींका नागरिक हातमा पूजाको सामग्री लिई यसरी उपस्थित हुन्थे जस्तै

गताहार्यनिर्वर्तितनिजक्रियः ॥ १४ ॥ यात्रामात्रं त्वहरहर्दैवादुपनमत्युत ॥ नाधिकं तावता तुष्टः क्रियाश्चक्रे यथोचिताः ॥ १५ ॥ तथा तद्राष्ट्र-
पालोऽङ्ग बहुलाश्व इति श्रुतः मैथिलो निरहम्मान उभावप्यच्युतप्रियौ ॥ १६ ॥ तयोः प्रसन्नो भगवान्दारुकेणाहृतं रथम् ॥ आरुह्य साकं
मुनिभिर्विदेहान्प्रययौ प्रभुः ॥ १७ ॥ नारदो वामदेवोऽत्रिः कृष्णो रामोऽसितोऽरुणिः ॥ अहं बृहस्पतिः कण्वो मैत्रेयश्च्यवनादयः ॥१८॥ तत्र
तत्र तमायान्तं पौरा जानपदा नृप ॥ उपतस्थु सार्घहस्ता ग्रहैः सूर्यमिवोदितम् ॥ १९ ॥ आनर्तधन्वकुरुजाङ्गलकङ्कमत्स्यपाञ्चालकुन्तिमधुकेक-
यकोसलार्णाः ॥ अन्ये च तन्मुखसरोजमुदारहासस्निग्धेक्षणं नृप पपुर्दृशिभिर्नृनार्यः ॥ २० ॥ तेभ्यः स्ववीक्षणविनष्टतमिस्रदृग्भ्यः क्षेमं त्रिलोक-
गुरुरर्थदृशं च यच्छन् ॥ शृण्वन्दिगन्तधवलं स्वयशोऽशुभघ्नं गीतं सुरैर्नृभिरगाच्छनकैर्विदेहान् ॥ २१ ॥ तेऽच्युतं प्राप्तमाकर्ण्य पौरा जानपदा
नृप ॥ अभीयुर्मुदितास्तस्मै गृहीतार्हणपाणयः ॥ २२ ॥ दृष्ट्वा त उत्तमश्लोकं प्रीत्युत्फुल्लाननाशयाः ॥ कैर्धृताञ्जलिभिर्नेमुः श्रुतपूर्वांस्तथा मुनीन्
॥ २३ ॥ स्वानुग्रहाय सम्प्राप्तं मन्वानौ तं जगद्गुरुम् ॥ मैथिलः श्रुतदेवश्च पादयोः पेततुः प्रभोः ॥ २४ ॥ न्यमन्त्रयेतां दाशार्हमातिथ्येन

कोसल तथा अर्ण आदि अन्य देशका पनि नर-नारी आफ्ना नेत्रले उनको उदार हास्य एवं मनोहर सौन्दर्ययुक्त मुख कमलको शोभा पान गरे ॥ २० । उनको दर्शनले जस-जसका
अज्ञान-दृष्टि नष्ट भएका थिए, ती सबैलाई आफ्नू कृपादृष्टिले अभयदान तथा तत्वज्ञान दिंदै त्रिलोक-वन्दनीय भगवान् श्रीकृष्ण बाटोमा देवता र मनुष्यहरू द्वारा गाइएको, दिशाहरू-
लाई प्रकाशित पार्ने आफ्नू पापनाशक सुयश सुन्दै विस्तार-विस्तार विदेहदेशमा पुगे ॥ २१ ॥ हे राजन् ! भगवान् कृष्णचन्द्रको आगमन सुनेर त्यहाँका सबै पुरवासी तथा देशवासी
आफ्ना हातमा पूजा-साग्री लिई प्रसन्नताले उनको सामु आए ॥ २२ ॥ पुण्यकीर्ति भगवान श्रीकृष्णचन्द्र तथा जसको विषयमा पहिल्यै सुनिसकेका थिए ती नारदादि मुनीश्वरलाई
सबैले प्रसन्न मन तथा हर्षित हृदयले शिरमा दुवै हात लगी अभिवादन गरे। अखिल विश्वका गुरु भगवान् श्रीकृष्णलाई आफूमाथि अनुग्रह गर्न आएका भन्ने जानेर मिथिला-नरेश
बहुलाश्व र श्रुतदेव ब्राह्मण दुवै गएर प्रभुका चरणमा लुटपुटिए ॥ २३ ॥ २४ ॥ महाराज बहुलाश्व तथा श्रुतदेव दुवैले मुनीश्वर समेत भगवान् श्रीकृष्णचन्द्रलाई आतिथ्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रहण गर्नको लागि हात जोरेर साथै निमन्त्रित गरे ॥ २५ ॥ भगवान्ले ती दुवैको प्रार्थना स्वीकार गरेर दुवैको प्रिय गर्नका लागि, ती दुवैले थाहै नपाई—अर्थात् प्रभु अन्यको घर पनि गइरहेका छन् भन्ने नजानी मुनिगण समेत दुइ रूप धारण गरेर ती दुवैका घर गए ॥ २६ ॥ बढेको भक्ति र हृदयोल्लासले गर्दा नेत्रमा जल भरेर महाराज जनकले दुराचारी पुरुषले जसको नाम सुन्न पनि कठिन थियो, आफ्नू घर आएका ती भगवान् कृष्ण र मुनीश्वरहरू सुखपूर्वक राम्रा आसनमा बसिसकेपछि आफ्ना कुटुम्बसहित राजाले

सह द्विजैः ॥ मैथिलः श्रुतदेवश्च युगपत्संहताञ्जली ॥ २५ ॥ भगवांस्तदभिप्रेत्य द्वयोः प्रियचिकीर्षया ॥ उभयोराविशद्गेहमुभाभ्यां तदलक्षितः ॥ २६ ॥ श्रोतुमप्यसतां दूराज्जनकः स्वगृहागतान् ॥ आनीतेष्वासनाग्र्येषु सुखासीनान्महामनाः ॥ २७ ॥ प्रवृद्धभक्त्या उद्धर्षहृदयास्रावृलेक्षणः ॥ नत्वा तदङ्घ्रीन्प्रक्षाल्य तदपो लोकपावनीः ॥ २८ ॥ सकुटुम्बोऽवहन्मूर्ध्ना पूजयाञ्चक्र ईश्वरान् ॥ गन्धमाल्याम्बराकल्पधूपदीपार्घगोवृषैः ॥ २९ ॥

प्रणाम गरे । उनका पाउ धोएर चरणोदक शिरमा चढाए, अनि ती सबैको चन्दन, माला, वस्त्र, अलङ्कार, धूप-दीप, अर्घ्य, गाई तथा गोरू आदि अर्पण गरेर राम्ररी पूजा गरे ॥ २७॥२८ ॥ अन्नादिले तृप्त ती ब्राह्मणहरूलाई मीठो वाणीले तृप्त पारेर आफ्नू काखामा राखेका भगवान कृष्णका चरण कमललाई* विस्तार-विस्तार मिच्तै राजा बहुलाश्वले

---

* दृष्टान्त (अपूर्व आत्मसमर्पण)—दक्षिण भारतको यौटा सानू ग्रामको यौटा सानै कोठामा अण्डीको तेलको बत्ती जलिरहेछ । कोठाको कच्चा आँगन र माटोको भित्ता गोबरले पोतेको स्वच्छ र राम्रो देखिइरहेछ । एक कुनामा अलिकति माटो छ, अर्कोतिर पानीको गाग्रो राखेको छ । अर्को कुनामा यौटा जाँतो, माटोका केही भाँडा र यौटा सानु खाट छ । बत्तीको नगीचै कुशासनमा यौटा पण्डितजी बसेका छन् । नगीचै माटोको मसिपात्र छ र हातमा कलम लिई केही लेखिरहेका छन् । वर-पर केही पुस्तक छन् । नगीचै पुस्तकहरू बाँध्ने बेठन छ । पण्डितजी ठूलो एकाग्रताले लेख्दैछन् । बीच-बीचमा वर-पर राखिएका पुस्तकमा पल्टाइ-पल्टाइ पढ्दछन् र त्यसलाई राखेर आँखा चिम्लन्छन् । एकछिनसम्म गहीरो विचार गरेपछि फेरि लेख्न थाल्दछन् । त्यतिमै बत्तीको तेल सकिएर बत्तीमा फूल जम्यो र प्रकाश मन्द भयो । उसैवेला यौटी प्रौढा स्त्री आएर बत्तीमा तेल थपेर फूल झारिदिन लागिन् । त्यो गर्दा संयोगले बत्ती निम्यो । अन्धकारमा पण्डितजीको हात थामियो । स्त्री बत्ती बालेर तुरुन्त बाहिर निस्कन लागेकी थिइन तर पण्डितजीले देखेर छक्क पर्दै सोधे-'देवी ! तिमी को हौ ?' 'हजुर आफ्नू काम गर्नुहवस् । बत्ती निभेर हजुरको काममा बाधा परेको हुनाले यस कामको निम्ति म अपराधिनी हुँ । यति कुरा जाँदा-जाँदै तिनले भनिन् । पण्डिजीले फेरि भने—'पर्खनोस् र तपाई को हुनुहुन्छ र यहाँ किन आउनुभयो ?' स्त्रीले भनिन्- महाराज ! हजुरको काममा विघ्न परिहेको छ, यसको निम्ति क्षमा गर्नुहोला ।' यति सुन्नासाथ पण्डितजीले हातको पन्ना राखिदिए र कलम पनि राखे—मानो उनलाई जीवनको कुनै नयाँ तत्व प्राप्त नएको होस् । ती निकै आतुरताले बोले-होइन, तपाईं आफ्नू परिचय दिनोस् । जबसम्म परिचय दिनुहुन्न म आफ्नू काम थाल्दिन ।' स्त्रीका आँखा न्यूरिए र बिनम्र भावले भनिन्—'प्राणनाथ ! म हजुरकी परिणीता पत्नी हुँ । मलाई 'तपाईं' भनेर पाप नबोकाउनोस् ।' पण्डितजीले छक्क परेर भने-'हँ, मेरी पत्नी ! मेरो विवाह कहिले भएको ?' स्त्रीले भनिन्—'झण्डै पचास वर्ष भयो होला, त्यसै बेलादेखि दासी हजुरका चरणमै छु ।' पण्डितजीले भने—'तिमी यति वर्षदेखि मसित बसेकी छौ, मलाई आजसम्म यसको ज्ञान किन भएन ?' स्त्रीले भनिन्—'प्राणनाथ ! हजुरले विवाह-मण्डपमा दाहिने हातले मेरो बायाँ हात समाउनुभएको थियो र हजुरको बायाँ हातमा पुस्तकको पत्र थियो । विवाहभयो तर हजुर यस पुस्तकमै संलग्न रहनु भयो । त्यसै वेलादेखि यी पुस्तकका पात नित्यसाथी भएका छन् । पण्डितजीले भने-'पचास वर्षको लामो समय तिमीले कसरी बित यौ ? म तिम्रो पति हुँ भन्ने कुरा यो भन्दा पहिले नै मलाई किन भनिनौ ?' स्त्रीले उत्तर दिइन्—'प्राणेश्वर ! हजुर दिन-रात आफ्नू काममा लागिरहनु हुन्थ्यो र म आफ्नू काममा । मलाई यसैमा सुख प्राप्त हुन्थ्यो—हजुरको कार्य निर्विघ्न चलिरहेको छ । आज बत्ती निभ्नाले बाधा आयो । यसैले नै यो प्रसङ्ग पनि आयो ।' पण्डितजी—'तिमी दिनहु के गरिरहन्थ्यौ ?' स्त्री—'नाथ ! अरु के गर्नें ? सकेजति स्वामीको काम निर्विघ्न राख्ने प्रयत्न गर्दथें बिहान हजुर भन्दा पहिल्यै उठेर बिस्तार-बिस्तार निदाएपछि म सबै पुस्तक पात्रा बाँधेर ठेगानमा राखी हजुरको शिरमुनि एक तकिया राखिदिएर हजुरका पाऊ मिच्तै त्यहीं चरणनेर निदाउँथें ।' पण्डितजी—'मैले त तिमीलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतिशय प्रसन्न चित्त भएर मिथिलेश महाराज बहुलाश्व भन्दछन्—हे विभो ! हजुर सबै प्राणीका आत्मा, साक्षी र स्वयंप्रकाश ब्रह्म हुनुहुन्छ । यसै कारण हजुर यहाँआएर आफ्ना चरणको

वाचा मधुरया प्रीणन्निदमाहान्नतर्पितान् ॥ पादावङ्कगतौ विष्णोः संस्पृञ्छनकैर्मुदा ॥ ३० ॥ राजोवाच ॥ भवान्हि सर्वभूतानामात्मा साक्षी स्वदृग्विभो ॥ अथ नस्त्वत्पदाम्भोजं स्मरतां दर्शनं गतः ॥ ३१ ॥ स्ववचस्तदृतं कर्तुमस्मद्दृग्गोचरो भवान् ॥ यदात्थैकान्तभक्तान्मे नानन्तः

चिन्तन गर्ने हामीलाई दर्शन बक्सियो ॥ २९-३१ ॥ हजुरले जो आज्ञा भएको थियो—'मलाई आफ्ना भक्तभन्दा प्रिय बलरामजी, लक्ष्मी र लोकपाल ब्रह्माजी पनि छैनन्' आफ्नू

कहिल्यै देखिन ।' स्त्री—'देख्नु केवल आँखाले मात्र हुन्छ र ? त्यसको निम्ति मन चाहिन्छ । दृष्टिसित मन छैन भने यी चक्षुगोलक कसरी कसैलाई देख्न सक्तछन् ? वस्तु सामुन्ने भए पनि देखिन्न । हजुरको मन निरन्तर तल्लीन रहन्छ अध्ययन, विचार र लेखनमा । अनि मलाई कसरी देख्नु हुन्थ्यो ?' पण्डितजी—'उसो भए हाम्रो खान-पिनको व्यवस्था कसरी हुन्छ ?' स्त्री—'दिउँसो अवकाशको मौकामा वर-परका केटीहरूलाई हस्त कला र गानविद्या सिकाउदछु ती सबै आफ्नाआफ्ना घरबाट चामल, दाल, गहुँ आदि ल्याइदिन्छन्, त्यसैले निर्वाह भइरहेको छ ।' यति सुनेर पण्डितजीको हृदय पग्लियो ती ठिङ्ग उभिए र गद्गद कण्ठलेभने—'तिम्रो नाम के हो देवी !' स्त्रीले भनिन्—'भामती !' उनले भने—'भामती, भामती ! मलाई क्षमा गर । पचास वर्षसम्म नबोलेर तिम्रो सेवा ग्रहण गर्ने र सेविकातिर एकफ्लट हेर्नेसम्म शिष्टता नगर्ने यस पापीलाई क्षमा गर ।' यति भनेर पण्डितजी भामतीका पाउमा पर्न आँटे । भामतीले पछि सरेर नम्रतासाथ भनिन्—'देव ! हजुर यसरी भनेर मलाई पापग्रस्त नपार्नोस् । हजुरले मतिर दृष्टिपात भए, आज म मनुष्य नभएर विषय-विमुग्ध पशु हुने थिएँ । हजुरले मलाई पशु आहार हुनबाट जोगाएर मनुष्य नै रहन दिनु भयो; यो मेरो अहोभाग्य हो ! कुनै अर्को घरमा विवाह भएको भए म संसारी प्रपञ्चमा कति गाडिने थिएँ र सुँगुर-कुकुर झैं कति वंश वृद्धि हुने थियो ! हजुरको तपश्चर्याले म पवित्र भएँ । यो सबै हजुरकै प्रताप र प्रसाद हो । हजुर कृपा गरेर आफ्नू अध्ययन, लेखनमा लाग्नोस् र मलाई बिर्सिदिनोस् ।' यति भनेर ती जान लागिन् । पण्डितजी कराए—'भामती ! पर्ख, मेरो कुरा सुन । भामती—'नाथ ! हजुर आफ्नी जीवनसंगिनी साधनालाई बिर्सेर किन मोहको खाडलमा पर्नुहुन्छ र मलाई पनि किन पापपङ्कमा बल्झाउनु हुन्छ !' पण्डितजी कराए—'भामती ! म तिमीलाई पाप-पङ्कमा अल्झाउन खोजिरहेको छैन । म त आफ्नू निम्ति विचार गर्दैछु—म पापगर्तमा परेको छु कि कुनै अग्लोमा छु । भामती—'नाथ ! हजुर त देवता हुनुहुन्छ । हजुरले लेख्नु हुन्छ त्यसले जगत्को उपकार हुनेछ ।' पण्डितजी—'भामती ! मेरो कुरा पत्याउ । भगवान् व्यासले धेरै वर्ष तपस्या गरेर यस ग्रन्थको रचना गरे र मैले जीवनभरि यसको पठन र मनन गरें परन्तु तिमी विश्वास गर, यति भन्दा-भन्दै पण्डितजी फेरि उनका पाउमा घूरन लागे । भामतीले उनलाई उठाएर विनम्रभावमा भनिन्—'पतिदेव ! हजुर यो के गर्दै हुनुहुन्छ ? मैले त आफ्नो जीवनमा हजुरको सेवा बाहेक केही इच्छा नै गरिन । बरु हजुरले मजस्वी नारीलाई यस्तो सेवाको अवसर दिनु भयो । यो हजुरको ममाथि ठूलो उपकार हो । आजसम्म म प्रतिदिन हजुरका चरणमा सुखपूर्वक सुतिरहेकी छु । यिनै चरणमा यसै गरी सुतेर चिरनिद्रामा पुगे भने मेरो भाग्य खुल्नेछ ।' पण्डितजी—'भामतीदेवी ! सुन, मैले आफ्नू सारा जीवन यी पानाहरू लेख्नमै बिताइदिएँ । तर तिमीले मसित जस्तो जीवन बितायौ, त्यसको सामु मलाई आफ्नू जीवन अत्यन्त क्षुद्र र नगण्य प्रतीत भइरहेको छ । मलाई यस ग्रन्थको एकेक पातामा, एकेक पंक्तिमा र अक्षर-अक्षरमा तिम्रो जीवन देखिइरहेछ । अतः जगत्मा यो ग्रन्थ अब तिम्रो नै नामले प्रसिद्ध हुनेछ । तिमीले मेरो निम्ति जुन अपूर्व त्याग गरेकी छौ, त्यसको चिरस्मृतिका लागि मेरो यो अनुरोध स्वीकार गर ?' स्त्री—'प्रभो ! हजुर यस्तो गर्नुहवस् कि यो अतुलनीय आत्मत्यागको सामुन्ने म जस्ती क्षुद्र नारीलाई संसारले बिर्सिदेओस् । हजुर आफ्नू काममा लाग्नु हवस् देव ! यति भनेर भामती जान लागिन् । पण्डितजी—'तिमीलाई जहाँ जाने इच्छा छ जाऊ । तर अब म जीवित एवं मूर्तिमान् वेदान्तको मृत शवको स्पर्श गर्न खोज्दिन ।' यति भनेर पण्डितजीले पुस्तक पोको पारे । पण्डितजी द्वारा रचित त्यो महान् ग्रन्थ आज पनि वेदान्तको यौटा अप्रतिम रत्न मानिन्छ । त्यस ग्रन्थको नाम हो—ब्रह्मसूत्रको व्याख्या 'भामती' र त्यसका लेखक हुन्—पण्डित वाचस्पति मिश्र ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस वाक्यलाई सत्य पार्नको निम्ति नै आज हजुर दृष्टिगोचर हुनु भएको छ ॥३२॥ हजुरको विषयमा यो कुरा निश्चितरूपले जान्ने यस्ता कुन पुरुष छ, जो यी चरणकमलाई बिर्सला ! हजुर निष्किञ्चन र शान्त मुनीश्वरहरूलाई आफ्नू स्वरूपसम्म सुम्पिदिनु हुन्छ । हजुरले यदुवंशमा अवतार लिएर जन्म-मरणरूपी संसार-चक्रमा प्राणिहरूको ताप-पाप शान्त पार्नको निम्ति नै त्रिलोकको पाप नष्ट पार्ने आफ्नू सुयश फिंजाउनु भएको छ। अकुण्ठ-बुद्धि तथा शान्त भावले तपस्या गर्ने ऋषिवर नारायणस्वरूप हजुर भगवान् कृष्णलाई मेरो नमस्कार छ ॥ ३३-३५ ॥ हे भूमन् ! हजुर, यी द्विजहरूका साथैं केही दिन हाम्रो घरमा बसिदिनोस् र आफ्ना चरणरजले यो निमिकुललाई पवित्र पार्नोस् ॥ ३६ ॥ यसरी राजा बहुलाश्वले प्रार्थना गरेपछि लोकपालक भगवान् कृष्ण मिथिलापुरीका नर-नारीहरूको कल्याण गर्दै केही दिन त्यहीं बस्नुभयो ॥३७॥ यता भगवद्भक्त विप्र श्रुतदेव आफ्नू घर आएका श्रीकृष्ण र मुनीश्वरहरूलाई नमस्कार गरेर हर्षले आफ्ना लुगा उफार्दै गद्गद् भावले नाच्न लागे ॥ ३८ ॥ पीढा र कुशासनमा सबैलाई बसाली स्वागत-प्रश्नादिले तिनको अभिनन्दन

श्रीरजः प्रियः ॥ ३२ ॥ को नु त्वच्चरणाम्भोजमेवंविद्विसृजेत्पुमान् ॥ निष्किञ्चनानां शान्तानां मुनीनां यस्त्वमात्मदः ॥ ३३ ॥ योऽवतीर्य यदो- र्वंशे नृणां संसरतामिह ॥ यशो वितेने तच्छान्त्यै त्रैलोक्यवृजिनापहम् ॥ ३४ ॥ नमस्तुभ्यं भगवते कृष्णायाकुण्ठमेधसे ॥ नारायणाय ऋषये सुशान्तं तप ईयुषे ॥ ३५ ॥ दिनानि कतिचिद्भूमन्गृहान्नो निवस द्विजैः ॥ समेतः पादरजसा पुनीहीदं निमेः कुलम् ॥ ३६ ॥ इत्युपामन्त्रितो राज्ञा भगवाँल्लोकभावनः ॥ उवास कुर्वन्कल्याणं मिथिलानरयोषिताम् ॥ ३७ ॥ श्रुतदेवोऽच्युतं प्राप्तं स्वगृहाञ्जनको यथा ॥ नत्वा मुनीन्सुसहृष्टो धुन्वन्वासो ननर्त ह ॥ ३८ ॥ तृणपीठबृसीष्वेतानानीतेषूपवेश्य सः ॥ स्वागतेनाभिनन्द्याङ्घ्रीन्सभार्योऽवनिजे मुदा ॥ ३९ ॥ तदम्भसा महाभाग आत्मानं जगृहान्वयम् ॥ स्नापयाञ्चक्र उद्धर्षो लब्धसर्वमनोरथः ॥ ४० ॥ फलार्हणोशीरशिवामृताम्बुभिर्मृदा सुरभ्या तुलसीकुशाम्बुजैः ॥ आरा- धयामास यथोपपन्नया सपर्यया सत्त्वविवर्धनान्धसा ॥ ४१ ॥ स तर्कयामास कुतो ममान्वभूद्गृहान्धकूपे पतितस्य सङ्गमः ॥ यः सर्वतीर्थास्पदपाद- रेणुभिः कृष्णेन चास्यात्मनिकेतभूसुरैः ॥ ४२ ॥ सूपविष्टान्कृतातिथ्याञ्छ्रुतदेव उपस्थितः ॥ सभार्यः स्वजनापत्य उवाचाङ्घ्र्यभिमर्शनः ॥ ४३ ॥ श्रुतदेव उवाच ॥ नाद्य नो दर्शनं प्राप्तः परं परमपूरुषः ॥ यर्हीदं शक्तिभिः सृष्ट्वा प्रविष्टो ह्यात्मसत्तया ॥ ४४ ॥ यथा शयानः पुरुषो मनसैवात्ममा-

गर्दै आफ्नो भार्यासहित तिनले हर्षपूर्वक तिनका पाउ पखाले ॥ ३९ ॥ कुटुम्बसहित महाभाग श्रुतदेवले त्यो चरणोदक आफ्नू शिरमा चढाए । भगवान्‌को चरणस्पर्शले तिनलाई अपार हर्ष भयो र तत्काल उनका सबै मनोरथ पूर्ण भए ॥ ४० ॥ अनि फल, गन्ध, पुष्पादि पूजाको सामग्री, खस (उशिर) मिसाएको मीठो जल, कस्तुरी, तुलसी, कुश, कमल तथा सहजै प्राप्त पूजाका सामग्री एवं सात्त्विक अन्नले तिनको पूजा गरे ॥ ४१ ॥ उनले विचार गरे—गृहरूपी अन्धकूपमा परेको म अभागीलाई श्रीकृष्ण तथा जसका चरणरज सबै तीर्थका आश्रय छन् र जो भगवान्‌को भङ्गलमयी मूर्तिका आश्रयस्थान स्वरूप छन्, मलाई ती मुनीश्वरहरूको समागम कसरी प्राप्त भयो ॥ ४२ ॥ आतिथ्य ग्रहण गरेर सुखपूर्वक बसेका ती मुनीश्वरहरूका साथ स्त्री-पुत्रादि सहित उपस्थित भएर श्रुतदेवले तिनको चरण-स्पर्श गरेर भने---॥४३॥ श्रुतदेव भन्दछन्––हे भगवन् ! परमपुरुषले मलाई आजै दर्शन दिस

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने होइन, जब-जब आफ्ना शक्ति सहित यस जगत्को रचना गरे र यसमा आफ्नू सत्तास्वरूपले प्रवेश गरे, उसै घेलादेखि तपाईहरूलाई सुलभ छन् ॥ ४४ ॥ जस्तै निदाएका पुरुष स्वप्नमा अविद्यावश आफ्नै मनले स्वप्न जगत्को रचना गर्छ र त्यसैमा प्रविष्ट भएर स्वयं भासमान हुन्छ, त्यस्तै आफ्नी मायाले यस जगत्को रचना गरेर त्यसमा अनुप्रविष्ट भई विविध प्रकारले भासमान भइरहेछन् ॥ ४५ ॥ जो निरन्तर, हजुरको स्मरण कीर्तन, पूजन र अभिनन्दन गर्दै परस्पर हजुरकै चर्चा गर्ने गर्दछन्. ती शुद्धचित्त भएका पुरुषलाई उनकै हृदयमा दर्शन दिनुहुन्छ ॥ ४६ ॥ तर लौकिक र वैदिक कर्मले जसको चित्त विक्षिप्त हुन्छ, तिनको हृदयमा रहेर पनि हजुर धेरै पर रहनु हुन्छ । हजुर अन्तःकरणका अहङ्कारादि शक्तिद्वारा ग्रहण गरिनु हुन्न, तापनि जो हजुरको गुणगानले सम्पन्न छन्, हजुर तिनकै नगीच रहनु हुन्छ ॥ ४७ ॥ अतः आत्मज्ञानीका परमधाम दाता, अनात्म-भिमानीहरूका आत्मादेखि भिन्न मरणशील संसारको प्राप्ति गराउने, महत्तत्वादि कार्य र प्रकृतिरूपी कारणमा शासन गर्ने र आफ्नी मायाले स्वयं अनाच्छादित रहेर पनि अन्यका

यया सृष्ट्वा लोकं परं स्वाप्नमनुविश्यावभासते ॥ ४५ ॥ शृण्वतां गदतां शश्वदर्चतां त्वाऽभिवन्दताम् ॥ नृणां संवदतामन्तर्हृदि भास्यमलात्मनाम् ॥ ४६ ॥ हृदिस्थोऽप्यतिदूरस्थः कर्मविक्षिप्तचेतसाम् ॥ आत्मशक्तिभिरग्राह्योऽप्यन्त्युपेतगुणात्मनाम् ॥ ४७ ॥ नमोऽस्तु तेऽध्यात्मविदां परात्मने अनात्मने स्वात्मविभक्तमृत्यवे ॥ सकारणाकारणलिङ्गमीयुषे स्वमायया संवृतरुद्धदृष्टये ॥ ४८ ॥ स त्वं शाधि स्वभृत्यान्नः किं देव करवामहे ॥ एत-दन्तो नृणां क्लेशो यद्भवानक्षिगोचरः ॥४९॥ श्रीशुक उवाच ॥ तदुक्तमित्युपाकर्ण्य भगवान्प्रणतार्तिहा ॥ गृहीत्वा पाणिना पाणिं प्रहसंस्तमुवाच ह ॥५०॥ श्रीभगवानुवाच ॥ ब्रह्मंस्तेऽनुग्रहार्थाय सम्प्राप्तान्विद्ध्यमून्मुनीन् ॥ सञ्चरन्ति मया लोकान्पुनन्तः पादरेणुभिः ॥ ५१ ॥ देवाः क्षेत्राणि तीर्थानि दर्शनस्पर्शनार्चनैः ॥ शनैः पुनन्ति कालेन तदप्यर्हत्तमेक्षया ॥ ५२ ॥ ब्राह्मणो जन्मना श्रेयान्सर्वेषां प्राणिनामिह ॥ तपसा विद्यया तुष्ट्या किमु मत्कलया युतः ॥ ५३ ॥ न ब्राह्मणान्मे दयितं रूपमेतच्चतुर्भुजम् ॥ सर्ववेदमयो विप्रः सर्वदेवमयो ह्यहम् ॥ ५४ ॥ दुष्प्रज्ञा अविदित्वै-वमवजानन्त्यसूयवः ॥ गुरुं मां विप्रमात्मानमर्चादाविज्यदृष्टयः ॥ ५५ ॥ चराचरमिदं विश्वं भावा ये चास्य हेतवः ॥ मद्रूपाणीति चेतस्याधत्ते विप्रो

दृष्टि अवरुद्ध पार्ने हजुर परमात्मालाई नमस्कार छ ॥ ४८ ॥ हे देव ! हजुर हामी सेवकलाई आज्ञा दिनोस्, हामी हजुरको के सेवा गरौं ? प्रभो ! जबसम्म हजुर दृष्टिको समक्ष आउनुहुन्न, तबसम्म व्यक्तिले विविध क्लेश भोग्नु पर्दछ ॥ ४९ ॥ श्रीशुकदेव भन्नुहुन्छ—श्रुतदेवको भनाई सुनेर शरणागत-भयभञ्जन भगवान्‌ले आफ्नै हातले तिनको हात समातेर हाँस्तै भन्नुभयो ॥ ५० ॥ भगवान आज्ञा हुन्छ—हे ब्रह्मन् ! मसित यी मुनीश्वरहरूलाई तिमी आफ्नै माथि कृपा गर्न आएका भन्ने जान । आफ्ना चरण-रजले यी सबै लोकलाई पवित्र पार्दै विचरण गरिरहन्छन् ॥ ५१ ॥ देवता, पुण्यक्षेत्र र तीर्थादि दर्शन, स्पर्श र पूजनले बिस्तार-बिस्तार धेरै समयपछि पवित्र पार्दछन् तर साधुजन केवल दृष्टिले पवित्र पारिदिन्छन् ॥ ५२ ॥ जन्मैदेखि ब्राह्मण संसारमा सबै प्राणीभन्दा श्रेष्ठ हुन्छन् ! ती यदि तप, विद्या, सन्तोष र मेरो भक्तिले युक्त छन् भने त कुरै छैन ॥ ५३ ॥ मलाई ब्राह्मणाको अपेक्षा आफ्नो चतुर्भुज रूप पनि प्रिय छैन । ब्राह्मण सर्व वेदमय छन् र म सर्वदेवमय हुँ ॥ ५४ ॥ यस रहस्यलाई नबुझेर गुणहरूमा देख्ने दुर्बुद्धि जन गुरु, आत्मा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मण र मेरो अवहेलना गरेर केवल प्रतिमामै पूज्यबुद्धि स्थापित गर्दछन् ॥ ५५ ॥ एकमात्र ब्राह्मण नै मेरो साक्षात्कार गरेर आफ्नू चित्तमा यो निश्चय गर्दछन्–यो चराचर जगत् र यसको कारण स्वरूप महत्तत्वादि श्रीकृष्णकै रूप हुन् ॥ ५६ ॥ अतः हे ब्रह्मन् ! यी मेरै स्वरूप हुन्' यस्तो विश्वास गरेर हजुर यी ब्रह्मर्षिहरूको पूजा गर्नोस् । यसले सहजै मेरो पूजा पनि हुनेछ, नभए धेरै-धेरै सामग्रीले पनि मेरो पूजा हुँदैन ॥ ५७ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! आफ्ना प्रभुको यस्तो आदेश पाएर भक्त श्रुतदेव र मिथिलापति बहुलाश्व श्रीकृष्णका साथै ती ब्राह्मणहरूको पनि श्रद्धापूर्वक आराधना गरेर परमपदमा पुगे ॥ ५८ ॥ हे राजन् ! भक्तहरूका भक्त भगवान् आफ्ना दुवै भक्तको प्रिय गर्नका लागि केही दिन मिथिलापुरीमा बसेर उनलाई सन्मार्गको उपदेश दिई फर्कनुभयो ॥ ५९ ॥ श्रीमद्भागवते महापुराणे दशमस्न्धे नेपाली भाषाटीकायां षडशीतितमोऽध्यायः ॥८६॥

(वेदहरूद्वारा भगवान्को स्तुति) यति कथा सुनेर राजा परीक्षितले भने–हे ब्रह्मन् ! जो वर्णन भन्दा पर छन्, जो सत् अर्थात् कारण र असत् अर्थात् कार्यभन्दा पार गुणरहित

मदीक्षया ॥ ५६ ॥ तस्माद्ब्रह्मऋषीनेतान्ब्रह्मन्मच्छ्रद्धयाऽर्चय ॥ एवं चेदर्चितोऽस्म्यद्धा नान्यथा भूरिभूतिभिः ॥ ५७ ॥ श्रीशुक उवाच ॥ स इत्थं प्रभुणादिष्टः सहकृष्णान्द्विजोत्तमान् ॥ आराध्यैकात्मभावेन मैथिलश्चाप सद्गतिम् ॥५८॥ एवं स्वभक्तयो राजन्भगवान्भक्तभक्तिमान् ॥ उषित्वादिश्य सन्मार्गं पुनर्द्वारावतीमगात् ॥ ५९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे श्रुतदेवानुग्रहो नाम षडशीतितमोऽध्यायः ॥ ८६ ॥

परीक्षिदुवाच ॥ ब्रह्मन्ब्रह्मण्यनिर्देश्ये निर्गुणे गुणवृत्तयः ॥ कथं चरन्ति श्रुतयः साक्षात्सदसतः परे ॥ १ ॥ श्रीशुक उवाच ॥ बुद्धीन्द्रियमनःप्राणाञ्जनानामसृजत्प्रभुः ॥ मात्रार्थं च भवार्थं च आत्मनेऽकल्पनाय च ॥ २ ॥ सैषा ह्युपनिषद्ब्राह्मी पूर्वेषां पूर्वजैर्धृता ॥ श्रद्धया धारयेद्यस्तां क्षेमं गच्छेदकिञ्चनः ॥ ३ ॥ अत्र ते वर्णयिष्यामि गाथां नारायणान्विताम् ॥ नारदस्य च संवादमृषेर्नारायणस्य च ॥ ४ ॥ एकदा नारदो लोकान्पर्यटन्भगवत्प्रियः ॥ सनातनमृषिं द्रष्टुं ययौ नारायणाश्रमम् ॥ ५ ॥ यो वै भारतवर्षेऽस्मिन्क्षेमाय स्वस्तये नृणाम् ॥ धर्मज्ञानशमोपेतमाकल्पादास्थितस्तपः ॥ ६ ॥ तत्रोपविष्टमृषिभिः कलापग्रामवासिभिः ॥ परीतं प्रणतोऽपृच्छदिदमेव कुरूद्वह ॥ ७ ॥ तस्मै ह्यवोचद्भगवानृषीणां शृण्वता-

छ, अनि गुणमयी श्रुतिहरू उसलाई कसरी भन्न सक्तछन् ? ॥ १ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! सर्वसमर्थ ती भगवान्ले शब्दादि विषय-ग्रहण गर्नको निम्ति पुनर्जन्म र स्वर्गादि लोकका भोगको प्राप्ति तथा मोक्षलाभको लागि नै जीवका मन, बुद्धि, इन्द्रिय र प्राणको रचना गरे ॥ २ ॥ यस परब्रह्मपरायणा श्रुतिलाई पूर्वजका पनि पूर्वज सनकादिमुनिहरूले आफ्नू गहन बुद्धिद्वारा हृदयङ्गम गरेका छन् । जो पुरुष यसलाई श्रद्धापूर्वक धारण गर्दछ, त्यो देहादि उपाधिवाट मुक्त भएर क्षेमस्वरूप परमपद प्राप्त गर्दछ ॥ ३ ॥ अब म नारायणको यौटा गाथा-भन्दछु, जसमा भगवान् कृष्ण र नारदको कथोपकथन छ ॥ ४ ॥ एक दिन भगवान्का प्रियभक्त देवर्षि नारद सबै लोक डुल्दै आदि ऋषि नारायणको दर्शन गर्न वदरिकाश्रम गए ॥ ५ ॥ ती नारायण यही भारतवर्षमा सबै जीवको कल्याणका लागि कल्पको आरम्भदेखि धर्म, ज्ञान र शमपूर्वक तपस्या गर्दैछन् ॥ ६ ॥ हे कुरुनन्दन ! कलापग्रामवासी मुनिजनको माझमा बसेका नारायणप्रति देवर्षि नारदले बिनयपूर्वक यौटा प्रश्न गरे ॥ ७ ॥ नारायणले ती सबै ऋषिगणको समक्ष नारदमुनिलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वकालमा जनलोकनिवासी महर्षिहरूमा ब्रह्मविषयक जुन मीमांसा भएथ्यो, त्यो सबै सुनाए ॥ ८ ॥ भगवान्–हे ब्रह्मपुत्र ! पूर्वकालमा एकपल्ट जनलोकमा बस्ने ब्रह्माजीका छोरा र ऊर्ध्वरेता मुनीश्वरकहाँ ब्रह्मयज्ञको अनुष्ठान भयो ॥ ९ ॥ त्यस वेला तिमी श्वेतद्वीपका अधिपति र मेरा दिव्य विग्रह अनिरुद्धको दर्शन गर्न श्वेतद्वीप गयौ । त्यहाँ उसै वेला जसको विषयमा श्रुति मौन हुन्छन्, ती ब्रह्मको राम्रो विवेचन भयो । त्यहाँ पनि यही प्रश्न उपस्थित भएको थियो, जुन तिमी मसित सोध्रिरहेका छौ ॥ १० ॥ यद्यपि ती सनकादि चारैं भाई विद्या, तप, र स्वभावमा समान छन्, ती चारैको दृष्टिमा शत्रु-मित्र र उदासीन समान छन्, तैपनि अन्य सबैले श्रवणेच्छुक भएर सनन्दनलाई नै वक्ता रूपमा छाने ॥ ११ ॥ सनन्दन भन्दछन्—जस्तै निदाएका सम्राटलाई प्रातः अनुचर वन्दीजन तिनका यश र पराक्रम वर्णन गरेर जागा गराउँछन्, त्यस्तै आफूले रचेका शक्ति समेत समस्त प्रपञ्चलाई आफूमै लीन गरेर सुतेका परमात्मालाई प्रलयको अन्त्यमा श्रुतिहरू उनका महत्वको प्रतिपादन गर्ने वाक्यहरू द्वारा यसरी जगाउन लागे ॥ १२॥१३ ॥ श्रुति

मिदम् ॥ यो ब्रह्मवादः पूर्वेषां जनलोकनिवासिनाम् ॥ ८ ॥ श्रीभगवानुवाच ॥ स्वायम्भुवं ब्रह्मसत्रं जनलोकेऽभवत्पुरा ॥ तत्रस्थानां मानसानां मुनीनामूर्ध्वरेतसाम् ॥९॥ श्वेतद्वीपं गतवति त्वयि द्रष्टुं तदीश्वरम् ॥ ब्रह्मवादः सुसंवृत्तः श्रुततो यत्र शेरते ॥ तत्र ह्ययमभूत्प्रश्नस्त्वं मां यमनुपृच्छसि ॥ १० ॥ तुल्यश्रुतपः शीलास्तुल्यस्वीयारिमध्यमाः ॥ अपि चक्रुः प्रवचनमेकं शुश्रुषवोऽपरे ॥ ११ ॥ सनन्दन उवाच ॥ स्वसृष्टमिदमापीय शयानं सह शक्तिभिः ॥ तदन्ते बोधयाञ्चक्रुस्तल्लिङ्गैः श्रुतयः परम् ॥ १२ ॥ यथा शयानं सम्राजं वन्दिनस्तत्पराक्रमैः ॥ प्रत्यूषेऽभ्येत्य सुश्लोकैर्बोधयन्त्यनुजीविनः ॥ १३ ॥ श्रुतय ऊचुः ॥ जय जय जह्यजामजित दोषगृभीतगुणां त्वमसि यदात्मना समवरुद्धसमस्तभगः ॥ अगजगदोकसामखिलशक्त्यवबोधक ते क्वचिदजयात्मना च चरतोऽनुचरेन्निगमः ॥ १४ ॥ बृहदुपलब्धमेतदवयन्त्यवशेषतया यत उदयास्तमयौ विकृतेर्मृदि वाऽविकृतात् ॥ अत ऋषयो दधुस्त्वयि मनोवचनाचरितं कथमयथा भवन्ति भुवि दत्तपदानि नृणाम् ॥ १५ ॥ इति तव सूरयस्त्र्यधिपतेऽखिललोकमलक्षपणकथामृताब्धिमवगाह्य तपांसि जहुः ॥ किमुत पुनः स्वधामविधुताशयकालगुणाः परम भजन्ति ये पदमजस्रसुखानुभवम् ॥ १६ ॥

हरूले भने—' अजित ! हजुरको जय होस् । सबै स्थावर, जङ्गम प्राणी जसका आश्रित रहन्छन् ती सबै जीवका अविद्या हजुर नष्ट गरिदिनोस्, जसले जीवका गुणको आच्छादन गर्नका लागि नै सत्वादि गुण स्वीकार गरेको छ, किनकि हजुर स्वभावैले सबै ऐश्वर्ययुक्त रहनु हुन्छ । अखिल शक्तिलाई जाग्रत पार्ने हे परमेश्वर ! चारै वेदहरू कहिले मायासित क्रीडा गर्ने र कहिले आफ्नै स्वरूपमा स्थित रहने हजुर परमेश्वरको अनुसरण गर्दछन् ॥ १४ ॥ सबै ऋषि यस दृश्यमान जगत्लाई हजुर परब्रह्मको एकमात्र स्वरूप मान्दछन् । किनकि प्रलयकालमा जगत् नाश भइसकेपछि एकमात्र हजुर नै शेष रहनु हुन्छ । घटादि विकारको उत्पत्ति र लय माटोमै हुन्छ । त्यसै प्रकार हजुर निर्विकार स्वरूप परमेश्वर बाट नै जगत्को उत्पत्ति र प्रलय हुन्छ । अतः मुनिगण मन र वाणीद्वारा ग्राह्य सम्पूर्ण जगत् हजुरमै स्थित देख्दछन्, किनकि पृथ्वीमा राखिएका मानवहरूको चरण पृथिवीमा राखिएका होइनन् भन्ने कसरी मानिन्छ ? ॥ १६ ॥ हे त्रिगुणमयी मायाका अधिपति ! कुनै पनि विवेकशील पुरुषले सबै लोकका मलापहारी हजुरका कथा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपी अमृतसिन्धुमा डुबुल्की लगाएर सबै सन्ताप त्यागिदिएको छ। हे परमपुरुष ! आत्मज्ञान द्वारा जसको अन्तःकरणका रागादि धर्म र कालकृत जरा-मरणादि दोष नष्ट भइसकेका छन्, जो महात्मा सधैं सुखानुभवरूपी हजुरका स्वरूपको भजन गर्दछन्, तिनको विषयमा केही भन्नु छैन ।।१६।। जब प्राणी हजुरको अनुसरण गर्छन्, अनि तिनको जीवन सफल हुन्छ। नभए खलाँती झैं व्यर्थ सास फेर्छन्, किनकि जसको अनुग्रहले महत् र अहङ्कारादि ब्रह्माण्डको रचना हुन्छ, जो अन्नमय आदि विभिन्न कोशहरूमा पुरुषरूपले अनुगत तथा तिनका अवधि छन्, ती कार्य-कारणबाट भिन्न तथा सबैको नाश भएपछि पनि रहिरहने सत्यस्वरूप परमात्मा एकमात्र हजुर नै हुनुहुन्छ ।।१७।। हे अनन्त ! जो ऋषिका सम्प्रदायमा स्थूलदृष्टि राख्नु हुन्छ, ती हजुरको उदर अर्थात् मणिपूरक चक्रमा रहने ब्रह्मरूपको उपासना गर्दछन्। अरुणवंशी मुनिजन जमबाट सर्वैतिर जाने नाडीहरू निस्कन्छन्, त्यम हृदयमा रहने दहरसंज्ञक आकाशरूप ब्रह्मको उपासना गर्दछन्, किनकि त्यस हृदयबाट नै हजुरको परमधाम अर्थात् हजुरको उपलब्धि स्थानस्वरूप सुषुम्ना मार्ग मस्तकसम्म मास्तिर गएको छ, जसलाई पाएर जीव फेरि मृत्युको मुखमा पर्दैन ।। १८ ।। हे देव ! स्वयं द्वारा निर्मित देवता, मनुष्य र तिर्यक् आदि विचित्र योनिहरुमा कारणरूपले प्रविष्ट

दृतय इव श्वसन्त्यसुभृतो यदि तेऽनुविधा महदहमादयोऽण्डमसृजन्यदनुग्रहतः ।। पुरुषविधोऽन्वयोऽत्र चरमोऽन्नमयादिषु यः सदसतः परं त्वमथ यदेष्ववशेषमृतम् ।।१७।। उदरमुपासते य ऋषिवर्त्मसु कूर्पदृशः परिसर पद्धतिं हृदयमारुणयो दहरम् ।। तत उदगादनन्त तव धाम शिरः परमं पुनरिह यत्समेत्य न पतन्ति कृतान्तमुखे ।। १८ ।। स्वकृतविचित्रयोनिषु विशन्निव हेतुतया तरतश्चकास्यनलवत्स्वकृतानुकृतिः ।। अथ वितथास्वमूष्ववितथं तव धाम समं विरजधियोऽन्वयन्त्यभिविपण्यव एकसरम् ।। १९ ।। स्वकृतपुरेष्वमीष्वबहिरन्तरसंवरणं तव पुरुष वदन्त्यखिलशक्तिधृतोंऽशकृतम् ।। इति नृगतिं विविच्य कवयो निगमावपनं भवत उपासतेऽङ्घ्रिमभवं भुवि विश्वसिताः ।। २० ।। दुरवगमात्मतत्त्वनिगमाय तवात्ततनोश्चरितमहामृताब्धिपरिवर्तपरिश्रमणाः ।। न परिलषन्ति केचिदपवर्गमपीश्वर ते चरणसरोजहंसकुलसङ्गविसृष्टगृहाः ।।२१।। त्वदनुपथं कुलायमिदमात्मसुहृत्प्रियवच्चरति तथोन्मुखे त्वयि हिते प्रिय आत्मनि च ।। न बत रमन्त्यहो असदुपासनयात्महनो यदनुशया भ्रमन्त्युरुभये कुशरीरभृतः ।। २२ ।। निभृत-

भएर आफैंले बनाएका देवता आदि विविध आकृतिहरूको अनुसरण गर्दै काठमा प्रविष्ट अग्नि झैं उत्तम र अधम भावले सदैव प्रकट हुनुहुन्छ । अतएव ऐहिक र पारलौकिक कर्मभोगबाट विरत तथा निर्मलबुद्धि महानुभाव आफ्ना मिथ्या रूपमा हजुरको सत्य समान र एकरस स्वरूप देख्दछन् ।।१९।। हे प्रभो ! निजकृत कर्मद्वारा मनुष्यादि शरीरमा विद्यमान कार्य-कारणरूपी आवरण रहित जीवलाई तत्त्वज्ञानीजन हजुर सर्वशक्तिसम्पन्न परमात्माको अंश भन्दछन्। यसरी जीवतत्वको स्वरूप नियमन गरेर विवेकशील व्यक्ति सबै वैदिक कर्मका क्षेत्रस्वरूप संसारबाट मुक्त पार्ने हजुरका चरणको श्रद्धापूर्वक उपासना गर्दछन् ।।२०।। हे परमात्मन् ! हे अच्युत ! दुर्ज्ञेय आत्मतत्वको ज्ञान गराउनको निम्ति शरीर धारण गर्ने श्रीहरिको चरित्ररूपी अमृतको महासागरमा स्नान गरेर जो श्रमरहित भइसकेका छन्, त्यस्ता केही भक्तजन मुक्तिको पनि इच्छा गर्दैनन्। हंसको समान हजुरका चरण-कमलको सेवन गर्ने भक्त, भक्तमण्डलीको संगतिले आफ्नू घर-बार पनि छाडिदिन्छन् ।।२१।। हे प्रभो ! हजुरको सेवाको साधन बनाएर अनुसरण गर्ने यो मानव शरीर नै आत्मा,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुहृद् तथा प्रियजनको समान आचरण गर्दछ। खेदको कुरा त यो हो कि यसलाई पाएर पनि मनुष्य सधैं सम्मुख रहने, आफ्ना परम हितकारी, प्रिय र आत्मारूप हजुरसित प्रेम गर्दैनन्, बरू ती देह-गेह आदि असत्य पदार्थको लालन-पालनमा संलग्न रहेर आत्मघात गर्दछन्। ती वासनाहरूमा गाडिएर निन्दित 'योनिहरू धारण गर्दै महान् भयपूर्ण संसारमा चक्र झैं घुमिरहन्छन् ॥२२॥ हे नाथ! प्राण, मन तथा इन्द्रियको संयम गरेर बलियो योगासनको अभ्यास गर्ने मुनिजन जुन पदको इच्छा गर्छन्, त्यही पदलाई हजुरसित शत्रुता राख्ने असुर पनि केवल स्मरणमात्रले प्राप्त गरिसकेका छन्। जसको हृदय शेषनाग झैं विशाल र कोमल हजुरका भुजाहरूमा आसक्त रहन्छ, ती परिच्छिन्न दृष्टि हुने गोपिनीहरू र हजुरका चरण-कमलको ध्यान गर्ने हामी अर्थात् अपरिच्छिन्न दृष्टि भएका श्रुतिहरू पनि हजुरको दृष्टिमा समान छौं ॥ २३ ॥ जसबाट ब्रह्माजी र त्यसपछि दुवै थरिका देवता उत्पन्न भएका छन्, समस्त सृष्टिका पूर्ववर्ती ती हजुरलाई यस संसारमा पछि उत्पन्न तथा नष्ट हुने कुन पुरुषले जान्न सक्दछ? जब हजुर सारा प्रपंच आफूमा लीन गरेर सुत्नु हुन्छ, तब सत् अर्थात् आकारादि सम्पन्न स्थूल जगत्, असत्, सूक्ष्म महत्तत्वादि स्थूल-सूक्ष्म दुवै प्रकारका शरीर, यिनका आधारभूत कालको वेग तथा तिनको बोध गराउने

मरुन्मनोऽक्षदृढयोगयुजो हृदि यन्मुनय उपासते तदरयोऽपि ययुः स्मरणात् ॥ स्त्रिय उरगेन्द्रभोगभुजदण्डविषक्तधियो वयमपि ते समाः समदृशोऽङ्घ्रिसरोजसुधाः ॥ २३ ॥ क इह नु वेद बतावरजन्मलयोऽग्रसरं यत उदगादृषिर्यमनु देवगण उभये ॥ तर्हि न सन्न चासदुभयं न च कालजवः किमपि न तत्र शास्त्रमवकृष्य शयीत यदा ॥२४॥ जनिमसतः सतो मृतिमुतात्मनि ये च भिदां विपणमृतं स्मरन्त्युपदिशन्ति त आरुपितैः ॥ त्रिगुणमयः पुमानिति भिदा यदबोधकृता त्वयि न ततः परत्र भवेदवबोधरसे ॥ २५ ॥ सदिव मनस्त्रिवृत्त्वयि विभात्यसदामनुजात् सदभिमृशन्त्यशेषमिदमात्मतयात्मविदः ॥ न हि विकृतिं त्यजन्ति कनकस्य तदात्मतया स्वकृतमनुप्रविष्टमिदमात्मतयाऽवसितम् ॥ २६ ॥ तव परि ये चरन्त्यखिलसत्त्वनिकेततया त उत पदाक्रमन्त्यविगणय्य शिरो निर्ऋतेः ॥ परिवयसे पशूनिव गिरा विबुधानपि तांस्त्वयि कृतसौहृदाः खलु पुनन्ति न ये विमुखाः ॥२७॥ त्वमकरणः स्वराडखिलकारकशक्तिधरस्तव बलिमुद्वहन्ति समदन्त्यजयाऽनिमिषाः ॥ वर्षभुजोऽखिलक्षितिपतेरिव विश्वसृजो विदधति यत्र

शास्त्रादि पनि रहन्न ॥२४॥ जो जन जगत्को उत्पत्ति र सत्को नाश मान्दै आत्मामा भेदको प्रतिपादन गर्दै तथा काम्य कर्महरूका फल नित्य मान्दछन्, ती केवल भ्रमले आरोपित सिद्धान्तको नै प्रतिपादन गर्दछन्। पुरुष त्रिगुणमय छ—यो भेदभाव पनि अज्ञानजनित नै जान्नु पर्दछ। अतएव हजुर अज्ञानबाट भिन्न हुनुहुन्छ, अतः ज्ञानस्वरूप हजुरमा यस्तो कुनै भेदभाव रहन्न ॥२५॥ मनो विलासरूपी यो त्रिगुणात्मक असत्य जगत् परमेश्वरदेखि भिन्न जानिने भोक्ता पुरुष असत् भए पनि हजुरमा अधिष्ठित हुनाले सत्य झैं भासमान हुन्छ। यही कारण हो कि आत्मज्ञानी पुरुष पनि यस जगत्लाई आत्मारूपले सत्य मान्दछन्। जस्तै सुवर्णका तत्त्वज्ञ जन सुवर्णका विकाररूप गहनालाई पनि सुवर्णै मान्दछन्। त्यसैले त्याग्न सक्तैनन्। त्यस्तै आत्माद्वारा निर्मित र आत्मामै व्याप्त यो जगत् आत्मज्ञानीद्वारा आत्मरूपमै मानिन्छ ॥२६॥ हे प्रभो! हजुर सबै जीवका आश्रयस्थान हुनुहुन्छ यस्तो जानेर जो पुरुष हजुरको सेवा गर्दछन्, ती मृत्युलाई नगण्य जानेर अवहेलनापूर्वक त्यसको टाउकोमा खुट्टा राख्दछन्। हजुरसित प्रेम राख्ने ज्ञानीजन तीनै-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकलाई पवित्र पार्दछन् । जो व्यक्ति हजुरबाट विमुख छन् ती कसैलाई पवित्र पार्न सक्तैनन् । ती विद्वान भए पनि हजुर तिनलाई कर्मप्रतिपादिनी श्रुतिले पशु झैं बाँधिदिनु हुन्छ ।।२७।। हजुर मन, बुद्धि र इन्द्रियरूपी उपकरणले रहित भएर पनि ज्ञानवान् हुनाले समस्त कारणका शक्तिले सदा सम्पन्न रहनु हुन्छ । इन्द्रादि देवता र ब्रह्मादि लोकपाल अविद्याको आश्रय लिएर हव्य कव्यादिलाई स्वयं भोग्दै हजुरलाई उपहार दिन्छन् । जस्तै–देश-देशान्तरका राजा प्रजासित कर एकत्रित गरेर त्यो भोग्दै सार्वभौम सम्राट्लाई पनि कर अर्पण गर्दछन् हे देव ! ब्रह्मादि देवता जुन-जुन काममा नियुक्त गरिएका छन् त्यस कार्यमा कालस्वरूप हजुरको भयले ती सदा सावधानीपूर्वक तत्पर रहन्छन् ।।२८।। हे नित्यमुक्त ! जब मायाको अभिमुख भएर हजुर मायातीत परमात्माको क्रीडा हुन्छ । अनि हजुरको अवलोकनले जाग्रत् कर्म र लिङ्ग शरीरले युक्त समस्त स्थावर जङ्गम प्राणीहरूको उत्पत्ति हुन्छ । जो आकाश झैं सम तथा शून्यको समता धारण गर्दैं तथा मन र वाणीको अगोचर रहनु हुन्छ, त्यस्ता परमेश्वरको दृष्टिमा कोही पनि आफ्नू अथवा बिरानो हुँदैन ।। २९ ।। हे नित्यस्वरूप ! यदि ! असंख्य देहेधारी जीव नित्य तथा सर्वगत मानिए पनि हजुर द्वारा तिनको नियन्त्रण दुन सक्तैन । यदि ती हजुरको समान छैनन् भने हजुर तिनका नियामक हुन सक्छ । यी सबै

ये त्वधिकृता भवतश्चकिताः ॥२८॥ स्थिरचरजातयः स्युरजयोत्थनिमित्तयुतो विहर उदीक्षया यदि परस्य विमुक्त ततः ॥ न हि परमस्यकश्चिन्निजान परश्च भवेद्वियत इवापदस्य तव शून्यां दधतः ॥ २९ ॥ अपरिमिता ध्रुवास्तनुभृतो यदि सर्वगतास्तर्हि न शास्यतेति नियमो ध्रुव नेतरथा ॥ अजनि च यन्मयं तदविमुच्य नियन्तृ भवेत् सममनुजानतां यदमतं मतदुष्टतया ॥ ३० ॥ घटत उद्भवः प्रकृतिपूरुषयोरुभययुजा भवन्त्यसुभृतो जल-बुद्बुदवत् ॥ त्वयि त इमे ततो विविधनामगुणैः परमे सरित इवार्णवे मधु निलिल्युरशेषरसाः ॥ ३१ ॥ नृषु तव मायया भ्रममभीष्ववगत्य भृशं त्वयि सुधियोऽभवे दधति भावमनुप्रभवम् ॥ कथमनुवर्ततां भवभयं तव यद्भ्रुकुटिः सृजति मुहुस्त्रिणेमिरभवच्छरणेषु भयम् ॥ ३२ ॥ विजितहृषीकवायुभिर-दान्तमनस्तुरगं य इह यतन्ति यन्तुमतिलोलमुपायखिदः ॥ व्यसनशतान्विताः समवहाय गुरोश्चरणं वणिज इवाज सन्त्यकृतकर्णधरा जलधौ

जीव हजुरबाटै प्रकट भएका हुन्, यसै कारण यिनको त्याग नगरे पनि हजुर यिनका नियन्ता हुनुहुन्छ, किनकि सबै उचित वस्तु दोषपूर्ण हुन्छन् । अतः सर्वत्र समान हुनुहुन्छ र 'हामी जान्दछौं' यस्तो मान्नेहरूलाई थाहा हुँदैन ।।३०।। जो जन्मरहित प्रकृति र पुरुष छन्, तिनको उत्पन्न हुनु बन्न सक्तैन, बरू ती दुवैको अविद्याजनित संयोग हुनाले नै जलका थोपा झैं प्राणीहरूको जन्म हुन्छ । फेरि आफ्ना भिन्न-भिन्न नाम तथा गुणसहित ती जीव महमा रहेको फूलहरूको मीठो रस झैं एवं समुद्रमा नदीहरूको समान हजुर उपाधि शून्य परमात्मामा लीन हुनुहुन्छ ।। ३१ ।। सबै जीव हजुरको मायाले बारम्बार जन्म धारण गर्दछन् र यस संसारचक्रमा चक्कर खाइरहन्छन्–यस्तो जानेर बुद्धिमान् जन संसारचक्रको निवृत्ति गर्ने हजुर परमेश्वरमा अत्यन्त भक्ति गर्दछन् । हजुरको भ्रुकुटिविलासरूपी शील ग्रीष्म र वर्षा यी तीन भाग हुने कालचक्र बारम्बार उनैलाई भयभीत पार्दछ–जो हजुरको शरण प्राप्त गर्दैनन् । हजुरका अनुगत भक्तलाई जन्म-मरणरूपी संसारको भय कसरी हुन सक्तछ ? ।।३२।। हे अजन्मा ! जुन व्यक्तिले आफ्ना इन्द्रिय र प्राण वशमा पारेको छ, ती योगीजन द्वारा पनि जसको दलन गर्न सकिन्न, यस्तो अति चञ्चल चित्तरूपी घोडालाई वशमा पार्ने यत्न गर्दछन् । आफ्ना गुरु चरणको शरण त्यागेर अन्य उपाय गर्ने परिश्रमी मनुष्य त्यसै गरी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विविध विपत्तिमा पर्दछन्–जसरी कर्णधारको बिना समुद्रमा यात्रा गर्ने व्यापारी थरि-थरिका कष्ट भोग्दछन् ।।३३।। आफ्ना आश्रितहरूका आत्मा र सर्वानन्दन्दमय हजुर परमात्मा छँदाछँदै प्राणीलाई स्वजन, पुत्र, देह, स्त्री, धन, धाम, पृथ्वी, प्राण र रथ आदिले लाभ ? यो सत्य सिद्धान्तले अनभिज्ञ हुँदा स्त्री-सुखमा रत व्यक्तिलाई स्वभावैले नश्वर र क्षणभंगुर संसारमा कसले सुखी पार्न सक्छ ! ।। ३४ ।। जो जन ऐश्वर्यादिको मदले रहित भएर हजुरका चरणकमललाई हृदयमा धारण गर्नेहरू छन् तथा जसको चरणोदक पापपुञ्जलाई नष्ट पार्दछ,ती मुनिजन यस पृथ्वीतलमा अत्यन्त पुण्यमय तीर्थस्थान समान छन् । जो व्यक्ति एकपल्ट पनि नित्य सुखस्वरूप हजुर परमात्मामा चित्त लगाउँछन्, ती विवेक, वैराग्य, धैर्य, क्षमा र शान्ति आदि गुणको नाश पार्ने गृहस्थीमा फेरि आसक्त हुँदैनन् ।।३५।। यदि हजुर भन्नुहुन्छ–'यो सबै प्रपञ्च सत्‌बाट उत्पन्न भएको हो, अतः यो स्वयं पनि सत् हो । अनि अनुमान तर्कले बाधित हुनेछ । फेरि यो अनुमान कहीं-कहीं व्यभिचरित भएको पनि देखिन्छ ! उपर्युक्त अनुमान कहीं-कहीं असत्य पनि सिद्ध हुन्छ । यस्तै दुइटा अर्थात् ब्रह्म र माया-को संयोगले उत्पन्न यो प्रपञ्च पनि सत् होइन । अन्धपरम्पराले जुन यो भ्रम चलिआएको छ, यसलाई व्यवहार निर्वाह मात्रका लागि व्यावहारिक सत्यको रूपमा स्वीकार गरिन्छ ।

।। ३३ ।। स्वजनसुतात्मदारधनधामधरासुरथैस्त्वयि सति किं नृणां श्रयत आत्मनि सर्वरसे ।। इति सदजानतां मिथुनतो रतये चरतां सुखयति को न्विह स्वविहते स्वनिरस्तभगे ।। ३४ ।। भुवि पुरुपुण्यतीर्थसदनान्यृषयो विमदास्त उत भवत्पदाम्बुजहृतोऽघभिदङ्घ्रिजला ।। दधति सकृन्मनस्त्वयि य आत्मनि नित्यसुखे न पुनरुपासते पुरुषसारहरावसथान् ।। ३५ ।। सत इदमुत्थितं सदिति चेन्ननु तर्कहतं व्यभिचरति क्व च मृषा न तथोभययुक् ।। व्यवहृतये विकल्प इषितोऽन्धपरम्परया भ्रमयति भारती त उरुवृत्तिभिरुक्थजडान् ।। ३६ ।। न यदिदमग्र आस न भविष्यदतो निधनादनुमितमन्तरा त्वयि विभाति मृषैकरसे ।। अत उपमीयते द्रविणजातिविकल्पपथैर्वितथमनोविलासमृतमित्यवयन्त्यबुधाः ।। ३७ ।। स यदजया त्वजामनुशयीत गुणाँश्च जुषन् भजति सरूपतां तदनु मृत्युमपेतभगः ।। त्वमुत जहासि तामहिरिव त्वचमात्तभगो महसि महीयसेऽष्टगुणितेऽपरिमेयभगः ।।३८।। यदि न समुद्धरन्ति यतयो हृदि कामजडा दुरधिगमोऽसतां हृदिगतोऽस्मृतकण्ठमणिः ।। असुतृपयोगिनामुभयतोऽप्यसुखं भगव-

हे ईश ! गौणी लक्षणादि विधि वृत्तिद्वारा कर्मफलादिको प्रशंसा गर्ने हजुरकी वेदरूपिणी वाणी कर्मफलमा श्रद्धा राख्ने जडबुद्धि पुरुषका लागि मोहमा पार्दछ ।। ३६ ।। यो जगत् सृष्टिभन्दा पहिले थिएन र प्रलयपछि पनि रहने छैन । यसले यो सिद्ध हुन्छ कि बीचमा पनि यो एकरसस्वरूप हजुर परमेश्वरमा मिथ्या नै प्रतीत हुन्छ । अतः यसको द्रव्यजाति अर्थात् मृत्तिका लौह आदि र विकल्प अर्थात् कार्यरूप घट-कुण्डलादि झैं समानताले निरूपण गरिन्छ । अतः यो व्यर्थ मनोविलास मात्र जगत्‌लाई मूढजन नै सत्य मान्दछन् ।।३७।। जब जीव मायाले मोहित भएर अविद्याको आश्रय लिन्छ, अनि त्यो गुणका कार्य देह-इन्द्रियादिको सेवन गर्दै उनी जस्तै भएर जन्म-मरणरूपी संसारमा प्राप्त हुन्छ । हजुर त सदा आफ्नू नित्यप्राप्त ऐश्वर्यमा स्थित रहनुहुन्छ । यसै निम्ति हजुर ती मायालाई उसैगरी छाडिदिनु हुन्छ, जसरी सर्प काँचुली छाडिदिन्छ । अनि हजुर अपरिमित ऐश्वर्य-युक्त भएर आफ्ना अणिमादि विभूतियुक्त महिमामा विराजमान रहनु हुन्छ ।। ३८ ।। यदि मानिस संन्यासी भएर पनि आफ्नू हृदयमा स्थित कामको मूल स्वरूप वासनाहरू फाल्दैन भने ती असत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुषले हजुरलाई पाउन कठिन छ, जस्तै बिस्मृतिवश बाँटीमा लगाएको मणि हराएर पाइन्न । केवल प्राण-पोषण गर्ने योगीजनलाई यो लोक र परलोकमा अनेकाँमेम कष्ट मिल्दछ । यस लोकमा कहिल्यै नबिराउने मृत्युस्वरूप हजुरसित भयभीत हुनुपर्दछ र परलोकमा जसका स्वरूपको ज्ञान भएको रहन्न, त्यस्ता व्यक्तिलाई हजुरको भय बनिरहन्छ ।। ३९ ।। हे षडैश्वर्य सम्पन्न प्रभो ! हजुरका स्वरूपको ज्ञाता पुरुष हजुर कर्मदाता ईश्वरबाट उत्पन्न पाप-पुण्यको फलस्वरूप सुख-दुःख भोग्दैन र त्यस वेला देहाभिमानीपुरुष विधि-निषेध-रूपिणी वेदवाणीतिर पनि ध्यान रहन्न, किनकि जो व्यक्ति प्रतियुगमा परम्परादेखि गरिएको हजुरका लीला-कथा निरन्तर श्रवण गरेर हजुरलाई आफ्नू हृदयमा धारण गरिराख्दछ, त्यसलाई हजुर मोहरूपमा प्राप्त हुनुहुन्छ ।।४०।। हे भगवन् ! स्वर्गादिका अधिपति इन्द्रादि देवताले पनि हजुरको अन्त्य पाएनन् । उनै हजुर अनन्त हुनाले स्वयं पनि आफ्नू अन्त्य भेट्नु हुन्न । जस्तै-आकाशमा वायुद्वारा रजकण उड्दै रहन्छन्, त्यस्तै कालचक्र पृथ्वी आदि आवरण समेत अनन्त ब्रह्माण्ड समूह हजुरमा एकैसाथ घुमिरहन्छन् । हजुरमै अन्त्य

न्ननपगतान्तकादनधिरूढपदाद्भवतः ।। ३९ ।। त्वदवगमी न वेत्ति भवदुत्थशुभाशुभयोर्गुणविगुणान्वयांस्तर्हि देहभृतां च गिरः ।। अनुयुगमन्वहं सगुण गीतपरम्परया श्रवणभृतो यतस्त्वमपवर्गगतिर्मनुजैः ।। ४० ।। द्युपतय एव ते न ययुरन्तमनन्ततया त्वमपि यदन्तराण्डनिचया ननु साव-रणाः ।। ख इव रजांसि वान्ति वयसा सह यच्छ्रुतयस्त्वयि हि फलन्त्यतन्निरसनेन भवन्निधनाः ।। ४१ ।। श्रीभगवानुवाच ।। इत्येतद्ब्रह्मणः पुत्रा आश्रुत्यात्मानुशासनम् ।। सनन्दनमथानर्चुः सिद्धा ज्ञात्वात्मनो गतिम् ।। ४२ ।। इत्यशेषसमाम्नायपुराणोपनिषद्रसः ।। समुद्धृतः पूर्वजातैर्व्योम-यानैमहात्मभिः ।। ४३ ।। त्वं चैतद्ब्रह्मदायाद श्रद्धयात्मानुशासनम् ।। धारयँश्चर गां कामं कामानां भर्जनं नृणाम् ।। ४४ ।। श्रीशुक उवाच ।। एवं स ऋषिणादिष्टं गृहीत्वा श्रद्धयात्मवान् ।। पूर्णः श्रुतधरो राजन्नाह वीरव्रतो मुनिः ।। ४५ ।। नारद उवाच ।। नमस्तस्मै भगवते कृष्णायामलकीर्त्तये ।। यो धत्ते सर्वभूतानामभवयोशतीः कलाः ।। ४६ ।। इत्याद्यमृषिमानम्य तच्छिष्याँश्च महात्मनः ।। ततोऽगादाश्रमं साक्षात्पितुर्द्वैपायनस्य मे ।।४७।। सभाजितो भगवता कृतासनपरिग्रहः ।। तस्मै तद्वर्णयामास नारायणमुखाच्छ्रुतम् ।। ४८ ।। इत्येतद्वर्णितं राजन्यन्नः प्रश्नः कृतस्त्वया ।। यथा

पाउने श्रुतिहरू स्थूल-सूक्ष्मादि अनात्म वस्तुको निषेध गर्दै हजुरमै विलीन भएर सफल हुन्छन् ।।४१।। नारायण भन्नुहुन्छ—हे नारद ! यो वेदस्तुति स्वरूप आत्मतत्त्वको उपदेशसुनेर ब्रह्मपुत्र सनकादिले आत्माको स्वरूप चिनेर सनन्दनको पूजा गरे ।।४२।। सृष्टिको आरम्भमा उत्पन्न आकाशचारी महात्माले यसरी सबै वेद, पुराण र उपनिषद्को सार झिकेका थिए ।।४३।। हे ब्रह्मपुत्र ! मनुष्यका वासनाहरू भस्म पार्ने यस आत्मतत्वको उपदेश तिमी पनि श्रद्धापूर्वक हृदयमा धारण गरेर पृथ्वीमा डुलिरहू ।। ४४ ।। शुकदेव भन्नुहुन्छ—हे राजन् ! ब्रह्मर्षि सनन्दनले यसरी उपदेश दिएपछि श्रद्धापूर्वक हृदयङ्गम गरेर ज्ञानी, पूर्णकाम र सुनेको अर्थ हृदयङ्गम गर्ने नैष्ठिक ब्रह्मचारी देवर्षि नारदले भने ।।४५।। नारद भन्दछन्—जो सबै प्राणीहरूलाई मोक्ष दिन कमनीय कलापूर्ण अवतार धारण गर्दछन्, त्यस्ता हजुर, कीर्ति सम्पन्न भगवान् कृष्णलाई मेरो नमस्कार छ ।। ४६ ।। त्यसपछि आदि-ऋषि नारायण र उनका शिष्यगणलाई प्रणाम गरेर नारद प्रसन्नचित्तमेरा पिता कृष्णद्वैपायन व्यासको आश्रमतिर गए ।। ४७ ।। त्यहाँ भगवान् व्यासद्वारा राम्ररी सम्मानित भएर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारदजी आसनमा बसेपछि नारायणको मुखबाट जे सुनेका थिए, त्यो सबै सुनाए ॥ ४८ ॥ हे राजन् ! तिमीले जो प्रश्न गरेका थियौ, तदनुसार—'जो निरूपणदेखि पर र निर्गुण छन्, त्यस ब्रह्ममा श्रुतिको गति कसरी हुन्छ ?' त्यो सबै मैले सुनाइदिएँ ॥ ४९ ॥ यो वेदस्तुतिको सारअंश हो जो यस विश्वको उत्पत्ति र संहारको विषयमा उत्प्रेक्षा गर्दछन्, जो प्रकृति र पुरुषका ईश्वर छन्, जो कस ब्रह्माण्डको रचना गरेर यसमा जीवसित आत्मारूपले प्रविष्ट भएर भिन्न-भिन्न देहको रचना र तिनको पालन एवं संहार गर्दछन् । जसरी गाढ निद्रामा सुतेको पुरुष शरीरको ज्ञान छाडिदिन्छ, त्यस्तै जसलाई पाएर जीव मायाबाट मुक्त हुन्छ, ती आफ्नू अखण्डरूपमा रहेर जगत्की मूलकारण स्वरूपा मायाको अन्त्य पार्ने अभयस्वरूप श्रीकृष्णको निरन्तर चिन्तन गर्नु प्रत्येक प्राणीको कर्तव्य हो ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकयां सप्ताशीतितमोऽध्यायः ॥८७

(शम्भु-मोचनको कथा) यति कथा सुनेर राजा परीक्षितले भने—हे ब्रह्मन् ! देवता, असुर र मनुष्यहरूमा जो अशिव शङ्करको सदा भजन गर्दछन्, ती प्रायः धनी र भोग सम्पन्न

ब्रह्मण्यनिर्देश्ये निर्गुणेऽपि श्रुतिश्चरेत् ॥ ४६ ॥ योऽस्योत्प्रेक्षक आदिमध्यनिधने योऽव्यक्तजीवेश्वरो यः सृष्ट्वेदमनुप्रविश्य ऋषिणा चक्रे पुरः शास्ति ताः ॥ यं संपद्य जहात्यजामनुशयी सुप्तः कुलायं यथा तं कैवल्यनिरस्तयोनिमभयं ध्यायेदजस्रं हरिम् ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नारदनारायणसंवादे वेदस्तुतिर्नाम सप्ताशीतितमोऽध्यायः ॥ ८७ ॥

राजोवाच ॥ देवासुरमनुष्येषु ये भजन्त्यशिवं शिवम् ॥ प्रायस्ते धनिनो भोजा न तु लक्ष्म्याः पतिं हरिम् ॥१॥ एतद्वेदितुमिच्छामः सन्देहोऽत्र महान्हि नः ॥ विरुद्धशीलयोः प्रभ्वोर्विरुद्धा भजतां गतिः ॥ २ ॥ श्रीशुक उवाच ॥ शिवः शक्तियुतःशश्वत्त्रिलिङ्गोगुणसंवृतः ॥ वैकारिकस्तैजसश्च तामसश्चेत्यहं त्रिधा ॥ ३ ॥ ततो विकारा अभवन्षोडशामीषु कञ्चन ॥ उपधावन्विभूतीनां सर्वासामश्नुते गतिम् ॥ ४ ॥ हरिर्हि निर्गुणः साक्षात्पुरुषः प्रकृतेः परः ॥ स सर्वदृगुपद्रष्टा तं भजन्निर्गुणो भवेत् ॥ ५ ॥ निवृत्तेष्वश्वमेधेषु राजा युष्मत्पितामहः ॥ शृण्वन्भगवतो धर्मानपृच्छदिदमच्युतम् ॥ ६ ॥ स आह भगवाँस्तस्मै प्रीतः शुश्रूषवे प्रभुः ॥ नृणां निःश्रेयसार्थाय योऽवतीर्णो यदोः कुले ॥ ७ ॥ श्रीभगवानुवाच ॥

हुन्छन । तर जो लक्ष्मीपति विष्णुको भजन गर्दछन् , ती त्यस्ता भोगसम्पन्न र धनी हुँदैनन् । यसको रहस्य के हो ? ॥१॥ हे भगवन् ! ती विरुद्धस्वभाव हुने दुवै प्रभुका उपासकहरूलाई यस्तो विरुद्ध गति किन प्राप्त हुन्छ ? यो म जान्न खोज्दैछु—मलाई यस विषयमा ठूलो संशय छ ॥ २ ॥ श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! आफ्नी प्रपल माया शक्तियुक्त भगवान् सदाशिव सत्त्व गुणले युक्त छन् । उनको त्रिविध अहङ्कारले दस इन्द्रिय, पञ्चभूत र मन—यी सोह्र विकार उत्पन्न भएका छन् । अतः यी सबै अधिष्ठाता देवताहरूमा कुनै पनि यौटाको उपासना गरेर प्राणी सबै ऐश्वर्यको गति पाउँदछ ॥३॥४॥ तर विष्णु भगवान् प्रकृतिदेखि अलग्ग पुराण पुरुष र निर्गुण छन् । ती सर्वज्ञ र सबैका अन्तःकरणका साक्षी छन् । उनको भजन गर्नाले प्राणी गुणातीत हुन्छन् ॥५॥ हे राजन् ! तिम्रा पितामह राजा युधिष्ठिरले अश्वमेध यज्ञ समाप्त भएपछि भागवत धर्म सुन्ने वेलामा भगवान् श्रीकृष्णचन्द्रसित यही प्रश्न गरेका थिए ॥६॥ अनि प्राणीको आत्यन्तिक कल्याणका लागि यदुकुलमा अवतीर्ण र षडैश्वर्य सम्पन्न श्रीकृष्णचन्द्रले प्रसन्नतापूर्वक महाराज युधिष्ठिरसित यसरी भन्नुभयो ॥ ७७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् भन्नुहुन्छ—म जसमाथि कृपा गर्दछु, त्यसको सबै धन बिस्तार-बिस्तार हरिलिन्छु । त्यसले निर्धन र दुःख भोगेको देखेर त्यसका स्वजनले छाडिदिन्छन् ॥८॥ अनि बारम्बार उद्योग गरेर पनि धन कमाउन समर्थ हुँदैन, अनि धनप्राप्तिको चेष्टाबाट विरक्त भएर त्यो मेरा भक्तहरूको संगतमा लाग्दछ, अनि म कृपा गर्न थाल्दछु ॥ ९ ॥ अनि त्यसलाई परम सूक्ष्म चिन्मात्र, सत्यस्वरूप र अनन्त ब्रह्मको प्राप्ति हुन्छ । यसरी मेरो आराधना कठिन छ । अतः सबै मलाई छाडेर अन्य देवताको उपासना गर्न थाल्दछन् ॥ १० ॥ अत्यन्त शीघ्र प्रसन्न हुने अन्य देवताहरूसित राज्य र धन-वैभव पाएर ती उन्मत्त हुन्छन् । यसरी अति घमण्डी र उद्धत भएर ती वरदायक देवताहरूको पनि महत्त्व बिर्सेर उनैको अपमान गर्न थाल्दछन् ॥ ११ ॥ श्रीशुकदेव भन्दछन्–हे राजन् ! ब्रह्मा, विष्णु र शिव आदि देवता श्राप र वरदान दिन समर्थ छन् । यिनमा शिव र ब्रह्माजी त झन् चाँडै नै प्रसन्न हुने र श्राप दिने देवता हुन्, तर विष्णु भगवान् त्यस्ता होइनन् ॥ १२ ॥ यस विषयमा यो प्राचीन इतिहासको उदाहरण दिइन्छ—भगवान् शङ्कर वृकासुरलाई आफैंले वरदान दिएर स्वयं

यस्याहमनुगृह्णामि हरिष्ये तद्धनं शनैः ॥ ततोऽधनं त्यजन्त्यस्य स्वजना दुःखदुःखितम् ॥८॥ स यदा वितथोद्योगो निर्विण्णः स्याद्धनेहया ॥ मत्परः कृतमैत्रस्य करिष्ये तदनुग्रहम् ॥९॥ तद्ब्रह्म परमं सूक्ष्मं चिन्मात्रं सदनन्तकम् ॥ अतो मां सुदुराराध्यं हित्वाऽन्यान्भजते जनः ॥१०॥ ततस्त आशुतोषेभ्यो लब्धराज्यश्रियोद्धताः ॥ मत्ताः प्रमत्ता वरदान्विस्मरन्त्यवजानते ॥ ११ ॥ श्रीशुक उवाच ॥ शापप्रसादयोरीशा ब्रह्मविष्णुशिवादयः॥ सद्यः शापप्रसादोऽङ्ग शिवो ब्रह्मा न चाच्युतः ॥ १२ ॥ तत्र चोदाहरन्तीममितिहासं पुरातनम् ॥ वृकासुराय गिरिशो वरं दत्त्वाऽऽप सङ्कटम् ॥ १३ ॥ वृको नामासुरः पुत्रः शकुनेः पथि नारदम् ॥ दृष्ट्वाशुतोषं पप्रच्छ त्रिषु देवेषु दुर्मतिः ॥ १४ ॥ स आह देवं गिरिशमुपाधावाशु सिद्ध्यसि ॥ योऽल्पाभ्यां गुणदोषाभ्यामाशु तुष्यति कुप्यति ॥ १५ ॥ दशास्यबाणयोस्तुष्टः स्तुवतोर्बन्दिनोरिव ॥ ऐश्वर्यमतुलं दत्त्वा तत आप सुसङ्कटम् ॥ १६॥ इत्यादिष्टस्तमसुर उपाधावत्स्वगात्रतः ॥ केदार आत्मक्रव्येण जुह्वानोऽग्निमुखं हरम् ॥ १७ ॥ देवोपलब्धिमप्राप्य निर्वेदात्सप्तमेऽहनि ॥ शिरोऽवृश्चत्स्वधितिना सत्तीर्थक्लिन्नमूर्धजम् ॥१८॥ तदा महाकारुणिकः स धूर्जटिर्यथा वयं चाग्निरिवोत्थितोऽनलात् ॥ निगृह्य दोर्भ्यां भुजयोर्न्यवारयत्तत्स्पर्श

सङ्कटमा परेका थिए ॥१३॥ एकपल्ट शकुनीको छोरो दुष्टबुद्धि वृकासुरले बाटोमा देवर्षि नारदलाई जान लागेका देखेर सोध्यो—'त्रिदेव अर्थात् ब्रह्मा, विष्णु शिवमा सब भन्दा शीघ्र प्रसन्न हुने देवता को हुन् ?' ॥ १४ ॥ नारदले भने–'तिमी शङ्कर भगवानको उपासना गर । यसले तिम्रो सबै मनोरथ झट्ट पूर्ण हुनेछ, किनकि ती थोरै गुण तथा दोषले तत्काल प्रसन्न र कुपित हुन्छन् ॥ १५ ॥ बन्दीजन झैं स्तुति गर्ने रावण र बाणासुरसित प्रसन्न भएर तिनलाई अटूट ऐश्वर्य दिए र स्वयं शिवजीलाई तिनैद्वारा निकै ठूलो सङ्कट आइलाग्यो' ॥ १६ ॥ नारदजीको यो उपदेश पाएर त्यो असुर केदार क्षेत्रमा आफ्नू शरीरको मासुका टुक्रा हवन गर्दै अग्निमुख नामका शिवको आराधना गर्न लाग्यो ॥ १७ ॥ यसरी छ दिनसम्म उपासना गर्दा पनि जब इष्टदेवको दर्शन पाएन, तब सातौं-दिन खिन्न भएर त्यो केदारतीर्थमा स्नान गर्नाले भिजेका कपाल भएको आफ्नू मस्तक आफ्नै हातले खड्गद्वारा काट्न उद्यत भयो ॥ १८ ॥ अनि हामी जस्तै परम कारुणिक शङ्कर अग्निकुण्डबाट अग्निदेव झैं प्रकट भएर आफ्ना भुजाले त्यसका दुवै हात समातेर रोकिदिए । भगवान् शिवको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करस्पर्शले वृकासुर फाट्ट जस्ताको तस्तै भयो ॥१९॥ श्रीशिवले आज्ञा भयो–'हे प्रिय ! भयो, अब धेरै भयो । म तिमीलाई वर दिन्छु । तिम्रो जे इच्छा छ, त्यो वर माग । म तजल-मात्र अर्पणले पनि आफ्ना शरणागत भक्तमाथि प्रसन्न हुन्छु तिमी व्यर्थ शरीरलाई कष्ट दिइरहेका छौ ॥ २० ॥ अनि त्यस पापीले शिवजीसित सम्पूर्ण प्राणीहरूलाई भयदायक यो वर माग्यो–'म जसको शिरमा आफ्नू हात राखूँ, त्यो तुरुन्त मरोस्' । ॥ २१ ॥ हे भारत ! त्यसको मागमा ध्यान नदिई भगवान् रुद्रले खिन्न भई सर्पलाई दूध खान दिए जस्तै हाँस्तै 'तथास्तु' भनी वर दिनुभयो ॥२२॥ शिवले 'तथास्तु' भन्नासाथ त्यो असुर पार्वतीलाई हरण गर्ने इच्छाले र त्यस वरदानको परीक्षा लिन महादेवजीकै मस्तकमा आफ्नू हात राख्न तयार भयो । अनि भगवान् शङ्करलाई आफूले दिएको वरदानले निकै डर लाग्यो ॥२३॥ अनि त्यसले लखेटेपछि ती भयले काम्दै स्वर्ग, पृथ्वी र दिशाहरूको अन्त्यसम्म दगुर्दै रहे, पछि उत्तर दिशातिर भागे ॥ २४ ॥ सङ्कट टार्ने कुनै उपाय नदेखेर सबै देवेश्वरगण चूप लागे । अन्त्यमा डराएका भगवान् शङ्कर अन्धकार भन्दा पनि पर, निरन्तर

नाङ्कूय उपस्कृताकृतिः ॥ १९ ॥ तमाह चाङ्गालमलं वृणीष्व मे यथाभिकामं वितरामि ते वरम् ॥ प्रीयेय तोयेन नृणां प्रपद्यतामहो त्वयात्मा भृश-मर्द्यते वृथा ॥ २० ॥ देवं स वव्रे पापीयान्वरं भूतभयावहम् ॥ यस्य यस्य करं शीर्ष्णि धास्ये स म्रियतामिति ॥ २१ ॥ तच्छ्रुत्वा भगवान् रुद्रो दुर्मना इव भारत ॥ ओमिति प्रहसंस्तस्मै ददेऽहेरमृतं यथा ॥ २२ ॥ इत्युक्तः सोऽसुरो नूनं गौरीहरणलालसः ॥ स तद्वरपरीक्षार्थं शम्भोर्मूर्ध्नि किलासुरः ॥ स्वहस्तं धातुमारेभे सोऽबिभ्यत्स्वकृताच्छिवः ॥ २३ ॥ तेनोपसृष्टः संत्रस्तः पराधावत्सवेपथुः ॥ यावदन्तं दिवो भूमेः काष्ठानामुद-गादुदक् ॥ २४ ॥ अजानन्तः प्रतिविधिं तूष्णीमासन्सुरेश्वराः ॥ ततो वैकुण्ठमगमद्भास्वरं तमसः परम् ॥ २५ ॥ यत्र नारायणः साक्षान्न्या-सिनां परमा गतिः ॥ शान्तानां न्यस्तदण्डानां यतो नावर्तते गतः ॥ २६ ॥ तं तथा व्यसनं दृष्ट्वा भगवान्वृजिनार्दनः ॥ दूरात्प्रत्युदियाद्भूत्वा वटुको योगमायया ॥ २७ ॥ मेखलाजिनदण्डाक्षैस्तेजसाऽग्निरिव ज्वलन् ॥ अभिवादयामास च तं कुशपाणिर्विनीतवत् ॥ २८ ॥ श्रीभगवानु-वाच ॥ शाकुनेय भवान्व्यक्तं श्रान्तः किं दूरमागतः ॥ क्षणं विश्रम्यतां पुंस आत्माऽयं सर्वकामधुक् ॥ २९ ॥ यदि नः श्रवणायालं युष्मद्व्यवसितं विभो ॥ भण्यतां प्रायशः पुम्भिर्धृतैः स्वार्थान्समीहते ॥ ३० ॥ श्रीशुक उवाच ॥ एवं भगवता पृष्टो वचसाऽमृतवर्षिणा ॥ गतक्लमोऽब्रवीत्तस्मै

प्रकाशमान वैकुण्ठ धाममा पुगे ॥ २५ ॥ जहाँ शान्त सबैका अभयदायक र संन्यासी, भक्तहरूका परमगति श्रीनारायण भगवान् निवास गर्दछन् र जहाँ पुगेपछि जीव फेरि संसारमा फर्कर आउन्न ॥ २६ ॥ भक्त-भयहारी विष्णुले महादेवलाई त्यस विकट सङ्कटमा देखेर आफ्नो योगमाया द्वारा ब्रह्मचारीको रूप धारण गरेर त्यो दैत्यको सम्मुख पुगे ॥ २७ ॥ ती मूँजको मेखला, कृष्ण-मृगचर्म, दण्ड र रुद्राक्षको माला धारण गरेका र तेजले अग्नि झैं देदीप्यमान एवं हातमा कुश लिएका भर्खरका थिए । उनले वृकासुरलाई विनीत झैं प्रणाम गरे ॥ २८ ॥ अनि श्री भगवान् भन्दछन्—हे शकुनिपुत्र ! तिमी वर्ता थाकेजस्ता छौ । किन आज तिमी यति परसम्म आयौ? लौ त एकछिन यहाँ बसेर थकाई मार । हेर, मनुष्यको शरीर नै त्यसका सबै कामना पूर्ण पार्दछ ॥ २९ ॥ हे समर्थ ! यदि तिम्रो विचार मैले सुन्न लायक छ भने मलाई तत्काल भन, किनकि संसारमा प्रायः सहायक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुष द्वारा नै व्यक्ति आफ्नू कार्य सिद्ध गर्दछन् ॥३०॥ शुकदेवजी भन्नुहुन्छ—यसरी भगवान द्वारा अमृतमय वचनले सोधेपछि वृकासुरले थकाई मारेपछि जे-जति गरेको थियो, त्यो सबै वृत्तान्त सुनायो ॥३१॥ भगवान्‌ले आज्ञा भयो—यदि यही कुरा हो भने मलाई महादेवको कुरामा विश्वास छैन, किनकि ती त दक्षको श्रापले पिशाच भएर भूत-प्रेतका अधीश्वर भइसकेका छन् ॥३२॥ हे दानवेन्द्र ! यदि तिमीलाई जगद्‌गुरु शंकरजीका वाक्यमा केही विश्वास छ भने अहिल्यै आफ्नू मस्तकमा हात राखेर परीक्षा लेऊ ॥ ३३ ॥ हे दानवश्रेष्ठ ! अनि महादेवको वचन असत्य ठहरियो भने तिमी ती असत्यभाषी शङ्करलाई नमारी नछाड, जसले ती फेरि मिथ्या कुरा बोल्न नपाउन् ॥ ३४ ॥ श्रीविष्णु भगवान्‌का विचित्र र कोमल वाक्यले भ्रान्तबुद्धि भएको हुँदा त्यस मूढले आफ्नै शिरमा हात राखिदियो ॥ ३५ ॥ हात राख्नासाथ त्यो दैत्य तत्काल वज्राहत झैं शिर फुटेर त्यहीं मरिगयो। उसै वेला आकाशमा जय-जयकार, नमस्कार र साधुवादको ध्वनि हुनलाग्यो ॥३६॥ पापी वृकासुर मारिनाले देव, ऋषि, पितृ र गन्धर्वगण भगवान्‌माथि पुष्पको वर्षा गर्न

यथापूर्वमनुष्ठितम् ॥३१॥ श्रीभगवानुवाच ॥ एवं चेत्तर्हि तद्वाक्यं न वयं श्रद्दधीमहि ॥ यो दक्षशापात्पैशाच्यं प्राप्तः प्रेतपिशाचराट् ॥ ३२ ॥ यदि वस्तत्र विश्रम्भो दानवेन्द्र जगद्‌गुरौ ॥ तर्ह्यङ्गाशु स्वशिरसि हस्तं न्यस्य प्रतीयताम् ॥३३॥ यद्यसत्यं वचः शम्भोः कथञ्चिद्दानवर्षभ ॥ तदैनं जह्यसद्वाचं न यद्वक्ता-नृतं पुनः ॥३४॥ इत्थं भगवतश्चित्रैर्वचोभिः स सुपेशलैः ॥ भिन्नधीर्विस्मृतः शीर्ष्णि स्वहस्तं कुमतिर्न्यधात् ॥३५॥ अथापतद्भिन्नशिरा वज्राहत इव क्षणात् ॥ जयशब्दो नमःशब्दः साधुशब्दोऽभवद्दिवि ॥३६॥ मुमुचुः पुष्पवर्षाणि हते पापे वृकासुरे ॥ देवर्षिपितृगन्धर्वा मोचितः सङ्कटाच्छिवः ॥३७॥ मुक्तं गिरिशमभ्याह भगवान्पुरुषोत्तमः ॥ अहो देव महादेव पापोऽयं स्वेन पाप्मना ॥ ३८ ॥ हतः को न महत्स्वीश जन्तुर्वै कृतकिल्बिषः ॥ क्षेमी स्यात्किमु विश्वेशे कृतागस्को जगद्‌गुरौ ॥ ३९ ॥ य एवमव्याकृतशक्त्युदन्वतः परस्य साक्षात्परमात्मनो हरेः ॥ गिरित्रमोक्षं कथयेच्छृणोति वा विमुच्यते संसृतिभिस्तथाऽरिभिः ॥ ४० ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे रुद्रमोक्षणं नामाष्टाशीतितमोऽध्यायः ॥ ८८ ॥

श्रीशुक उवाच ॥ सरस्वत्यास्तटे राजन्नृषयः सत्रमासत ॥ वितर्कः समभूत्तेषां त्रिष्वधीशेषु को महान् ॥ १ ॥ तस्य जिज्ञासया ते

लागे र महादेव त्यस भयंकर सङ्कटबाट मुक्त भए ॥३७॥ अनि विष्णु भगवान्‌ले भय-मुक्त शङ्करजीसित भन्नुभयो—'हे देव-देव ! यो दुष्ट आफ्नै पापले मारियो। महापुरुषको अपराध गर्ने कुनै पनि प्राणी सकुशल रहन सक्तैन भने जगद्‌गुरु श्रीविश्वेश्वरको अपराध गर्नेको विषयमा के भन्ने ?' ॥ ३८ ॥ ३९ ॥ जो पुरुष मन र वाणी आदिको विषयबाट पृथक्, शक्तिहरूका समुद्र एवं प्रकृति आदिबाट श्रीविष्णु भगवान् द्वारा गरिएको यो शम्भु-मोचन चरित्रलाई भन्दछ वा सुन्दछ, त्यो संसारका सबै बन्धन तथा शत्रुहरूको भयबाट मुक्त हुन्छ ॥४०॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे नेपाली भाषाटीकायां अष्टाशीति तमोऽध्यायः ॥ ८८ ॥

(भृगु मुनिद्वारा ब्रह्मा, विष्णु र शिवको परीक्षा र भगवान् द्वारा महाकालपुरबाट ब्राह्मणका बालकहरू ल्याउनु)—श्रीशुकदेव भन्नुहुन्छ–हे राजन्! केही ऋषिगण एक पल्ट सरस्वती नदीको तटमा यज्ञ गर्दै थिए। तिनमा यो विचार चल्यो—ब्रह्मा, विष्णु तथा शिव यिनमा सबैभन्दा ठुला, कुन देवता छन् ॥१॥ हे नृप ! यस जिज्ञासाले तिनले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माका पुत्र महर्षि भृगुलाई उनको परीक्षा लिनको निम्ति पठाए । तदनुसार महर्षि भृगु पहिले ब्रह्माजीको सभामा गए ।।२।। ब्रह्माजीको धार्नो जाँच्नका लागि उनले नमस्कार, स्तुति केही पनि गरेनन् । अतः ब्रह्माजी आफ्नू तेजले प्रज्वलित भएर मनमनै अत्यन्त क्रोधित भए ।।३।। तर आफ्नू पुत्रप्रति उत्पन्न रिस पितामह ब्रह्माजीले मनमनै थिचेर शान्त पारिदिए, जस्तै–तेजस्तत्त्वबाट उत्पन्न जलले अग्नि शान्त हुन्छ ।। ४ ।। अनि भृगुऋषि कैलाश पुगे । आफ्ना भाई महर्षि भृगु आएका देखेर महादेव निकै आनन्दित भएर तत्काल उठी उनलाई अङ्कमाल गर्न हात उचाले, तर भृगुले भने—'तिमी कुमार्गगामी हौ ।' यति भनेर जब उनले अंकमाल गर्न अनिच्छा प्रकट गरे, तब महादेवलाई झनक्क रिस उठ्यो र आफ्ना तीक्ष्ण दृष्टिले हेर्दै त्रिशूल उठाएर उनलाई मार्न अघिसरे ।। ५ ।। ६ ।। अनि पार्वतीले पाउ समातेर शिवलाई नम्रवाणीले शान्त पारिन् । अनि भृगुजी त्यहाँबाट वैकुण्ठधाम गए, जहाँ विष्णु भगवान् विराजमान छन् ।। ७ ।। त्यस बेला भगवान् लक्ष्मीको काखमा शिर राखेर पल्टेका थिए । पुग्नासाथ भृगुले उनको वक्षस्थलमा एक लात हाने । साधु पुरुषका

वै भृगुं ब्रह्मसुतं नृप ।। तज्ज्ञप्त्यै प्रेषयामासुः सोऽभ्यगाद् ब्रह्मणः सभाम् ।। २ ।। न तस्मै प्रह्वणं स्तोत्रं चक्रे सत्त्वपरीक्षया ।। तस्मै चुक्रोध भगवान्प्रज्वलन्स्वेन तेजसा ।। ३ ।। स आत्मन्युत्थितं मन्युमात्मजायात्मना प्रभुः ।। अशीशमद्यथा वह्निं स्वयोन्या वारिणाऽऽत्मभूः ।। ४ ।। ततः कैलासमगमत्स तं देवो महेश्वरः ।। परिरब्धुं समारेभ उत्थाय भ्रातरं मुदा ।। ५ ।। नैच्छत्त्वमस्युत्पथग इति देवश्चुकोप ह ।। शूलमुद्यम्य तं हन्तुमारेभे तिग्मलोचनः ।। ६ ।। पतित्वा पादयोर्देवी सान्त्वयामास तं गिरा ।। अथो जगाम वैकुण्ठं यत्र देवो जनार्दनः ।। ७ ।। शयानं श्रिय उत्सङ्गे तदा वक्षस्यताडयत् ।। तत उत्थाय भगवान्सह लक्ष्म्या सतां गतिः ।। ८ ।। स्वतल्पादवरुह्याथ ननाम शिरसा मुनिम् ।। आह ते स्वागतं ब्रह्मन्निषीदात्रासने क्षणम् ।। अजानतामगतान्वः क्षन्तुमर्हथ नः प्रभो ।। ९ ।। अतीव कोमलौ तात चरणौ ते महामुने ।। वज्रकर्कशमद्वक्षःस्पर्शेन परिपीडितौ ।। इत्युक्त्वा विप्रचरणौ मर्दयन्स्वेन पाणिना ।। १० ।। पुनीहि सहलोकं मां लोकपालांश्च मद्गतान् ।। पादोदकेन भवतस्तीर्थानां तीर्थकारिणा ।। ११ ।। अद्याहं भगवँल्लक्ष्म्या आसमेकान्तभाजनम् ।। वत्स्यत्युरसि मे भूतिर्भवत्पादहतांहसः ।। १२ ।। श्रीशुक उवाच ।। एवं ब्रुवाणे वैकुण्ठे भृगुस्तन्मन्द्रया गिरा ।। निर्वृतस्तर्पितस्तूष्णीं भक्त्युत्कण्ठोऽश्रुलोचनः ।। १३ ।। पुनश्च सत्रमाव्रज्य मुनीनां ब्रह्मवादिनाम् ।। स्वानुभूतमशेषेण

एकमात्र गति भगवान् लक्ष्मी सहित जुरुक्क उठे । अनि शय्याबाट ओर्लेर भृगुलाई शिर न्यूराई प्रणाम गरेर भने—'हे ब्रह्मन् ! 'हे ऋषे ! म हजुरको स्वागत गर्दछु । आउनोस् एकछिन आसनमा बस्नोस् । हामीलाई हजुर यसरी आउने थाहा थिएन, हाम्रो धृष्टता क्षमा गर्नुहवस् ।। ८ ।। ९ ।। मुनिराज ! हजुरका चरण अत्यन्त कोमल छन् र मेरो वक्षःस्थल वज्रसमान कठोर छ । त्यसको स्पर्शले यी पाउमा निकै पीडा भयो होला' यति भनेर भृगुका पाउ आफ्ना हातले मुसार्दै भन्नलागे–।।१०।। हे ऋषे ! हजुरको चरणोदक तीर्थलाई पनि पवित्र पार्दछ । त्यसैले हजुर वैकुण्ठ समेत ममा स्थित सबै लोकपालहरूलाई पवित्र पार्नुहवस् ।। ११ ।। हे भगवन् ! हजुरको चरणस्पर्शले मेरा सबै पाप नष्ट भए । अतः लक्ष्मी मेरो हृदयमा सर्वदा विराजमान रहने छन् । अब म लक्ष्मीको एकमात्र आश्रयस्थान भएँ ।। १२ ।। शुकदेवजी भन्दछन्–हे राजन् ! यसरी भगवान्ले भनेपछि भृगु मुनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दित र तृप्त भएर मौन भए। भक्तिको उद्रेकले उनको हृदय गद्गद भयो र नेत्रमा जल भरिएर आयो ॥ १३ ॥ हे राजन्! त्यहाँबाट यज्ञभूमिमा आएर उनले वेदवादी मुनिहरूका समक्ष आफ्नू अनुभव सुनाए ॥ १४ ॥ सबै कुरा सुनेर मुनीश्वरहरूलाई विस्मय भयो र उनको भ्रम नष्ट भयो। त्यसै वेला देखि ती सर्वश्रेष्ठ देवता विष्णु भगवानमै विशेष श्रद्धा राख्न लागे, जसबाट शान्ति र अभयको उद्गम हुन्छ ॥ १५ ॥ जसबाट साक्षात् धर्म, ज्ञान र उसले युक्त वैराग्य, आठ थरिका सिद्धिहरू तथा चित्तको मलिनता निवारण गर्ने सुयश प्राप्त हुन्छ ॥ १६ ॥ जसलाई शान्त, समचित्त, अकिञ्चन र सबैलाई अभय दिने साधुजनका परमगति मानिएको छ ॥ १७ ॥ सत्त्व जसको प्रियमूर्ति छ, ब्राह्मण जसका इष्टदेव छन् र निष्काम, ज्ञान र निपुण बुद्धि हुने पुरुष नित्य जसको भजन गर्दछन् ॥ १८ ॥ जसका तीन मूर्ति छन्—राक्षसी, आसुरी र दैवी। यी तीनै मूर्तिहरू उनको गुणमयी मायाले रचित छन्। इनमा पनि सत्वमयी देवमूर्ति नै पुरुषार्थरूपी छन् र तिनै उनको प्राप्तिका साधन कहिन्छिन् ॥१९॥ शुकदेवजी भन्दछन्—हे राजन्! मनुष्यका

राजन्भृगुरवर्णयत् ॥ १४ ॥ तन्निशम्याथ मुनयो विस्मिता मुक्तसंशयाः ॥ भूयांसं श्रद्दधुर्विष्णुं यतः शान्तिर्यतोऽभयम् ॥ १५ ॥ धर्मः साक्षाद्यतो ज्ञानं वैराग्यं च तदन्वितम् ॥ ऐश्वर्यं चाष्टधा यस्माद्यशश्चात्ममलापहम् ॥ १६ ॥ मुनीनां न्यस्तदण्डानां शान्तानां समचेतसाम् ॥ अकिञ्चनानां साधूनां यमाहुः परमां गतिम् ॥ १७ ॥ सत्त्वं यस्य प्रिया मूर्तिर्ब्राह्मणास्त्विष्टदेवताः ॥ भजन्त्यनाशिषः शान्ता यं वा निपुणबुद्धयः ॥१८॥ त्रिविधाकृतयस्तस्य राक्षसा असुराः सुराः ॥ गुणिन्या मायया सृष्टा सत्त्वं तत्तीर्थसाधनम् ॥ १९ ॥ श्रीशुक उवाच ॥ एवं सारस्वता विप्रा नृणां संशयनुत्तये ॥ पुरुषस्य पदाम्भोजसेवया तद्गतिं गताः ॥ २० ॥ सूत उवाच ॥ इत्येतन्मुनितनयास्यपद्मगन्धपीयूषं भवभयभित्परस्य पुंसः ॥ सुश्लोकं श्रवणपुटैः पिबत्यभीक्ष्णं पान्थोऽध्वभ्रमणपरिश्रमं जहाति ॥ २१ ॥ श्रीशुक उवाच ॥ एकदा द्वारवत्यां तु विप्रपत्न्याः कुमारकः ॥ जातमात्रो भुवं स्पृष्ट्वा ममार किल भारत ॥ २२ ॥ विप्रो गृहीत्वा मृतकं राजद्वार्युपधाय सः ॥ इदं प्रोवाच विलपन्नातुरो दीनमानसः ॥ २३ ॥ ब्रह्मद्विषः शठधियो लुब्धस्य विषयात्मनः ॥ क्षत्रबन्धोः कर्मदोषात्पञ्चत्वं मे गतोऽर्भकः ॥ २४ ॥ हिंसाविहारं नृपतिं दुःशीलमजितेन्द्रियम् ॥ प्रजा भजन्त्यः सीदन्ति दरिद्रा नित्यदुःखिताः ॥ २५ ॥ एवं द्वितीयं विप्रर्षिस्तृतीयं त्वेवमेव च ॥ विसृज्य स नृपद्वारि तां गाथां समगायत ॥ २६ ॥ तामर्जुन

संशय हटाउन सरस्वतीतट निवासी ब्राह्मणहरूले यस्तो निर्णय गरेर विष्णुकै चरणसेवा गरेर अन्त्यमा परमपद पाए ॥२०॥ सूतजी भन्दछन्—हे शौनक! व्यासतनय शुकदेवजीको मुख-कमलबाट चुहेको र सांसारिक भयको निवारण गर्ने परमपुरुष श्रीकृष्णको सुगन्धित सुयश-सुधालाई जो संसारपथको पथिक आफ्ना कर्णपुटबाट नित्य पान गर्दछन्, ती सदाको निम्ति संसारपथको भ्रमणजनित श्रमले मुक्त हुन्छन् ॥ २१ ॥ शुकदेवजी भन्दछन्—हे भारत! एकपल्ट द्वारकामा कुनै ब्राह्मणीको पुत्र जन्मेर पृथिवीको स्पर्श हुनासाथ मर्‍यो ॥ २२ ॥ अनि ती ब्राह्मणले बालकको शव लगेर उग्रसेनको द्वारमा राखिदिए र अत्यन्त दुःखी हृदयले विलाप गर्दै भने—॥ २३ ॥ यी ब्राह्मण-द्रोही, लोभी तथा विषयी क्षत्रियाधमका कर्मदोषले नै आज मेरो बालक मरेको हो ॥ २४ ॥ जो प्रजा-हिंसक, दुःशील र अजितेन्द्रिय राजाको सेवा गर्दछ, त्यो सदा दरिद्र तथा नित्य दुःखित रहेर

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेक थरिका क्लेश भोग्दछन् ॥ २५ ॥ हे राजन् ! यसै गरी ती ब्राह्मण श्रेष्ठले आफ्नो दोस्रो र तेस्रो बालक जन्मनासाथ मरेर तिनलाई पनि राजद्वारमा राखिदिए र हरेक पल्ट त्यही कुरा सुनाए ॥ २६ ॥ त्यसै गरी उनको नवौं बालक पनि मर्‍यो र उही पुरानो गाथा सुनेर श्रीकृष्णको नगीचै बसेका अर्जुनले ब्राह्मणसित भने–॥ २७ ॥ हे ब्रह्मन् ! के हजुरको निवासस्थान द्वारकापुरीमा कोही पनि धनुर्धर क्षत्रिय छैनन् ! के यी सबै यादव यज्ञ गर्ने ब्राह्मण हुन् ? ॥ २८ ॥ जसको राज्यमा ब्राह्मण धन र स्त्री-पुत्रादिले वियुक्त भएर शोक गर्दछन्, ती राजा क्षत्रियको वेशमा आफ्नू प्राणपोषण गर्ने नट झैं बाँच्तछन् ॥२९॥ हे भगवन् ! पुत्र-वियोगले काँतर हजुर दुवै विप्र स्त्री-पुरुषका सन्तानको रक्षा म स्वयं गर्दछु । यदि मैले यो प्रतिज्ञा पूर्ण पार्न सकिन भने आगोमा डढेर निष्पाप हुनेछु ॥ ३० ॥ ब्राह्मणले भने—हे अर्जुन ! श्रीबलराम, भगवान् कृष्ण, धनुर्धरहरूमा श्रेष्ठ प्रद्युम्न र अनुपम रथी अनिरुद्ध पनि जब तिनको रक्षा गर्न अधिसरेनन् भने यी जगदीश्वरबाट पनि हुन नसक्ने काम तिमी गर्न खोज्दैछौ ? मलाई तिम्रो कुरा मूर्खता जस्तै

उपश्रुत्य कर्हिचित्केशवान्तिके ॥ परेते नवमे बाले ब्राह्मणं समभाषत ॥ २७ ॥ किंस्विद्ब्रह्मँस्त्वन्निवासे इह नास्ति धनुर्धरः ॥ राजन्यबन्धुरेते वै ब्राह्मणाः सत्रमासते ॥ २८ ॥ धनदारात्मजापृक्ता यत्र शोचन्ति ब्राह्मणाः ॥ ते वै राजन्यवेषेण नटा जीवन्त्यसुम्भराः ॥२९ ॥ अहं प्रजा वां भगवन्रक्षिष्ये दीनयोरिह ॥ अनिस्तीर्णप्रतिज्ञोऽग्निं प्रवेक्ष्ये हतकल्मषः ॥ ३० ॥ ब्राह्मण उवाच ॥ सङ्कर्षणो वासुदेवः प्रद्युम्नो धन्विनां वरः ॥ अनिरुद्धोऽप्रतिरथो न त्रातुं शक्नुवन्ति यत् ॥ ३१ ॥ तत्कथं नु भवान्कर्म दुष्करं जगदीश्वरैः ॥ चिकीर्षसि त्वं बालिश्यात्तन्न श्रद्दध्महे वयम् ॥३२॥ अर्जुन उवाच ॥ नाहं सङ्कर्षणो ब्रह्मन्न कृष्णः कार्ष्णिरेव च ॥ अहं वा अर्जुनो नाम गाण्डीवं यस्य वै धनुः ॥ ३३ ॥ मावमंस्था मम ब्रह्मन्वीर्यं त्र्यम्बकतोषणम् ॥ मृत्युं विजित्य प्रधने आनेष्ये ते प्रजाः प्रभो ॥ ३४ ॥ एवं विश्रम्भितो विप्रः फाल्गुनेन परंतप ॥ जगाम स्वगृहं प्रीतः पार्थवीर्यं निशामयन् ॥३५॥ प्रसूतिकाल आसन्ने भार्याया द्विजसत्तमः ॥ पाहि पाहि प्रजां मृत्योरित्याहार्जुनमातुरः ॥ ३६ ॥ स उपस्पृश्य शुच्यम्भो नमस्कृत्य महेश्वरम् ॥ दिव्यान्यस्त्राणि संस्मृत्य सज्यं गाण्डीवमाददे ॥ ३७ ॥ न्यरुणत्सूतिकागारं शरैर्नानास्त्रयोजितैः ॥ तिर्यगूर्ध्वमधः पार्थश्चकार शरपञ्जरम् ॥३८॥ ततः कुमारः संजातो विप्रपत्न्या रुदन्मुहुः ॥ सद्यो दर्शनमापेदे सशरीरो विहायसा ॥३९॥ तदाह विप्रो विजयं विनिन्दन्कृष्ण-

लागिरहेको छ र पत्यार पनि परिरहेको छैन ॥ ३१ ॥ ३२ ॥ विजयले भने—हे ब्रह्मन् ! म बलराम, कृष्ण अथवा कृष्णका पुत्र प्रद्युम्न होइन । म अर्जुन हुँ, जोसित सदा गाण्डीव धनुष [illegible] ॥ ३३ ॥ हे विप्र ! श्रीमहादेवलाई पनि सन्तुष्ट पार्ने मेरो पराक्रमको तिमी अपमान नगर । हे प्रभो ! म युद्धमा मृत्युलाई पनि जितेर तिम्रा मरेका बालकलाई परलोकबाट ल्याउँछु ॥ ३४ ॥ हे राजन् ! धनंजय द्वारा यसरी आश्वासित गरिएपछि ती ब्राह्मण प्रसन्न भएर उनको पुरुषार्थको कुराहरू वर्णन गर्दै आफ्नू घर फर्किए ॥ ३५ ॥ यसपल्ट जब उनकी स्त्रीको प्रसवकाल आयो, तब उनले अत्यन्त आतुर भएर अर्जुनसित भने—'हे पार्थ ! तिमी मेरो सन्तानलाई मृत्युको मुखबाट बचाऊ ॥३६॥ उनले पवित्र जलले आचमन गरेर शंकरलाई नमस्कार गरी आफ्नू दिव्यास्त्रको स्मरण गरी ताँदो कसेको गाण्डीव धनुष हातमा लिए ॥ ३७ ॥ त्यसपछि अनेक थरिका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्त्र मन्त्रप्रयुक्त बाणद्वारा उनले सूतिका-गृहलाई चारैतिरबाट ढाके। यसरी धनञ्जयले यता-उता; तल-माथि सबैतिर बाणको पिञ्जरा जस्तै बनाइदिए ॥३८॥ अनि ती ब्राह्मणीको गर्भबाट बालक उत्पन्न भयो तर त्यो बारम्बार रोई तत्काल त्यो सशरीर आकाशमा अन्तर्धान भयो ॥३९॥ अनि ती विप्रले श्रीकृष्णकहाँ गएर उनका प्रिय सखाको निन्दा गर्दै भने— 'मेरो मूर्खता हेर, मैले यस नपुंसकको आत्म प्रशंसायुक्त वचनमा विश्वास गरें ॥ ४० ॥ प्रद्युम्न, अनिरुद्ध, बलराम तथा कृष्ण आदि कोही पनि जसको रक्षा गर्न समर्थ भएनन् भने त्यसलाई बचाउन को समर्थ हुनसक्दछ ? ॥४१॥ जुन बुद्धिहीन मनुष्य दैवद्वारा हरिएका बालकहरूलाई फेरि फर्काई ल्याउन खोज्दछ, त्यस मिथ्यावादी तथा आफ्नै मुखले आफ्नू प्रशंसा गर्ने विजय र उसको गाण्डीव धनुषलाई धिक्कार छ ॥४२॥ ती ब्राह्मणले यसरी कुवाक्य भनेपछि पार्थ आफ्नू योगबलले संयमनीपुरी गए, जहाँ स्वयं भगवान् यमराज बस्तछन् ॥४३॥ त्यहाँ पनि ती ब्राह्मणका बालकलाई नदेखेर वीर धनञ्जय हातमा शस्त्रास्त्र लिई निऋति, सोम, वायु तथा अग्नि वरुणादिका पुरी, अतलादि तलका लोक, स्वर्गभन्दा माथि

सन्निधौ ॥ मौढ्यं पश्यत मे योऽहं श्रद्दधे क्लीबकत्थनम् ॥४०॥ न प्रद्युम्नो नानिरुद्धो न रामो न च केशवः ॥ यस्य शेकुः परित्रातुं कोऽन्यस्तदवितेश्वरः ॥४१॥ धिगर्जुनं मृषावादं धिगात्मश्लाघिनो धनुः ॥ दैवोपसृष्टं यो मौढ्यादानिनीषति दुर्मतिः ॥ ४२ ॥ एवं शपति विप्रर्षौ विद्यामास्थाय फाल्गुनः ॥ ययौ संयमनीमाशु यत्रास्ते भगवान्यमः ॥ ४३ ॥ विप्रापत्यमचक्षाणस्तत ऐन्द्रीमगात्पुरीम् ॥ आग्नेयीं नैर्ऋतीं सौम्यां वायव्यां वारुणीमथ ॥ रसातलं नाकपृष्ठं धिष्ण्यान्यान्युदायुधः ॥ ४४ ॥ ततोऽलब्धद्विजसुतो ह्यनिस्तीर्णप्रतिश्रुतः ॥ अग्निं विविक्षुः कृष्णेन प्रत्युक्तः प्रतिषेधता ॥४५॥ दर्शये द्विजसूनूंस्ते भावज्ञात्मानमात्मना ॥ एते हि कीर्तिं विमलां मनुष्याः स्थापयिष्यन्ति हि ॥४६॥ इति संभाष्य भगवानर्जुनेन सहेश्वरः ॥ दिव्यं स्वरथमास्थाय प्रतीचीं दिशमाविशत् ॥४७॥ सप्तद्वीपान् सप्तसिन्धून् सप्तसप्तगिरीनथ ॥ लोकालोकं तथाऽतीत्य विवेश सुमहत्तमः ॥४८॥ तत्राश्वाः शैव्यसुग्रीवमेघपुष्पबलाहकाः ॥ तमसि भ्रष्टगतयो बभूवुर्भरतर्षभ ॥ ४९ ॥ तान्दृष्ट्वा भगवान्कृष्णो महायोगेश्वरेश्वरः ॥ सहस्रादित्यसंकाशं स्वचक्रं प्राहिणोत्पुरः ॥५०॥ तमः सुघोरं गहनं कृतं महद्विदारयद्भूरितरेण रोचिषा ॥ मनोजवं निर्विविशे सुदर्शनं गुणच्युतो रामशरो

महर्लोकादिमा पनि गए ॥ ४४ ॥ कहीं पनि ब्राह्मणका बालक नपाई आफ्नू प्रतिज्ञा अपूर्ण हुनाले उनी अग्निमा प्रवेश गर्ने विचार गरे, तर तत्काल दयालु भगवान् श्रीकृष्णचन्द्रले तिनलाई अहिल्यै यस्तो नगर भनी रोकिदिए ॥४५॥ भगवान् भन्नुहुन्छ—'म तिमीलाई ती ब्राह्मणका बालकहरू देखाउँछु। तिमी यसरी स्वयं आफ्नू अवज्ञा नगर। एक दिन यी तिम्रा निन्दकहरू नै हाम्रो कीर्तिको बखान गर्नेछन्' ॥ ४५ ॥ सर्वसमर्थ भगवान् कृष्ण यसरी आफ्ना सखा पार्थसित कुरा गरेर उनीसितै आफ्नू दिव्य रथमा आरूढ भएर पश्चिम दिशातिर हिंडे ॥४७॥ उनले सात पर्वत भएका सात द्वीप, सात समुद्र तथा लोकालोक पर्वत छिचलेर महान् अन्धकारमा प्रवेश गरे ॥ ४८ ॥ हे भरतश्रेष्ठ! त्यस घोर अन्धकारमा उनका शैव्य, सुग्रीव, मेघपुष्प र बलाहक नामका अश्व यता-उता अन्नमलिन लागे ॥ ४९ ॥ तिनको अवस्था देखेर योगेश्वर भगवान् कृष्णचन्द्रले आफ्नू हजार सूर्य जस्तै देदीप्यमान सुदर्शन चक्र अघि लगाइदिए ॥५०॥ आफ्नू अत्यधिक तेजले त्यो घोर अन्धकारलाई परसम्म विदीर्ण पार्दै त्यो सुदर्शन चक्र मनको समान अति तीव्र गतिले यस प्रकार अन्धकारमा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रविष्ट भयो, जस्तै—धनुषको ताँदोबाट छुटेको रामवाण शत्रुसेनामा प्रविष्ट हुन्थ्यो ॥ ५१ ॥ सुदर्शन चक्रद्वारा देखाइएको बाटोबाट जाँदा अर्जुनले अन्धकारको पारीपट्टि उत्तम तथा अनन्त एवं व्यापक ज्योति देखेर आफ्ना तिरमिरिएका दुवै नेत्र चिम्ले ॥५२॥ अनि उनले प्रबल वायुद्वारा कम्पायमान ठूला-ठूला तरङ्ग हुने अगाध जलमा प्रवेश गरे। त्यहाँ हजारौं तेजवान् मणिमय स्तम्भहरूले सुशोभित र वर्ता देदीप्यमान यौटा अद्भुत भवन थियो ॥ ५३ ॥ त्यस भवनमा आश्चर्यजनक र डरलाग्दो आफ्ना सहस्र मस्तकका मणिहरूको कान्तिले शोभायमान, ती देखि दोब्बर उग्र नेत्रयुक्त, कैलास पर्वत झैं श्वेतवर्ण, श्यामकण्ठ र कालो जिभ्रा हुने शेष बसेका थिए ॥५४॥ पार्थले देखे—उनका देहको सुखमयी शय्यामा सर्वव्यापक महाप्रभावशाली पुरुषोत्तम भगवान् बसेका छन्। स्निग्ध मेघ झैं उनका अङ्गको कान्ति छ। उनले पीताम्बर धारण गरेका छन्। उनको मुखकमल अत्यन्त प्रसन्न छ अनि दुवै नेत्र अति राम्रा र विशाल छन् ॥५५॥ अमूल्य मणिहरूले सुशोभित उनको मुकुट तथा कुण्डलको कान्तिले उनको घुँगुरिएको अलकावली टलिकरहेको छ। उनका लामा-लामा एवं राम्रा

यथा चमूः ॥ ५१ ॥ द्वारेण चक्रानुपथेन तत्तमः परं परं ज्योतिरनन्तपारम् ॥ समश्नुवानं प्रसमीक्ष्य फाल्गुनः प्रताडिताक्षोऽपिदधेऽक्षिणी उभे ॥ ५२ ॥ ततः प्रविष्टः सलिलं नभस्वता बलीयसैजद्बृहदूर्मिभूषणम् ॥ तत्राद्भुतं वै भवनं द्युमत्तमं भ्राजन्मणिस्तम्भसहस्रशोभितम् ॥५३॥ तस्मिन्महाभीममनन्तदद्भुतं सहस्रमूर्धन्यफणामणिद्युभिः ॥ विभ्राजमानं द्विगुणोल्बणेक्षणं सिताचलाभं शितिकण्ठजिह्वम् ॥ ५४ ॥ ददर्श तद्भोगसुखासनं विभुं महानुभावं पुरुषोत्तमोत्तमम् ॥ सान्द्राम्बुदाभं सुपिसङ्गवाससं प्रसन्नवक्त्रं रुचिरायतेक्षणम् ॥ ५५ ॥ महामणिव्रातकिरीटकुण्डलप्रभापरिक्षिप्तसहस्रकुन्तलम् ॥ प्रलम्बचार्वष्टभुजं सकौस्तुभं श्रीवत्सलक्ष्म्या वनमालयावृतम् ॥ ५६ ॥ सुनन्दनन्दप्रमुखैः स्वपार्षदैश्चक्रादिभिर्मूर्तिधरैर्निजायुधैः ॥ पुष्ट्या श्रिया कीर्त्यजयाखिलर्धिभिर्निषेव्यमाणं परमेष्ठिनां पतिम् ॥ ५७ ॥ ववन्द आत्मानमनन्तमच्युतो जिष्णुश्च तद्दर्शनजातसाध्वसः ॥ तावाह भूमौ परमेष्ठिनां प्रभुर्बद्धाञ्जली सस्मितमूर्जया गिरा ॥ ५८ ॥ द्विजात्मजा मे युवयोर्दिदृक्षुणा मयोपनीता भुवि धर्मगुप्तये ॥ कलावतीर्णाववनेर्भरासुरान्हत्वेह भूयस्त्वरयेतमन्ति मे ॥ ५९ ॥ पूर्णकामावपि युवां नरनारायणावृषी ॥ धर्ममाचरतां स्थित्यै ऋषभौ लोकसंग्रहम् ॥ ६० ॥ इत्यादिष्टौ भगवता तौ कृष्णौ परमेष्ठिना ॥ ओमित्यानम्य भूमानमादाय द्विजदारकान् ॥ ६१ ॥ न्यवर्तेतां स्वकं धाम संप्रहृष्टौ यथागतम् ॥ विप्राय

आठ बाहु छन्। उनको वक्षस्थल कौस्तुभमणि, श्रीवत्सको शोभा र वनमालाले आवृत्त छ ॥ ५६ ॥ ती ब्रह्मादि लोकपालका अधीश्वर नन्द-सुनन्दादि पार्षदगण, स्वयं मूर्तिमान् चक्रादि आयुध तथा पुष्टि, कीर्ति, श्री एवं अजा आदि शक्तिहरू तथा ऋद्धि-सिद्धि द्वारा सेवित छन् ॥५७॥ भगवान् कृष्णले ती आफ्नै स्वरूप अनन्त भगवान्लाई प्रणाम गरेर उनको प्रत्यक्ष दर्शनले भयाकुल पार्थले पनि नमस्कार गरे। त्यसरी हात जोरेर उभिएका कृष्ण र पार्थसित ब्रह्मादि लोकपालका प्रभु सर्वव्यापक पुरुषोत्तम भगवान्ले हाँस्तै मेघ झैं गम्भीर वाणीमा भन्नुभयो—॥५८॥ तिमी दुवैलाई हेर्नको निम्ति नै मैले ती विप्रका बालक हरेको हुँ। तिमी दुवैले धर्मको रक्षा गर्न नै मेरा कलाहरूले पृथ्वीमा अवतार लियौ। अब भूमिका भारभूत असुर राजाहरूको वध गरेर फेरि मकहाँ शीघ्र आओ ॥ ५९ ॥ तिमी दुवै यद्यपि ऋषिवर नर-नारायण तथा पूर्णकाम छौ तापनि जगत्को स्थिति र लोकसंग्रहको निम्ति धर्मको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचरण गर ॥६०॥ जगद्गुरु विष्णु भगवान्ले यसरी आज्ञा दिएपछि श्रीकृष्ण र अर्जुनले 'हुन्छ' भनेर ती भूमा भगवान्लाई प्रणाम गरी ती ब्राह्मणका बालकहरू लिएर अत्यन्त आनन्दपूर्वक जुन बाटोबाट गएका थिए, त्यतैबाट फेरि ती ब्राह्मणलाई उनका छोरा यथोचित उमेर तथा रूपले युक्त सुम्पिदिए ॥ ६१ ॥ ६२ ॥ भगवान् विष्णुको दिव्यरूप तथा परमधाम देखेर धनञ्जयलाई निकै विस्मय भयो र उनले बुझे––मनुष्यमात्रमा जे जति पुरुषार्थ छ, त्यो सबै भगवान्कै कृपा हो ॥ ६३ ॥ हे राजन् ! यस प्रकार अनेक थरिका अरु पुरुषार्थ देखाउँदै भगवान् कृष्णले ग्राम्य विषयको भोग गर्दै ठूला-ठूला अनेक यज्ञको अनुष्ठान गरे ॥ ६४ ॥ उनले इन्द्र झैं श्रेष्ठता प्राप्त गरेर ब्राह्मणादि चारै वर्णका सबै कामनाहरू यथा समय पूर्ण पारे । ६५॥ उनले अधार्मिक राजाहरूलाई स्वयं मारे तथा सखा पार्थद्वारा मार्न लगाई युधिष्ठिर आदि धार्मिक राजाहरू द्वारा पुनः धर्मको स्थापना गराए ॥ ६६ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां एकोननवतितमोऽध्यायः ॥ ८९ ॥

ददतुः पुत्रान्यथारूपं यथावयः ॥ ६२ ॥ निशाम्य वैष्णवं धाम पार्थः परमविस्मितः ॥ यत्किञ्चित्पौरुषं पुंसां मेने कृष्णानुकम्पितम् ॥ ६३ ॥ इतीदृशान्यनेकानि वीर्याणीह दर्शयन् ॥ बुभुजे विषयाग्राम्यानीजे चात्युर्जितैर्मखैः ॥ ६४ ॥ प्रववर्षाखिलान्कामान्प्रजासु ब्राह्मणादिषु ॥ यथाकालं यथैवेन्द्रो भगवाञ्छ्रैष्ठ्यमास्थितः ॥ ६५ ॥ हत्वा नृपानधर्मिष्ठान्धातयित्वाऽर्जुनादिभिः ॥ अञ्जसा वर्तयामास धर्मं धर्मसुतादिभिः ॥६६॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे उत्तरार्धे द्विजकुमारानयनं नाम एकोननवतितमोऽध्यायः ॥ ८६ ॥

श्रीशुक उवाच ॥ सुखं स्वपुर्यां निवसन्द्वारकायां श्रियः पतिः ॥ सर्वसंपत्समृद्धायां जुष्टायां वृष्णिपुङ्गवैः ॥१॥ स्त्रीभिश्चोत्तमवेषाभिर्नवयौवनकान्तिभिः ॥ कन्दुकादिभिर्हर्म्येषु क्रीडन्तीभिस्तडिद्द्युभिः ॥२॥ नित्यं संकुलमार्गायां मदच्युद्भिर्मतङ्गजैः ॥ स्वलंकृतैर्भटैरश्वै रथैश्च कनकोज्ज्वलैः ॥३॥ उद्यानोपवनाढ्यायां पुष्पितद्रुमराजिषु ॥ निर्विशद्भृङ्गविहगैर्नादितायां समन्ततः । ४॥ रेमे षोडशसाहस्रपत्नीनामेकवल्लभः ॥ तावद्विचित्ररूपोऽसौ तद्गृहेषु महर्द्धिषु ॥५॥ प्रोत्फुल्लोत्पलकह्लारमुकुदाम्भोजरेणुभिः ॥ वासितामलतोयेषु कूजद्द्विजकुलेषु च ॥६॥ विजहार विगाह्याम्भो ह्रदिनीषु महोदयः॥ कुचकुंकुमलिप्ताङ्गः परिरब्धश्च योषिताम् ॥७॥ उपगीयमानो गन्धर्वैर्मृदङ्गपणवानकान् ॥ वादयद्भिर्मुदा वीणां सूतमागधवन्दिभिः ॥८॥ सिच्यमानोऽच्यु-

(श्रीकृष्णका लीलाहरूको वर्णन) श्रीशुकदेव भन्दछन्––हे राजन् ! जुन पुरीका सडक मदस्रावी हात्तीहरू, वस्त्राभूषणले सज्जित शूरवीर, सज्जित अश्व र सुवर्ण निर्मित रथले नित्य भरिइरहन्थ्यो । जसमा सबैतिर बगैंचा थिए, जहाँ पुष्पित वृक्षमा बसका भ्रमर र पक्षिका कलरवले सबैतिर कोलाहल भइरहेथ्यो, जो सबै सम्पदाले पूर्ण थियो, जसमा उत्तम यादवहरूको निवास थियो, जसमा आफाफ्ना महलमा कन्दुकादि खेल्ने बिजुली झैं द्युतिमति, नवयौवनाको कान्तिले सुशोभित र मनोहर वेषधारी भामिनीहरू यता-उता घुमिरहन्थे, त्यस द्वारकापुरीमा सुखपूर्वक बस्ने सोह्र सहस्र पत्नीहरूका एकमात्र स्वामी भगवान् कृष्ण परमैश्वर्यले सम्पन्न ती सबै रानीहरूका महलमा उत्तिनै रूप धारण गरेर तीसित रमण गर्दथे ॥ १–५ ॥ ती घरमा फक्रेका पद्म, कह्लार, कुमुद र कमलको परागले सुगन्धित जलाशय थिए र तिनमा अनेक पक्षी बोलिरहेका थिए । महाऐश्वर्य सम्पन्न कृष्ण भगवान् तलाऊमा जलको आलोडन गर्दै आफ्नी प्रियासित आलिङ्गित भएर तिनका कुचकुङ्कुमले आफ्नू देह अनुलिप्त पार्दै जल-विहार गर्दथे ॥ ६ ॥ ७ ॥ त्यसबेला गन्धर्वगण मृदङ्ग, पणव तथा नगरा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDE- Delhi

आदि बाजा बजाएर उनको यशोगान गर्दथे र सूत, मागज, वन्दीजन वीणा बजाई प्रसन्नतापूर्वक स्तुति गर्दथे ॥८॥ कुनै बेला भगवान्का रानीहरू हाँस्तै उनलाई पिचकारीले भिजाउँथे अनि उपनि तिनलाई भिजाएर यक्षराज कुबेर झैं क्रीडा गर्थथे ॥ ९ ॥ वस्त्र भिज्नाले देखिने कुच र उरु भाग तथा वृहत् केशपाशमा लगाइएका, जसका फूल झरिसकेका थिए, ती कृष्ण-प्रियाहरू जब आफ्ना प्रियतमलाई भिजाउँदै पिचकारी खोस्न जान्थे तब उनीसित आलिङ्गित हुनाले तिनको मुख-कमल कामोद्दीपनको सूचना दिने भएको मन्द हाँसीले फक्रेर आउँथ्यो। अनि ती अत्यन्त सुशोभित हुन्थे ॥ १० ॥ यसरी आफ्नी प्रियाका कुच-कुङ्कुमले जसको वनमाला मुछिएको थियो र क्रीडामा आसक्त हुनाले जसको फुकेको औंठी झैं अलक हल्लिरहेथ्यो, ती भगवान् कृष्णचन्द्र पनि ती युवतीहरूलाई वारम्बार भिजाउँदै उनीद्वारा स्वयं भिजाइदै उनीसित यसरी विहार गर्दथे, जस्तै अनेक ढोईहरू द्वारा घेरिएको गजराजहोस् ॥ ११ ॥ यसरी क्रीडा गरिसकेर भगवान् कृष्ण र तिनका पत्नीहरू क्रीडाको निम्ति लगाएका लुगा र गहना, जसको आजीविका केवल गाना-बजाना मात्र थियो, ती नट र नटिनीहरूलाई दिन्थे ॥ १२ ॥ हे राजन्! यसरी विहार गर्दै श्रीकृष्णको चाल, बोली, हेराई, हँसाई, परिहासोक्ति, विलास तथा विविध

तस्ताभिर्हसन्तीभिः स्म रेचकैः ॥ प्रतिसिञ्चन्विचिक्रीडे यक्षीभिर्यक्षराडिव ॥९॥ ताः क्लिन्नवस्त्रविवृतोरुकुचप्रदेशाः सिञ्चन्त्य उद्वृतबृहत्कबरप्रसूनाः ॥ कान्तं स्म रेचकजिहीरषयोपगुह्य जातस्मरोत्सवलसद्वदना विरेजुः ॥ १० ॥ कृष्णस्तु तत्स्तनविषज्जितकुंकुमस्रक् क्रीडाभिषङ्गधुतकुन्तलवृन्दबन्धः ॥ सिञ्चन्मुहुर्युवतिभिः प्रतिषिच्यमानो रेमे करेणुरिवेभपतिः परीतः ॥ ११ ॥ नटानां नर्तकीनां च गीतवाद्योपजीविनाम् ॥ क्रीडालङ्कारवासांसि कृष्णोऽदात्तस्य च स्त्रियः ॥ १२ ॥ कृष्णस्यैवं विहरतो गत्यालापेक्षितस्मितैः ॥ नर्मक्ष्वेलिपरिष्वंगैः स्त्रीणां किल हृता धियः ॥१३॥ उचुर्मुकुन्दैक-धियो गिर उन्मत्तवज्जडम् ॥ चिन्तयन्त्योऽरविन्दाक्षं तानि मे गदतः शृणु ॥ १४ ॥ महिष्य ऊचुः ॥ कुररि विलपसि त्वं वीतनिन्द्रा न शेषे स्वपिति जगति रात्र्यामीश्वरो गुप्तबोधः ॥ वयमिव सखि कच्चिद्गाढनिर्भिन्नचेता नलिननयनहासोदारलीलेक्षितेन ॥ १५ ॥ नेत्रे निमीलयसि नक्तमदृष्ट-बन्धुस्त्वं रोरवीषि करुणं बत चक्रवाकि ॥ दास्यं गता वयमिवाच्युतपादयुष्टां किं वा स्रजं स्पृहयसे कवरेण बोढुम् ॥ १६ ॥ भो भोः सदा निष्टनसे उदन्वन्नलब्धनिद्रोऽधिगतप्रजागरः ॥ किं वा मुकुन्दापहृतात्मलांछनः प्राप्तां दशां त्वं च गतो दुरत्ययाम् ॥ १७ ॥ त्व यक्ष्मणा बलवताऽसि

प्रकारका आलिंगनादिले ती कामिनी जनको मति हरिएको थियो ॥ १३ ॥ श्रीकृष्णको निम्ति उन्मत्त जस्तै रानीहरू कमलनयन कृष्णको नै चिन्तन गर्दै जड र उन्मत्त जस्तै जे वाक्य बोल्दथे, त्यो म भन्दछु सुन—॥ १४ ॥ रानीहरूले भने—तित्रा हो! यो रातको बेला जब कि गुप्त बोध श्रीकृष्ण सुतेका छन्, तिमी पनि किन नसुतेकी? के तिमीलाई निद्रा लाग्दैन र विलाप गरिरहेकी छौ; हे सखी! हामी जस्तै तेरो पनि हृदय कमल-नयन श्रीकृष्णको लीला-हास्यमय कटाक्ष-शरले घायल भएको छ; ॥ १५ । ए चक्रवाकी! तैले रातमा किन आँखा चिम्लेकी? आफ्ना प्रियतमलाई देख्न नपाएर नै तँ करुण स्वरले रोइरहेकी छन्? हामी जस्तै तँ पनि उनै भगवान् कृष्णले घाँटीबाट झिकेको माला आफ्नू जूरोमा लाउन खोज्दैछस् ॥ १६ ॥ ए अग्ला तरंग उफार्ने समुद्र! के तिमी कहिल्यै निदाउनौ सदा जागै रहन्छौं? के भगवान् कृष्ण द्वारा आफ्नू श्यामतारूपी चिह्न खोसिनाले तिमी यस दुर्दशामा पुगेका हौ र दिन-रात हाहाकार मचाइरहन्छौ? ॥ १७ ॥ हे चन्द्रदेव! तिमीलाई प्रबल क्षय रोगले थिचेको थियो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तैपनि तिमी आफ्नी प्रिया चाँदनीको बल पाएर सर्वदा क्षीण भएनौ । के हामी जस्तै तिमी पनि भगवान् कृष्णका मीठा-मीठा कुरा सुनेर आफ्नू अस्तित्व गुमाइसक्यौ र उनकै चिन्ताले क्षीण भएर तिमी मौन देखिइहेका छौ ? ॥ १८ ॥ हे मलयमारुत ! हामीले तिम्रो के हानि गरिदियौं र तिमी गोविन्दका कटाक्ष शरले घायल हृदयमा कामोद्वेगको संचार गर्दैछौ ? ॥ १९ ॥ हे श्रीमन् मेघ ! तिमी अवश्य नै यदुनाथका प्रिय छौ । तिमी पनि हामी जस्तै उनको प्रेमपाशमा बाँधिएर श्यामसुन्दरको ध्यान गर्दछौ र हामीजस्तै उत्कण्ठित तथा चिन्ताले मलिन हृदय भई बारम्बार उनैको स्मरण गरेर आँसुका धारा बगाइरहेछौ ? सत्य हो, तिनको सम्बन्ध सबैलाई बारम्बार दुःख दिन्छ ॥२०॥ ए कमनीयकण्ठ कोकिल ! तिमी आफ्नू अमृत जस्तै वाणीले प्रियभाषी श्रीकृष्ण झैं मधुर वचन बोल्दैछौ । भन, अब हामी तिम्रो कुन प्रिय कार्य गरौं ॥२१॥ हे भूधर ! तिमी त हलनचल छौ । कुनै गूढ बिचारमा लीन छौ । हामो जस्तै के तिमी पनि आफ्ना शिखररूपी स्तनमा वसुदेवनन्दन श्रीकृष्णका कोमल पाऊ राख्न खोज्दैछौ ? ॥२२॥ हे सिन्धु-पत्नी नदी हो ! यो ग्रीष्मऋतुमा तिम्रा कुण्ड सुकेका छन् र तिम्रो पङ्कजश्री नष्ट भइसकेको छ । यस वेला त तिमी निकै कृश देखिइरहेकी छौं । यस्तो

गृहीत इन्दो क्षीणस्तमो न निजदीधितिभिः क्षिणोषि ॥ कच्चिन्मुकुन्दगदितानि यथा वयं त्वं विस्मृत्य भोः स्थगितगीरुपलक्ष्यसे नः ॥१८॥ किन्त्वाचरितमस्माभिर्मलयानिल तेऽप्रियम् ॥ गोविन्दापाङ्गनिर्भिन्ने हृदीरयसि नः स्मरम् ॥ १९ ॥ मेघ श्रीमंस्त्वमसि दयितो यादवेन्द्रस्य नूनं श्रीवत्सांकं वयमिव भवान्ध्यायति प्रेमबद्धः ॥ अत्युत्कण्ठः शबलहृदयोऽस्मद्विधो बाष्पधाराः स्मृत्वा स्मृत्वा विसृजसि मुहुर्दुःखदस्तत्प्रसङ्गः ॥ २० ॥ प्रियरावपदानि भाषसेऽमृतसञ्जीविकयाऽनया गिरा ॥ करवाणि किमद्य ते प्रियं वद मे वल्गितकण्ठ कोकिल ॥ २१ ॥ न चलसि न वदस्युदारबुद्धे क्षितिधर चिन्तयसे महान्तमर्थम् ॥ अपि बत वसुदेवनन्दनाङ्घ्रिं वयमिव कामयसे स्तनैर्विधर्तुम् ॥ २२ ॥ शुष्यद्ध्रदाः करशिता बत सिन्धुपत्न्यः सम्प्रत्यपास्तकमलश्रिय इष्टभर्तुः ॥ यद्वद्वयं मधुपतेः प्रणयावलोकमप्राप्य मुष्टहृदयाः पुरुकर्शिताः स्मः ॥२३॥ हंसः स्वागतमास्यतां पिब पयो ब्रूह्यङ्ग शौरेः कथां दूतं त्वां नु विदाम कच्चिदजितः स्वस्त्यास्त उक्तं पुरा ॥ किं वा नश्चलसौहृदः स्मरति तं कस्माद्भजामो वयं क्षौद्रालापय कामदं श्रियमृते सैवैकनिष्ठा स्त्रियाम् ॥२४॥ इतीदृशेन भावेन कृष्णे योगेश्वरेश्वरे ॥ क्रियमाणेन माधव्यो लेभिरे परमां गतिम् ॥ २५ ॥ श्रुतमात्रोऽपि यः स्त्रीणां प्रसह्याकर्षते

प्रतीत हुन्छ कि जस्तै प्रियतम कृष्णको प्रणय-कटाक्ष नपाएर हृदय हरिनाले हामी दीन दुर्बल भइरहेका छौं, त्यस्तै तिमी पनि मेघद्वारा आफ्ना प्रिय सिन्धुको स्पर्श नपाउनाले यस्ती क्षीण भएकी हौ ? ॥२३॥ हे हंस ! हामी तिम्रो स्वागत गर्दैछौं । आऊ, यहाँ बसेर दूध पिय । हे प्रिय ! हामी ठान्दैछौं—तिमी उनै कृष्णचन्द्रका दूत हौ । अँ, तिनको केही कुरा सुनाऊ । भन, कसैको वशमा नपर्ने मेरा प्रियतम कुशल छन् ? ती चंचल सौहार्द हुने कृष्ण पहिले हामीसित गरेका रहस्यको कुरा कहिले सम्झन्छन् ? जब ती हाम्रो वास्ता गर्दैनन् भने हामी नै उनलाई किन भजौं ? हे कृष्णका दूत ! जो हामीलाई वंचित पारेर एक्लै उनीसित रमण गर्दछिन्, ती सुन्दरी लक्ष्मीलाई उहीं छाडेर कामप्रद कृष्णलाई यहीं डाक । के सबै स्त्रीमा एकमात्र लक्ष्मी नै निष्ठावाली छन्, हामीमध्ये कोही पनि त्यस्ता छैनौं ? ॥ २४ ॥ हे राजन् ! यसरी कृष्ण भगवान्मा गरिने अनन्य प्रेम भावले ती कृष्णकी प्रियाहरूले अन्त्यमा परमपद पाए । अनेक प्रकारले कीर्तित भगवान् कृष्णको यश यस्तो मोहक छ—जो सुनासाथ नारीको

Janardan Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफूतिर तान्दछ । फेरि जसले उनको साक्षात् दर्शन गरेको छ, त्यसको विषयमा के भन्ने ! ॥२५॥ २६ ॥ जुन भाग्यमानीले पतिबुद्धिद्वारा श्रीकृष्णका चरण-कमल मिच्ने आदि विधिले प्रेमपूर्वक सेवा गरेका छन्, तिनको तपस्याको वर्णन कसरी गर्न सकिन्छ ॥ २७ ॥ सत्पुरुषका एकमात्र गति कृष्णले वेदोक्त धर्मको यसरी बारम्बार आचरण गर्दै यो दर्शाए–घर नै धर्म, अर्थ र कामको प्राप्तिस्थान हो ॥ २८ ॥ गृहस्थका श्रेष्ठ धर्मको आचरण गर्ने भगवान् कृष्णका सोह हजार एक सय आठ सुन्दरी रानीहरू थिए ॥२९॥ हे राजन् ! ती रत्नस्वरूपा स्त्रीहरूमा जुन रुक्मिणी आदि आठ पटरानीहरू र तिनका छोराहरूको पहिल्यै वर्णन भइसकेको छ, ती बाहेक पनि श्रीकृष्णका जति रानी थिए, ती सबैमा प्रत्येकका गर्भबाट अमोघगति कृष्णले दस-दस पुत्र उत्पन्न गरे ॥ ३० ॥ ३१ ॥ हे राजन् ! ती पराक्रमी कृष्णका छोरामा अठार महारथी, उदार र ठूला यशस्वी छोरा थिए । तिनको नाम सुन–॥३२॥ ती थिए–प्रद्युम्न, अनिरुद्ध, दीप्तिमान, भानु, साम्ब, मधु, बृहद्भानु, चित्रभानु, वृक, अरुण, पुष्कर, वेदबाहु, श्रुतदेव, सुनन्दन,

मनः ॥ उरुगायोरुगीतो वा पश्यन्तीनां कुतः पुनः ॥ २६ ॥ याः सम्पर्यचरन्प्रेम्णा पादसंवाहनादिभिः ॥ जगद्गुरुं भर्तृबुद्धया तासां किं वर्ण्यते तपः ॥ २७ ॥ एवं वेदोदितं धर्ममनुतिष्ठन्सतां गतिः ॥ गृहं धर्मार्थकामानां मुहुश्चादर्शयत्पदम् ॥२८॥ आस्थितस्य परं धर्मं कृष्णस्य गृहमेधिनाम् ॥ आसन्षोडशसाहस्रं महिष्यश्च शताधिकम् ॥२९॥ तासां स्त्रीरत्नभूतानामष्टौ याः प्रागुदाहृताः ॥ रुक्मिणीप्रमुखा राजंस्तत्पुत्राश्चानुपूर्वशः ॥३०॥ एकैकस्यां दश दश कृष्णोऽजीजनदात्मजान् ॥ यावत्य आत्मनो भार्या अमोघगतिरीश्वरः ॥ ३१ ॥ तेषामुद्दामवीर्याणामष्टादश महारथाः ॥ आसन्नुदारयशसस्तेषां नामानि मे शृणु ॥ ३२ ॥ प्रद्युम्नश्चानिरुद्धश्च दीप्तिमान्भानुरेव च ॥ साम्बो मधुर्बृहद्भानुश्चित्रभानुर्वृकोऽरुणः ॥ ३३ ॥ पुष्करो वेदबाहुश्च श्रुतदेवः सुनन्दनः ॥ चित्रबाहुर्विरूपश्च कविर्न्यग्रोध एव च ॥ ३४ ॥ एतेषामपि राजेन्द्र तनुजानां मधुद्विषः ॥ प्रद्युम्न आसीत्प्रथमः पितृवद्रुक्मिणीसुतः ॥३५॥ स रुक्मिणो दुहितरमुपयेमे महारथः ॥ तस्मात्सुतोऽनिरुद्धोऽभून्नागायुतबलान्वितः ॥ ३६ ॥ स चापि रुक्मिणः पौत्रीं दौहित्रो जगृहे ततः ॥ वज्रस्तस्याभवद्यस्तु मौसलादवशेषितः ॥३७॥ प्रतिबाहुरभूत्तस्मात्सुबाहुस्तस्य चात्मजः ॥ सुबाहोः शान्तसेनोऽभूच्छतसेनस्तु तत्सुतः ॥३८॥ न ह्येतस्मिन्कुले जाता अधना अबहुप्रजाः ॥ अल्पायुषोऽल्पवीर्याश्च अब्रह्मण्याश्च जज्ञिरे ॥ ३९ ॥ यदुवंशप्रसूतानां पुंसां विख्यातकर्मणाम् ॥ संख्या न शक्यते कर्तुमपि वर्षायुतैर्नृप ॥४०॥ तिस्रः कोट्यः सहस्राणामष्टाशीतिशतानि च ॥ आसन्यदुकुलाचार्याः कुमाराणामिति

चित्र, विरूप, कवि र न्यग्रोध ॥३३॥३४॥ हे राजन् ! ती कृष्णका छोराहरूमा पनि रुक्मिणीतनय प्रद्युम्न नै सबैभन्दा श्रेष्ठ जन्मे र पिता झैं वीर थिए ॥३५॥ महारथी प्रद्युम्नले रुक्मीकी कन्यासित विवाह गरेका थिए, तीबाट दस हजार हात्तीको बल हुने अनिरुद्ध नामका छोरा भए ॥३६॥ रुक्मीका दौहित्र अनिरुद्धले मातामहकी नातिनीसित विवाहगरे । तीबाट वज्रको जन्मभयो, जुन विप्र-शापले यदुकुल नष्ट पार्न मुसलबाट एक्लै बाँचेका थिए ॥ ३७ ॥ वज्रका प्रतिबाहु र उनका शान्तसेन र शान्तसेनका शतसेन नामक पुत्र जन्मिए ॥३८॥ हे राजन् ! यस कुलमा कुनै पुरुष निर्धन, अल्पायु, अल्पवीर्य र ब्राह्मणको भक्तिले शून्य थिएनन् । हे नृप ! यदुवंशमा उत्पन्न प्रसिद्ध पराक्रमी पुरुषहरूको गणना कोही हजार वर्षमा पनि गर्न सक्तैन ॥ ३९ ॥ ४० ॥ यस्तो सुनिन्छ–यदुकुलमा उत्पन्न बालकहरूलाई शिक्षा दिन तीन करोड अठासी लाख (३८८००००) आचार्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए ॥ ४१ ॥ अनि यादवहरूको गणना कसले गर्न सक्तछ-जहाँ अनेक अयुत लक्ष (१०००००००००००००) वीर सहित महाराज उग्रसेन वस्तथे ॥ ४२ ॥ हे राजन् ! पूर्वसमयमा देवासुर-संग्रामको बेला जुन भयंकर दैत्य मारिएका थिए, ती सबै मनुष्य योनिमा उत्पन्न भएर दर्पपूर्वक प्रजालाई कष्ट दिनलागे ॥४३॥ ती दैत्यको विग्रह गर्नका लागि श्रीकृष्णको आज्ञा आएर देवताहरूले यदुकुलमा अवतार लिए। हे राजन् ! सबै मिलाएर यौटै कुल थियो ॥ ४४ ॥ जसका माननीय श्रीकृष्ण नै थिए र जुन यादव तिनका अनुयायी थिए, ती सबै समृद्धि पूर्ण थिए ॥ ४५ ॥ ती यादवगण श्रीकृष्णमा यंति दत्तचित्त रहन्थे कि उनलाई शयन, भ्रमण, वार्तालाप र स्नानादि कृत्यमा लागेर आफ्नो शरीरको पनि सुद्धि रहन्नथ्यो ॥४६॥ हे राजन् ! जसले यदुकुलमा जन्म लिएर आफ्नू चरणोदकरूपिणी गङ्गाको तीर्थबाट आफ्नू यशरूपी तीर्थलाई न्यूराइदिए जसका शत्रु तथा मित्र दुवै समानमात्रले सरूपता प्राप्त भयो। जसलाई पाउन सबै यत्नगर्दछन्, ती लक्ष्मी जुन विष्णुको आश्रित रहन्छिन्, नाम सुन्नाले र भन्नाले सबै अमङ्गल नष्ट हुन्छन् । जसले ऋषिहरूको वंशमा धर्मको प्रचार

श्रुतम् ॥४१॥ संख्यानं यादवानां कः करिष्यति महात्मनाम् ॥ यत्रायुतानामयुतलक्षेणास्ते स आहुकः ॥४२॥ देवासुराहवहता दैतेया ये सुदारुणाः ॥ ते चोत्पन्ना मनुष्येषु प्रजा दृप्ता बबाधिरे ॥४३॥ तन्निग्रहाय हरिणा प्रोक्ता देवा यदोः कुले ॥ अवतीर्णाः कुलशतं तेषामेकाधिकं नृप ॥४४॥ तेषां प्रमाणं भगवान्प्रभुत्वेनाभवद्धरिः ॥ ये चानुवर्तिनस्तस्य ववृधुः सर्वयादवाः ॥ ४५ ॥ शय्यासनाटनालापक्रीडास्नानादिकर्मसु ॥ न विदुःसन्तमात्मानं वृष्णयः कृष्णचेतसः ॥ ४६ ॥ तीर्थं चक्रे नृपोनं यदजनि यदुषु स्वःसरित्पादशौचं विद्विट्स्निग्धाः स्वरूपं ययुरजितवरा श्रीर्यदर्थेऽन्ययत्ना ॥ यन्नामामङ्गलघ्नं श्रुतमथ गदितं यत्कृतो गोत्रधर्मः कृष्णस्यैतन्नचित्रं क्षितिभरहरणं कालचक्रायुधस्य ॥ ४७ ॥ जयति जननिवासो देवकीजन्मवादो यदुवरपर्षत्स्वैर्दोर्भिर-स्यन्नधर्मं ॥ स्थिरचवृजिनघ्नःसुस्मितश्रीमुखेन व्रजपुरवनितानां वर्धयन्कामदेवम् ॥ ४८ ॥ इत्थं परस्य निजवर्त्मरिरक्षयाऽऽत्तलीलातनोस्तदनुरूप-विडम्बनानि ॥ कर्माणि कर्मकषणानि यदूत्तमस्य श्रूयादमुष्य पदयोरनुवृत्तिमिच्छन् ॥ ४९ ॥ मर्त्यस्तयाऽनुसवमेधितया मुकुन्दश्रीमत्कथाश्रवणकीर्त-नचिन्तयेति ॥ तद्धाम दुस्तरकृतान्जवापवर्गं ग्रामाद्वनं क्षितिभुजोऽपि ययुर्यदर्थाः ॥५०॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायां दशमस्कन्धे उत्तरार्धे श्रीकृष्णचरितानुवर्णनं नाम नवतितमोऽध्यायः ॥ ९० ॥ समाप्तोऽयं दशमः स्कन्धः ॥

गरे, ती कालरूप र सुदर्शनचक्रधारी सर्वसमर्थ श्रीकृष्णको निम्ति पृथ्वीको भारी टार्नु कुनै विस्मयको कुरा थिएन ॥ ४७ । जुन भगवान सबै जीवका आश्रयस्थल, जसलाई मात्र देवकीको गर्भबाट जन्म लिने यादवरूपी पार्षदले सेवित, आफ्नू भुजवलले अधर्मको अन्त गर्ने, संसारको क्लेश नाश गर्ने र जो आफ्नू मधुर हास्यपूर्ण मुखारविन्दले व्रजबालाहरू-को प्रेमोद्दीपन गर्दथे, ती भगवान् श्रीकृष्णको सदा जय होस् ॥ ४८ ॥ हे राजन् ! भगवान्को चरणकमलका प्रेमी आफ्नै द्वारा स्थापित धर्ममार्गको रक्षार्थ लीला-शरीरधारी भगवान् कृष्णका ती चरित्रहरू सुनुन् जुन संसारका कर्मबन्धनको नाशक श्रीकृष्णको अनुरूप छन् ॥ ४९ ॥ भगवान् कृष्णका सुन्दर कथाको नित्य श्रवण, कीर्तन र चिन्तन गर्नाले मनुष्य उनको त्यस परमधामलाई प्राप्त गर्दछ, जहाँ दुस्तर कालको पनि कुनै वश चल्दैन र जसलाई पाउनको निम्ति अनेक राजाहरू राजधानी त्यागेर वनको बाटो समाउँछन् ॥ ५९ ॥ इति श्रीमद्भागवते महापुराणे दशमस्कन्धे पं गौरीशंकर 'वसिष्ठ'कृत नेपाली भाषाटीकायां नवतितमोऽध्यायः ॥ ९० ॥

Lakshmanath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते दशमः स्कन्धः "उत्तरार्द्धम्"।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते एकादशः स्कन्धः प्रारभ्यते

२१०

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री हरिः (यदुकुललाई विश्वामित्र-असितादि ऋषिहरूको श्राप) शुकदेव भन्नुहुन्छ—हे राजन् ! यादवहरू र बलरामसित भएर भगवान् कृष्णले दैत्यहरूलाई मारे तथा कौरव र पाण्डहरूमा घोर युद्ध अर्थात् महाभारत गराई पृथ्वीको भारी टारे ॥ १ ॥ जुन पाण्डव कपट, द्यूत, अपमान तथा *दयालु द्रौपदीको कपाल तान्नाले गर्दा आफ्ना शत्रु अर्थात् दुर्योधनादि कौरवहरूद्वारा निकै क्रोधित पारिएका थिए, उनैलाई निमित्त तुल्याएर दुवैतिरबाट युद्धमा उपस्थित राजागणको संहार गराई भगवान्ले पृथ्वीको भार टारे ॥२॥ आफ्ना भुजाले सुरक्षित यादवहरूद्वारा पृथ्वीका भारस्वरूप अन्यायी राजाका सैन्यको संहार गराई अप्रमेय भगवान् श्रीकृष्णले विचार गरे—'यद्यपि साधारणतया पृथ्वीको भार बलिई-

श्रीगणेशाय नमः ॥ ॐ नमो भगवते वासुदेवाय ॥ श्रीबादरायणिरुवाच ॥ कृत्वा दैत्यवधं कृष्णः सरामो यदुभिर्वृतः ॥ भुवोऽवतारयद्भारं जविष्ठं जनयन्कलिम् ॥ १ ॥ ये कोपिताः सुबहु पाण्डुसुताः सपत्नैर्दुर्द्यूतहेलनकचग्रहणादिभिस्तात् ॥ कृत्वा निमित्तमितरेतरतः समेतान् हत्वा नृपान्निरहरत्क्षितिभारवीशः ॥ २ ॥ भूभारराजपृतना यदुभिर्निरस्य गुप्तैः स्वबाहुभिरचिन्तयदप्रमेयः ॥ मन्येऽवनेर्ननु गतोऽप्यगतं हि भारं यद्यादवं कुलमहो अविपह्यमास्ते ॥ ३ ॥ नैवान्यतः परिभवोऽस्य भवेत्कथंचिन्मत्संश्रयस्य विभवोन्नहनस्य नित्यम् ॥ अन्तः कलिं यदुकुलस्य विधाय वेणुस्तम्बस्य वह्निमिव शान्तिमुपैमि धाम ॥ ४ ॥ एवं व्यवसितो राजन्सत्यसङ्कल्प ईश्वरः ॥ शापव्याजेन विप्राणां संजह्रे स्वकुलं विभुः ॥५ ॥ स्वमूर्त्या लोकलावण्यनिर्मुक्त्या लोचनं नृणाम् ॥ गीर्भिस्ताः स्मरतां चित्तं पदैस्तानीक्षतां क्रियाः ॥ ६ ॥ आच्छिद्य कीर्तिं सुश्लोकां वितत्य

सक्यो, तैपनि म त्यसलाई नटलेको झैं मान्दछु, किनकि अझ असह्य यादवकुल विद्यमान छँदैछ ॥ ३ ॥ सर्वदा मेरै आश्रित रहने तथा विशाल वैभवले अत्यन्त उच्छृङ्खल यस यादव कुलको दमन अरु कसैद्वारा हुनै सक्तैन । अतः बाँसका वनमा उत्पन्न अग्निको समान यिनमा परस्पर कलह उत्पन्न गराएर म शान्तिपूर्वक आफ्नू धाममा जान सक्नेछु ॥ ४ ॥ हे राजन् ! सत्यसङ्कल्प तथा भगवान् कृष्णले यस्तो निश्चय गरेर श्रापको निहुँ पारेर कुलको संहार गराइदिए ॥ ५ ॥ समस्त संसारको शोभालाई तिरस्कृत पार्ने भएको आफ्नू मधुर मूर्तिद्वारा सबैका नेत्र र आफ्नी दिव्य वाणीले तिनका वाणीहरूको स्मरण गर्ने भक्तका चित्तलाई आफ्नू वशमा पारेर आफ्ना चरण-चिह्नले उनको दर्शन गर्ने जनका अन्यान्य कर्म

---

* दृष्टान्त (दयालु द्रौपदी)–महाभारत युद्धको अन्तिम दिन कौरव हारे। त्यस वेला पनि पाण्डवका धेरै सैनिक बाँचेका थिए। युद्ध समाप्त भएपछि पाण्डव श्रीकृष्णसित पर गएर बसेका थिए। उता दुर्योधन अन्तिम श्वास फेर्दै थियो। त्यसै वेला अश्वत्थामा उनकहाँ गएर भने—'दुर्योधन ! तिमी सुखले प्राण त्याग। म आज नै पाण्डवलाई नष्ट पारिदिन्छु।' त्यसपछि अश्वत्थामा पाण्डवहरूको शिविरमा गए। त्यहाँ सबै निदाइ रहेका थिए। उनले सुतेका सबैलाई मारिदिए। द्रौपदीका पाँच पुत्रलाई पनि पाण्डव ठानेर मारिदिए। द्रौपदीले जब यो समचार सुनिन् उनो विलाप गर्न लागिन्। तिनलाई दुःखिनी देखेर अर्जुन र भीमसेनले भने—'तिमी नरोऊ। हामी अहिल्यै गएर तिम्रा पुत्रको हत्यारालाई समातेर ल्याउँछौं।' यति भनेर अश्वत्थामालाई लखेटेर समाते र द्रौपदीकहाँ ल्याए। द्रौपदीको दृष्टि तिन माथि पर्नासाथ गुरुपुत्रलाई बन्धनमा परेका देखिन्। भीम तिनको शिर काट्न तयार भए। यद्यपि त्यस वेला द्रौपदीको हृदयमा पुत्र-शोकको ज्वाला दन्किरहेको थियो तापनि अश्रुपूर्ण नेत्रले अश्वत्थामातिर हेरेर गद्गद कण्ठले भनिन्—'इनलाई छाडिदेओ' यी जस्ता भए पनि गुरुपुत्र हुन्। हामीले इनको वध गर्नु हुँदैन। छोराहरू मरेर मलाई जति कष्ट भइरहेको छ, त्यही दुःख म गुरुपत्नीलाई दिन तयार छैन। भीम र अर्जुन द्रौपदीको यस्तो कुरा सुनेर ठूलो विस्मयमा परे।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोकी, आफ्नी कविजन–कीर्तित कमनीय यशको लोकमा यसनिम्ति विस्तार गरे कि 'यसको गान गरेर जन अनायास अज्ञानान्धकारबाट पारी तर्नेछन् ।' अनि भगवान् आफ्नू परमधाम पाल्नु भयो ॥ ६ ॥ ७ ॥ यति कथा सुनेर राजा परीक्षितले सोधे—हे भगवन् ! जो असाधारण ब्राह्मण-भक्त, उदार र सदा गुरुजनका सेवक थिए, जसको चित्त कृष्णमै रत रहन्थ्यो, ती यादवहरूलाई कसरी ब्राह्मणको श्राप पर्‍यो ! ॥ ८ ॥ हे द्विजसत्तम ! त्यो श्राप कस्तो थियो र त्यसको निमित्त के थियो, कसरी ती संगठित यादवमा विरोध भयो यो वृत्तान्त भन्नुहवस् ॥ ९ ॥ श्रीशुकदेव भन्दछन्—हे राजन् ! सबै राम्रा सामग्रीहरूको समावेशले पूर्ण र कमनीय कलेवर धारण गरेर पूर्णकाम भएर पनि संसारमा अनेक मङ्गलमय कार्य तथा द्वारकापुरीमा बसेर लीला गर्ने उदारकीर्ति भगवान् कृष्णले आफ्नू कुलको नाश गर्ने इच्छा गरे, किनकि अब उनको निम्ति यही एक कार्य शेष रहेको थियो ॥ १० ॥ आफ्नू गुणगान गर्ने प्राणीहरूको कलिमय-नाशक अनेक पुण्यदायक तथा मङ्गलमय कार्य गरेर जब भगवान् कृष्ण यदुराज वसुदेवको घरमा निवास गर्नलागे । अनि जो जन भगवान्‌को

ह्यञ्जसा नु कौ ॥ तमोऽनया तरिष्यन्तीत्यगात्स्वं पदमीश्वरः ॥ ७ ॥ राजोवाच ॥ ब्रह्मण्यानां वदान्यानां नित्यं वृद्धोपसेविनाम् ॥ विप्रशापः कथ- मभूद्‌वृष्णीनां कृष्णचेतसाम् ॥ ८ ॥ यन्निमित्तः स वै शापो यादृशो द्विजसत्तम ॥ कथमेकात्मनां भेद एतत्सर्वं वदस्व मे ॥ ९ ॥ श्रीशुक उवाच ॥ बिभ्रद्वपुः सकलसुन्दरसन्निवेशं कर्माचरन्भुवि सुमङ्गलमाप्तकामः ॥ आस्थाय धाम रममाण उदारकीर्तिः संहर्तुमैच्छत कुलं स्थितकृत्यशेषः ॥ १० ॥ कर्माणि पुण्यनिवहानि सुमङ्गलानि गायज्जगत्कलिमलापहराणि कृत्वा ॥ कालात्मना निवसता यदुदेवगेहे पिण्डारकं समगमन्मुनयो निसृष्टाः ॥११॥ विश्वामित्रोऽसितः कण्वो दुर्वासा भृगुरङ्गिराः ॥ कश्यपो वामदेवोऽत्रिर्वसिष्ठो नारदादयः ॥ १२ ॥ क्रीडन्तस्तानुपव्रज्य कुमारा यदुनन्दनाः ॥ उपसंगृह्य पप्रच्छुरविनीता विनीतवत् ॥ १३ ॥ ते वेषयित्वा स्त्रीवेषैः साम्बं जाम्बवतीसुतम् ॥ एषा पृच्छति वो विप्रा अन्तर्वत्न्यसितेक्षणा ॥ १४ ॥ प्रष्टुं विलज्जती साक्षात्प्रब्रुतामोघदर्शनाः ॥ प्रसोष्यन्ती पुत्रकामा किंस्वित्सञ्जनयिष्यति ॥ १५ ॥ एवं प्रलब्धा मुनयस्तामूचुः कुपिता नृप ॥ जन- यिष्यति वो मन्दा मुसलं कुलनाशनम् ॥ १६ ॥ तच्छ्रुत्वा तेऽतिसन्त्रस्ता विमुच्य सहसोदरम् ॥ साम्बस्य ददृशुस्तस्मिन्मुसलं खल्वयस्मयम्

इच्छाले नै उनको लीलामा सहायक बनेर धरातलमा आएका थिए । ती विश्वामित्र, असित, कण्व, दुर्वासा, भृगु, अंगिरा, कश्यप, वामदेव, अत्रि, वसिष्ठ र नारदादि मुनिजन भगवान्‌सित विदा लिएर द्वारकापुरीको नगीचै पिण्डारक क्षेत्रमा गएर बस्न लागे ॥ ११-१२ ॥ एक दिनको कुरा हो, त्यहाँ खेल्दै यदुवंशका केही उद्दण्ड राजकुमारले स्त्रोजनोचित वस्त्राभूषण लगाएर जाम्बवती-तनय साम्बलाई स्त्री बनाए र मुनीश्वरको नगीचै गएर अति विनीत पुरुषको समान उनको पाउ छोएर भने—'हे विप्र हो ! यी श्यामनयनी सुन्दरी गर्भिणी छन् । यी हजुरसित केही सोध्न खोज्दैछन्, तर आफ्नू मुखले भन्न लाज मानिरहेकी छन् । हे अमोघदर्शन मुनिगण, यी पुत्र-प्राप्तिकी इच्छुक सुन्दरी अब सुत्केरी हुने छन् । अतः हजुर भन्नु- हवस् यिनले कुन सन्तान उत्पन्न गर्छिन्—छोरो वा छोरी ?' ॥ १३-१५ ॥ हे राजन् ! उनले यसरी ठट्टा वा धोकामा पार्ने चेष्टा गरेपछि मुनिहरूले रिसाएर भने—'हे बालक हो ! यो तिम्रो यो कुल नाश गर्ने यौटा लौह-मूसल उत्पन्न गर्नेछ' ॥ १६ ॥ यति सुनेर बालकहरू अत्यन्त भयभीत भएर तिनले तत्काल साम्बको पेट फुकाएर हेरे तब साँच्चैनै यौटा फलाम-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को मूसल निस्क्यो ॥ १७ ॥ तब ती हामी मन्दभाग्यले के गर्‍यौं, यो सुनेर सबैले हामीलाई के भन्लान् ?' यस चिन्ताले आकुल भईं मूसल लिएर आफ्नू घर गए ॥ १८ ॥ मुखको कान्ति मलीन हूने यादवकुमार त्यो मूसल लिएर राजसभामा गएर यादवहरूको समक्ष राजा उग्रसेनलाई त्यो सबै वृत्तान्त सुनाए ॥१९॥ हे राजन् ! ब्राह्मणको अमोघ श्राप सुनेर तथा मूसल देखेर सबै द्वारकावासी भयले व्याकुल भए ॥ २० ॥ यदुराज उग्रसेनले त्यस मूसलको चूर्ण (धूलो) पारेर त्यो धूलो र शेष रहेको फलामको टुक्रा समुद्रमा बगाउन लगाए ॥ २१ ॥ त्यो फलामको टुक्रा यौटा माछाले निल्यो र मूसलको चूर्ण तरङ्गमा बगेर समुद्रतटमा छेउ लाग्यो । त्यसले त्यहाँ नरकुल (तरवारे झार) उत्पन्नभयो ॥२२॥ अन्य माछासित त्यो माछालाई समुद्रमा जाल हालेर माझीले समात्यो र त्यसको पेटबाट निस्केको फलामे टुक्रा जरा नामको व्याधाले आफ्नू बाणको टुप्पामा लगायो ॥२३ ॥ सबै कुराका ज्ञाता भगवानूले त्यो विप्रशापको प्रतीकार गर्न सक्ने भए पनि त्यसलाई अन्यथा गरेनन्, बरू ती कालरूपधारी प्रभुले त्यसको समर्थन गर्नुभयो ॥२२ ॥ इति श्रीमद्भागवते

॥१७॥ किं कृतं मन्दभाग्यैर्नः किं वदष्यिन्ति नो जनाः ॥ इति विह्वलिता गेहानादाय मुसलं ययुः ॥१८॥ तच्चोपनीय सदसि परिम्लानमुखश्रियः ॥ राज्ञ आवेदयाञ्चक्रुः सर्वयादवसन्निधौ ॥१९॥ श्रुत्वाऽमोघं विप्रशापं दृष्ट्वा च मुसलं नृप ॥ विस्मिता भयसंत्रस्ता बभूवुर्द्वारकौकसः ॥२०॥ तच्चूर्णयित्वा मुसलं यदुराजः स आहुकः ॥ समुद्रसलिले प्रास्यल्लोहं चास्यावशेषितम् ॥ २१ ॥ कश्चिन्मत्स्योऽग्रसील्लोहं चूर्णानि तरलैस्ततः ॥ उह्यमानानि वेलाया लग्नान्यासन्किलैरकाः ॥२२॥ मत्स्यो गृहीतो मत्स्यघ्नैर्जालेनान्यैः सहार्णवे ॥ तस्योदरगतं लोहं स शल्ये लुब्धकोऽकरोत् ॥२३॥ भगवान्ज्ञातसर्वार्थ ईश्वरोऽपि तदन्यथा ॥ कर्तुं नैच्छद्विप्रशापं कालरूप्यन्वमोदत ॥२४॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे प्रथमोऽध्यायः ॥ १ ॥

श्रीशुक उवाच ॥ गोविन्दभुजगुप्तायां द्वारवत्यां कुरूद्वह ॥ अवात्सीन्नारदोऽभीक्ष्णं कृष्णोपासनलालसः ॥ १ ॥ को नु राजन्निन्द्रियवान्मुकुन्दचरणाम्बुजम् ॥ न भजेत्सर्वतो मृत्युरुपास्यममरोत्तमैः ॥ २ ॥ तमेकदा तु देवर्षिं वसुदेवो गृहागतम् ॥ अर्चितं सुखमासीनमभिवाद्येदमब्रवीत् ॥ ३ ॥ वसुदेव उवाच ॥ भगवन्भवतो यात्रा स्वस्तये सर्वदेहिनाम् ॥ कृपणानां यथा पित्रोरुत्तमश्लोकवर्त्मनाम् ॥ ४ ॥ भूतानां देवचरितं दुःखाय च सुखाय च ॥ सुखायैव हि साधूनां त्वादृशामच्युतात्मनाम् ॥ ५ ॥ भजन्ति ये यथा देवान्देवा अपि तथैव तान् ॥ छायेव कर्मसचिवाः

महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' नेपाली भाषाटीकाया प्रथमोऽध्यायः ॥ १ ॥

(वसुदेवलाई नारदजीको उपदेश) श्रीशुकदेव भन्दछन्–हे कुरुकुलतिलक ! भगवान् कृष्णका भुजामा सुरक्षित द्वारकापुरीमा श्रीकृष्णको उपासनाको लोभले देवर्षि नारदआई धेरै जसो बस्तथे ॥ १ ॥ हे राजन् ! सबैतिर मृत्युले ढाकिएको यस्तो कुन इन्द्रियवान् प्राणी होला, जो श्रीकृष्णको सुख र सेव्य चरणकमललाई नभज्ला ॥ २ ॥ एक दिन आफ्नो घर आएका नारदजीको पूजा गरेर वसुदेव सुखपूर्वक आसनमा विराजमान देवर्षिलाई प्रणाम गरेर भन्न लागे----॥३॥ वसुदेवजीले भने—हे भगवन् ! पुत्रका लागि दयालु माता-पिता तथा दीन-दुःखीका लागि भगवत्परायण महात्माको सहसा आगमन सदृश हजुरको आगमन सबैको कल्याणका निम्ति हुन्छ ॥४॥ देवगणका कार्यकलाप सबै प्राणीका सुख-दुःख दुवैको

...Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्ति हुन्छ, तर हजुर झैं भगवत्प्राण साधु पुरुषको आचरण सबैका लागि सुखदायी हुन्छन् ॥ ५ ॥ देवतालाई जो जसरी मान्दछन्, देवता पनि उनलाई त्यस्तै फल दिन्छन् । ती छायाजस्तै कर्मको अनुसरण गर्दछन्, तर दयालु साधुजन स्वभावले दीनजनमा कृपालु हुन्छन् ॥ ६ ॥ हे ब्रह्मन् ! यद्यपि म हजुरको दर्शनले नै पवित्र भइसकेको छु । तापनि हजुरसित भागवत धर्मको विषयमा केही सुन्न चाहन्छु, किनकि यसलाई श्रद्धापूर्वक सुन्नाले मनुष्य सबै थरिका भयबाट मुक्त हुन्छ ॥ ७ ॥ देवमायाले मोहित भई मैले पूर्व-जन्ममा सन्तानको निम्ति मुक्तिदाता भगवानको पूजा गरेथें, मोक्षको निम्ति होइन ॥ ८ ॥ अतः हे सुव्रत ! म हजुरलाई निमित्त तुल्याएर विविध दुःखले पूर्ण तथा सबै भयले व्याप्त यस संसारबाट जसरी अनायास मुक्त हुनसकौं, यस्तो कुनै स्पष्ट उपदेश दिनुहवस् ॥ ९ ॥ वसुदेवजीले यसरी सोधेपछि भगवान्को स्मरण गरेर परम प्रसन्न भएका देवर्षि नारद उनीसित भन्नलागे ॥ १० ॥ नारदजी भन्दछन्—हे यादवश्रेष्ठ ! तिम्रो विचार अति उत्तम छ, किनकि तिमी सबैलाई पवित्र पार्ने उत्तम भागवत धर्म मसित सोधिरहेछौ ॥ ११ ॥ हे

साधवो दीनवत्सलाः ॥ ६ ॥ ब्रह्मँस्तथापि पृच्छामो धर्मान्भागवताँस्तव ॥ याञ्छ्रुत्व श्रद्धया मर्त्यो मुच्यते सर्वतो भयात् ॥ ७ ॥ अहं किल
पुराऽनन्तं प्रजार्थे भुवि मुक्तिदम् ॥ अपूजयं न मोक्षाय मोहितो देवमायया ॥ ८ ॥ यथा विचित्रव्यसनाद्भवद्भिर्विश्वतो भयात् ॥ मुच्येम ह्यञ्जसैवाद्धा
तथा नः शाधि सुव्रतः ॥ ९ ॥ श्रीशुक उवाच ॥ राजन्नेवं कृतप्रश्नो वसुदेवेन धीमता ॥ प्रीतस्तमाह देवर्षिर्हरेः संस्मारितो गुणैः ॥ १० ॥
नारद उवाच ॥ सम्यगेतद्व्यवसितं भवता सात्वतर्षभ ॥ यत्पृच्छसे भागवतान्धर्मांस्त्वं विश्वभावनान् ॥ ११ ॥ श्रुतोऽनुपठितो ध्यात आदृतो
वानुमोदितः ॥ सद्यः पुनाति सद्धर्मो देवविश्वद्रुहोऽपि हि ॥ १२ ॥ त्वया परमकल्याणः पुण्यश्रवणकीर्तनः ॥ स्मारितो भगवानद्य देवो नारायणो
मम ॥ १३ ॥ अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ॥ आर्षभाणां च संवादं विदेहस्य महात्मनः ॥ १४ ॥ प्रियव्रतो नाम सुतो मनोः स्वायम्भु-
वस्य यः ॥ अस्याग्नीध्रस्ततो नाभिर्ऋषभस्तत्सुतः स्मृतः ॥ १५ ॥ तमाहुर्वासुदेवांशं मोक्षधर्मविवक्षया ॥ अवतीर्णं सुतशतं तस्यासीद्वेदपारगम्
॥ १६ ॥ तेषां वै भरतो ज्येष्ठो नारायणपरायणः ॥ विख्यातं वर्षमेतद्यन्नाम्ना भारतमद्भुतम् ॥ १७ ॥ स भुक्तभोगां त्यक्त्वेमां निर्गतस्तपसा

वसुदेव ! श्रवण, बारम्बार पठन, स्मरण तथा अनुमोदन गरिएपछि यो भागवत-धर्म देवता तथा समस्त विश्वसित द्रोह गर्नेलाई पनि तत्काल पवित्र पारिदिन्छ ॥ १२ ॥ जसको नाम, लीलाहरूको श्रवण-कीर्तनले प्राणीलाई पवित्र पार्दछ, ती परम कल्याणकारी भगवान् नारायणको आज तिमीले सम्झना गराइदियौ ॥ १३ ॥ यस विषयमा म महात्मा राजा विदेह तथा ऋषभका छोराहरूको संवादस्वरूप यो प्राचीन इतिहासको उद्धरण दिँदैछु ॥१४॥ स्वायम्भुव मनु राजा प्रियव्रतका छोरा थिए, तीबाट आग्नीध्रका नाभि र नाभिका छोरा ऋषभ भए ॥ १५ ॥ ऋषभदेव वासुदेवका अंश थिए पनि भन्दछन् । उनले मोक्षधर्मको उपदेश दिनका निम्ति संसारमा अवतार लिएका थिए । ऋषभका सय छोरा थिए, ती सबै वेदवेदाङ्गमा पारंगत थिए ॥ १६ ॥ तिनमा जेठा पुत्र भरत थिए, जो भगवान् नारायणका परम भक्त मानिन्थे । उनकै नामले यो अद्भुत देश भारतवर्ष नामले संसारमा विख्यात छ । भरतजी यी भुक्तभोगा पृथिवीलाई त्यागेर वनमा गए । त्यहाँ तपस्या द्वारा श्रीकृष्ण भगवान्को उपासना गरे र तीन जन्मपछि मोक्षपद पाए

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥१७॥१८॥ तीमध्ये नौ पुत्र यस भूमण्डलको सबैतिर नौ द्वीपका अधिपति भए र एकासी पुत्र कर्मतन्त्रका रचयिता ब्राह्मण भए ॥ ९ ॥ नौ पुत्र परमार्थका निरूपक महाभाग मुनि भए । ती वेदव्याख्यामा निपुण, दिगम्बर र आत्मविद्यामा पारंगत थिए ॥२०॥ तिनको नाम थियो–कवि, हरि, अन्तरिक्ष, प्रबुद्ध, पिप्पलायन, आविर्होत्र, द्रुमिल, चमस र करभाजन ॥२१॥ती सबै सत् अर्थात् व्यक्त र असत् अर्थात् अव्यक्तरूपी समस्त संसारलाई आफूभन्दा अभिन्न भगवद्रूपमा देख्दै पृथिवीमा विचरण गर्दथे॥२२॥तिनको स्वेच्छागति थियो उनलाई

हरिम् ॥ उपासीनस्तत्पदवीं लेभे वै जन्मभिस्त्रिभिः ॥ १८ ॥ तेषां नव नवद्वीपपतयोऽस्य समन्ततः ॥ कर्मतन्त्रप्रणेतार एकाशीतिर्द्विजातयः ॥ १९ ॥ नवाभवन्महाभागा मुनयो ह्यर्थशंसिनः ॥ श्रमणा वातरशना आत्मविद्याविशारदाः ॥ २० ॥ कविर्हरिरन्तरिक्षः प्रबुद्धः पिप्पलायनः ॥ आविर्होत्रोऽथ द्रुमिलश्चमसः करभाजनः ॥ २१ ॥ एते वै भगवद्रुपं विश्वं सदसदात्मकम् ॥ आत्मनोऽव्यतिरेकेण पश्यन्तो व्यचरन्महीम् ॥ २२ ॥ अव्याहतेष्टगतयः सुरसिद्धसाध्यगन्धर्वयक्षनरकिन्नरनागलोकान् ॥ मुक्ताश्चरन्ति मुनिचारणभूतनाथविद्याधरद्विजगवां भुवनानि कामम् ॥ २३ ॥ त एकदा निमेः सत्रमुपजग्मुर्यदृच्छया ॥ वितायमानमृषिभिरजनाभे महात्मनः ॥ २४ ॥ तान्दृष्ट्वा सूर्यशंकाशान्महाभागवतान्नृपः ॥ यजमानोऽग्नयो विप्रा सर्व एवोपतस्थिरे ॥ २५ ॥ विदेहस्तानभिप्रेत्य नरायणपरायणान् ॥ प्रीतः सम्पूजयाञ्चक्रे आसनस्थान्यथार्हतः ॥ २६ ॥ तान्रोच-

कतै रोक-छेक थिएन । ती जीवन-मुक्त महात्मा देवता, सिद्ध, साध्यगण, गन्धर्व, यक्ष, मनुष्य, किन्नर एवं नागका लोक तथा मुनि, चारण, भूतनाथ, विद्याधर, ब्राह्मण र गाईहरूका लोकमा स्वेच्छानुसार डुल्नलागे ॥२३॥ एकपल्टको कुरा हो–ती अजनाभ खण्ड अर्थात् भारतवर्षमा महात्मा राजा निमिकहाँ, जो त्यस बेला ऋषिहरूद्वारा यज्ञ गराइरहेका थिए, सहसा पुगे ॥ २४ ॥ ती सूर्य सदृश तेजस्वी महाभागवतहरूलाई देखेर यजमान, ब्राह्मणगण तथा अग्नि सबै जुरुक्क उठे ॥ २५ ॥ महात्मा विदेहले उनलाई नारायण-परायण भक्त

---

* दृष्टान्त (नारायण-भक्त) एकपल्ट नारदजीको मनमा अहङ्कार आयो–म जस्तो भगवान्को प्रेमी भक्त अरु कोही पनि छैन । उनले नारदजीका मनको कुरा जाने र मनमनै विचार गरे—'हृदयमा उम्रेको यो गर्व म अवश्य उखेलिदिन्छु ।' भगवान्ले आज्ञा भयो—'हिंड, परसम्म डुलेर आऊँ ।' जब दुवैजना हिंडे, तब बाटोमा देखे-यौटा ब्राह्मण कमरमा तरवार बाँधेर सुकेको घाँस खाइरहेका छन् । नारदजीले त्यसलाई देख्नासाथ वैष्णव रहेछ भन्ने जाने, किनकि वैष्णवजन जीवहिंसालाई पाप मान्दछन् र घाँसमा पनि जीव मानेर सुकेको घाँस खाएर दिन काट्दछन् । तर यो कम्मरमा तरवार किन झुण्डाएको होला । यसको मर्म नारदजीले बुझ्न सकेनन् । यही कुरा उनले भगवानसित सोधे । भगवान्ले आज्ञाभयो–'ब्राह्मणसित नै सोध ।' नारदजी गएर ब्राह्मणलाई सोधे—'हे भाई ! वैष्णव जन त जीवहिंसालाई पाप मान्दछन् । अनि तिमीले कम्मरमा तरवार किन झुण्डाएका ? यो तिमीलाई के काम लाग्दछ ?' ब्राह्मले भने—'यो तरवार तीन थरि दुष्टलाई मार्नको निम्ति हो ।' नारदले सोधे—'ती तीन दुष्ट कुन-कुन हुन् ?' ब्राह्मणले भने—'पहिलो दुष्ट अर्जुन हो, जसले मेरा इष्टदेव कृष्ण भगवान्लाई सारथी तुल्याएर रथ चलाउन लगायो ।' नारदले सोधे—'अर्को को हो ? ब्राह्मणले उत्तर दिए—'अर्की द्रौपदी राक्षसनी हो, जसले भगवानलाई आफ्नू जुठो अन्न ख्वाई ।' नारदले सोधे—'तेस्रो को हो ?' ब्राह्मणले भने—'तेस्रो दुष्ट नारद हो ।' नारदले सोधे—'उनले के अपराध गरे ?' ब्राह्मणले भने—'यो दुष्ट रात-दिन भगवानलाई डाक्तछ र वीणा बजाएर गान गर्दछ, त्यसलाई भगवान्को अलिकति पनि ध्यान छैन । त्यो भगवान्को मीठो निद्रामा विघ्न पार्दछ ।' नारदले त्यसको प्रेम र भक्तिको प्रशंसा गरे र त्यसै दिनदेखि आफ्नू अहङ्कार छाडिदिए ।

... Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDP - Delhi

जानेर दिव्य आसनमा बसाले र ती मुनिको अतिशय प्रेमपूर्वक पूजन गरे ॥ २६ । आफ्नो शारीरिक तेजले ब्रह्माजीका छोरा सदृश सुशोभित ती नौ योगीश्वरसित राजा जनकले प्रसन्न भएर नम्रतापूर्वक प्रश्न गरे ॥२७॥ विदेह भन्दछन्--हे भगवन् ! म हजुरहरूलाई साक्षात् मधुसूदनका पार्षद ठान्दछु, किनकि भगवान् विष्णुका पार्षद संसारका प्राणीलाई पवित्र पार्नका लागि नै विचरण गर्दछन् ॥ २८ ॥ जीवलाई पहिले क्षणभंगुर मानव शरीर पाउनु नै दुर्लभ रहन्छ, यदि त्यो पाए पनि भगवद्भक्तहरूको दर्शन पाउनु म अझ दुर्लभ मान्दछु ॥ २९ ॥ अतः हे पुण्यात्मा महानुभाव हो ! म यो जिज्ञासा गरिरहेको छु कि संसारमा आत्यन्तिक कल्याण कसमा छ ? यस जगत्मा महात्माहरूका आधा क्षणको सत्सङ्ग पनि मनुष्यका लागि ठूलो खजाना पाए झैं हुन्छ ॥ ३० ॥ यदि मैले सुन्न योग्य छ भने मलाई त्यो भागवत्-धर्म सुनाउनोस् जसले प्रसन्न भएर अजन्मा भगवान् आफ्ना शरणागत भक्तको निम्ति स्वयं आफूलाई पनि दिई दिन्छन् । नारदजी भन्नलागे–हे वसुदेव ! राजा निमिले यसरी प्रश्न गरेपछि ती महात्माले खुसीसाथ

मानान् स्वरुचा ब्रह्मपुत्रोपमान्नव ॥ प्रपच्छ परमप्रीतः प्रश्रयावनतो नृपः ॥ २७ ॥ विदेह उवाच ॥ मन्ये भगवतः साक्षात्पार्षदान्वो मधुद्विषः ॥
विष्णोर्भूतानि लोकानां पावनाय चरन्ति हि ॥ २८ ॥ दुर्लभो मानुषो देहो देहिनां क्षणभंगुरः ॥ तत्रापि दुर्लभं मन्ये वैकुण्ठप्रियदर्शनम् ॥ २९ ॥
अत आत्यन्तिकं क्षेमं पृच्छामि भवतोऽनघाः ॥ संसारेऽस्मिन्क्षणार्धोऽपि सत्सङ्गः शेवधिर्नृणाम् ॥ ३० ॥ धर्मान्भागवतान्ब्रूत यदि नः श्रुतये
क्षमम् ॥ यैः प्रसन्नः प्रपन्नाय ददात्यात्मानमप्यजः ॥ ३१ ॥ श्रीनारद उवाच ॥ एवं ते निमिना पृष्टा वसुदेव महत्तमाः ॥ प्रतिपूज्याब्रुवन्प्रीत्या
ससदस्यर्त्विजं नृपम् ॥ ३२ ॥ कविरुवाच ॥ मन्येऽकुतश्चिद्भयमच्युतस्य पादाम्बुजोपासनमत्र नित्यम् ॥ उद्विग्नबुद्धेरसदात्मभावाद्विश्वात्मना यत्र
निवर्तते भीः ॥३३॥ ये वै भगवता प्रोक्ता उपाया ह्यात्मलब्धये ॥ अञ्जः पुंसामविदुषां विद्धि भागवतान्हि तान् ॥ ३४ ॥ यानास्थाय नरो राजन्न
प्रमाद्येत कर्हिचित् ॥ धावन्निमील्य वा नेत्रे न स्खलेन्न पतेदिह ॥ ३५ ॥ कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वानुसृतस्वभावात् ॥ करोति
यद्यत्सकलं परस्मै नारायणायेति समर्पयेत्तत् ॥ ३६ ॥ भयं द्वितीयाभिनिवेशतः स्यादीशादपेतस्य विपर्ययोऽस्मृतिः ॥ तान्माययातो बुध आभजेत्तं

धन्यवाद दिए र सभासद तथा ऋत्विजसमेत राजा निमिसित भने ॥ ३१ ॥ ३२ ॥ कविले भने—हे राजन् ! यस लोकमा म त श्रीकृष्णका चरणकमलको नित्य उपासनालाई नै सर्वथा भयशून्य मान्दछु । असत्मा आत्मभावको कारण जसको बुद्धि उद्विग्न भएको रहन्छ, तिनको पनि उपासनाले सबै भय भागिजान्छ ॥३३॥ अज्ञ पुरुषलाई पनि तत्काल आत्म लाभ गराउनको निम्ति भगवान्ले जुन उपाय आज्ञा भएको छ, तिमी उनैलाई भागवत्-धर्म जान॥३४॥ हे राजन् ! ती भागवत्-धर्मको आश्रय लिएपछि कोही व्यक्ति कहिल्यै प्रमाद मा पर्दैन र त्यसमाथि कुनै प्रकारको विघ्नले आक्रमण गर्न सक्तैन । त्यो संसारमा आँखा चिम्लेर दगुरे पनि कहीं चिप्लने र पछारिने हुँदैन ॥३५॥ यस धर्मको पालन गर्ने व्यक्तिको कर्तव्य हो कि शरीरले, वाणी, मनले, इन्द्रियहरूले, बुद्धि र अहङ्कार अथवा आफ्ना अनुगत स्वभावले जे जति कर्म गर्दछ, त्यो सबै परमात्मा नारायणका निम्ति नै हो, यस्तो ठानेर उनैलाई अर्पण गरोस् ॥३६॥ जो भगवान्बाट विमुख रहन्छ, त्यसको मनमा ईश्वरी मायाले भगवान्का स्वरूपको विस्मृति र 'म देह हुँ'–यस्तो उल्टो ज्ञान उत्पन्न हुन्छ अनि आत्माको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतिरिक्त अर्को वस्तुको सत्ताको अभिमान हुनाले भय प्राप्त हुन्छ । अतः बुद्धिमान् पुरुषको कर्तव्य हो–आफ्नू गुरुमा इष्टदेवको बुद्धि गरेर ती श्रीहरिलाई भक्तिभावले भजोस् ॥३७॥ यो द्वैतात्मक प्रपञ्च नभए पनि यसै गरी परमार्थरूप भास्तछ, जस्तै स्वप्न र मनोरथका पदार्थ सत्य नभए पनि चिन्तन गर्नेको बुद्धिमा सत्यवत् भासमान हुन्छन् । अतएव विचारकको कर्तव्य हो–पहिले कर्मको सङ्कल्प–विकल्प गर्ने चित्त रोकोस्, अनिमात्र अभयपद प्राप्त हुन्छ–अन्यथा हुँदैन ॥ ३८ ॥ लोकमा चक्रपाणि भगवान् विष्णुको कल्याणकारी जन्म र कर्मका गुण सुन्दै विचित्र लीलाहरूको अनुसार राखिएका उनका नामको निःसङ्कोच भएर गान गरोस् र असङ्ग भावले संसारमा डुलिरहोस् ॥ ३९ ॥ यस प्रकारको आचरण गर्ने प्राणी आफ्ना परमप्रिय प्रभुको नाम सङ्कीर्तनले ईश्वरमा अनुराग उत्पन्न भएपछि द्रवितचित्त भएर यस संसारको वास्ता नगरी कहिले हाँस्ने, कहिले, रुने कहिले कराउने, कहिले गाउने र उन्मत्त जस्तै नाच्न थाल्दछ ॥ ४० ॥ आकाश, वायु, अग्नि, जल, पृथ्वी, नक्षत्र, प्राणी, दिशाहरू, वृक्ष, नदी तथा समुद्र यी सबै उनै भगवान् हरिका नै

भक्त्यैकयेशं गुरुदेवतात्मा ॥ ३७ ॥ अविद्यमानोऽप्यवभाति हि द्वयो ध्यातुर्धिया स्वप्नमनोरथौ यथा ॥ तत्कर्म सङ्कल्पविकल्पकं मनो बुधो निरुन्ध्यादभयं ततः स्यात् ॥ ३८ ॥ शृण्वन्सुभद्राणि रथाङ्गपाणेर्जन्मानि कर्माणि च यानि लोके ॥ गीतानि नामानि तदर्थकानि गायन्विलज्जो विचरेदसङ्गः ॥ ३९ ॥ एवंव्रतः स्वप्रियनामकीर्त्या जातानुरागो द्रुतचित्त उच्चैः ॥ हसत्यथो रोदिति रौति गायत्युन्मादवन्नृत्यति लोकबाह्यः॥ ४० ॥ खं वायुमग्निं सलिलं महीं च ज्योतींषि सत्त्वानि दिशो द्रुमादीन् ॥ सरित्समुद्रांश्च हरेः शरीरं यत्किञ्च भूतं प्रणमेदनन्यः ॥ ४१ ॥ भक्तिः परेशानुभवो विरक्तिरन्यत्र चैव त्रिक एककालः ॥ प्रपद्यमानस्य यथाऽश्नतः स्युस्तुष्टिः पुष्टिः क्षुदपायोऽनुघासम् ॥ ४२ ॥ इत्यच्युतांघ्रिं भजतोऽनुवृत्त्या भक्तिर्विरक्तिर्भगवत्प्रबोधः ॥ भवन्ति वै भागवतस्य राजँस्ततः परां शान्तिमुपैति साक्षात् ॥ ४३ ॥ राजोवाच ॥ अथ भागवतं ब्रूत यद्धर्मो यादृशो नृणाम् ॥ यथाऽऽचरति यद्ब्रूते यैर्लिङ्गैर्भगवत्प्रियः ॥ ४४ ॥ हरिरुवाच ॥ सर्वभूतेषु यः पश्येद्भगवद्भावमात्मनः ॥ भूतानि भगवत्यात्मन्येष भागवतोत्तमः ॥ ४५ ॥ ईश्वरे तदधीनेषु बालिशेषु द्विषत्सु च ॥ प्रेममैत्रीकृपोपेक्षा यः करोति स मध्यमः ॥ ४६ ॥ अर्चायामेव हरये पूजां

शरीर हुन् । अतः यी सबैलाई अनन्यभावले प्रणाम गरोस् ॥ ४१ ॥ भगवान्को भजन गर्नेलाई परमेश्वरमा प्रेम, उनको स्वरूपानुभव तथा अरु संसारी वस्तुमा वैराग्य–यी तीनै कुरा साथै प्राप्त हुन्छन् । जस्तै–भोजन गर्नेलाई भोजनको प्रत्येक गाँसको साथै तुष्टि, पुष्टि र क्षुधा निवृत्ति–यी तीनै कुरा साथै प्राप्त हुन्छन् ॥ ४२ ॥ हे राजन् ! भगवान् अच्युतका चरणकमलको निरन्तर भजन गर्ने भक्तलाई भगवत्प्रेम, विषयमा वैराग्य तथा भगवत्स्वरूपको ज्ञान–यी तीन अवश्य प्राप्त हुन्छन् र त्यो परम शान्तिमा प्राप्त हुन्छ ॥४३॥ राजा निमि भन्दछन्–अब हजुर भगवद्भक्तको विषयमा वर्णन गर्नुहवस् । उनको जुन धर्म हो, मनुष्यसित उनको जस्तो व्यवहार होस्, त्यो जस्तो आचरण गर्दो होस्, जे जति बोल्दछ जुन लक्षणले त्यो भगवान्को प्रिय मानिन्छ, त्यो सबै हजुर मलाई भन्नुहवस् ॥ ४४ ॥ श्रीकृष्णले भन्नुभयो–जो समस्त प्राणीमा वर्तमान आत्मालाई भगवद्भावले हेर्दछ जो आफ्नू भगवत्स्वरूपमै सबै प्राणीलाई अवस्थित मान्दो होस्, त्यही सबै भगवद्भक्तमा श्रेष्ठ मानिन्छ ॥ ४५ ॥ जो भगवान्सित प्रेम, उनका भक्तसित मित्रता, अज्ञानीमा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृपा र भगवान्का द्रोहको उपेक्षा गर्दछ, त्यो मध्यम श्रेणीको भक्त कहिन्छ ।। ४६ ।। जो भगवान्को पूजा-विग्रह अर्थात् प्रतिमादिको पूजामै श्रद्धाभक्तिले प्रवृत्त हुन्छ, उनका भक्तको तथा अन्य कसैको पूजा गर्दैन, त्यो साधारण भक्त मानिन्छ ।। ४७ ।। इन्द्रिय द्वारा विषयहरू भोग्दाभोग्दै पनि 'यो सबै भगवान्कै माया हो यस्तो विचार राखेर जो न तिनमा द्वेष गर्दछ, न ती सुख पाएर प्रसन्न नै हुन्छ, अवश्य त्यो भगवद्भक्तमा श्रेष्ठ मानिन्छ ।। ४८ ।। जो भगवान्को स्मरणमा तल्लीन रहनाले गर्दा शरीर, इन्द्रिय, प्राण, मन तथा बुद्धिका सांसारिक धर्म, जन्म-मरण, क्षुधा, भय, तृष्णा र परिश्रम आदिले मोहित हुँदैन, त्यो भगवद्भक्तमा श्रेष्ठ कहिन्छ ।। ४९ ।। कामना र कर्मका बीज अर्थात् वासना आदि जसको चित्तमा उद्भव हुँदैनन् र एकमात्र भगवान् वासुदेवको नै जसलाई भर छ, त्यही भगवद्भक्तहरूमा उत्तम र श्रेष्ठ हुन्छ ।। ५० ।। जसको जन्म, कर्म, वर्ण, आश्रम तथा जातले गर्दा यस देहमा अहंभाव हुँदैन, त्यो अवश्य भगवान्को प्रिय बन्दछ ।। ५१ ।। जसको धनमा वा शरीरमा 'यो आफ्नू हो—यो बिरानो हो' यस्तो भेदभाव हुँदैन,

यः श्रद्धयेहते ।। न तद्भक्तेषु चान्येषु स भक्तः प्राकृतः स्मृतः ।। ४७ ।। गृहीत्वाऽपीन्द्रियैरर्थान्यो न द्वेष्टि न हृष्यति ।। विष्णोर्मायामिमां पश्यन्स वै भागवतोत्तमः ।। ४८ ।। देहेन्द्रियप्राणमनोधियां यो जन्माप्ययक्षुद्भयतर्षकृच्छ्रैः ।। संसारधर्मैरविमुह्यमानः स्मृत्या हरेर्भागवतप्रधानः ।।४९।। न काम-कर्मबीजानां यस्य चेतसि सम्भवः ।। वासुदेवैकनिलयः स वै भागवतोत्तमः ।। ५० ।। न यस्य जन्मकर्मभ्यां न वर्णाश्रमजातिभिः ।। सज्जतेऽस्मिन्नहं-भावो देहे वै स हरेः प्रियः ।। ५१ ।। न यस्य स्वः पर इति वित्तेष्वात्मनि वा भिदा ।। सर्वभूतसमः शान्तः स वै भागवतोत्तमः ।। ५२ ।। त्रिभुवन-वैभवहेतवेऽप्यकुण्ठस्मृतिरजितात्मसुरादिभिर्विमृग्यात् ।। न चलति भगवत्पदारविन्दाल्लवनिमिषार्धमपि यः स वैष्णवाग्र्यः ।। ५३ ।। भगवत उरुविक्रमांघ्रिशाखानखमणिचन्द्रिकया निरस्ततापे ।। हृदि कथमुपसीदतां पुनः स प्रभवति चन्द्र इवोदितेऽर्कतापः ।। ५४ ।। विसृजति हृदयं न यस्य साक्षाद्धरिरवशाभिहितोऽप्यघौघनाशः ।। प्रणयरशनया धृतांघ्रिपद्मः स भवति भागवतप्रधान उक्तः ।। ५५ ।। इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे द्वितीयोऽध्यायः ।। २ ।।

जो समस्त प्राणीहरूमा समदृष्टि राखेर शान्तचित्त छ, त्यो अवश्य नै भगवद्भमा श्रेष्ठ मानिन्छ ।। ५२ ।। तीनै लोकका राज्य-वैभवको निम्ति पनि जसको भगवद्भजन छुट्दैन, भगवानमै मन लगाई राख्ने देवतादि पनि जसलाई खोज्ने गर्दछन्, ती भगवच्चरणारविन्दको सेवाबाट जो आधा पलको निम्ति पनि विचलित हुँदैन, त्यही सबै भगवद्भक्तमा अग्रणी कहिन्छ ।। २३ ।। भगवान् विष्णुको उरुविक्रम अर्थात् ठूला-ठूला पाइला हुने चरणका औंलाको नङरूपी मणिको शीतल कान्तिले जसका कामादि ताप शान्त भइसकेको छ, ती भगवान्का शरणमा परेको पुरुषको हृदयमा फेरि त्यो ताप कसै गरी उत्पन्न हुन सक्तछ ? रात्रिमा चन्द्रमा उदाए पछि सूर्यको ताप के कहिले टिक्न सक्तछ ? ।। ५४ ।। जो विवश भावले आफ्नू नाम उच्चारण गरेपछि पनि सबै पापसमूह ध्वंस गरिदिन्छन्, ती हरि प्रेम-पाशमा आफ्ना चरणकमल बाँधिएपछि जसको हृदय कहिल्यै छाड्दैन, उनै भगवद्भक्तहरूमा श्रेष्ठ कहिन्छन् ।। ५५ ।। इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः ।। २ ।।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(मायाको स्वरूप, उसबाट पारी तर्ने युक्ति र ब्रह्म तथा धर्मको निराकरण) राजा निमि भन्न लागे—हे भगवन् ! अब म मायावीलाई पनि मोहित पार्ने विष्णुकी मायाको स्वरूप जान्ने इच्छा गर्दछु, हजुर त्यसको वर्णन गर्नु हवस् ॥ १ ॥ हे भगवन् ! म संसारको तापले तापिएको मरणधर्मा मनुष्य हुँ । अतः त्यो ताप मेट्ने औषधि मुखारविन्दबाट निस्केका हरिकथामृतरूपी वचन सुनेर म अघाउन्न ॥ २ ॥ हे महाबाहो ! आदिदेव नारायणले आफ्नू स्वरूप समान जीवहरूको भोग तथा मोक्षको निम्ति स्वयं रचित पञ्चभूत द्वारा नै अनेक थरिका उत्कृष्ट र निकृष्ट जीवहरूको सृष्टि गरेका छन् ॥ ३ ॥ ४ ॥ यसरी पञ्चमहाभूतद्वारा रचित प्राणीहरूमा स्वयं जीवरूपले प्रविष्ट भएर ती आफूलाई नै मनरूपले एक र बाह्य-इन्द्रिय रूपले दुइ भागमा विभक्त गरी विषयको भोग गर्दछन् । जीव आत्माद्वारा प्रकाशित इन्द्रियहरूले विषयलाई भोग्दछ र उत्पन्न शरीरादिलाई नै आत्मा मान्दै यसैमा आसक्त रहन्छ ॥ ५ ॥ फेरि देही आफ्ना कर्मेन्द्रिय द्वारा वासनापूर्ण काम गर्दै तथा तिनको सुख-दुःख भोग्दै अनित्य संसारमा भौंतारिई रहन्छ ॥ ६ ॥

राजोवाच ॥ परस्य विष्णोरीशस्य मायिनामपि मोहिनीम् ॥ मायां वेदितुमिच्छामि भगवन्तो ब्रुवन्तु नः ॥१॥ नानुतृप्ये जुषन्युष्मद्वचो हरिकथामृतम् ॥ संसारतापनिस्तप्तो मर्त्यस्तत्तापभेषजम् ॥२॥ अन्तरिक्ष उवाच ॥ एभिर्भूतानि भूतात्मा महाभूतैर्महाभुज ॥ ससर्जोच्चावचान्याद्यः स्वमात्रात्मप्रसिद्धये॥३॥ एवं सृष्टानि भूतानि प्रविष्टः पञ्चधातुभिः ॥ एकधा दशधात्मानं विभजञ्जुषते गुणान्॥४॥ गुणैर्गुणान्स भुञ्जान आत्मप्रद्योतितैः प्रभुः॥ मन्यमान इदं सृष्टमात्मानमिह सज्जते ॥५॥ कर्माणि कर्मभिः कुर्वन्सनिमित्तानि देहभृत् ॥ तत्तत्कर्मफलं गृह्णन्भ्रमतीह सुखेतरम् ॥६॥ इत्थं कर्मगतीर्गच्छन्बह्वभद्रवहाः पुमान् ॥ आभूतसम्प्लवात्सर्गप्रलयावश्नुतेऽवशः ॥७॥ धातूपप्लव आसन्नेऽव्यक्तं द्रव्यगुणात्मकम् ॥ अनादिनिधनः कालो ह्यव्यक्तायापकर्षति ॥ ८ ॥ शतवर्षा ह्यनावृष्टिर्भविष्यत्युल्बणा भुवि ॥ तत्कालोपचितोष्णार्को लोकाँस्त्रीन्प्रतपिष्यति ॥९॥ पातालतलमारभ्य सङ्कर्षणमुखानलः ॥ दहन्नूर्ध्वशिखो विष्वग्वर्धते वायुनेरितः॥१०॥ संवर्तको मेघगणो वर्षतिस्म शत समाः॥धाराभिर्हस्तिहस्ताभिर्लीयते सलिले विराट् ॥११॥ ततो विराजमुत्सृज्य वैराजः पुरुषो नृप॥ अव्यक्तंविशते सूक्ष्मं निरिन्धन इवानलः॥१२॥ वायुना हृतगन्धा भूः सलिलत्वाय कल्पते॥ सलिलं तद्धृतरसं ज्योतिष्ट्वा-

यसरी विवश भएर अनेक थरिका कष्ट दिने गतिहरूमा प्राप्त भएर यो जीव महाप्रलयसम्म जन्म-मरणमा प्राप्त भइ रहन्छ ॥ ७ ॥ पञ्चभूतको प्रलय समय उपस्थित भएपछि अनादि र अनन्त कालसम्म यी द्रव्यगुणात्मक स्थूल-सूक्ष्मरूप व्यक्त सृष्टिलाई त्यो अव्यक्ततिर तानेर लैजान्छ ॥ ८ ॥ जब त्यो समय आउने छ, तब पृथ्वीमा सय वर्षसम्म घोर अनावृष्टि हुनेछ र बढेको उष्णताले सूर्यनारायण तीनै लोकलाई तप्तपार्न लाग्दछन् ॥ ९ ॥ शेषको मुखबाट निस्केको अग्नि वायुद्वारा प्रेरित भई पाताल देखि समस्त विश्वलाई भस्म पार्दै अग्ला-होचा ज्वालाले चारैतिर फैलिनेछ ॥ १० ॥ त्यस वेला सम्वर्तक मेघ-समूह हात्तीको सूँढ झैं मोटा-मोटा धाराले सय वर्षसम्म पानी पार्नेछन् । त्यसले समस्त ब्रह्माण्ड जलमा डुब्दछ ॥ ११ ॥ हे राजन् ! विना काठको अग्नि झैं विराट पुरुष आफ्नू ब्रह्माण्डमय शरीर त्यागेर सूक्ष्मरूपधारी 'अव्यक्त' ब्रह्ममा लीन हुन्छ ॥ १२ ॥ त्यस समय वायु द्वारा गन्ध खिंचिन्छ र पृथ्वी जलरूप हुन्छिन् । त्यही वायु द्वारा तानिएपछि जल पनि अग्निरूपमा परिणत हुनेछ। घोर अन्धकारले ढाकिएको अग्नि वायुमा

Lunanath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अवकाश द्वारा स्पर्शहीन वायु आकाशमा लय हुनेछ ॥ १३ ॥ १४ ॥ हे राजन् ! यसपछि कालद्वारा आफ्ना गुण अर्थात् शब्दरहित भएर आकाश तामस अहङ्कारमा, सबै इन्द्रिय राजस अहङ्कारमा र इन्द्रियका अधिष्ठाता देवगण समेत मन र बुद्धि सात्त्विक अहङ्कारमा लय भएर जान्छन् । अहङ्कार आफ्ना गुणसमेत लीन हुन्छन् र महतत्त्व गएर प्रकृतिमा लीन हुन्छ ॥ १५ ॥ यसरी मैले जगत्को उत्पत्ति, स्थिति र लय गर्ने भगवान्की त्रिगुणात्मिका मायाको वर्णन गरेर सुनाएँ । अब अरु के सुन्ने इच्छा छ ? राजा निमिले भने—हे महर्षे ! अब हजुर मलाई यस्तो उपदेश दिनुहवस्—जसले चित्त जित्न नसकेका पुरुषहरूको निम्ति ईश्वरी मायालाई स्थूल बुद्धि हुने पनि सहजै पारी तर्न सकून् ॥१६ ॥१७॥ प्रबुद्ध भन्दछन्—हे राजन् ! दुःखको नाश र सुखको प्राप्तिका निमित्त स्त्री-पुरुषको सम्बन्धमा बाँधिएर कर्मानुष्ठानमा संलग्न व्यक्तिलाई जुन विपरीत फल मिल्दछ, त्यो हेर्नु छ ॥ १८ ॥ यस दुःखदायक धनले दुर्लभ आत्माको निम्ति मृत्युस्वरूप र अचिन्त्य गृह, पुत्र, कुटुम्ब र पशु आदिलाई प्राप्त गर्नाले व्यक्तिलाई के सुख प्राप्त हुन

योपकल्पते ॥ १३ ॥ हृतरूपं तु तमसा वायौ ज्योतिः प्रलीयते ॥ हृतस्पर्शोऽवकाशेन वायुर्नभसि लीयते ॥१४॥ कालात्मना हृतगुणं नभ आत्मनि लीयते ॥ इन्द्रियाणि मनो बुद्धिः सह वैकारिकैर्नृप ॥ प्रविशन्ति ह्यहङ्कारं स्वगुणैरहमात्मनि ॥ १५ ॥ एषा माया भगवतः सर्गस्थित्यन्तकारिणी ॥ त्रिवर्णा वर्णिताऽस्माभिः भूयः किं श्रोतुमिच्छसि ॥१६॥ राजोवाच ॥ यथैतामैश्वरीं मायां दुस्तरामकृतात्मभिः ॥ तरन्त्यञ्जः स्थूलधियो महर्ष इदमुच्यताम् ॥१७॥ प्रबुद्ध उवाच ॥ कर्माण्यारभमाणानां दुःखहत्यै सुखाय च ॥ पश्येत्पाकविपर्यासं मिथुनाचारिणां नृणाम् ॥१८॥ नित्यार्तिदेन वित्तेन दुर्लभे नात्ममृत्युना ॥ गृहापत्याप्तपशुभिः का प्रीतिः साधितैश्चलैः ॥१६॥ एवं लोकं परं विद्यान्नश्वरं कर्मनिर्मितम् ॥ सतुल्यातिशयध्वंसं यथा मण्डलवर्तिनाम् ॥ २० ॥ तस्माद्गुरुं प्रपद्येत जिज्ञासुः श्रेय उत्तमम् ॥ शब्दे परे च निष्णातं ब्रह्मण्युपशमाश्रयम् ॥२१॥ तत्र भागवतान्धर्माञ्छिक्षेद्गुर्वात्मदैवतः ॥ अमाययाऽनुवृत्त्या यैस्तुष्येदात्मात्मदो हरिः ॥ २२ ॥ सर्वतो मनसोऽसङ्गमादौ संगं च साधुषु ॥ दयां मैत्रीं प्रश्रयं च भूतेष्वद्धा यथोचितम् ॥२३॥ शौचं तपस्तितिक्षां च मौनं स्वाध्यायमार्जवम् ॥ ब्रह्मचर्यमहिंसां च समत्वं द्वन्द्वसंज्ञयोः ॥ २४ ॥ सर्वत्रात्मेश्वरान्वीक्षां कैवल्यम-

सक्छ ? ॥ १९ ॥ प्रत्येक मनुष्य यो जानुन् कि यसलोक तथा परलोक दुवै कर्मजनित र नाशवान् छन् इनमा मण्डलेश्वर राजाहरू झैं समान बलको निम्ति प्रतिस्पर्धा, उत्कृष्ट प्रति द्वेष र आफू उत्कृष्ट भएपछि पतनको डर लागिरहन्छ ॥ २० ॥ अतः आफ्नू श्रेयः साधनका इच्छुक जिज्ञासुको कर्तव्य यही हो—ऊ शब्द ब्रह्म अर्थात् वेद र परब्रह्ममा संलग्न शान्तचित्त गुरुका शरण परून् ॥ २१ ॥ ती गुरुदेवलाई नै आत्मा र इष्टदेव मानेर उनैसित भागवत्-धर्म सिखोस् । गुरुप्रति निष्कपट आचरण गर्नाले स्वयं आफूलाई समेत सुम्पिदिने श्रीकृष्ण प्रसन्न हुन्छन् ॥ २२ ॥ सर्वप्रथम सबैतिरबाट मनको असङ्गता, सत्पुरुषको, संगति, सबै प्राणीप्रति यथोचित मैत्री, दया, विनयभाव, शौच, तप तितिक्षा अर्थात् द्वन्द सहने, मौन अर्थात् व्यर्थवार्ता-वर्जन वा मननशीलता, स्वाध्याय, सरलता, ब्रह्मचर्य, सुख-दुःखादि द्वन्दमा समान व्यवहार, आत्मस्वरूप श्रीहरिलाई सर्वत्र देख्नु, एकान्त सेवन, अनिकेतता अर्थात् गृह आदिमा ममत्वको अभाव, पवित्र वस्त्र धारण, जे जति पाइन्छन् यसैमा सन्तोष गर्नु, भगवत्सम्बन्धी शास्त्र र चर्चामा श्रद्धा,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्य शास्त्रको निन्दा नगर्नु, मन-वाणी-कर्मको संयम, सत्यभाषण, मन-वचन-कर्मले इन्द्रियलाई 'दण्डदानपूर्वक शम-दमादिको पालन, विचित्र लीलाधारी भगवान्को जन्म-कर्म र गुणको श्रवण, कीर्तन र ध्यान, उनकै निम्ति सबै कर्म गर्नु, यज्ञ, दान, जप-तप, आचार अथवा जो आफूलाई प्रिय छ त्यो सबै र स्त्री, पुत्र, घर र प्राण यी सबै परमात्मालाई अर्पण गरिदिनु नै भक्तको कर्तव्य हो। कृष्ण नै जसका आत्मा र स्वामी छन्, त्यस्ता भक्तजनसित प्रेम राख्नु। स्थावर जङ्गम दुवै प्रकारका प्राणीहरू महात्मा र साधुजनको सेवा गरोस्। भगवान्का पवित्र गुणहरूलाई परस्पर भन्नू-सुन्नू। जसले आपुसमा प्रेम, सन्तोष र शान्ति बढोस्, ती सबै कर्म गर्नू ॥२३-३०॥ यसरी पाप-पुञ्जनाशक कृष्ण भगवान्को स्वयं स्मरण गर्दै तथा अरुसित पनि गराउँदै भक्तजन वैधी भक्तिद्वारा प्रेमा भक्तिको उदय भएपछि परम आनन्दित हुन्छन् ॥३१॥ यस दशामा ती अलौकि पुरुष

निकेततम् ॥ विविक्तचीरवसनं सन्तोषं येनकेनचित् ॥२५॥श्रद्धांभागवते शास्त्रेऽनिन्दामन्यत्र चापि हि॥ मनोवाक्कर्मदण्डं च सत्यं शमदमावपि॥२६॥ श्रवणं कीर्तनं ध्यानं हरेरद्भुतकर्मणः ॥ जन्मकर्मगुणानां च तदर्थेऽखिलचेष्टितम् ॥२७॥ इष्टं दत्तं तपो जप्तं वृत्तं यच्चात्मनः प्रियम् ॥ दारान्सुतान्गृहान्प्राणान् यत्परस्मै निवेदनम् ॥ २८ ॥ एवं कृष्णात्मनाथेषु मनुष्येषु च सौहृदम् ॥ परिचर्यां चोभयत्र महत्सु नृषु साधुषु ॥ २९ ॥ परस्परानुकथनं पावनं भगवद्यशः ॥ मिथो रतिर्मिथस्तुष्टिर्निवृत्तिर्मिथ आत्मनः ॥ ३० ॥ स्मरन्तः स्मारयन्तश्च मिथोऽघौघहरं हरिम् ॥ भक्त्या सञ्जातया भक्त्या बिभ्रत्युत्पुलकां तनुम् ॥ ३१ ॥ क्वचिद्रुदन्त्यच्युतचिन्तकाः क्वचिद्धसन्ति नन्दन्ति वदन्त्यलौकिकाः ॥ गायन्ति नृत्यन्त्यनुशीलयन्त्यजं भवन्ति तूष्णीं परमेत्य निर्वृताः ॥ ३२ ॥ इति भागवतान्धर्माञ्छिक्षन्भक्त्या तदुत्थया ॥ नारायणपरो मायामञ्जस्तरति दुस्तराम् ॥ ३३ ॥ राजोवाच ॥ नारायणाभिधानस्य ब्रह्मणः परमात्मनः ॥ निष्ठामर्हथ नो वक्तुं यूयं हि ब्रह्मवादिनः ॥ ३४ ॥ पिप्पलायन उवाच ॥

भगवान् अच्युतको ध्यान गर्दै कहिले हाँस्ते, कहिले रुने, कहिले आनन्दित हुने र कहिले बरबराउने गर्न थाल्दछन्। कहिले नाच्ने र कहिले भगवद्गुणगान र ती अजन्मा प्रभुका लीलाहरूको चिन्तन गर्दै परम उपरतिमा पुगेर मौन हुने गर्दछन् ॥ ३२ ॥ यस प्रकारले भागवत-धर्मको अभ्यास गर्दा-गर्दा ती धर्मबाट उत्पन्न प्रेमा भक्ति द्वारा नारायण परायण भएपछि पुरुष अनायास यो दुस्तर मायादेखि पर पुग्दछन् ॥ ३३ ॥ राजा निमि भन्दछन्–हे मुनि हो! हजुर परब्रह्मको निरूपण गर्नुहुन्छ। अतएव हजुर हामीलाई नारायण नामक परब्रह्म परमात्माको स्वरूपको * उपदेश दिनुहवस् ॥ ३४ ॥ पिप्पलायन भन्दछन्–हे राजन्! जो यस संसारको उत्पत्ति, स्थिति र प्रलयका कारण भएर पनि आफू कारणरहित छन्।

* दृष्टान्त (उपदेशमा पुनरुक्तिको खाँचो)—कुनै यौटा प्रसिद्ध उपदेशक आफ्नू भाषणमा अनेक थरिका विचित्र कुराहरूको समावेश गरेर सुन्नेहरूको चित्त आकृष्ट पार्दथे, अन्त्यमा यौटै कुरा संयमी, कर्तव्यपरायण, प्रेमी र ईश्वर भक्त हुने उपदेश दिन्थे। त्यो एउटै कुराले सबैलाई धार्मिक हुनको निम्ति उत्तेजित पार्दथे। यौटा व्यक्तिले तिनको धार्मिक व्याख्यान अनेक स्थानमा सुनेको थियो। एक दिन तिनले उपदेशकसित सोधे–हजुरको व्याख्यानमा पुनरुक्ति हुँदै रहन्छ, किनकि हजुर यौटै कुरालाई बारम्बार दोहोऱ्याउनु हुन्छ। उपदेशकले भने–'हे भाई! यो सनातन र सर्वथा प्राचीन उपदेश एकपल्ट मात्र सुनेर जो उसै अनुसार आचरण गर्न सकोस् र पछि बिस्तार-बिस्तार गहीरो ईश्वर प्रेम प्राप्त गरेर भक्तिको मीठो रस पिउन लाग्यो भने फेरि एक छिन पनि मेरो उपदेश सुन्ने आवश्यकता रहन्न।

Jagannath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थाको भित्र र बाहिर पनि छन् । जसको द्वारा संजीवित भएर देह, इन्द्रिय, मन, प्राण र हृदय आफआफ्ना व्यापारमा प्रवृत्त हुन्छन् । उनैलाई तिमी परमतत्त्व नारायण जान ॥३५॥ जस्तै झिल्का आगोलाई प्रकाशित पार्न सक्तैनन्, त्यस्तै यस आत्मतत्त्वसम्म न मनको न वाणी, चक्षु, बुद्धि प्राण र इन्द्रियको नै गति पुग्दछ । शब्द पनि केवल निषेध वृत्तिद्वारा निषेधको अवधिस्वरूप तथा अर्थापत्ति प्रमाणले लक्षित पार्दछ, किनकि निषेधावधिको अर्थात् निषिद्ध पदार्थको आधार हो, त्यसको अभाव हुनाले गर्दा निषेधको सिद्धि नै हुन सक्तैन ॥३६॥ सृष्टिको आदिमा केवल ब्रह्म नै थियो । त्यही सत्व, रज, तम रूपले 'त्रिवृत्' अर्थात् प्रधान कहिन्छ । ज्ञानमय हुनाले उसलाई महत्तत्व, क्रियात्मक हुनाले सूत्र र जीवको उपाधि हुनाले अहङ्कार पनि भन्दछन् । त्यही महाशक्तिशाली ब्रह्म अर्थात् इन्द्रियका अधिष्ठाता देवता, क्रिया अर्थात् इन्द्रिय र अर्थ–इन्द्रिय-विषयको रूपमा भासमान हुन्छ । यसरी सत् वा दृश्य र असत् अर्थात् अदृश्य दुवै भन्दा पनि पर जे छ, त्यही ब्रह्म हो ॥ ३७ ॥ ती परमात्माले कहिल्यै जन्म लिएन र न त्यो कहिल्यै मर्दछ । त्यो ठूलो पनि हुँदैन र सानो पनि हुन्न, किनकि त्यो सर्वव्यापक, नित्य, अच्युत, ज्ञान-

स्थित्युद्भवप्रलयहेतुरहेतुरस्य यत्स्वप्नजागरसुषुप्तिषु सद्बहिश्च ॥ देहेन्द्रियासुहृदयानि चरन्ति येन सञ्जीवितानि तदवेहि परं नरेन्द्र ॥ ३५ ॥ नैतन्मनो विशति वागुत चक्षुरात्मा प्राणेन्द्रियाणि च यथाऽनलमर्चिषः स्वाः ॥ शब्दोऽपि बोधकनिषेधतयात्ममूलमर्थोक्तमाह यदृते न निषेधसिद्धिः ॥ ३६ ॥ सत्त्वं रजस्तम इति त्रिवृदेकमादौ सूत्रं महानहमिति प्रवदन्ति जीवम् ॥ ज्ञानक्रियार्थफलरूपतयोरुशक्ति ब्रह्मैव भाति सदसच्च तयोः परं यत् ॥ ३७ ॥ नात्मा जजान न मरिष्यति नैधतेऽसौ न क्षीयते सवनविद्व्यभिचारिणां हि ॥ सर्वत्र शश्वदनपाय्युपलब्धिमात्रं प्राणो यदेन्द्रियबलेन विकल्पितं सत् ॥ ३८ ॥ अण्डेषु पेशिषु तरुष्वविनिश्चितेषु प्राणो हि जीवमुपधावति तत्र तत्र ॥ सन्ने यदिन्द्रियगणेऽहमि च प्रसुप्ते कूटस्थ आशयमृते तदनुस्मृतिर्नः ॥ ३९ ॥ यर्ह्यब्जनाभचरणैषणयोरुभक्त्या चेतोमलानि विधमेद्गुणकर्मजानि ॥ तस्मिन्विशुद्ध उपलभ्यत आत्मतत्त्वं साक्षाद्यथाऽमलदृशोः सवितृप्रकाशः ॥ ४० ॥ राजोवाच ॥ कर्मयोगं वदत नः पुरुषो येन संस्कृतः ॥ विधूय स्वानि कर्माणि नैष्कर्म्यं विन्दते परम्

स्वरूप तथा परिवर्तनशील विकार र बाल्य यौवनादि अवस्थामय देहको साक्षी छ । जस्तै—यौटै प्राण इन्द्रिय-भेद वा स्थान-भेदले नाना विकल्पमा प्राप्त भइरहेछ, त्यस्तै एक्लै ब्रह्म विविधरूपमा प्रतीत हुन्छ ॥ ३८ ॥ अण्डज, जटायुज, उद्भिज र अनिश्चित अर्थात् स्वेदज योनिमा जहाँ-जहाँ जसरी प्राण जीवको संचार गर्दछ, त्यस्तै आत्मा पनि सबै अवस्थामा साक्षीरूपले स्थित भएर पनि असङ्ग रहन्छ । सुषुप्ति अवस्थामा इन्द्रिय निश्चेष्ट र अहङ्कार लीन भएपछि कूटस्थ आत्मा बिना त्यस अवस्थाको स्मृति नै हुन पाउन्न ॥३९॥ कमलनाभ विष्णुका चरण कमलको प्राप्तिको इच्छाले बढेको तीव्र भक्तिरूपी अग्निद्वारा जीव आफ्नू चित्तका गुणकर्मबाट उत्पन्न मनलाई भस्म पारिदिन्छ । चित्त शुद्ध भएपछि आत्मतत्व त्यस्तै स्पष्ट भासमान हुन्छ, जस्तै निर्मल नेत्रमा सूर्यको प्रकाश आलोकित हुन्छ ॥ ४० ॥ अनि राजा निमि भन्दछन्–हे मुनिगण ! अब हजुर मलाई कर्मयोगको उपदेश दिनुहवस्, जसद्वारा शुद्ध हृदय मनुष्य आफ्ना कर्म त्यागेर परम नैष्कर्म्य अर्थात् आत्यन्तिक निवृत्ति पाउँदछ । पहिले पनि मैले यही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्न आफ्ना पिता इक्ष्वाकुको साम्मुन्ने सनकादि ऋषिहरूसित गरेको थिएँ, तर उनले केही उत्तर दिएनन् । यसको कारण के थियो, त्यो पनि हजुर आज्ञा हवस् ॥ ४१ ॥ आविर्होत्र भन्दछन्—कर्म, अकर्म यी सबै विषय वेदद्वारा ज्ञान हुन सक्तछ । लौकिक विचारले यसको ज्ञान हुन सक्तैन । वेद साक्षात् भगवान्‌का रूप हुन् त्यसमा ठूला-ठूला बुद्धिमान् पनि मुग्ध हुन्छन् ॥ ४३ ॥ वेद परोक्षवाद हो, जस्तै-व्यक्ति बालकलाई फुल्याउँछन्, त्यस्तै कर्मरूपी रोग हटाउन तिनमा कर्मरूपी औषधिको विधान कहिएको छ ॥४४॥ जो अजितेन्द्रिय र अज्ञानी पुरुष वेदोक्त आचरणको अनुसरण गर्दैन, त्यो विहित कर्म त्यागको पापले बारम्बार जन्म-मरणमा प्राप्त हुन्छ ॥ ४५ ॥ वेदोक्त कर्मलाई नै निःसङ्ग भावले ईश्वरार्पण गर्ने पुरुष नैष्कर्म्य सिद्धि प्राप्त गर्दछ । वेदमा जो स्वर्गादि प्राप्तिरूपिणी फलश्रुति कहिएका छन्, ती केवल कर्ममा रुचि उत्पन्न गर्नको निम्ति नै हुन् ॥४६॥ जो शीघ्र परमात्माको अहङ्काररूपा हृदयग्रन्थि फुकाउन चाहन्छ, त्यसको कर्तव्य हो—त्यो वेदविधि तथा तन्त्रोक्त विधिले नियमानुसार भगवान् केशवको पूजा गरोस् ॥ ४७ ॥ सेवाद्वारा गुरुको कृपापात्र

॥ ४१ ॥ एवं प्रश्नमृषीन्पूर्वमपृच्छं पितुरन्तिके ॥ नाब्रुवन्ब्रह्मणः पुत्रास्तत्र कारणमुच्यताम् ॥ ४२ ॥ आविर्होत्र उवाच ॥ कर्माकर्मविकर्मेति वेदवादो न लौकिकः ॥ वेदस्य चेश्वरात्मत्वात्तत्र मुह्यन्ति सूरयः ॥ ४३ ॥ परोक्षवादो वेदोऽयं बालानामनुशासनम् ॥ कर्ममोक्षाय कर्माणि विधत्ते ह्यगदं यथा ॥४४॥ नाचरेद्यस्तु वेदोक्तं स्वयमज्ञोऽजितेन्द्रियः ॥ विकर्मणा ह्यधर्मेण मृत्योर्मृत्युमुपैति सः ॥ ४५ ॥ वेदोक्तमेव कुर्वाणो निःसङ्गोऽर्पितमीश्वरे ॥ नैष्कर्म्यां लभते सिद्धिं रोचनार्था फलश्रुतिः ॥ ४६ ॥ य आशु हृदयग्रन्थि निर्जिहीर्षुः परात्मनः ॥ विधिनोपचरेद्देवं तन्त्रोक्तेन च केशवम् ॥ ४७ ॥ लब्धानुग्रह आचार्यात्तेन सन्दर्शितागमः ॥ महापुरुषमभ्यर्चेन्मूर्त्याऽभिमतयात्मनः ॥ ४८ ॥ शुचिः सम्मुखमासीनः प्राणसंयमनादिभिः ॥ पिण्डं विशोध्य संन्यासकृतरक्षोऽर्चयेद्धरिम् ॥ ४९ ॥ अर्चादौ हृदये चापि यथालब्धोपचारकैः ॥ द्रव्यक्षित्यात्मलिङ्गानि निष्पाद्य प्रोक्ष्य चासनम् ॥ ५० ॥ पाद्यादीनुपकल्प्याथ सन्निधाप्य समाहितः ॥ हृदादिभिः कृतन्यासो मूलमन्त्रेण चार्चयेत् ॥ ५१ ॥ साङ्गोपाङ्गां सपार्षदां तां तां मूर्तिं स्वमन्त्रतः ॥ पाद्यार्घ्याचमनीयाद्यैः स्नानवासोविभूषणैः ॥ ५२ ॥ गन्धमाल्याक्षतस्रग्भिर्धूपदीपोपहारकैः ॥ साङ्गं सम्पूज्य विधिवत्स्तवैः स्तुत्वा नमेद्धरिम् ॥ ५३ ॥ आत्मानं तन्मयं ध्यायन्मूर्तिं सम्पूजयेद्धरेः ॥ शेषमाधाय शिरसा स्वधाम्न्युद्धास्य सत्कृतम् ॥ ५४ ॥ एवमग्न्यर्कतो-

बनेर उनले भनेको विधि अनुसार आफ्नू अभिलषित मूर्तिमा महापुरुष नारायणको पूजा गरोस् ॥ ४८ ॥ पहिले देह र अन्तःकरण शुद्ध पारेर प्रतिमाको समक्ष बसी प्राणायामादि द्वारा नाडी शुद्धि गरेर अङ्गन्यासले राम्ररी देहरक्षा गरी भगवान्‌को पूजा गरोस् ॥ ४९ ॥ बाहिरी प्रतिमा अथवा हृदयमा जहाँ पूजा गर्नु छ, त्यसको निम्ति जे जति पूजन सामग्री पाइन्छ, त्यो पूजन सामग्री पूजास्थान र शरीरादिलाई शुद्ध पारेर आसनमा जल छर्किई पाद्य-अर्घ्यादिका पात्रलाई यथास्थान रखोस् । अनि एकाग्रचित भएर अङ्गन्यास-करन्यास गरिसकेपछि मूल मन्त्रद्वारा प्रतिमाको पूजा गरोस् ॥५०॥५१॥ उपाङ्ग वा आयुधादि र पार्षदसहित आफ्ना उपास्य देवको मूर्तिलाई उनकै मूलमन्त्रद्वारा पाद्य, अर्घ्य, आचमन, स्नान विविध वस्त्राभूषण गन्ध माला, अक्षता, पुष्पमाला, धूप, दीप र नैवेद्य आदिले विधिवत् पूजा गरेर उनकै स्तोत्र द्वारा स्तुति गरेर भगवान् कृष्णलाई अनन्त नमस्कार गरोस्

i Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥५२॥५३॥ यसरी आफ्नू आत्मालाई भगवद्रूप ठान्दै भगवान्का प्रतिमाको पूजा गरोस्, अनि निर्माल्य शिरमा लगाई पूजित भगवद्विग्रहलाई यथास्थान राखिदेओस् ॥ ५४ ॥ यसरी अग्नि, सूर्य, जल, अतिथि अथवा आफ्नू हृदयमा जो प्राणी भगवान् कृष्णको पूजा गर्दछ, त्यो शीघ्र मुक्त भएर जान्छ ॥ ५५ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' नेपाली भाषाटीकायां तृतीयोऽध्यायः ॥ ३ ॥

(भगवान्का विविध अवतारको वर्णन)—राजा निमि भन्दछन्—हे मुनीश्वर हो ! विष्णुले स्वेच्छाले संसारमा धारण गरेका जुन-जुन अवतारले जे-जे लीला गरे, वर्तमानमा जे गर्दैछन् र भविष्यमा जे गर्नन्, त्यो सबै हजुर मलाई यथार्थ भन्नुहवस् ॥ १ ॥ द्रुमिलले भने—हे राजन् ! जो पुरुष अनन्त भगवानका गुण गन्न खोज्दछ, त्यो मन्दबुद्धि हो । पृथ्वीका रजःकणहरू कुनै प्रकारले कोही गन्न सक्ला, तर सर्वशक्तिमान् प्रभुका गुणहरू गनेर कोही पनि पार पाउन सक्तैन ॥ २ ॥ आफूले रचेका पञ्चभूतहरू द्वारा ब्रह्माण्ड-

यादावतिथौ हृदये च यः ॥ यजतीश्वरमात्मानमचिरान्मुच्यते हि सः ॥ ५५ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे तृतीयोऽध्याय ॥ ३ ॥

राजोवाच ॥ यानि यानीह कर्माणि यै यैः स्वच्छन्दजन्मभिः ॥ चक्रे करोति कर्ता वा हरिस्तानि ब्रुवन्तु नः ॥ १ ॥ द्रुमिल उवाच ॥ यो वा अनन्तस्य गुणाननन्ताननुक्रमिष्यन्स तु बालबुद्धिः ॥ रजांसि भूमेर्गणयेत्कथञ्चित्कालेन नैवाखिलशक्तिधाम्नः ॥ २ ॥ भूतैर्यदा पञ्चभिरात्मसृष्टैः पुरं विराजं विरचय्य तस्मिन् ॥ स्वांशेन विष्टः पुरुषाभिधानमवाप नारायण आदिदेवः ॥ ३ ॥ यत्काय एष भुवनत्रयसन्निवेशो यस्येन्द्रियैस्तनुभृतामुभयेन्द्रियाणि ॥ ज्ञानं स्वतः श्वसनतो बलमोज ईहा सत्त्वादिभिः स्थितिलयोद्भव आदिकर्ता ॥ ४ ॥ आदावभूच्छतधृती रजसाऽस्य सर्गे विष्णुः स्थितौ क्रतुपतिर्द्विजधर्मसेतुः ॥ रुद्रोऽप्ययाय तमसा पुरुषः स आद्य इत्युद्भवस्थितिलयाः सततं प्रजासु ॥ ५ ॥ धर्मस्य दक्षदुहितर्यजनिष्ट मूर्त्यां नारायणो नर ऋषिप्रवरः प्रशान्तः ॥ नैष्कर्म्यलक्षणमुवाच चचार कर्म योऽद्यापि चास्त ऋषिवर्य निषेविताङ्घ्रिः ॥ ६ ॥ इन्द्रो विशङ्क्य मम धाम जिघृक्षतीति कामं न्ययुङ्क्त सगणं स बदर्युपाख्यम् ॥ गत्वाऽप्सरोगणवसन्तसुमन्दवातैः स्त्रीप्रेक्षणेषुभिरविध्यदतन्महिज्ञः ॥ ७ ॥ विज्ञाय

रूपी पुरको रचना गरेर जब आदिदेव नारायण भगवान्ले आफ्ना अंशभूत जीवरूपले त्यसमा प्रवेश गरे तब उनको नाम 'पुरुष' भयो ॥ ३ ॥ उनको विराट् देहमा सम्पूर्ण त्रैलोक्यको समावेश छ, जसका इन्द्रियद्वारा प्राणीहरूका ज्ञानेन्द्रिय र कर्मेन्द्रिय, जसको स्वरूपबाट स्वतःसिद्ध ज्ञान अर्थात् आत्मा, श्वास-श्वासले बल-देह शक्ति ओज अर्थात् इन्द्रियशक्ति, क्रियाशक्ति र सत्त्वादि गुणबाट स्थिति, उद्भव तथा लय हुन्छन्, उनै आदिकर्ता हुन् ॥४॥ सर्वप्रथम जगत्को उत्पत्तिका निम्ति उनको रजोगुणको अंशबाट ब्रह्मा उत्पन्न भए । अनि ती आदिपुरुष नै संसारको स्थितिका लागि आफ्नू सत्वांशले धर्म र विप्ररक्षक यज्ञपति विष्णु र तमोगुणको अंशले सृष्टिसंहारक रुद्ररूपले जायमान भए । यसरी निरन्तर उनैबाट प्रजाको उत्पत्ति, पालन र संहार हुँदै रहन्छ ॥५॥ धर्मकी पत्नी दक्षकन्यारूपिणी मूर्तिको गर्भबाट शान्तात्मा ऋषिश्रेष्ठ नर-नारायणरूपमा अवतरित भए । उनले आत्मतत्वलाई लक्षित पार्ने कर्म त्यागरूपी कर्म अर्थात् सांख्य निष्ठाको उपदेश दिए र स्वयं पनि उसैको आचरण गरे । उनका चरणको मुनिजन सेवा गर्दछन् । ती अझ पनि बदरिकाश्रममा सर्वदा विराजमान रहन्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ६ ॥ 'यी आफ्नू घोर तपस्या द्वारा मेरो पद खोस्न खोज्दैछन्—यस्तो आशङ्का गरेर इन्द्रले उनलाई तपस्याबाट भ्रष्ट पार्न दल-बल सहित कामदेवलाई नियुक्त गरे र उनको महिमा नजान्नाले कामदेव बदरिकाश्रममा गएर अप्सरागण, वसन्त, मन्द-सुगन्ध वायु तथा स्त्रीहरूको कटाक्ष बाणले उनलाई वशमा पार्ने उपायमा लागे ॥७॥ इन्द्रदेवको कुचालाल केही आश्चर्य लागेन र आदिदेव नारायणले भयले कामिरहेका ती कामादिसित हाँसेर भने—हे मदन ! हे मन्दमलयमारुत ! हे देवाङ्गना हो ! तिमीहरू नडराओ, हाम्रो आतिथ्य पूजा स्वीकार गर । त्यो अस्वीकार गरेर यहाँबाट फर्किई हाम्रो आश्रम शून्य नपार ॥ ८ ॥ हे राजन् ! अभयदायक भगवान्ले यति भनेपछि लाजले नतमस्तक देवता करुणस्वरमा भन्दछन्—हे विभो ! हजुर मायातीत र निर्विकार हुनुहुन्छ । आत्माराम र धीर पुरुष सदा हजुरका पाउको वन्दना गर्दछन् । अतः हजुरको निम्ति यो विस्मयको कुरा छैन ॥९॥ जो हजुरका दास छन् तिनको बाटोमा देवता अनेक विघ्न उपस्थित गर्दछन्, किनकि ती उनका धाम स्वर्ग नाघेर हजुरको परमपद पुग्दछन् ती बाहेक जो केवल कर्मकाण्डमा लागेर यज्ञादि द्वारा देवतालाई उनको भाग दिने गर्दछन्, तिनलाई कुनै विघ्न हुँदैन, तापनि यदि हजुर तिनको रक्षा गर्न लाग्नुहुन्छ तब ती भक्तजन सबै विघ्नका शिरमा खुट्टा टेकिदिन्छन्, ती आफ्नू

शक्रकृतमक्रममादिदेवः प्राह प्रहस्य गतविस्मय एजमानान् ॥ म भैष्ट भो मदन मारुत देववध्वो गृह्णीत नो बलिमशून्यमिमं कुरुध्वम् ॥८॥ इत्थं ब्रुवत्यभयदे नरदेव देवाः सव्रीडनम्रशिरसः सघृणं तमूचुः ॥ नैतद्विभो त्वयि परेऽविकृते विचित्रं स्वारामधीरनिकरानतपादपद्मे ॥ ९ ॥ त्वां सेवतां सुरकृता बहवोऽन्तरायाः स्वौको विलङ्घ्य परमं व्रजतां पदं ते ॥ नान्तस्य बर्हिषि बलीन्ददतः स्वभागान्धत्ते पदं त्वमविता यदि विघ्नमूर्ध्नि ॥१०॥ क्षुत्तृट्त्रिकालगुणमारुतजैह्व्यशैश्न्यानस्मानपारजलधीनतितीर्य केचित् ॥ क्रोधस्य यान्ति विफलस्य वशं पदे गोर्मज्जन्ति दुश्चरतपश्च वृथोत्सृजन्ति ॥ ११ ॥ इति प्रगृणतां तेषां स्त्रियोऽत्यद्भुतदर्शनाः ॥ दर्शयामास शुश्रूषां स्वर्चिताः कुर्वतीर्विभुः ॥ १२ ॥ ते देवानुचरा दृष्ट्वा स्त्रियः श्रीरिव रूपिणीः ॥ गन्धेन मुमुहुस्तासां रूपौदार्यहतश्रियः ॥ १३ ॥ तानाह देवदेवेशः प्रणतान्प्रहसन्निव ॥ आसामेकतमां वृङ्ध्वं सवर्णां स्वर्गभूषणाम् ॥ १४ ॥ ओमित्यादेशमादाय कृत्वा तं सुरवन्दिनः ॥ उर्वशीमप्सरःश्रेष्ठां पुरस्कृत्य दिवं ययुः ॥ १५ ॥ इन्द्रायानम्य सदसि शृण्वतां त्रिदिवौक-

लक्ष्यबाट भ्रष्ट हुँदैनन् ॥ १० ॥ केही व्यक्ति अपार समुद्र झैं भोक-प्यास, जाडो-गर्मी र वर्षा तीनै कालका गुण, वायु, रसना र शिश्नेन्द्रियको वेग नाघेर पनि उस्तै निष्फल क्रोधको वशीभूत हुन्छन् । जस्तै—कुनै समुद्र अपार तरेर पनि गोखुर झैं सानू खाडलमा डूबुन् तथा आफ्नो कठोर तपस्या पनि बिर्सिदेउन् ॥ ११ ॥ यसरी देवगणले यसरी स्तुति गरेपछि तिनको गर्व धूलो पार्न नारायण भगवान्ले तिनलाई अनेक थरिका वस्त्रालङ्कारले सुसज्जित तथा अद्भुत रूप-लावण्य युक्त अनेक स्त्रीहरू देखाए, जो आश्रममा बसेर उनको सेवा गरिरहेका थिए ॥ १२ ॥ महारानी लक्ष्मी झैं रूपवती ती नारीहरूलाई देखेर तथा तिनका सौन्दर्यको मोहमाले कान्तिहीनदेवता तिनका अङ्गको दिव्य सुगन्धले मोहित भए ॥ १३ ॥ अब अतिशय दीनतामा प्राप्त ती देवानुचरसित भगवान्ले आज्ञा भयो—यी मध्ये जुन तिम्रो अनुरूप छन्, कुनै यौटीलाई स्वीकार गरेर लेऊ । तिमी जसलाई रोज्नेछौ त्यो स्त्री स्वर्गलोककी भूषणस्वरूपा हुनेछ' ॥ १४ ॥ यति सुनेपछि 'हुन्छ' भनेर ती देवदूत भगवानको आज्ञानुसार ती अप्सराहरूमा श्रेष्ठ सुन्दरी उर्वशीलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएर प्रभुलाई प्रणाम गरेर स्वर्गलोक फर्किए ॥ १५ ॥ उहाँ पुगेर तिनले देवराज इन्द्रलाई प्रणाम गरे र देवताहरूको साम्मुन्ने भगवान् नारायणको बल तथा प्रभाव सुनाए । त्यो सुनेर इन्द्र निकै भयभीत र विस्मित भए ॥ १६ ॥ त्यसै गरी भगवान् अच्युतले हंसावतार लिएर आत्मज्ञानको उपदेश दिएका थिए । दत्तात्रेय, सनक, सनन्दन, सनातन र सनत्कुमार तथा हाम्रा पिता श्रीऋषभदेव—यी सबै जगत्को कल्याणका निम्ति अवतार लिने भएका भगवान् विष्णुका कलावतार हुन् । यसै प्रकार हयग्रीव अवतार लिएर भगवान् मधुसूदनले वेदको उद्धार गरेका थिए ॥ १७ ॥ प्रलयकालमा मत्स्यावतार लिएर उनले मनु, पृथ्वी र औषधिहरूको रक्षा गरे । वराह अवतारमा जलमा डुबेकी पृथ्वीको उद्धार गर्ने वेलामा नारायणले दितिनन्दन हिरण्याक्षलाई मारे । कूर्मावतारमा समुद्र-मन्थनको वेला मन्दराचल पिठिउँमा धारण गरे र हरि अवतारमा आफ्ना शरणागत आर्त गजराजलाई ग्राहबाट बचाए ॥१८॥ उनै भगवान्ले एक समय समुद्रमा पसेर स्तुति गर्ने तथा तीर्स्याले अत्यन्त क्षीण शरीर हुने ऋषिहरूको रक्षा गरे । गोपदमात्र जलमा डुब्ने र भगवान्को स्तुति गर्ने ती वालखिल्यादि ऋषिहरूको उद्धार गरे । वृत्रवध ब्रह्महत्याको डरले लुकेकाइन्द्रकोउनैले रक्षा गरेर दानवहरूद्वारा वन्दीवनाईराखिएका देवताहरूका अनाथ स्त्रीहरूलाई उनीहरूबाट

साम् ॥ ऊचुर्नारायणबलं शक्रस्तत्रास विस्मितः ॥ १६ ॥ हंसस्वरूप्यवददच्युत आत्मयोगं दत्तः कुमार ऋषभो भगवान्पिता नः ॥ विष्णुः शिवाय
जगतां कलयाऽवतीर्णस्तेनाहृता मधुभिदा श्रुतयो हयास्ये ॥ १७ ॥ गुप्तोऽप्यये मनुरिलौषधयश्च मात्स्ये क्रौडे हतो दितिज उद्धरताऽम्भसः क्ष्माम् ॥
कौर्मे धृतोऽद्रिरमृतोन्मथने स्वपृष्ठे ग्राहात्प्रपन्नमिभराजममुञ्चदार्तम् ॥१८॥ संस्तुन्वतोऽब्धिपतिताञ्छ्रमणानृषींश्च शक्रं च वृत्रवधतस्तमसि प्रविष्टम् ॥
देवस्त्रियोऽसुरगृहे पिहिता अनाथा जघ्नेऽसुरेन्द्रमभयाय सतां नृसिंहे ॥१९॥ देवासुरे युधि च दैत्यपतीन्सुरार्थे हत्वाऽन्तरेषु भुवनान्यदधात्कलाभिः ॥
भूत्वाऽथ वामन इमामहरद्बलेः क्ष्मां याञ्चाछलेन समदाददितेः सुतेभ्य ॥ २० ॥ निः क्षत्रियामकृत गां च त्रिः सप्तकृत्वो रामस्तु हैहयकुलात्ययभा-
र्गवाग्निः ॥ सोऽब्धि बबन्ध दशवक्त्रमहन्सलङ्कं सीतापतिर्जयति लोकमलघ्नकीर्तिः ॥ २१ ॥ भूमेर्भरावतरणाय यदुष्वजन्मा जातः करिष्यति
सुरैरपि दुष्कराणि ॥ वादैर्विमोहयति यज्ञकृतोऽतदर्हाञ्छूद्रान्कलौ क्षितिभुजो न्यहनिष्यदन्ते ॥ २२ ॥ एवंविधानि कर्माणि जन्मानि च जगत्पतेः ॥

छुटाए र नृसिंहावतारमा सज्जनवर्गलाई अभय पार्नको निम्ति उनले दैत्यराज हिरण्यकशिपुको संहार गरे ॥१९॥ देवासुर संग्राममा भगवान्ले देवताहरूको उपकारको निम्ति दैत्य-गणको वध गरे । यसरी विभिन्न मन्वन्तरमा उनले आफ्नी शक्तिद्वारा त्रिलोकको रक्षा गरे । फेरि वामन अवतारमा उनले भिक्षाको छलले यी पृथ्वी दैत्यराज बलिसित खोसेर देवताहरूलाई सुम्पिदिए ।।२०।। हैहयवंशलाई नष्ट पार्न भृगुकुलमा अग्निस्वरूप परशुराम-अवतार लिएर एक्काइस पल्ट पृथ्वीलाई क्षत्रियहीन पारे । उनले रामावतारमा समुद्रमा सेतु बाँधे र लङ्का सहित दस मस्तक हुने रावणलाई नष्ट पारे । संसारको मल नष्ट पार्ने निर्मल कीर्ति हुने ती सीतापतिको सदा जयहोस् ॥२१॥ भूमिको भार उतार्नको निम्ति उनै अजन्मा भगवान् यदुकुलमा श्रीकृष्णरूपले अवतार लिएर यस्ता अद्भुत कर्म गर्नेछन्, जो देवताहरूको निम्ति पनि दुष्कर छ । कलिमा बुद्धावतार लिएर ती यज्ञका अनधिकारीहरूलाई आफ्नू अहिंसावादले मोहित पार्नेछन् । कलियुगमा कल्कि-अवतार लिएर शूद्रजातिका राजाहरूलाई मार्नेछन् ॥२२॥ अतुल-कीर्तिशाली विश्वनाथ भगवान् हरिका यस्तै अनेकौं जन्म र कर्मका महात्माहरूले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णन गरे ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर 'वासिष्ठ' कृत नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥ ४ ॥

(भगवान्‌को भक्ति-हीन पुरुषको गति र पूजाविधि वर्णन)—भगवान्‌का अनेक अवतारहरूको गाथा सुनेर राजा निमिले सोधे–हे आत्मज्ञानीहरूमा श्रेष्ठ मुनिगण ! जसका कामना भएका छैनन्, जसका इन्द्रिय वशमा छैनन् र जो भगवान् विष्णुको भजन पनि गर्दैनन्, तिनको के गति हुन्छ, त्यो आज्ञा हवस् ॥१॥ चमस ऋषि भन्दछन्–भगवान् आदिपुरुषका मुख, बाहु, तिघ्रा तथा चरणले सत्वादि गुणको अनुसार आश्रमसमेत भिन्न-भिन्न चार वर्ण जायमान भए ॥ २ ॥ यी वर्णाश्रममा उत्पन्न भएर पनि जो व्यक्ति आफ्नू उत्पत्ति स्थान-स्वरूप नारायणलाई भज्दैनन् वा उनको अनादर गर्दछन्, ती आफ्नू स्थानबाट भ्रष्ट भएर तल झर्दछन् ॥३॥ अँ, जो व्यक्ति हरिकथा वा हरिकीर्तन जान्दैनन्, ती व्यक्ति, स्त्री तथा शूद्रगण हजुर जस्ता भगवद्भक्तको दयाका पात्र नै हुन्छन् ॥ ४ ॥ अनेक ब्राह्मण, क्षत्रिय र वैश्य वेदाध्ययन तथा यज्ञोपवीतादि संस्कारले गर्दा हरिचरणको सामीप्यको अधिकार

भूरीणि भूरियशसो वर्णितानि महाभुज ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥

राजोवाच ॥ भगवन्तं हरिं प्रायो न भजन्त्यात्मवित्तमाः ॥ तेषामशान्तकामानां का निष्ठा विजितात्मनाम् ॥ १ ॥ चमस उवाच ॥ मुखबाहूरुपादेभ्यः पुरुषस्य श्रमैः सह ॥ चत्वारो जज्ञिरे वर्णा गुणैर्विप्रादयः पृथक् ॥२॥ य एषां पुरुषं साक्षादात्मप्रभवमीश्वरम् ॥ न भजन्त्यवजानन्ति स्थानाद्भ्रष्टाः पतन्त्यधः ॥३॥ दूरे हरिकथाः केचिद्दूरे चाच्युतकीर्तनाः ॥ स्त्रियःशूद्रादयश्चैव तेऽनुकम्प्या भवादृशाम् ॥४॥ विप्रो राजन्यवैश्यौ च हरेःप्राप्ताः पदान्तिकम् ॥ श्रौतेन जन्मनाथापि मुह्यन्त्याम्नायवादिनः ॥५॥ कर्मण्यकोविदाः स्तब्धा मूर्खाः पण्डितमानिनः ॥ वदन्ति चाटुकान्मूढा यया माध्व्या गिरोत्सुकाः ॥६॥ रजसा घोरसङ्कल्पाः कामुका अहिमन्यवः ॥ दाम्भिका मानिनः पापा विहसन्त्यच्युतप्रियान् ॥ ७ ॥ वदन्ति तेऽन्योन्यमुपासितस्त्रियो गृहेषु मैथुन्यसुखेषु चाशिषः ॥ यजन्त्यसृष्टान्नविधानदक्षिणं वृत्त्यै परं घ्नन्ति पशूनतद्विदः ॥ ८ ॥ श्रिया विभूत्याऽभिजनेन विद्यया त्यागेन रूपेण बलेन कर्मणा ॥ जातस्मयेनान्धधियः सहेश्वरान् सतोऽवमन्यन्ति हरिप्रियान्खलाः ॥ ६ ॥ सर्वेषु शश्वत्तनुभृत्स्ववस्थितं यथा खमात्मानमभीष्टमीश्वरम् ॥ वेदोपगीतं च न शृण्वतेऽबुधा मनोरथानां प्रवदन्ति वार्तया ॥ १० ॥ लोके व्यवायामिषमद्यसेवा नित्यास्तु जन्तोर्नहि तत्र चोदना ॥

पाएर पनि वैदिक अर्थवादले मोहित हुन्छन् ॥ ५ ॥ ती कर्मका रहस्य नजान्ने उद्धत र मूर्ख भएर पनि आफूलाई पण्डित मान्दछन् र फलश्रुतिका मधुर वाणीले मोहित भएर निकै ठूलो प्रसन्नताले सान्है मीठो वाणी बोल्दछन् ॥६॥ ती कर्माभिमानी पुरुष रजोगुणको अधिकताले घोर संकल्प हुने, ठूला कामी, सर्पसमान क्रोधी, पाखण्डी, अभिमानी र पापी हुन्छन् । ती भगवान्‌का प्रियभक्तको उपहास गर्दै हिंड्दछन् ॥७॥ ती स्त्रीलम्पट व्यक्ति प्रधानतः मैथुन सुख हुने घरमा आसक्त भएर परस्पर भोगको नै चर्चा गर्दछन् । ती व्यक्ति कर्मका रहस्यले अनभिज्ञ हुन्छन् र अन्नदान तथा दक्षिणा-रहित यज्ञादि गर्दै उदरपूर्तिको निम्ति पशुवध गर्दछन् ॥ ८ ॥ धन, वैभव, विद्यादान, रूप, बोल, कर्म तथा उत्तम कुल आदिको गर्वले अन्धो बुद्धि तथा विचार शून्य भएर ती दुष्ट भगवान् सहित भगवद्भक्त महात्माहरूको पनि तिरस्कार गर्न थाल्दछन् ॥ ९ ॥ जो आकाश झैं सबै देहधारीहरूमा सधैं स्थित र तिनको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रिय आत्मा हुन्, त्यस्ता वेद-प्रतिपादित भगवान्को विषयमा ती अज्ञ केही जान्दैनन् । कुराकानीको प्रसङ्गमा पनि ती थरि-थरिका कामनाकै चर्चा गर्दछन् ॥१०॥ स्त्रीप्रसंग र मांस-रक्सी सेवनमा सबै जीवको स्वाभाविक प्रवृत्ति रहन्छ, तर शास्त्रमा तिनको निम्ति कुनै विधान छैन । उनको निम्ति विवाह, यज्ञ र सौत्रामणि यज्ञमा सुराग्रहद्वारा मांस भक्षणको व्यवस्था छ, अन्य सबैलाई इनको निवृत्ति नै इष्ट रहन्छ ॥११॥ धनको पनि धर्म नै एकमात्र फल हो, किनकि धर्मले नै विज्ञान र अपरोक्ष साक्षात्कार सहित ज्ञान प्राप्ति हुन्छ र त्यसपछि शान्ति मिल्दछ । तर मानिस त्यसको उपयोग घर-गृहस्थीको निम्ति नै गर्दछन् र सधैं आफ्नू कपालमा उभिएको मृत्युलाई पनि देख्न सक्तैनन् ॥ १२ ॥ सौत्रामणि यज्ञमा रक्सी केवल सुँघ्ने विधान छ, पिउने होइन । यज्ञादिमा पशुको केवल आलभन :अर्थात् छुने विधान छ, हिंसा गर्ने होइन । केवल सन्तानोत्पादनको निम्ति स्त्री-प्रसंगमा प्रवृत्त हुनु भनेको छ, विषय-सुखको निम्ति होइन । यस विशुद्ध धर्मलाई ती मूर्ख जान्न सक्तैनन् ॥ १३ ॥ यो कथन राम्ररी नजान्ने व्यक्ति तथा अत्यन्त अभिमानी र आफूमा अहङ्कार राख्ने जो प्राणी छन्, ती जो कुनै कुरामा विश्वास गरेर पशुसित द्रोह गर्दछन्, उनीद्वारा मारिएका तिनै पशु पछि उनैलाई खान्छन् ॥ १४ ॥

व्यवस्थितिस्तेषु विवाहयज्ञसुराग्रहैरासु निवृत्तिरिष्टा ॥ ११ ॥ धनं च धर्मैकफलं यतो वै ज्ञानं सविज्ञानमनुप्रशान्ति ॥ गृहेषु युञ्जन्ति कलेवरस्य मृत्युं न पश्यन्ति दुरन्तवीर्यम् ॥ १२ ॥ यद्घ्राणभक्षो विहितः सुरायास्तथा पशोरालभनं न हिंसा ॥ एवं व्यवायः प्रजया न रत्या इमं विशुद्धं न विदुः स्वधर्मम् ॥ १३ ॥ ये त्वनेवंविदोऽसन्तः स्तब्धाः सदभिमानिनः ॥ पशून्द्रुह्यन्ति विस्रब्धाः प्रेत्य खादन्ति ते च तान् ॥ १४ ॥ द्विषन्तः परकायेषु स्वात्मानं हरिमीश्वरम् ॥ मृतके सानुबन्धेऽस्मिन्बद्धस्नेहाः पतन्त्यधः ॥ १५ ॥ ये कैवल्यमसम्प्राप्ता ये चातीताश्च मूढताम् ॥ त्रैवर्गिका ह्यक्षणिका आत्मानं घातयन्ति ते ॥ १६ ॥ एत आत्महनोऽशान्ता अज्ञाने ज्ञानमानिनः ॥ सीदन्त्यकृतकृत्या वै कालध्वस्तमनोरथाः ॥ १७ ॥ हित्वाऽत्यायासरचिता गृहापत्यसुहृच्छ्रियः ॥ तमो विशन्त्यनिच्छन्तो वासुदेवपराङ्मुखाः ॥ १८ ॥ राजोवाच ॥ कस्मिन्काले स भगवान् किंवर्णः कीदृशो नृभिः ॥ नाम्ना वा केन विधिना पूज्यते तदिहोच्यताम् ॥ १९ ॥ करभाजन उवाच ॥ कृतं त्रेता द्वापरं च कलिरित्येषु केशवः ॥

यो अवश्य नष्ट हुने शरीर र एक दिन अवश्य त्याग्नु पर्ने धनमा स्नेह गरेर जो अन्य देहमा विद्यमान आफ्नू झैं आत्मा श्रीहरिसित द्वेष गर्दछन्, त्यस्ता व्यक्ति अवश्य अधोगतिमा प्राप्त हुन्छन् ॥१५॥ जसले आफ्नू पूर्ण ज्ञानद्वारा कैवल्यपद त प्राप्त गर्न सकेन, तर मूढताको पल्लोपट्टि पुगिसकेका छन्, यस्ता धर्म, अर्थ र कामरूपी त्रिवर्गमा अल्झेका पुरुष एक दिन पनि शान्ति पाउँदैनन् र स्वयं आफ्नू सर्वस्व नष्ट पार्दछन् ॥ १६ ॥ अज्ञानलाई नै ज्ञान मान्ने ती अशान्तात्मा तथा आत्मघाती प्राणी कालद्वारा आफ्ना सबै मनोरथ नष्ट भए पनि अकृतकार्य भएर अत्यन्त कष्ट पाउँछन् ॥ १७ ॥ ती भगवद्विरोधी व्यक्ति उत्पन्न कष्टले प्राप्त आफ्नू घर, पुत्र, मित्र र धनादिलाई यहीं छाडेर विवशभावले अन्धकारमय नरकमा जाकिन्छन् ॥१८॥ राजा निमि भन्दछन्—कुन युगमा भगवान्को कस्तो वर्ण र कस्तो स्वरूप हुन्छ तथा कुन नाम र विधिले तिनको पूजन गरिन्छ, यो आज्ञा गर्नुहोस् ॥ १९ ॥ करभाजनले भने—हे राजन् ! सत्य, त्रेता, द्वापर र कलि—यी चारै युगमा भगवान् भिन्न-भिन्न वर्ण, नाम र आकार आदि धारण गर्दछन् । अनि उनको पूजा पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिन्न-भिन्न विधिले हुने गर्दछ ॥ २० ॥ सत्ययुगमा भगवान् शुक्लवर्ण, चतुर्भुज, जटाजूटधारी, वल्कल वसन, कृष्णमृगचर्म, यज्ञोपवीत, रुद्राक्ष र दण्ड-कमण्डलु आदि धारण गर्दछन् ॥ २१ ॥ त्यस बेलाका शान्त, निर्वैर, सहृदय र समदर्शी व्यक्ति ती भगवान् नारायणको शम, दम र तप द्वारा उपासना गर्दछन् ॥ २२ ॥ त्यस बखत उनको हंस, सुवर्ण, वैकुण्ठ, धर्म, योगेश्वर, मनु, ईश्वर पुरुष, अव्यक्त तथा परमात्मा आदि नामले गुणगान गर्दछन् ॥ २३ ॥ त्रेतायुगमा भगवान् रक्तवर्ण, चतुर्भुज, त्रिमेखलाधारी, सुनौलो कपाल भएका वेदत्रयीरूप र स्रुक्-स्रुवा आदि यज्ञपात्रले सुशोभित रहन्छन् ॥ २४ ॥ त्यस बेलामा धर्मात्मा र ब्रह्मवादी पुरुष ती सर्वदेवमय हरिको वेदत्रयीरूप कर्मकाण्डको विधिले पूजा गर्दछन् ॥ २५ ॥ ती विष्णु, यज्ञ, पृश्निगर्भ, सर्वदेव, उरुक्रम, वृषाकपि, जयन्त र उरुगाय आदि नामले अभिहित हुन्छन् ॥ २६ ॥ द्वापरयुगमा भगवान् श्यामवर्ण, पीताम्बरधारी,

नानावर्णाभिधाकारो नानैव विधिनेज्यते ॥ २० ॥ कृते शुक्लश्चतुर्बाहुर्जटिलो वल्कलाम्बरः ॥ कृष्णाजिनोपवीताक्षान्बिभ्रद्दण्डकमण्डलू ॥ २१ ॥ मनुष्यास्तु तदा शान्ता निर्वैराः सुहृदः समाः ॥ यजन्ति तपसा देवं शमेन च दमेन च ॥ २२ ॥ हंसः सुपर्णो वैकुण्ठो धर्मो योगेश्वरो मनुः ॥ ईश्वरः पुरुषोऽव्यक्तः परमात्मेति गीयते ॥ २३ ॥ त्रेतायां रक्तवर्णोऽसौ चतुर्बाहुस्त्रिमेखलः ॥ हिरण्यकेशस्त्रय्यात्मा स्रुक्स्रुवाद्युपलक्षणः ॥ २४ ॥ तं तदा मनुजा देवं सर्वदेवमयं हरिम् ॥ यजन्ति विद्यया त्रय्या धर्मिष्ठा ब्रह्मवादिनः ॥ २५॥ विष्णुर्यज्ञः पृश्निगर्भः सर्वदेव उरुक्रमः ॥ वृषाकपिर्जयन्तश्च उरुगाय इतीर्यते ॥ २६ ॥ द्वापरे भगवाञ्छ्यामः पीतवासा निजायुधः ॥ श्रीवत्सादिभिरङ्कैश्च लक्षणैरुपलक्षितः ॥ २७ ॥ तं तदा पुरुषं मर्त्या महाराजोपलक्षणम् ॥ यजन्ति वेदतन्त्राभ्यां परं जिज्ञासवो नृप ॥ २८ ॥ नमस्ते वासुदेवाय नमः सङ्कर्षणाय च ॥ प्रद्युम्नायानिरुद्धाय तुभ्यं भगवते नमः ॥ २९ ॥ नारायणाय ऋषये पुरुषाय महात्मने ॥ विश्वेश्वराय विश्वाय सर्वभूतात्मने नमः ॥ ३० ॥ इति द्वापर उर्वीश स्तुवन्ति जगदीश्वरम् ॥ नानातन्त्रविधानेन कलावपि यथा शृणु ॥ ३१ ॥ कृष्णवर्णं त्विषाकृष्णं साङ्गोपाङ्गास्त्रपार्षदम् ॥ यज्ञैः सङ्कीर्तनप्रायैर्यजन्ति हि सुमेधसः ॥ ३२ ॥ ध्येयं सदा परिभवघ्नमभीष्टदोहं तीर्थास्पदं शिवविरिञ्चिनुतं शरण्यम् ॥ भृत्यार्तिहं प्रणतपाल भवाब्धिपोतं वन्दे महापुरुष ते चरणारविन्दम् ॥ ३३ ॥ त्यक्त्वा सुदुस्त्यजसुरेप्सितराज्यलक्ष्मीं धर्मिष्ठ आर्यवचसा यदगादरण्यम् ॥ मायामृगं दयितयेप्सितमन्वधावद्वन्दे महापुरुष ते

चक्रादि आयुध युक्त तथा श्रीवत्सादि एवं कौस्तुभादि चिन्हले सुशोभित भएर अवतार लिन्छन् ॥ २७ ॥ हे राजन् ! यस प्रकारका विविध राजचिन्हले युक्त परमात्मालाई जिज्ञासु व्यक्ति वैदिक र तान्त्रिक विधिले यजन गर्दछन् ॥ २८ ॥ वासुदेव, सङ्कर्षण, प्रद्युम्न, अनिरुद्ध एवं षडैश्वर्य युक्त हजुरलाई प्रणाम छ । ऋषिश्रेष्ठ नारायण, नर, विश्वेश्वर, विश्वरूप तथा सर्वभूतात्मा हजुरलाई अनेक प्रणाम छ । यसरी मानिस विविध शास्त्र विधिले द्वापर युगमा जगदीश्वरको स्तुति गर्दछन् । अब जसरी कलियुगमा उनको उपासना गरिन्छ, त्यो पनि सुन—॥ २९-३१ ॥ कलिमा कृष्णवर्ण, कृष्णकान्तिमय, साङ्गोपाङ्ग र अनेक पार्षदहरूले युक्त भगवान् कृष्णको बुद्धिमान् व्यक्ति संकीर्तन र मनन प्रायः यज्ञ द्वारा पूजा गर्दछन् ॥३२॥ ती स्तुति यस प्रकार गर्दछन्—'हे प्रणतपालक ! हामी हजुरका चरणकमलको वन्दना गर्दछौं । सर्वदा ध्यान गर्ने योग्य मायाकृत पराभवलाई नष्ट पार्ने भएका

Jaganath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वांछित फलदाता, तीर्थस्वरूप्र शिव र ब्रह्मादिले वन्दित शरणदायक सेवकका कष्ट निवारण गर्ने, संसाररूपी घोर समुद्रका निम्ति हजुर जहाज झैं हुनुहुन्छ ॥३३॥ हे धर्मात्मन् ! हे महापुरुष ! आफ्ना पिता (दशरथ) का वचनले सुख र वांछित तथा दुस्त्यज लक्ष्मी त्यागेर जो वनमा गए तथा आफ्नी प्रिया सीताको अभिलषित कपट-मृगको पछि दगुरे, ती हजुरका चरणकमलको हामी बारम्बार वन्दना गर्दछौं ॥ ३४ ॥ यसरी भिन्न-भिन्न युगका व्यक्ति आफाफ्ना युगको अनुरूप वर्ण, नाम र रूपादिले सबै पुरुषार्थका अधीश्वर श्रीहरिको पूजा गर्दछन् ॥३५॥ हे राजन् ! गुणज्ञ तथा सारसंग्रही सज्जन सबभन्दा बर्ता प्रिय कलियुगलाई नै मान्दछन्, किनकि यसमा भगवान्‌का नाम-सङ्कीर्तनले नै सबै स्वार्थसिद्धि हुन्छन् ॥३६॥ विविध योनिहरूमा ठक्कर खाँदै हिंड्ने प्राणीको हरिकीर्तन भन्दा ठूलो कुनै लाभ छैन। किनकि यसले संसार-बन्धन नष्ट हुन्छन् र आत्मालाई परम शान्ति प्राप्त हुन्छ ।३७॥ हे राजन् ! सत्यादि युगका व्यक्ति पनि कलियुगमा जन्मने मन गर्दछन् । कलिमा अनेक भगवद्भक्त महापुरुष जहाँ-तहाँ जन्म लिनेछन् । तिनमा धेरै भक्त द्रविडदेशमा हुनेछन् ।

चरणारविन्दम् ॥ ३४ ॥ एवं युगानुरूपाभ्यां भगवान् युगवर्तिभिः ॥ मनुजैरिज्यते राजञ्छ्रेयसामीश्वरो हरिः ॥ ३५ ॥ कलिं सभाजयन्त्यार्या गुणज्ञाः सारभागिनः ॥ तत्र संकीर्तनेनैव सर्वः स्वार्थोऽभिलभ्यते ॥ ३६ ॥ न ह्यतः परमो लाभो देहिनां भ्राम्यतामिह ॥ यतो विन्देत परमां शान्तिं नश्यति संसृतिः ॥ ३७ ॥ कृतादिषु प्रजा राजन्कलाविच्छन्ति सम्भवम् ॥ कलौ खलु भविष्यन्ति नारायणपरायणाः ॥ ३८ ॥ क्वचि-त्क्वचिन्महाराज द्राविडेषु च भूरिशः ॥ ताम्रपर्णी नदी यत्र कृतमाला पयस्विनी ॥ ३९ ॥ कावेरी च महापुण्या प्रतीची च महानदी ॥ ये पिबन्ति जलं तासां मनुजा मनुजेश्वर ॥ प्रायो भक्ता भविष्यन्ति वासुदेवेऽमलाशयाः ॥ ४० ॥ देवर्षिभूताप्तनृणां पितॄणां न किंकरो नायमृणी च राजन् ॥ सर्वात्मना यः शरणं शरण्यं गतो मुकुन्दं परिहृत्य कर्तुम् ॥ ४१ ॥ स्वपादमूलं भजतः प्रियस्य त्यक्तान्यभावस्य हरिः परेशः ॥ विकर्म यच्चोत्पतितं कथञ्चिद्धुनोति सर्वं हृदि सन्निविष्टः ॥ ४२ ॥ नारद उवाच ॥ धर्मान्भागवतानित्थं श्रुत्वाऽथ मिथिलेश्वरः ॥ जायन्तेयान्मुनीन्प्रीतः सोपाध्यायो ह्यपूजयत् ॥ ४३ ॥ ततोऽन्तर्दधिरे सिद्धाः सर्वलोकस्य पश्यतः ॥ राजा धर्मानुपातिष्ठन्नवाप परमां गतिम् ॥ ४४ ॥ त्वमप्येतान्महाभाग धर्मान्भा-गवताञ्छ्रुतान् ॥ आस्थितः श्रद्धया युक्तो निःसङ्गो यास्यसे परम् ॥ ४५ ॥ युवयोः खलु दम्पत्योर्यशसा पूरितं जगत् ॥ पुत्रतामगमद्यद्वां भगवा-

जहाँ ताम्रपर्णी कृतमाला, पयस्विनी, पवित्र कावेरी, प्रतीची तथा महानदी आदि नदीहरू बग्दछिन् ! हे राजन् ! जो जन ती नदीहरूको जल पिउँछन्, ती शुद्धचित्त भएर वासुदेवका भक्त बन्दछन् ॥ ३८-४० ॥ हे राजन् ! जो सबै काम छाडेर सम्पूर्णरूपले शरणागतवत्सल भगवान् कृष्णचन्द्रको शरणमा जान्छन्, ती देव, ऋषि,भूतगण, कुटुम्बीजन अथवा पितृगण कसैका पनि दास अथवा ऋणी रहन्नन् ॥ ४१ ॥ अनन्यभावले आफ्ना चरणकमलको भजन गर्ने भक्तद्वारा यदि कुनै निषिद्ध कर्म भयो भने पनि उनको हृदयमा विराजमान ती महाप्रभु ती कर्मको मार्जन गरिदिन्छन् ॥ ४२ ॥ नारदजी भन्दछन्—यो भागवत-धर्म सुनेर उपाध्याय सहित मिथिलाधिपति महाराज निमिले ती जयन्ती-तनय योगीश्वरहरूको विधिवत् पूजा गरे ॥ ४३ ॥ अनि सबैले हेर्दा-हेर्दै ती सिद्ध अन्तर्धान भए र राजा निमिले ती धर्मको पालन गरेर अन्त्यमा परमपद प्राप्त गरे ॥ ४४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे महाभाग वसुदेवजी ! तिमी पनि संसारबाट असङ्ग भएर यस भागवत-धर्मको श्रद्धापूर्वक पालन गरे परमगति पाउने छौ॥४५॥ तिमी दम्पतीको यशले सारा संसार व्याप्त छ, किनकि साक्षात् त्रैलोक्य नाथ भगवान् कृष्ण तिम्रा पुत्र भएर जन्मेका छन् ॥ ४६ ॥ ती भगवान् कृष्णमा पुत्र स्नेह गर्दै, उनलाई हेर्दै, आलिंगन गर्दै, कुराकानी गर्दै र सुत्ने-बस्ने र खान-पान गर्नाले: तिमी दुवैले आफ्ना अन्तःकरण पवित्र परिसक्यौ ॥ ४७ ॥ जब भगवान्‌सित वैरत्व गरेर शिशुपाल, पौण्ड्रक र शाल्वादि राजा सुत्दा-बस्ता सदैव श्रीकृष्णकै गति हेराई र चेष्टा आदिको ध्यान गरेर तन्मय हुनाले गर्दा उनकै समान भइसके। अनि जो एकमात्र उनकै प्रेमी भक्त छन्, उनको त कुरै छैन ॥ ४८ ॥ जसले आफ्ना ऐश्वर्यलाई माया-मानवरूपले लुकाइराखेका छन्, ती परम पुरुष, अव्यय र सर्वेश्वर भगवान् कृष्णलाई तिमी आफ्नू छोरो मात्र नठान ॥ ४९ ॥ भूमिका भार र राजा-रूपधारी असुरको नाश र सज्जनको रक्षाका निम्ति अवतार लिने यी कृष्णचन्द्रको कीर्ति भक्तजनको मुक्तिका लागि नै संसारमा फैलिएको छ ॥ ५० ॥ शुकदेव भन्दछन्—हे राजन् !

नीश्वरो हरिः ॥४६॥ दर्शनालिङ्गनालापैः शयनासनभोजनैः ॥ आत्मा वा पावितः कृष्णे पुत्रस्नेहं प्रकुर्वतोः ॥४७॥ वैरेण यं नृपतयः शिशुपालपौण्ड्रशाल्वादयो गतिविलासविलोकनाद्यैः ॥ ध्यायन्त आकृतधियः शयनासनादौ तत्साम्यमापुरनुरक्तधियां पुनः किम् ॥४८॥ माऽपत्यबुद्धिमकथाः कृष्णे सर्वात्मनीश्वरे ॥ मायामनुष्यभावेन गूढैश्वर्ये परेऽव्यये ॥ ४९ ॥ भूभारासुरराजन्यहन्तवे गुप्तये सताम् ॥ अवतीर्णस्य निर्वृत्यै यशो लोके वितन्यते ॥५०॥ श्रीशुक उवाच ॥ एतच्छ्रुत्वा महाभागो वसुदेवोऽतिविस्मितः ॥ देवकी च महाभागा जहतुर्मोहमात्मनः ॥५१॥ इतिहासमिमं पुण्यं धारयेद्यः समाहितः ॥ स विधूयेह शमलं ब्रह्मभूयाय कल्पते ॥५२॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पञ्चमोऽध्यायः ॥५॥

श्रीशुक उवाच ॥ अथ ब्रह्मात्मजैर्देवैः प्रजेशैरावृतोऽभ्यगात् ॥ भवश्च भूतभव्येशो ययौ भूतगणैर्वृतः ॥ १ ॥ इन्द्रो मरुद्भिर्भगवानादित्या वसवोऽश्विनौ ॥ ऋभवोऽङ्गिरसो रुद्रा विश्वे साध्याश्च देवताः ॥ २ ॥ गन्धर्वाप्सरसो नागाः सिद्धचारणगुह्यकाः ॥ ऋषयः पितरश्चैव सविद्याधरकिन्नराः ॥ ३ ॥ द्वारकामुपसंजग्मुः सर्वे कृष्णदिदृक्षवः ॥ वपुषा येन भगवान्नरलोकमनोरमः ॥ यशो वितेने लोकेषु सर्वलोकमलापहम् ॥ ४ ॥ यस्यां विभ्राजमानायां समृद्धायां महर्द्धिभिः ॥ व्यचक्षतावितृप्ताक्षाः कृष्णमद्भुतदर्शनम् ॥ ५ ॥ स्वर्गोद्यानोपगैर्माल्यैश्छादयन्तो यदूत्तमम् ॥ गोभि-

यति सुनेर महाभाग वसुदेव तथा परम सौभाग्यवती देवकीले अतिशय विस्मित भएर आफ्नू मोह त्यागिदिए ॥५१॥ जो प्राणी सावधान मनले यस पवित्र इतिहासको स्मरण गर्दछ, त्यो यस लोकमा आफ्ना सबै पाप पखालेर ब्रह्मभावमा प्राप्त हुन्छ ॥५२॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषाटीकायां पञ्चमोऽध्यायः ॥ ५ ॥

श्रीशुकदेव भन्दछन्—हे राजन् ! एकपल्ट आफ्ना पुत्रहरू, देवगण तथा प्रजापति सहित ब्रह्माजी भूतगण समेत भूतभावन शंकर, मरुद्‌गणसहित देवराज इन्द्र, बाह्र आदित्य, अष्ट वसु, अश्विनी-कुमार, ऋभु, अङ्गिरा, रुद्र, विश्वेदेव, साध्यगण, देवगण, गन्धर्व, अप्सरा, नाग, सिद्ध, चारण, गुह्यक, ऋषिगण, पितृ, विद्याधर तथा किन्नर—यी सबै मिलेर कृष्णको दर्शन गर्न त्यस द्वारकामा आए, जसको द्वारा नरलोक-मनोरम भगवान्‌ले समस्त संसारको मल हरण गर्ने पवित्र सुयश सबै लोकमा फिंजाएका थिए। यी सबै महती

Jangamwadi Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समृद्धिले सम्पन्न र देदीप्यमान द्वारकापुरीमा विराजमान भगवान् कृष्णको अद्भुत रूप र अतृप्त नेत्रले हेर्नलागे र स्वर्गको उपवन नन्दनवनमा उत्पन्न दिव्यपुष्पको वर्षाले यदुश्रेष्ठ भगवान् कृष्णलाई आच्छादित पार्दै तिनले विचित्र पदहरू र अर्थयुक्त सुललित वाक्यले जगन्नियन्ता कृष्णको स्तुति गरे ॥ १–६ ॥ देवगण भन्दछन्—हे नाथ ! कर्मका बन्धनबाट मुक्ति पाउने इच्छुक भक्तजन हजुरका जुन चरणको आफ्नू हृदयमा ध्यान गर्दछन्, तिनलाई हाम्रो बुद्धि, इन्द्रिय, प्राण, मन तथा वचनले प्रणाम गर्दछौं ॥७। हजुर आफ्नी त्रिगुणात्मिका मायाले उसका गुणमा नियन्तारूपले स्थित भएर यो अनिर्वचनीय प्रपञ्चको रचना, पालन र संहार गर्दछन्, तर हे अजित ! हजुर कहिल्यै यी कर्महरूमा लिप्त रहनु हुन्न, किनकि हजुर आफ्नू अखण्ड आनन्दमा निमग्न र रागादि दोषबाट पृथक् रहनु हुन्छ ॥ ८ ॥ हे सर्वश्रेष्ठ र पूज्य प्रभो ! जसको मन मलीन रहन्छ, तिनको विद्या, शास्त्र श्रवण, स्वध्याय, दान, तप र क्रियाले त्यस्तो शुद्धि कदापि हुँदैन, जस्तो हजुरको परमपावन यश श्रवणद्वारा पुष्ट भएर बढदो उत्तम श्रद्धा शुद्धि भएर आउँछ॥९॥ हे भगवन् !

श्चित्रपदार्थाभिस्तुष्टुवुर्जगदीश्वरम् ॥६॥ देवा ऊचुः ॥ नताः स्म ते नाथ पदारविन्दं बुद्धीन्द्रियप्राणमनोवचोभिः ॥ यच्चिन्त्यतेऽन्तर्हृदि भावयुक्तैर्मुमुक्षुभिः कर्ममयोरुपाशात् ॥ ७ ॥ त्वं मायया त्रिगुणयात्मनि दुर्विभाव्यं व्यक्तं सृजस्यवसि लुम्पसि तद्गुणस्थः ॥ नैतैर्भवानजित कर्मभिरज्यते वै यत्स्वे सुखेऽव्यवहितेऽभिरतोऽनवद्यः ॥ ८ ॥ शुद्धिर्नृणां न तु तथेड्य दुराशयानां विद्याश्रुताध्ययनदानतपःक्रियाभिः ॥ सत्त्वात्मनामृषभ ते यशसि प्रवृद्धसच्छ्रद्धया श्रवणसम्भृतया यथा स्यात् ॥ ९ ॥ स्यान्नस्तवाङ्घ्रिरशुभाशयधूमकेतुः क्षेमाय यो मुनिभिरार्द्रहृदोह्यमानः ॥ यः सात्वतैः समविभूतय आत्मवद्भिर्व्यूहेऽर्चितः सवनशः स्वरतिक्रमाय ॥१०॥ यश्चिन्त्यते प्रयतपाणिभिरध्वराग्नौ त्रय्या निरुक्तविधिनेश हविर्गृहीत्वा ॥ आध्यात्मयोग उत योगिभिरात्ममायां जिज्ञासुभिः परमभागवतैः परीष्टः ॥ ११ ॥ पर्युष्टया तव विभो वनमालयेयं संस्पर्धिनी भगवती प्रतिपत्निवच्छ्रीः ॥ यः सुप्रणीतममुयाऽर्हणमाददन्नो भूयात्सदाङ्घ्रिरशुभाशयधूमकेतुः ॥ १२ ॥ केतुस्त्रिविक्रमयुतस्त्रिपतत्पताको यस्ते भयाभयकरोऽसुरदेवचम्वोः ॥ स्वर्गाय साधुषु खलेष्वितराय भूमन् पादः पुनातु भगवन्भजतामघं नः ॥ १३ ॥ नस्योतगाव इव यस्य वशे भवन्ति ब्रह्मादयस्तनुभृतो मिथुरर्द्यमानाः ॥

मुनिजन आफ्नू कल्याणार्थ जसको प्रेमार्द्र हृदयले पूजा गर्दछन्, धीर सात्वतगण अर्थात् यादव जन समान वैभव अर्थात् सालोक्यादिको प्राप्ति तथा स्वर्गको अतिक्रतणार्थ जसलाई तीनै समय वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार व्यूहद्वारा पूजा गर्दछन्, याचक वेदत्रयी द्वारा कहिएको विधिले आफ्ना संयत हातमा हविष्य लिएर यज्ञाग्निमा आहुति दिंदै जसको चिन्तन गर्दै र हजुरकी मायाका जिज्ञासु योगी जसका अध्यात्मयोगद्वारा ध्यान धर्दछन् र जो परम भागवतका एकमात्र आश्रय तथा परमइष्ट छन्, ती हजुरका चरणकमल हाम्रा सवै अशुभहरू भस्म पार्न अग्निको काम गरुन् ॥१०॥११॥ हे विभो ! हजुरका बैलिएका वनमालाबाट भगवती लक्ष्मी यद्यपि सौताजस्तै डाह गर्दछिन्,ती तथापि हजुर त्यस मालाद्वारा गरिएको अर्चन-पूजन स्वीकार गर्नुहुन्छ । हजुरका चरण हाम्रा अशुभहरू भस्म पार्नको निम्ति सधैं अग्निस्वरूप होउन् । हे भूमन् ! वामन अवतारमा तीन धाराबाट बग्ने त्रिपथगा गङ्गा जसको पताका थियो, जो दानवलाई भय र देवगणलाई अभयदायक छ, त्यो हजुरको तीन पाइलाले युक्त चरण हजुरलाई भज्ने हामी भक्तहरूको पाप नष्ट गरोस् ॥१२॥१३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम-क्रोधादिको कारण जसमा परस्पर संघर्ष हुन्छ, ती ब्रह्मादि सबै देहधारी देवता नाकमा छेडेका गोरू झैं जुन कालस्वरूप तथा प्रकृति-पुरुषदेखि टाढा हजुरका वशीभूत छन् त्यस्ता पुरुषोत्तमका चरण हाम्रो कल्याण गरुन् ॥ १४ ॥ हजुर नै जगत्को उत्पत्ति, स्थिति र लयका कारण हुनुहुन्छ, किनकि हजुरकै प्रकृति-पुरुष तथा महत्तत्त्वको नियन्त्रण गर्ने काल मानिन्छ। शीत, ग्रीष्म र वर्षारूपी तीन नाभिले युक्त गम्भीर वेगवान् कालस्वरूप हजुर पुरुषोत्तम नै सम्पूर्ण संसारको क्षय गर्न प्रवृत्त हुनुहुन्छ। १५ ॥ हजुरकै प्रेरणाले अमोघवीर्य पुरुष प्रकृतिले युक्त भएर महत्तत्वरूपी गर्भ स्थापित गर्दछ र त्रिगुणमयी मायाको अनुसरण गरेर त्यो महत्तत्त्व नै पृथ्वी, जल, तेज, वायु, आकाश, अहङ्कार तथा मनरूपी सात आवरणसमेत यस सुवर्णमय ब्रह्माण्डको रचना गर्दछ ॥ १६ ॥ अतः हे हृषीकेश! हजुर चराचर जगत्का अधीश्वर हुनुहुन्छ। अतएव मायाका गुणवैषम्यले उपस्थित यी पदार्थहरू भोग्दै हजुर तिनमा लिप्त रहनु हुन्न र कतिपय व्यक्ति त उनलाई स्वयं त्यागेर पनि उसित डराउँछन् ॥ १७ ॥ किनकि तिनका इन्द्रियलाई मन्दहास्य द्वारा प्रदर्शित

कालस्य ते प्रकृतिपूरुषयोः परस्य शं नस्तनोतु चरणः पुरुषोत्तमस्य ॥ १४ ॥ अस्यासि हेतुरुदयस्थितिसंयमानामव्यक्तजीवमहतामपि कालमाहुः ॥ सोऽयं त्रिणाभिरखिलावचये प्रवृत्तः कालो गभीररय उत्तमपूरुषस्त्वम् ॥ १५ ॥ त्वत्तः पुमान्समधिगम्य यथा स्ववीर्यं धत्ते महान्तमिव गर्भममोघवीर्यः ॥ सोऽयं तयाऽनुगत आत्मन आण्डकोशं हैमं ससर्ज बहिरावरणैरुपेतम् ॥ १६ ॥ तत्तस्थुषश्च जगतश्च भवानधीशो यन्माययोत्थगुणविक्रिययोपनीताम् ॥ अर्थाञ्जुषन्नपि हृषीकपते न लिप्तो येऽन्ये स्वतः परिहृतादपि बिभ्यति स्म ॥ १७ ॥ स्मायावलोकलवदर्शितभावहारिभ्रूमण्डलप्रहितसौरतमन्त्रशौण्डैः ॥ पत्न्यस्तु षोडशसहस्रमनङ्गबाणैर्यस्येन्द्रियं विमथितुं करणैर्न विभ्व्यः ॥ १८ ॥ विभ्व्यस्तवामृतकथोदवहास्त्रिलोक्याः पादावनेजसरितः शमलानि हन्तुम् ॥ आनुश्रवं श्रुतिभिरङ्घ्रिजमङ्गसङ्गैस्तीर्थद्वयं शुचिपदस्य उपस्पृशन्ति ॥ १९ ॥ बादरायणिरुवाच ॥ इत्यभिष्टूय विबुधः सेशः शतधृतिर्हरिम् ॥ अभ्यभाषत गोविन्दं प्रणम्याम्बरमाश्रितः ॥ २० ॥ ब्रह्मोवाच ॥ भूमेर्भारावताय पुरा विज्ञापितः प्रभो ॥ त्वमस्माभिरशेषात्मंस्तत्तथैवोपपादितम् ॥ २१ ॥ धर्मश्च स्थापितः सत्सु सत्यसन्धेषु वै त्वया ॥ कीर्तिश्च दिक्षु विक्षिप्ता सर्वलोकमलापहा ॥ २२ ॥ अवतीर्य

भाव-भङ्गीयुक्त भृकुटीले चलाएका सुरत मन्त्र-परिपुष्ट कामबाण द्वारा सोह हजार रमणीहरूले पनि घायल पार्न सकेका थिएनन् ॥१८॥ हजुरको कथारूपी जल-प्रवाहले युक्त सुकीर्तिरूपी नदी तथा हजुरका पाउपखालेको जलले उत्पन्न गङ्गाजी–यी दुवै त्रैलोक्यका पापराशि पखाल्न समर्थ छन्। अतःसत्सङ्गसेवी विवेकीजन आफ्ना श्रवणेन्द्रियद्वारा हजुरको कीर्ति-नदीमा तथा शरीर द्वारा गङ्गामा डुबुल्की मार्दै यी दुवै तीर्थको सतत सेवन गर्दछन् ॥ १९ ॥ शुकदेवजी भन्दछन्—हे राजन्! अन्य देवगण र श्रीमहादेव समेत आकाशमा स्थित भगवान् ब्रह्माजी श्रीकृष्ण भगवानको यस प्रकार स्तुति गरेर उनलाई प्रणाम गरी भन्नलागे ॥ २० ॥ ब्रह्माजीले भने—हे सर्वात्मन् प्रभो! पहिले हामीले नै हजुरसित भूमिको भारी टार्नको निम्ति प्रार्थना गरेका थियौं। त्यो काम हजुरले उचितरूपले सम्पन्न गरिदिनु भयो ॥ २१ ॥ हजुरले सत्यपरायण साधु पुरुषहरूमा धर्मको स्थापना गरेर सबै लोकको मल हरण पार्ने आफ्नी कीर्ति दसै दिशाहरूमा फैलाइदिनुभयो ॥ २२ ॥ हजुरले यदुवंशमा अवतार लिई तथा यो अनुपम र दिव्य स्वरूप धारण गरेर जगत्को कल्याणार्थं आफ्नू उदात्त पराक्रमले

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगणित काम गरेका छन् ॥ २३ ॥ हे भगवन् ! हजुरका चरित्रको श्रवण र कीर्तन गर्ने साधु पुरुष कलियुगमा सहजै अज्ञानान्धकारबाट पारी तर्दछन् ॥ २४ ॥ हे पुरुषोत्तम ! हजुर यदुवंशमा उत्पन्न भएको एकसय पचीस वर्ष बितिसके ॥ २५ ॥ हे सर्वाधार ! अब यहाँ देवताहरूको कुनै कार्य शेष रहेको छैन र विप्र-श्रापले हजुरको यादव कुल पनि नष्ट भइसकेको छ ॥ २६ ॥ अतः यदि हजुरको इच्छा भए आफ्नू परमधाम पाल्नुहवस् र लोकसहित आफ्ना दास हामी लोकपालहरूको पालन गर्नोस् ॥ २७ ॥ भगवान् भन्नुहुन्छ—हे देवेश्वर ! तिमी जस्तो भन्दछौ मैले पनि त्यस्तै गर्ने निधो गरिसकेको छु । मैले तिमीहरूको काम पूर्ण गरेर पृथ्वीको भार टारिदिएँ । यो यादव वंश बल-वैभवले उन्मत्त भएर सारा संसार निल्न खोज्दै थियो, तर मैले यसलाई किनाराले महासागरलाई रोके झैं रोकिदिएँ । यो उद्धत तथा बढेको यदुवंशको विनाश नगरी म यहाँबाट प्रस्थान गरिदिएँ भने

यदोर्वंशे बिभ्रद्रूपमनुत्तमम् ॥ कर्माण्युद्दामवृत्तानि हिताय जगतोऽकृथाः ॥ २३ ॥ यानि ते चरितानीश मनुष्याः साधवः कलौ ॥ शृण्वन्तः कीर्तयन्तश्च तरिष्यन्त्यञ्जसा तमः ॥ २४ ॥ यदुवंशेऽवतीर्णस्य भवतः पुरुषोत्तम ॥ शरच्छतं व्यतीयाय पञ्चविंशाधिकं प्रभो ॥ २५ ॥ नाधुना तेऽखिलाधार देवकार्यावशेषितम् ॥ कुलं च विप्रशापेन नष्टप्रायमभूदिदम् ॥ २६ ॥ ततः स्वधाम परमं विशस्व यदि मन्यसे ॥ सलोकाँल्लोकपा-लान्नः पाहि वैकुण्ठकिङ्करान् ॥ २७ ॥ श्रीभगवानुवाच ॥ अवधारतमेतन्मे यदात्थ विबुधेश्वर ॥ कृतं वः कार्यमखिलं भूमेर्भारोऽवतारितः ॥ २८ ॥ तदिदं यादवकुलं वीर्यशौर्यश्रियोद्धतम् ॥ लोकं जिघृक्षद्रुद्धं मे वेलयेव महार्णवः ॥ यद्यसंहृत्य दृप्तानां यदूनां विपुलं कुलम् ॥ गन्ताऽस्म्यनेन लोकोऽयमुद्वेलेन विनङ्क्ष्यति ॥ ३० ॥ इदानीं नाश आरब्धः कुलस्य द्विजशापतः ॥ यास्यामि भवनं ब्रह्मन्नेतदन्ते तवानघ ॥ ३१ ॥ श्रीशुक उवाच ॥ इत्युक्तो लोकनाथेन स्वयम्भूः प्रणिपत्य तम् ॥ सह देवगणैर्देवः स्वधाम समपद्यत ॥ ३२ ॥ अथ तस्यां महोत्पातान्द्वारवत्यां समुत्थि-तान् ॥ विलोक्य भगवानाह यदुवृद्धान्समागतान् ॥ ३३ ॥ श्रीभगवानुवाच ॥ एते वै सुमहोत्पाता ह्युत्तिष्ठन्तीह सर्वतः ॥ शापश्च नः कुलस्यासी-द्ब्राह्मणेभ्यो दुरत्ययः ॥ ३४ ॥ न वस्तव्यमिहास्माभिर्जिजीविषुभिरार्यकाः ॥ प्रभासं सुमहत्पुण्यं यास्यामोऽद्यैव मा चिरम् ॥३५॥ यत्र स्नात्वा दक्षशापाद्गृहीतो यक्ष्मणोडुराट् ॥ विमुक्तः किल्बिषात्सद्यो भेजे भूयः कलोदयम् ॥ ३६ ॥ वयं च तस्मिन्नाप्लुत्य तर्पयित्वा पितॄन्सुरान् ॥ भोज-

यो उच्छृङ्खल यादव-समुदायले सारा संसार नष्ट हुनेछ । अब ब्राह्मणहरूको श्रापले यिनको नाश चाँडै हुने भएको छ । अतः हे ब्रह्मन् ! हे निष्पाप ! म यिनको नाश भएपछि झट्ट तिम्रो धाम आउनेछु' ॥ २८-३१ ॥ शुकदेवजी भन्दछन्—भगवान्ले यति भनेपछि देवता सहित ब्रह्माजी उनलाई प्रणाम गरेर आफ्नो लोक फर्किए ॥ ३२ ॥ अनि द्वारकामा नित्य नयाँ उत्पात भएको देखेर आफ्नो नगीचै आएका बूढा-पाकासित भगवान्ले भन्नुभयो । श्रीकृष्ण भन्नुहुन्छ—हिजो आज यहाँ अनेक उत्पात भइरहेका देखिन्छन् र हाम्रो कुललाई ब्राह्मणको दुस्तर श्राप लागिसकेको छ । अतः हे आर्यगण ! अब हामीलाई बाँच्न मन भए यहाँ बस्नु हुँदैन । ढीलो नगरेर आजै हामी त्यो परम पवित्र प्रभासक्षेत्र जाऔं—जसमा स्नान गरेर चन्द्रमा दक्षप्रजापतिको श्रापले प्राप्त क्षयरोगबाट मुक्त भएका थिए । दोषमुक्त भएपछि तिनका कलाहरू पुनः बढ्न लागेका थिए । हामी पनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहाँ स्नान गरेर पितृ र देवतालाई तर्पण गरौंला र विविध मीठा व्यञ्जनहरूले उत्तम ब्राह्मणहरूलाई भोजन गराउँला । त्यस पवित्र क्षेत्रमा सत्पात्रलाई दान दिएर हामी त्यस दानद्वारा यी महान् सङ्कटलाई जसरी बलियो डुङ्गामा बसेर समुद्र तर्छन्, त्यसै गरी तर्नेछौं ॥ ३३-३८ ॥ श्री शुकदेव भन्नुहुन्छ—हे कुलनन्दन ! हे राजा परीक्षित् ! भगवान्को यस्तो आदेश पाएर प्रभास तीर्थ जानको निम्ति सबै यादव आफ्फना रथादि तयार पार्नलागे ॥३९॥ त्यो तयारी देखेर र भगवान्को आज्ञा सुनी तथा नित्य भइरहेका अनिष्ट-सूचक उत्पात देखेर श्रीकृष्णका अनुगामी भक्त उद्धवले एकान्तमा जगदीश्वर भगवान् कृष्णका चरणमा मस्तक राखी साष्टाङ्ग प्रणाम गरेर हात गोरी नम्र स्वरमा भने ॥४०॥४१॥ उद्धव भन्दछन्—जसको सुयश श्रवण तथा कीर्तन परम पवित्र छ, यस्ता हे देवदेवेश्वर ! हे योगेश्वर ! हे नाथ हजुर सर्व समर्थ भएर पनि जुन ब्राह्मणका श्रापको प्रतीकार गर्नु भएन—यसले ज्ञात हुन्छ कि यस कुलको संहार गरेर हजुर यो लोक अवश्य त्याग्नुहुन्छ ॥४२॥ हे केशव ! म त एकदिनको निम्ति पनि हजुरको पाउ छाड्न चाहन्न ।

यित्वोशिजो विप्रान्नानागुणवताऽन्धसा ॥ ३७ ॥ तेषु दानानि पात्रेषु श्रद्धयोप्त्वा महान्ति वै ॥ वृजिनानि तरिष्यामो दानैर्नौभिरिवार्णवम् ॥ ३८ ॥ श्रीशुक उवाच ॥ एवं भगवताऽऽदिष्टा यादवाः कुलनन्दन ॥ गन्तुं कृतधियस्तीर्थं स्यन्दनान्समयूयुजन् ॥३९॥ तन्निरीक्ष्योद्धवो राजञ्छ्रुत्वा भगवतोदितम् ॥ दृष्ट्वाऽरिष्टानि घोराणि नित्यं कृष्णमनुव्रतः ॥ ४० ॥ विविक्त उपसङ्गम्य जगतामीश्वरेश्वरम् ॥ प्रणम्य शिरसा पादौ प्राञ्जलिस्तमभाषत ॥४१॥ उद्धव उवाच ॥ देवदेवेश योगेश पुण्यश्रवणकीर्तन ॥ संहृत्यैतत्कुलं नूनं लोकं सन्त्यक्ष्यते भवान् ॥ विप्रशापं समर्थोऽपि प्रत्यहन्न यदीश्वरः ॥ ४२ ॥ नाहं तवाङ्घ्रिकमलं क्षणार्धमपि केशव ॥ त्यक्तुं समुत्सहे नाथ स्वधाम नय मामपि ॥ ४३ ॥ तव विक्रीडितं कृष्ण नृणां परममङ्गलम् ॥ कर्णपीयूषमास्वाद्य त्यजन्त्यन्यस्पृहां जनाः ॥ ४४ ॥ शय्यासनाटनस्थानस्नानक्रीडाशनादिषु ॥ कथं त्वां प्रियमात्मानं वयं भक्तास्त्यजेमहि ॥ ४५ ॥ त्वयोपभुक्तस्रग्गन्धवासोऽलङ्कारचर्चिताः ॥ उच्छिष्टभोजिनो दासास्तव मायां जयेमहि ॥ ४६ ॥ वाताशना य ऋषयः श्रमणा ऊर्ध्वमन्थिनः ॥ ब्रह्माख्यं धाम ते यान्ति शान्ताः संन्यासिनोऽमलाः ॥ ४७ ॥ वयं त्विह महायोगिन्भ्रमन्तः कर्मवर्त्मसु ॥ त्वद्वार्तया तरिष्यामस्तावकैर्दुस्तरं तमः ॥ ४८ ॥ स्मरन्तः कीर्तयन्तस्ते कृतानि गदितानि च ॥ गत्युत्स्मितेक्षणक्ष्वेलि यन्नृलोकविडम्बनम् ॥ ४९ ॥ श्रीशुक उवाच ॥ एवं विज्ञापितो

अतः हे नाथ ! मलाई पनि आफूसंगै आफ्नू धाम लैजानोस् ॥ ४३ ॥ हे कृष्ण ! हजुरका लीलाहरू मनुष्यको सदैव नै मङ्गल गर्दछन् । त्यो कर्णामृत झैं लीलारस पिएर हजुरका भक्त सबै इच्छाहरू त्यागिदिन्छन् ! सुत्ने, डुल्ने, स्नान, क्रीडा र भोजनादि सबै व्यापारमा निरन्तर हजुरका प्रेमी-भक्त हामी आफ्ना प्रिय आत्मारूप हजुरलाई कसरी सहजै त्याग्न सक्नेछौं ? ॥ ४४ ॥ ४५ ॥ हजुरले भोगेका माला, चन्दन, वस्त्र र अलङ्कार धारण गर्ने र हजुरले खाएर छाडेको पुरा भोजन गर्ने हामी दास हजुरकी मायालाई अवश्य जित्न सक्नेछौं ॥४६॥ जो केवल वायु भक्षण गर्ने ऊर्ध्वरेता र अध्यात्मविद्यामा परिश्रम गर्ने ऋषिगण छन्, जो निर्मल चित्त र शान्त संन्यासी छन्, ती हजुरको ब्रह्मपदमा प्राप्त हुन्छन् ॥ ४७ ॥ तर हे योगेश्वर ! यस कर्मकलापमा नअल्झिएरै हजुरका भक्तगणसित हजुरको चरित्र, बोलचाल, गति, हाँसो, हेराई, परिहास तथा अनेकानेक माया-मानव रूपले

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएका अन्यान्य लीलाहरूको परस्पर चर्चा, स्मरण र कीर्तन गरेर नैं हजुरको दुस्तर मायालाई नाघ्ने छौं ॥ ४८ ॥ ४९ ॥ श्रीशुकदेव भन्नुहुन्छ–हे राजन् ! उद्धवले त्यसरी निवेदन गरेपछि देवकी-नन्दन आफ्ना अनन्य र प्रियभक्त उद्धवसित भन्नुहुन्छ ॥५०॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥६॥

भगवान् भन्न लाग्नुभयो–हे उद्धव ! तिमी जे भन्दैछौ, म त्यही गर्न खोजिरहेको छु । ब्रह्मा, शिव र इन्द्र सबै लोकपाल मेरो वैकुण्ठ गमनका अभिलाषी छन् ॥ १ ॥ मैले यहाँ देवगणको काम सम्पन्न गरिदिएँ । यही कार्यको निम्ति मैले ब्रह्माको प्रार्थनामा आफ्नू अंश बलराम सहित यस मृत्यु लोकमा अवतार लिएको थिएँ ॥२॥ अब विप्र-श्रापले दग्ध यो कुल पनि परस्पर कलहले नष्ट हुन्छ र द्वारका पनि आजको सातौं दिन समुद्रमा डुब्नेछ ॥३॥ हे सांधो ! जुन दिन म यो लोक छाड्नेछु उसै दिनदेखि यो अमङ्गलमय भएर शीघ्र कलियुगले अभिभूत हुनेछ ॥४॥ मैले यो पृथ्वी छाडिदिएपछि तिमीले पनि यहाँ वस्नु पर्दैन किनकि कलियुगमा प्रजाको रुचि अधर्ममा नै बढ्ने छ ॥ ५ ॥

राजन्भगवान्देवकीसुतः ॥ एकान्तिनं प्रियं भृत्यमुद्धवं समभाषत ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे षष्ठोऽध्यायः ॥ ६ ॥

श्रीभगवानुवाच ॥ यदात्थ मां महाभाग तच्चिकीर्षितमेव मे ॥ ब्रह्मा भवो लोकपालाः स्वर्वासं मेऽभिकाङ्क्षिणः ॥ १ ॥ मया निष्पादितं ह्यत्र देवकार्यमशेषतः ॥ यदर्थमवतीर्णोऽहमंशेन ब्रह्मणाऽर्थितः ॥ २ ॥ कुलं वै शापनिर्दग्धं नङ्क्ष्यत्यन्योन्यविग्रहात् ॥ समुद्रः सप्तमेऽह्न्येतां पुरीं च प्लावयिष्यति ॥ ३ ॥ यर्ह्येवायं मया त्यक्तो लोकोऽयं नष्टमङ्गलः ॥ भविष्यत्यचिरात्साधो कलिनाऽपि निराकृतः ॥ ४ ॥ न वस्तव्यं त्वयैवेह मया त्यक्ते महीतले ॥ जनोऽधर्मरुचिर्भद्र भविष्यति कलौ युगे ॥ ५ ॥ त्वं तु सर्वं परित्यज्य स्नेहं स्वजनबन्धु ॥ मय्यावेश्य मनः सम्यक्समदृग्विचरस्व गाम् ॥ ६ ॥ यदिदं मनसा वाचा चक्षुर्भ्यां श्रवणादिभिः ॥ नश्वरं गृह्यमाणं च विद्धि मायामनोमयम् ॥ ७ ॥ पुंसोऽयुक्तस्य नानार्थो भ्रमः स गुणदोषभाक् ॥ कर्माकर्मविकर्मेति गुणदोषधियो भिदा ॥ ८ ॥ तस्माद्युक्तेन्द्रियग्रामो युक्तचित्त इदं जगत् ॥ आत्मनीक्षस्व विततमात्मानं मय्यधीश्वरे ॥ ९ ॥ ज्ञानविज्ञानसंयुक्त आत्मभूतः शरीरिणा ॥ आत्मानुभवतुष्टात्मा नान्तरायैर्विहन्यते ॥ १० ॥ दोषबुद्ध्योभयातीतो निषेधान्न निवर्तते ॥ गुणबुद्ध्या च विहितं न करोति यथाऽर्भकः ॥ ११ ॥ सर्वभूतसुहृच्छान्तो ज्ञानविज्ञाननिश्चयः ॥ पश्यन्मदात्मकं विश्वं न

अब तिमी आफ्ना कुटुम्ब र बान्धवको मोह त्यागी ममा राम्ररी मन-लगाई सर्वत्र समदृष्टि राखेर स्वेच्छानुसार पृथ्वीतलमा विचरण गर ॥ ६ ॥ मन, वाणी, नेत्र तथा कान आदि इन्द्रियले जे गति देखिन्छ, त्यो सबै नाशवान् छ । मनोमय हुनाले यसलाई तिमी माया नै ठान ॥ ७॥ जो असंयत चित्त पुरुष हुन्छन्, तिनकै सदा भेदबुद्धि हुन्छ । त्यो पनि गुणदोषमय भ्रम नै हो । त्यो गुण-दोषमयी बुद्धिको नै कर्म, अकर्म र विकर्मरूप भेद हुन्छन् । अतः चित्त र इन्द्रिय संयम गरेर यस जगत्लाई आफ्नू आत्मामा र त्यस आत्मालाई म परमात्मामा देख ॥ ८ ॥ ९ ॥ यसरी ज्ञान-विज्ञानले युक्त भएपछि तिमी सबै देहधारीहरूका आत्मा स्वरूप हुनेछौ र आत्मानुभवले नै सन्तुष्ट रहनाले गर्दा तिमी विघ्नले बाधित हुने छैनौ ॥ १० ॥ यसरी गुण-दोषको बुद्धिले मुक्त पुरुष न दोष दृष्टिले निषिद्ध त्यागदछ, न गुणबुद्धिले कुनै सानु बालक समान विहित कर्मको अनुष्ठान नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछ ॥ ११ ॥ त्यो सबै प्राणीको सुहृद, शान्त र ज्ञान-विज्ञानको अटल ख्रियुक्त भएर सम्पूर्ण जगत्‌तलाई मेरै रूप देख्दै फेरि कुनैपनि सांसारिक विपत्तिमा गाडिन्न ॥ १२ ॥ शुकदेवजी भन्दछन्—हे राजन्! श्रीकृष्णको यस्तो उपदेश सुनेर महान् भगवद्भक्त तथा आत्मतत्त्वका जिज्ञासु उद्धव श्रीअच्युतलाई प्रणाम गरेर भन्न लागे ॥ १३ ॥ उद्धव भन्दछन्—हे योगेश्वर! हे योगवेत्ताहरूका गुप्त-निधि! हे योगस्वरूप! हे योगका उत्पत्ति स्थान! हजुरले मेरो निःश्रेयस अर्थात् मोक्षको निम्ति संन्यासरूपी कर्म त्यागको उपदेश दिनु भयो ॥१४॥ तर हे भूमन्! हे सर्वात्मन्! मेरो विचार छ—विषयीहरूका लागि कामनाहरूको त्याग कठिन छ। विशेष हजुरमा जसको भक्ति छैन, त्यस्ताको लागि त त्यो झन् कठोर छ॥ १५ ॥ हे नाथ! यसै गरी म पनि छु। 'यो मेरो हो, यो म हुँ' यस्तो मूढ बुद्धिले युक्त भएर म हजुरकी माया रचित देह र स्त्री-पुत्रादि सम्बन्धीहरूमा निमग्न भएको छु। अतः हे भगवन्! यस दासलाई संक्षेपमा यस प्रकार संन्यास-तत्त्वको उपदेश दिनुहवस्—जसले म सरलतापूर्वक त्यो साधना गर्न सकूँ ॥१६॥ हे भगवन्! हजुर

विपद्येत वै पुनः ॥१२॥ श्रीशुक उवाच ॥ इत्यादिष्टो भगवता महाभागवतो नृप ॥ उद्धवः प्रणिपत्याह तत्त्वजिज्ञासुरच्युतम् ॥१३॥ उद्धव उवाच ॥ योगेश योगविन्यास योगात्मन् योगसम्भव ॥ निःश्रेयसाय मे प्रोक्तस्त्यागः संन्यासलक्षणः ॥ १४ ॥ त्यागोऽयं दुष्करो भूमन्कामानां विषयात्मभिः ॥ सुतरां त्वयि सर्वात्मन्नभक्तैरिति मे मतिः ॥ १५ ॥ सोऽहं ममाहमिति मूढमतिर्विगाढस्त्वन्मायया विरचितात्मनि सानुबन्धे ॥ तत्त्वञ्जसा निगदितं भवता यथाऽहं संसाधयामि भगवन्ननुशाधि भृत्यम् ॥ १६ ॥ सत्यस्य ते स्वदृश आत्मान आत्मनोऽयं वक्तारमीश विबुधेष्वपि नानुचक्षे ॥ सर्वे विमोहितधियस्तव माययेमे ब्रह्मादयस्तनुभृतो बहिरर्थभावाः ॥ १७ ॥ तस्माद्भवन्तमनवद्यमनन्तपारं सर्वज्ञमीश्वरमकुण्ठधिष्ण्यम् ॥ निर्विण्णधीरिह मुहुर्वृजिनाभितप्तो नारायणं नरसखं शरणं प्रपद्ये ॥ १८ ॥ श्रीभगवानुवाच ॥ प्रायेण मनुजा लोके लोकेतत्त्वविचक्षणाः ॥ समुद्धरन्ति ह्यात्मानमात्मनैवाशुभाशयात् ॥ १९ ॥ आत्मनो गुरुरात्मैव पुरुषस्य विशेषतः ॥ यत्प्रत्यक्षानुमानाभ्यां श्रेयोऽसावनुविन्दते ॥ २० ॥ पुरुषत्वे च मां धीराः सांख्ययोगविशारदाः ॥ आविस्तरां प्रपश्यन्ति सर्वशक्त्युपबृंहितम् ॥ २१ ॥ एकद्वित्रिचतुष्पादो बहुपादस्तथापदः ॥ बह्व्यः सन्ति पुरः सृष्टास्तासां

सत्यस्वरूप तथा स्वयं प्रकाश साक्षात् आत्मा नै हुनुहुन्छ। हजुरभन्दा बर्ता आत्मज्ञानको उपदेशक मलाई देवतामा पनि कोही देखिएन। ब्रह्मादि देहधारी देवता हजुरकै मायाले मुग्ध भएर, बाहिरी मायिक पदार्थलाई सत्य ठान्दछन् ॥ १७ ॥ अतः अनेक-आपत्तिले सन्तप्त र संसारबाट खिन्न-चित्त भएर म निर्मल, अनन्त, अपार, सर्वज्ञ, अनादि ईश्वर तथा कालादिले अपरिच्छेद्य वैकुण्ठ निवासी तथा नरका सखा नारायण-स्वरूप हजुर ईश्वरको शरणमा आएको छु ॥१८॥ त्यति सुनी भगवान्‌ले भन्नुभयो—संसारका तत्त्वको आलोचन गर्ने पुरुष प्रायः स्वयं आफ्नू चित्तको अशुभ वासनाबाट आफ्नू उद्धार गर्दछन् ॥ १९ ॥ किनकि सबै प्राणीका आत्मा नै आफ्ना गुरु हुन्। तिनमा पनि मनुष्यको आत्मा त विशेष गुरु हुन्, किनकि प्रत्यक्ष र अनुमान द्वारा तत्काल आफ्नू श्रेयको निर्णय गर्दछ॥ २० ॥ मनुष्यमा जो बुद्धिमान् पुरुष सांख्ययोग अर्थात् प्रकृति पुरुष विवेकमा कुशल छन्, ती शक्ति सम्पन्न मेरोस्वरूप राम्ररी देख्न सक्दछन्॥२१॥ मैले एकपद, द्विपद, त्रिपद, चतुष्पद, बहुपद र पादहीन रूपले अनेक थरिका शरीर रचेको छ, तिनमा पनि मलाई तत्त्वभन्दा

Digitized Collection Nepal ... Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्ता प्रिय मनुष्य-देह नै छ ॥ २२ ॥ किनकि संयतचित्त पुरुष यही देहमा हेतु तथा फलको विचार गर्दै देखिने गुण वा बुद्धि आदि इन्द्रियरूपी चिह्नद्वारा अनुमान गरेर म अग्राह्य ईश्वरको अनुसन्धान गर्दछन् ॥ २३ ॥ यस विषयमा अवधूत र अमित तेजस्वी यदुको संवाद नामक प्राचीन इतिहास भन्दछु ॥ २४ ॥ एकपल्ट धर्मज्ञ राजा यदुले यौटा निर्भीक तथा ठूला विद्वान् तरुण अवस्थाका अवधूतलाई डुलिरहेका देखेर सोधे ॥ २५ ॥ यदुभन्दछन्—हे ब्रह्मन् ! कर्ताभावले विहीन हजुरको यस्तो विमल बुद्धि कसरी र कहाँ भयो ? जसको भरमा हजुर विद्वान् भएर पनि बालक झैं स्वेच्छानुसार घुम्नुहुन्छ ॥ २६ ॥ संसारका व्यक्ति प्रायः आयु, यश र वैभव आदिको निम्ति नै अर्थ, धर्म, काम अथवा तत्त्वको जिज्ञासा गर्दछन् ॥२७॥ तर हजुर त समर्थ, विद्वान्, दक्ष, राम्रा तथा मिष्टभाषी भएर पनि उन्मत्त तथा पिशाच समान न केही गर्नुहुन्छ न केही इच्छा नै राख्नुहुन्छ ॥ २८ ॥ सबै

मे पौरुषी प्रिया ॥ २२ ॥ अत्र मां मार्गयन्त्यद्धा युक्ता हेतुभिरीश्वरम् ॥ गृह्यमाणैर्गुणैर्लिङ्गैरग्राह्यमनुमानतः ॥ २३ ॥ अत्राप्युदाहरन्तीममितिहासं पुरातनम् ॥ अवधूतस्य संवादं यदोरमिततेजसः ॥ २४ ॥ अवधूतं द्विजं कञ्चिच्चरन्तमकुतोभयम् ॥ कविं निरीक्ष्य तरुणं यदुः पप्रच्छ धर्मवित् ॥ २५ ॥ यदुरुवाच ॥ कुतो बुद्धिरियं ब्रह्मन्नकर्तुः सुविशारदा ॥ यामासाद्य भवाँल्लोके विद्वांश्चरति बालवत् ॥ २६ ॥ प्रायो धर्मार्थकामेषु विवित्सायां च मानवाः ॥ हेतुनैव समीहन्ते आयुषो यशसः श्रियः ॥ २७ ॥ त्वं तु कल्पः कविर्दक्षः सुभगोऽमृतभाषणः ॥ न कर्ता नेहसे किञ्चिज्जडोन्मत्तपिशाचवत् ॥ २८ ॥ जनेषु दह्यमानेषु कामलोभदवाग्निना ॥ न तप्यसेऽग्निना मुक्तो गङ्गाम्भःस्थ इव द्विपः ॥ २९ ॥ त्वं हि नः पृच्छतां ब्रह्मन्नात्मन्यानन्दकारणम् ॥ ब्रूहि स्पर्शविहीनस्य भवतः केवलात्मनः ॥ ३० ॥ श्रीभगवानुवाच ॥ यदुनैवं महाभागो ब्रह्मण्येन सुमेधसा ॥ पृष्टः सभाजितः प्राह प्रश्रयावनतं द्विजः ॥ ३१ ॥ ब्राह्मण उवाच ॥ सन्ति मे गुरवो राजन्बहवो बुद्ध्युपाश्रिताः ॥ यतो बुद्धिमुपादाय मुक्तोऽटामीह तान्शृणु ॥ ३२ ॥ पृथिवी वायुराकाशमापोऽग्निश्चन्द्रमा रविः ॥ कपोतोऽजगरः सिन्धुः पतङ्गो मधुकृद्गजः ॥३३॥ मधुहा हरिणो मीनः पिङ्गला कुररोऽर्भकः ॥ कुमारी शरकृत्सर्प ऊर्णनाभिः सुपेशकृत् ॥३४॥ एते मे गुरवो राजँश्चतुर्विंशतिराश्रिताः ॥ शिक्षावृत्तिभिरेतेषामन्वशिक्षमिहात्मनः ॥ ३५ ॥ यतो यदनुशिक्षामि यथा वा नाहुषात्मज ॥ तत्तथा पुरुषव्याघ्र निबोध कथयामि ते ॥ ३६ ॥ भूतैराक्रम्यमाणोऽपि

व्यक्ति कामनको दावानलमा डढिरहेछन्, तर हजुर गङ्गाजलमा उभिएको गजराज झैं अग्निबाट मुक्त हुनाले त्यसबाट सन्तप्त हुनुहुन्न ॥ ३० ॥ हे ब्रह्मन् ! हामी पुत्र, कलत्रादिरूपी संसारको स्पर्शले रहित एवं आत्मस्वरूपमा स्थित हजुरको कारण सोधिरहेको छु, कृपा गरेर मलाई आज्ञा हवस् ॥ ३० ॥ श्री भगवान भन्नुहुन्छ—ब्राह्मणका भक्त र राम्रो बुद्धि हुने यदुले त्यति सोधेपछि महाभाग द्विजश्रेष्ठ प्रसन्न भएर विनयावनत राजा यदुसित भन्नलागे ॥ ३१ ॥ अवधूतले भने–हे राजन् ! मेरा धेरै थरि गुरु छन् । उनलाई मैले आफ्नू बुद्धिले स्वीकार गरें । उनैबाट बुद्धि पाएर बन्धन रहित भई म स्वच्छन्द डुलिरहन्छु। तिनका नाम हुन्–॥३२॥पृथिवी, वायु, आकाश, जल,अग्नि, चन्द्रमा, सूर्य,परेवा, अजिङ्गर समुद्र, फतिङ्गा, मधुमक्खिका, हात्ती, मह काढ्ने मानिस, हरिण, माछा, पिङ्गला वेश्या, कुररी पक्षी, कुमारी, बालक बाण बनाउने व्यक्ति, सर्प, ऊर्णनाभि अर्थात् माकुरो र भृङ्गी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कीट ॥३३॥३४॥ हे राजन् ! मैले इनै चौबीस गुरुको आश्रय लिएँ र इनैसित शिक्षा लिई लोकमा आफूलाई सुशिक्षित पारें ॥३५॥ हे ययाति-पुत्र ! मैले जोसित र जसरी जे जति सिखें, हे पुरुषसिंह ! त्यो भन्दछु तिमी सुन ॥ ३६ ॥ दैवी मायाले प्रेरित भएर कोही *निन्दा गरोस् वा कुनै प्रकारको कष्ट पुऱ्याओस् तापनि विद्वान् आफ्नू मार्गबाट विचलित नहोस्, यो धैर्य-व्रत मैले पृथ्वीसित सिखें ॥३७॥ साधुको कर्तव्य हो—जसका सारा चेष्टाहरू सर्वदा अर्काकै निम्ति हुन्छ र जसको उत्पत्ति केवल परोपकारका निम्ति हुन्छ, ती पर्वत तथा वृक्षबाट परोपकार गर्ने सिखें ॥ ३८ ॥ जस्तै प्राण केवल भोजन खोज्दछ, उसलाई कुनै प्रकारको रूप-रस आदिको खाँचो पर्दैन । त्यस्तै नै योगी पनि जे गर्दा ज्ञान नष्ट हुँदैन र मन वाणी पनि विकृत नहोस्, यस्तो भोजनले सन्तुष्ट रहोस् ॥ ३९ ॥ रसनादि इन्द्रियलाई मनपर्ने पदार्थहरू नखोजोस् । जस्तै—वायु सर्वयामी भएर पनि आफ्नू स्वरूपले सदा निर्लिप्त रहन्छ, त्यस्तै नाना प्रकारका विषयहरू ग्रहण गरेर पनि योगीजन तिनको गुण-दोषबाट सर्वदा पृथक् रहोस् र तिनमा लिप्त नहोस् ॥ ४० ॥ जस्तै—वायु गन्ध वहन

धीरो दैववशानुगैः ॥ तद्विद्वान्न चलेन्मार्गादन्वशिक्षं क्षितेर्व्रतम् ॥३७॥ शश्वत्परार्थसर्वेहः परार्थैकान्तसम्भवः ॥ साधुः शिक्षेत भूभृत्तो नगशिष्यैः परात्मताम् ॥३८॥ प्राणवृत्त्यैव सन्तुष्येन्मुनिर्नैवेन्द्रियप्रियैः ॥ ज्ञानं यथा न नश्येत नावकीर्येत वाङ्मनः ॥३९॥ विषयेष्वाविशन्योगी नानाधर्मेषु सर्वतः ॥ गुणदोषव्यपेतात्मा न विषज्जेत वायुवत् ॥ ४० ॥ पार्थिवेष्विह देहेषु प्रविष्टस्तद्गुणाश्रयः ॥ गुणैर्न युज्यते योगी गन्धैर्वायुरिवात्मदृक् ॥४१॥ अन्तर्हितश्च स्थिरजङ्गमेषु ब्रह्मात्मभावेन समन्वयेन ॥ व्याप्त्या व्यवच्छेदमसङ्गमात्मनो मुनिर्नभस्त्वं विततस्य भावयेत् ॥ ४२ ॥ तेजोऽबन्नमयैर्भावैर्मेघाद्यैर्वायुनेरितैः ॥ न स्पृश्यते नभस्तद्वत्कालसृष्टैर्गुणैः पुमान् ॥४३॥ स्वच्छः प्रकृतितः स्निग्धो माधुर्यस्तीर्थभूर्नृणाम् ॥ मुनिः पुनात्यपां मित्रमीक्षोपस्पर्शकीर्तनैः ॥ ४४ ॥ तेजस्वी तपसा दीप्तो दुर्धर्षोदरभाजनः ॥ सर्वभक्षोऽपि युक्तात्मा नादत्ते मलमग्निवत् ॥ ४५ ॥ क्वचिच्छन्नः

गर्दै रहे पनि सधैं शुद्ध बनिरहन्छ, त्यस्तै यस पार्थिव शरीरमा यिनका गुणहरूको आश्रय लिएर पनि आत्मज्ञानी पुरुष तिनमा आसक्त नहोस् । यस रीतिले प्राणवायुसित संमम र बाह्य वायुसित असंग रहने शिक्षा पाएँ ॥४१॥ आफ्नू स्वरूपद्वारा सबैको अनुगत हुनाले ब्रह्म सबै स्थावर-जङ्गम उपाधिहरूमा स्थित छ । मुनिको कर्तव्य हो—मणिहरूमा व्याप्त सूत्र जस्तै ती सर्वगत आत्माको व्याप्ति द्वारा उसको अपरिच्छिन्नता, असंगता तथा आकाशरूपताको भावना गरोस् ॥४२॥ जस्तै—तेज, जल र अन्नमय पदार्थ तथा वायुजनित मेघादिले आच्छन्न पनि आकाश तीबाट निर्लिप्त रहन्छ, त्यस्तै आत्माको पनि कालकृत गुणसित कुनै सम्बन्ध रहन्न । यो गुण आकाशसित सिक्नु पर्दछ ॥ ४३ ॥ स्वभावत शुद्ध, स्नेहयुक्त, मधुरभाषी तथा मनुष्यका लागि तीर्थस्वरूप मुनि दर्शन र यशोगानले नै जल झैं आफ्ना साथीहरूलाई पवित्र पार्दछ । यो गुण जलसित सीक्नु ॥ ४४ ॥ अग्निबाट जुन शिक्षा पाएँ, त्यो सुन—जितेन्द्रिय मुनि अग्नि समान तेजस्वी, तपले देदीप्यमान र अक्षोभ्य रहन्छ । त्यो केवल उदररूप पात्र राख्दछ अर्थात् जे जति पाइन्छ त्यो पेटमा हालिन्छ, कहिले केही

* दृष्टान्त (निन्दाबाट कोही जोगिएन)—कसैले एकपल्ट स्वामी दयानन्दसित भन्यो—'अनेक व्यक्ति हजुरको कुरा मान्दैनन् र निन्दा गर्दछन् । तिनको औषधि के गर्ने !' स्वामीजीले उत्तर दिए—'मत एकमात्र ईश्वरको आज्ञा पालन गर्न खोज्दछु । कसैको विरोध वा निन्दाको मैले कहिल्यै वास्ता गरिन । सबैलाई बनाउने ईश्वर पनि जब श्रद्धाहीन निन्दकको मुख थुन्न सक्तैनन् भने म ती निन्दकबाट कसरी जोगिन सक्छु !'

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संचय गरेर राख्तैन तथा अग्नि झैं सर्वभक्षी भएर पनि संयतचित्त रहन्छ । त्यो कहिले गुप्त र कहिले प्रकटरूपमा रहन्छ एवं आत्म कल्याणकारी इच्छा हुनेसित सेवित हुन्छ । त्यो आफ्नू दाताको अतीत र आगामी अशुभहरू भस्म पार्दै सबैं सर्वत्र अन्न ग्रहण गर्दछ । भिन्न-भिन्न उपाधि अर्थात् काष्ठ-लौहादिमा प्रविष्ट अग्नि जस्तै तद्रूप देखिन्छ, त्यस्तै त्रिशु आत्मा पनि आफ्नो मायाद्वारा रचित सत्यासत्यरूप प्रपंचमा प्रविष्ट भएर उपाधि अनुसार काम गर्दछ । यो गुण अग्निबाट लिनु ॥ ४५-४७ ॥ अलक्ष्य गति कालको प्रभावले घट्ने-बढ्ने चन्द्रमाका कलाहरू झैं जन्मदेखि मृत्युपर्यन्त सबै अवस्था शरीरको नै हुन्छ आत्माको होइन । अग्निको ज्वाला जस्तै निरन्तर छिन-छिनमा उत्पन्न र विलीन हुँदै रहन्छ, जीवको उत्पत्ति र नाश छिन-छिनमा भइरहन्छ, तर अज्ञानवश ती देखिइन्दैनन् । तर उसमा कुनै भेद प्रतीत हुँदैन । त्यस्तै जल प्रवाह झैं वेगवान् कालद्वारा यो मैले चन्द्रमासित सिखें ॥४८॥४९॥ सूर्यसित जे सिखें, त्यो पनि सुन—जस्तै सूर्य आफ्ना किरणले पृथ्वीको जल तानेर वेलामा वर्षा गर्दछ त्यस्तै योगी पनि गुणानुवर्तिनी इन्द्रिय द्वारा त्रिगुणमय

क्वचित्स्पष्ट उपास्यः श्रेय इच्छताम् ॥ भुङ्क्ते सर्वत्र दातॄणां दहन्प्रागुत्तराशुभम् ॥ ४६ ॥ स्वमायया सृष्टमिदं सदसल्लक्षणं विभुः ॥ प्रविष्ट ईयते तत्तत्स्वरूपोऽग्निरिवैधसि ॥ ४७ ॥ विसर्गाद्याः श्मशानान्ता भावा देहस्य नात्मनः ॥ कलानामिव चन्द्रस्य कालेनाव्यक्तवर्त्मना ॥ ४८ ॥ कालेन ह्योघवेगेन भूतानां प्रभवाप्ययौ ॥ नित्यावपि न दृश्येते आत्मनोऽग्नेर्यथार्चिषाम् ॥ ४९ ॥ गुणैर्गुणानुपादत्ते यथाकालं विमुञ्चति ॥ न तेषु युज्यते योगी गोभिर्गा इव गोपितः ॥ ५० ॥ बुध्यते स्वेन भेदेन व्यक्तिस्थ इव तद्गतः लक्ष्यते स्थूलमतिभिरात्मा चावस्थितोऽर्कवत् ॥ ५१ ॥ नातिस्नेहः प्रसङ्गो वा कर्तव्यः क्वापि केनचित् ॥ कुर्वन्विन्देत सन्तापं कपोत इव दीनधीः ॥ ५२ ॥ कपोतः कश्चनारण्ये कृतनीडो वनस्पतौ ॥ कपोत्या भार्यया सार्धमुवास कतिचित्समाः ॥ ५३ ॥ कपोतौ स्नेहगुणितहृदयौ गृहधर्मिणौ ॥ दृष्टिंदृष्ट्याऽङ्गमङ्गेन बुद्धिं बुद्ध्या बबन्धतुः ॥ ५४ ॥ शय्यासनाटनस्थानवार्ताक्रीडाशनादिकम् ॥ मिथुनीभूय विस्रब्धौ चेरतुर्वनराजिषु ॥ ५५ ॥ यं यं वाञ्छति सा राजंस्तर्पयन्त्यनुकम्पिता ॥ तं तं समनयत् कामं कृच्छ्रेणाप्यजितेन्द्रियः ॥५६॥ कपोती प्रथमं गर्भं गृह्णती काल आगते ॥ अण्डानि सुषुवे नीडे स्वपत्युः सन्निधौ सती

पदार्थ ग्रहण गर्दछ र यथा समय त्यो त्यागी पनि दिन्छ, तिनमा कहिल्यै आसक्त हुँदैन ! सूर्य झैं व्यक्तिगत उपाधिका भेदले स्थूलबुद्धि व्यक्तिलाई आत्मा व्यक्ति विशेषमा स्थित ज्ञात हुन्छ ॥ ५० ॥ ५१ ॥ मैले परेवासित जे शिक्षा पाएँ, त्यो पनि सुन---कहिल्यै कसैसित वर्ता प्रेम नगरोस् र न कसैमा आसक्त रहोस् । नभए त्यो दीनबुद्धि परेवा झैं दुःखी हुनुपर्दछ ॥ ५२ ॥ हे राजन् ! यौटा परेवा कुनै वनको वृक्षमा गुँड बनाएर केही वर्षसम्म आफ्नी स्त्री परेवीसित बस्यो ॥ ५३ ॥ ती गृहस्थ थिए र परस्पर प्रेम-बन्धनमा बाँधिई दुवै कपोत-दम्पती आफ्नू दृष्टिसित दृष्टि, अङ्गसित अङ्ग र मनसित मन मिलाई संगसंगै बस्तथे ॥ ५४ ॥ ती दुवैका परस्पर विश्वास हुनाले त्यस वनमा मिलेर संगै संगै सुत्ने, बस्ने, डुल्ने कुराकानी, क्रीडा र भोजनादि समेत गर्दथे ॥ ५५ ॥ हेराजन् ! आफ्ना सबै इन्द्रिय तृप्त पार्ने आफ्नी सबै तरहले कृपापात्री परेवी जे माग्दथी, त्यो अजितेन्द्रिय परेवा निकै कष्ट व्होकेर पनि उसलाई इच्छित वस्तु ल्याएर दिन्थ्यो ॥ ५६ ॥ कालक्रमले परेवीलाई पहिलो गर्भ रह्यो र त्यस सतीले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू पतिको नगीचै त्यहीं गुँडमा फुल पारी ॥ ५७ ॥ भगवान्‌की अचिन्त्य शक्ति को प्रभावले तिनका अवयवको रचना भएपछि फुलबाट कोमल शरीर र रौंले युक्त चल्ला उत्पन्न भए ॥ ५८ ॥ ती बच्चाको शब्द सुन्दै र तिनको कलरवले आनन्दमग्न हुँदै ती पुत्रवत्सल दम्पतीले प्रेमपूर्वक तिनको पालन-पोषण गरे ॥ ५९ ॥ ती बच्चाको कोमल स्पर्श हुने प्वाँख, तिनको कलरव, बालसुलभ चेष्टा र यता-उता उफ्रनाले ती माता-पितालाई आनन्द प्राप्त हुन्थ्यो ॥ ६० ॥ यसरी भगवान् विष्णुको मायाले मोहित भएर परस्पर स्नेहमा आवद्ध तथा बच्चाको पालन-पोषणको चिन्तामा व्याकुल कपोत दम्पती ती बच्चाको पालन-पोषण सहर्ष गर्दै रहे ॥ ६१ ॥ एक दिन ती दम्पती चारो लिन गए र चाराको खोजीमा निकै बेर वनमा यता-उता अलमलिइरहे ॥ ६२ ॥ यता यौटा व्याधाले परेवाका ती स साना बच्चा गुँडको वरि-परि डुलिरहेका देखेर आफ्नू जाल फिंजाएर अल्झायो ॥ ६३ ॥ उसै वेला आफ्ना सन्तानको पोषणमा अतिशय उत्सुक रहने परेवाका जोडी, जुन वनमा गएका थिए, चारो लिएर आफ्नू गुँडमा फर्केर आए

॥ ५७ ॥ तेषु काले व्यजायन्त रचितावयवा हरेः ॥ शक्तिभिर्दुर्विभाव्याभिः कोमलाङ्गतनूरुहाः ॥ ५८ ॥ प्रजाः पुपुषतुः प्रीतौ दम्पती पुत्रवत्सलौ ॥ शृण्वन्तौ कूजितं तासां निर्वृतौ कलभाषितैः ॥ ५९ ॥ तासां पतत्रैः सुस्पर्शैः कूजितैर्मुग्धचेष्टितैः ॥ प्रत्युद्गमैरदीनानां पितरौ मुदमापतुः ॥ ६० ॥ स्नेहानुबद्धहृदयावन्योन्यं विष्णुमायया ॥ विमोहितौ दीनधियौ शिशून्पुपुषतुः प्रजाः ॥ ६१ ॥ एकदा जग्मतुस्तासामन्नार्थं तौ कुटुम्बिनौ ॥ परितः कानने तस्मिन्नर्थिनौ चेरतुश्चिरम् ॥ ६२ ॥ दृष्ट्वा ताँल्लुब्धकः कश्चिद्यदृच्छातो वनेचरः ॥ जगृहे जालमातत्य चरतः स्वालयान्तिके ॥ ६३ ॥ कपोतश्च कपोती च प्रजापोषे सदोत्सुकौ ॥ गतौ पोषणमादाय स्वनीडमुपजग्मतुः ॥ ६४ ॥ कपोती स्वात्मजान्वीक्ष्य बालकाञ्जालसंवृतान् ॥ तानभ्यधावत्क्रोशन्ती क्रोशतो भृशदुःखिता ॥६५॥ साऽसकृत्स्नेहगुणिता दीनचित्ताऽजमायया ॥ स्वयंचाबध्यत शिचा बद्धान्पश्यन्त्यपस्मृतिः ॥६६॥ कपोतश्चात्मजान्बद्धानात्मनोऽप्यधिकान्प्रियान् ॥ भार्यां चात्मसमां दीनो विललापातिदुःखितः ॥ ६७ ॥ अहो मे पश्यतापायमल्पपुण्यस्य दुर्मतेः ॥ अतृप्तस्याकृतार्थस्य गृहस्त्रैवर्गिको हतः ॥६८॥ अनुरूपाऽनुकूला च यस्य मे पतिदेवता ॥ शून्ये गृहे मां सन्त्यज्य पुत्रैः स्वर्याति साधुभिः ॥६९॥ सोऽहं शून्ये गृहे दीनो मृतदारो मृतप्रजः ॥ जिजीविषे किमर्थं वा विधुरो दुःखजीवितः ॥ ७० ॥ तांस्तथैवावृताञ्छिग्भिर्मृत्युग्रस्तान्विचेष्टतः ॥

॥ ६४ ॥ परेवी आफ्ना जालमा अल्झेका र दुःखले प्वाँख फटफटाई कराएका देखेर आफू पनि अत्यन्त दुःखी भई विलाप गर्दै तिनको नगीचै पुगी ॥ ६५ ॥ निरन्तर स्नेह-बन्धनमा बाँधिएकी र दैवी-मायाले दीनचित्त परेवी जालमा बाँधिएका बच्चालाई देखेर अचेत भई स्वयं पनि जालमा परी ॥ ६६ ॥ अनि परेवा आफ्ना प्राण-भन्दा प्रिय बच्चा र प्राण प्रिया पत्नी जालमा परेकी देखेर अतिशय दुःखित भई विलाप गर्नलाग्यो—॥ ६७ ॥ अहो ! म अभागी र मन्दमतिको दुर्दशा त हेर ! संसार-सुखले तृप्त र कृतार्थ नहुँदै मेरा यी अर्थ-धर्म-कामरूपी त्रिवर्गका साधन स्वरूप बसेको घर आज उजडियो ॥ ८ ॥ हेर ! मेरी सुयोग्य, आज्ञाकारिणी र पतिव्रता पत्नी पनि मलाई यो शून्य घरमा एक्लै छाडेर आफ्ना बच्चाका साथै स्वर्ग गइरहेकी छ ॥ ३९ ॥ यसरी जसका स्त्री र बच्चा नष्ट भइरहेछन्, यस्तो म अत्यन्त दीन र विधुर भएर यो शून्य घरमा

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आपनू दुःखमय जीवन बिताउने इच्छा कसरी गरूँ ? ॥ ७० ॥ जालमा परेर ती मृत्युग्रस्त र त्यसबाट मुक्तिको लागि प्रयत्न गर्ने स्त्री र बच्चालाई देखेर त्यो दीन र बुद्धिहीन परेवा आफू पनि त्यही जालमा हाम्फाल्यो। त्यो कुटुम्बी परेवा—पत्नी र बच्चा पाएर आफूलाई कृतकृत्य मान्दै निर्दयी व्याधाको घर गयो। ७२ ॥ यसको तात्पर्य हो—जो कुटुम्बी अशान्त चित्त भएर निरन्तर द्वन्दमा नै रहिरहन्छ, त्यो कुटुम्बको पालन-पोषणमैं लागिरहनाले त्यही पक्षी झैं मोह बन्धनमा बाँधिई दीन भएर दुःख पाउँछ ॥ ७३ ॥ खुलेको मुक्तिद्वार झैं मनुष्य देह पाएर पनि जो ती परेवाको समान आफ्नू घरमैं आसक्त रहन्छन् तिनलाई शास्त्रमा 'आरूढच्युत' अर्थात् एकपल्ट उक्लेर लडेको मनुष्य भनिन्छ ॥ ७४ । इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायां सप्तमोऽध्यायः ॥ ७ ॥

(अवधूतोपाख्यानको मध्यभाग)—अवधूत भन्दछन्—हे राजन् ! दुःख जस्तै इन्द्रियका सुख नरकमा पनि स्वयं प्राप्त हुन्छन्। अतः बुद्धिमान् व्यक्ति सुख नखोजुन्

स्वयं च कृपणः शिशु पश्यन्नप्यबुधोऽपतत् ॥ ७१ ॥ तं लब्ध्वा लुब्धकः क्रूरः कपोतं गृहमेधिनम् ॥ कपोतकान्कपोतीं च सिद्धार्थः प्रययौ गृहम् ॥ ७ ॥ एवं कुटुम्ब्यशान्तात्मा द्वन्द्वारामः पतत्रिवत् ॥ पुष्णन्कुटुम्बं कृपणः सानुबन्धोऽवसीदति ॥ ७३ ॥ यः प्राप्य मानुषं लोकं मुक्तिद्वारमपावृतम् ॥ गृहेषु खगवत्सक्तस्तमारूढच्युतं विदुः ॥ ७४ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे सप्तमोऽध्यायः ॥ ७ ॥

ब्राह्मण उवाच ॥ सुखमैन्द्रियकं राजन्स्वर्गे नरक एव च ॥ देहिनां यद्यथा दुःखं तस्मान्नेच्छेत तद्बुधः ॥ १ ॥ ग्रासं सुमृष्टं विरसं महान्तं स्तोकमेव वा ॥ यदृच्छयैवापतितं ग्रसेदाजगरोऽक्रियः ॥ २ ॥ शयीताहानि भूरीणि निराहारोऽनुक्रमः ॥ यदि नोपलभेद्ग्रासो महाहिरिव दिष्टभुक् ॥ ३ ॥ ओजःसहोबलयुतं बिभ्रद्देहमकर्मकम् ॥ शयानो वीतनिद्रश्च नेहेतेन्द्रियवानपि ॥ ४ ॥ मुनिः प्रसन्नगम्भीरो दुर्विगाह्यो दुरत्ययः ॥ अनन्तहारो ह्यक्षोभ्यः स्तिमितोद इवार्णवः ॥ ५ ॥ समृद्धकामो हीनो वा नारायणपरो मुनिः ॥ नोपसर्पेत शुष्येत सरिद्भिरिव सागरः ॥ ६ ॥ दृष्ट्वा स्त्रियं देवमायां तद्भावैरजितेन्द्रियः ॥ प्रलोभितः पतत्यन्धे तमस्यग्नौ पतङ्गवत् ॥ ७ ॥ योषिद्धिरण्याभरणाम्बरादिद्रव्येषु मायारचितेषु मूढः

मीठो नमीठो, थोरै, धेरै वा एक दुइ गाँस अन्न नमागिकन अनायास जे पाइन्छ, त्यही अजिङ्गर झैं निरीह भावले पेट भरोस् ॥ २ ॥ कदाचित् केही भोजन पाइएन भने प्रारब्धको भोग ठानेर अजिङ्गर झैं त्यसको निम्ति कुनै प्रयत्न नगरेर धेरै दिनसम्म निराहार नै रहोस् ॥ ३ ॥ मनोबल, इन्द्रियबल र शारीरिक बलयुक्त भएर पनि निश्चेष्ट रहोस्। ननिदाए 'पनि सुते जस्तै तथा इन्द्रिययुक्त भएर पनि कुनै चेष्टा नगरोस्। यो शिक्षा अजिङ्गरबाट पाएँ ॥ ४ ॥ समुद्रबाट मैले जे सिखें, त्यो भन्छु—मुनिले निस्तरङ्ग समुद्र झैं शान्त, गम्भीर, अगम्य, अभेद्य र क्षोभरहित हुनु पर्दछ। जस्तै—नदीका जलले समुद्र बढ्दैन र गर्मीमा घट्तैन। यसै गरी नारायण-परायण योगिले पनि केही पाएर प्रसन्न र नपाएर खिन्न हुनु हुँदैन ॥ ५ ॥ ६ ॥ पतङ्ग जस्तै रूपमा मोहित भएर आगोमा डढेर मर्दछ, त्यस्तै नै अजितेन्द्रिय व्यक्ति पनि देवमाया रूपिणी स्त्रीलाई देखेर त्यसका हाउ-भाउमा लोभिई घोर अन्धकारमा जाकिन्छ ॥ ७ ॥ स्त्री, सुन र वस्त्रादि मायामय पदार्थमा जो मूढ भोगबुद्धिले गर्दा आसक्त रहन्छ' त्यो विवेक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हराई फतिङ्गा झैं एक दिन नष्ट हुन्छ। यो मैले पुतलीसंग सीखें ॥ ८ ॥ भिक्षुकको कर्तव्य हो—गृहस्थलाई कुनै कष्ट नदिनु, मधुकरी वृत्तिको आश्रय लिएर जतिले निर्वाह हुनसक्छ त्यति नै अन्न अनेक घरबाट मागेर खाओस्। यो मैले मौरीसितं सिखें ॥ ९ ॥ जस्तै-भ्रमर विभिन्न फूलहरूबाट त्यसको सार लिन्छ, त्यस्तै नै बुद्धिमान् पुरुष पनि साना-ठूला सबै शास्त्रबाट उसको सार लेओस् ॥ १० ॥ यतिको कर्तव्य हो—मौरी जस्तै भिक्षाबाट सायंकाल वा केही भोलिको निम्ति संचय गरेर नराखोस्। आफ्ना दुवै हात र पेटलाई नै पात्र मानेर पानी जति हातमा अटाउँछ र पेटमा पुग्दछ, त्यति नै अन्न लेओस्—बर्ता होइन ॥११॥ सायंकाल वा भोलिको लागि सञ्चय नगरोस्। नभए आफ्नै संचित महसित जस्तै मौरी नष्ट हुन्छन्, त्यस्तै यति पनि संग्रह गरेपछि त्यही संग्रहीत पदार्थसित नष्ट भएर जान्छ ॥ १२ ॥ भिक्षुकको कर्तव्य हो—काठको पुतली झैं बनेको स्त्रीलाई खुट्टाले पनि स्पर्श नगरोस्। यदि यस्तो गर्दछ भने ढोईको अङ्गसङ्गले जसरी हात्ती बाँधिन्छ, त्यस्तै उ पनि बाँधिन्छ ॥ १३ ॥ बुद्धिमान् पुरुषको प्रधान कर्तव्य हो कि साक्षात् मृत्युस्वरूपा

प्रलोभितात्मा ह्युपभोगबुद्ध्या पतङ्गवन्नश्यति नष्टदृष्टिः ॥ ८ ॥ स्तोकं स्तोकं ग्रसेद्ग्रासं देहो वर्तेत यावता ॥ गृहानहिंसन्नातिष्ठेतद्वृत्तिं माधुकरीं मुनिः ॥ ९ ॥ अणुभ्यश्च महद्भ्यश्च शास्त्रेभ्यः कुशलो नरः ॥ सर्वतः सारमादद्यात्पुष्पेभ्य इव षट्पदः ॥ १० ॥ सायन्तनं श्वस्तनं वा न संगृह्णीत भिक्षितम् ॥ पाणिपात्रोदरामत्रो मक्षिकेव न संग्रही ॥ ११ ॥ सायन्तनं श्वस्तनं वा न संगृह्णीत भिक्षुकः ॥ मक्षिका इव संगृह्णन् सह तेन विनश्यति ॥ १२ ॥ पदाऽपि युवतीं भिक्षुर्न स्पृशेद्दारवीमपि ॥ स्पृशन्करीव बध्यते करिण्या अङ्गसङ्गतः ॥ १३ ॥ नाधिगच्छेत्स्त्रियं प्राज्ञः कर्हिचिन्मृत्युमात्मनः ॥ बलाधिकैः स हन्येत गजैरन्यैर्गजो यथा ॥१४॥ न देयं नोपभोग्यं च लुब्धैर्यद्दुःखसञ्चितम् ॥ भुङ्क्ते तदपि तच्चान्योमधुहेवार्थविन्मधु ॥१५॥ सुदुःखोपार्जितैर्वित्तैराशासानां गृहाशिषः ॥ मधुहेवाग्रतो भुङ्क्ते यतिर्वै गृहमेधिनाम् ॥१६॥ ग्राम्यगीतं न शृणुयाद्यतिर्वनचरः क्वचित् ॥ शिक्षेत हरिणाद्बद्धान्मृगयोर्गीतमोहितात् ॥ १७ ॥ नृत्यवादित्रगीतानि जुषन्ग्राम्याणि योषिताम् ॥ आसां क्रीडनको वश्य ऋष्यशृङ्गो मृगीसुतः ॥ १८ ॥ जिह्वयाऽतिप्रमाथिन्या जनो रसविमोहितः ॥ मृत्युमृच्छत्यसद्बुद्धिर्मीनस्तु बडिशैर्यथा ॥ १९ ॥ इन्द्रियाणि जयन्त्याशु निराहारा मनीषिणः ॥

स्त्रीलाई पनि कहिल्यै स्वीकार नगरोस् किनकि स्त्रीसंग गर्ने व्यक्तिलाई सबल पुरुष उसै गरी मारिदिन्छन्, जसरी ढोईको पछिलागेको हात्तीलाई अन्य हात्तीहरूले मार्दछन्। यो मैले हात्तीबाट जानें ॥ १४ ॥ लोभी जुन पदार्थको निकै कष्टले संग्रह गर्दछन्, त्यो ती न स्वयं भोग्दछन्, न अरु कसैलाई भोग्न दिन्छन्। मौरीहरूको मह काढ्ने व्यक्ति जस्तै तिनको धन पनि अर्को अर्थवेत्ता नै भोग्दछ ॥ १५ ॥ जस्तै मौरीको मह काढ्नेले तिनको सामुन्ने नै झिकेर खाइदिन्छ, त्यतै गरी कष्टपूर्वक संग्रहीत अनेक धनले विविध गृहोचित सुखको आशा राख्ने गृहस्थका पदार्थहरू भिक्षुक ती भन्दा पनि पहिल्यै भोग्दछन् ॥ १६ ॥ यो मैले मह काढ्नेसित जानें। वनवासी यति कहिल्यै ग्राम्यगीत नसुनुन्। व्याधाको गानले मोहित भई जालमा अल्झने हरिणसित यो उपदेश लिनु ॥१७॥ एक बखत स्त्रीहरूको ग्राम्यगीत सुन्दै नृत्य हेरेर हरिणी-पुत्र ज्ञानी कहिएका ऋष्यशृङ्ग तिनका हातको कठपुतली बनेका थिए—यो हरिणबाट सिखें ॥ १८ ॥ जस्तै-बल्छीमा लागेको चारोको लोभमा मछा आफ्नू जीवन गुमाउँछ, त्यस्तै रस-लोलुप मनुष्य अत्यन्त बलवती जिह्वाको वशीभूत भएर

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मारिन्छ ॥ १९ ॥ विचारशील पुरुष निराहार बसेर जिब्रो बाहेक अरु सबै इन्द्रिय शीघ्र वशमा पारिलिन्छन् । यो रसना अन्न त्यागले त झन प्रबल हुन्छे । अतएव यसलाई जित्नु अति कठिन छ । अन्य समस्त इन्द्रियलाई जितिसकेर पनि मनुष्य जबसम्म रसनेन्द्रियलाई वशमा पार्दैन, तबसम्म त्यो जितेन्द्रिय हुन सक्तैन । किनकि रस जितेपछि नै सबै विषय जित्न सकिन्छ–अन्यथा सकिन्न । यो मैले माछासित सिखें ॥ २० ॥ २१ ॥ हे नृपनन्दन ! पूर्वकालमा विदेहनगरमा पिङ्गला नामकी यौटी वेश्या बस्तथीं । त्यसबाट सिखेको सुन ॥ २२ ॥ एक दिन त्यो स्वेच्छाचारिणी वेश्या कुनै प्रेमीलाई रमणस्थानमा डाक्ने इच्छाले खूब शृङ्गार गरेर धेरै बेरसम्म घरको ढोकामा उभिइरही ॥ २३ ॥ हे नरश्रेष्ठ ! त्यो अर्थलोलुपा वेश्या जो पुरुष त्यो बाटोबाट हिंड्थ्यो, त्यसलाई देखेर मनमा ठान्दथी—यो कुनै धनी नागरिक होला—जो मलाई अधिक धन दिनेछ

वर्जयित्वा तु रसनं तन्निरन्नस्य वर्धते ॥ २० ॥ तावज्जितेन्द्रियो न स्याद्विजितान्येन्द्रियः पुमान् ॥ न जयेद्रसनं यावज्जितं सर्वं जिते रसे ॥२१॥ पिङ्गला नाम वेश्याऽऽसीद्विदेवनगरे पुरा ॥ तस्या मे शिक्षितं किञ्चिन्निबोध नृपनन्दन ॥२२॥ सा स्वैरिण्येकदा कान्तं संकेत उपनेष्यती ॥ अभूत्काले बहिर्द्वारि बिभ्रती रूपमुत्तमम् ॥२३॥ मार्ग आगच्छतो वीक्ष्य पुरुषान्पुरुषर्षभ ॥ ताञ्छुल्कदान्वित्तवतः कान्तान्मेनेऽर्थकामुका ॥२४॥ आगतेष्वपयातेषु सा संकेतोपजीविनी ॥ अप्यन्तो वित्तवान्कोऽपि मामुपैष्यति भूरिदः ॥ २५ ॥ एवं दुराशया ध्वस्तनिद्रा द्वार्यवलम्बती ॥ निर्गच्छन्ती प्रविशती निशीथं समपद्यत ॥ २६ ॥ तस्या वित्ताशया शुष्यद्वक्त्राया दीनचेतसः ॥ निर्वेदः परमो जज्ञे चिन्ताहेतुः सुखावहः ॥ २७ ॥ तस्या निर्विण्णचित्ताया गीतं शृणु यथा मम ॥ निर्वेद आशापाशानां पुरुषस्य यथा ह्यसिः ॥२८॥ न ह्यङ्गाजातनिर्वेदो देहबन्धं जिहासति ॥ यथा विज्ञान·

॥ २२ ॥ तर त्यो गएपछि वेश्या विचार्दथी—कुनै अर्को धेरै धन दिने धनी पुरुष मनेर आउँदै होला ॥ २५ ॥ यही दुराशामा त्यो धेरै बेरसम्म आफ्नू ढोकाको नगीचै उभिन्दा त्यसलाई निद्रा लाग्न सकेन । त्यो कहिले भित्र र कहिले बाहिर गर्दागर्दै आधा रात बित्यो ॥ २६ ॥ यस प्रकार धनको दुराशाले प्रतीक्षा गर्दा गर्दा त्यसको मुख सुक्यो र अन्तमा त्यो *चिंतेका कुराले व्याकुल चित्त वेश्याको हृदयमा सुखकारक वैराग्य उत्पन्न भयो ॥ २७ ॥ चित्तमा वैराग्य उत्पन्न भएपछि त्यसले जे भनी त्यो सुन । हे राजन् ! पुरुषको आशारूपी पाश काट्न वैराग्य खड्गको समान हुन्छ ॥ २८ ॥ हे तात ! जसको हृदयमा वैराग्य उत्पन्न हुँदैन, त्यो पुरुष कहिल्यै देह-बन्धनलाई तोड्न सक्तैन । जस्तै—

दृष्टान्त (चिंतेका कुरा)—सन्त रसखान युवावस्थामा निकै राम्रा थिए, तर भगवान्‌को कृपाले त्यस अवस्थामै तिनको हृदयमा भगवद्भक्ति जागिसकेको थियो र मुसलमान भएर पनि ती श्रीकृष्णका भक्त बनिसकेका थिए । त्यसै बेला कुनै धनी मुसलमान परिवारकी यौटी षोडशी युवती कामको वशीभूत भएर उनीकहाँ आई । उसले आफ्नू इच्छा सुनाई, तर उनले यस्तो व्यर्थ कुराको लागि अस्वीकार गरिदिए । निकै दिनपछि एक दिन ती बगैचामा बसिरहेका थिए । उही युवती निकै रवाफसित त्यहाँ आई । रसखान त्यसलाई देख्नासाथ जुरुक्क उठेर हिंडिदिए । युवतीले दगुर्दै गएर भनी—'कुनै अपराध नगरेर नै हजुर मेरो प्राणर्पकन लिनु हुन्छ ? त्यसका शब्द नसुन्दै ती परबाट नाघेर भागे । धेरै वर्षपछि वृद्धावस्था आयो र रसखानको मनमा यो विचार आयो—'यदि त्यस युवतीको इच्छा पूर्ण गरिदिएको भए पनि के बाधा थियो र ? पछि पश्चात्ताप गरेर प्रायश्चित्त गर्ने थिएँ ।' मनमा यस्तो विचार आउनासाथ उनको घृणाको सीमा रहने र आफ्नू मनसित उनले भने—'ए दुराचारी, पापी मन ! यौवनमा जुन भावलाई थिचिराखेको थिइस्, त्यही यो वृद्धावस्थामा किन जागिरहेको छ ? तँ कति तुच्छ छस् ? यही कुरा सम्झेर तीन दिनसम्म अन्न-जल त्यागी एकान्तमा बसिरहे ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञान विहीन पुरुष माया त्याग्न सक्तैन ॥ २९ ॥ पिङ्गलाले भनी—अहो ! म इन्द्रियपरायणाको मोह-विस्तार हेर, म मूर्खा यी तुच्छ तथा लम्पट प्रेमीहरूसित सुख खोज्दैछु ॥ ३० ॥ हरे, म कस्ती अबुझ रहीछु, जो सधैं आफ्नू नगीच रमण गर्ने र नित्य रति तथा धन दिने ती सत्पुरुष ईश्वरलाई छाडेर कामना पूर्तिमा असमर्थ तथा दुःख, भय रोग, शोक एवं मोह आदि दिने यी तुच्छ पुरुषहरूलाई रिझाउँछु ॥ ३१ ॥ अहो ! मैले यो अतिशय निन्दनीय आजीविका अर्थात् वेश्या वृत्ति द्वारा व्यर्थ आफूलाई सन्तप्त पारें हा ! म यी स्त्री-लम्पट, अर्थलोलुप र अनुशोचनीय पुरुषहरूद्वारा किनेको देहले रति तथा धनको इच्छा गर्दथें ॥ ३२ ॥ जुन देह अस्थिरूपी बाङ्गो-टिङ्गो बाँसको लिङ्गामा अडिएको त्वचा, रोम र नङले आवृत्त, नाशवान् र मलमूत्रले भरिएको नौ द्वार हुने घररूपी यो देह छ। यसको बाहेक अरु कुन स्त्री सेवन गर्ली ॥ ३३ ॥ विदेहको यस नगरीमा यौटी मनै यस्ती मूर्खा छु, जो ती आत्मप्रद अच्युत परमात्मालाई छाडेर अन्य पुरुषसित आफ्नो कामना पूर्ण पार्न खोज्दैछु ॥ ३४ ॥ ती अनन्त प्रभु सबै देहधारीहरूका सुहृद्,

रहितो मनुजो ममतां नृप ॥ २९ ॥ पिङ्गलोवाच ॥ अहो मे मोहविततिं पश्यताविजितात्मनः ॥ या कान्तादसतः कामं कामये येन बालिशा ॥ ३० ॥ सन्तं समीपे रमणं रतिप्रदं वित्तप्रदं नित्यमिमं विहाय ॥ अकामदं दुःखभयाधिशोकमोहप्रदं तुच्छमहं भजेऽज्ञा ॥ ३१ ॥ अहो मयाऽऽत्मा परितापितो वृथा सांकेत्यवृत्त्याऽतिविगर्ह्यवार्तया ॥ स्त्रैणान्नराद्याऽर्थतृषोऽनुशोच्यात्क्रीतेन वित्तं रतिमात्मनेच्छती ॥ ३२ ॥ यदस्थिभिर्निर्मितवंशवंश्यस्थूणं त्वचारोमनखैः पिनद्धम् ॥ क्षरन्नवद्वारमगारमेतद्विण्मूत्रपूर्णं मदुपैति काऽन्या ॥ ३३ ॥ विदेहानां पुरे ह्यस्मिन्नहमेकैव मूढधीः ॥ याऽन्यमिच्छत्यसत्यस्मादात्मदात्काममच्युतात् ॥ ३४ ॥ सुहृत्प्रेष्ठतमो नाथ आत्मा चायं शरीरिणाम् ॥ तं विक्रीयात्मनैवाहं रमेऽनेन यथा रमा ॥ ३५ ॥ कियत्प्रियं ते व्यभजन्कामा ये कामदा नराः ॥ आद्यन्तवन्तो भार्याया देवा वा कालविद्रुताः ॥ ३६ ॥ नूनं मे भगवान्प्रीतो विष्णुः केनापि कर्मणा ॥ निर्वेदोऽयं दुराशाया यन्मे जातः सुखावहः ॥३७॥ मैवं स्युर्मन्दभाग्यायाः क्लेशा निर्वेदहेतवः ॥ येनानुबध्यं निर्हृत्य पुरुषः शममृच्छति ॥३८॥ तेनोपकृतमादाय शिरसा ग्राम्यसङ्गताः ॥ त्यक्त्वा दुराशाः शरणं व्रजामि तमधीश्वरम् ॥ ३९ ॥ सन्तुष्टा श्रद्दधत्येतद्यथालाभेन जीवती ॥ विहराम्यमुनैवाहमात्मना रमणेन वै ॥४०॥ संसारकूपे पतितं विषयैर्मुषितेक्षणम् ॥ ग्रस्तं कालाहिनाऽऽत्मानं कोऽन्यस्त्रातुमधीश्वरः ॥ ४१ ॥ आत्मैव

प्रियतम, स्वामी र आत्मा हुन्। अब उनैको हात बिकेर म लक्ष्मी झैं उनैसित रमण गर्दछु ॥ ३५ ॥ यी जुन काम र भोगप्रद पुरुष छन्, यीबाट मेरो के कल्याण होला ? अथवा अरु पनि अनेक आदि-अन्त हुने पुरुष र कालसित भयभीत देवता छन्, ती पनि आफ्नी भार्यालाई कति सन्तुष्ट पार्दछन् ? ॥ ३६ ॥ अवश्य मेरो कुनै शुभकर्मले भगवान् प्रसन्न भएछन्, त्यसैले यस दुराशाबाट मेरो मनमा यस्तो सुखदायी वैराग्य उत्पन्न भयो ॥ ३७ ॥ यदि म मन्दभाग्य भए मैले यो कष्ट किन बोक्नु पर्दथ्यो, जो ती वैराग्यका हेतु हुन्–जसद्वारा मनुष्य गृहादिको बन्धन छिनालेर शान्ति प्राप्त गर्दछ ॥ ३८ ॥ अब म यस उपकारलाई शिरोधार्य गरेर विषयजनित दुराशा त्यागेर ती जगदीश्वरको नै शरणमा जान्छु ॥ ३९ ॥ अब म सन्तोष र श्रद्धापूर्वक प्रारब्धवश जे पाइन्छ, त्यसैले जीवन-निर्वाह गर्दै आफ्नू आत्मारूपी पुरुषसित नै रमण गर्दछु ॥ ४० ॥ अपार संसाररूपी कूपमा परी,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-वासनाले नष्टदृष्टि र कालरूपी सर्पले डसेको यस आत्मा अर्थात् जीवको रक्षा परमात्माबाहेक अरु कसले गर्न सक्तछ ? ॥ ४१ ॥ सबै विषयबाट विरक्त आत्मा नै आफ्नू रक्षक हुन्छ । अतः प्रमादरसित भएर यस जगत्लाई निरन्तर कालरूपी सर्पले डसेको ठानोस् ॥ ४२ ॥ अवधूत भन्दछन्–हे राजन् ! यस्तो निश्चय गरेर पिङ्गला वेश्या कुनै कामिनीको अभिलाषा जनित दुराशा त्यागेर शान्तभावले स्थित भई आफ्नू शय्यामा गएर बसी ॥ ४३ ॥ आशा नै परम दुःख र निराशा नै परम सुख हो, किनकि पिङ्गला कान्तको आशा छाडिदिएपछि सुखले निंदाई ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायामष्टमोऽध्यायः ॥८॥

(अवधूतोपाख्यानको अन्तिमभाग)–अवधूत भन्दछन्—हे राजन् ! मनुष्यलाई जे जे वस्तु मनपर्दछन्, तिनको संचय नै उनको कष्टको कारण हुन्छ । यस्तो ठानेर जो अकिञ्चन भावले बसेर केही पनि संग्रह गर्दैन, त्यो अनन्त सुख पाउँदछ । यो मैले कुररी पक्षीसित सिखें ॥ १ ॥ यौटा कुररी पक्षी चुच्चोमा मासु लिएर उड्दै थियो । मासु नहुने

ह्यात्मनो गोप्ता निर्विद्येत यदाऽखिलात् ॥ अप्रमत्त इदं पश्येद्ग्रस्तं कालाहिना जगत् ॥ ४२ ॥ ब्राह्मण उवाच ॥ एवं सा व्यवसितमतिर्दुराशां कान्ततर्षजाम् ॥ छित्त्वोपशममास्थाय शय्यामुपविवेश सा ॥ ४३ ॥ आशा हि परमं दुःखं नैराश्यं परमं सुखम् ॥ यथा सञ्छिद्य कान्ताशां सुखं सुष्वाप पिङ्गला ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पिङ्गलोपाख्याने अष्टमोऽध्यायः ॥ ८ ॥

ब्राह्मण उवाच ॥ परिग्रहो हि दुःखाय यद्यत्प्रियतमं नृणाम् ॥ अनन्तं सुखमाप्नोति तद्विद्वान्यस्त्वकिञ्चनः ॥१॥सामिषं कुररं जघ्नुर्बलिनो ये निरामिषाः ॥ तदामिषं परित्यज्य स सुखं समविन्दत॥२॥न मे मानावमानौ स्तो न चिन्ता गेहपुत्रिणाम् ॥ आत्मक्रीड आत्मरतिर्विचरामीह बालवत्॥३॥ द्वावेव चिन्तया मुक्तौ परमानन्द आप्लुतौ ॥ यो विमुग्धो जडो बालो यो गुणेभ्यः परं गतः॥४॥क्वचित्कुमारी त्वात्मानं वृणानान्गृहमागतान् ॥ स्वयं तानर्हयामास क्वापि यातेषु बन्धुषु॥५॥तेषामभ्यवहारार्थं शालीन्रहसि पार्थिव ॥ अवघ्नन्त्याः प्रकोष्ठस्थाश्चक्रुः शङ्खाः स्वनं महत् ॥६॥ स तज्जुगुप्सितं मत्वा महती व्रीडिता ततः ॥ बभञ्जैकैकशः शङ्खान्द्वौ द्वौ पाण्योरशेषयत् ॥ ७ ॥ उभयोरप्यभूद्घोषो ह्यवघ्नन्त्याः स्म शङ्खयोः ॥ तत्राप्येकं निरभिदेकस्मान्नाभवद्ध्वनिः ॥ ८ ॥ अन्वशिक्षमिमं तस्या उपदेशमरिन्दम ॥ लोकाननुचरन्नेताँल्लोकतत्त्व विवित्सया ॥ ९ ॥ वासो बहूनां कलहो भवेद्वार्ता

बलवान् पक्षीहरूले उसलाई धेरै कुटे । अनि उसले त्यो मांस छाडेर नै शान्ति पायो ॥ २ ॥ मलाई मान र अपमानको केही विचार छैन, घर वा परिवारको पनि केही चिन्ता छैन । म त आफ्नू आत्मामै क्रीडा गर्दै र आत्मामै मग्न रहेर बालक झैं निःशङ्क विचरण गर्दछु ॥ ३ ॥ संसारमा दुइ थरिका व्यक्ति नै निश्चिन्त तथा परमानन्द पूर्ण रहन्छन् । यौटा केही नजान्ने निश्चेट बालक र अर्को गुणातीत महात्मा । यो मैले बालकसित सिखें ॥ ४ ॥ यौटी कुमारी कन्याले आफ्ना बान्धव कतै बाहिर गएका हुनाले आफूलाई वरण गर्न घरमा आएका व्यक्तिको आतिथ्य स्वयं गरी ॥ ५ ॥ हे राजन् ! जब त्यो उनलाई खुवाउन घरभित्र एकान्तमा धान कुट्न थाली तब त्यसको शङ्खका चूराहरू बज्नलागे ॥ ६ ॥ चूराको शब्दलाई निन्दाजनक ठानेर त्यो लज्जित भई र एक-एक गरेर सबै चूराहरू फोरिदिई र दुबै हातमा केवल दुइ-दुइ चूराहरू मात्र राखी ॥ ७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धान कुट्ता ती दुइटा चुराको पनि शब्द हुन लाग्यो । अनि उसले एक-एक चुरा अझ फुकालिदिई । अब एक-एक चूराको कुनै शब्द भएन ॥ ८ ॥ हे अरिमर्दन ! लोकतत्त्वको जिज्ञासावश पृथ्वीमा डुल्दा मैले यही शिक्षा पाएँ —धेरै मानिससित बस्नाले कलह हुन्छ र दुइजना संगै रहनाले परस्पर कुरा हुँदै रहन्छ । अतः त्यस कुमारीको चूरा सदृश सदा एक्लै डुलास् । यो शिक्षा मैले कुमारी कन्यासित पाएँ ॥ ९ ॥ १० ॥ वैराग्य तथा अभ्यासद्वारा निरालस्य भावले आसन र श्वासलाई जितेर आफ्नू वशमा गरिएको चित्तलाई यौटै लक्ष्य अर्थात् परमात्मामा लगाओस् ॥११॥ ती परमानन्द स्वरूप तथा परमपदमा स्थित यो मन विस्तार-विस्तार कर्मरूपी धूलो छाडिदिन्छ र फेरि सत्वगुणको उद्रेकले रज र तम त्यागेर दाउरारहित अग्नि झैं शान्त हुन्छ ॥१२॥ यसरी आत्मामा चित्तको निरोध भएपछि यसलाई बाहिर-भित्र कहीं पनि कुनै पदार्थको भान रहन्न । जस्तै कि यौटा बाण बनाउने मानिसले बाण बनाउमा निमग्न रहनाले नजीकैबाट गएको राजाको सवारी पनि देख्नै सकेन । यो मैले बाण बनाउने व्यक्तिसित सिखेको हुँ ॥ १३ ॥ मुनिको कर्तव्य हो सर्प जस्तै

द्वयोरपि ॥ एक एव चरेत्तस्मात्कुमार्या इव कङ्कणः ॥ १० ॥ मन एकत्र संयुज्याज्जितश्वासो जितासनः ॥ वैराग्याभ्यासयोगेन त्रियमाणतन्द्रितः ॥११॥ यस्मिन्मनो लब्धपदं यदेतच्छनैः शनैर्मुञ्चति कर्मरेणून् ॥ सत्त्वेन वृद्धेन रजस्तमश्च विधूय निर्वाणमुपैत्यनिन्धनम् ॥१२॥ तदैवमात्मन्यवरुद्ध चित्तो न वेद किञ्चिद्बहिरन्तरं वा ॥ यथेषुकारो नृपतिं व्रजन्तमिषौ गतात्मा न ददर्श पार्श्वे ॥ १३ ॥ एकचार्यनिकेतः स्यादप्रमत्तो गुहाशयः ॥ अलक्ष्यमाण आचारैर्मुनिरेकोऽल्पभाषणः ॥ १४ ॥ गृहारम्भो हि दुःखाय विफलश्चाध्रुवात्मनः ॥ सर्पः परकृतं वेश्म प्रविश्य सुखमेधते ॥१५॥ एको नारायणो देवः पूर्वसृष्टं स्वमायया ॥ संहृत्य कालकलया कल्पान्त इदमीश्वरः ॥ १६ ॥ एक एवाद्वितीयोऽभूदात्माधारोऽखिलाश्रयः ॥ कालेना-त्मानुभावेन साम्यं नीतासु शक्तिषु ॥ सत्त्वादिष्वादिपुरुषः प्रधानपुरुषेश्वरः ॥ १७ ॥ परावराणां परम आस्ते कैवल्यसंज्ञितः ॥ केवलानुभवान-न्दसन्दोहो निरुपाधिकः ॥ १८ ॥ केवलात्मानुभावेन स्वमायां त्रिगुणात्मिकाम् ॥ संक्षोभयन्सृजत्यादौ तथा सूत्रमरिन्दम ॥ १९ ॥ तामाहुस्त्रि-गुणव्यक्ति सृजन्तीं विश्वतोमुखम् ॥ यस्मिन्प्रोतमिदं विश्वं येन संसरते पुमान् ॥ २० ॥ यथोर्णनाभिर्हृदयादूर्णां सन्तत्य वक्त्रतः ॥ तया विहृत्य

एक्लै डुलिरहोस् कुनै यौटै स्थानमा नबसोस्, प्रमाद, नगरोस्, गुफादि एकान्तमा बसोस्, बाह्य आचारबाट आफूलाई लुकाओस्, एक्लो र अल्पभाषी बनोस् ॥ १४ ॥ यस अनित्य देहको निम्ति घर बनाउने झ्याउलो नगरोस्, किनकि घर दुःखको कारण हो । सर्प अर्काको घरमा पनि सुखपूर्वक बस्तछ । यो मैले सर्पसित सिखेको हुँ ॥ १५ ॥ पूर्वकालमा आफ्नी मायाले रचेको यस विश्वलाई कल्पको अन्त्य भएपछि एक्लै नारायण नै कालरूपले लय गरेर आत्माधार र सर्वाधिष्ठान रूपले शेष रहन्छन् । आफ्नै शक्ति स्वरूप कालद्वारा सत्वादि गुणको साम्यावस्थामा प्राप्त भएपछि प्रधान र पुरुषका नियन्ता, परावर अर्थात् लौकिक र अलौकिक प्रपञ्चका कारण स्वरूप आदि पुरुष कैवल्यरूपले शेष रहन्छन् । हे शत्रुदमन ! अनि ती विशुद्ध विज्ञानानन्दघन निरूपाधिक भगवान् नै केवल आफ्नी शक्ति अर्थात् कालद्वारा त्रिगुणमयी मायालाई क्षुब्ध पारेर पहिले क्रियाशक्ति प्रधान सूत्र अर्थात् महत्तत्त्वको रचना गर्दछन् । विविध सृष्टि रच्ने भगवान् त्यस सूत्रबाट गुणत्रयको कार्य गर्दछन् । जसमा यो विश्व निमग्न रहन्छ र जसले गर्दा जीवलाई संसारको बन्धन प्राप्त हुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ १६-२० ॥ जस्तै माकुरो मुखद्वारा जाल फिंजाएर त्यसैमा विहार गरेपछि त्यसलाई स्वयं फेरि निलिदिन्छ, त्यस्तै नै परमात्मा पनि स्वयं आफूबाटै यो प्रपञ्च फिंजाएर फेरि आफूमा नै लीन पार्ने गर्दछन् । यो ज्ञान मैले माकुरोबाट पाएको हुँ ॥२१॥ देहधारी जीव स्नेहले द्वेष वा भयले जेजुकै वस्तुमा पूर्णरूपले आफ्नू चित्त लगाइदिन्छ । अन्त्यमा त्यो तद्रूप बन्दछ । जस्तै भृङ्गी कीराद्वारा आफ्नू प्वालमा थुनेको कीरा डरले उसैको ध्यान गर्दा-गर्दा अन्त्यमा आफ्नो पूर्वरूप नछाडेर पनि उसैको रूप झैं बन्दछ । यो मैले भृङ्गीबाट सिकें ॥२२-२३॥ हे राजन् ! यसरी मैले यति गुरुहरूसित यी शिक्षा पाएँ । अब आफ्नू देहबाट मैले जे जति सिकें त्यो सुन–॥२४॥ मेरो विवेक र वैराग्यको हेतु यो देह पनि मेरो गुरु हो, किनकि उत्पत्तिर नाश नै शरीरको धर्म हो र निरन्तर कष्ट पाउनु नै यसको उत्तरोत्तर फल हो। यद्यपि म यसले तत्त्वचिन्तन गर्दछु तापनि मेरो निश्चय यस्तो छ–यो पराई अर्थात् स्याल

भूयस्तां ग्रसत्येवं महेश्वरः ॥ २१ ॥ यत्र यत्र मनो देही धारयेत्सकलं धिया ॥ स्नेहाद्द्वेषाद्भयाद्वापि याति तत्तत्सरूपताम् ॥ २२ ॥ कीटः पेशस्कृतं ध्यायन्कुड्यां तेन प्रवेशितः ॥ याति तत्सात्मतां राजन्पूर्वरूपमसन्त्यजन् ॥ २३ ॥ एवं गुरुभ्य एतेभ्य एषा मे शिक्षिता मतिः ॥ स्वात्मोपशिक्षितां बुद्धिं शृणु मे वदतः प्रभो ॥ २४ ॥ देहो गुरुर्मम विरक्तविवेकहेतुर्बिभ्रत्स्म सत्त्वनिधनं सततार्त्युदर्कम् ॥ तत्त्वान्यनेन विमृशामि यथा तथापि पारक्यमित्यवसितो विचराम्यसङ्गः ॥ २५ ॥ जायात्मजार्थपशुभृत्यगृहाप्तवर्गान् पुष्णाति यत्प्रियचिकीर्षितमावितन्वन् ॥ स्वान्ते सकृच्छ्रमवरुद्धधनः स देहः सृष्ट्वाऽस्य बीजमवसीदति वृक्षधर्मा ॥ २६ ॥ जिह्वैकतोऽमुमपकर्षति कर्हि तर्षा शिश्नोऽन्यतस्त्वगुदरं श्रवणं कुतश्चित् ॥ घ्राणोऽन्यतश्चपलदृक् क्व च कर्मशक्तिर्बह्व्यः सपत्न्य इव गेहपतिं लुनन्ति ॥ २७ ॥ सृष्ट्वा पुराणि विविधान्यजयाऽऽत्मशक्त्या वृक्षान्सरीसृपपशून्खगदंशमत्स्यान् ॥ तैस्तैरतुष्टहृदयः पुरुषं विधाय ब्रह्मावलोकधिषणं मुदमाप देवः ॥ २८ ॥ लब्ध्वा सुदुर्लभमिदं बहुसम्भवान्ते मानुष्यमर्थदमनित्यमपीह धीरः ॥ तूर्णं यतेत न पतेदनुमृत्यु मावन्निःश्रेयसाय विषयः खलुः सर्वतः स्यात् ॥ २९ ॥ एवं सञ्जातवैराग्यो विज्ञानालोक आत्मनि ॥ विच-

कुकुर आदिको भक्ष्य हो । यसले सदा असङ्ग भएर डुल्दछु ॥२५॥ जसका प्रिय कामनाहरूको विस्तार गर्ने पुरुष धन, पशु, सेवक, स्त्री-पुत्र, घर र कुटुम्बको पोषण गर्दछ, ठूला-ठूला कष्ट खपेर धनसंचय गर्ने प्राणी देहरूपी वृक्ष झैं स्वभाव हुनाले अन्य देहको निम्ति कर्मरूपी बीज छरेर आफ्नू आयु समाप्त भएपछि नाशमा प्राप्त हुन्छ ॥२६॥ जस्तै धेरै थरि सौताहरू गृहस्वामीलाई आफू आफुतिर तान्दछन्, त्यस्तै जीवलाई उसका ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय पीडित पार्दै रहन्छन् । यसलाई रसना कहिल्यै एकातिर तान्दछ भने पिपासा अर्कोतिर । यसै गरी शिश्न अन्यत्र तान्दछ भने त्वचा, उदर र श्रवणेन्द्रिय कतै अर्कैतिर तान्न थाल्दछन् । त्यस्तै घ्राण र चंचल नेत्र अर्कोतिर तान्दछन् ॥ २७ ॥ ती भगवान्ले आफ्नी अजेय मायाशक्ति द्वारा वृक्ष, सर्प, पशु, पक्षी, देश र मत्स्य आदि विविध योनिहरू रचेर पनि संतुष्ट नभई जब ब्रह्मदर्शनको योग्यताले सम्पन्न मनुष्य देह रचे, अनि उनले प्रसन्नता प्राप्त गरे । अतः यो मनुष्य देह नै सब भन्दा श्रेष्ठ छ ॥ २८ ॥ मनुष्यदेह अनित्य भए पनि समस्त पुरुषार्थको साधन हो । अनेक जन्मपछि यो दुर्लभ नरदेह पाएर बुद्धि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान् पुरुषको कर्तव्य हो—त्यो फेरि मृत्युको हातमा पर्नुभन्दा पहिले नै आफ्नू निःश्रेयस अर्थात् सायुज्य मोक्ष प्राप्तिको निम्ति प्रयत्न गरास, किनकि विषय सुख त सबै जन्महरूका प्राप्त हुँदै रहन्छ । अतः त्यसको संग्रहमा आफ्नू अमूल्य समय नष्ट नपारोस् ।।२९।। यसरी हृदयमा वैराग्ययुक्त ज्ञानालोकले आलोकित भएर म निरहङ्कार, निःसङ्ग भएर यस भूमण्डलेमा स्वच्छन्दरूपले घुमिरहन्छु ॥ ३० ॥ यौटै गुरुले यथेष्ट र बलियो बोध प्राप्त हुन सक्तैन । त्यसको निम्ति स्वयं पनि विचार गर्ने आवश्यकता पर्दछ । हेर यौटै अद्वितीय ब्रह्मको ब्रह्मर्षिहरूले विविध प्रकारले निरूपण गरेका छन् ॥ ३१ ॥ भगवान् भन्नुहुन्छ—हे उद्धव ! ती गम्भीर-बुद्धि ब्राह्मणश्रेष्ठ राजा यदुलाई यसरी उपदेश दिएर विदा भई प्रणाम तथा पूजा आदि गरेपछि प्रसन्न चित्तले इच्छानुसार हिंडे ॥ ३२ ॥ यसरी हाम्रा पूर्वज यदु ती अवधूतको *शङ्का समाधानपूर्ण उपदेश सुनेर सर्वथा निःसङ्ग भई समदर्शी पदमा प्राप्त

रामि महीमेतां मुक्तसङ्गोऽनहंकृतिः ॥ ३० ॥ न ह्येकस्माद्गुरोर्ज्ञानं सुस्थिरं स्यात्सुपुष्कलम् ॥ ब्रह्मैतदद्वितीयं हि गीयते बहुधर्षिभिः ॥ ३१ ॥ श्रीभगवानुवाच ॥ इत्युक्त्वा स यदुं विप्रस्तमामन्त्र्य गभीरधीः ॥ वदिन्तोऽभ्यर्थितो राज्ञा ययौ प्रीतो यथागतम् ॥ ३२ ॥ अवधूतवचः श्रुत्वा पूर्वेषां नः स पूर्वजः ॥ सर्वसङ्गविनिर्मुक्तः समचित्तो बभूव ह ॥ ३३ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नवमोऽध्यायः ॥ ९ ॥

श्रीभगवानुवाच ॥ मयोदितेष्ववहितः स्वधर्मेषु मदाश्रयः ॥ वर्णाश्रमकुलाचारमकामात्मा समाचरेत् ॥ १ ॥ अन्वीक्षेत विशुद्धात्मा देहिनां विषयात्मनाम् ॥ गुणेषु तत्वध्यानेन सर्वारम्भविपर्ययम् ॥ २ ॥ सुप्तस्य विषयालोके ध्यायतो वा मनोरथः ॥ नानात्मकत्वाद्विफलस्तथा भेदात्मधीर्गुणैः

भए ॥ ३३ ॥ इति श्रमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषाटीकायां नवमोऽध्यायः ॥ ९ ॥

(संसारको मिथ्यात्वप्रतिपादन)– भगवान् भन्नुहुन्छ—हे उद्धव ! मैले भनेका आफाफ्ना धर्ममा सावधान रही मेरै आश्रित भएर आफ्नू वण, आश्रम र कुलाचारको निष्काम बुद्धिले आचरण गर्दैरहोस् ॥ १ ॥ आफ्नू धर्मानुष्ठानले शुद्धचित्त भएर यो हेरोस्–विषय-लोलुप व्यक्ति जुन त्रिगुणमय कर्म सत्य मानेर चल्दछन् ती सबैको परिणाम विपरीत

---

* दृष्टान्त (शंका समाधान)—एक दिन दुइजना साधु यौटा महात्मालाई भेट्न गए। जुनबेला ती उनको कुटीमा पुगे तब थाहा पाए कि महात्मा दरवारमा गएका छन्। महात्माको राजदरबार जाने कुरा सुनेर ती दुवैजना विचार गर्नलागे—'निःस्वार्थी महात्माले राजाको दरबारमा जाने के आवश्यकता ? यी महात्मा पनि पूरा महात्मा नै छन् जस्तो लाग्यो ।' यसरी विचार-विमर्श भएपछि महात्म प्रति तिनको हृदयमा केही अश्रद्धा जस्तो उत्पन्न भयो। एक छिन पर्खेर तिनले पत्ता लगाए—ती कुन वेला उहाँबाट फर्कन्छन्। अनि थाहा भयो—उनी आउनमा अझ तीन घण्टा जति विलम्ब लाग्दछ। अब ती दुवैले विचार गरे—'हिंड, एक छिन कतै डुलेर आऊँ। व्यर्थ यहाँ बसेर के गर्ने ? ती दुवै मध्ये यौटाको लुगा फाटेको थियो। अतः ती सुजीकारको पसलमा त्यो सिलाउन पुगे। एक छिन बस्ताबस्तै सूजीकारको यौटा औंठी रहायो। त्यसले तिनै दुइजनालाई औंठी चोर ठह्न्यायो। तत्काल पुलिस आइपुगे र ती दुवै साधुलाई पाता फर्काएर राजाकहाँ पुऱ्याए। राजाले सबै कुरा जाँच-बूझ गर्दा तिनै चोर ठहरिए र उनले तत्काल दुवै हात काटिदिने आज्ञा दिए। त्यसै बेला ती महात्मा पनि आइपुगे। उनले राजालाई यो कुरा बुझाए—हजुर ! यो सुजीकार र दुवै जना भ्रममा पर्नु भयो। यी साधु निर्दोष छन्। महात्माले भनेपछि राजाले तिनलाई छाडिदिए। त्यसपछि महात्माले ती दुवैलाई सम्मानपूर्वक आफ्नू आश्रममा ल्याएर उनको सत्कार गरे। एकछिनपछि महात्माले भनें—'म दरवारमा किन जान्छु भन्ने कुराको सन्देह तपाईहरूको मनमा उठेको कुरा मैले जानेको हुँ र तपाईले यस्तो विचार गर्नु अनुचित होइन—यौटा त्यागी तपस्वीको राजदरबारसित के वास्ता ? तर तपाईहरू जस्ता व्यक्तिप्रति त्यो अन्याय हुन नपाओस् भनेर नै म यहाँ जाने गर्दछु, मलाई धन पाउने आशा र लोभ छैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हुन्छ ॥ २ ॥ सुतेको पुरुषलाई सपनामा देखिने पदार्थ र चिन्तन गर्ने व्यक्तिको मनोरथ जस्तै नानारूप हुनाले मिथ्या हुन्छन्, त्यस्तै नै त्रिगुणात्मिका भेद-बुद्धि पनि मिथ्या नै हुन्छ ॥३॥ मेरो भक्त पुरुष निवृत्तिको निम्ति केवल नित्य नैमित्यिक कर्म गरून्, प्रवृत्ति जनक काम्यकर्मबाट पृथक् रहनु र जब आत्म-जिज्ञासा अर्थात् ब्रह्मविचारमा प्रवृत्त हुन्छ, तब कर्मविधिको चिन्ता नगरोस ॥ ४ ॥ मेरा भक्त सत्य-अहिंसादि यम र शौच-सन्तोषादि नियमको पनि पालन गरुन् । मेरो स्वरूपका ज्ञाता, शान्त र सक्षात् मेरै स्वरूप गुरुको प्रेम तथा श्रद्धा-भक्तिले आराधना गरोस् ॥ ५ ॥ त्यो मान-मत्सङ्गसहित, कार्यकुशल, ममताशून्य, दृढप्रेमी, गम्भीर तथा आत्मतत्त्वको जिज्ञासु भएर परनिन्दा र व्यर्थ कुरा नबोलोस् ॥ ६ ॥ मुख्य धनस्वरूप आफ्नू आत्मालाई सर्वत्र देख्दै समदर्शी भएर स्त्री, पुत्र, घर, भूमि, स्वजन र धन-मानादिमा अनासक्त रहोस् ॥७॥ जस्तै—बल्ने काठबाट उसको दाहक र प्रकाशक अग्नि पृथक् रहन्छ, त्यस्तै—स्थूल र सूक्ष्म देहले उसको साक्षीस्वरूप स्वयं प्रकाश आत्मा पनि भिन्न रहन्छ ॥ ८ ॥ काठमा प्रविष्ट अग्नि जसरी ध्वंस,

॥ ३ ॥ निवृत्तं कर्म सेवेत प्रवृत्तं मत्परस्त्यजेत् ॥ जिज्ञासायां संप्रवृत्तो नाद्रियेत्कर्मचोदनाम् ॥ ४ ॥ यमानभक्ष्णं सेवेत नियमान्मत्परः क्वचित् ॥ मदभिज्ञं गुरुं शांतमुपासीत मदात्मकम् ॥ ५ ॥ अमान्यमत्सरो दक्षो निर्ममो दृढसौहृदः ॥ असत्वरोऽर्थजिज्ञासुरनसूयुरमोघवाक् ॥ ६ ॥ जायापत्यगृहक्षेत्रस्वजनद्रविणादिषु ॥ उदासीनः समं पश्यन्सर्वेष्वर्थमिवात्मनः ॥ ७ ॥ विलक्षणः स्थूलसूक्ष्माद्देहादात्मेक्षिता स्वदृक् ॥ यथाऽग्निर्दारुणो दाह्याद्दाहकोऽन्यः प्रकाशकः ॥ ८ ॥ निरोधोत्पत्त्यणुबृहन्नानात्वं तत्कृतान्गुणान् ॥ अन्तः प्रविष्ट आधत्त एवं देहगुणान्परः ॥ ९ ॥ योऽसौ गुणैर्विरचितो देहोऽयं पुरुषस्य हि ॥ संसारस्तन्निबन्धोऽयं पुंसो विद्याच्छिदात्मनः ॥ १० ॥ तस्माज्जिज्ञासयात्मानमात्मस्थं केवलं परम् ॥ सङ्गम्य निरसेदेतद्वस्तुबुद्धिं यथाक्रमम् ॥ ११ ॥ आचार्योऽरणिराद्यः स्यादन्तेवास्युत्तरारणिः ॥ तत्सन्धानं प्रवचनं विद्यासन्धिः सुखावहः ॥ १२ ॥ वैशारदी साऽतिविशुद्धबुद्धिर्धुनोति मायां गुणसम्प्रसूताम् ॥ गुणाँश्च सन्दह्य यदात्ममेतत्स्वयं च शाम्यत्यसमिद्यथाऽग्निः ॥१३॥ अथैषां कर्मकर्तॄणां भोक्तॄणां सुखदुःखयोः ॥ नानात्वमथ नित्यत्वं लोककालागमात्मनाम् ॥ १४ ॥ मन्यसे सर्वभावानां संस्था ह्यौत्पत्तिकी यथा ॥ तत्तदाकृतिभेदेन जायते भिद्यते च धीः ॥ १५ ॥ एवमप्यङ्ग सर्वेषां देहिनां देहयोगतः ॥ कालावयवतः सन्ति भावा जन्मादयोऽसकृत् ॥ १६ ॥ तत्रापि कर्मणां कर्तुरस्वा-

उत्पत्ति, सूक्ष्मता, महत्ता आदि काठका गुणहरू ग्रहण गर्दछ; उसै गरी आत्मा जन्म-मरणादि देहका धर्म ग्रहण गर्दछ । वास्तवमा ती धर्म उसका हुँदैनन् ॥ ९ ॥ चेतनस्वरूप पुरुषका सत्त्वादि गुणहरूले बनेको देह जन्म-मरणरूपी संसारको निम्ति जायमान ठानोस् ॥ १० ॥ अतः जिज्ञासापूर्वक आफ्नू अन्तःकरणमा स्थित ती अद्वितीय ईश्वरलाई जानेर अन्य पदार्थमा भएको सत्यत्व बुद्धि त्यागोस् ॥ ११ ॥ आचार्य तलका अरणि हुन् र शिष्य माथिको । उपदेश माझको मन्थन-काष्ठ हो र सुखद ब्रह्मविद्या तिनको सन्धि ॥ १२ ॥ निपुण र विशुद्ध गुणबाट उत्पन्न मायालाई ध्वस्त पारिदिन्छ र संसारका कारणरूप गुणहरू नष्ट पारेर दाउरा रहित अग्नि झैं स्वयं पनि शान्त हुन्छ ॥ १३ ॥ हे उद्धव ! यदि तिमी कर्मका कर्ता र सुख-दुःखस्वरूप फलका भोक्ता यी जीवका अनेकत्व र स्वर्गादि लोक, काल-कर्म प्रतिपादित शास्त्र, आत्मा अर्थात् जीवको नित्यता मान्दछौ र समस्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थको स्थिति प्रवाहरूपले नित्य र यथार्थ स्वीकार गर्दछौं अथवा यो ठान्दछौं कि घट-पटादि बाह्य आकृतिहरूका भेदले उसकै अनुसार बुद्धि उत्पन्न भएर सार्दिदै रहन्छ, तापनि हे प्रिय ! यो शरीर र संवत्सरादि कालको सम्बन्धले सबै देहधारीहरूको जन्म-मरणादि भाव सदैव भइरहने छ, यो सिद्ध हुन्छन् । कर्मका फल कर्ता र सुख दुःखका भोक्ता जीवको पराधीनता यहाँ पनि स्पष्ट देखिन्छ, अनि त्यस्तो *संशय-परवश जीवलाई के लाभ हुन्छ ? ॥ १४-१७ ॥ यदि यस्तो भनौं कि जो व्यक्ति कार्यकुशल छैनन्, तिनलाई नै कष्ट हुन्छ—यो पनि कुनै नियम छैन, किनकि कर्मठ विद्वान्लाई पनि सुखमात्र हुने र मूर्खलाई कष्ट हुँदै हुन्न वा दुःख भोग्न पर्दैन । हामी कर्मकुशल हुनाले सुखी छौं—यो अहङ्कार पनि व्यर्थ छ । यद्यपि केही व्यक्ति सुखको प्राप्ति र दुःखको निवृत्तिको उपाय जान्दछन्, तापनि ती त्यो उपाय कदापि जान्दैनन्—जसले कहिल्यै मर्नु

तन्त्र्यं च लक्ष्यते ॥ भोक्तृश्च दुःखसुखयोः को न्वर्थो विवशं भजेत् ॥ १७ ॥ न देहिनां सुखं किञ्चिद्विद्यते विदुषामपि ॥ तथा च दुःखं मूढानां वृथाऽहङ्करणं परम् ॥ १८ ॥ यदि प्राप्तं विघातं च जानन्ति सुखदुःखयोः ॥ तेऽप्यद्धा न विदुर्योगं मृत्युर्न प्रभवेद्यथा ॥ १९ ॥ को न्वर्थः सुखय-त्येनं कामो वा मृत्युरन्तिके ॥ आघातं नीयमानस्य वध्यस्येव न तुष्टिदः ॥ २० ॥ श्रुतं च दृष्टवद् दुष्टं स्पर्धासूयाऽत्ययव्ययैः ॥ बह्वन्तरायकामत्वात्कृषिपच्याऽपि निष्फलम् ॥ २१ ॥ अन्तरायैरविहतो यदि धर्मः स्वनुष्ठितः ॥ तेनापि निर्जितं स्थानं यथा गच्छति तच्छृणु ॥ २२ ॥ इष्ट्वेह देवता यज्ञैः स्वर्लोकं याति याज्ञिकः ॥ भुञ्जीत देववत्तत्र भोगान्दिव्यान्निजार्जितान् ॥ २३ ॥ स्वपुण्योपचिते शुभ्रे विमान उपगीयते ॥ गन्धर्वैर्विहर-

नपरोस् ॥१८॥१९॥ जस्तै वधस्थान(काट्ने ठाउँ) जाँदा काटिने व्यक्तिलाई मिठाई, माला, चन्दनादि कुनै पनि भोग्य पदार्थ सुखी पार्न सक्तैनन्, त्यस्तै जसको मृत्यु नगीचै रहन्छ, उसलाई कुनै सुख-सामग्री र काम्य वस्तु कसरी प्रसन्न पार्न सक्तछ ॥२०॥ लौकिक सुख जस्तै श्रुत अर्थात् स्वर्गादिका सुख पनि परस्परको स्पर्धा, असूया, नाश र क्षय आदि कारण दोषयुक्त नै रहन्छ । अनेक विघ्नले युक्त कामनाले गर्दा त्यो निष्फल हुन्छ ॥ २१ ॥ यदि कोही विघ्नले प्रभावित नभएर यज्ञादि धार्मिक कृत्यले सम्पन्न हुन्छ भने त्यसद्वारा प्राप्त हुने स्वर्गादि लोकमा जीव जसरी जान्छ, त्यो पनि सुन—॥ २२ ॥ विविध यज्ञद्वारा देवताको यजन गरेर यजमान स्वर्गलोक जान्छ र त्यहाँ आफ्ना पुण्यकर्मको संचित दिव्य भोगहरू देवता झैं भोग्दछ ॥२३॥ आफ्ना पुण्यद्वारा प्राप्त शुभ्र विमानमा बसेर त्यो व्यक्ति मनोहर वेषधारी भई अनेक सुर-सुन्दरीका साथ विहार गर्दै

* दृष्टान्त (रामखुदैया)—यौटा हिन्दू र यौटा मुसलमान सज्जन कहीं गइरहेका थिए । संयोगले घाटमा डुङ्गा थिएन । अब दुवैजना विचार गर्न लागे के गर्ने ? निकै बेरसम्म विचार्दा पनि केही निधो गर्न सकेनन् । एकै छिनपछि हिन्दूले भन्यो—'जय रामचन्द्रजी ! म त यताबाट पारी तर्दछु' र त्यो यस्तो जग्लो बाटोबाट गयो कि देख्दादेख्दै पारी पुग्यो । अब मुसलमान साहेब विचार्न लागे—म कसरी जाने—रामलाई सम्झौं कि खुदालाई !' अब रामखुदैयामा परेर तिनको ध्यान अलमलियो, त्यसले गर्दा ती गहीरो जलमा गएर डुबी मरे ! तात्पर्य हो—जो व्यक्ति 'यो गरौं कि त्यो ?' यस अलमलमा पर्दछन्, तिनको यही दशा हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ र गन्धर्व उसको गुण गाउँछन् ॥ २४ ॥ उस वेला किङ्किणी समूहले सुशोभित र इच्छानुसार गमन गर्ने विमानमा बसेर त्यो प्राणी देवगणको विहारस्थल नन्दनादि उपवनमा अप्सराहरूसित विहार गर्दै एक दिन आफ्नू अवश्यम्भावी पतनलाई जान्दैन ॥ २५ ॥ जबसम्म त्यसको पुण्य शेष रहिरहन्छ, तबसम्म त्यो स्वर्गको सुखहरू भोग्दछ । तर पुण्य क्षीण हुनासाथ इच्छा नभए पनि त्यो कालको प्रेरणाले तुरुन्त तल झर्दछ ॥ २६ ॥ यदि कोई व्यक्ति कुनै अधम पुरुषको संगममा लागेर अधर्मरत, अजितेन्द्रिय, स्वेच्छाचारी, कृपण, लोभी, स्त्रैण र प्राणीहिंसक भएर विना विधिनै पशु-बध गरेर भूत-प्रेतादिलाई बलि दिन्छ भने त्यो पाप अवश्य नरकमा पर्दछ र अन्त्यमा घोर अज्ञानान्धकारमा गएर गाडिन्छ ॥ २७ ॥ २८ ॥ दुःख नै जसका फल छ, त्यो मानव शरीरले, यस्ता कर्महरू गर्दै प्राणी तिनै कर्मद्वारा पुनः देह धारण गर्दछ । अतएव यसले मरणधर्मा जीवलाई के सुख वा शान्ति प्राप्त हुन सक्तछ ? ॥ २९ ॥ मनुष्य मात्रलाई होइन, लोक र कल्पजीवी लोकपालहरूलाई पनि मसित भय बनिरहन्छ । जसको आयुष्य दुइ परार्ध भन्दा पनि बर्ताको छ,

न्मध्ये देवीनां हृद्यवेषधृक् ॥ २४ ॥ स्त्रीभिः कामगयानेन किङ्किणीजालमालिना ॥ क्रीडन्न वेदात्मपातं सुराक्रीडेषु निर्वृतः ॥ २५ ॥ तावत्प्रमोदते स्वर्गे यावत्पुण्यं समाप्यते ॥ क्षीणपुण्यः पतत्यर्वागनिच्छन्कालचालितः ॥ २६ ॥ यद्यधर्मरतः सङ्गादसतां वाऽजितेन्द्रियः ॥ कामात्मा कृपणो लुब्धः स्त्रैणो भूतविहिंसकः ॥ २७ ॥ पशूनविधिनाऽऽलभ्य प्रेतभूतगणान्यजन् ॥ नरकानवशो जन्तुर्गत्वा यात्युल्बणं तमः ॥२८॥ कर्माणि दुःखोदर्काणि कुर्वन्देहेन तैः पुनः ॥ देहमाभजते तत्र किं सुखं मर्त्यधर्मिणः ॥ २९ ॥ लोकानां लोकपालानां मद्भयं कल्पजीविनाम् ॥ ब्रह्मणोऽपि भयं मत्तो द्विपरार्धपरायुषः ॥ ३० ॥ गुणाः सृजन्ति कर्माणि गुणोऽनुसृजते गुणान् ॥ जीवस्तु गुणसंयुक्तो भुङ्क्ते कर्मफलान्यसौ ॥ ३१ ॥ यावत्स्याद्गुणवैषम्यं तावन्नानात्वमात्मनः ॥ नानात्वमात्मनो यावत्पारतन्त्र्यं तदैव हि ॥ ३२ ॥ यावदस्यास्वतन्त्रत्वं तावदीश्वरतो भयम् ॥ य एतत्समुपासीरंस्ते मुह्यन्ति शुचार्पिताः ॥ ३३ ॥ काल आत्मागमो लोकः स्वभावो धर्म एव च ॥ इति मां बहुधा प्राहुर्गुणव्यतिकरे सति ॥ ३४ ॥ उद्धव उवाच ॥ गुणेषु वर्तमानोऽपि देहजेष्वनपावृतः ॥ गुणैर्न बद्ध्यते देवि बद्ध्यते वा कथं विभो ॥ ३५॥ कथं वर्तेत विहरेत्कैर्वा ज्ञायेत लक्षणैः ॥

ती ब्रह्मालाई पनि कालरूप मेरो भय बनिरहन्छ ॥ ३० ॥ गुण नै सबै कर्म गर्दछन् र सत्वादि गुण नै इन्द्रियहरूलाई कर्ममा प्रवृत्त पार्दछन् । प्राणी अज्ञानवश इन्द्रियहरूले युक्त अर्थात् तिनमा अहं बुद्धि गरेर उनले गरेका कर्मका फल भोग्दछ ॥ ३१ ॥ यसरी जब अहङ्कारादि रूपले विषमावस्था बनिरहन्छ, तबसम्म आत्माको नानात्व रहिरहन्छ तथा जबसम्म आत्माको अनेकता रहन्छ, तबसम्म पराधीनता रहिरहन्छ ॥ ३२ ॥ जबसम्म पराधीनता रहन्छ, तबसम्म ईश्वरसित भय रहिरहन्छ । अतः जो यस कर्मकलापका उपासक छन्, ती त्यस्तै शोकाकुल हुँदै मोहमा प्राप्त हुन्छन् ॥ ३३ ॥ हे उद्धव ! गुणको वैषम्य भएपछि काल, जीव, वेद, लोक, स्वभाव र धर्म कर्म आदि अनेक नामद्वारा मेरो नै निरूपण गरिएको छ ॥ ३४ ॥ उद्धव भन्दछन्—हे विभो ! देहका कर्म र उसका फलादि गुणमा रहेर पनि यो देहधारी जीव कसरी उनको बन्धनमा नपर्ला ? यदि आकाश सदृश अनावृत्त हुनाले गर्दा गुणसित उसको कुनै सम्बन्ध रहन्न भने त्यसमा किन बाँधिन्छ ? ॥ ३५ ॥ यसरी गुणहरूले मुक्त पुरुष कसरी रहन सक्तछ, त्यो कसरी विहार गर्दछ, कुन लक्षणले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिनिन्छ ? त्यो के खान्छ र के त्याग्दछ ? कसरी सुत्ने-बस्ने र हिंड्ने गर्दछ ॥३६॥ हे अच्युत ! हे प्रश्नको यथार्थ उत्तर दिने श्रेष्ठ ! हजुर मेरा यी प्रश्नहरूको उत्तर दिनुस् यौटै आत्मा नित्यवद्ध तथा नित्यमुक्त कसरी रहन्छ ? मेरो यो शङ्का निवारण गरिदिनोस् ॥३७॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ॥१०॥

श्रीभगवान् भन्नुहुन्छ—ममा बद्ध र मुक्त नानको कथन सत्व-रजादि गुणको संसर्गले हुन्छ, यथार्थमा होइन। गुणको जड़ माया हो। अतः ममा मोक्ष अथवा बन्धन केही पनि छैन ॥ १ ॥ शोक-मोह, सुख-दुःख र शरीरको नाश यी मायाले हुन्छन्। जस्तै—स्वप्न बुद्धिको अवस्था हो, त्यसै गरी संसार पनि वास्तविक छैन ॥ २ ॥ हे उद्धव ! विद्या र अविद्या मेरा शक्ति जान। यिनै दुइ जीवको मोक्ष र बन्धन पार्ने हुन्। यी दुवै अनादि छन् र मेरी मायाद्वारा रचित छन् ॥ ३ ॥ हे महाबुद्धिमान उद्धव ! म यौटा नै छु। र जीव मेरो प्रतिबिम्बरूप अंश हो। आविद्याजनित अनादि बन्धन तथा विद्या जनित मोक्ष जीवकै लागि हुन् ॥ ४ ॥ अब म तिमीलाई बद्ध र मोक्षको विशेषता भन्दछु। सुन—

किं भुञ्जीतोत विसृजेच्छयीतासीत याति वा ॥ ३६ ॥ एतदच्युत मे ब्रूहि प्रश्नं प्रश्नविदां वर ॥ नित्यबद्धो नित्यमुक्त एक एवेति मे भ्रमः ॥३७॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे भगवदुद्धवसंवादे दशमोऽध्यायः ॥ १० ॥

श्रीभगवानुवाच ॥ बद्धो मुक्त इति व्याख्या गुणतो मे न वस्तुतः ॥ गुणस्य मायामूलत्वान्न मे मोक्षो न बन्धनम्॥१॥शोकमोहौ सुखं दुःखंदेहोत्पत्तिश्च मायया ॥ स्वप्नो यथात्मनःख्यातिःसंसृतिर्न तु वास्तवी ॥२॥ विद्याविद्ये मम तनू विद्ध्युद्धव शरीरिणाम् ॥ मोक्षबन्धकरी आद्ये मायया मे विनिर्मिते॥३॥ एकस्यैव ममांशस्य जीवस्यैव महामते॥ बन्धोऽस्या विद्ययाऽनादिर्विद्यया च तथेतरः ॥४॥ अथबद्धस्य मुक्तस्य वैलक्षण्यं वदामिते॥ विरुद्धधर्मिणोस्तात स्थितयोरेकधर्मिणि ॥५॥ सुपर्णावेतौ सदृशौ सखायौ यदृच्छयैतौ कृतनीडौ च वृक्षे॥ एकस्तयोः खादति पिप्पलान्नमन्यो निरन्नोऽपि बलेन भूयान् ॥६॥ आत्मानमन्यं च स वेद विद्वानपिप्पलादो नतु पिप्पलादः॥ योऽविद्यया युक् सतु नित्यबद्धो विद्यामयो यः स तु नित्यमुक्तः ॥७॥ देहस्थोऽपि न देहस्थो विद्वान्स्वप्नाद्यथोत्थितः ॥ अदेहस्थोऽपि देहस्थः कुमतिः स्वप्नदृग्यथा ॥ ८ ॥ इंद्रियैरिन्द्रियार्थेषु गुणैरपि गुणेषु च गृह्यमाणेष्वहं कुर्यान्नविद्वान्यस्त्ववि

यद्यपि बद्ध (जीव) र मुक्त (ईश्वर) दुवै समानरूपले शरीरमा नियन्तारूपमा छन्, तर इनको दशा परस्पर भिन्न छ ॥ ५ ॥ यी दुवै वृक्षबाट पत्र झैं शरीरबाट पृथक् छन् र चैतन्यरूप हुनाले समान र वियोग नहुनाले मित्ररूप छन्। यी दुवैले अनिर्वचनीय मायाले गर्दा वृक्षरूपी देहमा निवासस्थान तुल्याएका छन्, तर उसमा भेद यो छ कि इनमा यौटा अर्थात् (बद्ध) विषयहरू भोग्दछ र अर्को अर्थात् (मुक्त) विषय भोगबाट रहित रहेर ज्ञान शक्ति द्वारा बर्ता बलवान् छ ॥ ६ ॥ विषय भोग त्यागी आफूलाई र अर्को (विषय भोगी) लाई पनि जान्दछ र विषय भोगी न आफूलाई न अर्कोलाई (विषय-भोग त्यागी) लाई नै जान्दछ। अतः यिनमा जो अविद्यायुक्त छ, त्यो नित्य आबद्ध छ, अरु जो विद्यायुक्त छ, त्यो नित्य मुक्त छ ॥ ७ ॥ देहमा स्थित भएर पनि विद्वान् देहसम्बन्धी भोग त्याग्नाले देहमा उसै गरी रहन्नन्, जसरी स्वप्नबाट उठेको व्यक्ति स्वप्नसम्बन्धी देहमा स्थित रहन्न र देहमा स्थित नरहे पनि अज्ञानी स्वप्न देख्ने झैं स्थित रहन्छ ॥ ८ ॥ जो निर्विकार अर्थात् विकार रहित विद्वान छ, त्यो इन्द्रियद्वारा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-ग्रहण भए पनि आफूलाई ग्रहण गर्ने ठान्दैन, किनकि उसलाई यो ज्ञात छ कि इन्द्रियसम्बन्धी गुणद्वारा विषयसम्बन्धी गुणको ग्रहण भइरहेछ ॥९॥ यो देह दैवाधीन छ केवल कर्मेन्द्रियद्वारा कर्म गरिन्छ, तर यस शरीरमा विद्यमान अज्ञानी जीव आफूलाई कर्ता मानेर बाँधिन्छ ॥१०॥ यसरी सुत्नु, बस्नू हिंड्नू, स्नान गर्नु, देख्नु, छुनु, सूँघनू, भोजन गर्नु र सुन्नू इत्यादि कर्मबाट विरक्त विद्वान् अज्ञानी झैं बन्धनमा बाँधिदैन, किनकि त्यो ती विषयहरूको भोक्ता इन्द्रियलाई मान्दछ । त्यो त सर्वव्यापी आकाश, सर्वत्र चल्ने वायु र अनेक स्थानमा प्रतिबिम्बित हुने सूर्य झैं शरीरमा स्थित रहेर पनि त्यसका कार्यहरूमा आसक्त हुँदैन ॥११॥१२॥ जब ज्ञानदृष्टि वैराग्यले दीप्त हुन्छ र त्यसै द्वारा सबै संशय निवारण हुन्छ तब स्वप्नबाट जागेको समान द्वैत-भ्रम हराउँछ ॥१३॥ जसका प्राण, इन्द्रिय, मन र बुद्धिका वृत्तिहरू सङ्कल्परहित हुन्छन्, त्यो प्राणी शरीरमा स्थित भएर पनि गुणहरूले मुक्त रहन्छ ॥१४॥ संयोगवश त्यसको देहलाई कुनै दुष्ट क्लेश पुऱ्याओस् या कोही सज्जन पूजा गरोस् ज्ञानी दुवै अवस्थामा एकनास रहन्छ ।१५॥जो भलो गर्नेको प्रशंसा गर्दैन र दुःखदिनेको निन्दा

क्रियः ॥९॥ दैवाधीने शरीरेऽस्मिन्गुणभाव्येन कर्मणा ॥ वर्तमानोऽबुधस्तत्र कर्ताऽस्मीति निबद्धयते ॥१०॥ एवं विरक्तः शयन आसनाटनमज्जने ॥ दर्शनस्पर्शनघ्राणभोजनश्रवणादिषु ॥ ११ ॥ न तथा बद्धयते विद्वाँस्तत्र तत्रादयन्गुणान् ॥ प्रकृतिस्थोऽप्यसंसक्तो यथा खं सविताऽनिल ॥ १२ ॥ वैशारद्येक्षयाऽसङ्गशितया छिन्नसंशयः ॥ प्रतिबुद्ध इव स्वप्नान्नानात्वाद्विनिवर्तते ॥ १३ ॥ यस्य स्युर्वीपसंकल्पाः प्राणेन्द्रियमनोधियाम् ॥ वृत्तयः स विनिर्मुक्तो देहस्थोऽपि हि तद्गुणैः ॥१४॥ यस्यात्मा हिंस्यते हिंस्रैर्येन किञ्चिद्यदृच्छया ॥ अर्च्यते वा क्वचित्तत्र न व्यतिक्रियते बुधः ॥ १५ ॥ न स्तुवीत न निन्देत कुर्वतः साध्वसाधु वा ॥ वदतो गुणदोषाभ्यां वर्जितः समदृङ्मुनिः ॥ १६ ॥ न कुर्यान्न वदेत्किंचिन्न ध्यायेत्साध्वसाधु वा ॥ आत्मारामोऽनया वृत्त्या विचरेज्जडवन्मुनिः ॥ १७ ॥ शब्दब्रह्मणि निष्णातो न निष्णायात्परे यदि ॥ श्रमस्तस्य श्रमफलो ह्यधेनुमिव रक्षतः ॥ १८ ॥ गां दुग्धदोहामसतीं च भार्यां देहं पराधीनमसत्प्रजां च ॥ वित्तं त्वतीर्थीकृतमङ्ग वाचं हीनां मया रक्षति दुःखदुःखी ॥१९॥ यस्यां न मे पावनमंग कर्म स्थित्युद्भवप्राणनिरोधस्य ॥ लीलावतारेप्सितजन्म वा स्याद्वन्ध्यां गिरं तां बिभृयान्न धीरः ॥ २० ॥ एवं जिज्ञासयाऽपोह्य नानात्वभ्रममात्मनि ॥

गर्दैन, जसमा उदारता इत्यादि गुण र कृपणता आदि अवगुण हुँदैनन्, त्यही समदर्शी ज्ञानी कहिन्छ ॥१६॥ ज्ञानी न केही गरोस् न केही बोलोस्, न राम्रोको खुसी, न नजातिको चिन्ता ! यसरी आत्मानुभवमा मग्न रहेर जड़ झैं डुलोस् ॥१७। जसले शास्त्र पढेर ब्रह्मलाई साक्षात्कार गर्ने बाटो राम्ररी जानिसकेको छ, तर त्यस बाटोद्वारा ब्रह्मको साक्षात्कार गरेको छैन, त्यसले पढेको श्रम, उसै गरी निष्फल छ, वष्कयणी (बाँझी) गाईको सेवा गर्ने श्रम ॥ १८ ॥ हे उद्धव ! जसको दूध दिने समय बितिसकेको छ, त्यस गाईको, कुलटा पत्नीको पराधीन देहको, दुष्ट सन्तानको, उचित दानरहित धनको र मेरा गुणानुवादहीन वाणीको जो रक्षा गर्दछ, उसलाई दुःखमाथि दुःख थपिँदै रहन्छ ॥ १९ ॥ हे उद्धव ! वाणीमा संसारको पालन र संहारमा कथायुक्त तथा सबैलाई पवित्र पार्ने मेरा कर्म वा अवतारका जन्मको वर्णन नहोस्, त्यो वाणी निरर्थक छ । यस्तो वाणी विद्वान्‌ले बोल्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन ॥ २० ॥ यसरी विचारपूर्वक आत्मामा द्वैतभावरूपी भ्रम छाडेर म सर्वव्यापीमा आफ्नू निर्मल मन लगाई कर्म छाडिदिनु ॥ २१ ॥ यदि मनलाई स्थिर पारेर ब्रह्मलाई धारण गर्नमा समर्थ नभए फलाभिलाषा छाडी सबै कर्म मलाई अर्पण गर्दै रहू ॥ २२ ॥ मेरा कथाहरू कल्याणप्रद र सदैव संसारलाई पवित्र पार्ने छन्। श्रद्धापूर्वक तिनलाई सुन्दै, गाउँदै, स्मरण गर्दै र उसैको अनुकूल बार-बार लीला गर्दै निरपेक्ष बनिरहू ॥ २३ ॥ हे उद्धव! मेरो निम्ति धर्म, काम र अर्थसाधक कर्म गर्नेलाई मेरो आश्रयस्वरूप म सनातन परमेश्वरको निश्चयात्मिका भक्ति प्राप्त हुन्छ ॥ २४ ॥ जब सत्संगले मेरी त्यो भक्ति मिल्दछे, तब प्राणी मेरो उपासना बराबर गर्दछ र साधुद्वारा निश्चित मेरो स्वरूपलाई

उपारमेत विरजं मनो मय्यर्प्य सर्वगे ॥ २१ ॥ यद्यनीशो धारयितुं मनो ब्रह्मणि निश्चलम् ॥ मयि सर्वाणि कर्माणि निरपेक्षः समाचर ॥ २२ ॥ श्रद्धालुर्मे कथाः शृण्वन्सुभद्रा लोकपावनीः ॥ गायन्ननुस्मरन्कर्म जन्म चाभिनयन्मुहुः ॥ २३ ॥ मदर्थे धर्मकामार्थानाचरन्मदपाश्रयः ॥ लभते निश्चलां भक्तिं मय्युद्धव सनातने ॥ २४ ॥ सत्सङ्गलब्धया भक्त्या मयि मां स उपासिता ॥ स वै मे दर्शितं सद्भिरञ्जसा विन्दते पदम् ॥ २५ ॥ उद्धव उवाच ॥ साधुस्तवोत्तमश्लोक मतः कीदृग्विधः प्रभो ॥ भक्तिस्त्वय्युपयुज्येत कीदृशी सद्भिरादृता ॥ २६ ॥ एतन्मे पुरुषाध्यक्ष लोकाध्यक्ष जगत्प्रभो ॥ प्रणतायानुरक्ताय प्रपन्नाय च कथ्यताम् ॥ २७ ॥ त्वं ब्रह्म परमं व्योम पुरुषः प्रकृतेः परः ॥ अवतीर्णोऽसि भगवन्स्वेच्छोपात्तपृथग्वपुः ॥ २८ ॥ श्रीभगवानुवाच ॥ कृपालुरकृतद्रोहस्तितिक्षुः सर्वदेहिनाम् ॥ सत्यसारोऽनवद्यात्मा समः सर्वोपकारकः ॥ २९ ॥ कामैरहतधीर्दान्तो

सहजै प्राप्त गर्दछ ॥ २५ ॥ उद्धवले सोधे–हे उत्तमश्लोक! हे स्वामिन्! हजुर कस्ता साधुलाई आदरको दृष्टिले हेर्नुहुन्छ? त्यो कस्तो भक्ति हो जो हजुरलाई पाउन उपयोगी हुन्छ र जसलाई साधुजन राम्रो मान्दछन् ॥२६॥ हे पुरुषाध्यक्ष! हे लोकाध्यक्ष! हे जगत्पते! म प्रणामपूर्वक हजुरको शरणमा छु, मलाई उपर्युक्त कुरा राम्ररी बुझाउनोस् ॥ २७ ॥ यी कुराहरू बुझाउने योग्यता हजुरमै छ, किनकि हजुर आकाश झैं संगरहित र प्रकृतिभन्दा भिन्न परब्रह्म परमात्मा हुनुहुन्छ। हे भगवन्! हजुरले आफ्नू इच्छाले पृथक् देह ग्रहण गर्नु भएको छ ॥२८॥ भगवान् भन्नुहुन्छ–जो व्यक्ति कृपालु, द्रोह नगर्ने, सत्ययुक्त, ईर्ष्यादि दोषरहित, समदर्शी, सबैको उपकार गर्ने, कामविकाररहित र *सहनशील, बाहिरी इन्द्रिय-

---

* दृष्टान्त (सहनशीलता)–बुद्ध भगवान्को पूर्वजन्मको कुरा हो। उनलाई यौटा जंगली राँगोको शरीर प्राप्त भएको थियो। यस बेला पनि उनमा अनेक अलौकिक गुण थिए। एकपल्ट ती जङ्गलमा चरिरहेका थिए। उनको सोझोपनको लाभ उठाएर यौटा बानर सधैं उनको पिठिउँमा बस्ने गर्दथ्यो। कहिले त्यो सींगमा बसेर उसको आँखामा औंला कोन्तथ्यो र अनेक दुःख दिन्थ्यो। तर भगवान् बुद्ध चरिरहन्थे। त्यसै बेला देवताहरू आएर उनीसित भने–'हे शान्ति-मूर्ति! यस बानरलाई उचित दण्ड मिल्नुपर्दछ। के यो बानरले तिमीलाई किनिसकेको छ? कि त्योसित डराउँछौ? तिमीले एक सींग हिर्काइ दियौ भने त्यसको सातो जान्छ, तैपनि अपमान सहिरहेका छौ। यसको कारण के हो? क्षमा र शान्ति द्वारा कुनै दुष्ट व्यक्ति सप्रेको देखेका छौ?' यति सुनेर आफ्नू निश्चयमा दृढ रही बुद्ध भगवान्ले भने–'हे देवता हो! म यस बानरको सबै दोष जान्दछु र ममा यसलाई समाप्त पार्ने शक्ति पनि छ, तापनि म यसको अन्याय खपिरहेको छु। आफूभन्दा बलियो व्यक्तिको अपराध सहनु स्वाभाविक हो, तर निर्बलको अपराध सहनु नै उत्तम सहनशीलता हो। परमात्माले तपाईलाई शक्ति दिएको छ भन्दैमा त्यो शक्तिले अर्कालाई त्रास दिनुहुन्छ? मौका आएपछि बानर मसित शान्तिको शिक्षा पाउने छ।' तिनका कुरा सुनेर छक्क पर्दै देवता त्यहाँबाट फर्किए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई संयममा राख्ने, कोमलचित्त, सदाचारी, परिग्रहहीन, उद्योगहीन, प्राप्त अन्नले तृप्त, शान्तचित्त, आफ्नू धर्ममा अचल, उत्तम विचारशील, सदैव सावधान, निर्विकार, दीनताशून्य तथा भोक, प्यास, शोक, मोह, वृद्धता र मृत्युलाई केही जस्तो नठान्ने, प्रतिष्ठाको अनभिलाषी, अर्कालाई उचित कुरा बुझाउन समर्थ, धूर्ततारहित, करुणाशील, सत्यज्ञानी र वेदरूपिणी मेरो आज्ञाले सूचित आफ्नू धर्म गर्नमा गुण र नगर्नमा लाग्ने दोष जान्दछ, तर मेरो ध्यानको प्रति बन्धक हुनाले तथा यस विचारले कि मेरो भक्तिले नै समस्त कार्य पूर्ण हुन्छन्, ती सबैलाई छाडेर मेरो भक्ति गर्दछ, त्यो श्रेष्ठ साधु हुन्छ ॥ २९ ॥ ३२ ॥ मेरो जति र जस्तो रूप छ, जो म हुँ, त्यो ज्ञात होस् वा नहोस्, किन्तु अर्कोतिर चित्त नलागेर जो मेरो भक्ति गर्दछन्, तिनलाई म आफ्नू श्रेष्ठ भक्त मान्दछु ॥ ३३ ॥ हे उद्धव ! मेरो मूर्ति र मेरा भक्तजनको दर्शन, स्पर्श, पूजन, सेवन, स्तवन, प्रणाम, गुण-कर्मको कीर्तन, मेरो कथा सुन्नमा श्रद्धा, मेरो ध्यान, जे जति पाइन्छ त्यो मेरै निम्ति अर्पण गर्दै आफूलाई दासरूपले ममा अर्पण गर्नु ॥३४॥३५॥

मृदुः शुचिरकिञ्चनः ॥ अनीहो मितभुक् शान्तः स्थिरो मच्छरणो मुनिः ॥ ३० ॥ अप्रमत्तो गभीरात्मा धृतिमाञ्जितषड्गुणः ॥ अमानी मानदः कल्पो मैत्रः कारुणिकः कविः ॥ ३१ ॥ आज्ञायैवं गुणान्दोषान्मयाऽऽदिष्टानपि स्वकान् ॥ धर्मान्संत्यज्य यः सर्वान्मां भजेत स सत्तमः ॥ ३२ ॥ ज्ञात्वाऽज्ञात्वाऽथ ये वै मां यावान्यश्चास्मि यादृशः ॥ भजन्त्यनन्यभावेन ते मे भक्ततमा मताः ॥ ३३ ॥ मल्लिङ्गमद्भक्तजनदर्शनस्पर्शनार्चनम् ॥ परिचर्या स्तुतिः प्रह्वगुणकर्मानुकीर्तनम् ॥ ३४ ॥ मत्कथाश्रवणे श्रद्धा मदनुध्यानमुद्धव ॥ सर्वलाभोपहरणं दास्येनात्मनिवेदनम् ॥ ३५ ॥ मज्जन्मकर्मकथनं मम पर्वानुमोदनम् ॥ गीतताण्डववादित्रगोष्ठीभिर्मद्गृहोत्सवः ॥ ३६ ॥ यात्राबलिविधानं च सर्ववार्षिकपर्वसु ॥ वैदिकी तान्त्रिकी दीक्षा मदीयव्रतधारणम् ॥ ३७ ॥ ममार्चास्थापने श्रद्धा स्वतः संहत्य चोद्यमः ॥ उद्यानोपवनाक्रीडपुरमन्दिरकर्मणि ॥ ३८ ॥ संमार्जनोपलेपाभ्यां सेकमण्डलवर्तनैः ॥ गृहशुश्रूषणं मह्यं दासवद्यदमायया ॥ ३९ ॥ अमानित्वमदम्भित्वं कृतस्य परिकीर्तनम् ॥ अपि दीपावलोकं मे नोपयुञ्ज्यान्निवेदितम् ॥ ४० ॥ यद्यदिष्टतमं लोके यच्चातिप्रियमात्मनः ॥ तत्तन्निवेदयेन्मह्यं तदानन्त्याय कल्पते ॥ ४१ ॥ सूर्योऽग्निर्ब्राह्मणो गावो वैष्णवः खं मरुज्जलम् ॥ भूरात्मा सर्वभूतानि भद्र पूजापदानि मे ॥ ४२ ॥ सूर्ये तु विद्यया त्रय्या हविषाऽग्नौ यजेत माम् ॥ आतिथ्येन तु विप्राग्र्ये गोष्वङ्ग

मेरो जन्म–कर्मको वर्णन, मेरा पर्वहरूको समर्थन गर्नु, मेरो मन्दिरमा नृत्य, गान र समाज द्वारा उत्सव ॥ ३६ ॥ वर्ष दिनका सबै पर्वमा मेरो स्थानमा जानू, पूजा गर्नू, वैदिकी तथा तान्त्रिकी दीक्षा लिनू, मेरा व्रतको पालन गर्नू ॥ ३७ ॥ मेरा मूर्ति स्थापनमा श्रद्धा तथा शक्ति भए एक्लै अथवा मिलेर मेरो निम्ति पुष्पवाटिका, फलको बगैचा, क्रीडास्थान, नगर र मन्दिर बनाउने उद्योग ॥ ३८ ॥ निष्कपट भावले मेरो मन्दिरमा कूचो लाउनू, लिप्नु, जल छर्कनु र सर्वतोभद्र आदि मण्डल बनाएर दास झैं सधैं मेरो चाकरी गर्नु ॥ ३९ ॥ गर्वहीनता, दम्भत्याग, गरिएका सत्कर्म नभन्नु र मेरो निम्ति अर्पित वत्तीको प्रकाशले आफ्नू काम नगर्नु ॥४०॥ संसारमा जे जे वस्तु आफूलाई बर्ता इष्ट र प्रिय छ, त्यो मेरै निम्ति अर्पण गरोस् । यस्तो गर्नाले त्यो अनन्त गुना भएर उसलाई प्राप्त हुन्छ ॥ ४१ ॥ हे उद्धव ! अग्नि, ब्राह्मण, गाई, विष्णुभक्त, आकाश, जल, वायु, पृथिवी, आत्मा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र प्राणी मेरो पूजाका स्थान हुन् ॥४२॥ हे उद्धव ! वैदिक मन्त्रले स्तुति गरेर सूर्यमा, हव्यद्वारा अग्निमा, आतिथ्यले श्रेष्ठ ब्राह्मणमा, हरियो घाँस आदिले गाईमा, भाई झैं स्वागत गरेर विष्णु भक्तमा, ध्यानमा मग्न भएर हृदयरूपी आकाशमा, जल प्रधान कूप इत्यादि बनाएर जलमा, रहस्य-मन्त्रले न्यास गरेर भूमिमा, भोगद्वारा आफ्नू देहस्थित आत्मामा र समदर्शी भएर मेरो अन्तर्यामी रूपको सबै प्राणीमा पूजा गरोस् ॥ ४३ ॥ ४५ ॥ यी सबै ध्यानमा सावधानीले शङ्ख, चक्र, गदा र पद्म (कमल) ले शोभित मेरो चतुर्भुजरूपको ध्यान गर्दै पूजा गरोस् ॥ ४६ ॥ यसरी जुन यज्ञ र कूपनिर्माण आदि द्वारा सावधानीले मेरो पूजा गर्दछ, त्यो मेरो उत्तम भक्ति पाउँछ । साधुको सेवा यस्तो भक्ति प्राप्त गर्ने यौटा

यवसादिना॥४३॥ वैष्णवे बन्धुसत्कृत्या हृदि खे ध्योननिष्ठया ॥ वायौ मुख्यधिया तोये द्रव्यैस्तोयपुरस्कृतैः ॥४४॥ स्थण्डिले मन्त्रहृदयैर्भोगैरात्मानमात्मनि॥क्षेत्रज्ञं सर्वभूतेषु समत्वेन यजेत माम् ॥४५॥ धिष्ण्येष्वेष्विति मद्रूपं शङ्खचक्रगदाम्बुजैः ॥ युक्तं चतुर्भुजं शान्तं ध्यायन्नर्चेत्समाहितः॥४६॥ इष्टापूर्तेन मामेवं यो यजेत समाहितः ॥ लभते मयि सद्भक्तिं मत्स्मृतिः साधुसेवया॥४७॥ प्रायेण भक्तियोगेन सत्संगेन विनोद्धव ॥ नोपायो विद्यते सध्र्यक् प्रायणं हि सतामहम् ॥४८॥ अथैतत्परमं गुह्यं शृण्वतो यदुनन्दन ॥ सुगोप्यमपि वक्ष्यामि त्वं मे भृत्यः सुहृत् सखा ॥४९॥ इत्येकादशोऽध्यायः ॥११॥

श्रीभगवानुवाच ॥ न रोधयति मां योगो न सांख्यं धर्म एव च ॥ न स्वाध्यायस्तपस्त्यागो नेष्टापूर्तं न दक्षिणा ॥ १ ॥ व्रतानि यज्ञश्छन्दांसि तीर्थानि नियमा यमः ॥ यथाऽवरुन्धे सत्सङ्गः सर्वसङ्गापहो हि माम् ॥ २ ॥ सत्संगेन हि दैतेया यातुधाना मृगाः

निष्कपट बाटो हो ॥ ४७ ॥ हे उद्धव ! सत्संगले प्राप्त भक्तियोग बाहेक मलाई पाउने अन्य कुनै सजिलो उपाय छैन, किनकि त्यो विचित्र दृष्टि* हुने साधुहरूको मुख्य आश्रय म नै हुँ ॥ ४८ ॥ अथवा हे यदुनन्दन (उद्धव) ! तिमी मेरा सेवक, प्रेमी र सखा हौ तथा मेरो कुरा ध्यानले सुनिरहेका छौ, यसैले म अत्यन्त गोपनीय मार्ग पनि तिमीसित भन्दछु । त्यो मार्ग अत्यन्त गुप्त छ ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे पं० गौरीशङ्करकृत 'वासिष्ठी' भाषाटीकायामेकादशोऽध्यायः ॥ ११ ॥

भगवान् भन्नुहुन्छ—सबै थरिका आसक्ति छुटाउने सत्सङ्ग जसरी मलाई वशमा पार्दछ, त्यसै गरी योग, सांख्य, धर्म, स्वाध्याय, तप, दान, यज्ञ, कूपादि निर्माण, दक्षिणा,

---

* दृष्टान्त (विचित्र दृष्टि)—भारतवर्षमा मानिस पन्द्रवर्ष अध्ययन गरेपछि ग्रेजुएट हुन्छन्, इङ्गलैण्डमा पाँच वर्ष नै अध्ययन गरेर यो उपाधि प्राप्त हुन्छ । इङ्गलैण्डका सुप्रसिद्ध दार्शनिक विद्वान्लाई बाइनर जुन बेला किशोर वयका थिए र आफ्नू अध्ययन समाप्त गरेर ग्रेजुएट हुनै खोजिरहेथे, त्यसै बेला उनको र उनका सहपाठीहरूको साधारण परीक्षा लिइयो । परीक्षकले तीसित र तिनका समकक्ष छात्रहरूसित यो प्रश्न गरे—'ईसामसीहले पानीलाई रातो रक्सी कसरी बनाइदिए ?' ती र तिनका समकक्ष समस्त विद्यार्थी एक घण्टामा लिखित उत्तर प्रदान गरून् भन्ने व्यवस्था दिइयो । लाई बानरका सबै सहपाठी एकाग्र मनले उत्तर लेख्न बसे र छिटो-छिटो कागजको पृष्ठ भर्नलागे । तर लार्ड बाइनर आफ्नू कापी सामुन्ने राखेर मौन बसिरहे । तिनको त्यो निश्चेष्टता देखेर तिनका मित्रले उनीसित उत्तर लेख्ने अनुरोध गरे, तर तिनले मित्रका कुराको वास्तै गरेनन् । अन्त्यमा निर्धारित समय समाप्त हुने घण्टी बज्नलाग्यो । घण्टीको पहिलो चोट पर्दासाथ बाइनरले कलम उठाए र कापीमा केवल यति लेखिदिए—The water saw her master and she blushed —अर्थात पानो आफ्नू रचयितालाई देखेर लाजले रातो रक्सी भयो ।' समय पूर्ण भएपछि उत्तर संग्रह गर्ने पदाधिकारीले सबैभन्दा पहिले लार्ड बाइनरकै कापी उठायो । उसलाई विश्वास थियो—ती निश्चेष्ट बसिरहनाले केही पनि उत्तर लेख्न सकेका होइनन्, तर कापी उठाएपछि उसले जब लार्ड बाइनर महोदयको पूर्वोक्त प्रतिका पूर्ण उत्तर देखेर बालक दार्शनिकको भविष्य उज्ज्वल ठानेर ती दङ्ग परे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत, वेद, मन्त्र, तीर्थ, यम-नियमादि वशमा पार्न सक्तैनन् ॥ १ ॥ २ ॥ हे निष्पाप ! रजःप्रधान प्रकृतिका दैत्य, राक्षस, पक्षी, मृग, गन्धर्व, अप्सरा, नाग, सिद्ध, चारण, गुह्यक, विद्याधर तथा मनुष्यमा वैश्य, शूद्र, नारी र चाण्डाल ती युगमा ममा प्राप्त भइसकेका छन् । वृत्रासुर, प्रह्लाद, वृषपर्वा, बलि, बाणासुर, मय, विभीषण, सुग्रीव, हनुमान्, जाम्बवान्, गजेन्द्र, जटायु, तुलाधर वैश्य, धर्मव्याध, कुब्जा, व्रजका गोपिनी, यज्ञ गर्ने मुनिहरूका पत्नी इत्यादि र अनेक अरु पनि उनैमा गनिन सक्तछन् ॥३-६॥ ती सबैले न वेद पढेका थिए, न महात्माहरूको उपासना गरेका थिए, न कुनै तपस्या गरेका थिए, तर सत्सङ्गले नै ममा प्राप्त भएका थिए ॥७॥ गोपिनी, गाई, वृक्ष अर्थात् यमलार्जुन, मृग र अरु पनि मूढ कालिय नागादि अनेक जीव केवल प्रेमले कृतार्थ भएर मलाई सहजै प्राप्त गरिसकेका छन् ॥८॥ मलाई पाउनु अन्य युक्तिले उति सजिलो छैन, किनकि मेरो स्वरूपलाई योग, सांख्य, दान, व्रत, तप, यज्ञ, व्याख्यान, वेदपाठ र संन्यासद्वारा यत्न गरेर पनि जान्न सक्तैन ॥ ९ ॥ जब आफूले मलाई र बलरामलाई मथुरा लगे, तब ममा अनुरक्त गोपिनीलाई मेरो

खगाः ॥ गन्धर्वाप्सरसो नागाः सिद्धाश्चारणगुह्यकाः ॥ ३ ॥ विद्याधरा मनुष्येषु वैश्याः शूद्राः स्त्रियोऽन्त्यजाः ॥ रजस्तमः प्रकृतयस्तस्मिं-स्तस्मिन्युगेऽनघ ॥ ४ ॥ बहवो मत्पदं प्राप्तास्त्वाष्ट्रकायाधवादयः ॥ वृषपर्वा बलिर्बाणो मयश्चाथ विभीषणः ॥ ५ ॥ सुग्रीवो हनुमानृक्षो गजो गृध्रो वणिक्पथः ॥ व्याधः कुब्जा व्रजे गोप्यो यज्ञपत्न्यस्तथापरे ॥ ६ ॥ ते नाधीतश्रुतिगणा नोपासितमहत्तमाः ॥ अव्रतातप्ततपसः सत्सङ्गा-न्मामुपागताः ॥ ७ ॥ केवलेन हि भावेन गोप्यो गावो नगा मृगाः ॥ येऽन्ये मूढधियो नागाः सिद्धा मामीयुरञ्जसा ॥ ८ ॥ यं न योगेन सांख्येन दानव्रततपोऽध्वरैः ॥ व्याख्यास्वाध्यायसंन्यासैः प्राप्नुयाद्यत्नवानपि ॥ ९ ॥ रामेण सार्धं मथुरां प्रणीते श्वाफल्किना मय्यनुरक्तचित्ताः ॥ विगाढभा-वेन न मे वियोगतीव्राधयोऽन्यं ददृशुः सुखाय ॥ १० ॥ तास्ताः क्षपाः प्रेष्ठतमेन नीता मयैव वृन्दावनगोचरेण ॥ क्षणार्धवत्ताः पुनरङ्ग तासां हीना मया कल्पसमा बभूवुः ॥ ११ ॥ ता नाविदन्मय्यनुषङ्गबद्धधियः स्वमात्मानमदस्तथेदम् ॥ यथा समाधौ मुनयोऽब्धितोये नद्यः प्रविष्टा इव नामरूपे ॥ १२ ॥ मत्कामा रमणं जारमस्वरूपविदोऽबलाः ॥ ब्रह्म मां परमं प्रापुः सङ्गाच्छतसहस्रशः ॥ १३ ॥ तस्मात्त्वमुद्धवोत्सृज्य चोदनां प्रतिचोदनाम् ॥ प्रवृत्तं च निवृत्तं च श्रोतव्यं श्रुतमेव च ॥ १४ ॥ मामेकमेव शरणमात्मानं सर्वदेहिनाम् ॥ याहि सर्वात्मभावेन मया स्या ह्यकु-

विरहले कति तीखो मानसिक व्यथा भएको थियो, तापनि उनले सुखको निम्ति अर्कोतिर दृष्टि दिएनन्॥१०॥हे उद्धव ! वृन्दावनमा बस्ता म अत्यन्त प्रेमीसित जसका रात्रिहरू आधा क्षण झैं बितेका थिए, मेरो विरहमा तिनै रात्रि गोपिनीहरूलाई कल्पको समान भयो ॥११॥ ममा आसक्तिले तिनको बुद्धि यस्तो बाँधिएको थियो–तिनलाई आफ्नू यो देह, पर वा निकटको वस्तुको ज्ञान रहेन, जस्तो कि मुनिहरूलाई समाधिमा नाम तथा रूपको ज्ञान रहन्न । अतः ती समुद्रमा नदीहरू झैं ममा लीन भएका थिए ॥ १२ ॥ सयकडौं र सहस्रौं गोपिनी जो मेरो यथार्थ रूपलाई जान्दैनथे र परस्त्रीसित रमण गर्ने लठ्ठवा ठानेर परब्रह्मस्वरूप मसित प्रेम गर्दथे, ती पनि सत्सङ्गको प्रभावले म परब्रह्ममा प्राप्त भए ॥ १३ ॥ हे उद्धव ! अब तिमी वेद र स्मृतिका विधि, प्रवृत्ति र निवृत्तिका कर्म तथा पठनीय र पठित शास्त्रका झयाउलाहरू छाडेर पूर्णरूपले म सबै शरीरधारीका अन्तर्यामीको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै शरणमा जाऊ। यसरी म द्वारा तिमी भयरहित हुनेछौ ॥ १४ ॥ १५ ॥ उद्धव भन्दछन्—हे योगेश्वर! हजुरका कुरा सुनेर मेरा चित्तको संशय निवृत्त हुन सकेन, बरु झन् मेरो मन भ्रममा परेको छ ॥ १६ ॥ भगवान् भन्नुहुन्छ—इन्द्रियले नजान्ने योग्य तथा सबैलाई जीवित राख्ने त्यो परमात्मा आधारचक्र (जुन चक्र नाभिको मास्तिर स्थित छ र शब्दको अभिव्यक्त हुने क्रम बताएर त्यही शब्दलाई परमात्माको स्वरूप बताइएको छ) इत्यादिमा अभिव्यक्त हुन्छ। त्यसको क्रम यस प्रकार छ—त्यो परानामक नादयुक्त वाक्य प्राणसहित आधारचक्रमा प्रविष्ट रहन्छ। त्यो क्रमशः मनोमय, नादात्मक, सूक्ष्मरूप, पश्यन्ती तथा मध्यमा नाममा प्राप्त हुन्छ। यो रूप क्रमशः मणिपूरक चक्र र विशुद्ध चक्रमा प्राप्त हुन्छ। त्यसपछि मुखमा ह्रस्व इत्यादि रूप, उदात्त-अनुदात्तारादि स्वरको स्वरूप तथा स्वर र व्यञ्जनको भेदमा प्राप्त भएर विस्तारले वेदादिको रूपमा परिणत हुन्छ ॥१७॥ जस्तै—अग्नि आकाशमा उष्मारूपले रहेर पनि अप्रकट रहन्छ। त्यो काठमा बलपूर्वक मन्थन गर्नाले वायुको सहायता पाएर सूक्ष्म अर्थात् झिल्कारूपमा प्रकट हुन्छ। अनि त्यही हव्य पाएर एवं बढी स्थूलतारूपले बढ्न थाल्दछ। त्यस्तै वैखरीरूपिणी वाणी मेरो स्थूल अभिव्यक्ति हो ॥१८॥ यसरी बोल्नु, काम गर्नु, हिंड्नु, मल-मूत्र त्याग, सुँघ्न, स्वाद

तोभयः ॥ १५ ॥ उद्धव उवाच ॥ संशयः शृण्वतो वाचं तव योगेश्वरेश्वर ॥ न निवर्तत आत्मस्थो येन भ्राम्यति मे मनः ॥१६॥ श्रीभगवानुवाच ॥ स एष जीवो विवरप्रसूतिः प्राणेन घोषेण गुहां प्रविष्टः ॥ मनोमयं सूक्ष्ममुपेत्य रूपं मात्रा स्वरो वर्ण इति स्थविष्ठः ॥ १७ ॥ यथाऽनलः खेऽनिलबन्धुरूष्मा बलेन दारुण्यधिमथ्यमानः ॥ अणुः प्रजातो हविषा समिध्यते तथैव मे व्यक्तिरियं हि वाणी ॥ १८ ॥ एवं गदिः कर्म गतिर्विसर्गो घ्राणो रसो दृक्स्पर्शः श्रुतिश्च ॥ सङ्कल्पविज्ञानमथाभिमानः सूत्रं रजः सत्त्वतमोविकारः ॥ १९ ॥ अहं हि जीवस्त्रिवृदब्जयोनिरव्यक्त एको वयसा स आद्यः ॥ विश्लिष्टशक्तिर्बहुधेव भाति बीजानि योनिं प्रतिपद्य यद्वत् ॥ २० ॥ यस्मिन्निदं प्रोतमशेषमोतं पटो यथा तन्तुवितानसंस्थः ॥ य एष संसारतरुः पुराणः कर्मात्मकः पुष्पफले प्रसूते ॥ २१ ॥ द्वे अस्य बीजे शतमूलस्त्रिनालः पञ्चस्कन्धः पञ्चरसप्रसूतिः ॥ दशैकशाखो द्विसुपर्णनीडस्त्रिवल्कलो द्विफलोऽर्कं प्रविष्टः ॥ २२ ॥ अदन्ति चैकं फलमस्य गृध्रा ग्रामेचरा एकमरण्यवासाः ॥ हंसा य एकं बहुरूपमिज्यैर्मायामयं वेद स वेद

लिनू, हेर्नू, छुनू, सुन्नू, सङ्कल्प, विज्ञान, सूत्र र आधिदैविक आदि सृष्टि मेरो नै अभिव्यक्ति हो ॥ १९ ॥ ईश्वर तीन गुणका आश्रय, संसाररूपी कमलको उत्पत्ति हुने स्थान, अव्यक्त, एक र अनादि छ। यसका अंग जब कालद्वारा विभाजित हुन्छन्, अनि यो अनेक झैं देखिन थाल्दछ। जस्तै—यौटै बीज खेतमा परेर अनेक रूपले प्रकट हुन्छन् ॥ २० ॥ यो संसार तिनमा उस्तै भिजेको छ, जस्तो कि सूत्रका ताना-बानामा वस्त्र स्थित रहन्छ। ईश्वर कर्म-स्वभाव संसारको वृक्ष हो र भोग तथा मोक्षरूप फूल र फललाई उत्पन्न गर्दछ ॥ २१ ॥ पाप-पुण्य यसका दुइ बीज छन्, अनन्त वासनाहरू यसका जरा छन्, तीन गुण यसका तीन लहरा हुन्, पञ्चमहाभूत यसका हाँगा, शब्दादि पाँच विषयरूपी रस यसबाट उत्पन्न हुन्छ, यस दस इन्द्रिय र मन एघार यसका शाखाहरू हुन्। यसमा जीवात्मा र परमात्मा यी दुइ पक्षीका गुँड छन् र वात, पित्त, कफ तीन बोक्रा छन्। सुख-दुःखदुवै यसका फल हुन् र यो सूर्य-मण्डलमा झाँगिएको छ ॥२२॥ गिद्ध जस्तै विषयलोलुप गृहस्थ यसका दुःखरूप फललाई र हंसको झैं वनमा डुल्ने ज्ञानी जन सुखरूप फललाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोग्दछन् । जो पूज्य गुरुको सेवा गरेर मायाले अनेक रूपधारी ती अद्वितीय परमात्मालाई जानिलिन्छन्, तिनै तत्त्वार्थका ज्ञाता हुन ॥२३॥ हे उद्धव ! तिमी पनि धैर्य धारण गरेर सावधान रही गुरुको उपासना गरी अनन्य भक्तिद्वारा आफ्नू विद्यारूपी बञ्चरो उध्याइराख । त्यसैले सावधानीपूर्वक जीवाशयलाई काटेर अर्थात् देहाभिमान त्यागेर परमात्मामा प्राप्त होऊ र अन्य सबै उपायरूपी अस्त्रलाई त्यागिदेउ ॥२४॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' भाषाटीकायां द्वादशोऽध्यायः ॥ १२ ॥

(सत्वगुणको वृद्धिले विद्योदयको क्रम)—भगवान् आज्ञा हुन्छ—हे उद्धव ! सत्व, रज र तम यी गुण बुद्धिका हुन्, आत्माका होइनन् । इनमा रज र तमलाई सत्त्वगुणले नष्ट गर र सत्त्व अर्थात् सत्य-दयादिलाई पनि सत्य अर्थात् चित्तले नष्ट पार ॥१॥ सत्त्व बढ्नाले पुरुषमा मेरो भक्तिको चिह्नयुक्त धर्म प्राप्त हुन्छ । सत्त्वगुणी वस्तुको उपासनाले सत्त्वगुण बढ्दछ र धर्ममा प्रवृत्ति हुन्छ ॥ २ ॥ धर्मले रजोगुण नष्ट हुन्छ, फेरि सत्त्वगुण बढ्नू नै श्रेष्ठ छ । अतः रजोगुण र तमोगुण भएपछि तिनैबाट उत्पन्न हुने अधर्म पनि शीघ्र नष्ट भएर जान्छ

वेदम् ॥ २३ ॥ एवं गुरूपासनयैकभक्त्या विद्याकुठारेण शितेन धीरः ॥ विवृश्च्य जीवाशयमप्रमत्तः सम्पद्य चात्मानमथ त्यजास्त्रम् ॥ २४ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे द्वादशोऽध्यायः ॥ १२ ॥

श्रीभगवानुवाच ॥ सत्त्वं रजस्तम इति गुणा बुद्धेर्न चात्मनः ॥ सत्त्वेनान्यतमौ हन्यात्सत्त्वंसत्त्वेन चैव हि ॥१॥ सत्त्वाद्धर्मो भवेद्वृद्धात्पुंसो मद्भक्तिलक्षणः ॥ सात्त्विकोपासया सत्त्वं ततो धर्मः प्रवर्तते ॥२॥ धर्मो रजस्तमो हन्यात्सत्त्ववृद्धिरनुत्तमः ॥ आशु नश्यति तन्मूलो ह्यधर्म उभये हते ॥ ३ ॥ आगमोऽपः प्रजा देशः कालः कर्म च जन्म च ॥ ध्यानं मन्त्रोऽथ संस्कारो दशैते गुणहेतवः॥४॥ तत्तत्सात्त्विकमेवैषां यद्यद्वृद्धाः प्रचक्षते ॥ निन्दन्ति तामसं यत्तद्राजसं तदुपेक्षितम् ॥५॥ सात्त्विकान्येव सेवेत पुमान्सत्त्वविवृद्धये ॥ ततो धर्मस्ततो ज्ञानं यावत्स्मृतिरपोहनम् ॥६॥ वेणुसंघर्षजो वह्निर्दग्ध्वा शाम्यति तद्वनम् ॥ एवं गुणव्यत्ययजो देहः शाम्यति तत्क्रियः॥७॥ उद्धव उवाच ॥ वदन्ति मर्त्याः प्रायेण विषयान्पदमापदाम्॥तथापि भुंजते कृष्ण तत्कथं श्वखराजवत्॥८॥ श्रीभगवानुवाच ॥ अहमित्यन्यथा बुद्धिः प्रमत्तस्य यथा हृदि ॥ उत्सर्पति रजो घोरं ततो वैकारिकं मनः ॥९॥ रजोयुक्तस्य मनसः

॥ ३ ॥ शास्त्र, जल, मनुष्य, स्थान, समय, कर्म, जन्म, ध्यान, मन्त्र र संस्कार यी दस वस्तु गुणका हुन् । यी मध्ये प्रत्येक वस्तु सत्त्वादि भेदले तीन-तीन प्रकार हुन्छन् । जस्तै-कुनै शास्त्र सत्त्वगुणलाई कुनै रजोगुण र कुनै तमोगुणलाई उत्पन्न गर्दछन्, त्यस्तै जल इत्यादिको विषयमा बुझ्नु पर्दछ ॥ ४ ॥ यी मध्ये जुन-जुन शास्त्र आदिको ठूला जान्ने व्यक्तिहरूले प्रशंसा गरेका छन्, त्यसलाई सत्त्वगुणको उत्पादक बुझ्नु पर्दछ । जसको निन्दा गरिएको छ, त्यो तमोगुणको उत्पादक जान्नु । रजोगुण उत्पन्न गर्ने वस्तुहरूमा उनले ध्यान दिएका छैनन् ॥ ५ ॥ सत्त्वगुण बढाउने पुरुष सात्त्विक वस्तुको नै सेवन गरून् । सत्त्वको वृद्धिले धर्म र अधर्मले उच्च ज्ञान प्राप्त हुन्छ जसले शरीराभिमान पनि छुटेर जान्छ र मेरो स्वरूपको साक्षात्कार हुन्छ ॥ ६ ॥ जस्तै—बाँसहरूको संघर्षले उत्पन्न अग्नि त्यसलाई पोलेर नै शान्त हुन्छ, त्यस्तै गुणका क्षोभले उत्पन्न देह अग्नि झैं गुणहरूलाई पोलेर नै शान्त हुँछ—अन्यथा हुँदैन ॥ ७ ॥ उद्धवले भने—हे कृष्ण ! प्रायः विषयलाई व्यक्ति विपत्तिहरूको स्थान भन्ने गर्दछन् तापनि ती कुकुर, गर्दभ र खपी झैं विषयहरूलाई किन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोग्दछन् ? ॥ ८ ॥ भगवान् भन्नुहुन्छ—अज्ञानी व्यक्तिको हृदयमा जसै 'म' यो मिथ्या बुद्धि उत्पन्न हुन्छ,तत्काल सत्व-प्रधान मन पनि दुःखप्रद रजोगुणले भरिन्छ ।।९।। रजोगुणयुक्त मनमा अनेक थरिका संङ्कल्पको उदय हुन्छ । त्यसले विषयाभिलाषा बढ्दछ र विषयका अनेक गुणको ध्यान गर्नाले दुर्बुद्धि व्यक्तिका निम्ति त्यो विषयाभिलाषा दुःसह हुन्छ ॥ १० ॥ त्यसको वशीभूत भएर अजितेन्द्रिय व्यक्ति कष्टपूर्ण कर्म गर्दछ । यद्यपि त्यो जान्दछ—यी कर्मका फल दुःखमयछन् तापनि रजोगुणको वेगद्वारा उत्पादित मोहले युक्त रहन्छ ॥ ११ ॥ जब कुनै विद्वान् रज तथा तमले विक्षिप्त-बुद्धि भइजान्छ तब त्यो सावधानीले मन ममा लगाइदिन्छ र विषयका दोषमा ध्यान दिई तिनमा आसक्त हुँदैन ॥ १२ ॥ अतएव वेला वेलामा श्वासलाई जितेर, आसन दृढ पारी सावधानी र निरलसतापूर्वक विस्तार-विस्तार मन ममा लगाई स्थिर पारोस् ॥ १३ ॥ मेरा शिष्य सनकादिहरूले यतिलाई नै योग भनेका छन्–जसरु मन सबैतिरबाट बटुलेर ममा लगाइदिन सकियोस् ॥ १४ ॥ उद्धवले सोधे—हे केशव ! तिमीले जुन रूपमा सनक-सनन्दनादिलाई योगको

संकल्पः सविकल्पकः ॥ ततः कामो गुणध्यानाद्दुःसहः स्याद्धि दुर्मतेः ॥ १० ॥ करोति कामवशगः कर्माण्यविजितेन्द्रियः ॥ दुःखोदर्काणि संपश्यन्रजोवेगविमोहितः ॥ ११ ॥ रजस्तमोभ्यां यदपि विद्वान्विक्षिप्तधीः पुनः ॥ अतन्द्रितो मनो युञ्जन्दोषदृष्टिर्न सज्जते ॥ १२ ॥ अप्रमत्तोऽनुयुञ्जीत मनो मय्यर्पयञ्छनैः ॥ अनिर्विण्णो यथाकालं जितश्वासो जितासनः ॥ १३ ॥ एतातान्योग आदिष्टो मच्छिष्यैः सनकादिभिः ॥ सर्वतो मन आकृष्य मय्यद्धाऽऽवेश्यते यथा ॥ १४ ॥ उद्धव उवाच ॥ यदा त्वं सनकादिभ्यो येन रूपेण केशव ॥ योगमादिष्टवानेतद्रूपमिच्छामि वेदितुम् ॥ १५ ॥ श्रीभगवानुवाच ॥ पुत्रा हिरण्यगर्भस्य मानसाः सनकादयः ॥ पप्रच्छुः पितरं सूक्ष्मां योगस्यैकान्तिकीं गतिम् ॥ १६ ॥ सनकादय ऊचुः ॥ गुणेष्वाविशते चेतो गुणाश्चेतसि च प्रभो ॥ कथमन्योन्यसंत्यागो मुमुक्षोरतितीर्षतः ॥ १७ ॥ श्रीभगवानुवाच ॥ एवं पृष्टो महादेवः स्वयंभूर्भूतभावनः ॥ ध्यायमानः प्रश्नबीजं नाभ्यपद्यत कर्मधीः ॥ १८ ॥ स मामचिन्तयद्देवः प्रश्नपारतितीर्षया ॥ तस्याहं हंसरूपेण सकाशमगमं तदा ॥ १९ ॥ दृष्ट्वा मां त उपव्रज्य कृत्वा पादाभिवन्दनम् ॥ ब्रह्माणमग्रतः कृत्वा पप्रच्छुः को भवानिति ॥ २० ॥ इत्यहं मुनिभिः पृष्टस्तत्त्वजिज्ञासुभिस्तदा ॥ यदवोचमहं तेभ्यस्तदुद्धव निबोध मे ॥२१॥ वस्तुनो यद्यनानात्वमात्मनः प्रश्न ईदृशः ॥ कथं घटेत वो विप्रा वक्तुर्वा मे क आश्र-

मार्ग बताएको होस्, त्यो रूप म जान्न चाहन्छु ॥ १५ ॥ भगवान् भन्नुहुन्छ—सनकादि ब्रह्माका मानसिक पुत्र थिए । तिनले योगका प्रधान तथा दुर्विज्ञेय बाटो आफ्ना पिता सित सोधेका थिए ॥ १६ ॥ सनकादिकले भने–हे प्रभो ! चित्त विषयमा लिप्त रहन्छ र विषय वासनारूपले चित्तमा वर्तमान रहन्छ । अनि जो व्यक्ति संसार सागरलाई नाघेर मुक्तिको इच्छा गर्दछ, त्यो विषय र चित्तको संसर्ग कसरी हटाउला ? ॥ १७ ॥ भगवान् भन्नुहुन्छ—त्यसरी सोधेपछि सबै प्राणीहरूलाई उत्पन्न गर्ने तथा स्वयं उत्पन्न हुने श्रेष्ठ देवता ब्रह्माले विचार गरे—तर तिनको बुद्धि कर्मले मोहित थियो, अतः यस प्रश्नको यथार्थ कारण जान्न सकेनन् ॥ १८ ॥ प्रश्नबाट पार पाउन उनले मेरो ध्यान गरे, अनि म हंसरूपले उनको नजीकै । पुगें तिनीहरूले मलाई देखे अनि ब्रह्मालाई अघि लगाई मनेर आएर प्रणाम गरेर सोधे–हजुर को हुनुहुन्छ ? ॥ १९ ॥ २० ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्धव ! तत्त्वजिज्ञासु मुनिगणले जब मसित यस्तो प्रश्न गरे, अनि मैले उनीसित जे भनें, त्यो सुन ॥ २१ ॥ हे विप्र हो ! यदि आत्मारूप वस्तु अनेक छैन भने तिम्रो यस्तो प्रश्न उचित छैन, किनकि तिमीहरूको र 'म' भन्नेको आत्मा यौटै छ ॥ २२ ॥ यदि तिमी पंचमहाभूतले बनेको शरीरको अपेक्षा गरेर यस्तो सोधिरहेका छौ भने यथार्थमा समान छ र यस दशामा 'हजुर को ?' भन्ने प्रश्न केवल वाणीद्वारा भनिएको हो ॥२३॥ मन, वाणी, दृष्टि तथा अन्य इन्द्रियहरूले जे जति जान्न सकिन्छ, त्यो मनै हुँ। मदेखि अरु होइन, यो निश्चित जान ॥२४॥ हे पुत्र हो ! चित्त सदा विषयमा लागिरहन्छ र विषय चित्तमा व्याप्त रहन्छ, तर विषय र चित्त दुवै नै मेरो स्वरूपका उपाधि मात्र हुन् ॥२५॥ सदैव विषयको सेवन गर्नाले चित्त तिनमा लाग्दछ र विषय वासनाद्वारा चित्तमा प्रकट हुन्छन्। यसै निम्ति जो आफूलाई परमात्मा-स्वरूप ठान्दछ, त्यो यी दुवैलाई त्यागोस् ॥२६॥ जाग्रत् स्वप्न

यः ॥ २२ ॥ पञ्चात्मकेषु भूतेषु समानेषु च वस्तुतः ॥ को भवानिति वा प्रश्नो वाचारम्भो ह्यनर्थकः ॥ २३ ॥ मनसा वचसा दृष्ट्या गृह्यतेऽन्यैरपीन्द्रियैः ॥ अहमेव न मत्तोऽन्यदिति बुध्यध्वमञ्जसा ॥ २४ ॥ गुणेष्वाविशते चेतो गुणाश्चेतसि च प्रजाः ॥ जीवस्य देह उभयं गुणाश्चेतो मदात्मनः ॥ २५ ॥ गुणेषु चाविशच्चित्तमभीक्ष्णं गुणसेवया ॥ गुणाश्च चित्तप्रभवा मद्रूप उभयं त्यजेत् ॥ २६ ॥ जाग्रत्स्वप्नः सुषुप्तं च गुणतो बुद्धिवृत्तयः ॥ तासां विलक्षणो जीवः साक्षित्वेन विनिश्चितः ॥ २७ ॥ यर्हि संसृतिबन्धोऽयमात्मनो गुणवृत्तिदः ॥ मयि तुर्ये स्थितो जह्यात्त्यागस्तद्गुणचेतसाम् ॥ २८ ॥ अहङ्कारकृतं बन्धमात्मनोऽर्थविपर्ययम् ॥ विद्वान्निर्विद्य संसारचिन्तां तुर्ये स्थितस्त्यजेत् ॥ २९ ॥ यावन्नानार्थधीः पुंसो न निवर्तेत युक्तिभिः ॥ जागर्त्यपि स्वपन्नज्ञः स्वप्ने जागरणं यथा ॥ ३० ॥ असत्त्वादात्मनोऽन्येषां भावानां तत्कृता भिदा ॥ गतयो हेतवश्चास्य मृषा स्वप्नदृशो यथा ॥३१॥ यो जागरे बहिरनुक्षणधर्मिणोऽर्थान् भुंक्ते समस्तकरणैर्हृदि तत्सदृक्षान् ॥ स्वप्ने सुषुप्त उपसंहरते स एकः स्मृत्यन्वयात्त्रिगुणवृत्तिदृगिन्द्रियेशः ॥३२॥ एवं विमृश्य गुणतो मनसस्त्र्यवस्था मन्मायया मयि कृता इति निश्चितार्थाः ॥ संछिद्य हार्दमनुमानसदुक्तितीक्ष्ण·

सुषुप्ति यी गुणका अवस्थाहरू वस्तुतः बुद्धिका नै हुन्छन्। जीव ती अवस्थादेखि पृथक् रहन्छ र उसको अस्तित्व साक्षीरूपले निश्चित गरिएको छ ॥२७॥ जब जीवलाई गुणका वृत्तिहरू दिने बुद्धिकृत बन्धनलाई प्राणी म परमात्मास्वरूपमा मग्न भएर त्यागिदिए विषय र चित्त स्वयं भिन्न-भिन्न हुन्छन् ॥२८॥अहङ्कारकृत बन्धन रह्यो भने जीव अन्त्यमा प्राप्त हुन्छ। अतः विद्वान् वैराग्य धारण गरेर आत्माको यथार्थ रूपमा मग्न रहोस् र त्यो बन्धन तथा संसारको चिन्ता त्यागोस् ॥२९॥ जबसम्म युक्तिद्वारा पुरुषको द्वैतबुद्धि जाँदैन, तब सम्म त्यो अज्ञानी जागै रहेर पनि निदाउँछ। त्यसको जागरण स्वप्नमा जागै रहनु झैं छ ॥३०॥यस आत्माका देव-मनुष्यादिभाव छैनन् र उनले बनाएका वर्णाश्रमादि भेद पनि हुँदैन। आत्माको स्वर्ग प्राप्ति आदि गतिहरू र तिनलाई प्राप्त गराउने सबै कर्म त्यसै गरी मिथ्या रहन्छ, जसरी स्वप्न देख्ने व्यक्तिको देखेका पदार्थ मिथ्या हुन्छन्, देव-मनुष्यादिभाव देहका हुन्छन्, आत्माको होइन ॥३१॥ जो जाग्रत् अवस्थामा इन्द्रियद्वारा बाहिरी क्षणिक पदार्थहरू भोग्छ, स्वप्नमा उनकै झैं कल्पित पदार्थ भोग्दै सुषुप्तिमा भोगरहित रहन्छ त्यो बुद्धिको तीनै अवस्थालाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देख्ने र इन्द्रियहरूको स्वामी आत्मा यौटै छ, किनकि उसलाई सर्वदा यो सम्झना रहिरहन्छ—मैले बाह्य-विषयको भोग गरेको छु । मैले नै स्वप्न देखें र म नै आनन्दले सुतेको छु ॥ ३२ ॥ यस्तो विचार गरेर तिमी यस कुराको निधो गर कि यी तीनै गुण हेतुक अवस्थाहरू मनका हुन् र मेरी मायाले ममा भासित हुन्छन्, तर वास्तवमा यी अवस्थाहरू आत्माका होइनन् । अतः अनुमान र सद्वाक्यले उत्तेजित ज्ञानरूपी खड्गद्वारा संशयको आधार अहङ्कारलाई काटेर हृदयमा स्थित मलाई भज ॥ ३३ ॥ समस्त संसारलाई भ्रमरूप मानसिक कल्पना मात्र जान, किनकि बल्दो मशाल घुमाउँदा बनेको अग्निको घेरा झैं यो देखिन्छ र पुनः नष्ट हुन्छ, किनकि यो अत्यन्त चंचल छ । यौटा ज्ञान नै अनेक प्रकारले भासित हुन्छ । तीन प्रकारका गुणमयी सृष्टिको धारण भासित हुने अनेकत्व मायाले कल्पित र स्वप्नवत् छ ॥ ३४ ॥ अतः प्राणीको कर्तव्य हो—यस मिथ्या संसार तिरबाट दृष्टि फर्काएर तृष्णा रहित भई-चुपचाप आत्मसुखको अनुभव गर्दै सबै कर्म त्यागोस् । देहोत्पादक कर्मवश यदि कहिले कर्म देखिए पनि जो तुच्छ

ज्ञानासिना भजत माऽखिलसंशयाधिम् ॥३३॥ ईक्षेत विभ्रममिदं मनसो विलासं दृष्टं विनष्टमतिलोलमलातचक्रम् ॥ विज्ञानमेकमुरुधेव विभाति माया स्वप्नस्त्रिधा गुणविसर्गकृतो विकल्पः ॥३४॥ दृष्टिं ततः प्रतिनिवृत्तनिवृत्ततृष्णस्तूष्णीं भवेन्निजसुखानुभवोनिरीहः ॥सन्दृश्यते क्व च यदीदमवस्तुबुद्ध्या त्यक्तं भ्रमाय न भवेत्स्मृतिरानिपातात् ॥३५॥ देहं च नश्वरमवस्थितमुत्थितं वा सिद्धो न पश्यति यतोऽध्यगमत्स्वरूपम् ॥ दैवादपेतमुत दैववशादुपेतं वासो यथा परिकृतं मदिरामदान्धः ॥३६॥ देहोऽपि दैववशगः खलु कर्म यावत् स्वारम्भकं प्रतिसमीक्षत एव सासुः ॥ तं सप्रपञ्चमधिरूढसमाधियोगः स्वाप्नं पुनर्न भजते प्रतिबुद्धवस्तुः ॥३७॥ मयैतदुक्तं वो विप्रा गुह्यं यत्सांख्ययोगयोः ॥ जानीत माऽऽगतं युष्मद्धर्मविवक्षया ॥३८॥ अहं योगस्य सांख्यस्य सत्यस्यर्तस्य तेजसः ॥ परायणं द्विजश्रेष्ठाः श्रियः कीर्तेर्दमस्य च ॥३९॥ मां भजन्ति गुणाः सर्वे निर्गुणं निरपेक्षकम् ॥ सुहृदं प्रिय-

जानेर छाडिएको छ, त्यो भ्रम उत्पन्न गर्न सक्तैन, तर नमरुन्जेल कर्म-संस्कार कुनै न कुनै रूपले सदैव हुँदै रहन्छन् ॥ ३५ ॥ आत्मानुभवरूपी सुखको साक्षात्कार गर्ने व्यक्ति नश्वर देहमा ध्यान दिंदैन । दैववश त्यो उठोस् वा बसोस् या जाओस्, आओस् किनकि त्यो आफ्नू यथार्थ रूपमा पुगिसकेको रहन्छ । जस्तै—रक्सीको लागूले अचेत पुरुष लगाएका लुगाको पनि ख्याल राख्तैन, त्यस्तै—त्यो पुरुष देहमा पनि ध्यान दिंदैन ॥ ३६ ॥ दैवको वशीभूत जुन पूर्वकर्मको भोगका निम्ति रचिएको छ, त्यो नसकिए सम्म, त्यो प्राण र इन्द्रिय सहित तिनको भोगको निम्ति वर्तमान रहिरहन्छ, तर जो समाधियोगमा पुगिसक्यो र तत्वलाई जानिसक्यो, त्यो स्वप्नारूप देहको मिथ्या प्रपञ्चमा अल्झन्न* ॥ ३७ ॥ हे विप्र हो ! जो कुरा सांख्य र योगको रहस्य स्वरूप छ, त्यो मैले भनिसकें । तिनी मलाई आफ्नू धर्मशिक्षक विष्णु जाना ॥३८॥ हे द्विजश्रेष्ठ !

* दृष्टान्त (नैयायिकको मत)—यौटा नैयायिक पण्डितजी कुनै तेलीको पसलमा तेल लिन गए । त्यहाँ उनले कोल्हको गोरुको घाँटीमा बाँधिएको घण्ट देखे । ती महाशय तेल किनिसकेपछि तेलीसित सोधे— गोरुको घाँटीमा घण्ट किन बाँधेको !' तेलीले उत्तर दियो—'जब म कुनै अर्को काम गर्न लाग्दछु तब घण्टीको ध्वनिले थाहा हुन्छ—गोरू हिंडिरहेको छ कि छैन ।' नैयायिक महाशयले भने—यदि उसले उभिएरै घाँटी हल्लाएर घण्टी बजाइरह्यो भने कसरी जान्ने !' तेलीले भन्यो—महाशय ! यही कुशल छ कि मेरो गोरुले न्यायशास्त्र पढेको छैन ।' तात्पर्य के भने-पढे लेखेका मनुष्य नपढेका व्यक्तिको अपेक्षा परिश्रम गर्न गाह्रो मान्दछन् । ती यही विचारमा रहन्छ कि परिश्रम गर्न नपरोस् र धनले उनको घर भरियोस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म नै योग, सांख्य, धर्म, तेज, लक्ष्मी, कीर्ति र दमको मुख्य आश्रय हुँ । म सबैको सुहृद्, प्रिय आत्मा, निर्गुण र निरपेक्ष हुँ । समदर्शिता, अनाशक्ति तथा अरु पनि गुणहरूका सदृश भासित हुने गुण ममा विद्यमान रहन्छन् ॥३९॥४०॥ यसरी मद्धारा सनकादि मुनि सन्देह रहित पारिए र उनले निकैं भक्तिले मेरो स्वागत गरेर विधिवत् स्तोत्रहरूले स्तुति गरे ॥ ४१ ॥ म ती महर्षिहरू द्वारा राम्ररी पूजित र स्तूयमान भएर ब्रह्माले देख्दा-देख्दै आफ्नू धाममा फर्किएँ ॥४२॥ इति एकादशा-स्कन्धे भाषाटीकायां त्रयोदशोऽध्यायः ॥१३॥

उद्धव भन्नलागे–हे कृष्ण ! ब्रह्मवादी जन कल्याणका अनेक मार्ग भन्दछन्, हजुर भक्तिलाई श्रेष्ट भन्नुहुन्छ–यिनको विकल्पले प्रधानता छ वा यी मध्ये कुनै यौटाको नै मुख्यता छ ? ॥१॥ हे स्वामिन् ! हजुरले भन्नुभएको छ–यस्तो भक्तियोगमा अन्य साधनको अपेक्षा रहन्न, जसले सबै आसक्ति छाडेर ब्रह्ममा मन लगाओस् ॥२॥ भगवान् भन्नुहुन्छ–कालवश यो वेदवाणी प्रलयकालमा नष्ट भएको थियो, फेरि सृष्टिको प्रारम्भमा मैले त्यो ब्रह्मालाई बताएँ । यही वेदवाणी या धर्म कहिएको छ र त्यो धर्मको रूप म हुँ ॥३॥ ब्रह्माले

मात्मानं साम्यासङ्गादयो गुणाः ॥४०॥ इति मे छिन्नसन्देहा मुनयः सनकादयः ॥ सभाजयित्वा परया भक्त्याऽगृणत संस्तवैः ॥४१॥ तैरहं पूजितः सम्यक्संस्तुतः परमर्षिभिः ॥ प्रत्येयाय स्वकं धाम पश्यतः परमेष्ठिनः ॥४२॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे त्रयोदशोऽध्यायः ॥१३॥

उद्धव उवाच ॥ वदन्ति कृष्ण श्रेयांसि बहूनि ब्रह्मवादिनः ॥ तेषां विकल्पप्राधान्यमुताहो एकमुख्यता ॥ १ ॥ भवतोदाहृतः स्वामिन्भक्तियोगोऽनपेक्षितः ॥ निरस्य सर्वतः सङ्गं येन त्वय्याविशेन्मनः ॥ २ ॥ श्रीभगवानुवाच ॥ कालेन नष्टा प्रलये वाणीयं वेदसंज्ञिता ॥ मयाऽऽदौ ब्रह्मणे प्रोक्ता धर्मो यस्यां मदात्मकः ॥ ३ ॥ तेन प्रोक्ता च पुत्राय मनवे पूर्वजाय सा ॥ ततो भृग्वादयोऽगृह्णन्सप्त ब्रह्ममहर्षयः ॥ ४ ॥ तेभ्यः पितृभ्यस्तत्पुत्रा देवदानवगुह्यकाः ॥ मनुष्याः सिद्धगन्धर्वाः सविद्याधरचारणाः ॥ ५ ॥ किंदेवा किन्नरा नागा रक्षः-किम्पुरुषादयः ॥ बह्व्यस्तेषां प्रकृतयो रजःसत्त्वतमोभुवः ॥ ६ ॥ याभिर्भूतानि भिद्यन्ते भूतानां मतयस्तथा ॥ यथाप्रकृति सर्वेषां चित्रा वाचः स्रवन्ति हि ॥ ७ ॥ एवं प्रकृतिवैचित्र्याद्भिद्यन्ते मतयो नृणाम् ॥ पारम्पर्येण केषाञ्चित्पाखण्डमतयोऽपरे ॥ ८ ॥ मन्मायामोहितधियः पुरुषाः पुरुषर्षभ ॥ श्रेयो वदन्त्यनेकान्तं यथाकर्म यथारुचि ॥ ९ ॥ धर्ममेके यशश्चान्ये कामं सत्यं दमं शमम् ॥ अन्ये वदन्ति स्वार्थं वा ऐश्वर्यं त्यागभोजनम्

त्यो आफ्ना प्रथम पुत्र मनुसित भने । मनुसित भृगु इत्यादि सात ब्रह्मर्षीले पढे ॥ ४ ॥ तिनै आफ्ना पिताहरूसित उनका पुत्र देव–दानव, मनुष्य, यक्ष, सिद्ध, गन्धर्व, विद्याधर, चारण किन्नर, नाग, राक्षस, किंपुरुष अर्थात् वानरादिले पढे । तिनका रज, तम र सत्वबाट उत्पन्न अनेक थरिका प्रकृतिहरू छन् ॥ ५ ॥ ६ ॥ तिनै प्रकृतिहरूको अनुसार प्राणी र तिनको बुद्धिहरू पनि अनेक थरिका हुन्छन् । प्रकृतिको अनुकूल नै सबैले वेदवाणीको भिन्न-भिन्न रूपमा अर्थ गरेका छन् ॥ ७ ॥ यस प्रकार प्रकृति-भेदको कारण केही मनुष्यका विचारमा पनि भेद पर्दछ र केही व्यक्तिहरू त वेद-विरुद्ध पाखण्ड-मतावलम्बी व्यक्तिहरूपनि हुने गर्दछन् ॥ ८ ॥ हे पुरुष श्रेष्ठ ! मेरी मायाले भ्रान्त बुद्धि हुने अनेक व्यक्ति आफ्नाफ्ना कर्म र रुचि-अनुसार भिन्न-भिन्न प्रकारले कल्याणको मार्ग बताउँछन् ।९॥ केही व्यक्ति धर्मलाई, कोही यशलाई, केही कामलाई, केही सत्यलाई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही शम-दमादिलाई, केही ऐश्वर्यलाई र केही दान र भोगलाई नै परमार्थ भन्दछन् ॥ १० ॥ केही व्यक्ति यज्ञ, तप, दान, व्रत र यम नियमादिलाई पुरुषार्थ मान्दछन् । तर यी कर्मले जुन लोक प्राप्त हुन्छन्, ती आदि-अन्त्ययुक्त, परिणाममा दुःखदायी, अन्त्यमा मोहजनक तुच्छ आनन्ददाता र शोकले परिपूर्ण छन् ।।११।। हे सभ्य ! सबै प्रकारले निरपेक्ष भएर ममा नै मन लगाउने र ममा नै लीन रहने व्यक्तिलाई जुन सुख मिल्दछ, त्यो विषयलोलप व्यक्ति कसरी भेट्टाउँछ ? ॥ १२ ॥ व्यक्ति अकिञ्चन जितेन्द्रिय, शान्त, समबुद्धि मेरो प्राप्तिले नै सन्तुष्ट रहन्छन्, तिनको निम्ति सबै दिशाहरू सुखमय हुन्छन् ॥ १३ ॥ जसले आफ्नू चित्त ममा लगाइदियो, त्यो न ब्रह्मपद, न इन्द्रपद, न सार्वभौम राज्य, न भूमण्डलको आधिपत्य, न योगका सिद्धिहरू, न मोक्ष नै खोज्दछ ॥ १४ ॥ हे उद्धव ! तिमी झैं भक्तगण मलाई जति प्रिय छन्, त्यति ब्रह्मा, शंकर र बलभद्र पनि छैनन्, न लक्ष्मी, न आफ्नू आत्मा नै प्रिय छ ।। १५ ॥ निरपेक्ष, शान्त तथा समदर्शी मुनिको पछि-पछि यस दृष्टिले हिड्दछू कि म तिनको चरण-रजले पवित्र हुन पाउँछु

॥ १० ॥ केचिद्यज्ञतपोदानं व्रतानि नियमान् यमान् ॥ आद्यन्तवन्त एवैषां लोकाः कर्मविनिर्मिताः ॥ दुःखोदर्कास्तमोनिष्ठाः क्षुद्रानन्दाः शुचार्पिताः ॥ ११ ॥ मय्यर्पितात्मनः सभ्य निरपेक्षस्य सर्वतः ॥ मयात्मना सुखं यत्तत्कुतः स्याद्विषयात्मनाम् ॥ १२ ॥ अकिञ्चनस्य दान्तस्य शान्तस्य समचेतसः ॥ मया सन्तुष्टमनसः सर्वाः सुखमया दिशाः ॥ १३ ॥ न पारमेष्ठ्यं न महेन्द्रधिष्ण्यं न सार्वभौमं न रसाधिपत्यम् ॥ न योगसिद्धीरपुनर्भवं वा मय्यर्पितात्मेच्छति मद्विनान्यत् ॥ १४ ॥ न तथा मे प्रियतम आत्मयोनिर्न शङ्करः ॥ न च सङ्कर्षणो न श्रीर्नैवात्मा च यथा भवान् ॥१५॥ निरपेक्षं मुनिं शान्तं निर्वैरं समदर्शनम् ॥ अनुव्रजाम्यहं नित्यं पूयेयेत्यंघ्रिरेणुभिः ॥ १६ ॥ निष्कञ्चना मय्यनुरक्तचेतसः शान्ता महान्तोऽखिलजीववत्सलाः ॥ कामैरनालब्धधियो जुषन्ति यत् तन्नैरपेक्ष्यं न विदुः सुखं मम ॥ १७ ॥ बाध्यमानोऽपि मद्भक्तो विषयैरजितेन्द्रियः ॥ प्रायः प्रगल्भया भक्त्या विषयैर्नाभिभूयते ॥ १८ ॥ यथाग्निः सुसमृद्धार्चिः करोत्येधांसि भस्मसात् ॥ तथा मद्विषया भक्तिरुद्धवैनांसि कृत्स्नशः ॥ १९ ॥ न साधयति मां योगो न सांख्यं धर्म उद्धव ॥ न स्वाध्यायस्तपस्त्यागो यथा भक्तिर्ममोर्जिता ॥२०॥ भक्त्याऽहमेकया ग्राह्यः श्रद्धयात्मा प्रियः सताम् ॥ भक्तिः पुनाति मन्निष्ठा श्वपाकानपि सम्भवात् ॥ २१ ॥ धर्मः सत्यदयोपेतो विद्या वा तपसान्विता ॥ सद्भक्त्याऽपेतमात्मानं न सम्यक्प्रपुनाति

॥ १६ ॥ ममा अनुरक्त, अकिञ्चन, सर्वभूत हितकारी र कामना रहित चित्त हुने महात्मा जुन आनन्दको अनुभव गर्दछन्, केवल निरपेक्षताले प्राप्त हुने मेरो त्यो परमानन्दतिर जानै पाउन्नन् ॥ १६ ॥ यी बाहेक मेरा अजितेन्द्रिय भक्त विषयमा बाँधिएर पनि आफ्नू प्रौढा भक्तिको प्रभावले विषयको चक्रमा गाडिन्नन् ॥ जस्तै बल्दो अग्नि काठलाई पोलिदिन्छ त्यस्तै मेरो भक्ति पनि सारा पापराशिलाई डढाइदिन्छ ॥१९॥ हे उद्धव ! मेरो दृढ भक्ति जसरी मलाई सजिलै प्राप्त गराउँछ, उसै गरी योग, सांख्य, धर्म, तप र दान पनि गराउन सक्तैन ॥२०॥ साधुजनको आत्मारूप म श्रद्धापूर्ण भक्तिले नै सुलभ हुन्छु । मेरी भक्ति चाण्डालादिलाई पनि पवित्र पारिदिन्छे ॥२१॥ मेरो भक्तिरहित पुरुषलाई सत्य र दया-युक्त धर्म र तपले युक्त धर्म र तपले युक्त विद्या पनि पूर्णरूपले पवित्र पार्न सक्तैन ॥२२॥ रोमाञ्च नभई, चित्त द्रवित नभई, आनन्दाश्रु नउर्लिई र भक्ति नभई अन्तःकरण कसरी शुद्ध

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन सक्तछ ? ॥२३॥ जसको वाणी गद्गद हुन्छ र जसको चित्त द्रवीभूत हुन्छ, जो कहिले रुन्छ, कहिले हाँस्छ, कहिले चर्को स्वरले गाउन थाल्दछ र कहिले नाच्न लाग्दछ—मेरो यस्तो भक्त सम्पूर्ण त्रिलोकलाई पवित्र पारिदिन्छ ॥२४॥ जस्तै आगोमा पोलेपछि सुन मल त्यागेर आफ्नू स्वच्छ रूप पाउँछ, त्यस्तै मेरो भक्तियोगद्वारा आत्मा पनि कामवासनाबाट मुक्त भएर आफ्नू स्वरूप अर्थात् मलाई पाउँदछ ॥२५॥ जति मेरा कथा श्रवण र कीर्तनले भक्तको चित्त परिमार्जित हुन्छ, उति त्यो अंजनयुक्त नेत्र समान सूक्ष्म वस्तु अर्थात् तत्वको दर्शन गर्दैजान्छ ॥ २६ ॥ जो पुरुष सदा विषय-चिन्तन गर्दछ, त्यसको चित्त विषयमै लीन हुन्छ ॥ २७ ॥ अतः अन्य साधन स्वप्नको मनोरथ जस्तै असच्चिन्तन मात्र हुन्। तिनलाई त्यागेर मेरो चिन्तनले शुद्ध चित्तलाई ममा लगाओस् ॥ २८ ॥ प्रत्येक व्यक्तिको कर्तव्य हो—त्यो धैर्य राखेर स्त्री र स्त्री लम्पटको संगत परैबाट

हि ॥ २२ ॥ कथं विना रोमहर्षं द्रवता चेतसा विना ॥ विनानन्दाश्रुकलया शुद्ध्येद्भक्त्या विनाशयः ॥ २३ ॥ वाग्गद्गदा द्रवते यस्य चित्तं रुदत्यभीक्ष्णं हसति क्वचिच्च ॥ विलज्ज उद्गायति नृत्यते च मद्भक्तियुक्तो भुवनं पुनाति ॥ २४ ॥॥यथाऽग्निना हेम मलं जहाति ध्मातं पुनः स्वं भजते स्वरूपम् ॥ आत्मा च कर्मानुशयं विधूय मद्भक्तियोगेन भजत्यथो माम् ॥ २५ ॥ यथा यथात्मा परिमृज्यतेऽसौ मत्पुण्यगाथाश्रवणाभिधानैः ॥ तथा तथा पश्यति वस्तु सूक्ष्मं चक्षुर्यथैवाञ्जनसम्प्रयुक्तम् ॥ २६ ॥ विषयान्ध्यायतश्चित्तं विषयेषु विषज्जते ॥ मामनुस्मरतश्चित्तं मय्येव प्रविलीयते ॥२७॥ तस्मादसदभिध्यानं यथा स्वप्नमनोरथम् ॥ हित्वा मयि समाधत्स्व मनो मद्भावभावितम् ॥ २८ ॥ स्त्रीणां स्त्रीसङ्गिनां सङ्गं त्यक्त्वा दूरत आत्मवान् ॥ क्षेमे विविक्त आसीनश्चिन्तयेन्मामतन्द्रितः ॥ २९ ॥ न तथाऽस्य भवेत्क्लेशो बन्धश्चान्यप्रसङ्गतः ॥ योषित्सङ्गाद्यथा पुंसो यथा तत्सङ्गिसङ्गतः ॥३०॥ उद्धव उवाच ॥ यथा त्वामरविन्दाक्ष यादृशं वा यदात्मकम् ॥ ध्यायेन्मुमुक्षुरेतन्मे ध्यानं त्वं वक्तुमर्हसि ॥३१॥ श्रीभगवानुवाच ॥ सम आसन आसीनः समकायो यथासुखम् ॥ हस्तावुत्सङ्ग आधाय स्वनासाग्रकृतेक्षणः ॥ ३२ ॥ प्राणस्य शोधयेन्मार्गं पूरकुम्भकरेचकैः ॥ विपर्ययेणापि शनैरभ्यसेन्निर्जितेन्द्रियः ॥ ३३ ॥ हृद्यविच्छिन्नमोङ्कारं घण्टानादं बिसोर्णवत् ॥ प्राणेनोदीर्य तथा तं पुनः संवेशयेत्स्वरम् ॥ ३४ ॥ एवं

त्यागेर निर्भय तथा निर्जन एकान्तमा बसेर पवित्र मनले मेरो ध्यान गरोस् ॥ २९ ॥ कसै गरी पनि अन्य संगतिले मुमुक्षु व्यक्तिलाई यस्तो बन्धन कदापि प्राप्त हुँदैन, जस्तो कि स्त्री वा उसका मित्रको संगले दृढ बन्धन हुन्छ ॥ ३० ॥ उद्धवले सोधे—हे कमलनयन ! मुमुक्षु व्यक्तिलाई जसरी जुन रूपमा, जस्तो भावले हजुरको ध्यान गर्नु पर्दछ, त्यो आज्ञा होस् ॥३०॥ भगवान् भन्नुहुन्छ—हे उद्धव ! मेरो भक्त समतल आसनमा शरीर सोझो पारेर बसोस्, आफ्ना हात काखमा राखेर आफ्नू दृष्टि नासिकाको अग्रभागमा स्थिर पारोस् ॥३२॥ अनि क्रमशः पूरक, कुम्भक र रेचकद्वारा वा त्यो भन्दा उल्टो क्रमले रेचक, कुम्भक र पूरकद्वारा नाडी शुद्ध पारेर जितेन्द्रिय भई नित्य त्रिस्तार-विस्तार प्राणायामको अभ्यास गरोस् ॥ ३३ ॥ आफ्नू हृदयमा स्थित कमलनाल झैं ओंकारलाई प्राणद्वारा माथि लगेर उसमा घण्टको नाद झैं स्पष्ट स्वर सुनोस् ॥ ३४ ॥ नित्यप्रति तीनै वे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दस-दस पल्ट ओङ्कार सहित प्राणायामको अभ्यास गरोस् यस्तो गर्नाले एक महीना नपुग्दै साधक प्राणवायुलाई आफ्नू वशमा पारिलिन्छ ॥ ३५ ॥ अन्तःकरणमा स्थित माथितिर नाल र तलतिर मुख हुने हृदय-कमललाई माथि मुख भएको, फक्रिएको आठ पंखुडी एवं माझको दल सहित चिन्तन गरेर त्यसका कर्णिकाहरूमा क्रमशः सूर्य, चन्द्रमा र अग्निको भावना गरेर अग्निमण्डलको माझमा मेरो मङ्गलमय स्वरूपको ध्यान गरोस् ॥३६॥३७॥ जुन रूप आफ्ना अनुकूल अंगले सुशोभित, शान्त, राम्रो मुख, दीर्घ र राम्रा चार बाहुले युक्त छ। जसको ग्रीवा सुन्दर र स्वच्छ छ। जसको कपोल राम्रा छन्। जसको हाँसो मनोहर छ। जसको राम्रा कानमा मकराकृत कुण्डल झल्किरहेका छन्। जो मेघ समान श्याम, पीताम्बरधारी र श्रीवत्स एवं लक्ष्मीजीको आश्रय स्थल छ। जो शङ्ख, चक्र, गदा, पद्म तथा वनमालाले विभूषित छन्। जसका चरण-कमल नूपुरले शोभित छन्। कौस्तुभमणिको आभाले सम्पन्न र सबैतिर्बाट शान्तिमय, किरीट, कटक, कन्धनी तथा भुजबन्द आदि आभूषणले युक्त छन्। जो सर्वाङ्ग सुन्दर छन र जसको राम्रो मुख, नेत्र प्रसन्नता प्रकट गरिरहेका

प्रणवसंयुक्तं प्राणमेव समभ्यसेत् ॥ दशकृत्वस्त्रिषवणं मासादर्वाग्जितानिलः ॥ ३५ ॥ हृत्पुण्डरीकमन्तःस्थमूर्ध्वनालमधोमुखम् ॥ ध्यात्वोर्ध्वमुखमुन्निद्रमष्टपत्रं सकर्णिकम् ॥ ३६ ॥ कर्णिकायां न्यसेत् सूर्यसोमाग्नीनुत्तरोत्तरम् ॥ वह्निमध्ये स्मरेद्रूपं ममैतद्ध्यानमङ्गलम् ॥ ३७ ॥ समं प्रशान्तं सुमुखं दीर्घचारुचतुर्भुजम् ॥ सुचारुसुन्दरग्रीवं सुकपोलं शुचिस्मितम् ॥ ३८ ॥ समानकर्णविन्यस्तस्फुरन्मकरकुण्डलम् ॥ हेमाम्बरं घनश्यामं श्रीवत्सं श्रीनिकेतनम् ॥ ३९ ॥ शङ्खचक्रगदापद्मवनमालाविभूषितम् ॥ नूपुरैर्विलसत्पादं कौस्तुभप्रभया युतम् ॥ ४० ॥ द्युमत्किरीटकटककटिसूत्राङ्गदायुतम् ॥ सर्वाङ्गसुन्दरं हृद्यं प्रसादसुमुखेक्षणम् ॥ सुकुमारमभिध्यायेत्सर्वाङ्गेषु मनो दधत् ॥ ४१ ॥ इन्द्रियाणीन्द्रियार्थेभ्यो मनसाऽऽकृष्य मन्मनाः ॥ बुद्ध्या सारथिना धीरः प्रणमेन्मयि सर्वतः ॥ ४२ ॥ तत्सर्वव्यापकं चित्तमाकृष्यैकत्र धारयेत् ॥ नान्यानि चिन्तयेद्भूयः सुस्मितं भावयेन्मुखम् ॥ ४३ ॥ तत्र लब्धपदं चित्तमाकृष्य व्योम्नि धारयेत् ॥ तच्च त्यक्त्वा मदारोहो न किञ्चिदपि चिन्तयेत् ॥ ४४ ॥ एवं समाहितमतिर्मामेवात्मानमात्मनि ॥ विचष्टे मयि सर्वात्मञ्ज्योतिर्ज्योतिषि संयुतम् ॥ ४५ ॥ ध्यानेनेत्थं सुतीव्रेण युञ्जतो योगिनो मनः ॥ संयास्यत्याशु निर्वाणं द्रव्यज्ञानं क्रियाभ्रमः ॥४६॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे चतुर्दशोऽध्यायः ॥ १४ ॥

छन्, यस्तो मेरो सुकुमार देह र त्यस स्वरूपका सबै अंगमा चित्त लगाई ध्यान गरोस् ॥ ३८-४१ ॥ भक्त पुरुषको कर्तव्य हो—आफ्नू मनद्वारा इन्द्रियहरूलाई तिनका विषयबाट तानेर मनलाई बुद्धिरूपी सारथीको सहायताले सर्वाङ्गयुक्त ममा नै लगाओस् ॥ ४२ ॥ चारैतिर फैलिएको चित्त तानेर फेरि एक स्थानमा पारी फेरि मेरो अङ्गको ध्यान नगरेर बराबर मेरो हास्ययुक्त मुखको ध्यान गरोस् ॥४३॥ मेरो मुखारविन्दमा चित्त स्थिर भएपछि त्यसलाई उहाँबाट हटाएर आकाशमा थिएर पारोस। अनि त्यसलाई पनि त्यागेर मेरो शुद्ध स्वरूपमा आरुढ भई अरु केही नसोचोस् ॥ ४४ ॥ यस प्रकार चित्त वशीभूत भएपछि जस्तै यौटा ज्योतिमा अर्को ज्योति मिल्दछ, त्यस्तै साधक भक्त आफूमा मलाई र म सर्वात्मामा आफूलाई देख्न थाल्दछ ॥ ४५ ॥ यसरी तीव्र ध्यानयोग द्वारा आफ्नू चित्तलाई संयम पार्ने योगीका चित्तको द्रव्य, ज्ञान र कर्मसम्बन्धी भ्रम शीघ्र निवृत्त भएर जान्छ ॥ ४६ ॥ इति श्रीमद्-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागवते महापुराणे एकादश स्कन्धे 'वासिष्ठी' भाषाटीकायां चतुर्दशोऽध्यायः ।।१४।।

(सबै सिद्धिहरूको विवेचन)—भगवान् आज्ञा हुन्छ–हे उद्धव ! जितेन्द्रिय, स्थिरचित्त, श्वास जित्ने र मैमा चित्त स्थिर राख्ने योगीलाई नै सिद्धि प्राप्त हुन्छ ।। १ ।। उद्धवले सोधे–हे अच्युत ! योगीहरूलाई सिद्धि दिने हजुर नै हुनुहुन्छ । अतः यो भन्नुहवस्—कुन धारणले कुन सिद्धि प्राप्त हुन्छ र सम्पूर्ण सिद्धिहरूको संख्या कति छ ।। २ ।। भगवान् भन्नुहुन्छ—हे उद्धव ! धारणायोगका पारगामीहरूले जम्मा अठार थरिका सिद्धि भनेका छन् । तीमध्ये आठमा मेरो प्रधानता छ र शेष दस गौण अर्थात् सत्वगुणीको उत्कर्षले मात्र प्राप्त हुने सिद्धि छन् ।। ३ ।। अणिमा, महिमा र लघिमा शरीरका सिद्धि हुन् । प्राप्ति नामक सिद्धिको सम्बन्ध इान्द्रियहरूसित छ । सुन्ने अर्थात् पारलौकिक र दृष्ट अर्थात् लौकिक पदार्थ इच्छानुसार प्राप्त गर्ने प्राकाम्य सिद्धि हो । माया र उसका कार्यलाई इच्छानुसार प्रेरित गर्न सक्नु 'ईशिता' सिद्धि हो । विषयमा अनासक्ति 'वशित्वा' सिद्धि हो । जो इच्छित पदार्थको चरम सीमा प्राप्त गर्छ, त्यो 'प्राकाम्य' सिद्धि कहिन्छ । हे सौम्य ! यी आठै सिद्धिहरू मलाई स्वभावतः प्राप्त छन् ।। ४-५ ।। देहमा भोक-प्यास आदि

श्रीभगवानुवाच ।। जितेन्द्रियस्य युक्तस्य जितश्वासस्य योगिनः ।। मयि धारयतश्चेत उपतिष्ठन्ति सिद्धयः।।१।। उद्धव उवाच ।। कया धारणया कास्वि त्कथं वा सिद्धिरच्युत ।। कति वा सिद्धयो ब्रूहि योगिनां सिद्धिदो भवान् ।।२।। श्रीभगवानुवाच ।। सिद्धयोऽष्टादश प्रोक्ता धारणायोगपारगैः ।। तासामष्टौ मत्प्रधाना दशैव गुणहेतवः ।।३।।अणिमा महिमा मूर्तेर्लघिमा प्राप्तिरिन्द्रियैः ।। प्राकाम्यं श्रुतदृष्टेषु शक्तिप्रेरणमीशता।।४।।गुणेष्वसङ्गो वशिता यत्का मस्तदवस्यति ।। एता मे सिद्धयः सौम्य अष्टावौत्पत्तिका मताः ।। ५ ।। अनूर्मिमत्त्वं देहेऽस्मिन्दूरश्रवणदर्शनम् ।। मनोजवः कामरूपं परकायप्रवेशनम् ।।६।। स्वच्छन्दमृत्युर्देवानां सहक्रीडानुदर्शनम् ।। यथा सङ्कल्पसंसिद्धिराज्ञाऽप्रतिहता गतिः ।। ७ ।। त्रिकालज्ञत्वमद्वन्द्वपरचित्ताद्यभिज्ञया ।। अग्न्यर्का-म्बुविषादीनां प्रतिष्टम्भोऽपराजयः ।।८।। एताश्चोद्देशतः प्रोक्ता योगधारणसिद्धयः ।। यया धारणया या स्याद्यथा वा स्यान्निबोध मे ।।९।। भूतसूक्ष्मा-त्मनि मयि तन्मात्रं धारयेन्मनः ।। अणिमानमवाप्नोति तन्मात्रोपासको मम ।। १० ।। महत्यात्मन्मयि परे यथासंस्थं मनो दधत् ।। महिमानम-

छ ऊर्मी अयात् शारीरिक वेग नहुनु, पश्चात् दर्शन र श्रवण, मन झैं शीघ्र गति हुनु, इच्छानुसार रूप धारण गर्नु, अन्य देहमा प्रविष्ट हुनु, स्वेच्छानुसार मृत्यु हुनु, देवाङ्गनासित हुने देवगणका क्रीडाको अवलोकन, जे सङ्कल्प गऱ्यो, त्यो तत्काल सिद्ध हुनु, अप्रतिहत आज्ञा र लोकान्तरमा अवाध-गति––यी दस सिद्धि सत्व गुणका उत्कर्षले मात्र प्राप्त हुन्छन् ।। ६ ।। ७ ।। त्रिकाल ज्ञाता, निर्द्विन्दता, शीत, उष्ण, सुख-दुःख र राग-द्वेषादि द्वन्द्वको वशीभूत नहुनु, अर्काका मनको कुरा जान्नु अग्नि, सूर्य, जल र विषादिका शक्ति रोकिदिनु र कसैसित पनि पराजित नहुनु––यी पाँच सिद्धि अरु छन् । यी सबै सिद्धि नाम-निर्देशपूर्वक कहिए । यी मध्ये जुन सिद्धि जे जस्तो धारणाले र जसरी गरिन्छ–अब त्यो पनि बुझ ।। ८ ।। ९ ।। जो व्यक्ति तन्मात्रारूपी मन म भूत सूक्ष्मोपाधिक अर्थात् तन्मात्रा स्वरूप परमात्मामा स्थिर पार्दछ, त्यो मेरो तन्मात्रोपासक भक्त कहिन्छ अणिमा नामकी सिद्धि पाउँदछ ।। १० ।। म महत्तत्त्वरूपी परमात्मामा मनलाई महतत्त्वरूपले धारण गर्ने मेरो भक्तले 'महिमा' नामकी सिद्धि पाउँदछ । त्यस्तै पञ्चभूतोपाधिक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा मन लगाउनाले भिन्न-भिन्न तत्त्वको महिमा सिद्धि प्राप्त गर्दछ ॥ ११ ॥ वायु आदि चार तत्त्वका परमाणुरूपा उपाधि हुने मेरो रूपमा मन लगाउनाले कालको सूक्ष्मतारूपिणी 'लघिमा' सिद्धि पाउँछ ॥ १२ ॥ सात्त्विक अहङ्काररूपी म परमात्मामा चित्तको धारणा गर्नाले मेरो ध्यान गर्ने योगी सबै इन्द्रियको अधिष्ठातृरूपी 'प्राप्ति' नामको सिद्धि पाउँछ ॥ १३ ॥ जो व्यक्ति महत्तत्त्वाभिमानी सूत्रात्मामा आफ्नू चित्त स्थिर पार्दछ, त्यो म अव्यक्तजन्मा ईश्वरको 'प्राकाम्य' नामक सर्वश्रेष्ठ सिद्धि पाउँछ ॥ १४ ॥ अनि जुन त्रिगुणमयी मायाको स्वामी म कालरूपी विष्णुमा चित्त लगाउँछ, त्यो क्षेत्र अर्थात् शरीरादिक र क्षेत्रज्ञ अर्थात् जीवलाई आफ्नू इच्छानुसार प्रेरित गर्न सक्ने 'ईशित्व' नामक सिद्धि प्राप्त हुन्छ । त्यसमा सृष्टि र संहारसम्म गर्ने अपार शक्ति आउँदछ ॥ १५ ॥ जुन योगी भगवत्-शब्दले कहिएको म 'तुरीय' संज्ञक नारायणमा मन लगाउँछ, त्यो मेरो स्वभावले युक्त योगी 'वशिता' नामक सिद्धि प्राप्त गर्दछ ॥ १६ ॥ म निर्गुण ब्रह्ममै आफ्नू निर्मल चित्त स्थिर पार्ने योगी परमानन्दस्वरूपिणी उत्तम सिद्धि पाउँछ, जुन प्राप्त भएपछि सबै

वाप्नोति भूतानां च पृथक् पृथक् ॥११॥ परमाणुमये चित्तं भूतानां मयि रञ्जयन् ॥ कालसूक्ष्मार्थतां योगी लघिमानमवाप्नुयात् ॥१२॥ धारयन्मय्यहंतत्त्वे मनो वैकारिकेऽखिलम् ॥ सर्वेन्द्रियाणामात्मत्वं प्राप्तिं प्राप्नोति मन्मनाः ॥ १३ ॥ महत्यात्मनि यः सूत्रे धारयेन्मयि मानसम् ॥ प्राकाम्यं पारमेष्ठ्यं मे विन्दतेऽव्यक्तजन्मनः ॥१४॥ विष्णौ त्र्यधीश्वरे चित्तं धारयेत्कालविग्रहे ॥ स ईशित्वमवाप्नोति क्षेत्रक्षेत्रज्ञचोदनाम् ॥ १५ ॥ नारायणे तुरीयाख्ये भगवच्छब्दशब्दिते ॥ मनो मय्यदधद्योगी मद्धर्मा वशितामियात् ॥ १६ ॥ निर्गुणे ब्रह्मणि मयि धारयन्निशदं मनः ॥ परमानन्दमाप्नोति यत्र कामोऽवसीयते ॥ १७ ॥ श्वेतद्वीपपतौ चित्तं शुद्धे धर्ममये मयि ॥ धारयञ्छ्वेततां याति षडूर्मिरहितो नरः ॥ १८ ॥ मय्याकाशात्मनि प्राणे मनसा घोषमुद्वहन् ॥ तत्रोपलब्धा भूतानां हंसो वाचः शृणोत्यसौ ॥ १९ ॥ चक्षुस्त्वष्टरि संयोज्य त्वष्टारमपि चक्षुषि ॥ मां तत्र मनसा ध्यायन्विश्वं पश्यति सूक्ष्मदृक् ॥ २० ॥ मनो मयि सुसंयोज्य देहं तदनु वायुना ॥ मद्धारणानुभावेन तत्रात्मा यत्र वै मनः ॥ २१ ॥ यदा मन उपादाय यद्यद्रूपं बुभूषति ॥ तत्तद्भवेन्मनोरूपं मद्योगबलमाश्रयः ॥ २२ ॥ परकायं विशन् सिद्ध आत्मानं तत्र भावयेत् ॥ पिण्डं हित्वा विशेत्

कामनाको अन्त्य हुन्छ ॥ १७ ॥ हे उद्धव ! धर्ममय र विशुद्धस्वरूप श्वेतद्वीपाधिपतिमा चित्तको धारणा गर्नसक्ने योगी जन्म-मरण, तृष्णा, शोक तथा मोहरूपिणी छ ऊर्मिहरूले युक्त भएर मेरो विशुद्ध स्वरूपमा प्राप्त हुन्छ ॥ १८ ॥ समष्टि-प्राणरूपी म आकाशात्मा परमात्मामा मनद्वारा नादको चिन्तन गर्दै जीव वण नामको सिद्धि द्वारा आकाश-मा उपलब्ध हुने विविध प्राणीहरूको बोली सुन्न सक्तछ ॥ १९ ॥ नेत्रलाई सूर्यमा र सूर्यलाई नेत्रमा संयुक्त गरेर ती दुवैका संयोगको मनमनै धारण गर्नाले सूक्ष्मदर्शी योगी 'दूरदर्शन' नामको सिद्धिले सारा संसारलाई स्पष्ट देख्न सक्तछ ॥ २० ॥ मन र देहलाई तिनका अनुगामी प्राणवायु समेत ममा राम्ररी जोडेर मेरो धारणा गर्नाले उसको जहाँ चित्त जान्छ, उहीं शरीर पनि पुग्दछ । यो 'मनोजव' सिद्धि कहिन्छ ॥ २१ ॥ मनलाई उपादान कारण तुल्याएर योगी जब जस्तो रूप धारण गर्न खोज्दछ, त्यस्तै नै मनोनुकूल रूपवाला हुनेछ र ममा गरिएको योग धारणाको बलले नै ऊ त्यस्तो हुनमा कारण हुन्छ ॥ २२ ॥ अनि जो योगी कुनै अरूको शरीरमा प्रवेश गर्न चाहन्छ, त्यो आफ्नू आत्माको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसमा भावना गरोस्। त्यस्तो गर्नाले बाह्य वायुरूप भई योगी यौटा फूलबाट अर्को फूलमा जस्तै भ्रमर झैं त्यो शरीर छाडेर अर्को शरीरमा प्रवेश गर्न सक्तछ ॥२३॥ यदि योगीलाई शरीर त्याग्नु छ भने कुर्कुच्चा द्वारा गुदद्वार थिचेर प्राणवायु क्रमशः हृदय, वक्षस्थल, कण्ठ र मूर्धामा लगेर ब्रह्मरन्ध्र द्वारा उसलाई ब्रह्म प्राप्त गराएर शरीर त्यागोस् ॥ २४ । यदि देवताहरूको विहारस्थलमा क्रीडा गर्ने इच्छा भए ममा स्थित शुद्ध सत्त्वको भावना गरोस्। यसले सत्त्ववृत्तिरूपिणी सुर-सुन्दरी विमान सहित उसाकहाँ तत्काल उपस्थित हुन्छन् ॥ २५ ॥ म सत्यस्वरूपमा चित्त स्थिर पारेर मेरो ध्यान गर्ने व्यक्ति आफ्नू बुद्धिद्वारा जब जस्तो सङ्कल्प गर्दछ, तत्काल त्यही बन्नसक्तछ ॥ २६ ॥ जो पुरुष सर्वनियन्ता तथा नित्य स्वाधीन परमात्माको स्वभावमा प्राप्त हुन्छ, त्यसको आज्ञा मेरै आज्ञाको समान कहीं पनि उल्लंघन हुन पाउन्न ॥ २७ ॥ अनि मेरो दृढ भक्तिद्वारा जुन धारणा परायण योगीको चित्त शुद्ध भइसकेको रहन्छ, त्यसको बुद्धि जन्म-मृत्यु आदि अदृष्ट विषयका ज्ञानले युक्त र त्रिकालदर्शिनी हुन्छ ॥ २८ ॥ जस्तै—जलले कुनै जन्तुहरूको नाश

प्राणो वायुभूतः षडङ्घ्रिवत् ॥ २३ ॥ पाष्ण्यापीड्य गुदं प्राणं हृदुरःकण्ठमूर्धसु ॥ आरोप्य ब्रह्मरन्ध्रेण ब्रह्म नीत्वोत्सृजेत्तनुम् ॥२४॥ विहरिष्यन्सुराक्रीडे मत्स्थं सत्त्वं विभावयेत् ॥ विमानेनोपतिष्ठन्ति सत्त्ववृत्तीः सुरस्त्रियः ॥ २५ ॥ यथा सङ्कल्पयेद्बुद्धया सदा वा मत्परः पुमान् ॥ मयि सत्ये मनो युञ्जँस्तथा तत्समुपाश्नुते ॥ २६ ॥ यो वै मद्भावमापन्न ईशितुर्वशितुः पुमान् ॥ कुतश्चिन्न विहन्येत तस्य चाज्ञा यथा मम ॥ २७ ॥ मद्भक्त्या शुद्धसत्त्वस्य योगिनो धारणाविदः ॥ तस्य त्रैकालिकी बुद्धिर्जन्ममृत्यूपबृंहिता ॥ २८ ॥ अग्न्यादिभिर्न हन्येत मुनेर्योगमयं वपुः ॥ मद्योगश्रान्तचित्तस्य यादसामुदकं यथा ॥२९॥ मद्विभूतीरभिध्यायञ्छ्रीवत्सास्त्रविभूषिताः ॥ ध्वजातपत्रव्यजनैः सः भवेदपराजितः ॥३०॥ उपासकस्य मामेवं योगधारणया मुनेः ॥ सिद्धयः पूर्वकथिता उपतिष्ठन्त्यशेषतः ॥ ३१ ॥ जितेन्द्रियस्य दान्तस्य जितश्वासात्मनो मुनेः ॥ मद्धारणां धारयतः का सा सिद्धिः सुदुर्लभा ॥ ३२ ॥ अन्तरायान् वदन्त्येता युञ्जतो योगमुत्तमम् ॥ मया सम्पद्यमानस्य कालक्षपणहेतवः ॥३३॥ जन्मौषधितपोमन्त्रैर्यावतीरिह सिद्धयः ॥ योगेनाप्नोति ताः सर्वा नान्यैर्योगगतिं व्रजेत् ॥ ३४ ॥ सर्वासामपि सिद्धनां हेतुः पतिरहं प्रभुः ॥ अहं योगस्य सांख्य-

गर्दैन, त्यस्तै जसको चित्त ममा लागि रहनाले शिथिल भइसकेको रहन्छ, त्यसको योगमय शरीरको अग्नि आदिले नाश हुन पाउन्न ॥ २९ ॥ जुन उत्तम भक्त श्रीवत्स, शङ्ख, चक्र, गदा, पद्मादि आयुधले विभूषित तथा ध्वजा, छत्र र व्यजन आदिले अलंकृत मेरा अवतारहरूको ध्यान गर्दछ, त्यो साधक अजेय बन्दछ ॥ ३० ॥ यसरी योग धारणा द्वारा मेरो उपासना गर्ने मुनिलाई पूर्वोक्त सबै सिद्धि पूर्णरूपले प्राप्त हुन्छन् ॥ ३१ ॥ जो जितेन्द्रिय, संयमी र प्राणलाई जित्ने मुनि बन्दछ, त्यो निरन्तर मेरो नै धारणा गर्ने मुनिलाई यस्तो कुन सिद्धि छ, जुन दुर्लभ छ ? ॥ ३२ ॥ उत्तम योगाभ्यास गर्दा गर्दा जसको चित्त ममा लागिसकेको छ, त्यस समर्थ योगीको निम्ति यी सबै सिद्धि व्यर्थ कालक्षेपको कारण हुनाले विघ्नरूप कहिन्छन् ॥ ३३ ॥ जन्म, औषधि, तप र मन्त्र आदिले प्राप्त हुने जति सिद्धिहरू छन्, यस लोकमा ती सबैलाई पुरुष आफ्ना योगद्वारा प्राप्त गर्न सक्तछ, तर योगीको गतिरूपिणी सारूप्य, सायुज्य र सालोक्यादि मुक्ति ममा चित्त लगाउनु बाहेक कुनै अन्य उपायले मिल्न सक्तैन ॥ ३४ ॥ सबै सिद्धि र ब्रह्मवेत्ताहरूले बताएका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग, सांख्य र धर्म आदि साधनका एक मात्र हेतु, स्वामी र प्रभु म नै हुँ । जस्तै—पवै प्राणीहरूमा पाँच तत्त्व बाहिर-भित्र सबैतिर स्वयं अवस्थित रहन्छन्, त्यस्तै नै सम्पूर्ण आवरण रहित सबै प्राणीहरूका बाह्य अर्थात् व्यापक र आन्तरिक अर्थात् अन्तर्यामी आत्मा हुँ । तात्पर्य हो—द्रष्टा क्षेत्रज्ञ र दृश्य क्षेत्र यी दुवै मेरै स्वरूप हुन् ॥ ६ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां पञ्चदशोऽध्यायः ॥ १५ ॥

(समस्त विभूतिहरूको विवेचन)—उद्धव भन्दछन्—हे प्रभो ! हजुर अनादि, अनन्त र आवरण शून्य परब्रह्म हुनुहुन्छ । सबै पदार्थका रक्षा, नाश र उत्पत्तिका कारण हजुरनै हुनुहुन्छ ॥१॥ तापनि अशुद्धबुद्धि व्यक्तिका निम्ति हजुर दुर्विज्ञेय हुनुहुन्छ । हजुरको यथोचित उपासना *धर्मात्मा ब्राह्मणनै सक्तछन् ॥२॥ जुन-जुन भावले हजुरको भक्तिले उपासना

स्य धर्मस्य ब्रह्मवादिनाम् ॥ ३५ ॥ अहमात्माऽऽन्तरो बाह्योऽनावृतः सर्वदेहिनाम् ॥ यथा भूतानि भूतेषु बहिरन्तः स्वयं तथा ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे भगवदुद्धवसंवादे पञ्चदशोऽध्यायः ॥ १५ ॥

उद्धव उवाच ॥ त्वं ब्रह्म परमं साक्षादनाद्यन्तमपावृतम् ॥ सर्वेषामपिभावानांत्राणस्थित्यप्ययोद्भवः ॥१॥ उच्चावचेषु भूतेषु दुर्ज्ञेयमकृतात्मभिः ॥ उपासते त्वां भगवन् याथातथ्येन ब्राह्मणाः ॥२॥ येषु येषु च भावेषु भक्त्या त्वां परमर्षयः॥उपासीनाःप्रपद्यन्ते संसिद्धिं तद्वदस्वमे॥३॥गूढश्चरसिभूतात्मा भूतानां भूतभावन ॥ न त्वां पश्यन्ति भूतानि पश्यन्तं मोहितानि ते ॥४॥ याः काश्च भूमौ दिवि वै रसायांविभूतयो दिक्षु महाविभूते ॥ तामह्यमाख्याह्यनुभावितास्ते नमामि ते तीर्थपदांघ्रिपद्मम्॥५॥ श्रीभगवानुवाच ॥ एवमेतदहं पृष्टः प्रश्नंप्रश्नविदांवर ॥ युयुत्सुना विनशने सपत्नैरर्जुनेन वै ॥६॥ ज्ञात्वा ज्ञातिवधं गर्ह्यमधर्मं राज्यहेतुकम् ॥ ततो निवृत्तो हन्ताऽहं हतोऽयमिति लौकिकः ॥७॥ सतदापुरुषव्याघ्रोयुक्त्या मे प्रतिबोधितः ॥ अभ्यभाषतमामेवं

गरेर महर्षिहरू सिद्धि पाउछन्, त्यो हजुर मलाई भन्नुहवस् ।३॥ हे भूतभावन ! हजुर सबैका अन्तरात्मा र सबैमा गुप्तरूपले रहेर लीला गर्नुहुन्छ । हजुर सबै देख्नुहुन्छ, तैपनि हजुरको मायाले मोहित मनुष्य हजुरलाई देख्न पाउँदैनन् ॥४॥ पृथ्वी, स्वर्ग, पाताल र दिशाहरूमा हजुरको प्रभावयुक्त जुन-जुन विभूति छन्, ती मलाई भन्नुहवस् । म सबै तीर्थहरूका आश्रयभूत हजुरका चरणकमलको वन्दना गर्दछु ॥५॥ भगवान् भन्नुहुन्छ–हे उद्धव ! कुरुक्षेत्रमा शत्रुहरूसित युद्धका निम्ति उद्यत अर्जुनले पनि मसित यही प्रश्न गरेका थिए ॥ ६ ॥ ★'म मार्ने हुँ' 'यी सबै मर्ने हुन्' यस्तो प्राकृत बुद्धिले युक्त भएर राज्यको निम्ति बन्धु-वधलाई निन्दनीय पाप ठानेर ऊ पनि युद्धबाट विमुख भइसकेका थिए ॥ ७ ॥ त्यस युद्ध-

* दृष्टान्त (थेरै भेटिन्छन्)—एक पल्ट कसैले महात्मा गांधीसित भने—'हिजो आज त धर्मात्मा मानिस भेट्नै कठिन छ ।' महात्माले उत्तर दिए—'यदि तिमीलाई तिम्रो सेवा गर्ने धर्मात्मा मनुष्यसित भेट्नू छ भने त्यस्ता मनुष्य पाउनु अवश्य कठिन छ, यदि तिमी स्वयं धर्मात्मा मनुष्यको सेवा गर्न खोज्दछौ भने त्यस्ता थेरै पाइन्छन् ।'

★दृष्टान्त (जो जन्मन्छ, त्यो मर्दछ)–यौटी बुढीको एकमात्र छोरो दैवेच्छाले मर्‍यो । बुढी टाउको ठटाएर रुन लागी । थेरैले बुझाए, तर चोट गहिरो थियो । अतः त्यो शान्त भइरहेकी थिइन । अब त्यो मुर्दासित टाँसिई । मानिसले बल्ल बल्ल हटाए । अनि त्यो मुर्दा लिएर जाँदा पछि-पछि दगुरी । बाटोमा यौटा महात्मा भेटिए । तिनले भने–'तिमी शहर जाऊ र कुनै यस्तो घरबाट एक छटाँक रायो मागेर ल्याऊ, जहाँ कहिल्यै कोही मरेको नहोस् । अनि तिम्रो छोरो जीवित हुनेछ ।' जब बुढी छिमेकीकहाँ गई र उक्त रायो मागी । पछि महात्माको कथन सम्झेर उसले छिमेकीसित सोधी–'तिम्रो घरमा कहिले कोही मरेकी त थिएन ?' उसले भनी—'मेरी सासू हालैमा मरेकी हुन् ।' यसरी बुढी अनेक घर डुली । कोही भन्दथ्यो–छोरो मर्‍यो, कोही छोरी मरी भन्दथ्यो र कोही मेरो नातादार मरेको छ । यस प्रकार त्यो बुढी शहर भरिका घरमा कोही न कोहीको मरणको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षेत्रमा मैले पुरुषसिंह अर्जुनलाई युक्तिपूर्वक बुझाएँ, तिनले पनि तिमीजस्तै सोधेका थिए ॥ ८ ॥ हे उद्धव ! म संसारका सबै प्राणीको आत्मा, सुहृद् तथा स्वामी हुँ । सबै भूत मनै हुँ र तिनको उत्पत्ति, स्थिति र लयको कारण पनि मनै हुँ ॥ ९ ॥ गतिशीलमा गति, आफ्नू अधीन पार्नेहरूमा काल, गुणमा समता र गुणी जनमा उनको स्वाभाविक गुण मनै हुँ ॥१०॥ म गुणयुक्त वस्तुमा सूत्रात्मा, महान्मा महत्तत्व र सूक्ष्ममा जीव, दुर्जयीमा मन हुँ ॥ ११ ॥ त्यसै गरी वेदको अध्यापक हिरण्यगर्भ, मन्त्रमा त्रिवृत् ओंकार, अक्षरहरूमा अकार र छन्दमा गायत्री मनै हुँ ॥१२॥ म देवताहरूमा इन्द्र, अष्टवसुमा अग्नि, द्वादशादित्यमा विष्णु र एघार रुद्रमा नीललोहित नामको रुद्र हुँ ॥ १३ ॥ म ब्रह्मर्षिमा भृगु, राजर्षिमा मनु, देवर्षिमा नारद र धेनु (गाई) हरूमा कामधेनु हुँ ॥ १४ ॥ सिद्धेश्वरमा कपिल, पक्षीहरूमा गरुड, प्रजापतिमा दक्ष र पितृगणमा अर्यमा मनै हुँ ॥ १५ ॥ हे

यथा त्वं रणमूर्धनि ॥८॥ अहमात्मोद्धवामीषां भूतानां सुहृदीश्वरः ॥ अहं सर्वाणि भूतानि तेषां स्थित्युद्भवाप्ययः ॥९॥ अहं गतिर्गतिमतां कालः कलयतामहम् ॥ गुणानां चाप्यहं साम्यं गुणिन्यौत्पत्तिको गुणः ॥१०॥ गुणिनामप्यहं सूत्रं महतां चमहानहम् ॥ सूक्ष्माणामप्यहं जीवो दुर्जयानामहंमनः ॥११॥ हिरण्यगर्भो वेदानां मन्त्राणां प्रणवस्त्रिवृत् ॥ अक्षराणामकारोऽस्मि षदानि छन्दसामहम् ॥१२॥ इन्द्रोऽहं सर्वदेवानां वसूनामस्मि हव्यवाट् ॥ आदित्यानामहं विष्णू रुद्राणां नीललोहितः ॥ १३ ॥ ब्रह्मर्षीणां भृगुरहं राजर्षीणामहं मनुः ॥ देवर्षीणां नारदोऽहं हविर्धान्यस्मि धेनुषु ॥१४॥ सिद्धेश्वराणां कपिलः सुपर्णोऽहं पतत्रिणाम् ॥ प्रजापतीनां दक्षोऽहं पितॄणामहमर्यमा ॥१५॥ मां विद्ध्युद्धव दैत्यानां प्रह्लादमसुरेश्वरम् ॥ सोमं नक्षत्रौषधीनां धनेशं यक्षराक्षसाम् ॥१६॥ ऐरावतं गजेन्द्राणां यादसां वरुणं प्रभुम् ॥ तपतां द्युमतां सूर्यं मनुष्याणां च भूपतिम् ॥१७॥ उच्चैःश्रवास्तुरङ्गाणां धातूनामस्मि काञ्चनम् ॥ यमः संयमतां चाहं सर्पाणामस्मि वासुकिः ॥१८॥ नागेन्द्राणामनन्तोऽहं मृगेन्द्रः शृङ्गिदंष्ट्रिणाम् ॥ आश्रमाणामहं तुर्यो वर्णानां प्रथमोऽनघ ॥ १९ ॥ तीर्थानां स्रोतसां गङ्गा समुद्रः सरसामहम् ॥ आयुधानां धनुरहं त्रिपुरघ्नो धनुष्मताम् ॥ २० ॥ धिष्ण्यानामस्म्यहं मेरुर्गहनानां हिमालयः ॥ वनस्पतीनामश्वत्थ ओषधीनामहं यवः ॥ २१ ॥ पुरोधसां वसिष्ठोऽहं ब्रह्मिष्ठानां बृहस्पतिः ॥ स्कन्दोऽहं सर्वसे-

उद्धव ! दैत्यगणमा दैत्यराज प्रह्लाद, नक्षत्रमा चन्द्रमा र औषधिहरूमा सोमरस तथा यक्ष-राक्षसादिमा कुबेर मलाई नै जान ॥ १६ ॥ गजराजमा ऐरावत, जलचरमा वरुण र ताप दिने तथा दीप्तिशालीमा सूर्य तथा मनुष्यमा राजा म हुँ ॥१७॥ घोडाहरूमा उच्चैःश्रवा, धातुमा सुवर्ण, दण्डधारीहरूमा यम र सर्पमा वासुकिनाग म नै हुँ ॥ १८ ॥ हे निष्पाप उद्धव ! म नै नागराजमा शेषनाग, सींग र दाह्रा हुने जन्तुमा सिंह, आश्रममा चतुर्थाश्रम अर्थात् संन्यासाश्रम तथा वर्णहरूमा आदिवर्ण ब्राह्मण म नै हुँ तीर्थहरूमा र नदीहरूमा गङ्गा, जलाशयमा समुद्र, अस्त्र-शस्त्रमा धनुष र धनुर्धरमा त्रिपुरको नाश गर्ने महादेव हुँ ॥ २० ॥ निवासस्थानमा सुमेरु तथा दुर्जन र सबै प्रकारले दुर्लङ्घ्य स्थानहरूमा हिमालय,

समचार लिएर थाकेर फर्केर आई र महात्मासित भनी–'मबैको घरमा मृत्यु भएको छ । अब के उपाय छ ?' महात्माले भने–'जस्तै सबैको घरमा मरणि भएको छ, त्यसै गरी तिम्रो छोरो पनि मरेको हो । अब यसको निम्ति के शोक गर्ने ? मृत्युबाट तिमी पनि जोगिन सक्तिनौ, त्यसैले ईश्वरको शरण पर ।' अनि बुढी शान्त भई र केही दिनपछि पुत्र शोक हरायो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृक्षमा अश्वत्थ (पीपल) र औषधिहरूमा जौ मैं हुँ ।। २१ ।। पुरोहितमा वसिष्ठ, ब्रह्मिष्ठ अर्थात् वेदवेत्ताहरूमा बृहस्पति, सेनापतिमा स्वामि कार्तिक र नेताहरूमा भगवान् ब्रह्मा म नै हुँ । २२ ।। यज्ञमा ब्रह्मयज्ञ, व्रतहरूमा अहिंसा तथा शोधक पदार्थमा नित्य शुद्ध वायु, अग्नि, सूर्य, जल, वाणी तथा आत्मा हुँ ।।२३।। म योगमा मनको निरोध, विजय साधमहरूमा, मन्त्र कौशलमा आन्विक्षिकी विद्या र ख्यातिवादीहरूमा विकल्प हुँ ।। २४ ।। नारीमा म शतरूपा पुरुषहरूमा स्वयम्भुव मनु, मुनिननमा नारायण र ब्रह्मचारीहरूला सनत्कुमार हुँ ।।२५।। धर्ममा संन्यास, अभयसाधनमा अन्तनिष्ठा, गुह्यमा मधुर वचन एवं मौन तथा मिथुनमा स्त्री-पुरुष उभयरूप प्रजापति हुँ ।।२६।। सदा सावधान रहनेहरूमा संवत्सर, ऋतुमा चैत्र-वैशाख, महीनामा मंसिर र नक्षत्रमा अभिजित् नक्षत्र हूँ ।।२७।। युगमा सत्ययुग, धैर्यवान् र विवेकीमा देवल तथा असित मुनि, व्यासमा द्वैपायन र कविहरूमा मनस्वी शुक्राचार्य

नान्यामग्रण्यां भगवानजः ।। २२ ।। यज्ञानां ब्रह्मयज्ञोऽहं व्रतानामविहिंसनम् ।। वाय्वग्न्यर्काम्बुवागात्मा शुचीनामप्यहं शुचिः ।। २३ ।। योगानामात्मसंरोधो मन्त्रोऽस्मि विजिगीषताम् ।। अन्वीक्षिकी कौशलानां विकल्पः ख्यातिवादिनाम् ।। २४ ।। स्त्रीणां तु शतरूपाऽहं पुंसां स्वायम्भुवो मनुः ।। नारायणो मुनीनां च कुमारो ब्रह्मचारिणाम् ।। २५ ।। धर्माणामस्मि संन्यासः क्षेमाणामबहिर्मतिः ।। गुह्यानां सूनृतं मौनं मिथुनानामजस्त्वहम् ।।२६।। संवत्सरोऽस्म्यनिमिषामृतूनां मधुमाधवौ ।। मासानां मार्गशीर्षोऽहं नक्षत्राणां तथाऽभिजित् ।। २७ ।। अहं युगानां च कृतं धीराणां देवलोऽसितः ।। द्वैपायनोऽस्मि व्यासानां कवीनां काव्य आत्मवान् ।। २८ ।। वासुदेवो भगवतां त्वं तु भागवतेष्वहम् ।। किंपुरुषाणां हनुमान्विद्याध्राणां सुदर्शनः ।। २९ ।। रत्नानां पद्मरागोऽस्मि पद्मकोशः सुपेशसाम् ।। कुशोऽस्मि दर्भजातीनां गव्यमाज्यं हविःष्वहम् ।। ३० ।। व्यवसायिनामहं लक्ष्मीः कितवानां चलग्रहः ।। तितिक्षाऽस्मि तितिक्षूणां सत्त्वं सत्त्ववतामहम् ।। ३१ ।। ओजः सहो बलवतां कर्माहं विद्धि सात्त्वताम् ।। सात्त्वतां नवमूर्तीनामादिमूर्तिरहं परा ।।३२।। विश्वावसुः पूर्वचित्तिर्गन्धर्वाप्सरसामहम् ।। भूधराणामहं स्थैर्यं गन्धमात्रमहं भुवः । ३३ ।। अपां रसश्च परमस्तेजिष्ठानां विभावसुः ।। प्रभा सूर्येन्दुताराणां शब्दोऽहं नभसः परः ।। ३४ ।। ब्रह्मण्यानां बलिरहं वीराणामहर्जुनः ।। भूतानां स्थितिरुत्पत्तिरहं वै प्रतिसंक्रमः ।। ३५ ।। गत्युक्त्युत्सर्गोपादानमानन्दस्पर्शलक्षणम् ।। आस्वादश्रुत्यवघ्राणमहं सर्वेन्द्रियेन्द्रियम् ।। ३६ ।। पृथिवी वायुराकाश

म नै हुँ ।। २८ ।। भगवान्मा वासुदेव, भागवतमा तिमी उद्धव, किं पुरुषमा हनुमान् र विद्याधरहरूमा सुदर्शन विद्याधर म नै हुँ ।। २९ ।। रत्नमा पद्मराग, राम्रा वस्तुहरूमा कमल कोश, तृणहरूमा कुश र हविमा घिउ म नै हुँ ।। ३० ।। व्यवसायीमा लक्ष्मी, छलीहरूमा छल, तितिक्षुमा तितिक्षा र सत्वगुणमा सत्व म नै हुँ ।। ३१ ।। म बलवानमा उत्साह र पराक्रम, सात्वत भगवद्-भक्तहरूमा भक्तियुक्त निष्काम कर्म तथा वैष्णव भक्तहरूका पूज्य नवमूर्तिमा प्रथम अर्थात् वासुदेव नामक उत्तम मूर्ति मनै हुँ ।।३२।। म नै गन्धर्वहरूमा विश्वावसु र अप्सराहरूमा पूर्वचित्ति तथा पर्वहरूमा स्थिरता र पृथिवीमा गन्ध हुँ ।। ३३ ।। म नै जलमा रस, तेजस्वीहरूमा तेजस्वी अग्नि, सूर्य, चन्द्र तथा तारामा प्रभा र उसको परमगुण शब्द हुँ ।।३४।। मनै ब्राह्मण-भक्तमा बलि, वीरहरूमा पार्थ र प्राणीहरूको उत्पत्ति, स्थिति, नाश हुँ ।।३५।। म नै गति, उक्ति त्याग, ग्रहण, आनन्द र स्पर्श म नै हुँ। मनै

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आस्वाद, श्रवण र घ्राण हुँ। अतएव समस्त इन्द्रियहरूको इन्द्रिय म हुँ ॥ ३६ ॥ पृथिवी, वायु, आकाश, जल, तेज, महत्तत्त्व, पञ्चमहाभूत, जीव, प्रकृति, सत्व, रज, तम तथा ब्रह्म–यी सबै पनि एकमात्र म हुँ ॥ ३७ ॥ तत्वहरूको गणना, लक्षणद्वारा तिनको ज्ञान तथा उनको निश्चय पनि म नै हुँ। ईश्वर जीव गुण-गुणी एवं सर्वात्मा र सर्वरूप म बाहेक अरु कुनै पनि पदार्थ कहीं छैन ॥ ३८ ॥ केही कालमा परमाणुहरू त म गन्न सक्तछु तर करोड़ौं ब्रह्माण्डको रचना गर्ने म आफ्ना विभूतिहरू गन्न सक्तिन ॥ ३९ ॥ जुनसुकै प्राणीमा तेज, श्री, कीर्ति, ऐश्वर्य, लज्जा, त्याग, सौन्दर्य, सौभाग्य, पुरुषार्थ, तितिक्षा र ज्ञानादि श्रेष्ठ गुण दोखिन्दन्, ती सबै मेरा नै अंश जान ॥ ४० ॥ यी सबै विभूतिहरू मैले तिमीलाई संक्षेपमा भनेको हुँ, तापनि यी मनोविकार नै हुन्, किनकि ती वाणीले भन्न सकिन्छ ॥४१॥ तिमी वाणी, मन, प्राण र इन्द्रियहरूलाई जित। आफ्नू बुद्धिलाई आफ्नै आत्माद्वारा जित र यस्तो गर्नाले फेरि कहिल्यै तिमी आवागमनको चक्रमा पर्दैनौ ॥ ४२ ॥ जुन विचारवान प्राणी बुद्धिद्वारा वाणी र मनको पूर्णतथा संयम गर्दैन, त्यसको व्रत, तप र ज्ञान

आपो ज्योतिरहं महान् ॥ विकारः पुरुषोऽव्यक्तं रजः सत्त्वं तमः परम् ॥ ३७ ॥ अहमेतत्प्रसंख्यानं ज्ञानं तत्त्वविनिश्चयः ॥ मयेश्वरेण जीवेन गुणेन गुणिना विना ॥ सर्वात्मनाऽपि सर्वेण न भावो विद्यते क्वचित् ॥ ३८ ॥ संख्यानं परमाणूनां कालेन क्रियते मया ॥ न तथा मे विभूतीनां सृजतोऽण्डानि कोटिशः ॥ ३९ ॥ तेजः श्रीः कीर्तिरैश्वर्यं ह्रीस्त्यागः सौभगं भगः ॥ वीर्यं तितिक्षा विज्ञानं यत्र यत्र स मेऽंशकः ॥ ४० ॥ एतास्ते कीर्तयः सर्वाः संक्षेपेण विभूतयः ॥ मनोविकारा एवैते यथा वाचाऽभिधीयते ॥ ४१ ॥ वाचं यच्छ मनो यच्छ प्राणान्यच्छेन्द्रियाणि च ॥ आत्मानमात्मना यच्छ न भूयः कल्पसेऽध्वने ॥४२॥ यो वै वाङ्मनसी सम्यगसंयच्छन्धिया यतिः ॥ तस्य व्रतं तपो ज्ञानं स्रवत्यामघटाम्बुवत्॥४३॥तस्मान्मनोवचःप्राणान्नियच्छेन्मत्परायणः ॥ मद्भक्तियुक्तया बुद्ध्या ततः परिसमाप्यते॥४४॥इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे षोडशोऽध्यायः॥१६॥

उद्धव उवाच ॥ यस्त्वयाऽभिहितः पूर्वं धर्मस्त्वद्भक्तिलक्षः ॥ वर्णाश्रमाचारवतां सर्वेषां द्विपदामपि ॥ १ ॥ यथाऽनुष्ठीयमानेन त्वयि भक्तिर्नृणां भवेत् ॥ स्वधर्मेणारविन्दाक्ष तत्समाख्यातुमर्हसि ॥ २ ॥ पुरा किल महाबाहो धर्मं परमकं प्रभो ॥ यत्तेन हंसरूपेण ब्रह्मणेऽभ्यात्थ माधव ॥ ३ ॥ स इदानीं सुमहता कालेनामित्रकर्शन ॥ न प्रायो भविता मर्त्यलोके प्रागनुशासितः ॥ ४ ॥ वक्ता कर्ताऽविता नान्यो धर्मस्याच्युत

काँचो गाग्रोमा भरेको जल झैं क्षणिक हुने गर्दछ ॥४३॥ अतएव मेरी भक्तियुक्त बुद्धिमा वाणी, मन र प्राणीको संयम गरोस्। यस्तो गरिसकेपछि फेरि उसले अरु भन्नु केही शेष रहन्न अर्थात् त्यो कृतकृत्य हुन्छ ॥४४॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' भाषाटीकायां षोडशोऽध्यायः ॥ १५ ॥

(वर्णाश्रम,धर्मको वर्णन)–उद्धव भन्दछन्–हे कमल-नयन ! आफ्नू भक्तिस्वरूप जुन धर्म हजुरले वर्णाश्रम-धर्मका आचरण गर्ने र अरु पनि सबैको निम्ति भन्नुभयो, त्यसको अनुष्ठान गर्नाले हजुरमा जसरी मनुष्यको भक्ति हुन सक्तछ, त्यो भन्नोस् ! ॥१-२॥ हे माधव ! पूर्वकालमा हजुरले हंसरूपले ब्रह्मालाई जुन धर्मको उपदेश दिनुभएको थियो। हे शत्रुदमन ! धेरै काल भइसकेकोले हजुरको त्यो अनुशासनस्वरूप धर्म अब मर्त्यलोकमा प्रायः हराइसक्यो ॥३-४॥ अच्युत ! पृथ्वीतलमा र ब्रह्माको सभामा जहाँ कि सबै वेदमूर्तिमान भई विराजमान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन्, हजुरको त्यस धर्मको वक्ता, निर्माता र रक्षक अरु कोही छैन । हे मधुसूदन ! त्यस धर्मका वक्ता, कर्ता र रक्षक हजुर जब पृथ्वीबाट जानु हुनेछ, अनि यो नष्ट प्राय धर्मको उपदेश अरु कसले दिनेछ ? ॥ ५ ॥ अतः हे सर्वधर्मज्ञ प्रभो ! हजुरको भक्तिस्वरूप त्यस धर्मको जसको-निम्ति जस्तो विधान छ त्यो भन्नुहवस् ॥ ७ ॥ शुकदेवजी भन्दछन्— हे राजन् ! आफ्ना प्रधान सेवक उद्धवले यसरी सोधेपछि श्रीहरि प्रसन्न भएर लोक-कल्याणार्थ सनातन धर्मको निरूपण गर्न लागे ॥ ८ ॥ भगवान् भन्नुहुन्छ—हे उद्धव ! तिम्रो यो प्रश्न अतिशय धर्म संगत छ । वर्णाश्रमाचारपरायण व्यक्तिका लागि त्यो आत्यन्तिक श्रेयः स्वरूप तथा मोक्ष प्राप्त गराउने छ । अतः तिमी त्यो मसित सुन ॥९॥ कल्पको आदिमा जुन

ते भुवि ॥ सभायामपि वैरिञ्च्यां यत्र मूर्तिधराः कलाः ॥५॥ कर्त्राऽवित्रा प्रवक्त्रा च भवता मधुसूदन ॥ त्यक्ते महीतले देव विनष्टं कः प्रवक्ष्यतिः ॥ ६ ॥ तत्त्वं नः सर्वधर्मज्ञ धर्मस्त्वद्भक्तिलक्षणः ॥ यथा यस्य विधीयेत तथा वर्णय मे प्रभो ॥ ७ ॥ श्रीशुक उवाच ॥ इत्थं स्वभृत्यमुख्येन पृष्टः स भगवान्हरिः ॥ प्रीतः क्षेमाय मर्त्यानां धर्मानाह सनातनान् ॥ श्रीभगवानुवाच ॥ धर्म्य एष तव प्रश्नो नैश्रेयसकरो नृणाम् ॥ वर्णाश्रमाचारवतां तमुद्धव निबोध मे ॥ ९ ॥ आदौ कृतयुगे वर्णो नृणां हंस इति स्मृतः ॥ कृतकृत्याः प्रजा जात्या तस्मात्कृतयुगं विदुः ॥ १० ॥ वेद प्रणव एवाग्रे धर्मोऽहं वृषरूपधृक् ॥ उपासते तपोनिष्ठा हंसं मां मुक्तकिल्विषाः ॥ ११ ॥ त्रेतामुखे महाभाग प्राणान्मे हृदयात्त्रयी ॥ विद्या प्रादुरभूत्तस्या अहमासं त्रिवृन्मखः ॥१२॥ विप्रक्षत्रियविट्शूद्रा मुखबाहूरुपादजाः ॥ वैराजात्पुरुषाज्जाता य आत्माचारलक्षणाः ॥१३॥ गृहाश्रमो जघनतो ब्रह्मचर्यं हृदो मम ॥

पहिलो कृतयुग भयो, त्यसमा मनुष्यको हंस नामक केवल यौटै वर्ण थियो, किनकि त्यस वेला व्यक्ति जन्मेदेखि *मुक्त एवं कृतकृत्य हुन्थे । त्यसैले उसलाई कृतयुग भन्दछन् ॥१०॥ त्यस वेला प्रणव नै वेद थियो र तप, शौच, दया एवं सत्यरूप चार पाउ हुने वृषभरूपधारा धर्म म नै थिएँ । त्यस बखतका निष्पाप र तपोनिष्ठ व्यक्ति म हंस अर्थात् शुद्ध स्वरूप परमेश्वरको नै उपासना गर्ने गर्दथे ॥११॥ हे महाभाग ! त्रेतायुग आएपछि मेरो हृदयबाट मेरै श्वास-प्रश्वासद्वारा ऋक्, साम र यजुःस्वरूप वेदत्रयीको आविर्भाव भयो र त्यस त्रयी विद्याले होता, अध्वर्यु र उद्गाताका कर्म त्रिवृत् यज्ञरूपमा म प्रकट भएँ । उसै गरी विराट पुरुषको मुख, भुजा, ऊरु र चरणबाट क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चार वर्णको उत्पत्ति

---

* दृष्टान्त (जो स्वयं मुक्त छ, उही अर्कालाई मुक्त पार्न सक्तछ)—यौटा पण्डितजीले कुनै यजमानलाई भागवतको कथा सुनाए । जब कथा सकियो, हवन भइसक्यो तब यजमानले भन्यो—'पण्डितजी ! पुस्तकमा त लेखिएको छ—शुकदेवजीले राजा परीक्षितलाई सप्ताह सुनाए तब कथा सकिएपछि राजा परीक्षितलाई लिन विमान आएको थियो, तब मेरो निम्ति विमान किन आएन ? पण्डितजीले भने—'सत्ययुगमा धर्मका चार चरण थिए, अब त केवल यौटै चरण छ । अतः चार दोबर पुण्य गर्नाले पूर्ण फल मिल्दछ ।' यजमानले २००) भगवान्मा चढाएको थियो । झट्ट ६००) अरु ल्याएर दिए र भने—'महाराज ! तीन पल्ट अझ कथा सुनाउनोस् ।' जब पण्डितले तीन पल्ट अझ कथा सुनाइसके तैपनि विमान आएन तब पण्डितजी आत्तिए । अनि अत्यन्तमा यजमानलाई यौटा महात्माकहाँ लगे र हात जोरेर भने—'महाराज ! मैले यजमानलाई एक-पल्टको साटो चार पल्ट कथा सुनाए, तैपनि विमान आएन । यसको कारण के हो ? महात्माले केही पनि उत्तर दिएनन् र ती दुवैको हात-खुट्टा बाँधेर यौटा कुनामा फालिदिए । दुवै यौटा अर्कोलाई हेर्दै रहे । महात्माले भने—'यौटा अर्कोलाई के हेरिरहेका छौ ? मुक्त किन पार्दैनौ ?' तिनले भने—'हामी दुवै त बन्धनमा छौं, अनि कसरी यौटाले अर्कोलाई मुक्त पार्न सक्तछौं ? हजुर नै कृपा गरेर फुकाइदिनोस । महात्माले ती दुवैलाई बन्धन-मुक्त पारेर भने—'जसरी यस बावत तिमी दुवै जना यौटाले अर्कोलाई मुक्त पार्न सक्तैनथ्यौ, त्यसै गरी जो संसारबाट स्वयं मुक्त छैनन् ती अर्कालाई कसरी मुक्त पार्न सक्तछन् ? शुकदेवजी मुक्त थिए त्यसैले राजा परीक्षितलाई मुक्त पार्न सके । तिमीहरू त स्वयं संसारी मायामा गाडिएका छौ, अनि अर्कालाई कसरी मुक्त पारेर बिमान द्वारा वैकुण्ठ पठाउन सक्तछौं ?'

Jagannath Bhattarai Collection,-Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयो, जसको परिचय तिनको आफ्नाफ्नू आचरणले हुन्छ ॥ १२ ॥ १३ ॥ म विराट पुरुषको तिघ्राबाट, गृहस्थ हृदयबाट, ब्रह्मचर्य, वक्षस्थलबाट वानप्रस्थ र मस्तकबाट संन्यास चार आश्रम भए। उपर्युक्त आश्रमका मानिसको स्वभाव पनि तिनको जन्मस्थान अनुरूप नीच अङ्गले नीच र उत्तम अंगले उत्तम बनेका छन्। शम, दम, तप, शौच, सन्तोष, क्षमा, कोमलता, भक्ति, दया र सत्य—यी विप्रवर्णका स्वभाव हुन्। तेज, बल, धैर्य, वीरता, सहनशीलता, उदारता, उद्योग, स्थिरता, विप्र-भक्ति र ऐश्वर्य—यी क्षत्रिय वर्णका स्वभाव कहिएका छन्। आस्तिकता, दानशीलता, दम्भहीनता, विप्र-सेवा तथा सञ्चयले कहिल्यै सन्तुष्ट नहुनु—यी वैश्यवर्णका स्वभाव कहिन्छन् ॥१४॥१८॥ ब्राह्मण, गाई तथा देवताहरूको निष्कपटभावले सेवा गर्नु र त्यसले जे पाइन्छ, उसैमा सन्तुष्ट रहनू—यी शूद्रवर्णका स्वभाव हुन्। अपवित्रता, मिथ्या भाषण, चोरी गर्नु, नास्तिकता, व्यर्थ कलह गर्नु र काम-क्रोध र तृष्णा—यी अन्त्यजका स्वभाव कहिएका छन् ॥ १९ ॥ २० ॥ अहिंसा, अस्तेय, काम-क्रोध-लोभरहित हुनु र प्राणीहरूको प्रिय तथा परोपकारिणी चेष्टामा तत्पर रहनु—यी सबै वर्णका

वक्षःस्थानाद्वने वासो न्यासः शीर्षणि संस्थितः ॥१४॥ वर्णानामाश्रमाणां च जन्मभूम्यनुसारिणीः ॥ आसन्प्रकृतयो नृणां नीचैर्नीचोत्तमोत्तमाः॥१५॥ शमो दमस्तपः शौचं सन्तोषः क्षान्तिरार्जवम् ॥ मद्भक्तिश्च दया सत्यं ब्रह्मप्रकृतयस्त्विमाः ॥१६॥ तेजो बलं धृतिः शौर्यं तितिक्षौदार्यमुद्यमः॥ स्थैर्यं ब्रह्मण्यतैश्वर्यं क्षत्रप्रकृतयस्त्विमाः ॥१७॥ आस्तिक्यं दाननिष्ठा च अदम्भो ब्रह्मसेवनम् ॥ अतुष्टिरर्थोपचयैर्वैश्यप्रकृतयस्त्विमाः ॥१८॥ शुश्रूषणं द्विज-गवां देवानां चाप्यमायया ॥ तत्र लब्धेन सन्तोषः शूद्रप्रकृतयस्त्विमाः ॥ १९ ॥ अशौचमनृतं स्तेयं नास्तिक्यं शुष्कविग्रहः ॥ कामः क्रोधश्च तर्षश्च स्वभावोऽन्तेवसायिनाम् ॥२०॥ अहिंसा सत्यमस्तेयमकामक्रोधलोभता ॥ भूतप्रियहितेहा च धर्मोऽयं सार्ववर्णिकः ॥२१॥ द्वितीयं प्राप्यानुपूर्व्याज्जन्मो-पनयनं द्विजः ॥ वसन्गुरुकुले दान्तो ब्रह्माधीयीत चाहुतः ॥२२॥ मेखलाजिनदण्डाक्षब्रह्मसूत्रकमण्डलून् ॥ जटिलोऽधौतदद्वासोऽरक्तपीठः कुशान्दधत् ॥२३॥ स्नानभोजनहोमेषु जपोच्चारे च वाग्यतः ॥ न छिन्द्यान्नखरोमाणि कक्षोपस्थगतान्यपि ॥ २४ ॥ रेतो नावकिरेज्जातु ब्रह्मव्रतधरः स्वयम् ॥ अवकीर्णेऽवगाह्याप्सु यतासुस्त्रिपदीं जपेत् ॥ २५ ॥ अग्न्यर्काचार्यगोविप्रगुरुवृद्धसुराञ्छुचिः ॥ समाहित उपासीत सन्ध्ये च यतवाग्जपन् ॥ २६ ॥ आचार्यं मां विजानीयान्नावमन्येत कर्हिचित् ॥ न मर्त्यबुद्ध्याऽसूयेत सर्वदेवमयो गुरुः ॥ २७ ॥ सायं प्रातरुपानीय तस्मै भैक्ष्यं निवेदयेत् ॥

साधारण धर्म हुन्। अब सबै आश्रम भन्दा पहिले ब्रह्मचारीको धर्म सुन। जातकर्मादि संस्कारका क्रमले उपनयनसंस्कार स्वरूप अर्को जन्म पाएर विप्र-कुमार अर्थात् ब्राह्मण, क्षत्रिय वा वैश्य वर्णका बालक इन्द्रियदमनपूर्वक गुरुको घरमा बसेर गुरुद्वारा आहूत भई अध्ययन गरोस् ॥ २१ ॥ २२ ॥ ब्रह्मचारी, मेखला, यज्ञोपवीत, कमण्डलु र स्वतः बढेका जटा धारण गरोस्। राम्रो बन्नका लागि दाँत र लुगा नधोऊ, रंगीन आसनमा नबसोस् र सदा कुश धारण गरोस् ॥२३॥ स्नान, भोजन, होम, जप र मूत्र-पुरीषोत्सर्गको बेला मौन रहोस् तथा नङ, कक्ष र उपस्थका रौं कहिल्यै न काटोस् ॥ २४ ॥ ब्रह्मचर्य व्रतको पालन गर्दा स्वयं कहिल्यै वीर्यपात नगरोस्, यदि स्वयं कहिले वीर्यपात भयो भने जलमा स्नान र प्राणायाम गरेर गायत्री-मन्त्रको जप गरोस्। प्रातः र सायंकाल दुवै बेला मौन भएर गायत्री जपोस्। अनि पवित्र भएर एकाग्र मन पारेर अग्नि, सूर्य, आचार्य, गाई, ब्राह्मण, गुरु,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बूढा पाका र देवताको उपासना, सन्ध्योपासन गरोस् ॥ २५ ॥ २६ ॥ आफ्नू आचार्यलाई साक्षात् मेरै स्वरूप ठानोस्। तिनको निरादर नगरोस् र न कहिल्यै साधारण मनुष्य ठानेर उनको कुनै कुराको उपेक्षा र अवहेलना नगरोस्, किनकि गुरु सर्वदेवमय कहिन्छन् ॥ २७ ॥ बेलुका र बिहान दुवै बेला भिक्षामा जति अन्न मिल्दछ अथवा अरु पनि जे जति प्राप्त हुन्छ, त्यो गुरुको सामुन्ने राखिदेओस्। अनि उनको आज्ञानुसार भिक्षाबाट अन्न लिएर संयमपूर्वक भोजन गरोस् ॥ २८ ॥ गुरु यदि हिंड्छन् भने उनको पछि-पछि हिंडोस्, सुत्तछन् भने सतर्क रहेर अलि पर सुतोस्, थाकेका छन् भने नगीचै बसेर पाउ मिचोस् र बसेका भए उनको आदेशको प्रतीक्षामा स्वय उभिइरहोस्। यसरी आफू सानो बनेर सेवा-चाकरीद्वारा गुरुको आराधना गरोस् ॥ २९ ॥ जबसम्म अध्ययन समाप्त हुँदैन, तबसम्म सबै प्रकारका संसारी भोगहरूबाट पर रहेर अखण्डित ब्रह्मचर्यको पालन गर्दै गुरु-कुलमा बसोस् ॥ ३० ॥ यदि ब्रह्मलोक अथवा जहाँ मूर्तिमान् वेद रहन्छन्, त्यस महर्लोकमा जाने मन भए ब्रह्मचारी सदैव नैष्ठिक ब्रह्मचर्यव्रत लिएर सारा जीवन वेदाध्ययन गर्नका लागि गुरुलाई आफ्नो देह सुम्पिदेओस् ॥ ३१ ॥ ब्रह्मतेजले सम्पन्न, निष्पाप एवं नैष्ठिक ब्रह्मचारी अग्नि, आत्मा र समस्त प्राणीहरूमा अभिन्न भावले मेरो उपासना

तच्चान्यदप्यनुज्ञातमुपयुञ्जीत संयतः ॥ २८ ॥ शुश्रूषमाण आचार्यं सदोपासीत नीचवत् ॥ यानशय्यासनस्थानैर्नातिदूरे कृताञ्जलिः ॥२९॥एवंवृत्तो गुरुकुले वसेद्भोगविवर्जितः ॥ विद्या समाप्यते यावद्बिभ्रद्व्रतमखण्डितम् ॥ ३० ॥ यद्यसौ छन्दसांलोकमारोक्ष्यन् ब्रह्मविष्टपम् ॥ गुरवे विन्यसेद्देहंस्वाध्यायार्थं बृहद्व्रतः ॥ ३१ ॥ अग्नौ गुरावात्मनि च सर्वभूतेषु मां परम् ॥ अपृथग्धीरुपासीत ब्रह्मवर्चस्व्यकल्मषः ॥ ३२ ॥ स्त्रीणां निरीक्षणस्पर्शसंलापक्ष्वेलनादिकम् ॥ प्राणिनो मिथुनीभूतानगृहस्थोऽग्रतस्त्यजेत् ॥ ३३ ॥ शौचमाचमनं स्नानं सन्ध्योपासनमार्जवम् ॥ तीर्थसेवा जपोऽस्पृश्याभक्ष्यासंभाष्यवर्जनम् ॥ ३४ ॥ सर्वाश्रमप्रयुक्तोऽयं नियमः कुलनन्दन ॥ मद्भावः सर्वभूतेषु मनोवाक्कायसंयमः ॥३५॥ एवं बृहद्व्रतधरो ब्राह्मणोऽग्निरिव ज्वलन् ॥ मद्भक्तस्तीव्रतपसा दग्धकर्माशयोऽमलः ॥ ३६ ॥ अथानन्तरमावेक्ष्यन्यथा जिज्ञासितागमः ॥ गुरवे दक्षिणां दत्त्वा स्नायाद्गुर्वनुमोदितः ॥ ३७ ॥ गृहं वनं वोपविशेत्प्रव्रजेद्वा द्विजोत्तमः ॥ आश्रमादाश्रमं गच्छेन्नान्यथा मत्परश्चरेत् ॥ ३८ ॥ गृहार्थी सदृशीं भार्यामुद्वहेद·

गरोस् ॥ ३२ ॥ यदि गृहस्थी छैन भने ती ब्रह्मचारी, वानप्रस्थी र संन्यासीले नारीलाई हेर्नु, छुनु र तीसित वार्तालाप वा हाँसो-ठट्टा गर्न त्यागि दिनु पर्दछ। मैथुन गर्ने प्राणीहरूतिर हेर्दा पनि नहेर्नु ॥ ३३ ॥ हे यदुकुल - नन्दन ! शौच, आचमन, स्नान, सन्ध्योपासन, सरलता, तीर्थ-सेवन, जप, अभक्ष्य भक्षण एवं अवाच्य वचन त्यागिदिनु, सबै प्राणीहरूमा मलाई नै देखोस् र मन-वाणी, शरीरको संयम, यी धर्म सबै आश्रमका निम्ति विहित छन् ॥ ३४ ॥ ३५ ॥ यसरी ब्रह्मचर्यको पालन गरेर पवित्र ब्राह्मण अग्नि झैं तेजस्वी हुन्छ। तीव्र तपद्वारा कर्मवासना दग्ध भएपछि चित्त निर्मल हुन्छ र प्राणी मेरो भक्त बन्दछ ॥ ३६ ॥ यदि द्विजाति आफ्नू इच्छित शास्त्रको सम्पूर्ण अध्ययन समाप्त पारेर गृहस्थाश्रममा जान खोज्दछ भने गुरुलाई दक्षिणा दिएर उनको अनुमतिले स्नानादि गरोस्। समावर्तन-संस्कार सकेर उसले ब्रह्मचर्याश्रमलाई छाड्न पनि सक्तछ ॥ ३७ ॥ ब्रह्मचारीको कर्तव्य हो—ब्रह्मचर्याश्रमपछि गृहस्थ अथवा वानप्रस्थाश्रममा प्रवेश गरोस्। अथवा यदि त्यो विरक्त भए संन्यास लेओस्। यसरी एक आश्रम पछि अन्य आश्रम

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवश्य ग्रहण गरोस् । मेरो भक्त यसको विरुद्ध आचरण कदापि नगरोस् अर्थात् निराश्रमी रहेर स्वेच्छाचारी नबनोस् ॥ ३८ ॥ गृहस्थाश्रममा प्रवेशको इच्छुक स्नातक आफू भन्दा सानू र ठूलो वर्णका कन्यासित विवाह गरोस् ॥२९॥ यज्ञ गर्नु र दान दिनु-यो धर्म सबै द्विज अर्थात् ब्राह्मण,क्षत्रिय, वैश्य तीनै थरिको निम्ति कहिएको छ । तर दान लिनु, पढाउनु र यज्ञ गर्नु–यी केवल ब्राह्मणका धर्म हुन् ॥४०॥ इनमा पनि प्रतिग्रह अर्थात् दान थापे तेज र यशको नाशक ठानेर अन्य दुइ वृत्ति—अध्यापन र यज्ञ गराएर नै आजीविका गरोस् । इनमा पनि परावलम्बन र दीनतादि दोष देखिए–केवल शिलोञ्छवृत्तिले जीवनयापन गरोस् ॥ ४१ ॥ यो दुर्लभ ब्राह्मण देह नाशवान विषयभोगको निम्ति होइन । यो बाँचुञ्जेल कठोर तप र अन्त्यमा अनन्त आनन्दरूप मोक्षको सम्पादन गर्न बनेको हो ॥ ४२ ॥ जुन ब्राह्मण सन्तोषपूर्वक शिलोञ्छवृत्तिले निर्वाह गरेर आफ्नू निर्मल र महान् धर्मको निष्काम भएर आचरण गर्दछ, सर्वभावले मलाई आत्मसमर्पण गरेर अनासक्त चित्तले आफ्नै घरमा बसेर पनि अन्त्यमा शान्तिरूप मोक्षपद

जुगुप्सिताम् ॥ यवीयसीं तु वयसा तां सवर्णामनुक्रमात् ॥ ३९ ॥ इज्याध्ययनदानानि सर्वेषां च द्विजन्मनाम् ॥ प्रतिग्रहोऽध्यापनं च ब्राह्मणस्यैव याजनम् ॥४०॥ प्रतिग्रहं मन्यमानस्तपस्तेजोयशोनुदम् ॥ अन्याभ्यामेव जीवेत शिलैर्वा दोषदृक् तयोः ॥ ४१ ॥ ब्राह्मणस्य हि देहोऽयं क्षुद्रकामाय नेष्यते ॥ कृच्छ्राय तपसे चेह प्रेत्यानन्तसुखाय च ॥ ४२ ॥ शिलोञ्छवृत्त्या परितुष्टचित्तो धर्मं महान्तं विरजं जुषाणः ॥ मय्यर्पितात्मा गृह एव तिष्ठन्नातिप्रसक्तः समुपैति शान्तिम् ॥ ४३ ॥ समुद्धरन्ति ये विप्रं सीदन्तं मत्परायणम् ॥ तानुद्धरिष्ये न चिरादापद्भ्यो नौरिवार्णवात् ॥ ४४ ॥ सर्वाः समुद्धरेद्राजा पितेव व्यसनात्प्रजाः ॥ आत्मानमात्मना धीरो यथा गजपतिर्गजान् ॥ ४५ ॥ एवंविधो नरपतिर्विमानेनार्कवर्चसा ॥ विधूयेहाशुभं कृत्स्नमिन्द्रेण सह मोदते ॥ ४६ ॥ सीदन्विप्रो वणिग्वृत्त्या पुण्यैरेवापदं तरेत् ॥ खड्गेन वाऽऽपदाक्रान्तो न श्ववृत्त्या कथञ्चन ॥ ४७ ॥ वैश्यवृत्त्या तु राजन्यो जीवेन्मृगययाऽऽपदि ॥ चरेद्वा विप्ररूपेण न श्ववृत्त्या कथञ्चन ॥४८॥ शूद्रवृत्तिं भजेद्वैश्यः शूद्रः कारुकटक्रियाम् ॥ कृच्छ्रा-न्मुक्तो न गर्ह्येण वृत्तिं लिप्सेत कर्मणा ॥ ४९ ॥ वेदाध्यायस्वधास्वाहाबल्यन्नाद्यैर्यथोदयम् ॥ देवर्षिपितृभूतानि मद्रूपाण्यन्वहं यजेत् ॥ ५० ॥ यदृ-

पाउँदछ ॥ ४३ ॥ जो व्यक्ति विपत्तिमा परेका ब्राह्मणलाई सहायता गर्छन्, तिनलाई म पनि सबै कष्टबाट उसै गरी बचाउँछु, जसरी समुद्रमा डुब्ने व्यक्तिलाई डुङ्गाले बचाउँछ ॥ ४४ ॥ विचारशील राजाको कर्तव्य हो–पिता झैं सबै प्रजाहरू र आफ्नू पनि स्वयं उसै गरी रक्षा गरोस्, जसरी यूथपति गजराज आफ्नू यूथका सबै हात्तीहरू र स्वयं आफूलाई पनि आफ्नू बल र बुद्धिद्वारा विपत्तिबाट रक्षा गर्दछ ॥ ४५ ॥ यस्तो धार्मिक राजा यस लोकमा सबै दोषबाट मुक्त भएर सूर्य झैं प्रकाशमान उत्तम विमानमा बसेर स्वर्ग जान्छ र उहाँ इन्द्रसित अनेक सुख भोग्दछ ॥ ४६ ॥ जुन ब्राह्मणलाई अर्थ–कष्ट छ, त्यो वैश्य-वृत्तिद्वारा व्यापारादि गरेर त्यस विपत्तिबाट सहजै पारी तरोस्, त्यति गरेर पनि विपत्ति टरेन भने खड्ग धारण गरेर क्षत्रिय-वृत्तिको अवलम्बन गरोस्, तर नीचको सेवारूपिणी श्वानवृत्तिको आश्रय कहिल्यै पनि नलेओस् ॥ ४७ ॥ यदि क्षत्रियलाई दारिद्र्यको कष्ट भए त्यो वैश्य वृत्तिले, मृगया अर्थात् शिकार द्वारा वा ब्राह्मणवृत्ति (अध्ययन) द्वारा निर्वाह गरोस्, तर नीच सेवाको आश्रय नलेओस्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै विपत्तिग्रस्त वैश्य शूद्र वृत्तिरूपिणी सेवाको र शूद्र उच्चवर्णकी स्त्रीमा नीचवर्णको पुरुषद्वारा उत्पन्न 'कारु' प्रतिलोम जातको चटाई बुन्ने आदि वृत्तिको आश्रय ग्रहण गरोस् यी नितान्त आपत्कालका लागि कहिएको छ । आपत्ति निवारण हुनासाथ निन्द्य र निम्न वर्णोचित्त कर्मले जीविका प्राप्त गर्ने लोभ नगरोस् ॥४९॥ गृहस्थ पुरुषको कर्तव्य हो—वेदाध्ययन अर्थात् ब्रह्मयज्ञ, स्वधाकार अर्थात् पितृयज्ञ, स्वाहाकार (देवयज्ञ), बलिवैश्वदेव (भूतयज्ञ) र अन्नदान अर्थात् अतिथियज्ञादि द्वारा मेरै रूप ऋषि, देव, पितृ र अन्य प्राणीहरूको यथाशक्ति पूजा गरोस् ॥५०॥ त्यो स्वयं उद्यम विना प्राप्त वा शुद्धवृत्ति द्वारा उपार्जित धनले, आफूद्वारा जसको भरण-पोषण हुन्छ, तिनलाई कुनै कष्ट नपुऱ्याई उचित न्यायपूर्वक यज्ञादि शुभकर्म गर्दै जाओस् ॥५१॥ आफ्ना कुटुम्बमै आसक्त नहोओस् । ठूलो कुटुम्बी भए पनि भगवद्भजन नछाडोस् । बुद्धिमानको कर्तव्य हो—दृश्यमान प्रपंच झैं अदृश्य स्वर्गादि पनि नाशवान् ठानोस् ॥५२॥ स्त्री-पुत्र र कुटुम्बको संगोग बटुवाको संयोग बटुवाको झैं आगमापायी हुन्छ । यो सबै सम्बन्ध आफ्नू देहसित उसै गरी छुट्दछन्, जस्तै स्वप्न केवल निद्राको समाप्ति सम्म नैं विद्यमान रहन्छ ॥ ५३ ॥ यस्तो विचारेर मुमुक्षुजन घरमा बाहुना झैं ममता र अहङ्कार रहित भएर बसोस् ॥ ५९ ॥ गृहस्थोचित कर्मद्वारा मेरो पूजन गर्दै मेरो

च्छयोपपन्नेन शुल्केनोपार्जितेन वा ॥ धनेनापीडयन्भृत्यान्न्यायेनैवाहरेत्क्रतून् ॥ ५१ ॥ कुटुम्बेषु न सज्जेत न प्रमाद्येत्कुट्यपि ॥ विपश्चिन्नश्वरं पश्येददृष्टमपि दृष्टवत् ॥ ५२ ॥ पुत्रदाराप्तबन्धूनां सङ्गमः पान्थसङ्गमः ॥ अनुदेहं वियन्त्येते स्वप्नो निद्रानुगो यथा ॥ ५३ ॥ इत्थं परिमृशन्मुक्तो गृहेष्वतिथिवद्वसन् ॥ न गृहैरनुबध्येत निर्ममो निरहंकृतः ॥ ५४ ॥ कर्मभिर्गृहमेधीयैरिष्ट्वा मामेव भक्तिमान् ॥ तिष्ठेद्वनं वोपविशेत्प्रजावान् वा परिव्रजेत् ॥ ५५ ॥ यस्त्वासक्तमतिर्गेहे पुत्रवित्तैषणातुरः ॥ स्त्रैणः कृपणधीर्मूढो ममाहमिति बध्यते ॥ ५६ ॥ अहो मे पितरौ वृद्धौ भार्या बालात्मजात्मजाः ॥ अनाथा मामृते दीना कथं जीवन्ति दुःखिताः ॥ ५७ ॥ एवं गृहाशयाक्षिप्तहृदयो मूढधीरयम् ॥ अतृप्तस्ताननुध्यायन्मृतोऽन्धं विशते तमः ॥ ५८ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे सप्तदशोऽध्यायः ॥ १७ ॥

श्रीभगवानुवाच ॥ वनं विविक्षुः पुत्रेषु भार्यां न्यस्य सहैव वा ॥ वन एव वसेच्छान्तस्तृतीयं भागमायुषः ॥१॥ कन्दमूलफलैर्वन्यैर्मेध्यैर्वृत्तिं प्रकल्प-

भक्तियुक्त भएर घरमै रहोस् वा वानप्रस्थ भएर वनमा बसोस् वा पुत्रवान् भए स्त्रीको पालन-पोषण गर्ने भार छोरोमा सुम्पेर संन्यास लेओस् ॥५५॥ तर घरमा आसक्त, पुत्रैषणा र वृत्तैषणाले व्याकुल, स्त्रीलम्पट मन्दमति—'यो म हुँ यो मेरो हो' यो अज्ञान बन्धनमा बाँधिन्छ ॥५६॥ त्यो विचार्न थाल्दछ—'अहो ! मेरा आमा-बाबू बूढा छन् स्त्री स-साना बच्चा भएकी छ । ती बालक म नभए दीन, अथान तथा दुःखी भएर कसरी बाँच्छन् ?' यसरी गृहासक्तिले विक्षिप्त चित्त त्यो मूढ विषय-भोगहरूले कहिल्यै तृप्त नभई सधैं तिनैको चिन्तन गर्दै अन्त्यमा एक दिन मरेर नरकको घोर अन्धकारमा जाकिन्छ ॥ ५७॥५८॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठो' भाषाटीकायां सप्तदशोऽध्यायः ॥१७॥

(वानप्रस्थी र संन्यासीका विहित कर्म)—भगवान भन्नुहुन्छ—हे उद्धव ! जो वानप्रस्थाश्रममा प्रविष्ट हुन चाहन्छ, त्यो स्त्रीलाई छोराको भरमा छाडेर वा साथमै राखेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तचित्तले आफ्नू आयुको तेस्रो भाग वनमै व्यतीत गरोस् ॥ १ ॥ वनको कन्द-मूल र फलले नैं निर्वाह गरोस्। वल्कल लगाई वा तृण, पात र मृगचर्मादिले निर्वाह गरोस् ।।२।। कपाल, रौं नङ र श्मश्रु (दाह्री जूँघा) रूपी शारीरिक मल धारण गरोस् अर्थात् क्षौर नगराओस् दन्तधावन नगरोस्, जलमा डुबुल्की मारेर त्रिकाल स्नान र पृथ्वीमा शयन गरोस् ॥३॥ ग्रीष्ममा पञ्चाग्नि र वर्षामा जल-धाराको आघात खप्दै अभ्रावकाश व्रतको पालन गरेर तथा शरद् ऋतुमा घाँटीसम्म पानीमा डुबिरहोस्। यस प्रकार कठोर तप गरोस् ॥ ४ ॥ अग्निमा पाकेको अन्न अथवा वेलामा स्वयं पाकेका फलदिलाई ओखल वा ढुङ्गामा कुटेर वा दाँतले-चपाएर नै खाओस् ॥ ५ ॥ उदर-पोषणका लागि कन्द-मूलादि स्वयं संग्रह गरेर ल्याओस्। देश-काल र बल राम्ररी जान्ने मुनि कुवेलामा ल्याएका पदार्थ ग्रहण नगरोस् ॥ ६ ॥ वनका कन्द-मूलले बनाएको चरु पुरोडाशादिले नै त्यो समयोचित

येत् ॥ वसीत वल्कलं वासस्तृणपर्णाजिनानि च ॥ २ ॥ केशरोमनखश्मश्रुमलानि बिभृयाद्दतः ॥ न धावेदप्सु मज्जेत त्रिकालं स्थण्डिलेशयः ॥ ३ ॥ ग्रीष्मे तप्येत पञ्चाग्नीन्वर्षास्वासारषाड् जले ॥ आकण्ठमग्नः शिशिर एवंवृत्तस्तपश्चरेत् ॥४॥ अग्निपक्वं समश्नीयात्कालपक्वमथापि वा ॥ उलूखलाश्म-कुट्टो वा दन्तोलूखल एव वा ॥ ५ ॥ स्वयं सञ्चिनुयात्सर्वमात्मनो वृत्तिकारणम् ॥ देशकालबलाभिज्ञो नाददीतान्यदाहृतम् ॥ ६ ॥ वन्यैश्चरुपु-रोडाशैर्निर्वपेत् कालचोदितान् ॥ न तु श्रौतेन पशुना मां यजेत वनाश्रमी ॥ ७ ॥ अग्निहोत्रं च दर्शश्च पूर्णमासश्च पूर्ववत् ॥ चातुर्मास्यानि च मुनेराम्नातानि च नैगमैः ॥ ८ ॥ एवं चीर्णेन तपसा मुनिर्धमनिसन्ततः ॥ मां तपोमयमाराध्य ऋषिलोकादुपैति माम् ॥ ९ ॥ यस्त्वेतत्कृच्छ्रतश्चीर्णं तपो निःश्रेयसं महत् ॥ कामायाल्पीयसे युञ्ज्याद्बालिशः कोऽपरस्ततः ॥ १० ॥ यदाऽसौ नियमेऽकल्पो जरया जातवेपथुः ॥ आत्मन्यग्नीन् समा-रोप्य मच्चित्तोऽग्निं समाविशेत् ॥ ११ ॥ यदा कर्मविपाकेषु लोकेषु निरयात्मसु ॥ विरागो जायते सम्यङ् न्यस्ताग्निः प्रव्रजेत्ततः ॥१२॥ इष्ट्वा य-थोपदेशं मां दत्त्वा सर्वस्वमृत्विजे ॥ अग्नीन्स्वप्राण आवेश्य निरपेक्षः परिव्रजेत् ॥ १३ ॥ विप्रस्य वै संन्यसतो देवा दारादिरूपिणः ॥ विघ्नान्कु-

आग्रयणादि कर्म गरोस्। वानप्रस्थी भएपछि वेदविहित पशुहरुद्वारा मेरो यजन नगरोस् ॥ ७ ॥ वेदज्ञले अग्निहोत्र, पौर्णमास र चतुर्मास्यादिको त मुनिको निम्ति पहिले झैं दिरूपण गरिएको छ ॥ ८ ॥ यसरी घोर तपले जसका नसा देखिन्छन्, त्यो मुनि तपोमय प्रभुको आराधना गरेर ऋषिलोकादिमा गई फेरि त्यहाँबाट कालान्तरमा धर्मपूर्वक रहेर मलाई प्राप्त गर्दछ ॥ ९ ॥ यदि कोही व्यक्ति यो कष्टसाध्य र मोक्षदाता तपलाई तुच्छ फल अर्थात् स्वर्गलोक र ब्रह्मलोकादिको कामनाले गर्दछ, भने त्यो भन्दा ठूलो मूर्ख संसारमा को होला ? जुन वेला वानप्रस्थी आश्रमका नियम पालन गर्न असमर्थ हुन्छ र शरीर वृद्धावस्थाले काम्न लाग्दछ, अनि भावना द्वारा अग्निलाई आफ्नू अन्तःकरणमा आरोपित गरी मेरो स्मरण गर्दै अग्निमा प्रवेश गरिदेओस्। यो विधान केवल अविरक्तको निम्ति हो ॥ १०-११ ॥ यदि आफ्ना कर्मको फलस्वरूप नरकतुल्य लोकबाट पूर्ण वैराग्य भएपछि आहवनादि अग्निलाई त्यागेर संन्यास लेओस् ॥१२॥ अतः यसरी विरक्त वानप्रस्थी व्यक्ति वेदविधिले उत्तम अष्टका श्राद्धपूर्वक प्राजापत्य यज्ञले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस विचारले देवता स्त्री आदिको रूप धारण गरेर ब्राह्मणले संन्यास लिने वेलामा विघ्न पार्दछन्। अतः त्यस वेला छ सावधान रहोस् ॥ १४ ॥ यदि यतिले लुगा लगाउने खाँचो पर्‍यो भने यौटा कौपीन र त्यो कौपिन ढाकिने यौटा अर्को वस्त्र राख्नु। आपत्तिकाल बाहेक दण्ड र कमण्डलु छाडेर अरु कुनै वस्तु आफ्नो पास राख्न वर्जित छ ॥ १५ ॥ सधैं भूमिमा हेरेर पाइला राखोस्, लुगाले छानेर पानी पियोस्, सदा सत्य बोलोस् र विचार गरेर मात्र कुनै कार्य गरोस् ॥ १६ ॥ वाणीको मौनरूप दण्ड, शरीरको निष्क्रियता-रूप दण्ड र मनको प्राणायामरूप दण्ड—यी तीनै दण्ड जोसित रहन्न भने केवल बाँसको दण्ड लिनाले कोही त्रिदण्डी संन्यासी हुन सक्तैन ॥ १७ ॥ अतः *पतित जनहरूलाई

र्वन्त्ययं ह्यस्मानाक्रम्य समियात्परम् ॥ १४ ॥ बिभृयाच्चेन्मुनिर्वासः कौपीनाच्छादनं परम् ॥ त्यक्तं न दण्डपात्राभ्यामन्यत्किञ्चिदनापदि ॥ १५ ॥ दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं पिबेज्जलम् ॥ सत्यपूतां वदेद्वाचं मनः पूतं समाचरेत् ॥ १६ ॥ मौनानीहानिलायामा दण्डा वाग्देहचेतसाम् ॥ न ह्येते यस्य सन्त्यङ्ग वेणुभिर्न भवेद्यतिः ॥ १७ ॥ भिक्षा चतुर्षु वर्णेषु विगर्ह्यान्वर्जयँश्चरेत् ॥ सप्तागारानसंक्लृप्ताँस्तुष्येल्लब्धेन तावता ॥१८॥ बहिर्जलाशयं गत्वा तत्रोपस्पृश्य वाग्यतः ॥ विभज्य पावितं शेषं भुञ्जीताशेषमाहृतम् ॥ १९ ॥ एकश्चरेन्महीमेतां निःसङ्गः संयतेन्द्रियः ॥ आत्मक्रीड आत्मरत आत्मवान्समदर्शनः ॥२०॥ विविक्तक्षेमशरणो मद्भावविमलाशयः ॥ आत्मानां चिन्तयेदेकमभेदेन यथा मुनिः ॥ २१ ॥ अन्वीक्षेतात्मनो बन्धं मोक्षं

छाडेर शेष चारै वर्णको भिक्षा ग्रहण गर्नु। पहिलेदेखि अनिश्चित केवल सात घरमा भिक्षा मागोस्। तीबाट जे पाइन्छ त्यतिमै सन्तुष्ट रहोस् ॥ १८ ॥ बस्ती बाहिर जलाशयमा गएर त्यहाँ जल छर्की स्थल शुद्ध गरोस्। यदि अरू कोही आयो भने उसलाई पनि दिएर रहेको अन्न चूपचाप खाओस्। अर्को पल्टको निम्ति जोगाएर नराखोस् र बर्ता मागेर संग्रह नै गरोस् ॥१९॥ आसक्तिरहित, जितेन्द्रिय, आत्माराम, आत्मप्रेमी, धीर र समदर्शी भएर पृथ्वीमा एक्लै डुलोस् ॥२०॥ त्यो मुनि सदा एकान्त र निर्भय देशमा रहेर मेरो भक्तिले निर्मलचित्त भई आफ्नू आत्मालाई मसित सम्बद्ध जानोस् ॥ २१ ॥ ज्ञाननिष्ठा द्वारा आफ्नू आत्माको बन्धन र मोक्षको यसरी विचार गरोस् इन्द्रियको चंचलता नै बन्धन र तिनको

---

* दृष्टान्त (नीचको नीचता)—यौटा गुरुजी एक दिन यौटा चेलाकहाँ गइरहेका थिए। उनीसित कुनै सेवक थिएन्। बाटोमा यौटा चमार भेटियो। तिनले उसित भने—'तँ मसित हिंड्, राम्ररी खान पउँ.स्। र कुनै कुराको कष्ट हुँदैन। चमारले भन्यो—'महाराज ! म जातको चमार हुं, हजुरसित कसरी हिंड्ने ?' गुरुजीले भने—'कुनै बाधा छैन, तँ आफ्नू जात कसैलाई नभन्नू र कसैसित नबोल्नु।' चमार सहमत भयो। सायंकाल गुरुजी आफ्नू चेलाको घरमा पूजा गरिरहेका थिए। उसै वेला यौटा ब्राह्मण आए र गुरुको नोकरसित भने—'जा, कुआँबाट एक गाग्रो पानी लिएर आइज।' नोकर केही बोलेन। ती ब्राह्मणले निकै पल्ट भने, तर नोकर ठाउँबाट उठेन। जति-जति ब्राह्मण नगीचै आउँदै जान्थे, त्यो कुनामा यस निम्ति सर्दथ्यो कि यिनले मलाई नछोउन्। निदान ब्राह्मणले नोकरसित भने—'तँ बाहुनले भनेको मान्दैनस् र चमार जस्तै कुनातिर सरिरहेको छस्।' यति सुनेर चमार डरले काम्न लाग्यो र गुरुतिर हेरेर भन्यो—'गुरुजी ! मलाई यनैले चिनी सकेका न्—म चमार हुँ भनेर। अब म यहाँ बस्न सक्तिन, मलाई जान दिनोस्।' यति भन्नासाथ चमार त्यहाँबाट उठेर भाग्यो। ज्ञानमार्गमा यसको दृष्टान्त हो—जब मनुष्य मायाको स्वरूप चिनिसक्तछ, तब माया तुरुन्त त्यहाँबाट भाग्दछे।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संयम नै मोक्ष हुन्छ ॥ २२ ॥ अतः मुनिको कर्तव्य हो–छ इन्द्रिय, मन र पाँच ज्ञानेन्द्रियलाई जितेर सबै क्षुद्र कामनाहरू त्यागेर आफ्नू अन्तःकरणमा परमानन्दको अनुभव गरोस् र निरन्तर मेरै भावना गर्दो छँदो स्वच्छन्द भावले डुलोस् ॥२३॥ केवल भिक्षाको निम्ति पुर, ग्राम, गोष्ठ र यात्रीहरूको समूहमा जाओस् र पुण्यदेश, नदी, पर्वत, वन तथा आश्रमादि भूखण्डमा विचरण गरोस् ॥ २४ ॥ त्यस वेला भिक्षा पनि विशेष गरेर वानप्रस्थीको स्थानमै लेओस्, किनकि शिलोञ्छवृत्तिले प्राप्त अन्य खानाले छिटै चित्त शुद्ध हुन्छ । यसैले प्राणी निर्मोह बन्दछ र उसलाई सिद्धि पनि मिल्दछ ॥२५॥ यस दृश्य प्रपञ्चलाई कहिल्यै सत्य नठानोस्, किनकि यो नष्ट भएर जान्छ । यसमा अनासक्त रहेर लौकिक तथा पारलौकिक सबै कामना अर्थात् काम्य कर्महरूबाट विरक्त हुनु पर्दछ ॥ २६ ॥ आत्मा, मन, वाणी र प्राणको संघातरूप यो जगत् माया नै हो—यस्तो विचार द्वारा त्यसको बाध गरेर आफ्नू स्वरूपमा स्थित होओस् र फेरि कहिल्यै त्यसको सम्झना नगरोस् । २७ ॥ ज्ञाननिष्ठ, विरक्त एवं कुनै पनि वस्तुको अपेक्षा नगर्ने मेरो प्रिय भक्त

च ज्ञाननिष्ठया ॥ बन्ध इन्द्रियविक्षेपो मोक्ष एषां च संयमः ॥ २२ ॥ तस्मान्नियम्य षड्वर्गं मद्भावेन चरेन्मुनिः ॥ विरक्तःक्षुल्लकामेभ्यो लब्ध्वात्मनि सुखं महत् ॥ २३ ॥ पुरग्रामव्रजान्सार्थान्भिक्षार्थं प्रविशँश्चरेत् ॥ पुण्यदेशसरिच्छैलवनाश्रमवतीं महीम् ॥ २४ ॥ वानप्रस्थाश्रमपदेष्वभीक्ष्णं भैक्ष्यमाचरेत् ॥ संसिद्ध्यत्याश्वसंमोहः शुद्धसत्त्वः शिलान्धसा ॥ २५ ॥ नैतद्वस्तुतया पश्येद् दृश्यमानं विनश्यति ॥ असक्तचित्तो विरमेदिहामुत्र चिकीर्षितात् ॥ २६ ॥ यदेतदात्मनि जगन्मनोवाक्प्राणसंहतम् ॥ सर्वं मायेति तर्केणास्वस्थस्त्यक्त्वा न तत्स्मरेत् ॥ २७ ॥ ज्ञाननिष्ठो विरक्तो वा मद्भक्तो वाऽनपेक्षकः ॥ सलिङ्गानाश्रमाँस्त्यक्त्वा चरेदविधिगोचरः ॥२८॥ बुधो बालकवत्क्रीडेत्कुशलो जडवच्चरेत् ॥ वदेदुन्मत्तवद्विद्वान्गोचर्यां नैगमश्चरेत् ॥ २९ ॥ वेदवादरतो न स्यान्न पाखण्डी न हैतुकः ॥ शुष्कवादविवादे न कञ्चित्पक्षं समाश्रयेत् ॥ ३० ॥ नोद्विजेत जनाद्धीरो जनं चोद्वेजयेन्न तु ॥ अतिवादाँस्तितिक्षेत नावमन्येत कञ्चन ॥ देहमुद्दिश्य पशुवद्वैरं कुर्यान्न केनचित् ॥ ३१ ॥ एक एव परो ह्यात्मा भूतेष्वात्मन्यवस्थितः ॥ यथेन्दुरुदपात्रेषु भूतान्येकात्मकानि च ॥ ३२ ॥ अलब्ध्वा न विषीदेत काले कालेऽशनं क्वचित् ॥ लब्ध्वा न हृष्येद्धृतिमानुभयं दैवतन्त्रितम् ॥ ३३ ॥ अहारार्थं समीहेत युक्तं तत्प्राणधारणम् ॥ तत्त्वं विमृश्यते तेन तद्विज्ञाय विमुच्यते ॥ ३४ ॥ यदृच्छयोपपन्नान्नमद्याच्छ्रेष्ठ-

आश्रमादिलाई तिनका चिह्न सहित त्यागेर वेदशास्त्रको विधि-निषेधरूपी बन्धनबाट मुक्त भई स्वच्छन्दरूपले डुलोस् ॥२८॥ बुद्धिमान भएर पनि बालक झैं खेलोस्, निपुण भएर पनि जड झैं बनिरहोस्, विद्वान् भएर पनि उन्मत्त (पागल) झैं कुरा गरोस् र सबै शास्त्र विधि जानेर पनि पशु झैं रहोस् ॥ २९ ॥ त्यो कर्मकाण्डको व्याख्यादि स्वरूप वेदवादमा प्रेम नराखोस्, पाखण्डी तथा केवल तर्कपरायण नभई जहाँ शुष्क वाद-विवाद भइरहन्छ, त्यहाँ कुनै पनि पक्ष नलेओस् ॥३०॥ त्यो धीर व्यक्ति अरूसित नआत्तियोस् र अरुलाई नै आफूसित उद्विग्न हुन देओस् । निन्दा आदि सहोस । कसैको अपमान नगरोस् र शरीरको निम्ति पशु झैं कसैसित शत्रुता नगरोस् ॥३१॥ जस्तै भिन्न-भिन्न जलपात्रमा योटै चन्द्रमाका अनेक प्रतिबिम्ब देखिन्छन्; त्यसै गरी सबै प्राणीहरूमा र आफूमा पनि योटै परमात्मालाई विराजमान जानेर तथा आफ्नै कारणरूपिणी पृथिवीदेखि भिन्न सबै देहमा योटै ठानोस्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ३२ ॥ उसले कहिले भिक्षा नपाए दुःख नमानोस् र पाएर पनि प्रसन्न नहुनु, किनकि दुवै अवस्था दैवको अधीन रहन्छ ॥ ३३ ॥ प्राणको रक्षा गर्नु नितान्त आवश्यक छ । अतः आहार मात्रको निम्ति उचित चेष्टा गरोस्, किनकि प्राण रहे मात्र तत्व चिन्तन हुन्छ र आत्मस्वरूपको ज्ञान भएपछि मात्र मोक्ष प्राप्त हुन सक्छ ।.३४।। विरक्त मुनि दैववशात् जस्तो आहार पाइन्छ, राम्रो वा नराम्रो, त्यही खाओस् । वस्त्र र विछौना पनि जस्तो पाइन्छ, त्यसैले काम चलाओस् ॥ ३५ ॥ ज्ञाननिष्ठ परमहँस शौच, आचमन, तथा अन्य नियमको पनि शास्त्र विधिको अधीन भएर नरहोस्, बरू म ईश्वर झैं केवल लीलापूर्वक गर्दै रहोस् ॥ ३६ ॥ उसको निम्ति विकल्परूप प्रपंच रहन्न, त्यो त मेरो साक्षात्कार हुनासाथ नष्ट भएर जान्छ । प्रारव्धवश जबसम्म देह छ, तबसम्म वाधित रूपमा नै उसको कहिले काहीं प्रतीति हुन्छ, त्यसको पतन भएपछि त ममा नै मिल्दछ ॥ ३७ ॥ यहाँसम्म सिद्ध ज्ञानीको धर्म कहियो । अब जिज्ञासुको कर्तव्य सुन–जुन धीर पुरुषलाई कष्टमय फल दिने वासनाबाट वैराग्य भइसकेको छ र जसलाई मेरो भागवत धर्मको ज्ञान स्थिर रहन सकेको छैन, त्यो कुनै विरक्त मुनिलाई गुरु मानेर उनकै शरणमा जाओस् ॥ ३८ ॥ गुरुलाई मेरै रूप मानेर अति आदरपूर्वक श्रद्धा-भक्तिले तबसम्म उनको सेवा-शुश्रूषामा संलग्न रहोस्,

मुतापरम् ॥ तथा वासस्तथा शय्यां प्राप्तं प्राप्तां भजेन्मुनिः ॥ ३५ ॥ शौचमाचमनं स्नानं न तु चोदनयाऽऽचरेत् ॥ अन्याँश्च नियमाञ्ज्ञानी यथाऽहं लीलयेश्वरः ॥ ३६ ॥ नहि तस्य विकल्पाख्या या च मद्वीक्षया हता ॥ आदेहान्तात्क्वचित्ख्यातिस्ततः सम्पद्यते मया ॥ ३७ ॥ दुःखोदर्केषु कर्मसु जातनिर्वेद आत्मवान् ॥ अजिज्ञासितमद्धर्मो गुरुं मुनिमुपाव्रजेत् ॥३८॥ तावत्परिचरेद्भक्तः श्रद्धावाननसूयकः ॥ यावद्ब्रह्म विजानीयान्मामेव गुरुमादृतः ॥ ३९ ॥ यस्त्वसंयतषड्वर्गः प्रचण्डेन्द्रियसारथिः ॥ ज्ञानवैराग्यरहितस्त्रिदण्डमुपजीवति ॥ ४० ॥ सुरानात्मानमात्मस्थं निह्नुते मां च धर्महा ॥ अविपक्वकषायोऽस्मादमुष्माच्च विहीयते ॥ ४१ ॥ भिक्षोर्धर्मः शमोऽहिंसा तप ईक्षा वनौकसः ॥ गृहिणो भूतरक्षेज्या द्विजस्याचार्यसेवनम् ॥ ४२ ॥ ब्रह्मचर्यं तपः शौचं सन्तोषो भूतसौहृदम् ॥ गृहस्थस्याप्यृतौ गन्तुः सर्वेषां मदुपासनम् ॥ ४३ ॥ इति मां यः स्वधर्मेण भजन्नित्यमनन्यभाक् ॥ सर्वभूतेषु मद्भावो मद्भक्तिं विन्दतेऽचिरात् ॥ ४४ ॥ भक्त्योद्धवानपायिन्या सर्वलोकमहेश्वरम् ॥ सर्वोत्पत्त्यप्ययं ब्रह्म कारणं मोपयाति सः

जबसम्म उसलाई ब्रह्मज्ञान प्राप्त हुँदैन । त्यो कहिल्यै पनि गुरुको निन्दा नगरोस् ॥३९॥ जसले काम, क्रोध, लोभ, मद, मत्सरर अहङ्कार–यी छ शत्रुलाई जित्तैन, जसका इन्द्रियरूपी घोडा र बुद्धिरूपी सारथी प्रचण्ड भइरहेका छन् तथा जो ज्ञान-वैराग्यले शून्य छ, तापनि संन्यासीको वेषले पेट पाल्दछ, त्यो यति-धर्मको घातक हो र आफ्ना पूजनीय देवताहरूलाई र आफूलाई, आफ्नू अन्तःकरणमा स्थित मलाई धोखा दिन्छ । जसका वासना क्षीण भएका छैनन्, त्यो मूढ इहलोक र परलोक दुवैतिरबाट चुटाइ खाइरहन्छ ॥४०॥४१॥ शान्ति र अहिंसा यी संन्यासीका प्रधान धर्म हुन् । तप र ईश्वर चिन्तन वानप्रस्थका धर्म हुन् । प्राणीहरूको रक्षा र यज्ञ गृहस्थका प्रधान धर्म हुन् । गुरुसेवा नै ब्रह्मचारीको सर्वश्रेष्ठ धर्म हो ॥ ४२ ॥ ऋतुकालमा स्त्री-गमन गर्ने गृहस्थको निम्ति पनि ब्रह्मचर्य, तप, शौच, सन्तोष र प्राणीमा दया—यी आवश्यक धर्म कहिएका छन् र उपासना मनुष्य मात्रका परमधर्म हुन्छन् ॥ ४३ ॥ यसरी स्वधर्म-पालन द्वारा जो सबै प्राणीमा मेरै भावना गर्दो छँदो अनन्य भावले मेरो भजन गर्दछ, त्यो धर्मात्मा शीघ्र नैं मेरी विशुद्ध भक्ति गर्न सक्तछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ४४ ॥ हे उद्धव ! मेरी अनपायिनी (अविनाशिनी) भक्ति द्वारा त्यो सबै लोकका स्वामी र सबैका उत्पत्ति तथा लयस्थान एवं सबैका कारणभूत म परब्रह्मलाई प्राप्त गर्दछ ॥ ४५ ॥ यसरी स्वधर्म-पालनले निर्मल अन्तःकरणको जुन प्राणीले मेरो ऐश्वर्य जानिसकेको छ, त्यो विरक्त पुरुष ज्ञान-विज्ञानले सम्पन्न भएर शीघ्र मलाई प्राप्त गर्दछ॥४६॥ वर्णाश्रमीहरूको निम्ति यो आचाररूपी धर्म कहिएको छ । मेरो भक्तिले युक्त भएपछि यही तिनको परम निःश्रेयसको कारण बन्दछ ॥४७॥ हे साधो ! तिमीले जो सोध्यो, त्यो सबै भनिपर्के— कसरी स्वधर्मपालन गर्दै भक्त म परब्रह्मलाई प्राप्त गर्छ ॥ ४८ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषाटीकायामष्टादशोऽध्यायः ॥ १८ ॥

(भक्तिको साधन र यम-नियमादिको निरूपण)—भगवान् भन्नुहुन्छ—हे उद्धव ! जो केवल अपरोक्षानुभव रूपिणी विद्या र शास्त्र-सम्पन्न आत्मज्ञानी छ, त्यो केवल आनुमानिक अर्थात् परोक्ष ज्ञानी मात्र होइन, द्वैत-प्रपंच र उसको निवृत्तिका साधनरूप वृत्तिज्ञान माया मात्र हो, यो जानेर ती सबै ममा लीन गरोस् ॥१॥ ज्ञानको अभीष्ट पदार्थ, स्वार्थ, फल

॥ ४५ ॥ इति स्वधर्मनिर्णिक्तसत्त्वो निर्ज्ञातमद्गतिः ॥ ज्ञानविज्ञानसम्पन्नो विरक्तः समुपैति माम् ॥४६॥ वर्णाश्रमवतां धर्म एष आचारलक्षणः ॥ स एव मद्भक्तियुतो निःश्रेयसकरः परः ॥४७॥ एतत्तेऽभिहितं साधो भवान्पृच्छति यच्च माम् ॥ यथा स्वधर्मसंयुक्तो भक्तो मां समियात्परम् ॥४८॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे अष्टादशोऽध्यायः ॥ १८ ॥

श्रीभगवानुवाच ॥ यो विद्याश्रुतसम्पन्न आत्मवान्नानुमानिकः ॥ मायामात्रमिदं ज्ञात्वा ज्ञानं च मयि संन्यसेत् ॥१॥ ज्ञानिनस्त्वहमेवेष्टः स्वार्थो हेतुश्च संमतः ॥ स्वर्गश्चैवापवर्गश्च नान्योऽर्थो मदृते प्रियः ॥२॥ ज्ञानविज्ञानसंसिद्धाः पदं श्रेष्ठं विदुर्मम ॥ ज्ञानी प्रियतमोऽतो मे ज्ञानेनासौ बिभर्ति माम् ॥३॥ तपस्तीर्थं जपो दानं पवित्राणीतराणि च ॥ नालंकुर्वन्ति तां सिद्धिं या ज्ञानकलयाकृता ॥४॥ तस्माज्ज्ञानेन सहितं ज्ञात्वा स्वात्मानमुद्धव ॥ ज्ञानविज्ञानसम्पन्नो भज मां भक्तिभावतः ॥५॥ ज्ञानविज्ञानयज्ञेन मामिष्ट्वाऽऽत्मानमात्मनि ॥ सर्वयज्ञपतिं मां वै संसिद्धिं मुनयोऽगमन् ॥६॥ त्वय्युद्धवाश्रयति यस्त्रिविधो विकारो मायान्तरापतति नाद्यपवर्गयोर्यत् ॥ जन्मादयोऽस्य यदमी तव तस्य किं स्युराद्यन्तयोर्यदसतोऽस्ति तदेव मध्ये ॥७॥ उद्धव उवाच ॥ ज्ञानं

त्यसको साधन र स्वर्गापवर्ग—सबै म नै हुँ । भक्तलाई म बाहेक अरु कोही पनि पदार्थ प्रिय हुन सक्तैन ॥ २ ॥ ज्ञान र विज्ञानले पूर्ण सिद्ध पुरुष मेरो उत्तम, परमश्रेष्ठ पदलाई जान्दछन्, यसै निम्ति ज्ञानी मलाई सबभन्दा प्रिय छन, किनकि ज्ञानद्वारा त्यो निरन्तर मलाई आफ्नू अन्तःकरणमा धारण गर्दछ ॥ ३ ॥ तत्त्वज्ञानको अंशमात्रले जुन सिद्धि प्राप्त हुन्छ, त्यो तप, तीर्थ, दान वा अरु कुनै पनि पवित्र साधनले साध्य हुन सक्तैन ॥ ४ ॥ हे उद्धव ! ज्ञानसहित आफ्नू आत्मस्वरूप जानेर तिमी ज्ञान-विज्ञानबाट सम्पन्न भएर भक्तिपूर्वक मेरो आराधना गर ॥ ५ ॥ ज्ञान-विज्ञानरूपी यज्ञद्वारा आफ्नू अन्तःकरणमा आत्मारूप मेरो यजन गरेर अनेक मुनिहरूले सिद्धिरूप म सर्व यज्ञपतिलाई पाए ॥ ६॥ हे उद्धव ! आध्यात्मिक, आधिदैविक र आधिभौतिक—यी तीन थरिका विकारको समष्टिरूप शरीर जुन सदैव तिम्रो आश्रित छ, त्यो आदि-अन्त्यमा नरहनाले मायाभित्र आउँदछ । त्यसदा जो जन्मादि छन् तीसित तिम्रो के सम्बन्ध ? जस्तै असत् वस्तु आदि र अन्त्य असत् हुन्छ, त्य तै मध्य पनि असत् हुने गर्दछ ॥ ७ ॥ उद्धव भन्नलागे—हे विश्वमूर्त ! जस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैराग्य र विज्ञानले युक्त यो सनातन, विशुद्ध ज्ञान बलियो होओस्, त्यस्तै राम्ररी बुझाउनोस्। ब्रह्मादिक महापुरुष सदा जसको खोजगर्दछन्, त्यो आफ्नू भक्तियोगको पनि वर्णन गर्नोस् ॥ ८ ॥ हे प्रभो ! यो घोर संसार-मार्गमा तापत्रयले पीडित र सन्ताप दिने व्यक्तिका लागि हजुरको अमृतवर्षी चरणरूपी छाता बाहेक मलाई अरु कुनै आश्रय देखिइरहेको छैन ॥९॥ हे महानुभावः ! संसाररूपी अन्धकारमा परेर कराल-व्यालद्वारा ग्रस्त भएर पनि विषय-सुखको तीव्र आशाले व्याकुल म हजुरका दासको उद्धार गर्नोस् र आफ्नू मोक्षप्रद वचनामृतले यसलाई शान्त पार्नोस् ॥ १० ॥ भगवान्ले भन्नुभयो—हे उद्धव ! राजा युधिष्ठिरले पूर्वसमयमा हामी सबैका सामुन्ने यस्तै प्रश्न भीष्म पितामहसित सुनेका थिए ॥ ११ ॥ जब महाभारतको युद्ध समाप्त भयो, तब आफ्ना बन्धुहरूको विनाशले व्याकुल राजा युधिष्ठिरले अनेक धर्महरू सुनिसकेपछि भीष्म-पितामहसित मोक्षधर्म सोधेका थिए ॥ १२ ॥ देवव्रतको मुखाबाट सुनेको त्यही ज्ञान, विज्ञान, वैराग्य, श्रद्धा र भक्ति-युक्त मोक्ष धर्म म भन्दछु, सुन ॥ १३ ॥ जसले समस्त

विशुद्धं विपुलं यथैतद्वैराग्यविज्ञानयुतं पुराणम् ॥ आख्याहिविश्वेश्वरविश्वमूर्ते त्वद्भक्तियोगं च महद्भिमृग्यम् ॥८॥ तापत्रयेणाभिहतस्यघोरे संतप्यमानस्य भवाध्वनीश ॥ पश्यामि नान्यच्छरण तवाङ्घ्रिद्वन्द्वातपत्रादमृताभिवर्षात्॥९॥ दष्टं जनं संपतितं बिलेऽस्मिन् कालाहिना क्षुद्रसुखोरुतर्षम् ॥ समुद्धरैनं कृपयापवर्ग्यैर्वचोभिरासिञ्च महानुभाव ॥१०॥ श्रीभगवानुवाच ॥ इत्थमेतत्पुरा राजा भीष्मं धर्मभृतां वरम् ॥ अजातशत्रुःपप्रच्छ सर्वेषां नोऽनुशृण्वताम् ॥११॥ निवृत्ते भारते युद्धे सुहृन्निधनविह्वलः ॥ श्रुत्वा धर्मान्बहून्पश्चान्मोक्षधर्मानपृच्छत् ॥१२॥ तानहं तेऽभिधास्यामि देवव्रतमुखाच्छ्रुतान् ॥ ज्ञानवैराग्यविज्ञानश्रद्धाभक्त्युपबृंहितान् ॥ १३ ॥ नवैकादश पञ्च त्रीन्भावान्भूतेषु येन वै ॥ ईक्षेताथैकमप्येषु तज्ज्ञानं मम निश्चितम् ॥१४॥ एतदेव हि विज्ञानं न तथैकेन येन यत् ॥ स्थित्युत्पत्त्यप्ययान्पश्येद्भावानां त्रिगुणात्मनाम् ॥ १५ ॥ आदावन्ते च मध्ये च सृज्यात्सृज्यं यदन्वियात् ॥ पुनस्तत्प्रतिसंक्रामे यच्छिष्येत तदेव सत् ॥ १६ ॥ श्रुतिः प्रत्यक्षमैतिह्यमनुमानं चतुष्टयम् ॥ प्रमाणेष्वनवस्थानाद्विकल्पात्स विरज्यते ॥१७॥ कर्मणां परिणामित्वादाविरिञ्चादमङ्गलम् ॥ विपश्चिन्नश्वरं पश्येददृष्टमपि दृष्टवत् ॥ १८ ॥ भक्तियोगः पुरैवोक्तः प्रीयमाणाय तेऽनघ ॥ पुनश्च कथयिष्यापि

प्राणीहरूमा (पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार र पञ्चतन्मात्रा रूप) नौ, मन सहित एघार इन्द्रिय, पञ्चभूत र तीन गुण यी अट्ठाइस तत्त्व तथा तिनमा अधिष्ठानरूपले अनुगत एक आत्मतत्त्वको पनि साक्षात्कार गर्दछन्, यही मेरो निश्चित ज्ञान हो ॥ १४ ॥ जब कि त्यो योटै आत्मतत्त्वको सदा अपरोक्षानुभवले त्रिगुणात्मक भावको, उत्पत्ति, स्थिति र लय देखिएन भने यही विज्ञान हो ॥ १५ ॥ जो महत्तत्त्वादि कार्यको उत्पत्ति, प्रलय र स्थितिमा कारण र अधिष्ठान रूपले योटा कार्यबाट अर्को कार्यको अन्तर्गत अनुस्यूत छ र ती सबैका लय भएर जे रहन्छ, त्यही सत् अर्थात् ब्रह्म हुन्छ ॥ १६ ॥ शब्द, प्रत्यक्ष, अनुमान र ऐतिह्य, महाजन तथा प्रसिद्धि—यी चार प्रमाणहरूमा व्यतिक्रम हुनाले विज्ञानी पुरुष यो विकल्परूपी संसारबाट विरक्त हुन्छ ॥ १७ ॥ कर्म परिणामशील छन् र तीबाट प्राप्त ब्रह्मलोकसम्म अन्यान्य जति लोक छन्, ती सबै विचारवाम हुनाले अमङ्गलरूप नै रहन्छन्। विचारवान्को उचित कर्तव्य हो—यो लोक जस्तै परलोक पनि नाशवान् छ ॥ १८ ॥ हे अनघ ! मैले पहिल्यै भक्ति योगको तिमीसित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णन गरिदिएथें, तर त्यता तिम्रो प्रीति स्वयं बढेको छ । अतः अब म आफ्नू भक्तिको उ कृष्ट साधन फेरि भन्दछु ॥ १९ ॥ मेरा कथाहरूमा श्रद्धा राख्नु, सदा मेरो नाम संकीर्तन गर्नु, मेरो पूजामा तत्पर रहनु, स्तुति गर्नु । मेरो सेवामा प्रेम, सबै अङ्गले मलाई प्रणाम गर्नु, मेरा भक्तगणको पूजा गर्दै रहनु सबै प्राणीहरू मलाई नै देख्नु, मेरै निम्ति सर्वाङ्गको चेष्टा गर्नु. वाणीद्वारा मेरै गुणगान र ममा नै मन लगाउनु, सबै कामनाहरू त्यागिदिनु, मेरै निम्ति धन, भोग र सुख लत्याउनु र जुन यज्ञ, दान, हवन, जप, व्रत, तप गरिन्छ, त्यो मेरै निम्ति गर्नु – हे उद्धव ! यिनै धर्मको पालन गर्दै आत्मसर्पण गर्ने व्यक्तिको हृदयमा जब मेरो भक्ति उत्पन्न हुन्छ, अनि उसलाई अरु के पदार्थको इच्छा रहन सक्तछ ? ॥ २०-२४॥ यसरी जबसम्म स त्वगुणको उद्रेकले शान्त-चित्त आत्मामा लगाउन सकिन्छ तब धर्म, ज्ञान, वैराग्य तथा ऐश्वर्य आउने गर्दछन् ॥२५॥ यदि त्यही चित्त विकल्पमय संसारमा लगाइ-

मद्भक्तेः कारणं परम् ॥ १६ ॥ श्रद्धाऽमृतकथायां मे शश्वन्मदनुकीर्तनम् ॥ परिनिष्ठा च पूजायां स्तुतिभिः स्तवनं मम ॥ २० ॥ आदरः परिचर्यायां सर्वाङ्गैरभिवन्दनम् ॥ मद्भक्तपूजाऽभ्यधिका सर्वभूतेषु मन्मतिः ॥ २१ ॥ मदर्थेष्वङ्गचेष्टा च वचसा मद्गुणेरणम् ॥ मय्यर्पणं च मनसः सर्वकामविवर्जनम् ॥ २२ ॥ मदर्थेऽर्थपरित्यागो भोगस्य च सुखस्य च ॥ इष्टं दत्तं हुतं जप्तं मदर्थं यद्व्रतं तपः ॥२३॥एवं धर्मैर्मनुष्याणामुद्धवात्मनिवेदिनाम् ॥ मयि सञ्जायते भक्तिः कोऽन्योऽर्थोऽस्यावशिष्यते ॥ २४ ॥ यदात्मन्यर्पितं चित्तं शान्तं सत्वोपबृंहितम् ॥ धर्मं ज्ञानं सवैराग्यमैश्वर्यं चाभिपद्यते ॥ २५ ॥ यदर्पितं तद्विकल्पे इन्द्रियैः परिधावति ॥ रजस्वलं चासन्निष्ठं चित्तं विद्धि विपर्ययम् ॥ २६ ॥ धर्मो मद्भक्तिकृत्प्रोक्तो ज्ञानं चैकात्म्यदर्शनम् ॥ गुणेष्वसङ्गो वैराग्यमैश्वर्यं चाणिमादयः ॥ २७ ॥ उद्धव उवाच ॥ यमः कतिविधः प्रोक्तो नियमो वाऽरिकर्शन ॥ कः शमः को दमः कृष्ण का तितिक्षा धृतिः प्रभो ॥ २८ ॥ किं दानं किं तपः शौर्यं किं सत्यमृतमुच्यते ॥ कस्त्यागः किं धनं चेष्टं को यज्ञः का च दक्षिणा ॥२९॥ पुंसः किंस्विद्बलं श्रीमन्भगो लाभश्च केशव ॥ का विद्या ह्रीः परा का श्रीः किं सुखं दुःखमेव च ॥ ३० ॥ कः पण्डितः कश्च मूर्खः कः पन्था उत्पथश्च कः ॥ कः स्वर्गो नरकः कःस्वित्को बन्धुरुत किं गृहम् ॥ ३१ ॥ क आढ्यः को दरिद्रो वा कृपणः कः क ईश्वरः ॥ एतान्प्रश्नान्मम ब्रूहि

दिइन्छ भने त्यो इन्द्रियहरूसित उसैमा दगुरिरहन्छ । यस प्रकार रजोगुणप्रधान तथा झूटो पदार्थमा प्रीति राख्ने चित्तलाई नै विपर्यय अर्थात् अधर्मादिको प्राप्तिमा हेतु जान्नु पर्दछ ॥२६॥ जुनसुकै कार्यले मेरो भक्ति हुन्छ भने, त्यही धर्म हो, एकात्म्य दर्शन नै ज्ञान हो, गुणरूप विषयमा आसक्त नहुनु नै वैराग्य हो र अणिमादि सिद्धिहरू नै ऐश्वर्य मानिन्छन् ॥२७॥ उद्धवजी भन्दछन्–रे अरिकर्शन ! यम कति थरिका हुन्छन् ? नियम कुन-कुन हुन् ? हे कृष्ण ! हे विभो ! शम के हो ? दम के हो ? तितिक्षा के हो ? धैर्य कसलाई भन्दछन् ? ॥२८॥ दान तप र शूरवीरता कसलाई भन्दछन् ? सत्य तथा ऋत के हो ? त्याग,इष्ट,धन यज्ञ र दक्षिणाको स्वरूप के हो ? ॥२९॥ पुरुषको बल के वस्तु हो? भग अर्थात् कल्याण तथा परमलाभ कसलाई भन्दछन् ? उत्तम विद्या, लज्जा र उत्तम श्री के हो ? सुख र दुःख कसलाई भन्दछ? ॥३०॥ पण्डित र मूर्ख कस्तालाई भन्दछन् ! सुमार्ग र कुमार्गके हो ? स्वर्ग के हो?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरक के हो ? बन्धु र घर केलाई भन्दछन् ? ॥ ३१ ॥ धनी के हो ? निर्धन को हो ? कृपण कसलाई भन्दछन् ? ईश्वर को हो ? हे सत्पुरुषहरूका स्वामी ! मेरी यी प्रश्न र यिनको विपरीत अशुभ कर्मको पनि व्याख्या गरी बुझाउनोस् ॥ ३२ ॥ भगवान् आज्ञा हुन्छ–हे उद्धव ! अहिंसा, सत्य, अस्तेय, ह्री अर्थात् लज्जा, असञ्चय अर्थात् चाहिए भन्दा बढ्ता धन जम्मा नपार्नु, आस्तिकता, ब्रह्मचर्य, मौन, स्थिरता, *क्षमा, अभय, शौच, जप, तप, होम, श्रद्धा, अतिथि-सेवा, मेरो पूजा, तीर्थ-भ्रमण, परोपकार, सदा सचेष्टता, सन्तोष तथा गुरु-सेवा–यी बाह्र यम र नियम कहिएका छन्। हे तात ! यी यम-नियम आफ्नू पालन गर्ने प्राणीलाई सबै इच्छित कामनाहरू पूर्ण पारिदिने गर्दछन् ॥ ३३-३५ ॥ प्राणीका बुद्धिको ममा लाग्नु, शम, इन्द्रियको दमनलाई दम र कष्ट सहनेको नाम तितिक्षा हो। जिह्वा र उपस्थेन्द्रियको वेग रोक्नु नै धैर्य कहिन्छ ॥ ३६ ॥ समस्त प्राणीहरूका प्रति द्रोह भावनाको

विपरीतांश्च सत्पते ॥ ३२ ॥ श्रीभगवानुवाच ॥ अहिंसा सत्यमस्तेयमसङ्गो ह्रीरसञ्चयः ॥ आस्तिक्यं ब्रह्मचर्यं च मौनं स्थैर्यं क्षमाऽभयम् ॥ ३३ ॥ शौचं जपस्तपो होमः श्रद्धाऽऽतिथ्यं मदर्चनम् ॥ तीर्थाटनं परार्थेहा तुष्टिराचार्यसेवनम् ॥३४॥ एते यमाः सनियमा उभयोर्द्वादश स्मृताः ॥ पुंसामुपासितास्तात यथाकामं दुहन्ति हि ॥ ३५ ॥ शमो मन्निष्ठता बुद्धेर्दम इन्द्रियसंयमः ॥ तितिक्षा दुःखसंमर्षो जिह्वोपस्थजयो धृतिः ॥ ३६ ॥ दण्डन्यासः परं दानं कामत्यागस्तपः स्मृतम् ॥ स्वभावविजयः शौर्यं सत्यं च समदर्शनम् ॥ ३७ ॥ ऋतं च सूनृता वाणी कविभिः परिकीर्तिता ॥ कर्मस्वसङ्गमः शौचं त्यागः संन्यास उच्यते ॥ ३८ ॥ धर्म इष्टं धनं नृणां यज्ञोऽहं भगवत्तमः ॥ दक्षिणा ज्ञानसन्देशः प्राणायामः परं बलम् ॥३९॥ भगो म ऐश्वरो भावो लाभो मद्भक्तिरुत्तमा ॥ विद्याऽऽत्मनि भिदाबाधो जुगुप्सा ह्रीरकर्मसु ॥४०॥ श्रीर्गुणा नैरपेक्ष्याद्याः सुखं दुःखसुखात्ययः ॥ दुःखं कामसुखापेक्षा पण्डितो बन्धमोक्षवित् ॥४१॥ मूर्खो देहाद्यहंबुद्धिः पन्था मन्निगमः स्मृतः ॥ उत्पथश्चित्तविक्षेपः स्वर्गः सत्त्वगुणोदयः ॥४२॥

त्याग नै परम दान हो ! कामना अर्थात् भोगहरू त्याग्नु नै परम तप हो। सबै वासनामयी चित्तवृत्तिहरूलाई आफ्नू वशीभूत गर्नु नै शूरता र सबैमा समदर्शन नै परम सत्य कहिन्छ ॥ ३७ ॥ सत्य र मधुर वाणी नै विद्वान् द्वारा ऋत कहिन्छ। सबै कर्ममा आसक्ति नराख्नु नै शौच हो र कर्महरूको त्याग नै संन्यास कहिन्छ ॥ ३८ ॥ एक मात्र धर्म नै मनुष्यको इष्ट धन हुन्छ। परमेश्वर-सम्पन्नहरूमा श्रेष्ठ म यज्ञ पुरुष नै यज्ञ हुँ। ज्ञानोपदेश नै वास्तविक दक्षिणा र प्राणायाम नै बल हो ॥ ३९ ॥ मेरो ऐश्वर्य ईश्वरी भाव हो र मेरो उत्तम भक्ति प्राप्त हुनु नै परमलाभ हो। आत्मा र परमात्मामा भेद-बुद्धिको अभाव नै विद्या र दुष्कर्मबाट सदा परै रहनु लज्जा कहिन्छ ॥ ४० ॥ निरपेक्षता आदि

*दृष्टान्त (क्षमा) भगवान् बुद्धदेवलाई यौटा धूर्तले गाली गर्‍यो। बुद्ध भगवान् केही बोलेनन्। भोलिपल्ट उसले फेरि गाली गर्‍यो, तर भगवान्ले केही भनेनन्। तेस्रो दिन उसले गाली गर्दा पनि जब ती बोलेनन्, तब उसले भन्यो—'भगवन् ! मैले हजुरलाई अनेक गाली गरें, परन्तु हजुरलाई रिस उठेन। यसको कारण के हो ?' भगवान् बुद्धले भन्नुभयो—'पहिले तिमीमलाई यो भन–यदि कोही मनुष्य केही दिन भनेर लैजाओस् र लिने व्यक्तिले त्यो स्वीकार गरेन भने त्यो वस्तु कोसित रहन्छ ?' धूर्तले भन्यो—'जसले ल्यायो उसैसित रहन्छ।' बुद्धदेवले भन्नु भयो—'तिमी मलाई गाली गर्न ल्याएका थियौ, मैले त्यो स्वीकार गरिन। अनि गाली कोसित रह्यो ?' यति सुनेर धूर्त यति लज्जित भयो कि बुद्धदेवका पाउमा परेर क्षमा माग्यो र त्यसै दिनदेखि उनको शिष्य बन्यो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुणलाई श्री भन्दछन् । सुख-दुःखदेखि पर पुग्नु नै परम सुख हो । विषय-सुखको इच्छा नै दुःख हो । जो बन्धन र मोक्षको भेद जान्दछ, वास्तवमा त्यही पण्डित हो ।।४१ ।। देह आदिमा अहंबुद्धि राख्ने नै मूर्ख मानिन्छ । मलाई प्राप्त गर्ने बाटो नै वास्तविक बाटो हो । चित्तमा विक्षेप उत्पन्न बाटो नै कुबाटो हो र सत्त्वगुणको उदय हुनु नै स्वर्ग कहिन्छ ।।४२।। तमोगुणको वृद्धि नै नरक हो । हे मित्र ! म नै सबैको गुरुरूप बन्धु हुँ, मनुष्यको देह नै घर हो र गुणी नै राम्रो धनवान् हुन्छ ।।४३।। असन्तुष्ट व्यक्ति नै निर्धन हुन्छ । अजितेन्द्रिय नै कृपण अर्थात् दीन हो । विषयमा अनासक्त प्राणी नै ईश्वर अर्थात् स्वाधीन हो । यसको विपरीत विषयी पुरुष नै अनीश्वर अर्थात् पराधीन रहन्छन् ।। ४४ ।। हे उद्धव ! यस प्रकार मैले तिम्रा सबै प्रश्नको निरूपण गरिदिएँ । गुण-दोषका लक्षणहरूको यो भन्दा बर्ता के विवेचन हुन सक्तछ ? केवल यति मै बुझ कि गुण-दोषलाई देख्नु नै दोष हो, यी दोषलाई नदेख्नु नै सर्वश्रेष्ठ गुण हो ।। ४५ ।। इति श्रीमद्भागवते पुराणे एकादशस्कन्धे 'वाशिष्ठी' भाषाटीकायामेकोनविंशोऽध्यायः ।। २९ ।।

नरकस्तम उन्नाहो बन्धुर्गुरुरहं सखे ।। गृहं शरीरं मानुष्यं गुणाढ्यो ह्याढ्य उच्यते ।। ४३ ।। दरिद्रो यस्त्वसन्तुष्टः कृपणो योऽजितेन्द्रियः ।। गुणेष्वसक्तधीरीशो गुणसङ्गो विपर्यय. ।। ४४ ।। एत उद्धव ते प्रश्नाः सर्वे साधु निरूपिताः ।। किं वर्णितेन बहुना लक्षणं गुणदोषयोः ।। गुणदोषदृशिर्दोषो गुणस्तूभयवर्जितः ।।४५।। इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे एकोनविंशोऽध्यायः ।।१९।।

उद्धव उवाच ।। विधिश्च प्रतिषेधश्च निगमो हीश्वरस्य ते ।। अवेक्षतेऽरविन्दाक्ष गुणं दोषं च कर्मणाम्।।१।। वर्णाश्रमविकल्पं च प्रतिलोमानुलोमजम् ।। द्रव्यदेशवयःकालान्स्वर्गं नरकमेव च ।।२।। गुणदोषभिदादृष्टिमन्तरेण वचस्तव ।। निश्रेयसं कथं नृणां निषेधविधिलक्षणम् ।।३।। पितृदेवमनुष्याणां वेदश्चक्षुस्तवेश्वर ।। श्रेयस्त्वनुपलब्धेऽर्थे साध्यसाधनयोरपि ।। ४ ।। गुणदोषभिदादृष्टिर्निगमात्ते न हि स्वतः ।। निगमेनापवादश्च भिदाया इति ह भ्रमः ।।५।। श्रीभगवानुवाच ।। योगास्त्रयो मया प्रोक्ता नृणां श्रेयोविधित्सया ।। ज्ञानं कर्म च भक्तिश्च नोपायोऽन्योऽस्ति कुत्रचित् ।।६।। निर्विण्णानां ज्ञानयोगो न्यासिनामिह कर्मसु ।। तेष्वनिर्विण्णचित्तानां कर्मयोगस्तु कामिनाम् ।।७।। यदृच्छया मत्कथादौ जातश्रद्धस्तु यः पुमान् ।। न निर्विण्णो नाति-

(ज्ञान, कर्म र भक्तियोगको निरूपण)--उद्धव भन्दछन्—हे कमलनयन ! हजुरकी आज्ञारूपिणी श्रुति पनि विधि-निषेधात्मक हुनले कर्मका गुण तथा दोषलाई देख्दछिन् ।१।। त्यो वर्णाश्रम-भेद, प्रतिलोमज अर्थात् कुनै नीच जातको पुरुषबाट उच्च जातकी स्त्रीमा उत्पन्न सन्तान र अनुलोमज अर्थात् कुनै उच्च जातको पुरुषद्वारा नीच जातकी स्त्रीमा उत्पन्न सन्तान तथा द्रव्य, देश, अवस्था, काल, स्वर्ग र नरकको पनि विचार गर्दछिन्।।२।। हजुरको विधिनिषेधात्मक वाक्यरूप वेद पनि बिना गुणदोषमयी भेददृष्टि हुने मनुष्यको कल्याण कसरी गन सक्तछ ? ३।। हे ईश्वर ! अदृष्ट स्वर्ग-अपवर्ग आदि तथा साध्य-साधनको विषयमा हजुरको वाक्यरूप वेद नै पितृ, देवता र मनुष्यका श्रेष्ठ नेत्र हुन् ।।४।। हे स्वामिन् ! गुणदोषमयी भेददृष्टि पनि त हजुरकी आज्ञारूपिणी श्रुतिबाट नै पाइन्छ । त्यो स्वतः सिद्धि होइन । फेरि श्रुतिले नै भेद-दृष्टिको बाध पनि हुन्छ । अतः मलाई भ्रम भइरहेको छ । कृपया मेरो संशय निवारण गरिदिनोस् ।।५।। भगवान् भन्नुहुन्छ–हे उद्धव ! सबै मनुष्यको कल्याण गर्नको निम्ति नै ज्ञानयोग, भक्तियोग र कर्मयोगीरूपी तीन योग कहिन्छन् । मोक्षप्राप्तिको अरु कुनै उपाय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहीं पाउन सकिन्न ॥६॥ सबै कर्मबाट विरक्त भएर तिनलाई त्यागिदिने पुरुषका लागि ज्ञानयोग कहिएको छ। हुने कर्मबाट वैराग्य सकाम पुरुषका लागि कर्मयोग कहिएको छ ॥७॥ सौभाग्यवश जसमा मेरो कथा-श्रवण आदिको श्रद्धा उत्पन्न भएको छ र जो न बर्ता आसक्त छ, उसको निम्ति भक्तियोग नै सिद्धिदायक छ ॥८॥ जबसम्म कर्मबाट वैराग्य हुँदैन र मेरा कथा आदिको श्रवण-मननमा श्रद्धा नहोस्, तबसम्म कर्म गर्दै जाओस् ॥९॥ हे उद्धव ! जो पुरुष स्वधर्म पालनपूर्वक कर्मफलको आशा त्यागेर यज्ञादि कर्म गर्दै रहन्छ, त्यो यदि काम्य र निषिद्ध कर्म गर्दैन भने न स्वर्गमा पुग्छ र नर्कमै गाडिन्छ ॥ १० ॥ स्वधर्ममा तत्पर रहने त्यो व्यक्ति निष्पाप तथा पवित्र भएर यही लोक र मानवदेहमै रहेर पनि आफ्नू प्रारब्धानुसार कि त विशुद्ध आत्मज्ञान प्राप्त गर्दछ अथवा मेरी भक्ति नै प्राप्त गर्दछ ॥ ११ ॥ स्वर्गवासी देवता तथा नारकी जीव—यी दुवै नै मनुष्य देह पाउने इच्छा गर्दछन्, किनकि मानव देह नै ज्ञान र भक्तिद्वारामलाई प्राप्त गर्ने साधन छ र ती दुवै स्वर्गीय तथा नारकी देह मेरो प्राप्तिको साधन हुन सक्तैन ॥ १२ ॥अतः विवेकशील पुरुषको कर्तव्य हुन जान्छ—त्यो न त स्वर्गीय गति खोजोस्, न नारकी गति, न यस नाशवान् मनुष्य शरीरको नै पुनः पाउने इच्छा गरोस् किनकि देहमा आस्था भएपछि

सक्तो भक्तियोगोऽस्य सिद्धिदः ॥ ८ ॥ तावत्कर्माणि कुर्वीत न निर्विद्येत यावता ॥ मत्कथाश्रवणादौ वा श्रद्धा यावन्न धार्यते ॥ ९ ॥ स्वधर्मस्थो यजन्यज्ञैरनाशीःकाम उद्धव ॥ न याति स्वर्गनरकौ यद्यन्यन्न समाचरेत् ॥ १० ॥ अस्मिँल्लोके वर्तमानः स्वधर्मस्थोऽनघः शुचिः ज्ञानं विशुद्धमाप्नोति मद्भक्तिं वा यदृच्छया ॥ ११ ॥ स्वर्गिणोऽप्येनमिच्छन्ति लोकं निरयिणस्तथा ॥ साधकं ज्ञानभक्तिभ्यामुभयं तदसाधकम् ॥ १२ ॥ न नरः स्वर्गतिं काङ्क्षेन्नारकीं वा विचक्षणः ॥ नेमं लोकं च काङ्क्षेत देहावेशात्प्रमाद्यति ॥ १३ ॥ एतद्विद्वान्पुरा मृत्योरभवाय घटेत सः ॥ अप्रमत्त इदं ज्ञात्वा मर्त्यमप्यर्थसिद्धिदम् ॥ १४ ॥ छिद्यमानं यमैरेतैः कृतनीडं वनस्पतिम् ॥ खगः स्वकेतमुत्सृज्य क्षेमं याति ह्यलम्पटः ॥ १५ ॥ अतो रात्रिशिछद्यमावं बुद्ध्वायुर्भयवेपथुः ॥ मुक्तसङ्गः परं बुद्ध्वा निरीह उपशाम्यति ॥ १६ ॥ नृदेहमाद्यं सुलभं प्लवं सुकल्पं गुरुकर्णधारम् ॥ मयानुकूलेन नभस्वतेरितं पुमान् भवाब्धिं न तरेत्स आत्महा ॥ १७ ॥ यदारम्भेषु निर्विण्णो विरक्तः संयतेन्द्रियः ॥ अभ्यासेनात्मनो योगी धारयेदचलं

मनुष्य प्रमाद गर्न लाग्दछ ॥ १३ ॥ शरीर-त्यागको पहिल्यै सावधानीपूर्वक यो जानोस् कि मनुष्यदेह नाशवान् भएर पनि परम पुरुषार्थको साधक छ। अतः यस देहले अविनाशी मोक्षको प्राप्तिका लागि चेष्टा गरोस् ॥१४॥ जुन वृक्षमा गुँड बनेको छ, यस्तो निज निवासस्थानरूपी यस देह वृक्षको यमदूत द्वारा सधैं काटिन लागेका देखेर यसमा बस्ने जीवरूपी पक्षी यसलाई अनासक्त भावले छाडेर उडिजान्छ ॥ १५ ॥ दिन र रात बराबर हाम्रो आयु काटिरहेका छन्। यो तथ्य जानेर जो पुरुष डरले कामिरहेको होस्, त्यो आफ्नो परम आत्मस्वरूपलाई जानिसकेपछि यसमा आसक्त नहोस् र यसको रक्षामा-चेष्टाहीन भएर शान्त हुने गर्दछ ॥ १६ ॥ यो मनुष्य शरीर आद्य अर्थात् सबै शुभ फलहरूको प्राप्तिको आदि कारण छ र सुकर्मीहरूलाई पनि अति दुर्लभ छ। यो संसार-सागरलाई तर्नको निम्ति बलियो नौकास्वरूप छ, गुरु नै यसका कर्णधार छन् र अनुकूल वायुद्वारा नै प्रेरित भएर त्यो डुङ्गा पारी पुग्न सक्तछ। यस शरीरलाई पाएर पनि जो व्यक्ति संसार-सिन्धु तर्न सक्तैन त्यसलाई आत्मघाती नै भन्नुपर्दछ ॥१७॥ जब त्यो कर्मको प्रवृत्तिबाट उदासीन र विरक्त

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होओस्, अनि इन्द्रिय-संयम र आत्मचिन्तनको अभ्यास गरेर आफ्नू चित्त स्थिर पारोस् ॥ १८ ॥ चित्त स्थिर पार्दा जब मन चंचल भई यता-उतर डुल्ने भयो भने सतर्कताले उसको इच्छा अलि अलि पूर्ण पार्दै युक्तिले मनलाई वशमा पारोस् ॥१९॥ मनको स्वच्छन्द गतिलाई कहिल्यै खुला नछाडोस् वरू प्राण र इन्द्रियलाई जितेर सात्त्विक बुद्धिले उसलाई आफ्नो अधीन पारोस् ॥२०॥ जस्तै वशमा पार्ने योग्य घोडालाई आफ्नू मनोभावको ज्ञाता तुल्याउने इच्छुक सवार उसलाई बारम्बार फकाएर वशमा पार्दछ—त्यस्तै अनुरोधपूर्वक मनको विग्रह गर्नु पनि योग मान्छि ॥ २१ ॥ सांख्य विधिको अनुसार सबै वस्तुको उद्भव र प्रलयको अनुलोम-प्रातिलोम क्रमले तबसम्म चिन्तन गर्दै रहोस् जबसम्म साधकको मन एकदम शान्त हुँदैन ॥ २२ ॥ यसरी गुरुले बताएका आत्मतत्त्वलाई राम्ररी बुझिसकेपछि सबैतिरबाट उदासीन तथा विरक्त पुरुषको चित्त पूर्वोक्त आत्मतत्त्वको नै बारम्बार चिन्तन गर्दै रहनाले आफ्नू अभिमान त्याग्दछ ॥ २६ ॥ पूर्वोक्त यम-नियमादि योगसाधन र आन्वीक्षिकी अर्थात् ब्रह्मविचारसित सम्बन्ध राख्ने विद्या र मेरो प्रतिमाको सदैव उपासनाले

मनः ॥ १८ ॥ धार्यमाणं मनो यर्हि भ्राम्यदाश्वनवस्थितम् ॥ अतन्द्रितोऽनुरोधेन मार्गेणात्मवशं नयेत् ॥ १९ ॥ मनोगतिं न विसृजेज्जितप्राणो जितेन्द्रियः ॥ सत्वसम्पन्नया बुद्ध्या मन आत्मवशं नयेत् ॥ २० एष वै परमो योगो मनसः संग्रहः स्मृतः ॥ हृदयज्ञत्वमन्विच्छन्दम्यस्यैवार्वतो मुहुः ॥ २१ ॥ सांख्येन सर्वभावानां प्रतिलोमानुलोमतः ॥ भवाप्ययावनुध्यायेन्मनो यावत्प्रसीदति ॥ २२ ॥ निर्विण्णस्य विरक्तस्य पुरुषस्योक्त-वेदिनः ॥ मनस्त्यजति दौरात्म्यं चिन्तितस्यानुचिन्तया ॥ २३ ॥ यमादिभिर्योगपथैरान्वीक्षिक्या च विद्यया ॥ ममार्चोपासनाभिर्वा नान्यैर्योग्यं स्मरेन्मनः ॥ २४ ॥ यदि कुर्यात्प्रमादेन योगी कर्म विगर्हितम् ॥ योगेनैव दहेदंहो नान्यत्तत्र कदाचन ॥ २५ ॥ स्वेऽधिकारे या निष्ठा स गुणः परिकीर्तितः ॥ कर्मणां जात्यशुद्धानामनेन नियमः कृतः ॥ गुणदोषविधानेन सङ्गानां त्याजनेच्छया ॥ २६ ॥ जातश्रद्धो मत्कथासु निर्विण्णः सर्व-कर्मसु ॥ वेद दुःखात्मकान्कामान्परित्यागेऽप्यनीश्वरः ॥ २७ ॥ ततो भजेत मां प्रीतः श्रद्धालुर्दृढनिश्चयः ॥ जुषमाणश्च तान्कामान्दुःखोदर्कांश्च गर्हयन् ॥ २८ ॥ प्रोक्तेन भक्तियोगेन भजतो माऽसकृन्मुनेः ॥ कामा हृदय्या नश्यन्ति सर्वे मयि हृदि स्थिते ॥ २९ ॥ भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्व-

मन परमा माको स्मरण गर्न थाल्दछ ॥ २४ ॥ कदाचित प्रमादवश योगीद्वारा कुनै निन्दनीय कर्म भयो भने त्यस पापको योगले नै प्रायश्चित गरोस् । त्यसको निम्ति कुनै अन्य साधनको अवलम्बन गर्ने खाँचो छैन ॥ २५ ॥ आफाफ्ना अधिकारमा निष्ठा राख्नु नै गुण हो । वेदमा गुण-दोषको विधान गरेर जन्मतः अशुद्ध अर्थात् अपत् प्रवृत्तिले गर्दा हुने पापकर्म त्यागको नियम तिनको आसक्तिलाई छुटाउने इच्छाले नै गरिएको छ ॥ २६ ॥ जुन व्यक्तिलाई मेरा कथाहरूमा श्रद्धा छ र अन्य कर्ममा वैराग्य छ, त्यो यद्यपि सबै कामनालाई दुःखरूप ठान्दछ तापनि तिनलाई त्याग्न समर्थ हुन्न । यस्तो दशामा उसको कर्तव्य हुन्छ कि ती कर्मलाई परिणाममा दुःखदायी जानेर तिनको निन्दा गर्दै रहे पनि क्रमशः अनुष्ठान कम गरोस् र दृढनिश्चयी भएर प्रीतिपूर्वक मेरो भजन गर्दै रहोस् । पूर्वोक्त भक्तियोगले मेरो निरन्तर भजन गर्ने योग्य मुनिको हृदयमा म स्थिर भएपछि तिनका सबै मानसिक वासना नष्ट हुन्छन् ॥ २७–२९ ॥ म सर्वात्माको साक्षात्कार भएपछि उसको हृदय-ग्रन्थि स्वतः खुल्दछ र सबै संशयहरू निवृत भएर जान्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ ३० ॥ मेरो भक्तिले युक्त तथा मत्परायण योगीको निम्ति ज्ञान र वैराग्य प्रायः श्रेयसाधक हुँदैनन् ॥ ३१ ॥ कर्म, तप, ज्ञान, वैराग्य, योग, दान-धर्म र अन्याय श्रेय साधनद्वारा स्वर्ग अपवर्ग वा मेरो परमधाम आदि जे प्राप्त हुन्छ, त्यो सबै यदि इच्छा गरे मेरो भक्त केवल मेरै भक्ति गरेर अनायास प्राप्त गर्न सक्छ ॥ ३२ ॥ ३३ ॥ ममा अनन्य प्रेम राख्ने धीर र साधु भक्त मैले दिए पनि कैवल्य वा अपुनर्भव मोक्ष आदि कुनै पनि पदको कामना गर्दैनन् ॥ ३४ ॥ अतः निरपेक्षतालाई नै उत्कृष्ट एवं निःश्रेयस कहिएको छ। अनि निष्काम तथा निरपेक्ष व्यक्तिलाई नै मेरो भक्ति प्राप्त हुन्छ ॥ ३५ ॥ मेरा भक्तलाई र बुद्धि अतीत परमतत्त्व प्राप्त समदर्शी महात्मालाई गुण दोष-दृष्टिले उत्पन्न विकार दुःख दिन्नन् ॥ ३६ ॥ जो मैले भनेका उपायको अवलम्बन गर्दछन, ती मेरा क्षेममय धाममा प्राप्त भई ब्रह्मलाई पनि जान्दछन् ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे–पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां विंशोऽध्यायः ॥ २० ॥

संशयाः ॥ क्षीयन्ते चास्य कर्माणि मयि दृष्टेऽखिलात्मनि ॥ ३० ॥ तस्मान्मद्भक्तियुक्तस्य योगिनो वै मदात्मनः ॥ न ज्ञानं न च वैराग्यं प्रायः श्रेयो भवेदिह ॥ ३१ ॥ यत्कर्मभिर्यत्तपसा ज्ञानवैराग्यतश्च यत् ॥ योगेन दानधर्मेण श्रेयोभिरितरैरपि ॥ ३२ ॥ सर्वं मद्भक्तियोगेन मद्भक्तो लभतेऽञ्जसा ॥ स्वर्गापवर्गं मद्धाम कथञ्चिद्यदि वाञ्छति ॥ ३३ ॥ न किञ्चित्साधवो धीरा भक्ता ह्येकान्तिनो मम ॥ वाञ्छन्त्यपि मया दत्तं कैवल्यमपुनर्भवम् ॥ ३४ ॥ नैरपेक्ष्यं परं प्राहुर्निःश्रेयसमनल्पकम् ॥ तस्मान्निराशिषो भक्तिर्निरपेक्षस्य मे भवेत् ॥ ३५ ॥ न मय्येकान्तभक्तानां गुणदोषोद्भवा गुणाः ॥ साधूनां समचित्तानां बुद्धेः परमुपेयुषाम् ॥ ३६ ॥ एवमेतान्मयाऽऽदिष्टाननुतिष्ठन्ति मे पथः ॥ क्षेमं विदन्ति मत्स्थानं यद्ब्रह्म परमं विदुः ॥ ३७ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे विंशतितमोऽध्यायः ॥ २० ॥

श्रीभगवानुवाच ॥ य एतान्मत्पथो हित्वा भक्तिज्ञानक्रियात्मकान् ॥ क्षुद्रान्कामाँश्चलैः प्राणैर्जुषन्तः संसरन्ति ते ॥१॥ स्वे स्वेऽधिकारे या निष्ठा स गुणः परिकीर्तितः॥ विपर्ययस्तु दोषः स्यादुभयोरेव निश्चयः ॥२॥ शुद्ध्यशुद्धी विधीयेते समानेष्वपि वस्तुषु ॥ द्रव्यस्य विचिकित्सार्थं गुणदोषौ शुभाशुभौ ॥३॥ धर्मार्थं व्यवहारार्थं यात्रार्थमिति चानघ ॥ दर्शितोऽयं मयाऽऽचारो धर्ममुद्वहतां धुरम् ॥४॥ भूम्यम्ब्वग्न्यनिलाकाशा भूतानां पञ्च धातवः ॥ आब्रह्म-

(द्रव्य, देश-कालका गुण-दोषको विवेचना)—भगवान् भन्नुहुन्छ–हे उद्धव ! मलाई प्राप्त गर्नको निम्ति भक्ति, ज्ञान र कर्मरूपी मार्ग छाडेर जो आफ्ना स्थिर इन्द्रियहरूका क्षुद्र विषय-भोगहरू भोग्दछन्, ती बारम्बार आवागमनको चक्रमा पर्दछन् ॥ १ ॥ आफ्नाफ्ना अधिकारमा बलपूर्वक आडिएर नै गुण र अनाधिकार चेष्टा गर्नु दोष हो। गुण-दोषको यही विवेचन हो ॥२॥ हे अनघ ! सबै वस्तु एकैनासै भए पनि द्रव्य अर्थात् उपयोगमा वस्तुको चिकित्साको निम्ति शुद्धि-अशुद्धि, गुण-दोष र शुभाशुभको विधान गरिएको छ। यिनमा धर्मको निम्ति नै शुद्धि-अशुद्धिको व्यवहारको निम्ति गुण दोष र देहयात्राको लागि शुभाशुभको विचार गरिन्छ। यसरी केवल धर्मको भारी बोक्नेहरूका लागि नै मैले मनु आदि रूपले आचारको मार्ग देखाएको हो ॥३-४। पृथ्वी, जल, तेज, वायु र आकाश–यी पंचभूत नै ब्रह्मादेखि स्थावरपर्यन्त सबै प्राणीको शरीरमा आरम्भका कारण छन् र यो सबै म आत्मासित युक्त

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् ॥५॥ हे उद्धव ! यी सबै शरीरका धातु समान छन्, तापनि यी शरीरका स्वार्थ अर्थात् धर्माधर्मरूप पुरुषार्थको सिद्धिका निम्ति वेदले भिन्न-भिन्न नाम र रूपको कल्पना गरेका छन् ॥ ६ ॥ हे साधो ! कर्मलाई संकुचित पार्नको निम्ति नै मैले देश-कालादि भाव र वस्तुहरूका गुण-दोषको विधान गरिएको छ ॥ ७ ॥ सबै देशमा जुन देश कृष्ण-सार मृग र ब्राह्मण-भक्त पुरुषसित रहित होस्, त्यो अपवित्र मानिन्छ । कृष्णसार मृग भएर पनि सौवीर र कीकट अर्थात् मगध-अङ्ग-बङ्ग-कलिंगादि देश अपवित्र मानिन्छन् । असंस्कृत वा बाँझो पनि अपवित्र मानिन्छ ॥ ८ ॥ द्रव्य संयोगले वा स्वयमेव जुन कालमा कर्म हुन सक्छन्, उही शुद्ध हो र जातमा कर्म हुन सक्तैनन्, कर्म अयोग्य हुनाले त्यही काल अशुद्ध हुन्छ ॥ ९ ॥ सबै पदार्थको शुद्धि, द्रव्य, वचन, संस्कार, काल, महत्त्व तथा अल्पत्वले नै हुन्छ ॥ १० ॥ यसरी आफाफ्नो शक्ति, अशक्ति, बुद्धि तथा वैभवका अनुसार पनि

स्थावरादीनां शारीरा आत्मसंयुताः ॥५॥ वेदेन नामरूपाणि विषमाणि समेष्वपि ॥ धातुषूद्धव कल्पयन्त एतेषां स्वार्थसिद्धये ॥६॥ देशकालादिभावानां वस्तूनां मम सत्तम ॥ गुणदोषो विधीयेते नियमार्थं हि कर्मणाम् ॥७॥ अकृष्णसारो देशानामब्रह्मण्योऽशुचिर्भवेत् ॥ कृष्णसारोऽप्यसौवीरकीकटासंस्कृतेरिणम् ॥८॥ कर्मण्यो गुणवान्कालो द्रव्यतः स्वत एव वा ॥ यतो निवर्तते कर्म स दोषोऽकर्मकः स्मृतः ॥९॥ द्रव्यस्य शुद्ध्यशुद्धी च द्रव्येण वचनेन च ॥ संस्कारेणाथ कालेन महत्त्वाल्पतयाऽथवा ॥१०॥ शक्त्याऽशक्त्याऽथवा बुद्ध्या समृद्ध्या च यदात्मनः ॥ अघं कुर्वन्ति हि यथा देशावस्थानुसारतः ॥११॥ धान्यदार्वस्थितन्तूनां रसतैजसचर्मणाम् ॥ कालवाय्वग्निमृत्तोयैः पार्थिवानां युतायुतैः ॥ १२ ॥ अमेध्यलिप्तं यद्येन गन्धं लेपं व्यपोहति ॥ भजते प्रकृतिं तस्य तच्छौचं तावदिष्यते ॥ १३ ॥ स्नानदानतपोऽवस्थावीर्यसंस्कारकर्मभिः ॥ मत्स्मृत्या चात्मनः शौचं शुद्धं कर्माचरेद् द्विजः ॥ १४ ॥

आत्माको निम्ति पनि जुन पापको प्राप्ति हुन्छ, त्यो पनि देश-काल अनुसार नै हुन्छ ॥ ११ ॥ धान्य, काष्ठ, अग्नि अर्थात् हाड, हात्तीदाँत, सूत, रस अर्थात् मधुर-लवणादि, तेजस अर्थात् सुवर्ण र पारा आदि, छाला र घटादि सबै पदार्थको शुद्धि काल, वायु, अग्नि, माटो र जलले हुन्छ । देश, काल, अवस्थानुसार कतै भिन्नाभिन्नै र कहीं दुवै प्रकारले शुद्धि हुन्छ ॥१२॥ कुनै वस्तुमा यदि केही अशुद्ध पदार्थ लागेको छ भने ताछेर अथवा माटो आदिले माझेर जब त्यस पदार्थमा गन्ध रहन्न तथा त्यो वस्तु आफ्नू पूर्णरूपमा आएपछि त्यसलाई शुद्ध जान्नु पर्दछ ॥ १३ ॥ फेरि स्नान, दान, जप, अवस्था, पराक्रम, संस्कार, कर्म र स्मरणले चित्त शुद्ध हुन्छ । यसरी शुद्ध भएर द्विजमात्रलाई विहित कर्म गर्दै रहनु पर्दछ । *गुरुको मुखबाट सुनेर राम्ररी हृदयंगम गर्नाले मन्त्र र मलाई अर्पण गर्नाले कर्मको शुद्धि हुनेछ । यस प्रकार सम्पूर्ण देश, काल, पदार्थ

---

* दृष्टान्त (गुरु र मन्त्र)—कुनै जहाजको मस्तुल (पाल बाँध्ने मूल खाँबो) मा यौटा चरा आएर बस्यो । जहाज समुद्रमा गइरहेको थियो । चरालाई अरु कुनै स्थान देखिरहेको थिएन, जसमा गएर त्यो बसोस् । चरा मनमा विचार गर्न लाग्यो—यस मस्तूलमा दिन कसरी बिताउने । कतै हरियो वृक्ष देखिए त्यहीं बस्ने थिएँ । म अवश्य कुनै हरियो वृक्ष आफ्नू निम्ति खोज्दछु । यस्तो विचार गरेर उड्यो । निकै पर पूर्व तिर गयो तर कही वृक्ष देखापरेन । अनि उत्तर गयो, त्यता पनि पानी बाहेक केही देखिएन । अन्तमा अब त्यो उड्दा-उड्दा थाक्यो फेरि मस्तूलमै आएर बस्यो र भन्न लाग्यो—अब म यही मस्तूलमा बस्तछु । कारण अरु कुनै स्थान मैले बस्ने जस्तो छैन । त्यसै दिनदेखि त्यो शान्त भयो र सुखपूर्वक दिन बिताउन लाग्यो । यसको दृष्टान्त हो—गुरुले जुन आत्मारूपी चरालाई मन्त्ररूप मस्तूलमा बसालेर भनेका थिए—'यही तेरो संसारमा बस्ने स्थान हो । जबसम्म जीवात्मा हरियो वृक्षको खोजीमा उड्दै रह्यो, शान्ति पाएन । जब यो विचार पक्का गर्‍यो—मलाई बचाउने यो बाहेक अरु केही पनि छैन, अनि उसलाई शान्तिको अनुभव भयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्ता, मन्त्र र कर्म—यी छ शुद्ध भएपछि धर्म र अशुद्ध हुनाले अधर्म हुन्छ ॥ १५ ॥ कहीं-कहीं गुण पनि दोष र दोष पनि गुण हुने गर्दछ । अतएव देश, काल तथा जाति आदिको विचार गरेर जो एकै वस्तुमा गुण-दोषका नियम कहिएको छ, त्यो आफ्नू अंशमा सामान्य शास्त्रद्वारा प्राप्त गुण-दोष विभागको बाधक बन्नसक्दछ ॥ १६ ॥ यस निम्ति आफ्नू जातिको अनुरूप कर्म स्वरूपले सदोष भएर पनि उसको आचरण पतित वा अन्त्यजको निम्ति पाप-जनक हुँदैन, किनकि जो जातिले कर्मको सम्बन्ध विहित छ, त्यो उसको निम्ति दोषको कुरा होइन । त्यसले उसको पतन त्यसै गरी हुँदैन जसरी पृथ्वीमा सुतेको मनुष्य तल झर्दैन ॥ १७ ॥ जुन-जुन प्रवृत्तिले मनुष्यको चित्त उपरत हुँदै जान्छ, उतै-उतैतिर उसको बन्धन टुट्दै जान्छ । यो निवृत्ति नै मनुष्यको निम्ति शोक, मोह तथा भयहारी, कल्याणमय धर्म हो ॥ १८ ॥ अतः जब विषयमा मनुष्य गुण-बुद्धि गर्न थाल्द, तब त्यसको उनमा आसक्ति हुन्छ । यस आसक्तिले उनमा कामना हुन्छ र त्यसमा बाधा उपस्थित भएपछि कलह बढ्दछ ॥ १९ ॥ त्यस कलहले

मन्त्रस्य च परिज्ञानं धर्मशुद्धिर्मदर्पणम् ॥ धर्मः सम्पद्यते षड्भिरधर्मस्तु विपर्ययः ॥ १५ ॥ क्वचिद्गुणोऽपि दोषः स्याद्दोषोऽपि विधिना गुणः ॥ गुणदोषार्थनियमस्तद्भिदामेव बाधते ॥ १६ ॥ समानकर्माचरणं पतितानां न पातकम् ॥ औत्पत्तिको गुणः सङ्गो न शयानः पतत्यधः ॥ १७ ॥ यतो यतो निवर्त्तेत विमुच्येत ततस्ततः ॥ एष धर्मो नृणां क्षेमः शोकमोहभयापहः ॥ १८ ॥ विषयेषु गुणाध्यासात्पुंसः सङ्गस्ततो भवेत् ॥ सङ्गात्तत्र भवेत्कामः कामादेव कलिर्नृणाम् ॥ १९ ॥ कलेर्दुर्विषहः क्रोधस्तमस्तमनुवर्त्तते ॥ तमसा ग्रस्यते पुंसश्चेतना व्यापिनी द्रुतम् ॥ २० ॥ तया विरहितः साधो जन्तुः शून्याय कल्पते ॥ ततोऽस्य स्वार्थविभ्रंशो मूर्च्छितस्य मृतस्य च ॥ २१ ॥ विषयाभिनिवेशेन नात्मानं वेद नापरम् ॥ वृक्षजीविकया जीवन्व्यर्थं भस्त्रेव यः श्वसन् ॥ २२ ॥ फलश्रुतिरियं नृणां न श्रेयो रोचनं परम् ॥ श्रेयोविवक्षया प्रोक्तं यथा भैषज्यरोचनम् ॥ २३ ॥ उत्पत्त्यैव हि कामेषु प्राणेषु स्वजनेषु च ॥ आसक्तमनसो मर्त्या आत्मनोऽनर्थहेतुषु ॥ २४ ॥ न तानविदुषः स्वार्थं भ्राम्यते वृजिनाध्वनि ॥ कथं युञ्ज्यात्पुनस्तेषु ताँस्तमो विशतो बुधः ॥२५॥ एवं व्यवसितं केचिदविज्ञाय कुबुद्धयः ॥ फलश्रुतिं कुसुमितां न वेदज्ञा वदन्ति हि ॥२६॥ कामिनः

दुःसह क्रोध हुन्छ । अज्ञान त्यस क्रोधको अनुगमन गर्दछ । अज्ञानले शीघ्र मनुष्यको स्मरण-शक्ति आवृत्त भइदिने गर्दछ ॥२०॥ हे उद्धव ! स्मरण शक्तिले हीन पुरुष शून्यवत् हुन्छ । फेरि मृत तथा मूर्च्छित् व्यक्ति जस्तै संज्ञाहीन भइदिनाले उसको स्वार्थ पनि भ्रष्ट हुन्छ ॥ २१ ॥ यसरी खलाँती जस्तै सास फेर्दै त्यो वृक्ष समान व्यर्थ बाँच्तछ र विषय लम्पटको कारण आत्मा तथा परमात्मा कसैलाई पनि जान्दैन ॥ २२ । फेरि वेदका फलश्रुतिहरू पुरुषका परम पुरुषार्थको प्रतिपादक हुन सक्तैनन् । ती सकाम र विषयी पुरुषका केवल श्रेयको तर्फ प्रवृत्त गर्नको निम्ति प्रयोजना मात्र हुन् । जस्तै· तीतो औषधि खुवाउन बालकलाई फुल्याउँछन् ॥२३॥ आत्माको लागि अनर्थस्वरूप कामना, प्राण तथा कुटुम्बीमा मनुष्य जन्मैदेखि आसक्त हुन्छन् । त्यसरी ती आफ्नू सच्चा स्वार्थलाई नजानेर जन्म-मरणरूपी संसारमार्गमा अलमलिन्छन् । यस्तो घोर अन्धकारमा गडेका ती दीन पुरुषलाई कोही जान्ने फेरि किन त्यसैमा प्रवृत्त गर्ला ? ॥ २५ ॥ अतः वेदको यस अभिप्रायलाई नबुझी केही बुद्धिहीन पुरुष कर्मासक्तिले गर्दा कुसुमस्थानीय फल श्रुतिलाई नै परम फल

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्दछन् । तर वास्तवमा यस्तो कुरा होइन, किनकि वेदका मर्मज्ञ जन यस्तो गर्दैनन् ॥२६॥ ती कामासक्त, कृपण व्यक्ति पुष्प अर्थात् स्वर्गादिलाई नै फल मान्न थाल्दछन् र अग्निले साध्य यज्ञादि कर्ममा नै मुग्ध भै लागिरहेर अन्त्यमा धूममार्गबाट जान्छन् । आफ्नू निजधाम अर्थात् निर्वाणपद प्राप्त गर्न सक्तैनन् ।.२७॥ हे उद्धव ! कर्मयोग शास्त्र हुने प्राणपोषक पुरुष आफ्नू अन्तःकरणमा स्थित मलाई देख्तैन, जसले कि सारा जगत् उत्पन्न भएको छ । जस्तै-जसका आँखामा जालो परेको छ,त्यो आफ्नू नजीकैको पदार्थ पनि देख्नसक्तैन ।२८। ती विषयी मेरो यो गूढ अभिप्राय जान्दैनन् कि वेदमा हिंसालाई प्रेरणा दिइएको छ । यदि कसैको हिंसामा विशेष प्रवृत्ति भए त्यो यज्ञमा पशुको केवल स्पर्श गरोस्, हिंसा नगरोस् यस्तो नियम छ । हिंसामा रत ती दुष्ट आफ्नू सुखको इच्छाले पशुको बलि दिएर देवता, पितृ तथा भूतपतिको यज्ञद्वारा यजन गर्दछन् ॥ २९ ॥ ३० ॥ ती व्यक्ति स्वप्नको जस्तै सत्य तथा सुन्दा मनपर्ने स्वर्गादि परलोक र त्यसको भोगका निम्ति मन-मनै विविध सङ्कल्प गरेर वर्ता लाभको आशाले मूल धन पनि गुमाइदिने व्यापारीको समान यस

कृपणा लुब्धाः पुष्पेषु फलबुद्धयः ॥ अग्निमुग्धा धूमतान्ताः स्वं लोकं न विदन्ति ते ॥ २७ ॥ न ते मामङ्ग जानन्ति हृदिस्थं य इदं यतः ॥ उक्थशास्त्रा ह्यसुतृपो यथा नीहारचक्षुषः ॥ २८ ॥ ते मे मतमविज्ञाय परोक्षं विषयात्मकाः ॥ हिंसायां यदि रागः स्याद्यज्ञ एव न चोदना ॥ २९ ॥ हिंसाविहारा ह्यालब्धैः पशुभिः स्वसुखेच्छया ॥ यजन्ते देवता यज्ञैः पितृभूतपतीन्खलाः ॥ ३० ॥ स्वप्नोपममम‍ुं लोकयसन्तं श्रवणप्रियम् ॥ आशिषो हृदि सङ्कल्प्य त्यजन्त्यर्थान्यथा वणिक् ॥ ३१ ॥ रजःसत्त्वतमोनिष्ठा रजःसत्त्वतमोजुषः ॥ उपासत इन्द्रमुख्यान्देवादीन्न तथैव माम् ॥३२॥ इष्ट्वेह देवता यज्ञैर्गत्वा रंस्यामहे दिवि तस्यान्त इह भूयास्म महाशीला महाकुलाः ॥ ३३ ॥ एवं पुष्पितया वाचा व्याक्षिप्तमनसां नृणाम् ॥ मानिनां चातिस्तब्धानां मद्वार्ताऽपि न रोचते ॥ ३४ ॥ वेदा ब्रह्मात्मविषयास्त्रिकाण्डविषया इमे ॥ परोक्षवादा ऋषयः परोक्षं मम च प्रियम् ॥ ३५ ॥ शब्द-ब्रह्म सुदुर्बोधं प्राणेन्द्रियमनोमयम् ॥ अनन्तपारं गम्भीरं दुर्विगाह्यं समुद्रवत् ॥ ३६ ॥ मयोपबृंहितं भूम्ना ब्रह्मणाऽनन्तशक्तिना ॥ भूतेषु घोषरू-पेण विसेषूर्णेव लक्ष्यते ॥ ३७ ॥ यथोर्णनाभिर्हृदयादूर्णामुद्वमते मुखात् ॥ आकाशाद्घोषवान्प्राणो मनसा स्पर्शरूपिणा ॥ ३८ ॥ छन्दोमयोऽमृत-

लोकमा व्यर्थ आफ्नू धन नाश गर्दछन् ॥३१॥ रज, सत्व, तम–यी तीन गुणमा लीन व्यक्ति आफ्नू अनुरूप रज, सत्व, तमोगुणको सेवन गर्ने भएका इन्द्रादिदेवताहरूको नै उपासना गर्दछन् । ती म गुणातीतको उपासना कहिल्यै गर्दैनन् ॥३२॥ यहाँ यज्ञादिद्वारा देवताहरूको यजन गरेर हामी स्वर्गलोकमा गएर आनन्द भोग्नेछौं र फेरि त्यसपछि यस लोकमा उच्च कुलमा जन्म लिएर ठूलो कुटुम्बी हुनेछौं–यसरी चित्र-विचित्र वाक्यले जसको चित्त चञ्चल भइरहेछ, ती अभिमानी र अत्यन्त उद्दण्ड पुरुषलाई मेरो कुरा राम्रो लाग्दैन । वेदका कर्म, उपासना तथा ज्ञान—यी तीन काण्ड छन् र ती ब्रह्म तथा आत्माको एकता सिद्ध गर्दछन्, तर मन्त्रदर्शी ऋषिहरू परोक्षवादी छन् अर्थात् ती विषयलाई स्पष्ट शब्दमा भन्दैनन् र मलाई पनि परोक्ष कथन प्रिय छ, किनकि यसले कुनै गूढ वस्तु अनधिकारी व्यक्तिले पाउन्न ॥३३-३५॥ पूर्वोक्त शब्द-ब्रह्म निकै दुर्बोध छ । त्यो प्राणमय (अर्थात् परा), मनोमय (अर्थात् पश्यन्ती) र इन्द्रियमय (अर्थात् मध्यमा) तीन थरिको छ । त्यो अपार समुद्र झैं अनन्त, गम्भीर र कष्टपूर्वक पारी तर्न सकिने योग्य छ ॥ ३६ ॥ म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनन्त शक्ति तथा व्यापक ब्रह्मले नै उसको विस्तार गरेको छ। कमलनालको सूक्ष्म तन्तु झैं त्यो ब्रह्म प्रथम प्राणीहरूको अन्तःकरणमा नादरूपले उत्पन्न हुन्छ। त्यो नाद कान बन्द गरेपछि सुनिन्छ ॥२७॥ जस्तै माकुरो आफ्नू हृदयले मुखद्वारा जालो उकेल्ने र निल्ने गर्दछ, उसै गरी सूक्ष्मनादरूप उपादान कारणयुक्त वेदमूर्ति एवं अमृतमय प्राणोपाधिक भगवान् हिरण्यगर्भ स्पर्शादि वर्णको सङ्कल्प गर्ने मनरूपी निमित्त कारणले हृदयाकाश द्वारा हृद्गत सूक्ष्म ॐ कार व्यक्त स्पर्शसंज्ञक वर्ण अर्थात् कदेखि म सम्म, स्वर अर्थात् अ देखि अः सम्म, अर्थात् ष, श, स, ह, र अन्तस्थ अर्थात् य, र, ल, व यी वर्णले विभूषित र उत्तरोत्तर चार-चार बर्ता वर्ण हुने छन्द द्वारा विचित्र भाषाहरूको रूपमा विस्तार प्राप्त विधि मार्ग हुने अनन्तपारयुक्त बृहतीलाई स्वयं रचतछन् र फेरि उसलाई आफ्नू पेटमा समेटि लिन्छन् ॥३८-४०॥ चार-चार भन्दा बर्ता वर्ण हुने छन्द हुन्—गायत्री, उष्णिक् अनुष्टुप्, बृहती, पंक्ति, त्रिष्टुप्, जगती अतिच्छन्दा, अत्यष्टि, अतिजगती र विराट् ॥ ४१ ॥ त्यो बृहती के विधान गर्दछे, के भन्दछे र कसको अनुवाद गर्दै के के

मयः सहस्रपदवीं प्रभुः॥ ओंकाराद्व्यञ्जितस्पर्शस्वरोष्मान्तःस्थभूषिताम् ॥३९॥ विचित्रभाषाविततां छन्दोभिश्चतुरुत्तरैः ॥ अनन्तपारां बृहतीं सृजत्याक्षिपते स्वयम् ॥४०॥ गायत्र्युष्णिगनुष्टुप् च बहती पंक्तिरेव च ॥ त्रिष्टुब्जगत्यतिच्छन्दो ह्यत्यष्ट्यतिजगद्विराट् ॥४१॥ किं वधत्ते किमाचष्टे किमनूद्य विकल्पयेत् ॥ इत्यस्या हृदयं लोके नान्यो मद्वेद कश्चन ॥ ४२ ॥ मां विधत्तेऽभित्ते मां विकल्प्यापोह्यते त्वहम् ॥ एतावान्सर्ववेदार्थ शद्ब आस्थाय मां भिदान् ॥ मायामात्रमनूद्यन्ते प्रतिषिद्ध्य प्रसीदति ॥ ४३ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे एकोंविंशोऽध्यायः ॥२१॥

उद्धव उवाच ॥ कति तत्त्वानि विश्वेश संख्यातान्यषिभिः प्रभो ॥ नवैकादश पञ्च त्रीण्यात्थ त्वमिह अश्रुम ॥ १ ॥ केचित्षड्विंशति प्राहुरपरे पञ्चविंशतिम् ॥ सप्तैके नवषट् केचिच्चत्वार्येकादशापरे ॥२॥ केचित्सप्तदश प्राहुः षोडशैके त्रयोदश ॥ एतावत्त्वं हि संख्यानामृषयो यद्विवक्षया ॥ गायन्ति पृथगायुष्मन्निदं नो वक्तुमर्हसि ॥ ३ ॥ श्रीभगवानुवाच ॥ युक्तं च सन्ति सर्वत्र भाषन्ते ब्राह्मणा यथा ॥ मायां मदीयामुद्गृह्य वदतां किं नु दुर्घटम् ॥ ४ ॥ नैतदेवं यथाऽऽत्थ त्वं यदहं वच्मि तत्तथा ॥ एवं विवदतां हेतुं शक्तयो मे दुरत्ययाः ॥ ५ ॥ यासां व्यतिकरादासीद्विकल्पो वदतां

विकल्प गर्दछे, त्यसको मर्मलाई संसारमा म बाहेक अरु कोही पनि जान्दैन ॥ ४२ ॥ त्यो मेरो नै विधान गर्दछे। उपास्यहरूले मेरो नै वर्णन गर्दछे र आकाशादिरूपले मेरो नै आरोप गरेर फेरि मेरो नै बाध गर्दछे। सबै वेदहरूको अर्थ यही हो। यो अर्थ मेरै भरमा वेदलाई मायामात्र भन्दै उसको निषेध गरेर अन्त्यमा स्वयं पनि शान्त हुने गर्दछ ॥४३॥ इति श्रीमद्भागवते महापुराने एकदशस्कन्धे 'वासिष्ठी' भाषाटीकायामेकविंशोऽध्यायः ॥ २१ ॥

(तत्त्वको संख्या र पुरुष-प्रकृतिको विवेचना)—उद्धव भन्दछन्—हे प्रभो! तत्त्वदर्शी ऋषिहरूले कति तत्त्व भनेका छन्? अहिल्यै हजुरले नौ, एघार, पाँच र तीन जम्मै अठार तत्त्व भन्नुभयो, जो मैले सुनिसकें, तर कोही छब्बीस, पचीस र कोही छ, कोही चार, एघार, सत्र र कोही सोह्र र कोही तेह्र नै तत्व भन्दछन्। हे आयुष्मन्! ती ऋषि जुन अभिप्रायले तत्त्वका भिन्न-भिन्न संख्या कहन्छन्, त्यो हजुर मलाई आज्ञा होस् ॥ १-३ ॥ भगवान् भन्नुहुन्छ—यस विषयमा ब्राह्मण जे भन्दछन् त्यो ठीक छ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जगत्को हेतुको विषयमा यस्तो विवाद गर्नेहरूको विवादमा अति कष्टले पार पाइने योग्य मेरो सत्त्वादि शक्ति नै कारण हुन्छन्। ती शक्तिको क्षोभले नै यो विकल्परूपी प्रपञ्च-वादी प्रतिवादीको विवादस्थान बनेको छ। शम र दम स्थिर भएपछि यो प्रपञ्च स्वयं शान्त हुन्छ र उसको साथै विवाद पनि निवृत्त भएर जान्छ। हे पुरुषश्रेष्ठ! तत्त्वहरूको परस्पर सम्मिलित हुनाले वक्ताले जे बताउनु अभीष्ट छ, त्यसै अनुसार कार्यकारण भावले वा न्यूनता अधिकताको विचारले तत्त्वका भिन्न-भिन्न संख्या कहिन्छन्। कारण-तत्त्व वा कार्यतत्त्वमा एकेकमा अन्यान्य तत्त्व पनि मिसिएका देखिन्छन्। यसै निम्ति पूर्वापर अर्थात् कार्य-कारणरूपले तत्त्वको न्यूनाधिक संख्या खोज्ने वादीहरूमा जसले आफ्नू मुखले जे भने, युक्तिसङ्गत हुनाले हामी उसैलाई निश्चित मानेर स्वीकार गर्दछौं ॥ ४–९॥ अनादिकालदेखि अविद्याग्रस्त व्यक्तिलाई स्वयं आत्मज्ञान कदापि प्राप्त हुन सक्तैन। अतः उसलाई ज्ञानोपदेशको निम्ति कुनै अन्य तत्त्वज्ञानीको खाँचो पर्दछ, किनकि आत्मा र परमात्मामा अणुमात्र पनि भेद छैन, यसै निम्ति कुनै अन्य व्यक्तिको कल्पना पनि

पदम् ॥ प्राप्ते शमदमेऽप्येति वादस्तमनुशाम्यति ॥ ६ ॥ परस्परानुप्रवेशात्तत्त्वानां पुरुषर्षभ ॥ पौर्वापर्यप्रसंख्यानं यथा वक्तुर्विवक्षितम् ॥ ७ ॥ एकस्मिन्नपि दृश्यन्ते प्रविष्टानीतराणि च ॥ पूर्वस्मिन् वा परस्मिन्वा तत्त्वे तत्त्वानि सर्वशः ॥ ८ ॥ पौर्वापर्यमतोऽमीषां प्रसंख्यानमभीप्सताम् ॥ यथा विविक्तं यद्वक्त्रं गृह्णीमो युक्तिसम्भवात् ॥९॥ अनाद्यविद्यायुक्तस्य पुरुषस्यात्मवेदनम् ॥ स्वतो न सम्भवादन्यस्तत्त्वज्ञो ज्ञानदो भवेत् ॥ १० ॥ पुरुषेश्वरयोरत्र न वैलक्षण्यमण्वपि ॥ तदन्यकल्पनाऽपार्था ज्ञानं च प्रकृतेर्गुणः ॥११॥ प्रकृतेर्गुणसाम्यं वै प्रकृतेर्नात्मनो गुणाः ॥ सत्त्वं रजस्तम इति स्थित्युत्पत्त्यन्तहेतवः ॥१२॥ सत्त्वं ज्ञानं रजः कर्म तमोऽज्ञानमिहोच्यते ॥ गुणव्यतिकरः कालः स्वभावः सूत्रमेव च ॥ १३ ॥ पुरुषः प्रकृतिर्व्यक्तमहङ्कारो नभोऽनिलः ॥ ज्योतिरापः क्षितिरिति तत्वान्युक्तानि मे नव ॥ १४ ॥ श्रोत्रं त्वग्दर्शनं घ्राणो जिह्वेति ज्ञानशक्तयः ॥ वाक्पाण्युपस्थपाय्वङ्घ्रिकर्माण्यङ्गोभयं मनः ॥ १५ ॥ शब्दः स्पर्शो रसो गन्धो रूपं चेत्यर्थजातयः ॥ गत्युक्त्युत्सर्गशिल्पानि कर्मायतनसिद्धयः ॥ १६ ॥ सर्गादौ प्रकृतिर्ह्यस्य कार्यकारणरूपिणी ॥ सत्त्वादिभिर्गुणैर्धत्ते पुरुषोऽव्यक्त ईक्षते ॥ १७ ॥ व्यक्तादयो विकुर्वाणा धातवः पुरुषेक्षया ॥ लब्धवीर्याः सृज-

सर्वथा व्यर्थ छ। ज्ञान प्रकृतिका सत्वगुणलाई नै मानिएको छ। तीनै गुणको साम्यावस्था नै प्रकृति हो। अतः संसारको स्थिति, सृष्टि र नाशको हेतु भूत सत्व, रज र तम—तीनै गुण प्रकृतिका नै मानिएका छन्—आत्माको होइन। यसरी सत्वगुण ज्ञान, रजोगुण कर्म र तमोगुण अज्ञान कहिन्छ। यी तीन गुणका विषमताको हेतु काल हो र इनको स्वभावले महत्व मानिन्छ ॥ १०-१३ ॥ मैले पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार, आकाश, वायु, तेज, जल र पृथ्वी—यी नौ तत्त्व भनेका छन्। श्रोत्र, त्वचा, चक्षु घ्राण र रसना—यी पाँच ज्ञानेद्रिय हुन् तथा वाक्, पाणि, पाद, पायु र उपस्थ—यी पाँच कर्मेन्द्रिय हुन्। हे प्रिय! यिनमा मन उभयेन्द्रिय कहिन्छ ॥१४॥१५। शब्द, स्पर्श, रूप, रस र गन्ध—यी ज्ञानेन्द्रियका विषय हुन्! हिंड्नु, बोल्नु, मूत्रत्याग, मलत्याग र शिल्प—यी पाँच कर्मेन्द्रियका विषय हुन्। सृष्टिको आरम्भमा जगत्को कार्य कारणात्मिका प्रकृति नै सत्वादि गुणद्वारा यी अवस्थालाई धारण गर्दछ, अव्यक्त पुरुष केवल उनको साक्षीमात्र रहन्छ ॥१६-१७॥ पुरुषको साक्षित्वले बल प्राप्त गरेर महत्तत्वादि कारणतत्त्व परस्पर मिलेर विकारमा प्राप्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् । प्रकृतिको भरमा ब्रह्माण्डको रचना गर्दछन् ॥ १८ ॥ यसरी सात तत्त्व मान्नेहरूको विचारले पाँच आकाशादि पञ्चभूत, एक ज्ञान अर्थात् जीव र एक यी दुवैको अधिष्ठान परमात्मा हुन् । देह, इन्द्रिय, प्राणादि पञ्चभूतले नै जायमान भएका हुन् ॥ १९ ॥ छ तत्त्व मान्नेहरूको मतले पाँच भूत र छैठौं जीवले अभिन्न परमात्मा छ । त्यही आफूले उत्पन्न गरिएका सबै भूतको रचना गरेर तिनमा स्वयं जीवरूपले स्थित छ ॥२०॥ केही व्यक्ति जुन चार तत्त्व मात्र भन्दछन्, तिनको कथनानुसार तेज, जल तथा अन्न यी आत्माबाट उत्पन्न भएका हुन् र उनैबाट अरु समस्त कार्यरूप पदार्थ पनि जायमान भए ॥ २१ ॥ यदि सत्र तत्त्वको संख्या मानौं भने पञ्चभूत, पञ्च कर्मेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन र आत्मा–यसरी जम्मा सत्र तत्त्व छन् ॥२२॥ यस्तै सोह्र तत्त्व गणमा आत्मालाई नै मन मानेर तेह्र गन्दा पञ्चभूत, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन जीवात्मा तथा परमात्मा–यी तेह्र भए ॥२३॥ एघारको संख्या मान्नमा आत्मा, पञ्चभूत, र पञ्च ज्ञानेन्द्रिय मानिन्छन् । यदि नौको संख्या माने आठ प्रकृति अर्थात् पञ्चभूत, मन, बुद्धि,

त्यण्डं संहताः प्रकृतेर्बलात् ॥ १८ ॥ सप्तैव धातव इति तत्रार्थाः पञ्च खादयः ॥ ज्ञानमात्मोभयाधारस्ततो देहेन्द्रियासवः ॥ १९ ॥ षडित्यत्रापि भूतानि पञ्च षष्ठ परः पुमान् ॥ तैर्युक्त आत्मसम्भूतैः सृष्ट्वेदं समुपाविशत् ॥ २० ॥ चत्वार्येवेति तत्रापि तेज आपोऽन्नमात्मनः ॥ जातानि तैरिदं जातं जन्मावयविनः खलु ॥ २१ ॥ संख्याने सप्तदशके भूतमात्रेन्द्रियाणि च ॥ पञ्च पञ्चैकमनसा आत्मा सप्तदशः स्मृतः ॥ २२ ॥ तद्वत्षोडश-संख्यान आत्मैव मन उच्यते ॥ भूतेन्द्रियाणि पञ्चैव मन आत्मा त्रयोदश ॥ २३ ॥ एकादशत्व आत्मासौ महाभूतेन्द्रियाणि च ॥ अष्टौ प्रकृतयश्चैव पुरुषश्च नवेत्यथ ॥ २४ ॥ इति नानाप्रसंख्यानं तत्त्वानामृषिभिः कृतम् ॥ सर्वं न्याय्यं युक्तिमत्त्वाद्विदुषां किमशोभनम् ॥ २५ ॥ उद्धव उवाच ॥ प्रकृतिः पुरुषश्चोभौ यद्यप्यात्मविलक्षणौ । अन्योन्यापाश्रयात्कृष्ण दृश्यते न भिदा तयोः ॥ २६ ॥ प्रकृतौ लक्ष्यते ह्यात्मा प्रकृतिश्च तथात्मनि ॥ एवं मे पुण्डरीकाक्ष महान्तं संशयं हृदि ॥ छेत्तुमर्हसि सर्वज्ञ वचोभिर्नयनैपुणैः ॥ २७ ॥ त्वत्तो ज्ञानं हि जीवानां प्रमोषस्तेऽत्र शक्तितः ॥ त्वमेव ह्यात्ममायाया गतिं वेत्थ न चापरः ॥ २८ ॥ श्रीभगवानुवाच ॥ प्रकृतिः पुरुषश्चेति विकल्पः पुरुषर्षभ ॥ एष वैकारिकः सर्गो गुणव्यतिकरा-त्मकः ॥ २९ ॥ ममाङ्ग माया गुणमय्यनेकधा विकल्पबुद्धिश्चगुणैर्विधत्ते ॥ वैकारिकास्त्रिविधोऽध्यात्ममेकमथाधिदैवमधिभूतमन्यत् ॥ ३० ॥ दृग्रू-

अहङ्कार र पुरुष-यसरी नौ भए ॥ २४ ॥ यसरी ऋषिहरूले विविध तत्त्वको गणना गरेका छन् । युक्तिसंगत हुनाले ती सबै न्याय्य हुन् र यस्तो मानिलिनमा विद्वान्हरूको निम्ति के हानि छ ? ॥ २५ ॥ उद्धवले भने–हे कृष्ण ! यद्यपि स्वरूपतः प्रकृति र पुरुष भिन्न छन्, तापनि यौटा अर्कोको आश्रित हुनाले तिनमा भेद थाहा हुँदैन ॥ २६ ॥ कमलनयन ! प्रकृतिमा पुरुष र पुरुषमा प्रकृति दुवै अभिन्न झैं देखिन्छन्, यो ठूलो कुतूहल छ । हे सर्वज्ञ ! हजुर आफ्नू न्यायसंगत र प्रवीण वचनले मेरो संशय-नष्ट गर्नुहोस् ॥ २७ ॥ हे प्रभो ! हजुरकै कृपाले जीवलाई ज्ञान हुन्छ र हजुरकी मायाशक्तिले त्यस ज्ञानको अवनति हुन्छ । आफ्नू अद्भुत मायाको विचित्र गतिको बललाई हजुर नै जान्नुहुन्छ । हजुर बाहेक अरु कोही त्यसलाई जान्दैन ॥ २८ ॥ भगवान् भन्नुहुन्छ–हे पुरुषर्षभ ! प्रकृति र पुरुषमा ठूलो भेद छ । यो सारा प्राकृत प्रपञ्च विकार सहित छ । किनकि

Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुणहरूका क्षोभले नै यो उत्पन्न भएको छ ॥ २९ ॥ हे प्रिय ! मेरी त्रिगुणात्मिका माया नै आफ्नू गुणद्वारा विविध भेदबुद्धि उत्पन्न गर्दछे। त्यो सविकार भेदबुद्धि अध्यात्म, अधिदैव र अधिभूतरूपले तीन थरिका मानिन्छन् ॥ ३० ॥ जस्तै चक्षु-इन्द्रिय, रूप र नेत्र-गोलकगत सूर्यका अंश—यी तीनै परस्पर एक अर्काको आश्रयले सिद्ध हुन्छन्, तर आकाशमा विद्यमान सूर्यनारायण स्वतः सिद्ध छन् । त्यस्तै यी भूतादि विकारबाट पृथक् रहने आत्मा इनको आदिकारण हुन्छ, त्यो आफ्नू स्वतः सिद्ध प्रकाशले यी प्रकाशको पनि प्रकाशक छन् । त्वगादि, श्रवणादि, चक्षुरादि, जिह्वादि, नासिकादि तथा चित्तादि पनि अध्यात्मादिको भेदले तीन-तीन थरिका हुन्छन् ॥३१॥ गुण-क्षोभवश प्रकृतिमूलक महत्तत्त्वले

विस्मार्कं वपुरत्र रन्ध्रे परस्परं सिद्ध्यति यः स्वतः खे ॥ आत्मा यदेषामपरो य आद्यः स्वयाऽनुभूत्याखिलसिद्धिसिद्धिः ॥ एवं त्वगादि श्रवणादि चक्षुर्जिह्वादि नासादि च चित्तयुक्तम् ॥ ३१ ॥ योऽसौ गुणक्षोभकृतो विकारः प्रधानमूलान्महतः प्रसूतः ॥ अहं त्रिवृन्मोहविकल्पहेतुर्वैकारिकस्तामस इन्द्रियश्च ॥ ३२ ॥ आत्मा पारज्ञानमयो विवादो ह्यस्तीति नास्तीति भिदाऽर्थनिष्ठः ॥ व्यर्थोऽपि नैवोपरमेत पुंसां मत्तः परावृत्तधियां स्वलोकात् ॥ ३३ ॥ उद्धव उवाच ॥ त्वत्तः परावृत्तधियः स्वकृतैः कर्मभिः प्रभो ॥ उच्चावचान्यथा देहान्गृह्णन्ति विसृजन्ति च ॥ ३४ ॥ तन्ममाख्याहि गोविंद

उत्पन्न यो अहङ्काररूप विकार पनि वैकारिक अर्थात् सात्विक, राजस, तामस, ऐन्द्रियिक योगभेदले तीन थरिको हुन्छ । अहङ्कारनै मोह, विकल्परूप भेद-मात्रको मुख्यकारण छ॥३२॥ आत्मज्ञानस्वरूप छ र अस्ति-नास्तिरूपले विद्यमान यो विवाद भेद-दृष्टिले गर्दा वर्तमान छ। यो यद्यपि व्यर्थ छ, तापनि जबसम्म पुरुष आफ्नू स्वरूपभूत मलाई जानि लिंदैन तबसम्म यो निवृत्त हुन सक्तैन ॥ ३३ ॥ उद्धव भन्दछन्—हे प्रभो ! जो जब हजुरदेखि विमुख रहन्छन्, ती आफ्ना कर्मद्वारा उच्च वा नीच जस्तो योनिहरू ग्रहण तथा त्याग गर्दछन्, त्यो सबै हजुर मलाई आज्ञा हवस् । हे गोविन्द ! *आत्मज्ञानले हीन पुरुषहरूका लागि यसको चिन्तन गर्नु पनि अतिशय कठिन छ र यस लोकमा आत्मतत्त्वका ज्ञाता प्रायः

---

* दृष्टान्त (पढे-गुनेका मूर्ख ,-यौटा वैद्य, यौटा ज्योतिषि, एक नैयायिक र एक वैयाकरणी--यी चारै जना धन कमाउन विदेश हिंडे । चारै जना आफाफ्नू विषयका विद्वान् भए पनि बुद्धिले कोरा थिए । अलि पर पुगेपछि ती कुनै राजाको राजधानी नजीक अडिए । सबैले निश्चय गरे—'राम्रो मुहूर्तमा नगर-प्रवेश गर्नुपर्दछ जसले गर्दा धन प्राप्त हुन सकोस् ।' मुहूर्त सोध्नका लागि टाढा जाने कुरा थिएन । ज्योतिषीले पात्रो झिकेर औंलामा मेष-मीन र नक्षत्रको गणना गरेर भने—'आज बाह्र बजे राती सर्वार्थसिद्धि योग छ । त्यसै बेला नगर-प्रवेश गर्नुपर्दछ, अनि कार्य सिद्ध हुन्छ ।' अब यो सल्लाह भयो—१२ बजे जाने हो भने केही भोजनको प्रबन्ध गर्नु उचित होला । अतः सबैको सल्लाहले वैद्यजीलाई खाने-पिने सामग्री किन्न पठाउनु पर्दछ, किनकि इनलाई सबै वस्तुहरूको गुण-दोष ज्ञान छ । अतः ती भोजनको सामग्री किन्न हिंडे । वैद्यजी विचार गर्नलागे—अमुक वस्तु कफकारक छ, अमुक वातवर्धक छ र अमुक वस्तु पित्तवर्धक हुन्छ । फेरि सम्झे —'सर्वरोगहरो निम्बः'—नीम सबै रोग नष्ट गर्ने वस्तु हो । यति विचार गरेर झट्ट वानर झैं उफ्रेर नीमको वृक्षमा चढे र केही पात खसाले र नैयायिकसित भने—'म यहीं पात पट्ल्छु, तिमी गएर झट्ट घिउ लिएर आऊ ।' नैयायिकले दोकानमा गएर घिउ किने र लिएर हिंडे । अकस्मात् मनमा विचार आयो—'घृताधारे पात्रं वा पात्राधारे घृतम्'—घिउ भाँडोको आधारमा छ कि पात्रको आधार घिउ छ । फेरि विचार गरे—'प्रत्यक्षस्य किं प्रमाणम् ?'—जुन वस्तु प्रत्यक्ष छ त्यसको निम्ति प्रमाणको के खाँचो ? तुरुन्त अनुभव गर्दछु—यति विचारेर उनले घिउको पात्र घोप्टाइदिए । सबै घिउ माटोमा मिसियो । अनि ती रित्तो भाँडा र हात हल्लाउँदै वैद्यजीनेर आए । वैद्यले सोधे—'महाशयजी ! घिउ ?' उनले रित्तो पात्र देखाएर सबै कुरा सुनाए । अनि नीमको पातको दुइटा ठूला-ठूला पोको बोकेर डेरामा पुगे । नीमको पातको पोको भुँईमा पछारिदिए र खुट्टा पुछेर आसनमा बसे । अब खाने कुरा पकाउने काम वैयाकरणीलाई सुम्पियो । उनले झट्ट कुम्हालेकहाँबाट माटोको दुइटा घडा लिएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छँदैछैनन्, सबै जना हजुरकी मोहिनी मायाले ठगिएका छन् ।।३४।।३५।। भगवान् भन्नुहुन्छ—हे उद्धव ! सबै मनुष्यका कर्ममय *मन पाँच ज्ञानेन्द्रिययुक्त रहन्छ । त्यही कर्ममय मन एक लोकबाट अर्को लोकमा जान्छ र उसित पृथक् भएर पनि अहङ्कार बद्ध हुनाले आत्मा उसको अनुसरण गर्दछ ॥ ३६ ॥ कर्माधीन मन देखेको तथा कर्म-शास्त्रादि द्वारा सुनेका विषयको ध्याज गर्दै उनैको निम्ति सदा उत्सुक रहन्छ, त्यो तिनैमा लीन रहन्छ र उसको पूर्वस्मृति रहिरहन्छ ॥ ३७ ॥ कर्मानुसार प्राप्त देवादि-देहरूप विषयमा अत्यन्त दृढ आस्था भइदिनाले जीवलाई पूर्वदेहको कलिकति पनि सम्झना रहन्न । कुनै कारणवश देहको अत्यन्त विस्मृति नै उसको मृत्यु कहिन्छ ॥ ३८ ॥ हे उदार उद्धव ! प्राप्त देहादि विषयलाई अहंभाव द्वारा स्वीकार्न नै जीवको जन्म हो । वास्तवमा जीवको जन्म मरण हुँदैन । जन्म-मरणादि स्वप्न र मनोरथ समान कल्पि हुन्छन् ॥ ३९ ॥ अनि स्वप्न र

दुर्विभाव्यमनात्मभिः ॥ न ह्येतत्प्रायशो लोके विद्वांसः सन्ति वंचिताः ॥ ३५ ॥ श्रीभगवानुवाच ॥ मनः कर्ममयं नृणामिन्द्रियैः पञ्चभिर्युतम् ॥ लोकाल्लोकं प्रयात्यन्य आत्मा तदनुवर्तते ॥ ३६ ॥ ध्यायन्मनोऽनुविषयान्दृष्टान्वानुश्रुतानथ ॥ उद्यत्सीदत्कर्मतन्त्रं स्मृतिस्तदनु शाम्यति ॥ ३७ ॥ विषयाभिनिवेशेन नात्मानं यत्स्मरेत्पुनः ॥ जन्तो वैं कस्यचिद्धेतोर्मृत्युरत्यन्तविस्मृतिः ॥ ३८ ॥ जन्म त्वात्मतया पुंसः सर्वभावेन भूरिदः ॥ विषयस्वीकृतिं प्राहुर्यथा स्वप्नमनोरथः ॥ ३९ ॥ स्वप्नं मनोरथं चेत्थं प्राक्तनं न स्मरत्यसौ ॥ तत्र पूर्वमिवात्मानमपूर्वं चानुपश्यति ॥ ४० ॥ इन्द्रियायनसृष्टयेदं त्रैविध्यं भाति वस्तुनि ॥ बहिरन्तर्भिदाहेतुर्जनोऽसज्जनकृद्यथा ॥ ४१ ॥ नित्यदा ह्यङ्ग भूतानि भवन्ति न भवन्ति च ॥ कालेऽनालक्ष्यवेगेन सूक्ष्मत्वात्तन्न दृश्यते ॥ ४२ ॥ यथाऽर्चिषां स्रोतसां च फलानां वा वनस्पतेः ॥ तथैव सर्वभूतानां वयोऽवस्थादयः कृताः ॥ ४३ ॥

मनोरथ पनि यस्ता हुन्छन् कि तिनमा मनुष्य आफ्नू पूर्वस्वरूप बिर्सिन्छ र पूर्वसिद्ध भएर पनि आफूलाई अपूर्व मान्न थाल्दछ ॥ ४० ॥ जस्तै स्वप्नादिअवस्थामा जीव असत् पदार्थका बाह्य-आभ्यन्तरका मिथ्या भेदको रचना गर्दछ, त्यस्तै इन्द्रियका आश्रयरूप मनको रचनाले नै आत्मामा उत्तम, मध्यम तथा अधम वा आधिभौतिक, आध्यात्मिक र आधिदैविक यी तीन थरिका भेद नभए पनि सत्य झैं लाग्दछन् र आत्मा बाह्य तथा आभ्यन्तरका भेदको हेतु बन्दछ ॥ ४१ ॥ हे मित्र ! सबै प्राणीहरूको जन्म-मरण त छिन-छिनमैं हुँदै रहन्छ, तर अत्यन्त सूक्ष्म हुनाले ती ज्ञात हुँदैनन् ॥ ४२ ॥ अनि ज्योतिको, फल र वृक्षादिको अवस्था निरन्तर साटिंदै रहन्छ र त्यो कसैले जान्न सक्तैन । त्यस्तै नै

पानी हालेर चूल्होमा बसाले, पात काटी पत्याली गरेर त्यसैमा हालिदिए । एकै छिनमा पात—'बुद-बुद' गरेर पाक्न थाल्यो । वैयाकरणीले हप्काए भने—'अशुद्धं मा वक्तव्यम्, अशुद्धं मा वक्तव्यन्' तर मनुष्य भए यो मान्दछ । नीमको पात कसरी सुनोस् । दुइ मिनटमा ती झन बेसरी 'बुद-बुद' गर्नलागे । वैयाकरणीले फेरि भने—'अशुद्धंममा वक्तव्यम् ।' तर को सुनोस् । वैयाकरणीले सहन सकेनन् । गाग्रो उचाले र बेसरी पच्छारिदिए । गाग्रो धूलो-पीठो भयो । अनि चारै जना भोकै पेट रहे । राति बाह्र बजनासाथ सबै उठे । अब राज दरबारमा जाने मुहूर्त भयो । अनि राजदरबारको मुख्य द्वारमा जाँदा फाटक बन्द भेटे, त मुहूर्त कसरी टार्ने ! ढोका तोडेर भित्र बाट खोज्दा पाले आएर चारै जनालाई समात्यो । हातमा हतकड़ी र खुट्टामा नेलगाई ती अर्को दिन न्यायालयमा उपस्थित गरिए । हाकिमले चारैं जनालाई कारगारको सजाय सुनाए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालवश समस्त प्राणीको आयु र अवस्था नित्य सार्दिदै रहन्छन् । तर ती सूक्ष्म हुनाले देख्न सकिन्नन् ॥ ४३ ॥ जस्तै सादृश्यले व्यक्ति दीपशिखाई 'यो उही दीपक हो' र नदी प्रवाहलाई 'यो उही जल हो' यस्तो ठान्दछन्, त्यस्तै नै आयुष्य व्यर्थ खेर फाल्ने मनुष्यले 'यो उही व्यक्ति हो'—यस्तो भन्नु र ठान्नु पनि भूल हो ॥ ४४ ॥ यस्तो अज्ञानी जन आफ्नू कर्मरूप हेतुले न जन्मन्छ, न मर्दछ, किनकि त्यो अमर छ । वस्तुतः काठको संयोगले प्रकट तथा शान्त अग्नि झैं केवल भ्रमले नैं अज्ञानीलाई जन्म-मरण ज्ञात हुँदै रहन्छ ॥४५ ॥ गर्भ-प्रवेश, गर्भ-वृद्धि, जन्म, बाल्य, कौमार, यौवन, प्रौढावस्था, जरा र मृत्यु—यी नौ अवस्था शरीरका हुन्छन् ॥ ४६ ॥ आफूभन्दा भिन्न देहको मनोरथमयी उच्च तथा नीच अवस्थालाई जीव आफ्नू अज्ञानवश गुणका संगले आफ्नू मान्दछ र कहीं-कहीं कहिले कोही इनलाई त्यागी पनि दिन्छन ॥ ४७ ॥ पितालाई पुत्रको जन्म र पुत्रलाई पिताको मृत्युले आफाफ्नू जन्म-मरणको अनुमान गर्नुपर्दछ, तर जन्म-मरणरूपी धर्मको ज्ञाता यी दुवै धर्मबाट मुक्त हुँदैनन् ॥ ४८ ॥ वृक्ष लगाउने र काट्नेले गुन त्यसको उत्पत्ति र नाशको

सोऽयं दीपोऽर्चिषां यद्वत्स्रोतसां तदिदं जलम् ॥ सोऽयं पुमानिति नृणां मृषा गीर्धीर्मृषायुषाम् ॥ ४४ ॥ मा स्वस्य कर्मबीजेन जायते सोऽप्ययं पुमान् ॥ म्रियते वाऽमरो भ्रान्त्या यथाऽग्निर्दारुसंयुतः ॥ ४५ ॥ निषेकगर्भजन्मानि बाल्यकौमारयौवनम् ॥ वयोमध्यं जरा मृत्युरित्यवस्थास्तनोर्नव ॥ ४६ ॥ एता मनोरथमयीर्ह्यन्यस्योच्चावचास्तनूः ॥ गुणसङ्गादुपादत्ते क्वचित्कश्चिज्जहाति च ॥ ४७ ॥ आत्मतः पितृपुत्राभ्यामनुमेयौ भवाप्ययौ ॥ न भवाप्ययवस्तूनामभिज्ञो द्वयलक्षणः ॥ ४८ ॥ तरोर्बीजविपाकाभ्यां यो विद्वाञ्जन्मसंयमौ ॥ तरोर्विलक्षणो द्रष्टा एवं द्रष्टा तनोः पृथक् ॥ ४९ ॥ प्रकृतेरेवमात्मानमविविच्याबुधः पुमान् ॥ तत्त्वेन स्पर्शसम्मूढः संसारं प्रतिपद्यते ॥५०॥ सत्त्वसङ्गादृषीन्देवान्रजसाऽसुरमानुषान् ॥ तपसा भूततिर्यक्त्वं भ्रामितो याति कर्मभिः ॥५१॥ नृत्यतो गायतः पश्यन्यथैवानुकरोति तान् ॥ एवं बुद्धिगुणान्पश्यन्ननीहोऽप्यनुकार्यते ॥५२॥ यथाऽम्भसा प्रचलता तरवोऽपि चला इव ॥ चक्षुषा भ्राम्यमाणेन दृश्यते भ्रमतीव भूः ॥ ५३ ॥ तथा मनोरथधियो विषयानुभवो मृषा ॥ स्वप्नदृष्टाश्च दाशार्ह तथा संसार आत्मनः ॥ ५४ ॥ अर्थे ह्यविद्यमानेऽपि संसृतिर्न निवर्तते ॥ ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमो यथा ॥ ५५ ॥ तस्मादुद्धव मा भुंक्ष्व

ज्ञाता छ, त्यो साक्षी पुरुस वृक्षदेखि पृथक् हुन्छ, त्यस्तै नै यस देहको साक्षी आत्मा पनि यस शरीरदेखि सर्वथा भिन्न छ ॥ ४९ ॥ यस्ता विवेकहीन अज्ञानी पुरुष आत्मालाई प्रकृतिदेखि पृथक् र उसको वास्तविक स्वरुप जान्न सक्तैन । त्यो विषयले मोहित भएर जन्म-मरणरूपी संसारमा अल्झिरहन्छ ॥ ५० ॥ अनि आफ्नू कर्मानुसार आवागमनको चक्रमा अलमलिंदै अविवेकी जीव सात्त्विक कर्मका संयोगले देव तथा ऋषियोनिमा र राजस कर्मले असुर तथा मनुष्य-योनिमा जान्छ र तामस कर्मले भूत-प्रेतादि तिर्यक् योनिहरूमा पनि जन्म लिंदै रहन्छ ॥५१॥ जस्तै नाच-गानमा लागेका व्यक्तिलाई देखेर मनुष्य स्वयं पनि नाच्न-गाउन थाल्दछ,त्यस्तै नैं बुद्धिको गुणलाई देखेर आत्मा निश्चेष्ट भएर पनि तिनको अनुकरण गर्न विवश हुन्छ ॥ ५२ ॥ जस्तै बग्ने जलमा प्रतिबिम्बित वृक्ष पनि बगिरहे झैं देखिन्छ, वेगले घुमाइएका नेत्र द्वारा पृथिवी घुमिरहेकी देखिन्छिन् ॥५३॥ जस्तै मनोरथद्वारा कल्पित तथा सपनामा देखेका विषयको अनुभव मिथ्या प्रतीत हुन्छ, हे दाशार्ह ! त्यसै गरी आत्माको विषयानुभवस्वरूप संसार पनि मिथ्या नै हो ॥ ५४ ॥ वास्तवमा पदार्थहरू नरहे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि विषयको सधैं चिन्तन गरिरहनाले संसारको निवृत्ति त्यसै गरी हुन सक्तैन, जसरी सपनामा विपत्ति देखिन्छ ॥ ५५ ॥ हे उद्धव ! सबै इन्द्रियले विषयलाई न भोग । सम्पूर्ण संसार-भ्रमलाई आत्मास्वरूपको अज्ञानले भासमान जान ॥ ५६ ॥ यदि दुष्टजन अनेक तिरस्कार, अपमान गरुन् निन्दा गरेर हाँसुन्, आजीविका खोसुन, थुकुन्, मल-मूल फालिदेउन्, यसरी अज्ञानीले अनेक प्रकारले विचलित पारे पनि आफ्नो आत्यन्तिक श्रेयको इच्छुक व्यक्ति यी सबै कष्ट आइपरे पनि स्वयं आफ्नू उद्धार गरोस्, यी कष्टले विचलित नहोओस् ॥५७-५८॥ उद्धव भन्दछन्–हे वक्ताहरूमा श्रेष्ठ ! दुष्टले गरेका अपमानादिमा विचलित नहुनु त मलाई कठिन लागिरहेको छ । यो कुरा मैले राम्ररी बुझ्न सक्ने गरी आज्ञा हवस् ॥५९॥ हे विश्वात्मन् ! हजुरले बनाएका धर्ममा निरत रहने व्यक्तिहरू हजुरका चरणको आश्रित भएर शान्तचित्त भइसकेका छन्, ती बाहेक अन्य विवेकका लागि पनि म यो कठिन मान्दछु, किनकि मानव प्रकृति निकै बलवती हुन्छे ॥ ६० ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषा-टीकायां द्वाविंशोऽध्यायः ॥ २२ ॥

विषयानसदिन्द्रियैः ॥ आत्माग्रहणनिर्भातं पश्य वैकल्पिकं भ्रमम् ॥ ५६ ॥ क्षिप्तोऽवमानितोऽसद्भिः प्रलब्धोऽसूयितोऽथवा ॥ ताडितः सन्निबद्धो वा वृत्त्या वा परिहापितः ॥५७॥ निष्ठितो मूत्रितो वाऽज्ञैर्बहुधैवं प्रकम्पितः ॥ श्रेयस्कामः कृच्छ्रगत आत्मनात्मानमुद्धरेत् ॥ ५८ ॥ उद्धव उवाच ॥ यथैवमनुबुध्येयं वद नो वदतां वर ॥ सुदुःसहमिमं मन्य आत्मन्यसदतिक्रमम् ॥ ५९ ॥ विदुषामपि विश्वात्मन्प्रकृतिर्हि बलीयसी ॥ ऋते त्वद्धर्मनिरताञ्छान्तांस्ते चरणालयान् ॥ ६० ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे द्वाविंशोऽध्यायः ॥२२॥

बादरायणिरुवाच ॥ एवमाशंसित उद्धवेन भागवतमुख्येन दाशार्हमुख्यः ॥ सभाजयन्भृत्यवचो मुकुन्दस्तमावभाषे श्रवणीयवीर्यः ॥ १ ॥ श्रीभगवानुवाच ॥ बार्हस्पत्य स वै नात्र साधुर्वै दुर्जनेरितैः ॥ दुरुक्तैर्भिन्नमात्मानं यः समाधातुमीश्वरः ॥२॥ न तथा तप्यते विद्धः पुमान्बाणैः सुमर्मगैः ॥ यथा तुदन्ति मर्मस्था ह्यसतां पुरुषेषवः ॥३॥ कथयन्ति महत्पुण्यमितिहासमिहोद्धव ॥ तमहं वर्णयिष्यामि निबोध सुसमाहितः ॥४॥ केनचिद्भिक्षुणा गीतं परिभूतेन दुर्जनैः ॥ स्मरता धृतियुक्तेन विपाकं निजकर्मणाम् ॥५॥ अवन्तिषु द्विजः कश्चिदासीदाढ्यतमः श्रिया ॥ वार्तावृत्तिःकदर्यस्तु कामी

(यौटा त्यागी ब्राह्मणको इतिहास) शुकदेव भन्दछन्–हे राजन् ! उद्धवले प्रार्थना गरेपछि श्रवणीय पराक्रमी यदुश्रेष्ठ श्रीकृष्णचन्द्र आफ्ना सेवक उद्धवका प्रश्न को आदर गर्दै भन्नुभयो ॥ १ ॥ भगवान्ले भन्नुभयो–हे बृहस्पतिका शिष्य उद्धव ! संसारमा यस्ता साधु पुरुष धेरै पाइन्नन् जो दुर्जनका वाक्यरूपी बाणले बिद्ध भएर आफूमा धैर्य राख्छन् ॥२॥ कुनै मर्मवेधी बाणले घोचिएर पनि मनुष्य त्यति पीडित हुँदैन, जति दुष्टजनका मर्मस्पर्शी बाण झैं कठोर वचनले कष्ट दिन्छन् ॥ ३ ॥ हे उद्धव ! यस विषयमा यौटा पवित्र र प्राचीन इतिहास छ । त्यो म भन्दछू, सावधान मनले सुन —दुर्जन द्वारा दुःख दिंदा धैर्यपूर्वक आफ्ना कर्मको फल स्मरण गर्दै जे भनेका थिए, त्यसैको यसमा वर्णन छ ॥४॥५॥ उज्जयिनी नगरीमा यौटा ब्राह्मण बस्तथे । ती ठूला श्रीमान् र धनाढ्य थिए । ती कृषि-वाणिज्यादि व्यवसाय पनि गर्दथे । ती अत्यन्त कृपण, कामी, लोभी र ठूलो रिसाहा पनि थिए ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।६।। तिनले कहिल्यै आफ्ना जात-भाइ र अतिथिहरूको वचनले पनि सत्कार गरेनन् र धर्म-कर्म रहित भएर घरमा बस्ता आफ्नू शरीरलाई पनि सुख दिन सकेनन् ।। ७ ।। ती कृपण ब्राह्मणका छोरा बन्धु, पुत्र, स्त्री, कन्या तथा नोकर चाकर पनि उसित दुःखी भएर द्रोह गर्दथे । ती कहिले उसको हित साधन गर्दैनथे ।।८।। अतः यक्ष झैं धनको रक्षा गर्ने, दान र भोगले रहित, दुवै लोकबाट पतित ती ब्राह्मणमाथि पंचयज्ञका देवता रिसाए ।।९।। हे अतिदानी उद्धव ! ती देवताको अपमान गर्नाले उसको पूर्वसंचित पुण्य क्षीण भयो,उसको अत्यन्त प्रयास र परिश्रयले संचित र केवल कष्ट मात्र दिने सारा धन पनि नष्ट भएर गयो ।।१०।। ती पतित ब्राह्मणको केही धन कुटुम्बीहरुले खाइदिए, केही चोरले चोरेर लगिदिए केही दैव र कालले नष्ट भयो अनि केही राजा र अन्य मनुष्यहरूले पचाइदिए ।। ११ ।। यसरी धन नष्ट भएपछि धर्म एवं उपभोगले रहित र स्वजनबाट तिरस्कृत ती ब्राह्मणाई ठूलो चिन्ता भयो

लुब्धोऽतिकोपनः ।। ६ ।। ज्ञातयोऽतिथयस्तस्य वाङ्मात्रेणापि नार्चिताः ।। शून्यावसथ आत्मापि काले कामैरनर्चितः ।। ७ ।। दुःशीलस्य कदर्यस्य द्रुह्यन्ते पुत्रबान्धवाः ।। दारा दुहितरो भृत्या विषण्णा नाचरन्प्रियम् ।। ८ ।। तस्यैवं यक्षवित्तस्य च्युतस्योभयलोकतः ।। कर्मकामविहीनस्य चुक्रुधुः पञ्चभागिनः ।। ९ ।। तदवध्यानविस्रस्तपुण्यस्कन्धस्य भूरिद ।। अर्थोऽप्यगच्छन्निधनं बह्वायासपरिश्रमः ।।१०।। ज्ञातयो जगृहुः किञ्चित्किञ्चिद्दस्यव उद्धव ।। दैवतः कालतः किञ्चिद्ब्रह्मबन्धोर्नृपार्थिवात् ।। ११ ।। स एवं द्रविणे नष्टे धर्मकामविवर्जितः ।। उपेक्षितश्च स्वजनैश्चिन्तामाप दुरत्ययाम् ।।१२।। तस्यैवं ध्यायतो दीर्घं नष्टरायस्तपस्विनः ।। खिद्यतो बाष्पकण्ठस्य निर्वेदःसुमहानभूत् ।। १३ ।। स चाहेदमहो कष्टं वृथात्मामेऽनुतापितः ।। न धर्माय न कामाय यस्यार्थायास ईदृशः ।।१४ ।। प्रायेणार्थाः कदर्याणां न सुखाय कदाचन ।। इह चात्मोपतापाय मृतस्य नरकाय च ।। १५ ।। यशो यशस्विनां शुद्धं श्लाघ्या ये गुणिनां गुणाः ।। लोभः स्वल्पोऽपि तान्हन्ति श्वित्रो रूपमिवेप्सितम् ।। १६ ।। अर्थस्य साधने सिद्धे उत्कर्षे रक्षणे व्यये ।। नाशोपभोग आयासस्त्रासश्चिन्ता भ्रमो नृणाम् ।। १७ ।। स्तेयं हिंसाऽनृतं दम्भः कामः क्रोधः स्मयो मदः ।। भेदो वैरमविश्वासः संस्पर्धा व्यसनानि च ।। १८ ।। एते पञ्चदशानर्था ह्यर्थमूला मता नृणाम् ।। तस्मादनर्थमर्थाख्यं श्रेयोऽर्थी दूरतस्त्यजेत् ।। १९ ।। भिद्यन्ते भ्रातरो

।।१२।। धन नाशले सन्तप्त तथा आँसुको ठूलो बाढीले गर्दा अवरुद्ध घाँटी भएको ब्राह्मणलाई बर्ता चिन्ता गर्नाले वैराग्य उत्पन्न भयो ।।१३।। ऊ विचार्न लाग्यो–'अहो, ठूलो खेदको कुरा छ कि मैले व्यर्थ यतिका दिन आफ्नू देह जलाएँ । जुन धनको निम्ति मैले यति कष्ट सहें, त्यो न धर्ममा लाग्यो, न भोगमै खर्च भयो ।।१४।। कृपण व्यक्तिका लागि धन केवल सुखको साधक हुँदैन । त्यो यस लोकमा तिनको चित्तलाई सन्तप्त गर्न र मरेपछि तिनको नरकगामी हुने कारण बन्दछ ।।१५।। जस्तै—अलिकति पनि कोढ सुन्दर स्वरूपलाई बिरारिदिन्छ, त्यस्तै नै अलिकति पनि लोभ र यशस्वी जनको यश र गुणवान्को प्रशंसनीय गुण बरबाद पारिदिन्छ ।।१६।। धनको उपार्जनमा, उपार्जन गरेर त्यसको वृद्धि, रक्षा र व्यय गर्नमा तथा त्यसको नाश र उपभोगमा मनुष्यको अथक परिश्रम, भय, चिन्ता र भ्रमको डर मानिरहनु पर्दछ ।।१७।। चोरी, हिंसा, झूठो, पाखण्ड, काम, क्रोध, गर्व, अहंकार, भेदबुद्धि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रुता, अविश्वास, स्पर्द्धा, व्यसन—यी पन्ध्र अनर्थ मनुष्यलाई धनबाट नै प्राप्त हुन्छन् । अतः कल्याणका इच्छुक व्यक्ति यो अनर्थरूपी अर्थलाई सहर्ष त्यागिदेओस् ॥१८-१९॥ भाइ-बन्धु, माता पिता र सुहृद्गण जो स्नेह-बन्धनमा बाँधिएर यौटै रहन्छन्, ती सबै यौटा कौडीको निम्ति भिन्ना-भिन्नै लडेर तुरुन्त शत्रु बन्दछन् ॥२०॥ यी सबै सम्बन्धी अलिकति धनको लागि अत्यन्त रिस गरेर तत्काल यौटाले अर्कोलाई त्यागिदिन्छन् र डाहापूर्वक सारा स्नेह बिर्सेर एक अर्काको सर्वनाश गरिदिन्छन् ॥ २१ ॥ यो देव-दुर्लभ मनुष्य देह पाएर फेरि उसमा पनि उत्तम ब्राह्मण भएर जो यसको अनादर गरेर आफ्नो परम स्वार्थ र मोक्षलाई नाश गरिदिन्छन्, ती नीच गतिमा पुग्दछन् ॥२२॥ स्वर्ग तथा अपवर्गको द्वारस्वरूप मनुष्य देह पाएर कुन जान्ने व्यक्ति अनर्थको आश्रयरूप धनमा आसक्त होला ? ॥ २३ ॥ जो मनुष्य देव, ऋषि, पितृ, भूत, कुटुम्ब र त्यसको अन्य भाग पाउने हक भएकाहरूलाई आफ्नू धन बाँडेर सन्तुष्ट राख्दैन र न स्वयं त्यसलाई भोग्दछ, त्यो यक्ष झैं धनको रक्षक कृपण व्यक्ति अवश्य अधोगति पाउँदछ ॥ २४ ॥ म उन्मत्तको अवस्था बल र पुरुषार्थ

दाराः पितरः सुहृदस्तथा ॥ एकास्निग्धाः काकिणिना सद्यः सर्वेऽरतः कृताः ॥ २० ॥ अर्थेनाल्पीयसा ह्येते संरब्धा दीप्तमन्यवः ॥ त्यजन्त्याशु स्पृधो घ्नन्ति सहसोत्सृज्य सौहृदम् ॥२१॥ लब्ध्वा जन्मामरप्रार्थ्यं मानुष्यं तद्द्विजाग्र्यताम् ॥ तदनादृत्य ये स्वार्थं घ्नन्ति यान्त्यशुभां गतिम् ॥२२॥ स्वर्गापवर्गयोर्द्वारं प्राप्य लोकमिमं पुमान् ॥ द्रविणे योऽनुषज्जेत मर्त्योऽनर्थस्य धामनि ॥ २३ ॥ देवर्षिपितृभूतानि ज्ञातीन्बन्धूँश्च भागिनः ॥ असंविभज्य चात्मानं यक्षवित्तः पतत्यधः ॥ २४ ॥ व्यर्थयाऽर्थेहया वित्तं प्रमत्तस्य वयो बलम् ॥ कुशला येन सिद्धयन्ति जरठः किंनु साधये ॥ २५ ॥ कस्मात्संक्लिश्यते विद्वान्व्यर्थयाऽर्थेहयाऽसकृत् ॥ कस्यचिन्मायया नूनं लोकोऽयं सुविमोहितः ॥ २६ ॥ किं धनैर्धनदैर्वा किं कामैर्वा कामदैरुत ॥ मृत्युना ग्रस्यमानस्य कर्मभिर्वोत जन्मदैः ॥ २७ ॥ नूनं मे भगवाँस्तुष्टः सर्वदेवमयो हरिः ॥ तेन नीतो दशामेतां निर्वेदश्चात्मनः प्लवः ॥ २८ ॥ सोऽहं कालावशेषेण शोषयिष्येऽङ्गमात्मनः ॥ अप्रमत्तोऽखिलस्वार्थे यदि स्यात्सिद्ध आत्मनि ॥ २९ ॥ तत्र मामनुमोदेरन्देवास्त्रिभुवनेश्वराः ॥ मुहूर्तेन ब्रह्मलोकं खट्वाङ्गः समसाधयत् ॥३०॥ श्रीभगवानुवाच ॥ इत्यभिप्रेत्य मनसा ह्यावन्त्यो द्विजसत्तमः ॥ उन्मुच्य हृदयग्रन्थीञ्छान्तो भिक्षुरभून्मुनिः

जसले विवेकीजन सिद्धि प्राप्त गर्दछन्, धन संचयको व्यर्थ चेष्टामा ती सबै नष्ट भए। अनि म वृद्ध भएँ, तब के साधन गरूँला ? ॥ २५ ॥ ज्ञानी पुरुष धनको व्यर्थ तृष्णाले निरन्तर किन सन्तप्त भइरहन्छन् ? निःसन्देह यो संसार कसैको मायाले मोहित छ ॥२६॥ यो मनुष्य देह कालको गालामा परिसकेको छ। यसको धनले धन दिने देवताहरूसित, कामनासंग, कामनापूर्ण पार्नेहरूसित र बारम्बार जन्म-मरणको चक्रमा पार्ने काम्य कर्मसित के सम्बन्ध ? ॥ २७ ॥ अवश्य सर्वदेवमय भगवान् हरि ममाथि प्रसन्न छन् जसले म यस स्थितिमा पुगें र संसार-सागरबाट पारी तार्न मलाई यो डुङ्गास्वरूप वैराग्य प्राप्त भएको छ ॥ २८ ॥ अब यदि आयु शेष रह्यो भने आफ्ना सबै धर्मसाधनहरूमा सावधान तथा चित्तले सन्तुष्ट रहेर म शेष समयमा कठोर तपस्याद्वारा आफ्नो यो देह सुखाइदिन्छु ॥२९॥ तीनै लोकका अधिपति भगवान् मेरो यस सङ्कल्पको अनुमोदन गरून्। राजा खट्वाङ्गले मुहुर्त मात्रमा ब्रह्मलोक पाएका थिए ॥३०॥ भगवान् भन्नुहुन्छ—हे उद्धव ! ती अवन्ति-देशवासी लोभी ब्राह्मण आफ्नू मनमा यस्तो निश्चय गरेर हृदयको अहंता-ममतारूपिणी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रन्थिहरू फुकाएर शान्त र मौन भिक्षु संन्यासी भए ॥ ३१ ॥ मन, इन्द्रिय र प्राणको संयम गरेर ती सर्वदा अनासक्तभावले पृथिवी तलमा डुल्न लागे ; ती केवल भिक्षाको निम्ति नै अलक्षित भावले कुनै नगर वा गाउँमा जान्थे ॥ ३२ ॥ हे भद्र ! ती वृद्ध अवधूत भिक्षुलाई देखेर अनेक दुष्ट तिनको अपमान गर्दै अनेक थरिका दुःख दिइरहन्थे ॥ ३३ ॥ कोई उनको लट्ठी खोस्तथे, कहीं पात्र तथा कमण्डलू लगिदिन्थे, कोही आसन, कोही रुद्राक्षमाला, कोही कन्था र कोही उनको लुगा लिएर भाग्दथे ॥३४॥ केही बेरपछि तिनलाई देखाएर दिन खोज्दथे, जब ती लिन्थे तब फेरि ती मुनिसित खोसिलिन्थे । भिक्षा मागेर जब गाउँको बाहिर कुनै नदी-तटमा खान बस्तथे तब ती पापीहरू तिनको टाउकोमा लघुशङ्का गरिदिन्थे वा थुकिदिन्थे । अतः ती ऊसित केही बोलाउने चेष्टा गर्दथे र त्यति गर्दा पनि जब ऊ बोल्दैनथ्यो तब उसलाई पिटिदिन्थे ॥ ३५ ॥ ३६ ॥ कोही-कोही 'यो चोर हो' भनेर उसलाई हप्काउँथे र कोही 'बाँध' भनेर उसलाई डोरीले बाँधिदिन्थे ॥ ३७ ॥ कोही निरादरपूर्वक कुवाक्य भनेर निन्दा पनि गर्दथे—हेर, अब दुष्ट करतो

॥ ३१ ॥ स चचार महीमेतां संयतात्मेन्द्रियानिलः ॥ भिक्षार्थं नगरग्रामानसङ्गोऽलक्षितोऽविशत् ॥ ३२ ॥ तं वै प्रवयसं भिक्षुमवधूतमसज्जनाः ॥ दृष्ट्वा पर्यभवन्भद्र बह्वीभिः परिभूतिभिः ॥ ३३ ॥ केचित्त्रिवेणुं जगृहुरेके पात्रं कमण्डलुम् ॥ पीठं चैकेऽक्षसूत्रं च कन्थां चीराणि केचन ॥ ३४ ॥ प्रदाय च पुनस्तानि दर्शितान्याददुर्मुनेः ॥ अन्नं च भैक्ष्यसम्पन्नं भुञ्जानस्य सरित्तटे ॥ ३५ ॥ मूत्रयन्ति च पापिष्ठाः ष्ठीवन्त्यस्य च मूर्धनि ॥ यतवाचं वाचयन्ति ताडयन्ति न वक्ति चेत् ॥ ३६ ॥ तर्जयन्त्यपरे वाग्भिः स्तेयोऽयमिति वादिनः ॥ बध्नन्ति रज्ज्वा तं केचिद्बध्यतां बध्यतामिति ॥ ३७ ॥ क्षिपन्त्येकेऽवजानन्त एष धर्मध्वजः शठः ॥ क्षीणवित्त इमां वृत्तिमग्रहीत्स्वजनोज्झितः ॥ ३८ ॥ अहो एष महासारो धृतिमान्गिरिराडिव ॥ मौनेन साधयत्यर्थं बकवद्दृढनिश्चयः ॥ ३९ ॥ इत्येके विहसन्त्येनमेके दुर्वातयन्ति च ॥ तं बबन्धुर्निरुरुधुर्यथा क्रीडनकं द्विजम् ॥ ४० ॥ एवं स भौतिकं दुःखं दैहिकं दैविकं च यत् ॥ भोक्तव्यमात्मनो दिष्टं प्राप्तं प्राप्तमबुध्यत ॥४१॥ परिभूत इमां गाथामगायत नराधमैः ॥ पातयद्भिः स्वधर्मस्थो धृतिमास्थाय सात्त्विकीम् ॥ ४२ ॥ द्विज उवाच ॥ नायं जनो मे सुखदुःखहेतुर्न देवतात्मा ग्रहकर्मकालाः ॥ मनः परं कारणमामनन्ति संसारचक्रं परिवर्तयेद्यत् ॥ ४३ ॥ मनो गुणान्वै सृजते बलीयस्ततश्च कर्माणि विलक्षणानि ॥ शुक्लानि कृष्णान्यथ लोहितानि तेभ्यः सवर्णाः सृतयो भवन्ति

स्वाँग पारिरहेको छ । जब धन नष्ट भयो र परिवारले घरबाट धपाइदिएपछि अब यसले यो वृत्ति धारण गरेको हो ॥ ३८ ॥ हेर त, पर्वतराज झैं यो कस्तो मोटो-घाटो र अटल धैर्यशाली छ । यो बकुल्लो जस्तै स्वाँग पारेर नबोलिकन आफ्नू सबै काम बनाउँछ । यस्तो भनेर कोही ती ब्राह्मणको खिल्ली उडाउँथे, कोही उसैमाथि अधोवायु छाडिदिन्थे र कोही सुगा-मैना आदि पालेका पक्षीहरू झैं उसलाई घरमा थुनिदिन्थे ॥३९॥ यसरी भौतिक, दैविक र दैहिक कष्ट तीमाथि जात-जति पर्दथे, ती सबैलाई आफ्नू अवश्यभोक्तव्य प्रारब्ध ठानेर भोगिरहन्थे ॥४०॥४१। ती धर्मबाट पतित भएका पापीहरूद्वारा पीडित भएपछि पनि आफ्नू धर्ममा सात्त्विक धैर्यपूर्वक स्थिर रहेर यो गान गर्ने गर्दथे ॥ ४२ ॥ ती ब्राह्मण भन्दथे—यी सबै स्वजन, देवता, आत्मा, ग्रह, कर्म र काल आदि कोही पनि मेरो सुख-दुःखका कारण होइनन् । यसको एक मात्र कारण मन नै हो, जुन यस संसार-चक्रलाई निरन्तर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चलाइरहन्छ ॥ ४३ ॥ अति बलवान् मन सत्वादि गुणका वृत्तिहरू उत्पन्न गर्दछ र तिनकै सात्विक्, राजस र तामस कर्म हुन्छन् । ती कर्मको अनुकूल नै जीवलाई विविध गतिहरू प्राप्त हुन्छन् ॥४४॥ सतत् चेष्टाशील मनसित उसको नितान्तरूपले वर्तमान भएर पनि यो आत्मा निरीह अर्थात् निष्क्रिय छ । यो हिरण्मय, विद्याशक्ति प्रधान एवं म जीवको सखा हो । यो अलुप्त ज्ञानले केवल देख्दछ मात्र । यो आफ्नू द्योतक मन साथै लिएर विविध प्रकारका भोग भोग्दै गुण अर्थात् कर्मका संगले बाँधिएको रहन्छ ॥ ४५ ॥ दान, स्वधर्म अर्थात् वर्णाश्रम-धर्म, नियम, यम, वेदाध्ययन, कर्म एवं शुभ व्रत यी सबैको अन्तिम फल केवल मनोनिग्रह छ र त्यही परमयोग [illegible]निन्छ ॥ ४६ ॥ जसको मन शान्त तथा समाहित रहन्छ—मन, त्यसलाई दानादि कर्महरूको के आवश्यकता हुन्छ ? जसको मन असंयत हुनाले आलस्य तथा विषय-वासना आदिले नष्ट भइरहेको छ, त्यसलाई दानादि शुभ

॥ ४४ ॥ अहीन आत्मा मनसा समीहता हिरण्मयो मत्सख उद्विचष्टे ॥ मनः स्वलिंगं परिगृह्य कामाञ्जुषन्निबद्धो गुणसङ्गतोऽसौ ॥ ४५ ॥ दानं स्वधर्मो नियमो यमश्च श्रुतानि कर्माणि च सद्व्रतानि ॥ सर्वे मनोनिग्रहलक्षणान्ताः परो हि योगो मनसः समाधिः ॥ ४६ ॥ समाहितं यस्य मनः प्रशान्तं दानादिभिः किं वद तस्य कृत्यम् ॥ असंयतं यस्य मनो विनश्यद्दानादिभिश्चेदपरं किमेभिः ॥ ४७ ॥ मनोवशेऽन्ये ह्यभवन्स्म देवा मनश्च नान्यस्य वशं समेति ॥ भीष्मो हि देवः सहसः सहीयान् युञ्ज्याद्वशे तं स हि देवदेवः ॥ ४८ ॥ तं दुर्जयं शत्रुमसह्यवेगमरुन्तुदं तन्न विजित्य केचित् ॥ कुर्वन्त्यसद्विग्रहमत्र मर्त्यैर्मित्राण्युदासीनरिपून्विमूढाः ॥ ४९ ॥ देहं मनोमात्रमिमं गृहीत्वा ममाहमित्यन्धधियो मनुष्याः ॥ एषोऽहमन्योऽयमिति भ्रमेण दुरन्तपारे तमसि भ्रमन्ति ॥५०॥ जनस्तु हेतुः सुख-दुःखयोश्चेत्किमात्मनश्चात्र हि भौमयोस्तत् ॥ जिह्वां क्वचित्संदशति स्वदद्भि-

कर्महरूले के लाभ ? ॥ ४७ ॥ अन्य सबै देवता अर्थात् इन्द्रियहरू आफ्नू मनको नै वशमा पार्दछ, तर मन ती मध्ये कसैको पनि वशीभूत हुँदैन । यो मन बलियो भन्दा पनि बलियो र अति डरलाग्दो देवता हो । जो यसलाई आफ्नू वशमा पार्दछ, त्यही देवदेव अर्थात् इन्द्रियहरूलाई जित्ने हुन्छ ॥ ४८ ॥ यो दुर्जय, असह्य वेगवान् तथा मर्मभेदी शत्रुलाई नजितेर कैयौं व्यक्ति यस संसारमा अन्य मनुष्यसित व्यर्थ कलह गरेर तिनलाई आफ्नू शत्रु, मित्र र उदासीन तुल्याउने गर्दछन् ॥४९॥ यस मनोमय देहमा अन्धबुद्धि प्राणी ममता र अहङ्कारले 'यो म हुँ, यो अर्को हो' यस्तो भेदभ्रम गरेर अज्ञानान्धकारमा गाडिएर भौंतारिई रहन्छ॥५०॥यदि कोही व्यक्ति सुख-दुःखको हेतु भए पनि त्योसित आत्माको के सम्बन्ध ?

दृष्टान्त (व्यर्थ विवाद)—दुइ जना किसान कहीं गइरहेका थिए । दुवै परस्पर कुरा गर्दै जान्थे । यौटाले भन्यो—'यो [illegible] र म साझामा उखूको खेती गरौं ।' अर्कोले भन्यो—हुन्छ, ठीक छ तर हे भाई ! म यौटा उखु दिनहुँ चुस्ने छु ।' अनि पहिलोले भन्यो—'म नित्य दुइटा उखु चुस्ने छु ।' पहिलोले रिसाएर भन्यो—'म तिमीलाई त्यस्तो गर्न दिन्न ।' अर्कोले भन्यो—'म आफ्नू भागबाट लिनेछु, अनि तिमीलाई के आपत्ति हुन सक्तछ ?' दुवैमा झगडा हुन लाग्यो र कुट-मारको स्थिति आइपुग्यो । अन्त्यमा दुवैले अड्डामा नालीस दिए । हाकिमले भन्यो—'सरकारी खेतमा तिमी दुवैले उखु रोपेर खूब चुस्यौ, अतः अब पचीस-पचीस रूपियाँ मात्रपोत दाखिल गर । दुवैले जरिवाना तिर्नुपर्‍यो ।' मूर्खहरू यस्तै विवाद गरेर आफ्नू हानि गर्दछन्—शतं दद्यान्न विवदेदिति विज्ञस्य सम्मतम् । विना हेतुमपि द्वन्द्वमेतन् मूर्खस्य लक्षणम् ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो सुख-दुःख पृथ्वीका विकारभूत देहलाई नै हुन्छ। यदि कोही मानिस आफ्नै दाँतले जिब्रो टोक्छ भने त्यस वेदनाको निम्ति त्यो कसलाई दोषी ठानेर रिस गरोस् ॥५१॥ यदि देवता नै दुःखका हेतु छन् भने पनि त्यसले आत्मालाई के हानि हुन्छ ? ती कष्टहरू उनै देहादि विकारलाई हुन्छ। यदि आफ्नै शरीरको कुनै अंग आफ्नू अंगमा प्रहार गर्दछ भने त्यस अवस्थामा त्यो व्यक्ति कसमाथि क्रोध गरोस् ? ॥५२॥ यदि आत्मा स्वयं सुख-दुःखको हेतु छ भने त्यो पनि आफ्नै हो, अरु होइन, किनकि आत्मादेखि भिन्न केही छैन र छ भने पनि त्यो मिथ्या हो। अतः न सुख छ, न दुःख। अनि रिस केको ? ॥५३॥ यदि ग्रहलाई सुख-दुःखको कारण मानौं भने तीबाट पनि के अजन्मा आत्माको हानि हुन्छ र तिनको प्रमाण पनि त जन्म-मरणशील देहमै हुन्छ। कोही यस्तो पनि भन्दछन्—यौटा ग्रहको अर्को ग्रहमाथि दृष्टि पर्नाले ग्रहलाई नै पीडा हुन्छ, अनि तीबाट अतिशय भिन्न पुरुष कसरी पीडा अनुभव गर्ला ? ॥ ५४ ॥ कर्म नै सुख-दुखको कारण हो भने तीसित आत्माको के प्रयोजन ? ती यौटै पदार्थ जड र अजड दुइ रूपमा भएपछि नै हुन सक्छन्, तर यो देह

सद्वेदनायां कतमाय कुप्येत् ॥ ५१ ॥ दुःखस्य हेतुर्यदि देवतास्तु किमात्मनस्तत्र विकारयोस्तत् ॥ यदङ्गमंगेन निहन्यते क्वचित्क्रुध्येत कस्मै पुरुषः स्वदेहे ॥५२॥ आत्मा यदि स्यात्सुखदुःखहेतुः किमन्यतस्तत्र निजस्वभावः ॥ न ह्यात्मनोऽन्यद्यदि तन्मृषा स्यात् क्रुध्येत कस्मान्न सुखं न दुःखम् ॥५३॥ ग्रहा निमित्तं सुखदुःखयोश्चेत्किमात्मनोऽजस्य जनस्य ते वै ॥ ग्रहैर्ग्रहस्यैव वदन्ति पीडां क्रुध्येत कस्मै पुरुषस्ततोऽन्यः ॥ ५४ ॥ कर्मास्तु हेतुः सुखदुःखयोश्चेत्किमात्मनस्तद्धि जडाजडत्वे ॥ देहस्त्वचित्पुरुषोऽयं सुपर्णः क्रुध्येत कस्मै न हि कर्ममूलम् ॥ ५५ ॥ कालस्तु हेतुः सुखदुःखयोश्चेत्किमात्मनस्तत्र तदात्मकोऽसौ ॥ नाग्नेर्हि तापो न हिमस्य तत् स्यात् क्रुध्येत कस्मै न परस्य द्वन्द्वम् ॥ ५६ ॥ न केनचित्क्वापि कथञ्चनास्य द्वन्द्वोपरागः परतः परस्य ॥ यथाहमः संसृतिरूपिणः स्यादेवं प्रबुद्धो न बिभेति भूतैः ॥ ५७ ॥ एतां स आस्थाय परात्मनिष्ठामध्यासितां पूर्वतमैर्महर्षिभिः ॥ अहं तरिष्यामि दुरन्तपारं तमो मुकुन्दांघ्रिनिषेवयैव ॥ ५८ ॥ श्रीभगवानुवाच ॥ निर्विद्य नष्टद्रविणो गतक्लमः प्रव्रज्य गां पर्यटमान इत्थम् ॥ निराकृतोऽसद्भिरपि स्वधर्मादकम्पितोऽमुं मुनिराह गाथाम् ॥ ५९ ॥ सुखदुःखप्रदो नान्यः पुरुषस्यात्मविभ्रमः ॥ मित्रोदासीनरिपवः संसा-

जड अचेतन छ र यसमा पक्षीरूपले बस्ने आत्मा सर्वथा विकारहीन र साक्षीमात्र छ। यसरी कर्मको कुनै आश्रय नै छैन, अनि क्रोध कसमाथि गर्ने हो ? ॥ ५५ ॥ यदि काल नै सुख-दुःखको हेतु हो भने त्यसले पनि आत्माको के हानि हुन सक्छ ? काल पनि त उसैको अंश हो। जस्तै—आगाले आगोलाई डढाउन सक्तैन र हिउँले हिउँलाई चीसो पार्न सक्तैन, त्यस्तै आत्माको अंशभूत काल उसको कारण हुन सक्तैन। अनि रिस कसमाथि गर्ने ? किनकि आत्मालाई त कुनै प्रकारको द्वन्द्व छुँदैछैन ॥ ५६ ॥ फेरि प्रकृति देखि पर आत्मालालाई कहिल्यै कसैद्वारा कुनै प्रकारको सुख-दुःखको संसर्ग हुन सक्तैन। ती संसाररूपी अहङ्कारमै प्रतीत हुन्छन्। जो यस्तो जान्दछ, त्यो फेरि कहिल्यै कुनै भौतिक पदार्थसित डराउन्न ॥ ५७ ॥ यसै गरी पूर्ववर्ती महर्षीहरूका आश्रित परमात्मनिष्ठामा स्थित भएर मुकुन्द भगवान्का चरण-युगलको सेवा द्वारा म अनन्त, वार पार नभएको अन्धकारलाई निकै सुगमताले तर्न सक्नेछु ॥ ५८ ॥ भगवानले भन्नुभयो—यसरी धन नष्ट भएपछि क्लेशरहित र विरक्त भई घरबार छाडी पृथ्वीमा डुलिरहने भएका ब्राह्मण दुष्टजनहरू द्वारा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिरस्कृत हुँदा पनि आफ्नू धर्ममा अडिएर यस गाथाको गान गर्दथे—॥ ५९ ॥ यसमा संसारमा व्यक्तिलाई सुख-दुःख दिने अर्को कोही पनि छैन । यो उसको चित्तको भ्रममात्र हो । मित्र, उदासीन र शत्रुरूपी संसार अज्ञानले नै रचित छ ॥ ६० ॥ अतः हे तात ! ममा लगाइएको बुद्धि द्वारा आफ्नू सम्पूर्ण शक्ति लगाएर युक्तिपूर्वक मनको निग्रह गर, यही योगको सार हो ॥६१॥ जो प्राणी भिक्षुद्वारा गान गरिएको यो ब्रह्मनिष्ठा सावधानीपूर्वक सुनेर अन्यलाई सुनाउँदै हृदयङ्गम गर्दछ, त्यो सुख-दुःख आदि सबै द्वन्द्वको चक्रमा गाडिन्न ॥ ६२ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' भाषाटीकायां त्रयोदशोऽध्यायः ॥२३॥

(सांख्ययोगको निरूपण) भगवान् आज्ञा हुन्छ—हे उद्धव ! अब म प्राचीन आचार्यहरूःद्वारा निश्चित सांख्ययोगको वर्णन गर्दछु; जुन जानिसकेपछि मनुष्य वैकल्पिक अर्थात् प्रपञ्चभ्रम तुरन्त त्यागिदिन्छ ॥१॥ प्रलयकाल तथा सत्ययुगको आदिमा सबैजना विवेकी थिए। ज्ञान र उसको विषय अर्थात् द्रष्टा र दृश्य निर्विकल्परूपमा नै रहन्थे ॥२॥

रस्तमसा कृतः ॥६०॥ तस्मात्सर्वात्मना तात निगृहाण मनो धिया ॥ मय्यावेशितया युक्त एतावान् योगसंग्रहः ॥ ६१ ॥ य एतां भिक्षुणा गीतां ब्रह्मनिष्ठां समाहितः ॥ धारयञ्छ्रावयञ्छृण्वन्द्वन्द्वैर्नैवाभिभूयते ॥६२॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे त्रयोविंशतितमोऽध्यायः॥ २३ ॥

श्रीभगवानुवाच ॥ अथ ते संप्रवक्ष्यामि सांख्यं पूर्वैर्विनिश्चितम् ॥ यद्विज्ञाय पुमान्सद्यो जह्याद्वैकल्पिकं भ्रमम् ॥ १ ॥ आसीज्ज्ञानमथो ह्यर्थ एकमेवाविकल्पितम् ॥ यदा विवेकनिपुणा आदौ कृतयुगे युगे ॥ २ ॥ तन्मायाफलरूपेण केवलं निर्विकल्पितम् ॥ वाङ्मनोऽगोचरं सत्यं द्विधा समभवद्बृहत् ॥ ३ ॥ तयोरेकतरो ह्यर्थः प्रकृतिः सोभयात्मिका ॥ ज्ञानं त्वन्यतमो भावः पुरुषः सोऽभिधीयते ॥ ४ ॥ तमो रजः सत्त्वमिति प्रकृतेरभवन्गुणाः ॥ मया प्रक्षोभ्यमाणायाः पुरुषानुमतेन च ॥ ५ ॥ तेभ्यः समभवत्सूत्रं महान् सूत्रेण संयुतः ॥ ततो विकुर्वतो जातोहङ्कारो यो विमोहनः ॥ ६ ॥ वैकारिकस्तैजसश्च तामसश्चेत्यहं त्रिवृत् ॥ तन्मात्रेन्द्रियमनसां कारणं चिदचिन्मयः ॥ ७ ॥ अर्थस्तन्मात्रिकाज्जज्ञे तामसादिन्द्रियाणि च ॥ तैजसाद्देवता आसन्नेकादश च वैकृतात् ॥८॥ मया सञ्चोदिता भावाः सर्वे संहत्यकारिणः ॥ अण्डमुत्पादयामासुर्ममायतनमुत्तमम् ॥ ९ ॥ तस्मिन्नहं समभवमण्डे सलिलसंस्थितौ ॥ मम नाभ्यामभूत्पद्मं विश्वाख्यं तत्र चात्मभूः ॥१०॥ सोऽसृजत्तपसा युक्तो रजसा मदनुग्रहात् ॥ लोका-

अनि मन र वाणीले अतीत ती एकमात्र, निर्विकल्प र सत्यस्वरूप ब्रह्म माया अर्थात् दृश्य र उनको प्रकाशरूपले यौटाको दुइ भयो ॥ ३ ॥ त्यसबाट एक वस्तु अर्थात् मायालाई प्रकृति भन्दछन् । त्यो प्रकृति कार्य-कारणरूपले दुइ थरिका हुन्छन् । दोस्रो वस्तु ज्ञान हो, जो पुरुष कहिन्छ ॥ ४ ॥ जीवको अदृष्टको अनुसार मैले प्रकृतिलाई क्षुब्ध पारें, त्यसबाट सत्व, रज, तम तीन गुण निस्के॥५॥ तीबाट सूत्र र उसबाट महत्तत्व उत्पन्न भयो, जुन सूत्रसित मिसिएको छ । त्यो विकारयुक्त महत्तत्वले अहङ्कार प्रकट भयो । जसले जीवलाई मोह-पार्दछ॥६॥ त्यो अहङ्कार वैकारिक, तैजस र तामस—भेदले तीन थरिको हुन्छ । पंचतन्मात्रा,इन्द्रिय र मनको कारण हुनाले त्यो जड़-चेतनमय कहिन्छ॥७॥तामस अहङ्काररूप पंचतन्मात्रा-हरूले पंचभूत तैजस अहङ्कारबाट इन्द्रिय र वैकृत अहङ्कारबाट इन्द्रियका अधिष्ठाता एघार देवता जन्मे ॥८॥ मद्वारा प्रेरित भएर सबै कारणतत्त्वले यौटैमा मिसिएर मेरो आश्रयस्वरूप उत्तम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अण्ड बनाएँ ॥ ९ ॥ जलमा स्थित भएपछि म त्यस अण्डमा गएर विराजमान भएँ । अनि मेरो नाभि-कमलबाट यो विश्व नामक कमल उपज्यो र यसैबाट ब्रह्मा भए ॥१०॥ ब्रह्माले तपस्या गरे र मेरै अनुग्रहले रजोगुण द्वारा लोकपाल सहित भूः अर्थात् पृथिवी, भुवः अर्थात् अन्तरिक्ष, स्वः अर्थात् स्वर्ग यी तीन लोकको सृष्टि भयो ॥११॥ स्वर्लोक देवताहरूका निवासस्थान बन्यो । भुवर्लोक भूतगणको निम्ति तोकियो र भूर्लोकमा मनुष्यादि प्राणी गएर बसे तथा सिद्धहरूले बस्ने स्थान यी तीनैदेखि माथि महर्लोक तथा तपोलोकादि हुन् ॥१२॥ती जगत् प्रभु ब्रह्माले असुर तथा नागकालागि पृथिवीतलको तल, अतल, वितल, सुतलादि सात पाताल बनाए । यी तीनै लोकमा त्रिगुणात्मक कार्य अनुसार नै सबै गतिहरू प्राप्त हुन्छन् ॥१३॥ योग, तप तथा संन्यासको फलस्वरूप महर्लोक, तपोलोक र सत्यलोक आदि उत्तम लोक प्राप्त हुन्छन् र भक्तियोगले मेरो परमधाम मिल्दछ ॥१४॥ म स्वयं कालस्वरूप छू, जसको प्रेरणाले नै यो सारा जगत् कर्मकलापले गुणको प्रवाहमा डुबेको कहिले उत्रिन्छ र गाडिन्छ, अर्थात् यो कहिले शुभ कर्मले उत्पन्न हुन्छ र कहिले पापकर्मले अधो-

न्सपालान्विश्वात्मा भूर्भुवःस्वरिति त्रिधा ॥ ११ ॥ देवानामोक आसीत्स्वर्भूतानां च भुवः पदम् ॥ मर्त्यादीनां च भूर्लोकः सिद्धानां त्रितयात्परम् ॥ १२ ॥ अधोऽसुराणां नागानां भूमेरोकोऽसृजत्प्रभुः ॥ त्रिलोक्यां गतयः सर्वाः कर्मणां त्रिगुणात्मनाम् ॥ १३ ॥ योगस्य तपसश्चैव न्यायस्य गतयोऽमलाः ॥ महर्जनस्तपः सत्यं भक्तियोगस्य मद्गतिः ॥ १४ ॥ मया कालात्मना धात्रा कर्मयुक्तमिदं जगत् ॥ गुणप्रवाह एतस्मिन्नुन्मज्जति निमज्जति॥१५॥ अणुर्बृहत्कृशः स्थूलोः यो यो भावः प्रसिद्ध्यति ॥ सर्वोऽप्युभयसंयुक्तः प्रकृत्या पुरुषेण च ॥१६॥ यस्तु यस्यादिरन्तश्च सवैमध्यं च तस्य सन् ॥ विकारो व्यवहारार्थो यथा तैजसपार्थिवाः ॥ १७ ॥ यदुपादाय पूर्वस्तु भावो विकुरुतेऽपरम् ॥ आदिरन्ते यदा यस्य तत्सत्यमभिधीयते ॥ १८ ॥ प्रकृतिर्ह्यस्योपादानमाधारः पुरुषः परः ॥ सतोऽभिव्यञ्जकः कालो ब्रह्म तत्त्रितयं त्वहम् ॥१९॥ सर्गः प्रवर्तते तावत्पौर्वापर्येण नित्यशः ॥ महान्गुणविसर्गार्थः स्थित्यन्तो यावदीक्षणम् ॥ २० ॥ विराण्मयाऽऽसाद्यमानो लोककल्पविकल्पकः ॥ पञ्चत्वाय विशेषाय कल्पते भुवनैः सह ॥ २१ ॥ अन्ने प्रलीयते मर्त्यमन्नं धानासु लीयते ॥ धाना भूमौ प्रलीयन्ते भूमिर्गन्धे प्रलीयते ॥ २२ ॥ अप्सु प्रलीयते गन्ध आपश्च स्वगुणे रसे ॥

गतिमा गाडिन्छ ॥ १५ ॥ अणु अर्थात् सानो, बृहत् भनेको ठूलो र कृश अर्थात् पातलो र स्थूल अर्थात् मोटो जे जति पदार्थ उत्पन्न हुन्छ, त्यसको पुरुष र प्रकृति दुवै मिलेर नै रचना हुन्छ ॥ १६ ॥ जुन पदार्थ जसको आदि र अन्त्यमा रहन्छ, त्यसको माझमा पनि उसैको सत्ता रहन्छ र त्यही सत्य पनि रहन्छ। त्यसका विचार केवल व्यवहारको निम्ति हुन्छन् । जस्तै सुवर्णका विकार कङ्कणादि र माटोका गाग्रो आदि हुन्छन् ॥ १७ ॥ जब कुनै उपादान कारणको सहायताले कुनै अर्को कार्यरूपी भावलाई पूर्ण उपादान कारण उत्पन्न गर्दछ तब जो जसको आदि तथा अन्त्यमा रहन्छ, त्यही सत्य कहिन्छ ॥ १८ ॥ यस प्रपञ्चको उपादान कारण प्रकृति नै हो। प्रकृतिका अधिष्ठान परमात्मा हुन् । यसको अभिव्यञ्जक काल हो । यी तीनै ब्रह्मरूप म नै हुँ ॥ १९ ॥ जबसम्म परमात्माको सृष्टि रहन्छ र जबसम्म स्थितिको अन्तिम समय अर्थात् प्रलय हुँदैन, तबसम्म जीवकृत कर्मका फल-भोगको निम्ति पितृ-पुत्र परम्पराले बारम्बार उत्पत्ति-नाशशील यो संसार जुन विराटरूपले स्थित छ, त्यो कालमा आफ्ना सातै भुवन समेत नाशरूप विशेषत्वमा प्राप्त हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको लीन हुने प्रक्रिया हो–प्राणीहरूको शरीर अन्नमा, अन्न बीजमा, बीज भूमिमा र भूमि गन्ध तन्मात्रामा लीन हुन्छ ॥ २०॥ २३ ॥ अनि रूप वायुमा, वायु स्पर्शमा स्पर्श आकाशमा र आकाश शब्दतन्मात्रमा लीन हुन्छ । इन्द्रिय आफ्ना कारण देवताहरूमा र अन्तः राजस अहङ्कारमा विलीन हुन्छन् ॥ २४ ॥ हे सौम्य ! राजस अहङ्कार आफ्ना नियन्ता सात्विक अहङ्काररूप मनमा, शब्द तन्मात्रा पञ्चमहाभूतका कारण तामस अहङ्कारमा र सारा जगत्लाई मोहित पार्नमा समर्थ त्रिविध अहङ्कार महत्तत्त्वमा लीन हुन्छ ॥२५॥ ज्ञानशक्ति र क्रियाशक्ति प्रधान महत्तत्व आफ्ना कारण गुणमा लीन हुन्छन् । गुण अव्यक्त प्रकृतिमा र प्रकृति आफ्नू प्रेरक अविनाशी स्वरूप कालमा लीन हुन्छ ॥ २६ ॥ काल मायामय जीवमा र जीव म अजन्मा आत्मामा लीन हुन्छ । आत्मा कसैमा पनि लीन हुँदैन, त्यो उपाधिरहित आफ्नू स्वरूपमा नै स्थिर रहन्छ । त्यो जगत्को सृष्टि र लयको अधिष्ठान एवं अवधि हो ॥२७॥ हे उद्धव जो यसरी विवेक दृष्टिले हेर्दछ, त्यसको चित्तमा प्रपंचको भ्रम हुन सक्तैन । यदि उसको स्फूर्ति कदाचित् भए पनि त्यो धेरै समयसम्म हृदय-

लीयते ज्योतिषि रसो ज्योती रूपे प्रलीयते ॥२३॥ रूपं वायौ स च स्पर्शे लीयते सोऽपि चाम्बरे ॥ अम्बरं शब्दतन्मात्र इन्द्रियाणि स्वयोनिषु ॥२४॥ योनिर्वैकारिके सौम्य लीयते मनसीश्वरे ॥ शब्दो भूतादिमप्येति भूतादिर्महति प्रभुः ॥२५॥ स लीयते महान् स्वेषु गुणेषु गुणवत्तमः ॥ तेऽव्यक्ते संप्रलीयन्ते तत् काले लीयतेऽव्यये ॥२६॥ कालो मायामये जीवे जीव आत्मनि मय्यजे ॥ आत्मा केवल आत्मस्थो विकल्पापायलक्षणः ॥२७॥ एवमन्वीक्षमाणस्य कथं वैकल्पिको भ्रमः ॥ मनसो हृदि तिष्ठेत व्योम्नीवार्कोदये तमः ॥२८॥ एष सांख्यविधिः प्रोक्तः संशयग्रन्थिभेदनः ॥ प्रतिलोमानुलोमाभ्यां परावरदृशा मया ॥२९॥ इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां चतुर्विंशोऽध्यायः ॥२४॥

श्रीभगवानुवाच ॥ गुणानामसमिश्राणां पुमान् येन यथा भवेत् ॥ तन्मे पुरुषवर्येदमुपधारय शंसतः ॥१॥ शमो दमस्तितिक्षेक्षा तपः सत्यं दया स्मृतिः ॥ तुष्टिस्त्यागोऽस्पृहा श्रद्धा ह्रीर्दयादिः स्वनिर्वृतिः ॥२॥ काम ईहा मदस्तृष्णा स्तम्भ आशीर्भिदा सुखम् ॥ मदोत्साहो यशः प्रीतिर्हास्यं वीर्यं बलोद्यमः

मा टिक्न कसरी सक्तछ ? के सूर्योदय भएपछि पनि आकाशमा अन्धकार टिक्न सक्तछ ? ॥ २८ ॥ हे उद्धव ! म काय र कारण दुबैको साक्षी हुँ । मैले तिमीलाई सृष्टिदेखि प्रलय र प्रलयदेखि सृष्टिसम्मको सांख्यविधि बुझाएँ । यसले सन्देहको गाँठो फुस्किन्छ र पुरुष आफ्नू स्वरूपमा स्थित हुन्छ ॥ २९ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां चतुर्विंशोऽध्यायः ॥ २४ ॥

(तीन गुणका वृत्तिहरूको निरूपण)—भगवान् आज्ञा हुन्छ–हे पुरुष प्रवर उद्धव ! प्रत्येक पुरुषमा भिन्न-भिन्न गुणको प्रकाश हुन्छ । त्यसले गर्दा प्राणीको स्वभावमा पनि भेद पर्दछ । अब कुन गुणले कस्तो स्वभाव हुन्छ, त्यो सुन ॥ १ ॥ सत्वगुणका वृत्ति हुन् शम (मनः संयम), दम (इन्द्रियनिग्रह) तितिक्षा (सहिष्णुता), विवेक, तप, सत्य, दया, स्मृति' सन्तोष, त्याग, विषयप्रति अनिच्छा, श्रद्धा, लज्जा (पाप गर्नमा स्वाभाविक संकोच), आत्मरति, दान, विनय र सरलता इत्यादि ॥ २ ॥ अनि रजोगुणका वृत्ति हुन्—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छा, प्रयत्न, तृष्णा (असन्तोष), देवताहरूसित धनको याचना, भेदबुद्धि, विषयभोग, युद्धादिको निम्ति मदजनित उत्साह, आफ्नू वंशमा प्रेम, हास्य, पराक्रम र उद्योगादि ॥३॥ तमोगुणका वृत्ति–क्रोध (असहिष्णुता), लोभ, झूठो बोल्नु, हिंसा, याचना, पाखण्ड, श्रम, कलह, शोक, मोह, विषाद, दीनता, निद्रा, आशा, भय र अकर्मण्यता ॥४॥ यसरी क्रमल तीनै गुणका घेरजसो गुणको वर्णन गरियो । अब तिनको मिलायले हुने वृत्तिहरू सुन ॥ ५ ॥ हे उद्धव ! 'म हुँ र मेरो हो' यस प्रकारको बुद्धिमा तीनै गुणको मिश्रण छ । जुन मन, शब्दादि विषय, इन्द्रिय र मनले गर्दा पूर्वोक्त वृत्तिहरूको उदय हुन्छ, ती सबै सात्विक, राजस र तामस हुन् ॥ ६ ॥ जब मनुष्य धर्म, अर्थ र काममा संलग्न रहन्छ, तब उसलाई सत्वगुणमा श्रद्धा, रजोगुणमा धन-प्राप्ति हुन्छ । यो पनि गुणको मिश्रण नै हो ॥ ७ ॥ जुन वेला मनुष्य सकाम कर्म, गृहस्थाश्रम र धर्ममा प्रीति राख्छ, त्यो पनि त्रिगुणको मेल ठान्नु पर्दछ ॥ ८ ॥ मानसिक शान्ति र जितेन्द्रियादि गुणमा सत्वगुणी पुरुषको, कामना रजोगुणीको र क्रोध-हिंसा तमोगुणीको जान्नु ॥ ९ ॥ पुरुष वा स्त्री

॥ ३ ॥ क्रोधो लोभोऽनृतं हिंसा याच्ञा दम्भः क्लमः कलिः । शोकमोहौ विषादार्ती निद्राऽऽशा भीरनुद्यमः ॥४॥ सत्त्वस्य रजसश्चैतास्तमसश्चानुपूर्वशः ॥ वृत्तयो वर्णितप्रायाः संनिपातमथो शृणु ॥५॥ संनिपातस्त्वहमिति ममेत्युद्धव या मतिः ॥ व्यवहारः संनिपातो मनोमात्रेन्द्रियासुभिः ॥ ६ ॥ धर्मे चार्थे च कामे च यदासौ परिनिष्ठितः ॥ गुणानां संनिकर्षोऽयं श्रद्धारतिधनावहः ॥७॥ प्रवृत्तिलक्षणे निष्ठा पुमान् यर्हि गृहाश्रमे ॥ स्वधर्मे चानुतिष्ठेत गुणानां समितिर्हि सा ॥८॥ पुरुषं सत्त्वसंयुक्तमनुमीयाच्छमादिभिः ॥ कामादिभी रजोयुक्तं क्रोधाद्यैस्तमसायुतम् ॥९॥ यदा भजति मां भक्त्या निरपेक्षःस्वकर्मभिः ॥ तंसत्त्वप्रकृतिं विद्यात् पुरुषं स्त्रियमेव वा॥१०॥ यदा आशिष आशास्य मां भजते स्वकर्मभिः ॥ तं रजः प्रकृतिं विद्याद्धिंसामाशास्य तामसम् ॥११॥ सत्त्वं रजस्तम इति गुणा जीवस्य नैव मे ॥ चित्तजा यैस्तु भूतनां सज्जमानो निबध्यते ॥ १२ ॥ यदेतरो जयेत् सत्त्वं भास्वरं विशदं शिवम् ॥ तदा सुखेन युज्येत धर्मज्ञानादिभिः पुमान् ॥ १३ ॥ यदा जयेत्तमः सत्त्वं रजःसङ्गं भिदा चलम् ॥ तदा दुःखेन युज्येत कर्मणा यशसा श्रिया ॥ १४ ॥ यदा जयेद् रजः सत्त्वं तमो मूढं लयं जडम् ॥ युज्येत शोकमोहाभ्यां निद्रया हिंसयाऽऽशया ॥ १५ ॥ तदा चित्तं प्रसीदेते इन्द्रियाणां च निर्वृतिः ॥ देहेऽभयं मनोऽसङ्गं तत् सत्त्वं विद्धि मत्पदम् ॥ १६ ॥ विकुर्वन् क्रियया चाधी

जो पनि—जब त्यो निष्काम भएर नित्य-नैमित्यिक कर्मद्वारा मेरो आराधना गर्दछ, तब उसलाई सत्वगुणी जान्नु ॥ १० ॥ सकाम भावले आफ्ना कर्मद्वारा मेरो यजन गर्ने व्यक्ति रजोगुणी हो र शत्रुको मृत्यु कामनाले मेरो पूजा गर्ने तमोगुणी जान्नू ॥११॥ सत्व, रज, तम, तीनै गुणको कारण जीवको चित्त हो । तीसित मेरो कुनै सम्बन्ध छैन । इनै गुणले जीव शरीर वा बन्धनमा पर्दछ ॥१२॥ सत्वगुण निर्मल र शान्त छ । जब त्यो रज र तमलाई थिचेर बढ्दछ, त्यसवेला पुरुष, सुख, धर्म र ज्ञानादिको पात्र बन्दछ ॥ १३ ॥ रजोगुण भेदबुद्धिको कारण हो, उसको स्वभाव आसक्ति र प्रवृत्ति । जुनवेला तम र सत्वलाई थिचेर रजोगुण बढ्दछ, उसवेला व्यक्ति दुःख, कर्म र धनले सम्पन्न हुन्छ ॥१४॥ तमको रूप हो—अज्ञान । उसको स्वभाव हो आलस्य र मूढता । जब त्यो बढेर सत्व र रजलाई थिच्दछ, तब प्राणी अनेक थरिका आशा गर्दछ,शोक-मोहमा परेर हिंसा गर्न थाल्दछ वा निद्रा आलस्यमा गाडिन्छ ॥१५॥ जब चित्त प्रसन्न र निर्भय रहन्छ तब सत्वगुणको वृद्धि जान्नू । सत्व मलाई पाउने साधन हो ॥१६॥ कामगर्नाले जीवको बुद्धि, इन्द्रिय असन्तुष्ट, मन भ्रान्त, शरीर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्वस्थ र मन भ्रममा पर्दछ, त्यस वेला रजोगुणको प्रवृत्ति जान्नू ॥ १७ ॥ जब ज्ञानेन्द्रिय ज्ञान ग्रहणमा असमर्थ र खिन्न भएर चित्त विकल हुन थाल्दछ, अनि मन शून्य जस्तो होस् र अज्ञान एवं ग्लानि बढ्दछ, तब तमोगुणको वृद्धि ठान्नू ॥ १८ ॥ हे उद्धव ! यसै गरी सत्वगुण बढेपछि देवताहरू, रजोगुण बढ्दा असुरहरू र तमोगुण बढेपछि राक्षसहरूको बल वृद्धि हुन्छ ॥ १९ ॥ सत्वगुणले जीवको जाग्रत् अवस्था, रजोगुणले स्वप्न र तमोगुणले सुषुप्ति अवस्था मान्नुपर्दछ । यी बाहेक तुरीय अवस्था–जुन शुद्ध तथा एकरस आत्मस्वरूप हो, त्यो यी तीनैमा व्याप्त रहन्छ ॥२०॥ ब्रह्मवेत्ता ब्राह्मण सत्वगुण द्वारा उत्तरोत्तर माथिको लोकहरूमा जान्छन् । तमोगुणले व्यक्तिको स्थावरपर्यन्त अधोगति मिल्दछ र रजोगुणले मनुष्य देह प्राप्त हुन्छ ॥ २१ ॥ सत्वगुणको वृद्धिमा मर्ने प्राणी स्वर्गलोक जान्छन्, रजोगुणमा लीन हुने मनुष्य लोकमा तथा तमोगुणमा लीन हुने व्यक्ति नरकगामी हुन्छन् र

रनिर्वृत्तिश्च चेतसाम् ॥ गात्रास्वास्थ्यं मनो भ्रान्तं रज एतैर्निशामय ॥ १७ ॥ सीदच्चित्तं विलीयेत चेतसो ग्रहणेऽक्षमम् ॥ मनो नष्टं तमो ग्लानिस्तमस्तदुपधारय ॥ १८ ॥ एधमाने गुणे सत्त्वे देवानां बलमेधते ॥ असुराणां च रजसि तमस्युद्धव रक्षसाम् ॥ ९ ॥ सत्वाज्जागरणं विद्याद्रजसा स्वप्नमादिशेत् ॥ प्रस्वापं तमसा जन्तोस्तुरीयं त्रिषु सन्ततम् ॥ २० ॥ उपर्युपरि गच्छन्ति सत्वेन ब्राह्मणा जनाः ॥ तमसाधोऽध आमुख्याद्रजसान्तरचारिणः ॥ २१ ॥ सत्वे प्रलीनाः स्वर्यान्ति नरलोकं रजोलयाः ॥ तमोलयास्तु निरयं यान्ति मामेव निर्गुणाः ॥ २२ ॥ मदर्पणं निष्फलं वा सात्त्विकं निजकर्म तत् ॥ राजसं फलसङ्कल्पं हिंसाप्रायादि तामसम् ॥ २३ ॥ कैवल्यं सात्त्विकं ज्ञानं रजो वैकल्पिकं च यत् ॥ प्राकृतं तामसं ज्ञानं मन्निष्ठं निर्गुणं स्मृतम् ॥ २४ ॥ वनं तु सात्विको वासो ग्रामो राजस उच्यते ॥ तामसं द्यूतसदनं मन्निकेतं तु निर्गुणम् ॥ २५ ॥ सात्त्विकः कारकोऽसङ्गी रागान्धो राजसः स्मृतः ॥ तामसः स्मृतिविभ्रष्टो निर्गुणो मदपाश्रयः ॥ २६ ॥ सात्त्विक्याध्यामिकी श्रद्धा कर्मश्रद्धा तु राजसी ॥

ती गुणातीत एवं जीवनमुक्त व्यक्ति मसमीप आउँछन् ॥ २२ ॥ कर्मफल मलाई अर्पण गरेर निष्कामभावले जो कर्म गरिन्छ, त्यो सात्त्विक, फल-प्राप्तिको सङ्कल्पले गरिएको कर्म राजस र हिंसा-दम्भादिलेयुक्त कर्म तामस कहिन्छ ॥ २३ ॥ आत्माको असंगताको ज्ञान सात्त्विक, हुन्छ, त्यसैलाई कर्ता र भोक्ता जान । राजस र साधारण सांसारिक ज्ञान तामस एवं मेरो स्वरूपको ज्ञान निर्गुण कहिन्छ ॥ २४ ॥ वनमा वस्तु सात्त्विक, गाउँमा वस्तु राजस, जूआ खेल्ने घरमा निवास तामस र मेरो स्वरूप तथा मेरो मन्दिरमा निवास निर्गुण

* दृष्टान्त (कुकुरको वैद्य)–एक दिन यौटा राजाले आफ्नू राजवैद्यलाई भने–'यो मेरो पालेको सुगा बोल्दछ, तर त्यसै गरी पालेको कुकुर किन बोल्दैन ! यसको जिब्रोमा कुनै रोग छ, त्यो तिमीले निको पार्नुपर्दछ । निको पार्न सकेनौ भने तिमीलाई छुण्ड्याइने छ ।' समस्या गम्भीर छ ।' समस्या गम्भीर छ भन्ने कुरा राजवैद्यले बुझे तापनि एकछिन विचार गरेर भने–'महाराज ! यसको रोग निकै पुरानो भइसकेको छ । यो छिटै निको हुन सक्तैन । यसको निम्ति चौध वर्षको समय चाहिन्छ ।' राजाले स्वीकार गरे । तदनुसार राजवैद्य दिनहुँ कुकुरलाई औषधालयमा बाँधेर थरि थरिका औषधि यसको टाउकोमा मिल्न लाउने र स्वयं आठ-आठ घण्टा राम नामको जप गर्दथे । यस्तो गर्दा धेरै दिन बिते । एक दिन वैद्यका यौटा मित्रले भने––'यो ढोंग किन फिंजाइरहेका छौ ? के यस्तो गर्नाले कुकुर बोल्न थाल्दछ ?' राजवैद्यले भने––'मलाई त राम्रो मौका मिल्यो । कुकुर बोले पनि नबोले पनि म स्थिरचित्तले भजन त गरिरहेको छु । अब म पूरा समय श्रीरामको मनोहर मूर्तिको ध्यान गर्दछु । चौधवर्षको अवधि छ । यति दिनमा म, राजा अथवा कुकुर ––यी तीनमा यौटा अवश्य मर्दछ । अनि मेरो काम पूरा हुन्छ ।' राजवैद्यको यस्तो उत्तर पाएर उनका मित्र प्रसन्न भएर भन्न लागे––'खूब राम्रो बाटो रोजेछौ, तिमीले ।'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिन्छ ॥ ,५॥ अनासक्त भावले कर्म गर्ने व्यक्ति सात्विक, रागयुक्त भएर गर्ने राजस व्यक्ति र पूर्वापरको विचारले हीन भएर कर्म गर्ने व्यक्ति तामस कहिन्छ । जो निरहङ्कार र मेरो आश्रित भएर कर्ममा प्रवृत्त हुन्छ, त्यो निर्गुण कहिन्छ ॥ २६ ॥ आत्मज्ञानको श्रद्धा सात्विक श्रद्धा मानिन्छ । त्यसै प्रकार कर्मको श्रद्धा राजसी र जुन श्रद्धा अधर्ममा गरिन्छ, उसलाई तामसी श्रद्धा भन्दछन् । मेरो सेवा-पूजामा श्रद्धा निर्गुण कहिन्छ ॥२७॥ पथ्य, पवित्र र अनायास प्राप्त आहार सात्विक, रसनेन्द्रियलाई रुचिकर राजस तथा कष्टदायी एवं अपवित्र आहार तामस मानिन्छ ॥२८॥ आत्माले प्राप्त सुख सात्विक, विषयले प्राप्त सुख राजस; मोह र दीनताले प्राप्त सुख तामस र मद्वारा पाइने सुख निर्गुण मानिन्छ ॥ २९ ॥ यसरी द्रव्य, कर्म, कर्ता, श्रद्धा, देह, फल, काल, ज्ञान अवस्था, क्रिया र निष्ठा—यी सबै त्रिगुणात्मक कहिन्छन् ॥३०॥ हे उद्धव ! पुरुष र प्रकृतिद्वारा अधिष्ठित सबै देखे-सुनेर र बुद्धिले

तामस्यधर्मे या श्रद्धा मत्सेवायां तु निर्गुणा ॥ २७ ॥ पथ्यं पूतमनायस्तमाहार्यं सात्विकं स्मृतम् ॥ राजसं चेन्द्रियप्रेष्ठं तामसं चार्तिदाशुचि ॥२८॥
सात्त्विकं सुखमात्मोत्थं विषयोत्थं तु राजसम् ॥ तामसं मोहदैन्योत्थं निर्गुणं मदपाश्रयम् ॥ २९ ॥ द्रव्यं देशः फलं कालो ज्ञानं कर्म च कारकः ॥
श्रद्धावस्था कृतिर्निष्ठा त्रैगुण्याः सर्व एव हि ॥ ३० ॥ सर्वे गुणमया भावाः पुरुषाव्यक्तधिष्ठिताः ॥ दृष्टं श्रुतमनुध्यातं बुद्ध्या वा पुरुषर्षभ ॥३१॥
एताः संसृतयः पुंसो गुणकर्मनिबन्धनाः ॥ येनेमे निर्जिताः सौम्य गुणा जीवेन चित्तजाः ॥ भक्तियोगेन मन्निष्ठो मद्भावाय प्रपद्यते ॥ ३२ ॥
तस्माद्देहमिमं लब्ध्वा ज्ञानविज्ञानसम्भवम् ॥ गुणसङ्गं विनिर्धूय मां भजन्तु विचक्षणाः ॥ ३३ ॥ निःसङ्गो मां भजेद्विद्वानप्रमत्तो जितेन्द्रियः ॥
रजस्तमश्चाभिजयेत्सत्वसंसेवया मुनिः॥३४॥ सत्वं नाभिजयेद्युक्तो नैरपेक्ष्येण शान्तधीः ॥ सम्पद्यते गुणैर्मुक्तो जीवो जीवं विहाय माम् ॥३५॥ जीवो
जीवनिनिर्मुक्तो गुणैश्चाशयसम्भवैः ॥ मयैव ब्रह्मणा पूर्णो न बहिर्नान्तरश्चरेत् ॥३६॥ इति श्रीमद्भागवते एकादशस्कन्धे पञ्चविंशतितमोऽध्यायः॥२५॥

श्रीभगवानुवाच ॥ मल्लक्षणमिमं कायं लब्ध्वा मद्धर्म आस्थितः ॥ आनन्दं परमात्मानमात्मस्थं समुपैति माम् ॥ १ ॥ गुणमय्या

॥ ३१ ॥ हे सौम्य ! पुरुषलाई यो त्रिगुणमय संसार-बन्धन गुण-कर्मले प्राप्त हुन्छ । जुन जीव यी चित्तजनित भक्तियोगद्वारा जितिलिन्छ, त्यो ममा निष्ठा राख्ने भक्त मेरो स्वरूप जानेका पदार्थ त्रिगुणमय हुन्छ अर्थात् मोक्ष प्राप्त गर्दछ ॥३२॥ अतः ज्ञान-विज्ञान प्राप्तिको साधनरूप मानव-देह पाएर विचारवान् व्यक्ति गुण-सङ्ग त्यागेर मेरो भजन गरोस् ॥३३॥ विवेक सम्पन्न र मननशील व्यक्तिको कर्तव्य हो—सत्वगुणको सेवन गर्दै रज र तमको पराभव गरेर इन्द्रियसंयमपूर्वक आसक्ति र प्रमाद त्यागेर मेरो भजन गरोस् ॥ ३४ ॥ फेरि शान्तचित्त र निरपेक्षभावले युक्तिपूर्वक सत्वगुणलाई पनि जितोस् । त्यति भएपछि गुणबाट मुक्त जीव आफ्नो जीवत्व छाडेर निश्चय ममा प्राप्त हुन्छ ॥ ३५ ॥ यसरी जीव लिङ्गशरीररूपिणी आफ्नो उपाधि र अन्तःकरण जनित गुणबाट मुक्त भई म परब्रह्मलाई प्राप्त गरेर पूर्ण हुन्छ । फेरि त्यो बाह्य अथवा आन्तरिक विषयमा कुनै प्रकारले पनि अल्झन्न ॥ ३६ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे 'वासिष्ठी' भाषाटीकायां पञ्चविंशोऽध्यायः ॥२५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ऐलगीत र त्यसको विवेचन) भगवान् भन्नुहुन्छ–हे उद्धव ! सबै सुलक्षणले युक्त यो मनुष्यदेह पाएर जो मनुष्य भागवत-धर्ममा स्थिर रहन्छ, त्यो आफ्नू अन्तःकरण स्थित म आनन्दरूप परमात्मालाई पाउँछ ॥ ११ ॥ यस्तो ज्ञाननिष्ठा द्वारा जीवावस्थाबाट मुक्त भएर पुरुष अवास्तविकरूपले प्रतीयमान गुणमा रहेर पनि मिथ्या गुणमा गाडिन्न ॥२॥ विषय सेवन र उदर-पालनमा नै अल्झने व्यक्तिको संगत नगरोस्, किनकि तिनको पछिलाग्ने प्राणी अन्धोको पछि-पछि हिंड्ने अन्धो मानिस जस्तै घोर अन्धकारमा जाकिन्छ ॥ ३ ॥ यशस्वी, राजराजेश्वर तथा इलापुत्र महाराज पुरूरवाले उर्वशीको वियोगमा दुःखी भएर अनेक पश्चात्ताप गर्दै त्यो शोक हराएपछि भनेका थिए—॥ ४ ॥ स्वयं आफूलाई छाडेर जाने उर्वशीको पछि-पछि दगुर्दै उनले व्याकुल भएर उन्मत्त झैं नग्नावस्थामा नै भने–'ए कठोर कामिनी ! पर्खी यस्तो भन्दै रुनलागे ५ ॥ उर्वशीमा अत्यन्त आसक्तचित्त पुरूरवाले भोगहरू भोग्दै अतृप्तभावले धेरै वर्षसम्म रात र दिन गएको पनि थाहा पाएनन् ॥ ६ ॥ केही दिनपछि वैराग्य भयो र उनले भने–'अहो ! म

जीवयोन्या विमुक्तो ज्ञाननिष्ठया ॥ गुणेषु मायामात्रेषु दृश्यमानेष्ववस्तुतः ॥ वर्तमानोऽपि न पुमान्युज्यतेऽवस्तुभिर्गुणैः ॥ २ ॥ सङ्गं न कुर्यादसतां शिश्नोदरतृपां क्वचित् ॥ तस्यानुगस्तमस्यन्धे पतत्यन्धानुगान्धवत् ॥ ३ ॥ ऐलः सम्राडिमां गाथामगायत बृहच्छ्रवाः ॥ उर्वशीविरहा-न्मुह्यन्निर्विण्णः शोकसंयमे ॥ ४ ॥ त्यक्त्वाऽऽत्मानं व्रजन्तीं तां नग्न उन्मत्तवन्नृपः ॥ विलपन्नन्वगाज्जाये घोरे तिष्ठेति विक्लवः ॥ ५ ॥ कामान-तृप्तोऽनुजुषन्क्षुल्लकान्वर्षयामिनीः ॥ न वेद यान्तीर्नायान्तीरुर्वश्याकृष्टचेतनः ॥ ६ ॥ ऐल उवाच ॥ अहो मे मोहविस्तारः कामकश्मलचेतसः ॥ देव्या गृहीतकण्ठस्य नायुःखण्डा इमे स्मृताः ॥ ७ ॥ नाहं वेदाभिनिर्मुक्तः सूर्यो वाऽभ्युदितोऽमुया ॥ मुषितो वर्षपूगानां बताहानि गतान्युत ॥ ८ ॥ अहो मे आत्मसम्मोहो येनात्मा योषितां कृतः ॥ क्रीडामृगश्चक्रवर्ती नरदेवशिखामणिः ॥ ९ ॥ सपरिच्छदमात्मानं हित्वा तृणमिवेश्वरम् ॥ यान्तीं स्त्रियं चान्वगमं नग्न उन्मत्तवद्रुदन् ॥ १० ॥ कुतस्तस्यानुभावः स्यात्तेज ईशत्वमेव वा ॥ योऽन्वगच्छत्स्त्रियं यान्तीं खरवत्पादताडितः ॥ ११ । किं विद्यया किं तपसा किं त्यागेन श्रुतेन वा ॥ किं विविक्तेन मौनेन स्त्रीभिर्यस्य मनो हृतम् ॥ ॥ १२ ॥ स्वार्थस्याकोविदं धिङ्मां मूर्खं पण्डितमानिनम् ॥ योऽहमीश्वरतां प्राप्य स्त्रीभिर्गोखरवज्जितः ॥ १३ ॥ सेवतो वर्षपूगान् मे उर्वश्या अधरासवम् ॥ न तृप्यत्यात्मभूः कामो वह्नि-

काम-कलुषित चित्त हुने अज्ञानीका मोहको कस्तो विस्तार छ ? स्त्रीको घाँटीमा हात राखेर मैले आफ्नू आयुको यति दिन र रात बितेको पनि जान्न सकिन ॥ ७ ॥ यस्तो मोहमा गाडिइरहनाले यो पनि जानिन कि कहिले सूर्योदय भयो र कहिले अस्त भयो र यो पनि जान्न सकिन कि यतिका वर्षका दिन कसरी बिते ॥८॥ अहो ! मेरो कस्तो ठूलो अज्ञान हो। म राजशिरोमणि र चक्रवर्ती भएर पनि आफूलाई स्त्रीको क्रीडामृग तुल्याएको छु ॥ ९ ॥ राजपाठ सहित म आफ्नू स्वामीलाई तृण झैं त्यागेर पनि स्त्रीका पछि-पछि म उन्मत्त झैं नाङ्गो र रुँदै दगुरें। गधाको समान चुट्टाई खाएर पनि मजस्तो पुरुषलाई त्यागेर जाने तथा पछि पछि दगुर्नेको प्रभाव, तेज तथा स्वामित्व कसरी टिक्नसक्ला ॥१०॥ ॥११॥ जसको मन नारीले चोर्छन्, त्यसको विद्या, तप, दान, शास्त्राभ्यास, एकान्त सेवन र मौनादि व्रतले के लाभ होला ? ॥ १२ ॥ आफ्नो हित तथा अनहित नजान्ने एवं

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफूलाई पण्डित मान्ने म मूर्खलाई धिक्कार छ, जो राज्य पाएर पनि गोरूजस्तो र गधा झैं स्त्रीको अधीन भयो ॥ १३ ॥ फेरि मैले धेरै वर्ष उर्वशीको अधर-रस पान गरें, तापनि अग्नि आहुतिले तृप्त नभए झैं मनबाट उत्पन्न हुने मेरा काम-वासनाहरू शान्त भएनन् ॥ १४ ॥ कुलटा द्वारा हरण गरिएको चित्तलाई मुक्त पार्न आत्माराम मुनिका प्रभु अधोक्षजलाई छाडेर अरु को समर्थ होला ? ॥ १५ ॥ उर्वशीले सत्य र मीठा वचन भनेर मलाई बुझाएकी थिई, तैपनि म मूढ र अजितेन्द्रियका मनको महामोह नष्ट हुन सकेन ॥१६॥ डोरीको स्वरूप नजानेर उसलाई सर्प ठान्ने पुरुषको डोरीले क्यै अपकार गर्दैन, त्यस्तै यदि मैले इन्द्रियहरू जित्न सकिन भने यसमा विचरी ती उर्वशीले के अपराध गरिन् ? वास्तवमा मेरो नै सारा दोष थियो ॥१७॥ कहाँ मलिन र दुर्गन्धयुक्त स्त्रीको अपवित्र शरीर र कहाँ सौहार्द-प्रेम आदि अनेक अलौकिक गुण ? अविद्याले नै इनको यसरी शरीरमा अध्यास भइरहेको छ ॥१८॥ यो देह, माता-पिताको धन हो अथवा स्त्री, स्वामी, अग्नि, कुकुर र स्याल, गिद्धमा कसैको छ ? के यो आफ्नू हो वा

राहुतिभिर्यथा ॥ १४ ॥ पुंश्चल्याऽपहृतं चित्तं को न्वन्यो मोचितुं प्रभुः ॥ आत्मारामेश्वरमृते भगवन्तमधोक्षजम् ॥ १५ ॥ बोधितस्यापि देव्या मे सूक्तवाक्येन दुर्मतेः ॥ मनोगतो महामोहो नापयात्यजितात्मनः ॥ १६ ॥ किमेतया नोऽपकृतं रज्ज्वा वा सर्पचेतसः ॥ रज्जुस्वरूपाविदुषो योऽहं यदजितेन्द्रियः ॥ १७ ॥ क्वायं मलीमसः कायो दौर्गन्ध्याद्यात्मकोऽशुचिः ॥ क्व गुणाः सौमनस्याद्या ह्यध्यासोऽविद्यया कृतः ॥ १८ ॥ पित्रोः किं स्वं नु भार्यायाः स्वामिनोऽग्नेः श्वगृध्रयोः ॥ किमात्मनः किं सुहृदामिति यो नावसीयते ॥ १९ ॥ तस्मिन्कलेवरेऽमेध्ये तुच्छनिष्ठे विषज्जते ॥ अहो सुभद्रं सुनसं सुस्मितं च मुखं स्त्रियाः ॥ २० ॥ त्वङ्मांसरुधिरस्नायुमेदोमज्जास्थिसंहतौ ॥ विण्मूत्रपूये रमतां कृमीणां कियदन्तरम् ॥ २१ ॥ तथापि नोपसज्जेत स्त्रीषु स्त्रैणेषु चार्थवित् ॥ विषयेन्द्रियसंयोगान्मनः क्षुभ्यति नान्यथा ॥ २२ ॥ अदृष्टादश्रुताद्भावान्न भाव उपजायते । असम्प्रयुञ्जतः प्राणाञ्छाम्यति स्तिमितं मनः ॥ २३ ॥ तस्मात्सङ्गो न कर्तव्यः स्त्रीषु स्त्रैणेषु चेन्द्रियैः ॥ विदुषां चाप्यविश्रब्धः षड्वर्गः किमु मादृशाम् ॥ २४ ॥ श्रीभगवानुवाच ॥ एवं प्रगायन्नृपदेवदेवः स उर्वशीलोकमथो विहाय ॥ आत्मानमात्मन्यवगम्य मां वै उपारमज्ज्ञानविधूतमोहः ॥ २५ ॥ ततो दुः

व धुहरूको ? यसरी जसको विषयमा केही निश्च हुन पाउन्न ॥ १९ ॥ यसरी अपवित्र र अन्त्यमा घृणित दशामा पुग्ने यो नाशवान् देहलाई पनि—'अहो ! यस रमणीको राम्रो मुख कस्तो उत्तम नाक र मनोहर हाँसोले युक्त छ ?'—यस्तो विचार गरेर मनुष्य त्यसमा आसक्त हुन्छ । यो कस्तो अद्भुत अज्ञान छ ? ॥२०॥ त्वचा, मांस, रुधिर, स्नायु, मेद, मज्जा तथा हाडका समूहरूपी यस देहमा आसक्त पुरुष र अपवित्र मल-मूत्रमा सुख मान्ने अनेकानेक कीराहरूमा के अन्तर छ ? ॥ २१ ॥ अतएव आफ्नू कल्याण खोज्ने ज्ञानी पुरुष, स्त्री र स्त्री लम्पटमा कहिल्यै आसक्त नहोउन्, किनकि विषय र इन्द्रियको संयोगले नैं मनमा विकार उत्पन्न हुन्छ, यो कुनैं अन्य कारणले होइन ॥ २२ ॥ जुन विषय देखे-सुनेको हुन्न, तिनको वासना पनि उठ्दैन । यसैले इन्द्रियको विषयसित संयोग हुन नदिने व्यक्तिको चित्त सदैव शिथिल, शान्त हुन्छ ॥ २३ ॥ अतः इन्द्रिय द्वारा पनि स्त्री र स्त्री लम्पटको सङ्ग कदापि नगरोस् । मन समेत पाँच इन्द्रियको विश्वास त विवेकी र बुद्धिमान् व्यक्ति कहिल्यै नगरुन् । अनि म जस्तो कामान्ध र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानीको त कुरै छैन ॥ २४ ॥ भगवान् भन्नुहुन्छ—हे उद्धव ! यसरी भन्दै राजाधिराज पुरूरवा उर्वशीलोक तत्काल छाडेर राज्यमा फर्केर आए र आफ्नू अन्तःकरणमा आत्मारूपले विराजमानम परमात्माछाई चिन्हेर आत्मज्ञान हुनाले मोहरहित भई शान्त हुनगए ॥ २५ ॥ अतः बुद्धिमान पुरुष कुसंग छाडेर सज्जनसित प्रेम बढाए। यसले ती सज्जन आफ्नू सदुपदेशले उनको मनको विषयासक्ति भिन्न-भिन्न पारिदिने छन् ॥ २६ ॥ सज्जन सर्वदा निष्काम ममा चित्त लगाउने, शान्त, समदर्शी, ममताशून्य, अहङ्काररहित, द्वन्द्वहीन र अकिञ्चन हुन्छन् ॥२७॥ हे उद्धव ! ती परम सौभाग्यशाली सन्तजनमा परस्पर नित्य मेरो कथा-वार्ता चलिरहन्छ, जो मनुष्यमात्रका लागि हितकारिणी छ र श्रवणादि द्वारा आफ्नू सेवन गर्नेहरूको सम्पूर्ण पाप नष्ट गरिदिन्छन् ।'२८॥ जो व्यक्ति ममा मन लगाएर श्रद्धा तथा आदरपूर्वक मेरा पवित्र कथाहरू सुन्दै, भन्दै र अनुमोदन गर्दै रहन्छन्, ती मेरो अनन्य भक्ति पाउँछन् ॥ २९ ॥ म अनन्त-गुण सम्पन्न र आनन्दानुभवस्वरूप परब्रह्मको भक्ति पाउने साधु व्यक्तिलाई अरु के वस्तु

सङ्गमुत्सृज्य सत्सु सज्जेत बुद्धिमान् ॥ सन्त एतस्य छिन्दन्ति मनोव्यासङ्गमुक्तिभिः ॥२६॥ म तोऽनपेक्षा मच्चित्ताः प्रशान्ताः समदर्शिनः ॥ निर्ममा निरहङ्कारा निर्द्वन्द्वा निष्परिग्रहाः ॥२७॥ तेषु नित्यं महाभाग महाभागेषु मत्कथाः ॥ सम्भवन्ति हि ता नृणां जुषतां प्रपुनन्त्यघम् ॥२८॥तायेशृण्वन्ति गायन्ति ह्यनुमोदन्ति चादृताः ॥ मत्पराः श्रद्दधानाश्च भक्तिं विन्दन्ति ते मयि ॥ २९ ॥ भक्तिं लब्धवतः साधोः किमन्यदवशिष्यते ॥ मय्यनन्तगुणे ब्रह्मण्यानन्दानुभवात्मनि ॥३०॥ यथोपश्रयमाणस्य भगवन्तं विभावसुम् ॥ शीतं भयं तमोऽप्येति साधून्संसेवतस्तथा ॥ ३१ ॥ निमज्ज्योन्मज्जतां घोरे भवाब्धौ परमायनम् ॥ सन्तो ब्रह्मविदः शान्ता नौर्दृढेवाप्सु मज्जताम् ॥३२॥ अन्नं हि प्राणिनांप्राणा आर्तानां शरणं त्वहम् ॥ धर्मो वित्तं नृणां प्रेत्य सन्तोऽर्वाग् बिभ्यतोऽरणम् ॥३३॥ सन्तो दिशन्ति चक्षूंषि बहिरर्कः समुत्थितः ॥ देवता बान्धवाः सन्तः सन्तआत्मानमेव च ॥३४॥ वैतसेन-स्ततोऽप्येवमुर्वश्या लोकनिःस्पृह ॥ मुक्तसङ्गो महोमेतामात्मारामश्चचार ह ॥३५॥इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे षड्विंशोऽध्यायः॥२६॥

उद्धव उवाच ॥ क्रियायोगं समाचक्ष्व भवदाराधनं प्रभो ॥ यस्मात्त्वां ये यथाऽर्चन्ति सात्वताः सात्वतर्षभ ॥ १ ॥ एतद्वदन्ति मुनयो

पाउन शेष रहन्छ ? ॥ ३० ॥ जस्तै भगवान् अग्निदेवको आश्रय लिने पुरुषलाई शीत, भय र अन्धकार—यी तीनैको निवृत्ति भइजान्छ । त्यस्तै साधुजनको सेवा गर्नाले पाप, संसार-भय र अज्ञानादि रहन्नन् ।.३१॥ यस घोर संसार-सागरमा डुब्ने-उत्रने व्यक्तिका निम्ति जलमा डुब्न लागेकालाई डुङ्गा झैं ब्रह्मवेत्ता तथा शान्तचित्त साधुजन नै सर्वभन्दा ठूला सहायक छन् ॥ ३२ ॥ जस्तै—केवल अन्न नै देहधारीहरूको जीवन छ, जस्तै म नै दीन-दुःखीहरूको भर हुँ र जस्तै परलोकमा धर्म नै मनुष्यको धन छ, त्यस्तै संसारबाट भयभीत पुरुषकालागि एकमात्र सज्जन नै अवलम्बन हुन्छन् ॥३३॥ आकाशमा उदीयमान सूर्य मनुष्यलाई केवल बाह्य नेत्र (प्रकाश) दिन्छन्, तर सन्तजन ज्ञानरूपी आन्तरिक नेत्र दिन्छन् । अतएव सन्तजन देवता तथा बन्धु झैं हुन्छन्, ती सबैका आत्मा र साक्षात् मेरी स्वरूप नै हुन् ॥३४॥ हे उद्धव ! उसै वेला देखि उर्वशीलाई हेर्ने इच्छा त्यागेर सुद्युम्ननन्दन महाराज पुरूरवा अनासक्त र आत्माराम भएर भूतलमा डुल्नलागे ॥ ३५ ॥ इति श्रीमद्भागवते महापुराणे एकादश स्कन्धे पं० गौरीशंकर कृत नेपाली भाषाटीकायां षड्विंशोऽध्यायः ॥ २६ ॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(कर्मयोगको विवेचन) उद्धव भन्दछन्—हे सात्वतर्षभ ! हजुरका जो भक्तगण हजुरको जुन मूर्तिमा जसरी हजुरको आराधना गरुन्, ती आफ्ना आराधनास्वरूप कर्मयोग मसित भनुन् ॥ १ ॥ नारद, भगवान व्यासदेव तथा अङ्गिराका छोरा बृहस्पति आदि अनेक मुनि हजुरको यस कर्मयोगलाई नै मनुष्यको कल्याणको साधन भन्द आएका छन् ॥ २ ॥ हजुरको मुखवाट निस्केको यो कर्मयोग पहिले ब्रह्माजीले आफ्ना पुत्र भृगुआदिलाई र भगवान् शङ्करले पार्वतीलाई बताएका थिए ॥३॥ हे मानद ! यो कर्मयोग सबै वर्ण र सबै आश्रमलाई मान्य छ र म यसलाई स्त्री तथा शूद्रादिको निम्ति पनि परम कल्याणकारी मान्दछु ॥ ४ ॥ हे कमलपत्राक्ष ! हे जगदीश्वरहरूका ईश्वर ! कर्मबन्धन छुटाउने श्रेष्ठ कर्म हजुर आफ्नू अनुरक्त भक्तमलाई भन्नुहवस् ॥५॥ भगवान् भन्नुहुन्छ–हे उद्धव ! यो अनन्तपार भएको कर्मकाण्डको कुनै अन्त्य छैन। अतएव पूर्वापर क्रमले म संक्षेपमा नै त्यसको वर्णन गर्दछु ॥ ६ ॥ मेरो पूजाको वैदिक, तान्त्रिक तथा मिश्र तीन विधि कहिएका छन्। यीमध्ये जुन आफ्नू अनुकूल पर्दछ, त्यसैले मेरो आराधना गरोस् ॥ ७ ॥

मुहुर्निःश्रेयसं नृणाम् ॥ नारदो भगवान्व्यास आचार्योऽङ्गिरसः सुतः ॥ २ ॥ निःसृतं ते मुखाम्भोजाद्यदाह भगवानजः ॥ पुत्रेभ्यो भृगुमुख्येभ्यो देव्यै च भगवान्भवः ॥ ३ ॥ एतद्वै सर्ववर्णानामाश्रमाणां च सम्मतम् ॥ श्रेयसामुत्तमं मन्ये स्त्रीशूद्राणां च मानद ॥ ४ ॥ एतत्कमलपत्राक्ष कर्मबन्धविमोचनम् ॥ भक्ताय चानुरक्ताय ब्रूहि विश्वेश्वरेश्वर ॥ ५ ॥ श्रीभगवानुवाच । न ह्यन्तोऽनन्तपारस्य कर्मकाण्डस्य चोद्धव ॥ संक्षिप्तं वर्णयिष्यामि यथावदनुपूर्वशः ॥ ६ ॥ वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः ॥ त्रयाणामीप्सितेनैव विधिना मां समर्चयेत् ॥ ७ ॥ यदा स्वनिगमेनोक्तं द्विजत्वं प्राप्य पूरुषः ॥ यथा यजेत मां भक्त्या श्रद्धया तन्निबोध मे ॥ ८ ॥ अर्चायां स्थण्डिलेऽग्नौ वा सूर्ये वाऽप्सु हृदि द्विजे ॥ द्रव्येण भक्तियुक्तोऽर्चेत्स्वगुरुं माममायया ॥ ९ ॥ पूर्वं स्नानं प्रकुर्वीत धौतदन्तोऽङ्गशुद्धये ॥ उभयैरपि च स्नानं मन्त्रैर्मृद्ग्रहणादिना ॥ १० ॥ सन्ध्योपास्त्यादिकर्माणि वेदनाचोदितानि मे ॥ पूजां तैः कल्पयेत्सम्यक्सङ्कल्पः कर्मपावनीम् ॥ ११ ॥ शैली दारुमयी लौही लेप्या लेख्या च सैकती ॥ मनोमयी मणिमयी प्रतिमाऽष्टविधा स्मृता ॥ १२ ॥ चलाचलेति द्विविधा प्रतिष्ठा जीवमन्दिरम् ॥

शास्त्रोक्त विधि अनुसार यथा समय यज्ञोपवीत-संस्कारद्वारा द्विजत्व प्राप्त गरिसकेपछि कस्तो श्रद्धा-भक्तिले मेरो पूजा गर्नुपर्दछ, त्यो सुन ॥ ८ ॥ उपासक निष्कपट भावले प्रतिमा, चौतारा, अग्नि, सूर्य, जल, हृदय तथा ब्राह्मणमा भक्तिसहित यथोचित सामग्रीले आफ्नू गुरुस्वरूप मेरो पूजा गरोस् ॥९॥ बिहान दन्तधावनपछि शरीर शुद्धिकोलागि वैदिक र तान्त्रिक मन्त्र उच्चारण गर्दै मृत्तिकादि लगाएर स्नान गरोस् ॥१०॥ वेदले सन्ध्योपासनादि कर्मको विधान गरेको छ। अतः सत्य सङ्कल्प पुरुष उसैद्वारा सबै कर्मलाई पवित्र पार्ने मेरो उपासना गरोस् ॥११॥ मेरा प्रतिमाहरू आठ थरिका हुन्छन्। जस्तै–ढुङ्गाको, काठको, फलाम, सुन, चाँदी आदि कुनै धातुको, चन्दनादि लेपको, चित्रित गरिएको फोटो, बालुकामयी र मणिमयी एवं मनोमयी ॥१२॥ विधिवत् प्राणप्रतिष्ठा गरेर स्थापित भगवान्को निवासस्थानरूपी प्रतिमा पनि चल र अचल दुइ प्रकारको हुन्छ। हे उद्धव ! स्थिर प्रतिमाको पूजामा आवाहन अथवा विसर्जन गर्ने आवश्यकता पर्दैन। अस्थिर प्रतिमामा आवाहन-विसर्जन गरोस् वा नगरोस्, तर बालुकामय प्रतिमामा आवाहन तथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विसर्जन प्रतिदिन गर्नैपर्दछ। माटो, चन्दन र चित्रमयी प्रतिमालाई स्नान नगराएर केवल मार्जन गराउनू ॥१४॥ प्रसिद्ध र उत्तम पदार्थहरूले प्रतिमा आदिमा पूजा गरिन्छ, तर जो निष्काम भक्त छ, त्यो अनायास प्राप्त पदार्थ र भावनामात्रले पनि हृदयमा मेरो पूजा गरोस् ॥१५॥ हे उद्धव ! स्नान, वस्त्राभूषण आदि पाषाण अथवा धातुका प्रतिमा पूजनमा नै उपयोगी छन्, बालुकामयी वा माटोको मूर्तिमा पूजा गर्नु छ भने त्यसमा मन्त्रद्वारा अंग र त्यसका प्रधान देवताहरूको यथास्थान पूजा गर्नुपर्दछ। अग्निमा पूजा गर्नु छ भने घिउ मिसाएको हवन सामग्रीले आहुति दिनुपर्दछ ॥१६॥ सूर्यलाई प्रतीक मानेर गरिने पूजामा मुख्यतः अर्घ्यदान र उपस्थान प्रिय छ र जलमा तर्पणादिले मेरो उपासना गर्नु पर्दछ। जब मलाई कुनै भक्त श्रद्धाले जल मात्र चढाउँछ, तब म त्यो प्रेमले स्वीकार गर्दछु ॥ १७ ॥ यदि कुनै अभक्तले मलाई धेरै सामग्री निवेदन गरे पनि म त्यसले सन्तुष्ट हुन्न। जब म भक्तिले समर्पित जलले नै प्रसन्न हुन्छु भने गन्ध, पुष्प, धूप-दीप र नैवेद्यादि वस्तु समर्पणको कुरै छैन ॥ १८ ॥ उपासक पहिले पूजाको सामग्री जम्मा पारोस र टुप्पा अगाडि पारेर

उद्वासावाहने न स्तः स्थिरायामुद्धवार्चने ॥ १३ ॥ अस्थिरायां विकल्पः स्यात् स्थण्डिले तु भवेद् द्वयम् ॥ स्नपनं त्वविलेप्यायामन्यत्र परिमार्जनम् ॥ १४ ॥ द्रव्यैः प्रसिद्धैर्मद्यागः प्रतिमादिष्वमायिनः ॥ भक्तस्य च यथालब्धैर्हृदि भावेन चैव हि ॥१५॥ स्नानालंकरणं प्रेष्ठमर्चायामेव तूद्धव ॥ स्थण्डिले तत्त्वविन्यासो वह्नावाज्यप्लुतं हविः ॥ १६ ॥ सूर्ये चाभ्यर्हणं प्रेष्ठं सलिले सलिलादिभिः ॥ श्रद्धयोपाहृतं प्रेष्ठं भक्तेन मम वार्यपि ॥१७॥ भूर्यप्यभक्तोपहृतं न मे तोषाय कल्पते ॥ गन्धो धूपः सुमनसो दीपोऽन्नाद्यं च किं पुनः ॥ १८ ॥ शुचिः सम्भृतसम्भारः प्राग्दर्भैः कल्पितासनः ॥ आसीनः प्रागुदग् वार्चेदर्चायामथ सम्मुखः ॥ १९ ॥ कृतन्यासः कृतन्यासां मदर्चां पाणिनाऽऽमृजेत् ॥ कलशं प्रोक्षणीयं च यथावदुपसाधयेत् ॥२०॥ तदद्भिर्देवयजनं द्रव्याण्यात्मानमेव च ॥ प्रोक्ष्य पात्राणि त्रीण्यद्भिस्तैस्तैर्द्रव्यैश्च साधयेत् ॥ २१ ॥ पाद्यार्घ्याचमनीयार्थं त्रीणि पात्राणि दैशिकः ॥ हृदा शीर्ष्णाथ शिखया गायत्र्या चाभिमन्त्रयेत् ॥ २२ ॥ पिण्डे वाय्वग्निसंशुद्धे हृत्पद्मस्थां परां मम ॥ अण्वीं जीवकलां ध्यायेन्नादान्ते सिद्धभाविताम् ॥ २३ ॥ तयाऽऽत्मभूतया पिण्डे व्याप्ते सम्पूज्य तन्मयः ॥ आवाह्यार्चादिषु स्थाप्य न्यस्ताङ्गं मां प्रपूजयेत् ॥ २४ ॥ पाद्योपस्पर्शार्ह-

कुश बिछाओस्। अनि पूर्व वा उत्तरतिर फर्केर पवित्रताले त्यो कुशासनमा बसोस्। प्रतिमा अचल छ भने उसको साम्मुन्ने नै बस्नुपर्दछ। त्यसपछि पूजा थाल्नु पर्दछ ॥ १९ ॥ पहिले विधिपूर्वक अङ्गन्यास र करन्यास गरेर मूर्तिमा मन्त्रन्यास गरी प्रतिमामा पूर्वसमर्पित सामग्री हटाइदेओस्। अनि जलपूर्ण कलश र प्रोक्षणी पात्रादिको पूजा गन्ध-पुष्प आदिले गरोस्। प्रोक्षणीपात्रको जलले पूजा सामग्री र आफ्नू शरीरमा प्रोक्षण गरोस्। अनि पाद्य, अर्घ्य र आचमनको निम्ति तीन पात्रमा कलशको जल भरि पारेर राखोस् र त्यसमा पूजा पद्धति अनुसार सामग्री राखोस्। (पाद्यपात्रमा श्यामाक-चावँको दाना, दूब, कमल, विष्णुक्रान्ता र चन्दन तुलसी आदि, अर्घ्यपात्रमा चन्दन, अक्षता, फूल, जौ, तिल, कुश, सरस्यू र दूबा तथा आचमन पात्रमा जाइफल, ल्वाङ आदि राख्नु।) अनि पूजा गर्ने व्यक्तिले तीनै पात्रलाई क्रमशः हृदयमन्त्र, शिरोमन्त्र र शिखामन्त्रले अभिमन्त्रित गरेर पछिबाट गायत्री मन्त्रले आमन्त्रित गरोस् ॥ २१ ॥ २२ ॥ त्यसपछि प्राणायाम द्वारा प्राणवायु र भावनाद्वारा शरीरस्थ अग्नि शुद्ध भएपछि हृदयकमलमा सूक्ष्म र श्रेष्ठ दीपशिखाको समान मेरो जीवकलाको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDE- Delhi

ध्यान गरोस्। ठूला-ठूला सिद्ध ऋषि-मुनि ॐकारको, अकार, उकार, मकार, बिन्दु र नाद—यी पाँच कलाको अन्त्यमा उही जीवकलाका ध्यान गर्छन्॥ २३॥ त्यो जीवकला आत्मस्वरूपिणी छ। जब उसको तेजले अन्तःकरण र शरीर भरिन्छ तब मानसिक उपचारले मनमनै उसको पूजा गर्नुपर्दछ। अनि तन्मय भएर मेरो आवाहन गरी प्रतिमादिमा स्थापन गरोस्। फेरि मन्त्रद्वारा अङ्गन्यास गरेर त्यसैमा मेरो पूजा गरोस्॥ २४॥ हे उद्धव! मेरो आसनमा धर्मादि गुण र विमल शक्तिको उक्त भावना अर्थात् आसनको चारैतिर धर्म, ज्ञान, वैराग्य र ऐश्वर्यरूप चार खुट्टा छन्, अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य—यी चारै दिशामा लट्ठी छन्, सत्त्व-रज-तम यी तीन काठका पीढा छन्, त्यसमा विमला, उत्कर्षिणी, ज्ञाना, क्रिया, योगा, प्रह्वी, सत्या, ईशाना र अनुग्रहा—यी नौ शक्तिहरू विराजमान छन्। त्यस आसनमा योटा अष्टदल कमल छ, त्यसको कर्णिका अत्यन्त प्रकाशमान छ र पहेँला केशरको सौन्दर्य अनौठो छ। आसनको सम्बन्धमा यस्तो भावना गरेर पाद्य, अर्घ्य, आचमनीय आदि उपचार प्रस्तुत

णादीनुपचारान् प्रकल्पयेत्॥ धर्मादिभिश्च नवभिः कल्पयित्वाऽऽसनं मम॥ २५॥ पद्ममष्टदलं तत्र कर्णिकाकेसरोज्ज्वलम्॥ उभाभ्यां वेदतन्त्राभ्यां मह्यं तूभयसिद्धये॥ २६॥ सुदर्शनं पाञ्चजन्यं गदासीषु धनुर्हलान्॥ मुसलं कौस्तुभं मालां श्रीवत्सं चानुपूजयेत्॥ २७॥ नन्दं सुनन्दं गरुडं प्रचण्डं चण्डमेव च॥ महाबलं बलं चैव कुमुदं कुमुदेक्षणम्॥ २८॥ दुर्गां विनायकं व्यासं विष्वक्सेनं गुरून् सुरान्॥ स्वे स्वे स्थाने त्वभिमुखान् पूजयेत् प्रोक्षणादिभिः॥ २९॥ चन्दनोशीरकर्पूरकुङ्कुमागुरुवासितैः॥ सलिलैः स्नापयेन्मन्त्रैर्नित्यदा विभवे सति॥ ३०॥ स्वर्णधर्मानुवाकेन महापुरुषविद्यया। पौरुषेणापि सूक्तेन सामभी राजनादिभिः॥ ३१॥ वस्त्रोपवीताभरणपत्रस्रग्गन्धलेपनैः। अलंकुर्वीत सप्रेम मद्भक्तो मां यथोचितम्॥ ३२॥ पाद्यमाचमनीयं च गन्धं सुमनसोऽक्षतान्॥ धूपदीपोपहार्याणि दद्यान्मे श्रद्धयार्चकः॥ ३३॥ गुडपायससर्पींषि शष्कुल्यापूपमोदकान्॥ संयावदधिसूपांश्च नैवेद्यं सति कल्पयेत्॥ ३४॥ अभ्यङ्गोन्मर्दनादर्शदन्तधावाभिषेचनम्॥ अन्नाद्यगीतनृत्यादि पर्वणि स्युरुतान्वहम्॥ ३५॥

गरोस्। अनि भोग र मोक्षको सिद्धिका लागि वैदिक र तान्त्रिक विधिले मेरो पूजा गरोस्॥ २५॥ २६॥ सुदर्शन चक्र, पांचजन्य शङ्ख, कौमोदकी गदा, खड्ग, वाण, धनुष, हलो र मुसल—यी आठ आयुधको पूजा आठ दिशामा गरोस् र कौस्तुभमणि, वैजयन्तीमाला र श्रीवत्सचिह्नको वक्षस्थलमा यथास्थान पूजा गरोस्॥ २७॥ नन्द, सुनन्द, प्रचण्ड, चण्ड, महाबल, बल, कुमुद र कुमुदेक्षण—यी आठ पार्षदको आठ दिशाहरूमा, गरुडको सामुन्ने, दुर्गा, विनायक, व्यास र विष्वक्सेनको चार कुनामा स्थापन-पूजन गरोस्। बायाँतिर गुरुको र यथाक्रम पूर्वादि दिशाहरूमा इन्द्रादि आठ लोकपालहरूको स्थापना गरेर प्रोक्षण, अर्घ्यदानादि क्रमले पूजा गर्नुपर्दछ॥ २८॥ २९॥ हे प्रिय उद्धव! यदि सामर्थ्य छ भने दिनहुँ—चन्दन, खस, कपूर, केसरादि सुगन्धित वस्तु द्वारा सुवासित जलले मलाई स्नान गराउनू र त्यस वेला 'सुवर्ण धर्म' इत्यादि स्वर्णधर्मानुवाक 'जितंते पुण्डरीकाक्ष' इत्यादि महापुरुष विद्या, 'सहस्रशीर्षा पुरुष सहस्राक्षः सहस्रः आदि पुरुषसूक्त र 'इन्द्रं नरो नेमधिता हवन्त' इत्यादि मन्त्रोक्त राजनादि सामगायन पाठ पनि गर्दै रहनुपर्दछ॥ ३०॥ ३१। मेरा भक्त वस्त्र, जनै, आभूषण, पत्र, माला, गन्धादिले प्रेमपूर्वक मेरो शृङ्गार गरुन्॥ ३२॥ उपासक श्रद्धापूर्वक मलाई पाद्य,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचमन, चन्दन, फूल, अक्षता, धूप-दीपादि समर्पित गरुन् ॥३३॥ शक्ति भए शक्खर, पायस, घिउ, पूरी, मिष्टान्न, दही र दाल आदि व्यञ्जन नैवेद्य लगाउन् ॥३४॥ भगवानको विग्रहलाई दन्तधावन गराउन्, बुकुवा घसिदिन्, पञ्चामृतले स्नान गराउन्, सुगन्धित पदार्थको लेप लगाइदिन्। ऐना देखाई भोग लगाएर शक्ति छ भने प्रतिदिन अथवा पर्वका दिन नाच-गाना आदिको पनि प्रबन्ध गरुन् ॥ ३५ ॥ हे उद्धव ! पूजापछि शास्त्रोक्त विधिले बनाएको कुण्डमा अग्नि स्थापना गरुन्। त्यो कुण्ड मेखला, गर्त र वेदीले शोभायमान हुनुपर्छ। त्यसमा हातले हम्केर अग्नि प्रज्वलित पारी त्यसको परिसमूहन अर्थात् एकत्र पारुन् ॥ ३६ ॥ वेदीको चारैतिर कुश कण्डिका अर्थात् चारैतिर बीस-बीस कुश बिछाई त्यसमा मन्त्र पढ्दै जल छर्कोस्। त्यसपछि विधिपूर्वक समिधाहरूको आधानरूप अन्वाधान कर्म गरी अग्निको उत्तर भागमा होमोपयोगी सामग्री राखेर प्रोक्षणीको जलले प्रोक्षण गरेपछि मेरो यसरी ध्यान गरोस् ॥३७॥ मेरो मूर्ति तताएको सुन झैं बल्दो छ। रौं-रौंबाट शान्तिको वर्षा भइरहेछ। लामा र विशाल चार भुजाहरू

विधिना विहिते कुण्डे मेखलागर्तवेदिभिः ॥ अग्निमाधाय परितः समूहेत् पाणिनोदितम् ॥ ३६ ॥ परिस्तीर्याथ पर्युक्षेदन्वाधाय यथाविधि ॥ प्रोक्षण्याऽऽसाद्य द्रव्याणि प्रोक्ष्याग्नौ भावयेत माम् ॥ तप्तजाम्बूनदप्रख्यं शङ्खचक्रगदाम्बुजैः ॥ लसच्चतुर्भुजं शान्तं पद्मकिञ्जल्कवाससम् ॥ ३८ ॥ स्फुरत्किरीटकटककटिसूत्रवराङ्गदम् ॥ श्रीवत्सवक्षसं भ्राजत्कौस्तुभं वनमालिनम् ॥ ३९ ॥ ध्यायन्नभ्यर्च्य दारूणि हविषाभिघृतानि च ॥ प्रास्याज्यभागावाघारौ दत्त्वा चाज्यप्लुतं हविः ॥ ४० ॥ जुहुयान्मूलमन्त्रेण षोडशर्चावदानतः ॥ धर्मादिभ्यो यथान्यायं मन्त्रैः स्विष्टकृतं बुधः ॥ ४१ ॥ अभ्यर्च्याथ नमस्कृत्य पार्षदेभ्यो बलिं हरेत् ॥ मूलमन्त्रं जपेद् ब्रह्म स्मरन्नारायणात्मकम् ॥ ४२ ॥ दत्त्वाऽऽचमनमुच्छेषं विष्वक्सेनाय कल्पयेत् ॥ मुखवासं सुरभिमत् ताम्बूलाद्यमथार्हयेत् ॥४३॥ उपगायन् गृणन् नृत्यन् कर्माण्यभिनयन् मम ॥ मत्कथाः श्रावयञ्छृण्वन् मुहूर्तं क्षणिको भवेत् ॥४४॥ स्तवैरुच्चावचैः स्तोत्रैः पौराणैः प्राकृतैरपि ॥ स्तुत्वा प्रसीद भगवन्निति वन्देत दण्डवत् ॥ ४५ ॥ शिरो मत्पादयोः कृत्वा बाहुभ्यां च परस्परम् ॥ प्रपन्नं पाहि मामीश भीतं मृत्युग्रहार्णवात् ॥४६॥ इति शेषां मया दत्तां शिरस्याधाय सादरम् ॥ उद्वासयेच्चेदुद्वास्यं ज्योतिर्ज्योतिषि तत् पुनः ॥४७॥

शोभायमान छन्, तिनमा शङ्ख, चक्र, गदा, पद्म शोभित छन्। कमलको केशर झैं पहेंलो वस्त्र छ ॥३८॥ सिरमा मुकुट, नारीमा कङ्गन, कम्मरमा करधनी, पाखुरामा बाजूबन्द झलिकरहेको छ। वक्षस्थलमा श्रीवत्सको चिह्न छ, घाँटीमा कौस्तुभ मणि जगमगाइरहेको छ। घुँडासम्म वनमाला झुण्डिएको छ ॥ ३९ ॥ अग्निमा मेरो यस मूर्तिको ध्यान गरेर पूजा गर्नुपर्दछ। अनि सुकेका समिधा घिउमा चोपेर आहुति दिनु र आज्यभाग-आधार नामका दुइ-दुइ आहुति अरु दिनु। अनि अन्य हवन-सामग्रीले आहुति दिनु ॥४०॥ त्यसपछि आफ्नू इष्टमन्त्रले वा 'ॐनमो नारायणाय' यस यो अष्टाक्षर मन्त्र अथवा पुरुषसूक्तका सोहमन्त्रले हवन गरेपछि धर्मादि देवताहरूलाई पनि विधिपूर्वक मन्त्रले हवन गरी स्विष्टकृत आहुति दिनु॥४१॥ यसरी अग्निमा अन्तर्यामीरूपले स्थित भगवान्को पूजा गरेर नमस्कार गरोस्, नन्द-सुनन्दादि पार्षदलाई आठ दिशामा हवनकर्माङ्ग बलि देओस्। अनि प्रतिमाको सम्मुख बसेर परब्रह्मस्वरूप नारायण भगवान्को जप गरोस् ॥४२॥ अनि भगवान्लाई आचमन गराई उनको प्रसाद विष्वक्सेनलाई निवेदन गरेर आफ्ना इष्टदेवको सेवामा अत्तर, पान आदि मुखवास

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टक्राओस् र पुष्पाञ्जलि चढाओस् ॥ ४३ ॥ मेरा लीलाहरूको गान र वर्णन तथा अभिनय गरोस्। यी सबै गर्दा प्रेमोन्मत्त भएर नाच्न थालोस्। मेरा लीला-कथाहरू स्वयं सुन्नु र अरुलाई सुनाउनु। केही बेरको निम्ति संसार र त्यसका सबै प्रपञ्च बिर्सेर ममा नै तन्मय होओस् ।.४४।। प्राची ऋषि-मुनिद्वारा वा प्राकृत भक्तगणद्वारा बनाएका साना ठूला स्तव र स्तोत्रले मेरो स्तुति-प्रार्थना गरोस्—हे भगवन्! हजुर ममाथि प्रसन्न हुनोस्। मलाई आफ्नू कृपा प्रसादले निर्धक्क तुल्याउनोस्। अनि दण्डवत्-प्रणाम गर्नु। आफ्नू शिर मेरा चरणमा राखेर दुवै हातले—दाहिने बायाँ र बाँयाले दाहिने चरण समातेर भन्नु—हे भगवन्! यो संसार सागरमा म डुबिरहेको छु। मृत्युरूप ग्राह मलाई लखेटिरहेको छ। म डराई हजुरको शरणमा आएको छु। प्रभो! मेरो रक्षा गर्नुहवस् ।।४६।। यस प्रकार स्तुति गरेर मलाई चढाएका मालाहरू आफ्नू शिरमा राख्दा मैले दिएको प्रसाद ठानोस्। यदि विसर्जन गर्नु छ भने यस्तो भावना गर्नुपर्दछ—प्रतिमाबाट यौटा दिव्य ज्योति निस्केको छ र त्यो मेरो हृदयस्थ ज्योतिमा लीन भएको छ; यही विसर्जन हो ॥ ४७ ॥ हे उद्धव! प्रतिमादिमा जब जहाँ श्रद्धा छ, त्यहीं मेरो पूजा गर्नुपर्दछ, किनकि म सर्वात्मा हुँ र समस्त प्राणीमा र आफ्नू हृदयमा पनि स्थित छू ।।४८।। जो मनुष्य यसरी वैदिक तान्त्रिक

अर्चादिषु यदा यत्र श्रद्धा मां तत्र चार्चयेत् ॥ सर्वभूतेष्वात्मनि च सर्वात्माहमवस्थितः ॥ ४८ ॥ एवं क्रियायोगपथैः पुमान् वैदिकतान्त्रिकैः ॥ अर्चन्नुभयतः सिद्धिं मत्तो विन्दत्यभीप्सिताम्॥४६॥मदर्चां सम्प्रतिष्ठाप्य मन्दिरं कारयेद् दृढम् ॥ पुष्पोद्यानानिरम्याणि पूजायात्रोत्सवाश्रितान् ॥५०॥ पूजादीनां प्रवाहार्थं महापर्वस्वथान्वहम् ॥ क्षेत्रापणपुरग्रामान् दत्त्वा मत्सार्ष्टितामियात् ॥ ५१ ॥ प्रतिष्ठया सार्वभौमं सद्मना भुवनत्रयम् ॥ पूजादिना ब्रह्मलोकं त्रिभिर्मत्साम्यतामियात् ॥ ५२ ॥ मामेव नैरपेक्ष्येण भक्तियोगेन विन्दति ॥ भक्तियोगं स लभते एवं यः पूजयेत माम् ॥ ५३ ॥ यः स्वदत्तां परैर्दत्तां हरेत सुरविप्रयोः ॥ वृत्तिं स जायते विड्भुग् वर्षाणामयुतायुतम् ॥ ५४ ॥ कर्तुश्च सारथेर्हेतोरनुमोदितुरेव च ॥ कर्मणां भागिनः प्रेत्य भूयो भूयसित तत् फलम् ॥ ५५ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे सप्तविंशोऽध्यायः ॥ २७ ॥

श्रीभगवानुवाच ॥ परस्वभावकर्माणि न प्रशंसेन्न गर्हयेत् ॥ विश्वमेकात्मकं पश्यन् प्रकृत्या पुरुषेण च॥१॥ परस्वभावकर्माणि यः प्रशंसति निन्दति ॥

क्रियायोग द्वारा मेरो पूजा गर्दछ, त्यो यस लोक र परलोकमा मसित उभीष्ट सिद्धि प्राप्त गर्दछ। यदि शक्ति छ भने उपासक राम्रो मन्दिर बनाउन लगाओस् र त्यसमा मेरो प्रतिमा थापोस्। राम्रा-राम्रा फूलको बगैंचा लगाओस्, नित्य-पूजा, पर्वको यात्रा र ठूला-ठूला उत्सवको व्यवस्था गरिदेओस् ।।५०।। जो मनुष्य पर्व र प्रतिदिनको पूजाका लागि जमीन, बजार, नगर वा गाउँ मेरा नाममा समर्पित गरिदिन्छ, तिनलाई मेरै समान ऐश्वर्य प्राप्त हुन्छ ।।५१।। मेरो मूर्तिको प्रतिष्ठा गर्नाले पृथ्वीको एकछत्र राज्य, मन्दिर निर्माणले त्रैलोक्यको राज्य, पूजाको व्यवस्था गर्नाले ब्रह्मलोक प्राप्त हुन्छ ।।५२।। निष्कामभावले पूजा गर्दा मलाई नैं प्राप्त गर्दछ। जो आफूले दिएको वा अर्काले दिएको देवता र ब्राह्मणको जीविका हरण गर्दछ, त्यो करोड़ौं वर्षसम्म विष्ठाको कीरा हुन्छ ।।५३।।५४।। जो व्यक्तिको यस्ता काममा बर्ता हात छ भने फल पनि बर्ता नैं पाउँछन् ॥ ५५ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपालीभाषयां सप्तविंशोऽध्यायः ।।२७।।

(परमार्थ निरूपण)—श्री कृष्ण भन्नुहुन्छ—हे उद्धव! यद्यपि व्यवहारमा पुरुष र प्रकृति—द्रष्टा र दृश्यको भेदले दुइ थरिका देखिन्छन् तापनि परमार्थ दृष्टिले हेर्दा यो सबै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक अधिष्ठानस्वरूप छ, यसनिम्ति कसैको शान्त, घोर र मूढ स्वभाव वा कर्मको निन्दा-स्तुति नगर्नु, सधैं अद्वैत दृष्टि राख्नू ॥१॥ जो अर्काको प्रशंसा वा निन्दा गर्दछन्, ती आफ्नू परमार्थ साधनबाट च्युत हुन्छन् किनकि साधन अभिनिवेशको निषेध गर्दछ र निन्दा, प्रशंसा बलियो पार्दछन् ॥२॥ हे उद्धव ! सबै इन्द्रिय राजस-अहङ्कारका कार्य हुन्। ती निदाए पछि शरीरको अभिमानी जीव चेतना शून्य हुन्छ, त्यस वेला मन जोगियो भने सपनाको झूठो दृश्यमा अलमलिन्छ र त्यो पनि लीन भयो भने जीव मृत्यु झैं गहिरो निद्रा–सुषुप्तिमा लीन हुन्छ। त्यस्तै जब जीव आफ्नू अद्वितीय स्वरूप बिर्सेर अनेक वस्तुको दर्शन गर्न थाल्दछ, अनि त्यो स्वप्न झैं झूठो दृश्यमा अल्झिन्छ वा मृत्यु अज्ञानमा लीन हुन्छ ॥३॥ हे उद्धव ! जब द्वैत नामको कुनै वस्तु नै छैन, अनि त्यसमा यो जाति, यो नजाति–यो प्रश्न नै आउन्न। विश्वका सबै वस्तु वाणीले भन्न सकिन्छ, मनले विचार्न सकिन्छ, दृश्य र अनित्य हुनाले त्यसको मिथ्यात्व स्पष्टै छ ॥४॥ छाया प्रतिध्वनि र सीपी आदिमा चाँदीको आभास सर्वथा मिथ्या छ, तर ती द्वारा मनुष्यको मनमा भय-कम्पादिको संचार हुन्छ, त्यस्तै देहादि सबै वस्तु मिथ्या छन् तर जबसम्म ज्ञानद्वारा तिनको असत्यताको बोध हुँदैन, तबसम्म अज्ञानीलाई भयभीत पार्दै रहन्छ ॥५॥ जो प्रत्यक्ष र परोक्ष वस्तुछ, त्यो आत्मा नै हो। जो विश्वसृष्टि प्रतीत

स आशु भ्रश्यते स्वार्थादसत्यभिनिवेशतः ॥२॥ तैजसे निद्रयाऽऽपन्ने पिण्डस्थो नष्टचेतनः ॥ मायां प्राप्नोति मृत्युंवा तद्वन्नानार्थदृक्पुमान् ॥३॥ किं भद्रं किमभद्रं वा द्वैतस्यावस्तुनः कियत् ॥ वाचोदितं तदनृतं मनसा ध्यातमेव च ॥ ४ ॥ छायाप्रत्याह्वयाभासा ह्यसन्तोऽप्यर्थकारिणः ॥ एवं देहादयो भावा यच्छन्त्यामृत्युतो भयम् ॥ ५ ॥ आत्मैव तदिदं विश्वं सृज्यते सृजति प्रभुः ॥ त्रायते त्राति विश्वात्मा ह्रियते हरतीश्वरः ॥ ६ ॥ तस्मान्नह्यात्मनोऽन्यस्मादन्यो भावो निरूपितः ॥ निरूपितेयं त्रिविधा निर्मूला भातिरात्मनि ॥ इदं गुणमयं विद्धि त्रिविधं मायया कृतम् ॥ ७ ॥ एतद् विद्वान् मदुदितं ज्ञानविज्ञाननैपुणम् ॥ न निन्दति न च स्तौति लोके चरति सूर्यवत् ॥ ८ ॥ प्रत्यक्षेणानुमानेन निगमेनात्मसंविदा ॥ आद्यन्तवदसज्ज्ञात्वा निस्संगो विचरेदिह ॥ ९ ॥ उद्धव उवाच ॥ नैवात्मनो न देहस्य संसृतिर्द्रष्टृदृश्ययोः ॥ अनात्मस्वदृशोरीश कस्य स्यादुपलभ्यते ॥ १० ॥ आत्माव्ययोऽगुणः शुद्धः स्वयंज्योतिरनावृतः ॥ अग्निवद्दारुवदचिद्देहः कस्येह संसृतिः ॥११॥ श्रीभगवानुवाच ॥ यावद् देहेन्द्रियप्राणैरात्मनः

भइरहेछ, त्यसको निमित्त त्यो हो नै, उपादान पनि हो अर्थात् उही विश्व बन्दछ र बनाउंछ, उही रक्षक र रक्षित पनि हो। परमात्मा यसको संहार गर्छन् र जसको संहार हुन्छ, त्यो पनि उनै हुन् ॥ ६ ॥ व्यवहार दृष्टिले हेर्दा आत्मा विश्वदेखि भिन्नछ, तर आत्मदृष्टिले ऊबाहेक अरु वस्तुछैन। त्योबाहेक जे प्रतीत भइरहेको छ, त्यसको निर्वचन गर्न सकिन्न र अनिर्वचनीय त केवल आत्मस्वरूप नै छ। यसै निम्ति आत्मामा सृष्टि-स्थिति-संहार अथवा अध्यात्म, अधिदैव र अधिभूत—यी तीन-तीन थरिका प्रतीतिहरू सर्वथा निर्मल नै छन्। नभए पनि भए जस्तै छन्। यो सत्व, रज र तमले गर्दा प्रतीत हुने द्रष्टा, दर्शन, दृश्य आदिको त्रिविधता मायाको खेल हो ॥ ७ ॥ हे उद्धव ! तिमोसित मैले यो ज्ञान र विज्ञानको उत्तम स्थिति वर्णन गरें। जुन व्यक्ति मेरो यी वचनको रहस्य जान्दछ, त्यो न कसैको प्रशंसा गर्छ न निन्दा। त्यो संसारमा सूर्य झैं स्वभावले डुलिरहन्छ ॥ ८ ॥ प्रत्यक्ष, अनुमान शास्त्र र आत्मानुभूति आदि प्रमाणहरूले यो सिद्ध छ कि यो संसार उत्पत्ति-विनाशशील हुनाले अनित्य छ। यो कुरा जानेर जगत्मा असंगभावले डुल्नुपर्दछ ॥९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्धवले सोधे—भगवन् ! आत्मा द्रष्टा र देह दृश्य छ। आत्मा स्वयंप्रकाश र देह जड़ ! यस्तो स्थितिमा जन्ममृत्युरूप संसार न देहलाई हुन सक्तछ, न आत्मालाई तर यसको हुनु पनि प्रत्यक्ष उपलब्ध छ। अनि यो कसलाई हुन्छ ? ॥ १० ॥ आत्मा त अविनाशी, प्राकृत-अप्राकृत गुणहरूले रहित, शुद्ध, स्वयं प्रकाश र सबै प्रकारका आवरणले रहित छ, तथा शरीर सगुण, प्रकाश्य र आवृत्त छ। आत्मा अग्नि झैं प्रकाशमान छ भने शरीर काठ झैं अचेतन। अनि यो जन्मत्मृत्युरूप संसार छ कसलाई ? ॥ ११ ॥ श्रीकृष्ण भगवान् आज्ञा हुन्छ—हे उद्धव ! वस्तुतः संसारको अस्तित्व छैन, तापनि जबसम्म देह, इन्द्रिय र प्राणासित आत्माको सम्बन्ध भ्रान्ति छ, तबसम्म अविवेकी पुरुषलाई यो सत्य झैं स्फुरित हुन्छ ॥ १२ ॥ जस स्वप्नमा अनेक प्रकारका विपत्ति आइपदछन् तर वास्तवमा ती हुन्नन् तापनि स्वप्न हराएपछि पनि त्यसको अस्तित्व रहिरहन्छ, त्यस्तै संसार छैन भन्ने भए पनि जो त्यसमा प्रतीत हुने विषयको चिन्तन रहन्छन्, तिनको जन्म-मरणरूपी संसारबाट निवृत्ति हुन सक्तैन ॥ १३ ॥ जब मानिस स्वप्न देखिरहन्छ, तब निद्रा भङ्ग हुनु भन्दा पहिले उसलाई ठूल-ठूला विपत्तिसित जुध्नु पर्दछ तर जब बिउँझन्छ, तब न स्वप्नका विपत्ति रहन्छन्, न तिनको कारण हुने मोहको विकार ॥ १४ ॥ हे उद्धव !

संतिकर्षणम् ॥ संसारः फलवास्तावदपार्थोऽप्यविवेकिनः ॥ १२ ॥ अर्थे ह्यविद्यमानेऽपिसंसृतिर्न निवर्तते ॥ ध्यायतो विषयानस्य स्वप्नेऽनर्थागमो यथा ॥ १३ ॥ यथा ह्यप्रतिबुद्धस्य प्रस्वापो बह्वनर्थभृत् ॥ स एव प्रतिबुद्धस्य न वै मोहाय कल्पते ॥ १४ ॥ शोकहर्षभयक्रोधलोभमोहस्पृहादयः ॥ अहंकारस्य दृश्यन्ते जन्म मृत्युश्च नात्मनः ॥ १५ ॥ देहेन्द्रियप्राणमनोऽभिमानो जीवोऽन्तरात्मा गुणकर्ममूर्तिः ॥ सूत्रं महानित्युरुधेव गीतः संसार आधावति कालतन्त्रः ॥ १६ ॥ अमूलमेतद् बहुरूपपितं मनोवचःप्राणशरीरकर्म ॥ ज्ञानासिनोपासनया शितेनच्छित्त्वा मुनिर्गां विचरत्यतृष्णः ॥ १७ ॥ ज्ञानं विवेको निगमस्तपश्च प्रत्यक्षमैतिह्यमथानुमानम् ॥ आद्यन्तयोरस्य यदेव केवलं कालश्च हेतुश्च तदेव मध्ये ॥ १८ ॥

अहङ्कार नै शोक, हर्ष, भय, क्रोध, लोभ, मोह, स्पृहा र जन्म-मृत्युको शिकार बन्दछ। आत्मासित इनको कुनै सम्बन्ध रहन्न ॥१५॥ हे उद्धव ! देह, इन्द्रिय, प्राण र मनमा स्थित आत्मा नै जब तिनको अभिमान गर्दछ— उनलाई आफ्नू स्वरूप मानिलिन्छ—तब त्यसको नाम 'जीव' हुन्छ। त्यो सूक्ष्मातिसूक्ष्म आत्माको मूर्ति हो—गुण र कर्मले बनेको लिङ्गशरीर उसैलाई कहीं सूत्रात्मा र कतै महत्तत्त्व भन्दछन्। त्यही कालरूप परमेश्वरको अधीन भएर संसारमा यता-उता भौंतारिन्छ ॥१६॥ वास्तवमा मन, वाणी, प्राण र शरीर अहङ्कारका नै कार्य हुन्। यो निर्मूल भए पनि देवता, मनुष्य आदि अनेक रूपमा यसको प्रतीति हुन्छ। मननशील व्यक्ति उपासनाको शानमा चड़ेर तरवारलाई तिखो बनाउँछ र उसै द्वारा—अहङ्कारको मूलोच्छेदन गरेर पृथ्वीमा निर्द्वन्द्व डुल्दछ। अनि उसमा कुनै आशा, तृष्णा रहन्न ॥ १७ ॥ आत्मा र अनात्माको स्वरूपलाई भिन्न-भिन्न प्रकारले बुझ्नु नै ज्ञान हो, विवेक हुनासाथ द्वैतको अस्तित्व मेटिन्छ। त्यसको साधन हो तपस्याद्वारा हृदय पारेर वेदादि शास्त्रहरूको श्रवण गर्नु। यीबाहेक श्रवणानुकूल युक्तिहरू, महापुरुषका उपदेश र यी दुवैबाट भिन्न अविरुद्ध स्वानुभूति पनि प्रमाण हुन्छन्। सबैको सार यही निस्कन्छ कि यस संसारमा आदिमा जो थियो तथा अन्त्यमा जो रहन्छ, जो यसको मूल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारण र प्रकाशक छ, त्यही अद्वितीय, उपाधि शून्य परमात्मा बीचमा पनि छ। त्यो बाहेक अरु केही पनि छैन ॥ १८ ॥ हे उद्धव ! सुनले कंगन, कुण्डल आदि अनेक गहना बन्दछन्, तर जब ती गहना बनेका थिएनन्, त्यस वेला पनि सुन नै थियो पछि पनि सुन नै रहन्छन्। ठीक त्यसै गरी यस जगत्को आदि, मध्य र अन्त्य मलाई नै जान। वास्तवमा म नै सत्य तत्त्व हुँ ॥ १९ ॥ हे भाई उद्धव ! मनका तीन अवस्था हुन्छन्–जाग्रत्, स्वप्न र सुषुप्ति यी। अवस्थाका कारण तीन गुण नै हुन्–सत्व, रज र तम। जगत्का तीन भेद छन्–अध्यात्म (इन्द्रियहरू), अधिभूत (पृथिव्यादि) र अधिदैव (कर्ता)। यी सबै त्रिविधताहरू जसको सत्ताले सत्य समान प्रतीत हुन्छन् र निर्विघ्न समाधि आदिमा यो त्रिविधता नरहे पनि जसको सत्ता विद्यमान रहन्छ, त्यो तुरीयत्त्व–यी तीनै थरिभन्दा भिन्नै र यिनीहरूमा अनुगत चौथो ब्रह्मतत्त्व–नै सत्य छ ॥ २० ॥ जुन उत्पत्ति भन्दा पहिले थिएन र प्रलयको पश्चात् पनि रहने छैन–यस्तो मनमा ठान्नुपर्दछ–माझमा पनि त्यो छैन, केवल कल्पना मात्र, नाममात्रनै हो। यो निश्चिय सत्य छ कि जुन पदार्थ जोसित बन्दछ र

यथा हिरण्यं स्वकृतं पुरस्तान् पश्चाच्च सर्वस्य हिरण्मयस्य ॥ तदेव मध्ये व्यवहार्यमाणं नानापदेशैरहमस्य तद्वत् ॥ १९ ॥ विज्ञानमेतत्त्रियवस्थमङ्ग· गुणत्रयं कारणकार्यकर्तृ ॥ समन्वयेन व्यतिरेकतश्च येनैव तुर्येण तदेव सत्यम्॥२०॥न यत् पुरस्तादुत यन्न पश्चान्मध्ये च तन्न व्यपदेशमात्रम् ॥ भूतंप्रसिद्धं च परेण यद् यत् तदेव तत् स्यादिति मे मनीषा ॥२१॥ अविद्यमानोऽप्यवभासते यो वैकारिको राजससर्ग एषः ॥ ब्रह्म स्वयंज्योतिरतो विभाति ब्रह्मे· न्द्रियार्थात्मविकारचित्रम् ॥२२॥ एवं स्फुटं ब्रह्मविवेकहेतुभिः परापवादेन विशारदेन ॥ छित्त्वाऽऽत्मसंदेहमुपारमेत स्वानन्दतुष्टोऽखिलकामुकेभ्यः॥२३॥ नात्मा वपुः पार्थिवमिन्द्रियाणि देवा ह्यसुर्वायुजलं हुताशः ॥ मनोऽन्नमात्रं धिषणा च सत्वमहंकृतिःखं क्षितिरर्थसाम्यम् ॥२४॥ समाहितैःकरकर्णैर्गुणात्म

जसद्वारा प्रकाशित हुन्छ, त्यही उसको वास्तविक स्वरूप हो, त्यही उसको परमार्थ सत्ता हो–यस्तो मेरो दृढ निश्चय छ ॥ २१ ॥ यो जुन विकारमयी राजस सृष्टि छ, यो नभएर पनि स्पष्ट देखिइरहेको छ। यो स्वयं प्रकाश ब्रह्म नै हो। यसै निम्ति इन्द्रियहरू, मन, विषय र पञ्चभूतादि जति-विचित्र नामरूप छन्, तिनको रूपमा ब्रह्मनै प्रतित भइरहेको छ ॥ २२ ॥ हे उद्धव ! ब्रह्म-विचारका साधन हुन्–श्रवण, मनम, निदिध्यासन र स्वानुभूति। तिनमा मद्दत दिने सहायक हुन्–आत्मज्ञानी गुरुदेव ! इनै द्वारा विचार गरेर स्पष्टरूपले देहादि अनात्म पदार्थहरूको निषेध गरिदिनुपर्दछ। यस प्रकार निषेधद्वारा आत्मविषयक सन्देहहरूलाई छिन्न-भिन्न गरेर आफ्नू आनन्द स्वरूप आत्मामा नै मग्न हुनु र सबै प्रकारका विषय-वासनाहरूबाट रहित होओस् ॥ २३ ॥ निषेध गर्ने प्रक्रिया यो हो कि—पृथ्वीको विकार हुनाले शरीर आत्मा होइन। इन्द्रिय, तिनका अधिष्ठातृ देवता, प्राण, वायु, अग्नि, जल एवं मन पनि आत्मा होइन, किनकि इनको धारण-पोषण शरीर जस्तै अनेक थरिका अन्नद्वारा हुन्छ। अतएव बुद्धि, चित्त, अहङ्कार, आकाश, पृथ्वी, शब्दादि विषय रसमा मस्त र गुणहरूको साम्यावस्था प्रकृतिलाई पनि आत्मा हो भनेर तोकेर भन्न सकिन्न, किनकि यी सबै दृश्य एवं जड छन् ॥ २४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन पुरुषलाई मेरो स्वरूपको राम्ररी ज्ञान भइसकेको रहन्छ, त्यस व्यक्तिलाई मेरी गुणमयी इन्द्रियहरू समाहित हुनाले पनि के लाभ हुन्छ ? फेरि विक्षिप्त रहनाले के हानि नै हुन्छ ? बादलहरू आउने-जाने गर्नाले सूर्यलाई के हानि अथवा लाभ हुन सक्तछ ? ॥ २५ ॥ जस्तै—वायु, अग्नि, जल, आकाश अथवा पृथिवीका गुणले अथवा आउने–जाने ऋतुहरूका गुणले आकाश लिप्त हुन सक्तैन, त्यस्तै नै अहङ्कार देखि भिन्न अक्षर आत्मतत्त्व संसारका मुख्य कारण रूप सत्त्व, रज, तमको मलले मलिन हुँदैन ॥ २६ ॥ तापनि जबसम्म मेरो दृढ भक्तियोग द्वारा मनको भवरूप रजोगुण निवृत्त हुँदैन, तबसम्म यो मायारचित गुणका संग अवश्यमेव त्यागोस् ॥ ७ ॥

भिर्गुणो भवेन्मत्सुविविक्तधाम्नः ॥ विक्षिप्यमाणैरुतः किन्नु दूषणं घनैरुपेतैर्विगतै रवेः किम् ॥ २५ ॥ यथा नभो वाय्वनलाम्बुभूगुणैर्गतागतैर्वर्तुगुणैर्न सज्जते ॥ तथाक्षरं सत्त्वरजस्तमोमलैरहंमतेः संसृतिहेतुभिः परम् ॥ २६ ॥ तथापि सङ्गः परिवर्जनीयो गुणेषु मायारचितेषु तावत् ॥ मद्भक्तियोगेन दृढेन यावद्रजो निरस्येत मनःकषायः ॥ २७ ॥ यथामयोऽसाधुचिकित्सितो नृणां पुनः पुनः संतुदति प्ररोहन् ॥ एवं मनोऽपक्वकषायकर्म कुयोगिनं विध्यति सर्वसङ्गम् ॥ २८ ॥ कुयोगिनो ये विहितान्तरायैर्मनुष्यभूतैस्त्रिदशोपसृष्टैः ॥ ते प्राक्तनाभ्यासबलेन भूयो युञ्जन्ति योगं न तु कर्मतन्त्रम् ॥ २९ ॥ करोति कर्म क्रियते च जन्तुः केनाप्यसौ चोदित आनिपातात् ॥ न तत्र विद्वान्प्रकृतौ स्थितोऽपि निवृत्ततृष्णः स्वसुखानुभूत्या ॥ ३० ॥ तिष्ठन्तमासीनमुत व्रजन्तं शयानमुक्षन्तमदन्तमन्नम् ॥ स्वभावमन्यत्किमपीहमानमात्मानमात्मस्थमतिर्न वेद ॥ ३१ ॥ यदि स्म

जस्तै—राम्ररी उपचार नगर्नाले रोग बारम्बार बल्झेर रोगी व्यक्तिलाई कष्ट दिन्छ, त्यस्तै वासना र कर्मका परिपाक रहित, स्त्री-पुत्रादिमा आसक्त छ भने अधूरो योगीलाई भ्रष्ट पारिदिन्छ ॥ २८ ॥ देवता द्वारा उत्पन्न गरिएका मनुष्यरूपी अनेक विघ्नले बाधित भएर योगी मार्गच्युत हुन्छन्, तर ती पूर्वाभ्यासवश फेरि योगमा नै प्रवृत्ति हुन्छन्—कर्मादिमा लाग्दैनन् ॥ २९ ॥ यो जीव कुनै अन्य प्राणीको प्रेरणाले मरणपर्यन्त कर्म गर्दै रहन्छ, तैपनि ज्ञानी व्यक्ति आत्मानन्दको अनुभवले वितृष्ण हुनाले अनेक लौकिक विषयमा रहेर पनि तिनमा आसक्त हुँदैन ॥ ३० ॥ जसको बुद्धि आत्मस्वरूपमा स्थित रहन्छ त्यो उठ्दा-बस्ता, हिंड्दा, मल-मूत्र त्याग्दा, खाँदा वा अरु कुनै स्वाभाविक काम

दृष्टान्त (मन त आमालाई दिएको छु) एकपल्ट रामकृष्ण परमहंसको घाँटीमा रोग लाग्यो। तिनलाई हेर्न गएका श्रीशशधर तर्कचूडामणिले भने—हजुर जस्ता पुरुष यदि मन एकाग्र पारेर रोगको स्थानमा रोकेर भनुन् 'रोग जा' त्यो भागिजान्छ। हजुर एकपल्ट यस्तो गरेर त हेर्नु हवस्।' परमहंसले भने—'तिमी पण्डित भएर यस्ता कुरा भन्दैछौ ? जुन मन मैले काली आमालाई सुम्पिसकें, त्यो उहाँबाट फर्काएर यो हाड मासुको थैलोमा रोकौं ? के यो उचित होला ?' पण्डितजी मौन भए, तर उनका शिष्य स्वामी विवेकानन्दले भने—'हजुरको मनाइ सत्य हो, तर आफ्नू नभए पनि हाम्रो दुःख निवारण गर्नुपर्दछ, किनकि हामी हजुरको दुःख हेर्न सक्तैनौं। गुरुदेव भन्दछन्—दुःख मेट्नू वा न मेट्नू कालीजीको हातमा छ।' विवेकानन्दले भने—'आमासित दुःख निवारणको निम्ति भन्नुहवस्।' गुरुदेवले भने—'हुन्छ, म आमासित सोधौंला।' पछि ध्यानमा सोधेर उनले भने— मैले आमासित सोधें—'कष्ट हुने घाँटीबाट भोजन गर्दा हजुरलाई दुःख हुन्न ?' तत्काल माताले तिम्रो घाँटीतिर संकेत गरेर भनिन्—'यसको घाँटीले खानू। के म केही दिन तिम्रो घाँटीले नखाउँ ?' विवेकानन्द उनका अनन्य शिष्य थिए। माताको आज्ञा सुनेर ती कस्तो न कस्तो भए।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर पनि आफ्नू शरीरलाई जान्न सक्तैन ।। ३१ ।। यदि कुनै विद्वान् इन्द्रियका कुनै बाह्य असत् विषयलाई देख्दछ भने अनेक थरिका अनुमानले उसलाई आत्मादेखि भिन्न वास्तविक ठान्दैन । जस्तै—सुतेर उठेपछि अन्तर्हित स्वप्नका पदार्थलाई कोही पनि साँचो मान्दैन ।।३२।। हे प्रिय ! अनेक थरिका गुण-कर्मले युक्त जुन देह तथा इन्द्रिय आदि अज्ञानजनित पदार्थलाई ऊ पहिले आत्मसित मिलेको मान्दथ्यो, अब आत्मनिरीक्षणले नै निवृत्त हुन्छन् । यसको विपरीत आत्माको ग्रहण वा त्याग हुँदैन ।। ३३ ।। जस्तै—सूर्योदय मनुष्यको निम्ति नेत्रका आवरणरूप अन्धकार हटाइदिन्छ, त्यो कुनै पदार्थको रचना गर्दैन, त्यस्तै मेरो बलियो ज्ञान मन-बुद्धिका अन्धकारलाई नष्ट पारिदिन्छ ।। ३४ ।। आत्मा त स्वयं प्रकाश, अजन्मा, अप्रमेय, महानुभवरूप, सर्वानुभवस्वरूप, अद्वितीय, अनन्त छ । त्यो वाणीको विषय नहुनाले जब वाणी उसलाई नभेटेर निवृत्त हुन्छे, तब पनि यसैको प्रेरणाले वाणी र प्राण आफाफ्ना कर्ममा प्रवृत्त हुन्छन् ।। ३५ ।। अभिन्न आत्मामा विकल्प मान्नु नै चित्तको धेरै ठूलो अज्ञान हो, किनकि यस

पश्यत्यसदिन्द्रियार्थं नानानुमानेन विरुद्धमन्यत् ।। न मन्यते वस्तुतया मनीषी स्वाप्नं यथोत्थाय तिरोदधानम् ।। ३२ ।। पूर्वं गृहीतं गुणकर्मचित्रमज्ञानमात्मन्यविविक्तमङ्ग ।। निवर्तते तत्पुनरीक्षयैव न गृह्यते नापि विसृज्य आत्मा ।। ३३ ।। यथा हि भानोरुदयो नृचक्षुषां तमो निहन्यान्न तु सद्विधत्ते ।। एवं समीक्षा निपुणा सती मे हन्यात्तमिस्रं पुरुषस्य बुद्धेः ।। ३४ ।। एष स्वयंज्योतिरजोऽप्रमेयो महानुभूतिः सकलानुभूतिः ।। एकोऽद्वितीयो वचसां विरामे येनेषिता वागसवश्चरन्ति ।। ३५ ।। एतावानात्मसंमोहो यद्विकल्पस्तु केवले ।। आत्मन्नृते स्वमात्मनमवलम्बो न यस्य हि ।। ३६ ।। यन्नामाकृतिभिर्ग्राह्यं पञ्चवर्णमबाधितम् ।। व्यर्थेनाप्यर्थवादोऽयं द्वयं पण्डितमानिनाम् ।। ३७ ।। योगिनोऽपक्वयोगस्य युञ्जतः कायउत्थितैः ।। उपसर्गैर्विहन्येत तत्रायं विहितो विधिः ।। ३८ ।। योगधारणया कांश्चिदासनैर्धारणान्वितैः ।। तपोमन्त्रौषधैः कांश्चिदुपसर्गान् विनिर्दहेत् ।। ३९ ।। कांश्चिन्ममानुध्यानेन नामसङ्कीर्तनादिभिः ।। योगेश्वरानुवृत्त्या वा हन्यादशुभदाञ्छनैः ।। ४० ।। केचिद्देहमिमं धीराः सुकल्पं वयसि स्थिरम् ।। विधाय विविधोपायैरथ युञ्जन्ति सिद्धये ।।४१।। न हि तत्कुशलादृत्यं तदायासो ह्यपार्थकः ।। अन्तवत्त्वाच्छरीरस्य फलस्येव वनस्पतेः ।। ४२ ।। योगं निषेवतो नित्यं कायश्चेत्कल्पतामियात् ।। तच्छ्रद्दध्यान्न मतिमान्योगमुत्सृज्य मत्परः ।। ४३ ।। योगचर्यामिमां योगी विच-

विकल्पको पनि आफ्नो आत्मस्वरूप मन बाहेक अरु कुनै सहारा छैन ।। ३६ ।। नाम-रूपले ग्रहण गरीने पाञ्चभौतिक द्वैत बाधित छैन, यस सिद्धान्तलाई मानेर आफूलाई पण्डित मान्ने मीमांसकहरूलाई यो वेदान्त-कथित ब्रह्मात्मवाद अकारण नै अर्थवाद ज्ञात हुन्छ ।। ३७ ।। योग साधना पूर्ण हुनुभन्दा पहिल्यै कुनै साधकको शरीर कुनै अकस्मात् उत्पन्न व्याधिले पीडित भयो भने त्यसको निम्ति उपाय कहिएका छन् ।।३८।। केही उपद्रवलाई योगधारणाले, केहीलाई धारणयुक्त आसनले र केहीलाई तप, मन्त्र र औषधिले शान्त पारोस् ।।३९।। केही अशुभप्रद दोषलाई मेरो निरन्तर ध्यानले, केहीलाई नाम-संकीर्तनले र केहीलाई योगेश्वरहरूको अनुवर्तन गरेर बिस्तार-बिस्तार नष्ट पारोस् ।।४०।। कुनै-कुनै धीर योगी यो देहलाई विविध उपायले बलियो र युवावस्थामा स्थिर पारेर अणिमादि सिद्धिका लागि योगसाधन गर्दछन् ।।४२।। बाठा व्यक्ति यो बाठो रोज्दैनन् । यो त व्यर्थ प्रयास

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो, किन्भने वृक्षमा फलेका फल झैं यो शरीर पनि नाशवान् नै छ ।। ४२ ।। नित्य योगसाधनामा तत्पर योगीको शरीर यदि बलियो भए पनि मलाई भज्ने बुद्धिमान् पुरुष साधन छाडेर, उसैमा सन्तुष्ट भएर नबसिरहोस् ।। ४३ ।। निष्काम र स्वानन्दानुभव गर्ने जुन योगी मेरो आश्रय लिएर यस प्रकार योगसाधनमा लागिरहन्छ, उपलाई विघ्नले दुःख दिन्नन् ।। ४४ ।। इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे नेपाली भाषाटीकायां अष्टविंशोऽध्यायः ।।२८।। (भागवत धर्मको निरूपण र उद्धवको प्रस्थान)–उद्धव भन्छन्–हे अच्युत ! योगचर्यालाई त म अजितेन्द्रिय व्यक्तिका लागि दुःसाध्य मान्दछु । अतः हजुर स्पष्ट तथा कुनै यस्तो उपाय आज्ञा हवस् जसले गर्दा मनुष्य अनायास सिद्धि प्राप्त गरुन् ।।१।। हे कमललोचन ! मन एकाग्र पार्नमा लागेका योगीजन त्यसको निग्रह गर्दा हुनाले खिन्न रहन्छन् ।।२।। अतः हे अरविन्दाक्ष ! हे विश्वेश्वर ! सारग्राही योगीजन अनायास नै आनन्ददायी चरण-कमलको आश्रय लिन्छन् । तर जो योगकर्मले गर्दा अभिमानी भइरहेका छन् ती हजुरकी मायाले मरिएका छन् । तिनलाई कहिल्यै सुख हुँदैन ।।३।। हे सर्व सुहृद् अच्युत ! यदि हजुर आफ्ना अनन्यशरण दासको अधीन हुनुहुन्छ भने त्यसमा छक्क पर्ने कुरै छैन, किनकि जसका चरण-कमलमा स्वयं ब्रह्मादि लोकपाल पनि आफ्नू टल्कने मुकुट

रन्मद्व्यपाश्रयः ।। नान्तरायैर्विहन्येत निःस्पृहः स्वसुखानुभूः ।। ४४ ।। इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे अष्टाविंशोऽध्यायः ।। २८ ।।
उद्धव उवाच ।। सुदुस्तरामिमां मन्ये योगचर्यामनात्मनः ।। यथाञ्जसा पुमान्सिद्ध्येत्तन्मे ब्रूह्यञ्जसाच्युत ।। १ ।। प्रायशः पुण्डरीकाक्ष युञ्जन्तो योगि-
नो मनः ।। विषीदन्त्यसमाधानान्मनोनिग्रहकर्शिताः ।। २ ।। अथात आनन्ददुघं पदाम्बुजं हंसाः श्रयेरन्नरविन्दलोचन ।। सुखं नु विश्वेश्वर योग-
कर्मभिस्त्वन्माययामी विहता न मानिनः ।। ३ ।। किं चित्रमच्युत तवैतदशेषबन्धो दासेष्वनन्यशरणेषु यदात्मसात्त्वम् ।। योऽरोचयत्सह मृगैः
स्वयमीश्वराणां श्रीमत्किरीटतटपीडितपादपीठः ।। ४ ।। तं त्वाखिलात्मदयितेश्वरमाश्रितानां सर्वार्थदं स्वकृतविद्विसृजेत को नु ।। को वा भजेत्कि-
मपि विस्मृतयेनुभूत्यै किं वा भवेन्न तव पादरजोजुषां नः ।। ५ ।। नैवोपयन्त्यपचितिं कवयस्तवेश ब्रह्मायुषापि कृतमृद्धमुदः स्मरन्तः ।। योऽन्तर्ब-
हिस्तनुभृतामशुभं विधुन्वन्नाचार्यचैत्यवपुषा स्वगतिं व्यनक्ति ।।६।। श्रीशुक उवाच ।। इत्युद्धवेनात्यनुरक्तचेतसा पृष्टो जगत्क्रीडनकः स्वशक्तिभिः ।।

घोट्तछन्, उनै हजुर रामावतारमा वानरसित मित्रता गर्नुभयो ।।४।। आफ्ना भक्तमा गरिएका उपकार जान्दै पनि यस्तो कुन पुरुष होला जो सबैका आत्मा, प्रियतम, ईश्वर र शरणागतलाई सर्वस्व दिने हजुरलाई बिर्सिदेला ? अथवा यस्तो कुन विचारशील होला, जुन परिणाममा मोह उत्पन्न गर्ने एवं केवल सोगका नै साधन स्वरूप तुच्छ भोग खोज्ला फेरि हजुरका चरण-रजको सेवन गर्ने हामीहरूका निम्ति दुर्लभ पनि के छ ? ।।५।। हे ईश्वर ! जो आचार्य तथा अन्तर्यामी रूपले शरीधारीहरूको बाह्य र आन्तरिक मल नष्ट पारेर उनलाई आफ्नू स्वरूपको साक्षात्कार गराउनु हुन्छ, ती हजुरका उपकारको साटो विवेकी ब्रह्मवेत्ता ब्रह्मा समान आयु पाएर पनि तिर्न सक्तैनन् । ती हजुरका उपकार स्मरण गरेर मनमनै प्रसन्न हुने गर्दछन् ।। ६ ।। शुकदेवजी भन्नुहुन्छ–हे राजन् ! उद्धवले यसरी अत्यन्त प्रेमपूर्वक सोधेपछि जगत् नै जसको क्रीडा-सामग्री छ, जो आफ्नी मायाले त्रिदेवहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारण गरेर जगत्‌को उत्पत्ति, स्थिति र प्रलय गर्दछन्, ती ईश्वरका पनि ईश्वर मुसुमुसु हाँस्तै बोले ॥ ७ ॥ भगवान् भन्दछन्—हे तात ! म तिमीलाई आफ्नू अत्यन्त मङ्गलमय भागवतधर्म सुनाउँछु, जसको श्रद्धापूर्वक आचारण गर्नाले मनुष्य मृत्युलाई पनि जित्न सक्तछ ॥ ८ ॥ निरन्तर मन-चित्त ममा नै लगाइरहने र जसको आत्मा र मनको मेरै धर्ममा अनुराग भएको छ, त्यो पुरुष मेरो स्मरण गर्दै आफ्ना सबै कर्म विस्तार-विस्तार मेरै निम्ति गरिरहोस् ॥ ९ ॥ जहाँ मेरा भक्तजन बस्तछन् त्यही पुण्यस्थानमा बसेर देवता, असुर वा मनुष्यमा जो मेरा अनन्य भक्त छन्, तिनका आचरणको अनुकरण गर्दै रहोस् ॥ १० ॥ पर्व दिनहरूमा एक्लै अथवा संगै मिलेर नृत्य, गान, वाद्य आदि महाराजोचित ठाँट पारेर मेरो यात्राको उत्सव गराओस् ॥ ११ ॥ निर्मल चित्त भएर सबै प्राणीमा र स्वयंमा म आत्मारामलाई नै आकाश झैं निरावरणरूपले भित्र-बाहिर व्याप्त देखोस् ॥ १२ ॥ हे उद्धव ! जो यसरी केवल ज्ञानदृष्टिको आश्रय लिएर सबै प्राणीलाई मेरो नै स्वरूप ठानेर राम्ररी सत्कार गर्दै तथा ब्राह्मण, चाण्डाल, चोर र

गृहीतमूर्तित्रय ईश्वरेश्वरो जगाद सप्रेममनोहरस्मितः ॥ ७ ॥ श्रीभगवानुवाच ॥ हन्त ते कथयिष्यामि मम धर्मान्सुमङ्गलान् ॥ यान्छ्रद्धया चरन्मर्त्यो मृत्युं जयति दुर्जयम् ॥ ८ ॥ कुर्यात्सर्वाणि कर्माणि मदर्थं शनकैः स्मरन् ॥ मय्यर्पितमनश्चित्तो मद्धर्मात्ममनोरतिः ॥ ९ ॥ देशान्पुण्यानाश्रयेत मद्भक्तैः साधुभिः श्रितान् ॥ देवासुरमनुष्येषु मद्भक्ताचरितानि च ॥१०॥ पृथक्सत्रेण वा मह्यं पर्वयात्रामहोत्सवान् ॥ कारयेद्गीतनृत्याद्यैर्महाराजविभूतिभिः ॥ ११ ॥ मामेव सर्वभूतेषु बहिरन्तरपावृतम् ॥ ईक्षेतात्मनि चात्मानं यथा खममलाशयः ॥ १२ ॥ इति सर्वाणि भूतानि मद्भावेन महाद्युते ॥ सभाजयन्मन्यमानो ज्ञानं केवलमाश्रितः ॥ १३ ॥ ब्राह्मणे पुल्कसे स्तेने ब्रह्मण्येऽर्के स्फुलिङ्गके ॥ अक्रूरे क्रूरके चैव समदृक्पण्डितो मतः ॥१४ ॥ नरेष्वभीक्ष्णं मद्भावं पुंसो भावयतोऽचिरात् ॥ स्पर्धासूयातिरस्काराः साहङ्कारा वियन्ति हि ॥ १५ ॥ विसृज्य स्मयमानान्स्वान्दृशं व्रीडां च दैहिकीम् ॥ प्रणमेद्दण्डवद्भूमावाश्वचाण्डालगोखरम् ॥ १६ ॥ यावत्सर्वेषु भूतेषु मद्भावो नोपजायते ॥ तावदेवमुपासीत वाङ्मनःकायवृत्तिभिः ॥ १७ ॥ सर्वं ब्रह्मात्मकं तस्य विद्ययात्ममनीषया ॥ परिपश्यन्नुपरमेत्सर्वतो मुक्तसंशयः ॥ १८ ॥ अयं हि सर्वकल्पानां सध्रीचीनो मतो मम ॥ मद्भावः सर्वभूतेषु मनोवाक्कायवृत्तिभिः ॥ १९ ॥ न ह्यङ्गोपक्रमे ध्वंसो मद्धर्मस्योद्धवाण्वपि ॥ मया व्यवसितः सम्यङ् निर्गुणत्वादनाशिषः ॥ २० ॥

सूर्य तथा स्फुलिङ्ग अर्थात् झिल्का तथा कृपालु र क्रूरमा समान दृष्टि राख्तछ, त्यही उत्तम पण्डित कहिन्छ ॥ १३ ॥ १४ ॥ धेरै बर्ता समयसम्म सबै पुरुषमा निरन्तर मेरो नै भावना गर्नाले व्यक्तिको स्पर्धा असूया अर्थात् परनिन्दा र अहंकार आदि दोष जान्छन् ॥ १५ ॥ मेरा भक्त आफ्नू हाँसो गर्ने स्वजनलाई 'म असल, त्यो नजाति' यो देहदृष्टि र लोकलज्जा त्यागेर कुकुर, चाण्डाल, गाई र गदहालाई समान ठानेर पृथ्वीमा लम्पसार परी दण्डवत् प्रणाम गरोस् । जबसम्म सबै प्राणीहरूमा मेरो मात्र भावना हुँदैन, तबसम्म उसै गरी मन, वाणी र शरीरको सबै कृत्यले नित्य मेरै उपासना गर्दै जाओस् ॥ १६ ॥ १७ ॥ यसरी सर्वत्र आत्मबुद्धिरूपिणी ब्रह्मविद्या द्वारा उसलाई ती सबै ब्रह्ममय प्रतीत हुन थाल्दछ । यस्तो दृष्टि भइसकेपछि निःसन्देह भएर शान्त होओस् । त्यसपछि फेरि लौकिक-वैदिक कुनै पनि कर्म-कलापमा नपरोस् ॥ १८॥ मन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाणी र देहका वृत्तिले मेरै भावना गरोस्। यही मेरो भागवत धर्म हो। यो थालेपछि बाधाले फरक पार्दैन। निष्काम र यो कुरा मैले निर्गुण हुनाले स्वयं निश्चय गरेको हुँ ॥ १९ ॥ २० ॥ त्रुटिको त कुरै छैन, यदि साधक भय-शोकादि निरर्थक कर्म पनि समर्पित गर्छ भने त्यो मेरो प्रसन्नताको कारण बन्दछ ॥२१॥ विवेक र बढ्याइँको पराकाष्ठा यसैमा छ कि नाशवान् देहद्वारा म अविनाशी र सत्य तत्वलाई प्राप्त गरोस्। यो ब्रह्मविद्याको रहस्य सुन्यौ। यो रहस्य बुझ्न देवतालाई पनि कठिन छ भने मनुष्यको कुरै छैन ॥२२-२३॥ मैले जुन युक्तियुक्त ज्ञानको वर्णन बारम्बार गरेको छु, त्यसको मर्म बुझ्ने साधकका संशय-ग्रन्थि छिन्न-भिन्न भई मुक्त हुन्छ ॥ २४ ॥ मैले तिम्रा प्रश्नको उत्तर दिइसकें। जो व्यक्ति हाम्रो प्रश्नोत्तर धारण गर्नेछ, त्यो वेदका पनि रहस्य परब्रह्मलाई प्राप्त गर्नेछ। जो व्यक्ति मेरा भक्तलाई राम्ररी बुझाउँछ, त्यो ज्ञानदातालाई म आफ्नू स्वरूपसम्म दिनेछु, तथा आत्मज्ञान गराइदिन्छु ॥ २५ ॥ २६ ॥ हे उद्धव ! यो हाम्रो संवाद स्वयं पवित्र छ र अरुलाई पनि मेरो दर्शन गराउन सक्ने हुनाले पवित्र हुनेछ ॥ जो एकाग्र मनले यो नित्य सुनला उसलाई मेरी पराभक्ति प्राप्त हुनेछ र कर्मबन्धनबाट मुक्त होला ॥ २७ ॥ हे सखे ! तिमीले राम्ररी ब्रह्मको स्वरूप चिन्यौ ? तिम्रो मनको शोक-मोह नष्ट भयो कि

यो यो मयि परे धर्मः कल्प्यते निष्फलाय चेत् ॥ तदायासो निरर्थः स्याद् भयादेरिव सत्तम ॥ २१ ॥ एषा बुद्धिमतां बुद्धिर्मनीषा च मनीषिणाम् ॥ यत् सत्यमनृतेनेह मर्त्येनाप्नोति मामृतम् ॥ २२ ॥ एष तेऽभिहितः कृत्स्नो ब्रह्मवादस्य संग्रहः ॥ समासव्यासविधिना देवानामपि दुर्गमः ॥ २३ ॥ अभीक्ष्णशस्ते गदितं ज्ञानं विस्पष्टयुक्तिमत् ॥ एतद् विज्ञाय मुच्येत पुरुषो नष्टसंशयः ॥२४॥ सुविविक्तं तव प्रश्नं मयैतदपि धारयेत् ॥ सनातनं ब्रह्मगुह्यं परं ब्रह्माधिगच्छति॥२५॥ य एतन्मम भक्तेषु सम्प्रदद्यात् सुपुष्कलम् ॥ तस्याहं ब्रह्मदायस्य ददाम्यात्मानमात्मना॥२६॥ य एतत् समधीयीत पवित्रं परमं शुचि ॥ स पूयेताहरहर्मां ज्ञानदीपेन दर्शयन् ॥२७॥ य एतच्छ्रद्धया नित्यमव्यग्रः शृणुयान्नरः ॥ मयि भक्तिं परां कुर्वन् कर्मभिर्न स बध्यते ॥ २८ ॥ अप्युद्धव तथा ब्रह्म सखे समवधारितम् ॥ अपि ते विगतो मोहः शोकश्चासौ मनोभवः ॥२९॥ नैतत्त्वया दाम्भिकाय नास्तिकाय शठाय च ॥ अशुश्रूषोरभक्ताय दुर्विनीताय दीयताम् ॥ ३० ॥ एतैर्दोषैर्विहीनाय ब्रह्मण्याय प्रियाय च ॥ साधवे शुचये ब्रूयाद्भक्तिः स्याच्छूद्रयोषिताम् ॥ ३१ ॥ नैतद् विज्ञाय जिज्ञासोर्ज्ञातव्यमवशिष्यते ॥ पीत्वा पीयूषममृतं पातव्यं नावशिष्यते ॥ ३२ ॥ ज्ञाने कर्मणि योगे च वार्तायां

भएन ॥ २९ ॥ तिमी यो दाम्भिक, शठ, नास्तिक र भक्तिहीन पुरुषलाई कहिल्यै नदिनु। जो यो दोषरहित छ, प्रेमी र साधु स्वभावको छ र जसको चरित्र पवित्र छ, उसैलाई यो प्रसङ्ग सुनाउनु पर्दछ। यदि शूद्र र स्त्री पनि मेरा भक्त छन् भने उनलाई यसको उपदेश दिनुपर्दछ ॥ ३० ॥ ३१ ॥ जस्तै दिव्य अमृत पान गरिसकेपछि केही पिउन शेष रहन्न, त्यस्तै यो जानेपछि अरु केही जान्न शेष रहन्न। उद्धव ! मनुष्यलाई ज्ञान, कर्म, योग, वाणिज्य र राजदण्डादिले क्रमशः मोक्ष, धर्म, काम र अर्थरूप फल प्राप्त हुन्छन्, तर तिमी जस्तै अनन्य भक्तका निम्ति ती चारै थरिका फल केवल म नै हुँ। ॥३२॥३३ ॥ जुन वेला मनुष्य सबै कर्मको त्याग गरेर मलाई आत्म समर्पण गरिदिन्छ, त्यसै वेला त्यो मेरो विशेष माननीय बन्दछ र म उसलाई उसको जीवत्वबाट छुटाएर अमृत स्वरूप मोक्ष प्राप्ति गराइदिन्छु, अनि त्यो मेरै स्वरूप बन्दछ ॥ ३४ ॥ शुकदेव भन्नुहुन्छ—हे राजन् ! अब उद्धवले योगमार्गको पूर्ण उपदेश प्राप्त गरिसकेका थिए। श्रीकृष्णको कुरा सुनेर उनका आँखाबाट आँसु बग्नलागे। प्रेमको बाढीले घाँटी अवरुद्ध भयो, मौन भएर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हात जोरेर उभिए, बोल्न सकेनन् ॥ ३५ ॥ उनको चित्त प्रेमावेशले विह्वल भइरहेथ्यो, उनले धैर्यपूर्वक रोकेर आफूलाई सौभाग्यशाली अनुभव गर्दै भगवान्का पाउमा शिर राखे र हात जोरेर प्रार्थना गरे ॥३६॥ उद्धव भन्दछन्—हे प्रभो ! हजुर माया र ब्रह्मा आदिका पनि मूल कारण हुनुहुन्छ । म मोहको महान्धकारमा भौंतारिइरहेको थिएँ । हजुरको सत्सङ्गले त्यो भागेर गयो । जो आगोको नगीचै पुग्यो, त्यसलाई जाडो, अन्धकार र त्यसद्वारा हुने भय टिक्न सक्तछ ? ॥ ३७ ॥ भगवन् ! हजुरकी मोहिनी मायाले मेरो ज्ञान-दीप खोसेको थियो, तर हजुरले कृपा गरेर आफ्नू भक्तलाई फेरि फर्काइदिनुभयो । हजुरले ममाथि अनुग्रहको वर्षा गरिदिनु भयो । यस्तो को होला जो हजुरको कृपा-प्रसादको अनुभव गरेर पनि

दण्डधारणे ॥ यावानर्थो नृणां तात तावांस्तेऽहं चतुर्विधः ॥ ३३ ॥ मर्त्यो यदा त्यक्तसमस्तकर्मा निवेदितात्मा विचिकीर्षितो मे ॥ तदामृतत्वं प्रतिपद्यमानो मयाऽऽत्मभूयाय च कल्पते ॥३४॥ श्रीशुक उवाच ॥ स एवमादर्शितयोगमार्गस्तदोत्तमश्लोकवचो निशम्य ॥ बद्धाञ्जलिः प्रीत्युपरुद्धकण्ठो न किंचिदूचेऽश्रुपरिप्लुताक्षः ॥ ३५ ॥ विष्टभ्य चित्तं प्रणयावघूर्णं धैर्येण राजन् बहु मन्यमानः ॥ कृताञ्जलिः प्राह यदुप्रवीरं शीर्ष्णा पृशंस्तच्चरणारविन्दम् ॥ ३६ ॥ उद्धव उवाच ॥ विद्रावितो मोहमहान्धकारो य आश्रितो मे तव संनिधानात् ॥ विभावसोः किं नु समीपगस्य शीतं तमो भीः प्रभवन्त्यजाद्य ॥३७॥ प्रत्यर्पितो मे भवतानुकम्पिना भृत्याय विज्ञानमयः प्रदीपः ॥ हित्वा कृतज्ञस्तव पादमूलं कोऽन्यत् समीयाच्छरणं त्वदीयम्॥३८॥ वृक्णश्च मे सुदृढः स्नेहपाशो दाशार्हवृष्ण्यन्धकसात्वतेषु ॥ प्रसारितः सृष्टिविवृद्धये त्वया स्वमायया ह्यात्मसुबोधहेतिना ॥ ३९ ॥ नमोऽस्तु ते महायोगिन् प्रपन्नमनुशाधि माम् ॥ यथा त्वच्चरणाम्भोजे रतिः स्यादनपायिनी ॥ ४० ॥ श्रीभगवानुवाच गच्छोद्धव मयाऽऽदिष्टो बदर्याख्यं ममाश्रमम् ॥ तत्र मत्पादतीर्थोदे स्नानोपस्पर्शनैः शुचिः ॥ ४१ ॥ ईक्षयालकनन्दाया विधूताशेषकल्मषः ॥ वसानो वल्कलान्यङ्ग वन्यभुक् सुखनिःस्पृहः ॥ ४२ ॥ तितिक्षुर्द्वंद्वमात्राणां सुशीलः संयतेन्द्रियः ॥ शान्तः समाहितधिया ज्ञानविज्ञानसंयुतः ॥ ४३ ॥ मत्तोऽनुशिक्षितं यत्ते

हजुरका चरण-कमलको शरण छाडिदेओस् ? र अरु वसैको भर परोस् ॥३८॥ हजुरले आफ्नी मायाद्वारा सृष्टि बढाउनको लागि दाशार्ह, वृष्णि, अन्धक र सात्वतवंशी यादवहरूका साथै मलाई बलियो स्नेहपाशले बाँधिदिनुभएको थियो । आज हजुरले आत्मबोधको तीखो तरवारले त्यस बन्धनलाई सहजै काटिदिनु भयो ॥३९ । हे महायोगेश्वर ! मेरो हजुरलाई नमस्कार छ । अब हजुर कृपा गरेर म शरणागतलाई यस्तो आज्ञा दिनु हवस् जसले हजुरका चरण-कमलमा मेरो भक्ति लागिरहोस् ॥४०॥ भगवान्ले भन्नुभयो—हे उद्धव ! अब तिमी मेरो आज्ञाले बदरी वनमा जाऊ । त्यो मेरो नै आश्रय हो त्यहाँ मेरो चरण-कमल पखालेको गंगा जल स्नान पान द्वारा सेवन गरेर तिमी पवित्र हुनेछौ ॥४१॥ अलकनन्दाको दर्शन मात्रले पनि तिम्रा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै मनका पाप-ताप पखालिने छन्, त्यहीं वरकल वस्त्र लगाई वनका कन्द-मूल खाएर निःस्पृहभावले सुखपूर्वक बस ॥४२॥ शीतोष्णादि द्वन्द्व सहँदै सुशील र जितेन्द्रिय भएर शान्तचित्त एकाग्र-बुद्धि तथा ज्ञान र विज्ञानले युक्त रहनू ॥४३॥ मसित जे शिक्षा पायौ, त्यसको राम्ररी विचारपूर्वक अनुभव गरेर ममा वाणी र चित्तलाई लगाउँदै मेरो धर्ममा नै सदैव तत्पर रहनु। यस्तो गर्दै रहनाले तिमी तीनै गुणका गति नाघेर *सिद्ध पुरुष हुनेछौ र अन्त्यमा म परब्रह्मलाई प्राप्त पर्नेछौ ॥ ४४ ॥ शुकदेव भन्नुहुन्छ—हे राजन् ! जपको ज्ञान संसार श्रम हरण गर्ने थियो, ती कृष्णचन्द्रले त्यति भने पछि उद्धवले उनको तीन प्रदक्षिणा गरेर उनका चरणमा आफ्नू मस्तक राखे। अब ती सबै द्वन्द्वबाट पर थिए, तापनि

विविक्तमनुभावयन् ॥ मय्यावेशितवाक्चित्तो मद्धर्मनिरतो भव ॥ अतिव्रज्य गतीस्तिस्रो मामेष्यसि ततः परम् ॥ ४४ ॥ श्रीशुक उवाच ॥ स एवमुक्तो हरिमेधसोद्धवः प्रदक्षिणं परिसृत्य पादयोः ॥ शिरो निधायाश्रुकलाभिरार्द्रधीर्न्यषिञ्चदद्वन्द्वपरोऽप्युपक्रमे ॥ ४५ ॥ सुदुस्त्यजस्नेहवियोग-कातरो न शक्नुवंस्तं परिहातुमातुरः ॥ कृच्छ्रं ययौ मूर्धनि भर्तृपादुके बिभ्रन्नमस्कृत्य ययौ पुनः पुनः ॥ ४६ ॥ ततस्तमन्तर्हृदि सन्निवेश्य गतो महाभागवतो विशालाम् ॥ यथोपदिष्टां जगदेकबन्धुना तपः समास्थाय हरेरगाद्गतिम् ॥ ४७ ॥ य एतदानन्दसमुद्रसम्भृतं ज्ञानामृतं भागवताय

त्यहाँबाट हिड्ने वेलामा उद्धवको हृदय भरियो र प्रेमवश आफ्ना नेत्रका अश्रुधाराले भगवान्का चरण-कमल भिजाइदिए ॥ ४५ ॥ जसको स्नेह छाड्नु अत्यन्त कठिन थियो, ती श्रीकृष्णचन्द्रको वियोग हुनाले ती व्याकुल भए। उनलाई सहसा छाड्न नसक्नाले उद्धव अति आतुर भएर आफ्ना स्वामी कृष्णका चरण-पादुका लिएर तिनलाई आफ्नू शिरमा राखेर वारम्वार प्रणाम गरेपछि येन-केन-प्रकारेण आफ्नू मन मारेर त्यहाँबाट हिंडे ॥ ४६ ॥ अनि महाभाग उद्धव आफ्नू हृदयमा प्रभुको दिव्यरूप धारण गरेर बद्रिकाश्रम पुगे। त्यहाँ संसारका सुहृद श्रीहरिका आदेशानुसार तपोमय आचरण गर्दै अन्तमा उनले श्रीहरिको गति पाए ॥ ४७ ॥ योगेश्वर जसका चरणको सेवा गर्दछन्, उनै श्रीकृष्ण-

---

उदाहरण (सिद्ध पुरुष गुरुनानक)—गुरु नानक पञ्जाबमा यौटा महान् सन्त भएका थिए। ती हिन्दू मुसलमान एकताका समर्थक थिए। एकपल्ट मुलतानपुरका नवाबले गुरुनानकसित भने--तिमी भन्दछौ, हिन्दू र मुसलमान धर्मको रहस्यमा बुनै फरक छैन्—उसो भए आज मेरो काजीसित नमाज पढ।' नानकले भने—'हुन्छ' पछि सबै जना मसजिदमा गए। त्यहाँ गुरुनानक एकातिर उभिए र काजी एवं नवाब दुवै नमाज पढ्न लागे। तर ती दुवैको मन अर्कैतिर डुलिरहेको थियो। पछि नवाबले गुरुनानकसित भने--'किन उभिइरहेका ? नमाज पढ।' नानकले भने—'तिमी पनि कहाँ नमाज पढिरहेका थियौ र ? तिमी काबुलमा घोडा लिन घुमिरहेका थियौ र काजी साहेब इनार खन्न लाउँदै थिए। साँचो नमाज मैले नै पढें र त्यो खुदाले कबूल गरिलिए।' गुरुनानकले दुवैका मनको कुरा बुझे भन्ने जानेर दुवै छक्क परेर गुरुनानक पाउ समातेर उनको स्तुति गर्न लागे। गुरु नानक भारतवर्षका सबै तीर्थहरूमा डुले। एकपल्ट ती मक्का शरीफको हज गर्न गए। रेल वा मोटर उस जमानामा थिएनन्—एक दिनमा पुग्नका लागि। ती धेरै दिनमा मक्का पुगे। पैदल हिड्नाको परिश्रमले ती असाध्य थाकेका थिए। अतः राति कावातिर खुट्टा पारेर सुते। त्यहाँको काजीले रिसाएर उनलाई निकै हप्कायो, किनभने यो मुसलिम धर्मानुसार अक्षम्य अपराध थियो। नानकले भने—काजी साहेब। नरिसाउनु हवस। म थाकेको छु। जतातिर खुदाको घर छैन, उतैतिर मेरो खुट्टा पारिदेऊ।' यति सुनेर काजी झन् रिसायो र उनको खुट्टा समातेर अर्कोतिर फ्याँकिदियो। काजीलाई मक्काको मन्दिर उतैतिर देखियो। अर्कोतिर खुट्टा सार्दा फेरि उतैतिर देखियो। काजीले भन्यो—'यस्तो किन भइरहेको छ !' नानकले भने—'काजी साहेब ! के खुदाको घर चारैतिर छैन ! के खुदा यहीं त्रस्त छन् !' काजी लज्जित भयो र उनको खुट्टा समातेर क्षमा माग्यो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रद्वारा आनन्द-सिन्धुबाट उत्पन्न यो ज्ञानमृत आफ्ना अनन्य भक्त उद्धवलाई सुनाए। जो श्रद्धापूर्वक अलिकति पनि यसको सेवन गर्दछ, त्यो सारा सङ्गीतबाट मुक्त हुन्छ ॥४८॥ जुन वेद प्रकाशक भगवान्ले समस्त संसारको भय निवारणका लागि फूलको सारस्वरूप मह झिक्ने भ्रमरको समान एक त सबै वेदवेदान्तको सारस्वरूप यो ज्ञान विज्ञानको सार भागवत र अर्को क्षीरसमुद्रबाट अमृत झिके तथा आफ्ना भक्तलाई पिलाए, ती श्रीकृष्ण नामक परमश्रेष्ठ आदिपुरुषलाई प्रणाम छ ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर कृत 'वासिष्ठी' भाषाटीकायामेकोन त्रिंशोऽध्यायः ॥ २९ ॥

(यदुवंशको संहार) यति कथा सुनेर राजा परीक्षितले सोधे—हे ब्रह्मन् ! भगवद्भक्त उद्धव बदरिकाश्रम गएपछि भूतभावन भगवान् श्रीकृष्णले द्वारकामा अरु-अरु के कार्य गरे ? यदुकुल भूषण भगवान् कृष्णचन्द्रले आफ्नू कुल ब्रह्मशापग्रस्त भएपछि समस्त संसारका नेत्रलाई सुख दिने भएको त्यो देह कसरी त्यागे ? जुन देहमा गाडिएका आफ्ना नेत्र

भाषितम् ॥ कृष्णेन योगेश्वरसेविताङ्घ्रिणा सच्छ्रद्धयासेव्य जगद्विमुच्यते॥ ४८॥ भवभयमपहन्तुं ज्ञानविज्ञानसारं निगमकृदुपजह्रे भृङ्गवद्वेदसारम् ॥ अमृत-मुदधितश्चापाययद्भृत्यवर्गान् पुरुषमृषभमाद्यं कृष्णसंज्ञं नतोऽस्मि ॥४९॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे एकोनत्रिंशोऽध्यायः ॥२९ ॥

राजोवाच ॥ ततो महाभागवत उद्धवे निर्गते वनम् ॥ द्वारवत्यां किमकरोद्भगवान्भूतभावनः ॥ १ ॥ ब्रह्मशापोपसंसृष्टे स्वकुले यादवर्षभः ॥ प्रेयसीं सर्वनेत्राणां तनुं स कथमत्यजत् ॥ २ ॥ प्रत्याक्रष्टुं नयनमबला यत्र लग्नं न शेकुः कर्णाविष्टं न सरति ततो यत्सतामात्मलग्नम् ॥ यच्छ्रीर्वाचां जनयति रतिं किं नु मानं कवीनां दृष्ट्वा जिष्णोर्युधि रथगतं यच्च तत्साम्यमीयुः ॥ ३ ॥ श्रीशुक उवाच ॥ दिवि भुव्यन्तरिक्षे च महोत्पातान्समुत्थितान् ॥ दृष्ट्वाऽऽसीनान् सुधर्मायां कृष्णः प्राह यदूनिदम् ॥ ४ ॥ श्रीभगवानुवाच ॥ एते घोरा महोत्पाता द्वार्वत्यां यमकेतवः ॥ मुहूर्त्तमपि न स्थेयमत्र नो यदुपुङ्गवाः ॥ ५ ॥ स्त्रियो बालाश्च वृद्धाश्च शङ्खोद्धारं व्रजन्त्वितः ॥ वयं प्रभास यास्यामो यत्र प्रत्यक्सरस्वती ॥ ६ ॥ तत्राभिषिच्य शुचय उपोष्य सुसमाहिताः ॥ देवताः पूजयिष्यामः स्नपनालेपनार्हणैः ॥ ७ ॥ ब्राह्मणांस्तु महाभागान्कृतस्वस्त्ययना वयम् ॥ गोभू-हिरण्यवासोभिर्गजाश्वरथवेश्मभिः ॥ ८ ॥ विधिरेष ह्यरिष्टघ्नो मङ्गलायनमुत्तमम् ॥ देवद्विजगवां पूजा भूतेषु परमो भवः ॥ ९ ॥ इति सर्वे समा-

गोकुलका स्त्रीहरू फर्काउन सक्तैनथे, किनकि कानबाट भित्र प्रविष्ट भएर जुन भाव सज्जनको चित्तमा गाडिन्छ, त्यो फेरि त्यहाँबाट निस्कन्न। जसको शोभा वर्णन कविहरूको मान बढाउने र तिनको वाणीलाई पनि आनन्दित पार्दछ। जसलाई अर्जुनको रथमा बसेका देखेर युद्धमा मर्ने योद्धालाई पनि उनको सारूप्य मुक्ति मिल्यो, त्यो आफ्नू अलौकिक देह—श्रीकृष्णले कसरी त्यागे ? शुकदेव भन्दछन्—हे राजन् ! कृष्णले आकाश, पृथ्वी र अन्तरिक्षमा सर्वदा हुने महान् उत्पातहरू देखेर सुधर्मा सभामा बसेका यादवहरूसित भने—हे यादवगण हो ! द्वारकापुरीमा हुने यी उत्पात यमराजको ध्वजा समान डरलाग्दो छ। अब हामीहरू यहाँ एक क्षण पनि नबसौं ? अतः तिमीहरू स्त्रीगण तथा बालकहरू र बूढा-पाका त शङ्खोद्धार क्षेत्र पठाओ र हामीहरू प्रभासक्षेत्र जाऔं, जहाँ पश्चिमवाहिनी सरस्वती विद्यमान छन् ॥ १-६ ॥ त्यो तीर्थमा स्नानले पवित्र भएर उपवास गरौंला र एकाग्र

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चित्तले उत्तम सामग्रीद्वारा देवताको पूजा गरौंला ॥ ७ ॥ स्वतिवाचनपछि हामी गाई, भूमि, सुवर्ण, रत्न वस्त्र, गज, अश्व, रथ र घर आदि ब्राह्मणलाई दान दिउँला ॥ ८ ॥ किनकि यो विधि हाम्रा सबै अरिष्ट नाश गर्ने र अत्यन्त मंगलकारी हुनेछ । देवता, ब्राह्मण र गाईको पूजा नै प्राणीका जन्मको सबभन्दा ठूलो लाभ हो ॥ ९ ॥ मधुसूदन भगवान्को वचन अनुसार वृद्ध यादवगणले समर्थन गरेर तुरुन्त नाउद्वारा समुद्र नाघेर रथहरूमा चढी प्रभासक्षेत्रको निम्ति हिंडे ॥ १० ॥ त्यहाँ पुगेर भगवान् कृष्णको आदेशानुसार यादवहरूले भक्तिसाथ मंगल कृत्य सम्पन्न पारे ॥ ११ ॥ तर प्रारब्धवश बुद्धि भ्रष्ट भइदिनाले तिनले जे पिएपछि कसैको पनि बुद्धि ठेगानमा रहन्न, त्यो 'मैरेय' नामको मदिरा पिए ॥ १२ ॥ त्यो तीव्र रक्सीको मातले उन्मत्त र श्रीकृष्णको मायाले मोहित ती अभिमानी यादव वीरमा परस्पर ठूलो संघर्ष उपस्थित हुन गयो ॥१३॥ अतिशय क्रोधावेशले ती आततायी यादव धनुष-बाण, खड्ग, भाला, गदा, तोमर आदि नाना थरिका अस्त्र-शस्त्रले त्यहीं समुद्रतटमा लड्न लागे ॥१४॥ हल्लिरहेको ध्वजा-पताकायुक्त

कर्ण्य यदुवृद्धा मधुद्विषः ॥ तथेति नौभिरुत्तीर्य प्रभासं प्रययू रथैः ॥ १० ॥ तस्मिन्भगवतादिष्टं यदुदेवेन यादवाः ॥ चक्रुः परमया भक्त्या सर्वश्रेयोपबृंहितम् ॥ ११ ॥ ततस्तस्मिन्महापानं पपुर्मैरेयकं मधु ॥ दिष्टविभ्रंशितधियो यद्द्रवैर्भ्रश्यते मतिः ॥ १२ ॥ महामानाभिमत्तानां वीराणां दृप्तचेतसाम् ॥ कृष्णमायाविमूढानां संघर्षः सुमहानभूत् ॥ १३ ॥ युयुधुः क्रोधसंरब्धा वेलायामाततायिनः ॥ धनुर्भिरसिभिर्भल्लैर्गदाभिस्तोमरर्ष्टिभिः ॥१४॥ पतत्पताकै रथकुञ्जरादिभिः खरोष्ट्रगोभिर्महिषैर्नरैरपि ॥ मिथः समेत्याश्वतरैः सुदुर्मदा न्यहञ्छरैर्दद्भिरिव द्विपा वने ॥ १५ ॥ प्रद्युम्नसाम्बौ युधि रूढमत्सरावक्रूरभोजावनिरुद्धसात्यकी ॥ सुभद्रसंग्रामजितौ सुदारुणौ गदौ सुमित्रासुरथौ समीयतुः ॥ १६ ॥ अन्ये च ये निशठोल्मुकादयः सहस्रजिच्छतजिद्भानुमुख्याः ॥ अन्यान्यमासाद्य मदान्धकारिता जघ्नुर्मुकुन्देन विमोहिता भृशम् ॥ १७ ॥ दाशार्हवृष्ण्यन्धकभोजसात्वता मध्वर्बुदा माथुरशूरसेनाः ॥ विसर्जनाः कुकुराः कुन्तयश्च मिथस्ततस्तेऽथ विसृत्य सौहृदम् ॥ १८ ॥ पुत्रा अयुध्यन्पितृभिर्भ्रातृभिश्च स्वस्रीयदौहित्रपितृव्यमातुलैः ॥ मित्राणि मित्रैः सुहृदः सुहृद्भिर्ज्ञातींस्त्वहञ्ज्ञातय एव मूढाः ॥ १९ ॥ शरेषु क्षीयमाणेषु भज्यमानेषु धन्वसु ॥ शस्त्रेषु क्षीयमाणेषु

रथ, हात्ती, गदहा, ऊट, राँगो, खच्चर र मनुष्यका साथ परस्पर लडेर ती मतवाला यादव वनमा परस्पर दन्त-प्रहार गरेर जुध्ने हात्तीहरू झैं आपसमा लड्न लागे ॥ १५ ॥ त्यस बन्धु-युद्धमा प्रद्युम्न, साम्ब, अक्रूर, भोज, अनिरुद्ध, सात्यकि, दारुण योद्धा सुभद्र, संग्रामजित, गद, सुमित्र र सुरथ——यी सबै वीर परस्पर अत्यन्त आवेशले भिड्दा भए ॥१६॥ यी बाहेक निशठ, उल्मुक, सहस्रजित, शतजित र भानु आदि जो अरु वीर थिए, ती पनि भगवान्की मायाले मोहित र मदले अन्धा भएर यौटाले अर्कोलाइ मार्न लागे ॥ १७ ॥ दाशार्ह, वृष्णि, अन्धक, भोजन, सात्वत, मधु, अर्बुद, माथुर, शूरसेन, विसर्जन, कुकुर र कुन्ति आदि कुलका पनि स्नेह त्यागेर लड्न लागे ॥१८॥ त्यस बेला मदिरा-पानले उन्मत्त भएर पिता-पुत्रसित, दाजू भाइसित, हजुरबाबा नानीसित, काका भतीजासित, मामा भाञ्जासित लड्न लागे । त्यसै गरी मित्रसित मित्र र बन्धुसित बन्धुजन भिडेर सबै सजाती आफ्ना सजातिसित हानाहान गर्न लागे ॥ १९ ॥ लड्दा-लड्दा जब बाण सकिए, धनु माँचिए र सबै शस्त्र समाप्त भए, तब तिनले मुठिमा भरि-भरि ऐरका समुद्र तटमा मुमलको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धूलोले उत्पन्न 'एरक' नामको झार उखेले ॥२०॥ तिनको मुठीमा गएर ती झार लौहदण्ड तथा वज्र झैं कठोर भए। रोषमा भरिएका यादव त्यसैले प्रहार गर्न लागे र जब श्रीकृष्णचन्द्रले तिनलाई रोके तब ती उनलाई पनि मार्न उद्यत भए ॥२१॥ हे राजन्! ती मूढबुद्धि आततायीहरूले बलरामजीलाई पनि आफ्नू शत्रु मानेर ती उनलाई पनि मार्नको उल्टो विचारले हमला गरे ॥२२॥ हे कुरुनन्दन! अनि कृष्ण र वलदेव पनि क्रोधमा भरिएर युद्धमा छेकारो मार्दै, छल्दै त्यो तरवारे भारशो मुष्टिकारूपी लौहदण्डले उनीमाथि प्रहार गर्नलागे ॥ २३ ॥ जस्तै बाँसको वन दावानलले पोलेर खरानी पार्दछ,त्यस्तै ब्रह्मशापले ग्रस्त र श्रीकृष्णकी मायाले मोहित ती यादवहरूको स्पर्धा जायमान रिसले तिनलाई ध्वस्त पाऱ्यो ॥ २४ ॥ आफ्ना सबै स्वजन नष्ट भइसकेपछि भगवान्ले ठान्नुभयो–अब पृथ्वीको शेषभार पनि हलुगियो ॥ २५ ॥ उता बलरामले त्यही समुद्रतटमा परम-पुरुषको चिन्तनरूपी योगको आश्रय लिएर आफ्नू आत्माको आत्मा अर्थात् त्यसको शुद्धस्वरूपमा स्थिर गरेर मानव शरीर त्यागिदिए॥२६॥बलरामले परमपद प्राप्त गरेका देखेर श्रीकृष्ण पनि देदीप्यमान

मुष्टिभिर्जहुरेरकाः ॥ २० ॥ ता वज्रकल्पा ह्यभवन्परिघा मुष्टिना भृताः ॥ जघ्नुर्द्विषस्तैः कृष्णेन वार्यमाणास्तु तं च ते ॥ २१ ॥ प्रत्यनीकं मन्यमाना बलभद्रं च मोहिताः ॥ हन्तुं कृतधियो राजन्नापन्ना आततायिनः ॥ २२ ॥ अथ तावपि संक्रुद्धावुद्यम्य कुरुनन्दन ॥ एरकामुष्टिपरिघौ चरन्तौ जघ्नतुर्युधि ॥ २३ ॥ ब्रह्मशापोपसृष्टानां कृष्णमायावृतात्मनाम् ॥ स्पर्धाक्रोधः क्षयं निन्ये वैणवोऽग्निर्यथा वनम् ॥ २४ ॥ एवं नष्टेषु सर्वेषु कुलेषु स्वेषु केशवः ॥ अवतारितो भुवो भार इति मेनेऽवशेषितः ॥ २५ ॥ रामः समुद्रवेलायां योगमास्थाय पौरुषम् ॥ तत्याज लोकं मानुष्यं संयोज्यात्मानमात्मनि ॥ २६ ॥ रामनिर्याणमालोक्य भगवान् देवकीसुतः ॥ निषसाद धरोपस्थे तूष्णीमासाद्य पिप्पलम् ॥ २७ ॥ बिभ्रच्चतुर्भुजं रूपं भ्राजिष्णु प्रभया स्वया ॥ दिशो वितिमिराः कुर्वन्विधूम इव पावकः ॥ २८ ॥ श्रीवत्साङ्कं घनश्यामं तप्तहाटकवर्चसम् ॥ कौशेयाम्बरयुग्मेन परिवीतं सुमङ्गलम् ॥ २९ ॥ सुन्दरस्मितवक्त्राब्जं नीलकुन्तलमण्डितम् ॥ पुण्डरीकाभिरामाक्षं स्फुरन्मकरकुण्डलम् ॥ ३० ॥ कटिसूत्रब्रह्मसूत्रकिरीटकटकाङ्गदैः ॥ हारनूपुरमुद्राभिः कौस्तुभेन विराजितम् ॥ ३१ ॥ वनमालापरीताङ्गं मूर्तिमद्भिर्निजायुधैः ॥ कृत्वोरौ दक्षिणे पादमासीनं पङ्कजारुणम् ॥ ३२ ॥ मुसलावशेषायः खण्डकृतेषुर्लुब्धको जरा ॥ मृगास्याकारं तच्चरणं विव्याध मृगशङ्कया ॥ ३३ ॥ चतुर्भुजं तं पुरुषं दृष्ट्वा स कृत-

चतुर्भुज रूप धारण गरेर आफ्नू दिव्य कान्तिले दसै दिशाहरू आलोकित पार्दै र धूम्रविहीन अग्नि झैं सुशोभित हुँदै यौटा ठूलो पीपलको वृक्ष मुनि भूमिमै शान्तभावले एकदम चुपचाप बसे ॥ २७ ॥ २८ ॥ भगवान्को त्यो मंगलमय स्वरूप जलपूर्ण मेघको समान श्यामवर्ण, श्रीवत्स चिह्नले सुशोभित एवं रेशमी पीताम्बरले विभूषित हुनोले तताएको सुवर्णसमान देदीप्यमान भइरहेको थियो ॥ २९ ॥ उनको स्वरूप मनोहर मुसकान युक्त मुखकमल हुने, नीलो अलकावलीले सुशोभित, कमलदल झैं अत्यन्त सुन्दर नेत्रयुक्त तथा झलमलाउँदो मकराकृति कुण्डल सहित थियो ॥ ३० ॥ भगवान्को त्यो मंगलमय शरीर कन्धनी, यज्ञोपवीत, मुकुट, कङ्कण, भुजबन्द, हार, नूपुर, औंठी वनमाला, कौस्तुभमणिले सुशोभित थियो॥३१॥ भगवान्को सर्वाङ्गमय वनमाला शोभित थियो र शङ्ख, चक्र, गदा, पद्म आदि आयुध मूर्तिमान भएर सेवामा उपस्थित थिए। त्यसबेला भगवान् आफ्नू रक्तकमल

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदृश बायाँ चरण दाहिने तिघ्रामा राखेर पल्टेका थिए ।।३२।। उसै वेला जरा नामको व्याधा जसले माछाको पेटबाट प्राप्त मुसलको शेष टुक्राले आफ्नू बाणको टुप्पा बनाएको थियो- मृगको मुख झैं आकार हुने भगवान्‌को चरणलाई मृग ठानेर त्यही बाणले हिर्कायो ।।३३।। नगीचै पुगेपछि ती चतुर्भुज रूपधारी कृष्णलाई देखेर आफूलाई अपराधी ठानेर डरले काम्दै दैत्य-दलन भगवान्‌का चरणमा लम्पसार पर्‍यो ।। ३४ ।। उसले भन्यो–'हे मधुसूदन ! म पापीले थाहा नपाएर धेरै ठूलो अपराध गरिदिएँ । हे उत्तम श्लोक ! हे अनघ ! म हजुरको अपराधी हुँ, हजुर कृपा गरेर मलाई क्षमा गरिदिनोस् ।।३५।। हे प्रभो ! जसको स्मरण मनुष्यको अज्ञानान्धकार नाशक कहिन्छ । हरे ! उनै हजुरलाई मैले यस्तो अहित गरें ।।३६।। हे वैकुण्ठनाथ ! म निरपराध मृगको वधिक र महापापी हुँ । हजुर शीघ्र मलाई मारिदिनोस्-जसले फेरि मद्वारा अन्य महापुरुषको कुनै अपराध नहोओस् ।।३७।। आत्मयोगले रचित जसको सृष्टि ब्रह्मा र उनका पुत्र रुद्रादि पनि जो सबै विद्याका पारदर्शी छन्, जान्दैनन् । किनकि उनको दृष्टि पनि हजुरको मायाले आवृत्त रहन्छ । अनि म त स्वभावैले पापी हुँ–

किल्बिषः ।। भीतः पपात शिरसा पादयोरसुरद्विषः ।। ३४ ।। अजानता कृतमिदं पापेन मधुसूदन ।। क्षन्तुमर्हसि पापस्य उत्तमश्लोक मेऽनघ ।।३५।। यस्यानुस्मरणं नृणामज्ञानध्वान्तनाशनम् ।। वदन्ति तस्य ते विष्णो मयाऽसाधु कृतं प्रभो ।।३६।। तन्माऽऽशु जहि वैकुण्ठ पाप्मानं मृग· लुब्धकम् ।। यथा पुनरहं त्वेवं न कुर्यां सदतिक्रमम् ।।३७।। यस्यात्मयोगरचितं न विदुर्विरिञ्चो रुद्रादयोऽस्य तनयाः पतयो गिरां ये ।। त्वन्मायया पिहितदृष्टय एकदज्ञः किं तस्य ते वयमसद्‌गतयो गृणीमः ।। ३८ ।। श्रीभगवानुवाच ।। मा भैर्जरे त्वमुत्तिष्ठ काम एष कृतो हि मे ।। याहि त्वं मदनुज्ञातः स्वर्गं सुकृतिनां पदम् ।। ३९ ।। श्रीशुक उवाच ।। इत्यादिष्टो भगवता कृष्णेनेच्छाशरीरिणा ।। त्रिः परिक्रम्य तं नत्वा विमानेन दिवं ययौ ।। ४० ।। दारुकः कृष्णपदवीमन्विछन्नधिगम्य ताम् ।। वायुं तुलसिकामोदमाघ्रायाभिमुखं ययौ ।। ४१ ।। तं तत्र तिग्मद्युभिरायुधैर्वृतं ह्यश्वत्थमूले कृतकेतनं पतिम् ।। स्नेहप्लुतात्मा निपपात पादयो रथादवप्लुत्य स बाष्पलोचनः ।। ४२ ।। अपश्यतस्त्वच्चरणाम्बुजं प्रभो दृष्टिः प्रणष्टा तमसि प्रविष्टा ।। दिशो न जाने न लभे च शान्तिं यथा निशायामुडुपे प्रणष्टे ।। ४३ ।। इति ब्रुवति सूते वै रथो गरुडलाञ्छनः ।। खमुत्पपात

अनि म त्यसको विषयमा के भन्न सक्छु ? ।। ३८ ।। भगवान्‌ले भन्नुभयो–ए जरा ! तँ नडरा, उठ, यो सबै मेरै इच्छाले भएको हो । अब तँ मेरो आज्ञाले पुण्यजनलाई प्राप्य स्थान स्वर्ग जा ।। ३९ ।। श्रीशुकदेव भन्नुहुन्छ–स्वेच्छा शरीर धारी भगवान्‌को यस्तो आदेश पाएर जरा व्याधाले प्रभुको तीन परिक्रमा गर्‍यो र उनलाई प्रणाम गरेपछि त्यो विमानमा बसेर स्वर्गधाम गयो ।।४०।। यता भगवान् कृष्णका सारथि दारुक उनको चरण-चिह्न खोज्दै-हेर्दै पत्ता पाएर तुलसीको बास्नाले युक्त वायुलाई सासले तान्दै उतैतिर आइपुग्यो ।।४१।। आफ्ना स्वामीलाई पीपल अश्वत्थ-वृक्षको तल आसन लगाई तीव्र तेजोमय मूर्तिमान् विविध आयुधले घेरिएका देखेर दारुक रथबाट तल बर्लिए । उनका आँखामा आँसु भरिए र ऊ प्रेम विवश भएर प्रभुका चरणमा लम्पसार भए ।।४२।। उनले भने–'हे प्रभो ! रात्रिको वेला चन्द्रमा अस्ताएपछि संसारको जुन दशा हुन्छ, त्यस्तै हजुरका चरण-कमल देख्न र उनले मेरो दृष्टि नष्ट भइरहेको छ र घोर अन्धकारले ढाकिएको छ । म दिशाहरू बिर्सिरहेको छु र मलाई शान्ति प्राप्त भइरहेको छैन' ।।४३।।हे राजेन्द्र ! जब सारथि दारु कयति भन्दै थियो,

30

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उसै वेला गरुड चिह्नले सुशोभित भगवान्‌को रथ–घोडाहरू समेत उनले देख्दा-देख्दै आकाशमा उडेर गयो ॥ ४४ ॥ त्यसैको पछि-पछि दिव्य आयुधहरू पनि गए । त्यो देखेर निकै छक्क परेको सारथिसित श्रीकृष्णचन्द्रले भन्नुभयो–॥४५॥ हे सूत ! अव तिमी द्वारकापुरी जाऊ र हाम्रा बन्धु-बान्धवहरूलाई यादवहरूको विध्वंस, बलरामको परमगति तथा मेरो दुर्दशाको सबै हालत सुनाऊ ॥४६॥ अब तिमीहरू पनि आफ्ना बन्धु-बान्धवसहित द्वारकामा नवस्नु, किनकि मैले त्यागेकी यदुपुरीलाई समुद्र शीघ्र बगाएर लैजाने छ ॥४७। अतः सबै जना आफ्‌आफ्ना धन, कुटुम्ब, माता-पिता सबैलाई लिई अर्जुनद्वारा रक्षित भएर इन्द्रप्रस्थ जाओ ॥ ४८ ॥ तिमी मेरो भागवत धर्मको पालन गर्दै ज्ञाननिष्ठ तथा निरपेक्ष भएर यो सम्पूर्ण प्रपञ्च मेरी मायाको रचना जान र शान्ति प्राप्त गर ॥४९॥ भगवान्‌को वचन सुनेर दारुकले बारम्बार उनको परिक्रमा गरेर चरणमा मस्तक राखी प्रणाम गरेपछि अतिशय खिन्न मनले द्वारकापुरी फर्किए ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर वसिष्ठकृत नेपाली भाषाटीकायां त्रिंशोऽध्यायः ॥३०॥

राजेन्द्र साश्वध्वज उदीक्षतः ॥ ४४ ॥ तमन्वगच्छन्दिव्यानि विष्णुप्रहरणानि च ॥ तेनातिविस्मितात्मानं सूतमाह जनार्दनः ॥४५॥ गच्छ द्वारवतीं सूत ज्ञातीनां निधनं मिथः ॥ सङ्कर्षणस्य निर्याणं बन्धुभ्यो ब्रूहि मद्दशाम् ॥ ४६ ॥ द्वारकायां च न स्थेयं भवद्भिश्च स्वबन्धुभिः ॥ मया त्यक्तां यदुपुरीं समुद्रः प्लावयिष्यति ॥ ४७ ॥ स्वं स्वं परिग्रहं सर्वे आदाय पितरौ च नः ॥ अर्जुनेनाविताः सर्व इन्द्रप्रस्थं गमिष्यथ ॥ ४८ ॥ त्वं तु मद्धर्ममास्थाय ज्ञाननिष्ठ उपेक्षकः ॥ मन्मायारचनामेतां विज्ञायोपशमं व्रज ॥ ४९ ॥ इत्युक्तस्तं परिक्रम्य नमस्कृत्य पुनः पुनः ॥ तत्पादौ शीर्ष्ण्युपाध्याय दुर्मनाः प्रययौ पुरीम् ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे त्रिंशोऽध्यायः ॥ ३० ॥

श्रीशुक उवाच ॥ अथ तत्रागमद्ब्रह्मा भवान्या च समं भवः॥ महेन्द्रप्रमुखा देवामुनयः सप्रजेश्वराः ॥१॥ पितरः सिद्धगन्धर्वाविद्याधरमहोरगाः ॥ चारणा यक्षरक्षांसि किन्नराप्सरसो द्विजाः ॥२॥ द्रष्टुकामा भगवतो निर्याणं परमोत्सुकाः ॥ गायन्तश्चगृणन्तश्च शौरेः कर्माणि जन्म च ॥३॥ववृषुः पुष्पवर्षाणि विमानावलिभिर्नभः ॥ कुर्वन्तः संकुलं राजन्भक्त्या परमया युताः ॥ ४ ॥ भगवान्पितामहं वीक्ष्य विभूतीरात्मनो विभुः ॥ संयोज्यात्मनि

(श्री भगवान्‌को स्वधाम प्रस्थान) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! त्यसपछि ब्रह्माजी, भवानी सहित भगवान् शङ्कर, लोकपाल आदि देवता, प्रजापतिहरू समेत अनेक मुनिजन, पितर, सिद्ध, गन्धर्व, विद्याधर, नाग, चारण, यक्ष, राक्षस, किन्नर, अप्सरा तथा द्विजगण भगवान्‌को परमधाम-गमन हेर्नको निम्ति परम उत्सुक भएर उनको जन्म-कर्मको गान गर्दै त्यहाँ उपस्थित भए । ती आफ्ना विमानद्वारा सारा नभमण्डल परिपूर्ण पार्दै ठूलो भक्तिले भगवान्‌माथि पुष्पवर्षा गर्न लागे ॥१-४॥ अनि सर्वव्यापक भगवान् कृष्णले पितामह ब्रह्माजी तथा आफ्ना अन्यान्य विभूति देखेर आफ्नू आत्मालाई स्वरूपमा स्थित गरेर आँखा चिम्लनुभयो ॥ ५ ॥ धारणा र ध्यानको निम्ति अतिशय मङ्गलमय

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू लोकाभिराम दिव्य देहलाई योगाग्निले भस्म पारेर भगवान् आफ्नू वैकुण्ठ लोकमा प्रवेश गर्नुभयो ॥६॥ त्यस वेला स्वर्गलोकमा नगरा बज्न लागे र आकाशबाट पुष्पवर्षा
हुनलाग्यो । हे राजन ! श्रीकृष्ण भगवान्को पछि-पछि यस लोकबाट सत्य, धर्म, धैर्य, कीर्ति र श्रीदेवी पनि गइन् ॥७॥ भगवान श्रीकृष्णको गति मन र वाणीले पनि नभेट्टाउने छ,
त्यसैले त जब भगवान् आफ्नू धाममा प्रवेश गर्नलागे तब ब्रह्मादि देवताले पनि उनलाई देख्न पाएनन् । यस घटनाले उनलाई निकै ठूलो विस्मय भयो ॥ ८ ॥ जस्तै बिजुली जब
मेघमण्डललाई छाडेर आकाशमा प्रवेश गर्दछ, तब मनुष्य त्यसको गति देख्न पाउन्नन्, त्यस्तै—ठूला-ठूला देवताले पनि प्रभुको सम्बन्धमा केही जान्न सकेनन् ॥ ९ ॥ ब्रह्मा र
शङ्कर आदि देवता भगवानको यो परमोपयोगी गति देखेर आश्चर्य मान्दै उसको प्रशंसा गर्दै आफाफ्नू लोकमा फर्किए ॥ १० ॥ हे परीक्षित् ! जस्तै नट अनेक थरिका रूप-स्वाँग
बनाउँछ, तर आफू त्यसबाट निर्लिप्त रहन्छ, त्यस्तै भगवान्ले मनुष्यको समान जन्म लिनु, लीला गर्नु र फेरि उसलाई संवरण पार्नु उनकी मायाको विस्तार मात्र हो—अभिन

चात्मानं पद्मनेत्रे न्यमीलयत् ॥५॥ लोकाभिरामां स्वतनुं धारणाध्यानमङ्गलाम् ॥ योगधारणयाग्नेय्या दग्ध्वा धामाविशत्स्वकम् ॥६॥ दिवि दुन्दुभयो
नेदुः पेतुः सुमनसश्च खात् ॥ सत्यं धर्मो धृतिर्भूमेः कीर्तिः श्रीश्चानु तं ययुः ॥ ७ ॥ देवादयो ब्रह्ममुख्या न विशन्तं स्वधामनि ॥ अविज्ञातगतिं
कृष्णं ददृशुश्चातिविस्मिताः ॥ ८ ॥ सौदामन्या यथाऽऽकाशे यान्त्या हित्वाभ्रमण्डलम् ॥ गतिर्न लक्ष्यते मर्त्यैस्तथा कृष्णस्य दैवतैः ॥ ९ ॥ ब्रह्म-
रुद्रादयस्ते तु दृष्ट्वा योगगतिं हरेः ॥ विस्मितास्तां प्रशंसन्तः स्वं स्वं लोकं ययुस्तदा ॥ १० ॥ राजन् परस्य तनुभृज्जननाप्ययेहा मायाविडम्बनमवेहि
यथा नटस्य ॥ सृष्ट्वाऽऽत्मनेदमनुविश्य विहृत्य चान्ते संहृत्य चात्ममहिमोपरतः स आस्ते ॥११॥ मर्त्येन यो गुरुसुतं यमलोकनीतं त्वां चानयच्छरणदः
परमास्त्रदग्धम् ॥ जिग्येऽन्तकान्तकमपीशमसावनीशः किं स्वावने स्वरनयन्मृगयुं सदेहम् ॥ १२ ॥ तथाप्यशेषस्थितिसम्भवाप्ययेष्वनन्यहेतुर्यदशेष-
शक्तिधृक् ॥ नैच्छत् प्रणेतुं वपुरत्र शेषितं मर्त्येन किं स्वस्थगतिं प्रदर्शयन् ॥ १३ ॥ य एतां प्रातरुत्थाय कृष्णस्य पदवीं पराम् ॥ प्रयतः कीर्तयेद्

मात्र हो ! ती स्वयं यस जगत्को सृष्टि गरेर यसमा प्रवेश गरी विहार गर्दछन् र अन्त्यमा संहार-लीला गरेर आफ्नू अनन्त महिमामय स्वरूपमा नै स्थित हुन्छन् ॥ ११ ॥ सान्दीपनी
गुरुका पुत्र यमपुरी गएका थिए, तर उसलाई मनुष्य देहले फर्काए ल्याए। तिम्रो नै देह ब्रह्मास्त्रले डढिसकेको थियो, तर उनले तिमीलाई जीवित पारिदिए। वास्तवमा उनको
शरणागतवत्सलता यस्तै छ । बर्ता के भनौं—उनले कालका पनि महाकाल शंकरलाई पनि युद्धमा जिते र अत्यन्त अपराधी आफ्नै देहमा प्रहार गर्ने व्याधालाई पनि सदेह स्वर्ग
पठाए भने के ती आफ्नू शरीर यहाँ राख्न सक्तैनथे—अवश्य सक्तथे ॥ १२ ॥ यद्यपि श्रीकृष्ण जगत्को स्थिति, उत्पत्ति र संहारका निरपेक्ष कारण हुन् र सर्व शक्तिहरू धारण गर्ने
हुन्, तर उनले आफ्नो शरीर यस संसारमा बचाइराख्ने इच्छा गरेनन् । यसले यो दर्शाए—यो मनुष्य देहले मलाई के प्रयोजन छ ॥ १३ ॥ जो व्यक्ति बिहानै उठेर यो भगवान्को

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमधाम गमनको कथा भन्छ वा सुन्दछ, उसलाई प्रभुका पदमरद प्राप्त हुन्छ ॥१४॥ यता दारुक श्रीकृष्णको विरहले व्याकुल भएर द्वारका आयो र वसुदेव तथा उग्रसेनका पाउमा न्युरेर आँसुले उनका पाउ पखाल्न लाग्यो ॥१५॥ उसले धैर्य धारण गरेर यदुवंशीहरूको विनाश सुनायो। त्यो सुनेर अनेक व्यक्ति शोकले मूर्च्छा परे ॥ १६ ॥ श्रीकृष्णको विरहले विह्वल भएर छाती र शिर ठटाउँदै वहाँ पुगे–जहाँ तिनका बन्धु निष्प्राण ढलिरहेका थिए ॥१७॥ देवकी, रोहिणी रवसुदेव प्रियपुत्र राम र कृष्णलाई नदेखेर पीडाले बेहोश भए ॥१८॥ तिनले प्रभुको विरहमा त्यहीं प्राण छाडिदिए। स्त्रीहरूले आफ्नाफ्ना पतिको शव चिनेर उनैसित गए ॥ १९ ॥ बलरामकी पत्नीहरू, वसुदेवका समस्त स्त्रीहरू, भगवानका बुहारीहरू आफाफ्ना पतिको देह सहित अग्नि-प्रवेश गरे। भगवान्का रुक्मिणी आदि रानीहरू उनैलाई सम्झी अग्निमा पसे ॥ २० ॥ हे राजन्! अर्जुन आफ्ना प्रियतम श्रीकृष्णको

भक्त्या तामेवाप्नोत्यनुत्तमाम् ॥१४॥दारुकोद्वाकामेत्य वसुदेवोग्रसेनयोः॥ पतित्वा चरणावस्रैर्न्यषिञ्चत् कृष्णविच्युतः॥१५॥ कथयामास निधनं वृष्णीनां कृत्स्नशो नृप ॥ तच्छ्रुत्वोद्विग्नहृदया जनाः शोकविमूर्च्छिताः ॥ १६ ॥ तत्र स्म त्वरिता जग्मुः कृष्णविश्लेषविह्वलाः ॥ व्यसवः शेरते यत्र ज्ञातयो घ्नन्त आननम्॥१७॥ देवकी रोहिणी चैव वसुदेवस्तथा सुतौ ॥ कृष्णरामावपश्यन्तः शोकार्ता विजहुः स्मृतिम् ॥१८। प्राणांश्च विजहुस्तत्र भगवद्विरहातुराः ॥ उपगुह्य पतींस्तात चितामारुरुहुः स्त्रियः ॥ १९ ॥ रामपत्न्यश्च तद्देहमुपगुह्याग्निमाविशन् ॥ वसुदेवपत्न्यस्तद्गात्रं प्रद्युम्नादीन् हरेः स्नुषाः ॥ कृष्णपत्न्योऽविशन्नग्निं रुक्मिण्याद्यास्तदात्मिकाः ॥२०॥ अर्जुनः प्रेयसः सख्युः कृष्णस्य विरहातुरः ॥ आत्मानं सान्त्वयामास कृष्णगीतैः सदुक्तिभिः ॥ २१ ॥ बन्धूनां नष्टगोत्राणामर्जुनः साम्परायिकम् ॥ हतानां कारयामास यथावदनुपूर्वशः ॥२२॥ द्वारकां हरिणा त्यक्तां समुद्रोऽप्लावयत्क्षणात् ॥ वर्जयित्वा महाराज श्रीमद्भगवदालयम् ॥ २३ ॥ नित्यं संनिहितस्तत्र भगवान् मधुसूदनः ॥ स्मृत्याशेषाशुभहरं सर्वमङ्गलमङ्गलम् ॥ २४ ॥ स्त्रीबालवृद्धानादाय हतशेषान् धनंजयः ॥ इन्द्रप्रस्थं समावेश्य वज्रं तत्राभ्यषेचयत् ॥२५॥ श्रुत्वा सुहृद्वधं राजन्नर्जुनात्ते पितामहाः

वियोगले व्याकुल भए पनि उनकै गीताको उपदेश स्मरण गरेर आफूलाई सम्हाले ॥ २१ ॥ यदुवंशमा मरेका जतिको पिण्ड दिने जसको कोही थिएन, तिनको श्राद्ध विधिपूर्वक अर्जुनले गराए। भगवान् नरहेपछि समुद्रले श्रीकृष्णको निवासस्थान द्वारका एक क्षण मै डुबाइदियो ॥ २२ ॥ २३ ॥ भगवान अझ पनि त्यहाँ निवास गर्दछन्। त्यस स्थानको स्मरणले पनि पाप ताप नाश हुन्छ। हे राजन्! पिण्डदानपछि बाँचेका स्त्री, बाल, वृद्ध सबैलाई लिएर अर्जुन इन्द्रप्रस्थ आए। त्यहाँ सबैलाई यथा-यथा स्थान बसालेर अनिरुद्धको छोरो वज्रलाई राज्याभिषेक गरिदिए ॥ २४॥२५॥ हे राजन्! युधिष्ठिरादि पाण्डवलाई अर्जुन द्वारा नै यदुवंशीहरूको संहार थाहा भयो। अनि उनले आफ्नू वंशधर तिमीलाई राज्य-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदमा अभिषिक्त गरेर हिमालयको वीरयात्रा गरे ।। २६ ।। मैले तिमीलाई देवताहरूका पनि आराध्यदेव भगवान श्रीकृष्णको जन्मलीला सुनाएँ। जो मनुष्य भक्तभयहारी निखिल सौन्दर्यमाधुर्यनिधि श्रीकृष्णचन्द्रका अवतार सम्बन्धी रुचिर पराक्रम र यो श्रीमद्भागत महापुराणमा तथा अन्य पुराणहरूमा वर्णित परमानन्दमयी बाललीला, कैशोर लीला आदिको

त्वां तु वंशतरं कृत्वा जग्मुः सर्वे महापथम् ॥२६॥ य एतद् देवदेवस्य विष्णो कर्मा कर्माणि जन्म च ॥ कीर्तयेच्छ्रद्धया मर्त्यः सर्वपापैः प्रमुच्यते ॥ २७ ॥ इत्थं हरेर्भगवतो रुचिरावतारवीर्याणि बालचरितानि च शंतमानि ॥ अन्यत्र चेह च श्रुतानि गृणन् मनुष्यो भक्तिं परां परमहंसगतौ लभेत ॥ २८ ॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायामेकादशस्कन्धे एकत्रिंशोऽध्यायः ॥ ३१ ॥

संकीर्तन गर्दछ, त्यो परमहंस मुनीन्द्रहरूको जन्मि प्राप्तव्य श्रीकृष्णका चरणको पराभक्ति प्राप्त गर्दछ ॥ २७ ॥ इति श्रीमद्भागवते महापुराणे एकादशस्कन्धे पं० गौरीशंकर 'वसिष्ठ' कृत नेपाली भाषाटीकायां एकत्रिंशोऽध्यायः ॥३१॥

॥ इत्येकादशः स्कन्धः समाप्तः ॥



Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते एकादशः स्कन्धः "समाप्तः"

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते द्वादशः स्कन्धः प्रारभ्यते ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री हरिः । (कलियुगका भावी राजवंशको विस्तार) राजा परीक्षित्‌ले सोधे—हे मुने ! यदुवंश विभूषण भगवान् कृष्ण स्वधाम जानुभएपछि पृथ्वीतलमा कसको वंश शासनारूढ भयो, भन्नुहवस् ॥ १ ॥ शुकदेवजी भन्नलागे—हे राजन् ! राजा बृहद्रथको वंशमा जो पुरञ्जय नामको अन्तिम नरेश हुनेछ, उसको मन्त्री शुनक आफ्नू स्वामीको वध गरेर उसैको स्थानमा आफ्नू छोरा प्रद्योतलाई राजा तुल्याउने छ । प्रद्योतको छोरो पालक, त्यसको विशाखयूप, विशाखयूपको राजक र राजकको पुत्र नदिवर्धन होला । यो पाँचै प्रद्योतवंशी राजाहरू एक सय अठतीस वर्षसम्म पृथ्वीको राज्य गर्नेछन्॥२-४॥ अनि शिशुनाग नामक राजा हुनेछ । शिशुनागको काकवर्ण, उसको क्षेमवर्मा र क्षेत्रधर्माको क्षेत्रज्ञ छोरो होला॥५॥ क्षेत्रज्ञको पुत्र विधिसार, उसको अजातशत्रु, अजातशत्रुको दर्भक, दर्भकको अजय पुत्र होला ॥६॥ अजयको नन्दिवर्धन र उसको पुत्र महानन्दी होला । यी शिशुनागवंशी दस राजाहरू

श्रीगणेशाय नमः ॥ ॐ नमो भगवते वासुदेवाय ॥ राजोवाच ॥ स्वधामानुगते कृष्णे यदुवंविभूषणे ॥ कस्य वंशोऽभवत्पृथ्व्यामेतदाचक्ष्व मे मुने ॥ १ ॥ श्रीशुक उवाच ॥ योऽन्त्यः पुरञ्जयो नाम भाव्यो बार्हद्रथो नृपः ॥ यस्यामात्यस्तु शुनको हत्वा स्वामिनमात्मजम् ॥ २ ॥ प्रद्योतसंज्ञं राजानं कर्ता यत्पालकः सुतः ॥ विशाखयूपस्तत्पुत्रो भविता राजकस्ततः ॥ ३ ॥ नन्दिवर्धनस्तत्पुत्रः पञ्च प्रद्योतना इमे ॥ अष्टत्रिंशोत्तरशतं भोक्ष्यन्ति पृथिवीं नृपाः ॥ ५ ॥ शिशुनागस्ततो भाव्यः काकवर्णस्तु तत्सुतः ॥ क्षेमधर्मा तस्य सुतः क्षेत्रज्ञः क्षेमधर्मजः ॥ ५ ॥ विधिसारः सुतस्तस्याजातशत्रुर्भविष्यति ॥ दर्भकस्तत्सुतो भावी दर्भकस्याजयः स्मृतः ॥ ६ ॥ नन्दिवर्धन आजेयो महानन्दिः सुतस्ततः ॥ शिशुनागा दशैवैते षष्ट्युत्तरशतत्रयम् ॥ ७ ॥ समा भोक्ष्यन्ति पृथिवीं कुरुश्रेष्ठाः कलौ नृपाः ॥ महानन्दिसुतो राजञ्छूद्रीगर्भोद्भवो वली ॥८॥ महापद्मपतिः कश्चिन्नन्दः क्षत्रविनाशकृत् ॥ ततो नृपा भविष्यन्ति शूद्रप्रायास्त्वधार्मिकाः ॥ ६ ॥ स एकच्छत्रां पृथिवीमनुलङ्घितशासनः ॥ शासिष्यति महापद्मो द्वितीय इव भार्गव ॥ १० ॥ तस्य चाष्टौ भविष्यन्ति सुमाल्यप्रमुखाः सुताः ॥ य इमां भोक्ष्यन्ति महीं राजानः स्म शतं समाः ॥११॥ नव नन्दान्द्विजः कश्चित्प्रपन्नानुद्धरिष्यति ॥ तेषामभावे जगतीं मौर्या भोक्ष्यन्ति वै कलौ ॥ १२ ॥ स एव चन्द्रगुप्तं वै द्विजो राज्येऽभिषेक्ष्यति ॥ तत्सुतो वारिसारस्तु ततश्चाशोकवर्धनः ॥ १३ ॥ सुयशा भविता तस्य सङ्गतः सुयशः सुतः ॥ शालिशूकस्ततस्तस्य सोमशर्मा भविष्यति ॥१४॥

कलिमा तीनसय साठी वर्षसम्म पृथ्वीको राज्य गर्नेछन् । हे राजन् ! त्यसपछि शूद्राको गर्भबाट उत्पन्न महापद्मसंख्यक धनको अधिपति महानन्दीको छरो महाबली नन्द क्षत्रियहरूको नाशक हुनेछ । त्यसपछिका सबै राजा शूद्रप्राय र अधार्मिक हुनेछन् ॥७-९॥ हे राजन् ! त्यो महापद्मको स्वामीनन्द अर्को परशुराम झैं क्षत्रियहरूको नाशक होला र पृथिवीको एकछत्र राज्य गर्नेछ । कोही पनि उसको आज्ञा उल्लंघन गर्न सक्नेछैन॥१०॥ सुमाल्यादि उसका आठ पुत्र हुनन् जो राजा भएर सय वर्षसम्म पृथ्वीको शासन गर्नेछन् ॥११॥ आफूमा विश्वास गर्ने ती नौ नन्दलाई यौटा (चाणक्य) ब्राह्मणले समूल नष्ट पारिदिनेछ । तिनको उच्छेदनपछि यस पृथ्वीमा कलियुगमै मौर्यवंशी राजा राज्य गर्नेछन् ॥ १२ ॥ त्यो ब्राह्मण नै चन्द्रगुप्त मौर्यलाई राज्य सिंहासनमा बसाल्ने छ । चन्द्रगुप्तको पुत्र वारिसार र वारिसारको पुत्र अशोकवर्धन होला । अशोकवर्धनको सुयशा, सुयशाको संगत, संगतको शालिशूक,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शालिशूकको सोमशर्मा, सोमशर्माको शतधन्वा र शतधन्वाको बृहद्रथ पुत्र हुनेछ ! हे राजा परीक्षित् ! यी मौर्यवंशी राजा कलिमा एक सय तीस वर्षसम्म पृथिवीको राज्य भोग्नेछन् । बृहद्रथको पुत्र अग्निमित्र, उसको पुत्र सुज्येष्ठ हुनेछ ॥ १३–१६ ।. अनि क्रमशः वसुमित्र, भद्रक र पुलिन्द नामका राजा हुनन् । पुलिन्दका घोष, घोषका वज्रमित्र, उनका भागवत र भागवतका पुत्र देवभूति हुनन् । यी दस शुंगवंशी राजा सय वर्षभन्दा पनि बर्ता समयसम्म पृथ्वीको राज्य गर्न छन् ॥१७॥१८॥ हे राजन् ! त्यसपछि यो भूमि अल्पगुणी कण्वसंज्ञक राजाहरूको हातमा जानेछ । हे राजन् ! आफ्नी स्त्री लम्पट स्वामी शुङ्गवंशी राजा देवभूतिलाई मारेर उसको बुद्धिमान् मन्त्री वसुदेवकण्व स्वयं राज्य गर्नेछ । वसुदेवको पुत्र भूमित्र, भूमित्रको छोरो नारायण र नारायणको पुत्र सुशर्मा नाम प्रख्यात हुनेछ ॥ १९ ॥ २० ॥ यो चार कण्ववंशी राजा कलिमा तीन शय पैंतालीस वर्ष पृथ्वीको

शतधन्वा ततस्तस्य भविता तद्बृहद्रथः ॥ मौर्या ह्येते दश नृपाः सप्तत्रिंशच्छतोत्तरम् ॥ १५ ॥ समा भोक्ष्यन्ति पृथिवीं कलौ कुरुकुलोद्वह ॥ अग्निमित्रस्ततस्तस्मात्सुज्येष्ठोऽथ भविष्यति ॥ १६ ॥ वसुमित्रो भद्रकश्च पुलिन्दो भविता ततः ॥ ततो घोषः सुतस्तस्माद्वज्रमित्रो भविष्यति ॥ १७ ॥ ततो भागवतस्तस्माद्देवभूतिरितिः श्रुतः ॥ शुङ्गा दशैते भोक्ष्यन्ति भूमिं वर्षशताधिकम् ॥ १८ ॥ ततः कण्वानियं भूमिर्यास्यत्यल्पगुणान्नृप ॥ शुङ्गं हत्वा देवभूतिं कण्वोऽमात्यस्तु कामिनम् ॥ १९ ॥ स्वयं करिष्यते राज्यं वसुदेवो महामतिः ॥ तस्य पुत्रस्तु भूमित्रस्तस्य नारायणः सुतः ॥ नारायणस्य भविता सुशर्मा नाम विश्रुतः ॥ २० ॥ काण्वायना इमे भूमिं चत्वारिंशच्च पञ्च च ॥ शतानि त्रीणि भोक्ष्यन्ति वर्षाणां च कलौ युगे ॥ २१ ॥ हत्वा कण्वं सुशर्माणं तद्भृत्यो वृषलो बली ॥ गां भोक्ष्यत्यन्ध्रजातीयः कञ्चित्कालमसत्तमः ॥२२॥ कृष्णनामाथ तद्भ्राता भविता पृथिवीपतिः ॥ श्रीशान्तकर्णस्तत्पुत्रः पौर्णमासस्तु तत्सुतः ॥ २३ ॥ लम्बोदरस्तु तत्पुत्रस्तस्माच्चिबिलको नृपः ॥ मेघस्वातिश्चिबिलकादटमानस्तु तस्य च ॥ २४ ॥ अनिष्टकर्मा हालेयस्तलकस्तस्य चात्मजः ॥ पुरीषभीरुस्तत्पुत्रस्ततो राजा सुनन्दनः ॥ २५ ॥ चकोरो नवमो यत्र शिवस्वातिररिन्दम ॥ तस्यापि गोमतीपुत्रः पुरीमान्भविता ततः ॥ २६ ॥ मेदःशिराः शिवस्कन्दो यज्ञश्रीस्तत्सुतस्ततः ॥ विजयस्तत्सुतो भाव्यश्चन्द्रविज्ञः सलोमधिः ॥ २७ ॥ एते त्रिंशन्नृपतयश्चत्वार्यब्दशतानि च ॥ षट्पञ्चाशच्च पृथिवीं भोक्ष्यन्ति कुरुनन्दन ॥ २८ ॥

भोग गर्नेछन् ॥२१॥ हे राजन् ! तब ती कण्ववंशी राजा सुशर्मालाई मारेर उसको सेवक आन्ध्रजातीय वालि नामक दुष्ट शूद्र केही दिनसम्म स्वयं पृथ्वीका राज्य गर्नेछ ॥२२॥ अनि उसको भाई कृष्ण राजा होला । कृष्णको पुत्र शान्तकर्ण र शान्तकर्णको छोरो पौर्णमास हुनेछ ॥ २३ ॥ पौर्णमासको लम्बोदर, उसको राजा चिविलक, त्यसको मेघस्वाती, मेघस्वातिको अटमान, उसको अनिष्टकर्मा, अनिष्टकर्माका हालेय, पुत्र हुनन् । अनि उसका तलक, तलकका पुरुषभीरु र उनका राजा सुनन्द नामक पुत्र हुनन् ॥२४॥ २५ ॥ हे शत्रुदमन ! सुनन्दका पुत्र चकोर हुनन् र चकोरका नौ पुत्र जन्मनन्, जसमा नवौं पुत्र शिवस्वाति हुनेछन् । ती शिवस्वातिका गोमती तथा उनका पुरीमान नामक पुत्र हुनन् । पुरीमान्का मेद; उसका शिवस्कन्द, तिनका यज्ञश्री, यज्ञश्रीका विजय, विजयका चन्द्रविज्ञ, उनका सलोमधि नामका पुत्र हुनन् ॥ २६ ॥ २७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे कुरुनन्दन ! यी तीस राजा चार सय छप्पन वर्षसम्म राज्य गर्नन् ॥२८॥ अनि अवभृतिपुरीका निवासी अत्यन्त लोभी सात अभीर, दस गर्दभी र सोह कङ्क जातका राना हुनन् ॥२९॥ आठ यवन, चौद्ध तुरुष्क, दस गुरुण्ड र एघार मौनजातिका राजा हुनन् ॥३०॥ मौनहरू बाहेक सबै राजा एक हजार उनान्सय वर्ष पृथिवीको भोग गर्नेछन् । मौनहरूको अन्त्य भएपछि किलकिला नामक नगरीमा भूतनन्द, पङ्गिरीको भाई शिशुनन्दि र यशोनन्दि, प्रवीरक---यी राजा एक सय छ वर्षसम्म राज्य गर्नन् ॥ ३१-३३ ॥ इनका वाह्लिक नामक तेह पुत्र हुनन् । अनि पुण्यमित्र नामक क्षत्रिय र उसको पुत्र दुर्मित्र पृथिवीको भोग गर्नेछ ॥ ३४ ॥ हे राजन् ! वाह्लिकवंशी राजाहरुमध्ये एकैपल्ट सात देशका अधिपति हुनन् र केही विदूरपति, केही निषधदेशका राजा हुनन् ॥ ३५ ॥ मगधदेशमा विश्वस्फूर्जि नामक यौटा राजा होला । यही पूर्वोक्त पुरंजय बाहेक अर्को पुरंजयको नामले प्रख्यात

सप्ताभीरा आवभृत्या दश गर्दभिनो नृपाः ॥ कङ्काः षोडश भूपाला भविष्यन्त्यतिलोलुपाः ॥ २६ ॥ ततोऽष्टौ यवना भाव्याश्चतुर्दश तुरुष्ककाः ॥ भूयो दश गुरुण्डाश्च मौना एकादशैव तु ॥ ३० ॥ एते भोक्ष्यन्ति पृथ्वीं दशवर्षशतानि च ॥ नवाधिकां च नवतिं मौना एकादश क्षितिम् ॥ ३१ ॥ भोक्ष्यन्त्यब्दशतान्यङ्ग त्रीणि तैः संस्थिते ततः किलिकिलायां नृपतयो भूतनन्दोऽथ वङ्गिरिः ॥ ३२ ॥ शिशुनन्दिश्च तद्भ्राता यशोनन्दिः प्रवीरकः ॥ इत्येते वैवर्षशतं भविष्यन्त्यधिकानिषट् ॥ ३३ ॥ तेषां त्रयोदश सुता भवितारश्च वाह्लिकाः ॥ पुष्पमित्रोऽथ राजन्योदुर्मित्रो ऽस्य तथैव च ॥ ३४ ॥ एककाला इमे भूपाः सप्तान्ध्राः सप्त कोशलाः ॥ विदूरवतयो भाव्या निषधास्तत एव हि ॥ ३५ ॥ मगधानां तु भविता विश्वस्फूर्जिः पुरंजयः करिष्यपरो वर्णान्पुलिन्दयदुमद्रकान् ॥ ३६ ॥ प्रजाश्चाब्रह्मभूयिष्ठाः स्थापयिष्यति दुर्मति ॥ वीर्यवान्क्षत्रमुत्साद्य पद्मावत्यां स वै पुरि ॥ अनुगङ्गामाप्रयागं गुप्तां भोक्ष्यति मेदिनीम् ॥ ३७ ॥ सौराष्ट्रावन्त्याभीराश्च शूरा अर्बुदमालवाः ॥ व्रात्या द्विजा भविष्यन्ति शूद्रप्राया जनाधिपाः ॥ ३८ ॥ सिन्धोस्तटं चन्द्रभागां कौन्तीं काश्मीरमण्डलम् ॥ भोक्ष्यन्ति शूद्रा व्रात्याद्या म्लेच्छाश्च ब्रह्मवर्चसः ॥ ३६ ॥ तुल्यकाला इमे राजन्म्लेच्छप्रायाश्च भूभृतः ॥ एतेऽधर्मानृतपराः फल्गुदास्तीव्रमन्यवः ॥ ४० ॥ स्त्रीबालगोद्विजघ्नाश्च परदारधनादृताः उदितास्तमितप्राया अल्पसत्त्वाल्पकायुषः ॥ ४१ ॥ असंस्कृताः क्रियाहीना रजसा तमसा तमसावृताः ॥ प्रजास्ते भक्षयिष्यन्ति म्लेच्छा राजन्यरूपिणः

हुनेछ । ऊ पुलिन्द, यदु र मद्रदेश निवासी ब्राह्मणादि उच्चवर्णलाई भ्रष्ट पारेर सबैलाई म्लेच्छ तुल्याउला । ३६॥ त्यो बलवान् राजा सबै क्षत्रियलाई धपाएर पद्मावतीपुरीमा ब्राह्मणको संख्या घटाई शूद्रप्रजा स्थापित गर्ला र हरिद्वार देखि प्रयागसम्मको भूमि राम्ररी सुरक्षित पार्दै भोग्नेछ ॥३७॥ तब सुराष्ट्र, अवन्ती, आभीर, शूद्र, अर्बुद र मालवदेशीय ब्राह्मण संस्कार शून्य हुनन् र सबै राजा शूद्रप्राय हुनन् ॥३८॥ सिन्धुतट, चन्द्रभागा, कौन्तीपुरी र काश्मीर मण्डललाई शूद्र, संस्कार शून्य तथा ब्रह्मतेजहीन विप्र र म्लेच्छादि भोग्नेछन् । हे राजन् ! म्लेच्छ प्राय राजा यौटै समयमा हुनन् । ती सबै अधर्म र असत्यमा अत्यन्त तत्पर, दानहीन र क्रोधी हुनन् ॥ ३९-४० ॥ ती सबै स्त्री, बालक, गाई र विप्रलाई मार्ने, परस्त्री र परधनका लोभी छिन-छिनमा खुसी र क्रोधित हुने अल्पवीर्य, अल्पायु, संस्कार शून्य, क्रियारहित, रजोगुण र तमोगुणले भरिएका हुनन् । ती राजारूपधारी प्रजालाई लुटेर खानन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।। ४१-४२ ।। त्यस्ता राजाको अधिकारमा बस्ने तथा त्यस्तै आचारण र व्यवहार गर्ने देश एवं त्यहाँका निवासी परस्पर यौटा अर्कोसित र राजाहरूद्वारा पीडित भएर नाशिनन् ।।४३।। इति श्रीमद्भागते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायां प्रथमोऽध्यायः ।।१।।

(कलि-धर्म) शुकदेव भन्नुहुन्छ—हे राजन् ! कलिमा प्रबल कालको प्रभावले दिन-दिनै धर्म, सत्य, शौच, क्षमा, दया, आयु, बल र स्मृतिको नाश हुन लाग्ला ।। १ ।। यस कलिमा धन नै मनुष्यको कुलीनता, आचार र गुणोदयको कारण बन्नेछ र बल नै धर्म एवं न्याय-व्यवस्थाको कारण मानिने छ ।। २ ।। अनि दाम्पत्य-धर्ममा परस्पर अरुचि, व्यवहारमा कपट, स्त्री तथा पुरुषको श्रेष्ठतामा रतिचातुर्य र ब्राह्मणत्वमा यज्ञोपवीत नै प्रधान उपकरण हुनेछ ।। ३ ।। भिन्न भिन्न आश्रमको चिन्ह र एक आश्रमबाट अर्को आश्रममा जान ती आश्रमका चिह्न नै हेतु मानिने छन् । घूस दिनमा असमर्थ भए न्यायमा हार खानु पर्नेछ र वाणीको चपलता नै पाण्डित्य मानिने छ ।। ४ ।। त्यसै गरी धनहीनता

।। ४२ ।। तन्नाथास्ते जनपदास्तच्छीलाचारवादिनः ।। अन्योन्यतो राजभिश्च क्षयं यास्यन्ति पीडिताः ।। ४३ ।। इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे प्रथमोऽध्यायः ।। १ ।। श्रीशुक उवाच ।। ततश्चानुदिनं धर्मः सत्यं शौचं क्षमा दया ।। कालेन बलिना राजन्नङ्क्ष्यत्यायुर्बलं स्मृतिः ।। १ ।। वित्तमेव कलौ नृणां जन्माचारगुणोदयः ।। धर्मन्यायव्यवस्थायां कारणं बलमेव हि ।। २ ।। दाम्पत्येऽभिरुचिर्हेतुर्मायैव व्यावहारिके ।। स्त्रीत्वे पुंस्त्वे च हि रतिर्विप्रत्वे सूत्रमेव हि ।। ३ ।। लिङ्गमेवाश्रमख्यातावन्योन्यमापत्तिकारणम् ।। अवृत्त्या न्यायदौर्बल्यं पाण्डित्ये चापलं वचः ।। ४ ।। अनाढ्यतैवासाधुत्वे साधुत्वे दम्भ एव तु ।। स्वीकार एव चोद्वाहे स्नानमेव प्रसाधनम् ।। ५ ।। दूरे वार्ययनं तीर्थं लावण्यं केशधारणम् ।। उदरम्भरता स्वार्थः सत्यत्वे धाष्टर्यमेव हि ।। ६ ।। दाक्ष्यं कुटुम्बभरणं यशोऽर्थे धर्मसेवनम् ।। एवं प्रजाभिर्दुष्टाभिराकीर्णे क्षितिमण्डले ।। ७ ।। ब्रह्मविट्क्षत्रशूद्राणां यो बली भविता नृपः ।। प्रजा हि लुब्धै राजन्यैर्निर्घृणैर्दस्युधर्मभिः ।। ८ ।। आच्छिन्नदारद्रविणा यास्यन्ति गिरिकाननम् ।। शाकमूलामिषक्षौद्रफलपुष्पाष्टिभोजनाः ।। ९ ।। अनावृष्ट्या विनङ्क्ष्यन्ति दुर्भिक्षकरपीडिताः ।। शीतवातातपप्रावृड्हिमैरन्योन्यतः प्रजाः ।। १० ।। क्षुत्तृड्भ्यां व्याधिभिश्चैव सन्तप्स्यन्ते च चिन्तया ।। त्रिंशद्विंशतिवर्षाणि परमायुः कलौ नृणाम् ।।११।। क्षीयमाणेषु देहेषु देहिनां कलिदोषतः ।।

असाधुताको, दम्भ साधुत्वको स्वीकार गरिलिनु नै विवाहको र केवल स्नान गर्नु नै देह सगार्ने साधन बन्नेछ ।। ५ ।। त्यस वेला परका जलाशय तीर्थ मानिने छन्, कपाल सम्याउनु नै सौन्दर्य होला, पेट पाल्नु नै स्वार्थ होला र धृष्टता नै सत्यताका चिह्न मानिने छ ।। ६ ।। आफना कुटुम्बको पालन बठ्याइँ हुनेछ र यशको निम्ति नै धर्मको सेवा गरिने छ । यसरी सारा भूमण्डल दुष्ट प्रजाले भरिने छ र ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रमा जो बलियो होला, उही राजा हुनेछ । त्यस वेला लोभी, क्रूर र पापी झैं आचरण गर्ने राजाहरुद्वारा धन र स्त्री हरिनाले प्रजाजन पर्वत तथा वनमा जानेछन् र त्यहाँ शाक, मूल, मासु, फल-फूल तथा कोयाको गुदा खाएर जीवन निर्वाह गर्नन ।। ७-९ ।। तीमध्ये अनेक प्रजाजन अतिवृष्टि, अनावृष्टि, अकाल र राजाका अनेक थरिका करहरूले सारा प्रजा पीडित भएर, धेरै प्रजा शीत, वायु, घाम, वर्षा, हिउँले र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आपुसमा लडेर सदाको निम्ति नष्ट हुनेछन् ॥१०॥ हे राजन् ! भोक, प्यास, रोग, चिन्ता र दुःखमा परिरहनाले कलियुगका अकानेक मनुष्यहरूको परमायु केवल बीस अथवा तीस वर्षको हुनेछ ॥११॥ यसरी कलिको दोषले सबै देहधारीहरूको शरीर पुड्को हुन लाग्नेछ र वर्णाश्रमधर्मको वेदमार्ग लुप्त हुनेछ। त्यस बेला सनातन धर्ममा पाखण्डको प्रधानता होला। राजा चोर झैं हुने छन्। मानिस चोरी, असत्य र व्यर्थ हिंसादि विविध कुकर्मले आफ्नू आजीविका चलाउने छन् ॥ १२ ॥ १३ ॥ अनि चारै वर्ण शूद्र प्राय हुनेछन्। गाई बाख्रा झैं साना हुनन्। सबै आश्रम गृहस्थ झैं आचरण गर्नन् र स्त्रीका सम्बन्धी नै आफना सम्बन्धी मानिने छन् ॥ १४ ॥ सबै वृक्ष तथा वनस्पतिहरू साना-

वर्णाश्रमवतां धर्मे नष्टे वेदपथे नृणाम् ॥ १२ ॥ पाखण्डप्रचुरे धर्मे दस्युप्रायेषु राजसु ॥ चौर्यानृतवृथाहिंसानानावृत्तिषु वै नृषु ॥१३॥ शूद्रप्रायेषु वर्णेषुच्छागप्रायासु धेनुषु ॥ गृहप्रायेष्वाश्रमेषु यौनप्रायेषु बन्धुषु ॥ १४ ॥ अणुप्रायास्वोषधीषु शमीप्रायेषु स्थास्नुषु ॥ विद्युत्प्रायेषु मेघेषु शून्यप्रायेषु सद्मसु ॥ १५ ॥ इत्थं कलौ गतप्राये जने तु खरधर्मिणि ॥ धर्मत्राणाय सत्त्वेन भगवानवतरिष्यति ॥ १६ ॥ चराचरगुरोर्विष्णोरीश्वरस्याखिलात्मनः ॥ धर्मत्राणाय साधूनां जन्मकर्मापनुत्तये ॥ १७ ॥ शम्भलग्राममुख्यस्य ब्राह्मणस्य महात्मनः ॥ भवने विष्णुयशसः कल्किः प्रादुर्भविष्यति ॥ १८ ॥ अश्वमाशुगमारुह्य देवदत्तं जगत्पतिः ॥ असिनासाधुदमनमष्टैश्वर्यगुणान्वितः ॥ १९ ॥ विचरन्नाशुना क्षोण्यां हयेनां-

साना हुनन्। सबै वृक्ष शमीवृक्ष झैं साना हुनेछन्। मेघमा बिजुली नै बर्ता रहनेछ र घर शून्यप्राय हुनेछन् ॥ १५ ॥ यस प्रकार जब सबै व्यक्ति संसारका हरूमा असह्य गर्दभ धर्मको प्रवृत्ति गर्ने कलिको अन्त्य समय हुनेछ, अनि भगवान् धर्मको रक्षा र *प्रजालाई सुखी पार्नको निम्ति सत्वगुण-युक्ति भएर धरातलमा फेरि अवतार लिनेछन् ॥१६॥ अखिल चराचरका गुरु र सर्वेश्वर भगवान्को अवतार सधैं धर्मको रक्षा र साधु जनलाई जन्म-कर्मको बन्धनबाट मुक्त पार्न नै हुन्छ ॥ १७ ॥ ती कल्कि भगवान् सम्भलग्राम निवासी विप्र विष्णुयश कहाँ अवतार लिनेछन् ॥ १८ ॥ अणिमादि आठ ऐश्वर्ययुक्त कल्कि भगवान् देवदत्त नामको यौटा द्रुतगामी घोडामा चढेर आफ्नू तीक्ष्ण तरवाले संसारका दुष्टहरूको

---

* उदाहरण (मेरा प्रजा सुखी पार)—सम्राट अशोकले आफ्नू जन्म-दिनमा राज्यका सबै सूबेदारहरूलाई डाकेर भने—'म यस वर्ष सबभन्दा राम्रो काम गर्ने सूबेदारलाई आजै इनाम दिन्छू। सबै जना आफाफ्नू सूबाको हाल सुनाउन्।' उत्तरी प्रदेशको सूबेदारले भन्यो—'सरकार ! मैले यस वर्ष आफ्नू प्रान्तको आमदानी तेब्बर तुल्याएँ।' दक्षिणको सूबेदारले भन्यो—'राज्यको ढुकुटीमा प्रतिवर्ष जति सुन पठाइन्थ्यो, यस वर्ष मैले त्यो भन्दा दोब्बर पठाएको छु।' पूर्वको सूबेदारले भन्यो—'महाराज ! पूर्वका बदमाश प्रजालाई मैले थिचिठिएँ। अब ती कहिल्यै हजुरको सामुन्ने ठाउको ठड्याएर हेर्न सक्तैनन्।' पश्चिमको सुबेदारले भन्यो—'मैले प्रजासित लिइने कर बढाइ दिएको छु र राज्यका सेवकको खर्च घटाएर उब्जामा निकै उन्नति गरेको छु। हजाउी यो कुरा जान्दछ।' अन्त्यमा मध्यप्रान्तको सूबेदारले भन्यो—'महाराज ! मैले यस वर्ष राज्यको आमदानीमा केही वृद्धि गर्न सकिन। बरु राज्यको खजानामा प्रतिवर्ष भन्दा थोरै धन पठाएको छु, किनकि आफ्नू प्रदेशमा मैले हजुरका प्रजालाई शिक्षित पार्न नयाँ-नयाँ स्कूल खोलेको छु। कृषकहरूको सुविस्ताका लागि अनेक कूवा खन्न लगाएँ। सार्वजनिक धर्मशाला र औषधालय बनाउनमा पनि धेरै धन खर्च भएको छ।' मध्य प्रान्तका सुबिदारको आफ्नु प्रजापति यस्तो राम्रो सुनेर सम्राट्ले उसैलाई इनाम दियो। अनि सबै सुबिदारहरूलाई सम्बोधन गरेर भने—'मलाई तीन गुना सुन र चार गुना आमदानी चाहिएको छैन। मलाई आफना प्रजाको स्वतन्त्रता खोस्ने मन छैन। प्रजामा कर बढाएर तथा नोकरी गर्नेहरूको वेतन घटाएर आमदानी पठाउने पार पनि मलाई चोक्ने इच्छा छैन। परमात्माले मलाई राज्यको व्यवस्थापक तुल्याएका छन्। अतः प्रजाको धन प्रजाकै कल्याणार्थ उपयोगमा ल्याएर उनलाई सुखी पार्नुपर्दछ। मध्यप्रान्तको सुबिदारले त्यही काम गरेको छ। तिमीहरूले पनि त्यसै गर्नसके म प्रसन्न हुनेछु।'

Jagannath Bhattarai Collection, Nagarjun 7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दमन गर्नेछन् ॥१९॥ ती भगवान् अतुलित तेजस्वी हुनन् र त्यस अश्वमा चढेर पृथिवीमा डुल्दै नृपरूपमा लुकेका करोडौं दस्युहरूलाई मार्नेछन् ॥२०॥ यसरी सबै दस्युहरू मारेपछि वासुदेव भगवान्का अङ्गमा लागेका अङ्गरागको पवित्र गन्धले सुवासित वायुको स्पर्शले ती सबै पुरवासी र जनपद निवासीको चित्त निर्मल हुनेछ ॥ २१ ॥ त्यसपछि ती सत्वमूर्ति भगवान् वासुदेव स्वयं हृदयमा विराजमान भएपछि तिनका सन्तति उत्पन्न भएर स्थूलकाय हुन लाग्नेछन् ॥२२॥ जब धर्मरक्षक हरि भगवान् कल्कि अवतार लिनन्, उसैवेलादेखि फेरि सत्ययुगको आरम्भ हुनेछ र प्रजाका सन्तति सात्विक हुन थाल्नेछन् ॥ २३ ॥ जब सूर्य-चन्द्र, पुष्य नक्षत्र र बृहस्पति–यी चारै यौटै राशिमा स्थित हुन्छन्, अनि सत्ययुगको समावेश हुन्छ ॥२४॥ हे राजन् ! सूर्य तथा चन्द्रवंशमा जुन-जुन राजा पहिले भइसके र अहिले छन् तथा भविष्यमा हुने छन्, ती सबैको हाल मैले संक्षेपमा सुनाइदिएँ ॥ २५ ॥

प्रतिमद्युतिः ॥ नृपलिङ्गच्छदो दस्यून्कोटिशो निहनिष्यति ॥ २० ॥ अथ तेषां भविष्यन्ति मनांसि विशदानि वै ॥ वासुदेवाङ्गरागातिपुण्यगन्धानिलस्पृशाम् ॥ पौरजानपदानां वै हतेष्वखिलदस्युषु ॥ २१ ॥ तेषां प्रजाविसर्गश्च स्थविष्ठः सम्भविष्यति ॥ वासुदेवे भगवति सत्त्वमूर्तौ हृदि स्थिते ॥ २२ ॥ यदावतीर्णो भगवान्कल्किर्धर्मपतिर्हरिः ॥ कृतं भविष्यति तदा प्रजासूतिश्च सात्त्विकी ॥ २३ ॥ यदा चन्द्रश्च सूर्यश्च तथा तिष्यबृहस्पती ॥ एकराशौ समेष्यन्ति तदा भवति तत्कृतम् ॥ २४ ॥ येऽतीता वर्तमाना ये भविष्यन्ति च पार्थिवाः ॥ ते त उद्देशतः प्रोक्ता वंशीयाः सोमसूर्ययोः ॥ २५ ॥ आरभ्य भवतो जन्म यावन्नन्दाभिषेचनम् ॥ एतद्वर्षसहस्रं तु शतं पंचदशोत्तरम् ॥ २६ ॥ सप्तर्षीणां तु यौ पूर्वौ दृश्येते उदितौ दिवि ॥ तयोस्तु मध्ये नक्षत्रं दृश्यते यत्समं निशि ॥ २७ ॥ तेनैता ऋषयो युक्तास्तिष्ठन्त्यब्दशतं नृणाम् ॥ ते त्वदीये द्विजाः काले अधुना चाश्रिता मघाः ॥ २८ ॥ विष्णोर्भगवतो भानुः कृष्णाख्योऽसौ दिवं गतः ॥ तदाविशत् कलिर्लोकं पापे यद्रमते जनः ॥ २९ ॥ यावत्स पादपद्माभ्यां स्पृशन्नास्ते रमापतिः ॥ तावत्कलिर्वै पृथिवीं पराक्रान्तुं न चाशकत् ॥ ३० ॥ यदा देवर्षयः सप्त मघासु विचरन्ति हि ॥ तदा प्रवृत्तस्तु कलिर्द्वादशाब्दशतात्मकः ॥ ३१ ॥ यदा मघाभ्यो यास्यन्ति पूर्वाषाढां महर्षयः ॥ तदा नन्दात्प्रभृत्येष कलिर्वृद्धिं गमिष्यति ॥ ३२ ॥ यस्मिन्कृष्णो दिवं यातस्तस्मिन्नेव तदाहनि ॥ प्रतिपन्नं कलियुगमिति प्राहुः पुराविदः ॥ ३३ ॥ दिव्याब्दानां सहस्रान्ते चतुर्थे तु पुनः कृतम् ॥

तिम्रो जन्मदेखि राजा नन्दको राज्याभिषेक सम्म एघार सय पन्ध्र वर्ष तित्नेछन् ॥ २६ ॥ आकाशको सप्तर्षिहरूमा जुन दुइवटा उदित हुन्छन्, तिनको दक्षिणोत्तर रेखामा समभागमा अश्विनी आदिवाट जुन यौटा नक्षत्र देखिन्छ, त्यो सहित यी सप्तर्षि मनुष्यको सय वर्षसम्म त्यही स्थितिमा रहन्छन् । हिजो आज तिम्रो समयमा ती सप्तर्षि मघा नक्षत्रको आश्रय लिएर स्थित छन् ॥२७॥२८॥ जब भगवान् विष्णुको कृष्ण नामक शुद्ध सत्वमय शरीर परमधाम गएको थियो, उसै वेलादेखि मनुष्य पापपरायण भएर कलि संसारमा प्रविष्ट भयो ॥ २९ ॥ जबसम्म भगवान् कृष्ण आफ्ना पाउले पृथ्वीको स्पर्श गर्नन, तबसम्म कलि पृथ्वीमा आफ्नू पराक्रम प्रकट गर्न सकेको थिएन ॥ ३० ॥ जबदेखि सप्तर्षि मघा नक्षत्रमा आएका छन्, उसै वेलादेखि बाह्र सय दिव्यवर्षसम्म रहने कलि प्रवृत्त भएको छ ॥३१॥ जब सप्तर्षि पूर्वाषाढा नक्षत्रमा जानन्, तब राजा नन्दको राज्यकालरहनेछ, उसैवेलादेखि यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कलि वृद्धिमा प्राप्त हुन थाल्नेछ ॥३२॥ पुराविदहरूको भनाइ छ—जुन दिन कृष्ण आफ्नू दिव्यधाम पाल्नुभयो, त्यसै दिनदेखि संसारमा कलियुगको आगमन भएको छ ॥३३॥ हे राजन् ! एक हजार दिव्यवर्ष वितेपछि चतुर्थ कलिको अन्त्य भइसकेपछि जब मनुष्यको चित्त आत्मास्वरूपको प्रकाशक भइसक्ने छ, अनि फेरि सत्ययुग आउनेछ॥३४॥ हे राजन् ! जसरी लोकमा मनुवंशको गणना गरिन्छ, उसै गरी युग-युगमा वैश्य, शूद्र र ब्राह्मणका वंशको पनि परम्परा जान्नुपर्दछ।३५। जसको केवल कथामात्र शेष रहेको छ, त्यस्ता केवल नामले चिह्न सकिने यी महात्माहरूको पृथ्वीमा अब केवल कीर्ति नै स्थिर छ॥ ३६ ॥ यस वेला शान्तनुका भाई देवापि एवं इक्ष्वाकुकुलोत्पन्न महाराज मरु आफ्नू योगबलले सम्पन्न भएर कलाप ग्राममा बस्तछन् ॥ ३७। यी दुवै महात्मा कलिको अन्त्यमा यहाँ आएर वासुदेवको प्रेरणाले संसारमा पहिले झैं वर्णाश्रमयुक्त धर्मको स्थापना गर्नेछन् ॥ ३८ ॥ सत्ययुग,

भविष्यति यदा नृणां मन आत्मप्रकाशकम् ॥ ३४ ॥ इत्येष मानवो वंशो यथा संख्यायते भुवि ॥ तथा विट्शूद्रविप्राणां तास्ता ज्ञेया युगे युगे ॥ ३५ ॥ एतेषां नामलिङ्गानां पुरुषाणां महात्मनाम् ॥ कथामात्रावशिष्टानां कीर्तिरेव स्थिता भुवि ॥ ३६ ॥ देवापिः शन्तनोर्भ्राता मरुश्चेक्ष्वाकुवंशजः ॥ कलापग्राम आसाते महायोगबलान्वितौ ॥ ३७ ॥ ताविहैत्य कलेरन्ते वासुदेवानुशिक्षितौ ॥ वर्णाश्रमयुतं धर्मं पूर्ववत्प्रथयिष्यतः ॥ ३८ ॥ कृतं त्रेता द्वापरं च कलिश्चेति चतुर्युगम् ॥ अनेन क्रमयोगेन भुवि प्राणिषु वर्तते ॥ ३९ ॥ राजन्नेते मया प्रोक्ता नरदेवास्तथापरे ॥ भूमौ ममत्वं कृत्वान्ते हित्वेमां निधनं गताः ॥ ४० ॥ कृमि विड्भस्मसंज्ञान्ते राजनाम्नोऽपि यस्य च ॥ भूतध्रुक् तत्कृते स्वार्थं किं वेद निरयो यतः ॥ ४१ ॥ कथं सेयमखण्डा भूः पूर्वैर्मे पुरुषैर्धृता ॥ मत्पुत्रस्य च पौत्रस्य मत्पूर्वा वंशजस्य वा ॥ ४२ ॥ तेजोऽबन्नमयं कायं गृहीत्वात्मतया बुधाः ॥ महीं ममतया चोभौ हित्वान्तेऽदर्शनं गताः ॥ ४३ ॥ ये भूमिपतयो राजन्भुञ्जते भुवमोजसा ॥ कालेन ते कृताः सर्वे कथामात्राः कथासु च ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे द्वितीयोऽध्याय ॥ २ ॥ श्रीशुक उवाच ॥ दृष्ट्वात्मनि जये व्यग्रान्नृपान्हसति भूरियम् ॥ अहो मा विजिगीषन्ति मृत्योः क्रीडनका नृपाः ॥ १ ॥ काम एष नरेन्द्राणां मोघः स्याद्विदुषामपि ॥ येन फेनोपमे पिण्डे येऽतिविश्रम्भिता नृपाः

त्रेता, द्वापर, कलि—यी चारै युग पृथ्वीमा यही क्रमले बराबर आई-गई रहने छन् ॥ ३९ ॥ हे राजन् ! मैले भनेका यी सबै राजा तथा अन्य राजाहरू पनि यस पृथिवीमा ममता गरेर अन्त्यमा यसलाई छाडेर नष्ट भएका छन् ॥ ४० ॥ अहा ! जुन देहको नाम राजा छ र जसको अन्त्यमा कीरा, विष्ठा र भस्म संज्ञा बन्दछ, त्यो अकिञ्चन शरीरका लागि जो प्राणी अन्य प्राणीहरूसित द्रोह गर्दै हिंड्दछन् के त्यो आफ्नू सच्चा स्वार्थ जान्दछ ? जान्दैन। अन्त्यमा यसले त उसलाई नरकगामी नै हुनुपर्दछ ॥ ४१ ॥ जुन अखण्ड भूमण्डललाई मेरा पूर्वजले शासित गरेका थिए, ती मसहित मेरा वंशधर छोरा र नातीहरूको हातमा कसरी रहला ? ॥ ४२ ॥ यसरी तेज, जल र अन्नमा विकाररूप यस देहलाई आत्मा मानेर र पृथ्वीलाई आफ्नी ठान्दै ती मूढ राजाहरू यी दुवैलाई छाडेर सदाको निम्ति विलीन भए ॥ ४३ ॥ हे राजन् ! जुन-जुन ठूला राजा यस भूमण्डललाई उत्साहले भोग गर्दथे,

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती सबैलाई कालले कथाहरूमा नाममात्र शेष राखेको छ ॥ ४४ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायां द्वितीयोऽध्यायः ॥ २ ॥ (राजमदको दोष, चारै युगमा धर्म तथा कलिकालमा हरिनामकीर्तनको महात्म्य) शुकदेव भन्नुहुन्छ—हे राजन् ! आफूलाई जित्न व्यग्र राजाहरूलाई देखेर यी पृथ्वी हाँस्तै भन्दछिन्—अहो ! मृत्युका खेलौनारूपी राजाहरू मलाई जित्ने इच्छुक छन् !' ॥१॥ विद्वान् राजालाई पनि व्यर्थ नै विजय-कामना हुने गर्दछ। जसको वशीभूत भएर ती राजाहरू पानीको फोकासमान अत्यन्त अस्थिर यस शरीरमा विश्वास गर्दछन् ॥२॥ 'म पहिले षड्वर्गलाई जित्नेछु, अनि राजमन्त्रीलाई आफ्नू अधीन पारेर विजयका विरोधी अमात्य, पुरवासी, आप्तजन र गजराजहरूमाथि अधिकार जमाउँछु॥ ३ ॥ यसै गरी क्रमशः समुद्रले घेरिएकी सम्पूर्ण पृथ्वीलाई जित्छु।' हृदयमा यसै प्रकारका अनेक आशा बाँधेर यी आफ्नो समीपवर्ती काललाई पनि देख्न पाउन्नन् ॥४॥

॥ २ ॥ पूर्वं निर्जित्य षड्वर्गं जेष्यामो राजमन्त्रिणः ॥ ततः सचिवपौराप्तकरीन्द्रानस्य कण्टकान् ॥ ३ ॥ एवं क्रमेण जेष्यामः पृथ्वीं सागरमेखलाम् ॥ इत्याशाबद्धहृदया न पश्यन्त्यन्तिकेऽन्तकम् ॥ ३ ॥ समुद्रावरणां जित्वा मां विशन्त्यब्धिमोजसा ॥ कियदात्मजयस्यैतन्मुक्तिरात्मजये फलम् ॥ ५ ॥ यां विसृज्यैव मनवस्तत्सुताश्च कुरूद्वह ॥ गता यथागतं युद्धे तां मां जेष्यन्त्यबुद्धयः ॥ ६ ॥ मत्कृते पितृपुत्राणां भ्रातॄणां चापि विग्रहः ॥ जायते ह्यसतां राज्ये ममताबद्धचेतसाम् ॥ ७ ॥ ममैवेयं मही कृत्स्ना न ते मूढेति वादिनः ॥ स्पर्धमाना मिथो घ्नन्ति म्रियन्ते मत्कृते नृपाः ॥ ८ ॥ पृथुः पुरूरवा गाधिर्नहुषो भरतोऽर्जुनः ॥ मान्धाता सगरो रामः खट्वाङ्गो धुन्धुहा रघुः ॥९॥ तृणबिन्दुर्ययातिश्च शर्यातिः शन्तनुर्गयः ॥ भगीरथः कुवलयाश्वः ककुत्स्थो नैषधो नृगः ॥१०॥ हिरण्यकशिपुर्वृत्रो रावणो लोकरावणः ॥ नमुचिः शम्बरो भौमो हिरण्याक्षोऽथ

यी मध्ये केही राजा त म समुद्रले घेरएकी पृथ्वी जितेर फेरि ठूलो उत्साहले समुद्र पारी तर्दछन् तर आफ्नू मन विजयको समक्ष पृथ्वी-विजयको के महत्व छ ? किनकि मनलाई जितेपछि मुक्ति पाउन सकिन्छ ॥ ५ ॥ हे कुरुनन्दन ! पृथ्वी भन्दछिन्—'जसलाई त्यागेर मनु र मनुपुत्र पनि जसरी आएका थिए उसै गरी रित्तो हात फर्किए, उही यी मन्दमति राजा युद्धमा जित्न खोज्दछन् ॥६॥ जसको चित्त राज्यमा आसक्त रहन्छ, ती दुष्ट मेरै निम्ति पिता-पुत्र र दाजू-भाई लडाई गर्न तत्पर हुन्छन् ॥७। हे मूढ हो ! यी सम्पूर्ण पृथिवी मेरी नै हुन् तेरी होइनन् यस्तो भनेर वारम्बार यौटा अर्कोसित स्पर्धा गर्दै ती राजाहरू आपुसमा मेरै निम्ति प्रहार गर्दछन् र मारिन्छन् ॥ ८ ॥ पृथु, पुरूरवा, गाधि, नहुष, भरत,

* दृष्टान्त (चाहिए जति राख, शेष खर्च गर) कुनै राजाको रत्न भण्डारमा हीरा, मोती, पन्ना, नीलम आदि थरि-थरिका अमूल्य जवाहरात भरिएका थिए। कुनै चाड-पर्वमा प्रजाहरू पनि त्यो भण्डार हेर्न पाउँथे। एकपल्ट कुनै एक परदेशी त्यहाँ पुग्यो। राजाले उसलाई आफ्नू खजाना देखाए। त्यो देखेर परदेशीले राजासित भन्यो—महाराज ! यी रत्नले हजुरको के आमदानी हुन्छ।' राजाले भने—'केको आमदानी ! उल्टो यिनको रखवार र सुरक्षामा सिपाही आदिको खर्च बोक्नुपर्दछ।' परदेशीले भन्यो—'राजन ! करोडौं रुपियाँ खर्च गरेर यी मूल्यवान ढुङ्गा थुम्मा पार्नु भयो, तैपनि केही आमदानी हुँदैन ! यो त आश्चर्यको कुरा छ। हजुर झैं जान्ने राजाले यसको कुनै राम्रो प्रबन्ध गर्नुपर्दछ। मेरो घर नजीक यौटी विधवा बस्तछे, त्यसले जाँतोको दुइटा ढुङ्गा किनेकी छ। त्यसैको उपयोग गरेर आफ्नू जीविका चलाउँछे। त्यति मात्र होइन् त्यो उसैको आयले आफ्नू छोरो पढाउँछे, यी सारा प्रजा हजुरका हुन्। त्यो विधवा झैं यो ढुङ्गाहरू बेचेर प्रजालाई शिक्षादि दिने काममा लगाउनु भए कति असल हुन्थ्यो ? राजा विद्वान् र बुद्धिमान हुनाले मुसाफिरको वचन हृदयङ्गम गरेर अलि अलि गर्दै केही रत्न राखेर शेष सबै रत्न बेची त्यसबाट आएको सबै पैसा प्रजाको कल्याणमा खर्च गरिदिए। आजका राजा यदि त्यो यात्रीको भनाई ध्यानमा राखुन् त देशको दुर्दशा हराएर जान्थ्यो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहस्रार्जुन, मान्धाता, सगर, राम, खट्वाङ्ग, धुन्धुमार, रघु ॥ ९ ॥ तृणविन्दु, ययाति, शर्याति, गय, भगीरथ, कुवलयाश्व, ककुत्स्थ, नैषध (नल), नृग ॥ १० ॥ हिरण्यकशिपु वृत्रासुरः सबैलाई रुवाउने रावण, नमुचि, शम्बर, भौमासुर, हिरण्याक्ष र तारक ॥११॥ यी बाहेक अरु पनि धेरै दैत्य तथा राजाहरू जुन सबै ठूला सम्पन्न सर्वज्ञ, शूरवीर, सबैलाई जित्नसक्ने र कसैसित पनि पराजित नहुने थिए ॥ १२ ॥ ती सबै मरणधर्मा राजाहरूले ममाथि अत्यन्त ममता गरेका थिए, तर कराल कालले तिनका मनोरथ पूर्ण हुनुमन्दा पहिल्यै तिनलाई आफ्नू मुखमा राखिलियो—अब तिनको कथा मात्र शेष छ ॥ १३ ॥ हे राजन् ! जो संसारमा आफ्नू कीर्ति फिंजाएर मरे ती महापुरुषहरूको यो कथा मैले ज्ञान-वैराग्यको वर्णन गर्ने इच्छाले नै तिमीलाई सुनाएको हुँ । तर यो सबै वाणीको विलास मात्र हो, यसमा परमार्थ केही छैन ॥ १४ ॥ यस लोकमा उत्तमश्लोक भगवान्को निरन्तर गीयमान गुणानुवाद नै सबै अमङ्गल नष्ट पार्दछ । जसलाई भगवान् कृष्णको निर्मल भक्ति प्राप्त होस्, त्यो नित्यप्रति त्यही सुनोस् ॥१५॥ राजा परीक्षितले सोधे–हे भगवन् ! हे मुने ! कलियुगमा

तापकः ॥ ११ ॥ अन्ये च बहवो दैत्या राजानो ये महेश्वराः ॥ सर्वे सर्वविदः शूराः सर्वे सर्वजितोऽजिताः ॥ १२ ॥ ममतां मय्यवर्तन्त कृत्वोच्चैर्मर्त्यधर्मिणः ॥ कथावशेषाः कालेन ह्यकृतार्थाः कृता विभो ॥ १३ ॥ कथा इमास्ते कथिता महीयसां विताय लोकेषु यशः परेयुषाम् ॥ विज्ञान वैराग्यविवक्षया विभो वचोविभूतीर्न तु पारमार्थ्यम् ॥ १४ ॥ यस्तूत्तमश्लोकगुणानुवादः संगीयतेऽभीक्ष्णममङ्गलघ्नः ॥ तमेव नित्यं शृणुयाद भीक्ष्णं कृष्णेऽमलां भक्तिमभीप्समानः ॥ १५ ॥ राजोवाच ॥ केनोपायेन भगवन्कलेर्दोषान्कलौ जनाः ॥ विधमिष्यन्त्युपचितांस्तन्मे ब्रूहि यथा मुने ॥ १६ ॥ युगानि युगधर्मांश्च मानं प्रलयकल्पयोः ॥ कालस्येश्वररूपस्य गतिं विष्णोर्महात्मनः ॥ १७ ॥ श्रीशुक उवाच ॥ कृते प्रवर्तते धर्मश्चतुष्पात्तज्जनैर्धृतः ॥ सत्यं दया तपो दानमिति पादा विभोर्नृप ॥ १८ ॥ सन्तुष्टाः करुणा मैत्राः शान्ता दान्तास्तितिक्षवः ॥ आत्मारामाः समदृशः प्रायशः श्रमणा जनाः ॥ १९ ॥ त्रेतायां धर्मपादानां तुर्यांशो हीयते शनैः ॥ अधर्मपादैरनृतहिंसासन्तोषविग्रहैः ॥ २० ॥ तदा क्रियातपोनिष्ठा नातिहिंस्रा न लम्पटाः ॥ त्रैवर्गिकास्त्रयीवृद्धा वर्णा ब्रह्मोत्तरा नृप ॥ २१ ॥ तपः सत्यदयादानेष्वर्धं ह्रसति द्वापरे ॥ हिंसातुष्ट्यनृतद्वेषैर्धर्मस्याधर्मलक्षणैः ॥ २२ ॥ यशस्विनो महाशीलाः स्वाध्यायाध्ययने रताः ॥ आढ्याः कुटुम्बिनो हृष्टा वर्णाः क्षत्रद्विजोत्तराः ॥ २३ ॥

बढेको कलिको पाप मनुष्य कसरी नष्ट पार्लान्, त्यो मलाई भन्नुहवस् ॥ १६ ॥ यो बाहेक युग-युगका धर्म, प्रलय तथा स्थिति कालको प्रमाण र भगवान् विष्णुको कालमूर्तिको स्वरूप पनि वर्णन गर्नोस् ॥ १७ ॥ शुकदेव भन्नुहुन्छ–हे राजन् ! सत्ययुगमा मनुष्यहरू द्वारा धारण गरिएको धर्म चार-चरणले युक्त रहन्छ । सत्य, दया, तप र दान यिनै धर्मका चार चरण कहिएका छन् ॥ १८ ॥ त्यस वेलाका सबै पुरुष सन्तोषी, कारुणिक, सुहृद्, शान्त, जितेन्द्रिय, सहनशील, आत्माराम, समदर्शी तथा प्रायः आत्माभ्यासमा लागिरहने हुन्छन् ॥१९॥ त्रेतामा अधर्मको असत्य, हिंसा, असन्तोष तथा विग्रह—यी चार चरणले बिस्तार-बिस्तार धर्मका चरणको चतुर्थांश क्षीण हुने गर्दछ ॥ २० ॥ हे राजन् ! त्यस समयका ब्राह्मण-प्रधान सबै वर्ण कर्मकाण्ड तथा तपस्यामा तत्पर, अत्यन्त हिंसा तथा लम्पटताले रहित अर्थ, धर्म र कामरूप त्रिवर्गको सेवन गर्ने र वैदिक मार्गमा कुशल हुने गर्दछन् ॥२१॥

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वापरमा हिंसा, असन्तोष असत्य तथा द्वेष—अधर्मका यी चार चरणले तप, सत्य, दया एवं दानको आधा-आधा भाग क्षीण हुने गर्दछ ।। २२ ।। त्यस समयका सबै क्षत्रिय र ब्राह्मण प्रधान वर्ण ठूला यशस्वी, उदार, स्वाध्याय तथा अध्ययनमा तत्पर, धनी, कुटुम्बी र प्रसन्न-चित हुन्छन् ।। २३ ।। तर कलियुगमा बढ्दो अधर्मले गर्दा धर्मका चरणको चतुर्थांश मात्र शेष रहन्छ र त्यो पनि क्षीण हुँदा-हुँदा अन्त्यमा एकदम नष्ट भएर जान्छ ।।२४।।यस युगमा शूद्र र दासप्रधान प्रजा बर्ता लोभी, दुराचारिणी, निर्दयी, व्यर्थं शत्रुता गर्ने, अभागिनी र बर्ता कामनायुक्त हुन्छन् । सबै पुरुषमा सत्व, रज र तम–यी तीन गुण देखिन्छन् र ती कालको प्रेरणाले चित्तमा परिवर्तित हुँदै रहन्छन् ।।२५-२६।। जब मन, बुद्धि र इन्द्रिय सत्वमा स्थित हुन्छन्, तब सत्यको भोगकाल हुन्छ, जसले व्यक्तिमा ज्ञान र तपको रुचि हुन्छ ।।२७।। हे बुद्धिमन् ! जब शरीरीहरूको प्रीति धर्म, अर्थ र काममा हुन्छ, तब रजःप्रधान त्रेता

कलौ तु धर्महेतूनां तुर्यांशोऽधर्महेतुभिः ।। एधमानैः क्षीयमाणो ह्यन्ते सोऽपि विनङ्क्ष्यति ।। २४ ।। तस्मिंल्लुब्धा दुराचारा निर्दयाः शुष्कवैरिणः ।। दुर्भगा भूरितर्षाश्च शूद्रदासोत्तराः प्रजाः ।। २५ ।। सत्त्वं रजस्तम इति दृश्यन्ते पुरुषे गुणाः ।। कालसञ्चोदितास्ते वै परिवर्तन्त आत्मनि ।। २६ ।। प्रभवन्ति यदा सत्त्वे मनोबुद्धीन्द्रियाणि च ।। तदा कृतयुगं विद्याज्ज्ञाने तपसि यद्रुचिः ।। २७ ।। यदा धर्मार्थकामेषु भक्तिर्भवति देहिनाम् ।। तदा त्रेता रजोवृत्तिरिति जानीहि बुद्धिमन् ।। २८ ।। यदा लोभस्त्वसन्तोषो मानो दम्भोऽथ मत्सरः ।। कर्मणां चापि काम्यानां द्वापरं तद्रजस्तमः ।। २९ ।। यदा मायानृतं तन्द्रा निद्रा हिंसा विषादनम् ।। शोको मोहो भयं दैन्यं स कलिस्तामसः स्मृतः ।। ३० ।। यस्मात्क्षुद्रदृशो मर्त्याः क्षुद्रभाग्या महाशनाः ।। कामिनो वित्तहीनाश्च स्वैरिण्यश्च स्त्रियोऽसतीः ।। ३१ ।। दस्यूत्कृष्टा जनपदा वेदाः पाखण्डदूषिताः ।। राजानश्च प्रजाभक्षाः शिश्नोदरपरा द्विजाः ।। ३२ ।। अव्रता बटवोऽशौचा भिक्षवश्च कुटुम्बिनः ।। तपस्विनो ग्रामवासा न्यासिनोऽत्यर्थलोलुपाः ।। ३३ ।। ह्रस्वकाया महाहारा भूर्यपत्या गतह्रियः ।। शश्वत्कटुकभाविण्यश्चौर्यमायोरुसाहसाः ।। ३४ ।। पणयिष्यन्ति वै क्षुद्राः किराटाः कूटकारिणः ।। अनापद्यपि मंस्मन्ते वार्तां साधुजुगुप्सिताम् ।। ३५ ।। पतिं त्यक्ष्यन्ति निर्द्रव्यं भृत्या अप्यखिलोत्तमम् ।। भृत्यं विपन्नं पतयः कौलं गाश्चापय·

युगको प्रवृत्ति हुन्छ ।।२८।। जब लोभ, असन्तोष, मान दम्भ र मत्सरादिको राज्य हुन्छ र काम्य कर्मको प्रवृत्ति रहन्छ, तब रजस्तमःप्रधान द्वापरयुगको प्रवृत्ति जान्नू ।।२९।। जब कपट, असत्य निद्रा, हिंसा विवाद, शोक, मोह, भय र दीनताका प्रसार रहन्छ तब तमोमय कलिको प्रवृत्तिजान्नू ।।३०।। यसको राज्यमा लोभ, मन्ददृष्टि, मन्दभाग्य, बहुभोजी, कामी र धनहीन हुनेछन्, स्त्रीहरू स्वेच्छाचारिणी तथा असाध्वी बन्नेछन् ।।३२।।सबै देशमा लुटाहा बढ्नेछन् । वेद पाखण्ड-मार्गले दूषित हुनेछ । राजा प्रजाको भक्षण गर्न लाग्नन् र संन्यासीहरू अर्थलोलुप हुनेछन् ।।३३।। नारीहरू पुड्का शरीरकी, बर्ता खाने, अनेक सन्तानवती र निर्लज्ज, सदैव कटुभाषण गर्ने चोर, कपटी र अत्यन्त दुःसाहसी हुनेछन् ।। ३४ ।। बनियाँ नीच विचारका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर अरुलाई ठगेर किन्ने-बेच्ने काम गर्नेछन् । ती आपत्तिकाल नहुँदा पनि निन्दित जीविकालाई श्रेष्ठ मान्नेछन् ॥ ३५ ॥ सेवक धनहीन भएपछि आफ्ना साह्रै राम्रा, दयालु स्वामीलाई पनि त्याग्नेछन् र स्वामी रोगादिले गर्दा काम गर्न असमर्थ भए पनि आफ्नू कुलपरम्परादेखि राखेको सेवकलाई निकालि दिन्छन् । त्यसै गरी दूध नदिने गाईलाई पनि घरबाट धपाइदिनन् ॥ ३६ ॥ हे राजन् ! कलियुगमा मैथुनमै प्रीति राख्ने र स्त्री परायण दीनपुरुष आफ्ना पिता, दाजू-भाई र सबै बन्धुजनहरूलाई त्यागेर साली र सालासित सल्लाह लिनन् ॥३७॥ शूद्र तपस्वीको वेषले जीवन-निर्वाह गर्दै दान लिनेछन् र धर्मबाट अनभिज्ञ व्यक्ति अग्लो आसनमा बसेर श्रोतालाई धर्मको उपदेश दिनन् ॥३८॥ हे राजन् ! यस कलिमा पृथ्वीमा अन्नको अभाव भएपछि अनावृष्टिको डरले व्याकुल दुर्भिक्ष र राजाहरले पीडित भएर नित्य उद्विग्न मन, प्रजा, अन्न-वस्त्र, जल, शयन, मैथुन, स्नान र भूषणादिले रहित भएर पिशाच जस्ता देखिने छन ॥ ३९ ॥ ४० ॥ कलिमा मनुष्य थोरै धनको निम्ति पनि झगड़ा गरेर सौहार्दभावलाई तिलाञ्जलि दिई आफ्ना सम्बन्धीहरूलाई

स्विनीः ॥ ३६ ॥ पितृभ्रातृसुहृज्ज्ञातीन्हित्वा सौरतसौहृदाः ॥ ननान्दृश्यालसंवादाः दीनाः स्त्रैणाः कलौ नराः ॥ ३७ ॥ शुद्राः प्रतिग्रहीष्यन्ति तपोवेषोपजीविनः ॥ धर्मं वक्ष्यन्त्यधर्मज्ञा अधिरुह्योत्तमासनम् ॥ ३८ ॥ नित्यमुद्विग्नमनसो दुर्भिक्षकरकर्शिताः ॥ निरन्ने भूतले राजन्ननावृष्टि-भयातुराः ॥ ३६ ॥ वासोऽन्नपानशयनव्यवायस्नानभूषणैः ॥ हीनाः पिशाचसन्दर्शा भविस्यन्ति कलौ प्रजाः ॥ ४० ॥ कलौ काकिणिकेऽप्यर्थे विगृह्य त्यक्तसौहृदाः ॥ त्यक्ष्यन्ति च प्रियान्प्राणान्हनिष्यन्ति स्वकानपि ॥ ४१ ॥ न रक्षिष्यन्ति मनुजाः स्थविरौ पितरावपि ॥ पुत्रान्सर्वार्थकु-शलान्क्षुद्राः शिश्नोदरम्भराः ॥ ४२ ॥ कलौ न राजञ्जगतां परं गुरुं त्रिलोकनाथानतपादपङ्कजम् ॥ प्रायेण मर्त्या भगवन्तमच्युतं यक्ष्यन्ति पाख-ण्डविभिन्नचेतसः ॥ ४३ ॥ यन्नामधेयं म्रियमाण आतुरः पतन्स्खलन्वा विवशो गृहन्पुमान् ॥ विमुक्तकर्मार्गल उत्तमां गतिं प्राप्नोति यक्ष्यन्ति न तं कलौ जनाः ॥ ४४ ॥ पुंसां कलिकृतान्दोषान्द्रव्यदेशात्मसम्भवान् ॥ सर्वान्हरति चित्तस्थो भगवान्पुरुषोत्तमः ॥ ४५ ॥ श्रुतः सङ्कीर्तितो ध्यातः पूजितश्चादृतोऽपि वा ॥ नृणां धुनोति भगवान्हृत्स्थो जन्मायुताशुभम् ॥ ४६ ॥ यथा हेम्नि स्थितो वह्निर्दुर्वर्णं हन्ति धातुजम् ॥ एवमा-

पनि मार्नेन र आफ्नू प्रिय प्राण पनि त्यागिदिनन् ॥४१॥ कलिका सबै क्षुद्राशय व्यक्ति शिश्नोदरपरायण भएर आफ्ना वृद्ध आमा-बाबूलाई पनि त्याग्नन् र पिता आफ्नू सबै काममा कुशल छोरोलाई सम्हाल्न सक्नेछैनन् ॥ ४२ ॥ हे राजन् ! यस कलिमा वेद-विरुद्ध पाखण्ड-मार्गले विक्षिप्तचित्त पुरुष प्रायः जसका चरणकमलमा इन्द्रादि त्रिलोकका अधिपति शिर न्यूराउँछन्, ती संसारमा गुरु अच्युत भगवान्‌को पूजा गर्ने छैनन् ॥४३॥ मर्ने बेलामा अत्यन्त आतुर पुरुष पराधीन भएर लड्दै-पड्दै पनि जसको नाम स्मरण गर्नाले सबै प्रकारका कर्मबन्धनबाट छुटेर उत्तम गति पाउँछ, ती भगवान्‌को पूजा गर्ने छैनन् ॥४४॥ हे राजन् ! आफ्नू अन्तःकरणमा स्थित पुरुषोत्तम भगवान् सबै मनुष्यका द्रव्य, देश या अन्तःकरणद्वारा हुने सबै कलिका कल्मष पखालिदिन्छ ॥ ४५ ॥ भगवान् आफ्नू श्रवण, कीर्तन, ध्यान, पूजन र आदर गरेपछि हृदयमा स्थित हुन्छन् र मनुष्यका दश हजार जन्महरूका समस्त दोष पाप नष्ट गरिदिन्छन् ॥ ४६ ॥ जस्तै—सुवर्णमा प्रविष्ट अग्नि तामा आदि अन्य धातुका संसर्गले प्राप्त उसका दुर्वर्ण अर्थात् मल नष्ट पारिदिन्छ, त्यस्तै नै चित्तमा प्रकटित

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णु भगवान् भोगी जनका अशुभ-वासनाहरू नष्ट पारिदिन्छन् ॥ ४७ ॥ मानव-हृदयमा अनन्त भगवान् विराजमान भएाछि चित्त जति राम्रो शुद्ध हुन्छ, त्यति शुद्ध विद्या, तप, प्राणायाम, मैत्री, तीर्थस्नान, व्रत, दान र जप आदि बसैले पनि शुद्ध हुन सक्तैन। अतः हे राजन् ! अब मरणकालमा तिमी सावधान भएर सबै प्रकारले केशवलाई आफ्नू हृदय-मन्दिरमा बसाल । यसले तिमीलाई परमगति प्राप्त हुनेछ ॥४९॥ हे तात ! मुमुक्ष पुरुषको कर्तव्य हो—भगवान् परमेश्वरको नै ध्यान गरोस् । यसले ती सर्वाधार तथा सर्वात्मा श्रीहरि उसलाई आफ्नू शरीरमा लीन गरिलिने गर्दछन् ॥ ५० ॥ हे राजन् ! दोषहरूको भण्डारस्वरूप यस कलिमा यही यौटा ठूलो गुण छ—यसमा श्रीकृष्ण भगवान्को कीर्तन मात्र गर्नाले पुरुष सबै बन्धनबाट छुटेर साक्षात् परमात्मालाई प्राप्त गर्दछ ॥ ५१ ॥ सत्ययुगमा विष्णु भगवान्को ध्यानले, त्रेतामा यज्ञादि द्वारा उनको यजन गर्नाले र द्वापरमा विष्णुको पूजा गर्नाले जुन फल मिल्दछ, त्यो कलिमा हरिकीर्तनले नै प्राप्त हुन्छ ॥५२॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषा-टीकायां तृतीयोऽध्यायः ॥३॥ (चार प्रकारको प्रलय

त्मगतो विष्णुर्योगिनामशुभाशयम् ॥ ४७ ॥ विद्यातपः प्राणनिरोधमैत्रीतीर्थाभिषेकव्रतदानजप्यैः ॥ नात्यन्तशुद्धिं लभतेऽन्तरात्मा यथा हृदिस्थे भगवत्यनन्ते ॥ ४८ ॥ तस्मात्सर्वात्मना राजन्हृदिस्थं कुरु केशवम् ॥ म्रियमाणो ह्यवहितस्ततो यासि परां गतिम् ॥ ४९ ॥ म्रियमाणैरभिध्येयो भगवान्परमेश्वरः ॥ आत्मभावं नयत्यङ्ग सर्वात्मा सर्वसंश्रयः ॥ ५० ॥ कलेर्दोषनिधे राजन्नास्ति ह्येको महान्गुणः ॥ कीर्तनादेव कृष्णस्य मुक्तसङ्गः परं व्रजेत् ॥ ५१ ॥ कृते यद्ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ॥ द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ॥ ५२ ॥ इति श्रीमद्भागवते महा-पुराणे द्वादशस्कन्धे तृतीयोऽध्यायः ॥ ३ ॥ श्रीशुक उवाच ॥ कालस्ते परमाण्वादिर्द्विपरार्धावधिर्नृप ॥ कथितो युगमानं च शृणु कल्पलयावपि ॥ १ ॥ चतुर्युगसहस्रं च ब्रह्मणो दिनमुच्यते ॥ स कल्पो यत्र मनवश्चतुर्दश विशांपते ॥ २ ॥ तदन्ते प्रलयस्तावान्ब्राह्मी रात्रिरुदाहृता ॥ त्रयो लोका इमे तत्र कल्पन्ते प्रलयाय हि ॥ ३ ॥ एष नैमित्तिकः प्रोक्तः प्रलयो यत्र विश्वसृक् ॥ शेतेऽनन्तासनो विश्वमात्मसात्कृत्य चात्मभूः ॥ ४ ॥ द्विपरार्धे त्वतिक्रान्ते ब्रह्मणः परमेष्ठिनः ॥ तदा प्रकृतयः सप्तकल्पन्ते प्रलयाय वै ॥ ५ ॥ एष प्राकृतिको राजन्प्रलयो यत्र लीयते ॥ आण्डकोशस्तु सङ्घातो विघात उपसादिते ॥ ६ ॥ पर्जन्यः शतवर्षाणि भूमौ राजन्न वर्षति ॥ तदा निरन्ने ह्यन्योन्यं भक्षमाणाः क्षुधार्दिता ॥ ७ ॥ क्षयं

वर्णन) श्रीशुकदेव भन्नुहुन्छ—हे राजन् ! मैले परमाणुदेखि परार्ध कालसम्म चारै युगका प्रमाणको वर्णन पहिल्यै अर्थात् तृतीय स्कन्धमा गरिसकें। अब कल्प तथा प्रलयका वृत्तान्त पनि सुन ॥१॥ हे राजन् ! ब्रह्माको दिन एक हजार चतुर्युगको हुन्छ । यही कल्प कहिन्छ र त्यसमा चौध मनु व्यतीत हुन्छन् ॥२॥ कालको अन्त्यमा त्यति नै प्रमाणको प्रलय हुन्छ, जसलाई ब्रह्माको रात्रि भन्दछन् र त्यही रात्रिमा तीनै लोकको प्रलय भइरहदछ ॥ ३ ॥ यसलाई नैमित्तिक प्रलय भन्दछन् । यसमा विश्वस्रष्टा र स्वायम्भू सहित भगवान् शेषशायी नारायण समस्त विश्वलाई आफूमा समेटेर सुत्तछन् ॥ ४ ॥ परमेष्ठी ब्रह्माजीको आयुष्यको दुइपरार्ध वितेपछि महत्तत्त्व, अहङ्कार तथा पञ्चतन्मात्रा यी सात प्रकृति पनि उनैमा लीन हुन्छन् ॥ ५ ॥ हे राजन् ! यही प्राकृत प्रलय हो । यसमा प्रलयको कारण उपस्थित भइसकेपछि सबै प्राणीहरूको संघातरूप ब्रह्माण्ड प्रकृतिमा गएर लाभ हुन्छ ॥ ६ ॥ हे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजन् ! त्यस प्रलयकालमा मेघगण सय वर्षसम्म पृथ्वीमा पानी पार्दैनन् । अन्नको अभाव हुन्छ, प्रजाजन भोकले व्याकुल भएर यँटाले अर्कोलाई मार्दै खाँदै जाँदा विस्तार-विस्तार कालकृत उपद्रवले पीडित भएर क्षीण हुन्छन् । अनि प्रलयकालको सूर्य आफ्नू प्रचण्ड किरणले समुद्र, शरीर र पृथ्वीको सारा रस सुखाइदिन्छ र त्यसलाई छाड्दैन । त्यसपछि शेषजीको मुखबाट निस्कने संवर्तक अग्नि वायुको वेगले बढेर जनशून्य तल-अतलादि सारा भूविवरलाई डढाइदिन्छ । त्यसै वेला सूर्य र अग्निको ज्वालाले तल-माथि सबैतिर दग्ध ब्रह्माण्ड बलेको अगुल्टो जस्तै देखिन्छ । अनि धूवाँले व्याप्त आकाशमा सय वर्षभन्दा पनि बढी समयसम्म अति प्रचण्ड प्रलयकालीन वायु चल्न थाल्दछ र अनेक रङ्गका चित्र-विचित्र मेघ वारम्बार गर्जेर सय वर्षसम्म वर्षा गर्दै भयङ्कर शब्दले गर्जन्दै रहन्छन् । उस वेला यस ब्रह्माण्ड विवर भित्र सम्पूर्ण विश्वमा पानी नै पानी देखिन थाल्दछ ॥ ७-१३ ॥ यसरी जल प्रलय भइसकेपछि पृथिवीको गुण गन्धलाई जलले लिन्छ । गन्ध गएपछि पृथिवीको लय हुन्छ ॥१४॥ त्यसपछि जलको गुण रस र तेजमा लीन भएर जान्छ र रसहीन भएर जल पनि

यास्यन्ति शनकैः कालेनोपद्रुताः प्रजाः ॥ सामुद्रं दैहिकं भौमं रसं सांवर्तको रविः ॥ ८ ॥ रश्मिभिः पिबते घोरैः सर्वं नैव विमुञ्चति ॥ ततः संवर्तको वह्निः सङ्कर्षणमुखोत्थितः ॥ ९ ॥ दहत्यनिलवेगोत्थः शून्यान्भूविवरानथ ॥ उपर्यधः समन्ताच्च शिखाभिर्वह्निसूर्ययोः ॥ १० ॥ दह्यमानं विभात्यण्डं दग्धगोमयपिण्डवत् ॥ ततः प्रचण्डपवनो वर्षाणामधिकं शतम् ॥ ११ ॥ परः सांवर्तको वाति धूम्रं खं रजसावृतम् ॥ ततो मेघकुला न्यङ्ग चित्रवर्णान्यनेकशः ॥ १२ ॥ शतं वर्षाणि वर्षन्ति नदन्ति रभसस्वनैः ॥ तत एकोदकं विश्वं ब्रह्माण्डविवरान्तरम् ॥ १३ ॥ तदा भूमेर्गन्धगुणं ग्रसन्त्याप उपप्लवे ॥ ग्रस्तगन्धा तु पृथिवी प्रलयत्वाय कल्पते ॥ १४ ॥ अपां रसमथो तेजस्ता लीयन्तेऽथ नीरसाः ॥ ग्रसते तेजसो रूपं वायुस्तद्रहितं तदा ॥१५॥ लीयते चानिले तेजो वायोः खं ग्रसते गुणम् ॥ स वै विशति खं राजंस्ततश्च नभसो गुणम् ॥ १६ ॥ शब्दं ग्रसहि भूतादिर्नभस्तमनुलीयते ॥ तैजसश्चेन्द्रियाण्यङ्ग देवान्वैकारिको गुणैः ॥ १७ ॥ महान्ग्रसत्यहङ्कारं गुणाः सत्त्वादयश्च तम् ॥ ग्रसतेऽव्याकृतं राजन्गुणान्कालेन चोदितम् ॥१८॥ न तस्य कालावयवैः परिणामादयो गुणाः ॥ अनाद्यनन्तमव्यक्तं नित्यं कारणमव्ययम् ॥१९॥ न यत्र वाचो न मनो न सत्वं तमो रजो वा महदादयोऽमी ॥ न प्राणबुद्धीन्द्रियदेवता वा न सन्निवेशः खलु लोककल्पः ॥ २० ॥ न स्वप्नजाग्रन्न च तत्सुषुप्तं न खं जलं भूर-

नष्ट हुने गर्दछ । तेजको गुण-रूपलाई वायुले लिन्दछ र तेज रूपरहित भएर वायुमा लीन हुने गर्दछ । अनि वायुको गुण जति आकाशले ग्रसित पार्दछ र त्यो गुण आकाशमा लीन भएर जान्छ । त्यसपछि हे राजन् ! आकाशका गुण-शब्दलाई भूतादिका कारणस्वरूप तामस अहङ्कार आफूमा लीन पारिलिन्छ । अतएव आकाश उसैमा लय भएर जान्छ । यसै गरी इन्द्रियहरूलाई तिनका वृत्तिहरू समेत तैजस अहङ्कार तथा इन्द्रियाधिष्ठात् देवताहरूलाई वैकारिक अहङ्कारले ग्रस्तछ ॥ १५-१७ ॥ अनि विविध अहङ्कारहरूलाई महत्तत्त्व, महत्तत्त्वलाई सत्वादि गुण र काल प्रेरित अव्याकृत ती गुणलाई निलिदिन्छ ॥ १८ ॥ यो अव्यक्त, अनादि, अनन्त, नित्य सबैको कारण तथा अविनाशी छ । उसमा कालको अवयवरूपी दिन-रात आदिद्वारा परिणामादि विकार उत्पन्न हुँदैनन् ॥ १९ ॥ जसमा वाणी, मन, सत्वगुण, रजोगुण, तमोगुण र महत्तत्त्वादि विकार प्राण, बुद्धि इन्द्रिय र देवता तथा यो सम्पूर्ण

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोक-रचना आदि केही पनि रहन्नन् ॥२०॥ जहाँ स्वप्न, जाग्रत् र सुषुप्ति—यी तीन अवस्था रहन्नन् र आकाश, जल, पृथिवी, वायु, अग्नि एवं सूर्यको पनि अभाव रहन्छ र त्यो निदाएको समान शून्य जस्तै तथा अचिन्तनीय छ । विज्ञजन त्यही अव्यक्तलाई यस जगत्को मूल तत्त्व हो भन्दछन् ॥२१॥ यस प्रकार प्राकृत प्रलय उसै बेला हुन्छ, जब कालद्वारा तिरस्कृत पुरुष तथा प्रकृतिका शक्तिहरू विवश भएर विलीन हुने गर्दछन् ॥२२॥ त्यसपछि मोक्षरूपी आत्यन्तिक प्रलयको वर्णन गर्दै भन्दछन्—बुद्धि, इन्द्रिय र विषयरूपमा तिनको अधिष्ठान ज्ञान नै भासमान भइरहन्छ । जुनसुकै वस्तु पनि अन्त्ययुक्त छ, त्यो सत्य होइन । किनकि त्यो दृश्यमान छ र आफ्नू अधिष्ठानबाट अलग्ग उसको कुनै सत्ता छैन ॥२३॥ जस्तै—बत्ती, नेत्र र रूप तेजबाट पृथक् हुन्नन्, त्यस्तै बुद्धि, इन्द्रिय र तिनका तन्मात्राहरू आफूभन्दा धेरै पृथक् अधिष्ठान सत्यस्वरूप ब्रह्मदेखि भिन्न रहन्न ॥२४॥ हे राजन् ! जाग्रत् स्वप्न, सुषुप्ति—यी तीन अवस्था बुद्धिको नै मानिएका छन् । अतः अन्तरात्मामा जुन विश्व, तैजस र प्राज्ञरूपी नानात्व छ, त्यो ब्रह्ममा मायामात्र छ, अरु केही छैन ॥२५॥ जस्तै—आकाशमा

निलोऽग्निरर्कः ॥ संसुप्तवच्छून्यवदप्रतर्क्यं तन्मूलभूतं पदमामनन्ति ॥ २१ ॥ लयः प्राकृतिको ह्येष पुरुषाव्यक्तयोर्यदा ॥ शक्तयः सम्प्रलीयन्ते विवशाः कालविद्रुताः ॥ २२ ॥ बुद्धीन्द्रियार्थरूपेण ज्ञानं भाति तदाश्रयम् ॥ दृश्यत्वाव्यतिरेकाभ्यामाद्यन्तवदवस्तु यत् ॥ २३ ॥ दीपश्चक्षुश्च रूपं च ज्योतिषो न पृथग्भवेत् ॥ एवं धीः खानि मात्राश्च न स्युरन्यतमादृतात् ॥ २४ ॥ बुद्धेर्जागरणं स्वप्नः सुषुप्तिरिति चोच्यते ॥ मायामात्रमिदं राजन्नानात्वं प्रत्यगात्मनि ॥ २५ ॥ यथा जलधरा व्योम्नि भवन्ति न भवन्ति च ॥ ब्रह्मणीदं तथा विश्वमवयव्युदयाप्ययात् ॥ २६ ॥ सत्यं ह्यवयवः प्रोक्तः सर्वावयविनामिह ॥ विनार्थेन प्रतीयेरन्पटस्येवाङ्ग तन्तवः ॥ २७ ॥ यत्सामान्यविशेषाभ्यामुपलभ्येत स भ्रमः ॥ अन्योन्यापाश्रयात्सर्वमाद्यन्तवदवस्तु यत् ॥ २८ ॥ विकारः ख्यायमानोऽपि प्रत्यगात्मानमन्तरा ॥ न निरूप्योऽस्त्यणुरपि स्याच्चेच्चित्सम आत्मवत् ॥ २९ ॥ न हि सत्यस्य नानात्वमविद्वान्यदि मन्यते ॥ नानात्वं छिद्रयोर्यद्वज्ज्योतिषोर्वातयोरिव ॥ ३० ॥ यथा हिरण्यं बहुधा समीयते नृभिः क्रियाभि-

मेघ कहिले रहन्छ र कहिले रहन्न पनि, त्यसै गरी ब्रह्ममा यो सावयव जगत् उत्पत्ति र प्रलयको क्रमले कहिले हुन्छ, कहिले हुँदैन पनि ॥ २६ ॥ हे तात ! यस जगत्मा सबै सावयव पदार्थका कारणरूपी अवयव सत्य मानिएका छन् । किनकि लुगाको कारणभूत तन्तुहरू झैं कार्यरूपी अवयवभन्दा पृथक् पनि कारण अवयव देखापर्छन् ॥२७॥ सामान्य र विशेषरूपले जुन भेद देखिन्छन्, ती परस्पर एउटा अर्कोको आश्रित रहनाले भ्रमरूप हुन्छन् । किनकि जुन पदार्थको आदि-अन्त्य हुन्छ, त्यो सबै मिथ्या नै हुन्छ ॥२८॥ यद्यपि यो प्रपञ्च विकार प्रतीत हुन्छ, तापनि प्रत्यगात्माबाट भिन्न अणुमात्र पनि यसको सत्ताको प्रतिपादन हुन सक्तैन । यसको सत्ता यदि मानौं भने पनि यो चिद्रूप आत्मा झैं थरि-थरिका सत्य सिद्ध हुन्छ ॥२९॥ तर वस्तुमा अनेकता रहन्न यदि कोही अज्ञ पुरुष उसलाई अनेक मान्दछ भने त्यसको मान्नु घटाकाश, महाकाशमा आकाशस्थित सूर्य एवं जलमा प्रतिबिम्बित सूर्यमा वा आन्तरिक वायु र बाह्य वायुमा नानात्व मानेको समान नै छ ॥३०॥ जस्तै—व्यवहारमा सुवर्ण भिन्न-भिन्न रचनाको भेदले कुण्डलादि विविधरूपले मनुष्यहरू द्वारा गरिन्छ त्यस्तै मानिस अधोक्षजको लौकिक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा वैदिक वाक्यद्वारा थरि-थरिका व्याख्या गर्ने गर्दछन् ॥ ३१ ॥ जस्तै–सूर्यबाट उत्पन्न र सूर्यबाटै प्रकाशित मेघ सूर्यका अंशभूत नेत्रको निम्ति सूर्यदर्शनमा प्रतिबन्धक भइदिने गर्दछ, त्यस्तै ब्रह्मको कार्य ब्रह्माद्वारा नै प्रकाशित हुने अहङ्कारको अंशभूत आत्माको निम्ति ब्रह्मदर्शनमै प्रतिबन्धक हुन्छ ॥ ३२ ॥ जब सूर्यबाट प्रकट भएको मेघ छिन्न-भिन्न भएर फाट्तछ तब आफ्नू स्वरूपभूत सूर्यलाई देख्दछ । त्यस्तै–जुन वेला आत्माको उपाधिस्वरूप अहङ्कार विचारले नष्ट भएर जान्छ, अनि आफ्नू स्वरूपको स्मृति हुने गर्दछ ॥ ३३ ॥ हे प्रिय ! यसरी जब विवेकरूपी खड्गले यो जीव आफ्नू अहङ्काररूपी मायामय बन्धन काटेर ब्रह्मात्मभावमा स्थित हुन्छ, तब त्यस अवस्थालाई नै मानिस यस प्रपञ्चको आत्यन्तिक प्रलय भन्दछन् ॥३४॥ अनि नित्य प्रलयको वर्णन गर्दै भन्दछन्– हे शत्रुदमन ! केही सूक्ष्म विचारका ज्ञाता मानिस ब्रह्मादि समस्त भूतहरूको सर्वदा उत्पत्ति र प्रलय भइरहने कुरा भन्दछन् ॥ ३५ ॥ जस्तै–नदीको वेग र दीपशिखा आदि परिणामशील पदार्थका क्षण-क्षणमा साटिने स्थितिहरू उनका पल-पलमा हुने जन्म तथा नाशको कारण

र्व्यवहारवर्त्मसु ॥ एवं वचोभिर्भगवानधोक्षजो व्याख्यायते लौकिकवैदिकैर्जनैः ॥ ३१ ॥ यथा घनोऽर्कप्रभवोऽदर्शितोह्यर्कांशभूतस्य च चक्षुषस्तमः ॥ एवं त्वहं ब्रह्मगुणस्तदीक्षितो ब्रह्मांशकस्यात्मन आत्मबन्धनः ॥ ३२ ॥ घनो यदार्कप्रभवो विदीर्यते चक्षुःस्वरूपं रविमीक्षते तदा ॥ यदा ह्यहङ्कार उपाधिरात्मनो जिज्ञासया नश्यति तर्ह्यनुस्मरेत् ॥ ३३ ॥ यदैवमेतेन विवेकहेतिना मायामयाहङ्करणात्मबन्धनम् ॥ छित्त्वाच्युतात्मानुभवोऽवतिष्ठते तमाहुरात्यन्तिकमङ्गसम्प्लवम् ॥ ३४ ॥ नित्यदा सर्वभूतानां ब्रह्मादीनां परन्तप ॥ उत्पत्तिप्रलयावेके सूक्ष्मज्ञाः सम्प्रचक्षते ॥ ३५ ॥ कालस्रोतोजवेनाशु ह्रियमाणस्य नित्यदा ॥ परिणामिनामवस्थास्ता जन्मप्रलयहेतवः ॥ ३६ ॥ अनाद्यन्तवतानेन कालेनेश्वरमूर्तिना ॥ अवस्था नैव दृश्यन्ते वियति ज्योतिषामिव ॥ ३७ ॥ नित्यो नैमित्तिकश्चैव तथा प्राकृतिको लयः ॥ आत्यन्तिकश्च कथित कालस्य गतिरीदृशी ॥ ३८ ॥ एताः कुरुश्रेष्ठ जगद्विधातुर्नारायणस्याखिलसत्त्वधाम्नः ॥ लीलाकथास्ते कथिताः समासतः कार्त्स्न्येन नाजोऽप्यभिधातुमीशः ॥ ३९ ॥ संसारसिन्धुमतिदुस्तरमुत्तितीर्षोर्नान्यः प्लवो भगवतः पुरुषोत्तमस्य ॥ लीलाकथारसनिषेवणमन्तरेण पुंसो भवेद्विविधदुःखदवार्दितस्य ॥ ४० ॥ पुराणसंहितामेतामृषिर्नारायणोऽव्ययः ॥ नारदाय पुरा प्राह कृष्णद्वैपायनाय सः ॥ ४१ ॥ स वै मह्यं महाराज भगवान्बादरायणः ॥ इमां भागवतीं

हुन्छन् । त्यसै गरी कालस्रोतको वेगले क्षीण हुने देहादि पनि क्षण-क्षणमा बन्दै र बिग्रन्दै रहन्छन् ॥ ३६ ॥ आकाशमा हिंड्ने ताराहरूको गति समान ती अवस्थाहरू भगवान्का स्वरूपभूत तथा आदि-अन्त्यरहित कालले गर्दा देखिन्दैनन् ॥ ३७ ॥ यसरी मैले तिमीसित नित्य, नैमित्तिक प्राकृत र आत्यन्तिक चारै थरिका प्रलयहरूको वर्णन गरेर सुनाएँ । हे राजन् ! यो कालको गति यस्तै नै छ ॥ ३८ ॥ हे कुरुश्रेष्ठ ! सर्वान्तरर्यामी विश्वविधाता श्रीनारायणको यो लीला-कथा मैले संक्षेपमा तिमीलाई सुनाइदिएँ । यसको पूर्णकथा वर्णन गर्न स्वयं ब्रह्माजी पनि समर्थ छैनन् ॥ ३९ ॥ हे राजन् ! अत्यन्त दुस्तर संसार-सागरबाट पारी तर्न इच्छुक र थरि-थरिका दुःखरूप दावानलले सन्तप्त व्यक्तिका लागि भगवान्का लीला-कथासारको सेवन गर्नु बाहेक अरु कुनै उपाय छैन ॥ ४० ॥ यस पुराण-संहितालाई पहिले ऋषिवर नारायणले स्वयं नारदजीसित भने र नारदले श्रीकृष्ण द्वैपायन व्यासलाई

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनाए ॥५१॥ हे महाराज ! अनि व्यासजीले यो वेदानुकूल संहितालाई अत्यन्त प्रसन्न भएर मलाई भने ॥४२॥ हे कुरुश्रेष्ठ ! अब भविष्यमा नैमिषारण्य-क्षेत्रमा दीर्घकालीन यज्ञ को अवसरमा ऋषिहरूले सोधेपछि सूतजीले यो शौनकादि ऋषिहरूलाई सुनाउने छन् ॥ ४३ ॥ इति श्रीमद्भागवते द्वादशस्कन्धे नेपाली भाषाटीकायां चतुर्थोऽध्यायः ॥ ४ ॥ (परमार्थको निरूपण) शुकदेवजी भन्दछन्—यस महापुराणमा बारम्बार विश्वात्मा भगवान् हरिको नै वर्णन गरिएको छ, जसको रजोगुणी-वृत्तिरूपिणी प्रसन्नताले ब्रह्मा र तमोगुणरूपी क्रोधले रुद्रको जन्म भएको छ ।।१।। हे राजन् ! 'म मर्नेछु' यो पशुबुद्धिलाई त्यागिदेऊ, किनकि देह जस्तै तिमी पहिले थिएनौ र अब उत्पन्न भएका छौ, यो कुरा पनि होइन् । यसै निम्ति तिमी कहिल्यै पनि नाशमा प्राप्त हुँदैनौ ॥२॥ जस्तै बीजबाट अङ्कुर र अङ्कुरबाट बीज उत्पन्न हुन्छ, त्यसै गरी तिमी यस बाबत उत्पन्न भएर अब पुत्र-पुत्रादिको रूपमा फेरि उत्पन्न हुने

प्रीतः संहितां वेदसम्मिताम् ॥ ४२ ॥ एतां वक्ष्यत्यसौ सूत ऋषिभ्यो नैमिषालये ॥ दीर्घसत्रे कुरुश्रेष्ठ सम्पृष्टः शौनकादिभिः ॥ ४३ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे चतुर्थोऽध्यायः ॥ ४ ॥ श्रीशुक उवाच ॥ अत्रानुवर्ण्यतेऽभीक्ष्णं विश्वात्मा भगवान् हरिः ॥ यस्य प्रसादजो ब्रह्मा रुद्रः क्रोधसमुद्भवः ॥ १ ॥ त्वं तु राजन्मरिष्येति पशुबुद्धिमिमां जहि ॥ न जातः प्रागभूतोऽद्य देहवत्त्वं न नङ्क्ष्यसि ॥ २ ॥ न भविष्यसि भूत्वा त्वं पुत्रपौत्रादिरूपवान् ॥ बीजांकुरवद्देहादव्यतिरिक्तो यथानलः ॥ ३ ॥ स्वप्ने यथा शिरश्छेदं पञ्चत्वाद्यात्मनः स्वयम् ॥ यस्मात्पश्यति देहस्य तत आत्मा ह्यजोऽमरः ॥ ४ ॥ घटे भिन्ने यथाकाश आकाशः स्याद्यथा पुरा ॥ एवं देहे मृते जीवो ब्रह्म सम्पद्यते पुनः ॥ ५ ॥ मनः सृजति वै देहान्गुणान्कर्माणि चात्मनः ॥ तन्मनः सृजते माया ततो जीवस्य संसृतिः ॥ ६ ॥ स्नेहाधिष्ठानवर्त्यग्निसंयोगो यावदीयते ॥ ततो

छैनौ ? किनकि देहबाट त देह नै उत्पन्न हुन्छ, आत्मा जन्मन्दैन । तिमी त काठमा व्याप्त अग्निको समान शरीरमा व्याप्त भएर पनि शरीरबाट एकदम भिन्न आत्मा हौ ॥३॥ जस्तै मनुष्य स्वप्नमा आफ्नू टाउको काटिनु र मृत्यु आदि देख्दछ, त्यस्तै यो जाग्रत अवस्थामा पनि यो देहको मरणादि देख्दै रहन्छ । यसैले भनिन्छ—त्यो अजन्मा तथा अमर छ ॥४॥ जस्तै घटा फुटेपछि घटाकाश पहिले जस्तै फेरि महाकाशरूपमा परिणत हुन्छ, त्यस्तै यो देह नष्ट भएपछि जीव ब्रह्मरूप हुने गर्दछ ॥५॥ यस आत्माको निम्ति एकमात्र * मन नै देह, गुण तथा कर्मादि रचना गर्छ र त्यस मनलाई मायाले रच्दछ । त्यस मायारूप उपाधिको कारण नै जीवलाई जन्म-मरणरूपी संसार प्राप्त हुन्छ ॥६॥ जबसम्म तेल, तेलपात्र, बत्ती

---

* उदाहरण (मनको मनमै रह्यो)—यौटा धनी सेठका चार छोरा थिए । सबै ठूला भएपछि सेठले केही सम्पत्ति सबैलाई समान रूपमा बाँडिदिए । केही अंश दान-पुण्य गर्नका लागि आफूसित राखे । उनले विचार गरे—आगामी वर्ष अमुक संस्था खोल्नेछु, यति रुपियाँ अमुक गौशालामा दान दिन्छु, पाठशाला स्थापित गर्दछु र अस्पताल बनाउन लगाउँछु । आफ्ना मित्रहरूसित सेठ यही चर्चा गर्ने गर्दथ्यो । उसै बखत सेठ अकस्मात् बिरामी पर्‍यो । मित्रहरू आएर भने—'सेठ ! अब अन्त्य समय छ । तिमीले धेरै कमाएका छौ । यसबाट अलिकति दान-पुण्य गरेर आफ्नू परलोक सपार । त्यस बखत सेठ बोल्न सक्तैनथे । अतः तिनले भित्तातिर संकेत गरेर छोराहरूलाई भने—'यसैमा मेरो रुपियाँ गाडेको छ । त्यो झिक पुत्रहरूले कुरा बुझे तर आफ्नू स्वार्थको निम्ति सबैसित भले—'बाबा भन्दैछन्—पैसा त थियो तर सबै यी भित्ताहरू ठड्याउनमा खर्च भयो ।' सेठले यति सुनेपछि कागज र कलम मागे । त्यसमा पुत्रहरूले भने—'बाबालाई त्रिदोष भइरहेको छ ।' यसले सेठको हृदयमा ठूलो धक्का लाग्यो र त्यही विपत्तिमा ऊ मरे । मनको इच्छा मनमै रह्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा अग्निको संयोग रहन्छ तबसम्म मात्र बत्तीको दीपकत्व वर्तमान रहन्छ । त्यसै गरी संसार पनि देहसम्बन्धसम्म नै सीमित रहन्छ र रजोगुण, सत्वगुण र तमोगुणका वृत्तिले शरीर क्रमशः उत्पन्न, स्थित र नष्ट हुन्छन् तर यस संसारको नाश हुँदा पनि स्वयंप्रकाशशील आत्माको नाश हुन सक्तैन । त्यो व्यक्त र अव्यक्त भन्दा पर आकाश जस्तै सबैको आधार, निश्चल र अनन्त छ ॥ ७॥ ८ ॥ अतः हे राजन् ! तिमी भगवान् वासुदेवको ध्यान गर्दै द्रष्टा र दृश्य विषयक अन्वय-व्यतिरेकको विचारले पूर्ण आफ्नी बुद्धिद्वारा देहादि उपाधिमा स्थित आफ्नू आत्माको स्वयं चिन्तन गर ॥ ९ ॥ यदि यस्तो गर्न सक्यौ भने ब्राह्मणको वाक्यले प्रेरित तक्षक पनि तिमीलाई दग्ध पार्न सक्ने छैन । किनकि मृत्युका कारणभूत जुन सर्पदंशादि छन्, ती मृत्युका पनि मृत्युरूप ईश्वरको ध्वंस गर्न सक्तैनन् ॥ १० ॥ 'जो म हुँ, उही ब्रह्म हो र जुन परमपद ब्रह्म हो त्यही म हुँ' यस्तो विचार गर्दै आफ्नू आत्मालाई निष्कल परमात्मामा स्थित पारेपछि तिमी आफ्नू खुट्टामा टोकेर जिब्रोले चाट्ने तक्षकलाई र आफ्नू देह र सारा विश्वलाई नै आफ्नू आत्माभन्दा भिन्न देख्ने छैनौ ॥११-१२॥

दीपस्य दीपत्वमेवं देहकृतो भवः ॥ रजः सत्त्वतमोवृत्त्या जायतेऽथ विनश्यति ॥७॥ न तत्रात्मा स्वयंज्योतिर्यो व्यक्ताव्यक्तयोः परः ॥ आकाश इव चाधारो ध्रुवोऽनन्तोपमस्ततः ॥ ८ ॥ एवमात्मानमात्मस्थमात्मनैवामृश प्रभो ॥ बुद्ध्यानुमानगर्भिण्या वासुदेवानुचिन्तया ॥ ९ ॥ चोदितो विप्रवाक्येन न त्वां धक्ष्यति तक्षकः ॥ मृत्यवो नोपधक्ष्यन्ति मृत्यूनां मृत्युमीश्वरम् ॥ १० ॥ अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम् ॥ एवं समीक्ष्नात्मानमात्मन्याधाय निष्कले ॥ ११ ॥ दशन्तं तक्षकं पादे लेलिहानं विषाननैः ॥ न द्रक्ष्यसि शरीरं च विश्वं च पृथगात्मनः ॥ १२ ॥ एतत्ते कथितं तात यथात्मा पृष्टवान्नृप ॥ हरेर्विश्वात्मनश्चेष्टां किं भूयः श्रोतुमिच्छसि ॥ १३ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे ब्रह्मोपदेशो नाम पंचमोऽध्यायः ॥ ५ ॥ सूत उवाच ॥ एतन्निशम्य मुनिनाभिहितं परीक्षिद् व्यासात्मजेन निखिलात्मदृशा समेन ॥ तत्पादमूलमुपसृत्य नतेन मूर्ध्ना बद्धांजलिस्तमिदमाह स विष्णुरातः ॥ १ ॥ राजोवाच ॥ सिद्धोऽस्म्यनुगृहीतोऽस्मि भवता करुणात्मना ॥ श्रावितो यच्च मे साक्षादनादिनिधनोहरिः ॥२॥ नात्यद्भुतमहं मन्ये महतामच्युतात्मनाम् ॥ अज्ञेषु तापतप्तेषु भूतेषुयदनुग्रहः ॥ ३ ॥ पुराणसंहितामेतामश्रौष्मभवता वयम् ॥ यस्यां खलूत्तमश्लोको भगवाननुवर्ण्यते ॥ ४ ॥ भगवंस्तक्षकादिभ्यो मृत्युभ्योनबिभेम्यहम् ॥ प्रविष्टो ब्रह्मनिर्वाणमभयं दर्शितं त्वया ॥ ५ ॥

हे राजन् ! सर्वात्मा श्रीहरिका लीलाहरूको विषयमा तिमीले जस्तो प्रश्न गरेका थियौ, त्यो सबै मैले सुनाएँ । अब के सुन्ने इच्छा छ, त्यो मलाई भन ॥ १३ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायां पञ्चमोऽध्यायः ॥ ५ ॥ (राजा परीक्षितको देहत्याग, जनमेजयको सर्पयज्ञ र वेदका शाखाहरूको वर्णन) सूतजी भन्दछन्—हे मुने ! सबै प्राणीलाई आफ्नै स्वरूप ठान्ने समदर्शी व्यास-पुत्र मुनिवर शुकदेवजीको यस्तो कथन सुनेर विष्णुरात महाराज परीक्षित्ले उनका चरण कमलमा आफ्नू मस्तक झुकाई प्रणाम
३५ गरे र हात जोरेर यसरी भने । राजा परीक्षित भन्दछन्—हे भगवन् ! हजुरले करुणार्द्रचित्तले मलाई आदि-अन्त्यरहित श्रीहरिको चरित्र सुनाउनु भयो ! अतः म कृतकृत्य र अत्यन्त अनुग्रहीत भएको छु ॥ १ ॥ २ ॥ त्रिविध तापले सन्तप्त र अज्ञानी जीवमा भगवत्प्राण महानुभावहरूको जुन स्वभावतः अनुकम्पा हुन्छ, त्यसलाई कोही विस्मयजनक मान्दैनन्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥३॥ मैले हजुरको मुखबाट जुन पुराण संहिता सुनें, जसमा उत्तमश्लोक श्रीहरिको वर्णन पाइन्छ ॥ ४ ॥ हे भगवन् ! हजुरले मलाई निर्भय पारिदिनु भयो, यसले म ब्रह्मनिर्वाणमा प्रविष्ट भइसकें । अतः म तक्षकादि मृत्युसित पनि डराउन्न ॥ ५ ॥ हे ब्रह्मन् ! अब हजुर मलाई आज्ञा दिनोस् । अब म वाणीको संयम गरेर कामवासनारहित भई आफ्नू चित्त विष्णु भगवान्मा लगाएर प्राण त्यागिदिन्छु ॥ ६ ॥ हजुरले ज्ञान-विज्ञानमा मेरो स्थिति गराएर अज्ञान नष्ट पारिदिनुभयो र भगवान्को मङ्गलमय स्वरूप देखाइदिनु भयो ॥७॥ सूतजी भन्दछन्—राजा परीक्षित्को वचन सुनेर उनलाई आज्ञा दिई राजाद्वारा पूजित भई शुकदेवजी अन्य भिक्षुहरूका साथैं त्यहाँबाट हिंडिदिए ॥ ८ ॥ अनि सर्व संशय रहित, आसक्तिहीन ब्रह्मनिष्ठ, महायोगी राजर्षी परीक्षित् पनि गङ्गाको पूर्वतटमा कुशासनमाथि उत्तर फर्केर बसे र आफ्नू चित्तलाई आत्मामा समाहित पारी वृक्षझैं प्राणशून्य भएर परमात्माको ध्यानमा मग्न भए ॥ ९ ॥ १० ॥ त्यसपछि कुपित मुनिकुमार अर्थात् शृङ्गी ऋषिले पठाएको तक्षक नाग—राजालाई टोक्न हिंड्यो । उसले बाटोमा विष हरणमा समर्थ कश्यप

अनुजानीहि मां ब्रह्मन्वाचं यच्छाम्यधोक्षजे ॥ मुक्तकामाशयं चेतः प्रवेश्य विसृजाम्यसून् ॥ ६ ॥ अज्ञानं च निरस्तं मे ज्ञानविज्ञाननिष्ठया ॥ भवता दर्शितं क्षेमं परं भगवतः पदम् ॥ ७ ॥ सूत उवाच ॥ इत्युक्तस्तमनुज्ञाप्य भगवान्बादरायणिः ॥ जगाम भिक्षुभिः साकं नरदेवेन पूजितः ॥ ८ ॥ परीक्षिदपि राजर्षिरात्मन्यात्मानमात्मना ॥ समाधाय परं दध्यावस्पन्दासुर्यथा तरुः ॥ ९ ॥ प्राक्कूले बर्हिष्यासीनो गङ्गाकूल उदङ्मुखः ब्रह्मभूतो महायोगी निःसङ्गश्छिन्नसंशयः ॥ १० ॥ तक्षकः प्रहितो विप्राः क्रुद्धेन द्विजसूनुना ॥ हन्तुकामो नृपं गच्छन्ददर्श पथि कश्यपम् ॥११॥ तं तर्पयित्वा द्रविणैर्निवर्त्य विषहारिणम् ॥ द्विजरूपप्रतिच्छन्नः कामरूपोऽदशन्नृपम् ॥ १२ ॥ ब्रह्म भूतस्य राजर्षेर्देहोऽहिगरलाग्निना ॥ बभूव भस्मसात्सद्यः पश्यतां सर्वदेहिनाम् ॥ १३ ॥ हाहाकारो महानासीद्भुवि खे दिक्षु सर्वतः ॥ विस्मिता ह्यभवन्सर्वे देवासुरनरादयः ॥ १४ ॥ देवदुन्दुभयो नेदुर्गन्धर्वाप्सरसो जगुः ॥ ववृषुः पुष्पवर्षाणि विबुधाः साधुवादिनः ॥ १५ ॥ जनमेजयः स्वपितरं श्रुत्वा तक्षकभक्षितम् ॥ यथा जुहाव सङ्क्रुद्धो नागान्सत्रे सह द्विजैः ॥१६॥ सर्पसत्रे समिद्धाग्नौ दह्यमानान्महोरगान् ॥ दृष्ट्वेन्द्रं भयसंविग्नस्तक्षकः शरणं ययौ ॥ १७ ॥ अपश्यंस्तक्षकं तत्र राजा पारीक्षितो द्विजान् ॥ उवाच तक्षकः कस्मान्न दह्येतोरगाधमः ॥ १८ ॥ तं गोपायति राजेन्द्र शक्रः शरणमागतम् ॥

नामका ब्राह्मणलाई देख्यो । त्यो स्वेच्छारूपधारी तक्षकले उनलाई धेरै धन दिएर फर्काइदियो र स्वयं ब्राह्मणवेषले राजाकहाँ पुग्यो र मौका पाएर राजालाई डस्यो ॥ ११-१२ ॥ अनि सबैले देख्दा-देख्दै ब्रह्मभूत राजर्षि परीक्षित्को देह विषाग्निले डढेर खरानी भयो ॥ १३ ॥ त्यो अनर्थले, पृथ्वी, आकाश तथा समस्त दिशाहरूमा सर्वतिर ठूलो हाहाकार मच्चियो, देवता, असुर र मनुष्यादि सबै आश्चर्यचकित भए ॥ १४ ॥ त्यस बखत आकाशमा देव-दुन्दुभिहरू बज्न लागे, गन्धर्व र अप्सराहरू नाच-गान गर्नलागे देवता 'साधु-साधु' भन्दै बराबर पुष्प-वर्षा गर्नलागे ॥ १५ ॥ आफ्ना पिता तक्षकद्वारा डसिएको कुरा सुनेर परीक्षित्-नन्दन राजा जनमेजयले सान्है रिसाई ब्राह्मणहरूका साथैं विधिपूर्वक सर्प-नाशक यज्ञ आरम्भ गरिदिए ॥ १६ ॥ त्यस यज्ञमा ठूला-ठूला सर्पलाई बल्दो आगोमा भस्म भएका देखेर तक्षक भयभीत भई इन्द्रको शरणमा गयो ॥ १७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा जनमेजयले निकै बेरसम्म तक्षक नआएको देखेर ऋत्विग्हरूसित भने–तपाईहरू त्यो सर्पाधम तक्षकलाई किन पोल्नु हुन्न ? ऋत्विजले भने–महाराज ! त्यसलाई शरणागत जानेर इन्द्र उसको रक्षा गरिरहेछन् । उनले रोकेका नै अहिलेसम्म तक्षक अग्निकुण्डमा परेको छैन । यति सुनेर जनमेजयले भने–'हे विप्र हो ! त्यसो भए तपाईहरू इन्द्रसमेत तक्षकलाई अग्निमा किन पोलिदिनु हुन्न ?' ॥ १९ ॥ २० ॥ राजाको कथन सुनेर ब्राह्मणहरूले इन्द्रसमेत तक्षकको आवाहन गरे । तिनले भने–'हे तक्षक ! तिमी मरुद्गणका मित्र इन्द्र सहित अग्निमा पर' ॥२१॥ ब्राह्मणका यी आकर्षण वाक्यले इन्द्र आफ्नू ठाउँबाट चलायमान भए र विमान तथा तक्षक सहित आत्तिए ॥ २२ ॥ इन्द्रलाई विमान र तक्षक सहित आकाशबाट झर्न लागेका देखेर अङ्गिरातनय बृहस्पतिले राजासित भने–॥ २३ ॥ हे राजन् ! यो सर्पराजलाई तिमी मार्न सक्तैनौ किनकि यो अमृत पान गरेको छ । अतः अमर छ ॥ २४ ॥

तेन संस्तम्भितः सर्पस्तस्मान्नाग्नौ पतत्यसौ ॥ १६ ॥ पारीक्षित इति श्रुत्वा प्राहर्त्विज उदारधीः ॥ सहेन्द्रस्तक्षको विप्रा नाग्नौ किमिति पात्यते ॥ २० ॥ तच्छ्रुत्वा जुहुवुर्विप्राः सहेन्द्रं तक्षकं मखे ॥ तक्षकाशु पतस्वेह सहेन्द्रेण मरुत्वता ॥ २१ ॥ इति ब्रह्मोदिताक्षेपैः स्थानादिन्द्रः प्रचालितः ॥ बभूव सम्भ्रान्तमतिः सविमानः सतक्षकः ॥ २२ ॥ तं पतन्तं विमानेन सहतक्षकमम्बरात् ॥ विलोक्याङ्गिरसः प्राह राजानं तं बृहस्पतिः ॥२३॥ नैष त्वया मनुष्येन्द्र वधमर्हति सर्पराट् ॥ अनेन पीतममृतमथवा अजरामरः ॥ २४ ॥ जीवितं मरणं जन्तोर्गतिः स्वेनैव कर्मणा ॥ राजंस्ततोऽन्यो नान्यस्य प्रदाता सुखदुःखयोः ॥ २५ ॥ सर्पचौराग्निविद्युद्भ्यः क्षुत्तृड्व्याध्यादिभिर्नृप ॥ पंचत्वमृच्छते जन्तुर्भुङ्क्त आरब्धकर्म तत् ॥ २६ ॥ तस्मात्सत्रमिदं राजन्संस्थीयेताभिचारिकम् ॥ सर्पा अनागसो दग्धा जनैर्दिष्टं हि भुज्यते ॥ २७ ॥ सूत उवाच ॥ इत्युक्तः स तथेत्याह महर्षेर्मानयन् वचः ॥ सर्पसत्रादुपरतः पूजयामास वाक्पतिम् ॥ २८ ॥ सैषा विष्णोर्महामायाबाध्ययालक्षणा यया ॥ मुह्यन्त्यस्यैवात्मभूता भूतेषु गुणवृत्तिभिः ॥२६॥ न यत्र दम्भीत्यभया विराजिता मायात्मवादेऽसकृदात्मवादिभिः ॥ न यद्विवादो विविधस्तदाश्रयो मनश्च सङ्कल्पविकल्पवृत्ति यत् ॥ ३० ॥ न यत्र सृजतोभयोः परं श्रेयश्च जीवस्त्रिभिरन्वितस्त्वहम् ॥ तदेतदुत्सादितबाध्यबाधकं निषिध्य चोर्मीन्विरमेत्स्वयं मुनिः

प्रत्येक जीवको मरण-जीवन र गति आफ्नै कर्मले हुन्छ । अतः कुनै अन्य पुरुष कसैलाई सुख-दुःखको दाता छैन ॥२५॥ हे नृप ! मनुष्य जुन सर्प, चोर, अग्नि, बिजुली, भोक-प्यास र व्याधि आदिको कारण मृत्युमा पुग्दछ, त्यो केवल आफ्नू प्रारब्धकर्म भोग्दछ ॥२६॥ सबै मनुष्य आफाफ्नू प्रारब्ध नै भोग्दछन् । अतः हे राजन् ! तिमी अब या हिंसामय यज्ञ रोक । हेर, यसमा कति निरपराध सर्प डढे' ॥२७॥ सूतजी भन्दछन्–महर्षि बृहस्पतिले यति भनेपछि उनका कथनको आदर गर्दै 'हुन्छ' भनेर त्यो सर्पसत्रबाट उपरत भए र उनले बृहस्पतिको पूजा गरे ॥२८॥ यो पनि विष्णु भगवानको अलक्षित माया नै हो जुन अबाध्य मायाले विष्णु भगवान्कै अंशभूत जीव सत्वादि गुणका वृत्तिले यी भौतिक देहादिमा मोहित

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् ॥२९॥ 'अमुक पुरुष मायावी छ' यो धारणा भएपछि बुद्धिमा 'माया' स्फुरित हुन्छ* त्यो आत्मवादीद्वारा विचार गर्ने बेलामा जुन विष्णु भगवान्को नजीक निर्भयतापूर्वक टिक्न सक्तिन र जहाँ मायाका आश्रित थरि-थरिका विवाद र सङ्कल्पमय वृत्ति हुने मन पनि टिक्तैन। जहाँ सृष्टि रचने कारण समेत रचिने वस्तु तथा ती दुवैको परम साध्य फल यी मध्ये कुनै पनि छैन र त्यहाँ जीव तथा तीन गुणले युक्त अहङ्कार पनि रहन्न। यसरी बाध्य-बाधक भावले हीन परमात्माको रूपमा मुनिजन अहङ्कार आदि ऊर्मिहरूको बाध गरेर लीन होउन् ॥ ३०॥३१ ॥ जसको परमात्मा बाहेक अरु कसै प्रति प्रेम रहन्न जो 'नेति-नेति' वाक्य द्वारा अनात्मवस्तुको निषेध गर्न संलग्न रहन्छन्, ती ज्ञानी उसैलाई विष्णु भगवान्को परमपद भन्दछन् र इन्द्रिय सहित अन्तःकरणलाई वशीभूत पार्ने विद्वान्ले अनात्मभाव त्यागेर एकाग्रचित्तले प्रभुको चिन्तन गर्दै उसैलाई ध्येयरूपले

॥ ३१ ॥ परं पदं वैष्णवमामनन्ति तद् यन्नेति नेतीत्यतदुत्सिसृक्षवः ॥ विसृज्य दौरात्म्यमनन्यसौहृदा हृदोपगुह्यावसितं समाहितैः ॥ ३२ ॥ त एतदधिगच्छन्ति विष्णोर्यत्परमं पदम् ॥ अहं ममेति दौर्जन्यं न येषां देहगेहजम् ॥३३॥ अतिवादांस्तितिक्षेत नावमन्येत न ॥ कञ्चन चेमं देहमाश्रित्य वैरं कुर्वीत केनचित् ॥३४॥ नमो भगवते तस्मै कृष्णायाकुण्ठमेधसे ॥ यत्पादाम्बुरुहध्यानात्संहितामध्यगामिमाम् ॥३५॥ शौनक उवाच ॥ पैलादिभिर्व्यासशिष्यैर्वेदाचार्यैर्महात्मभिः ॥ वेदाश्च कतिधा व्यस्ता एतत्सौम्याभिधेहि नः ॥३६॥ सूत उवाच ॥ समाहितात्मनो ब्रह्मन्ब्रह्मणः परमेष्ठिनः हृद्याकाशादभून्नादो वृत्तिरोधाद्विभाव्यते ॥ ३७ ॥ यदुपासनया ब्रह्मन्योगिनो मलमात्मनः ॥ द्रव्यक्रियाकारकाख्यं धूत्वा यान्त्यपुनर्भवम् ॥३८॥

मानेका छन् ॥ ३२ ॥ जुन व्यक्तिमा देह-गेहादि सम्बन्धिनी अहंता-ममतारूपिणी दुर्जनता रहन्छ उनै विष्णुको परमपद प्राप्त गर्छन् ॥ ३३ ॥ जो यो परमपद पाउने मन गर्छन् ती अर्काको कटुवचन खपुन्, कसैको अपमान नगरुन् र शरीरले कसैसित वैरभाव नराखुन् ॥ ३४ ॥ जसका चरणको ध्यान गरेर मैले यो पुराण संहिता पाएँ, ती अकुण्ठमेधा व्यासदेवलाई नमस्कार छ ॥ ३५ ॥ यति सुनेर शौनकले सोधे–हे सौम्य ! व्यासदेवका शिष्य महात्मा पैल आदि वेदका आचार्यले वेदहरूको कसरी विभाग गरे यो आज्ञा हवस् ॥ ३६ ॥ सूतजी भन्दछन्––हे ब्रह्मन् ! एक समय परमेष्ठी ब्रह्मा एकाग्रचित्त भएपछि उनको हृदयाकाशमा एक प्रकारको शब्द ध्वनि भयो, जसको श्रवणेन्द्रियको वृत्ति अवरुद्ध भएपछि हामी सबैलाई पनि भान हुन्छ ॥ ३७ ॥ हे ब्रह्मन् ! जस ब्रह्मको उपासना गरेर योगीजन आफ्नू अन्तःकरणको द्रव्य, क्रिया र कारकरूप मल नष्ट

---

* दृष्टान्तर (यो माझी हो)—यौटा गुरु आफ्नू शिष्यसित गइरहेका थिए। बाटोमा यौटा माझी माछा मारिरहेको थियो। गुरु टाउको निहुराएर गइरहेका थिए। शिष्य त्यस माझीलाई 'अहिंसा परमोधर्म !' को उपदेश दिन लाग्यो। माझीले भन्यो–'बाबाजी ! आफ्नू बाटो लाग। यहाँ उपदेश दिन तिमीलाई कसले डाक्यो !' शिष्यले आफ्नू लट्ठी सम्हाल्यो। विवाद बढ्यो। गुरुजी अगाडि गइसकेका थिए। हल्ला सुनेर पछि फर्केर र शिष्यसित भने–'हाम्रो धर्म उपदेश दिनु हो-दण्ड दिने होइन। दण्ड क्षत्रिय दिन्छन्।' शिष्यले भन्यो–'यहाँ क्षत्रिय कोही छैन। क्षत्रिय भए यतिका गाई किन काटिन्थे ? अनि यी दुष्टलाई दण्ड कसले दिन्छ ? हजुर आज्ञा दिनोस्–म यिनको खप्पर फुटाइदिन्छु।' गुरुले भने—'यस्तो होइन। कर्मको गति विचित्र छ। सबैलाई दण्ड दिने ईश्वर छन्। यस संसारमा राम्रा नराम्रा कर्मका फल अवश्य भोग्नु पर्दछ।' केही दिनपछि ती गुरु शिष्य फेरि त्यही बाटो गरेर फर्कंदा देखे–यौटा मरेको सर्पलाइ हजारौं कमिला विसारिरहेका थिए। शिष्य त्यो देखेर विस्मय गर्नलाग्यो। गुरुले भने–'यो सर्प उही माझी हो यी माछाहरू हुन् जसलाई यसले मारेको थियो। ती एकत्र भएर पूर्वजन्मको साटो फेर्दैछन्। ईश्वरीय न्यायको उल्लंघन कोही गर्न सक्तैन। यसैले शुद्ध आचरणले बस्नू।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारेर अपुनर्जन्मरूपी मोक्षपद पाउँछन् ॥ ३८ ॥ उही नादबाट तीन मात्रायुक्त ओंकार उत्पन्न भयो, जसको उत्पत्ति कसैलाई थाहा छैन, जो स्वयं प्रकाशमय छ र जो परमात्मा ब्रह्म भगवान्‌को लिङ्ग अर्थात् बोधक छ ॥ ३९ ॥ जो श्रवणशक्ति हराएपछि पनि अव्यक्त ओंकारलाई सुन्दछ, जो सुषुप्ति आदि अवस्थामा इन्द्रियहरू नरहे पनि तिनको अभाव स्वीकार गर्दछ, त्यही ओंकार परमात्मा हो। जसद्वारा वैखरी वाणी अभिव्यञ्जित हुन्छ, जुन ओंकार हृदयाकाशमा केवल आत्माले अभिव्यक्त हुन्छ ॥४०॥ त्यो आफ्नू आधारस्वरूप परमात्मा ब्रह्मको साक्षात् वाचक छ र यही मन्त्र, उपनिषद् तथा वेदका सनातन बीज मानिन्छन् ॥ ४१ ॥ हे भार्गव ! त्यस ओङ्कारमा अ, उ, म–तीन वर्ण छन् जो क्रमशः सत्व, रज, तम–यी तीन गुण; ऋक्, यजुः, साम–यी तीन वेद; भूः, भुवः, स्वः–यी तीन अर्थ र जाग्रत, स्वप्न, सुषुप्ति–यी तीन वृत्तिलाई तीन भावले धारण गर्दछन् ॥४२॥ फेरि भगवान् ब्रह्माजीले त्यस ओङ्कारबाट नै अन्तःस्थ अर्थात् य,र,ल, व ऊष्मा अर्थात् श, ष, स, ह स्वर अर्थात् 'अ' देखि 'औ' सम्म, स्पर्श अर्थात् 'क'देखि 'म' देखि 'म'सम्म र ह्रस्व दीर्घादि लक्षणले

ततोऽभूत्त्रिवृदोङ्कारो योऽव्यक्तप्रभवः स्वराट् ॥ यत्तल्लिंगं भगवतो ब्रह्मणः परमात्मनः ॥३९॥ शृणोति य इमं स्फोटं सुप्तश्रोत्रे च शून्यदृक् ॥ येन वाग्व्यज्यते यस्य व्यक्तिराकाश आत्मनः ॥ ४० ॥ स्वधाम्नो ब्रह्मणः साक्षाद्वाचकः परमात्मनः ॥ स सर्वमन्त्रोपनिषद्वेदबीजं सनातनम् ॥ ४१ ॥ तस्य ह्यसंस्त्रयो वर्णा अकाराद्या भृगूद्वह ॥ धार्यन्ते यैस्त्रयो भावा गुणनामार्थवृत्तयः ॥ ४२ ॥ ततोऽक्षरसाम्नायमसृजद्भगवानजः ॥ अन्तःस्थोष्मस्वरस्पर्शह्रस्वदीर्घादिलक्षणम् ॥ ४३ ॥ तेनासौ चतुरो वेदांश्चतुर्भिर्वदनैर्विभुः ॥ सव्याहृतिकान्सोङ्कारांश्चातुर्होत्रविवक्षया ॥ ४४ ॥ पुत्रानध्यापयत्ताँस्तु ब्रह्मर्षीन्ब्रह्मकोविद्वान् ॥ ते तु धर्मोपदेष्टारः स्वपुत्रेभ्यः समादिशन् ॥ ४५ ॥ ते परम्परया प्राप्तास्तत्तच्छिष्यधृतव्रतैः ॥ चतुर्युगेष्वथ व्यस्ता द्वापरादौ महर्षिभिः ॥ ५६ ॥ क्षीणायुषः क्षीणसत्त्वान्दुर्मेधान्वीक्ष्य कालतः ॥ वेदान्ब्रह्मर्षयो व्यस्यन्हृदिस्थाच्युतचोदिताः ॥ ४७ ॥ अस्मिन्नप्यन्तरे ब्रह्मन्भगवाँल्लोकभावनः ॥ ब्रह्मेशाद्यैर्लोकपालैर्याचितो धर्मगुप्तये ॥ ४७ ॥ पराशरात्सत्यवत्यामंशांशकलया विभुः ॥ अवतीर्णो महाभाग वेदं चक्रे चतुर्विधम् ॥ ४९ ॥ ऋगथर्वयजुःसाम्नां राशिनुद्धृत्य वर्गशः ॥ चतस्रः संहिताश्चक्रे मन्त्रैर्मणिगणा इव ॥५०॥ तासां स चतुरः

युक्त अक्षर सामान्य अर्थात् सम्पूर्ण वर्णसमूह रचे ॥४३॥ त्यस वर्णमालाद्वारा नै भगवान् ब्रह्माजीले आफ्ना चारमुखबाट होता, अध्वर्यु आदि चार ऋत्विजका कर्म बताउन वेदाध्ययनमा कुशल आफ्ना छोरा ब्रह्मर्षि मरीचि आदिलाई व्याहृति र ओङ्कारसहित सबै वेद पढाए। अनि ती धर्मोपदिष्टा मुनिजनले आफ्नाफ्ना पुत्रलाई सिखाए॥४४॥४५॥ अनि ती परम्पराद्वारानै उनका ब्रह्मचारी शिष्य प्रशिष्यद्वारा प्रवृत्त हुँदै आए र द्वापरको आदिमा महर्षिहरूले तिनलाई विस्तृत रूप दिए ॥४६॥ हे ब्रह्मन् ! त्यसबेला कालगतिले गर्दा मनुष्यहरूलाई अल्पायु, अल्पवीर्य, मन्दमति देखेर ती ब्रह्मर्षिहरूले आफ्नू हृदयमा स्थित भगवान्‌को प्रेरणाले नै वेदको विभाग गरिदिए ॥ ४७ ॥ यस मन्वन्तरमा पनि ब्रह्मा, शिव आदि लोकपालले प्रार्थना गरेपछि धर्मको रक्षाका निम्ति आफ्नू अंशांशकलाले भगवान् पराशरद्वारा सत्यवतीको उदरबाट वेदव्यासको रूपमा अवतार लिएर हे महाभाग ! उनले यौटै वेदको चार विभाग पारिदिए ॥४८॥४९॥ उनले मणिसमूहबाट भिन्न-भिन्न जातका मणि संग्रह गरे झैं वैदिक मन्त्रसमूहबाट भिन्न-भिन्न प्रकारका प्रकरणद्वारा ऋगादि मन्त्रका राशि छुट्याएर ती मन्त्रले

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋग्, यजुः, साम र अथर्व यी चार संहिता बनाए ॥५०॥ हे ब्रह्मन् ! महाबुद्धिमान् व्यासले आफ्ना चार शिष्यलाई डाकेर तीमध्ये एकेकलाई एक-एक संहिता पठाए ॥५१॥ उनले आफ्नू वह्वृच नामक प्रथम संहिता अर्थात् ऋग्वेद संहिता पैललाई र वैशम्पायनलाई यजुर्वेदसंहिता पढाए ॥ ५२ ॥ उनले सामश्रुतिको छन्दोग नामक संहिता जैमिनी मुनिलाई र आफ्ना सुमन्त नामका शिष्यलाई अथर्वाङ्गिरस संहिता पढाए ।.५३॥ तिनमा मुनिवर पैलले आफ्नू संहिता इन्द्रप्रमिति तथा वाष्कललाई सुनाए । ती वाष्कलले आफ्नू संहिता चार भाग गरेर आफ्ना शिष्य बोध्य, याज्ञवल्क्य, पराशर र अग्निमित्रलाई सुनाए । आ मज्ञानी इन्द्रप्रमितिले आफ्नू संहिता बुद्धिमान माण्डूकेय ऋषिलाई पढाए र माण्डूकेयको शिष्य देवमित्रले त्यो सौभरि आदि मुनिलाई सुनाए ॥ ५४-५६ ॥ माण्डूकेयका छोरा शाकल्य ऋषिले आफ्नू संहिताको पाँच भाग गरेर त्यो वात्स्य, मुद्‌गल, शालीय, गोखल्य र शिशिर-लाई पठाए ॥५७॥ ती शाकल्यका शिष्य जातूकर्ण्यले आफ्नू संहिताको तीन भाग पारेर उनको व्याख्यान स्वरूप निरुक्त समेत आफ्ना शिष्य बलाक, पैज, वैताल र विरजलाई दिए

शिष्यानुपाहूय महामतिः ॥ एकैकां संहितां ब्रह्मन्नेकैकस्मै ददौ विभुः ॥५१॥ पैलाय संहितामाद्यां बाह्वृचाख्यामुवाच ह ॥ वैशम्पायनसंज्ञाय निगदाख्यं यजुर्गणम् ॥ ५२ ॥ साम्नां जैमिनये प्राह तथा छन्दोगसंहिताम् ॥ अथर्वाङ्गिरसो नाम स्वशिष्याय सुमन्तवे ॥ ५३ ॥ पैलः स्वसंहितामूचे इन्द्रप्रमितये मुनिः ॥ बाष्कलाय च सोऽप्याह शिष्येभ्यः संहितां स्वकाम् ॥ ५४ ॥ चतुर्धा व्यस्य बोध्याय याज्ञवल्क्याय भार्गव ॥ पराशरायाग्निमित्रे इन्द्रप्रमितिरात्मवान् ॥ ५५ ॥ अध्यापयत्संहितां स्वां माण्डूकेयमृषिं कविम् ॥ तस्य शिष्यो देवमित्रः सौभर्यादिभ्य ऊचिवान् ॥ ५६ ॥ शाकल्यस्तत्सुतः स्वां तु पंचधा व्यस्य संहिताम् ॥ वात्स्यमुद्‌गलशालीयगोखल्यशिशिरेष्वधात् ॥ ५७ ॥ जातूकर्ण्यश्च तच्छिष्यः सनिरुक्तां स्वसंहिताम् ॥ बलाकपैजवैतालविरजेभ्यो ददौ मुनिः ॥ ५८ ॥ वाष्कलिःप्रतिशाखाभ्योबालखिल्याख्यसंहिताम् ॥ चक्रे बालायनिर्भज्यः कासारश्चैव तां दधुः ॥ ५९ ॥ वह्वृचाः संहिता ह्येता एभिर्ब्रह्मर्षिभिर्धृताः ॥ श्रुत्वैतच्छन्दसां व्यासं सर्वपापैः प्रमुच्यते ॥ ६० ॥ वैशम्पायनशिष्या वै चरकाध्वर्यवोऽभवन् ॥ यच्चेरुर्ब्रह्महत्यांहः क्षपणं स्वगुरोर्व्रतम् ॥ ६१ ॥ याज्ञवल्क्यश्च तच्छिष्य आहाहो भगवन्कियत् ॥ चरितेनाल्पसाराणां चरिष्येऽहं सुदुश्चरम् ॥६२॥ इत्युक्तो गुरुरप्याह कुपितो याह्यलं त्वया ॥ विप्रावमन्त्रा शिष्येण मदधीतं त्यजाश्विति ॥६२॥ देवरातसुतः सोऽपिच्छर्दित्वाय जुषां

॥५८॥ महर्षि बाष्कलका छोरा माष्कलिले ती सबै शाखामध्ये बालखिल्य नामक यौटा स्वतन्त्र शाखा बनाए र बालायनि, भज्य र कासारले त्यको अध्ययन गरे ॥ ५९ ॥ यसरी पूर्वोक्त ऋषिहरूले ऋग्वेदसंहिता धारण गरे । यी वेदहरूका वृत्तान्त सुनेर प्राणी सबै पापबाट मुक्त हुन्छन् ॥ ६० ॥ वैशम्पायनका शिष्य चरकाध्वर्युले आफ्ना गुरुको ब्रह्महत्या निवारणका लागि व्रत गरे ॥ ६१ ॥ अनि उनका शिष्य याज्ञवल्क्यले भने–'हे भगवन् ! यी अल्पसार ब्राह्मणहरूका लागि यस व्रतले के लाभ होला ? म स्वयं कठोर व्रत गर्दछु' ॥ ६२ ॥ याज्ञवल्क्यको यस्तो वचन सुनेर गुरु रिसाई भने—'मलाई विप्र-निन्दक तिमी जस्ता शिष्यको आवश्यकता छैन, तिमी तुरुन्त मैले पढाएको विद्या फर्काइदेऊ र यहाँबाट जाऊ' ॥ ६३ ॥ यति सुनी देवरातका छोरा याज्ञवल्क्यले ती यजुः श्रुतिहरू उकेलिदिए र त्यहाँबाट तुरुन्त हिंडे । त्यतिमै जब अन्य मुनिहरूले ती यजुः श्रुतिहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू देखेर लोभले तित्रा भई स्वीकार गरे । अतः त्यो यजुः शाखा तैत्तिरीय शाखा कहियो ॥ ६४ ॥ ६५ ॥ हे ब्रह्मन् ! अनि महर्षि याज्ञवल्क्य जुन स्वयं गुरुजीसित पनि थिएन, त्यस्तो यजुः श्रुतिहरू प्राप्त गर्नको निम्ति सूर्यनारायणको आराधना गर्नलागे ॥ ६६ ॥ याज्ञयवल्क्यले भने–भगवन् आदित्यलाई मेरो नमस्कार छ । ती भगवान सूर्य एक्लै ब्रह्मादेखि तृणपर्यन्त जरायुज, अण्डज, स्वेदज र उद्भिज नामक चार थरिका प्राणीहरूको भित्र उनको हृदयमा सम्पूर्ण जगत्का आत्मारूपले र बाहिर लव, क्षण, निमेषादि अवयवले वृद्धिमा प्राप्त संवत्सरसमूह रूप कालस्वरूपले स्थित भएर अनेक घटादि उपाधिका बाहिर र भित्र व्याप्त रहने आकाश झैं अलिप्त रहेर पनि जलको ग्रहण र त्याग गर्दै लोकयात्राको कार्य वहन गर्दछन् ॥ ६७ ॥ हे सूर्य नारायण ! नित्य प्रातः मध्याह र सायङ्काल वेदको विधिले उपासना गर्ने पुरुषलाई पापले प्राप्त दुःखका बीजहरूलाई

गणम् ॥ ततो गतेऽथ मुनयो ददृशुस्तान् यजुर्गणान् ॥६४॥ यजूंषि तित्तिरा भूत्वा तल्लोलुपतयाददुः ॥ तैत्तिरीया इति यजुःशाखा आसन्सुपेशलाः ॥६५॥ याज्ञवल्क्यस्ततो ब्रह्मंश्छन्दांस्यधिगवेषयन् ॥ गुरोरविद्यमानानिसूपतस्थेऽर्कमीश्वरम् ॥६६॥ याज्ञवल्क्य उवाच ॥ ॐ नमो भगवते आदित्यायाखिलजगतामात्मस्वरूपेण कालस्वरूपेण चतुर्विधभूतनिकायानां ब्रह्मादिस्तम्बपर्यन्तानामन्तर्हृदयेषु बहिरपि चाकाश इवोपाधिनाव्यवधीयमानो भगवानेक एव क्षणलवनिमेषावयवोपचितसंवत्सरगणेनापामादानविसर्गाभ्यामिमां लोकयात्रामनुवहति ॥६७॥ यदुह वाव विबुधर्षभ सवितरदस्तपत्यनुसवनमहरहराम्नायविधिनोपतिष्ठमानानामखिलदुरितवृजिनबीजावभर्जन भगवतः समभिधीमहि तपनमण्डलम् ॥६८॥ य इह वाव स्थिरचरनिकराणां निजनिकेतनानां मनइन्द्रियासुगणाननात्मनः स्वयमात्मनः स्वयमात्मान्तर्यामी प्रचोदयति ॥ ६९ ॥ य एवेमं लोकमतिकरालवदनान्धकारसंज्ञाजगरग्रहगिलितं मृतकमिव विचेतनमवलोक्यानुकम्पया परमकारुणिक ईक्षयैवोत्थाप्याहरहरनुसवनं श्रेयसि स्वधर्माख्यात्मावस्थाने प्रवर्तयत्यवनिपतिरिवासाधूनां भयमुदीरयन्नटति ॥ ७० ॥ परित आशापालैस्तत्र तत्र कमलकोशाञ्जलिभिरुपहृतार्हणः ॥ ७१ ॥ अथ ह भगवंस्तवचरणनलिनयुगलं त्रिभुवनगुरुभिर्वन्दितमहमयातयामयजुःकाम उपसरामीति ॥ ७२ ॥ सूत उवाच ॥ एवं स्तुतः स भगवान्वाजिरूपधरो हरिः ॥ यजूंष्ययातयामानि मुनयेऽदात्प्रसादितः ॥ ७३ ॥ यजुर्भिरकरोच्छाखा दशपंचशतैर्विभुः ॥ जगृहुर्वाजसन्यस्ताः काण्वमाध्यन्दिनादयः ॥७४॥ जैमिनेः

भुटिदिने हजुरको बल्दो तेजोमण्डलको हामी ध्यान गर्दछौं ॥६८॥ आफ्ना आश्रित रहने स्थावर-जङ्गम प्राणीहरूको जड मन, बुद्धि, इन्द्रिय र प्राणादि स्वयं सबैका आत्मा तथा अन्तर्यामीरूपले प्रेरित पार्ने हजुरलाई हामी प्रणाम गर्दछौं ॥६९॥ जुन परम करुणामय प्रभु यस लोकको अन्धकार नामक डरलाग्दो मुख हुने अजिङ्गरको मुखमा परेर मृतक झैं चेतनाशून्य देखेर करुणावश आफ्नू हेराइमात्रले उचालेर नित्यप्रति ती कालमा आफ्नू कल्याणकारी र धर्मरूपी आत्मस्थितिमा प्रवृत्त पार्दै राजा झैं दुष्ट पुरुषलाई डर दिंदै सर्वत्र सानन्द डुल्नु हुन्छ ॥७०॥ जसलाई सबै दिक्पाल चारैतिरबाट जताततै आफ्नू कमल कोश झैं अंजलिले अर्घ्य दिन्छन् ॥७१॥ हे भगवन् ! उनै हजुरका त्रैलोक्यका गुरुजन द्वारा वन्दित युगल चरण-कमललाई म अयातयाम यजुः श्रुतिहरूलाई प्राप्त गर्ने इच्छाले शरणपरिरहेको छु ॥७२॥सूतजी भन्दछन्–हे मुनि हो ! यसरी स्तुतिगरेपछि

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्वरूपधारी सूर्यनारायण प्रसन्न भए र उनले ती मुनिश्रेष्ठलाई अयातयाम नामक यजुःश्रुति दिए ॥ ७३ ॥ त्यसपछि भगवान् याज्ञवल्क्यले तो असंख्य यजुः श्रुतिहरूका जम्मा पन्ध्र शाखा बनाए । तीमध्ये वाजसनेयी शाखा कण्वलाई र माध्यन्दिन आदि मुनिहरूले पढे ॥७४॥ सामसंहिता पढ्ने जैमिनिका सुमन्तु नामक एक पुत्र थिए र तिनका पुत्र सुत्वान भए । ती दुवैलाई एकेक संहिता पढाए ॥७५॥ उनै जैमिनिका सुकर्मा नामक यौटा शिष्य थिए । ती द्विजश्रेष्ठले सामवेदरूपी महावृक्षको भिन्न-भिन्न मन्त्रहरूद्वारा सामश्रुतिहरूको एक सहस्र शाखा तुल्याए ॥७६॥ ती शाखालाई सुकर्माका शिष्य कोशल देशका निवासी हिरण्यनाभ, पौष्यञ्जि र वेदवेत्ताहरूमा श्रेष्ठ आवन्त्यले पढे ॥ ७७ ॥ पौष्यञ्जी तथा आवन्त्यका पाँच सय शिष्य उत्तर दिशामा बसेर सामगान गर्दथे । तिनैलाई सबै प्राच्य सामग पनि भन्दछन ॥७८॥ लौगाक्षि, माङ्गलि, कुल्य कुसीद तथा कुक्षि पौष्यञ्जिका यी शिष्यमध्ये प्रत्येकले सय-सय संहिता पढे ॥ ७९ ॥ हिरण्यनाभका शिष्य महर्षि कृतले आफ्ना शिष्यलाई चौबीस संहिता पढाए र शेष संहिता आवन्त्यले आफ्ना शिष्य-

सामगस्यासीत्सुमन्तुस्तनयो मुनिः ॥ सुत्वांस्तु तत्सुतस्ताभ्यामेकैकां प्राह संहिताम् ॥ ७५ ॥ सुकर्मा चापि तच्छिष्यः सामवेदतरोर्महान् ॥ सहस्रसंहिताभेदं चक्रे साम्नां ततो द्विजः ॥ ७६ ॥ हिरण्यनाभः कौशल्यः पौष्यञ्जिश्च सुकर्मणः ॥ शिष्यौ जगृहतुश्चान्य आवन्त्यो ब्रह्मवित्तमः ॥ ७७ ॥ उदीच्याः सामगाः शिष्या आसन्पंचशतानि वै ॥ पौष्यञ्ज्यावन्त्ययोश्चापितांश्च प्राच्यान्प्रचक्षते ॥ ७८ ॥ लौगाक्षिर्माङ्गलिः कुल्यः कुसीदः कुक्षिरेव च ॥ पौष्यञ्जिशिष्या जगृहुः संहितास्ते शतं शतम् ॥ ७९ ॥ कृतो हिरण्यनाभस्य चतुर्विंशतिसंहिताः ॥ शिष्य ऊचे स्वशिष्येभ्यः शेषा आवन्त्य आत्मवान् ॥ ८० ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे वेदशाखाप्रणयनं नाम षष्ठोऽध्यायः ॥ ६ ॥ सूत उवाच ॥ अथर्ववित्सुमन्तुश्च शिष्यमध्यापयत्स्वकाम् ॥ संहितां सोऽपि पथ्याय वेददर्शाय चोक्तवान् ॥ १ ॥ शौक्लायनिर्ब्रह्मबलिर्मोदोषः पिप्पलायनिः ॥ वेददर्शस्य शिष्यास्ते पथ्यशिष्यानथो शृणु ॥२॥ कुमुदः शुनको ब्रह्मञ्जाजलिश्चाप्यथर्ववित् ॥ बभ्रुः शिष्योऽथाङ्गिरसः सैन्धवायन एव च ॥ अधीयेतां संहिते द्वे सावर्ण्याद्यास्तथापरे ॥ ३ ॥ नक्षत्रकल्पः शान्तिश्चकश्यपाङ्गिरसादयः ॥ एतः आथर्वणाचार्याः शृणु पौराणिकान्मुने ॥४॥ त्रय्यारुणिः कश्यपश्च सावर्णिरकृतव्रणः ॥ वैशम्पायन हारीतौ षड्वै पौराणिका इमे ॥ ५ ॥ अधीयन्त व्यासशिष्यात्संहितां मत्पितुर्मुखात् ॥ एकैकामहमेतेषां

लाई पढाए ॥८०॥ इति श्री मद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायां षष्ठोऽध्यायः ॥६॥ (अथर्ववेदका विविध शाखा र पुराणका लक्षण)–सूतजी भन्दछ-हे मुनि हो ! अथर्ववेदका अभिज्ञ सुमन्तु ऋषिले आफ्नू संहिता कवन्ध नामक शिष्यलाई पठाए र उनले आफ्ना शिष्य र वेददर्शसित भने ॥१॥ शौक्लायनि, ब्रह्मबलि, मोदोष तथा पिप्पलायनि यी चार वेददर्शका शिष्य थिए । अब पथ्यका शिष्य भन्दछु ॥२॥ हे ब्रह्मन् ! अथर्ववेदका ज्ञाता कुमुद, शुनक र जाजलि थिए । शुनकका बभ्रु र सैन्धवायन नामक दुइ शिष्य थिए । उनले शुनकसित दुइ संहिताहरू पढेका थिए । तिनका शिष्य सावर्ण्यादि भए ॥३॥ त्यसपछि नक्षत्रकल्प, शान्तिकल्प, कश्यप तथा आङ्गिरस आदि उत्पन्न भए । हे मुने ! यी सबै अथर्ववेदका आचार्य मानिन्थे । अब पौराणिकहरूको वृतान्त सुन ॥४॥ त्रय्यारुणि, कश्यप, सावर्णि, अकृतव्रण, वैशम्पायन र हारीत—यी छ पौराणिक मानिएका छन् ॥५॥ यिनमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्येक मुनिले व्यासजीका शिष्य मेरा पिताबाट एक-एक पुराणसंहिता पढेर ती छ जनाका शिष्य मैले ती संहिताहरू पढेको थिएँ । कश्यप, म (सूत), सावर्णि तथा परशुरामका शिष्य अकृतव्रण–हामी चारै जनाले संगै व्यासका शिष्यप्रति चारै मूल संहिता पढ्यौं ॥६॥७॥ हे ब्रह्मन् ! अब वेद तथा शास्त्रानुसार ब्रह्मर्षिहरूले बताएका पुराणका लक्षणहरू तिमी सावधान चित्त पारेर सुन ॥८॥ विश्वको सर्ग, विसर्ग, वृत्ति, रक्षा, मन्वन्तर, वंश, वंशका चरित्र, संस्था अर्थात् प्रलय, हेतु अर्थात् ऊति र अपश्रय–यी दस लक्षणले युक्त ग्रन्थलाई विद्वानजन पुराण भन्दछन् । हे ब्रह्मन् ! अनेक ऋषि महापुराण र अल्प पुराणको व्यवस्थाले पाँच लक्षण युक्त ग्रन्थलाई पनि पुराण भन्दछन् ॥९॥१०॥ मूल प्रकृतिका गुणहरूले क्षुभित भएपछि

शिष्यः सर्वाः समध्यगाम् ॥ ६ ॥ कश्यपोऽहं च सावर्णी रामशिष्योऽकृतव्रणः ॥ अधीमहि व्यासशिष्याच्चतस्रो मूलसंहिताः ॥ ७ ॥ पुराणलक्षणं ब्रह्मन्ब्रह्मर्षिभिर्निरूपितम् ॥ शृणुष्व बुद्धिमाश्रित्य वेदशास्त्रानुसारतः ॥ ८ ॥ सर्गोऽस्याथ विसर्गश्च वृत्ती रक्षान्तराणि च ॥ वंशो वंशानुचरितं संस्था हेतुरपाश्रयः ॥ ९ ॥ दशभिर्लक्षणैर्युक्तं पुराणं तद्विदो विदुः ॥ केचित्पंचविधं ब्रह्मन्महदल्पव्यवस्थया ॥ १० ॥ अव्याकृतगुणक्षोभान्महतस्त्रिवृतोऽहमः ॥ भूतमात्रेन्द्रियार्थानां सम्भवः सर्ग उच्यते ॥ ११ ॥ पुरुषानुगृहीतानामेतेषां वासनामयः ॥ विसर्गोऽयं समाहारो वीजाद्बीजं चराचरम् ॥ १२ ॥ वृत्तिर्भूतानि भूतानां चराणामचराणि च ॥ कृता स्वेन नृणां तत्र कामाच्चोदनयापि वा ॥ १३ ॥ रक्षाच्युतावतारेहा विश्वस्यानु युगे युगे ॥ तिर्यङ्मर्त्यर्षि देवेषु हन्यन्ते यैस्त्रयीद्विषः ॥ १४ ॥ मन्वन्तरं मनुर्देवा मनुपुत्राः सुरेश्वरः ॥ ऋषयोऽशावतारश्च हरेः षड्·

त्यसबाट महत्तत्व, त्रिविध अहङ्कार, भूततन्मात्रा, इन्द्रिय र विषयहरूको उत्पत्ति 'सर्ग' कहिन्छ ॥११॥ जसरी बीजबाट बीज उत्पन्न हुन्छ, त्यसै गरी ईश्वरबाट अनुगृहीत महत्तत्वादिले पूर्वजन्मका वासनाहरूले युक्त जुन अखिल चराचर जीवसमूह उत्पन्न हुन्छ, त्यसैलाई सबै 'विसर्ग' भन्दछन् ॥१२॥ सबै जङ्गम प्राणीहरूको स्वाभाविक जीविका स्थावर भूत मानिन्छ । तीमध्ये मनुष्यका केही जीविका त कामवश स्वयं नै निश्चित छ र केही शास्त्रज्ञ द्वारा नियत गरिएको छ ॥१३॥ जुन भगवान् युग-युगमा तिर्यक्, मनुष्य, ऋषि तथा देवताहरूका रूपमा लीला गर्दछन्, त्यही विश्वको *रक्षा कार्य हो, किनकि ती अवतारद्वारा नै वेदविरोधी व्यक्ति मारिन्छन् ॥१४॥ मनु, देवता, मनुपुत्र, इन्द्र, सप्तर्षि र भगवान्का अंशावतार–यी

---

* दृष्टान्त (भगवान् रक्षा गर्दछन्)—मनु भगवान्को वंशमा नभग राजा थिए । तिनको कान्छो पुत्र नाभाग नामले विख्यात भए । उनलाई विद्याको बर्ता सोख थियो । यसै निम्ति गुरुकुलमा बसेर उनले वेद, शास्त्र र पुराणादि पढे । यसरी धेरै दिनसम्म गुरुकुलमा बसेको हुनाले उसका दाजुहरूले सबै राज्य परस्पर बाँडिलिए । केही दिनपछि नाभाग आए र उनले आफ्नू अंश मागे । दाजुहरूले भने–'अंश बण्डा भएका धेरै दिन भइसक्यो, तिम्रो भागमा केवल पिता परेका छन् ,' यस्तो कपटपूर्ण वचन सुनी विद्वान् नाभाग बाबूकहाँ गएर उनकै सेवा गर्न लागे । पिताले भने—'बाबू ! तिमीलाई उनीहरूले ठगे, यद्यपि तिमी विद्वान् छौ, उनीहरू मूर्ख छन् । तापनि परस्पर लडाई गर्नु उचित छैन । म तिमीलाई जीविकाको उपाय बताउँछु । अमुक स्थानमा यज्ञ भइरहेको छ । त्यहाँ गएर वेदमन्त्रको शुद्ध उच्चारण गर । अनि प्रसन्न भएका ब्राह्मणले यज्ञमा शेष रहेका धन तिमीलाई दिनेछन् ।' पिताको आज्ञानुसार नाभाग त्यहाँ गए र पहिले नसुनेका सूक्त ती ब्राह्मणलाई सुनाए । अनि प्रसन्न भएका ब्राह्मणले यज्ञको अवशिष्ट धन दिए । नाभाग त्यो लिन जानासाथ रुद्र भगवान् प्रकट भएर भने–'तिमी यो किन लग्दैछौ ? यो त मेरो धन हो ।' नाभागले भने–'तर यो त ब्राह्मणहरूले मलाई दिएका हुन् । रुद्रले भने–'यो द्रव्य कसको हो, यो कुरा आफ्ना पितासित सोध ।' नाभाग बाबूकहाँ पुगे, उनका पिताले भने–'त्यो द्रव्य यज्ञपुरुष रुद्रभगवान्को हो ।' पिताको कुरा नाभागले गएर रुद्र भगवान्लाई सुनाए । त्यसले रुद्र प्रसन्न भएर नाभागलाई त्यो सबै धन दिए । साथै नाभागको विद्वत्ता, सरलता र सत्यमा प्रसन्न भएर आत्मज्ञान पनि प्रदान गरे ।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ मिलेर 'मन्वन्तर' कहिन्छन् ॥१५॥ ब्रह्माजीबाट उत्पन्न राजा र तिनको भूत, भविष्य तथा वर्तमान कालीन सन्तान 'वंश' कहिन्छन् र तिनको तथा तिनका वंशधरहरूका चरितलाई सबै 'वंशानुचरित' भन्दछन् ॥१६॥ यस संसारको नैमित्तिक, प्राकृतिक, नित्य र आत्यन्तिक चार प्रकारका जुन स्वाभाविक प्रलय हुने गर्दछन, त्यसैलाई विद्वान् जन 'संस्था' को नामले जान्दछन् ॥१७॥ जसलाई केही व्यक्ति अनुशयी र कोही अव्याकृत भन्दछन । अविद्यावश कर्म गर्ने जीव नै यी सर्गादिको 'हेतु' मानिन्छ । जीवको जाग्रत्, स्वप्न तथा सुषुप्ति–मायामयी यी तीन वृत्तिमा जसको अन्वय तथा तुरीय रूपले व्यतिरेक हुन्छ, त्यही ब्रह्म 'अपाश्रय' कहिन्छ ॥ १८ ॥ १९ ॥ जस्तै घटादि नामरूपात्मक पदार्थहरूमा तिनको कारण स्वरूप मृत्तिका सद्रूपले व्याप्त रहेर पनि पृथक् रहन्छ । त्यस्तै जन्मदेखि मरणपर्यन्त जुन सबै अवस्थाहरूमा अधिष्ठान रूपले व्याप्त र साक्षीरूपले पृथक् रहन्छ,त्यो ब्रह्म नै 'अपाश्रय' कहिन्छ ॥२०॥ जब चित्त सत्वादि तीनै गुणका वृत्तिहरू त्यागेर स्वयं शान्त हुन्छ अथवा योगाभ्यासले शान्त हुने गर्दछ, तब त्यो आत्मतत्त्वलाई जान्न सक्छ र

विधमुच्यते ॥ १५ ॥ राज्ञां ब्रह्मप्रसूतानां वंशस्त्रैकालिकोऽन्वयः ॥ वंशानुचरितं तेषां वृत्तं वंशधराश्च ये ॥ १६ ॥ नैमित्तिकः प्राकृतिको नित्य आत्यन्तिको लयः ॥ संस्थेति कविभिः प्रोक्ता चतुर्धास्य स्वभावतः ॥ १७ ॥ हेतुर्जीवोऽस्य सर्गादेरविद्याकर्मकारकः ॥ यं चानुशयिनं प्राहुर-व्याकृतमुतापरे ॥ १८ ॥ व्यतिरेकान्वयो यस्य जाग्रत्स्वप्नसुषुप्तिषु ॥ मायामयेषु तद्ब्रह्मजीववृत्तिष्वपाश्रयः ॥१९॥ पदार्थेषु यथा द्रव्यं सन्मात्रं रूपनामसु ॥ बीजादिपञ्चतान्तासु ह्यवस्थासु युतायुतम् ॥ २० ॥ विरमेत यदा चित्तं हित्वा वृत्तित्रयं स्वयम् ॥ योगेन वा तदात्मानं वेदेहाया निवर्तते ॥ २१ ॥ एवं लक्षण लक्ष्याणि पुराणानि पुराविदः ॥ मुनयोऽष्टादश प्राहुः क्षुल्लकानि महान्ति च ॥ २२ ॥ ब्राह्मं पाद्मं वैष्णवं च शैवं लैङ्गं सगारुडम् ॥ नारदीयं भागवतमाग्नेयं स्कान्दसंज्ञितम् ॥ २३ ॥ भविष्यं ब्रह्मवैवर्तं मार्कण्डेयं सवामनम् ॥ वाराहं मात्स्यं कौर्मं च ब्रह्माण्डाख्य-मिति त्रिषट् ॥ २४ ॥ ब्रह्मन्निदं समाख्यातं शाखाप्रणयनं मुनेः ॥ शिष्यशिष्यप्रशिष्याणां ब्रह्मतेजोविवर्धनम् ॥ २५ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे सप्तमोऽध्यायः ॥ ७ ॥ शौनक उवाच ॥ सूत जीव चिरं साधो वद नो वदतां वर ॥ तमस्यपारे भ्रमतां नृणां त्वं पारदर्शनः ॥ १ ॥ आहुश्चिरायुषमृषिं मृकण्डतनयं जनाः ॥ यः कल्पान्ते उर्वरितो येन ग्रस्तमिदं जगत् ॥२॥ स वा अस्मत्कुलोत्पन्नः कल्पेऽस्मिन्भार्गवर्षभः ॥

अविद्याजनित कर्म-प्रवृत्तिबाट निवृत्त हुन्छ ॥२१॥ हे मुनिजन हो ! पुरातत्त्व जान्नेहरूले यस्ता लक्षण हुने साना-ठूला सबै मिलाएर जम्मा अठार पुराण भनेका छन् ॥२२॥ ती अठार पुराणहरूमा ब्राह्म, पाद्म, वैष्णव, शैव, लैङ्ग, गारुड, नारदीय, भागवत, आग्नेय, स्कान्द, भविष्य, ब्रह्मवैवर्त, मार्कण्डेय,वामन,वाराह,मत्स्य,कौर्म र ब्रह्माण्ड नामका हुन् ॥२३॥ ॥२४॥ हे ब्रह्मन् ! व्यासदेवका शिष्यका पनि शिष्य र उनका पनि प्रशिष्यहरू द्वारा निर्मित श्रोताहरूको ब्रह्मतेज बढाउने वैदिकशाखाहरूको विस्तार मैले तिमीलाई सुनाएँ ॥२५॥इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषा-टीकायां सप्तमोऽध्यायः ॥७॥ (महामुनि मार्कण्डेयको तपस्या र वर-प्राप्ति)–शौनकजी भन्दछन्–हे वक्ताहरूमा श्रेष्ठ वक्ता सूतजी! हजुर धेरै दिन बाँचिरहनुस् ! हे साधो ! हजुर संसाररूपी घोर अन्धकारमा भौंतारिने व्यक्तिलाई मार्ग देखाउनुहुन्छ । अतः अरु केही भन्नुहवस् ॥१॥ सम्पूर्ण संसारलाई ग्रस्ने प्रलयकालमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि बाँचेछ। ऋषिवर मार्कण्डेयलाई सबै चिरायु भन्दछन् ।।२।। तर ती भार्गवश्रेष्ठ मुनि यसै कल्पमा र हाम्रो नै कुलमा उत्पन्न भएका थिए। तिनको जन्मदेखि आजसम्म प्राणीहरूको प्रकारको कोही प्रलय भएको छैन ।।३।। अनि तिनले प्रलयकालीन समुद्रभाएक्लै डुल्दा यौंटा अतिशय विचित्र बालरूप पुरुषलाई वरको पातमा सुतेका कसरी देखे ! ।।४।। हे सूतजी ! यो हामीलाई ठूलो संशय न र तो विषय सुन्नको निम्ति हामीलाई उत्कण्ठा भइरहेछ। हे महायोगिन्। हजुर पुराणवेत्तामा माननीय हुनुहुन्छ। अतएव हाम्रो यो संशयलाई निवारण गरिदिनु हवस् ।। ५ ।। सूतजी भन्दछन्–हे महर्षे ! यो तपाईहरूले सबै लोकको भ्रम हटाउने प्रश्न गर्नुभयो। यसै प्रसङ्गमा नारायणको कलि कल्मषनाशिनी कथाको पनि राम्ररी गान गरिएको छ ।।६।। जब मार्कण्डेयले आफ्ना पिताबाट अन्य संस्कारहरूको क्रममा यज्ञोपवीत संस्कार पाए अनि ती तथा स्वाध्यायले युक्त भएर संयमपूर्वक नैष्ठिक ब्रह्मचर्य-व्रत लिएर धर्मानुसार वेदाध्ययन गर्दै आफ्नू नियमको पूर्तताका लागि जटा, वल्कल-वसन, कमण्डलु, दण्ड, यज्ञोपवीत, मेखला, कृष्णमृगचर्म, अक्षमाला तथा कुश धारण गरेर दुवै

नैवाधुनापि भूतानां सम्प्लवः कोऽपि जायते ।।३।। एक एवार्णवे भ्राम्यन्ददर्श पुरुषं किल ।। वटपत्रपुटे तोकं शयानं त्वेकमद्भुतम् ।। ४ ।। एष नः संशयो भूयान्सूत कौतूहलं यतः ।। तं नश्छिन्धि महायोगिन्पुराणेष्वपि सम्मतः ।। ५ ।। सूत उवाच ।। प्रश्नस्त्वया महर्षेऽयं कृतो लोकभ्रमापहः ।। नारायणकथा यत्र गीता कलिमलापहा ।। ६ ।। प्राप्तद्विजातिसंस्कारो मार्कण्डेयः पितुः क्रमात् ।। छन्दांस्यधीत्य धर्मेण तपः स्वाध्यायसंयुतः ।। ७ ।। बृहद्व्रतधरः शान्तो जटिलो वल्कलाम्बरः ।। बिभ्रत्कमण्डलुं दण्डमुपवीतं समेखलम् ।। ८ ।। कृष्णाजिनं साक्षसूत्रं कुशांश्च नियमर्द्धये ।। अग्न्यर्कगुरुविप्रात्मास्वर्चयन्सन्ध्ययोर्हरिम् ।। ९ ।। सायंप्रातः स गुरवे भैक्ष्यमाहृत्य वाग्यतः ।। बुभुजे गुर्वनुज्ञातःसकृन्नोचेदुपोषित ।। १० ।। एवं तपः स्वाध्यायपरो वर्षाणामयुतायुतम् ।। आराधयन्हृषीकेशं जिग्ये मृत्युं सुदुर्जयम् ।। ११ ।। ब्रह्मा भृगुर्भवो दक्षो ब्रह्मपुत्राश्च ये परे ।। नृदेवपितृभूतानि तेनासन्नतिविस्मिताः ।। १२ ।। इत्थं बृहद्व्रतधरस्तपःस्वाध्यायसंयमैः ।। दध्यावधोक्षजं योगी ध्वस्तक्लेशान्तरात्मना ।। १३ ।। तस्यैवं युञ्जतश्चित्तं महायोगेन योगिनः ।। व्यतीयाय महान्कालो मन्वन्तरषडात्मकः ।। १४ ।। एतत्पुरन्दरो ज्ञात्वा सप्तमेऽस्मिन्किलान्तरे ।। तपोविशङ्कितो ब्रह्मन्नारेभे तद्विघातनम् ।। १५ ।। गन्धर्वाप्सरसः कामं वसन्तमलयानिलौ ।। मुनये प्रेषयामास रजस्तोकमदौ तथा ।। १६ ।। ते वै तदाश्रयं जग्मुर्हिमाद्रेः

सन्ध्यालाई अग्नि, सूर्य, गुरु, ब्राह्मण एवं आफ्नू आत्मामा भगवानको आराधना गर्दै प्रातः र सायङ्कालको वेलामा भिक्षा ल्याएर आफ्ना गुरुदेवलाई अर्पण गर्दथे र उनको आज्ञा प्राप्त गरेर केवल एक छाक मौनभावले भोजन गर्दथे। ती धेरजसो उपवास गरेर नै बसिदिन्थे ।। ७-१० ।। हे शौनक ! यसरी तप तथा स्वाध्यायमा संलग्न रहेर हजारौं र लाखौं वर्षसम्म श्रीहृषीकेशको आराधना गर्दै उनले अति दुर्जय मृत्युलाई पनि पछारिदिएका थिए ।।११।। तिनको मृत्यु-विजयले ब्रह्मा, भृगु, महादेव, दक्ष, ब्रह्माजीका अन्यान्य छोरो तथा मनुष्य, देवता, पितर तथा अन्य सबै प्राणीहरूलाई ठूलो विस्मय भयो ।। १२ ।। यसरी नैष्ठिक ब्रह्मचर्यव्रत धारण गर्ने योगिराज मार्कण्डेय तप, स्वाध्याय तथा संयम गरेर राग-द्वेषादि मलबाट मुक्त अन्तःकरण द्वारा विष्णु भगवानको ध्यानमा मग्न भए ।।१३। ती योगिराजले यसरी महायोग द्वारा चिन्तन नियमन गर्दागर्दै छ मन्वन्तरको समय बितेर गयो ।।१४।।

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सातौं मन्वन्तरमा जब इन्द्रलाई यो कुरा थाहा भयो तब तिनको तपस्याले सशंयाकुल भएर ती उनको तप खण्डित पार्ने उद्योग गर्नलागे ॥१५॥ त्यसै अनुसार उनले मार्कण्डेय कहाँ गन्धर्व, अप्सरा, कामदेव, वसन्तऋतु मलय-पवन र रजोगुणको प्रियपुत्र लोभ तथा मदलाई पठाए ॥१६॥ हे भगवन् ! ती सबै हिमालयको उत्तर जहाँ पुष्पभद्रा नदी बग्दछिन् र चित्रा नामकी शिला विद्यमान थिइन्—मार्कण्डेयको त्यस आश्रममा पुगे ॥७॥ त्यो पुनीत आश्रम पवित्र वृक्ष र लताहरूले सम्पन्न थियो र पवित्र पक्षिसमूहले पूर्ण तथा निर्मल जयाशयहरूले भरिएको थियो ॥ १८ ॥ त्यसमा मस्त भ्रमरा गुञ्जार गर्दै थिए, मदमत्त कोकिलको ध्वनि भइरहेको थियो, मत्त मयूररूपी नट मनोहर नृत्य गर्दै नाचिरहेका थिए, मतताला पक्षिहरूको समुदायले त्यो आश्रम भरिएको थियो ॥१९॥ तिनले प्रवेश गर्नासाथ त्यहाँ शीतल छहराका जलकणले युक्त वायु चल्न लाग्यो र त्यो सुगन्धित पुष्पहरूको आलिङ्गन गरेर बर्दै मानिसका मनमा कामोद्दीपन गर्नलागे ॥२०॥ चन्द्रमाको उदयले युक्त प्रदोषकाल उपस्थित भएपछि नयाँ पालुवाको गुच्छा हुने वृक्ष द्रुम र लतासमूहले उपलक्षित बसन्तऋतु

पार्श्व उत्तरे ॥ पुष्पभद्रा नदी यत्र चित्राख्या च शिला विभो ॥ १७ ॥ तदाश्रमपद पुण्यं पुण्यद्रुमलताञ्चितम् ॥ पुण्यद्विजकुलाकीर्ण पुण्यामलजलाशयम् ॥ १८ ॥ मत्तभ्रमरसङ्गीतं मत्तकोकिलकूजितम् ॥ मत्तबर्हिनटाटोपं मत्तद्विजकुलाकुलाम् ॥ १९ ॥ वायुः प्रविष्ट आदाय हिमनिर्झरशीकरान् ॥ सुमनोभिः परिष्वक्तो ववावुत्तम्भयन्स्मरम् ॥ २० ॥ उद्यच्चन्द्रनिशावक्त्रः प्रबालस्तबकालिभिः ॥ गोपद्रुमलताजालैस्तत्रासीत्कुसुमाकरः ॥ २१ ॥ अन्वीयमानो गन्धर्वैर्गीतवादित्रयूथकैः ॥ अदृश्यतात्तचापेषुः स्वःस्त्रीयूथपतिः स्मरः ॥ २२ ॥ हुत्वाग्निं समुपासीनं ददृशुः शक्रकिंकराः ॥ मीलिताक्षं दुराधर्षं मूर्तिमन्तमिवानलम् ॥ २३ ॥ ननृतुस्तस्य पुरतःस्त्रियोऽथो गायका जगुः ॥ मृदङ्गवीणापणवैर्वाद्यं चक्रुर्मनोरमम् ॥ २४ ॥ सन्दधेऽस्त्रं स्वधनुषि कामः पञ्चमुखं तदा ॥ मधुर्मनो रजस्तोक इन्द्रभृत्या व्यकम्पयन् ॥ २५ ॥ क्रीडन्त्याः पुञ्जिकस्थल्याःकन्दुकैःस्तनगौरवात् ॥ भृशमुद्विग्नमध्यायाः केशविस्रंसितस्रजः ॥ २६ ॥ इतस्ततो भ्रमद्दृष्टेश्चलन्त्या अनुकन्दुकम् ॥ वायुर्जहार तद्वासः सूक्ष्मं त्रुटितमेखलम् ॥२७॥ विससर्ज तदा बाणं मत्वा तं स्वजितं स्मरः ॥ सर्वं तत्राभवन्मोघमनीशस्य यथोद्यमः ॥ २८ ॥ त इत्थमपकुर्वन्तो मुनेस्तत्तेजसा मुने ॥ दह्यमाना

फैलियो ॥२१॥ त्यसपछि गान-बजान गर्ने गन्धर्वसित हातमा धनुष-बाण सम्हारी देवाङ्गनाहरूको अधिनायक कामदेव स्वयं पनि देखापर्‍यो ॥ २२ ॥ एकैछिमपछि इन्द्रका ती किंकरहरूले अग्निले अग्निहोत्र गरेर दुवै नेत्र चिम्ली बसेका मूर्तिमान अग्नि जस्ता दुर्धर्ष मार्कण्डेयलाई देखे ॥२३॥ उनलाई देख्नासाथ अप्सराहरूले उनको सामुन्ने नाच्न, गन्धर्वले गाउन तथा मृदङ्ग, वीणा तथा पणवादि मनोहर बाजा बजाउन आरम्भ गरे ॥२४॥ अनि कामदेवले आफ्नू धनुषमा शोषण, दीपन, सम्मोहन, तापन र उन्मादनात्मक यी पाँच मुखका अस्त्र सन्धान गरिदियो । त्यसै वेला वसन्त र लोभ आदि इन्द्रका अरु-अरु सेवक पनि मार्कण्डेयको मनलाई चञ्चल पार्नलागे ॥२५॥ त्यो सुन्दरी आफ्नू चञ्चल दृष्टिले यता-उता स्तनका भारले लचक्ने कटिप्रदेश भएकी पुञ्जिकस्थलि, अप्सराको भकुण्डो खेल्दाखेल्दै केशपाशबाट फूलको माला खुस्कियो ॥२६॥ त्यो सुन्दरी आफ्ना चञ्चल दृष्टिले यता-उता हेर्दै भकुण्डोको पछि-पछि दगुरिरहेकी थिई । त्यतिमै त्यसको कन्धनी पनि छिन्यो र वायुले त्यसको साड़ी उडाइदियो ॥२७॥ अनि कामदेवले मार्कण्डेयलाई आफ्नू अधीन ठानेर ती माथि बाण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाडे, तर अभागी पुरुषको उद्यम जस्तै उसको सबै प्रयत्न व्यर्थ भयो ॥२८॥ हे मुने ! मार्कण्डेयको यसरी आकार गर्नाले ती सबै उनका नेत्र-तेजले डढ्न लागे र जस्तै कुनै बालक सर्पलाई चलाएर भागोस्, त्यस्तै ती सबै भयभीत भएर उहाँबाट फर्के ॥२९॥ हे ब्रह्मन् ! मार्कण्डेय मुनि इन्द्रका अनुचर द्वारा यसरी चलायमान गरिए पनि जो अहङ्कारको वशमा परेनन् । ती जस्ता महापुरुषको निम्ति यो कुनै आश्चर्यको कुरा थिएन ॥३०॥ उता भगवान् इन्द्रदेव कामदेवलाई आफ्ना सहायक सहित निस्तेज देखेर तिनको मुखबाट ब्रह्मर्षि मार्कण्डेयको महिमा सुनेर निकै विस्मित भए ॥३१॥ अनि ती मार्कण्डेयलाई तप, स्वाध्याय तथा संयम द्वारा चित्तलाई संयत पारेका देखेर-नर-नारायण तीमाथि अनुग्रह गर्नका लागि उनको सामुन्ने प्रकट हुनुभयो ॥३२॥ सुरवरवन्दित ती दुवै नर-नारायण चतुर्भुजी र शुक्ल एवं कृष्णवर्णका थिए । तिनका नेत्र कमलदल झैं राम्रा थिए । ती दुवै कृष्ण-मृगचर्म र वल्कल लगाएका थिए । तिनका हातमा पवित्र, घाँटीमा तीन सिके जनै, अर्को हातमा कमण्डलु, बाँसको सोझो र राम्रो लट्ठी, कमलगट्टाको माला,

निववृतुः प्रबोध्याहिमिवार्भकाः ॥ २९ ॥ इतीन्द्रानुचरैर्ब्रह्मन्धर्षितोऽपि महामुनिः ॥ यन्नागादहमो भावं न तच्चित्रं महत्सु हि ॥ ३० ॥ दृष्ट्वा निस्तेजसं कामं सगणं भगवान्स्वराट् ॥ श्रुत्वानुभावं ब्रह्मर्षेर्विस्मयं समगात्परम् ॥ ३१ ॥ तस्यैवं युञ्जतश्चित्तं तपःस्वाध्यायसंयमैः ॥ अनुग्रहायाविरासीन्नरनारायणो हरिः ॥ ३२ ॥ तौ शुक्लकृष्णौ नवकञ्जलोचनौ चतुर्भुजौ रौरववल्कलाम्बरौ ॥ पवित्रपाणी उपवीतकं त्रिवृत् कमण्डलुं दण्डमृजुं च वैणवम् ॥ ३३ ॥ पद्माक्षमालामुत जन्तुमार्जनं वेदं च साक्षात्तव एव रूपिणौ ॥ तपत्तडिद्वर्णपिशङ्गरोचिषा प्रांशू दधानौ विबुधर्षभार्चितौ ॥ ३४ ॥ ते वै भगवतो रूपे नरनारायणावृषी ॥ दृष्ट्वोत्थायादरेणोच्चैर्ननामाङ्गेन दण्डवत् ॥ ३५ ॥ स तत्सन्दर्शनानन्दनिर्वृतात्मेन्द्रियाशयः ॥ हृष्टरोमाश्रुपूर्णाक्षो न सेहे तावुदीक्षितुम् ॥ ३६ ॥ उत्थाय प्राञ्जलिः प्रह्व औत्सुक्यादाश्लिषन्निव ॥ नमो नम इतीशानौ बभाषे गद्गदाक्षरः ॥ ३७ ॥ तयोरासनमादाय पादयोरवनिज्य च ॥ अर्हणेनानुलेपेन धूपमाल्यैरपूजयत् ॥ ३८ ॥ सुखमासनमासीनौ प्रसादाभिमुखौ मुनी ॥ पुनरानम्य पादाभ्यां गरिष्ठाविदमब्रवीत् ॥ ३९ ॥ मार्कण्डेय उवाच ॥ किं वर्णये तव विभो यदुदीरितोऽसुः संस्पन्दते तमनु वाङ्मनइन्द्रियाणि ॥

जीवादिलाई सामुन्नेबाट हटाउनका लागि वस्त्रको कुचो र स्वाध्यायको लागि वेद लिएका थिए । ती झल्कने बिजुली समान पिशङ्ग वर्णको कान्तिले युक्त हुनाले तप-मूर्ति नै ज्ञात भइरहेथे र निकै अग्ला थिए ॥३३॥३४॥ हे मुनि हो ! भगवान्का स्वरूपभूत ती दुवै नर-नारायण नामका ऋषिलाई देखेर मार्कण्डेय निकै उत्साहले उठेर दण्डवत् गरे ॥ ३५ ॥ ती प्रभुको दिव्यदर्शन जनित आनन्दले उनको शरीर इन्द्रिय र मन निकै शान्तिमग्न भयो । उनको शरीर रोमाञ्चित भएर आयो र नेत्रमा जल भरिनाले ती दुवैतिर हेर्न समर्थ भएनन् ॥३६॥ अनि उनको आलिङ्गन नै गर्छन् कि झैं—यसरी अति उत्कण्ठाले उठेर अतिशय विनयपूर्वक हात जोरेर ती परमेश्वरसित अत्यन्त गद्गद् वाणीमा बारम्बार 'नमस्कार छ, नमस्कार छ ।' भन्न लागे ॥३७॥ अनि आसन दिएर उनका पाउ पखाले अनि विविध प्रकारका अर्घ्य, अनुलेपन, पुष्प-माला आदिले उनको विधिवत् पूजा गरे ॥३८॥ अनि सुखासनमा बसेका ती प्रसादप्रणव तथा पूज्यतम मुनीश्वरका चरणमा फेरि प्रणाम गरेर भन्नलागे ॥ ३९ ॥ मार्कण्डेयजीले भने—हे प्रभो ! हजुरका

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभावको के वर्णन गरुँ ? अहो ! हजुरको प्रेरणाले नै त देहधारीहरूको प्राण चेष्टा गर्दछन् । जसले गर्दा, मन र इन्द्रियका चेष्टाहरू हुन्छन् । ब्रह्मा तथा शिवका प्राणादिकको प्रवृत्ति पनि हजुरकै अधीन रहन्छ । हजुर आफ्नु भजन गर्ने भक्तका आत्माको बन्धु हुनुहुन्छ ॥ ४० ॥ हे प्रभो ! जसरी हजुरले मत्स्य-कूर्मादि विविध अवतार केवल विश्वको रक्षाका लागि नै लिनु भएको थियो, त्यस्तै हजुरका यी दुवै मूर्ति त्रिलोकको कल्याणार्थ तथा उसको कष्ट निवारण र मृत्युलाई जित्नको निम्ति नै हो । सम्पूर्ण विश्वलाईले आफै वेरचेर माकुरो झैं आफूमै लीन गरिलिने गर्नुहुन्छ ॥ ४१ ॥ जसलाई पाउन वेद-मर्मज्ञ मुनिजन सधैं स्तुति, पूजन, वन्दना र ध्यान स्तुति गर्दै रहन्छन्, जसका आश्रित पुरुपहरूलाई कर्म, गुण र कालजनित क्लेश छुन पनि सक्तैनन्, ती अखिल चराचरका नियमन र पालन गर्ने हजुरका चरण-कमलमा म सादर प्रणाम गर्दछु ॥ ४२ ॥ हे ईश ! दुइ परार्द्धपर्यन्त स्थिति हुने ब्रह्मा पनि हजुर द्वारा प्रेरित कराल कालसित डराउँछन् भने उनीद्वारा रचित अन्य भौतिक प्राणीहरूको विपयमा के कुरा गर्ने ? अतः सबैतिरबाट भयभीत भएका

स्पन्दन्ति वै तनुभृतामजशर्वयोश्च स्वस्याप्यथापि भजतामसि भावबन्धुः ॥ ४० ॥ मूर्ती इमे भगवतो भगवंस्त्रिलोक्याः क्षेमाय तापविरमाय च मृत्युजित्यै ॥ नाना बिभर्ष्यवितुमन्यतेनूर्यथेदं सृष्ट्वा पुनर्ग्रससि सर्वमिवोर्णनाभिः ॥ ४१ ॥ तस्यावितुः स्थिरचरेशितुरंघ्रिमूलं यत्स्थं न कर्मगुणकालरुजः स्पृशन्ति ॥ यद्वै स्तुवन्ति निनमन्ति यजन्त्यभीक्ष्णं ध्यायन्ति वेदहृदया मुनयस्तदाप्त्यै ॥ ४२ ॥ नान्यं तवाङ्घ्र्युपनयादपवर्गमूर्तेः क्षेमं जनस्य परितो भिय ईश विद्मः ॥ ब्रह्मा बिभेत्यलमतो द्विपरार्धधिष्ण्यः कालस्य ते किमुत तत्कृतभौतिकानाम् ॥ ४३ ॥ तद्वै भजाम्यृतधियस्तव पादमूलं हित्वेदमात्मच्छदि चात्मगुरोः परस्य ॥ देहाद्यपार्थमसदन्त्यमभिज्ञमात्रं विन्देत ते तर्हि सर्वमनीषितार्थम् ॥ ४४ ॥ सत्त्वं रजस्तम इतीश तवात्मबन्धो मायामयाः स्थितिलयोदयहेतवोऽस्य ॥ लीला धृता यदपि सत्त्वमयी प्रशान्त्यै नान्ये नृणां व्यसनमोहभियश्च याभ्याम् ॥ ४५ ॥ तस्मात्तवेह भगवन्नथ तावकानां शुक्लां तनुं स्वदयितां कुशला भजन्ति ॥ यत्सात्वताः पुरुषरूपमुशन्ति सत्त्वं लोको यतोऽभयमुतात्मसुखं न चान्यत् ॥ ४६ ॥ तस्मै नमो भगवते पुरुषाय भूम्ने विश्वाय विश्वगुरवे परदैवताय ॥ नारायणाय ऋषये च नरोत्तमाय हंसाय संयतगिरे निगमेश्वराय ॥४७॥

जीवका लागि मोक्षस्वरूप हजुरका चरण-शरणमा गएपछि उत्तम र कल्याणकारी स्थान प्राप्त हुँदैन ॥ ४३ ॥ अतः आत्मस्वरूपलाई आच्छादित पार्ने देहादि निष्फल, असत्य, नाशवान् र प्रतीतिमात्र पदार्थलाई छाडेर म आफ्ना गुरु सत्य-ज्ञानस्वरूप हजुर परमेश्वरको चरण मूलको नै भजन गर्दछु । यदि कोही व्यक्ति हजुरको भजन गर्दछ भने त्यो इच्छित पदार्थ पनि हजुरबाट नै पाउँछ ॥४४॥ हे ईश ! हे आत्मबन्धो ! यद्यपि सत्व, रज, तम—यी तीन गुण हजुरकै मूर्ति हुन् र यिनै द्वारा हजुर जगत्को उत्पत्ति, स्थिति र लयको कारण स्वरूपा मायामयी लीलाहरू गर्नुहुन्छ । तापनि मनुष्य मात्रलाई शान्ति दिने हजुरको सत्वमयी मूर्ति नै हो—जसले दुःख, शोक, मोह र भय प्राप्त हुन्छन् । ती अन्य मूर्ति उनलाई कदापि शान्ति दिंदैनन् ॥४५॥ हे भगवन् ! बाठा व्यक्ति हजुरको नारायण नामको शुद्ध मूर्तिको र हजुरका भक्तलाई परम प्रिय नर नामक शुद्ध मूर्तिको नै भजन गर्दछन्, किनकि सबै भक्तलाई जसबाट वैकुण्ठादि लोक पाएर अभय तथा आत्मानन्दको उपलब्धि हुन्छ, त्यो सत्वमय स्वरूप नै पाउन खोज्दछु—अरु रजोगुण र तमोगुणमय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्तुको इच्छा छैन ॥ ४६ ॥ अतः जो सर्वान्तरयामी, सर्वव्यापक, सर्वस्वरूप, जगद्गुरु, परमदेव, शुद्धस्वरूप, वाणीका नियामक र वेदमार्गका प्रवर्तक छन्, ती भगवान् नारायण र नरश्रेष्ठ नर ऋषिलाई मेरो नमस्कार छ ॥ ४७ ॥ हजुरकी मायाले मोहित बुद्धि* पुरुष आफ्ना इन्द्रिय, प्राण, हृदय र दृष्टिगोचर हुने पदार्थमा विद्यमान रहेर पनि जसलाई कपट पूर्ण इन्द्रियले विक्षिप्तचित्त हुनाले देख्न पाउन्न, उही हजुरलाई त्यो पुरुष हजुर अखिलगुरु परमेश्वर द्वारा प्रवर्तित वेदको ज्ञान पाएर जान्नसक्तछ ॥ ४८ ॥ जसका स्वरूपको रहस्य प्रकट गर्ने ज्ञान वेदमा कहिएको छ । जसको स्वरूपलाई जान्नको निम्ति प्रयत्नशील ब्रह्मा र शिव आदि मनीषीगण पनि मोहित हुन्छन्, सबै मतको अनुकूल रूप तथा स्वभाव युक्त तथा देहादिमा लुकेको विशुद्ध विज्ञानस्वरूप ती महापुरुषको म वन्दना गर्दछु ॥४९॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकामष्टमोऽध्याय, ॥८॥ (मार्कण्डेयले

यांवै न वेद वितथाक्षपथैर्भ्रमद्धीः सन्तं स्वखेष्वसुषु हृद्यपि दृक्पथेषु ॥ तन्माययावृतमतिः स उ एव साक्षादाद्यस्तवाखिलगुरोरुपसाद्य वेदम् ॥ ४८ ॥ यद्दर्शनं निगम आत्मरहःप्रकाशं मुह्यन्ति यत्र कवयोऽजपरा यतन्तः ॥ तं सर्ववादविषयप्रतिरूपशीलं वन्दे महापुरुषमात्मनि गूढबोधम् ॥ ४९ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धेऽष्टमोऽध्यायः ॥ ८ ॥ सूत उवाच ॥ संस्तुतो भगवानित्थं मार्कण्डेयेन धीमता ॥ नारायणो नरसखः प्रीत आह भृगूद्वहम् ॥ १ ॥ श्रीभगवानुवाच ॥ भो भो ब्रह्मर्षिवर्यासि सिद्ध आत्मसमाधिना ॥ मयि भक्त्यानपायिन्या तपः स्वाध्यायसंयमैः ॥२॥ वयं ते परितुष्टाः स्म त्वद्बृहद्व्रतचर्यया ॥ वरं प्रतीच्छ भद्रं ते वरदेशादभीप्सितम् ॥ ३ ॥ ऋषिरुवाच ॥ जितं ते देवदेवेश प्रपन्नार्तिहराच्युत ॥ वरेणैतावतालं नो यद्भवान्समदृश्यत ॥ ४ ॥ गृहीत्वाजादयो यस्य श्रीमत्पादाब्जदर्शनम् ॥ मनसा योगपक्वेन स भवान्मेऽक्षगोचरः ॥ ५ ॥

भगवान्को माया देख्नु) सुतजी भन्दछन्—हे मुनि हो ! बुद्धिमान् मार्कण्डेय द्वारा यसरी स्तूयमान नरका सखा नारायण प्रसन्न भएर ती भृगुनन्दनसित भन्दछन् ॥ १ ॥ भगवान्ले मार्कण्डेयसित भन्नुभयो—हे ब्रह्मर्ष ! तिमी चित्तको समाधि, ममा हुने अविनाशी भक्ति, तप, स्वाध्याय र संयम नियमद्वारा सिद्धि प्राप्त गरिसकेका छौ ॥ २ ॥ तिम्रो ठूलो ब्रह्मचर्यले म तिमीमाथि प्रसन्न छु । तिम्रो कल्याण होस् । म वरदायकको पनि ईश्वरसित जे इच्छा छ, माग ॥३॥ मार्कण्डेय ऋषिले भने—हे देवदेवेश्वर ! हे शरणागतका कष्ट निवारण गर्ने अच्युत ! हजुरले मलाई जुन वर दिने आज्ञाभयो, त्यो हजुरको महत्ता हो । तर हजुरले स्वयं दर्शन दिएपछि मलाई अरु कुनै वरदानको अब केही पनि आवश्यकता छैन ॥ ४ ॥ ब्रह्मादिक

* उदाहरण (मायाले मोहित)—यौटा बूढोलाई त्यसको नातीले बुनै कुरामा दुइ-तीन लात्ति हानिदियो र गर्दन समाएर घरबाट निकालिदियो । त्यो बूढो आफ्नू ढोकामा बसेर रोइरहेको थियो र नातीलाई गाली पनि गरिरहेको थियो । त्यतिमै यौटा महात्मा त्यताबाट आएर बूढोसित भने-'बाबा ! किन रोइरहेका छौ, तिमीलाई के दुःख छ ।' बूढोले भन्यो—'मेरो छोरा-नाती सबै नालायक छन्, घरमा भएको खोसेर अब मलाई खान पनि दिन्नन्, केही भन्यो भने कुट्न थाल्दछन् । यही कष्टले रोइरहेको छु र छोरा नातीलाई गाली पनि गर्दैछु ।' महात्माले भने—'बाबा ! छोरा-नाती त सुखका मित्र हुन् । जबसम्म तिमीले उनलाई सुख दियौ तिनले तिमीहित स्नेह देखाए, अब तिमी उनलाई सुख दिने लायक रहेनौ, त्यसैले तिम्रो अनादर गर्नलागे । यी सबै स्वार्थले नै प्रीति देखाउँछन् । यी सबैलाई छाडेर मसित हिंड र भगवानको भजन गर ! त्यति सुन्नासाथ बुढो रिसाएर भन्न थाल्यो-'तपाईलाई पञ्चा (चौधरी) कसले बनायो ? मेरो घर र सम्बन्धीहरू छाड्ने उपदेश दिंदै छौ ! त्यो मेरो नाती हो, म उसको हजुरबा हुँ, बीचमा तिमी उपदेश दिने को हो ? मेरो नाती बाँचिरहोस् त्यसले जति कुटे पनि म खपिरहन्छु । बालकले मार्छन् भनेर कोही आफ्नू घर त्याग्नसक्दछ । तिमी नाताको निम्ति हरि-भजन छ, मेरो त ईश्वरले दिएको सबै बच्चु छ ।' महात्माले भने—'अहो ! हेर यो मोह महिमा । यति बर्ता दुर्दशा हुँदा पनि मूर्खको मनमा वैराग्य आउँदैन ।'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवता पनि आफ्नू योगपक्व मनले जसका चरण-कमलको दर्शन गरेर कृतकृत्य भइसकेका छन्, उनै हजुर सांक्षात् ईश्वर मेरा नेत्रको साम्नु उपस्थित भए ! ॥ ५ ॥ तैपनि पवित्र कीर्ति हुनेहरूका शिरोमणि हे कमलदलनिभलोचन ! म हजुरकी ती माया हेर्दछु, जसले मोहित भएर लोकपालसमेत सारा संसार सत्य वस्तु अर्थात् ब्रह्ममा स्पष्ट भेद देख्दछ ॥ ६ ॥ सूतजी भन्दछन्–हे मुने ! मार्कण्डेयजी द्वारा यसरी स्तुति र पूजित भएर भगवान् 'तथास्तु' भनी मुसुक्क हाँसेर बदरिकाश्रम जानुभयो ॥ ७ ॥ ऋषि श्रेष्ठ मार्कण्डेय आफ्नू आश्रममै बस्तथे र भगवानूको चिन्तन गर्दै सूर्य, चन्द्रमा, जल, पृथ्वी, वायु आकाश तथा चित्तमा सर्वत्र उनै प्रभुको ध्यान गर्दागर्दै भावनामय पदार्थहरूमा उनको मानसिक पूजा गर्नलागे । कहिले काहीं ती प्रेमरसको प्रवाहमा बुडेर भगवानूको पूजा पनि विर्सन्थे ॥ ८ ॥ ९ ॥ हे भृगुश्रेष्ठ ! एक दिन ती साँझमा पुष्पभद्रा नदीको तटमा उपासना गर्न बसे । हे ब्रह्मन् ! त्यसै बेला ठूलो आँधी चल्नलाग्यो ॥ १० ॥ त्यो प्रचण्ड ध्वनियुक्त वायुसाथै डरलाग्दो मेघ आकाशमा देखियो र बिजुलीको चम्काइका साथै खूब गर्जेर कुनै रथको

अथाप्यम्बुजपत्राक्ष पुण्यश्लोकशिखामणे ॥ द्रक्ष्ये मायां यया लोकः सपालो वेद सद्भिदाम् ॥ ६ ॥ सूत उवाच ॥ इतीडितोऽर्चितः काममृषिणा भगवान्मुने ॥ तथेति स स्मयन्प्रागाद्बदर्याश्रममीश्वरः ॥ ७ ॥ तमेव चिन्तयन्नर्थमृषिः स्वाश्रम एव सः ॥ वसन्नग्न्यर्कसोमाम्बुभूवायुवियदात्मसु ॥ ८ ॥ ध्यायन्सर्वत्र च हरिं भावद्रव्यैरपूजयत् ॥ क्वचित्पूजां विसस्मार प्रेमप्रसरसम्प्लुतः ॥ ९ ॥ तस्यैकदा भृगुश्रेष्ठ पुष्पभद्रातटे मुनेः ॥ उपासीनस्य सन्ध्यायां ब्रह्मवायुरभून्महान् ॥१०॥ तं चण्डशब्दं समुदीरयन्तं बलाहका अन्वभवन्करालाः ॥ अक्षस्थविष्ठा मुमुचुस्तडिद्भिः स्वनन्त उच्चैरभिवर्षधाराः ॥ ११ ॥ ततो व्यदृश्यन्त चतुःसमुद्राः समन्ततः क्ष्मातलमाग्रसन्तः ॥ समीरवेगोर्मिभिरुग्रनक्रमहाभयावर्तगभीरघोषाः ॥ १२ ॥ अन्तर्बहिश्चाद्भिरतिद्युभिः खरैः शतह्रदाभीरुपतापितं जगत् ॥ चतुर्विधं वीक्ष्य सहात्मना मुनिर्जलाप्लुतां क्ष्मां विमनाः समत्रसत् ॥ १३ ॥ तस्यैवमुद्वीक्षत ऊर्मिभीषणः प्रभञ्जनाघूर्णितवार्महार्णवः ॥ आपूर्यमाणो वरषद्भिरम्बुदैः क्ष्मामप्यधाद्द्वीपवर्षाद्रिभिः समम् ॥ १४ ॥ सक्ष्मान्तरिक्षं सदिवं सभागणं त्रैलोक्यमासीत्सह दिग्भिराप्लुतम् ॥ स एक एवोर्वरितो महामुनिर्बभ्राम विक्षिप्य जटा जडान्धवत् ॥१५॥ क्षुत्तृट्परीतो मकरै-

अक्ष (धुरा) जस्तै मोटो-मोटो धाराले पानी पर्नलाग्यो ॥ ११ ॥ फेरि उग्र वेग र डरलाग्दो भुमरी तथा गम्भीर निनाद हुने चारै समुद्रहरू वायुको वेगले उठ्ने तरङ्गहरूले चारैतिरकी पृथ्वीलाई ग्रस्त परेको देखिन लाग्यो ॥ १२ ॥ अनि बाहिर-भित्रबाट स्वर्गलाई पनि डुबाउने जलले प्रचण्ड पवन र विजुलीले आफूले आफू समेत चारै थरिका जीवले युक्त जगत् व्याकुल र पृथ्वी जलमा डुब्न लागेकी देखेर मार्कण्डेय खिन्न तथा भयभीत भए ॥ १३ ॥ उनले हेर्दा हेर्दै अग्ला तरंगले भयानक र आँधीले उर्लने भएको प्रलयकालीन महासमुद्रले गर्जन—मेघ द्वारा अझ बर्ता उर्लेर द्वीप, वर्ष, पर्वत सहित सबै भूमण्डललाई चारैतिरबाट ढाक्दैगयो ॥ १४ ॥ यसरी एक क्षणमै पृथिवी, अन्तरिक्ष, स्वर्ग, ग्रहगण, र दिशाहरू सहित तीनै लोक जलमा डुब्यो । केवल एक्लै महामुनि मार्कण्डेय मात्र शेष रहे । तब ती आफ्ना जटा फिंजाएर जड र अन्धो झैं यता-उता भौंतारिन लागे ॥ १५ ॥ मुनिराज मार्कण्डेय भोक-प्यासले व्याकुल तथा मकर र तिमिङ्गिलहरूले पीडित एवं तरङ्ग आँधीका थपेडाले व्याकुल भई घोर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्धकारमा पछारिए । अनि दिशा-विदिशाहरूमा हिंड्दा-हिंड्दा थाकेर उनलाई पृथ्वी र आकाशको पनि ज्ञान रहेन ॥ १६ ॥ त्यस वेला ती कहिले भुमरीमा पर्दथे, कहिले उफ्रने तरङ्गद्वारा प्रताडित हुँदै र कहिले परस्पर घात-प्रतिघात गर्ने जल जन्तुको थपेडामा पर्दथे ॥ १७ ॥ ती कहिले शोक, कहिले मोह, कहिले दुःख, कहिले सुख, कहिले डर तथा कहिले मृत्युको मुखमा पर्दथे र कहिले विविध व्याधिले पीडित हुन्थे ॥ १८ ॥ यसरी भगवान्‌को मायाले मोहित भएर त्यो प्रलयकालीन समुद्रमा भौंतारिदै सयकडौं, हजारौं र लाखौं वर्षको समय बित्यो ॥१९॥ एक दिन ती विप्रले त्यो प्रलयसमुद्रमा घुम्दै जाँदा पृथ्वीको यौटा थुम्कोमा फल र नवीन पातले शोभित यौटा सानो वटवृक्ष देखे ॥२०॥ त्यस वृक्षको उत्तर-पूर्वको हाँगामा यौटा दूनामा यौटा बालकलाई देखे, जो आफ्नू कान्तिले सारा अन्धकार ग्रसे झैं थियो ॥२१॥ ती बालक महामरकतमणिको समान श्यामवर्णको थियो, उनको मुख अत्यन्त राम्रो थियो, उनको घाँटी शङ्ख झैं थियो, उनको वक्षस्थल विशाल थियो, नाक अति मनोहर थियो र आँखीभौं सरि राम्रा थिए

स्तिमिङ्गिलैरुपद्रुतो वीचिनभस्वता हतः ॥ नभस्यपारे पतितो भ्रमन्दिशो न वेद खं गां च परिश्रमेषितः ॥ १६ ॥ क्वचिद्‌गतो महावर्ते तरलैस्ताडितः क्वचित् ॥ यादोभिर्भक्ष्यते क्वापि स्वयमन्योन्यघातिभिः ॥ १७ ॥ क्वचिच्छोकं क्वचिन्मोहं क्वचिद्‌दुःखं सुखं भयम् ॥ क्वचिन्मृत्युमवाप्नोति व्याध्यादिभिरुतार्दितः ॥ १८ ॥ अयुतायुतवर्षाणां सहस्राणि शतानि च ॥ व्यतीयुर्भ्रमतस्तस्मिन्विष्णुमायावृतात्मनः ॥ १६ ॥ स कदाचिद्‌भ्रमंस्तस्मिन्पृथिव्याः ककुदि द्विजः ॥ न्यग्रोधपोतं ददृशे फलपल्लवशोभितम् ॥ २० ॥ प्रागुत्तरस्यां शाखायां तस्यापि ददृशे शिशून् ॥ शयानं पर्णपुटके ग्रसन्तं प्रभया तमः ॥ २१ ॥ महामरकतश्यामं श्रीमद्वनपङ्कजम् ॥ कम्बुग्रीवं महोरस्कं सुनासं सुन्दरभ्रुवम् ॥ २२ ॥ श्वासैजदलदकाभातं कम्बुश्रीकर्णदाडिमम् ॥ विद्रुमाधरभासेषच्छोणायितसुधास्मितम् ॥ २३ ॥ पद्मगर्भारुणापाङ्गं हृद्यहासावलोकनम् ॥ श्वासैजद्‌वलिसंविग्ननिम्ननाभिदलोदरम् ॥ २४ ॥ चार्वङ्गुलिभ्यां पाणिभ्यामुन्नीय चरणाम्बुजम् ॥ मुखे निधाय विप्रेन्द्रो धयन्तं वीक्ष्य विस्मितः ॥ २५ ॥ तद्दर्शनाद्वीतपरिश्रमो मुदा प्रोत्फुल्लहृत्पद्मविलोचनाम्बुजः ॥ प्रहृष्टरोमाद्भुतभावशङ्कितः द्रष्टुं पुरस्तं प्रससार बालकम् ॥ २६ ॥ तावच्छिशोर्वै श्वसितेन भार्गवः सोऽन्तःशरीरं मशको यथाविशत् ॥ तत्राप्यदो न्यस्तमचष्ट कृत्स्नशो यथा पुरा मुह्यदतीव विस्मितः ॥ २७ ॥ खं रोदसी भगणानद्रिसागरान्द्वीपान्सव-

॥२२॥ सास फेर्दा हल्लने उनको अलकावलि सारै सुशोभित भइरहेको थियो, बाहिरबाट शङ्ख झैं र भित्रबाट बलयाकार उनका दुवै कानमा दाडिम अर्थात् अनारको, पुष्प झैं सुशोभित थिए । उनको सुधा झैं हाँसो विद्रुममय अधरका आभा पाएर केही राता-राता भइरहेथे ॥ २३ ॥ उनका नेत्र कमलको भित्री भाग झैं राता थिए । उनको हेराई हास्ययुक्त थियो । गम्भीर नाभिले युक्त र पीपलको पात झैं उनको पेठ श्वासले हल्लिने क्रिया द्वारा चञ्चल भइरहेका थिए ॥ २४ ॥ आफ्ना पाउका राम्रा औंलाहरू हुने हातले माथितिर उचाली मुखमा राखेर चुसिरहेका ती बालकलाई देखेर मार्कण्डेय निकै विस्मित भए ॥ २५ ॥ ती बालकलाई देख्नासाथ उनका सारा कष्ट नष्ट भए । उनको हृदय तथा नेत्र आनन्दले प्रफुल्लित भए । उनको शरीर रोमाञ्च भयो । उनको विचित्र भावले शङ्कित भएर जसै उचित कुरा गर्न उनको समक्ष गए, तसै ती बालकको श्वासले लामखुट्टे

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झैं तिनको पेटमा गए । त्यहाँ गएर उनले सारा संसार उसै गरी देखे जसरी प्रलय भन्दा अगाडि देखेका थिए । त्यसले ती विस्मित हुनका साथै मोहित पनि भए ॥ २६ ॥ ॥२७॥ आकाश, स्वर्ग, पृथ्वी, ग्रह, पर्वत, द्वीप, वर्ष, दिशाहरू, देवता, असुर, वन, देश, नदी, आकार अर्थात् खानी, खेत अर्थात् कृषकहरूका ग्राम, घोष, पशुशाला, आश्रम, वर्ण, र तिनका वृत्ति ॥२८॥ पञ्चमहाभूत, भौतिक पदार्थ, अनेक युग र कल्पका कल्पनासहित काल र अन्य–जुन व्यवहारका कारण हुन्छन्, ती सहित सारा उनले त्यहीं परमार्थ अर्थात् सत्य झैं आलोकित देखे ॥ २९ ॥ त्यसै गरी उनले त्यहाँ हिमालय पर्वत, पुष्पभद्रा नदी, आफ्नू आश्रम र त्यहाँ बस्ने सबै ऋषिगणलाई पनि देखे । यस प्रकार समस्त जगत्लाई देखेर ती बालकले श्वास छाडनासाथ ती बाहिर निस्किए र प्रलय-समुद्रमा पछारिए ॥३०॥ त्यो पृथ्वीको टुक्रामा विद्यमान त्यो वटवृक्ष र त्यसका पातको दुनामा सुतेका ती बालक पनि उनले देखे । अनि ती बालकद्वारा प्रेमामृत पूर्ण मुसकान सहित कटाक्ष-दृष्टि द्वारा देखेपछि आफ्ना नेत्रबाट हृदयमा बसेका ती बालकलाई देखेर ती अधोक्षज भगवान्को

र्षान्ककुभः सुरासुरान् ॥ वनानि देशान्सरितः पुराकरान् खेटान्व्रजानाश्रमवर्णवृत्तयः ॥ २८ ॥ महान्ति भूतान्यथ भौतिकान्यसौ कालं च नाना· युगकल्पकल्पनम् ॥ यत्किञ्चिदन्यद्व्यवहारकारणं ददर्श विश्वं सदिवावभासितम् ॥ २९ ॥ हिमालयं पुष्पवहां च तां नदीं निजाश्रमं तत्र ऋषीन· पश्यत् ॥ विश्वं विपश्यञ्श्वसिताच्छिशोर्वै बहिर्निरस्तो न्यपतल्लयाब्धौ ॥ ३० ॥ तस्मिन्पृथिव्याः ककुदि प्ररूढं वटं च तत्पर्णपुटे शयानम् ॥ तोकं च तत्प्रेमसुधास्मितेन निरीक्षतोऽपाङ्गनिरीक्षणेन ॥ ३१ ॥ अथ तं बालकं वीक्ष्य नेत्राभ्यां धिष्ठितं हृदि ॥ अभ्ययादतिसंक्लिष्टः परिष्वक्तु· मधोक्षजम् ॥ ३२ ॥ तावत्स भगवान्साक्षाद्योगाधीशो गुहाशयः ॥ अन्तर्दध ऋषेः सद्यो यथेहानीशनिर्मिता ॥ ३३ ॥ तमन्वथ वटो ब्रह्मन्सलिलं लोकसम्प्लवः ॥ तिरोधायि क्षणादस्य स्वाश्रमे पूर्ववत्स्थितः ॥ ३४ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धेमायादर्शनं नाम नवमोऽध्यायः ॥ ९ ॥ सूत उवाच ॥ स एवमनुभूयेदं नारायणविनिर्मितम् ॥ वैभवं योगमायायास्तमेव शरणं ययौ ॥ १ ॥ मार्कण्डेय उवाच ॥ प्रपन्नोऽस्म्यंघ्रि· मूलं ते प्रपन्नाभयदं हरे ॥ यन्माययापि विबुधा मुह्यन्ति ज्ञानकाशया ॥ २ ॥ सूत उवाच ॥ तमेवं निभृतात्मानं वृषेण दिवि पर्यटन् ॥ रुद्राण्या भगवान् रुद्रो ददर्श स्वगणैर्वृतः ॥ ३ ॥ अथोमा तमृषिं वीक्ष्य गिरीशं समभाषत ॥ पश्येमं भगवन्विप्रं निभृतात्मेन्द्रियाशयम् ॥ ४ ॥ निभृतोद·

आलिङ्गन गर्न कष्टसाथ अगाडिसरे ॥३१॥३२॥ त्यतिमै जसरी भाग्यहीनले गरेको सबै कल्पना व्यर्थ हुन्छन्, त्यस्तै ती सर्वान्तर्यामी साक्षात् भगवान् योगेश्वर ती ऋषिश्रेष्ठका अगाडिबाट अन्तर्धान भए ॥३३॥ हे ब्रह्मन् ! उनका साथै त्यो वटवृक्ष तथा लोकलाई डुबाउने जल पनि उसै वेला विलीन भयो र मार्कण्डेय फेरि पहिले जस्तै आफ्नू आश्रममा आएर बसे ॥३४॥ इति श्रीमद्भागवत महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायां नवमोऽध्यायः ॥ ९ ॥ (मार्कण्डेयलाई भगवान शङ्करले वरदान दिनु)— सूतजी भन्दछन्–हे मुने ! नारायण द्वारा रचित योगमायाको वैभव देखेर मार्कण्डेय उनैको शरण परे ॥ १ ॥ मार्कण्डेयले भने–हे हरे ! ठूला-ठूला ज्ञानी पनि ज्ञान झैं प्रकाशित हुने जसको मायाले मोहित हुने गर्दछन्, ती हजुरका शरणागतलाई अभयदायक चरण-कमलको म शरणमा छु ॥२॥ सूतजी भन्दछन्–यसरी एकाग्रचित भएका ती मुनिवरलाई पार्वती

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहित नन्दीमा चढेर आफ्ना गणलें घेरिई स्वर्गलोकमा डुलिरहेका शिवले देखे ।। ३ ।। ती मुनिराजलाई देखेर पार्वतीले शिवजीसित भनिन्–हे प्रभो ! वायु नभएपछि तथा मत्स्य-समूह शान्त भएपछि जसरी समुद्र शान्त हुन्छ, त्यस्तै जपको देह, इन्द्रिय र अन्तःकरण वशमा भएका छन्, यस्ता यी ब्राह्मणलाई हेर्नुहवस् र इनको तपको प्रत्यक्ष फल सिद्ध पारि दिनोस्, किनकि हजुर सबै सिद्धिका दाता हुनुहुन्छ । शिवजी भन्नुहुन्छ–थी ब्रह्मर्षि कहिल्यै योग वा मोक्ष खोज्दैनन्, किनकि यी अविनाशी पुरुषोत्तमको पराभक्ति पाइसकेका छन् ।। ४-६ ।। हे भवानी ! तैपनि म यी सज्जनसित केही कुरा गर्दछु, किनकि साधु-समागम पुरुषका निम्ति ठूलो लाभ मानिएको छ ।। ७ ।। सूतजी भन्दछन्–यसरी भनेर सबै विद्याका प्रवर्तक सबै जीवका प्रभु र साधु जनका एक मात्र आश्रय शङ्करजी उनको नजीकै आए ।।८।। तर आफ्नू अन्तःकरणका वृत्तिलाई रोकिराख्ने मार्कण्डेयलाई आफ्नू देह र संसारको केही ज्ञान रहेन ! अतः उनलाई जगत्का आत्मास्वरूप साक्षात् ईश्वर ती शिव पार्वती आएको पनि थाहा भएन ।।९।। सर्वसमर्थ शङ्कर भगवान यो रहस्य जानेर वायु जसरी प्वालमा

झषव्रातं वातापाये यथार्णवम् ।। कुर्वस्य तपसः साक्षात्संद्धिं सिद्धिदो भवान् ।। ५ ।। श्रीभगवानुवाच ।। नैवेच्छत्याशिषः क्वापि ब्रह्मर्षिर्मोक्षम-प्युत ।। भक्तिं परां भगवति लब्धवान्पुरुषेऽव्यये ।। ६ ।। अथापि संवदिष्यामो भवान्येतेन साधुना ।। अयं हि परमो लाभो नृणां साधुसमागमः ।। ७ ।। सूत उवाच ।। इत्युक्त्वा तमुपेयाय भगवान्स सतां गतिः ।। ईशानः सर्वविद्यानामीश्वरः सर्वदेहिनाम् ।। ८ ।। तयोरामगमनं साक्षादीशयो र्जगदात्मनोः ।। न वेद रुद्धधीवृत्तिरात्मानं विश्वमेव च ।। ९ ।। भगवांस्तदभिज्ञाय गिरिशो योगमायया ।। आविशत्तद्गुहाकाशं वायुश्छिद्रमिवेश्वरः ।।१०।। आत्मन्यपि शिवं प्राप्तं तडितिपिङ्गजटाधरम् ।। त्र्यक्षं दशभुजं प्रांशुमुद्यन्तमिव भास्करम् ।। ११ ।। व्याघ्रचर्माम्बरं शूलधनुरिष्वसिचर्मभिः ।। अक्षमालाडमरुककपालासिधनुः सह ।। १२ ।। बिभ्राणं सहसा भातं विचक्ष्य हृदि विस्मितः ।। किमिदं कुत एवेति समाधेर्विरतो मुनिः ।। १३ ।। नेत्रे उन्मील्य ददृशे सगणं सोमयागतम् ।। रुद्रं त्रिलोकैकगुरुं ननाम शिरसा मुनिः ।। १४ ।। तस्मै सपर्यां व्यदधात्सगणाय सहोमया ।। स्वागतासनपाद्यार्घ्यगन्धस्रग्धूपदीपकैः ।। १५ ।। आह चात्मानुभावेन पूर्णकामस्य ते विभो ।। करवाम किमीशान येनेदं निर्वृतं जगत् ।। १६ ।।

पस्तछ, त्यसै गरी योगमाया द्वारा उनको हृदयाकाशमा प्रविष्ट भए ।। १० ।। अनि बिजुली झैं पिङ्गल वर्ण-जटाधारी, तीन नेत्र र भुजा हुने उदीयमान सूर्य जस्तै तेजस्वी, अग्लो देह व्याघ्रचर्म धारी, त्रिशूल, धनुष बाण, खड्ग ढाल, अक्षमाला, डमरू, कपाल एवं परशुधारी शङ्करजीलाई आफ्नू अन्तःकरणमा सहसा प्रकट भएका देखेर मार्कण्डेयजी निकै छक्क परे र 'यो को हो ? यो कहाँबाट आयो ? यस्तो विचार गरी समाधिबाट उपरत भए ।।११-१३ ।। आँखा खोल्नासाथ त्रिलोकका एकमात्र गुरु शंकरजीलाई पार्वती र आफ्ना गणसमेत आएका देखे । अनि मार्कण्डेयले उनलाई शिर निहुराए नमस्कार गरे ।।१४।। अनि उनले स्वागत, आसन, पाद्य, अर्घ्य, गन्ध, माला, धूप तथा दीपादिद्वारा पार्वती र गणसहित शिवको पूजा गरे ।।१५।। अनि भन्नलागे—'हे विभो ! हे ईश ! जसद्वारा सम्पूर्ण जगत्लाई सुख मिल्दछ र जो आफ्नू प्रभावले सर्वथा पूर्णकाम छन्, यस्ता हजुरको म के प्रिय गर्न सक्छु ? ।। १६ ।। निर्गुण, शान्त, सबैका सुखदायक सत्त्वस्वरूप तथा रजोत्तमगुणले युक्त भएर पनि जो अघोर छन् ती हजुर, महादेवलाई म नमस्कार गर्दछु ।' सूतजी भन्दछन्—

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी मार्कण्डेयले स्तुति गरेपछि साधुजना एकमात्र आश्रय र आदिदेव शङ्कर प्रसन्न भएर हर्षित चित्तले मुसुमुसु हाँस्तै भन्नुहुन्छ ॥१७॥१८॥ शिवजीले भन्नु भयो—हे मुने ! जसको अमोघ दर्शन कहिल्यै व्यर्थ जाँदैन र जसद्वारा मनुष्यलाई अमरपद प्राप्त हुन्छ, यस्ता हामी तीनै (ब्रह्मा विष्णु र महादेव) सबै वरदातामा प्रधान छौं । अतः तिमी मसित इच्छितवर माग ॥१९॥ जो जो ब्राह्मण, साधुस्वभाव, शान्त, निःसंग, सबै जीवमा कृपालु, मेरा अनन्य भक्त, वैरहीन र समदर्शी हुन्छन् ॥२०॥ सबै लोक सहित लोकपाल उनको वन्दना, पूजा तथा उपासना गर्दछन् । तीमात्र होइन—म, भगवान् ब्रह्मा र विष्णु भगवान् पनि उनको भजन गर्दै रहन्छन् ॥ २१ ॥ किनकि ती मेरा, विष्णुमा र ब्रह्माजीमा तथा आफ्नूमा र साधारण जनसमुदायमा केही भेद देख्दैनन् । यसैले म हजुरहरूको भजन गर्दछु ॥ २२ ॥ जलमय तीर्थ नै तीर्थ हुन्नन् र केवल चेतनाशून्य देवता अर्थात् देवमूर्तिहरू नै देवता

नमः शिवाय शान्ताय सत्त्वाय प्रमृडाय च ॥ रजोजुषेऽप्यघोराय नमस्तुभ्यं तमोजुषे ॥ १७ ॥ सूत उवाच ॥ एवं स्तुतः स भगवानादिदेवः सतां गतिः ॥ परितुष्टः प्रसन्नात्मा प्रहसंस्तमभाषत ॥ १८ ॥ श्रीभगवानुवाच ॥ वरं वृणीष्व नः कामं वरदेशा वयं त्रयः ॥ अमोघं दर्शनं येषां मर्त्यो यद्विन्दतेऽमृतम् ॥१९॥ ब्राह्मणाः साधवः शान्ता निःसङ्गा भूतवत्सलाः ॥ एकान्तभक्ता अस्मासु निर्वैराः समदर्शिनः ॥ २० ॥ सलोका लोकपालास्तान्वन्दन्त्यर्चन्त्युपासते ॥ अहं च भगवान्ब्रह्मा स्वयं च हरिरीश्वरः ॥ २१ ॥ न ते मय्यच्युतेऽजे च भिदामण्वपि चक्षते ॥ नात्मनश्च जनस्यापि तद्युष्मान्वयमीमहि ॥ २२ ॥ ह्यम्मयानि तीर्थानि न देवाश्चेतनोज्झिताः ते पुनन्त्युरुकालेन यूयं दर्शनमात्रतः ॥ २३ ॥ ब्राह्मणेभ्यो नमस्यामो येऽस्मद्रूपं त्रयीमयम् ॥ बिभ्रत्यात्मसमाधानतपःस्वध्यायसंयमैः ॥ २४ ॥ श्रवणद्दर्शनाद्वापि महापकिनोऽपि वः शुध्येरन्नन्त्यजाश्चापि किमु सम्भाषणादिभिः ॥२५॥ सूत उवाच ॥ इति चन्द्रललामस्य धर्मगुह्योपबृंहितम् ॥ वचोऽमृतायनमृषिर्नातृप्यत्कर्णयोः पिबन् ॥ २६ ॥ स चिरं मायया विष्णोर्भ्रामितः कर्शितो भृशम् ॥ शिववागमृतध्वस्तक्लेशपुञ्जस्तमब्रवीत् ॥ १७ ॥ ऋषिरुवाच ॥ अहो ईश्वरलीलेयं दुर्विभाव्या शरीरिणाम् ॥ यन्नमन्तीशितव्यानि स्तुवन्ति जगदीश्वराः ॥ २८ ॥ धर्मं ग्राहयितुं प्रायः प्रवक्तारश्च देहिनाम् ॥ आचरन्त्यनुमोदन्ते क्रियमाणं

हुन्नन्, किनकि ती धेरै दिनसम्म आराधना गरेर प्राणीलाई पवित्र पार्दछन्, तर हजुर आफ्नू दर्शन मात्रले सबैलाई पवित्र पारिदिन्छन् ॥२३॥ जो चित्तको एकाग्रता तप, स्वाध्याय र संयमादिले हाम्रो वेदत्रयीमय शरीर धारण गर्दछन्, ती ब्राह्मणलाई हाम्रो नमस्कार छ ॥ २४ ॥ हजुर जस्ता साधुजनको नाम श्रवण र दर्शनले नै महापापी चाण्डाल पनि पवित्र हुन्छन् भने हजुरसित सम्भाषण गर्नेको विषयमा के कुरा गर्ने ? ॥ २५ ॥ सूतजी भन्दछन्—हे शौनक ! चन्द्रभूषण शंकरको धर्मले परिपूर्ण एवं अमृत जस्ता वचन श्रवण पुट द्वारा वारम्वार पिउँदा पनि मुनिवर मार्कण्डेयलाई सन्तोष भएन ॥ २६ ॥ ती धेरै दिनदेखि विष्णु भगवान्को मायाले भ्रान्तचित्त रहनाले वर्ता थाके झैं भएका थिए । अतः अब शङ्करजीका वचनामृतले क्लेशपुञ्ज क्षीण भएपछि ती बोले ॥ २७ ॥ मार्कण्डेयले भने—अहो ! ईश्वरको लीला पनि देहधारीहरूका लागि जानि-बुझ्नीनसक्नु हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैले हजुर जौं जगदीश्वर पनि शासन गर्ने योग्य म जस्ता जीवको स्तुति वन्दना गरिरहनु भएको छ । धर्मका उपदेष्टाहरू सबै धर्मको तत्त्व ग्रहण गर्नका लागि नै धर्मको आचरण र अनुमोदन गर्दछन्, आचरणमा आउने धर्मको प्रशंसा गर्दछन् ॥ २८॥२९ ॥ हे भगवन् ! आफ्नी मायामयी वृत्तिहरू स्वीकार गरेर नमस्कारादि गर्नाले हजुरको प्रभाव उसै गरी दूषित हुँदैन, जसरी मायावीको मायाले उसको प्रभावमा कुनै फरक पर्दैन ॥ ३० ॥ जो *स्वप्नदष्टा जस्तै सम्पूर्ण विश्वलाई आफ्नू मनले रचेर त्यसैमा अनुप्रविष्ट भई तथा ती गुणहरूले गरेका कार्यको स्वयं कर्ता समान ज्ञात हुन्छन्, ती त्रिगुणात्मक भएर पनि गुणका नियन्ता, केवल, अद्वितीय र ब्रह्मस्वरूप जगद्गुरु विष्णु भगवान्लाई नमस्कार छ ॥ ३१ ॥ ३२ ॥ हे भूमन् ! जसको केवल दर्शनले पुरुष सर्वानन्तमय र आप्तकाम बन्दछ, ती प्रियदर्शन हजुरसित म अरु के वरदान माग्नसक्छु र माग्ने पनि कसरी ? ॥ ३३ ॥

स्तुवन्ति च ॥ २९ ॥ नैतावता भगवतः स्वमायवृत्तिभिः ॥ न दुष्यैतानुभावस्तैर्मायिनः कुहकं यथा ॥ ३० ॥ सृष्ट्वेदं मनसा विश्वमात्मनानुप्रविश्य यः ॥ गुणैः कुर्वद्भिराभाति कर्तेव स्वप्नदृग्यथा ॥ ३१ ॥ तस्मै नमो भगवते त्रिगुणाय गुणात्मने ॥ केवलायाद्वितीयाय गुरवे ब्रह्ममूर्तये ॥ ३२ ॥ कं वृणे नु परं भूमन् वरं त्वद्वरदर्शनात् ॥ यद्दर्शनात्पूर्णकामः सत्यकामः पुमान् भवेत् ॥ ३३ ॥ वरमेकं वृणेऽथापि पूर्णात्कामाभिवर्षणात् ॥ भगवत्यच्युतां भक्तिं तत्परेषु तथा त्वयि ॥ ३४ ॥ सूत उवाच ॥ इत्यर्चितोऽभिष्टुतश्च मुनिना सूक्तया गिरा ॥ तमाह भगवाञ्छर्वः शर्वया चाभिनन्दितः ॥ ३५ ॥ कामो महर्षे सर्वोऽयं भक्तिमांस्त्वमधोक्षजे ॥ आकल्पान्ताद्यशः पुण्यमजरामरता तथा ॥ ३६ ॥ ज्ञानं त्रैकालिकं ब्रह्मन्विज्ञानं च विरक्तिमत् ॥ ब्रह्मवर्चस्विनो भूयात्पुराणाचार्यतास्तु ते ॥ ३७ ॥ सूत उवाच ॥ एवं वरान्स मुनये दत्त्वागात्त्र्यक्ष ईश्वरः ॥

तैपनि कामनाको वर्षा गर्ने पूर्ण प्रभुसित म यौटा यही वर माग्दछु—भगवान्मा, उनका भक्तमा र हजुरमा मेरो अविचल भक्ति सदासर्वदा बनिरहोस् ॥ ३४ ॥ सूतजी भन्दछन्—हे शौनक ! मार्कण्डेय द्वारा यसरी मधुर वाणीले पूजित र स्तूयमान भई भगवान शङ्करजीले पार्वतीको सम्मतिले भने—॥ ३५ ॥ हे महर्षे ! भगवान् अजोक्षजमा तिम्रो भक्ति छ, अतः तिम्रा सबै कामना पूर्ण हुनेछन् र कल्पान्तसम्मको निम्ति स्थिर यश, पुण्य र अजरामरता प्राप्त हुनेछ ॥ ३६ ॥ हे ब्रह्मन् ! तिमी ब्रह्मतेजले सम्पन्न होऊ, तिमीलाई भूत, भविष्य तथा वर्तमान तीनैं कालका वैराग्ययुक्त विज्ञान तथा पुराणको आचार्यत्व पनि प्राप्त हुनेछ ॥३७॥ सूतजी भन्दछन्—हे मुने ! यसरी मार्कण्डेयलाई वर दिई शंकरजी पार्वतीलाई उनका

---

* दृष्टान्त (संसार स्वप्नवत् छ) यौटा मानिस ढाक्रे थियो । उसकी स्वास्नी नित्य घुर्की लाउँथी—'केही काम गर्दैनौ भने गएर नोकरी खोज । यसरी बसिरहेर काम चल्न सक्तैन । एक दिन त्यो ढाक्रेको छोरो निकै बिरामी थियो, तर त्यो नोकरी खोज्न हिंड्यो । त्यतिमै उसको छोरो मऱ्यो । गाउँलेहरू त्यस व्यक्तिलाई खोज्नलागे तर उसको पत्ता लागेन । साँझ परेपछि जब पत्नीले भनी–'तिमी कस्ता कठोर मानिस छौ, मर्न आँटेको छोरो छाडेर घरबाट हिंड्यौ, तिमीलाई छोरो मरेको केही पनि शोक छैन ?' त्यो मानिसले उत्तर दियो–मैले एक दिन सपना देखें–मेरा सात भाई छोरा छन्, म उनैसित आनन्दले बसेको छु, तर जब म उठें तब ज्ञात भयो– त्यो त केवल सपना थियो । जब सात भाई पुत्रहरूसित छुट्टिन्दा मलाई शोक भएन भने यौटा छोरोको निम्ति के रोइरहनू ?'

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म तथा जे जति ज्ञान उनले अनुभव गरेका थिए, त्यो सबै सुनाउँदै त्यहाँबाट हिंडिदिए ।। ३८ ।। भृगुवंशमा श्रेष्ठ मार्कण्डेय महान् योग-सम्पत्ति पाएर आज पनि भगवानका अनन्य भावले अनुरक्त भएर डुलिरहन्छन् ।। ३९ ।। बुद्धिमान मार्कण्डेयले यस प्रकार जो भगवानको मायाको अतिशय अद्भुत वैभवको अनुभव गरेका थिए, त्यो सबै मैले सुनाएँ ।। ४० ।। हे मुनिराज ! यो भगवानको विचित्र माया थियो, तर यो रहस्य नजान्ने धेरै व्यक्ति भगवान् द्वारा कुनै समय मार्कण्डेयलाई देखाउनको निम्ति रचेको मायिक लीलालाई अनादि कालसम्म क्रमशः सातपल्ट भइसकेको प्रलय भन्दछन् ।। ४१ ।। हे भृगुश्रेष्ठ ! यसरी वर्णन गरेको भगवान्को प्रभावले प्रभावित यो चरित्र जो सुन्छ या सुनाउँछ, ती दुवै चारेलाई कर्मवासना द्वारा जन्म-मरणरूपी संसारचक्र प्राप्त हुँदैन ।।४२।। इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायां दशमोऽध्यायः ।।१०।। (भगवान्का अंग उपाङ्ग, आयुध तथा प्रत्येक महीनामा रहने सूर्यका गण)—यति सुनेर शौनक भन्दछन्—हे महाभाग सूतजी ! हजुर सबै शास्त्रका सिद्धान्तविषयक गूढ़तत्व जान्नु हुन्छ । अतः बहुज्ञहरूमा श्रेष्ठ

देव्यैः तत्कर्म कथयन्ननुभूतं पुरामुना ।। ३८ ।। सोऽप्यवाप्तमहायोगमहिमा भार्गवोत्तमः ।। विचरत्यधुनाप्यद्धा हरावेकान्ततां गतः ।। ३९ ।। अनु-
वर्णितमेतत्ते मार्कण्डेयस्य धीमतः ।। अनुभूतं भगवतो मायावैभवमद्भुतम् ।। ४० ।। एकत्केचिदविद्वांसो मायासंसृतिमात्मनः ।। अनाद्यावर्तितं
नृणां कदाचित्कं प्रचक्षते ।। ४१ ।। य एवमेतद्भृगुवर्य वर्णितं रथाङ्गपाणेरनुभावभावितम् ।। संश्रावयेत्संशृणुयादुतावुभौ तयोर्न कर्माशयसंसृतिर्भ-
वेत् ।। ४२ ।। इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे तशमोऽध्यायः ।। १० ।। शौनक उवाच ।। अथेममर्थं पृच्छामो भवन्तं बहुवित्तमम् ।।
समस्ततन्त्रराद्धान्ते भवान्भागवततत्त्ववित् ।। १ ।। तान्त्रिकाः परिचर्यायां केवलस्य श्रियः पतेः ।। अङ्गोपाङ्गायुधाकल्पं कल्पयन्ति यथा च यैः ।।२।।
तन्नो वर्णय भद्रं ते क्रियायोगं बुभुत्सताम् ।। येन क्रियानैपुणेन मर्त्यो यायादमर्त्यताम् ।। ३ ।। सूत उवाच ।। नमस्कृत्य गुरून्वक्ष्ये विभूतीर्वैष्ण-
वीरपि ।। याः प्रोक्ता वेदतन्त्राभ्यामाचार्यैः पद्मजादिभिः ।। ४ ।। मायाद्यैर्नवभिस्तत्त्वैः स विकारमयो विराट् ।। निर्मितो दृश्यते यत्र सचित्के
भुवनत्रयम् ।। ५ ।। एतद्वै पौरुषं रूपं भूः पादौ द्यौः शिरो नभः ।। नाभिः सूर्योऽक्षिणी नासे वायुः कर्णौ दिशः प्रभोः ।। ६ ।। प्रजापतिः प्रजन-
नमपानो मृत्युरीशितुः ।। तद्बाहवो लोकपाला मनश्चन्द्रो भ्रुवौ यमः ।। ७ ।। लज्जोत्तरोऽधरो लोभो दन्ता ज्योत्स्ना स्मयो भ्रमः ।। रोमाणि भूरुहा

हजुरसित म यो जान्न खोज्दैछु ।। १ ।। हे सूत ! हजुरको कल्याण होस् । पाञ्चरात्रतन्त्र शास्त्रका ज्ञानी जन केवल लक्ष्मीपतिको आराधना गर्नमा जुन-जुन तत्वले र जसरी-जसरी उनका चरणादि अङ्ग, गरुड आदि उपाङ्ग, सुदर्शनादि आयुध र कौस्तुभादि आभूषणहरूको कल्पना गर्दछन् । त्यो सबै हामी यसनिम्ति गर्दछन् कि क्रियायोगको कुशलता द्वारा मरण-धर्मा मनुष्य अमरपद पाउन सकून् ।। २।।३ ।। सूतजी भन्दछन्—हे मुने ! अब म आफ्ना गुरुदेवलाई नमस्कार गरेर जसको ब्रह्मादि आचार्यहरूले वेद र शास्त्रहरू द्वारा निरूपण गरेको छ, ती विष्णु भगवान्का विभूतिहरुको वर्णन गर्दैछु ।। ४ ।। भगवान्को जुन चेतनाधिष्ठित विश्वरूपमा यो सारा त्रिलोक देखिन्छ । सोह्र विकारहरूले संयुक्त ती विराट पुरुष प्रकृति आदि नौ तत्त्वहरूले बनेको छ ।। ५ ।। अतः यो सारा ब्रह्माण्ड ती विराट् पुरुषको स्वरुप हो । ती महाप्रभुको पृथिवी चरण, स्वर्ग शिर, आकाश नाभि, सूर्य नयन,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वायु नासिका, दिशाहरू कान हुन् ॥६॥ त्यस्तै ती ईश्वरका प्रजापति उपस्थ, मृत्यु गदा, सबै लोकपाल भुजाहरू, मन चन्द्रमा तथा यमराज आँखीभौं हुन् ॥ ७ ॥ ती प्रभुका माथिल्लो ओठ लज्जा, चन्द्रमाको ज्योत्स्ना दाँत, भ्रम हाँसो, सबै वृक्ष रोमावली र मेघ केशकलाप हुन् ॥८॥ हे शौनक ! जस्तै त्यो व्यष्टि पुरुष आफ्नू परिमाणले स ात कुरेतको हुन्छ, त्यस्तै त्यो महापुरुष पनि लोकस्थिति अनुसार आफ्नू नापले सात कुरेतकै छ ॥९॥ ती अजन्मा अनन्त महाप्रभु आफ्नी विशुद्ध आत्मज्योतिलाई कौस्तुभरूपले तथा उनको सर्वव्यापिनी प्रभा श्रीवत्सरूपले सर्वदा आफ्नू वक्षास्थलमा धारण गरिराख्दछन् ॥१०॥ उनले आफ्नी विविध गुणमयी माया वनमालाको रूपमा धारण गरेका छन् । छन्दोमय आच्छादनवस्त्र र त्रिवृत्स्वर अर्थात् ओंकाररूपी जनै लगाउँछन् ॥११॥ ती देवाधिदेव सांख्य र योगरूपी मकराकृति कुण्डछ एवं सबै लोकलाई अभय दिने ब्रह्मपदरूपी मुकुट धारण गरेका छन् ॥१२॥ अव्याकृत वा मूलप्रकृति नै उनको अनन्त शेषनागको शय्या छ, जसमा ती वस्तछन् । धर्म ज्ञानादि युक्त सत्वगुण नै ती भगवान्को पद्म कहिन्छ ॥१३॥ ती

भूम्नो मेघाः पुरुषमूर्धजाः ॥ ८ ॥ यावानयं वै पुरुषो यावत्या संस्थया मितः ॥ तावानसावपि महापुरुषो लोकसंस्थया ॥ ९ ॥ कौस्तुभव्यपदेशेन स्वात्मज्योतिर्बिभर्त्यजः ॥ तत्प्रभा व्यापिनी साक्षाच्छ्रीवत्समुरसा विभुः ॥ १० ॥ स्वमायां वनमालाख्यां नानागुणमयीं दधत् ॥ वासश्छन्दोमयं पीतं ब्रह्मसूत्रं त्रिवृत्स्वरम् ॥ ११ ॥ बिभर्ति सांख्यं योगं च देवो मकरकुण्डले ॥ मौलिं पदं पारमेष्ठ्यं सर्वलोकभयङ्करम् ॥ १२ ॥ अव्याकृतमनन्ताख्यमासनं यदधिष्ठितः ॥ धर्मज्ञानादिभिर्युक्तं सत्त्वं पद्ममिहोच्यते ॥ १३ ॥ ओजःसहोबलयुतं मुख्यतत्त्वं गदां दधत् ॥ अपांतत्त्वं दरवरं तेजस्तत्त्वं सुदर्शनम् ॥ १४ ॥ नभोनिभं नभस्तत्त्वमसिं चर्म तमोमयम् ॥ कालरूपं धनुः शार्ङ्गं तथा कर्ममयेषुधिम् ॥ १५ ॥ इन्द्रियाणि शरानाहुराकूतीरस्य स्यन्दनम् ॥ तन्मात्राण्यस्याभिव्यक्तिं मुद्रयार्थक्रियात्मताम् ॥ १६ ॥ मण्डलं देवयजनं दीक्षासंस्कार आत्मनः ॥ परिचर्या भगवत आत्मनो दुरितक्षयः ॥ १७ ॥ भगवान्भगशब्दार्थं लीलाकमलमुद्वहन् ॥ धर्मं यशश्च भगवांश्चामरव्यजनेऽभजत् ॥ १८ ॥ आतपत्रं तु वैकुण्ठं द्विजा धामाकुतोभयम् ॥ त्रिवृद्वेदः सुपर्णाख्यो यज्ञं वहति पूरुषम् ॥ १९ ॥ अनपायिनी भगवती श्रीः साक्षादात्मनो हरेः ॥ विष्वक्सेनस्तन्त्रमूर्तिर्विदितः पार्षदाधिपः ॥ नन्दादयोऽष्टौ द्वाःस्थाश्च तेऽणिमाद्या हरेर्गुणाः ॥२०॥ वासुदेवः सङ्कर्षणः प्रद्युम्नः पुरुषः स्वयम् ॥ अनिरुद्ध

मानसिक, ऐन्द्रियिक र शारीरिक शक्ति-युक्त प्राणतत्त्वरूपी गदा, जल तत्त्वरूपी शङ्ख, तेजस्तत्त्वरूपी सुदर्शन चक्र, आकाश झैं नीलवर्ण हुने आकाशतत्त्वरूपी खड्ग, अन्धकाररूपी चर्म अर्थात् ढाल, कालरूपी शार्ङ्ग धनुष एवं कर्मरूपी ठोक्रो धारण गरेका छन् ॥१४॥१५॥ त्यसै गरी इन्द्रियहरू उनका वाण, क्रियाशक्तियुक्त मन उनको रथ, तन्मात्राहरूलाई उनको रथको वाहिर देखिने भाग भन्दछन् । अभय आदि मुद्राहरू द्वारा उनको तदनुकूल क्रियाशीलताको वर्णन गर्ने गर्दछन् ॥१६॥ सूर्य अथवा अग्निमण्डललाई भगवान्को पूजनस्थान, चित्तको शुद्धिलाई मन्त्रदीक्षा र आफ्ना पापको नाश गर्नका लागि भगवान्को सेवा ठानोस् ॥१७॥ हे द्विज हो ! भगवान्ले 'भग' शब्दको अर्थलाई नै आफ्नू क्रीडा कमल बनाएका छन् । धर्म र यशको चमर र व्यजनरूपले तथा आफ्नू निर्भय धाम वैकुण्ठलाई उनले छत्ररूपले धारण गरिराखेका छन् । वेदत्रयरूपी गरुड़ ती यज्ञपुरुषलाई बोक्तछ ॥ १८ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥१९॥ चिद्रूपी परमात्मा श्रीहरिको अविचलित शक्ति नै भगवती लक्ष्मी हुन् । भगवान्‌का पार्षदहरूको नाइके सर्वत्र विख्यात विष्वक्सेन, पाञ्चरात्र आगमरूप हुन् र अणिमादि आठ द्वारपाल कहिन्छन् ॥२०॥ हे ब्रह्मन् ! वासुदेव, संकर्षण, प्रद्युम्न, र अनिरुद्ध–यी चार मूर्तिले भगवान् स्वयं स्थित रहन्छन् । अतः ती चारव्यूहका रूपमा उपासना गरिनेयोग्य कहिएका छन् ॥ २१ ॥ तिनै विश्व, तैजस, प्राज्ञ र तुरीय–यी चार वृत्तिहरूद्वारा क्रमशः अर्थ अर्थात् बाह्य विषय, इन्द्रिय, आशय तथा ज्ञानरूपले ध्यानगम्य गरिन्छन् ॥ २२ ॥ यस प्रकार अङ्ग, उपाङ्ग, आयुध र आभूषणले युक्त चतुर्व्यूहरूपी षडैश्वर्य सम्पन्न भगवान् श्रीहरि चार स्वरूप धारण गर्दछन् ॥ २३ ॥ हे द्विजवरः ! ती भगवान् वेदका उपत्तिस्थान, स्वयं-प्रकाशशील र आफ्नू महिमाले परिपूर्ण रहन्छन् । ती आफ्नी मायाले ब्रह्मा, विष्णु र शिव—यी नामहरू धारण गरेर यस संसारको रचना, पालन र संहार गर्दछन् । कहिल्यै पनि

इति ब्रह्मन्मूर्तिव्यूहोऽभिधीयते ॥ २१ ॥ स विश्वस्तैजसः प्राज्ञस्तुरीय इति वृत्तिभिः ॥ अर्थेन्द्रियाशयज्ञानैर्भगवान्परिभाव्यते ॥२२॥ अङ्गोपाङ्गायुधाकल्पैर्भगवांस्तच्चतुष्टयम् ॥ बिभर्ति स्म चतुर्मूर्तिर्भगवान्हरिरीश्वरः ॥ २३ ॥ द्विजऋषभ स एष ब्रह्मयोनिः स्वयंदृक् स्वमहिमपरिपूर्णो मायया च स्वयैतत् ॥ सृजति हरति पातीत्याख्ययानावृताक्षो विवृत इव निरुक्तस्तत्परैरात्मलभ्यः ॥ २४ ॥ श्रीकृष्ण कृष्णसख वृष्ण्यृषभावनिध्रुग्राजन्यवंशदहनानपवर्गवीर्य ॥ गोविन्द गोपवनिताव्रजभृत्यगीततीर्थश्रवः श्रवणमङ्गल पाहि भृत्यान् ॥ २५ ॥ य इदं कल्य उत्थाय महापुरुषलक्षणम् ॥ तच्चित्तः प्रयतो जप्त्वा ब्रह्म वेद गुहाशयम् ॥ २६ ॥ शौनक उवाच ॥ शुको यदाह भगवान्विष्णुराताय शृण्वते ॥ सौरो गणो मासि मासि नाना वसति सप्तकः ॥ २७ ॥ तेषां नामानि कर्माणि संयुक्तानामधीश्वरैः ॥ ब्रूहि नः श्रद्दधानानां व्यूहं सूर्यात्मनो हरेः ॥ २८ ॥ सूत उवाच ॥ अनाद्य-

उनको ज्ञान आवृत्त हुन सक्तैन । यस्तो भएर पनि शास्त्रहरूमा भिन्न झैं उनका वर्णन गरिएको छ, तर सत्य यो हो–आफ्ना भक्तलाई ती आत्मस्वरूपले नै प्राप्त हुन्छन् ॥२४॥ हे श्रीकृष्ण ! हे अर्जुनका सखा ! हे वृष्णिश्रेष्ठ ! हे पृथिवीका भारस्वरूप भूपालहरूको समस्त वंश भस्म पार्ने ! हे अक्षुण्ण-पराक्रमी ! हे गोविन्द ! हे गोपाङ्गनाका समूह तथा नारदादि भक्तगणद्वारा कीर्तित उज्ज्वल यश हुने गोपाल ! हे श्रवणमङ्गल ! हजुर हामी सेवकको *रक्षा गर्नोस् ॥२५॥ हे शौनक ! प्रातः उठेर जो व्यक्ति स्नानादिले पवित्र भई प्रभुमा चित्त लगाएर परमपुरुष परमात्माको यो स्वरूपको वर्णन तथा जप गर्दा, त्यो सहजे आफ्नू अन्तःकरणमा विराजमान परब्रह्मको ज्ञान प्राप्त गर्नेछ ॥ २६ ॥ यति सुनिसकेर शौनकजी भन्नलागे–हे सूतजी ! राजा परीक्षितलाई कथा सुनाउँदा र उनले सुन्दा श्रीशुकदेवले जुन पंचम स्कन्धमा प्रत्येक महिनामा बदलिने सूर्यनारायण, ऋषि, गन्धर्व, नाग, अप्सरा, यक्ष,

---

* दृष्टान्त (प्रभुले जोगाए) राँका कुम्हालेको भगवान्मा बलियो विश्वास थियो । एकपल्ट उसले काँचा भाँडा पकाउन भट्टी तयार पार्‍यो । राती बिरलाले त्यसैमा बच्चा जन्माई र बच्चा त्यहीं छाडेर हिंडी । राँकालाई त्यो कुरा थाहा थिएन । उसले भट्टीमा आगो लगाइदियो । भाँडा पाकेर भट्ठी सेलाएपछि बिराली आई र भट्ठीको चारैतिर घुम्दै रुन लागी । राँकाले विचार गर्‍यो—'बिरालीका बच्चा डढिसके होलान् ।' त्यो निकै पछितो गर्न थाल्यो । यदि उसको घरै डढेको भए पनि त्यति बर्ता पछितो नगर्दो हो । उसले भगवान्लाई स्मरण गर्‍यो र भन्यो–'हे भगवन् ! तिमी नै मेरा सर्वस्व हौ । मलाई यसबाट जोगाऊ ।'–यति भनेर ऊ भगवान्को ध्यान गरेर बसिरह्यो । भोलि पल्ट पाकेका भाँडा झिक्न लाग्दा उसले प्रत्यक्ष देख्यो—यौटा भाँडो काँचै रहेको छ र त्यसमा बिरालाका बच्चा म्याउँ-म्याउँ गरिरहेका थिए । त्यो देखेर त्यो गद्गद् भयो र त्यसै वेलादेखि भगवान्को अनन्य भक्त बन्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राक्षस तथा देवताका सात-सातका गण कहिएका थिए, अतः काराथ्ना स्वामी अर्थात् सूर्यसहित ती सबैका नाम र कर्म हामीलाई भन्नुहवस् किनकि हामीलाई सूर्यको स्वरूप तथा श्री हरिको व्यूहको वर्णन सुन्ने उत्कट अभिलाषा छ ।।२७।।२८ ।। अनि सूतजी भन्दछन्—सबै देहधारीहरूका आत्मा भगवान् विष्णुकी अनादि अविद्याद्वारा रचित लोकहरूको व्यवहारमा प्रवृत्त पार्ने सूर्य सबै लोकमा घुमिरहन्छन् ।।२९।। सबै लोकका आत्मा तथा आदिकर्ता एकमात्र श्रीहरि नै सूर्य हुन् । समस्त वैदिक क्रियाका मूल हुनाले ऋषिहरूले उनको नै गुण अनेक प्रकारबाट गान गरेका छन् ।। ३० ।। हे ब्रह्मन् ! ती प्रभुको उपाधिले गर्दा नै काल, देश, क्रिया अर्थात् यज्ञादिको अनुष्ठान कर्ता, कारण, स्रुगादि कर्म, योगादि वेदमन्त्र, द्रव्य र व्रीहि आदि फलरूपले नौ थरिका वर्णन गरिसकेका छन् ।।३१।। ती कालरूपधारी सूर्यनारायण लोकयात्राको प्रवृत्तिका निम्ति चैत्रादि बाह महीनामा आफ्ना भिन्न-भिन्न बाह गणसित घुम्दछन् ।। ३२ ।। हे शौनक ! धाता नामका सूर्य, कृतस्थली नामकी अप्सरा, हेति नामकराक्षस, वासुकि नामक सप,रथकृत् नामक यक्ष, पुलस्त्य ऋषि र तुम्बुरु नामका

विद्यया विष्णोरात्मनः सर्वदेहिनाम् ।। निर्मितो लोकतन्त्रोऽयं लोकेषु परिवर्तते ।। २९ ।। एक एव हि लोकानां सूर्य आत्मादिकृद्धरिः ।। सर्व वेदक्रियामूलमृषिभिर्बहुधोदितः ।। ३० ।। कालो देशः क्रिया कर्ता करणं कार्यमागमः ।। द्रव्यं फलमिति ब्रह्मन्नवधोक्तोऽजया हरिः ।। ३१ ।। मध्वादिषु द्वादशसु भगवान्कालरूपधृक् ।। लोकतन्त्राय चरति पृथग्द्वादशभिर्गणैः ।। ३२ ।। धाता कृतस्थली हेतिर्वासुकी रथकृन्मुने ।। पुलस्त्य स्तुम्बुरुरिति मधुमासं नयन्त्यमी ।।३३।। अर्यमा पुलहोथौजाः प्रहेतिः प्रहेतिः पुञ्जिकस्थली ।। नारदः कच्छनीरश्च नयन्त्येते स्म माधवम् ।। ३४ ।। मित्रोऽत्रिः पौरुषेयोऽथ तक्षको मेनका हहाः ।। रथस्वन इति ह्येते शुक्रमासं नयन्त्यमी ।। ३५ ।। वसिष्ठो वरुणो रम्भा सहजन्यस्तथा हुहूः ।। शुक्र- श्चित्रस्वनश्चैव शुचिमासं नयन्त्यमी ।। ३६ ।। इन्द्रो विश्वावसुः श्रोता एलापत्रस्तथाङ्गिराः ।। प्रम्लोचा राक्षसो वर्यो नभो मासं नयन्त्यमी ।। ३७ ।। विवस्वानुग्रसेनश्च व्याघ्र आसारणो भृगुः ।। अनुम्लोचा शङ्खपालो नभस्याख्यं नयन्त्यमी ।। ३८ ।। पूषा धनञ्जयो वातः सुषेणः सुरुचिस्तथा ।। घृताची गौतमश्चेति तमोमासं नयन्त्यमी ।। ३९ ।। ऋतुर्वर्चा भरद्वाजः पर्जन्यः सेनजित्तथा ।। विश्व ऐरावतश्चैव तपस्याख्यं नयन्त्यमी ।। ४० ।।

गन्धर्व–यी आफ्ना काम पर्दै चैत्रमहीना बिताउँछन् ।।३३।। यसै गरी अर्यमा सूर्य, पुलह ऋषि, अथौंजा यक्ष, प्रहेति राक्षस, पुञ्जिकस्थली अप्सरा, नारद गन्धर्व र कच्छनीर सर्प–यी आफ्ना-आफ्ना काममा तत्पर रहँदै वैशाख महीना बिताउँदछन् ।।३४।। मित्र नामका सूर्य, अत्रि ऋषि, पौरुषेय राक्षस, तक्षक सर्प, मेनका नाम्नी अप्सरा, हाहागन्धर्व र रथस्वन नानका यक्ष ज्येष्ठ महीना बिताउँछन् ।।३५।। वसिष्ठ ऋषि, वरुण नामका सूर्य, रम्भा अप्सरा, सहजन्य यक्ष, हूहूगन्धर्व, शुक्र नाग तथा चित्रस्वन राक्षस–यी सबै आषाढ महीना व्यतीत गर्दछन् ।।३६।। इन्द्र नामका सूर्य, विश्वावसु गन्धर्व, श्रोता यक्ष, एलापत्र नाग, अङ्गिरा ऋषि अनुम्लोचा अप्सरा र वर्य राक्षस–यी श्रावण महीना बिताउँछन्।।३७।यसै गरी विवस्वान् नामका सूर्य, उग्रसेन गन्धर्व, व्याघ्र राक्षस, असारण यक्ष, भृगु ऋषि, प्रम्लोचा अप्सरा र शङ्खपाल नाग भाद्रपद महीना व्यतीत गर्दछन् ।।३८।। त्यसै गरी पूषा नामका सूर्य, धनञ्जय नाग वात राक्षस सुषेण गन्धव, सुरुचि यक्ष, घृताची अप्सरा, र गौतम ऋषि माघ महीना व्यतीत गर्दछन् ।।३९।। ऋतु नामक यक्ष, वर्चा राक्षस, भरद्वाज ऋषि, पर्जन्य सूर्य र सेनजित्

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामकी अप्सरा, विश्व गन्धर्व र ऐरावत नाग—यी फाल्गुन महीना व्यतीत गर्दछन् ॥ ४० ॥ अंशु नामका सूर्य, कश्यप ऋषि, तार्क्ष्य यक्ष, ऋतसेन गन्धर्व, उर्वशी अप्सरा, विद्युच्छत्रु राक्षस र महाशङ्ख नाग मार्गशीर्ष महीनाको निर्वाह गर्दछन् ॥४१॥ भग नामका सूर्य, स्फूर्ज राक्षस, अरिष्टनेमि गन्धर्व, ऊर्ण यक्ष, आयु ऋषि, कर्कोटक नाग र पूर्वचित्ति अप्सरा-यी पौष महीना बिताउँछन् ॥ ४२ ॥ त्यसै गरी त्वष्टा नामका सूर्य, जमदग्नि ऋषि, कम्बल नाग, तिलोत्तमा अप्सरा, ब्रह्मापेत राक्षस, शतजित् यक्ष र धृतराष्ट्र गन्धर्व आश्विन मासको अन्त्य पार्दछन् ॥ ४३ ॥ विष्णु नामका सूर्य, अश्वतर नाग, रम्भा अप्सरा, सूर्यवर्चा गन्धर्व, सत्यजित् यक्ष, विश्वामित्र ऋषि र मखापेत राक्षस—यी कार्तिक महीना व्यतीत गर्दछन्

अथांशुः कश्यपस्तार्क्ष्य ऋतसेनस्तथोर्वशी ॥ विद्युच्छत्रुर्महाशङ्खः सहोमासं नयन्त्यमी ॥ ४१ ॥ भगः स्फूर्जोऽरिष्टनेमिरूर्ण आयुश्च पञ्चमः ॥ कर्कोटकः पूर्वचित्तिः पुष्यमासं नयन्त्यमी ॥ ४२ ॥ त्वष्टा ऋचीकतनयः कम्बलश्च तिलोत्तमा ॥ ब्रह्मापेतोऽथ शतजिद्धृतराष्ट्र इषम्भराः ॥ ४३॥ विष्णुरश्वतरो रम्भा सूर्यवर्चाश्च सत्यजित् ॥ विश्वामित्रो मखापेत ऊर्जमासं नयन्त्यमी ॥ ४४ ॥ एता भगवतो विष्णोरादित्यस्य विभूतयः ॥ स्मरतां सन्ध्ययोर्नृणां हरन्त्यंहो दिने दिने ॥ ४५ ॥ द्वादशस्वपि मासेषु देवोऽसौ षड्भिरस्य वै ॥ चरन्समन्तात्तनुते परत्रेह च सन्मतिम् ॥४६॥ सामर्ग्यजुर्भिस्तल्लिङ्गैर्ऋषयः संस्तुवन्त्यमुम् ॥ गन्धर्वास्तं प्रगायन्ति नृत्यन्त्यप्सरसोऽग्रतः ॥ ४७ ॥ उन्नह्यन्ति रथं नागा ग्रामण्यो रथयोजकाः ॥ चोदयन्ति रथं पृष्ठे नैर्ऋताः बलशालिनः ॥ ४८ ॥ बालखिल्याः सहस्राणि षष्टिर्ब्रह्मर्षयोऽमलाः ॥ पुरतोऽभिमुखं यान्ति स्तुवन्ति स्तुतिभि-

॥४४॥ हे मुने ! यी सूर्यरूपी भगवान् विष्णुका विभूति कहिएका छन् । यी प्रतिदिन दुवै सन्ध्याका वेला आफ्नू स्मरण गर्ने पुरुषहरूलाई सबै पाप नष्ट पारेर मुक्तिदिन्छन् ॥४५॥ यी सूर्यदेव आफ्ना छ गणका साथै बाह्रै महीनामा सधैं डुल्दै यो लोक र परलोकमा सुमतिको विस्तार गर्दछन् ॥४६॥ सबै ऋषि,सूर्यको प्रतिपादिका साम,ऋक् र यजुर्वेदका श्रुतिहरूद्वारा यिनको स्तुति गर्दछन् । गन्धर्व तिनका सुयश गान र अप्सरागण उनका सामुन्ने नाच्दछन् ॥४७॥ नागगण रथलाई बेसरी बाँद्धछन्, यक्ष रथमा साज लगाउँछन् र बलशाली राक्षस रथलाई पछाडिबाट घुचेट्छन् ॥४८॥ बालखिल्य नामक साठी हजार स्वच्छ स्वभाव हुने ब्रह्मर्षि सूर्यका अभिमुख भएर उनका अघि-अघि हिंड्दछन् । र स्तोत्रद्वारा *सर्वद्रष्टाको स्तुति

* दृष्टान्त (ईश्वरलाई सर्वद्रष्टा जानेर व्यक्तिले पापबाट जोगिनु-यौटा गुरुकहाँ तीन जना गए र प्रार्थना गरे-महाराज ! हामीलाई धर्मको उपदेश दिनुहवस् । गुरुले तीनै जनालाई माटोले बनेको एक-एक चरा दिएर भने—जाओ, यो चरा कसैले पनि नदेख्ने स्थानमा मारेर आओ, अनि तिमीहरूलाई धर्मको उपदेश दिनेछु ।' तीनैजना आफ्नू-आफ्नू चरा लिएर त्यहाँबाट हिंडे। पहिलो मानिस फर्केर आयो । गुरुले सोधे-तिमी-ले आफ्नू चरा कहाँ फुटायौ ? उसले भन्यो-'महाराज ! म हजुरको कुटी-पछाडि गएँ, त्यहाँ यता-उता कोही पनि देखिएन । अतः मैले त्यहीं चरा फुटालिदिएँ ।' त्यतिमै अर्को मानिस पनि आइपुग्यो । त्योसित गुरुले सोधे—'तिमीले आफ्नू चरा कहाँ फुटायौ ?' त्यसले उत्तर दियो—म यहाँबाट यौटा जङ्गलमा गएँ । यौटा वृक्षमनि बसेर यता-उता हेरें, मनुष्यको के कुरा, त्यहाँ कुनै जीव-जन्तु पनि देखिएन, अतः मैले त्यहीं आफ्नू चरा फुटालें ।' निकै बेरपछि तेस्रो मानिस पनि फर्केर आयो तर त्यो आफ्नू चरा हातमा लिएर आएको थियो । गुरुले सोधे—'तिमीले आफ्नू चरा किन फोरेनौ ?' उसले भन्यो-'महाराज ! गहन वनमा, निर्जन जङ्गलमा, गहीरो घाटीमा जता ततै म भौंतारिईरहें तर मैले कहीं पनि यस्तो स्थान पाइन, जहाँ ईश्वर नहेरिरहेको होस् । त्यसैले आफ्नू चरा फोर्न सकिन ।' गुरुले भने-'सत्य हो, यस्तो कुनै स्थान छैन जहाँ ईश्वर नहोस् ! मनुष्य पाप गर्ने बेलामा विचार गर्दछ मैले यो काम गरेको कसैले पनि देखिरहेको छैन, तर यो उसको भूल हो जो सबैको पाप पुण्यका फलदाता छन् ती ईश्वर सबै कुरा देख्दछन्, अरूले नदेखेर के लाभ छ ?' गुरुले तेस्रो व्यक्तिलाई राखेर अरु दुवै-लाई धपाइदिए-र भने अहिले तिमी दुवै धर्मका अधिकारी छैनौ ।' ईश्वर सर्वव्यापक छ भनेर पाप कहिल्यै नगर्नु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछन् ।।४९।। यसरी आदि-अन्त्य विहीन र अजन्मा भगवान् कल्प-कल्पमा स्वयं आफ्नू विभाग गरेर लोकको पालन गर्दछन्।।५०।।इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे नेपाली भाषाटीकायामेकादशोऽध्यायः ।।११।। (श्रीमद्भागवतोक्त विषयको संक्षिप्त अनुक्रमणिका)—सूतजी भन्दछन्–हरिभक्तिरूपी महामहिम धर्मलाई नमस्कार छ । ती जगत् कर्ता भगवान्लाई पनि नमस्कार छ । अब म ब्राह्मणहरूलाई नमस्कार गरेर सनातन धर्म भन्दछु ।।१।। हे विप्र हो ! तपाईहरूले मसित जति सोध्नु भएको थियो, तनुसार मैले भगवान्कोम नुष्यका पुरुषार्थ साधनस्वरूप यो अद्भुत चरित्र सुनाएँ ।।२।। यसमा सबै पाप निवारण गर्ने, इन्द्रियहरूका रचियता, भक्त प्रतिपालक, साक्षात् भगवान् नारायण हरिको संकीर्तन गरिएको छ ।।३।। अब प्रथम स्कन्धको विषयमा विस्तार गर्दै भन्दछन्–यस स्कन्धमा संसारको उत्पत्ति र प्रलयको स्थान निर्गुण परब्रह्म तथा इनको साक्षात्कार गराउने अपरोक्ष ज्ञानसहित तत्त्वज्ञानको निरूपण वर्णन गरिएको छ । उसको आश्रित वैराग्य र परीक्षितको कथा एवं नारदाख्यानको वर्णन गरिएको छ ।।४।।५।। त्यसपछि ब्राह्मणको श्रापले गर्दा राजर्षि परीक्षित् र

विभुम् ॥ ४९ ॥ एवं ह्यनादिनिधनो भगवान्हरिरीश्वरः ॥ कल्पे कल्पे स्वमात्मानं व्यूह्य लोकानवत्यजः ॥ ५० ॥ इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे आदित्यव्यूहविवरणं नामैकादशोऽध्यायः ॥ ११ ॥ सूत उवाच ॥ नमो धर्माय महते नमः कृष्णाय वेधसे ॥ ब्राह्मणेभ्यो नमष्कृत्य धर्मान्वक्ष्ये सनातनान् ॥ १ ॥ एतद्वः कथितं विप्रा विष्णोश्चरितमद्भुतम् ॥ भवद्भिर्यदहं पृष्टो नराणां पुरुषोचितम् ॥ २ ॥ अत्र सङ्कीर्तितः साक्षात्सर्वपापहरो हरिः ॥ नारायणो हृषीकेशो भगवान् सात्वतां पतिः ॥ ३ ॥ अत्र ब्रह्म परं गुह्यं जगतः प्रभवाप्ययम् ॥ ज्ञानं च तदुपाख्यानं प्रोक्तं विज्ञानसंयुतम् ॥ ४ ॥ भक्तियोगः समाख्यातो वैराग्यं धनदाश्रयम् ॥ पारीक्षितमुपाख्यानं नारदाख्यानमेव च ॥ ५ ॥ प्रायोपवेशो राजर्षेर्विप्रशापात्परीक्षितः ॥ शुकस्य ब्रह्मर्षभस्य संवादश्च परीक्षितः ॥ ६ ॥ योगधारणयोत्क्रान्तिः संवादो नारदाजयोः ॥ अवतारानुगीतं च सर्गः प्राधानिकोऽग्रतः ॥ ७ ॥ विदुरोद्धवसंवादः क्षत्तृमैत्रेययोस्ततः ॥ पुराणसंहिताप्रश्नो महापुरुषसंस्थितिः ॥ ८ ॥ ततः प्राकृतिकः सर्गः सप्त वैकृतिकाश्च ये ॥ ततो ब्रह्माण्डसम्भूतिर्वैराजः पुरुषो यतः ॥ ९ ॥ कालस्य स्थूलसूक्ष्मस्य गतिः पद्मसमुद्भवः ॥ भुवः उद्धरणेऽम्भोधेर्हिरण्याक्षवधो

ब्रह्मर्षि-श्रेष्ठ शुकदेवजीको संवाद वर्णित छ ।।६।। दोस्रो स्कन्धमा योगधारण द्वारा ऊर्ध्वलोकहरूको प्राप्ति, नारद तथा ब्रह्माजीको संवाद, अवतारका चरित्र र महदादि क्रमको अनुसार प्रधानबाट उत्पन्न सृष्टिको वर्णन गरिएको छ।।७।।तृतीय स्कन्धमा विदुर र उद्धवको संवाद, फेरि विदुर र मैत्रेयको संवाद, पुराण-संहिताको विषयमा प्रश्न, प्रलयकालमा परमात्माको स्थिति ।।८।। गुणक्षोभरूपी प्राकृत सर्ग, महत्तत्त्वादि सात विकृति, तीबाट उत्पन्न सृष्टि र जसमा विराट्पुरुष व्याप्त छ, त्यो ब्रह्माण्डको उत्पत्तिको विषयमा वर्णन छ ।।९।। स्थूल-सूक्ष्म कालको रूप, पद्मको उत्पत्ति, पृथ्वीलाई समुद्रबाट निकाल्दा जसरी हिरण्याक्षको वध गरिएको थियो, त्यो वृत्तान्त, ऊर्ध्व अर्थात् देवता, तिर्यक् अर्थात् पशु-पक्षी आदि र अवाक्-स्रर्ग अर्थात् मनुष्यहरूको उत्पत्ति, रुद्रगण र जसद्वारा स्वायम्भुव मनु र स्त्रीहरूकी अत्युत्तम आद्या प्रकृति शतरूपाको जन्म भएको थियो–त्यो अर्धनारीश्वरको उत्पत्ति, कर्दम प्रजापतिको चरित्र, उनीद्वारा मुनिहरूका धर्मपत्नी आदिको जन्म, महात्मा कपिलको अवतार, मतिमान् कपिल तथा देवहूतिको संवाद र मरीचि आदि प्रजापतिहरूको उत्पत्ति, दक्षप्रजापतिको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञ विध्वंस, ध्रुव-चरित्र, पृथु र प्राचीनवर्हिषको कथा र नारदको संवाद, यो विषय चतुर्थस्कन्धमा कहिएका छन् । प्रियव्रतको उपाख्यान, नाभि, ऋषभ र भरतको चरित्र, द्वीप, वर्ष, समुद्र, पर्वत तथा नदीहरूको वर्णन, ज्योतिश्चक्रको विस्तार र पाताल तथा नरको स्थिति–यी सबै विषय पंचम स्कन्धका हुन् ॥१०-१६॥ हे विप्र हो ! षष्ठस्कन्धमा प्रचेताहरूद्वारा दक्षको जन्म, तिनका छोरीका सन्तति, तीबाट देवता, असुर, मनुष्य, तिर्यक्, पर्वत र पक्षी आदिको जन्म, वृत्रासुरको जन्म र निधनको वृत्तान्त वर्णित छ । सप्तमस्कन्धमा दितिका पुत्र हिरण्यकशिपु र हिरण्याक्ष तथा दैत्यराज महात्मा प्रह्लादको चरित्र वर्णित छ ॥१७॥१८॥ अष्टम स्कन्धमा चौद्ध मन्वन्तरको कथा, गजेन्द्रको मुक्ति, विभिन्न मन्वन्तरहरूमा हुने उनै

यथा ॥ १० ॥ ऊर्ध्वतिर्यगवाक्सर्गो रुद्रसर्गस्तथैव च ॥ अर्धनारीनरस्याथ यतः स्वायम्भुवो मनुः ॥ ११ ॥ शतरूपा च या स्त्रीणामाद्या प्रकृति-
रुत्तमा ॥ सन्तानो धर्मपत्नीनां कर्दमस्य प्रजापतेः ॥१२॥ अवतारो भगवतः कपिलस्य महात्मनः ॥ देवहूत्याश्च संवादः कपिलेन च धीमता ॥१३॥
नवब्रह्मसमुत्पत्तिर्दक्षयज्ञविनाशनम् ॥ ध्रुवस्य चरितं पश्चात्पृथोः प्राचीनबर्हिषः ॥ १४ ॥ नारदस्य च संवादस्ततः प्रैयव्रतं द्विजाः ॥ नाभेस्ततोऽनु-
चरितमृषभस्य भरतस्य च ॥ १५ ॥ द्वीपवर्षसमुद्राणां गिरिनद्युपवर्णनम् ॥ ज्योतिश्चक्रस्य संस्थानं पातालनरकस्थितिः ॥ १६ ॥ दक्षजन्म
प्रचेतोभ्यस्तत्पुत्रीणां च सन्ततिः ॥ यतो देवासुरनरास्तिर्यङ्नगखगादयः ॥ १७ ॥ त्वाष्ट्रस्य जन्म निधनं पुत्रयोश्चादितेर्द्विजाः ॥ दैत्येश्वरस्य
चरितं प्रह्लादस्य महात्मनः ॥ १८ ॥ मन्वन्तरानुकथनं गजेन्द्रस्य विमोक्षणम् ॥ मन्वन्तरावताराश्च विष्णोर्हयशिरादयः ॥ १९ ॥ कौर्मं धान्वन्तरं
मात्स्यं वामनं च जगत्पतेः ॥ क्षीरोदमथनं तद्वदमृतार्थे दिवौकसाम् ॥ २० ॥ देवासुरमहायुद्धं राजवंशानुकीर्तनम् ॥ इक्ष्वाकुजन्म तद्वंशः सुद्यु-
म्नस्य महात्मनः ॥ २१ ॥ इलोपाख्यानमत्रोक्तं तारोपाख्यानमेव च ॥ सूर्यवंशानुकथनं शशादाद्या नृगादयः ॥ २२ ॥ सौकन्यं चाथ शर्यातिः
ककुत्स्थस्य च धीमतः ॥ खट्वाङ्गस्य च मान्धातुः सौभरेः सगरस्य च ॥ २३ ॥ रामस्य कोसलेन्द्रस्य चरितं किल्बिषापहम् ॥ निमेरङ्गपरित्यागो
जनकानां च सम्भवः ॥ २४ ॥ रामस्य भार्गवेन्द्रस्य निःक्षत्रकरणं भुवः ॥ ऐलस्य सोमवंशस्य ययातेर्नहुषस्य च ॥ २५ ॥ दौष्यन्तेर्भरतस्यापि
शन्तनोस्तत्सुतस्य च ॥ ययातेर्ज्येष्ठपुत्रस्य यदोर्वंशोऽनुकीर्तितः ॥ २६ ॥ यत्रावतीर्णो भगवान्कृष्णाख्यो जगदीश्वरः ॥ वसुदेवगृहे जन्म ततो

जगत्पति भगवान् विष्णुको कूर्म,मत्स्य, नृसिंह, वामन तथा हयग्रीव आदि अवतार,अमृत पानका लागि देवताहरू र दैत्यद्वारा समुद्र-मन्थन तथा देवासुर संग्राम वर्णितछ । नवमस्कन्धमा राजवंशको वणन, इक्ष्वाकुको जन्म, उनको वंश, महात्मा सुद्युम्नको चरित्र र इला तथा ताराको चरित्र कहिएको छ । यसैमा सूर्यवंशको वृत्तान्त, शशाद र नृगादिराजाहरूको वर्णन, सुकन्याको चरित्र, शर्याति, ककुत्स्थ, खट्वाङ्ग, मान्धाता, सौभरि, सगर र कोसलेन्द्र भगवान् रामको चरित्र वर्णित छ । त्यसपछि निमिको देहत्याग, जनकहरूको उत्पत्ति ॥१९-२४ । परशुरामको पृथिवीलाई क्षत्रिय विहीन पार्नु, चन्द्रवंशमा उत्पन्न पुरुरवा, ययाति, नहुष, भरत, शन्तनु तथा उनका छोरा भीष्मको वृत्तान्त वर्णन गरिएको छ । यसैमा ययातिका पुत्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदुका वंशको पनि वृत्तान्त वर्णित छ । जसमा भगवान् जगदीश्वर 'कृष्ण' नामले अवतीर्ण भएर वसुदेवको घरमा जन्म लिई गोकुलमा बढेका थिए।।२५-२७।।दशौंस्कन्धमा असुरहरूका द्वेषी भगवान् कृष्णका अपार कर्म वर्णित छन् । पूतनाको प्राणरूपी दूध पिउनु, शैशवकालमै गाड़ा पल्टाउनु ।।२८।। तृणावर्तलाई धूलो पार्नु, बकासुर, वत्सासुर तथा सबै बन्धुहरू समेत धेनुकासुर, प्रलम्बासुरलाई मार्नु ।।२९।। चारैतिरबाट छोप्तै आएको दावानलबाट गोपको रक्षा गर्नु, कालियनागको दमन गर्नु,नन्दलाई अजिङ्गरको मुखबाट छुटाउनु।।३०।। गोपकन्या-हरूको कात्यायनी व्रत, तिनको यम-नियमादि देखेर अच्युत प्रसन्न हुनु, यज्ञपत्नीहरूमा भगवान्को कृपा हुनु र ब्राह्मणहरूको पश्चात्ताप वर्णित छ ।।३१।। गोवर्धनोद्धार, इन्द्र र काम-धेनुद्वारा गरिएको श्रीकृष्णको पूजन, अभिषेक तथा रात्रिमा गोपाङ्गनाहरूसित रासक्रीडाको वर्णन छ ।।३२।। फेरि दुर्बुद्धि शङ्खचूड, अरिष्टासुर, केशीको वध, अक्रूरको व्रजमा आगमन,

वृद्धिश्च गोकुले ॥ २७ ॥ तस्य कर्माण्यपाराणि कीर्तितान्यसुरद्विषः ॥ पूतनासुपयःपानं शकटोच्चाटनं शिशोः ॥ २८ ॥ तृणावर्तस्य निष्पेषस्त-थैव बकवत्सयोः ॥ धेनुकस्य सहभ्रातुः प्रलम्बस्य च संक्षयः ॥ २९ ॥ गोपानां च परित्राणं दावाग्नेः परिसर्पतः ॥ दमनं कालियस्याहेर्महाहेर्नन्द-मोक्षणम् ॥ ३० ॥ व्रतचर्या तु कन्यानां यत्र तुष्टोऽच्युतो व्रतैः ॥ प्रसादो यज्ञपत्नीभ्यो विप्राणां चानुतापनम् ॥ ३१ ॥ गोवर्धनोद्धारणं च शक्रस्य सुरभेरथ ॥ यज्ञाभिषेकं कृष्णस्य स्त्रीभिः क्रीडा च रात्रिषु ॥ ३२ ॥ शङ्खचूडस्य दुर्बुद्धेर्वधोऽरिष्टस्य केशिनः ॥ अक्रूरागमनं पश्चात्प्रस्थानं रामकृष्णयोः ॥ ३३ ॥ व्रजस्त्रीणां विलापश्च मथुरालोकनं ततः ॥ गजमुष्टिकचाणूरकंसादीनां च यो वधः ॥ ३४ ॥ मृतस्यानयनं सूनोः पुनः सान्दीपनेर्गुरोः ॥ मथुरायां निवसता यदुचक्रस्य यत्प्रियम् ॥ कृतमुद्धवरामाभ्यां युतेन हरिणा द्विजाः ॥ ३५ ॥ जरासन्धसमानीतसैन्यस्य बहुशो वधः ॥ घातनं यवनेन्द्रस्य कुशस्थल्या निवेशनम् ॥ ३६ ॥ आदानं पारिजातस्य सुधर्मायाः सुरालयात् ॥ रुक्मिण्या हरणं युद्धे प्रमथ्य द्विषतो हरेः ॥ ३७ ॥ हरस्य जृम्भणं युद्धे बाणस्य भुजकृन्तनम् ॥ प्राग्ज्योतिषपतिं हत्वा कन्यानां हरणं च यत् ॥ ३८ ॥ चैद्यपौण्ड्रकशाल्वानां दन्तवक्त्रस्य दुर्मतेः ॥ शम्बरो द्विविदः पीठो मुरः पञ्चजनादयः ॥ ३९ ॥ माहात्म्यं च वधस्तेषां वाराणस्याश्च दाहनम् ॥ भारावतरणं भूमेर्निमित्ती-कृत्य पाण्डवान् ॥ ४० ॥ विप्रशापापदेशेन संहारः स्वकुलस्य च ॥ उद्धवस्य च संवादो वासुदेवस्य चाद्भुतः ॥ ४१ । यत्रात्मविद्या ह्यखिला

बलराम र श्रीकृष्णको मथुरा प्रस्थान ।।३३।। व्रजका गोपिनीहरूको विलाप, भगवान् द्वारा मथुरा नगरीको अवलोकन कुवलयापीड हात्ती, मुष्टिक र चाणूरादि मल्ल तथा कंसको संहार र गुरु सान्दीपिनिका मृत-पुत्रलाई यमलोकबाट लिएर आएको वृत्तान्त वर्णित छ ।। ३४ ।। हे द्विजगण हो ! मथुरामा बस्ता उद्धव र बलरामसित भगवान्ले यदुवंशको जुन-जुन प्रिय कार्य गरेका थिए, त्यो सबै वर्णित छ ।।३५।। अनि जरासन्धका सेनाको अनेक पल्ट संहार, कालयवनलाई मार्न लाउनु, द्वारकापुरीको निर्माण ।।३६।। स्वर्गबाट कल्पवृक्ष र सुधर्मासभा ल्याउनु, युद्धमा शत्रुहरूलाई मारेर श्रीकृष्णले रुक्मिणीलाई हर्नु ।।३७।। उषाहरणको अवसरमा संग्राममा महादेवले 'हाई' गर्नलाग्नु र बाणासुरका भुजाहरू वृक्षका हाँगाझैं छिमलिदिनु, प्राग्ज्योतिषपुरको स्वामी भौमासुरलाई मारेर सोन्ह हजार कन्याहरू हरेर ल्याउनु ।।३८।। शिशुपाल, पौण्ड्रक, शाल्व तथा दुर्बुद्धि दन्तवक्त्र, शम्बरासुर, द्विविद, पीठ, मुर तथा पञ्चजन

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि असुरहरूको प्रभाव र तिनको संहार, काशीलाई पोल्नु र पाण्डवलाई निमित्त बनाएर पृथिवीको भारी टार्नु—यी विषय दशमस्कन्धमा वर्णित छन् ॥३९॥४०॥ एकादशस्कन्धमा विप्रश्रापको निहुँले आफ्नू कुलको संहार गराउनु, भगवान् कृष्ण र उद्धवको अत्यन्त अद्भुत संवाद वर्णित छ ।।४१।। यसमा सारा आत्मविद्या र धर्मका निर्णयको निरूपण गरिएको छ । फेरि आफ्नू योगबलले भगवान्ले यो मर्त्यलोक त्यागको वर्णन छ ।।४२।। द्वादश स्कन्धमा युगका लक्षण, तिनको अनुसार कलियुगमा मानिसको विपरीत गति, चारथरिको प्रलय, प्राकृतिकी, नैमित्तिकी तथा नित्या—यो तीन थरिको उत्पत्ति हुन्छ ।।४३।। राजर्षि परीक्षित्को देहत्याग, व्यासजी द्वारा गरिएको वैदिक शाखाहरुको विस्तार, मार्कण्डेयजीको प्रलय-दर्शनसम्बन्धी कथा, परमात्माका अङ्गोपाङ्गको कल्पना तथा जगदात्मा सूर्यनारायणको व्यूह आदिको वर्णन छ ।। ४४ ।। हे द्विजश्रेष्ठ ! हजुरहरूले मसित जे सोध्नुभयो, त्यो सबै मैले सुनाएँ । यस प्रश्नोत्तरमा भगवान्का सबै लीलावतारमा गरिएका कर्मको नै कीर्तन गरिएको छ ।।४५।। कुनै पनि मनुष्य लड्दा, ठक्कर खाँदा, कष्टले पीडित हुँदा अथवा हाई गर्दा

प्रोक्ता धर्मविनिर्णयः ॥ ततो मर्त्यपरित्याग आत्मयोगानुभावतः ॥ ४२ ॥ युगलक्षणवृत्तिश्च कलौ नृणामुपप्लवः ॥ चतुर्विधश्च प्रलय उत्पत्तिस्त्रिविधा तथा ॥ ४३ ॥ देहत्यागश्च राजर्षेर्विष्णुरातस्य धीमतः ॥ शाखाप्रणयनमृषेर्मार्कण्डेयस्य सत्कथा ॥ महापुरुषविन्यासः सूर्यस्य जगदात्मनः ॥ ४४ ॥ इति चोक्तं द्विजश्रेष्ठा यत्पृष्टोऽहमिहास्मि वः ॥ लीलावतारकर्माणि कीर्तितानीह सर्वशः ॥ ४५ ॥ पतितः स्खलितश्चार्तः क्षुत्वा वा विवशो ब्रुवन् ॥ हरये नम इत्युच्चैर्मुच्यते सर्वपातकात् ॥ ४६ ॥ सङ्कीर्त्यमानो भगवाननन्तः श्रुतानुभावो व्यसनं हि पुंसाम् ॥ प्रविश्य चित्तं विधुनोत्यशेषं यथा तमोऽर्कोऽभ्रमिवातिवातः ॥ ४७ ॥ मृषा गिरस्ता ह्यसतीरसत्कथा न कथ्यते यद्भगवानधोक्षजः ॥ तदेव सत्यं तदुहैव मङ्गलं तदेव पुण्यं भगवत्गुणोदयम् ॥४८॥ तदेव रम्यं रुचिरं नवं नवं तदेव शश्वन्मनसो महोत्सवम् ॥ तदेव शोकार्णवशोषणं नृणां यदुत्तमश्लोकयशोऽनुगीयते ॥ ४९ ॥ न तद्वचश्चित्रपदं हरेर्यशो जगत्पवित्रं प्रगृणीत कर्हिचित् ॥ तद्ध्वाङ्क्षतीर्थं न तु हंससेवितं यत्राच्युतस्तत्र हि साधवोऽमलाः ॥ ५० ॥ स वाग्विसर्गो जनताघसम्प्लवो यस्मिन्प्रतिश्लोकमबद्धवत्यपि ॥ नामान्यनन्तस्ययशोऽङ्कितानि यच्छृण्वन्ति गायन्ति गृणन्ति साधवः

पनि विवशभावले उच्चस्वरमा 'हरये नमः' भन्दछ भने त्यो सबै पापबाट मुक्त हुन्छ ॥ ४६ ॥ जस्तै सूर्य अन्धकारलाई तथा प्रचण्डवायु मेघमालालाई छिन्न-भिन्न पार्दछ, त्यस्तै नै भगवान् अनन्तको कीर्तन तथा उनका प्रभाव सुन्नाले ती श्रीहरि उनीहरूको हृदयमा प्रविष्ट भएर उनको कष्ट निवारण गरिदिन्छन् ।।४७।। जुन वाणीले भगवान् अधोक्षजको गुण-गान नगरियोस्, त्यो वाणी मिथ्यानै हो । जुन वचनले भगवान् श्रीकृष्णका गुणको उदय हुन्छ, त्यही वाणी सत्य, परम मङ्गलमयी तथा परम पवित्र मानिन्छ ॥ ४८ ॥ जसमा भगवान् उत्तम श्लोकका सुयश गान गरियोस्, त्यही वचन राम्रो, मनोहर, नित्य नवीन, मनलाई निरन्तर आनन्दित पार्ने तथा मनुष्यको शोक-समुद्रको शोषक हुन्छ।।४९।।जसमा संसारलाई पवित्र पार्ने श्रीहरिका सुयश अलिकति पनि गान गरिएको होस्, त्यो वचन कति नै विचित्र पदहरूले विभूषित भए पनि त्यो केवल काकरूपी नीच पुरुषद्वारा सेवित तीर्थ झैं छ । हंसरूपी ज्ञानी पुरुष त्यसको सेवन गर्दैनन् । निर्मल स्वभावका साधुजन त्यहीं बसिरहन्छन्, जहाँ श्री अच्युतको गुण वर्णन भइरहन्छ ।।५०।। जसको प्रत्येक श्लोक त्यो जरतो-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असम्बद्ध भए पनि अनन्तको सुयशले युक्त छ भने, त्यो वाक्य-रचना व्यक्तिका पाप-पुञ्ज नष्ट पार्ने खालका हुने गर्दछन् र साधु पुरुष त्यसैलाई सुन्ने, गान गर्ने र भन्ने गर्दछन् ॥५१॥ सर्वथा निष्काम र पूर्ण आत्मज्ञान पनि यदि भगवद्भक्तिले हीन छ भने त्यो प्राणी शोभा पाउन्न । जसको फल भगवान्‌लाई अर्पण गरिन्न त्यो कर्म जतिसुकै उत्तम खालको भए पनि शोभा पाउन सक्तैन । किनकि त्यो सदैव दुःखमय नै हुने गर्दछ ॥ ५२ ॥ वर्णाश्रम धर्मको पालन! तप तथा शास्त्रश्रवणादिमा जुन घोर परिश्रम गरिन्छ त्यसले केवल यश र लक्ष्मी नै प्राप्त हुन्छ, तर श्रीधरका चरण-कमलको सतत स्मृति त भगवान्‌का गुणानुवादको श्रवण-कीर्तनादिले नै रहन सक्तछ—अन्यथा रहछ सक्तैन ॥५३॥ त्यो भगवान् श्रीकृष्णका चरणाविन्दको सर्वदा रहिरहने सम्झना सबै अमङ्गलहरू नाश गरिदिन्छ । त्यो शान्तिको विस्तार गर्दै तथा चित्तको शुद्धि, ईश्वर भक्ति र अनुभवज्ञान तथा वैराग्य सहित ज्ञान प्राप्त

॥५१॥ नैष्कर्म्यमप्यच्युतभाववर्जितं न शोभते ज्ञानमलं निरञ्जनम् ॥ कुतः पुनःशश्वदभद्रमीश्वरे न ह्यर्पितं कर्म यदप्यनुत्तमम् ॥५२॥ यशः श्रियामेव परिश्रमः परो वर्णाश्रमाचारतपःश्रुतादिषु ॥ अविस्मृतिः श्रीधरपादपद्मयोर्गुणानुवादश्रवणादिभिर्हरेः ॥ ५३ ॥ अविस्मृतिः कृष्णपदारविन्दयोः क्षिणोत्यभद्राणि शमं तनोति च ॥ सत्त्वस्य शुद्धिं परमात्मभक्तिं ज्ञानं च विज्ञानविरागयुक्तम् ॥ ५४ ॥ यूयं द्विजाग्र्या बतभूरिभागायच्छश्वदात्म-न्यखिलात्मभूतम् ॥ नारायणं देवमदेवमीशमजस्रभावा भजताविवेश्य ॥ ५५ ॥ अहं च संस्मारित आत्मतत्त्वं श्रुतं पुरा मे परमर्षिवक्त्रात् ॥ प्रायोपवेशे नृपतेः परीक्षितः सदस्यृषीणां महतां च शृण्वताम् ॥ ५६ ॥ एतद्वः कथितं विप्राः कथनीयोरुकर्मणः ॥ माहात्म्यं वासुदेवस्य सर्वाशुभविनाशनम् ॥५७॥ य एवं श्रावयेन्नित्यं यामं क्षणमनन्यधीः ॥ श्रद्धावान्योऽनुशृणुयात्पुनात्यात्मानमेव सः ॥ ५८ ॥ द्वादश्यामेकादश्यां वा

गराइदिन्छ ॥ '५४ ॥ हे विप्रवर ! हजुर ठूला भाग्यमानी हुनुहुन्छ किनकि हजुर सबै देवतालाई त्यागेर केवल ती सर्वनियन्ता, सर्वात्मा, नारायणाई बलियोसित आफ्नू अन्तःकरणमा स्थापित गरेर भक्तिभावले उनको सधैं भजक गरिरहनु हुन्छ ॥५५॥ फेरि हजुरले मलाई पनि त्यस आत्मतत्त्वको स्मरण गराइदिनु भयो, जुन मैले पूर्वकालमा अनशन गरिरहेका राजा परीक्षितको सभामा सुनिरहेका महर्षिहरूको सामुन्ने श्रीशुकदेवजीको मुखबाट सुनेको थिएँ ॥५६॥ हे विप्र हो ! जसका उदार कर्म अतिशय कथनीय छन् ती भगवान् वासुदेवको सबै अशुभहरू नष्ट पारिदिने राम्रो माहात्म्य मैले तिमीसित भनें ॥५७॥ जो पुरुष यसलाई एक प्रहर वा एक क्षण पनि अनन्य चित्तले सुनाउँछ र *श्रद्धा सहित सुन्दछ, त्यो अवश्य नै

---

* दृष्टान्त (श्रद्धा) यौटा कुलीन महात्माले ठूला-ठूला धनीहरूको वास्ता नगरेर आफ्नी कन्या यौटा निर्धन व्यक्तिसित विवाह गरिदियो ! जब छोरी बिदा भएर पतिको घर पुगी तब त्यहाँ देखी—रोटीको आधा टुक्रा र एक गिलास पानी राखेको छ । उसले पतिसित सोधी—यो किन राखेको हो ?' पतिले उत्तर दियो—'हिजो मैले आधा रोटी र आधा गिलास पानी खर्च गरेको थिएँ र आधा आजको निम्त राखेको हो, त्यही हो ।' यति सुनेर पत्नीले तत्काल माइत फर्केर जाने विचार प्रकट गरी । पतिले भन्यो—'म पहिले नै जान्दथें-सम्पन्न घरकी कन्या यौटा निर्धनको घरमा निर्वाह गर्न सक्तिन ।' पत्नीले भनी—'त्यो कुरा होइन, मत आफ्नो पितासित भन्न गइरहेकी छु कि उनले मलाई वचन दिएका थिए—मेरो विवाह कुनै श्रद्धालु साधुसित गरिदिन्छु । के यसैको नाम श्रद्धा हो ? भगवान् प्रति यति निश्चय नहोस् कि त्यो अर्कोदिन खानेकुरा अवश्य दिन्छ र तपाई स्वयं खानेकुरा संचय गर्ने आवश्यकता ठान्नु होस् ।' भनाईको तात्पर्य के हो भने—जसले पेट दिएको छ, उसले खाने कुरा पनि अवश्य दिन्छ । तर यो अर्थ नठान्नु कि मालिकले दिएका हात-खुट्टा बाँधेर अकर्मण्य भई बस्नु र हठ गर्नु—मालिक स्वयं खाने कुरा पुऱ्याउँछ' मालिकलाई आफ्नू नोकर बनाई बेइज्जत पार्नु हो ।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू चित्तपवित्र पार्न समर्थ हुन्छ ॥४८॥ द्वादशी र एकादशीको दिन यो सुन्नाले दीर्घायु हुन्छ र पाठ गरे उसका सबै पाप नष्ट भएर जान्छन् ॥५९॥ यस संहिताको पुष्कर मथुरा र द्वारकापुरीमा जितेन्द्रिय भई उपवास गरेर पाठ गर्ने मनुष्य सबै प्रकारका भयबाट मुक्त हुन्छ ॥ ६० ॥ यसको संकीर्तन गर्नाले देवता, मुनि, सिद्ध, पितर, मनुष्य तथा सबै राजाहरू यस ग्रन्थको श्रवण तथा कथन गर्ने पुरुषलाई उसको इच्छित पदार्थ दिन्छन् ॥ ६१ ॥ वेद पढेपछि ब्राह्मणले क्रमशः मधुकुल्या अर्थात् महको नदी, घृतकुल्या र तपः कुल्याको कुरा कहिएको छ । यी सबै फल यसको अध्ययनले पनि प्राप्त हुन्छ ॥६२॥ हे विप्र हो ! यस पुराण-संहितालाई एकाग्र चित्तले पढेर पुरुष त्यो परमपद पाउँदछ, जसको साक्षात् भगवानले वर्णन गर्नुभएको छ ॥ ६३ ॥ यसको अध्ययन गर्ने ब्राह्मणलाई बुद्धिछो, क्षत्रियलाई समुद्र पर्यन्त पृथिवीको र वैश्यलाई कोषाधिपत्यको प्राप्ति हुन्छ । शूद्र सबै पापबाट मुक्त बन्दछ । यस श्रीमद्भागवत बाहेक अन्य ग्रन्थमा कालिकलुष समूहलाई नष्ट पार्ने श्रीकृष्णको बारम्बार गुणगान गरिएको छैन । तर यसमा भने पद-पदमा प्रत्येक कथाको

शृण्वन्नायुष्यवान्भवेत् ॥ पठत्यनश्नन् प्रयतस्ततो भवत्यपातकी ॥ ५९ ॥ पुष्करे मथुरायां च द्वारवत्यां यतात्मवान् ॥ उपोष्य संहितामेतां पठित्वा मुच्यते भयात् ॥ ६० ॥ देवता मुनयः सिद्धाः पितरो मनवो नृपाः ॥ यच्छन्ति कामान्गृणतः शृण्वतो यस्य कीर्तनात् ॥ ६१ ॥ ऋचो यजूंषि सामानि द्विजोऽधीत्यानुविन्दते ॥ मधुकुल्या घृतकुल्याः पयःकुल्याश्च तत्फलम् ॥ ६२ ॥ पुराणसंहितामेतामधीत्य प्रयतो द्विजः ॥ प्रोक्तं भगवता यत्तु तत्पदं परमं व्रजेत् ॥६३॥ विप्रोऽधीत्याप्नुयात्प्रज्ञां राजन्योदधिमेखलाम् ॥ वैश्यो निधिपतित्वं च शूद्रः शुद्ध्येत पातकात् ॥ ६४ ॥ कलिमलसंहतिकालनोऽखिलेशो हरिरितरत्र न गीयते ह्यभीक्ष्णम् ॥ इह तु पुनर्भगवानशेषमूर्तिः परिपठितोऽनुपदं कथाप्रसङ्गैः ॥ ६५ ॥ तमहमजमनन्तमात्मतत्त्वं जगदुदयस्थितिसंयमात्मशक्तिम् ॥ द्युपतिभिरजशक्रशङ्कराद्यैर्दुरवसितस्तवमच्युतं नतोऽस्मि ॥ ६६ ॥ उपचितनवशक्तिभिः स्व आत्मन्युपरचितस्थिरजङ्गमालयाय ॥ भगवत उपलब्धिमात्रधाम्ने सुरऋषभाय नमः सनातनाय ॥ ६७ ॥ स्वसुखनिभृतचेतास्तद्व्युदस्तान्यभावोऽप्यजितरुचिरलीलाकृष्टसारस्तदीयम् ॥ व्यतनुत कृपया यस्तत्त्वदीपं पुराणं तमखिलवृजिनघ्नं व्याससूनुं नतोऽस्मि ॥ ६८ ॥ इति श्रीमद्भागवते

प्रसङ्गमा भगवान् विश्वमूर्तिको नै वर्णन छ ॥ ६४ ॥ ६५ ॥ जगत्को उत्पत्ति, स्थिति र प्रलयकारी रजोगुण आदि जसका शक्ति छन्, ब्रह्मा, इन्द्र एवं महादेव आदि देवलोकाधिपति पनि जसको माहात्म्य पूर्णरूपले जान्दैनन्, ती अजन्मा तथा अनन्त आत्मतत्त्वरूपी श्रीअच्युतलाई मेरो नमस्कार छ ॥ ६६ ॥ जुन भगवान्ले आफूमै बुद्धिमा प्राप्त प्रकृति आदिमा नौ शक्ति द्वारा स्थावर-जङ्गमका आश्रयरूप यो जगत्को रचना गरे ती एकमात्र ज्ञानस्वरूप देवप्रवर सनातन पुरुषलाई नमस्कार छ ॥ ६७ ॥ जसले आफ्नू चित्तद्वारा सुखमा बुडेर सबै भेदभाव सर्वथा त्यागिदिएका थिए, भगवान्को सुन्दर लीलाहरूसित जसको स्थिरता आकृष्ट भएको थियो र जन-जनमा कृपा गरेर जसले यस परमार्थ प्रकाशक भागवत महापुराण प्रकाशित गरे, ती व्यासनन्दन शुकदेवलाई नमस्कार छ ॥ ६८ ॥ इति श्रीमद्भागवते महापुराणे द्वादसस्कन्धे नेपाली भाषाटीकायां द्वादशोऽध्यायः ॥१२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(श्रीमद्भागवतादि अनेक पुराणहरूको श्लोकसंख्या र श्रीमद्भागवत महिमा)—सूतजी भन्दछन्–ब्रह्मा, वरुण, इन्द्र तथा मरुद्गण दिव्य स्तोत्रले जसको स्तुति गर्दछन् र सामगान गर्ने ऋषि अङ्ग, पद, क्रम, तथा उपनिषद् सहित वेदले जसको गुणगान गर्दछन्, योगीजन ध्यान द्वारा चित्त स्थिर गरेर उसैमा लगाएको मनले जसलाई हेर्दछन्, देवता र असुर पनि जसको अन्त्य पाउँदैनन्, ती देवाधिदेवलाई प्रणाम छ ॥१॥ जसको पिठिउँ अमन्द अर्थात् गह्रौं मन्दराचलका शिलाहरूको टुप्पाले कन्याइएको थियो। जो केही निदाए झैं भएका थिए, ती कच्छरूपधारी भगवान्‌को श्वासवायु तिम्रो रक्षा गरोस्। उनको अलिकति संस्कारको अनुवर्तन गर्नाले जलका तरङ्ग वा ज्वार-भाटाको रूपमा समुद्र उर्लेको आजसम्म बन्द भएको छैन ॥२॥ सूतजी भन्दछन्–हे शौनक! अब म पुराणहरूको संख्या, तिनको सम्भूतिसमूह, श्रीमद्भागवतको प्रतिपाद्यविषय, प्रयोजन, दान, पाठादि गर्ने विधि,

महापुराणे द्वादशस्कन्धार्थनिरूपणं नाम द्वादशोऽध्यायः ॥१२॥ सूत उवाच ॥ यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवैर्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ॥ ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥ १ ॥ पृष्ठे भ्राम्यदमन्दमन्दरगिरिग्रावाग्रकण्डूयनान्निद्रालोः कमठाकृतेर्भगवतः श्वासानिलाः पान्तु वः ॥ यत्संस्कारकलानुवर्तनवशाद्वेलानिभेनाम्भसां यातायातमतन्द्रितं जलनिधेर्नाद्यापि विश्राम्यति ॥ २ ॥ पुराणसंख्यासम्भूतिमस्य वाच्यप्रयोजने ॥ दानं दानस्य माहात्म्यं पाठादेश्च निबोधत ॥ ३ ॥ ब्राह्मं दशसहस्राणि पाद्मं पञ्चोनषष्टि च ॥ श्रीवैष्णवं त्रयोविंशच्चतुर्विंशति शैवकम् ॥ ४ ॥ दशाष्टौ श्रीभागवतं नारदं पञ्चविंशतिः ॥ मार्कण्डं नव वाह्नं च दशपञ्च चतुःशतम् ॥ ५ ॥ चतुर्दश भविष्यं स्यात्तथा पञ्चशतानि च ॥ दशाष्टौ ब्रह्मवैवर्तं लिङ्गमेकादशैव तु ॥ ६ ॥ चतुर्विंशति वाराहमेकाशीतिसहस्रकम् ॥ स्कान्दं शतं तथा चैकं वामनं दशकीर्तितम् ॥ ७ ॥ कौर्मं सप्तदशाख्यातं मात्स्यं तत्तु चतुर्दश ॥ एकोनविंशत्सौपर्णं ब्रह्माण्डं द्वादशैव तु ॥ ८ ॥ एवं पुराणसंदोहश्चतुर्लक्ष उदाहृतः ॥ तत्राष्टादशसाहस्रं श्रीभागवतमिष्यते ॥ ९ ॥ इदं भगवता पूर्वं ब्रह्मणे नाभिपङ्कजे ॥ स्थिताय भवभीताय कारुण्यात्सम्प्रकाशितम् ॥ १० ॥ आदिमध्यावसानेषु वैराग्याख्यानसंयुतम् ॥ हरिलीलाकथाव्रातामृतानन्दितसत्सु-

माहात्म्य भन्दछु, सुन ॥३॥ ब्रह्मपुराणमा दस हजार श्लोक छन्। उसै गरी पद्मपुराणमा चौबीस हजार श्लोक छन् ॥४॥ श्रीमद्भागवत अठार हजार, नारदपुराणमा पचीस हजार श्लोक मार्कण्डेयपुराणमा नौ हजार, अग्निपुराणमा पन्ध्र हजार चार सय ॥५॥ भविष्य पुराणमा चौध हजार पाँच सय, ब्रह्मवैवर्तपुराणमा अठार हजार, लिंगपुराणमा एघार हजार श्लोक॥६॥ वाराह पुराणमा चौबीस हजार, स्कन्दपुराणमा एकासी हजार एक सय र वामनपुराणमा दस हजार श्लोक छन् ॥ ७ ॥ कूर्मपुराणमा सत्र हजार श्लोक, मत्स्य पुराणमा चौध हजार, गरुडपुराणमा उन्नाइस हजार र ब्रह्माण्ड पुराणमा बाह्र हजार श्लोक छन् ॥८॥ यसरी पुराणसमूह सबै मिलाएर चार लाख श्लोकका छन्। तीमध्ये श्रीमद्भागवत अठार हजार श्लोकको नै छ ॥९॥ सर्वप्रथम भगवान् विष्णुले आफ्नू नाभिकमलमा बसेका संसारबाट डराएका ब्रह्मालाई अति करुणापूर्वक यो भागवत भन्नुभएको थियो ॥१०॥ यो आदि, अन्त्य र मध्यमा

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैराग्यपूर्ण कथाहरूले युक्त तथा हरिका लीला र कथामृतले पूर्ण हुनाले साधु एवं समस्त देवसमुदायलाई आनन्दित पार्दछ ॥११॥ सबै वेदान्तहरूको सार जुन ब्रह्म तथा आत्माको एकरूपता अद्वितीय वस्तु (परब्रह्म) हो, त्यही यसको विषय हो र उसको सहायताले प्राप्त हुने कैवल्य मोक्षपदलाभ नै यसको हेतु हो ॥१२॥ कुनै पनि पुरुष भाद्रपद महीनाको पूर्णिमा तिथिमा श्रीमद्भागवत सुनको सिंहासनमा राखेर दान गर्दछ, त्यसले परमगति प्राप्त गर्दछ ॥१३॥ जबसम्म अमृतको सागरस्वरूप श्रीमद्भागवतको श्रवण गरिन्न, तबसम्म सज्जन पुरुषको सभामा अन्यान्य पुराणको शोभा हुन्छ ॥१४॥ यो श्रीमद्भागवत सबै वेदान्त अर्थात् उपनिषद्हरूको सार मानिन्छ । जो पुरुष यसको रसामृतले आवृत्त छ, त्यस प्राणीको कहीं अन्यत्र कदापि प्रीति हुन सक्तैन ॥१५॥ जस्तै नदीहरूमा गङ्गा, देवताहरूमा विष्णु तथा वैष्णवहरूमा शङ्कर भगवान् सर्वश्रेष्ठ छन्, त्यस्तै पुराणहरूमा यो सर्वश्रेष्ठ छ॥१६॥ हे विप्र हो !

रम् ॥ ११ ॥ सर्ववेदान्तसारं यद्ब्रह्मात्मैकत्वलक्षणम् ॥ वस्त्वद्वितीयं तन्निष्ठं कैवल्यैकप्रयोजनम् ॥ १२ ॥ प्रौष्ठपद्यां पौर्णमास्यां हेमसिंहसमन्वितम् ॥ ददाति यो भागवतं स याति परमां गतिम् ॥ १३ ॥ राजन्ते तावदन्यानि पुराणानि सतां गणे ॥ यावन्न दृश्यते साक्षाच्छ्रीमद्भागवतं तम् ॥ १४ ॥ सर्ववेदान्तसारं हि श्रीभागवतमिष्यते ॥ तद्रसामृततृप्तस्य नान्यत्र स्याद्रतिः क्वचित् ॥ १५ ॥ निम्नगानां यथा गङ्गा देवानामच्युतो यथा ॥ वैष्णवानां यथा शम्भुः पुराणानामिदं तथा ॥ १६ ॥ क्षेत्राणां चैव सर्वेषां यथा काशी ह्यनुत्तमा ॥ तथा पुराणव्रातानां श्रीमद्भागवतं द्विजाः ॥ १७ ॥ श्रीमद्भागवतं पुराणममलं यद्वैष्णवानां प्रियं यस्मिन्पारमहंस्यमेकममलं ज्ञानं परं गीयते ॥ तत्र ज्ञानविरागभक्तिसहितं नैष्कर्म्यमाविष्कृतं तच्छृण्वन्विपठन्विचारणपरो भक्त्या विमुच्येन्नरः ॥ १८ ॥ कस्मै येन विभासितोऽयमतुलो ज्ञानप्रदीपः पुरा तद्रूपेण च नारदाय मुनये कृष्णाय तद्रूपिणा ॥ योगीन्द्राय तदात्मनाथ भगवद्राताय कारुण्यतस्तच्छुद्धं विमलं विशोकममृतं सत्यं परं धीमहि ॥ १९ ॥ नमस्तस्मै भगवते वासुदेवाय साक्षिणे ॥ य इदं कृपया कस्मै व्याचचक्षे मुमुक्षवे ॥ २० ॥ योगीन्द्राय नमस्तस्मै शुकाय ब्रह्मरूपिणे ॥ संसारसर्पदष्टं यो विष्णुरातममूमुचत् ॥ २१ ॥ भवे भवे यथा भक्तिः पादयोस्तव जायते ॥ तथा कुरुष्व देवेश नाथस्त्वं नो यतः प्रभो ॥ २२ ॥ नाम-

जस्तै सबै क्षेत्रहरूमा काशी अत्युत्तम छ, त्यस्तै सबै पुराणहरूमा भागवतको पद सबभन्दा उच्च मानिएको छ॥१७॥ यो श्रीमद्भागवत पुराण अत्यन्त निर्मल छ । यो वैष्णवहरूलाई सान्है प्रिय छ । यसमा परमहंसलाई प्राप्य अति विशुद्ध परम ज्ञानको वर्णन गरिएको छ । यसमा ज्ञान, वैराग्य र भक्ति सहित कर्मत्यागको निरूपण छ । भक्तिभावले यसको श्रवण, पाठ र मनन गर्ने पुरुष मोक्षपद पाउँदछ ॥१८॥ सबभन्दा पहिले जसले यस अतुलित ज्ञानप्रदीपलाई ब्रह्माजीको समक्ष प्रकट गरे, फेरि ब्रह्माको रूपबाट नारदजी तथा नारदरूपबाट मुनिवर श्रीव्यासलाई उपदेश दिए र व्यास-रूपले योगिराज शुकदेवलाई तथा शुकदेवरूपले अत्यन्त कृपालु भएर राजा परीक्षित्लाई सुनाए, त्यस शुद्ध, निर्मल, शोक-नाशक तथा अमृतस्वरूप परमसत्य श्रीहरिको हामी सबै ध्यान गर्दछौं ॥१९॥ जुन महापुरुषले ठूलो कृपा गरेर मोक्षका इच्छुक ब्रह्मालाई यो महापुराण सुनाएका थिए, ती जगत्का साक्षीस्वरू वासुदेव भगवान्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्णचन्द्रलाई प्रणाम छ ॥ २० ॥ जसले संसाररूपी सर्पले डसेका राजा परीक्षितलाई मुक्ति दिलाए, ती ब्रह्मस्वरूप योगिराज श्रीशुकदेवजीलाई पनि नमस्कार छ ॥ २१ ॥ हे

सङ्कीर्तनं यस्य सर्वपापप्रणाशनम् ॥ प्रणामो दुःखशमनस्तं नमामि हरिं परम् ॥ २३ ॥ इति श्रीमद्भागवते महापुराणे वैयासिक्यामष्टादशसाहस्र्यां पारमहंस्यां संहितायां द्वादशस्कन्धे त्रयोदशोऽध्यायः ॥ १३ ॥

समाप्तमिदं 'वासिष्ठी' भाटीकासहितं श्रीमद्भागवतम् ॥

देवेशः ! हे प्रभो ! हजुर हाम्रा स्वामी हुनुहुन्छ। अतएव यस्तो कुनै उपाय गर्नु हवस् जसले मलाई जन्म-जन्ममा हजुरका श्रीचरणको भक्ति प्राप्त भइरहोस् ॥ २२ ॥ जसको नाम संकीर्तन सबै पापहरूलाई नष्ट पारिदिन्छ र जसलाई गरेको प्रणाम सबै दुःख शमन गरिदिन्छ, ती श्रीहरिलाई म नमस्कार गर्दछु ॥ २३ ॥

इति श्रीमद्भागवते महापुराणे द्वादशस्कन्धे पं० गौरीशंकर वसिष्ठकृत नेपाली भाषाटीकायां त्रयोदशोऽध्याः ॥ १३ ॥

श्रीकृष्णार्पणमस्तु ।

यदक्षरं पदभ्रष्टं मात्राहीनं च यद्भवेत् । तत्सर्वं क्षम्यतां देव प्रसीद परमेश्वर ॥

प्राप्तिस्थान—
बम्बई पुस्तक भण्डार, कचौड़ीगली, वाराणसी

मुद्रक—संसार प्रेस, संसार लिमिटेड, काशीपुरा-वाराणसी—१

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति 'वासिष्ठी' भाषाटीकासहिते

श्रीमद्भागवते द्वादशः स्कन्धः समाप्तः

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टीकाकार : पं० गौरीशंकर 'वसिष्ठ'
प्रह्लाद घाट, वाराणसी

इति

प्रकाशक—
जय नेपाल प्रकाशन
कचौड़ी गली, वाराणसी

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal